पुरांनु नियम्का पोस्तक्हरुको सूचीपत्र।

उत्पत्ति देखि मलाकी सम्म।

O.T. in Nepali. *Corrigenda.*

As the greater part of this book has been passed through the press with one translator in Darjeeling and his colleague in London, it is not surprising that its pages reveal several misprints. Besides obvious errors in spelling, verse numbering, broken letters, etc., the following corrections ought to be noted :—

P. 498, l. 1,	2 Sam. 10, 15.	After	हददेजर्ले	add	मान्छे पठायेर	
,, 583, l. 8,	1 Kgs. 22, 43.	,,	बाप्नु	,,	आसा	
,, 623, last word,	2 Kgs. 19, 14.	For	घर्मां	read	सांमु	
,, 624, l. 21,	2 Kgs. 19, 23.	,,	ईश्वर्को	,,	प्रभुको	
,, 687, l. 26,	2 Ch. 3, 17.	,,	याकोब्	,,	याकीन्	
,, 687, l. 27,	2 Ch. 3, 17.	,.	बोअस्	,,	बोअज्	
,, 862, footnote to	Ps. 8, 5.	,,	अर्थात्	,,	अथवा	
,, 866, ,, ,,	Ps. 12, 5.	,,	,,	,,	,,	
,, 866, ,, ,,	Ps. 12, 5.	,,	तिनिहरूले	,,	त्यस्ले	
,, 872, l. 33,	Ps. 19, 2.	,,	निकाल्द	,,	उघाउंद	
,, 1127, l. 18,	Is. 28, 5.	,,	किरोज्को	,.	किरीट्को	
,, 1217, l. 30,	Jer. 23, 40.	,,	आघोर्	,.	अत्यन्त	
,, 1286, l. 36,	Ez. 3, 7.	,,	थाप्लो	,,	मांथ्	(twice).
,, 1287, l. 1,	Ez. 3, 8.	,,	मुख	,,	मांथ्	
,, 1287, l. 2,	Ez. 3, 9.	,,	थाप्लो	,.	मांथ्	
,, 1339, l. 9,	Ez. 33, 22.	After	सम्म	add	मेरो मुख्	
,, 1363, l. 22,	Ez. 46, 9.	,,	चाढूमां	..	देश्का लोग्	
,, 1365, l. 34,	Ez. 47, 14.	,,	उठायेर	,,	[किरिया]	
,, 1397, l. 22,	Hos. 4, 13.	For	व्यामुता	read	चिनार्	
,, 1412, l. 18,	Am. 2, 1.	,,	चूर्	..	चून्	

The Bible House, London.
October, 1914.

उत्पत्तिको पोस्तक॥

(सृष्टिको बखान्)

आदिमां ईश्वर्ले स्वर्ग र पृथिवीलाइ सिर्ज्यों। अनि पृथिवी उजाड् र १ १
सुनसान् थियो अनि गहीरो मांथि अंध्यारो थियो. अनि ईश्वर्को आत्मा
पानीहरु मांथि मांथि घुमि रहेद थियो। अनि ईश्वर्ले भन्यो उज्यालो ३
हवस्. त उज्यालो भइ गयो। अनि ईश्वर्ले उज्यालोलाइ हेरि जाति ४
भयो भनि देख्यो. अनि ईश्वर्ले उज्यालो र अंध्यारो अलग् अलग् गर्‍यो।
अनि ईश्वर्ले उज्यालोलाइ दिन् भन्यो अनि अंध्यारोलाइ रात् भन्यो। ५
अनि सांझ् भयो अनि बिहान् भयो एक् दिन्॥

अनि ईश्वर्ले भन्यो पानीहरुको बीच्मां अकाश् हवस् अनि त्यसले ६
पानीहरु पानीहरु देखि अलग् अलग् गरोस्। अनि ईश्वर्ले अकाश् बनायो ७
अनि अकाश् मुनि भयेका पानीहरु र अकाश् मांथि भयेका पानीहरु
अलग् अलग् गर्‍यो. त त्यसैनै भइ गयो। अनि ईश्वर्ले अकाश्लाइ स्वर्ग ८
भन्यो। अनि सांझ् भयो अनि बिहान् भयो येउटा दोस्रो दिन्॥

अनि ईश्वर्ले भन्यो स्वर्ग मुनि भयेका पानीहरु एका ठांउमां जमा ९
होउन् अनि ओभानो भूमि देखाहा परोस्. त त्यसैनै भइ गयो। अनि १०
ईश्वर्ले ओभानो भूमिलाइ पृथिवी भन्यो अनि जमा भयेका पानीहरुलाइ
समुन्द्र भन्यो. अनि ईश्वर्ले हेरि जाति भयो भनि देख्यो। अनि ईश्वर्ले ११
भन्यो पृथिवीले घांस् र बिउ हुंने साकपात् र आफ्नु आफ्नु जात् अनुसार्
आफ्नु आफ्नु बिउ हुंने फल् फल्ने रुखे पृथिवी मांथि उब्जाइ देवस्. त
त्यसैनै भइ गयो। अनि पृथिवीले घांस् र आफ्नु आफ्नु जात् अनुसार् १२
बिउ हुंने साकपात् र आफ्नु आफ्नु जात् अनुसार आफ्नु आफ्नु बिउ
हुंने फल् फल्ने रुखे उब्जायो. अनि ईश्वर्ले हेरि जाति भयो भनि देख्यो।
अनि सांझ् भयो अनि बिहान् भयो येउटा तीस्रो दिन्॥ १३

अनि ईश्वर्ले भन्यो स्वर्गको अकाश्मां दिन् र रात् अलग् अलग् १४
गर्नुलाइ ज्योतिहरु होउन् अनि ति चिंनुहरु र ठहराईयेका समयुहरु र
दिन्हरु र बर्षहरुको कारण् होउन्. अनि ति स्वर्गको अकाश्मां पृथिवी १५
मांथि प्रकाश् दिंनुलाइ ज्योतिहरु होउन्. त त्यसैनै भइ गयो। अनि १६
ईश्वर्ले दुवै महा ज्योतिहरु बनायो ठुलो चहिं ज्योति दिन् मांथि प्रभुतेईं
गर्नुलाइ अनि सांनु चहिं ज्योति रात् मांथि प्रभुतेईं गर्नुलाइ. तागाहरु पनि
बनायो। अनि ईश्वर्ले तिनलाइ स्वर्गको अकाश्मां राख्यो पृथिवी मांथि १७

१८ प्रकाश् दिनुलाइ अनि दिन् र रात् मांथि प्रभुतेई गर्नुलाइ अनि
उज्यालो र अंध्यारो अलग् अलग् गर्नुलाइ . अनि ईश्वर्ले हेरि जाति भयो
१९ भनि देख्यो । अनि सांझ् भयो अनि बिहान् भयो येउटा चौथो दिन् ॥
२० अनि ईश्वर्ले भन्यो पानीहरु प्राण् हुंने चल्जन्तुहरूले औधिगरि
भरीउन् अनि पंक्षीहरु पृथिवी देखि मांथि मांथि स्वर्गको अकाश् हुंदो
२१ उड्नुन् । अनि ईश्वर्ले समुन्द्रका अगघोर् ठुला ठुला जन्तुहरूलाइ सिर्ज्यो अनि
चल्ने सबै प्राणीलाइ जुन्हरूलाइ पानीहरूले तिनका जात् जात् अनुसार्
औधिगरि उत्पन्न गर्‍ये अनि त्यस्को जात् अनुसार् पखेटा हुंने सबै पंक्षीलाइ .
२२ अनि ईश्वर्ले हेरि जाति भयो भनि देख्यो । अनि ईश्वर्ले तिनलाइ यसो
भन्दै आशीष् दियो फल्दै र बढ्दै र समुन्द्रका पानीहरुमां भरीदै जाव अनि
२३ पंक्षीहरु पृथिवीमां बढ्दै जाउन् भनि । अनि सांझ् भयो अनि बिहान्
भयो येउटा पांचौं दिन् ॥
२४ अनि ईश्वर्ले भन्यो पृथिवीले प्राणीहरूलाइ तिनका जात् जात् अनुसार्
उत्पन्न गरोस् अर्थात् जात् जात् अनुसार्का घरपशुहरु र बगि हिंड्ने जन्तुहरु
२५ र पृथिवीका बनपशुहरूलाइ . त त्येसैने भइ गयो । अनि ईश्वर्ले पृथिवीका
बन्पशुहरूलाइ तिनका जात् जात् अनुसार् बनायो अनि घर्पशुहरूलाइ
तिनका जात् जात् अनुसार् अनि भूमिमा बगि हिंड्ने सबै जन्तुलाइ त्यस्को
२६ जात् अनुसार् . अनि ईश्वर्ले हेरि जाति भयो भनि देख्यो । अनि ईश्वर्ले
भन्यो मान्छेलाइ आफ्नु स्वरूपमां आफ्नु अनुवार् अनुसार् बनाऊं . अनि
तिनले समुन्द्रका माछाहरु र अकाशका पंक्षीहरु र घर्पशुहरु र सिंगै
पृथिवी र पृथिवीमां बगि हिंड्ने सबै बगि हिंड्ने जन्तुहरु मांथि अधिकार्
२७ चलाउन् । अनि ईश्वर्ले मान्छेलाइ आफ्नुइ स्वरूपमां सिर्ज्यो ईश्वरको
स्वरूपमां उस्ले त्येसलाइ सिर्ज्यो . नर् र नारीने गरि उस्ले तिनलाइ सिर्ज्यो ।
२८ अनि ईश्वर्ले तिनलाइ आशीष् दियो . अनि ईश्वर्ले तिनलाइ भन्यो फल्दै
र बढ्दै र पृथिवीमां भरीदै र त्येसलाइ आफ्नु ताबिमां पार्दै जाव अनि
समुन्द्रका माछाहरु र अकाशका पंक्षीहरु र पृथिवीमां चल्ने सबै प्राणी
२९ मांथि अधिकार् चलाव । अनि ईश्वर्ले भन्यो हेर मैले तिमिहरूलाइ सिंगै
पृथिवीको मुख् मांथि भयेका सबै बिउ हुंने साकपात् र बिउ हुंने बृक्षको
३० फल् हुंने सबै बृक्ष दियें ति तिमिहरुको भोजन्को लागि हुंछन् . अनि मैले
सबै हरियो साकपात् पृथिवीको सबै पशुलाइ र अकाशको सबै पंक्षीलाइ
र पृथिवीमां बगि हिंड्ने सबै जन्तुलाइ पनि जस् जस्मां जीउंने प्राण् छ
३१ आहारको लागि दियें . त त्येसैने भइ गयो । अनि ईश्वर्ले ज्ये ज्ये बनायेको
थियो ति सबैलाइ हेर्‍यो त हेर अगघोरै जाति भयो । अनि सांझ् भयो
अनि बिहान् भयो छैठो दिन् ॥

२ १ अनि स्वर्ग र पृथिवी र तिनको सिंगै सेना बनीयेर सिद्ध भये । अनि
सातौं दिन्मां ईश्वर्ले आफुने गर्‍येका आफ्ना काम्काज् सिद्ध्यायो अनि
सातौं दिन्मां उस्ले आफुले गर्‍येका आफ्ना सबै काम्काज् देखि बिश्राम्

गर्‍यो। अनि ईश्वर्‌ले सातौं दिन्‌लाइ आशीष् दियो अनि त्येसलाइ पवित्र ३
गर्‍यो. किनभन्ये त्येसमा उस्ले आफ्‌ना सबै कामकाज् देखि ज्ये ज्ये ईश्वर्‌ले
सिर्जि बनायेको थियो बिश्राम् गर्‍यो॥

(मान्छेको उत्पत्ति)

स्वर्ग र पृथिवी सिर्जौंदामा अर्थात् जस् दिन्‌मा यहवे ईश्वर्‌ले ४
पृथिवी र स्वर्ग बनायो तिनका पुस्ता यि हुन्। त ऐले सम्म भूमिको कुनै ५
झार्‌पात् पृथिवीमा भयेको थियेन अनि न भूमिको कुनै साक्‌पात् उम्रयेको
थियो. कसोगरिभन्ये यहवे ईश्वर्‌ले पृथिवी माथि पानी बर्सायेको
थियेन अनि भूमिको खेतिकिसान् गर्नुको लागि कोई मान्छे थियेन तर ६
येउटा कुइरोले पृथिवी देखि उठि उठिकन भूमिको सिंगै मुख् भिजाउंद
थियो। अनि यहवे ईश्वर्‌ले मान्छेलाइ भूमिको माटोको बनायो अनि ७
त्येको नाखमा जीवन्‌को सास् फुकि दियो अनि मान्छे जीउंने प्राणी भयो।
अनि यहवे ईश्वर्‌ले पूर्व तिर एदन् देश्‌मा येउटा बारी लगायो अनि त्यहां ८
त्येस् आफुले बनायेको मान्छेलाइ राखि दियो। अनि यहवे ईश्वर्‌ले भूमि ९
देखि सबै रकम्‌का हेर्दामा खुशिलाग्दा र खांदामा जाति लाग्ने रुखहरु
उप्‌जायो अनि जीवन्‌को रुख पनि बारीको बाच्‌मा अनि भलो बुरोको
ज्ञान्‌को रुख पनि। अनि बारी भिजाउंनुको लागि एदन् देखि येउटा नदी १०
निक्‌लंद थियो अनि त्यहां देखि भाग् भाग् पर्‍येर चार् अलग् अलग् मूल्
भइ गयो। पहिलोचहिंको नांउ पीशोन् हो. यो तेइ हो जस्ले सुन् पाइंने ११
हवीलाको सिंगै देस् घेर्दछ अनि त्येस् देस्‌को चहिं सुन् असल् छ. १२
त्यहां गूगल् र सुलेमानी जात्‌ढुंगा छन्। अनि दोस्रो नदीको नांउ गीहोन् १३
हो. यो त्येइ हो जस्ले कूश्‌को सिंगै देस् घेर्दछ। अनि तीस्रो नदीको १४
नांउ हिद्देकेल् हो. यो त्येइ हो जो अश्शूर्‌को पूर्व तिर बहंद छ। अनि
चौथो नदी परात् हो। अनि यहवे ईश्वर्‌ले मान्छेलाइ लग्येर एदेन्‌को १५
बारीमा राखि दियो त्यो गोड्‌ोस् अनि रक्षोस् भन्येर। अनि यहवे ईश्वर्‌ले १६
मान्छेलाइ यसो भन्दे आज्ञा दियो बारीको सबै रुखको फल् बिना धुक्‌धुक्
खांनु सक्‌छस्. तर भलो बुरोको ज्ञान्‌को रुखको चहिं फल् न खांनु. १७
किनभन्ये जस् दिन्‌मा त्येको चहिं फल् खालास् त्येसै दिन् अवस्से मर्छस्॥

अनि यहवे ईश्वर्‌ले भन्यो मान्छे यक्लै रहंनु जाति छैन त्येको लागि १८
माफिक्‌को गोहारेनी बनाउंछु। अनि यहवे ईश्वर्‌ले भूमि देखि सबै १९
बन्‌पशु र अकाश्‌को सबै पंषीलाइ बनायेर मान्छे थांइ ल्यायो तिनको नांउ
क्ये क्ये राख्‌द रछ हेरुं भन्येर. अनि जुन् जुन् प्राणीको ज्ये ज्ये नांउ मान्छेले
राख्यो त्येइ त्येको नांउ भइ गयो। अनि मान्छेले सबै घर्‌पशुहरुको र २०
अकाश्‌का पंषीहरुको र सबै बन्‌पशुको नांउ राख्यो तर मान्छेको लागि त्यो
माफिक्‌को कोई गोहारेनी पाइंदैन। अनि यहवे ईश्वर्‌ले मान्छेलाइ २१
अघार् निद्रामा हालि दियो अनि त्यो निदाइ गयो अनि उस्ले त्येका

२२ करङ्मांको येउटा निकाल्येर त्येस्को साटो मांसु भरि दियो . अनि जुन् करङ्
यह्वे ईश्वर्ले मान्छे देखि निकाल्यो त्यो उस्ले स्त्री बनायेर त्येस्लाइ मान्छे
२३ थांइ ल्यायो। अनि मान्छेले भन्यो यो ता अब मेरै हाडूमांको हाडू र मेरै
मांसुमांको मांसु हो . त्येस्को नांउ नारी हुंछ किनभन्ये नर् देखि निकालीई
२४ भनि। येस्कारण् मान्छेले आफ्ना माता पितालाइ छोडूछ अनि आफ्नी
२५ स्वास्नी सित टांसीइ रहंछ . अनि ति एक् जीउ हुंछन्। अनि मान्छे र
त्येस्की स्वास्नी दुवै नांगै थिये अनि लजाउंदेन थिये ॥

(मान्छे पापी भयेको बखान्)

३ १ अब यह्वे ईश्वर्ले बनायेका बन्पशुहरुमांको सब्बे भन्दा छुल्याहा
साप् चइं थियो। अनि त्येस्ले स्त्रीलाइ भन्यो ईश्वर्ले बारीको कुनै वृक्षको
२ फल् न खांनु भन्येको छ भन्येको के सांचै हो। अनि स्त्रीले साप्लाइ भनी
३ बारीका वृक्षको फल् हांमिहरु खांनु ता खांद छौं . तर बारीको बीच्मां
भयेको चइं वृक्षको फल्को बिषय्मां ईश्वर्ले भन्येको छ त्यो चइं न खांनु
४ अनि न छुंनु होइन भन्ये ता मरि जांछौ। अनि साप्ले स्त्रीलाइ भन्यो
५ निस्से मर्दैन . किनभन्ये ईश्वर्ले जान्द छ तिमिहरुले त्यो खायेको दिनैमां
तिमिहरुका आंखा खोलींछन् अनि भलो कुरोको ज्ञान् पाइ ईश्वर् जस्तो
६ हुंछौ। अनि जसै स्त्रीले त्यो वृक्ष खांनुमां जाति हेर्नुमां रहर्लाग्दो अनि
ज्ञानी तुल्याउंनुको लागि चाहा माफिक्को रछ भनि थाहा पाई तब स्त्रीले
त्येस्को फल्मांको टिप्येर खाई अनि आफ्नु पुरुष्लाइ पनि दिई अनि त्येस्ले
७ खायो। अनि दुवैका आंखा खोलीये अनि थाहा पाये नांगै रांछौं भनि त
नेभाराका पात् सीइ सीइकन आफ्नु आफ्नु लागि कम्मर्कपरा बनायें।
८ अनि यह्वे ईश्वर् दिन् सित्तल् हुंने बेलामां बारीमां डुल्दाखेरि तिनिहरुले
उस्को सोर् सुन्ये . अनि मान्छे र त्येस्की स्वास्नीले बारीका वृक्षहरुमां
९ आफुलाइ यह्वे ईश्वर्को सांमु देखि लुकाये। तब यह्वे ईश्वर्ले
१० मान्छेलाइ डापार्येर त्येस्लाइ भन्यो कहां छस्। अनि त्येस्ले भन्यो तपांइको
११ सोर् बारीमां सुन्येर नांगै छु भनि डरायें त आफुलाइ लुकायें। अनि उस्ले
भन्यो कस्ले तंलाइ नांगो छस् भनि जनायो . जुन् वृक्षको फल् न खांनु भनि
१२ मैंले तंलाइ आज्ञा दियें को खाइस्। अनि मान्छेले भन्यो जुन् स्त्री तपांइले
मं सङ रहंनुलाइ दिंनु भयो त्येसैले मंलाइ त्येस् वृक्षको फल् दिई त खायें।
१३ अनि यह्वे ईश्वर्ले स्त्रीलाइ भन्यो तैंले यो के गर्येकी। अनि स्त्रीले
१४ भनी साप्ले मंलाइ भुल्यायो त खायें। तब यह्वे ईश्वर्ले साप्लाइ भन्यो
तैंले यो गरिस् येस्कारण् तं सबै घर्पशु र सबै बन्पशु भन्दा ज्यास्ति
स्रापित् छस् पेट्को बल्ले हिंडूछस् अनि जीउंनिभरि मांटो चाटि रहंछस् .
१५ अनि मं तेरो र स्त्रीको बीच्मां अनि तेरो बंश र त्येस्को बंशको बीच्मां
दुश्मनी हाल्छु . त्येस्ले तेरो टाउको कुच्याउंछ अनि तैंले चइं त्येस्को कुर्कुचा
१६ कुच्याउंछस्। स्त्रीचइलाइ उस्ले भन्यो मं तेरो पीरा र तेरो गर्भिंणी

हुंने दुःख अत्यघोर् बढ़ाउंछु पीरा सङ्ग बालख जन्माउंछस् अनि तेरो लालुसा
तेरो लोग्ने तिर हुंछ अनि त्येल्ले तं मांथि प्रभुतेईं गर्छ। अनि आदम्‌चाहिंलाइ १७
उल्ले भन्यो तैंले आफ्‌नी स्वास्नीको कुरो सुनिकन जुन् रूखको विषय्‌मां मैंले
तंलाइ त्येस्को फल् न खांनु भन्दै आज्ञा दियें त्यो खाइस्. ऐस्कारण् भूमि
तेरो कारण् स्रापित् छ त्येस्को उपजनि आफ्‌नु जीउनिभरि दुखभराइ सङ्ग
खांछस्. त्येल्ले तेरो लागि कांड़ा पनि अनि लोवांड़िका कांड़ा उमार्छ अनि १८
खेत्‌को साक्‌पात् खांछस्. आफ्‌नु मुख्‌को पसीनेले रोटी खांछस् भूमिमां १९
तं न फर्कुंज्याल् सम्म किनभन्ये त्येइ देखि निकालीइस्. किनभन्ये मांटो
होस् अनि मांटोमां फर्कंछस्। अनि मान्छेले आफ्‌नी स्वास्नीको नांउ हव्वा[1] २०
राख्यो किनभन्ये सबै जीउंदाहरूकी माता भई। अनि यह्‌वे ईश्वर्‌ले आदम् २१
र त्येस्की स्वास्नीको लागि छालाका दौरा बनाइकन तिनिहरूलाइ पहिर्‍यायो॥
अनि यह्‌वे ईश्वर्‌ले भन्यो हेर मान्छे भलो बुरोको ज्ञान् पाइ २२
हांमिहरूमांको एक् जस्तो भयो त अब ऐसो न हवस् त्येल्ले हात् हाल्येर
जीवन्‌को रूखको फल् पनि टिपि खायेर सधैं सम्म जीइ रहला. ऐस्कारण् २३
यह्‌वे ईश्वर्‌ले त्येस्लाइ एदेन्‌को बारी देखि निकालि दियो जुन् भूमि देखि
त्यो निकालीयो त्येस्को खेतिकिसान् गरोस् भन्येर। त उल्ले मान्छेलाइ २४
धपाइ दियो. अनि जीवन्‌को रूखको बाटो रूङ्‌नुको लागि उल्ले
एदेन्‌को बारीको पूर्व तिर करूब्‌हरूलाइ र चारै तिर घुमि रहंने
जुवालारूपी तरवार्‌लाइ राखि दियो॥

(कयिन् र हाबिल्‌को बखान्)

अनि मान्छेले आफ्‌नी स्वास्नी हव्वालाइ जान्यो अनि त्येल्ले गर्भिणी ४१
भयेर कयिन्‌लाइ जन्माई अनि भनी यह्‌वेको गोहार्‌ले ऐउटा पुरुष् प्राप्त
गर्यें। अनि फेरि त्येल्ले त्येस्को भाई हाबिल्‌लाइ जन्माई। अनि हाबिल् २
भेंड़ाबाख्राको गोठाला भयो तर कयिन् चाहिं भूमिको खेतिकिसान् गर्ने भयो।
अनि कति दिन् बित्ये पछि ऐसो भयो कयिन्‌ले यह्‌वे थांइ भूमिको ३
उपजनिमांको केही बलि ल्यायो। अनि हाबिल्‌चाहिंले पनि आफ्‌ना ४
भेंड़ाबाख्रामांका अलिकता जेठा जेठा पाठाहरू र तिनको बोसोमांको ल्यायो।
अनि यह्‌वेले हाबिल् र त्येस्को बलि तिर आंखा लायो. तर कयिन् र ५
त्येस्को बलि तिर उल्ले आंखा लायेन। अनि कयिन् अत्यघोर् क्रोधित् भयो
अनि त्येस्को मुख् बिग्र्‌यो। अनि यह्‌वेले कयिन्‌लाइ भन्यो किन क्रोधित् ६
भइस् अनि तेरो मुख् किन बिग्र्‌यो। भलो गर्छस् त के ग्रहण् ७
गरीदैनस् अनि भलो गर्दैनस् त पाप् दुवार् निर ढुक्कि रहंद छ. अनि
त्येस्को लालुसा तं तिर हुंछ अनि तैंले त्यो मांथि प्रभुतेईं गर्छस्।
अनि कयिन्‌ले आफ्‌नु भाई हाबिल्‌लाइ भनि दियो। अनि ऐसो भयो जब ८

---

[1] अर्थात् जीउंनि।

तिनिहरु खेत्मां थिये तब कायिन्ले आफ्नु भाई हाबिल्को बिरुद्धमां
९ उठेर त्येस्लाइ मांर्यो। अनि यह्वेले कयिन्लाइ भन्यो तेरो भाई हाबिल्
कहां छ। अनि त्येस्ले भन्यो मं जान्दीन. के मं आफ्नु भाईको रखुवारे
१० हुं र। अनि उस्ले भन्यो के गरिस् तेरो भाईको लोहूले भूमि देखि मं तिर
११ चिच्याइ चिच्याइकन मेरो दोहाई दिइ रह्यको छ। अनि अब तं त्यो
भूमि मांथि देखि स्रापित् छस् जस्ले तेरो भाईको लोहू तेरो हात् देखि
१२ पाउंनुलाइ आफ्नु मुख् उघार्यो तैंले भूमिको खेतिकिसान् गर्दा त्येस्ले
अब देखि येसो तलाइ आफ्नु बल् दिंदैन पृथिवीमां भगुवा र बहेतुवा
१३ हुंछस्। अनि कायिन्ले यह्वेलाइ भन्यो मेरो दण्ड मैंले सहंनु न सक्ने छ।
१४ हेर्नु हवस् आजुको दिन् मंलाइ भूमिको मुख् मांथि देखि धपाइ दिंनु भयो
अनि तपांइको मुखेंजि देखि लुक्येको भइ रहंछु अनि पृथिवीमां भगुवा र
बहेतुवा भइ रहंछु अनि येसो हुंछ मंलाइ भेटाउंने जुन्सुकैले पनि मंलाइ
१५ मांर्छ होला। अनि यह्वेले त्येस्लाइ भन्यो येस्कारण् जस्ले कयिन्लाइ
मांर्लो त्यो सित साटो सात् गुणा गरि लिइंछ। अनि यह्वेले कयिन्को
लागि कसैले त्येस्लाइ भेटायेर न मांरोस् भन्येर येउटा चिंनु ठहरायो॥
१६ अनि कयिन् यह्वेको मुखेंजि देखि निकालि गयेर एदेन्को पूर्व तिर
१७ भयेको नोद् देस्मां बस्न लाग्यो। अनि कायिन्ले आफ्नी स्वास्नीलाइ
जान्यो अनि त्येस्ले गर्भिणी भयेर हनोक्लाइ जन्माई. अनि त्येस्ले येउटा
सहर् बनाउंनु लाग्यो अनि आफ्नु छोरोको नांउ जस्तो सहर्को नांउ
१८ पनि हनोक् राख्यो। अनि हनोक् देखि ईराद् जन्म्यो. अनि ईराद्ले
महूयाएल्लाइ जन्मायो. अनि महूयाएल्ले मतूशाएल्लाइ जन्मायो. अनि
१९ मतूशाएल्ले लेमेक्लाइ जन्मायो। अनि लेमेक्ले दुवटी स्वास्नी पार्यो.
२० येउटीको नांउ आदा अनि अर्कीको नांउ सिल्ला थियो। अनि आदाले
याबाल्लाइ जन्माई. त्येइ पाल्मां बस्नेहरु र पशुपालाहरुको पित्र भयो।
२१ अनि त्येस्को भाईको नांउ यूबाल् थियो. त्येइ बीणा र बांसुली
२२ बजाउंनेहरु सबैको पित्र भयो। अनि सिल्लाचइंले पनि तूबल्कायिन्लाइ
जन्माई जो ताम्बा र फलाम्का सबै धार् हुंने हतियार् कमाउंने भयो.
२३ अनि तूबल्कायिन्की बैनी नामा थिई। अनि लेमेक्ले आफ्नी
स्वास्नीहरुलाइ भन्यो

ए आदा अनि ए सिल्ला मेरो कुरो सुन
ए लेमेक्की स्वास्नीहरु हो मेरो बाक्यमां कान् लगाव.
किनभन्ये येउटा पुरुष्लाइ जस्ले मंलाइ चोट् लाउंथ्यो मांर्यें
अं येउटा जुवान्लाइ जस्ले मंलाइ घायेल् पार्थ्यो.
२४ कयिन्को साटो सात् गुणा गरि लिइंछ
त लेमेक्को चइं सत्हत्तर् गुणा गरि॥

२५ अनि आदम्ले आफ्नी स्वास्नीलाइ फेरि जान्यो अनि त्येस्ले छोरो
जन्माई अनि त्येस्को नांउ सेत् राखी. किनभन्ये ईश्वर्ले मेरो लागि कयिन्ले

मांथेको हाबिल्को साटो येउटा अरु बंश ठहराइ दियो भनिकन । अनि २६
सेत्को पनि येउटा छोरो जन्मायो अनि त्येस्ले त्येस्को नांउ एनोश् राख्यो.
तब देखि लोगले यहवेको नांउ लिंनु लाग्ये ॥

(आदम्को बंशावली)

आदम्का पुस्ताको पोस्तक् येइ हो । ईश्वर्ले मान्छेलाइ सिर्जंदा ५ १
ईश्वर्कै अनुवार्मां उस्ले त्येस्लाइ बनायो नर् र नारीने गरि उस्ले २
तिनलाइ सिर्ज्यो अनि सिर्जीयेको दिन्मां तिनलाइ आशीष् दियो अनि
तिनको नांउ आदम्[1] राख्यो । अनि आदम्को उमेर् एक् से र तीस् बर्षको ३
हुंदा त्येस्ले आफ्नु अनुवार्मां आफ्नु स्वरूप् अनुसार्को येउटा छोरो जन्मायेर
त्येस्को नांउ सेत् राख्यो । अनि सेत् जन्म्ये पछि आदम् आठ् से बर्ष जीइ ४
रह्यो. अनि त्येस्का छोराछोरी जन्म्ये । त आदम्को सबै उमेर् नौ से तीस् ५
बर्षको भयो. तब त्यो मर्‍यो ॥

अनि सेत्को उमेर् एक् से पांच् बर्षको हुंदा त्येस्ले एनोश्लाइ ६
जन्मायो. अनि एनोश् जन्म्ये पछि सेत् आठ् से सात् बर्ष जीइ रह्यो अनि ७
त्येस्का छोराछोरी जन्म्ये. त सेत्को सबै उमेर् नौ से बारह् बर्षको भयो. ८
तब त्यो मर्‍यो ॥

अनि एनोश्को उमेर् नब्बे बर्षको हुंदा त्येस्ले केनान्लाइ जन्मायो. ९
अनि केनान् जन्म्ये पछि एनोश् आठ् से पन्द्रह् बर्ष जीइ रह्यो अनि त्येस्का १०
छोराछोरी जन्म्ये. त एनोश्को सबै उमेर् नौ से पांच् बर्ष को भयो. तब ११
त्यो मर्‍यो ॥

अनि केनान्को उमेर् सत्तर् बर्षको हुंदा त्येस्ले महललेल्लाइ १२
जन्मायो. अनि महललेल् जन्म्ये पछि केनान् आठ् से चालीस् बर्ष जीइ १३
रह्यो अनि त्येस्का छोराछोरी जन्म्ये. त केनान्को सबै उमेर् नौ से दस् १४
बर्षको भयो. तब त्यो मर्‍यो ॥

अनि महललेल्को उमेर् पैंसठ् बर्षको हुंदा त्येस्ले येरेद्लाइ जन्मायो. १५
अनि येरेद् जन्म्ये पछि महललेल् आठ् से तीस् बर्ष जीइ रह्यो अनि त्येस्का १६
छोराछोरी जन्म्ये. त महललेल्को सबै उमेर् आठ् से पंचानबे बर्षको १७
भयो. तब त्यो मर्‍यो ॥

अनि येरेद्को उमेर् एक् से बासठ् बर्षको हुंदा त्येस्ले हनोक्लाइ १८
जन्मायो. अनि हनोक् जन्म्ये पछि येरेद् आठ् से बर्ष जीइ रह्यो अनि त्येस्का १९
छोराछोरी जन्म्ये. त येरेद्को सबै उमेर् नौ से बासठ् बर्षको भयो. २०
तब त्यो मर्‍यो ॥

अनि हनोक्को उमेर् पैंसठ् बर्षको हुंदा त्येस्ले मतूशलह्लाइ जन्मायो. २१
अनि मतूशेलह् जन्म्ये पछि हनोक् तीन् सै बर्ष सम्म ईश्वर्को साथ्मां २२

---

[1] अर्थात् मान्छे ।

२३ हिंडूदै रह्यो अनि त्येस्का छोराछोरी जन्म्ये. त हनोक्को सबै उमेर् तीन् सै
२४ पैंसठ् बर्षको भयो. अनि हनोक् ईश्वर्को साथ्मां हिंडूदै रह्यो. अनि त्यो
रहेन कसोगरिभन्ये ईश्वर्ले त्येस्लाइ उठाइ लग्येको थियो ॥
२५ अनि मतूशेलह्को उमेर् एक् सै सतासी बर्षको हुंदा त्येस्ले लेमेक्लाइ
२६ जन्मायो. अनि लेमेक् जन्म्ये पछि मतूशेलह् सात् सै बयासी बर्ष जीइ रह्यो
२७ अनि त्येस्का छोराछोरी जन्म्ये. त मतूशेलह्को सबै उमेर् नौ सै उनहत्तर्
बर्षको भयो. तब त्यो मंर्यो ॥
२८ अनि लेमेक्को उमेर् एक् सै बयासी बर्षको हुंदा त्येस्ले येउटा छोरो
२९ जन्मायो. अनि त्येस्ले येसो भनिकन त्येस्को नांउ नूह् राख्यो येस्ले ता
यह्वेले पृथिवीलाइ स्राप् दियेको बिषय्मां हांमिहरुलाइ हांमिहरुको
३० काम्मां र हांमिहरुका हातको दुखभराईमां शान्ति देला। अनि हनोक् जन्म्ये
पछि लेमेक् पांच् सै पंचानबे बर्ष जीइ रह्यो अनि त्येस्का छोराछोरी जन्म्ये.
३१ त लेमेक्को सबै उमेर् सात् सै सतहत्तर् बर्षको भयो. तब त्यो मंर्यो ॥
३२ अनि नूह् पांच् सै बर्षको भयो. अनि नूह्ले शेम् हाम् र येपेत्लाइ
जन्मायो ॥

(जल्प्रलय्को बखान्)

६ १ अनि येसो भयो जब मान्छेहरु भूमिको मुख् मांथि बढ्दै जांनु
२ लाग्ये अनि तिनिहरुको छोरीहरु जन्मिन् तब ईश्वर्का छोराहरुले हेरि
मान्छेहरुको छोरीहरुलाइ राम्रो राम्रो छन् भनि देख्ये अनि जत्तिलाइ
३ छान्ये तत्तिनैलाइ आफ्नो आफ्नो स्वास्नी तुल्याये। अनि यह्वेले भन्यो
मेरो आत्माले मान्छे सित सदा बिबाद् गरि रहंदेन किनभन्ये त्यो पनि
४ शरीरै छ. तै त्येस्को समय् एक् सै बीस् बर्षको हुंछ। ति दिनमां नपीलहरु[1]
पृथिवीमां थिये अनि त्येस् उप्रान्त पनि जब ईश्वर्का छोराहरु मान्छेहरुको
छोरीहरुकां गये अनि यिनले तिनिहरुको लागि छोरा जन्माइन्. नांउ
५ चल्येका तादिका बीर्हरु यिनै थिये। अनि यह्वेले हेरि मान्छेको दुष्टइ
पृथिवीमां ठुलो भयेको र त्येस्को हिर्दय्का बिचार्को जुन्सुकै पनि सोच्
६ निरन्तर् बुरै भयेको देख्ये। अनि यह्वे मान्छेलाइ पृथिवीमां बनाउंनु
७ देखि पछ्तायो अनि आफ्नु मन्मां अग्घोर् कष्टित् भयो। अनि यह्वेले
भन्यो मं मैंले सिर्ज्येको मान्छेलाइ पृथिवीको मुख् मांथि देखि मेटि दिंछु
क्ये मान्छे क्ये पशु क्ये बगि हिंड्ने जन्तु क्ये अकाशको पंछी सब्बैलाइ मेटि
८ दिंछु किनभन्ये तिनलाइ बनायेकोले पछ्ताउंद छु। तर नूह्चाइं मांथि
यह्वेको अनुग्रह् भयो ॥
९ नूह्का पुस्ता यि हुन्। नूह् धर्म्मी जन् अनि आफ्नु पुस्तामां सिद्ध
१० थियो. नूह् ईश्वर्को साथ्मां हिंडूदै रह्यो। अनि नूह्ले तीन् भाई छोराहरु

[1] अर्थात् बल्मा २ मान्छेहरु

जन्मायो अर्थात् शेम् हाम् र येपेत् । अनि पृथिवी ईश्वर्को सांमु बिग्रि ११
गयेको थियो अनि पृथिवी उपद्रैहैंले भरि गयेको थियो । अनि ईश्वर्ले १२
पृथिवी मांथि हेर्यो त हेर त्यो बिग्रि गयेको थियो कसोगरिभन्ये सब्बै
शरीर्ले पृथिवीमां आफ्नु चाल्चलन् बिगारि दियेको थियो ॥

तब ईश्वर्ले नूह्लाइ भन्यो सबै शरीर्को अन्त मेरो सांमु आइ पुग्यो १३
कसोगरिभन्ये तिनिहरुको बाटोले पृथिवी उपद्रैहैंले भरीयो त हेर् मं
तिनिहरुलाइ पृथिवी समेत् बिनाश् पार्छुं । तैंले आफ्नु लागि गोपेर् १४
काठ्को येउटा जहाज् बना जहाज्मां खोपा खोपा बनाउंनु अनि त्यसमां
भित्र बाहर रोकन् लगाउंनु । अनि त्यो येसै ढप्को बनाउंनु. जहाज्को १५
लंमाइ तीन् सै हात् अनि त्येस्को गज् पचास् हात् अनि त्येस्को अलगो तीस्
हात्को हवस् । जहाज्मां येउटा झ्याल् बनाउंनु अनि त्यो ऊंभो तिर १६
एक् हात्को गरि टुङ्ग्याउंनु अनि जहाज्को दुवार् त्येस्को एका तिर राख्नु
त्यो पहिलो दोस्रो तीस्रो तला भयेको बनाउंनु । अनि मं चहिं हेर् मंने १७
जीवन्को सास् हुंने सब्बै शरीर्लाइ स्वर्गको मुनि देखि बिनास् पार्नुलाइ
पृथिवीमां जल्प्रलय् गर्नु आंटेको छु . पृथिवीमां भयेका सब्बैका प्राण्
निस्कि जांछ । तर मं तं चहिं सङ आफ्नु नियम् ठहराइ राख्छु अनि १८
तं तेरा छोराहरु तेरी स्वास्नी र तेरी बुहारीहरु समेत् जहाज्मां आउंछस् ।
अनि सबै शरीर्मांको गोटै पिच्छे प्राणीको एक् एक् जात्का दुइ दुइ गरि १९
जहाज्मां ल्याउंनु र ति तं सङ जीइ रहुन् . ति नर् र नारी हुंनु पर्छ ।
पंछीहरुमांका तिनका जात् जात् अनुसार् अनि घर्पशुहरुमांका तिनका जात् २०
जात् अनुसार् अनि भूमि मांथिका सबै बगि हिंड्नेहरुमांका तिनका जात् जात्
अनुसार् सबै जात्मांको दुइ दुइवटा तिनिहरुलाइ जीउंदो राख्नुको
लागि तं थांइ आउंछन् । अनि खाइंने सबै भांति भांतिको आहारा तैंले २१
त्यो बटुल्येर आफुकां राख्नु अनि त्यो तेरो र तिनिहरुको खांनुको लागि
हुंछ । अनि नूह्ले त्येसै गर्यो अं ईश्वर्ले त्येस्लाइ दियेका सबै आज्ञा २२
अनुसार् त्येस्ले गर्यो ॥

अनि यहवेले नूह्लाइ भन्यो तं र तेरो सिंगै जहान् जहाज्मां ७।१
आव किनभन्ये मैंले हेरि येस् पुस्तामांको खालि तैंलाइ मांत्रै मेरो सांमु धर्म्मी
भयो भनि देख्यैं । सबै जात्का शुद्ध पशुहरुमांका सात् सात्वटा अर्थात् नर् २
र त्येस्को जोड़ी अनि जुन् जुन् पशु शुद्ध छैनन् तिनिहरुमांका दुइ दुइवटा
अर्थात् नर् र त्येस्को जोड़ी ल्याउंनु अकाशका पंछीहरुमांका पनि सात् ३
सात्वटा अर्थात् नर् र नारी सिंगै पृथिवीको मुख् मांथि कोइ बंशलाइ
जीउंदो राख्नुको लागि लिंनु । किनभन्ये अब अरु सात् दिन् बित्छन् तब ४
मं पृथिवीमां पानी चालीस् दिन् र चालीस् रात् सम्म बर्साउंछु अनि जति
प्राणी मैंले बनायैं सब्बैलाइ भूमिको मुख् मांथि देखि मेटाउंछु । अनि नूह्ले ५
यहवेले त्येस्लाइ दियेका सबै आज्ञा अनुसार् गर्यो ॥

अनि नूह् छ सै बर्षको हुंदा जल्प्रलय् पृथिवीमां हुंनु लाग्यो । ६

७ अनि नूह् त्येका छोराहरु त्येको स्वास्नी र त्येको बुहारीहरु समेत् प्रलय्का
८ पानीहरुको कारणले जहाज्मां आयो । शुद्ध र अशुद्ध पशुहरु र पंषीहरु र
९ भूमिमां सबै बगि हिड्ने जन्तुहरुमांका ईश्वर्को आज्ञा अनुसार् दुइ
१० दुइवटा अर्थात् नर् र नारी जहाज्मां नूह् थांइ आये । अनि ठीक् सात् दिन्
११ पछि येसो भयो प्रलय्का पानीहरु पृथिवीमां हुंनु लाग्ये । नूह्को उमर्को
छ सैयं वर्षको दोस्रो मास्को सत्रौं तिथिमां त्येसै दिन्मां ठुला ठुला
गहीराहरुका सब्बै मूल्हरु फुटाइ दिईये अनि अकाश्का खिर्कीहरु उघारीये ।
१२ अनि वृष्टि चालीस् दिन् र चालीस् रात् सम्म पृथिवीमां होइ रह्यो ।
१३ ठीक् त्येसै दिन्मां नूह् त्येका छोराहरु शेम् हाम् येपेत् र त्येको स्वास्नी र
१४ त्येको तीनैवटी बुहारीहरु समेत् जहाज्मां आयो अं तिनिहरु र सबै
बन्पशु आफ्नु जात् अनुसार् र सबै घर्पशुहरु आफ्नु आफ्नु जात् अनुसार्
र पृथिवीमां बगि हिड्ने सबै जन्तु आफ्नु जात् अनुसार् र सबै भांतिको
१५ सबै चरा गरि सबै पंषी आफ्नु जात् अनुसार् । अनि जीवन्को सास् हुंने
१६ सब्बै शरीर्मांका दुइ दुइवटा गरि ति जहाज्मां नूह् थांइ आये । अनि
आयेकाहरु ईश्वर्को आज्ञा अनुसार् सबै शरीर्मांका नर् र नारी गरि आये .
१७ तब्र यहवले नूह्लाइ भित्र थुनि दियो । अनि जल्प्रलय् पृथिवीमां
चालीस् दिन् सम्म होइ रह्यो अनि पानीहरुले बढेर जहाज्लाइ उचाल्नु
१८ लाग्ये अनि त्यो पृथिवी देखि ऊंभो उचालीयो । अनि पानीहरु जिताहा
भये अनि पृथिवीमां अग्घोरै बढि गये अनि जहाज् पानीहरुको मुख् मांथि
१९ मांथि जांद थियो । अनि पानीहरु पृथिवीमां अग्घोरै जिताहा भये अनि
२० सिंगै अकाश् मुनिका सब्बै ठुला ठुला डांड़ा ढाकीये । पानीहरु पन्द्रह् हात्
२१ ऊंभो सम्मका जिताहा भये अनि डांड़ाहरु ढाकीये । अनि पृथिवीमां चल्ने
सबै शरीर् क्यै पंषी क्यै घर्पशु क्यै बन्पशु अनि पृथिवीमां बगि हिड्ने सबै
२२ जन्तु अनि सबै मान्छेको प्राण् निस्कि गयो . ओबानो भूमिमां भयेका
२३ जत्तिका नाखमां जीवन्को आत्माको सास् थियो ति सब्बै मरि गये । अनि
जत्ति प्राणी भूमिको मुख् मांथि थिये क्यै मान्छे क्यै घर्पशु क्यै बगि हिड्ने
जन्तु क्यै अकाश्को पंषी सब्बै मेटीये . अनि ति पृथिवी मांथि देखि
मेटीये . अनि खालि नूह् र जत्ति त्यो सङ्ग जहाज्मां थिये तिनै मात्रै
२४ बांचि रह्ये । अनि पानीहरु पृथिवीमां एक् सै र पचास् दिन् सम्म
जिताहा भये ॥

८ १ अनि ईश्वर्ले नूह्लाइ र जत्ति प्राणी र जत्ति घर्पशु त्यो सङ्ग
जहाज्मां थिये ति सब्बैलाइ सम्झ्यो . अनि ईश्वर्ले पृथिवीमां बतास्
२ चलाइ दियो त पानीहरु थामींनु लाग्ये अनि गहीरा गहीराका
मूल्हरु र अकाश्का खिर्कीहरु थुनीये अनि अकाश् देखिको वृष्टि
३ अड्गाईयो अनि पानीहरु पृथिवी मांथि देखि निरन्तर् फर्कंदै रह्ये .
४ अनि एक् सै पचास् दिन् बित्ये पछि पानीहरु घटि गये । अनि सातौं
५ मास्को सत्रौं तिथिमां जहाज् आरारात्का डांड़ाहरुमां अड़ीयो । अनि

पानीहरु दसौं मास् सम्म निरन्तर् घट्दे घट्दे गये . दसौं मास्को पहिलो
तिथिमां डांड़ाहरुका थाप्लि थाप्लि देखाहा पर्ये । अनि चालीस् दिन् पछि ६
येसो भयो नूह्ले आफुले बनायेको जहाज्को झयाल् उघार्यो . अनि येउटा ७
कागलाइ निकालि पठायो अनि त्यो पानीहरु पृथिवी माथि देखि न
सुकुंज्याल् सम्म येताउति डुलि रह्यो । अनि त्यस्ले पानीहरु भूमि देखि ८
घटि गये कि हेरुं भन्येर येउटो ढुकुर्लाइ निकालि पठाइ दियो तर ९
ढुकुर्ले आफ्नु नंग्राले टेक्ने ठांउ पनि पाईन अनि त्यो थांइ जहाज्मां
फर्कि आई किनभन्ये पानीहरु सिंगै पृथिवीको मुख् माथि होइ होइ
रहंद थिये . त त्यस्ले हात् पसार्येर त्यस्लाइ लियेर आफु थांइ जहाज्मां
ल्यायो । अनि त्यस्ले अरु सात् दिन् सम्म अड़ीयेर जहाज् देखि ढुकुर्लाइ १०
फेरि निकालि पठाइ दियो अनि ढुकुर् बेलुका त्यो थांइ आई अनि ११
हेर त्यस्को चुचोमां येउटा टिप्येको भद्राक्षको पात् रह्छ . त नूह्ले पानीहरु
पृथिवी देखि घटेर छन् भनि थाहा पायो । अनि त्यो अरु सात् दिन् सम्म १२
अड़ीयेर ढुकुर्लाइ फेरि निकालि पठाइ दियो अनि त्यो फेरि कैलेपनि त्यो
थांइ फर्कि आईन । अनि छ सैं पहिलो बर्षको पहिलो मास्को पहिलो १३
तिथिमां येसो भयो पानीहरु पृथिवी देखि सुकि गयेका थिये . अनि नूह्ले
जहाज्को छाना उघार्येर हेर्यो त हेर भूमिको मुख् सुक्यो छ । अनि दोस्रो १४
मास्को सताईसौं तिथिमां पृथिवी सुक्येको भयो ॥

(ईश्वर्को नियम् नूह् सङ)

अनि ईश्वर्ले येसो भन्दै नूह्लाइ भन्यो तं तेरी स्वास्नी तेरा छोराहरु १५ १६
र तेरी बुहारीहरु समेत् जहाज् देखि निक्लि आ । सबै शरीर्मांका गोटै १७
पिच्छे प्राणी जो तं सङ छन् क्य पंषी क्य घर्पशु क्य पृथिवीमां बगि हिन्ने
सबै बगि हिन्ने जन्तु ति सब्बैलाइ आफु सङ निकालि ल्या र तिनिहरुले
पृथिवीमां धेरै सन्तान् जन्माउन् अनि फल्दै र पृथिवीमां बढ्दै जाउन् ।
अनि नूह् त्यस्का छोराहरु त्यस्की स्वास्नी र त्यस्की बुहारीहरु समेत् निक्लि १८
आयो . सबै बनपशु र सबै बगि हिन्ने जन्तु र सबै पंषी ज्ये ज्ये पृथिवीमां १९
चल्ने छन् आफ्नु आफ्नु जात् अनुसार्का गरि जहाज् देखि निक्लि
आये । अनि नूह्ले यहोवेको लागि येउटा बेदि बनायो अनि सबै शुद्ध २०
पशुहरुमांका र सबै शुद्ध पंषीहरुमांका लियेर बेदिमां होमबलि गर्यो । तब २१
यहोवेले बास्ना सूंघ्यो अनि यहोवले आफ्नु हिर्दयमां भन्यो मं मान्छेको
कारण् फेरि भूमिलाइ अरु स्राप् दिन्न किनभन्ये मान्छेको हिर्दय्को सोच्
त्यस्को बालखैने देखि बुरो हुंद छ अनि न फेरि सबै प्राणीलाइ येसोरि अरु
मांर्छु जसोरि यो खेप् मांर्यें । पृथिवी छउंज्याल् सम्म छर्ने र काट्ने समय् २२
जाड़ो र गर्मी बर्षा र हिउंदो दिन् र रात् हुंनु देखि थामीदैनन् । अनि ९ १
ईश्वर्ले नूह् र त्यस्का छोराहरुलाइ आशीष् दियो अनि तिनलाइ भन्यो
फल्दै र बढ्दै र पृथिवीमां भरीदै जाअ । अनि तिमिहरुको डर् र तिमिहरुको २

भय् पृथिवीका सबै पशुहरु र आकाशका सबै पंषीहरु मांथि पर्छ भूमिका
सबै बगि हिन्ने जन्तुहरु र समुन्द्रका सबै माछ्छाहरु समेत् ति सब्ब
३ तिमिहरुका हातमां सुम्पि दिईयेका छन्। जीउंने सबै चल्ने जन्तुहरु
तिमिहरुको खांनुको लागि हुंछन् जसोरि हरीयो साकपात् तिमिहरुलाइ
४ दियें त्यसैरि सब्बै थोक् दियेको छु। तर मांसु त्येसको प्राण समेत् ता जो
५ त्येसको रगत् हो न खाव। अनि निस्से तिमिहरुको चइं रगत् अर्थात्
तिमिहरुका प्राणको रगत्को मं साटो लिंछु सबै पशु देखि त्यो लिंछु. अनि
मान्छेने देखि अं जुनसुकै पनि मान्छेको भाई देखि मान्छेको प्राणको साटो
६ लिंछु। जुनसुकैले पनि मान्छेको रगत् बहाउला मान्छेको हात् देखि त्येसको
७ रगत् बहाईंछ. किनभन्ये ईश्वरैको स्वरूपमां उस्ले मान्छेलाइ बनायो। अनि
तिमिहरु चइं अं तिमिहरु फल्दै र बढ्दै जाव पृथिवीमां अधिगरि
जन्माउंदै जाव अनि त्येसमां बढ्दै जाव॥
८ अनि ईश्वर्ले येसो भन्दै नूह्लाइ त्येसका छोराहरुलाइ समेत्
९ भन्यो अनि मं चइं हेर मंने तिमिहरु सङ र तिमिहरु पछि हुंने
१० तिमिहरुको बंश सङ आफ्नु नियम् ठहराइ बांध्द छु अनि तिमिहरुको
साथ भयेका सबै प्राणीहरु सङ के पंषी के घर्पशु के पृथिवीका सबै
बनपशु सङ अं जहाज् देखि तिमिहरुको साथ जत्ति निक्लि आये तिनमांका
११ पृथिवीका सब्बै जीवाजन्तु सङ। अनि मं तिमिहरु सङ आफ्नु नियम्
ठहराइ बांध्छु सबै शरीर् फेरि प्रलयका पानीहरुले मेटींदैन अनि न
१२ पृथिवीलाइ बिनास् पार्नुको लागि फेरि प्रलय् हुंछ। अनि ईश्वर्ले भन्यो
जुन् नियम् मं आफ्नु र तिमिहरु र तिमिहरुको साथ भयेका सबै
प्राणीहरुको बीचमां जुगनजुग् पुस्ता पुस्ता सम्मको लागि बान्ध्द छु त्येसको
१३ चिंनु येइ हो. मं बादलमां आफ्नु धनु राख्द छु अनि त्यो मेरो र
१४ पृथिवीको बीचमां नियमको चिंनु हुंछ। अनि येसो हुंछ जब मं पृथिवी
१५ मांथि बादल् फिंजाउंछु तब बादलमां धनु देखाहा पर्छ अनि मं आफ्नु
जुन् नियम् मेरो र तिमिहरुको र सबै शरीर्मांको गोटै पिच्छे प्राणीको
बीचमां छ त्यो सम्झंछु अनि पानीहरु फेरि सबै शरीर्लाइ बिनास् पार्ने
१६ प्रलय् हुंदैनन्। अनि धनु बादलमां हुंछ अनि मं त्यो मांथि हेर्छु र त्यो
सधैंको नियम् सम्झुं जुन् नियम् ईश्वर्को र पृथिवीमां हुंने सबै शरीर्मांको
१७ गोटै पिच्छे प्राणीको बीचमां छ। अनि ईश्वर्ले नूह्लाइ भन्यो जुन्
नियम् मैंले आफ्नु र पृथिवीमां हुंने सबै शरीर्को बीचमां ठहराइ
बान्ध्येको छु त्येसको चिंनु येइ हो॥

(नूह्का तीन् भाई छोराहरु)

१८ अनि नूह्का जहाज् देखि निक्ल्येका छोराहरु शेम् हाम् र येपेत्
१९ थिये. अनि हाम् चइं कनान्को बाबु हो। नूह्का छोराहरु यिने तीने भाई
थिये. अनि यिने देखि सिंगै पृथिवी भरीयो॥

अनि नूहले खेतिकिसान् गर्नु लाग्यो अनि दाखको बारी लगायो . २०
अनि त्येस्को दाखरसमांको खायेर मात्यो अनि त्यो आफ्नु पाल् भित्र नांगो २१
भइ बस्यो । अनि कनानको बाबु हामले आफ्नु बाबुको नांगो देख्येर २२
बाहिर आयेर आफ्ना दुवै दाज्युहरुलाइ कहि दियो । अनि शेम् र येपेत्ले २३
पेउटा लुगा लियेर दुवेले आफ्नु आफ्नु कांध् मांथि हाल्येर पछिल् तिर
सर्दै गयेर आफ्नु बाबुको नांगो ढाकि दिये अनि तिनका मुख पछिल् तिर
थिये त तिनले ता आफ्नु बाबुको नांगो देखेनन् । अनि नूहले आफ्नु मात् २४
देखि जागि उठेर मेरो कान्छो छोरोले मं सङ के गर्‍यो भनि थाहा
पायो । अनि त्येस्ले भन्यो २५

खापित् हवस् कनान्
त्यो आफ्ना दाज्युहरुको लागि कमांराहरुको कमांरो हुंछ ।

फेरि त्येस्ले भन्यो २६

धन्न हवस् शेमको ईश्वर् यहवे
अनि कनान् त्येस्को कमांरो हवस् ।
ईश्वरले येपेत्लाइ बढाइ देवस् २७
अनि त्यो शेमका पालमां बसि जावस्
अनि कनान् त्येस्को कमांरो हवस् ॥

अनि नूह् जलप्रलय् पछि साढे तीन् सै वर्ष जीइ रह्यो । त नूहको २८ २९
सबै उमेर् साढे नौ सै वर्षको भयो . तब त्यो मर्‍यो ॥

अब नूहका छोराहरुका पुस्ता यिनै हुन् शेम् हाम् र येपेत् . अनि १० १
जलप्रलय् पछि तिनिहरुका छोराहरु उत्पन्न भये ॥

येपेतका छोराहरु . गोमेर् मागोग् मादै यावान् तूबल् मेशेक् र २
तीरास् । अनि गोमेरका छोराहरु . अश्कनज् रीपत् र तोगर्मा । अनि ३ ४
यावानका छोराहरु . एलीशा तर्शीश् कित्तीम् र दोदानीम् । यिनै देखि देस् ५
देसका लोगहरुका द्वीप द्वीप तिनका देस् देसमां गोटै पिच्छे आफ्नु आफ्नु
भाषा अनुसार् तिनका कुल् अनुसार् तिनका देस् देसका लोग गरि बांडीये ॥

अनि हामका छोराहरु . कूश् मिस्र पूत् र कनान् । अनि कूशका ६ ७
छोराहरु . सबा हवीला सब्ता रामा र सब्तका . अनि रामाका छोराहरु .
शबा र ददान् । अनि कूशले निम्रोदलाइ जन्मायो . यो ता पृथिवीमां बीर ८
जन् हुंनु लाग्यो । त्यो यहवेको सांमु मापाको सिकारी थियो . येस्कारण यो ९
कहनौ भयो निम्रोद् जस्तो यहवेको सांमु पराक्रमी सिकारी भन्ये । अनि १०
त्येस्को राजको थालनि बाबेल् र एरेक् र अक्कद् र कल्ने भयो जो शिनार्
देसमां छन् । त्यो देस् देखि त्येस्ले अश्शूरमां निकलि गयेर नीनवे र ११
रहोबोतीर् र कालह् अनि नीनवे र कालहको बीचमां रेसेन् बनायो १२
(महा सहर् येइ हो) । अनि मिस्रले लूदीम् अनामीम् लहाबीम् र १३
नप्तूहीम् र पत्रुसीम् र कस्लूहीमलाइ (जो देखि पलिश्ती लोग १४
निकल्थे) र कप्तोरीमलाइ जन्मायो ॥

१५ १६ अनि कनानले सीदोन् आफ्नु जेठोलाइ र हेत्लाइ अनि यबूसी
१७ १८ एमोरी र गिर्गाशीलाइ अनि हिव्वी र अर्की र सीनीलाइ अनि अर्वाडी
समारी र हमातीलाइ जन्मायो. अनि त्यस्पछि कनानीका कुल् फैलाये।
१९ अनि कनानीको सिमाना सीदोन् देखि येसो गरार् जांने बाटो हुंदो
निक्लि अज्जा सम्म अनि सदोम् अमोरा अद्मा र सबोयीम्को जांने
२० बाटो हुंदो निक्लि लाशा सम्म भयो। हाम्का छोराहरु तिनका कुल्
अनुसार् तिनका भाषा अनुसार् तिनका देसमां तिनका देस् देस्का लोगहरु
गरि यिनै हुन्॥
२१ अनि शेम्का पनि जो एबेर्का सबै सन्तानको पित्र र येपेत्को जेठो
२२ दाज्यु थियो छोराहरु उत्पन्न भये। शेम्का छोराहरु. एलाम् अश्शुर् अर्पक्षद्
२३ २४ लूद् र अराम्। अनि अराम्का छोराहरु. ऊज् हूल् गेतेर् र मश्। अनि
२५ अर्पक्षद्ले शेलहलाइ जन्मायो. अनि शेलहले एबेर्लाइ जन्मायो। अनि
एबेर्का दुइ भाई छोरा जन्मे येउटाको नांउ पेलेग्[१] थियो किनभन्ने त्यसका
दिनमां पृथ्वी अलग् अलग् भाग् गरि बांड्यो. अनि त्यसका भाईको
२६ नांउ योक्तान् थियो। अनि योक्तान्ले अल्मोडाद् शेलेप् हसर्मावेत् र
२७ २८ येरहलाइ अनि हदोराम् ऊजाल् र दिक्लालाइ अनि ओबाल्
२९ अबीमाएल् र शबालाइ अनि ओपीर् हवीला र योबाब्लाइ जन्मायो.
३० यि सबै योक्तान्का छोराहरु थिये। अनि तिनको बासस्थान् मेशा देखि येसो
३१ पूर्वको पर्वत सेफ़ार जांने बाटो हुंदो सम्म भयो। शेम्का छोराहरु
तिनका कुल् अनुसार् तिनका भाषा अनुसार् तिनका देसमां तिनका देस्
देस्का लोगहरु अनुसार् यिनै हुन्॥
३२ नूह्का छोराहरुका कुल् तिनका पुस्ता अनुसार् तिनका देस् देस्का
लोगहरु गरि यिनै हुन्. अनि यिनै देखि देस् देस्का लोगहरु जलप्रलय्
पछि पृथिवीमां अलग् अलग् भइ बांड़िये॥

(भाषाको खल्बल्याई हुंनु)

११ १ अनि सिंगै पृथिवी एकै भाषा र एकै बोलीको थियो। अनि पूर्व तिर
हिंड्दा हिंड्दा येसो भयो तिनिहरुले शिनार् देस्मां येउटा मैदान् पाये
३ अनि तिहीं बास् गर्ये। अनि तिनिहरुले आपसमां भने लु ईंट् बनाइ
बनाइकन भलिभांति पोलूं। त तिनिहरुलाइ ढुंगाको साटो ईंट् अनि
४ हिलोको साटो कालो गोकन् भयो। अनि तिनिहरुले भन्ये लु आफ्नु
लागि येउटा सहर् र स्वर्ग सम्मको टुप्पो भयेको येउटा धारा बनायेर
५ आफ्नु नांउ गरूं होइन भन्ये ता सिंगै पृथिवीमां छरपष्ट हुंनु पर्ला। अनि
यहूवे आदमवंशले बनाउंदै गर्येको त्यो सहर् र त्यो धारा हेर्नलाइ
६ तल आयो। अनि यहूवेले भन्यो हेर एकै लोग् हुन् अनि यि सबैको

---

[१] अर्थात् भाग्।

एकै भाषा छ र येसै गर्नु लाग्ये. अब ज्ये ज्ये गर्नु युक्ति गर्नन् त्येस्रांको
कोइ तिनिहरु देखि थुनिरखाई हुंने छैन। लु उत्रि गयेर तिहींने तिनको ७
भाषामां खलबल्याई पारि दिऊं र एकाले अर्काको बोली न बूझुन्। त ८
यहुवेले तिहीं बाटो तिनलाइ सिंगे पृथिवीमां छरपुट्ट पारि दियो. अनि
तिनले सहर् बनाउंनु छोडि दिये। येसकारण त्येसको नांउ बाबेल् राखीयो ९
किनोगांरभन्ये तिहीं यहुवेले सिंगे पृथिवीको भाषा खलबल्याइ दियो
अनि तिहीं बाटो यहुवेले तिनलाइ सिंगे पृथिवीमां छरपुट्ट पारि दियो॥

(शेम्को वंशावली)

शेम्का पुस्ता यिने हुन्। शेम्ले एक् सै वर्षको हुंदा जलप्रलयको १०
दुइ वर्ष पछि अर्पक्षद्लाइ जन्मायो। अनि अर्पक्षद् जन्म्ये पछि शेम् पांच ११
सै वर्ष जोइ रह्यो अनि त्येसका छोराछोरी जन्म्ये॥

अनि अर्पक्षद्को उमेर् पैंतीस् वर्षको हुंदा त्येस्ले शेलह्लाइ जन्मायो. १२
अनि शेलह् जन्म्ये पछि अर्पक्षद् चार् सै तीन् वर्ष जोइ रह्यो अनि त्येसका १३
छोराछोरी जन्म्ये॥

अनि शेलह्को उमेर् तीस् वर्षको हुंदा त्येस्ले एबेर्लाइ जन्मायो. १४
अनि एबेर् जन्म्ये पछि शेलह् चार् सै तीन् वर्ष जोइ रह्यो अनि त्येसका १५
छोराछोरी जन्म्ये॥

अनि एबेर्को उमेर् चौंतीस् वर्षको हुंदा त्येस्ले पेलेग्लाइ जन्मायो. १६
अनि पेलेग् जन्म्ये पछि एबेर् चार् सै तीस् वर्ष जोइ रह्यो अनि त्येसका १७
छोराछोरी जन्म्ये॥

अनि पेलेग्को उमेर् तीस् वर्षको हुंदा त्येस्ले रऊलाइ जन्मायो. १८
अनि रऊ जन्म्ये पछि पेलेग् दुइ सै नौ वर्ष जोइ रह्यो अनि त्येसका १९
छोराछोरी जन्म्ये॥

अनि रऊको उमेर् बत्तीस् वर्षको हुंदा त्येस्ले सरुग्लाइ जन्मायो. २०
अनि सरुग् जन्म्ये पछि रऊ दुइ सै सात् वर्ष जोइ रह्यो अनि त्येसका २१
छोराछोरी जन्म्ये॥

अनि सरुग्को उमेर् तीस् वर्षको हुंदा त्येस्ले नाहोर्लाइ जन्मायो. २२
अनि नाहोर् जन्म्ये पछि सरुग् दुइ सै वर्ष जोइ रह्यो अनि त्येसका २३
छोराछोरी जन्म्ये॥

अनि नाहोर्को उमेर् उनन्तीस् वर्षको हुंदा त्येस्ले तेरह्लाइ २४
जन्मायो. अनि तेरह् जन्म्ये पछि नाहोर् एक् सै उनीस् वर्ष जोइ रह्यो २५
अनि त्येसका छोराछोरी जन्म्ये॥

अनि तेरह्को उमेर् सत्तर् वर्षको हुंदा त्येस्ले अब्राम् नाहोर् र २६
हारान्लाइ जन्मायो॥

अब तेरह्का पुस्ता यिने हुन्। तेरह्ले अब्राम् नाहोर् र हारान्लाइ २७
जन्मायो. अनि हारान्ले लूत्लाइ जन्मायो। अनि हारान् आफ्नु बाबु २८

२९ तेरहूको मुखँजि आफ्नु जन्मदेस्मां कल्दीहरुको ऊर्मां मंर्यो। अनि
अब्राम् र नाहोर्ले स्वास्नीहरु ल्याये अनि अब्राम्की स्वास्नीको नांउ सारइ
अनि नाहोर्की स्वास्नीको नांउ मिल्का थियो यो मिल्काको बाबु र
३० यिस्काको बाबु हारान्की छोरी थिई। अनि सारइ चइं बांझी थिई. त्यो
३१ निसन्तान् थिई। अनि तेरहूले आफ्नु छोरो अब्राम्लाइ अनि हारान्को
छोरो आफ्नु नाति लूत्लाइ अनि आफ्नु छोरो अब्राम्की स्वास्नी आफ्नी
बुहारी सारइलाइ लियो अनि ति तिनिहरु सङ कल्दीहरुको ऊर् बाटो
कनान् देस्मां जांनुलाइ निकल्ये. अनि हारान् सम्म पुग्येर तिहीं बास्
३२ गर्ये। अनि तेरहूको उमेर् दुइ सै पांच् बर्षको भयो. अनि तेरह्
हारान्मां मंर्यो ॥

(अब्राम्को बखान्)

१२ १ अब यहूवेले अब्राम्लाइ भनो आफ्नु देस् र आफ्ना कुटुम्ब र
आफ्नु बाबुको जहान् देखि निकल्येर जुन् देस् मं तंलाइ देखाउंछु त्यो
२ सम्म जाइ जा. अनि मं तं देखि येउटा ठुलो लोग् बनाउंछु अनि मं
तंलाइ आशीष् दिंछु अनि तेरो नांउ बड़ा तुल्याउंछु अनि तं आशीष्को
३ कारण् भयेस्. अनि मं तंलाइ आशीष् दिंनेहरुलाइ आशीष् दिंछु
अनि तंलाइ स्रापुनेलाइ मं स्राप्छु. अनि तंमां पृथिवीका सबै कुलले
४ आशीष् पाउंछन्। त अब्राम् यहूवेले त्येस्लाइ भन्येको अनुसार् गइ गयो
अनि लूत् त्यो सङ गयो. अनि अब्राम् हारान् बाटो निकलंदा पछत्तर्
५ बर्षको थियो। अनि अब्राम्ले आफ्नी स्वास्नी सारइ र आफ्नु भतीजा
लूत् र तिनले बटुल्येको तिनको सबै धन्सम्पत्ति र तिनले हारान्मां प्राप्त
गर्येका तिनका प्राणलाइ लियो अनि तिनिहरु कनान् देस्मां जांनुलाइ
६ निकलि गये. अनि तिनिहरु कनान् देस्मां आइ पुग्ये। अनि अब्राम् त्यो
देस् हुंदो हिंड्दा हिंड्दा शेकेम्को ठांउमां मोरेको बज्रांठ् निर सम्म
७ पुग्यो। अनि देस्मां त्येस् समयमां ता कनानीहरु थिये। अनि यहूवेले
अब्राम्लाइ दर्शन् दिई भन्यो मं तेरो वंशलाइ यो देस् दिंछु. अनि त्येस्ले
८ त्येस्लाइ दर्शन् दिंने यहूवेको लागि त्यहां येउटा बेदि बनायो। अनि त्येस्ले
त्यहां बाटो हिंड्येर जुन् डांड़ा बेतेल्को पूर्ब तिर छ त्येस्मां आयेर आफ्नु
पाल् येस्तो ठांउमां हाल्यो बेतेल् पच्छिउं तिर ऐ पूर्ब तिर भयो. अनि त्येस्ले
९ त्यहां यहूवेको लागि येउटा बेदि बनायेर यहूवेको नांउ लियो। अनि
अब्राम् हिंड़ि हिंड़ि दक्खिन् तिर अघि अघि बढ्दे गयो ॥

१० तब देस्मां अनिकाल् पर्यो. अनि अब्राम् मिस्रमां तिहीं प्रबास्
११ गर्नुलाइ उत्रि गयो किनभन्ये देस्मां अनिकाल् सारै पर्येको थियो। अनि
त्यो मिस्रको छेउ पुग्दा येसो भयो त्येस्ले आफ्नी स्वास्नी सारइलाइ भन्यो
१२ लु हेर् मं जान्द छु तं राम्री छस्   अनि येसो हुंछ जब मिस्रीहरुले
तंलाइ देख्नन् तब यो त्येस्की स्वास्नी हो भन्नन्. अनि मंलाइ मांर्नन् तर

मंलाइ चाहिं जीउंनु दिनन् । लु येसो भन्नु मं तिन्को बैंनी हुं भनि . र तेरो १३
कारणमां मेरो भलो हवस् अनि तेरो कारणले मेरो प्राण बांचोस् । अनि १४
अब्राम् मिस्रमां आयेमां येसो भयो मिस्रीहरुले त्यो औधि राम्री रह भनि
देखे । अनि फिरऊन्का आलिक्हरुले त्येसलाइ देखेर फिरऊन्को सांमु १५
त्येस्को सर्काई गये . अनि स्त्री फिरऊन्को घर्मां लगीई । अनि त्येसले १६
त्येस्को कारणमां अब्रामको भलाई गय्यो . त्येसलाइ भेंड़ा गोरु गदाहा
कमारा कमारी गद्हेी र ऊंट्हरु मिल्ये । अनि यहोवेले फिरऊन् र त्येस्को १७
जहान् मांथि अब्रामको स्वास्नी सारइको कारणले अग्घोर्का विपत्ति
पठायो । अनि फिरऊनले अब्रामलाइ बोलायेर भन्यो एइ तैंले मं सित १८
के गरिस् तैंले मंलाइ किन मेरो स्वास्नी हो भन्येर भनिनस् किन मेरो १९
बैंनी हो भनिस् येसो भयेकोले ता मैंले त्येसलाइ आफ्नो स्वास्नी तुल्याउं
भन्येर ल्यायेको थियें . त अब आफ्नो स्वास्नीलाइ हेर् त्येसलाइ लियेर जाइ
जा । अनि फिरऊनले त्येस्को विषयमां कत्ति जनालाइ आज्ञा दियो . अनि २०
तिनले त्येसलाइ त्येस्को स्वास्नी र त्येस्कां भयेका त्येस्का सबै थोक् समेत्लाइ
आलिक् पर सम्म पुऱ्याइ दिये ॥

(अब्राम् र लूत्को बखान्)

अनि अब्राम् आफ्नो स्वास्नी र आफ्नां भयेका सबै थोक् समेत् १३ १
मिस्र बाटो चढ़ि दक्खिन्मां आयो अनि लूत् त्येस्को साथ थियो । अनि २
अब्राम् घर्पशु रुपिया सुन्मां औधि धनी थियो । अनि त्यो दक्खिन् ३
बाटो हिंडूदा हिंडूदा बेतेल् सम्म त्येइ ठांउ सम्म पुग्यो जहां अगाड़ि त्येस्को
पाल् भयेको थियो बेतेल् र ऐको बीच्मां जुन् बेदि पहिले त्यहां बनायेको ४
थियो त्येस्को ठांउ सम्म . अनि त्यहां अब्रामले यहोवेको नांउ लियो ।
अनि अब्रामको साथ हिंडूने लूत्का पनि बगाल् बथान् पाल् थिये । ५
अनि देशले तिनलाइ सङ् सङै बास् गर्नुलाइ थाम्नु सक्देन थियो . ६
कसोगरिभन्ये तिनको धनसम्पत्ति धेरै थियो यहां सम्म थियो सङ् सङै
बास् गर्नु सकेनन् । अनि अब्रामका घर्पशुका गोठालाहरुमां र लूत्का ७
गोठालाहरुमां झगरागराई पऱ्यो . अनि त्येस् समय् कनानी र परिज्जीहरु
देशमां बस्द थिये । अनि अब्रामले लूत्लाइ भन्यो लु मेरो र तेरो बीच्मां ८
अनि मेरा गोठालाहरु र तेरा गोठालाहरुको बीच्मां झगरागराई न परोस
किनभन्ये हामिहरु भाईबन्द् हौं । के सिंगै देश तेरो सांमु छैन लु मं देखि ९
अलग् हो तं बांउ तिर गइस् त मं दाहीनो तिर जांछु कि तं दाहीनो
तिर गइस् त मं बांउ तिर जांछु । अनि लूत्ले आफ्ना आंखा उचाल्येर १०
यर्दन् नदीको सिंगै गेह्रो टार् हेरि (यहोवेले सदोम् र अमोरा विनास्
पार्येको भन्दा अगाड़ि) सब तिर बाटो भलिभांति भिजीयेको अं यहोवेको
बारीजै जस्तो र सोअर् जांने बाटो हुंदो मिस्रने देस् जस्तो रह भनि
देख्यो । त लूत्ले आफ्नु लागि यर्दनको सिंगै गेह्रो टार् छान्यो अनि लूत् ११

हिंड्दा हिंड्दा पूर्ब तिर गयो . अनि ति एका अर्का देखि अलग् भये ।
१२ अब्राम् चहिं कनान् देसमा बास् गर्यो अनि लूत् चहिं गेहूरी टारका
सहर्हरुमा बास् गर्यो अनि आफ्नु पाल् सदोम् सम्म सार्येर हाल्यो ।
१३ अब सदोम्का मान्छेहरु दुष्ट अनि यह्वेको बिरुद्धमा अग्घोर्का पापीहरु
१४ थिये । अनि यह्वेले अब्राम्लाइ लूत् त्यो देखि अलग् भये पछि भन्यो
आफ्ना आंखा अब उचाल्येर तं भयेको ठांउ देखि उत्तर् दक्खिन् पूर्ब र
१५ पच्छिउं तिर हेर् . किनभन्ये जत्ति देस् देख्द छस् त्यो सिंगै तंलाइ र तेरो
१६ बंशलाइ जुग्मजुग्को लागि दिंछु । अनि मं तेरो बंश पृथिवीको धूलो
जस्तो बढाउंछु . यहां सम्म बढाउंछु कसैले पृथिवीको धूलो गनि सक्द छ
१७ त तेरो बंश पनि गनीयेला । उठ् देस्को लंमइ र गज् भरि हिंड्डुल् गर्
१८ किनभन्ये त्यो मं तंलाइनै दिंछु । तब अब्रामले आफ्नु पाल् सार्येर
हेब्रोन्मा भयेका ममेका बजरांठ् निर आयेर बास् गर्यो अनि यह्वेको
लागि त्यहां येउटा बेदि बनायो ॥

(अब्राम् र मल्कीसेदेक्को भेट्)

१४१ अनि शिनार्को राजा अम्रापेल् र एल्लासार्को राजा अर्योक् र
एलाम्को राजा कदोर्लाओमेर् र गोयीम्को राजा तिदाल्को पालामा येसो
२ भयो तिनिहरुले सदोम्को राजा बेरा र अमोराको राजा बिर्शा र
अद्माको राजा शिनाब् र सबोयीम्को राजा शेमेबेर् र बेलाको (जो
३ सोअर् हो) राजा सित लडाइं गर्ये । यि सबैले सिद्दीम्को तरिमा (जो
४ नुनीलो समुन्द्र हो) संग्हात् गर्ये । बारह् बर्ष सम्म ता कदोर्लाओमेर्को
५ ताबिमा रह्ये तर तेह्रौं चहिं बर्षमा बागि भये । अनि चौधौं बर्षमा
कदोर्लाओमेर् र त्यस्का साथी राजाहरु आयेर अश्तरोतकर्नैम्मा रपाइहरुलाइ
६ अनि हाम्मा जूजीहरुलाइ अनि शावेकिर्यातैम्मा एमीहरुलाइ अनि
तिनको सेईर् पहाड्मा होरीहरुलाइ बन् निर भयेको एल्पारान् सम्म मार्ये ।
७ अनि फर्केर एन्मिश्पात्मा (जो कादेश् हो) आयेर अमालेकीहरुको सिंगै
जग्गालाइ अनि हससोन्तामार्मा बस्ने एमोरीहरुलाइ पनि मारि दिये ।
८ अनि सदोम् अमोरा अद्मा सबोयीम् र बेलाका (जो सोअर् हो) राजाहरु
निक्ल्ये अनि सिद्दीम्को तरिमा ति सित लडाइं गर्नुको लागि पांक्ति पांक्ति
९ बान्ध्ये एलाम्को राजा कदोर्लाओमेर् गोयीम्को राजा तिदाल् शिनार्को
राजा अम्रापेल् र एल्लासर्को राजा अर्योक् सित . अर्थात् पांचै राजा सित
१० चार् राजा । अब सिद्दीम्को तरिको बीचमा कालो रोकन्का खाप् मात्रै
थिये अनि सदोम् र अमोराका राजाहरु भाग्येर तिहीं लडि पर्ये अब
११ रह्येकाहरु चहिं पहाड्मा भाग्ये । अनि सदोम् र अमोराको सबै धनसम्पत्ति र
१२ तिनका सबै खाने थोक् लियेर गइ गये । अनि अब्रामको भतीजो लूत्लाइ
१३ जो सदोम्मा बस्द थियो र त्यस्को धनसम्पत्ति लियेर हिंड्डि गये । अनि एक्
जना भाग्येर बांचनेले आयेर इब्रानी अब्रामलाइ जनाइ दियो . अब त्यो

चइं एश्कोल् र आनेर्को भाई एमोरी मम्रेका बजरांठ् निर बस्द थियो
अनि ति लोग् अब्राम् सङ बाचा बान्धीयेकाहरु थिये । अनि अब्रामले मेरो १४
भाई बन्धुवा गरीयो भनेर भन्येको सुन्येर आफ्नु घर्मां जन्म्येका आफ्ना
सिकायेका तीन् से अठारह् जना दास्लाइ निकाल्येर दान् सम्म खेद्यो। अनि १५
आफ्ना दास्हरु समेत् राति भाग् भाग् भइ ति मांथि जाइ लाग्येर मांरि
दिइ दमिश्कको उत्तर् तिर भयेको होबा सम्म तिनलाइ खेद्यो । अनि सबै १६
धन्सम्पत्ति फर्काइ ल्यायो अनि आफ्नु भाई लूत्लाइ पनि र त्येस्को
धन्सम्पत्ति र आइमाइहरुलाइ पनि र लोगलाइ फर्काइ ल्यायो । अनि त्यो १७
कदोर्लाओमेर् र त्येस्का साथी राजाहरुलाइ मांरि सक्येर फर्कि आये पछि
सदोम्को राजा शावेको तरि सम्म (जो राजाको तरि हो) त्येस्लाइ भेट्
गर्नुलाइ निकल्यो । अनि शालेम्को राजा मल्कीसेदेक्ले रोटी र दाखरस् १८
बाहिर ल्यायो . अनि त्यो परम् ईश्वर्को पूजाहारी थियो । अनि त्येस्लाइ येसो १९
भनिकन आशीष् दियो स्वर्ग र पृथिवीको धनी परम् ईश्वर्को पट्टि बाटो
अब्राम् धन्न हवस् . अनि परम् ईश्वर् धन्न हवस् जस्ले तिम्रा सत्तुर्हरुलाइ २०
तिम्रो ताविमां पारि दियो। अनि अब्राम्ले त्येस्लाइ सब्बै थोक्को दशौं अंश
दियो । अनि सदोम्को राजाले अब्राम्लाइ भन्यो मान्छेहरु ता मंलाइ दिंनु २१
हवस् अनि धन्सम्पत्ति चइं आफै लिंनु हवस् । अनि अब्राम्ले सदोम्को २२
राजालाइ भन्यो स्वर्ग र पृथिवीको धनी परम् ईश्वर् यह्वेको किरिया
हात् उचालिकन येसोरि खायेको छु आफ्को जत्ति छ त्येस्मांको न २३
येउटा धागो न येउटा जुत्ताको बन्धन् न आफ्को कोइ पनि लिंछु होइन
भन्ये ता आफुले मैंले अब्राम्लाइ धनी तुल्यायें भन्येर भन्नु होला भनि .
त्येति मांत्रै छाडि जुवान्हरुले जति खाइ सकि हाल्ये अनि जो जो मं सङ २४
गये तिनको भाग् भाग् जति . आनेर् एश्कोल् र मम्रेले ता आफ्नु आफ्नु
भाग् लिउन् ॥

(यह्वेले अब्राम् सित बांध्येको नियम्)

यि कुरा पछि यह्वेको बचन् येसो भन्दै दर्शनमां अब्रामकां पुग्यो १५ १
ए अब्राम् न डरा . तेरो ढाल् र तेरो अग्घोर् ठुलो प्रतिफल् मैं हुं । अनि २
अब्राम्ले भन्यो हे प्रभु यह्वे मं ता निर्वंश हुंदै जांदै छु अनि जो मेरो
घर्को धनी होला त्यो येइ दमिश्कको एलीएजर् हो त मंलाइ क्ये दिंनु हुंछ
र । फेरि अब्राम्ले भन्यो हेर्नु हवस् मंलाइ ता कोइ वंश दिंनु भयेन . अनि ३
हेर्नु हवस् मेरो घर्मां जन्म्येको त्येइ मेरो अधिकारी हो। अनि हेर यह्वेको ४
बचन् येसो भन्दै त्येस्कां पुग्यो तेरो अधिकारी येइ हुंदैन तर जो तेरो आफ्नु
निज् छोरो हुंछ त्येइ तेरो अधिकारी हुंछ । अनि उस्ले त्येस्लाइ बाहिर लग्येर ५
भन्यो स्वर्ग तिर हेर्येर ताराहरु गन्नु सक्छ छस् भन्ये देखि ति गन् . अनि
उस्ले त्येस्लाइ तेरो वंश त्येस्तै हुंछ भन्यो । अनि त्येस्ले यह्वेको बिश्वास् ६
गर्यो अनि उस्ले यो त्येस्को लागि धर्म्म गन्यो । अनि उस्ले त्येस्लाइ भन्यो ७

यह्वे मैं हुं जस्ले तंलाइ कल्दीहरुको ऊर् देखि बाहिर ल्यायो तंलाइ यो
८ देस् त्येस्को अधिकारी हुंनुलाइ दिउं भन्येर। अनि त्येस्ले भन्यो हे प्रभु यह्वे
९ त्येस्को अधिकारी हुंकु भनि कसोरि थाहा पाउं। अनि उस्ले त्येस्लाइ भन्यो
मेरो लागि तीन् वर्षको येउटी कोरलि र तीन् वर्षकी येउटी बाख्री र तीन्
१० वर्षको येउटा थुमा र येउटा कुकुर् र येउटा परेवाको बचरा ले। अनि त्येस्ले
यि सबै लियेर मांझ् मांझमां दुइ दुइ फ्याक् पार्यो अनि फ्याक् फ्याक्
११ सांमु सांमु राख्यो. तर पंषीहरुलाइ चइं फ्याक् फ्याक् पार्येन। अनि सिंनुभक्ती
पंषीहरुले लोथ्लाइ झम्टंदा झम्टंदा अब्रामले तिनलाइ उड़ाइ दियो।
१२ अनि सूर्ज अस्ताउंदा अब्रामलाइ अगघोर् निन्द्रा लाग्यो अनि हेर अगघोर्को
१३ अंध्यारो भयेको भय् त्येस्लाइ लाग्यो। अनि उस्ले अब्रामलाइ भन्यो निस्से
थाहा पा तेरो वंश तिनैको न हुंने देस्मां पर्देसी हुंछन् अनि देस्काहरुका
दास् हुंछन् अनि तिनिहरुले तिनलाइ चार् सै वर्ष सम्म कष्ट दिइ रहंछन्
१४ अनि जुन् लोगका ति दास् हुंछन् त्येस्को पनि मं विचार् गर्कु. अनि त्येस्
१५ पछि ति बड़ो धनसम्पत्ति लिइ निक्लि आउंछन्। तर तं चइं आफ्ना
पित्रहरु थांइ कुशल् सङ जांछस् तं पूरो बूढेस्कालमां चिहान्मां राखीछस्।
१६ अनि चौथो पुस्तामां ति यहां फेरि आउंछन्. किनभन्ये येले सम्म ता
१७ एमोरीहरुको अधर्म्म पूरो भयेको छैन। अनि येसो भयो जसै सूर्ज अस्ताइ
गयो अनि अंध्यारो भयो तब हेर येउटा धुवां उठ्ने अंगेठी र येउटा फ्याक्
१८ फ्याकको बीच् बाटो निक्लि जांने रांको। त्येसै दिन् यह्वेले येसो भन्दै
अब्राम् सङ नियम् बान्ध्यो तेरो वंशलाइ यो देस् मिस्रको नदी देखि येसो
१९ महानदी अर्थात् परात् नदी सम्म मैंले दियें. अर्थात् केनीहरु कनिज्जीहरु
२० २१ कद्मोनीहरु हित्तीहरु परिज्जीहरु रपाईहरु एमोरीहरु कनानीहरु
गिर्गाशीहरु र यबूसीहरुको देस्॥

(इश्माएल्को जन्म)

१६ १ अब सारइ अब्रामको स्वास्नीले त्येस्को लागि कोई सन्तान् जन्माईन.
२ अनि त्येस्की येउटी मिस्री कमांरी थिई जस्को नांउ हागार् थियो। अनि
सारइले अब्रामलाइ भनी हेर यह्वेले मंलाइ जन्माउंनु देखि थुन्यो त लु
मेरी कमांरीकां जाउ कोनि कनै त्येस्को बाटोले मेरो जहान् बनौंयेला
३ अनि अब्रामले सारइका कुरा मान्यो। अनि अब्राम् कनान् देस्मां रह्येको
दस् वर्ष भयो तब त्येस्की स्वास्नी सारइले आफ्नी कमांरी मिस्री हागार्लाइ
४ लग्येर आफ्नु लोग्ने अब्रामलाइ त्येस्की स्वास्नी हुंनुलाइ दिहाली। अनि त्यो
हागार्कां गयो अनि त्यो गर्भिणी भई. अनि जसै गर्भिणी भयें भनि थाहा
५ पाई तब त्येस्की स्वामिनी त्येस्को दृष्टिमां तुच्छ भई। अनि सारइले अब्रामलाइ
भनी मेरो अन्यं तिम्रे सिर्मां हवस्. आफ्नी कमांरीलाइ तिम्रो काख्मां
दिहाल्यें अनि जब गर्भिणी भयें भनि देखी तब मं त्येस्को दृष्टिमां तुच्छ
[illegible] गोस। तर अब्रामले

सारइलाइ भन्यो हेर् तेरी कमारी तेरै हातमां छ जस्तो तेरो दृष्टिमां जाति
लाग्द छ त्यो थित त्येस्ते गर्। अनि सारइले त्यो थित कठोर् बेहोरा
गर्नु लागी त त्यो त्येस्को सांमु देखि भागी। अनि यह्वेको दूतले त्येस्लाइ ७
बन्मां येउटा जल्वापानी निर मेटायो जुन् पानी शूर् जाने बाटो हुंदो छ।
अनि त्येस्ले र सारइको कमारी हागार् कहां बाटो आइस् अनि कता तिर ८
जांछस् भन्यो। त त्येस्ले भनी आफ्नी स्वामिनी सारइको सांमु देखि भागि
आयें। अनि यह्वेको दूतले त्येस्लाइ भन्यो आफ्नी स्वामिनीकां फर्कि ९
गयेर त्येस्को पंचोमां बस्। अनि यह्वेको दूतले त्येस्लाइ भन्यो मं तेरो १०
बंशलाइ येस्तो धेरै बढाउंछु त्यो धेर् हुंनाको कारणले गनींने हुंदेन। अनि ११
यह्वेको दूतले त्येस्लाइ भन्यो हेर् तं गर्भिणी छस् अनि छोरो जन्माउंछस्.
अनि त्येस्को नांउ इश्माएल्[१] राख्येस् किनभन्ये यह्वेले तेरो कष्ट सुन्यो।
अनि त्यो मान्छेहरुमां बन्गदाहा जस्तो हुंछ त्येस्को हात् सबै मान्छेको १२
बिरुद्धे हुंछ अनि सबै मान्छेको हात् त्येस्को बिरुद्धे अनि त्येस्ले आफ्ना सबै
भाइहरुको सांमु बास् गर्छ। अनि त्येस्ले त्यो थित बात् गर्ने यह्वेको नांउ १३
तपांइ देख्ने ईश्वर् छौ गरि राखी. कसोगरिभन्ये त्येस्ले भनी के मैंले यहां
पनि मंलाइ देख्नेको पछि हेरें रहें भनि। येस्कारण् कुवाको नांउ १४
बेरलहैरोइ[२] राखीयो हेर त्यो कादेश् र बेरेद्को बीच्मां छ। अनि १५
हागार्ले अब्रामको लागि येउटा छोरो जन्माई अनि अब्रामले हागार्ले
जन्मायेको आफ्नु छोरोको नांउ इश्माएल् राख्यो।। अनि हागार्ले अब्राम्को १६
लागि इश्माएल्लाइ जन्माउंदा अब्राम् छियासी बर्षको थियो॥

(खत्नाको नियम्)

अनि अब्राम् उनन्से बर्षको हुंदा यह्वेले अब्रामलाइ दर्शन् दिइ १७।१
त्येस्लाइ भन्यो मं सर्वशक्तिमान् ईश्वर् हुं मेरो सांमु हिंड्डुल् गर् अनि
सिद्ध हो। अनि मं आफ्नु र तेरो बीच्मां आफ्नु नियम् बान्धछु अनि २
तंलाइ अगघोरै बढाउंछु। अनि अब्राम् घोप्टो पर्यो. अनि ईश्वर्ले त्यो थित ३
येसो भन्दै बात् गर्यो मं चइं हेर् मेरै नियम् तं सङ छ अनि तं धुइरै ४
लोग्हरुको पिता हुंछस्। अनि तेरो नांउ अब देखि येसो अब्राम् हुंदेन तर ५
तेरो नांउ अब्राहाम् हुंछ किनभन्ये तंलाइ धुइरै लोग्हरुको पिता बनायें।
अनि मं तंलाइ अगघोरै फलवन्त गराउंछु अनि तं देखि लोग्हरु बनाउंछु ६
अनि तं देखि राजाहरु निस्कंछन्। अनि मं तेरो र तेरो पछि तेरो बंशको ७
ईश्वर् हुनुलाइ आफ्नु नियम् आफ्नु र तेरो र तेरो पछि तिनको पुस्ता
पुस्ताभरि तेरो बंशको बीच्मां जुग्नजुग्को नियम् हुंनुलाइ ठहराइ बान्धछु।
अनि मं तंलाइ र तेरो पछि तेरो बंशलाइ तेरा प्रबासगराईको देस् अर्थात् ८

[१] अर्थात् ईश्वर्ले सुन्द छ। [२] अर्थात् जीउंदो देख्नेको कुवा।

सिंगै कनान् देस् जुगनजुग् अधिकार् हुंनुलाइ दिंछु अनि मं तिनको ईश्वर्
९ हुंछु। फेरि ईश्वर्ले अब्राहाम्लाइ भन्यो अनि तं चइं अं तैंले मेरो नियम्
१० मान्नु क्ये तैंले क्ये तेरो पछि तेरो बंशले तिनका पुस्ता पुस्ताभरि। तिमिहरुले
मान्नु पर्ने मेरो जुन् नियम् मेरो र तिमिहरुको र तेरो पछि तेरो बंशको
बीच्मां छ त्यो येइ हो अर्थात् तिमिहरुमांको एक् एक् नर् खत्ना हवस्।
११ अनि तिमिहरु आफ्नु आफ्नु खलड़ीको मांसुमां खत्ना हुंछौ अनि त्यो
१२ मेरो र तिमिहरुको बीच्मां भयेको नियम्को चिंनुको लागि हुंछ। अनि
तिमिहरुमां जो आठ् दिन्को उमेर्को छ त्यो खत्ना हुंछ अर्थात् तिमिहरुका
पुस्ता पुस्ताभरिको जुनसुकै पनि नर् क्ये तेरो घर्मां जन्म्येको क्ये तेरो बंश
१३ देखिको होइन रुपियामां परदेसी सित किनीयेको हवस्। जो तेरो घर्मां
जन्मोस् अनि जो तेरो रुपियामां किनीओस् त्यो अवस्से खत्ना हुंछ. अनि
१४ मेरो नियम् तिमिहरुको मांसुमां जुगनजुग्को नियम्को लागि हुंछ। अनि
जुन् ब्रिखत्ने नर् आफ्नु खलड़ीको मांसुमां खत्ना होवैन त्यो प्राणी
आफ्नु लोग्कां देखि काटि दिइंछ त्येस्ले मेरो नियम् भङ्ग गर्यो॥
१५ अनि ईश्वर्ले अब्राहाम्लाइ भन्यो तेरी स्वास्नी सारइ चइं त्येस्को नांउ
१६ फेरि सारइ न राख्येस् तर त्येस्को नांउ सारा हुंछ। अनि मं त्येस्लाइ आशीष्
दिंछु अनि पनि तंलाइ त्येस्को बाटोले येउटा छोरो दिंछु. अं मं त्येस्लाइ
आशीष् दिंछु अनि त्यो लोग्हरुकी माता हुंछ लोग् लोग्का राजाहरु त्यो
१७ देखि बनींछन्। तब अब्राहाम्ले घोप्टो पर्येर हांसि आफ्नु मन्मां भन्यो सै
वर्ष भयेकोको क्ये सन्तान् जन्मला अनि नब्बे वर्ष भयेकी साराले क्ये
१८ जन्माउली। अनि अब्राहाम्ले ईश्वर्लाइ भन्यो इश्माएलै तपांइको सांमु
१९ जीइ रहे ता हुंथ्यो। अनि ईश्वर्ले भन्यो येसो होइन तर तेरी स्वास्नी
सारालेनै तेरो लागि येउटा छोरो जन्माउंछ अनि त्येस्को नांउ इस्हाक्
राख्छस्. अनि मं आफ्नु नियम् त्यो सङ ठहराइ बान्धछु त्येस्को पछि त्येस्को
२० बंशको लागि जुगनजुग्को नियम् हुंनुलाइ। अनि इश्माएल् चइं त्येस्को
बिषय्मां तेरो सुन्यें. हेर् मैंले त्येस्लाइ आशीष् दियें अनि त्येस्लाइ फलवन्त
गराउंछु अनि अग्घोरै बढाइ दिंछु बारह् जना मालिक्लाइ जन्माउंछ अनि
२१ मं त्यो देखि येउटा ठुलो लोग् बनाउंछु। तर मं आफ्नु नियम् ता इस्हाकै
सङ ठहराइ बान्धछु जस्लाइ साराले आउंदो वर्षको येसै ठहरायेको समय्मां
२२ तेरो लागि जन्माउंछ। अनि उस्ले त्यो सित बात् गर्नु छोड्यो अनि ईश्वर्
२३ अब्राहाम्कां देखि ऊंभो चढ़ि गयो। अनि अब्राहाम्ले आफ्नु छोरो
इश्माएल्लाइ र जत्ति आफ्नु घर्मां जन्म्येका थिये अनि जत्ति आफ्ना
रुपियामां किनीयेका थिये अं अब्राहाम्को घर्मां जत्ति नर् थिये सब्बैलाइ
लियेर त्येसै दिन्मां तिनको खलड़ीको मांसुमां खत्ना गर्यो ईश्वर्ले
२४ त्येस्लाइ भन्येको अनुसार्॥ अनि अब्राहाम् आफ्नु खलड़ीको मांसुमां
२५ खत्ना हुंदा उनन्सै वर्षको थियो। अनि त्येस्को छोरो इश्माएल् चइं
२६ आफ्नु खलड़ीको मांसुमां खत्ना हुंदा तेरह् वर्षको थियो॥ त्येसै दिन्मां

अब्राहाम् र त्येस्को छोरो इश्माएल् खत्ना भये । अनि त्येस्को घर्मां जत्ति २७
पुरुष् थिये क्ये घर्मां जन्म्येका क्ये रुपियामां पर्देसी सित किनीयेका सब्बै
जना त्यो सङ्गै खत्ना भये ॥

(ईस्वर्ले अब्राहाम्लाइ दियेको करहार्)

अनि यहवेले त्येस्लाइ मम्रेका बजगांठ् निर त्यो चर्को घाम्को १८ १
बेलामां आफ्नु पाल्को दैलो हुंदो बसि रहंदा दर्शन् दियो अनि त्येस्ले २
आंखा उचाल्येर हेर्यो त हेर त्येस्को छेउ तीन् पुरुष् उभीइ रह्येका थिये .
अनि त्येस्ले तिनलाइ देख्येर पाल्को दैलो देखि ति सित भेट् गर्नु दुगुर्येर
भूंइ सम्म निउंरि भन्यो हे प्रभु मं मांथि तपांइको अनुग्रह् भयो ३
भन्ये त कृपा गरि आफ्नु दास् थांइ देखि त्येसै जाइ न जांनु हवस् . इच्छे ४
भयो भन्ये अलिकता पानी ल्याईओस् अनि आफुहरुले आफ्ना आफ्ना
पाउ धुंनु हवस् अनि वृक्ते मुनि अडेस् लाग्नु हवस् . अनि मं एक् गांस् ५
रोटी ल्याउंछु अनि आफुहरुले आफ्नु आफ्नु हिर्दयलाइ ढाड्स् गर्न हवस्
त्येसपछि ता जाइ जांनु होला . किनभन्ये येसै लागि आफ्नु दास् थांइ
आउंनु भयो होला । अनि उनिहरुले भन्ये आफुले भन्ये झैं गर्नु । अनि ६
अब्राहामले पाल्मां छिटोगरि साराथांइ गयेर भन्यो तीन् माना पिठो छिट्टै
तियार् पारि मुछ्येर फुलौरा बना । अनि अब्राहामले बथान्मां दुगुरि गयेर ७
बढ़ालु र असल् येउटा बाच्छो ल्यायेर चाकरेलाइ दियो अनि त्येस्ले त्यो
छिटोगरि पकायो । अनि त्येस्ले दही र दुद् र त्यो पकायेको बाच्छो लगि ८
तिनको सांमु राखि दियो अनि आफु चइं वृक्ते मुनि तिनको सांमु उभीइ
रह्यो अनि तिनले खाये । अनि तिनले त्येस्लाइ भन्ये तेरी स्वास्नी सारा ९
कहां छ । अनि त्येस्ले भन्यो हेर्नु हवस् पाल्मां छ । अनि उस्ले भन्यो निस्से १०
मं ऋतु घुमि आउंदा तेरां फर्कि आउंछु अनि हेर् तेरी स्वास्नी साराले
येउटा छोरो जन्माउंछ । अनि साराले त्येस्को पछिल् तिर पाल्को दैलो
बाटो सुन्द थिई । अब अब्राहाम् र सारा बूढ़ा र दिन् धेरै खायेका थिये . ११
स्त्रीरीत् अनसार्को गत् साराको फेरि हुंदैन थियो । अनि सारा आफुमां १२
येसो भन्दै हांस्न लागी क्ये मं बूढ़ी भइ गये पछि मंलाइ मेरा खसम् पनि
बूढ़ा भयेमां सुख होला । अनि यहवेले अब्राहाम्लाइ भन्यो सारा १३
क्ये मं बूढ़ी भइकन सांचिनै जन्माउंली भन्दै किन हांसी । क्ये यहवे देखि १४
कोई काम् हुंनु न सक्ने गरि कठिन् छ । ठहराईयेको समय्मां ऋतु घुमि
आउंदा मं तेरां फर्कि आउंछु अनि साराले येउटा छोरो जन्माउंछ । तब १५
साराले येसो भन्दै अस्वीकार् गरी हांसिंन भनि किनभन्ये डराउंद थिई ।
अनि उस्ले भन्यो होइन तर हांसिसनै ॥

अनि ति पुरुष्हरुले त्यहां बाटो उठेर सदोम् तिर हेर्नु लाग्ये. अनि १६
अब्राहाम् ति सङ तिनलाइ अलिक् पर सम्म पुर्याउंनुलाइ हिंड्यो । अनि १७
यहवेले भन्यो क्ये मं ज्य गर्दै छु अब्राहाम् देखि लुकाइ राखुं किनभन्ये १८

अब्राहाम् ता येउटा तुलो र सामर्थी लोग् बनौंने छ अनि त्येस्मां पृथिवीका
१९ सबै लोगहरुले आशीष् पाउंने छन्। किनभन्ये मैले येस्खातिर् त्येस्लाइ जान्यें
त्येस्ले आफ्नु पछि आफ्ना छोराछोरी र जहान्लाइ धर्म्म र निया गर्नुलाइ
यहूवेको बाटो जानुन् भनि आग्या गरोस्. र यहूवेले अब्राहाम् माथि
२० जये त्येस्को बिषयमां भन्येको छ त्यो पुऱ्याइ देवस्। अनि यहूवेले भन्यो
सदोम् र अमोराको चिच्याई बढ्यो अनि तिनको पाप् अगघोर् भारी भयो
२१ त अब उत्र्येर हेर्कु त्येस्को मं पांइ पुग्येको चिच्याई अनसार् भरिनै येस्तो
२२ काम् गर्‍यें कि. अनि गर्‍येनन् त चाल् पाउंला। अनि ति पुरुषहरु त्यहां
बाटो फर्क्येर सदोम् तिर जांनु लाग्ये. तर अब्राहाम् चइं अझै यहूवेको सांमु
२३ उभीइ रह्यो। अनि अब्राहामले नजिक् गयेर भन्यो दुष्ट सङ्ग को धर्म्मीलाइ
२४ पनि सत्येनास् पार्नु हुंछ। कथंकाल् सहरमां पचास् जना धर्म्मी हुनन्. त
के त्यो ठांउ सत्येनास् पार्नु हुंछ अनि त्येस्मांका पचासै जना धर्म्मीहरुको
२५ कारण छोड़ि दिंनु हुन्न। येस् अनसार् गर्नु ता तपांइ देखि पर रहोस् दुष्ट
सङ्गै धर्म्मीलाइ पनि मार्नु धर्म्मीलाइ दुष्ट जस्तै हुंने गरि येस् अनसार् गर्नु
ता तपांइ देखि पर रहोस्. सिंगै पृथिवीको बिचारीले के निया न गरोस्।
२६ अनि यहूवेले भन्यो सदोममां पचास् जना धर्म्मीलाइ सहर् भित्र
२७ पायें भन्ये देखि तिनिहरुको कारण सिंगै ठांउ छोड़ि दिंकु। अनि अब्राहामले
उत्तर् दिइ भन्यो लौ हेर्नु हवस् मैले खालि मांटो र खरानि मांत्रै भइ
२८ पनि प्रभु सित कुरा गर्नु हात् हाल्यें. कथंकाल् पचासै जना धर्म्मीहरुमां
पांच् घट्नन्. त के सिंगै सहर् खालि पांच् मांत्रै घटेको कारणले नास्
पार्नु हुंछ। अनि उस्ले भन्यो त्यहां पैंतालीस् पायें भन्ये त्यो नास्
२९ पार्दैंन। अनि त्येस्ले उ सित फेरि पनि भन्यो कथंकाल् त्यहां चालीस्
३० पाइनन्। अनि उस्ले भन्यो चालीसैको कारणले येसो गर्दैंन। अनि त्येस्ले
भन्यो प्रभु न रिसाउंनु हवस् त बोल्कु. कथंकाल् त्यहां तीस् पाइनन्।
३१ अनि उस्ले भन्यो त्यहां तीस् पायें भन्ये येसो गर्दैंन। अनि त्येस्ले भन्यो लौ
हेर्नु हवस् प्रभु सित कुरा गर्नु हात् हाल्यें. कथंकाल् त्यहां बीस् पाइनन्।
३२ अनि उस्ले भन्यो बीसैको कारण त्यो नास् पार्दैंन। अनि त्येस्ले भन्यो प्रभु
न रिसाउंनु हवस् त अब खालि एक् खेप् मांत्रै बोल्कु. कथंकाल् त्यहां दस्
३३ पाइनन्। अनि उस्ले भन्यो दसैको कारण त्यो नास् पार्दैंन। अनि यहूवे
जसै अब्राहाम् सङ्ग बात् गरि सक्यो तब हिंड़ि गयो. अनि अब्राहाम् चइं
आफ्नु ठांउमां फर्कि गयो॥

(सदोम् र अमोराको सत्येनास्)

१९ १ अनि दुवै दूत् सांझ् पुंड़ो सदोममां आये अनि लूत् सदोमको ढोका
निर बसि रह्येको थियो. अनि लूत् तिनलाइ देख्येर ति सित भेट् गर्नुलाइ
२ उठ्यो अनि भुइं सम्म निउंरि दण्डवत् गर्‍येर भन्यो हे मेरा प्रभुहरु हो
लौ हेर्नु हवस् आफ्नु दासको घरमां फिर्नु हवस् वहां रात् बिताउंनु

हवस् अनि आफना पाउ धुनु हवस् अनि बिहान सबारै उठेर आफनु बाटो
लागनु होला। अनि तिनले भन्ये होइन तर सटकैमां रात् बिताउंछौं।
अनि त्येस्ले तिनलाइ अघोर् बिन्ति गरि गरिकन ढिपि लगायो अनि ति ३
त्येस्कां फिर्येर त्येस्को घर्मा पसि आये अनि त्येस्ले तिनको लागि भोज् लगायो
अनि अखमीरे रोटी पोलनु लगायो अनि तिनले खाये॥ तर ति सुतनु भन्दा ४
पहिले सहर् अर्थात् सदोमका पुरुषहरुले क्ये जुवान् क्ये बूढा चारै तिरका
सब्बै लोगले आयेर घर् घेर्ये अनि लूत्लाइ हापार्येर त्येस्लाइ भन्ये ५
आजु बेलुका तेरां आयेका पुरुषहरु कहां छन् तिनलाइ बाहिर हांमिहरुकां
ल्याइ दे र तिनलाइ जानूं। अनि लूत् तिनिहरुकां दैलो देखि बाहिर गयो ६
अनि दैलो आफनु पछिल् तिर थुनि दियो अनि त्येस्ले भन्यो हे मेरा ७
भाईहरु हो कृपा गरिकन येस्तो दुष्टेइं न गर्नु हवस्। हेर्नु हवस् मेरी दुइ ८
बैंनी छोरीहरु छन् जुनहरुले पुरुषलाइ जान्येको छैनन् इच्छे छ भन्ये ता
तिनिहरुचइंलाइ बाहिर तिमिहरुकां ल्याइ दिंछु त जस्तो जाति लाग्छ त्येस्तै
बेहोरा तिनिहरु सित गर्नु, खालि यि पुरुषहरु सित क्येइ न गरि दिंनु हवस्
किनभन्ये येसैकारणले मेरो छाना मुनि आयेका छन्। अनि तिनिहरुले ९
भन्ये छडू। अनि तिनिहरुले भन्ये यो एक् जना माग्छे हांमिहरुकां प्रबास्
गर्नु आयो अनि बिचारी पो हुंनु खोज्द रछ. अब ति सित भन्दा बेसि
बुराई तं सित गर्छौं। अनि तिनिहरुले त्यो पुरुष् लूत्लाइ अघोर् चेप्नु
लाग्ये अनि दैलो फोर्नुको लागि नजिक् आये। तर ति पुरुषहरुले आफना १०
हात् पसार्येर लूत्लाइ आफु थांइ घर्मां तानि ल्यायेर दैलो थुनि दिये॥
अनि तिनले ति घर्को दैलो निर भयेका पुरुषहरुलाइ सांनु ठुलो सब्बैलाइ ११
अन्धा पारि दिये. त तनिहरु दैलो खोज्दा खोज्दा थाकि गये। अनि ति १२
पुरुषहरुले लूत्लाइ भन्ये यहां तेरां अरु कोई छन् जुवांई कि छोराछोरीहरु,
कि सहर्मां तेरो जोसुकै हवस् तिनलाइ लियेर यो ठांउ देखि निस्कि जा.
किनभन्ये यो ठांउ नष्ट पार्ने छौं किनभन्ये त्येस्काहरुको चिच्याई यहवेको १३
सांमु बढ्यो अनि यहवेले हांमिहरुलाइ त्यो नष्ट पार्नु पठाइ दियो।
अनि लूत्ले निस्कि गयेर त्येस्को छोरीहरुलाइ ब्याहा गर्नु आंटने आफना १४
जुवांईहरुलाइ कुरा गर्येर भन्यो उठ यो ठांउ देखि निकल किनभन्ये
यहवेले सहर् नष्ट पार्छ॥ तर त्यो ता आफना जुवांईहरुलाइ हंसेउलो गरि
हिंडूने जस्तो पो लाग्यो। अनि बिहान् हुंदै आउंदा दूत्हरुले लूत्लाइ येसो १५
भनिकन हतार् लगायो उठ् आफनो स्वास्नौलाइ र यहां भयेको आफनो दुवै
बैंनी छोरीहरुलाइ ले। होइन भन्ये ता तं येस् सहर्को अधर्म्ममां बिनास्
पार्छस्। तर त्येस्ले अझै पनि ढियांलो गरि रह्यो अनि ति पुरुषहरुले १६
त्येस्को हात् र त्येस्को स्वास्नोको र दुवै छोरीहरुका हात् समात्ये, किनभन्ये
यहवे त्यो मांथि दयालु थियो॥ अनि तिनले त्येस्लाइ निकाल्येर सहर् देखि
बाहिर उभ्याइ दिये। अनि तिनले तिनिहरुलाइ बाहिर निकालि सक्येमां येसो १७
भयो उस्ले भन्यो आफनु प्राण् लियेर भागि जा पछि फर्केर न हेर् अनि यो

गैह्रौ टारभरिमां कत्तै पनि न अड़ीइ डांड़ामां भागि जा होइन भन्ये त।
१८ बिनास् पारींछस्। अनि लूतले तिनलाइ भन्यो हे प्रभु यसो न हवस्.
१९ हेर्नु हवस् तपांइको दास् मांथि तपांइको अनुग्रह् भयो अनि तपांइले
मेरो प्राण् बचाइ दिइ मं तिर देखायेको आफ्नु दयाको बड़ाई गर्नु भयो
अनि मं डांड़ामां भाग्नु सक्दींन होइन भन्ये ता बिपत्ति मं मांथि आइ
२० लाग्ला अनि मरि जाउंला. हेर्नु हवस् यो सहर् ता भाग्नु नजिक् छ
अनि त्यो ता सांनु पनि छ. मंलाइ तिहींने (को सांनै छैन) भागि जांनु
२१ दिंनु हवस् र मेरो प्राण् जीइ रहला। अनि उस्ले त्येस्लाइ भन्यो हेर् येस्
बिषय्मां पनि तंलाइ ग्रहण् गर्यें तंले चर्चा गर्येको चइं सहर् उल्टाइ दिन्न
२२ भन्ये॥ छिटो गर्येर तिहीं भागि जा किनभन्ये तं त्यहां न पुगुंज्याल् सम्म मं
२३ कोइ गर्नु सक्दींन। येस्कारणले त्येस् सहर्को नांउ सोअर् राखीयो॥ लूत्
२४ सोअर् सम्म पुग्येमां सूर्ज पृथिवी मांथि उदाउंनु लाग्येको थियो। तब
यहवले स्वर्ग बाटो सदोम् र अमोरा मांथि यहव पट्टि बाटो गन्धक्
२५ र आगो बर्षायो अनि उस्ले ति सहर्हरु र त्यो सिंगै गैह्रो टार् र
सहर्हरुका सांट्टै बासीहरु र भूमिका सब्बै उद्भिज् थोक्ले इ उल्टाइ
२६ दियो। तर त्येस्को स्वास्नीचइंले त्येस्का पछिल् तिर आंखा फर्कायेर हेरी
२७ अनि नुन्को देउलि भइ गई। अनि अब्राहाम् बिहान सखारै उठेर त्येसै
२८ ठांउमां गयो जहां यहवको सांमु उभीयेको थियो. अनि सदोम् र
अमोरा र गैह्रो टार्का सिंगै देस् तिर हेर्यो। त हेर देस्को धुवां भट्टीको
धुवां जस्तो पो उठि रह्येको रह्छ॥
२९ अनि ईश्वरले गैह्रो टार्का सहर्हरु नष्ट पार्दा येसो भयो ईश्वरले
अब्राहाम्लाइ सम्झ्यो अनि लूत्लाइ ता लूत् बस्येका सहर्हरु उल्टाइ
दिंदा उल्टाईको मांझ बाटो निकालि पठायो॥
३० अनि लूत् आफ्नी दुवै बैनी छोरीहरु समेत् सोअर् बाटो चढि गयर
डांड़ामां बस्न लाग्यो किनभन्ये सोअर्मां बस्नु डराउंद थियो. अनि त्यो र
३१ त्येस्को दुवै बैनी छोरीहरु येउटा ओढार्मां बस्न लाग्ये। अनि जेठीचइंले
कान्छीलाइ भनी हांमिहरुको बाबु बूढ़ा छन् अनि पृथिवीमां हांमिहरुका
३२ सिंगै पृथिवीको रीत् अनुसार्को आउंने कुनै पनि पुरुष् छैन. लु आफ्नु
बाबुलाइ दाखरस् खुवायेर तिनि सित सुतूं र आफ्नु बाबु देखि बंश जगाइ
३३ राखूं। अनि त्येसै रात् आफ्नु बाबुलाइ दाखरस् खुवाइन्. अनि जेठी चइं
आफ्नु बाबुका गयेर सुती अनि त्येस्लाइ ता न त्येस्को सुत्येको न त्येस्को
३४ उठेरको बेलाको कोइ पनि चेत् भयो। अनि भोलि पल्टो येसो भयो
जेठीले कान्छीलाइ भनी हेर् हिजो राति मं आफ्नु बाबु सित सुत्यें. आजु
राति पनि तिनिलाइ दाखरस् खुवाऊं अनि तं गयेर तिनि सित सुत् र

अथात मान्

आफनु बाबु देखि बंश अगाइ राखूं॥ अनि त्येस् रात् पनि आफनु बाबुलाइ ३५
दाखरस् खुवाइन्. अनि कान्छो चइं उठेर त्यो सित सुती अनि त्येस्लाइ ता
न त्येस्को सुत्येको न त्येस्को उठेरको बेलाको केइ पनि चेत् भयो। येस्तोरि ३६
लूत्को दुवै बैंनी छोरीहरु आफनै बाबु देखि गर्भिणी भइन्। अनि जेठीचइंले ३७
येउटा छोरो जन्माई अनि त्येस्को नांउ मोआब् राखी. मोआबीहरुको पित्र
आजुको दिन् सम्म त्येइने हो। अनि कान्छाचइंले पनि येउटा छोरो जन्माई ३८
अनि त्येस्को नांउ बेनम्मी राखी. अम्मोनबंशीको पित्र आजुको दिन् सम्म
त्येइने हो॥

(अब्राहाम् र अबीमेलेक्)

अनि अब्राहाम् त्यहां बाटो दक्खिन् देस् तिर हिंड़ेर कादेश् र २०१
शूर्को बीच्मां बस्यो अनि त्येस्ले गरार्मां प्रबास् गर्न लाग्यो। अनि २
अब्राहाम्ले आफनी स्वास्नी साराको बिषय्मां भन्न लाग्यो त्यो मेरी बैंनी
हो भनि. अनि गरार्को राजा अबीमेलेक्ले सारालाइ भिकाइ पठायो।
तर, ईश्वर्ले रात्को सपनामां अबीमेलेक्कां आयेर त्येस्लाइ भन्यो हेर् तंले ३
भिकायेको त्येस् स्त्रीको कारणले मर्न आंटिस् कसोगरिभन्ये त्यो पराय्
परेली हो। अब अबीमेलेक् त्येस्कां गयेको ता थियेन. अनि त्येस्ले भन्यो ४
हे प्रभु के धर्म्मी लोग्लाइ पनि मार्नु हुंछ। के त्येस्लेनै मंलाइ भन्येन त्यो ५
मेरी बैंनी हो भनि अनि आइमाइ आफैले पनि भनी त्यो मेरो दाज्यु हो
भनि. मैंले ता आफनु हिर्दय्को निखरेइं र हात्को निर्दोषिइं सङ यो गर्यें।
अनि ईश्वर्ले त्येस्लाइ सपनामां भन्यो हो म जान्दछु आफनु हिर्दय्को ६
निखरेइं सङ यो गरिस् भनि अनि मैंलेनै तंले मेरो बिरुद्धमां पाप् गर्न
देखि तंलाइ थुनि राखें पनि. येसैकारणले मैंले तंलाइ त्येस्लाइ छुनु दिइंन।
त अब त्येस् पुरुष्को स्त्रीलाइ त्येस्लाइ फर्काइ दे किनभन्ये त्यो आगम्बक्ता ७
हो, अनि तेरो लागि प्रार्थना गर्छ अनि जीइ रहंछस्. अनि त्येस्लाइ फर्काइ
दिइनस् भन्ये थाहा पा तं अं तं र तेरा जत्ति छन् सबै अबस्सेइ मर्छौ।
अनि बिहान अबीमेलेक्ले सखारै उठि आफना सब्बै चाकरहरुलाइ बोलायेर ८
तिनका कानमां यि सबै कुरा सुनाइ दियो. अनि ति औधि डराये। तब ९
अबीमेलेक्ले अब्राहाम्लाइ बोलायेर त्येस्लाइ भन्यो तिमिले हामिहरु सित
यो के गर्येको अनि मैंले तिम्रो के बिगार्येको थियें र तिमिले मं र मेरो
राज् मांथि येस्तो पाप् ल्यायौ मं सित गर्नु न पर्ने काम् गर्यौ। अनि १०
अबीमेलेक्ले अब्राहाम्लाइ भन्यो तिमिले के देखेर येस्तो काम् गर्यौ।
अनि अब्राहाम्ले भन्यो किनभन्ये येस् ठांउमां ईश्वर्को डर् छेन होला ११
अनि मेरी स्वास्नीको कारणले मंलाइ मार्छन् भनि ठान्यें। अनि हुंनु पनि १२
सांचिनै त्यो मेरी बैंनी हो त्यो मेरो बाबुकी छोरी हो तर मेरी आमाकी
छोरी होइन अनि त्यो मेरी स्वास्नी भई. अनि जब ईश्वर्ले मंलाइ आफनु १३
बाबुको घर् छोड़िकन डुलि हिंड्ने आज्ञा दियो तब येसो भयो मैंले त्येस्लाइ

भन्यौ सेले म दाज्यु ...
१४ दाज्यु हुन् भन्न्। अनि अबीमेलेक्ले ... ...
ल्यायेर अब्राहाम्लाइ दियो अनि त्यस्को स्वास्नी ... ... फर्का
१५ दियो। अनि अबीमेलेक्ले भन्यो हेर मेरो देस् ... ...
१६ तिमिलाइ मन् पर्छ त्यहां बस। अनि सारालाइ त्यस्ले भन्यो हेर देल तिम्रो
दाज्युलाइ हजार् टुक्रा चांदो दियेको छु. हेर त्यो तिमि सङ हुनेहरू सबैको
लेखि तिम्रो लागि आंखाको छुल्ने हो त सबैको बिषय् तिम्रो लागि
१७ निया गरीयो। अनि अब्राहाम्ले ईश्वर् हित प्रार्थना गर्यो. अनि ईश्वर्ले
अबीमेलेक् र त्यस्को स्वास्नी र त्यस्को कमारीहरूलाइ निको पारि दियो अनि
१८ तिनिहरूले जन्माउंनु थालिन्। कसोगरिभन्ये यहवेले अबीमेलेक्को उह्रान्का
गर्भ|अब्राहाम्को स्वास्नी साराको कारण्ले थांटुं थुनि दियेको थियो ॥

(इस्हाक्को जन्म)

२१।१ अनि यहवेले साराको हेर्चाहा गर्यो जसो भन्येको थियो अनि
२ यहवेले सारा सित त्यसै गर्यो जसो कह्येको थियो। अनि साराले गर्भिणी
भयेर अब्राहाम्को बूढेस्कालमां त्यस्को लागि ईश्वर्ले त्यस्लाइ भन्येके
३ ठहरायेको समयमां येउटा छोरो जन्माई। अनि अब्राहाम्ले त्यस्को लागि
जन्मायेको आफ्नु छोरोको नांउ,जस्लाइ,साराचइले त्यस्को लागि जन्माई
४ इस्हाक् राख्यो। अनि अब्राहाम्ले आफ्नु छोरो|इस्हाक्लाइ जब आठ्
५ दिन्को भयो तब ईश्वर्को आज्ञा अनुसार् खतना|गर्यो। अनि अब्राहाम्
६ त्यस्को छोरो इस्हाक् जन्मंदा एक् सै बर्षको थियो।। अनि साराले भनी
७ ईश्वर्ले मलाइ हांसु लायो सुन्ने जनंगे|मं सङ मिलि हांसक्छ। अनि त्यस्ले
भनी कस्ले कैले अब्राहाम्लाइ भन्ने थियो साराले बालखहरूलाइ दुद् खुवाउंछ
भनि कसोगरिभन्ये तिन्को बूढेस्कालमां तिन्को लागि छोरो जन्मायें ॥
८ अनि बालख बढ्दै गयो अनि त्यस्को दुद् छोडाईयो. अनि इस्हाक्को
९ दुद् छोडाइने दिनमां अब्राहाम्ले ठुलो भोज् लायो। अनि साराले मिस्री
हागारले अब्राहाम्को |लागि |जन्मायेको छोरोले टट्टा गर्दै गर्येको देखी।
१० येसकारण् त्यस्ले अब्राहाम्लाइ भनी येस् कमारीलाइ छोरै समेत् बाहर
आफाल्नु. किनभन्ये येस् कमारीको छोरो मेरो छोरो अर्थात् इस्हाक् सङ
११ अधिकारी हुंदैन। अनि |यो कुरो अब्राहाम्को दृष्टिमां त्यस्को |छोरोको
१२ कारण् सारै नजाति लाग्यो। अनि ईश्वर्ले अब्राहाम्लाइ भन्यो केटोको
कारण् |र आफ्नो कमारीको कारण् तेरो दृष्टिमां नजाति न लागोस् साराले
तंलाइ जे जे |भन्छ त्यस्को बिषयमां त्यस्को सुन् किनभन्ये इस्हाकैमां तेरो
१३ बंश भनीने छ। अनि कमारीको छोरो देखि पनि म येउटा लोग् बनाउंछु
१४ किनभन्ये|त्यो तेरै बंश हो। अनि अब्राहाम्ले|बिहान सखारै उठेर रोटी र
पानीको येउटा मशक् ल्यायेर हागारलाइ दिइ त्यस्को कांध् माथि राखि
दियो| अनि बालख पनि त्यस्लाइ दियेर त्यस्लाइ|बिदा गर्यो. अनि त्यो

हिंड़ि गयेर बेर्शेबाको बन्मां डुलि हिंड्नु लागी । अनि मशक्को पानी १५
सक्कीयो अनि त्येस्ले बालखलाइ येउटा पोथ्रा मुनि छोड़ि दिई । अनि त्यो १६
आफु गई पल्लो पट्टि कांडूको दरेस्भरि जस्तो टाड़ोमां बसि गई . किनभन्ये
मैंले बालख मर्दा हेर्नु न परोस् भन्येर भनी । अनि त्यो पल्लो पट्टि बस्येर
डाको छोड़ि छोड़ि रुनु लागी । अनि ईश्वर्ले केटोको शब्द सुन्यो अनि १७
ईश्वर्को दूत्ले स्वर्ग बाटो हागार्लाइ हापार्येर त्येस्लाइ भन्यो ए हागार्
तंलाइ के भयो न डरा किनभन्ये केटो भयेको ठांउ बाटो ईश्वर्ले त्येस्को
शब्द सुन्यो । उठ् केटोलाइ उठायेर आफ्ना हातले थाम् किनभन्ये मं त्यो १८
देखि येउटा ठुलो लोग् बनाउंछु । अनि ईश्वर्ले त्येस्का आंखा उघारि दियो १९
अनि त्येस्ले येउटा पानीको कुवा देखी अनि त्येस्ले मशक्मां पानी भरि
ल्यायेर केटोलाइ खुवाइ दिई । अनि ईश्वर् केटो सङ रह्यो अनि त्यो बढ्दै २०
गयो अनि बन्मां बस्यो अनि धनु खेलाउंने भयो । अनि त्यो पागन्को २१
बन्मां बस्यो . अनि त्येस्की आंमाले त्येस्को लागि मिस्र देस् बाटो येउटी
स्वास्नी मंगाइ दिई ॥

अनि त्यो ताक येसो भयो अबीमेलेक् र त्येस्को सेनापति पीकोल्ले २२
अब्राहाम्लाइ भन्ये आफुले जति गर्नु हुंद छ त्येस् सबैमां ईश्वर् आफु सङ
रहंद छ . त अब मं सित यहां ईश्वर्को यो किरिया खांनु हवस् मं सित २३
छल् गर्नु हुन्न अनि न मेरो छोरो सित अनि न मेरो छोरोको छोरो सित भन्ये.
तर मैंले आफु सित गर्येको अनुग्रह् अनुसार् मं सित र आफुले प्रबास् गर्येको
मेरो देस् सित आफुले गर्नु होला । अनि अब्राहाम्ले भन्यो हुंछ किरिया २४
खांछु । अनि अब्राहाम्ले अबीमेलेक्लाइ त्येस्का दास्हरुले बल्जबत् गरि २५
खोसि लियेको पानीको कूप्को बिषय्मां दोष् दियो । अनि अबीमेलेक्ले २६
भन्यो यो काम् कस्ले गर्यो जान्दींन . अनि न आफुले पनि मंलाइ जनाउंनु
भयेको थियो अनि न मैंले सुन्येको थियें खालि आजु मांत्रै । अनि २७
अब्राहाम्ले भेंड़ा गोरु ल्यायेर अबीमेलेक्लाइ दियो अनि ति दुवैले नियम्
बान्ध्ये । अनि अब्राहाम्ले बगाल्मांको सात्वटी छतौरी अलग् गरि २८
राख्यो । अनि अबीमेलेक्ले अब्राहाम्लाइ भन्यो यि आफुले अलग् गरि २९
राख्येकी सात्वटी छतौरीले के हुंछ । अनि त्येस्ले भन्यो आफुले यि सात्वटी ३०
छतौरी मेरो हात् देखि यो कूप् मैंले खन्येको हो भन्ये मेरो लागि साक्षी
हुंनुलाइ लिंनु हवस् । येस्कारण् त्येस्ले त्येस् ठांउको नांउ बेर्शेबा[1] राख्यो ३१
किनभन्ये त्यहां ति दुवैले आपस्तमां किरिया खाये । त बेर्शेबामां तिनिहरुले ३२
आपस्तमां नियम् बान्ध्ये . अनि अबीमेलेक् र त्येस्को सेनापति पीकोल् उठेर
पलिश्तीहरुको देस्मां फर्कि गये । अनि अब्राहाम्ले बेर्शेबामां येउटा झाउको ३३
रुख् लगायो अनि त्यहां सनातन्को ईश्वर् यहवेको नांउ लियो । अनि ३४
अब्राहाम्ले पलिश्तीहरुको देस्मां धेरै दिन् प्रबास् गर्यो ॥

---

[1] अर्थात् किरियाको कुवा ।

(अब्राहाम्को ठुलो परीक्षा)

२२१ अनि यि कुरा पछि येसो भयो ईश्वर्ले अब्राहाम्को परीक्षा गर्‍यो
२ अनि त्येस्लाइ भन्यो ए अब्राहाम् अनि त्येस्ले भन्यो यहां छु। अनि उस्ले
भन्यो तु आफ्नु छोरोलाइ अं आफ्नु एक्लै छोरोलाइ जस्लाइ प्यारो गर्दै छस्
अर्थात् इसहाक्लाइ लिइ मोरिय्याह्को देसमां गयेर त्यहां त्येस्लाइ येउटा
३ डांड़ामां जो तंलाइ देखाउंछु होमबलि गर्। तब बिहान अब्राहाम्ले
सबारै उठि आफ्नु गदाहा मांथि जीन् कस्येर आफ्ना जुवान्हरुमांका दुइ
जना र आफ्नु छोरो इसहाक्लाइ साथ लियो अनि होमबलिको लागि
४ दाउरा चीर्‍येर उठि त्येस् ईश्वर्ले त्येस्लाइ भन्येको ठांउमां गयो। तीस्रो
५ दिन्मां अब्राहाम्ले आंखा उचाल्येर त्यो ठांउ टाड़ो बाटो देख्यो। अनि
अब्राहाम्ले आफ्ना जुवान्हरुलाइ भन्यो यहां गदाहा छेउ बस त मं र यो
केटो त्यहां सम्म गइ ईश्वर्लाइ दण्डवत् गर्‍येर तिमिहरु थांइ फर्कि आउंछौं।
६ अनि अब्राहाम्ले होमबलिको दाउरा लियेर आफ्नु छोरो इसहाक्लाइ
बोकायो अनि आगो र खुकुरि आफ्नु हात्मां लियो अनि ति दुवै सङ् सङै
७ हिंड़े। अनि इसहाक्ले आफ्नु बाबु अब्राहाम्लाइ भन्यो ए बाबै. अनि
त्येस्ले भन्यो छोरा यहां छु। अनि त्येस्ले भन्यो इ आगो र दाउरा ता छन्. तर
८ होमबलिको लागि पाठा खोइ। तब अब्राहाम्ले भन्यो ए छोरा ईश्वर् आफैले
९ होमबलिको लागिको पाठाको जोहो गर्छ. त दुवै सङ् सङै हिंड़े। अनि
ईश्वर्ले त्येस्लाइ भन्येको ठांउमां पुग्ये अनि अब्राहाम्ले त्यहां बेदि बनायेर
दाउरा पांजि राख्येर आफ्नु छोरो इसहाक्लाइ बान्धिकन दाउरा मांथि
१० बेदिमां बसाल्यो। अनि अब्राहाम्ले आफ्नु हात् पसारि आफ्नु छोरोलाइ
११ बलि गर्नुको लागि खुकुरि लियो। अनि यह्वेको दूत्ले स्वर्ग बाटो त्येस्लाइ
हापाल्येर भन्यो ए अब्राहाम् ए अब्राहाम्. अनि त्येस्ले भन्यो यहां छु।
१२ अनि उस्ले भन्यो आफ्नु हात् केटो मांथि न लगा अनि न त्येस्लाइ केइ
गर्. किनभन्ये अब थाहा पायें ईश्वर् देखि डराउंछ रैछस् कसोगरिभन्ये
१३ आफ्नु छोरोलाइ अं आफ्नु एक्लै छोरोलाइ मं देखि राखि छोड़िनस्। अनि
अब्राहाम्ले आंखा उचाल्येर हेर्‍यो त हेर त्येस्को पछिल् तिर येउटा थुमा
आफ्ना सींगले येउटा झारमां अल्झाइ रह्येको रछ. अनि अब्राहाम्ले
गयेर त्येस् थुमालाइ ल्यायेर त्येस्लाइ आफ्नु छोरोको साटोमां होमबलि
१४ गर्‍यो। अनि अब्राहाम्ले त्येस् ठांउको नांउ यह्वेयिरे[१] राख्यो. जसो
१५ आजु सम्म पनि भनींद छ यह्वेको डांड़ामां जोहो गरींछ। अनि यह्वेको
१६ दूत्ले दोस्रो खेप् स्वर्ग बाटो अब्राहाम्लाइ हापाल्येर भन्यो तंले यो
काम् गरिस् अनि आफ्नु छोरोलाइ अं आफ्नु एक्लै छोरोलाइ राखि छोड़िनस्
१७ येस्कारण् यह्वेको यो बाणी छ मैंले आफ्नै किरिया खायें मं निस्से

---

१ अर्थात् यह्वेले जोहो गर्छ

मलाइ आशीष् दिंछुने अनि तेरो बंशलाइ अकाशका ताराहरु र समुन्द्रको
तीर्का बालुवा जत्तिकै बढाउंछुने अनि तेरो बंश आफ्ना सत्तुर्हरुको
ढोकाको अधिकारी हुंछ अनि तेरो बंशमां पृथिवीका सबै लोग्हरुले १८
आशीष् पाउछन् किनभन्ये तैंले मेरो शब्द मानिस्। त अब्राहाम् आफ्ना १९
जुवान्हरुकां फर्कि आयो अनि उठेर बेर्शबामां सङ् सङै गये अनि अब्राहाम्
बेर्शबामां बस्यो ॥

अनि यि कुरा पछि येसो भयो अब्राहाम्लाइ येसो भनि दिईयो हेर २०
मिल्काचइंले पनि आफ्को भाई नाहोर्को लागि छोरा जन्माई अर्थात् २१
त्यस्को जेठो ऊज् र त्यस्को भाई बूज् र अरामको पित्र कमूएल् अनि २२
केसेद् हजो पिल्दाश् यिद्लाप् र बतूएल्। अनि बतूएल्ले रिब्कालाइ २३
जन्मायो. यि आठै जना मिल्काले अब्राहामको भाई नाहोर्को लागि
जन्माई। अनि त्यस्को येउटी रुमा नांउ भयेकी रखैलीले चइं पनि तेबह् २४
गहम् तहश् र माकालाइ जन्माई ॥

(साराको मंरण् र त्यस्को गड़ाई)

अनि साराको उमेर् एक् सै सत्ताईस् बर्षको भयो. साराको सबै २३१
उमेर् येत्तिनै भयो। अनि सारा कनान् देस्मां भयेको किर्यतर्बामां (जो २
हेब्रोन् हो) मरि गई. अनि अब्राहाम् साराको लागि बिलाप् गर्नुलाइ र
त्यस्को लागि रुवाबासि गर्नुलाइ आयो। अनि अब्राहामले आफ्नु मुर्दा ३
भयेको ठांउ देखि उठेर हेत्बंशीहरुलाइ भन्न लाग्यो मं तिमिहरुकां ४
परदेसी र प्रबासी छु. मलाइ आफुहरुकां येउटा चिहानेठांउ मेरो अधिकारमां
दिनु हवस् र आफ्नु मुर्दालाइ आफ्नु सांमु देखि गाड़ि दिउं। अनि ५
हेत्बंशीहरुले येसो भन्दे अब्राहाम्लाइ उत्तर् दिये हे हांम्रा प्रभु हांम्रो ६
सुन्नु हवस्. आफु हांमिहरुको बीचमां ईश्वरी मालिक् हुंनु हुंद छ. हांम्रा
चिहान्मांको रोजाचइंमां आफ्नु मुर्दालाइ गाड्नु हवस् हांमिहरु मांको
कसैले आफुले आफ्नु मुर्दालाइ गाड्नु न पाउन् भनि आफ्नु चिहान् आफु
देखि थुनि राख्दैन। अनि अब्राहामले उभीयेर त्येस् देसका मान्छेहरु ७
अर्थात् हेत्बंशीहरुको सांमु दण्डवत् गर्‍यो। अनि त्येस्ले तिनिहरु सित ८
येसो भन्दे बात् गर्‍यो मैंले आफ्नु मुर्दालाइ आफ्नु सांमु देखि गाड़ि दिउं
भन्ने आफुहरुको इच्छे छ त मेरा सुन्येर सोहर्को छोरो एफ्रोन् सित मेरो
लागि बिन्ति गरि दिनु हवस् तिनले मक्पेलाको जुन् ओढार् तिनको ९
छ जुन् चइं तिनको जग्गाको छेउमां छ त्यो मलाइ दिउन् त्येस्को पूरो दाम्
लिइकन त्यो मलाइ आफुहरुको बीचमां चिहानेठांउको अधिकारको लागि
दिउन्। अब एफ्रोन् हेत्बंशीहरुको बीचमां बसि रह्येको थियो. अनि १०
एफ्रोन् हित्तीले हेत्बंशीहरुले अं जत्ति जना त्येस्को सहर्को ढोका बाटो
भइ भित्र जांद थिये ति सब्बैले सुन्ने गरि अब्राहाम्लाइ येसो भन्दे उत्तर्
दियो होइन मेरा प्रभु मेरो सुन्नु हवस्. त्यो जग्गा मं आफुकन दिंद छु ११

अनि त्येस्मां भयेको ओढार् पनि मं आफुकन दिंद छु आफ्ना जातभाईहरुको
१२ मुखेंजि मं त्यो आफुकन दिंद छु . आफ्नु मुर्दालाइ गाड्नु हवस् । अनि
१३ अब्राहामले त्येस् देसका लोगको सांमु दण्डवत् गर्‍यो । अनि त्येस्ले देसका
लोगले सुन्ने गरि एफ्रोन् सित कुरा गरि भन्यो तर आफुले येस्तो कृपा गर्नु
हुंद छ भन्ये मेरो सुन्नु हवस्. जग्गाको दाम् दिंछु त्यो मं देखि लिंनु हवस्
१४ त मं आफ्नु मुर्दा गाड्छु।। अनि एफ्रोन्ले येसो भनि अब्राहामलाइ उत्तर्
१५ दियो हे मेरा प्रभु मेरो सुन्नु हवस् . जग्गाको दाम् रुपियाका चार् सै
शेकेल् हो तर मेरो र आफुको बीच्मां यो के हो र . त आफ्नु मुर्दा
१६ गाड्नु हवस् । अनि अब्राहामले एफ्रोन्को बात् मान्यो अनि अब्राहामले
एफ्रोन्लाइ तिनि त्येस्ले हेतवंशीहरुले सुन्ने गरि भन्येका रुपिया जोखि
'जोखिकन दियो अर्थात् रुपियाका चार् सै येस्ता शेकेल् जो बेपारीहरुमां
१७ चलित् थिये।। त एफ्रोन्को मक्पेलामां मम्रेको सांमु भयेको जग्गा त्येस्मां
भयेको ओढार् समेत् र जग्गामां त्येस्का चारै तिर त्येस्का सबै सिमानामां
१८ भयेका सब्बै रुखहरु समेत् हेतवंशीहरुको अं जत्ति जना त्येस्को
सहर्को ढोका बाटो भइ भित्र जांद थिये ति सब्बैको मुखेंजि अब्राहामको
१९ अधिकार्मां दयाइ दिईयो । त येस्पछि अब्राहामले आफ्नौ स्वास्नौ
सारालाइ कनान् देस्मां मम्रेको सांमु (जो हेब्रोन् हो) भयेको मक्पेलाको
२० जग्गाको ओढार्मां गाड्यो । अनि त्यो जग्गा त्येस्मां भयेको ओढार् समेत्
हेतवंशीहरुको पट्टि बाटो चिहानठांउको अधिकार्को लागि अब्राहामलाइ
दयाइ दिईयो ॥

(इस्हाक्को ब्याहा)

२४।१ अनि अब्राहाम् बूढा र दिन् धेरै खायेको थियो . अनि यह्वेले
२ सब्बै कुरामां अब्राहाम्लाइ आशीष् दियेको थियो । अनि अब्राहामले
आफ्नु घर्को पुराने र सबै धनसम्पत्ति मांथि अधिकार् हुंने चइं दास्लाइ
३ भन्यो लु आफ्नु हात् मेरो जाङ्मुनि राख् . त तंलाइ स्वर्गको ईश्वर् र
पृथिवीको ईश्वर् यह्वेको यो किरिया खुवाउंछु मं आफुको छोरोको लागि
जुन्हरुको बीच्मां आफु रहंनु भयेको छ ति कनानीहरुकौ केटीहरुमांको
४ कसैलाइ ल्याइ दिन्न . तर आफुको देस्मां र आफुका कुटुम्बहरुकां
५ गइ आफुको छोरो इस्हाक्को लागि स्वास्नौ ल्याइ दिंछु भन्ये । अनि
दास्ले त्येस्लाइ भन्यो कोनि कतै केटीले येस् देस्मां मेरो पछि पछि आउंने
इच्छे गरोइन . त के मैंले आफुको छोरोलाइ जुन् देस् देखि आफु आउंनु
६ भयेको थियो त्येस्मां फर्काइ लैजांनु पर्छ अनि अब्राहामले त्येस्लाइ भन्यो
७ तैंले मेरो छोरोलाइ वहां फर्काइ न लैजांनुलाइ चंख रह् । स्वर्गको ईश्वर्
यह्वेले जस्ले मंलाइ मेरो बाबुको घर् देखि र मेरो जन्मदेस् देखि ल्यायो
अनि जस्ले मं सित कह्यो अनि जस्ले मं सित येसो भन्दै किरिया खायो मं तेरै
बंशलाइ यो देस् दिंछु भनि उसैले आफ्नु दूत्लाइ तेरो अघि अघि पठाउंछ

अनि मेरो छोरोको लागि वहां बाटो येउटी स्वास्नी ल्याइ दिंनु पाउंछस्।
अनि जोटीले तेरो पछि आउंने इच्छे गरीन भन्ये देखि तं मेरो यो किरिया ८
देखि छुट्छस् खालि मेरो छोरोलाइ वहां फर्काइ ता न लांनु। त दासले ९
अब्राहाम् आफ्नु स्वामीको जाङ् मुनि आफ्नु हात् राखिकन येस् बिषयमां
त्यो सित किरिया खायो। अनि दास् आफ्नु स्वामीका ऊंट्हरुमांका दसवटा १०
ऊंट् लियेर हिंड्यो आफ्नु स्वामीका सब्बै अस्सल् अस्सल् थोक्मांका हात्मां
लिइ. त उठेर अरम्नहरैम्मां नाहोर्को सहर् छेउ गयो। अनि त्येस्ले ११
ऊंट्हरुलाइ सहर् देखि बाइर येउटा पानी भयेको कूप् निर घुंड़ा टेकनु लायो
त्यो बेलुकाखेरि थियो जुन् बेला आइमाइहरु पानी भर्नु निक्लंदै गर्दै छन्।
अनि त्येस्ले भन्यो हे मेरा स्वामी अब्राहाम्को ईश्वर् यह्वे कृपा गरिकन आजु १२
मेरो कार्ज सिद्ध गरि दिंनु हवस् अनि मेरा स्वामी अब्राहाम् मांथि अनुग्रह्
देखाउंनु हवस्। हेर्नु हवस् यो पानी पन्धेरा निर उभीइ रह्येको छु अनि १३
सहर्का मान्छेहरुकी छोरीहरु पानी भर्नु निक्लंदै गर्दै छन्. त येसो हवस् १४
जस् कन्येलाइ मं भनुंला आफ्नु घड़ा मं तिर निउंराइ देउ मं पानी खांछु
भनि अनि त्येस्ले भन्ली खांनु हवस् मं आफुका ऊंट्हरुलाइ पनि खुवाइ
दिंछु भनि . त त्येइ हवस् जस्लाइ तपांइले इस्हाक् आफ्नु दास्को लागि
ठहराउंनु भयो अनि येसै गरि थाहा पाउंला तपांइले मेरा स्वामी मांथि
अनुग्रह् देखाउंनु भये छ। अनि त्येस्ले भनि सक्येको थियेन येसो भयो हेर १५
अब्राहाम्को भाई नाहोर्की स्वास्नी मिल्काकी छोरी बतूएल्की छोरी रिब्का
आफ्नु घड़ा कांध्मां हाल्येर निक्लंदै रहे। अनि कन्ये अरघोरै राम्री अनि १६
कुंवारी पनि थिई कसै पुरुष्ले त्येस्लाइ जान्येको थियेन. अनि त्यो पन्धेरामां
ओर्ह्ली अनि आफ्नु घड़ा उघायेर फेरि मांथि आई। अनि त्येस् दास्ले १७
त्यो सित भेट् गर्नुलाइ दुगुर्येर भन्यो मंलाइ आफ्नु घड़ा देखि अलिकता
पानी खुवाइ देउ। अनि त्येस्ले भनी मेरा प्रभुज्यु खांनु हवस्. त त्येस्ले १८
फुर्ति गरि आफ्नु घड़ा उतारि आफ्नु हात्मां लियेर त्येस्लाइ खुवाइ दिई।
अनि त्येस्लाइ खुवाइ सक्येर भनी आफुका ऊंट्हरुको लागि पनि खाइ न १९
सकुंज्याल् सम्म उघाउंदै रहंछु। त त्येस्ले फुर्ति गरि आफ्नु घड़ाको पानी २०
डोंडूमां खन्यायेर फेरि उघाउंनुलाइ कूप्मां दुगुरी अनि त्येस्का सब्बै
ऊंट्हरुको ला॰गि उघाइ दिई। अनि त्यो मान्छेले त्येस्लाइ डिठ् लाइ हेरि २१
रह्यो अनि यह्वेले मेरो गंवन् सुफल् गर्यो होला कि भनि थाहा पाउंनु
चुप् रह्यो। अनि येसो भयो जसै ऊंट्हरुले खाइ सक्ये तब त्यो मान्छेले आधा २२
शेकेल्को येउटा सुन्को नत्थ र त्येस्का हातको लागि दस् शेकेल् सुन्का चुरा
लगाइ दियेर भन्यो तिमि कस्की छोरी हौ लु मंलाइ भनि देउ। क्ये २३
तिम्रो बाबुको घर्मां हांमिहरुको लागि बास् बस्ने ठाउं छ। अनि त्येस्ले २४
त्येस्लाइ भनी मिल्काले नाहोर्को लागि जन्मायेको छोरो बतूएल्की छोरी
हुं। फेरि त्येस्ले त्येस्लाइ भनी हांमिहरुकां धेरै पराल् र आहारा पनि छ २५
अनि बास् बस्ने ठांउ पनि छ। अनि त्यो मान्छेले आफ्नु सिर् निउंरायेर २६

२७ यहवेलाइ प्रणाम् गर्यो । अनि त्येस्ले भन्यो धन्न मेरा स्वामी अब्राहामको
ईश्वर् यहवे जस्ले मेरा स्वामी तिर भयेको आफ्नु दया र सचेइं छोड़ेनन .
यहवेले मंचइंलाइ बाटोमां मेरा स्वामीका भाईहरुको घर्मां डोर्याइ
२८ दियो । अनि कन्येले दगुर्येर आफ्नी आंमाको घर्मां ति कुरा अनुसार्
२९ कहि सुनाई । अनि रिब्काको लाबान् नांउ भयेको येउटा दाज्यु थियो .
३० अनि लाबान् निस्केर पन्धेरामां त्यो मान्छे भयेठांउ दगुरि गयो । अनि येसो
भयो जसै त्येस्ले त्यो नत्थ र आफ्नी बैंनीका हातमां ति चुराहरु देख्यो अनि
त्येस् मान्छेले मंलाइ येसो येसो भन्यो भन्ये आफ्नी बैंनी रिब्काका कुरा
पनि सुन्यो तब त्यो मान्छे थांइ गयो त हेर त्यो पन्धेरा निर ऊंटहरुको
३१ छेउमां उभीइ रह्येको रह्छ । अनि त्येस्ले भन्यो हे यहवेका धन्नका भित्र आउंनु
हवस् किन बाइरै उभीइ रहंनु हुंद छ. किनभन्ये घर् अनि ऊंटहरुको
३२ लागि ठांउ तियार् पार्येको छ । त त्यो मान्छे घर्मां आयो अनि त्येस्ले
ऊंटहरुका जीनसीन् फुकायेर ऊंटहरुको लागि पराल् र आहारा अनि त्येस्का
३३ र त्येस्का साथीहरुका पाउ धुनुको लागि पानी दियो । अनि त्येस्को सांमु
खांने खाजा राखि दिईयो. तर त्येस्ले भन्यो जब सम्म आफ्नु खांचोकुरो
३४ भनि दिन्न तब सम्म खान्न । त त्येस्ले भन्यो भनि दिंनु हवस् । त त्येस्ले भन्यो
३५ मं अब्राहामको दास् हुं । अनि यहवेले मेरा स्वामीलाइ खूब् आशीष्
दियेको छ त तिनि बड़ा आदमी भयेका छन्. अनि ईश्वरले तिन्लाइ बगाल्
३६ बथान् सुन् चांदी कमांरा कमांरी ऊंट् गदाहा दियेको छ । अनि मेरा
स्वामीकी सुखेंनी साराले तिन्को लागि आफ्नु बूढ़मकाल्मां येउटा छोरो
३७ जन्माइ दिइन्. अनि यिनिलाइ तिन्ले ज्यावत् थोक् दियेका छन् । अनि मेरा
स्वामीले मं सित किरिया लियेका छन् मं आफुको छोरोको लागि कनानबंशी
३८ केटीहरुमांको जुन्हरुको देसमां मं रहंद छु कोई स्वास्नी ल्याइ दिन्न . तर मं
आफुको बाबुको घर् र कुटुम्बहरुकां गयेर आफुको छोरोको लागि स्वास्नी
३९ ल्याइ दिंछु भन्ये । अनि मैंले आफ्ना स्वामीलाइ भन्यें कोनि कत केटीले
४० मेरो पछि आउंने इच्छे गरोइन भनि । अनि तिन्ले मंलाइ भन्ये जुन्
यहवेको सांमु मं हिंड्डुल् गर्द छु उसैले तं सङ आफ्नु दूत्लाइ पठाइ
दिंछ अनि तेरो गंवन् सुफल् गरि दिंछ त तंले मेरा कुटुम्बहरु र मेरो बाबुको
४१ जहान् देखि मेरो छोरोको लागि येउटी स्वास्नी ल्याउंनु पाउंछस् . तं मेरो
किरिया देखि कुट्छस् जसै मेरा कुटुम्बहरुकां पुग्लास् अनि तिनिहरुले
४२ केटी तंलाइ दियेनन् भन्ये मेरो किरिया देखि कुट्छस् भनि । अनि मैंले
आजु पन्धेरा निर आयेर भन्यें हे यहवे मेरा स्वामी अब्राहामको ईश्वर्
४३ तपांइले मेरो गंवन् सुफल् गराइ दिंनु भयो भन्ये देखि. हेर्नु हवस् पानी
पन्धेरा निर उभीइ रह्येको छु त येसो हवस् जुन् कुंवारी पानी भर्नै आउली
अनि मं त्येस्लाइ भनुंला आफ्नु घड़ा देखि मंलाइ अलिकता पानी खुवाउ
४४ भनि अनि त्येस्ले मंलाइ भन्ली आफुले पनि खांनु हवस् अनि मं
[illegible] पनि खांने उघाउंछु भनि. त यहवेले मेरा स्वामीको

छोरोको लागि ठहरायेको स्त्री त्यंइ हवस् भनि । अनि मैंले यो मन् मनेमां ४५
भनि रह्योको थियें त हेर्नु हवस् रिब्का आफ्नु घड़ा कांध्मां हाल्येर
निक्लंद रछ अनि त्येस्ले पन्धेरामां आफूल्येर उघाई. अनि मैंले त्येस्लाइ
कृपा गरि मंलाइ खुवाइ देउ भन्यं। अनि त्यस्ले फुर्ति गरि आफ्नु घड़ा कांध् ४६
देखि उतार्येर भनी खांनु हवस् अनि आफुका ऊंट्हरुलाइ पनि खुवाउंछु
भनि त मैंले खायें अनि त्यस्ले ऊंट्हरुलाइ पनि खुवाइ दिई । अनि मैंले ४७
त्येस्लाइ सोध्यें तिमि कस्को छोरी हो भनि अनि त्यस्ले भनी मं मिल्काले
नाहोर्को लागि जन्मायेको छोरो बतूएल्को छोरी हुं भनि. अनि मैंले त्यस्को
नाखमां नत्थ र त्येस्का हातमां चुरा लगाइ दियें । अनि मैंले आफ्नु सिर् ४८
निउंरायेर यहवेलाइ प्रणाम् गर्यें अनि आफ्नु स्वामी अब्राहाम्को ईश्वर्
यहवेलाइ धन्न मान्यं किनभन्ये उस्ले मंलाइ ठीक् बाटो बाड़ो डोर्याइ ल्यायो
मैंले आफ्ना स्वामीको छोरोको लागि आफ्ना स्वामीको भाईको छोरीलाइ
लैजांनु भन्यंर । त अब आफुहरुले मेरा स्वामी सित अनुग्रह् र सच्चेडैं मित ४९
बेहोरा गर्नु हुंछ भन्ये मंलाइ भन्नु हवस्. होइन गर्नु हुन्न भन्ये मंलाइ भन्नु
हवस्. र मं दाहीनो तिर कि ता बांउ तिर फर्कि जाउं । तब लाबान् र ५०
बतूएल्ले उत्तर् दिइ भन्ये यो कुरो यहवेकै पट्टि बाटो भयेको हो.
हांमिहरु ता आफुलाइ न भला न बुरा भन्न सकद छौं । हेर्नु हवस् रिब्का ५१
आफुको सांमु छ त्येस्लाइ लिइ जांनु हवस् अनि त्यो यहवेले भन्येको
अनुसार् आफुको स्वामीको छोरोको स्वास्नी हवस् । अनि येसो भयो ५२
अब्राहाम्को दास्ले तिनिहरुका बचन् सुन्दा भूंइमां निउंर्येर यहवेलाइ
दण्डवत् गर्यो । अनि दास्ले चांदीका र सुन्का गहना अनि बस्त्र निकाल्येर ५३
रिब्कालाइ दियो. अनि त्येस्को दाज्यु र आंमाचइंलाइ पनि त्यस्ले अमोल्
अमोल् थोक् दियो। वहांदेखि त्यस्ले आफ्ना साथीहरु समत्ले खांनु पीउंनु ५४
लाग्यो अनि तिहीने रात् बितायें अनि सखारै उठेर अनि त्यस्ले भन्यो
मंलाइ मेरा स्वामीकां जांनुलाइ बिदा दिंनु हवस् । अनि त्यस्को दाज्यु र ५५
आंमाचइंले भन्ये कन्येलाइ हांमिहरुकां अलिक् दिन् कम्को कम् दस् दिन्
ता रहंनु दिंनु हवस् त्येस्पछि त्यो जाइ जावस् । अनि त्यस्ले तिनिहरुलाइ ५६
भन्यो मंलाइ न थुन्नु हवस् किनभन्ये यहवेले मेरो गंवन् सुफल् गरि
दियेको छ मंलाइ मं आफ्ना स्वामीकां जांनुलाइ बिदा गरि दिंनु हवस् । त ५७
तिनिहरुले भन्ये कन्येलाइ बोलायेर सोध्छौं त्यस्ले के भन्छ। अनि तिनिहरुले ५८
रिब्कालाइ बोलायेर त्येस्लाइ के यो मान्छे सङ जांछस् भनि सोध्ये । अनि
त्यस्ले भनी अं जांछु। त तिनिहरुले आफ्नी बैनी रिब्का र त्येस्की दुदांमालाइ ५९
अनि अब्राहाम्को दास् र त्येस्का मान्छेहरुलाइ बिदा गरि दिये । अनि ६०
तिनिहरुले रिब्कालाइ आशीष् दिइ भन्ये हे हांमिहरुकी बैनी तं लाखौं
लाख्की आंमा भयेस् अनि तेरो बंश आफ्ना सत्तुर्हरुका ढोकाको अधिकारी
हवस् । त रिब्का आफ्नी सखीनिहरु समेत् उठेर ऊंटहरु मांथि सवारी ६१
भइ त्येस् मान्छेको पछि पछि हिंड़ी. त त्यो दास् रिब्कालाइ साथ लियेर

६२ बाटो लाग्यो। अनि इसहाक् बेरलहैरोई को बाटो बाड़ो आउंदै थियो
६३ कसोगरिभन्ये दक्खिन् देसमां बास् गर्दै थियो। अनि इसहाक् सांभ्
बेलामां ध्यान् गर्नुलाइ बाहर मैदानमां निकल्यो. अनि आंखा उचाल्येर
६४ को देख्यो भन्ये हेर ऊंटहरु आउंदै राछन्। अनि रिबकाले आफना आंखा
उचाल्येर इसहाक्लाइ देखी अनि देखनु बित्तिकै ऊंट् देखि ओर्ल्ली।
६५ अनि त्येस्ले दासलाइ त्यो मैदानमां हांमिहरुलाइ भेट्नु आउंने मान्छे को
हो भनी। अनि दासले भन्यो मेरा स्वामी हुन्. अनि त्येस्ले पछेउरा लिइ
६६ आफुलाइ ढाकी। अनि दासले इसहाक्लाइ आफना सब्बै वृत्तान्त कहि
६७ दियो। अनि इसहाकले रिबकालाइ आफनी आमा साराको पालमां लग्यो
अनि त्येस्लाइ लियो त त्यो त्येस्की स्वास्नी भई अनि त्येस्ले त्येस्लाइ प्यारो
गर्यो. त इसहाक्लाइ त्येस्की आमाको मरणको शोक् देखि शान्ति भयो॥

(अब्राहाम्को मरण)

२५ १ अनि अब्राहामले फेरि येउटी स्वास्नी ल्यायो उस्को नांउ कतूरा
२ थियो। अनि त्येस्लै त्येस्को लागि जिम्रान् योक्तान् मदान् मिद्यान् यिश्बाक्
३ र शूहलाइ जन्माई। अनि योक्तानले शबा र ददानलाइ जन्मायो। अनि
४ ददानका सन्तान् अश्शूरीम् लतूशीम् र लउम्मीम् भये। अनि मिद्यानका
५ सन्तान् एपा एपेर् हनोक् अबीदा र एल्दाआ भये। यि सब्बै कतूरा देखि
उत्पन्न भये। अनि अब्राहामले आफना ज्यावत् थोक् इसहाकलाइ दियो।
६ तर अब्राहामको जो जो रखलीहरु थिइन् तिनका छोराहरुलाइ त्येस्ले दान्
मात्रै दियेर आफु जीउंदो छंदेखेरि आफनु छोरो इसहाक् देखि पर सारि
७ पूर्व तिर पूर्व देसमां पठाइ दियो। अनि अब्राहाम् जीयेको उमेरका बर्षका
८ दिन् एक् सै र पछत्तर् बर्षका भये। अनि अब्राहामले पूरो बूढ़सकालमां
९ दीर्घायु भइ प्राण् छोड़्यो अनि आफना लोगमां गइ मिसीयो। अनि
त्येस्का छोराहरु इसहाक् र इश्माएलले त्येस्लाइ मम्रेको सांमु भयेको
मकपेलाको ओढ़ारमां हित्ती सोहरको छोरो एप्रोनको जग्गामां चिहानमां
१० गाड़्य जुन् जग्गा अब्राहामले हेतबंशीहरु देखि किन्येको थियो.
११ तिहीं अब्राहाम् र त्येस्की स्वास्नी सारा दुवै चिहानमां गाड़ीये। अनि
अब्राहाम् मर्या पछि येसो भयो ईश्वरले त्येस्को छोरो इसहाक्लाइ आशीष्
दियो अनि इसहाकले बेरलहैरोई निर बास् गर्यो॥

१२ अब अब्राहामको साराकी कमारी मिस्री हागारले अब्राहामको लागि
१३ जन्मायेको छोरो इश्माएलका पुस्ता यि हुन्. अनि इश्माएलका सन्तानहरुका
नांउ तिनका पुस्ता अनुसार् तिनका नांउ काढ़ि काढ़ि यि हुन्, इश्माएलको
१४ जेठो छोरो नबायोत् फेरि केदार् अद्बेल् मिब्साम् मिश्मा दुमा मस्सा
१५ १६ हदद् तेमा यतूर् नापीश् र केदमा. इश्माएलका छोराहरु यिनै हुन् अनि
तिनका गांउ र छाउंनीहरु गरि तिनका नांउ यिनै हुन् अर्थात् तिनका देस्
१७ देसका लोग् अनुसार बारह् मालिक्। अनि इश्माएलको उमेरका बर्ष एक् सै

सैंतीस् वर्ष भये. अनि त्येस्ले प्राण् छोड्यो अनि आफ्ना लोगमां गइ
मिसीयो। अनि तिनिहरु हवीला देखि मिस्रको सांमु अश्शूर्को बाटोमां १८
भयेको शूर् सम्म बस्दै गये. त्येस्ले आफ्ना सबै भाईहरुको सांमु बास् गर्‍यो॥

(इस्हाक्को बंशावली)

अनि अब्राहाम्को छोरो इस्हाक्का पुस्ता यि हुन्. अब्राहाम्ले १९
इस्हाक्लाइ जन्मायो. अनि इस्हाक्ले चालीस् बर्षको उमेर्मां पद्दनरामको २०
अरम्मी बतूएल्को छोरी अरम्मी लाबान्की बैनी रिब्काला‌इ ब्याहा गरि
ल्यायो। अनि इस्हाक्ले आफ्नी स्वास्नीको लागि यहवे सित बिन्ति २१
गर्‍यो किनभन्ये त्यो बांझी थिई. अनि त्यो देखि यहवे सित बिन्ति
गरीयो त त्येस्की स्वास्नी रिब्का गर्भिणी भई। अनि बालखले त्येस्को २२
गर्भमां आपस्तमां लड़ालड् गर्‍ये अनि त्येस्ले भनी येस्तै हो भन्ये ता
के काम् जीउंछ छु। अनि त्यो यहवे सित सोध्नु गई। अनि यहवेले २३
त्येस्लाइ भन्यो

> तेरो गर्भमां दुइ देसका लोग् छन्
> अनि तेरा आन्द्रा देखि निक्लंदैखेरि दुइ लोग्हरु अलग्
> अलग् हुंछन्.
> अनि एक् लोग् अर्को लोग् भन्दा बेसि सामर्थी हुंछ
> अनि जेठो चइं कान्छोको दास् हुंछ।

अनि त्येस्को सुत्केरि हुंने बेलाको भरना हुंदा हेर त्येस्को गर्भमां जम्ले २४
बालखहरु राछन्। अनि पहिलो चइं रातो रातो पर्‍येको निक्ल्यो सिंगै २५
जीउमां रऊं भयेको कम्बल् जस्तो पर्‍येको त त्येस्को नांउ एसाव् राख्ये। अनि २६
पछाडि त्येस्को भाई चइं एसाव्को कुर्कुचा हात्ले समात्येको भइ निक्ल्यो.
त त्येस्को चइं नांउ याकूब्[१] राखीयो. अनि रिब्काले यिनिहरुलाइ जन्माउंदा
इस्हाक् साठि बर्षको भयेको थियो। अनि केटाहरु बढ़्दै गये. अनि एसाव् २७
चइं सिपालु सिकारी अनि बनबासी भयो तर याकूब् चइं साधु मान्छे अनि
पाल्मां रहंने भयो। अब इस्हाक्ले एसाव्चइंलाइ प्यारो गर्दै थियो २८
किनभन्ये त्येस्को सिकार्को मांसु खांने गर्दै थियो. अनि रिब्काचइंले
याकूब्लाइ प्यारो गर्दै थिई। अनि याकूब्ले खोले जस्तो केइ पकाउंदै थियो. २९
त्येतिमां एसाव् बन् बाटो थाकिमरि आयो. अनि एसाव्ले याकूब्लाइ ३०
भन्यो लु मंलाइ त्यो रातो रातो थोक् खांनु दे किनभन्ये थाकिमर्दै छु.
येस्कारण् त्येस्को नांउ एदोम्[२] राखीयो। त याकूब्ले भन्यो मंलाइ आजु ३१
आफ्नु जेठाधिकार् बेचि देउ। अनि एसाव्ले भन्यो हेर मं मर्नै आंटेको छु. ३२
त जेठाधिकार् भन्ये मंलाइ के काम् लाग्छ। अनि याकूब्ले मं सित आजु ३३
किरिया खाउ भन्यो त त्येस्ले त्यो सित किरिया खायो. त त्येस्ले आफ्नु

---

१ अर्थात् ठांउ ठगि लिंने। २ अर्थात् रातो।

३४ जेठाधिकार् याकूब्लाइ बेचि दियो । वहांदेखि याकूब्ले एसाव्लाइ रोटी
र मसूर्को खोले दियो अनि त्यस्ले खायो पीयो तब उठेर हिंड्यो .
येसैरिकन एसाव्ले आफ्नु जेठाधिकार्लाइ तुच्छ जान्यो ॥

(इस्हाक्को बखान्)

२६ १ अनि त्यस् देस्मां अनिकाल् पर्यो त्यो अब्राहाम्को पालामां पर्यको
पहिलो अनिकाल् देखि बाहिक् । अनि इस्हाक् पलिश्तीहरुको राजा
२ अबीमेलक् थांइ गरार्मां गयो । अनि यहवेले त्यस्लाइ दर्शन् दिइ भन्यो
३ मिस्त्रमां उत्रि न जा जुन् देस् मं तंलाइ देखाउंछु त्यसैमां रह् . येसै देस्मां
प्रवास् गर् अनि मं तं सङ रहंछु अनि तंलाइ आशीष् दिंछु किनभन्ये
यि सब्बै देस् मं तंलाइ र तेरो बंशलाइ दिंछु अनि मैंले तेरो बाबु अब्राहाम्
४ सित खायेको किरिया पूरो गर्छु अनि तेरो बंशलाइ अकाशका ताराहरु
झ बढ़ाउंछु अनि तेरो बंशलाइ यि सब्बै देस् दिंछु अनि तेरो बंशमां
५ पृथिवीका सबै लोग्हरुले आशीष् पाउंछन् किनभन्ये अब्राहाम्ले
मेरो शब्द मान्यो मेरो त्यस्को जिम्मामां दियेको र मेरा आज्ञाहरु र मेरा
६ बिधिहरु र मेरा व्यवस्थाहरु मानि मानिकन । त इस्हाक्ले गरार्मां
७ बास् गर्यो . अनि त्यस् ठांउका लोगले त्यस्को स्वास्नीको बिषयमां सोध्नु
लागये अनि त्यस्ले मेरो बेनी हो भन्यो . किनभन्ये मेरो स्वास्नी हो भन्नु देखि
डराउंद थियो कोनि यहांका लोगले रिब्काको कारण्ले मंलाइ मार्नन्
८ भनि . किनभन्ये त्यो राम्री थिई । अनि त्यो त्यहां धेरै दिन् रह्येको हुंदा
येसो भयो पलिश्तीहरुको राजा अबीमेलक्ले झ्याल् बाटो चियाइ हेर्यो त
९ हेर इस्हाक्ले रिब्का आफ्नो स्वास्नी सित खेलठट्ठा गर्दै रह्छ । तब
अबीमेलक्ले इस्हाक्लाइ बोलायेर भन्यो हेर त्यो ता सांच्चकै तिम्रो
स्वास्नी रह्छ त तिमिले मेरो बेनी हो भनि किन भन्यौ । अनि इस्हाक्ले
१० उत्तर् दियो किनभन्ये त्यस्को कारण्ले न मरुं भनि भन्येको थियें । अनि
अबीमेलक्ले भन्यो तिमिले यो हामिहरु सित के गर्येको . रयत्मांको
कसैले तिम्रो स्वास्नी सित कुकर्म्म गर्द हो त कोइ उदक् हुंने थियेन अनि
११ येसोरिकन तिमिले हामिहरुलाइ दोष्मां फंसाउंने थियौ । त अबीमेलक्ले
आफ्ना सबै रयत्हरुलाइ येसो भनिकन आज्ञा दियो जस्ले येस् पुरुष्लाइ
१२ कि त्यस्को स्वास्नीलाइ छोला त्यो अवस्से मारीछ । अनि इस्हाक्ले त्यस्
देस्मां जोत्येर बालिनालि लगायो अनि सै गुणा फल् प्राप्त गर्यो . अनि
१३ यहवेले त्यस्लाइ आशीष् दियो । अनि त्यो पुरुष् बढ़ि गयो अं त्यस्को
१४ बढ़्तो यहां सम्म हुंदै गयो त्यो अघोर् बड़ा आदमी भइ गयो . अनि
त्यस्का भेंड़ाबाख्रा र गाईगोरु अनि धेरै धेरै कमारा कमारीहरु पनि थिये .
१५ अनि पलिश्तीहरुले त्यस्लाइ डाहाले हेर्नु लागये । अब जत्तिवटा कूप्
त्यस्को बाबु अब्राहाम्का कमाराहरुले त्यो जीउंदो छंदेखेरि खन्येका थिये
१६ ति पलिश्तीहरुले मांटो हालि हालिकन पुरि दियेका थिये । अनि

अबीमेलेकले इसहाकलाइ भन्यो हांमिहरुकांटो जाउ किनभन्ये तिमि
हांमिहरु भन्दा धेरै सामर्थी भइ गयौ । त इसहाक् त्यहां बाटो हिंड़ेर १७
गरार्‌को गर्‌तिर्‌मां आफ्नु पाल् टांग्येर त्यहां रहंनु लाग्यो । अनि जुन् जुन् १८
कूप् त्यस्को बाबु अब्राहाम्‌को पालामां खनीयेका थिये अनि अब्राहाम्‌को
मरण् पछि पलिश्तीहरु देखि पुरीयेका थिये ति इसहाक्‌ले फेरि खन्यो.
अनि तिनका नांउ ज्ये ज्ये त्यस्को बाबुले राख्येको थियो त्येइ त्येइ राख्यो ।
अनि इसहाक्‌का कमांराहरुले त्येस् गर्‌तिर्‌मां खन्येर जरुवापानीको येउटा १९
कूप् भेट्टाये । अनि गरार्‌का गोठालाहरुले इसहाक्‌का गोठालाहरु सित २०
झगरा गरि यो पानी हांम्रै हो भन्ये. त त्यस्ले कूप्‌को नांउ एसक्[१] राख्यो
किनभन्ये तिनिहरुले त्यो सित झगरा गर्ये थ्ये । अनि अर्को कूप् खन्ये अनि २१
तिनिहरुले त्यस्को लागि पनि झगरा गर्ये. त त्यस्ले त्यस्को नांउ सित्ना[२]
राख्यो । तब त्यस्ले त्यहां बाटो सरि गयेर अरु येउटा कूप् खन्यो अनि २२
त्यस्‌चइंको लागि ता तिनिहरुले झगरा गर्येनन्. त त्यस्ले त्यस्को नांउ
येसो भनिकन रहोबोत्[३] राख्यो अब ता यहवेले हांमिहरुको लागि धेरै
ठांउ दियो अनि हांमिहरु येस् देश्‌मां फलवन्त हुंछौं । तब त्यो त्यहां बाटो २३
बेर्शेबामां चढ़ि गयो । अनि त्येसै दिन् राति यहवेले त्यस्लाइ दर्शन् दिइ २४
भन्यो म तेरो बाबु अब्राहाम्‌को ईश्वर् हुं. न डरा किनभन्ये म तं सङ छु
अनि तंलाइ आशीष् दिंछु अनि आफ्नु दास् अब्राहाम्‌को कारणले तेरो वंश
बढ़ाउंछु । अनि त्यस्ले त्यहां येउटा बेदि बनाइ यहवेको नांउ लियो अनि २५
त्यहां आफ्नु पाल् टांग्यो. अनि त्यहां इसहाक्‌का कमांराहरुले येउटा कूप्
खन्ये । तब अबीमेलक् आफ्नु मित्र अहुज्जत् र आफ्नु सेनापति पीकोल्‌लाइ २६
साथ लिइ गरार् बाटो त्यस्कां गयो । अनि इसहाक्‌ले तिनिहरुलाइ भन्यो २७
किन म पांइ आयौ जब म देखि दुश्मनी गर्दै छौ अनि मलाइ आफ्नु
बीच् देखि निकालि दियौ । अनि तिनिहरुले भन्ये छर्लङ्गै देख्यूं यहवे २८
आफु सङ रहंद रछ. अनि भन्यूं हांमिहरुको बीच्‌मां अर्थात् हांमिहरुको
र आफुको बीच्‌मां किरिया खाइऔंस् अनि हांमिहरुले आफु सित बाचा
बान्धूं जसोरि हांमिहरुले आफुलाइ छोयूंन अनि आफु सित खालि २९
भलाईनै मांत्रै गर्यं अनि आफुलाइ कुशल्‌क्षेम् सित बिदा गर्यूं त्येइ अनुसार्
आफुले पनि हांमिहरु सित केहि बुराई न गर्नु भन्ये. आफु ता अब
यहवेको धन्नका हुंनु हुंद रछ । अनि त्यस्ले तिनिहरुको लागि भोज् लायो ३०
अनि तिनिहरुले खाये पीये । अनि बिहान सखारै उठेर तिनिहरुले आपस्तमां ३१
किरिया खाये. अनि इसहाक्‌ले तिनिहरुलाइ बिदा गर्यो अनि तिनिहरु
कुशल्‌क्षेम् सित त्यस्कांटो हिंड़े । अनि त्येसै दिन् येसो भयो इसहाक्‌का ३२
कमांराहरुले आयेर त्येस् आफैले खन्येको कूप्‌को वृत्तान्त सुनाइ पानी
भेट्टायूं भन्ये । अनि त्यस्ले त्यस्को नांउ शिबा राख्यो येस्कारण् त्येस् सहर्‌को ३३
नांउ आजु सम्म बेर्शेबा हो ॥

[१] अर्थात् झगरा । [२] अर्थात् सतुरेई । [३] अर्थात् ठांउ ।

३४ अनि जब एसाव् चालीस् वर्षको भयो तब त्येस्ले हित्ती बेरीको छोरी
३५ यहूदीत् र हित्ती एलोन्को छोरी बाशमत्लाइ आफ्नो स्वास्नी तुल्यायो। अनि
यि स्त्रीहरु इसहाक् र रिब्काको मन्को तोतेइंको कारण् भइन् ॥

(याकूब्ले छल् सित आशीष् लिंनु)

२७ १ अनि जब इसहाक् बूढो भयो अनि त्येस्का आंखा येस्तोरि
धमीलोयेका थिये त्येस्ले देख्नै सक्दैन थियो तब येसो भयो त्येस्ले आफ्नु जेठो
छोरो एसाव्लाइ बोलायेर त्येस्लाइ भन्यो ए मेरो छोरा. अनि त्येस्ले त्येस्लाइ
२ भन्यो यहां छु। तब त्येस्ले भन्यो हेर् म ता बूढो भइ गयें अनि जान्दीन
३ मेरो मरणको दिन् कैले होला। त अब लु आफ्ना हतियार् अर्थात् आफ्ना
४ धनु ठोक्रो लियेर बन्मां गयेर मेरो लागि सिकार् मारि ले अनि मेरो
रुचदो स्वादीलो भोजन् बनायेर मं थांइ ले मं त्यो खांछु र मेरो मरण् भन्दा
५ पहिले मेरो प्राणले तंलाइ आशीष् देवस्। अनि इसहाक्ले एसाव् सित यि
कुरा गर्दा रिब्काले सुनि रह्येको थिई। त एसाव् सिकार् मारि ल्याउंनुलाइ
६ बन्मां गयो। तब रिब्काले आफ्नु छोरो याकूब्लाइ भनी हेर् मैंले तेरो
७ बाबुले तेरो दाज्यु एसाव्लाइ येसो भन्दै गर्येको सुन्यें मेरो लागि सिकार्
मारि ल्यायेर त्येस्को स्वादीलो भोजन् बना र त्यो खायेर तंलाइ यहवेको सांम्
८ आफ्नु मरण् भन्दा पहिले आशीष् दिउं भनि। त अब ए मेरो छोरा मेरो कुरो
९ सुन् अनि मं जे आज्ञा दिंद छु त्यो अनसार् गर्। लु बगाल्मां गयेर त्यहां
बाटो बाख्राका दुवटा जाति जाति चइं पाठा लिइ आइज त मं तिनको
मांसुको तेरो बाबुको लागि तिनको रुचदो अनसार् स्वादीलो भोजन्
१० पकाउंछु. अनि तंले त्यो आफ्नु बाबुकां लैजा तिन्ले त्यो खाउन् र आफ्नु
११ मरण् भन्दा पहिले तंलाइ आशीष् दिउन्। तर याकूब्ले आफ्नो आंमा
रिब्कालाइ भन्यो हेर मेरो दाज्यु एसाव् ता रऊं भयेको मान्छे छ अनि मं
१२ चइं चिल्लो। कोनि कतै मेरो बाबुले मंलाइ छाम्ला त मं तिन्का लेखमां
ठगहार् जस्तो लागुंला अनि आफु मांथि आशीष् होइन तर स्राप् पो ल्याउंला।
१३ तर त्येस्को आंमाले त्येस्लाइ भनी ए मेरो छोरा तेरो स्राप् मैं मांथि परोस्.
१४ तंले खालि मेरो कुरो मान् मात्रै अनि गयेर ति थोक् मं थांइ ल्याइ दे। त
त्येस्ले गयेर ति आफ्नो आंमाकां ल्यायो. अनि त्येस्को आंमाले त्येस्को बाबुको
१५ रुचदो भोजन् बनाइ दिई। अनि रिब्काले आफ्नु जेठो छोरो एसाव्का
आफ्नां घर्मां भयेका राम्रा राम्रा लुगा झिकि ल्यायेर आफ्नु कान्छो छोरो
१६ याकूब्लाइ लगाइ दिई. अनि बाख्राका पाठाहरुका छाला त्येस्का हातमां
१७ र त्येस्को चिल्लो घिच्रोमां बेर्हेरि दिई. अनि त्यो आफुले पकायेका
१८ स्वादीलो भोजन् र रोटी आफ्नु छोरो याकूब्को हात्मां दिहाली। तब
त्येस्ले आफ्नु बाबुकां गयेर हे मेरा बाबै भन्यो. त्येसचइंले भन्यो यहां छु ए
१९ मेरो छोरा तं कुन् चइं होस्। अनि याकूब्ले आफ्नु बाबुलाइ भन्यो मं
तिम्रो जेठो छोरो एसाव् हुं जसो तिमिले मंलाइ भन्येका थियो त्येसै गर्यें.

उठेर बस अनि मेरो सिकारको मांसु खाउ र तिम्रो प्राणले मंलाइ आशीष्
देवस्। तर इसहाकले आफनु छोरोलाइ भन्यो ए मेरो छोरा येस्को के कारण २०
हो तैंले त्यो येति छिट्टो पाइ हालिस्। त्येस्ले उत्तर दियो येस्कारणले हो तिम्रो
ईश्वर यहवेले त्यो मेरो सांमु पारि दियो। फेरि इसहाकले याकूबलाइ भन्यो २१
ए मेरो छोरा नजिक् आइज मं तंलाइ छाम्येर थाहा पाउं तं सांच्चिनै मेरो
छोरो एसाव् होस् कि होइनस्। तब याकूब् आफनु बाबु इसहाकको नजिक् २२
गयो अनि त्येस्ले त्येस्लाइ छाम्येर भन्यो सोर ता याकूबको हो तर हात् चइं
ता एसावैका। अनि त्येस्ले त्येस्लाइ चिन्येन कसोगरिभन्ये त्येस्का हात् त्येस्को २३
दाज्यु एसावका हात् जस्ता रऊं भयेका थिये. त त्येस्ले त्येस्लाइ आशीष्
दियो। अनि त्येस्ले भन्यो के तं सांचै मेरो छोरो एसावनै होस्। अनि २४
त्येस्ले भन्यो अं मं हुं। तब त्येस्ले भन्यो त्यो मेरो कुउ ले आफनु छोराको २५
सिकारको मांसु खांछु र मेरो प्राणले तंलाइ आशीष् देवस्। त त्येस्ले त्यो
त्येस्को कुउ लग्यो अनि त्येस्ले खायो. अनि त्येस्ले त्येस्कां दाखरस् पनि लग्यो
अनि त्येस्ले पीयो। अनि त्येस्को बाबु इसहाकले त्येस्लाइ भन्यो ए मेरो छोरा २६
नजिक् आयेर मंलाइ चूमा खा। अनि त्येस्ले नजिक् गयेर त्येस्लाइ चूमा २७
खायो. अनि त्येस्ले त्येस्का लुगाको गन्ध पायेर त्येस्लाइ आशीष् दिइ भन्यो

हेर मेरो छोराको बास्ना
यहवेले आशीष् दियेको खेतको बास्ना जस्तो छ.
अनि ईश्वरले तंलाइ अकाशको शीतमांको देवस् २८
अनि पृथिवीको सुरसीलेईंमांको
अनि थेरै थेरै अन्न र दाखरस्.
लोगहरु तेरा दास् होउन् २९
अनि देस् देसका लोगले तंलाइ दण्डवत् गरुन्.
आफना भाईहरु मांथि प्रभु तेइं गर्येस्
अनि तेरो आमाका छोराहरुले तंलाइ दण्डवत् गरुन्.
तंलाइ स्रापनेहरु सबै स्रापित् होउन्
अनि तंलाइ आशीष् दिनेहरु सबैले आशीष् पाउन्।

अनि येसो भयो इसहाकले याकूबलाइ आशीष् दिइ सकनु बित्तिकै र याकूब् ३०
चइं आफनु बाबु इसहाकको सांमु देखि निकलि जांनु बित्तिकै त्येस्को दाज्यु
एसाव् सिकार् लियेर आइ पुगि हाल्यो। अनि त्येस्ले पनि स्वादीलो भोजन् ३१
पकायेर आफनु बाबुकां ल्यायो अनि आफनु बाबुलाइ भन्यो मेरा बाबुले
उठेर आफनु छोरोको सिकारको मांसु खाउन् र तिम्रो प्राणले मंलाइ
आशीष् देवस्। अनि त्येस्को बाबु इसहाकले त्येस्लाइ भन्यो तं कुन चइं होस्। ३२
अनि त्येस्ले भन्यो मं तिम्रो छोरो तिम्रो जेठो एसाव् हुं। अनि इसहाकले ३३
अगघोर् थरथर् कान्दै भन्यो उसो भये ता त्यो को थियो जस्ले सिकार् मारि
मं थांइ ल्यायो अनि मैले तं आउंनु भन्दा पहिले सब थोक् खाइ हालें अनि
त्येस्लाइ आशीष दिइ सकें अं अनि त्येस्लाइ आशीष प्राप्त रहि रहंछ पनि।

३४ आफ्नु बाबुको यो कुरो सुन्नु बित्तिकै एसाव्ले औधि बड़ो र तीतो चिच्याईले
चिच्याइकन आफ्नु बाबुलाइ भन्यो हे मेरा बाबै मंलाइ अं मैंलाइ पनि
३५ आशीष् देउ। अनि त्येस्ले भन्यो तेरो भाईले ठगेईं सित आइकन तेरो आशीष्
३६ लियेर गइ गयेछ। अनि त्येस्ले भन्यो के त्येस्को नांउ ठीक् याकूब् राखीयेन
किनभन्ये त्येस्ले यि दुवै खेप् मेरो ठांउ ठगि लियो . मेरो जेठाधिकार्
लिहाल्येकै थियो अनि अब हेर मेरो आशीष् पनि लियेर गइ गये छ। अनि
त्येस्ले भन्यो के तिमिले मेरो लागि कोई आशीष् राखि छोड़्यका छौन।
३७ अनि इसहाकले एसाव्लाइ उत्तर् दिइ भन्यो हेर् त्येस्लाइ तेरो प्रभु बनायें
अनि त्येस्का सबै भाईहरुलाइ त्येस्का दास् पारि दियें अनि अन्न र दाखरस्ले
३८ त्येस्लाइ सम्भाल्यें त अब ए मेरो छोरा तंचइंको लागि के गरुं। अनि एसाव्ले
आफ्नु बाबुलाइ भन्यो हे मेरा बाबै के तिम्रां एकैवटा मात्रै आशीष् छ हे
मेरा बाबै मंलाइ अं मंलाइ पनि आशीष् देउ। तब एसाव् आफ्नु शब्द
३९ उचालि रोयो। तब त्येस्को बाबु इसहाकले त्येस्लाइ उत्तर् दिइ भन्यो

हेर् तेरो बास् पृथिवीको मुरसीलेईमांको हुंछ
अनि माथि बाटो अकाशको शीत्मांको
४० अनि तं आफ्नु तरवार्को बल्ले जीउंछस्
अनि आफ्नु भाईको दास् हुंछस्
अनि तं नुहि जांदा येसो हुंछ
त्येस्को जुवा आफ्नु कांध् देखि हल्लाइ फ्यांकछस्।

४१ अनि एसाव्ले याकूब् देखि त्येस् त्येस्को बाबुले त्येस्लाइ दियेको आशीषको
कारणले दुश्मनी राख्यो . अनि एसाव्ले आफ्नु मन्मां भन्यो मेरो बाबुको
४२ मृतसंस्कार्का दिन् नांजक् छन् तब म आफ्नु भाई याकूब्लाइ मार्छु। त
त्येस्को जेठो छोराका यि कुरा रिबकालाइ प्रगट् गरीये तब त्येस्ले आफ्नु
कान्छो छोरो याकूब्लाइ बोलाइ पठायेर त्येस्लाइ भनी हेर् तेरो दाज्यु
४३ एसाव्ले तंलाइ मार्ने बिचार् गरि मन् थाम्दै छ। त अब ए मेरो छोरा मेरा
४४ कुरा मानि उठेर मेरो दाज्यु लाबान्का हारान्मां भागि जा अनि
अलिक् दिन् सम्म अर्थात् मेरो दाज्युको बल्दो रिस् न हराउंज्याल् सम्म
४५ तिनैका रह् अं तेरो दाज्युको क्रोध् तं देखि न फर्कुंज्याले सम्म अनि
त्येस्ले तंले त्यो सित गर्येको काम् न बिर्सुंज्याल् सम्म . त्येस्पछि मं तंलाइ वहां
बाटो बोलाइ पठाउंला . मं किन एकै दिन्मां तिमि दुवैलाइ खोसाइ मांगुं॥
४६ अनि रिबकाले इसहाकलाइ भनी हेतबंशी केटीहरुको कारणले मं
आफ्नु जीउंनो देखि घिनाउंद छु . येस्तो हेतबंशी केटीहरुमांको जो येस्
देसको केटीहरु छन् येउटीलाइ याकूब्ले ल्यायो भन्ये देखि ता मंलाइ
२८ १ जीयेकोले के नाफा हुंछ। तब इसहाकले याकूब्लाइ बोलायेर
आशीर्वाद् दियेर त्येस्लाइ अह्राइ भन्यो तंले कनानी केटीहरुमांको कसैलाइ
२ आफ्नो स्वास्नी न तुल्यायेस्। उठेर पद्दनराम्मां आफ्नु बाज्ये बतूएल्को
घरमां गयेर वहां बाटो आफन मामा लाबानको छोरीहरुमांको येउटीलाइ

ब्याहा गरि ले । अनि सर्वशक्तिमान् ईश्वर्ले तंलाइ आशीष् देवस् अनि ३
फलवन्त गरि बढावस् तं लोगहरूको मंडली बनौंनुलाइ　　अनि तंलाइ ४
अर्थात् तंलाइ अनि तं सङ तेरो बंशलाइ अब्राहाम्को आशीष् देवस् र येस् त
प्रवासी भइ रह्येको देस्को जो ईश्वर्ले अब्राहाम्लाइ दियो अधिकारी हो ।
त इसहाक्ले याकुब्लाइ बिदा गर्‍यो . अनि त्यो पद्दनराम्मां अरम्मी ५
बतूएल्को छोरो लाबान् थांइ हिंड्‌यो जो याकूब् र एसा:को आंमा रिब्काको
दाज्यु थियो । अब एसाव्ले यो थाहा पायो कि भन्ये इसहाक्ले याकूब्लाइ ६
आशीष् दिइ पद्दनराम्मां त्येस्ले उहीं बाटो स्वास्नी ल्याउंनुलाइ पठायेको
अनि त्येस्लाइ आशीष् दिंदा त्येस्लाइ कनानी केटीहरूमांको कसैलाइ आफ्नी
स्वास्नी न तुल्यायेस् भनि अह्रायेको　　अनि याकूब् आफ्ना आंमा ७
बाबुको आज्ञा मानि पद्दनराम्मां गयेको रछ भनि . त एसाव्ले कनानी ८
केटीहरू मेरो बाबु इसहाक्लाइ नजाति लागद् रछन् भनि थाहा पायो
त इश्माएल्कां गयेर अब्राहाम्को छोरो इश्माएल्की छोरी महलत्लाइ जो ९
नबायोत्की बैनी थिई स्वास्नी गरि आफ्नी स्वास्नीहरूको खाल्मां मिसायो ॥
त याकूब् बेर्शबा बाटो निकल्येर हारान् तिर गयो । अनि एका ठांउमां १० ११
पुग्येर त्येस्ले त्यहां रात् बितायो किनभन्ये सूर्ज अस्ताइ हाल्येको थियो त
त्येस्ले त्येस् ठांउका ढुंगाहरूमांको येउटा ल्यायेर आफ्नु सिरानि तुल्यायो
अनि त्येस् ठांउमां सुति गयो । अनि त्येस्ले सपना देख्यो त हेर येउटा भर्‍याङ् १२
पृथिवीमां ठड्यायेको रछ अनि त्येस्को थाप्लि चढ्इं स्वर्ग सम्म पुग्येको रछ .
अनि हेर ईश्वर्का दूतहरू त्यो मांथि चढ्द र ओह्र्लंद रछन् । अनि हेर १३
यह्वेले त्यो माथ्तिर देखि उभीइ भन्द रछ मं तेरो पिता अब्राहाम्को
ईश्वर् अनि इसहाक्को ईश्वर् यह्वे हुं . तं पल्टीइ रह्येको देस् मं तंलाइ र
तेरो बंशलाइ दिंछु　　अनि तेरो बंश भूंइको धूलो सरि हुंछ अनि तं १४
पच्छिउं पूर्ब उत्तर् र दखिन् तिर फैलि जांछस् . अनि तंमां र तेरो बंशमां
पृथिवीका सबै कुलले आशीष् पाउंछन् । अनि हेर् मं चइं तं सङ छु अनि १५
तं जहांसुकै गये पनि तेरो रक्षा गर्छु अनि तंलाइ फेरि येस् देस्मां फर्काइ
ल्याउंछु किसोगरिभन्ये मं आफैले तंलाइ कह्येको अनुसार् पूरो न गरुंज्याल् सम्म
तंलाइ छोड्‌दींन । तब याकूब् नींद् देखि बिउंझि उठ्यो अनि भन्यो अवस्से १६
येस् ठांउमां यह्वे रछ अनि मं यो जान्दैन थियें । त त्येस्ले डरायेर भन्यो १७
यो कि डर्लाग्दो ठांउ रछ यो ईश्वर्को घर् छोडि अरू केइ होइन अनि
यो स्वर्गको ढोकै हो । अनि बिहान याकूब्ले सखारै उठेर त्यो आफ्नु १८
सिरानि तुल्यायेको ढुंगो लियेर त्यो मुढ्का गरि ठड्यायेर त्येस्को थाप्लोमां तेल्
खन्याइ दियो । अनि त्येस् ठांउको नांउ त्येस्ले बेतेल्[1] राख्यो . तर सहर्को १९
नांउ पहिले ता लूज् थियो । अनि याकूब्ले येसो भनिकन भाकल् गर्‍यो २०
ईश्वर् मं सङ रह्यो अनि मेरो येस् बाटोहिंड़ाईमां मेरो रक्षा गर्‍यो भन्ये अनि

[1] अर्थात् ईश्वर्को घर् ।

२१ मंलाइ खांनुको लागि रोटी र लाउंनुको लागि लुगा दियो अनि मं
येस्तोरि आफ्नु बाबुको घर्मां कुशल्तेम् सित फर्कि आयें भन्ये देखि
२२ ता यह्वे मेरो ईश्वर् हुंछ अनि यो मैंले ठड्यायेको मुढूका ढुंगो
ईश्वर्को घर् हुंछ . अनि तपांइले मंलाइ जति दिंनु होला त्येस्को दसौं
हिस्सा मं तपांइलाइ अवस्से दिंने गर्छु ॥

(याकूब्को ब्याहा)

२९ १ तब याकूब् आफ्नु बाटो लाग्यो अनि पूर्व्बासीहरुको देस्मां
२ आयो । अनि हेर्‍यो त हेर बन्मां येउटा कूप् रछ अनि हेर त्येस्को छेउमां
भेंड़ाबाख्राका तीन् बगाल् खर्कि राका राछन् किनभन्ये त्येइ कूप् देखि
बगाल्लाइ पानी खुवाइंथ्यो . अनि कूप्को मुख् ढाकीयेको ढुंगो ठुलो
३ थियो । अनि सब्बै बगाल् त्यहां भेला हुंथ्यें . अनि ढुंगो कूप्को मुख् बाटो
पल्टाइ दियेर भेंड़ाबाख्राहरुलाइ खुवाइ सक्येर फेरि ढुंगो कूप्को मुखमां
४ जस्तोको तस्तो पारि दिंथ्ये। अनि याकूब्ले तिनिहरुलाइ हे मेरा भाईहरु हो
५ कहांकाहरु हो भन्यो। अनि तिनिहरुले भन्ये हारान्काहरु हौं। तब
त्येस्ले तिनिहरुलाइ भन्यो के नाहोर्को छोरो लाबान्लाइ चिन्द छौ ।
६ अनि तिनिहरुले भन्ये चिन्द छौं । फेरि त्येस्ले तिनिहरुलाइ भन्यो के त्यो
कुशल् छ । अनि तिनिहरुले भन्ये कुशलै छ . अनि हेर त्येस्को छोरी राहेल्
७ भेंड़ाबाख्राहरु लियेर हिंड़ि आउंदै छ । तब त्येस्ले भन्यो हेर एलें ता दिन्
धेरै छ बगालको भेला हुंने बेला भयेको छैन . त भेंड़ाबाख्राहरुलाइ पानी
८ खुवायेर लग्येर चराव । अनि तिनिहरुले भन्ये येसो गर्नु सक्दैंन तर जब
सब्बै बगाल् भेला हुंछन् तब ढुंगो कूप्को मुख् बाटो पल्टाइ दियेर
९ भेंड़ाबाख्राहरुलाइ खुवाउंछौं । त्येस्ले तिनिहरुलाइ येसो भन्दैंने थियो राहेल्
आफ्नु बाबुका भेंड़ाबाख्रा लियेर आइ पुगी कसोगरिभन्ये त्येस्ले ति चराउंदै
१० थिई । अनि येसो भयो जसै याकूब्ले आफ्नु मामा लाबान्की छोरी
राहेल्लाइ र आफ्नु मामा लाबान्का भेंड़ाबाख्राहरु देख्यो तब याकूब्ले
नजिक् गयेर ढुंगो कूप्को मुख् बाटो पल्टाइ दियेर आफ्नु मामा लाबान्का
११ भेंड़ाबाख्राहरुलाइ पानी खुवाइ दियो। तब याकूब्ले राहेल्लाइ चूमा खायो
१२ अनि शब्द उचालि रोयो । फेरि याकूब्ले राहेल्लाइ कहि दियो मं तेरो
१३ बाबुको भाई हुं अनि रिब्काको छोरो हुं . त त्येस्ले दुगुरि गयेर आफ्नु
बाबुलाइ भनि दिई । अनि येसो भयो जसै लाबान्ले आफ्नु भांनिज्
याकूब्को समाचार् पायो तब त्येस्लाइ भेट्नुलाइ दुगुर्‍यो अनि त्येस्लाइ अङ्कालो
१४ मांर्येर चूमा खायो अनि आफ्नु घर्मां ल्यायो । त त्येस्ले लाबान्लाइ ति सब
कुरा भनि दियो । तब लाबान्ले त्येस्लाइ भन्यो सांचिनै तिमि मेरो हाड् र
१५ मांसु हो । अनि त्यो त्येस्कां महीना दिन् रह्यो । तब लाबान्ले याकूब्लाइ
भन्यो के तिमि मेरो हाड् हौ भन्येर मेरो चाकरी सित्तैंमां गरि दिंनु
१६ उचित् छ त भन मं तिमिलाइ के दर्माहा दिउं । अनि लाबान्की दुइ छोरी

छोरीहरु थिइन् . जेठीचहिंको नांउ लेआ अनि कान्छीचहिंको नांउ राहेल्
थियो । लेआचहिंका ता आंखा रतङ्ग लाग्येका थिये तर राहेल् सुरूपवन्ती १७
र सुन्दरी थिई।। अनि याकूवले राहेल् सित पिर्ति राखद थियो त त्येस्ले १८
भन्यो मं आफुकी कान्छी छोरी राहेलको लागि सात् वर्ष सम्म आफुको
चाकरी गर्छु। अनि लाबानले भन्यो त्येस्लाइ पराय् पुरुषलाइ दिये चहिं ता १९
तिमिलाइनै दिंनु जाति हुंछ. मेरां बस । त याकूवले राहेलको लागि २०
सात् वर्ष सम्म चाकरी गर्यो अनि त्येस्लं त्यो सित राख्येको त्येस् पिर्तिको
कारणले त्येस्लाइ ति थोरै दिन् जस्तो लाग्यं । तव याकूवले लाबान्लाइ २१
भन्यो मेरी केटी मंलाइ दिंनु हवस् किनभन्ये मेरो समय् पूरो भयो. मं
त्येस्कां जांछु भनि । त लाबान्ले त्येस् ठांउका सबै मान्छेहरुलाइ भेला गरायेर २२
भोज् लायो । अनि बेलुका येसो भयो त्येस्ले आफ्नी छोरी लेआलाइ त्यो २३
थांइ लगि दियो अनि त्यो त्येस्कां गयो । अनि लाबान्ले आफ्नी छोरी २४
लेआलाइ आफ्नी दासी जिल्पा त्येस्की दासी हुंनुलाइ दियो । अनि बिहान २५
येसो भयो हेर लेआ पो रह. तव त्येस्ले लाबान्लाइ भन्यो यो आफुले मं
सित के गर्नु भयो के मैंले आफुकां बसि आफुको चाकरी राहेलचहिंको
लागि गर्येको हुइंन त आफुले मं सित किन छल् गर्नु भयो । तर लाबान्ले २६
भन्यो हामिहरुकां जेठीको भन्दा पहिले कान्छीको ब्याहा गरि दिंनु येस्तो
रीत् छैन । अब येस्को साता पूरो गर त येस् अर्कीलाइ पनि जुन् चाकरी २७
तिमिले मेरां बसि अरु सात् वर्ष गरौला त्येस्को साटोमां पाउंछौ । तब २८
याकूवले येसैनै गर्यो अनि त्येस्को साता पूरो गर्यो . अनि त्येस्ले आफ्नी छोरी
राहेल्लाइ त्येस्लाइ दियो त्यो त्येस्की स्वास्नी हुंनुलाइ । अनि लाबान्ले २९
आफ्नी छोरी राहेल्लाइ आफ्नी दासी बिल्हा त्येस्की दासी हुंनुलाइ दियो ।
तव याकूव् राहेल्कां पनि गयो अनि लेआ सित भन्दा बेसि पिर्ति त्यो सित ३०
गर्यो अनि लाबान्कां बसि अरु सात् वर्ष सम्म त्येस्को चाकरी गर्यो ॥

जसै यहवेले लेआ अप्रिया भयेकी देख्यो तव उस्ले त्येस्को चहिं गर्भ ३१
खोलि दियो. तर राहेल् बांझी रही । त लेआ गर्भिणी भई अनि येउटा ३२
छोरो जन्माई अनि त्येस्को नांउ येसो भन्येर रूबेन्[1] राखी निम्से यहवेले
मेरो कष्ट हेर्यो कसोगरिभन्ये अब मेरा खसमले मं सित पिर्ति गर्नन् । अनि ३३
त्येस्लं फेरि गर्भिणी भयेर येउटा छोरो जन्माई अनि भनी यहवेले सुन्यो मं
अप्रिया छु भनि येस्कारण उस्ले मंलाइ यो छोरो पनि दियो . त त्येस्को नांउ
शिमोन्[2] राखी । अनि फेरि त्येस्ले गर्भिणी भयेर येउटा छोरो जन्माई अनि ३४
भनी येस् खेप् ता मेरा खसमको मन् मं सित गांसौंछ किनभन्ये मैंले तिनको
लागि तीन् भाई छोराहरु जन्मायें . येस्कारण त्येस्को नांउ लेबी[3] राखी ।
अनि फेरि त्येस्ले गर्भिणी भयेर छोरो जन्माई अनि भनी येस् खेप् ता यहवेको ३५
स्तुति गर्छु . येस्कारण त्येस्को नांउ यहूदा[4] राखी . तव त्येस्ले जन्माउंनु छोड़ी ॥

---

[1] अर्थात् हेर छोरो । [2] अर्थात् सुन्नु । [3] अर्थात् गांसौंनु । [4] अर्थात् स्तुति ।

३०१ अनि जब राहेलले याकूबको लागि मं देखि सन्तान् भयेन भनि
देखौ तब त्येस्ले आफ्नौ दिदौ देखि डाहा गरौ अनि याकूबलाइ भनौ
२ मंलाइ सन्तान् देउ होइन भन्ये ता मं मंर्छु। तब याकूबले राहेल् देखि
रिसायेर भन्यो कि मं ईश्वर्को ठांउमां छु जस्ले तं देखि कोखको फल् थुनि
३ राख्येको छ। अनि त्येस्ले भनौ मेरौ दासौ बिल्हालाइ हेर त्येस्कां जाउ त्येस्ले
मेरा घुंडामां जन्माउलौ त येसोरि त्येस्को बाटोले मेरा पनि सन्तान् उभौउन्।
४ त त्येस्ले त्येस्लाइ आफ्नौ दासौ बिल्हालाइ दिई त्यो त्येस्कौ स्वास्नौ हुंनुलाइ
५ अनि याकूब त्येस्कां गयो। तब बिल्हाले गर्भिणौ भइ याकूबको लागि
६ येउटा छोरो जन्माई। तब राहेलले भनौ ईश्वर्ले मेरो बिचार् गर्‍यो अनि
मेरो शब्द सुनिकन पनि मंलाइ येउटा छोरो दियो. येस्कारण त्येस्ले त्येस्को
७ नांउ दान्[1] राखौ। अनि राहेल्को दासौ बिल्हाले फेरि गर्भिणौ भइ
८ याकूबको लागि अरु येउटा छोरो जन्माई। तब राहेलले भनौ अग्घोरका
लाक्पाकले आफ्नौ दिदौ सित लाक्पाक् खेल्यें अनि जौत्यें. त त्येस्ले त्येस्को
९ नांउ नप्तालौ[2] राखौ। जब लेआले मैंले जन्माउंनु छोड़ें भनि देखौ तब
त्येस्ले आफ्नौ दासौ जिल्पालाइ ल्यायेर याकूबलाइ दिई त्यो त्येस्कौ
१० स्वास्नौ हुंनुलाइ। अनि लेआको दासौ जिल्पाले याकूबको लागि येउटा
११ छोरो जन्माई। तब लेआले भनौ भाग्येमानि भयो. त त्येस्ले त्येस्को नांउ
१२ गाद्[3] राखौ। फेरि लेआको दासौ जिल्पाले याकूबको लागि अरु येउटा छोरो
१३ जन्माई। तब लेआले भनौ धन्नका हुं किनभन्ये सन्तानले मंलाइ धन्नकौ
१४ भन्छन्. त त्येस्ले त्येस्को नांउ आशेर्[4] राखौ। फेरि गहुंकटाईका दिनमां
रूबेनले बनमां गयेर दूदा भनौंने फल् पाइ ल्यायो अनि ति आफ्नौ आमा
लेआकां लग्यो। तब राहेलले लेआलाइ भनौ कृपा गरि आफ्नु छोरोका दूदा
१५ भनौंने फल्मांको मंलाइ देउ। तर त्येस्ले त्येस्लाइ भनौ तंले मेरा खसम्लाइ
लिहालिस् कि यो सानु कुरो हो अनि कि मेरो छोरोका दूदा भनौंने फल् पनि
लिंनु खोजछस्। तब राहेलले भनौ येस्कारण तिम्रो छोरोका दूदा भनौंने फल्को
१६ साटो तिनि आजु रात तिमि सित सुत्नन्। बेलुका जब याकूब बन् बाटो
आउंदै थियो तब लेआ त्यो सित भेट् गर्नलाइ निक्लौ अनि त्येस्लाइ भनौ
मेरानै आउ किनभन्ये मैंले सांच्चि सांच तिमिलाइ आफ्नु छोरोका दूदा भनौंने
१७ फल् दिइ बंनि लगायें। त त्यो त्येस् रात् त्येसकां सुत्यो। तब ईश्वर्ले लेआको
१८ सुन्यो त त्येस्ले गर्भिणौ भइ याकूबको लागि पांचौं छोरो जन्माई। तब
लेआले भनौ मैंले आफ्ना खसम्लाइ आफ्नौ दासौ दियें त त्येस्को साटो
ईश्वर्ले मंलाइ मेरो बंनि दियो. त त्येस्ले त्येस्को नांउ इस्साकार्[5] राखौ।
१९ २० लेआले फेरि गर्भिणौ भइ याकूबको लागि छैठौ छोरो जन्माई। तब लेआले

---

[1] अर्थात् बिचार्। [2] अर्थात् ईश्वर्का लाक्पाक्। [3] अर्थात् भाग्येमान्।
[4] अर्थात् धन्न। [5] अर्थात् बंनि।

भनौ ईश्वर्ले मंलाइ जाति दाइजो दियो अब ता मेरा खसम् मं सित रहि
रहंछन् किनभन्ये मैंले तिन्को लागि छ भाई छोरा जन्मायें . त त्येस्ले त्येस्को
नांउ जबूलून्[1] राखौ । अनि पेसपछि त्येस्ले येउटी छोरी जन्माई अनि त्येस्को २१
नांउ दीना राखौ । तब ईश्वर्ले राहेल्लाइ सम्झ्यो अनि ईश्वर्ले त्येस्को २२
सुन्यो अनि त्येस्को कोख् खोलि दियो । त त्येस्ले गर्भिणी भइ छोरो जन्माई . २३
अनि भनौ ईश्वर्ले मेरो निन्दा उठाइ दियो . अनि त्येस्ले त्येस्को नांउ २४
यूसुफ्[2] राखौ यहत्वले मंलाइ अरु पनि छोरो देवस् भनिकन ॥

जब राहेल्ले यूसुफ्लाइ जन्माई तब येसो भयो याकूब्ले लाबान्लाइ २५
भन्यो मंलाइ बिदा गरि दिंनु हवस् र आफ्नु ठांउ र देसमां जाउं । मेरा २६
स्वास्नीहरु र मेरा नानीहरु जुन्हरुको लागि आफुको चाकरी गर्यं मंलाइ
दियेर जांनु दिंनु हवस् . किनभन्ये जान्नु हुंद छ आफ्को कस्तो चाकरी गर्यं ।
तर लाबान्ले त्येस्लाइ भन्यो मं माथि तिम्रो अनुग्रह भयो भन्ये रहि २७
जाउ . किनभन्ये चिन्नि पायें यहत्वले तिम्रो कारणले मंलाइ आशीष् दियो
भन्यें । फेरि त्येस्ले भन्यो अब मंलाइ ठीक् ठीक् भन मैंले तिमिलाइ के बनि २८
दिंनु पर्छ भनि त म्यो दिंछु । त्येस्ले त्येस्लाइ भन्यो जान्नु हुंद छ आफुको कस्तो २९
चाकरी गर्यं अनि आफ्का बगाल्हरु मेरां कसोगरि रह्या । कसोगरिभन्ये मं ३०
आउंनु भन्दा पहिले आफ्कां थोरै मात्रै थियो अनि अब ता त्यो बढ्दैर
बगालै भइ गयो अनि यहत्वले मं जतासुकै फर्कंदा आफुलाइ आशीष् दियो .
अनि अब मं आफ्नै घर्को लागि पनि कहिले बन्दबस्त गर्न पाउंला । त्येस्ले ३१
भन्यो तिमिलाइ के दिउं । अनि याकूब्ले भन्यो आफुले मंलाइ केइ न
दिंनु हवस् . तर आफुले मेरो लागि येइ ता गर्नु भयो भन्ये फेरि आफ्को
बगाल् चराइ रक्षे गर्छु आजु आफ्को गैह्र बगाल्को बीच् देखि छिरि ३२
गइ त्यो देखि सबै छिर्का र पेटारे पश्येकोलाइ अनि भेंडाहरुमांको सबै कालो
पश्येकोलाइ अनि बाख्राहरुमांका पेटारे र छिर्का पश्येकाहरुलाइ छुटयाउंछु .
अनि येस्तैहरु ता मेरो बनि हुंछन् । येस् अनमार् ता मेरो धर्म्मले पछि पछि ३३
जब आफु मेरो आफुको सांमु देखायेको बनिको बिषयमां आउंनु होला तब
मेरो लागि उत्तर् दिंछ . बाख्राहरुमांको सबै छिर्का कि पेटारे न पश्येको
अनि भेंडाहरुमांको सबै कालो न पश्येको मेरां पाईयो भन्ये चोर्यंक गनींछ ।
तब लाबान्ले भन्यो हेर तिमिले भन्येको जस्तो भये ता जाति हुंथ्यो । अनि ३४ ३५
त्येस्ले त्येसै दिन् सब्बै धर्काधर्की र पेटारे पश्येका बोका र सब्बै छिर्का र
पेटारे पश्येको बाख्री अर्थात् जत्तिमां केइ पनि सेतो सेतो पश्यको थियो
तिनलाइ र सब्बै काला काला भेंड़ा भेंड़ीहरुलाइ छुटयायेर त्येस्का छोराहरुका
हातमां सुम्पि दियो अनि आफ्नु र याकूब्को बीच्मां तीन् दिन्को बाटोको ३६
अन्तर् पार्यो . अनि याकूब्ले लाबान्का शेष् रह्येका चइं भेंड़ाबाख्राहरु
चराउंनु लाग्यो । अनि याकूब्ले ताजा चिनार् र बादाम् र कटुज्का रुखका ३७

[1] अर्थात् रह्या । [2] अर्थात् अरु दिंनु ।

लउरा लियेर तिनमां सेता धर्का ताछि ताछि लउरामां भयेको सेतो सेतो
३८ देखाहा पर्नु लायो। अनि त्येस्ले आफुले ताछ्येका ति लउराहरु भेंड़ाबाख्राहरुको
सांमु सांमु भेंड़ाबाख्राले पानी खांने डोंडूमां कुलो कुलोमां गरि उभ्याइ
३९ दियो अनि तिनिहरु पानी खांनु आउंदा गाभींने हुंथिन्। त भेंड़ाबाख्रा
लउराहरुको सांमु गाभींने भइ गइन् अनि धर्काधर्की र छिर्काछिर्की र
४० पेटारे पर्येका पाठापाठी बिहाइन्। अनि याकूबले पाठापाठी अलग् अलग्
गर्‍यो अनि भेंड़ाबाख्राका मुख् लाबानको बगालमांका धर्काधर्की र सब्
काला काला पर्येकाहरु तिर फर्काइ दियो अनि त्येस्ले आफ्ना आफ्ना चइं
४१ बगाल् अलग् राख्यो अनि लाबानका भेंड़ाबाख्रामां मिसौंनु दियेन। अनि
येसो भयो जब जब भेंड़ाबाख्रामांको बलिया बलियाहरु गाभींने हुंथिन्
तब याकूबले ति लउराहरु कुलो कुलोमां भेंड़ाबाख्राको सांमु राखि दिंथ्यो
४२ लउराको सांमु गाभींने होउन् भन्येर तर जब जब दुबलौदाबलौहरु
हुंथिन् तब राख्दैन थियो. येसोरि दुबलादाबलाहरु लाबानका भये अनि
४३ बलिया बलियाहरु चइं याकूबका। त त्यो पुरुष् अग्घोर् बढ्दै बढ्दै गयो
अनि त्येस्का धेरै भेंड़ाबाख्रा कमारी कमारा ऊंट् गदाहा भये॥

(याकूब्को हारान् देखि भागिजवाई)

३१ १ तब त्येस्ले लाबानका छोराहरुले येसो भन्येका कुरा सुन्यो याकूबले
हांम्रा बाबुका सबै थोक् खोस्यो अनि हांम्रा बाबुको जो धन् थियो त्येइ
२ देखि आफ्नु यो सबै महिमा तुल्यायो भन्ये। अनि याकूबले लाबानको
३ मोंहोड़ा हेर्‍यो त हेर त्यो अगाड़ि जस्तो त्यो तिर रैनछ। तब यहवेले
याकूबलाइ भन्यो आफ्ना पित्रहरुको देस् र आफ्ना कुटुम्बहरुमां फर्कि जा
४ म चइं तं सङ रहंछु। त याकूबले राहेल् र लेआलाइ बनमां आफ्ना
५ भेंड़ाबाख्राहरु भयेठांउमां बोलाइ पठायेर तिनलाइ भन्यो तिमिहरुको
बाबुको मोंहोड़ा देख्दछु त्यो अगाड़ि जस्तो म तिर छैन तर मेरो बाबुको
६ ईश्वर् म सङ रह्येको छ। अनि थाहा पाउंछउ मैंले तिमिहरुको बाबुको
७ चाकरी सक्दोभर् ता गर्‍यें। अनि तिमिहरुको बाबुले म सित छल् गरि
गरिकन दस् खेप् मेरो दर्माहा फेरि दियो तर ईश्वरले तिनलाइ मेरो हानि
८ गर्नु दियेन। जब तिनले छिर्काछिर्की पर्येका चइं तिम्रो बानि हुंछन् भन्ये
तब सबै भेंड़ीबाख्रीले छिर्काछिर्की पर्येकाहरु बिहाइन्. अनि जब तिनले
धर्काधर्की पर्येका चइं तिम्रो बानि हुंछन् भन्ये तब सबै भेंड़ीबाख्रीले
९ धर्काधर्की पर्येकाहरुनै बिहाइन्। येसै गरिकन ईश्वरले तिमिहरुको बाबुको
१० बगाल् खोसि खोसिकन मंलाइनै दियो। अनि येसो भयो भेंड़ीबाख्री गाभींने
हुंने बेलामां मैंले आफ्ना आंखा उचालि सपनामां हेर्‍येर के देख्यें भन्ये
बाख्रीहरु माथि उक्लंने बोकाहरु सब्बै धर्काधर्की र छिर्काछिर्की र
११ तिल्चाम्ले पर्येकाहरु मात्रै राछन्। अनि ईश्वरको दूतले सपनामां मंलाइ ए
१२ याकूब् भन्यो. तब मैंले भन्यें यहां छु। अनि उस्ले भन्यो आफ्ना आंखा

उचाल्येर बाखौहरु मांथि उक्लंने सब्बै बोकाहरुलाइ हेर् तिनिहरु
धर्कोधर्की र छिर्काछिर्की र तिल्चाम्ले पर्येकाहरु मांत्रै छन्. किनभन्ये
लाबान्ले तं सित ज्ये ज्ये गर्द छ सब्बै मैंले देख्यें। मं त्यस् बेतल्को १३
ईश्वर् हुं जहां तैंले मुड्का मांथि तेल् खन्यायेको थिइस् जहां तैंले मेरो
लागि भाकल् गर्येको थिइस्. अब उठ् र यो देस् देखि निकल्येर आफ्नु
जन्मदेसमां फर्कि जा। तब राहेल् र लेआले त्येस्लाइ उत्तर् दिइ भनिन् क्य १४
त अब हांमिहरुको बाबुको घर्मां हांमिहरुको कोइ भाग् कि अधिकार्
रह्येको छ. क्य तिनको लेखिमां परायको गनींदैंन कसोगरिभन्ये तिन्ले १५
हांमिहरुलाइ बेचि हाल्ये अनि हांमिहरुको रुपिया स्यांट्टै खाइ हाल्ये
पनि। कसोगरिभन्ये ईश्वर्ले हांम्रो बाबुको धन् जति खोस्येको छ त्यो १६
हांमिहरुको र हांमिहरुका बालबच्चैको हो. त अब ज्ये ज्ये ईश्वर्ले
तिमिलाइ भन्येको छ त्यो गर। तब याकूब्ले उठेर आफ्ना बालबच्चाहरु र १७
स्वास्नीहरुलाइ ऊंट्हरु मांथि चढ़ायो अनि त्येस्ले आफ्ना सब्बै बगाल्हरु र १८
जत्ति धन् त्येस्ले बटुल्येको थियो अर्थात् जत्ति बगाल्हरु त्येस्ले हात् लगाइ
पद्दनराम्मां बटुल्येको थियो सब्बै साथ लियो कनान् देस्मां आफ्नु बाबु
इस्हाक्कां जांनुलाइ। अब लाबान् आफ्ना भेंड़ाबाख्राका ऊण् कत्रंनुलाइ १९
गयेको थियो. त राहेल्ले आफ्नु बाबुका घर्देव्हरु चोरि लगी। येसोरिकन २०
याकूब् अरम्मी लाबान्कांटो लुकि लुकिकन गइ गयो अर्थात् त्येस्ले मं भागि
जांद छु भनि भन्येन। त त्यो आफ्ना सबै थोक् लियेर भागि गयो अनि २१
उठेर महानदी तरि गयो अनि आफ्नु मुख् गिलाद् पहाड़् तिर फर्कायो॥

अनि तीस्रो दिन्मां लाबान्लाइ खबर् भयो याकूब् भागि गये छ २२
भन्ये। त त्येस्ले आफ्ना भाईहरुलाइ साथ लियेर त्येस्लाइ खेद्यो अनि २३
त्येस्लाइ सात् दिन् सम्म खेद्दा खेद्दा गिलाद् पहाड़्मां त्येस्लाइ गइ भेट्टायो।
तब ईश्वर्ले राति सपनामां अरम्मी लाबान्कां आयेर त्येस्लाइ भन्यो चंख रह् २४
याकूब्लाइ न भलो न बुरो भन्येस्। त लाबान्ले याकूब्लाइ गइ भेट्टायो। २५
अब याकूब्ले आफ्नु पाल् पहाड़्मां टांग्येको थियो. त लाबान्ले पनि
आफ्ना भाईहरु सङ आफ्नु पाल् गिलाद् पहाड़्मां टांग्यो। वहांदेखि २६
लाबान्ले याकूब्लाइ भन्यो तिमिले क्ये गर्येको किन मं देखि लुकि
लुकिकन हिंड्यौ अनि मेरो छोरीहरुलाइ तरवार्का बन्धुवालाइ झैं ल्याइ
हाल्यौ। किन चुपै लागिकन भागि आयौ अनि मेरांटो लुकि लुकिकन २७
हिंड्यौ अनि मंलाइ कोइ पनि भन्यौन भन्येको भये देखि तिमिलाइ
हर्ष र गान् सित मृदंग् र बीणा सङ बिदा दिंने थियें अं आफ्ना २८
छोराछोरीहरुलाइ चूमा खांने बेला समेत् पनि दियौन ऐले ज्ये गर्येका छौ
त्यो मूर्खईंने सित गर्येका छौ। तिमिहरुको हानि गर्ने शक्ति ता मेरो २९
हात्मां छ. तर तिमिहरुको बाबुको ईश्वर्ले मंलाइ बित्ये रात्मां भन्यो चंख
रह् तैंले याकूब्लाइ न भलो न बुरो भन्नु। अनि अब ता आफ्नु बाबुको ३०
घर्को अरघोर् इच्छुक् भयेकोले हिंड्नु पर्दा पनि मेरा देव्ताहरु किन

३१ चोरि ल्यायो। तब याकूब्ले लाबान्लाइ उत्तर् दिइ भन्यो किनभन्ये मं
डरायेको थियें कोनि कतै लाबान्ले आफ्नौ छोरीहरुलाइ मं देखि बल्जबत्
३२ गरि खोसक्छन् कि क्या हो भनिकन। आफुले जस्कां आफ्ना देव्ताहरु पाउंनु
हुंछ त्यो जीउंदो न रहोस्. हांम्रा भाईहरुको सांमु आफुका मेरां ज्ये ज्ये
निकलंछ त्यो चिन्येर लगि हाल्नु हवस्। किनभन्ये राहेल्ले ति चोरि
३३ ल्यायेकी छ भनि याकूब्ले जान्दैन थियो। त लाबान् याकूब्को र लेआको
र दुवैवटी दासीहरुका पालमां पसि गयो तर केइ पनि पायेन। तब त्यो
३४ लेआको पाल् बाटो निकल्येर राहेल्को पाल्मां गयो। अब राहेल्
घर्देव्ताहरु लियेर ऊंट्को हौदमां राखिकन ति मांथि बसि रह्येकी थिई।
३५ त लाबान्ले सांट्है पाल्मां खोजि सक्यो तर ति पायेन। अनि त्यस्ले आफ्नु
बाबुलाइ भनी मेरा प्रभु यो देखि न रिसाउन् मं तिम्रो सांमु उठ्नु सक्दीन
कसोगरिभन्ये मंलाइ स्त्रीहरुलाइ हुंने रीत् हुंदै छ। त त्यस्ले खोदल्खादल्
३६ गरि सक्यो तरै पनि घर्देव्हरु पायेन। तब याकूब् झोंकीयेर लाबान् सित
बाझ्नु लाग्यो. अनि याकूब्ले लाबान्लाइ उत्तर् दिइ भन्यो मेरो क्ये अपराध्
३७ छ मेरो क्ये पाप् छ र आफुले येत्ति चुरींदै मंलाइ खेद्नु भयो। आफुले मेरा
सांट्है चीज्बीज् चाहार्नु भयो त आफ्नु घर्का सांट्है चीज्मांको क्ये पाउंनु
भयो। त्यो आफ्नै र मेरा भाईहरुको सांमु यहां राखि देउ र तिनिहरुले
३८ हांमिहरु दुवैको बीच्मां बिचार् गरुन्। यि बीस् बर्ष देखि मं आफुकां छु
आफुकी भेंड़ीहरु र बाख्रीहरुका गर्भ तुह्येनन् अनि मैंले आफुका भेंड़ा
३९ र बाख्राहरुको मांसु खाइंन। अनि बनजन्तुहरु देखि फहराईयेकाहरु
आफुकां ल्याउंदैन थियें त्यस्को खति मैं सहंद थियें दिउंसो चोरीयेको हवस्
४० कि राति चोरीयेको हवस् त्यो आफुले मेरै हात् देखि लिंनु हुंथ्यो। मेरो
चइं गत् येस्तो हुंथ्यो दिउंसो घाम्ले राति तुसारोले मंलाइ भस्म पार्थ्यो
४१ अनि मेरा आंखा देखि निन्द्रा चइं गइ गयेको हुंथ्यो। यि बीस् बर्ष
आफुको घर्मां रहिकन आफुको चाकरी गर्यें चौदह् बर्ष चइं आफुकी दुवै
बैंनी छोरीहरुको अनि छ बर्ष आफुका भेंड़ाबाख्राहरुको लागि आफुको
४२ चाकरी गर्यें. अनि आफुले मेरो दर्माहा दस् खेप् फेरि दिंनु भयो। मेरो
बाबुको ईश्वर् जो अब्राहाम्को ईश्वर् अनि इस्हाक्को भय् हो मं तिर न
हुंदो हो त निस्सै आफुले अब मंलाइ रित्तै हात् पठाउंनु हुंने थियो।
ईश्वर्ले मेरो कष्ट र मेरा हातको दुखभराई देख्येर बित्ये रात्मां आफुलाइ खै
४३ गर्यो। तब लाबान्ले याकूब्लाइ उत्तर् दिइ भन्यो यि छोरीहरु मेरी छोरीहरु
हुन् अनि यि बालखहरु पनि मेरै बालखहरु हुन् अनि यि भेंड़ाबाख्राहरु
मेरै भेंड़ाबाख्राहरु हुन् अनि ज्ये ज्ये तिमिलाइ देखाहा पर्द छ सब्बै मेरै
हो. अनि अब मं यि आफ्नौ छोरीहरु र तिनले जन्मायेका बालखहरुलाइ
४४ क्ये गर्नु सक्द छु। त अब लु मं र तिमि आपस्तमां बाचा बान्धूं र त्यो मेरो र
४५ तिम्रो बीच्मां साक्षी रहोस्। तब याकूब्ले येउटा ढुंगो ल्यायेर मुढ़का गरि
४६ ठड़ग्यायो। अनि याकूबले आफना भाईहरुलाइ ढुंगाहरु बटुल भन्यो त

तिनिहरुले ढुंगाहरु ल्यायेर येउटा थुप्रो लगाये. वहांदेखि ति सब्बैले
तिहीं थुप्रो छेउ आपस्तमां खाये पीये। अनि लाबान्ले ता त्येस्को नांउ ४७
यगर्सहदूता[1] राख्यो नर याकूब्‌चाइंले त्येस्लाइ गलेद्[1] भन्यो। वहांदेखि ४८
लाबान्ले यो थुप्रो आजु देखि येसो मेरो र तिम्रो बीच्मां साक्षी रहंछ
भन्यो। येस्कारण् त्येस्को नांउ गलेद् राखीयो. अनि त्येस्को नांउ मिज्पा[2] ४९
पनि भयो किनभन्ये त्येस्ले भन्यो जब एका अर्का देखि अलग् अलग् हुंछौं
तब यह्वे हांमिहरुको बीच्मां पहराचौकी बसोस्। तिमिले मेरो ५०
छोरीहरुलाइ दुख दियौ कि ति देखि बेसि अरु स्वास्नीहरु ल्यायौ भन्ये
देखि हांमिहरु सित कोई मान्छे ता छैन हेर मेरो र तिम्रो बीच्मां ईश्वरै
साक्षी छ। फेरि लाबान्ले याकूब्लाइ भन्यो यो थुप्रो हेर अनि यो मुढूका ५१
हेर जुन्हरु मैंले आफ्नु र तिम्रो बीच्मां ठड्याये। यो थुप्रो र यो मुढूका ५२
दुवै येस् कुरोको साक्षी रहोस् न मं यो थुप्रो देखि पुंड़ो तिमि थांइ आउंछु
न तिमि यो थुप्रो र यो मुढूका देखि वड़ हानि गर्नुको लागि मं थांइ
आउंछौ। अब्राहामको ईश्वर् अनि नाहोर्को ईश्वर्ले जो तिनको बाबुको ५३
ईश्वर् हो हांमिहरु दुवैको बीच्मां बिचार् गरोस्। अनि याकूब्ले आफ्नु ५४
बाबु इस्हाक्को नांउमां किरिया खायो। वहांदेखि याकूब्ले पहाड़्मां
बलिदान् चढ़ायो अनि आफ्ना भाईहरुलाइ रोटी खांनु बोलायो.
त तिनिहरुले रोटी खाये अनि पहाड़ैमां रात् बिताये। अनि बिहान ५५
लाबान्ले सखारै उठेर आफ्ना छोराछोरीलाइ चूमा खायेर तिनिहरुलाइ
आशीष् दियो. अनि लाबान् हिंड़ि गयो अनि आफ्नु ठांउमां फर्क्यो।
अनि याकूब् आफ्नु बाटो लाग्यो अनि ईश्वर्का दूत्हरुले आइ त्येस्लाइ ३२ १
भेटेर। तब याकूब्ले तिनलाइ देख्नु बित्तिकै भन्यो यो ईश्वर्को छाउंनी २
हो. त त्येस्ले त्येस् ठांउको नांउ महनैम्[3] राख्यो॥

(याकूब्को प्रार्थना)

अनि याकूब्ले आफ्नु अघि अघि सेईर् देस्मां अर्थात् एदोम्को ३
बन्मां आफ्नु दाज्यु एसाव्कां दूत् पठाइ दियो। अनि त्येस्ले तिनिहरुलाइ ४
यो आज्ञा दियो मेरा प्रभु एसाव्लाइ येसो भन आफुको दास् याकूब्ले येसो
भन्द छ मं लाबान्कां प्रबासी गरि बसें अनि येले सम्म उहीं अल्मलीइ
रहें. अनि मेरा गाईगोरु गदाहा भेंड़ाबाख्रा अनि कमारा कमारीहरु छन्. ५
अनि आफ्ना प्रभुकन यो भनि पठाउंदै छु मं आफुको दृष्टिमां अनुग्रह् पाउं
भनि। अनि ति दूत्हरुले याकूब्कां फर्कि आयेर भन्ये हांमिहरु आफुका ६
दाज्यु एसाव्कां गयूं अनि तिनि पनि आफु सित भेट् गर्नुलाइ चार् सै पुरुष्
लिइ आउंदै छन्। तब याकूब् अग्घोर् डरायो अनि अन्योल्मां पर्‍यो. अनि ७

---

[1] अर्थात् साक्षीको थुप्रो। [2] अर्थात् पहराघर्

[3] अर्थात् दुइ छाउंनी।

आफ्नु साथ्मां हुंनेहरूलाइ अनि बगाल् र बथान् र ऊंटहरूलाइ दुइ
८ छाउंनी गरि भाग पार्‍यो अनि भन्यो एसावले आयेर एक् छाउंनीलाइ
९ मार्‍ये पनि अर्को रह्येको चइं ता भाग्येर बांच्‌ला। फेरि याकूबले भन्यो
हे मेरो पिता अब्राहामको ईश्वर् हे मेरो बाबु इसहाकको ईश्वर् हे यहवे
जस्ले मंलाइ भन्नु भयो आफ्नु देस् र कुटुम्बहरूमां फर्कि जा अनि मं तेरो
१० भलाई गर्छु भनि . तपांइले जत्ति दया र जत्ति सचेइं आफ्नु दासलाइ
देखाउंनु भयो ति सबैमांको सबै भन्दा सांनुको पनि मं चइं ता योग्य् छुइंन .
कमोगरिभन्ये मं आफ्नु लउरो मात्रे लिइ येस् यर्दन् वारि तरि आयें थ्यें तर
११ अब ता दुइ छाउंनी भइ रांछु। कृपा गरि मंलाइ मेरो दाज्यु एसावको हात्
देखि बचाउंनु हवस् . किनभन्ये त्यो देखि त्यस्ले मंलाइ अं बालबच्चाहरूलाइ
तिनको आमाहरू समेतलाइ मारि दिंछ कि क्या हो भन्येर डराउंद छु।
१२ अनि तपांइले भन्नु भयेको छ मं निस्से तेरो भलाई गर्छु अनि तेरो बंशलाइ
समुन्द्रको बालुवाका कनिका सरि बनाइ दिंछु जो धेर् हुंनाको कारणले
१३ गनींन छुन भनि। वहांदेखि त्यस्ले त्येस् रात् तिहीं बितायो अनि आफ्नां
भयेको सब्बै थोकमांको आफ्नु दाज्यु एसावको लागि सौगात् छुट्यायो
१४ अर्थात् दुइ सै बाख्री र बीसवटा बोका दुइ सै भेंड़ी र बीसवटा सांढ़
१५ भेंड़ा तिनका छावा समेत् तीसवटा दुहुंना ऊंटनी चालीसवटा गाई र
१६ दसवटा बहरगोरू बीसवटा गदही र दसवटा गदाहाबच्चा। अनि त्यस्ले
ति बगाल् बगाल् गरि आफ्ना कमाराहरूलाइ सुम्प्यो अनि आफ्ना
कमाराहरूलाइ भन्यो मं भन्दा अघि अघि पारि जाव अनि बगाल् बगालको
१७ बीच् बीचमां अन्तर् पारि राख। फेरि त्यस्ले अघिल्लोचइंलाइ येसो भनि
अह्रायो जब मेरा दाज्यु एसावले तंलाइ भेटयेर सोध्‌ला तं कस्को होस्
अनि कहां जांछस् अनि यि तेरा अघि अघि भयेका कस्का हुन् भनि
१८ तब भन्येस् आफुको दास् याकूबका हुन् मेरा प्रभु एसावकन सौगातको
लागि पठाईयेका अनि हेर्नु हवस् तिनि आफै पनि हाम्रो पछि पछि आउंदै
१९ छन्। अनि त्यस्ले दोस्रो र तीस्रोलाइ पनि अं बगाल् बगाल् पछि पछि जांने
सब्बलाइ पनि येसै भनि अह्रायो एसावले तिमिहरूलाइ भेटदा तिनलाइ
२० येसै परिले भन अनि येसो पनि भन अरू पनि हेर्नु हवस् आफुको दास्
याकूब् हामिहरूको पछि पछि छ। किनभन्ये त्यस्ले मेरो अघि अघि गयेको
सौगातको बाटोले तिनको रिसलाइ सांत गरायेर त्येसपछि तिनको मुखको
२१ दर्शन् गर्छु कोनि तिनि मं देखि खुशि हुनन् भन्यो। त त्यो सौगात् त्यस्को अघि
अघि पारि तरि गयो . अनि त्यो आफुले चइं त्येस् रात् छाउंनीमां बितायो॥
२२ फेरि त्यो त्येसै रात् उठेर आफ्नी दुवै स्वास्नीहरूलाइ र दुवै
दासीलाइ र एघारै भाई छोरालाइ लिइ यब्बोकको घाट् देखि पारि तरि
२३ गयो। त त्यस्ले तिनलाइ लग्येर त्यो खोला तार्‍यो अनि त्यस्को जे जे
२४ थियो त्यो पनि तार्‍यो। अनि याकूब् चइं येक्लै छोड़ीयो तब कसै पुरुषले
२५ आयेर त्यो सित् रात् बिहाउंज्याल् सम्म कुश्ती खेलि रह्यो। अनि जब उस्ले

मं यो मांथि जिताहा हुंन गैनकु भनि देख्यो तब त्यस्को जाङ्को खोपिल्टा
छोइ दियो तब याकूबको जाङ्को खोपिल्टा उ सित कुश्ती खेल्दाखेरि
चड्काईयो। तब उस्ले भन्यो मंलाइ जांनु दिंनु किनभन्ये रात् बिहाउंदै छ। २६
अनि त्यस्ले भन्यो आफुले मंलाइ आशीष् न दिउंज्याल् सम्म आफुलाइ
जांनु दिन्न। तब उस्ले त्यस्लाइ तेरो नांउ क्या हो भनि सोध्यो त्यस्ले भन्यो २७
याकूब्। उस्ले भन्यो तेरो नांउ अब देखि याकूब् हुंदैन तर इस्राएल्[1] हुंछ. २८
किनभन्ये तं ईश्वर् सित र मान्छहरु सित लड़ाईं गरिकन जिताहा भइस्। तब २९
याकूबले सोधि भन्यो कृपा गरि आफ्नु नांउ मंलाइ कहंनु हवस्। तर उस्ले
भन्यो तं मेरो नांउ के कारणले सोध्ट छस्। त उस्ले त्यस्लाइ तिहीं आशीष्
दियो। अनि याकूबले त्यस् ठांउको नांउ पनीएल्[2] राख्यो. किनभन्ये त्यस्ले ३०
भन्यो ईश्वर्लाइ आफ्नु सांमु सांमु भयेको देख्यें र पनि मेरो प्राण् बांच्यो।
अनि याकूब् पनूएल् देखि पारि तर्दा घाम् त्यो मांथि झुल्क्यो अनि त्यो आफ्नु ३१
जाङ्ले खोच्याउंदै गयो। येस्कारण् इस्राएलवंशीले जाङ्को खोपिल्टामां ३२
भयेको चाकको नसा आजुको दिन् सम्म खांदैनन् किनभन्ये उस्ले याकूबको
जाङ्को खोपिल्टाको चाकको नसामां छोइ दियो॥

वहांदेखि याकूबले आफ्ना आंखा उचाल्येर के देख्यो भन्ये त हेर ३३ १
एसाव् चार् सै पुरुष् साथ लियेर आउंदै रछ। त त्यस्ले नानीहरुलाइ बांड़ि
बांड़िकन लेआ र राहेल् र दुवै दासीहरुलाइ सुम्पि दियो। अनि त्यस्ले २
दासीहरुलाइ र तिनका नानीहरुलाइ सबै भन्दा अगाड़ि लाथो अनि ति पछि
लेआ र त्यस्का नानीहरुलाइ अनि राहेल् र यूसुफ्लाइ सबै भन्दा पछाड़ि।
वहांदेखि त्यो आफै चड़ं तिनिहरुको अघि गयो अनि सात् खेप् भूइंमां ३
अष्टाङ्गप्रणाम् गर्‍यो अनि येसो गर्दै गर्दै आफ्नु दाज्युकां पुग्यो। तब एसाव् ४
त्यो सङ् भेट् गर्नुलाइ दुगुर्‍यो अनि त्यस्लाइ छातीमां टांस्येर तस्लाइ अङ्गालो
मारिकन त्यस्लाइ चूमा खायो. अनि ति दुवै रोये। वहांदेखि त्यस्ले आंखा ५
उचाल्येर स्त्रीहरु र नानीहरुलाइ देख्येर यि तेरा को हुन् भनि सोध्यो। त्यस्ले
भन्यो यि ईश्वरले अनुग्रह् गरिकन आफुको दासलाइ दियेका नानीहरु
हुन्। तब दासीहरुले आफ्ना नानीहरु समेतले छेउ आयेर ढोक् दिइन्। ६
फेरि लेआले आफ्ना नानीहरु समेतले नजिक् आयेर ढोक् दिई अनि सबै ७
भन्दा पछाड़ि यूसुफ् र राहेलले नजिक् आयेर ढोक् दिये। तब त्यस्ले ८
सोध्यो जुन् सबै छाउंनी मैंले पायें त्यस्ले तेरो के मनसूबा छ. अनि त्यस्ले
भन्यो मं आफ्नु प्रभुको अनुग्रह् पाउं भन्ये। तर एसावले भन्यो मेरां धेरै ९
छन् ए मेरो भाई तेरा तेरै रहुन्। तर याकूबले भन्यो होइन होइन मं मांथि १०
आफुको अनुग्रह् भयो भन्ये मेरो सौगात् मेरो हात् देखि ग्रहण् गर्नु हवस्.
किनभन्ये मैंले आफुको दर्शन् पायें त ईश्वरको दर्शन् पाये जस्तो भयो अनि

[1] अर्थात् ईश्वर् सित लड़ाईं गर्ने।

[2] अर्थात् ईश्वर्को दर्शन्।

११ आफु मं देखि खुशि हुंनु भयो। मेरो यो आफुकां पुर्‍याईयेको बरदान् कृपा
गरि ग्रहण् गर्नु हवस् किनभन्ये ईश्वरले मं मांथि अनुग्रह् गर्‍यो अनि मेरो
खांचोभरिको सब्बै थोक् मेरां छ। अनि त्येस्ले त्यो सित बिन्ति गरि
१२ गरिकन ढिपि लायो त त्येस्ले त्यो ग्रहण् गर्‍यो। वहांदेखि एसावले भन्यो
१३ बाटो लागि हिंडूं अनि मं चइं तेरो अघि अघि हिंडूंछु। तर त्येस्ले भन्यो
मेरा प्रभुले जान्नु हुंद छ नानीहरु कलीला कलीला छन् अनि मेरा बगाल् र
बथान्हरु लैंना छन्. अनि एक् दिन् मांत्रै पनि बेसि धपाईये भन्ये भुसुक्कै
१४ मरि जांछन्। मेरा प्रभु कृपा गरि आफ्नु दास् भन्दा अघि अघि जाउन्. मं
चइं ता यि मेरो अघि हुंने वस्तुहरु हिंडून्नु सक्ये अनुसार् अनि नानीहरु
हिंडून्नु सक्ये अनुसार् बिस्तार् बिस्तार् लिहिंडाल्छु आफ्ना प्रभु थांइ
१५ सेईर्मां आइ न पुगुंज्याल् सम्म। तब एसावले भन्यो इच्छे भयो भन्ये मं
सङ भयेका लोगमांका कत्तिलाइ तं सित छोड़ि जांछु। तर त्येस्ले भन्यो
आफुले किन येसो गर्नु हुंछ खालि येत्ति मांत्रै हवस् मं मांथि मेरो प्रभुको
१६ अनुग्रह् हवस्। त एसावले त्यसै दिन् सेईर्मां फर्कि जांनुलाइ आफ्नु बाटो
१७ समात्यो। अनि याकूब् चइं हिंड़ेर सुक्कोत्मां पुग्यो अनि त्यहां आफ्नु
लागि येउटा घर् र वस्तुहरुको लागि झाप्रा बनायो. येसैकारण् त्यस् ठांउको
नांउ सुक्कोत्[१] भयो॥

(याकूब् शकेम्मां बस्नु)

१८ वहांदेखि याकूब् पद्दनराम् देखि हिंड़ेर कनान् देशको शकेम् भनींने
येउटा सहर् निर कुशलक्षेम् सित पुग्यो अनि त्यस् सहर्को सांम्नु डेरा
१९ हाल्यो। अनि त्येस्ले आफ्नु पाल् टांग्येको जग्गाको खण्ड शकेम्को बाबु
२० हमोर्का छोराहरुको हात् देखि एक् सै चांदीका टुक्रामां किन्यो। अनि
त्यस्ले त्यहां येउटा बेदि बनायेर त्यस्को नांउ एलेलोहे इस्राएल्[२] राख्यो॥

३४१ अब लेआले याकूब्को लागि जन्मायेकी छोरी दीना त्यस् देश्की
२ केटीहरु सित भेट् हुंनुलाइ निक्ली। तब त्यस् देश्को मालिक् हिव्वी
हमोर्को छोरो शकेम्ले त्यस्लाइ देख्यो अनि त्यस्लाइ लग्येर त्यो सित सुत्यो
३ अनि त्यस्को पत् लियो। अनि त्यस्को मन् याकूब्की छोरी दीना सित टांसीयो
४ अनि त्येस्ले त्यो कन्ये सित पिर्ति गरि त्यस्लाइ बुझायो। अनि शकेम्ले
आफ्नु बाबु हमोर्लाइ भन्यो मंलाइ यो केटी मेरी स्वास्नी हुंनुलाइ
५ गराइ देउ। येतिमां याकूब्ले सुन्यो त्येस्ले मेरी छोरी दीनालाइ अशुद्ध गरि
दियो भनि अनि त्यस्का छोराहरु चइं वस्तु सङ बन्मां थियें. त याकूब्
६ तिनिहरु आउंज्याल् सम्म चुप लागि रह्यो। तब शकेम्को बाबु हमोर्
७ याकूब् सित कुरा गर्नुलाइ त्यो थांइ निक्लि आयो। अनि याकूब्का
छोराहरु सुन्न बित्तिकैं बन् बाटो आयें. अनि ति पुरुषहरु अग्घोर् उदास्

[१] अर्थात झाप्राहरु। [२] अर्थात् इस्राएल्को ईश्वर् परमेश्वर्।

अनि बिघ्न रिसायेका थिये किनभन्ये याकूबको छोरी सित सुत्येकोले
इस्राएल्मां मूर्खइं गर्येको थियो जुन् काम् कैलेइ गर्नु हुंदैन । त हमोरले ८
तिनिहरु सित कुरा गरि भन्यो मेरो छोरो शकेमको प्राण् आफुहरुको छोरी
सित अग्घोर् टांसीयेको छ . त कृपा गरिकन त्येस्लाइ त्येस्को स्वास्नी हुंनु
त्येस्लाइ दिंनु हवस् । अनि हांमिहरु सित कुटुम्बेरी गर्नु हवस् आफ्नौ ९
छोरीहरु हांमिहरुलाइ दिंनु अनि हांम्रौ छोरीहरु आफ्नु लागि लिंनु
हवस् । अनि हांमिहरु सङ बस्नु हवस् . अनि यो देस् आफुहरुको सांम्नु १०
रहंछ त त्येस्मां बस्नु अनि बेपार् गर्नु अनि जग्गा जिमीन्का धनी हुंनु
हवस् । अनि शकेम् आफैचइंले त्येस्को बाबु र दाज्युहरुलाइ भन्यो आफुहरुको ११
अनुग्रह् मं मांथि हवस् अनि मं सित ज्य भन्नु हुंछ त्यो दिंछु । मं सित १२
जत्तिसुकै सोत् कि ढोक्भेटि मागनु भयो भन्ये पनि जसो मंलाइ भन्नु हुंछ
त्यसै गरि दिंछु . तर खालि येत्ति हवस् कन्यलाइ मंलाइ मेरी स्वास्नी हुंनु
दिंनु हवस् । तब याकूब्का छोराहरुले शकेम् र त्येस्को बाबु हमोर्लाइ १३
हांमिहरुको बैंनी दीनालाइ अशुद्ध गर्यो भन्येर छल् सित उत्तर् दिइ
तिनलाइ भन्ये हांमिहरु यस्तो काम् गर्नु अर्थात् कसै त्रिखत्नेलाइ १४
आफ्नौ बैंनौ दिंनु सक्दौंन कसोगरिभन्ये त्यो देखि हांम्रो गिल्ला हुंथ्यो .
खालि येसैमा मांत्रै तिमिहरुको मान्छौं तिमिहरु हांमिहरु जस्ता भयौ १५
भन्ये अर्थात् तिमिहरुमांको सब्बै पुरुष् खत्ना भयो भन्ये तब मांत्रै १६
हांमिहरु आफ्नौ छोरीहरु तिमिहरुलाइ दिंछौं अनि तिमिहरुको छोरीहरु
आफ्नु लागि लिंछौं अनि तिमिहरु सङ बस्छौं अनि दुवै एक् लोग् होइ
जांछौं । तर हांमिहरुको सुन्यौन अर्थात् खत्ना भयौन भन्ये देखि आफ्नौ १७
छोरीलाइ लियेर जाइ जांछौं । अनि तिनिहरुका यि कुरा हमोर् र त्येस्को १८
छोरो शकेम्लाइ जाति लाग्य । अनि त्येस् तन्हेरिले त्येसो गर्नुमां बियांलो १९
गर्येन किनभन्ये याकूबको छोरीलाइ मन् पर्येको थियो . अनि त्यो चइं
आफ्नु बाबुको सिंगै जहान्मां बेसि मान्को थियो । त हमोर् र त्येस्को छोरो २०
शकेमले आफ्नु सहर्को ढोका निर गयेर सहर्बासी सित कुरा गरि भन्य
यि मान्छेहरुले हांमिहरु सङ मेल् सित रहंनु खोजद् छन् त तिनिहरुले २१
येस् देस्मां रहि त्येस्मां बेपार् गर्नु पाउन् किनभन्ये हेर देस् तिनिहरुको
लागि खूब् फराक् छ तिनको छोरीहरुलाइ आफ्नौ स्वास्नी तुल्याउं अनि
आफ्नौ छोरीहरुलाइ तिनलाइ दिउं। तर खालि येस् कुरोमां ति मान्छेहरु २२
हांमिहरु सङ रहंनु र एकै लोग् होइ जांनुलाइ हांमिहरु सङ एक् मत्का
हुंछन् हांम्रो सब्बै पुरुष् खत्ना हुंनु जस्तो ति आफै हुंद छन् भन्ये । के २३
तिनका धन्सम्पत्ति भेंड़ाबाख्रा गाईगोरु र तिनका सब्बै बस्तु हांम्रै होइ
जांदैनन् येत्ति मांत्रै हुंनु पर्छ हांमिहरुले तिनको मान्नु त तिनिहरु
हांमिहरु सङ रहंछन् । त त्येस्को सहर्को ढोका बाटो निक्लंने सब्बैले २४
हमोर् र त्येस्को छोरो शकेमको मान्ये अनि त्येस्को सहर्को ढोका बाटो
निक्लंने सब्बै पुरुष्हरु खत्ना भये । अनि तीस्रो दिन्मां तिनिहरु पीरामां २५

हुंदा येसो भयो याकूबका छोराहरुमांका दौनाका दुइ जना दाज्यूहरु
शिमोन् र लेवीले आफ्नु आफ्नु तरवार् लियेर सहर् मांथि धड़ाधड़ जाइ
२६ लाग्येर सब्बै पुरुषहरुलाइ काटेर । अनि हमोर् र त्येस्को छोरो शकेम्लाइ
तरवार्को धार्ले काटेर दौनालाइ शकेम्को घर् देखि लियेर निक्लि गये ।
२७ याकूबका छोराहरुले मारीयेकाहरु मांथि जाइ लाग्येर सहर् लूटेर किनभन्ये
२८ तिनिहरुको बैनीलाइ अशुद्ध पार्येका थिये । तिनिहरुले तिनका भेड़ाबाख्रा
गाईगोरु र गदाहाहरु र ज्ये ज्ये सहर्मां थिये र ज्ये ज्ये बन्मां थिये सब्बै
२९ लग्ये । अनि तिनका सब्बै धन् अनि तिनका लालाबालाहरु अनि तिनको
स्वौहरुलाइ अं घर्मां जत्ति थियो तिनिहरुले सब्बै बन्धुवा गरि लूटि
३० लग्ये । तब याकूबले शिमोन् र लेवीलाइ भन्यो तिमिहरुले मंलाइ कष्टमां
हाल्यौ कसोरिभन्ये मंलाइ येस् देस्का बासी कनानीहरु र परिज्जीहरुमां
घिन्लाग्दो तुल्यायौ . अनि मेरां भन्ये थोरै मान्छेहरु छन् त तिनले भेला
भयेर मं मांथि आइ लागि मंलाइ मार्छन् त मं आफ्नु जहानै समेत् नष्ट
३१ होइ जांछु । तर तिनिहरुले भन्ये के तब हामि आफ्नो बैनीलाइ बेश्येको
जस्तो बेहोरा गरौंदै गर्येको हेर्न् सकद थियु ॥

(याकूब् बेतेल्मां जांनु अनि राहेल्को मंरण्)

३५ १ फेरि ईश्वर्ले याकूब्लाइ भन्यो उठेर बेतेल्मां चढ़ि गयेर उहीं रह.
अनि त्यहां उस् ईश्वरको लागि येउटा बेदि बना जस्ले तंलाइ तं आफ्नु
दाज्यु एसाउको डर्ले भागि जांदै गर्येको बेलामां दर्शन् दियेको थियो ।
२ तब याकूबले आफ्नु जहान् र आफ्ना सबै साथीहरुलाइ भन्यो तिमिहरुको
बीचमां जत्ति पराय् देवताहरु छन् सब्बै निकालि फ्यांक अनि शुद्ध भइ
३ आफ्ना आफ्ना लुगाफाटा फेर . अनि उठेर बेतेल्मां चढ़ि जाऊं अनि मं
त्यहां उस् ईश्वरको लागि येउटा बेदि बनाउंछु जस्ले मंलाइ मं मांथि संकष्ट
४ परि आयेको दिन्मां उत्तर् दियो अं मं हिंड़ेको बाटोमां मं सङ रह्यो । त
तिनले याकूब्लाइ ति तिनिहरुका भयेका सबै पराय् देवताहरु र तिनका
कान्मां भयेका कुंडल्हरु दिये अनि त्येस्ले ति सब्बै शकेम् निर भयेको
५ बांजवृक्ष मुनि गाड़ि दियो । वहांदेखि तिनिहरु हिंड़ेर . अनि तिनका
वरिपरिका सहर्हरु ऊंथि बड़ो डर् पर्यो त याकूबका छोराहरुलाइ
६ खेद्येनन् । त याकूब् आफ्ना सबै साथीहरु समेत् कनान् देस्को लूज्
७ सहर्मां (जो बेतेल् हो) आयो । त्यहां त्येस्ले येउटा बेदि बनायो अनि
त्येस् ठांउको नांउ एल्बेतेल्[1] राख्यो किनभन्ये जब त्यो आफ्नु दाज्युको
८ डर्ले भागि जांद थियो तब तिहीं ईश्वर् त्येस्कां प्रगटो भयेको थियो । तब
रिबकाको दुद्आमा दबोरा मरी अनि त्येस्को चिहान् बेतेलको मुन्तिर
बांजवृक्ष मुनि बनाईयो . अनि त्येस्को नांउ अल्लोनबकुत्[2] राखीयो ॥

[1] अर्थात् बेतेल्को ईश्वर् ।   [2] अर्थात् रुवाईको बांजवृक्ष

अनि याकूब् पद्दनराम् देखि आये पछि ईश्वरले त्येस्लाइ फेरि दर्शन् दिइ ९
आशीष् दियो। अनि ईश्वरले त्येस्लाइ भन्यो तेरो नांउ ता याकूब् हो, तर १०
अब तेरो नांउ याकूब् हुंदैन तर तेरो नांउ इस्राएल् हुंछ. त उस्ले त्येस्को
नांउ इस्राएल् राख्यो। फेरि ईश्वरले त्येस्लाइ भन्यो मं सर्वशक्तिमान् ईश्वर् ११
हुं. फल्दै र बढ्दै जा अनि तं देखि येउटा लोग् अं लोग् लोगको मंडली
समेत् उत्पन्न हुंछ अनि तेरो कम्मर् देखि राजा राजाहरु निकलंछन्. अनि १२
जुन् देस् अब्राहाम् र इसहाकलाइ दियेको थियें त्येइ देस् तंलाइ र तेरो
पछि तेरो वंशलाइ दिंछु। तब ईश्वर् त्यो ठांउ निर देखि ऊंभो गयो जुन् १३
ठांउमां याकूब् सित बात् गर्येको थियो। अनि जुन् ठांउमां उस्ले त्यो सित १४
बात् गर्येको थियो त्येसमां त्येस्ले ढुंगाको मुढ्का ठड्यायो. अनि त्येस्मां
खन्याईबलि खन्यायेर तेल् पनि खन्यायो। अनि जहां ईश्वरले याकूब् सित १५
बात् गर्यो त्येस् ठांउको नांउ त्येस्ले बेतेल् राख्यो। फेरि तिनिहरु बेतेल् १६
देखि हिंड्य अनि जब तिनिहरु एफ्रातमां पुग्नु थोरै टाड़ो मात्रै रह्येको
थियो तब राहेल्को सुत्केरि हुने बेला भयो अनि त्येस्लाइ अरघोरको पीरा
भयो। अनि त्येस्लाइ अरघोरको पीरा हुंदा येसो भयो सुंडेनिले त्येस्लाइ १७
भनी न डराउ येलेको बेर पनि तिम्रो छोरै हुंछ। अनि त्येस्को प्राण् १८
निस्कंदा न निस्कंदा (कसोगरिभन्ये मरि गई) येसो भयो त्येस्ले त्येस्को
नांउ बेनोनी[१] राखी तर त्येस्को बाबु चाइंले त्येस्को नांउ बिन्यामीन्[२] राख्यो।
त राहेल् मरि गई अनि एफ्रात् (जो बेतलेहेम् हो) जाने बाटोमां त्येस्को १९
चिहान् बनाईयो। तब याकूबले त्येस्को चिहानमां येउटा मुढ्का ठड्यायो. २०
त्यो राहेलको चिहानको मुढ्का अभ्र सम्म छंदै छ। फेरि इस्राएल् हिंड्यो २१
अनि एदेरको धरारा देखि पुंड़ो बढ़ेर आफ्नु पाल् टांग्यो। अनि इस्राएल् २२
त्येस् देसमां बस्दा येसो भयो रूबेनले आफ्नु बाबुको रखेली बिल्हा सित
कुकर्म्म गर्यो. अनि इस्राएलले सुन्यो॥

अब याकूबका बारह् भाई छोराहरु भये. लेआका छोराहरु याकूबको २३
जेठो रूबेन् फेरि शिमोन् लेवी यहूदाह् इस्साकार् अनि जबूलून्. अनि २४
राहेलका छोराहरु यूसुफ् र बिन्यामीन्. अनि राहेलकी दासी बिल्हाका २५
छोराहरु दान् र नप्ताली. अनि लेआकी दासी जिल्पाका छोराहरु गाद् २६
र आशेर्. याकूबका छोराहरु यिनै हुन् जुनहरु त्येस्को लागि पद्दनराममां
जन्म्ये। तब याकूब् मम्रेमां आफ्नु बाबु इसहाकका आयो अर्थात् २७
किर्यतर्बामां (जो हेब्रोन् हो) जहां अब्राहाम् र इसहाकले प्रवास् गर्ये
थ्ये। अनि इसहाकको सबै उमेर् एक् सै र अस्सी वर्षको भयो। तब २८ २९
इसहाकले पूरो बूढ़ेसकालमां दीर्घायु भइ प्राण् छोड़्यो अनि आफ्ना

[१] अर्थात् मेरो पीराको छोरो।

[२] अर्थात् मेरो दाहीनो हातको छोरो.

लोगमां गइ मिलीयो . अनि त्येका छोराहरु एसाव् र याकूबले त्येको चिहान् बनाये ॥

(एसावको बंशावली)

३६ १ २ अब एसाव्का (जो एदोम् हो) पुस्ता यि हुन् । एसाव्ले कनानी
केटीहरुमांकीलाइ स्वास्नी तुल्यायो अर्थात् हित्ती ऐलोन्की छोरी आदालाइ
३ र हिव्वी सिबोन्को छोरी अनाकी छोरी ओहोलीबामालाइ अनि
४ इश्माएल्की छोरी बासमत्लाइ जो नबायोत्की बैनी थिई । अनि आदाले
एसाव्को लागि एलीपज्लाइ जन्माई अनि बासमत्ले रुएल्लाइ जन्माई
५ अनि ओहोलीबामाले यऊश् यालाम् र कोरहलाइ जन्माई. एसाव्का
६ यिने छोराहरु कनान् देसमां जन्म्ये । तब एसाव् आफ्नी स्वास्नीहरु र
छोराछोरीहरु र आफ्नु घर्का सब्बै प्राणीहरु र आफ्ना भेंडाबाख्राहरु र
गाईगोरुहरु र सबै वस्तुहरु अं त्येस्ले कनान्को देसमां ज्ये ज्ये उपार्जन्
गर्येको थियो ति सब्बै सम्पत्ति लियेर आफ्नु भाई याकूब्को सांमु देखि
७ पर्देस् गइ गयो । किनभन्ये तिनिहरुको येत्ति सम्पत्ति थियो तिनिहरु एका
ठांउमां रहनु सक्दैन थिये अनि तिनिहरुका वस्तु धेर् हुनाको कारणले
८ तिनिहरुले प्रवास् गर्येको देसले तिनिहरुलाइ थाम्नु सक्दैन थियो । त
९ एसाव् चइं सेईर् पहाडमां रहनु लाग्यो . एसाव् एदोम् हो । अनि सेईर्
१० पहाडमां बस्ने एदोमीहरुको पित्र एसाव्का पुस्ता यिने हुन् . एसाव्का
छोराहरुका नांउ यिने हुन् अर्थात् एसाव्की स्वास्नी आदाको छोरो एलीपज्
११ अनि एसाव्की स्वास्नी बासमत्को छोरो रुएल् । अनि एलीपज्का छोराहरु
१२ यि भये अर्थात् तेमान् ओमार् सपो गाताम् र कनज् । अनि एसाव्को छोरो
एलीपज्की तिम्ना नांउ भयेकी रखेली पनि थिई त त्येस्ले एलीपज्को
लागि अमालेक्लाइ जन्माई . एसाव्की स्वास्नी आदाका यिने छोराहरु
१३ भये । अनि रुएल्का यिने छोराहरु भये अर्थात् नहत् जेरह् शम्मा र
१४ मिज्जा . एसाव्की स्वास्नी बासमत्का यिने छोराहरु भये । अनि सिबोन्की
छोरी अनाकी छोरी एसाव्की स्वास्नी ओहोलीबामाका छोराहरु यि भये .
१५ त्येस्ले एसाव्को लागि यऊश् यालाम् र कोरहलाइ जन्माई । एसाव्का
सन्तानमां अधिपतिहरु यि हुन् . एसाव्को जेठो एलीपज्का छोराहरु तेमान्
१६ अधिपति ओमार् अधिपति सपो अधिपति कनज् अधिपति कोरह्
अधिपति गाताम् अधिपति अमालेक् अधिपति . एलीपज् देखि एदोम्
देसमां भयेका अधिपतिहरु यिने हुन् . यि चइं आदाका छोराहरु हुन् ।
१७ अनि एसाव्को छोरो रुएलका छोराहरु यि हुन् नहत् अधिपति जेरह्
अधिपति शम्मा अधिपति मिज्जा अधिपति . रुएल् देखि एदोम् देसमां
भयेका अधिपतिहरु यिने हुन् . यि चइं एसाव्की स्वास्नी बासमत्का छोराहरु
१८ हुन् । अनि एसाव्की स्वास्नी ओहोलीबामाका छोराहरु यि हुन् यऊश्
अधिपति यालाम् अधिपति कोरह् अधिपति . अनाकी छोरी एसाव्की

स्वास्नी ओहोलीबामा देखि भयेका अधिपतिहरु यिनै हुन्। एसाव्का जो १९
एदोम् हो सन्तान् यिनै हुन् अनि तिनका अधिपतिहरु यिनै हुन्॥

होरी सेईर्का त्येष् देस्का वासी छोराहरु यि हुन् लोतान् शोबाल् २०
सिब्योन् अना दीशोन् एसेर् र दीशान् . सेईर्का एदोम् देस्का होरी २१
सन्तान्हरु देखि भयेका अधिपतिहरु यिनै हुन्। अनि लोतान्का सन्तान्हरु २२
होरी र हेमाम् भये अनि लोतान्की बैंनी तिम्ना थिई। अनि शोबाल्का २३
सन्तान्हरु यि हुन् अल्वान् मानहत् एबाल् शपो र ओनाम्। अनि सिब्योन्का २४
सन्तान्हरु यि हुन् अय्या र अना . यो त्येइ अना हो जस्ले आफ्नु बाबु
सिब्योन्का गदाहाहरुलाइ चराउंदाखेरि बन्मां तातो पानीको कुवा पायो।
अनि अनाका सन्तान्हरु यि हुन् दीशोन् अनि अनाकी छोरी ओहोलीबामा। २५
अनि दीशोन्का सन्तान्हरु यि हुन् हेम्दान् एश्बान् यित्रान् र करान्। २६
एसेर्का सन्तान्हरु यि हुन् बिल्हान् जावान् र अकान्। दीशान्का २७ २८
सन्तान्हरु यि हुन् ऊज् र अरान्। होरीहरु देखि भयेका अधिपतिहरु २९
यि हुन् अर्थात् लोतान् अधिपति शोबाल् अधिपति सिब्योन् अधिपति
अना अधिपति दीशोन् अधिपति एसेर् अधिपति दीशान् अधिपति . ३०
सेईर् देस्मां भयेका तिनका अधिपतिहरुको अनुसार् गरि होरीहरु देखि
भयेका अधिपतिहरु यिनै हुन्॥

फेरि इस्राएल्वंशीहरुको प्रथम् राजा हुंनु भन्दा पहिले यि राजाहरुले ३१
एदोम् देस्मां राज् गर्दै थिये। अनि बओर्को छोरो बेलाले एदोम्मां राज् ३२
गर्यो अनि त्येस्को राज्धानीको नांउ दिन्हाबा थियो। तब बेला मर्यो ३३
अनि जेरहको छोरो बोस्रा सहर्को योबाबले त्येस्को साटो राज् गर्यो।
तब योबाब् मर्यो अनि तेमानीहरुको देस्को हूशाम्ले त्येस्को साटो राज् ३४
गर्यो। तब हूशाम् मर्यो अनि बदद्को छोरो हदद्ले जस्ले मिद्यान्लाइ ३५
मोआबको बन्मां मार्यो त्येस्को साटो राज् गर्यो . अनि त्येस्को राज्धानीको
नाउं अवीत् थियो। तब हदद् मर्यो अनि मस्रेकाको सम्लाले त्येस्को साटो ३६
राज् गर्यो। तब सम्ला मर्यो अनि महानदीको तीर्को रहोबोत् सहर्को ३७
शाऊलले त्येस्को साटो राज् गर्यो। तब शाऊल् मर्यो अनि अक्बोर्को ३८
छोरो बाल्हानान्ले त्येस्को साटो राज् गर्यो। तब अक्बोर्को छोरो ३९
बाल्हानान् मर्यो अनि हदरले त्येस्को साटो राज् गर्यो . अनि त्येस्को
राज्धानीको नांउ पाऊ थियो अनि त्येस्की सुखैंनीको नांउ महेतबेल् थियो
जो मेजाहाबकी छोरी मत्रेद्की छोरी थिई। अनि तिनका कुल् अनुसार् ४०
तिनका ठांउ गरि तिनका नांउ काढि एसाव् देखि भयेका अधिपतिहरु
यिनै हुन् तिम्ना अधिपति अल्वा अधिपति यतेत् अधिपति ओहोलीबामा ४१
अधिपति एला अधिपति पीनोन् अधिपति कनज् अधिपति तेमान् ४२
अधिपति मिब्सार् अधिपति मग्दीएल् अधिपति ईराम् अधिपति . ४३
तिनको पाय्येको देस्मां तिनका बासेसहर् अनुसार् गरि एदोम्का अधिपतिहरु
यिनै हुन्। एदोमीहरुको पिता एसाव् येइ हो॥

(यूसुफ्को बखान्)

३७ १ अनि याकूब् आफ्नु बाबुले प्रबास् गर्येको कनान् देसमां रहंद
२ थियो । याकूबका पुस्ता पुस्ता यि हुन् । यूसुफ्ले जो सत्रह् बर्षको थियो
आफ्ना दाज्युहरु सङ भेंड़ाबाखा चराउंद थियो अनि केटो हुंदा आफ्नु
बाबुको स्वास्नीहरु बिल्हा र जिल्पाका छोराहरुको साथ थियो. अनि
३ यूसुफ्ले तिनको बिषयको बुरो सोहोरा तिनको बाबुकां ल्यायो । अब
इस्राएल्ले आफ्ना सब्बै छोराहरु भन्दा बेसि यूसुफ्चइंलाइ प्रिय जान्यो
किनभन्ये त्यो त्यस्को बूढेसकाल्को छोरो थियो. अनि त्यस्ले त्यस्को लागि
४ रंगबिरंगको येउटा लक्व् बनाइ दियो । त जसै त्यस्का दाज्युहरुले हांम्रो
बाबुले हांमि सबै भाई भन्दा बेसि त्यो सित पिर्ति राखद्छ भनि देख्ये
तब त्यो देखि इबि राख्ये अनि त्यो सित मेल्का कुरा गर्नु सक्दैन थिये ।
५ अनि यूसुफ्ले येउटा सपना देख्येर त्यस्को बखान् आफ्ना दाज्युहरु सित
६ कह्यो. त तिनिहरुले त्यो देखि अरु पनि बेसि इबि राख्ये । त त्यस्ले
७ तिनिहरुलाइ भन्यो कृपा गरि सुन मैंले कस्तो सपना देख्यें. कस्तो भन्ये
हांमिहरु खेत्मां बिटा बान्धद राख्थ्यौं फेरि की देख्यें भन्ये मेरो चइं बिटा
ठाड़ो उभीयो अनि हेर तिमिहरुका चइं बिटाले मेरो बिटालाइ घेर्येर
८ दण्डवत् गर्ये । तब त्यस्का दाज्युहरुले त्यस्लाइ भन्ये की तैंले सांचि सांचिनै
हांमिहरु मांथि राज् र प्रभुतैं गर्छस्. त तिनिहरुले त्यस्का सपनाको र
९ त्यस्का कुराको कारणले त्यो देखि झन् बेसि इबि राख्ये । फेरि त्यस्ले अरु
येउटा सपना देख्यो अनि आफ्ना दाज्युहरुलाइ त्यस्को बखान् गरि भन्यो
हेर मैंले अरु येउटा सपना देख्यें की भन्ये घाम् र जून् र एघारै ताराहरुले
१० मंलाइ दण्डवत् गरि रह्याका राछन् । त त्यस्ले यो सपना आफ्नु बाबु
र दाज्युहरुलाइ बखान् गर्यो तब त्यस्को बाबुचइंले त्यस्लाइ हकारि भन्यो
यो तैंले देख्येको कस्तो सपना हो. की सांचि सांचिनै मं र तेरो आंमा र
तेरा दाज्युहरुले आयेर तेरो सांमु भूइं सम्म निउंरि अष्टाङ्गप्रणाम् गरुं ।
११ त त्यस्का दाज्युहरुले ता त्यो देखि डाहा गर्ये तर त्यस्को बाबुचइंले त्यो
१२ बचन् आफ्नु मन्मां जोगाइ राख्यो । अनि त्यस्का दाज्युहरु आफ्नु
१३ बाबुका भेंड़ाबाखा शकेममां चराउंनुलाइ गये । तब इस्राएल्ले यूसुफ्लाइ
भन्यो की तेरा दाज्युहरुले शकेम्मां गोठ् चराउंदैनन् आउज मं तंलाइ
१४ तिनिहरु थांइ पठाउंछु भनि अनि त्यस्ले त्यस्लाइ भन्यो ज्यु । फेरि त्यस्ले
त्यस्लाइ भन्यो गयेर आफ्ना दाज्युहरु र भेंड़ाबाखाको कुशल् हेर्येर
मं थांइ समाचार् ले । त त्यस्ले त्यस्लाइ हेब्रोन्को तरि देखि पठाइ दियो
१५ अनि त्यो शकेम् निर पुग्यो । तब येउटा मान्छेले त्यस्लाइ बन्मां हराइंदै
१६ हिंड़्येको पायेर त्यस्लाइ भन्यो की खोजद छौ । तब त्यस्ले भन्यो
आफ्ना दाज्युहरुलाइ खोजद छु. कृपा गरि भनि देउ तिनिहरुले कहां
१७ चराउंद छन् । त्यस् मान्छेले भन्यो तिनिहरु ता यहां बाटो हिंड़्ये.

कसोगरिभन्ये तिनिहरुको सुन्ये थ्यें लु दोतान्मां जाऊं भन्ये । त यूसुफ्
आफ्ना दाज्युहरुको पछि पछि गयो अनि तिनिहरुलाइ दोतान्मां भेटायो ।
जसै तिनिहरुले त्येस्लाइ टाड़ो बाटो देख्ये तब त्यो आइ पुग्नु भन्दा १८
अघिउंदै त्येस्लाइ छल् गरिकन मार्ने जुक्तिको बिचार् गर्ये । अनि १९
तिनिहरुले आपस्तमां भन्नु लाग्ये हेर त्यो सपना देखैया आउंदै छ । त लु २०
अब त्येस्लाइ मार्येर येउटा कूप्मां हालि दिऊं अनि भनूं कोई दुष्ट जन्तुले
त्येस्लाइ खायो होला भनि . वहांदेखि हेर्नु पर्ला त्येस्का सपनाको क्य फल्
हुंने रह्छ । तर जसै रूबेन्ले यो सुन्यो तब त्येस्लाइ तिनिहरुको हात् २१
देखि बचायेर भन्यो त्येस्को प्राण् चइं मारि न हालूं । फेरि रूबेन्ले २२
तिनिहरुलाइ भन्यो क्येइ लोहू न बहाव बरु त्येस्लाइ बन्को येस् कूप्मां
हालि देव तर त्यो माथि हात् न हाल . त्येस्लाइ तिनको हात् देखि
छोड़ाइ त्येस्को बाबुकां फर्काइ पुर्याइ दिउं भन्येर । त येसो भयो जब २३
यूसुफ् आफ्ना दाज्युहरु थांइ आइ पुगि हाल्यो तब तिनिहरुले त्येस्को
बक्खू अर्थात् त्येस्ले लायेको त्यो रंगाबिरंगको बक्खू काड़ि लग्येर त्येस्लाइ २४
कूप्मां हालि दिये . अनि त्यो कूप् सुक्येको थियो त्येस्मां पानी क्येइ थियेन ।
वहांदेखि तिनिहरु खाजा खांनु बस्ये . अनि आंखा उचाल्येर क्ये देख्ये २५
इश्माएलीहरुको येउटा बटोर गट्ठा गिलाद् बाटो आउंदै रह्छ आफ्ना
ऊंट्हरु माथि सुगन्ध् द्रब्य बल्सान् र मुर् बोकायेर मिस्रमां जांनुलाइ ।
तब यहूदाले आफ्ना दाज्युभाईहरुलाइ भन्यो आफ्नु भाईलाइ मारि त्येस्को २६
लोहू लुकायेकोले क्य नाफा हुंछ । बरु लु त्येस्लाइ यि इश्माएलीहरुको २७
हात्मां बेचि दिऊं अनि त्यो माथि आफ्नु हात् न हालूं किनभन्ये
हामिहरुको भाई हामिहरुको हाड्मासु हो । त त्येस्का दाज्युभाईहरुले
त्येस्को मान्ये । अनि मिद्यानी बेपारीहरु त्येता बाटो जांदै थिये त २८
तिनिहरुले यूसुफ्लाइ कूप् देखि तानि निकाल्येर त्येस्लाइ इश्माएलीहरुको
हात्मां चांदीका बीस् रुपियामां बेचि दिये । त तिनले यूसुफ्लाइ मिस्रमां
लग्ये । येतिमां रूबेन्ले फेरि गयेर कूप्मां क्ये देख्यो यूसुफ् ता कूप्मां २९
रैनछ तब त्येस्ले आफ्नु लुगा फाट्यो । अनि आफ्ना भाईहरुकां फर्कि ३०
आयेर भन्यो केटो ता रैनछ त अब मं चइं मं कता जाउं । वहांदेखि ३१
तिनिहरुले यूसुफ्को बक्खू लियेर येउटा बाख्रा काटि बक्खू रगत्मां चोभल्ये
अनि त्यो रंगाबिरंगको बक्खू पठायेर आफ्नु बाबुकां येसो भन्दै ल्याइ दिये ३२
यो हामिहरुले पायूं . हेर्येर चिन्नु तिम्रो छोरोको बक्खू हो कि होइन ।
अनि त्येस्ले त्यो चिनि हाल्यो अनि भन्यो अं मेरो छोरैको बक्खू ता हो ३३
कोई दुष्ट जन्तुले त्येस्लाइ खायो होला निस्से यूसुफ् फहराईयो । तब ३४
याकूब्ले आफ्नु लुगा फार्येर आफ्नु कम्मर्मां भाङ्ग्रा लायो अनि आफ्नु
छोरोको लागि धेरै दिन् सम्म शोक् गरि रह्यो । अनि त्येस्का सबै छोराहरु ३५
अनि छोरीहरुले त्येस्लाइ शान्ति दिंने फिक्रि ता गर्नु लाग्ये तर त्येस्ले शान्त
हुंनु मान्येन तर भन्यो होइन मं बिलाप् गर्दै आफ्नु पुत्र थांइ पत्ताल्मां

३६ उत्रि जांकु । त त्येस्को बाबु त्येस्को लागि रोइ रह्यो । अनि मिद्यानीहरुले
त्येस्लाइ मिस्रमां लग्येर पोतीपर्को हात्मां बेचि दिये जो फिरऊन्कांको
येउटा मालिक् अर्थात् पहरूको कप्तान् थियो ॥

(यहूदाको बखान्)

३८ १ त्यो ताक येसो भयो यहूदा आफ्ना दाज्युभाईहरु थांइ देखि
उत्रि गयेर हीरा नांउ भयेको एक् जना अदुल्लामी तिर फर्क्येर पाल्
२ टांग्यो । त्यहां यहूदाले शू नांउ भयेको एक् जना कनानीको छोरीलाइ
३ देख्यो अनि त्येस्लाइ ल्यायेर त्येस्कां गयो । त्येस्ले गर्भिणी भइ येउटा छोरो
४ जन्माई अनि यहूदाले त्येस्को नांउ एर् राख्यो । अनि त्येस्ले फेरि गर्भिणी
५ भइ येउटा छोरो जन्माई अनि त्येस्को नांउ ओनान् राखी । अनि फेरि
त्येस्ले अरु येउटा छोरो जन्माई अनि त्येस्को नांउ शेला राखी . अनि त्येस्ले
६ येस्लाइ जन्मायेको बेलामां यहूदा कजीब्मां रहंद थियो । फेरि यहूदाले
आफ्नु जेठो छोरो एर्को व्याहाको लागि येउटी तामर् नांउ भयेकी
७ स्त्रीलाइ ल्यायो । तर यहूदाको जेठो छोरो एर् यह्वेको मुखेंजि दुष्ट
८ थियो येस्कारण यह्वेले त्येस्लाइ मांर्यो । त यहूदाले ओनान्लाइ भन्यो
आफ्नी भाउज्युकां गयेर त्यो सित देवर्को धर्म्म गरि आफ्नु दाज्युको
९ लागि वंश उप्जा । तर ओनान्ले जान्द थियो वंश मेरो ठहर्दैन भनि त
येसो भयो त्यो आफ्नी भाउज्युकां जांदा भूंइमां पोखाइ नष्ट गर्‍यो आफ्नु
१० दाज्युको लागि वंश न दिउं भन्य्रेर । तर त्येस्ले गर्‍येको काम् यह्वेको
११ मुखेंजि दुष्ट भयो . त उस्ले त्येस्लाइ पनि मांर्यो । तब यहूदाले आफ्नी
बुहारी तामर्लाइ भन्यो मेरो छोरो शेला बढेरको न होउंज्याल् सम्म
आफ्नु बाबुको घर्मां बिधुवीनै भइ रह् . किनभन्य्ये होइन भन्य्ये ता त्यो
पनि आफ्ना दाज्युहरु झैं मर्ला भनि ठान्यो । त तामर् आफ्नु बाबुको
१२ घर्मां गइ बसि रही । जसै धेरै दिन् बिति गये तब शूकी छोरी यहूदाकी
स्वास्नी मरी अनि यहूदा शोक् देखि छुटि आफ्नु मित्र हीरा अदुल्लामी
१३ सङ तिम्नामां आफ्ना भेंडाबाख्राका ऊण् कत्र्नेहरुकां चढि गयो । तब
तामर्लाइ यो खबर् पुर्‍याईयो हेर् तेरो ससुरा तिम्नामां आफ्ना
१४ भेंड़ाबाख्राका ऊण् कत्र्नुलाइ चढि जांदै छ भन्य्ये । त त्येस्ले आफ्नु
बिधुवीपहिरन् झिकि राख्य्रेर आफुलाइ पछ्उराले ढाक्य्रेर आफुलाइ बेहेरि
तिम्नाको बाटोमां भयेको एनैम्को ढोकामां गइ बसी . किनभन्य्ये त्येस्ले
१५ शेला बढेरको भयो र पनि त्येस्की स्वास्नी हुंनु पाइंन भनि देखी । जसै
यहूदाले त्येस्लाइ देख्यो तब त्येस्लाइ कोई बेश्ये हो भनि ठान्यो कसोगरिभन्य्ये
१६ त्येस्ले आफ्नु मुख् ढाक्य्रेकी थिई । त त्येस्ले बाटैमां त्यो तिर फर्क्येर भन्यो लु
मंलाइ आउंनु दे . किनभन्य्ये मेरी बुहारी हो भनि जान्दैन थियो । तब
१७ त्येस्ले भनी तिमिलाइ आउंनु दियें भन्य्ये मंलाइ के दिंछौ । त्येस्ले भन्यो
म आफ्नु गोठ् देखि येउटा बाख्राको पाठो तेरां पठाइ दिंकु । फेरि त्येस्ले

भनी त त्यो न पठाउंज्याल् सम्म मेरां के बन्धक् राखि जांछौ। त्येस्ले तेरां १८
के बन्धक् राखि जाउं भनि सोध्यो। त्येस्ले भनी आफ्नु छाप् र डोरी र
हात्को लउरो देउ। त त्येस्ले त्येस्लाइ ति दियेर त्येस्कां गयो त त्यो त्यो देखि
गर्भिणी भइ गई। तव त्यो उठेर गई अनि आफ्नु पछ्यउरा उतारि राख्येर १९
आफ्नु विधुवीपहिरन् लगाई। तव यहूदाले त्यो बाख्राको पाठो आफ्नु २०
मित्र अदुल्लामीको हात्मां पठाइ दियो आइमाइको हात् देखि बन्धक्
निखनि ल्याउंनुलाइ. तर त्येस्ले त्येस्लाइ भेटेरन। तव त्येस्ले त्येस्को ठांउका २१
लोगलाइ सोध्यो त्यो एनेम्को बाटोको छेउमां बसि रहंने बेश्ये कहां छ।
तर तिनिहरुले भन्ये यहां ता कोई बेश्ये थिईन। तव त्येस्ले यहूदाकां २२
फर्कि आयेर भन्यो मैंले ता त्येस्लाइ भेटिंन अं त्येष् ठांउका मान्छेहरुले पनि
भन्ये यहां ता कोई बेश्ये थिईन। तव यहूदाले भन्यो हुंछ त्येसैकां राखि २३
छोड़ीओस् होइन भन्ये ता हांमिहरु लाज्मां पारौंला मांत्रै. हेर मैंले ता
बाख्राको पाठो पठायेकै थियें तर तिमिले त्येस्लाइ भेटयौन। तीन् महीना २४
पछि येसो भयो यहूदाकां यो खबर् पुग्याईयो तिम्री बुहारी बेश्ये भई अं
त्यो बेश्येको काम् गर्य्येकोले गर्भिणी पनि भयेकी छ भन्ये। तव यहूदाले भन्यो
त्येस्लाइ बाहर ल्याव त्यो डड़ाईओस्। जव त्येस्लाइ निकाल्दै थिये तव त्येस्ले २५
आफ्नु ससुराकां भनि पठाई जस् पुरुषका यि थोक् हुन् त्येइ देखि गर्भिणी
भयें. फेरि त्येस्ले भनी लौ चिनि हेर त यो छाप् र डोरी र लउरो कस्का
हुन्। तव यहूदाले ति चिनि स्वीकार् गरि भन्यो त्यो मं भन्दा धर्म्मिनी २६
रछ कसोगरिभन्ये मैंले आफ्नु छोरो शेलालाइ त्येस्लाइ दिइंन। अनि त्येस्ले
त्येस्लाइ फेरि जान्येन। जव त्येस्को सुत्केरि हुंने बेला आयो तव के थाहा २७
भयो भन्ये त्येस्को गर्भमां जम्ल्या रछन्। अनि त्येस्ले जन्माउंदा येसो भयो येउटाको २८
हात् निकल्यो. तव सुंड़ेनिले सिंदूरे रंगको धागो लियेर त्येस्को हात्मां
बान्धि दिई पहिले निकल्येको येइ हो भन्दै। फेरि जव त्येस्ले आफ्नु हात् २९
थुति लग्यो तव येसो भयो त्येस्को भाई चइं पो निस्कि आयो. अनि त्येस्ले
भनी तैंले किन फोरिकन आफ्नु लागि छेंड़ बनाइस्. त त्येस्को नांउ पेरेस्
राखीयो। अनि पछाड़ि त्येस्को दाज्यु चइं जस्को हात्मां त्यो सिंदूरे रंगको ३०
धागो थियो निकल्यो. अनि त्येस्को नांउ जेरह् राखीयो॥

(यूसुफ् झेल्खान्मां पर्नु)

३९ अव यूसुफ्लाइ मिस्रमां लग्ये तव पोतीपर् भन्ने एक् जना मिस्रीले १
जो फिरऊन्कांको येउटा मालिक् अर्थात् पहरुको कप्तान् थियो त्येस्लाइ
ल्याउंने इश्माएलीहरुको हात् देखि किन्यो। तर यह्वे यूसुफ् सङ रह्यो २
अनि त्यो भाग्येमान् मान्छे भयो. अनि आफ्नु ठाकुर् त्येस् मिस्रीको
घर्मां रहंने गर्दे थियो। अनि त्येस्को ठाकुर्ले देख्यो यह्वे त्यो सङ ३
रहंद रछ अनि जुन् काम् त्येस्ले गर्दछ त्येस्मां यह्वेले त्येस्को हात् देखि
सुफल् गराइ दिंद रछ भनि। तव त्येस्को अनुग्रह् यूसुफ् मांथि भयो ४

अनि त्यो त्येस्को टहलुवा भयो. फेरि पोतीपर्ले त्यस्लाइ आफ्नु घराधिकारी
५ तुल्यायो अनि आफ्ना ज्यावत् थोक् त्येस्को हात्मां सुम्पि दियो। त येसो
भयो जब देखि त्येस्ले त्येस्लाइ आफ्नु घर् र आफ्ना ज्यावत् थोकको
अधिकारी तुल्यायो तब देखि यह्वेले यूसुफ्को कारणले त्यस् मिस्रीको
घर्मां आशीष् दिंनु लाग्यो अनि क्यै घर्मां क्यै बन्मां त्येस्को ज्ये ज्ये थियो
६ सबै मांथि यह्वेको आशीष् थियो। त त्येस्ले आफ्ना ज्यावत् थोक्
यूसुफ्को हात्मां छोड़ि दियो अनि आफ्नु खांने रोटी बाहिक् त्यस्ले त्येस्कां
भयेको सम्पत्तिको बिषय्मां क्येइ जान्दैन थियो। अनि यूसुफ् सुरूपवन्त
७ र सुन्दर् थियो। यि कुरा पछि येसो भयो यूसुफ्को ठाकुर्की सुर्खेनीले
८ त्यो तिर आंखा लगाई अनि भनी मं सित सुत्। तर त्यस्ले अस्वीकार् गरि
आफ्नु ठाकुर्की सुर्खेनीलाइ भन्यो हेर्नु हवस् घर्मां ज्ये ज्ये मेरां छ त्येस्को
बिषय्मां मेरा ठाकुर्ले क्येइ जान्दैनन् अनि तिन्ले आफ्ना ज्यावत् थोक्
९ मेरो हात्मां सुम्पि दियेका छन् येस् घर्मां मं भन्दा बड़ा कोई छैन
अनि तिन्ले मंलाइ न दिइ क्येइ कुरो राखि छोड़्यका छैनन् खालि
आफुलाइ मांत्रै किनभन्ये आफु तिन्की सुर्खेनी हौ. त मं कसोगरि
१० यो ठूलो दुष्टैं गरिकन ईश्वर्को अपराधी होइ जांउ। अनि येसो भयो
त्यस्ले यूसुफ्लाइ दिनहूं भन्दै रही र पनि त्येस्ले त्येस्को त्यो सङ ढल्कंनु कि
११ त्यो सित हुंनुलाइ सुन्येन। तर एक् दिन् येसो भयो त्यो आफ्नु कामकाज्
गर्नुलाइ घर्मां गयो अनि त्यहां भित्र घर्का चाकरेहरूमांको कोई थियेन।
१२ तब त्येस्ले त्येस्को लुगामां समात्येर मं सित सुत् भनी. तब त्यो आफ्नु लुगा
१३ त्येस्को हात्मां छोड़्यर भागि बाइर निक्लि गयो। तब येसो भयो जब
त्येस्ले देखी आफ्नु लुगा मेरो हात्मां छोड़ि राखि बाइर निक्लि भागि
१४ गयो भनि तब त्येस्ले घर्का चाकरेहरूलाइ बोलायेर तिनलाइ भनी
हेर तिन्ले येउटा इब्रानीलाइ हांमि सित ठट्टा गर्नुलाइ हांमिहरूकां
ल्यायेका छन् त्यो मं सित सुत्ने मतलब्ले मं थांइ आयो तब मं सारो
१५ चिच्याइ उठेंर. अनि येसो भयो जसै त्येस्ले मंलाइ कंकलास् शब्दले
चिच्यायेको सुन्यो तब त्यो आफ्नु लुगा मेरां छोड़ि राख्येर भागि बाइर
१६ निक्लि गयो। फेरि त्येस्ले त्येस्को ठाकुर् घर न आउंज्याल् सम्म त्येस्को
१७ लुगा आफुकां राखि छोड़ी। तब त्येस्ले त्येस्लाइ येस्तो काम्का कुरा भनी
त्यो तिमिले हांमिहरूकां ल्यायेको इब्रानी कमांरो मं सित ठट्टा गर्नुलाइ
१८ मेरां आयो. अनि येसो भयो जसै मं कंकलास् शब्दले चिच्याइ उठेंर
१९ तब त्यो आफ्नु लुगा मं छेउ छोड़ि राख्येर बाइर भागि गयो। त येसो
भयो जसै त्येस्को ठाकुर्ले आफ्नी सुर्खेनीका कुरा सुन्यो जुन् त्येस्ले त्येस्लाइ
भनी तिम्रो कमांरोले मं सित येस्तोरि गय्यो भन्ये तब त्येस्को क्रोध् बलि
२० उठ्यो। वहांदेखि यूसुफ्को ठाकुर्ले त्येस्लाइ लग्येर झेल्खान्मां हालि
दियो जहां राजाका बन्धुवाहरू बान्धि राखींद थिये. त त्यो त्यहां
२१ झेल्खान्मां परि रह्यो। तर यह्वे यूसुफ् सङ रह्यो अनि त्यो मांथि

कृपा गरि झेलखाने सुबिदारको मुखैंजि त्यसलाइ अनुग्रह गराइ दियो।
अनि झेलखाने सुबिदारले झेलखानमां भयेका सब्बै बन्धुवाहरूलाइ २२
यूसुफको हातमां सुम्पि दियो अनि त्यहां जे जे गर्थ्ये त्यो सब्बै गराउंने त्यैइ
हुंथ्यो। त्यसको तान्निमां जे जे थियो त्यस्मांको कुनै कुरो झेलखाने २३
सुबिदारले हेर्नु पर्दैन थियो कसोगरिभन्ये यहवे त्यो सङ थियो अनि
जे जे त्यसले गर्थ्यो यहवेले त्यो सुफल गराइ दिंथ्यो॥

यि कुरा पछि येसो भयो मिस्रको राजाका पियाउंने र पकाउंनेले ४० १
आफनु स्वामी मिस्रको राजाको अपराध गर्य्ये। तब फिरऊन आफना दुवै २
मालिकहरू अर्थात् पियाउंनेहरूको मूल र पकाउंनेहरूको मूल माथि
रागोयो। त त्यसले तिनिहरूलाइ पहरूको कप्तानको घरमां अर्थात् त्यसै ३
झेलखानमां जहां यूसुफ बन्धुवा थियो पहरामां हालि दियो। तब पहरूको ४
कप्तानले तिनिहरूलाइ यूसुफको हातमां सुम्पि दियो अनि येसले तिनिहरूको
हेरटहल गर्थ्यो. अनि तिनिहरू अलिक दिन सम्म पहरामां रह्ये। अनि ५
ति दुवैले एक एक गरि एकै रातमां आफनु आफनु सपनाको अर्थखोलाई
अनुसारका सपना देख्ये अर्थात् झेलखानमां बन्धुवा भइ रहने मिस्रको राजाका
पियाउंने र पकाउंनेले। त बिहान यूसुफ तिनिहरूकां गयो अनि तिनिहरूलाइ ६
हेरि कन देख्यो भन्ये तिनिहरू उदास उदास रह्छन्। त त्यसले त्यो सङ ७
त्यसको स्वामीको घरको पहरामां हुने फिरऊनका मूल चाकरहरूलाइ आजु
तिमिहरूका मुख किन मुर्झेका छन् भनि सोध्यो। तब तिनिहरूले त्यसलाइ ८
भन्ये हामिहरूले येउटा येउटा सपना देख्येका छौं अनि तिनका अर्थ खोल्ने
कोई छैन। तब यूसुफले तिनलाइ भन्यो कि सपनाको अर्थ खोल्नु ईश्वरैको
काम होइन. कृपा गरि मंलाइ आफनु आफनु सपना कह। त मूलपियाउंनेले ९
यूसुफलाइ आफनु सपना भन्न लाग्यो अनि त्यसलाइ भन्यो मेरो सपनामां कि
देखाइा पर्यो भन्ये येउटा दाखको बोट मेरो सांमु रह्छ अनि दाखको १०
त्यस बोटमां तीनवटा डाला रह्छन्. अनि त्यस्मां कोपिला लाग्ये जस्तो भयो
अनि त्यसका फूल निकल्ये अनि त्यसका झुप्पामां दाख फल्येर पाक्ये पनि.
अनि फिरऊनको कटोरा मेरो हातमां रह्छ त मैले दाखहरू लियेर ११
फिरऊनको कटोरामां निचर्यें अनि कटोरा फिरऊनको हातमां दियें। तब १२
यूसुफले त्यसलाइ भन्यो येसको अर्थखोलाई यो हो. तीन डाला चाइं ता तीन
दिन हुन् अबको तीनै दिन बितदोमां फिरऊनले तिम्रो सिर उठायेर १३
तिमिलाइ तिम्रो काममां फेरि राखछन्. अनि तिमिले अगाडि फिरऊनको
पियाउंने छंदाखेरि झैं तिनको हातमां तिनको कटौरा फेरि दिने गर्छौ।
तर जब तिम्रो भलो होला तब मंलाइ सम्झि राखनु अनि मं माथि १४
टिठालु भइ फिरऊन सित मेरो चर्चा गरि मंलाइ यो घर देखि छोड़ाइ
दिंनु. किनभन्ये सांच्चि सांचिनै मं इब्रीहरूको देस देखि चोरीयें. अनि १५
यहां पनि मैले येस्तो केहि गर्य्येको छुइंन जसको कारणले मं येस कैदीकूपमां
हालीनु पर्थ्यो। जसै मूलपकाउंनेले त्यस सपनाको अर्थ जाति निकल्येको १६

B. F. B. S.—5

देख्यो तब त्यस्ले यूसुफ्लाइ भन्यो मैंले पनि येउटा सपना देख्येको छु त
को देख्यों भन्ये मेरो सिर् मांथि सेता सेता रोटीका तीनवटा डालोहरु
१७ थिये . अनि माथिल्लो चइं डालोमां फिरऊन्को लागि रकम् रकम्का
पकायेका भोजन् राक्छन् अनि पंछीहरुले त्येस् मेरो सिर् मांथि भयेको
१८ डालोमां बस्येर ति टुक्रि टुक्रि खाइ रह्येका राक्छन् । तब यूसुफ्ले उत्तर्
दिइ भन्यो येस्को अर्थखोलाई यो हो . तीनवटा डालोहरु तीन् दिन् हुन्
१९ अबको तीनै दिन् बित्दोमां फिरऊन्ले तिम्रो सिर् तिमि देखि उठायेर
तिमिलाइ येउटा रुखमां झुंड्याइ दिंछ अनि पंछीहरुले तिम्रै जीउमां तिम्रो
२० मांसु टुक्रि टुक्रि खांछन् । त तीस्रो दिनमां जो फिरऊन्को जन्मदिन्
थियो येसो भयो त्येस्ले आफ्ना सब्बै चाकरेहरुको लागि भोज् लायो .
अनि आफ्ना चाकरेहरुमां मूल्पियाउंनेको र मूलपकाउंनेको सिर् उठायो ।
२१ अनि त्यस्ले मूल्पियाउंनेलाइ पियाउंनेकाम् फेरि दियो त त्यस्ले फिरऊन्को
२२ हातमां कटौरा दिंने गर्यो . तर मूलपकाउंनेचइंलाइ झुंड्याइ दियो .
२३ जसो यूसुफ्ले तिनलाइ अर्थ खोलि दियेको थियो । तैपनि मूलपियाउंनेले
यूसुफ्को सम्झना राख्येन तर त्यस्लाइ बिर्स्यो ॥

(यूसुफ्को छुट्कारा)

४१ १ फेरि पूरा दुइ बर्ष बित्ये पछि येसो भयो फिरऊन्ले सपना देख्यो .
२ त के देख्यो भन्ये मं नील् नदीको तीरमां उभोइ रह्येको रांछु । त हेर
नील् नदी देखि सातवटी राम्री राम्री अनि मोटी मोटी गाई निक्ल्येर
३ निह्लालोको घांसमां चर्न लागिन् । अनि हेर अरु सातवटी गाई जुनहरु
नराम्री र दुब्लो थिइन् तिनको पछि पछि निक्लिन् अनि तिनिहरुको
४ छेउमां नदीको तीरमां उभोइन् । वहांदेखि नराम्री र दुब्लो गाईहरुले
साते राम्री अनि मोटी गाईहरुलाइ खाइ हालिन् । येतिमां फिरऊन्
५ बिउंझ्यो । फेरि त्यस्ले सुत्येर अर्को सपना देख्यो के भन्ये एकैवटा डांठमां
६ सातवटा भरीला भरीला र जाति जाति बाला निक्ल्ये । अनि हेर सातवटा
बाला सेप्रा सेप्रा र पूर्ब बतासले ओइल्याईयेका तिनको पछि पसाये ।
७ वहांदेखि सेप्रा सेप्रा बालाहरुले साते भरीला भरीला र अन्नले भरीयेका
बालाहरुलाइ निलि हाल्ये । तब फिरऊन्ले बिउंझेर सपना पो रछ भनि
८ थाहा पायो । बिहान येसो भयो फिरऊन्को आत्मा ब्याकुल् भयो वहांदेखि
त्येस्ले मिस्रका सब्बै जोसिहरुलाइ र पण्डितहरुलाइ बोलायेर तिनिहरुलाइ
आफ्ना सपना कह्यो तर फिरऊन्लाइ तिनको अर्थ खोल्नु सक्ने कोई
९ थियेन । तब मूल्पियाउंने फिरऊन्लाइ येसो भन्दै बोलि उठ्यो मं आजुको
१० दिन् आफ्ना अपराध् सम्झंइ छु . फिरऊन् आफ्ना चाकरेहरु देखि
रागायेका थिये अनि मंलाइ र मूलपकाउंनेलाइ पहरुको कप्तानको घरमां
११ पहरामां हालि दिंनु भयेको थियो . वहां हामि दुवै जनाले एकै
रातमां आफ्नु आफ्नु सपनाको अर्थखोलाई अनुसार् एक् एकवटा सपना

देख्यूं । अनि त्यहां हांमिहरु सङ येउटा पहराको कप्तान्को कमांरो इब्रानी १२
जुवान् थियो त आफ्नु आफ्नु सपना त्यस्लाइ कह्यूं अनि त्यस्ले तिनको
अर्थ हांमिहरुलाइ खोल्यो एक् एक्लाइ त्यस्को सपनाको अर्थ अनुसार्
खोलि दियो। अनि येसो भयो त्यस्ले हांमिहरुलाइ जस्तो अर्थ खोलि १३
दियेको थियो त्यस्तै निक्ल्यो पनि मंलाइ ता मेरो मान् फेरि दियो तर
त्यस्चइंलाइ झुंड्याइ दियो। तब फिरऊन्ले यूसुफ्लाइ बोलाइ पठायो १४
अनि त्यो फुर्ति सित कैदीकूप् देखि निकालीयो. त त्यो कपाल् खौरायेर
लुगा फेर्येर फिरऊन् थांइ गयो। तब फिरऊन्ले यूसुफ्लाइ भन्यो मैंले १५
येउटा सपना देख्यें अनि त्यस्को अर्थ खोल्नु सक्ने कोइ छैन . अनि मैंले
तेरो विषय्मां सुन्यें तैंले सपनाको मर्म येस्तो गरि जान्दछस् अरे तिनको
अर्थ खोल्नु सक्छस् अरे। तर यूसुफ्ले फिरऊन्लाइ भन्यो मं ता कोइ १६
पनि गर्नु सक्दीन . ईश्वरैले फिरऊन्लाइ शुभ उत्तर् देवस्। त फिरऊन्ले १७
यूसुफ्लाइ भन्यो मैंले आफ्नु सपनामां के देख्यें भन्ये नील् नदीको तीरमां
उभीयेको रांछु. फेरि के देख्यें भन्ये नदी देखि सात्वटी मोटी मोटी र १८
राम्री राम्री गाईहरु निक्ल्येर निडालोको घांस्मां चर्नु लागिन् . फेरि के १९
देख्यें भन्ये तिनका पछि अरु सात्वटी गाईहरु निक्लिन् जुन्हरु निर्धी र
अरघोर् नराम्रीहरु र दुब्ली दुब्ली थिइन् मैंले ता येस्ती अभागिनी
गाईहरु सिंगै मिस्र देस्मां कहिले पनि देखिंन . अनि दुब्ली र नराम्री २०
गाईहरुले अघिल्ली सातै मोटी मोटी गाईहरुलाइ खाइ हालिन् . अनि २१
तिनलाइ खाइ हाल्ये पछि तिनलाइ खाइ हालिन् भन्ये थाहा हुंनु सक्दैन
थियो जस्तोको तस्तो नराम्रीको नराम्रीनै रहिन्. तब मं बिउंझें। फेरि २२
सपनामां के देख्यें भन्ये एकैवटा डांठ्मां सात्वटा अन्नले भरीयेका जाति
जाति बाला पसाये . फेरि के देख्यें भन्ये सात्वटा बाला खाली खाली र २३
सेप्रा सेप्रा र पूर्ब बतास्ले ओइल्याईयेका ति पछि पसाये . अनि सेप्रा २४
बालाहरुले सातै जाति बालाहरुलाइ निलि हाल्ये. अनि मैंले जोसिहरुलाइ
येस्को बखान् गर्यें तर त्यो मंलाइ बुझाउंनु सक्ने कोई थियेन। तब २५
यूसुफ्ले फिरऊन्लाइ भन्यो फिरऊन्का दुवै सपना एकै हुन्. ईश्वर्ले ज्ये
गर्नु आंटेको छ त्यो उस्ले फिरऊन्कन जनाये छ। सातै जाति जाति २६
गाईहरु सात् बर्ष हुन् अनि सातै जाति जाति बालाहरु सात् बर्ष हुन् . दुवै
सपना एकै हुन्। अनि ति पछि निक्लनें सातै दुब्ली र नराम्री २७
गाईहरु सात् बर्ष हुन् अनि सातै रित्ता र पूर्ब बतास्ले ओइल्याईयेका
बालाहरु पनि . यि ता अनिकालका सात् बर्ष हुंनेका हुन्। यो २८
त्येइ कुरो हो जुन् मैंले फिरऊन्कन भनि सकें. ईश्वरले ज्ये गर्नु आंटेको
छ त्यो उस्ले फिरऊन्कन देखाये छ। हेर्नु हवस् सिंगै मिस्र देस्मां २९
अरघोर् सहकाले सात् बर्ष आउंनु आंटेका छन्. अनि ति पछि ३०
अनिकाले सात् बर्ष आउंछन् अनि मिस्र देस्मां त्यो सिंगै सहकाल्
बर्साईंछ अनि अनिकाल्ले देस् नष्ट पार्छ अनि पछाडि आउंने ३१

अनिकालको कारणले देसमां सहकाल् भयेको थाहा रहंदैन कसोगरिभन्ये
३२ अग्घोरै सारो हुंछ। अनि फिरऊनले यो सपना दुइ खेप् गरि दोहोर्यायेर
देखनु भयो त येस्को भेद् येइ हो यो कुरो ईश्वर् पट्टि बाटो ठहराइ स्थिर्
३३ भइ सक्यौयो अनि ईश्वरले त्यो छिट्टै पूरो गर्छ। त अब फिरऊनले कोई चतुर्
र ज्ञानो पुरुषको जोहो गरि त्येस्लाइ मिस्र देस् मांथि खटाउंनु हवस्।
३४ यो देखि उप्रान्त फिरऊनले देसमां कामदारो खटायेर सहकाल सात् वर्ष
रहुंज्याल् सम्म मिस्र देसको उपजनिमांको पांचौं पांचौं हिस्सा उठाउंने
३५ गराउंनु हवस्। अनि तिनिहरूले यि आउंने जाति वर्षका सबै रकमका
खांने थोक् बटुल्येर सहर् सहरमां फिरऊनको करमां अन्नका ढुकुटि
३६ भोजनको लागि बनायेर ति बचाइ राखुन्। अनि यो भोजन मिस्र
देसमां आउंने ति अनिकाल सात् वर्षको लागि सोइ रखाई हुंछ येस्लै
३७ देस् अनिकालले उगलंने छैन। यो बचन् फिरऊन् र तास्का सब्बै
३८ चाकरहरूलाइ जाति लाग्यो। त फिरऊनले आफना चाकरहरूलाइ भन्यो
३९ को येइ पुरुष् जस्तो ईश्वरको आत्मा भयेको अरू कोई पाइंछ। अनि
फिरऊनले यूसुफलाइ भन्यो ईश्वरले तंलाइ यो सबै जनाये छ त तं
४० जत्तिको चतुर् र ज्ञानो कोई छैन. तं मेरो घर् मांथि हुंछस् तेरै
आज्ञा अनुसार् मेरा सबै पर्जाको बन्दबस्त गर्नेछ. खालि सिंहासनको
४१ विषयमां मात्रै म तं भन्दा बडा हुंछु। फेरि फिरऊनले यूसुफलाइ भन्यो
४२ हेर् मैंले तंलाइ मिस्रका सिंगै देस् मांथि बसाल्यें। वहांदेखि फिरऊनले
आफनु हात् देखि छापोठो निकालि यूसुफको हातमां लगाइ दियो अनि
त्यस्लाइ मलमल् पोशाक् पहिर्याइ दियो अनि त्येस्को गलामां येउटा
४३ सुनको सिक्री पहिर्याइ दियो. अनि त्यस्लाइ आफ्नु अर्को रथमां चढायो
अनि घुंडा टेक घुंडा टेक भन्दै त्येस्को अघि अघि कराउंदै हिंड्र. त त्येस्लै
४४ त्येस्लाइ मिस्रको सिंगै देस् मांथि बसाल्यो। फेरि फिरऊनले यूसुफलाइ
भन्यो फिरऊन् मैं हुं अनि तं बिना सिंगै मिस्र देसमां कस्सैले हात् गोड़ा
४५ चलाउंदैन। अनि फिरऊनले यूसुफको नांउ साप्नत्पानेह् राख्यो अनि त्येस्लाइ
ओनको पूजाहारी पोतीफेराको छोरी आसनतलाइ त्यस्को स्वास्नी हुंनुलाइ
४६ दियो। अनि यूसुफ् निस्क्येर मिस्रको देसभरि डुलनु फिर्नु लाग्यो। अब
यूसुफ् मिस्रका राजा फिरऊनको सांमु उभौंदा तीस् वर्षको थियो। अनि
यूसुफ् फिरऊनको सांमु देखि निकलि मिस्रको सिंगै देसभरि ओहरदोहर्
४७ गर्नु लाग्यो। न भन्दै सहकालका सातै वर्षमां भूमिले मुट्ठि भरि भरि गरि अन्न
४८ उपजाउंदै रह्यो। अनि त्यस्ले ति सातै वर्षका मिस्र देसमां हुंने सबै खांने
थोक् बटुलि बटुलिकन सहर् सहर् हुंदो राख्दै गयो. एक् एक् सहरको
४९ वरिपरिका बालिका खांने थोक् त्येस्ले त्येसै सहरमां राख्यो। त यूसुफले
अन्न समुन्द्रको बालुवा झैं अग्घोरै बिघ्न ढुकुटिको ढुकुटि गरि राख्यो यहां
सम्म राख्यो हिसाप् राखनु छोड़ि दियो किनभन्या त्यो बेहिसाप् थियो।
५० अनि अनिकालको वर्ष आउंनुभन्दा पहिले यूसुफका दुइ भाई छोराहरू

अोन्को पूजाहारी पोतीपेराको छोरी आसनत् देखि जन्म्यो। अनि ५१
यूसुफ्ले जेठोचइंको नांउ ईश्वर्ले मलाइ मेरा सब्बै दुखभराई र मेरो
बाबुको सबै जहान् बिर्साइ दियो भनि मनश्शे[१] राख्यो। अनि अर्कोको ५२
नांउ त्यसले ईश्वर्ले मेरो कष्टको देसमां मलाइ फलवन्त तुल्यायो भनि
एप्रैम्[२] राख्यो। अब मिस्र देस्मां सहकाल्का सात वर्ष सक्कीए। अनि ५३ ५४
अनिकाल्का सात् वर्ष यूसुफ्ले भन्ये झैं आउंनु लाग्ये. अनि सबै देस् देस्मां
अनिकाल् पर्‍यो तर मिस्रका चइं ता सिंगै देस्मां रोटो थियो। अनि जब ५५
मिस्रको सिंगै देस् भोकले मर्नु लाग्यो तब पर्जाहरूले फिरऊन् सित कराइ
कराइकन रोटो मांग्नु लाग्ये. तर फिरऊन्ले सब्बै मिस्रीहरूलाइ भन्यो
यूसुफ् थांइ जाउ अनि त्यसले तिमिहरूलाइ जे भन्छ त्यइ गर। त ५६
अनिकाल् पृथिवीको स्याहै मुख् माथि थियो. तब यूसुफ्ले सबै ढुकुटि
खोलि खोलिकन मिस्रीहरूका हात्मां बेच्नु लाग्यो. अनि अनिकाल्
मिस्र देस्मां सारो सारो हुंदै गयो। अनि सबै देसहरूका लाग् अन्न किन्नु ५७
मिस्रमां यूसुफ् थांइ आउंनु लाग्ये किनभन्ये अनिकाल् सबै पृथिवीमां
सारो थियो॥

(यूसुफ्का दाज्युहरू मिस्रमां जांनु)

अब याकूब्ले मिस्रमां अन्न भयेका देख्यो त त्यसले आफ्ना ४२ १
छोराहरूलाइ भन्यो किन एकाले अर्कोको मुख् हेराहेर् गर्दछौ। अनि २
त्यसले भन्यो सुन्येको छु मिस्रमां अन्न छ अरे. त उता उत्रि गयेर उता बाटो
हामिहरूको लागि अन्न किनि ल्याउ र न मरुं तर बांचि रहूं। त यूसुफ्का ३
दसै जना दाज्युहरू अन्न किनि ल्याउंनुको लागि मिस्रमां उत्रि गये। तर ४
यूसुफ्को भाई बिन्यामीन्चइंलाइ याकूब्ले त्यसका दाज्युहरू सित पठाएन
किनभन्ये त्यसले भन्यो क्या हो क्या हो त्यो माथि कोइ बिपत्ति आइ
लाग्ला। त अरू अरू आउंनेहरू सित इस्राएल्का छोराहरू पनि अन्न ५
किनि ल्याउंनुको लागि आये. किनभन्ये कनान् देस्मां अनिकाल् थियो।
अनि यूसुफ् देस् माथि हुकुम् चलाउंने थियो देसका सब्बै लोगको हात्मां ६
बेच्नु लाउंने त्यइ थियो. त यूसुफ्का दाज्युहरूले आयेर त्यस्लाइ
अष्टाङ्गप्रणाम् गर्ये। तब यूसुफ्ले आफ्ना दाज्युहरूलाइ देख्येर चिनि ७
हाल्यो तर तिनिहरूको सांमु आफुलाइ न चिन्ने जस्तो तुल्यायो अनि
तिनिहरू सित कठोरैं सङ बोल्यो अनि तिनिहरूलाइ तिमिहरू कहां
देखि आउंदछौ भन्यो. तब तिनिहरूले कनान् देस् देखि अन्न किन्न
आयेकाहरू हौं भन्ये। यूसुफ्ले ता आफ्ना दाज्युहरूलाइ चिनि हाल्यो तर ८
तिनिहरूले त्येस्लाइ चिन्येनन्। तब यूसुफ्लाइ त्यसले तिनिहरूको बिषयमां ९
देख्येका त्येका सपनाको समझना आयो तब त्यसले भन्यो तिमिहरू
भेदियाहरू हौ देसको नंगाईं बूझ्नु आयौ। तर तिनिहरूले त्यस्लाइ भन्ये १०

[१] अर्थात् बिर्सादिदियो। [२] अर्थात् फलवन्त।

हे प्रभु त्यसो छैन तर खाने थोक् किन्नु आफुका कमाराहरु आये ।
११ हामिहरु सबै जना एकै पुरुषका छोराहरु हौं सीधा मान्छेहरु हौं आफुका
१२ कमाराहरु कुनै भेदिया होइनन् । तर त्यस्ले तिनिहरुलाइ भन्यो होइन
१३ तर देसको नंगेईं बूझ्नुलाइ आयौ । तब तिनिहरुले भन्ये हामि आफुका
कमाराहरु बारह् भाई अनि कनान् देसबासी एकै पुरुषका छोराहरु हौं
अनि हेर्नु हवस् कान्छो चइं जो छ त्यो आजु आफ्नु बाबु सङ छ अनि
१४ येउटा जो थियो त्यो चइं छैन । तर यूसुफ्ले तिनिहरुलाइ भन्यो मैले
१५ तिमिहरुलाइ भेदियाहरु हौ भन्येको कुरो अब सांचो ठहरौंछ . येसैले
जांचौंछौ फिरऊनको जीवनको किरिया निस्से जब सम्म तिमिहरुको
कान्छो भाई यहां आउंदैन तब सम्म यहां देखि निक्लनु पाउंदैनौ ।
१६ आफुमांको येउटालाइ पठाइ देव त्यस्ले तिमिहरुको भाईलाइ ल्यावस् अनि
तिमिहरु चइं बन्धनमां रहंछौ येसोरिकन तिमिहरुका कुरा जांचौंछन्
तिमिहरु सांचौलाहरु हौ राछौ कि रैनछौ . होइन भन्ये ता फिरऊनको
१७ जीवनको किरिया निस्से तिमिहरु भेदियाहरुइ हौ । त त्यस्ले तिनिहरुलाइ
१८ एकै साथ् पहरामां तीन् दिनभरि हालि राख्यो । तीस्रो दिनमां यूसुफ्ले
तिनिहरुलाइ भन्यो अब येसो गर त जीइ रहौला किनभन्ये मं ईश्वरको
१९ डर् मान्द छु . तिमिहरु सीधाहरु हौ भन्ये देखि तिमिहरुको येस्
झेलखानमां तिमि सबै भाईहरुमांको एक् जना बन्धनमां रहोस् अनि
२० तिमिहरुले गयेर आफ्ना घरकाहरुको भोक् मार्नुलाइ अन्न लैजाव . अनि
आफ्नु कान्छो चइं भाईलाइ मं थांइ ल्याव येसोरिकन तिमिहरुका कुरा
सांचो ठहरानन् अनि तिमिहरु मर्ने छैनौ । त तिनिहरुले त्यसै गर्ये ।
२१ तब तिनिहरुले आपसमां भन्ये निस्से हामिहरु आफ्नु भाईको विषयमां
दोषी छौं जब त्यस्ले हामिहरु सित बिन्ति गर्दा त्यस्को मनलाइ कस्तो
संकट्मां पर्येको देख्येका थियूं तब त्यस्को सुन्यूंन येसैकारणले अब येस्
२२ संकट्मां पर्यूं । तब रूबेनले तिनिहरुलाइ उत्तर् दिइ भन्यो की मैले
तिमिहरुलाइ भनिन केटाका अपराधी न हव भनि तर तिमिहरुले सुन्यौन
२३ त हेर अब त्यस्को लोहूको साटो पनि लिइंद छ । अनि तिनिहरुले यूसुफ्ले
हामिहरुको कुरो बूझ्द छ भनि जान्दैन थिये कसोगरिभन्ये तिनिहरुको
२४ बीचमां दोभाषे थियो । तब त्यो तिनिहरुको पट्टि देखि मुख् फर्कायेर रुनु
लाग्यो फेरि तिनिहरु तिर फर्केर तिनिहरु सित बात् गर्यो वहांदेखि
तिनिहरुमांको शिमोन्चइंलाइ समात्येर तिनिहरुको मुखैजि बान्धि हाल्यो ।
२५ वहांदेखि यूसुफ्ले आज्ञा गर्यो तिनिहरुका बोरामां अन्न भरि भरि हाल
अनि तिनिहरुमांको जनंगेको बोरामां त्यस्को रुपिया फेरि हालि देव अनि
तिनलाइ बाटोको लागि सांमल्तुमल् देव . त तिनिहरु सित येस्तै बेहोरा
२६ गरीयो । तब तिनिहरु आफ्नु आफ्नु अन्न आफ्ना गदाहाहरु माथि
२७ बोकायेर त्यहां बाटो हिंड्ये । अनि बासमां जसै येउटाले आफ्नु
गदाहालाइ आहारा दिनुलाइ आफ्नु बोरा फुकायो तब आफ्नु रुपिया

त्यो मेरो वोराको मुखमां रह्छ भनि देख्यो । तव त्येस्ले आफ्ना २८
दाज्युभाईहरुलाइ भन्यो मेरो रुपिया ता फर्काइ दिईये छ हेर त्यो मेरो
वोरेमां रह्छ भनि. तव तिनिहरुको हंसले ठांउ छाड्यो अनि तिनिहरुले
एकाले अर्कोलाइ कांम्दै कांम्दै येसो भन्दै हेराहेर् गर्नु लाग्ये ईश्वरले यो
हांमिहरु सित के गर्यो । निदान्मां तिनिहरु कनान् देस्मां आफ्नु वावु २९
याकूव्कां आइ पुग्ये अनि जे तिनिहरु मांथि वित्येको थियो त्येस्को वखान्
त्येस्लाइ येसो भन्दै कह्यो जुन् पुरुष् त्येस् देसको प्रभु रह्छ त्येस्ले हांमिहरु ३०
सित कठोरैं सित वात् गर्यो अनि हांमिहरुलाइ देस्का भेदिया जान्यो ।
तर हांमिहरुले त्येस्लाइ भन्यूं हांमिहरु ता सोधा मान्छे हौं भेदियाहरु ३१
हौंन . वारह् दाज्युभाईहरु छौं आफ्नु वावुका छोराहरु येउटा ता छैन ३२
अनि कान्छो चाहिं जो छ त्यो ता कनान् देस्मां हांम्रो वावु सित छ । तर ३३
त्येस् देस्को प्रभु हुंने पुरुष्ले हांमिहरुलाइ भन्यो येसैले मं तिमिहरु सोधा
मान्छे रह्छौ भनि थाहा पाउंला आफ्ना भाईहरुमांको येउटालाइ मेरा
छोडि आफ्ना आफ्ना घर्काहरुको भोक् मार्नुलाइ अन्न लैजाव . अनि ३४
आफ्नु कान्छो भाईलाइ मं थांइ ल्याव . तव मं तिमिहरु भेदियाहरु
रैनछौ तर सोधाहरु रह्छौ भनि थाहा पाउंला . अनि तव मं तिमिहरुको
भाईलाइ तिमिहरुलाइ छोडाइ दिउंला अनि तिमिहरुले येस् देस्मां
लेन्देन् गर्न पाऔला । फेरि जसै तिनिहरुले आफ्ना आफ्ना वोरा देखि ३५
अन्न खन्याउंनु लाग्ये तव को देख्ये भन्ये जनंगका रुपियाको थैलो त्येस्को
वोरेमां रह्छ. अनि तिनिहरु र तिनिहरुको वावु तिनिहरुका रुपियाका
थैलोहरु देखिकन डराये । तव तिनिहरुको वावु याकूवले तिनिहरुलाइ ३६
भन्यो तिमिहरुले ता मंचाइंलाइ निर्वंश तुल्यायौ . यूसुफ् छैन अनि शिमोन्
पनि छैन अनि अव विन्यामीन्लाइ पनि लैजांनु खोज्द छौ . यि सवै कुरा
मं चाइं मांथि आइ लाग्ये । तव रुवेन्चाइंले आफ्नु वावुलाइ भन्यो मैंले ३७
त्येस्लाइ तिमि थांइ ल्याइंन भन्ये तिमिले मेरा दुवै भाई छोराहरुलाइ मार .
तिमिले त्येस्लाइ मेरो हात्मां सुम्पि देउ मं त्येस्लाइ फेरि तिमि थांइ ल्याइ
पुर्याउंछु । तर त्येस्ले भन्यो नाहीं मेरो छोरो तिमिहरु सङ उत्रि जांदैन ३८
किनभन्ये त्येस्का दाज्यु चाहिं मरि गयो अनि त्यो मात्रै रह्याको छ . तिमिहरु
जांने वाटोमां त्यो मांथि कोइ विपत्ति आइ लाग्यो भन्ये ता मेरा पाकाका
केस् शोक् सित पत्ताल्मां उतारि ल्याउंछौ ॥

(यूसुफ्का दाज्युभाईहरु दोस्रो खेप् मिस्रमां जांनु)

येतिमां देस्मां अनिकाल् सारो भइ गयो । त येसो भयो जसै ४३ः१
तिनिहरुले मिस्र देखि ल्यायेका अन्न खाइ सक्यो तव तिनिहरुको वावुले
तिनिहरुलाइ भन्यो फेरि गयेर हांमिहरुको लागि अलिकता खांने थोक्
किनि ल्याव । तर यहूदाचाहिंले त्येस्लाइ भन्यो त्येस् पुरुष्ले हांमिहरुलाइ ३
चेताइ चेताइकन तिमिहरुको भाई तिमिहरु सित आयेन भन्ये तिमिहरु

४ मेरो सांमु आउंनु पाउंने छैन भन्येको छ । त तिमिले हांम्रो भाईलाइ
हांमि सित पठाइ दियौ भन्ये उत्रि गयेर तिम्रो लागि खांने थोक् किनि
५ ल्याउंछौं . तर त्येस्लाइ पठायौन भन्ये उत्रि जांदैन . किनभन्ये त्येस् पुरुषले
हांमिहरुलाइ तिमिहरुको भाई तिमिहरु सित छैन भन्ये तिमिहरु मेरो
६ सांमु आउंनु पाउंने छैन भन्येको छ । तब इस्राएलले त्येस् पुरुषलाइ हांम्रो
७ अरु येउटा भाई छ भनि जनायेर किन मेरो येस्तो हानि गर्‍यौ । तिनिहरुले
भन्ये त्येस् पुरुषले हांम्रो र हांम्रा कुटुम्बहरुको गत् येसो भनिकन बल्लियो
गरि सोध्यो की तिमिहरुको बाबु अझ सम्म जीउंद छ की तिमिहरुको कोई
भाई अरु छ भनि . त यि सोधनि अनुसार् त्येस्लाइ बखान् गरि दियूं . की
त्येस्ले आफ्नु भाईलाइ यहां ल्याव भन्छ भनि कोई पहिले जान्द थियूं र ।
८ फेरि यहूदाबइले आफ्नु बाबु इस्राएल्लाइ भन्यो केटालाइ मं सित पठाइ
देउ उठेर हांमि जाइ जांछौं येस्ले हांमि र तिमि र हांम्रा बालबच्चा मर्छौ
९ होइन तर जाइ रहंछौं । मं त्येस्को जमानि हुंद छु मेरै हात् देखि तिमिले
त्येस्को खोज् गर . त्येस्लाइ तिम्रां पुर्‍याइ तिम्रो सांमु उभ्याउंनु सकिंन भन्ये
१० सदाको लागि तिम्रो अपराधी ठहर्छु . किनभन्ये बियांलो न गर्दा हौं त
११ अब सम्म दोस्रो खेप् पनि फर्कि आइ सक्न्ने थियूं । तब तिनिहरुको बाबु
इस्राएलले तिनिहरुलाइ भन्यो सांचि सांचिनै कुरो येसनै हो भन्ये देखि
येउटा काम् गर आफ्ना भांडामां येस् देसका जात्ति जाति फलहरु अलि
अलि त्येस पुरुषको लागि सौगात लैजाव अर्थात् अलिकता बलसान् र
१२ अलिकता मह र सुगन्ध् द्रव्य र मुर् र पिस्ते र बादाम् . अनि आफ्ना
हातमां दोबर रुपिया लैजाव अनि जुन् रुपिया तिमिहरुका बोराका मुख्
मुखमां थियो त्यो आफ्ना हातमां लिंदै जाव कीनि यो भूलले भयेको होला
१३ हो . आफ्नु भाईलाइ पनि साथ लिइ उठ अनि त्यो पुरुष् थांइ फेरि जाव .
१४ अनि सर्व्वशक्तिमान् ईश्वरले त्येस् पुरुषलाइ तिमिहरु मांथि दयालु गराइ
देवस् र त्येस्ले तिमिहरुको अर्को भाईलाइ अनि बिन्यामीनलाइ पनि छोडि
देवस् । अनि मं चइं निर्वंश भयें त भयें ॥
१५ त ति मान्छेहरुले त्यो सौगात् र दोबर् रुपिया आफ्नु आफ्नु
हात्मां लियें अनि बिन्यामीनलाइ पनि अनि उठेर मिस्रमां उत्रि
१६ यूसुफ्को सांमु गइ उभीयें । जसै यूसुफले तिनिहरु सित बिन्यामीनलाइ
देख्यो तब आफ्नु घरको कारन्दारिलाइ भन्यो ति मान्छेहरुलाइ घरमां
ल्याइ बसा वहांदेखि काटि मांसेर भोज् तियार् पार् किनभन्ये तिनिहरुले
१७ दोपहरिमां मं सित भानमा गर्छन् । त त्येस्ले यूसुफले भन्ये झैं गर्‍यो र ति
१८ मान्छेहरुलाइ यूसुफ्को घरमां लग्यो । तर ति मान्छेहरु यूसुफ्को घरमां
पुर्‍याइंदा डराये अनि भन्ये हो न हो ति अघिल्लो खेप् हांमिहरुका बोरामां
फर्काइ दिईयेका रुपियाको कारणले भित्र पुर्‍याईयेका हौं त्येस्ले हांमिहरुलाइ
कोई कारण खोजि चेप्येर आफ्ना कमारा पार्नु अनि हांमिहरुका
१९ गदाहाहरु खोस्नुलाइ । त तिनिहरुले यूसुफ्को घरको कारन्दारिको छेउमां

गयेर घार्को दैलोमां त्यो सित कुरा गर्ये अनि भन्ये हे मेरा प्रभु २०
बिन्ति यो छ हामिहरु ता अघिल्लो खेप् अन्न किन्नुलाइ आयेका थियृ.
अनि येसो भयो जसै बासमां पुग्येर आफ्ना बोरा खोल्यूं तब को देख्यूं २१
भन्ये जनंगेको रुपिया त्येस्को बोराको मुख् मुखमां रह्छ हामिहरुको रुपिया
पूरापूरै थियो. त त्यो आफ्नु हात्मां फेरि ल्यायेका छौं। अनि अर्को २२
रुपिया पनि खांने थोक् किनि लांनुको लागि आफु आफु सङ ल्यायेका छौं.
जान्दैंन कस्ले हांम्रो रुपिया हांम्रा बोरा बोरामां हालि दिये छ। तब त्येस्ले २३
भन्यो तिमिहरुको कुशल् हवस् न डराव तिमिहरुको ईश्वर्ले जो
तिमिहरुको बाबुको पनि ईश्वर् हो उसैले तिमिहरुलाइ तिमिहरुका बोरा
बोरामां धन् दियो. तिमिहरुको रुपिया मैंले पाइ सक्येको थियें। येसो
भनिकन त्येस्ले शिमोन्लाइ निकालि ल्याइ तिनिहरु सित भेट् गराइ
दियो। त त्येस् मान्छेले ति मान्छेहरुलाइ युसुफ्को घर्मां लग्येर पानी २४
दियो अनि तिनिहरुले आफ्ना गोड़ा धोये अनि त्येस्ले तिनका
गदाहाहरुलाइ आहार दियो। वहांदेखि तिनिहरुले युसुफ् दोपहरि २५
आउंने बेला सम्ममां त्यो सौगात् तियार् पारि राख्ये. किनभन्ये यिहीं
रोटो खांनु पर्छ भनि सुन्येका थिये। जसै युसुफ् घर आयो तब तिनिहरुले २६
आफ्ना हातमां भयेको सौगात् त्येस्को सांमु घर्मां ल्याये अनि भूइं सम्म
निउंरि त्येस्लाइ अष्टाङ्गप्रणाम गर्ये। त्येस्ले तिनिहरुको कुशल् क्षेम् सोधि २७
भन्यो के तिमिहरुको बाबु त्यो तिमिहरुले चर्चा गर्येको बूढो कुशलै छ
के त्यो अब सम्म जीयेको छ। तिनिहरुले भन्ये ज्यु आफुको कमारो २८
हांमिहरुको बाबु कुशलै छ अनि अब सम्म जीउंद छ। अनि तिनिहरुले
आफ्ना सिर् निउंराइ दण्डवत् गर्ये। फेरि त्येस्ले आफ्ना आंखा उचालि २९
आफ्नु आंत्को चड़ं भाई बिन्यामान्लाइ देख्येर भन्यो के तिमिहरुको
त्यो कान्छो भाई जस्को चर्चा मं सित गर्ये थ्यौ येइ हो। वहांदेखि त्येस्ले
फेरि भन्यो ए मेरो छोरा ईश्वर्ले तं मांथि अनुग्रह् गरोस्। तब युसुफ्ले ३०
छिटो गर्यो किनभन्ये त्येस्को भाइको माया लाग्येर मन् भरौदै आयो. त
त्येस्लाइ रुनु आयो अनि आफ्नु कोठामां गयेर त्यहां रोइ हाल्यो। फेरि ३१
त्यो आफ्नु मुख् धोइधाइ गर्येर निस्कि आयेर आफुलाइ थामिकन भन्यो
भात् पस्क। त त्येस्को लागि अलग् र तिनिहरुको लागि अलग् र त्यो ३२
सित खांने मिस्रीहरुको लागि अलग् गरि पस्क्यो. किनभन्ये मिस्रीहरुले
इब्रानीहरु सित भात खांनु हुंदैन थियो कसोगरिभन्ये मिस्रीहरुले यो
देखि घिन् गर्द छन्। अनि तिनिहरु त्येस्को सांमु बस्ये जेठो चड़ं आफ्नु ३३
जेठाधिकार् अनुसार् गरि अनि कान्छो चड़ं आफ्नु उमेर् अनुसार् गरि.
अनि तिनिहरुले उदेक् मानिकन एकाले अर्कोलाइ हेर्नु लाग्ये। तब त्येस्ले ३४
आफ्नु सांमु देखि भाग् उठाइ उठाइकन तिनिहरुका पठाउंनु लाग्यो. तर
बिन्यामीन्को चड़ं भाग् तिनिहरुमांको एक् एक्को भन्दा पांच्गुणा बेसि
थियो। त तिनिहरुले पीइ पीइकन त्यो सङ आनन्द गर्ये॥

४४।१ वहांदेखि त्यस्ले आफ्नु घर्को कारन्दारिलाइ भन्यो यि
मान्छेहरुका बोरामां खाने थोक् तिनले बोक्नु सक्ने सम्म अनि जनंगेको
२ रुपिया त्येस्को बोराको मुखमां राखि दे। अनि मेरो बटुको अं चांदी
चइंको बटुको कान्छोचइंको बोराको मुखमां त्येस्को अन्नको रुपिया समेत्
३ हालि राखि दे। त त्येस्ले यूसुफ्को भनाई अनुसार् गऱ्यो। बिहान
उजियालो हुंदा हुंदै ति मान्छेहरु आफ्ना गदाहाहरु समेत् बिदा भये।
४ तिनिहरु सहर् देखि निकल्येका थिये तर मनाक् टाढो गयेका थियनन्
त्येतिमां यूसुफ्ले आफ्नु कारन्दारिलाइ भन्यो गयेर ति मान्छेहरुलाइ खेद्
अनि तिनलाइ भेटि तिनलाइ भन् भलाईको साटो किन बुराई गऱ्यौ।
५ क्ये यो त्यइ होइन जस्मां मेरा प्रभुले पीउंद छन् अनि ज्येले तिनले आजै
६ पनि हेर्द छन्. ज्ये गऱ्यौ तिमिहरुले त्यो बुरानै गऱ्यौ। त त्येस्ले गइ
७ तिनिहरुलाइ भेटऱ्यो अनि तिनलाइ यि कुरा भन्यो। तर तिनिहरुले
त्येसलाइ भन्ये हांम्रा प्रभुले किन येस्तो कुरो भन्द छन् येस्तो काम् गर्नु ता
८ आफुका कमाराहरु देखि अलग् रहोस्। हेर्नु हवस् जुन् रुपिया हांम्रा
बोराका मुख मुखमां निकल्येका थिये त्यो हामिहरुले कनान् देस् देखि
फर्काइ ल्यायेर आफुलाइ दियूं। त आफुका प्रभुको घर् देखि चांदी कि सुन्
९ कसोगरि चोरि ल्याउंथ्यूं। आफुका कमाराहरुमांको जस्कां त्यो निकल्ला
त्यो मारीयास् अनि हामिहरु चइं पनि आफ्नु प्रभुका कमारा होइ जाऊं।
१० तब त्येस्ले भन्यो हुंछ तिमिहरुले भन्येको जस्तै हवस् जस्कां त्यो निकल्ला
११ त्यो चइं मेरो कमारो हुंछ तर तिमिहरु चइं निरपराधी ठहरौला। त
तिनिहरुले हत्तरपत्त गरि आफ्नु आफ्नु बोरा भूइंमां उतारि ति खोल्नु
१२ लाग्ये। तब त्येस्ले खोदलखादल् गर्नु लाग्यो जेठाको बोरा देखि थालि
कान्छाको बोरा सम्म. अनि बटुका बिन्यामीनको चइं बोरामां भेट्टाईयो।
१३ तब तिनिहरुले आफ्नु आफ्नु लुगा च्याल्ये अनि आफ्नु आफ्नु
१४ गदाहाहरुलाइ बोकायेर सहरमां फर्कि आये। अनि यहूदा र त्येस्का
दाज्युभाईहरु यूसुफ्को घरमां आये अनि त्यो चइं अब सम्म तिहीनै थियो.
१५ अनि तिनिहरु त्येस्को सांमु भूंइमां घोप्टो पर्ये। तब यूसुफ्ले तिनिहरुलाइ
भन्यो यो तिमिहरुले क्ये काम् गऱ्यौ क्ये मंलाइ जान्दैन थियौ येस्तो मान्छेले
१६ आजै हेर्नु सक्द छ भनि। तब यहूदाले भन्यो हामि मेरा प्रभुकन क्ये भनूं
क्ये बोलूं अनि कसोगरि आफुलाइ धर्म्मी ठहराऊं। ईश्वरले हजूरका
कमाराहरुको अधर्म्म पायो. हेर्नु मेरा प्रभुका कमाराहरु हौं हामिहरु पनि
१७ अनि जस्कां बटुको निकल्यो त्यो पनि। तर त्येस्ले भन्यो येसो गर्नु मं देखि
अलग् रहोस्. जस्कां बटुको निकल्यो त्येइ चइं मेरो कमारो हुंछ अनि
तिमिहरु चइं आफ्नु बाबुका कुशल् छेम् सित चढि जाव॥
१८ तब यहूदाले नजिक् गयेर भन्नु लाग्यो हे मेरा प्रभु बिन्ति सुन्नु हवस्
हजूरको कमारोलाइ मेरा प्रभुका कानमां येउटा कुरो भन्ने औसर् माफ् हवस्
अनि हजूरको कमारो माथि हजूरको रिस् न बढोस्. किनभन्ये हजूर्

फिरऊनूकै बराबर् हुंनु हुंद छ। मेरा प्रभुले आफ्ना कमांराहरूलाइ सोधनु १९
भयेको थियो के तिमिहरूको बाबु कि भाई पनि छ भनि। अनि हांमिले २०
मेरा प्रभुकन भन्यूं हांम्रा एक् वृद्ध बाबु छ अनि तिन्को बूढेस्काल्को
येउटा बालख छ त्यो सांनै छ अनि त्येस्को दाज्यु चइं मरि गयो त आफ्नो
आंमा देखिको त्येइ येउटा रह्येको छ अनि त्येस्को बाबुले त्येस्लाइ प्रिय
जान्द छ। अनि हजूर्ले आफ्ना कमांराहरूलाइ भन्नु भये थ्यो त्यस्लाइ मं २१
थांइ ल्याव मं त्यो मांथि दृष्टि पुर्याउंछु भनि। अनि हांमिहरूले मेरा २२
प्रभुकन भन्यूं केटोले आफ्नु बाबुलाइ छोड्नु सक्दैन कसोगरिभन्ये त्येस्ले
आफ्नु बाबुलाइ छोड्यो भन्ये देखि ता त्यस्को बाबु चइं मरि जांछ भनि।
अनि हजूर्ले आफ्ना कमांराहरूलाइ भन्नु भयो तिमिहरूको कान्छो भाइं २३
तिमिहरू सङ आयेन भन्ये फेरि मेरो मुख् देख्नु पाउंनै छौन भनि। त २४
येसो भयो आफ्नु बाबु हजूर्को कमांरोकां चढि गयूं अनि उस्लाइ मेरा
प्रभुका कुरा भनि दियूं। अनि हांम्रो बाबुले भन्यो फेरि गयेर हांम्रो लागि २५
अलिकता खांने थोक् किनि ल्याव भनि। तब हांमिहरूचइंले भन्यूं २६
हांमिहरू उत्रि जांनु सक्दैंन हांम्रो कान्छो भाइ हांमिहरू सङ गयो
भन्ये ता हांमि उत्रि जान्छौं. किनभन्ये हांम्रो कान्छो भाई हांमिहरू सङ
भयेन भन्ये ता तिनि पुरुष्को मुख् देख्नु पाउंनै छौंन भनि। फेरि मेरो २७
बाबु हजूर्को कमांरोले हांमिहरूलाइ भन्ये जान्द छौ मेरो स्वास्नोले मेरो
लागि दुइ भाई छोरा जन्माई. अनि तिनमांको येउटा चइं मं थांइ २८
देखि निकलि गयो अनि मैंले भन्यें त्यो निस्से फहराईयो अनि मैंले
त्येस्लाइ अब सम्म देख्येको छुइंन. त येस्चइंलाइ पनि मं थांइ देखि २९
लग्यो अनि त्यो मांथि कोइ बिपत्ति आइ लाग्यो भन्ये देखि ता मेरा
पाक्येका केस् शोक् सित पत्तालमां उतारि ल्याउंछौ भनि। त अब मं ३०
आफ्नु बाबु हजूर्को कमांरोकां पुग्यें अनि यो केटो हांमिहरू सङ भयेन
भन्ये तिन्को प्राण् केटोको प्राण् सित बान्धीयेको भयेकोले येसो हुंछ ३१
तिन्ले केटो रैनछ भनि देख्नु बित्तिकै मरिनै जानन्. त हजूर्का
कमांराहरूको कारण्ले हजूर्को कमांरो हांमिहरूको बाबुका पाक्येका केस्
शोक् सित पत्तालमां उत्रनन्। किनभन्ये हजूर्को कमांरो आफ्नु बाबुकां ३२
येसो भनिकन केटोको जमानि भयेको छ त्येस्लाइ तिम्रां ल्याइ पुर्याउंनु
सकिंन भन्ये मं सदाको लागि आफ्नु बाबुको अपराधी ठहर्छु भनि।
त अब बिन्ति यो छ हजूर्को कमांरोले येस् केटोको साटोमां आफ्ना ३३
प्रभुको कमांरो होइ रहंनु पावस् अनि केटोचइंले आफ्ना दाज्युहरु सङ
चढि जांनु पावस् भन्ये। किनभन्ये केटो म सङ छैन भन्ये मं कसोगरि ३४
आफ्नु बाबुकां चढि जाउं. होइन भन्ये ता मेरो बाबु मांथि ज्ये कष्ट आइ
लाग्ला त्यो देखुंला॥

तब यूसुफ्ले आफ्नु छेउछाउ भयेका सबैको सांमु आफुलाइ अरु ४५ १
थाम्नु सक्येन त त्येस्ले करायेर भन्यो मं छेउ देखि सबैलाइ निकालि देव।

त यूसुफ्ले आफुलाइ आफ्ना दाज्युभाईहरू मांथि प्रगटो गर्दा त्यस्कां कोई
२ रह्येन। तब त्यो डाको छोड़िकन रुनु लाग्यो अनि मिस्रीहरूले सुन्ये
३ अनि फिरऊन्को घर्काहरूले पनि सुन्ये. वहांदेखि यूसुफ्ले आफ्ना
दाज्युभाईहरूलाइ भन्यो मं यूसुफ् हुं क्या मेरो बाबु अब सम्म जीउंद छ.
तर त्यस्का दाज्युभाईहरूले त्येस्लाइ उत्तर् दिनु सकेनन् कसोगरिभन्ये त्यस्को
४ सांम् घब्रायेका थिये। फेरि यूसुफ्ले आफ्ना दाज्युभाईहरूलाइ भन्यो मेरो
नजिक् नजिक् आव। तब तिनिहरू नजिक् नजिक् गये। फेरि त्यस्ले भन्यो
मं तिमिहरूका भाई यूसुफ् हुं जस्लाइ तिमिहरूले मिस्रमां जांनेहरूको
५ हात्मां बेच्येका थियौ। त अब न सुताव अनि न आफै मांथि रिसाव
तिमिहरूले मंलाइ बेचि येता पठायेकोले. किनभन्ये ईश्वर्ले मंलाइ
६ तिमिहरूको आघि प्राण् बचाउंनुलाइ पठायेको हो रछ। कसोगरिभन्ये अब
दुइ बर्ष भयां देस्मां अनिकाल् लाग्येको. अनि अझ पांच् बर्ष बांकि छन्
७ तिनमां न हलो जोतीछ न अन्न काटीछ। अनि ईश्वर्ले तिमिहरूको आघि
मंलाइ तिमिहरूको लागि पृथिवीमां येउटा बचतीभाग् राख्नु अनि
८ तिमिहरूलाइ बड़ो छोड़ाईले जीउंदा बचाउंन भन्येर पठाये छ। त अब
जस्ले मंलाइ यहां पठाइ दियो त्यो तिमिहरू होइन ईश्वरै हो रछ. अनि
उस्ले मंलाइ फिरऊन्को बाबु र त्यस्को सब्बै घर्को प्रभु र मिस्रको सिंगै
९ देस्को अधिपति ठहरायेको छ। छिट्टो गरिकन मेरो बाबुकां चांढ् जाव
अनि तिन्लाइ भन तिम्रो छोरो यूसुफ्ले येसो भन्द छ ईश्वर्ले मंलाइ सिंगै
१० मिस्रको प्रभु ठहरायेको छ. मं थांइ उत्रि आउ बियांला न गर. अनि
तिस्रो बास् गोशन् देस्मां हुंछ अनि तिमि र तिम्रा छोरा नाति र बगाल्
११ बथान् र ज्ये ज्ये तिम्रो छ मेरो छेउ बस्छन्. अनि त्यहां मं तिम्रा
पालन्पोषण् गर्छु किनभन्ये अनिकाल्का अझ पनि पांच् बर्ष हुंछन् होइन
भन्ये ता तिमि र तिम्रा जहान् र ज्ये ज्ये तिम्रो छ दरिद्रैमां परोला भनि।
१२ अनि हेर तिमिहरूले आफ्ना आंखाले देखद छौ अनि मेरो भाई
बिन्यामीन्ले पनि आफ्ना आंखाले देखद छ जो आफ्नु मुखले तिमिहरू
१३ सित बोल्द छ त्यो मैंने हुं। अनि मिस्रमां भयेको मेरो सबै बड़ाई र
ज्ये ज्ये देख्यौ त्यस्को बखान् मेरो बाबु सित गर अनि छिट्टो गरिकन मेरो
१४ बाबुलाइ येता ल्याव। वहांदेखि आफ्नु भाई बिन्यामीन्लाइ अङालो
मांयेर रोया अनि बिन्यामीन् चइं पनि त्येस्लाइ अङालो मांरि रोयो।
१५ फेरि आफ्ना सब्बै दाज्युहरूलाइ चूमा खाइ खाइ ति मांथि रोयो. अनि
त्यस्पछि त्यस्का दाज्युभाईहरूले त्यो सित कुराकहंनी गर्नु लाग्ये॥
१६ तब यूसुफ्का दाज्युभाईहरू आये छन् भन्ये कुरोको सोहोरा फिरऊन्को
घर्मां पुग्यो. अनि यो सुनिकन फिरऊन् र त्यस्का चाकरहरू खुशि भये।
१७ त फिरऊन्ले यूसुफ्लाइ भन्यो आफ्ना दाज्युभाईहरूलाइ भन् यो काम् गर
१८ आफ्ना पशुहरूलाइ बोकायेर कनान् देस्मां जाव वहांदेखि आफ्नु
बाबु र आफ्ना आफ्ना घरका लोगलाइ लियेर मं थांइ आव. मं मिस्र देस्मां

भयेको जाति जाति चइं तिमिहरुलाइ दिंछु अनि तिमिहरुले देसका असल्
असल् थोक् खाऔला । अब तंलाइ यो काम् गर्ने आज्ञा छ मिस्र देस् १९
देखि आफ्ना बालबच्चाहरु र स्त्रीहरुको लागि गाड़ीहरु लैजाव अनि
आफ्नु बाबुलाइ लिइ आव । अनि आफ्ना आलमालको फिक्रि न गर २०
किनभन्य सिंगै मिस्रमां ज्य ज्य जाति थोक् छ त्यो तिमिहरुके हो । त २१
इस्राएलका छोराहरुले त्यसै गर्य अनि यूसुफ्ले फिरऊन्को आज्ञा अनुसार्
तिनिहरुलाइ गाड़ीहरु दिहाल्यो अनि बाटोको लागि सांमल्तुमल् पनि ।
तिनिहरुमांको जनंगलाइ ता त्यस्ले एक एकलाइ जोड़ा लुगा दियो तर २२
बिन्यामीन्चइंलाइ त्यस्ले तीन् स रुपिया र पांच् जोड़ा लुगा दियो । अनि २३
आफ्नु बाबुकां त्यस्ले यस्तोरि पठायो अर्थात् मिस्रका जाति जाति थोक्
बोकाइयेका दस् गदाहा अनि अन्न र रोटी र त्यस्को बाबुको बाटोको लागि
खाने थोक् बोकाइयेका दस्बटा गदही त त्यस्ले आफ्ना दाज्युभाइहरुलाइ २४
बिदा गरि दियो अनि तिनिहरु हिंड्य . अनि त्यस्ले तिनिहरुलाइ भन्यो
बाटोमां कते झगरासगरा न गर । त तिनिहरु मिस्र देखि चढ़ि गयेर २५
कनान् देसमां आफ्नु बाबु याकूबकां पुग्ये । वहांदेखि तिनिहरुले यसो २६
भनिकन त्यस्लाइ बखान् गर्य यूसुफ् ता एले सम्म जीउंदै रछ अं त्यइनै
मिस्रको सिंगै देस माथि अधिपति हो रछ । तर यो सुन्यार त्यस्को चेत्
ठिकानामां रहेन किनभन्य त्यस्ले तिनिहरुको पत्यायेन । तब २७
तिनिहरुले त्यस्लाइ यूसुफ्ले तिनिहरुलाइ भन्याका सब्बै कुरा कहि दिये
अनि जसै त्यस्ले यूसुफ्ले त्यस्लाइ लैजांनुलाइ पठाइ दियेका गाड़ीहरु देख्यो
तब तिनिहरुको बाबु याकूब्को हंस ठिकानामां फर्कि आयो . वहांदेखि २८
इस्राएलले भन्यो भयो यूसुफ् मेरो छोरो जीउंदै रछ . गयेर त्यस्लाइ आफ्नु
मृत्यु भन्दा पहिले हेर्छु ॥

(याकूब् जहान् समेत् मिस्रमां जांनु)

तब इस्राएल आफ्नु ज्याबत् थोक् लियेर बाटो समाति बेर्शबामां ४६ १
आयो अनि आफ्नु बाबु इसहाक्को ईश्वरको लागि बलिदान् चढ़ायो ।
तब ईश्वरले इस्राएल्लाइ रातका दर्शनमां ए याकूब् ए याकूब् भन्यो । २
त्यस्ले यहां छु भन्यो । उसले भन्यो म ईश्वर् अर्थात् तेरो बाबुको ईश्वर् हुं . ३
मिस्रमां उत्रि जांनु देखि न डर किनभन्य मं तं देखि वहां येउटा ठूलो
लोग् बनाउंछु . मं तं सङ मिस्रमां उत्रि जांछु अनि मं तंलाइ वहां देखि ४
निस्से फेरि चढ़ाइ ल्याउंछु पनि . अनि यूसुफ्ले आफ्नु हात् तेरा आंखा
माथि राख्छ । अनि याकूब् बेर्शबा देखि उठ्यो . अनि इस्राएलका ५
छोराहरुले आफ्नु बाबु याकूब् र आफ्ना बालबच्चाहरु र आफ्ना
स्त्रीहरुलाइ फिरऊन्ले त्यस्लाइ चढ़ाइ ल्याउंनुलाइ पठायेका गाड़ीहरुमां
चढ़ाइ लग्ये । अनि तिनिहरु आफ्ना भेंड़ाबाख्रा गाइगोरु अनि कनान् ६
देसमां हात पार्येका आफ्ना सब्बै धन् लियेर मिस्र देसमां आये अर्थात्

७ याकूब् र त्यो सङ त्येका सब्बै बंश पनि . त्येस्ले आफ्ना छोराहरु छोरीहरु र
नाति नतिनीहरुलाइ र आफ्ना सब्बै बंशलाइ आफु सङ मिस्रमां लग्यो ॥
८ मिस्रमां आयेका इस्राएल्का सन्तान्हरु अर्थात् याकूब् र त्येस्का
९ छोराहरुका नांउ यि हुन् . याकूबको जेठो रुबेन् । अनि रुबेन्का छोराहरु
१० हनोक् पल्लु हेस्रोन् र कर्मी । अनि शिमोन्का छोराहरु यमूएल् यामीन्
ओहद् याकीन् र सोहर् अनि येउटी कनानी स्वास्नी पट्टिको छोरो
११ १२ शाऊल् । अनि लेवीका छोराहरु गेर्शोन् कहात् र मरारी । अनि यहूदाका
छोराहरु एर् ओनान् शेला पेरेस् र जेरह् . तर एर् र ओनान् कनान् देसैमां
१३ मरि गये । अनि पेरेस्का छोराहरु हेस्रोन् र हामूल् थिये । अनि
१४ इस्साकार्का छोराहरु तोला पुव्वा योब् र शिम्रोन् । अनि जबूलून्का
१५ छोराहरु सेरेद् एलोन् र यहलेल् । लेआले याकूबको लागि पद्दनराम्मां
जन्मायेकाहरु यिनै हुन् अनि यि बाहिक् त्येस्की छोरी दीना पनि थिई .
१६ याकूबका यि छोरा छोरीहरु सब्बै तेतीस् प्राणी भये । अनि गाद्का
१७ छोराहरु सिप्योन् हाग्गी शूनी एस्बोन् एरी अरोदी र अरेली । अनि
आशेर्का छोराहरु यिम्ना यिश्वा यिश्वी र बरीआ अनि तिनकी बैनी सेरह् .
१८ अनि बरीआका छोराहरु हेबेर् र मल्कीएल् । जुन् जिल्पालाइ लाबानले
आफ्नी छोरी लेआलाइ दियेको थियो त्येस्का छोराहरु यिनै हुन् त त्येस्ले
१९ याकूबको लागि यिनैलाइ अर्थात् सोरह् प्राणी जन्माई । याकूबकी स्वास्नी
२० राहेल्का छोराहरु यूसुफ् र बिन्यामीन् । अनि मिस्र देसमां यूसुफ्का
छोराहरु मनश्शे र एफ्रैम् जन्म्ये जुन्हरुलाइ ओन्को पूजाहारी पोतीपेराकी
२१ छोरी आसनत्ले त्येस्को लागि जन्माई । अनि बिन्यामीन्का छोराहरु बेला
२२ बेकेर् अश्बेल् गेरा नामान् एही रोश् मुप्पीम् हुप्पीम् र आर्द् । राहेलले
याकूबको लागि जन्मायेका छोराहरु यिनै हुन् . सबै चौदह् प्राणी भये ।
२३ २४ अनि दानका छोराहरु हूशीम् । अनि नप्तालीका छोराहरु यहसेल् गूनी
२५ येसेर् र शिल्लेम् । जुन् बिल्हालाइ लाबानले आफ्नी छोरी राहेल्लाइ
दियेको थियो त्येस्का छोराहरु यिनै हुन् त त्येस्ले याकूबको लागि यिनैलाइ
२६ जन्माई . सबै सात् प्राणी भये । याकूबका जुन् प्राणीहरु त्येस्का निज् बंशी
भइ मिस्रमां आये ति त्येस्की बुहारीहरुलाइ छाडि सबै छियासठ् प्राणी
२७ थिये अनि यूसुफ्का त्येस्को लागि मिस्रमां जन्म्येका छोराहरु दुइ प्राणी
थिये . याकूबका मिस्रमां आयेका सब्बै प्राणी मिलि सत्तर् जना थिये ॥
२८ अनि त्येस्ले यहूदालाइ आफनु अघि अघि यूसुफ्कां पठायो गोशेनको
२९ बाटो देखाइ देवस् भनि त गोशेन् देसमां आये । वहांदेखि यूसुफ् चइं
आफनु रथ् नार्येर आफनु बाबु इस्राएल् सित भेट् गर्नुलाइ गोशेन् मां
चढि गयो अनि जब भेट् भयो तब त्येस्लाइ अङ्गालो मांर्येर निक्कै बेला
३० सम्म त्येस्लाइ अङ्गालो मांरि रहि रोइ रह्यो । वहांदेखि इस्राएलले
यूसुफ्लाइ भन्यो मैले तेरो मुख् देख्यें तं अब सम्म जीउंद रेछस् भनि त
३१ अब मं मर्नलाइ खाँश छु । वहांदेखि यूसफले आफना दाज्यभाईहरु र

आफ्नु बाबुको जहान्लाइ भन्यो मं चढि गयेर फिरऊन्लाइ खबर् दिंकु
अनि त्येस्लाइ भन्कु कनान् देस्मां भयेका मेरा दाज्युभाईहरु र मेरो बाबुका
जहान्हरु मं थांइ आये   तर तिनिहरु गोठालाहरु छन् कसोगरिभन्ये ३२
उइलेइ देखि पशुपालाहरु छन् अनि आफ्ना भंड़ाबाख्रा गाईगोरू र ज्यं ज्यं
तिनिहरुको छ सबै लिइ आयेका छन्। त फिरऊन्ले तिमिहरुलाइ बोलायेर ३३
तिमिहरुको कर्खना के छ भनि सोध्यो भन्ये   भन्नु हजूर्का कमांराहरु ३४
बालख देखि ऐले सम्म पशुपालाहरु छन् अं हांमिहरु पनि अनि हांमिहरुका
पितापुर्खाहरु पनि भनि . तिमिहरुलाइ गोशन् देस्मां बस्न दिईओस् भन्ये
खातिर्ले किनभन्ये मिस्रीहरुले सबै गोठालाहरु देखि घिन् गर्दछन् ॥

तब यूसुफ्ले गयेर फिरऊन्लाइ खबर् दिइ भन्यो मेरो बाबु र मेरा ४७१
दाज्युभाईहरु र तिनका भंड़ाबाख्रा गाईगोरु र तिनको ज्यं ज्यं छ सबै
कनान् देस् देखि आइ हाल्ये अनि हेर्नु हजुस् ऐले तिनिहरु गोशन् देशमां
छन्। फेरि त्येस्ले आफ्ना दाज्युहरुमांका पांच् जनालाइ ल्यायेर फिरऊन्को २
सांमु उभ्यायो। तब फिरऊन्ले त्येस्का दाज्यूहरुलाइ तिमिहरुको कर्खना के ३
छ भनि सोध्यो। तिनिहरुले फिरऊन्लाइ भन्ये हजूर्का कमांराहरु
गोठालाहरु हुन् अं हांमि पनि र हांम्रा पितापुर्खाहरु पनि। फेरि ४
तिनिहरुले फिरऊन्लाइ भन्ये हांमिहरु येस् देस्मां प्रवास् गर्नु आयें
किनभन्ये कनान देस्मां अग्घोर्को अनिकाल् पर्येको कारण्ले हजूर्का
कमांराहरुका भंड़ाबाख्राको लागि खर्क रह्येन. त अब कृपा गरिकन आफ्ना
कमांराहरुलाइ गोशन् देशमां बास् गर्नु दिंनु हजुस्। तब फिरऊन्ले ५
यूसुफ्लाइ भन्यो तेरो बाबु र तेरा दाज्युभाईहरु तं थांइ आयें छन् . त ६
मिस्र देस् तेरो सांमु छ देस्को जुन् चइं खण्ड सबै भन्दा जात्ति छ त्येसैमां
आफ्नु बाबु र दाज्युभाईहरुलाइ बसाइ दे तिनिहरु गोशन् देसैमां रहुन् .
अनि थाहा पाउंछ होलास् तिनिहरुमांका फुर्तीला र चंखहरुलाइ त
तिनिहरुचइंलाइ मेरा पशुहरु मांथि मुखिया तुल्याइ दे। फेरि यूसुफ्ले ७
आफ्नु बाबु याकूब्लाइ ल्यायेर फिरऊन्को सांमु उभ्यायो. अनि याकूब्ले
फिरऊन्लाइ आशीष् दियो। तब फिरऊन्ले याकूब्लाइ तिम्रो उमेर् कति ८
दिन्को भयो भनि सोध्यो। याकूब्ले फिरऊन्लाइ भन्यो मैंले ता एक् से ९
र तीस् बर्ष प्रबासी भइ आफ्नु जीउंनि बिताइ सक्यं मेरो जीउंनीका दिन्
थोरै र बुरा भये अनि मेरा पितापुर्खाहरु प्रबासी भइ जति दिन् सम्म
जीउंद थिये त्येति दिन्को मं ऐले भयेको छुइंन। वहांदेखि याकूब् १०
फिरऊन्लाइ आशीष् दिइ राख्येर त्येस्को सांमु देखि निस्कि गयो। त ११
यूसुफ्ले आफ्नु बाबु र दाज्युभाईहरुलाइ बसाइ दियो अनि फिरऊन्को
आज्ञा अनुसार् मिस्र देस्को सबै भन्दा जात्ति खण्डमां अर्थात् रामसेस्
भनींने देस्मां जग्गा अधिकार्मां दियो। त यूसुफ्ले आफ्नु बाबु र १२
दाज्युभाईहरु र बाबुको घर्काहरु सबैको तिनका बाल्बच्चाहरुको गन्ति
अनुसार् रोटी गराइ दिइ पालनपोषण् गर्‍यो ॥

(यूसुफ् मिस्रको अधिपति हुंनु)

१३ फेरि सिंगै देसमां कोइ रोटी थियेन कसोगरिभन्ये अनिकाल् यहां
सम्म अघोर् सारो थियो मिस्र र कनान् दुवै देस् अनिकालको कारणले
१४ अघोरै हरान् पर्‍ये। अनि मिस्र र कनान् देसमांका जत्ति भयेका रुपिया
यूसुफले तिनले किन्येको अन्नको साटोमां टिपि टिपि रख्यायो. अनि यि
१५ रुपिया फिरऊनको घरमां पुर्‍यायो। अन्तमां मिस्र र कनान् दुवै देसका
रुपिया सक्कीयें तब जत्ति भयेका मिस्रीहरूले यूसुफकां आयेर भन्न लागये
हामिहरूलाइ रोटी देउ. हजूरको सांमु किन मरूं किनभन्ये हाम्रा रुपिया
१६ ता घटेर। तब यूसुफले भन्यो आफना पसु दिहाल त रुपिया घटेर भन्ये
१७ देखि तिम्रा पसुहरूको साटो तिमिहरूलाइ दिंदै छु। त तिनिहरूले आफना
आफना पसु यूसुफकां लग्ये. त यूसुफले तिनिहरूलाइ तिनिहरूका
घोड़ाहरू भेड़ाबाख्राहरू गाईगोरुहरू र गदाहाहरूको साटो रोटी दियो. त
त्यस् बर्षमां त्यस्ले तिनका सब्बै पसुहरूको साटोमां रोटा खुवाइ पाल्यो।
१८ जसै त्यो बर्ष टुङायो तब अर्को बर्षमां तिनिहरूले त्यो थांइ आयेर त्यस्लाइ
भन्ये हामिहरूले आफना प्रभु सित खोलिकन भन्नु छ हामिहरूका रुपिया
सक्कीये अनि हाम्रा सब्बै रकमका पसुहरू पनि हाम्रा प्रभुकांन छन् हाम्रा
प्रभुको सांमु हामिहरूका जाउ र हामिहरूका जिमान् बाहेक् कोइ छैन.
१९ हामिहरू जिमान् समेत् किन हजूरको सांमु मरूं हामिहरूलाइ र हामिहरूका
जिमान् रोटाको साटा किन्नु हवस् अनि हामिहरू जिमान् समेत् फिरऊनका
निज् धन् भइ तिनको सेवा गर्छौं. अनि हामिहरूलाइ बिउ दिनु हवस् र
२० हामिहरू न मरूं तर जीइ रहूं अनि जिमान् न बंझाओस्। त यूसुफले
मिस्रको सिंगै जिमान् फिरऊनको लागि किन्यो कसोगरिभन्ये त्यो कठिन्
अनिकाल् पर्येकोले मिस्रीहरूले आफनु आफनु जग्गा बेचइ दियें. त येसोरि
२१ देसै फिरऊनको भइ गयो। अनि प्रजाहरूचइंलाइ त्यस्ले मिस्रको यो छेउ
२२ देखि उ छेउ सम्म सहरहरूमां ल्याइ ल्याइकन बसाल्यो। खालि
पूजाहारीहरूको जिमान् चइं त्यस्ले किन्यन. कसोगरिभन्ये पूजाहारीहरूको
लागि फिरऊनको पट्टि बाटो भोजनको बन्दबस्त थियो त जुन् भोजन्
फिरऊनले तिनिहरूलाइ दिंद थियो त्येइ तिनिहरूले खांद थियें येसैकारणले
२३ तिनिहरूले आफनु जिमान् बेचनु परेन। तब यूसुफले प्रजाहरूलाइ भन्यो
हेर आजुको दिन् मैले तिमिहरूलाइ अनि तिमिहरूको जिमान् फिरऊनको
लागि किन्यें. हेर तिमिहरूको लागि यहां बिउ छ त त्यो जिमानमां छर।
२४ अनि येसो हुंछ जब जब उपर्जनि हुंछ तब तब पांच् हिस्सामां एक् हिस्सा
फिरऊनलाइ दिनु पर्छ अनि चार् हिस्सा चइं तिमिहरूकां रहंछन् खेतको
बिउको लागि र तिम्रो भोजनको लागि र तिम्रा घरकाहरूको लागि र

तिम्रा बालबच्चाहरुको भोजनको लागि। तब तिनिहरुले भन्ये हजूरले २५
हामिहरुका प्राणलाइ बचाउंनु भयो. हाम्रा प्रभुको अनुग्रह हामिहरु
मांथि रह्यो भन्ये देखि हामिहरु फिरऊनका कमारा हुंछौं। त यूसुफले २६
मिस्त्रको जिमीनको विषयमां यो आजुको दिन् सम्मको एनन्नै ठहरायो
पांचौं हिस्सा फिरऊनले पाउंने गरोस् भन्ये खालि पूजाहारीहरुबइंको
जिमीन् मात्रै फिरऊनको भइ गयेन। अनि इस्त्राएलवंशीले मिस्त्र देसमां २७
अर्थात् गोशन् देसमां बास् गर्थे अनि त्यसमां जग्गाजिमीनका धनी भये
अनि फल्दै र अग्घोर बढ्दै गये॥

(याकूबले यूसुफका छोराहरुलाइ आशीर्वाद दिंनु)

अनि याकूब मिस्त्र देसमां सत्रह वर्ष सम्म जीइ रह्यो. त याकूबको २८
उमेरका वर्ष एक सै संतालीस् वर्ष भये। अनि इस्त्राएलको मर्ने पर्ने दिन् २९
आइ पुगि हाल्यो. त त्यसले आफ्नु छोरो यूसुफलाइ बोलायेर त्यसलाइ भन्यो
तेरो अनुग्रह मं मांथि छ भन्या देखि बिन्ति गर्दछु आफ्नु हात् मेरो जाङ्
मुनि राख् अनि मं सित अनुग्रह र सच्चाइं सङ्ग बेहोरा गर् मेरो चिहान्
मिस्त्रमां न बनायेस्. तर जब मं आफ्ने पित्रहरु सित सुति जाउंला तब ३०
तैंले मंलाइ मिस्त्र देखि बोकि लग्येर तिनिहरुको चिहानठाउंमां राख्येस्।
तब त्यसले मं तिमिले भन्याकै अनुसार् गर्छु भन्यो। फेरि त्यसले भन्यो मं ३१
सित किरिया खा. त त्यसले त्यो सित किरिया खायो। तब इस्त्राएलले
खाटका सिरान् तिर फर्केर दण्डवत् गर्यो॥

ये कुरा पछि ऐसो भयो कसैले यूसुफलाइ हेर्नु हजुर् आफ्को ४८ १
बाबु दुख्येको छ भनि सुनाइ दियो. त त्यो मनश्शे र एफ्रैम् आफ्ना दुवै भाई
छोराहरुलाइ साथ लियेर गयो। तब कसैले याकूबलाइ हेर्नु हजुर् आफ्को २
छोरो यूसुफ् आफूकां आउंदै छ भनि सुनाइ दियो. तब इस्त्राएल् रूप्
बलियो कन खाट्मां उठि बस्यो। तब याकूबले यूसुफ्लाइ भन्यो सर्वशक्तिमान् ३
ईश्वरले कनान् देसको लूज् सहर्मां मंलाइ दर्शन् दियेर मंलाइ आशीष्
दिइकन मंलाइ भन्यो हेर् मं तंलाइ फलवन्त तुल्याइ बढाउंछु अनि तं ४
देखि लोगहरुको मंडली बनाउंछु अनि तेरो पछि तेरो वंशलाइ यो देस्
जुगानजुग् अधिकार् हुंनलाइ दिंछु। अनि अब मं मिस्त्रमां आउंनु भन्दा ५
पहिले यहां जन्म्यका तेरा दुइ भाई छोराहरु मेरै हुन् रूबेन् र शिमोन्
जस्तो एफ्रैम् र मनश्शे पनि मेरा हुंछन्। अनि जुन् सन्तान् तैंले तिनको ६
पछि जन्माउलास् ति चाइं तेरा हुंछन् भाग् पाउंने बेलामां तिनिहरु
आफ्ना दाज्युहरुका नांवले बोलाइंछन्। अनि मं चाइं जब पद्दान् देखि ७
आउंदै थियें तब एफ्रात्मां पुग्नु अलिकता टाढ़ो रहंनु भन्दा पहिले राहेल्
कनान् देसमां बाटैमां मेरो सांमु मरी. अनि मैले वहां एफ्रात् (अर्थात्

८ बेत्लेहेम्) जांने बाटैमां त्येस्को चिहान् बनायें। वहांदेखि इस्राएलले
९ यूसुफ्का छोराहरूलाइ देख्येर यिनिहरू को हुन् भनि सोध्यो। यूसुफ्ले
आफ्नु बाबुलाइ भन्यो यि ईश्वर्ले यहां मंलाइ दियेका मेरा छोराहरू हुन्.
तब त्यस्ले भन्यो कृपा गरि तिनलाइ मं छेउ ले मं तिनलाइ आशीष् दिंछु।
१० अब इस्राएल्का आंखाहरू बूढो हुंनाले यहां सम्म धमीलीयेका थिये त्येस्ले
देखनु सक्दैन थियो। त त्येस्ले तिनलाइ त्यो छेउ लग्यो आनि त्येस्ले
११ तिनलाइ चूमा खाइकन अङालो मांर्यो। वहांदेखि इस्राएल्ले यूसुफ्लाइ
भन्यो मेरो बिचार्मां ता तेरो मुख फेरि देखूंला भन्ने बिचारै पनि थियेन.
१२ तर हेर् ईश्वर्ले तेरो बंश समेत् देखनु दियो। आनि यूसुफ्ले तिनलाइ
त्यस्का घुड़ाको बीच् देखि निकाल्येर भूइं सम्म निउंर्येर अष्टाङ्गप्रणाम् गर्यो।
१३ तब यूसुफ्ले ति दुवैलाइ एफ्रैम्लाइ आफ्नु दाहींनो हात्मां इस्राएल्को देब्रे
हात् तिर आनि मनश्शेलाइ आफ्नु देब्रे हात्मां एस्राएल्को दाहींनो हात्
१४ तिर गरि ल्यायेर त्यो छेउ लग्यो। तब इस्राएल्ले आफ्नु दाहींनो हात्
पसार्येर एफ्रैम्को सिर् मांथि जो कान्छो चइं थियो राख्यो आनि आफ्नु
देब्रे चइं हात् मनश्शेको सिर् मांथि अर्थात् आफ्ना हात् जानि बुझिकनै
१५ येसोरि राख्यो किनभन्ये जेठो ता मनश्शे थियो। फेरि त्येस्ले यूसुफ्लाइ
आशीष् दिइ भन्यो जुन् ईश्वर्को सांमु मेरा पित्र अब्राहाम् र इसहाक्
हिंड्दै थिये जुन् ईश्वर् मेरो जन्म देखि येसो आजुको दिन् सम्म मेरो
१६ गोठाला भइ रह्यो जुन् दूत्ले मंलाइ सब्बै बुराई देखि उद्धार् गर्यो
उसले यि नानीहरूलाइ आशीष् देवस् आनि यिनिहरू मेरो नांउले र मेरा
पित्र अब्राहाम् र इसहाक्को नांउले बोलाईउन् आनि पृथिवीको मांझमां
१७ बढ्दै बढ्दै बगालै होइ जाउन्। तर जसै यूसुफ्ले मेरो बाबुले आफ्नु
दाहींना हात् एफ्रैम्को चइं सिर् मांथि राख्येको देख्यो तब यो त्येस्लाइ
नजाति लाग्यो. त त्येस्ले आफ्नु बाबुको हात् त्यो एफ्रैम्को सिर् देखि
१८ मनश्शेको सिर्मां सारि दिउं भन्येर उठायो। आनि यूसुफ्ले आफ्नु बाबुलाइ
भन्यो बाबु त्यसो होइन. कसोगरिभन्ये जेठो चइं ता येइनै हो आफ्नु
१९ दाहींनो हात् येसको सिर् मांथि राखि देउ। तर त्येस्को बाबुले येसो
भनिकन अस्वीकार् गर्या जान्दछु र मेरो छोरा जान्दछु. यो पनि एक् लोग्
बनौंछ आनि यो पनि बड़ो हुंछ. तैपनि त्येस्को कान्छो चइं भाइ यो भन्दा
२० बड़ा हुंछ आनि त्यस्चइंका बंश लोग्हरूको मंडली बनौंछन्। फेरि त्येस्ले
त्यसै दिन् यसो भनिकन आशीष् दियो इस्राएल्बंशीले तंमां गरि आशीर्वाद्
दिंन गर्छन् ईश्वर्ले तंलाइ एफ्रैम् र मनश्शे जस्तो बनावस् भनि. त त्येस्ले
२१ मनश्शे भन्दा अगाडि एफ्रैम्लाइनै राख्यो। वहांदेखि इस्राएल्ले यूसुफ्लाइ
भन्यो हेर् मं ता मर्दछु. तर ईश्वर् तिमिहरू सङ्ग रहंछ आनि तिमिहरूलाइ
२२ तिमिहरूका पित्रहरूको देस्मां फेरि पुर्याइ दिंछ। आनि मैंले तंचइंलाइ
तेरा दाज्युभाईहरूलाइ भन्दा बेसि एक् खण्ड दियेको छु जो एमोरीको हात्
[illegible] र धनले लियें ॥

(याकूब्ले आफ्ना छोराहरुलाइ आशीर्वाद् दिंनु)

फेरि याकूब्ले आफ्ना छोराहरुलाइ बोलाइ पठायेर भन्यो भेला ४९ १
हव र मं तिमिहरुलाइ अन्तका दिनमां तिमिहरु मांथि के के बितक
कहि दिंछु ।

ए याकूबका छोराहरु हो भेला भयेर सुन २
आफ्नु बाबु इस्राएल् तिर कान् लगाव ॥
ए रूबेन् तं मेरो जेठो होस् मेरो बूता र मेरो सामर्थको अगोटफल् ३
बड़ाईको र बलको अग्घोरेइं ।
पानी झं चंचले भइ अग्घोरेइं राख्दैनस् ४
किनभन्ये आफ्नु बाबुको खाट्मां चढिस् .
तब त्यो अशुद्धे गरिस् . चढ्यो मेरो आछ्यानमां ॥
शिमोन् र लेवी दाज्युभाई छन् ५
तिनका तरवार् उपद्रेइंका हतियार् छन् ।
ए मेरो प्राण तिनको मर्ममां न आ ६
ए मेरो मान् तिनको समाज्मां टांसीदै न जा
किनभन्ये आफ्नु रिस्ले मान्छेलाइ मांर्ये
अनि आफ्नै खुशिले गोरुका धनीसा काटेर ।
धिक्कार् तिनको रिस्लाइ किनभन्ये बलियो थियो ७
अनि तिनको क्रोध्लाइ किनभन्ये कठिन् थियो .
तिनलाइ याकूबमां अलग् अलग् गर्छु
अनि इस्राएल्मां छरपुट्ट पार्छु ॥
ए यहूदा तंचइंको तेरा दाज्युभाईहरुले स्तुति गर्छन् . ८
तेरो हात् तेरा सत्तुरुहरुको गर्दन् मांथि हुंछ
तेरो बाबुका छोराहरुले तंलाइ दण्डवत् गर्छन् ।
यहूदा सिंहको डम्मरु हो ९
ए मेरो छोरा सिकार् बाटो चढि गइस् .
निउंर्यो सिंह झैं दुम्कि बस्यो
अनि सिंहनी झं . कस्ले त्यस्लाइ उठाउंछ ।
राजदण्ड यहूदा देखि नर्कि जांदैन १०
अनि न हुकुम् चलाउंनेको छड़ो त्यस्का चरणको बीच् देखि
शीलो न आउंज्याल् सम्म ता
अनि लोगहरुको आज्ञामनाई उसैलाइ हुंछ ।
दाखको बोट्मां आफ्नु जुवान् गदाहालाइ बान्धछ ११
अनि असल् दाखको बोट्मां आफ्नु गदाहाबचालाइ
दाखरस्मां आफ्ना वस्त्र धोयो
अनि दाखको रगत्मां आफ्नु पहिरन् .

१२ त्यसका आंखा दाखरसले राता राता हुंछन् .
अनि त्यसका दांत् दुद्ले सेता सेता ॥
१३ जबूलूनले समुन्द्रको तीर्मां बास् गर्छ .
अनि जहाजहरुको बन्दर्को काम् आउंछ
अनि त्यस्को छेउ सीदोन् सम्मको हुंछ ॥
१४ इस्साकार् बलियो गदाहा हो
भेंडाखोर्को बीच्मां दुम्कि बस्ने .
१५ अनि येउटा बिसाना देख्यो जाति भयो भनि
अनि देस्लाइ मन्पर्दो भयो भनि
त बोझा बोक्नु कांध् नुहाइ दियो
अनि किरिया मुनिको दास् भयो ॥
१६ दान् आफ्नु लोगको बिचारी हुंछ
इस्राएल्का कुल्हरुमांको एक् भइ ।
१७ दान् बाटोमां सर्प हुंछ
अनि मार्गमां सींगेसाप्
जस्ले घोडाका कुर्कुचामां डस्द छ
त्यस्को सवार्लाइ पछिल्तिर खस्ने गरि ।
१८ हे यहव्ह म तपांइको मुक्तिको बाटो हेर्दै आयें ॥
१९ गाद् चइं त्यो माथि येउटा गट्ठा आइ लाग्छ .
तर त्यस्ले ता तिनको कुर्कुचालाइ चेप्छ ॥
२० आशेर् चइं त्यो देखि हुंन रोटा रसीलो हुंछ
अनि त्यस्ले राजाबलि शोखभोजन् गरि दिंछ ॥
२१ नप्ताली फुकाइ पठाइंयेको हरिणी हो .
त्यस्ले राम्रा राम्रा बचन् दिंद छ ॥
२२ यूसुफ् फलवन्त डाला हो
पन्धेरा निर भयेको फलवन्त डाला
त्यसका हांगा भित्ता चढ्दै नाघ्दै पनि जांद छन् ।
२३ धनु हान्नेहरुले त्यस्को मन् मारे तीतो पाऱ्ये
अनि त्यस्लाइ हान्न खोजि सताये ।
२४ तर त्यस्को धनु दरीलै रह्यो
अनि त्यस्का हातका बांहा फुर्तीला बनाइंये
याकूब्को महावीर्का हातले
(तिहीं देखि इस्राएल्को ढुंगो गोठाला छ)
२५ अर्थात् तेरो बाबुको इंश्वर् देखि जस्ले तेरो गोहार् गर्छ
अनि सर्वशक्तिमान् देखि जस्ले तंलाइ आशीष् दिंछ
मांथिको अकाश्का आशीषले
मनि दम्कि बस्ने गहीरोका आशीषले

थुन्का र गर्भका आशीष्ले ।
तेरो बाबुका आशीष् २६
मेरा पुर्खाहरूका आशीष् भन्दा बेसि जिताहा भये
सधैंभरिका डांड़ाहरूको छेउको छेउ सम्म .
ति यूसुफैको सिर् मांथि हुंछन्
अनि जो आफ्ना भाईहरु देखि अलग् भयो त्यसैको सिर्को थाप्लो मांथि ॥
बिन्यामीन् फहराउने बुवांसो हो . २७
बिहान सिकार् भत्ते गर्छ
अनि बेलुका खोस्खास् बांड़ि दिंछ ॥

(याकूब्को मरण्)

यि सबै इस्राएल्का बाह्रै कुल् हुन् . अनि यो ता तिनको बाबुले २८
तिनलाइ भनिकन आशीष् दियेको हो . जनैलाइ त्यस्को आशीष् अनुसार्
गरि त्यस्ले तिनलाइ आशीष् दियो । तब त्यस्ले यसो भनिकन तिनलाइ २९
आज्ञा दियो मं आफ्नु लोग् सित गइ मिसौंनु आंटेयको छु . मेरा पुर्खाहरु
सित हित्ती एप्रोन्को जग्गामां भयेको ओढार्मां मेरो चिहान् बनाउनु
अर्थात् त्यस् कनान् देस्मां मम्रे को सांमुन्नइंको मक्पेलाको जग्गामां भयेको ३०
त्यस् ओढार्मां जो जग्गा समेत् गरि अब्राहाम्ले हित्ती एप्रोन्को हात्
देखि चिहानेठांउको अधिकार्को लागि किन्यो . तिहीं अब्राहाम्को र ३१
त्यस्को स्वास्नी साराको चिहान् बनाये तिहीं इस्हाक्को र त्यस्को स्वास्नी
रिब्काको चिहान् बनाये अनि तिहीं लेआका चिहान् बनायें अ त्यो ३२
जग्गा र त्यसमां भयेको ओढार् जो हेत्वंशाहरूको हात् देखि किनीयो ।
वहांदेखि जब याकूब्ले आफ्ना छोराहरूलाइ आज्ञा दिइ सक्यो तब आफ्ना ३३
गोड़ा खाट्मां समेटि प्राण् छोड़्यो अनि आफ्ना पित्रहरूमां गइ मिसीयो ।
तब यूसुफ् आफ्नु बाबुको मुख् मांथि तर्छीयर त्यो मांथि रोयो अनि ५०।१
त्यस्लाइ चूमा खायो । वहांदेखि यूसुफ्ले आफ्ना चाकर बैद्यहरूलाइ २
मेरो बाबुको लोथ्मां सुगन्ध द्रव्य भरि देव भनि आज्ञा दियो . त बैद्यहरूले
इस्राएल्को लोथ्मां सुगन्ध द्रव्य भर्य । अनि त्यस्को लागि चालीस् दिनको ३
भरना गरायो किनभन्ये सुगन्धद्रव्यभराईका दिनको भरना यस्तो हिसाप्ले
हुंद छ . अनि मिस्रीहरु त्यस्को लागि सत्तर् दिन् सम्म रोइ रह्यो ॥

जब त्यस्को लागि रुने दिन् बित गये तब यूसुफ्ले फिरऊन्को ४
घर्कालाइ यसो भनिकन कुरा गर्‍यो मं मांथि तिमिहरूको अनुग्रह् छ
भन्ये देखि कृपा गरिकन मेरो पट्टि बाटो फिरऊन्ले सुन्नेगरि यसो भनि देव
मेरो बाबुले मंलाइ यसो भनिकन किरिया खुवायो हेर् मं मर्दै छु . त जुन् ५
चिहान् मैले कनान् देस्मां आफ्नु लागि खनायें त्यसैमां मेरो चिहान्
बनायेस् भनि । त अब कृपा गरिकन मंलाइ वहां चढ़ि गइ आफ्नु
बाबुको चिहान् बनाउने आज्ञा दिनु हवस् अनि मं फेरि फर्कि आउंछु ।

६ तब फिरऊन्ले भन्यो चढि गयेर आफ्नु बाबुको चिहान् बना तिन्ले
७ तंलाइ किरिया खुवायेको झैं। त यूसुफ् आफ्नु बाबुको चिहान् बनाउंनुको
लागि चढि गयो . अनि फिरऊन्को घर्का सबै चाकरेहरु अर्थात् त्यस्को
घर्का प्राचीन्हरु र मिस्र देस्का सबै प्राचीन्हरु त्यो सङ चढि गये
८ अनि यूसुफ्को घर्का सबै जना र त्यस्का दाज्युभाईहरु र त्यस्को बाबुको
घर्काहरु पनि गये . खालि आफ्ना बाल्बच्चा र भेंड़ाबाख्रा र गाईगोरुहरु
९ तिनिहरुले गोशन् देस्मां छोड़ि गये। अनि रथ् र त्रक्मवार्हरु पनि सङ
१० चढि गये . त छाउंनो अग्घोर् ठूलो भयो। जसै तिनिहरु यर्दन् पारि
भयेको आताद्को खला सम्म पुग्ये तब त्यहां अग्घोर् ठूलो बिलाप् गर्‍ये .
अनि त्यस्ले आफ्नु बाबुको लागि सात् दिन् सम्म बिलाप् गरि रह्यो।
११ जसै त्यस् देस्का बासी कनानीहरुले आताद्को खलामां यो बिलाप् देख्ये
तब यो ता मिस्रीहरुको भारी भारी बिलाप् हो भन्ये . येस्कारण त्यस्
१२ ठांउको नांउ आबेल्मिस्रैम्[१] भयो त्यो यर्दन् पारि छ। त त्यस्का छोराहरुले
१३ त्यो सित त्यस्ले तिनलाइ आज्ञा दियेको झैं गर्‍ये . कसोगरिभन्ये त्यस्का
छोराहरुले त्यस्लाइ कनान्को देस्मां लग्येर मक्पेलाको जग्गामां भयेको
त्यस् ओढार्मां त्यस्को चिहान् बनाये जो अब्राहामले जग्गा समेत् मम्रेको
सांमु हित्ती एफ्रोन्को हात् देखि चिहानेठाउंको अधिकार्को लागि
किन्येको थियो॥

(यूसुफ्को मरण्)

१४ वहांदेखि यूसुफ् आफ्नु बाबुको चिहान् बनाये पछि आफ्ना
दाज्युभाईहरु र ति त्यस्को बाबुको चिहान् बनाउंनुलाइ त्यो सङ चढि जांने
१५ सबै समेत् मिस्रमां फर्कि आयो। तर जसै यूसुफ्का दाज्युहरुले हांम्रो बाबु
मर्‍यो भनि देख्ये तब भन्न लाग्ये कोनि कतै यूसुफ्ले अब हांमि देखि
दुश्मनी गर्‍येर जत्ति बुराई गर्‍येका थियूं सब्बैको साटो हांमिहरु सित लिंछ
१६ होला। त तिनिहरुले यूसुफ्कां येसो भनि पठाये हजूर्को बाबुले आफ्नु
१७ मरण् भन्दा पहिले यो आज्ञा दियेको थियो तिमिहरुले यूसुफ् सित
येसो भन बिन्ति गर्दं छु कृपा गरिकन आफ्ना दाज्युहरुको अपराध् र पाप्
क्षमा गरि दे किनभन्ये तिनिहरुले ता तं सित बुराई गर्‍येका थियें भनि .
त अब बिन्ति गर्दं छौं कृपा गरिकन आफ्नु बाबुको ईश्वर्का दास्हरुको
अपराध् क्षमा गरि दिंनु हवस्। तिनले यि कुरा भन्येमां यूसुफ् रोइ
१८ हाल्यो। फेरि त्यस्का दाज्युहरु आफैले पनि गयेर त्यस्को सांमु तेर्‍ही पर्‍येर
१९ भन्ये हेर्नु हवस् हजूर्का कमारोहरु हौं। तर यूसुफ्ले तिनिहरुलाइ भन्यो
२० न डराव . क्ये मं ईश्वर्को ठांउमां छु र। अनि तिमिहरु चइं तिमिहरुले ता
मेरो लागि बुराईको बिचार् गर्‍यौ तर ईश्वर्ले त्यस् कुरोमां भलाईको
बिचार् गर्‍यो धेरै लोगका प्राण् बचाउंनु यो जसो आजुको दिन् छ

[१] अर्थात मिस्रीहरुको बिलाप।

त्यसै हुंनु लाउंनुलाइ । त अब न डराव . तिमिहरुको र तिमिहरुका २१
वालबच्चाहरुको पालनपोषण् गर्छु । त त्यसले तिनलाइ साधर् दिइ
दिइकन बुझायो ॥

त यूसुफ् आफ्नु बाबुको जहान् समेत् मिस्रमां रहि रह्यो . अनि २२
यूसुफ् एक् सै र दस् बर्ष सम्म जीइ रह्यो । अनि यूसुफले एफ्रैमका तीस्रै २३
पुस्ताका सन्तानहरु सम्म देख्नु पायो अनि मनश्शेका छोरो माकीरका
छोराछोरीहरु पनि जन्मेर यूसुफका घुंडामां हुर्काईये । अनि यूसुफले २४
आफ्ना दाज्युभाईलाइ भन्यो मं ता मर्छु . तर ईश्वरले तिमिहरुको निस्सेइ
हेरचाहा गर्छ अनि तिमिहरुलाइ यो देस् देखि चढाइ लगयर त्यस् देसमां
पुऱ्याउंछ जुन् देस् दिने किरिया अब्राहाम् इसहाक् र याकूब् सित खायेको
थियो । त यूसुफले इस्राएलबंशीहरुलाइ येसो भनिकन किरिया हाल्नु २५
लगायो ईश्वरले निस्से तिमिहरुको हेरचाहा गर्छ त तिमिहरुले मेरा हाड्
यहां देखि चढाइ लैजानु । तब यूसुफ् एक् सै र दस् बर्षको भइ मर्यो . २६
अनि त्यसको लाशमां सुगन्ध द्रव्य भरि दिये अनि त्यो मिस्रमां येउटा
सन्दुकमां राखीयो ॥

निक्लिहिंडाईको पोस्तक्

(इस्राएलीहरुको बढ्ति र तिनिहरुको कष्टको बिषय्)

याकूबको साथ आफ्नु आफ्नु जहान् लियेर मिस्र देसमां आउंने **१** १
इस्राएलबंशीहरुका नांउ यि हुन् । रूबेन् शिमोन् लेवी र यहूदा २
इस्साकार् जबूलून् र बिन्यामीन् दान् र नप्ताली गाद् र आशेर् । ३ ४
अनि जुन् जुन् प्राणी याकूबका कम्मर् देखि निक्ल्ये सबै सत्तर् जना थिये . ५
अनि यूसुफ् चइं ता मिस्रमां आइ सकेको थियो । अनि यूसुफ् र त्यसका ६
सबै दाज्युभाईहरु अनि त्यस् चइं पुस्ताका सब्बै जना मरि सके । अनि ७
इस्राएलबंशीहरु फलवन्त भइ अगघोर् गरि बसि बसि भइ बढि गये अनि
औधिनै सामर्थी भइ गये अनि देस् तिनिहरुले भरि गयो ॥

अब मिस्रमां यूसुफलाइ न चिन्ने येउटा नया राजा उठ्यो । त्यसले ८ ९
आफ्ना पर्जालाइ भन्यो हेर इस्राएलबंशी लोग् हामिहरु भन्दा बसि र
सामर्थी छन् . लु तिनिहरु सित चतुर्इ सङ्ग बेहोरा गरूं होइन भन्ये ता १०
तिनिहरु धेरै होइ जानन् अनि येसो हुंछ कुनै संग्राम् आइ लाग्यो भन्ये देखि
तिनिहरु पनि हाम्रा बैरीहरु सित मिलि हामि सित लड्नन् अनि देस् देखि

११ निक्लि जानन्। त तिनिहरु मांथि कामदारीहरुलाइ खटाये बोझाले
तिनिहरुलाइ कष्ट दिउन् भन्येर। अनि तिनिहरुले फिरऊन्को लागि पितोम्
१२ र रामसेस् भनीने भंड़ारसहर्हरु बनाये। तर जति जति तिनिहरुलाइ कष्ट
दिंद थिये त्येति त्येति तिनिहरु बढ़्दै बढ़्दै फैलंदै गये। त इस्राएलबंशीहरु
१३ देखि तिनिहरुले घिन् गर्नु लाग्ये। अनि मिस्रीहरुले इस्राएलबंशीहरु देखि
१४ कठोरैंई सित दास्ति गराये. अनि तिनिहरुको जीवनलाइ सारो मारो
दास्तिले हिलो र ईंट्का अनि खेतिपातिका सबै रकम्का काम् गराइ
गराइकन तीतो गरि दिये कसोगरिभन्ये ज्ये ज्ये दास्ति तिनिहरुले गर्थ्ये
तिनिहरु देखि कठोरैंई सित दास्ति गराउंद थिये ॥
१५ फेरि मिस्रको राजाले इब्रेनी सुंड़िनिहरुलाइ जुन्हरुमांका येउटीको
१६ नांउ शिप्रा अर्कीको नांउ पूआ थियो आज्ञा दिइ भन्यो तिमिहरुले
जब इब्रेनी स्त्रीहरुलाइ सुत्केरि हुने बेलामा जन्मकुरामा बस्येको देख्यौ
तब छोरा हो रछ भन्ये देखि त्येस्लाइ मारि देउ अनि छोरी हो रछ भन्ये
१७ देखि जीइ रहनु देउ। तर सुंड़िनिहरुले ईश्वर्को डर् मान्द थिइन् येस्कारण्
मिस्रको राजाले आज्ञा दिये अनुसार् गरिनन् तर छोराहरुलाइ पनि जीउंदै
१८ छोड़ि दिंद थिइन्। त मिस्रको राजाले सुंड़िनिहरुलाइ बोलाइ पठायेर
भन्यो तिमिहरुले छोराहरुलाइ पनि जीउंदै छोड़ि दिईं छौ त येसो किन
१९ गर्यौ। तब सुंड़िनिहरु ने फिरऊनलाइ उत्तर् दिइन् इब्रेनी स्त्रीहरु मिस्रेनी
स्त्रीहरु जस्ता छैनन् कसोगरिभन्ये फुर्तीलो भइ सुंड़ेनि पुग्नु भन्दा पहिले
२० पहिलनै जन्माइ सक्छि हालछन्। त सुंड़िनिहरु सित ईश्वरले भलाइं गर्यो.
२१ अनि इस्राएलीहरु बढ़ेर अगघार् सामर्थी भये। अनि येसो भयो सुंड़िनिहरुले
२२ ईश्वर्को डर् मान्येको कारण् उस्ले तिनका घर् बसायो। त फिरऊन्चइंले
आफ्ना सबै पर्जालाइ आज्ञा दियो छोराहरु चइं जत्ति जन्मनन् सब्बैलाइ
नदीमां आफालि देउ तर छोरीहरु जत्तिलाइ जीउंदै छोड़ ॥

(मूसाको विषय्का कुरा)

२ १ फेरि लेवीको कुलको येउटा मान्छेले गयेर लेवीके कुलकी येउटी
२ कन्यालाइ ब्याहा गरि ल्यायो। अनि त्यस् स्त्रीले गर्भिणी भइ येउटा छोरो
जन्माई. अनि त्येस्ले त्येस्लाइ राम्रो देख्येर तीन् महिना सम्म लुकाइ राखी।
३ अनि जब त्येस्ले त्येस्लाइ अरु लुकाइ राख्नु सकीन तब त्येस्को लागि
सालीङ्गोको येउटा नाउ ल्याइ त्येस्मां लिस्धाइलो मांटो र रोकन् लगायेर
बालखलाइ त्येस्मां राखि नाल् नदीको तीरमां कुस्को बीचमां राखि दिई।
४ तर नानीको दिदी चइं त्यो को हुंद रछ हेरुं भनि टाढ़ो उभीइ रही।
५ येतिमां फिरउन्को छोरी नुहाउंनुको लागि नदीको तीरमां उत्री अनि
त्येस्का सखीनिहरु नदीको तीरमां येतारति डुल्द थिइन् अनि त्येस्ले
कुस्को बीचमां त्यो नाउ देख्येर आफ्नो दासीलाइ त्यो ल्याउंनुलाइ पठाई।
६ तब त्येस्ले त्यो उघारि हेर्दा बालखलाइ देखी. अनि को देखी भन्ये नानी

रोइ रह्येको रछ। तब त्येस्ले त्यो मांथि टिठाइ भनी यो इब्रीहरूको कोई
बालख होला हो। तब नानीकी दिदीले फिरऊनकी मैंजालाइ भनी के मं ७
गयेर इब्रेनी स्त्रीहरूमांको कसै दुद्आंमालाइ आफुकां बोलाइ ल्याउं जस्ले
आफुको लागि बालखलाइ दुद् खुवाउंन गरोस्। तब फिरउनकी मैजाले ८
त्येस्लाइ भनी जा। तब केटोले गयेर बालखैका आंमालाइ बोलाइ ल्याई। ९
त फिरऊनकी मैजाले त्येस्लाइ भनी तं त यो बालखलाइ लग्येर मेरो लागि दुद्
खुवाउंन गर् मं तंलाइ दमोहा दिंछु। तब त्येस् स्त्रीले बालखलाइ लग्येर
दुद् खुवाउंनु लागी। अनि जसै बालख अलिक् ठुलो भयो तब त्येस्ले त्येस्लाइ १०
फिरऊनकी मैजाकां लागि दिई अनि त्यो त्यस्को छोरो भयो। अनि त्येस्ले येसो
भन्येर त्यस्को नांउ मूसा[१] राखी मैंले त्येस्लाइ पानी देखि निकाल्यें भनि॥

जसै मूसा ठुलो भयो तब ति दिनमां येसो भयो त्यस्ले आफ्ना ११
भाईबन्द् थांइ बाइर गयेर तिनका बोझाहरू हेर्नु लाग्यो. तब के देख्या भन्ये
एक् जना मिस्त्रीले सेरा इब्री भाईबन्द्मांको येउटालाइ हिर्काउंदै रछ।
अनि त्येस्ले येताउति हेर्येर जब कोई रैनछ भनि देख्यो तब त्येस् मिस्त्रीलाइ १२
मांरेर बालुवाले पुरि दियो। फेरि अर्केन दिन् बाइर गयेर के देख्यो भन्ये १३
दुइ जना इब्री इब्री आपस्तमां कुटामार् गरि रह्येका राछन्. तब त्यस्ले अन्न्य
गर्नेवाईलाइ भन्यो तिमिले आफ्नु साथीलाइ किन हिर्काउंद छौ। त्यस्ले १४
भन्यो कस्ले तिमिलाइ हामिहरू माथि मालिक् र बिचारी खटायो. के
मिस्त्रीलाइ मांर्येको झैं मंलाइ पनि मांर्नु खोजद छौ। येस्मां मूसाले
डराइकन भन्यो अवस्से यो कुरो जाहर् भयें छ। तब फिरऊनले यो कुरो १५
सुन्येर मूसालाइ मांर्नु खोज्यो। तर मूसा फिरऊनको सांमु देखि भाग्येर
मिद्यान् देसमां रहंनु लाग्यो. अनि येउटा कुवा निर बसि रह्येको थियो। अब १६
मिद्यानको पूजाहाराको सात् वटा छोरीहरू थिइन्. त येतिमां तिनिहरूले
त्यहां आयेर पानी तानि डोंड़ भराइन् आफ्नु बाबुका भेंड़ाबाख्राहरूलाइ
खुवाउंनको लागि। येतिमां गोठालाहरूले आयेर तिनिहरूलाइ धपाये. तर १७
मूसाले उठेर तिनको गोहार् गर्येर भेंड़ाबाख्राहरलाइ पानी खुवाइ दियो।
त जसै तिनिहरू आफ्नु बाबु रूएलकां फर्कि आइन् तब त्येस्ले भन्यो १८
आजु तिमिहरू येस्तो फुर्ति गरि कसोगरि आयौ। तिनिहरूले भनिन् १९
येउटा मिस्त्रीपुरुषले हामिहरूलाइ गोठालाहरूको हात् देखि छोड़ायो अनि
पनि त्येस्ले हाम्रो लागि पानी तानि भेड़ाबाख्राहरूलाइ खुवाइ दियो र।
तब त्येस्ले आफ्नी छोरीहरूलाइ भन्यो त्यो कहां छ तिमिहरूले त्यस्लाइ किन २०
छोड़ि आयौ त्यस्लाइ बोलाइ ल्याव खाजाभाजा खावस्। त मूसा त्यस्कां २१
रहंनुलाइ खुशि भयो अनि त्येस्ले त्यस्लाइ आफ्नी छोरी सिप्पोरा सित ब्याहा
गरि दियो। अनि त्येस्ले छोरो जन्माई तब मूसाले मं अन्यदेसमां पर्देसी भयें २२
भनि त्येस्को नांउ गेर्शोम्[२] राख्यो॥

---

[१] अर्थात् निकाल्येको। [२] अर्थात् पर्देसी।

(मूसालाइ ईश्वर्को दर्शन् हुंनु)

२३ त्यो त्यहां बस्येको धेरै दिन् बित्ये पछि येसो भयो मिस्त्रको राजा
मंर्यो. अनि इस्त्राएल्वंशीहरूले दास्तिको कारणले सुस्केरा मांर्न लाग्ये अनि
चिच्याइ उठ्य त यो तिनको दास्तिको कारणले भयेको दोहाई ईश्वर् सम्म
२४ चढि पुग्यो। अनि ईश्वरले तिनको सुस्केरामंराई सुन्येर अब्राहाम् र
२५ इस्हाक् र याकुब् सित बान्धेको आफ्नु नियम् समझ्यो। अनि ईश्वरले
इस्त्राएल्वंशीहरू मांथि हेरि तिनिहरूको बिषय् थाहा पायो॥
३ १ अब मूसाले आफ्नु ससुरा यित्रो नांउ भयेको मिद्यान्को पूजाहारीका
भेंड़ाबाख्रा चराउंद थियो. त त्येस्ले तिनलाइ बन्को पल्लो पट्टि ईश्वर्को
२ पर्वत्मां अर्थात् होरेब् सम्म लग्यो। तब यहवेको दूत् येउटा पोथ्राको
बीच् देखि आगोको जुवालामां त्यस्कां देखाहा पर्यो. त त्येस्ले हेरि को
३ देख्यो भन्ये पोथ्रा आगोले बल्दै ता छ तर भस्म ता हुंदैन। तब मूसाले
भन्यो मं सरि गयेर यो महा दर्शन् हेर्छु पोथ्रा कसोगरि भस्म हुंदैन रछ।
४ जसै यहवेले त्येस्लाइ हेर्नलाइ सर्दै आयेको देख्यो तब ईश्वरले पोथ्राको बीच्
देखि ए मूसा ए मूसा भनिकन त्येस्लाइ डापार्यो। त्येस्ले भन्यो यहां छु।
५ तब उस्ले भन्यो येता छेउ न आइज. आफ्ना गोड़ा देखि जुत्ता फुकाल्
६ किनभन्ये यो तं उभोयेको ठांउ पवित्र भूमि छ। फेरि उस्ले भन्यो मं तेरो
बाबुको ईश्वर् अं अब्राहाम्को ईश्वर् इस्हाक्को ईश्वर् र याकूब्को
ईश्वर् हुं। तब मूसाले आफ्नु मुख् छोपि हाल्यो किनभन्ये त्यो ईश्वर्लाइ
७ हेर्नु देखि डराउंद थियो। फेरि यहवेले भन्यो मैंले मिस्त्रमां भयेको आफ्नु
लोग्को कष्ट रामे देख्यें अनि तिनका काम्दारीहरूको कारणले भयेको
तिनको चिच्याइ सुन्यें कसोगरिभन्ये तिनका पीरा मैंले थाहा पायें
८ त मं तिनिहरूलाइ मिस्त्रीहरूका हात् देखि छोड़ाउंनु र त्यो देस् देखि
चढाइ ल्यायेर येउटा येस्तो देस्मां जुन् जाति र ठुलो छ अनि जस्मां दुद् र
मह बहंद छन् अनि जुन् कनानी हित्ती एमोरी परिज्जी हिव्वी र
९ यबूसीहरूको ठांउ हो पुर्याउंनुको लागि ओर्लि आयेको छु। त अब हेर्
इस्त्राएल्वंशीहरूको दोहाई मं थांइ सम्म पुग्येको छ. अनि मिस्त्रीहरूले
१० तिनिहरू मांथि गर्येको थिचोमिचो मैंले देख्यें। त अब आइज मं तंलाइ
फिरऊन् थांइ पठाउंद छु तंले मेरो लोग् इस्त्राएल्वंशीहरूलाइ मिस्त्र देखि
११ निकालि ल्याउंनुको लागि। तर मूसाले ईश्वर्लाइ भन्यो मं को हुं र
फिरऊन् थांइ गइ इस्त्राएल्वंशीहरूलाइ मिस्त्र देखि निकालि ल्याउं।
१२ तर उस्ले भन्यो मं बइ अबस्से तं सङ रहंछु अनि तंलाइ मैंलने पठायेको
हो भन्ने कुराको यो चिंनु हुंछ. जब तंले तिनिहरूलाइ मिस्त्र देखि निकालि
१३ सकलाम् तब तिमिहरूले येसै पर्वत्मां ईश्वर्को सेवा गर्छौ। फेरि मूसाले
ईश्वर्लाइ भन्यो हेर्न् हजुर् मं इस्त्राएल्वंशीहरूकां गयेर तिनिहरूलाइ
तिमिहरूका पित्रहरूको ईश्वर्ले मंलाइ तिमिहरूकां पठायो भनंला अनि

तिनिहरूले मं सित उस्को नांउ क्या हो भनि सोधनन् तब मं तिनिहरूलाइ
क्ये भनुं। तब ईश्वरले मूसालाइ भन्यो **मं जो हुं उइ हुं.** फेरि १४
उस्ले त्येस्लाइ भन्यो तैंले इस्राएलबंशीहरूलाइ येसो भन् **उइ हुं**
भन्येले मंलाइ तिमिहरूकां पठायो। अनि ईश्वरले फेरि मूसालाइ भन्यो १५
तैंले इस्राएलबंशीहरूलाइ येसो भन् तिमिहरूका पित्रहरूको ईश्वर् अर्थात्
अब्राहामको ईश्वर् इसहाक्को ईश्वर् र याकूबको ईश्वर् यहवेले मंलाइ
तिमिहरूकां पठायो. सधैं सम्म मेरो नांउ येइ रहंछ अनि सब्बै पुस्ता सम्म
मेरो समझना येसले हुंने गर्छ। तं जा इस्राएलका प्राचीनहरूलाइ भेला १६
गरायेर तिनिहरूलाइ येसो भन् तिमिहरूका पित्रहरूको ईश्वर् अर्थात्
अब्राहाम् इसहाक् र याकूबको ईश्वर् यहवेले मंलाइ दर्शन् दिइ भन्यो मेंले
निस्से तिमिहरूको र तिमिहरू सितको जुन् चलनगराइं मिस्रमां छ त्यस्को
हेरचाहा गर्यें. अनि मैंले भन्येको छु मं तिमिहरूलाइ मिस्रको कष्ट देखि १७
निकालि कनानी हित्ती एमोरी परिज्जी हिव्वी र यबूसीहरूको देसमां
चढाइ लैजांछु अर्थात् येस्तो देसमां जहां दूद् र मह बहंद छन्। अनि १८
तिनिहरूले तेरा कुरा मान्छन्. वहांदेखि तैंले र इस्राएलका प्राचीनहरू
समेतले मिस्रको राजा थांइ गयेर त्येस्लाइ येसो भन्नु इब्रीहरूको ईश्वर्
यहवेले हामिहरू सित भेट् गर्यो. त अब कृपा गरिकन हामिहरूलाइ तीन्
दिनको बाटो सम्म बनमां जांनु दिनु हवस् आफ्नु ईश्वर् यहवेको लागि
बलि चढाउंछौं भन्येर। तर मं जान्द छु मिस्रको राजाले तिमिहरूलाइ अं १९
बल्लियो हातले पनि जांनु दिंदैन। त मं आफ्नु हात् पसार्येर आफ्ना ति २०
सब्बै उद्भुतका कामले जुन् मं मिस्रको बीचमां देखाउंछु देसलाइ हिर्काउंछु.
अनि त्येसपछि त्येस्ले तिमिहरूलाइ जांनु दिंछ। अनि मं मिस्रीहरू देखि यो २१
लोग् माथि अनुग्रह् गराउंछु. त येसो हुंछ तिमिहरू निक्लंदा रित्ते हात्
निक्लंने छौन. त र सब्बै स्त्रीहरूले आफ्नी आफ्नी छिमेकिनी सित र २२
आफ्नी आफ्नी प्रबासिनी सित चांदीका र सुनका गहना अनि लुगाफाटा
पनि मांगुन्. अनि तिमिहरूले ति आफ्ना छोराहरू र छोरीहरूलाइ
लगाइ देव त येसोगरिकन तिमिहरूले मिस्रीहरूलाइ लूट्छौ। तर मूसाले ४ १
उत्तर् दिइ भन्यो तर हेर्नु हवस् इस्राएलबंशीहरूले मेरो पत्यारो गर्दैनन्
अनि न मेरो कुरो मान्छन्. कसोगरिभन्ये तिनिहरूले यहवेले तंलाइ
दर्शन् दियेन भन्छन्। यहवेले त्येस्लाइ भन्यो तेरो हातमां भयेको क्या २
हो. त्येस्ले भन्यो लउरो। उस्ले भन्यो त्यो भुइंमां आफालि दे। जसै त्येस्ले ३
त्यो भूइंमां आफालि दियो तब त्यो साप् बनीयो अनि मूसा त्येस्को डरले
भाग्यो। तब यहवेले मूसालाइ भन्यो आफ्नु हात् लम्काएर त्येस्को पुछरमां ४
समात्. (त त्येस्ले हात् लम्कायेर च्याप्पै समात्यो त त्यो त्येस्को हातमां
लउरो को लउरो भइ गयो.) र तिनिहरूले पत्यारो गरून् हामिहरूका ५
पित्रहरूको ईश्वर् अब्राहामको ईश्वर् इसहाक्को ईश्वर् र याकूबको ईश्वर्

६ यहवेले त्येस्लाइ दर्शन् दिये छ भनि । यहवेले त्येस्लाइ फेरि भन्यो तेरो हात्
आफ्नु खोकोलामां हाल् । त त्येस्ले आफ्नु हात् खोकोलामां हाल्यो.
अनि जब निकाल्यो तब क्यै देख्यो भन्ये मेरो हात् ता कोढ़ले हिउं
७ जस्तै सेतो भइ गये छ । तब उस्ले भन्यो तेरो हात् आफ्नु खोकोलामां
फेरि हाल् । (त त्येस्ले आफ्नु हात् फेरि खोकोलामां हाल्यो त क्यै देख्यो
८ भन्ये त्यो फेरि सिंगै जीउ जस्तो भइ गये छ ।) तब यहवेले भन्यो येसो हुंछ
तिनिहरूले तेरो पत्यारो गर्येनन् अनि पहिलो चइं चिंनु मान्येनन् भन्ये
९ दोस्रो चिंनुको ता पत्यारो गर्नन् । अनि येसो हुंछ तिनिहरूले यि दुवै
चिंनुहरूको पनि पत्यारो गर्येनन् अनि तेरा कुरा मान्येनन् भन्ये नील् नदी
देखि अलिकता पानी ल्यायेर ओब्रानो भूइंमां खन्याइ दे. त तेंले नदी देखि
१० ल्यायेको पानी ओब्रानो भूइंमां रगत् होइ जांछ । तर मूसाले यहवे सित भन्यो
हे प्रभु बिन्ति यो छ मं जो छु मं बोल्नुमां सिपालु छुइंन न ता अगाड़ि
देखि येस्तो थियें अनि न ता जब देखि तपांइले आफ्नु कमांरो सित कुरा
११ गर्नु भयो. अं मं मुखको र जिब्रोको लठेप्रो छु । यहवेले त्येस्लाइ भन्यो
मान्छेको मुख् कस्ले बनायो. कि मान्छेलाइ गोंगा कि बहिरा कि देख्ने कि
१२ अन्धा कस्ले बनाउंद छ. क्यै मैं यहवेले होइन । त अब जा मं तेरो मुखमां
१३ भइ ज्ये ज्ये तेंले भन्नु पर्छ त्यो मं तंलाइ सिकाउंदै जाउंला । फेरि त्यस्ले भन्यो
हे प्रभु कृपा गरि जस्लाइ पठाउंनु खोज्नु हुंछ त्येसैको हात् देखि पठाउंनु ।
१४ तब मूसा माथि यहवेको रिस् उठ्यो अनि उस्ले त्येस्लाइ भन्यो क्यै लेवीवंशी
हारून् तेरो दाज्यु छैन. मं जान्द छु त्यो राम्रो बोल्नु सकद छ । अनि हेर्
त्यो तेरो भेटको लागि निक्लि आउंदै छ पनि. अनि तंलाइ देख्येर मनमां
१५ रमाउंछ । त तेंले त्या सब कुरा गरि त्यसको मुखमां यि कुरा हाल्. अनि मं
त्येस्को र तेरो मुखमां भइ ज्ये ज्ये तिमिहरूले भन्नु पर्छ त्यो तिमिहरूलाइ
१६ सिकाउंदै जांछु । अनि तेरा लोग् सित कुरा त्यसैले गर्ने गर्छ. अनि येसो
१७ हुंछ त्यो तेरो मुख् हुंछ अनि तं चइं त्येस्को लागि ईश्वर् जस्तो हुंछस् ।
अनि तेंले यो लउरो आफ्नु हातमां लैजा ज्येले ति चिंनुहरू देखाउंछस् ॥

(मूसाले मिस्रमां फर्क्येर फिरऊन्लाइ ईश्वर्को कुरा जनाउंद छ)

१८ तब मूसाले आफ्नु ससुरा यित्रो थांइ फर्कि आयेर त्येस्लाइ भन्यो
कृपा गरि मंलाइ जांनु दिंनु हवस् मं फर्कि गयेर आफ्ना मिस्रमां भयेका
दाज्युभाईहरूलाइ हेर्छु तिनिहरू एैले सम्म जीउंदै छन् कि छैनन् । तब
१९ यित्रोले मूसालाइ भन्यो कुशल् सित जाउ । फेरि यहवेले मिद्यान् देसमां
मूसालाइ भन्यो मिस्रमां फर्कि जा. किनभन्ये तेरो प्राणका खोजी हुंने सबै
२० मान्छेहरू मरि गये । तब मूसा आफ्नी स्वास्नी र छोराहरूलाइ लिइ गद्हाहा
माथि चढ़ायेर मिस्र देसमां फर्क्यो. अनि त्येस्ले ईश्वरको लउरो हातमां

साथै लग्यो। फेरि यहुवेले मूसालाइ भन्यो जब तं मिस्रमां फर्कि जालास् २१
तब चंख रह् जुन् जुन् उदेक्का काम् मैंले तेरो हात्मां पारि दियें ति सबै
फिरऊन्को सांमु गर्य्येस्. तर मं त्येस्को हिर्दय् कठोर् गराइ दिंछु त त्येस्ले
लोग्लाइ जांनु दिंदैन। अनि तैंले फिरऊन्लाइ भन् यहुवेले येसो भन्येको २२
छ इस्राएल् मेरो छोरो अं मेरो जेठै हो. अनि मैंले तंलाइ भन्येको छु २३
मेरो छोरोलाइ जांनु दे त्येस्ले मेरो सेवा गरोस् भनि तर तैंले त्येस्लाइ जांनु
दिंनु मानिनस्. त हेर् मं तेरो छोरो अं तेरो जेठैलाइ मांर्छु। अनि २४
बाटोमां बास्मां येसो भयो यहुव त्यो सङ भेट् भयो अनि इच्छे गर्‍यो त्येस्लाइ
मांर्छु भन्ये। तब सिप्पोराले येउटा धार् भयेको ढुंगासंग् ढुंगो लियेर आफ्नु २५
छोरोको खलड़ो काटि दिई अनि मूसाका गोड़ामां फ्यांकि दियेर भनौ
अबस्से तिमि मंलाइ रगत्को ब्याउलो भयौ। तब यहुवेले मूसालाइ छोड़ि २६
दियो. अनि त्येसै घरौ त्यो खत्नाको कारण्ले त्येस्ले भनौ तिमि रगत्को
ब्याउलो भयौ॥

अनि यहुवेले हारून्लाइ भन्यो मूसालाइ भेट्नुलाइ बन्मां जा। २७
त त्येस्ले गयेर ईश्वर्को पर्बत्मां त्येस्लाइ भेट्यो अनि त्येस्लाइ चूमा खायो।
तब मूसाले हारून्लाइ यहुवका उस्ले त्येस्लाइ भनि पठायेका सब्बै कुराहरू २८
अनि देखाउंनु भन्येर उस्ले आज्ञा गर्येका सब्बै चिंनुहरूक विषय् पनि भनि
सुनायो। त मूसा र हारून्ले गयेर इस्राएल्बंशीहरूका सब्बै प्राचीन्हरूलाइ २९
भेला गराये अनि हारून्चइंले यहुवले मूसालाइ भन्येका ति सब्बै कुरा ३०
भनि सुनायो अनि लोगका आंखाको सोजि ति चिंनुहरू पनि देखाइ दियो।
तब लोगले तिनको पत्यारो गर्य. अनि यहुवले हामि इस्राएल्बंशीहरूको ३१
हेरचाहा गर्‍यो अनि हामिहरूको कष्ट पनि हेर्‍यो भन्येको सुन्येर सिर्हरू
निउंराइ दण्डवत् गर्‍ये। येस् पछि मूसा र हारून्ले गयेर फिरऊन्लाइ भन्ये ५ १
इस्राएल्को ईश्वर् यहुवेले येसो भन्येको छ मेरो लोग्लाइ जांनु दे र तिनिहरूले
बन्मां मेरो येउटा चाड् मानुन्। तब फिरऊन्ले भन्यो यहुव भन्ये को हो र २
म उस्को बचन् मानि इस्राएलीहरूलाइ जांनु दिउं मं यहुवलाइ चिन्दीन.
अनि न मं इस्राएलीहरूलाइ जांनु दिंछु। तिनिहरूले भन्ये इब्रीहरूको ३
ईश्वर्ले हामिहरू सित भेट् गर्‍यो. त कृपा गरिकन हामिहरूलाइ बन्मां
तीन् दिन्को बाटो जांनु दिंनु हवस् आफ्नु ईश्वर् यहुवको मांसु बलि गर्छौं
होइन भन्ये ता उस्ले हामिहरूलाइ रुढ़ि कि तरवार्ले मार्ला। तर मिस्रको ४
राजाले तिनिहरूलाइ भन्यो ए मूसा र हारून् तिमिहरूले किन लोगलाइ
तिनका काम् छोड़ाउंनु लाउंछौ. आफ्नु आफ्नु बोझा बोक्नु जाव। फेरि ५
फिरऊन्ले भन्यो हेर देस्को लोग् अब धेरै भइ गयेका छन् अनि तिमिहरूले
तिनिहरूलाइ तिनका बोझा देखि बिस्राम् दिंनु खोजर छौ। त त्येसै दिन् ६
फिरऊन्ले लोग् मांथि भयेका कामदारीहरूलाइ र तिनिहरूका बहीदार्हरूलाइ
येसो भन्येर आज्ञा दियो तिमिहरूले एजे सम्म ईंट् पार्नुको लागि ७
दिंने गर्येको पराल् अब देखि येसो ति लोगलाइ न देव. तिनिहरू आफैले

८ गइ गइकन पराल् बटुलुन्। तर ईंट् चइं अब सम्म जत्ति तिनिहरूले
बनाउंनु पर्द थियो उत्तिनै अब देखि यसो पनि तिनिहरू देखि बनाउंनु
लगाव तिनको गन्ति कोइ पनि न घटाव. किनभन्ये तिनिहरू अलछे छन्
होला यसैकारणले हामिहरूलाइ जांनु देउ आफ्नु ईश्वर्को लागि बलि
९ चढांउछौं भन्दै चिच्याइ रह्येका छन्। ति मान्छेहरू देखि अरू पनि सारो
सारो काम् गराईओस् र तिनिहरूले त्येसमां दास्ति गरून् अनि झुट्टा कुरामां
१० आंखा न लगाउन्। त लोग् मांथि भयेका काम्दारोहरू र तिनका
बहोदारहरूले बाइर गयेर लोग्लाइ भन्ये फिरऊन्ले यसो भन्द छ म
११ तिमिहरूलाइ पराल् दिन्न। तिमिहरूले आफै गयेर जहां पाउंछौ त्यहां
बाटो पराल् खोजि ल्याव. तर तिमिहरूको काम्काज् चइं कोइ पनि
१२ घटाईदेन। त तिनिहरू सिंगै मिस्र देस् भरि फिंजोये परालको लागि
१३ कुच्काकुच्कि बटुलूं भन्येर। तब काम्दारोहरूले तिनिहरूलाइ हतार् हतार्
लाइकन भन्दै रह्ये जसोरि तिमिहरूले पराल् पाउंदाखेरि गर्द थियौ त्येसैगरि
आफ्ना काम्काज् आफ्नु दिन् दिन्को खटन् भयेको काम् अबै पनि पूरै गर
१४ भन्दै। अनि फिरऊन्का काम्दारोहरूले इस्राएल्बंशोहरू मांथि ठहरायेका
बहोदार्हरूले कुटाइ खाये अनि तिनिहरू देखि सोधीयो हिजो पनि अनि
आजु पनि किन आफ्नु खटन् भयेको पूरो गर्यौन ईंट् अगाड़ि झैं
१५ बनाइकन। तब इस्राएल्बंशोका बहोदार्हरूले गयेर फिरऊन्लाइ यसो
भनिकन दोहाई दिये हजूर्ले आफ्ना कमांराहरू सित किन यस्तो बेहोरा
१६ गर्नु भयो। हजूर्का कमांराहरूलाइ पराल् भन्ये दिइंदैन तैपनि हामिहरूलाइ
ईंट् पार ईंट् पार भन्दै जांछ छन्. अनि हेर्नु हवस् हजूर्का कमांराहरूले
१७ कुटाइ खाये तर दोष् भन्ये हजूर्के लोग्को छ। तर त्येस्ले भन्यो तिमिहरू
अलछे छौ अलछे छौ. यसैकारणले भन्द छौ हामिहरूलाइ यह्वेको लागि
१८ बलि चढाउन्को लागि जांनु देउ। त अब गयेर काम् गर तर पराल् चइं
१९ तिमिहरूलाइ दिइंदैन तैपनि ईंट्को गन्ति उत्तिकै दिंनु पर्छ। तब
इस्राएल्बंशोहरूका बहोदार्हरूले त्येस्ते तिमिहरूको ईंट्को गन्ति घट्दैन
तर दिनहूं उत्तिकै काम् पूरो गर्नु पर्छ भन्यो भन्येर हामिहरू ता दुर्गत्मां
२० परि सक्यौ छौं भनि थाहा पाये। अनि जसै तिनिहरू फिरऊन्को
सामु देखि निक्लंदै थिये तब मूसा र हारून्लाइ बाटोमां उभीइ रह्येका
२१ भेटेर तिनिहरूलाइ भन्ये यह्वेले तिमिहरू मांथि हेरि तिमिहरूको
निया गरोस् किनभन्ये तिमिहरूले हामिहरूलाइ फिरऊन् र त्येस्का
चाकरहरूको दृष्टिमां घिन्लाग्दा तुल्याइ हामिहरूलाइ काट्नुको लागि
२२ तिनिहरूको हात्मां तरवार् दिये झैं गर्यौ। तब मूसाले यह्वे थांइ फर्कि
आयेर भन्यो हे प्रभु तपांइले किन यस् लोग्को बुरो गर्नु भयो तपांइले
२३ किन मंलाइ पठाउंनु भयो। कसोगरिभन्ये जब देखि मं तपांइको नांउले
कुरा गर्नुलाइ फिरऊन् थांइ गयें तब देखि त्येस्ले यस् लोग्लाइ थिचोमिचो
मात्रै गर्येको छ अनि तपांइचइंले आफ्नु लोग्लाइ कोइ पनि छोड़ाउंनु

भयेन । तब यहवेले मूसालाइ भन्यो अब तैंले देखलास् मं फिरऊनलाइ के ६ १
के गर्द छु . के भन्ये बलियो हातले त्यस्ले तिनिहरूलाइ जांनु दिंछ अनि
बलियो हातले तिनिहरूलाइ आफ्नु देस् देखि धपाइ दिंछ ॥
फेरि ईश्वरले मूसालाइ भन्यो मं यहवे हुं . अनि मं अब्राहाम् ३
इसहाक् र याकूबलाइ सर्बशक्तिमान् ईश्वर् गरि ना दर्शन् दिंद थियें
तर आफ्नु यहवे नाउंले ता मं तिनिहरूकां जाहेर् भइंन । अनि फेरि मैंले ४
तिनिहरू सङ आफ्नु यो नियम् ठहराइ बान्धेका थियें तिमिहरू प्रवासमा
भइ रह्येको कनान् देस् मं तिमिहरूलाइ दिंछु भन्ये । अनि फेरि मिस्रीहरूले ५
दास् तुल्याइ राख्येका इस्राएलबंशीहरूको सुस्केरामंराइं सुनिकन मैंले आफ्नु
नियम् सम्झेंर । यस्कारण् तैंले इस्राएलबंशीहरूलाइ यसो भन् मं यहवे हुं ६
अनि मं तिमिहरूलाइ मिस्रीहरूका बोझाहरू मुनि देखि निकाल्छु अनि
तिनको दास्ति देखि तिमिहरूलाइ छोड़ाउंछु अनि पसारायेको बांहाले र महा
दंडाज्ञाहरूको बाटोले मं तिमिहरूलाइ उद्धार् गर्छु . अनि मं तिमिहरूलाइ ७
मेरो लोग् हुंनुको लागि ग्रहण् गर्छु अनि मं तिमिहरूको लागि ईश्वर् हुंछु .
अनि तिमिहरूले यो थाहा पाउंने छौ मं तिमिहरूलाइ मिस्रीहरूका बोझा
मुनि देखि निकाल्ने तिमिहरूको ईश्वर् यहवे हो रहेछु भनि । अनि जुन् ८
देस् मैंले आफ्नु हात् उचालिकन अब्राहाम् इसहाक् र याकूबलाइ
दिंने किरिया खायेको थियें त्यसैमां मं तिमिहरूलाइ ल्याइ पुर्याउंछु अनि
मं त्यो तिमिहरूलाइ अधिकारको लागि दिंछु . मं यहवे हुं । त मूसाले ९
इस्राएलबंशीहरूलाइ यसैनै भनि सुनायो . तर तिनिहरूचाइंले हंसको संकट्
र कठिन् दास्तिको कारणले मूसाको मान्येनन् ॥
फेरि यहवेले मूसालाइ भन्यो तैंले भित्र गयेर मिस्रको राजा १०
११
फिरऊन् सित कुरा गर् र त्यस्ले इस्राएलबंशीहरूलाइ आफ्नु देस् देखि जांनु
देवस् । तर मूसाले यहवेको सांमु भन्यो हेर्नु हेवस् इस्राएलबंशीहरूले मेरो १२
मान्येनन् त झनसारो मं बोल्नुमां बिखल्नाको मान्छेको फिरऊनले के
मान्ला । त यहवेले मूसा र हारून् सित कुरा गरिकन तिनिहरूलाइ १३
इस्राएलबंशीहरू र मिस्रको राजा फिराउनको बिषयमां आज्ञा दियो
तिनिहरूले इस्राएलबंशीहरूलाइ मिस्र देस् देखि निकालि लैजाउन् भन्ये ॥

(मूसाको बंशावली)

तिनिहरूका आफ्ना पित्रहरूका घर् घरका मूलहरू यि हुन् . १४
इस्राएलको जेठो रूबेनका छोराहरू . हनोक् पल्लू हेस्रोन् र कर्मी .
रूबेनका जहान् यिनै हुन् । अनि शिमोनका छोराहरू . यमूएल् यामीन् १५
ओहद् याकीन् र सोहर् अनि कनानी स्त्रीको छोरो शाऊल् . शिमोनका जहान्
यिनै हुन् । अनि लेवीका छोराहरूको नांउ तिनका पुस्ताहरू अनसार् गरि १६
यिनै हुन् . गेर्शोन् कहात् र मरारी . अनि लेवीको सबै उमेर् एक् सै र
सैंतीस् बर्षको भयो । गेर्शोनका छोराहरू . लिब्नी र शिमी तिनका जहान् १७

१८ अनुसार् गरि। अनि कहातका छोराहरु. अम्राम् यिसहार् हेब्रोन् र उज्जीएल्.
१९ अनि कहातको सबै उमर् एक् सै र तेंतीस् बर्षको भयो। अनि मरारीका
छोराहरु. महलौ र मूशौ. लेवीहरुका जहान् तिनका पुस्ताहरु अनुसार् गरि
२० यिनै हुन्। फेरि अम्रामले आफ्नी फूपु योकेबेदलाइ ब्याहा गरि ल्यायो
अनि त्येस्ले त्येसको लागि हारून् र मूसालाइ जन्माई. अनि अम्रामको सबै
२१ उमेर् एक् सै र सैंतीस् बर्षको भयो। अनि यिसहारका छोराहरु. कोरह्
२२ नेपेग् र जिक्रौ। अनि उज्जीएलका छोराहरु. मीशाएल् एलसापान् र सित्री।
२३ अनि हारूनले अम्मीनादाबको छोरी नहशोनकी बैंनी एलीशेबालाइ ब्याहा
गरि ल्यायो अनि त्येस्ले त्येसको लागि नादाब् र अबीहू एलाजार् र
२४ ईतामारलाइ जन्माई। अनि कोरहका छोराहरु. अस्सोर् एलकाना र
२५ अबिआसाप्. कोरहीहरुका जहान् यिनै हुन्। अनि हारूनको छोरो
एलाजारले पतीएलकी छोरीहरुमांकी येउटीलाइ ब्याहा गरि ल्यायो अनि
त्येस्ले त्येसको लागि पीनहासलाइ जन्माई। लेवीहरुका पित्रहरुका घर्
२६ घरका मूलहरु तिनका जहान् जहान् अनुसार् गरि यिनै हुन्। यि तिनै
हारून् र मूसा हुन् जुनहरुलाइ यहवेले यो आज्ञा दियो इस्राएलबंशीहरुलाइ
२७ तिनका सेना सेना अनुसार् मिस्र देस् देखि निकालि ल्याउ भन्ने। यि तिनै
हुन् जुनहरुले इस्राएलबंशीहरुलाइ मिस्र देखि निकालि ल्याउंनुको लागि
मिस्रको राजा फिरऊन् सित कुरा गर्य. यि तिनै मूसा र हारून् हुन्॥

(मिस्रमां भयेको पहिलो बिपत्ति)

२८ अनि येसो भयो जस् दिन् यहवेले मिस्र देसमां मूसा सित कुरा
२९ गर्यो त्येस् दिन् यहवेले मूसालाइ भन्यो मं यहवे हुं. मैले तंलाइ जे
३० जे भन्नु आंटेको छु ति सबै मिस्रको राजा फिरऊनलाइ भन्। तब मूसाले
यहवेको सांमु भन्यो हेर् हवस् मं ता बोलनुमां खिसनाको मान्छे छु त
७ १ फिरऊनले कसो गरि मेरो मान्छ। तब यहवेले मूसालाइ भन्यो हेर् मैले
तंलाइ फिरऊनको लागि ईश्वर् जस्तो तुल्यायेको छु. अनि तेरो दाज्यु हारून्
२ तेरो अगमबक्ता हुंछ। जे जे मं तंलाइ आज्ञा दिंछु त्यो तेंले भन्नु. अनि तेरो
दाज्यु हारूनले फिरऊनलाइ भन्नु गरोस् र त्येस्ले इस्राएलबंशीहरुलाइ आफ्नु
३ देस् देखि जांनु देवस्। तर मं फिरऊनको हिर्दय् सारो गराउंछु बरु देखि
४ आफ्ना चिंनुहरु र उदेकका कामहरु मिस्रमां औधि गरि देखाउंछु। तर
फिरऊनले तिमिहरुको मान्नेछैन तब मं मिस्र देस् मांथि आफ्नु हात्
हाल्येर मिस्रीहरुलाइ सारा डंडाहरु दिइकन आफ्ना सेनाहरु इस्राएलबंशीहरु
५ आफ्ना लोगलाइ तिनको बीच् देखि निकालछु। अनि जब मं मिस्र मांथि
आफ्नु हात् पसार्येर इस्राएलबंशीहरुलाइ तिनिहरुको बीच् देखि निकालछु
६ तब मिस्रीहरुले थाहा पाउंछन् मं यहवे हो रांछु भनि। तब मूसा र हारूनले
त्येसै गर्य अं यहवेले तिनिहरुलाइ सबै आज्ञा दियेका अनुसार् तिनिहरुले

गर्थे। अनि मूसा र हारूनले फिरऊन् सित कुरा गर्दा मूसाको उमेर् ७
अस्सी बर्षको अनि हारूनको तिरासी बर्षको थियो॥

फेरि यहूवेले मूसा र हारूनलाइ भन्यो जब फिरऊनले तिमिहरूलाइ ८ ९
भन्ला आफ्नु लागि कोई उदेक्को काम् देखाव भनि . तब तैंले हारूनलाइ
भन्नु आफ्नु लउरो लियेर फिरऊन्को सांमु आफालि देउ र त्यो साप्
बनौओस्। त मूसा र हारूनले फिरऊन् थांइ गयेर यहूवेको आज्ञा अनुसार् १०
गर्थे. अनि जसै हारूनले आफ्नु लउरो फिरऊन् र त्यैका चाकरहरूको सांमु
आफालि दियो तब त्यो साप् बनौयो। तब फिरऊनले पण्डितहरू र ११
मन्तर्खेलांउनेहरूलाइ पनि बोलाइ पठायो. त मिस्रका जैसीहरू आफैले पनि
आफ्ना मन्तर्तन्तर्ले त्यैसै गर्थे। अर्थात् तिनिहरूले आफ्नु आफ्नु लउरो १२
आफालि दिये अनि ति साप् बनौये . तर हारूनको चंइ लउरोले तिनका
लउराहरूलाइ निलि दियो। तर फिरऊनको हिर्दय् कठोर् गराईयो अनि १३
त्यैले तिनिहरूको मान्येन यहूवेले भन्ये झैं॥

तब यहूवेले मूसालाइ भन्यो फिरऊनको हिर्दय् सारो भइ गयो त्यैले १४
लोगलाइ जांनु दिंनु मान्दैन। बिहान फिरऊन् थांइ जा हेर् त्यो पानी तिर १५
जांदै गर्येको हुंदा तं नील् नदीको तीर्मां त्यैलाइ भेट्नुको लागि उभोइ
रह् अनि त्यो साप् बनौयेको लउरो हात्मां ले। अनि त्यैलाइ यैसो १६
भन् इब्राहरूको ईश्वर् यहूवेले मंलाइ यो भन्नुलाइ आफु थांइ पठायो मेरो
लोग्लाइ जांनु दिंनु तिनिहरूले बनमां मेरो सेवा गरून् भनि . तर आफुले
एले सम्म मान्नु भयन। त यहूवेले यैसो भन्येको छ मं यहूवे हो रांछु भनि तैंले १७
यैस्मां थाहा पाउंछस् भनि . जुन् लउरो मेरो हात्मां छ यैले मं नील् नदीको
पानीमां हिर्काउंछु तब त्यो रगत् बनौंछ। अनि नदीमां भयेका माछ्काहरू १८
मंछन् अनि नदी यैस्तोगरि गन्हाउंछ नदीको पानी खांनु मिस्रीहरूले
घिनाउंछन्। फेरि यहूवेले मूसालाइ भन्यो हारूनलाइ भन् आफ्नु लउरो १९
लियेर मिस्रमां जत्ति पानीहरू छन् अर्थात् त्यैका नदी खोला पोखरि
तलाउहरू अं जत्ति पानीठांउ छन् ति सब्बै माथि आफ्नु हात् पसार ति
रगत् बनाउन् भन्येर त मिस्रका सब्बै देसभरिमां क्यै काठका अनि क्यै
ढुंगाका पानीभांड़ाहरूमां रगत् होइ जांछ। तब मूसा र हारूनले यहूवेको २०
आज्ञा अनुसार् गरि त्यैले लउरो उचाल्येर फिरऊन् र त्यैका चाकरहरूले
देख्दामां नदीका पानीहरूमां हिर्कायो तब नदीमां भयेका सब्बै पानीहरू
रगत् बनौये। अनि नदीमां भयेका सब्बै माछ्काहरू मंये अनि नदी २१
यैस्तोगरि गन्हाउंनु लाग्यो नदीको पानी मिस्रीहरूले खांनु सकेनन् अनि
मिस्रको सिंगै देसभरिमां रगत् भइ गयो। तब मिस्रका जैसिहरूले पनि २२
आफ्ना मन्तर्तन्तर्ले त्यैसै गर्थे. त फिरऊनको हिर्दय् कठोर् गराईयो अनि
त्यैले तिनिहरूको मान्येन यहूवेले भन्ये झैं। तब फिरऊन् फर्केर आफ्नु २३
घर्मां गयो अनि यो देखि पनि आफ्नु हिर्दय्मां चेताईयेन। अनि सब्बै २४
मिस्रीहरूले खांने पानीको लागि नदीको छेउछाउ खन्नु लाग्ये किनभन्ये

२५ नदीको पानी खानु सक्दैन थिये। अनि यहवेले नदी मार्दा सात् दिनको
भरना भयो ॥

(दोस्रो बिपत्ति)

८ १ फेरि यहवेले मूसालाइ भन्यो फिरऊन् थांइ गयेर त्येस्लाइ भन् यहवेले
२ येसो भन्द छ मेरो लोगलाइ जांनु दे र तिनिहरुले मेरो सेवा गरुन्। अनि तं
तिनिहरुलाइ जांनु दिनुलाइ न मान्दै रहिस् भन्ये देखि हेर् मं भ्यागुता
३ पठायेर तेरो सिंगै देस् एले नास् पार्छु. अनि नील् नदी भ्यागुताहरुले औंधि
गरि भरीछ अनि ति तेरो घर् र सुत्ने कोठामां र तेरो खाट् मांथि अनि
तेरा चाकरेहरुका घर् घर्मां अनि तेरा पर्जाहरु मांथि अनि तेरा तनूर्हरु र
४ पिठो मुछ्ने आफ्रिहरुमां चढि चढि आउंछन्. त तं मांथि र तेरा पर्जाहरु
५ मांथि र तेरा सब्बै चाकरेहरु मांथि भ्यागुता चढि चढि आउंछन्। फेरि
यहवेले मूसालाइ भन्यो हारुन्लाइ भन् नदीहरु र खोलाहरु र पोखरिहरु
मांथि आफ्नु हात् लउरो लिइ पसार्येर भ्यागुताहरु मिस्र देस् मांथि चढाइ
६ ल्याउ। त हारुन्ले मिस्रका पानीहरु मांथि आफ्नु हात् पसार्यो तब
७ भ्यागुताहरुले चढि आयेर मिस्र देस् ढाक्यो। अनि जैसिहरुले पनि आफ्ना
मन्तर्तन्तर्ले त्येसै गर्ये अनि तिनले मिस्र देस्मां भ्यागुता चढाइ ल्याये।
८ तब फिरऊन्ले मूसा र हारुन्लाइ बोलाइ पठायेर तिनलाइ भन्यो यहवे
सित बिन्ति गर र उस्ले भ्यागुताहरुलाइ मं देखि र मेरा पर्जाहरु देखि
लैजावस् त मं लोगलाइ जांनु दिंछु तिनले यहवेको सांमु बलि गर्नुलाइ।
९ तब मूसाले भन्यो मं मांथि यो घमंड् गर्नु हवस्. मं कैलेको लागि आफुको र
आफुका चाकरेहरुको र आफुका पर्जाहरुको निम्तिमां बिन्ति गरुं र भ्यागुताहरु
आफु थांइ देखि र आफुका घर्हरु देखि नष्ट होउन् अनि ति खालि
१० नदीमांनै रहुन्। अनि त्येस्ले भन्यो भोलिको लागि। तब मूसाले भन्यो
आफुका बचन् अनुसार् हवस्. र आफुले हांमिहरुको ईश्वर् यहवे जस्तो
११ कोई रैनछ भनि थाहा पाउनु हवस्। अनि भ्यागुता आफु थांइ देखि र
आफुका घर्हरु देखि र आफुका चाकरेहरु र पर्जाहरु थांइ देखि फर्कि
१२ गयेर खालि नदीमां मात्रै रहंछन्। तब मूसा र हारुन् फिरऊन् थांइ देखि
निक्लि गये. अनि यहवेले फिरऊन् मांथि पठायेका भ्यागुताहरुको बिषयमां
१३ मूसाले उस्को दोहाई दियो। तब यहवेले मूसाको बचन् अनुसार् गर्यो त
१४ भ्यागुताहरु घर् घर् आंगन् आंगन् र बन् हुंदो मरि मेटीये। अनि
मान्छेहरुले ति बटुलि बटुलिकन थुप्रो थुप्रो लगाये. अनि देस् गन्हाउनु
१५ लाग्यो। तर जसै फिरऊनले छुट्नु पाईयेको देख्यो तब त्येस्ले आफ्नु हिर्दय्
सारो गर्यो अनि तिनिहरुको मान्येन यहवेले भन्ये झैं ॥

(तीस्रो बिपत्ति)

१६ फेरि यहवेले मूसालाइ भन्यो हारुन्लाइ भन् तिमिले आफ्नु लउरो

उपजायेर देसको धूलोमां हिर्काउ र ति मिस्र देसभरि भुसुनाहरू बनाउन्।
त तिनिहरूले त्यसै गर्‍ये हारूनले लउरो लियेर आफनु हात् पसारि देसको १७
धूलोमां हिर्कायो तब मान्छेहरूमां र पशुहरूमां भुसुनाहरू बनीये सिंगै
मिस्र देसमां भूइंको धूलोका भुसुनै भुसुना बनीये। तब जैसिहरूले पनि १८
आफना मन्तरतन्तरले त्यसै गरि भुसुनाहरू ल्याउंनु खोज्ये तर सकेनन्.
त मान्छेहरूमां र पशुहरूमां भुसुनाहरू भइ रह्या। तब जैसीहरूले १९
फिरऊनलाइ भन्ये यस्मां ता ईश्वरैको औंलो थाहा हुंद छ. तर फिरऊनको
हिर्दय् कठोर् गराईयो अनि त्यस्ले तिनिहरूका सुन्यन यहवेले भन्ये झैं॥

(चैाथो बिपत्ति)

फेरि यहवेले मूसालाइ भन्यो बिहान् सखारै उठ्यर फिरऊनको सांमु २०
उभा हेर् त्यो पानी तिर आउंदै गर्‍येको भेटौंछ त त्यस्लाइ भन् यहवेले यसो
भन्द छ मेरो लोगलाइ जांनु दे र तिनिहरूले मेरो सेवा गरून्। किनभन्ये २१
तंले मेरो लोगलाइ जांनु दिईनस् भन्ये देखि हेर् मं तं मांथि र तेरा
चाकरेहरू र तेरा पर्जाहरू मांथि अनि तेरा घर् घरमां औंधिका झिङ्गा
पठाउंछु. अनि मिस्रीहरूका घर् र तिनका बसे भूइं समेत् औंधिका झिङ्गाले
भरीछन्। अनि त्यस् दिनमां मं आफनु लोग् भयेको गोशन् चइं देसको २२
गतलाइ छुट्याउंछु र त्येस्मां चइं औंधिका झिङ्गा कोइ न होउन् मं पृथिवीको
मांझमां यहवेनै हो गंछु भनि तंले थाहा पा भन्ये खातिरले। यसोरि मं २३
आफनु लोग् र तेरा पर्जामां भेद् पार्छु. यो चिंनु भोलि हुंछ। अनि यहवेले २४
त्यसै गर्‍यो अनि फिरऊनको घर् र त्येस्का चाकरेहरूका घर् घरमां अग्घोर्
औंधिका झिङ्गा पसि आये. अनि सिंगै मिस्र देसमां ति औंधिका
झिङ्गाहरूको कारणले देस् बिगारीयो। तब फिरऊनले मूसा र हारूनलाइ २५
बोलाइ पठायेर तिनलाइ भन्यो तिमिहरूले गयेर देसमां आफनु ईश्वरको
सांमु बलि गर। तर मूसाले उत्तर् दियो यसो गर्नु उचित् छैन कसोगरिभन्ये २६
हामिहरू आफनु ईश्वर् यहवेको सांमु यस्तो बलि गर्छौं जुन् देखि मिस्रीहरूले
घिण् गर्द छन्. त हेर्नु हवस् हामिहरूले मिस्रीहरूका आंखाको सोजि
तिनिहरूले घिनायेको बलि गर्‍यूं भन्ये देखि ता के तिनिहरूले हामिहरूलाइ
लोहोर्‍याउंदैनन्। हामिहरू तीन् दिनको बाटो सम्म बनमां गयेर आफनु २७
ईश्वर् यहवेको सांमु उस्ले हामिहरूलाइ आज्ञा गर्‍ये जस्तो बलि गर्छौं। तब २८
फिरऊनले भन्यो हुंछ मं तिमिहरूलाइ बनमां जांनु दिंछु तिमिहरूले आफनु
ईश्वर् यहवेको सांमु बलि गर्नुलाइ खालि धेर् टाड़ो न जाव. मेरो लागि
बिन्तिनै गर। तब मूसाले भन्यो हेर्नु हवस् मं आफु थांइ देखि बाहिर गयेर २९
यहवे सित बिन्ति गर्छु ति औंधिका झिङ्गा फिरऊन् र त्यस्का चाकरेहरू र
पर्जाहरू देखि भोलिनै दूर् होउन् भनि. खालि फिरऊनले अझै पनि
यहवेको सांमु बलि गर्नुको लागि लोगलाइ जांनु न दिइ छल् न गरून्। त ३०
मूसाले फिरऊन् थांइ देखि बाहिर गयेर यहवे सित बिन्ति गर्‍यो। अनि ३१

यहवेले मूसाले भन्येको अनुसार् गर्‍यो ति औंधिका झिंङ्गा फिरऊन् र
त्येस्का चाकरहरु र त्येस्का पर्जाहरु थांइ देखि येसोगरि दूर् गर्‍यो येउटा
३२ पनि रहेन। तर फिरऊनले येस् खेप् पनि आफ्नु हिर्दय् सारो गरिकन
लोग्लाइ जांनु दियेन॥

(पांचौं बिपत्ति)

९।१ फेरि यहवेले मूसालाइ भन्यो फिरऊन् थांइ गयेर त्येस्लाइ भन्
इब्रानीहरुको ईश्वर् यहवेले येसो भन्द छ मेरो लोग्लाइ जांनु दे र
२ तिनिहरुले मेरो सेवा गरुन्। अनि तं तिनिहरुलाइ जांनु दिंनुलाइ न
३ मान्दे रहिस् तर अब पनि समाति रहिस् भन्ये देखि हेर् तेरा बन्मां
भयेका पशुहरु मांथि अर्थात् घोड़ाहरु गदाहाहरु ऊंटहरु गाईगोरुहरु
र भेंड़ाबाख्राहरु मांथि यहवेको हात् पर्छ. अग्घोर् ठुलो रुढि हुंछ।
४ अनि यहवेले इस्राएलका पशुहरुमां र मिस्रीका पशुहरुमां येस्तो भेद्
५ छुट्याउंछ इस्राएलवंशीहरुका पशुहरुमांको कुनै पनि मर्दैन। फेरि यहवेले
भोलिनै यहवेले देस्मां यो काम् गर्छ भनिकन बेलाको खटन् ठहरायो।
६ त भोलि पल्टो यहवेले यो काम् गर्‍यो मिस्रका सब्बै पशु मर्‍ये. तर
७ इस्राएलवंशीहरुका पशुहरुमांको येउटा पनि मर्‍येन। अनि फिरऊनले पठायो
त हेर इस्राएलीहरुका पशुहरुमांको येउटा सम्म पनि मर्‍येको रैनछ। तर
फिरऊनको हिर्दय् सारो भयो अनि त्येस्ले लोग्लाइ जांनु दियेन॥

(छैठो बिपत्ति)

८ फेरि यहवेले मूसा र हारूनलाइ भन्यो भट्टी देखि आफ्नु आफ्नु
मुठि भरि भरि खरानि लेउ र मूसाले त्यो फिरऊनको सांमु अकाश् तिर
९ छरि देवस्। त त्यो सिंगै मिस्र देस्मां मसीनो धूलो भइ सिंगै मिस्र देस्मां
१० मान्छे र पशुका जीउमां पीलो फुटिउठ्ने बनीछन्। त तिनिहरु भट्टीको
खरानि लियेर फिरऊनको सांमु उभीये अनि मूसाले त्यो अकाश् तिर छरि
११ दियो त त्यो मान्छेहरु र पशुहरुका जीउमां पीलो फुटि निकल्ये। अनि ति
पीलोको कारणले जैसिहरु मूसाको सांमु उभीनु सकेनन् किनभन्ये ति
पीलो जैसिहरुका जीउमां र सब्बै मिस्रीहरुका जीउमां निकल्येका थिये।
१२ तर यहवेले फिरऊनको हिर्दय् कठोर् गरायो अनि त्येस्ले तिनिहरुको
मान्येन यहवेले मूसालाइ भन्ये झैं॥

(सातौं बिपत्ति)

१३ फेरि यहवेले मूसालाइ भन्यो बिहान् सबारै उठेर फिरऊनको सांमु
उभीइ त्येस्लाइ भन् हिब्रीहरुको ईश्वर् यहवेले येसो भन्द छ मेरो लोग्लाइ

जांनु दे र तिनिहरुले मेरो सेवा गरुन्। किनभन्ये येस् खेप् ता मं तेरो १४
हिर्दय्मां अनि तेरा चाकरेहरु र तेरा पर्जाहरु मांथि आफ्ना सबै
बिपत्तिहरु पठाइ हाल्कु त्यहां देखि तैंले सिंगै पृथिवीमां मैं जस्तो कोई
रैनछ भनि थाहा पाउलास्। कसोगरिभन्ये मैंले अब आफ्नु हात् पसार्येर १५
तंलाइ र तेरा पर्जाहरुलाइ रुढिले मांर्येको भये देखि तं पृथिवी मांथि
देखि मेटीने थिइस्. तर सांचिनै मैंले तंलाइ येस्कारण उभ्याइ राखेको कु १६
तंलाइ आफ्नु शक्ति देखाउं अनि मेरो नांउको समाचार् सिंगै पृथिवीमां
फिंजीओस् भन्ये खातिर्ले। के तं अवै पनि आफुलाइ मेरो लोग्लाइ १७
जांनु न दिंनुलाइ अलग्याउंछस्। हेर् मं भोलि येइ बेला गरि येस्तो १८
औधिको असीना पार्कु मिस्रको जग् पर्येको दिन् देखि येसो अब सम्म
येस्तो कैलेइ भयेन। त ऐले मान्छे पठायेर आफ्ना बस्तुहरुलाइ र बन्मां १९
तेरा जे जे छन् सब्बैलाइ हतार् हतार् गरि भित्र्या किनभन्ये जत्ति
मान्छे कि पशु बन्मां पाइनन् अनि घर्मां भेला गरीवैनन् तिनिहरु मांथि
असीना पर्छ अनि ति मंर्छन्। फिरऊनका चाकरेहरुमांका यहवेको बचन्को २०
डर् मान्नेहरु जत्तिले आफ्ना आफ्ना चाकर र बस्तुहरुलाइ घर्मां भगाइ
ल्याये. तर यहवेको बचनमां मन् न लाउंनेहरु जत्तिले आफ्ना चाकरेहरु २१
र बस्तुहरुलाइ बनैमां रहंनु दिये॥

तब यहवेले मूसालाइ भन्यो आफ्नु हात् अकाश तिर पसार् सिंगै २२
मिस्र देसमांका मान्छेहरु र पशुहरु र सब्बै बारीका साक्पात् मांथि सिंगै
मिस्र देस् भरि असीना परोस्। त मूसाले आफ्नु लठरी अकाश तिर पसार्यो. २३
तब यहवेले गर्जन् र असीना पार्नु थाल्यो अनि आगो भूमिमां दुर्गुरि
उत्र्यो त यहवेले मिस्र देसमां असीना पार्यो। त असीना पर्यो अनि २४
असीनामां आगो येस्तो औधिको मलाक्मिलोक् गरि दुर्गुर्दै थियो त्येस्तो
असीना ता सिंगै मिस्र देस्मां त्यो बनीयेको देखि कैलेइ पर्येको थियेन।
अनि सिंगै मिस्र देसको बन्मां भयेका के मान्छे के पशु सब्बैलाइ असीनाले २५
मांर्यो अनि असीनाले बारीका सब्बै साक्पात् मांर्यो अनि बनका सब्बै
रुखहरु पनि भांच्यो। खालि इस्राएलवंशी बस्येको गोशेन् देसमां मांत्रै २६
असीना केइ पनि पर्येन। तब फिरऊनले मूसा र हारूनलाइ बोलाइ पठायेर २७
तिनिहरुलाइ भन्यो येस् खेप् ता मैंले पाप् गर्यें. यहवे धर्म्मी रछ अनि मं र
मेरा पर्जा दुष्ट। यहवे सित बिन्ति गर किनभन्ये ईश्वरले गर्जाउंनु र असीना २८
पार्नु जो भयो त्यो औधिनै भयो त मं तिमिहरुलाइ जांनु दिंकु अनि
तिमिहरु अब देखि रहंने छैन। तब मूसाले उत्तर् दियो सहर् देखि निस्कंदा २९
निस्कंदै मं यहवे तिर आफ्नु हात् पसार्कु तब गर्जन् थुनींछन् अनि असीना
फेरि पर्दैन र आफुले पृथिवी यहवेकै हो रछ भनि थाहा पाउंनु हवस्। तर ३०
आफु र आफुका चाकरेहरु जो हुंनु हुंद छ मं जान्द कु अझै सम्म आफुहरुले
यहवेको डर् मान्नु हुंन्न। त सुन्पाट् र जउ मांरीये. कसोगरिभन्ये जउका ३१
बाला पसाइ सक्येका थिये अनि सुन्पाट् चइं फुलि सक्येको थियो। तर गहूं ३२

र मुछुलागर्छू बइं मारीयेनन्. कसोगरिभन्ये ति बढि सक्येका थियेनन्।
३३ अनि मूसाले फिरऊन् थांइ देखि सहर् देखि बाहिर निकल्येर यह्वे सित
आफ्ना हात् पसार्यो. तब गर्जन् र असीना पर्न थामीयो अनि पानी
३४ भूमिमां अरु झारीयेन। तर जसै फिरऊनले पानी र असीना र गर्जनु
थामीयेका देख्यो तब त्येस्ले फेरि पाप् गर्यो अनि आफ्ना चाकरेहरु समेतले
३५ आफ्नु हिर्दय् सारो गर्यो। त फिरऊनको हिर्दय् कठोर् गराईयो अनि
त्येस्ले इस्राएलवंशीहरुलाइ जांनु दियेन यह्वेले मूसाको बाटोले भन्ये झैं॥

(आठैं बिपत्ति)

१०१ फेरि यह्वेले मूसालाइ भन्यो फिरऊन् थांइ जा. किनभन्ये मैंले
त्येस्को र त्येस्का चाकरेहरुका हिर्दय् सारो गराइ दियें मं तिनिहरुको
२ बीच्मां आफ्ना यि चिनुंहरु देखाउं भन्ये खातिर्ले. अनि तैंले मं यह्वेले
मिस्र मांथि कस्ता कस्ता काम् गर्यें अनि मैंले तिनको बीच्मां कुन् कुन्
चिंनु प्रगटो गर्यें भनि आफ्ना छोरा र छोराका छोराहरुलाइ बखान्
गर्येस् तिमिहरुले यह्वे मंनै हो रांछु भनि थाहा पाव भन्ये खातिर्ले।
३ तब मूसा र हारूनले फिरऊन् थांइ गयेर त्येसलाइ भन्यो इब्रीहरुको ईश्वर्
यह्वेले येसो भन्द छ तं कैले सम्म मेरो सांमु खुम्चींनुलाइ मान्देनस्. मेरो
४ लोग्लाइ जांनु दे र तिनिहरुले मेरो सेवा गरुन्। किनभन्ये तं मेरो
लोग्लाइ जांनु दिंनु देखि न मान्दै रहिस् भन्ये देखि हेर् मं भोलि तेरा
५ सिमाना भित्र सलहहरु ल्याउंछु. अनि तिनले भूमिलाइ येस्तोगरि ढाक्छन्
भूइं देखाहा पर्दैन. अनि तिमिहरुको ज्ये असीना देखि बांचि रह्येर
उब्रेका छन् ति पनि तिनले खाइ हाल्छन् अनि तिमिहरुका जत्ति
रुख् बृक्षहरु बन्मां उम्रिइ रह्येका छन् ति पनि तिनले खाइ हाल्छन्.
६ अनि तेरा घर्मां र तेरा सब्बै चाकरेहरुका घर्मां र सिंगै मिस्रीहरुका
घर्मां भरीछन् येत्ति बिघ्न सलहहरु ता तेरो बाबु अं तेरो बाबुका
पितापुर्खाहरुले पनि पृथिवीमां जन्म्येको देखि वह आजु सम्म कैलेइ
७ देख्येनन्। येति भन्येर त्यो फर्केर फिरऊन् थांइ देखि बाहिर गयो। तब
फिरऊनका चाकरेहरुले त्येस्लाइ भन्नु लाग्ये यो पुरुष् कैले सम्म हांमिहरुको
लागि पासो भइ रहंछ ति मान्छेहरुलाइ जांनु दिंनु हवस् र तिनले आफ्नु
ईश्वर् यह्वेको सेवा गरुन्. के हजूरले अझ सम्म यो थाहा पाउंनु भयेको
८ छैन मिस्र नष्ट भइ सक्यो। तब मूसा र हारून् फिरऊन् थांइ फर्काईये.
अनि त्येस्ले तिनिहरुलाइ भन्यो हिंड़ आफ्नु ईश्वर् यह्वेको सेवा गर.
९ तर जांनेहरु को को हुन्। तब मूसाले भन्यो हांमिहरु आफ्ना जुवान्हरु
र आफ्ना बूढ़ाहरु लिइ जांछौं आफ्ना छोराहरु छोरीहरु आफ्ना भेंड़ाबाख्रा
गाईगोरुहरु लिइ जांछौं किनभन्ये हांमिहरुले यह्वेको लागि येउटा चाड्
१० मान्नु छ। तर त्येस्ले तिनिहरुलाइ भन्यो जसो मं तिमिहरुलाइ बालबच्चा
समेत् जांनु दिंछु त्यसै यह्वे तिमिहरु सङ हवस्. खबर्दार् तिमिहरुको

सांमु बुराई छ। त त्यसो होइन. तिमिहरु पुरुष् पुरुष् जत्ति छौ तिमिहरुले ११
मांत्रै गयेर यहवेको सेवा गर किनभन्ये तिमिहरुले ज्ये गर्नु खोजछौ येइनै
हो। वहांदेखि तिनिहरु फिरऊन् थांइ देखि धपाइ दिईये ॥
तब यहवेले मूसालाइ भन्यो मिस्र देस् मांथि सलहहरुको लागि १२
आफ्नु हात् पसार् र ति मिस्र देसमां चढि आउन् अनि असीना देखि ज्ये
ज्ये बांच्येको छ अर्थात् भूमिका सब्बै साकपात् खाइ हालुन्। त मूसाले १३
आफ्नु लउरो मिस्र देस् मांथि पसार्यो तब यहवेले त्येस् दिनभरि र
रातभरि देसमां पूर्ब बतास् चलायो अनि जसै बिहान् भयो त त्येस् पूर्ब
बतासले सलहहरु ल्यायो। अनि सलहहरु सिंगै मिस्र देसमां चढि आयेर १४
त्येस्का सबै सिमाना भित्र बस्ने गर्ये ति अरघोर् औधि थिये ति भन्दा
अगाड़ि येस्ता सलहहरु आयेका थियेनन् अनि न ति पछि फेरि येस्तो
आउंछन्। किनभन्ये तिनिहरु सांट्टै भूइंमां यहां सम्म गरि छापीये ईसै १५
अंध्यारो भइ गयो अनि देसका सब्बै साकपात् र रुखका सब्बै फलहरु
अं ज्ये ज्ये असीना देखि बांच्येका थिये सब्बै तिनले खाइ हाल्ये. त मिस्र
देसभरि जत्ति भयेका रुखबृक्षहरु र बारीका साकपातहरुमांको कोइ पनि
हरीयो थोक् बांच्येन। तब फिरऊनले हतार् हतार् गरि मूसा र हारूनलाइ १६
बोलाइ पठायेर तिनिहरुलाइ भन्यो मैंले ता तिमिहरुको ईश्वर् यहवेको र
तिमिहरुको पनि अपराध् गर्यें। त अब कृपा गरि खालि येस् खेप् मेरो १७
अपराध् क्षमा गर अनि आफ्नु ईश्वर् यहवे सित बिन्ति गर र उस्ले मं
मांथि देखि खालि येस् काललाइ दूर् गरि देवस्। त मूसाले फिरऊन् थांइ १८
देखि निक्लि गयेर यहवे सित बिन्ति गर्यो। अनि यहवेले उलटो अरघोर् १९
ठुलो पच्छिमे बतास् बहायो जस्ले सलहहरुलाइ उठायेर लाल् समुन्द्रमां
उड़ाइ हालि दियो त मिस्रको सिंगै सिमाना भित्र येउटै पनि सलह रह्येन।
तर यहवेले फिरऊनको हिर्दय् कठोर् गरायो अनि त्येस्ले इस्राएलबंशीहरुलाइ २०
जांनु दियेन ॥

(नवं बिपत्ति)

फेरि यहवेले मूसालाइ भन्यो आफ्नु हात् अकाश् तिर पसार् र २१
मिस्र देस् मांथि येस्तो अंध्यारो हवस् अं जस्को छमाई पनि हुंनु सकला
भन्ये जस्तो। त मूसाले आफ्नु हात् अकाश् तिर पसार्यो तब सिंगै मिस्र २२
देस् तीन् दिन् सम्म बाक्लो अंध्यारो भइ रह्यो तीन् दिन् सम्म न २३
कसैले कसैलाइ देख्यो अनि न कोई आफ्नु ठांउ देखि उठ्यो. तर सब्बै
इस्राएलबंशीहरुको लागि तिनिहरु बस्येका ठांउहरुमां उज्यालोनै रह्यो।
तब फिरऊनले मूसालाइ बोलाइ पठायेर त्येस्लाइ भन्यो जाव यहवेको सेवा २४
गर तर खालि आफ्ना भेंड़ाबाख्रा र गाईगोरुचइंलाइ छोड़ि जाव. अं
आफ्ना बालबच्चाहरुलाइ पनि सङ लैजाव। तब मूसाले भन्यो आफुले २५
हांमिहरुको हातमां बलिदान् र होमबलिहरु पनि दिंनु पर्छ हांमिहरुले

२६ आफ्नु ईश्वर् यह्वेको सांमु बलि गर्नुलाइ। हांमिहरुका पशुहरु पनि
हांमिहरु सङ जांछन् येउटा खुर् समेत् पनि छोड़ौदेन किनभन्ये तिनैमांको
हांमिहरुले आफ्नु ईश्वर् यह्वेको सेवा गर्नुको लागि कोई कोई लिंनु पर्छ
अनि हांमिहरु त्यहां न पुगुंञ्याल् सम्म जान्दौंन के के लियेर ईश्वर्को सेवा
२७ गर्नु पर्छ। तर यह्वेले फिरऊन्को हिर्दय् कठोर् गरायो अनि त्येस्ले
२८ तिनिहरुलाइ जांनु दिंनु मान्येन। त फिरऊन्ले मूसालाइ भन्यो मेरो सांमु
देखि जाइ जा आफ्नु बिषयमां चंख रह मेरो मुख् फेरि कैलेइ न हेर्येस्
२९ किनभन्ये जस् दिन्मां मेरो मुख् हेर्लास् त्यसै दिन् मर्छस्। मूसाले
उत्तर् दियो आफुले ठीक् भन्नु भयो म फेरि कैलेइ आफुको मुख् हेर्दौंन॥

(दसौं बिपत्तिको धम्कि)

११ १ फेरि यह्वेले मूसालाइ भन्यो अरु येउटा बिपत्ति म फिरऊन् र मिस्र
मांथि ल्याउंछु त्येस् पछि त्येस्ले तिमिहरुलाइ यहां देखि जांनु दिंछ.
अनि जब त्येस्ले जांनु दिंछ तब तिमिहरु सब्बैलाइ निस्से निकालि
२ धपाउंछ। अब लोग्लाइ यो आज्ञा सुनाइ दे पुरुष्हरुले आफ्नु आफ्नु
छिमेकि सित अनि स्त्रीहरुले आफ्नी आफ्नी छिमेकिनी सित सुन्
३ चांदीका गहना मांगुन्। तब यह्वेले लोग्लाइ मिस्रीहरुको मुखेंजि
अनुग्रह् हुंनु गराइ दियो। उप्रान्त त्यो पुरुष् मूसा चइं मिस्र देस्मां
फिरऊन्का चाकरेहरु र लोगको दृष्टिमां अग्घोर् महा भयेको थियो॥
४ फेरि मूसाले भन्यो यह्वेले येसो भन्द छ आधा रात् पुंड़ो म
५ मिस्रको मांझमां निक्लि जांछु. तब सिंहासन्मां बिराजने फिरऊन्को
जेठो देखि येसो जांतो पछि लागीइ रहंने कमारीको जेठो सम्म मिस्र
देस्का सब्बै जेठाहरु अं पशुहरुका सब्बै जेठाहरु समेत् मरि जांछन्।
६ अनि सिंगै मिस्र देस्मां येस्तो औंधिको कोहोलो मच्चौंछ त्यो जस्तो कैलेइ
७ भयेको थियेन न फेरि कैलेइ हुंछ। तर इस्राएल्बंशीहरुमांको के मान्छे
के पशु मांथि कोई कुकुरले पनि आफ्नु जिब्रो चलाउंदेन. तिमिहरुले
यह्वेले मिस्रीहरु र इस्राएल्बंशीहरुको बीच्मां भेद् पार्यो भनि थाह्रा
८ पाव भन्ये खातिर्ले। तब आफुका यि सबै चाकरेहरुले म थांइ आयेर
मलाइ दण्डवत् गरि येसो भन्छन् आफु आफुलाइ पछ्याउंने सबै लोग् समेत्
निक्लि जांनु हवस् भनि. तब त्येस्पछि म निक्लि जाइ जांछु। येतिमां मूसा
रिस्ले रन्कंदै फिरऊन् थांइ देखि निक्लि गयो॥
९ अनि यह्वेले मूसालाइ भन्येको थियो फिरऊन्ले तिमिहरुको मान्देन.
१० मिस्र देस्मां मेरा उद्देक्का काम् औंधि गरि देखाइंनुलाइ। त मूसा र
हारुन्ले फिरऊन्को सांमु यि सब्बै चिंनुहरु देखायेका थिये. तर यह्वेले
फिरऊन्को हिर्दय् कठोर् गरायेको थियो अनि त्येस्ले इस्राएल्बंशीहरुलाइ
आफ्नु देस् देखि निक्लि जांनु दियेको थियेन॥

(निस्तार् चाड़ूको स्थापित् हुवाई)

फेरि यहूवेले मिस्र देस्‌मां मुसा र हारुन्‌लाइ येसो भन्यो यो १२ १ २
महीना तिमिहरुको लागि महीनाहरुको थाल्‌नि हवस्. बर्षका महीनामां
यो चइं तिमिहरुको लागि पहिलो हवस्। इस्राएल्‌को सबै मंडलीलाइ ३
येसो भन येस् महीनाको दसौं तिथिमां तिनिहरु जनंगेले आफ्‌ना आफ्‌ना
पित्रहरुका घर् अनुसार् गरि एक् एक् जहान्‌को लागि एक् एक् पाठो ल्याइ
राखुन्. अनि कसैको जहान्‌मां येउटा पाठोको लागि मान्छे कम्ति ४
छ भन्ये देखि त्येस्ले आफ्‌नु छेउको छिमेकि सङ मिलि प्राणीहरुको गन्ति
अनुसार् गरि येउटा ल्यावस्. जनंगेले खांने अनुसार्‌को पाठोको लेखा गर।
तिमिहरुको पाठो निष्कलङ्क हवस् पहिलो बर्षको नर् गरि. भेंड़ामांको ५
कि बाखामांको ल्याउंनु. अनि त्येस्लाइ त्येसै महीनाको चौधौं तिथि ६
सम्म पालि राख. अनि सांझमां इस्राएल्‌को मंडलीको गैह्र समाज्‌ले
त्येस्लाइ मारोस्। अनि त्येस्को रगत्‌मांको लियेर जुन् घर्‌मां पाठो खानन् ७
तिनका ढेलाका दुवै पट्टिका सङार्‌मां र माथिल्लो सङार्‌मां लगाउन्। अनि ८
त्येसै रात्‌मां त्येस्को मासु आगोमां पोल्येको गरि र अखमीरे रोटी गरि
खाउन् तीते साक् मित त्यो खाउन्। कांचै कि पानीमां कोइ पनि उसीन्येको ९
गरि होइन तर आगोमां पोल्येको गरि मात्रै त्यो खाउन् टाउको खुट्टा
र आन्द्राहरु समेत् त्यो खाव। अनि त्येस्मांको कोइ पनि बिहान् सम्म रहंनु १०
न देव तर त्येस्मांको कोइ बिहान सम्म रह्यो भन्ये देखि त्यो आगोमां डड़ाइ
देव। अनि येस्तै रीत्‌ले त्यो खाव कम्मर् बांधि गोड़ामां जुत्ता लाइ हातमां ११
लउरो लिइकनै. अनि हतार् हतार् गरि त्यो खाव. यहूवेको निस्तार्
चाड़ू हो। किनभन्ये त्येस् रात्‌मां मं मिस्र देस्‌को मांझ बाटो फिरि गयेर १२
मिस्र देस्‌भरिका सब्बै जेठा जेठा के मान्छेका के पशुकालाइ मार्छु अनि
मिस्रका सब्बै देवहरु मांथि मं बिचार्‌ले दण्ड गर्छु. मं यहूवे हुं। अनि १३
तिमिहरु चइं रह्येका घरमां त्यो रगत् तिमिहरुको लागि चिंनु हुंछ. अनि
मं त्यो रगत् देख्येर तिमिहरुलाइ चइं छोड़ि निस्तार् गर्छु अनि मैंले मिस्र
देस् मार्दा तिमिहरुलाइ नास् पार्ने कोई बिपत्ति तिमिहरु मांथि पर्दैन।
अनि यो दिन् तिमिहरुलाइ समझना गराउंने दिन् हुंछ अनि तिमिहरुले १४
त्येस्लाइ यहूवेको लागि चाड़ू गरि मान्छौ. आफ्‌ना सब्बै पुस्ताभरि सदाको
बिधि जानिकन त्येस्लाइ चाड़ू गरि मान्छौ। सात् दिन् सम्म अखमीरे रोटी १५
खांछौ अघिल्लो दिन्‌मां आफ्‌ना घर् देखि खमीर् निकालि दिंछौ. किनभन्ये
जस्ले पहिलो दिन् देखि सातौं दिन् सम्म खमीरे रोटी खाला त्यो प्राणी
इस्राएल्‌का देखि काटि दिइंछ। अनि पहिलो दिन्‌मां तिमिहरुलाइ पवित्र १६
सभा हुंछ अनि सातौं दिन्‌मां पनि पवित्र सभा ति दिनमां कोइ काम् न
गरीओस् खालि जति जनंगे प्राणीले खांनु पर्द छ त्येतिनै मात्रै गरीओस्।
अनि अखमीरे रोटीको चाड़ू मान्छौ किनभन्ये येसै दिन्‌मां मैंले तिमिहरुका १७

सेनाहरुलाइ मिस्र देस् देखि निकालि ल्यायें . येस्कारण आफ्ना सब्बै
१८ पुस्ताभरि येस् दिन्लाइ सदाको बिधि जानि मान्छौ । पहिलो महीनामां
त्येस्को चौधौं तिथिको सांझमां तिमिहरुले अखमीरे रोटी खांछौ महीनाको
१९ एकाइसौं तिथिको सांझ् सम्म । सात् दिन् सम्म तिमिहरुका घरमां कोइ
पनि खमीर् पाइंदैन , किनभन्ये जस्ले कोइ खमीर् भयेको खाला त्यो प्रबासी
हवस् कि देस्मां जन्म्येकै हवस् त्यो चइं प्राणी इस्राएल्को मंडलीका देखि
२० काटि दिइंछ । कोइ खमीर् भयेको खांदौन आफ्ना सब्बै बासेठाउंमां
अखमीरे रोटी खांछौ ॥
२१ तब मूसाले इस्राएल्का सब्बै प्राचीन्हरुलाइ बोलाइ पठायेर
तिनलाइ भन्यो तिमिहरुले गयेर आफ्ना आफ्ना जहान् अनुसार् येउटा
२२ येउटा पाठो निकाल अनि निस्तार्चाड्को बलिदान् मांर । अनि एसोब्को
आंटि लिइ भांड़ामां भयेको रगत्मां चोबल्येर भांड़ामां भयेको रगत्ले
माथिल्लो सङार् र दुवै पट्टिका सङार् सङार्मां छिर्काव अनि बिहान् सम्म
तिमिहरुमांको कोई आफ्नु घर्को दैलो देखि बाहिर न निक्लोस् ।
२३ किनभन्ये यह्वे मिस्रीहरुलाइ मांर्नुको लागि देस्को मांझ देखि छिरि जांछ
त जब उस्ले माथिल्लो सङार् र दुवै पट्टिका सङार् सङार्मां रगत् देख्छ
तब यह्वे त्यो दैलो छोड़ि निस्तार् गर्येर बिनास् पार्नेलाइ तिमिहरुचइंका
२४ घरमां मांर्नुलाइ भित्र पस्नु दिंदैन । अनि तिमिहरुले यो कुरो आफ्नु र
२५ आफ्ना सन्तानको लागि सदाको बिधि जानि मान्छौ । अनि येसो हुंछ
जब तिमिहरु त्येस् यह्वेले तिमिहरुलाइ आफ्नु नियम् अनुसार् दिने
२६ देस्मां पस्छौ तब तिमिहरुले यो सेवा मान्छौ । अनि येसो हुंछ जब
तिमिहरुका छोराहरुले तिमिहरुलाइ सोध्नन् तिमिहरुले यो सेवा
२७ गर्येकोको अर्थ क्या हो भनि तब तिमिहरुले भन्छौ यह्वेको
निस्तार्चाड्को बलिदान् हो कसोरिभन्ये उस्ले मिस्रीहरुलाइ मांरि अनि
हामिहरुका घर् चइं बचाइ मिस्रमां इस्राएल्बंशीहरुका घर् छोड़ि
निस्तार् गर्येको थियो भनि । तब लोग्ले सिर् निउंराइ दण्डवत् गर्ये ।
२८ अनि इस्राएल्बंशीहरुले गयेर त्यसै गर्ये अं यह्वेले मूसा र हारुन्लाइ
दियेका आज्ञा अनुसार् तिनले गर्ये ॥

(दसौं बिपत्ति)

२९ अनि आधा रात्मां येसो भयो यह्वेले मिस्र देस्मां सिंहासन्मां
बिराजने फिरऊन्को जेठो देखि येसो कैदीकूप्मां पर्येको बन्धुवाको जेठो
सम्म सब्बै जेठा जेठाहरुलाइ अं पशुहरुका सबै जेठा जेठाहरुलाइ पनि
३० मांर्यो । तब फिरऊन् आफ्ना सब्बै चाकरहरु सब्बै मिस्रीहरु समेत् राति
उठ्यो अनि मिस्रमां अग्घोर्को कोहोलो मच्चीयो किनभन्ये कोई येस्तो
३१ घर् थियेन जस्मां कोई न कोई मंर्येको थियेन । तब त्येस्ले रातिनै मूसा र
हारुन्लाइ बोलाइ पठायेर तिनलाइ भन्यो तिमिहरु इस्राएल्बंशीहरु समेत्

उठेर मेरा पर्जाको बीच् देखि निक्लि जाव अनि आफुले भन्ये अनुसार् गयेर
यहूवेको सेवा गर। अनि आफना भेंड़ाबाख्रा र गाईगोरु पनि आफुले भन्ये ३२
अनुसार् साथ लिइ जाव अनि मलाइ पनि आशीर्बाद् दिइ जाव। अनि ३३
मिस्रीहरुले लोग्लाइ गलचेप् लाइकन भन्ये छिटोगरि देस् देखि निक्लि
जाव भनि किनभन्ये तिनिहरुले आपस्तमां भन्द थिये हामिहरु सबै मरि
मेटौंयूं। अनि इस्राएलीहरुले आफ्नु आफ्नु मुछोको पिठो खमीर् हाल्नु ३४
भन्दा पहिलेइ लिये कसोरिभन्ये आफना मुछने आछिहरु लुगामां बान्धेर
कांधमा भिरयेका थिये। अनि इस्राएलबंशीहरुले मूसाको बचन् अनुसार् गर्ये ३५
अनि मिस्रीहरु थित सुन् चांदीका गहनाहरु र लुगाफाटाहरु मांग्ये. अनि ३६
यहूवेले लोग्लाइ मिस्रीहरुको मुखैंजि यस्तो अनुग्रह् हुनुं गराइ दियो जे
जे मांग्ये त्यो त्यो दिये। येसोगरि तिनिहरुले मिस्रीहरुलाइ लुटेर॥

(इस्राएलीहरुको निक्लिहिंड़ाई)

त इस्राएलबंशीहरु रामसेस् देखि हिंड़ि सुक्कोत्मां आये त जहान् ३७
छाड़ि कोई छ लाख पैदल् हिंड़ने पुरुष् थिये। अनि तिनिहरुको साथमां ३८
मिसीयेर भयेको येउटा धुइरो पनि चढ़ि गयो अनि भेंड़ाबाख्रा गाईगोरु अं
अरघोरै पशुहरु। अनि तिनिहरुले मिस्र देखि आफु सङ ल्यायेको मुछोको ३९
पठोका अखमीरे फुलौरा पोल्ये किनभन्ये त्यो खमीरी भयेको थियेन
कसोगरिभन्ये तिनिहरु मिस्र देखि येस्तोगरि धपाईयेका थिये ब्रियांलो गर्नु
सक्येका थियेनन् अनि न आफना लागि कोइ आटोको खाजा तियार्
पार्येका थिये। अब इस्राएलबंशीहरुलाइ मिस्रमां प्रबास् गर्येको चार् सै ४०
तीस् बर्ष भयेको थियो। त चार् से तीस् बर्ष बित्येमां येसो भयो अं ठीक् ४१
त्यसै दिनमां येसो भयो यहूवेका सांट्टै सेना मिस्र देस् देखि निक्लि गये।
यहूवेले तिनिहरुलाइ मिस्र देस देखि निकालि ल्यायेको कारणले त्यो रात् ४२
उस्को लागि अरघोरै मान्नु पर्ने छ. सबै इस्राएलबंशीहरुले यहूवेको लागि
आफना सब्बै पुस्ताभरि अरघोरै मान्नु पर्ने रात् येइनै हो॥

फेरि यहूवेले मूसा र हारुनलाइ भन्यो निस्तार् चाड़को ब्रिधि येइ हो. ४३
कुनै परदेसीले त्यो देखि न खावस्. तर कसैको रुपियाले किन्येको कमारो ४४
जो छ त्येस्ले तैंले त्येस्लाइ खतना गर्ये पछि ता त्यो देखि खावस्।
प्रबासे र बनि गर्नेले त्यो देखि न खाउन्। त्यो एकै घर्मां खाईओस् ४५ ४६
त्येस्को मांसुमांको कोइ पनि घर् देखि बाइर न लैजांनु अनि न त्येस्को कुनै
हाड़ भांच्नु। इस्राएलको सिंगै मंडलीले त्यो मानोस्। अनि कुनै परदेसीले ४७ ४८
तिमिहरुको प्रबास् गरि यहूवेको निस्तार् चाड़ मान्नु खोज्यो भन्ये देखि
त्येस्का सब्बै नरहरु खतना होउन् वहांदेखि त्येस्ले नजिक् आयेर मानोस्
अनि त्यो देसमां जन्म्येको जस्तो ठहरीओस्. तर कुनै बिखतने मान्छेले
त्यो देखि न खावस्। स्वदेसी अनि तिमिहरुको बीचमां प्रबास् गर्ने परदेसी ४९
लागि एकै ब्यवस्था हवस्। त सब्बै इस्राएलबंशीहरुले त्यसै गर्ये ५०

५१ श्रं यहवेले मूसा र हारुनलाइ दियेका श्राज्ञा श्रनुसार् तिनले गर्ये। श्रनि
ठीक् त्यसै दिन् येसो भयो यहवेले इस्राएलवंशीहरुलाइ तिनका सेना सेना
गरि मिस्र देस् देखि निकालि ल्यायो॥

१३ १ फेरि यहवेले मूसालाइ येसो भन्यो इस्राएलवंशीहरुमांका जत्ति
गर्भ खोल्ने जेठा जेठा हुंनन् मान्छेका कि पशुका तिनलाइ मेरो लागि
पवित्र गर. जेठो चइं मेरै हो॥
३ फेरि मूसाले लोगलाइ भन्यो येस् तिमिहरु बन्धुवाईको घर् श्रर्थात्
मिस्र देखि निक्लि श्रायेको दिनलाइ सम्झना राख किनभन्ये यहवेले
तिमिहरुलाइ वहां देखि हातको बलले निकालि ल्यायो. कोइ पनि
४ खमीरे रोटी न खाईश्रोस्। श्राबीब् महीनाको श्राजैको दिन्मां निक्लि
५ जान्छौ। त येसो हवस् जब यहवेले तंलाइ कनानी हित्ती एमोरी हिब्बी
र यबूसीहरुको देसमां पुर्याउंछ जस्को बिषयमां उस्ले तेरा पित्रहरु सित
तंलाइ दुद् र मह बहंने देस् दिंने किरिया खायो तब येस् महीनामां यो
६ सेवा मान। सात् दिन् सम्म श्रखमीरे रोटी खा श्रनि सातौं दिन्मां
७ यहवेको लागि चाड् हवस्। सातै दिन् सम्म श्रखमीरे रोटी खाईश्रोस्
श्रनि तेरां तेरा सबै सिमाना भित्र कोइ खमीरे रोटी न देखीश्रोस् श्रनि
८ तेरां कोइ खमीर् पनि न देखीश्रोस्। श्रनि त्यस् दिन् श्राफ्नु छोरोलाइ
येसो भन्येर बुझाइ देउ ज्ये यहवेले मं जब मिस्र देखि निक्लि श्रायें मेरो
९ लागि गर्यो त्यसैको कारणले हो भनि। श्रनि त्यो तेरो लागि तेरो हातमां
भयेको चिंनु श्रनि तेरा श्रांखाको बीचमां भयेको सम्झना हवस् यहवेको
व्यवस्था तेरो मुखमां हवस् भन्ये खातिरले. किनभन्ये यहवेले तंलाइ
१० बलियो हातले मिस्र देखि निकालि ल्यायेको छ। त यो बिधि बर्ष बर्ष
त्यस्को ठहराईयेको समयमां मान्नु गर॥
११ श्रनि येसो हवस् जब यहवेले तंलाइ त्यस् तं र तेरा पित्रहरु सित
खायेको किरिया श्रनुसार् कनानीहरुको देसमां पुर्याइ त्यो तंलाइ दिंछ
१२ तब तैंले गर्भ खोल्ने सबै श्रं तेरा पशुहरुमांका पनि जो जो जेठा छन् ति
१३ यहवेको लागि छिंडाल्नु. नर् चइंहरु यहवेका होउन्। श्रनि गदहाको चइं
गोटै पिच्छे जेठोको साटो पाठो दिकन त्यस्लाइ छोड़ाउंनु श्रनि छोड़ाइनस्
भन्ये त्यस्को मरुटो भांचि दिंनु. श्रनि श्राफ्ना छोराहरुमांका सबै
१४ जेठाहरुलाइ चइं साटो दिकन छोड़ाउंनु। श्रनि येसो हवस् श्राउंदो दिन्मां
जब तेरो छोरोले तं सित यो के हो भनि सोधुला तब त्यस्लाइ भनि दे
यहवेले हांमिहरुलाइ बन्धुवाईको घर् देखि मिस्र देखि हातको बलले
१५ निकालि ल्यायो. श्रनि येसो भयो जसै फिरऊनले श्राफुलाइ कठोर्
गरि हांमिहरुलाइ जांनु दियेन तब यहवेले मान्छेको जेठो देखि येसो
पशुको जेठो सम्म मिस्र देसका सब्बै जेठा जेठाहरुलाइ मारि दियो. येसै
कारणले गर्भ खोल्ने चइं सब्बै नरहरुलाइ यहवेको सांमु बलि गर्दछु तर
श्राफ्ना छोराहरुचइंमांका सबै जेठाहरुलाइ साटो दिइ छोड़ाउंदछु।

अनि यो तेरा हात्मां भयेको चिंनु र तेरा आंखाको बीच्मां भयेको १६
टीका जस्तो हवस् . किनभन्ये यह्वेले हांमिहरुलाइ मिस्र देखि हातको
बल्ले निकालि ल्यायो ॥

फेरि येसो भयो जब फिरऊन्ले लोग्लाइ जांनु दियो तब १७
पलिश्तीहरुको देस्को बाटो बाड़ो नजिक् थियो र पनि ईश्वर्ले
तिनिहरुलाइ त्यो बाटो बाड़ो डोर्याइ दियेन किनभन्ये ईश्वर्ले भन्यो लोग्
लड़ाईं देख्येर पछुताइ मिस्रमां फर्कि जानन् भनि . तर ईश्वर्ले लोग्लाइ १८
घुमायेर लाल् समुन्द्र निरको बन्को बाटो बाड़ो लग्यो . अनि इस्राएल्वंशी
हातयार् भिर्येका भइ मिस्र देस् देखि चढ़ि गये । अनि मूसाले यूसुफ्का १९
हाड़ू साथ लग्यो . किनभन्ये त्येस्ले इस्राएल्वंशीहरुलाइ येसो भनि पूरो गरि
किरिया खुवायेको थियो ईश्वर्ले निस्सेइ तिमिहरुको हेर्चाहा गर्छ त मेरा
हाड़ू यहां देखि आफ्नु साथ्मां लैजाव भन्ये । फेरि सुक्कोत् बाटो हिंड़ि २०
तिनिहरुले बन्को छेउमां एताम्मां डेरा हाल्ये । अनि यह्वे दिउंसो चइं २१
तिनिहरुलाइ बाटोमां डोर्याउंनुको लागि मुड़्का जस्तो ठड़ीयेको मेघ्मां
अनि राति तिनिहरुलाइ उज्यालो पारि दिंनुको लागि मुड़्का जस्तो ठड़ीयेको
आगोमां तिनिहरुको अघि अघि हिंड़्द थियो तिनिहरु दिन् र रात् दुवैमां
हिंड़्नु सकुन् भन्येर . दिउंसो मुड़्का जस्तो ठड़ीयेको मेघ् राति मुड़्का २२
जस्तो ठड़ीयेको आगो लोग्को अघि देखि हिंड़्नु छोड़्यन ॥

फेरि यह्वेले मूसालाइ येसो भन्यो　इस्राएल्वंशीहरुलाइ आज्ञा १४ १
दे फर्क्येर मिग्दोल् र समुन्द्रको बीच् पीहहीरोत्को सांमु बाल्सपोन्को
अगाड़ि आफ्ना डेरा हाल . त्येसैको सांमु समुन्द्र निर डेरा हाल । तब २
फिरऊन्ले इस्राएल्वंशीहरुको बिषयमां भन्छ तिनिहरु देस्मां अल्भेर बन्ले
तिनिहरुलाइ थुनि दियो । अनि मं फिरऊन्को हिर्दय् कठोर् गराउंछु त त्येस्ले ४
तिनिहरुलाइ खेद्छ अनि मं फिरऊन् र त्येस्को समस्त लस्कर् देखि महिमा
पाउंछु तब मिस्रीहरुले मं यह्वे हो रांछु भनि थाहा पाउंछन् । त तिनिहरुले
त्येसै गर्ये । फेरि मिस्रको राजालाइ यो खबर् भयो लोग् ता भागि गये भन्ये . ५
तब फिरऊन् र त्येस्का चाकरेहरुको हिर्दय् लोग्को बिषयमां फेरीयो अनि
तिनिहरुले भन्नु लाग्ये इस्राएलीहरुलाइ हांमिहरुका दास्ति गर्नु देखि
छुट्कारा दिइ जांनु दियूं त के गर्यूं । त त्येस्ले आफ्नु रथ् नार्येर आफ्ना ६
पर्जाहरुलाइ साथ लियो . अनि त्येस्ले छ सै रोजा रथ् अं मिस्रका सब्बै रथ् ७
लियो सब्बै मांथि मूल् रथीहरु बसालि बसालि । अनि यह्वेले मिस्रको राजा ८
फिरऊन्को हिर्दय् कठोर् गरायो त त्येस्ले इस्राएल्वंशीहरुलाइ खेद्यो .
किनभन्ये इस्राएल्वंशीहरु अल्गो हातले निक्लि गये । त मिस्रीहरुले ९
अर्थात् तुक्सवार्हरु र पल्टन् समेत्ले फिरऊन्का सब् घोड़ाहरु र रथ्हरुले
तिनिहरुलाइ खेदि तिनिहरुलाइ पीहहीरोत् पट्टि बाल्सपोन्को अगाड़ि
समुन्द्र निर डेरा हाल्येका भेट्टाइ लग्ये । जसै फिरऊन् नजिक् आयो तब १०
इस्राएल्वंशीहरुले आंखा उचालि के देख्ये भन्ये मिस्रीहरु हांमिहरुको पछि

पछि हिंड़ि आउंदा राछन् त इस्राएलबंशीहरूले अग्घोर् डरायेर चिच्याइ
११ चिच्याइकन यहवेको दोहाई दिये। अनि तिनिहरूले मूसालाइ भन्न लाग्ये
के मिस्रमां चिहानहरू थियेनन् र हामिहरूलाइ बनमां मर्नुलाइ वहां
देखि निकालि ल्यायौ. हामिहरूलाइ मिस्र देखि निकालि ल्याइ हामिहरू
१२ सित किन येसो गर्यौ। के मिस्रमां तिमिलाइ येइ कुरा भन्येका थियूंन
हामिहरूलाइ छोड़ि देउ हामि मिस्रीहरूको दास्ति गर्छौं भन्ये. किनभन्ये
हामिहरूको लागि बनमां मर्नु भन्दा बरु मिस्रीहरूको दास्ति गर्नु जाति
१३ थियो। तब मूसाले लोगलाइ भन्यो न डराव अड़ीयेर यहवेको मुक्ति हेर जुन्
आजु तिमिहरूको लागि गराइ दिंछ. कसोगरिभन्ये आजु यि मिस्रीहरूलाइ
१४ देख्येका छौ फेरि तिनिहरूलाइ सधें सम्म कहिलेइ देखदौन। यहवेलेनै
तिमिहरूको लागि लड़ाईं गर्छ अनि तिमिहरू चइं चुप लागि रहंछौ॥
१५ तब यहवेले मूसालाइ भन्यो किन चिच्याइ चिच्याइकन मेरो दोहाई
१६ दिंद छस् इस्राएलबंशीहरूलाइ अघि हिंड़ भनि आज्ञा दे। अनि तं चंइले
आफनु लउरो उठाइ आफनु हात् समुन्द्र माथि पसार्येर त्यो दुइ भाग् पारि
१७ चिरि दे. त इस्राएलबंशी समुन्द्रको मांझ बाटो ओबानो भूइंमां हिंड़ि
जांछन्। अनि म जो छु हेर् म मिस्रीहरूका हिर्दय् कठोर् गराउंछु त
तिनिहरू तिनको पछि पछि पसि आउंछन्. अनि म फिरऊन् र त्येस्का
१८ समस्त लस्कर् त्येस्का रथहरू र त्रुकसवारहरू देखि महिमा पाउंछु। त जब
म फिरऊन् र त्येस्का रथहरू र त्रुकसवारहरू देखि महिमा पाउंछु तब
१९ मिस्रीहरूले म यहवे हौं गंछु भनि थाहा पाउंछन्। वहांदेखि ईश्वरको
इस्राएली छाउंनीको अघि अघि हिंड़्ने दूत् सर्येर तिनिहरूको पछिले तिर
हिंड़्यो अनि धुवांका जस्तो ठड़ायेको मेघ् तिनिहरूको अघिल्तिर बाटो
२० सर्येर तिनिहरूको पछिले तिर ठड़ीयो. त त्यो मिस्रको छाउंनी र
इस्राएलको छाउंनीको बीचमां आयो त मेघ् र अंध्यारो भयो तैपनि राति
त्येस्ले उज्यालो पारि दियो. त तिनिहरू रातभरि एका अर्काको नजिक्
२१ आयेनन्। त मूसाले आफनु हात् समुन्द्र माथि पसार्यो तब यहवेले रातभरि
अग्घोरको पूर्ब बताम् चलायेर समुन्द्रलाइ येस्तो गरि पन्साइ दियो समुन्द्र
२२ ओबानो भूइं भइ गयो अनि पानीहरू चीरिये। त इस्राएलबंशी समुन्द्रको
मांझ बाटो ओबानो भूइंमां हिंड़ि गये. अनि पानीहरू तिनिहरूका
२३ दाहीनो र बांउ तिर भित्ता भइ रह्ये। तब मिस्रीहरू अं फिरऊनका
सब्ब घोड़ा रथ् र त्रुकसवार् तिनिहरूलाइ खेद्दै समुन्द्रको मांझमां पसि
२४ गये। अनि येसो भयो रातको पछिल्लो पहरमां खूब् सबारै यहवेले धुवांका
जस्तो ठड़ायेको आगो र मेघको धुवांका बाटो मिस्रीहरूको पल्टन् माथि
२५ दृष्टि गरि तिनिहरूलाइ ध्वंस पार्यो अनि उस्ले तिनिहरूका रथका चक्का
निकालि हाल्यो त तिनिहरूले तिनलाइ कठिन् सङ चलाउंनु लाग्ये. तब
मिस्रीहरूले भन्नु लाग्ये हामिहरू इस्राएलको सामु देखि भागूं किनभन्ये
यहवेलनै तिनिहरूको पट्टि बाटो मिस्रीहरू सित लड़ाईं गर्द रह्छ॥

फेरि यहवले मूसालाइ भन्यो आफ्नु हात् समुन्द्र माथि पसार् र २६
पानीहरु मिस्रीहरु र तिनिहरुका रथहरु र त्रुकसवारहरु माथि फेरि बहि
आउन्। त मूसाले आफ्नु हात् समुन्द्र माथि पसार्यो तब उज्यालो हुंदा न २७
हुंदा समुन्द्र फेरि आफ्नु बहाईमां फर्क्यो अनि मिस्रीहरु त्येस्को बिरुद्धमां
भागनु लाग्ये तर यहवले मिस्रीहरुलाइ समुन्द्रको बीचमां झड्कारि दियो।
तब पानीहरु फर्कि आये अनि जत्ति रथ् र त्रुकसवार् इस्राएलीहरुको पछि २८
पछि समुन्द्रमां आयेका थिये ति सबै अं फिरऊनको सबै लस्कर्लाइ छोपि
हाल्ये तिनिहरुमांको येउटा पनि बांच्येन। तर इस्राएलबंशी चइं समुन्द्रको २९
मांझ बाटो ओबानो भूइंमां हिंड़ि गये अनि पानीहरु तिनिहरुका दाहिनो
र बांउ तिर भित्ता भइ रह्यो। त येस्तोरि त्येस् दिन् यहवले इस्राएल्लाइ ३०
मिस्रीहरुको हात् देखि छोड़ायो अनि इस्राएलले मिस्रीहरुलाइ समुन्द्रको
तीरमां मरि पस्रोइ रह्येका देख्यो। अनि यहवले मिस्रीहरु माथि जुन् ३१
बलियो हात् देखायेको थियो त्यो इस्राएलले देख्यो अनि लोगले यहवको
डर् मान्ये. अनि तिनिहरुले यहवको र उस्को दास् मूसाको बिश्वास् गर्ये॥

(इस्राएलीहरुको जयगान्)

त्येस् बेला मूसा र इस्राएलबंशीहरुले यहवको नांउमां येसो भन्दै १५ १
यो गान् गाये

मं यहवको गीत् गाउंछु किनभन्ये उस्ले महाजय् गर्यो.
घोड़ा सवार् समेतलाइ उस्ले समुन्द्रमां हालि दियो।
यहव मेरो बल् र गीत् हो २
अनि उ मेरो मुक्ति भइ गयो.
मेरो ईश्वर् येइ हो त मं उस्को स्तुति गर्छु
मेरो बाबुको ईश्वर् त उस्लाइ सर्कांउंछु।
यहवनै योद्धाहा छ. ३
उस्को नांउ यहवनै हो।
फिरऊनका रथहरु त्येस्को लस्कर् समेतलाइ उस्ले समुन्द्रमां हालि दियो. ४
अनि त्येस्का मूल् रथहरु लाल् समुन्द्रमां डुबि गये।
गहीरा गहीराले तिनिहरुलाइ छोपि हाल्ये. ५
ढुगा झैं गम्भीर् गम्भीरमां डुबि गये।
तपांइको दाहीनो हात् हे यहव शक्तिमां प्रतापी छ ६
तपांइको दाहीनो हातले हे यहव सतुर्लाइ चकनाचूर् पारि दिंद छ।
अनि आफ्नु प्रभुईको बड़ाहुवाईले तपांइले आफ्नु बिरुद्धमां ७
उठ्नेहरुलाइ लड़ाइ दिनु हुंद छ.
तपांइले आफ्नु कोप्प निकालि पठाउंनु हुंद छ त्येस्ले तिनिहरुलाइ
बुचका झैं भस्म पार्द छ।
अनि तपांइका नाखको पवनले पानीहरुको रास् भइ गयो ८

खोलाहरु थुप्रो झैं उभीये
समुन्द्रको मांझमां गहीराहरु जामीये ।
९ सत्तुर्ले भन्यो
खेद्छु भेट्टाइ लांछु लूट् बांड्छु .
ति मांथि मेरो मन् सन्तुष्टै हुंछ
आफ्नु तरवार् झिक्छु मेरो हात्ले तिनलाइ नष्ट पार्छु भनि ।
१० तपाइंले आफ्नु पवन्ले फुकि दिंनु भयो समुन्द्रले तिनलाइ छोपि हाल्यो .
सीसा सरि प्रतापी पानीहरुमां डुब्रि गये ।
११ तपांइने जस्तो हे यह्वे देव्ताहरुमां को छ
तपांइ जस्तो को छ जो पवित्रेईंमां प्रतापी
स्तुतिगराईमां डर्योग्य आश्चर्य्यकर्म्मका कर्त्ता छौ ।
१२ तपाइंले आफ्नु दाहीनो हात् पसार्नु भयो
पृथिवीले तिनलाइ निलि दियो ।
१३ आफ्नु दयाले तपाइंले आफ्न् उद्धार्येको लोग्लाइ डोर्याउंनु भयो .
आफ्न् बल्ले तिनिहरुलाइ आफ्नु पवित्र धाम्मां लिहिंड्नु भयो ।
१४ लोग्हरु सुन्येर कांम्छन् .
पलिश्तवासीहरुलाइ पीराले समात्ये ।
१५ तबे एदोम्का अधिपतिहरु घब्राये
मोआब्का महाबलि जो छन् तिनलाइ थर्थरेले समात्ये .
सबै कनान्बासी बिलिइ गये ।
१६ त्राम् र भय् तिनिहरु मांथि पर्दै छ
तपाइंको बांहाको ठुलेईंले ढुंगा झैं चाम्चुम् हुंद छन्
तपांइको लोग् हे यह्वे पार् न होउंज्याल् सम्म
त्यो तपांइले किन्येको लोग् पार् न होउंज्याल् सम्म ।
१७ तपाइंले तिनिहरुलाइ भित्र ल्यायेर आफ्नु अधिकार्को पर्वत्मां
रोप्नु हुंछ
त्येस् ठांउमां हे यह्वे जो तपांइले आफ्न् बास्को लागि बनाउंनु भयो
त्येस् पवित्र स्थान्मां हे प्रभु जो तपांइको हात्ले स्थापित् गर्यो ।
१८ यह्वेले सधैं सर्बदै राज् गर्दै रहंछ ॥
१९ किनभन्ये फिरऊन्का घोड़ा त्येका रथ् र त्रुक्सवार् समेत् समुन्द्रको
मांझमां पसि गये अनि यह्वेले ति मांथि समुन्द्रको पानी फर्काइ ल्यायो तर
२० इस्राएल्बंशीहरु समुन्द्रको मांझमां सोबानो भूइंमां हिंड़ि गये। फेरि हारुनकी
दिदी मरियम् अगमवक्तानीले हात्मां येउटा मृदङ्ग लिई अनि सबै स्त्रीहरु
२१ पनि मृदङ्ग लियेर नाच्दै नाच्दै त्येको पछि पछि निक्लि गइन् । अनि
मरियम् तिनिहरुलाइ जुवाफ गरि येसोरि गाउंदै गई
यह्वेको गीत् गाव किनभन्ये उस्ले महाजय् गर्यो
घोड़ा सवार् समेत्लाइ उस्ले समुन्द्रमां हालि दियो ॥

(यह्वेले तिनिहरूलाइ बन्मां खानापीना दिंद छ)

फेरि मूसाले इस्राएलीहरलाइ लल् समुन्द्र देखि लिहिंड़ाल्यो अनि २२
तिनिहरू शूरको बन्मां निक्लि आये अनि तीन् दिन् सम्म बन्मां हिंड़ि पानी
पायेनन् । अनि मारा भनीने ठांउमां आयेर माराका पानी कोइ पनि खान् २३
सक्येनन् कसोगरिभन्ये तीता थिये . येस्कारणले ता त्यस्को नांउ मारा[१] भनीयो ।
तब लोग् हामि के खाऊं भन्येर मूसा मांथि गनगनाउंनु लाग्ये । तब २४ २५
त्यस्ले कराइकन यह्वेको दोहाई दियो अनि यह्वेले त्यस्लाइ येउटा रुख्
देखाइ दियो जुन् रुख् जब त्यस्ले पानीमां हाल्यो तब पानी मीठा भइ गये ।
तिहींनै त्यस्ले तिनिहरूको लागि येउटा बिधि र निया ठहरायो अनि
तिहींनै त्यस्ले तिनिहरूलाइ जांच्यो अनि भन्यो तैंले आफ्नु इश्वर् २६
यह्वेका कुरा ध्यान् सित सुनिस् अनि ज्ये उस्को दृष्टिमां सोजो छ तेइ गरिस्
अनि उस्का आज्ञाहरमां कान् लगाइस् अनि उस्का सबै बिधिहरू मानिस्
भन्ये देखि त जुन् बिपा मैंले मिस्रीहरू मांथि हाल्ये थें ति सबैमांको येउटा
पनि तं मांथि हाल्ने छुइंन . किनभन्ये तंलाइ निको पार्ने यह्वे मैंनै हुं ॥
वहांदेखि तिनिहरू एलीम्मां आये जहां बारह्वटा जरुवा पानी र २७
सत्तरीवटा खजूर्का बोट्हरू थिये . अनि त्यहां तिनिहरूले पानी निर
आफ्ना डेरा हाल्ये । फेरि इस्राएल्बंशीहरूको सबै मंडली एलीम् देखि १६ १
हिंड़ि मिस्र देस् देखि निक्ल्येको दोस्रो महीनाको पन्द्रहौं तिथिमां
एलीम् र सीनैको बीचमां हुंने सीन्को बन्मां आइ पुग्यो । तब बन्मां २
इस्राएल्बंशीहरूको सबै मंडली मूसा र हारून् मांथि गनगनाउंनु लाग्यो .
अनि इस्राएल्बंशीहरूले तिनलाइ भन्ये जब मिस्र देस्मां मासुका भांड़ा ३
छेउ बस्येर रोटी अघाउंजि खांद थियूं तबै हामिहरू यह्वेको हात् देखि
मर्येका भये देखि ता जाति हुंथ्यो किनभन्ये तिमिहरूले हामिहरूलाइ येस्
बन्मां निकालि ल्यायौ येस् सबै समाजलाइ भोकले मार्नुको लागि । तब ४
यह्वेले मूसालाइ भन्यो हेर् मैंले तिमिहरूको लागि स्वर्ग बाटो रोटी
बर्साउंनु लाग्येको छु अनि लोग्ले दिनहुं बाहिर गइ गइकन दिन् दिनेको
खुराक् बटुलछन् मैंले तिनिहरूलाइ मेरो ब्यवस्थामां हिंड्ने छन् कि छैनन्
भनि जांच्न्को लागि । अनि छैठो चइं दिन्मां यसो हवस् जति बटुल्छन् त्यो ५
तियार् पारि राखुन् अनि त्यो अरु दिन् भन्दा दोबर् हुंछ । तब मूसा र हारून्ले ६
सबै इस्राएल्बंशीहरूलाइ भन्ये बेलुका थाहा पाउंछौ जस्ले तिमिहरूलाइ
मिस्र देस् देखि निकालि ल्यायो उ यह्वे हो रछ भनि . फेरि बिहान यह्वेको ७
महिमा देख्छौ किनभन्ये उस्ले यह्वे मांथि गर्येको तिमिहरूका गनगनाइहरू

[१] अर्थात् तीतेई ।

सुन्द छ. तर हांमिहरु को हौं र तिमिहरु हांमिहरु मांथि गनगनाउंद छौ।
८ अनि मूसाले भन्यो जब यहवेले बेलुका तिमिहरुलाइ मांसु खांनु र बिहान्
रोटी अघाउंजि दिंछ. तब यहवे मांथि भयेको तिमिहरुको गनगनाई
उस्ले सुन्द छ. तर हांमिहरु को हौं. तिमिहरुका गनगनाईहरु हांमिहरु
९ मांथि होइन तर यहवे मांथि हुंद छन्। तब मूसाले हारुनलाइ भन्यो
इस्राएलबंशीहरुको सबै मंडलीलाइ भनि देउ यहवेको सांमु नजिक् आव.
१० किनभन्ये उस्ले तिमिहरुका गनगनाईहरु सुन्यो। अनि येसो भयो हारुनले
इस्राएलबंशीहरुको सबै मंडली सित कुरा गर्दै गर्येकोमां तिनिहरुले बन्
११ तिर हेरि को देख्ये भन्ये मेघमां यहवेको महिमां देखाहा पर्द रछ। तब
१२ यहवेले मूसालाइ भन्यो इस्राएलबंशीहरुका गनगनाई मैंले सुन्यें. त
तिनलाइ भनि दे बेलुका मांसु खांनु पाउंछौ अनि बिहान् चइं रोटीले
अघाउंछौ तब यो थाहा पाओला तिमिहरुको ईश्वर् यहवे मैंनै हो रांछु भनि।
१३ त येसो भयो बेलुका बटेरचराहरुले आइ आइकन ख्यांट्टै छाउंनी ढाकि दिये.
१४ फेरि बिहान् चइं छाउंनीका चारै तिर शीत् परि रह्यो। अनि जसै परि रह्येको
शीत् सुकि चढ्यो त को देख्ये भन्ये बनको मुख् मांथि कोइ थोक् भूइंमां
१५ पर्येको तुसारो जत्रा सांना सांना डल्ला डल्ला रछन्। तब इस्राएलबंशीहरुले
त्यो देख्येर आपस्तमां भन्न लाग्ये मन्न[1] हो भनि किनभन्ये जान्देन थिये को थोक्
हो भनि। तब मूसाले तिनिहरुलाइ भन्यो यो त्येइ यहवेले तिमिहरुलाइ
१६ दियेको खांने रोटी हो। यहवेले आज्ञा गर्येको कुरो येइ हो त्यस्मांको
जनंगले आफ्नु आफ्नु खांने अनुसार् बटुलने गर्नु आफ्ना आफ्ना
प्राणीहरुको गन्ति अनुसार् मान्छे पिच्छे एक् ओमेर् बटुलनु पर्छ जनंगले
१७ आफ्नु आफ्नु डेरामां हुंनेहरुका लागि गरि भन्ये। त इस्राएलबंशीहरुले
१८ त्येसगरि कसैले धेर् कसैले थोर् बटुलि ल्याये। त जसै त्यो ओमेरले भरि
हेर्ये तब धेरै बटुलनेका बसि भयेन अनि न थोर् बटुलनेका कम् भयो
१९ जनंगले आफ्नु आफ्नु खांनेइ अनुसार् बटुल्ये। फेरि मूसाले तिनलाइ
२० भन्यो कसैले त्यस्मांको केइ बिहान् सम्म राखि न छोड़ोस्। तरैपनि
तिनिहरुले मूसाको मान्येनन् तर कत्तिले बिहान् सम्म अलि अलि राखि छोड़े
त त्यस्मां कीरा पर्येर गन्हाउंनु लाग्ये छ. तब मूसाले तिनिहरु मांथि रिस्
२१ गर्यो। त बिहान् बिहान् आफ्नु आफ्नु खांने अनुसार् त्यो बटुलद थिये.
२२ अनि घाम् लागदा त्यो पग्लि जांथ्यो। अनि येसो भयो छैठो चइं दिनमां
दोबर् अर्थात् मान्छे पिच्छे दुइ दुइ ओमेर् बटुल्ये. त मंडलीका सबै
२३ मालिकहरुले आइ मूसालाइ यो कुरो कहि दिये। तब उस्ले तिनलाइ भन्यो
यहवेले भन्येको कुरो येइ हो भोलि महाबिश्राम् अर्थात् यहवेको लागि
पवित्र बिश्रामदिन् हुंछ. त जे भुट्नु छ त्यो भुट अनि जे पकाउंनु छ त्यो

[1] अर्थात् यो के हो।

पकाव अनि त्येस्को जत्ति उब्रंछ त्यो आफ्नु लागि बिहान्को लागि राखि
छोड़ भन्ये। त मूसाको आज्ञा अनुसार् त्यो बिहान् सम्म राखि छोड़ेर. २४
अनि त्यो चइं ता न गन्हायो अनि न त्येस्मां कीरा पर्ये। तब मूसाले भन्यो २५
आजु त्यो खाव किनभन्ये आजु यहूवको लागि बिश्राम्‌दिन् हो. आजु ता
त्यो बन्मां पाउंदैन। छ दिन् त्यो बटुल्नु पाउंछौ तर सातौं चइं दिन् २६
बिश्राम्‌दिन् हो त्येस्मां ता केइ पाउंदैन। अनि येसो भयो सातौं दिन्मां २७
लोग्मांका कोई कोई बटुल्नु बाइर गये तर केइ पायेनन्। तब यहूवले २८
मूसालाइ भन्यो कैले सम्म मेरा आज्ञा र मेरा ब्यवस्थाहरू मान्नु मान्दैन।
हेर यहूवले तिमिहरूलाइ बिश्राम्‌दिन् दियेको छ येसकारणले उस्ले २९
तिमिहरूलाइ छैठो चइं दिन्मां दुइ दिन्को भोजन् दिंद छ आफ्नु आफ्नु
ठांउमां बसि रह सातौं चइं दिन्मां कोई आफ्नु ठांउ देखि बाइर न
जाउस्। त लोग्ले सातौं दिन्मां बिश्राम् गर्ये। अनि इस्राएल्को जहान्ले ३० ३१
त्येस् थोक्को नांउ मन्न राख्ये. अनि त्यो धनिया जस्तो र सेतो थियो अनि
त्येस्को स्वाद महमां बनायेका बाबर् जस्तो थियो। अनि मूसाले भन्यो ३२
यहूवले आज्ञा गर्येको कुरा येइ हो त्यस्मांको एक् ओमेर्‌भरि तिमिहरूका
पुस्ताहरूको लागि राखायेको रहोस् र तिनिहरूले जुन् भोजन् मैले
तिमिहरूलाइ मिस्र देस् देखि निकालि ल्यायेको बेलामां तिमिहरूलाइ
खुवायें त्यो देखुन् भन्ये। त मूसाले हारूनलाइ भन्यो येउटा भांड़ा ल्यायेर ३३
त्यस्मां एक् ओमेर्‌भरि मन्न हाल र त्यो यहूवको सांमु तिमिहरूका पुस्ता
पुस्ताको लागि राखोयेको रहोस्। यहूवले मूसालाइ आज्ञा दिये झैं हारूनले ३४
त्यो साक्षीपाटीको सांमु राखि दियो त्यो रहि रहोस् भन्येर। अनि ३५
इस्राएल्‌बंशीहरूले मन्न चालीस् बर्ष सम्म अर्थात् तिनिहरू मान्छे बास्
बस्येका हुने देस्मां न पुगुंज्याल् सम्म खाइ रह्ये तिनिहरू कनान् देस्का
सिमानामां न पुगुंज्याल् सम्म त्यो मन्न खांदै रह्ये। अब ओमेर् एफाको दसौं ३६
हिस्सा हो॥

फेरि इस्राएल्‌बंशीहरूको सबै मंडलीले यहूवको आज्ञा अनुसार् १७ १
हिड़्दै हिंड़्दै सीन्को बन् बाटो हिंड़ि रफीदीम्मां डेरा हाल्ये. अनि
त्यहां लोग्को लागि खांने पानी थियेन। त लोग्ले मूसा सित झगरा गरि २
हांमिहरूलाइ खांने पानी देउ भनि भन्न लाग्ये. तब मूसाले तिनलाइ भन्यो
म सित किन झगरा गर्दछौ यहूवको परीक्षा किन गर्दछौ। त त्यहां ३
लोग्लाइ पानीको तिर्खा लाग्यो अनि येसो भन्येर मूसा मांथि गन्गनाये
हांमिहरूलाइ बाल्‌बच्चा र पशुहरू समेत्‌लाइ तिर्खाले मार्नुको लागि मिस्र
देखि किन चढ़ाइ ल्यायौ। तब मूसाले येसोरि चिच्यायेर यहूवको ४
दोहाई दियो यि लोग्लाइ के गरूं तिनिहरूले मंलाइ ढोंढ्याउंनु
आंटेका छन्। तब यहूवले मूसालाइ भन्यो इस्राएल्का प्राचीन्हरूमांकालाइ ५
साथ लिइ लोग्को अघि लाग्येर हिंड़. अनि तैंले नील् नदीलाइ हिर्कायेको
आफ्नु लउरो हात्मां लियेर जा। हेर् म वहां होरेब्मां भयेको पहरा ६

माथि तेरो सामु उभौंकु तब तैंले पहरामां हिर्काउंनु त त्यो देखि पानी
निक्लंछ अनि लोगले खांछन्। त मूसाले इस्राएल्का प्राचीन्हरुको सामु
७ त्यसै गर्‍यो। अनि इस्राएल्वंशीहरुले झगरा गर्‍येर यहुव हामिहरुको
बीच्मां रहछ कि रैनछ भनि यहुवेको परीक्षा गर्‍येका थिये यसकारण्ले मूसाले
त्यस् ठाउंको नांउ मस्साह्[1] अनि मरिबा[2] राख्यो ॥

(अमालेक्हरुको बिरुद्धमां लड़ाईं)

८ तब अमालेकीहरुले आइ रफीदीम्मां इस्राएलीहरुको बिरुद्धमां लड़ाईं
९ गर्नु लाग्ये। त मूसाले यहोशूअलाइ भन्यो हामिहरुको लागि मान्छे छानेर
निस्कि अमालेकीहरु सित लड़ाईं गर्. भोलि म ईश्वर्को लउरो हात्मां
१० लिएर डांड़ाको थाप्लोमां उभौंकु। त यहोशूअ मूसाले भन्ये झैं अमालेकीहरु
सित लड़ाईं गर्नु लाग्यो. अनि मूसा हारुन् र हूर् डांड़ाको थाप्लोमां चढि
११ गए। अनि यसो भयो मूसाले आफ्नु हात् उचालि राख्दा राख्दा चाइं
इस्राएल्ले जीतिर थियो. तर तिस्ले आफ्नु हात् ओह्राल्दा चाइं अमालक्चाइंले
१२ जीतिर थियो। तर मूसाका हात् गह्रुङ् भए यसकारण् यौटा ढुंगा ल्यायेर
त्यसको मुनि राखि दिये अनि त्यो त्यो माथि बसि गयो अनि हारुन् र हूर्
दुवैले एक् एक् पाट्टि भइ त्यस्का हात् थामि रह्यो त त्यस्का हात् घाम् न
१३ अस्ताउंज्याल् सम्म स्थिर् भइ रह्यो। अनि यहोशूअले अमालेक्लाइ त्यस्का
१४ सबै लोग् समेत्लाइ तरवार्को धार्ले लड़ाइ दियो। तब यहुवेले
मूसालाइ भन्यो यो कुरो सम्झना गराउंनुको लागि पोस्तक्मां लेखि राख्
अनि यहोशूअको कान्मां सुनाइ पनि दे. म अमालेक्को सम्झना
१५ आकाश्को मुनि देखि सांचै मेटि दिंकु भन्ये। अनि मूसाले यौटा बेदि
१६ बनायेर त्यसको नांउ यहुवेनिस्सी[3] राख्यो. अनि भन्यो यहुवेले किरिया
खायो. यहुवेले अमालेक् सित पुस्ता पुस्ता सम्म लड़ाईं गर्दै रहंछ ॥

(मूसाको ससुरा यित्रोको सल्लाह्)

१८ १ अब ईश्वर्ले मूसा र आफ्नु लोग् इस्राएल्को लागि ज्ये गर्‍येको
थियो त्यो मिद्यान्को पूजाहारी मूसाको ससुरा यित्रोले सबै सुन्यो अर्थात्
कसोगरि यहुवेले इस्राएल्लाइ मिस्र देखि निकालि ल्यायेको थियो भन्ये।
२ त मूसाको ससुरा यित्रो मूसाकी मुखिनी सिप्पोरालाइ त्यो माइत पठाइयेकी
३ थिइ त्यसपछि लिइ आयो अनि त्यस्का दुइ भाइ छोराहरुलाइ पनि
ल्यायो जुन्हरुमां यौटाको नांउ गेर्शोम्[4] थियो किनभन्ये मूसाले भन्येको

---

[1] अर्थात् परीक्षा। [2] अर्थात् झगरा।

[3] अर्थात् यहुवे मेरो झण्डी। [4] अर्थात् परदेसी।

थियो अन्यदेशमां पर्देशी भयें . अनि अर्कोचहिंको नांउ एलिएजेर्[1] थियो ४
किनभन्ये मूसाले भन्येको थियो मेरो बाबुको ईश्वर्ले मेरो गोहार भइ
मंलाइ फिरऊन्को तरवार् देखि बचायो . त मूसाको ससुरा यित्रो त्यसको ५
मुखेंनी र छोराहरूलाइ साथ लियेर मूसा थांइ बन्मां आयो जहां ईश्वर्को
पर्वत् निर त्यसको डेरा हालायेको थियो . अनि त्यसले मूसालाइ भनि पठायो ६
मं तिम्रो ससुरा यित्रो तिम्रा मुखेंना र त्यसका दुवै भाई छोराहरू समेत्
तिमि थांइ आयेको छु । तब मूसा आफ्नु ससुरालाइ भेट्नु निक्लि आयो ७
अनि त्यसलाइ दण्डवत् गर्येर त्यसलाइ चुमा खायो अनि तिनिहरू कुशल् क्षेम्
सोधासोध् गर्दै डेरामां आये । अनि मूसाले आफ्नु ससुरालाइ सुनायो ८
यहोवाले इस्राएल्का निम्तमां फिरऊन् र मिस्रीहरूलाइ के के गर्यो अनि
तिनिहरू मार्ग बाटोमां के के बिपत्ति पर्या अनि यहोवाले तिनिहरूलाइ
कसो कसोगरि छोडाउंदै ल्यायो । तब यित्रोले यहोवाले इस्राएल्लाइ ९
मिस्रीहरूको हात् देखि छोडाइ ल्यायेको त्यो सबै भलाइंको कारण्ले
रमाहट् गर्यो । अनि यित्रोले भन्यो धन्न यहोव जस्ले तिमिहरूलाइ मिस्रीहरू १०
र फिरऊन्को हात् देखि छोडायो अनि आफ्नु लोग्लाइ मिस्रीहरूको
हात् मुनि देखि छोड़ाइ ल्यायो । अब मैंले थाहा पायें यहोवे सबै देउहरू ११
भन्दा बड़ा रह्छ . अं जस् बिषयमां तिनिहरूले यिनिहरूको बिरुद्धमां अहंकार्
गर्येका थिये त्यसैमां पनि । अनि मूसाको ससुरा यित्रोले ईश्वर्को लागि १२
येउटा होमबलि र बलिदानहरू लियो . अनि हारुन् इस्राएलीहरूका सबै
प्राचीनहरू समेत् मूसाको ससुरा यित्रो सङ ईश्वर्को सांम्ने रोटी खांनु आये ।
अनि भोलि पल्टो येसो भयो मूसा लोग्को निया गर्नुलाइ बस्यो . अनि १३
बिहाने देखि सांझै सम्म लोग् मूसाका वरिपरि उभीइ रह्ये । जसे मूसाको १४
ससुराले लोग्को लागि ज्ये ज्ये गर्यो त्यो देख्यो तब भन्यो यो तिमिले लोग्को
लागि गर्येको के काम् हो येसको के कारण् हो तिमि एक्लै बसि रहंद छौ
अनि लोग् चइं बिहाने देखि सांझै सम्म तिम्रा वरिपरि उभीइ रहंद छन् ।
तब मूसाले आफ्नु ससुरालाइ भन्यो कारण् यो हो लोग् मं थांइ ईश्वर् १५
सित साधनी गर्नुलाइ आउंद छन् . तिनको कुरो हुंदा हुंदा मं थांइ आउंद १६
छन् अनि मं चइंले मान्छेको र त्यसका छिमेकिको बीचमां निया गर्द छु अनि
ईश्वर्का बिधिहरू र व्यवस्थाहरू तिनलाइ जनाइ दिंद छु । तब मूसाको १७
ससुराले त्यसलाइ भन्यो ज्ये गर्द छौ त्यो जाति होइन । तिमि अं तिमि र १८
तिमि सङ भयेको लोग् पनि अवस्से घोटीछौ . कसोगरिभन्ये यो बिषय् तिम्रो
लागि अरघोर् भारी छ त्यो एक्लैले गर्नु सक्दैन । त अब मेरो बचन् सुनि १९
लेउ तिमिलाइ सल्लाह् दिंछु अनि तिमि सित ईश्वर् हवस् . तिमि चइं

[1] अर्थात् ईश्वर् गोहारे ।

लोगको लागि ईश्वरको सांमु भइ रहनु अनि तिनका कुरा ईश्वरकां
२० तिमिलेनै पुर्‍याउंने गर्नु. अनि तिमिले बिधिहरु र व्यवस्थाहरु तिनिहरुलाइ
सिकाउंने गर्नु अनि तिनिहरु हिंड्नु पर्ने बाटो र तिनिहरुले गर्नु पर्ने काम्
२१ तिनिहरुलाइ जनाउंने गर्नु। फेरि यि सबै लोगमांका येस्ता सामर्थी
मान्छेहरुलाइ हेरि हेरिकन छानि लेउ जो ईश्वरको भय् मान्ने सच्चेईका मान्छे
अनि अन्यैको हानपराई देखि घिनाउंनेहरु होउन् अनि येस्ताहरुलाइ
हजार् हजार् सै सै पचास् पचास् र दस् दस् मांथि मालिक् हुंनूलाइ
२२ लोग् मांथि ठहराउ. अनि तिनिहरुले बेला बेलामां लोगको निया गर्ने
गरुन्. अनि येसो हवस् सबै ठूला ठूला चडं कुरा तिमि थांइ ल्याउंने गरुन्
तर सबै ससांना चडं कुरा आफैंले गर्ने गरुन्. येसोरि तिम्रो भारि हलुङ्
२३ हुंछ किनभने तिनिहरुले त्यो तिमि सित बोक्छन्। यो उपाय् गर्‍यौ
अनि ईश्वरले पनि तिमिलाइ यो आज्ञा दियो भन्ये देखि तिमि पनि ठहर्न
सक्छौ अनि यि समस्त लोग् पनि आफ्ना आफ्ना ठाउंमां कुशल् सित
२४ जांछन्। त मूसाले आफ्नु ससुराको बचन् मानि तेस्का सबै कुरा अनुसार्
२५ गर्‍यो। अनि मूसाले सबै इस्राएल्मांका सामर्थी सामर्थी मान्छेहरुलाइ
छानि छानि तिनलाइ लोग् मांथि मूल् मूल् ठहरायो अर्थात् हजार् हजार्
२६ सै सै पचास् पचास् दस् दसका मालिकहरु। अनि तिनले बेला बेलामां
लोगको निया गर्न लाग्ये सारो चडं कुरा मूसा थांइ ल्याउंद थिये तर सबै
२७ ससांना चडं कुराको निया तिनिहरु आफैंले गर्द थिये। वहांदेखि मूसाले
आफ्नु ससुरालाइ बिदा गर्‍यो अनि त्यो चडं आफ्नु देसमां हिंड़ि गयो॥

(इस्राएलीहरु सीनै पर्बत्मां पुग्नु)

१९ १ इस्राएल्बंशीहरु मिस्र देस् देखि निकल्यैको तीन् महीना बितेकै
२ दिन्मां सीनैको बन्मां आये। अनि जब रफीदीम् देखि हिंड़ि सीनैको
बन्मां आये तब तिनिहरुले बन्मां डेरा हाल्ये अं तिही पर्बत्को सांमु
३ इस्राएल्ले छाउंनी हाल्यो। तब मूसा ईश्वर् थांइ चढ़ि गयो अनि यहवेले
पर्बत् देखि त्येस्लाइ हापार्येर भन्यो याकूबको जहानलाइ येसो भन् अनि
४ इस्राएल्बंशीहरुलाइ सुना तिमिहरुले देख्यौ मैंले मिस्रीहरुलाइ के
गर्‍यें अनि तिमिहरुचइंलाइ गिद्धका पखेटा मांथि झैं चढ़ाइ आफुकां
५ ल्यायेको छु। त अब निस्से मेरा बचन् मान्यौ अनि मेरा नियम् पूरा गर्‍यौ
भन्ये देखि समस्त लोगमांका तिमिहरु चइं मेरो निज् धन् ठहरौंछौ.
६ किनभन्ये सिंगै पृथिवी मेरो हो. अनि मेरो लागि पूजाहारे राज् र पवित्र
जातका लोग् हुंछौ। जुन् कुरा तंले इस्राएल्बंशीहरुलाइ भन्नु छ ति यिनै
७ हुन्। तब मूसाले आयेर लोगका प्राचीनहरुलाइ बोलाइ पठायेर यहवेले

त्येस्लाइ आज्ञा दियेका ति सबै कुरा तिनिहरूलाइ कहि सुनायो । तब सबै ८
लोगले मिलि यह्वेले भन्येका सबै कुरा गर्छौं भनि उत्तर् दिये । तब मूसाले
फर्क्येर लोगका कुरा यह्वेलाइ सुनायो । तब यह्वेले मूसालाइ भन्यो हेर् मं ९
बादलको अंध्यारोमां तं थांइ आउंदै छु मैले तं सित कुरा गर्दा लोगले
सुनुन् अनि सधैं तंलाइ पत्याउन् पनि भन्ये खातिरले । तब मूसाले
यह्वेलाइ लोगका कुरा सुनायो । फेरि यह्वेले मूसालाइ भन्यो लोग् थांइ १०
गयेर आजु र भोलि तिनिहरूलाइ शुद्ध गर् अनि तिनिहरूले आफ्ना
आफ्ना लुगा धोउन् अनि तीस्रो दिन् सम्ममां तियार् भइ सकुन् . ११
किनभन्ये तीस्रो दिन् यह्वे सब्बै लोगको मांमु सीनै पर्वतमां उत्रि आउंछ ।
अनि लोगको लागि चारै तिर बार् बारिकन तिनिहरूलाइ भन् चंख रह १२
पर्वत् मांथि न चढ़ अनि न त्यस्को सिमाना छोउ . जस्ले पर्वत् छोला त्यो
निस्से मारिछ . कोइ हातले त्यो प्राणीलाइ छुंदैन तर त्यो निस्से १३
लोंहोर्याइंछ कि हानि मारिछ पशु हवस् कि मान्छु हवस् जीउंदो रहंदैन .
जब तुरहो अबेरा सम्म बजछ तब तिनिहरू पर्वत् तिर चढ़ि आउन् ।
त मूसाले पर्वत् देखि उत्रि लोग् थांइ आइ तिनिहरूलाइ शुद्ध गर्यो अनि १४
तिनिहरूले आफ्ना आफ्ना लुगा धोये । अनि त्यस्ले लोगलाइ भन्यो तीस्रो १५
दिन् सम्ममां तियार् भइ सक . कोई स्त्रीकां न जाउ । त तीस्रो दिनमां यस्तो १६
भयो बिहानै गर्जन् र बिजुलि भये अनि पर्वत् मांथि कालो बादल् छाईयो
अनि तुरहीको सोर् अग्घोर् ठूलो भयो अनि छाउनीमां भयेका सब्बै लोग्
कांम्ये । तब मूसाले लोगलाइ ईश्वर् सित भेट् गराउंनुको लागि छाउंनी १७
देखि निकालि ल्यायो अनि तिनिहरू पर्वतको फेदीमां उभीये । अनि सिंगै १८
सीनै पर्वत् देखि धुवां उठ्यो कसोगरिभन्ये यह्वे आगोमां भइ त्यस्मां
उत्र्येको थियो . अनि त्यस्को धुवां भट्टीको धुवां जस्तो उठ्इ थियो अनि
सिंगै पर्वत् अग्घोर् कांम्यो । फेरि जब तुरहीको सोर् औधि बढ़्दै बढ़्दै १९
जांदै थियो तब मूसा बोल्द थियो अनि ईश्वरले त्येस्लाइ बाणीले उत्तर् दिंइ
थियो । तब यह्वे सीनै पर्वतमां अर्थात् त्येस्को थाप्लिमां उत्र्यो . अनि यह्वेले २०
मूसालाइ पर्वतको थाप्लिमां बोलायो तब मूसा चढ़ि गयो । तब यह्वेले २१
मूसालाइ भन्यो तल ओह्र्ल्येर लोगलाइ चेता होइन भन्ये ता तिनिहरू
बार् भत्कायेर यह्वे छेउ हेर्नु आउंनन् अनि तिनिहरूमांका धेरै जना नष्ट
हुंनन् । अनि यह्वे थांइ आउंने पूजाहारीहरूले पनि आफु आफुलाइ पवित्र २२
गरून् होइन भन्ये ता यह्वेले तिनिहरूलाइ झम्टला । अनि मूसाले यह्वेलाइ २३
भन्यो लोग् सीनै पर्वत् मांथि चढ़्नु सक्दैनन् . कसोगरिभन्ये तपांइले
हांमिहरूलाइ पर्वतमां बार् बारिकन त्येस्लाइ पवित्र गर भन्ये आज्ञा दिनु
भयेको थियो । तब यह्वेले त्येस्लाइ भन्यो जा ओह्र्लि जा अनि तं हारून् २४
समेत् फेरि चढ़ि आ . तर पूजाहारीहरू र लोग् चढ़ें यह्वे थांइ चढ़ि
आउंनुलाइ बार् भत्काइकन न आउन् होइन भन्ये ता उस्ले तिनिहरूलाइ
झम्टला । त मूसाले लोग् थांइ उत्रि तिनलाइ यि कुरा सुनायो ॥ २५

(दस् आज्ञा)

२०१ अनि ईश्वरले यि सबै कुरा भन्यो अर्थात्
२ मं तेरो ईश्वर् यहुवे हुं जस्ले तंलाइ मिस्रको देस् देखि अं बन्धुवाईको
घर् देखि निकालि ल्यायो ॥
३ मेरो मांमु तेरा अरु कोई ईश्वर् हुंदैनन् ॥
४ तंले आफ्नु लागि कोई खोपेको मूर्त्ति न बना अनि न कसै रूपको
अनुवार् ज्ये माथि स्वर्गमां अनि ज्ये तल पृथिवीमां अनि ज्ये पृथिवी मनि
५ भयेको पानीमां छ. तंले आफूलाइ तिनिहरको मांमु न निउंग अनि न
तिनिहरको सेवा गर्. किनभन्ये मं तेरो ईश्वर् यहुवे रापलो ईश्वर् छु
पित्रहरका दुष्टुईंका दण्ड सन्तानहरू माथि तंलाइ धिक्काउनेहरूको तीस्रो र
६ चौथो पुस्ता माथि पुऱ्याइ दिन्छु अनि मं सङ्ग प्रेम् गर्नेहरू र मेरा
आज्ञा मान्नेहरूका सहस्र सहस्र (पुस्ता) माथि दया गर्छु ॥
७ तंले आफ्नु ईश्वर् यहुवेको नांउ व्यर्थमां न ले किनभन्ये यहुवेले
उस्को नांउ व्यथमां लिनेलाइ निर्दोष् ठहराउंदैन ॥
८ विश्रामको दिनलाइ सम्झना गरख त्यस्लाइ पवित्र गरखनको लागि।
९ तंले छ दिनभरि कामकाज् गरेर आफ्ना सबै काम् गर्. तर सातौं चाहिं
१० दिन् तेरो ईश्वर् यहुवेको लागि विश्राम् हो. तंले त्यसमां केइ काम् न गर्
तंले न तेरो छोरोले न तेरी छोरीले तेरो चाकरले न तेरी चाकरनीले न
११ तेरा पशुले न तेरा ढोका भित्र भयेको परदेसीले किनभन्ये छ दिन्मां
यहुवेले स्वर्ग र पृथिवी र समुन्द्र र तिनिहरूमां भयेका सबै थोकलाइ बनायेर
सातौं दिन्मां विसायो. येस्कारण् यहुवेले विश्रामको दिनलाइ आसिक्
दियो अनि त्यस्लाइ पवित्र गर्‍यो ॥
१२ तंले आफ्नु बाबु र आफ्नी आमालाइ मान्सनीतो गर्, र जुन्
भूमि तेरो ईश्वर् यहुवेले तंलाइ दिंद छ त्यसमां तेरा दिन् बढाईयुन् ॥
१३ तंले हत्या न गर् ॥
१४ तंले व्यभिचार् न गर् ॥
१५ तंले चोरी न गर् ॥
१६ तंले आफ्नु छिमेकि माथि झूठो साक्षी न दे ॥
१७ तंले आफ्नु छिमेकिको घरको लालच् न गर् तंले आफ्नु छिमेकिको
स्वास्नीको लालच् न गर् न त्येस्को कमांराको न त्येस्को कमारीको न त्येस्को
गोरुको न त्येस्को गदाहाको न कसै पनि थोकको ज्ये तेरो छिमेकिको छ ॥
१८ अनि सबै लोग गर्जनहरू र बिजुलिहरू र नरसिंगको सोर् र धुवां
उठदै गयेको पर्वत् हेर्दै थिये. अनि लोग् देखेर कांप्दै टाढो उभीये।
१९ वहांदेखि मूसालाइ भन्ये आफूने हामिहरू सित बोलिनु हवस् त हामिहरू
२० सुनकौं. तर ईश्वर् हामिहरू सित न बोलोस् छोइन भन्ये ता मंरुकां। त

मूसाले लोग्लाइ भन्यो न डराव. किनभन्ये ईश्वर् तिमिहरूलाइ जांच्नुलाइ
आयेको छ अनि उस्को भय् तिमिहरूको सांमु रहोस् र तिमिहरूले पाप् न
गर भन्ये खातिर्ले। त लोग् टाढ़ो उभोइ रह्यो तर मूसा चइं त्यो बाक्लो २१
अंध्यारो निर गइ पुग्यो जहां ईश्वर् थियो॥

(अरु कत्ति व्यवस्थाहरू)

तब यहवेले मूसालाइ भन्यो इस्राएलवंशीहरूलाइ येसो भन् २२
तिमिहरू आफैले मं तिमिहरू सित स्वर्ग देखि बोल्यां भनि देख्यां।
तिमिहरूले मेरो बराबर् कोइ पनि न बनाव चांदीको देवता कि सुन्को २३
देवता आफ्नु लागि न बनाव। मेरो लागि माटोको वेदि बनायेर त्येसमां २४
आफ्नु होमबलिहरू र आफ्नु मिलापबलिहरू आफ्ना भेड़ाबाख्राहरू र
आफ्ना गाइगोरुहरू चढाव. जहां जहां मं आफ्नु नाउंको सम्झना गराउंछु
त्यहां त्यहां मं तं थांइ आयेर तलाइ आशीष् दिंछु। अनि मेरो लागि २५
ढुंगाको वेदि बनाइस् भन्ये त त्यो कुंदिका ढुंगाहरूको न बना. किनभन्ये
त्येस् माथि आफ्नु हतियार् उठायेको छस् भन्ये देखि त्यो अपवित्र गरिस्।
फेरि मेरो वेदिमां खुड्किला खुड्किला बनायेर त्येस् बाटो न चढ् होइन २६
भन्ये ता त्येसमां तेरो नंगइं देखाहा पर्ला॥

अब तैंले तिनिहरूको सांमु राख्ने नियां यिनै हुन्॥ २१ १
तैंले इब्री कमारा किनिस् भन्ये देखि त्येस्ले छ वर्ष सम्म सेवा गरोस्. २
अनि सातौं चइं वर्षमां निर्बन्ध् भइ सित्तैंमां जावस्। येक्लै आयेको छ भन्ये ३
येक्लैने जावस्. ब्याहा गरेयेको छ भन्ये त्येस्को साथ्मां त्येस्को स्वास्नी पनि
जावस्। त्येस्को स्वामीले त्येस्लाइ स्वास्नी दियेको छ अनि त्येस्ले त्येस्को लागि ४
छोराछोरी जन्मायेको छ भन्ये त्यो स्वास्नी र नानीहरू चइं त्येस्को स्वामीका
रहुन् अनि त्यो चइं येक्लै जावस्। तर त्येस् कमारोले मंलाइ आफ्नु स्वामी ५
र आफ्नो स्वास्नी र आफ्ना बालखहरूको माया लाग्छ सो मं निर्बन्ध भइ
जान्न भनि खोलेरन भन्यो भन्ये देखि. त त्येस्को स्वामीले त्येस्लाइ ईश्वर् ६
थांइ लैजावस् त्येसपछि त्येस्लाइ ढोका कि सङारमां ल्यायेर त्येस्को
स्वामी चइंले त्येस्का कान् सुतारीले छेडू पारोस् तब त्येस्ले सधैं सम्म त्येस्को
सेवा गरोस्॥

अनि कोइ मान्छेले आफ्नी छोरी कमारी हुंनुलाइ बेच्यो भन्ये त्यो ७
कमारोहरू झैं बाहिर न जावस्। त्यो त्येस्को स्वामीलाइ जस्ले त्येस्लाइ स्वास्नी ८
तुल्यायो जति लाग्येन भन्ये देखि त्येस्लाइ छोड़ाइंनु देवस् तर त्येस्ले त्यो
सित छल् गर्यो येस्कारण त्येस्लाइ अन्यदेशीहरूको हात्मां बेच्ने त्येस्लाइ
अधिकार् छैन। अनि त्येस्लाइ आफ्नु छोरोको लागि स्वास्नी तुल्याइ दियेको ९
छ भन्ये त्यो सित छोरी सितको जस्तो बेहोरा गरोस्। अर्को पनि स्वास्नी १०
ल्यायो भन्ये त्येस्को भोजन् लुगा र ब्याहाको बेहोरा न घटावस्। अनि यि ११
तीनै काम् त्यो सित गर्येन भन्ये त्यो चइं सित्तैंमां बिना दामै जाइ जावस्॥

१२ जस्ले मान्छेलाइ त्यो मर्न सम्म गरि कुट्ला त्यो कुट्ने चइं निस्से
१३ मारीओस्। तर त्यो घातमां बस्येको रैन छ तर ईश्वरले त्येस्लाइ त्येस्को
हातमां पारि दियेको रछ भन्ये देखि मं त्येस्लाइ भाग्नको लागि तंलाइ
१४ ठांउ खटाइ दिंछु। तर जो आफ्नु छिमेकि माथि आंटैले त्येस्लाइ छल्
सित मार्नलाइ जाइ लाग्ला त्येस्लाइ मेरो बेदि देखि पनि मार्नुको
लागि लैजा॥

१५ जस्ले आफ्नु बाबु कि आंमालाइ कुट्ला त्यो निस्से मारीओस्॥

१६ जस्ले मान्छेलाइ चोर्येर बेच्ला कि त्येसैको हातमां पाईयेला त्यो
निस्से मारीओस्॥

१७ जस्ले आफ्नु बाबु कि आंमालाइ स्राप्ला त्यो निस्से मारीओस्॥

१८ मान्छेहरूले झगरा गर्ये अनि एकाले अर्कोलाइ ढुंगा कि मुड़किले
येस्तोरि हिर्कायो त्यो मर्न ता मर्येन तर ओछ्यान् पर्यो भन्ये देखि,
१९ त्यो उठेर लउरो टेकि टेकि डुलछ भन्ये देखि त त्यो हिर्काउंने निर्दोषी
ठहरीओस्, खालि त्येस्को पर्खोइ रह्येको बेलाको हानि मात्रै भरि देवस्
अनि त्येस्लाइ पूरो निको पारि देवस्॥

२० कसैले आफ्नु कमांरा कि कमांरीलाइ लउरोले येस्तोरि हिर्कायो र
२१ त्यो त्येस्को हात् मुनि मर्यो भन्ये देखि त्येस्लाइ निस्से दण्ड दिईओस्। तै
पनि त्यो एक् दुइ दिन् जीइ रह्यो भन्ये देखि स्वामीलाइ दण्ड न दिईओस्,
किनभन्ये त्यो त्येस्को धन् हो॥

२२ मान्छेहरूले आपस्तमां कुटामार् गर्दा कसै गर्भिणीलाइ येस्तो घच्च
दिया त्येस्को गर्भ चइं नह्यो तर अरू कोइ हानि भयेन भन्ये, त्येस्लाइ
त्यो स्त्रीको लोग्नेले भन्येको र बिचारीहरूले बिचार्येको अनुमार् दण्ड
२३ दिईओस्। तर त्येस्को अरू कोइ हानि भयो भन्ये देखि प्राणको साटो प्राण
२४ आंखाको साटो आंखा दांतको साटो दांत् हातको साटो हात् गोड़ाको
२५ साटो गोड़ा डामको साटो डाम् घाउको साटो घाउ कुटाईको साटो
कुटाई दियेस्॥

२६ कसैले आफ्नु कमांरो कि कमांरीलाइ आंखामां हिर्कायेर त्यो
बिगार्यो भन्ये देखि त्येस्को आंखाको साटोमां त्येस्लाइ निर्बन्ध् पारि जांन्
२७ देवस्। अनि त्येस्ले आफ्नु कमांरो कि कमांरीको दांत् हिर्कायेर झार्यो
भन्ये देखि त्येस्को दांतको साटो त्येस्लाइ निर्बन्ध् पारि जांनु देवस्॥

२८ कुनै गोरूले कोई पुरुष् कि स्त्रीलाइ सींगले येस्तोरि हान्यो र
त्यो मर्यो भन्ये देखि त्यो गोरू निस्से लोहोर्याइ मारीओस् अनि त्येस्को
२९ मांसु न खाईओस् तर गोरूको धनी चइं निर्दोष् ठहरीओस्। तर त्यो गोरूको
अगाड़ि देखि हान्ने बानि थियो अनि त्येस्को धनीचइंले जनाईये पछि पनि
त्येस्लाइ बांधि न राख्येको हवस् अनि त्येस्ले कसै पुरुष् कि स्त्रीलाइ मार्यो
३० भन्ये देखि त्यो गोरू लोहोर्याईओस् अनि त्येस्को धनी पनि मारीओस्। तर
त्येस् माथि छोड़ाउंनि ठहराईयो भन्ये जत्ति त्येस् माथि ठहराईयेला त्येह

आफ्नु छोड़ाउंनुको लागि त्यत्तिने देवस्। छोरोलाइ कि छोरीलाइ ३१
हान्येको हवस् येइ निया अनुसार् त्यस्लाइ गरीओस्। गोरुले कोई कमारो ३२
कि कमारीलाइ हान्यो भन्ये देखि त्यस्को धनीले तिनको स्वामीलाइ तीस्
शेकेल् चांदी देवस् अनि त्यो गोरु चइं लोहोन्याईओस्॥

कसैले खाड़ल् खोदल्यो कि खन्यो अनि त्यो ढाक्येन अनि त्यस्मां ३३
कोई गोरु कि गदाहा खस्यो भन्ये देखि त्यो खाड़ल्को धनीले साटो ३४
फर्काइ देवस् कि तिनको धनीलाइ त्यस्को दाम् देवस् अनि लोथ् चइं
त्यस्को हवस्॥

कसको गोरुले अर्काको गोरुलाइ येस्तोरि हान्यो र त्यो मर्‍यो भन्ये ३५
देखि जीउंदो चइं गोरुलाइ बेच्येर त्यस्को दाम् आपस्तमां बांडि लिउन्
अनि लोथ् चइं पनि बांड़न्। तर त्यो गोरुको अगाड़ि देखि हान्ने ३६
बानि थियो भनि जानीएको थियो तरैपनि त्यस्को धनीले त्यस्लाइ बांधि
राख्येन भन्ये निस्से त्यो गोरुको साटो गोरुनै फर्काइ देवस् तर लोथ् चइं
त्यस्को हवस्॥

कसैले गोरु कि भेड़ाबाख्रा चोरेर त्यस्लाइ मार्‍यो कि बेच्यो भन्ये २२ १
त्यस्ले गोरुको साटो पांच्वटा गोरु अनि भेंड़ाबाख्राको साटो चार्वटा
भेंड़ाबाख्रा फर्काइ देवस्। त्यो चोर् घर् फोर्दै गर्दाखेरि भेट्राईयो अनि २
येस्तोरि हिर्काईयो र त्यो मर्‍यो भन्ये त्यस्को लागि रगत् बहाउंन् पर्दैन।
तर त्यस् मांथि घाम् झुल्क्यो भन्ये त्यस्को लागि रगत् बहाउंनु पर्छ. त्यस्ले ३
निस्से साटो फर्काइ दिंनु पर्थ्यो अनि त्यस्कां कोइ छैन भन्ये त्यो चोरीको
कारणमां बेचीनु पर्छ। चोरीको पशु गोरु हवस् कि गदाहा कि ४
भेंड़ाबाख्रा हवस् त्यस्को हातमां जीउंदै पाईयो भन्ये त्यस्ले त्यस्को साटो
दोबर् फर्काइ देवस्॥

कसैले येसोरि खेत् कि दाखको बारीमां आफ्नु पशुलाइ छोड़ि दियो ५
र त्यो अर्काको खेत्मां चर्‍यो अनि खांन गरायो भन्ये त्यस्ले आफ्नु खेत् र
आफ्नु दाखको बारीको सब्बै भन्दा अस्सल् उप्जनि देखि त्यस्को साटो
फर्काइ देवस्॥

आगो बलि निस्क्यो अनि झोर्मां लागि अन्नको बिटा कि ठाड़ो ६
अन्न कि खेत् डड़्यो भन्ये जस्ले आगो फुक्येको थियो त्यस्ले निस्से साटो
फर्काइ देवस्॥

कसैले आफ्नु छिमेकिलाइ रुपिया कि आलमाल् राखि दिंन्लाइ ७
सुम्प्यो अनि त्यो त्यस्को घर् देखि चोरीयो भन्ये देखि अनि चोर् पक्रीयो
भन्ये देखि त्यस्ले दोबर् भरि देवस्। तर चोर् पक्रीयेन भन्ये घर्को धनी ८
ईश्वर् थांइ आवस् त्यस्ले आफ्नु छिमेकिको सम्पत्ति मांथि हात् हाल्ये छ
कि हाल्येन छ भनि थाहा हुंनु को लागि। अपराध् जुन्सुकै बिषय्को हवस् ९
गोरु कि गदाहा भेंड़ाबाख्रा कि लुगा कि कोई प्रकार्को हरायेको थोक्
हवस् जस्को बिषय्मां येउटाले येइ हो भनि भन्न् सक्द छ त दुवै पट्टिको

कुरा ईश्वर् थांइ आवस् अनि जस्लाइ ईश्वर्ले दोषी ठहराउला त्यस्‌चइंले
आफ्नु छिमेकिलाइ दोब्बर् भरि देवस् ॥
१० कसैले आफ्नु छिमेकिलाइ गदहा कि गोरु कि भेंड़ाबाख्रा कि कोई
पशु राखि दिनुको लागि सुम्प्यो अनि त्यो कसैले न देखिकन मर्‌यो कि चोट्
११ लाग्यो कि धपाईयो भन्ये दखि . त ति दुवैको बीचमा यहूवेको किरिया
खुवाईयोम् मैंले आफ्नु छिमेकिको सम्पत्ति माथि हात् लगाइंन भन्ये
१२ विषयमा त त्यसको धनीचइंले यो मानोम् अनि साटो फर्काइ दिंनु पर्दैन। तर
१३ त्यो त्यसकांटो चोरायो भन्ये त्यसको धनीलाइ साटो फर्काइ देवस्। त्यो निस्से
फहराईयो भन्ये देखि त्यो मार्तोको लागि ल्यावस् त त्यस्ले त्यो फहराईयेकोको
साटो फर्काइ न देवस् ॥
१४ कसैले आफ्नु छिमेकि मङ कोइ पशुमा ल्यायो अनि त्यसको धनी
साथ न रहंदा त्यस्लाइ चोट् लाग्यो कि मर्‌यो भन्ये देखि त्यस्ले निस्से त्यसको
१५ साटो फर्काइ देवस्। तर त्यसको धनी साथै थियो भन्ये देखि त्यसको हानि
भरि दिनु पर्दैन . त्यो ज्यालाको हो भन्ये ज्यालैमा जांछ ॥
१६ कोई पुरुष् मंगनी न भयेको कन्या केटीलाइ फकायेर त्यो मङ सुत्यो
१७ भन्ये त्यस्ले निस्से त्यसको मोल् दिकन त्यस्लाइ स्वास्नी तुल्यावस्। तर त्यस्
केटीको बाबुचइंले त्यस्लाइ दिंनुलाइ मान्दैमान्यैन भन्ये त्यस्‌चइंले कन्याहरको
मोल् अनुसार् गनि रुपिया देवस् ॥
१८ बोक्सीलाइ जीइ रहंनु न दे ॥
१९ जस्ले पशु मङ कुकर्म्म गर्लो त्यो निस्से मारीयोस् ॥
२० जस्ले यहूवेलाइ छाड़ि अरु ईश्वर्लाइ बलिदान् चढ़ाउला त्यो भाकल
२१ गरीयेको थोक् झैं नास् पारीयोस्। अनि परदेसीलाइ न सताउंनु न
२२ थिचोमिचो गर्नु . किनभन्ये तिमिहरु मिस्र देसमा परदेसी थियौ। कसै
२३ विधवा कि टुहुरा टुहुरोलाइ कष्ट न दिंनु। तिनलाइ कोई पनिले कष्ट
दिइम् अनि तिनले कोइ पनि मेरा दोहाई दिये भन्ये देखि निस्से मं
२४ तिनको दोहाई सुनछु अनि मेरो रिस् उठछ अनि मं तिमिहरुलाइ
तरवार्ले काटछु वहांदेखि तिमिहरुको स्वास्नीहरु विधवा अनि तिमिहरुका
बालख टुहुरा होइ जांछन् ॥
२५ मेरो लोगमांको तं सित हुंने कोई कंगालिलाइ रुपिया ऋण् दिइस्
२६ भन्ये त्यस् माथि साहू जस्तो न हुंनु अनि न त्यो सित ब्याज् लिंनु। आफ्नु
छिमेकिको लुगा बन्धकमा राखिस् भन्ये घाम् अस्ताउंज्याल् सम्ममा त्यस्लाइ
२७ फर्काइ दे . किनभन्ये त्यसको ओढने त्यइ येउटा मात्रै हो त्यसको आङ्को
लुगा हो . त्यो केमा सुतछ . त येसो हुंछ त्यस्ले मेरो दोहाई दियो भन्ये मं
त्यसको सुनछु किनभन्ये मं अनुग्रही छु ॥
२८ ईश्वर्लाइ न धिक्कार्नु न आफ्ना लोगको मालिक्लाइ स्राप्नु।
२९ आफ्ना फलका बढ़ति र तिनका रसमांको कोइ दिंनुमा ढिलो न गर्नु।
३० आफ्ना छोराहरुमांको जेठोचइंलाइ मंलाइ दिनु। त्यसैगरि आफ्ना गोरु

अनि भेंड़ाबाख्राहरूमांको पनि दिंनु. सात् दिन् सम्म आफ्नु माऊ सङ्ग
रहोस् अनि आठौं चइं दिनमां मलाइ दिंनु। अनि तिमिहरू मेरो लागि ३१
पवित्र मान्छे हुंछौ. येकारण् बनमां जन्तुहरू देखि फट्टाइ मारेयेकोको
मासु न खांनु त्यो कुकुरहरूलाइ आफालि दिंनु॥

झूटो चर्चा न गर्नु. अधर्म्मको साक्षी हुंनको लागि दुष्ट सङ्ग न २३ १
लागनु। दुष्टं गर्नको लागि धेइरैलाइ न पछ्याउंनु न निया बिगार्नलाइ २
धेइरै तिर ढल्नुको लागि साक्षी दिंनु. न कंगालको फिरादमां पनि ३
त्येको पक्षमनु॥

आफ्नु बैरीको गोरु कि गदहा हराइ हिंड्दै गयेको भेटिम भन्ने त्यो पांइ ४
निस्से फर्काइ ल्याइ दिंनु। आफ्नु बैरीको गदहालाइ भारिले थिचीयेको ५
देखिस् अनि त्येस्लाइ छोड्नु र खो जस भन्ने पनि निस्से त्यो सङ्ग त्येस्लाइ छोड़ाउंनु॥

आफ्नु दरिद्रको फिरादमां त्यसको निया न बिगार्नु। झूठो फिराद देखि ६ ७
टाढ़ो रहंनु अनि निर्दोषी र धर्म्मीलाइ न मार्नु. किनभन्ने मं दुष्टलाइ
धर्म्मी ठहराउंदिन। घुस् न खांनु. किनभन्ने घूसले देखनेलाइ पनि अंधा ८
पारि दिंद छ अनि धर्म्मीहरूका कुरा फर्काइ दिंद छ। परदेसीहरू मांथि ९
थिचोमिचो न गर्नु. किनभन्ने परदेसहरूको मन् जान्दछौ कसोगरिभन्ने
तिमिहरू पनि मिस्र देसमां परदेसी थियौ॥

छ बर्षभरि आफ्नु जिमीनमां बिउ छरेर त्येसको उपजनि बटुलनु. १०
तर सातौं चइं बर्षमां त्यो बांझै छोडि दिंनु र तेरो लोगमांका दरिद्रहरूले ११
खाउन्. अनि ति देखि उब्रेयेका बनका पशुहरूले खाउन्। तेसै आफ्नु
दाखको बारी र भद्राक्षको बारी देखि पनि गर्नु। छ दिनभरि आफ्ना काम् १२
काज् गर्न तर सातौं चइं दिनमां बिस्राम् गर्नु. र तेरा गोरु र गदहाले
बिसाउन् अनि तेरो कमारीको छोरो र परदेसीले नया बल् पाउन्। अनि जे १३
जे मैले तिमिहरूलाइ भन्यों त्येसमां चेख रहंनु. अनि अरू देवताहरूको नांवै
पनि न लिंनु अं त्यो तेरो मुख् देखि न सुनीओस्॥

बर्षमां तीन् खेप् मेरो लागि चाड् मान्नु। अखमीरे रोटीको चाड् १४ १५
मान्नु. मैले तंलाइ आज्ञा दियेको अनुसार् आबीब् महीनाको ठहराईयेको
बेलामां सात् दिन् सम्म अखमीरे रोटी खांदै रहंनु किनभन्ने तेसै महीनामां
मिस्र देखि निक्लि आइस् अनि मेरो सांम्ह कोई रित्ते हात् देखाहा न
परोस्. फेरि कटनीको चाड् अर्थात् जे जे खेतमां छरिस् तिनको अगौटे १६
फलको चाड्. फेरि अन्नभितर्याइको चाड् अर्थात् बर्षको अन्तमां जब
आफ्ना बारिलनालि खेत् देखि बटुलि सकिस्। बर्षदिनमां तीन् खेप् तेरा १७
सबै पुरुषहरू प्रभु यहोवाको सांमु देखाहा परून्॥

मेरा बलिदानको रगत् खमीरे रोटी सङ्ग न चढ़ाउंनु न मेरो चाड़को १८
बोसो रात् भरि बिहान् सम्म रहोस्। आफ्नु जिमीनको अगौटे फलमांको १९
पहिलो चइं फल् आफ्नु ईस्वर् यहोवाको घरमां ल्याउनु। बाखाको पाठा
त्येको माऊको दुधमां न पकाउंनु॥

(नियम् स्थापित् गर्नु)

२० हेर् मं येउटा दूत्लाइ तेरो अघि अघि पठाउंद छु बाटोमां तेरो रक्ते
२१ गर्नुलाइ अनि तंलाइ मैंले तियार् पार्येको ठांउमां पुर्‍याउंनुलाइ। उस्को
सांमु चंख रह् अनि उस्को कुरा सुन् उस्को बिरुद्ध न गर्. किनभन्ये उस्ले
२२ तिमिहरुको अपराध् क्षमा गर्दैन कसोगरिभन्ये मेरो नांउ उस्मां छ। तर
सांच्चिसांचिनै उस्को कुरो सुनिस् अनि ज्ये ज्ये मं भन्छु ति गरिस् भन्ये मं
२३ तेरा सत्तुर्हरुको सत्तुर् अनि तेरा बैरीहरुको बैरी हुंछु। कसोगरिभन्ये मेरो
दूत्ले तेरो अघि अघि गयेर तंलाइ एमोरी हित्ती परिज्जी कनानी हिव्वी र
२४ यबूसीहरुकां पुर्‍याउंछु. अनि मं तिनिहरुलाइ काटि दिंछु। तिनिहरुका
देब्ताहरुलाइ दण्डवत् न गर् न तिनको सेवा गर् न तिनिहरुका काम्
अनुसार् गर्. तर तिनिहरुलाइ स्यांट्टै उल्टाइ दियेस् अनि तिनिहरुका
२५ मुड्काहरु टुक्रै टुक्रा पारयेस्। तर तिमिहरुले आफ्नु ईश्वर् यहवको सेवा
गर्नु त उस्ले तेरो अन्नपानीमां आशीष् दिंछ अनि मं तिमिहरुको बीच् देखि
२६ बेथा लैजांछु। तेरो देस्मां कोई गर्भ तुहाउंने कि बांझो हुंदैन. मं तेरो आयु
२७ पूरो गर्छु। मं आफ्नु भय् तेरो अघि अघि पठाउंछु अनि तं जत्ति लोगकां
जांछस् ति सबैलाइ मं नास् पार्छु अनि मं तेरा सबै सत्तुर्हरुको पिठिउं तं
२८ तिर फर्काउंने गराउंछु। फेरि मं तेरो अघि अघि बांच्छुउं पठाउंछु तिनिहरुले
२९ हिव्वी कनानी र हित्तीहरुलाइ तेरो सांमु देखि धपाइ दिंछन्। मं
तिनिहरुलाइ तेरो सांमु देखि एकै बर्षमां धपाउंदैन होइन भन्ये ता देस्
३० उजार् होला अनि बनका पशुहरु तेरा बिरुद्धमां बढ़नन्। मं तिनिहरुलाइ
तेरा सांमु देखि अलि अलिगरि धपाउंछु तंले फलवन्त भइ देस्लाइ
३१ आफ्नु अधिकार्मां न पारुंज्याल् सम्म। अनि मं तेरा सिमांना लाल् समुन्द्र
देखि येसो पलिश्तीहरुका समुन्द्र सम्म अनि बन् देखि येसो महानदी सम्म
ठहराउंछु. कसोगरिभन्ये मं देस्का बासीहरुलाइ तिमिहरुको ताबिमां पारि
३२ दिंछु अनि तंले तिनिहरुलाइ आफ्नु सांमु देखि धपाउंछस्। न तिनिहरु
सित न तिनिहरुका देवताहरु सित बाचा बांधनु। ति तेरा देस्मां न बसुन्
होइन भन्ये ता तिनले तंलाइ मेरा बिरुद्धमां पाप् गर्नु लगाउंछन्. किनभन्ये
तिनका देवताहरुको सेवा गरिस् भन्ये निस्सै यो तेरो लागि पासो हुंछ॥
२४ १ फेरि उस्ले मूसालाइ भन्या तं हारुन् नादाब् र अबीहू अनि
इस्राएलका प्राचीनहरुमांका सत्तरी जना यहव थांइ चढ़ि आव अनि टाढ़ो
२ बाटा दण्डवत् गर. अनि मूसा मात्रै यहव निर आवस् तर तिनिहरु चइं
३ नजिक् न आउन् न लोग् त्यो संङ चढ़ि आउन्। तब मूसाले आयेर लोग्
लाइ यहवका सबै कुरा र सबै नियाहरु सुनायो. तब सबै लोग्ले एकै
४ शब्दले उत्तर् दिइ भन्ये यहवले भन्येका सबै कुरा हांमिहरु गर्छौं। त
मूसाले यहवेका सबै कुरा लेख्यो अनि बिहान सखारै उठेर पर्बत् मुनि
येउटा बेदि र इस्राएलका बाह्रै कुल् अनुसार् बाह्रवटा मुड्का उभ्यायो।

अनि त्येस्ले इस्राएलबंशीहरुमांका जुवान्हरुलाइ पठायो अनि तिनिहरुले ५
यह्वेको लागि होमबलि र गोरुहरुको मिलाप् बलिदान् चढाये। तब मूसाले ६
आधा रगत् लियेर भांड़ाहरुमां हाल्यो अनि आधा चइं रगत् बेदिमां छर्‍यो।
वहांदेखि नियमको पोस्तक् लियेर लोग्ले सुन्नेगरि पर्‍यो. तब तिनिहरुले ७
भन्ये यह्वेले भन्येका सबै कुरा हांमिहरु गर्छां अनि मान्छौं। तब मूसाले ८
रगत् लियेर लोग् मांथि छर्‍यो अनि भन्यो यह्वेले सब कुराको बिषयमां
तिमिहरु सित बांध्येको नियमको रगत् हेर। तब मूसा हारून् नादाब् ९
अबीहू र इस्राएल्का प्राचीन्हरुमांका सत्तरी जनाले मांथि चढि गयेर
इस्राएलको ईश्वरको दर्शन् पाये अनि उस्का चरण् मुनि नीलमणिको चौतरा १०
जस्तो थियो अनि आकाशै जस्तो छलङ्ग पर्‍येको थियो। तरैपनि उस्ले ११
इस्राएलबंशीहरुका मालिक्हरु मांथि हात् पसार्‍येन. तर तिनिहरुले ईश्वरको
दर्शन् पाइ खांद पीउंद थिये॥

अनि यह्वेले मूसालाइ भन्यो मं थांइ पर्बतमां चढि आयेर यहां रह्. १२
मं तंलाइ मं आफैंले लेख्येका आज्ञा र ब्यवस्थाहरुको ढुंगाका पाटी दिन्छु
तंले तिनिहरुलाइ सिकाउंनुको लागि। त मूसा त्येस्को सेवाइत यहोशूअ १३
समेत् उठ्यो. अनि मूसा चइं ईश्वरको पर्बतमां चढि गयो। अनि त्येस्ले १४
प्राचीन्हरुलाइ भन्यो हांमिहरु तिमिहरु थांइ फर्कि न आउंज्याल् सम्म
यिहीं हांमिहरुको लागि पर्खि बस. अनि हेर हारून् र हूर् तिमिहरु सङ्ग
छन्. कसैको फिरात् छ भन्ये तिनिहरुकां जावस्। तब मूसा पर्बतमां चढि १५
गयो अनि बादलले पर्बत् छोप्यो। तब यह्वेको महिमा सीनै पर्बत् मांथि १६
रह्यो अनि बादलले त्यो छ दिन सम्म छोपि रह्यो. तब सातौं दिनमां उस्ले
मूसालाइ बादलको बीच् देखि बोलायो। अनि इस्राएलबंशीहरुको दृष्टिमां १७
यह्वेको महिमा पर्बतको थाप्लोमां भस्म पार्ने आगो जस्तो देखाहा पर्‍यो।
त मूसा बादलको बीचमां पसि पर्बतमां चढि गयो. अनि मूसा पर्बतमां १८
चालीस् दिन् र चालीस् रात् रह्यो॥

(पवित्रबास् त्येस्का सामग्री समेत्को बिषयमां सिकाउंनु)

अनि यह्वेले मूसालाइ भन्यो इस्राएलबंशीहरुलाइ भन् मेरो २५ १ २
लागि भेटि ल्याउन्. जति आफ्नु इच्छेले दिनु खोजद छन् त्येति ति सबै
देखि मेरो भेटि लेव। अनि ज्ये भेटि तिमिहरुले तिनिहरु देखि लेऔला ३
यिनै हुन् अर्थात् सुन् चांदी र पीतल् नीलो बैगुने र सिंदुरे र मसीनो ४
पाट्कपरा र बाख्राका रउं अनि सांढ़भेंड़ाको रातो रंगायेका छालाहरु ५
र सूइसका छालाहरु र बबूल्काठ् अनि उज्यालोको लागि तेल् र ६
अभिषेक् गर्ने तेल् र धूपको लागि सुगन्धद्रव्य अनि एपोद् र चप्रासको ७
लागि सुलैमानी जात्ढुंगा र जड्नुको लागि मणि। अनि तिनले मेरो लागि ८
येउटा पवित्रस्थान् बनाउन र तिनको बीचमां बास् गरुं। जस्तो मं तंलाइ ९

देखाउंछु अर्थात् बासस्थान्को नपना र त्यसका सबै सादमिको नपना त्यस्तै
तिमिहरुले त्यो बनाव ॥
१० अनि तिनिहरुले बबूल्काठ्को यौटा सम्पट् बनाउन् . त्यसको लंमाइ
११ अढाई हात् र त्यसको गज् डेढ् हात् र त्यसको अलगाइँ डेढ् हात् । अनि त्यो
निखरा सुनले मोहोर्नु अं त्यो भित्र बाहिर मोहोर्नु अनि त्यसमां रिंगै
१२ सुन्को त्रिट् बनाउंन् । अनि त्यसको लागि सुन्का चारवटा कड़ा ढाल्येर
त्यसका चारै खट्टामां लगाउंनु दुवटा कड़ा एका पाट्ट अनि दुवटा कड़ा अर्को
१३ पट्टि होउन् । फेरि बबूल्काठ्का डांड़ोहरु बनायेर ति सुनले मोहोर्नु ।
१४ अनि ति डांड़ोहरु सम्पट्का दुवै पट्टिका कड़ाहरमां त्यो बोक्नुलाइ हालनु ।
१५ ति डांड़ाहरु सम्पट्का कड़ा कड़मां रहन् . ति त्यस् देखि न लगोउन् ।
१६ अनि जुन् साक्षीपाटी मं तंलाइ दिंकु त्यो तेहि सम्पट्मां राखनु । फेरि
१७ निखरा सुन्का यौटा प्रायश्चित्ते[1] बनाउंनु . त्यसको लमाइ अढाई हात् गज्
१८ डेढ् हात् । अनि सुन्का दुवटा करूबहरु बनाउंनु . ति कमायेर बनाउंनु
१९ प्रायश्चित्तेको दुवै कुरमां । एक करूब् एक् कुरमां अनि अर्को करूब् अर्को
कुरमां बनाउंनु . ति करूबहरु प्रायश्चित्तेमां त्यसको दुइ कुरमां बनाउंनु ।
२० अनि ति करूबहरुले आफ्ना आफ्ना पखेटा ऊंभो तिर फिंजाउन् पखेटाले
प्रायश्चित्ते मांथि छाया पार्नगरि करूबहरुको मुख सांमु सांमु भइ प्रायश्चित्ते
२१ तिर फर्केका होउन् । अनि प्रायश्चित्ते सम्पट् मांथि राखनु अनि जुन्
२२ साक्षीपाटी मं तंलाइ दिंकु त्यो सम्पट् भित्र राखनु । अनि त्यहां मं तं सित
भेट्ने गर्कु अनि इस्राएलवंशीहरुको लागि जति आज्ञाहरु मं तंलाइ दिंकु
सबैको बिषयमां मं प्रायश्चित्ते मांथि बाटो ति साक्षीपाटीको सम्पट् मांथि
हुने दुइ करूबहरुको बीच् बाटो तं सित बात् गर्ने गर्कु ॥
२३ फेरि बबूल्काठ्को यौटा मेज् बनाउंनु . त्यसको लंमाइ दुइ हात् गज्
२४ एक् हात् र अलगाइँ डेढ् हात् । त्यो निखरा सुनले मोहोर्नु अनि त्यसको
२५ रिंगै सुन्को यौटा त्रिट् बनाउंनु । अनि त्यसको लागि रिंगै चार् अंगुल् गज्
२६ भयेको यौटा पाता बनाउंनु अनि पाताको रिंगै सुन्को यौटा त्रिट् बनाउंनु ।
अनि त्यसको लागि सुन्का चारवटा कड़ा बनायेर ति कड़ाहरु त्यसका चारै
२७ खट्टाका चारै कुनामां लगाउंनु । ति कड़ाहरु मेज् बोक्ने डांड़ोहरुको लागि
२८ घर् हुंनुलाइ ति पाता निर होउन् । अनि ति डांड़िहरु बबूल्काठ्का
२९ बनायेर सुनले मोहोर्नु र मेज् तिनैले बोकिआम् । अनि त्यसका थालहरु
३० र धुपौराहरु र सुराहीहरु र खन्याउंनुको लागि कटोराहरु सबै निखरा सुन्का
बनाउंनु । अनि तैंले मेजमां सदा मेरो सांमु भेटीरोटी राखनु ॥
३१ फेरि तैंले निखरा सुन्को यौटा पांनस् बनाउंनु . त्यो पांनस् कमायेर
बनाईआम् त्यसका बेठ्न डांका समेत् . त्यसका कोपीलाहरु गांठाहरु र
३२ फूलहरु सबै उइ यौटै टुक्रा देखि होउन् . अनि त्यसका दुवै पट्टि बाटो

[1] अथवा क्रिपाबेठक् ।

छवटा हांगा निक्लुन् तीन्वटा हांगा पांनस्को एका पट्टि बाटो अनि
तीन्वटा हांगा आर्को पट्टि बाटो . एक् हांगामां बादामको फूल् जस्तो ३३
तीन्वटा कोपीला येउटा गांठा र येउटा फूल् गरि होउन् अनि अर्को
हांगामां पनि बादामको फूल् जस्तो तीन्वटा कोपीला येउटा गांठा र
येउटा फूल गरि. पांनस् देखि निक्ल्यका ति छवै हांगाका यस्तै होउन्.
अनि पांनस्मां बादामको फूल् जस्ता चार्वटा कोपीला आफ्नु आफ्नु ३४
गांठा र फूल् समेत् होउन्. अनि पांनस् देखि निक्ल्यका छवटा ३५
हांगाहरूमांका दुवटा हांगा मुनि एक् गांठा उइ येउटै टुक्रा देखि हवस्
फेरि अर्को दुवटा हांगा मुनि एक् गांठा उइ येउटै टुक्रा देखि फेरि पनि
अरु दुवटा हांगा मुनि एक् गांठा उइ येउटै टुक्रा देखि हवस्। तिनका ३६
गांठा र हांगाहरू उइ येउटै टुक्रा देखि होउन्. सिगै पांनस् निखरा
सुन्को उइ येउटै टुक्राको कमायेको हवस्। अनि त्यस्का दीयाहरू ३७
सात्वटा बनाउंनु अनि त्यस्का दीयाहरू त्यस्को सांमु उज्यालो दिनुलाइ बालि
राख्नु। अनि त्यस्का चिम्टाहरू अभ्भरदानि सबै निखरा सुन्का होउन्। त्यो यि ३८ ३९
सबै सादाम् समेत् एक् तोड़ा निखरा सुन्को बनोस्। अनि हेर् तंलाइ ४०
पर्वत्मां देखाईयेको नमुना अनुसार् बनाउंनु ॥

फेरि बासस्थान् दसवटा पाटाको बनाउंनु ति मसीनो बाटेरको २६ १
पाट्कपराको र नीलो बेगुने र सिंदुरेको सिपालु बुट्टा काढ्नेको काम्ले
करूबहरू भयेका बनाउंनु। एक् पाटाको लंमइ अठाईस् हात् अनि गज् चार् २
हात्को हवस्. सबै पाटा एकै नाप्का होउन्। पांच् पाटा एका अर्का सङ ३
गांसोउन् अनि अरु पांच् पाटा पनि एका अर्का सङ गांसीउन्। अनि ४
पहिलो गांसीयेको पर्दाको छेउचइंको पाटाको छेउ छेउमां नीलोका घुंड़िघर्
बनाउंनु अनि त्यसैगरि अर्को गांसीयेको पर्दाको छेउचइंको पाटाका छेउ
छेउमां पनि बनाउंनु। एक् पर्दामां पचास्वटा घुंड़िघर् बनाउंनु अनि अर्को ५
गांसायेको पर्दाको छेउचइंको पाटाको छेउ छेउमां पनि पचास्वटा घुंड़िघर्
बनाउंनु. ति घुंड़िघर्हरू एका अर्काको सांमु सांमु होउन्। अनि सुन्का ६
पचास्वटा घुंड़िहरू बनायेर पर्दाहरू एका अर्का सङ ति घुंड़िहरले जोर्नु र
येसोरि बासस्थान् एक् होइ जावस्। अनि बासस्थान् मांथि येउटा पाल्को ७
लागि बाख्राका रउंका पाटाहरू अर्थात् एघारवटा पाटाहरू बनाउंनु। गोटै ८
पिच्छे पाटाको लंमइ तीस् हात् अनि गज् चार् हात्को हवस्. ति एघारैवटा
पाटा एकै नाप्का होउन्। अनि पांच् पाटा एक सङ अलग् फेरि छ पाटा ९
एक् सङ अलग् गांसनु अनि छैठो चइं पाटा पाल्को अघिल्तिर दोब्र्याउंनु।
अनि पहिलो गांस्येको पर्दाको छेउचइंको पाटाका छेउ छेउमां पचास्वटा १०
घुंड़िघर् बनाउंनु अनि अर्को गांस्येको पर्दाको छेउचइंको पाटाको छेउ छेउमां
पनि पचास्वटा घुंड़िघर् बनाउंनु। फेरि पीतल्का पचास्वटा घुंड़ि बनाउंनु ११
अनि घुंड़िहरू घुंड़िघर्मां लगायेर पाल्लाइ जोर्नु त्यो एकै पार्नुलाइ।
अनि पाल्का पर्दाहरूको उब्र्येको झुंडि रह्येको भाग् अर्थात् उब्र्येको आधा १२

१३ पर्दा चइं बासस्थानको पछिल्तिर झुंडि रहोस् । अनि पालका पर्दाहरुको
लंमइमांको उब्रयेको हात्भरि येता तिर अनि हात्भरि उता तिर बासस्थान
१४ ढाक्नुको लागि त्यसका दुवै छेउ छेउमां झुंडीइ रहुन् । फेरि पाल्को लागि
सांढ़ुभड़ाको रातो रंगायेका छालाहरुको येउटा छाना बनाउंनु अनि त्यस्
मांथि सूइस्का छालाहरुको अर्को येउटा छाना बनाउंनु ॥
१५ अनि बासस्थान्को लागि बबूल्काठ्का फल्याक्हरु उभ्याउंनुको
१६ लागि बनाउंनु । एक् एक् फल्याक्को लंमइ दस् हात् अनि गज् डेढ्
१७ हात्को हवस् । एक् ए _ फल्याक्मां दुइ दुइवटा चूर्हरु होउन् एका अर्का
१८ सङ जोरीयेका . बासस्थान्का सब्बै फल्याक्हरु येसैगरि बनाउंनु । त
बासस्थान्को लागि फल्याक्हरु बनाउंनु दखिन् पट्टिको दखिने छेउको
१९ लागि बीसवटा फल्याक् होउन् । अनि बीसै फल्याक्को तल चांदीका
चालीसवटा चूर्घर् बनाउंनु एक् फल्याक्को तल त्यसका दुवै चूर्हरुको लागि
दुवटा चूर्घर् अनि अर्को फल्याक्को तल त्यसका दुवै चूर्हरुको लागि
२० दुवटा चूर्घर् . अनि बासस्थान्का अर्को पट्टि अर्थात् उत्तर् पट्टिको लागि
२१ बीसवटा फल्याक् . अनि तिनका चांदीका चालीसवटा चूर्घर् एक्
फल्याक्को तल दुवटा चूर्घर् अनि अर्को फल्याक्को तल दुवटा चूर्घर्
२२ अनि बासस्थान्को पच्छिउं तिर पछाड़ि पट्टिको लागि छवटा फल्याक्
२३ बनाउंनु । अनि पछाड़ि पट्टि बासस्थान्का कुंनाहरुको लागि दुवटा फल्याक्
२४ बनाउंनु । अनि ति दुवै तल देखि खपटायेका होउन् अनि येसोरि मांथि
सिरान् सम्म एक् कड़ामां जोरीउन् . येसोरि दुवैको लागि हवस् . ति दुवै
२५ कुंनाको लागि होउन् । त ति आठवटा फल्याक् होउन् अनि तिनका
चांदीका सोह्रवटा चूर्घर् होउन् एक् फल्याक्को तल दुवटा चूर्घर् ।
२६ अनि अर्को फल्याक्को तल दुवटा चूर्घर् । फेरि बबूल्काठ्का साटाहरु
बनाउंनु बासस्थान्को एका पट्टिका फल्याक्हरुको लागि पांच्वटा
२७ अनि बासस्थान्को अर्को पट्टिका फल्याक्हरुको लागि पांच्वटा साटा
अनि बासस्थान्को पच्छिउं तिर पछाड़ि पट्टिका फल्याक्हरुका लागि
२८ पांच्वटा साटा । अनि फल्याक्हरुको मांझमां हुंने बीच्को चंइ साटा एका
२९ छेउ देखि अर्को छेउ सम्म पुगोस् । अनि फल्याक्हरु सुन्ले मोहोर्नु अनि
साटाहरुको घर्को लागि तिनका कड़ाहरु सुन्का बनाउंनु अ न साटाहरु
३० पनि सुन्ले मोहोर्नु । अनि बासस्थान् तंलाइ पर्वत्मां देखाईयेको
हिसाप् अनुसार उभ्याउंनु ॥
३१ फेरि नीलो बैगुने सिंदुर र मसीनो बाटेरको पाट्कपराको येउटा पर्दा
३२ बनाउंनु . त्यो सिपालु बुट्टा काढ्नेको कामले करुबहरु भयेका बनाउंनु । त्यो
सुन्ले मोहोरयेको बबूल्काठ्का चार्वटा खांबामां झुंड्याउंनु तिनका
३३ आंकुसहरु सुन्का होउन् चांदीका चार्वटा चूर्घर् मांथि । अनि पर्दा
घुंड़िहरु मुनि झुंड्याउंनु वहांदेखि पर्दाको भित्र साक्षीपाटीको सन्दुक्
ल्याउंनु अनि त्यो पर्दाले तिमिहरुको लागि पवित्रस्थान्लाइ महापवित्रस्थान्

देखि अलग् गरोस् । अनि महापवित्रस्थान्मां साक्षीपाटीको सम्पट् मांथि ३४
प्रायश्चित्ते चइं राखनु । अनि पर्दाका बाहिर पट्टि मेज् राखनु अनि बास्स्थान्को ३५
दक्खिन् पट्टि मेजको सांमु पांनस् चइं राखनु . अनि मेज् चइं उत्तर् पट्टि
राखनु । अनि डेराको दैलोको लागि नौलो बैगुने सिंदुरे र मसीनो बाटेरको ३६
पाट्कपराको बुट्टा काढ्नेको काम् भयेका येउटा पर्दा बनाउंनु । येस् पर्दाको ३७
लागि बबूल्काठ्को पांच्वटा खांबा बनाउंनु अनि ति सुन्ले मोहोर्नु
तिनका आंकुसेहरु सुन्का होउन् . अनि तिनिहरुको लागि पीतल्का
पांच्वटा चूर्घर् ढाल्नु ॥

अनि बबूल्काठ्को पांच् हात् लंमइ र पांच् हात् गज्को येउटा २७ १
बेदि बनाउंनु बेदि चार्कुंने हवस् . अनि त्येस्को अलगइँ तीन् हात्को
हवस् । अनि त्येस्का चारै कुंनामां चार्वटा सींग् बनाउंनु त्येस्का सींग् उइ २
येउटै टुक्रा देखि होउन् . अनि त्यो पीतल्ले मोहोर्नु । अनि त्येस्को ३
खरांनि उठाउंनुको लागि भांड़ाहरु र बेल्चाहरु र कटौराहरु र कांटाहरु र
आगोका धुपौराहरु बनाउंनु . त्येस्का सबै साद्दाम् पीतल्का बनाउंनु । अनि ४
त्येस्को लागि पीतल्को जाल्को येउटा झिंझरि बनाउंनु अनि जाल् मांथि
त्येस्का चारै कुंनामां पीतल्का चार्वटा कड़ा लगाउंनु । अनि यो चइं बेदिको ५
तल चारै पट्टिको बिट् मुनि राखनु र जाल् बेदिको मांझ सम्म पूगोस् ।
अनि बेदिको लागि डांड़ि अं बबूल्काठ्का डांड़ि बनाउंनु अनि ति पीतल्ले ६
मोहोर्नु । अनि त्येस्का डांड़ि कड़ामां हालोउन् त्यो उठाउंदाखेरि ति डांड़ि ७
बेदिको दुवै पट्टि होउन् । त्यो फल्याक्को खोक्रो बनाउंनु पर्बत्मां तंलाइ ८
देखाईयेको जस्ता त्यो तिनिहरुले बनाउन् ॥

फेरि बास्स्थान्को आंघन् बनाउंनु . त्येस्को दक्खिन् तिरको दक्खिन् ९
पट्टिको लागि आंघन्का पर्दाहरु मसीनो बाटेरका पाट्कपराका होउन् एक्
पट्टिको लागि एक् से हात् लांमो . अनि तिनका खांबाहरु बीस्वटा अनि १०
तिनका चूर्घर्हरु पनि बीस्वटा पीतल्का होउन् तर खांबाका आंकुसेहरु
र तिनका जोर्नेहरु चइं चांदीका होउन् । अनि त्येसैगरि उत्तर् पट्टिको लागि ११
पनि लंमइमां से हात् लांमा पर्दा होउन् अनि तिनका खांबाहरु बीस्वटा
अनि तिनका चूर्घर्हरु बीस्वटा होउन् सबै पीतल्का तर खांबाहरुका
आंकुसेहरु र तिनका जोर्नेहरु चइं चांदीका होउन् । फेरि आंघन्को गज्को १२
लागि पच्छिउ पट्टि पचास् हात्का पर्दाहरु होउन् . तिनका खांबाहरु दस्वटा
र तिनका चूर्घर्हरु दस्वटा । अनि आंघन्को गज् पूर्ब तिरको पूर्ब पट्टि १३
पचास् हात्को हवस् । अनि दैलोको एक् पट्टिको लागि पन्द्रह् हात्का १४
पर्दा होउन् . तिनका खांबाहरु तीन्वटा र तिनका चूर्घर्हरु तीन्वटा
अनि अर्को पट्टिको लागि पन्द्रह् हात्का पर्दा होउन् . तिनका खांबाहरु १५
तीन्वटा र तिनका चूर्घर्हरु तीन्वटा । अनि आंघन्को दैलोको लागि १६
नौलो बैगुने र सिंदुरे र मसीनो बाटेरको पाट्कपराको बुट्टा काढ्नेको
कामको येउटा पर्दा हवस् . तिनका खांबाका चार्वटा र तिनका चूर्घर्हरु

१७ चार्वटा। आघन्को चारै पट्टिका सबै खांबाहरु चांदीले जोगीयेका होउन्
१८ तिनका आंकुसे चांदीका र तिनका चूर्घर्हरु पीतल्का। आघन्को लंमइ
सै हात्को अनि त्येस्को गज् सबै ठांउमां पचास् हात्को अनि त्येस्को
अलगेइं पांच् हात्को हवस् मसीनो बाटेरको पाट्कपराको र तिनका
१९ चूर्घर्हरु पीतल्का। बासस्थान्को सबै सेवागराईका सबै सादोम् र त्येस्का
सबै कीलाहरु र आघन्का सबै कीलाहरु पीतल्का होउन् ॥
२० अनि तैंले इस्राएल्बंशीहरुलाइ आज्ञा दिंनु तिनिहरुले उज्यालोको
लागि कुटेरको भद्रार्तको निखरा तेल् तेरां ल्याउन् र दीयो नित्य
२१ बल्नं गरोस्। भेट् हुने डेरामां साक्षीपाटीको सांमु भयेको पर्दा देखि
बाहिर हारुन् र त्येस्का छोराहरुले त्यो सांझ् देखि बिहान् सम्म पहरको
सांमु सच्याउन गरुन्. या इस्राएल्बंशीहरुको लागि तिनका पुस्ता पुस्ता
सम्मलाइ सनातन्का बिधि हवस् ॥

(पूजाहारीहरु स्थापन्गराइंने आज्ञा)

२८ १ अनि तैंले इस्राएल्बंशीहरुको बीच् देखि आफ्नु दाज्यु हारुन्लाइ
र त्येस्का छोराहरुलाइ आफु थांइ ल्या र त्येस्ले मेरो लागि पूजाहारीगिरिको
सेवा गरोस् अं हारुन् त्येस्का छोराहरु नादाब् अबीहू एलाजार् र ईतामार्ले।
२ अनि आफ्नु दाज्यु हारुन्को लागि महिमा र शोभाको हुंनुलाइ
३ पवित्र बस्त्र बनाउंनु। अनि जत्ति ज्ञानीहरु छन् जस् जस्लाइ मैंले ज्ञान्को
आत्माले परिपूर्ण पार्येको छु तिनलाइ भन्नु र तिनिहरुले हारुन्का बस्त्र
त्येस्लाइ पवित्र गर्नुलाइ बनाउन् त्येस्ले मेरो लागि पूजाहारीगिरिको सेवा
४ गर्न्को लागि। अनि तिनले बनाउंनु पर्ने बस्त्र यिनै हुन् अर्थात् चप्रास् र
एपोद् र दोरा र चार्खांन क्हांच् र पगरी र पटुका. त तिनले तेरो दाज्यु
हारुन् र त्येस्का छोराहरुको लागि पवित्र बस्त्र बनाउन् त्येस्ले मेरो लागि
५ पूजाहारीगिरिको सेवा गर्नुको लागि। अनि तिनिहरुले ति सुन् नीलो
बैगुने सिंदुरे र मसीनो पाटकपरा लिउन् ॥
६ त तिनिहरुले सुन् नीलो बैगुने सिंदुरे र मसीनो बाटेरको पाट्कपराको
७ एपोद् बनाउन् सिपालु बुट्टा काढ्नेको काम् भयेका। त्येस्का दुवै कुउ कुउमां
८ दुवै कांध्बन्धन् गांस्येका होउन् त्यो गांसानुलाइ। फेरि त्येस् मांथि भयेको
त्यो बान्ध्नुलाइ बुट्टा काढ्येको पटुका त्येस्को बनाइ जस्तो र उइ येउटै
टुक्राको हवस्. त्यो सुन् नीलो बैगुने सिंदुरे र मसीनो बाटेरको
९ पाट्कपराको हवस्। बहांदेखि दुवटा सुलेमानी मणि ल्यायेर तिनमां
१० इस्राएल्बंशीहरुका नांउहरु खोप्नु. येउटा मणिमां तिनिहरुका नांउमांका
छवटा अनि अर्को मणिमां तिनिहरुका रह्याका छवटा नांउ तिनिहरुको
११ जन्म जन्म अनुसार्। मणिखोपाइंको काम् जसोरि मोहर् खोपींद छ
त्येसैगरि ति दुवै मणिमां खोप्नु इस्राएल्बंशीहरुका नांउ अनुसार्. ति

सुन्का घर्मां जड़्नु लगाउंनु । अनि ति दुवै मणि एपोद्को कांध्बन्धन्मां १२
लगाउंनु ति इस्राएलवंशीहरूको लागि सम्झाउंने मणि हुंनुलाइ . त हारूनले
तिनका नांउ यहवेको सांमु आफ्ना दुवै कांध्मां सम्झनाको लागि
बोक्न गरोस् ॥

अनि सुन्को मणिघर् बनाउंनु . अनि निखरा सुन्का दुवटा सिक्रि १३ १४
ति डोरी जस्तो बाटेरको बनाउंनु अनि ति बाटेरका सिक्रि ति घर्हरूमां
लगाउंनु । वहांदेखि नियाको चपरास् सिपालु बुट्टा काढ्नेको काम्को बनाउंनु १५
एपोद्को बनाई जस्तो त्यो पनि बनाउंनु अर्थात् सुन् नीलो बैगुन सिंदुर र
मसीनो बाटेरको पाटकपराको । त्यो चार्कुने अनि दोहोरा हवस् त्यसको १६
लंमाइ एक् बित्ता र गज् एक् बित्ताको हवस् । अनि त्यसमां मणि जड़्नु १७
माणिक्य चार् लहर् गरि लगाउंनु पहिलो लहर् माणिक्य पुष्पराज् र
लालड़ीको लहर् हवस् अनि दोस्रो लहर् मरकत् नीलमणि र हीराको १८
अनि तोस्रो लहर् लशम् सूर्य्यकान्त र नीलमको अनि चौथो लहर् १९ २०
फीरोजा सुलैमानी र यशबको हवस् . यि सबै सुनका घर्हरूमां जड़ीउन् ।
अनि ति मणिहरू इस्राएलवंशीहरूका नांउ अनुसार् अं तिनका नांउ अनुसार् २१
बाह्रवटा होउन् मोहर्को खोपाई भयेको अनुसार् ति बाह्र कुल्को लागि
होउन् गोटै पिच्छे त्यसको नांउ अनुसार् । फेरि चपरास्मां डोरी जस्तो २२
बाटीयेको निखरा सुनको सिक्रि बनाउंनु । अनि चपरास्मां सुन्का दुवटा २३
मुन्द्री बनाउंनु अनि दुवै मुन्द्री चपरास्का दुवै कुंउमां लगाउंनु । अनि सुन्का २४
बाटीयेका दुवटा सिक्रि चपरास्को कुंउ कुंउमां भयेका ति दुइ मुन्द्रीमां
लगाउंनु । अनि बाटीयेका दुवै सिक्रिका अर्को दुइ कुंउ कुंउ ति दुवै २५
मणिघर् जोरीयेर एपोद्का कांध्बन्धन्मां त्यसको सांमु पट्टि लगाउंनु ।
फेरि सुन्का दुवटा मुन्द्री बनायेर चपरास्का दुवै कुंउमां एपोद् पट्टि २६
लाग्नेको भित्र पट्टि बिटमां लगाउंनु । फेरि सुन्का दुवटा मुन्द्री बनायेर २७
एपोद्का दुवै कांध्बन्धन्मां मुनि बाटो त्यसको सांमु पट्टि र त्यसको जोर्नी
निर एपोद्को बुट्टा काढ्रको पटुका मांथि लगाउंनु । अनि चपरास् त्यसका २८
मुन्द्रीहरूको बाटोले एपोद्का मुन्द्रीहरूमां नीलो सेर्पुले येस्तोरि बांधन्
त्यो एपोद्को बुट्टा काढ्रको पटुकामां रहोस् र चपरास् एपोद् देखि सर्ने न
पावस् । अनि जब जब हारून् पवित्रस्थान्मां पस्ला तब तब त्यसले नियाको २९
चपरास्मां आफ्नु हिर्दय् मांथि इस्राएलवंशीहरूका नांउ बोकोस् यहवेको
सांमु नित्ये सम्झनाको लागि । अनि तैंले नियाको चपरास्मां ऊरीम् र ३०
तुम्मीम्[१] राख्नु अनि जब जब हारून् यहवेको सांमु पस्ला तब तब ति त्यसको
हिर्दय् मांथि होउन् . अनि हारूनले इस्राएलवंशीहरूको निया आफ्नु
हिर्दय् मांथि यहवेको सांमु नित्ये बोकोस् ॥

१ अर्थात् ज्योतिहरू र सिद्धकुवाईहरू ।

३१ ३२ फेरि एपोद्को दौरा सिंगै निलोको बनाउंनु । अनि त्येस्को मांझमां
कपाल् हाल्ने छेंड् हवस् . अनि त्यो छेंड्को गिंगै झिलम्को छेंड्को जस्तो
३३ बुनौयेको बिट् हवस् र त्यो न फटाईओस् । अनि त्येस्को तल फेरोमां चहूं
गिंगै निलो बेगुनै र सिंदुरेका दारीमहरू बनाउंनु अनि बीच् बीचमां गिंगै
३४ सुनका घंटीहरू लगाउंनु . अर्थात् येउटा सुन्को घंटी र येउटा दारीम्
तब फेरि येउटा सुनको घंटी र येउटा दारीम् गरि दौराको फेरोमां गिंगै
३५ हवस् । अनि त्यो हारूनमां हवस् सेवा गर्नेको लागि . त जब जब त्यो
पवित्रस्थान् भित्र यहूवेको सांमु पस्ला कि बाहिर निस्कला तब तब त्येस्को
शब्द सुनींछ र त्यो न मरोस् ॥

३६ फेरि निखरा सुनको येउटा पत्र बनायेर त्ये मां मोहर्को खोपायेको
३७ झैं यो कुरो खोप्नु अर्थात् **यहूवेको लागि पवित्र** । अनि त्यो
नीलो सिपुमां बांध्नु अनि त्यो पगरीमां बांध्नु अनि त्यो पगरीमां
३८ हवस् पगरीको सांमु पट्टि हवस् । अनि त्यो हारूनको मांथमां हवस् र
इस्राएलवंशीले जे जे पवित्र ठहराउंनन् तिनिहरूका सबै पवित्र भेंटमां
ति पवित्र थोकहरूको दोष् हारून्ले बोकोस् अनि त्यो नित्य त्येस्को मांथमां
३९ रहंछ र तिनिहरू यहूवेको सांमु ग्रहण गरीउन् । अनि दौरा चहिं मसीनो
पाट्कपराको चारखाने पर्येको बनाउंनु अनि येउटा पगरी पनि मसीनो
पाट्कपराको बनाउंनु अनि बुट्टाकाढ्नेको काम् भयेको येउटा पटुका बनाउंनु।
४० फेरि हारूनका छोराहरूको लागि दौराहरू बनाउंनु अनि तिनिहरूको लागि
पटुकाहरू बनाउंनु अनि तिनिहरूको लागि टोपीहरू बनाउंनु महिमा र
४१ शोभाको लागि । अनि ति आफ्नु दाज्यु हारून् र त्येस्का छोराहरूलाइ
समेत् पहिर्याउंनु अनि तिनिहरूलाइ अभिषेक् गर्येर स्थापन् गर्नु अनि
तिनिहरूलाइ पवित्र गर्नु र तिनिहरूले मेरो लागि पूजाहारीगिरिको सेवा
४२ गरून् । अनि तिनिहरूको लागि पाट्कपराको जाङेहरू बनाउंनु तिनिहरूको
४३ नंगेडूं ढाक्नुलाइ कम्मर् देखि जाङ् सम्म पुग्ने . अनि जब जब हारून्
कि त्येस्का छोराहरू भेट् हुंने डेरामां पस्नन् कि पवित्रस्थानमां सेवाको
लागि बेदी छेउ आंउनन् तब तब ति तिनिहरूमां होउन् होइन भन्ये ता
तिनिहरू दोष् बोकेर मर्नन् . यो त्येस्को लागि र त्येस् पछि त्येस्का
सन्तानको लागि सदाको बिधि हवस् ॥

२९ १ अनि तिनिहरूलाइ पवित्र गर्नलाइ तिनिहरूले मेरो लागि
पूजाहारीगिरिको सेवा गरून् भन्ये खातिर्ले तेंले तिनिहरूलाइ गर्ने काम्
२ येइ हो . अर्थात् येउटा बाच्छा र दुवटा निष्खोट् थुमा र अखमीरे
रोटी र मकि तेलमां पोल्येको अखमीर फुलौरा र तेल् घस्येको अखमीर बाबर्
३ लिंनु . यि गहूंको असल् पिठोको बनाउंनु । अनि यि येउटा डालोमां
४ हाल्येर त्यो डालो र त्यो बाच्छा र ति दुवै थुमा ल्याउंनु । वहांदेखि हारून् र
त्येस्का छोराहरूलाइ भेट् हुंने डेराको दैला निर ल्यायेर पानीले नुहाउंनु।

अनि ति वस्त्र ल्यायेर हारूनलाइ दौरा एपोद्को कांच् र एपोद् र चप्रास् ५
पहिऱ्याउंनु अनि एपोद्को बुट्टा काढ्याको पटुका त्यस्मां बांधनु। अनि ६
त्यस्को सिर्मां त्यो पगरी लगाउंनु अनि पगरीमां पवित्र मुकुट् लगाउंनु। तब ७
अभिषेक् गर्ने तेल् लिइ त्यस्को सिर्मां खन्याइ त्यस्लाइ अभिषेक् गर्नु। फेरि ८
त्यस्का छोराहरूलाइ ल्यायेर तिनलाइ दौरा पहिऱ्याउंनु। अनि तिनलाइ ९
अर्थात् हारून् र त्यस्का छोराहरूलाइ पटुका बांधि दिनु अनि तिनका
सिर्मां टोपीहरू लगाउंनु. त पूजाहारीगिरि सदाको बिधि गरि तिनिहरूको
हवस्. यहांदेखि हारून् र त्यस्का छोराहरूलाइ स्थापन् गर्नु। अनि त्यो १०
बाच्छालाइ भेट् हुंने डेराको सांमु ल्याउंनु. अनि हारून् र त्यस्का छोराहरूले
बाच्छाको सिर् मांथि आफना आफना हात् राखुन्। अनि त्यो बाच्छा ११
यहवेको सांमु भेट् हुंने डेराको ढेला निर बलि गर्नु। अनि बाच्छाको १२
रगत्मांको लियेर आफ्नु औंलाले बेदिका सींगहरूमां लगाउंनु अनि अरू
सबै रगत् बेदिको जग्मां खन्याउंनु। अनि आन्द्राहरू ढाकने सबै बोसो र १३
कलेजो मांथिको जाला र दुवै मिर्गौला र ति मांथिको बोसो समेत् लियेर
बेदिमां उड़ाउंनु। तर बाच्छाको मांसु र त्यस्को छाला र त्यस्को गोबर् छाउंनी १४
देखि बाहिर आगोमां उड़ाउंनु. त्यो पाप्बलि हो। फेरि येउटा थुमा लिनु र १५
हारून् र त्यस्का छोराहरूले थुमाको सिर् मांथि आफना आफना हात् राखुन्।
अनि थुमालाइ बलि गरि त्यस्को रगत् लियेर बेदिमां रिंगै छर्कनु। अनि त्यो १६ १७
थुमालाइ टुकरै टुकरा पार्नु अनि त्यस्का आन्द्राहरू र खुट्टाहरू धोयेर
त्यस्का टुकराहरू र टाउको मांथि राखनु। अनि त्यो सिंगै थुमा बेदिमां १८
उड़ाउंनु. त्यो यहवेको लागि होमबलि हो. त्यो बास्ना हो यहवेको लागि
अग्निबलिदान् हो। अनि अर्को थुमा लिनु त हारून् र त्यस्का छोराहरूले १९
थुमाको सिर् मांथि आफना आफना हात् राखुन्। तब थुमालाइ बलि गरि २०
त्यस्को रगत्मांको हारूनको दाहीनो कान्को लोतिमां र त्यस्का छोराहरूका
दाहीनो दाहीनो कानको लोति लोतिमां अनि तिनका दाहीनो दाहीना
हातका बुड़िऔंला बुड़िऔंलामां र दाहीना दाहीना गोड़ाका बुड़िऔंठा
बुड़िऔंठामां लगाउंनु अनि रगत् बेदिमां रिंगै छर्कनु। फेरि बेदिमां भयेको २१
रगत् र अभिषेक् गर्ने तेल्मांको अलि अलि लियेर हारून् मांथि र त्यस्का
वस्त्रहरू मांथि र त्यस्का छोराहरू मांथि र त्यो सित भयेका त्यस्का छोराहरूका
वस्त्रहरू मांथि छर्कनु. येसैगरि त्यो आफना वस्त्रहरू समेत् अनि त्यस्का
छोराहरू र त्यो सङ भयेका त्यस्का छोराहरूका वस्त्रहरू पवित्र गरीउन्।
तब थुमाको बोसो र पुच्छर र आन्द्राहरू ढाकने बोसो र कलेजो मांथिको २२
जाला र बोसो समेत् दुवै मिर्गौला र दाहीनो पींड़ो लिनु किनभन्या त्यो
चइं पूजाहारी स्थापन् गर्नेको थुमा हो. अनि यहवेको सांमु भयेको अखमीरे २३
रोटीको डालो देखि येउटा रोटी र तेल्मां पोल्येको येउटा फुलौरो र येउटा
बाबर् लियेर. ति सबै हारूनका हातमां र त्यस्का छोराहरूका हातमां राखनु २४
अनि ति यहवेको सांमु हल्लाइने भेटि गरि हल्लाउंनु। अनि ति तिनका २५

हात् देखि लियेर होमबलि माथि बेदिमां डड़ाइ दिंनु यहूवेको सांमु बासा
२६ हुंनुको लागि. त्यो यहूवेको लागि अग्निहोम् हो। अनि हारूनको
स्थापन गर्ने थुमाको छाती लियेर यहूवेको सांमु हल्लाइने भेट गरि हल्लाउंनु.
२७ त्यो चइं तेरो भाग् हुंछ। अनि स्थापनगर्ने थुमा अं हारूनचइंको लागि र
त्यस्का छोराहरूको लागि त्यसमांको हल्लाइयेको भेटको छाती जो
हल्लाइयेको छ अनि उचालीयेको भेटको पौंड़ो जो उचालीयेको छ यि
२८ दुवै पवित्र गर्नु. अनि हारून् र त्यस्का छोराहरूको लागि इस्राएलबंशीहरू
देखि सदा दिंनु पर्ने बिधि हवस्. किनभन्ये यो उचालीयेको भेटि हो.
अनि त्यो इस्राएलबंशीहरू देखि तिनका मिलापबलिदानहरूको उचालीयेको
२९ भेटि हुंछ अं यहूवेको लागि तिनिहरूको उचालीयेको भेट। अनि हारूनका
जुन् जुन् पवित्र बस्त्र हुंनन् कि त्यसको पछि त्यस्का छोराहरूको लागि होउन्
३० र तिनिहरू तिनै पहिरिकन अभिषिक्त गरि स्थापित् गरीउन्। त्यस्को
साटोमां पूजाहारीगिरि गर्ने चइं छोरो जब भेट् हुंने डेरामां पवित्रस्थानमां
३१ सेवा गर्नुलाइ आउला तब सात् दिन् सम्म पहिरोस्। अनि स्थापन् गर्ने
३२ थुमा लियेर त्यस्को मांसु पवित्रस्थानमां पकाउंनु। वहांदेखि हारून् र त्यस्का
छोराहरूले त्यस् थुमाको मांसु र डालोमां भयेको रोटी भेट् हुंने डेरा निर
३३ खाउन्। अनि जुन् जुन् थोक् तिनको स्थापन् र पवित्र गर्नुको लागि
प्रायश्चित्त गरीयेको थियो ति तिनिहरूले खाउन्. तर परदेसीले न खावस्
३४ किनभन्ये ति पवित्र हुन्। अनि स्थापनगर्नेको मांसु कि रोटीमांको कोइ
बिहान् सम्म उबर्‍यो भन्ये त्यो उबर्‍येको आगोमां डड़ाउंनु. त्यो न खाईओस्
३५ किनभन्ये त्यो पवित्र छ। अनि मैले तंलाइ दियेका सबै आज्ञा अनुसार्
हारून् र त्यस्का छोराहरूलाइ गर्नु. तिनिहरूलाइ सात् दिन् सम्म स्थापन्
३६ गर्दै रहंनु। त पापबलिको बाच्छा प्रायश्चित्तको लागि दिनहूं चढ़ाउंनु. अनि
जब त्यस्को लागि प्रायश्चित्त गर्लास् तब पवित्र गर्नुको लागि त्यो अभिषेक्
३७ गर्नु। सात् दिन् सम्म बेदिको लागि प्रायश्चित्त गरि त्यो पवित्र गर्दै
रहंनु त बेदि महापवित्र छ ज्ये ज्येले त्यो बेदि छोला त्यो पवित्र हुंछ॥

(दिन् दिन् चढ़ाउंनु पर्ने बलिदान्)

३८ त अब तैंले बेदिमां चढ़ाउंनु पर्ने येइ हो अर्थात् दिनहूं दुवटा
३९ पहिलो बर्षका पाठाहरू नित्ये चढ़ाउंनु। येउटा चइं पाठो बिहान् चढ़ाउंनु
४० अनि अर्को चइं बेलुका. अनि येउटा पाठो सङ एक् पावा हीन्
कुटेरको तेलमां मुछेको एपाको दसौं हिस्सा निखरा पिठो र खन्याईबलिको
४१ लागि एक् पावा हीन् दाखरस् चढ़ाउंनु। अनि अर्को चइं पाठो बेलुका
चढ़ाउंनु अनि त्यो सङ बिहानको अन्नबलि र खन्याईबलि अनुसार् गर्नु
४२ बासा हुंनुलाइ यहूवेको लागि अग्निहोम् हवस्। यो तिमिहरूका पुस्ता
पुस्ताको लागि यहूवेको सांमु भेट् हुंने डेराको दैला निर नित्येको होमबलि
हवस्. त्यस् ठांउमां जहां मं तं सित बात् गर्नुलाइ तिमिहरू सित भेट्

गर्क्रुं। अनि मं इस्राएलवंशीहरू सित तिहीनै भेट् गर्क्रुं अनि त्यो मेरो ४३
महिमाले पवित्र गरीछ। अनि मं भेट् हुंने डेरा र बेदि पवित्र गर्क्रुं. ४४
अनि हारून् र त्यस्का छोराहरूलाइ पनि मेरो लागि पूजाहारीगीरीको सेवा
गर्नुलाइ पवित्र गर्क्रुं। अनि मं इस्राएलवंशीहरूको बीचमां बास् गर्क्रुं ४५
अनि तिनिहरूको ईश्वर् हुंक्रुं। तब तिनिहरूले थाहा पाउंछन् मं यहवे ४६
तिनिहरूको ईश्वर् तिनिहरूलाइ मिस्र देस् देखि मं तिनिहरूको बीचमां
रहंनुलाइ निकालि ल्याउंने हो गंक्रु भनि। मं तिनिहरूको ईश्वर् यहवे हुं॥

(बास्स्थान्का सार्दाम्को बिषय्)

अनि धूप् पोल्नुको लागि येउटा बेदि बनाउंनु त्यो बबूल्काठको ३०१
बनाउंनु। त्यस्को लंमइ एक् हात् र गज् एक् हात्को हवस्. त त्यो चारकुंने २
हवस् अनि त्यस्को अलगेइं दुइ हात्को हवस्. अनि त्यस्का सींगहरू त्यइ
येउटै टुक्रा देखि होउन्। अनि त्यस्को माथिल्लो पट्टि र त्यस्का चारै पट्टिका ३
पाटाहरू त्यस्का सींगहरू समेत् निखरा सुनले मोहोर्नु अनि त्यस्को लागि
रिंगै सुन्को येउटा बिट् बनाउंनु। अनि त्यस्को बिट् मुनि त्यस्का दुवै ४
पाटामां सुन्का दुवटा कड़ा बनायेर त्यस्का दुवै पट्टि लगाउंनु ति त्यो बोक्ने
डांड़िहरूका घर् होउन्। अनि डांड़िहरू बबूल्काठ्को बनायेर् सुन्ले ५
मोहोर्नु। अनि त्यो साक्षीपाटीको सम्मट् निर भयेको पर्दाको सांमु राख्नु ६
अर्थात् साक्षीपाटी माथि भयेको प्रायश्चित्तको सांमु जहां मं तं सित भेट्
गर्क्रुं। अनि त्यस्मां हारूनले सुगन्धद्रव्यको धूप् पोलोस्. बिहानै पिच्छे ७
त्यस्ले बत्ता सच्याउंदा सच्याउंदा त्यो पोलोस्। फेरि बेलुका हारून्ले ८
बत्ताहरू बाल्दा त्यो पोलोस् त त्यो तिमिहरूका पुस्ता पुस्तामां यहवेको
सांमु नित्य धूप् हुंछ। त्यसमां तिमिहरूले अन्यधूप् न होमबलिदान् न ९
अन्नबलिदान् चढाउंनु अनि न त्यस्मां खन्याईबलि चढाउंनु। अनि हारूनले १०
बर्ष दिनमां एक् खेप् त्यस्का सींगहरूमां प्रायश्चित्त गरोस् अर्थात् तिमिहरूका
पुस्ता पुस्तामां बर्षदिनमां एक् खेप् त्यस् प्रायश्चित्तको पापबलिको रगत्ले
त्यस्मां प्रायश्चित्त गरोस्. यो यहवेको लागि महापवित्र हो॥

अनि यहवेले मूसालाइ भन्यो जब तैंले इस्राएलवंशीहरूको ११ १२
गन्ति अनुसार् गन्लास् तब तैंले तिनलाइ गन्ने बेल मां तिनिहरू माथि
कोई बिपत्ति आइ न लाग्नुलाइ तिनिहरूमांको जीउ जनंगले आफ्नु
आफ्नु प्राणको उद्धारको लागि यहवेलाइ येसोरि दिउन् तैंले तिनिहरूलाइ
गन्ने बेलामां। गनीयेका लोगमां जत्ति जांनन् तिनले यो दिउन् अर्थात् १३
पवित्रस्थान्को शेकेल्को हिसाप्ले आधा शेकेल्. (एक् शेकेल् बीस् गेराको
हो.) त यहवेको भेटि आधा शेकेल् हवस्। गनीयेका लोगमां जत्ति जांनन् १४
अर्थात् बीस् बर्षको र त्यो देखि बेसिको जनंगले यहवेको भेटि देवस्। जब १५
तिमिहरूका प्राणको प्रायश्चित्तको लागि यहवेको भेटि दिईयेला तब धनी
चइंले आधा शेकेल् देखि ऊंभो कंगालिले त्यो देखि ऊंधो न देवस्। अनि १६

इस्राएलवंशीहरु देखि प्रायश्चित्तको रुपिया लियेर भेट् हुंने डेराको
सेवागराईको लागि खटाउंनु र त्यो यहवेको सांमु इस्राएलवंशीहरुको
सम्झनाको लागि हवस् तिमिहरुका प्राणको प्रायश्चित्त गर्नुलाइ ॥
१७ १८ अनि यहवेले मूसालाइ यसो भन्यो धुनुको लागि पीतल्को
येउटा खान्भांड़ा त्यस्को बेठक् समेत् पीतल्को बनाउंनु. अनि त्यो भेट् हुंने
१९ डेरा र बेदिको बीच्मां राखेर त्यस्मां पानी हाल्नु। अनि त्यस्मां हारुन् र
२० त्यस्का छोराहरुले आफ्ना आफ्ना हात् गोड़ा धोउन्. जब जब तिनिहरु
भेट् हुंने डेरामां पस्तर् कि बेदि निर सेवा गर्नुलाइ यहवेको लागि
अग्निहोम् उड़ाउंनुलाइ आउंनन् तब तब तिनिहरुले पानीले धोउन् र
२१ तिनिहरु न मरुन्. त तिनिहरुले आफ्ना आफ्ना हात् गोड़ा धोउन् र न
मरुन् अनि यो तिनिहरुको लागि अं त्यस्को र त्यस्का सन्तानको लागि
तिनको सबै पुस्तामां सदाको विधि हवस् ॥
२२ २३ फेरि यहवेले मूसालाइ यसो भन्यो तंले आफु थांइ अस्सल्
अस्सल् सुगन्ध द्रव्य अर्थात् पांच् सै शेकेल् आफै बहंने मुर् र त्यस्को आधा
अं अढ़ाई सै शेकेल् सुगन्धित् सिन्कौलि र अढ़ाई सै शेकेल् सुगन्धी निडालो
२४ र पवित्रस्थान्को शेकेल्को हिसाप्ले पांच सै शेकेल् जात् सिन्कोलि र
२५ एक् हीन् भद्राक्षको तेल् लियेर. त्यस्को अभिषेक् गर्ने पवित्र तेल् अर्थात्
बास्नाको काम् गरीयेको सुगन्ध द्रव्य बनाउंनु. यो अभिषेक् गर्ने पवित्र
२६ २७ तेल् हवस्। अनि त्यसैले भेट् हुंने डेरा र साक्षीपाटीको सम्पट् र मेज्
२८ त्यस्का सबै सार्दाम् समेत् र पांनस् त्यस्का सार्दाम् समेत् र धूपबेदि र
होम्बेदि त्यस्का सबै सार्दाम् समेत् र खान्भांड़ा त्यस्का बेठक् समेत्
२९ अभिषेक् गरनु। यसैगरि यिनलाइ पवित्र गरनु र ति महापवित्र होउन् ज्ये
३० ज्यले तिनलाइ छोला त्यो पवित्र हुंछ। अनि हारुनलाइ त्यस्का छोराहरु
समेत्लाइ अभिषेक् गरि पवित्र गरनु र तिनले मेरो लागि पूजाहारीगिरिको
३१ सेवा गरुन्। अनि इस्राएलवंशीहरुलाइ यसो भन् त्यो तिमिहरुका पुस्ता
३२ पुस्तामां मेरो लागि पवित्र अभिषेक् गर्ने तेल् हवस्। त्यो कोई मान्छेको
जीउमां न खन्याईयोस् अनि न त्यो जस्तो त्यस्को मिसाई झैं अरु कोइ
३३ बनाउंनु. त्यो चइं पवित्र हो त तिमिहरुको लागि पवित्र हुंछ। जस्ले त्यो
जस्तो कोइ मिसाउला अनि जस्ले त्यस्मांको कोइ अरु मान्छेमां लगाउला
त्यो आफ्नु लोग्कां देखि काटि दिइंछ ॥
३४ फेरि यहवेले मूसालाइ भन्यो सुगन्ध द्रव्य अर्थात् मुर्को रस् नखी र
कुन्दुरु यि सुगन्ध द्रव्य निखरा माल्धूप् समेत् लिंनु जोखाईमां यि सबै
३५ बराबर् होउन् वहांदेखि त्यो धूप् बनाउंनु अर्थात् नुन् मिसायेर
३६ बास्नाको काम् गरीयेको निखरा र पवित्र सुगन्ध द्रव्य बनाउंनु. फेरि
त्यस्मांको अलिकता कुटेर मसीनो पार्नु अनि त्यस्मांको अलिकता भेट्
हुंने डेरामां साक्षीपाटीको सांमु जहां म तं सित भेट् गर्छु राखनु. त्यो
३७ तिमिहरुको लागि महापवित्र हवस्। अनि जुन् धूप् तैंले बनाउंछस्

त्येस्को मिसाई जस्तो तिमिहरूले आफ्नु लागि न बनाउंनु. त्यो तेरो
लेखिमां यहवेको लागि पवित्र हवस्। जस् जसले सूंघ्नु को लागि त्यो ३८
जस्तो बनाउला त्यो आफ्नु लोगकां देखि काटि दिन्छ॥

फेरि यहवेले मूसालाइ येसो भन्यो हेर् मैले यहूदाको कुलको ३१ १ २
हूरको छोरो ऊराको छोरो बजलेल्लाइ नांउ काढ़िकन बोलायेको छ.
अनि मैले त्येस्लाइ ईश्वरको आत्माले अर्थात् बुद्धिको र बूझको र ज्ञानको ३
र सबै प्रकारको बनाईको आत्माले परिपूर्ण पार्येको छु त्येस्ले आफ्नु ४
ज्ञानले जुक्ति निकालोस् अनि सुन् चांदी र पीतल्मां र जड्नुको ५
लागि मणि काट्नुमां र काठ् खोप्नुमां अं सबै प्रकारका बनाईमां काम्
गरोस् भन्येर। अनि हेर् मं आफैले दानको कुलको अहीसामाक्को छोरो ६
ओहोलीआबलाइ त्यो सङ्ग खटायेको छु अनि जत्ति ज्ञानीहरू छन् ति सबैको
हिर्दयमां मैले बुद्धि हाल्येको छु ज्ये ज्ये आज्ञा मैले तंलाइ दियेको छ
तिनिहरूले ति सबै बनाउन् भन्येर. अर्थात् भेट् हुंने डेरा साक्षीपाटीको ७
सम्पट् त्येस् माथि हुंने प्रायश्चित्त र त्येस् डेराका सबै साहौस् अनि मेज् ८
र त्येस्का साहौस् र निखरा पांनस् र त्येस्का सबै साहौस् र धूप्बेदि अनि ९
होमबेदि त्येस्का सबै साहौस् समेत् र त्येस्को बेठक् समेत् स्नानभांड़ा
अनि सेवा गराईका बस्त्रहरू र हारून् पूजाहारीको लागि पवित्र बस्त्रहरू र १०
त्येस्का छोराहरूका पूजाहारीगिरिको सेवा गर्ने बस्त्रहरू अनि अभिषेक् ११
गर्ने तेल् र पवित्रस्थानको लागि सुगन्ध द्रब्यको धूप् बनाउन्. मैले तंलाइ
दियेका सबै आज्ञा अनुसार् गरून्॥

फेरि यहवेले मूसालाइ येसो भन्यो तैंले इस्राएलबंशीहरूलाइ १२ १३
येसो पनि भन् अबस्से तिमिहरूले मेरा बिश्रामदिनलाइ मान्नु. किनभन्ये
तिमिहरूका पुस्ता पुस्ताको लागि मेरो र तिमिहरूको बीचमां यो येउटा
चिंनु हो मं यहवे तिमिहरूको पवित्र गर्ने हुं भन्ने कुरो थाहा पाव भन्ये
खातिरले। येस्कारण् तिमिहरूले बिश्रामदिनलाइ मान्नु किनभन्ये १४
तिमिहरूको लागि त्यो पवित्र हो. त त्यो अपवित्र गर्ने निस्से मारीओस्.
किनभन्ये जस् जस्ले त्येस्मां कोइ कामकाज् गर्ला त्यो प्राणी आफ्नु
लोगकां देखि काटि दिइंछ। छ दिन् कामकाज् गरीओस् तर सातौं चइं १५
दिन् महाबिश्रामदिन् यहवेको लागि पवित्र हो. जस् जस्ले बिश्रामदिनमां
कोइ कामकाज् गर्ला त्यो निस्से मारीओस्। त इस्राएलबंशीहरूले १६
बिश्रामदिनलाइ मानुन् अनि त्यो आफ्ना पुस्ता पुस्तामां सनातनको
नियमको लागि बिश्रामदिन् मानुन्। त्यो मेरो र इस्राएलबंशीहरूको १७
बीचमां सदाको लागि येउटा चिंनु हो. कसोगरिभन्ये छ दिनमां यहवेले
स्वर्ग र पृथिवी बनायो तर सातौं चइं दिनमां उस्ले बिश्राम् लिइ बिसायो॥

तब जसै उस्ले मूसा सित सीनै पर्बतमां बात् गरि सक्यो तब उस्ले १८
ईश्वरको औंलाले लेख्येको ढुंगाका पाटीहरू अर्थात् साक्षीका दुवटा पाटीहरू
त्येस्लाइ दियो॥

(इस्राएल्‌ले गर्‍येको मूर्त्तिपूजा अनि मूसाको रिस्)

३२ १ अनि जसै लोग्‌ले मूसाले पर्बत् देखि उत्रंनुमां बियांलो गर्‍येको
देख्यो तब हारून् थांइ भेला भयेर त्यस्लाइ भन्नु लाग्ये उठेर हांम्रो लागि
हांमिहरुको आघि आघि हिंड्‌ने दवताहरु बनाउ किनभन्ये त्यो मूसा चइं जस्ले
हांमिहरुलाइ मिस्र देस् देखि निकालि ल्यायो कोनि त्यस् मांथि के पर्‍यो
२ हांमिहरु जान्दैंन । त हारूनले तिनिहरुलाइ भन्यो तिमिहरुको स्वास्नीहरु
र छोराछोरीहरुका कानमां भयेका कुण्डलहरु भांचि फुकाल्येर मं थांइ
३ ल्याव । त सबै लोग्‌ले आफ्‌ना आफ्‌ना कानमां भयेका सुनका कुण्डलहरु
४ भांचि भांचि फुकाल्येर हारून् थांइ ल्याये । अनि त्यस्ले ति तिनका हात्
देखि लिइ ढाल्येर खोप्‌ने हतियारले खोपि बाछ्रो बनायो . अनि तिनिहरुले
भन्ये ए इस्राएल् तंलाइ मिस्र देस् देखि निकालि ल्याउंने तेरो ईस्वर् येइ
५ हो । अनि हारूनले यो देख्येर त्यस्को सांमु येउटा बेदि बनायो अनि भोलि
६ यहवेको लागि चाड़ हुंछ भन्ये ढंडौं दियो । त तिनिहरुले भोलि पल्टो
बिहानै उठेर होमबलि चढाये अनि मिलापबलिदान् पनि ल्याये त्यस् पछि
लोग् खांनु पीउंनु बस्ये अनि लीला गर्न उठे ॥
७ तब यहवेले मूसालाइ भन्यो तं उत्रि जा किनभन्ये तेंले मिस्र देस्
८ देखि निकालि ल्यायेको तेरो लोग्‌ले आफुलाइ भ्रष्ट पार्‍यो . जुन् बाटोको
आज्ञा मैंले तिनलाइ दियेको थियें त्यो देखि छिट्टै तर्कि गये . तिनले
आफ्‌नु लागि येउटा ढालीयेको बाछ्रो बनायेर त्यस्लाइ दण्डवत् गर्‍ये अनि
त्यस्को लागि बलिदान् चढाये अनि येसो भन्ये ए इस्राएल् तंलाइ मिस्र देस्
९ देखि निकालि ल्याउंने तेरो ईस्वर् येइ हो भनि । अनि यहवेले मूसालाइ
भन्यो यि लोग्‌लाइ मैंले हेर्‍यें त हेर् तिनिहरु कठोर् गर्दनका लोग् छन् .
१० त अब मंलाइ छोड़ि दे र तिनिहरु मांथि मेरो रिस् अग्घोर् उठोस् अनि
मं तिनिहरुलाइ नष्ट पारि दिउं . अनि मं तें देखि येउटा ठुलो लोग्
११ बनाउंछु । तब मूसाले आफ्‌नु ईस्वर् यहवे सित बिन्ति गरि भन्यो हे यहवे
तपांइको रिस् आफ्‌नु लोग् मांथि किन अग्घोर् उठ्‌द छ जस्लाइ तपांइले
बड़ो सामर्थ र बलियो हात् गरि मिस्र देस् देखि निकालि ल्याउंनु भयो ।
१२ मिस्रीहरुले यो किन भनुन् बुराईको लागि उस्ले तिनिहरुलाइ निकालि लग्यो
पहाड़् हुंदो तिनिहरुलाइ मार्न अनि तिनिहरुलाइ भूमि देखि नष्ट पार्नु
भनि . त तपांइ आफ्‌नु बल्दो रिस् देखि फर्कनु हवस् अनि आफ्‌नु लोग्
१३ मांथिको यो बुराई देखि पछुताउंनु हवस् । आफ्‌ना दास् अब्राहाम् इसहाक्
र याकूबको सम्झना गर्न हवस् जो सित तपांइले आफ्‌नै किरिया खाइ
येसो भन्नु भयो मं तिमिहरुको बंशलाइ आकाशका ताराहरु झैं बढाउंछु
अनि मैंले भन्येको यो सिंगै देस् तिमिहरुको बंशलाइ दिंछु अनि तिनिहरु
१४ सधैं सम्म त्यस्को अधिकारी हुंछन् भनि । तब यहवे आफ्‌नु लोग् मांथि
गर्नु आंटेको बुराई देखि पछुतायो ॥

अनि मूसा फर्कर आफ्नु हात्मां साक्षीका दुवै पाटी लियेर पर्वत् १५
देखि उत्रि आयो ति पाटी दुवै पट्टि लेखीयेका थिये अं येता पट्टि उता
पट्टि लेखीयेका थिये । अनि ति पाटी चइं ईश्वर् देखि बनाईयेका थिये १६
अनि तिनमां लेखीयेको पनि ईश्वरै देखि लेखीयेको थियो अं पाटीहरूमां
खोपीयेको थियो । तब यहोशूयले लोगको खेला/खेलाको सोर् सुन्येर १७
मूसालाइ भन्यो छाउंनीमां लड़ाइको जस्तो शब्द सुनींद छ । तर त्यस्ले भन्यो १८
यो सोर् न ता जीत्नेहरूको न ता हार्नेहरूको हो . तर मं ता गाउंनेहरूको
सोर् पोसुन्द छु । अनि येसो भयो छाउंनी निर आउंदा आउंदै त्यस्ले बाच्छो १९
र नचाई देख्यो . तब मूसाको अग्घोर् रिस् उठ्यो अनि त्यस्ले ति पाटीहरू
आफ्ना हात् देखि फ्यांकेर पर्वत् मुनि फुटाइ दियो । वहांदेखि तिनिहरूले २०
बनायेको बाच्छो लिइ आगोमां डड़ायेर पीठो पारि पीन्येर पानीमां छरि
इस्राएलवंशीहरूलाइ खुवायो । त्यस् पछि मूसाले हारून्लाइ भन्यो यी २१
लोगले तिमि सित के गर्येको थियो र तिनिहरू मांथि येत्ति ठूलो पाप्
ल्यायौ । तब हारून्ले भन्यो मेरा प्रभुको रिस् अग्घोर् न उठोस् यि २२
लोगलाइ चिन्येकै छौ तिनिहरू दुष्टैमां लाग्येका छन् । कसोगरिभन्ये २३
तिनिहरूले मंलाइ भन्ये हांमिहरूको लागि हांमिहरूको अघि अघि हिंड्ने
देवताहरू बनाउ . किनभन्ये त्यो मूसा चइं जस्ले हांमिहरूलाइ मिस्र देस्
देखि निकालि ल्यायो कोनि त्यस् मांथि के पर्यो हांमिहरू जान्दैन । तब २४
मैले तिनिहरूलाइ भन्यें जस् जस्कां सुन् छन् ति भांचुन् भनि त तिनिहरूले
ति मंलाइ दिये . अनि तिनलाइ आगोमां हालि दियें तब निस्क्यो यो
बाच्छो । जसै मूसाले लोग्लाइ तिनिहरू निरंकुस् रहछन् भनि देख्यो २५
कसोगरिभन्ये हारून्ले तिनलाइ निरंकुस् पारि दियेको थियो जस्कारणले
तिनिहरूका बैरीहरूको सांमु तिनिहरूको हांसो भयो . तब मूसाले २६
छाउंनीको दैलो निर उभीयेर भन्यो यहवे पट्टि हुंने हुंने मं थांइ आउन्
भनि तब सब्बै लेवीवंशी त्यो थांइ भेला भये । अनि त्यस्ले तिनलाइ भन्यो २७
इस्राएल्को ईश्वर् यहवेले येसो भन्द छ आफ्नु आफ्नु जाड्मां आफ्नु
आफ्नु तरवार् भुंड्यायेर छाउंनीको दैलो देखि दैलो सम्म येता उता
गयेर जनंगैले आफ्ना भाईहरू संगीहरू र छिमेकिहरूलाइ मार भनि । त २८
लेवीवंशीहरूले मूसाको बचन् अनुसार् गर्ये . अनि त्यस् दिन् लोग्मांका तीन्
हजार्को अड्कल् पुरुषहरू मारि ये । अनि मूसाले भन्यो आजु यहवेको २९
लागि आफ् आफ्लाइ स्थापन् गर अं जनंगै आफ्नु आफ्नु छोरा र आफ्नु
आफ्नु भाईको विरुद्धमां र उस्ले आजु तिमिहरूलाइ आशीष् देवस् ॥

(मूसाले अन्तर्बिन्ती गर्नु)

भोलि पल्टो येसो भयो मूसाले लोग्लाइ भन्यो तिमिहरूले बड़ा पाप् ३०
गर्यौ . तर अब मं यहवे थांइ चढ़ि जांद छु कोनि कतै तिमिहरूको पापको
साटो प्रायश्चित्त गर्नु सक्छु कि । वहांदेखि मूसाले यहवे थांइ फर्कर येसो ३१

भन्यो हाय् हाय् यो लोगले ता बड़ा पाप् गर्‍ये छन् सुनको देवता बनाये
३२ छन् । तर अब तपांइले तिनको पाप् क्षमा गर्नु हुंछ भन्ये— , छोइन
भन्ये आफ्नु लेख्येको पोस्तक् देखि कृपागरि मेरै नांउ मेटि दिंनु हवस् ।
३३ तर यहवेले मूसालाइ भन्यो जसले मेरो बिरुद्धमां पाप् गर्‍येको छ त्येस्लाइ
३४ मं आफ्नु पोस्तक् देखि मेटि दिंछु । त गयेर यि लोगलाइ मैंले
तंलाइ भन्येको ठांउमां डोर्‍या . हेर् मेरो दूत् तेरो अघि अघि हिंड्छ . तर
जस् दिन्मां मं तिनिहरूलाइ भेट्छु त्येस् दिन् तिनिहरूको पापको बिषयमां
३५ पनि भेट्छु । त यहवेले लोगलाइ मार्‍यो किनभन्ये हारूनले बनायेको बाच्छो
तिनिहरूले बनाउंनु लगायेका थिये ॥

३३। फेरि यहवेले मूसालाइ भन्यो तं यि तैंले मिस्र देस् देखि चढ़ाइ
ल्यायेको लोग् समेत् हिंड़ि त्येस् देसमां चढ़ि जा जस्को बिषयमां मैंले
अब्राहाम् इसहाक् र याकूब् सित येसो भनि किरिया खायेको थियें मं त्यो
२ तेरो बंशलाइ दिंछु भनि . त मं तेरो अघि अघि येउटा दूत् पठाइ दिंछु
अनि मं कनानी एमोरी र हित्ती परिज्जी हिव्वी र यबूसीहरूलाइ धपाइ
३ दिंछु . जुन् देसमां दुद् र मह बहंद छ . तर तं कठोर् गर्दनको लोग्
छस् येस्कारण मं तेरो बीचमां हिंड्दींन . होइन भन्ये ता बाटैमां मैंले तंलाइ
४ नष्ट पार्‍ला । त लोगले यो बुरो समाचार् सुनि बिलाप् गर्‍ये . अनि कसैले
५ आफ्नु गहंना लगायेन । अनि यहवेले मूसालाइ भन्यो इस्राएलबंशीहरूलाइ
येसो भन् तिमिहरू कठोर् गर्दनका लोग् छौ . मं पलभरिको लागि तिमिहरूको
बीचमां चढ़ि गयें भन्ये देखि मं तिमिहरूलाइ भस्म पार्छु . त अब आफ्नु
आफ्नु गहंना आफू देखि फुकाल र मं थाहा पाउं मैंले तिमिहरू सित क्ये
६ गर्नु पर्छ भनि । त इस्राएलबंशीहरूले आफ्ना आफ्ना गहना फुकाल्येर
होरेब् पर्बत् देखि त्येसै रह्या ॥

७ त मूसाले डेरा लियेर छाउंनी देखि बाहर अं छाउंनी देखि टाड़ो
हालने गर्द थियो अनि त्येस्को नांउ भेट् हुंने डेरा राख्यो । अनि येसो हुंद
थियो यहवेको खोज् गर्ने चइं त्यो छाउंनी देखि बाहर भयेको भेट् हुंने
८ डेरामां निक्लि जांद थियो । अनि येसो हुंद थियो जब जब मूसा निक्लि
त्यो डेरामां जांद थियो तब तब सबै लोग् उठेर आफ्नु आफ्नु पालका
दैलो दैलोमां उभीयेर मूसा त्यो डेरामां न पसुंज्याल् सम्म त्यो तिर हेरि
९ रहंद थिये । अनि येसो हुंद थियो मूसा त्येस् डेरामां पस्दा त्यो मुड्को
जस्तो ठड़ींने मेघ् उत्रि त्येस् डेराको दैलोमां अड़ींथ्यो . अनि यहवेले
१० मूसा सित बात् गर्द थियो । अनि सबै लोगले मुड्का जस्तो ठड़ीयेको मेघ्
त्येस् डेराको दैलामां अड़ीयेको देख्द थिये . तब सबै लोगले उठेर आफ्ना
११ आफ्ना पालको दैला दैलामां दण्डवत् गर्द थिये । अनि यहवेले मूसा सित
येसोरि सांमु सांमुइ बात् गर्द थियो जसोरि कसैले आफ्नु मित्र सित बात्
गर्द छ । वहांदेखि त्यो फर्कि छाउंनीमां आउंद थियो . तर त्येस्को सेवाइते
नूनको छोरो यहोशूअ येउटा जुवान् त्येस् डेरा देखि निक्लंदैन थियो ॥

त मूसाले यहूवेलाइ भन्यो हेर्नु हवस् तपांइले मंलाइ यो भन्नु हुंद छ १२
यो लोगलाइ चढ़ाइ ले भनि . तरैपनि तपांइले मंलाइ थाहा दिनुं भयेन मं
सङ कसलाइ पठाउंनु हुंछ भनि। तपांइले मंलाइ मं तंलाइ नांउ समेत्
जान्द छु अनि तं मांथि मेरो अनुग्रह् पनि भयेको छ भनि भन्नु भयेको
छ र पनि। त अब तपांइको अनुग्रह् मं मांथि भयेको छ भन्ये कृपागरि १३
आफ्ना मार्ग मंलाइ जनाउंनु हवस् र मं तपांइलाइ जानुं तपांइको
अनुग्रह् मं मांथि भयो भन्ये खातिरले . अनि ठान्नु हवस् यो लोग्
तपांइकै लोग् हो भनि। तब उस्ले भन्यो मेरै सामेल्हुलाई तं सङ १४
हिंडूछ अनि मं तंलाइ विश्राम् दिंछु। अनि त्यस्ले उस्लाइ भन्यो तपांइकै १५
सामेलहुवाई मं सङ हिंड़न भन्ये हांमिहरुलाइ यहां देखि चढ़ाइ न
लैजांनु हवस्। अब यो मं मांथि अं मं मांथि तपांइका लोग् समेत् मांथि १६
तपांइको अनुग्रह् भयो भनि कसोगरि जानौंओस्। को येसैगरि होइन
तपांइ हांमिहरु सङ हिंड़दै छौ येसैगरि हांमिहरु अर्थात् मं तपांइको
लोग् समेत् सिंगै भूमि मांथिका सब्बे लोग् देखि भेद पारीयेको हुंछु॥
अनि यहूवेले मूसालाइ भन्यो तैंले भन्येको कुरो पनि मं गर्छु . १७
किनभन्ये मेरो अनुग्रह् तं मांथि भयो अनि मैंले तंलाइ नांउ समेत्
जान्येको छु। अनि त्यस्ले भन्यो कृपागरि मंलाइ आफ्नु महिमा देखाउंनु १८
हवस्। तर उस्ले भन्यो मं तेरो सांमु आफ्नु सब्बे भलाई हिंड़ालछु अनि १९
तेरो सांमु यहूवेको नाउंको प्रचार् गर्छु अनि मं जोसुकै मांथि अनुग्रह् गर्द
छु त्यो मांथि अनुग्रह् गर्छु अनि जोसुकै मांथि दया गर्द छु त्यो मांथि
दया गर्छु। फेरि उस्ले भन्यो तैंले मेरो मुख् हेर्न सक्दैनस् . कसोगरिभन्ये २०
मान्छेजात् मंलाइ हेरि जोइ रहंनु सक्दैन। तर यहूवेले भन्यो हेर् मं छेउ २१
येउटा ठांउ छ त तं त्यस् पहरा मांथि उभौ . अनि येसो हुंछ जसै मेरो २२
महिमा हिंड़ि जांदै छ तसै मं तंलाइ त्यो पहराको धांदोमां राखछु अनि
मं हिंडुंज्याल् सम्म तंलाइ आफ्नु हातले ढाकोइ रहंछु . फेरि मं आफ्नु २३
हात् उठाउंछु अनि तैंले मेरो पछिल् तिर देखछस् तर मेरो मुख् चइं
देखीदैन॥

(फेरि व्यवस्था दिंनु)

अनि यहूवेले मूसालाइ भन्यो पहिलेका जस्ता ढुंगाका दुवटा ३४ १
पाटीहरु काटि ल्या . तब मं ति पहिलेका तैंले फुटायेका पाटीहरुमां
लेखायेका कुरा ति पाटीहरुमां लेखछु। अनि बिहान् तियार् भयेर सखारै २
सीनै पर्व्वतमां चढ़ि वहां पर्व्वतको थाप्लिमां मेरो सांमु सामेल् हो। अनि ३
कोई तं सङ चढ़ि न आवस् अं कोई मान्छे सिगै पर्व्वतमां देखाहा न परोस्
अनि न भेंड़ाबाख्रा गाईगोरुले पनि यो पर्व्वतको सांमु चर्न पाउन्। त त्यस्ले ४
पहिलेका जस्ता ढुंगाका दुवटा पाटी काट्यो अनि मूसा बिहान सखारै
उठेर आफ्ना हातमां ढुंगाका ति दुवटा पाटी लियेर यहूवेको आज्ञा

५ अनुसार् सीनै पर्ब्बतमां चढ़ि गयो। तब यहूवेले बादलमां उत्र्येर त्यो
६ सित त्यहां उभीइ यहूवे नांउको प्रचार् गर्यो। अनि यहूवेले त्येसको सांमु
सांमु हिंड्दै येसो भन्दै प्रचार् गर्यो

यहूवे यहूवेनै
दयालु र अनुग्रह् गर्ने ईश्वर्
रिस् गर्नुमां धीरजी अनि टिठाई र सच्चाईमां भरपूर्
७ हजार् हजार् पुस्ता सम्म टिठाउंने
दुष्टाइ र अपराध् र पापको क्षमा गर्ने
अनि दोषीलाइ कोई परिले निर्दोषी न ठहराउंने
पित्रहरूका दुष्टाईको दण्ड
तिनका छोराहरू
र छोराहरूका छोराहरू
अं तिनको तोस्रा र चौथो पुस्ता माथि पुर्याइ दिंन्ये॥

८ तब मूसाले हत्तरपत्त भूइं तिर सिर् निउंराइ दण्डवत् गर्यो।
९ अनि भन्यो हे प्रभु मं माथि तपांइको अनुग्रह् भयेको छ भन्ये प्रभु
कृपागरि हांमिहरूको बीच्मां हिंड्नु किनभन्ये यो कठोर् गर्दनको लोग् छ
तैपनि हांमिहरूका दुष्टाइं र पाप् क्षमा गरि हांमिहरूलाइ आफ्नु निज्
१० अधिकार् गरि ग्रहण् गर्नु हवस्। अनि उस्ले भन्यो हेर् मं येउटा बाचा
बांध्दछु. तेरा सब्बै लोगको सांमु मं येस्ता आश्चर्य्यकर्म्महरू गर्छु जो सिंगै
पृथिवीमां अनि सब्बै लोगमां कैलइ गरीयेनन्. अनि जुनहरूको बीच्मां तं
रहंदछस् ति सब्बै लोगले यहूवेको कार्ज्य देख्छन् किनभन्ये ज्ये मं तं सित
११ गर्दछु त्यो डलाग्दो काम् छ। जुन् आज्ञा आजु मं तंलाइ दिंदछु त्यो मान्नु.
हेर् तेरो सांमु देखि एमोरी कनानी हित्ती परिज्जी हिव्वी र
१२ यबूसीहरूलाइ धपाउंदछु। त तं चंख रह् जुन् देस्मां तं जांदछस् त्येसका
बासीहरू सित बाचा न बांध्नु होइन भन्ये ता त्यो तिमिहरूको बीच्मां
१३ पासो हुंछ. तर तिनका थान्हरू भत्काइ दिंनु तिनका मुढ्काहरू भांचि
१४ दिंनु अनि तिनका अशेरा भनींने मूर्त्तिहरू काटि ढालि दिंनु. तैंले अरू
कोई ईश्वर्लाइ दण्डवत् न गर्नु. किनभन्ये यहूवे जस्को नांउ रापीलो हो
१५ रापीलो ईश्वरन छ. होइन भन्ये ता तंले त्यस् देसका बासीहरू सित बाचा
बांध्लास् अनि तिनिहरूले आफ्ना देवताहरूको पछि लागि व्यभिचार्
जस्तो गर्दा अनि आफ्ना देवताहरूको लागि बलिदान् गर्दा कसैले
१६ तंलाइ निमतो देला त तैंले त्यस्को बलिदान्मांको केइ खालास् अनि
तिनको छोरीहरूमांका कत्तिलाइ आफ्ना छोराहरूको लागि ल्याउलास् अनि
तिनको छोरी आफ्ना देवताहरू पछि लागि व्यभिचार् जस्तो गर्दै तिनले
तेरा छोराहरूलाइ आफ्ना देवताहरू पछि व्यभिचार् जस्तो गराउंनन्।
१७ १८ तैंले आफ्नु लागि ढाल्येको देवता न बनाउंनु। अखमीरे रोटीको चाड्
मान्नु. मेरो आज्ञा अनुसार् आबीब् महीनाको ठहराईयेको बेलामां सात्

दिन् सम्म अखमीरे रोटी खांदै रहंनु. किनभन्ये आबीब् महीनामां तं मिस्र
देखि निकलि आइस्। गर्भ खोल्ने सबै मेरा हुन् अनि तेरा बस्तुमांका १९
सबै नर्हरुमांका क्ये जेठा बाच्छा क्ये जेठापाठा ति मेरा हुन्। अनि गदहाको २०
जेठाको साटो पाठो दिकन छोड़ाउंनु. अनि त्येस्लाइ छोड़ाइनस् भन्ये त्येस्को
मणटो भांचि दिंनु। आफ्ना छोराहरुमांका सबै जेठाहरुलाइ साटो दिकन
छोड़ाउंनु। मेरो सांमु कोई रित्तै हात् देखाहा न परोस्। छ दिन् आफ्ना २१
कामकाज् गर्दै रहंनु तर सातौं चइं दिन्मां बिश्राम् गर्नु. अं हलो जोत्ने र
कटनी गर्ने बेलामां पनि बिश्राम् गर्नु। फेरि तैंले साताहरुको अर्थात् २२
गहूंको अगौटेफल्को चाड़ू र बर्षको अन्तमां अन्नभित्र्याईको चाड़ू मान्नु।
बर्ष दिन्मां तीन् खेप् तेरा सबै पुरुषहरु इस्राएल्को ईश्वर् प्रभु २३
यहव्हको सांमु देखाहा परुन्. किनभन्ये मं लोग् लोग्लाइ तेरो सांमु देखि २४
निकालि दिंकु अनि तेरा सिमानाहरु बढ़ाउंकु. अनि जब तं आफ्नु ईश्वर्
यहव्हको सांमु बर्ष दिन्मां तीन् खेप् देखाहा पर्लास् तब कसैले तेरो भूमिको
लालच् गर्दैन। मेरो बलिदानको रगत् खमीर रोटी सङ न चढ़ाउंनु अनि २५
न निस्तार् चाड़ूको बलिदान्मांको क्येइ बिहान् सम्म छोड़ीओस्। आफ्नु २६
जिमीन्को अगौटेफल्मांको पहिलो चइं फल् आफ्नु ईश्वर् यहव्हको
घर्मां ल्याउंनु। बाखाको पाठा त्येस्को माऊको दुद्मां न पकाउंनु। अनि २७
यहव्हले मूसालाइ भन्यो यि कुरा लेख्. किनभन्ये यिनै कुरा अनुसार् मैंले तं
र इस्राएल् सित नियम् बांध्येको छु। अनि मूसा त्यहां यहव्ह सङ चालीस् २८
दिन् र चालीस् रात् रह्यो अनि त्येस्ले न रोटी खायो न पानी पीयो। अनि
उस्ले ति पाटीहरुमां त्यो नियमका कुरा अं ति दस् आज्ञा लेख्यो॥

अनि यसो भयो जसै मूसा साक्षीका दुवै पाटीहरु आफ्ना हातमां २९
लिइ सीनै पर्वत् देखि उत्रि आयो तब त्येस्ले उस्ले मं सित बात् गर्येको
कारणले मेरो मुख् चम्कंद रह्छ भनि थाहा पायेन। तर जब हारुन् र सबै ३०
इस्राएल्बंशीहरुले मूसालाइ देख्ये त हेर त्येस्को मुख्को छाला चम्कंद
रह्छ त तिनिहरु त्या छुउ आउंनु डराये। तब मूसाले तिनिहरुलाइ बोलायो ३१
अनि हारुन् मंडलीका सब्बै मालिक्हरु समेत् त्यो थांइ फर्कि आयो. अनि
मूसाले तिनिहरु सित कुरा गर्यो। अनि त्यस् पछि सबै इस्राएल्बंशीहरु ३२
पनि छुउ आये. अनि ज्ये ज्ये यहव्हले त्यो सित सीनै पर्वत्मां भन्येको
थियो ति त्येस्ले तिनिहरुलाइ आज्ञा गरि सुनायो। अनि जब मूसाले ३३
तिनिहरु सित कुरा गरि सक्यो तब त्येस्ले आफ्नु मुख्मां ढाक्ने लुगा
लगायो। तर मूसा यहव्हको सांमु उ सित कुरा गर्नुलाइ भित्र पस्दा त्यो न ३४
निक्लुंज्याल् सम्म त्येस्ले त्यो ढाक्ने लुगा उतार्द थियो फेरि बाहिर आयेर
ज्ये आज्ञा त्येस्ले पाउंद थियो त्यो इस्राएल्बंशीहरुलाइ सुनाउंद थियो
अनि इस्राएल्बंशीहरुले मूसाको मुख्को छाला चम्क्येको हेर्द थिये. त ३५
मूसाले उ सित कुरा गर्नुलाइ भित्र न जाउंज्याल् सम्म त्यो ढाक्ने लुगा
आफ्नु मुख्मां फेरि लगाउंद थियो॥

(बास्स्थान्को लागि इस्राएलीहरुले दियेका थोक्)

३५ १ अनि मूसाले इस्राएल्वंशीहरुका सबै मंडली मेला गरायेर
तिनलाइ भन्यो तिमिहरुले गर्नु पर्ने यहवेले गर्येका आज्ञाका कुरा यिने हुन् ।
२ छ दिन् काम्काज् गरीओस् तर सातौं चइं दिन् तिमिहरुको लागि पवित्र
अनि यह्वेको लागि महाबिश्राम्दिन् हवस् . जस् जस्ले त्येस्मां काम्काज्
३ गर्लो त्यो मारीओस् । बिश्राम्को दिन्मां आफ्नु कुनै बासेठांउमां आगो
न फुक्नु ॥
४ अनि मूसाले इस्राएल्वंशीहरुका सबै मंडलीलाइ येसो भन्यो
५ यह्वेले गर्येको आज्ञाको कुरो येइ हो आफ्नु बीच् देखि यह्वेको
लागि भेटि ल्याव . जति आफ्नु इच्छेले दिंनु खोजद छन् त्येति त्यो अं
६ यह्नेको भेटि ल्याउन् अर्थात् सुन् चांदी र पीतल् नीलो बैगुने र
७ सिंदुरे र मसीनो पाट्कपरा र बाख्राका रऊं अनि सांढ़्भेंड़ाका
८ रातो रंगायेका छालाहरु र सूइस्का छालाहरु र बबूल्काठ् अनि
उज्यालोको लागि तेल् र अभिषेक् गर्ने तेल् र धूप्को लागि सुगन्ध
९ द्रव्य अनि एपोद् र चप्रास्को लागि सुलैमानी जात्ढुंगा र जड़्नुको
१० लागि मणि । अनि तिमिहरुमांका जत्ति ज्ञानीहरु छन् ति सबैले
आयेर ज्ये ज्ये थोक्को यह्वेले आज्ञा गर्येको छ ति सबै थोक् बनाउन्
११ अर्थात् बास्स्थान् त्येस्को पाल् र छाना घुंड़िहरु र फल्याक्हरु त्येस्का
१२ साटाहरु खांब्राहरु र चूर्घर्हरु सम्पट् त्येस्का डांड़ि समेत् प्रायश्चित्ते
१३ र छेल्ने पर्दा मेज् र त्येस्का डांड़ि र सबै सार्दाम् समेत् र भेटी
१४ रोटीहरु पांनस् पनि उज्यालोको लागि त्येस्का सार्दाम् समेत् र
१५ त्येस्का दीयाहरु र उज्यालोको लागि तेल् अनि धूप्बेदि र त्येस्का
डांड़ि अभिषेक् गर्ने तेल् अनि सुगन्धद्रव्यको धूप् अनि बास्स्थान्को
१६ देलोमां देलोको लागि पर्दा होम्बेदि त्येस्को झिंझरि डांड़ि र
१७ सबै सार्दाम् समेत् स्नान्भांड़ा त्येस्को बैठक् समेत् आंघन्का पर्दाहरु
त्येस्का खांबा र तिनका चूर्घर् र आंघन्को देलोको लागि पर्दा
१८ बास्स्थान्का कीला र आंघन्का कीला तिनका डोरीहरु समेत् अनि
१९ सेवागराईका बस्त्रहरु पवित्रस्थान्मां सेवा गर्नुको लागि हारुन्
पूजाहारीको लागि पवित्र बस्त्रहरु र त्येस्का छोराहरुका पूजाहारीगिरिको
सेवा गर्ने बस्त्रहरु ॥
२० वहांदेखि इस्राएल्वंशीहरुका सबै मंडली मूसाको सांमु देखि गये ।
२१ अनि जस् जस्लाइ तिनिहरुको हिर्दय्ले उठायो अनि जस् जस्लाइ तिनको
आत्माले दिंने इच्छे गरायो ति सबैले आइकन भेट् हुंने डेराको काम्को र
त्येस्का सबै सेवागराईको काम्को र पवित्र बस्त्रहरुको लागि यह्वेको
२२ लागि भेटि ल्याये । अनि दिंने इच्छे गर्ने जत्ति थिये तिनिहरु के पुरुष् के
[illegible] र [illegible] सबै मनका गहना ल्याये अं

जति मान्छेले यहृवेको लागि सुनको भेटि चढ़ाउंद थियें। अनि जुन् जुन् २३
पुरुषहरुकां नीलो बैगुने र सिंदुरे र मसीनो पाटकपरा र बाखाका रऊं र
थांड़ूभेंड़ाका रातो रंगायेका छालाहरु र सूद्दसका छालाहरु थिये ति तिनले
ल्याये। जति जना चांदी कि पीतल्को भेटि चढ़ाउंनेहरु थिये तिनले २४
यहृवेको लागि भेटि ल्याये. अनि जस् जस्कां सेवागराईको जुनसुकै पनि
कामको लागि बबूलकाठ् थियो त्यो तिनले ल्याये। अनि जत्ति स्त्रीहरु २५
ज्ञानी थिइन् तिनले आफ्ना हातले कात्द थिइन् त तिनिहरु देखि
कातीयेका नीलो बैगुने र सिंदुरे र मसीनो पाट्कपरा ल्याइन्। अनि जुन् २६
जुन् स्त्रीहरुलाइ तिनको मनको बुद्धिले उठायो तिनिहरुले बाखाका रऊं
कातिन्। अनि मालिक्हरुले एपोद् र चपराष्को लागि सुलैमानी र जड़्नुको २७
लागि मणि ल्याये अनि उज्यालोको लागि र अभिषेक् गर्ने तेल् र २८
धूप्को लागि सुगन्धद्रव्य र तेल् ल्याये। इस्राएल्बंशीहरुले यहृवेको लागि २९
मनमानीभेटि ल्याये अर्थात् यहृवेले मूसाको बाटोले आज्ञा दियेका सबै
कामको लागि ल्याउंनु इच्छे तिनका मनले गरायेको अनुसार् सबै पुरुष् र
स्त्रीले ल्याये॥

तब मूसाले इस्राएल्बंशीहरुलाइ भन्यो हेर यहृवेले यहूदाको कुल्को ३०
हूर्को छोरो ऊरीको छोरो बजलेल्लाइ नांउ काड़िकन बोलायेको छ
अनि उस्ले त्येस्लाइ ईश्वर्को आत्माले अर्थात् बुद्धिको र बूझ्को र ज्ञान्को र ३१
सबै प्रकार्को बनाईको आत्माले परिपूर्ण पार्येको छ त्येस्ले आफ्नु ३२
ज्ञान्ले जुक्ति निकालोस् अनि सुन् चांदी र पीतल्मां र जड़्नुको ३३
लागि मणि काट्नुमां र काठ् खोप्नुमां अं सबै प्रकार्को सिप्को बनाईमां
काम् गरोस् भन्येर। अनि उस्ले त्येस्को र दान्को कुल्को अहीसामाक्को ३४
छोरो ओहोलीआब्को मन्मां यो हालि दियेको छ त्यो सिकावस् भन्येर।
तिनलाइ उस्ले मनको बुद्धिले परिपूर्ण पार्येको छ तिनले सबै प्रकार्को ३५
बनाईमां अर्थात् खोप्ने काम् र नीलो बैगुने सिंदुरे र मसीनो पाट्कपरामां
सिप्ले जुक्ति निकाल्ने र बुट्टा काढ़्ने काम् र बुन्ने काम्मां अं सबै प्रकार्को
बनाईमां काम् गर्नेहरु र सिप्ले जुक्ति निकाल्ने काम् गरुन् भन्ये खातिर्ले।
त बजलेल् र ओहोलीआब्ले अनि पवित्रस्थान्को सेवागराईको लागि ३६ १
सब् प्रकार्को काम् गर्नु जान्नुलाइ यहृवेले बुद्धि र बूझ् दियेका सब्बै
ज्ञानीहरुले यहृवेको सब्बै आज्ञा अनुसार् काम् गरुन्॥

(बासस्थान् त्येस्का सबै सादाम् समेत् बनाउंनु)

तब बजलेल् र ओहोलीआब् र यहृवेले हिर्दय्मां बुद्धि दियेका सब्बै २
ज्ञानीहरुलाइ अर्थात् जस् जस्लाइ तिनको हिर्दय्ले काम् गर्नुलाइ छेउ
आउंनुको लागि उठायो ति सब्बैलाइ मूसाले बोलायो अनि ३
इस्राएल्बंशीहरुले ज्ये ज्ये भेटि पवित्रस्थान्को सेवागराईको काम्को लागि
र बनाउंनुको लागि ल्यायेका थिये तिनिहरुले ति सबै भेटि मूसाको सांमु

देखि लिये । अनि तिनिहरुले विहान् विहान् त्यो थांइ अरु पनि मनमानो
४ भेटि ल्याउंद थिये । त जत्ति जना ज्ञानीहरुले पवित्रस्थानका सबै काम् गर्दै
थिये ति सबैले आफनु आफनु गर्ने काम् देखि मूसा थांइ आयेर
५ त्यस्लाइ येसो भन्ये लोगले परमेश्वरले दियेको आज्ञाको कामको सेवागराईको
६ लागि चाहियको भन्दा धेरै बेसि बेसि ल्याउंदै छन् । त मूसाले आज्ञा
दियो त तिनिहरुले छाउंनीमां यो सुनाउंनु लगाये अर्थात् को पुरुष् को
स्त्री कसैले पवित्रस्थानको भेटिको लागि अरु कोइ थोक् न बनाउंनु । त
७ लोग् अरु ल्याउंनु देखि रोकीये । किनभन्ये सबै थोक् बनाउंनुको लागि
चाहिंदो भरि थ्यो त्यो भन्दा बढ्ता पनि सामान् थियो ॥

८ त काम् गर्नेहरुमांका जत्ति जना ज्ञानी थिये तिनिहरुले वासस्थान्
दस् दसवटा पाटाको बनाये ति मसीनो बाटेको पाटकपराको र नीलो
बैंगुने र सिंदुरेका सिपालु बुट्टा काढ्नेको कामले करुबहरु भयेका बनाये ।
९ एक् पाटाको लंमइ अठाईस् हात् अनि गज् चार् हातको थियो. सबै पाटा
१० एकै नापका थिये । अनि त्यस्ले पांच् पाटा एका अर्का सङ गांस्यो. अनि अरु
११ पांच् पाटा पनि एका अर्का सङ गांस्यो । अनि पहिलो गांसोयेको पर्दाको
छेउचइंको पाटाको छेउ छेउमां त्यस्ले नीलोको घुंड़िघर् बनायो . अनि त्येसै
१२ गरि अर्को गांसोयेको पर्दाको छेउचइंको पाटाको छेउ छेउमां पनि । एक्
पर्दामां त्यस्ले पचासवटा घुंड़िघर् बनायो अनि अर्को गांसोयेको पर्दाको
छेउचइंको पाटाको छेउ छेउमां पनि पचासवटा घुंड़िघर् बनायो . ति
१३ घुंड़िघरहरु एका अर्काको सांमु सांमु थिये । अनि त्यस्ले सुनका पचासवटा
घुंड़िहरु बनायेर पर्दाहरु एका अर्का सङ ति घुंड़िहरुले जोऱ्यो. येसोरिकन
१४ वासस्थान् एक् भइ गयो । अनि वासस्थान् मांथि येउटा पालको लागि
१५ त्यस्ले बाख्राका रउंका पाटाहरु अर्थात् एघारवटा पाटाहरु बनायो । गोटै
पिच्छे पाटाको लंमइ तीस् हात् अनि गज् चार् हातको थियो. ति एघारैवटा
१६ पाटा एकै नापका थिये । अनि त्यस्ले पांच् पाटा एक् सङ अलग् फेरि छ
१७ पाटा एक् सङ अलग् गांस्यो । अनि पहिलो गांस्येको पर्दाको छेउचइंको
पाटाको छेउ छेउमां त्यस्ले पचासवटा घुंड़िघर् बनायो. अनि अर्को
गांस्येको पर्दाको छेउचइंको पाटाको छेउ छेउमां पनि पचासवटा घुंड़िघर्
१८ बनायो । फेरि त्यस्ले पाल् जोर्नुको लागि पीतलका पचासवटा घुंड़ि
१९ बनायो त्यो एकै पार्नुलाइ । फेरि पालको लागि त्यस्ले सांढ़ुभेंड़ाको रातो
रंगायेका छालाहरुका येउटा छाना बनायो अनि त्यस् मांथि सूइसका
छालाहरुको अर्को येउटा छाना बनायो ॥

२० अनि फेरि त्यस्ले वासस्थानको लागि बबूलकाठका फल्याकहरु
२१ उभ्याउंनुको लागि बनायो । एक् एक् फल्याकको लंमइ दस् हात् अनि गज्
२२ डेढ् हातको थियो । एक् एक् फल्याकमां दुइ दुइवटा चूरहरु एका अर्का
सङ जोरायेका थिये. वासस्थानका सबै फल्याकहरुको लागि त्यस्ले येसैगरि
२३ बनायो । त त्यस्ले वासस्थानको लागि फल्याकहरु बनायो दक्खिन् पट्टिको

दक्खिने कुँउको लागि बीसवटा फल्याक्. अनि बीसै फल्याक्को तल २४
चांदीका चालीसवटा चूरघर् बनायो एक् फल्याक्को तल त्येस्का दुवै चूरहरूको
लागि दुवटा चूरघर् अनि अर्को फल्याक्को तल त्येस्का दुवै चूरहरूको लागि
दुवटा चूरघर् बनायो। अनि बासस्थान्को अर्को पट्टि अर्थात् उत्तर् २५
पट्टिको लागि त्येस्ले बीसवटा फल्याक् बनायो अनि तिनका चांदीका २६
चालीसवटा चूरघर् एक् फल्याक्को तल दुवटा चूरघर् अनि अर्को फल्याक्को
तल दुवटा चूरघर्। अनि बासस्थान्को पच्छिउं तिर पछाड़ि पट्टिको लागि २७
छवटा फल्याक् बनायो। अनि पछाड़ि पट्टि बासस्थान्का कुंनाहरूको लागि २८
दुवटा फल्याक् बनायो। अनि ति दुवै तल देखि खपटीयेका थिये अनि २९
येसोरि मांथि सिरान् सम्म एक् कड़ामां जोगीये. येसोरि त्येस्ले ति दुवै कुंनामां
ति दुवटा बनायो। त ति आठवटा फल्याक् भये अनि तिनका चांदीका ३०
सोह्रवटा चूरघर् भये एक् एक् फल्याक्को तल दु दुवटा चूरघर्। फेरि ३१
त्येस्ले बबूल्काठ्का साटाहरू बनायो बासस्थान्को एका पट्टिका फल्याक्हरूको
लागि पांचवटा अनि बासस्थान्को अर्को पट्टिका फल्याक्हरूको लागि ३२
पांचवटा साटा अनि बासस्थान्को पच्छिउं तिर पछाड़ि पट्टिका फल्याक्हरूको
लागि पांचवटा साटा बनायो। अनि त्येस्ले फल्याक्हरूको मांझमां छुने ३३
बीचको चइं साटा एका कुँउ देखि अर्को कुँउ सम्म पुग्ने बनायो। अनि ३४
त्येस्ले फल्याक्हरू सुन्ले मोहोर्यो अनि साटाहरूका घर्को लागि तिनका
कड़ाहरू सुन्का बनायो अनि साटाहरू पनि सुन्ले मोहोर्यो॥

फेरि त्येस्ले नीलो बैगुने सिंदुरे र मसीनो बाटेर्को पाट्कपराको येउटा ३५
पर्दा बनायो. त्यो सिपालु बुट्टा काढ्नेको काम्ले करूबहरू भयेको बनायो।
अनि त्येस्ले त्येस्को लागि बबूल्काठ्का चारवटा खांबा बनायेर सुन्ले ३६
मोहोर्यो. तिनका आंकुसेहरू सुन्का थिये अनि त्येस्ले तिनको लागि चांदीका
चारवटा चूरघर् ढाल्यो। फेरि त्येस्ले डेराको ढोकाको लागि नीलो बैगुने ३७
सिंदुरे र मसीनो बाटेर्को पाट्कपराको बुट्टा काढ्नेको काम् भयेको येउटा
पर्दा बनायो अनि त्येस्का पांचवटा खांबा तिनका आंकुसेहरू समेत् ३८
बनायो. अनि त्येस्ले तिनका थाम्रिहरू र जोर्नेहरू सुन्ले मोहोर्यो. तर
तिनका पांचवटा चूरघर् चइं पीतल्का थिये॥

फेरि बजलेल्ले बबूल्काठ्को सम्पट् बनायो. त्येस्को लंमइ अढ़ाई ३७।१
हात् र त्येस्को गज् डेढ़् हात् र त्येस्को अलगेइं डेढ़् हात्को थियो. अनि २
त्येस्ले त्यो भित्र बाहिर निखरा सुन्ले मोहोर्यो अनि त्येस्ले त्येस्मां रिंगै
सुन्को बिट् बनायो। अनि त्येस्ले त्येस्का चारै खुट्टामां लगाउंनुको लागि ३
सुन्का चारवटा कड़ा ढाल्यो अर्थात् दुवटा कड़ा एका पट्टि अनि दुवटा
कड़ा अर्को पट्टि। फेरि बबूल्काठ्का डांड़िहरू बनायेर ति सुन्ले मोहोर्यो। ४
अनि त्येस्ले ति डांड़िहरू सम्पट्का दुवै पट्टिका कड़ाहरूमां त्यो बोक्नुलाइ ५
हाल्यो। फेरि त्येस्ले निखरा सुन्को येउटा प्रायश्चित्ते बनायो. त्येस्को लंमइ ६
अढ़ाई हात् र गज् डेढ़् हात्को थियो। अनि त्येस्ले सुन्का दुवटा ७

करूबहरू बनायो ति त्येस्ले कमायेर बनायो प्रायश्चित्तेका दुवै छेउमां बनायो
८ एक् करूब् एक् छेउमां अनि अर्को करूब् अर्को छेउमां. ति प्रायश्चित्ते थित
९ एकै टुक्राको पारि त्येस्का दुवै छेउमां बनायो। अनि ति करूबहरूले आफ्ना
आफ्ना पखेटा उंभो तिर फिंजायेर पखेटाले प्रायश्चित्ते मांथि छाया पार्थ्येका
थिये अनि तिनका मुख् चइं सांमु सांमु भइ प्रायश्चित्ते तिर फर्क्येका थिये॥

१० फेरि त्येस्ले बबूलकाठको मेज् बनायो. त्येस्को लंमइ दुइ हात् गज्
११ एक् हात् र अलगेइं डेढ् हातको थियो. अनि त्येस्ले त्यो निखरा सुनले
१२ मोह्रोर्यो अनि त्येस्को रिंगै सुनको येउटा बिट् बनायो। अनि त्येस्को
लागि रिंगै चार् अंवल् गज् भयेको येउटा पाता बनायो अनि पाताको
१३ रिंगै सुनको येउटा बिट् बनायो। अनि त्येस्को लागि सुनका चारवटा कड़ा
१४ ढालि ति कड़ाहरू त्येस्का चारै खुट्टाका चारै कुनामां लगायो। ति कड़ाहरू
१५ मेज् बोक्न डांड़िहरूको लागि घर् हुंनुलाइ ति पाता निर थिये। अनि ति
डांड़ि बबूलकाठका बनायेर सुनले मोह्रोर्यो ति देखि मेज् बोकीओस्
१६ भन्येर। अनि मेज् मांथिका सादाम् अर्थात् त्येस्का थालहरू धुपौराहरू
कटौराहरू र खन्याउंनुको लागि सुरहीहरू सबै निखरा सुनको बनायो॥

१७ फेरि त्येस्ले निखरा सुनको पांनस् बनायो. त्यो पांनस् त्येस्ले कमायेर
बनायो त्येस्को बेठक् डांक्ला समेत्. त्येस्का कोपीलाहरू गांठाहरू र फूलहरू
१८ सबै उइ येउटै टुक्रा देखि थिये. अनि त्येस्का दुवै पट्टि बाटो छवटा
हांगा निकल्येका थिये तीनवटा हांगा पांनसको एका पट्टि बाटो अनि
१९ तीनवटा हांगा अर्को पट्टि बाटो. एक् हांगामां बादामको फूल् जस्तो
तीनवटा कोपीला येउटा गांठा र येउटा फूल गरि थिये अनि अर्को हांगामां
पनि बादामको फूल् जस्तो तीनवटा कोपीला येउटा गांठा र येउटा
२० फूल् गरि. पांनस् देखि निकल्येका ति छवै हांगाका येस्तै थिये। अनि
पांनसमां बादामको फूल् जस्तो चारवटा कोपीला आफ्नु आफ्नु गांठा र
२१ फूल् समेत् थिये. अनि पांनस् देखि निकल्येका छवटा हांगामांका
दुवटा हांगा मुनि एक् गांठा उइ येउटै टुक्रा देखि भयेका फेरि अर्को
दुवटा हांगा मुनि एक् गांठा उइ येउटै टुक्रा देखि फेरि पनि अरु दुवटा
२२ हांगा मुनि एक् गांठा उइ येउटै टुक्रा देखि भयेका। तिनका गांठा र
हांगा उइ येउटै टुक्रा देखि थिये. सिंगै पांनस् निखरा सुनको उइ येउटै
२३ टुक्राको कमायो। अनि त्येस्ले त्येस्का सातवटा दीया र त्येस्का चिम्टा
२४ र त्येस्का अभेरुदानी निखरा सुनको बनायो। त्यो यि सबै सादाम् समेत्
बनायो एक् तोड़ा निखरा सुनको॥

२५ अनि त्येस्ले बबूलकाठको धूपबेदि बनायो. त्येस्को लंमइ एक् हात् र
गज् एक् हातको थियो त त्यो चारकुंने थियो अनि त्येस्को अलगेइं दुइ हातको
२६ थियो अनि त्येस्का सींगहरू त्येइ येउटै टुक्रा देखि थिये। अनि त्येस्को
माथिल्लो पट्टि र त्येस्का चारै पट्टिका पाटाहरू त्येस्का सींगहरू समेत् निखरा
२७ सुनले मोह्रोर्यो अनि त्येस्को लागि रिंगै सुनको येउटा बिट् बनायो। अनि

त्येस्को बिट् मुनि त्येस्का दुवै पाटामां सुन्का दुवटा कड़ा बनायेर त्येस्का दुवै
पट्टि लगायो ति त्यो बोक्ने डांड़िहरुका घर्को लागि। अनि डांड़िहरु २८
बबूल्काठ्को बनायेर सुन्ले मोहोर्‌यो। अनि त्येस्ले अभिषेक् गर्ने पवित्र २९
तेल् र बासाको काम् गरायेको सुगन्धद्रब्यको निखरा धूप् बनायो।

अनि त्येस्ले बबूल्काठ्को होम्बेदि बनायो. त्येस्को लंमइ पांच् ३८ १
हात् र गज् पांच् हात् चार्कुंने अनि त्येस्को अलगेइं तीन् हात्को थियो।
अनि त्येस्का चारै कुंनामां चार्वटा सींग् बनायो त्येस्का सींग् उइ येउटै टुक्रा २
देखि थिये. अनि त्यो पीतल्ले मोहोर्‌यो। अनि त्येस्ले बेदिका सब्बै सादाम् ३
अर्थात् त्येस्का भांड़ाहरु बेल्चाहरु कटौराहरु कांटाहरु र आगोका धुपौराहरु
बनायो. त्येस्का सबै साइम् पीतल्का बनायो। अनि त्यो बेदिको लागि त्येस्को ४
तल चारै पट्टिको बिट् मुनि त्येस्को मांझ सम्म पुग्ने पीतल्को जालिको
येउटा झिंझरि बनायो। अनि पीतल्को झिंझरिको चार्कुंनाको लागि ५
डांड़िहरुको घर् हुंनुलाइ चार्वटा कड़ा ढाल्यो। अनि डांड़िहरु बबूल्- ६
काठ्को बनायेर पीतल्ले मोहोर्‌यो। अनि ति डांड़िहरु बेदिका पाटा पाटाका ७
कड़ाहरुमां त्यो बोक्नुको लागि हाल्यो त्यो फल्याक्को खोक्रो बनायो॥

फेरि त्येस्ले भेट् हुंने डेराको दैलोमां सेवा गर्ने स्त्रीहरुका दर्पणहरुको ८
पीतल्ले पीतल्को स्नानभांड़ा र त्येस्को बेठक् पनि पीतल्को बनायो॥

फेरि त्येस्ले आंगन् बनायो. त्येस्को दक्खिन् तिरको दक्खिन् पट्टिको ९
लागि आंगन्का पर्दाहरु मसीनो बाटेर्को पाट्कपराको एक् सै हात्को
थियो. तिनका खांबाहरु बीस्वटा अनि तिनका चूर्घर्हरु पनि बीस्वटा १०
पीतल्का थिये तर खांबाका आंकुसहरु र तिनका जोर्नेहरुचइं चांदीका थिये।
अनि उत्तर् पट्टिका लागि पनि सै हात्का पर्दा तिनका खांबाहरु बीस्वटा ११
अनि तिनका चूर्घर्हरु बीस्वटा सबै पीतल्का थिये तर खांबाहरुका
आंकुसहरु र तिनका जोर्नेहरु चइं चांदीका थिये। अनि पच्छिउं पट्टिको लागि १२
पचास् हात्का पर्दा थिये तिनका खांबाहरु दस्वटा अनि चूर्घर्हरु दस्वटा
तर खांबाहरुका आंकुस र तिनका जोर्नेहरु चांदीका थिये। अनि पूर्ब तिरको १३
पूर्ब पट्टि पचास् हात्को थियो। अनि दैलोको एक् पट्टिको लागि पन्द्रह् १४
हात्का पर्दा थिये तिनका खांबाहरु तीन्वटा अनि तिनका चूर्घर्हरु तीन्वटा
अनि अर्को पट्टिका पनि यस्तै. आंगन्को दैलोको येता उता पन्द्रह् पन्द्रह् १५
हात्का पर्दाहरु थिये तिनका खांबाहरु तीन्वटा र तिनका चूर्घर्हरु
तीन्वटा। रिंगै आंगन्का सब्बै पर्दा मसीनो बाटेर्को पाट्कपराका थिये। १६
अनि खांबाहरुका चूर्घर्हरु पीतल्का थिये तर खांबाका आंकुसहरु र १७
तिनका जोर्नेहरु चांदीका थिये अनि तिनका थाप्लि थाप्लि चांदीले मोहोर्‌येका
थिये अनि आंगन्का सब्बै खांबाहरु चांदीले जोर्‌येका थिये। अनि आंगन्को १८
दैलोको पर्दा बुट्टा काढ्नेको काम् भयेको नीलो बैंगुने र सिंदुरे र मसीनो
बाटेर्को पाट्कपराको बनायेको थियो. अनि त्येस्को लंमइ बीस् हात् अनि
गज् अर्थात् अलगो आंगन्को पर्दा बराबर् पांच् हात्का थिये। अनि १९

तिनका खांब्राहरु चार्‌वटा अनि तिनका चूर्‌घर्‌हरु चार्‌वटा पीतल्‌का थिये
तिनका आंकुसेहरु चांदीका र तिनका थाम्रिहरु चांदीले मोहोरीये अनि
२० तिनका जोर्न चांदीका थिये । अनि बासस्थानका र चारै पट्टिको आघनका
सब्बै कीलाहरु पीतल्‌का थिये ॥

२१ बासस्थान्‌को अर्थात् साक्षीपात्रीको बासस्थान्‌का सार्दाम्‌को जुन् गन्ति
हारुन् पूजाहारीको छोरो ईतामार्‌को बाटोले लेवी हरुले गर्ने सेवागराईको
२२ लागि मूसाको आज्ञा अनुसार् भयो त्यस्को बखान् येइ हो। यहूदाको कुल्‌को
हूर्‌को छोरो ऊरीको छोरो बजलेल्‌ले यहवेले मूसालाइ आज्ञा दियेका सबै
२३ थोक् बनायो । अनि यो सङ्ग दान्‌को कुल्‌को अहीसामाकको छोरो
ओहोलीआब् चइं खोप्ने र बुट्टा काट्ने र नीलो बैगुने र सिंदुरेको र
मसीनो पाट्‌कपरामां बुट्टा काट्ने सिपालु थियो ॥

२४ पवित्रस्थान्‌को जति काम् थियो त्यो सबै काम्‌को लागि जुन् सुन्
अर्थात् भेटिको सुन् लाग्यो त्यो उनन्तीस् तोड़ा र पवित्रस्थान्‌को शेकेल्‌को
२५ हिसाप्‌ले सात् सै तीस् शेकेल् थियो । अनि मंडलीका गनीयेका लोगका
चांदी एक् सै तोड़ा थिये र पवित्रस्थान्‌को शेकेल्‌को हिसाप्‌ले सत्रह् सै पचहत्तर्
२६ शेकेल् थियो. अर्थात् जति जना बीस् बर्षका र यो भन्दा बेसि उमेर्‌का
गनीयेका लोगमां आयेका थिये ति छ लाख् तीन् हजार् पांच् सै पचास्
मान्छेहरुमांका जीउ जनंगको पट्टि देखि एक् एक् बेका अर्थात् पवित्रस्थान्‌को
२७ शेकेल्‌को हिसाप्‌ले आधा शेकेल् पाईयो । अनि चांदीका ति सै तोड़ा
पवित्रस्थान्‌का चूर्‌घर्‌हरु र पर्दाको लागि चूर्‌घर्‌हरु ढाल्नुको लागि थिये
अर्थात् सै चूर्‌घर्‌हरु सै तोड़ाको लागि गोटैपिच्छे चूर्‌घर्‌को लागि एक्
२८ एक् तोड़ा गरि । अनि ति सत्रह् सै पचहत्तर् शेकेल्‌को त्यस्ले खांब्राहरुको
लागि आंकुसे बनायो अनि तिनका थाम्रिहरु मोहोर्‍यो अनि तिनको लागि
२९ जोर्न बनायो । अनि भेटिको पीतल् सत्तर् तोड़ा र दुइ हजार् चार् सै शेकेल्
३० थियो । त्यस्ले त्यस्को भेट् हुंने डेराको देलोको लागि चूर्‌घर्‌हरु र पीतल्‌को
३१ बेदि त्यस्को पीतल्‌ले झिंझरि समेत् र बेदिका सबै सार्दाम् र चारै
तिरको आघन्‌का चूर्‌घर्‌हरु र आघन्‌को देलोका चूर्‌घर्‌हरु र बासस्थान्‌का
सबै कीलाहरु र आघन्‌का चारै तिरका सबै कीलाहरु बनायो ॥

३९ १ अनि तिनिहरुले नीलो बैगुने र सिंदुरेको पवित्रस्थान्‌मांको सेवाको
लागि सेवागराईका मसीना मसीना बस्त्रहरु बनाये अनि हारुन्‌को लागि
पवित्र बस्त्रहरु बनाये. जस्तो यहवेले मूसालाइ आज्ञा दियेको थियो ॥

२ अनि एपोद् चइं त्यस्ले सुन् नीलो बैगुने र सिंदुरे र मसीनो बाटेर्‌को
३ पाट्‌कपराको बनायो । अनि तिनिहरुले सुन् पीटेर पातला पाताहरु बनाइ
काटेर तार् बनाये ति नीलो बैगुने र सिंदुरे र मसीनो पाट्‌कपरामां र
४ सिपालु बुट्टा काट्नेको काममां मिलाउंनुलाइ । त्यस्को लागि तिनिहरुले
५ गांस्का कांध्‌बन्धन् बनाये. दुइ छेउ छेउमां त्यो गांस्येको थियो। फेरि
त्यस् माथि भयेका त्यो बान्ध्नुलाइ बुट्टा काढीयेको पटुका उइ येउटै

ठुक्राको र त्येस्को बनाई जस्तो थियो अर्थात् सुन् नीलो बैंगुने र सिंदुरे र
मसीनो बाटेरको पाट्कपराको थियो. जस्तो यहवेले मूसालाइ आज्ञा
दियेको थियो ॥

फेरि इस्त्राएल्वंशीहरुको नांउ अनुसार् जसोरि मोहर् खोपेंद छ त्येस्तै ६
गरि तिनिहरुले सुनका घार्हरुमां जड़ेरका सुलैमानी मणि खोप्ये। अनि ७
त्येस्ले ति एपोद्का कांधबन्धन्मां इस्त्राएल्वंशीहरुको लागि सम्झौटे मणि
हुंनुलाइ लगायो. जस्तो यहवेले मूसालाइ आज्ञा दियेको थियो ॥

फेरि त्येस्ले एपोद्को बनाई जस्तो सिपालुले बनायेको काम्को चपास् ८
बनायो सुन्को र नीलो बैंगुने र सिंदुरे र मसीनो बाटेरको पाठ्कपराको।
त्यो चारकुंने थियो चपास् दोहोरा बनाये. अनि त्यो दोहोरो भइ एक् बित्ता ९
लांमो र एक् बित्ता गजको थियो। अनि त्येस्मां मणिहरुका चार् लहर् जड़ेर. १०
पहिलो लहर् माणिक पुखराज् र लालड़ीको लहर् थियो। अनि दोस्रो ११
लहर् मरकत् नालमणि र हीराको। अनि तीस्रो लहर् लशम् सूर्य्यकान्त १२
र नीलमको। अनि चौथो लहर् फीरोजा सुलैमानी र यशबको. यि सबै १३
सुनका घार्हरुमां जड़ौये। अनि ति मणिहरु इस्त्राएल्वंशीहरुका नांउ १४
अनुसार् अं तिनका नांउ अनुसार् बारहवटा थिये मोहरको खोपाई भयेको
अनुसार् ति बारह कुलको लागि थिये गोटै पिच्छे त्येस्को नांउ अनुसार्। फेरि १५
चपास्मां डोरी जस्तो बाटौयेको निखरा सुन्को सिक्रि बनाये। अनि सुनका १६
दुवटा मणिघार्हरु र सुनका दुवटा मुन्द्री बनायेर दुवै मुन्द्रीहरु चपास्का दुवै
छेउमां लगाये। अनि सुनका बाटौयेका दुवटा सिक्रि चपास्को छेउ छेउमां १७
भयेका ति दुइ मुन्द्रीहरुमां लगाये। अनि बाटौयेका दुवै सिक्रिका अर्को १८
दुइ छेउ छेउ ति दुवै मणिघार्मां जोरायेर एपोदका कांधबन्धन्मां त्येस्को
सांमु पट्टि लगाये। फेरि सुनका दुवटा मुन्द्री बनायेर चपास्का दुवै १९
छेउमां एपोद् पट्टि लागनेको भित्र पट्टि किनारमां लगाये। फेरि सुनका २०
दुवटा मुन्द्री बनायेर एपोद्का दुवै कांधबन्धन्मां मुनि बाटो त्येस्को सांमु
पट्टि र त्येस्को जोर्नी तिर एपोद्को बुट्टा काढ़ेरको पटुका मांथि लगाये।
अनि चपास् त्येस्का मुन्द्रीहरुको बाटोले एपोद्का मुन्द्रीहरुमां नीलो सोंपूले २१
येस्तोरि बांधे त्यो एपोद्को बुट्टा काढ़ेरको पटुकामां रहोस् र चपास् एपोद्
देखि सर्नु न पाओस्. जस्तो यहवेले मूसालाइ आज्ञा दियेको थियो ॥

फेरि त्येस्ले एपोद्को दोगा सिंगै नीलो रंगको बुनायेको बनायो २२
अनि त्येस्को मांझमां झिलमको छेंड़ जस्तो दोगाको छेंड़ बनायो अनि २३
छेंड़को रिंगै बिट् बुनि दियो र त्यो न फटाईओस्। अनि त्येस्को तल २४
फेरोमां थइं नीलो बैंगुने र सिंदुरे र बाटेरको पाट्कपराका दारीमहरु
बनाये। अनि निखरा सुनका घंटीहरु बनायेर ति तलको फेरोमां रिंगै २५
दारीमको बीच बीचमां लगाये अर्थात् सेवा गर्ने दोगाको तल फेरोमां २६
रिंगै येउटा घंटी र येउटा दारीम् फेरि येउटा घंटी र येउटा दारीम् गरि
लगाये. जस्तो यहवेले मूसालाइ आज्ञा दियेको थियो ॥

२७ फेरि हारून् र त्येस्का छोराहरुको लागि बुन्येका पाट्कपराका दौरा
२८ अनि मसीनो पाट्कपराको पगरी र मसीनो पाट्कपरा का राम्रा राम्रा
२९ टोपीहरु अनि मसीनो बाटेरको पाट्कराका जाङ्हरु अनि मसीनो
बाटेरको पाट्कपराको र नीलो बैगुने र सिंदुरे बुट्टा काढ़नेको काम् भयेको
पटुका यि सबै बनाये. जस्तो यह्वेले मूसालाइ आज्ञा दियेको थियो ॥
३० फेरि पवित्र मुकुट्को पत्र निखरा सुन्को बनाये अनि मोहर्
खोपीयेको झैं त्येस्मां यो कुरा खोप्ये अर्थात् **यह्वेको लागि पवित्र।**
३१ अनि त्यो नीलो सेप्रिले पगरीमां लगाउंनुलाइ बांध्ये. जस्तो यह्वेले
मूसालाइ आज्ञा दियेको थियो ॥
३२ येसोरि भेट् हुंने डेराको बास्स्थान्का सबै काम् सिद्धीये. अनि ज्ये
ज्ये यह्वेले मूसालाइ आज्ञा दियेको थियो इस्राएल्बंशीहरुले त्येइ
अनुसार् गर्ये ॥
३३ अनि तिनिहरुले बास्स्थान् मूसा थांइ ल्याये अर्थात् पाल् त्येस्का
सबै सार्दाम् समेत् त्येस्का घुंड़िहरु फल्याक्हरु साटाहरु खांबाहरु
३४ चूर्घर्हरु अनि सांड़्भेंड़ाका रातो गायेका छालाहरुको छाना र
३५ सूइस्का छालाहरुको छाना र छेल्ने पर्दा साक्षीपाटीको सम्पट् त्येस्का
३६ डांड़िहरु र प्रायश्चित्ते मेज् त्येस्का सबै सार्दाम् समेत् र भेटिका
३७ रोटीहरु निखरा पांनस् त्येस्का दीयाहरु अं बत्ती सच्याउंने र त्येस्का
३८ सबै सार्दाम् समेत् र उज्यालोको लागि तेल् अनि सुन्को बेदी र
३९ अभिषेक् गर्ने तेल् र सुगन्धधूप् र पाल्को दैलोको लागि पर्दा पीतल्को
बेदि त्येस्को पित्ले झिंझरि त्येस्का डांड़ि र त्येस्का सबै सार्दाम् समेत्
४० स्नान्भांड़ा र त्येस्को बैठक् आघन्का पर्दाहरु त्येस्का खांबाहरु र
चूर्घर्हरु अनि आघन्को दैलोका पर्दा त्येस्का डोरीहरु र कीलाहरु र
भेट् हुंने डेराको लागि अं बास्स्थान्को सेवागराईका सबै सार्दाम्
४१ पवित्रस्थान्मां सेवाको काम्को लागि बुट्टा काढ़ेरका लुगाहरु अनि हारून्
पूजाहारीका पवित्र बस्त्रहरु र त्येस्का छोराहरुका बस्त्रहरु पूजाहारीगिरिको
४२ सेवा गर्नुलाइ। यह्वेले मूसालाइ दियेका सबै आज्ञा अनुसार् ति सबै
४३ काम् इस्राएल्बंशीहरुले त्येसै गर्ये। तब मूसाले ति सब्बै काम् हेर्यो त
हेर तिनिहरुले ति गर्येका थिये अं जस्तो यह्वेले आज्ञा दियेको थियो
तिनिहरुले त्येसै गर्ये छन्. त मूसाले तिनिहरुलाइ आशीर्वाद् गर्यो ॥

(बास्स्थान् उभ्याउंनु अनि त्यो स्थापन् गर्नु)

४० फेरि यह्वेले मूसालाइ येसो भन्यो पहिलो महीनाको पहिलो
२ तिथिमां भेट् हुंने डेराको बास्स्थान् उभ्याउंनु। अनि त्येस्मां साक्षीपाटीको
३ सम्पट् राखि त्येस्लाइ पर्दाले छेल्नु। फेरि मेज् भित्र ल्यायेर त्येस् मांथि
४ हुंने थोक्हरु सजाउंनु अनि पांनस् भित्र ल्यायेर त्येस्का बत्तीहरु बाल्नु।

फेरि साक्षीपाटीको सम्पट्को सांमु सुन्को धूप्को बेदि राख्नु अनि ५
वासस्थान्को दैलोको पर्दा लगाउंनु। फेरि भेट् हुंने डेराको वासस्थान्को ६
दैलोको सांमु होम्बेदि राख्नु। वहांदेखि भेट् हुंने डेरा र बेदिको ७
बीच्मां स्नान्भांड़ा राखेर त्येस्मां पानी हाल्नु। वहांदेखि आंगन्को ८
घेरा गिंगे उभ्याउंनु अनि त्यो आंगन्को दैलोको पर्दा टांग्नु। वहांदेखि ९
अभिषेक् गर्ने तेल् लियेर वासस्थान् र त्येस्मां भयेका सबै थोक्लाइ अभिषेक्
गर्नु अनि त्येस्का सबै सादाम् समेत् त्यो पवित्र गर्नु, त त्यो पवित्र हुंछ।
फेरि होम्बेदि त्येस्का सबै सादाम् समेत्लाइ अभिषेक् गरि त्येस्लाइ पवित्र १०
गर्नु, त त्यो बेदि महापवित्र हुंछ। अनि स्नान्भांड़ा त्येस्को बैठक् ११
समेत्लाइ अभिषेक् गरि पवित्र गर्नु। फेरि हारून् र त्येस्का छोराहरूलाइ १२
भेट् हुंने डेराको दैलोमां ल्यायेर तिनलाइ पानीले नुहाउंनु। वहांदेखि १३
हारून्लाइ पवित्र वस्त्र पहिर्याउंनु अनि त्येस्लाइ अभिषेक् गरि पवित्र
गर्नु र त्येस्ले मेरो लागि पूजाहारीगिरिको सेवा गरोस्। फेरि त्येस्का १४
छोराहरूलाइ ल्यायेर तिनिहरूलाइ दौरा पहिर्याउंनु, वहांदेखि तैंले १५
तिनिहरूको बाबुलाइ अभिषेक् गर्येको झैं तिनिहरूलाइ पनि अभिषेक्
गर्नु र तिनले मेरो लागि पूजाहारीगिरिको सेवा गरून्, अनि तिनको
अभिषेक्गराई तिनिहरूका पुस्ता पुस्तामां तिनिहरूको सदाको
पूजाहारीगिरिको लागि हुंछ। त मूसाले त्येसै गर्यो, अं यहूवेले त्येस्लाइ १६
दियेको सब् आज्ञा अनुसार् त्येस्ले गर्यो॥

त येसो भयो दोस्रो वर्षको पहिलो महीनाको पहिलो तिथिमां १७
वासस्थान् उभ्याईयो। अं मूसाले वासस्थान् उभ्यायो अनि त्येस्का १८
चूरघर् राखि त्येस्का फल्याक् लगाइ तिनमां साटा हाल्यो अनि त्येस्का
खांबा उभ्यायो। वहांदेखि त्येस्ले वासस्थान् मांथि पाल् फिंजायो फेरि पाल् १९
मांथि त्येस्ले छाना लगायो, जस्तो यहूवेले मूसालाइ आज्ञा दियेको थियो।
वहांदेखि त्येस्ले साक्षीपाटी ल्याइ सम्पट् भित्र राखेर डांड़िहरू सम्पट्मां २०
हाल्यो अनि प्रायश्चित्ते सम्पट् मांथि राख्यो, तब त्येस्ले सम्पट् वासस्थान्मां २१
ल्यायो अनि छेल्ने पर्दा टांगेर साक्षीपाटीको सम्पट् छेल्यो, जस्तो यहूवेले
मूसालाइ आज्ञा दियेको थियो। फेरि त्येस्ले भेट् हुंने डेरामां वासस्थान्को २२
उत्तर् तिर पर्दाको बाहिर पट्टि मेज् राख्यो। वहांदेखि त्येस्ले त्येस् मांथि २३
यहूवेको सांमु रोटी सजायेर राख्यो, जस्तो यहूवेले मूसालाइ आज्ञा दियेको
थियो। फेरि त्येस्ले भेट् हुंने डेरामां मेज्को सांमु वासस्थान्को दखिन् तिर २४
पांनस् राख्यो। अनि त्येस्ले यहूवेको सांमु बत्तीहरू बाल्यो, जस्तो यहूवेले २५
मूसालाइ आज्ञा दियेको थियो। फेरि त्येस्ले भेट् हुंने डेरामां पर्दाको २६
सांमु सुन्को बेदि राख्यो, अनि त्येस्मां सुगन्ध धूप् पोल्यो, जस्तो यहूवेले २७
मूसालाइ आज्ञा दियेको थियो। फेरि त्येस्ले वासस्थान्को दैलोमां पर्दा २८
टांग्यो। तब त्येस्ले भेट् हुंने डेराको वासस्थानको दैलोमां होम्बेदि राखि २९
त्येस्मां होम्बलि र अन्नबलि चढ़ायो, जस्तो यहूवेले मूसालाइ आज्ञा

३० दियेको थियो। फेरि त्येल्ले भेट् हुंने डेरा र बेदिको बीच्मां स्नान्भांड़ा
३१ राख्येर धुनुंलाइ पानी हाल्यो। अनि मूसा र हारून् र त्येस्का छोराहरूले
३२ त्येस्मां आफ्ना आफ्ना हात् गोड़ा धोये जब जब तिनिहरु भेट् हुंने
डेरामां पस्ड थिये कि बेदि निर जांद थिये तब तब तिनिहरूले धुंने गर्द
३३ थिये. जस्तो यहोवेले मूसालाइ आज्ञा दियेको थियो। अनि त्येल्ले
बासस्थान् र बेदिको रिंगै आंगनको घेरा उभ्यायो अनि आंगनको देलोका
पर्दा टांग्यो। येसैगरि मूसाले काम् सिध्यायो॥

३४ तब भेट् हुंने डेरा बाद्लले छोप्यो अनि यहोवेको महिमाले
३५ बासस्थान् भरीयो। अनि मूसा भेट् हुंने डेरामां पस्नु सकेन कसोगरि
भन्ये त्यो बादल् त्येस्मां अड़ीइ रह्यो अनि यहोवेको महिमाले बासस्थान्
३६ भरीयो। अनि जब जब त्यो बादल् बासस्थान् मांथि देखि उठाइंद थियो
तब तब इस्राएलवंशीहरु आफ्ना सबै हिंड़ाईमां अघि अघि हिंड्द थिये.
३७ तर त्यो बादल् उठाईयेन भन्ये जुन् दिन् सम्म त्यो उठाइंदेन त्येस् दिन्
३८ सम्म तिनिहरु हिंड्दैन थिये। कसोगरिभन्ये इस्राएल्को सबै जहान्को
सांमु तिनिहरूको सबै हिंड़ाईमां दिउंसो यहोवेको बादल् बासस्थान् मांथि
थियो अनि राति त्येस्मां आगो थियो॥

लेव्यव्यवस्थाको पोस्तक॥

(होम्बलिको बिधि)

१ १ अनि यहोवेले भेट् हुंने डेरा देखि मूसालाइ बोलायेर त्येस्लाइ येसो
२ भन्यो इस्राएलवंशीहरूलाइ येसो भन् तिमिहरुमांको कसैले यहोवेको
लागि भेटि चढ़ाउंने इच्छे गर्यो भन्ये पशुहरुमांको अर्थात् गाईगोरुहरु कि
भेंड़ाबाख्राहरुमांको आफ्नु भेटि चढ़ावस्॥

३ त्येस्को भेटि गाईगोरुमांको होम्बलि छ भन्ये देखि निषखोट् नर्को
चढ़ावस्. त्येस्ले त्यो भेट् हुंने डेराको देलो निर चढ़ावस् यहोवेको सांमु
४ ग्रहण होइ जाउं भनि। अनि त्येस्ले आफ्नु हात् होम्बलि पशुको सिर्मां
५ राखोस् त त्यो त्येस्को लागि प्रायश्चित्त गर्नुलाइ त्येस्को लागि ग्रहण गरींछ। अनि
बाच्छालाइ यहोवेको सांमु बलि गरोस्. अनि हारूनका छोरा पूजाहारीहरूले
रगत् छेउ ल्यायेर त्येस् भेट् हुंने डेराको देलो निर भयेको बेदिको चारै पट्टि
६ रगत् छर्कुन्। अनि त्येस्ले होम्बलिको पशुको छाला काढ़ेर पशुला इ

टुक्र्यावस्। अनि हारुन् पूजाहारीका छोराहरुले बेदिमां आगो हाल्येर ७
आगो मांथि दाउरा पांजुन्. अनि हारुनका छोरा पूजाहारीहरुले त्येस्का ८
टुक्राहरु टाउको र बोसा समेत् बेदिमां भयेको आगोको दाउरा मांथि
पांजि पांजि राखुन्. तर त्येस्ले त्येस्का आन्द्रा र खुट्टाहरु पानीले धोवस्. ९
अनि पूजाहारीले बेदिमां सबै डड़ावस् होमबलिको लागि अं अग्निहोम्
यहवेको लागि बास्ना हुंनुलाइ ॥

अनि त्येस्को भेटि बगालको भेंड़ाहरु कि बाख्राहरुमांको होमबलि छ १०
भन्ये देखि निषखोट् नरको चढ़ावस्। अनि त्येस्ले त्यो यहवेको सांमु बेदिको ११
उत्तर् पट्टि बलि गरोस्. अनि हारुनका छोरा पूजाहारीहरुले त्येस्को रगत्
बेदिका चारै पट्टि छर्कुन्। अनि त्येस्ले त्यो त्येस्को टाउको र बोसो समेत् १२
टुक्र्यावस्. अनि पूजाहारीले तिनलाइ बेदिमां भयेको आगोको दाउरा
मांथि पांजि पांजि राखोस्. तर त्येस्ले त्येस्का आन्द्रा र खुट्टाहरु पानीले १३
धोवस्. अनि पूजाहारीले सब्बै चढ़ायेर बेदिमां डड़ावस्. यो होमबलि
हो अं अग्निहोम् यहवेको लागि बास्ना हुंनुलाइ ॥

अनि यहवेको लागि त्येस्को भेटि पंछीहरुमांको होमबलि छ भन्ये देखि १४
ढुकुरहरु कि परवाका बचराहरुको भेटि चढ़ावस्। अनि पूजाहारीले त्यो १५
बेदि निर ल्यायेर त्येस्को टाउको निमोठि चुंड़ायेर त्यो बेदिमां डड़ावस् अनि
त्येस्को रगत् बेदिको छेउमां चुहाईयोस्. अनि त्येस्ले त्येस्को आन्द्राभुंड़ि १६
मलै समेत् निकालि बेदिको पूर्ब पट्टि खरानि हाल्ने ठांउमां आफालि
देवस्. अनि त्येस्ले त्येस्लाइ पखेटाको मांझे देखि फोरोस् तर त्येस्लाइ १७
अलग् अलग् पारि न हालोस्. अनि पूजाहारीले त्यो बेदिमां भयेको
आगोको दाउरा मांथि डड़ावस्. यो होमबलि हो अं अग्निहोम्
यहवेको लागि बास्ना हुंनुलाइ ॥

(अन्नबलिको बिधि)

अनि कसैले यहवेको लागि अन्नबलिको भेटि चढ़ाउंने इच्छे गर्यो २।१
भन्ये देखि त्येस्को भेटि पिठाको हवस् अनि त्येस्ले त्येस्मां तेल् खन्याइ गन्धरस्
राखोस्. त्यो हारुनका छोरा पूजाहारीहरु थांइ ल्यावस्. अनि त्येस्को २
पिठो र तेलमांको आफ्नु मुठिभरि र गन्धरस् चइं सांट्टै निकालोस्
अनि पूजाहारीले यि सम्झंटे हुंनुको लागि बेदिमां डड़ावस् अर्थात्
अग्निहोम् यहवेको लागि बास्ना हुंनुलाइ. अनि अन्नबलिमांको उब्र्येको ३
चइं हारुन् र त्येस्का छोराहरुको हवस्. त्यो यहवेको अग्निहोम्मांको
महापवित्र थोक् हो ॥

अनि तनूरमां पकायेको भेटि अन्नबलि गरि चढ़ाउंने इच्छे गरिस् भन्ये ४
देखि त्यो तेलमां मुछेको अखमीरे पिठोका फुलौरा कि तेल् घस्येको
अखमीरे बाब्रको हवस्। अनि तेरो भेटि ताईमां पाल्येको अन्नबलि छ भन्ये ५
देखि तेलमां मुछेको अखमीरे पिठोको हवस्। त्यो टुक्र्यायेर त्येस्मां तेल् ६

७ खन्याउंनु . त्यो अन्नबलि हो । अनि तेरो भेटि तापकमां पोल्येको अन्नबलि
८ छ भन्ये देखि त्यो तेलमां पोल्येको पिठोको हवस् । अनि ति थोकले बनो-
येका अन्नबलि यह्वे थांइ ल्याउंनु . अनि जब त्यो पूजाहारी थांइ ल्याईयेला
९ तब त्येस्ले त्यो बेदि छेउ ल्यावस् । अनि पूजाहारीले अन्नबलिमांको सम्झौटे
भाग् उठाइ बेदिमां डड़ावस् . अग्निहोम् यह्वेको लागि बास्ना हुंनुलाइ ।
१० अनि अन्नबलिमांको उबुयेको चइं हारुन् र त्येस्का छोराहरुको हवस् . त्यो
११ यह्वेका अग्निहोम्मांको महापवित्र थोक् हो । कुनै पनि अन्नबलि ज्ये
तिमिहरुले यह्वेको लागि चढ़ाऔला खमीर् सित न बनाईओस् . यह्वेको
१२ कुनै अग्निहोम्मां खमीर् कि मह न डड़ाउंनु । ति अगौटेफल्का भेटि
जानि यह्वेको लागि चढ़ाउंनु . तर ति बास्नाको लागि बेदिमां न
१३ चढ़ाईउन् । अनि आफ्ना सबै अन्नबलिको भेटि नुन्ले नुनौलो तुल्याउंनु
अनि आफ्नु कुनै पनि अन्नबलि आफ्नु ईश्वरको नियम्को नुन् बिनाको हुंनु
न दिंनु . अं आफ्ना सब्बै भेटिको साथमां नुन् पनि चढ़ाउंनु ॥
१४ अनि यह्वेको लागि अगौटेफलहरुको अन्नबलि चढ़ाउंने इच्छे गरिस्
भन्ये देखि आफ्ना अगौटेफल्को अन्नबलिको लागि आगोमां पोल्येका हरीयां
१५ बालाहरु अर्थात् हरीया बालाहरुको दल्येको अन्न चढ़ाउंनु । अनि त्येस्मा
१६ तेल् हाल्नु अनि गन्धरस् राख्नु . त्यो अन्नबलि हो । अनि पूजाहारीले
त्येस्को दल्येको अन्नमांको र त्येस्को तेल्मांको अलिकता र त्येस्को सबै गन्धरस्
सम्झौटे भाग् जानि डड़ावस् . त्यो यह्वेको लागि अग्निहोम् हो ॥

(मिलाप्बलिदान्को बिधि)

३१ अनि त्येस्को भेटि मिलाप्बलिदान् छ अनि त्येस्ले त्यो गाईगोरुमांको
चढ़ाउंने इच्छे गर्यो भन्ये देखि त्यो पशु नर् कि नारी हवस् त्येस्ले निष्खोट् चइं
२ यह्वेको लागि चढ़ावस् । अनि त्येस्ले आफ्नु हात् आफ्नु भेटिको सिर्मां
राखोस् अनि त्येस्लाइ भेट् हुंने डेराको देलो निर बलि गरोस् . अनि हारुन्का
३ छोरा पूजाहारीहरुले त्येस्को रगत् बेदिका चारै पट्टि छर्कुन् । अनि मिलाप्-
बलिदान्मांको त्येस्ले यह्वेको लागि अग्निहोम् चढ़ावस् अर्थात् आन्द्राहरु
४ ढाक्ने बोसो र आन्द्राहरु मांथिको सबै बोसो र दुवै मिर्गौला र ति
मांथि र कम्मर् निर भयेको बोसो र मिर्गौला समेत् कलेजो मांथिको
५ जाला यि सबै त्येस्ले निकालोस् । त हारुन्का छोराहरुले त्यो बेदिमां
आगोको दाउरा मांथि भयेको होम्बलि मांथि डड़ाउन् . त्यो अग्निहोम् हो
यह्वेको लागि बास्ना हुंनुलाइ ॥
६ अनि यह्वेको मिलाप्बलिदान्को लागि त्येस्को भेटि भेंड़ाबाखामांको
७ छ भन्ये देखि त्येस्ले नर् कि नारी निष्खोट् चइं चढ़ावस् । त्येस्ले आफ्नु
८ भेटिको लागि थुमा चढ़ायो भन्ये देखि यह्वेको सांमु चढ़ावस् . अनि त्येस्ले
आफ्नु भेटिको सिर्मां आफ्नु हात् राखोस् अनि त्यो भेट् हुंने डेराको
सांमु बलि गरोस् . अनि हारुन्का छोराहरुले त्येस्को रगत् बेदिका चारै

पट्टि छर्कुन्। अनि मिलापबलिदानमांको त्यसले यहवेको लागि अग्निहोम् ९
चढावस् अर्थात् त्यसको बोसो र सिंगै पुछरे त्यो डंड़ालनो निरै देखि
कुट्यावस् अनि आन्द्राहरु ढाकने बोसो र आन्द्राहरु मांथिको सबै बोसो
र दुवै मिर्गौला र ति मांथि र कम्मर् निर भयेको बोसो र मिर्गौला १०
समेत् कलेजो मांथिको जाला ति सबै निकालोस्। अनि पूजाहारीले त्यो ११
बेदिमां डड़ावस्. यो यहवेको लागि अग्निहोमको भोजन् हो ॥
अनि त्यसको भेटि बाख्राको छ भन्ये देखि त्यो यहवेको सांमु चढावस्. १२
अनि त्यसले आफनु हात् त्यसको सिरमां राखोस् अनि भेट् हुंने डेराको सांमु १३
बलि गरोस्. अनि हारुनका छोराहरुले त्यसको रगत् बेदिका चारै पट्टि
छर्कुन्। अनि त्यसले त्यसमांको आफनु भेटि यहवेको लागि अग्निहोम् चढावस् १४
अर्थात् आन्द्राहरु ढाकने बोसो र आन्द्राहरु मांथिको सबै बोसो र दुवै १५
मिर्गौला र ति मांथि र कम्मर् निर भयेको बोसो र मिर्गौला समेत् कलेजो
मांथिको जाला ति सबै निकालोस्। अनि पूजाहारीले ति बेदिमां १६
डड़ावस्. यो अग्निहोमको भोजन् हो बासना हुंनुलाइ. सबै बोसो यहवेको
हो। यो तिमिहरुको सिंगै पुस्ताको लागि तिमिहरुको सबै बास् बासमां १७
सनातनको बिधि हवस् तिमिहरुले न बोसो न रगत् खाव भन्ये ॥

(पाप्बलिको बिधि)

फेरि यहवेले मूसालाइ येसो भन्यो इस्राएलबंशीहरुलाइ येसो ४ १ २
भन् यहवेले पुन्येको कुनै काममां कसैले भूलले पाप् गर्‍यो अनि येस्तो काम्
गर्‍यो भन्ये. अं कोई अभिषिक्त पूजाहारीले लोगमां दोष् लागने गरिको ३
पाप् गर्‍यो भन्ये देखि त्यसले गर्‍येको त्यो पाप् मेटनुलाइ त्यसले येउटा निसखोट्
बाच्छा यहवेको लागि पापबलि गरि चढावस्। अनि त्यसले त्यो बाच्छा ४
भेट् हुंने डेराको दैलो निर यहवे थांइ ल्यायेर बाच्छाको सिरमां आफनु
हात् राखोस् अनि बाच्छालाइ यहवेको सांमु बलि गरोस्। तब अभिषिक्त ५
पूजाहारीले बाच्छाको रगतमांको लियेर भेट् हुंने डेरामां ल्यावस्.
अनि पूजाहारीले आफनु औंला रगतमां डुबायेर पवित्रस्थानको छेलने ६
पर्दाको अघिलतिर यहवेको सांमु त्यसमांको सात् खेप् छर्कोस्। तब ७
पूजाहारीले भेट् हुंने डेरामां यहवेको सांमु भयेको सुगन्धधूपको बेदिका
सींगहरुमां त्यो रगतमांको लगावस् अनि बाच्छाको अरु सबै रगत् त्यो
भेट् हुंने डेराको दैलो निर भयेको होमबेदिको जगमां खन्यावस्। अनि ८
त्यसले पापबलिको बाच्छाको सबै बोसो त्यो देखि निकालोस् अर्थात्
आन्द्राहरु ढाकने बोसो र आन्द्राहरु मांथिको सबै बोसो र दुवै ९
मिर्गौला र ति मांथि र कम्मर् निर भयेको बोसो र मिर्गौला समेत्
कलेजो मांथिको जाला ति त्यसले त्यसैगरि निकालोस् जसोगरि १०
मिलापबलिदान् चढाइंने बाच्छाको गरींद छ. वहांदेखि पूजाहारीले ति
होमबेदिमां डड़ावस्। तर बाच्छाको छाला त्यसका सबै मांसु र टाउको ११

१२ खुट्टा आन्द्राहरु गोबर् समेत्　अं सिंगै बाच्छा छाउंनी देखि बाहर
चोक्खो ठांउमां खरानि आफालींने ठांउमां लग्येर दाउरा मांथि राखि
आगोमां डड़ाअस्. जहां खरानि आफालींद छ तिहीं त्यो डड़ाईओस्॥
१३　फेरि इस्राएलको सिंगै मंडलीले भूल् गर्यो अनि त्यो कुरो त्येस्
सभाका आंखा देखि लुकेको भइ रह्यो अनि यहवेले पन्येको कुनै काम्
१४ गरि दोषी भयो भन्ये देखि　तिनिहरुले गर्येको त्यो पाप् प्रगटो हुंदा
सभाले येउटा बाच्छा पापबलि गरि चढ़ाअस् अनि त्येसलाइ भेट् हुंने डेराको
१५ सांमु ल्याअस्। अनि मंडलीका प्राचीनहरुले आफ्ना आफ्ना हात्
बाच्छाको सिर्मां यहवेको सांमु राखुन्. तब त्यो बाच्छा यहवेको सांमु बलि
१६ गरीओस्। अनि अभिषिक्त पूजाहारीले भेट् हुंन डेरामां बाच्छाको
१७ रगत्मांको ल्याअस्. अनि पूजाहारीले आफ्नु औंला रगत्मां डुबायेर
१८ छेलने पर्दाको अघिलतिर यहवेको सांमु सात् खप् छकोस्। फेरि भेट् हुंने
डेरामां यहवेको सांमु भयेको बेदिका सींगहरुमां त्येस्ले रगत्मांको लगाअस्
अनि अरु सबै रगत् भेट् हुंने डेराको दैलो निर भयेको होमबेदिको जगमां
१९ खन्याअस्। तर बाच्छाको सबै बोसो चइं त्यो देखि निकाल्येर बेदिमां
२० डड़ाअस्। बाच्छालाइ येसो गरोस् अं त्येस्ले पापबलिको बाच्छालाइ जसो
गर्यो त्येसै यो पनि गरोस्. येसोरि पूजाहारीले तिनको लागि प्रायश्चित्त
२१ गरोस् तब तिनिहरु क्षमा गरींछन्। अनि बाच्छालाइ छाउंनी देखि
बाहर लग्येर त्येस्ले त्यो पनि पहिलो बाच्छालाइ झैं डड़ाअस्. यो सभाको
लागि पापबलि हो॥
२२　जब कोई मालिकले पाप् गर्ला अर्थात् आफ्नु ईश्वर् यहवेले
२३ पन्येको कुनै काम् गरि दोषी होला　अनि त्येस्ले गर्येको पाप् त्येसलाइ
थाहा गराईयला तब त्येस्ले येउटा निषखोट् बाखा आफ्नु भेटिको लगि
२४ ल्याअस्　अनि त्येस्ले बाखाको सिर्मां आफ्नु हात् राखोस् अनि
यहवेको सांमु जहां होमबलिको पशु बलि गरींद छ त्यहां त्येसलाइ बलि
२५ गरोस्. त्यो पापबलि हो। तब पूजाहारीले आफ्नु औंलाले पापबलिको
रगत्मांको लियेर होमबेदिका सींगहरुमां लगाअस् अनि त्येको उब्रयेको
२६ रगत् होमबेदिको जगमां खन्याअस्। अनि त्येस्ले त्येका सब्बै बोसो
मिलापबलिदानको बोसो झैं बेदिमां डड़ाअस्. येसोरि पूजाहारीले त्येस्को
पापको बिषयमां त्येस्को लागि प्रायश्चित्त गरोस् तब त्यो क्षमा गरींछ॥
२७　फेरि साधारण लोगमांको कसैले भूलले पाप् गर्यो भन्ये अर्थात्
२८ यहवेले पन्येको कुनै काम् गरि दोषी भयो　अनि त्यो त्येस्ले गर्येको
पाप् त्येसलाइ थाहा गराईयो भन्ये देखि त्येस्ले गर्येको त्यो पाप् मेट्नुको
२९ लागि येउटा निषखोट् बाखी आफ्नु भेटिको लागि ल्याअस्। अनि त्येस्ले
पापबलिको सिर्मां आफ्नु हात् राखोस् अनि होमबलिको ठांउमां
३० पापबलिलाइ बलि गरोस्। तब पूजाहारीले त्येस्को रगत्मांको आफ्नु
औंलाले लियेर होमबेदिका सींगहरुमां लगाअस् अनि त्येस्को अरु सबै

रगत् बेदिको जगमां खन्यावस् । अनि त्येस्ले त्येस्को सबै बोसो मिलाप्- ३१
बलिदान्को बोसो झैं निकालोस् वहांदेखि पूजाहारीले त्यो बेदिमां
डड़ावस् यहवेको लागि बास्ना हुंनुलाइ . येसोगरि पूजाहारीले त्येस्को
लागि प्रायश्चित्त गरोस् तब त्यो क्षमा गरींछ ॥

अनि त्येस्ले पाप्बलिको लागि येउटा पाठा आफ्नु भेटि गरि ल्यायो ३२
भन्ये देखि त्यो निप्खोट् पाठी ल्यावस् । तब त्येस्ले पाप्बलिको सिर्मां ३३
आफ्नु हात् राखोस् अनि जहां तिनिहरूले होम्बलिलाइ बलि गर्दछन्
त्यहां त्यो पाप्बलिको लागि बलि गरोस् । तब पूजाहारीले आफ्नु ३४
औंलोले पाप्बलिको रगत्मांको लियेर होम्बेदिका सींग्हरूमां लगावस्
अनि त्यस्को अरू सबै रगत् बेदिको जगमां खन्यावस् अनि ३५
मिलाप्बलिदान्को पाठाको बोसो झैं त्यस्को सबै बोसो निकालोस् अनि
पूजाहारीले ति यहवेको अग्निहोम्हरू मांथि बेदिमां डड़ावस् . येसोरि
त्येस्ले गर्येको पाप्को लागि पूजाहारीले त्येस्को लागि प्रायश्चित्त गरोस्
तब त्यो क्षमा गरींछ ॥

(दोष्बलिको बिधि)

फेरि कसैले मार्तो भइ येस्तो पाप् गर्यो अर्थात् किरिया खवाईये ५ १
पछि का तेले कोइ देख्येको कि जान्येको हुन् भन्येर सोधीयो अनि त्येस्ले
कुरो जाहेर् गर्येन भन्ये देखि त्येस्ले आफ्नु अधर्म्म बोकछ . कि कसैले २
कोइ अशुद्ध थोक् छोयो अशुद्ध बन्पशुको कि अशुद्ध घर्पशुको कि
अशुद्ध घसिहिंड्ने जीवाजन्तुको लिनु हवस् त्यो त्येस्को अजान्मां भयेको
अनि अशुद्ध भयेको भये पनि त्यो दोषी हुंछ . कि त्येस्ले मान्छेको कोइ ३
अशुद्धै छोयो त्यो अशुद्धै जसुकै भये पनि अनि यो त्यो देखि लुकेको
भये पनि त्येस्ले त्यो जान्ये पछि दोषी ठहर्छ . कि कसैले कुभलो कि भलो ४
गर्नुलाइ बिचार् न गरि आफ्ना ओंठले किरिया खायो जसुकै हवस्
मान्छेले बिचार् न गरि किरिया खाइ भन्यो अनि यो त्यो देखि
लुकेको भयो भन्ये देखि . त्येस्ले त्यो जान्ये पछि येस्ता येस्ता कुरामां
दोषी हुंछ . अनि येसो हुंछ जब त्यो येस्ता येस्ता कुराको येउटामां दोषी ५
होला तब जुन् बिषयमां त्येस्ले पाप् गर्येको होला त्येस्को त्यो काएल् हवस् .
अनि त्येस्ले यहवे थांइ दोषबलि त्येस्ले गर्येको त्येस् पाप्को कारणले ६
भेंड़ा कि बाख्रामांको येउटी पाठी पाप्बलिको लागि ल्यावस् अनि
पूजाहारीले त्येस्को पाप्को कारणले त्येस्को लागि प्रायश्चित्त गरोस् । त्येस्को ७
पाठो ल्याउंने पुंजि छैन भन्ये देखि त्येस्ले आफ्नु पाप्को कारण् दुवटा ढुकुर्
कि परेवाका दुवटा बचरा दोषबलिगरि यहवे थांइ ल्यावस् येउटा पाप्बलि
र अर्को होम्बलिको लागि । अनि त्येस्ले ति पूजाहारी थांइ ल्यावस् जस्ले ८
पहिले पाप्बलि चइं चढ़ावस् अनि त्येस्को टाउको गला देखि निमठोस्
तर त्यो छुट्याइ न हालोस् . अनि बेदिको पाटामां पाप्बलिको रगत्मांको ९

छर्कोस् अनि उब्रयेको चइं रगत् वेदीको जग्मां चुहावस्. त्यो पापब्लि
१० हो। अनि अर्को चइं त्यसले बिधि अनुसार् होमब्लि गरि चढावस्. येसोरि
पूजाहारीले त्यसले गर्येको त्यस् पापको कारणले प्रायश्चित्त गरोस् तब त्यो
क्षमा गरींछ॥
११ तर त्यस्का दुवटा ढुकुर् कि परेवाका दुवटा बचारा ल्याउंने पनि पुंजि
छैन भन्ये देखि त्यसले आफ्नु पापको कारणले आफ्नु भेटि अर्थात् एपाको
दसौं हिस्सा पिठो पापब्लिको लागि ल्यावस् त्यसले त्यस्मां तेल् न हालोस् न
१२ गन्धरस्. किनभन्ये त्यो पापब्लि हो। अनि त्यसले त्यो पूजाहारी थांइ
ल्यावस् अनि पूजाहारीले त्यस्मांको आफ्नु मुठिभरि सम्झौटे भाग् गरि
लियेर त्यो यह्वेका अग्निहोमहरु मांथि वेदीमां डढावस्. त्यो पापब्लि
१३ हो। त्यसले ति कुरामांका कुनैको बिषय्मां ज्ये पाप् गर्यको छ पूजाहारीले
त्यस्को लागि प्रायश्चित्त गरोस् तब त्यो क्षमा गरींछ. अनि उब्र्येको चइं
अन्नबलि झैं पूजाहारीको हुंछ॥
१४ १५ फेरि यह्वेले मूसालाइ येसो भन्यो कसैले अपराध् गरि यह्वेका
पवित्र थोक्को बिषय्मां भूल्ले पाप् गर्यो भन्ये देखि त्यसले यह्वे थांइ
आफ्नु दोषब्लि अर्थात् पवित्रस्थान्को शेकेल्को हिसाप्मां शेकेल्हरुका
रुपियाको तैंले ठहरायेको दाम्का भेंडाबाखाहरुमांका येउटा निष्खोट्
१६ थुमा दोषब्लि गरि ल्यावस्. अनि त्यसले पवित्र थोक्मां जुन् पाप् गर्येको
थियो त्यस्को साटो त्यस्को पांचौं हिस्सा अरु बढाइकन त्यो पूजाहारीलाइ
देवस्. अनि पूजाहारीले दोषब्लिको थुमाले त्यस्को लागि प्रायश्चित्त
गरोस् तब त्यो क्षमा गरींछ॥
१७ फेरि कसैले पाप् गर्यो अर्थात् यह्वेले थुन्येको कुनै काम् गर्यो भन्ये
देखि अं त्यो न जान्येको भये पनि त्यो दोषी हुंछ अनि आफ्नु अधर्म्म
१८ बोक्छ। त त्यसले तैंले ठहरायेको दाम्को भेंडाबाखामांको येउटा निष्खोट्
थुमा दोषब्लिको लागि पूजाहारी थांइ ल्यावस् अनि पूजाहारीले त्यस्को
लागि त्यसले त्यो अजान्मां गर्येको भूल्को लागि प्रायश्चित्त गरोस् तब त्यो
१९ क्षमा गरींछ। यो दोषब्लि हो. यह्वेको सांमु निस्सै दोषी छ॥
६ १ २ फेरि यह्वेले मूसालाइ येसो भन्यो कसैले येस्तो पाप् गर्यो
अनि यह्वेको बिरुद्धमां अपराध् गर्यो अर्थात् राख्नु दियेको थोक्को
बिषय्मां कि बन्धक्को बिषय्मां कि लूट्को बिषय्मां आफ्नु छिमेकि सित
३ छल् गर्यो कि त्यो मांथि मिचेडें गर्यो कि हरायेको थोक् पायेर त्यस्को
बिषय्मां झूठ् बोल्यो कि झूठो किरिया खायो ति सबै बिषय्मां जुन्सुकै काम्
४ गरिकन पापी भयो भन्ये देखि त येसो हवस् त्यो पाप् गरिकन दोषी
भयो त जुन् थोक् त्यसले लूटेर कि मिचेडें गरेर लियेको छ कि त्यसलाइ राख्नु
५ दियेको थोक् कि हरायेको थोक् जो त्यसले पायो कि कोइ थोक् जस्को
बिषय्मां त्यसले झूठो किरिया खायेको छ भन्ये देखि त त्यसले त्यो पूरो गरि
फर्काइ देवस अं त्यस्को पांच् हिस्सा बढाइकन पनि देवस्. जस् दिन् त्यो

दोषी ठहराईयो त्येसै दिन् त्येस्ले त्यो थोक् त्येस्को धनीलाइ दिहालोस्।
फेरि त्येस्ले यहवे थांइ आफनु दोषबलि ल्यावस् अर्थात् भेंडाबाखाहरुमांको ६
तैंले ठहरायेको दामको येउटा निष्खोट् थुमा दोषबलिको लागि पूजाहारी
थांइ ल्यावस् तब पूजाहारीले त्येस्को लागि यहवेको सांमु प्रायश्चित्त ७
गरोस् तब जुन् कामको कारणले त्यो दोषी भयेको छ त्यो क्षमा गरींछ॥

(नानाप्रकारका बलिदान्को बिधि)

फेरि यहवेले मूसालाइ येसो भन्यो हारून् र त्येस्का छोराहरुलाइ ८ ९
येस्तो आज्ञा दे होमबलिको व्यवस्था येइ हो. होमबलि दाउरा मांथि
बिहान् सम्म रातभरि बेदिमां रहोस् अनि बेदिको आगो त्येसैमां सल्कीइ
रहोस्। अनि पूजाहारीले आफनु पाट्कपराको वस्त्र र आफनु पाट्कपराको १०
जाङे पनि आफनु जीउमां लगाइ बेदिमां भयेको होमबलि आगोले
खाइकन बेदीमां रह्याको खरानि झिक्येर बेदि निर राखोस्। वहांदेखि ११
त्येस्ले ति वस्त्र काढ्येर अर्को लुगा लायेर खरानि छाउंनी देखि बाहिर येउटा
चोक्खो ठांउमां बोकि लैजावस्। अनि बेदिको आगो सल्कीइने रहोस् १२
त्यो निभ्नु न पावस् अनि बिहान् बिहान् पूजाहारीले त्येसमां दाउरा
सल्कायेर होमबलि सच्याइकन राखि देवस् अनि त्येस् मांथि मिलाप्-
बलिको बोसो डढावस्। बेदिमां आगो निरन्तर् सल्कीइ रहोस् त्यो १३
कहिलेइ निभ्नु न पावस्॥

फेरि अन्नबलिको व्यवस्था येइ हो. हारूनका छोराहरुले त्यो यहवेको १४
सांमु बेदिको अघिल्तिर चढाउन्। अनि त्येस्ले अन्नबलिको पिठो र त्येस्को १५
तेल्मांको आफनु मुठिभरि र अन्नबलिमां भयेको सब् गन्धरस् निकाल्येर
अन्नबलिको सम्झौटे भाग् गरि बेदिमां डढावस् यहवेको सांमु बास्ना
हुंनुलाइ। अनि उबऱ्येको चइं हारून् र त्येस्का छोराहरुले खाउन्. त्यो १६
बिना खमीर् कहीं चोक्खो ठांउमां खाईओस् तिनिहरुले त्यो भेट् हुंने
डेराको आंगनमां खाउन्। त्यो खमीर् सित न पकाईओस्। मैंले आफना १७
अग्निहोम्हरुमांको त्यो तिनको भाग् हुंनुको लागि दियें पापबलि र
दोषबलि झैं त्यो पनि महापवित्र हो। हारूनवंशीहरुमांका सब्बै पुरुषले १८
त्यो खाउन् तिमिहरुका सबै पुस्तामां यहवेका अग्निहोम्हरुमांको यो
तिनिहरुको येउटा बिधि सदा सम्म रहोस्. ति छुंने सबै पवित्र हुंछन्॥

फेरि यहवेले मूसालाइ येसो भन्यो हारून् अभिषिक्त भयेको १९ २०
दिन्मां त्येस्ले आफना छोराहरु समेत्ले चढाउंनु पर्ने भेटि येइ हो अर्थात्
एपाको दसौं हिस्सा पिठो बिहान आधा बेलुका आधा निरन्तर् अन्नबलिको
लागि चढावस्। त्यो ताईमां तेल्मां बनाईओस् जब त्यो तेल्मां फुलींछ २१
तब ल्याउंनु. अनि त्यो अन्नबलिको टुक्रा पोल्येर यहवेको सांमु बास्नाको
लागि चढाउंनु। अनि त्येस्का छोराहरुमांको जो त्येस्को ठकान्मां अभिषिक्त २२
पूजाहारी होला त्येस्ले पनि त्यो चढावस्. सदाको बिधि गरि त्यो यहवेको

२३ लागि स्यांट्टै डड़ाईग्रोस् । ग्रनि पूजाहारीका सबै ग्रन्नबलि स्यांट्टै डड़ाईछन् .
ति न खाईछन् ॥

२४ २५ फेरि यहवेले मूसालाइ येसो भन्यो हारून् र त्यस्का छोराहरूलाइ
येसो भन् पापबलिको व्यवस्था येइ हो . जुन् ठांउमां होमबलि बलि गर्गींद
छ त्येसैमां पापबलि पनि यहवेको सांमु बलि गर्गीग्रोस् . त्यो महापवित्र
२६ हो । जुन् पूजाहारी पापको लागि त्यो चढ़ाउंने हुंछ त्येसैले त्यो खावस् .
२७ त्यो कहीं चोक्खा ठांउमां भेट् हुंने डेराको ग्रांगनमां खाईग्रोस् । जस्
जस्ले त्येस्को मांसु छोला त्यो पवित्र हुंछ . ग्रनि त्येस्को रगतमांको कोइ
छिर्का कोई लुगामां पर्‍यो भन्ये देखि त्यो छिर्का पर्‍येको लुगा कहीं चोक्खो
२८ ठांउमां धोईग्रोस् । तर जुन् मांटोको भांड़ामां त्यो उसीनीयो त्यो फोरीग्रोस् .
ग्रनि त्यो पीतलको भांड़ामां उसीनीयो भन्ये देखि त्यो मांभीग्रोस् ग्रनि
२९ पानीले पखालीग्रोस् । पूजाहारीमांका सबै पुरुषहरूले त्येसमांको खाउन् .
३० त्यो महापवित्र हो । तर जुन् पापबलिको रगतमांको भेट् हुंने डेराको
भित्र पवित्रस्थानमां प्रायश्चित्त गर्नको लागि ल्याइंछ त्यो न खाईग्रोस् .
तर ग्रागोमां डड़ाईग्रोस् ॥

७ १ २ फेरि दोषबलिको व्यवस्था येइ हो . त्यो महापवित्र हो । जुन् ठांउमां
होमबलिलाइ बलि गर्दछन् त्येसैमां दोषबलि पनि बलि गरुन् . ग्रनि त्येस्को
३ रगत् त्येस्ले वेदिमां चारै तिर छर्कोस् । ग्रनि त्येस्ले त्येसमांको सबै बोसो
४ चढ़ावस् ग्रर्थात् पुच्छर् र ग्रान्द्राहरू ढाक्ने बोसो र दुवै मिर्गौला र
ति मार्थि र कम्मर् निर भयेको बोसो र मिर्गौला समेत कलेजो मार्थिको
५ जाला ति सबै त्येस्ले निकालोस् . ग्रनि पूजाहारीले ति वेदिमां यहवेको
६ लागि ग्रग्निहोम् गरि डड़ावस् . त्यो दोषबलि हो । पूजाहारीमांका जत्ति
पुरुष् हुंनन् तिनले त्यो देखि खाउन् . त्यो कहीं चोक्खो ठांउमां खाईग्रोस् .
७ त्यो महापवित्र हो । जस्तो पापबलि त्यस्तै दोषबलि . ति दुवैको एकै
व्यवस्था छ . जस् पूजाहारीले त्यो चढ़ाइकन प्रायश्चित्त गर्लो त्यो त्येसैको
८ हवस् । ग्रनि जस् पूजाहारीले कसैको होमबलि चढ़ाउला त्येसले चढ़ायेको
९ होमबलिको छाला लेइ पूजाहारीको हवस् । ग्रनि तनूरमां पोल्येको कि
तापक कि ताईमां पकायेको सबै ग्रन्नबलि चढ़ाउंने पूजाहारीके होउन् ।
१० तर तेलमां मुछ्येको हवस् कि सुको हवस् सबै ग्रन्नबलि हारूनका सबै
छोराहरूले बराबर् गरि पाउन् ॥

११ फेरि यहवेको लागि चढ़ाइंने मिलापबलिदानको व्यवस्था येइ हो ।
१२ त्येस्ले त्यो धन्नबादको लागि चढ़ायो भन्ये देखि धन्नबादी बलिदान् सित
तेलले मुछ्येको ग्रखमीरे फुलौरो तेल् घस्येको ग्रखमीरे खाबर् र तेलमां
१३ भिजायेको पिठोको फुलौरो चढ़ावस् । फेरि त्येस्ले ग्राफ्नु धन्नबादी मिलाप्
१४ बलिदान्हरू सित खमीरी रोटीहरू पनि चढ़ावस् । ग्रनि त्यो चढ़ाउंने
थोकमांको येउटा येउटा गरि त्येस्ले यहवेको लागि उचालीयेको भेटि गरि
१५ चढ़ावस् त्यो चाहिं मिलापबलिको रगत् छर्कने पूजाहारीको हवस् । ग्रनि

त्येस्को धन्नबादी मिलापबलिदान्को मांसु त्यो चढ़ाईने दिनैमां खाईश्रोस्
त्येस्मांको त्येस्ले बिहान् सम्म कोइ रहंनु न देवस्। तर त्येस्को चढ़ाईने १६
बलिदान् भाकल्को कि मनमानी हो भन्ये देखि त त्येस्ले जस् दिन् आफ्नु
बलिदान् चढ़ाउला त्यो त्येसै दिन्मां खाईश्रोस्. अनि त्येस्मांको उबन्येको
भोलिपल्टो खाईश्रोस्. तर बलिदान्को मांसुमांको पर्सिपल्टो सम्मलाइ १७
उबन्येको आगोमां डड़ाईश्रोस्। अनि त्येस्का मिलापबलिदान्हरूको मांसुमांको १८
पर्सिपल्टो पनि खाईयो भन्ये देखि त्यो ग्रहण गरींदैन न चढ़ाउंनेको लागि
गनींछ. तर त्यो घिन्लाग्दो हुंछ अनि त्येस्मांको खांने प्राणीले आफ्नु
अधर्म्म बोक्छ। फेरि जुन् मांसु कोइ अशुद्ध थोक् देखि छोईयेको छ त्यो न १९
खाईश्रोस् तर आगोमां डड़ाईश्रोस्। अनि मांसुको बिषयमां जति जना शुद्ध
छन् तिनले त्यो खाउन्. तर जून् प्राणीले यह्वेलाइ पर्ने मिलापबलिदान्- २०
हरूको मांसुमांको कोइ अशुद्ध भइ खाला त्यो प्राणी आफ्ना लोगकां देखि
काटि दिईंछ। अनि कसैले कोइ अशुद्ध थोक् का मान्छेको अशुद्धैं कि २१
अशुद्ध पशु कि कोइ पनि अशुद्ध घिन्लाग्दो थोक् छोइकन यह्वेलाइ
पर्ने मिलापबलिदान्हरूमांको मांसुमांको खाला त्यो आफ्ना लोगकां देखि
काटि दिईंछ॥

फेरि यह्वेले मूसालाइ येसो भन्यो इस्राएलबंशीहरूलाइ येसो २२ २३
भन् तिमिहरूले गोरु कि भेंड़ा कि बाख्राको कोइ बोसो न खांनु। अनि २४
आफै मर्येको कि बनजन्तु देखि फहराइ मारीयेकोको बोसो अरु कोइ
काममां लगाउंनु सक्छौ. तर त्यो तिमिहरूले कोई परिले न खांनु। किनभन्ये २५
यह्वेको लागि अग्निहोममां चढ़ाईने माफिक्को पशुको बोसो जस्ले खाला
त्यो खांने प्राणी आफ्ना लोगकां देखि काटि दिईंछ। फेरि तिमिहरूले २६
आफ्नु कुनै बासमां कोई परिको पंक्षीको कि पशुको रगत् न खांनु।
जोसुकैले कुनै रगत् खाला त्यो प्राणी आफ्ना लोगकां देखि काटि दिईंछ॥ २७

फेरि यह्वेले मूसालाइ येसो भन्यो इस्राएलबंशीहरूलाइ येसो २८ २९
भन् जस्ले आफ्ना मिलापबलिदान्हरू यह्वेको लागि चढ़ाउला त्येस्ले आफ्ना
मिलापबलिदान्हरूमांको आफ्नु भेटि यह्वे थांइ ल्यावस्. त्येस्ले आफ्नै ३०
हातले यह्वेको अग्निहोम् ल्यावस् अर्थात् छातीको बोसो समेत् ल्यावस् र
छातीको यह्वेको सांमु हल्लाईंने भेटि गरि हल्लाईश्रोस्। अनि पूजाहारीले ३१
बोसो बइं बेदिमां डड़ावस्. तर छातीको बइं हारून् र त्येस्का छोराहरूको
हुंछ। फेरि तिमिहरूले आफ्ना मिलापबलिदान्हरूमांको दाहीनो पौंड़ो पनि ३२
उचालीयेको भेटि गरि पूजाहारीलाइ दिंनु। हारून्का छोराहरूमांको जस्ले ३३
मिलापबलिदान्हरूमांको रगत् र बोसो चढ़ाउला दाहीनो पौंड़ो त्येसैको
भाग् हुंछ। कसोगरिभन्ये इस्राएलबंशीहरूका मिलापबलिदान्हरूमांको मैले ३४
हल्लाईयेको छाती र उचालीयेको पौंड़ो तिनिहरू देखि लिइ हारून्
पूजाहारी र त्येस्का छोराहरूलाइ इस्राएलबंशीहरूको पट्टि बाटो सदाको
बिधिको लागि दियें॥

३५ हारून् र त्येस्का छोराहरु जस् दिन् यहवेको पूजाहारीगिरिको सेवा
गर्नुलाइ नजिक् ल्याईये त्येसै दिन् यहवेका अग्निहोम्हरुमांको यो तिनको
३६ अभिषेकौभाग् ठहराईयो जस् दिन् यहवेले तिनिहरुलाइ अभिषेक्
गर्यो त्येस् दिन् उस्ले तिनलाइ इस्राएलवंशीहरु पट्टि बाटो येइ भाग्
मिल्ने आज्ञा दियो। तिनिहरुका सबै पुस्ताहरु सम्म यो सदाको बिधि
३७ हो। होमबलि र अन्नबलि र पापबलि र दोषबलि र स्थापन् गर्ने
३८ बलि र मिलापबलिदान्हरुको व्यवस्था येइ हो जुन् दिन्मां उस्ले
सीनैको बन्मां इस्राएलवंशीहरुलाइ तिमिहरुले मेरो लागि भेटि चढाउंनु
पर्छ भनि आज्ञा दियो त्येस् दिन् यहवेले सीनै पर्वत्मां मूसालाइ यो
व्यवस्थाको आज्ञा दियो॥

(हारून् र त्येस्का छोराहरुको स्थापन्गराई)

८ १ फेरि यहवेले मूसालाइ येसो भन्यो तैंले हारून्लाइ त्येस्का छोरा-
हरु समेत् र बस्त्रहरु र त्यो अभिषेक् गर्ने तेल् र पापबलिको त्यो बाच्छा
३ ति दुवै भुमा र अखमीरे रोटीको त्यो डालो लियेर सिंगै मंडलीलाइ
४ भेट् हुंने डेराको दैलो निर भेला गर। त मूसाले यहवेले त्येस्लाइ
गर्येको आज्ञा अनुसार् गर्यो अनि भेट् हुंने डेराको दैलो निर मंडली भेला
५ गराईयो। तब मूसाले मंडलीलाइ भन्यो गर्न पर्ने काम् गर्नुलाइ यहवेले
६ दियेको आज्ञा येइ हो। त मूसाले हारून् र त्येस्का छोराहरुलाइ छेउ ल्यायेर
७ पानीले नुहायो। अनि त्येस्ले हारून्लाइ दौरा लगाइ दियेर पटुका बांधि
झांच् पहिर्‍यायो अनि एपोद् लगायो अनि एपोद्को बुट्टा काढ़ेको पटुकाले
८ एपोद् बांधि दियो। फेरि त्येस्ले हारून् मांथि चप्रास् लगायो . चप्रास्मां
९ ऊरीम् र तुम्मीम् लगाइ दियो . अनि त्येस्ले त्येस्को सिर्मां पगरी लगायो
अनि पगरी मांथि त्येस्को अघिल्तिर सुन्को पत्र अर्थात् पवित्र मुकुट्
१० लगायो . जस्तो यहवेले मूसालाइ आज्ञा दियेको थियो। वहांदेखि मूसाले
अभिषेक् गर्ने तेल् लियेर बासस्थान्लाइ र जे जे त्येस्मां थिये सब्बैलाइ
११ अभिषेक् गरि तिनलाइ पवित्र गर्यो। अनि त्येस्मांको त्येस्ले बेदिमां सात्
खेप् छर्क्यो अनि बेदि त्येस्को सब्बै सामान् समेत्लाइ र स्नान्भांड़ा त्येस्को
१२ बेठक् समेत्लाइ अभिषेक् गर्यो ति पवित्र गर्नुलाइ। फेरि त्येस्ले अभिषेक्
गर्ने तेल्मांको हारून्को सिर् मांथि खन्याइ त्येस्लाइ अभिषेक् गर्यो त्येस्लाइ
१३ पवित्र गर्नु लाइ। फेरि मूसाले हारून्का छोराहरुलाइ ल्यायेर दौरा
लगाइ दिइ तिनका पटुका बांधि दिइ टोपीहरु लगाइ दियो . जस्तो
१४ यहवेले मूसालाइ आज्ञा दियेको थियो। वहांदेखि त्येस्ले पापबलिको
बाच्छा ल्यायो . अनि हारून् र त्येस्का छोराहरुले आफ्ना आफ्ना हात्
१५ पापबलिको बाच्छाको सिर्मां राखे। तब त्येस्ले त्यो बलि गर्यो अनि
मूसाले रगत् लियेर औंलाले बेदिका सींग्हरुका चारै पट्टि लगायेर त्यो
पवित्र गर्यो अनि अरु रगत् बेदिको जग्मां खन्यायेर बेदिलाइ पवित्र

गर्‍यो त्यसको लागि प्रायश्चित्त गर्नुलाइ । अनि त्यसले आन्द्राहरु ढाक्ने सबै १६
बोसो र कलेजो मांथिको जाला र बोसो समेत् दुवै मिर्गौला लियेर
बेदिमां डढ़ायो । तर बाच्छा त्यसको छाला मांसु गोबर् समेत् त्यसले छाउनी १७
देखि बाहर आगोम डढ़ायो . जस्तो यहवेले मूसालाइ आज्ञा दियेको
थियो । अनि त्यसले होमबलिको थुमा ल्यायो . अनि हारून् र त्यस्का १८
छोराहरुले आफ्‌ना आफ्‌ना हात् थुमाको सिर्मां राखे । तब त्यसले त्यो १९
बलि गर्‍यो . अनि मूसाले त्यसको रगत् बेदिमां रिंगै छर्‍यो । तब त्यसले २०
थुमा टुक्रा टुक्रा पार्‍यो अनि मूसाले टाउको टुक्राहरु बोसो समेत्
डढ़ायो । अनि त्यसले आन्द्रा र खुट्टाहरु पानीले धोयो अनि मूसाले सिंगै २१
थुमा बेदिमां डढ़ायो . त त्यो बास्ना आउने होमबलि भयो . यहवेको लागि
अग्निहोम् भयो . जस्तो यहवेले मूसालाइ आज्ञा दियेको थियो । फेरि त्यसले २२
अर्को थुमा अर्थात् स्थापन् गर्ने थुमा नजिक् ल्यायो . अनि हारून् र त्यस्का
छोराहरुले आफ्‌ना आफ्‌ना हात् त्यो थुमाको सिर्मां राखे । तब त्यसले २३
त्यो बलि गर्‍यो अनि मूसाले त्यस्को रगत्मांको लियेर हारूनको दाहिनो
कान्को लोतिमां र त्यस्को दाहिनो हात्को बुढ़िऔंलामां र दाहिनो गोड़ाको
बुढ़िऔंठामां लगाइ दियो । फेरि त्यसले हारूनका छोराहरुलाइ नजिक् ल्यायो २४
अनि मूसाले त्यस्को रगत्मांको तिनिहरुको दाहिनो दाहिनो कान्को लोति
लोतिमां र दाहिनो दाहिनो हात्का बुढ़िऔंला बुढ़िऔंलामां र दाहिनो
दाहिनो गोड़ाको बुढ़िऔंठा बुढ़िऔंठामां लगाइ दियो . त्यसपछि मूसाले
त्यस्को रगत् बेदिमां रिंगै छर्‍यो । तब त्यसले बोसो र पुछ्रे र आन्द्राहरु २५
ढाक्ने सबै बोसो र कलेजो मांथिको जाला र बोसो समेत् दुवै मिर्गौला
र दाहिनो पौंड़ो र यहवेको सांमु भयेको अखमीरे रोटीको डालोको २६
येउटा अखमीरे रोटी र तेल्मां पोल्येको येउटा फुलौरो र येउटा बाबर्
लियेर ति बोसोमां र दाहिनो पौंड़ोमां राखि ति सब्बै हारूनको २७
हात्मां र त्यस्का छोराहरुका हातमां राखि दियो अनि यहवेको सांमु
हल्लाइने भेटि गरि हल्लायो । त्यसपछि मूसाले ति तिनिहरुका हात् देखि २८
लियेर होमबलि मांथि बेदिमां डढ़ायो . त बास्ना आउने स्थापन्को भेटि
भयो . यहवेको लागि अग्निहोम् भयो । त्यसपछि मूसाले छातिको लियेर २९
हल्लाईयेको भेटि गरि यहवेको सांमु हल्लायो . त्यो चइं स्थापन्को थुमाको
मूसाको भाग् भयो . जस्तो यहवेले मूसालाइ आज्ञा दियेको थियो । फेरि ३०
मूसाले अभिषेक् गर्ने तेल् र बेदि मांथि भयेको रगत् दुवैमांको लियेर
हारून् र त्यस्का बस्त्रहरु मांथि र त्यो सङ त्यस्का छोराहरु मांथि र तिनका
बस्त्रहरु मांथि पनि छर्‍यो अनि त्यसले बस्त्रै समेत् हारून् र बस्त्रै समेत्
त्यस्का छोराहरुलाइ पनि पवित्र गर्‍यो । तब मूसाले हारून् र त्यस्का ३१
छोराहरुलाइ भन्यो मांसु चइं भेट् हुंने डेराको दैलो निर पकाव . अनि
त्यो स्थापन्को डालोमां भयेको रोटी समेत् उहीं खाव जसो मैंले हारूनले
आफ्‌ना छोराहरु समेतले त्यो खावस् भन्येर आज्ञा गर्‍येको थियें । अनि ३२

३३ मांसु र रोटीमांको उब्रयेको आगोमां डढ़ाइ देव । अनि सात् दिन् सम्म
अर्थात् तिमिहरुको स्थापन् हुंने दिनको भरना न होउंञ्जाल् सम्म भेट् हुंने
डेराको ढैलो देखि बाहिर न जांनु . किनभन्ये उस्ले तिमिहरुलाइ सात् दिन्
३४ सम्म स्थापन् गर्दै रहंछ । जस्तो आजु गरीयो त्यसै तिमिहरुको प्रायश्चित्त
३५ गर्नुको लागि यहवेले आज्ञा दियेको छ । त तिमिहरु भेट् हुंने डेराको
ढैलो निर सात् दिन् सम्म दिन् रात् बसि रह अनि यहवेले जिम्मामां
दियेको आज्ञा मान्दै रह होइन भन्ये ता मरौला . किनभन्ये मंलाइ येस्तै
३६ आज्ञा दिईयेको छ । त यहवेले जे जे आज्ञा मूसाको बाटोले दियेको
थियो हारुन् र त्येस्का छोराहरुले सबै त्यसै गर्ये ॥

९ १ फेरि आठौं दिनमां येसो भयो मूसाले हारुन् र त्येस्का छोराहरुलाइ
२ र इस्राएल्का प्राचीनहरुलाइ बोलायेर हारुनलाइ भन्यो आफ्नु लागि
येउटा बाच्छा पापबलिको लागि र येउटा थुमा होमबलिको लागि दुवै
३ निष्खोट् लियेर यहवेको सांमु चढ़ाउ । अनि इस्राएलवंशीहरुलाइ येसो भन
पापबलिको लागि येउटा बाखा र होमबलिको लागि वर्ष वर्षदिनको येउटा
४ बाच्छा र येउटा पाठा ल्याव दुवै निष्खोट् होउन् अनि यहवेको सांमु
बलि गर्नुलाइ मिलापबलिको येउटा बाच्छा र येउटा थुमा र तेलले मुछेको
येउटा अन्नबलि पनि ल्याव . किनभन्ये आजु यहवेले तिमिहरुलाइ दर्शन्
५ दिंछ भनि । तब तिनिहरुले मूसाले आज्ञा गर्येको सबै थोक् भेट् हुंने
डेराको सांमु ल्याये . अनि सिंगै मंडली छेउ आइ यहवेको सांमु उभीयो ।
६ तब मूसाले भन्यो तिमिहरुलाइ जुन् काम् गर्नु यहवेले आज्ञा दियेको छ
७ त्यो येइ हो . त यहवेको महिमाले तिमिहरुलाइ दर्शन् दिंछ । फेरि मूसाले
हारुनलाइ भन्यो बेदि छेउ आयेर आफ्नु पापबलि र होमबलि चढ़ाइ
आफ्नु र लोगको लागि प्रायश्चित्त गर . अनि लोगको भेटि चढ़ाइ तिनको
८ लागि प्रायश्चित्त गर . जस्तो यहवेले आज्ञा दियेको छ । त हारुनले बेदि
९ छेउ गयेर पापबलिको बाच्छा जो आफ्नै लागि थियो बलि गर्यो । अनि
हारुनका छोराहरुले रगत् त्येस्को छेउमां ल्याये . तब त्येस्ले आफ्नु औंला
रगत्मां डुबायेर त्यो बेदिका सींगहरुमां लगाइ दियो अनि अरु रगत्
१० बेदिको जगमां खन्यायो . तर त्येस्ले पापबलिमांको बोसो र मिर्गौला र
कलेजो मांथिको जाला बेदिमां डढ़ायो . जस्तो यहवेले मूसालाइ आज्ञा
११ दियेको थियो । तर मांसु र छाला चहिं त्येस्ले छाउंनी देखि बाहिर आगोमां
१२ डढ़ायो । तब त्येस्ले होमबलिलाइ बलि गर्यो वहांदेखि हारुनका
१३ छोराहरुले रगत् त्येस्लाइ दिये अनि त्येस्ले त्यो बेदिमां रिंगै छर्क्यो । तब
तिनिहरुले होमबलि टुकरा टुकरा गरि टाउके समेत् त्येस्लाइ दिये . अनि
१४ त्येस्ले त्यो बेदिमां डढ़ायो । तब त्येस्ले आन्द्रा र खुट्टाहरु धोयेर बेदिमां
१५ होमबलि मांथि डढ़ायो । फेरि लोगको भेटि छेउ ल्यायेर त्यो लोगको
लागिको पापबलिको बाखा लिइ बलि गर्यो अनि अघिल्लो झैं त्यो पनि
१६ पापको लागि चढ़ायो । फेरि त्येस्ले होमबलि छेउ ल्यायेर बिधि अनुसार्

चढ़ायो । तब अन्नबलि छुँउ ल्यायेर त्येसमांको मुठिभरि लियेर बिहानको १७
होमबलि बाहिक् त्यो पनि बेदिमां डड़ायो । फेरि त्येस्ले बाच्छा र थुमा १८
अर्थात् लोगको लागिको मिलापबलिदान् पनि बलि गर्‍यो . अनि हारूनका
छोराहरूले रगत् त्येस्लाइ दिये अनि त्येस्ले त्यो बेदिमां रिंगै छर्क्यो फेरि १९
तिनिहरूले बाच्छाको बोसो र थुमाको पुछ्रे र आन्द्राहरू ढाक्ने बोसो र
मिर्गौउला र कलेजो मांथिको जाला पनि दिये . फेरि तिनिहरूले बोसो २०
छातीको छातीमां राखे अनि त्येस्ले बोसो चढ़ं बेदिमां डड़ायो . तर २१
छातीहरू समेत् दाहीनो पौंड़ो हारूनले मूसाको आज्ञा अनुसार् हल्लाईंने
भेटि गरि यहवेको सांमु हल्लायो । तब हारूनले लोग् तिर आफ्ना हात् २२
उठायेर तिनलाइ आशीर्बाद् गर्‍यो वहांदेखि पापबलि होमबलि
मिलापबलि चढ़ाइ सक्येर त्यो उत्रि आयो । तब मूसा र हारून् भेट् हुंने २३
डेरामां गये अनि फेरि निकल्येर लोगलाइ आशीर्बाद् गर्‍ये . तब सबै
लोगलाइ यहवेको महिमाको दर्शन् भयो । तब यहवेको सांमु देखि २४
आगोले निस्कि आयेर बोसै समेत् होमबलि बेदिमां भस्म पार्‍यो . अनि
सबै लोग त्यो देख्येर कराइकन घोप्टो पर्‍ये ॥

(नादाब् र अबीहूको पाप्)

तर हारूनका छोराहरू नादाब् र अबीहूले आफ्नु आफ्नु धुपौरो १०१
लिइ त्येसमां आगो हालि आगोमां धूप् हालि यहवेको सांमु अन्यआगो
चढ़ाये जस्को आज्ञा उस्ले तिनलाइ दियेको थियेन । तब यहवेको सांमु २
देखि आगो निकल्यो अनि तिनलाइ भस्म पार्‍यो त तिनिहरू यहवेको सांमु
मरि गये । तब मूसाले हारूनलाइ भन्यो यहवेले मं आफ्नु नजिककाहरू ३
देखि पवित्र गरौंछु अनि सिंगै लोगको सांमु मं महिमित् गरौंछु भन्येको
कुरो येइ हो । त हारून् चुप लागि रह्यो । अनि मूसाले हारूनको काम्छा ४
बाबु उज्जीएलका छोराहरू मीशाएल् र एल्सापानलाइ बोलायेर भन्यो छुँउ
आयेर आफ्ना भाईहरूलाइ पवित्रस्थानको सांमु देखि उठायेर छाउंनी
देखि बाहिर बोकि लैजाव । त तिनिहरूले मूसाले भन्येको अनुसार् छुँउ ५
आयेर तिनिहरूलाइ तिनका लायेका दौरेमां उठाइ छाउंनी देखि बाहिर
लग्ये । तब मूसाले हारूनलाइ र त्येस्का छोराहरू एलाजार् र ईतामारलाइ ६
भन्यो तिमिहरूले आफ्नु सिरका केस् न छोड़ न आफ्ना लुगा फार होइन
भन्ये ता मरौला अं सिंगै मंडली मांथि यहवे रिसाउंछ . तर तिमिहरूका
दाज्युभाई अं इस्राएलको सिंगै जहानले यहवेले बाल्येको आगो मांथि
बिलाप् गरून् । तर तिमिहरू भेट् हुंने डेराको दैलो देखि बाहिर न जांनु ७
होइन भन्ये ता मरौला . किनभन्ये यहवेको अभिषेक् गर्ने तेल् तिमिहरू
मां छ । त तिनिहरूले मूसाको बचन् अनुसार् गर्‍ये ॥

फेरि यहवेले हारूनलाइ येसो भन्यो अब तिमिहरू भेट् हुंने ८, ९
डेरामां जाऔला तब तैंले कि तं सङ भयेका तेरा छोराहरूले न दाखरस् न

मद्य पीउंनु होइन भन्य ता मरौला. तिमिहरुका सबै पुस्ताहरुको लागि
१० येह्र बिधि हुंछ. तिमिहरुले पवित्र अपवित्रमां र शुद्ध अशुद्धमां भेद् गर
११ भन्ये खातिर्ले अनि जत्ति बिधिहरु यह्वेले इस्राएल्वंशीहरुलाइ
मूसाको बाटोले भन्येको छ ति सबै तिनिहरुलाइ सिकाव भन्ये खातिर्ले ॥
१२ फेरि मूसाले हारून्लाइ र त्येस्का बांच्येका छोराहरुलाइ अर्थात्
एलाजार् र ईतामार्लाइ पनि भन्यो यह्वेका अग्निहोम्हरुमांको बांच्येको
अन्नबलि लियेर बिना खमीर् बेदिको छेउमां खाव. किनभन्ये त्यो महा
१३ पवित्र हो. त तिमिहरुले त्यो कहीं चोक्खो ठांउमां खाव किनभन्ये यो
यह्वेका अग्निहोम्हरुमांको तिम्रो र तिम्रा छोराहरुको भाग् हो.
१४ किनभन्ये मैंले येस्तै आज्ञा पायें। अनि हल्लाइंने छाती र उचालींने
पींड़ो तिमिहरुले अर्थात् तिमिले आफ्ना छोराछोरी समेत्ले चोक्खो
ठांउमां खाउ. किनभन्ये ति इस्राएल्वंशीहरुका मिलापबलिका
बलिदान्हरुमांका तिम्रा र तिम्रा छोराहरुको भाग् गरि दिईयेका छन्।
१५ तिनिहरुले बोसोको अग्निहोम् समेत् उठाइंने पींड़ो र हल्लाइंने छाती
यह्वेका सांमु हल्लाइंने भेटि गरि हल्लाउंनुको लागि ल्याउन्. त ति
भाग् सदाको बिधि गरि तिम्रो र तिमि सङ्का तिम्रा छोराहरुको लागि
पनि होउन्. जस्तो यह्वेले आज्ञा दियेको छ ॥
१६ अनि मूसाले पापबलिको बाख्राको लागि खोज्खाज् गर्यो त हेर
त्यो डड़ाईयेछ. तब हारून्का बांच्येका छोराहरु एलाजार् र ईतामार्लाइ
१७ त्येस्ले रिसायेर भन्न लाग्यो किन तिमिहरुले पापबलि पवित्रस्थान्को
ठांउमां खायेका छौन किनभन्ये त्यो महापवित्र हो अनि उस्ले
तिमिहरुलाइ यह्वेको सांमु तिमिहरुको लागि प्रायश्चित्त गर्नुलाइ
१८ मंडलीको अधर्म्म बोक्नु भन्येर दियेको छ। हेर त्येस्को रगत् पवित्रस्थान्मां
भित्र ल्याईयेन छ. त तिमिहरुले निस्से मेरो आज्ञा अनुसार् त्यो
१९ पवित्रस्थान्मां खांनु उचित् थियो। तब हारून्ले मूसालाइ भन्यो हेर
आजु तिनिहरुले आफ्नु पापबलि र होमबलि यह्वेको सांमु चढ़ायेका
छन् अनि मं मांथि येस्तो येस्तो पर्येको छ त आजु मैंले पापबलि खायेको
२० भये देखि ता क्ये त्यो यह्वेको सांमु जाति लाग्ने थियो। जब मूसाले
यो कुरो सुन्यो तब त्यो त्येस्को सांमु जाति लाग्यो ॥

(शुद्ध अशुद्ध पशुहरुको बिषय्)

११ १ फेरि यह्वेले मूसा र हारून्लाइ येसो भन्यो इस्राएल्वंशीहरुलाइ
२ येसो भन जत्ति पशु भूमिमां छन् ति सबैमांका तिमिहरुले यि जीवधारीहरु
३ खांनु हुंछ। पाउ भाग् भाग् भयेका र चिरीयेका खुर् भयेका र उगरा गर्ने
४ पशुहरुमांका जति छन् ति खांनु हुंछ। तैपनि उगरा गर्ने कि खुर् चिरा
भयेकाहरुमांका यिनिहरु खांनु हुंदैन अर्थात् ऊंट् जस्ले उगरा ता गर्दै छ
तर खुर् चिरा भयेको छैन येस्कारण् त्यो तिमिहरुको लागि अशुद्ध हो।

अनि शापान्[1] जस्ले उगेरा ता गर्छ तर खुर् चिरा भयेको छैन त त्यो ५
पनि तिमिहरूको लागि अशुद्ध हो। अनि खरायो जस्ले उगेरा ता गर्छ ६
तर खुर् चिरा भयेको छैन येस्कारण त्यो पनि तिमिहरूको लागि
अशुद्ध हो। अनि सुंगुर् जस्को पाउ भाग् भाग् भयेको र खुर् चिरा भयेको ७
ता छ तर उगेरा गर्दैन येस्कारण त्यो पनि तिमिहरूको लागि अशुद्ध हो।
यिनको मासु न खानु अनि न यिनको सिनु छुनु ति तिमिहरूको लागि ८
अशुद्ध हुन्॥

फेरि पानीमा रहने सबैमांका यिनिहरू तिमिहरूले खानु हुंछ अर्थात् ९
पानीहरूमा र समुन्द्रहरूमा र नदीहरूमा जत्तिका पखेटा र कत्ला छन्
ति खानु हुंछ। तर पानीमा सबै चलहल गर्नेमांका र पानीमा भयेका सबै १०
जीवधारी प्राणीहरूमांका जो समुन्द्रहरू र नदीहरूमा छन् जस् जस्का
पखेटा र कत्ला छैनन् ति तिमिहरूको लागि घिन्लाग्दा हुन्   त ति ११
तिमिहरूको लागि घिन्लाग्दाने होउन् तिमिहरूले तिनका मासुमांको कोइ
पनि न खानु अं तिनका सिनु घिन्लाग्दा जान। पानीमा हुने ज्येका पखेटा १२
कि कत्ला हुंदैनन् ति तिमिहरूको लागि घिन्लाग्दा हुंछन्॥

फेरि पंछीहरूमांका यिनलाइ घिन्लाग्दा जान तिनिहरू घिन्लाग्दा १३
भइ न खाइउन् अर्थात् गिद्ध हाड्फोरा माछ्का खाने गिद्ध   र चील् १४
र भांति भांतिका बाज्   भांति भांतिका काग्   अनि शुतर्मुर्ग् हुड्चील् १५ १६
जल्कुक्कुट् र भांति भांतिका बडटै   लाट्कोसेरा हाड्गील् कोइगालो १७
राज्हांस् धनेस् सांनु गिद्ध   सारस् भांति भांतिका बकुल्ला फापचरा १८ १९
र चमेरो॥

फेरि पखेटा भयेका कीराफटेंग्राहरूमां जत्ति चार् खुट्टाले हिंड्द २०
छन् ति सबै तिमिहरूको लागि घिन्लाग्दा होउन्। तैपनि सबै पखेटा २१
भयेका कीराफटेंग्रा चार् खुट्टाले हिंड्नेहरूमां यिनिहरू खानु हुंछ अर्थात्
जस् जस्का गोडा देखि माथ्तिर खुट्टा पनि छन् भूइं देखि उफ्रनुको लागि
तिनिहरूमांका यिनेहरू खानु हुंछ भांति भांतिका सलहहरू भांति २२
भांतिका अर्को रकम्का सलहहरू भांति भांतिका जउकीरा जस्ता सलहहरू
र भांति भांतिका फटेंग्राहरू। तर अरु सबै पखेटा भयेका कीराफटेंग्राहरू २३
जो चार् खुट्टाले हिड्द छन् तिमिहरूको लागि घिलाग्दा होउन्॥

त तिमिहरू ति देखि अशुद्ध होइ जांछौ. अं तिनको सिनु कसैले २४
छोयो भन्ये देखि सांझ् सम्म अशुद्ध होइ रहंछ. अनि कसैले तिनको २५
सिनुमांको उठायो भन्ये देखि आफ्नु लुगा धोयेर सांझ् सम्म अशुद्ध
रहंछ। पाउ भाग् भाग् भयेका तर खुर् चिरा न भयेका अनि न उगेरा २६
गर्ने ति सबै पशु तिमिहरूको लागि अशुद्ध हुन्. ति छुने सबै अशुद्ध
हुंछन्। अनि चार् खुट्टाले हिंड्ने सबै पशुहरूमांका ज्ये ज्ये पौंजाले टेकि २७

[1] अर्थात् एक रकम्को भीरखरायो।

हिंडूनेहरु छन् ति तिमिहरुको लागि अशुद्ध हुन् तिनको सिंनु छुंने सबै
२८ सांझ् सम्म अशुद्ध रहंछन् । अनि कसैले तिनको सिंनु उठायो भन्ये देखि
त्येल्ले आफ्नु लुगा धोवस् अनि सांझ् सम्म अशुद्ध रहंछ . ति तिमिहरुको
लागि अशुद्ध हुन् ॥
२९ अनि बांबां हिंडूनेहरु जो भूइंमां बांबां हिंडूद छन् तिनिहरुमांका
यि तिमिहरुको लागि अशुद्ध हुन् अर्थात् न्याउरीमुसा र मुसा र भांति
३० भांतिका गोहोराहरु किर्किटिछेपारा सालक् छेपारा भालेसुंग्रो र
३१ रातो छेपारा । सब बांबां हिंडूनेहरुमांका यिनै तिमिहरुको लागि अशुद्ध
३२ हुन् . ति मंर्येका जल्ले छोला त्यो सांझ् सम्म अशुद्ध रहंछ । अनि
तिनिहरुमांको कुनै मंर्यको कोइ थोक्मां पर्यो भन्ये देखि त्यो थोक्
अशुद्ध हुंछ त्यो काठ्को कोइ भांड़ा हवस् कि लुगा कि छाला कि भाङ्ग्रा
कि कुनै काम्को जस्तोसुकै थोक् हवस् त्यो पानीमां चोबल्नु पर्छ अनि
३३ सांझ् सम्म अशुद्ध होइ रहंछ तब त्यो शुद्ध हुंछ । फेरि कुनै मांटोको
भांड़ामां यि जन्तुमांको कुनै पर्यो भन्ये देखि त्यो त्येस्मां भयेको थोक् अशुद्ध
३४ हुंछ अनि तिमिहरुले त्यो भांड़ा फुटाइ हाल । पानी पर्येको कोइ खांने
थोक् छ भन्ये देखि त्यो सबै अशुद्ध हुंछ . अनि त्येस्तो भांड़ामां कोइ पीउंने
३५ थोक् पीउंनुको लागि छ भन्ये देखि त्यो पनि अशुद्ध हुंछ । अनि कोइ
थोक्मां तिनको सिंनुमांको कोइ पर्यो भन्ये देखि अशुद्ध हुंछ त्यो तनूर्
हवस् कि चुल्हा हवस् ति भत्काईउन् . ति अशुद्ध भयें त तिमिहरुको
३६ लागि अशुद्ध हुन् । तैपनि जरुवा पानीको खोल्चा कि पानी जमौने
३७ तलाउ शुद्धै रहोस् . तर जल्ले तिनको सिंनु छोला त्यो अशुद्ध हुंछ । अनि
तिनका सिंनुमांको कोइ कोई प्रकार्को छर्ने बिउमां पर्यो भन्ये देखि त्यो
३८ शुद्धै हुंछ । तर बिउमां पानी हालीयेको थियो अनि पछि सिंनुमांको
कोइ त्येस्मां पर्यो भन्ये देखि त्यो तिमिहरुको लागि अशुद्ध हुंछ ॥
३९ फेरि तिमिहरुले खांनु हुंने कोइ पशु मंर्यो भन्ये देखि त्येस्को सिंनु
४० छुंने सांझ् सम्म अशुद्ध रहंछ । अनि त्येस्को मांसुमांको कोइ खायो भन्ये
देखि आफ्नु लुगा धोवस् अनि सांझ् सम्म अशुद्ध रहंछ . अनि त्येस्को
सिंनु उठाउंनेले पनि आफ्नु लुगा धोवस् अनि सांझ् सम्म अशुद्ध रहंछ ॥
४१ अनि सब्बै प्रकार्का भूइमां बगि हिंन्नेहरु घिन्लाग्दा हुन् ति
४२ न खाईउन् । ज्ये ज्ये पेट्ले र चार् खुट्टाले कि धेरै खुट्टाले हिंडूद छन् अं
भूइमां येसैगरि बगि हिंन्नेहरु सबै जत्ति छन् ति तिमिहरुले न खांनु
४३ किनभन्ये ति घिन्लाग्दा हुन् । तिमिहरुले आफुलाइ बगि हिंन्ने जन्तुहरुको
बाटोले घिन्लाग्दा न तुल्याव अनि न ति देखि आफुलाइ अशुद्ध गर
४४ तिमिहरु ति देखि अशुद्ध न हुंनुलाइ । किनभन्ये मं यह्वे तिमिहरुको
ईश्वर् हुं . येस्कारण् आफुलाइ पवित्र गर अनि पवित्र भइ रह किनभन्ये मं
पवित्र छु . त तिमिहरुले भूइमां बगि हिंन्ने कोई प्रकार्को जन्तु देखि
४५ आफुलाइ अशुद्ध न पार । किनभन्ये मं यह्वे हुं जल्ले तिमिहरुलाइ मिश्र

देस् देखि चढाइ ल्यायो तिमिहरूको ईश्वर् हुंनुलाइ . येस्कारण तिमिहरू
पवित्र भइ रह किनभन्ये मं पवित्र छु ॥

पशु पंषी र पानीमां हिंड्ने चलहल गर्ने सब् जीवधारी प्राणी र ४६
भुइमां बगि हिंड्ने सब् प्राणीहरूको बिषय्मांको व्यवस्था येइ हो . शुद्ध ४७
अशुद्ध र खांनु हुंने र खांनु न हुंने जीवधारीको बीच्मां भेद् गर्नुलाइ ॥

(सुत्केरि भये पछि शुद्धहुवाईको बिधि)

फेरि यहूवेले मूसालाइ येसो भन्यो इस्राएल्बंशीहरूलाइ येसो १२ १
भन् गर्भिणी भइ छोरो जन्माउंने स्त्री सात् दिन् सम्म अशुद्ध रहोस्
त्यस्को बेथाको अलग् हुंने दिन्मां भयेको झें अशुद्ध होइ रहोस् । अनि ३
आठौं दिन्मां छोराको खलड़िको मांसुमां खत्ना हवस् । फेरि त्यो स्त्री ४
आफ्नु शुद्ध गर्ने रगत्मां तेंतीस् दिन् रहोस् अनि जब सम्म त्यस्को शुद्ध
गर्ने दिनको भरना हुंदैन तब सम्म त्यस्ले कोइ पवित्र थोक् न छोवस् अनि
न पवित्रस्थान्मां पसोस् । तर त्यस्ले छोरी जन्माई भन्ये देखि त्यो दुइ ५
साता सम्म आफ्नु अलग् भयेकोमां झें अशुद्ध रहोस् . अनि छियासठ् दिन्
सम्म आफ्नु शुद्ध गर्ने रगत्मां रहोस् । अनि जब त्यस्का शुद्ध हुंने दिनको ६
भरना होला तब त्यस्ले छोरा जन्मायेकाको लागि कि छोरी जन्मायेकोको
लागि त्यस्ले होमबलिको लागि बर्ष दिनको पाठा र पापबलिको लागि
परेवाको येउटा बच्चा कि ढुकुर् भेट् हुंने डेराको डेलीमां पूजाहारी थांइ
ल्याउस् . तब पूजाहारीले ति यहूवेका सांमु चढाउस् अनि त्यस्को लागि ७
प्रायश्चित्त गरोस् तब त्यो आफ्नु रगत् बहंनु देखि शुद्ध ठहरोछ । जुन्
स्त्रीले छोरा कि छोरी जन्माउंछ त्यस्को लागि व्यवस्था येइ हो । तर त्यस्को ८
पाठा ल्याउंने पुंजि छैन भन्ये देखि त्यस्ले दुइटा ढुकुर् कि परेवाका दुइटा
बच्चा येउटा चढ्इं होमबलिको लागि अनि अर्को चढ्इं पापबलिको लागि
ल्याउस् . अनि पूजाहारीले त्यस्को लागि प्रायश्चित्त गरोस् तब त्यो शुद्ध हुंछ ॥

(कोढीहरूको बिषय्को बिधि)

फेरि यहूवेले मूसा र हारून्लाइ येसो भन्यो कोई मान्छेको १३ २
जीउको छालामां फुलाई कि पाप्रा कि उज्जर् छिर्का त्यस्को जीउको छालामां
कोढ्को महारोग् जस्तो देखाहा पर्यो भन्ये देखि त्यो हारून् पूजाहारी कि
त्यस्का पूजाहारी छोराहरूमांको कोई थांइ पुर्याईओस् . अनि पूजाहारीले ३
त्यस्को जीउको छालामां भयेको त्यो रोग् हेरोस् . अनि त्यस्को रोग्को
ठांउका रऊं फेरीयेर सेतो भइ गयेका गछन् अनि त्यो रोग् जीउको छाला
भन्दा गहीरो देखाहा पर्यो भन्ये देखि त्यो कोढ्को रोग् हो . त पूजाहारीले
त्यो मान्छेलाइ हेर्येर अशुद्ध ठहराउस् । तर त्यो उज्जर् छिर्का त्यस्को ४

जीउको छालामां सेतो भयेको ता रक्क तर छाला गहीरो देखाह्रा पर्येन अनि
न त्यसमांका रऊं फेरायेर सेता भइ गयेका राक्कन् भन्ये देखि पूजाहारीले त्यस्
५ रोगीलाइ सात् दिन् सम्म थुनि राखोस्. फेरि सातौं दिनमां पूजाहारीले
त्यस्लाइ हेरोस्. त हेर त्यस्ले हेर्दा रोग् उतिकैमां अड़ीयेको रक्क अनि
त्यस्को छालामां फिंजीयेको रैनक्क भन्ये देखि पूजाहारीले त्यस्लाइ अरु पनि
६ सात् दिन् थुनि राखोस्. अनि सातौं दिनमां पूजाहारीले त्यस्लाइ फेरि
हेरोस्. त हेर रोग् मत्थर् भये क्क अनि रोग् छालामां फिंजीयेको रैनक्क
भन्ये देखि पूजाहारीले त्यस्लाइ शुद्ध ठहरावस्. त्यो खालि पाप्रा मांत्रै
७ हो. त आफ्नु लुगा धोयेर शुद्ध हुंक्क. तर शुद्ध ठहरौनुको लागि
पूजाहारी देखि हेराई भइ सक्कोये पछि त्यस्को पाप्रा छालामां धेरै
फिंजीयो भन्ये देखि त्यस्ले आफुलाइ पूजाहारीलाइ फेरि देखावस्.
८ अनि पूजाहारीले हेरोस् त हेर पाप्रा छालामां फिंजीयेको रक्क भन्ये देखि
पूजाहारीले त्यस्लाइ अशुद्ध ठहरावस्. त्यो कोढ़ै हो ॥

९ कोढ़को महारोग् कोई मान्छेलाइ लाग्यो भन्ये देखि त्यो पूजाहारी
१० थांइ पुर्याईओस् अनि पूजाहारीले हेरोस् त हेर छालामां सेतो फुलाई
भयेको रक्क भन्ये देखि अनि त्यस्ले रऊं पनि सेता सेता पार्ये क्कन् अनि त्यस्
११ फुलाईमां छाला बिनाको मांसु रक्क भन्ये देखि त्यस्को जीउको
छालामां पुरानु कोढ़् रक्क त पूजाहारीले त्यस्लाइ अशुद्ध ठहरावस्. तर
१२ त्यस्लाइ थुनि न राखोस्. किनभन्ये त्यो अशुद्धै क्क। तर कोढ़् छालामां
फुटि फिजौंदै गयो अनि त्यो कोढ़् पूजाहारीले हेर्दा रोगीको सबै छाला
१३ कोढ़्ले सिर् देखि पाउ सम्म छायेको रक्क भन्ये देखि त पूजाहारीले
हेरोस्. त हेर कोढ़् त्यस्को सिंगै जीउमां छाईयेको रक्क भन्ये देखि त्यस्ले
त्यो रोगीलाइ शुद्ध ठहरावस्. त्यो स्यांटै सेतै भइ सक्कोयेक्क. त्यो शुद्ध
१४ क्क। तर जसै त्यस्मां छाला बिनाको मांसु देखाह्रा पर्ला तब त्यो अशुद्ध
१५ ठहरोस्। अनि पूजाहारीले छाला बिनाको मांसु देखेर त्यस्लाइ अशुद्ध
१६ ठहरावस्. त्यो छाला बिनाको मांसु अशुद्ध हो. त्यो कोढ़ै हो। तर
त्यो छाला बिनाको मांसु फेरि सेतोमां फेरीयो भन्ये देखि त्यो मान्छे
१७ पूजाहारी थांइ आवस् तब पूजाहारीले त्यस्लाइ हेरोस्. त हेर त्यो
रोग् फेरि सेतोमां फेरीयेक्क भन्ये देखि पूजाहारीले रोगीलाइ शुद्ध
ठहरावस्. त्यो शुद्धै क्क ॥

१८ फेरि कसैको जीउको छालामां फोका उठ्यो अनि फेरि निको भयो
१९ तर फोका भयेको ठांउमां सेतो फुलाई कि रातो रातो पर्येको सेतो उज्जर्
२० क्किर्का भयो भन्ये देखि त्यो पूजाहारीलाइ देखाईओस् त पूजाहारीले
हेरोस् त हेर त्यो छालामां गहीरो देखाह्रा पर्यो अनि त्यस्का रऊं पनि
फेरीयेर सेता भइ गये क्कन् भन्ये देखि त पूजाहारीले त्यस्लाइ अशुद्ध
ठहरावस्. त्यो कोढ़को रोग् हो जो फोका देखि फुटि निस्क्ये क्क।
२१ तर पूजाहारीले त्यस्लाइ हेर्यो त हेर त्यस्मां कोई सेतो रऊं रैनक्क अनि

त्यो क्काला देखि गहीरो न भयेको तर मत्थर् भयेको देख्यो भन्ये देखि त
पूजाहारीले त्येस्लाइ सात् दिन् सम्म थुनि राखोस्. अनि त्यो क्कालामां २२
धेरै फिंजीयो भन्ये देखि पूजाहारीले त्यो मान्छ्लाइ अशुद्ध ठहरावस्.
त्यो रोगै हो। तर त्यो उज्जर् क्किर्का आफ्नु ठांवैमां अड़ीयो अनि २३
फिंजीयेन भन्ये देखि ता त्यो फोकाको खाटा हो त पूजाहारीले त्येस्लाइ
शुद्ध ठहरावस् ॥

फेरि कसैको जीउको क्कालामां आगोले पोल्ये झं पोल्ने घाउ भयो २४
अनि त्यो पोल्ने घाउ जीउंदो मांसुको रातो रातो दर्येको सेतो कि सेतो
उज्जर् क्किर्का भयेको रक्क भन्ये देखि त पूजाहारीले त्यो हेरोस्. त हेर २५
त्यो उज्जर् क्किर्कामांका रऊं फेरीयेर सेता सेता भइ गयेका राछन् अनि त्यो
क्काला देखि गहीरो देखाहा पर्यो भन्ये देखि त्यो कोढ् हो जो पोल्ने
घाउ देखि फुटि निस्क्येछ त पूजाहारीले त्येस्लाइ अशुद्ध ठहरावस्. त्यो
कोढ्को रोग् हो। तर पूजाहारीले त्यो हेरोस् त हेर त्यो उज्जर् २६
क्किर्कामां सेतो रऊं रैनछ अनि न क्काला देखि गहीरो भयेको रक्क तर मत्थर्
भयेको रक्क भन्ये देखि पूजाहारीले त्येस्लाइ सात् दिन् सम्म थुनि राखोस्
फेरि सातौं दिन्मां पूजाहारीले त्येस्लाइ हेरोस्. अनि त्यो क्कालामां २७
फिंजीयेको रक्क भन्ये देखि पूजाहारीले त्येस्लाइ अशुद्ध ठहरावस्. त्यो
कोढ्को रोग् हो। तर त्यो उज्जर् क्किर्का आफ्नै ठांउमां अड़ीयेको २८
अनि क्कालामां न फिंजीयेको तर मत्थर् भयेको रक्क भन्ये देखि त्यो पोल्ने
घाउको फुलाई हो त पूजाहारीले त्येस्लाइ शुद्ध ठहरावस्. किनभन्ये त्यो
पोल्ने घाउको खाटा हो ॥

फेरि कोई पुरुष् कि स्त्रीको सिर्मां कि पुरुषको दारीमां महारोग् २९
भयो भन्ये देखि पूजाहारीले रोग् हेरोस्. त हेर त्यो क्काला देखि ३०
गहीरो देखाहा पर्यो अनि त्येस्मां पहेंला थोरै केस् राछन् भन्ये देखि त
पूजाहारीले त्येस्लाइ अशुद्ध ठहरावस्. त्यो चांजा अर्थात् केस्कोढ् कि
दारीकोढ् हो। तर पूजाहारीले चांजाको रोग् हेरोस्. त हेर त्यो क्काला ३१
देखि गहीरो देखींदैन अनि त्येस्मां कालो केस् पनि रैनछ भन्ये देखि
पूजाहारीले चांजा भयेको रोगीलाइ सात् दिन् सम्म थुनि राखोस्. अनि ३२
सातौं दिन्मां पूजाहारीले रोग् चइं हेरोस्. त हेर त्यो चांजा फिंजीयेको
रैनछ अनि त्येस्मां पहेंला केस् रैनछन् अनि चांजा क्काला देखि गहीरो
देखाहा पर्येन भन्ये देखि त्यो मान्छे खौराईओस् तर त्यो चांजा ३३
भयेको ठांउ न खौरावस् अनि पूजाहारीले त्येस् चांजा भयेको मान्छेलाइ
अरु पनि सात् दिन् सम्म थुनि राखोस्. अनि सातौं दिन्मां पूजाहारीले ३४
चांजा फेरि हेरोस्. त हेर त्यो चांजा क्कालामां फिंजीयेको रैनछ अनि
क्काला देखि गहीरो देखाहा पर्येन भन्ये देखि पूजाहारीले त्येस्लाइ शुद्ध
ठहरावस्. अनि त्यो आफ्नु लुगा धोइकन शुद्ध हुंछ। तर त्यो शुद्ध ३५
ठहरीये पछि फेरि चांजा क्कालामां फिंजीयो भन्ये देखि पूजाहारीले ३६

त्येस्लाइ हेरोस् . त हेर त्यो चांजा छालामां फिंजौयेको रक्ष भन्ये देखि
३७ पूजाहारीले पहेंलो केस् न खोजोस् . त्यो मान्छे अशुद्ध छ। तर त्येस्ले
हेर्दा त्यो चांजा अड़ौयेको रक्ष अनि त्येस्मां कालो केस् उमृयेको रक्ष
भन्ये देखि चांजा निको भये छ अनि त्यो मान्छे शुद्ध छ . त पूजाहारीले
त्येस्लाइ शुद्ध ठहरावस् ॥
३८ फेरि कोई पुरुष् कि स्त्रीको जीउको छालामां उज्जर् छिर्का अं सेतो
३९ उज्जर् छिर्का भये भन्ये देखि त पूजाहारीले हेरोस् . त हेर तिनको
जीउको छालामां ति उज्जर् छिर्का मत्थर् सेतो भयेको रक्ष भन्ये देखि त्यो
छालामां निकल्येको सेतो छिर्का मात्रै हो . त्यो मान्छे शुद्धै छ ॥
४० फेरि जस्का केस् सिर् देखि झरि गयेका छन् त्यो मुड्ले हो . तर त्यो
४१ शुद्धै छ। अनि जस्को थाप्लोका केस् झरि गयेका छन् त्यो थाप्लाखल्ले
४२ हो . तर त्यो शुद्धै छ। तर मुड्ले सिर् कि मुड्ले थाप्लेमां रातो रातो
पर्येको सेतो रोग् छ भन्ये देखि त्यो त्येस्को मुड्ले सिर् कि मुड्ले थाप्लेमां
४३ फुटि निस्कने कोढ् हो। त पूजाहारीले त्येस्लाइ हेरोस् . त हेर रोग्को
फुलाई त्येस्को मुड्ले सिर् कि मुड्ले थाप्लोमां जीउको छालामांको कोढ्
४४ देखाहा पर्येको जस्तो रातो रातो पर्येको सेतो छ भन्ये देखि त्यो
कोढी मान्छे हो अं अशुद्धै हो . पूजाहारीले त्येस्लाइ निस्से अशुद्ध
ठहरावस् त्येस्को महारोग त्येस्को सिर्मां छ ॥
४५ अनि जस् कोढीमां यो महारोग् छ त्येस्का लुगा फाटेरकै रहुन्
अनि सिर्का केस् छड़ीउन् अनि त्यो माथिल्लो चड़ ओठ छोप्येर अशुद्ध
४६ अशुद्ध भन्दै करावस्। जति दिन सम्म त्यो महारोग् त्येस् रोगीमां रहला
त्येति दिन् सम्म त्यो अशुद्ध रहोस अशुद्धने हो . येक्लै रहोस् . छाउनी
देखि बाहिर त्येस्को बासठांउ हवस् ॥
४७ फेरि जुन् लुगामां कोढ्को महारोग् होला ऊणी हवस् कि
४८ पाट्कपराको हवस् तनवट्मां हवस् कि बुनवट्मां हवस् पाट्कपराको
हवस् कि ऊणी हवस् छालामां हवस् कि छालाको बनायेको कोइ
४९ थोक्मां हवस् त्यो महारोग् कोई लुगाको कि छालामां कि तनवट्मां
कि बुनवट्मां कि छालाको कोइ थोक्मां हरीयो हरीयो पर्येको कि रातो
रातो पर्येको छ भन्ये देखि त्यो कोढ्को रोग् हो त पूजाहारीलाइ
५० देखाईओस् . अनि पूजाहारीले रोग् हेरोस् अनि रोगी थोक् सात् दिन्
५१ सम्म थुनि राखोस् . फेरि सातौं दिन्मां त्येस्ले रोग् हेरोस् . अनि त्यो
लुगामां तनवट्मां कि बुनवट्मां हवस् कि छालामां हवस् कि कुनै पनि
कामको छालामां हवस् फिंजौयेको छ भन्ये देखि त्यो रोग् बिजाउंने कोढ्
५२ हो . त्यो थोक् अशुद्ध छ। त त्यो लुगाको तनवट् हवस् कि बुनवट् हवस्
ऊणी हवस् कि पाट्कपराको हवस् कि छालाको हवस् जस्मां त्यो रोग्
लाग्येको छ डड़ाईओस् . किनभन्ये त्यो बिजाउंने कोढ् हो . आगोमां
५३ डड़ाईओस्। तर पूजाहारीले हेर्यो त हेर त्यो रोग् त्यो लुगाको तनवट्

कि बुनवट्मां कि छालाको कोइ थोक्मां न फिंजीयेको देख्यो भन्ये देखि
त पूजाहारीले त्यो रोग् लागेको थोक् धुने आज्ञा गरोस् अनि त्यो अरु ५४
पनि सात् दिन् सम्म थुनि राखोस्. अनि त्यो धोये पछि पूजाहारीले त्यो ५५
हेरोस्. त हेर रोगको रंग् फेरीयेको रैनछ अनि न रोग् फिंजीयेको रछ
भन्ये देखि त्यो अशुद्ध हो त्यो आगोमां डड़ाउंनु. त्यो खुल्काई भित्र हवस्
कि बाहर हवस् त्यो काट्ने रोग् हो। तर पूजाहारीले हेर्यो त हेर त्यो ५६
धोईये पछि रोग् मत्थर भयो भन्ये देखि त त्यस्ले त्यो रोग् लुगा कि छाला
देखि तनवट् कि बुनवट् देखि फार्येर फ्यांकोस्. अनि त्यो रोग् अझै पनि ५७
लुगाको तनवट् कि बुनवट् कि त्यो छालाको कोइ थोक्मां देखाहा पर्यो
भन्ये देखि त्यो फुटि निस्कंद छ. त त्यो रोग् भयेको थोक् आगोले डड़ाइ
दिंनु। तर जुन् लुगा तनवट्को हवस् कि बुनवट्को हवस् कि छालाको ५८
जेसुकै थोक् हवस् जब धोईछ त्यो देखि रोग् गयो भन्ये देखि त्यो दोस्रो
खेप् पनि धोईयेर शुद्ध हुंछ। ऊनको कि पाट्कपराको लुगामां तनवट्मां ५९
कि बुनवट्मां कि छालाको कोइ थोक्मां कोढ़्को महारोग्को होला
त्येस्लाइ शुद्ध ठहराउंने कि त्येस्लाइ अशुद्ध ठहराउंने व्यवस्था येइ हो॥

फेरि यहव्वेले मूसालाइ येसो भन्यो कोढ़ीलाइ शुद्ध पार्ने १४ १ २
दिन्मां त्येस्को लागि येइ व्यवस्था हुंछ. त्यो पूजाहारी थांइ पुर्याईओस्.
अनि पूजाहारीले छाउंनी देखि बाहर गयेर त्येस्लाइ हेरोस् त हेर ३
त्यो कोढ़ीको जीउमां कोढ़्को रोग् निको भयेको रछ भन्ये देखि त
पूजाहारीले शुद्ध हुंनुको लागि दुवटा जीउंदो शुद्ध पंछी देवदारुकाठ् ४
सिंदुरे रंगको धागो र एसोब् लियेर जावस् भनि आज्ञा देवस्. फेरि ५
पूजाहारीले पंछीहरुमांको येउटालाइ मांटोको भांड़ामां बगदो पानी मांथि
बलि गर्ने आज्ञा देवस्. अनि त्यो जीउंदो चइं पंछीलाइ देवदारुकाठ् ६
सिंदुरे रंगको धागो एसोब् समेत् यि सबै लिइ त्यो बगदो पानी मांथि बलि
गरीयेको पंछीको रगत्मां चोबलोस्. अनि कोढ़् देखि शुद्ध पारींने मांथि ७
सात् खेप् छर्केर त्येस्लाइ शुद्ध ठहरावस् अनि त्यो जीउंदो पंछीलाइ चइं
बन् तिर छोड़ि देवस्। त शुद्ध पारींनेले आफ्ना लुगा धोयेर सबै ८
केस् मुड़ायेर पानीमां नुहावस् तब त्यो शुद्ध हुंछ. अनि त्यस् पछि त्यो
छाउंनीमां आउंनु ता पावस् तर सात् दिन् सम्म आफ्नु डेरा देखि बाहर
रहोस्। फेरि सातौं दिनमां येसो हवस् त्यसले सिर् दारि र आंखिभंइ अं ९
आफ्ना सब केस् खौरावस्. अनि आफ्ना लुगा धोवस् अनि आफ्नु
जीउ पनि पानीले नुहावस् तब त्यो शुद्ध हुंछ। फेरि आठौं दिनमां त्येस्ले १०
दुवटा निष्खोट् पाठा र बर्ष दिन्को येउटा निष्खोट् छतौरी र अन्नबलिको
लागि तेलले मुछेको एपाको तीन् दसौं हिस्सा पिठो र लोग्[1] भरि तेल्
ल्यावस्। अनि शुद्ध पार्ने पूजाहारीले यि थोक्हरु समेत् त्यो शुद्ध ११

---

[1] अर्थात् येउटा भर्ने भांड़ा।

पारींने मान्छेलाइ यहवेको सांमु भेट् हुंने डेराको दैलोमां उभ्यावस्.
१२ तब पूजाहारीले त्यो लोग्[1] भरि तेल् समेत् पाठाहरुमांको येउटा लियेर
त्यो दोषबलि गरि चढावस् अनि यि दुवै हल्लाईयेको भेटि गरि यहवेको
१३ सांमु हल्लावस्. अनि त्येस्ले त्यो पाठा पापबलि र होमबलि बलि गर्ने
ठांउमां अं पवित्रस्थानको ठांउमां बलि गरोस्. किनभन्ये पापबलि
पूजाहारीको भये झैं दोषबलि पनि त्येसैको हुंछ. त्यो महापवित्र हो.
१४ तब पूजाहारीले दोषबलिको रगत्मांको लियेर शुद्ध पारींनेको दाहींनो
कान्को लोतिमां र त्येस्को दाहींनो हात्को बुढ़िऔंलामां र दाहींनो
१५ गोड़ाको बुढ़िऔंठामां लगाइ देवस्. फेरि पूजाहारीले त्यो लोग्[1] भरि
१६ तेल्मांको लियेर आफ्नु बांउ हात्को हत्केलामां हालोस्. तब
पूजाहारीले आफ्नु दाहींनो हात्को औंला आफ्नु बांउ हात्को
हत्केलामां भयेको तेल्मां डुबायेर त्यो तेल्मांको आफ्नु औंलाले यहवेको
१७ सांमु सात् खेप् छर्कोस्. अनि त्येस्को हत्केलामां रह्येको तेल् पूजाहारीले
शुद्ध पारींनेको दाहींनो कान्को लोतिमां र त्येस्को दाहींनो हात्को
बुढ़िऔंलामां र दाहींनो गोड़ाको बुढ़िऔंठामां दोषबलिको रगत् मांथि
१८ लगाइ देवस्. अनि जति तेल् पूजाहारीको हत्केलामां रहला त्यो त्येस्
शुद्ध पारींनेको सिर्मां हालि देवस्. त येसोरि पूजाहारीले त्येस्को
१९ लागि यहवेको सांमु प्रायश्चित्त गरोस्। फेरि पूजाहारीले पापबलि पनि
चढायेर जो आफ्नु अशुद्धैदेखि शुद्ध पारींनु आंटेको छ त्येस्को लागि
२० प्रायश्चित्त गरोस् अनि त्येस् पछि होमबलि बलि गरोस्. अनि अन्नबलि
समेत् होमबलि बेदिमां चढावस्. येसोरि पूजाहारीले त्येस्को लागि
प्रायश्चित्त गरोस् त त्यो शुद्ध हुंछ॥

२१ तर त्यो कंगालि छ अनि त्येस्को येति पुंजि छैन भन्ये देखि त्येस्ले आफ्नु
प्रायश्चित्त गर्नुलाइ हल्लाइंने दोषबलिको लागि येउटा पाठा दोषबलि
गरि अनि तेल्ले मुछेको एपाको दसौं हिस्सा पिठो अन्नबलि गरि अनि
२२ लोग्[1] भरि तेल् ल्यावस् अनि दुवटा ढुकुर् कि परेवाका दुवटा बचरा
जस्तो त्येस्ले पाउंनु सक्छ त येउटा चइं पापबलि अर्को चइं होमबलि
२३ हवस्। अनि आठौं दिन्मां त्येस्ले यि सबैलाइ आफु शुद्ध पारींनुको
लागि भेट् हुंने डेराको दैलोमां यहवेको सांमु पूजाहारी थांइ ल्यावस्।
२४ तब पूजाहारीले त्यो लोग्[1] भरि तेल् समेत् दोषबलिको पाठा लियेर ति
२५ हल्लाईयेको भेटि गरि यहवेको सांमु हल्लावस्. फेरि पूजाहारीले दोषबलिको
पाठा बलि गर्येर दोषबलिको रगत्मांको लियेर शुद्ध पारींनेको दाहींनो
कान्को लोतिमां र त्येस्को दाहींनो हात्को बुढ़िऔंलामां र दाहींनो
२६ गोड़ाको बुढ़िऔंठामां लगाइ देवस्. फेरि पूजाहारीले त्यो तेल्मांको
२७ आफ्नु बांउ हात्को हत्केलामां हालोस्. अनि आफ्नु दाहींनो हात्को

[1] अर्थात् येउटा भर्ने भांड़ा।

औंलाले आफनु बांउ हत्केलाको तेल्मांको यह्वेको सांमु सात् खेप्
छर्कोस्. फेरि पूजाहारीले आफनु हत्केलामां भयेको तेल्मांको त्यो शुद्ध २८
पारीनेको दाहीनो कान्को लोतिमां र त्येस्को दाहीनो हात्को बुड़िऔंलामां
र दाहीनो गोड़ाको बुड़िऔंठामां दोषबलिको रगत्को ठांउमां लगाइ
देवस्. अनि पूजाहारीको हत्केलामां रह्याको तेल् त्यो शुद्ध पारीनेको लागि २९
यह्वेको सांमु प्रायश्चित्त गर्नुलाइ त्येस्को सिर्मां हालि देवस्। वहांदेखि ३०
त्येस्ले ढुकुर्हरु कि परेवाका बचराहरुमांको जस्तो त्येस्ले पाउंनु सक्छ
येउटा चढ़ावस् अं जो जो पंषी त्येस्ले पाउंनु सक्छ तिनमांको ३१
येउटा त्येस्ले पापबलि गरि अर्को अन्नबलि समेत् होमबलि गरि चढ़ावस्.
येसोरि पूजाहारीले शुद्ध पारीनेको लागि यह्वेका सांमु प्रायश्चित्त गरोस्।
जस्लाइ कोढ़्को रोग् भयेको छ अनि आफु शुद्ध पारीनुलाइ येति पुंजि ३२
हवेन त त्येस्को लागि व्यवस्था येइ हो ॥

फेरि यह्वेले मूसा र हारुन्लाइ येसो भन्यो जब तिमिहरु मैंले ३३ ३४
तिमिहरुलाइ तिमिहरुको अधिकार् हुंनुलाइ दिंनु आंटेको कनान् देस्मां
पुगौला अनि जब मं तिमिहरुको अधिकार्को देस्को कोई घर्मां कोढ़्को
महारोग् हालुला त त्यो घर्को धनीले आयेर पूजाहारीलाइ येसो भनि ३५
कहि देवस् मंलाइ घर्मां कोई महारोग् जस्तो देखाहा पर्द छ भनि. त ३६
पूजाहारीले रोग् हेर्नुलाइ त्यो घर्मां जांनु भन्दा पहिले त्यो घर् खालि गर्न
आज्ञा देवस् होइन भन्ये ता घर्मां भयेका सबै थोक् अशुद्ध ठहरीनन्.
अनि त्येस् पछि पूजाहारी घर् हेर्नुलाइ भित्र पसोस्. तब त्येस्ले त्यो रोग् ३७
हेरोस् त हेर त्यो रोग् घर्का भित्ता हुंदो हरीयो हरीयो कि रातो रातो
पस्येको गहीरो पस्येको डोरो जस्तो रह्छ अनि त्यो डोरो भित्ता देखि गहीरो
देखाहा पर्द रह्छ भन्ये देखि त पूजाहारीले घर् देखि बाइर निक्ल्येर ३८
त्येस्को देलोमां गयेर घर् सात् दिन् सम्म थुनि राखोस्. फेरि सातौं दिन्मां ३९
पूजाहारीले फर्कि आयेर हेरोस्. त हेर त्यो रोग् घर्का भित्ता हुंदो फिंजीयेको
रह्छ भन्ये देखि त पूजाहारीले ति रोग् लाग्येका ढुंगाहरु निकाल्ने आज्ञा ४०
देवस् र तिनले ढुंगा सहर् देखि बाइर कहीं अशुद्ध ठांउमां आफालि
दिउन्. फेरि त्यो घर् भित्र चारै तिर खुर्कि देवस् अनि लोगले त्यो खुर्क्येको ४१
धुलो सहर् देखि बाइर कहीं अशुद्ध ठांउमां खन्याइ दिउन्. फेरि अरु ४२
ढुंगा ल्यायेर अगाड़िका ढुंगाहरुको ठांउमां लगाइ दिउन् अनि अर्कै हिलो
ल्यायेर घर् लिपुन्। अनि ढुंगाहरु निकालि घर् खुर्कि लिपायेे पछि त्यो ४३
रोग् फेरि आयेर घर्मां बल्झि निक्ल्यो भन्ये देखि त पूजाहारीले आयेर ४४
हेरोस् त हेर त्यो रोग् घर्मां फिंजीयेको रह्छ भन्ये देखि घर्मां त्यो खिजाउंने
कोढ़् हो. त्यो अशुद्ध छ। तब त्येस्ले त्यो घर् भत्कावस् ढुंगा काठ् अं सिंगै ४५
धुलो समेत् अनि त्येस्ले ति सबै सहर् देखि बाइर कहीं अशुद्ध ठांउमां
लैजावस्। त्येस् उप्रान्त त्यो घर् थुनीइ रहुंज्याल् सम्म त्येस्मां पस्ने सांझ् सम्म ४६
अशुद्ध हुंछ। अनि त्येस् घर्मां सुत्नेले आफ्ना लुगा धोवस् अनि त्येस् ४७

४८ घर्मां खांनेले पनि आफ्ना लुगा धोवस्। तर पूजाहारीले त्यो घर् भित्र
पस्येर हेर्‌यो त हेर त्यो घर् लिपीये पछि त्यो रोग् फिंजीयेको रैन छ भन्ये देखि
४९ न त्येस्ले त्यो घर् शुद्ध ठहरावस् किनभन्ये त्यो रोग् निको भये छ। अरि घर्
शुद्ध पानुलाइ त्येस्ले दुवटा पंषी देवदारुकाठ् सिंदुरे रंगको धागो र एसोब्
५० लेवस्. अनि पंषीहरुमांको येउटा चइं मांटोको भांड़ामां बगदो पानी मांथि
५१ बलि गरोस्. वहांदेखि देवदारुकाठ् र एसोब् सिंदुरे धागो र जीउंदो चइं
पंषी लियेर ति सबै बलि गरीयेको पंषीको रगत्मां र त्यो बगदो पानीमां
५२ चोबल्येर तिनले घर्मां सात् खेप् छर्कोस्. येसोरि त्येस्ले पंषीको रगत् र
बगदो पानी र जीउंदो पंषी र देवदारुकाठ् र एसोब् र सिंदुरे धागोको
५३ बाटोले घर् शुद्ध गरोस्. तर त्येस्ले जीउंदो चइं पंषीलाइ सहर् देखि
बाइर बन्मां छोड़ि देवस्. येसोरि त्येस्ले घर्को लागि प्रायश्चित्त गरोस्.
वहांपछि घर् शुद्ध हुंछ ॥
५४ ५५ सबै रकम्को कोढ्को महारोग्को र चांजाको अनि लुगा र घर्को
५६ कोढ्को अनि फुलाईको र पाप्राको र उज्जर् छिर्काको व्यवस्था येइ हो.
५७ शुद्ध कि अशुद्धको विषयमां सिकाउंनुलाइ. कोढ्को व्यवस्था येइ हो ॥

(शुद्धेइं र अशुद्धेइंको बिषय्का कत्ति बिधिहरु)

१५ १ फेरि यहवेले मूसा र हारुन्लाइ येसो भन्यो इस्राएल्वंशीहरुलाइ
कुरा गरि येसो भन जस् पुरुष्को जीउमां बहंने बेथा होला त्यो त्येस्को
३ बहंने बेथाको कारण्ले अशुद्ध भयो। अनि त्येस्को बहंने बेथाको अशुद्धेइं
येइ हो. त्यो त्येस्को जीउ देखि त्यो बहंने बेथा बहंदै रहोस् कि थामीओस्
४ त्येस्को अशुद्धेइं त्येइ हो। बहंने बेथा हुंने जस् ओछ्यान्मां बस्ला त्यो अशुद्ध
५ हुंछ. अनि ज्ये ज्ये थोक्मां त्यो बस्ला त्यो पनि अशुद्ध हुंछ। अनि जस्ले त्येस्को
ओछ्यान् छोला त्येस्ले आफ्नु लुगा धोयेर पानीमां नुहावस् अनि सांझ् सम्म
६ अशुद्ध रहंछ। अनि ज्ये थोक्मां बहंने बेथा हुंने बस्येको होला त्येस्मां
जो बस्ला त्येस्ले आफ्नु लुगा धोयेर पानीमां नुहावस् अनि सांझ् सम्म अशुद्ध
७ रहंछ। फेरि जस्ले बहंने बेथा हुंनेको जीउ छोला त्येस्ले आफ्नु लुगा धोयेर
८ पानीमां नुहावस् अनि सांझ् सम्म अशुद्ध रहंछ। अनि त्यो बहंने बेथा हुंनेले
कोई शुद्ध मान्छेको जीउमां थुक्यो भन्ये देखि त्यो मान्छेले आफ्नु लुगा धोयेर
९ पानीमां नुहावस् अनि सांझ् सम्म अशुद्ध रहंछ। अनि जस् जीन्मां त्यो
१० बहंने बेथा हुंने सवारी होला त्यो अशुद्ध हुंछ। अनि जस्ले त्यो मुनि
भयेको थोक् छोला त्यो सांझ् सम्म अशुद्ध रहंछ. अनि जस्ले ति थोक् बोक्ला
त्येस्ले आफ्नु लुगा धोयेर पानीमां नुहावस् अनि सांझ् सम्म अशुद्ध रहंछ।
११ अनि बहंने बेथा हुंनेले हात् पानीमां न पखालिकन जस्लाइ छोला त्येस्ले
१२ आफ्नु लुगा धोयेर पानीमां नुहावस् अनि सांझ् सम्म अशुद्ध रहंछ। अनि
बहंने बेथा हुंनेले कोइ मांटोको भांड़ा छोयो भन्ये देखि त्यो फोरीओस्.
[illegible] । फेरि जब बहंने बेथा हुंने

आफ्नु वेथा देखि निको होला तब त्येस्ले शुद्ध हुंनुलाइ सात् दिन् गनोस्
अनि आफ्ना लुगा धोयेर आफ्नु जीउ बग्दो पानीमां नुहावस् तब त्यो
शुद्ध हुंछ। अनि आठौं चइं दिन्मां त्येस्ले दुवटा ढुकुर् कि परेवाका १४
दुवटा बचरा लियेर भेट् हुंने डेराको दैलोमां यह्वेको सांमु आयेर ति
पूजाहारीलाइ देवस् . तब पूजाहारीले तिनिहरूमांको येउटा चइं पाप्बलि १५
गरि अनि अर्को चइं होम्बलि गरि चढावस् येसोरि पूजाहारीले त्यस्को
बहंने वेथाको लागि यह्वेको सांमु त्यस्को लागि प्रायश्चित्त गरोस् ॥
फेरि कोई पुरुषको वीर्य्य त्यो देखि निस्क गयो भन्ये देखि त्येस्ले १६
आफ्नु सिंगै जीउ पानीमां नुहावस् अनि सांझ् सम्म अशुद्ध रहंछ। अनि १७
जुन् लुगा कि छालामां वीर्य्य पर्लो त्यो पानीमां धोईओस् अनि सांझ् सम्म
अशुद्ध रहंछ। अनि जब कोई पुरुषले स्त्री सित प्रसङ्ग गर्लो तब ति दुवैले १८
पानीमां नुहाउन् अनि सांझ् सम्म अशुद्ध रहंछन् ॥
फेरि कसै स्त्रीको बहंने वेथा भयो अनि त्यस्को जीउको बहंने वेथा १९
रगत् भयो भन्ये देखि त्यो सात् दिन् सम्म आफ्नु अलग्हुवाईमां रहोस् .
अनि जस्ले त्येस्लाइ छोला त्यो सांझ् सम्म अशुद्ध रहंछ। अनि त्यस्को अलग् २०
रहंने दिन् सम्म ज्ये ज्ये थोक्मां त्यो सुत्लो ति अशुद्ध हुंछन् अनि ज्ये ज्ये
थोक्मां त्यो बस्लो ति पनि अशुद्ध हुंछन्। अनि जस्ले त्यस्को ओछ्यान् छोला २१
त्येस्ले आफ्नु लुगा धोयेर पानीमां नुहावस् अनि सांझ् सम्म अशुद्ध रहंछ।
अनि जस्ले त्यो बस्येको थोक् छोला त्येस्ले आफ्नु लुगा धोयेर पानीमां २२
नुहावस् अनि सांझ् सम्म अशुद्ध रहंछ। अनि ओछ्यान्मां भयेको कि त्यो २३
बस्येको कोइ थोक् जस्ले छोला त्यो सांझ् सम्म अशुद्ध रहंछ। अनि कोई २४
पुरुषले त्यो सङ्ग प्रसङ्ग गर्‍यो अनि त्यस्को अलग्हुवाईको थोक् त्येस्लाइ
लाग्यो भन्ये देखि त्यो सात् दिन् सम्म अशुद्ध रहंछ अनि त्यो सुत्येको सबै
ओछ्यान् पनि अशुद्ध हुंछ ॥
अनि कसै स्त्रीलाइ आफ्नु अलग् हुंने बेला न भयेको दिन्मां कि २५
आफ्नु बेला भन्दा बेसि धेरै दिन्को त्यस्को रगत् बहंने वेथा भयो भन्ये देखि
त्यो अशुद्धैको बहाईका सबै दिनमां त्यस्को अलग् हुंनेका दिनमां झैं हुंछ .
त्यो अशुद्ध हुंछ। त्यस्को बहाईको सबै दिनमां जुन् जुन् ओछ्यान्मां त्यो सुत्लो २६
ति सबै त्यस्को अलग् हुंने ओछ्यान् जस्तै हुंछन्. अनि त्यो ज्ये ज्येमां बस्लो
ति पनि त्यस्को अलग् हुंनेको अशुद्धैं अनुसार् अशुद्ध हुंछन्। अनि जस्ले २७
ति थोक् छोला त्यो अशुद्ध हुंछ त्येस्ले आफ्नु लुगा धोयेर पानीमां नुहावस्
अनि सांझ् सम्म अशुद्ध रहंछ। तर जब त्यो आफ्नु बहंने वेथा देखि शुद्ध २८
होलो तब देखि त्येस्ले सात् दिन् गनोस् अनि येस् पछि शुद्ध हुंछ। फेरि २९
आठौं चइं दिन्मां त्येस्ले दुवटा ढुकुर् कि परेवाका दुवटा बचरा लियेर भेट् हुंने
डेराको दैलोमां पूजाहारी थाइ ल्यावस्। तब पूजाहारीले येउटा चइं पाप् ३०
बलि गरि अनि अर्को चइं होम्बलि गरि चढावस् येसोरि पूजाहारीले त्यस्को
अशुद्धैंको बहाईको लागि यह्वेको सांमु त्यस्को लागि प्रायश्चित्त गरोस् ॥

३१ येइ रीत्ले तिमिहरुले इस्राएल्वंशीहरुलाइ तिनको अशुद्धेइँ देखि
अलग् राख होइन भन्ये ता तिनिहरु मेरो तिनिहरुको बीचमां भयेको
बासस्थान् अशुद्ध गरि आफ्नु अशुद्धेइँमां मर्नन् ॥

३२ जस् जको बहंने बेथा छ अनि जस् जको वीर्य्य निक्कि गयो र त्यो
३३ त्यो देखि अशुद्ध भयो अनि अलग् हुंने बेथा भयेकी स्त्रीको अनि
पुरुष् हवस् कि स्त्री हवस् जको बहंने बेथा भयेको छ अनि जस्ले अशुद्ध
भयेकी स्त्री सित प्रसङ्ग गर्लो ति सब्बैको बिषयको व्यवस्था येइ हो ॥

(प्रायश्चित्तको महादिन्को बिधि)

१६ १ फेरि हारुनका दुइ भाई छोराहरुको मरण पछि जो यह्वेको
२ सांमु आइ मंग्येका थिये यह्वेले मूसा सित बात् गर्‍यो अनि यह्वेले
मूसालाइ येसो भन्यो आफ्नु दाजु हारुनलाइ भन् सम्पट् मांथि भयेको
प्रायश्चित्तेको सांमुको छेल्ने पर्दा देखि भित्र त्यस् पवित्रस्थान्मां घरी घरी
न पस् भनि र त्यो न मरोस्. किनभन्ये मं बादल्मां प्रायश्चित्ते मांथि
३ देखाहा पर्छु। तर हारुन् पवित्रस्थान्मां येसोरि पसोस्. पाप्बलिको लागि
येउटा बाच्छा र होमबलिको लागि येउटा थुमा लियेर आवस्। त्यस्ले
४ पाट्कपराको पवित्र दौरा लावस् अनि त्येस्को जीउमां पाट्कपराको जाङे
हवस् अनि त्येस्ले पाट्कपराको पटुका बांधोस् अनि पाट्कपराको पगरि
पहिरोस्. पवित्र बस्त्र यिनै हुन् त त्येस्ले आफ्नु जीउ पानीमां नुहायेर
५ ति लगावस्। फेरि त्येस्ले इस्राएल्वंशीहरुको मंडली देखि पाप्बलिको
६ लागि दुवटा बाखा र होमबलिको लागि येउटा थुमा लेवस्। वहांदेखि
हारुनले त्यो आफैचइंको पापबलिको बाच्छा चढायेर आफ्नु र आफ्नु
७ जहान्को लागि प्रायश्चित्त गरोस्। फेरि त्येस्ले ति दुवै बाखाहरु लियेर भेट्
८ हुंने डेराको देलोमां यह्वेको सांमु उभ्यावस्। वहांदेखि हारुनले दुवै
बाखामां चिट्ठा हालोस् एक् चिट्ठा यह्वेको लागि अनि अर्को चिट्ठा
९ अजाजेल्[१]को लागि। अनि जुन् बाखामां यह्वेको लागि चिट्ठा निस्कला
१० त्येस्लाइ हारुनले नजिक् ल्यायेर पापबलि गरि चढावस्। तर जुन् बाखामां
अजाजेल्[१]को लागि चिट्ठा निस्कला त्यो यह्वेका सांमु जीउंदै उभ्याईओस् त्यो
देखि प्रायश्चित्त हुंनुलाइ अनि त्यो अजाजेल्[१]को लागि बन् तिर छोडीओस्।
११ वहांदेखि हारुनले त्यो आफैको लागिको पापबलिको बाच्छा नजिक
ल्यायेर आफ्नु र आफ्नु जहान्को लागि प्रायचित्त गरोस् अनि आफ्नु
१२ लागिको पापबलिको बाच्छा त्येस्ले बलि गरोस्. अनि यह्वेको सांमु भयेको
बेदि देखि फिलौङ्गोले भरायेको धुपौरो लेवस् अनि मसीनो कुटेरको बास्ना
आउंने धूप् आफ्ना मुठि भरि भरि लियेर छेल्ने पर्दा देखि भित्र ल्यावस्.
१३ अनि यह्वेको सांमु आगोमां धूप् हालोस् र धूपको धुवां साक्षीपाटी मांथि

[१] अर्थात् छाड़ीने।

भयेको प्रायश्चित्तेमां छाईओस् र त्यो न मरोस् . वहांदेखि त्येस्ले बाच्छाको १४
रगत्मांको लियेर आफ्नु औंलाले पूर्व तिर प्रायश्चित्ते मांथि छर्कोस् अनि
त्येस्ले प्रायश्चित्तेको सांमु पनि त्यो रगत्मांको आफ्नु औंलाले सात् खेप्
छर्कोस्। वहांदेखि त्येस्ले त्यो लोगको लागिको पाप्बलिको बाख्रा बलि १५
गर्येर त्येस्को रगत् छेल्ने पर्दा देखि भित्र लग्येर त्येस्ले त्येस्को रगत् त्येसो गरोस्
जसो त्येस्ले बाच्छाको रगत् गर्यो अर्थात् त्यो प्रायश्चित्ते मांथि र प्रायश्चित्तेको
सांमु छर्कोस् . येसोरि त्येस्ले इस्राएल्बंशीहरूका अशुद्धिहरूँ र अपराध्हरू अं १६
तिनका सबै पाप्हरूको कारण् पवित्रस्थानको लागि प्रायश्चित्त गरोस् . अनि
तिनिहरू सङ तिनिहरूको अशुद्धिहरूको बीच्मां रहने भेट् हुंने डेराको लागि
पनि त्येस्ले त्येसै गरोस्। अनि जब हारून् प्रायश्चित्त गर्नलाइ पवित्रस्थान्मां १७
पस्ला तब जब सम्म त्येस्ले आफ्नु र आफ्नु जहान्को र इस्राएल्को सिंगै
सभाको लागि प्रायश्चित्त गरिकन बाइर आवैन तब सम्म कोई मान्छे भेट्
हुंने डेरामां न आवस्। फेरि त्येस्ले त्यो यहूवेको सांमु भयेको बेदि देखि १८
बाइर निस्केर त्येस्को लागि प्रायश्चित्त गरोस् अर्थात् बाच्छाको रगत् र
बाख्राको रगत् दुवैमांको लियेर बेदिका चारै पट्टि सींगहरूमां लगावस्।
अनि रगत्मांको आफ्नु औंलाले सात् खेप् त्येसमां छर्कोस् येसोरि त्येस्ले १९
इस्राएल्बंशीहरूका अशुद्धिहरू देखि त्यो शुद्ध र पवित्र गरोस्। फेरि जब २०
त्येस्ले पवित्रस्थान् र भेट् हुंने डेरा र बेदिको लागि प्रायश्चित्त गरि सक्ला
तब जीउंदो चइं बाख्रा नजिक् ल्यावस् . अनि हारूनले आफ्ना दुवै हात् २१
जीउंदो बाख्राको सिर्मां राखोस् अनि त्येस् मांथि इस्राएल्बंशीहरूका
सबै अधर्म्म र तिनका सबै अपराध्हरू अं तिनका सबै पाप्हरूको काबुल् हवस्
अनि ति पाप्हरू बाख्राको सिर्मां राखेर त्येस्लाइ कोई खटाईयेको मान्छेको
हात् देखि बन् तिर पठाईओस् . येसोरि त्यो बाख्राले आफु मांथि बोकाईयेका २२
तिनका सबै अधर्म्महरू एकान्त देस्मां बोकि लैजावस् . अनि त्यो मान्छेले
बाख्रालाइ बन्मां छोड़ि देवस्। तब हारून् भेट् हुंने डेरामां पसोस् अनि २३
जन् पाटकपराको वस्त्र लगाइ त्यो पवित्रस्थान्मां पस्येको थियो ति उतारि
त्यहां छोड़ि देवस् . अनि त्येस्ले आफ्नु जीउ कहीं चोक्खो ठांउमां पानीमां २४
नुहावस् अनि आफ्नै निज् लुगा लगाइ बाइर आयेर आफ्नु होम्बलि
र लोगको होम्बलि चढ़ाइ आफ्नु र लोगको लागि प्रायश्चित्त गरोस्।
अनि पाप्बलिको बोसो त्येस्ले बेदिमां डड़ावस्। अनि जस्ले बाख्रा २५ २६
अजाजेल्को लागि छोडि आउंछ त्येस्ले आफ्नु लुगा धोयेर आफ्नु जीउ
पानीमां नुहावस् त्येस् पछि त्यो छाउंनी भित्र पसोस्। अनि पाप्बलिको २७
बाच्छा र पाप्बलिको बाख्रा पनि जुन्हरूको रगत् प्रायश्चित्त गर्नको लागि
पवित्रस्थान्मां ल्याईयेको थियो ति दुवै छाउंनी देखि बाइर बोकि लगींछन्
अनि लोगले तिनको छाला मांसु र गोबर् आगोमां डडाउन्। अनि ति २८
डड़ाउंनेले आफ्नु लुगा धोयेर आफ्नु जीउ पानीमां नुहावस् त्येस् पछि
त्यो छाउंनी भित्र पसोस् ॥

२९ अनि तिमिहरुको लागि यो सनातन्को बिधि हवस्. सातौं महीनाको
दसौं तिथिमां तिमिहरुले आफ्नु आफ्नु प्राणलाइ कष्ट देव कोई रकम्को
काम् न गर स्वदेसीले हवस् कि तिमिहरुको बीच्मां प्रवास् गर्न पर्देसीले
३० हवस्. किनभन्ये त्यस् दिन् तिमिहरुलाइ शुद्ध पार्नुलाइ तिमिहरुको
लागि प्रायश्चित्त गरींछ तिमिहरु यहवेको सांमु आफ्ना सबै पाप्हरु देखि
३१ शुद्ध हुंछौ। त्यो तिमिहरुको लागि महाबिश्रामको बिश्रामदिन् हो त
तिमिहरुले आफ्नु आफ्नु प्राणलाइ कष्ट देव यो सनातन्को बिधि हो।
३२ अनि जो पूजाहारी अभिषिक्त हुंछ अनि आफ्नु बाबुको साटोमां पूजाहारी
हुंनुको लागि स्थापित् हुंछ त्यसले प्रायश्चित्त गरोस् अनि त्यसले पाटकपराको
३३ वस्त्र अर्थात् पवित्र वस्त्र लावस्. अनि त्यसले महापवित्रस्थान् र भेट् हुंने
डेरा र बेदिको लागि प्रायश्चित्त गरोस् अनि पूजाहारी र सभाका सबै
३४ लोगको लागि प्रायश्चित्त गरोस्। अनि इस्राएलवंशीहरुको लागि वर्ष
दिन्मां एक् खेप् तिनका सबै पाप्हरुको कारणले प्रायश्चित्त गर्नुलाइ
तिमिहरुको लागि सनातन्को बिधि येइ हुंछ। त हारुन्ले त्यसै गर्‍यो जसो
यहवेले मूसालाइ आज्ञा दियेको थियो॥

(बलिदान् र रगत्को बिषय्को बिधि)

१७ १ फेरि यहवेले मूसालाइ येसो भन्यो २ हारुन् र त्यसका छोराहरु
सित र सिंगै इस्राएलवंशीहरु सित कुरा गरि येसो भन् यहवेले गर्‍यको
३ आज्ञाको कुरो येइ हो अर्थात् इस्राएल्को जहान्मांको जुनसुकै हवस्
जसले गोरु कि थुमा कि बाख्रा छाउंनीको भित्र कि छाउंनी देखि बाहिर मार्ला
४ अनि त्यो भेट् हुंने डेराको दैलोमां यहवेको बासस्थान्मां यहवेको लागि भेटि
गरि चढाउंनुको लागि ल्यावेन. त त्यो मान्छे मांथि रगत्को दोष् गनींछ
५ त्यसले रगत् बहायो त त्यो मान्छे आफ्ना लोगकां देखि काटि दिइंछ. यो
येस्कारणले हो इस्राएलवंशीहरुले आफ्ना जुन् जुन् बलिदान् बाहिर हुंदो
बलि गर्न गर्दै छन् ति तिनिहरुले भेट् हुंने डेराको दैलोमां पूजाहारी थांइ
६ यहवेको लागि मिलापबलि गरि गर्न गरोस् भन्ये खातिरले। अनि
पूजाहारीले रगत् भेट् हुंने डेराको दैलोमां यहवेको बेदि मांथि छर्कोस् अनि
७ बोसो चर्बि उड़ावस् यहवेको लागि बास्ना हुंनुलाइ। येसोरि तिनिहरुले
फेरि भूतप्रेतलाइ व्यभिचार् जस्तो गर्दा आफ्ना बलिदान् बलि गर्दैनन्।
तिनका सब्बै पुस्ताहरुमां तिनिहरुको लागि यो सनातन्को बिधि हुंछ॥
८ त तंले तिनलाइ भन् इस्राएल्को जहान्मांको कि तिनिहरुको बीच्मां
प्रवास् गर्न पर्देसीहरुमांको जुनसुकैले होमबलि कि बलिदान् चढाउला
९ नर त्यो भेट् हुंने डेराको दैलोमां यहवेको लागि चढाउंनुलाइ ल्यावेन त्यो
मान्छे आफ्ना लोगकां देखि काटि दिइंछ॥
१० फेरि इस्राएल्को जहान्मांको कि तिनको बीच्मां प्रवास् गर्न
पर्देसीहरुमांको जुनसुकैले कोई प्रकार्को रगत् खाला त मं आफ्नु मुख्

त्यस् रगत् खांने प्राणीको बिरुद्ध गर्छु अनि त्यसलाइ त्यसका लोगकां
देखि काटि दिंछु। किनभन्ये जीउको प्राण् रगत्मां छ. अनि त्यो मैंले ११
तिमिहरुलाइ बेदिमां तिमिहरुका प्राणको लागि प्रायश्चित्त गर्नुलाइ दियेको
छु. किनभन्ये प्राण् भयेको कारणले ज्य प्रायश्चित्त गर्द छ त्यो रगतै हो।
येसैकारणले मैंले इस्राएलवंशीहरुलाइ भन्यें तिमिहरुमांको कोई प्राणीले १२
रगत् न खावस् अनि तिमिहरुको बीच्मां प्रबास् गर्ने पर्देसीले पनि रगत्
न खावस् भनि॥

अनि इस्राएल्वंशीहरुमांको कि तिनिहरुको बीच्मां प्रबास् गर्ने १३
पर्देसीहरुमांको जुन्सुकैले सिकार् खेलि भक्षपशु कि पंषी पक्रला त त्यसको
रगत् बहाइ दिइ धुलोले पुरि देवस्। किनभन्ये सबै जीउको प्राण् तिनको १४
रगतै तिनको प्राण् हो. येसकारण् मैंले इस्राएल्वंशीहरुलाइ भन्येको छु कोई
प्रकार्को जीउको रगत् न खाव भनि. किनभन्ये सबै जीउको प्राण् तिनको
रगतै हो. त्यो खांने सबै काटि दिइंछन्। अनि स्वदेसी हवस् कि पर्देसी १५
हवस् जस्ले आंफै मरेको कि बनजन्तु देखि फहराइ मारियेको खाला त्यस्ले
आफ्नु लुगा धोयेर पानीमां नुहावस् अनि सांझ् सम्म अशुद्ध रहंछ.
त्यस् पछि शुद्ध हुंछ। तर त्यस्ले ति धोयेन अनि न आफ्नु जीउ नुहायो १६
भन्ये देखि त्यस्ले आफ्नु अधर्म्म बोक्छ॥

(शुद्धकर्म्मका आज्ञा)

फेरि यहूवेले मूसालाइ येसो भन्यो इस्राएल्वंशीहरु सित कुरा १८ १ २
गरि येसो भन् मं यहूवे तिमिहरुको ईश्वर् हुं। तिमिहरु बस्येको मिस्र देस्का ३
कर्म्म अनुसार् न गर. अनि जहां मं तिमिहरुलाइ लैजांदै छु त्यस् कनान्
देस्को कर्म्म अनुसार् पनि न गर. अनि न तिनका बिधि अनुसार् हिंड।
मेरा नियाबचन् पालन् गर अनि मेरा बिधि मान तिनमां हिंड्नुलाइ. मं ४
यहूवे तिमिहरुको ईश्वर् हुं। येसकारण् तिमिहरुले मेरा बिधि र नियाबचन् ५
मान. त जुन् मान्छेले ति मान्छ त्यो तिनैको कारणले जीउंछ. मं यहूवे हुं॥

तिमिहरुमांको कोई आफ्नु नजिक् सांइनुको मान्छेको नंगेइं उघार्नु ६
न जावस्. मं यहूवे हुं. आफ्नो आंमाको नंगेइं जो तेरो बाबुको नंगेइं ७
हो न उघार्. त्यो तेरो आंमा हो त तंले त्यसको नंगेइं न उघार्। आफ्नु ८
बाबुको स्वास्नीको नंगेइं न उघार्. त्यो तेरो बाबुको नंगेइं हो। आफ्नो ९
बैंनी जो तेरो बाबुको छोरी कि तेरो आंमाको छोरी हवस् त्यो घरैमां कि
बाहिर जन्म्येको हवस् त्यसको नंगेइं न उघार्। आफ्नो छोरानातिनीको कि १०
आफ्नो छोरीनातिनीको नंगेइं न उघार्. तिनको नंगेइं ता तेरै जत्तिको हो।
आफ्नु बाबुको स्वास्नीको छोरी जो तेरो बाबु देखि जन्म्येको छ त्यो तेरो ११
बैंनी हो त त्यसको नंगेइं न उघार्। आफ्नो फूपुको नंगेइं न उघार्. त्यो १२
तेरो बाबुको नजिक् साइंनुको हो। आफ्नो आमाको नंगेइं न उघार्. १३
किनभन्ये त्यो तेरो आंमाको नजिक् साइंनुको हो। आफ्नु कान्छाबाबुको १४

नंगेइँ न उघार् अर्थात् त्येस्को स्वास्नीकां न जा. त्यो तेरी कान्छीआंमा हो।
१५ आफ्नी बुहारीको नंगेइँ न उघार्. त्यो तेरो छोरोकी स्वास्नी हो त तैंले
१६ त्येस्को नंगेइँ न उघार्। आफ्नी भार्उजूको नंगेइँ न उघार्. त्यो तेरो
१७ दाज्युको नंगेइँ जत्तिकै हो। कोई स्त्री र त्येस्की छोरी दुवैको नंगेइँ न उघार्
फेरि त्येस्को छोरानातिनीको कि त्येस्की छोरीनातिनीको नंगेइँ उघार्नुको
१८ लागि न ल्या ति नजिक् साइनुकी हुन्. यो महापातक् हो। फेरि कोई
स्त्री जीउंदो छंदै त्येस्की बैंनीलाइ पनि सौता हुंनुलाइ न ले त्येस्को पनि
१९ नंगेइँ उघार्नुलाइ। फेरि जब सम्म कोई स्त्री आफ्नु ऋतुको कारणले
अलग् रह्नेकी होली तब सम्म त्येस्कां त्येस्को नंगेइँ उघार्नुको लागि न जा।
२० फेरि आफ्नी छिमेकिकी स्वास्नी सित कुकर्म्म न गर् आफुलाइ त्यो देखि
२१ अशुद्ध पार्नुलाइ। अनि आफ्नु सन्तान्हरूमांको कसैलाइ मोलेक्को लागि
आगोका बाटो बाड़ो न चढ़ा अनि न आफ्नु ईश्वर्को नांउ अपवित्र गर्.
२२ मं यहूवे हुं। फेरि स्त्रीगमन् झैं पुरुषगमन् न गर्. त्यो घिन्लाग्दो हो।
२३ फेरि पशुगमन् कैलेइ न गर् आफुलाइ त्यो देखि अशुद्ध पार्नुलाइ.
अनि न कोई स्त्री पशुको सांमु आयेर त्येस्को लागि ढल्कोस्.
यो उल्टाउलो हो॥
२४ *येस्ता येस्ता कामले आफुलाइ अशुद्ध न पार. किनभन्ये जुन् जुन्
लोगलाइ मं तिमिहरूको सांमु देखि निकाल्दै छु ति यिने सब् कर्म्मले*
२५ *अशुद्ध भयेका छन्. अनि देस् पनि अशुद्ध भयेको छ. येस्कारण् मं त्येस्लाइ
त्येस्का अधर्म्मको दण्ड दिंद छु* अनि देस्ले आफ्ना बासीहरूलाइ उगेलि
२६ दिंदै छ। येस्कारण् तिमिहरूचइंले मेरा बिधिहरू र नियावचन्हरू मान
अनि येस्ता कुनै घिन्लाग्दा कर्म्म न गर स्वदेसीले हवस् कि तिमिहरूको
२७ बीच्मां प्रबास् गर्ने परदेसीले. किनभन्ये यि सबै घिन्लाग्दा कर्म्म त्यो
देस्का तिमिहरू भन्दा अघि हुंने लोगले गर्ये त देस् अशुद्ध भइ गयो.
२८ होइन भन्ये ता त्यो तिमिहरू भन्दा अघि हुंने लोगलाइ देस्ले उगेलि
दियेको झैं देस्ले तिमिहरूलाइ पनि उगेलि देला त्येस्लाइ अशुद्ध गर्यौ
२९ भन्ये। किनभन्ये जस् अरू यि घिन्लाग्दा कर्म्ममांको कुनै काम् गर्ला त्यो
३० येस्तो कर्म्म गर्ने प्राणी आफ्ना लोगकां देखि काटि दिइंछ। येस्कारण्
तिमिहरूले मेरो आज्ञा मान अर्थात् तिमिहरू आयेको भन्दा अघि गरीयेका
ति सबै घिन्लाग्दा बेहोरा कैले पनि न गर र तिमिहरूले आफुलाइ तिनमां
अशुद्ध न पार. मं यहूवे तिमिहरूको ईश्वर् हुं॥

(अनेक् आज्ञाहरू)

१९ १ फेरि यहूवेले मूसालाइ येसो भन्यो इस्राएल्बंशीहरूको सिंगै
मंडली सित कुरा गरि तिनिहरूलाइ येसो भन् तिमिहरू पवित्र हव. किन-
३ भन्ये मं यहूवे तिमिहरूको ईश्वर् पवित्र छु। तिमिहरू जनंगेले आफ्नी आंमा
र आफ्नु बाबुको डर् मान अनि मेरा बिस्रामदिन् मान. मं यहूवे तिमिहरूको

ईश्वर् हुं। तिमिहरु पुत्ला तिर न फर्क अनि आफ्नु लागि देव्ता ढालि ४
न बनाव. मं यह्वे तिमिहरुको ईश्वर् हुं। फेरि जब तिमिहरुले यह्वेको ५
लागि मिलापबलि चढाओला तब तिमिहरु ग्रहण् गरींने गरि चढाव। त्यो ६
चढाईंने दिन्मां र भोलि पल्टो पनि खाईओस्. तर पर्सि पल्टो सम्म केइ
उब्र्यो भन्ये त्यो आगोमां डढाईओस्। अनि पर्सि पल्टो पनि त्येस्मांको ७
केइ खाईयो भन्ये देखि ता त्यो घिन्लाग्दो छ ग्रहण् गरींदैन. तर त्यो
खांने सबैले आफ्नु अधर्म्म बोक्छ किनभन्ये त्येस्ले यह्वेको पवित्र थोक् ८
अशुद्ध गर्येको छ. अनि त्यो प्राणी आफ्ना लोगकां देखि काटि दिईंछ॥

फेरि जब तिमिहरुले आफ्नु देस्को कटनी गरौला तब आफ्नु खेत्को ९
कुंनाकांनि स्यांट्टै न काट्नु अनि आफ्नु कटनीको सौला न बट्लनु। अनि १०
आफ्नु दाख्को बारी निखारिकन न टिप् अनि आफ्नु दाख्को बारीका
झर्येका फल् न टिप् कंगालि र पर्देसीको लागि ति छोडि राख्. मं यह्वे
तिमिहरुको ईश्वर् हुं। तिमिहरुले चोरी न गर अनि न छल् गर न एका ११
अर्का सित झूठ् बोल। फेरि आफ्नु ईश्वर्को नांउ अपवित्र गर्नुलाइ १२
मेरो नांउ गरि झूठो किरिया न खाव. मं यह्वे हुं। आफ्नु छिमेकि १३
मांथि मीचेइं न गर् न त्येस्लाइ लूट्. बंनि गर्नेहरुको बंनि तं थांइ रात्
भरि बिहान् सम्म रहंनु न पावस्। बहिरोलाइ न सराप् न अन्धाको सांमु १४
ठोकर् राख् तर आफ्नु ईश्वर्को भय् मान्. मं यह्वे हुं। नियामां टेढेइं न १५
गर्. न कंगालिको पनपस् न बडा आद्मीलाइ मान् गर्. तर धर्म्म सित
आफ्नु छिमेकिको निया गर्। तं लोगमां कुरा ओसार्ने भइ आइ जाइ न १६
गर्. अनि आफ्नु छिमेकिको रगत् बहाउंनुलाइ न उभी. मं यह्वे हुं।
आफ्नु मन्मां आफ्नु भाई सित दुश्मनी न गर्. आफ्नु छिमेकिलाइ निस्से १७
हकार् अनि त्येस्को कारण्ले पाप् न बोक्। तैंले साटो न फर्का अनि न आफ्ना १८
जात्भाई देखि डाहा गर् तर आफ्नु छिमेकि सङ आफै सङ झैं प्रेम् गर्.
मं यह्वे हुं। तिमिहरुले मेरा बिधिहरु मान। तैंले आफ्नु पशुहरुलाइ १९
भिन्दो भिन्दो जात्का सित मिसौंनु न दे. आफ्नु खेत्मां दुइ प्रकार्का बिउ
सङै न छर्. अनि दुइ प्रकार्का थोक् मिसौयेको लुगा न लगा। जोसुकैले २०
लोग्नेको लागि मंगनी भयेको न छोडाईयेको कि निर्बन्ध न गराईयेको कमारी
सित कुकर्म्म गर्लो तिनिहरुलाइ दण्ड ता दिईओस् तर तिनिहरु न मारीउन्
किनभन्ये त्यो निर्बन्ध थिईन। तर त्येस् पुरुषले भेट् हुंने डेराको देलोमां २१
यह्वे थांइ आफ्नु दोषबलि अर्थात् येउटा थुमा दोषबलि गरि ल्यावस्।
अनि पूजाहारीले त्येस्ले गर्येको त्येस् पाप्को कारण् दोषबलिको त्येस् थुमाले २२
त्येस्को लागि यह्वेको सांमु प्रायश्चित्त गरोस्. त त्यो त्येस्ले गर्येको पाप्
देखि छमा गरींछ। फेरि तिमिहरुले त्यो देस्मां पुग्यर फल् खांनुको लागि २३
सब् प्रकारका रुखका बिरुवा रोप्येका हौला त तिनका फल् तिनको बिखत्ने
जस्ता गन. तीन् बर्ष सम्म ति तिमिहरुको लागि बिखत्ने गनीउन् ति न
खाईउन्। तर चौथो बर्षमां तिनका सबै फल् यह्वेको स्तुति गर्नुलाइ २४

२५ पवित्र ठहरुन् । वहांदेखि पांचौं बर्षमां तिमिहरुले तिनका फल् खाव र
तिनले तिमिहरुलाइ आफ्नु उप्जनि देवस् . मं यह्वे तिमिहरुको ईश्वर्
२६ हुं । तिमिहरुले कोइ थोक् त्येस्को रगतै सित न खांनु . अनि न मन्तर् तन्तर्
२७ न चिडोईंराई गर । आफ्नु केस् गोल् पारि न मुड़ा न आफ्नु दारीका
२८ कुंनाकुंना बिगार् । मुर्दाको कारणले आफ्नु जीउमां चिराई न गर् न आफ्नु
२९ शरीर्मां गोदि छापा बना . मं यह्वे हुं । आफ्नौ छोरीलाइ वेश्ये तुल्याइ
अशुद्ध न गर् होइन भन्ये ता देस् वेश्येगमन् तिर पर्लो अनि महापातकले
३० भरीयेला । मेरा बिश्रामदिन्को मान् गर्नु अनि मेरो पवित्रस्थान्को भय्
३१ मान्नु . मं यह्वे हुं । बिजुवाहरु र झांक्रिहरु तिर न फर्क अनि तिनिहरुलाइ
३२ न खोज अशुद्ध हुंनुलाइ . मं यह्वे तिमिहरुको ईश्वर् हुं । पाक्येका केस्
हुंनेको सांमु उठि उभौ अनि बूढ़ालाइ मान् गर् अनि आफ्नु ईश्वर्को भय्
३३ मान् . मं यह्वे हुं । अनि कोई पर्देसीले तिमिहरुको देस्मां तिमिहरु सङ
३४ प्रबास् गर्यो भन्ये देखि त्येस्लाइ दुक्ख न देव । तर तिमिहरु सित प्रबास्
गर्ने पर्देसी तिमिहरुको लेखि स्वदेसी जस्तो हवस् अनि त्यो सङ आफै सङ
झैं प्रेम् राखनु किनभन्ये मिस्र देस्मां तिमिहरुइ पनि पर्देसी थियौ . मं
३५ यह्वे तिमिहरुको ईश्वर् हुं । नियामां नपाईमां जोखाईमां र भराईमां कोइ
३६ अन्ये न गर्नु । तिमिहरुकां धर्म्मको तुलो धर्म्मको ढक् धर्म्मको पाथी र
धर्म्मको माना रहुन् . मं यह्वे तिमिहरुको ईश्वर् हुं जस्ले तिमिहरुलाइ
३७ मिस्रको देस् देखि निकालि ल्यायो । येस्कारण् तिमिहरुले मेरा सबै
बिधिहरु र मबै नियाबचन्हरु मानि ति पूरा गर . मं यह्वे हुं ॥

२० १ २ फेरि यह्वेले मूसालाइ येसो भन्यो इस्राएल्बंशीहरुलाइ यो
पनि भन् इस्राएल्बंशीहरुमांको कि इस्राएल्मां प्रबास् गर्ने पर्देसीहरुमांको
जोसुकैले आफ्नु सन्तान्मांको कसैलाइ मोलेक्को लागि चढ़ाउला त्यो निस्से
३ मारीओस् . देस्का लोगले त्येस्लाइ ढुंगाले लोहोन्याउन् । अनि मं पनि
आफ्नु मुख् त्येस् मान्छेको बिरुद्ध गरि त्येस्लाइ त्येस्का लोगकां देखि काटि
दिंकु किनभन्ये त्येस्ले मेरो पवित्रस्थान् अशुद्ध गर्नु र मेरा पवित्र नांउ
अपवित्र गर्नुको लागि आफ्नु सन्तान्मांकोलाइ मोलेक्को लागि चढ़ायो ।
४ अनि आफ्नु सन्तान्मांकोलाइ मोलेक्को लागि चढ़ायेकोमां देस्का लोगले
त्येस्को बिषयमां कोई परिले आनेकाने गरि त्येस्लाइ मांर्येनन् भन्ये देखि
५ मं आफै आफ्नु मुख् त्येस् मान्छेको र त्येस्को जहान्को बिरुद्ध गरि त्येस्लाइ
र जतिले व्यभिचार् जस्तो गरि मोलेक् सित व्यभिचार् गर्नुलाइ त्येस्को
पछि गयेका छन् ति सबैलाइ पनि तिनका लोगकां देखि काटि दिंकु ।
६ फेरि जुन् प्राणी बिजुवा कि झांक्रि तिर फर्कर व्यभिचार् जस्तो गरि तिनको
पछि जाला मं आफ्नु मुख् त्येस् प्राणीको बिरुद्ध गरि त्येस्लाइ त्येस्को
७ लोगकां देखि काटि दिंकु । त तिमिहरुले आफुलाइ पवित्र गरि पवित्र
८ रह . किमभन्ये मं यह्वे तिमिहरुको ईश्वर् हुं । अनि मेरा बिधिहरु मानि
९ ति गर्नु . मं तिमिहरुलाइ पवित्र गर्ने यह्वे हुं । किनभन्ये जस् जस्ले

आफ्नु आफ्नु बाबु कि आंमालाइ सराप्ला त्यो निस्सै मारीओस्.
त्येस्ले आफ्नु बाबु कि आंमालाइ सराप्यो येस्कारण् त्येस्को लोहू त्येस्कै सिर्
मांथि पर्छ। फेरि कसै पुरुष्ले अर्काको स्वास्नी सित व्यभिचार् गर्‍यो भन्ये १०
देखि जस् व्यभिचारीले आफ्नु छिमेकिको स्वास्नी सित व्यभिचार् गर्‍यो त्यो
र व्यभिचारीणी दुवै निस्से मारीउन्। अनि कोई पुरुष् आफ्नु बाबुको स्वास्नी ११
सित सुत्यो भन्ये देखि त्येस्ले आफ्नु बाबुको नंगेइं उघार्‍यो. त ति दुवै निस्से
मारीउन् तिनको लोहू तिनकै सिर् मांथि पर्छ। अनि कोई आफ्नी बुहारी १२
सित सुत्यो भन्ये देखि ति दुवै निस्से मारीउन्. तिनले उल्टाउलो गर्‍ये तिनको
लोहू तिनकै सिर् मांथि पर्छ। अनि कोई पुरुष्ले स्त्रीगमन् झैं पुरुषगमन् १३
गर्‍यो भन्ये ति दुवेले घिन्लाग्दो काम् गर्‍ये. त तिनिहरु निस्से मारीउन्
तिनको लोहू तिनकै सिर् मांथि पर्छ। अनि कसैले कोई स्त्रीलाइ त्येस्को १४
आंमालाइ समेत् राख्यो भन्ये देखि यो महापातक् हो. त्यो पुरुष् र ति
स्त्रीहरु आगोमां डढाईउन् र तिमिहरुको बीच्मां महापातक् न रहोस्।
फेरि कोई पुरुष्ले पशुगमन् गर्‍यो भन्ये देखि त्यो निस्से मारीओस्. अनि १५
पशु पनि मार्छौ। अनि कोई स्त्री पशुको छेउ आयेर त्येस्को लागि ढल्की १६
भन्ये देखि त्यो स्त्री र त्यो पशु दुवैलाइ मार्नु. तिनिहरु निस्से मारीउन् तिनको
लोहू तिनकै सिर् मांथि पर्छ। फेरि कसैले आफ्नी बैंनी अर्थात् आफ्नु बाबु १७
कि आफ्नी आंमाकी छोरीलाइ लियेर त्येस्को नंगेइं हेर्‍यो अनि त्येस्चइंले
पनि त्येस्को नंगेइं हेरी भन्ये देखि यो लाजको कर्म्म हो त ति दुवै आफ्ना
लोगका आंखाको सांमु काटि दिईउन्. त्येस्ले आफ्नी बैंनीको नंगेइं उघार्‍यो
त त्येस्ले आफ्नु अधर्म्म बोकछ। फेरि कोई पुरुष्ले कोई ऋतु हुंदै गर्‍येकी स्त्री १८
सित सुति त्येस्को नंगेइं उघार्‍यो. अनि त्येस्को मूल् नंग्यायो अनि त्येस् स्त्रीले
पनि आफ्नु रगत्को मूल् उघारी. येस्कारण् ति दुवै आफ्ना लोगकां देखि
काटि दिईउन्। अनि आफ्नी छ्यामा कि फूपुको नंगेइं न उघार्. किनभन्ये १९
त्येस्ले आफ्नु नजिक् सांइनुकीलाइ नंग्यायो. तिनिहरुले आफ्नु अधर्म्म
बोकुन्। अनि कोई आफ्नी कान्छीआंमा सित सुत्यो भन्ये देखि त्येस्ले आफ्नु २०
कान्छाबाबुको नंगेइं उघार्‍यो. त तिनिहरुले आफ्नु अधर्म्म बोकुन् अनि
निर्वंश भइ मर्छन्। फेरि कसैले आफ्नी भाउजिउलाइ राख्यो भन्ये यो अशुद्धइं २१
हो. त्येस्ले आफ्नु दाजुको नंगेइं उघार्‍यो त तिनिहरु निर्वंश रहंछन्॥

येस्कारण् तिमिहरुले मेरा सबै विधिहरु र मेरा सबै नियाबचन्हरु २२
मानि ति गर. होइन भन्ये ता जुन् देसमां म तिमिहरुलाइ लैजांदैछु त्येस्ले
तिमिहरुलाइ उगेलि दिंछ। अनि जुन् लोग्लाइ मैंले तिमिहरुको सांमु २३
देखि निकाल्नु आंटेको छु त्येस्का रीत्मां न हिंन्नु. किनभन्ये तिनिहरुले
यि सबै गर्‍ये येस्कारण् मैंले तिनलाइ घिनायें। तर मैंले तिमिहरुलाइ भन्यें २४
तिमिहरु तिनिहरुको देसका अधिकारी हुंछौ अनि म आफै त्यो अर्थात् त्यो
दुद् र मह बहंने देस् तिमिहरुको अधिकार्मां पारि दिंछु भनि. म यहूवे
तिमिहरुको ईश्वर् हुं जस्ले तिमिहरुलाइ अरु अरु लोग्हरु देखि छुट्यायो।

२५ येसैकारण तिमिहरूले शुद्ध अशुद्ध पशुहरू र शुद्ध अशुद्ध पंछीहरूमां भेद-
गर्नु . अनि कुनै पशु कि पंछी कि कुनै परिको भूमिमां भरीयेका कीरा फटेंग्रा
जो मैंले तिमिहरूको लागि अशुद्ध ठहराइ तिमिहरू देखि अलग् गर्येको
२६ छ त्यो देखि आफ्नु प्राणलाइ घिन्लाग्द्दो न पार । तर तिमिहरू मेरो
लागि पवित्र हव . किनभन्ये मं यहवे पवित्र छु अनि मैंले तिमिहरूलाइ अरू
लोग्हरू देखि तिमिहरू मेरो लागि अलग् हव भन्ये खातिर्ले छुट्यायें ॥
२७ कोइ पुरुष् कि स्त्रीले बिजुवा कि झांक्रिको काम् गर्यो भन्ये
देखि त्यो निस्से मारीओस् . ढुंगाले लोहोर्याउन् . तिनको लोहू तिनकै
सिर् मांथि पर्छ ॥

(पूजाहारीहरू र बलिदान्हरूको बिषय्का कत्ति बिधिहरू)

२१ १ फेरि यहवेले मूसालाइ भन्यो हारून्का छोरा पूजाहारीहरू सित कुरा
गरि तिनिहरूलाइ येसो भन् तिमिहरूका लोगमांको कोई मर्येको कारणले
२ तिमिहरूमांका कसैले आफुलाइ अशुद्ध न गरोस् खालि आफ्नु नजिक्
साइंनुको साखैहरू अं आफ्नो आंमा कि बाबु कि छोरा कि छोरी कि
३ दाज्युभाइ कि लोग्ने न भयेको आफ्नो साखै कन्ये दिदीबैनीको लागि
४ मात्रै त्येस्ले आफुलाइ अशुद्ध गर्नु सक्छ । तर जब त्यो आफ्ना लोगमां मालिक्
छ त त्येस्ले आफुलाइ येस्तोरि अशुद्ध न गरोस् आफुलाइ अपवित्र गरिकन ।
५ तिनिहरूले न आफ्नु केस् मुडुन् न आफ्नु दारीका कुंना बिगारून् न आफ्नु
६ जीउमां चीराई गरून् । तिनिहरू आफ्नु ईश्वरको लागि पवित्र होउन् अनि
आफ्नु ईश्वरको नांउ अपवित्र न गरून् . किनभन्ये तिनिहरूले यहवेको
अग्निहोम् अर्थात् आफ्नु ईश्वरको भोजन् चढाउंने गर्द छन् . येसकारण
७ तिनिहरू पवित्रनै रहुन् । तिनिहरूले कोई बेस्ये कि बिगार्येकी स्त्रीलाइ न
ल्याउन् अनि न लोग्ने देखि निकालीयेकीलाइ . किनभन्ये पूजाहारी आफ्नु
८ ईश्वरको लागि पवित्र छ । त तैंले पूजाहारीलाइ पवित्र जान् त्येस्ले
तेरो ईश्वरको भोजन् चढाउंने गर्द छ . त त्यो तेरो लेखि पवित्र ठहरोस् .
९ किनभन्ये मं तिमिहरूलाइ पवित्र गर्ने यहवे पवित्र छु । अनि कोई
पूजाहारीको छोरीले बेस्ये भइ आफुलाइ अपवित्र गरी भन्ये देखि त्येस्ले
आफ्नु बाबुलाइ अपवित्र गर्द छ . त त्यो केटी आगोमां डढाईओस् ॥
१० अनि जो आफ्ना दाज्युभाईहरूमां मूलपूजाहारी भयेको छ जस्को
सिर्मां अभिषेक् गर्ने तेल् हालीयेको छ अनि जो वस्त्रहरू लाउंनुलाइ स्थापित्
गरीयेको छ त्येस्ले न आफ्नु सिर्को केस् छोड़ोस् न आफ्ना लुगा फारोस्
११ न त्यो कुनै लोथ्को छेउमां जावस् न आफ्नु बाबु न आफ्नो आंमाको
१२ कारणले आफुलाइ अशुद्ध गरोस् अं त्यो पवित्रस्थान् देखि बाहिर पनि न
निकलोस न आफ्नु ईश्वरको पवित्रस्थान अपवित्र गरोस् किनभन्ये त्येस्को

ईश्वर्को अभिषेक् गर्ने तेल्को स्थापनगराई त्यस् माथि छ. मं यह्वे हुं।
अनि त्येस्ले कन्ये हुंने स्त्री ल्यावस्। बिधुवी कि त्यागीयेकी कि बिगन्येकी १३ १४
कि बेश्ये स्त्री ति न ल्यावस्. तर आफ्ना लोगमांकी कन्येकेटीलाइ ब्याहा
गरोस्। त त्येस्ले आफ्नु बंश आफ्ना लोगमां अपवित्र न गरोस्. किनभन्ये १५
मं त्येस्लाइ पवित्र गर्ने यह्वे हुं॥

फेरि यह्वेले मूसालाइ येसो भन्यो हारूनलाइ येसो भन् तिम्रो १६ १७
बंशका पुस्ता पुस्तामां जस्मां कोइ खोट् होला त्यो आफ्नु ईश्वर्को भोजन्
चढाउंनुलाइ नजिक् न आवस्। जोसुकैमां खोट् होला त्यो नजिक् न १८
आवस्. त्यो अन्धा कि खोरण्डे कि नेप्टे कि बढ्ता अंग भयेको कि गोड़ा १९
कि हात् भांचीयेको कि कुब्रे कि बाउन्न कि आंखामां खोट् भयेको कि २०
चांजा भयेको कि लुतो भयेको कि त्येस्का सन्दि कुच्चीयेका अं हारून् २१
पूजाहारीको बंशमांको जस्मां कोइ पनि खोट् होला त्यो यह्वेको
अग्निहोम् चढाउंनुलाइ नजिक् न आवस्. त्यो खोटी छ आफ्नु ईश्वर्को
भोजन् चढाउंनुलाइ छेउ न आवस्। अं त्येस्ले आफ्नु ईश्वर्को पवित्र र २२
महापवित्र दुवै भोजन् चढ्इं ता खांनु हुंछ। तर त्यो छेल्ने पर्दा देखि भित्र २३
न बेदिको छेउको नजिक् आवस् किनभन्ये त्येस्मां खोट् छ होइन भन्ये ता
त्येस्ले मेरा पवित्रस्थान्हरू अपवित्र गर्ला. किनभन्ये मं तिनिहरूलाइ पवित्र
गर्ने यह्वे हुं। त मूसाले यि कुरा हारून् र त्येस्का छोराहरूलाइ अं सिंगै २४
इस्राएल्बंशीहरूलाइ कहि सुनायो॥

फेरि यह्वेले मूसालाइ येसो भन्यो हारून् र त्येस्का छोराहरूलाइ २२ १ २
भन् तिनले आफुलाइ इस्राएल्बंशीहरूका पवित्र थोक्हरू देखि जो तिनले
मेरो लागि पवित्र गर्दछन् अलग् राखुन् र मेरो नाउ अपवित्र न गरून्. मं
यह्वे हुं। तिनलाइ येसो भन् तिमिहरूका पुस्ता पुस्तामां तिमिहरूका ३
सबै बंशमांको जो आफ्नु अशुद्धैइं रहंदै ति इस्राएल्बंशीहरूले यह्वेको
लागि पवित्र गर्येका पवित्र थोक्को छेउमां जाला त्यो प्राणी मेरो सांमु देखि
काटि दिइंछ. मं यह्वे हुं। हारून्को बंशमांको जोसुकै हवस् कोढ़ी कि ४
बहंने बेथा भयेको होला त्येस्ले निको न होउंज्याल् सम्म पवित्र थोक्हरूमांको
कोइ न खावस्। अनि जो लोथ्को कारणले अशुद्ध भयेको मान्छे कि जस्को
वार्य्य बहंदै भयेकोलाइ छोला अनि जस्ले कोई कीरा फटेंग्रालाइ ५
छोला ज्य देखि कोई अशुद्ध तुल्याईयेला कि कोई येस्तो मान्छेलाइ छोला
जस्मां कोइ रकम्को अशुद्धैइं पाईयेला जस् प्राणीले तिनिहरूमांको ६
कसैलाइ छोला त्यो सांझ् सम्म अशुद्ध रहंछ अनि त्येस्ले आफ्नु जीउ पानीमां
धोयेन भन्ये पवित्र थोक्हरूमांको न खावस्। तर जब सूर्ज अस्ताउंछ तब ७
शुद्ध हुंछ त्यस् पछि पवित्र थोक्हरूमांको खावस् किनभन्ये त्यो त्येस्को भोजन्
हो। जुन् जन्तु आफै मर्येको होला कि बनजन्तु देखि फहराइ मारीयेको ८
होला त्यो खाइकन आफुलाइ अशुद्ध न गरोस्. मं यह्वे हुं। त तिनिहरूले ९
मेरो आज्ञा मानुन् होइन भन्ये ता तिनिहरूले ति अपवित्र गरि पाप्

१० ब्रोकनन् अनि त्यस्को कारणले मर्नन् . मं तिनलाइ पवित्र गर्ने यहवे हुं । तर
पराय् कुल्को कसैले कोइ पवित्र थोक् न खावस् . पूजाहारीको पाहुनाले
११ कि मंनि गर्नेले त्यो पवित्र थोक् न खावस् । तर पूजाहारीले कोई प्राणीलाइ
आफ्नु रुपिया दियेर किन्येको छ भन्ये देखि त्यस् प्राणीले त्यस्मांको
खावस् अनि पूजाहारीको घर्मां जन्म्येकाहरुले पनि त्यस्को भोजन्मांको
१२ खाउन् । अनि पूजाहारीकी छोरी पराय् कुल्को कोई पुरुष् सित ब्याहा
भयेकी छ भन्ये त्यस्ले पवित्र थोक्हरुको उचालीयेको भेटिमांको न खावस् ।
१३ तर पूजाहारीकी छोरी बिधुवी कि त्यागीयेकी छ अनि त्यस्को सन्तान् छैन
अनि त्यो आफ्नु बालखेगत् अनुसार् आफ्नु बाबुको घर्मां फेरि रहंद छ
भन्ये देखि त्यस्ले आफ्नु बाबुको भोजन्मांको खावस् . तर पराय् कुल्को
१४ कसैले त्यस्मांको न खावस् । फेरि कोई मान्छेले कोइ पवित्र थोक्मांको
भूलले खायो भन्ये देखि त्यस्ले त्यस्को पांचौं भाग् बढायेर त्यो पूजाहारीलाइ
१५ देवस् । त पूजाहारीले इस्राएल्बंशीहरुका पवित्र थोक् जो तिनले यहवेको
१६ लागि चढाउंनन् अपवित्र न गरुन् न दोष् ल्याउंने अपराध् ब्रोकाउन्
जब तिनिहरुले आफ्ना पवित्र थोक् खांछन् . किनभन्ये मं तिनलाइ पवित्र
गर्ने यहवे हुं ॥

१७ १८ फेरि यहवेले मूसालाइ येसो भन्यो हारुन् र त्यस्का छोराहरु सित
अं सिंगै इस्राएल्बंशीहरु सित कुरा गरि येसो भन् इस्राएल्को जहान्मांको
कि इस्राएल्मां भयेका परदेसीहरुमांको जोसुकै हवस् जस्ले आफ्नु भेंट
चढाउला त्यो तिनको भाकल्को हवस् कि तिनको मनमानौ भेटि हवस्
१९ जो तिनले यहवेलाइ होमबलि गरि चढाउंनन् त तिमिहरु ग्रहण्
गरींनुलाइ गाईगोरु कि भेंड़ाहरु कि बाखाहरुमांको निखोट् नर् चढाव ।
२० तर जस् जस्मां कोइ पनि खोट् होला त त्यो न चढाउंनु . किनभन्ये
२१ त्यो तिमिहरुको लागि ग्रहणयोग्य हुंदैन । त जस् जस्ले गाईगोरु भेंड़ा
बाखाहरुमांको कोइ थोक् भाकल् पूरा गर्नुको लागि कि मनमानौ भेटिको
लागि मिलापबलि चढाउला त ग्रहण् हुंनुको लागि त्यो पशु सिद्ध हुंनु
२२ पर्छ त्यस्मां कोइ खोट् न हवस् । अन्धा हवस् कि भांचीयेको कि डुंड़ कि
जस्मां फोका उठेको कि चांजा भयेको कि लुतो भयेको ति यहवेको लागि
न चढाउंनु अनि तिनिहरुमांको कोई बेदिमां यहवेको अग्निहोम् गरि न
२३ दिंनु । अं कोई बाच्छा कि पाठा कि बाखाको कुनै अंग बढ्ति घट्ति होला
त त्यो मनमानौ भेंट गरि चढाइस् भन्ये चढा तर भाकल् पूरा गर्नेको
२४ लागि त्यो ग्रहण् हुंदैन । जुन् पशुको राज्खानि कुच्याईयेको कि चूर् पारीयेको
कि फुटेको कि काटि निकाल्येको छ त्यो यहवेको लागि न चढाउंनु अनि
२५ न आफ्नु देस्मां येसो गर्नु । अनि यि सबैमांको तिमिहरुले आफ्नु
ईश्वर्को भोजन् गरि कोई परदेसीको हात् देखि पनि लिइ न चढाउंनु
किनभन्ये तिनमां ज्ये बिगार्येको छ त्यो तिनको खोट् हो . ति तिमिहरुको
लागि ग्रहण् हुंदैनन् ॥

फेरि यहवेले मूसालाइ यसो भन्यो   ऊब बाच्छा कि भेंड़ा कि २६ २७
बाखाको पाठा ब्याहाईयेला तब त्यो सात् दिन् सम्म आफ्नु माऊ सङ रहोस
अनि आठौं दिन् देखि येसो त्यो यहवेको अग्निहोमका चढ़ाउने हुंनुको
लागि ग्रहणयोग्य हुंछ। गाई हवस् कि भेंड़ी बाख्री हवस् त्येसलाइ त्येस्को २८
बच्चा समेत् एकै दिनमां बलि न गर्नू। अनि जब तिमिहरूले यहवेको लागि २९
धन्नबादी बलि चढ़ाऔला तब तिमिहरू ग्रहण गरींनुको लागि त्यो बलि गर।
त्यो उसै दिन् खाईओस् त्येसमांको कोइ बिहान सम्म राखि न छोड़. म ३०
यहवे हुं। येसकारण् तिमिहरूले मेरा आज्ञाहरू मानि ति गर्नू. म यहवे हुं। ३१
अनि मेरो पवित्र नांउ अपवित्र न गर्नू तर म चइं ता इस्राएलबंशीहरूको ३२
बीचमां पवित्र गरींछु. म तिमिहरूलाइ पवित्र गर्ने यहवे हुं   जसले ३३
तिमिहरूलाइ मिस्रका देस् देखि तिमिहरूको ईश्वर् हुंनुलाइ निकालि
ल्यायो. म यहवे हुं॥

(कत्ति चाड़हरूको बिषयको नियम्)

फेरि यहवेले मूसालाइ येसो भन्यो   इस्राएलबंशीहरू सित २३ १ २
कुरा गरि येसो भन् यहवेका ठहराईयेका बेलाहरू जो तिमिहरूले पवित्र
सभा हुंनुलाइ प्रचार् गरौला ति चइं मेरा ठहराईयेका बेलाहरू हुन्।
छ दिन् सम्म कामकाज गरीउन्. तर सातौं दिन् महाबिश्रामको र ३
पवित्र सभाको दिन् हो त्येसमां कोइ पनि कामकाज न गर्नू. त्यो चइं
तिमिहरूका सब्बै बास् बासमां यहवेको लागि बिश्रामदिन् हो॥

यहवेका ठहराईयेका बेलाहरू अं ठहराईयेका बेला बेलामां तिमिहरूले ४
प्रचार् गर्नू पवित्र सभाहरू यिनै हुन्। पहिलो महीनाको चौधौं तिथिको ५
सांझमां यहवेको निस्तार् चाड़ हो। अनि तेसै महीनाको पन्द्रौं तिथिमां ६
यहवेको लागि अखमीर रोटाको चाड़ हो. सात् दिन् सम्म अखमीर
रोटा खांन गर्नू। पहिलो दिनमां तिमिहरूको पवित्र सभा हवस्. त्येसमां ७
दासत्वको कोइ काम् न गर्नू। तर सात् दिन् सम्म तिमिहरूले यहवेको लागि ८
अग्निहोम् चढ़ाउंनु. सातौं दिनमां पवित्र सभा हवस् त्येसमां कोइ दासत्वको
काम् न गर्नू॥

फेरि यहवेले मूसालाइ येसो भन्यो   इस्राएलबंशीहरू सित कुरा ९ १०
गरि येसो भन् जब तिमिहरूले त्यो मैले तिमिहरूलाइ दिनु आंटेको देसमां
पुग्येर त्यहांका खेतको कटनी गरौला तब आफ्नु कटनीको अगौटेफलको
एक् बिटा पूजाहारी थांइ ल्याउंनु. अनि त्येसले त्यो बिटा यहवेको सांमु ११
हल्लाउस् त्यो तिमिहरूको लागि ग्रहण हुंनुलाइ. पूजाहारीले त्यो बिश्राम्
दिनको भोलि पल्टो हल्लाउंने गरोस्। अनि तिमिहरूले बिटा हल्लाउंनु १२
लगायेको दिनमां येउटा बर्ष दिनको निषखोट् थुमा यहवेको लागि होमबलि
गरि चढ़ाउंनु। अनि त्यो सङको अन्नबलि एफाको दुइ दसौं हिस्सा तेलले १३
मुछ्येको पिठो हवस् अग्निहोम यहवेको लागि बासना हुंनुलाइ. अनि त्यो सङ

१४ खन्याईव्रलि हीन् भरिको चौथो हिस्सा दाख् हवस्। अनि तिमिहरुले यो
भेटि आफ्नु ईश्वर् थांइ न ल्यायेको दिन् सम्मनै तिमिहरुले न रोटौ न
भुटेयेको अन्न न हरीयो बाला खांनु. यो तिमिहरुका पुस्ता पुस्ताको लागि
तिमिहरुका सबै वास् वास्मां सनातन्को विधि हुंछ॥
१५ फेरि तिमिहरुले त्यस् विश्राम्दिन्को भोलि पल्टो देखि अर्थात्
जुन् दिन् तिमिहरुले हल्लाइने भेटिको विटा ल्याऔला त्यसै दिन् देखि
१६ दिन् गन्ति गर्नै लाग त सात् विश्राम्दिन् पुरा होउन्. अं सातौं विश्राम्
दिन्का भोलि पल्टा सम्म पचास् दिन् गन्नु अनि त्येइ दिन्मां यहूवेको लागि
१७ नया अन्नबलि चढाउंनु। तिमिहरुले आफ्ना बासठांउ देखि एपाका दुइ दसौं
हिस्सा दुवटा हल्लाइने रोटौ ल्याउंनु. ति पिठोका होउन् खमार् सित
१८ पोलोउन् यहूवेको लागि अगौटेफल् हुंनुलाइ। अनि ति रोटौ सङ
वर्ष वर्ष दिन्का सातवटा निष्खोट् पाटा र येउटा बाच्छा र दुवटा थुमा
चढाउंनु. ति ति सङका अन्नबलि खन्याईबलि समेत् यहूवेको लागि
होमबलि होउन् अर्थात् ति अग्निहोम् हुन् यहूवेको लागि बास्ना हुंनुलाइ।
१९ फेरि तिमिहरुले पापबलिको लागि येउटा बाख्रा र मिलापबलिको लागि
२० वर्ष वर्ष दिन्का दुवटा पाठा चढाव। तब पूजाहारीले तिनलाइ अगौटे
फल्को रोटौ समेत् यहूवेको सांमु हल्लाईयेको भेटि गरि हल्लावस् ति दुवटा
पाठा समेत्. ति यहूवेको लागि पवित्र होउन् पूजाहारीको भाग्
२१ हुंनुलाइ। अनि तिमिहरुले त्येइ दिन्को प्रचार् गर्नु त्यस्मां तिमिहरुको
येउटा पवित्र सभा हवस्. दास्तिको कोइ काम् न गर्नु. यो तिमिहरुका
सबै वास् वास्मां तिमिहरुका पुस्ता पुस्ताको लागि सनातन्को विधि हुंछ॥
२२ फेरि जब तिमिहरुले आफ्नु देसको कटनौ गरौला तब आफ्ना खेतका
कुंनाकांनि स्यांठै न काट्नु न आफ्ना कटनौको सोला बटुल्नु. ति कंगालि
र परदेसीका लागि छोडि दिंनु. मं यहूवे तिमिहरुको ईश्वर् हुं॥
२३ २४ फेरि यहूवेले मूसालाइ येसो भन्यो इस्रायल्वंशीहरुलाइ येसो भन्
सातौं महीनाको पहिलो तिथिमां तिमिहरुको लागि महाविश्राम् हुंछ अं
२५ तुरही बजाउंदै सम्झाउंने दिन् र पवित्र सभा हुंछ। त्यस् दिन्मां तिमिहरुले
दास्तिको कोइ काम् न गर्नु. अनि यहूवेको लागि येउटा अग्निहोम् चढाउंनु॥
२६ २७ फेरि यहूवेले मूसालाइ येसो भन्यो त्यस् सातौं महीनाको
दसौं तिथिमां अवस्से प्रायश्चित्तको दिन् हवस्. तिमिहरुको लागि पवित्र
सभा हवस् अनि त्यस्मां तिमिहरुले आफ्नु आफ्नु प्राणलाइ कष्ट दिंनु अनि
२८ यहूवेको लागि अग्निहोम् चढाउंनु। त्यस् दिन् तिमिहरुले कोई प्रकारको
काम्काज् न गर्नु. किनभन्ये त्यो प्रायश्चित्तको दिन् हो तिमिहरुको
२९ ईश्वर् यहूवेको सांमु तिमिहरुको लागि प्रायश्चित्त गर्नुलाइ। किनभन्ये
जुन् प्राणी त्यस् दिन्मां कष्टित् हुंदैन त्यो आफ्ना लोगकां देखि काटि
३० दिईंछ। अनि जुन् प्राणीले त्यस् दिन्मां कोइ पनि काम् गर्लो त्यो
३१ प्राणीलाइ मं त्येका लोगकां देखि काटि दिंछु। तिमिहरुले कोई

प्रकार्को काम्काज् न गर्नु. यो तिमिहरूका पुस्ता पुस्ताको लागि
तिमिहरूका सबै बास् बासमां सनातन्को बिधि हुंछ। त्यो तिमिहरूको ३२
लागि महाबिश्रामको दिन् हवस् त्यसमां तिमिहरूले आफ्नु आफ्नु
प्राणलाइ कष्ट दिनु. त्यस् महीनाको नवं तिथिको सांझ देखि पालि
भोलि पल्टो सांझ सम्म तिमिहरूले आफ्नु बिश्रामदिन् मान्दै रहनु॥

फेरि यहोवेले मूसालाइ येसो भन्यो इस्राएलबंशीहरूलाइ येसो ३३ ३४
भन् त्यस् सातौं महीनाको पन्ध्रौं तिथि देखि सात् दिन् सम्म यहोवेको
लागि डेराबासे चाड् हवस्। पहिलो दिन् पवित्र सभा हवस्. त्यसमां ३५
दासत्वको कोइ काम् न गर्नु। सात् दिन् सम्म यहोवेको लागि अग्निहोम् ३६
चढाउंदै रहनु. आठौं दिनमां तिमिहरूको पवित्र सभा हवस् अनि
यहोवेको लागि येउटा अग्निहोम् चढाउंनु. शेष् चाड् येइ हो. दासत्वको
कोइ काम् न गर्नु॥

यहोवेका ठहराईयेका बेलाहरू जो तिमिहरूले पवित्र सभा हुंनुलाइ ३७
प्रचार् गर्नेला ति यिनै हुन् तिनमां तिमिहरूले अग्निहोम् अं होमबलि
अन्नबलि मेलबलि र खन्याईबलि एक् एक् तिनको आफ्नु आफ्नु दिनमां
चढाउंनुलाइ तिमिहरूले यि सबै मान्नु. यहोवेका बिश्रामदिन् बाहेक् र ३८
आफ्ना आफ्ना भेटिहरू बाहेक् र आफ्ना आफ्ना सबै भाकलहरू बाहेक्
र यहोवेलाइ दिने गर्येका आफ्ना आफ्ना सबै मनमानी भेटिहरू बाहेक्॥

सातौं महीनाको पन्ध्रौं तिथिमां जब तिमिहरूले देसको उपजनि ३९
बटुलि सकेला तब निस्से सात् दिन् सम्म यहोवेको चाड् मान्नु. पहिलो दिन्
महाबिश्राम् हवस् अनि फेरि आठौं दिनमां पनि महाबिश्राम् हवस्। त ४०
पहिलो दिन् तिमिहरूले राम्रा राम्रा रूखहरूका फल् खजूरका डालाहरू र
झ्यापुल्ले रूखहरूका हांगाहरू र खोल्चाखोल्चिका बंइसका रूखहरू लिलिकन
आफ्नु ईश्वर् यहोवेको सांमु सात् दिन् सम्म रमाहट् गर्नु। अनि बर्ष बर्ष ४१
दिनमां सात् दिन् सम्म यहोवेको लागि यो चाड् मान्नु. यो तिमिहरूका पुस्ता
पुस्ताको लागि सनातनको बिधि हुंछ. सातौं महीनामांनै यो मान्नु। सात् दिन् ४२
सम्म तिमिहरू झ्प्रामां बास् बसे गर्नु जत्ति स्वदेसी इस्राएलमां छन् ति सबैले
झ्प्रेमां बास् बसे गरून्. र तिमिहरूका पुस्ता पुस्ताले मैले इस्राएलबंशी- ४३
हरूलाइ मिस्रको देस् बाटो निकालि ल्यायेको बेलामां तिमिहरूलाइ
झ्प्रामां बसायेको थियें भनि जानुन्. मं यहोवे तिमिहरूको ईश्वर् हुं। त ४४
मूसाले इस्राएलबंशीहरूलाइ यहोवेका ठहराईयेका बेलाहरू कहि सुनायो॥

(अनेक् बिषय्का आज्ञाहरू)

फेरि यहोवेले मूसालाइ येसो भन्यो इस्राएलबंशीहरूलाइ आज्ञा २४ १ २
दे तिनिहरूले तेरां उज्यालोको लागि कूटेरको भद्राक्षेको निखरा तेल्
ल्याउंन र बत्ती नित्य बलने गरोस्। हारूनले त्यो भेट् हुंने डेरामां साक्षीको ३
पाटीको सांमु भयेको पर्दा देखि बाहर यहोवेको सांमु सांझ देखि बिहान्

सम्म नित्य सच्याउंने गरोस्. यो तिमिहरुका पुस्ता पुस्ताको लागि
४ सनातन्को बिधि हवस्। त्यस्ले बत्तीहरु निखरा पांनस्मां यह्वेको सांमु
नित्य सच्याउंने गरोस्॥

५ फेरि पिठो लियेर त्यस्का बारह्वटा रोटी पोल्नु. एक् एक् रोटीमां
६ एपाको दुइ दसौं हिस्सा पिठो हवस्। वहांदेखि ति दुइ थाक् गरि
राख्नु एक् एक् थाक्मां छ छवटा गरि पवित्र मेज् मांथि यह्वेको सांमु राख्नु।
७ फेरि एक् एक् थाक्मां निखरा सालधूप् राख्नु र त्यो रोटी मांथि सम्झना
८ गराउंने थोक् र यह्वेको लागि अग्निहोम् हवस्। बिश्राम् बिश्राम्
दिन्मां पूजाहारीले यह्वेको सांमु त्यो सजायेर नित्य राख्ने गरोस् यो
९ सनातन्को नियम् गरि इस्राएल्बंशीहरुको पट्टि बाटो हुंने गरोस्। अनि
ति रोटीहरु हारुन् र त्यस्का छोराहरुका होउन् अनि तिनिहरुले त्यो
कहीं चोकवो ठांउमां खांने गरुन्. किनभन्ये त्यो यह्वेको अग्निहोम्मांका
सनातन्को बिधि अनुसार् उस्को लागि महापवित्र थोक् हो॥

१० ति दिनमां येउटी इस्राएली आइमाइको छोरो जस्को बाबु मिस्री
थियो त्यो निक्लेर इस्राएलबंशीहरुको बीच्मां आयो. अनि त्यस्
इस्राएली आइमाइको छोरो र येउटा इस्राएली पुरुष् छाउंनी भित्र आपस्तमां
११ कुटामार् गर्न लागे तब त्यस् इस्राएली आइमाइको छोरोले नांउको[1]
निन्दा गरि सराप्नु लाग्यो. तब त्यस्लाइ मूसा थांइ ल्याये। त्यस्की
आंमाको नांउ शलोमीत् थियो जो दान्को कुल्को दिब्रीकी छोरी थिई।
१२ तब तिनिहरुले त्यस्लाइ पहरामां थुन्ये तिनिहरुले जे गर्नु छ त्यो
तिनिहरुलाइ यह्वेको मुख् देखि कहोआस् भनि॥

१३ १४ त यह्वेले मूसालाइ येसो भन्यो त्यस सराप्नेलाइ छाउंनी देखि
बाहिर लेजांनु अनि जत्तिले त्यो निन्दा सुन्येका छन् ति सब्ले आफ्न् आफ्नु
हात् त्यस्को सिरमां राखुन् वहांदेखि सिंगै मंडलीले त्यस्लाइ लोहोर्याउन्।
१५ अनि इस्राएलबंशीहरुलाइ येसो भन् जस् जस्ले ईश्वरलाइ सराप्ला त्यस्ले
१६ आफ्नु पाप् बोकछ। अनि यह्वेको नांउको निन्दा गर्ने निस्से मारिओस्
सिंगै मंडलीले निस्से त्यस्लाइ लोहोर्याउन्. स्वदेसी हवस् कि बिदेसी
१७ हवस् त्यस्ले नांउको[1] निन्दा गर्यो भन्ये त्यो अवस्से मारिओस्। फेरि
१८ जस्ले कसैलाइ मार्ला त त्यो निस्से मारिओस् अनि जस्ले बस्तुलाइ
१९ मार्ला त त्यस्ले त्यस्को साटो फर्काइ देवस्. प्राण्को साटो प्राण्। फेरि
कसैले आफ्नु छिमेकिलाइ खोटो पारि दियो भन्ये जसो त्यस्ले गर्येको छ
२० त्यसै त्यो सित गरिओस् भंचाइको साटो भंचाइ आंखाको साटो
आंखा दांत्को साटो दांत्. जस्तो त्यस्ले कसैलाइ खोटो पार्यो त्यस्तै
२१ त्यस्लाइ पारिओस्। अनि बस्तु मार्नेले त्यस्को साटो फर्काइ देवस्. तर
२२ मान्छे मार्ने चहिं मारिओस्। तिमिहरुको नियाको येउटै रीत् हवस

[1] अर्थात् यह्वेको नाउंको।

स्वदेसीको लागि बिदेसीको लागि. किनभन्ये मं यहूवे तिमिहरुको ईश्वर्
हुं। त मूसाले इस्राएलबंशीहरुलाइ यो भन्यो वहांदेखि तिनिहरुले २३
सरापनेलाइ छाउंनी देखि बाहर लग्येर ढुंगाले लोहोऱ्याये। येसोगि
इस्राएलबंशीहरुले यहूवेले मूसालाइ दियेको आज्ञा अनुसार् गऱ्ये॥

(बिश्राम्को बर्ष र जुबिलिको बर्षको बिधि)

फेरि यहूवेले सीनै पर्वत्मां मूसालाइ येसो भन्यो इस्राएल्- २५।१
बंशीहरु सित कुरा गरि येसो भन् जब तिमिहरु त्यो मैंले तिमिहरुलाइ
दिंनु आंटेको देस्मां पुगाला तब भूमिले यहूवेको लागि बिश्राम् मानोस्।
छ बर्ष आफ्नु आफ्नु खेत्मां छर्नु अनि छ बर्ष आफ्नु आफ्नु दाखको ३
बारीको कलम् काट्नु अनि उपर्जनि बटुल्नु तर सातौं बर्षमां भूमिको ४
लागि महाबिश्राम् अं यहूवेको लागि बिश्राम् हुंछ. त्येस्मां न आफ्नु खेत्मां
छर्नु न आफ्नु दाखको बारीको कलम् काट्नु। कटनी भयेकोमां आफै ५
उम्रयको नाबो न काट्नु अनि आफ्नु न छांटेको दाख न टिप्नु. त्यो
भूमिको लागि महाबिश्राम्को बर्ष हुंछ। अनि तिमिहरुको लागि भूमिको ६
बिश्राम् भोजनको लागि हुंछ अर्थात् तेरो र तेरा दास् दासी र बनि गर्नेको र
तं सङ्ग प्रबास् गर्ने परदेसीको लागि अनि तेरा पशुहरुको र तेरो देस्मां ७
भयेका जीवाजन्तुहरुको लागि त्येस्को सबै उब्जनी खांनुको लागि हुंछ॥
फेरि तंले आफ्नु लागि सात् बिश्राम् बिश्राम्का बर्ष अर्थात् सात्गुणा ८
सात् बर्ष गन्नु त सात् बिश्राम्का बर्षको दिन् अं उनन्चास् बर्ष तेरो लागि
हुंछन्। तब सातौं महीनाको दसौं तिथिमां खूब् बज्ने नरसिंहा बजाब ९
अर्थात् प्रायश्चित्तको दिन्मां आफ्नु सिंगै देस्मां त्यो नरसिंहा बजाब। अनि १०
त्यो पचासौं चइं बर्षलाइ पवित्र गरि मान्नु अनि सिंगै देस्मां त्येस्का सबै
बासीहरुको लागि निर्बंधेइंको प्रचार् गर्नु. त्यो तिमिहरुको लागि जुबिलि[1]
हवस् त तिमिहरु आफ्नु आफ्नु अधिकार् र आफ्नु आफ्नु जहान्मां
फर्कंछौ। तिमिहरुको लागि त्यो पचासौं चइं बर्ष जुबिलि[1] हुंछ. त्येस्मां ११
तिमिहरुले न छर्नु अनि न नाबो काट्नु अनि न आफ्नै न छांटियेका
दाख टिप्नु। किनभन्ये त्यो जुबिलि[1] हो त त्यो तिमिहरुको लागि १२
पवित्र हुंछ. त्येस्को उपर्जनि खेतै बाटो खांनु। त्येस् जुबिलिको[1] १३
बर्षमां तिमिहरु आफ्नु आफ्नु अधिकार्मां फर्कि जांनु। अनि आफ्नु १४
छिमेकिका हातमां कोइ बेचिस् भन्ये कि त्यो देखि कोइ किनिस् भन्ये
एकाले अर्को सङ्ग मिचेइं न गर्नु. जुबिलि[1] पछि बित्येका बर्षको गन्ति १५
अनुसार् आफ्नु छिमेकि सङ्ग किन् अं बांकि बर्षका उपर्जनि अनुसार् त्येस्ले
तंलाइ बेचि देवस्। बर्ष जति धेर् रह्याको होला उतिकै बेसि दाम् बढा १६
अनि बर्ष जति कम् रह्याको होला उतिकै दाम् घटा किनभन्ये उपर्जनिको

[1] अर्थात् हर्षकराइ कि उत्सव।

१७ हिसाप् अनुसार् त्येस्ले तंलाइ बेचि दिंछ। त तिमिहरु एकाले अर्को माथि
मिचेइँ न गर्नु तर आफ्नु ईश्वर्को भय् मान्. किनभन्ये मं यहूवे
१८ तिमिहरुको ईश्वर् हुं। येस्कारण् तिमिहरुले मेरा बिधि मान अनि मेरा
नियाव्चन् मानि ति गर्नु त तिमिहरु येसोरि देस्मां निडर् सङ
१९ बसौला। अनि भूमिले आफ्नु उपर्जनि उपजाउंने गर्छ अनि तिमिहरुले पेट्
२० भरि भरि खाऔला अनि त्येस्मां निडर् भइ बसौला। अनि तिमिहरुले
सातौं बर्षमां हामिहरु के खाउंला हेर हामिहरुले ता न छरें छौं न उपर्जनि
२१ बटुल्द छौं भन्यौ भन्ये देखि. त मं तिमिहरुलाइ छैठो बर्षमां आफ्नु आसिर्के
२२ दिंछु त त्येस्को उपर्जनि तीन् बर्ष सम्म पुग्छ। अनि तिमिहरुले आठौं चइं
बर्षमां छरि त्यो उपर्जनि अर्थात् पुरांनु अन्न खांदै रहंनु तिमिहरुले त्येस्को
उपर्जनि न पाउंज्याल् सम्म अर्थात् नवं बर्ष सम्म तिमिहरु लेइ पुरांनु
२३ अन्नैं खांदै रहंछौ। भूमि सदाको लागि न बेचौला किनभन्ये भूमि ता
२४ मेरै हो. अनि तिमिहरु मं सङ पर्देसी र प्रबासी हुंदै छौ। त तिमिहरुले
आफ्नु अधिकार्को सबै देस्मां भूमिलाइ छुट्कारा दिंने गर्नु॥
२५ तेरो भाइले कंगालि भइ आफ्नु अधिकार्मांको बेच्यो भन्ये देखि
त्येस्को नजिक सांइनुकोचइंले आएर आफ्नु भाइले बेच्येको भाग छोड़ावस्।
२६ अनि कोई मान्छेको लागि कोई छोड़ाउंने रैनछ अनि त्यो आफैं आफ्नु
२७ भाग् छोड़ाउंनु सक्ने सम्मको धनी भयेको छ भन्ये देखि त्येस्ले त्यो
बेच्येको बेला देखि बर्ष गन्येर तिनको उपर्जनिको दाम् त्यो किन्नेलाइ
२८ फर्काइ देवस् वहांदेखि त्यो आफ्नु अधिकार्मां फर्कि जावस्। तर त्येस्को
त्यो फेरि आफ्नु पार्ने सम्मको पुंजि छैन होला त त्येस्को बेच्येको जग्गा त्यो
किन्नेके हात्मां जुबिलिको बर्ष सम्म रहोस्. तर जुबिलिमां छुटोस् अनि
त्यो आफ्नु अधिकार्मां फर्कि जावस्॥
२९ फेरि कसैले घेरा भयेको सहर्मां बस्ने घर् बेच्यो भन्ये देखि त्येस्ले त्यो
बेच्येको बर्ष दिन्मां छोड़ाउनु पाउंछ अं पूरा बर्ष सम्म त्येस्को छोड़ाउंने
३० अधिकार् रहंछ। तर त्यो बर्ष पूरा हुंने दिन् सम्म पनि छोड़ाईयेन भन्ये देखि
त्यो घेरा भयेको सहर्मां भयेको घर् किन्नेका सन्तै पुस्तामां त्येसैके निम्तिके भइ
३१ जावस्. जुबिलिमां पनि न छुटोस्। तर घेरा बिनाको गांउका घर्हरु चइं
देस्का जग्गाहरु झैं गनौउन्. अर्थात् तिनको छोड़ाई हुंनु सक्छ अनि ति
३२ जुबिलिमां छुटुन्। तैपनि लेवीहरुका सहर् अर्थात् तिनको अधिकार्का
३३ सहर्का घर्हरु लेवीहरुले ता कर्ने पनि बेलामां छोड़ाउंनु पाउन्। अनि कसैले
लेवीहरु देखि छोड़ायो भन्ये देखि त्यो बेच्येको घर् र त्येस्को अधिकार्को
सहर् जुबिलिमां छुटोस्. किनभन्ये इस्राएलबंशीहरुको बीचमां लेवीहरुका
३४ सहर्का घर्हरु तिनको अधिकार्का छन्। तर तिनका सहर्को छेउछाउका
खर्कहरु न बेचौउन् किनभन्ये यि ता तिनको सदाको अधिकार्का हुन्॥
३५ फेरि तेरो भाई कंगालि भइ तेरो सांमु त्येस्को हात् खस्यो भन्ये देखि
३६ त्येस्लाइ संभाल्. त्यो पर्देसी कि प्रबासी जस्तो तं सङ बसोस्। त्यो देखि

ब्याज् कि बढ़्ति न लिंनु तर आफ्नु ईश्वर्को भय् मान् . र तेरो भाई तं
सङ बसोस्। त्येस्लाइ ब्याज्मां आफ्नु रुपिया न दिंनु अनि न त्येस्लाइ खाने ३७
थोक् बढ़्तिको लालचले दिंनु। मं यहवे तिमिह्रुको ईश्वर् हुं जस्ले ३८
तिमिह्रुलाइ कनान्को देस् दिंनु र तिमिह्रुको ईश्वर् हुंनुलाइ तिमिह्रुलाइ
मिस्रको देस् बाटो निकालि ल्यायो॥

फेरि तेरो भाई तेरो मुखेंजि कंगालि भयो अनि आफूलाइ तेरो ३९
हात्मां बेच्यो भन्ये देखि त्येस्लाइ कमारालाइ झैं काम् न लगा. त्यो तं ४०
सङ बनि गर्ने कि प्रबासी जस्तो रहोस् अनि जुबिलिको बर्ष सम्म तं सङ
रहि चाकरी गरोस्. तब त्यो आफ्ना बाल्बच्चा समेत् तेरांटो निस्कि गयेर ४१
आफ्नु जहान्मां र आफ्ना पित्रह्रुको अधिकार्मां फर्कि जावस्।
किनभन्ये तिनिह्रु मैले मिस्र देस् बाटो निकालि ल्यायेका मेरा दास् हुन्. ४२
त तिनिह्रु कमारा झैं न बेचाउन्। आफ्नु भाई माथि कठोरैं सित ४३
प्रभुतैं न गर् तर आफ्नु ईश्वर्को भय् मान्। तिमिह्रुका जो जो कमारा ४४
कमारी हुंनन् ति तिमिह्रुका चारै तिर भयेका अन्यदेशीह्रुमांकाने होउन्
कमारा कमारी तिनिह्रु देखिने किनि ल्याउंनु। येस् उप्रान्त तिमिह्रुको ४५
बीच्मां प्रबास् गर्ने परदेशीह्रुका छोराछोरीमांका र तिमिह्रु सङ
तिमिह्रुको देस्मां जन्म्येका जहान्मांका ति देखि किन. र तिनिह्रु
तिमिह्रुका अधिकार् होउन्। अनि तिमिह्रु पछि हुंने तिमिह्रुका ४६
छोराह्रुलाइ पनि अधिकारी तुल्याउंनु ति तिनका अधिकारी हुंन्लाइ
तिनिह्रुमांका ता सदाको लागि कमारा लिंनु. तर आफ्ना इस्राएलबंशी
दाज्युभाईह्रु माथि एकाले अर्का माथि कठोरैं सित प्रभुतैं न गर्ने॥

फेरि तेरो छेउको कोई परदेसी कि प्रबासी धनी भइ गयो अनि त्येस्को ४७
सांमु तेरो भाई कंगालि भइ आफूलाइ तेरे छेउको परदेसी कि प्रबासी कि
त्येस्का जहान्को बंशको हात्मां बेच्यो भन्ये देखि. त्यो बेचीये पछि फेरि ४८
छोड़ाईओस् त्येस्का दाज्युभाईह्रुमांको कसैले त्येस्लाइ छोड़ावस्. कि त्येस्को ४९
कान्छाबाबुले कि कान्छाबाबुको छोरोले त्येस्लाइ छोड़ावस् अं त्यस्को कुल्को
कोई नजिक् सांइनुकोले त्येस्लाइ छोड़ावस् कि त्यहने धनी भयो भन्ये
आफूलाइ त्यो आफैंले छोड़ावस्। अनि त्येस् किन्ने सङ आफू बिक्रि भयेको ५०
बर्ष देखि जुबिलिको बर्ष सम्म गनोस्. अनि त्यो बेचीयेको दाम् बेचीयेको
गन्ति अनुसार् हंक अं बनि गर्नेका दिन अनुसार् त्यो सङ रहंक। अनि धेरै ५१
बर्ष बांकि रह्यो भन्ये जत्ति रुपियाले त्यो किनीयेको होला त्यो त्येस्ले आफू
छोड़ाईंनेको दाम् अनुसार् फर्काइ देवस्। अनि जुबिलिको बर्ष सम्म थोरै ५२
बर्ष मात्रै बांकि रह्यो भन्ये त्येस्ले त्यो सङ गन्येर आफू छोड़ाईंनेको दाम्
ति वर्षा अनुसार् फर्काइ देवस्। त्यो आफ्नु स्वामी सङ बर्ष बर्षको बनि ५३
गर्ने झैं रहोस्. अनि त्येस्ले येस् माथि तेरो मुखेंजि कठोरैं सङ प्रभुतैं न
गरोस्। अनि त्यो येसोरि कोई परिले छोड़ाईयेन भन्ये जुबिलिको बर्षमां ५४
आफ्ना बालबच्चा समेत् छुटोस्। किनभन्ये इस्राएलबंशीह्रु मेरे दास् हुन् ५५

तिनिहरु मिस्र देष् देखि मैले निकाल्येका मेरा दास् हुन्. मं यहूवे
तिमिहरुको ईश्वर् हुं॥

(आज्ञामनाई मांथि आशीष् अनि आज्ञा भङ्गराई मांथि स्राप्)

२६ १ तिमिहरुले आफ्नु लागि कोइ पुत्ला न बनाव अनि न कोई
खोपीयेको मूर्त्ति कि मुढ्का उभ्याउंनु अनि न आफ्नु देस्मां दण्डवत् गर्नुको
२ लागि असिढुंगो उभ्याउंनु. किनभन्ये मं यहूवे तिमिहरुको ईश्वर् हुं। मेरा
विश्रामदिन्को मान् गर्नु अनि मेरो पवित्रस्थान्को भय् मान्नु. मं यहूवे हुं॥
३ तिमिहरु मेरा विधिमां हिंड्यौ अनि मेरा आज्ञा मानि ति पूरा गर्यौ
४ भन्ये देखि मं तिमिहरुको लागि ऋतु ऋतुमां पानी वर्षाउंछु अनि
भूमिले आफ्नु उपज्जनि उपजाउंछ अनि बारीका रुखहरुले आफ्नु आफ्नु
५ फल् फल्न गर्छन् तिमिहरुको दांइ दाख टिप्ने बेला सम्म पुग्छ
अनि तिमिहरुको दाखटिपाई छर्ने बेला सम्म पुग्छ. अनि तिमिहरुले
अघाउंजि अघाउंजि आफ्नु रोटी खाऔला अनि आफ्नु देस्मां निडर्
६ भइ बास् गर्औला। अनि मं देस्मां चैन् दिंछु अनि तिमिहरु ढल्कंछौ
अनि तिमिहरुलाइ डर् देखाउंने कोई हुंदैन. अनि मं देस् देखि दुष्ट
जन्तुहरुलाइ निकालि दिंछु अनि तरवार् तिमिहरुको देस्मां चलाउंदैन।
७ अनि तिमिहरुले आफ्ना सत्रुहरुलाइ खेद्छौ अनि तिनिहरु तिमिहरुको
८ सांमु तरवारले काटीयेर लड्छन्। तिमिहरुमांका पांच जनाले सै जनालाइ
खेद्छन् अनि तिमिहरुमांका सै जनाले दस् हजारलाइ खेद्छन्. अनि
९ तिमिहरुका सत्रुहरु तिमिहरुको सांमु तरवारले मारीयेर लड्छन्। अनि
मं तिमिहरु तिर फर्केर तिमिहरुलाइ फलवन्त तुल्याउंछु अनि बढाउंछु अनि
१० तिमिहरु सङ आफ्नु नियम् ठहराइ राख्छु। अनि तिमिहरुले धनक्याउंयेका
११ पुरांना पुरांना अन्न खांछौ अनि नयाको कारणले पुरांनु निकाल्छौ। अनि मं
आफ्नु बासस्थान् तिमिहरुको बीचमां राख्छु. अनि मेरो मनले तिमिहरु
१२ देखि घिनाउंदैन। तर मं तिमिहरुको बीचमां हिंडडुल् गर्छु अनि
१३ तिमिहरुको ईश्वर् हुंछु अनि तिमिहरु मेरो लोग् हुंछौ। मं यहूवे तिमिहरुको
ईश्वर् हुं जस्ले तिमिहरुलाइ तिमिहरु मिस्रीहरुका दास् छोड् न रहंनुलाइ
मिस्र देस् देखि निकालि ल्यायो अनि मैले तिमिहरुको जूवाका काठ्
भांच्येर तिमिहरुलाइ सोझा उभ्याइ हिंडाल्यें॥

१४
१५ तर तिमिहरुले मलाइ न टेरि यि सब् आज्ञा मान्यौन अनि
तिमिहरुले मेरा विधि तुच्छ जान्यौ अनि तिमिहरुको मनले मेरा
नियावचन् देखि घिनायो मेरा सबै आज्ञा न मान्नु गरि अं मेरो नियम् भङ्ग
१६ गर्यौ भन्ये देखि त मं पनि तिमिहरु सित येसो गर्छु मं तिमिहरुको

लागि डर् लाग्दो क्षयरोग् र महाजरो खटाउंकु जुन्हरूले आंखा नष्ट पार्छन्
अनि प्राण ओइल्हयाउंछन्. अनि तिमिहरूले आफ्ना बिउ ब्यर्थै छर्छौ
कसोगरिभन्ये ति तिमिहरूका सत्रुहरूले खांछन्। फेरि म आफ्नु मुख १७
तिमिहरूको बिरुद्ध गर्छु अनि तिमिहरू आफ्ना सत्रुहरूको सांमु देखि
मारींछौ. अनि तिमिहरूका बैरीहरूले तिमिहरू मांथि प्रभुतेईं गर्छन् अनि
तिमिहरूलाइ कसैले न खेद्दै पनि तिमिहरू भाग्छौ। अनि तिमिहरूले १८
यि कुरामां पनि मंलाइ टेर्यौन भन्ये देखि मं तिमिहरूका पापको कारण
सात् गुणा दंड अरु पनि तिमिहरूलाइ दिंछु। अनि मं तिमिहरूको बल्को १९
अहंकार् भांचि दिंछु अनि तिमिहरूको अकाश् फलाम् जस्तो र तिमिहरूको
पृथिवी पीतल् जस्तो तुल्याउंछु. त तिमिहरूले आफ्नु बल् ब्यर्थै खर्चंछौ. २०
कसोगरिभन्ये तिमिहरूको भूमिले आफ्नु उपजनि उपजाउंदैन अनि देसका
रुखहरूले फल् दिंदैनन्। अझै पनि तिमिहरू मेरो बिरुद्धै हिंड्दै रह्यौ २१
अनि मंलाइ टेर्यौन भन्ये देखि मं तिमिहरूका पाप् अनुसार सात् गुणा
तिमिहरू मांथि अरु पनि ब्यढि ल्याउंछु। अनि मं तिमिहरूको बीचमां २२
बनजन्तुहरूलाइ पठाइ दिंछु जुन्हरूले तिमिहरूलाइ निर्बंश तुल्याउंछन्
अनि तिमिहरूका पशुहरूलाइ नष्ट पारि दिंछन् अनि तिमिहरूलाइ पनि
थोरै पार्छन् अनि तिमिहरूका सडक्हरू सुन्नै भइ जांछन्। फेरि तिमिहरू २३
यि कुराले पनि मेरो लागि सुधृरियान तर मेरो बिरुद्धैमां हिंड्दै रह्यौ भन्ये
देखि मं आफैं पनि तिमिहरूको बिरुद्धमां हिंड्छु अनि तिमिहरूका २४
पापको कारणले मं आफै तिमिहरूलाइ सात् गुणा हिर्काउंछु। त मं २५
तिमिहरू मांथि तरवार् चलाउंछु जुन्ले नियम् तोड़ीयेको साटो लिइंछ
अनि तिमिहरू आफ्ना आफ्ना सहर्मां भेला गराइंछौ. त मं तिमिहरूको
बीचमां ब्यढि पठाउंछु अनि तिमिहरू आफ्ना सत्रुहरूको ताबिमां सुम्पि
दिइंछौ। जब मैले तिमिहरूको रोटीको टेवा भांचि दियेको हुंछु त दसवटी २६
स्त्रीहरूले तिमिहरूको रोटी एकै अघेनामां पोल्येर जोखि जोखिकन
तिमिहरूलाइ बांडि दिंछन्. अनि तिमिहरू खांछौ तर अघाउंदैनौ॥

फेरि येतिमां पनि तिमिहरूले मंलाइ टेर्यान तर मेरो बिरुद्धै हिंड्दै २७
रह्यौ भन्ये देखि मं तिमिहरूको बिरुद्धमां बल्दै हिंड्छु अनि तिमिहरूका २८
पापको कारणले मं आफै तिमिहरूलाइ सात् गुणा शिक्षादण्ड दिंछु। अनि २९
तिमिहरूले आफ्ना छोराहरूको मांसु खांछौ अं आफ्नी छोरीहरूको मांसु
खांछौ। फेरि मं तिमिहरूका अलग्गा ठांउहरू भत्काइ दिंछु अनि तिमिहरूका ३०
सूर्जका जो मूर्त्ति हुंनन् ति भांचि दिंछु अनि तिमिहरूका मुर्दाहरू
तिमिहरूका पुतलाहरूका सिनुहरू मांथि आफालि दिंछु अनि मेरो मनले
तिमिहरू देखि घिनाउंछ। अनि मं तिमिहरूका सहर्हरू उजार्छु अनि ३१
तिमिहरूका पवित्रस्थानहरू सुन्नै गराइ दिंछु अनि तिमिहरूका बास्ना आउंने
धूपहरू सूंघ्दैन। अनि मं आफै तिमिहरूको देस् सुन्नै गराइ दिंछु. अनि ३२
त्येसमां बस्ने तिमिहरूका सत्तुरहरूले येस्को कारणले उदेक् मान्छन्। अनि ३३

मं चइं तिमिहरुलाइ अन्यदेसीहरुमां छरपुट्ट पार्कु अनि तिमिहरुलाइ
तरवार् झिक्रेर खेद्कु. अनि तिमिहरुको देस् सुन्ने हुंछ अनि तिमिहरुका
३४ सहर् उजार् होइ जांछन्। तब त्यस् पछि देस्ले आफ्ना बिश्रामदिनमां
रमाहट् गर्छ जत्ति दिन् त्यो सुन्ने भइ रहंछ अनि तिमिहरु आफ्ना सत्तुर्-
हरुको देस्मां रहंछौ ति सबै दिन्मां देस्ले बिश्राम् गरि रहंछ अनि आफ्ना
३५ बिश्राम्दिनमां रमाहट् गर्छ। अं जत्ति दिन् त्यो सुन्ने रहंछ त्यस्ले बिश्राम्
पाउंछ अर्थात् जुन् बिश्राम् तिमिहरुका बिश्रामदिनमां तिमिहरु त्यसमां
३६ बस्येको बेलामां त्यस्ले पाउंदैन थियो त्यो अब त्यस्ले पाउंछ। अनि तिमि-
हरुमांका जो जो बांकि रहंनन् तिनका हिर्दयमां मं तिनका सत्तुर्हरुको
देस्मां घब्राहट् हाल्कु. अनि पतझरको खोसस्याक्क गर्येको सोरले
तिनिहरुलाइ खेद्छ अं तिनिहरु भाग्छन् तरवार् देखि भाग्नेहरु झैं अनि
३७ कसैले न खेदिकनै पनि तिनिहरु लड्छन्। अनि जब कोइ खेद्ने हवैन
तबै पनि तिनिहरु तरवारको सांमु झैं एका अर्का माथि लड्छन्. अनि
३८ तिमिहरुलाइ आफ्ना सत्तुर्हरुको सांमु उभीने शक्ति हुंदैन। त तिमिहरु
अन्यदेसीहरुको बीचमां नष्ट होइ जांछौ अनि तिमिहरुका सत्तुर्हरुको
३९ देसले तिमिहरुलाइ खाइ हाल्छ। अनि तिमिहरुमांका जो जो बांच्छन्
ति आफ्ना सत्तुर्हरुको देस्मां आफ्ना अधर्म्ममां ओइल्हीछन् अनि
४० आफ्ना पित्रहरुका अधर्म्ममां पनि तिनिहरु सङ ओइल्हींछन्। तब तिनिहरु
आफ्ना र आफ्ना पित्रहरुका अधर्म्मको काबुल् हुंछन् अर्थात् तिनिहरुले
४१ मं सित गर्येका अधर्म्म अं तिनिहरु मेरो बिरुद्ध हिंड्रको कारण मैले
पनि तिनिहरुको बिरुद्ध भइ तिनिहरुलाइ तिनिहरुका सत्तुर्हरुको
देस्मां ल्यायें. अनि त्यस् बेलामां तिनिहरुको बिखतने हिर्दय् होचीयो
अनि तिनिहरुले त्यस् बेलामां आफ्ना अधर्म्मको दण्ड स्वीकार् गर्ये
४२ भन्ये देखि त मं याकूब् सित बांध्येको आफ्नु नियम् सम्झंकु अनि
इसहाक् सित बांध्येको आफ्नु नियम् पनि सम्झंकु अनि अब्राहाम् सित
४३ बांध्येको आफ्नु नियम् पनि सम्झंकु अनि देस् पनि मं सम्झंकु। अं देस्
चइं तिनिहरु देखि छुटेको हुंछ अनि त्यस्ले तिनिहरु बिना सुन्ने रहि
आफ्ना बिश्राम्दिनमां रमाहट् गर्छ अनि तिनिहरुले आफ्नु अधर्म्मको
दण्ड स्वीकार् गर्छन्. किनभन्ये अं किनभन्ये तिनिहरुले मेरा नियाबचन्
४४ तुच्छ जान्ये अनि तिनका मनले मेरा बिधि देखि घिनाये। तैपनि यतिमां
पनि जब तिनिहरु आफ्ना सत्तुर्हरुको देस्मां हुंनन् तब मं तिनिहरुलाइ
आफालदैन न तिनिहरुलाइ स्वांट्टै नास् पार्नेलाइ न तिनिहरु सङ
बांध्येको आफ्नु नियम् भङ्ग गर्नेलाइ तिनिहरु देखि घिनाउंकु. किनभन्ये
४५ मं यहवे तिनिहरुको ईश्वर् हुं. तर मं तिनिहरुको लागि ति मैले
मिस्र देस् देखि अन्यदेसीहरुको सांमु देखि तिनिहरुको ईश्वर् हुंनेलाइ
निकालि ल्यायेका तिनिहरुका पित्रहरु सङ बांध्येको नियम् सम्झंकु.
मं यहवे हुं॥

जो जो विधि र नियावचन् र व्यवस्था यहवेले आफ्नु र इस्राएल्वंशी- ४६
हरुको बीच्मां सीनै पर्वत्मां मूसाको आटोले बांध्यो ति यिनै हुन् ॥

(भाकल् गरीयेका थोक्का बिधिहरु)

फेरि यह्वेले मूसालाइ येसो भन्यो इस्राएल्वंशीहरु सित २७।१
कुरा गरि येसो भन् जब कसैले कोइ फाल्टु भाकल् गर्ला तब यह्वेको
लागि प्राणीको दाम् ठहराउंन्को विषय् तेरो ठहराई येस्तो ३
हुंछ अर्थात् नर् बीस् वर्ष देखि साठी वर्ष सम्मको उमेर्को लागि
पवित्रस्थान्को शेकेल्को हिसाप् अनुसार् पचास् शेकेल्को चांदी ठहराउंनु।
तर त्यो नारी छ भन्ये देखि तीस् शेकेल् ठहराउंनु। फेरि पांच् वर्ष देखि ४
बीस् वर्ष सम्मको उमेर्को छ भन्ये देखि नर्को लागि बीस् शेकेल् अनि ५
नारीको लागि दस् शेकेल् ठहराउंनु। अनि एक् महीना देखि पांच् वर्ष ६
सम्मको उमेर्को छ भन्ये देखि नर्को लागि चांदीको पांच् शेकेल् अनि
नारीको लागि चांदीको तीन् शेकेल् ठहराउंनु। फेरि साठी वर्षको उमेर्को ७
कि त्यो भन्दा बेसि उमेर्को छ भन्ये देखि नर्को लागि पन्ध्रह् शेकेल् अनि
नारीको लागि दस् शेकेल् ठहराउंनु। तर कोई तेंले ठहरायेको दाम् ८
दिंनु न सकने सम्मको कंगालि छ भन्ये देखि त्यो पूजाहारीको सांमु
उभ्याईओस् अनि पूजाहारीले त्यस्को पूंजि ठहरावस् भाकल् गर्ने देखि जति
हुंनु सक्छ त्यइ अनुसार् पूजाहारीले ठहरावस् ॥

फेरि मान्छेले यह्वेको लागि जुन् पशु भेंटि चढाउला त्यो देखि ९
जतिलाइ कसैले यह्वेको लागि देला त्यो पवित्र हुंनु पर्छ। त्यस्ले त्यो न १०
फेरोस् न साटोस् नजातिको लागि जाति न जातिका लागि नजाति. अनि
कतै त्यस्ले पशुको साटो अर्को पशु दियो भन्ये त्यो र त्यस्को सट्टा दुवै पवित्र
हुंछन्. तर जुन् अशुद्ध पशु लोगले यह्वेको लागि भेंट चढाउंदैनन् त्यस्ले ११
त्यो पूजाहारीको सांमु उभ्यावस्. तब त्यो पशु जाति होवस् कि नजाति होवस् १२
पूजाहारीले त्यस्को साटो दाम् ठहरावस्. अनि तं पूजाहारीले जति त्यस्को
दाम् ठहराउंछस् त्यतिकै ठहरोस्। अनि त्यस्ले त्यो छोड़ाउंनु खोज्यो भन्ये देखि १३
त्यस्ले तेंले ठहरायेको दाम् भन्दा पांचौं हिस्सा बेसि बढाइकन देवस् ॥

फेरि कसैले आफ्नु घर् यह्वेको लागि भाकल् गर्ला त त्यो घर् १४
जाति होवस् कि नजाति होवस् पूजाहारीले त्यस्को दाम् ठहरावस् अनि
पूजाहारीले जति ठहराउंछ त्यस्को दाम् त्यतिकै ठहरोस्। तर घर् भाकल् १५
गर्नेले त्यो छोड़ाउंनु खोज्यो भन्ये देखि त्यस्ले तेंले ठहरायेको दाम् भन्दा
पांचौं हिस्सा बेसि बढाइकन देवस् त घर् त्यसैको हुंछ ॥

फेरि कसैले आफ्नु अधिकार्को जग्गामांको यह्वेको लागि भाकल् १६
गर्यो भन्ये देखि त्यस्को दाम् बिउ जति जांछ त्यो अनुसार् तेंले दाम् ठहराउंनु.
अर्थात् एक् ओमेर् जउको बिउ जांनेको दाम् चांदीको पचास् शेकेल् हुंछ।
त्यस्ले आफ्नु जग्गा जुबिलिको वर्ष देखि भाकल् गर्यो भन्ये देखि त्यस्को १७

१८ दाम् तैंले ठहरायेको अनुसार् हवस् । तर त्येस्ले आफ्नु जग्गा जुबिलि
पछि भाकल् गर्‍यो भन्ये देखि जुबिलिको बर्ष सम्म जति बर्ष बाँकि रहनन्
तिनैको अनुसार् पूजाहारीले त्येस्को लागि दाम्को लेखा गरोस् त तैंले
१९ ठहरायेको दाम् देखि घटाइंछ । तर जग्गा भाकल् गर्नेले त्यो निस्से छोड़ाउंनु
खोज्यो भन्ये देखि तैंले ठहरायेको दाम् भन्दा पांचौं हिस्सा बेसि बढ़ाइकन
२० देवस् । तर त्येस्ले त्यो जग्गा छोड़ाउंनु खोज्येन कि अर्काको हात्माँ बेच्येको
२१ छ भन्ये देखि अब देखि उसो छोड़ाइंदैन . तर जब त्यो जग्गा जुबिलिमाँ
छुट्ला तब भाकल् गर्येको जग्गा अनुसार् यहवेको लागि पवित्र ठहरोस्
२२ अनि त्यो पूजाहारीको निज् अधिकार् हुंछ । फेरि कसैले आफ्नु
अधिकारको होइन तर आफ्नु किन्येको जग्गा यहवेको लागि भाकल्
२३ गर्‍यो त पूजाहारीले जुबिलिको बर्षको लेखा गरि त्येस् मान्छेको
लागि जति ठहराउला त्येति त्येस्ले यहवेको लागि पवित्र जानि त्येसै दिन्
२४ देवस् । जुबिलिको बर्षमाँ त्यो जग्गा त्येस्को तारिबमाँ फेरि आवस् जो
देखि त्येस्ले त्यो किन्येको थियो अर्थात् त्यो जस्को अधिकारको थियो
२५ त्येसको फेरि होइ जावस् । अनि तैंले ठहरायेका सब दाम्हरू पवित्रस्थानको
शेकेल् अनुसार् हुंछ . बीस् गेरा एक् शेकेल् हो ॥

२६ तर पशुहरूका जेठाहरू जो यहवेको लागि जेठो ठहराईयो त्येस्लाइ
कसैले भाकल् न गरोस् त्यो गोरू हवस् कि भेंड़ाबाख्रा हवस् यहवेकै हो ।
२७ तर त्यो अशुद्ध पशुको जेठो छ भन्ये देखि कसैले त्येस्लाइ तैंले ठहरायेको
दाम् अनुसार् त्येस्को पांचौं हिस्सा बेसि बढ़ाइकन त्यो पशुलाइ छोड़ावस् .
तर त्यो छोड़ाईयेन भन्ये देखि त्यो तैंले ठहरायेको दाम्माँ बेचिओस् ॥

२८ तैपनि जे कसैले आफ्ना सब्बै थोक्माँको यहवेको लागि भाकल्
गर्‍यो मान्छे हवस् कि पशु कि त्येस्को निज् अधिकारको जग्गा हवस्
भाकल् गरियेको यस्तो कोइ थोक् न बेचिओस् न छोड़ाईओस् . जे भाकल्
२९ गरीछ त्यो यहवेको लागि महापवित्र हुंछ । मान्छेमाँको जो भाकल्
गरियेला त्यो न छोड़ाईओस् त्यो निस्से मारिओस् ॥

३० फेरि भूमिको उपर्जनिको सब्बै दसौं हिस्सा त्यो भूमिको बिउ हवस् कि
३१ रुखको फल् हवस् यहवेकै हो . यहवेकै लागि पवित्र छ । तर कसैले
आफ्नु दसौं हिस्सामाँको कोइ छोड़ाउंनु खोज्यो भन्ये देखि त्येस्को पांचौं
३२ हिस्सा बेसि बढ़ाइकन त्यो छोड़ावस् । अनि गाइगोरू कि भेंड़ाबाख्राका अं
जे जे तगारो मुनि छिर्ने छन् तिनको दसौं हिस्सा अर्थात् दसौं चढ़ं पशु
३३ यहवेको लागि पवित्र हुंछ । त्यो जाति कि नजाति छ भनि कसैले न
खोजोस् न त्यो साटोस् . अनि कसैले त्यो साट्यो भन्ये पनि त्यो र त्येस्को
सट्टा दुवै पवित्र हुंछन् न छोड़ाईओस् ॥

३४ जुन् जुन् आज्ञा यहवेले इस्राएलबंशीहरूको लागि सीनै पर्वतमाँ
मूसालाइ दियो ति यिनै हुन् ॥

गन्तिको पोस्तक॥

(इस्राएलका कुलको गन्ति गराई)

फेरि इस्राएलवंशीहरू मिस्र देश देखि निकल्येको दोस्रो वर्षको १ १
दोस्रो महीनाको पहिलो तिथिमां यहोवेले सीनैको वनमां भेट हुने
डेरामां मूसालाइ यसो भन्यो इस्राएलवंशीहरूको सिंगै मंडलीको २
गन्ति गर तिनका जहान र तिनका पित्रहरूका घर घर अनुसार एक एक
पुरुषको नांउ नांउ गरि तिनको सिर सिर गरि गन्ति गर बीस ३
वर्षका कि त्यो भन्दा बेसि उमेरका हुने सबै अर्थात इस्राएलमां जो जो
लड़ाइँ गर्नुलाइ निकलने माफिकका हुनन ति सबैलाइ सेना सेना गरि तं र
हारूनले गन्नु। अनि तिमिहरू सङ कुल पिच्छेको एक एक जना हवस ४
अर्थात आफनु पित्रको घरको मूल चइं। र तिमिहरू सङ उभीनेहरूको ५
नांउ यि हुन अर्थात रूबेनमांको शदेऊरको छोरो एलीसूर। शिमोनमांको ६
सूरीशद्दैको छोरो शलूमीएल। यहूदामांको अम्मीनादाबको छोरो नहशोन। ७
इस्साकारमांको सूआरको छोरो नतनेल। जबूलूनमांको हेलोनको छोरो ८ ९
एलिआब। यूसुफवंशीमांको एप्रैममांको अम्मीहूदको छोरो एलीशामा, अनि १०
मनश्शेमांको पदाहसूरको छोरो गम्लिएल। बिन्यामीनमांको गिदोनीको ११
छोरो अबीदान। दानमांको अम्मीशद्दैको छोरो अहीएजेर। आशेरमांको १२ १३
ओक्रानको छोरो पगीएल। गादमांको दूएलको छोरो एल्यासाप। नप्तालीमांको १४ १५
एनानको छोरो अहीरा। मंडलीको बोलि देखि डेलाइँयका र आफना १६
आफना पित्रहरूका कुलहरूका मालिक यिनै थिए यिनेहरू इस्राएलका
जहानहरूका मूलहरू थिए। र जुन जुन पुरुषहरूको नांउ माथि लेखीयेका १७
छन तिनलाइ लियेर मूसा र हारूनले दोस्रो महीनाको पहिलो १८
तिथिमां सिंगै मंडलीलाइ भेला गराये वहांदेखि तिनिहरूले आफना
आफना जहानहरू र आफना आफना पित्रहरूका घर घर अनुसार बीस
वर्षका कि त्यो भन्दा बेसि उमेरका हुनेहरूका नांवको गन्ति तिनको सिर
सिर गरि आफनु आफनु वंशावली लेखनु लाग्ये। जस्तो यहोवेले मूसालाइ १९
आज्ञा दियो त्यस्तै त्यसले सीनैको वनमां तिनिहरूलाइ गन्यो॥

इस्राएलको जेठो छोरो रूबेनको वंश तिनका पुस्ता गरि तिनका २०
जहान र तिनका पित्रहरूका घर घर अनुसार जति पुरुष बीस वर्षका कि
त्यो भन्दा बेसि उमेरका अनि लड़ाइँ गर्नुलाइ निकलने माफिकका सबै
तिनका नांवको गन्ति अनुसार तिनका सिर सिर गरि गनीये रूबेनको २१
कुलका गनीयेका लोग छियालीस हजार र पांच सै जना थिये॥

२२ शिमोन्को बंश तिनका पुस्ता गरि तिनका जहान् र तिनका पित्रहरूका घर् घर् अनुसार् बीस् बर्षका कि त्यो भन्दा बेसि उमेरका अनि लड़ाइँ गर्नुलाइ निकलंने मांफकका सबै तिनका नांवको गन्ति अनुसार्
२३ तिनका सिर् सिर् गरि गनीये शिमोन्को कुलका गनीयेका लोग् उनसठ् हजार् र तीन् से जना थिये ॥

२४ गाद्को बंश तिनका पुस्ता गरि तिनका जहान् र तिनका पित्रहरूका घर् घर् अनुसार् बीस् बर्षका कि त्यो भन्दा बेसि उमेरका अनि लड़ाइँ गर्नुलाइ निकलंने मांफकका सबै तिनका नांवको गन्ति अनुसार् गरि
२५ गनीये गाद्को कुलका गनीयेका लोग् पैंतालीस् हजार् र छ से पचास् जना थिये ॥

२६ यहूदाको बंश तिनका पुस्ता गरि तिनका जहान् र तिनका पित्रहरूका घर् घर् अनुसार् बीस् बर्षका कि त्यो भन्दा बेसि उमेरका अनि लड़ाइँ गर्नुलाइ निकलंने मांफकका सबै तिनका नांवको गन्ति अनुसार् गनीये
२७ यहुदाको कुलका गनीयेका लोग् चौहत्तर् हजार् र छ से जना थिये ॥

२८ इस्साकार्का बंश तिनका पुस्ता गरि तिनका जहान् र तिनका पित्रहरूका घर् घर् अनुसार् बीस् बर्षका कि त्यो भन्दा बेसि उमेरका अनि लड़ाइँ गर्नुलाइ निकलंने मांफकका सबै तिनका नांवको गन्ति अनुसार्
२९ गरि गनीये इस्साकार्को कुलका गनीयेका लोग् चौवन् हजार् र चार् से जना थिये ॥

३० जबलून्का बंश तिनका पुस्ता गरि तिनका जहान् र तिनका पित्रहरूका घर् घर् अनुसार् बीस् बर्षका कि त्यो भन्दा बेसि उमेरका अनि लड़ाइं गर्नुलाइ निकलंने मांफकका सबै तिनका नांवको गन्ति
३१ अनुसार् गरि गनीये जबूलून्को कुलका गनीयेका लोग् सन्तावन् हजार् र चार् से जना थिये ॥

३२ यूसुफ्का बंश अर्थात् एप्रैम्का बंश तिनको पुस्ता गरि तिनका जहान् र तिनका पित्रहरूका घर् घर् अनुसार् बीस् बर्षका कि त्यो भन्दा बेसि उमेरका अनि लड़ाइं गर्नुलाइ निकलंने मांफकका सबै तिनका नांवको
३३ गन्ति अनुसार् गरि गनीये एप्रैम्को कुलका गनीयेका लोग् चालीस् हजार् र पांच से जना थिये ॥

३४ मनश्शेका बंश तिनको पुस्ता गरि तिनका जहान् र तिनका पित्रहरूका घर् घर् अनुसार् बीस् बर्षका कि त्यो भन्दा बेसि उमेरका अनि लड़ाइँ गर्नुलाइ निकलंने मांफकका सबै तिनका नांवको गन्ति
३५ अनुसार् गरि गनीये मनश्शेको कुलका गनीयेका लोग् बत्तीस् हजार् र दुइ से जना थिये ॥

३६ बिन्यामीन्को बंश तिनको पुस्ता गरि तिनका जहान् र तिनका पित्रहरूका घर् घर् अनुसार् बीस् बर्षका कि त्यो भन्दा बेसि उमेरका अनि लड़ाइँ गर्नुलाइ निकलंने मांफकका सबै तिनका नांवको गन्ति अनुसार

गरि गनीये बिन्यामीन्को कुल्का गनीयेका लोग् पैंतीस् हजार् र ३७
चार् से जना थिये ॥
दान्को वंश तिनका पुस्ता गरि तिनका जहान् र तिनका पित्रहरुका ३८
घर् घर् अनुसार् बीस् बर्षका कि त्यो भन्दा बंसि उमेर्का अनि लड़ाईं
गर्नुलाइ निक्लंने माफिक्का सबै तिनका नांबको गन्ति अनुसार् गरि गनीये
दान्को कुल्का गनीयेका लोग् बासठ् हजार् र सात् से जना थिये ॥ ३९
आशेर्को वंश तिनका पुस्ता गरि तिनका जहान् र तिनका पित्रहरुका ४०
घर् घर् अनुसार् बीस् बर्षका कि त्यो भन्दा बंसि उमेर्का अनि लड़ाईं
गर्नुलाइ निक्लंने माफिक्का सबै तिनका नांबको गन्ति अनुसार् गरि गनीये
आशेर्का कुल्का गनीयेका लोग् एक्चालीस् हजार् र पांच् से जना थिये॥ ४१
नप्तालीको वंश तिनका पुस्ता गरि तिनका जहान् र तिनका ४२
पित्रहरुका घर् घर् अनुसार् बीस् बर्षका कि त्यो भन्दा बंसि उमेर्का अनि
लड़ाईं गर्नुलाइ निक्लंने माफिक्का सबै तिनका नांबको गन्ति अनुसार्
गरि गनीये नप्तालीको कुल्का गनीयेका लोग् तिरपन् हजार् र ४३
चार् से जना थियें ॥
मूसा र हारून् र इस्राएल्का मालिक्हरु अर्थात् आफ्ना आफ्ना ४४
पित्रहरुका घर् घर् पिच्छे येउटा येउटा मालिक् मालिक् गरि बारह् जनाले
गन्यका सबै गनीयेकाहरु थिये हुन् । त इस्राएल्वंशीहरुमांका जो जो ४५
आफ्ना आफ्ना पित्रहरुका घर् घर् अनुसार् बीस् बर्षका कि त्यो भन्दा बंसि
उमेर्का गनाय अनि इस्राएल्मां लड़ाईं गर्नुलाइ निक्लंने माफिक्का थिये
ति सबै गनीयेका लोग् छ लाख् तीन् हजार् र पांच् से पचास् जना थियें ॥ ४६
तर लेवीहरु आफ्ना आफ्ना पित्रको कुल् अनुसार् अरु मङ ४७
गनीयेनन् । किनभन्ये यहूवेले मूसालाइ येसो भन्यको थियो खालि ४८ ४९
लेवीको कुल्को गन्ति न लिनु अनि इस्राएल्वंशीहरुको बीचमां तिनको
गनाई न गर्नु. तर लेवीहरुलाइ साचीपाटीको बासस्थान्मां र त्यस्का सबै ५०
सामान्मां अनि ज्य ज्य त्यस्का छन् ति मांथि खटा. बासस्थान त्यस्का सबै
सामान् समेत् तिनिहरुलेने बोकुन् अनि त्यस्को सेवाटहल् तिनिहरुले गरुन्
अनि बासस्थान्को वरिपरि आफ्ना आफ्ना डेरा हालुन् । त जब जब ५१
बासस्थान् अघि हिंड्ला तब तब लेवीहरुले त्यो ओह्रालुन्. अनि जब जब
बासस्थान् उभ्याउनु पर्ला तब तब लेवीहरुलेने त्यो उभ्याउन्. अनि
परायकुल्को मान्छे जो नजिक् आउला त्यो मारीयोस् । अनि इस्राएल्वंशी- ५२
हरु जनैले आफ्नु आफ्नु सेना अनुसार् आफ्नु आफ्नु छाउनी र आफ्नु
आफ्नु झण्डा छेउ आफ्नु आफ्नु डेरा उभ्याउन् । तर लेवीहरुले आफ्नु ५३
डेरा साचीपाटीको बासस्थान्को वरिपरि उभ्याउन् होइन भन्ये ता
इस्राएल्वंशीहरुको मंडली मांथि रिस् खनीयेला. येसोरिकन लेवीहरुले
साचीपाटीको बासस्थान्को रखाई गरुन् । त इस्राएल्वंशीहरुले त्यसै गर्ये ५४
अं यहूवेले मूसालाइ दियेका सबै आज्ञा अनुसार तिनिहरुले गर्ये ॥

(छाउंनीमां रहाई र बाटोमां हिंड़ाईको व्यवस्था)

२ १ फेरि यहवेले मूसा र हारूनलाई यसो भन्यो इस्राएलवंशीहरू
जनंगले आफ्नु आफ्नु झण्डा छेउ आफ्ना पित्रहरूका घर् घरको चिनुधजा
सङ्ग डेरा उभ्याउन्. तिनिहरूले भेट् हुने डेराको सांमु रिंगै आफ्ना आफ्ना
३ डेरा हालुन्। अनि पूर्ब तिर सूर्ज उदाउने पट्टि डेरा उभ्याउने यहूदाको
छाउंनीको झण्डाका लोग् तिनको सेना अनुसार् होउन्. अनि यहूदावंशीको
४ मालिक् अम्मिनादाबको छोरो नहशोन् हवस्. अनि त्यसको सेना अर्थात्
५ त्यसका गनीयेका लोग् चौहत्तर् हजार् र छ से जना थिये। अनि त्यसको
छेउमां डेरा उभ्याउने इस्साकारको कुल् हवस्। इस्साकारवंशीहरूको
६ मालिक् सूआरको छोरो नतनेल् हवस्. अनि त्यसको सेना अर्थात् त्यसका
७ गनीयेका लोग् चौवन् हजार् र चार् से जना थिये. फेरि जबूलूनको कुल्.
८ अनि जबूलूनवंशीहरूको मालिक् हेलोनको छोरो एलिआब् हवस्. अनि
त्यसको सेना अर्थात् त्यसका गनीयेका लोग् सन्तावन् हजार् र चार् से जना
९ थिये। त यहूदाको छाउंनीका जति गनीयेका लोग् थिये ति सबै आफ्ना
आफ्ना सेना अनुसार् एक् लाख् छियासी हजार् र चार् से जना थिये.
पहिले यिनिहरू हिंड्ने गरुन् ॥

१० दक्खिन् तिर रूबेनको छाउंनीको झण्डा तिनको सेना अनुसार् हवस्
११ रूबेनवंशीहरूको मालिक् शदेऊरको छोरो एलीसूर् हवस्. अनि त्यसका
सेना अर्थात् त्यसका गनीयेका लोग छियालीस् हजार् र पांच् से जना
१२ थिये। अनि त्यसको छेउमां डेरा उभ्याउने शिमोनको कुल् हवस्. अनि
१३ शिमोनवंशीहरूको मालिक् सुरीशद्दैको छोरो शलूमीएल् हवस्. अनि
त्यसको सेना अर्थात् त्यसका गनीयेका लोग् उनसठ् हजार् र तीन् से जना
१४ थिये. फेरि गादका कुल्. अनि गादवंशीहरूको मालिक् रूएलको छोरो
१५ एल्यासाप् हवस्. अनि त्यसको सेना अर्थात् त्यसका गनीयेका लोग् पैंतालीस्
१६ हजार् र छ से पचास् जना थिये। रूबेनका छाउंनी जति गनीयेका थिये
ति सबै आफ्ना सेना अनुसार् एक् लाख् एकावन् हजार् र चार् से पचास्
जना थिये. दोस्रो यिनिहरू हिंड्ने गरुन् ॥

१७ ति पछि सबै छाउंनीहरूको बीचमां लेवीहरूको छाउंनी समेत् भेट्
हुने डेरा अघि हिंडोस्. जसोरि तिनिहरूले डेरा उभ्याउने गर्नन् त्यसोरि
तिनिहरू आफ्नु आफ्नु झण्डा छेउ छेउमां जनंग आफ्नु आफ्नु ठांउमां
अघि हिंडुन् ॥

१८ पच्छिउं तिर एफ्रैमको छाउंनीको झण्डा तिनका सेना अनुसार् हवस्.
अनि एफ्रैमवंशीहरूको मालिक् अम्मीहूदको छोरो एलिशामा हवस्.
१९ अनि त्यसको सेना अर्थात् त्यसका गनीयेका लोग् चालीस् हजार् र पांच् से
२० जना थिये। अनि त्यसको छेउमां मनश्शेको कुल् हवस्. अनि मनश्शेवंशीको
२१ मालिक् पदासूरको छोरो गम्लिएल् हवस्. अनि त्यसको सेना अर्थात् त्यसका

गनीयेका लोग् बत्तीस् हजार् र दुइ से जना थिये . फेरि बिन्यामीन्को कुल् . २२
अनि बिन्यामीनबंशीको मालिक् गीदोनीको छोरो अबीदान् हवस् . अनि २३
त्येस्को सेना अर्थात् त्येस्का गनीयेका लोग् पंतीस् हजार् र चार् से जना थिये।
एफ्रैम्को छाउंनीका जति जना गनीयेका थियें ति सबै आफ्ना सेना अनुसार् २४
एक् लाख् आठ् हजार् र एक् से जना थिये। तीस्रो यिनेहरु हिंड्ने गरुन्॥

उत्तर् तिर दान्को छाउंनीको झण्डा तिनको सेना अनुसार् हवस् . २५
अनि दानबंशीहरुको मालिक् अम्मीशद्दैको छोरो अहीएजर् हवस् . अनि २६
त्येस्को सेना अर्थात् त्येस्का गनीयेका लोग् बासठ् हजार् र सात् से जना
थिये। अनि त्येस्को छेउमां डेरा उभ्याउंने आशेर्को कुल् हवस् . अनि २७
आशेरबंशीहरुको मालिक् ओक्रान्को छोरो पगीएल् हवस् . अनि त्येस्को २८
सेना अर्थात् त्येस्का गनीयेका लोग् एक्चालीस् हजार् र पांच् से थियें . फेरि २९
नप्तालीको कुल् . अनि नप्तालीबंशीहरुको मालिक् एनान्को छोरो अहीरा
हवस् . अनि त्येस्को सेना अर्थात् त्येस्का गनीयेका लोग् तिरपन् हजार् र ३०
चार् से जना थिये। दान्को छाउंनीका जति गनीयेका लोग् थियें ति एक् ३१
लाख् सन्तावन् हजार् र छ से जना थियें। सबै भन्दा पछाडि यिनिहरु
आफ्नु आफ्नु झण्डा छेउ हिंड्ने गरुन्॥

इस्राएलबंशीहरुका आफ्ना आफ्ना पित्रहरुका घर् घर् अनुसार् ३२
गनीयेका येत्ति थियें . आफ्नु आफ्नु सेनामां छाउंनी छाउंनीका गनीयेका
लोग् सब् गरि छ लाख् तीन् हजार् र पांच् से पचास् जना थियें। तर ३३
लेवीहरु इस्राएलबंशीहरुमां गनीयेनन् जसो यहवेले मूसालाइ आज्ञा
दियेको थियो। इस्राएलबंशीहरुले त्येसै गर्‍ये . यहवेले मूसालाइ जे जे ३४
आज्ञा दियेको थियो ति अनुसार् तिनिहरुले आफ्नु आफ्नु झण्डा निर निर
डेरा उभ्याये अनि, त्येसै गरि आफ्ना आफ्ना पित्रहरुका घर् घर् अनुसार् र
आफ्ना आफ्ना जहान् अनुसार् तिनिहरु अघि अघि हिंड्दै हिंड्दै गये॥

(लेवीहरुलाइ दिईयेका जिम्मा)

जस् दिन् यहवेले सीनै पर्वतमां मूसा सित बात् गर्‍यो तेस् दिन् ३ १
हारुन् र मूसाका पुस्ता यिनै हुन्। हारुनका छोराहरुका नांव यि हुन् जेठो २
छोरो नादाब् र अबीहू एलाजार् र ईतामार्। हारुनका अभिषिक्त गरीयेका ३
पूजाहारी छोराहरु जो पूजाहारीगिरिको सेवा गर्नलाइ स्थापन् गरीयेका
थिये तिनका नांव यिनै हुन्। तर नादाब् र अबीहूले जस् बेलामां सीनैको ४
बनमां यहवेको सांमु अन्यआगो चढायेका थिये तब यहवेको सांमु निर्बंश्
भइ मर्‍ये . त एलाजार् र ईतामारले आफ्नु बाबु हारुन्को सांमु
पूजाहारीगिरिमां सेवा गर्द थिये॥

फेरि यहवेले मूसालाइ येसो भन्यो लेवीको कुल्लाइ नजिक् ५ ६
ल्यायेर हारुन् पूजाहारीको सांमु उभ्या र तिनिहरुले त्येस्को सेवा गरुन्।
अनि त्यो देखि र सिंगै मंडली देखि तिनको जिम्मामां सुम्पीयेका थोकको ७

८ भेट् हुंने डेराको सांमु रुडाई गरुन् बासस्थानको सेवागराई गर्नुलाइ । त
तिनिहरुले भेट् हुंने डेराका सबै सार्दामको र इस्राएलवंशीहरु देखि
सुम्पीयेका थोकको पनि रुडाई गरुन् बासस्थानको सेवागराई गर्नुलाइ ।
९ त तैंले लेवीहरुलाइ हारुन् र त्यस्का छोराहरुलाइ दिहाल्. तिनिहरु
१० इस्राएलवंशीहरुको पट्टि बाटो स्यांट्टै दिईयेका छन् । अनि हारुन् र त्यस्का
छोराहरुलाइ खटा र तिनिहरुले आफ्नु पूजाहारीगिरिको रत्ते गरुन्.
अनि पराय् कुलको मान्छे जो नजिक् आउला त्यो मारीओस् ॥
११
१२ फेरि यहवेले मूसालाइ येसो भन्यो हेर् इस्राएलवंशीहरुमांका
गर्भ खोल्ने सबै जेठाहरुको साटोमां मं आफैले लेवीहरुचइंलाइ
१३ इस्राएलवंशीहरुको बीच् देखि लियें त लेवीहरु मेरै हुन्. कसोगरिभन्ये सबै
जेठा जेठाहरु मेरा हुन् जस् दिन् मैले मिस्र देस्मांका सबै जेठाहरुलाइ मांर्यें
त्येस् दिन् मैले इस्राएल्मांका जेठाहरुलाइ के मान्छेका के पशुका सबैलाइ
आफ्नु लागि पवित्र ठहरायें. त तिनिहरु मेरैने हुंछन् मं यहवे हुं ॥
१४
१५ फेरि यहवेले सीनैको उजाड्मां मूसालाइ येसो भन्यो लेवीवंशी-
हरुलाइ तिनका पित्रहरुका घर् घर् र तिनका जहान्हरु अनुसार् गन्.
जति पुरुष् एक् महीनाका कि त्यो भन्दा बेसि उमेर्का हुंनन् ति सबैलाइ
१६ गन् । त मूसाले जस्तो आज्ञा पायेको थियो त्येसैगरि यहवेको कुरा
१७ अनुसार् तिनिहरुलाइ गन्यो । त लेवीका छोराहरु आफ्ना आफ्ना नांव
१८ अनुसार् यिनै हुन् अर्थात् गेर्शोन् कहात् र मरारी । अनि गेर्शोन्का
छोराहरुका नांव तिनका जहान् अनुसार् यिनै हुन् अर्थात् लिब्नी र शिमी ।
१९ अनि कहान्का छोराहरु आफ्ना आफ्ना जहान् अनुसार् यि हुन् अर्थात्
२० अम्राम् र यिस्हार् हेब्रोन् र उज्जीएल् । अनि मरारीका छोराहरु आफ्ना
आफ्ना जहान् अनुसार् यि हुन् अर्थात् महली र मूशी । लेवीहरुका
जहान्हरु आफ्ना आफ्ना पित्रहरुका घर् घर् अनुसार् यिनै हुन् ॥
२१ गेर्शोन् देखि लिब्नीहरु र शिमीहरुका जहान् जहान् थिये.
२२ गेर्शोनीहरुका जहान् यिनै हुन् । यिनिहरुमांका जत्ति जत्ति पुरुषहरुको उमेर्
एक् महीनाका कि त्यो भन्दा बेसि उमेर्का थिये ति सबैको गन्ति अनुसार्
२३ तिनका गनीयेका लोग सात् हजार् र पांच् से जना थिये । गेर्शोनीहरुका
२४ जहान्हरुले बासस्थानको पछाड़ि पच्छिउं तिर आफ्ना डेरा उभ्याउन् । अनि
गेर्शोनीहरुका मूल् पित्रहरुका घर्को मालिक् लाएल्को छोरो एल्यासाप्
२५ हवस् । अनि भेट् हुंने डेरामां गेर्शोनिवंशीहरुले रुडाउ पर्ने थोक् यिनै होउन्
अर्थात् बासस्थान् र पाल् र त्यस्को छाना र भेट् हुंने डेराको दैलोको पर्दा
२६ अनि बासस्थान् र वेदिको रिंगैको आंगन्का पर्दा र त्यस्को दैलाको पर्दा
पनि अनि त्येस्को सबै काम्को लागि त्यस्का सबै डोरीहरु ॥
२७ फेरि कहान् देखि अम्रामीहरु यिस्हारीहरु हेब्रोनीहरु र उज्जीएली-
२८ हरुका जहान् जहान् थिये. कहातीहरुका जहान् यिनै हुन् । यिनिहरुमांका
पवित्रस्थानको रुडाई गर्ने पुरुषहरु जतिको उमेर् एक् महीनाको कि त्यो

भन्दा बेसि थियो ति सबैको गन्ति अनुसार आठ् हजार् र छ से जना थिये।
कहातवंशीहरुका जहानहरुले बासस्थानको छेउमां दक्खिन् तिर आफना २९
डेरा उभ्याउन्। अनि कहातीहरुका जहान्हरुका मूल् पित्रहरुको घरको ३०
मालिक् उज्जीएलको छोरो एलीसापान् हवस्। अनि तिनले रुङ्नु पर्ने थोक् ३१
थिने हुन् अर्थात् सन्दुष् मेज् पांनस् बेदीहरु र पवित्रस्थानका सेवाका
सार्दामहरु र छेलने पर्दा त्येस्को सबै कामको लागि। अनि लेवीहरुका ३२
मालिकहरुको मालिक् हारुन् पूजाहारीको छोरो एलाजार् हवस् अनि त्यो
पवित्रस्थानको रुङाई गर्नेहरुको काम् हेर्ने हवस्॥

फेरि मरारी देखि महलीहरु र मूशीहरुका जहान् जहान् थिये. ३३
मरारीका जहान् यिने थिये। यिनिहरुमांका जति जति पुरुषहरुको उमेर् ३४
एक् महीनाको कि त्यो भन्दा बेसि थियो ति सबैको गन्ति अनुसार् छ
हजार् र दुइ से जना थिये। अनि मरारीका जहानका मूल् पित्रहरुका घरको ३५
मालिक् अबिहैलको छोरो सूरीएल् हवस्. यिनिहरुले बासस्थानको छेउमां
उत्तर् तिर आफना डेरा उभ्याउन्। अनि मरारीवंशीहरुलाइ रुङाई गर्नुलाइ ३६
सुम्पीइने थोक् यिने हुन् अर्थात् बासस्थानका फल्याकहरु तिनका साटाहरु
खांबाहरु चूर्घर्हरु अनि तिनका सबै सार्दाम् अं त्येस्को सबै कामको
लागि अनि रिंगैका आघनका खांबाहरु र तिनका चूर्घर्हरु र ३७
कीलाहरु र तिनका डोरीहरु। अनि बासस्थानको सांमु पूर्ब तिर अर्थात् ३८
भेट् हुने डेराको सांमु सूर्ज उदाउने तिर आफ्नु डेरा हाल्ने यि होउन्
मूसा हारुन् र त्येस्का छोराहरु इस्राएलवंशीहरु देखि सुम्पीयेको भें गरि
पवित्रस्थानको रुङाई गर्नुलाइ तर परायकुलको मान्छे जो नजिक् आउला
त्यो मारीओस्। लेवीहरुमांका जम्माइ मूसा र हारुनले यहवेको आज्ञा ३९
अनुसार् तिनका कुल अनुसार् गन्ये अर्थात् तिनिहरुमांका जति पुरुषको उमेर्
एक् महीनाको कि त्यो भन्दा बेसि थियो ति सबै बाईस् हजार् जना थिये॥

फेरि यहवेले मूसालाइ भन्यो इस्राएलवंशीहरुका जति जेठा पुरुष- ४०
हरुको उमेर् एक् महीनाको कि त्यो भन्दा बेसि छ ति सबैलाइ गन् अनि
तिनका नांव गन्। अनि मेरो लागि (म यहवे हुं) अं मेरो लागि ४१
इस्राएलवंशीहरुका सबै जेठाहरुको साटोमां लेवीहरुचइंलाइ अनि
इस्राएलवंशीहरुका सबै पशुहरुका सबै जेठाहरुको साटोमां लेवीहरुचइंका
पशुहरु लो। त यहवेले मूसालाइ आज्ञा गर्यको भें त्येस्ले इस्राएलवंशीहरुका ४२
सबै जेठाहरुलाइ गन्यो। अनि उमेर् एक् महीनाको कि त्यो भन्दा बेसि हुने ४३
सबै जेठो पुरुष् आफना आफना नांवको गन्ति अनुसार् बाईस् हजार् र
दुइ से तिहत्तर् जना थिये॥

तब यहवेले मूसालाइ भन्यो इस्राएलवंशीहरुका सबै जेठाहरुको ४४ ४५
साटोमां लेवीहरुचइंलाइ अनि तिनका पशुहरुको साटोमां लेवीहरुचइंका
पशुहरु लो. त लेवीहरु मेरा होउन् म यहवे हुं। अनि इस्राएलवंशीहरुका ४६
जेठाहरुमांका जो गन्तिमां लेवीहरु भन्दा दुइ से र तिहत्तर् जना बेसि छन्

४७ तिनलाइ छोड़ाउंनुको लागि एक् एक् जनाको लागि सिर् सिर् गरि
पांच् पांच् शेकेल् लौ ति पवित्रस्थानको शेकेलको हिसाप् अनुसार् होउन्
४८ (बीस् गेरा एक् शेकेल् हो). अनि जुन् रुपिया ति बसि जेठाहरुको
४९ छोड़ाउंनो हुंछ त्यो हारुन् र त्येस्का छोराहरुलाइ दिंनु। त जो जो पुरुष्
लेवीहरुको बाटोले छोड़ाईयेकाहरु देखि बसि थिये ति देखि मूसाले
५० छोड़ाउंनो रुपिया लियो. इस्रायलबंशीहरुका जेठाहरु देखि त्येस्ले त्यो
रुपिया लियो त एक् हजार् र तीन् से पैंसठ् शेकेल् पवित्रस्थानको शेकेलको
५१ हिसापको भयो. त मूसाले यह्वेको आज्ञा अनुसार् ति छोड़ाउंनो रुपिया
हारुन् र त्येस्का छोराहरुलाइ दियो. जसो यह्वेले मूसालाइ आज्ञा
दियेको थियो ॥

४ १ फेरि यह्वेले मूसा र हारुनलाइ येसो भन्यो लेवीबंशीहरुमांका
कहातबंशीको गन्ति गर् तिनका जहान् जहान् गरि तिनका पित्रहरुका घर्
३ घर् अनुसार् तीस् बर्ष देखि पचास् बर्ष सम्म जति जना भेट् हुंने
डेरामां काम् गर्नुलाइ सेनामां भर्ति हुंनन् ति सबैको गन्ति गर्।
४ भेट् हुंने डेरामां महापवित्र थोकको बिषयमां कहातबंशीहरुको सेवागराई
५ येइ हो. अर्थात् जब जब छाउंनी अघि हिंड्ला तब तब हारुनले
आफ्ना छोराहरु समेतले भित्र पसि छेल्ने पर्दा उतारि साचीपाटीको
६ सम्पट् ढाकि देवस्. वहांदेखि तिनिहरुले त्यो मांथि सूइसको छालाको
छाना हालि दिउन् अनि त्येस् मांथि पूरो नीलो रङ्को कपरा फिंजाइ
७ दिउन् अनि सम्पट्मां डांड़िहरु हालुन्। फेरि भेटिरोटीहरुको मेज् मांथि
येउटा नीलो कपरा ओछ्यायेर त्येसमां थालहरु र धुपौराहरु र कटौराहरु र
खन्याउंनुको लागिका सुराहीहरु राखुन्. अनि नित्येको रोटी पनि त्येसमां
८ हवस्. वहांदेखि तिनिहरुले तिनिहरु मांथि सिंदुरे रङ्को येउटा कपराले
छोपि दियेर त्येस्लाइ सूइसको छालाको ढाकनेले ढाकि दिउन् अनि मेजका
९ डांड़िहरु हालुन्। फेरि तिनिहरुले येउटा नीलो रङ्को कपरा ल्यायेर
ज्योति दिंने पांनस् र दियाहरु चिम्टाहरु अंगारदानीहरु समेत् अनि त्येस्को
तेलका सबै भांड़ाहरु जुनहरु देखि सेवा गर्द छन् ढाकि दिउन्.
१० वहांदेखि तिनिहरुले पांनस् सबै सार्दाम् समेत् सूइसको छाला ढाकने
११ भित्र राख्येर डांड़ि मांथि राखुन्। फेरि तिनिहरुले सुनको बेदि मांथि
येउटा नीलो कपरा ओढ़ाइ दिउन् अनि त्येस्लाइ सूइसको छालाको
१२ ढाकनेले ढाकुन् अनि त्येस्का डांड़िहरु हालुन्. अनि तिनिहरुले
सेवागराईका सबै सार्दाम् जुन् देखि तिनिहरुले पवित्रस्थानमां सेवा गर्द
छन् ति लियेर नीलो कपरा भित्र राख्येर सूइसको छालाको ढाकनेले
१३ ढाकि दियेर डांड़ि मांथि राखुन्। फेरि तिनले बेदि देखि सबै खरानि
१४ झिक्येर त्येस्लाइ बैगुने रङ्को कपराले ढाकि दिउन्. तब बेदिको सेवाका
सबै सार्दाम् अर्थात् आगोका धुपौराहरु र कांटाहरु र बेल्चाहरु र
कटौराहरु र बेदिका सबै सार्दाम मांथि त्येइ सूइसको छालाको ढाकने र

बेदिमां डांड़िहरु हालुन् । अनि जब छाउंनी अघि हिंडूने बेलामां हारून् र १५
त्येस्का छोराहरुले पवित्रस्थान् र त्येस्का सबै सादाँम् टाकि सकनन् तब
त्येस् पछि कहातबंशीहरु त्यो बोक्नुको लागि आउन्. तर तिनिहरुले
पवित्र थोक्हरु न छोउन् होइन भन्ये ता मर्छन् । भेट् हुंने डेरामां
कहातबंशीहरुका भारि यिनै हुन् । अनि हारून् पूजाहारीको छोरो एलाजार् १६
पूजाहारीलाइ रुडाई गर्नुको लागि सुम्पीयेका थोक् यि हुन् अर्थात् ज्योतिको
लागि तेल् र सुगंध द्रव्यको धूप् र नित्येको अन्नबलि अभिषेक् गर्ने तेल् र
सिंगै बासस्थान् अनि ज्ये ज्ये त्येस्मां छन् अर्थात् पवित्रस्थान् त्येस्को
सादाँम् समेत् ॥

फेरि यहवेले मूसा र हारूनलाइ येसो भन्यो तिमिहरुले १७ १८
कहातीहरुका जहानको कुल्लाइ लेवीहरुको बीच् देखि काटि न देव .
तर तिनिहरुलाइ तिनिहरु महापवित्र थोक् निर निर आउंदा न मर्नु तर १९
जीइ रहंनुको लागि येसो गर . अर्थात् हारून् र त्येस्का छोराहरुले भित्र
गयेर तिनिहरुमांको जनंगैलाइ काम् र भारि खटाइ दिउन्. तर तिनिहरु २०
पवित्र थोक् हेर्नुलाइ एकछिन्को लागि पनि भित्र न पसुन् होइन
भन्ये ता मर्छन् ॥

फेरि यहवेले मूसालाइ येसो भन्यो गेर्शोनबंशीको पनि गन्ति २१ २२
गर् तिनका मूल् पित्रहरुका तिनका जहान् जहान् गरि तीस् बर्ष २३
देखि पचास् बर्ष सम्म जति जना भेट् हुंने डेरामां काम् गर्नुलाइ सेनामां
भर्ति हुंनन् ति सबैको गन्ति गर् । काम् गर्नु र भारि बोक्नुमां गेर्शोनीहरुका २४
जहान्हरुको सेवागराई येइ हो अर्थात् तिनिहरुले बासस्थान्का २५
पर्दाहरु र भेट् हुंने डेरा र त्येस्को छाना र त्यो मांथि ढाक्ने सूइस्का
छालाहरु र भेट् हुंने डेराको पर्दा बोकुन् फेरि बासस्थान् र बेदिको २६
रिंगै भयेको आंघनका पर्दाहरु र आंघन्को दुवार्को पर्दा र तिनका डोरीहरु
र तिनिहरुको काम्को सबै सादाँम् अं ज्ये ज्ये तिनको लागि बनीयेका छन्
तिनको काम् तिनैहरुले गरुन् । गेर्शोनबंशीहरुको सबै सेवागराई अं २७
तिनको सबै भारि र तिनको सबै काम् हारून् र त्येस्का छोराहरुको आज्ञाले
हवस्. अनि तिमिहरुले तिनिहरुको रुडाईमां सबै भारि खटाव । भेट् हुंने २८
डेरामां गेर्शोनबंशीहरुका जहान्हरुको सेवागराई येइ हवस्. अनि तिन
को रुडाई हारून् पूजाहारीको छोरो ईतामार्को अधिकार्मां हवस् ॥

फेरि मरारीबंशीहरुचइंको तिनका जहान् जहान् गरि तिनका पित्रहरुका २९
घर् घर् अनसार् गन्नु तीस् बर्ष देखि पचास् बर्ष सम्म जति भेट् हुंने ३०
डेराको काम् गर्नुलाइ भर्ति हुंनन् ति सबैलाइ गन्नु । अनि भेट् हुंने ३१
डेरामां तिनको सबै काम् अनसार् अर्थात् तिनको रुडाईमां दिइंने
भारि येइ हो बासस्थान्का फल्याक्हरु साटाहरु खांबाहरु र चूर्घर्हरु
अनि चारै तिरका आंघनका खांबाहरु र चूर्घर्हरु तिनका कीलाहरु ३२
डोरीहरु तिनका सब् सादाँम् समेत् र सबै काम् समेत् . अनि तिनको

३३ लडाईमां दिईने भारिका सादामिहरू नांउ नांउ गरि छटाउनु । भेट् हुंने
डेरामां मरारीवंशीहरूका जहान्हरूको सेवागराई तिनका सबै काम् अनुसार्
हारून् पूजाहारीको छोरो ईतामारको अधिकारमां हुंने येइ हो ॥
३४ त मूसा र हारून् र मंडलीका मालिक्हरूले कहातवंशीहरूलाइ
३५ जहान् जहान् गरि तिनका पित्रहरूका घर् घर् अनुसार् तीस् बर्ष
देखि पचास् बर्ष सम्म जति जना भेट् हुंने डेराको काममां सेवा गर्नुलाइ
३६ भर्ति हुंद थिये ति सबैलाइ गन्र्ये. अनि तिनिहरूमांका आफ्ना आफ्ना
जहान् अनुसार् गनीयेका दुइ हजार् र सात् सै पचास् जना थिये ।
३७ कहातीहरूका जहान्मांका जो जो गनीये अर्थात् जतिले भेट् हुंने डेरामां
सेवागराई गर्द थिये जुन्हरूलाइ मूसा र हारून्ले यहवेले मूसाको बाटोले
दियेको आज्ञा अनुसार् गन्र्ये यिनै हुन् ॥
३८ अनि गर्शोनवंशीहरूमांका जति गनीयेका थिये तिनका जहान् जहान्
३९ गरि तिनका पित्रहरूका घर् घर् अनुसार् तीस् बर्ष देखि पचास्
बर्ष सम्म जति जना भेट् हुंने डेराको काममां सेवा गर्नुलाइ भर्ति हुंद थिये
४० अं तिनका जहान् जहान् गरि तिनका पित्रहरूका घर् घर् अनुसार्
४१ गनीयेका दुइ हजार् र छ सै तीस् जना थिये । गेर्शोनवंशीहरूका
जहान्हरूमांका जो जो गनीये अर्थात् जतिले भेट् हुंने डेरामां सेवागराई गर्द
थिये जुन्हरूलाइ मूसा र हारून्ले यहवेको आज्ञा अनुसार् गन्र्ये यिनै हुन् ॥
४२ फेरि मरारीवंशीहरूका जहान्हरूमांका जति गनीयेका थिये तिनका
४३ जहान् जहान् गरि तिनका पित्रहरूका घर् घर् अनुसार् तीस् बर्ष
देखि पचास् बर्ष सम्म जति जना भेट् हुंने डेराको काममां सेवा गर्नुलाइ
४४ भर्ति हुंद थिये अं तिनका जहान् जहान् अनुसार् गनीयेका तीन्
४५ हजार् र दुइ सै जना थिये । मरारीवंशीहरूका जहान्मांका जो जो गनीये
जुन्हरूलाइ यहवेले मूसाको बाटोले दियेको आज्ञा अनुसार् मूसा र
हारून्ले गन्र्ये यिनै हुन् ॥
४६ लेवीहरूमांका जस् जस्लाइ मूसा र हारून् र इस्रायलका मालिक्हरूले
तिनका जहान् जहान् गरि तिनका पित्रहरूका घर् घर् अनुसार् गन्र्ये तीस्
४७ बर्ष देखि पचास् बर्ष सम्म जति जना भेट् हुंने डेरामां सेवा गर्ने र भारि
४८ बोक्ने काम् गर्नुलाइ पसेहरू थिये अं तिनिहरूमांका गनीयेका आठ्
४९ हजार् र पांच् सै असी जना थिये । यिनिहरू आफ्नु आफ्नु सेवागराई
र भारि अनुसार् यहवेको आज्ञा अनुसार् मूसाको बाटोले गनीये . जस्तो
यहवेले मूसालाइ आज्ञा दियेको थियो तेसै गरि तिनिहरू त्यो देखि गनीये ॥

(कत्ति बिषय्का नियम्हरू)

५ १ फेरि यहवेले मूसालाइ येसो भन्र्यो इस्रायलवंशीहरूलाइ आज्ञा
दे तिमिहरूले सबै कोढीहरूलाइ र सबै बहंने बेथा हुंनेहरूलाइ र सबै
मुर्दाको कारणले अशुद्ध भयेका ति सबैलाइ छाउंनी देखि निकालि देव .

पुरुष् होउन् कि स्त्री होउन् निकालि देव तिनलाइ छाउंनी देखि बाइर ३
निकालि देव होइन भन्ये ता तिनले आफ्नु छाउंनीलाइ जस्को बीच्मां
मं बास् गर्द छु अशुद्ध पार्नन् । त इस्राएल्बंशीहरुले येसैं गर्य्ये अनि ४
येस्ताहरुलाइ छाउंनी देखि बाइर निकालि दिये . जसो यह्वेले मूसालाइ
भन्येको थियो त्येसैं इस्राएल्बंशीहरुले गर्य्ये ॥

फेरि यह्वेले मूसालाइ येसो भन्यो इस्राएल्बंशीहरुलाइ भन् ५ ६
जब कोई पुरुष् कि स्त्रीले यह्वेको बिरुद्धमां अपराध् गरि अरु लोगले
गर्येको जस्तो पाप् गर्ला अनि त्यो प्राणी दोषी होला तब तिनिहरु ७
आफूले गर्येको पापको काएल् होउन् . वहांदेखि पूरा मूल्मां त्येस्को
पांचौं हिस्सा अरु बढ़ाइकन आफ्नु दोषको लागि साटो देवस् अनि जस्को
बिषयमां दोषी भयेको थियो त्यो त्येस्लाइ देवस् । तर त्येस् मान्छेको दोषको ८
साटो दिइंनुलाइ त्येस्को सांइनुको मान्छे गैन छ भन्ये त्येस् दोषको बिषयमां
यह्वेलाइ दिईयेको साटो पूजाहारीको हवस् त्यो चइं त्येस्को लागि
प्रायश्चित्त गरींने थुमा देखि बाहिक् हवस् । अनि इस्राएल्बंशीहरुका सबै ९
हल्लाइंने भेटि अर्थात् ज्ये ज्ये पवित्र थोक् तिनिहरुले पूजाहारी थांइ
ल्याउंनन् ति त्येसैका होउन् । अनि सबै मान्छेहरुले पवित्र गर्येका थोक् पनि १०
त्येसैका होउन् . अं ज्ये ज्ये कसैले पूजाहारीलाइ देला त्यो त्येसैको हवस् ॥

फेरि यह्वेले मूसालाइ येसो भन्यो इस्राएल्बंशीहरु सित कुरा ११ १२
गरि तिनलाइ येसो भन् कसैकी स्वास्नीले त्यो देखि फर्कि त्येस्को बिरुद्धमां
अपराध् गरी अनि कोई पुरुषले त्यो सित कुकर्म्म गर्‍यो तर यो कुरो १३
त्येस्को लोग्नेको आंखा देखि गुप्त छ अनि खुल्येन अनि त्यो अशुद्ध ता
भयेको छ तर न ता त्येस्को बिरुद्ध कोई साक्षी छ अनि न त्यो त्येस् कर्म्ममां
पक्रीयेको छ भन्ये अनि त्येस्को लोग्नेको मन्मां राप् पर्‍यो अनि त्यो १४
आफ्नी स्वास्नीको बिषयमां रापीलो भयो अनि त्यो अशुद्ध भई भन्ये . कि
लोग्नेको मन्मां राप् पर्‍यो अनि त्यो आफ्नी स्वास्नीको बिषयमां रापीलो
भयो अनि त्यो अशुद्ध ता भयेको होइन भन्ये देखि . तब लोग्नेचइंले आफ्नी १५
स्वास्नीलाइ पूजाहारी थांइ लैजावस् अनि त्येस्ले त्येस्को लागि भेटि अर्थात्
एपाको दसौं हिस्सा जउको पिठो ल्यावस् त्येस्ले त्येसमां न तेल् खन्यावस् न
धूप् हालोस् किनभन्ये त्यो रापीलो मनको अनि समझना गराउंने अन्नबलि
हो जस्ले अधर्म्म समझना गराउंद छ । तब पूजाहारीले त्येस् आइमाइलाइ १६
नजिक् ल्यायेर यह्वेको सांमु उभ्यावस् . अनि पूजाहारीले माटोको भांड़ामां १७
पवित्र पानी लेवस् अनि पूजाहारीले बासस्थानको भूंइको धूलोमांको
अलिकता लियेर त्यो पानीमां हालि देवस् . वहांदेखि पूजाहारीले त्येस् १८
आइमाइलाइ यह्वेको सांमु उभ्यायेर त्येस्को चुल्ठो फुकावस् अनि समझना
गराउंने अन्नबलि अर्थात् रापीलो मनको अन्नबलि त्येस्का हातमां राखि
देवस् . अनि पूजाहारीले त्यो स्राप् गराउंने तीतेइंको पानी आफ्नु हातमां
लेवस् . वहांदेखि पूजाहारीले आइमाइलाइ किरिया खुवायेर भनोस् कोई १९

पुरुषले तं सङ कुकर्म्म गर्‍येको छैन भन्ये अनि तं आफ्नु लोग्ने देखि बाहिक्
अशुद्धेइँ तिर फर्क्येको छैनस् भन्ये देखि तं यो स्राप् गराउंने तीतेइँको
२० पानी देखि जोगीइ रह्. तर तं आफ्नु लोग्ने बाहिक् अर्को तिर फर्क्येर
अशुद्ध भयेकी छस् अर्थात् तेरो लोग्ने बाहिक् कोई पुरुषले तं सङ कुकर्म्म
२१ गर्‍येको छ भन्ये भनि. तब पूजाहारी देखि आइमाइलाइ स्राप् दिंने किरिया
खुवाईओस् अनि पूजाहारीले आइमाइलाइ भनोस् यह्वेले तेरो जाङ्
कुहायेर अनि तेरो पेट् सुनायेर तंलाइ तेरा लोगको बीच्मां स्राप् र धिक्कार्
२२ तुल्यावस् त यो स्राप् गराउंने पानीले तेरा आंद्राहरुमां पस्येर तेरो
पेट् सुनाउंछ अनि तेरो जाङ् कुहाउंछ भनि. तब आइमाइले भनोस् आमेन्
२३ आमेन्। वहांदेखि पूजाहारीले ति स्राप्हरु पोस्तक्मां लेखोस् अनि ति
२४ तीतेइँको पानीले मेटोस्. अनि त्यस्ले आइमाइलाइ त्यो स्राप् गराउंने
तीतेइँको पानी खुवाइ देवस्. अनि स्राप् गराउंने पानी त्येस् आइमाइको
२५ भित्र पस्येर तीतो होइ जांछ। वहांदेखि पूजाहारीले आइमाइको हात् देखि
त्यो रापीलो मनको अन्नबलि लिइ यह्वेको सांमु हल्लायेर बेदिको छेउ
२६ ल्यावस्. अनि पूजाहारीले त्यो अन्नबलिमांको त्येस्लाइ समझना गराउंने
भाग् अर्थात् मुठिभरि लियेर बेदिमां उड़ावस् अनि त्येस् पछि आइमाइलाइ
२७ त्यो पानी खुवावस्। अनि जब त्यस्ले त्येस्लाइ त्यो पानी खुवाइ सकछ तब
येसो हुंछ त्यो अशुद्ध भयेकी छ अनि आफ्नु लोग्नेको बिरुद्धमां अपराध्
गर्‍येकी छ भन्ये त्यो स्राप् गराउंने पानी त्येस् आइमाइको भित्र पस्येर तीतो
होइ जांछ अनि त्येस्को पेट् सुनींछ अनि त्येस्को जाङ् कुहि जांछ. त त्यो
२८ आइमाइ आफ्ना लोगको बीच्मां स्राप् हुंछे। तर त्यो आइमाइ अशुद्ध
भयेकी रैनछ तर शुद्धनै रछ भन्ये देखि त्यो निर्दोष् ठहरीयेर गर्भिणी हुंछे।
२९ रापीलो मनको ब्यवस्था येइ हो अर्थात् जब कोई स्वास्नी आफ्नु लोग्ने
३० देखि बाहिक् अर्को तिर फर्क्येर अशुद्ध भई कि जब लोग्नेको मनमां
राप् पस्यो अनि त्यो आफ्नु स्वास्नीको बिषयमां रापीलो भयो भन्ये त्यस्ले
त्येस्लाइ यह्वेको सांमु उभ्यावस् अनि पूजाहारीले यो सिंगै ब्यवस्था त्येस्
३१ आइमाइ मांथि पूरो गरोस्। तब लोग्नेचइं अधर्म्म देखि निर्दोष् ठहर्छ
अनि त्यो स्वास्नीचइंले आफ्नु अधर्म्म बोकछे॥

(नाजीर् अर्थात् अलग् गरीयेको मान्छेको बिषय्को ब्यवस्था)

६ १ फेरि यह्वेले मूसालाइ येसो भन्यो इस्राएल्बंशीहरु सित कुरा
गरि तिनलाइ भन् जब कोई पुरुष कि स्त्रीले नाजीर्[१] हुंने अस्सल् भाकल्
३ गर्ला आफुलाइ यह्वेको लागि अलग् राखनुलाइ. त त्यस्ले आफुलाइ

१ अर्थात ईश्वरको लागि अलग।

दाखरस् र मद्य देखि अलग् गरोस् त्यस्ले न दाखरसको न मद्यको सिर्का
पीवस् अनि न दाखको काइ रस् पीवस् अनि न हरीयो न सुकेको दाख
खावस्। जति दिन् त्यो अलग् रहला त्येति दिन् सम्म त्यस्ले बिआ देखि ४
बोक्रा सम्म जे दाखको बोट् देखि बनाइंद छ त्यसमांको केइ न खावस्।
त्यस्को अलग् रहंने भाकलका सबै दिन् सम्म त्यस्ले आफनु सिर्मां छुरा न ५
लगावस्. जैले सम्म त्यस्ले यह्वेको लागि आफुलाइ अलग् गर्ला ति दिन्
पूरा न होउंञ्याल् सम्म त्यो पवित्रे रहोस् अनि आफनु कपाल्का केस् बढ्नु
देवस्। जति दिन् सम्म त्यस्ले आफुलाइ यह्वेको लागि अलग् गर्ला त्येति ६
दिन् सम्म त्यो कुनै मुर्दाको छेउमां न आवस्। त्यस्को बाबु कि आमा कि ७
दाज्युभाई कि दिदीबैनी मर्ये भन्ये पनि त्यस्ले तिनको कारणले आफुलाइ
अशुद्ध न गरोस्. किनभन्ये त्यस्को आफनु ईश्वरको लागि अलग् रहने चिंनु
त्यस्को सिर्मां छ। आफनु अलग् रहाइका सबै दिन् त्यो यह्वेको लागि ८
पवित्र रहोस्। तर कोई मान्छे एक्कासी त्यो छेउ मर्यो अनि येसोरि त्यस्को ९
आफनु अलगरहाईको सिर्को चिंनु अशुद्ध गर्यो भन्ये त्यस्ले आफनु शुद्ध
हुंने दिन्मां आफनु सिर् मुड़ावस् अर्थात् सातौं चइं दिन्मां मुड़ावस्। फेरि १०
आठौं दिन्मां त्यस्ले दुवटा ढुकुर् कि परेवाका दुवटा बचरा भेट् हुंने डेराको
दैलोमां पूजाहारी थांइ ल्यावस्. अनि पूजाहारीले तिनिहरुमांको येउटा ११
चइं पापबलि गरि अनि अर्को चइं होमबलि गरि चढ़ायेर त्यस्को लागि त्यो
मुर्दाको कारणले पापी भयेको थियो भन्ये कारणमां प्रायश्चित्त गरोस् येसोरि
त्यस्को सिर् त्यसै दिन् पवित्र गरोस्। अनि त्यस्ले आफनु अलगरहाईका १२
दिन् यह्वेको लागि अलग् ठहरावस् अनि पहिलो बर्षको पाठो दोषबलि
गरि ल्यावस्. तर यो भन्दा पहिले जति दिन् बित्ये ति व्यर्थ ठहरुन्
किनभन्ये त्यस्को अलगरहाई अशुद्ध भयो॥

अनि जब नाजीर्को अलग् रहंने दिन् पूरा हुंनन् तब त्यस्को बिषयको १३
ब्यवस्था येइ हुंछ. अर्थात् त्यो भेट् हुंने डेराका दैलोमां ल्याईओस्. अनि १४
त्यस्ले यह्वेको लागि आफनु भेटि चढ़ावस् अर्थात् होमबलिको लागि बर्ष
दिनको येउटा निषखोट् छतौरो र पापबलिको लागि बर्ष दिनको येउटी
निषखोट् पाठी र मिलापबलिको लागि येउटा निषखोट् थुमा अनि १५
एक् डालो अखमीरे रोटी तेलले मुछेको पिठोको फुलौरा र तेल् घस्येको
अखमीरे बाबर् र तिनको अन्नबलि र खन्याईबलि। तब पूजाहारीले ति १६
यह्वेको सांमु ल्यावस् र त्यस्का पापबलि र होमबलि चढ़ावस्. अनि १७
अखमीरे रोटीको डालो समेत् मेलबलिगरि थुमा यह्वेको लागि चढ़ावस्.
अनि त्यस्को अन्नबलि र खन्याईबलि पनि पूजाहारीले चढ़ावस्। तब त्यो १८
नाजीर्ले आफनु अलगरहाईको कपाल् भेट् हुंने डेराको दैलो निर मुड़ायेर
आफनु अलगरहाईको कपालका केसहरु लग्येर त्यो मेलबलिदान् मुनि
भयेको आगोमां हालि देवस्। फेरि जब त्यस् नाजीर्ले आफनु १९
अलगरहाईको चिंन् मुड़ाइ सक्ला तब पूजाहारीले थुमाको उसीनेको

पाता र डालो देखि येउटा अखमीरे रोटी र येउटा अखमीरे बाबर् लियेर
२० नाजीरका हातमां राखि देवस् . अनि पूजाहारीले ति हल्लाइने भेटि गरि
यहवेको सांमु हल्लावस् . यो हल्लाईयेको छाती र उठाईयेको पौंड़ो
समेत् पूजाहारीको लागि पवित्र होउन् . तब येस् पछि त्यो नाजीरले
२१ दाखरस् खांनु सकोस् । त्येस्ले आफनु पुंजि अनुसार् भन्दा बेसि नाजीरले
जुन् भाकल् गर्लो त्येस्को र त्येस्ले आफनु अलगरहाईको कारणले यहवेको
लागि चढ़ाउंने भेटिको व्यवस्था येइ हो . जस्तो भाकल् त्येस्ले गर्यो त्येस्तै
त्येस्ले आफनु अलगरहाईको व्यवस्था अनुसार् त्यो गर्नु पर्छ ॥
२२ २३ फेरि यहवेले मूसालाइ येसो भन्यो हारुन् र त्येस्का छोराहरुलाइ
येसो भन् तिमिहरुले इस्राएलवंशीहरुलाइ येस् परिले आशीर्वाद् गर
तिनिहरुलाइ येसो भन
२४ यहवेले तंलाइ आशीष् देवस् अनि तेरो रक्षा गरोस् .
२५ यहवेले आफनु रुप् तं माथि चम्कावस् अनि तं माथि अनुग्रह गरोस् .
२६ यहवेले आफनु रुप् तं माथि प्रकाश गरोस् अनि तंलाइ कुशल देवस् ॥
२७ येसोरि तिनिहरुले मेरो नाउं इस्राएलवंशीहरु माथि राखुन् अनि मं
बइ तिनिहरुलाइ आशीष् दिंछु ॥

(मालिक्हरुका भेटि)

७ १ अनि येसो भयो जस् दिन् मूसाले बासस्थान् उभ्याइ सक्यो अनि
सबै सादोम् समेत् त्येस्लाइ अभिषेक् गरि तिनलाइ पवित्र गर्यो अनि सिंगै
२ सादोम् समेत् वेदिलाइ पनि अभिषेक् गरि पवित्र गर्यो त्येस् दिन्
मालिक्हरुले अर्थात् आफना आफना पित्रहरुका घर् घर्का मूल् मूलबइले
आफनु आफनु भेटि ल्याये तिनिहरु कुल्हरुका मालिक्हरु थिये अं गनीयेका
३ लोग्हरु माथि खटाईयेका थिये . अनि तिनिहरुले यहवेको सांमु आफना
भेटि ल्याये अर्थात् छवटा छाईयेका गाड़ीहरु र बारहवटा गोरु अर्थात् दुइ
दुइ मालिक् पिच्छे एक् एक् गाड़ी अनि एक् एक् मालिक् पिच्छे एक् एक्
गोरु . अनि तिनिहरुले ति बासस्थानको सांमु छउमां ल्यायेर चढ़ाये ।
४ ५ तब यहवेले मूसालाइ येसो भन्यो ति थोक् तिनिहरु देखि लौ र ति
भेट् हुंने डेरामां काम् लागुन् त तंले ति लेवीहरुलाइ दे एक् एक् जनालाइ
६ त्येस्को सेवागराई अनुसार् । त मूसाले गाड़ीहरु र गोरुहरु लियेर
७ लेवीहरुलाइ दिहाल्यो । गेर्शोन्वंशीहरुलाइ तिनको सेवागराई अनुसार्
८ त्येस्ले दुवटा गाड़ी र चारवटा गोरु दियो . अनि मरारीवंशीहरुलाइ तिनको
सेवागराई अनुसार् त्येस्ले हारुन् पूजाहारीको छोरो ईतामारको हातमां
९ चारवटा गाड़ी र आठवटा गोरु दियो । तर कहातवंशीहरुलाइ त्येस्ले कोइ
दियेन . किनभन्ये तिनिहरुलाइ पवित्रस्थानको सेवागराई पर्यो तिनिहरुले
१० ति आफना कांधैमां बोकनु पर्ने थियो । फेरि वेदि अभिषेक भयेको दिनमां

मालिक्हरुले त्येस्को स्थापनगराईको लागि चढाये अर्थात् मालिक्हरुले
आफ्ना आफ्ना भेटि बेदिको सांमु चढाये । तब यहूवेले मुसालाइ भन्यो ११
यि मालिक्हरुले बेदिको स्थापनगराईको लागि आफ्नु आफ्नु भेटि
आफ्नु आफ्नै दिन्मां ल्याउन् ॥

त पहिलो दिन्मां आफ्नु भेटि ल्याउंने यहूदाकुल्को अम्मीनादाब्को १२
छोरो नहशोन् थियो . त्येस्को भेटि यो थियो अर्थात् पवित्रस्थान्को १३
शेकेल्को हिसाप्ले एक् सै र तीस् शेकेल् चांदीको येउटा थाल् र सत्तरि
शेकेल् चांदीको येउटा डबका यि दुवै अन्नबलिको लागि तेल्ले मुछेको
पिठो भरीयेका थिये फेरि दस् शेकेल् सुन्को येउटा धूप्ले भरीयेको १४
धुपौरो होमबलिको लागि येउटा बाच्छा येउटा थुमा र पहिलो १५
बर्षको येउटा पाठा पापबलिको लागि येउटा बाख्रा अनि १६ १७
मिलापबलिदान्को लागि दुवटा बाच्छा पांच्वटा थुमा पांच्वटा बाख्रा र
पहिलो बर्षका पांच्वटा पाठा . अम्मीनादाब्को छोरो नहशोन्को भेटि
येइ थियो ॥

दोस्रो दिन् इस्साकारको मालिक् सूआरको छोरो नतनेलले भेटि १८
ल्यायो . त्येस्को भेटि यो थियो अर्थात् पवित्रस्थान्को शेकेल्को हिसाप्ले १९
एक् सै र तीस् शेकेल् चांदीको येउटा थाल् र सत्तरि शेकेल् चांदीको येउटा
डबका यि दुवै अन्नबलिको लागि तेल्ले मुछेको पिठो भरीयेका थिये
फेरि दस् शेकेल् सुन्को येउटा धूप्ले भरीयेको धुपौरो होमबलिको २० २१
लागि येउटा बाच्छा येउटा थुमा र पहिलो बर्षको येउटा पाठा
पापबलिको लागि येउटा बाख्रा अनि मिलापबलिदान्को लागि २२ २३
दुवटा बाच्छा पांच्वटा थुमा पांच्वटा बाख्रा र पहिलो बर्षका पांच्वटा
पाठा . सूआरको छोरो नतनेल्को भेटि येइ थियो ॥

तीस्रो दिन् जबूलून्बंशीहरुको मालिक् हेलोन्को छोरो एलीआबले . २४
त्येस्को भेटि यो थियो अर्थात् पवित्रस्थान्को शेकेल्को हिसाप्ले एक् सै र २५
तीस् शेकेल् चांदीको येउटा थाल् र सत्तरि शेकेल् चांदीको येउटा डबका
यि दुवै अन्नबलिको लागि तेल्ले मुछेको पिठो भरीयेका थिये फेरि २६
दस् शेकेल् सुन्को येउटा धूप्ले भरीयेको धुपौरो होमबलिको लागि २७
येउटा बाच्छा येउटा थुमा र पहिलो बर्षको येउटा पाठा पापबलिको २८
लागि येउटा बाख्रा अनि मिलापबलिदान्को लागि दुवटा बाच्छा २९
पांच्वटा थुमा पांच्वटा बाख्रा र पहिलो बर्षका पांच्वटा पाठा . हेलोन्को
छोरो एलीआब्को भेटि येइ थियो ॥

चौथो दिन् रूबेन्बंशीहरुको मालिक् सदेऊरको छोरो एलीसूरले . ३०
त्येस्को भेटि यो थियो अर्थात् पवित्रस्थान्को शेकेल्को हिसाप्ले एक् सै र ३१
तीस् शेकेल् चांदीको येउटा थाल् र सत्तरि शेकेल् चांदीको येउटा डबका
यि दुवै अन्नबलिको लागि तेल्ले मुछेको पिठो भरीयेका थिये फेरि ३२
दस् शेकेल् सुन्को येउटा धूप्ले भरीयेको धुपौरो होमबलिको लागि ३३

३४ येउटा बाच्छा येउटा थुमा र पहिलो बर्षको येउटा पाठा पापबलिको
३५ लागि येउटा बाखा अनि मिलापबलिदानको लागि दुवटा बाच्छा
पांच्वटा थुमा पांच्वटा बाखा र पहिलो बर्षका पांच्वटा पाठा. सदेऊरको
छोरो एलीसूरको भेटि येइ थियो॥

३६ पांचौ दिन् शिमोन्बंशीहरुको मालिक् सूरीशद्दैको छोरो शलूमीएलले.
३७ त्यस्को भेटि यो थियो अर्थात् पवित्रस्थानको शेकलको हिसापले एक् सै
र तीस् शेकेल् चांदीको येउटा थाल् र सत्तरि शेकेल् चांदीको येउटा डबका
३८ यि दुवै अन्नबलिको लागि तेलले मुछेको पिठो भरीयेका थिये फेरि
३९ दस् शेकेल् सुन्को येउटा धूप्ले भरीयेको धुपौरो होमबलिको लागि
४० येउटा बाच्छा येउटा थुमा र पहिलो बर्षको येउटा पाठा पापबलिको
४१ लागि येउटा बाखा अनि मिलापबलिदानको लागि दुवटा बाच्छा
पांच्वटा थुमा पांच्वटा बाखा र पहिलो बर्षका पांच्वटा पाठा. सूरीशद्दैको
छोरो शलूमीएलको भेटि येइ थियो॥

४२ छैठो दिन् गाद्बंशीहरुको मालिक् दूएलको छोरो एल्यासापले.
४३ त्यस्को भेटि यो थियो अर्थात् पवित्रस्थानको शेकेलको हिसापले एक् सै र
तीस् शेकेल् चांदीको येउटा थाल् र सत्तरि शेकेल् चांदीको येउटा डबका यि
४४ दुवै अन्नबलिको लागि तेलले मुछेको पिठो भरीयेका थिये फेरि दस्
४५ शेकेल् सुन्को येउटा धूप्ले भरीयेको धुपौरो होमबलिको लागि
४६ येउटा बाच्छा येउटा थुमा र पहिलो बर्षको येउटा पाठा पापबलिको
४७ लागि येउटा बाखा अनि मिलापबलिदानको लागि दुवटा बाच्छा
पांच्वटा थुमा पांच्वटा बाखा र पहिलो बर्षका पांच्वटा पाठा. दूएलको
छोरो एल्यासापको भेटि येइ थियो॥

४८ सातौं दिन् एप्रैम्बंशीहरुको मालिक् अम्मीहूदको छोरो एलिशामाले.
४९ त्यस्को भेटि यो थियो अर्थात् पवित्रस्थानको शेकेलको हिसापले एक् सै र
तीस् शेकेल् चांदीको येउटा थाल् र सत्तरि शेकेल् चांदीको येउटा डबका
५० यि दुवै अन्नबलिको लागि तेलले मुछेको पिठो भरीयेका थिये फेरि
५१ दस् शेकेल् सुन्को येउटा धूप्ले भरीयेको धुपौरो होमबलिको लागि
५२ येउटा बाच्छा येउटा थुमा र पहिलो बर्षको येउटा पाठा पापबलिको
५३ लागि येउटा बाखा अनि मिलापबलिदानको लागि दुवटा बाच्छा
पांच्वटा थुमा पांच्वटा बाखा र पहिलो बर्षका पांच्वटा पाठा.
अम्मीहूदको छोरो एलिशामाको भेटि येइ थियो॥

५४ आठौं दिनमा मनश्शेबंशीहरुको मालिक् पदासूरको छोरो गम्लिएलले.
५५ त्यस्को भेटि यो थियो अर्थात् पवित्रस्थानको शेकेलको हिसापले एक् सै र
तीस् शेकेल् चांदीको येउटा थाल् र सत्तरि शेकेल् चांदीको येउटा डबका
५६ यि दुवै अन्नबलिको लागि तेलले मुछेको पिठो भरीयेका थिये फेरि
५७ दस् शेकेल् सुन्को येउटा धूप्ले भरीयेको धुपौरो होमबलिको लागि
५८ येउटा बाच्छा येउटा थुमा र पहिलो बर्षको येउटा पाठा पापबलिको

लागि येउटा बाख्रा   अनि मिलापबलिदान्को लागि दुवटा बाच्छा ५९
पांच्वटा थुमा पांच्वटा बाख्रा र पहिलो बर्षका पांच्वटा पाठा. पदासूर्को
छोरो गम्लिएल्को भेटि येइ थियो ॥

नवं दिन् बिन्यामीनबंशीहरुको मालिक् गिदोनीको छोरो अबिदान्ले. ६०
त्यस्को भेटि यो थियो अर्थात् पवित्रस्थान्को शेकेल्को हिसाप्ले एक् सै र ६१
तीस् शेकेल् चांदीको येउटा थाल् र सत्तरि शेकेल् चांदीको येउटा डबका
यि दुवै अन्नबलिको लागि तेल्ले मुछेको पिठो भरीयेका थिये   फेरि ६२
दस् शेकेल् सुन्को येउटा धूप्ले भरीयेको धुपौरो   होमबलिको लागि ६३
येउटा बाच्छा येउटा थुमा र पहिलो बर्षको येउटा पाठा   पाप्बलिको ६४
लागि येउटा बाख्रा   अनि मिलापबलिदान्को लागि दुवटा बाच्छा ६५
पांच्वटा थुमा पांच्वटा बाख्रा र पहिलो बर्षका पांच्वटा पाठा. गिदोनीको
छोरा अबिदान्को भेटि येइ थियो ॥

दसौं दिन्मां दानबंशीहरुको मालिक् अम्मीशद्दैको छोरो अहीएजेर्ले. ६६
त्यस्को भेटि यो थियो अर्थात् पवित्रस्थान्का शेकेल्को हिसाप्ले एक् सै र ६७
तीस् शेकेल् चांदीको येउटा थाल् र सत्तरि शेकेल् चांदीको येउटा डबका
यि दुवै अन्नबलिको लागि तेल्ले मुछेको पिठो भरीयेका थिये   फेरि ६८
दस् शेकेल् सुन्को येउटा धूप्ले भरीयेको धुपौरो   होमबलिको लागि ६९
येउटा बाच्छा येउटा थुमा र पहिलो बर्षको येउटा पाठा   पाप्बलिको ७०
लागि येउटा बाख्रा   अनि मिलापबलिदान्को लागि दुवटा बाच्छा ७१
पांच्वटा थुमा पांच्वटा बाख्रा र पहिलो बर्षका पांच्वटा पाठा.
अम्माशद्दैको छोरो अहाएजेर्को भेटि येइ थियो ॥

एघारौं दिन्मां आशेरबंशीहरुको मालिक् ओक्रान्को छोरो ७२
पगीएल्ले. त्यस्को भेटि यो थियो अर्थात् पवित्रस्थान्को शेकेल्को ७३
हिसाप्ले एक् सै र तीस् शेकेल् चांदीको येउटा थाल् र सत्तरि शेकेल्
चांदीको येउटा डबका यि दुवै अन्नबलिको लागि तेल्ले मुछेको पिठो
भरीयेका थिये   फेरि दस् शेकेल् सुन्को येउटा धूप्ले भरीयेको धुपौरो ७४
होमबलिको लागि येउटा बाच्छा येउटा थुमा र पहिलो बर्षको येउटा ७५
पाठा   पाप्बलिको लागि येउटा बाख्रा   अनि मिलापबलिदान्को ७६ ७७
लागि दुवटा बाच्छा पांच्वटा थुमा पांच्वटा बाख्रा र पहिलो बर्षका
पांच्वटा पाठा. ओक्रान्को छोरो पगीएल्को भेटि येइ थियो ॥

बाह्रौं दिन्मां नप्तालीबंशीहरुको मालिक् एनान्को छोरो अहीराले. ७८
त्यस्को भेटि यो थियो अर्थात् पवित्रस्थान्को शेकेल्को हिसाप्ले एक् सै र ७९
तीस् शेकेल् चांदीको येउटा थाल् र सत्तरि शेकेल् चांदीको येउटा डबका
यि दुवै अन्नबलिको लागि तेल्ले मुछेको पिठो भरीयेका थिये   फेरि ८०
दस् शेकेल् सुन्को येउटा धूप्ले भरीयेको धपौरो   होमबलिको लागि ८१
येउटा बाच्छा येउटा थुमा र पहिलो बर्षको येउटा पाठा   पाप्बलिको ८२
लागि येउटा बाख्रा   अनि मिलापबलिदान्को लागि दुवटा बाच्छा ८३

पांच्वटा थुमा पांच्वटा बाख्रा र पहिलो बर्षका पांच्वटा पाठा . एनान्को
छोरो अहीराको भेटि येइ थियो ॥
८४ जस् दिन् बेदिको अभिषेक् भयो त्यस् दिन् इस्राएल्का मालिक्हरु पट्टि
बाटो त्येस्को स्थापनगराईको भेटि येइ थियो . अर्थात् चांदीका बारह्वटा
८५ थाल् चांदीका बारह्वटा डबका सुन्का बारह्वटा धुपौराहरु . एक् एक्
चांदीको थाल् एक् सै र तीस् शेकेल्को र एक् एक् चांदीको डबका सत्तरि
शेकेल्को थियो . त पवित्रस्थान्को शेकेल्को हिसापले यि सबै भांड़ाहरुका
८६ चांदी दुइ हजार् र चार् सै शेकेल् थिये फेरि सुन्का बारह्वटा धूपले
भरीयेका धुपौरा पवित्रस्थान्को शेकेल्को हिसापले दस् दस् शेकेल् गरि
८७ थिये . त सबै धुपौरोको सुन् एक् सै र बीस् शेकेल् थियो . होमबलिको
लागि सब्बै गरि बारह्वटा बाच्छा थुमा बारह्वटा पहिलो बर्षका पाठाहरु
बारह्वटा थिये तिनका अन्नबलि समेत् . अनि पापबलिको लागि बाख्राहरु
८८ पनि बारह्वटा . फेरि मिलापबलिदानका सबै गरि चौबीस्वटा बाच्छा
थुमाहरु साठीवटा बाख्राहरु साठीवटा र पहिलो बर्षका पाठाहरु साठीवटा ।
८९ बेदि अभिषेक् भये पछि त्येस्को स्थापनगराईको भेटि येइ भयो । अनि जब मूसा
यह्वे सित बात् गर्नलाइ भेट् हुने डेरामां पस्यो तब त्येस्ले उस्को बाणी सुन्यो
जो साक्षीपाटीको सम्पट् मांथि भयेको प्रायश्चित्त मांथि बाटो दुवै करुब्हरुको
बीच् बाटा त्यो सित बोल्द थियो . त यह्वेले त्यो सित बात् गर्यो ॥

(पांनस्को बिषय्को रीत्)

८ फेरि यह्वेले मूसालाइ येसो भन्यो हारुनलाइ येसो भन् जब
तिमिले बत्ती बाल्छौ तब सात दीयोले पांनस्को सांमु उज्यालो दिउन् ।
३ त हारुनले येसै गर्यो अर्थात् त्येस्ले बत्ती येसोरि बाल्यो तिनले पांनस्को
४ सांमु उज्यालो दिंद थिये जसो यह्वेले मूसालाइ आज्ञा दियो । अनि
पांनस्को बनाई यैस्तो कमायेको सुन्को थियो त्येस्को बेठक् देखि फूल् सम्म
त्यो कमायेको थियो . जुन् नपना यह्वेले मूसालाइ देखायेको थियो त्येइ
अनुसार् त्येस्ले पांनस् बनायो ॥

(लेवीहरुको बिषय्)

६ फेरि यह्वेले मूसालाइ येसो भन्यो लेवीहरुलाइ इस्राएलबंशी-
७ हरुको बीच् देखि लियेर शुद्ध गर् । अनि तिनिहरुलाइ शुद्ध पार्नलाइ
येसो गर् . तिनिहरु मांथि पाप् देखि पवित्र गर्ने पानी छर्कि दे त्यस् पछि
८ तिनिहरुले स्यांट्ठै मुड़ीयेर लुगा धोयेर आफुलाइ शुद्ध पारुन् । तब तिनिहरुले
अन्नबलि समेत् अर्थात् तेलले मुछ्छेको पिठो समेत् येउटा बाच्छा ल्याउन्
९ अनि तेंले पापबलिको लागि अरु पनि येउटा बाच्छा ल्याउंनु । फेरि
लेवीहरुलाइ भेट् हुने डेराको सांमु नजिक् ल्या . अनि इस्राएलबंशीहरुको
१० सिंगै मंडलीलाइ भेला गरा . फेरि लेवीहरुलाइ यह्वेको सांमु नजिक् ल्या .

अनि इस्राएलवंशीहरूले आफ्ना आफ्ना हात् लेवीहरू माथि राखुन्.
यहांदेखि हारूनले लेवीहरूलाइ यहूवेको सांमु इस्राएलवंशीहरूको पट्टि ११
बाटो हल्लाइने भेटि गरि चढ़ाउन् र तिनिहरू यहूवेको सेवा गर्नेहरू होउन्।
फेरि लेवीहरूले आफ्ना आफ्ना हात ति बाच्छाहरूको सिर्मा राखुन्. तब १२
तैंले लेवीहरूको लागि प्रायश्चित्त गर्नुलाइ येउटा बाच्छा पापबलि र अर्कोचाहिं
होमबलि गरि यहूवेको लागि चढ़ा. तब तैंले लेवीहरूलाइ हारून् र त्यस्का १३
छोराहरूको सांमु उभ्यायेर तिनलाइ यहूवेको लागि हल्लाइने भेटि गरि चढ़ा।
येसै गरि तैंले लेवीहरूलाइ इस्राएलवंशीहरूको बीच् देखि छुट्या. र १४
लेवीहरू मेरा होउन्। अनि त्यस् पछि लेवीहरू भेट् हुंने डेराको सेवागराइ १५
गर्नुलाइ भित्र पसुन्. येसोरि तैंले तिनिहरूलाइ शुद्ध गरि हल्लाइने भेटि
गरि चढ़ा। किनभन्ये तिनिहरू इस्राएलवंशीहरूको बीच् देखि मलाइ स्यांट्टै १६
दिईयेका छन् मैंले तिनिहरूलाइ आफ्नु लागि गर्भ खोल्नेहरू अं सबै
इस्राएलवंशीहरूका सबैं जेठा जेठाहरूको साटोमां लियेको छु। किनभन्ये १७
इस्राएलवंशीहरूका जेठाहरू को मान्छेको कि पशुको सबै मेरै हुन्. जुन्
दिन् मैंले मिस्र देसमांका सबै जेठाहरूलाइ मार्यें त्यसै दिन् मैंले तिनलाइ
आफ्नु लागि पवित्र गर्यें। अनि मैंले लेवीहरूलाइ इस्राएलवंशीहरूको १८
सिंगै जेठा जेठाहरूको साटोमां लियेको छु। अं मैंले लेवीहरूलाइ हारून् र १९
त्यस्का छोराहरूलाइ इस्राएलवंशीहरूको बीच् देखि दान् गरि दिहाल्यें
तिनिहरूले भेट् हुंने डेरामां इस्राएलवंशीहरूको लागि सेवागराई र तिनको
लागि प्रायश्चित्त पनि गरून् भन्येर. होइन भन्ये ता इस्राएलवंशीहरू
पवित्रस्यानको नजिक् आउंदा तिनमां कोइ बिपत्ति पर्ला। त मूसा र २०
हारून् र इस्राएलवंशीहरूको सिंगै मंडलीले लेवीहरूलाइ येसै गर्ये. यहूवेले
लेवीहरूको बिषयमां मूसालाइ भन्येको आज्ञा अनुसार् इस्राएलवंशीहरूले
तिनिहरूलाइ त्यसै गर्ये। अनि लेवीहरूले आफु आफुलाइ पाप् देखि शुद्ध २१
गर्ये अनि आफ्ना लुगा धोये अनि हारूनले तिनलाइ यहूवेको सांमु
हल्लाइने भेटि गरि चढ़ायो अनि हारूनले तिनिहरूलाइ शुद्ध पार्नलाइ
तिनिहरूको लागि प्रायश्चित्त गर्यो। अनि येस् पछि लेवीहरू भेट् हुंने २२
डेरामां हारून् र त्यस्का छोराहरूको सांमु आफ्नु आफ्नु सेवागराईको काम्
गर्नुलाइ भित्र पस्यें. जस्तो यहूवेले मूसालाइ लेवीहरूको बिषयमां आज्ञा
दियेका थियो त्येसै तिनिहरूलाइ गर्ये॥

फेरि यहूवेले मूसालाइ येसो भन्यो लेवीहरूले गर्नु पर्ने काम् २३ २४
येइ हो, पचीस् बर्सका उमेर् देखि येसो तिनिहरू भेट् हुंने डेराको काम्को
सेवागराईमां सेनामां भर्ति हुंनुलाइ भित्र पसुन्. अनि पचास् बर्सको उमेर् २५
देखि तिनले सेना देखि फर्कंदैर काम् देखि बिदा पाइ फेरि फेरि सेवागराई
न गरून् तर आफ्ना भाईहरू सित भेट् हुंने डेराको रुखाई गर्ने काम् २६
गरून् तर सेवागराई चाहिं न गरून्। लेवीहरूलाइ जिम्मा दिईयेको बिषयमां
तिनिहरूलाइ येसै गर॥

(निस्तार् चाड् मान्ने बिषय्)

९ १ फेरि इस्त्राएल्वंशीहरु मिस्र देस् देखि निकल्येको दोस्रो वर्षको
२ पहिलो महीनामां यहवेले सीनैको बन्मां मूसालाइ येसो भन्यो फेरि
३ इस्त्राएल्वंशीहरुले निस्तार् चाड् त्येस्को ठहराईयेको बेलामां मानुन्। येसै
महीनाको चौधौं तिथिमां सांझमां त्येस्को ठहराईयेको बेलामां तिमिहरुले
४ त्यो मान. त्येस्का सबै रीत् र बिधि अनुसार् त्यो मान। त मूसाले
५ इस्त्राएल्वंशीहरुलाइ निस्तार् चाड् मान्नलाइ भनि दियो। अनि तिनिहरुले
पहिलो महीनाको चौधौं तिथिको सांझमां सीनैको बन्मां निस्तार् चाड्
मान्ये. यहवेले मूसालाइ दियेका सबै आज्ञा अनुसार् इस्त्राएल्वंशीहरुले
६ गर्ये। तर कत्तिले कसै मान्छेको मुर्दाको कारण् अशुद्ध भयेको कारणले
त्यो दिन् निस्तारको चाड् मान्न सकदैन थिये. त तिनिहरु त्येस् दिन् मूसा
७ र हारूनको सांमु आये. अनि ति मान्छेहरुले त्येस्लाइ भन्नु लाग्ये हांमिहरु
कसै मान्छेको मुर्दाको कारणले अशुद्ध भयेका छौं. तर किन हांमिहरु
इस्त्राएल्वंशीहरु सङ यहवेलाइ भेटि त्येस्को ठहरायेको बेलामां चढाउंनु
८ देखि थुनीयेका छौं। तब मूसाले तिनलाइ भन्यो पर्ख तिमिहरुको
बिषयमां यहवेले ज्ये भन्ला त्यो मं सुनछु॥

१० ९ तब यहवेले मूसालाइ येसो भन्यो इस्त्राएल्वंशीहरुलाइ येसो भन्
तिमिहरुमांको कि तिमिहरुको सन्तान्मांको कसै मुर्दाको कारणले अशुद्ध
कि टाढो बाटोमां हिंड्दै होला तैपनि त्येस्ले यहवेको लागि निस्तार् चाड्
११ मानोस्. त्यो दोस्रो महीनाको चौधौं तिथिको सांझमां मानुन् अनि
निस्तार् चाड्को बलिपशु अखमीरि रोटी र तीतो साक् सित खाउन्.
१२ त्येस्मांको केहि पनि बिहान् सम्म राखि न छोड्न् अनि न त्येस्को कोई
१३ हाड् भांचुन्. निस्तार् चाड्का सबै बिधि अनुसार् त्यो मानुन्। तर जो
मान्छे शुद्ध छ अनि बाटोमां हिंड्दै छैन तैपनि निस्तार् चाड् मान्न मान्येन
त्यो प्राणी आफ्ना लोगका देखि काटि दिईओस्. किनभन्ये त्येस्ले यहवेको
लागिको भेटि त्येस्को ठहरायेको बेलामां चढायेन येस्कारण् त्येस्ले आफ्नु पाप्
१४ बोकोस्। अनि तिमिहरुको बीचमां प्रवास् गर्ने परदेसीले यहवेको लागि
निस्तार् चाड् मान्न खोज्यो भन्ये त्येस्ले निस्तार् चाड्को बिधि र रीत्
अनुसार् त्यो मानोस्. बिदेसी र देस्मां जन्म्येको दुबैको लागि तिमिहरुको
येउटै बिधि हवस्॥

(सीनै देखि इस्राएलीहरुको हिंड़ाई)

१५ अनि बासस्थान् उभ्याईयेको दिन्मां बासस्थान् अर्थात् साक्षीपाटीको
डेरा बादलले छोप्यो. अनि बेलुका देखि बिहान् सम्म बासस्थान् माथि
१६ आगो जस्तो देखाहा पर्यो। नित्ये येस्तै हुंद थियो. बादलले त्यो छोपद
१७ थियो अनि राति चाहिं आगो जस्तो देखाहा पर्द थियो। अनि जब जब त्यो

बादल् डेरा मांथि देखि उठाइँद थियो तब तब त्येस् पछि इस्राएलबंशीहरु
हिंडद थिये . अनि जहां बादल् अड़ींद थियो तिहीं इस्राएलबंशीहरुले
आफ्नु डेरा हाल्द थिये । यहवेले भन्येकोले इस्राएलबंशीहरु हिंडद १८
थिये अनि यहवेले भन्येकोले तिनिहरुले डेरा हाल्द थिये . जति दिन्
बादल् बासस्थान् मांथि अड़ींद थियो उतिनै दिन् सम्म तिनिहरु डेरा
हालि बस्दै रहंद थिये । अनि बादलले धेरै दिन् सम्म बासस्थान् मांथि १९
छोपि रहंदा इस्राएलबंशीहरु यहवेको आज्ञा मान्दै हिंडदैन थिये । अनि २०
कैले कैले त्यो बादल् थोरै दिन् बासस्थान् मांथि रहंदा तिनिहरु यहवेले
भन्येकोले डेरा हालीयेकै रहंद थिये फेरि यहवेले भन्येकोले तिनिहरु
हिंडद थिये । अनि कैले कैले बादल् बेलुका देखि बिहान सम्म मांत्रै रहंद २१
थियो तब बिहानै बादल् उठि गयो भन्ये देखि तिनिहरु हिंडद थिये .
अनि त्यो रात् दिन् बराबर् रह्यो भन्ये देखि तिनिहरु पनि रहंद थिये अनि
बादल् उठि जांदा तिनिहरु पनि हिंडद थिये । त्यो बादल् दुइ दिन् कि २२
महीना दिन् कि बर्ष दिन् बासस्थान् मांथि अड़ीइ रहुञ्जाल् इस्राएलबंशीहरु
आफ्नै डेरामां रहंद थिये अनि हिंडदैन थिये . तर त्यो उठाइँदा तिनिहरु
हिंडद थिये । यहवेले भन्येकोले तिनिहरुले आफ्नु डेरा हाल्द थिये अनि २३
यहवेले भन्येकोले तिनिहरु हिंडद पनि थिये . त ज्ये आज्ञा यहवेले मूसाको
बाटोले दिंद थियो त्यो तिनले मान्द थिये ॥

फेरि यहवेले मूसालाइ येसो भन्यो   चांदीका दुवटा नर्सींगा १० १ २
बना ति कमायेको काम् भयेको बना . र ति मंडलीलाइ भेला गराउंनु र
छाउंनीहरु हिंड़ालनुमां काम् लागुन् । ति बजाइंदा सिंगै मंडली भेट् हुंने ३
डेराको देलोमां तं थांइ भेला होउन् । तर येउटा मांत्रै नर्सींगा बजाइंदा ४
मालिकहरु अर्थात् इस्राएलका जहानका मूलहरु मांत्रै तं थांइ भेला
होउन् । अनि तिमिहरुले अबेरा सम्म खूब् बजाउंदा पूर्ब तिरका छाउंनीहरु ५
अघि हिंडुन् । अनि तिमिहरुले दोस्रो खेप् अबेरा सम्म खूब् बजाउंदा ६
दक्खिन् तिरका छाउंनीहरु अघि हिंडुन्. तिनका हिंड़ाईको लागि अबेरा
सम्म खूब् बजाउन् । अनि मंडलीलाइ भेला गराउंनु पर्दामां चइं बजाउंनु ७
ता बजाउंनु तर अबेरा सम्म खूब् बजाउंनु होइन । अनि हारुनका छोरा ८
पूजाहारीहरुलेनै नर्सींगा बजाउंने गरुन्. अनि यो कुरो तिमिहरुका
पुस्ताहरुको लागि सनातनको बिधि हवस् । अनि जब तिमिहरु आफ्नु ९
देसमां तिमिहरु मांथि सत्तुरेइँ गर्ने सत्तुर् खित लड़ाइँ गर्नुलाइ निकलौला
तब नर्सींगा अबेरा सम्म खूब् बजाउंनु त तिमिहरुको ईश्वर् यहवेलाइ
तिमिहरुको सम्झना हुंछ तब तिमिहरु आफ्ना सत्तुरहरु देखि बचाइंछौ ।
अनि आफ्नु रमाहट्को दिन्मां र आफ्ना ठहरायेका बेलाहरुमां र महीनाका १०
थाल्नि थाल्निमां आफ्ना होमबलिहरु मांथि र मिलापबलिदान्हरु मांथि
नर्सींगा बजाउंनु र ति तिमिहरुलाइ तिमिहरुको ईश्वरको सांमु सम्झनाको
लागि होउन् . मं यहवे तिमिहरुको ईश्वर् हुं ॥

११ फेरि यैसो भयो दोस्रो वर्षको दोस्रो महीनाको बीसौं तिथिमां
१२ बादल् साचीको बासस्थान् मांथि देखि उठाईयो। तब इस्राएलवंशीहरु
सीनैको बन् देखि हिंडूदै हिंडूदै गये अनि बादल् पारान्को बनमां
१३ अड़ीयो। अनि यहवेले मूसाको बाटोले दियेको आज्ञा अनुसार् तिनको
१४ पहिलो हिंड़ाई भयो। पहिले यहूदावंशीहरुको छाउंनीको झण्डा तिनका
सेना अनुसार् अघि हिंड्यो. अनि त्यस्को सेनापति अम्मीनादाबुको छोरो
१५ नहशोन् थियो। अनि इस्साकार्वंशीहरुको कुल्को सेनापति सूआर्को छोरो
१६ नतनेल् थियो। अनि जबूलूनवंशीहरुको कुलको सेनापति हेलोन्को छोरो
१७ एलीआब् थियो। तब बासस्थान् ओह्रालीयो अनि गर्शोन्वंशीहरु र
१८ मरारीवंशीहरु बासस्थान् बोकेर अघि हिंड्य। फेरि रूबेनको छाउंनीको
झण्डा तिनका सेना अनुसार् अघि हिंड्यो. अनि त्यस्को सेनापति शदेऊर्को
१९ छोरो एलीसूर् थियो। अनि शिमोन्वंशीहरुको कुल्को सेनापति सूरीशद्दैको
२० छोरो शलूमीएल् थियो। अनि गादवंशीहरुको कुलको सेनापति दूएल्को
२१ छोरो एल्यासाप् थियो। तब कहातीहरु पवित्र थोकहरु बोकूदै अघि
२२ हिंड्य. अनि तिनिहरु आइ पुगुंज्याल् सम्ममां बासस्थान् उभ्याइ सक्थे। फेरि
एप्रैम्वंशीहरुको छाउंनीको झण्डा तिनका सेना अनुसार् अघि हिंड्यो.
२३ अनि त्यस्को सेनापति अम्मीहूद्को छोरो एलिशामा थियो। अनि
२४ मनश्शेवंशीहरुको कुल्को सेनापति पदासूर्को छोरो गम्लीएल् थियो। अनि
बिन्यामीन्वंशीहरुको कुल्को सेनापति गिदोनीको छोरो अबीदान् थियो।
२५ फेरि दानवंशीहरुको छाउंनीको झण्डा तिनका सेना अनुसार् अघि हिंड्यो यो
तिनिहरुका छाउंनी सबै छाउंनी भन्दा पछिल्लो थियो. अनि त्यस्को सेनापति
२६ अम्मीशद्दैको छोरो अहीएजेर् थियो। अनि आशेर्वंशीहरुको कुल्को
२७ सेनापति ओक्रान्को छोरो पगीएल् थियो। अनि नप्तालीवंशीहरुको कुल्को
२८ सेनापति एनान्को छोरो अहीरा थियो। इस्राएलवंशीहरुका हिंड़ाइं तिनका
सेना अनुसार् यसै गरि हुंद थियो त तिनिहरु अघि हिंड्य॥

२९ अनि मूसाले आफ्नु ससुरा अर्थात् रूएल् मिद्यानीको छोरो
होबाब्लाइ भन्यो हामिहरु ता यहवेले मं तिमिहरुलाइ दिंछु भन्येको
ठांउमां हिंडूद छौं. त हामिहरु सङ हिंडूनु हवस् हामिहरु आफुको भलो
३० गर्छौं. किनभन्ये यहवेले इस्राएलको बिषयमां भलो भन्येको छ। तर
होबाब्ले त्यस्लाइ मं जान्न तर आफ्नु देस् र जातभाई थांइ फर्कि जांछु
३१ भन्यो। तब मूसाले भन्यो कृपा गरि हामिहरुलाइ न छोडूनु हवस् किनभन्ये
हामिहरुले बनमां डेरा कहां कहां हाल्नु यो आफुले जान्नु हुंद छ त आफु
३२ हाम्रो लागि आंखा जस्तो हुंनु हवस्। अनि यैसो हुंछ आफु हामिहरु सङ
जांनु भयो भन्ये देखि ज्ये भलाई ईस्वरले हामिहरु सित गर्ला त्यो निस्से
हामिहरु आफु सित पनि गर्छौं॥

३३ त तिनिहरु यहवेको पर्वत् देखि हिंड़ि तीन् दिन् सम्म हिंड़ेर अनि
ति तीन् दिनको बाटोमां यहवेको नियम्को सम्पट् तिनको लागि बिसाउंने

ठांउ खोज्दै तिनिहरुको अघि अघि हिंड्दै रह्यो। अनि जब तिनिहरु ३४
छाउंनी देखि हिंड्द थिये तब दिउंसो यहवेको बादल् तिनिहरु मांथि होइ
रहंद थियो ॥

अनि येसो हुंद थियो जब जब सम्पट् अघि हिंड्द थियो तब तब ३५
मूषाले यो भन्न गर्द थियो हे यहवे उठनु हवस् र तपांइका सत्तरहरु छरपुट्ट
होइ जाउन् अनि तपांइका बेरीहरु तपांइको सांमु देखि भागि जाउन्।
तर जब जब सम्पट् अड्दैं थियो तब तब त्येस्ले भन्न गर्द थियो हे यहवे ३६
इस्राएलका हजारौं लाखौंमां फर्कि आउंनु हवस् ॥

(लोग्को गनगनाइं र दण्ड)

अनि लोग गनगनाउंनु लाग्ये त यो यहवेका कानमां नजाति ११ १
लाग्यो. अनि जब यहवेले यो सुन्यो त उस्को रिस् उठ्यो अनि यहवेको
आगो तिनिहरुमां बल्नु लाग्यो अनि छाउंनाको पल्लो कुउकाहरुलाइ भस्म
पार्‍यो। तब लोग मूसा थांइ कराये अनि जब मूसाले यहवे सित बिन्ति २
गर्‍यो तब आगो निभ्यो। त त्येस् ठांउको नांउ तबेरा[१] राखीयो. किनभन्ये ३
यहवेको आगो तिनिहरुको बीच्मां बल्येको थियो ॥

फेरि तिनिहरुमां मिसीयेर भयेको घुइरोले अग्घोर् तिर्षणा गर्न् ४
लाग्यो. अनि इस्राएलबंशीहरु पनि फेरि रुनु र यो भन्न लाग्ये कस्ले
हांमिहरुलाइ मांसु खांनु देला। हांमिहरु हांमिहरुले मिस्रमां सित्तैंमां ५
खायेका माछाहरु सम्भंद छौं अनि ति कांक्रा र खर्बुजा र घांसेप्याज् र
प्याज् र लसुन्. तर अब ता हांमिहरुको प्राण् सुकि सक्यो यहां केइ पनि ६
छैन. यो मन्न देखि बाहिक् अरु केइ देखन् पाइदैन। त्यो मन्न चइं धनीया ७
जस्तो अनि त्येस्को रुप् मोतिको जस्तो थियो। लोगले येता उति गर्येर त्यो ८
बटुल्ये वहांदेखि त्यो जांतोमां पिन्द कि ओखलीमां कुट्द थिये अनि
भांड़ामां पकाउंद थिये अनि त्येस्को फुलौरो बनाउंद थिये. अनि त्येस्को
स्वाद् तेलमां पोल्येको फुलौरोको जस्तो थियो। अनि राति छाउंनीमां शीत् ९
पर्दा त्येस्मां मन्न पनि पर्द थियो। त मूषाले लोगलाइ जहान् जहान् गरि १०
जनंगे आफ्नु आफ्नु पालको दैलो दैलोमां रुंदै गर्येका सुन्यो. अनि
यहवेको औधि रिस् उठ्यो अनि मूषाको दृष्टिमां नजाति लाग्यो। तब ११
मूषाले यहवेलाइ भन्यो किन तपांइले आफ्नु दास् सित नजाति गर्न भयो
अनि मैंले तपांइको दृष्टिमां किन अनुग्रह् पाइंन तपांइले मं मांथि यि सबै
लोगको भार् हालि दिनु भयो। के यि सबै लोग् मैंमां गर्भीयेका थिये कि १२
के तिनलाइ मैंलेनै जन्मायें र तपांइले मंलाइ बाबुले दुद् खांने बालखलाइ
बोकि हिंड्नेको झैं तंले तिनिहरुलाइ आफ्नु काखमां लियेर त्यो मैंले
तिनिहरुका पित्रहरु सित किरिया खायेको देसमां लैजा भन्नु हुंद छ।

[१] अर्थात् बल्ने।

१३ मं कहां देखि यि सबैलाइ दिंनुको लागि मांसु पाउं किनभन्ये तिनिहरू
१४ हांमिहरूलाइ खांनुको लागि मांसु देउ भन्दै मं थांइ रुंद छन्। मं येक्लै यि
सबै लोगलाइ बोकन् सक्दींन कसोगरिभन्ये यो मेरो लागि औधि गह्रुङ्
१५ छ। त तपांइले मं सित येसै गर्नु हुंछ भन्ये कृपा गरिकन मंलाइ मारि
हालनु हवस् मं मांथि तपांइको अनुग्रह् भयो भन्ये र मैंले आफ्नु नजाति
गत् हेर्नु न पाउं॥

१६ तब यहवेले मूसालाइ भन्यो इस्त्राएलका प्राचीन्हरूमांका तैंले
र्थिनिहरू लोगका प्राचीन्हरू र तिनिहरू मांथि मालिक् भयेकाहरू हुन्
भनि चिन्येका सत्तर् जनालाइ मं थांइ भेला गर अनि तिनलाइ भेट् हुंने
१७ डेरा निर ल्या र तिनिहरू त्यहां तं सित उभीउन्। तब मं उत्रयेर वहां तं
सित बात् गर्छु. अनि जुन् आत्मा तंमां छ त्येसमांको लियेर तिनमां हालछु
अनि तिनले लोगको भार् तं सङ बोक्छन् र त्यो तं येक्लैले बोकाइनस्।
१८ अनि लोगलाइ भन् भोलिको लागि आफु आफुलाइ पवित्र गर त तिमिहरूले
मांसु खांनु पाउंछौ. किनभन्ये तिमिहरू यहवेले सुन्नै गरि कर्ले हांमिहरूलाइ
मांसु खांनु देला मिस्त्रमां हांम्रो कुशल् थियो भनि रोयौ. येस्कारण यहवेले
१९ तिमिहरूलाइ मांसु खांनु दिंछ अनि तिमिहरूले खांछौ। तिमिहरूले त्यो
२० एक् दिन् मात्रै खांदैन न दुइ न पांच् न दस् न बीस् दिन् तर महीना
दिन् सम्म खांदै रहंछौ त्यो तिमिहरूका नाख बाटो न निस्कुंज्याल् सम्म
अनि त्यो तिमिहरूलाइ घिन् न लागुंज्याल् सम्म. किनभन्ये तिमिहरूले
तिमिहरूका बीच्मां भयेको यहवेलाइ तुच्छ जान्यौ अनि उस्को सांमु
२१ हांमिहरू मिस्त्र देखि किन निक्लि आयूं भन्दै रोयौ। तर मूसाले भन्यो जुन्
लोगको बीच्मां मं छु तिनिहरूमांका छ लाख् पैदल् हिंडुनेहरू छन् तर
२२ तपांइले मं तिनलाइ महीना भर् खांने मांसु दिंछु भन्नु भयो। क्या तिनलाइ
तृप्त गराउंनुको लागि भेंडाबाख्रा गाईगोरू तिनको लागि मारीउन् कि
तिनलाइ तृप्त गराउंनुको लागि समुन्द्रका सबै माछ्काहरू तिनको
लागि भेला गरीउन्॥

२३ तब यहवेले मूसालाइ भन्यो क्या यहवेको हात् सांनु भयो अब तैंले
२४ देखछस् मेरो बचन् तेरो लागि पूरो हुंछ कि हुंदैन। त मूसाले बाहर गयेर
लोगलाइ यहवेका कुरा कहि सुनायो. अनि लोगका प्राचीन्हरूमांका
२५ सत्तर् जनालाइ भेला गरायेर डेराको रिंगै उभ्यायो। अनि यहवेले बादलमां
उत्रयेर त्यो सित बात् गऱ्यो अनि मूसामां भयेको आत्मामांको लियेर ति
सत्तर् जना प्राचीन्हरूमां हालि दियो. अनि येसो भयो जब त्यो आत्मा ति
मांथि अडीयो तब तिनले अगमबचन् कह्यो तर फेरि फेरि ता कैलेइ
२६ भन्येनन्। तर दुइ जना छाउंनीमां रह्येका थिये येउटाको नांउ एल्दाद् अनि
अर्कोको नांउ मेदाद् थियो. अनि त्येइ आत्मा तिनिहरूमां पनि अडीयो
तिनिहरू लेखीयेकाहरूमांका थिये तर डेरामां गयेका थियेनन्. अनि
२७ तिनिहरूले छाउंनीमांइ अगम् कह्यो। तब येउटा तन्हेरिले दुगुर्येर मूसालाइ

एलदाद् र मेदाद्ले छाउंनीमां अगमवचन् कहंदै छन् भनि जनाइ दियो ।
त नूनको छोरो यहोशूअ जो मूसाको सेवाइते र त्यसका रोजाहरुमांको थियो २८
त्यसले मूसालाइ भेरा प्रभु मूसा तिनलाइ थुन्नु हवस् भन्यो । तर मूसाले २९
त्यसलाइ भन्यो कि तं मेरो कारणले डाहा गर्दै छस् . यहवेका सबैने लोग्
अगमवक्ता भये देखि अनि यहवेले आफ्नु आत्मा ति सब्बै मांथि हालि दिये
देखि ता झन् कति जाति हुंथ्यो । तब मूसा इस्राएलका प्राचीनहरु समेत् ३०
छाउंनीमां फर्कि गयो । अनि यहवेको पट्टि बाटो येउटा बतासले बह्यर ३१
समुन्द्र देखि बटेरचराहरु उड़ाइ ल्यायो अनि तिनलाइ छाउंनीमां अनि
त्यसका वरिपरि येता पट्टि एक् दिनको बाटो उता पट्टि एक् दिनको बाटो
सम्म अनि भूंइ मांथि कोई दुइ हात् जति बाक्लो गरि बसायो । त लोगले ३२
त्यस् दिनभरि र रातभरि अनि भोलि पल्टो दिनभरि पनि ठाड़ै रह्यर
बटेरचरा बटुल्ये . कम्ति बटुल्नेले पनि दस् होमेर् बटुल्यो . अनि
तिनिहरुले ति आफ्नु लागि छाउंनीका चारै तिर फिंजाये । मासु तिनको ३३
दांत् मुनि छुंदा अं तिनले ति चबायेको न हुंदा यहवेको रिस् तिनिहरु
मांथि उठ्यो अनि उसले लोगलाइ औधि ठुलो मर्दिले मार्‍यो । तब त्यो ३४
ठांउको नांउ किब्रोथत्तावा[१] राखीयो . किनभन्ये त्यहां तिनिहरुले तिर्षणा
गर्ने लोगलाइ गाड़ेर । किब्रोथत्तावा देखि हिंड़ि लोग हसेरोत्मां पुग्ये ३५
अनि हसेरोत्मां रह्ये ॥

(हारून् र मरियम्को गन्‌गनाई)

तब मरियम् र हारून् मूसाले राख्येको कूशी स्त्रीको कारणले १२ १
मूसाको बिरुद्धमां बोल्नु लाग्ये . किनभन्ये त्यसले येउटो कूशी स्त्रीलाइ
राख्येको थियो । अनि तिनले भन्ये कि यहवेले खालि मूसाइ सित मात्रै २
बात् गर्‍यो कि उसले हामिहरु सित पनि बात् गर्‍येन । अनि यहवेले सुन्यो ।
अब सिंगै पृथिवी मांथि सबै मान्छेहरु भन्दा मूसा भन्ये मान्छे बिग्र नरम् ३
थियो । तब यहवेले एक्कासी मूसा र हारून् र मरियमलाइ तिमिहरु तीनै ४
जना भेट् हुंने डेरा छेउ निक्लि आव भन्यो । त तिनिहरु तीनै जना निक्लि
आये । तब यहवेले बादलको मुडुकामां उत्रि डेराको दैलोमां उभीयेर ५
हारून् र मरियमलाइ बोलायो . त ति दुवै निक्लि गये । तब उसले भन्यो ६
मेरा कुरा त सुन . तिमिहरुमांको कोई अगमवक्ता छ भन्ये देखि म यहवेले
त्यसलाइ दर्शन् दिइ आफुलाइ प्रगटो गर्छु कि सपनामां त्यो सित बात् गर्छु ।
तर मेरो दास् मूसा येस्तो छैन त्यो ता मेरो सिंगै घरमां बिश्वासी छ . ७
मुखामुख् म त्यो सित बात् गर्छु अं प्रगटो गरि अनि अड़्कोथपाईगरिकन ८
होइन अनि त्यसले यहवेको रूप् हेर्छ . त तिमिहरु मेरो दास् मूसाको
बिरुद्धमां बोल्नु देखि किन डरायौन । अनि यहवेको रिस् तिनिहरु मांथि ९

[१] अर्थात् तिर्षणाका चिहानहरु ।

१० उठ्यो अनि उ गइ गयो । तब त्यो बादल् डेरा मांथि देखि उठि गयो त
हेर मरियम् कोढी हिउं जस्तै . हारूनले मरियम् तिर फर्कर हेर्यो त हेर—
११ कोढी । तब हारूनले मूसालाइ भन्यो हे मेरा प्रभु हांमिहरुले मूर्खइं
गर्येको अं पाप् गर्येको भये पनि कृपा गरि यो पाप् हांमिहरु मांथि न
१२ लगाउंनु हवस् । कृपा गरि त्येस्लाइ त्येस् मर्येको जस्तो हुंनु न दिंनु हवस्
जस्को जीउ आफनी आंमाको गर्भ देखि निकलंदैखेरि आधा मरि गयेको
१३ छ । तब मूसाले येसो भनिकन यहवेलाइ दोहाई दियो हे ईश्वर् कृपा गरि
१४ येस्लाइ निको पार्नु हवस् । अनि यहवेले मूसालाइ भन्यो त्येस्को बाबुले त्येस्को
मुखमां थुक्यो भन्य त के त्येस्लाइ सात् दिन् सम्म लाज् भइ रहंने थियेन .
त त्यो सात् दिन् सम्म छाउंनी देखि बाइर थुनीइ रहोस् त्येस् पछि त्यो फेरि
१५ ग्रहण गरोस्राम् । त मरियम् सात् दिन् सम्म छाउंनी देखि बाइर थुनीइ
१६ रही . अनि मरियम् ग्रहण न गरोउंज्याल् सम्म लोग हिंड्रनन् । अनि
त्येस् पछि लोगले हसेरोत् देखि हिंडि पारान् भनींने बन्मां डेरा हाल्ये ॥

(कनान्देस्को भेद् लिंनुलाइ मान्छे पठाइंनु अनि इस्राएलीहरुको अबिश्वास्)

१३ १ २ फेरि यहवेले मूसालाइ येसो भन्यो मैले इस्राएलबंशीहरुलाइ
दिंनु आंटेको कनान् देस्को भेद लिंनुलाइ मान्छेहरु पठा . तिनका
पित्रहरुको गोटै पिच्छे कुल्मांको एक् एक् जना अर्थात् तिनिहरुमांको
३ मालिक् मालिक्लाइ पठा । त मूसाले यहवेले भन्येको अनुसार् तिनलाइ
पारान्को बन् देखि पठायो . ति सबै इस्राएलबंशीहरुका मूल् मूल् थिये ।
४ अनि तिनका नांव यि हुन् अर्थात् रूबेन् कुल्मांको जक्कुर्को छोरो शम्मूअ ।
५ ६ शिमोन् कुल्मांको होरीको छोरो शाफात् । यहूदाको कुल्मांको यपुन्नेको
७ ८ छोरो कालेब् । इस्साकार्को कुल्मांको यूसुफ्को छोरो यिगाल् । एफ्रैम्को
९ कुल्मांको नून्को छोरो होशेअ । बिन्यामीन्को कुल्मांको राफूको छोरो
१० ११ पल्ती । जबूलून्को कुल्मांको सोदीको छोरो गद्दीएल् । यूसुफ्को कुल्मांको
१२ अर्थात् मनश्शेको कुल्मांको सूसीको छोरो गद्दी । दान्को कुल्मांको
१३ गमल्लीको छोरो अम्मीएल् । आशेर्को कुल्मांको मीकाएल्को छोरो सतूर् ।
१४ १५ नप्तालीको कुल्मांको वोफ्सीको छोरो नहबी । गाद्को कुल्मांको माकीको
१६ छोरो गूएल् । मूसाले देस्को भेद् लिंनुलाइ पठायेका मान्छेहरुका नांव यिनै
हुन् । अनि नून्को छोरो होशेअको नांउ मूसाले यहोशूअ राख्यो ।
१७ त मूसाले तिनलाइ कनान् देस्को भेद् लिंनुलाइ येसो भनि पठायो येता
१८ दक्खिन् देस् बाटो चढेर पहाड् हुंदो चढि जाव . अनि देस् हेर कस्तो
छ अनि त्येस्मां बस्नेहरुलाइ पनि हेर तिनिहरु बलियाहरु छन् कि
१९ निर्बलियाहरु थोरै छन् कि धेरै फेरि तिनिहरु बस्येको देस् पनि
हेर कस्तो छ जाति कि नजाति अनि तिनिहरु कस्ता सहर्हरुमां बस्दा

राछन् पाल्मां कि घेरा भयेका सहरमां अनि देस् कस्तो रछ मलीलो २०
कि रुखो अनि त्येस्मां रुख्हरु राछन् कि रैनछन् । अनि तिमिहरुले छूप्
बांध अनि त्येस् देस्को कोइ फल् ल्याव । अनि त्यो बेला अगौटे दाख् पाक्ने
बेला थियो । त तिनिहरुले चढि गयेर सीन् भन्ने बन् देखि थालि रहोब् २१
सम्म अर्थात् हमात्को पस्ने गौंढ़ा सम्म देस्को भेद् लिये । अनि तिनिहरु २२
दक्खिन् तिर बाटो चढेर हेब्रोन् सम्म पुग्ये त्यहां अनाक्बंशीहरु अहीमन्
शेशै र तल्मै बस्द थिये । (हेब्रोन् चइं मिस्रको सोअन् भन्दा सात् बर्ष पहिले
बनाईयेको थियो)। वहांदेखि तिनिहरुले एश्कोल् भनींने खोला सम्म २३
गयेर त्यहां येउटा दाख्को झुप्पा भयेको डाला लाछेर त्यो येउटा घोचामां
हालि दुइ जनाले बोकि ल्याये अनि दारीम्हरुको र नेभाराहरुको पनि ।
इस्राएलबंशीहरुले त्यहां त्यो झुप्पा लाछेको कारणले त्येस् ठांउको नांउ २४
एश्कोल्को[1] खोला राख्ये । अनि तिनिहरु चालीस् दिन् पछि देस्को २५
भेद् लिवाई देखि फर्कि आये । त तिनिहरु फर्केर पारान्को बन्मां कादेश्मां २६
मूसा र हारून् र इस्राएल्बंशीहरुको सिंगै मंडली थांइ पुग्येर तिनलाइ र
सिंगै मंडलीलाइ खबर् दिये अनि देस्को फल देखाये । अनि तिनिहरुले २७
मूसालाइ बखान् गरि भन्ये आफुले हांमिहरुलाइ पठायेको देस्मां पुग्यूं
अनि त्यस्ले सांचै दुद् र मह बहाउंद रछ अनि त्यस्को फल् येइ हो । तै पनि २८
त्येस् देस्मां बस्नेहरु बलिया बलिया राछन् अनि तिनका सहर् घेरा भयेका
र औधि ठुला ठुला राछन् . अनि फेरि हांमिहरुले वहां अनाक्बंशीहरुलाइ
पनि देख्यूं । दक्खिन् देस्मां अमालेकीहरु बस्दा राछन् . अनि पहाड् हुंदो २९
हित्ती यबूसी र एमोरीहरु बस्दा राछन् . अनि समुन्द्र छेउ र यर्दन् नदीको
तीर् हुंदो कनानीहरु बस्दा राछन् । तर कालेब्ले मूसाको सांमु लोगलाइ ३०
चुप् लगायेर भन्यो हामि एकैचोटि चढि गयेर त्यो आफ्नु अधिकार्मां पारुं किनभन्ये
हांमिहरु सहजै त्येस् मांथि जिताहा हुंनु सकछौं भन्यो । तर त्यो सङ ३१
गयेकाहरुले हांमिहरु ति लोगहरुको बिरुद्धमां जाइ लाग्नु सक्दैनौं
कसोगरिभन्ये तिनिहरु हांमिहरु भन्दा बलिया बलियाहरु राछन् भन्ये ।
अनि तिनिहरुले इस्राएल्बंशीहरुलाइ त्यो तिनिहरु भेद् लिंनु गयेको देस्को ३२
बुरो सोहोरा येसो भनि सुनाये त्यो हांमिहरु भेद् लिंनु गयेको देस् आफ्ना
बासीहरुलाइ खाइ हाल्ने देस् रछ अनि जत्ति लोग हांमिहरुले त्येस्मां
देख्यूं सब्बै ठुला डाल्का राछन् । फेरि हांमिहरुले वहां नपीलीम्[2] ३३
अनाक्बंशीहरुलाइ जो नपीलमांकाहरु हुन् देख्यूं . अनि हांमिहरु ता
आफ्नु दृष्टिमां फटेंग्रा जस्ता थ्यूं तिनिहरुको दृष्टिमां पनि त्येस्तै थियूं ॥
तब सिंगै मंडली सोर् निकालि चिच्यायो अनि लोग त्येस् रात्भरि १४ १
रोइ रह्ये । अनि सबै इस्राएल्बंशीहरु मूसा र हारून् मांथि गन्गनाउंनु २
लाग्ये . अनि सिंगै मंडलीले तिनलाइ भन्ये हांमिहरु मिस्रको देस्मां

[1] अर्थात् झुप्पाको । [2] अर्थात् अग्ला मान्छेहरु ।

मर्‍येका भये देखि ता जाति हुंथ्यो कि बन्मां मर्‍येका भये देखि जाति
३ हुंथ्यो। अनि यहवेले किन हांमिहरूलाइ तरवार्को धारोले मारीनुलाइ
त्यस् देस्मां लैजांद छ। हांम्रा स्त्रीहरु र बाल्बच्चाहरु लूट् हुंछन्. के
४ मिस्रैमां फर्कि जांनु हांम्रो लागि जाति हुंदैन। त तिनिहरूले आपस्मां लु
५ हांमिहरु मालिक् ठहरायेर् मिस्रमां फर्कि जाऊं भनि भन्नु लाग्ये। तब मूसा
र हारुन् इस्राएल्बंशीहरुको मंडलीको सिंगै सभाको मुखैंजि घोप्टो पर्‍ये।
६ अनि देस्को भेद् ल्याउंनेहरुमांको नूनको छोरो यहोशूअ र यपुन्नेको छोरो
७ कालेब्ले आफ्नु आफ्नु लुगा फार्‍येर इस्राएल्बंशीहरुको सिंगै
मंडलीलाइ भन्नु लाग्ये जुन् देस्को भेद् लिंनुलाइ हांमिहरु डुल्यूं त्यो
८ अघोरै जाति देस् छ। यहवेले हांमिहरूलाइ मन् पर्‍यो भन्ये देखि उस्ले
हांमिहरूलाइ त्यस् देस्मां पुर्‍यायेर त्यो हांमिहरूलाइ दिंछ अं दूद् र मह
९ बहंने देस्। खालि यहवेको बिरुद्धमां बागि न हव न देस्का लोग् देखि
डराव किनभन्ये तिनिहरु हांमिहरुको लागि भोजन् हुन्. तिनिहरुको
छाहारि तिनिहरु मांथि देखि सर्काईयो अनि यहवे हांमिहरु सङ्ग छ.
१० त तिनिहरु देखि न डराव। तर सिंगै मंडलीले यिनिहरूलाइ ढुंगाले
लोहोर्‍याव भन्ये। तब यहवेको महिमा भेट् हुंने डेरामां सिंगै इस्राएल्बंशी
हरुकां देखाहा पर्‍यो॥

११ अनि यहवेले मूसालाइ भन्यो यो लोग् कैले सम्म मेरो निन्दा गर्दै
रहंछ. अनि कैले सम्म मैले तिनिहरुको मांझु गर्‍येका मेरा सबै आश्चर्य्यकर्म्म
१२ देखिकन पनि मं मांथि बिश्वाम् गर्दैनन्। मं तिनिहरूलाइ रुढ़िले मांर्छु
अनि निर्भागी गराउंछु अनि तं देखि यिनिहरु भन्दा ठूलो र बलियो
१३ येउटा लोग् बनाउंछु। तर मूसाले यहवेलाइ भन्यो तब ता मिस्रीहरूले
सुन्छन् किनभन्ये तपांइले येस् लोग्लाइ आफ्नु सामर्थले तिनिहरुको बीच्
१४ देखि निकालि ल्याउंनु भयो अनि यो कुरो येस् देस्का बासीहरूलाइ
भन्छन्. तिनले यहवे त्यस् लोग्को बीच्मां छ यहवे मुखामुख् देखींद छ
अनि उस्को बादल् तिनिहरु मांथि अड़ीइ रहंद छ अनि उ दिउंसो बादल्को
मुड़्कामां र राति आगोको मुड़्कामां भइ तिनको अघि अघि हिंड्द छ भनि
१५ सुन्येका छन्। त तपांइले येस् लोग्लाइ येउटा मान्छेलाइ झैं मार्नु भयो
१६ भन्ये तपांइको कीर्त्ति सुन्ने लोग् लोग्ले भन्छन् यहवेले यिनिहरूलाइ
आफ्नु किरिया खायेको देस्मां त्यो लोग्लाइ पुर्‍याउंनु न सकेको कारण्ले
१७ उस्ले तिनिहरूलाइ बन्मां मार्‍यो भनि। त अब कृपा गरि प्रभुको सामर्थ
बड़ा हवस् जसो तपांइले भन्नु भयेको छ

१८ यहवे रिस् गर्नुमां धीरजि अनि दिठाईमां भरपूर्
दुष्टइं र अपराध क्षमा गर्ने
दोषीलाइ कोई परिले निर्दोषी न ठहराउंने
पित्रहरुको दुष्टइंको दण्ड सन्तान्हरु मांथि
अं तिनका तीस्रो र चौथो पुस्ता मांथि पुर्‍याउंने

भनि। त कृपा गरिकन येस् लोगको दुष्टेइँ आफ्नु टिठाईको अग्घोरेइँ १९
अनुसार् र तपांइले येस् लोगलाइ मिस्र देखि यहां सम्म क्षमा गर्येको
अनुसार् माफ् गर्नु हवस्। तब यहवेले भन्यो तेरो कुरा अनुसार् मैले २०
तिनको पाप् माफ् गर्यें. तर सांचि सांचि मं जौ रह्योको भैं अनि सिंगै २१
पृथिवी यहवेको महिमाले भरीछ भन्येको भैं किनभन्ये यि सबै लोगले २२
मैले मिस्र र बन्मां गर्येको मेरो महिमा र मेरा चिंनुहरु देखिकन पनि
तिनिहरुले अब यि दस् खेप् मेरो परीक्षा गरि सक्ये अनि मेरा कुरा
मान्येनन् येस्कारण् जुन् देस्को बिषय्मां मैले तिनका पित्रहरु सित २३
किरिया खायें त्यो तिनिहरुले निस्से देखनु पाउंदैनन् न मेरो निन्दा गर्ने
सब्बैमांको कसैले त्यो देखनु पाउंछ. खालि मेरो दास् कालेबले मांत्रै २४
किनभन्ये त्यो सङ अर्कौ आत्मा छ अनि पूरो रीत्ले मंलाइ पछ्यायो
येस्कारण् मं त्येस्लाइ त्यो गयेको देस्मां पुर्याउंछु अनि त्येस्को बंश त्येस्को
अधिकारी हुंछ। त अमालेकी र कनानीहरु ब्यांसिमां बस्द छन्. त फर्कर २५
भोलि लाल्समुन्द्रको बाटो बाड़ो बन् तिर जाव॥

फेरि यहवेले मूसा र हारून्लाइ येसो भन्यो यो मेरो बिरुद्धमां २६ २७
गन्गनाउंने बुरो मंडलीचइंलाइ मं कैले सम्म सहुंला. इस्राएल्बंशीहरु
मेरो बिरुद्धमां गन्गनायेको गन्गन् मैले सुन्यें। त तिनलाइ भन् यहवेको २८
यो बाणी छ मं जौ रह्योको भैं तिमिहरुले जुन् कुरो मैले सुन्ने गरि भन्यौ निस्से
मं तिमिहरुलाइ त्येसै गर्छु. येइ बन्मां तिमिहरुका लोथ् लड्छन् अनि २९
बीस् बर्षका कि त्यो भन्दा बेसि उमेर्का जति तिमिहरुमांका गनीये अनि
मेरो बिरुद्धमां गन्गनाये तिनिहरुमांका यपुन्नेको छोरो कालेब् र ३०
नूनको छोरो यहोशूअ बाहिक् कोई पनि त्येस् देस्मां निस्से जांनु पाउंदैन
जस् देस्को बिषय्मां मैले आफ्नु हात् उचालिकन त्येस्मां मं तिमिहरुलाइ
बसाउंछु भनि किरिया खायेको थियें। तर तिमिहरुका तिमिहरुले लूट् ३१
हुंछन् भन्येका बालबच्चाहरुलाइ मं पुर्याउंछु अनि तिनिहरु तिमिहरुले जांनु
न मान्येको देस् चिनछन्। तर तिमिहरुका चइं लोथ् येसै बन्मां लड्छन्। ३२
अनि तिमिहरुका छोराछोरीहरु तिमिहरुका लोथ् बन्मां क्षय् न होउंज्याल् ३३
सम्म चालीस् बर्ष सम्म बन्मां ब्यभिचार्हरु भोग्दै चराउंने भइ रहंछन्।
जति दिन् तिमिहरु देस्को भेद् लिंदै रह्यौ अर्थात् चालीस् दिन्को गन्ति ३४
अनुसार् एक् एक् दिन् पिच्छेको एक् एक् बर्ष अर्थात् चालीस् बर्ष सम्म
तिमिहरुले आफ्नु अधर्म्म बोक्दै रहंछौ तब तिमिहरुले मेरो बिरोधीहुवाई
थाहा पाउंछौ। मं यहवेले भन्येको छु निस्से यो सिंगै मेरो बिरुद्धमां भेला ३५
भयेको बुरो मंडलीलाइ येसै गर्छु. येसै बन्मां तिनिहरु मेटीछन् अनि
यिहीं मरि जांछन्। तब ति मूसाले देस्को भेद् लिंनु पठायेका मान्छेहरुले ३६
फर्कि आयेर त्येस् देस्को बुरो सोहोरा ल्याइ सिंगै मंडलीलाइ मूसा मांथि
गन्गनाउंनु लगाये अं देस्को बुरा सोहोरा ल्याउंने ति मान्छेहरु ३७
यहवेको सांमु रुढिले मर्ये। तर देस्को भेद् लिंनु गयेकामांका नून्को ३८

३९ छोरो यहोशूअ र यपुन्नेको छोरो कालेब् जीइ रह्यो। तब मूसाले ति कुरा
सबै इस्राएलबंशीहरुलाइ सुनायो. त लोगले औधि बिलाप् गर्नु लाग्ये।
४० अनि तिनिहरु बिहान सबारै उठेर येसो भन्दै डांड़ाको थाप्लि सम्म चढेर
हेर हामिहरु यहां छौं अनि त्यस् यह्वेले करहार् गर्‍येको ठांउमां चढि
४१ जांद छौं. किनभन्ये हामिहरुले पाप् गर्‍यूं। तर मूसाले भन्यो तिमिहरु
४२ यह्वेको आज्ञा देखि किन तर्कि जांद छौ किनभन्ये सुफल् हुंदैन। न चढ
किनभन्ये यह्वे तिमिहरुको बीच्मां छैन होइन भन्ये ता तिमिहरु आफ्ना
४३ सत्तुर्हरुको सांमु मारींछौ। किनभन्ये वहां तिमिहरुको सांमु अमालेकी र
कनानीहरु छन् त तिमिहरु तरवार्ले मारींछौ. तिमिहरु यह्वेको पछि
४४ लाग्नु देखि फर्कि गयेका छौ येस्कारण् उ तिमिहरु सङ हुंदैन। तबै पनि
अट्टेरइँ गरि तिनिहरु डांड़ाको थाप्लिमां चढि गये. तैपनि यह्वेको
४५ नियम्को सम्पट् र मूसा चइं छाउंनी देखि गयेनन्। तब त्यस् डांड़ामां बस्ने
अमालेकी र कनानीहरुले निकल्येर होर्मा सम्म तिनिहरुलाइ मार्दै
पीट्दै ल्याये॥

(कत्ति आज्ञाहरु)

१५ १ फेरि यह्वेले मूसालाइ येसो भन्यो २ इस्राएलबंशीहरु सित
कुरा गरि येसो भन् जब तिमिहरु मैंले तिमिहरुलाइ दिनु आंटेको आफ्नु
३ बासको देस्मां पुगौला अनि यह्वेको लागि अग्निहोम् अर्थात्
होम्बलि कि भाकल् पूरा गर्नुको लागि बलि कि मनमानी भेटिको कि
ठहराईयेको बेलामां गाईगोरुमांको कि भेंड़ाबाख्रामांको यह्वेको लागि
४ बास्ना हुंनुलाइ चढाउंने इच्छे गरौला. तब आफ्नु भेटि चढाउंनेले एक् पावा
हीन् तेल्ले मुछ्येको एपाको दसौं हिस्सा पिठो पनि अन्नबलि गरि यह्वेक
५ लागि चढावस्. अनि होम्बलि कि मिलाप्बलि सङ पाठा पिच्छे एक् पावा
६ हीन् दाखरस् खन्याईबलिको लागि तियार् पार्नु। अनि थुमा सङ तृखण्ड
तेल्ले मुछ्येको एपाको दुइ दसौं हिस्सा पिठो अन्नबलि गरि तियार् पार्नु.
७ अनि खन्याईबलिको लागि यह्वेको लागि बास्ना हुंनुलाइ हीन्को तृखण्ड
८ दाखरस् चढाउंनु। अनि जब तैंले होम्बलिको लागि कि भाकल् पूरा
गर्नुको लागि बलि कि यह्वेको लागि मिलाप्बलिको लागि बाच्छा तियार्
९ पार्लस्. तब त्येस्ले त्यो बाच्छा सङ आधा हीन् तेल्ले मुछ्येको एपाको तीन्
१० दसौं हिस्सा पिठो अन्नबलि गरि चढावस्। अनि त्यस्को खन्याईबलि
यह्वेको लागि बास्ना हुंनुलाइ अग्निहोम् गरि आधा हीन् दाखरस्
११ चढावस्। एक् एक् बाच्छा कि एक् एक् थुमा कि एक् एक् भेंड़ाको पाठा कि
१२ एक् एक् बाख्राको पाठा सित येसै गरीओस्। जति तिमिहरुले तियार्
१३ पार्‍येका छौ तिनको गन्ति अनुसार् एक् एक् सित येसै गर्नु। सबै स्वदेसीहरुले
यह्वेको लागि बास्ना हुंनुलाइ अग्निहोम् चढाउंदे यि काम् येसै परिले
१४ गरुन्। अनि कोई परदेसीले तिमिहरु सङ प्रबास् गर्‍यो भन्ये कि तिमिहरुका

पुस्ता पुस्तामां तिमिहरुको बीच्मां कोई रहंने भयो भन्ये यहवेको लागि
बास्ना हुंनुलाइ अग्निहोम् चढ़ाउंनु खोज्ला त जसो तिमिहरुले गर्नु पर्द छ
त्यसै त्यस्ले पनि गरोस्। सभाको बिषय्मां तिमिहरुको र तिमिहरु सङ १५
प्रबास् गर्ने पर्देसीको लागि एकै व्यवस्था हवस् त्यो तिमिहरुको पुस्ता
पुस्तामां सदाको बिधि हवस्. जस्ता तिमिहरु हौ त्यस्तै पर्देसी पनि
यहवेको सांमु हवस्। तिमिहरु र त्यो तिमिहरु सङ प्रबास् गर्ने पर्देसी १६
दुवैको लागि एकै व्यवस्था र एकै बिधि हवस्॥
फेरि यहवेले मूसालाइ येसो भन्यो इस्राएलवंशीहरु सित कुरा १७ १८
गरि यसो भन् जब तिमिहरु मैले तिमिहरुलाइ लैजांदै गर्येको देस्मां
पुगौला तब येसो हवस् जब तिमिहरुले देस्को भोजन्मांको खाऔला १९
तब यहवेको लागि हल्लाइंने भेटि चढ़ाउंनु। आफ्नु खस्रो पिठोमांको २०
पहिलो देखि येउटा फुलौरो हल्लाइंने भेटि गरि चढ़ाव. तिमिहरुले
खला देखिको हल्लाइंने भेटि गर्येको झैं यो पनि त्यसै गरि हल्लाउंनु।
त आफ्ना पुस्ता पुस्तामां आफ्नु खस्रो पिठोमांको पहिलो चइं यहवेको २१
लागि हल्लाइंने भेटि गरि दिंनु॥
तिमिहरुले यि यहवेले मूसालाइ दियेका सबै आज्ञा भूल्ले मान्येका २२
रैन छौ अं जति आज्ञा यहवेले मूसाको बाटोले यहवेले आज्ञा दियेको २३
दिन् देखि येसो तिमिहरुका पुस्ताहरुमां दियेको थियो ति मान्येका रैन छौ
भन्ये देखि त येसो हवस् भूल्ले मंडलीले नजानि पाप् गर्यो भन्ये देखि २४
त सिंगै मंडलीले यहवेको लागि बास्ना हुंनलाइ होमबलि गरि येउटा
बाच्छा बिधि अनसार् त्यस्का अन्नबलि र खन्याईबलि समेत् चढ़ावस् अनि
पापबलि गरि येउटा बाख्रा पनि। वहांदेखि पूजाहारीले इस्राएलवंशीहरुको २५
सिंगै मंडलीको लागि प्रायश्चित्त गरोस् तब तिनिहरु क्षमा गरींछन्
किनभन्ये त्यो भूल् भयो अनि तिनले आफ्नु भूल्को लागि आफ्ना भेटि
अर्थात् यहवेको लागि अग्निहोम् र आफ्नु पापबलि यहवेको सांमु चढ़ाये.
त इस्राएलवंशीहरुको सिंगै मंडली र तिनको बीच्मां प्रबास् गर्ने पर्देसीहरु २६
पनि क्षमा गरींछन् किनभन्ये सबै लोग्चइंको यो ता भूल्ले भयेको रछ।
फेरि येउटा प्राणीले भूल्ले पाप् गर्यो भन्ये त्यस्ले पहिलो बर्षको येउटी २७
पठेक्री पापबलि गरि चढ़ावस्। वहांदेखि पूजाहारीले प्रायश्चित्त गरोस् २८
भूल्ले पाप् गर्ने प्राणीको लागि जो त्यस्ले यहवेको सांमु भूल्ले पाप् गर्येको
रछ त्यस्को लागि प्रायश्चित्त गर्नुलाइ त त्यो क्षमा गरींछ। जस्ले भूल्ले २९
पाप् गर्ला त्यो इस्राएलवंशीहरुमांको स्वदेसी हवस् कि तिनको बीच्मां
प्रबास् गर्ने पर्देसी हवस् सबैको लागि तिमिहरुको येउटै बिधि हवस्।
तर के स्वदेसी के पर्देसी जस् प्राणीले अट्टेरेइं सित केइ गर्ला त यहवेको ३०
निन्दा गर्द छ त त्यो प्राणी आफ्ना लोगकां देखि काटि दिईओस्। त्यस्ले ३१
यहवेको बचन् तुच्छ जान्यो अनि उस्को आज्ञा भङ्ग गर्यो येस्कारण् त्यो
प्राणी स्यांट्टै काटि दिइंछ त्यस्को अधर्म्म त्यैइ मांथि पर्छ॥

३२ इस्राएल्‌वंशीहरु बन्‌मां भयेको बेलामां तिनले येउटा मान्छेलाइ
३३ विश्राम्‌को दिन्‌मां दाउरा बटुल्दै गर्‍येको भेटाये। अनि त्येस्लाइ दाउरा
बटुल्दै गर्‍येको भेटाउंनेहरुले त्येस्लाइ मूसा र हारुन् र सिंगै मंडली थांइ
३४ ल्याये तब तिनिहरुले त्येस्लाइ पहरामां थुन्ये किनभन्ये त्येस्लाइ के गर्नु
३५ पर्छ भनि प्रगटो गरीयेको थियेन। तब यह्‌वेले मूसालाइ भन्यो त्यो मान्छे
निस्से मारीश्रोस्. सिंगै मंडलीले छाउंनी देखि बाहिर त्येस्लाइ ढुंगाले
३६ लोहोन्याउन्। त सिंगै मंडलीले त्येस्लाइ छाउंनी देखि बाहिर लग्येर ढुंगाले
लोहान्याये त त्यो मर्‍यो. जसो यह्‌वेले मूसालाइ आज्ञा दियो॥
३७ ३८ फेरि यह्‌वेले मूसालाइ येसो भन्यो इस्राएल्‌वंशीहरु सित कुरा
गरि तिनलाइ येसो भन् आफ्‌ना पुस्ता पुस्तामां आफ्‌ना वस्त्रहरुको फेरोमां
झुम्का बनाउंने गर्नु अनि एक् एक् फेरोको झुम्कामां येउटा येउटा नीलो
३९ संजाप् लाउंने गर्नु. त त्यो तिमिहरुको लागि झुम्का हुंछ र तिमिहरुले
त्यो देख्दा यह्‌वेको सिंगै आज्ञा सम्झेर मान. र तिमिहरुले
आफ्‌नु आफ्‌नु मन्‌ले र आफ्‌ना आफ्‌ना आंखाले भेद् न लेउ जसोगि
४० तिमिहरुले व्यभिचारीले झैं गर्दै रह्येका छौ. तिमिहरुले मेरा सबै आज्ञा
४१ सम्झि मान्नु अनि आफ्‌नु ईश्वर्‌का लागि पवित्र हुंनु। मं यह्‌वे
तिमिहरुको ईश्वर् हुं जस्ले तिमिहरुलाइ मं तिमिहरुको ईश्वर् होउं भनि
मिस्रको देस् देखि निकालि ल्यायो मं यह्‌वे तिमिहरुको ईश्वर् हुं॥

(कोरह् इत्यादिको बिरोधगराई र तिनिहरुको नष्ट हवाई)

१६ १ अनि लेवीको छोरो कहातूको छोरो यिस्‌हार्‌को छोरो कोरह् र
रुबेन्‌वंशी एलीआब्‌का छोराहरु दातान् र अबीराम् अनि पेलेत्‌को छोरो
२ ओन्‌ले कत्ति जनालाइ लियेर मूसाको सांमु उठेर इस्राएल्‌वंशीहरुका
कत्ति जना मंडलीमां बोलाईयेका नांउ चल्येका अं मंडलीका दुइ सै र पचास्
३ जना मालिक्‌हरु पनि उठेर. अनि यि सबैले मूसा र हारुन्‌को बिरुद्धमां
भेला भइ तिनलाइ भन्ये भयो तिमिहरुलाइ किनभन्ये सिंगै मंडली अं
त्यस्‌मांको जनंगै पवित्र छ अनि यह्‌वे तिनको बीच्‌मां छ. त आफुलाइ
४ किन यह्‌वेको मंडली मांथि अलग्याउंद छौ। यो कुरो सुनि मूसा घोप्टो
५ पर्‍यो. वहांदेखि त्यस्ले कोरह् र त्यस्को सिंगै गट्ठालाइ भन्यो भोलि
बिहान यह्‌वेले मेरो कुन् हो अनि पवित्र को छ भनि जनाइ दिंछ अनि
त्यस्‌चइंलाइ आफु छेउ आउंनु लगाउंछ. अं जस्लाइ उस्ले छान्छ त्यस्‌चइंलाइ
६ उस्ले आफु छेउ आउंनु लगाउंछ। यो गर् ए कोरह् तंले तेरा सबै गट्ठा
७ समेत्‌ले धुपौरो ले तिनमां आगो हाल्येर भोलि यह्‌वेको सांमु धूप्
हाल. त येसो हुंछ जस्लाइ यह्‌वेले छान्छ त्येइ चइं पवित्र हुंछ हे
८ लेवीवंशीहरु हो भयो तिमिहरुचइंलाइ। अनि मूसाले कोरह्‌लाइ भन्यो

हे लेवीवंशीहरू हो कृपा गरि सुन . इस्राएल्को ईश्वर्ले तिमिहरूलाइ ९
इस्राएल्को मंडली देखि छुट्याइ यहवेको बास्स्थान्को काम् गर्नु र मंडलीको
सांमु उभीयेर तिनको लागि सेवागराई गर्नुलाइ आफु छेउ ल्यायो .
क्ये यो तिमिहरूको लागि सानु कुरो हो उस्ले तंलाइ तं सङ तेरा सबै १०
लेवीवंशीभाईहरूलाइ पनि आफु छेउ ल्यायेको छ . क्ये अब्र पूजाहारीगिरि
पनि खोजद छौ । येस्कारण् तं आफ्नु सिंगै गट्ठा समेत् यहवेको बिरुद्धमां ११
भेला भयेको छस् अनि हारुन् चइं त्यो को हो र तिमिहरू त्यो मांथि
गन्गनाउंद छौ र । अनि मूसाले एलिआब्का छोराहरू दातान् र अबीराम्लाइ १२
बोलाइ पठायो . तर तिनिहरूले भन्ये आउंदैनौं . तंले हांमिहरूलाइ दुद् र १३
मह बहने देस् देखि बन्मां मार्नुलाइ निकालि ल्याइस् त क्ये यो सानु कुरो
हो अभ्र हांमिहरू मांथि आफुलाइ मालिक् पनि तुल्याउंछस् । फेरि तंले १४
हांमिहरूलाइ दुद् र मह बहने देस्मां लगीनस् अनि न हांमिहरूलाइ
खेत्बारीको र दाख्बारीको अधिकारी तुल्याइस् . क्ये तं यिनिहरूका आंखा
कोट्याइ निकाल्छस् . आउंदैनौं । तब्र मूसाले औधि रिसायेर यहवेलाइ १५
भन्यो तिनिहरूको भेटि तिर आंखा न लाउंनु हवस् . मैले तिनिहरू देखि
येउटा गदाहा पनि लियेको छुइन अनि न तिनिहरूमांको कसैको हानि
गर्येको छु । तब मूसाले कोरह्लाइ भन्यो तं आफ्नु सिंगै गट्ठा समेत् १६
हारुन्लाइ पनि लियेर भोलि यहवेको सांमु आइज . अनि तिमिहरू १७
सबैले आफ्नु आफ्नु धुपौरो लियेर तिनमां धूप् हाल फेरि आफ्नु आफ्नु
धुपौरो अर्थात् दुइ सै र पचास् धुपौरा यहवेको सांमु ल्याव तं आफै र
हारुन् पनि जनंगले आफ्नु आफ्नु धुपौरो ल्याव । त तिनिहरूले आफ्नु १८
आफ्नु धुपौरो लिइ तिनमां आगो हालि धूप् हाल्येर मूसा र हारुन् सङ
भेट् हुंने डेराको दैलोमां उभीये । अनि कोरह्ले सिंगै मंडलीलाइ तिनको १९
बिरुद्धमां भेट् हुंने डेराको दैलोमां भेला गरायो . तब्र यहवेको महिमा
सिंगै मंडलीकां देखाहा पर्यो ॥

तब्र यहवेले मूसा र हारुन्लाइ येसो भन्यो येस् मंडलीको बीच् २० २१
देखि छुट्टीयो मं तिनलाइ पल्भरिमां भस्म पार्छु । तब तिनिहरूले घोप्टो २२
पर्येर भन्ये हे ईश्वर् हे सबै जीवधारीहरूका आत्माहरूको ईश्वर् एक्
जनाले पाप् गरोस् अनि क्ये तपाइं सिंगै मंडली मांथि रिसाउंनु हुंछ ।
तब यहवेले मूसालाइ येसो भन्यो मंडलीलाइ भन् कोरह् दातान् र २३ २४
अबीराम्को बास्स्थान्को छेउछाउ देखि जाइ जाव भनि । त मूसा उठेर २५
दातान् र अबीराम् थांइ गयो अनि इस्राएल्का प्राचीन्हरूले त्येस्लाइ
पछ्याये । अनि त्येस्ले मंडलीलाइ भन्यो कृपा गरि तिमिहरू यि दुष्ट २६
मान्छेहरूका डेराहरू देखि हिंड़ि जाव अनि तिनिहरूका क्येइ थोक् न छोव
छोइन भन्ये ता तिमिहरू पनि तिनिहरूका सबै पापमां बिनास् पारींछौ ।
त तिनिहरू कोरह् दातान् र अबीराम्को बास्स्थानको छेउछाउ देखि २७
गइ गये , तर दातान् अबीराम् आफ्नी आफ्नी स्त्रीहरू छोराहरू र

२८ बालबच्चाहरु समेत् आफ्नु आफ्नु डेरा डेराको दैलो दैलोमां उभीये। तब
मूषाले भन्यो येसैले तिमिहरुले थाहा पाऔला यहवेले मंलाइ यि सबै
काम् गर्नुलाइ पठायेको हो रक्त भनि किनभन्ये ति मैंले आफ्नै मन्ले
२९ गरींन। यि मान्छेहरु सबै मान्छेहरु मंर्ये झैं मंर्ये अनि तिनिहरुको दण्ड
सबै मान्छेहरुको जस्तो भयो भन्ये देखि यहवेचइंले मंलाइ पठायेन क्त।
३० तर यहवेले नया काम् रच्यो अनि धर्तिले आफ्नु मुख् बायेर तिनलाइ
र तिनका सब्बै थोकलाइ पनि निल्यो अनि तिनिहरु जीउंदैनै पत्तालमां
खस्य भन्ये देखि त यि मान्छेहरुले यहवेको निन्दा गर्ये क्षन् भनि थाहा
३१ पाव। तब येसो भयो त्येस्ले यि सबै कुरा भनि सक्नु बित्तिकै तिनिहरु
३२ मुनिको धर्ति फाट्यो. अनि पृथिवीले आफ्नु मुख् बायेर तिनलाइ
तिनका जहान्हरु अनि कोरह्मांका सबै मान्छेहरुलाइ तिनका सबै
३३ सम्पत्तिहरु समेत् निलि दियो। त तिनिहरु र जत्ति तिनिहरुका थिये
तिनिहरु जीउंदैनै पत्तालमां खस्ये. अनि पृथिवी तिनिहरु माथि थुनोयो
३४ अनि तिनिहरु सभाको बीच् देखि बिनाम् भये। अनि तिनिहरुका वरिपरि
भयेका सबै इस्राएल् तिनिहरुका चिच्याई सुनिकन भाग्ये होइन भन्ये ता
३५ पृथिवीले हामिहरुलाइ पनि निलक्त भन्दै। अनि यहवे पट्टि बाटो आगोले
निकल्येर ति दुइ सै र पचास् जना धूप् हाल्नेहरुलाइ भस्म पार्यो॥
३६ ३७ तब यहवेले मूषालाइ येसो भन्यो हारुन् पूजाहारीको छोरो
एलाजर्लाइ भन् धुपौराहरु डड़ाई देखि निकाल्येर आगो चइं वहां
३८ छरपुष्ट पार् किनभन्ये ति पवित्र क्षन् अं ति आफ्नै प्राण्हरुको बिरुद्ध
पाप् गर्नेहरुका धुपौराचइं चड़ी मोहोर्नुको लागि पाता पिटौउन्. किनभन्ये
तिनिहरुले यहवेको सांमु चढ़ायेका थिये येस्कारण् ति पवित्र क्षन्. त ति
३९ इस्राएल्बंशीहरुको लागि चिंनु हुंक्षन्। त एलाजार् पूजाहारीले ति
डड़ेकाहरुले चढ़ायेका पीतले धुपौराहरु लियो अनि तिनिहरुले ति बेदी
४० मोहोर्नुलाइ पाता पिटि राख्य. यो भयो इस्राएल्बंशीहरुइको लागि
हारुन्को बंश न हुंने कोई पराय् चइं यहवेको सांमु धूप् हाल्नुलाइ
नजिक् न आवस् होइन भन्ये ता त्यो कोरह् र त्येस्को गट्ठा जस्तो होला
भन्ये कुरोको समझना रहोस् भन्ये खातिर्ले. जसो यहवेले एलाजार्लाइ
मूषाको बाटोले भन्यो॥

४१ तर भोलि पल्टो इस्राएल्बंशीहरुको सिंगै मंडली येसो भन्दै मूषा र
हारुन्को बिरुद्धमां तिमिहरुलेनै यहवेका लोगलाइ मार्यौ भनि गन्गनाउंनु
४२ लाग्ये। अनि येसो भयो मंडली मूषा र हारुन्को बिरुद्धमां भेला भयेको
थियो त भेट् हुंने डेरा तिर हेर्ये. त हेर बादल्ले त्यो छोप्ये क्त अनि
४३ यहवेको महिमा देखाहा पर्द रक्त। तब मूषा र हारुन् भेट् हुंने डेराको
४४ ४५ सांमु आये। अनि यहवेले मूषालाइ येसो भन्यो तिमिहरु येस्
मंडलीको बीच् देखि निक्लि जाव र मं तिनलाइ पलभरिमां भस्म पारुं।
४६ तब तिनिहरु घोप्टो पर्ये। अनि मूषाले हारुन्लाइ भन्यो आफ्नु धुपौरो

लियेर त्येस्मां बेदिको आगो हालि त्येस्मां धूप् हाल र मंडलो थांइ छिट्टो
जाउ तिनिहरुको लागि प्रायश्चित्त गर. किनभन्ये यहवेको पाट्टि बाटो रिस्
खनौयो रुढ़ि थालौयो भनि। तब मूसाको कुरो अनुसार् हारुन् धुपौरो ४७
लियेर सभाको बीच्मां दुगुरि गयो त हेर लोगमां रुढ़ि थालौये छ. त
त्येस्ले धूप् हाल्येर लोगको लागि प्रायश्चित्त गऱ्यो। अनि त्यो मर्येका र ४८
जीउंदाहरुको बीच्मां उभौयो त रुढ़ि थामौयो। त कोरह्को बिषय्मां ४९
मर्येकाहरु बाहिक् खालि रुढ़िले मर्येकाहरु चौध हजार् र सात् सै जना
थिये। अनि रुढ़ि थामौयें पछि हारुन् भेट् हुंने डेराको दैलोमां मूसा थांइ ५०
फर्कि आयो॥

(लेवीहरु र पूजाहारीहरुको लागि बिधीहरु)

तब यहवेले मूसालाइ येसो भन्यो इस्राएल्बंशीहरु सित कुरा गरि १७ १ २
तिनिहरु देखि तिनिहरुका पित्रहरुका घर् घर् अनुसार् येउटा येउटा लउरो
लौ अर्थात् तिनका सब् मालिक् मालिक्हरु देखि तिनिहरुका पित्रहरुका
घर् घर् अनुसार् बारह्वटा लउरा लौ. जनंगको नांउ त्यस्को लउरोमां लेख्।
अनि लेवीचइंको लउरोमां हारुनको नांउ लेख्. किनभन्ये तिनिहरुका ३
पित्रहरुका घर् घर्को एक् एक् मूल्को लागि येउटा येउटा लउरो हवस्।
अनि ति लउराहरु भेट् हुंने डेरामां मैंले तं सित् भेट् गर्ने साछीपाटीको ४
सांमु राख्। त येसो हुंछ जुन् मान्छेलाइ मं छान्छु त्यस्को लउरोमां कोपौला ५
निस्कंछ. अनि मं इस्राएल्बंशीहरुको गनगनाइ जो तिनिहरुले तिमिहरु
मांथि गर्द छन् छोड़ाउंछु। त मूसाले इस्राएल्बंशीहरुलाइ भन्यो अनि तिनका ६
सबै मालिक्हरुले त्येस्लाइ लउरो दिये जनंगे मालिकले येउटा येउटा अं
बारह्वटा लउरा तिनिहरुका पित्रहरुका घर् घर् अनुसार. अनि तिनिहरुका
लउराहरुको खाल्मां हारुनको लउरो पनि थियो। अनि मूसाले ति ७
लउराहरु साछीपाटीको डेरामां यहवेको सांमु राखि छोड़्यो। अनि भोलि ८
पल्टा येसो भयो मूसा साछीपाटीको डेरामां पस्यो त हेर लेवीको घर्को
लागि भयेको हारुनको चइं लउरोमां कोपौला लाग्ये छ अनि कोपौला
फुटि निस्क्ये छ अनि फूल् फूल्ये छ अनि पाक्येको बादाम् पनि फल्ये छ।
तब मूसाले ति सबै लउराहरु यहवेको सांमु देखि सबै इस्राएल्बंशीहरु ९
थांइ निकालि ल्यायो. अनि तिनिहरुले ति देखिकन जनंगले आफ्नु
आफ्नु लउरो लिये। फेरि यहवेले मूसालाइ भन्यो हारुनको लउरो फेरि १०
साछीपाटीको सांमु राख् त्यो येस् झगरे बंशको बिरुद्धमां चिंनु हुंनुको
लागि रहि रहोस् त तैंले तिनको मं मांथिको गनगनाइ थुन् होइन भन्ये
ता तिनिहरु मर्नेन्। त मूसाले त्यसै गऱ्यो. अं यहवेले त्येस्लाइ दियेका ११
आज्ञा अनुसार् त्येस्ले गऱ्यो॥

तब इस्राएल्बंशीहरुले मूसालाइ भन्ये हेर हांमिहरुको प्राण् निस्क्यो १२
हांमिहरु नष्ट भयूं अं सबै नष्ट भयूं. नजिक् आउंने सबै अं यहवेको १३

बासस्थानको नजिक् आउंने मरि जांद छ . के हामिहरु सबैको प्राण
निस्कि सकोस् ॥

१८ १ तब यहवेले हारूनलाइ भन्यो पवित्रस्थानको अधर्म्म तैंले आफना
छोराहरु र आफना पित्रहरुको घर् समेतले बोक्नु . अनि आफ्नु
२ पूजाहारीगिरिको अधर्म्म तैंले आफ्ना छोराहरु समेतले बोक्नु । अनि
लेवीको कुल् अर्थात् तेरा पित्रहरुको कुल् जो तेरा दाज्युभाई हुन् तिनलाइ
पनि आफु सङ नजिक् ले र तिनिहरु पनि तं सित गांसीउन् अनि तेरो
सेवागराई गरून् . तर साक्षीपाटीको डेराको सांमु खालि तं आफना छोराहरु
३ समेत् आउंन गर्नु । अनि ज्ये तंलाइ तेरो जिम्मामां सुम्पीयेको छ त्येस्को र सिंगै
डेराको पनि तिनले रुहाई गर्न गरून् . खालि पवित्रस्थानका साईामहरु र
बेदिको छेउमां तिनिहरु न आउन् होइन भन्ये ता तिनिहरु र तिमिहरु दुवै
४ मर्छौ । त तिनिहरु तं सित गांसीइ रहुन् अनि डेराको सबै सेवागराईको
बिषयमां भेट् हुंने डेराको रुहाई गर्न गरून् . पराय् चइं कोई तिमिहरुको
५ छेउ आउंनु न पावस् । त तिमिहरुले पवित्रस्थान् र बेदिको रुहाई गर्न
६ गर्नु . र इस्राएलबंशीहरु मांथि फेरि रिस् न परोस् । अनि हेर् मंचइंले
तिमिहरुका दाज्युभाई लेवीहरुलाइ इस्राएलबंशीहरुको बीच् देखि लियेको
छु . तिमिहरुको लागि तिनिहरु यहवेको लागि दिईयेका दान् हुन् भेट्
७ हुंने डेरामां काम् गर्नलाइ । अनि तंचइंले आफना छोराहरु समेत् ले बेदिका
सबै बिषयमां र छेलने पर्दा देखि भित्रको बिषयमां आफ्नु पूजाहारीगिरि
मान्नु त तिमिहरुले सेवा गर्न गर्नु . मं तिमिहरुलाइ पूजाहारीगिरिको
सेवाको लागि दान् गरि दिंद छु . अनि छेउ आउंने पराय् मान्छे मारीओस् ॥

८ फेरि यहवेले हारूनलाइ भन्यो हेर मंचइंले अं मैंले तेरो जिम्मामां
आफना उचालीयेका भेटिहरु सुम्पि दियें अं इस्राएलबंशीहरुका सबै पवित्र
गरीयेका थोक्हरु मैंले तेरो अभिषेक्को कारणले तंलाइ र तेरा छोराहरुलाइ
९ पनि सदाको बिधिको लागि दिहाल्येको छु । आगो देखि बांच्येका
महापवित्र थोक्हरुमांका यि चइं तेरा हुन् अर्थात् तिनिहरुका सबै भेटि
अं तिनिहरुका सबै अन्नबलिहरु सबै पापबलिहरु र सबै दोषबलिहरु ज्य
तिनिहरुले मंलाइ साटो दिंछन् ति तेरो र तेरा छोराहरुको लागि महापवित्र
१० होउन् । ति महापवित्र थोक् गरि खांने गर्नु . ति जनंगे पुरुषले खाउन् ति
११ तेरो लागि पवित्र होउन् । अनि यि तेरा हुन् अर्थात् तिनका दानका
उचालीयेका भेटिहरु अं इस्राएलबंशीहरुका सबै हल्लाईंने भेटिहरु . ति मैंले
तंलाइ र तं सङ तेरा छोराहरु र तेरी छोरीहरुलाइ पनि सदाको बिधिको
लागि दियेको छु . तेरो जहान्मांका जत्ति शुद्ध हुंनन् तिनले ति खाउन् ।
१२ फेरि तिनिहरुले यहवेलाइ दियेका सबै अस्सल् तेल् र सबै अस्सल् दाखरस् र
१३ गहूं र अगौटेफल् ति मैंले तंलाइ दियें । तिनिहरुले यहवेको लागि ल्यायेका
तिनिहरुको देस्का सबै अगौटेफल् तेरा होउन् तेरो जहान्मांका जत्ति
१४ शुद्ध हुंनन् तिनले ति खाउन् । इस्राएलमां सबै भाकल् गरीयेका थोक् तेरा

होछन्। यह्वेको लागि चढाइंने सबै जीवधारीहरुका गर्भ खोल्ने मान्छेको १५
हवस् कि पशुको हवस् सबै तेरा होउन्. तैपनि तैंले मान्छेको जेठोलाइ
अवस्से छोड़ा अनि अशुद्ध पशुको जेठोलाइ पनि छोड़ा। अनि जस् जस्लाइ १६
छोड़ाउंनु छ तिनिहरु महीना दिन्का हुंदा छोड़ाउंनु तिनको लागि आफुले
ठहरायेको दाम् अनुसार् पवित्रस्थान्को अर्थात् बीस् गेराको शेकेल्को
हिसाप्ले पांच् शेकेल् रुपिया दिइ तिनलाइ छोड़ाउंनु। तर गाईको कि १७
भेंड़ाको कि बाखाको जेठो न छोड़ाउंनु ति पवित्र छन्. तिनको रगत्
बेदिमां छर्कनु अनि तिनको बोसो अग्निहोम् गरि उड़ाउंनु यह्वेको लागि
बास्ना हुंनुलाइ। तर तिनको मांसु तेरो हवस् हल्लाईयेको छाती र दाहीनो १८
पौंड़ा जस्तो त्यो पनि तेरो हवस्। इस्राएल्बंशीहरुले यह्वेको लागि १९
चढायेका पवित्र थोकका उचालीयेका सबै भेटिहरु मैंले तंलाइ र तं सङ
तेरा छोराहरु र तेरी छोरीहरुलाइ पनि सदाको बिधिको लागि दिहाल्येको
छु. यो यह्वेको सांमु तेरो र तं सङ तेरा सन्तानको लागि पनि सनातन्को
लागि नुन्बाचा हुंछ। फेरि यह्वेले हारुन्लाइ भन्यो यिनिहरुको देस्मां २०
तेरो कोइ अधिकार् हुंदैन अनि न तिनको बीच्मां तेरो कोई भाग्
हुंछ. इस्राएल्बंशीहरुको बीच्मां तेरो भाग् र तेरो अधिकार् मैं हुं॥

फेरि हेर् लेवीबंशीहरुचइंलाइ मैंले इस्राएल्मांका सबै दसौं अंश २१
तिनको अधिकार्को लागि तिनिहरुले गर्ने काम् अं भेट् हुंने डेराको
सेवागराईको साटोमां दियें। अनि अब देखि येसो इस्राएल्बंशीहरु भेट् २२
हुंने डेराको नजिक् न आउन् होइन भन्ये ता तिनिहरु पाप् बोकि मर्नेन्।
तर लेवीहरुचइंले भेट् हुंने डेराको सेवागराई गर्ने गरुन् अनि तिनैले २३
तिनको अधर्म्म बोक्ने गरुन्. यो तिमिहरुका पुस्ताहरुमां सनातन्को
बिधि हवस् अनि इस्राएल्बंशीहरुको बीच्मां तिनको अधिकार् हुंदैन।
किनभन्ये इस्राएल्बंशीहरुले जुन् दसौं अंश यह्वेलाइ उचालींने भेटिगरि २४
चढाउंछन् तिनै मैंले लेवीहरुलाइ अधिकार्को लागि दियेको छु. येसैकारण्
मैंले तिनलाइ इस्राएल्बंशीहरुको बीच्मां तिमिहरुको कोई अधिकार्
हुंदैन भनि भन्येको छु॥

फेरि यह्वेले मूसालाइ येसो भन्यो येस् उप्रान्त तैंले लेवीहरुलाइ २५ २६
कुरा गरि येसो भन् जब जब तिमिहरुले इस्राएल्बंशीहरुको हात् देखि
मैंले तिमिहरुलाइ तिमिहरुको अधिकार्को लागि तिनिहरुको पट्टि बाटो
दियेको दसौं अंश लिंछौ तब तब तिनमांको यह्वेको लागि येउटा
उचालींने भेटि अर्थात् दसौं अंशको दसौं अंश चढाउंनु। अनि यो २७
तिमिहरुको उचालींने भेटि तिमिहरुको लागि खलाको अन्न कि दाख्को
कोल्को बढ्ति जस्तै गनीओस्। येसै गरि इस्राएल्बंशीहरुको पट्टि बाटो २८
लियेका आफ्ना सबै दसौं अंशको यह्वेलाइ येउटा उचालींने भेटि
तिमिहरुले पनि चढाउंनु अनि तिनमांको यह्वेको उचालींने भेटि हारुन्
पूजाहारीलाइ दिंने गर्नु। जति दान् तिमिहरुले पाउंछौ ति सबैमांको २९

गोटै पिच्छेको सबै भन्दा अस्सल् भाग् जो पवित्र ठहरीयो त्यसमांको
३० तिमिहरूले यहवेलाइ सबै उचालौंने भेटि चढाउंनु। येस्कारण् तैंले
तिनलाइ भन् जब तिमिहरूले त्यसमांको सबै भन्दा अस्सल् भाग् उचालौला
तब त्यो लेवीहरूको लागि खलाको बढ्ति र दाखको कोलको बढ्ति
३१ जस्तै गनीओस्। अनि तिमिहरू आफ्ना जहानै समेतले सबै ठांउमां त्यो
खांनु. किनभन्ये यो तिमिहरूले भेट् हुंने डेरामां गर्न्येको सेवागराइको
३२ प्रतिफल् हो। त जब तिमिहरूले त्यसमांको त्यस्को सबै भन्दा अस्सल् भाग्
उचालौला त त्येस्को कारणले तिमिहरूले कोइ पाप् न बोकनु. अनि
तिमिहरूले इस्राएलबंशीहरूको पवित्र थोक् अपवित्र न गर्नु होइन भन्न्ये
ता मंर्छौ॥

पवित्र गर्ने पानीका बिधिहरू।

१९ १ २ फेरि यहवेले मूसा र हारुनलाइ येसो भन्यो व्यवस्थाको
बिधिको यहवेले जो आज्ञा दियो त्यो येइ हो इस्राएलबंशीहरूलाइ भन्
येउटा निखुट् रातो बिना खोटको कोरलि जस् मांथि जूवा कैले पनि छैन
३ हालायेको मं थांइ ल्याव भनि. अनि त्यो एलाजार् पूजाहारीलाइ दिंनु
अनि त्यस्ले त्यो छाउंनी देखि बाइर लैजावस् अनि कसैले त्यो त्येस्को सांमु
४ बलि गरोस्. वहांदेखि एलाजार् पूजाहारीले आफ्नु औंलाले त्येस्को
५ रगतमांको लियेर भेट् हुंने डेराको आघल् तिर सात् खेप् छर्कि देवस्. अनि
कसैले त्यो कोरलिलाइ त्येस्को सांमु डड़ावस् त्येस्को छाला मांसु रगत् र
६ गोबर् समेत् डड़ावस्. अनि पूजाहारीले देवदारु काठ् र एसोब् र सिंदुरे
रङको धागो लियेर त्यो डडूदै गर्न्येको कोरलिको बीचमां हालि देवस्।
७ वहांदेखि पूजाहारीले आफ्नु लुगा धोवस् अनि आफ्नु जीउ पानीमां
नुहावस् त्येस् पछि छाउंनीमां आवस् तर पूजाहारी सांझ सम्म अशुद्ध
८ रहोस्। अनि जस्ले कोरलि डड़ाउंछ त्यस्ले पनि पानीले आफ्नु लुगा
धोवस् अनि आफ्नु जीउ पानीमां नुहावस् अनि सांझ सम्म अशुद्ध
९ रहोस्। फेरि कोई शुद्ध पुरुसले कोरलिको खरानि बटुल्येर छाउंनी देखि
बाइर कतै चोक्खो ठांउमां राखि देवस् त त्यो इस्राएलबंशीहरूको मंडलीको
लागि अशुद्धै देखि छोड़ाउंने पानीको लागि राखीओस्. त्यो पापबलि
१० हो। अनि कोरलिको खरानि बटुलनेले आफ्नु लुगा धोवस् अनि सांझ
सम्म अशुद्ध रहोस्. अनि यो इस्राएलबंशीहरूको लागि र तिनको बीचमां
११ प्रबास् गर्ने परदेसीको लागि पनि सनातनको बिधि हवस्। जस्ले कोई
१२ मान्छेको लोथ् छोला त्यो सात् दिन् सम्म अशुद्ध रहोस्. त्येस्ले तीस्रो
दिनमां त्यो पानीले आफुलाइ पवित्र गरोस् अनि सातौं दिनमां शुद्ध
हवस्. तर त्येस्ले तीस्रो दिनमां आफुलाइ पाप् देखि पवित्र गर्येन भन्न्ये
१३ सातौं दिनमां शुद्ध हुंदैन। जस्ले कोई मंर्येको मान्छेको लोथ् छोइकन
आफुलाइ पाप् देखि शुद्ध गर्दैन त्येस्ले यहवेको बासस्थान् अशुद्ध गर्द छ

अनि त्यो प्राणी इस्राएल्कां देखि काटि दिईओस् . अशुद्धेइं छोड़ाउंने
पानी त्यो मांथि छर्काईयेन येस्कारण् त्यो अशुद्ध हुंछ त्येस्को अशुद्धेइं
अझै रहि रहंद छ। डेरामां मर्येको मान्छेको बिषय्को ब्यवस्था येइ १४
हो . जत्ति त्येस् डेरामां आउंनन् अनि जो जो त्येस् डेरामां हुंनन् ति सबै
सात् दिन् सम्म अशुद्ध रहुन् । अनि ढकनि न लगाइ मुख् खोला रह्येका १५
सबै भांड़ा अशुद्ध होउन् । अनि बन्मां तरवार्ले मारीयेकोलाइ कि कोई १६
मुर्दा कि मान्छेको हाड़् कि कोई चिहान् कसैले छोयो भन्ये त्यो सात् दिन्
सम्म अशुद्ध होइ रहोस् । त अशुद्ध मान्छेको लागि डड़ायेको पाप्बलिको १७
खरानिमांको लियेर भांड़ामां हालि त्येस्मां बग्दो पानी हालुन् . तब १८
कोई शुद्ध मान्छेले एसोब् लिइ त्यो पानीमां चोब्ल्येर पानी त्यो डेरामां र
जति भांड़ाबर्तन् र त्येस्मां हुंने सबै प्राणी मांथि अनि हाड़् कि
मारीयेकोलाइ कि मुर्दालाइ कि चिहान् छुंने मांथि छर्कोस् . त्यो शुद्ध १९
मान्छेले तीस्रो र सातौं दुवै दिन् त्येस् अशुद्ध मान्छे मांथि छर्कोस् . अनि
सातौं दिन्मां त्येस्ले त्येस्लाइ पवित्र गरोस् तब येस्चइंले आफ्ना लुगा
धोवस् अनि पानीले नुहावस् अनि सांझ्मां शुद्ध हवस् । तर कोई अशुद्ध २०
भयेर त्येस्ले आफुलाइ पवित्र गर्येन भन्ये त्यो प्राणी सभाको बीच् देखि काटि
दिईओस् किनभन्ये त्येस्ले यहवेको पवित्रस्थान् अपवित्र गर्येको छ . अशुद्धेइं
देखि छोड़ाउंने पानी त्येस् मांथि छर्काईयेको छैन त्यो अशुद्ध हो । अनि २१
यो तिनिहरूको सनातन् बिधि हवस् . अनि अशुद्धेइं देखि छोड़ाउंने पानी
छर्कनेले आफ्नु लुगा धोवस् अनि अशुद्धेइं छोड़ाउंने पानी छुंने पनि सांझ्
सम्म अशुद्ध रहोस् । अनि त्यो अशुद्ध मान्छेले ज्ये छोला त्यो अशुद्ध हवस् २२
अनि जस् प्राणीले त्यो चइं थोक् छोला त्यो पनि सांझ् सम्म अशुद्ध रहोस् ॥

पानी न भयेको कारण्ले इस्राएलीहरूको गन्गनाई अनि पानी पहरा देखि निकालौंनु ।

फेरि इस्राएल्बंशीहरू अं तिनको सिंग मंडली पहिलो महीनामां २० १
सीन् भनौंने बन्मां आये . अनि तिनिहरू कादेश्मां रह्ये अनि त्यहां मरियम्
मरी अनि त्येस्लाइ तिहीं गाड़्य । अनि मंडलीको लागि पानी थियेन . २
त तिनिहरू मूसा र हारूनको बिरुद्धमां भेला भये । अनि लोगले मूसा सित ३
झगरा गरि भन्नु लाग्ये हांम्रा दाज्युभाईको यहवेको सांमु प्राण् निस्क्येको
बेलामां हांमिहरूको प्राण् पनि निस्क्येको भये देखि ता जाति हुंथ्यो ।
अनि तिमिहरूले किन यहवेको सभालाइ येस् बन्मां ल्यायौ हांमिहरू ४
आफ्ना बस्तुहरू समेत् यहां मर्नुलाइ । अनि तिमिहरूले किन हांमिहरूलाइ ५
मिस्र देखि चढ़ाइ ल्यायौ येस् नजाति ठांउमां पुर्याउंनुलाइ जो बिउ कि
नेभारा कि दाख् कि दारीम्को ठांउ होइन अं कोइ खांने पानी पनि
छैन । तब [illegible]

७ गयेर घोप्टो पर्‍ये . अनि यहवेको महिमा तिनिहरूकां देखापर्‍यो । अनि
८ यहवेले मूसालाइ येसो भन्यो लउरो लियेर तैंले आफ्नु दाज्यु हारून्
समेत् मंडलीलाइ भेला गरायेर तिनको सांमु येस् पहरालाइ भन् त त्यस्ले
आफ्नु पानी निकालि दिंछ येसोरि तैंले पहरा देखि तिनको लागि पानी
९ निकालि दिंछस् . मंडली र त्येस्का पशुहरूलाइ खांनु दिंनुलाइ । त मूसाले
१० यहवेको आज्ञा अनुसार् उस्को सांमु देखि लउरो लग्यो । अनि मूसा र
हारून्ले सभालाइ पहराको सांमु भेला गराये अनि मूसाले तिनिहरूलाइ
हे झगरेहरू हो सुन के हांमिहरू यो पहरा देखि तिमिहरूको लागि पानी
११ निकालूं भन्यो । तब मूसाले आफ्नु हात् उचालि आफ्नु लउरोले दुइ खेप्
पहरामां हिर्कायो . तब पानी धेरै गरि फुटि निकल्यो अनि मंडलीले
१२ आफ्ना आफ्ना पशुहरू समेत्ले खाये । तर यहवेले मूसा र हारून्लाइ
भन्यो तिमिहरूले मंलाइ इस्राएल्बंशीहरूको दृष्टिमां पवित्र गर्नुलाइ मं
मांथि बिश्वास् गर्‍यौन येस्कारण् तिमिहरूले यो सभालाइ मैंले तिनिहरूलाइ
१३ दियेको देसमां पुर्‍याउंनु पाउंदैन । मरीबाको[१] पानी येइ हो किनभन्या
इस्राएल्बंशीहरूले यहवे सित झगरा गर्‍ये अनि उ तिनिहरूको बीचमां
पवित्र ठहरीयो ॥

१४ अनि मूसाले कादेश् देखि एदोमको राजा थांइ दूत्हरूलाइ
येसो भनि पठायो आफुको भाइ इस्राएल्ले येसो भन्द छ हांमिहरू मांथि
१५ के के बिपत्ति पर्‍यो ति आफुले जान्नु हुंद छ . हांम्रा पित्रहरू मिस्रमां उत्रि
गयेका थिये अनि हांमिहरू मिस्रमां धेरै दिन् रह्युं अनि मिस्रीहरूले
१६ हांमिहरू सित र हांम्रा पित्रहरू सित कस्तो कस्तो बुरो ब्येहोरा गर्‍ये . तर
जब हांमिहरूले यहवेलाइ डोहाई दियूं तब उस्ले हांमिहरूको शब्द सुन्यो
अनि येउटा दूत्लाइ पठायेर हांमिहरूलाइ मिस्र देखि निकालि ल्यायो
भनि . अनि हेर्नु हवस् हांमिहरू आफुको सिमाना निर भयेको कादेश्
१७ सहर्मां छौं . त कृपा गरिकन हांमिहरूलाइ आफुको देस् बाट़ा हिंड़ि जांनु
दिंनु हवस् . हांमिहरू कोई खेत् बाटो कि दाखको बारी बाटो हिंड़ि
जांदैंन अनि न कुवाहरूको पानी खांछौं . हांमिहरू सर्कारी मूलबाटैबाट्
हिंड़ि जांछौं अनि जब सम्म आफुको सिमाना देखि बाहर पुग्दैंन तब
१८ सम्म हांमिहरू न दाहीनो न बांउ फर्कंछौं भनि । तर एदोमले त्येस्लाइ
भन्यो तं मं थांइ देखि जांनु हुंदैन होइन भन्ये ता मं तरवार् लियेर
१९ तेरो बिरुद्धमां निकलंछु । तब इस्राएल्बंशीहरूले त्येस्लाइ भन्ये हांमिहरू
मूलबाटैबाट् जांछौं . अनि हांमिहरूले र हांम्रा बस्तुहरूले आफुको पानी
खायूं भन्ये हांमि त्येस्को दाम् दिंछौं . हांमिहरूलाइ अरू केइ होइन
२० खालि पैदल् हिंड़ि जांनु मात्रै दिंनु हवस् । तर त्येस्ले तं जांनु पाउंदैनस्
भन्यो । अनि एदोम् धेरै लोगलाइ लिइ बलियो हात् सङ त्येस्को

१ अर्थात् झगराको ।

बिरुद्धमां निकल्यो। येसोरि एदोम्ले इस्त्राएल्लाइ आफ्नु सिमाना २१
भित्र देखि छिरि जांनु दिंनु मान्येन. येस्कारण् इस्त्राएल् त्यो तिर बाटो
फर्फि गयो॥

हारून्को मंरण्।

तब तिनिहरु कादेश् देखि हिंड्र. अनि इस्त्राएल्बंशीहरु अं तिनको २२
सिंगै मंडली होर् भनींने पर्बत्को छेउमां आये। अनि यह्वेले एदोम् देस्को २३
सिमानामां होर् पर्बत् निर मूसा र हारूनलाइ येसो भन्यो हारून् २४
आफ्ना पित्रहरुमां गइ मिसींछ. किनभन्ये तिमिहरुले मरीबाको पानीमां
मेरो बचन्को बिरुद्धमां झगरा गर्यौ येस्कारण् मैंले इस्त्राएल्बंशीहरुलाइ
दियेको देसमां त्यो पसु पाउंदैन। हारून् र त्येस्को छोरो एलाजार्लाइ होर् २५
पर्बत्मां चढाइ लैजा. वहांदेखि हारूनको बस्त्र उतार्येर त्येस्को छोरो २६
एलाजार्लाइ पहिर्या. वहांदेखि हारून् आफ्ना पित्रहरुमां गइ मिसींछ
अनि वहीं मर्छ। त मूसाले यह्वेको आज्ञा अनुसार् गर्यो. अनि तिनिहरु २७
सिंगै मंडलीले देखने गरि होर् पर्बत्मां चढि गये। तब मूसाले हारून्को २८
बस्त्र उतार्येर त्येस्को छोरो एलाजार्लाइ पहिर्यायो अनि हारून् त्यहां
पर्बत्को चाप्रिमां मर्यो. तब मूसा र एलाजार् पर्बत् बाटो उत्रि आये।
अनि जब सिंगै मंडलीले हारूनले प्राण छोडेको देख्यो तब देखि तिनिहरु २९
अं इस्त्राएल्को सिंगै घर् हारूनको कारणले तीस् दिन् सम्म रोइ रह्या॥

अग्निसर्प र पीतल्को साप्।

अनि दकिखन् देसमां बस्ने कनानी मान्छे अराद्को राजाले २१ १
इस्त्राएल् अटारीम्को बाटो बाट्रा आयो अरं भनि सुन्यो तब त्येस्ले इस्त्राएल्
सित लड़ाइं गर्यो अनि तिनिहरुमांको कत्तिलाइ बन्धुवा तुल्यायो। तब २
इस्त्राएल्ले यह्वेलाइ तपांइले यि लोगलाइ सांच्चै मेरो हातमां सुम्पि दिंनु
हुंछ भन्ये मं तिनका सहर्हरु भाकल् गरीयेको थोक् भैं नास् पार्छु भन्ये
भाकल् गर्यो। तब यह्वेले इस्त्राएल्को शब्द सुनि कनानीहरुलाइ सुम्पि ३
दियो त तिनिहरुले तिनिहरुलाइ सहरै समेत् भाकल् गरीयेको थोक् भैं
नाम् पार्ये वहांदेखि त्येस् ठांउको नांउ होर्मा[1] राख्यो॥

फेरि तिनिहरुले होर् पर्बत् बाटो एदोम् देस् फेरो मार्नलाइ हिंड़ि ४
लाल् समुन्द्रको बाटो समात्ये. अनि लोगको मन् बाटोको कारणले छोटा
भयो। तब लोग् ईश्वर्को र मूसाको बिरुद्धमां बोल्नु लाग्ये तिमिहरुले ५
हामिहरुलाइ किन मिस्र देखि चढाइ ल्यायौ बनमां मर्नलाइ. किनभन्ये
यहां न ता रोटी छ न ता पानी अनि हामिहरुको प्राण येस् तुच्छ रोटी देखि
दिग्मिगाउंद छ। तब यह्वेले लोगको बीचमां अग्निसर्प पठाइ दियो ६

[1] अर्थात् भाकल् गरीयेको थोक।

७ जुन्हरूले लोगलाइ डस्ये अनि इस्राएल्मांका धेरै जना मर्‍ये। तब लोगले
मूसा थांइ आयेर हांमिहरूले यहवेको र तपांइको बिरुद्धमां बोलि पाप्
गर्‍यूं. यहवे सित बिन्ति गर्नु हवस् र उस्ले हांमिहरू देखि साप् दूर् गरि
८ देवस् भन्ये। त मूसाले लोगको लागि प्रार्थना गर्‍यो। तब यहवेले मूसालाइ
भन्यो येउटा अग्निसर्प बनायेर येउटा खांबोमां लगा. अनि येसो हुंछ
९ डसायेका सबै जना त्यो हेरै जीउंछन्। त मूसाले पीतल्को येउटा साप्
बनायेर खांबोमां लगायो. तब येसो भयो साप्ले डस्येका सबै त्यो पीतल्को
१० साप्लाइ हेर्दै जीये। फेरि इस्राएलवंशीहरूले हिंडेर ओबोत्मां डेरा
११ हाल्ये। अनि ओबोत् देखि हिंडेर सूर्ज उदाउंने तिर मोआब्को सांमु
१२ भयेको बन्मां इय्ये अबारीम्मां डेरा हाल्ये। त्यहां बाटो हिंडेर जेरेद् नांउ
१३ भयेको खोल्चामां डेरा हाल्ये। त्यहां बाटो हिंडेर बन्मां बस्ने एमोरीहरूको
सिमाना बाटो निक्लंने अर्नोन् नदीको पारि पट्टि डेरा हाल्ये. किनभन्ये
१४ अर्नोन् मोआबी र एमोरीहरूको बीच्को मोआब्को सिमाना हो। येस्कारण
यहवेका संग्रामको पोस्तक्मां येसोरि लेख्येको छ

मूफामां वाहेब्
अनि अर्नोन्का खोल्चा
१५ अनि ति खोल्चाहरूको दुम्सीलो पाखा
जो आर्को बास् सम्म ओह्रलंद छ
अनि मोआब्को सिमानामां छडेस् लागद छ।

१६ फेरि तिनिहरू त्यहां बाटा बेर्मां[1] हिंडेर. त्यो त्येइ कुवा हो जस्को
बिषय्मां यहवेले मूसालाइ लोगलाइ भेला गरा मं तिनिहरूलाइ पानी दिंकु
भन्येर भन्येको थियो॥

१७ त्येस् बेला इस्राएल्ले यो गान् गायो
ए कुवा उम्रि त्यो सङ जुवारि गाव.
१८ जुन् कुवा अधिपतिहरूले खन्ये
अनि लोगका भारादार्हरूले खोइल्ये
राजदण्डले र आफ्नु आफ्नु लउरोले खन्ये।

१९ फेरि तिनिहरू बन् देखि मत्ताना सम्म हिंडेर. अनि मत्ताना देखि
२० नहलीएल् सम्म. अनि नहलीएल् देखि बामोत् सम्म. अनि बामोत् देखि
मोआब्को बन्मां भयेको तरि सम्म अं यशीमोन् देखींने पिस्गाको
थाम्रि सम्म॥

२१ तब इस्राएल्ले एमोरीहरूको राजा सीहोन् थांइ दूत्हरूलाइ येसो
२२ भनि पठायो कृपा गरिकन हांमिहरूलाइ आफुको देस् बाडा हिंडि जांनु
दिनु हवस्. हांमिहरू कोइ खेत् कि दाखको बारी तिर फर्कि जांदौंन न
कुवाहरूका पानी खांछौं. अनि आफुको सिमाना देखि बाइर न पुगुंज्याल्

[1] अर्थात् कुवामां।

सम्म सर्कोगी मूलबाटैबाट् जांछौं भनि। तर सीहोनले इस्राएल्लाइ आफ्नु २३
सिमाना भित्र बाटो बांड़ा हिंड़ि जांनु दियेन . तर सीहोन् आफ्ना सबै
लोगलाइ भेला गरायेर इस्राएल्को बिरुद्धमां बन्मां यहस् सम्म निस्कि
आइ पुग्यो . अनि इस्राएल्सित लड़ाइं गर्‍यो । अनि इस्राएलले त्यस्लाइ २४
तरवार्को धार्ले काट्यो अनि अर्नोन् देखि यब्बोक् सम्म अं अम्मोन्-
बंशीहरूको सिमाना सम्म त्यस्को देस् आफ्नु अधिकार्मां पार्‍यो . किनभन्या
अम्मोन्बंशीहरूको सिमाना बलियो थियो । त इस्राएलले ति सबै सहर् २५
लिहाल्यो . अनि इस्राएल् एमोरीहरूका सबै सहरमां हेश्बोनमां र
त्यस्का सबै बस्तीमां बस्यो । कमोगरिभन्या हेश्बोन् एमोरीहरूको राजा २६
सीहोन्को सहर् थियो त्यस्ले मोआबको अगाड़िको राजा देखि त्यस्को सिंगै
देस् अं अर्नोन् सम्म त्यस्को हात् देखि लियेको थियो । येस्कारण् कहनि २७
गर्नेहरूले भन्ने गर्दछन्

हेश्बोनमां आव
सीहोनको सहर् बनोओस् अनि बलियो गराईओस् .
किनभन्या हेश्बोन् देखि आगो निकल्यो २८
सीहोन्को सहर् देखि जुवाला .
त्यस्ले मोआबको आर् भस्म पार्‍यो
अर्नोन्का अग्ला ठाउंहरूका धनीहरू ।
ए मोआब् तं मांथि हाय् २९
ए कमोस्को पर्जा तं नष्ट भइस् .
त्यस्ले आफ्ना छोराहरूलाइ भगुवा भैं
र आफ्नी छोरीहरूलाइ बन्धुवाईमां दियो
एमोरीहरूको राजा सीहोन्लाइ ।
हांमिहरूले तिनिहरूलाइ हांन्यूं दीबोन् सम्म पनि हेश्बोन् ३०
नष्ट भयो
हांमिहरूले उजारि दियूं
मेदबा सम्म पुग्ने नोपह् सम्म पनि ॥

त इस्राएल् एमोरीहरूको देस्मां बस्यो । तब मूसाले याजेर्को भेद् ३१ ३२
लिंनुलाइ पठायो अनि तिनिहरूले त्यस्का बस्तीहरू लिये अनि त्यहां भयेका
एमोरीहरूलाइ धपाइ दिये । वहांदेखि तिनिहरू फर्केर बाशान् बाटो ३३
चढ़े . अनि बाशान्को राजा ओग् त्यो आफ्ना सबै लोग् समेत् तिनको
बिरुद्धमां एद्रेईमां लड़ाइँ गर्नुलाइ निस्कि आयो । तब यहोवाले मूसालाइ ३४
भन्यो त्यो देखि न डरा . किनभन्या मैंले त्यस्लाइ त्यस्का सिंगै लोगलाइ र
त्यस्को देस् पनि तेरो हात्मां सुम्पि दियें अनि जसो तैंले एमोरीहरूको
राजा हेश्बोनमां बस्ने सीहोन्लाइ गरिस् त्यसै तैंले त्यस्लाइ पनि गर्छस् ।
त तिनिहरूले त्यस्लाइ र त्यस्का छोराहरूलाइ र सबै लोगलाइ बांच्येको ३५
कोई न रहुंज्याल् गरि मारे . अनि त्यस्को देस् आफ्नु अधिकार्मां पारे ।

२२१ अनि इस्राएलवंशीहरूले हिंडेर यरीहोको छेउ यर्दन् नदी पारि
मोआब्को मैदान्मां डेरा हाल्ये ॥

बालाक् र बिलाम्को बखान् ।

२ अनि सिप्पोर्को छोरो बालाक्ले इस्राएल्ले एमोरीहरू सित ज्जे
३ गर्येको थियो त्यो देख्यो । त मोआबीहरू इस्राएल्को सांमु औधि डराये
किनभन्ये तिनिहरू धेरै थिये. अनि मोआबीहरू इस्राएल्वंशीहरूको कारणले
४ अग्घोरै जर्क्ये । अनि मोआबीहरूले मिद्यानीहरूका प्राचीन्हरूलाइ भन्ये
अब ता योचइं धुइरोले हांमिहरूको वरिपरिका सबै लोगलाइ गोरुले बन्को
घांस् चाट्चुट् पारि गर्येको झैं चाट्चुट् पारि जांछ . त्यस् बेलामां सिप्पोर्को
५ छोरो बालाक् मोआब्को राजा थियो । त त्यस्ले महानदी निर भयेको
पतोर्मां बओर्को छोरो बिलाम् थांइ त्यस्का दाज्युभाइहरूको देस्मां
दूत्हरूलाइ त्यस्लाइ येसो भनि डाकि ल्याउंनुलाइ पठायो हेर्नु हवस् येउटा
लोग् मिस्र बाटो निस्कि आयेको छ . हेर्नु हवस् भूमिमां छापीयेका छन्
६ अनि मेरे सांमु आइ बस्येका छन् . त अब कृपा गरिकन आयेर यि
लोगलाइ मेरो लागि स्राप् दिंनु हवस् किनभन्ये तिनिहरू मेरो सांमु धेरै
सामर्थी छन् . कोनिकतै मं जिताहा भयेर तिनिहरूलाइ मारि देस् देखि
धपाइ दिंनु सकुंछु कि . किनभन्ये आफुले आशीर्वाद् गर्येकोले आशीष्
७ पाउंद छ अनि आफुले स्राप्येको चइं स्रापित् हुंद छ भनि मं जान्द छु । त
मोआबीहरूका र मिद्यानीहरूका प्राचीन्हरू आफ्ना हातमां अगम्
कहाइको दान् दक्षिणा लियेर हिंडेर अनि बिलाम् थांइ आयेर त्यस्लाइ
८ बालाक्का कुरा कहि सुनाये । अनि त्यस्ले तिनिहरूलाइ भन्यो आजु राति
यिहीं बस अनि जस्तो कुरा यहवेले मंलाइ भन्ला त्यस्तै मं तिमिहरूलाइ
९ भनि दिउंला . त मोआब्का मालिक्हरू बिलाम्कां रहे । तब ईश्वरले
१० बिलाम् थांइ आयेर त्यस्लाइ भन्यो तं सङ यि मान्छेहरू को हुन् । त
बिलाम्ले ईश्वर्लाइ भन्यो मोआब्को राजा सिप्पोर्को छोरो बालाक्ले
११ मंलाइ भनि पठायो हेर्नु हवस् येउटा लोग् जो मिस्र बाटो निस्कि
आयेको छ तिनिहरू भूमिमा छापीयेका छन् . त अब आयेर मेरो लागि
तिनलाइ स्राप् दिंनु हवस् कोनिकतै मं तिनिहरू सित लडि तिनलाइ
१२ धपाइ दिंनु सकुंछु कि भनि । तब ईश्वर्ले बिलाम्लाइ भन्यो तं तिनिहरू
सित न जा त्यो लोग्लाइ न स्राप् . किनभन्ये तिनिहरू आशीर्वादी छन् ।
१३ त बिलाम्ले बिहान उठेर बालाक्का मालिक्हरूलाइ भन्यो आफ्नु
देस्मां जाइ जाव . किनभन्ये यहवेले मंलाइ तिमिहरू सङ जांनु दिंनु
१४ मान्येन । त मोआब्का मालिक्हरूले उठि बालाक्कां गयेर बिलाम्
१५ हांमिहरू सित आउंनु मान्येन भनि दिये । तब बालाक्ले फेरि तिनिहरू
१६ भन्दा धेरै जना र बेसि मानका अधिपतिहरूलाइ पठायो । अनि तिनिहरूले
बिलाम् थांइ आयेर त्यस्लाइ भन्ये सिप्पोर्को छोरो बालाक्ले येसो भन्द

छ मं बिन्ति गर्दं छु मं थांइ आउंनुलाइ आफुलाइ कोइले न थुनोस्.
किनभन्ये मं निस्से आफुलाइ ओधि मान्मां बढ़ाउंछु अनि ज्ये ज्ये आफुले १७
मंलाइ भन्नु हुंछ त्येइ गर्छु. त अब कृपा गरि आयेर यि लोगलाइ मेरो
लागि स्राप् दिंनु हवस् भनि। तर बिलाम्ले येसो भनिकन बालाक्का १८
चाकरहरुलाइ उत्तर् दियो बालाक्ले आफ्नु घर् भरि सुन् चांदी मंलाइ
दियो भन्ये पनि मं आफ्नु ईश्वर् यह्वेले भन्येको बाहिक् न घटि न बढि
गर्नुं सक्छु। तर अब कृपा गरि तिांमहरु पनि आजु राति यहां रह र मं १९
जानुं यह्वेले मंलाइ अरु के भन्ला। त राति ईश्वर्ले ब्रिलाम् थांइ आयेर २०
त्येस्लाइ भन्यो ति मान्छेहरु तंलाइ बोलाउंनु आयेका हुन् भन्ये उठेर
तिनिहरु सङ जा तर खालि जुन् कुरा मं तंलाइ भन्छु त्यो मात्रै
गर्। त बिलाम् बिहान उठेर आफ्नो गदहो मांथि जीन् कस्येर २१
मोआब्का अधिपतिहरु सङ हिंड्यो। तर त्यो गयेकोले ईश्वर्को रिस् २२
उठ्यो. अनि यह्वेको दूत् त्यो सङ ब्रिरोध् गर्नुलाइ बाटोमां उभीयो।
अनि त्यो आफ्नो गदहो मांथि चढ़ेर जांद थियो अनि त्यो सङ त्येस्का
दुइ जना चाकरहरु पनि थिये। तब गदहोले यह्वेको दूत्लाइ दाप् २३
बाटो भिकयेको तरवार् हात्मां लिइ बाटोमां उभीइ रह्येको देख्यो. त
गदहो बाटो छोड़ेर बन् तिर लाग्यो. तब ब्रिलाम्ले गदहोलाइ बाटोमां
फर्काइ ल्याउंनुलाइ हिर्कायो। तब यह्वेको दूत् दाख्का बारीहरुको २४
बीच्को गांड़ामां जस्का दुवै पट्टि बार् थियो त्यहां उभीयो। त गदहो २५
दूत्लाइ देख्येर भित्तामां टांसीई अनि ब्रिलाम्को गोड़ा भित्तामां चेप्यो.
त त्येस्ले त्येस्लाइ फेरि हिर्कायो। फेरि यह्वेको दूत् अघि गयेर येउटा २६
सांगुरो गोंड़ामां उभीयो जहां न दाहीनो न बांउ तिर सर्ने ठांउ थियो।
अनि गदहो यह्वेको दूत्लाइ देख्येर बिलाम् मुनि बसि गई. त बिलाम्को २७
रिस् उठ्यो अनि त्येस्ले गदहोलाइ लउरोले हिर्कायो। तब यह्वेले २८
गदहोको मुख् खोल्यो अनि त्येस्ले ब्रिलाम्लाइ मैंले तिम्रो के गर्यें र
तिमिले मंलाइ यि तीन् खेप् हिर्कायौ भन्यो। बिलाम्ले गदहोलाइ २९
भन्यो किनभन्ये तंले मं सित टट्टा गरिस्. मेरो हात्मां तरवार् हुंदो हो
त मं तंलाइ येले काटि दिंने थियें। अनि गदहोले बिलाम्लाइ भन्यो के ३०
मं आफ्नु जीउंनि भरि आजु सम्म तिमि चढ़ेको तिम्रो गदहो हुंइन के
मैंले तिमिलाइ कहिलेइ येसो गर्दं थियें. अनि त्येस्ले अहं भन्यो। तब ३१
यह्वेले ब्रिलाम्का आंखा खोल्यो अनि त्येस्ले यह्वेको दूत्लाइ दाप् बाटो
भिकयेको तरवार् हात्मां लिइ बाटोमां उभीइ रह्येको देख्यो. तब त्येस्ले
घोप्टो परि दण्डवत् गर्यो। तब यह्वेको दूत्ले त्येस्लाइ भन्यो तंले किन ३२
आफ्नो गदहोलाइ तीन् खेप् हिर्काइस् हेर् मैं तेरो ब्रिरोध् गर्नुलाइ आयें
किनभन्ये तेरो चाल् मेरो सांमु अटेरि छ. अनि यो गदहो मंलाइ देख्येर ३३
मेरो सांमु देखि यि तीन् खेप् तर्कि गई. त्यो मेरो सांमु देखि तर्कि गयेको
न हुंदो हो त सांच्चिने अब सम्ममां मं तंलाइ मारि सक्ने थियें तर त्येस्

३४ चढ्इंलाइ जीउंदो बचाउंने थियें । अनि बिलाम्ले यहोवेको दूत्लाइ भन्यो
मैंले पाप् गर्यें कसोगरिभन्ये तपांइ मेरो बिरोध् गर्नुलाइ बाटोमां
उभीनु भयेको छ भनि मं जांदीन थियें . त अब तपांइलाइ नजाति लाग्छ
३५ भन्ये मं फर्कि जांछु । त यहोवेको दूत्ले बिलाम्लाइ भन्यो यि मान्छेहरु
सङ जा्नु ता जा . तर खालि जुन् कुरा मं तंलाइ भन्छु त्यो मांत्रे
३६ भन् । त बिलाम् बालाक्का अधिपतिहरु सङ गयो । अनि जब बालाक्ले
बिलाम् आइ पुग्यो भन्येको सुन्यो तब ता त्येस्लाइ भेट्नुलाइ अर्नोन्को
सिमानाको वल्लो छेउमां भयेको मोआब्को सहर् सम्म निस्कि गयो ।
३७ तब बालाक्ले बिलाम्लाइ भन्यो के मैंले आफुलाइ औधि बिन्ति सित
आउंनु भन्येर बोलाइ पठायेको थिइन आफु किन मं थांइ आउंनु भयेको
३८ थियेन के सांच्चिनै मं आफुलाइ मान्मां बढाउंनु सक्ने थिइन । अनि
बिलाम्ले बालाक्लाइ भन्यो हेर्नु हवस् मं तपांइ थांइ आयेको ता छु .
तर के एले मेरो केइ पनि भन्न शक्ति छ जुन् कुरो ईश्वर्ले मेरो मुखमां
३९ हाल्ला मैंले त्यइ भन्न पर्छ । तब बिलाम् बालाक् सङ गयो अनि तिनिहरु
४० किर्यथ्होसोत्मां आये । वहांदेखि बालाक्ले गोरु र भेंड़ाबाख्रा बलि गरि
४१ बिलाम् र त्यो सङका अधिपतिहरु थांइ पठाइ दियो । अनि बिहान
येसो भयो बालाक्ले बिलाम्लाइ बाल्का अग्ला ठांउमां चढाइ लग्यो
अनि त्येस्ले त्यहां बाटो इस्राएल्को लोग्को वल्लो छेउ देख्यो ॥

२३ १ तब बिलाम्ले बालाक्लाइ भन्यो यहां मेरो लागि सात्वटा बेदि
बनाउंनु हवस् अनि सात्वटा बाच्छा र सात्वटा थुमा तियार् पार्नु हवस् ।
२ त बालाक्ले बिलाम्ले भन्येको जस्तो गर्यो तब बालाक् र बिलाम्ले एक्
३ एक् बेदिमां एक् एक् बाच्छा र एक् एक् थुमा चढाये । तब बिलाम्ले
बालाक्लाइ भन्यो आफ्नु होमबलि निर उभीइ रहंनु हवस् तर मं
चढ्इं जांछु कोनि यहोवे मं सित भेट् गर्नुलाइ आउंछ कि . अनि ज्ये उस्ले
मंलाइ देखाउला त्यइ मं आफुलाइ कहुंला । तब त्यो नांगो डांड़ामां चढि
४ गयो । तब ईश्वर् बिलाम् सित भेट् भयो . तब त्येस्ले उस्लाइ भन्यो मैंले
सात् बेदि तियार् पार्येको छु अनि एक् एक् बेदिमां एक् एक् बाच्छा र एक्
५ एक् थुमा चढायेको छु । तब यहोवेले बिलाम्को मुखमां कुरा हाल्येर भन्यो
६ बालाक् थांइ फर्कि गयेर येसो भन् । त त्यो त्यो थांइ फर्कि आयो त हेर
बालाक् मोआब्का सबै अधिपतिहरु समेत् आफ्नु होमबलि निर उभीइ
७ रह्येको रह्छ । तब बिलाम्ले आफ्नु उखान् गरि भन्यो

बालाक्ले मंलाइ अराम् देखि ल्यायो
अं मोआब्को राजाले मंलाइ पूर्बका डांड़ाहरु देखि .
आउंनु हवस् मेरो लागि याकूब्लाइ स्राप्नु हवस्
अनि आउंनु हवस् इस्राएल्लाइ रिस् देखाउंनु हवस् भनि ।
८ तर जस्लाइ ईश्वर्ले स्राप् दियेन तिनलाइ मं कसोरि स्राप् दिउं
अनि जस्लाइ यहोवेले रिस् देखायेन तिनलाइ मं कसोरि रिस् देखाउं ।

किनभन्ये पहराहरूको थाप्लि बाटो मं त्यस्लाइ देखइ छु ९
अनि डांड़ाहरू देखि त्यस् मांथि हेर्इ छु .
हेर त्यो येक्लै बस्ने लोग् छ
अनि अन्यदेसीहरूमां गनींदैन ।
याकूब्को धूलो को गन्नु सक्छ . १०
कि इस्राएल्को चौथो हिस्साको पनि गन्ति लिंनु सक्छ
मेरो मृत्यु धर्म्मीको मृत्यु जस्तो हवस् अनि मेरो अन्त त्यसैको जस्तो ।
तब बालाक्ले बिलाम्लाइ भन्यो आफुले मं सित के गर्नु भयो . मैले ११
ता आफुलाइ मेरा सत्तुरूहरूलाइ स्राप् दिंनुलाइ बोलायें तर हेर आफुले
ता तिनलाइ आशीषै मात्रै दिइ रहंनु भयो । त्यस्ले जुन् कुरो यहवेले मेरो १२
मुखमां हाल्छा को मैले त्यइ कुरो खबर्दारी सित भन्नु पर्दैन भनि उत्तर्
दियो । तब बालाक्ले त्यस्लाइ भन्यो कृपा गरि मं सङ अर्को ठांउमां हिंड्नु १३
हवस् जहां देखि आफुले तिनलाइ देख्नु पाउ एका छेउ मात्रै देख्नु पाउ
ति सबैलाइ होइन . तब त्यहां बाटो तिनिहरूलाइ मेरो लागि स्राप् दिंनु
हवस् । त त्यस्ले त्यस्लाइ सोफीम्को मैदान्मां पिस्गाको थाप्लिमां लग्यर १४
त्यहां सात्वटा बेदि बनायेर एक् एक् बेदिमां एक् एक् बाच्छा र एक् एक्
थुमा चढ़ायो । फेरि त्यस्ले बालाक्लाइ भन्यो मं वहां उस्लाइ भेट्दा आफु १५
आफ्नु होमबलि निर यहां उभीइ रहंनु हवस् । तब यहवेले बिलाम् सित १६
भेट् गरि त्यस्को मुखमां कुरा हाल्येर भन्यो बालाक् थांइ फर्कर येसो भन् ।
त त्यो त्यो थांइ आयो त हेर बालाक् मोआब्का अधिपतिहरू समेत् आफ्नु १७
होमबलि निर उभीइ रह्येको रछ । तब बालाक्ले त्यस्लाइ यहवेले के १८
भन्येको छ भनि सोध्यो । तब बिलाम्ले आफ्नु उखान् गरि भन्यो
हे बालाक् उठेर सुन
हे सिप्पोर्का छोरा मेरा कुरामां कान् लगाउ .
ईश्वर् ता मान्छे होइन र उ झूठ् बोलोस् १९
अनि न मान्छेको छोरो र उ पछुतावस् .
के उस्ले भन्येको छ अनि गर्दैन
के उ बोल्येको छ अनि पूरो गर्दैन ।
हेर आशीर्बादै दिंनु मैले पायेको छु . २०
उचइंले आशीष् दियेको छ त मं त्यो उल्टाउंनु सक्दींन .
उस्ले ता याकूब्मां अधर्म्म पायेको छैन २१
अनि न इस्राएल्मां अट्टेरैं देख्येको छ .
त्यो सङ त्यस्को ईश्वर् यहवे छ
तिनिहरूको बीच्मां राजाको कराइ छ ।
तिनलाइ मिस्र देखि ईश्वरेले निकालि ल्याउंइ छ २२
त्यस्को बल् अर्नाको जस्तो छ ।
निस्से कोई मन्तर् याकूब् मांथि चल्नु सक्दैन २३

न इस्राएल्को बिरुद्धमां कोई अगम्.
ठीक् समयमां याकूब् र इस्राएल्को बिषयमां येसो भनीछ
ईश्वर्ले के गर्‍यो भनि ।
२४ हेर यो लोग् सिंहनी झैं उठ्छ
अनि सिंह झैं उभीछ .
त्येस्ले सिकार् न खाउंज्याल्
अनि मारीयेकोको रगत् न पिउंज्याल् सम्म ढल्कंदैन ।
२५ तब बालाक्ले बिलाम्लाइ भन्यो तिनलाइ न ता स्राप् न ता आशीष्
२६ दिंनु । तर बिलाम्ले बालाक्लाइ उत्तर् दिइ भन्यो के मैंले आफुलाइ
येसो भन्येको थिइंन जे यहवेले मंलाइ भन्ला त्येइ मैंले गर्नु पर्छ भनि ।
२७ तब बालाक्ले बिलाम्लाइ भन्यो कृपा गरिकन आउंनु हवस् मं आफुलाइ
येउटा अर्को ठांउमां पनि लैजाउं कोनि ईश्वर्लाइ वहां बाटो आफुले
२८ तिनिहरुलाइ मेरो लागि स्राप् दिंनु मन् पर्छ कि । त बालाक्ले बिलाम्लाइ
२९ येशीमोन् देखींने पोर्को थाप्रिमां लग्यो । तब बिलाम्ले बालाक्लाइ यहां
मेरो लागि सात्वटा बेदी बनायेर सात्वटा बाच्छा र सात्वटा थुमा यहां
३० मेरो लागि तियार् पार्नु हवस् भन्यो । त बालाक्ले बिलाम्ले भन्ये झैं
२४।१ गर्‍येर एक् एक् बेदिमां एक् एक् बाच्छा र एक् एक् थुमा चढायो । जब
बिलाम्ले यहवेको दृष्टिमां इस्राएल्लाइ आशीष् दिंनुने जाति लाग्द रछ
भनि देख्यो तब अरु अरु बेला झैं मन्तर् गर्नु गयेन तर आफ्नु मुख् बन्
२ तिर गर्‍यो । तब बिलाम्ले आंखा उचाल्येर इस्राएल्लाइ कुल् कुल्
गरि बास् गरि रह्येको देख्यो अनि ईश्वर्को आत्मा त्येस् मांथि उत्र्‍यो ।
३ अनि त्येस्ले आफ्नु उखान् गरि भन्यो
बओर्को छोरो बिलाम्को बाणी
जस् पुरुष्का आंखा थुनीयेका थिये त्येस्को बाणी
४ ईश्वर्का बचन् सुन्नेको बाणी
सर्वशक्तिमान्को दर्शन् पाउंनेको
लड्येर उघ्र्येका आंखा पाउंनेको.
५ हे याकूब् तेरो डेरा कत्ति राम्रा
हे इस्राएल् तेरा बास्हरु ।
६ ति खोल्चा जस्ता फिंजीयेका छन्
खोल्चाको छेउको बारी जस्तो
यहवेले रोप्येका अगर्का रुख्हरु जस्ता
अनि पानी निरका देवदारुहरु जस्तो ।
७ पानी त्येस्का ढुङ्गाहरु देखि उम्रि बहंद छ
अनि त्येस्को बीउ धेरै पानीमां हुंछ
अनि त्येस्को राजा अगाग् भन्दा महा हुंछ
अनि त्येस्को राज् अल्ग्याइंछ ।

त्येस्लाइ मिस्र देखि ईश्वरेले निकालि ल्याउंद छ ८
त्येस्को बल् अर्नाको जस्तो छ .
त्येस्ले आफ्नु वैरी अन्यदेसीहरुलाइ खाइ हाल्छ
अनि तिनका हाड्हरु चूर्ण पार्छ
अनि आफ्ना कांड्ले तिनलाइ घोचि मार्छ ।
त्यो दुमक्यो अं सिंहै झैं ढल्क्यो ९
अनि सिंहनी झैं . कस्ले त्येस्लाइ उठाउंछ
तंलाइ आशीष् दिंनेहरु सबै आशीर्बादी होउन्
तंलाइ स्राप्नेहरु सबै स्रापित् होउन् ।

तब बिलाम् मांथि बालाक्को रिस् उठ्यो अनि त्येस्ले तालि मार्‍यो . १०
अनि बालाक्ले बिलाम्लाइ भन्यो मैंले ता तिमिलाइ मेरा सत्तुर्हरुलाइ
स्राप् दिंनुलाइ पो बोलायें तर हेर अब यि तीन् खेप् आशीर्बादै पो दियौ ।
येस्कारण् अब आफ्नु ठांउमां भागि जाउ . मैंले तिमिलाइ औधि ११
मान्मां बढाउंछु भनि ठान्येको थियें तर हेर यहवेले तिमिलाइ मान् पाउंनु
देखि थुनि राख्यो । त बिलाम्ले बालाक्लाइ भन्यो जुन् दूत्हरुलाइ आफुले १२
मं थांइ पठाउंनु भयेको थियो क्ये मैंले तिनलाइ पनि येसो भन्येको थिइंन
बालाक्ले आफ्नु घर् भरि सुन् चांदी मंलाइ दियो भन्ये पनि मं यहवेले १३
भन्येको बाहिक् आफ्नु मन् देखि न भलो न बुरो गर्नु सक्दुं तर ज्ये यहवेले
भन्ला मं त्येइ भन्छु भनि । त अब हेर्नु हवस् मं आफ्ना लोग् भयेठांउ १४
जांद छु . तर सुन्नु हवस् मं आफुलाइ अन्तका दिनमां यो लोगले आफुका
लोगलाइ क्ये गर्छ भनि मतो दिइ कहि दिंद छु । त त्येस्ले आफ्नु १५
उखान् गरि भन्यो

बओर्को छोरो बिलाम्को बाणी
जस् पुरुष्का आंखा थुनीयेका थिये त्येस्को बाणी .
ईश्वर्को बचन् सुन्नेको बाणी १६
अनि परम् ईश्वर्को ज्ञान् जान्ने
सर्बशक्तिमान्को दर्शन् पाउंनेको
लड्रेर उघ्र्येका आंखा पाउंनेको .
उस्लाइ देख्छु तर ऐले होइन . १७
उस्लाइ हेर्छु तर नजिक् होइन .
याकूब् देखि येउटा तारा झुल्कंछ
अनि इस्राएल् देखि येउटा राजदण्ड उठ्छ
जस्ले मोआब्का कुंनाकांनो मारि सक्छ
अनि सबै झगरेबंशीहरुलाइ पछारि दिंछ ।
एदोम् त्येस्को अधिकार्मां पर्छ १८
त्येस्को सत्तुर् सईर् पनि अधिकार्मां पर्छ
त्येस बेला इस्राएल् बल गर्दै रहंछ ।

१९ अनि याकूबमांको कसैले प्रभुतेइँ गर्छ
अनि सहर् देखि बांच्येकाहरूलाइ पनि नास् पार्छ ।
२० फेरि त्येस्ले अमालेक् मांथि हेरि आफ्नु उखान् गरि भन्यो
अमालेक् अन्यदेसीहरूमांको पहिलो थियो
तर त्येस्को अन्त बिनासै हुंछ ।
२१ फेरि त्येस्ले केनीहरू मांथि हेरि आफ्नु उखान् गरि भन्यो
तेरो बास् बलियो छ
अनि तेरो गुंड पहरामां बनीयेको छ ।
२२ तैपनि केनीहरू उजारीछन्
कैले सम्म अश्शूरले तंलाइ बंधुवाईमां लैजांछ ।
२३ फेरि त्येस्ले आफ्नु उखान् गरि भन्यो
हाय् जब ईश्वरले यो गर्छ तब को बांच्छ ।
२४ तर कित्तीम् पट्टि बाटो जहाज् आउंछन्
अनि अश्शूरलाइ र एबेरलाइ पनि दुकव दिंछन्
अनि त्यो पनि नास् हुंछ ।
२५ तब बिलाम् उठेर आफ्नु ठांउमां फर्कि गयो. अनि बालाकले पनि
आफ्नु बाटो समात्यो ॥

इस्राएलीहरूले गर्‍येका मूर्त्तिपूजा ।

२५ १ इस्राएल् शित्तीम्मां रहंद थियो त लोगले मोआबी छोरीहरू
२ सित ब्यभिचार् गर्नु लाग्ये. कसोगरिभन्ये तिनिहरूले लोगलाइ आफ्ना
देवताका बलिदानमां निम्तो दिइन् त लोगले खायेर तिनका देवतालाइ
३ दण्डवत् गर्नु लाग्ये । त इस्राएल् बालपोर् सित बांधीयो . तब इस्राएल्
४ मांथि यहूवेको रिस् उठ्यो । अनि यहूवेले मूसालाइ भन्यो लोगका सबै
मूलहरूलाइ लियेर यहूवेको लागि घामको सांमु झुंड्याइ दे र यहूवेको
५ उठेको रिस् इस्राएल् देखि फर्कोस् । अनि मूसाले इस्राएलका
बिचारीहरूलाइ तिमिहरूले बालपोर् सित बांधीयेका आफ्ना आफ्ना
६ लोगलाइ काट भन्यो । अनि हेर इस्राएलबंशीहरूमांको एक् जनाले आयेर
मूसा र भेट् हुंने डेराको देलो निर रुंद गर्ने इस्राएलबंशीहरूको सिंगै
मंडलीको सांमु मिद्यानी आइमाइलाइ आफ्ना दाजुभाईहरू पांइ
७ ल्याउंदै रह्छ । अनि जसै हारून् पूजाहारीको छोरो एलाजारको छोरो
पीनहासले येसो गर्‍येको देख्यो त त्यो मंडलीको मांझ देखि उठेर आफ्नु
८ हातमां भाला लियेर डेरामां त्येस् इस्राएली पुरुषको पछि जाइ
लाग्येर ति दुवैलाइ छेंड़ि दियो त्येस् इस्राएली पुरुषलाइ र त्येस् आइमाइ
चइंलाइ त्येस्को पेटमां । येसोरि इस्राएलबंशीहरू देखि रूढ़ि थामीयो ।
९ रूढ़िले मर्‍येका मान्छेहरू चौबीस हजार् जना थिये ॥
१०
११ तब यहूवेले मूसालाइ येसो भन्यो हारून् पूजाहारीको छोरो

एलाजार्को छोरो पीनृहासले इस्राएलबंशीहरूको बीचमा मं रापीयेको
झै रापीयो अनि त्यो देखि त्यस्ले मेरो क्रोध् तिनिहरू देखि फर्काइ दियो
मैले आफ्नु रापीलो मनले इस्राएलबंशीहरूलाइ नष्ट न पार्नज्याल् सम्म ।
येस्कारण् येसो भन् सुन् मं त्यो सित आफ्नु मिलाप्को नियम् बांधद्छु . १२
त त्येस्को लागि र त्येस् पछि त्येस्का बंशको लागि सनातन् पूजाहारीगिरिको १३
नियम् हुंछ किनभन्ये त्यो आफ्नु ईश्वर्को लागि रापीलो भयो अनि
इस्राएलबंशीहरूको लागि प्रायश्चित्त गर्यो । जुन् इस्राएली पुरुष् मारीयो १४
अर्थात् जो मिद्यानी आइमाइ सित मारीयो त्येस्को नांउ जिम्री थियो
त्यो सालूको छोरो र शिमोन्बंशीमांको पित्रहरूको घर्को मालिक् थियो ।
अनि मारीयेकी मिद्यानी आइमाइको नांउ सूर्की छोरी कोजबी थियो १५
जो मिद्यान्मां पित्रहरूको घर्मां लोगको मूल् थियो ॥

फेरि यहवेले मूसालाइ येसो भन्यो मिद्यानीहरूलाइ सता अनि १६
१७
तिनलाइ मार् . किनभन्ये पोर्को बिषय् र कोजबीको बिषय् जो १८
मिद्यान्को येउटा मालिक्की छोरी र तिनिहरूकी बैनी थिई अनि पोर्को
बिषय्को रूढ़ि चल्येको बेलामां मारीई तिनिहरूले तिमिहरू सित छल्
गरि गरिकन सताउंद छन् ॥

इस्राएलीहरूको दोस्रो गनाई ।

फेरि त्येस् रूढ़ि पछि येसो भयो यहवेले मूसालाइ र हारून् २६ १
पूजाहारीको छोरो एलाजार्लाइ येसो भन्यो इस्राएल्बंशीहरूको सिंगै २
मंडलीको जत्तिको उमेर् बीस् बर्षको कि त्यो भन्दा बेसि होला अर्थात्
इस्राएल्मां जो जो लड़ाईं गर्नलाइ निक्लंने माफिक्का हुंनन् तिनका
पित्रहरूका घर् घर् अनूसार् गन्ति गर् । त मूसा र एलाजार् पूजाहारीले ३
यरीहो निर यर्दन् नदीको तीर्मां मोआब्को मैदान्मां तिनिहरू सित
कुरा गरि भन्यो बीस् बर्ष र त्यो भन्दा बेसि उमेर्का हुंनेहरूलाइ ४
गन् जसो यहवेले मूसालाइ मिस्र देखि निस्कि आयेका इस्राएल्बंशी-
हरूलाइ आज्ञा दियेको थियो ॥

रूबेन् इस्राएल्को जेठो . रूबेन्का छोराहरू हनोक् जो देखि ५
हनोकीहरूका जहान् . पल्लु जो देखि पल्लुइहरूका जहान् . हिस्रोन् जो ६
देखि हिस्रोनीहरूका जहान् . कर्म्मी जो देखि कर्म्मीहरूका जहान् ।
रूबेनीहरूका जहान् यिनै हुन् . अनि तिनिहरूमांका गनीयेकाहरू तेंतालीस् ७
हजार् र सात् सै तीस् जना थिये । अनि पल्लुबंशीको एलीआब् । अनि ८
९
एलिआब्का छोराहरू नमूएल दातान् र अबीराम् । तिनिहरू तिनै मंडलीमां
बोलाईयेका दातान् र अबीराम् हुन् जस्ले कोरह्को गट्ठामां भइ मूसा र
हारून् सित झगरा गर्ये जब यहवे सित झगरा गर्येका थिये . अनि जब त्यो १०
गट्ठा मरि गयो अनि दुइ सै र पचास् जना आगोले भस्म भये तब पृथिवीले
आफ्नु मुख् बायेर तिनिहरूलाइ कोरह् समेतलाइ निलि दियो

११ अनि तिनिहरु येउटा चिंनुइ भइ गये। तैपनि कोरहका छोराहरु ता
मंय्यनन् ॥
१२ शिमोनवंशीहरु तिनिहरुका जहान् जहान् अनुसार्. नमूएल् जो
देखि नमूएलीहरुका जहान्. यामीन् जो देखि यामीनीहरुका जहान्.
१३ याकीन् जो देखि याकीनीहरुका जहान्. जेरह् जो देखि जेरहीहरुका
१४ जहान्. शाऊल् जो देखि शाऊलेहरुका जहान्। शिमोनीहरुका जहान्
यिनै हुन् बाईस् हजार् र दुइ सै जना ॥
१५ गादवंशीहरु तिनिहरुका जहान् जहान् अनुसार्. सपोन् जो देखि
१६ सपोनीहरुका जहान्. हाग्गी जो देखि हाग्गीहरुका जहान्. शूनी जो देखि
शूनीहरुका जहान्. ओजनी जो देखि ओजनीहरुका जहान्. एरी जो
१७ देखि एरीहरुका जहान्. अरोद् जो देखि अरोदीहरुका जहान्. अरेली
१८ जो देखि अरेलीहरुका जहान्। गादवंशीहरुमांका जो जो गनीये तिनका
जहान् यिनै हुन् चालीस् हजार् र पांच् सै जना ॥
१९ यहूदावंशीहरु एर् र ओनान्. तर एर् र ओनान् कनान् देसमां
२० मरि गये। त यहूदाका छोराहरु तिनिहरुका जहान् जहान् अनुसा्
यिनिहरु थिये शेला जो देखि शेलानीहरुका जहान्. पेरेस् जो देखि
२१ पेरेसीहरुका जहान्. जेरह् जो देखि जेराहीहरुका जहान्। अनि पेरेसका
छोराहरु यिनिहरु थिये हेस्रोन् जो देखि हेस्रोनीहरुका जहान्. हमूल्
२२ जो देखि हमूलीहरुका जहान्। यहूदाका जो जो गनीये तिनका जहान्
यिनै हुन् छिहत्तर् हजार् र पांच् सै जना ॥
२३ इस्साकारवंशीहरु तिनका जहान् जहान् अनुसार्. तोला जो देखि
२४ तोलाहीहरुका जहान्. पुव्वा जो देखि पूनीहरुका जहान्. याशूब् जो
देखि याशूबीहरुका जहान्. शिम्रोन् जो देखि शिम्रोनीहरुका जहान्।
२५ इस्साकारका जो जो गनीये तिनका जहान् यिनै हुन् चौसठ् हजार् र
तीन् सै जना ॥
२६ जबूलूनवंशीहरु तिनका जहान् जहान् अनुसार्. सेरेद् जो देखि
सेरेदीहरुका जहान्. एलोन् जो देखि एलोनीहरुका जहान्. यहलेल् जो
२७ देखि यहलेलीहरुका जहान्। जबूलूनीहरुका जो जो गनीये तिनका
जहान् यिनै हुन् साठ् हजार् र पांच् सै जना ॥
२८ यूसुफवंशीहरु तिनका जहान् जहान् अनुसार्. मनश्शे र एफ्रैम्।
२९ मनश्शेका छोराहरु. माकीर् जो देखि माकीरीहरुका जहान्. माकीर्
३० देखि गिलाद् जन्म्यो. गिलाद् देखि गिलादीहरुका जहान्। गिलादका
छोराहरु यिनै हुन् ईएजेर् जो देखि ईएजेरीहरुका जहान्. हेलेक् जो
३१ देखि हेलेकीहरुका जहान्. अस्रीएल् जो देखि अस्रीएलीहरुका जहान्.
३२ शेकेम् जो देखि शेकेमीहरुका जहान्. शमीदा जो देखि शमीदीहरुका
३३ जहान्. हेपेर् जो देखि हेपेरीहरुका जहान्। अनि हेपेरको छोरो
सलोफादका छोराहरु होइन तर खालि छोरीहरु थिइन्. अनि सलोफाद्

की छोरीहरूका नांवहरू महला नोआ होग्ला मिल्का र तिर्सा थिये।
मनश्शेका जहान् यिनै थिये. अनि तिनिहरूमांका जो जो गनीये बावन् ३४
हजार् र सात् सै जना थिये॥

एफ्रैमबंशीहरू तिनका जहान् जहान् अनुसार् यिनै हुन्. शूतेलह् ३५
जो देखि शूतेलीहरूका जहान्. बेकेर् जो देखि बेकेरीहरूका जहान्.
तहन् जो देखि तहनीहरूका जहान्। अनि शूतेलहका छोराहरू यि हुन्. ३६
एरान् जो देखि एरानीहरूका जहान्। एफ्रैमबंशीहरूमांका जो जो गनीये ३७
तिनका जहान् यिनै हुन् बत्तीस् हजार् र पांच् सै जना। यूसुफबंशीहरू
तिनका जहान् अनुसार् यिनै हुन्॥

बिन्यामीनबंशीहरू तिनका जहान् जहान् अनुसार्. बेला जो देखि ३८
बेलईहरूका जहान्. अश्बेल् जो देखि अश्बेलीहरूका जहान्. अहीराम्
जो देखि अहीरामीहरूका जहान्. शपूपाम् जो देखि शपूपामीहरूका जहान्. ३९
हूपाम् जो देखि हूपामीहरूका जहान्। अनि बेलाका छोराहरू अर्द् र ४०
नामान्. अर्द् देखि अर्दीहरूका जहान्. नामान् देखि नामानीहरूका
जहान्। बिन्यामीनबंशीहरू यिनै हुन् तिनिहरूका जहान् जहान् अनुसार्. ४१
अनि तिनिहरूमांका जो जो गनीये संतालीस् हजार् र छ सै जना थिये॥

दानबंशीहरू तिनका जहान् जहान् अनुसार् यिनै हुन्. शूहाम् ४२
जो देखि शूहामीहरूका जहान्। दानका जहान् तिनका जहान् जहान्
अनुसार् यिनै हुन्। शूहामीहरूमांका जो जो गनीये तिनका सबै जहान् ४३
चौंसठ् हजार् र चार् सै जना थिये॥

आशेरबंशीहरू तिनका जहान् जहान् अनुसार्. यिम्ना जो देखि ४४
यिम्नीहरूका जहान्. यिश्वी जो देखि यिश्वीहरूका जहान्. बरीया जो
देखि बरीयीहरूका जहान्। बरीयाका छोराहरू देखि. हेबेर् जो देखि ४५
हेबेरीहरूका जहान्. मल्कीएल् जो देखि मल्कीएलीहरूका जहान्। अनि ४६
आशेरकी छोरीको नांउ सरह् थियो। आशेरबंशीहरूमांका जो जो गनीये ४७
तिनका जहान् यिनै थिये तिर्पन् हजार् र चार् सै जना॥

नप्तालीबंशीहरू तिनका जहान् जहान् अनुसार्. यहसेल् जो देखि ४८
यहसेलीहरूका जहान्. गूनी जो देखि गूनीहरूका जहान्. येसेर् जो ४९
देखि येसेरीहरूका जहान्. शिल्लेम् जो देखि शिल्लेमीहरूका जहान्।
नप्तालीका जहान् तिनका जहान् जहान् अनुसार् यिनै हुन्. अनि ५०
तिनिहरूमांका जो जो गनीये ति पैंतालीस् हजार् र चार् सै जना थिये॥

गनीयेका सबै इस्राएलबंशीहरू येति हुन् छ लाख् एक् हजार् सात् ५१
सैं र तीस् जना॥

फेरि यहोवेले मूसालाइ येसो भन्यो यिनैको बीचमां तिनका ५२ ५३
नांउको गन्ति अनुसार् देस् तिनिहरूको अधिकारको लागि बांड्। बेसि ५४
हुंनेहरूलाइ बेसि भाग् अनि कम् हुंनेहरूलाइ कम् भाग् दिंनु. एक्
एकलाइ त्येका गनीयेका लोग् अनुसार् त्येको भाग् दिईओस्। तैपनि देस् ५५

चिट्ठा हालि हालि बांड़ीओस् . तिनिहरुले आफ्ना आफ्ना कुल्हरुका
५६ नांउ अनसार् आफ्ना आफ्ना अधिकार् पाउन् । थेरैहरु र थोरैहरुको
बीच्मां अधिकार् चिट्ठा हालीयेको अनसार् बांड़ीओस् ॥
५७ फेरि लेवीहरुमांका जो जो गनीये तिनका जहान् जहान् अनसार्
यिनै हुन् . गेर्शोन् जो देखि गेर्शोनीहरुका जहान् . कहात् जो देखि
५८ कहातीहरुका जहान् . मरारी जो देखि मरारीहरुका जहान् । लेवीहरुका
जहान् यिनै हुन् . लिब्निहरुका जहान् हेब्रोनीहरुका जहान् महलीहरुका
जहान् मूशीहरुका जहान् कोरहीहरुका जहान् . अनि कहात् देखि
५९ अम्राम् जन्म्यो । अनि अम्रामको स्वास्नीको नांउ योकेबेद् थियो त्यो
लेवीको छोरी थिई जस्लाइ लेवीको लागि मिस्रमां जन्माईयेको थिई .
अनि त्येस्ले अम्रामको लागि हारुन् र मूशा र तिनकी दिदी मरियम्लाइ
६० जन्माई । अनि हारुनको लागि नादाब् र अबीहू एलाजार् र ईतामार् जन्म्ये ।
६१ तर नादाब् र अबीहू त्येस् बेला मंरि गये जब तिनिहरुले यहवेको सांमु
६२ अन्यआगो चढ़ायेका थिये । अनि तिनका गनीयेका जत्ति पुरुष् एक्
महीनाका कि त्यो भन्दा बेसिका थिये ति सबै तेईस् हजार् थिये .
कसोगरिभन्ये तिनिहरु इस्राएलवंशीहरुको बीच्मां गनीयेनन् किनभन्ये
तिनिहरुलाइ इस्राएल्वंशीहरुको बीच्मां कोई भाग् थियेन ॥
६३ त मूशा र एलाजार् पूजाहारी देखि गनीयेकाहरु यिनै हुन् जस्ले
इस्राएलवंशीहरुलाइ यरीहोमां यर्दन् नदीको तीर्मां मोआबको मैदान्मां
६४ गन्ये । तर तिनिहरुको बीच्मां मूशा र हारुन् पूजाहारी देखि
गनीयेकाहरुमांको कोई पनि थियेन जस्ले इस्राएलवंशीहरुलाइ सीनैको
६५ बन्मां गन्येका थिये । किनभन्ये यहवेले तिनिहरुको बिषयमां तिनिहरु निस्से
बन्मां मंर्नन् भन्येको थियो । त यपुन्नेको छोरो कालेब् र नूनको छोरो
यहोशूअ छाड़ि ति लोग्मांको येउटा मान्छे पनि बांचि रह्यको थियेन ॥

(छोरीहरु बाबुहरुको धन्सम्पत्तिको अधिकारीनी हुंनु)

२७१ तब यूसुफको छोरो मनश्शेका जहान्हरुमांको मनश्शेको छोरो
माकीरको छोरो गिलादको छोरो हेपेरको छोरो सलोफादको छोरीहरु छेउ
आइन् . अनि त्येस्को छोरीहरुका नांउ यिनै हुन् अर्थात् महला नोआ
२ होग्ला मिल्का र तिर्सा । अनि तिनिहरुले मूशा र एलाजार् पूजाहारी र
मालिकहरु र सिंगै मंडलीको सांमु भेट् हुंने डेराको दैलो निर उभीयेर
३ भन्नु लागिन् हांमिहरुका बाबु बन्मां मंरि गये अनि उनि त्यो
कोरहको गट्ठा सङ भयेर यहवेको बिरुद्धमां भेला गराईयेको गट्ठाको
खाल्मां थियेनन् . तर उनि आफ्नु पाप्मां मंर्ये अनि उनको कोई छोरा
४ थियेन । त हांमिहरुका बाबुको नांउ किन उनको सन्तान् देखि उनको कोई

छोरा छैन भन्येर मेटीओस्। त हामिहरुका बाबुका दाज्युभाईहरुको बीच्मां
हामिहरुलाइ भाग् दिंनु हवस्। तब मूसाले तिनको कुरा यह्वेको सांमु ५
लग्यो। अनि यह्वेले मूसालाइ येसो भन्यो सलोफादको छोरीहरुले ६
ठीक् भन्द छिन्. तैंले तिनिहरुको बाबुका दाज्युभाईहरुको बीच्मां तिनलाइ
अवस्से भाग्को अधिकार् गरि दे अनि तिनको बाबुको भाग् तिनिहरुलाइ
पर्न गरा। अनि इस्राएलवंशीहरुलाइ येसो भन् कोई मान्छे अपुत्र भइ ८
मंर्यो भन्ये त्येस्को भाग् त्येस्को छोरीलाइ पर्न गराउंनु। अनि त्येस्को कोई ९
छोरी पनि छैन भन्ये त्येस्को भाग् त्येस्का दाज्युभाईहरुलाइ दिंनु। अनि त्येस्का १०
दाज्युभाई पनि छैनन् भन्ये त्येस्को भाग् त्येस्को बाबुका दाज्युभाईहरुलाइ
दिंनु। अनि त्येस्को बाबुका दाज्युभाई पनि छैनन् भन्ये त्येस्को भाग् त्येस्को ११
कुलमांको सबै भन्दा नजिकको सांइनुकोलाइ दिंनु र त्यो त्येस्को अधिकारी
हवस्. अनि यो इस्राएलवंशीहरुको लागि नियाको बिधि हवस् जसो
यह्वेले मूसालाइ आज्ञा गर्येको थियो॥

(मूसा र यहोशूअको विषय्)

अनि यह्वेले मूसालाइ भन्यो यो अबारीम् भनींने डांड़ामां चढ़ेर १२
त्यो देस् हेर् जो मैंले इस्राएलवंशीहरुलाइ दियेको छु। अनि जब तैंले त्यो १३
हेर्येको हुंछ तब तं पनि आफ्नु दाज्यु हारुन् झैं आफ्ना लोग्हरुमां मिसीं-
छस्. किनभन्ये सीन्को बनमां तिमिहरु दुवैले मंडलीको झगराको बेलामां १४
मेरो बचनको बिरुद्धमां झगरा गर्यौ अनि मंलाइ पानीको ठांउमां तिनको
दृष्टिमां पवित्र ठहरायौन। (सीन्को बनमां भयेको कादेशको मरीबाका
पानी थिये हुन्)। तब मूसाले यह्वेलाइ येसो भन्यो यह्वेले सबै १५ १६
जीवधारीहरुका आत्माहरुको ईश्वरले मंडली मांथि कसैलाइ खटाइ
दिंनु हवस् जस्ले तिनिहरुको अघि अघि आउंने जांने गर्छ अनि १७
तिनिहरुलाइ भित्र बाहर ल्याउंछ लैजांछ र यह्वेको मंडली गोठाला न
भयेका भेंड़ाहरु जस्ता न हवस्। अनि यह्वेले मूसालाइ भन्यो तैंले नूनको १८
छोरो यहोशूअलाइ ली जो आत्मा बस्येको मान्छे छ अनि त्येस् मांथि
आफ्ना हात् राख् अनि त्येस्लाइ एलाजार् पूजाहारीको र सिंगै १९
मंडलीको सांमु उभ्या अनि तिनिहरुको सांमु त्येस्लाइ आज्ञा दे। अनि २०
आफ्नु प्रताप्मांको त्येस्लाइ पनि दे र इस्राएलवंशीहरुको सिंगै मंडलीले
त्येस्लाइ मानोस्। अनि त्यो एलाजार् पूजाहारीको सांमु उभींने गरोस् जस्ले २१
त्येस्को लागि यह्वेको सांमु ऊरीमको नियाको बाटोले सोधने गरोस्. अनि
त्यो सिंगै इस्राएलवंशीहरु समेत् अं सिंगै मंडली त्येसैको आज्ञा अनसार्
जांने गरोस् अनि त्येसैको आज्ञा अनसार् आउंने गरोस्। त मूसाले यह्वेको २२
आज्ञा अनसार् गर्यो. अनि यहोशूअलाइ लियेर एलाजार् पूजाहारी र
सिंगै मंडलीको सांमु उभ्यायो. अनि त्येस् मांथि आफ्ना हात् राख्यो अनि २३
त्येस्लाइ आज्ञा दियो जसो यह्वेले मूसाको बाटोले भन्येको थियो॥

(भेटिको बिषय्को ब्यवस्था)

२८ १ २ फेरि यहवेले मूसालाइ येसो भन्यो इस्राएल्बंशीहरुलाइ
येसो भनि आज्ञा दे मेरो भेटि अं मेरो अग्निहोम्को भोजन् जो मेरो लागि
बास्ना हुंनुलाइ छ तिमिहरुले मेरो लागि त्येस्को ठहराईयेको समयमां
३ चढाउंनुलाइ ध्यान् राख्नु । अनि तैंले तिनलाइ भन् तिमिहरुले
यहवेको लागि चढाउंनु पर्ने अग्निहोम् येइ हो अर्थात् नित्ये होमबलिको
लागि पहिलो बर्षका निषखोट् पाठाहरु दिनहूं दुइ दुइ गरि चढाउंनु ।
४ ५ येउटा चइं पाठा बिहान चढाउंनु अनि अर्कौ चइं बेलुका अनि
अन्नबलि गरि एक् पावा हीन् कुठेरको तेल्मां मुछेको एपाको दर्सौं हिस्सा
६ निखरा पिठो पनि । यो त्येइ नित्ये होमबलि हो जो सीनै पर्वत्मां बास्ना
७ हुंनुलाइ यहवेको लागि होमबलि ठहराईयेको थियो । अनि त्येस्को
खन्याईबलि येउटा पाठा सङ एक् पावा हीन् हवस् . पवित्रस्थान्मां मद्यको
८ खन्याईबलि यहवेको लागि खन्याउंनु । अनि अर्कौ चइं पाठा बेलुका
चढाउंनु . बिहानको अन्नबलि र त्येस्को खन्याईबलि अनुसार् यो पनि
यहवेको लागि बास्ना हुंनुलाइ अग्निहोम् गरि चढाउंनु ॥
९ अनि बिश्राम्दिनमां पहिलो बर्षका दुवटा निषखोट् पाठाहरु र
अन्नबलिको लागि तेल्ले मुछेको एपाको दुइ दर्सौं अंश पिठो त्येस्को
१० खन्याईबलि समेत् चढाउंनु . नित्येको होमबलि र त्येस्का खन्याईबलि देखि
बाहिक् एक् एक् बिश्राम्दिन्को होमबलि येइ हो ॥
११ फेरि आफ्ना महीना महीनाको थाल्नि थाल्निमां यहवेको लागि
येउटा होमबलि चढाउंनु अर्थात् दुवटा बाच्छा येउटा थुमा र पहिलो
१२ बर्षका सात्वटा निषखोट् पाठाहरु अनि बाच्छा पिच्छे तेल्ले मुछेको
एपाको तीन् दर्सौं अंश पिठो अन्नबलि गरि अनि त्यो येउटा थुमा सित
१३ तेल्ले मुछेको एपाको दर्सौं अंश पिठो अन्नबलि गरि अनि पाठा
पिच्छे तेल्ले मुछेको एपाको दर्सौं अंश पिठो अन्नबलि गरि बास्ना
१४ हुंनुलाइ होमबलि यहवेको लागि अग्निहोम् । अनि तिनका खन्याईबलि
यि हुन् अर्थात् बाच्छा पिच्छे आधा हीन् थुमा पिच्छे तृखण्ड हीन् र
पाठा पिच्छे एक् पावा हीन् दाखरस् . बर्षका सब्बै महीनामां एक् एक्
१५ महीनाको होमबलि येइ हो । अनि येउटा बाखा पापबलि गरि यहवेको
लागि चढाईओस् त्यो नित्येको होमबलि र त्येस्को खन्याईबलि देखि
बाहिक् चढाईओस् ॥
१६ फेरि पहिलो महीनाको चौधौं तिथिमां यहवेको निस्तार्चाड् हवस् ।
१७ अनि त्येसै महीनाको पन्द्रहौं तिथिमां चाड् हुंछ . सात् दिन् सम्म अखमीरे
१८ रोटी खाईओस् । पहिलो दिनमां पवित्र सभा हवस् त्येसमां दास्तिको
१९ कोइ काम् न गर्नु . तर तिमिहरुले येउटा अग्निहोम् अं यहवेको लागि
होमबलि चढाउंनु अर्थात् दुवटा बाच्छा येउटा थुमा र पहिलो बर्षका

सातवटा पाठाहरु . यि सबै तिमिहरुको लागि निषखोट् होउन् . अनि २०
तिनका अन्नबलि तेलले मुछेको पिठो . बाच्छा पिच्छे एपाको तीन् दसौं
अंश र थुमा सित दुइ दसौं अंश सातै पाठा पिच्छे एपाको दसौं अंश २१
पिठो अनि येउटा बाखा पापबलि गरि तिमिहरुको लागि प्रायश्चित्त २२
हुंनुलाइ चढाउंनु । बिहान्को होमबलि देखि बाहिक् जो नित्यको २३
होमबलि हो यि सबै पनि चढाउंनु । येइ रीतले तिमिहरुले सात् दिन् २४
सम्म दिनहूं अग्निहोमको भोजन् चढाउंनु यहवेको लागि बास्ना हुंनुलाइ .
त्यो नित्यको होमबलि र त्यस्को खन्याईबलि बाहिक् चढाईओस् । अनि २५
सातौं दिन्मां तिमिहरुको येउटा पवित्र सभा हवस् दास्तिको कोइ काम्
न गर्नु ॥

फेरि अगौटेफलको दिन्मां जब तिमिहरुले आफ्ना सात् सातेचाडूमां २६
यहवेको लागि नया अन्नबलि चढाओला तब तिमिहरुको येउटा पवित्र
सभा हुंछ दास्तिको कोइ काम् न गर्नु . तर यहवेको लागि बास्ना हुंनुलाइ २७
होमबलि अर्थात् दुवटा बाच्छा येउटा थुमा र पहिलो बर्षका सातवटा
पाठा अनि तिनको अन्नबलि तेलले मुछेको पिठो बाच्छा पिच्छे २८
एपाको तीन् दसौं अंश र त्यस् येउटा थुमा सित एपाको दुइ दसौं अंश
अनि सातै पाठा पिच्छे एपाको दसौं अंश पिठो अनि येउटा बाखा २९ ३०
तिमिहरुको लागि प्रायश्चित्त हुंनुलाइ चढाउंनु । यि सबै तिमिहरुको ३१
लागि निषखोट् होउन् अनि नित्यको होमबलि र त्यस्को अन्नबलि र
तिनका खन्याईबलि बाहिक् चढाउंनु ॥

फेरि सातौं महीनाको पहिलो तिथिमां तिमिहरुको येउटा पवित्र २९ १
सभा हवस् दास्तिको कोइ काम् न गर्नु . त्यो तिमिहरुको लागि तुरही
बजाइने दिन् हो । अनि तिमिहरुले यहवेको लागि बास्ना हुंनुलाइ २
येउटा होमबलि चढाउंनु अर्थात् येउटा बाच्छा येउटा थुमा र पहिलो
बर्षका सातवटा निषखोट् पाठा . अनि तिनका अन्नबलि तेलले मुछेको ३
पिठो बाच्छा सित एपाको तीन् दसौं अंश र थुमा सित एपाको दुइ दसौं
अंश अनि सातै पाठा पिच्छे एपाको दसौं अंश पिठो . अनि येउटा ४ ५
बाखा पापबलि गरि तिमिहरुको लागि प्रायश्चित्त हुंनुलाइ . यिनिहरु ता ६
मास होमबलि र त्यस्को अन्नबलि देखि र नित्यको होमबलि त्यस्को
अन्नबलि र तिनका खन्याईबलि देखि बाहिक् होउन् जो आफ्ना आफ्ना
बिधि अनुसार् यहवेको लागि बास्ना हुंनुलाइ अग्निहोम् गरि चढाईउन् ॥

फेरि त्यसै सातौं महीनाको दसौं तिथिमां तिमिहरुको येउटा पवित्र ७
सभा हवस् अनि तिमिहरुले आफ्नु आफ्नु प्राणलाइ कष्ट दिंनु अनि
कोई प्रकारको कामकाज् न गर्नु . तर यहवेको लागि बास्ना हुंनुलाइ ८
होमबलि चढाउंनु अर्थात् येउटा बाच्छा येउटा थुमा र पहिलो
बर्षका सातवटा पाठा यि सबै तिमिहरुको लागि निषखोट् होउन् .
अनि तिनको अन्नबलि तेलले मुछेको पिठो अर्थात बाच्छा सित एपाको ९

१० तीन् दसौं अंश थुमा सित एपाको दुइ दसौं अंश र साते पाठा पिच्छे
११ एपाको दसौं अंश पिठो चढ़ाउंनु . अनि पापबलिको लागि येउटा बाखा .
यि सबै प्रायश्चित्तको पापबलि र नित्येको होमबलि र त्येस्को अन्नबलि
देखि र तिनका खन्याईबलि देखि बाहिक् चढ़ाईउन् ॥
१२ फेरि सातौं माहीनाको पन्द्रहौं तिथिमां तिमिहरुको येउटा पवित्र सभा
हवस् दास्तिको कोइ काम् न गर्नु अनि सात् दिन् सम्म यहवेको लागि
१३ चाडू मान्नु गर्नु . अनि यहवेको लागि बास्ना हुंनुलाइ येउटा होमबलि
अग्निहोम् गरि चढ़ाउंनु अर्थात् तेरहवटा बाच्छा दुवटा थुमा र पहिलो
१४ बर्षका चौधवटा पाठा ति सबै निषखोट् होउन् . अनि तिनको अन्नबलि
तेलले मुछेको पिठो हवस् अर्थात् तेरहवटा बाच्छा पिच्छे एपाको तीन्
१५ दसौं अंश दुवै थुमा पिच्छे एपाको दुइ दसौं अंश अनि चौधै पाठा
१६ पिच्छे एपाको दसौं अंश पिठो . अनि पापबलिको लागि येउटा बाखा .
यि सबै त्यो नित्येको होमबलि र त्येस्को अन्नबलि र त्येस्को खन्याईबलि
देखि बाहिक् चढ़ाईउन् ॥
१७ फेरि भोलि पल्टो बाहवटा बाच्छा र दुवटा थुमा र पहिलो बर्षका
१८ चौधवटा निषखोट् पाठा पनि चढ़ाउंनु . अनि बाच्छाहरु थुमाहरु र पाठाहरु
१९ सित तिनका अन्नबलि र तिनको गन्ति अनसार बिधि अनसार होउन् . अनि
पापबलिको लागि येउटा बाखा . यि सबै त्यो नित्येको होमबलि देखि र
त्येस्को अन्नबलि देखि र तिनको खन्याईबलि देखि बाहिक् चढ़ाईउन् ॥
२० फेरि तीस्रो दिनमां एघारवटा बाच्छा दुवटा थुमा र पहिलो बर्षका
२१ चौधवटा निषखोट् पाठा चढ़ाउंनु अनि बाच्छाहरु थुमाहरु र
पाठाहरु सित तिनका अन्नबलि र तिनको गन्ति अनसार बिधि अनसार
२२ होउन् . अनि पापबलिको लागि येउटा बाखा . यि सबै त्यो नित्येको
होमबलि र त्येस्को अन्नबलि र खन्याईबलि देखि बाहिक् चढ़ाईउन् ॥
२३ फेरि चौथो दिनमां दसवटा बाच्छा दुवटा थुमा र पहिलो बर्षका
२४ चौधवटा निषखोट् पाठा चढ़ाउंनु . बाच्छाहरु थुमाहरु र पाठाहरु सित
तिनका अन्नबलि र खन्याईबलि तिनको गन्ति अनसार बिधि अनसार
२५ होउन् . अनि पापबलिको लागि येउटा बाखा . यि सबै त्यो नित्येको
होमबलि र त्येस्को अन्नबलि र खन्याईबलि देखि बाहिक् चढ़ाईउन् ॥
२६ फेरि पांचौं दिनमां नौवटा बाच्छा दुवटा थुमा र पहिलो बर्षका
२७ चौधवटा निषखोट् पाठा चढ़ाउंनु . अनि बाच्छाहरु थुमाहरु र पाठाहरु
सित तिनको अन्नबलि र खन्याईबलि तिनको गन्ति अनसार बिधि अनसार
२८ होउन् . अनि पापबलिको लागि येउटा बाखा . यि सबै त्यो नित्येको
होमबलि र त्येस्को अन्नबलि र खन्याईबलि देखि बाहिक् चढ़ाईउन् ॥
२९ फेरि छैठो दिनमां आठवटा बाच्छा दुवटा थुमा र पहिल बर्षका
३० चौधवटा निषखोट् पाठा चढ़ाउंनु . अनि बाच्छाहरु थुमाहरु र पाठाहरु
र खन्याईबलि तिनको गन्ति अनसार बिधि

अनसार् होउन् . अनि पापब्रलिको लागि येउटा बाखा . यि सबै त्यो ३१
नित्येको होमब्रलि र त्येस्को अन्नब्रलि र खन्याईब्रलि देखि बाहिक् चढ़ाईउन् ॥
फेरि सातौं दिनमां सातवटा बाच्छा र पहिलो बर्षका चौधवटा ३२
निषखोट् पाठा चढ़ाउंनु . अनि बाच्छाहरू थुमाहरू र पाठाहरू सित ३३
तिनको अन्नब्रलि र खन्याईब्रलि तिनको गन्ति अनसार् बिधि अनसार्
होउन् . अनि पापब्रलिको लागि येउटा बाखा . यि सबै त्यो नित्येको ३४
होमब्रलि र त्येस्को अन्नब्रलि र खन्याईब्रलि देखि बाहिक् चढ़ाईउन् ॥
फेरि आठौं दिनमां तिमिहरूको येउटा पवित्र सभा हवस् . तिमिहरूले ३५
दास्तिको क्येइ काम् न गर्नु . अनि तिमिहरूले येउटा होमब्रलि यहवेको ३६
लागि बास्ना हुंनुलाइ अग्निहोम् गरि चढ़ाउंनु . येउटा बाच्छा येउटा थुमा
र पहिलो बर्षका सातवटा निषखोट् पाठा . बाच्छाहरू थुमाहरू र पाठाहरू ३७
सित तिनको अन्नब्रलि र खन्याईब्रलि तिनको गन्ति अनसार बिधि अनसार्
होउन् . अनि पापब्रलिको लागि येउटा बाखा . यि सबै त्यो नित्येको ३८
होमब्रलि र त्येस्को अन्नब्रलि र तिनको खन्याईब्रलि देखि बाहिक् चढ़ाईउन् ॥
तिमिहरूले आफ्ना भाकल् र मनमानि ब्रलिहरू देखि बाहिक् ३९
आफ्ना आफ्ना ठहराईयेका चाडूहरूमां आ ना आफ्ना होमब्रलिहरू र
अन्नब्रलिहरू र खन्याईब्रलिहरू र मिलापब्रलिहरूक बिषयमां यहवेको लागि
यिनै चढ़ाउंनु । त मूसाले इस्राएलब्रंशीहरूलाइ यहवेले त्येस्लाइ गर्येका ४०
सबै आज्ञा अनसार् कहि सुनायो ॥

(भाकल्को बिषयका बिधिहरू

फेरि मूसाले इस्राएलब्रंशीहरूका कुलहरूका मूलहरूलाइ येसो ३० १
भन्यो जुन आज्ञा यहवेले दियो त्यो येइ हो । जस् पुरुषले यहवेलाइ भाकल् २
गर्लो कि आफ्नु प्राणलाइ बन्धनले बांधनुको लागि किरिया खाला त्येस्ले
आफ्नु बचन् न काटोस् तर ज्ये त्येस्को मुख् बाटो निस्क्येको होला त्येइ ३
अनसार् गरोस् । अनि जस् स्त्रीले यहवेलाइ भाकल् गर्लो अनि आफ्नु
बालख बेलामां आफ्नु बाबुको घरमां रहंदा आफुलाइ बन्धनले बांधलो
त्येस्को बाबुले त्येस्को भाकल् र त्येस्ले आफ्नु प्राणलाइ बांध्येको त्येस्को कुरो ४
सुन्येर त्येस्को बिषयमां चुप लागि रह्यो भन्ये . त त्येस् केटीका सबै
भाकल् स्थिर् भइ रहुन् अनि त्येस्ले आफ्नु प्राणलाइ बांध्येको बन्धन् पनि
स्थिर् रहोस् । तर त्येस्को बाबुले त्येस्को कुरा सुन्येर त्येसै दिन् त्यो देखि ५
मान्येन भन्ये देखि त भाकलहरू कि त्येस्ले आफ्नु प्राणलाइ बांध्येका
बन्धन् कुनै पनि स्थिर् रहंदैन . अनि यहवेले त्येस्लाइ क्षमा गर्छ किनभन्ये
त्येस्को बाबुले मान्येन । फेरि आफु मांथि भाकल् गर्येको कि आफ्ना ६
ओंठले आफ्नु प्राणलाइ बांध्येको बिचार् न गर्येका कुरो बोल्येको बेलामां
त्यो केटी लोग्नेकी भयेको छ भन्ये अनि त्येस्को लोग्नेले सुन्येर त्यो ७

भाकल्हरू स्थिर् रहुन् अनि त्यस्ले आफ्नु प्राणलाइ बांधेका बन्धन् पनि
८ स्थिर् रहुन्। तर त्यस्को लोग्नेले त्यस्को कुरो सुन्येर त्यसै दिन् त्यो देखि
मान्येन भन्ये त त्यस्ले गर्येको भाकल् कि आफ्ना ओंठले आफ्नु प्राणलाइ
बांधेको बिचार् न गर्येको कुरो ब्यर्थ तुल्याउंछ. अनि यह्वेले त्येस्
९ स्त्रीलाइ क्षमा गर्छ। तर बिधुवी कि त्यागीयेकी स्त्रीको भाकल् कि त्यस्ले
आफ्नु प्राणलाइ बांधेको जुनसुकै बन्धन् हवस् त्यो त्येस् माथि स्थिर्
१० रहोस्। तर त्यस्ले आफ्नु लोग्नेको घर्मां रहंदै भाकल् गरिकन कि
११ किरिया खाइकन आफ्नु प्राणलाइ आफैले बांधी अनि त्यस्को लोग्ने
सुन्येर त्यस्को बिषयमां चुप लागि रह्यो अनि त्यस्लाइ पुन्येन भन्ये देखि त
त्यस्का सबै भाकल्हरू स्थिर् रहुन् अनि त्यस्ले आफ्नु प्राणलाइ बांधेका
१२ सबै बन्धन् स्थिर् रहुन्। तर त्यस्को लोग्नेले ति सुन्येको दिनमां
तिनलाइ खांटै ब्यर्थ तुल्यायो भन्ये देखि त त्यस्का भाकल्हरू कि
त्यस्को प्राणको बन्धनको बिषयका जे जे कुरा त्यस्का ओंठ् देखि
निस्कंका थिये ति स्थिर् रहंदेनन्. त्यस्को लोग्नेले ति ब्यर्थ तुल्यायो त
१३ यह्वेले त्येस् स्त्रीलाइ क्षमा गर्छ। सबै भाकल् र आफ्नु प्राणलाइ कष्ट
दिने सबै बांधने किरिया त्यस्को लोग्नेले स्थिर् गरावस् कि ब्यर्थ तुल्यावस्।
१४ तर त्यस्को लोग्ने त्यस्को बिषयमां दिन् दिन् चुप लागि रह्यो भन्ये देखि त
त्यस्ले त्यस्का सबै भाकल्हरू कि त्येस् माथि भयेका त्यस्का सबै बन्धनहरू स्थिर्
गराउंद छ. अं त्यस्ले ति स्थिर् गरि सक्यो कसोगरिभन्ये जस् दिन् त्यस्ले ति
१५ सुन्यो त्यस् दिन् त्यस्को बिषयमां त्यो चुप लागि रह्यो। तर त्यस्ले ति सुन्ये
पछि ति खांटै ब्यर्थ तुल्यायो भन्ये देखि त त्यस्ले त्यो स्त्रीको अधर्म्म
१६ बोक्छ। लोग्ने स्वास्नीको बीचमांका अनि बाबु र त्यस्की छोरी जो आफ्नु
बालखे बेलामां आफ्नु बाबुको घर्मां बस्दै छ तिनको बीचमांको जुन्
जुन् बिधिका आज्ञा यह्वेले मूसालाइ दियेका थिये ति यिनै हुन्॥

(मिद्यानीहरूको नास्)

३१ १ २ फेरि यह्वेले मूसालाइ यसो भन्यो मिद्यानीहरू देखि इस्रा-
एलवंशीहरूको साटो लौ. त्यस् पछि तं आफ्ना लोगहरूमां मिसौंछस्।
३ तब मूसाले लोगलाइ यसो भन्यो आफुमांका कत्तिलाइ लड़ाइंमां जांनुलाइ
हतियार् भिराव र तिनिहरूले मिद्यानको बिरुद्धमां गयेर मिद्यान् देखि
४ यह्वेको साटो लिउन्। इस्राएलका सब् कुल् देखि कुल् पिच्छे एक
५ एक् हजार् जनालाइ लड़ाइंमां पठाव। त इस्राएलका हजार् हजारमांको
एक् एक् कुल् देखि एक् एक् हजार् मान्छे अर्थात् लड़ाइंको लागि हतियार्
६ भिर्येका बारह् हजार् जना खटाईये। अनि मूसाले तिनिहरूलाइ अर्थात्
एक् एक् कुल् देखि हजार् हजार् मान्छेलाइ लड़ाइंमां पठायो अनि
तिनिहरू सित एलाजार् पुजाहारीको छोरो पीनहासलाइ पनि त्यस्को
हातमां पवित्रस्थानका सामान र अबेरा सम्म बजाइंने नर्सींगा लियेर

लड़ाईंमां पठायो। त यहवेले मूषालाइ आज्ञा दिये झैं तिनले मिद्यान् ७
षित लड़ाइं गर्‍ये अनि सबै पुरुषहरुलाइ मांर्‍ये। अनि तिनिहरुले मारीयेका- ८
हरु सङ मिद्यान्का राजाहरुलाइ पनि अर्थात् एवी रेकेम् सूर् हूर् र रेबा
नांउ भयेका मिद्यान्का पांचै राजाहरुलाइ मांर्‍ये . अनि बओर्‍को छोरो
बिलाम्लाइ पनि तिनिहरुले तरवार्ले काटि मांर्‍ये। अनि इस्राएल्बंशी- ९
हरुले मिद्यानी स्त्रीहरुलाइ तिनका बाल्बच्चाहरु समेत्लाइ बन्धुवा गर्‍ये
अनि तिनका सबै पशुहरु र तिनका सबै भेंड़ाबाख्राहरु तिनका सबै
धन्सम्पत्ति लूटे। अनि तिनिहरुका बास् गर्न ठांउहरुका सबै सहर्हरु १०
र तिनका सबै छाउंनीहरु आगोले डड़ाइ दिये। अनि तिनिहरुले कि ११
मान्छेको कि पशुको सबै लूट् र सबै सिकार् लिहाल्ये। अनि १२
तिनिहरुले बन्धुवाहरुलाइ र सिकार् र लूट्लाइ यरीहो निर यर्दन् नदीको
तीर्मां मोआब्को मैदान्मां हाल्येको छाउंनीमां मूसा र एलाजार् पूजाहारी
र इस्राएल्बंशीहरुको मंडली थांइ ल्याये॥

तब मूसा र एलाजार् पूजाहारी मंडलीका सबै मालिक्हरु समेत् १३
तिनिहरुलाइ भेट्नुलाइ छाउंनी देखि बाहिर निस्के। अनि मूसा लड़ाइं १४
देखि फर्कि आउंने सेनाका मालिक्हरु अर्थात् सहस्त्रपतिहरु र शत्पतिहरु
देखि रिसायो। अनि मूसाले तिनलाइ भन्यो कि तिमिहरुले सबै स्त्रीहरुलाइ १५
जीउंदो बचायौ। हेर यिनिहरुले बिलाम्को सल्लाहले पोर्का बिषय्मां १६
इस्राएल्बंशीहरुलाइ यहवेको बिरुद्धमां अप्राध् गरायेकी थिइन् अनि
येसोरि यहवेको मंडलीमां रूढ़ि पर्‍यो। त बाल्बच्चाहरुमांका केटाहरु १७
जतिलाइ मार अनि जति स्त्रीहरु पुरुषहरु सङ भयेकी छन् ति सबैलाइ
मार। तर पुरुषहरु सङ न भयेकी केटीहरु सबैलाइ आफ्नु लागि जीउंदो १८
राख। अनि तिमिहरु चइं सात् दिन् सम्म छाउंनी देखि बाहिर रह. १९
जस्ले कोई प्राणीलाइ मांर्‍येको छ अनि जस्ले कोई मारीयेकोलाइ छोयेको
छ ति सबैले आफ्ना आफ्ना बन्धुवाहरु समेत्ले तीस्रो र सातौं दिन्मां
आफु आफुलाइ पवित्र गरुन्। अनि सबै लुगाहरु र छालाका बनाईयेका २०
सबै थोक् र बाख्राका रऊंका र काठ्का बनाईयेका सबै थोक्को बिषय्मां
पनि आफुलाइ पवित्र गर। तब एलाजार् पूजाहारीले ति लड़ाइंमां गयेका २१
सबै सिपांइहरुलाइ भन्यो यहवेले मूषालाइ आज्ञा दियेको ब्यवस्थाको
बिधि येइ हो . सुन् चांदी पीतल् फलम् रांग् र सीसा अं ज्ये ज्ये २२ २३
आगोमां ठहर्नु सक्छ ति आगोमां हाल र ति शुद्ध हुंछन् तरै पनि अशुद्धेइं
देखि छोड़ाउने पानीले पवित्र गरीओस् अनि ज्ये ज्ये आगोमां ठहर्दैनन्
ति पानीमां हाल। अनि सातौं दिन्मां आफ्ना लुगा धोव तब तिमिहरु २४
शुद्ध हुंछौ अनि येस् पछि छाउंनीमां आउंनु हुंछ॥

फेरि यहवेले मूसालाइ येसो भन्यो तैंले र एलाजार् पूजाहारी र २५ २६
मंडलीका पित्रहरुका घर् घर्का मूल्हरुले लूट्मां ल्याईयेकाहरु मान्छेहरुको
हवम कि पशुहरुको हवम तिनको गन्ति गर . अनि सब तब आधा आधा गर २७

भाग् लड़ाईंमां गयेका सिपांइहरुको लागि अर्को भाग् सबै मंडलीको लागि .
२८ फेरि जुन् जुन् सिपांइ लड़ाईंमां गयेका थिये तिनिहरु देखि कर् यह्वेको
लागि उठाव . अर्थात् मान्छे हवस् कि गाईगोरु कि गदाहा कि भेंड़ाबाखा
२९ होउन् पांच् सै पिच्छे एक् प्राणी . तिनका आधा भाग्मांको लियेर यह्वेको
३० उचालौंने भेंट गरि एलाजार् पूजाहारीलाइ देव । फेरि इस्राएलवंशीहरुको
आधा भाग्मांको के मान्छे के गाईगोरु के गदाहा के भेंड़ाबाखा अं कोई
प्रकार्को पशु पचास् पचास् पिच्छे खटाईयेको येउटा येउटा लियेर यह्वेको
३१ बासस्थान्का सुम्पौयेका थोक्को रुडाई गर्ने लेवीहरुलाइ देव । त मूसा र
एलाजार् पूजाहारीले जसो यह्वेले मूसालाइ आज्ञा गर्‍येको थियो त्यसै
३२ गर्‍ये । अनि जे जे थोक् सिपांइहरुले लूटेका थिये ति बाहिक् लूट् थि
३३ थिये अर्थात् छ लाख् र पचहत्तर् हजार् भेंड़ाबाखा अनि बहत्तर् हजार्
३४ ३५ गाईगोरु अनि एकसठ् हजार् गदाहा अनि मान्छेहरुमांका
३६ पुरुषहरु सङ न भयेको स्त्रीहरु सबै बत्तीस् हजार् जना थिइन् । अनि
येस्को आधा अर्थात् ति लड़ाईंमां गयेकाहरुको भाग् तीन् लाख् र साढ़े
३७ सैंतीस् हजार् भेंड़ाबाखा भये . अनि ति भेंड़ाबाखामांको यह्वेको कर् छ सै
३८ र पचहत्तरवटा भये । अनि गाईगोरु छत्तीस् हजारवटा थिये जुन्हरुमांको
३९ यह्वेको लागि कर् बहत्तरवटा भये अनि गदाहा साढ़े तीस् हजारवटा
४० थिये जुन्मांको यह्वेको लागि कर् एकसठ्वटा भये अनि मान्छे
सोह्र हजार् जना थिये जुन्मांको यह्वेको लागि कर् बत्तीस् जना भये ।
४१ अनि जो कर् यह्वेको लागि उचालौंने भेंटि थियो त्यो मूसाले एलाजार्
४२ पूजाहारीलाइ दियो जसो यह्वेले मूसालाइ आज्ञा गर्‍येको थियो । अनि
इस्राएलवंशीहरुको आधा भाग् जो मूसाले लड़ाईंमां गयेका पुरुषहरु देखि
४३ बांड़ि दियेको थियो (अर्थात् मंडलीको आधा भाग् जो थियो त्यो
४४ तीन् लाख् र साढ़े सैंतीस् हजार् भेंड़ाबाखा छत्तीस् हजार् गाईगोरु
४५ ४६ अनि साढ़े तीस् हजार् गदाहा अनि सोह्र हजार् जना मान्छे भये)
४७ अं इस्राएलवंशीहरुको आधा भाग्मांको के मान्छे के पशु मूसाले पचास्
पिच्छे येउटा येउटा खटायेर यह्वेको बासस्थान्को सुम्पौयेका थोक्को
रुडाई गर्ने लेवीहरुलाइ दियो जसो यह्वेले मूसालाइ आज्ञा गर्‍येको थियो ।
४८ अनि सेनाका सहस्रहरुका मालिकहरु अर्थात् सहस्रपतिहरु र शतपतिहरु
४९ मूसा थांइ आये . अनि मूसालाइ भन्ये जुन् सिपांइहरु हांमिहरुको ताबिमां
थिये तिनको गन्ति आफुका दासहरुले गर्‍ये त हांमिहरुमांको एक् पुरुष्
५० पनि घटेको रैन छ । येस्कारण् जस् जस्ले जे जे पायेको छ अर्थात् सुन्का
गहना पैरि चुरा छाप्औंठि कान्का गहना ताबीज् ति हांमिहरुले यह्वेको
सांमु आफ्नु आफ्नु प्राणको लागि प्रायश्चित्त गर्नुलाइ भेंटि ल्यायेका छौं ।
५१ तब मूसा र एलाजार् पूजाहारीले ति देखि ति सुन् अर्थात् सब् रकम्का
५२ कमायेका गहना लिये । अनि सहस्रपतिहरु र शतपतिहरुको पट्टि बाटो त्यो
तिनिहरुले यह्वेको लागि उचालौयेको भेंटि गरि चढ़ाइ दियेको सबै सुन्

सोह्र हजार् र साढे सात् से शेकेल्को थियो। (कसोगरिभन्ये सिपांइहरुले ५३
आफ्नु आफ्नु लागि लूटेरका थिये)। त मूसा र एलाजार् पूजाहारीले ५४
सहस्रपतिहरु र शतुपतिहरु देखि सुन् लियेर भेट् हुंने डेरामां पुर्याये
इस्राएल्वंशीहरुको लागि यहवेको सांमु समझौटे थोक् हुंनुलाइ ॥

(यर्दन देखि पूर्ब तिरको देस्को बंड़ाई)

अब रूबेन्वंशीहरु र गाद्वंशीहरुका अग्घोर् बस्तुहरु थिये. त ३२ १
जब तिनिहरुले याजेर् देस् र गिलाद् देस् हेर्ये त हेर देस् वस्तुहरुको लागि
माफिक्को रछ भनि देख्ये तब गाद्वंशीहरु र रूबेन्वंशीहरुले आयेर २
मूसा र एलाजार् पूजाहारी र मंडलीका मालिक्हरुलाइ भन्ये अतारोत् ३
दीबोन् याजेर् निम्रा हेश्बोन् एलाले सबाम् नबो र बओन् अर्थात् जुन् ४
देस् यहवेले इस्राएल्को मंडलीको सांमु मांर्येको थियो त्यो बस्तुहरुको लागि
माफिक्को देस् रछ अनि आफुका दास्हरुकां बस्तुहरु छन्। फेरि तिनिहरुले ५
भन्ये हांमिहरु मांथि आफुको अनुग्रह् भयो भन्ये यो देस् आफुका
दास्हरुलाइ अधिकार्को लागि दिईओस्. हांमिहरुलाइ यर्दन् पारि न
लैजांनु हवस्। तर मूसाले गाद्वंशीहरु र रूबेन्वंशीहरुलाइ भन्यो क्ये ६
तिमिहरुका दाज्युभाईहरु चइं लड़ाईंमां जाउन् अनि तिमिहरु चइं यहां बसि
रहंछौ। अनि तिमिहरुले किन इस्राएल्वंशीहरुको त्यस् देस्मां जांने मन् ७
भांचि दिंद छौ जुन् देस् यहवेले तिनिहरुलाइ दियेको छ। जब मैंले ८
तिमिहरुका पित्रहरुलाइ कादेशबर्ने देखि देस् हेर्नुलाइ पठायेको थियें तब
तिनिहरुले पनि येसै गर्ये। अर्थात् जब तिनिहरुले एश्कोल्को खोला सम्म ९
चढि गयेर देस् हेर्ये तब इस्राएल्वंशीहरुको मन् भांचि दिये यहवेले
तिनिहरुलाइ दियेको त्यस् देस्मां तिनिहरु न जाउन् भन्येर। त त्यस् दिन् १०
यहवेको रिस् उठ्यो अनि उस्ले येसो भन्येर किरिया खायो निस्से मिस्र ११
देखि निक्लि आयेका मान्छेहरुमांका जो जो बीस् बर्षका कि त्यो भन्दा बेसि
उमेर्का छन् तिनिहरुले देस् देख्नु पाउंदैनन् जुन् देस् दिंने किरिया मैंले
अब्राहाम् इसहाक् र याकूब् सित खायेको थियें किनभन्ये तिनिहरु मेरो
पछि पूरा गरि हिंड़ेरनन्. कनजी यपुन्नेको छोरो कालेब् र नूनको छोरो १२
यहोशूअ छाड़ि. किनभन्ये यिनिहरु चइं ता पूरो गरि यहवेको पछि पछि
हिंड़ेर भनि। त यहवेको रिस् इस्राएल् मांथि उठ्यो अनि उस्ले तिनिहरुलाइ १३
चालीस् बर्ष सम्म अर्थात् यहवेको सांमु बुराई गर्ने पुस्ताका लोग् सबै
नष्ट न होउंज्याल् सम्म बन्मां येता उता डुलायो। अनि हेर तिमिहरु १४
पापी मान्छेहरुका सन्तान् आफ्ना पित्रहरुको साटोमां इस्राएल्को बिरुद्धमां
यहवेको बल्दो रिस्लाइ अरु बढ़ाउंनुलाइ उठ्यौ। किनभन्ये तिमिहरु १५
उस्लाइ पछ्याउंनु देखि फर्क्यौ भन्ये उस्ले तिनिहरुलाइ फेरि बन्मां छोड़ि
दिंछ अनि तिमिहरुले यि सिंगे लोगलाइ नष्ट गराउंछौ। तब तिनिहरुले १६

१७ बाल्बच्चाहरुको लागि सहर् यिहिंनै बनाउंछौं. तर हामिहरु चइं
इस्राएल्बंशीहरुलाइ तिनिहरुका ठांउ ठांउमां न पुऱ्याउंज्याल् सम्म
तिनिहरुको अघि अघि हतियार् भिऱ्येर फुर्त्ति सित हिंडूछौं. तर हाम्रा
बाल्बच्चा चइं देस्का बासीहरुको कारण्ले घेरा भयेका सहर्हरुमां
१८ रहंछन्। इस्राएल्बंशीहरुले आफ्नु आफ्नु भाग्को अधिकार् न पाउंज्याल्
१९ सम्म हामिहरु आफ्नु आफ्नु घर्मां फिर्दैंन। कसोगरिभन्ये हामिहरु
तिनिहरु सित यर्दन् पारि कि कहीं अरु उसो आफ्नु अधिकार् लिंदैंन
२० किनभन्ये हामिहरुको अधिकार् यर्दन्को येता वारि पूर्व तिरनै पऱ्यो। तब
मूसाले तिनिहरुलाइ भन्यो तिमिहरुले येसो गऱ्यौ अर्थात् यह्वेको अघि
२१ अघि हतियार् भिऱ्येर लड़ाइंमां हिंड्यौ भन्ये अं जब सम्म उस्ले आफ्ना
२२ सत्तुर्हरुलाइ धपाउंदेन अनि देस् यह्वेको सांमु अधिकार्मां आउंदेन
तब मम्म तिमिहरु सब्बै जना यह्वेको अघि अघि हतियार् भिऱ्येर यर्दन्
पारि गयौ भन्ये देखि. त तिमिहरु त्यस् पछि फिर्नु पाउंछौ अनि यह्वेको र
इस्राएल्को बिषय्मां निर्दोष् हुंछौ अनि यो देस् यह्वेको सांमु तिमिहरुको
२३ अधिकार् हुंछ। तर तिमिहरुले त्येसो गर्यौन भन्ये त हेर तिमिहरुले
यह्वेको सांमु पाप् गर्येका छौ. अनि निस्स जान तिमिहरुको पाप्ले
२४ तिमिहरुलाइ भेटाउंछ। त तिमिहरुले आफ्ना बाल्बच्चाको लागि सहर् र
आफ्ना भेंड़ाबाख्राको लागि गोठ् बनाव अनि ज्ये तिमिहरुको मुख् बाटो
२५ निकल्यो त्येइ गर। तब गाद्बंशीहरु र रुबेन्बंशीहरुले मूसालाइ भन्ये
जस्तो हाम्रा प्रभुको आज्ञा हुंदै छ त्येसै हामि आफुका दास्हरु गर्छौं।
२६ हाम्रा बाल्बच्चा स्त्रीहरु भेंड़ाबाख्रा अं सबै बस्तुहरु यिहीं गिलाद्का
२७ सहर्हरुमां रहंछन्. तर जसो हाम्रा प्रभुले भन्नु हुंद छ त्येसै आफुका
दास्हरु सब्बै लड़ाइंको लागि हतियार् भिऱ्येर यह्वेको अघि अघि
लड़ाइंमां पारि जांछौं॥

२८ त मूसाले तिनिहरुको बिषय्मां एलाजार् पूजाहारी र नून्को छोरो
यहोशूअ र इस्राएल्बंशीहरुका कुलका पित्रहरुका घर् घर्का मूल्हरुलाइ
२९ आज्ञा गऱ्यो। अनि मूसाले तिनलाइ भन्यो गाद्बंशीहरु र रुबेन्बंशीहरुका
सबै पुरुष्हरु लड़ाइंको लागि हतियार् भिऱ्येर तिमिहरु सङ यर्दन् पारि
जाउन् अनि देस् तिमिहरुको अधिकार्मां आयो भन्ये देखि ता गिलाद् देस्
३० तिनिहरुलाइ अधिकार्को लागि दिहाल. तर तिनिहरु हतियार् भिऱ्येर
तिमिहरु सङ पारि गयेनन् भन्ये तिनको अधिकार् तिमिहरुको बीच्मां
३१ कनान्को देसैमां हवस्। तब गाद्बंशीहरु र रुबेनबंशीहरुले उत्तर् दिइ
भन्ये यह्वेले आफुका दास्हरुलाइ जसो भन्येको छ हामिहरु त्येसै
३२ गर्छौं। हामिहरु हतियार् भिऱ्येर यह्वेको अघि अघि उसो पारि
कनान्को देस्मां जांछौं र हामिहरुको अधिकार्को भाग् यर्दन्को
३३ येता वारिनै बनोइ रहोस्। त मूसाले तिनलाइ अर्थात् गाद्बंशीहरु र
रुबेनबंशीहरु र यूसुफ्को छोरो मनश्शेको आधा कुल्लाइ एमोरीहरुको

राजा सीहोन्को र बाशानको राजा ओगको राज् अर्थात् तिनको
देस् र तिनको सिमाना भित्रका सहर् र तिनका चारै तिर्को देसका
सहर्हरू दिहाल्यो। तब गाद्बंशीहरूले दीबोन् अतारोत् अरोएर् ३४
अत्रोतशोपान् याजेर् योगबहा बेतनिम्रा र बेथारान् घेरा भयेका ३५ ३६
सहर्हरू अनि भेंड़ाबाखाहरूको लागि गोठहरू पनि बनाये। अनि ३७
रुबेनबंशीहरूले हेशबोन् एलाले र किर्यातैम् बनाये फेरि नबो र ३८
बाल्मोन् (जुनहरूका नांउ फेरीये) र सिब्मा बनाये. त तिनिहरूले
आफुले बनायेका सहर्हरूका नांउ अरु अरुइ राख्ये। अनि मनश्शेको छोरो ३९
माकीर्का सन्तानले गिलाद्मां जाइ लाग्येर त्यो लिये अनि त्येसमां भयेका
एमोरीहरूलाइ निकालि दिये। तब मूसाले गिलाद् मनश्शेबंशी माकीर्लाइ ४०
दियो त त्यी त्येसमां बस्यो। अनि मनश्शेबंशी याईर्ले गयेर गिलाद्का ४१
गांउहरू लियो अनि तिनको नांउ हब्बोतयाईर्[१] राख्यो। अनि नोबहले ४२
गयेर गांउहरू समेत् कनात् लियो अनि त्येस्को नांउ आफ्नै नांउ जस्तो
नोबह् राख्यो ॥

(इस्राएलीहरू बास् बस्येका ठांउहरू)

मूसा र हारूनको ताबिमां भइ इस्राएलबंशीहरू मैना सेना मिस्र ३३ १
देस् बाटो निक्लि गयेका हिंड़ाई यिनै हुन्। मूसाले यहवेले भन्येको अनुसार् २
तिनिहरूको यात्रा तिनिहरूको हिंड़ाई अनुसार् लेख्यो. त तिनिहरूको
यात्रा अनुसार् तिनिहरूको हिंड़ाई यिनै हुन्। पहिलो महीनाको अं ३
पहिलो महीनाको पन्द्रौं चइं तिथिमां तिनिहरू रामसेस् देखि हिंड़ेर
निस्तार् चाड्को भोलि पल्टो इस्राएलबंशीहरू सब्बै मिस्रीहरूको मुखेंजि
अलगो हातले निक्लि गये त्येस् बेलामां मिस्रीहरू यहवेले तिनको ४
बीचमां मार्येका आफ्ना आफ्ना जेठाहरूलाइ गाड्डै थिये. अनि
तिनिहरूका देवहरू माथि पनि यहवेले बिचार्ले दण्ड गर्येको थियो।
फेरि इस्राएलबंशीहरूले रामसेस् देखि हिंड़ि सुक्कोतमां डेरा हाल्ये। अनि ५ ६
सुक्कोत् देखि हिंड़ि बनको छेउमां भयेको एताममां डेरा हाल्ये। अनि ७
एताम् देखि हिंड़ि बालसपोनको अगाड़ि भयेको पीहहीरोतमां फर्कि गये.
अनि मिगदोलको सांमु डेरा हाल्ये। तब पीहहीरोतको सांमु देखि हिंड़ि ८
समुन्द्रको मांझ बाटो गइ बनमां आये. अनि एतामको बनमां तीन्
दिनको बाटो हिंड़ि मारामां डेरा हाल्ये। फेरि मारा देखि हिंड़ि एलीममां ९
आये जहां बाह्रवटा जरुवा पानी र सत्तरीवटा खजूरका बोटहरू थिये
अनि त्यहां डेरा हाल्ये। तब एलीम् देखि हिंड़ि लाल् समुन्द्रको छेउमां १०
डेरा हाल्ये। अनि लाल् समुन्द्र देखि हिंड़ि सीनको बनमां डेरा हाल्ये। ११
फेरि सीनको बन् देखि हिंड़ि दोप्कामां डेरा हाल्ये। अनि दोप्का देखि १२ १३

[१] अर्थात् याईरका बस्तीहरू।

१४ हिंड़ि आलूश्मां डेरा हाल्ये। अनि आलूश् देखि हिंड़ि रपीदीम्मां डेरा
१५ हाल्ये जहां लोगको लागि खांने पानी थियेन। फेरि रपीदीम् देखि हिंड़ि
१६ सीनैको वन्मां डेरा हाल्ये। अनि सीनैको वन् देखि हिंड़ि किब्रोथात्तावामां
१७ डेरा हाल्ये। अनि किब्रोथात्तावा देखि हिंड़ि हसेरोत्मां डेरा हाल्ये।
१८ १९ अनि हसेरोत् देखि हिंड़ि रित्मामां डेरा हाल्ये। फेरि रित्मा देखि हिंड़ि
२० रिम्मोन्पेरेस्मां डेरा हाल्ये। अनि रिम्मोन्पेरेस् देखि हिंड़ि लिब्नामां डेरा
२१ २२ हाल्ये। अनि लिब्ना देखि हिंड़ि रिस्सामां डेरा हाल्ये। अनि रिस्सा देखि
२३ हिंड़ि कहेलातामां डेरा हाल्ये। अनि कहेलाता देखि हिंड़ि शेपेर् डांड़ा
२४ निर डेरा हाल्ये। फेरि शेपेर् डांड़ा देखि हिंड़ि हरादामां डेरा हाल्ये।
२५ २६ अनि हरादा देखि हिंड़ि मखेलोत्मां डेरा हाल्ये। अनि मखेलोत् देखि
२७ हिंड़ि तहत्मां डेरा हाल्ये। अनि तहत् देखि हिंड़ि तेरह्मां डेरा हाल्ये।
२८ २९ अनि तेरह् देखि हिंड़ि मित्कामां डेरा हाल्ये। फेरि मित्का देखि हिंड़ि
३० हश्मोनामां डेरा हाल्ये। अनि हश्मोना देखि हिंड़ि मोसेरोत्मां डेरा
३१ ३२ हाल्ये। अनि मोसेरोत् देखि हिंड़ि बेनियाकान्मां डेरा हाल्ये। अनि
३३ बेनियाकान् देखि हिंड़ि होर्हग्गिद्गाद्मां डेरा हाल्ये। अनि होर्हग्गिद्गाद्
३४ देखि हिंड़ि योत्बातामां डेरा हाल्ये। अनि योत्बाता देखि हिंड़ि अब्रोनामां
३५ ३६ डेरा हाल्ये। अनि अब्रोना देखि हिंड़ि एस्योन्गबेर्मां डेरा हाल्ये। अनि
एस्योन्गबेर् देखि हिंड़ि सीन्को वन्मां (अर्थात् कादेश्मां) डेरा हाल्ये।
३७ फेरि कादेश् देखि हिंड़ि एदोम् देस्को सिमानामां भयेको होर् पर्वत्को
३८ छेउमां डेरा हाल्ये। अनि हारून् पूजाहारी यहवेको आज्ञा अनुसार् होर्
पर्वत्मां चढ़ेर इस्राएल्वंशीहरु मिस्र देस् देखि निकल्येको चालीसौं वर्षको
३९ पांचौं महीनाको पहिलो तिथिमां वहां मर्यो। अनि जब हारून् होर्
४० पर्वत्मां मर्यो तब त्यस्को उमेर् एक् सै र तेईस् वर्षको थियो। अनि कनान्
देस्को दक्खिन्मां बस्ने कनानी मान्छे अराद्को राजाले इस्राएल्वंशीहरु
४१ आउंदै छ भनि सुन्यो। तब तिनिहरुले होर् पर्वत् देखि हिंड़ि सल्मोनामां
४२ ४३ डेरा हाल्ये। अनि सल्मोना देखि हिंड़ि पूनोन्मां डेरा हाल्ये। अनि
४४ पूनोन् देखि हिंड़ि ओबोत्मां डेरा हाल्ये। अनि ओबोत् देखि हिंड़ि
४५ मोआब्को सिमानामां भयेको इय्येअबारीम्मां डेरा हाल्ये। तब इय्यीम्
४६ देखि हिंड़ि दीबोन्गाद्मां डेरा हाल्ये। अनि दीबोन्गाद् देखि हिंड़ि
४७ अल्मोन्दिब्लातैम्मां डेरा हाल्ये। अनि अल्मोन्दिब्लातैम् देखि
४८ हिंड़ि अबारीम् भनौंने डांड़ाहरुमां नबोको सांमु डेरा हाल्ये। फेरि
अबारीम् भनौंने डांड़ाहरु देखि हिंड़ि यरीहोको छेउमां यर्दन् नदीको
४९ तीर्मां मोआब्को मैदान्मां डेरा हाल्ये। अनि यर्दन्को तीर्मां मोआब्को
मैदान्मां बेत्योशीमोत् देखि आबेल्शित्तीम् सम्म डेरा हाल्ये॥

५० तब मोआब्को मैदान्मां यरीहो छेउ यर्दन् नदीको तीर्मां यहवेले
५१ मूसालाइ येसो भन्यो　इस्राएल्वंशीहरु सित कुरा गरि भन् जब तिमिहरु
५२ यर्दन् पारि तर्येर कनान् देस्मां पुग्छौ　तब तिमिहरुले देस्का

बासीहरुलाइ आफ्नु सांमु देखि धपाइ देव अनि तिनिहरुका सबै
अंसेढुंगाहरु र ढालीयेका मूर्त्तिहरु नष्ट पार अनि तिनका सबै अलग्गा
ठांउहरु भत्काइ देव. अनि त्यो देस् आफ्नु अधिकार्मां लियेर त्यस्मां ५३
बास् गर. किनभन्ये मैंले त्यो देस् तिमिहरुलाइने दियेको छु तिमिहरुले त्यो
अधिकार्मां पार भन्येर। अनि तिमिहरुले त्यो देस् चिट्ठा हाल्येर आफ्ना ५४
जहान् जहान् अनुसार् अधिकार् लेव बेसि हुंनेहरुलाइ बेसिने कम्
हुंनेहरुलाइ कम्ने अधिकार् दिंनु. जहां जहांको लागि एक् एक्को चिट्ठा
निक्ला त्येइ त्यस्को हवस् आफ्ना आफ्ना पित्रहरुका कुल् अनुसार् आफ्नु
आफ्नु अधिकार् लिंनु। तर तिमिहरुले देस्का बासीहरुलाइ आफ्नु सांमु ५५
देखि धपायौन भन्ये देखि ता तिमिहरुले देस्मां रहंनु दियेकाहरु
तिमिहरुका आंखामां कांड़ा र तिमिहरुका कोखामां सुइरा जस्ता हुंछन्
अनि तिनिहरुले तिमिहरु बस्येको देस्मां तिमिहरुलाइ सताउंछन्।
अनि येसो हुंछ जसो तिनिहरुसित गर्नुलाइ मैंले मन् गर्येको थियें त्येसो ५६
तिमिहरुइ सित गर्छुं॥

(कनान्देस्का सिमानाहरु र भाग्हरु)

फेरि यहोवेले मूसालाइ येसो भन्यो इस्राएलवंसीहरुलाइ ३४ १ २
आज्ञा दिइ तिनलाइ भन् जब तिमिहरु कनान् देस्मां पुगौला (जो
देस् तिमिहरुको लागि अधिकार् गरि पर्छ अं कनान् देस् त्यस्को सिमानाहरु
अनुसार् येइ हो) तब तिमिहरुको दक्खीने सिमाना सीन्को बन् देखि ३
एदोम्को देस्को छेउ निक्लोस् अनि तिमिहरुको दक्खीने सिमाना पूर्ब तिर
नुनीलो समुन्द्रको पल्लो छेउ देखि हवस्. त्यहां देखि तिमिहरुको सिमाना ४
अक्रब्बीम्को उकालीको दक्खिन् तिर फर्कोस् अनि सीन् सम्म पुगोस्.
अनि कादेशबर्नेको दक्खिन् तिर निक्लोस् अनि त्यहां बाटो हसर्अद्दार्
सम्म गइ असमोन् सम्म पुगोस्. अनि सिमाना असमोन् देखि घुम्येर ५
मिस्रको खोला सम्म पुग्येर समुन्द्रमां निक्लि जावस्। फेरि पच्छिउं सिमाना ६
चहिं महासमुन्द्र त्यस्को तीर् समेत हवस्. तिमिहरुको पच्छिमे सिमाना येइ
हवस्। अनि तिमिहरुको उत्तरे सिमाना यो हवस्. महासमुन्द्र देखि ७
होर् पर्ब्बत् सम्म सिमाना बांध. अनि होर् पर्ब्बत् देखि हमात्को पस्ने गौंड़ा ८
सम्म सिमाना बांध त्यो सदाद् सम्म निक्लोस्. अनि त्यो सिमाना जिप्रोन् ९
सम्म पुगोस् अनि हसरेनान्मां निक्लोस्. तिमिहरुको उत्तरे सिमाना येइ
हवस्। फेरि हसरेनान् देखि सपाम् सम्म आफ्नु पूर्ब सिमाना बांध. १०
अनि त्यो सिमाना सपाम् देखि अयिन्को पूर्ब तिर भयेको रिब्ला सम्म ११
झरोस् अनि सिमाना झर्येर किन्नेरेत्को समुन्द्रको पूर्ब तीर्मां पुगोस्.
त्यहां बाटो सिमाना यर्दन् सम्म उत्र्येर नुनीलो समुन्द्रमां निक्लोस्. १२
चारै तिरका सिमाना समेत् तिमिहरुको देस् येइ हवस् भनि। त मूसाले १३
इस्राएलवंसीहरुलाइ येसो भनि आज्ञा दियो यो त्येइ देस् हो जस्को

तिमिहरु चिट्ठा हालिकन अधिकारी होअौला अनि जो यहवले साढे
१४ नौ कुल्लाइ दिंने आज्ञा दियेको छ. कसोगरिभन्ये रुबेन्बंशीहरु र
गाद्बंशीहरुका कुलले ता आफ्ना आफ्ना पित्रहरुका घर् घर् अनुसार् आफ्नु
आफ्नु अधिकार् पाइ सक्ये अनि मनश्शेको आधा कुल्ले पनि आफ्नु
१५ अधिकार् पाइ सक्यो. अर्थात् यि दुइ र आधा कुल्ले यरीहोको छेउ
यर्दन्को येता वारि पूर्ब तिर घाम् झुल्कने तिर आफ्नु आफ्नु अधिकार्
पाइ सक्येका छन् ॥
१६ १७ फेरि यहवले मूसालाइ येसो भन्यो जुन् जुन् मान्छेहरुले तिमिहरुको
लागि देस् बांड्छन् तिनिहरुका नांउ यिनै हुन्. एलाजार् पूजाहारी र
१८ नून्को छोरो यहोशूअ। अनि देस् अधिकार्को लागि बांड्नुलाइ एक् एक्
१९ कुल्मांको एक् एक् मालिक् पनि लेव। अनि ति मान्छेहरुका नांउ यि हुन्.
२० यहूदा कुल् देखि यपुन्नेको छोरो कालेब्। अनि शिमोन्बंशीहरुको
२१ कुल् देखि अम्मीहूद्को छोरो शमूएल्। बिन्यामीन्को कुल् देखि किस्लोन्को
२२ छोरो एलीदाद्। अनि दान्बंशीहरुको कुल्को एक् मालिक् योग्लीको छोरा
२३ बुक्की। यूसुफ्बंशीहरुको कुल्मांको. मनश्शेबंशीहरुको एक् मालिक् एपोद्को
२४ छोरो हन्नीएल्. अनि एप्रैम्बंशीहरुको कुल्को एक् मालिक् शिफ्तान्को
२५ छोरो कमूएल्। अनि जबूलून्बंशीहरुको कुल्को एक् मालिक् पर्नाक्को छोरो
२६ एलीसापान्। इस्साकार्बंशीहरुको कुल्को एक् मालिक् अज्जान्को छोरो
२७ पल्तीएल्। अनि आशेर्बंशीहरुको कुल्को एक् मालिक् शलोमीको छोरो
२८ अहीहूद्। अनि नप्तालीबंशीहरुको कुल्को एक् मालिक् अम्मीहूद्को छोरो
२९ पदहेल्। यहवले कनान् देस्मां इस्राएल्बंशीहरुको लागि अधिकार्
बांड्नुलाइ आज्ञा दियेका मान्छेहरु यिनै हुन् ॥

(लेवीहरुका सहर्हरु र शरण्सहर्हरु)

३५ १ फेरि यहवले मोआब्को मैदान्मां यरीहोको छेउमां यर्दन् नदीको
२ तीर्मां मूसालाइ येसो भन्यो इस्राएल्बंशीहरुलाइ आज्ञा दे आफ्नु
अधिकार्को भाग्मां लेवीहरुलाइ बस्नुको लागि सहर् देव अनि सहर्का
३ छेउछाउ तिनिहरुलाइ खर्क पनि देव। त सहर् चइं तिनको बस्नुको लागि
अनि तिनको खर्क चइं तिनिहरुका गाईगोरु भेंड़ाबाख्रा अं तिनिहरुका
४ सबै बस्तुहरुको लागि हुंछन्। अनि सहर्का जुन् जुन् खर्क तिमिहरुले
लेवीहरुलाइ देअौला ति सहर्हरुका घराभित्ता देखि बाहिर गिंगै एक् एक्
५ हजार् हात् सम्म पुगुन्। अनि तिमिहरुले सहर्को बाहिर बाहिर पूर्ब तिर
दुइ हजार् हात् र दक्खिन् तिर दुइ हजार् हात् र पच्छिउं तिर दुइ हजार्
हात् र उत्तर् तिर दुइ हजार् हात् नाप सहर् चइं बीच्मां पर्ने गरि। त
६ तिनिहरुका सहर्हरुका खर्क त्यति होउन्। अनि जुन् जुन् सहर्
तिमिहरुले लेवीहरुलाइ देअौला तिनिहरुमांका छवटा शरण्सहर् होउन्
जो तिमिहरुले हत्याराको लागि ठहराअौला त्यो वहां भाग्नुलाइ. अनि

ति बाहिक् अरु बयालीस् सहर् पनि देव। त तिमिहरुले लेवीहरुलाइ ७
दिंने सहर् सबै अड्तीसवटा होउन्. ति खर्क समेत् देव। अनि तिमिहरुले ८
इस्राएलबंशीहरुको अधिकारमांको दिंने सहरको बिषयमां जस् जस्का धेरै
सहर् हुंनन् तिनिहरु देखि धेरै अनि जस् जस्का थोरै सहर् हुंनन् तिनिहरु
देखि थोरै लिंनु. सबैले आफ्ना आफ्ना सहर्हरुमांको लेवीहरुलाइ
आफ्नु आफ्नु भाग् अनुसार् दिउन् ॥

फेरि यहवेल मूसालाइ येसो भन्यो इस्राएलबंशीहरुलाइ येसो ९
भन् जब तिमिहरु यर्दन् पारि तरि कनान् देसमां पुगौला तब सहर् ११
छटाव र ति तिमिहरुको लागि शरणसहर् होउन् र भूलले कसैलाइ मार्ने
हत्यारा त्यहां भागि जावस्। त ति सहर् तिमिहरुको लागि साटो लिंने देखि १२
शरणको लागि होउन् र हत्यारा नियाको लागि मंडलीको सामु न उभीउंज्याल्
सम्म न मारीओस्। त जुन् सहर् तिमिहरुले देऔला ति तिमिहरुको १३
लागि छवटा शरणसहर् होउन्। तीन् सहर् यर्दनको येता वारि अनि तीन् १४
सहर् कनान् देसमां दिंनु ति शरणसहर् होउन्। इस्राएलबंशीहरुको र १५
तिनिहरुको बीचमां रहंन पर्देसी र प्रवासीको लागि ति छवटा सहर् शरण-
सहर् होउन्. र जस्ले भूलले कसैलाइ मार्लो त त्यो तिहीं भागि जावस्। तर १६
त्येस्ले त्येस्लाइ फलामका कोइ हतियारले हिर्कायो र त्यो मर्यो भन्ये देखि त त्यो
हत्यारा भइ गयो. हत्यारा चइं निस्से मारीओस्। अनि त्येस्ले कोई मान्छे १७
मारींने मांफिकको ढुंगा हातमां लियेर त्येस्लाइ हिर्कायो अनि त्यो मर्यो
भन्ये देखि त्यो हत्यारा भइ गयो. हत्यारा चइं निस्से मारीओस्। कि त्यस्ले १८
कोई मान्छे मारींने माफिकका काठको थोक् हातमां लियेर त्येस्लाइ हिर्कायो
अनि त्यो मर्यो भन्ये देखि त त्यो हत्यारा भइ गयो. हत्यारा चइं निस्से
मारीओस्। लोहूको साटो लिंने आफैले हत्यारालाइ मारोस्. जब भेटाउंछ १९
तबै त्येस्लाइ मारि हालोस्। अनि कसैले कसैलाइ डाहले घचेटि दियो कि २०
छुकि बसेर त्येस् मांथि कोइले हानि दियो र त्यो मर्यो भन्ये देखि कि
डाहले त्येस्लाइ आफ्नु हातैले येस्तोगरि हिर्कायो त्यो मर्यो भन्ये देखि. त्येस्लाइ २१
हिर्काउंने निस्से मारीओस् त्यो हत्यारा भइ गयो. जबै हत्यारा लोहूको साटो
लिंनेको फेला पर्लो तबै त्येस्ले त्येस्लाइ मारोस्। तर कसैले कसैलाइ एक्कासी २२
बिना डाहले घचेटि दियो कि बिना ढुकाईमां भइ त्येस् मांथि कोइ हानि दियो
कि कोई मान्छे मारींने माफिकको ढुंगो त्येस्लाइ न देखिकन त्येस् मांथि २३
खसाल्यो अनि त्यो मर्यो तर त्यो त्येस्को सत्तुर् र त्येस्को हानिको खोजी
थियेन भन्ये देखि. त मंडलीले मार्ने र लोहूको साटो लिंनेको बीचमां यि २४
निया अनुसार् बिचार् गरोस्. अनि मंडलीले हत्यारालाइ लोहूको साटो २५
लिंनेको हात् देखि बचाइकन त्येस्लाइ त्यो भागेको त्येस्को शरणसहरमां
फर्काइ देवस्. अनि पवित्र तेलले अभिषेक् गरीयेको मूलपूजाहारी न
मरुंज्याल् सम्म त्यो त्येसैमां रहोस्। तर त्यो हत्यारा भागि गयेको शरणसहरको २६
सिमाना देखि कैलेइ बाहिर मांत्रै पनि निकल्यो अनि लोहूको साटो २७

लिनेले त्येस् हत्यारालाइ त्येको शरणसहरको सिमाना देखि बाहर भेटाइ
२८ मार्‍यो भन्ये देखि यो लोहू बहाउने दोषी हुंदैन. किनभन्ये हत्यारा
मूलपूजाहारी न मरंज्याल् सम्म आफनु शरणसहरमां रहनु पर्दै थियो. तर
२९ मूलपूजाहारी मर्‍ये पछि हत्यारा चइं आफनु अधिकारमां फर्कि जांछ। अनि
यि कुरा तिमिहरूका लागि तिमिहरूका सबै बस्येका ठांउमां पुस्ता पुस्ताको
३० लागि नियाका बिधि होउन्। कसैले कसै मान्छेलाइ मार्‍यो भन्ये देखि त्यो
हत्यारा साक्षीहरूको मुख देखि भनेयेकोमां मारिओस्. तर येउटा मात्रैको
३१ साक्षीमां कोइ न मारिओस्। अनि हत्यारा मारिने सम्मको दोषी भयेको छ
३२ त त्येको प्राणको मोल् न लिनु. तर त्यो निस्से मारिओस्। अनि जो आफनु
शरणसहरमां भाग्येको होला पूजाहारी न मरंज्याल् सम्म त्येले फेरि देसमां
३३ बास् गर्नु पाउनुको लागि मोल् न लिनु। त येसैगरि जुन् देसमां तिमिहरू
रहौला त्यो अपवित्र न गर. कसोगरिभन्ये लोहूले अं त्यो चइंले देस्
अपवित्र पार्द छ. अनि देसमां जब लोहू बहाइयेला तब खालि लोहू
३४ बहाउनेको लोहूइले त्येको लागि प्रायश्चित्त हुनु सक्द छ। त जुन् देसमां
तिमिहरू रहंछौ जसको बीचमां म बास् गर्द छु त्यो अशुद्ध न पार.
किनभन्ये म यहवेले इस्राएलवंशीहरूको बीचमां बास् गर्द छु॥

(पितृधन्मां छोरीहरूले पनि हक्क पाउने बिधि)

३६ १ फेरि यूसुफवंशीको छोरो माकीरको छोरो गिलाद्‍वंशीको जहान्का
पित्रहरूका घर् घर्का मूलहरूले मूसा र मालिकहरू अर्थात् इस्राएलवंशीहरूका
पित्रहरूका मूलहरूको सांमु छेउ आयेर कुरा गर्‍ये. अनि तिनिहरूले भन्ये
२ यहवेले मेरा प्रभुलाइ हाम् इस्राएलवंशीहरूलाइ चिट्ठा हालि हालिकन
अधिकारको लागि बांडि दिनु भनि आज्ञा गर्‍येको थियो. अनि मेरा
प्रभुलाइ यहवेको यो पनि आज्ञा भयेको थियो हाम्रो भाइ सलोफादको
३ अधिकार त्येका छोरीहरूलाइ दिनु। त तिनिहरू इस्राएलवंशीहरूका अरू
कुलका छोराहरू सित ब्याहा भइ गइन् भन्ये तिनिहरूको अधिकार हाम्रा
पित्रहरूको अधिकार देखि घटाइंछ अनि जुन् कुलमां तिनिहरू ब्याहा भइ
जांछिन् त्येइ कुलको अधिकार मिसोइ बढ्छ. त त्यो हामिहरूले पायेको
४ अधिकार देखि कटि जांछ। अनि जब इस्राएलवंशीहरूको जुबिलिको बर्ष
हुंछ तब जुन् कुलमां तिनिहरू ब्याहा भइ जांछिन् उसैको अधिकारमां
तिनिहरूको अधिकार मिसोइ जांछ. येसोगरि त्यो हाम्रा पित्रहरूको
५ कुलको अधिकार देखि घटाइंछ भन्ये। तब मूसाले यहवेको कुरा अनुसार्
इस्राएलवंशीहरूलाइ येसो भनि आज्ञा दियो यूसुफवंशीको कुलकाहरूले
६ ठिकै भन्द छन्। सलफादको छोरीहरूको बिषयमां यहवेले यो कुरो भनि
आज्ञा दियो जसलाइ मन पर्छ उसै सित त्येको ब्याहा हवस् तर आफनै
७ आदिपित्रको कुलको कोइ जहान् सित मात्रै ब्याहा होउन्। अनि
इस्राएलवंशीहरूको अधिकार एक् कुल् देखि अर्को कुलकोमां न जावस्.

तर इस्राएल्वंशीहरु आफ्ना आफ्नै पित्रहरुको कुल्को अधिकार्मां रहि
रहोस्। अनि कसैको छोरी इस्राएल्वंशीहरुको कसै कुल्मां अधिकार् हुने ८
छ भन्ये त्यो आफ्नै आदिपित्रको कुल्को कसैको जहान्की स्वास्नी हवस् र
इस्राएल्वंशीहरु आफ्नु आफ्नै पित्रको भाग्का अधिकारी रहुन्। येसोरि ९
कुनै अधिकार् एक् कुल् देखि अर्को कुल्मां न सरोस् तर इस्राएल्वंशीहरुका
कुल्हरुमां सब्बै जना आफ्नु आफ्नै अधिकार्मां रहि रहोस्। त जस्तो १०
आज्ञा यहूवेले मूसालाइ दियेको थियो त्यसै सलोफाद्की छोरीहरुले गरिन्.
अर्थात् महला तिर्सा होगला मिल्का र नोआ सलोफाद्की छोरीहरु ११
आफ्ना काकाबड़ाबाबुका छोरा दाज्युभाईहरु सित व्याहा भइन्। तिनिहरु १२
यूसुफ्को छोरो मनश्शेवंशीहरुका कुल्मां व्याहा भइन् अनि तिनका अधिकार्
तिनिहरुको आदिपित्रको कुल्को जहान्मां रहि रह्यो॥

जुन् जुन् आज्ञाहरु र नियाबचन्हरु यहूवेले यरीहो हेउ यर्दन् १३
नदीको तार्मां मोआब्को मैदान्मां मूसाको बाटोले इस्राएल्वंशीहरुलाइ
दियो ति यिनै हुन्॥

व्यवस्थाबखान्को पोस्तक।

(इस्राएलीहरुको इतिहास्को बखान्)

१ जुन् जुन् कुरा मूसाले यर्दन् पारिको वन्मां अर्थात् सूफ्को सांम्को १
अराबामां[१] पारान् र तोफेल र लाबान् र हसेरोत् र दीजाहाबको बीच्मां
सिंगै इस्राएल्लाइ भन्यो ति यिनै हुन्। होरेब् देखि सेइर् पहाड्को बाटो २
भई कादेशबर्ने सम्म एघारह् दिन्को बाटो छ। त चालीसौं बर्षको एघारौं ३
महीनाको पहिलो तिथमां यसो भयो ज्ये ज्ये आज्ञा यहूवेले दियेको थियो
तिनैको अनुसार् मूसाले इस्राएल्वंशीहरु सित कुरा गर्न लाग्यो अर्थात् ४
जब मूसाले एमोरीहरुको राजा हेश्बोन्बासी सीहोन् र बाशान्को राजा
एद्रेई र अश्तारोत्को बासी ओगलाइ मार्यो. त्यस् पछि यर्दन् पार् ५
मोआब् देस्मां मूसाले यसो भनिकन यो व्यवस्थाको बखान् गर्न लाग्यो
हाम्रिहरुको ईश्वर् यहूवेले होरेब्मां हामिहरुलाइ यसो भन्यो तिमिहरु यो ६
पहाड्मां धेरै बसेका छौ. त अब फर्कीर हिंड र एमोरीहरुको देस् र त्यसका ७
छेउछाउका सबै ठांउमां अर्थात् अराबामां र पहाडि देस्मां र तरि देस्मां र
दक्खिने देस्मां र समुन्द्रको तीर्मां अं कनानीहरुको देस् र लबानोन् र

[१] अर्थात् ठूला गहिरा खाल्चामां।

८ महानदी अर्थात् पगात् महानदी सम्म जाव। हेर देस् मैंले तिमिहरुको
ताबोमां पारि दियेको छु. त देस्मां पसेर त्यो आफनु अधिकार्मां पार
जसको बिषयमां यहवेले तिमिहरुका पित्रहरु अं अब्राहाम् इसहाक् र याकूब्
सित त्यो तिमिहरुलाइ र तिमिहरु पछि तिमिहरुका बंसलाइ दिंछु भनि
९ किरिया खायेको थियो। अनि मैंले त्यस् बेला तिमिहरुलाइ येसो भन्यें मं
१० येक्लै तिमिहरुलाइ बोक्नु सक्दीन. तिमिहरुको ईस्वर् यहवेले तिमिहरुलाइ
बढायेको छ अनि हेर तिमिहरु आजु गन्तिमां अकास्का ताराहरु सरि भयौ।
११ तिमिहरुका पित्रहरुको ईस्वर् यहवेले तिमिहरुलाइ हजार् गुणा अरु पनि
बढावस् अनि आफनु बचन् अनुसार् तिमिहरुलाइ आसीस् देवस्।
१२ मं तिमिहरुको झंजट् र भार् र झगरा येक्लै कसोरि बोक्नु सकुं।
१३ त तिमिहरुले आफनु आफनु कुल् अनुसार् ज्ञानी र बुद्धिमान् र चिनीयेका
मान्छेहरुलाइ छान र मं तिनिहरुलाइ तिमिहरु माथि मूल् ठहराउंछु भनि।
१४ तब तिमिहरुले मंलाइ आफुले हामिहरलाइ भन्नु भयेका कुरा गर्नु हामिहरुको
१५ लागि जाति छ भनि उत्तर् दियौ। त मैंले तिमिहरुका कुल्का मूल्हरु
बुद्धिमान् र चिनीयकाहरुलाइ लियेर तिमिहरु माथि मूल् ठहरायें अर्थात्
तिमिहरुका कुल् कुल् अनुसार् हजार् हजार् र सैं सैं र पचास् पचास् र
१६ दस् दस्का मालिक्हरु र बहोदार्हरु ठहरायें। अनि त्यस् बेलामां मैंले
तिमिहरुका बिचारीहरुलाइ येसो भनिकन आज्ञा दियें तिमिहरुका
भाइबन्दहरुको बीच्मांका कुरा सुन कसैको झगरा त्यस्को दाजुभाइ सङ्को
१७ हवस् कि त्यो सङ रहने परदेसीको हवस् धर्म्म सङ निया गर। निया गर्दा
कसैको पक्ष् न पस्नु छोटा बडा दुवैको बराबर् सुन्नु मान्छेको मुख् हेरि न
डराव किनभन्ये निया ईस्वर्को हो. अनि तिमिहरुको लागि सारो भयेको
१८ कुरो चइं मं थांइ ल्याउंनु त त्यो चइं मं सुन्छु। अनि तिमिहरुले गर्नु पर्ने
सबै काम् मैंले त्येइ बेलामां तिमिहरुलाइ आज्ञा दियें॥
१९ फेरि हामिहरु होरेब् बाटो हिंडुंर अनि त्यो तिमिहरुले देख्येको ठुलो
र डर्लाग्दो बन्मां एमोराहरुको पहाड् देस् बाटो गयूं जसो हामिहरुको
ईस्वर् यहवेले हामिहरुलाइ आज्ञा गर्येको थियो. तब हामिहरु कादेश्बर्नेमां
२० आयूं। तब मैंले तिमिहरुलाइ भन्यें तिमिहरु हामिहरुको ईस्वर् यहवेले
हामिहरुलाइ दिनु आंटेको एमोरीहरुको पहाडि देस्मां आइ पुग्यौ भनि।
२१ हेर् तेरो ईस्वर् यहवेले त्यो देस् तेरो ताबेमां पारि दियेको छ. त
जसोगरि तेरा पित्रहरुको ईस्वर् यहवेले तंलाइ भन्येको छ त्येइ अनुसार्
२२ चढेर त्यस्लाइ आफनु अधिकार्मां पार्. न डरा थरहरि न हो भनि। तब
तिमिहरु सबैले मं थांइ आयेर भन्यौ हामिहरुको अगाडि मान्छेहरुलाइ
पठाइ दिनु हवस् तिनिहरुले हामिहरुको लागि देस्को भेद् लिउन् अनि
फर्कि आइ हामिहरुलाइ कुन् बाटो बाट्हो चढि जांनु अनि कुन् कुन् सहर्मां
२३ पुग्नु भनि खबर् दिउन् भन्येर। त यो कुरो मंलाइ जाति लाग्यो. तब मैंले
२४ तिमिहरुमांका बारह् जनालाइ कुल् पिच्छेको एक् एक् जना लियें. अनि

तिनिहरु फर्केर त्येस् पहाड़मां चढ़ेर अनि एश्कोल्को खोला सम्म पुग्येर
त्येस्को भेद् लिये। अनि देस्को फल्मांको आफ्ना हातमां लियेर हामिहरु २५
थांइ ओह्र्लि आये अनि येसो भन्येर हामिहरुको ईश्वर् यह्वेले
हामिहरुलाइ दिनु आंटेको देस् जाति रछ भनि खबर् सुनाये। तैपनि २६
तिमिहरुले चढ़ि जाने इच्छे गर्यौन तर आफ्नु ईश्वर् यह्वेको आज्ञाको
झगरागराई गर्यौ. अनि आफ्ना आफ्ना डेराहरुमां येसो भन्दै गन्गनायौ २७
यह्वेले हामिहरु सित सत्तुरेइं गर्येको कारण्ले उस्ले हामिहरुलाइ मिस्र
देस् देखि निकालि ल्यायो हामिहरुलाइ एमोरीहरुको ताबिमां सुम्पि नास्
पार्नुलाइ। हामिहरु कता तिर चढ़ि जांद छौं हाम्रा भाईहरुले ति लोग् ता २८
हामिहरु भन्दा ठुला ठुला र अल्गा अल्गा रछन् सहर्हरु पनि बड़ा बड़ा
र अकाश् सम्म घेरा भयेका रछन् अनि हामिहरुले वहां अनाकवंशीहरुलाइ
पनि देख्यूं भनि भनिकन हाम्रो मन् बिलाइ दिये। तब मैंले तिमिहरुलाइ २९
भन्यें भय् न मान अनि न तिनिहरु देखि डराव। तिमिहरुको ईश्वर् यह्वे ३०
जो तिमिहरुको अघि अघि हिंड़्द छ उसैले तिमिहरुको लागि लड़ाइं गर्छे
उस्ले मिस्रमां तिमिहरुका आंखाको सोंजि तिमिहरुको लागि गर्येको झैं
अं बन्मां पनि जहां तैंले देखिस् मान्छेले आफ्नु छोरालाइ बोक्येको झैं ३१
तेरो ईश्वर् यह्वेले तिमिहरु येस् ठांउमां आइ न पुगुंज्याल् सम्म तिमिहरु
हिंड़ेरको सब्बै बाटोमां तंलाइ बोक्यो भनि। तैपनि येस् कुरामां तिमिहरु ३२
आफ्नु ईश्वर् यह्वे मांथि बिश्वास् गर्दै रह्यौन जो तिमिहरुको अघि ३३
अघि तिमिहरुको लागि डेरा हाल्ने ठांउ खोज्नुलाइ र तिमिहरुको हिंड़्ने
बाटो देखाउंनुलाइ राति आगोमां र दिउंसो मेघमां बाटोमां हिंड़्दै
रह्यो। त यह्वेले तिमिहरुका कुराको शब्द सुन्यो अनि रिसायेर येसो भनि ३४
किरिया खायो निस्से येस् बुरो पुस्ताका यि मान्छेहरुमांको येउटाले ३५
पनि त्यो जाति देस् देख्नु पाउंदैन जो मैंले तिमिहरुका पित्रहरुलाइ दिनुलाइ
किरिया खायेको छु यपुन्नेको छोरो कालेब्ले मात्रै त्यो देख्नु पाउंछ ३६
अं मं त्येस्लाइ र त्यस्का वंशहरुलाइ त्येस्ले टेक्येको देस् दिंछु. किनभन्ये त्येस्ले
पूरो रीतले यह्वेलाइ पछ्यायो भनि। अनि मं मांथि पनि यह्वे तिमिहरुको ३७
कारण्ले रिसायो अनि भन्यो तं पनि वहां पस्नु पाउंदैनस्. तर तेरो सांमु ३८
खड़ा रहंने नूनको छोरो यहोशूअ ता वहां पस्नु पाउंछ. त्येस्लाइ आंटीलो
गर किनभन्ये त्येस्ले इस्राएल्लाइ त्यो देस्को अधिकारी गराउंछ। येस् ३९
उप्रान्त तिमिहरुका बाल्बच्चा जस्को बिषय्मां तिमिहरुले यिनिहरु लुट्
हुंछन् भन्यौ अनि तिमिहरुका छोराछोरीहरु जस्ले आजु भला बुराको ज्ञान्
जान्देनन् तिनिहरु चइं भित्र पस्छन् अनि तिनिहरुलाइ मं देस् दिंछु अनि
तिनिहरु देस्का अधिकारी हुंछन्। तर तिमिहरु चइं फर्केर बन् तिर लाल् ४०
समुन्द्रको बाटो बाड़ो हिंड़ि जाव भनि। तब तिमिहरुले मंलाइ हामिहरुले ४१
यह्वेको बिरुद्धमां पाप् गर्यूं त अब आफ्नु ईश्वर् यह्वेले हामिहरुलाइ
दियेका सबै आज्ञा अनुसार् हामिहरु चांढ़ गयेर लड़ाइं गर्छौं भनि उत्तर्

दियौ। अनि आफ्ना आफ्ना हतियार् भिर्यौ अनि पहाड़मां चढ़ि जांनु हलुङ्
४२ कुरो जान्यौ। तब यहवेले मंलाइ भन्यो तिनिहरुलाइ भनि दे तिमिहरु न
चढ़ अनि लड़ाइँ न गर किनभन्ये मं तिमिहरुको बीचमां छुइंन होइन भन्ये
४३ ता तिमिहरु आफ्ना सत्तुरहरुको सांमु मारिनौ भनि। त मैंले तिमिहरुलाइ
भनि दियें तर तिमिहरुले सुन्यौन. तर यहवेको आज्ञा थित झगरागराइँ
४४ गयौ अनि अट्टेरईं गरि त्येस् पहाड़मां चढ़ि गयौ। तब त्येस् पहाड़मां बस्ने
एमोरीहरुले तिमिहरुको बिरुद्धमां निक्लेर भौंर्मौरीले झैं तिमिहरुलाइ
४५ खेद्येर सेईरमां अं होर्मा सम्म तिमिहरुलाइ पीट्दै ल्याये। तब तिमिहरु
फर्केर यहवेको सांमु रुनु लाग्यौ तर यहवेले तिमिहरुको शब्द सुन्येन न
४६ तिमिहरुको कुरामां कान् लगाये। त तिमिहरु कादेशमां धेरै दिन् रह्यौ अं
तिमिहरु वहां रह्येका दिन् अनुसार्॥

२ १ तब त्यसै गरि हांमिहरु फर्केर बन् तिर लाल् समुन्द्रको बाटो
बाड़ो हिंडूंर जसो यहवेले मंलाइ भन्येको थियो. अनि धेरै दिन्
२ सम्म सेईर् पहाड़को फेरो मांर्यूं। तब यहवेले मंलाइ येसो भन्यो
३ तिमिहरुले यो पहाड़को फेरो मार्येका धेरै दिन् भयो. अब उत्तर् तिर
४ फर्कि जाव। अनि तैंले लोगलाइ यो आज्ञा दे तिमिहरु आफ्ना
भाईहरु अर्थात् सेईरका बासी एसाव्वंशीहरको सिमाना भित्र बाटो
जांनु आंटेरका छौ अनि तिनिहरु तिमिहरु देखि डराउंछन्. त तिमिहरु
५ औधि चंख हव. तिनिहरु सित झगरा न गर किनभन्ये मं तिमिहरुलाइ
तिनिहरुको देसमांको केइ पनि अं पैतलाले टेक्ने ठांउ पनि दिन्न.
किनभन्ये मैंले सेईर् पहाड़ एसाव्लाइ त्येस्को अधिकार्मां दियेको छु।
६ तिमिहरुले खांनुको लागि खांने थोक् दाम् दिदिकन तिनिहरु देखि
किन्नु अनि तिमिहरुले खांनुको लागि खांने पानी दाम् दिदिकन तिनिहरु
७ देखि किन्नु। किनभन्ये तेरो ईश्वर् यहवेले तंलाइ तेरा हातका सबै कामको
बिषयमां आशीष् दियेको छ. तेरो येस् महाबन्को हिंड़ाइँ जान्येको छ.
ति चालीस् बर्ष तेरो ईश्वर् यहवे तं सङ रह्यो तंलाइ केइको घटि भयेन।
८ त हांमिहरु आफ्ना भाईहरु सेईरका बासी एसाव्वंशीहरु थांइ देखि
निक्लि अराबाको बाटो अर्थात् एलत् र एस्योन्गेबेर् पट्टि बाटो हिंडूंर॥
९ तब हांमिहरु फर्केर मोआब्को बन्को बाटो बाड़ो हिंडूंर। अनि
यहवेले मंलाइ भन्यो मोआब्लाइ न जिस्का अनि न तिनिहरु सङ झगरा
गरि लड़ाइँ गर्. किनभन्ये मं त्येस्को देसमांको तेरो अधिकार्मां दिन्न
किनभन्ये मैंले आर् सहर् लोतवंशीहरलाइ तिनको अधिकार्मां दियेको
१० छु। (त्यहां तादि एमीहरु बस्द थिये तिनिहरु ठुला ठुला र धेरै र
११ अनाकीहरु जस्ता अग्ला अग्लाहरु थिये. अनि अनाकीहरु झैं यिनिहरु
पनि रपाईहरु[1] गनीन्द छन् तर मोआबीहरले तिनिहरुलाइ एमीहरु

[1] अर्थात् अग्ला अग्ला मान्छेहरु।

भन्द छन्। सेईर्मां तादि होरीहरु बस्द थिये तर तिनिहरुको ठांउमां १२
एसाव्बंशीहरुले आयेर तिनिहरुलाइ नास् पारि तिनिहरुको ठांउमां बस्ये
जसो इस्राएल्ले यहवेले त्येस्लाइ दियेको आफ्नु अधिकार्को देस्मां गर्‍यो।)
अब उठेर जेरेद् खोल्चा पारि जाव भनि। त हांमिहरु जेरेद् पारि गयूं। १३
त हांमिहरु काडेश्बर्नेअ देखि हिंड्यको दिन् देखि जेरेद् खोल्चा पारि हुने १४
सम्ममां अठूतीस् बर्ष बित्ये अर्थात् यह्वेको किरिया अनुसार त्येस् पुस्ताका
सबै लडाइं गर्ने माफिक्काहरु छाउंनी देखि न मेटीउंज्याल् सम्म पार्
भयेनन्। येस् उप्रान्त तिनिहरुलाइ छाउंनीको बीच् देखि नष्ट होइ न १५
सकुंज्याल् सम्म नास् पार्नुलाइ तिनिहरु मांथि यह्वेको हात् पर्‍यो॥
त येसो भयो जब लडाइं गर्ने माफिक्का सबै मान्छेहरु लोगको १६
बीच् देखि मर्येर नष्ट भइ सकेये तब यह्वेले मलाइ येसो भन्यो १७
आजु तं मोआब्को सिमाना अर्थात् आर् काटि जांनु आंटेको छस्. १८
त जब तं अम्मोन्बंशीहरुको सांमु नजिक् पुग्लास् त तिनिहरुलाइ न १९
जिस्क्या अनि न तिनिहरु सङ झगरा गर् किनभन्ये मं अम्मोन्बंशीहरुको
देस्मांको तेरो अधिकार्मां दिन्न. किनभन्ये त्यो मैले लोत्बंशीहरुलाइ
तिनको अधिकार्मां दियेको छु। (त्यो देस् पनि रपाईहरुको देस् गनींद छ. २०
त्यहां तादि रपाईहरु बस्द थिये तर अम्मोनीहरुले तिनलाइ जम्जुम्मीहरु
भन्द छन् तिनिहरु ठुला ठुला र धेरै र अनाकीहरु जस्ता अग्ला २१
अग्लाहरु थिये तर यह्वेले तिनिहरुलाइ अम्मोनीहरुको सांमु देखि नास्
पार्‍यो अनि यिनिहरु तिनिहरुको ठांउमां आये अनि तिनिहरुको साटोमां
बस्ये. जसो उस्ले सेईर्का बासी एसाव्बंशीहरुको लागि गर्‍यो अर्थात् २२
तिनिहरुको सांमु देखि होरीहरुलाइ नास् पार्‍यो अनि यिनिहरु
तिनिहरुको ठांउमां आये अनि आजु सम्म तिनिहरुको साटोमां बस्येका
छन्. अनि अज्जा सहर् सम्म गांउ गांउमां बस्ने अब्बीहरुलाइ कप्तोर् २३
देखि निक्ल्येका कप्तोरीहरुले नास् पार्ये अनि तिनिहरुको साटोमां बस्ये।)
अब उठेर हिंड अनि अर्नोन् खोला पारि तर. हेर् मैले हेश्बोन्को राजा २४
एमोरी सीहोन् र त्येस्को देस् पनि तेरो हात्मां पारि दियं. त्यो आफ्नु
अधिकार्मां लिंनु थाल्दे त्यो सित झगरा गरि लडाइं गर्। अकाश् मुनि भयेका २५
लोग् लोग् मांथि मं आजु तेरो कारण् डर् र भय् हाल्नु थाल्छु तिनिहरु
तेरो समाचार् सुन्येर तेरो कारणले कांम्छन् अनि कष्टित् हुंछन् भनि॥
तब मैले कदेमोत्को बन् देखि हेश्बोन्को राजा सीहोन् थांइ मेल्का २६
यि कुरा भन्नलाइ दूत् पठायं कृपा गरि मलाइ आफुको देस्को बाटो २७
बाटो हिंडि जांनु दिंनु हवस्. मं बाटै बाट् जांछु दाहीनो बांउ फर्कदींन।
मेरो खांनुको लागि दाम् लिइ खांने थोक् मलाइ बेच्नु हवस् अनि मेरो २८
पीउंनुको लागि दाम् लिइ मलाइ पानी दिंनु हवस्. खालि मलाइ आफ्नु
देस् बाटो पैदल् हिंडि जांनु मात्रै दिंनु हवस् जसो सेईर्का बासी २९
एसाव्बंशीहरुले आर्का बासी मोआबीहरुले मं सित गर्ये त्येसै हांमिहरुको

ईश्वर् यहवेले हांमिहरूलाइ दिंनु आंटेरको यर्दन् पारिको देसमां न पुगुंज्याल
३० सम्म आफुले पनि गर्नु हवस् भनि। तर हेश्बोन्को राजा सीहोन्ले
हांमिहरूलाइ आफ्नु देस् बाटो जांनु दियेन. किनभन्ये तेरो ईश्वर्
यहवेले त्येस्को मन् कठोर् गरायो अनि त्येस्को हिर्दय् अट्टेरि गरायो त्येस्लाइ
३१ तेरो हात्मां पारि दिंनुलाइ जस्तो आजु छ। त यहवेले मंलाइ
हेर् मैंले सीहोन् र त्येस्को देस् तेरो सांमु तेरो ताब्रिमां पारि दिंनु थाल्येको
छु. त्येस्लाइ लिंनु थाल् र तं त्येस्को देस्को अधिकारी हो भन्येर भन्यो।
३२ तब सीहोन् आफ्ना सिंगै लोग् समेत् हांमिहरु सित लड़ाइँ गर्नुलाइ
३३ हांमिहरूको बिरुद्धमां यहस् सम्म निक्लि आयो। अनि हांम्रो ईश्वर्
यहवेले त्येस्लाइ हांम्रो सांमु हांम्रा हातमां पारि दियो अनि हांमिहरूले
३४ त्येस्लाइ छोराहरु र लोग् समेत्लाइ मार्‍यूं। अनि त्यसै बेलामां हांमिहरूले
त्येस्का सब्बै सहर् लिहाल्यूं अनि सबै बस्येका सहर्हरूलाइ स्त्रीहरूलाइ र
बाल्बच्चाहरूलाइ समेत् भाकल् गरीयेका थोक् झैं नास् पार्‍यूं येउटा पनि
३५ छाडूंयन. हांमिहरूले बस्तुहरु मांत्रै सिकार् झैं आफ्नु लागि लियूं
३६ हांमिहरूले लियेका सहर्का लूटहरु समेत्। अर्नोन्को खोलाको छेउमां
भयेको अरोएर् देखि र खोलाको बीचमां भयेको सहर् देखि गिलाद् सम्म
हांमिहरूले लिंनु न सक्ने कोई येस्तो बलियो किल्ला थियेन. हांमिहरूको
३७ ईश्वर् यहवेले सबैलाइ हांम्रो सांमु हांम्रा हातमां पारि दियो. खालि
अम्मोन्बंशीहरूको देस् छेउमां मांत्रै आइनस् अर्थात् यब्बोक् खोलाको
छेउछाउको सिंगै देस् र पहाड़ि देस्का सहर्हरु अनि हांमिहरूको ईश्वर्
यहवेले हांमिहरूलाइ थुन्येको सबै देस्॥

३ १ तब हांमिहरु फर्केर बाशान्को बाटो बाड़ो चढि गर्‍यूं. अनि
बाशान्को ओग् भन्ने राजा आफ्ना सिंगै लोग् समेत् हांमिहरु सित लड़ाइँ
२ गर्नुलाइ हांमिहरूको बिरुद्धमां एद्रेईमां निक्लि आयो। त यहवेले मंलाइ
त्यो देखि न डरा. किनभन्ये मैंले त्येस्लाइ त्येस्का सिंगै लोग्लाइ र त्येस्को
देस् पनि तेरो हात्मां सुम्पि दियेको छु त जसो तैंले एमोरीहरूको राजा
हेश्बोन्मां बस्ने सीहोन् सित गरिस् त्यसै त्यो सित पनि गर् भन्येर भन्यो।
३ त हांमिहरूको ईश्वर् यहवेले बाशान्को राजा ओग्लाइ पनि त्येस्का सिंगै
लोग्लाइ समेत् हांमिहरूको हात्मां सुम्पि दियो. अनि हांमिहरूले त्येस्लाइ
४ बांच्येको कोई न रहुंज्याल् गरि मार्‍यूं। अनि त्यसै बेलामां हांमिहरूले
त्येस्का सब्बै सहर् लिहाल्यूं हांमिहरूले तिनिहरु देखि न लियेको कोई
येस्तो किल्ला न रहंने गरि अर्थात् साठी सहर् अं ओगोब्को सिंगै देस् जो
५ बाशान्मां ओग्को राज् थियो। यि सबै सहर् ढोकाहरु र आग्लाहरु
समेत् भयेका अलग्गा अलग्गा भित्ताले घेरीयेका सहर् थिये अनि यि बाहिक्
६ बिना घेराका पनि धेरै सहर् थिये। अनि जसो हांमिहरूले हेश्बोन्को
राजा सीहोन् सित गर्‍येका थियूं त्यसै गरि हांमिहरूले तिनिहरूलाइ पनि
भाकल् गरीयेको थोक् झैं नास् पारि दियूं अनि सबै बस्येका सहर्हरूलाइ

स्वीहरु बालबञ्चाहरुलाइ समेत् भाकल् मरीयेका थोकहरु झैं नास् पार्‍यूं।
तर सबै बस्तुहरु चड्इं र सहरको लुट् सिकार् जस्तो गरि हांमिहरुले ७
आफनु पार्‍यूं। त त्यस् बेलामां हांमिहरुले यर्दन् वारि रहने एमोरीहरुका दुवै ८
राजाहरुको हात् देखि अर्नोनको खोला देखि हेर्मोन् डांडा सम्मको देस्
लिहाल्यूं (त्यो हेर्मोनचड्इं सीदोनीहरुले सिर्योन् अनि एमोरीहरुले ९
चड्इं सनीर् भन्द छन्।) त मैदानका सबै सहरहरु अर्थात् सल्का र एद्रेइ १०
सम्म जुन् जुन् सहर् बाशानमां ओगको राजका सहर् थिये सिंगै गिलाद् र
सिंगै बाशान् हांमिहरुको ताबिमां आये। (किनभन्ये रपाईहरु बांच्येकोमांको ११
खालि बाशानको राजा ओग् मात्रै बांचि रह्यो. हेर त्यसको खाट् फलामको
थियो क्ये त्यो अम्मोनबंशीहरुको रब्बा सहरमां छैन मान्छेहरुको हातको
नापले त्यसको लमइ नौ हातको अनि गज चार् हातको थियो।) त त्यस् १२
बेलामां हांमिहरुले यो देस् आफनु अधिकारमां लिहाल्यूं. अर्नोनको
खोला निरको अरोएर् सहर् देखि सबै सहर् समेत् गिलादको पहाड़े देसको
आधा भाग् मैंले रुबेनीहरु र गादीहरुलाइ दियें. अनि गिलादको बांकिको १३
भाग् र ओगको राज् अर्थात् सिंगै बाशान् अं अर्गोबको सिंगै देस् अं सिंगै
बाशान् मैंले मनश्शेको आधा कुललाइ दियें। (यो चड्इं रपाईहरुको देस्
भनींद छ। मनश्शेबंशी याईरले गशूराहरु र माकातीहरुका सिमाना सम्म १४
अर्गोबको सिंगै देस् लिहाल्यो अनि बाशानका सहरहरुको नांउ आफनु
नांउमां हव्वोतयाईर[1] राख्यो त्यइ नांउ आजु सम्म चल्दै छ।) अनि मैंले १५
गिलाद् देस् माकीरलाइ दियें। अनि रुबेनीहरु र गादीहरुलाइ मैंले गिलाद् १६
देखि अर्नोनको खोला सम्म अर्थात् त्यस् खोलाको बीच् सम्म त्यसको सिमाना
समेत् दियें अं अम्मोनबंशीहरुको सिमाना सम्म अर्थात् यब्बोक् नदी सम्म
अनि अराबा पनि अनि किन्नेरेत् देखि अराबाको समुन्द्र सम्म अर्थात् १७
नुनीलो समुन्द्र सम्म अं पूर्ब तिर पिसगाको उकालि देखि मुनि मुनि यर्दन्
पनि त्यसको सिमाना समेत्॥

त्यस् बेलामां मैंले येसो भन्येर तिमिहरुलाइ आज्ञा दियें तिमिहरुको १८
ईश्वर् यहवेले येस् देस् तिमिहरुको अधिकारको लागि दियेको छ.
तिमिहरुमांको जत्ति लड़ाइँ गर्ने माफिकका छौ ति सबै हतियार् भिर्येर
आफना दाजुभाई इस्राएलबंशीहरुको अघि अघि पारि जाउन्। तर १९
तिमिहरुको स्वीहरु र बालबच्चाहरु र बस्तुहरु मैंले तिमिहरुलाइ दियेका
तिमिहरुका सहरहरुमां रहुन् किनभन्ये तिमिहरुका पशुहरु आघोर छन्
भनि जान्द छु जब सम्म यहवेले तिमिहरुलाइ झैं तिमिहरुका २०
दाजुभाईहरुलाइ पनि बिश्राम् दि सक्दैन अनि तिनिहरु पनि त्यो तिमिहरुको
ईश्वर् यहवेले तिनिहरुलाइ यर्दन् पारि दिंनु भांटोको देसका अधिकारी
हुंदैनन्. त्यस् पछि तिमिहरु जीउ जनंगे आफनु आफनु त्यो मैंले

१ अर्थात् याइरका बस्तीहरु।

२१ तिमिहरुलाइ दियेको अधिकारमां फर्कि जांनु भनि फेरि मैंले त्यसै
बेलामां यहोशूअलाइ येसो भन्येर आज्ञा दियें ज्ये तिमिहरुको ईश्वर् यह्वेले
यि दुवै राजाहरुलाइ गर्‍यो ति सबै तैंले आफ्ना आंखाले देखिस्. तं पारि
२२ तर्‍येर जांनु आंटेरका सबै राज्हरुलाइ पनि यह्वेले येसै गर्छ। त तिनिहरु
देखि न डराव. किनभन्ये तिमिहरुको ईश्वर् यह्वे चइं उह तिमिहरुको
लागि लड़ाइँ गर्ने छ॥
२३ २४ अनि त्यसै बेलामां मैंले यह्वेलाइ येसो भन्येर बिन्ति गर्‍यें हे प्रभु
यह्वे तपांइले आफ्नु दास्लाइ आफ्नु बड़ाहुवाई र बल्लियो हात् देखाउंनु
थाल्नु भयो. कसोगरिभन्ये स्वर्गमां कि पृथिवीमां येस्तो ईश्वर् को छ जसले
२५ तपांइको काम् र तपांइको प्रतापी कार्ज अनुसार् गर्नु सक्नु छ। त कृपा
गरि मलाइ पारि जांनु दिंनु हवस् र यर्दन् पारिको त्यो जाति देस् अर्थात्
२६ त्यो राम्रो पहाड़् र लबानोन् पनि देख्नु पाउं भनि। तर यह्वे तिमिहरुको
कारणले मं देखि अरघोर् रिसायो अनि मेरो सुन्येन. अनि यह्वेले मलाइ
२७ भन्यो भयो येस्को बिषयमां फेरि मं सित कुरा न गर्। पिसगाको थाप्लोमां
चढि जा अनि पूर्व पच्छिउं उत्तर् दक्खिन् तिर आफ्ना आंखा उचाल्येर त्यो
२८ देस् हेर्. किनभन्ये तं येस यर्दन् पारि जांदेनस्। तर यहोशूअलाइ आज्ञा
दे अनि त्येस्लाइ आंटीलो गराइ बल्लियो गरा. किनभन्ये त्येह यि लोगको
आघि आघि पारि जांछ अनि जुन् देस् तैंले देख्छस त्येसैले तिनको अधिकारी
२९ तुल्याउंछ भनि। त हामिहरु बेत्पोरको सांमुको तरिमां रह्यूं॥

(मूसाको उपदेस्)

४ १ त अब हे इस्राएल् जुन् जुन् बिधि र नियाबचन् मं तिमिहरुलाइ
सिकाउंदछु ति गर्नुलाइ सुन र तिमिहरु जीइ रह र जुन् देस् तिमिहरुका
पित्रहरुको ईश्वर् यह्वेले तिमिहरुलाइ दिंनु आंटेरको छ त्यसमां पस्येर
२ त्येस्का अधिकारी हव। जुन् आज्ञा मं तिमिहरुलाइ सुनाउंदछु त्यसमां
केहि न बढाव न घटाव र तिमिहरुको ईश्वर् यह्वेका जुन् जुन् आज्ञा म
३ तिमिहरुलाइ आज्ञा गर्दछु ति तिमिहरुले मान्नु गर। यह्वेले
बाल्पोरको कारणले ज्ये ज्ये गर्‍यो त्यो तिमिहरुका आंखाले देख्ये.
किनभन्य बाल्पोरलाइ पछ्याउंने सबै मान्छेहरुलाइ तेरो ईश्वर् यह्वेले
४ तेरो बीच् देखि नास् पार्‍यो। तर तिमिहरुमांका जति जना आफ्नु
ईश्वर् यह्वे पट्टि भइ टांसीइ रह्यौ सब्बै जना आजु जीउंद छौ।
५ हेर मेरो ईश्वर् यह्वेले मलाइ आज्ञा गर्‍येको अनुसार् बिधि र नियाबचन्
मैंले तिमिहरुलाइ सिकायें जुन् देस्का अधिकारी हुंनु तिमिहरु जांद
६ छौ त्येस्को बीच्मां तिमिहरुले त्येसै गर भन्ने खातिरले। त तिमिहरुले
ति मान अनि गर किनभन्ये अरु लोगको सांमु तिमिहरुको बुद्धि र बूझ
येइ हुंछ अर्थात् यि सबै बिधि सुन्येर तिनिहरुले भन्छन् निस्से यो ठुलो
७ लोग् बुद्धिमान् र बुझ्ने रछ भनि। कसोगरिभन्ये येस्तो ठुलो लोग् को

छ जस्को ईश्वर् तिनिहरुको येति नजिक् छ जसोरि हांमिहरुको ईश्वर् यह्वे
हांमिहरुले उस्लाइ डापार्दा हांमिहरुको नजिक् छ। फेरि येस्तो ठुलो ८
लोग् को छ जस्का बिधि र नियाबचन् येस्तो धर्म्मको छन् मैंले आजुको दिन्
तिमिहरुको सांमु राख्छुं या यि सबै व्यवस्था जस्तो। खालि आफनु ९
बिषयमां चंख रह् अनि आफनु आफनु प्राणको खबरदारी गर् होइन भन्ये
ता तेरा आंखाले देख्छुं का कुरा बिर्सलास् अनि तेरो जीवनभरिमां तेरो मन
देखि जाइ जानन् त ति आफना छोराहरु र छोराहरुका छोराहरुलाइ सुना
जस् दिन् तं होरेब् छेउ आफनु ईश्वर् यह्वेको सांमु उभीयेको थिइस् त्येस् १०
दिन् यह्वेले मंलाइ भन्यो लोगलाइ मं छेउ भेला गर् त मं आफना कुरा
तिनिहरुलाइ सुनाउंछु र तिनिहरु पृथिवीमां जीयेका सब्बै दिनमां मेरो
भय् मान्नुलाइ सिकुन् अनि आफना छोराहरुलाइ पनि सिकाउन् भनि। त ११
तिमिहरु छेउ आयेर पर्वत्को फेदिमां उभीयौ अनि त्यो पर्वत् अकाशको
बीच् सम्म अंध्यारो र बादल् र बाक्लो अंध्यारो भइ आगो बलि रह्यको
थियो। अनि यह्वेले त्यह आगोको बीच् देखि तिमिहरु सित बात् गर्यो. १२
तिमिहरुले कुराको शब्द ता सुन्यौ तर रुप् कोइ देख्यौन खालि शब्द मात्रै
सुन्यौ। अनि उस्ले आफनु नियम् तिमिहरुलाइ जनायो जो मान्नु भनि १३
तिमिहरुलाइ आज्ञा दियो अर्थात् दस् आज्ञाहरु अनि उस्ले ढुंगाका दुवटा
पाटीहरुमां लेखि दियो। अनि यह्वेले मंलाइ त्येसै बेलामां तिमिहरुलाइ १४
बिधि र नियाबचन् सिकाउंने आज्ञा दियो र जुन् देसका अधिकारी हुंनुको
लागि तिमिहरु जांनु आंटेका छौ त्येसमां तिमिहरुले ति मान्न गर।
येस्कारण तिमिहरु आफु आफु औधि चंख रह किनभन्ये जस् दिन् यह्वेले १५
तिमिहरु सित होरेबमां आगोको बीच् देखि कुरा गर्यो त्येस् दिन् तिमिहरुले
कोई रकमको रुप् देख्यौन . होइन भन्ये ता तिमिहरुले आफुलाइ बिगार्छौ १६
अनि आफनु लागि कोई खोपीयेको मूर्त्ति अर्थात् कोइ थोकको रुप्
बनाउंछौ त्यो पुरुषको रुप् हवस् कि स्त्रीको हवस् पृथिवीको कोई १७
पशुको कि अकाशमां उडुंने कोई पंछीको रुप् हवस् कि भूमिमां बाग १८
हिड्ने कोइको रुप् कि पृथिवी मुनिको पानीमांको कोई माछाको रुप्
हवस्. अनि होइनभन्ये ता जब तैंले अकाश तिर आंखा उचालि सूर्ज १९
चन्द्र र ताराहरु अं अकाशका सिंगै सेनालाइ देखलास् तब तैंले तानीयेर
तिनलाइ दण्डवत् र तिनको सेवा गर्नु लागलास् जुनहरुलाइ तेरो
ईश्वर् यह्वेले सिंगै अकाश मुनिका सबै लोग् लोगको लागि बांडि
दियेको छ। तर तिमिहरुचइंलाइ यह्वेले लियेर त्येस् फलामको भट्टी देखि २०
अर्थात् मिस्र देखि निकालि ल्यायो तिमिहरु निज भागको एक् लोग्
हव भन्येर जस्तो आजु छ। येस् उप्रान्त यह्वेले तिमिहरुको कारणले मं २१
देखि रिसायेर तं यर्दन् पारि जांनु पाउंदैनस् अनि जुन् जाति देस् इस्राएलको
ईश्वर् यह्वेले त्यो त्येको आधिकार् गरि दिंनु आंटेको छ त्येसमां तं
पसु पाउंदैनस् भन्येर किरिया खायो. तर मैंले येसै देसमां मंनु पर्येको छ २२

मं यर्दन् पारि जांनु पाउंदींन. तर तिमिहरु पारि गयेर त्यस् आति देस्का
२३ अधिकारी हुंछौ। तर आफु आफु चंख रह छोइन भन्ये ता तिमिहरुले
आफ्नु ईश्वर् यह्वेले त्यो तिमिहरु सित बांध्येको उस्को नियम् बिर्सेर
कोई खोपीयेको मूर्त्ति अर्थात् कोई थोक्को रुप् बनाओला जो तेरो ईश्वर्
२४ यह्वेले तंलाइ थन्येको छ। कसोगरिभन्ये तेरो ईश्वर् यह्वे भस्म पार्ने
आगो अं बल्ने ईश्वर् छ॥
२५ तिमिहरुले छोराहरु र छोराहरुका छोराहरु जन्माउंछौ अनि त्यस् देस्मां
धेरै दिन् रह्येका हुंछौ अनि आफुलाइ बिगार्यौ अनि खोपीयेको मूर्त्ति अर्थात्
कोइ थोक्को अनुवार् गरि खोपीयेको मूर्त्ति बनायेर आफ्नु ईश्वर् यह्वेको
२६ सांमु कुगाई गरि उस्को रिस् उठाइ दियौ भन्ये देखि. मं आजुको दिन्
स्वर्ग र पृथिवीलाइ तिमिहरुको बिरुद्धमां साक्षी राखद छु जस् देस्का
अधिकारी हुंनुलाइ तिमिहरु यर्दन् पारि जांनु आंटेयका छौ त्यस् देखि
छिट्टै स्यांट्टै नास् होइ जांछौ त्येस्मां तिमिहरुको दिन् बढ़ाइंदैन तर स्यांट्टै
२७ नास् पारींछौ। अनि यह्वेले तिमिहरुलाइ अन्येदेसीहरुको बीच्मां
छरपुट् पार्छ अनि जहां यह्वेले तिमिहरुलाइ लैजांछ त्यहांका लोगको
२८ बीच्मां तिमिहरु थोर मांत्रै रहंछौ। अनि वहां तिमिहरुले मान्छेहरुका
हातले बनायेका काठ् र ढुंगाका देव्ताहरुको सेवा गर्छौ जुन्हरुले न देखद
२९ न सुन्द न खांद न सूंघद छन्। तर तैंले वहां पनि आफ्नु ईश्वर्
यह्वेलाइ खोज्यिस् भन्ये देखि त आफ्नु पूरो मन् र आफ्नु पूरो प्राणले
३० उस्लाइ खोजिस् भन्ये उस्लाइ पाउंछस्। तं कष्टमां पर्दा अनि यि सबै कुरा तं
मांथि आइ लागदा अन्तका दिनमां आफ्नु ईश्वर यह्वे तिर फर्कंछस् अनि
३१ उस्को कुरा सुन्छस्. किनभन्ये तेरो ईश्वर् यह्वे दयालु ईश्वर् छ उस्ले तंलाइ
त्यागि दिंदैन न नास् पार्छ अनि उस्ले तेरा पित्रहरु सित खायेको किरिया
३२ नियम् बिर्संदैन। कसोगरिभन्ये जो दिन् तं भन्दा पहिले बिति गये अं
ईश्वर्ले मान्छेलाइ पृथिवीमां सिर्ज्येको दिन् सित र आकाशको एक् छेउ
देखि अर्को छेउ सम्म सित पनि क्ये येस्तो ठुलो कुरो कैलेइ भयेको छ कि
३३ त्यो जस्तो सुनीयेको छ भनि सोध्। कि कैलेइ कुनै लोगले ईश्वर्को
शब्द आगोको बीच् देखि बोल्दै गर्येको सुन्यो जस्तो तैंले सुनिस् अनि
३४ जीउंद छस्। कि क्ये ईश्वर्ले कैलेइ कोई लोग्लाइ परीक्षा र चिंनु र
आश्चर्य्यकर्म्म र लड़ाइँ र बल्लियो हात् र पसार्येको बांहां र ठुला डर्हरुको
बाटोले अरु कोई लोगको बीच् देखि निकाल्नु खोज्यो जस्तो तिमिहरुको
ईश्वर् यह्वेले तिमिहरुको आंखाको सोंजि तिमिहरुको लागि मिस्र
३५ देस्मां गर्यो। तंचइंलाइ जनाईयो यह्वे चइं उ ईश्वरै हो रछ उ
३६ बाहिक् अरु कोई ईश्वर् रैनछ भनि तैंले थाहा पाउंनुलाइ। स्वर्ग बाटो
उस्ले तंलाइ आफ्नु शब्द सुनायो तंलाइ शिक्षा दिंनुलाइ. अनि पृथिवीमां
उस्ले तंलाइ आफ्नु ठुलो आगो देखायो अनि तैंले आगोको बीच् देखि
३७ उस्का बचन्हरु सुनिस्। अनि उस्ले तेरा पित्रहरु सित प्रेम् राख्येक

कारणले उस्ले तिनिहरुको पछि पनि तिनका बंशलाइ रुन्यो अनि आफै
सामेल् भइ आफ्नु बड़ो सामर्थले तंलाइ मिस्र देखि निकालि ल्यायो
उस्ले यो तं भन्दा बड़ो र सामर्थी लोग्लाइ तेरो सांमु देखि धपाउंनुलाइ ३८
अनि तंलाइ भित्र ल्याउंनुलाइ तिनिहरुको देस् तंलाइ अधिकार् गरि
दिंनुलाइ जस्तो आजु छ। त्येसकारण् आजु जान् अनि आफ्नु मन्मां बिचार् ३९
गर् यहूवे चइं उइ मांथि स्वर्गमां र तल पृथिवीमां ईश्वर् छ. अरु कोई
छैन। येसकारण् मैंले आजु तंलाइ सुनायेका उस्का बिधि र आज्ञाहरु मान् ४०
र तेरो र तेरो पछि तेरा छोराहरुको पनि भलो हवस् अनि जुन् देस् तेरो
ईश्वर् यहूवेले तंलाइ दिंद छ त्येस्मां तेरा दिन् बढ़ाईउन् सदाको लागि॥

तब मूसाले यर्दन् पारि सूर्ज उदाउंने तिर तीन्वटा सहर् छुटायो ४१
जस्ले अजान्मां र अगाड़ि देखि दुश्मनि न राखि आफ्नु छिमेकिलाइ ४२
मार्लो त्यो उता भागोस् अनि यि सहर्हरुमांको येउटामां भागि गयेर
जीउंदो बांचोस् भन्येर. अर्थात् रुबेनीहरुको लागि बन्मां भयेको तगिको ४३
बेसेर् अनि गादीहरुको लागि गिलाद्मां भयेको रामोत् अनि मनश्शेको
लागि बाशान्मां भयेको गोलान् ॥

(सौनै पर्वत्मां दिईयेको व्यवस्थाबखान्)

फेरि मूसाले इस्राएलबंशीहरुलाइ कहि सुनायेको व्यवस्था येइ हो. ४४
मूसाले इस्राएल्बंशीहरुलाइ मिस्र देखि निस्कि आये पछि भन्येका साक्षि- ४५
बचन् र बिधि र नियाबचन्हरु यिनै हुन्. यर्दन् वारि एमोरीहरुको राजा ४६
हेश्बोन्मां बस्ने सीहोन्को देस्मां बत्पोर्को सांमु भयेको तागमां बस्ने
जस् राजालाइ मूसा र इस्राएल्बंशीहरुले मिस्र देखि निक्ल्ये पछि मार्ये.
अनि त्येस्को देस्का र बाशान्का राजा आगको देस्का अधिकारी भये जो ४७
यर्दन् वारि घाम् झुल्कने तिर एमोरीहरुका दुइ राजा थिये अर्थात् ४८
अर्नोन्को खोला छेउमां भयेको अरोएर् देखि सीओन् अर्थात् हेर्मोन् पर्बत्
सम्म अनि यर्दन् वारि पूर्ब तिर अराबाको समुन्द्र सम्म पिस्गाको ४९
उकालो मुनि मुनि सिंगै अराबाका पनि अधिकारी भये ॥

तब मूसाले सिंगै इस्राएल्लाइ बोलायेर तिनिहरुलाइ भन्यो हे ५ १
इस्राएल् जुन् जुन् बिधि र नियाबचन् मं आजु तिमिहरुका कानमां सुनाउंद
छु ति सुन र ति सिक र गर्नुलाइ मान। हांमिहरुको ईश्वर् यहूवेले २
होरेब्मां हांमिहरु सित नियम् बांध्यो। यहूवेले यो नियम् हांम्रा पित्रहरु ३
सित होइन तर हांमिहरु सित जो सब्बै आजु यहां जीइ रह्येका छौं अं
हांमिहरुइ सित बांध्यो। पर्बत् मांथि आगोको बीच् देखि यहूवेले तिमिहरु ४
सित सांमु सांमु बात् गर्यो। त्येस् बेलामां मैंने यहूवेको र तिमिहरुको ५
बीच्मां यहूवेको बचन् तिमिहरुलाइ जनाउंनुलाइ उभीइ रह्यें. किनभन्ये
तिमिहरु त्यो आगो देखि डराइ पर्बत् मांथि चढ़ीन तब यहूवेले
तिमिहरुलाइ येसो भन्यो अर्थात्

६ मं तेरो ईश्वर् यहूवे हुं जस्ले तंलाइ मिस्रको देस् देखि अं बंधुवाईको
घर् देखि निकालि ल्यायो ॥
७ मेरो सांमु तेरा अरु कोई ईश्वर् हुंदैनन् ॥
८ तैंले आफ्नु लागि कोई खोपायेको मूर्त्ति न बना न कसै रूप्को
अनुवार् ज्ये मांथि स्वर्गमां अनि ज्ये तल पृथिवीमा अनि ज्ये पृथिवी मुनि
९ भयेको पानीमां छ. तैंले आफुलाइ तिनिहरुको सांमु न निउंरा अनि न
तिनिहरुको सेवा गर्. किनभन्ये मं तेरो ईश्वर् यहूवे रापीलो ईश्वर् हुं
पित्रहरुको दुष्टाईको दण्ड सन्तानहरु मांथि मंलाइ घियाउंनेहरुका तीस्रो र
१० चौथो पुस्ता मांथि पुर्याइ दिंने अनि मं सङ प्रेम् गर्नेहरु र मेरा
आज्ञा मान्नेहरुका सहस्र सहस्र (पुस्ता) मांथि दया गर्ने ॥
११ तैंले आफ्नु ईश्वर् यहूवेको नांउ व्यर्थमां न ले. किनभन्ये यहूवेले
उस्को नांउ व्यर्थमां लिंनेलाइ निर्दोष् ठहराउंदैन ॥
१२ आफ्नु ईश्वर् यहूवेको आज्ञा अनुसार् विश्रामको दिन् मान्ने गर्नु।
१३ १४ तैंले छ दिनभरि कामकाज् गर्येर आफ्ना सबै काम् गर्. तर सातौं चहिं
दिन् तेरो ईश्वर् यहूवेका लागि विश्राम् हो. तैंले त्यस्मा केहि काम् न गर्
तैंले न तेरो छोरोले न तेरी छोरीले न तेरो चाकरले न तेरी चाकरनीले न
तेरो गोरुले न तेरो गदाहाले न तेरो कोई पशुले न तेरा ढोका भित्र भयेको
१५ परदेसीले र तेरा चाकर र चाकरनीले पनि तैंले झैं विसाउन्। अनि तं
मिस्र देसमां दास् थिइस् अनि तेरो ईश्वर् यहूवेले तंलाइ बलियो हात् र
पसार्येको बांहाले निकालि ल्यायो भनि सम्झना गर्. येहिकारण् तेरो
ईश्वर् यहूवेले तंलाइ विश्रामको दिन् मान्नु आज्ञा दियो ॥
१६ आफ्नु ईश्वर् यहूवेको आज्ञा अनुसार् आफ्नु बाबु र आफ्नी
आंमालाइ मानमनीतो गर्. र जुन् भूमि तेरा ईश्वर् यहूवेले तंलाइ दिंद छ
त्यस्मा तेरा दिन् बढाइउन् अनि तेरो भला हवस् ॥
१७ तैंले हत्या न गर् ॥
१८ न व्यभिचार् गर् ॥
१९ न चोरी गर् ॥
२० न आफ्नु छिमेकि मांथि झूठो साक्षी दे ॥
२१ न आफ्नु छिमेकिको स्वास्नीको लालच् गर् अनि न आफ्नु
छिमेकिको घर्को न त्यस्को खेत्को न त्यस्को कमारोको न त्यस्की कमारीको
न त्यस्को गोरुको न त्यस्को गदाहाको न कसै पनि थोक्को ज्ये तेरो
छिमेकिको छ इच्छे गर् ॥
२२ यि वचन् यहूवेले त्यस् पर्वत मांथि आगो र बादल र बाक्लो अंध्यारोको
बीच् देखि बड़ो शब्द गरि तिमिहरुको सिंगै सभालाइ भन्यो. तर अरु
२३ थप्येन। अनि उस्ले ढुंगाका दुइटा पाटहरुमां ति लेख्यर मंलाइ दियो। अनि
येसो भयो पर्वत् आगोले बल्दे गर्दा जब तिमिहरुले त्यो शब्द अंध्यारोको
बीच् देखि आउंदै गर्येको सुन्यो तब तिमिहरु अर्थात् तिमिहरुका कुलका

सबै मूलहरु र तिमिहरुका प्राचीनहरुले मं थांइ आयेर भन्नु लाग्ये २४
हेर हांमिहरुको ईश्वर् यहुवेले हांमिहरुलाइ आफ्नु महिमा र बड़ाइवाइ
देखायेको छ अनि हांमिहरुले उस्को शब्द आगोको बीच् देखि आउंदै गर्येको
सुन्येका छौं . हांमिहरुले आजु देख्येका छौं ईश्वरले मान्छेहरु सित बात् गर्यो
र पनि तिनिहरु जीइ रह्येका । त अब हांमिहरु किन मरुं कसोगरिभन्ये २५
येस् बड़ो आगोले हांमिहरुलाइ भस्म पार्छ. हांमिहरुले आफ्नु
ईश्वर् यहुवेको शब्द अब फेरि सुन्यूं भन्ये देखि ता मर्छौं । किनभन्ये सिंगै २६
जीवधारीहरुमांको को येस्तो छ जस्ले हांमिहरुले झैं आगोको बीच्
देखि बोल्दै गर्ने जीउंदो ईश्वरको शब्द सुनिकन जीइ रह्येको छ ।
आफुनै नजिक् जांनु हवस् र ज्ये ज्ये हांमिहरुको ईश्वर् यहुवेले भन्छ सुन्नु २७
हवस्. फेरि ज्ये ज्ये हांमिहरुको ईश्वर् यहुवेले आफुलाइ भन्छ त
हांमिहरुलाइ भन्नु हवस् हांमिहरु ति सुनि मान्छौं । त जब तिमिहरुले २८
यि कुरा मंलाइ भन्यौ तब यहुवेले तिमिहरुका कुराको शब्द सुनि मंलाइ
भन्यो तिनिहरुले तं सित भन्येका यि लोगका कुराको शब्द मैले सुन्येको छु .
तिनले ज्ये भन्ये ति सबै जातिनै भन्ये । हाय् मेरो भय् मान्नु र मेरा सबै २९
आज्ञा गर्ने मन् सबै दिन् तिनिहरुको हवस् र सदाभरि तिनिहरुको र
तिनिहरुका छोराहरुको भलो हवस् । गयेर तिनलाइ आफ्नू आफ्नु ३०
डेरामां फर्कि जाव भन् । नर तं चहिं यहां मं छेउ उभीइ रह् मं तंलाइ तैंले ३१
तिनिहरुलाइ सिकाउंनु पर्ने सबै आज्ञा र बिधि र नियाबचन् कहंछु र
ति तिनिहरुले दैंले तिनिहरुलाइ अधिकारी तुल्याउंनु आंटेको देसमां
गरुन् । त तिमिहरु आफ्नु ईश्वर् यहुवेको आज्ञा अनुसार गर्नुलाइ मान . ३२
न दाहीनो न बांउ फर्क । जुन् बाटोमां हिंड्नु आज्ञा तिमिहरुको ईश्वर् ३३
यहुवेले तिमिहरुलाइ दियेको छ त्येसमां हिंड्दै रह र जीइ रह अनि
तिमिहरुको भलो हवस् अनि जुन् देसका अधिकारी तिमिहरु हुंछौ
त्येसमां तिमिहरुका दिन् बढ़ाईउन् ॥

(आज्ञाकारी हुंनुलाइ चेताउंनो)

अब तिमिहरुको ईश्वर् यहुवेले जुन् आज्ञा बिधि र नियाबचन् ६ १
तिमिहरुलाइ सिकाउंने आज्ञा दियेको छ जो तिमिहरुले तिमिहरु
अधिकारी हुंनुलाइ पारि जांनु आंटेको देसमां गरौला ति यिनै हुन् .
तैंले अं तैंले र तेरो छोरोले र तेरो छोरोको छोरोले आफ्नु ईश्वर् यहुवेको २
भय् मानि उस्का ति सबै बिधि र आज्ञा जो मं तंलाइ आज्ञा दिंद छु
आफ्नु जीउंनो भरि मान्नुलाइ अनि येसोरि तेरा दिन् बढ़ाईउन् भन्ये
खातिरले । त हे इस्राएल् सुन् अनि त्यो गर्नुलाइ मान् र तेरो भलो ३
हवस् अनि तेरा पित्रहरुको ईश्वर् यहुवेको बचन् अनुसार त्यो दुद् र
मह बहने देसमां तिमिहरु धेरै बढ़ ॥

४ सुन् हे इस्राएल्. हांमिहरूको ईश्वर् यह्वे एकैवटा यह्वे छ.
५ त तैंले आफ्नु ईश्वर् यह्वे सङ आफ्नु पूरो मन्ले अनि आफ्नु पूरो
६ प्राणले अनि आफ्नु पूरो शक्तिले प्रेम् गर्। अनि यि बचन्हरू जो मं आजु
७ तंलाइ आज्ञा दिइ भन्द छु ति तेरा मन्मां रहुन्. अनि तैंले ति आफ्ना
छोराहरूलाइ बलैले सिकाइ दे अनि घर्मां बस्दा र बाटोमां हिंड्दा र
८ ढल्कंदा र उठ्दा तिनको चर्चा गर्न गर्। अनि ति आफ्ना हातमां
चिंनु गरि बांध् अनि ति तेरा आंखाको बीच्मां टीका जस्ता होउन्।
९ अनि ति आफ्नु घर्का सहार्हरूमां र ढोका ढोकामां लेख्॥

१० अनि यसो हुंछ जब तेरो ईश्वर् यह्वेले तंलाइ त्यस् देस्मां पुर्याउंछ
जस्को बिषय्मां उस्ले तेरा पित्रहरू अब्राहाम् इस्हाक् र याकूब् सित
११ किरिया खायो अर्थात् तैंले न बनायेका ठुला र राम्रा सहर्हरू अनि
तैंले न भर्येका सबै जाति थोकले भरायेका घर्हरू र तैंले न खन्येका
१२ पोखरिहरू र तैंले न रोप्येका दाख् र भद्राक्ष खाइ तं अघाउंछस् त
चंख रह् होइन भन्ये ता तैंले तंलाइ मिस्र देस् अं बन्ध्वाइको घर् देखि
१३ निकालि ल्याउंने यह्वेलाइ बिसलाम् आफ्नु ईश्वर् यह्वेकै भय् मान्
१४ उसैको सेवा गर् अनि उसैको नांउको किरिया खा। तिमिहरूले
परायदेवताहरू अर्थात् तिमिहरूका वरिपरिका लोगका देवताहरूलाइ न
१५ पछ्याउ। किनभन्ये तेरो ईश्वर् यह्वे जो तेरो बीच्मां छ उ रापीलो
ईश्वर् छ होइन भन्ये ता तेरो ईश्वर् यह्वेको रिस् तं मांथि उठ्छ र
उस्ले तंलाइ पृथिवीको मुख् मांथि देखि नास् पार्छ॥

१६ जसोरि तिमिहरूले मस्सामां आफ्नु ईश्वर् यह्वेको परीक्षा गर्यौ
१७ त्यसोरि उस्को परीक्षा न गर। आफ्नु ईश्वर् यह्वेको आज्ञा उस्का
साक्षीबचन् र बिधिहरू जो उस्ले तिमिहरूलाइ आज्ञा दियेको छ खबर्दारी
१८ सङ मान। अनि यह्वेको दृष्टिमां ज्यै ज्यै सोजो र जाति छ त्यइ
गर्. र तेरो भलो हवस् अनि जुन् जाति देसको बिषय्मां यह्वेले
तेरा पित्रहरू सित किरिया खायो त्यसमां पसि त्यस्का अधिकारी हो
१९ अनि उस्ले आफ्नु बचन् अनुसार् तेरा सबै सत्रुहरूलाइ तेरो सांमु देखि
निकालि देवस्॥

२० तब आउंदो दिन्मां तेरो छोरोले तं सित हांमिहरूको ईश्वर् यह्वेले
तिमिहरूलाइ आज्ञा दयेका ति साक्षीबचन् र बिधि र नियाबचन्को अर्थ
२१ क्या हो भनि सोध्ला तब आफ्नु छोरोलाइ भन् हांमिहरू मिस्रमां
फिरऊन्का दास् थियूं तर यह्वेले हांमिहरूलाइ बलियो हातले मिस्र देखि
२२ निकालि ल्यायो. अनि यह्वेले हांमिहरूका आंखाको सांमु ठुला ठुला र
दुःख दिने चिंनु र आश्चर्यकर्म मिस्र मांथि फिरऊन् र त्यस्का सबै जहान्
२३ मांथि प्रगट् गर्यो. अनि हांमिहरूलाइ चइं उस्ले त्यहां बाटो निकालि
ल्यायो हांमिहरूलाइ यहां ल्याउंनु र उस्ले हांमिहरूका पित्रहरू सित
२४ किरिया खायेको देस् हांमिहरूलाइ दिनुलाइ। अनि यह्वेले हांमिहरूलाइ

यि सबै विधि मान्नुलाइ र आफ्नु ईश्वर् यह्वेको भय् मान्नै आज्ञा दियो
सबै दिन् हामिहरुको भलो हवस् र उन्ले हामिहरुलाइ जीउंदो बचावस्
जस्तो आजु छ। अनि हामिहरुले आफ्नु ईश्वर् यह्वेको सांमु जसो २५
उन्ले हामिहरुलाइ आज्ञा दियेको छ त्यसै यि सबै आज्ञा गर्नु मान्यं त
येइ हामिहरुको लागि धर्म्म गर्नीछ भन्येर ॥

(कनानीहरु देखि अलग् रहंने आज्ञा)

जब तेरो ईश्वर् यह्वेले तंलाइ त्यो तं अधिकारी हुंनुलाइ जांनु ७१
आंटेरको देस्मां पुऱ्याउंछ अनि धेरै लोगलाइ तेरो सांमु देखि धपाउंछ
अर्थात् तं भन्दा ठुला र सामर्थी यि सात् लोगलाइ अर्थात् हित्ती गिर्गाशी
एमोरी कनानी परिज्जी हिव्वी र यबूसीहरुलाइ अनि जब तेरो २
ईश्वर् यह्वेले तिनिहरुलाइ तेरो ताबिमां पारि दिंछ तब तैंले तिनलाइ
भाकल् गरीयेको थोक् भैं नास् पार्छस् तिनिहरु सित बाचा न बांध्नु न
तिनिहरु मांथि दया गर्नु. अनि न तिनिहरु सित कुटुम्बेरी गर्नु न ता ३
आफ्नी छोरी त्येस्को छोरालाइ दिंनु अनि न ता त्येस्की छोरी आफ्नु छोराको
लागि लिंनु। किनभन्ये त्येस्ले तेरो छोरोलाइ मलाइ पछ्याउंनु देखि पराय् ४
देवताहरुलाइ पूज्नुलाइ फर्काउंछ. येसोरि यह्वेको रिस् तिमिहरु मांथि
उठ्छ अनि उन्ले छिट्टै तंलाइ नास् पार्छ। तर तिनिहरु सित येस्तो व्यहोरा ५
गर्नु तिनका थान्हरु भत्काइ दिंनु तिनका मुड्काहरु भांचि दिंनु अनि
तिनको अशेरीम् भनींने मूर्त्तिहरु काटि ढालि दिंनु अनि तिनका खोप्येका
मूर्त्तिहरु आगोमां डड़ाइ दिंनु। किनभन्ये तं आफ्नु ईश्वर् यह्वेको लागि ६
पवित्र लोग् होस्. तेरो ईश्वर् यह्वेले पृथिवीको मुख् मांथिका सबै लोग्
लोग्मांका तंचइंलाइ छान्यो उन्को निज् लोग् हुंनुको लागि। तिमिहरु ७
गन्तिमां अरु सबै लोग् भन्दा बेसि भयेको कारणले यह्वेले तिमिहरु
सित प्रेम् गर्येन न तिमिहरुलाइ छान्यो कसोगरिभन्ये तिमिहरु ता सबै
लोग् भन्दा गन्तिमां थोरै थियौ. तर यह्वेले तिमिहरुलाइ बलियो हातले ८
निकालि ल्यायेको अनि बन्धुवाईको घर् अं मिस्रको राजा फिरऊन्को हात्
देखि छोड़ाइ ल्यायेको कारण् यो छ यह्वेले तिमिहरु सित प्रेम् गर्द छ
अनि तिमिहरुका पित्रहरु सित खायेको किरिया पूरो गर्नु खोज्द छ।
त थाहा पाउंनु तेरो ईश्वर् यह्वे उइ ईश्वर् हो अं बिश्वास्योग्य् ईश्वर् जस्ले ९
आफ्ना प्रेम् राख्नेहरु र आज्ञा मान्नेहरु सित सहस्र पुस्ता सम्म आफ्नु
नियम् मान्दे र आफ्नु टिठाई गर्दै रहंद छ तर उन्लाइ हियाउंनेहरुलाइ १०
तिनको आंखाको सांमु साटो फर्काइ दिंद छ तिनलाइ नास् पार्नुलाइ.
आफुलाइ हियाउंनेहरुको बिषयमा उन्ले अबेर् गर्दैन तर त्येस्का आंखाको
सांमु त्येस्लाइ साटो दिंछ। येकारण् यो आज्ञा र यि बिधिहरु र निया ११
बचन्हरु जो मं आजु तंलाइ आज्ञा दिंद छु गर्नुलाइ मान्॥

१२ अनि येसो हुंछ तिमिहरुले यि नियावचन्हरु सुनि मान्येको कारणले
जुन् नियम् र टिठाईको किरिया तेरो ईश्वर् यहवेले तेरा पित्रहरु सित
१३ खायेको छ ति उस्ले मान्छ. अनि उस्ले तं सित प्रेम् गर्छ अनि तंलाइ आशीष्
दिंछ अनि बढ़ाउंछ. अनि उस्ले तेरा पित्रहरु सित किरिया खाइकन
तंलाइ दिंनुलाइ भन्येको देस्मां उस्ले तेरा शरीर्को फल् भूमिका फल्
अन्न दाखरस् र तेल्मां आशीष् दिंछ तेरो गाईगोरुको बढ़्ति र भेंड़ा
१४ बाख्राका पाठाहरुमां पनि आशीष् दिंछ। तं सबै लोग् भन्दा बेसि
अशीषित् हुंछस्. तिमिहरुको बीच्मां न तिमिहरुका पशुहरुमां कोई नर्
१५ कि नारी बांझौ हुंछ। अनि यहवेले तं देखि सबै प्रकार्को रोग् लैजांछ
अनि तैंले थाहा पायेका मिस्रका बुरा बेथाहरुमांको कुनै तं मांथि हाल्दैन
१६ तर ति तेरा सब् बैरीहरु मांथि हाल्छ। अनि जत्ति लोग्लाइ तेरो ईश्वर्
यहवेले तेरो ताबिमां पारि दिंछ ति सबैलाइ तैंले नास् पार्नु तेरा आंखाले
तिनलाइ न टिठाउंनु. न तिनका देव्ताहरुको सेवा गर्नु किनभन्ये यो तेरो
१७ लागि पासो हुंछ। तैंले आफ्नु मन्मां यि लोग्हरु मं भन्दा बेसि छन्
१८ तिनलाइ कसोगरि देस् देखि निकाल्नु सकुं भनिस् भन्ये देखि तिनिहरु
देखि न डरा. तर तेरो ईश्वर् यहवेले ज्ये ज्ये फिरऊन् सित अं सिंगै मिस्र
१९ सित गर्यो त्यो राम्रोगरि सम्झना गर् अर्थात् तैंले आफ्ना आंखाले
देख्येका बड़ा बड़ा परीक्षाहरु र चिंनुहरु र आश्चर्ज्यकर्म्महरु र बलियो हात् र
पसारयेको बांहां जुन्हरुको बाटोले तेरो ईश्वर यहवेले तंलाइ निकालि
ल्यायो. जुन् लोग्हरु देखि तं डराउंछ छस् ति सबैलाइ तेरो ईश्वर् यहवेले
२० त्यसै गर्छ। येस् उप्रान्त तेरो ईश्वर् यहवेले तिनको बीच्मांका जति बांच्येका
र तं देखि लुक्येका हुंछन् ति न मेटिउंज्याल् सम्म बर्स्विउंलाइ पठाइ दिंछ।
२१ त तिनिहरु देखि न डरा. किनभन्ये तेरो ईश्वर् यहवे तेरो बीच्मां छ
२२ बड़ा र डर्लाग्दो ईश्वर्। अनि तेरो ईश्वर् यहवेले यि लोगलाइ तेरो
सांमु देखि बिस्तार् बिस्तार् निकालि दिंछ. तैंले तिनिहरलाइ एकै चोटि नास्
२३ पार्नु सक्दैनस् छोइन भन्ये ता तं मांथि बनपशुहरु बढ़्नन्। तर तेरो ईश्वर्
यहवेले तिनलाइ तेरो ताबिमां पारि दिंछ अनि तिनिहरु सत्येनास् न
२४ पारि सकुंज्याल् सम्म तिनिहरुलाइ नास् गर्दै रहंछ। अनि उस्ले तिनिहरुका
राजाहरुलाइ तेरो हात्मां सुम्पि दिंछ अनि तैंले तिनिहरुको नावै समेत्
अकाश् मुनि देखि मेटि दिंछस्. तैंले तिनिहरलाइ सत्येनास् न पारंज्याल्
२५ सम्म कोई पनि तेरो सांमु उभीइ रहंनु सक्दैन। तिनका देव्ताका खोपीयेका
मूर्त्तिहरु आगोमां डड़ाइ दिंनु. ति मांथि मोहोर्येका चांदी सुनको लालच्
न गर्नु अनि त्यो न लिंनु छोइन भन्ये ता तं त्येस्ले फांसीयेलास्. किनभन्ये
त्यो तेरो ईश्वर् यहवेका लागि घिन्लाग्दो छ. अनि आफ्नु घरमां पनि
२६ कोई येस्तो घिन्लाग्दो थोक् न ल्याउंनु छोइन भन्ये ता तं पनि त्यो जस्तो
भाकल् गरीयेको थोक् होइ जांछस्. तर त्यो देखि सांढ़ै घिनने राख्नु
अनि सांढ़ै छ्ये राख्नु किनभन्ये त्यो ता भाकल् गरीयेको थोक् हो॥

(इस्राएल् तिर ईश्वर्को करुणा)

जो आज्ञा मं आजु तंलाइ आज्ञा गर्द छु ति सबै गर्नुलाइ मान्नु ८ १
र तिमिहरु जीइ र बढ्दै रह अनि जुन् देसको बिषय्मां यह्वेले
तिमिहरुका पित्रहरु सित किरिया खायेको छ त्येस्मां पस अनि त्यो
आफ्नु अधिकार्मां पार । अनि तेरो ईश्वर् यह्वेले तंलाइ दीन् तुल्याउंनु २
र तंलाइ जांच्नु र तैंले उस्को आज्ञा मान्छस् कि मान्दैनस् भनि तेरो मन्
थाह्हा पाउंनुलाइ यि चालीस् बर्ष बन्मां तंलाइ लिहिंड्यको सबै बाटोको
सम्झना राख् । त उस्ले तंलाइ दीन् तुल्यायो अनि भोकै रहंनु दियो ३
अनि तंलाइ त्यो न तैंले न तेरा पित्रहरुले जान्येको मन्न खुवायो उस्ले
तंलाइ मान्छे खालि रोटीले मांत्रै होइन तर यह्वेको मुख् देखि निक्लंने
सबै कुराले जीउंद छ भनि सिकाउंनुलाइ । ति चालीसै बर्ष भरि तेरा ४
लुगा तेरो जीउमां पुरानु भइ गयेनन् न तेरा गोड़ा सुनीये । फेरि आफ्नु ५
मन्मां बिचार् गर् तेरो ईश्वर् यह्वेले तंलाइ मान्छेले आफ्नु छोरालाइ
झैं शिक्षाइदण्ड दिंद छ । त आफ्नु ईश्वर् यह्वेका आज्ञाहरु मान् उस्का ६
बाटामां हिंड्नुलाइ र उस्को भय् मान्नुलाइ । किनभन्ये तेरो ईश्वर् यह्वेले ७
तंलाइ येउटा जाति देस्मां पुर्याउंद छ अर्थात् पहाड़ र तरि देखि निक्लंने
पानीका गह्हीरा गह्हीरा र खोल्चा र कुवा भयेको देस् गहूं जऊ ८
दाख् नेभारा र दारीम् भयेको देस् तेल्भद्रात्ते र मह भयेको देस् जुन् ९
देस्मां महंगो न भयेको रोटी खांछस् अनि जस्मां तेरो कोइ थोक्को
घटि हुंदैन जस् देस्का ढुंगा फलमै छन् जस्का पहाड़ देखि तैंले तांबा
खन्नु पाउंछस् । त जब तं खायेर अघाउंछस् तब तेरो ईश्वर् यह्वेले १०
तंलाइ दियेको त्येस् जाति देस्को लागि उस्को धन्नबाद् गर् । चंख रह् ११
होइन भन्ये ता आफ्नु ईश्वर् यह्वेलाइ बिर्सेर आजु मैंले तंलाइ आज्ञा
दियेका उस्का आज्ञा र नियाबचन् र बिधिहरु मानोइनस् . होइन भन्ये ता १२
जब तं खायेर अघाउलास् अनि जाति जाति घर् बनायेर तिनमां बस्लास्
अनि जब तेरा गाईगोरुहरु र भेंड़ाबाखाहरु बढ्नन् अनि तेरा सुन् चांदी १३
बढ्नन् अं तेरो ज्ये ज्ये छन् सब् थोक् बढ्नन् तब तेरो मन् फुलोयेला १४
अनि तैंले तंलाइ मिस्रको देस् अं बन्धुवाईको घर् देखि निकालि ल्याउंने
आफ्नु ईश्वर् यह्वेलाइ बिर्सलास् जस्ले त्यो ठुलो र डरलाग्दो बन् १५
बाटो जहां अग्निसर्प र बिच्छु थिये अनि पानी बिना तिर्खायेको भूमि
थियो तंलाइ लिहिंड्यो . जस्ले तेरो लागि पानी टल्सीग् ढुंगा देखि पनि
निकाल्यो जस्ले तंलाइ बन्मां तेरा पित्रहरुले न जान्येको मन्न १६
खुवाउंदै रह्यो तंलाइ दीन् तुल्याउंनुलाइ अनि तंलाइ जांच्नुलाइ अन्तमां
तेरो भलो गर्नुलाइ . अनि तैंले आफ्नु मन्मां मेरै सामर्थ र मेरै हातको १७
बलले मंलाइ यो धन् गरायो भन्लास् । तर आफ्नु ईश्वर् यह्वेलाइ १८
[illegible]

तेरा पित्रहरु सित किरिया खायेको नियम् ठहराइ बांधनुलाइ जस्तो आजु
१९ छ । अनि येसो हुंछ तैंले आफ्नु ईश्वर् यहवेलाइ कैलेइ बिर्सिस् अनि पराय्
देवताहरु पछि हिंड़ि तिनको सेवा र तिनलाइ दण्डवत् गरिस् भन्ये मं आजु
२० तिमिहरुलाइ साक्षी राखंद छु तिमिहरु नष्ट ता नष्टै हुंछौ । जुन् लोगलाइ
यहवेले तिमिहरुको सांमु देखि नष्ट पार्नु आंटेरको छ तिनैहरलाइ झैं
आफ्नु ईश्वर् यहवेको शब्द न मान्येको कारणले तिमिहरु नष्ट हुंछौ ॥

(इस्राएलीहरुले गर्न्येको गन्गनाई र आज्ञा न मनाई)

९ १ हे इस्राएल् सुन् . आजु यर्दन् पारि जांनु आंटेरको छस् तं भन्दा
बड़ा र सामर्थी लोगलाइ र अकाश् सम्म घेरा भयेका ठुला ठुला सहर्
२ आफ्नु अधिकारमां पार्नुलाइ अं बड़ा र अग्ला अग्ला एक् लोग्
अनाकवंशीहरु जस्लाइ तं चिन्द छस् जस्को विषयमां तैंले अनाकवंशीहरको
३ सांमु को उभीनु सकछ भन्येको सुन्येको छस् । त आजु जानि राख् तेरो ईश्वर्
यहवे उइ हो जो भस्म पार्ने आगो जस्तो तेरो अघि अघि पारि जांद छ
उसैले तिनिहरुलाइ नास् पार्छ अनि उसैले तिनिहरलाइ तेरो सांमु
निउंराउंछ . येसोरि तैंले तिनिहरलाइ यहवेले तंलाइ भन्येको अनुसार्
४ धपाउंछस् अनि एकै चोटि नास् पार्छस् । जब तेरो ईश्वर् यहवेले
तिनिहरलाइ तेरो सांमु देखि निकालि सकछ तब आफ्नु मनमां मेरो
धर्म्मको कारणले यहवेले मलाइ येस् देस्को अधिकारी हुंनुलाइ ल्यायो
भन्यर न भन् . तर ति लोगको दुष्टइंको कारणले यहवेले तिनलाइ तेरो
५ सांमु देखि धपाउंदै छ । तं आफ्नै धर्म्मको कि आफ्नै मन्को सोझैंको
कारणले तिनको देस् अधिकारमां पार्नुलाइ पस्दैनस् . तर यि लोगको
दुष्टइंको कारणले तेरो ईश्वर् यहवेले तिनिहरलाइ तेरो सांमु देखि
धपाउंनु आंटेरको छ अनि जुन् बचन् यहवेले तेरा पित्रहरु अर्थात्
अब्राहाम् इस्हाक् र याकूब् सित किरिया खायेको थियो त्यो स्थिर्
६ गराउंनुको लागि पनि हो । त यो जानि राख् तेरो ईश्वर् यहवेले तंलाइ तं
यो जाति देस्को अधिकारी हुंनुलाइ दिंद छ त तेरो धर्म्मको कारणले होइन
७ किनभन्ये तं ता कठोर् गर्धन्को लोग् छस् । सम्झना राख् अनि कैलेइ न
बिर्सि तैंले कसोगरि बनमां आफ्नु ईश्वर् यहवेलाइ रिस् उठाइस् . तं मिस्र
देस् देखि निकल्येको दिन् देखि यो ठाउंमां न पुग्ंज्याल् सम्म तिमिहरु
८ यहवे सित झगरे हुंदै रह्यौ । फेरि होरेबको क्षेत्रमां पनि तिमिहरले
यहवेलाइ रिसै उठायौ अनि यहवे तिमिहरुलाइ नास् पार्नु सम्म गरि
९ तिमिहरु मांथि रिसायो । जब मं ढुंगाका पाटीहरु अर्थात् यहवेले तिमिहरु
सित बांध्येका नियमका पाटीहरु पाउंनुलाइ त्येस् पर्बतमां चढ़ि गयेको
थियें तब मं रोटी न खाइ अनि पानी न पीइ चालीस् दिन् र चालीस्

रात् पर्वत्मां रह्यें । अनि यहवेले मंलाइ ईश्वर्को औंलाले लेख्येका ढुंगाका १०
दुइटा पाटी सुम्प्यो अनि जति बचन् यहवेले पर्वत् मांथि आगोको बीच्
देखि सभाको दिन्मां तिमिहरुलाइ भन्येको थियो ति सबै तिनैमां लेख्येका
थिये। अनि येसो भयो चालीस् दिन् र चालीस् रात् बित्येकोमां यहवेले ११
ढुंगाका दुइटा पाटी अर्थात् नियम्का पाटी मंलाइ दियो । तब यहवेले १२
मंलाइ भन्यो उठ् छिट्टो यहां बाटो उत्रि जा किनभन्ये तैंले मिस्र देखि
ल्यायेका तेरा लोगले आफुलाइ भ्रष्ट पार्ये जुन् बाटोको आज्ञा मैंले
तिनलाइ दियेको थियें त्यो देखि तिनिहरु छिट्टै तर्कि गये आफ्नु लागि
येउटा मूर्त्ति ढालि बनाये भनि । फेरि यहवेले मंलाइ भन्यो यि लोगलाइ १३
मैंले हेर्यें त हेर यिनिहरु कठोर् गर्दन्का लोग् रहछन् . मंलाइ छोड़ि दे १४
मं तिनिहरुलाइ नास् पार्छु अनि स्वर्ग मुनि देखि तिनिहरुको नांउ मेटि
दिंछु . अनि मं तिनिहरु भन्दा ठुलो र सामर्थी येउटा लोग् तें देखि
बनाउंछु भनि । तब मं फर्कयेर पर्वत् बाटो उत्रि आयें अनि पर्वत्मां आगो १५
बलि रह्येको थियो . अनि मेरा दुवै हातमां नियम्का दुवटा पाटी
थिये । अनि मैंले हेर्यें त हेर तिमिहरुले आफ्नु ईश्वर् यहवेको बिरुद्धमां १६
पाप् गर्ये छौ अर्थात् तिमिहरुले आफ्नु लागि ढाल्येको बाच्छा बनाये छौ .
यहवेले तिमिहरुलाइ आज्ञा दियेको बाटो देखि तिमिहरु छिट्टै तर्कि
गये छौ । त मैंले दुवै पाटी समात्येर आफ्ना दुवै हात् देखि फ्यांकेर १७
तिमिहरुका आंखाको सांमु फुटाइ दियें । तब मं पहिले झैं यहवेको सांमु १८
चालीस् दिन् र चालीस् रात् घोप्टो परि रह्यें अनि न रोटी खायें न पानी
पीयें तिमिहरुले गर्येका तिमिहरुका सबै पापको कारण्ले जब तिमिहरुले
यहवेको सांमु उस्को रिस् उठाउंनुलाइ दुष्टैं गर्येका थियौ । किनभन्ये मं १९
यहवेको त्यो क्रोध् र बल्दो रिस् देखि डराउंद थियें ज्येले उ तिमिहरुलाइ
नास् पार्नुलाइ रिसायेको थियो । तर त्येस् खेप् पनि यहवेले मेरो सुन्यो ।
अनि यहवे हारुन् देखि पनि त्येस्लाइ नास् पार्नुलाइ औधि रिसायो . त त्येति २०
बेला मैंले हारुन्को लागि पनि बिन्ति गर्यें । अहांदेखि मैंले तिमिहरुले २१
बनायेको बाच्छा अर्थात् तिमिहरुको पाप् लियेर आगोमां डढ़ायें अनि
मसीनो धूलो होउंज्याल् सम्म मसीनो चूर्ण पारि कुटेंर . वहांदेखि मैंले
त्येस्को धूलो त्यो पर्वत् बाटो झर्ने खोल्वामां हालि दियें । फेरि तबेरामां २२
र मस्सामां र किब्रोथहत्ताबामां पनि तिमिहरुले यहवेको रिस् उठायौ । फेरि २३
जब यहवेले तिमिहरुलाइ कादेशबर्न देखि त्यो मैंले तिमिहरुलाइ दियेको
देश्मां चढ़ि गयेर अधिकार्मां लेव भनि पठायें तब पनि तिमिहरुले
आफ्नु ईश्वर् यहवेको आज्ञाको बिरुद्धमां झगराझगराई गर्यौ अनि न
उस्लाइ पत्यायौ न उस्को कुरा मान्यौ । जस् दिन् देखि मं तिमिहरुलाइ २४
जान्दछु त्येस दिन् देखि तिमिहरुले यहवेको बिरुद्धमां झगराझगराई गर्ने
गर्यौ । त मं यहवेको सांमु घोप्टो पर्येर ति चालीस् दिन् र चालीस् रात् २५
घोप्टो परि रह्यें किनभन्ये यहवेले तिमिहरुलाइ नास् पार्नु भन्येको थियो । त २६

मैंले येसो भन्येर यह्वे सित बिन्ति गर्यें हे प्रभु यह्वे आफ़्नु लोग् र आफ़्नु
निज् भाग् जस्लाइ तपांइले आफ्नु वड़ाहुवाईले छोड़ाउंनु भयो अनि
बल्लियो हात्ले मिस्र देखि निकालि ल्याउंनु भयो त्येस्लाइ नास् न पार्नु
२७ हवस् । आफ्ना दासहरु अब्राहाम् इस्हाक् र याकूब्लाइ सम्झनु हवस्
२८ तर यि लोग्को अट्टेरेईं र दुष्टेईं र पाप् माथि न हेर्नु हवस् . होइन भन्ये
ता त्यो तपांइले हामिहरुलाइ निकालि ल्यायेको देस्ले येसो भन्छ
तिनिहरुलाइ त्यो देस् दिंनुलाइ बचन् दिंने यह्वेले तिनिहरुलाइ त्येस्मां
पुर्याउंनु सक्येन अनि तिनिहरु देखि इष् पनि राखद थियो येइ कारण्
उस्ले तिनिहरुलाइ बन्मां मार्नुलाइ तिनिहरुलाइ निकालि ल्यायेको छ
२९ भनि । तै पनि यिनिहरु तपांइका लोग् र तपांइको निज् भाग् हुन्
जस्लाइ तपांइले आफ्नु ठुलो सामर्थले र आफ्नु पसार्येको बांहांले
निकालि ल्याउंनु भयो ॥

१० १ त्येस् बेला यह्वेले मंलाइ भन्यो पहिलेका जस्ता ढुंगाका दुवटा
पाटी काटेर मं थांइ पर्बत्मां चढि आ अनि येउटा काठ्को सम्पट्
२ पनि बना । तब तैंले फुटायेका पहिलेका पाटीमां भयेका बचन्हरु मं ति
३ पाटीमां लेख्छु वहांदेखि ति तैंले सम्पट्मां राख् । त मैंले बबूल्काठ्को
येउटा सम्पट् बनायें अनि पहिलेका जस्ता ढुंगाका दुवटा पाटी काटेर
४ अनि मं आफ्ना हातमां ति दुवै पाटि लियेर पर्बत्मां चढि गयें । अनि
जुन् दस् आज्ञाहरु यह्वेले सभाको दिन्मां पर्बत्मां आगोको बीच् देखि
तिमिहरुलाइ भन्येको थियो तिनै पहिले लेख्येको झैं उस्ले यि पाटीमां
५ लेख्यो . वहांदेखि यह्वेले ति मंलाइ दियो । तब मं फर्केर पर्बत् बाटो
ओह्लि आयें अनि ति पाटीहरु त्यो मैंले बनायेको सम्पट्मां राख्यें त
६ तिनिहरु यह्वेले मंलाइ गर्येको आज्ञा अनुसार् त्येस्मां छन् । (अनि
इस्राएल्बंशीहरु याकान्बंशीहरुका कुवाहरु देखि हिंड़ि मोसेरा सम्म
आये . वहां हारुन् मर्यो अनि वहां गाड़ीयो अनि त्येस्को छोरो एलाजार्ले
७ त्येस्को ठांउमां पूजाहारीगिरीमां काम् गर्नु लाग्यो । त्यहां बाटो तिनिहरु
गुद्गोदा सम्म हिंड़ेर अनि गुद्गोदा बाटो योत्बाथामां गये जो पानीका
८ खोल्चाहरुको देस् थियो । त्येस् बेलामां यह्वेले लेवीको कुल्लाइ अलग्
गर्यो यह्वेको नियम्को सम्पट् बोक्नुलाइ यह्वेको सांमु उभीइ
रहंनुलाइ उस्को सेवा गर्नुलाइ अनि उस्को नांउले आशीर्बाद् दिंनुलाइ
९ जसो आजु गर्द छन् । येसैं कारणले लेवीहरुलाइ आफ्ना दाज्युभाईहरु सङ
कोइ भाग् कि अधिकार् छैन तेरो ईश्वर् यह्वेको बचन् अनुसार् यह्वेनै
१० त्येस्को निज् भाग् हो ।) त पहिले झैं मं पर्बत्मां चालीस् दिन् र चालीस्
रात् रह्यें . अनि त्येस् खेप् पनि यह्वेले मेरो सुन्यो अनि तंलाइ नास् पार्नु
११ खोज्येन । त यह्वेले मंलाइ भन्यो उठेर लोग्को अघि अघि हिंड् र मैंले
तिनिहरुलाइ दिंछु भनि तिनिहरुका पित्रहरु सित किरिया खायेको देसमां
पसेर तिनिहरुले त्येस्लाइ आफ्नु अधिकार्मां पारुन् ॥

(आज्ञा मान्ने बिषयको शिक्षा)

त अब हे इस्राएल् तेरो ईश्वर् यह्वेले तं देखि के मांगद छ खालि १२
येति मांत्रै अर्थात् आफ्नु ईश्वर् यह्वेको भय् मान्नु उस्का सबै बाटामां
हिंड्नु उ सित प्रेम् राख्नु अनि आफ्नु पूरो मन्ले र आफ्नु पूरो
प्राणले आफ्नु ईश्वर् यह्वेको सेवा गर्नु अनि यह्वेका जुन् जुन् आज्ञा १३
र बिधि मं आजु तेरो भलाईको लागि तंलाइ आज्ञा दिंद छु ति मान्नु।
हेर् स्वर्ग र स्वर्गहरुको स्वर्ग र पृथिवी पनि अनि त्येस्मां ज्ये ज्ये छन् ति १४
सबै तेरो ईश्वर् यह्वेकै हुन्। तैपनि यह्वेले तिमिहरुका पित्रहरुलाइ प्यार् १५
गर्नुलाइ मन् पर्‍यो अनि तिनको पछि तिनिहरुका बंश अर्थात् तिमिहरुलाइ
सबै लोग् देखि छान्यो जस्तो आजु छ। त अब आफ्नु हिर्दयको १६
खलड़ीको खत्ना गर् अनि अब देखि येसो अट्टेरी न हव। किनभन्ये १७
तिमिहरुको ईश्वर् यह्वे उइ ईश्वर्हरुको ईश्वर् अनि प्रभुहरुको प्रभु महा
ईश्वर् शक्तिमान् र डर्लाग्दो छ जस्ले पन्पसाई गर्दैन अनि न घूस् लिंद
छ। उस्ले टुहुराटुहुरीहरु र बिधवीहरुको निया गर्द छ अनि पर्देसीहरुलाइ १८
भोजन् बस्त्र दिइ तिनिहरु सित प्रेम् गर्द छ। त तिमिहरुले पर्देसीहरु १९
सित प्रेम् राख. किनभन्ये मिस्र देस्मां तिमिहरु पनि पर्देसी थियौ।
आफ्नु ईश्वर् यह्वेको भय् मान्नु उसैको सेवा गर्नु उसै सित टांसीइ रहनु २०
अनि उसैको नांउको किरिया खांनु। उइ तेरो स्तुति छ अनि उइ तेरो २१
ईश्वर् छ जस्ले तेरो लागि ति तेरा आंखाले देख्येका ठुला ठुला र डर्लाग्दा
कर्म्महरु गर्‍येको छ। तेरा पित्रहरु ता खालि सत्तरी जना मांत्रै भइ मिस्रमां २२
उत्र्येका थिये तर अब तेरो ईश्वर् यह्वेले तंलाइ गन्तिमां अकाश्का
ताराहरु झैं पार्‍येको छ॥

येस्कारण् तैंले आफ्नु ईश्वर् यह्वे सित प्रेम् राख् अनि ज्ये उस्ले तेरो ११ १
जिम्मामां दियेको छ त्यो र उस्का बिधि र नियाबचन् र उस्का आज्ञा सदा
मान्। अनि तिमिहरुले आजु थाहा पाव. कसोगरिभन्ये मं तिमिहरुका छोराहरु २
सित बोल्दैन जस्ले तिमिहरुको ईश्वर् यह्वेको शिक्तादण्ड र बड़ाहुवाई र
बलियो हात् र पसार्‍येको बांहा र उस्का चिंनुहरु र मिस्रको बीचमां ३
मिस्रको राजा फिरऊन् र त्येस्को सिंगै देस् सित गर्‍येको उस्का कार्ज्यहरु न
जान्द छन् न देख्येका छन् अनि उस्ले मिस्रको पल्टन् र घोड़ाहरु र ४
रथ्हरु सित के गर्‍यो अर्थात् जब तिनिहरुले तिमिहरुलाइ खेद्येका थिये
तब उस्ले कसोगरि लाल् समुन्द्रको पानी तिनिहरु मांथि बहायो अनि
कसोगरि यह्वेले तिनलाइ नास् पार्‍यो आजु सम्म फेरि तिमिहरु यहां ५
पुग्ने सम्ममां उस्ले तिमिहरु सित बन्मां के के गर्‍यो अनि उस्ले ६
रुबेन्बंशी एलीआब्का छोराहरु दातान् र अबिराम्लाइ के गर्‍यो अर्थात्
कसोगरि पृथिवीले आफ्नु मुख् बायेर तिनलाइ जहान्हरु डेराहरु र
तिनका पछि पछि लाग्ने सबै जीवधारी समेत् सिंगै इस्राएल्को मांझमां

७ निलि दियो . (ति सबै तिमिहरुका छोराहरुले देखेनन्)। तर तिमिहरुका
चहिं आंखाले यहवेले गर्येका उस्का सब् बड़ा बड़ा काम् देखेका छन् ।
८ ऐसकारण् जति आज्ञा आजु मं तिमिहरलाइ आज्ञा दिंद छु ति सबै मान र
तिमिहरु सामर्थी हव अनि त्यो तिमिहरु अधिकारी हुंनुको लागि पारि
९ जांनु आंटेरको देस्मां पस्येर त्यस्का अधिकारी भइ जाव अनि जुन्
देस्को बिषयमां यहवेले तिमिहरका पित्रहरु सित् त्यो तिनलाइ र तिनका
बंशलाइ दिंछु भनि किरिया खायेको थियो अं दुद् र मह बहने देस् त्यस्मां
१० तिमिहरुले आफ्नु दिन् बढाव। कसोगरिभन्ये जुन् देस्को अधिकारी
हुंनुलाइ तं जांनु आंटेरको छस् त्यो देस् मिस्र देस् जस्तो छैन जहां देखि
तिमिहरु निक्लि आयौ जहां तैंले बिउ छर्येर साकवारी झैं आफ्ना गोड़ाले
११ पानी निकालि भिजाउंद थिइस् . तर जुन् देस्को तिमिहरु अधिकारी
हुंनुलाइ जांनु आंटेरका छौ त्यो डांड़ा र तारको देस् छ अनि आकाश् बाटो
१२ पर्यको पानी पीउंद छ . अनि त्यो तेरो ईश्वर् यहवेले धन्दा मान्ने देस् छ
बर्षको थाल्नि देखि अं त्यस्को अन्त सम्म तेरो ईश्वर् यहवेको आंखा त्यस्मां
सदा लागीइ रहंछ ॥
१३ अनि ऐसो हुंछ तिमिहरुले आजु मैंले तिमिहरलाइ आज्ञा दियेका
मेरा आज्ञाहरु ध्यान् सित सुनि आफ्नु ईश्वर् यहवे सित प्रेम् राख्यौ अनि
१४ आफ्नु पूरो मन्ले र आफ्नु पूरो प्राण्ले उस्को सेवा गर्यौ भन्ये देखि त
मं तिमिहरुको देस्को पानी त्यस्को ऋतु अनुसार् दिंछु अर्थात् थाल्नि र
टुङ्नि झरि तैंले आफ्ना अन्न दाखरस् र तेल् भित्र्याउंनुको लागि।
१५ अनि मं तेरा पशुहरुको लागि पनि तेरो खर्कमां घांस् दिंछु त तं खायेर
१६ अघाउंछस् । त आफ्नु बिषयमां चंख रह होइन भन्ये ता तिमिहरको
मन्ले धोका खांछ अनि तिमिहरुले तर्केर पराय् देवताहरको सेवा
१७ गरि तिनलाइ दण्डवत् गर्छौ अनि यहवेको रिस् तिमिहरु मांथि
उठ्छ अनि वर्ले पानी न पर्नुलाइ र भूमिले आफ्नु फल् न उपजाउंनुलाइ
आकाश् थुनि दिंछ अनि यहवेले तिमिहरुलाइ दिंनु आंटेरको उत्तम् जाति
१८ देस् देखि तिमिहरु छिट्टै नष्ट होइ जांछौ। ऐसकारण् तिमिहरुले मेरा यि
बचन् आफ्नु मन् र आफ्नु प्राण्ले समात अनि ति आफ्ना हातमां चिंनु
जस्तो गरि बांधनु अनि ति तिमिहरका आंखाको बीच्मां टीका जस्ता
१९ होउन् । अनि तिमिहरुले घर्मां बस्दा र बाटोमां हिंड्दा र ढल्वंदा र
उठ्दा तिनको बिषयमां बात् गरि ति आफ्ना छोराहरलाइ सिकाइ देव ।
२० अनि आफ्नु आफ्नु घर्का सङार्हरुमां र आफ्ना ढोका ढोकामां
२१ लेख्नु . र जुन् देस्को बिषयमां यहवेले तिमिहरका पित्रहरु सित तिनलाइ
दिंने किरिया खायेको छ त्यस्मां तिमिहरका दिन् र तिमिहरका छोराहरुका
२२ दिन् बढाईउन् अं पृथिवी मांथिको आकाश्का दिन् जस्ता होउन् । किनभन्ये
तिमिहरुले मैंले तिमिहरलाइ आज्ञा दियेका यि सबै आज्ञा अर्थात्
आफ्नु ईश्वर् यहवे सित प्रेम् राख्नुलाइ उस्का सबै बाटामां हिंड्नुलाइ

ग्रनि उसै सित टांसीइ रहंनु ति सब् गर्नुको लागि खबर्दारी गरि मान्यौ
भन्ये देखि त यह्वेले यि सबै लोगलाइ तिमिहरुको सांमु देखि २३
धपाउंछ ग्रनि तिमिहरु ग्राफु भन्दा बड़ा र सामर्थी लोगका ग्रधिकारी
हुंछौ। जुन् जुन् ठांउमां तिमिहरुका पैतलाले टेक्छन् ति तिमिहरुकै होइ २४
जांछन्. बन् र लबानोन् देखि र महानदी देखि ग्रर्थात् परात् नदी
देखि पच्छिउंको समुन्द्र सम्म तिमिहरुको सिमाना हुंछ। तिमिहरुको सांमु २५
कोई पनि उभींनु सक्देन. कसोगरिभन्ये तिमिहरुको ईश्वर् यह्वेले ग्राफ्नु
बचन् ग्रनुसार् तिमिहरुले टेक्येको सिंगो देसमां तिमिहरुको कारणले डर्
र थर्थरेइं लगाउंछ॥

हेर ग्राजुको दिन् मं तिमिहरुको सांमु ग्राशीष् र स्राप् राखद्छु. २६
ग्रर्थात तिमिहरुले ग्राजु मैले तिमिहरुलाइ ग्राज्ञा गर्येका ग्राफ्नु ईश्वर् २७
यह्वेका यि ग्राज्ञाहरु मान्यौ भन्ये देखि ता ग्राशीषै. तर तिमिहरुले २८
ग्राफ्नु ईश्वर् यह्वेका यि ग्राज्ञाहरु न सुनिकन त्यो ग्राजु मैले तिमिहरुलाइ
ग्राज्ञा गर्येको बाटो देखि तर्कौ तिमिहरुले न जान्येका पराय् देवताहरुलाइ
पछ्याउंनुलाइ भन्ये देखि ता स्रापै॥

ग्रनि येसो हुंछ जब तेरो ईश्वर् यह्वेले त्यो तं ग्रधिकारी हुंनुलाइ २९
जांनु ग्रांटेग्को देसमां पुर्याउंछ तब तैंले ग्राशीष् चइं गरिज्जीम् डांड़ा
मांथि ग्रनि स्राप् चइं एबाल् डांड़ा मांथि राख्। के यि दुइ डांड़ा यर्दन् ३०
पारि घाम् डुब्ने ठांउको पछिलतिर ग्राराबाका बासी कनानीहरुको देसमां
गिल्गालको सांमु मोरेका ब्रांझ्रुखहरुको छेउमां छैनन्। कसोगरिभन्ये ३१
तिमिहरु यर्दन् पारि जुन् देस् तिमिहरुको ईश्वर् यह्वेले तिमिहरुलाइ
दिंनु ग्रांटेग्को छ त्येसका ग्रधिकारी हुंनु जांदछौ तब तिमिहरु त्येसका
ग्रधिकारी भयेर त्येसमां बस्छौ। येस्कारण् जति बिधि र नियाबचन् मं ३२
ग्राजु तिमिहरुको सांमु राखद्छु ति सबै गर्नुलाइ मान॥

(ईश्वर्को सेवा गर्नुको लागि ठहरायेको ठांउ)

जुन् जुन् बिधि र नियाबचन् तिमिहरुका पित्रहरुको ईश्वर् यह्वेले १२ १
तिमिहरुलाइ ग्रधिकारी हुंनुलाइ दियेको देसमां पृथिवीमां जति दिन् सम्म
जीइ रहौला त्येति सम्म गर्नुलाइ मानौला ति बिधि र नियाबचन् यिनै हुन्।
जुन् लोगको तिमिहरु ग्रधिकारी हुंनुलाइ जांदछौ तिनका देवताहरुको २
सेवा गर्ने ठांउ ग्रर्थात् तिनका ग्रलगा ठांउ मांथि कि डांड़ा मांथि कि सबै
हरीया रुखहरु मुनिका ठांउहरु निस्से नास् पार्नु. ग्रनि तिनका थान्हरु ३
भत्काइ दिंनु तिनका मुढ़्काहरु भांचि दिंनु तिनका ग्रशेरीम् भनींने मूर्त्तिहरु
ग्रागोमां डड़ाइ दिंनु ग्रनि तिनका देवताहरुका खोप्येका मूर्त्तिहरु ढालि
दिंनु ग्रनि त्यो ठांउ देखि तिनको नांउ मेटि दिंनु। तिमिहरुले ग्राफ्नु ईश्वर् ४
यह्वेको लागि येस्तो केहि न गर्नु। तर जुन् ठांउ तिमिहरुको ईश्वर् यह्वेले ५

तिमिहरुका सब् कुलको बीच् देखि आफ्नु नांउ वहां राख्नुको लागि
६ छान्छ उस्को त्येइ धाम् खोध्नु अनि उहीं आउंने गर्नु. अनि उहींने
तिमिहरुले आफ्नु होम्बलि र आफ्नु बलिदान् र आफ्नु दशौं अंश र
आफ्ना हात् उचालीयेका भेटिहरु र भाकल्का थोक्हरु र मनमानी
७ बलि र आफ्ना गाईगोरु र भेंडाबाख्राका जेठा जेठा ल्याउंने गर्नु. अनि
तिमिहरुले उहीं आफ्नु ईश्वर् यहूवेको सांमु खांने गर्नु अनि तिमिहरुले
आफ्ना आफ्ना जहान् समेत्ले तिमिहरुले हात् लगायेका ति सबै काम्
जस्मां तिमिहरुको ईश्वर् यहूवेले तिमिहरुलाइ आशीष् दियेको छ तिनमां
८ रमाहट् गर्नु । जसो आजु हांमिहरु यहां ज्ये ज्ये आफ्नु आफ्नु दृष्टिमां ठीक्
९ लाग्द छ त्येइ त्येइ गर्द छौं त्येसो न गर्नु . कसोगरिभन्ये जुन् बिश्राम् र भाग्
तिमिहरुको ईश्वर् यहूवेले तंलाइ दिंनु आंटेको छ त्यहां तिमिहरु अब
१० सम्म पुग्येका छौन । तर जब तिमिहरु यर्दन् पारि गयेर तिमिहरुको ईश्वर्
यहूवेले तिमिहरुलाइ अधिकारी तुल्याउंनु आंटेको देस्मां बस्न लागौला
अनि उस्ले तिमिहरुलाइ तिमिहरुका सबै सत्तुरहरु देखि तिमिहरु निडर् भइ
११ रहंनुलाइ बिश्राम् दिंछ तब येसो हुंछ जुन् ठांउ तिमिहरुको ईश्वर्
यहूवेले आफ्नु नांउ वहां बास् गराउंनुको लागि छान्छ त्येस् ठांउमां मैंले
आज्ञा गर्येका सबै थोक् अर्थात् आफ्ना होम्बलि बलिदान् दशौं अंश हात्
उचालीयेका भेटि अनि भाकल्का सबै छानीयेका थोक् जो तिमिहरुले
१२ यहूवेलाइ भाकल् गरौला . अनि तिमिहरुले र तिमिहरुका छोराछोरीहरुले
र तिमिहरुका दास् दासीहरुले र तिमिहरुको ढोका भित्र भयेको लेवीले
समेत् किनभन्ये त्येस्को तिमिहरु सङ भाग् कि अधिकार् छैन आफ्नु ईश्वर्
१३ यहूवेको सांमु रमाहट् गर्नु । चंख रह् तैंले आफ्ना होम्बलि तखे
१४ देख्येका सबै ठांउमां न चढ़ा . तर जुन् ठांउ तेरो कुल्मांको येउटामां
यहूवेले छान्छ उहीं आफ्ना होम्बलिहरु चढ़ाउंने गर् अनि मैंले तंलाइ
१५ आज्ञा गर्येका सबै कुरा उहीं गर् । तैंपनि आफ्नु ईश्वर् यहूवेको त्यो उस्ले
तंलाइ दिंने गर्येको आशीष् अनसार् मन् पर्येको अनसार् आफ्नु सबै
ढोका भित्र मांर्येर मांसु खांनु सक्छस् . अशुद्ध र शुद्ध दुवेले खांनु
१६ सक्छन् जस्तै मुदुलि मिर्ग र हरिण । खालि येति मांत्रै रगत् चइं न खांनु
१७ त्यो पानी झैं भूइंमां बहाइ दिंनु । तर आफ्नु अन्नको कि दाखरस्को कि
तेल्को दसौं अंश र आफ्ना गाईगोरु कि भेंड़ाबाख्राका जेठा जेठा र
आफ्ना कोई भाकल् गरीयेका थोक् र आफ्नु मनमानीबलि र आफ्ना
१८ हात् उचालीयेका भेटि आफ्ना सबै ढोकाहरु भित्र न खांनु . तर यि
आफ्नु ईश्वर् यहूवेको सांमु त्येइ ठांउमां खांनु जुन् ठांउ तेरो ईश्वर
यहूवेले छान्छ तैंले आफ्ना छोराछोरी दास् दासी र तेरो ढोका भित्र भयेको
लेवीले पनि ति खांनु . त जति काम्मां तैंले आफ्ना हात् लगाउंछस् ति
१९ सबैमां आफ्नु ईश्वर् यहूवेको सांमु रमाहट् गर्नु । चंख रह् जब सम्म तं
भूमि मांथि जीइ रहलास् तब सम्म लेवीलाइ न बिर्सि ॥

जब तेरो ईश्वर् यहवेले आफ्नु बचन् अनुसार् तेरो सिमाना बढाउंछ २०
अनि तेरो मनले मांसु खांनु मांग्येको कारणले मांसु खांछु भन्छस् त
आफ्नु मन् पर्‍येको अनुसार् मांसु खांनु सक्छस्। जुन् ठांउ तेरो ईश्वर् २१
यहवेले आफ्नु नांउ वहां राख्नुको लागि छान्छ त्यो ठांउ तं देखि टाढ़ो छ
भन्ये देखि त मेरो आज्ञा अनुसार् आफ्ना गाईगोरु भेंड़ाबाख्रा ज्ये ज्ये
तेरो यहवेले तंलाइ दियेको छ तिनिहरुमांका आफ्नु मन् पर्‍येको अनुसार्
मांर्येर आफ्नु ढोका भित्र खा। मुडुलि मिर्ग र हरिण् खाईयेको झैं ति पनि २२
खांनु. अशुद्ध र शुद्ध दुवैले ति खांने गर्नु। खालि येति मांत्रे रगत् चइं २३
न खांनुलाइ बलियो भइ चंख रह्. किनभन्ये रगत् चइं प्राण् हो अनि
मांसु सङ प्राण् न खांनु। त तैंले त्यो न खांनु तर त्यो पानी झैं भूइंमां बहाइ २४
दिंनु। त तैंले त्यो न खांनु र जब तैंले यहवेको दृष्टिमां ज्ये सोजो छ त्येइ २५
गर्लास् तब तेरो र तं पछि तेरा सन्तानको भलो हवस्। खालि आफ्ना २६
पवित्र थोक् र भाकल्का थोक् लियेर यहवेले छान्येको ठांउमां जा. अनि २७
आफ्नु होमबलि मांसु र रगत् दुवै आफ्नु ईश्वर् यहवेको वेदिमां चढ़ा.
अनि तेरो बलिदान्को रगत् आफ्नु ईश्वर् यहवेको वेदिमां खन्याईओस्
अनि मांसु चइं खा। मैंले तंलाइ आज्ञा गर्‍येका यि सबै कुरा सुन् अनि २८
मान् र जब तैंले आफ्नु ईश्वर् यहवेको सांमु ज्ये ज्ये जाति र ठीक् छ त्येइ
गर्लास् तब तेरो र तं पछि तेरा सन्तानको सदाको भलो हवस्॥

जब तेरो ईश्वर् यहवेले तं अधिकारी हुंनुलाइ जांनु आंटेका २९
लोगलाइ तेरो सांमु देखि काटि दिंछ अनि तं तिनको अधिकारी भइ
तिनको देस्मां बस्नु लाग्छस् तब चंख रह् जब तिनिहरु तेरो सांमु ३०
देखि नास् हुंनन् त्येस् पछि तं तिनलाइ पछ्याउंनुमां न फांसीइ अनि यि
लोगले कसोगरि आफ्ना देवताहरुको सेवा गर्द छन् मं पनि त्येसै गर्छु
भनि तिनका देवताहरुको विषयमां न सोध्। तैंले आफ्नु ईश्वर् यहवे ३१
सित येसो न गर्नु. किनभन्ये यहवेलाइ घिन् लाग्ने र उस्ले द्वेष् राख्ने
सबै काम् तिनिहरुले आफ्ना देवताहरुको लागि गर्‍ये कसोगरिभन्ये
आफ्ना छोराछोरीहरुलाइ पनि तिनिहरुले आफ्ना देवताहरुको लागि
आगोमां डढ़ाउंद छन्॥

जत्ति कुराको मं तिमिहरुलाइ आज्ञा गर्द छु ति गर्नुलाइ मान. ३२
त्येस्मां न कोइ बढ़ाउंनु न कोइ घटाउंनु॥

(मूर्त्तिपूजा र अभक्षेथोक् देखि अलग् रहंने आज्ञा)

तेरो बीच्मां कोई आगम्वक्ता कि सपना देख्नेले उठेर तंलाइ १३ १
कोइ चिंनु कि आश्चर्य्यकर्म्म देखायो अनि ति चिंनु कि आश्चर्य्यकर्म्म २
पूरा हुंछन् जसको विषयमां त्येस्ले तंलाइ हामिहरु तैंले न जान्येको पराय्
देवताहरुलाइ पछ्यायेर तिनको सेवा गरुं भन्यो भन्ये देखि तैपनि तैंले ३

त्येस् अगमवक्ता कि सपना देखनेका बचन् न सुन्नु. किनभन्ये तिमिहरूको
ईश्वर् यहवेले तिमिहरूलाइ जांच्द छ तिमिहरूले आफ्नु ईश्वर् यहवे
सित आफ्नु पूरो मन् र पूरो प्राण्ले प्रेम् राखदा राख्छौ कि रैनछौ
४ भन्येर थाहा पाउंनुलाइ। आफ्नु ईश्वर् यहवेके पछि पछि हिंड्नु अनि
उसैको भय् मान्नु अनि उसैका आज्ञाहरू पूरो गर्नु अनि उसैको बचन् मान्नु
५ अनि उसैको सेवा गर्नु अनि उइ सित टांसीइ रहंनु। त त्यस्तो अगमवक्ता
कि सपना देखने मारीओस् किनभन्ये तिमिहरूको ईश्वर् यहवे जस्ले
तिमिहरूलाइ मिस्रको देस् देखि निकाल्यो अनि बंधुवाईको घर् देखि
छोड़ायो उइ देखि त्येस् मान्छेले हट्ने कुरा गर्‍यो त्येस्ले तंलाइ तेरो ईश्वर्
यहवेले हिंड्नु भन्येर दियेको आज्ञाको बाटो देखि बहकाइ दिंनुलाइ।
येसोरि तैंले येस्तो बुराई आफ्नु बीच् देखि आफाल्॥

६ तेरा साक्खे दाज्युभाई तेरी आमाको छोरो कि तेरो छोरो कि तेरी
छोरी कि तेरो काखकी स्वास्नी कि तेरो मित्र जो तेरो आफ्नै प्राण् जस्तो
छ त्यस्तो कसैले आउ हामिहरू पराय् देवताहरूको सेवा गरौं भन्येर गुप्तमा
तंलाइ फकाउला जुन् देवताहरूलाइ न तैंले न तेरा पित्रहरूले जान्द थिये
७ ति देवताहरू तिमिहरूको छेउमा तेरो नजिक् रहंने लोग्हरूका होउन्
कि पृथिवीको एक् छेउ देखि अर्को छेउ सम्म तं देखि टाढ़ोका होउन्
८ त तैंले येस्ता मान्छेहरूको न मान्नु अनि न सुन्नु न तेरा आंखाले त्येस्लाइ
९ टिठाउंनु अनि न त्येस्लाइ छोड्नु न त्येस्लाइ लुकाउंनु. तर तैंले निस्से
त्येस्लाइ काट्नु त्येस्लाइ मार्नुमा तेरै हात् पहिले परोस् त्येस् पछि सबै
१० लोगका हात्। अनि तैंले त्येस्लाइ ढुंगाल् सम्म लोहोर्‍याउंनु किनभन्ये
त्येस्ले तंलाइ मिस्रको देस् बंधुवाईको घर् देखि निकालि ल्याउंने ईश्वर्
११ यहवे देखि बहकाउंने फिक्रि गर्‍यो। त सिंगै इस्राएल् सुन्येर डराउंछ
वहांदेखि तेरो बीच्मां भयेको येस्तो बुराई फेरि फेरि गर्दैन॥

१२ तैंले ति तेरो ईश्वर् यहवेले तंलाइ दिंनु आंटेका सहर्हरूमांको
१३ येउटाको विषय्मां येसो भन्येको सुनिस् अर्थात् कति बिकामे फक्कड़-
हरूले तेरो बीच् देखि निस्कि गयेर आफ्नु सहरका बासीहरूलाइ आउ
हामिहरू तिमिहरूले न जान्येका पराय् देवताहरूको सेवा गरौं भनि
१४ बहकायो भन्ये देखि त सोध्येर खोज्नु अनि भलिभांति बुझ्नु त
हेर त्यो कुरो सांचो र निस्से हो रु तेरो बीचमां येस्तो घिन्लाग्दो काम्
१५ गरीयेको रु भन्ये देखि त तैंले अवस्से त्येस् सहरका बासीहरूलाइ
तरवार्को धार्ले काट्नु अं त्येस्मां भयेका सबैलाइ र त्येका पशुहरूलाइ
१६ भाकल् गरीयेको थोक् झैं तरवार्को धार्ले नास् पार्नु। अनि त्येस्मांको सिंगै
लूट् त्येको चोक्बजार्को बीच्मां जमायेर त्येस् सहर्लाइ त्येका लूट् समेत्
आफ्नु ईश्वर् यहवेको लागि आगो लगायेर सिंगो बलिदान् जस्तो डढ़ाउंनु.
१७ र त्यो सदा सम्म थुप्रो भइ रहोस् त्यो फेरि न बनीओस्। अनि भाकल्
गरीयेको थोक्मांको तेरो हात्मां न केइ टांसीओस्. र यहवे आफ्नु

रिस्को बलाई देखि फर्कोस् अनि तं माथि दया गरोस् अनि तंलाइ
टिठावस् अनि तंलाइ बढावस् जसो उस्ले तेरा पित्रहरू थित किरिया
खायेको थियो . जब तैंले आफ्नु ईश्वर् यहवेको शब्द सुन्छस् उस्का मैंले १८
आजु तंलाइ सुनायेका उस्का सबै आज्ञा मान्नुलाइ आफ्नु ईश्वर् यहवेको
दृष्टिमां ज्ये ज्ये सोजो छ त्येइ गर्नुलाइ ॥

तिमिहरू आफ्नु ईश्वर् यहवेका पुत्रहरू हौ . त मुर्दाहरूको १४ १
कारण्ले आफुलाइ चिराई न गर अनि न आँखिभूंइ खौराव । किनभन्ये २
तं आफ्नु ईश्वर् यहवेको लागि पवित्र लोग् होस् अनि यहवेले
पृथिवीको मुख् मांथिका सबै लोग् लोग्मांका तंचइंलाइ आफ्नु निज्
लोग् हुंनुको लागि छान्येको छ ॥

तैंले कोइ घिन्लाग्दो थोक् न खांनु । तिमिहरूले खांनु हुंने ३ ४
पशुहरू यिने हुन् . गोरु भेंड़ा बाखा हरिण् मुर्खुलिमिर्ग कोड़्मिर्ग ५
घोरल् साब्रर् नौल्गाव् र थार् । अनि पशुहरूमांका पाउ भाग् भाग् भयेर ६
चिरीयेका खुर् भयेका र उगेरा गर्ने ति सबै खांनु हुंछ । तैंपनि उगेरा ७
गर्नेहरू कि खुर् चिरीयेकाहरूमांका यिनिहरू खांनु हुंदैन . ऊंट् खरायो
शापान्[१] किनभन्ये तिनले उगेरा ता गर्दछन् तर खुर् चीरा भयेको छैन
येस्कारण् ति तिमिहरूको लागि अशुद्ध हुन् . अनि सुंगुर् जो खुर् ता ८
चिरीयेको छ तर उगेरा गर्दैन येस्कारण् त्यो तिमिहरूको लागि अशुद्ध हो .
तिनको मांसु न खांनु अनि न तिनको सिनु छुंनु ॥

फेरि पानीमा रहंने सबैमांको यिनिहरू तिमिहरूले खांनु हुंछ . ९
जतिका पखेटा र कत्ला छन् ति खांनु हुंछ . तर जतिका पखेटा र कत्ला १०
छैनन् ति तिमिहरूले न खांनु ति तिमिहरूको लागि अशुद्ध हुन् ॥

सबै शुद्ध पंषीहरू खांनु हुंछ । खांनु न हुंनेहरू यिनै हुन् . गिद्ध ११ १२
हाड्फोरा माछा खांने गिद्ध र गहुल् बाज् अनि भांति भांतिका १३
चील् अनि भांति भांतिका काग् अनि शुतर्मुर्ग् हुहुचील् १४ १५
जल्कुक्कुट् र भांति भांतिका बड्टै लाट्कोसेरा कोइरालो र राज्हांस् १६
धनेस् सानुगिद्ध हाडुगिल् अनि सारस् भांति भांतिको बकुल्ला १७ १८
फाप्रेचरा र चमेरो अनि पखेटा भयेका कीराफटेंग्राहरू सबै १९
तिमिहरूको लागि अशुद्ध हुन् . ति न खाईउन् । तर सबै शुद्ध पंषीहरू २०
खांनु हुंछ ॥

ज्ये आफै मर्येको छ त्यो न खांनु . तेरा ढोका भित्र भयेका परदेसी- २१
हरूलाइ दिंनु सक्छस् र त्येस्ले खावस् कि कोई बिदेसीलाइ बेच्नु सक्छस् .
किनभन्ये तं आफ्नु ईश्वर् यहवेको लागि पवित्र लोग् होस् । बाखाको
पाठा त्येस्को माउको दुध्मां न पकाउंनु ॥

१ अर्थात् एक रकम्को भीर्खरायो ।

(दसौं अंश इत्यादिको व्यवस्था)

२२ तैंले आफ्ना बिउका बर्ष बर्ष भूमि देखि उम्रंने सब् उपजनिमांको
२३ दसौं अंश निस्से अलग् राख्नु। अनि जुन् ठांउ तेरो ईश्वर यहवेले आफ्नु नांउ वहां बास् गराउंनुको लागि छान्छ त्यसैमां आफ्नु अन्नको दाखरस्को र तेल्को दसौं अंश र आफ्नु गाईगोरु र भेंड़ाबाखाका जेठा जेठा चल्को
२४ मासु खांने गर्नु र आफ्नु ईश्वर् यहवेको भय् नित्ये मान्न सिक्। तर तेरो ईश्वर् यहवेले तंलाइ आशीष् दिंदा त्यहांको बाटो तेरो लागि येति टाड़ो छ तैंले आफ्नु दसौं अंश वहां बोकि लैजांनु सक्दैनस् किनभन्ये जुन् ठांउ तेरो ईश्वर् यहवेले आफ्नु नांउ वहां राख्नुलाइ छान्छ त्यो ठांउ तं देखि
२५ धेरै टाड़ो छ. त आफ्ना दसौं अंशहरु बेचि त्यस्को रुपिया हातमां लियेर
२६ त्यस् ठांउमां जांनु जो तेरो ईश्वर् यहवेले छान्छ. अनि ज्ये तेरो मन् पर्छ अर्थात् गाईगोरु भेंड़ाबाखा दाखरस् मद्य र ज्ये ज्ये तेरो प्राणले तं सित मांगाइ छ त्येइ रुपियाले किन्येर त्यहां आफ्ना जहान् समेतले आफ्नु
२७ ईश्वर् यहवेको सांमु खाइकन रमाहट् गर्नु. अनि तेरा ढोका भित्र भयेको लेवीलाइ पनि न बिर्सनु किनभन्ये तं सित त्यस्को कोइ भाग् कि अधिकार् छैन ॥

२८ तीन् तीन् बर्ष बित्दा त्यस् बर्षको उपजनिको सबै दसौं अंश
२९ निकाल्येर आफ्ना ढोका भित्र थन्क्याइ राख्नु. तब तं सित कोइ भाग् कि अधिकार् न हुंने लेवी र परदेसी र टुहुरा टुहुरी र बिधुवी जो जो तेरा ढोका भित्र हुंनन् ति सबैले आयेर अघाउंजि अघाउंजि खाउन् र तेरो ईश्वर् यहवेले तेरा हातले गर्येका सबै काममां तंलाइ आशीष् देवस् ॥

१५ १ सात् सात् बर्ष बित्दा छुटकारा राख्नु। अनि त्यो छुटकाराको रीत् ऐसो हवस्. सबै साहूले आफ्नु छिमेकिलाइ सबै ऋण् दियेको बिषयमां छुटकारा देवस् त्यस्ले आफ्नु छिमेकि कि भाईलाइ त्यस्को बिषयमां न ऐंच्यावस् किनभन्ये ईश्वरको छुटकाराको उर्दी भयेको छ।
३ बिदेसीलाइ ऐंच्याउंनु सकछस् तर ज्ये ज्ये तेरा दाज्युभाईका तेरा हुंनन्
४ ति तेरो हातले छुटकारा देवस्। तर तेरो बीचमां कोई दरिद्र हुंदैन कसोगरिभन्ये तेरो ईश्वर् यहवेले तंलाइ अधिकार् हुंनुको लागि जुन्
५ देस् दिंनु आंटेको छ त्यस्मां यहवेले तंलाइ निस्से आशीष् दिंछ खालि आजु मैले तंलाइ आज्ञा गर्येको यो सिंगै आज्ञा गर्नुलाइ मान्न ध्यान् सित
६ आफ्नु ईश्वर् यहवेको बचन् सुनिस् भन्ये देखि ऐसो हुंछ। कसोगरिभन्ये तेरो ईश्वर् यहवेले आफ्नु बचन् अनसार् तंलाइ आशीष् दिंछ. त तैंले धेरै लोगलाइ ऋण् दिंछस् तर ऋण् लिंदैनस् अनि धेरै लोगहरु मांथि प्रभुताईं गर्छस् तर तिनिहरुले तं मांथि प्रभुताईं गर्दैनन् ॥

७ तेरो ईश्वर् यहवेले तंलाइ दिंनु आंटेको देसको कोई ढोकामां तेरा

भाईबन्दमांको कोई तेरो बीच्मां दरिद्र छ भन्ये देखि आफ्नु हिर्दय् कठोर् न
गर्नु न आफ्नु हात् आफ्नु दरिद्र भाई देखि थुन्नु . तर जुन् थोक्‌को ८
त्येस्लाइ घटि होला त्येस्मां त्येस्लाइ खांचो अनषार् निस्से आफ्नु हात्
खोलिकन निस्से ऋण् दिंनु। चंख रइ तेरो मन्मां येस्तो नीच् बिचार् न हवष् ९
षातौं बर्षमां अर्थात् छुट्काराको बर्ष नजिक् छ भन्येर तेरा आंखा आफ्नु
दरिद्र भाईको बिरुद्धमां बुरा हुंनन् अनि तैंले त्येस्लाइ क्येइ पनि देवैनष्
त त्येस्ले तेरो बिरुद्धमां यह्‌वेको दोहाई देला अनि त्यो तेरो लागि पाप्
होला। तर तैंले निस्से त्येस्लाइ दिंनु अनि त्येस्लाइ दिंदा तेरो मन् गर्हुं १०
पनि न हवष् . किनभन्ये येइ दिवाईको कारण्ले तेरो ईश्वर् यह्‌वेले तेरो
षबै काम्मां र तेरो हात् लगायेको षबै बिषय्मां तंलाइ आशीष् दिंछ।
किनभन्ये दरिद्रहरु देस्‌को बीच् देखि कैलेइ पनि षकीन्देनन् . येस्कारण् मं ११
तंलाइ आज्ञा दिंद छु तैंले आफ्ना भाईबन्द् आफ्नु देस्मांका कंगालि
र दरिद्रहरुको लागि आफ्नु हात् निस्से खोल्नु॥

तेरो कोई इब्री भाई कि कोई इब्री बैंनी तेरो हात्मां बेचीयो अनि १२
त्येस्ले तेरो चाकरी छ बर्ष सम्म गरि सक्यो भन्ये देखि सातौं चइं बर्षमां त्येस्लाइ
आफुकांटो निर्बन्ध् भइ जांनु दिंनु। अनि जब तैंले त्येस्लाइ निर्बन्ध् गरि १३
आफुकांटो जांनु दिंछस् तब त्येस्लाइ रित्तै हात् जांनु न दिंनु . तर आफ्ना १४
भेंड़ाबाख्रा र खला र दाख्‌को कोल् देखि त्येस्लाइ भरिपूर्ण गरि दिहाल्नु .
जस्तो तेरो ईश्वर् यह्‌वेले तंलाइ आशीष् दियेको छ त्यस्तै तैंले त्येस्लाइ दिंनु।
अनि समझना राख् तं पनि मिस्रमां दास् थिइस् अनि तेरो ईश्वर् यह्‌वेले १५
तंलाइ छोड़ायो . येसैकारण्ले मं आजु तंलाइ येसो गर्ने आज्ञा दिंद छु।
तर त्येस्ले तं सित र तेरो जहान् सित प्रेम् राखद छ अनि तं सङ खुशि सित १६
रहंद छ अनि येस्कारण्ले तंलाइ तिमिहरुकांटो जान्न भन्यो भन्ये त येसो
हुंछ त तैंले सुतारि लियेर त्येस्को कान् देलोको सङार्मां लगायेर छेंड् १७
पार् तब त्यो सधैं सम्म तेरो कमांरो भइ रहोस्। अनि आफ्नी कमांरी
सित पनि त्येसै गर्नु। जब तैंले त्येस्लाइ आफुकांटो निर्बन्ध् भइ जांनु देलास् १८
तब यो तंलाइ कठिन् न लागोस् किनभन्ये त्येस्ले हिसाप्मां दुइ जना बनि
गर्नेले झैं छ बर्ष सम्म तेरो सेवा गर्‍यो . त तैंले ज्ये गर्छस् त्येस्मां तेरो
ईश्वर् यह्‌वेले तंलाइ आशीष् दिंछ॥

तेरा गाईगोरु र भेंड़ाबाख्रा देखि जति जेठा जेठा नर् जिहाईनन् १९
ति सबैलाइ आफ्नु ईश्वर् यह्‌वेको लागि पवित्र गर् . त आफ्ना गाईगोरुको
जेठा देखि कोई काम् न गराउंनु अनि न आफ्ना भेंड़ाबाख्राका जेठाको
ऊण् कत्रंनु। येस्तो चइं जुन् ठांउ यह्‌वेले छान्छ त्येस्मां आफ्ना आफ्ना २०
जहान् समेत्‌ले बर्ष बर्ष आफ्नु ईश्वर् यह्‌वेको सांमु खांनु। तर त्येस्मां २१
क्येइ खोट् होला अर्थात् त्यो खोरंडे कि अन्धा कि अरु क्येइ प्रकार्‌का
क्येइ नजाति खोट् होला त त्येस्लाइ आफ्नु ईश्वर् यह्‌वेको लागि बलि न
गर्नु। त्यो आफ्नु ढोका भित्र खांनु . अशुद्ध र शुद्ध दुवैले मृड्खिमिर्गो र २२

२३ हरिण् झैं त्यो खावस्। खालि येति मात्रै त्येस्को रगत् चइं न खानु पानी
झैं त्यो भूइंमां बहाइ दिनु ॥

(साल् सालका तीन् मूल्चाड्)

१६ १ आबीब् भनीने महीनाको समझना राखि आफ्नु ईश्वर् यह्वेको
लागि निस्तार् चाड् मान्नु. किनभन्ये आबीब् महीनामां तेरो ईश्वर् यह्वेले
२ राति तंलाइ मिस्र देखि निकालि ल्यायो। येस्कारण् जुन् ठांउ यह्वेले
आफ्नु नांउ वहां राख्नुको लागि छान्छ उहीं आफ्नु ईश्वर् यह्वेको लागि
३ भेंड़ाबाख्रा र गाईगोरुमांको निस्तार्चाड्गरि बलि गर्नु। त्यो सङ खमीरे
रोटी न खानु सात् दिन् सम्म त्यो सङ अखमीरे रोटी खाने गर्नु जो कष्टको
रोटी हो किनभन्ये तं मिस्रको देस् देखि हतार् हतार् गरि निक्लिस्.
तैंले मिस्र देस् देखि निक्ल्येको दिन् आफ्नु जीउंनि भरि समझना
४ राख्नुको लागि। त सात् दिन् सम्म तेरा सबै सिमाना भित्र तेरां खमीर्
कहीं न देखीओस् अनि जुन् पशु तैंले पहिलो दिन्को सांझमां बलि गर्लास्
५ त्येस्को मासुमांको कोइ रातभरि बिहान् सम्म न रहोस्। तैंले निस्तार्चाड्को
पशु तेरो ईश्वर् यह्वेले तंलाइ दियेको अरु अरु कुनै ढोका भित्र बलि न
६ गर्नु. तर जुन् ठांउ तेरो ईश्वर् यह्वेले आफ्नु नांउ वहां राख्नुको लागि
छान्छ उहीं तैंले बेलुका अर्थात् घाम् अस्ताउंदैमां औ मिस्र देस् देखि तं
७ निक्ल्येको बेलामां निस्तार्चाड्को बलि गर्नु। वहांदेखि त्यो पोल्येर जुन्
ठांउ तेरो ईश्वर् यह्वेले छान्छ त्येसमां खानु. वहांदेखि बिहान् आफ्नु
८ आफ्नु डेरामां फर्कि जानु। छ दिन् सम्म अखमीरे रोटी खाने गर्नु.
अनि सातौं दिन् तेरो ईश्वर् यह्वेको लागि पवित्र सभा हवस् त्येस् दिन्
कोइ काम् न गर्नु ॥

९ आफ्नु लागि सात् साता गन्नु. अर्थात् जब देखि तैंले ठाड़ो अन्नमां
१० हंसीया लगाउलास् तबै देखि थालि सात् साता गन्नु। साताहरुको चाड्
आफ्नु ईश्वर् यह्वेको लागि आफ्नु हात्को मनमानि दान् दिइ मान्नु तेरो
११ ईश्वर् यह्वेले तंलाइ आशीष् दियेको अनुसार्. त जुन् ठांउ तेरो ईश्वर् यह्वेले
आफ्नु नांउ वहां बास् गराउंनुको लागि छान्छ त्येसमां आफ्ना छोराछोरी
दासदासी र तेरो ढोका भित्र भयेको तेरो बीचमां भयेको लेवी र परदेसी र
टुहुराटुहुरी र बिधुवी ति सबैले आफ्नु ईश्वर् यह्वेको सांमु रमाहट् गर्नु।
१२ अनि समझना राख्नु तं मिस्रमां दास् थिइस्. यि बिधिहरु गरिकन मान् ॥
१३ फेरि जब आफ्नु खला र दाखको कोल् देखि सबै थोक् बटुलि
१४ सक्लास् तब सात् दिन् सम्म डेराबासे चाड् मान्. अनि आफ्नु त्येस्
चाड्मां आफ्ना छोराछोरी दासदासी समेत्ले तिमिहरुले र जो लेवी र
परदेसी र टुहुराटुहुरी र बिधुवी तेरा ढोका भित्र हुंनन् तिनिहरुले पनि
१५ रमाहट् गरुन्। सात् दिन् सम्म जुन् ठांउ यह्वेले छान्छ त्येसमां तैंले चाड्
आफ्नु ईश्वर् यह्वेको लागि मान्. किनभन्ये तेरो ईश्वर् यह्वेले तेरो

सबै बढ़ति र तेरो हातको सबै काममां तंलाइ आशीष दिंछ येस्कारण तंले
रमाहटै रमाहट गर्नु। जुन ठांउ तेरो ईश्वर यहवेले छान्छ त्यसमां बर्ष दिनमां १६
तीन खेप तेरा सबै पुरुषहरु उस्को सांमु देखाहा परुन अर्थात अखमीरे
रोटीको चाड र साता साताहरुको चाड र डेराबासेको चाडमां. अनि यहवेको
सांमु कोई रित्तै हात देखाहा न परोस. सबै पुरुषहरुले आफनु आफनु १७
पुंजि र तेरो ईश्वर यहवेले तंलाइ आशीष दियेको अनुसार दिने गर्नु॥

(बिचारीहरु र राजाहरुको कर्तब्यकर्म्म)

यहवेले तंलाइ दिंनु आंटेएका सबै ढोकामां आफनु आफनु कुल १८
अनुसार बिचारी र मालिकहरु खटाउंनु. अनि तिनले लोगको निया धर्म्म
सङ्ग गर्ने गरुन। तंले निया न बिगार्नु कसैको पन न पक्षु. अनि घूस न १९
लिंनु किनभन्ये घूसले बुद्धिमानहरुका आंखा पनि अन्धा पारि दिंद छ अनि
धर्म्मीहरुका कुरा फकाइ दिंद छ। धर्म्म मांत्रै पछ्याउंदै रह र जीइ रह २०
अनि तेरो ईश्वर यहवेले तंलाइ दिंनु आंटेएको देसको अधिकारी हो॥

तंले आफनु ईश्वर यहवेको लागि जो बेदि बनाउंछस त्यस्को छेउमां २१
कोइ रकमको रुखको अशेरा भनींने मूर्त्ति न रोपनु। अनि न कोई सुड्का २२
उभ्याउंनु जो तेरो ईश्वर यहवेलाइ घिन लागद छ॥

आफनु ईश्वर यहवेको लागि कोइ खोट कि कोइ नजाति थोक १७ १
भयेको गाईगोरु कि भेंड़ाबाख्रा बलि न गर्नु. किनभन्ये यो तेरो ईश्वर
यहवेलाइ घिनलागदो काम छ॥

ति तेरो ईश्वर यहवेले तंलाइ दिंनु आंटेएका ढोकाहरुमांको कुनैको २
भित्र तेरो बीचमां कोई पुरुष कि स्त्री होला जस्ले तेरो ईश्वर यहवेको नियम
देखि तर्कि उस्को सांमु बुराई गर्येको होला अर्थात त्यस्ले गयेर पराय ३
देवताहरुको सेवा गर्येको होला जो तिनलाइ कि सूर्ज चन्द्र र अकाशका
सेनाहरुमांको कुनैलाइ दण्डवत गर्येको होला ज्येको आज्ञा मैले दियेको
छुइंन अनि यो कुरो तंलाइ कहीयेला त तंले सुने पछि भलिभांति ४
सङ्ग छुंढ्लनु त हेर सांचो र निस्से हो रछ इस्राएलमां येस्तो घिनलागदो
काम गरायेको रछ भन्ये देखि त जस पुरुष कि स्त्रीले येस्तो बुरा कर्म्म ५
गर्येको छ त्यस्लाइ अर्थात त्यस पुरुष कि त्यस स्त्रीलाइ आफना ढोकाहरुको
छेउमां बाहिर लग्येर ढुंगाले मंर्ने गरि लोहोर्याउंनु। जो मारींने माफिकको ६
छ त्यो दुइ कि तीन साक्षीहरुको मुख देखि भनायेकोमां मारीओस तर
खालि येउटैको मुख देखि भनायेकोमां न मारीओस। त्यस्लाइ मांर्नुको ७
लागि त्यस मांथि सबै भन्दा पहिले साक्षीहरुकै हात परुन अनि त्यस पछि
सबै लोगका हात। येसोरि तंले येस्तो बुराई आफनु बीच देखि आफालनु॥

तेरा ढोकाहरुको बीचमां कोइ झगराका कुरा भये अर्थात ८
लोहूखराईको बीचमां कि बिबादहरुको बीचमां कि कुटामारको बीचमां
उस्को निया गर्नु तेरो लागि कठिन पर्यो भन्ये देखि. त उठेर त्यस

९ ठांउमां चढि जांनु जो तेरो ईश्वर् यहवेले छान्छ वहांदेखि लेवी
पूजाहारी थांइ र ति दिनमां भयेको बिचारी थांइ जांनु. अनि तैंले
१० सोधनु त तिनले तंलाइ नियाको बचन् जनाउंछन्. अनि जुन् ठांउ
यहवेले छान्छ त्यस् ठांउ देखि तिनले तंलाइ जनायेको बचन् अनसार् तैंले
११ गर्नु अनि तिनले सिकायेका सबै अनसार् गर्नु मान्नु. तिनले तंलाइ
सिकायेको व्यवस्थाका कुरा अनसार् र तिनले तंलाइ कह्याको निया
अनसार् गर्नु. तिनले तंलाइ जनायेको बचन् देखि दाहीनो बांउ न फर्कनु।
१२ अनि जुन् मान्छेले अट्टेरैं गरि त्यहां तेरो ईश्वरको सांमु सेवा गर्नलाइ
उभीइ रहने पूजाहारीको कि बिचारीको सांमु सुन्दैन त त्यो मान्छे
१३ मारीओस्. येसोरि तैंले येस्तो बुराइ इस्राएल् देखि आफालनु। त सिंगै
लोग् सुन्येर डराउंछन् अनि फेरि फेरि अट्टेरैं गर्दनन्॥
१४ जब तं त्यस् तेरो ईश्वर् यहवेले तंलाइ दिनु आंटेयेको देसमां पुग्येर
त्येस्को अधिकारी हुंछस् अनि त्यो देसमां बस्येर मेरा वरिपरिका सबै
१५ लोगले झैं मं पनि आफु मांथि राजा खटाउंछु भन्नु लाग्लास् त जस्लाइ
तेरो ईश्वर् यहवेले छान्ला अवस्स त्येसैलाइ आफनु लागि राजा खटाउंनु.
आफना भाईहरूको बीच् देखि कसैलाइ आफु मांथि राजा खटाउंनु. कोई
१६ परदेसी जो तेरो भाई होइन त्यस्लाइ आफु मांथि न बसालनु। खालि त्येस्ले
आफनु लागि घोड़ा न बढ़ावस् अनि घोड़ाहरु बढ़ाउंनुको लागि लोगलाइ
मिस्रमां न फर्कावस्. किनभन्ये यहवेले तिमिहरुलाइ भन्येको छ तिमिहरु
१७ त्यो बाटो बाड़ो कैले पनि न फर्कनु। अनि न त्येस्ले आफनु लागि धेरै
स्वास्नीहरु बढ़ायस् होइन भन्ये ता त्येस्को मन् फर्कला. अनि न त्येस्ले आफनु
१८ लागि सुन् चांदी धेरै बढ़ावस्। अनि त्यो आफनु राजको सिंहासनमां
बस्दा येसो हवस् लेवी पूजाहारीको सांमु भयेको येस् व्यवस्थाको नकल्
१९ येउटा पोस्तकमां लेखोस्. अनि त्यो त्यो थांइ रहोस् अनि त्येस्ले जीउंनिभरि
त्यसमां पर्ने गरोस्. र त्येस्ले आफनु ईश्वर् यहवेको भय् मान्नुलाइ सिकोस्
२० यो व्यवस्था र यि बिधिहरुका सबै कुरा गर्नलाइ मान्नुको लागि. र त्येस्को
मन् आफना दाजुभाईहरु मांथि न फुलीओस् अनि त्यो येस् आज्ञा देखि
दाहीनो बांउ न फर्कोस्. आफनु राजमां त्यस्ले आफना छोराहरु समेतले
इस्राएलको बीचमां आफनु दिन् बढ़ावस् भन्ये खातिरले॥

(अनेक् आज्ञा)

१८ १ लेवी पूजाहारीलाइ अं सिंगै लेवी कुललाइ इस्राएल् सङ कोइ
भाग् कि अधिकार् न हवस्. तिनले चइं यहवेको अग्निहोम् र उस्को
२ अधिकार् खांने गरुन्। त तिनलाइ आफना भाईहरुको बीचमां कोइ
भाग् न हवस्. यहवेनै तिनको निज भाग् हो उस्ले तिनलाइ कह्यो
३ अनसार्। अनि लोगको अर्थात् बलिदान् चढ़ाउंनेहरुको पट्टि बाट
गाईगोरु हवस् कि भेंड़ाबाखा हवस् पूजाहारीहरुलाइ पर्ने भाग् यो हवस्

अर्थात् पाता दुवै बङ्गा र भूंड़ि पूजाहारीलाइ दिंने गर्नू। तैंले आफ्नु ४
अन्नको दाखरसको र तेलको अगौटेफल् अनि आफना भेंड़ाहरूका पहिलं
कत्र्येका ऊण् त्येस्लाइ दिंनु। किनभन्ये तेरो ईश्वर् यहवेल तेरा सबै ५
कुल्मांको त्येस्लाइ छान्येको छ त्यो चइं आफना सन्तानहरू समेत् सदा सम्म
यहवेको नांउले सेवा गर्नलाइ उभींनुको ला'ग॥
कोई लेवी सिंगै इस्राएलका टोकाहरूमांका त्येस्ले प्रवास् गर्येको कुनै ६
टोका देखि आफ्नु मन्को पूरो इच्छेले जुन् ठांउ यहवेले छान्छ त्येसमा आयो
भन्ये देखि त वहां यहवेको सांमु उभींने आफना सबै लेवी भाईहरूले झैं त्येस्ले ७
पनि आफ्नु ईश्वर् यहवेको नांउले सेवा गरोस्। अनि त्येस्ले आफना पित्रहरूको ८
भाग् बेच्येको माल् भन्दा बेसि खांने भाग् तिनिहरूले झैं पाउंने गरोस्॥
जब तं त्येस् तेरो ईश्वर् यहवेले तंलाइ दिंनु आंटेरको देस्मां पुग्छस् ९
तब वहांका लोगका घिन्लाग्दा कर्म्म झैं गर्नु न सिक्नु। तेरो बीचमां १०
आफ्नु छोरा कि छोरीलाइ आगोको बाटो बाड़ो हिंड़ाल्ने कि अगम्
चलाउंने कि चिन्हो हेर्ने कि मन्त्रतन्त्र् गर्ने कि बोक्सी कि ११
इन्द्रजाली गर्ने कि झिजुवा कि झांक्रि कि मसान् जगाउंने कोई यैस्तो
मान्छे न पाईओस्। किनभन्ये जातिले यैस्ता यैस्ता काम् गर्द छन् ति सबै १२
यहवलाइ घिन्लाग्दा छन्. अनि यिनै घिन्लाग्दा कामको कारणले
तेरो ईश्वर् यहवेले तिनलाइ तेरो सांमु देखि धपाइ दिंद छ। तं आफ्नु १३
ईश्वर् यहवे सङ सिद्ध हो। किनभन्ये यि लोगले जस्को तं अधिकारी १४
हुंछस् चिन्हो हेर्ने र अगम् चलाउंनेको सुन्द थिये. तर तंचइंलाइ तेरो ईश्वर्
यहवेले यैसो गर्नु थुन्येको छ। तेरो ईश्वर् यहवेले तेरो लागि तेरो मांझ १५
देखि अर्थात् तेरा भाईहरूको मांझ देखि मं जस्तो एक् जना अगमवक्तालाइ
उठाउंछ तिमिहरूले त्येस्को सुन्नू तैंले होरेबमां सभाको दिनमां आफ्नु १६
ईश्वर् यहवे सित मैंले आफ्नु ईश्वर् यहवेको शब्द सुन्नु र यो ठुलो आगो
फेरि देखनु न परोस् होइन भन्ये ता मं मर्छु भन्येर बिन्ति गर्येको अनुसार्।
त्येस् बेलामां यहवेले मंलाइ भन्यो यिनिहरूले जे भन्ये जातिनै भन्य। १७
त मं तिनको लागि तिनका भाईहरूको मांझ देखि तं जस्तो यैउटा १८
अगमवक्ता उठाउंछु अनि आफना बचनहरू त्येस्को मुखमां हाल्छु अनि मैंले
त्येस्लाइ गर्येका सबै आज्ञा अनुसार् त्येस्ले तिनिहरूलाइ भन्छ। अनि यैसो १९
हुंछ त्येस्ले मेरो नांउले भन्येका मेरा बचन् जस् जस्ले मान्दैन मं त्येस्को लेखा
लिंछु। तर जुन् अगमवक्ताले अट्टेरेइं गरि मैंले त्येस्लाइ आज्ञा न दियेको २०
बचन् मेरो नांउले भन्ला कि पराय् देवताहरूको नांउले कोइ भन्ला त्यो
चइं अगमवक्ता मरोस्। अनि तैंले यहवेले न भन्येको चइं बचन् २१
हामिहरूले कसोगरि चिन्नु भनि आफ्नु मनमां भनिस् भन्ये देखि त २२
जान् जब अगमवक्ताले यहवेको नांउले जे भन्ला त्यो कुरा आयेन कि भयेन
भन्ये देखि त्यो यहवेले न भन्येको बचन् हो. त्येस् अगमवक्ताले अट्टेरेइं
गरि यो कुरो भन्ये छ त त्यो देखि न डराउंनू॥

१९ १ जब तेरो ईश्वर् यह्वेले ति लोगलाइ काटि दिंछ जस्को देस्
तेरो ईश्वर् यह्वेले तंलाइ दिंनु आंटेरको छ अनि तं तिनिहरुको ठाउंमां
२ आउंछस् अनि तं तिनका सहर्हरु र घर्हरुमां बस्नु लाग्छस् तब तेरो
ईश्वर् यह्वेले तंलाइ अधिकारी तुल्याउंनु आंटेरको तेरो देस्को बीच्मां
३ आफ्नु लागि तीन्वटा सहर् छुटराउंनु । तैंले तिनमां पुग्ने बाटो तियार्
पार् अनि तेरो ईश्वर् यह्वेले तंलाइ अधिकारी तुल्याउंनु आंटेरको देस्को
४ सिमाना तीन् भाग्मां छुटरा र जनंगे हत्यारा वहां भागि जावस् । अनि
जुन् हत्यारा जीउंनुलाइ वहां भागि जाला त्यस्को गत् येस्तो हुंछ . जस्ले
अजान्मां कि अगाड़ि देखि दुश्मनी न राखि आफ्नु छिमेकिलाइ मांर्‍यो
५ अर्थात् जस्ते कोई आफ्नु छिमेकि सित काठ् काट्नुलाइ जंगल्मां गयेर
रुख् काट्नुलाइ आफ्नु हात्ले बन्चरो उब्जायेको थियो त बन्चरो बेंड्
देखि खुस्केर त्यस् छिमेकिलाइ येस्तोरि लाग्यो त्यो मरि गयो भन्ये देखि
येस्तो हत्यारा ति सहर्हरुमांको कुनै सहर्मां भागि गयेर जीउंदो बांचोस् .
६ होइन भन्ये ता बाटो लांमो भयेको कारण्ले लोहूको साटो लिंनेले त्यस्को
मन् रिस्ले बल्दै रह्येको बेलामां त्यस्लाइ खेदेर त्यस्लाइ फेला पार्ला अनि
त्यस्लाइ मर्ने गरि हिर्काउला तर त्यो मांर्‍नै माफिक्को थियेन कसोगरिभन्ये
७ अगाड़ि देखि त्यस्ले त्यो सित दुश्मनी गर्ने गर्दैन थियो । येसैकारण मं
८ तंलाइ आफ्नु लागि तीन्वटा सहर् छुटराउंनु भनि आज्ञा दिंद छु । अनि
तेरो ईश्वर् यह्वेले तेरा पित्रहरु सित खायेको किरिया अनुसार् तेरो
सिमाना बढायो अनि त्यो उस्ले तेरा पित्रहरुलाइ दिंनुलाइ करार् गर्‍येको
९ थियो त्यो सबै देस् तंलाइ दियो भन्ये देखि अनि तैंले मैंले आजु
तंलाइ तेरो ईश्वर् यह्वे सङ प्रेम् गर्ने अनि उस्को बाटोमां सधैं हिंड्नु
भनि दियेका यि सिंगै आज्ञा गर्नलाइ मानिस् भन्ये देखि ति तीन् सहर्
बाहिक् अरु पनि तीन्वटा सहर् आफ्नु लागि बढाउंनु . होइन भन्ये ता
१० त्यस् तेरो ईश्वर् यह्वेले तंलाइ तेरो अधिकार्को लागि दिंनु आंटेरको तेरो
देस्को बीच्मां कसै निर्दोषीको लोहू बहाईयेला अनि येसोरि लोहू तं
११ माथि पर्ला । तर कोई आफ्नु छिमेकि सित दुश्मनीगरि त्यस्को लागि ढुकि
बसि त्यो माथि उठेर त्यस्लाइ हिर्कायो र त्यो मर्‍यो अनि ति सहर्हरुमांको
१२ कुनैमां भागि गयो भन्ये देखि. त त्यस्को सहर्का प्राचीन्हरुले मान्छे
पठायेर त्यस्लाइ त्यहां बाटो ल्याउन् र लोहूको साटो लिंनको हात्मां सुम्पि
१३ दिउन् र त्यो मरोस् । तेरा आंखाले त्यस्लाइ न टिठाउन् तर निर्दोषीको
लोहू इस्राएल् देखि आफालन् र तेरो भलो हवस् ॥
१४ तंले त्यो तेरो ईश्वर् यह्वेले तंलाइ अधिकारी हुंनुलाइ दिनुं आंटेरको
देस्मां आफ्नु पर्ने निज् भाग्मां आफ्नु छिमेकिको सांद् जो अगाड़िका
लोगले ठहरायेका छन् न सार्नु ॥
१५ कोई मान्छेको विरुद्धमां कोई प्रकार्को अधर्म्म कि पाप्को विषय्मां
त्यो पाप् जेसुकै हवस् येउटै मात्रै साक्षी न उठोस् . दुइ कि तीन् साक्षी-

हरुको मुख् देखि भनौयेकोमां कुरो स्थिर् गरौश्रोस् । कोई अधर्म्मी साक्षी १६
त्यो हट्यो भन्ये साक्षी दिंनुलाइ कसैको बिरुद्धमां उठ्यो भन्ये देखि
त ति आपस्तमां झगरा हुंने दुवै मान्छे ति दिनका पूजाहारीहरु र १७
बिचारीहरुको सांमु यहवेको सांमु उभौउन् तब बिचारीहरुले भलिभांति १८
सङ ढुंढ्लुन्. अनि हेर त्यो साक्षीले झूठो साक्षी भइ आफ्नु भाई मांथि
झूठो साक्षी दियेको रछ भन्ये देखि त जस्तो त्येस्ले आफ्नु भाईलाइ १९
गर्छु भन्ये मन् गर्‍येको थियो त्यस्तै तिमिहरुले त्यो सित गर्नु. येसोरि
येस्तो येस्तो बुराई आफ्नु बीच् देखि आफालनु । त रह्याकाहरु सुन्येर २०
डराउंछन् अनि त्यहां देखि येसो तेरो बीचमां येस्तो कुनै बुराई गर्दैनन् ।
अनि तेरो आंखाले टिठाउंदैनन् प्राणको साटो प्राण आंखाको साटो आंखा २१
दांतको साटो दांत् हातको साटो हात् गोड़ाको साटो गोड़ा ॥

(लड़ाईंको विषय्को विधि)

जब तं आफ्ना सत्तुरहरु सित लड़ाइं गर्नलाइ निक्ललास् तब २० १
घोड़ाहरु र रथहरु र आफु भन्दा बसि लोगलाइ देख्येर ति देखि न डरा.
किनभन्ये तेरो ईश्वर् यहवे जस्ले तंलाइ मिस्त्र देस् देखि चढ़ाइ ल्यायो उइ
तं सङ छ । अनि येसो हवस् जब तिमिहरु लड़ाइं गर्नलाइ नजिक् आऔला २
तब पूजाहारीले नजिक् आइ लोग् सित कुरा गरि येसो भनोस् हे ३
इस्त्राएल् सुन् आजु तिमिहरु आफ्ना सत्तुरहरु सित लड़ाइं गर्नलाइ नजिक्
जांद छौ तिमिहरुको मन् कमलो न हवस् न डराव थरहरि न हव
तिनको भय् न मान किनभन्ये जो तिमिहरुको लागि तिमिहरुका ४
सत्तुरहरु सित लड़ाइं गर्नु र तिमिहरुलाइ बचाउंनलाइ तिमिहरु सङ
जांद छ उ तिमिहरुको ईश्वर यहवे हो । अनि मालिक्हरुले लोगलाइ ५
भनुन् को येस्तो मान्छे छ जस्ले नया घर् बनायेको छ तर त्यस्को घरपैंजो
गर्‍येको छैन त्यो आफ्नु घरमां फर्कि जावस् होइन भन्ये ता त्यो लड़ाइंमां
मारौयेला अनि अर्कौले त्यो घरपैंजो गर्ला । अनि को येस्तो मान्छे छ जस्ले ६
दाखको बारी लगायेर त्यस्को फल् अब सम्म खायेको छैन त्यो पनि
आफ्नु घरमां फर्कि जावस् होइन भन्ये ता त्यो लड़ाइंमां मारौयेला अनि
अर्कौले त्यस्को फल् खाला । फेरि को येस्तो मान्छे छ जस्ले कंटौलाइ मंगनी ७
गर्‍येको छ अनि त्येस्लाइ ल्यायेको छैन त्यो पनि आफ्नु घरमां फर्कि जावस्
होइन भन्ये ता त्यो लड़ाईमां मारौयेला अनि त्यस्लाइ अर्कौले ल्याउला ।
अनि मालिक्हरुले येस् बाहिक् लोगलाइ यो पनि भनुन् को येस्तो मान्छे छ ८
जो डराउंने कि काफर् छ त्यो पनि आफ्नु घरमां फर्कि जावस् होइन भन्ये
ता त्यस्का भाईहरुको मन् पनि त्यस्को मन् जस्तो बिलौइ जाला । अनि जब ९
लोगले मालिक्हरु सित बात् गरि सकनन् तब येसो हवस् तिनले सेनाहरुका
मालिक्हरुलाइ लोगको अघि अघि हिंड्नुलाइ खटाउन् ॥

जब तं लड़ाइं गर्नुलाइ कुनै सहरको छेउ जालास् तब पहिले त्यस्को १०

११ लागि मिलापको उर्दी सुनाउंनु। अनि येसो हवस् त्येस्ले तंलाइ मिलापको
उत्तर् दियो अनि तेरो लागि खोलि दियो भन्ये देखि तब येसो हवस् जत्ति
लोग् त्येसमां पाइंछन् ति सबै तेरो लागि किरिया मुनिका दासहरु होइ जाउन्
१२ अनि तेरो सेवा गरुन्। तर तिनिहरुले तं सित मिलाप् गर्येनन् तर तं सित
१३ लड़ाइँ गर्नु लाग्ये भन्ये त्येस सहर्लाइ घेर्. अनि जब तेरो ईश्वर् यहवेले
त्यो तेरो हातमां सुम्पि दिंछ तब त्येसमांका सबै पुरुषहरुलाइ तरवार्को
१४ धार्ले काटि दिनु. तर स्त्रीहरु बालबच्चा र पशु र जे जे त्येस सहर्मां
हुंनन् ति अर्थात् त्येस्को सबै लूट् आफ्नु लागि सिकार् झैं लिनु अनि तेरो
१५ ईश्वर् यहवेले तंलाइ दियेका आफ्ना सत्रुहरुका लूट् तैंले खांनु। जुन् जुन्
सहर् तं देखि धेरै टाड़ो छन् अनि यि लोगका सहर् होइनन् ति सबै सित
१६ येसे गर्नु। तर जुन् जुन् सहर् यि लोगका हुन् जुनहरु तेरो ईश्वर् यहवेले
तेरो अधिकार्को लागि दिंद छ तिनिहरुमांको कोइ सास् फेर्नेलाइ जीउंदो
१७ न छोड़ुनु. तर तिनलाइ अर्थात् हित्ती एमोरी कनानी परिज्जी
हिव्वी र यबूसीहरुलाइ भाकल् गरेयेको थोक् झैं नास् पार्नु आफ्नु
१८ ईश्वर् यहवेको आज्ञा अनुसार्. होइन भन्ये ता जत्ति घिन्लाग्दा काम्
तिनले आफ्ना देवताहरुको लागि गर्येका छन् ति सबै अनुसार् तिनिहरुले
तिमिहरुलाइ गर्न सिकाउंनन् अनि येसोगरि तिमिहरुले आफ्नु ईश्वर्
यहवेको बिरुद्धमां पाप् गरौला॥

१९ जब कुनै सहर् लिंनुलाइ त्यो सित लड़ाइँ गर्दै तैंले त्येस्लाइ धेरै
दिन् सम्म घेरि रहलास् तब त्येस्का रुखहरुमां बन्चरोले हानि ति बिनाश
न पार् किनभन्ये ति तैंले खांनु सकछस् येस्कारण ति न ढाल्नु क्या बनका
२० रुखहरु मान्छे हुन् र तैंले ति घेरि राखछस्। खालि ति खांने रुख होइन
राछन् भनि चिनेस भन्ये देखि ति ढालि बिनाश पार् अनि तं सित लड़ाइँ
गर्ने सहर्ले न हारुन्याल् सम्म त्येस्को सांमु गढ़ि बना॥

(अनेक् कुराको बिषय्का आज्ञाहरु)

२१ १ त्येस् तेरो ईश्वर् यहवेले तंलाइ अधिकारी हुंनुको लागि दिनु
आंटेको देसमां कसैको मारेयेको मुर्दा बन्मां लड़ि रहेको पाइयो अनि
२ त्येस्लाइ कस्ले मार्येको हो भनि जानेयेन भन्ये देखि. त तेरा प्राचीन् र
बिचारीहरुले निकल्येर त्यो मुर्दा भयेको ठांउ देखि चारै पट्टिका सहरहरु
३ सम्म नापुन्. वहांदेखि येसो हवस् त्यो मुर्दा देखि सबै भन्दा नजिक् भयेको
सहर् त्यइ सहर्का प्राचीनहरुले बथान्मांको येउटी काममां न लगाइयेकी
४ र जुवा मुनि न पर्येकी कोरलि लिउन् अनि त्येस् सहरका
प्राचीनहरुले त्येस कोरलिलाइ येउटा बग्दो पानी भयेको खोल्चामां
लैजाउन् जस्को पाखा न जोतेयेको न छरेयेको छ अनि त्यहां खोल्चामां
५ त्येस कोरलिको घांटो भांचि दिउन्. तब लेवीइंश्री पूजाहारी नजिक् आउन्
किनभन्ये तिनेहरुलाइ तेरो ईश्वर् यहवेले छान्येको छ तिनिहरुले उस्को सेवा

गरुन् अनि यहवेको नांउ लिइ आशीर्बाद् दिने गरुन् अनि सबै झगरा र
कुटामार्‌को बिषय् तिनिहरुले भन्येको अनुसार् हवस् भन्येर. वहांदेखि ६
त्यो मुर्दा भयेको ठांउ देखि जुन् सहर् सबै भन्दा नजिक् छ त्यस्का सबै
प्राचीन्‌हरुले त्यस् खोल्‌चामां मरुटो भांचीयेक कोर्लि माथि आफना आफना
हात् धोउन्. अनि उत्तर् दिइ भनुन् यो लोहू हांम्रो हात्‌ले बहायेको र ७
यो हांम्रा आंखाले देख्यको होइन। त हे यहवे आफनु छोड़ाईयेको इस्राएल् ८
लोग्‌को प्रार्यश्चित्त लिइ माफ् गर्नु हवस् अनि आफनु इस्राएल् लोग्‌को
बीच्‌मां निर्दोषी लोहू रहनु न दिनु हवस् भनि। त त्यो लोहू
तिनिहरुलाइ माफ् हुंछ। येसोरि तैंले यहवेको दृष्टिमां ज्ये सोजो छ त्येइ ९
गर्दा आफनु बीच् देखि त्यो निर्दोषी लोहू आफाल्‌छस् ॥

जब तं आफना सत्तुर्‌हरु सित लड़ाइं गर्नुलाइ निकल्‌लास् अनि १०
तेरो ईश्वर् यहवेले तिनिहरुलाइ तेरो हात्‌मां पारि देला अनि तैंले
तिनिहरुलाइ बन्धुवा गरि ल्याउलास् अनि बन्धुवाहरुमां कोई राम्री ११
स्त्रीलाइ देखिकन त्येस्लाइ मन् पर्‌यो अनि त्यस्लाइ स्वास्नी तुल्याउंन् खोजिस्
भन्ये देखि त्येस्लाइ आफनु घर्‌मां ले अनि त्यसले आफनु सिर् मुड़ाउस् १२
अनि नङ् कटाउस् अनि आफनु बन्धुवाइका लुगा काड़ि तेरो घर्‌मां १३
रहंदै महीनाभरि आफना आमा बाबुको लागि बिलाप् गर्दै रहोस्. त्यस्
पछि तं त्येस्कां जांनु सक्‌छस् र तं त्येस्को लोग्नि हो अनि त्यो तेरी स्वास्नी
हवस्। अनि येसो हवस् तंलाइ त्येस्लाइ मन् पर्येन भन्ये देखि त्येस्लाइ जहां १४
जांनु खोज्‌छे जांनु दे तर त्येस्लाइ रुपिया लियेर कहीं न बेच्‌नु तैंले त्येस्को
पत् लिइस् त त्यो सित कमारी सित झैं बेहोरा न गर्नु ॥

कसेको दुइटी स्वास्नी छन् अनि तिनमां येउटी प्रिया अर्की अप्रिया १५
होली अनि प्रिया र अप्रिया दुवैले छोरा जन्माइन् तर जेठो चइं छोरो
अप्रिया पट्टिको भयो भन्ये देखि त येसो हवस् जस् दिन्‌मां त्येस्ले १६
आफना छोराहरुलाइ आफनु सम्पत्तिको अधिकारी तुल्याउला तब प्रियाको
छोरोको लागि अप्रियाको छोरो जो सांचिनै जेठो छ त्येस्को सांटोमां जेठो
भाग् गर्नु न पाउस्. तर त्यस्ले अप्रियाको छोरोलाइ आफनु सिंगै धन्‌को १७
दोब्बर् भाग् दिइ जेठो हो भनि चिनाउस्. किनभन्ये त्यो चइं त्यस्को
बूताको थाल्‌नि हो त जेठा अधिकार् त्येसैको हो ॥

कसैको छोरो अट्टेरि र झगरे होला जस्ले आफना आमा बाबुका कुरा १८
मान्दैन अं शिक्षाइयछ दिंदा पनि तिनको सुन्दैन। त त्येस्का आमा बाबुले १९
त्येस्लाइ समात्येर त्येस्को सहर्‌का प्राचीन्‌हरुकां त्येस्को ठांउको ढोकाको बाहिर
लैजाउन् वहांदेखि तिनिहरुले त्येस्को सहर्‌का प्राचीन्‌हरुलाइ यो हांम्रो २०
छोरो अट्टेरि र झगरे छ हांम्रो कुरा मान्दैन तर उदासे र मताहा छ भनुन्।
तब त्येस्‌को सहर्‌का सबै पुरुष्‌हरुले त्येस्लाइ मर्न गरि ढुंगाले लं होन्याउन्. २१
येसोरि तैंले येस्तो बुराइ आफनु बीच् देखि आफाल् अनि सिंगै इस्राएल्
सुन्येर डराउस् ॥

२२ फेरि कसैमां मारींने माफिकको पाप् पाईयो अनि त्यो मारीयो अनि
२३ तैंले त्येस्लाइ रुखमां झुंड्याइस् भन्ये देखि त त्येस्को लोथ् रात् भरि
रुखेमां न रहोस् तर त्येस्लाइ निस्से त्येसै दिन् गाड्नु किनभन्ये झुंड्याईंने
चईं ईश्वर् देखि स्त्रापित् छ होइन भन्ये ता तेरो ईश्वर् यह्वेले तंलाइ
अधिकार्को लागि दिंनु आंटेरको तेरो देस् तैंले अशुद्ध पार्छस् ॥

२२ १ तैंले आफनु भाईको गोरु कि भेंड़ा हराइ हिंड्दै गयेको देखेर त्यो
२ देखि न लुक्. तर त्येस्लाइ निस्से आफनु भाई थांइ फर्काइ ल्याइ दे। तर
तेरो भाई नजिक् छैन कि तैंले त्येस्लाइ चिन्दैनस् भन्ये देखि त्येस्लाइ आफनु
घर्मां ल्याइ राख् अनि तेरो भाईले त्येस्लाइ न खोजुंज्याल् सम्म त्यो तेरां रहोस्
३ तब त्येस्लाइ फर्काइ दे। अनि त्येस्को गदाहा सित पनि येसै गर् अनि त्येस्को
लुगाको बिषयमां पनि येसै गर् अं तेरो भाईले हरायेको तैंले पायेको तेरो
भाईको कुनै पनि हरायेको थोकको बिषयमां येसै गर्. ति देखि न लुक् ॥
४ तैंले आफनु भाईको गदाहा कि गोरुलाइ बाटोमां लड़ेको देखेर
ति देखि न लुक्. तर त्येस्लाइ उठाउंनुमां निस्से त्येस्लाइ गोहार् दे ॥
५ कसै स्त्रीले पुरुषको लुगा न लगावस् अनि न कोई पुरुषले स्त्रीको
लुगा लगावस्. किनभन्ये येस्ता काम् गर्नेहरु सबै तेरो ईश्वर् यह्वेलाइ
घिन् छन् ॥
६ कुनै रुखमां कि भूंइमां तेरो मांथु बाटोमां कुनै चराको गुंड् रछ अनि
त्येसमां बचरा भये पनि फुल् भये पनि अनि ति बचराहरु कि फुल्हरुमां
तिनको माऊ बसि रहेको देखिस् भन्ये देखि त बचरा समेत् माऊलाइ न
७ लैजांनु. तर माऊचईंलाइ निस्से छोड़ि दिंनु तर बचरा चईं आफनु लागि
लैजांनु र तेरो भलो हवस् अनि तेरा दिन् बढाईउन् ॥
८ जब तैंले नया घर् बनाउलास् तब आफनु छानामां आंठाघेरा बना
होइन भन्ये ता त्यहां बाटो कोई लड्ला अनि येसोरि तैंले आफनु घर्
९ मांथि लोहूको दोष् ल्याउलास्। आफनु दाखको बारीमां दुइ प्रकार्को बिउ
न रोप्नु. होइन भन्ये ता त्येस्को सबै उपर्जनि अर्थात् तेरो रोप्येको र
दाखको बारीको उपर्जनि दुवै खेरो जानन् ॥
१० ११ गोरु र गदाहा दुवै एक् सङ् नारि न जोत्नु। ऊण र पाट् मिसायेको
लुगा न लाउंनु ॥
१२ आफनु ओढ्ने लुगाको रिंगै चारै कुंउमां झुम्का लाउंने गर्नु ॥
१३ कोई लोग्नेले स्वास्नी ल्यायेर त्येस्कां गयो अनि त्यो त्येस्लाइ अप्रिया
१४ लाग्यो अनि त्येस्ले त्येस् मांथि कुकर्म्मको दोष् लगायो अनि त्येस्को
नांउ बिगार्नुलाइ येस् स्त्रीलाइ ल्यायें तर जब त्येस्कां गयें त त्येस्मां कन्ये
१५ चिंनु पाइंन भन्यो भन्ये देखि त त्येस् कटीका आंमा बाबु कटीको कन्ये
१६ चिंनु लियेर सहर्का प्राचीनहरु थांइ ढोकामां जाउन्. वहांदेखि त्येस
कटीको बाबुले प्राचीनहरुलाइ भनोस् मैंले आफनो छोरीलाइ त्येस्लाइ ब्याहा
१७ दियें तर त्यो त्येस्लाइ अप्रिया लाग्दछ अनि हेर त्येस्ले मैंले तिम्रो

छोरीमां कन्ये चिंनु पाईंन भन्दै त्येलाइ कुकर्म्मको दोष् लगायेको छ तर
मेरी छोरीको कन्ये चिंनु यि हुन् भनि । वहांदेखि तिनिहरूले सहरका
प्राचीनहरूको सांमु त्यो लुगा फिंजाउन् । तब त्येस् सहरका प्राचीनहरूले १८
त्येस् पुरुषलाइ लियेर शिक्षादण्ड दिउन् अनि त्येस् मांथि सै शेकेल् १९
चांदीको दण्ड पनि लगायेर त्येस् कन्येको बाबुलाइ दिउन् किनभन्ये त्येस्ले
एक् इस्राएली कन्येको नांउ बिगारि दियो . अनि त्यो त्येस्की स्वास्नीनै भइ
रहोस् त्येस्ले आफ्नु जीउंनिभरि त्येस्लाइ त्यागनु न पावस् । तर त्यो कुरो २०
सांचो हो रछ अर्थात् त्येस् केटीमां कन्ये चिंनु पाईयेनन् भन्ये देखि . त २१
तिनिहरूले त्येस् केटीलाइ त्येस्को बाबुको घर्को दैलोमां निकालुन् अनि
त्येस्को सहरका पुरुषहरूले त्येस्लाइ मंर्नगरि ढुंगाले लोहोर्याउन् . किनभन्ये
त्येस्ले आफ्नु बाबूको घरमां बेश्येको काम् गरि इस्राएलमां मूर्खई गरी
येसोरि तंले येस्तो बुराई आफ्नु बीच् देखि आफालनु ॥

कोई पुरुष् अर्को लोग्ने भयेकी ब्याहित् स्वास्नी सङ सुतदै गर्येको २२
पक्रडा पर्यो भन्ये देखि त्यो स्त्री सित सुतदै गर्ने पुरुष् र त्यो स्त्री दुवै
मांरिउन् . येसोरि तंले येस्तो बुराई इस्राएलको बीच् देखि आफालनु ॥

कोई कन्ये केटीको कसैं पुरुष् सित मंगनी भयेको छ अनि कोई २३
पुरुषले सहरैमां भेटेर त्यो सित सुत्यो भन्ये देखि त तिनिहरूले ति २४
दुवैलाइ त्येस् सहरको ढोकामां बाहिर लग्येर मंर्न गरि ढुंगाले लोहोर्याउंनु
केटीचाहिंलाइ किनभन्ये सहरमां भइकन पनि चिच्याईन अनि त्येस्
पुरुषचाहिंलाइ किनभन्ये आफ्नु छिमेकिकी स्वास्नीको पत् लियो . येसोरि
तंले येस्तो बुराई आफ्नु बीच् देखि आफालनु ॥

तर कोई पुरुषले कोई मंगनी भयेकी कन्येलाइ बनमां भेटि २५
बलजबत् गरि त्येस्लाइ सुतायो भन्ये देखि त खालि त्येस्लाइ सुताउंने
पुरुषचाहिं मात्रै मांरीओस् . तर त्येस् कन्येलाइ कोइ न गरीओस् त्येस् २६
कन्येमां मांरीने माफिकको पाप् छैन . कसोगरिभन्ये जसोरि कसैले आफ्नु
छिमेकि मांथि उठेर त्येस्लाइ मांर्लो यो पनि त्येस्तै कुरो हो . कसोगरिभन्ये २७
त्येस् पुरुषले त्येस् मंगनी भयेकी कन्येलाइ बनमां भेटायो अनि त्यो चाहिं
चिच्याई पनि तर त्येस्को बचाउंने कोई थियेन ॥

फेरि कोई पुरुषले कोई मंगनी न भयेकी कन्येकेटीलाइ भेटेर त्येस्लाइ २८
समात्येर सुतायो अनि तिनिहरू पक्रडा पर्ये भन्ये देखि . त त्येस्लाइ सुताउंने २९
पुरुषले त्येस् कन्येकेटीको बाबुलाइ पचास् शेकेल् चांदी देवस् अनि त्यो
त्येस्की स्वास्नी हवस् किनभन्ये त्येस्ले त्येस्को पत् लियो त्येस्ले त्येस्लाइ आफ्नु
जीउनिभरि त्यागनु न पावस् ॥

कसैले आफ्नु बाबुको स्वास्नीलाइ न राखोस् अनि न आफ्नु बाबुको ३०
लुगा उचालोस् ॥

जस्को सन्दि कुच्याईयेको कि गुप्ती अङ्ग काटीयेको छ त्यो यहूवेको २३ १
सभामां न पसोस् ॥

२ यहवेको सभामां कोई बतासे छोरो पस्नु न पावस् अं दसौं पुस्ता सम्म
पनि यहवेको सभामां त्येस्को वंशको कोई पस्नु न पावस् ॥
३ कोई अम्मोनी कि मोआबी यहवेको सभामां पस्नु न पावस् अं तिनको
दसौं पुस्ता सम्म पनि यहवेको सभामां तिनको वंशको कोई कहिले पस्नु न
४ पावस्. किनभन्ये जब तिमिहरु मिस्र देस् बाटो निक्लि आउंद थियौ तब
तिनिहरुले रोटी पानी लियेर बाटोमां तिमिहरु सित भेट् गर्येनन् अनि येस्
बाहेक् तिनिहरुले अरम्नहरैमको पतोर् सहर्मां बस्ने बओर्को छोरो
बिलाम्लाइ तंलाइ स्राप्नुलाइ तेरो बिरुद्धमां रुपिया दियेर बोलायो ।
५ तैपनि तेरो ईश्वर् यहवेले बिलाम्को सुन्ने मन् गर्येन तर तेरो ईश्वर् यहवेले
स्राप् आशीषमां पो फेर्यो किनभन्ये तेरो ईश्वर् यहवेले तं सित प्रेम् गर्थ्यो
६ थियो । आफ्नु जीउंनिभरि न तिनको कुशल् न तिनको भलाई खोज्नु ॥
७ कोई एदोमी सित घिन् न गर्नु किनभन्ये त्यो तेरो भाई हो. अनि न
८ कोई मिस्री सित घिन् गर्नु किनभन्ये त्येस्को देस्मां तं परदेसी थिइस् । तिनका
तीस्रो पुस्तामां जन्म्यका सन्तान् यहवेको सभामां पस्नु पाउन् ॥
९ जब तं आफ्ना सत्तुरहरुको बिरुद्धमां छाउंनीमां निक्ललास् तब सबै
१० प्रकार्को नजाति थोक् देखि जोगीइ रह । तिमिहरुको बीचमां कोई पुरुष्
त्यो राति आफै हुंने अशुद्धिले अशुद्ध भयो भन्ये छाउंनी देखि बाहिर जावस्
११ अनि छाउंनी भित्र न पसोस्. तर येसो हवस् सांझ् पर्ने बेलामां त्येस्ले
१२ पानीमां नुहावस्. अनि जब घाम् अस्ताउंछ तब त्यो फेरि छाउंनीमां पसोस् ।
१३ छाउंनी देखि बाहिर येउटा दिशा फेर्ने ठांउ हवस् तिहीं तं जांने गर्नु.
अनि तेरा हतियार्को खाल्मां येउटा खन्ति हवस् अनि येसो हवस् जब
तैंले बाहिर भइ दिशा फेर्छस् त फर्केर आफु देखि गयेका थोक् त्यो खन्तिले
१४ खन्येर ढाकि दे. किनभन्ये तेरो छाउंनीको बीचमां तेरो ईश्वर् यहवे
डुल्द छ तंलाइ बचाउंनु र तेरा सत्तुरहरुलाइ तेरो ताबिमां पारि दिनुको
लागि येस्कारण तेरो छाउंनी पवित्र रहोस्. होइन भन्ये ता तेरो बीचमां
कोइ अशुद्ध थोक् देख्येर उ तं देखि फर्कि जाला ॥
१५ जुन् दास् आफ्नु स्वामी देखि तं थांइ भागि आउला त्येस्लाइ त्येस्को
१६ स्वामीलाइ फर्काइ सुम्पि न दे. त्येस्ले तेरा ढोकाहरुमांको येउटा भित्र
जुन् ठाउं जाति लागि छान्ला त्येसैमां तं सङ रहंने गरोस्. त्येस् मांथि
मिचेइं न गर्नु ॥
१७ इस्राएल्बंशिहरुमांको कोई देवदासीबेश्ये न हवस् अनि इस्राएल्-
१८ बंशिहरुमांको येस्तो पुरुष् पनि कोई न हवस् । बेश्येको प्राप्ति र कुकुर्को[1]
कंमई कुनै भाकल् पूरो गर्नुको लागि आफ्नु ईश्वर् यहवेको घर्मां न
ल्याउंनु. किनभन्ये तेरो ईश्वर् यहवेलाइ यि दुवै घिन् छन् ॥

[1] अर्थात् पुरुषगामीको ।

तैंले आफ्नु भाईलाइ ब्याज्मां ऋण् न दे रुपिया हवस् कि खांने १९
थोक् हवस् कि अरु कोइ थोक् जे ब्याज्मां दिइंद छ. अन्यदेसीलाइ ब्याज्मां २०
ऋण् दिंनु पावस् तर आफ्ना कोई भाईलाइ ब्याज्मां ऋण् न दिंनु. र जुन्
देस्को तं अधिकारी हुंनुलाइ जांनु आटेरको छस् वहां जुन् जुन् काम्मां
हात् लगाउलास् ति सबैमां तेरो ईश्वर् यहवेले तंलाइ आशीष् देअस् ॥

जब तैंले आफ्नु ईश्वर् यहवेको लागि भाकल् गर्लास् त त्यो पूरो २१
गर्नुमां अबेर् न गर्नु. किनभन्ये तेरो ईश्वर् यहवेले निस्से त्यो तं सित
मांग्छ अनि येसो गर्येकोले तंलाइ पाप् लाग्छ। तर तैंले भाकल् २२
गर्येको छैनस् भन्ये देखि तंलाइ पाप् लाग्दैन। जे कुरो तेरो मुख् देखि २३
निस्कला त्यो गर्नुलाइ मान् आफ्नु ईश्वर् यहवेको लागि आफ्नु मुख्ले
मनमानि भाकल् गर्येको अनुसार् ॥

जब तं आफ्नु छिमेकिको दाखबारीमां पस्लास् त आफ्नु खुशि २४
अनुसार् पेट् भरि खांनु सक्छस् तर आफ्नु भांडामां कोइ न हाल्नु ॥

जब तं आफ्नु छिमेकिको ठाड़ो अन्नमां पस्लास् त हात्ले बाला २५
टिप्नु सक्छस् तर आफ्नु छिमेकिको ठाड़ो अन्नमां हंसिया न चलाउंनु ॥

जब कोई लोग्नेले स्वास्नी ब्याहा गरि ल्यायेको होला त येसो हुंछ २४ १
त्यस्ले त्यस्मां कोइ अशुद्ध पायेको कारणले त्येस मांथि त्येस्को अनुग्रह भयेन
भन्ये देखि त त्यस्को लागि त्यागपत्र लेख्येर त्यस्को हात्मां दिइ त्यस्लाइ
आफ्नु घर् देखि निकालि पठावस्। अनि त्यो त्यस्को घर् देखि निकालि गये २
पछि अर्को लोग्नेको हुंनु सक्छ। तर त्यो त्यस् अर्को लोग्नेलाइ पनि अप्रिया ३
लाग्यो अनि त्यस्ले पनि त्याग्पत्र लेख्येर त्यस्को हात्मां दियेर आफ्नु घर्
देखि निकालि पठायो कि त्यो त्यस्लाइ आफ्नी स्वास्नी गरि राख्ने लोग्ने
मर्यो भन्ये देखि त्यस्लाइ निकालि पठाउंने त्यस्को पहिलो लोग्नेले त्यस्लाइ ४
त्यो अशुद्ध भये पछि फेरि आफ्नी स्वास्नी तुल्याउंनु न पावस् किनभन्ये
येस्तो काम् यहवेलाइ घिन् छ. येसोरि तैंले त्यस् तेरो ईश्वर् यहवेले तंलाइ
तेरो अधिकारको लागि दिंनु आंटेको देस्लाइ पाप् गर्ने न तुल्याउंनु ॥

कोई लोग्नेले भर्खर् स्वास्नी ल्यायेको छ भन्ये देखि त्यो सेनामां भर्ति भयेर ५
बाहिर न जाअस् न कोई काम्को भार् त्येस् मांथि राखीओस्. तर त्यो बर्ष
दिन् सम्म सुबिस्ता सङ आफ्नु घर्मां रहि त्यस्ले आफ्नी ल्यायेकी स्वास्नीलाइ
रत्याअस्। कोई मान्छेले जांतो कि जांतोको ऊंभल्लो पल्यांटो बन्धक्मां न ६
लेअस्. किनभन्ये यो ता मान्छेको प्राण् बन्धक् लियेको जस्तिकै हो ॥

कोई मान्छे आफ्नु कोई इस्राएलबंशी भाईलाइ दास् तुल्याउंने कि ७
बेच्ने मन् गरि चोर्दै गर्येको पक्रा पर्यो भन्ये देखि त येस्तो चोर्
मारीओस्. येसोरि तैंले येस्तो बुराई आफ्नु बीच् देखि आफालनु ॥

कोढ्को बेथा देखि चंख रहंनु अनि लेवी पूजाहारीहरुले जे जे ८
तिमिहरुलाइ सिकाउंछन् ति सबै अनुसार् खबर्दारी सङ सबै बिषय् गर्नु.
मैंले तिनिहरुलाइ आज्ञा गर्येको अनुसार् ति गर्नु मान्नु। तिमिहरु सिख ९

बाटो निक्लंदा बाटोमां तेरो ईश्वर् यह्वेले मरियम्लाइ जे गर्येको थियो
त्यो सम्झ ॥

१० जब तैंले आफ्नु छिमेकिलाइ कोइ रकम्को ऋण् देलास् तब त्येस्को
११ बन्धक् लिंनुलाइ त्येस्को घर् भित्र न पस्। तं बाहिरै उभीइ रह् अनि जस्लाइ
१२ तैंले ऋण् दिइस् त्यो आफैले बन्धक् बाहिर् तं थांइ ल्याइ देवस्। त्यो मान्छे
१३ कंगालि छ भन्ये देखि त्येस्को बन्धक् राखि न सुत्नु. सूर्ज अस्ताउंन्याल् सम्ममां
त्यो निस्से फर्काइ दिंनु र त्येस्ले आफ्नै ओढ्नमां सुति तंलाइ आशीष् देवस्.
त यो तेरो ईश्वर् यह्वेको सांमु तेरो धर्म्म गर्नीछ ॥

१४ बंनि गर्ने जो दरिद्र र कंगालि छ त्यो तेरो भाईमांको हवस् कि तेरो
ढोका भित्र भयेको परदेसीमांको तेरो देसमां हवस् त्येस मांथि मिचेईं न गर्नु.
१५ त्येस दिन् घाम् डुब्नु भन्दा पहिले तैंले त्येस्को बंनि दिहाल्नु किनभन्ये त्यो
कंगालि छ अनि त्येस्को मन् त्येसमां लागि रहंद छ. होइन भन्ये ता त्येस्ले तेरो
बिरुद्धमां यह्वेको दोहाई देला अनि यो तेरो लागि पाप् होला ॥

१६ बाबुहरु आफ्ना छोराहरुको साटो न मारीउन् अनि न छोराहरु
बाबुहरुको साटो मारीउन्. जौउजनंगे आफ्नै पापको कारण्ले मारीओस् ॥

१७ कसै परदेसीको कि टुहुराको निया न बिगार्नु अनि न कसै बिधवीको
१८ लुगा बन्धकमां लिंनु. तर सम्झना राख्नु तं मिस्रमां दास् थिइस् अनि
तेरो ईश्वर् यह्वेले तंलाइ वहां बाटो छोड़ायो. येसैकारणले म तंलाइ
येसो गर्ने आज्ञा दिंद छु ॥

१९ जब तैंले आफ्नु खेतको कटनी गर्लास् अनि एक् पांजा खेत्मां भूल्ले
छोड्लास् त त्यो लिंनुलाइ फर्कि न जांनु. परदेसी र टुहुरा र बिधवीको
लागि त्यो हवस्. र ईश्वर् यह्वेले तेरा हातका सबै काममां तंलाइ आशीष्
२० देवस्। जब तैंले आफ्नु भद्राक्ष हिर्काइ झार्लास् तब दोस्रो खेप् डालाहरु
२१ न हल्लाउंनु. परदेसी र टुहुरा र बिधवीको लागि त्यो हवस्। जब तैंले
आफ्नु दाखको बारीको फल् टिप्लास् तब आफ्नु पछाड़ि निखारिकन न
२२ टिप्नु. परदेसी र टुहुरा र बिधवीको लागि त्यो हवस्। अनि तैंले म
मिस्र देसमां दास् थियें भनि सम्झना राख्नु येसैकारणले म तंलाइ
येसो गर्ने आज्ञा दिंद छु ॥

२५ १ कसै मान्छेहरुको बीचमां झगरा पर्यो अनि तिनिहरु नियाको
लागि आये अनि बिचारीहरुले तिनको निया गर्ये भन्ये देखि त तिनिहरुले
२ धर्म्मीलाइ धर्म्मीनै अनि दोषीलाइ दोषीनै ठहराउन् अनि येसो
हवस् दोषी कुटाइखांने मांफिकको ठहरीयो भन्ये बिचारीले त्येस्लाइ
लड़ाउंनु लायेर आफ्नु सांमु त्येस्को दोष् अनुसारको कुटाई गनि गनिकन
३ हिर्काउंनु लगावस्। त्येस्ले त्येस्लाइ चालीस् कोर्रा सम्म हिर्काउंनु लगावस्
यहां देखि बेसि होइन. होइन भन्ये ता यो भन्दा बढ़ता धेरै कुटीयेकोले
तेरो भाई तं देखि तुच्छ ठानीयेला ॥

४ दांइं गर्ने गोरुलाइ मह्ला न लगा ॥

जब दाज्युभाई एकै सङ्ग रहनन् अनि तिनिहरुमांको एक् जना ५
अपुता भइ मर्‍यो त त्येस्को बिधुवीको ब्याहा पराय् कुल् सङ्ग न हवस्,
तर त्येस्को देवर् त्येस्कां गयेर त्येस्लाइ आफ्नी स्वास्नी तुल्यावस् अनि त्यो
सित देवर्‌ले गर्नु पर्ने कार्ज गरोस्। अनि येसो हवस् जुन् जेठो त्येस्ले ६
जन्माउलो त्यो त्येस् मर्‍येकोको दाज्युको नांउको गर्नोआस् र त्येस् दाज्युचइंको
नांउ इस्राएल्‌को बीच् देखि न मेटोओस्। तर देवर्‌चइंले आफ्नो ७
भाउजिउलाइ ल्याउंनु मन् पर्‍येन भन्ये देखि त त्यो भाउजिउचइंले ढोकामां
प्राचीन्‌हरु थांइ गयेर मेरो लाग्नेको भाईले आफ्नु दाज्युको नांउ
इस्राएल्‌को लागि उभ्याउंनु मान्दैन अनि देवर्‌ले गर्नु पर्ने कार्ज मं सित गर्नु
मान्दैन भनोस्। तब त्येस्को सहर्‌का प्राचीन्‌हरुले त्येस्लाइ डाकेर त्येस्लाइ ८
चेताउन्, अनि त्येस्ले उभीयेर आफ्नु कुरामां अड्डीयेर मंलाइ यिन्‌लाइ
ल्याउंनु मन् पर्दैन भन्यो भन्ये देखि त त्येस्की भाउजिउचइंले ९
प्राचीन्‌हरुको सांमु त्येस्को छेउमां गयेर त्येस्का जुत्ता त्येस्को गोड़ा देखि
फुकालोस् अनि त्येस्को मुखमां थुकोस् अनि उत्तर् दिइ भनोस् जस्ले आफ्नु
दाज्युको जहान् उभ्याउंदैन त्यस्लाइ येसै गरौंछ भनि। त इस्राएल्‌मां त्येस्को १०
नांउ जुत्ता फुकालोयेको घर् भनौंछ॥

मान्छेहरुले आपस्तमां कुटामार् गर्दा तिनिहरुमांको येउटाकी ११
स्वास्नीले आफ्नु लोग्नेलाइ त्येस् कुट्‌दे गर्नेको हात् देखि छोड़ाउंनको
लागि नजिक् आयेर आफ्नु हात् पसारि कुट्‌नेको गुप्त अङ्ग समाती भन्ये
देखि, त त्येस्को हात् काटि दिंनु त्येस्मां तेरा आंखाले न ठिठाउन्॥ १२

आफ्नु थैलोमां येउटा सांनु येउटा ठुलो भिन्दो भिन्दो ढक् न १३
राखनु। आफ्नु घर्‌मां आफ्नु आफ्नु भर्ने थोक् येउटा सांनु येउटा ठुलो १४
भिन्दा भिन्दा न राखनु। तर तेरो पूरो र ठीक्‌को ढक् हवस् तेरो पूरो र १५
ठीक् भर्ने थोक् हवस् र जुन् देस् तेरो ईस्वर् यह्‌वेले तंलाइ दिंद छ त्येस्मां
तेरा दिन् बढाईउन्। किनभन्ये येस्तो काम् गर्ने सबै अर्थात् अधर्म्म गर्ने १६
सबै ईस्वर् यह्‌वेलाइ घिन् लाग्‌द छन्॥

तिमिहरु मिस्र बाटो निक्लंदा अमालेक्‌ले बाटोमां तं सित ज्ये ज्ये १७
गर्‍येको थियो त्यो सम्झि अर्थात् त्येस्ले बाटोमां तं थाकेर हरान् १८
पर्‍येकोमां निर्बल् भयेर पछि पछि आउंनेहरु सबैलाइ कसोगरि मार्‍यो अनि
ईस्वर्‌को भय् मान्येन। येस्कारण येसो हवस् जब तेरो ईस्वर् यह्‌वेले त्येस् १९
उस्ले तेरो भाग् हुंनुलाइ अधिकार्‌मां दिंनु आंटेको देस्‌मां तंलाइ चारै
पट्टिका सबै सत्तुर्‌हरु देखि बिस्राम् दिंछ तब अमालेक्‌को नावै समेत् स्वर्ग
मुनि देखि मेटि दे यो न बिर्सि॥

(दसौं अंश र अगौटेफल्‌को व्यवस्था)

अनि येसो हवस् जब तं त्येस् तेरो ईस्वर् यह्‌वेले तंलाइ निज् २६ १
भाग् गरि दिंनु आंटेको देस्‌मां त्येस्को अधिकारी भइ बसछस् तब त्येस् २

तेरो ईश्वर् यहुवेले तंलाइ दिंनु आंटेको देसमां भूमिका सब् प्रकार्का
उपर्जनि जो तैंले भित्र्याउंद छस् तिनका अगौटेफल्मांका डालोमां हाल्येर
जुन् ठांउ तेरो ईश्वर् यहुवेले आफ्नु नांउ वहां राख्नुको लागि छान्छ त्यस्
३ ठांउमां लैजा। वहांदेखि ति दिनको पूजाहारी थांइ गयेर त्येस्लाइ जुन् देस्
यहुवेले हांमिहरूलाइ दिंनुलाइ हांमिहरूका पित्रहरू सित किरिया खायेको
थियो त्यस्मां मं आयें भनि आजु आफुको ईश्वर् यहुवेलाइ स्वीकार् गर्द छु
४ भन्येर भन्नु। तब पूजाहारीले तेरो हात् देखि डालो लियेर तेरो ईश्वर्
५ यहुवेको बेदीको सांमु राखि देवस्। वहांदेखि तैंले उत्तर् दिइ आफ्नु
ईश्वर्को सांमु येसो भन्नु मेरो बाबु ता येउटा नष्ट हुंने अरामी थियो त त्येस्ले
मिस्रमां उत्रि थोरै मान्छे भइ वहां प्रवास् गर्‍यो अनि वहां त्यो येउटा
६ ठुलो र सामर्थी र धेरै मान्छेहरूको लोग् भइ गयो. तर मिस्रीहरूले
हांमिहरू सित बुरा बेहोरा गरि हांमिहरूलाइ कष्ट दियो अनि हांमिहरू
७ मांथि सारो सारो दास्ति गर्न लगायो. तर जब हांमिहरूले आफ्ना
पित्रहरूको ईश्वर् यहुवेको दोहाई दियूं तब यहुवेले हांमिहरूको शब्द सुन्यो
८ अनि हांमिहरूको कष्ट र दास्ति र मिचेइं मांथि दृष्टि गर्‍यो. अनि यहुवेले
हांमिहरूलाइ बलियो हात् र पसार्‍येको बांहां र औधि डरलाग्दो रीतले
९ चिंनु र आश्चर्ज्य कर्म्म गरि मिस्र देखि निकालि ल्यायो. अनि हांमिहरूलाइ
येस् ठांउमां ल्याइ पुर्‍यायेर येस् देस् अर्थात् दुद् र मह बहंने देस् दियो।
१० त अब हेर्नु हवस् जुन् भूमि हे यहुवे तपांइले मंलाइ दिंनु भयो त्येस्को
अगौटे उपर्जनि तपांइ थांइ ल्यायेको छु। अनि त्यो आफ्नु ईश्वर् यहुवेको
११ सांमु राखि आफ्नु ईश्वर् यहुवेको सांमु दण्डवत् गर्नु. त जति जाति जाति
थोक् तेरो ईश्वर् यहुवेले तंलाइ र तेरो घर्लाइ दियेको छ तिनको
निम्तिमां तैंले र लेवीले र तेरो बीच्को परदेसीले रमाहट् गर्नु॥

१२ जब तैंले तीस्रो बर्षमां अर्थात् दसौं अंश दिंने बर्षमां आफ्ना
सबै उपर्जनिको सबै दसौं अंशको भाग् गरि सक्लास् अनि त्यो लेवी र
परदेसी र टुहुरा र बिधुवालाइ दि सक्लास् तिनिहरूले तेरा ढोका भित्र
१३ अघाउंजि अघाउंजि खाउन् भन्ने खातिरले तब तैंले आफ्नु
ईश्वर् यहुवेको सांमु येसो भन्नु मैंले आफ्नु घर् देखि पवित्र थोक्हरू
निकाल्यें अनि तपांइले मंलाइ दिंनु भयेका सबै आज्ञा अनसार् ति थोक्
लेवी र परदेसी र टुहुरा र बिधुवालाइ दिहाल्यें मं तपांइका आज्ञाहरू
१४ देखि न तर्केको छु न ति बिर्सेको छु. मैंले त्येस्मांको आफ्नु शोक्को
बेलामां खायेको छुइंन अनि न मं अशुद्ध हुंदा तिनमांको केइ झिकें अनि
न मुर्दाहरूको लागि केइ दियें. तर मैंले आफ्नु ईश्वर् यहुवेको शब्द
१५ सुनिकन तपांइका सबै आज्ञा अनसार् गर्‍यें। आफ्नु पवित्र धाम् स्वर्ग
देखि दृष्टि गरि आफ्नु लोग् इस्राएल्लाइ आशीष् दिंनु हवस् अनि
तपांइले हांम्रा पित्रहरू सित किरिया खायेको अनसार् हांमिहरूलाइ
दियेको भूमि अं दुद् र मह बहंने देस् त्येस्लाइ पनि आशीष् दिंनु हवस्॥

आजुको दिन् तेरो ईश्वर् यहवेले तंलाइ यिनै विधि र नियावचनहरू १६
मान्नलाइ आज्ञा दिंद छ. त यि आफ्नु पूरो मन् र पूरो प्राणले गर्नलाइ
मान्। आजु तैंले यहवेनै मेरो ईश्वर् हो अनि मं उस्को बाटामां हिंड्छु १७
उस्का विधि र आज्ञा र नियावचन् मान्छु अनि उस्को शब्द सुन्छु भनि स्वीकार्
गरिस्. अनि यहवेले पनि तं मेरो बचन् अनुसार् मेरो निज् लोग् होस् १८
जस्ले मेरा सबै आज्ञा मान्नु पर्छ अनि मं तंलाइ ति मैंले बनायेका सबै १९
लोग्लाइ भन्दा स्तुतिगराई र नांउ र मान्को विषयमां ज्यास्ति बढाउंछु
अनि तं मैंले भन्येको झैं आफ्नु ईश्वर् यहवेको लागि पवित्र लोग् होइ
रहंछस् भनि आजु स्वीकार् गर्‍यो ॥

(कनान् देस्मां व्यवस्था प्रचार्नु)

फेरि मूसाले इस्राएल्का प्राचीनहरू सङ लोगलाइ यो आज्ञा २७ १
दियो जति आज्ञा मं आजु तिमिहरूलाइ दिंद छु ति सबै मान। अनि येसो २
हवस् जस् दिन् तिमिहरू तेरो ईश्वर् यहवेले तंलाइ दिंनु आंटेको देस्
यर्दन् पारिको देसमां जाऔला त्यस् दिन् ठुला ठुला ढुंगाहरू उभ्यायेर चुनले
लिप्. अनि जब तं पारि जालास् तब तिनमां येस् व्यवस्थाका सबै बचन् ३
लेख् र तं तेरो पित्रहरूको ईश्वर् यहवेको बचन् अनुसार् जुन् दुद् र मह
बहंने देस् तेरो ईश्वर् यहवेले तंलाइ दिंनु आंटेको छ त्यसमां पस्नु
पाउलास्। अनि येसो हवस् यर्दन् पारि तर्येर आजु मैंले तिमिहरूलाइ आज्ञा ४
गर्येका ति ढुंगा एबाल् डांड़ामां उभ्याव अनि ति चुनले लिप। वहांदेखि त्यहां ५
तैंले आफ्नु ईश्वर् यहवेको लागि येउटा वेदि अर्थात् ढुंगाको वेदि बना.
तिनमां फलम न उचाल्जा। आफ्नु ईश्वर् यहवेको वेदि न काटेका ढुंगाहरूको ६
बना. अनि आफ्नु ईश्वर् यहवेको लागि होमबलि चढा. अनि मिलापबलि ७
पनि चढायेर आफ्नु ईश्वर् यहवेको सांमु रमाहट् गर्दै उहीं खांनु। ति ८
ढुंगाहरूमां यि व्यवस्थाका सबै बचनहरू खूब् प्रगटोगरि लेख्नु ॥

तब मूसा र लेवी पूजाहारीहरूले सिंगै इस्राएल् सित येसो भनि बात् ९
गर्‍ये हे इस्राएल् चुप लाग्येर सुन् आजुको दिन् तं आफ्नु ईश्वर् यहवेको
लोग् भइ गइस्। येस्कारण आफ्नु ईश्वर् यहवेको शब्द मान् अनि उस्का १०
ज्ये ज्ये आज्ञा र विधि मं आजु तंलाइ आज्ञा गर्दै छु ति पूरा गर् ॥

फेरि त्येसै दिन् मूसाले लोगलाइ येसो भनिकन आज्ञा गर्‍यो ११
जब तिमिहरू यर्दन् पारि तरौला तब यि लोग् अर्थात् शिमोन् लेवी यहूदा १२
इस्साकार् यूसुफ् र बिन्यामीन् गिरिज्जीम् डांड़ामां लोगलाइ आशीर्वाद्
गर्नुलाइ उभीउन्. अनि यिनिहरू अर्थात् रूबेन् गाद् आशेर् जबूलून दान् १३
र नप्ताली एबाल् डांड़ामां लोगलाइ स्राप् गर्नुलाइ उभीउन्। वहांदेखि १४
लेवीहरूले उत्तर् दिइ इस्राएल्का सबै मान्छेहरूलाइ बड़ो शब्दले
येसो भनुन् ॥

१५ स्रापित् हवस् त्यो मान्छे जस्ले यहवेलाइ घिन् लाग्ने खोपीयेको कि ढालीयेको मूर्त्ति कारिगरका हातले कमायेको बनायेर गुप्तमा उभ्याउला । त सिंगै लोगले उत्तर् दिइ भनुन् आमेन् ॥

१६ स्रापित् हवस् त्यो जस्ले आफ्नु बाबु कि आफ्नी आमालाइ अमान् गर्ला । त सबै लोगलै भनुन् आमेन् ॥

१७ स्रापित् हवस् त्यो जस्ले आफ्नु छिमेकिको सांद् सार्ला । त सिंगै लोगले भनुन् आमेन् ॥

१८ स्रापित् हवस् त्यो जस्ले अंधालाइ बाटो देखि भर्माइ देला । त सिंगै लोगले भनुन् आमेन् ॥

१९ स्रापित् हवस् त्यो जस्ले परदेसी कि टुहुराटुहुरी कि बिधुवीको निया बिगार्ला । त सिंगै लोगले भनुन् आमेन् ॥

२० स्रापित् हवस् त्यो जो आफ्नु बाबुकी स्वास्नी सित सुत्‌ला किनभन्ये त्येस्ले आफ्नु बाबुको लुगा उचाल्यो । त सिंगै लोगले भनुन् आमेन् ॥

२१ स्रापित् हवस् त्यो जस्ले कोई प्रकारको पशु सित पशुगामी गर्ला । त सिंगै लोगले भनुन् आमेन् ॥

२२ स्रापित् हवस् त्यो जो आफ्नी बैंनी बाबुकी छोरी हवस् कि आमाकी छोरी हवस् त्यो सित सुत्‌ला । त सिंगै लोगले भनुन् आमेन् ॥

२३ स्रापित् हवस् त्यो जो आफ्नी सासु सित सुत्‌ला । त सिंगै लोगले भनुन् आमेन् ॥

२४ स्रापित् हवस् त्यो जस्ले आफ्नु छिमेकिलाइ लुकेर मार्ला । त सिंगै लोगले भनुन् आमेन् ॥

२५ स्रापित् हवस् त्यो जस्ले निर्दोषीलाइ मार्नको लागि घूस् लेला । त सिंगै लोगले भनुन् आमेन् ॥

२६ स्रापित् हवस् त्यो जस्ले यो व्यवस्थाका कुरा ति पूरा गर्नलाइ स्थिर् गरावैन । त सिंगै लोगले भनुन् आमेन् ॥

(आशीष् र स्राप्)

२८ १ अनि येसो होइ जांछ तंले आफ्नु ईश्वर् यहवेको शब्द आजु मैंले
तंलाइ आज्ञा गर्येका उस्का सबै आज्ञा गर्नु मान्नुलाइ ध्यान् सित सुनिस्
भन्ये देखि त तेरो ईश्वर् यहवेले तंलाइ पृथिवीका सबै लोगहरु भन्दा
२ बेसि अलग्याउंछ. अनि तंले आफ्नु ईश्वर् यहवेको शब्द सुनिस् भन्ये देखि त
३ यि सबै आशीर्बाद् तं मांथि आइ पर्छन् अनि तंलाइ पक्रंछन् । आशीर्बादी
४ हुंछस् तं सहर्मां अनि आशीर्बादी हुंछस् तं खेत्मां । आशीर्बादी हुंछन्
तेरो शरीरको फल् तेरो भूमिको फल् तेरो पशुको फल् तेरा गाईगोरुको
५ बढ्‌ति र तेरा भेड़ाबाखाका पाठाहरु । आशीर्बादी हुंछन् तेरो डालो र तेरो
६ पिठो मुछ्ने आर्छि । आशीर्बादी हुंछस् तं भित्र आउंदा अनि आशीर्बादी
७ हुंछस् तं बाहर जांदा । यहवेले तं मांथि उठ्ने तेरा सत्तुरलाइ तेरो सांमु

मारींने तुल्याउंछ. तिनिहरु एक्‌ बाटो बाड़ो तं मांथि आइ लाग्छन्‌ तर
सात्‌ बाटो बाड़ो तं देखि भागि जांछन्‌। यह्‌वेले तेरो ढुकुटिमां र तैंले ८
हात्‌ हाल्येका सबै काममां आशीषै दिंछ अनि जुन्‌ देस्‌ तेरो ईश्वर्‌ यह्‌वेले
तंलाइ दिंद छ त्येसमां उस्ले तंलाइ आशीष्‌ दिंछ। यह्‌वेले तैंले आफ्नु ९
ईश्वर्‌ यह्‌वेका आज्ञाहरु मानि उस्का बाटाहरुमां हिंड़िस्‌ भन्ये उस्ले तं सित
किरिया खायेको झैं तंलाइ आफ्नु लागि येउटा पवित्र लोग्‌ हुंनुलाइ
स्थिर्‌ गर्छ। त पृथिवीको सिंगै लोगले तं यह्‌वेको नांउले बोलाईयेको १०
देख्छन्‌ अनि तं देखि डराउंछन्‌। अनि यह्‌वेले उस्ले तंलाइ दिंछु ११
भनि तेरा पित्रहरु सित किरिया खायेको देसमां तेरो शरीरको फल्‌मां तेरो
पशुको फल्‌मां र तेरो भूमिको फल्‌मां तेरो भलाईको लागि तेरो अधिक
बढ़्ति गराउंछ। यह्‌वेले तेरो लागि आफ्नु जाति भण्डार्‌ अकाश्‌ उघार्छ १२
तेरो देसमां ऋतु ऋतुमां पानी बर्साउंनुलाइ अनि तेरा हातका सबै काममां
आशीष्‌ दिंनुलाइ. त तैंले धेरै लोगलाइ ऋण्‌ दिंछस्‌ तर ऋण्‌ लिंदैनस्‌।
अनि यह्‌वेले तंलाइ सिर्‌ तुल्याउंछ पुछर्‌ होइन अनि तं मांथिनै मात्रै हुंछस्‌ १३
तर मुनि हुंदैनस्‌ खालि येति मात्रै हवस्‌ तेरो ईश्वर्‌ यह्‌वेका जुन्‌ जुन्‌
आज्ञा मं तंलाइ आजु आज्ञा गर्छु ति गर्नु र मान्नुलाइ सुन्‌ अनि १४
जुन्‌ बचनको मं आजु तंलाइ आज्ञा गर्दछु तिनमांको कुनै देखि दाहीनो बांउ
फर्केर दराय्‌ देव्‌ताहरुको सेवा गर्नुलाइ तिनिहरुको पछि न लाग्‌॥

तर फेरि येसो होइ जांछ तैंले आफ्नु ईश्वर्‌ यह्‌वेको शब्द आजु १५
मैंले तंलाइ आज्ञा गर्येका उस्का सबै आज्ञा र विधिहरु गर्नु र मान्नुलाइ
सुनिनस्‌ भन्ये देखि त यि सबै स्राप्‌ तं मांथि आइ पर्छन्‌ अनि तंलाइ
पक्रंछन्‌। स्रापित्‌ हुंछस्‌ तं सहरमां अनि स्रापित्‌ हुंछस्‌ तं खेतमां। १६
स्रापित्‌ हुंछन्‌ तेरो डालो र तेरो पिठो मुछ्ने आंट्रि। स्रापित्‌ हुंछन्‌ तेरो १७ १८
शरीरको फल्‌ तेरो भूमिको फल्‌ तेरा गाईगोरुको बढ़्ति र तेरा भेंड़ाबाख्राका
पाठा। स्रापित्‌ हुंछस्‌ तं भित्र आउंदा अनि स्रापित्‌ हुंछस्‌ तं बाहिर १९
जांदा। यह्‌वेले तं सत्येनास्‌ न होउंज्याल्‌ सम्म अनि तं छिट्टै नष्ट न होउंज्याल्‌ २०
सम्म तैंले ति गर्नुलाइ हात्‌ हाल्येका सबै काममां तं मांथि स्राप्‌ र
धंस र हकाराई पठाउंछ तैंले मलाइ त्यागेर बुराईको काम्‌ गर्येको
कारणले। यह्‌वेले तं मांथि मरि टांसि दिंछ तं अधिकारी हुंनुलाइ पस्नु २१
आंटेरको देस्‌ देखि उस्ले तंलाइ न मेटुंज्याल्‌ सम्म। यह्‌वेले तंलाइ २२
क्षयीरोग्‌ र महाजरो र झुवाला र अग्घोरको डढ़ाई र खड़ेरि र
ओइल्याई र मक्काईले तंलाइ हिर्काउंछ यि सबैले तं नष्ट न होउंज्याल्‌
सम्म तंलाइ खेद्छन्‌। अनि तेरो सिर्‌ मांथि भयेको अकाश्‌ पीतल्‌ र तेरा २३
पाउ मुनि भयेको पृथिवी फलम्‌ होइ जांछन्‌। यह्‌वेले तेरो देसमां पर्ने पानी २४
बालुवा र धुलो तुल्याइ दिंछ. तं सत्येनास्‌ न होउंज्याल्‌ सम्म अकाश्‌ बाटो
तं मांथि पर्छ। यह्‌वेले तंलाइ तेरा सत्तुरहरुको सांमु मारींने तुल्याउंछ. २५
तं एक्‌ बाटो बाड़ो तिनिहरु मांथि जाइ लाग्छस्‌ तर सात्‌ बाटो बाड़ो

तिनिहरू देखि भागि जांछस्. अनि तं पृथिवीका सबै राज्‌को बीचमां
२६ जर्कने कारण् हुंछस्। अनि तेरो मुर्दा अकाशका सबै पंषीहरू र पृथिवीका
२७ पशुहरूको आहारा हुंछ अनि तिनलाइ धपाउंने कोई हुंदैन। यहवेले
तंलाइ मिस्रको पीलो र फोका र चाजा र लुतोले तं निको हुंनु न सकन्
२८ गरि हिर्काउंछ। यहवेले तंलाइ बौलेही र अन्धाहुवाई र मनको घबराहटले
२९ हिर्काउंछ. अनि कसै अन्धाले अंध्यारोमां छाम्येको झैं तैंले मद्धेनिदिनमां
छामि हिंड्छस् अनि तं आफ्नु गंवनमां सुफल् हुंदैनस्. अनि तं सधैं
मिचीदै र लूटीदै मात्रै रहंछस् अनि तंलाइ बचाउंने कोई पनि हुंदैन।
३० तैंले स्त्रीलाइ मंगनी ता गर्छस् तर अर्कोले त्यस्लाइ भ्रष्ट पार्छ. तैंले घर्
ता बनाउंछस् तर त्यस्मां बस्दैनस्. तैंले दाखको बारी ता लगाउंछस् तर
३१ त्यस्को फल् खांदैनस्। तेरो गोरु तेरा आंखाको सांमु मारींछ तर तैंले त्यस्को
मांसु खांदैनस्. तेरो गदाहा तेरो मुखको सांमु बल्लैले लुटींछ तर तंलाइ
फेरि फर्काइ दिंदैन. तेरा भेंड़ा तेरा सत्तुरहरूलाइ दिईंछन् अनि तंलाइ
३२ बचाउंने कोई पनि हुंदैन। तेरा छोराछोरी अरु लोगलाइ दिईंछन् अनि
दिनभरि तिनको बाटो हेर्दा हेर्दा तेरा आंखा नष्ट हुंछन्. अनि तेरो हातको
३३ कोइ हक् चल्दैन। तेरो भूमिको फल् र तेरो सबै कमाई कसै न चिन्येको
३४ लोगले खाइ हाल्छ अनि सधैं तं मिचीदै र चूर् पार्दै रहंछस्. येसोरि
३५ आफ्ना आंखाले हेरि रह्येको कारणले तं बौलाहा होइ जांछस्। यहवेले
तंलाइ घुंडामां र खुट्टामां अमाले फोकाहरूले पैतला देखि टुपि सम्म निको
३६ हुंनु न सकन् गरि हिर्काउंछ। यहवेले तंलाइ त्यस् तैंले आफु मांथि
बसाल्येको राजालाइ समेत् न तैंले न तेरा पित्रहरूले चिन्येको लोगको
बीचमां पुर्‍याउंछ अनि वहां तैंले काठ् र ढुंगाका पराय् देवताहरूको सेवा
३७ गर्छस्। अनि यहवेले तंलाइ तं पुर्‍याईंने सबै लोगको बीचमां मुक्का पर्नैन
३८ र कहंनी र ठट्टाको कारण् हुंछस्। तैंले खेतमां बिउ ता धेरै लैजांछस्
३९ तर थोरै मात्रै बटुल्छस् कसोगरिभन्ये सलहले त्यो खाइ हाल्छ। तैंले
दाखको बारी लगायेर तिनिहरूको गोड़गाड़ ता गर्छस् तर न तिनको
दाखरस् खांछस् न तिनको फल् बटुल्छस् कसोगरिभन्ये ति कीराले खाइ
४० हाल्छन्। तेरा सबै सिमाना भित्र भद्राक्षेका रुख् ता हुंछन् तर तैंले आफ्नु
४१ जीउमां तेल् लाउंदैनस् कसोगरिभन्ये तेरा भद्राक्ष झरि जांछन्। तैंले
छोराछोरी ता जन्माउंछस् तर ति तेरै रहंदैनन् कसोगरिभन्ये बन्धुवाईमां
४२ ४३ जांछन्। तेरा सबै रुख् र तेरो भूमिका फल् सलहले खाइ हाल्छन्। जो
परदेसी तेरो बीचमां हुंछ त्यो तं भन्दा मांथि मांथिने अलगीदै रहंछ तर तं
४४ चंई मुनि मुनिनै झर्दै जांछस्। त्यस्ले तंलाइ ऋण् दिंछ तर तैंले त्यस्लाइ ऋण्
४५ दिंदैनस्. त्यो चंई सिर् हुंछ अनि तं चंई पुछर् हुंछस्। त यि सबै स्राप्
तं सत्येनास् न होउंज्याल् सम्म तं मांथि आइ पर्छन् अनि तंलाइ खेद्छन्
अनि तंलाइ पक्रंछन् किनभन्ये जुन् आज्ञा र बिधि तेरो ईश्वर् यहवेले
४६ तंलाइ दियेको छ ति मान्‌लाइ तैंले उस्को शब्द सुनिनस्. अनि ति तं

मांथि र तेरा वंश मांथि सदा सम्म चिनु र आश्चर्य भइ रहंछन् . किनभन्ये ४७
तैंले सब थोकको परसस्तको कारणले रमाहट् र मनको खुशि सङ्ग आफ्नु
ईश्वर् यहवेको सेवा गरिनस् . येस्कारण तंलाइ भोक् तिर्खा र नांगोमां र ४८
सबै थोकको घटिमां यहवेले तेरो बिरुद्धमां पठायेका तेरा सत्तुरहरुको
सेवा गर्छस् . अनि त्येस्ले तंलाइ सत्येनास् न पारुंज्याल् सम्म तेरो गर्धनमां
फलामको जूवा हालि राख्छ । यहवेले तेरो बिरुद्धमां टाढो देखि अं ४९
पृथिवीको अन्त देखि गिद्ध झैं हान्येर उड़ेरको जस्तो येउटा लोग्लाइ
ल्याउंछ येउटा लोग्लाइ जस्को बोली तैंले बूझ्नु सक्दैनस् निठुर् चेहेड़ा ५०
भयेको लोग् जस्ले न बूढोको पन्पसाई गर्छ न बालखहरु मांथि दया गर्छ .
अनि तं सत्येनास् न होउंज्याल् सम्म त्येस्ले तेरा पशुको फल् र तेरो भूमिको ५१
फल् खाइ हाल्छ . त्येस्ले तेरो लागि न अन्न न दाखरस् न तेल् न तेरा
गाईगोरुका बढ़्ति न तेरा भेंड़ाबाख्राका पाठा तंलाइ सत्येनास् न पारुंज्याल्
सम्म छाड्छ । अनि त्येस्ले तैंले भरोसा गर्येका तेरा अग्ला अग्ला र ५२
घेरे भित्ता सिंगै देसमां भत्काइ न दिउंज्याल् सम्म तेरा सबै ढोकामां तंलाइ
घेरि राख्छ . अनि तेरो ईश्वर् यहवेले तंलाइ दियेको तेरो सिंगै देसमां
तेरा सबै ढोकामां त्येस्ले तंलाइ घेरि राख्छ । तब त्येस् घेराईमां र जुन् ५३
सकसमां तेरा सत्तुरहरुले तंलाइ हाल्छन् त्येसमां तैंले आफ्नु शरीरको
फल् अं आफ्नु ईश्वर् यहवेले तंलाइ दियेका छोराछोरीको मांसु पनि खांछस् ।
तिमिहरुमांको जो पुरुष् कमलो र अरघोरको शोखी छ त्येस्का आंखा ५४
आफ्नु साक्खै भाई र आफ्नु काखकी सुखेनी र आफ्नु लागि उब्रयेका
आफ्ना बालखहरु तिर बुरा हुंछन् . यहां सम्म हुंछन् त्येस्ले तिनिहरुमांको ५५
कसैलाइ पनि त्येस्ले खांदै गर्येको आफ्नु बालखको मांसुमांको केइ
दिंदैन किनभन्ये त्येस् घेराईमां र जुन् जुन् सकसमां तेरो सत्तुरले तंलाइ
तेरा सब ढोकाहरुमां हाल्छ त्येसमां त्येस्कां अरु केइ पनि रहंदैन ।
तिमिहरुमां जो स्त्री कमलो र शोखीनी छ जस्ले शोखीनी र कमलेईको ५६
कारणले भूइंमां आफ्ना पैतलाले टेक्नु पनि खोज्दैन थिई त्येस्का आंखा
आफ्नु काखका खसम् र आफ्नु छोरा र आफ्नी छोरी तिर बुरा हुंछन्
अनि बालख जन्म्ये पछि आफ्ना टांग् सुनि देखि झार्येको कांडो तिर र ५७
त्येस्को आफ्नु जन्मायेको बालख तिर पनि त्येस्का आंखा बुरा हुंछन् . किनभन्ये
त्येस्ले त्येस् घेराईमां र जुन् सकसमां तेरो सत्तुरले तंलाइ तेरा ढोकाहरुमां
हाल्छ त्येस्ले सबै थोकको घटिको कारणले ति लुकि लुकि खांछ । तैंले ५८
त्येस् प्रतापी र डरलाग्दो नांउको तेरो ईश्वर् यहवे त्येइ नांउको
भय मान्नुलाइ यो व्यवस्थाको पोस्तकमां लेख्येका सबै बचन् गर्नुलाइ
मानीनस् भन्ये देखि त यहवेले तं मांथि आइ लाग्ने रुढ़ि र तेरा ५९
वंश मांथि आइ लाग्ने रुढ़ि अं महा महा रुढ़ि धेरै दिन् सम्म रहने र
महा महा बेथा धेरै दिन् सम्म रहने उदेकको गराउंछ । अनि उस्ले मिस्रका ६०
ति तं डरायेका सबै बेथाहरु फर्कायेर तें मांथि हालि दिंछ अनि ति तंमां

६१ टांसीइ रहंछन् । अं जति अरु बेथा र अरु रुढि येरु व्यवस्थाको पोस्तप्‌मां
लेखीयेका छैनन् ति सबै पनि तं सत्येनास् न होउंज्याल सम्म यहवेले त
६२ मांथि हाल्छ । त तिमिहरु अघि गन्तिमां अकाशका तारा सरि भयेका
थियौ त्यस्को साटोमां तिमिहरु थोरै मांत्रै रहंछौ किनभन्ये तैंले आफ्नु
६३ ईश्वर् यहवेको शब्द मानीनस् । अनि येसो होइ जांछ जसोरि यहवे
तिमिहरुको भलाई गर्नु र बढाउंनुलाइ तिमिहरु मांथि रमाउंद थियो
त्येसोरि यहवे तिमिहरुलाइ नास् पार्नु र तिमिहरुलाइ सत्येनास् गर्नुलाइ
रमाउंछ अनि तिमिहरु अधिकारी हुंनुलाइ पस्नु आंटेरको देस् देखि
६४ तिमिहरु मेटाईंछौ । अनि यहवेले तंलाइ सबै लोगको बीच्‌मां पृथिवीको
एक् छेउ देखि अर्को छेउ सम्म छरपुट्ट पार्छ अनि वहां तैंले न तैंले न तेरा
पित्रहरुले जान्येको पराय देउताहरुको अर्थात् काठ् ढुंगाको सेवा
६५ गर्छस् । अनि ति लोगमां तैंले कैले पनि चैन् पाउंदैनस् न तेरा पाउका
पैतलाले टेक्ने ठांउ पाउंछ. तर वहां यहवेले तंलाइ कांम्ने हिर्दय् र
६६ नष्ट हुंने आंखा र ओइल्हीने प्राण् दिंछ. अनि तेरो जीवन् तेरो सांमु
धुक्धुकमां झुंडीइ रहंछ अनि तं दिन् रात् डराउंदै रहंछस् अनि तेरो
६७ जीवनको कोइ भरोसा रहंदैन. तेरो मन्‌मां लाग्येको त्रस् डरको कारणले
र तेरा आंखाले देख्येको त्यस् गत्‌को कारणले बिहान भन्छस् जाति हुंथ्यो
बेलुका भये ता भनि अनि बेलुका भन्छस् जाति हुंथ्यो बिहान् भये ता भनि ।
६८ अनि यहवेले तंलाइ मिस्रमां त्येस् बाटो डाङ्गो नाउहरुमां फर्काउंछ जस्
बाटोको बिषयमां मैले तंलाइ तो तैंले फेरि देख्दैनस् भन्येको थियें.
अनि वहां तिमिहरु आफ्ना सत्तुरहरुका हातमां आफुलाइ आफैले दास्
दासी हुंनको लागि बेच्छौ तर तिमिहरुलाइ किन्ने कोई पनि हुंदैन ॥

(ईश्वर्‌को व्यवस्थाबखान्)

२९ १ होरेब्‌मां तिनिहरु सित बांध्येको नियम् बाहिक् जुन् नियम्
यहवेले मूसालाइ मोआब्‌को देस्‌मां इस्राएलबंशीहरु सित बांध्ने आज्ञा
दियो त्येस्का बचन् यिनै हुन् ॥

२ अनि मूसाले सिंगै इस्राएल्‌लाइ बोलाएर तिनिहरुलाइ येसो भन्यो
यहवेले मिस्र देस्‌मां तिमिहरुका आंखाको सोझो ज्ये ज्ये फिरऊन् र
त्येस्का सबै चाकरहरु अं त्यस्को सिंगै देस् सित गर्यो ति तिमिहरुले
३ देख्यौ अर्थात् तिमिहरुका आंखाले देख्येका ठुला ठुला परीक्षा र
४ चिंनु र ति ठुला ठुला आश्चर्यकर्म. तर यहवेले आजु सम्म पनि
५ तिमिहरुलाइ बुझ्ने मन् र देख्ने आंखा र सुन्ने कान् दियेको छैन । अनि
मैले तिमिहरुलाइ चालीस् बर्ष सम्म बन्‌मां लिहिंडें. तिमिहरुका
लुगा तिमिहरुको जीउमां पुरांना भइ गयेनन् न तिमिहरुका जुत्ता
६ तिमिहरुका गोड़ामां पुरांना भये । रोटी चहिं तिमिहरुले खांनु पायेन
अनि नदाखरस् कि मद्य खांनु पायौ. उह यहवे तिमिहरुको ईश्वर् हो

रहुं भनि याहा पात्र भन्ये खातिर्ले । अनि तिमिहरू येस् ठांउमां आइ ७
पुग्दा हेस्बोन्को राजा सीहोन् र बाशान्को राजा ओग् लडाइं गर्नुलाइ
हांमिहरू मांथि निस्कि आये अनि तिनलाइ मांर्यूं. अनि तिनको देस् ८
लियेर रूबेनीहरू गादीहरू र मनश्शेको आधा कुल्लाइ अधिकार्को लागि
दियाल्यूं। येस्कारण येस् नियम्का बचन्हरू गर्नुलाइ मान् र जे जे ९
गरौला तिनमां तिमिहरू सुफले हव ॥

तिमिहरू अं तिमिहरू सबै आजु आफ्नु ईश्वर् यहवेको सांमु १०
उभीयेका छौ अर्थात् तिमिहरूका मूल्हरू तिमिहरूका कुलहरू तिमिहरूका
प्राचीनहरू र तिमिहरूका मालिक्हरू अं इस्रायल्का सिंगै पुरुषहरू
तिमिहरूका बालबच्चाहरू तिमिहरूका स्त्रीहरू र दाउरे देखि पन्हेरे सम्म ११
तेरो छाउंनीको बीचमां भयेको तेरो परदेसीहरू. र आफ्नु ईश्वर् यहवेको १२
नियम्मां र आजु आफ्नु ईश्वर् यहवेले तं सित बांध्येको किरियामां पसि
जावस्. र त्यस् उस्ले तंलाइ भन्येको अनुसार् र उस्ले तेरा पित्रहरू अब्राहाम् १३
इस्हाक् र याकूब् सित खायेको किरिया अनुसार् उस्ले आजु तंलाइ
आफ्नु लागि निज् लोग् गरि स्थिर् गरोस् अनि उ आफु चइं तेरो
ईश्वर् हवस्। मं यो नियम् र यो किरिया खालि तिमिहरू सित मांत्रै गर्द १४
छुइंन तर आजु हांमिहरू सङ यहां हांमिहरूको ईश्वर् यहवेको १५
सांमु उभीनेहरू सङ र आजु यहां न हुनेहरू सङ पनि. (किनभन्ये १६
हांमिहरू मिस्र देसमां कसोगरि रह्योजा थियूं अनि हांमिहरू कसोगरि
ति लोगको बीच् बाटो छिरि आयेका थियूं ति सब् तिमिहरूले जान्दछौ
अनि तिनका घिनलाग्दा थोक्हरू र तिनका तिमिहरूको बीचमां भयेका १७
काठ् ढुंगा चांदी सुनका पुतलाहरू देख्यौ.) होइन भन्ये ता तिमिहरूमां १८
कोइ पुरुष् कि स्त्री कि जहान् कि कुल् होला जस्को मन् आजु हांमिहरूको
ईश्वर् यहवे देखि तर्केर ति लोगका देवताहरूको सेवा गर्नुलाइ जाला
अनि तिमिहरूमां बिष् र एरेलु फलाउंने जरा होला अनि येसो होइ १९
जाना जब त्यस्ले येस् किरियाको बचन् सुन्ला तब आफ्नु मनमां आफुलाइ
आशीष् दियेर भन्ला मं आफ्नु मन्को अट्टेरेमां हिंडि भिज्येको[१] र सुक्केको
दुवै मेट्नुलाइ त पनि मेरो कुशल हुंछ भनि. तर यहवेले येस्तो मान्छेको पाप् २०
क्षमा गर्न इच्छे गर्दैन तर त्येत्तिनैखेर यहवेको रिस् र राप्को धुवां
तिन् मान्छे मांथि उठ्छ अनि जत्ति स्राप् येस् पोस्तकमां लेख्येका छन् त्येस्
मांथि सबै आइ लाग्छन् अनि यहवेले त्यस्को नांउ अकाश् मुनि देखि
मेटि दिंछ। अनि जुन् नियम् ब्यवस्थाको त्यस् पोस्तकमां लेख्येको छ २१
त्येका सारा अनुसार् यहवेले त्येस् मान्छेलाइ इस्रायल्का सबै कुल्हरू
देखि येस्को बुराईको लागि छुट्याइ राख्छ। त आउंने पुस्ताले अर्थात् २२
तिमिहरू पछि उठ्न तिमिहरूका सन्तानले र टाढो देस् बाटो

१ कि तिर्खामां मद्यखुवाई बढाउंनुलाइ ।

आउंने अन्यदेसीले येस् देसका रुदि र यहवेले त्येस् मांथि हालने
२३ बेथाहरु देख्येर अर्थात् त्येस्को सबै भूमि गन्धक् र नुन् र डड़ाई
रह्छ अं न रोपीयेको न उपज्येको न त्येस्मां घांस् उमर्‍येको रह्छ तर
सदोम् र अमोरा अद्मा र सबोयीम्को उल्टाई जस्तो जुनहरुलाइ यहवेले
२४ रिस् र कोप्येले उल्टाइ दियो भनि देख्येर भन्छन्. अं सबै लोगले भन्छन्
यहवेले किन येस् देस्लाइ येसो गर्‍यो येस् ठुलो रिस्ले बल्ने कारण् क्या
२५ हो भनि। तब मान्छेहरुले भन्छन् किनभन्ये तिनिहरुले आफ्ना पित्रहरुको
ईश्वर् यहवेले तिनिहरु सङ तिनिहरुलाइ मिस्र देस् बाटो निकालि
२६ ल्याउंदा बांध्येको नियम् बिर्सि पराय् देवताहरुको सेवा गर्नुलाइ गये
अनि तिनिहरुलाइ दण्डवत् गर्‍ये अं तिनिहरुले न जान्येका अनि उस्ले
२७ तिनिहरुलाइ न खटायेका देवताहरुलाइ. येस्कारणले यहवेको रिस् येस्
देस् मांथि उठ्यो उस्ले येस् पोस्तक्मां लेख्येका सबै स्राप् त्येस् मांथि
२८ हालि दियो. अनि यहवेले रिस् र कोप्य र औधिको क्रोध् गरि तिनलाइ
तिनको देस् देखि उखेल्येर पराय्देस्मां आफालि दियो जस्तो आजु छ भनि।
२९ गुप्त बहुं कुरा हामिहरुको ईश्वर् यहवेका हुंद छन्. तर प्रगट् गरीयेका बहुं
कुरा सदा भर् हामिहरुको र हाम्रा सन्तानका हुंद छन् हामिहरुले येस
व्यवस्थाका सबै बचन् मान्नुको लागि॥
३० १ अनि येसो होइ जांछ जब यि सबै कुरा अर्थात् मैले तेरो सांमु
राख्येको आशीष् र स्राप् तं मांथि आइ लाग्छन् अनि तैंले तेरो ईश्वर् यहवेले
२ तंलाइ धपायेका सबै लोग्हरुको बीच्मां यि कुरा सम्झेर आफ्ना
सन्तान समेत्ले यो आजु मैले तंलाइ आज्ञा गर्‍येको उस्को शब्द सबै आफ्नु
पूरो मन्ले र आफ्नु पूरो प्राणले आफ्नु ईश्वर् यहवे पांइ फर्केर
३ मान्छस् तब तेरो ईश्वर् यहवेले तेरो बंधुवाई फर्काइ दिंछ अनि तं
मांथि दया गरि ति उस्ले तंलाइ छरपुट्ट पार्‍येका सबै लोगको बीच् देखि फर्काइ
४ भेला गराउंछ। तंमांको कोई आकाश्को छेउ सम्म आफालीयेको छ भन्ये
पनि तेरो ईश्वर् यहवेले तंलाइ त्यहां बाटो पनि भेला गराउंछ अनि त्यहां
५ बाटो पनि तंलाइ ल्याउंछ. अनि तेरो ईश्वर् यहवेले तंलाइ तेरा पित्रहरु
अधिकारी भयेको देस्मां पुर्‍याउंछ अनि तं फेरि त्येस्को अधिकारी हुंछस्
अनि उस्ले तेरो भलाई गर्छ अनि तंलाइ तेरा पित्रहरुलाइ भन्दा बेसि
६ बढाउंछ। अनि तैंले आफ्नु ईश्वर् यहवे सित आफ्नु पूरो मन् र आफ्नु
पूरो प्राणले प्रेम् राख्नुलाइ तेरो ईश्वर् यहवेले तेरा र तेरा बंशको मन्को
७ खतना गर्छ तं जीइ रहंनुको लागि। अनि तेरो ईश्वर् यहवेले यि सबै
८ स्राप् तेरा सत्तुरहरु मांथि र तंलाइ सताउंने बैरिहरु मांथि हालि दिंछ। त
तैंले फर्केर यहवेको शब्द मान्छस् अनि आजु मैले तंलाइ दियेका सबै
९ आज्ञाहरु पूरो गर्छस्। अनि तेरो ईश्वर् यहवेले तंलाइ तेरा हातका सबै
काममां तेरो शरीरको फलमां र तेरा पशुहरुको फलमां र तेरो भूमिको
फलमां तेरो भलाईको लागि तेरो औधि बढ्ति गराउंछ. किनभन्ये जसोरि

तिमिहरुका पित्रहरु मांथि उ रमायो त्येसोरि यहवे फेरि तं मांथि तेरो
भलाईको लागि रमाउंछ. खालि येति हवस् तिमिहरुले आफ्नु ईश्वर् १०
यहवेको शब्द सुन्येर उस्का आज्ञाहरु र बिधिहरु जो व्यवस्थाको येस्
पोस्तक्मां लेखीयेका छन् मान् अनि आफ्नु ईश्वर् यहवे तिर आफ्नु पूरो
मन् र आफ्नु पूरो प्राणले फिर् ॥

किनभन्ये आजु मैंले तंलाइ आज्ञा गर्येको यो आज्ञा ता तेरो लागि ११
न कठिन् छ न टाड़ो। त्यो ता स्वर्गमां छैन होइन भन्ये ता तंले हाम्रो १२
लागि स्वर्गमां को चढ़्छ अनि त्यो हाम्रो लागि ल्याउंछ अनि हामिहरुले
त्यो मान्नुलाइ हामिहरुलाइ सुनाउंछ भन्येर भन्नु पर्इस्। अनि न ता त्यो १३
समुन्द्र पारि छ होइन भन्ये ता तंले हाम्रो लागि समुन्द्र पारि को जांछ
अनि त्यो हाम्रो लागि ल्याउंछ अनि हामिहरुले त्यो मान्नुलाइ हामिहरुलाइ
सुनाउंछ भन्येर भन्नु पर्इस्। तर यो बचन् तेरो अगघार् नजिक् छ अं तेरो १४
मुख् र मनैमां छ ति तंले मान्नुको लागि ॥

हेर् आजुको दिन् मैंले तेरो सांमु जीवन् र भलाई मृत्यु र बुराई १५
राख्येको छु किभन्ये आजु मं तंलाइ आज्ञा दिंद छु आफ्नु ईश्वर् १६
यहवे सित प्रेम् राख् अनि उस्का बाटामां हिंड् अनि उस्का आज्ञा र
बिधि र नियाबचन्हरु मान् र तं जीइ रह् अनि बढ़्दै जा अनि तेरो ईश्वर्
यहवेले तं अधिकारी हुंनुलाइ जांनु आंटेको देस्मां तंलाइ आशीष् देवस्।
तर तेरो मन् फर्क्यो तंले सुनिनस् तर तानीयेर पराय् देव्ताहरुलाइ दण्डवत् १७
गरिस् तिनको सेवा गरिस् भन्ये देखि त मं तिमिहरुलाइ आजुको १८
दिन् यो स्वीकार् गर्द छु तिमिहरु निस्से नष्ट हुंछौ. जुन् देस्को अधिकारी
हुंनुलाइ तं यर्दन् पारि जांनु आंटेको छस् त्येस् देस्मां तिमिहरुको दिन्
बढ़्दैन। मं आजुको दिन् स्वर्ग र पृथिवीलाइ तिमिहरुको बिरुद्धमां साक्षी १९
राख्द छु मैंले तेरो सांमु जीवन् र मृत्यु आशीष् र स्राप् राख्येको छु.
येस्कारण जीवननै छान् र तं तेरा बंश समेत् जीइ रह्. त आफ्नु ईश्वर् २०
यहवे सित प्रेम् राख् अनि उस्को शब्द मान् अनि उ सित टांसीइ रह्.
किनभन्ये तेरो जीवन् र दिनको बढ़्ति त्येइ हो. यहवेले तेरा पित्रहरु अं
अब्राहाम् इस्हाक् र याकूब् सित तिनलाइ दिंने किरिया खायेको
देस्मां तं बस्नुलाइ ॥

(यहोशूअको बिषय्)

त मूसाले गइ यि कुरा सिंगै इस्राएल्लाइ कहि सुनायो। ३१ १
फेरि त्येस्ले तिनिहरुलाइ भन्यो आजु मं एक् सै र बीस् बर्षको भयें अब २
मंलाइ बाहिर भित्र आइ जाइ गर्ने शक्ति छैन. अनि यहवेले मंलाइ
भन्येको छ तं येस् यर्दन् पारि जांदैनस्। तेरो ईश्वर् यहवे उइ चइं तेरो ३
अघि अघि पारि जांछ उसैले ति लोगलाइ तेरो सांमु देखि भस्म पार्छ त

तं तिनिहरूको अधिकारी हुंछस्. अनि यहोशूअ चइं यह्वेले भन्येको
४ अनुसार् तेरो अघि अघि पारि जांछ। अनि यह्वेले एमोरीहरूका राजाहरू
सीहोन् र ओगलाइ र तिनको देस्लाइ जसो गर्‍यो त्यसै तिनिहरूलाइ पनि
५ गर्छ अर्थात् उस्ले तिनिहरूलाइ नास् गर्‍यो। अनि यह्वेले तिनिहरूलाइ
तिम्हिहरूको सांमु तिम्हिहरूको ताबिमां पारि दिंछ अनि तिम्हिहरूले मैले
६ तिम्हिहरूलाइ आज्ञा गर्‍येका सबै आज्ञा अनुसार् तिनलाइ गर्नु। बल्लियो
हो अनि छूप् बांध् भयमान् न हो तिनिहरू देखि न डरा. किनभन्ये तेरो
ईस्वर् यह्वे उइ हो जो तं सङ जांद छ उस्ले न तंलाइ धोखा दिंछ न
७ तंलाइ छोड़ि दिंछ। वहांदेखि मूसाले यहोशूअलाइ बोलायेर सिंगै
इस्राएल्को सांमु त्येस्लाइ भन्यो बल्लियो हो अनि छूप् बांध्. किनभन्ये यि
लोगको माथमां यह्वेले तिनका पित्रहरू सित तिनलाइ दिने किरिया
खायेको देसमां तं नै जांछस् अनि तंलेनै तिनिहरूलाइ अधिकारी गराउंछस्।
८ अनि यह्वे चइं उइ हो जो तेरो अघि अघि जांद छ उइ तं सङ रहंछ उस्ले
तंलाइ न धोखा दिंछ न तंलाइ छोड़ि दिंछ. न डरा थरहरि न हो॥

९ अनि मूसाले यो व्यवस्था लेख्येर यह्वेको नियमको सम्पट् बोकने
१० लेवीबंसी पूजाहारीहरू र इस्राएल्का सबै प्राचीनहरूलाइ सुम्पि दियो। तब
मूसाले तिनिहरूलाइ येसो भन्येर आज्ञा दियो सात् सात् वर्ष बितदा
११ छुटकाराको वर्षको ठहरायेको बेलामां अर्थात् डेराबासे चाड्मां जब
सिंगै इस्राएल् तेरो ईस्वर यह्वेको सांमु जुन् ठांउ उस्ले छान्छ त्येसमां
देखाहा पर्नन् तब यो व्यवस्था सिंगै इस्राएल्को सांमु तिनिहरूले सुनि गरि
१२ पर। क्या पुरुष् क्या स्त्री क्या बाल्बच्चा क्या तेरा ढोका भित्र भयेको परदेसी
सबै लोगलाइ भेला गर् र तिनिहरूले सुनिकन सिकुन् अनि तिम्हिहरूको
ईस्वर् यह्वेको भय् मानि येस् व्यवस्थाका सबै बचन् गर्नुलाइ मानुन्
१३ अनि तिनिहरूका यो थाहा न पाउने बालखहरूले पनि सुन्येर तिम्हिहरू
अधिकारी हुनलाइ यर्दन् पारि जान् आंटेरको देसमां जति दिन सम्म जीइ
रहौला त्यति दिन् सम्म तिम्हिहरूको ईस्वर् यह्वेको भय् मान्न सिकुन्॥

१४ अनि यह्वेले मूसालाइ भन्यो हेर् तेरो मर्नु पर्ने दिन् आइ पुगि
हाल्यो. तं यहोशूअलाइ बोलायेर भेट् हुने डेरामां तिम्हि दुवै आयेर
उभीयौ र मं त्येस्लाइ आज्ञा दिउं। त मूसा र यहोशूअ गयेर भेट् हुने
१५ डेरामां उभीये। तब डेरामां बादल्को मुढ्कामां यह्वेले दर्शन् दियो. अनि
१६ येस् बादल्को मुढ्का डेराको ढोकामां अडीइ रह्यो। तब यह्वेले मूसालाइ
भन्यो हेर् तं आफना पित्रहरू सङ सुतन आंटेरको छस् त येस् लोगले
उठेर जुन् देसको बीचमां जानु आंटेरका छन् त्यसका पराय् देवताहरू पछि
लागि व्यभिचार् जस्तो गर्नन् अनि मंलाइ छोड़ेर मैले तिनिहरू सित
१७ गर्‍येको नियम् भङ्ग गर्नन्। तब मेरो रिस् त्येस् दिन् तिनिहरू माथि उठला
अनि मं तिनिहरूलाइ छोड़ि तिनिहरू देखि आफ्नु मुख् लुकाउंला त
तिनिहरू खाइ हालीनन् अनि धेरै बुराई र कष्टहरू तिनिहरू माथि आइ

लागनन्. त्येस् दिन् तिनिहरूले भन्नन् हांमिहरू मांथि यि बुराईहरू
आयेको कारण् के हांमिहरूको बीचमा हांमिहरूको ईश्वर् न भयेकोले
होइन । तर तिनिहरूले पराय् देवताहरू तिर फर्केर गर्येको सबै बुराईको १८
कारणले मं निस्से त्येस् दिन् आफ्नु मुख् लुकाउंछु । त अब यो गान् आफ्नु १९
लागि लेख् अनि त्यो इस्राएलवंशीहरूलाइ सिका . तिनको मुखमां हालि
दे र यो गान् इस्राएलवंशीहरूको बिरुद्धमां मेरो साक्षी ठहरोस् । किनभन्ये २०
जब मं तिनिहरूलाइ येस् मैंले तिनिहरूका पित्रहरूलाइ दिनुलाइ किरिया
खायेको देसमां दुद् र मह बहंने देसमां पुर्याउंला अनि जब तिनिहरू खायेर
अघाउंनन् अनि तिनिहरू मोटाउंनन् तब तिनिहरूले पराय् देवताहरू तिर
फर्केर तिनको सेवा गर्नन् अनि मेरो निन्दा गरि मेरो नियम् भङ्ग गर्नन् ।
तब येसो होइ जांछ जब धेरै बुराईहरू र कष्टहरू तिनिहरू मांथि आइ २१
लागनन् तब यो गान् तिनिहरूको सांमु तिनिहरू मांथि साक्षी हुंछ
कसोगरिभन्ये त्यो तिनिहरूका वंशका मुख् देखि बिर्सिंदैन . कसोगरिभन्ये
तिनिहरूले एले अर्थात् मैंले दिने किरिया खायेको देसमां तिनलाइ ल्याउंनु
भन्दा पहिले तिनले गर्ने सोच् मं जान्दछु । त मूसाले त्येस दिन् यो गान् २२
लेख्यो अनि इस्राएलवंशीहरूलाइ सिकायो । अनि उस्ले नूनको छोरो २३
यहोशूअलाइ आज्ञा दिइ भन्यो बलियो हो अनि हुष् बांध् . किनभन्ये मैंले
तिनिहरूलाइ दिने किरिया खायेको देसमां इस्राएलवंशीहरूलाइ तंलेने
पुर्याउंछस् . अनि मं चइं तं सङ रहंछु ॥
अनि येसो भयो जब मूसाले येस् व्यवस्थाका बचन् पोस्तकमां २४
तुरोउंज्याल् सम्म लेखि सक्यो तब मूसाले यहवेको नियमको सम्पट् २५
बोक्ने लेवीहरूलाइ यो आज्ञा दियो व्यवस्थाको येस् पोस्तक् लियेर २६
आफ्नु ईश्वर् यहवेको नियमको सम्पटको छेउमां राखि देव र येसोरि त्यो
त्यहां तेरो बिरुद्धमां साक्षी भइ रहोस् । किनभन्ये मं तेरो झगरागराई र २७
कठोर् गर्धन् जान्दछु . हेर मं आजु जीउंदै र तिमिहरू सङ रहंदै पनि
तिमिहरूले यहवे सित झगरागराई गर्यौ त मं मरे पछि झन् सारो कति
ज्यास्ति झगरा गरौला । त आफ्ना आफ्ना कुलका सबै प्राचीनहरूलाइ र २८
आफ्ना मालिकहरूलाइ मं थांइ भेला गर र मं तिनका कानमां यि बचन्
सुनाउं अनि तिनको बिरुद्धमां स्वर्ग र पृथिवीलाइ साक्षी तुल्याउं ।
किनभन्ये मं जान्दछु मं मरे पछि तिमिहरूले आफुलाइ स्यांट्टै बिगार्छौ २९
अनि जुन् बाटोमां हिंड्ने आज्ञा मैंले तिमिहरूलाइ सुनायें त्यो देखि
तिमिहरू फर्कि नर्कि जांछौ अनि अन्तका दिनमां तिमिहरू मांथि बुराई
आइ लागछ येस्कारण् येसो हुंछ जुन् काम् यहवेको सांमु बुरा छन् तिनै
तिमिहरूले आफ्ना हातले गरि गरिकन उस्लाइ रिस् उठाउंछौ ॥
तब मूसाले इस्राएलका सिंगै सभाका कानमां येस् गानका बचनहरू न ३०
सकुंज्याल् सम्म भन्दै रह्यो ॥

(मूसाको गान्)

३२ १ कान् लगा हे स्वर्ग र मं बोल्छु
अनि पृथिवीले मेरो मुखका कुरा सुनोस् .
२ मेरो बिद्या झरि झैं चुहुंछ
मेरो वाक्य शीत् झैं पर्छ
हरीयो घांसमां फुसफुसे पानी झैं
अनि साकमां दर्कने पानी झैं .
३ किनभन्ये मं यहवेको नांउ प्रचार् गर्छु .
हांमिहरूको ईश्वर्लाइ बड़ाहुवाई हवस् भन्न गर :
४ पहरा हो उस्को कार्ज दोष् बिनाको छ
कसोगरिभन्ये उस्का सबै चाल् नियाका छन् .
सच्चेईंको ईश्वर् र टेढ़ै बिनाको
उ धर्म्मी र सोजो छ ।
५ यिनिहरूले आफुलाइ बिगार्थे तिनिहरू उस्का सन्तान् होइनन् येह
तिनको दोष् हो
निमोठीयेका र बाङ्गाटेढ़ा पुस्ता ।
६ के तिमिहरूले यहवेलाइ साटोमां यो दिंद छौ
हे मूर्ख र निर्बुद्धि लोगहरू हो ।
के उइ प्राप्त गर्ने तेरो पिता होइन
उसैले तंलाइ बनायो अनि तंलाइ स्थिर् गर्यो ।
७ उइलेको दिन् सम्झि
धेरै पुस्ताका बर्षहरू बिचार् .
आफ्नु बाबु सित सोध् त उस्ले तंलाइ कहि दिंछ
आफ्ना प्राचीनहरू सित त तिनिहरूले तंलाइ कहि दिंछन् ।
८ जब परम् ईश्वरले लोग् लोगलाइ तिनको अधिकार् बांड़ि दियो
अनि आदमबंशीहरूलाइ अलग् अलग् पार्यो
तब उस्ले लोग् लोगका सिमाना
इस्राएलबंशीहरूको गन्ति अनुसार् राख्यो ।
९ कसोगरिभन्ये यहवेको भाग् उस्को लोग् हो
याकूब् उस्को नाप्येको अधिकार् हो ।
१० उस्ले त्यस्लाइ बनको देसमां पायो
अं उजाड़् र डुग्रने बनपशुहरूको देसमां
उस्ले त्यस्लाइ घेरि जगेरा गर्यो
अनि आफ्ना आंखाको नानी झैं त्यस्को रक्षा गर्यो
११ जसोरि गिद्धले आफ्नु गुंड् चलबल्याउंद छ
आफ्ना बचराहरू मांथि घुम्दि उड्द छ

त्यसै गरि यहवेले आफ्ना पखेटा फिंजायेर तिनलाइ लियो
उस्ले तिनलाइ आफ्ना पखेटा मांथि उठायो .
यहवे एकलैले त्यस्लाइ डोऱ्यायो १२
अनि उ सङ्ग कोई पनि पराय् देवता थियेन
उस्ले त्यस्लाइ पृथिवीका अलगा अलगा ठांउमां सवारी गरायो १३
अनि त्यस्ले खेत्को उपजनि खायो
अनि उस्ले त्यस्लाइ पहरा देखि मह
अनि ढलसींगढुंगो देखि तेल् चुसायो
गाईको दहो र भेंडाको दुद् १४
पाठाको बोसो समेत्
अनि बाशान्को बगाल्का सांडूभेंडाहरु र बोकाहरु
अनि सबै भन्दा अस्सल् गहूं मिर्गउलोको बोसो जस्तो अस्सल् समेत्
अनि तैंले दाखको रगत् अं उम्रंने दाख् मद खांथिस् ।
तर यशुरुनले मोटायेर लात् हान्नु लाग्यो . १५
तं मोटाइस् तं पुष्ट भइस् तं चिल्लो भइस् .
तब त्यस्ले आफुलाइ बनाउंने ईश्वर्लाइ तेज्यो
अनि आफ्नु त्राणको पहरालाइ तुच्छ जान्यो ।
तिनले बिराना देवताहरुको बाटो उस्लाइ इष् गराये १६
अनि आफ्ना घिन्लागदा थोकले उस्लाइ रिस् उठन्नु लाये ।
तिनिहरुले भूतहरुको लागि बलि चढाये जो ईश्वर् होइनन् १७
तिनले न जान्येका देवताहरुलाइ
भरखर् आयेका नयाहरुलाइ
जो देखि तिमिहरुका पित्रहरु डराउंदैन थिये :
तंलाइ जन्माउंने पहरालाइ याद् गरीनस् १८
अनि जो देखि तेरो उत्पत्ति भयो उस् ईश्वर्लाइ तैंले बिर्सिस् ।
यो देख्येर यहवेले तिनलाइ घिनायो १९
उस्का छोराछोरीहरुले झर्कायेको कारणले ।
तब उस्ले भन्यो मं यिनिहरु देखि आफ्नु मुख् लुकाउंछु २०
तिनको अन्त के हुंछ मं हेर्छु .
किनभन्ये अरघोर् अटेरि पुस्ता छन्
बालखहरु जस्मां सच्चेइं छैन ।
जो ईश्वर् होइन त्यो देखि तिनिहरुले मंलाइ इष् गराये २१
तिनिहरुले मंलाइ आफ्ना व्यर्थ थोकहरु देखि रिसाउंनु लाये .
जो लोग् होइनन् ति देखि मं तिनलाइ इष् गराउंछु
मं येउटा मूर्ख लोग् देखि तिनिहरुलाइ रिसाउंनु लाउंछु ।
किनभन्ये मेरो रिस्मां आगो सल्क्यो २२
त पत्ताल् मुनि सम्म बल्दे छ

अनि पृथिवीलाइ त्येस्को उपजनि समेत् खाइ हाल्दै छ
अं डांड़ाका जगहरु डड़ाउंदै छ ।
२३ तिनिहरु माथि मं बुराई थुपऱ्याउंछु
तिनिहरु माथि मं आफ्ना कांड़ू तुर्कूं .
२४ तिनिहरु भोकले त्तय् होइ जांछन् अनि बल्दो आगोले खाइ हालींछन्
अनि तीतो रुढ़िहरुले
अनि पशुहरुका दांत् मं तिनिहरु माथि पठाउंछु
अनि धुलोमां बगि हिड्निहरुको बिष् ।
२५ बाहिर तरवारले लिहाल्छ
अनि कोठामां डरले
क्या कुंवर् क्या कुंवारी
दुद् खांने पाक्येको केस् भयेको समेतलाइ ।
२६ मैंले भन्यें मं तिनलाइ टाड़ो टाड़ो छरपुट्ट पार्छु
अनि मान्छेको मांझ देखि तिनको सम्झना मेटि दिंछु ।
२७ तर सत्रुहरुले जिस्क्याउंछन् यो देखि मं डरायें
होइन भन्ये ता तिनको बिरोधीले भूल् गर्छन्
अनि तिनले भन्छन् हाम्रो हात् अलगीये
अनि यि सबै गर्ने परमेश्वर होइन भनि ।
२८ किनभन्ये यो मंत्र बिनाको लोग् छ
अनि तिनमां बुद्धि छंदै छैन ।
२९ तिनिहरुले बुद्धिमान् भइकन यो कुरो बुझेर
अनि आफ्नु अन्तको बिचार् गर्थ्ये भन्ये ता यो जाति हुंथ्यो ।
३० कसोगरि भन्ये एक् जनाले एक् हजारलाइ खेद्छ
अनि दुइ जनाले दस् हजारलाइ भगाउंछ
तिनिहरुको पहराले तिनलाइ न बेच्येको भये
अनि परमेश्वरले तिनलाइ न सुमप्येको भये ।
३१ कसोगरि भन्ये तिनिहरुको पहरा हामिहरुको पहरा जस्तो छैन
त हामिहरुका सत्तुरुहरु आफैं पनि बिचारीहरु छन् ।
३२ किनभन्ये तिनको दाख् सदूमको दाखको बोट् छ
अनि अमोराको दाखबारी .
तिनको दाखको फल् बिष्का छन्
अनि तिनका झुप्पा तीता छन् .
३३ तिनको दाखरस् अजिङरहरुको बिष्
अनि काला सर्पको कांचो बिष् छ ।
३४ क्या यो मेरो सांचि राखीयेको छैन
मेरो भंडारमां छाप् मारि राखीयेको छैन ।

नियागराई र साटो फर्काई मेरै छन् ३५
तिनका गोड़ा चिप्लने बेलामां.
किनभन्ये तिनको बिपत्तिको दिन् नजिक् छ
अनि तिनिहरु मांथि पर्ने बिषय् छिटै आउंछन् ।
किनभन्ये यहवेले आफ्नु लोग्को निया गर्छ ३६
अनि आफ्ना दासहरुको कारण् पछुताउंछ
जब उस्ले तिनको शक्ति गइ गयेको देख्छ
अनि तिनिहरुमांको कोई थुनीयेको कि छोड़ायेको रहंदेन ।
तब उस्ले भन्छ तिनका देउता कता हुन् ३७
अं तिनले शरण् लियेका पहरा
जुन्हरुले तिनका बलिदान्हरुको बोसो खांद थिये ३८
तिनका खन्याईबलिको दाखरस् पीउंद थिये ।
तिनले उठेर तिमिहरुको गोहार् गरुन्
अनि तिमिहरुको आड् होउन् ।
अब हेर मं चइं अं मं उइ हुं ३९
अनि मं सङ कोई देउता छैन.
मैंने मांरै छु अनि मैंने जियाउंद छु
मैले घाउ गायेको छु अनि मैले निको पारै छु.
अनि मेरो हात् देखि छोड़ाउंनु सक्ने कोई पनि छैन ।
किनभन्ये मं आफ्नु हात् स्वर्ग तिर उठाइ भन्द छु ४०
मांचि मांचि मं जीउ रह्यको छुं
मैले आफ्नु चम्कने तरवारमां सान् लगायें ४१
अनि आफ्नु हातले निया समात्यो भन्ये
त आफ्नु बिरोधीहरुको नियागराई गर्छु
अनि मंलाइ हियाउंनेहरुलाइ साटो फर्काउंछु ।
मं आफ्ना कांड् रगतले मताउंछु ४२
अनि मेरो तरवारले मांसु खल्काउंछ
मारीयेका र बन्धुवाहरुका रगत् समेत्
सत्रुका मालिक्हरुको सिर् देखि ।
हे अन्यदेसीहरु हो उस्का लोग् सङ आनन्द गर. ४३
किनभन्ये उस्ले आफ्ना दासहरुको रगत्को साटो लिंछ
अनि आफ्ना बिरोधीको नियागराई गर्छ
अनि आफ्नु देस् र आफ्ना लोगको लागि प्रायश्चित्त गर्छ ॥
त मूसाले नूनको छोरो यहोशूअ समेतले आयेर येस् गान्का सबै ४४
बचन् लोगका कानमां सुनायो । जब मूसाले यि सबै बचन् सिंगै ४५
इस्राएललाइ भनि सक्यो. तब त्येस्ले तिनलाइ भन्यो जत्ति कुरा मं आजु ४६
तिमिहरुलाइ साक्षी राखि भन्द छु तिनि सबैमां आफ्ना आफ्ना मन लगाउ

अनि ति अर्थात् येस् व्यवस्थाका सबै कुरा गर्नुलाइ मान्नुको लागि आफ्ना
४७ बालखहरूलाइ पनि आज्ञा दिंनै गर। किनभन्ये यो तिमिहरूको लागि
व्यर्थ काम् होइन तर तिमिहरूको जीवन् हो अनि येसै गर्येकोले तिमिहरू
अधिकारी हुंनुलाइ जाने यर्दन् पारिको देस्मां तिमिहरूले आफ्ना
दिन् बढाउंछौ ॥
४८
४९ फेरि त्येसै दिन् यह्वेले मूसालाइ येसो भन्यो येस् अबारीम्
डांड़ामां अर्थात् नबो डांड़ामां जो मोआब् देस्मां यरीहोको सांमु छ येस्मां
चढेर मैंले इस्राएलवंशीहरूलाइ तिनको अधिकार्को लागि दिंनु आंटेको
५० कनान्को देस् हेर्. वहांदेखि जसोगरि तेरो दाज्यु हारून् होर् पर्वत्मां
चढेर मरिकन आफ्ना लोगमां मिसीयो त्येसैगरि तं येइ डांड़ामां जस्मां
५१ चढ्छस् मरेर आफ्ना लोगमां मिसीइ. किनभन्ये सीन्को बन्मां कादेश्मां
भयेको मरीबाको पानीमां तिमि दुवैले इस्राएलवंशीहरूको बीच्मां मेरो
बिरुद्धमां अपराध् गर्यौ किनभन्ये इस्राएलवंशीहरूको बीच्मां मलाइ पवित्र
५२ ठहरायेन। त तंले त्यो देस् आफ्नु सांमु देख्नु ता पाउंछस् तर मैंले
इस्राएलवंशीहरूलाइ दिंनु आंटेको देस्मां तं पस्नु पाउंदैनस् ॥

(मूसाले इस्राएल्लाइ दियेको आशीर्बाद्)

३३ १ अब जुन् आशीर्बाद् ईश्वर्को जन् मूसाले आफ्नु मरण् भन्दा
२ पहिले इस्राएलवंशीहरूलाइ दियो त्यो येइ हो। अनि त्यस्ले भन्यो

यह्वे सीनै देखि आयो
अनि सेईर् देखि तिनिहरूको लागि झुल्क्यो
उ पारान् डांड़ा देखि चम्क्यो
अनि लाखौं पवित्र लोग्को बीच् देखि आयो.
उस्को दाहीनो हात् देखि तिनिहरू तिर आगोको व्यवस्था निक्ल्यो।
३ अं उस्ले लोग्हरू देखि प्रेम् राख्द छ
उस्का सबै पवित्र लोग् तपांइका हात्मां छन्
तिनिहरू तपांइका पाउ निर बसि रह्याका छन्
जनंगले तपांइको वचन् सुन्छन्।
४ मूसाले हांमिहरूलाइ येउटा व्यवस्थाको आज्ञा दियो
याकूब्को सभाको निज् भाग्।
५ उ यशूरून्मां राजा भइ गयो
जब लोगका मूल्हरू भेला भये
इस्राएल्का सबै कुल्हरू एक् सङ् ॥
६ रूबेन् जीइ रहोस् अनि न मरोस्
तैपनि त्येस्का मन्छेहरू थोरै होउन् ॥
७ अनि यहूदाको आशीर्बाद् यो हो. अनि त्येस्ले भन्यो
हे यह्वे यहूदाको शब्द सुन्नु हवस्

अनि त्येस्लाइ त्येस्का लोगमां ल्याउंनु हवस्.
त्येस्ले आफ्नु लागि आफ्नै हातले लड़ाईं गर्‍यो
त तपांइ त्येस्का बिरोधीहरूको बिरुद्धमां गोहारे हुंनु हवस् ॥
८ अनि लेवीको बिषयमां त्येस्ले भन्यो
तपांइको तुम्मीम् र तपांइको उरीम्
तपांइको येस् भक्तकां रहोस्
जस्लाइ तपांइले मस्सामां जांच्नु भयो
अनि जो खित तपांइले मरीबाको पानीमां झगरा गर्नु भयो ॥
९ त्येस्ले आफ्ना आंमा बाबुको बिषयमां भन्यो
मैले तिनलाइ देखींन
अनि न आफ्ना दाज्युभाईहरूलाइ चिनायो
न आफ्ना छोराहरूलाइ चिन्यो.
किनभन्ये तिनिहरूले तपांइको बाक्य मान्ये
अनि तपांइको नियम् मान्ये ।
१० तिनिहरूले याकूबलाइ तपांइको नियाबचन् सिकाउंछन्
अनि इस्राएललाइ तपांइको व्यवस्था.
तिनले तपांइले सुंघ्ने धूप् हाल्छन्
अनि तपांइको बेदिमां होमबलिदान् ।
११ हे यहवे त्येस्को धन्मां आशीष् दिंनु हवस्
अनि त्येस्का हातको काम् ग्रहण् गर्नु हवस्.
त्येस्को बिरुद्धमां उठ्नेहरूका कम्मरमां हिर्काइ दिंनु हवस्
तिनिहरू फेरि उठ्नु न सकुन् ॥
१२ बिन्यामीन्को बिषयमां त्येस्ले भन्यो
यहवेको प्रिय त्येस्ले उ छेउ निडर् बास् गर्छ
अनि उस्ले त्येस्लाइ दिन्भरि छोपि राख्छ
अनि त्यो उस्का दुइ कांधको बीचमां बस्छ ॥
१३ अनि यूसुफ्को बिषयमां त्येस्ले भन्यो
त्येस्को देस्ले यहवे देखि आशीष् पावस्
अर्थात् अकाशको अमोल् थोक् अं शीत्
अनि मुनि डुम्कि रहेको गहीरेदें
१४ अनि घामको बाटोले उपज्जने अमोल् थोक्
अनि जूनको बाटोले उम्रंने अमोल् थोक्
१५ अनि पुराना पहाड़हरूका मूल् मूल् थोक्
अनि सधैंभरिका डांड़ाहरूका अमोल् थोक्
१६ अनि पृथिवी र त्येस्को भरपूरीका अमोल् थोक्
अनि पोथ्रामां बस्नेको अनुग्रह.
यि सबैको बिषयमां यूसुफ्को सिरमां आशीष आवस

अनि जो आफ्ना भाईहरु देखि अलग् भयो त्यसैको सिर्को
    थाप्लो माथि ।
१७ त्यस्को जेठा गोरु त्यस्को प्रताप् हो
अनि त्यस्का सींग् अर्नाका सींग् हुन् .
तिनले तिस्ले लोग् लोग् सबैलाइ पनि
अं पृथिवीको अन्त पनि हानि धकेट्छ .
त एफ्रैमका लाखौं यिनै हुन्
अनि मनस्शेका हजारौं यिनै हुन् ॥
१८ अनि जबूलूल्को विषयमां त्यस्ले भन्यो
ए जबूलून् आफ्नु निस्किहिंडाईमां रमाहट् गर्
अनि ए इस्साकार् आफ्ना डेरामां ।
१९ तिनिउरुले अन्यदेसीहरुलाइ डांडामां निम्तो दिंछन्
त्हां धर्म्मका बलिदान् चढाउंछन् .
कसेगरिभन्या तिनिहरुले समुद्रको अग्घोरिदेखि चूसकन्
अनि त्यस्को बगर्मां लुकेका धन् ॥
२० अनि गादको विषयमां त्यस्ले भन्यो
धन्न हो त्यो जस्ले गादलाइ बढाउंछ .
गादले ता सिंहनी झैं बास् गर्दछ
अनि बांहालाइ सिर्को थाप्लो समेत् फटाउंछ ।
२१ अनि त्यस्ले पहिल्ले अंश आफ्नु लागि हान्यो
किनभन्या त्हां गाड्नुहाउको भाग् राखेको थियो
त त्यस्ले लोगका मूलहरु सङ आयेर
यहवेको धर्म्म तिस्ले पूरो गर्‍यो
अनि इस्राएलकी माथमां उस्का नियावचनहरु ॥
२२ अनि दान्को विषयमां त्यस्ले भन्यो
दान् सिंहको डमरु हो जो बाशान् देखि कुद्दछ ॥
२३ अनि नप्तालीको विषयमां त्यस्ले भन्यो
ए नप्ताली अनुग्रहले तृप्त
अनि यहवेको आशीषले भरपूर् .
तं पच्छिउं र दक्खिनको अधिकारी हो ।
२४ अनि आशेर्को विषयमां त्यस्ले भन्यो
आशेर्ले छोराहरुका आशीष पाउन्
त्यो आफ्ना भाईहरुमां अनुग्रहित् रहोस्
अनि आफ्ना गोड़ा तेल्मां डुबाउने गरोस् ।
२५ तेरा आग्लाहरु फलम् र पीतलका होउन्
अनि तेरो दिन् झैं तेरो बल् पनि हुंछ ।
२६ हे यशूरुन् ईश्वर् जस्तो कोई छैन

जो तेरो गोहार्को लागि स्वर्गमां चढ्द छ
अनि अकाशमां आफ्नु मेघुडैंमां ।
अनादि ईश्वर् तेरो धाम् हो २७
अनि सनातन्का बांहां मुनि छुन् .
अनि उस्ले सत्तुर्लाइ तेरो सांमु देखि धपायो
अनि उस्ले भन्यो नास् पार् ।
अनि इस्राएल्ले निडर् बास् गर्छ २८
याकूब्को खोल्चा एक्लै
अन्न र दाखरस्को देस्मां
अं त्येस्को अकाश्ले शीत् पार्छ ।
ए इस्राएल् तं धन्नको होस् . २९
यह्वे देखि मुक्ति पायेको लोग् तं जस्तो को छ .
तेरो गोहार्को ढाल्
अनि तेरो मेघुडैंको तरवार् येइ हो
त तेरा सत्तुर्हरुले तेरो सांमु घोप्टुंमरण्टो लाउंछन्
अनि तैंले तिनका अल्गा अल्गा ठांउ दल्छस् ॥

(मूसाको मंरण्)

येस् पछि मूसा मोआब्को मैदान् देखि यरीहोको सांमु भयेको ३४ १
पिस्गाको थाप्लिमां नबो डांड़ामां चढि गयो । अनि यह्वेले त्येस्लाइ
गिलाद्को सिंगै देस् देखायो अर्थात् दान् सम्म अनि सिंगै नप्ताली २
अनि एफ्रैम् र मनश्शेको देस् अनि पच्छिउंको समुन्द्र सम्म यहूदाको सिंगै
देस् अनि दक्खिने देस् र सोअर् सम्म खजूर्का बोट्हरु भयेको सहर् ३
अर्थात् यरीहोको गेह्रौ टार् सबै देखायो । तब यह्वेले त्येस्लाइ भन्यो जुन् ४
देस्को बिषय्मां मैंले अब्राहाम् इसहाक् र याकूब् सित किरिया खाइकन
मं त्यो तेरा बंशलाइ दिंछु भन्येको थियें त्यो येइ हो . मैंले त्यो तंलाइ तेरा
आंखाले देख्ने गरि देखायें तर तं वहां पारि जांनु पाउंदैनस् । त यह्वेले ५
भन्येको अनुसार् यह्वेको दास् मूसा वहां मोआब्को देस्मां मंर्यो । अनि ६
त्यो मोआब्को देस्मां बेत्पोर्को सांमु भयेको येउटा तरिमां गाड़ीयो .
तर आजुको दिन् सम्म त्येस्को चिहान् कस्सेले जान्दैन । अनि मूसा मंर्ने ७
बेलामां एक् से र बीस् बर्षको भयेको थियो . तर न त्येस्का आंखा
धमीलीये न पौरख् घटेरको थियो । अनि इस्राएल्बंशीहरु मोआब्को ८
मैदान्मां मूसाको लागि तीस् दिन् सम्म रोइ रह्ये . तब मूसाको लागि रुंने
र बिलाप् गर्ने दिन् पूरा भये । अनि नून्को छोरो यहोशूअ बुद्धिको ९
आत्माले परीपूर्ण थियो कसोगरिभन्ये मूसाले आफ्नु हात् त्येस् माथि
राख्येको थियो . त इस्राएल्बंशीहरुले त्येस्का कुरा सुनि त्येसै गर्ये जसो

१० यह्वेले मूसालाइ आज्ञा गर्येको थियो । अनि इस्राएल्मां तब देखि येसो
कोई आगमवक्ता मूसा जस्तो उठेअको छैन जस्लाइ यह्वेले सांमु सांमुइ
११ चिन्द थियो अनि जस्लाइ यह्वेले फिरऊन् र त्येस्का सबै चाकरेहरूको
सांमु र त्येस्को सिंगै देस्मां ति सबै चिंनु र आश्चर्ज्यकर्म्म गर्नुलाइ मिस्र
१२ देस्मां पठायो अनि जस्ले सिंगै इस्राएल्को आंखाको सोजि सबै
बल्लियो हात् र सबै ठूलो ठूलो भय् देखायो ॥

यहोशूअको पोस्तक् ॥

(यहोशूअलाइ ठहराउंनु)

१ १ जब यह्वेको दास् मूसा मंर्यो तब येसो भयो यह्वेले मूसाको सेवाइत
२ नूनको छोरो यहोशूअलाइ भन्यो मेरो दास् मूसा चइं मंर्यो त अब तं
उठेअर यो सबै लोग् समेत् यो यर्दन् पारि त्येस् देस्मां जा जुन् देस् मं
३ तिनिहरूलाइ अर्थात् इस्राएल्बंशीहरूलाइ दिंद छु । जुन् जुन् ठांउमां
तिमिहरूका पैतलाले टेक्नन् ति सबै तिमिहरूलाइ दियेको छु जसो मैंले
४ मूसालाइ भन्येको छु । बन् र यो लबानोन् देखि येसो महानदी अर्थात्
परात् नदी सम्म हित्तीहरूको सिंगै मुलुक् अनि सूर्ज अस्ताउंने पट्टिको
५ महासमुन्द्र सम्म तिमिहरूको सिमाना ठहर्छ । तेरो जीउंनोभरि तेरो सांम्
कोई मान्छे ठहर्नु सक्दैन . जसोरि मं मूसा सङ् सङै रह्यां तं सङ पनि रहंछु .
६ न तंलाइ धोखा दिंछु न तंलाइ छोड़ि दिंछु । छूप् बांधि बल्लियो हो .
किनभन्ये यिनिहरूलाइ जुन् देस् दिंनुलाइ मैंले तिनिहरूका पित्रहरू सित
किरिया खायेको थियें तंले यि लोगलाइ त्येस्को अधिकारी तुल्याउंछस् ।
७ खालि अघोर् छूप् बांधि बल्लियो हो र जुन् व्यवस्था मेरो दास् मूसाले
तंलाइ आज्ञा दियेको छ तिनै सबै अनुसार् गर्नुलाइ मान् . त्यो देखि
दाहींनो बांउ न फर्कि र जहां जहां जांछस् वहां वहां सुफले हुंछस् ।
८ व्यवस्थाको यो पोस्तक् तंलाइ मुखाग्र् भइ तेरो मन् देखि कहिलेइ न
जावस् अं दिन् रात् त्येस्मां ध्यान गर् र त्येस्मां ज्ये ज्ये लेखीयेका छन् ति
सबै अनुसार् गर्नुलाइ मान् . तब तंले आफ्नु गंवन् सुफले गराउंछस्
९ अनि तब तंले बुद्धि सित काम् गर्छस् । के मैंलेनै तंलाइ आज्ञा दिइंन .
छूप् बांधि बल्लियो हो न डरा थरहरि न हो . किनभन्ये जहां जहां तं
जालास् वहां वहां तेरो ईश्वर् यह्वे तं सङ रहंछ ॥

तब यहोशूअले लोगका मालिक्हरूलाइ येसो भनि आज्ञा दियो १०
छाउंनीको बीच्मां गयेर लोगलाइ आज्ञा देब आफ्नु आफ्नु लागि खांने ११
सादीम् तियार् पार किनभन्ये तीन् दिन् भित्र तिमिहरूले यो यर्दन् पारि
जुन् देस् तिमिहरूको ईश्वर् यह्वेले तिमिहरूको अधिकार्मां पारि दिंद छ
त्यस्को अधिकारी हुंनुलाइ तरि जांनु पर्छ ॥

अनि यहोशूअले रूबेनीहरू गादीहरू र मनश्शेको आधा कुल्लाइ १२
येसो भन्यो जुन् कुरो यह्वेको दास् मूसाले तिमिहरूलाइ त्यो तिमिहरूको १३
ईश्व. यह्वेले तिमिहरूलाइ बिश्राम् दिंद छ अनि तिमिहरूलाइ यो
देस् दिंछ भनि आज्ञा दियेको थियो त्यो कुरो समझ । त जुन् देस् मूसाले १४
तिमिहरूलाइ यर्दन्को येता वारि दियेको छ त्येस्मां तिमिहरूका स्त्रीहरू
बाल्बच्चाहरू र बस्तुहरू चइं रहुन् तर तिमि सिंगै बीर् बीरहरू चइं हतियार्
भिरेर आफ्ना दाजुभाईहरूको आघि आघि पारि तरेर तिमिहरूले तिनको
गोहार् गर जब सम्म यह्वेले तिमिहरूका भाईहरूलाइ तिमिहरूलाइ १५
झैं बिश्राम् दिंदैन अनि जुन् देस् तिमिहरूको ईश्वर् यह्वेले तिनिहरूलाइ
दिंद छ तिनिहरू पनि त्येस्को अधिकारी हुंदैनन् तले सम्म . त्यस् पछि
तिमिहरू यह्वेको दास् मूसाले तिमिहरूलाइ यर्दन्को येता वारि सूर्ज
उदाउंने पट्टि दियेको आफ्नु अधिकार्को देस्मां फर्कि आयेर येस्को
अधिकारी भइ रह । तब तिनिहरूले यहोशूअलाइ उत्तर् दिइ भन्ये १६
आफूले हामिहरूलाइ दिंनु भयेका सबै आज्ञा हामि मान्छौं अनि जता
जता आफूले हामिहरूलाइ पठाउंनु हुंछ उता उता हामि जांछौं । जसोरि १७
हामिहरू सबै कुरामां मूसाका सुन्द थियूं त्यसैगरि आफूको पनि सुन्न
गर्छौं . खालि आफूको ईश्वर् यह्वे जसोरि मूसा सङ रह्यो त्यसैरि आफू
सङ पनि रहोस् । जस्ले आफूको आज्ञाको झगरागराई गर्ला अनि आफूले १८
दियेका आज्ञाका सबै कुरा सुनोईन त्यो जोसुकै हवस् मारीओस् . खालि
आफू हूप् बांधि बलियो हुंनु हवस् ॥

(देस्को भेद् लिंने दुइ जनालाइ पठाउंनु)

त्यस् पछि नूनको छोरो यहोशूअले शित्तीम् देखि दुइ जनालाइ २ १
चुपचापगरि भेद् लिंनुलाइ देस् अं यरीहो चइं हेरि आव भनि पठायो .
त तिनिहरू गये अनि राहाब् नांउ भयेको येउटी बेश्याको घर्मां गयेर
वहां रह्ये । तब यरीहोको राजालाइ भनीयो हेर आजु बेलुका २
इस्राएल्बंशीहरूमांका कत्ति पुरुष्हरू देस्को भेद् लिंनुलाइ यहां भित्र
आयेका छन् । तब यरीहोको राजाले राहाब् थांइ त थांइ आयेका तेरो ३
घर् भित्र पस्येका पुरुष्हरूलाइ बाहिर ल्या . किनभन्ये तिनिहरू सिंगै देस्को
भेद् लिंनुलाइ आयेका छन् भनि पठायो । त त्यस् स्त्रीले दुवै पुरुष्लाइ लियेर ४
लुकाई वहांदेखि येसो भनी अं ति मान्छेहरू मं थांइ आयेका ता थिये तर
कहांका थिये यो मं जांदीन थियें . अनि

जब अंध्यारो भयो तब ति मान्छेहरु निस्कि गये . तिनिहरु कता गये म
६ जांदींन . छिट्टो गरि तिनिहरुलाइ खेद त तिनिहरुलाइ भेट्टाउंछौ। तर
त्येस्ले तिनिहरुलाइ कौसि मांथि चढाइ लग्येर कौसीमां पांजि राख्येको
७ सुन्पाट्का डांक्लाहरु मुनि लुकाइ राख्येकी थिई। तब मान्छेहरुले यर्दन्
पुग्ने बाटो बाड़ो घाट्हरु सम्म तिनिहरुलाइ खेद्ये . अनि तिनिहरुलाइ
८ खेद्नेहरु निस्कि जांनु बित्तिकै ढोका थुनीयो। अनि तिनिहरु सुत्नु भन्दा
९ पहिले त्येस्ले कौसिमां तिनिहरु भयेठांउ चढि गयेर ति पुरुष्हरुलाइ
भनी मं जान्द छु यह्वेले आफुहरुलाइ यो देस् दियेको छ अनि आफुहरुको
डर् हांमिहरु मांथि पर्‍यो अं देस्का सबै बासीहरु आफुहरुको सांमु गलि
१० जांदै छन्। किनभन्ये जब आफुहरु मिस्र देस् देखि निस्कि आउंनु हुंद
थियो तब यह्वेले लाल् समुन्द्रको पानी आफुहरुको सांमु कसोगरि सुकाइ
दियो अनि एमोरीहरुका दुवै राजाहरु यर्दन् पारि रहंने सीहोन् र ओग्
राजाहरुलाइ कसो कसो गर्नु भयो अर्थात् आफुहरुले तिनिहरुलाइ भाकल्
गरीयेका थोक् झैं नास् पार्नु भयो ति सबै समाचार् हांमिहरुले सुन्युं।
११ अनि यो सुन्नु बित्तिकै हांमिहरुका हिर्दय् बिलीइ गये अनि आफुहरुको
कारण्ले कस्सैको हंस रहेन . कसोगरिभन्ये आफुहरुका ईश्वर् यह्वे मांथि
१२ स्वर्ग र तल पृथिवी दुवैमां ईश्वर् उहइ छ। त अब मं सित यह्वेको किरिया
खाइ भन्नु हवस् तैंले हांमिहरु मांथि कृपा गरिस् येस्कारण् हांमिहरु पनि
तेरो बाबुको जहान् मांथि कृपा गर्छौं भनि अनि येस्को मंलाइ येउटा सांचो
१३ चिंनु पनि दिंनु हवस् . हांमि तेरा आंमा बाबु दाज्युभाई र दिदीबैंनीहरुलाइ
अनि जति तिनिहरुका छन् ति सबैलाइ जीउंदो बचाउंछौं अनि तिमिहरुका
१४ प्राण् मरण् देखि बचाउंछौं भनि। तब ति पुरुष्हरुले त्येस्लाइ तिमिले
हांमिहरुको यो कुरो कसैलाइ प्रगटो गर्‍यौन भन्ये देखि तिमिहरुका
प्राणको साटो हांमिहरुको प्राण् जाला अनि येसो हुंछ जब यह्वेले यो देस्
हांमिहरुलाइ दिंछ तब हांमिहरु तिमि सित अनुग्रह् र सच्चेइं सङ ब्येहोरा
१५ गर्छौं भनि उत्तर् दिये। तब त्येस्ले तिनलाइ झ्याल् बाटो डोरीले सुर्क्याइ
ओर्‍हालि दिई . कसोगरिभन्ये त्येस्को घर् सहर्को घराभित्तैमां थियो अनि
१६ त्यो तिहीं भित्तैमां रहंद थिई। अनि त्येस्ले तिनिहरुलाइ भनी पहाड़ तिर
जांनु हवस् होइन भन्ये ता खेद्नेहरुले आफुहरुलाइ भेट्नन् अनि वहां
तीन् दिन् सम्म लुकि रहंनु हवस् खेद्नेहरु फर्कि न आउंञ्याल् सम्म . त्यस्
१७ पछि आफ्नु बाटो समात्नु हवस्। तब ति पुरुष्हरुले त्येस्लाइ भन्ये तिमिले
१८ हांमिहरुलाइ खुवायेको किरियाको बिषय्मां हांमि निर्दोष् रहंछौं। हेर
जब हांमिहरु देस्मां आऊंला तब् जुन् झ्याल् बाटो तिमिले हांमिहरुलाइ
उतारि दियौ त्येस्मां येइ सिंदुरे रंगको धागोको डोरी बांधि राख्नु .
अनि आफ्ना आंमा बाबु दाज्युभाईहरु अं आफ्नु बाबुका सब्बै जहान्लाइ
१९ येसै घर्मां आफु थांइ भेला गराउंनु। अनि येसो हुंछ जो तिम्रो घर् देखि
बाहिर गल्लिमां निक्ला त्येस्को लोहू त्येसैको सिर्मां पर्छ अनि हांमिहरु

निर्दोष् हुंछौं तर जो तिमि सङ घर्मां रहला त्यो मांथि कसैको हात्
पर्‍यो भन्ये देखि त्यस्को लोहू हांमिहरुको शिर्मां पर्छ । तर हांमिहरुको यो २०
कुरो तिमिले प्रगटो गर्‍यौ भन्ये देखि ता तिमिले हांमिहरुलाइ खुवायेको
किरिया देखि हांमिहरु निर्दोष् हुंछौं । तब त्येस्ले जस्तो आफुहरुको बचन् २१
त्येस्तै हवस् भनी । त त्येस्ले तिनलाइ बिदा दिई अनि ति हिंड़ि गये . अनि त्येस्ले
त्यो सिदुरे रंगको डोरी झ्यालमां बांधि राखी । अनि तिनिहरु गयेर पहाड्मां २२
पुग्येर त्यहां तीन् दिन् सम्म रह्ये तिनलाइ खेद्नेहरु न फर्कुंज्याल् सम्म . अनि
खेद्नेहरुले तिनलाइ सबै बाटो बाटो हुंदो खोज्ये तर तिनलाइ पायेनन् ।
तब ति दुवै पुरुषहरु फर्केर पहाड् बाटो ओह्र्ल्ये अनि पारि गयेर नूनको २३
छोरो यहोशूअ थांइ आये अनि तिनिहरुले आफु मांथि पर्‍यका सबै कुराको
बखान् गर्‍ये । फेरि तिनिहरुले यहोशूअलाइ भन्ये यहवेले निस्सै त्यो सिंगै २४
देस् हांमिहरुको हात्मां सुम्पि दियेको रछ कसोगरिभन्ये देस्का सबै
बासीहरु हांमिहरुको सांमु गलि गलि जांदै राछन् ॥

(इस्राएलीहरु यर्दन् पारि जांनु)

त बिहान यहोशूअ सबेरै उठ्यो अनि सबै इस्राएल्बंशीहरु सङ ३ १
शित्तीम् देखि हिंड़ि यर्दन् सम्म आइ पुग्यो अनि पारि तर्नु भन्दा पहिले
तिनिहरुले त्यहां बास गर्‍ये । अनि तीन् दिन् बित्ये पछि येसो भयो २
मालिक्हरु छाउंनीको बीच्मां गये अनि लोगलाइ आज्ञा दिइ भन्ये ३
जब तिमिहरुले आफ्नु ईश्वर् यहवेको नियम्को सम्पट् र लेवी पूजाहारी-
हरुले त्यो बोक्दै गर्‍यको देख्छौ तब तिमिहरु आफ्नु ठांउ देखि हिंड़ि
त्यस्को पछि पछि जाव । तर त्यस्को र तिमिहरुको बीच्मां दुइ हजार् ४
हात्को अड्कल् अन्तर् रहोस् . त्यस्को छेउमां न आव र तिमिहरुलाइ कुन्
बाटो बाड़ो हिंड्नु पर्द रछ भनि थाहा हवस् किनभन्ये अब सम्म तिमिहरु
त्यो बाटो बाड़ो हिंड्येका छैन । तब यहोशूअले लोगलाइ भन्यो आफु ५
आफुलाइ पवित्र गर . किनभन्ये भोलि यहवेले तिमिहरुको बीच्मां
आश्चर्य्यकर्म्म गर्छ । फेरि यहोशूअले पूजाहारीहरुलाइ येसो भन्यो नियम्को ६
सम्पट् उठाइ बोकेर लोगको अघि अघि हिंड़ । त तिनिहरु नियम्को
सम्पट् उठाइ बोकेर लोगको अघि अघि हिंड़्ये । तब यहवेले यहोशूअलाइ ७
भन्यो आजु देखि मं सबै इस्राएलीहरुको सांमु तेरो बड़ाई गर्नु थाल्छु र
तिनले मं जसोगरि मूसा सङ रहंद थियें त्यसैगरि तं सङ पनि रहंद रांछु
भनि थाहा पाउन् । त तंले नियम्को सम्पट् बोक्ने पूजाहारीहरुलाइ जब ८
तिमिहरु यर्दन्को पानीको तीर्मां पुग्छौ तब यर्दन्मां अड़ीयौ भनि आज्ञा दे ॥

त यहोशूअले इस्राएल्बंशीहरुलाइ भन्यो छेउ आयेर आफ्नु ईश्वर् ९
यहवेको बचन् सुन । फेरि यहोशूअले भन्यो येस्ले तिमिहरुलाइ थाहा हुंछ १०
जीउंदो ईश्वर् हांमिहरुको बीच्मां रछ अनि उस्ले हांमिहरुको सांमु देखि
निस्सै कनानीहरु हित्तीहरु हिव्वीहरु परिज्जीहरु गिर्गाशीहरु एमोरीहरु र

११ यबूसीहरूलाइ धपाइ दिने रक्ष भनि । हेर पृथिवीभरिको प्रभुको नियम्को
१२ सम्पट् तिमिहरुको अघि अघि यर्दन्मां जांदै छ । त अब इस्राएल्का
१३ कुल्हरुमांका बारह् पुरुष् अर्थात् कुल् पिच्छेको एक् एक् पुरुष् लेव । तब
यसो हुंछ जुन् बेलामां पृथिवीभरिको प्रभु अर्थात् यहवेको नियम्को सम्पट
बोक्ने ति पूजाहारीहरुका पतला यर्दन्को पानीमां पर्छ न त्येइ बेला यर्दन्को
पानी अर्थात् ऊंभो देखि बहने चड पानी थामींछ अनि येउटा थुप्रो लागदै
१४ अड़ीइ रहंछ । अनि यसो भयो जब लोग् आफ्ना आफ्ना डेरा देखि यर्दन्
पारि तर्नलाइ हिंड्र अनि पूजाहारीहरु नियम्को सम्पट् बोकेर लोगको
१५ अघि अघि हिंडेर अनि जब सम्पट् बोक्नेहरु यर्दन्मां पुग्य अनि
सम्पट् बोक्ने पूजाहारीहरुका पाउ तीर्को पानिमां डुब्ये (कसोगरि भन्ये
यर्दन्को पानी कट्नीको सबै बेलाभरि सबै पहरा मांथि मांथि बहंद छ)
१६ तब त्येइ ऊंभो बाटो बहि आउने चड पानी थामीयो अनि धेरै टाढ़ो सम्म
अर्थात् सार्तानको छेउको आदाम् सहर्को छेउमां थुप्रो लागि अड़ीयो .
अनि अराबाको समुन्द्र अर्थात् नुनीलो समुन्द्रमां बहि जाने पानी स्याट्टै
काटायेर सुकि गयो . तब लोग् यरीहोको ठीक् सांमु पारि उत्रि गये ।
१७ अनि सबै लोग् यर्दन् पारि तरि न सकुंज्याल् सम्म यहवेको नियम्को
सम्पट् बोक्ने पूजाहारीहरु यर्दन्को बीचमां ओबानो भूंइमां स्थिरगरि उभीइ
रहंद थिये अनि सिंगै इस्राएल् ओबानो भूंइमां तर्दै तर्दै रहंद थिये ॥

४ १ अनि यसो भयो जब सबै लोग् यर्दन् पारि तरि सका तब यहवेले
२ यहोशूऋलाइ भन्यो लोग्मांका बारह् पुरुष् अर्थात् कुल पिच्छेको
३ एक् एक् पुरुषलाइ लियेर तिनलाइ यो आज्ञा दे तिमिहरुले यर्दन्को
बीच् देखि अर्थात् जुन् ठांउमां पूजाहारीहरुका पाउले स्थिरगरि ठेक्या
त्यस् ठांउ देखि बारहवटा ढुंगा उठायेर यहां बाटो पारि आफु सङ्ग बोकि
लजाव अनि आजु राति जहां बास् होला त्येइ बासमां ति राखि छोड़ ।
४ त यहोशूऋले ति कुल् पिच्छेको एक् एकगरि इस्राएलबंशीहरु
५ देखि तियार् पारि राख्येका बारह् जनालाइ बोलायो . अनि यहोशूऋले
तिनिहरुलाइ भन्यो तिमिहरु आफ्नु ईश्वर् यहवेको सम्पट्को सांमु
यर्दन्को बीचमां जाव अनि ईस्राएलबंशीहरुको कुलको गन्ति अनुसार्
एक् एकवटा ढुंगा आफ्नु आफ्नु कांध् मांथि उठायेर बोकि ल्याव .
६ र यो तिमिहरुको बीचमां चिंनु रहोस् अनि पछि जब तिमिहरुका
७ छोराछोरीहरुले यि ढुंगाहरुको के अर्थ हो भनि सोध्नन् तब
तिमिहरुले तिनिहरुलाइ किनभन्ये यहवेको नियम्को सम्पट् जब यर्दन् तर्दै
थियो तब त्यसको सांमु यर्दन्को पानी काटीयेको थियो भनि उत्तर् देऔला .
अनि यि ढुंगाहरु इस्राएलबंशीहरुको लागि सदाभर्को सम्झौटे थोक्
८ रहुन् । त इस्राएलबंशीहरुले यहोशूऋको आज्ञा अनुसार् गर्ये अर्थात्
जसो यहवेले यहोशूऋलाइ भन्येको थियो त्यसै तिनिहरुले इस्राएलबंशी-
हरुको कुल्को गन्ति अनुसार् बारहवटा ढुंगा यर्दन्को बीच् देखि उठाइ

ल्याये अनि लग्यर आफन् बाम् बस्येको ठांउमां राखि छोड्र । अनि जुन् ९
ठांउमां नियम्को सम्पट् बोक्ने पूजाहारीहरूका पाउले ठक्येका थिये त्यस्
ठांउमां अर्थात् यर्दन्को बीच्मां यहोशूअले बारह्वटा ढुगा उभ्यायो . जो
आज् सम्म वहां छन् । अनि मूसाले यहोशूअलाइ दियेको आज्ञा अनुसार् १०
र यहवले यहोशूलाइ लोगलाइ सुनाउंनुलाइ दियेका आज्ञाका सबै कुरा
पुरा न होउंज्याल् सम्म सम्पट् बोक्ने पूजाहारीहरू यर्दन्को बीच्मां उभीइ
रह्या . अनि लोग् फुर्त्ति गरि पारि तरि गये । अनि येसो भयो जब सबै ११
लोग् पारि तरि सक्या तब यहवको सम्पट् अं पूजाहारीहरू पनि लोगका सांमु
पारि उत्र्ये । अनि रूबेनबंशीहरू र गादबंशीहरू र मनश्शेका आधा कुल् १२
मूसाले तिनलाइ भन्येको अनुसार् इस्राएलबंशीहरूको आघि आघि हतियार्
भिर्यर पारि तर्ये . अर्थात् लड़ाईंका हतियार् बांध्येका कोई चालीस् हजार् १३
पुरुष् संग्राम् गर्नुलाइ यहवको सांमु पारि तर्यर यरीहोको मैदान् तिर
छिड्र । त्यस् दिन् यहवले सिंगै इस्राएलको सांमु यहोशूअको बड़ाई गर्यो १४
र तिनिहरूले त्यस्को जीउंनिभरि मूसाको झैं त्यस्को पनि डर् मान्दै रह्या ॥
तब यहवले यहोशूअलाइ भन्यो ति साक्षीको सम्पट् बोक्ने १५ १६
पूजाहारीहरूलाइ यर्दन् देखि उक्लि आव भनि आज्ञा दे । येस्कारण् १७
यहोशूअले पूजाहारीहरूलाइ यर्दन् देखि उक्लि आव भनि आज्ञा दियो ।
र येसो भया यहवको नियम्को सम्पट् बोक्ने पूजाहारीहरू यर्दन्को १८
बीच देखि उक्लि आउंनु अनि पूजाहारीहरूका पतलाले ओबानो भूंइमां
टेक्नु बित्तिकै यर्दन्को पानी आफन् बाटोमां फर्क्यर अगाड़ि झैं पहरा
माथि माथि फेरि बहंन् लाग्यो । अनि लोगले पहिलो महीनाको १९
दसौं तिथिमां यर्दन् देखि उक्ल्यर यरीहोको पूर्ब सिमानामां गिल्गाल्मां
आफना डेरा हाल्ये । अनि तिनिहरूले यर्दन् देखि निकाल्येका ति बारह्वटा २०
ढुगा यहोशूअले गिल्गाल्मां उभ्यायो । अनि त्येस्ले इस्राएलबंशीहरूलाइ २१
भन्यो पछि जब तिमिहरूका छोराछोरीहरूले आफना बाबुहरू सित यि
ढुगाहरूको के अर्थ हो भनि सोधनन् . तब तिमिहरूले आफना २२
छोराछोरीहरूलाइ जनाइ दिनु इस्राएल येस् यर्दन् वारि ओबानो भूंइबाटो
आयो । कसोगरिभन्ये जसोगरि तिमिहरूको ईश्वर् यहवले लाल् समुन्द्रलाइ २३
गर्येको थियो अर्थात् त्यस्लाइ हामिहरूको वारितराई सम्म हामिहरूको सांमु
देखि सुकायो त्यसैगरि तिमिहरूको ईश्वर् यहवले तिमिहरूको वारितराई
सम्म तिमिहरूको सांमु देखि यर्दन्को पानी पनि सुकायो . र पृथिवीका २४
सबै लोगले यहवको हात् बल्लियो रहछ भनि जानुन् अनि तिमिहरूको
ईश्वर् यहवको डर् सदाभर् मान्दै रहुन् भन्ये खातिर्ले यो भयो ॥

(इस्राएलीहरूको खत्नागराई र निस्तार्चाड़मनाई)

अनि येसो भया जब यर्दन् वारि पच्छिउं तिर बस्ने एमोरीहरूका ५ १
सबै राजाहरूले र समुन्द्र छेउ बस्ने कनानीहरूका सबै राजाहरूले यहवले

इस्राएल्बंशीहरुको सांमु देखि तिनिहरु वारि तरि न सकुंज्याल् सम्म
यर्दन्को पानी कसोगरि सुकायो भनि भन्येको सुन्ये तब इस्राएल्बंशीहरुको
कारणले तिनका हिर्दय् बिलौइ गये अनि तिनिहरुको हंस रहेन ॥
२ त्येस् बला यहवेले यहोशूअलाइ भन्यो दल्सींग् ढुंगाका छुराहरु
३ बनायेर फेरि दोस्रो खेप् इस्राएल्बंशीहरुको खत्ना गर्। त यहोशूअले
दल्सींग् ढुंगाका छुराहरु बनायेर खलड़ी भन्नेको डांड़ांमां इस्राएल्बंशीहरुको
४ खत्ना गर्यो। अनि यहोशूअले खत्ना गर्येको कारण् यो थियो. जत्ति
जना लड़ाइँ माफिक्का पुरुषहरु मिस्र देखि निक्लि आयेका थिये ति सबै
५ वहां बाटो निक्ल्ये पछि बन्को बाटोमां मरि गयेका थिये। कसोगरिभन्ये
मिस्र देखि निक्लि आयेका सबैको खत्ना भयेको थियो. तर मिस्र बाटो
निक्ल्ये पछि बन्को बाटोमां जन्म्येका सबैको खत्ना भयेको थियेन।
६ किनभन्ये तिनिहरुले यहवेको कुरा न मान्येको कारण् मिस्र देखि
निक्ल्येका लड़ाइँ माफिक्को सिंगै लोग् नष्ट न होइ सकुंज्याल् सम्म
इस्राएल्बंशीहरु बनमां चालीस् बर्ष सम्म हिंड्दै रह्ये. जुन्हरु सित
यहवेले जुन् दुद् र मह बहने देस् तिमिहरुलाइ दिंछु भनि मैंले
तिमिहरुका पित्रहरु सित किरिया खायेको थियें त्येस् देस् मं तिमिहरुलाइ
७ देखाउंदैन भनि किरिया खायेको थियो। तिनैका ठांउमां उठाइयेका
छोराहरुको खत्ना यहोशूअले गर्यो. किनभन्ये बाटोमां तिनको खत्ना
८ न भयेको कारणले तिनिहरु बिखत्ने थिये। अनि येसो भयो जब सिंगै
लोगको खत्ना भइ सक्यौयो तब तिनिहरु निको न होउंज्याल् सम्म आफ्नु
९ आफ्नु ठांउमां छाउंनीमां बसि रह्ये। तब यहवेले यहोशूअलाइ भन्यो आज्
मैंले मिस्रको गिल्ला तिमिहरु देखि पल्टाइ दियें। येस्कारण् त्येस् ठांउको
नांउ आज् सम्म गिल्गाल्[1] भनीं छ ॥
१० न इस्राएल्बंशीहरुले गिल्गाल्मां डेरा हाल्ये अनि चौधौं तिथिको
११ बेलुका यरीहोका मैदान्मां निस्तार् चाड् मान्ये। अनि निस्तार् चाड्को
भोलिपल्टो तिनिहरुले देस्को उपर्जनि अर्थात् अखमीरे रोटी र भुटेरको
१२ थोक् त्येइ दिन् खाये। अनि तिनले देस्को उपर्जनि खांनु लाग्येको
भोलिपल्टो देखि मन्न थामीयो अनि त्येस् पछि इस्राएल्बंशीहरुलाइ
मन्न कैले पनि मिल्येन तर त्येस् बर्ष देखि तिनिहरुले कनान् देस्को
अन्न खांनु लाग्ये ॥

(यरीहोको लिवाई)

१३ अनि येसो भयो जब यहोशूअ यरीहो निर थियो त त्येस्ले आंखा
उचालि हेर्दा को देख्यो भन्ये हात्मां दाप् बाटो झिक्येको तरवार् लियेको
येउटा पुरुष् सांमु उभीइ रह्येको छ. तब यहोशूअले छेउमां गयेर तं

[1] अथात् पल्टाइ

हामिहरु पट्टिको कि हामिहरुका वैरीहरु पट्टिको होस् भनि सोध्यो।
तब उस्ले उत्तर् दियो होइन तर मं ता यहवेको सेनाको मालिक् भइ एले १४
आयेको छु। तब यहोशूअले भूंइमां घोप्टो पर्येर दण्डवत् गरि उस्लाइ भन्यो
मेरा प्रभुले आफ्नु दास्लाइ के भन्नु हुंद छ। तब यहवेको सेनाको मालिक्ले १५
यहोशूअलाइ भन्यो आफ्ना गोड़ा देखि जुत्ता फुकाल् किनभन्य तं उभीयेको
ठांउ पवित्र छ। त यहोशूअले त्येसै गर्‍यो। त्येस् बेला इस्राएल्बंशीहरुको ६ १
कारण्ले यरीहो स्यांट्ठै थुनीयेको थियो. कोइ बाइर जांदैन थियो न कोइ
भित्र आउंथ्यो। अनि यहवेले यहोशूअलाइ भन्यो हेर् मंले यरीहो त्येस्को २
राजा र बीरहरु समेत्लाइ तेरो ताबिमां पारि दियेको छु। त तिमि ३
लड़ाइं माफिक्का सबै मान्छेहरु सहर्को चारै तिर एक् खेप् घुमि आव।
छ दिन् सम्म येसै गर। अनि सात् जना पूजाहारीहरुले सम्पट्को आघि ४
आघि खूब् बज्ने बज्ने तुरही बोकुन्. अनि सातौं चइं दिन्मां तिमिहरु
सात् खेप् सहर्को चारै तिर् घुम्नु वहांदेखि पूजाहारीहरुले तुरही
बजाउन्। अनि येसो हुंछ जब तिनिहरुले खूब् बज्ने बज्ने तुरही अबेरा ५
सम्म बजाउंनन् अनि जब तिमिहरुले तिनको शब्द सुनलौ तब सबै लोग्
अंधि सारोगरि कराउन् तब सहर्को घेराभित्ता स्यांट्ठै लड्छ अनि
लोग् चढि जाउन् जनंगै आफ्नु आफ्नु सांमु सांमु। तब नूनको ६
छोरो यहोशूअले पूजाहारीहरुलाइ बोलायेर भन्यो नियम्को सम्पट्
उठाव अनि सात् जना पूजाहारीहरु यहवेको सम्पट्को आघि
आघि खूब् बज्ने बज्ने सात्वटा तुरही बोकि हिंड्डुन्। फेरि त्येस्ले ७
लोगलाइ भन्यो आघि आघि हिंड़ेर सहर्को चारै तिर घुमि आव अनि
हतियार् भिर्येका पुरुष्हरु यहवेको सम्पट्को आघि आघि हिंड्डुन्।
अनि येसो भयो जब यहोशूअले लोगलाइ यि कुरा भनि सक्यो तब ति सात् ८
जना पूजाहारीहरु सात्वटा खूब् बज्ने बज्ने तुरही लियेर यहवेको आघि
आघि हिंड़ेर अनि तुरही बजाये. अनि यहवेको नियम्को सम्पट् तिनको
पछि पछि लाग्यो। अनि तुरही बजाउंने पूजाहारीहरुको आघि आघि ९
हतियार् भिर्येका पुरुष्हरु हिंड़ेर अनि पछिकाहरु सम्पट्को पछि पछिनै
हिंड़ेर अनि पूजाहारीहरु तुरही बजाउंदै जांद थिये। अनि यहोशूअले १०
लोगलाइ जुन् दिन् सम्म मं तिमिहरुलाइ कराउंने आज्ञा दिन्न तब सम्म
न कराव तिमिहरुको सोर् न सुनीओस् अनि न केइ कुरो तिमिहरुको
मुख देखि निक्लोस् आज्ञा पाइछन मात्रै कराव भनि आज्ञा दियो। त ११
त्येस्ले यहवेको सम्पट् सहर्को चारै तिर एक् खेप् घुमायो. अनि
तिनिहरुले छाउंनीमां आयेर बास् गर्‍ये॥

त यहोशूअ बिहान सबेरै उठ्यो अनि पूजाहारीहरुले यहवेको सम्पट् १२
उठाये। अनि ति सात् जना पूजाहारीहरु खूब् बज्ने बज्ने सात्वटा तुरही १३
लियेर यहवेको सम्पट्को आघि आघि हिड्दै रहे अनि तुरही बजाये. अनि
तिनिहरुका आघि आघि हतियार भिर्येका पुरुषहरु हिंड़ेर अनि पछिकाहरु

यहवेको सम्पटको पछि पछिने हिंडय श्रनि पूजाहारीहरू तुरही बजाउंदै
१४ जांद थिये। त दोस्रो दिन् तिनिहरू फेरि सहरको चारै तिर एक खेप्
१५ घुम्येर छाउंनीमां फर्कि श्राये . तिनिहरूले छ दिन् सम्म येसै गय्रे । श्रनि
येसो भयो सातौं चइं दिनमां तिनिहरू बिहान भूक् भूक् उज्यालो हुंद' उठेर
त्यसैगरि सहरको चारै तिर सात् खेप् घुमि श्राये . खालि त्येस दिन् मांत्रै
१६ तिनिहरू सहरको वरिपरि सात खेप् घुम्ये। श्रनि येसो भयो सातौं चइं खेपमां
जब पूजाहारीहरूले तुरही बजाउंद थिये तब यहोशूश्रले लोगलाइ श्राज्ञा
१७ दियो कराव किनभन्ये यहवेले तिमिहरूलाइ सहर् दियेको छ। श्रनि सहर्
त्यसमां भयेका सब थोक् समेत् यहवेको लागि भाकल गरीयेको हुंछ . खालि
राहाब् वेश्य र त्येस्को साथमां घरमां जत्ति हुंनन् ति जीइ रहुन् किनभन्ये
१८ त्यस्ले हांम्रा पठाईयेका दूतहरूलाइ लुकाइ राख्यौ। तर तिमिहरू चइं भाकल्
गरीयेको थोक् देखि बिस्रै खबरदारी सङ श्रलग् रह होइन भन्ये ता जुन्
थोक् तिमिहरूले पहिले भाकल् गय्रौ त्येइ भाकल् गरीयेको थोक् देखि
लेश्रोला र इस्राएलका छाउंनीलाइ स्रापित् तुल्याएर त्येसलाइ कष्टमां
१९ हालोला । तर सबै सुन् चांदी चइं र पीतल र फलमका भाडाबर्तन् चइं
२० यहवेको लागि पवित्र छन् . ति यहवेको भण्डारमां राखीछन् । त जसै
पूजाहारीहरूले तुरही बजाये तब लोग् कराये श्रनि येसो भयो जब लोगले
तुरहीको शब्द सुन्ये तब लोग् श्रोथि मारोगरि कराये तब घराभित्ता स्यांट्ठै
लड्यो वहांदेखि लोग् सहरमां चढि गये जनंग श्राफनु श्राफनु सांमु सांमु
२१ येसोरि तिनिहरूले सहर् लिहाल्ये । श्रनि के पुरुष के स्त्री के जुवान् के
बूढा श्रं गोरु भेंडाबाख्रा गदाहा सहरमां जत्ति थिये ति सबैलाइ भाकल्
२२ गरीयेको थोक् भैं तरवारको धारले काटि नाश पाय्रे । तर यहोशूश्रले ति
दमको भेद् लिंने दुइ जनालाइ भन्यो तिमिहरूले त्यो वेश्ये सित किरिया
खायेका श्रनुसार् त्यस्को घरमां गयेर त्येसलाइ र त्येस्का सबैलाइ त्यहां बाट
२३ निकालि ल्याव । त ति जुवान् भेदीयाहरूले भित्र गयेर राहाब् त्येस्का बाबु
श्रांमा दाज्यभाई र त्येस्का जो जो थिये श्रं सबै कुटुम्बहरूलाइ पनि निकालि
२४ ल्याये श्रनि तिनलाइ इस्राएलको छाउंनी देखि बाहिर राख्ये। श्रनि सहर चइं
र त्यसमां भयेका सबै थोकमां तिनिहरूले श्रागो लगाये . तर सुन् चांदी चइं
र पीतल र फलमका भांडाबर्तनहरू चइं मांत्रै तिनिहरूले यहवेको घरको
२५ भण्डारमां राख्ये। तर राहाब् वेश्ये त्येस्को बाबुको जहान् श्रं त्येस्का
सब्बै लोगलाइ यहोशूश्रले जीउंदो बचायो श्रनि श्राज सम्म त्येस्को वंश
इस्राएलीहरूको बीचमां छ किनभन्ये यहोशूश्रले यरीहोको भेद् लिनु लाइ
२६ पठायेका ति दूतहरूलाइ त्येस्ले लुकायेकी थिई । फेरि त्येति बेला यहोशूश्रले
किरिया दियो जस्ले उठेर यो यरीहो सहर् फेरि बनाउला त्यो यहवेको
सांमु स्रापित् हवस् . जग् बसाल्दा त्येस्को जेठो छोरो मर्छ श्रनि ढोका
२७ उभ्याउंदा कान्छो छोरो मर्ये । येसोरि यहवे यहोशूश्र सङ सङै रह्यो श्रनि
त्यस्को कीर्त्ति सिंगै देसमां फिंजीयो ॥

(आकान्को पाप्)

तर इस्राएलवंशीहरूले भाकल गरीयेको थोककोे विषयमां अपराध ७१
गर्‍ये . कमीर्गाभन्ये यहूदाकुलको जेरहको छोरो जब्दीको छोरो कर्मीको
छोरो आकानले भाकल गरीयेको थोकमांको अलिकता ल्याये छ . त्यसकारण
यहूवेको रिस इस्राएलवंशीहरू माथि उठ्यो ॥
त्यस पछि यहोशूअले यरीहो देखि बेतावनको छउको बेतलका पूर्व २
पट्टिको ए भन्ये सहरमां पुरुषहरूलाइ चर्दि गयेर देसको भेद ल्याव भनि
पठायो । र ति पुरुषहरूले चर्दि गयेर एको भेद बुझेर । वहांदेखि ३
यहोशूअ थांइ फर्कि आयेर त्यसलाइ भन्ये सब लोग चर्दि जांनु खांचो
छैनछ दुइ कि तीन हजार पुरुषहरूले मात्रै गयेर एलाइ मांरुन् त सबै
जनाले वहां जांने दुख उठाउंनु पर्दैन किनभन्ये तिनिहरू थोरै मात्र
राछन । त लोगमांका कोई तीन हजार जति पुरुष त्यहां चर्दि गये . अ ४
तिनिहरू एका पुरुषहरूको सांमु देखि भागि आये । अं एका पुरुषहरूले ५
तिनिहरूमांका कोई छत्तीस पुरुषहरूलाइ मारि पनि दिये आनि ढोका
देखि शबारीम सम्म खेद्येर फेदिमां तिनिहरूलाइ मांर्‍ये . यो देखि लोगका
हिर्दय विलीयेर पानी जस्तो भइ गयो । त यहोशूअ र इस्राएलका ६
प्राचीनहरू आफना आफना लुगा फारि सिरमां धुलो हालि यहूवेका
सन्दुकको सांमु भूंइमां सांझ सम्म घोप्रो परि रह्ये । आनि यहोशूअले भन्यो ७
हाय प्रभु यहूवे तपांइले यो लोगलाइ यर्दन् वारि एमोरीहरूको तावेमां
गरायेर हांमिहरूलाइ नास पार्नुलाइ किन ल्याउंनु भयो . बरु हांमिहरू सन्तोषी
भयेर यर्दन पारिनै रहंने थियूं । हे प्रभु इस्राएलीहरूले आफना सत्तुरहरूलाइ ८
पिठिउं फर्काइ दिये त अब मं के भनूं । किनभन्ये कनानीहरू अं देसका सबै ९
बासीहरूले यो सुन्येर हांमिहरूलाइ घेर्छन् आनि हांमिहरूको नांउ पृथिवी
देखि काटि दिंछन् . त तपांइले आफनु बड़ो नांउको लागि के गर्नु हुंछ ।
तब यहूवेले यहोशूअलाइ भन्यो उठ् तं किन येसोरि घोप्रो पर्‍येको १०
छस । इस्राएलले पाप् गर्‍येको छ अं जुन नियमको आज्ञा मैंले तिनिहरूलाइ ११
दिये त्यो देखि तिनिहरू तर्कि गये . अं तिनिहरूले भाकल गरीयेको
थोकमांको केइ ल्याये आनि चोरी पनि गर्‍ये आनि छल पनि गर्‍ये आनि
त्यो आफनु आलमालमां राख्ये पनि । येसकारणले इस्राएलवंशीहरू आफना १२
सत्तुरहरूको सांमु उभींनु सक्दैनन् अं तिनिहरूले आफना सत्तुरहरूको सांमु
पिठिउं फर्काये किनभन्ये तिनिहरू स्रापित भयेका छन् . आनि तिमिहरूले
आफनु बीच् देखि भाकल गरीयेको थोक् नास गर्‍यौन भन्ये देखि मं फेरि
तिमिहरू सङ रहंदींन । त उठ् लोगलाइ शुद्ध गर् र भन् बिहान सम्म आफु १३
आफुलाइ शुद्ध गर . किनभन्ये इस्राएलको ईश्वर यहूवेले येसो भन्द छ हे
इस्राएल तिमिहरूको बीचमां कोई भाकल गरीयेको थोक् छ . त भाकल
गरीयेको थोक आफनु बीच देखि टर न गरुंज्याल सम्म तिमिहरूलाइ

१४ आफ्ना सत्रुहरुको सांमु उभीइ रहने शक्ति हुंदैन। त बिहान तिमिहरु
कुल् कुल् गरि उभ्याइंछौ. अनि जुन् कुल्लाइ यहवेले पक्रंछ त्यो सन्तान्
सन्तान् गरि छुट आवस् अनि जुन् सन्तान्लाइ यहवेले पक्रंछ त्यो जहान्
जहान् गरि छुट आवस् अनि जुन् जहान्लाइ यहवेले पक्रंछ त्यो एक्
१५ एक् मान्छे गरि आवस्। अनि यैसो हुंछ जो भाकल्को थोक् समेत् पकड़ा
पर्छ त्यो आफ्नु सिंगै आल्माल् समेत् आगोमां डढ़ाइंओस्. किनभन्ये त्यो
यहवेको नियम् देखि तर्कि गयो अनि इस्राएल्मां मूर्खइं गऱ्यो॥
१६ त बिहान यहोशूअले सबेरै उठेर इस्राएल्लाइ कुल् कुल् गरि
१७ छुट ल्यायो त यहूदाको कुल् पकड़ा पऱ्यो. तब त्येस्ले यहूदाको सन्तान्
सन्तान्लाइ छुट ल्यायो त जेरहको सन्तान् पकड़ा पऱ्यो. फेरि जेरहको
सन्तान्लाइ जहान् जहान् गरि छुट ल्यायो त जब्दीको जहान् पकड़ा
१८ पऱ्यो. तब त्येस्ले जब्दीको जहान्लाइ एक् एक् मान्छे गरि नजिक्
ल्यायो त यहूदा कुल्को जेरहको छोरो जब्दीको छोरो कर्मीको छोरो
१९ आकान् चइं पकड़ा पऱ्यो। तब यहोशूअले आकान्लाइ भन्यो ए मेरो
छोरो इस्राएल्को ईश्वर् यहवलाइ महिमानै दे अनि उस्को सांमु
काएल् हो अब जे गर्येको छस् त्यो मंलाइ कह् अनि मं देखि न लुका।
२० त आकान्ले यहोशूआलाइ उत्तर् दियो सांच्चिनै मैले इस्राएल्को ईश्वर्
२१ यहवको बिरुद्धमां पाप् गऱ्यें अनि यैसो यैसो गऱ्यें. अर्थात् जब मैले
लूट्मां शिनार् देसको येउटा राम्रो क्रांच् र दुइ सै शेकेल् चांदी र
पचास् शेकेल् सुन्को येउटा फालि देख्यें तब मैले तिनको लालच् गरि
लियें त हेर्नु हवस् ति मेरो डेराको मांझमां भूंइमां लुकायेका छन् अनि सबै
२२ भन्दा मुनि चांदी चइं छ। त यहोशूअले दूत् पठायो अनि ति डेरामां
दुगुरि गये अनि हेर ति थोक् त्येस्को डेरामां लुकायेका राछन् अनि सबै
२३ भन्दा मुनि चांदी चइं रछ। अनि तिनिहरुले ति डेराको बीच् देखि निकाल्ये
अनि यहोशूअ र सब् इस्राएल्बंशीहरु थांइ ल्यायेर यहवेको सांमु राखि
२४ दिये। तब सबै इस्राएल् समेत् भइ यहोशूअले जेरहबंशी आकान्लाइ
र ति चांदी र क्रांच् र सुन्को फालि र त्येस्का छोराछोरीहरु र त्येस्का गोरु
गधाहाहरु र भेड़ाबाखा र त्येस्को डेरा अं त्येस्का जे जे थिये ति सबैलाइ
२५ आकोर्को खोलामां लग्ये। वहांदेखि यहोशूअले भन्यो हांमिहरुलाइ
किन कष्टमां हालिस्. आजु यहवेले तंलाइ कष्टमां हाल्छ। तब सबै
इस्राएल्ले त्येस्लाइ लोहोऱ्याये अनि तिनलाइ आगोमां डढ़ाये अनि ति
२६ मांथि ढुंगा हालि दिये। अनि तिनिहरुले त्येस् मांथि ढुंगाहरुको ठूलो
थप्रो उठाये जो आजु सम्म छ त यहव आफ्नु बल्दो रिस् देखि फर्क्यो।
त्येसकारण आजु सम्म त्येस् ठांउको नांउ आकोर्को[1] खोला राखीयेको छ॥

[1] अर्थात् कष्टको।

(ऐ सहर्को लिवाई)

तब यहवेले यहोशूअलाइ भन्यो न डरा थरहरि न हो . लड़ाईं ८ १
माफिक्का सबै मान्छेहरुलाइ साथ लियेर उठ् ऐमां चढि जा . हेर् मैंले
ऐको राजालाइ र त्येस्का पर्जा र सहर् र मुलुक् समेत् तेरो हातमां पारि
दियेको छु . अनि जसो तैंले यरीहो र त्येस्को राजालाइ गरिस् त्येसै ऐ र २
त्येस्को राजालाइ पनि गर् . तर त्येस्को लूट् चइं पशुहरु समेत् आफ्नु लागि
सिकार् जस्तो लिंनु . अब सहर्को पछिल् तिर ढुकुवा राख् । त यहोशूअ ३
सबै लड़ाईंका मान्छेहरु समेत् ऐमां चढि जांनुलाइ उठ्यो . अनि त्येस्ले तीस्
हजार् बीर्हरुलाइ छान्येर राति पठायो । अनि तिनलाइ आज्ञा दियो हेर ४
तिमिहरु सहर्को पछिल्तिर सहर्को बिरुद्धमां ढुकि रह . सहर् देखि धेर्
टाढ़ो न जांनु तर सबै जना तियार् रहंनु . अनि म चइं आफ्ना सबै ५
साथीहरु समेत् सहर् छेउ आउंछु . अनि येसो हुंछ जब तिनिहरु अगाड़ि
झैं हांमिहरु मांथि निक्लि आउंनन् तब हांमिहरु तिनिहरुको सांमु देखि
भाग्छौं अनि तिनिहरु हांमिहरुको पछि पछि निक्लि आउंछन् ६
हांमिहरुले तिनिहरुलाइ सहर् देखि टाढ़ो तानि न ल्याउंज्याल् सम्म
कसोगरिभन्ये तिनिहरुले भन्छन् यिनिहरु अगाड़ि झैं हांमिहरुको सांमु
देखि भाग्दै छन् भनि . त येसोरि हांमिहरु तिनिहरुको सांमु देखि
भाग्छौं . तब तिमिहरुले ढुकाई देखि उठेर सहर् लिहाल . कसोगरिभन्ये ७
तिमिहरुको ईश्वर् यहवेले त्यो तिमिहरुको हात्मां सुम्पि दिंछ । अनि येसो ८
हुंछ जब सहर् लिंछौ तब त्येस्मां आगो लगाव यहवेको बचन् अनसार् गर .
हेर मैंले तिमिहरुलाइ आज्ञा दियेको छु । येसोरि यहोशूअले तिनिहरुलाइ ९
पठायो . त तिनिहरु ढुकाईमां गये अनि बेतेल् र ऐको बीच्मां ऐको
पच्छिउं तिर बसि रह्ये . तर यहोशूअ चइं लोग्को बीच्मांनै रह्यो ॥

अनि बिहान यहोशूअ सबेरै उठ्यो अनि लोगलाइ सामेल् गरायेर १०
इस्राएल्का प्राचीन्हरु समेत् लोग्को अघि अघि ऐमां चढि गयो । अनि सबै ११
लोग् अर्थात् त्यो सङ्का लड़ाईंका मान्छेहरु चढि गये अनि नजिक् आयेर
सहर्को सांमु पुग्ये अनि ऐको उत्तर् तिर डेरा हाल्ये . अनि तिनिहरुको र
ऐको बीच्मां येउटा गैह्री थियो । तब त्येस्ले पांच् हजार् जति पुरुष् लियेर १२
बेतेल् र ऐका बीच्मां सहर्को पच्छिउं तिर ढुकाईमां राख्यो । त तिनिहरुले १३
लोगलाइ येसोरि राख्ये अर्थात् सबै सेनाचइंलाइ सहर्को उत्तर् पट्टि अनि
तिनिहरुको ढुक्नेहरुचइंलाइ सहर्को पच्छिउं पट्टि अनि यहोशूअ चइं त्येस्
रात् गैह्रीको बीच्मां गयो । अनि एसो भयो जब ऐको राजाले यो देख्यो १४
तब तिनिहरु फुर्ति सित सबेरै उठे अनि सहर्का पुरुष्हरु इस्राएलीहरुको
सांमु लड़ाईं गर्नुलाइ निक्लि आये अर्थात् राजा सिंगै पर्जाहरु समेत्
ठहरायेको समय्मां अराबाको सांमु निक्लि गये तर त्येस्ले सहर्को पछिल्
तिर मान्छेहरु मेरो बिरुद्धमां ढुकवा बस्येका छन भनि जान्देन थियो । तब १५

यहोशूअ र सबै इस्राएल् हार्येको जस्तो गरि बनको बाटो बाटो
१६ भाग्ये । अनि सहर्मां भयेका सबै लोग् तिनिहरूलाइ खेद्नुलाइ कराइ
कराइकन बोलाईये . अं तिनिहरु यहोशूअलाइ खेद्दा सहर् देखि
१७ तानीये . अं इस्राएल्को पछि पछि निक्लि न गयेको ऐ र बेतेल्मां येउटा
मान्छे पनि रह्येन . अं तिनिहरूले सहर् उघारो छोडि राख्येर इस्राएल्लाइ
१८ खेद्ये । तब यहवेले यहोशूअलाइ भन्यो आफ्नु हात्मां भयेको भाला ऐ
तिर पसार् किनभन्ये मं त्यो तेरो हात्मां दिहाल्छु । त यहोशूअले आफ्नु
१९ हात्मां भयेको भाला सहर् तिर पसार्यो । त्येस्ले हात् पसार्नु बित्तिकं
ढुक्नेहरु छिट्टै आफ्नु आफ्नु ठांउ देखि उठेर दुगुर्दै सहर्मां पसेर त्यो
२० लिहाल्ये अनि छिट्टै त्येसमां आगो लगाइ दिये । जसै ऐका पुरुषहरूले
पछिल् तिर हेर्ये त की देख्ये भन्ये सहर्को धुवां अकाश् तिर उठ्दै रह्छ तब
ता तिनिहरूलाइ न येता न उता भाग्ने शक्ति रह्यो . अनि बन् तिर भागि
२१ जांनेहरु आफुलाइ खेद्नेहरु पट्टि फर्के । अनि जब यहोशूअ र सब
इस्राएलले ढुक्नेहरूले सहर् लियेको र त्येस्का धुवां उठ्दै गयेको देख्ये तब
२२ फर्केर ऐका मान्छेहरूलाइ मार्ये । अनि ति अरुहरु सहर् देखि तिनिहरु
माथि निस्कि आये येसोरि तिनिहरु इस्राएल्को बीच्मां परे कति येता
पट्टि कति उता पट्टि . त तिनिहरूले तिनिहरूलाइ यहां सम्म गरि मार्ये
२३ तिनिहरूमांको कोइ रहने कि भाग्ने थियेन । तर ऐको राजाचइंलाइ
२४ जीउंदै समात्येर यहोशूअ थांइ ल्याये । अनि येसो भयो जब इस्राएल्ले
आफुहरु खेदीयेको बन्को मैदान्मां ऐका लोगलाइ मारि सके अनि जब
तिनिहरु नष्ट होइ न सकुंज्याल् सम्म सबै तरवार्को धार्ले काटीये तब सब
२५ इस्राएल्ले ऐमां फर्केर त्येस्लाइ तरवार्को धार्ले काटि दिये । त त्येस् दिन्
मारीयेका सब पुरुष् स्त्री बारह् हजार् जना थिये अं ऐका सबै मान्छे ।
२६ कसोगरिभन्ये यहोशूअले ऐका सबै बासीहरूलाइ भाकल् गरीयेको थोक् भं
नास् न पारुंज्याल् सम्म आफ्नु भाला समाति पसार्येको हात् ओह्राल्येन ।
२७ खालि पशु र सहर्को लूट् मात्रै इस्राएल्ले यहवेले यहोशूअलाइ आज्ञा
२८ दियेको बचन् अनुसार् आफ्नु लागि सिकार् जस्तो लियो । येसोरि
यहोशूअले ऐ डड़ायो अनि त्येस्लाइ सदाको लागि थुप्रो लगायो अं उजार्
२९ गरायो जो आज् सम्म छ । अनि ऐको राजालाइ त्येस्ले येउटा रुख्मां सांझ्
सम्म झुंड्याइ राख्यो . तर सूर्ज अस्ताउंदै गर्दा यहोशूअले आज्ञा दियो
अनि तिनले त्येस्को मुर्दा रुख् देखि उतार्येर सहर्को ढोकाको सांमु अफाल्येर
त्येस् माथि ढुंगाहरूको ठुलो थुप्रो लगाइ दिये जो आज् सम्म छ ॥
३० त्येस् बेला यहोशूअले इस्राएल्को ईश्वर् यहवेको लागि एबाल्
३१ डांड़ामां बेदी बनायो त यहवेको दास् मूसाले इस्राएलवंशीहरूलाइ
आज्ञा दियेको र मूसाको व्यवस्थाको पोस्तक्मां लेख्येको अनुसार् न
काटेरको अं कसैले फलम् पनि न उब्जायेका ढुंगाहरूको येउटा बेदी
बनायो . वहांदेखि तिनिहरूले त्येसमां यहवेको लागि होमबलि चढाये

अनि मिलापबलि गर्‍ये। अनि त्यस्ले मूसाले लेख्येको व्यवस्थाको नकल ३२
इस्राएलबंशीहरूको सांमु वहां ढुंगाहरूमां लेख्यो। अनि सिंगै इस्राएल त्यस्का ३३
प्राचीनहरू मालिकहरू र बिचारीहरू समेत परदेसीहरू र स्वदेसीहरू
यहवेको नियमको सम्पट बोक्ने लेवी पूजाहारीहरूको सांमु सम्पटको येता
उति उभीये आधा गरिज्जीम डांड़ाको सांमु अनि आधा एबाल डांड़ाको सांमु
यहवेको दास मूसाले आज्ञा दियेको झैं पहिले तिनिहरूले इस्राएली
लोगलाइ आशीर्बाद दिउन भनि। त्येस पछि त्यस्ले व्यवस्थाका सबै बचन ३४
आशीर्बाद र स्रापका अर्थात व्यवस्थाको पोस्तकमां लेख्येका सबै कुरा
अनुसार पर्‍यो। जत्ति कुराको आज्ञा मूसाले दियेको थियो तिनिहरूमांको ३५
यहोशूअले इस्राएलको सिंगै समाज र स्त्रीहरू र बालबच्चाहरू र तिनिहरू
सङ सङै हिंड्ने परदेसीहरूको सांमु न पर्‍येको कुरो कुनै रहेन ॥

(गिबोनीहरूको छल)

अनि येसो भयो जब यर्दनको येता वारी पहाड़ देसमां र तीर ९ १
देसमां र लबानोनको सांमु भयेको महासमुन्द्रको तीरभरि रहने हित्ती
एमोरी कनानी परिज्जी हिव्वी र यबूसीराजाहरूले सुन्ये तब तिनिहरू २
एक मन गरि यहोशूअ र इस्राएल सित संग्राम गर्नुलाइ जमा भये ॥
तर जब गिबोनका बासीहरूले यहोशूअले यरीहो र ऐलाइ के के ३
गर्‍यो भनेर भन्येका सुन्ये तब तिनिहरूले छल पनि गर्‍ये अर्थात दूतहरूले ४
झैं आफ्ना खांने सादाम आफ्ना गदहाहरू मांथि पुरांना बोराहरू र पुरांना
फाटेका र टाल्येका दाखरसका मशकहरू बोकाये अनि आफ्ना ५
गोड़ामां पुरांना टालटुल गर्‍येका जुत्ताहरू लगाये अनि जीउमां पुरांना
लुगाहरू अनि तिनिहरूका खांने सब रोटी सुक्येका र ढुंड़ि पर्‍येका थिये।
त तिनिहरूले गिलगालको छाउंनीमां यहोशूअ थांइ आयेर त्यस्लाइ र ६
इस्राएलका पुरुषहरूलाइ भन्ये हांमिहरू टाड़ो देस देखि आयेका छौं. त
अब हांमिहरू सित बाचा बांधनु हवस। तर इस्राएलका पुरुषहरूले ७
ति हिव्वीहरूलाइ भन्ये कोनि तिमिहरू हांमिहरूकै बीचमां रहनेहरू
होऔला त तिमिहरू सित हांमिहरू कसोगरि बाचा बांधुं। त तिनिहरूले ८
यहोशूअलाइ भन्ये हांमिहरू आफुहरूका कमाराहरू हौं। अनि यहोशूअले
तिनिहरूलाइ भन्यो तिमिहरू को हौ अनि कहां बाटो आयौ। तब ९
तिनिहरूले त्यस्लाइ भन्ये हांमिहरू आफुका कमाराहरू औधि टाड़ो देस बाटो
आफुको ईश्वर यहवेको नांउ सुन्येर आयूं. किनभन्ये हांमिहरूले उस्को कीर्त्ति
सुन्यूं अं ज्ये ज्ये उस्ले मिस्रमां अनि ज्ये ज्ये यर्दन पारिका एमोरीहरूका १०
दुवै राजा अर्थात हेशबोनको राजा सीहोनलाइ र अश्तारोतबासी बाशानको
राजा ओगलाइ गर्‍येको थियो भनि। येस्कारण हांमिहरूका प्राचीन र ११
हांमिहरूको देसका सबै बासीहरूले हांमिहरूलाइ भन्ये तिमिहरूले आफनु
बाटोका खांने सादाम लियेर तिनिहरूलाइ भेट गर्नुलाइ जाव अनि

तिनिहरूलाइ भन हांमिहरू आफुहरूका कमांराहरू हौं . त आफुहरूले अब
१२ हांमिहरू सित बाचा बांधनु हवस् भनि । यि हांम्रा खांने रोटीहरू
आफुहरू थांइ आउंनुलाइ आफनु घर् छोड़ेको दिनमां ताजा थिये तर
१३ अब हेर्नु हवस् सुकि गये अनि ढुंढि पर्य्ये . अनि यि हांमिहरूले दाखरस्
भर्य्येका मशकहरू नया थिये अनि हेर फाटि गये . अनि हांमिहरूका यि
१४ लुगा र जुत्ता अौधि टाढ़ोको बाटोको कारणले पुरांना भइ गये । तब
पुरुषहरूले तिनिहरूको खांने थोक् देखि लिये अनि यह्वे सित सोधनौ
१५ गर्य्यनन् । अनि यहोशूअले तिनिहरू सित मिलाप् गर्य्यो अनि तिनिहरूलाइ
जीउंदो छोड्नुलाइ तिनिहरू सित बाचा बांध्यो . अनि मंडलीका मालिकहरूले
१६ तिनिहरू सित किरिया खाये । अनि येसो भयो तिनिहरू सित बाचा
बांध्येको तीन् दिन् पछि तिनिहरूले सुन्ये तिनिहरू हांमिहरूकै छिमेकि
१७ राछन् अनि हांमिहरूकै बीचमां रहंदा राछन् भनि । तब इस्राएलवंशीहरू हिंड़ि
तीखो दिनमां तिनिहरूका सहरमां पुग्ये । अनि तिनिहरूको सहर् गिबोन्
१८ कपीरा बेरोत् र कियत्यारिम् थिये । तब इस्राएलवंशीहरूले तिनिहरूलाइ
मार्य्यनन् किनभन्य्ये मंडलीका मालिकहरूले तिनिहरू सित इस्राएलको
ईश्वर् यह्वेको किरिया खायेका थिये । त सिंगै मंडली मालिकहरू मांथि
१९ गनगनाये । तर सबै मालिकहरूले सिंगै मंडलीलाइ भन्ये हांमिहरूले
तिनिहरू सित इस्राएलको ईश्वर् यह्वेका किरिया खायेका छौं . येसकारण
२० हांमिहरू तिनिहरूलाइ छुंनु सकदैनं । हांमिहरू तिनिहरू सित येसो गर्छौं
अं तिनिहरूलाइ जीउंदा छोड्छौं होइन भन्ये ता हांमिहरूले तिनिहरू
२१ सित खायेको किरियाको कारणले हांमिहरू मांथि रिस् पर्ला । फेरि
मालिकहरूले तिनिहरूलाइ भन्ये तिनिहरूलाइ जीउंदो छोड़ . तर तिनिहरू
सिंगै मंडलीको लागि दाउरे र पन्हरे होउन् मालिकहरूले तिनिहरूलाइ
२२ भन्ये भैं । तब यहोशूअले तिनिहरूलाइ बोलायेर भन्यो तिमिहरूले
हांमिहरूलाइ हांमिहरू आफुहरू देखि अग्घोर् टाढ़ाकाहरू हौं भनि किन
२३ छल गर्यौ जब तिमिहरू हांमिहरूकै बीचमां रहंदा राछौ । येसकारण
तिमिहरू स्रापित् भयौ अनि तिमिहरूमांको कसैले कमांरेदर् अर्थात् मेरो
ईश्वरको घरको लागि दाउरे पन्हरे हुंनु देखि बिदा पाउंदैन ।
२४ अनि तिनिहरूले यहोशूअलाइ उत्तर् दिइ भन्ये आफुका कमांराहरूलाइ
थांचिनै भनीयेको थियो कसोगरि आफुको ईश्वर् यह्वेले आफनु दास्
मूसालाइ आज्ञा गर्येको थियो यो सिंगै देस् मं तिमिहरूलाइ दिंछु अनि
त्यस् देसका सबै बासीहरूलाइ तिमिहरूको सांमु देखि नास् पार्छु भनि
येसकारण हांमिहरूले आफुहरूको कारणले आफना प्राणको अग्घोर् डरको
२५ कारणले यो काम् गर्यूं । त अब हेर्नु हवस् हांमिहरू आफुका तालिमां छौं .
आफुलाइ हांमिहरूलाइ ज्य जाति र ठीक् लागछ त्येइ गर्नु हवस् ।
२६ अनि त्येले तिनिहरूलाइ येसो गर्य्यो अनि इस्राएलवंशीहरू देखि बचायो र
२७ यिनिहरूले तिनिहरूलाइ मार्य्येनन् । अनि यहोशूअले तिनिहरूलाइ त्येस्

दिन् मंडलीको लागि र यहवेको बेदीको लागि जुन् ठांउ उस्ले छान्छ
त्यस् ठांउको लागि दाउरे पन्हरे तुल्यायो जसो आजु सम्म छ ॥

(पांच् जना राजाहरुको नास्)

अनि ऐसो भयो जब यरुशलेमको राजा अदोनीसिदेकले यहोशूअले १० १
ऐ लिहाल्यो अनि त्यस्लाइ भाकल् गरीऐको थोक् भैं नास् पाऱ्यो त्यस्ले
यरीहो र त्यस्को राजालाइ गर्य़ेको भैं ऐ र त्यस्को राजालाइ पनि गऱ्यो अनि
गिबोन्का बासीहरुले इस्राएल् सित् मिलाप् गर्य़ेर तिनिहरुको बीचमां
रह्याका छन् भनि सुन्यो तब तिनिहरु औधि डराऐ किनभन्य़े २
गिबोन् चइं ऐउटा ठुलो सहर् अं राजधानी जस्तो थियो कसोगरिभन्य़े
त्यो ऐ भन्दा पनि ठुलो थियो अनि त्यहांका सब् लोग् बीरहरु थिऐ ।
ऐस्कारण यरुशलेमको राजा अदोनीसिदेकले हेब्रोन्को राजा होहाम् र ३
यर्मूतको राजा पिराम् र लाकीशको राजा यापी र एग्लोन्को राजा दबीर्
थांइ ऐसो भनि पठायो मं थांइ चढि आऐर मेरो गोहार् गर र ४
हामिहरु गिबोन्लाइ मारुं, किनभन्य़े त्यस्ले यहोशूअ र इस्राएलबंशीहरु
सित मिलाप् गर्य़ो छ । त एमोरीहरुका पांच् जना राजाहरु अर्थात् यरुशलेमको ५
राजा हेब्रोन्को राजा यर्मूतको राजा लाकीशको राजा एग्लोन्को राजा
तिनिहरु भेला भऐर चढि गइ तिनिहरु र तिनिहरुका सिंगै सेनाले
गिबोन्को सांमु डेरा हाल्य़ेर त्यो सित लडाइं गर्य़े । तब गिबोन्का लोगले ६
गिल्गाल्मां छाउंनीमां यहोशूअ थांइ भनि पठाऐ आफ्ना कमारांहरु देखि
आफ्नु हात् न झिक्नु हवस् हामिहरु थांइ छिट्टो चढि आऐर हामिहरुलाइ
बचाउंनु हवस् अनि हामिहरुको गोहार् गर्नु हवस्, किनभन्य़े पहाड्
देसमां बस्ने एमोरीहरुका सबै राजाहरु हामिहरुको बिरुद्धमां भेला भऐका
छन् । तब यहोशूअ लडाइंका सबै मान्छेहरु र सबै बीरहरुलाइ साथ ७
लिऐर गिल्गाल् देखि चढि गयो । अनि यहवेले यहोशूअलाइ भन्यो ८
तिनिहरु देखि न डरा, किनभन्य़े तिनिहरुलाइ तेरा हातमां सुम्पि दिऐको छु
तिनिहरुमांको ऐउटा पनि तेरो सांमु उभींनु सक्दैन । तब यहोशूअ गिल्गाल् ९
देखि रातभरि चढि गऐर एक्कासि तिनिहरु मांथि आइ पुग्यो । अनि यहवेले १०
तिनिहरुलाइ इस्राएलको सांमु धंस पाऱ्यो अनि गिबोनमां तिनिहरुलाइ
ठुलो संहारैले माऱ्यो अनि बेथोरोनको उकालो बाटोमां तिनिहरुलाइ खेद्यार
अजेका र मक्केदा सम्म माऱ्यो । अनि ऐसो भयो जब तिनिहरु इस्राएलको सांमु ११
देखि भाग्दै भाग्दै बेथोरोनको ओह्रालोमां थिऐ तब यहवेले तिनिहरु
मांथि अजेका सम्म स्वर्ग देखि ठुला ठुला असीना झाऱ्यो त तिनिहरु मर्य़े,
असीनाले मरेहरु इस्राएलबंशीहरुले तरवारले मार्य़ेका भन्दा बेसि थिऐ ॥
तब यहवेले एमोरीहरुलाइ इस्राएलबंशीहरुको हात्मां सुम्प्य़ेको १२
दिनमां यहोशूअले यहवेलाइ इस्राएलबंशिहरुको सांमु ऐसो कह्या अं
इस्राएलको सुखेंजि ऐसो भन्यो

ए सूर्ज गिबोन्मां
अनि ए जून् तं चइं अय्यालोन्को तरिमां अड़ीह ।
१३ तब सूर्ज अड़ीयो अनि जून् थामीयो
लोगले आफ्ना सत्तुर्हरु देखि साटो न फर्काउंञ्याल् सम्म ।
क्य यो याशार्को पोस्तक्मां लेख्येको छैन । त सूर्ज स्वर्गको मांझमां
१४ अड़ीयो अनि झन्डै दिन्भरि जति अस्ताउंनुलाइ छिटो गर्येन । अनि यह्वेले
मान्छको कुरा सुन्यको त्यो दिन् जस्तो अघि कि पछि कैले पनि भयेन.
किनभन्य यह्वेले इस्राएल्को लागि लड़ाइं गर्यो ॥
१५ तब यहोशूअ सिंगै इस्राएल् समेत् गिल्गाल्को छाउंनीमां फर्कि आयो ॥
१६
१७ तर ति पांचै राजाहरु भाग्यर मक्केदाको ओढ़ार्मां गइ लुक्य । अनि
पांचै राजा मक्केदाको ओढ़ार्मां लुक्यका पाइयेै भनि यहोशूअलाइ सुनाइंयो ।
१८ तब यहोशूअले भन्यो ओढ़ार्को मुख्मां ठुल्ठुला ढुंगाहरु पल्टायेर लगाइ
१९ देव अनि तिनिहरुलाइ रुङ्नुलाइ पहरा बसाल. तर तिमिहरु चइं न
अडीयौ आफ्ना सत्तुर्हरुलाइ खेद अनि तिनका पछिल्लाहरुलाइ मार
तिनलाइ तिनको सहर्मां पस्नु न देव किनभन्य तिमिहरुको ईश्वर् यह्वेले
२० तिनिहरुलाइ तिमिहरुको हात्मां सुम्पि दियेको छ । अनि येसो भयो जब
यहोशूअ र इस्राएलबंशीहरुले तिनिहरुलाइ नष्ट सम्म अग्घोर् ठुलो मराइले
मारि सक्य अनि तिनिहरुका उब्रकाहरु घराभित्ता भयेका सहर्हरुमां पस्य
२१ तब सबै लोग् मक्केदाको छाउंनीमां यहोशूअ थांइ कुशल् सित फर्कि आये.
२२ कस्सैले इस्राएल्बंशीहरुको बिरुद्धमां जिब्रो चलायेन । तब यहोशूअले भन्यो
ओढ़ार्को मुख् उघार्येर ति पांच राजाहरुलाइ ओढ़ार् बाटो मं थांइ बाहिर
२३ ल्याव । त तिनिहरुले येसै गर्य अर्थात् ति यरुशलेम्को राजा हेब्रान्को
राजा यर्मूत्का राजा लाकीशको राजा एग्लोन्को राजा ति पांच राजाहरुलाइ
२४ ओढ़ार् बाटो त्यो थांइ बाहिर ल्याये । अनि येसो भयो जब तिनिहरुले ति
राजाहरुलाइ यहोशूअ थांइ ल्याये तब यहोशूअले इस्राएल्का सबै
पुरुषहरुलाइ बोलायो अनि आफु सङ हिंडूने लड़ाइंका मान्छहरुका
मालिक्हरुलाइ भन्यो छेउ आयेर यि राजाहरुका गर्धन् गर्धन्मां गोड़ाले
टेक । तब तिनिहरुले छेउ आयेर तिनका गर्धन् गर्धन्मां आफ्ना गोड़ाले
२५ टेक्य । तब यहोशूअले तिनिहरुलाइ भन्यो न डराव थरहरि न होव हूप्
बांधिकन बल्लियो होव. किनभन्य यह्वेले तिमिहरु सङ लड़ाइं गर्ने सबै
२६ सत्तुर्हरुलाइ येसै गर्छ । त्यसपछि यहोशूअले तिनिहरुलाइ हानि मार्यो
अनि तिनिहरुलाइ पांच्वटा रुख्हरुमां झुंड्याइ दियो. अनि तिनिहरु
२७ सांझ् सम्म ति रुख्हरुमां झुंडीइ रह्य । अनि येसो भयो सूर्ज अस्ताउंदै गर्दा
यहोशूअले आज्ञा दियेकोमां तिनिहरुले तिनिहरुलाइ रुख् बाटो उतार्येर
त्यइ तिनिहरु लुक्यको ओढ़ार्मां हालि दिये अनि ओढ़ार्का मुख्मां ठुला
ठुला ढुंगाहरु लगाइ दिये जो आजुको दिन् सम्म छ ॥
२८ अनि त्यस् दिन् यहोशूअले मक्केदालाइ लिहाल्यो अनि त्यसलाइ त्यसको

राजा समेतलाइ तरवारको धारले काट्यो अं तिनिहरूलाइ त्यसमां बस्ने
सब्बै प्राणीहरू समेतलाइ त्यस्ले भाकल गरीयेको थोक् झैं येउटा मान्छेलाइ
पनि न छोडूने गरि नास् पाऱ्यो . अं त्यस्ले यरीहोको राजालाइ गर्‍यका झैं
मक्केदाको राजालाइ पनि गऱ्यो ॥

त्यस् पछि यहोशूअले सबै इस्राएल् सित मक्केदा देखि लिब्नामां २९
हिंड़ि गयेर त्यो सित लड़ाइँ गऱ्यो . अनि यहवेले त्यस् पनि त्यस्को राजा ३०
समेत् इस्राएलको हात्मां सुम्पि दियो अनि त्यस्ले त्यस्लाइ त्यसमां बस्ने
सब्बै प्राणीहरू समेतलाइ तरवारको धारले त्यसमां येउटा मान्छेलाइ पनि
न छोडूने गरि काट्यो अं त्यस्ले यरीहोको राजालाइ गर्‍यको झैं लिब्नाको
राजालाइ पनि गऱ्यो ॥

फेरि यहोशूअले सबै इस्राएल् समेत् लिब्ना देखि लाकीशमां हिंड़ि ३१
गयेर त्यस्को सांमु छाउनी हालि त्यो सित लड़ाइँ गऱ्यो . अनि यहवेले ३२
लाकीश् इस्राएलको हात्मां सुम्पि दियो अनि त्यस्ले त्यो भोलि पाल्टो
लियेर त्यस्लाइ त्यसमां बस्ने सब्बै प्राणीहरू समेतलाइ लिब्नालाइ गर्‍यको
सबै झैं तरवारको धारले काट्यो ॥

तब गेजेरको राजा होराम् लाकीशलाइ गोहार् गर्नलाइ चढि आयो ३३
तर यहोशूअले त्यस्लाइ त्यस्का लोग् समेतलाइ येउटा मान्छे न छोडुंज्याल्
सम्म गरि काट्यो ॥

त्यहांदेखि यहोशूअले सबै इस्राएल् समेत् लाकीश् बाटो एग्लोनमां ३४
हिंड़ि गयेर त्यस्को सांमु छाउनी हाल्येर तिनिहरूले त्यो सित लड़ाइँ गर्‍ये
अनि त्यसै दिन् तिनिहरूले त्यो लिहाल्येर त्यस्लाइ त्यसमां बस्ने सबै ३५
प्राणीहरू समेतलाइ लाकीशलाइ गर्‍यको सबै झैं त्यस्ले तरवारको धारले
काटि भाकल् गरीयेका थोक् झैं त्यसै दिन् नास् पाऱ्यो ॥

फेरि यहोशूअ सबै इस्राएल् समेत् एग्लोन् बाटो हेब्रोनमां चढि ३६
गयो अनि तिनिहरूले त्यो सित लड़ाइँ गर्‍ये . अनि त्यस्लाइ लिहाल्येर ३७
त्यस्लाइ त्यस्को राजालाइ त्यस्को सबै सहरहरू तिनमां बस्ने सबै प्राणीहरू
समेतलाइ एग्लोनलाइ गर्‍यको सबै झैं त्यस्ले येउटा मान्छेलाइ पनि न
छोडूने गरि तरवारको धारले काट्या अं त्यस्ले त्यस्लाइ त्यसमां बस्ने सबै
प्राणीहरू समेतलाइ भाकल् गरीयेको थोक् झैं नास् पाऱ्यो ॥

तब यहोशूअले सबै इस्राएल् समेत् दबीरमां फर्कयेर त्यो सित लड़ाइँ ३८
गऱ्यो अनि त्यस्ले त्यस्लाइ त्यस्को राजालाइ त्यस्का सबै सहरहरूलाइ ३९
लिहाल्यो अनि तिनिहरूले तिनिहरूलाइ त्यसमां बस्ने सबै प्राणीहरू समेतलाइ
तरवारको धारले काटि भाकल् गरीयेको थोक् झैं नास् पाऱ्यो येउटा
मान्छेलाइ पनि न छोडूने गरि . त्यस्ले हेब्रोनलाइ गर्‍यको झैं अं लिब्नालाइ
पनि र त्यस्को राजालाइ गर्‍यको झैं दबीर र त्यस्को राजालाइ पनि गऱ्यो ॥

येसोरि यहोशूअले सबै देस् अर्थात् पहाड़े देस् दक्खिन् देस् तरि देस् ४०
पाखा देसलाइ तिनका सबै राजा समेतलाइ येउटा मान्छेलाइ पनि न

छोड्ने गरि मार्‍यो . अं इस्राएलको ईश्वर् यहवेका आज्ञा अनुसार् त्यस्ले सबै
४१ सास् फेर्नेहरूलाइ भाकल् गरीयेको थोक् झैं नास् पार्‍यो । अनि यहोशूअले
कादेशबर्नेदेखि अज्जा सम्म अनि गोशेनको सबै देस् गिबोन् सम्म
४२ तिनिहरूलाइ मार्‍यो। अनि ति सबै राजाहरूलाइ तिनिहरूको देस् समेत्
यहोशूअले एकै चोटि लिहाल्यो कसोगरिभन्ये इस्राएलको ईश्वर् यहवेले
४३ इस्राएलको लागि लड़ाइँ गर्‍यो। तब यहोशूअ सबै इस्राएल् समेत्
गिलगालको छाउंनीमां फर्कि आयो ॥

(उत्तर् तिर बस्ने कनानीहरूको नास्)

११ १ अनि येसो भयो जब हासोरको राजा याबीनले सुन्यो तब त्यस्ले
२ मादोनको राजा योबाब् र शिम्रोनको राजा र अक्षापको राजालाइ अनि
उत्तर् तिरको पहाड़ देसमां र किन्नेरेतको दक्खिन् तिरको अराबामां
र तरिमां र पच्छिउं तिरको दोरको उकालिमां बस्ने राजाहरूलाइ
३ अनि पूर्ब पच्छिउंका कनानीहरूलाइ र एमोरीहरूलाइ र हित्तीहरूलाइ
र परिज्जीहरूलाइ र पहाड़ देसका यबूसीहरूलाइ र मिस्पा देसमां
४ हेर्मोन् डाड़ा मुनि बस्ने हिव्वीहरूलाइ भनि पठायो। तब तिनिहरू
आफना आफना सेना समेत् धेरै जना अं समुन्द्रको तारका बालुवा
५ जत्तिकै औधि धेरै बिघ्रै धेरै घोड़ाहरू र रथहरू समेत् निकल्ये। अनि ति
सबै राजाहरू भेला भयेर मेरोमको झीलको छेउमां आयेर इस्राएल् सित
६ लड़ाइँ गर्नुलाइ डेरा हाल्ये। अनि यहवेले यहोशूअलाइ भन्यो तिनिहरूको
कारणले न डरा . किनभन्ये मं भोलि येति बेला ति सब्बैलाइ इस्राएलको
सांमु मारीयेका सुम्पि दिंछु . तंले तिनका घोड़ाहरूका धर्नासा काट्नु
७ अनि तिनका रथहरू आगोले डड़ाइ दिंनु। त यहोशूअ लड़ाइँका सबै
मान्छेहरू समेत् मेरोमको झीलको छेउमां एक्कासि तिनिहरूको सांमु आयेर
८ तिनिहरू माथि जाइ लाग्यो। अनि यहवेले तिनिहरूलाइ इस्राएलको हातमां
सुम्पि दियो अनि तिनिहरूले तिनिहरूलाइ मार्‍येर ठुलो सीदोन् सम्म र
मिस्रपोतमैम् सम्म र पूर्ब तिरको मिस्पेको तरि सम्म तिनिहरूलाइ खेदे
अनि तिनिहरूलाइ यहां येउटा मान्छे पनि न रहुंज्याल् सम्म मारि दिये।
९ अनि यहोशूअले तिनिहरूलाइ यहवेको आज्ञा अनुसार् गर्‍यो. तिनका
घोड़ाहरूका धर्नासा काट्यो अनि तिनका रथहरू आगोले डड़ाइ दियो ॥
१० तब त्यस् बेला यहोशूअले फर्केर हासोर् लिहाल्यो अनि त्यस्को
राजालाइ तरवारले काट्यो . किनभन्ये हासोर् अगाड़ि ति सबै राजहरूको
११ मूल् थियो। अनि तिनिहरूले त्यस्मां बस्ने सबै प्राणीहरूलाइ भाकल्
गरीयेको थोक् झैं तरवारको धारले काटेर यहां सम्म नास् पार्‍ये सास् फेर्ने
१२ येउटा छोड़ीयेन . अनि त्यस्ले हासोर् आगोले डड़ाइ दियो। वहांदेखि ति
राजाहरूका सबै सहरहरू र तिनिहरूका सबै राजाहरूलाइ यहोशूअले
लिहाल्येर यहवेको दास् मूसाको आज्ञा अनुसार् तिनिहरूलाइ भाकल्

गरौयेको थोक् झैं तरवार्को धार्ले काटि नास् पार्‍यो। तर यहोशूअले १३
डड़ायेको हासोर् छोड़ि ति सबै आफ्नु आफ्नु थुम्किमां भयेका सबै
सहर्हरूलाइ इस्राएल्ले डड़ायेन। अनि ति सहर्हरूका सबै लूट् र १४
पशुहरू इस्राएल्बंशीहरूले आफ्नु लागि सिकार् जस्तो लिये तर मान्छे
जत्तिलाइ तिनिहरूले तरवार्को धार्ले काटि यहां सम्म नास् पार्‍य सास् फेर्ने
येउटालाइ पनि छोड़िननन्। यहवेले आफ्नु दास् मूसालाइ आज्ञा दियेको १५
झैं मूसाले यहोशूअलाइ आज्ञा दियेको थियो. अनि यहोशूअले त्यसै गर्‍यो
अं यहवेले मूसालाइ आज्ञा दियेका सबैमांको येउटा पनि छोड़ेन॥

येसोरि यहोशूअले ति सबै देस् अर्थात् पहाड़ देस् र सबै दक्खिन् १६
देस् र गोशेनको सबै देस र तरि देस् र अराबा र इस्राएल्को पहाड़
देस् त्यसको तरि देस् समेत् लिहाल्यो अं सेईर्को उकालिमां भयेको १७
हालाक् भनौंने डांड़ा देखि हेर्मोन् डांड़ा मुनिको लबानोन्को तरिको
बालगाद् सम्म. तिनका सबै राजाहरूलाइ लियेर हानि मार्‍यो। यहोशूअ १८
ति सबै राजाहरू सित धेरै दिन् सम्म लड़ाईं गर्दै रह्यो। गिबोनका बासी १९
हिव्वीहरू बाहिक् इस्राएल्बंशीहरू सित मिलाप् गर्ने कुनै सहर् थियेन.
अरू सबै तिनिहरूले लड़ाईंमां लिहाल्थ्ये। किनभन्ये यो यहवे पट्टि बाट २०
थियो तिनिहरूको मन् इस्राएल् सित लड़ाईं गर्नुलाइ कठोर् पारौउन् उस्ले
तिनिहरूलाइ भाकल् गरौयेको थोक् झैं नास् पारोस् भन्ये खातिर्ले अनि
तिनिहरू माथि अनुग्रह् न हवस् तर यहवेले मूसालाइ आज्ञा गर्‍येको
अनुसार् तिनिहरूलाइ नास् पारोस् भन्ये खातिर्ले॥

त्यस् बेला यहोशूअले आयेर पहाड़े देस् देखि हेब्रोन् देखि दबीर् २१
देखि अनाब् देखि यहूदाको सबै पहाड़ देस् देखि र इस्राएल्का सबै पहाड़
देस् देखि अनाकीहरूलाइ काटि दियो. यहोशूअले तिनिहरूलाइ तिनिहरूको
सहर्हरू समेत् भाकल् गरौयेको थोक् झैं नास् पार्‍यो। इस्राएल्बंशीहरूको २२
देस्मां अनाकीहरूको येउटा मान्छेलाइ रहन्नु दिईयेन. खालि अज्जामां
गात्मां र अश्दोद्मां मात्रै अलिकता रह्ये। त यहवेले मूसालाइ भन्येका २३
कुरा अनुसार् यहोशूअले सबै देस् लिहाल्यो अनि यहोशूअले त्यो
इस्राएल्लाइ तिनको कुल्को भाग् भाग् अनुसार् अधिकार्को लागि दियो।
त्यस् पछि देस्ले लड़ाईं देखि बिश्राम् पायो॥

(हार्‍येका राजाहरूका नांवहरू)

इस्राएल्बंशीहरूले यर्दन् पारि सूर्ज उदय् पट्टि अर्नोन् खोला देखि १२ १
हेर्मोन् डांड़ा सम्म र पूर्ब तिरको सबै अराबा लियेको देस् र तिनिहरूले
मार्‍येका ति देस्का राजाहरू यिनै हुन्. अर्थात् हेश्बोन्मां बस्ने एमोरीहरूको २
राजा सीहोन् जस्ले अर्नोन् खोलाको छेउमां भयेको अरोएर् देखि र खोलाको
बीच्मां भयेको सहर् देखि र आधा गिलाद् देखि अम्मोन्बंशीहरूको
[illegible] ३

सम्मको अराबा र अराबाको समुन्द्र अर्थात् नुनीलो समुन्द्र बेत्यशीमोत्को
पूर्ब तिर जांने बाटो सम्म अनि दक्खिनमां पिस्गाको उकालि सम्म राज् गर्द
४ थियो . अनि अश्तारोत् र एद्रेईमां बस्ने रपाईहरुका[१] बांच्येको बाशानको
५ राजा आगको सिमाना जस्ले हेर्मोन् डांड़ामां र सल्कामां र सबै
बाशान्मां गश्रूरीहरु र माकातीहरुको सिमाना सम्म र हेश्बोनको राजा
६ सीहोनको सिमाना सम्म आधा गिलाद्मां राज् गर्द थियो । तिनिहरुलाइ
यह्वेको दास् मूसाले इस्राएलबंशीहरु समेतले मांर्ये . अनि यह्वेको
दास् मूसाले रुबेनीहरुलाइ र गादीहरुलाइ र मनश्शेको आधा कुल्को
अधिकार्मां त्यो दियेको थियो ॥
७ अनि यर्दन् वारि पच्छिउं पट्टि लबानोनको तरिको बाल्गाद् देखि
सईर्को उकालिमां भयेको हालाक् डांड़ा सम्मका देसका यहोशूअ र
इस्राएलबंशीहरुले मांर्येका राजाहरु यिनै हुन् अनि यहोशूअले त्येस् देस्
इस्राएल्का कुल्हरुलाइ तिनिहरुका भाग् भाग् अनसार् अधिकार्को लागि
८ दियो अर्थात् पहाड़े देसमां र तरि देसमां र अराबामां र पाखामां र
बन्मां र दक्खिने देसमां रहंने हित्तीहरु एमोरीहरु र कनानीहरु परिज्जीहरु
९ हिब्बीहरु र यबूसीहरुका राजाहरु . यरीहोको राजा एक् बेतेल् छेउको
१० ११ ऐको राजा एक् यरुशलेमको राजा एक् हेब्रोनको राजा एक् यर-
१२ मूतको राजा एक् लाकीशको राजा एक् एग्लोनको राजा एक् गेजेर्को
१३ १४ राजा एक् दबीर्को राजा एक् गेदेर्को राजा एक् होर्माको राजा
१५ एक् अराद्को राजा एक् लिब्नाको राजा एक् अदुल्लामको राजा
१६ १७ एक् मक्केदाको राजा एक् बेतेलको राजा एक् तप्पूहको राजा
१८ एक् हेपेर्को राजा एक् अपेकको राजा एक् लश्शारोनको राजा एक्
१९ २० मादोनको राजा एक् हासोर्को राजा एक् शिम्रोनमरोनको राजा
२१ एक् अक्षापको राजा एक् तानाकको राजा एक् मगिद्दोको राजा एक्
२२ २३ केदेशको राजा एक् कर्मेलको योक्नामको राजा एक् दोर्को उकालिको
२४ दोर्को राजा एक् गिल्गाल्को गोयीमको[२] राजा एक् तिर्साको राजा
एक् . यि सबै एकतीस् राजा थिये ॥

(यर्दन्को पूर्ब तिर इस्राएल्बंशीहरुको सिमाना)

१३ १ अब यहोशूअ बूढो र दिन् धेरै खायेको भयो अनि यह्वेले
त्येस्लाइ भन्यो तं बूढो भइस् अनि दिन् धेरै खाइस् अनि देस् अधिकार्मां
२ ल्याउंनु अझै धेरै बांकि रह्येको छ । अझै बांकि रह्येको देस् येइ हो .
३ अर्थात् पलिश्तीहरुको देस् र सबै गशुरी मिस्रको सांमु भयेको शीहोर्
देखि कनानीहरुको गनींने उत्तर् पट्टिको एक्रोनको सिमाना सम्म .

---

[१] अर्थात अलग्गा अलग्गा मान्छेहरुका । [२] अथवा लोगको ।

पलिश्तीहरुका पांच् मालिक् अर्थात् अज्जा अश्दोद् अश्कलोन् गात् र
एक्रोन्का मालिक्हरु र दक्खिन् तिरका अव्वीहरु कनानीहरुको सबै ४
देस् सीदोनीहरुलाइ पर्यको मारा एमोरीहरुको सिमानाको अपेक् सम्म.
गबालीहरुको देस् र सूर्ज उदय् पट्टिको हेर्मोन् डांड़ा मुनिको बालगाद् ५
देखि हामात्मां पस्ने गौंड़ा सम्मको सबै लबानोन्. लबानोन् देखि ६
मिस्रपोत्मैम्को पहाड़ देस्का सब्बै बासीहरु अर्थात् सबै सीदोनीहरु ति
सबै मान्छेहरुलाइ मं इस्राएल्बंशीहरुको सांमु देखि धपाइ दिंछु. त तैंले
खालि त्यो देस् इस्राएल्लाइ अधिकार्को लागि चिट्ठा हालि हालिकन बांडि
दे मैंले तंलाइ आज्ञा दियेको अनुसार्। त अब त्यस् देस् नौ कुल्हरुलाइ र ७
मनश्शेको आधा कुल्लाइ अधिकार्को लागि बांडि दे। आधाले चइं ८
रूबेनीहरु र गादीहरु सङ्ग मूसाले तिनिहरुलाइ दियेको अधिकार् पाइ
सक्यो यर्दन् पारि पूर्ब तिर यहवेको दास् मूसाले तिनिहरुलाइ दियेको
अनुसार् अर्थात् अर्नोन् खोलाको छेउमां भयेको आरोएर् देखि र ९
खोलाको बीच्मां भयेको सहर् देखि र मेदबाको सिंगै टार् दीबोन् सम्म
अनि हेश्बोन्मां राज् गर्ने एमोरीहरुको राजा सीहोन्का सहर्हरु अम्मोन्- १०
बंशीहरुको सिमाना सम्म गिलाद् देस् र गेशूरी र माकातीको ११
सिमाना र हेर्मोनको सिंगै डांड़ा र सबै बाशान् सल्का सम्म र १२
बाशानको अश्तारोत् र एद्रेईमां राज् गर्ने रपाईहरुमांको बांच्येको राजा
ओगको सबै राज सम्म। किन्भने ति मान्छेहरुलाइ मूसाले मांर्येर
धपाइ दियो। तर इस्राएल्बंशीहरुले गेशूरीहरु र माकातीहरुलाइ १३
धपाइ दियेनन्. अं आजु सम्म इस्राएल्को बीच्मां गेशूरी र माकातीहरु
रहि रह्येका छन्। खालि लेवीको कुल्लाइ मांत्रै त्यस्ले कोइ अधिकार् १४
दियेन किनभन्ये इस्राएल्को ईश्वर् यहवेको लागि चढ़ायेको अग्निहोम् चइं
तिनिहरुको अधिकार् हो उस्को बचन् अनुसार् ॥

त अब मूसाले रूबेन्बंशीको कुल्लाइ तिनिहरुको जहान् जहान् १५
अनुसार् यो दियो। तिनिहरुका सिमाना अर्नोन् खोलाको छेउमां भयेको १६
आरोएर् देखि र खोलाको बीच्मां भयेको सहर् र मेदबाको सिंगै टार्
हेश्बोन् र त्यस् टार्का सहर्हरु अर्थात् दीबोन् बामोत्बाल् बेत्बाल्मोन् १७
यहसा कदेमोत् मेपात् किर्यातैम् सिब्मा र तरिको उकालिको १८ १९
सेरेथश्शहर् बेत्पोर् र पिस्गाको पाखा र बेत्यशीमोत् र टार्का २० २१
सबै सहर्हरु र हेश्बोन्मां राज् गर्ने एमोरीहरुको राजा सीहोन्को सिंगै
राज् जस्लाइ मूसाले मिद्यान्का मूल्हरु सीहोन्का मालिक्हरु त्यस् देस्मां
बस्ने एवी रेकेम् सूर् हूर् र रेबालाइ समेत् मांर्यको थियो। बओर्को २२
अगमचलाउंने बिलाम्चइंलाइ इस्राएल्बंशीहरुले ति अरु मांरीयेकाहरुको
खाल्मां तरवार्ले काटि मांर्ये। त रूबेन्बंशीहरुको सिमाना यर्दन् त्यस्को छेउ २३
समेत् भयो। रूबेन्बंशीहरुको अधिकार् सहर् र बस्तीहरु गरि तिनका जहान्
[illegible] दिने छन ॥

२४ अनि मूसाले गाद्को कुलको गाद्‌बंशीहरूलाइ तिनका जहान् जहान्
२५ अनुसार् यो दियो । तिनका सिमाना याजेर् र गिलाद्का सबै सहर् र
२६ अम्मोनबंशीहरूको आधा देस् रब्बाको सांमु भयेको आरोएर् सम्म र
हेश्बोन् देखि रामत्‌मिस्पे र बेतोनीम् सम्म र महनैम् देखि दबीर्को सिमाना
२७ सम्म र तरिमां बेथाराम् बेत्‌निम्रा सुक्कोत् र सापोन् हेश्बोन्को राजा
सीहोनको राज्‌को बांकि रह्याको यर्दन् त्यस्को छेउ समेत् यर्दन् पारि पूर्ब
२८ तिरको किन्नेरेत् झीलको पछ्लो छेउ सम्म । गाद्‌बंशीहरूको अधिकार् सहर्
र बस्तीहरु गरि तिनका जहान् जहान् अनुसार् यिनै हुन् ॥
२९ अनि मूसाले मनश्शेको आधा कुल्‌लाइ यो दियो . मनश्शेबंशीहरूको
३० आधा कुल्को लागि तिनका जहान् जहान् अनुसार् येसै थियो । तिनका
सिमाना महनैम् देखि सिंगै बाशान् बाशानको राजा ओगको सिंगै राज्
३१ बाशानमां भयेको यार्इरका सबै बस्ती साठी सहर् . र आधा गिलाद् र
अश्तारोत् र एद्रै बाशानमां ओगको राजका सहरहरु त्यो देस् मनश्शेको
छोरो माकीर्‌को सन्तानको लागि अं माकीरको आधा सन्तान्को लागि
तिनका जहान् जहान् अनुसार् थियो ॥
३२ मूसाले यरीहोको छेउ यर्दन् पारि पूर्ब पट्टिको मोआबको मैदानमां
३३ अधिकारको लागि बांडेरका भाग् यिनै हुन् । तर मूसाले लेवीका
कुललाइ कोइ अधिकार दियेन . किनभन्ये इस्राएलको ईश्वर् यहव बइ
तिनिहरूको अधिकार् हो उस्ले तिनिहरूलाइ भन्येको झैं ॥

(यहूदा एफ्रैम् र मनश्शेको भाग्)

१४ १ अनि इस्राएलबंशीहरूले कनान् देस्मां लियेका जुन् अधिकार्
एलाजार् पूजाहारी र नूनको छोरो यहोशूअ र इस्राएलबंशीहरुका घर्
२ घर्का मूल् पित्रहरुले तिनिहरुलाइ बांड़ि दिये यिनै हुन् साढे नौ
कुल्‌हरूलाइ चिट्ठा हालिकन तिनिहरुको अधिकार् बांड्यो यहवले
३ मूसाको बाटोले दियेको आज्ञा अनुसार् । किनभन्ये मूसाले यर्दन् पारि
साढे दुइ कुल्‌हरूलाइ अधिकार् दियेको थियो . तर लेवीहरूलाइ त्यस्ले
४ तिनिहरुको बीच्मां कोइ अधिकार् दियेन । कसोगरिभन्ये यूसुफबंशीहरुका
दुइ कुल् अर्थात् मनश्शे र एफ्रैम् थिये . अनि लेवीहरुलाइ तिनिहरूले
देस्मां कोइ भाग् दियेनन् खालि बस्‌को लागि कतिवटा सहर् र तिनका
गाइगोरु र बस्तुहरुको खर्कको लागि ति सहर्को छेउछाउ मात्रै ।
५ यहवले मूसालाइ दियेको आज्ञा अनुसार् इस्राएलबंशीहरूले त्यसै गर्‍ये अनि
तिनिहरूले देस् बांड़ेर ॥
६ तब यहूदाबंशीहरु गिल्‌गाल्मां यहोशूअ थांइ आये . अनि कनज्जी
यपुन्नेको छोरो कालेबले त्यस्लाइ भन्यो यहवले कादेशबर्नेमां ईश्वरको जन्
मूसालाइ मेरो र आफुको बिषयमां भन्येका कुरा आफुले जान्नु हुंद छ ।
७ यहवेको दास् मूसाले मंलाइ कादेशबर्ने देखि देसको भेद लिंनलाइ पठाउंदा

मं चालीस् वर्षको थियें अनि मैंले आफ्नु मन्मां भयेको अनुसार् त्यस्को
समाचार् ल्याइ दियें। तैपनि मं सङ्ग चढ़ि जांने भाईहरुले लोगका हिर्दय ८
गलाइ दिये. तर मंचइंले आफ्नु ईश्वर् यहवेलाइ पूरो गरि पछ्यायें। त त्यस ९
दिन् मूसाले किरिया खायेर येसो भन्यो निस्से त्यो तेरा गोड़ाले टेक्येको देस्
तेरै र तेरा सन्तानको लागि सधैंको अधिकार् हुंछ किनभन्ये तंले मेरो ईश्वर्
यहवेलाइ पूरो गरि पछ्याइस् भनि। त अब हेर्नु हवस् इस्राएल् बनमां १०
हिंड़दै गर्दा यहवेले मूसालाइ यो कुरा भन्येको बेला देखि यहवेले आफ्नु
कुरा अनुसार् यि पैंतालीस् बर्ष भरि मंलाइ जीउंदो राख्येको छ. त अब हेर्नु
हवस् मं आजु पचासी बर्षको भयें। मूसाले मंलाइ पठायेको दिन्मां जस्तो ११
अझै पनि बलियो छु. जस्तो त्यस् बेला लड़ाईं र बाइर भित्र आइ जाइ गर्ने
मेरो शक्ति थियो त्यस्तो अब सम्म मेरो शक्ति छ। त अब मंलाइ यो डांड़ा १२
दिनु हवस् जस्को बिषयमां यहवेले त्यस् दिन् भन्येको थियो किनभन्ये
आफुले त्यस् दिन् सुन्नु भयेको थियो अनाकी र ठुलो घेरा भयेका सहरहरु
वहां थिये भनि. कोनि यहवे मं सङ्ग भयो भन्ये देखि मं तिनिहरुलाइ धपाइ
दिउंला यहवेको कुरो अनुसार्। तब यहोशूअले त्यस्लाइ आशीर्बाद् दियो १३
र हांदेखि त्यस्ले यपुन्नेको छोरो कालेबलाइ हेब्रोन् अधिकार्को लागि दियो।
येस्कारण हेब्रोन् आजु सम्म कनज्जी यपुन्नेको छोरो कालेब्को अधिकार् १४
भयो किनभन्ये त्यस्ले इस्राएल्को ईश्वर् यहवेलाइ पूरो गरि पछ्यायो। त १५
हेब्रोन्को नांउ अगाड़ि किर्यतर्बा[1] थियो. अर्बाचइं अनाकीहरुमांको सबै
भन्दा बड़ा मान्सी थिया। तब देसले लड़ाईं देखि बिश्राम् पायो॥

त यहूदा बंशीहरुको कुलका जहान् जहान् अनुसार् चिट्ठाको १५ १
बाटोले निकल्येको भाग् यो थियो एदोमको सिमाना सम्म दकिखन् तिरको
सीन्को बन् सम्म अं दकिखने अन्त सम्म। अनि तिनिहरुको दकिखन् २
सिमाना नुनीलो समुन्द्रको पल्लो छेउ दकिखन् तिर हेर्नेौंने खाड़ि देखि
थियो. अनि त्यो अक्रब्बीमको उकालिको दकिखन् तिर देखि निस्कयेर ३
सीन्को छेउ बाटो कादेशबर्नेको दकिखन् तिर गयो फेरि हेस्रोनको छेउ
निस्कयेर अद्दार्मां चढ़ि गयेर कर्काआमां घुमि फिर्यो. वहांदेखि ४
अस्मोन्को छेउ बाटो मिस्रको खोलामां निस्क्यो त्यस् पछि सिमाना
समुन्द्र सम्म निस्कि गयो. तिमिहरुको दकिखन् सिमाना येइ हुंछ। अनि ५
पूर्ब सिमाना नुनीलो समुन्द्र अं यर्दन्को अन्त सम्म थियो। अनि उत्तर्
तिरको सिमाना यर्दन् र नुनीलो समुन्द्रको मोहानाको खाड़ि देखि. त्यहां ६
देखि सिमाना बेथोगलामां चढ़ेर बेतराबाको उत्तर् पट्टि निस्कयेर रूबेनबंशी
बोहन्को ढुंगा सम्म चढ़्यो. फेरि सिमाना आकोरको तरि देखि दबीर् सम्म ७
चढ़ि गयो अनि येसोरि उत्तर् तिर नदीको दकिखन् तिर भयेको अदुम्मीमको
उकालिको सांमु भयेको गिल्गाल् तिर लाग्यो. वहांदेखि सिमाना

[1] अर्थात अर्बाका सहर

८ एन्शेमेश्को झीलको छेउ छेउ लाग्येर एन्रोगेल्मां निस्क्यो . अनि सिमाना
यबूसी अर्थात् यरूशलेम्को दक्खिन् पट्टिको हिन्नोम्बंशीको तर्रि बाटो
चढ्यो . अनि हिन्नोम्को तर्रिको सांमुको पच्छिउं तिर भयेको र रपाईहरूको
९ तर्रिको अन्तको उत्तर् तिर भयेको डांड़ाको थाप्लि सम्म पुग्यो . फेरि सिमाना
डांड़ाको थाप्लि देखि नेप्तोहको जरुवा पानी सम्म गयेर एफ्रोन् डांड़ाका
१० सहर्हरूमां निस्क्येर बाला अर्थात् किर्यत्यारीम् सम्म पुग्यो . वहांदेखि
सिमाना बाला देखि सेईर् पहाडू सम्म पच्छिउं तिर घुमि यारीम् डांडा
अर्थात् कसालोन्को उत्तरै छेउ गयेर बेत्शेमेश् सम्म उत्रि गयेर तिम्नामां
११ निस्क्यो . फेरि सिमाना एक्रोन्को उत्तर् पट्टि निस्क्यो . अनि शिक्करोन्मां
गयेर बाला डांड़ामां पुग्येर यब्नेल्मां निस्क्यो त्येस् पछि सिमाना समुन्द्र
१२ सम्म निस्कि गयो । पच्छिउं सिमाना चइं महासमुन्द्र त्येसको तीर् समेत
थियो । यहूदाबंशीहरूको चारै पट्टिको सिमाना तिनका जहान् जह
अनुसार् यिनै हुन् ॥

१३ अनि त्येस्ले यहवेले यहोशूअलाइ दियेको आज्ञा अनुसार् यपुन्नेको
छोरो कालेब्लाइ यहूदाबंशीहरूको बीचमां त्यो भाग् दियो अर्थात्
१४ अनाक्को बाबु अर्बाको सहर् किर्यतर्बा जो हेब्रोन् भनींद छ । अनि
कालेब्ले त्यहां बाटो अनाकबंशीहरूको अनाक्का शेशै अहीमन् र तल्मै
१५ तीन् भाई छोराहरूलाइ निकालि दियो । अनि त्यहां देखि त्यो दबीरमां
बस्नेहरूको बिरुद्धमां चढि गयो . जुन् दबीर् अगाडि किर्यत्सेपेर् भनींद
१६ थियो । त कालेब्ले भन्यो जस्ले किर्यत्सेपेर् मांच्येर लिंछ त्येस्लाइ मं
१७ आफ्नी छोरी अक्सालाइ ब्याहा दिंछु । त कालेब्को भाई कनज्को
छोरो ओत्निएल्ले त्यो लियो . तब त्येस्ले आफ्नी छोरी अक्सालाइ त्यो सित
१८ ब्याहा गरि दियो । अनि येसो भयो जब त्यो थांइ गई तब त्येस्ले त्येस्लाइ
मेरो बाबु सित येउटा जग्गा मांग भनि उल्काई . त त्यो आफ्नु गदाहा
१९ बाटो ओर्ह्लनी तब कालेब्ले त्येस्लाइ तं के मांगछेस् भनि सोध्यो । त त्येस्ले
उत्तर् दिई मंलाइ दाइजो देउ किनभन्ये तिमिले मंलाइ दक्खिन्को जग्गा
दियौ त मंलाइ जरुवा पानी पनि देउ । तब त्येस्ले त्येस्लाइ माथिल्लो र
तल्लो दुवै जरुवा पानी दिहाल्यो ॥

२० यहूदाबंशीहरूको कुल्को अधिकार् तिनका जहान् जहान् अनुसार्
येइ हो ॥

२१ दक्खिन् दिशा एदोम्को सिमाना पट्टि यहूदाबंशीहरूका कुल्को पल्लो
२२ छेउका सहर्हरु यि हुन् अर्थात् कब्सेल् एदेर् यागूर् कीना दीमोना
२३ २४,२५ अदादा केदेश् हासोर् यित्नान् जीप् तेलेम् बालोत् हासोर्हदत्ता
२६ २७ किर्योथ्हेस्रोन् जो हासोर् हो अमाम् शमा मोलादा हसर्गद्दा
२८ २९ हेश्मोन् बेत्पालेत् हसर्शूआल् बेर्शेबा बिज्योत्या बाला इय्यीम् एसेम्
कसील् होर्मा सिक्लग् मद्मन्ना सन्सन्ना लबाओत्
तिनका बस्तीहरु समेत ॥

फेरि तरिका सहर्हरु यि हुन् अर्थात् एश्ताओल् सोरा अश्ना ३३
जानोह् एनगन्नीम् तप्पूह् एनाम् यर्मूत् अदुल्लाम् सोको अजेका ३४ ३५
शारैम् अदीतैम् गदेरा र गदेरोतैम् चौध सहर् तिनका बस्तीहरु समेत ॥ ३६
सनान् हदाशा मिगदलगाद् दिलान् मिस्पे योक्तेल् लाकीश् ३७, ३८ ३९
बोस्कत् एग्लोन् कब्बोन् लह्माम् कितलीश् गदेरोत् बेत्दागोन् ४० ४१
नामा र मक्केदा सोह्र सहर् तिनका बस्तीहरु समेत् ॥
लिब्ना एतेर् आशान् यिप्ताह् अश्ना नसीब् कीला ४२, ४३ ४४
अकजीब् र मारेशा नौ सहर् तिनका बस्तीहरु समेत् ॥
एक्रोन् त्यसका गांउहरु र बस्तीहरु समेत् . एक्रोन् देखि अं समुन्द्र ४५ ४६
सम्म अश्दोद् पट्टिका सबै सहर्हरु तिनका बस्तीहरु समेत् ॥
अश्दोद् त्यसका गांउहरु र बस्तीहरु समेत् अज्जा त्यसका गांउहरु र ४७
बस्तीहरु समेत् मिस्रको खोला र महासमुन्द्र त्यसको छेउ समेत् सम्म ॥
फेरि पहाड़ देसका सहर् यि हुन् अर्थात् शामीर् यत्तीर् सोको दन्ना ४८ ४९
किर्यत्सन्ना जो दबीर् हो अनाब् एश्तमो आनीम् गोशेन् होलोन् ५० ५१
र गीलो एघार्ह सहर् तिनका बस्तीहरु समेत् ॥
अराब् दूमा एशान् यानूम् बेत्तप्पूह् अपेका हुम्ता ५२, ५३ ५४
किर्यतर्बा जो हेब्रोन् हो र सीओर् नौ सहर् तिनका बस्तीहरु समेत् ॥
माओन् कर्मेल् जीप् यूता यिज्रेल् योकदाम् जानोह् ५५ ५६
कैन् गिबा र तिम्ना दस् सहर् तिनका बस्तीहरु समेत् ॥ ५७
हलहूल् बेत्सूर् गदोर् मारात् बेतनोत् र एल्तकोन् छ सहर् ५८ ५९
तिनका बस्तीहरु समेत् ॥
किर्यतबाल् जो किर्यत्यारीम् हो र रब्बा दुइ सहर् तिनका ६०
बस्तीहरु समेत् ॥
फेरि बनका सहर्हरु यि हुन् अर्थात् बेतराबा मिद्दीन् र सकाका ६१
निबशान् नुनेसहर् र एनगदी छ सहर् तिनका बस्तीहरु समेत् ॥ ६२
तर यरुशलेम्मां बस्ने यबूसीहरुचाहिंलाइ यहूदावंशीहरुले धपाउंनु ६३
सकेनन् . तर ति यबूसीहरु आजु सम्म यरुशलेम्मां यहूदावंशीहरु सङ
रहेका छन् ॥

अनि यूसुफ्वंशीहरुको चिट्ठाको बाटोले निकल्येको भाग् यो थियो १६ १
यरीहोको पूर्वको पानीमा यरीहोको यर्दन् देखि यरीहो बाटो बेतेल् तिर
चढ्दि जांने पहाड़ देसको बन् फेरि बेतेल् देखि लूजमां निस्केर २
अर्कीको सिमानाको अतारोत् सम्म पुग्यो त्यहां देखि पच्छिउं ३
तिर यप्लेतीको सिमाना तल्लो बेथोरोन्को छेउ अं गेसेर् सम्म पुग्येर
समुन्द्र सम्म निस्कि गयो । त यूसुफ्वंशीहरु मनश्शे र एफ्रैमले आफ्नु ४
आफ्नु अधिकार् लिये । अनि एफ्रैमवंशीहरुको सिमाना आफ्ना आफ्ना ५
जहान् अनुसार् यो थियो . अर्थात् तिनिहरुको अधिकार्को पूर्ब तिरको

सिमाना पच्छिउं तिर जांदै उत्तर् तिरको मिक्मतात्मां निकल्यो वहांदेखि
पूर्व तिर तानत्शीलो सम्म घुम्येर त्यस्को छेउ जांदै यानोहको पूर्व तिर
७ गयो फेरि यानोह देखि अतारोत् र नारामां उत्रि यरीहो सम्म पुग्येर
८ यर्दनमां निकल्यो । तप्पूह देखि सिमाना पच्छिउं तिर कानाको खोल्चा
सम्म उत्रि समुन्द्रमां निकल्यो । एप्रैमबंशीहरूको कुलको अधिकार् तिनका
९ जहान् जहान् अनुसार् येइ हो येस् उप्रान्त मनश्शेबंशीहरूको
अधिकारको बीच् देखि एप्रैमबंशीहरूको लागि अलग् राखीयेका सबै
१० सहर्हरू तिनका बस्तीहरू समेत् एप्रैमको भाग् थियो । तर तिनिहरूले
गेजेरमां बस्ने कनानीहरूलाइ धपायेनन् . त आजु सम्म कनानीहरू एप्रैमको
बीचमां रह्याका छन् अनि किरिया मुनिका दास भयेका छन् ॥

१७ १ अनि मनश्शेको कुलको चिट्ठाको ब्राटोले निकल्येको भाग् यो
थियो कसोगरिभन्ये त्यो यूसुफको जेठो छोरो थियो । मनश्शेको जेठो चइं
छोरो अर्थात् गिलादको बाबु माकीरले गिलाद र बाशान् पायो किनभन्ये
२ त्यो लडाइँको मान्छे थियो । अनि मनश्शेका बांकि बंशले तिनका जहान्
जहान् अनुसार् अर्थात् अबीएजेरको सन्तान् हेलेकको सन्तान् अस्रीएलको
सन्तान् शेकेमको सन्तान् हेपेरको सन्तान् शमीदाको सन्तानको लागि
भाग् भयो . किनभन्ये तिनिहरू यूसुफको छोरो मनश्शेका छोराबालखहरू
३ थिये तिनिहरूका जहान् जहान् अनुसार् गरि । तर मनश्शेको छोरो
माकीरको छोरो गिलादको छोरो हेपेरको छोरो सलोफादका छोराहरू
थियेनन् खालि छोरीहरू मात्रै थिइन् . ति छोरीहरूका नांवहरू इनि हुन्
४ अर्थात् महला नोआ होग्ला मिल्का र तिर्सा । अनि तिनिहरूले छेउ
आयेर एलाजार् पूजाहारीको सांमु र नूनको छोरो यहोशूअको सांमु र
मालिकहरूको सांमु भनिन् यहवेले मूसालाइ हामिहरूलाइ हामिहरूका
दाज्युभाइहरूको बीचमां अधिकार् दिनुलाइ आज्ञा गर्‍यो . त त्येस्ले
तिनिहरूलाइ यहवेको आज्ञा अनुसार् तिनिहरूका काकाबाबुहरूको
५ बीचमां अधिकार् दियो । येसोरि मनश्शेलाइ यर्दन् पारिको गिलाद र
६ बाशानको देस् बाहिक् दस् हिस्सा पर्‍ये कसोगरिभन्ये मनश्शेको
छोरीहरूले त्येस्का छोराहरूको बीचमां अधिकार् पाइन् . अनि गिलादको
७ देस् मनश्शेका बांकि बंशलाइ पर्‍यो । अनि मनश्शेको सिमाना आशेर्
देखि शकेमको सांमु भयेको मिक्मतात् सम्म थियो फेरि सिमाना दाहिनो
८ तिर लाग्येर एनतप्पूहमां बस्नेहरू भयेठांउ सम्म पुग्यो । तप्पूहको देस् चइं
मनश्शेलाइ पर्‍यो . तर मनश्शेको सिमानामां भयेको तप्पूह चइं
९ एप्रैमबंशीहरूलाइ पर्‍यो । फेरि सिमाना कानाको खोल्चा सम्म झर्‍यो
खोल्चाको दक्खिन् तिर . मनश्शेका सहर्हरूको बीचका कत्ति सहर्हरू
एप्रैमलाइ पर्‍ये . तर मनश्शेको सिमाना खोल्चाको उत्तर् तिर लागि
१० समुन्द्रमां निकल्यो . दक्खिन् तिर एप्रैमको उत्तर् तिर मनश्शेको भइ
... तिर आशेरलाइ पूर्व तिर

इस्साकार्लाइ भेटेर। अनि इस्साकार् र आशेर्मां मनश्शेलाइ येति पर्‍ये ११
अर्थात् बेत्शान् त्येस्का गांउहरु समेत् यिब्लाम् त्येस्का गांउहरु समेत् दोर्का
बासीहरु त्येस्का गांउहरु समेत् अनि ति तीन् उकालि अर्थात् एन्दोर्का
बासीहरु त्येस्का गांउहरु समेत् तानाक्का बासीहरु त्येस्का गांउहरु समेत्
मगिद्दोका बासीहरु त्येस्का गांउहरु समेत्। तैपनि मनश्शेवंशीहरुले ति १२
सहर्का बासीहरुलाइ धपाउंनु सकेनन् तर कनानीहरु त्येस् देस्मां बलैले
बसे। तर येसो भयो जब इस्राएल्वंशीहरु बलिया भये तब तिनिहरुले १३
कनानीहरुलाइ किरिया मुनिका दास् तुल्याये तर तिनिहरुलाइ
स्यांट्टै धपायेनन्॥

अनि यूसुफ्वंशीहरुले यहोशूअलाइ भन्ये आफुले हांमिहरुका १४
अधिकार् ठहराउंनुको लागि किन येउटा मांत्रै चिट्ठा हालि एक् हिस्सा मांत्रै
दिंनु भयो हांमिहरु धेरै लोग् छौं भनि जानिकन पनि कसोगरिभन्या
एलै सम्म यहवेले हांमिहरुलाइ आशीष् दियेका छ। तब यहोशूअले १५
तिनिहरुलाइ उत्तर् दियो तिमिहरु धेरै लोग् छौ भन्ये देखि पातल् तिर
चढि गयेर वहांका परिज्जी र रपाईहरुको देस्मां आफ्नु लागि टाल
एफ्रैम्को पहाड़ देस् तिमिहरुको लागि सांगुरो छ भन्ये देखि। तब १६
यूसुफ्वंशीहरुले भन्ये यो पहाड़ देस्मां हांमिहरु अटाउंदैनौं. अनि तरिको
देस्मां बस्ने सबै कनानीहरु अं बेत्शान् र त्येस्का गांउहरुमां बस्न र यिज्रेल्को
तरिमां बस्नेहरुका फलामका रथ्हरु छन्। फेरि यहोशूअले यूसुफ्का १७
जहान्काहरुलाइ अर्थात् एफ्रैम् र मनश्शेलाइ भन्यो तिमिहरु धेरै लोग् छौ
अनि तिमिहरुका ठूलो बल् छ. तिमिहरुको हिस्सा येउटा मांत्रै
हुंदैन. तर पहाड़ देस् तिमिहरुको हुंछ त्यो पातल् छ तैपनि तिमिहरुले १८
त्यो टालनु त बट्तिि भयेको जग्गा तिमिहरुकै हुंछ. कसोगरिभन्या
कनानीहरु फलामका रथ् भयेकाले बलिया भये पनि तिमिहरुले तिनिहरुलाइ
धपाउंछौ॥

(शीलोमां भेट् हुंने डेरा उभ्याउंनु)

येस् पछि इस्राएल्वंशीहरुको भिंगै मंडली शीलोमां भेला भये अनि १८ १
वहां भेट् हुंने डेरा उभ्याये. अनि देस् तिनिहरुको ताबिमां आयो।
अनि इस्राएल्वंशीहरुमांका सात् कुल् बांकि थिये जुनहरुको लागि एलै २
सम्म अधिकार् बांड़ीयेको थियेन। त यहोशूअले इस्राएल्वंशीहरुलाइ ३
भन्यो तिमिहरु कैले सम्म तिमिहरुका पित्रहरुको ईश्वर् यहवले तिमिहरुलाइ
दियेको देस् आफ्नु अधिकार्मां पार्नुलाइ अलछि गरि बस्छौ। अब कुल् ४
पिच्छेका तीन् तीन् जना मान्छु आफ्नु लागि छटाव. म तिनिहरुलाइ
पठाइ दिंछु र तिनिहरुले उठेर देस् हेरि हिंड़ेर आफ्नु आफ्नु अधिकार्
अनुसार् लेख्येर म थाइ फर्कि आउन्। तिनिहरुले त्यो सात् भागमां ५
बांड्नु. यहूदा आफ्नु सिमानामां दक्खिन् तिर रहोस् अनि यूसुफ्को

६ जहान् आफनु सिमानामां उत्तर् तिर रहोस्। त त्यस् देसको सात् भाग्
लेख्येर यहां मं थांइ ल्याव. र मं तिमिहरुको लागि हामिहरुको ईश्वर्
७ यहवेको सांमु यहां चिट्ठा हालुं। तर लेवीवंइंको तिमिहरुको बीचमां
भाग् छैन किनभन्ये यहवेको पूजाहारीगिरि तिनिहरुको अधिकार् छ. अनि
गाद् रूबेन् र मनश्शेको आधा कुलले चइं यर्दन् पारि पूर्व तिर यहवेको
८ दास् मूसाले तिनिहरुलाइ दियेको अधिकार् पाइ सक्ये। तब पुरुषहरु
उठेर हिंडि गये. अनि यहोशूअले ति देस् लेखि ल्याउंनुको लागि
जांने मान्छेहरुलाइ आज्ञा दिइ भन्यो देसमां डुलि हिंडेर त्यो लेख्येर मं
थांइ फर्कि आव तब मं तिमिहरुको लागि यहवेको सांमु यहां शीलोमां
९ चिट्ठा हालुं। त तिनिहरु गयेर त्यस् देसमां डुल्ये अनि त्यो सहर्
सहर् गरि सात् भाग् पारि येउटा पोस्तकमां लेख्येर यहोशूअ थांइ शीलोमां
१० भयेको छाउंनीमां फर्कि आये। अनि यहोशूअले तिनिहरुको लागि
यहवेको सांमु शीलोमां चिट्ठा हाल्यो. अनि वहां यहोशूअले इस्राएल-
वंशीहरुलाइ तिनको भाग् भाग् अनुसार् देस् बांडि दियो॥
११ अनि बिन्यामीनवंशीहरुको कुलको चिट्ठा तिनका जहान् जहान्
अनुसार् निकल्यो. त तिनको भागको सिमाना यहूदावंशीहरु र यूसुफ-
१२ वंशीहरुको बीचमां पर्यो। अनि तिनको उत्तर् पट्टिको सिमाना यर्दन् देखि
चालीयेर यरीहोको छेउ उत्तर् तिर लाग्येर पच्छिउं तिरको पहाड् देसमां
१३ चढेर बेतावेन्को बनमां निस्क्यो। त्यहां देखि सिमाना लूज् (अर्थात्
बेतेल्) सम्म लूजको दक्खिन् तिर सम्म गयेर तल्लो बेथोरोनको दक्खिन्
१४ तिर भयेको पहाड् बाटो अत्रोतद्दार् सम्म भयो। वहांदेखि सिमाना
पच्छिउं पट्टि लाग्येर दक्खिन् तिर घुमि बेथोरोनको सांमु दक्खिन् तिर
भयेको पहाड् देखि यहूदावंशीहरुको किर्यतबाल् सहर् (अर्थात्
१५ किर्यत्यारीम्) मां निस्क्यो. पच्छिउं सिमाना येइ थियो। फेरि दक्खिन्
सिमाना किर्यत्यारीमको सबै भन्दा पल्लो छेउ देखि पच्छिउं तिर लाग्येर
१६ नेप्तोहको जरुवा पानीमां निकल्यो. फेरि सिमाना हिन्नोमवंशीको तरिको
सांमु भयेको र रपाईहरुको तरिको उत्तर् तिर भयेको डांडाको सबै भन्दा
पल्लो छेउ ओह्रालि यबूसीको दक्खिन् पट्टिको हिन्नोमको तरि बाटो उतर्येर
१७ एनरोगेलमां भयो अनि उत्तर् तिर तानीयेर एनशेमेश् तिर लाग्येर
अदुम्मीमको उकालिको सांमु भयेको गलीलोतमां निकल्येर रूबेनवंशीको
१८ बोहनको ढुंगो सम्म भयो वहांदेखि अराबाको सांमुको उत्तर्
१९ पट्टि निकल्येर अराबामां भयो. फेरि बेथोग्लाको उत्तर् पट्टि लाग्येर
सिमाना यर्दनको दक्खिने छेउको नुनीलो समुद्रको उत्तरे खाडिमां
२० निकल्यो. दक्खिन् सिमाना येइ थियो। अनि त्यस्को पूर्व पट्टिको
सिमाना यर्दन् चइं थियो। बिन्यामीनवंशीहरुको अधिकार् त्यस्को रिंगैको
२१ सिमाना सिमाना गरि तिनका जहान् जहान् अनुसार् येइ थियो। अब
... ... सहरहरु तिनका जहान् जहान् अनुसार्

इनि थिये अर्थात् यरीहो बेथोग्ला एमेक्कसीस् बेतराबा समारैम् २२
बेतेल् अव्वीम् पारा ओप्रा कपरम्मोनी ओप्नी गेबा बारह् सहर् २३ २४
तिनका बस्तीहरु समेत्. गिबोन् रामा बेरोत् मिस्पे कपीरा २५ २६
मोसा रेकम् यिर्पेल् तरला सेला एलेप् यबूसी जो यरुशलेम् हो २७ २८
गिबत् र किर्यत् चौध सहर् तिनका बस्तीहरु समेत्। बिन्यामीनबंशीहरुको
अधिकार् तिनका जहान् जहान् अनसार् येइ हो ॥

अनि दोस्रा चिट्ठा शिमोनको अं शिमोनबंशीहरुको कुलको १९ १
लागि तिनका जहान् जहान् अनसार् निकल्यो. अनि तिनको अधिकार्
यहूदाबंशीहरुको अधिकारको बीचमां पर्‍यो। अनि तिनको अधिकारमां २
यो थियो अर्थात् बेर्शबा (कि शबा) मोलादा हजर्शुआल् बाला ३
एसेम् एल्तोलद् बतूल् होर्मा सिक्लग् बेत्मर्काबोत हसर्सूसा ४ ५
बेतलबाओत् शारुहेन् तेरह् सहर् तिनका बस्तीहरु समेत्. एन् रिम्मोन् एतेर् ६ ७
आशान् चार् सहर् तिनका बस्तीहरु समेत्. र ति सहरहरुका वरिपरिका ८
सबै बस्तीहरु बालत्बेर् अर्थात् दक्खिन रामा सम्म। शिमोनबंशीहरुको
कुलको अधिकार् तिनका जहान् जहान् अनसार् येइ हो। यहूदाबंशीहरुको ९
हिस्साको बीच देखि शिमोनबंशीहरुले अधिकार् पायो. कसोगरिभन्या
यहूदाबंशीहरुको भाग् तिनिहरुको लागि बेसि थियो. येस्कारण
शिमोनबंशीहरुले तिनिहरुको अधिकारको बीचमां अधिकार् पाये ॥

अनि तीस्रो चिट्ठा जबूलूनबंशीहरुको लागि तिनका जहान् जहान् १०
अनसार् निकल्यो. त तिनको अधिकारको सिमाना सारीद् सम्म गयो.
वहांदेखि तिनिहरुको सिमाना पच्छिउं तिर मरलामां चढेर् दब्बेशेत् सम्म ११
पुग्येर योक्नामको सांमु भयेको खोला सम्म पुग्यो फेरि सारीद् देखि पूर्व १२
पट्टि सूर्ज उदाउंने तिर किस्लोत्ताबोरको सिमाना सम्म घुम्येर दाबरतमां
निस्केर यापीमां चढि गयो वहांदेखि पूर्व तिर जांदा जांदा गथ्पेर् र १३
इत्कासीन् गयेर नेआ सम्म तानीयेको रिम्मोनमां निकल्यो फेरि १४
त्यस्को सिमाना हन्नातोन् तिर उत्तर् पट्टि घुम्येर यिफ्तहेलको तरिमां
निस्क्यो कत्तात् नहलाल् शिम्रोन् यिदला र बेतलेहेम् बारह् सहर् १५
तिनका बस्तीहरु समेत्। जबूलूनबंशीहरुको अधिकार् तिनका जहान् १६
जहान् अनसार् येइ हो अर्थात् ति सहरहरु तिनका बस्तीहरु समेत् ॥

अनि इस्साकारको लागि अं इस्साकारबंशीहरुको लागि तिनका १७
जहान् जहान् अनसार् चौथो चिट्ठा निकल्यो। अनि तिनको सिमाना यो १८
थियो अर्थात् यिज्रेल् कसुल्लोत् शूनेम् हपारैम् शीओन् अनाहरत् १९
रब्बीत् किश्योन् एबेस् रेमेत् एनगन्नीन् एनहद्दा र बेत्पस्सेस् अनि २० २१
सिमाना ताबोर् शहसूमा र बेतशेमेश् सम्म पुग्येर यर्दनमां निकल्यो. २२
सोह्र सहर् तिनका बस्तीहरु समेत्। इस्साकारबंशीहरुको अधिकार् २३
तिनका जहान् जहान् अनसार् येइ हो अर्थात् ति सहरहरु तिनका
बस्तीहरु समेत् ॥

२४ अनि पांचौ चिट्ठा आशेरबंशीहरुको कुल्को लागि तिनका जहान्
२५ जहान् अनुसार् निकल्यो । अनि तिनिहरुको सिमाना येइ थियो हेल्कत्
२६ हली बेतिन् अकृताप् अल्लम्मेलेक् अमाद् मिशाल् अनि कर्मेल् र
२७ शीहोर्लिब्नात् सम्म पच्छिउं तिर पुग्यो फेरि सूर्ज उदाउंने तिर
बेतदागोन्मां घुम्येर जबूलून् र यिप्तहेल्को उत्तर् पट्टि जांदै बेतेमेक् र नीएल्
२८ सम्म पुग्येर बांउ पट्टिको काबूल्मां निकल्यो अनि एब्रोन् रहोब्
२९ हम्मोन् र काना श्रं तुलो सीदोन् सम्म अनि सिमाना रामा र घेरा
भयेको सूर् सहर् सम्म घुमि गयो तब सिमाना होसा तिर घुम्येर अकजीबको
३० देस् बाटो समुन्द्रमां निस्क्यो . उम्मा पनि अपेक् र रहोब् . बाईस् सहर्
३१ तिनका बस्तीहरु समेत् । आशेरबंशीहरुको कुल्को अधिकार् तिनका जहान्
जहान् अनुसार् येइ हो ति सहर्हरु तिनका बस्तीहरु समेत् ॥
३२ छैठो चिट्ठा नप्तालीबंशीहरु श्रं नप्तालीबंशीहरुको लागि तिनका
३३ जहान् जहान् अनुसार् निकल्यो । अनि तिनको सिमाना हेलेप् देखि
सानन्नीममां भयेको बांज्रुख देखि अदामीनेकेब् र यब्नेल् देखि लक्कूम्
३४ सम्म गयेर यर्दनमां निस्क्यो . फेरि सिमाना पच्छिउं तिर अजनोताबोर्
पट्टि घुम्येर त्यहां देखि हुक्कोकमां निस्क्यो अनि दक्खिन् तिर जबूलून्
सम्म र पच्छिउं तिर आशेर् सम्म र सूर्ज उदाउंने तिर यर्दन्मां भयेको
३५ यहूदा सम्म पुग्यो । अनि घेरा भयेका सहर्हरु यिने थिये अर्थात् सिद्दीम्
३६ ३७ सेर् हम्मत् रक्कत् किन्नेरेत् अदामा रामा हासोर् केदेश् एद्रेई
३८ एन्हसोर् यिरोन् मिगदलेल् होरेम् बेतनात् र बेतशेमेश् उन्नीस् सहर्
३९ तिनका बस्तीहरु समेत् । नप्तालीबंशीहरुको कुल्को अधिकार् तिनका
जहान् जहान् अनुसार् येइ हो ति सहर्हरु तिनका बस्तीहरु समेत् ॥
४० सातौं चिट्ठा दानबंशीहरुको कुल्को लागि तिनका जहन् जहान
४१ अनुसार् निकल्यो । अनि तिनको अधिकार्को सिमाना येइ थियो सोरा
४२ ४३ एशताओल् ईर्शेमेश् शालब्बीन् अय्यालोन् इत्ला एलोन् तिम्ना
४४ ४५ एक्रोन् एल्तके गिब्बतोन् बालात् यहूद् बनेबरक् गत्रिम्मोन्
४६ ४७ मेयर्कोन् र रक्कोन् यापोको सांमु भयेको सिमाना समेत् । अनि दानबंशीहरुको
सिमाना यो बाहिक् अरु निकल्यो . सकोगरिभन्ये दानबंशीहरुले चढि
गयेर लेशेम् सित लड़ाईं गर्येर त्यो लिइ तरवार्को धार्ले काटेर त्यो आफ्नु
अधिकार्मां पारि त्येस्मां बस्यं अनि लेशेम्को नांउ आफ्नु पित्र दान्को
४८ नांउ जस्तो दान् राख्यं । दानबंशीहरुको कुल्को अधिकार् तिनका जहान्
जहान् अनुसार् येइ हो ति सहर्हरु तिनका बस्तीहरु समेत् ॥
४९ जब तिनिहरुले अधिकार्को लागि सिमाना सिमाना गरि देस् बांडि
सक्ये तब इस्राएलबंशीहरुले नूनको छोरो यहोशूअलाइ आफ्नु बीचमां
५० अधिकार् दिये . यहवेको आज्ञा अनुसार् तिनिहरुले त्यस्लाइ त्यस्ले माग्येको
सहर् दिये अर्थात् एप्रैम्को पहाड़ देस्मां भयेको तिम्नतसेरह् . अनि सहर्
बनायेर त्यो त्येस्मां बस्यो ॥

एलाजार् पूजाहारीले र नूनको छोरो यहोशूअले र इस्राएल- ५१
वंशीहरूको घर् घरका मूल् पित्रहरूले शीलोमां यहवेको सांमु भेट् हुंने
डेराको दैलोमां चिट्ठा हालिहालिकन बांड़ेका अधिकार्हरू यिनै हुन्।
येसोरि तिनिहरूले देस् बांड़ि सक्ये ॥

(शरणसहर्हरूको ठहराई)

अनि यहवेले यहोशूअलाइ येसो भन्यो इस्राएलवंशीहरू सित २० १ २
येसो भनि बोल् मूसाको बाटोले मैंले तिमिहरूलाइ भन्येको अनसार् आफनु
लागि शरणसहर्हरू खटाव. र भूलले कि अज्ञानले कसैलाइ मांर्ने ३
हत्यारा वहां भागि जावस्. येसोरि ति तिमिहरूको लागि लोहूको साटो
लिंने देखि बांच्नुलाइ शरण हुंछन्। अनि त्यो ति सहर्हरूमांको येउटामां ४
भाग्येर सहर्को ढोकाको आघन्मां उभीयेर त्यइ सहर्का प्राचीन्हरूलाइ
आफनु कुरा सुनावस् तब तिनिहरूले त्येस्लाइ सहर् भित्र आफु थांइ लिइ
त्येस्लाइ ठांउ दिउन् र त्यो तिनिहरूको बीच्मां बसोस्। अनि लोहूको ५
साटो लिंनेले त्येस्लाइ खेद्यो भन्ये देखि तिनिहरूले हत्यारालाइ त्येस्को हात्मां
सुम्पि न दिउन् किनभन्ये त्यस्ले आफनु छिमेकिलाइ अज्ञानले मांर्यो अनि
त्यो भन्दा अगाड़ि त्येस्ले त्यो सित कोइ दुश्मनी राख्दैन थियो। अनि त्यो ६
त्यइ सहर्मां नियाको लागि मंडलीको सांमु न उभीउंज्याल् सम्म अनि ति
दिनको मूल्पूजाहारी न मरुंज्याल् सम्म बास रहोस्. त्येस् पछि त्यो हत्यारा
फर्कीर आफनु सहर्मां आफनु घर्मां जुन् सहर् देखि त्यो भाग्येको थियो
त्यसमां आवस्। त तिनिहरूले नप्तालीको पहाड़ देस्को गालील्मां भयेको ७
केदेस् र एफ्रैम्को पहाड़ देस्मां भयेको शकेम् र यहूदाको पहाड़ देस्मां
भयेको किर्यतर्बा जो हेब्रोन् हो पवित्र ठहराये। अनि यर्दन् पारि ८
यरीहोको पूर्ब पट्टि तिनिहरूले रूबेनकुल्को बन्मां भयेको तरिको बेसेर् र
गाद्कुलको गिलाद्मां भयेको रामोत् र मनश्शेकुल्को बाशान्मां भयेको
गोलान् खटाये। सिंगै इस्राएल्वंशीहरूको लागि र तिनको बीच्मां प्रबास् ९
गर्ने पर्देसीको लागि ठहरायेका सहर्हरू यिनै हुन् र जस् जस्ले कसैलाइ
भूलले मांर्ला त्यो वहां भाग्येर लोहूको साटो लिंनेको हात् देखि न
मांरीओस् त्यो मंडलीको सांमु न उभीउंज्याल् सम्म ॥

(लेवीहरूको लागिका सहर्)

तब लेवीहरूका मूल् पित्रहरूले एलाजार् पूजाहारी र नूनको २१ १
छोरो यहोशूअ र इस्राएल्वंशीहरूको कुल्का मूल् पित्रहरूको छेउ
आयेर तिनिहरूलाइ कनान् देस्को शीलोमां भन्ये यहवेले मूसाको २
बाटोले हांमिहरूलाइ बस्नुको लागि कतिवटा सहर् र हांमिहरूका
बस्तहरूको खर्कको लागि ति सहरहरूका छेउछाउ समेत दिंने आज्ञा गर्यो

३ भनि । त इस्त्रायल्बंशीहरूले लेवीहरूलाइ आफ्नु आफ्नु अधिकार् देखि
यहवेको आज्ञा अनुसार् यि सहर्हरू तिनको खर्क समेत् दिये ॥
४ अनि चिट्ठा कहातबंशीहरूको लागि निकल्यो. लेवीहरूमांको
हारून् पूजाहारीका बंशले यहूदाकुल् देखि र शिमोनकुल् देखि र
बिन्यामीनकुल् देखि तेरह् सहर् चिट्ठाको बाटोले पाये ॥
५ अनि कहातको बांकि बंशीहरूले एफ्रैमकुलको जहान् देखि र दानकुल्
देखि र मनश्शेको आधा कुल् देखि दस् सहर् चिट्ठाको बाटोले पाये ॥
६ अनि गेर्शोनबंशीहरूले इस्साकारकुलको जहान् देखि र आशेरकुल्
देखि र नप्तालीकुल् देखि र बाशानमां भयेको मनश्शेको आधा कुल् देखि
तेरह् सहर् चिट्ठाको बाटोले पाये ॥
७ मरारीबंशीहरूले तिनका जहान् जहान् अनुसार् रूबेनकुल् देखि र
गादकुल् देखि र जबूलूनकुल् देखि बारह् सहर् पाये ॥
८ अनि इस्त्रायल्बंशीहरूले चिट्ठा हालिकन लेवीहरूलाइ ति सहर्हरू
तिनको खर्क समेत् दिये यहवेले मूसाको बाटोले गर्येको आज्ञा अनुसार् ।
९ अनि तिनिहरूले यहूदाबंशीहरूको कुल् देखि र शिमोनबंशीहरूको कुल्
१० देखि यि तल नांउ लेखीयेका सहर्हरू दिये . जो लेवीबंशीहरूको
कहातको सन्तानको हारूनबंशीहरूको लागि थिये कसोगरिभन्ये तिनिहरूको
११ चिट्ठा पहिले निकल्यो अर्थात् तिनिहरूले तिनिहरूलाइ यहूदाको
पहाड़ देसमां भयेको अनाकको बाबुको किर्यतर्बा जो हेब्रोन् हो ति
१२ सहर् त्येस्को खर्क समेत् दिये । तर त्यस् सहरका जग्गाहरू त्येस्का बस्तीहरू
समेत् तिनिहरूले यपुन्नेको छोरो कालेबलाइ अधिकारको लागि दिये ॥
१३ अनि हारून् पूजाहारीको बंशलाइ तिनिहरूले ति सहर् दिये अर्थात्
हत्याराको लागि शरणसहर् हेब्रोन् त्येस्को खर्क समेत् लिब्ना त्येस्को
१४ खर्क समेत् यत्तीर् त्येस्को खर्क समेत् एश्तमो त्येस्को खर्क समेत्
१५ १६ होलोन् त्येस्को खर्क समेत् दबीर् त्येस्को खर्क समेत् ऐन् त्येस्को छेउछाउ
समेत् युत्ता त्येस्को खर्क समेत् र बेतशेमेश त्येस्को खर्क समेत् ति दुइ
१७ कुल् देखि नौ सहर् । अनि बिन्यामीनकुल् देखि गिबोन् त्येस्को खर्क
१८ समेत् गेबा त्येस्को खर्क समेत् अनातोत् त्येस्को खर्क समेत् अल्मोन
१९ त्येस्को खर्क समेत् चार् सहर् । हारूनका पूजाहारी बंशका सबै सहर्हरू
तेरह् सहर् थिये तिनका खर्क समेत् ॥
२० अनि लेवीहरूको कहातबंशीहरूको सन्तानले अं कहातको बांकि
२१ बंशीहरूले एफ्रैमकुल् देखि ति सहर् चिट्ठाको बाटोले पाये । अनि तिनिहरूले
तिनिहरूलाइ यि सहर्हरू दिये अर्थात् एफ्रैमको पहाड़ देसमां भयेको
हत्याराको लागि शरणसहर् शकेम् त्येस्को खर्क समेत् गेजेर् त्येस्को खर्क
२२ समेत् किब्सैम् त्येस्को खर्क समेत् बेतहोरोन् त्येस्को खर्क समेत्
२३ चार् सहर् । अनि दानकुल् देखि एल्तके त्येस्को खर्क समेत् गिब्बतोन्
२४ त्येस्को खर्क समेत् अय्यालोन् त्येस्को खर्क समेत् गत्रिम्मोन् त्येस्को

खर्क समेत् चार् सहर् । अनि मनश्शेको आधा कुल् देखि तानाक् त्यस्को २५
खर्क समेत् गात्रिम्मोन् त्यस्को खर्क समेत् दुइ सहर् । कहात्को बाँकि २६
वंशको जहान्का सबै सहर्हरु दस् थियें तिनका खर्क समेत् ॥

लेवीहरुको सन्तान्को गरशोनवंशीहरुलाइ तिनिहरुले यि सहर्हरु २७
दिये अर्थात् मनश्शेको आधा कुल् देखि बाशान्मां भयेको हत्याराको लागि
शरणसहर् गोलान् त्यस्को खर्क समेत् बेश्तरा त्यस्को खर्क समेत् दुवटा
सहर् । अनि इस्साकारकुल् देखि किश्योन् त्यस्को खर्क समेत् दाबरत् त्यस्को २८
खर्क समेत्   यर्मूत् त्यस्को खर्क समेत् एनगन्नीम् त्यस्को खर्क समेत् २९
चार् सहर् । अनि आशेरकुल् देखि मिशाल् त्यस्को खर्क समेत् अब्दोन् ३०
त्यस्को खर्क समेत्   हेल्कात् त्यस्को खर्क समेत् रहोब् त्यस्को खर्क ३१
समेत् चार् सहर् । अनि नप्तालीकुल् देखि हत्याराको लागि शरणसहर् ३२
गालीलमां भयेको केदेश् त्यस्को खर्क समेत् हम्मोतदोर् त्यस्को खर्क
समेत् कर्तान् त्यस्को खर्क समेत् तीन् सहर् । गरशोनवंशीहरुको सबै सहर् ३३
तिनिहरुका जहान् जहान् अनुसार् तरह् सहर् थियें तिनको खर्क समेत् ॥

अनि लेवीहरुका बाँकि मरारीवंशीहरुका जहान्लाइ दिईयेका सहर् ३४
थिने हुन् जबूलूनकुल् देखि योक्नाम् त्यस्को खर्क समेत् कर्ता त्यस्को खर्क
समेत् दिम्ना त्यस्को खर्क समेत् नहलाल् त्यस्को खर्क समेत् चार् सहर् । अनि ३५ ३६
रूबेनकुल् देखि बेसेर् त्यस्को खर्क समेत् यहसा त्यस्को खर्क समेत्   कदेमोत् ३७
त्यस्को खर्क समेत् मेपात् त्यस्को खर्क समेत् चार् सहर् । अनि गादकुल् ३८
देखि हत्याराको लागि शरणसहर् गिलादमां भयेको रामोत् त्यस्को खर्क
समेत् महनैम् त्यस्को खर्क समेत्   हेश्बोन् त्यस्को खर्क समेत् याजेर् ३९
त्यस्को खर्क समेत् जमा चार् सहर् । लेवीहरुको बाँकिवंश अर्थात् ४०
मरारीवंशीहरुका सबै सहर् तिनका जहान् जहान् अनुसार् चिट्ठाको बाटोले
पायेका बारह् सहर् थियें ॥

इस्राएलवंशीहरुको अधिकारको बीच्मां लेवीहरुका सबै सहर् ४१
अड्तालीस् सहर् थिये तिनको खर्क समेत् । यि सहर्हरु तिनका आफ्नु ४२
आफ्नु वरिपरिको खर्क समेत् अं ति सिंगै सहर्हरु येस गरि थिये ॥

येसोरि यहवेले इस्राएल्लाइ दिंकु भनि तिनिहरुका पित्रहरु सित ४३
किरिया खायेको सबै देस् दियो अनि तिनिहरुले त्यो आफ्नु अधिकार्मां
लियेर त्यस्मां बस्थे । अनि यहवेले तिनिहरुका पित्रहरु सित खायेको सबै ४४
किरिया अनुसार् तिनिहरुलाइ चारै पट्टि देखि बिश्राम् दियो. अनि
तिनिहरुका सबै सत्तुर्मांको कोई तिनिहरुको सांमु उभीनु सक्येन यहवेले
तिनिहरुका सबै सत्तुर्हरुलाइ तिनको हात्मां सुम्पि दियो । यहवेले जत्ति ४५
जाति कुरा इस्राएल्को घर्लाइ भन्येको थियो तिनिहरुमांको येउटा पनि
खस्येन सब्बैने पुरा भये ॥

तब यहोशूअले रूबेनीहरु र गादीहरु र मनश्शेको आधा कुल्लाइ २२ १
बोलायेर   तिनिहरुलाइ भन्यो ज्ये ज्ये आज्ञा यहवेको दास मसाले ०

तिमिहरूलाइ दियेको थियो ति सबै तिमिहरूले मान्यका छौ अनि जे जे
३ मैले तिमिहरूलाइ भन्यें ति तिमिहरूले सुन्यका छौ . यि धेरै दिन् देखि
तिमिहरूले आफ्ना भाईहरूलाइ आजु सम्म छोड़ेका छौन तर आफ्नु
४ ईश्वर् यहवेको आज्ञा जिम्मामां लिइ मान्दै रह्यौ । त अब तिमिहरूको
ईश्वर् यहवेले आफुले भन्येको कुरो अनुसार् तिमिहरूका भाईहरूलाइ बिश्राम्
दियेको छ . येसकारण् तिमिहरू अब फर्कीर यहवेको दास् मूसाले तिमिहरूलाइ
यर्दन् पारि तिमिहरूको अधिकार्को लागि दियेको देस्मां आफ्ना आफ्ना
५ डेरामां हिंड़ि जाव । खालि अग्घोर् खबर्दारी मांत्रै गर यहवेको दास्
मूसाले तिमिहरूलाइ आज्ञा गर्य्येको आज्ञा र ब्यवस्था मान अर्थात् आफ्नु
ईश्वर् यहवे सङ प्रेम् गर उस्का सबै बाटाहरूमां हिंड़ उस्का आज्ञाहरू मान उ
सङ टांसीइ रह अनि आफ्नु पूरो मन्ले अनि आफ्नु पूरो प्राण्ले उस्को
६ सेवा गर भनि । त यहोशूअले तिनिहरूलाइ आशीष् दियेर तिनिहरूलाइ
बिदा गर्य्यो . त तिनिहरू आफ्ना आफ्ना डेरामां गये ॥

७ मनश्शेको आधा कुल्चइंलाइ मूसाले बाशान्मां अधिकार् दियेको
थियो . तर अर्को आधाचइंलाइ यहोशूअले यर्दन् वारि पच्छिउं तिर
तिनिहरूका भाईहरूको बीच्मां अधिकार् दियो . अनि जब यहोशूअले
तिनिहरूचइंलाइ आफ्ना आफ्ना डेरामां जांने बिदा गर्य्यो तब उस्ले
८ तिनिहरूलाइ आशीष् दियेर तिनिहरूलाइ भन्यो धेरै धन्सम्पत्ति र
औधि धेरै बस्तुहरू चांदी सुन् पीतल् फलम् र धेरै धेरै बस्त्रहरू लियेर
आफ्ना आफ्ना डेरामां फर्कि गयेर आफ्ना सत्रुहरू देखि लिईयेका
लूट् आफ्ना भाईहरू सित बांड़ि लेव ॥

९ येसोरि रूबेन्बंशीहरू गाद्बंशीहरू र मनश्शेको आधा कुल् फर्कीर
कनान् देस्को शीलो देखि आफ्नु अधिकार्को देस् अर्थात् मूसाको बाटोले
यहवेको आज्ञा अनुसार् तिनिहरूको लागि दिईयेको अधिकार् गिलाद्
१० देस्मां जांनुलाइ इस्राएल्बंशीहरू थांइ देखि हिंड़ि गये । अनि जब
तिनिहरू कनान् देस्मां भयेको यर्दन्को सिमानामां पुग्ये तब रूबेन्बंशीहरू
गाद्बंशीहरू र मनश्शेको आधा कुल्ले वहां यर्दन्को छेउमां येउटा बेदी
११ बनाये अं हेर्नुमां येउटा ठुलो बेदी । तब इस्राएल्बंशीहरूले येसो
भन्येको सुन्ये की भन्य हेर रूबेन्बंशीहरू गाद्बंशीहरू र मनश्शेको आधा
कुल्ले कनान् देस्को सांमु यर्दन्को छेउ इस्राएल्बंशीहरूको पर्य्येको जग्गामां
१२ बेदी बनाये अरे भन्ये । अनि जब इस्राएल्बंशीहरूले यो कुरो सुन्ये तब
इस्राएल्बंशीहरूको सिंगै मंडली तिनिहरू सित लड़ाइं गर्नुलाइ चढि
जांनुको लागि शीलोमां भेला भये ॥

१३ तब इस्राएल्बंशीहरूले रूबेन्बंशीहरू र गाद्बंशीहरू र मनश्शेका
आधा कुल् थांइ गिलाद्को देस्मां एलाजार् पूजाहारीको छोरो पीन्हासलाइ
१४ पठाये अनि त्यो सङ दस् जना मालिक्हरू अर्थात् इस्राएल्को कुल्को
मूल पित्रहरूका घर पिच्छेको एक एक मालिक्लाइ पठाये जो जीउ जनेगे

इस्राएल्का जहान्हरुमां आफ्ना आफ्ना पित्रहरुको घर्का मूल् मूल् थिये।
अनि तिनिहरुले रुबेन्बंशीहरु र गाद्बंशीहरु र मनश्शेको आधा कुल् थांइ १५
गिलाद्को देस्मां आयेर तिनलाइ भन्ये   यहवेको सिंगै मंडलीले येसो १६
भन्द छ तिमिहरुले इस्राएल्को ईश्वर्को बिरुद्धमां गर्येको यो कस्तो अप्राध्
हो जो आजु तिमिहरुले यहवेलाइ पछ्याउंनु देखि फर्कयेर आफ्नु लागि
बेदी बनायौ आजु तिमिहरु यहवेको बिरुद्धमां बागि हुंनु भन्ये खातिर्ले।
क्ये पोर्को अधर्म्म हांमिहरुको लागि थोरै थियो जस् देखि हांमिहरुले १७
आजु सम्म आफुलाइ शुद्ध पार्नु सक्येका छौंन यहवेको मंडलीमां रुढि पर्यो
रपनि   क्ये फेरि तिमिहरु आजु यहवेलाइ पछ्याउंनु देखि फर्कौंा त येसो १८
हुंछ आजु तिमिहरु यहवेको बिरुद्धमां बागि भयौ भन्ये देखि भोलि उ
इस्राएल्को सिंगै मंडली मांथि रिसाउंछ। त तिमिहरुको अधिकार्को देस् १९
अशुद्ध भयो भन्ये देखि तिमिहरु यहवेको अधिकार्को देस् अर्थात् जहां
यहवेको बासस्थान् छ त्यहां तरि आयेर हांमिहरुको बीच्मां अधिकार् लेव.
तर हांमिहरुको ईश्वर् यहवेको बेदी छाड़ि आफ्नु लागि बेदी बनाउंने गरि
यहवेको बिरुद्धमां र हांमिहरुको बिरुद्धमां बागि न हव। क्ये जेरहको २०
छोरो आकान्ले भाकल् गरीयेको थोक्को बिषयमां अप्राध् गर्येन अनि
इस्राएल्को सिंगै मंडली मांथि रिस् पर्येन अं खालि त्यइ मान्छे मांत्रै
आफ्नु अधर्म्ममां नष्ट भयेन॥

तब रुबेनबंशीहरु र गाद्बंशीहरु र मनश्शेको आधा कुल्ले इस्राएल्का २१
जहान्हरुका मूल्हरुलाइ उत्तर् दिइ भन्ये   ईश्वर्हरुको ईश्वर् यहवे अं २२
ईश्वर्हरुको ईश्वर् यहवे उचइंले जान्द छ अनि इस्राएल्चइंले जान्नु पाउंछ
हांमिहरुले बागि भइ कि यहवेको बिरुद्धमां अप्राध् गरि गर्येका रांछौं भन्ये
देखि यहवले आजु हांमिहरुलाइ न बचावस्   हांमिहरुले यहवेलाइ २३
पछ्याउंनु देखि फर्कनु आफ्नु लागि बेदी बनायेका छौं कि त्यस् मांथि होम्
बलिदान् कि अन्न बलिदान् कि मेल् बलिदान् चढ़ाउंनुलाइ बनायेका रांछौं
भन्ये देखि यहवे आफैले त्यस्को खोज् गरोस्   होइन भन्ये हांमिहरुले २४
फिक्रि गरि र अर्थ सित यो गर्यूं येसो भन्दै अर्थात् कोनि भोलि तिमिहरुका
बंशले हांमिहरुका बंशलाइ भन्नन् इस्राएल्को ईश्वर् यहवे सित तिमिहरुको
क्ये काम् छ किनभन्ये हे रुबेनबंशीहरु र गाद्बंशीहरु हो हांमिहरुको र २५
तिमिहरुको बीच्मां यहवेले यर्देन् चइं सिमाना राख्यो यहवेमां तिमिहरुको
क्येइ पनि हिस्सा छैन भनि. त येसोरि तिमिहरुका बंशले हांमिहरुका बंशलाइ
यहवेको डर् मान्न छोड़ाउंछन्। येस्कारण् हांमिहरुले भन्यूं येउटा बेदी २६
बनाउंनुलाइ अब तियार् होऊं होम्बलि कि बलिदान्को लागि होइन. तर २७
हांमिहरु र तिमिहरुको र हांमिहरुका पछिका पुस्ताहरुको बीच्मां साक्षी
हुंनुको लागि र हांमिहरुले यहवेको सेवा उस्को सांमु होम्बलि र बलिदान् र
मेल्बलि गरि गरूं र तिमिहरुका बंशले भोलि हांमिहरुका बंशलाइ यहवेमां
तमिहरुको क्येइ हिस्सा छैन भनि भन्न सक्देनन्। येस्कारण् हांमिहरुले २८

भन्यं येसो हुंछ जब तिनिहरुले हांमिहरुलाइ कि हांमिहरुका बंशलाइ पछि
येसो भन्नन् तब हांमिहरु भनूंला हेर यहवेको बेदीको नपना जुन् बेदी
हांमिहरुका पित्रहरुले होमबलि कि बलिदानको लागि होइन तर हांमिहरु
२९ र तिमिहरुको बीचमां साक्षी हुंनुको लागि बनायेका छन्। येसो न हवस्
हांमिहरु यहवेको बिरुद्ध बागि होऊं कि यहवेलाइ पछ्याउंनु देखि आजु
फर्कूं आफ्नु ईश्वर् यहवेको उस्को बासस्थानको सांमु भयेको बेदी छाडि
अर्को बेदी होमबलि कि अन्नबलि कि बलिदान्को लागि बनाऊं॥
३० जब पीनहास् पूजाहारीले र मंडलीका मालिकहरुले अं त्यो सङ
भयेका इस्राएल्का जहानहरुका मूलहरुले रुबेनबंशीहरु र गादबंशीहरु र
३१ मनश्शेबंशीहरुले भन्येका कुरा सुन्ये तब तिनिहरुलाइ जाति लाग्यो। अनि
एलाजार् पूजाहारीको छोरो पीनहासले रुबेनबंशीहरु र गादबंशीहरु र
मनश्शेबंशीहरुलाइ येसो भन्यो आजु हांमिहरुले थाहा पायूं यहवे हांमिहरुको
बीचमां रछ भनि कसोगरिभन्ये तिमिहरुले यहवेको बिरुद्धमां येइ अप्राध्
गर्येका रैन छौ अब तिमिहरुले इस्राएलबंशीहरुलाइ यहवेको हात् देखि
३२ बचायौ। अनि एलाजार् पूजाहारीको छोरो पीनहास् र ति मालिकहरुले
रुबेनबंशीहरु र गादबंशीहरु थांइ देखि गिलादको देस् बाटो फर्कार
३३ कनानको देसमां इस्राएलबंशीहरु थांइ आयेर समाचार् ल्याये। अनि त्यो
कुरो इस्राएलबंशीहरुलाइ जाति लाग्यो तब इस्राएलबंशीहरुले ईश्वरको
नांउलाइ आशीर्बाद् गर्ये अनि फेरि तिनिहरुको बिरुद्धमां लड़ाइं गर्नुलाइ
चढि जांनुलाइ रुबेनबंशीहरु र गादबंशीहरुको बस्ने देस नास् पार्नुलाइ
३४ कुरा गर्यनन्। अनि रुबेनबंशीहरु र गादबंशीहरुले त्यस बेदीका नाउं
एड्[1] राख्ये किनभन्ये तिनिहरुले भन्ये हांमिहरुको बीचमां साक्षी येइ हो
अर्थात् यहवेने ईश्वर् हो भन्ये॥

(यहोशूअको उपदेस्)

२३ १ अनि येसो भयो धेरै दिन् पछि जब यहवेले इस्राएललाइ
त्यस्का वरिपरिका सबै सत्रुहरु देखि बिश्राम् दियेको थियो अनि जब
२ यहोशूअ धेरै बूढो र दिन् धेरै खायेको भयो तब यहोशूअले सबै
इस्राएललाइ तिनिहरुका प्राचीनहरु र मूलहरु र बिचारीहरु र
मालिकहरुलाइ बोलायेर तिनिहरुलाइ भन्यो मंचइं ता बूढो र दिन् धेरै
३ खायेको भयें त तिमिहरुले तिमिहरुको ईश्वर् यहवेले तिमिहरुको
कारणले ति सबै लोग् लोगलाइ कसो कसो गर्यो देख्येका छौ
कसोगरिभन्ये तिमिहरुको ईश्वर् यहवे उइ छ जस्ले तिमिहरुको लागि
४ लड़ाइं गर्यको छ। हेर मैले चिट्ठा हालिकन यि बांकि लोगलाइ

[1] अर्थात् साक्षी।

तिमिहरूका कुल्हरूको लागि अधिकार् हुंनुलाइ मैंले यर्दन् देखि अं
सूर्ज अस्ताउंने तिरको महासमुन्द्र सम्म काटि दियेका सब्बै लोग्
लोग् समेत् तिमिहरूलाइ बांड़ि दियें। अनि तिमिहरूको ईश्वर् यहवेले ५
अं उसैले तिनिहरूलाइ तिमिहरूको सांमु देखि निकालि दिंछ अनि
तिनिहरूलाइ तिमिहरूको दृष्टि देखि धपाइ दिंछ त तिमिहरू तिमिहरूको
ईश्वर् यहवेले तिमिहरूलाइ भन्येको कुरा अनुसार् तिनिहरूको देस्को
अधिकारी हुंछौ। येस्कारण् मूसाको व्यवस्थाको पोस्तक्मां लेखौयेका सब्बै ६
कुरा मान्नु र गर्नुलाइ खूब् बल् गर र त्यो देखि दाहीनो बांउ पट्टि तर्कि
फर्कि न जाव र तिमिहरू तिमिहरूको बीच्मां बांकि रह्याको लोग्को ७
बीच्मां न मिसौयौ तिनिहरूका देव्ताहरूको नांउ न लेव न तिनको
किरिया खाव न तिनलाइ पूज न तिनको सांमु निउंर . तर आजुको दिन् ८
सम्म गर्य्येको जस्तो तिमिहरूको ईश्वर् यहवेमां टांसीइ रह। किनभन्ये ९
यहवेले तिमिहरूको सांमु देखि ठूला र बल्लिया बल्लिया लोगलाइ धपाइ
सक्येको छ . अनि आजु सम्म तिमिहरूकै सांमु कोई पनि उभीइ रह्येको छैन।
तिमिहरूमांको येउटा मान्छेले हजार् जनालाइ भगाउंनु सक्छ कसोगरिभन्ये १०
तिमिहरूको ईश्वर् यहवे उस्ले तिमिहरू सित गर्य्येका कुरा अनुसार् उइ छ
जस्ले तिमिहरूको लागि लड़ाइं गर्द छ। येस्कारण् तिमिहरूको ईश्वर् यहवे सङ ११
प्रेम् गर्नुलाइ औधि चंख रह। होइन भन्ये तिमिहरू कोई परिले फर्क्यौर १२
ति बांकि लोगमां अं ति तिमिहरूको बीच्मां रह्येकाहरूमां टांसौयेर
तिनिहरू सङ कुटुम्बेरी गरि तिनिहरू सित छासमिस् भयौ भन्ये
देखि . त निस्से जान तिमिहरूको ईश्वर यहवेले तिमिहरूको सांमु १३
देखि ति लोगलाइ फेरि कहिलै पनि धपाउंदैन तर तिनिहरू तिमिहरूको
लागि पासो र खोर् र तिमिहरूको कोखामां कोर्रा र तिमिहरूका आंखामां
कांड़ा हुंछन् तिमिहरूको ईश्वर् यहवेले दियेको येइ जाति देस् देखि नष्ट
न होउंज्याल् सम्म। हेर आजु मंच इं सिंगै संसार्को बाटोमां जांद छु . अनि १४
तिमिहरूले आफ्नु पूरो मन् र आफ्नु पूरो प्राणले जान्द छौ तिमिहरूको
ईश्वर् यहवेले तिमिहरूको विषय्मां भन्यको सिंगै जाति कुरामांको येउटा
कुरा पनि घटेन सब्बै तिमिहरूको लागि पूरो भयो तिनिहरूमांको येउटा
कुरा पनि खस्येन। अनि येसो हुंछ जसोरि तिमिहरूको ईश्वर् यहवेले १५
तिमिहरूलाइ भन्येका सबै जाति कुरा तिमिहरू मांथि आइ पर्य्ये त्यसै गरि
यहवेले तिमिहरू मांथि सबै नजाति कुरा पनि ल्याउंछ तिमिहरूको ईश्वर्
यहवेले तिमिहरूलाइ दियेको येइ जाति देस् देखि उस्ले तिमिहरूलाइ
नष्ट न पारुंज्याल् सम्म। जब तिमिहरूले आफ्नु ईश्वर् यहवेले तिमिहरूलाइ १६
आज्ञा गर्य्येको नियम् देखि तर्कि गयेर पराय् देव्ताहरूलाइ पूजनुलाइ र
तिनिहरूको सांमु निउंरनुलाइ जाऔला तब यहवेको रिस् तिमिहरू मांथि
उठ्छ अनि तिमिहरू उस्ले तिमिहरूलाइ दियेको जाति देस् देखि
छिट्टै नष्ट हुंछौ॥

(यहोशूअ र एलाजार्को मरण)

२४ १ तब यहोशूअले इस्राएल्का सबै कुल्लाइ शकेम्मां भेला गरायेर
इस्राएल्का प्राचीन्हरु र तिनका मूल्हरु र तिनका बिचारीहरु र तिनका
२ मालिक्हरुलाइ बोलायो त तिनिहरु ईश्वर्को सांमु उभीये। वहांदेखि
यहोशूले सबै लोगलाइ भन्यो इस्राएल्को ईश्वर् यहवेले येसो भन्द छ
तादिमां तिमिहरुका पित्रहरु अं अब्राहाम् र नाहोर्को बाबु तेरह् महानदी
३ पारि बस्द थिये. अनि पराय् देवताहरु पूजद थिये। तब मैंले तिमिहरुका
पित्र अब्राहाम्लाइ महानदी पारि देखि ल्यायेर त्येस्लाइ कनान्को सिंगै
४ देस्मां लि हिंड्र अनि त्येस्को वंश बढायेर त्येस्लाइ इस्हाक् दियें। फेरि मैंले
इस्हाक्लाइ याकूब् र एसाव् दियें. अनि एसाव्लाइ मैंले सेईर् पहाड् दियें
त्येस्को अधिकारी हुंनुलाइ तर याकूब् आफ्ना छोराहरु समेत् मिस्रमां उत्रि
५ गयो। अनि मैंले मूसा र हारून्लाइ पठायेर मिस्रलाइ त्येस्को बीच्मां मैंले
६ गर्येको अनुसार् दुःदिले मांर्यें. त्येस् पछि मैंले तिमिहरुलाइ निकालि ल्यायें
येसोरि मैंले तिमिहरुका पित्रहरुलाइ मिस्र बाटो निकालि ल्यायें. अनि
तिमिहरु समुन्द्र सम्म आइ पुग्यौ अनि मिस्रीहरुले तिमिहरुका पित्रहरुलाइ
७ रथ् र तुरूक्सवार् गरि लाल्समुन्द्र सम्म खेद्यो। अनि जब तिनिहरुले कराइ
कराइकन यहवेको दोहाई गर्ये तब उस्ले तिमिहरु र मिस्रीहरुको बीच्मां
अंधकार् पार्येर तिनिहरु माथि समुन्द्र फर्काइ ल्यायेर तिनिहरुलाइ छोपि
दियो अनि मैंले मिस्रमां ज्य ज्य गर्यें तिमिहरुका आंखाले देख्यौ. अनि
८ तिमिहरु बन्मां धेरै दिन् रह्यौ। वहांदेखि मैंले तिमिहरुलाइ यर्दन् पारि
बस्ने एमोरीहरुको देस्मां ल्यायें अनि तिनिहरुले तिमिहरु सित लड़ाइं गर्ये.
अनि मैंले तिनिहरुलाइ तिमिहरुको ताबिमां पारि दियें अनि तिमिहरु
तिनिहरुको देस्को अधिकारी भयौ येसोरि मैंले तिनिहरुलाइ तिमिहरुको
९ सांमु देखि नास् पार्यें। तब मोआब्को राजा सिप्पोर्को छोरो बालाक्ले
उठेर इस्राएल् सित लड़ाइं गर्यो अनि तिमिहरुलाइ स्राप् दिंनुलाइ
१० त्येस्ले बओर्को छोरो बिलाम्लाइ बोलाइ पठायो. तर बिलाम्को सुन्नु मलाइ
मन् पर्येन येस्कारण् त्यो तिमिहरुलाइ आशीषै आशीष् दिंदै रह्यो. येसोरि
११ मैंले तिमिहरुलाइ त्येस्को हात् देखि बचायें। त्येस् पछि तिमिहरु यर्दन्
वारि तर्येर यरीहो छेउ आइ पुग्यौ. अनि यरीहोका मान्छेहरुले अं एमोरी
परिज्जी कनानी हित्ती गिर्गाशी हिव्वी र यबूसीहरुले तिमिहरु सित लड़ाइं
१२ गर्ये. अनि मंचइंले तिनिहरुलाइ तिमिहरुको हात्मां सुम्पि दियें। अनि
मैंले तिमिहरुको अघि अघि एमोरीहरुका दुइ राजाहरुलाइ तिमिहरुको
सांमु देखि लगार्नुको लागि बच्छिउं पठाइ दियें अं तिमिहरुको तरवार्
१३ कि तिमिहरुको धनुखे होइन। अनि मैंले तिमिहरुलाइ तिमिहरु
आफैले दुख न भर्येको देस् र तिमिहरु आफैले न बनायेका सहर्हरु दियें
अनि तिमिहरु तिनमां बस्दै छौ अं तिमिहरु आफैले न रोप्येको दाख र

भट्टाको खांइ छौ । त अब यहवेको डर् मान उस्को सेवा सोजिइँ र सच्चाइँले १४
गर. अनि तिमिहरुका पित्रहरुले महानदी पारि र मिस्रमां पूज्येका देवताहरु
निकालि फ्यांक अनि तिमिहरु चइं यहवेको सेवा गर्दै रह । अनि यहवेकै १५
सेवा गर्नु तिमिहरुलाइ नजाति लाग्यो भन्ये देखि त कस्को सेवा गर्छौ आजु
तिमिहरुले छान क्य तिमिहरुका पित्रहरुले महानदी पारि पूज्येका देवताहरु
कि तिमिहरु बस्येको देसको एमोरीहरुका देवताहरुलाइ छान्छौ. तर
मं र मेरो जहान् चइं ता यहवेकै सेवा गर्छौं । तब लोगले उत्तर् दिइ भन्ये १६
येसो न हवस् हांमिहरुले यहवेलाइ छोड़ि पराय् देवताहरुलाइ पूजन्
किनभन्ये हांमिहरुको ईश्वर् यहवे उइने हो जस्ले हांमिहरुलाइ र हांम्रा १७
पित्रहरुलाइ मिस्रको देस् देखि बन्धुवाईको घर् बाटो निकालि ल्यायो अनि
जस्ले ति ठुला ठुला आश्चर्य्यकर्म्म हांम्रा आंखाको सोजि गर्‍यो अनि जुन्
बाटोमां हांमिहरु हिंडुद थियूं अनि जुन् लोगको बीच् देखि आउंद
थियूं तिनिहरु देखि हांमिहरुलाइ उस्ले रक्षे गर्‍यो. अनि यहवेले १८
हांमिहरुको सांमु देखि सिंगै लोगलाइ अं देसमां बस्ने एमोरीहरुलाइ
धपाइ दियो. येस्कारण् हांमिहरु पनि यहवेको सेवा गर्छौं किनभन्ये उइ
हांमिहरुको ईश्वर् हो । तब यहोशूअले लोगलाइ भन्यो तिमिहरुले यहवेको १९
सेवा गर्नु सक्दैन कसोगरिभन्ये उ पवित्र ईश्वर् छ उ रापीलो ईश्वर् छ
उस्ले तिमिहरुको अपराध् र तिमिहरुको पाप् क्षमा गर्दैन । तिमिहरुले
यहवे छाड़ि पराय् देवहरु पूज्यौ भन्ये देखि उस्ले फर्केर तिमिहरुको २०
हानि गर्छ अनि तिमिहरुलाइ नष्ट पार्छ उस्ले तिमिहरु सित जाति गर्द भये
पनि । अनि लोगले यहोशूअलाइ भन्ये होइन तर हांमिहरु यहवेकै २१
सेवा गर्छौं । तब यहोशूअले लोगलाइ भन्यो तिमिहरु आफैं आफ्नु २२
बिरुद्धमां हांमिहरुले आफ्नु लागि यहवेलाइ उस्को सेवा गर्नुलाइ छान्यं
भन्ये साक्षी छौ । अनि तिनिहरुले भन्ये अं हांमिहरु साक्षी छौं । त त्यस्ले २३
भन्यो अब तिमिहरुको बीचमां भयेका पराय् देवहरुलाइ निकालि फ्यांक
अनि इस्राएलको ईश्वर् यहवे तिर आफ्ना आफ्ना मन् फर्काव । तब लोगले २४
यहोशूअलाइ भन्ये हांमिहरु हांमिहरुको ईश्वर् यहवेकै सेवा गर्छौं अनि
उसैका कुरा सुन्छौं । तब यहोशूअले त्यइ दिन् लोग् सित बाचा बांध्यो २५
अनि तिनिहरुको लागि शकेममां बिधि र ब्यवस्था ठहरायो ॥

अनि यहोशूअले यि कुरा ईश्वरको ब्यवस्थाको पोस्तकमां लेख्यो अनि २६
त्यस्ले येउटा ठुलो ढुंगो लियेर त्यो त्यहां यहवेको पवित्र स्थान् निर भयेको
बांग् वृक्ष मुनि उभ्यायो । अनि यहोशूअले सबै लोगलाइ भन्यो हेर २७
यो ढुंगो हांमिहरुको बिरुद्ध साक्षी हुंछ कसोगरिभन्ये यहवेले हांमिहरुलाइ
भन्येका सबै कुरा येस्ले सुन्येको छ येस्कारण् यो तिमिहरुको बिरुद्ध
तिमिहरुले आफ्नु ईश्वरलाइ अस्वीकार् न गर भन्ये साक्षी हुंछ ।
येसोरि यहोशूअले लोगलाइ आफ्ना आफ्ना अधिकारमां फर्कि जांनुलाइ २८
बिदा दियो ॥

२९ अनि यि कुरा पछि येसो भयो यहवेको दास् नूनको छोरो यहोशूअ
३० एक् सै दस् बर्षको भइ मर्‍यो। अनि तिनिहरुले त्येस्लाइ गाश् डांड़ाको
उत्तर् पट्टि एप्रैमको पहाड़ देसको तिम्नत्सेरामां त्येस्को आफ्नु अधिकारको
३१ सांद् भित्र गाड़ेर। अनि इस्राएल् यहोशूअका सबै दिन् र यहोशूअ पछि
जीउंने र यहवेले इस्राएलको लागि गर्‍येका सबै काम् चिन्ने प्राचीनहरुका
३२ सबै दिन् यहवेको सेवा गर्दै रह्यो। अनि इस्राएलबंशीहरुले मिस्र बाटो
ल्यायेका यूसुफका हाड़हरु शकेममां गाड़ेर अर्थात् शकेमको बाबु हमोरका
छोराहरु देखि याकूबले एक् सै चांदीका टुकराले किन्येको जग्गाको
३३ खण्डमां. त त्यो यूसुफबंशीहरुको अधिकारमां पर्‍यो। अनि हारुनको छोरो
एलाजार् पनि मर्‍यो अनि तिनिहरुले त्येस्लाइ त्येस्को छोरो पीनहासलाइ
एप्रैमको पहाड़ि देसमां दियेको डांड़ामां गाड़ेर॥

बिचारीहरुको पोस्तक्॥

(यहूदा र अरु अरु कूलहरुको विषय्)

१ १ अब यहोशूअ मर्‍ये पछि येसो भयो इस्राएलबंशीहरुले यहवे सित
येसो भनि सोध्ये कनानीहरु सित लड़ाइं गर्नुलाइ हामिहरुको लागि पहिले
२ को चढ़ि जावस्। तब यहवेले भन्यो यहूदा चढ़ि जान्छ. हेर मैले देस त्यसको
३ हातमां पारि दियेको छु। तब यहूदाले आफ्नु दाजु शिमोनलाइ भन्यो
मेरो अधिकारमां मं सित चढ़ि आउ र हामिहरु कनानीहरु सित लड़ाइं
गरुं अनि येसैगरि मं पनि तिम्रो अधिकारमां तिमिहरु सित जाउंला। त
४ शिमोन् त्यो सित गयो। तब यहूदा चढ़ि गयो अनि यहवेले कनानीहरु
र परिज्जीहरुलाइ तिनिहरुका हातमां पारि दियो. अनि तिनिहरुले
५ तिनिहरुमांका दस् हजार् जना मान्छेहरुलाइ बेजकमां मार्‍ये। अनि
तिनिहरुले अदोनीबेजकलाइ बेजकमां भेटायेर त्यो सित लड़ाइं गर्‍ये अनि
६ कनानीहरु र परिज्जीहरुलाइ मार्‍ये। तर अदोनीबेजक् भाग्यो तब तिनिहरुले
त्येस्लाइ खेदेर अंठ्याइ त्येस्का हातका बूढ़ीऔंला र गोड़ाका बूढ़ीऔंठाहरु
७ काटि दिये। तब अदोनीबेजकले भन्यो हातका बूढ़ीऔंलाहरु र गोड़ाका
बूढ़ीऔंठाहरु काटेरका सत्तरी जना राजाहरुले मेरो मेज् मुनिका चूरचारहरु
टिपि टिपि खाने गर्दै थिये. मैले जसो गर्‍यें त्यसै ईश्वरले मंलाइ साटो दियो।
वहांदेखि तिनिहरुले त्येस्लाइ यरुशलेममां ल्याये अनि त्यो त्यहां मर्‍यो॥
८ अनि यहूदाबंशीहरुले यरुशलेम् सित लड़ाइं गर्‍येर त्यो लिहाल्ये
अनि त्येस्लाइ तरवारको धारले काटेर अनि त्येसमां आगो लगाइ दिये।

अनि त्यस् पछि यहूदावंशीहरू पहाड़ र दक्खिन् र तरि देसमां बस्ने ९
कनानीहरू सित लड़ाइँ गर्नुलाइ उत्रये। अनि यहूदा ति हेब्रोन्मां बस्ने १०
कनानीहरू मांथि जाइ लाग्यो . (हेब्रोन्को नांउ अगाड़ि किर्यतर्बा थियो .)
अनि तिनिहरूले शेशै अहीमन् र तल्मैलाइ मांर्ये। वहांदेखि त्यो त्यहां ११
बाटो दबीर्मां बस्नेहरूको बिरुद्धमां जाइ लाग्यो। दबीर्को नांउ अगाड़ि
किर्यत्सेपेर् थियो। त कालेब्ले भन्यो जस्ले किर्यत्सेपेर्लाइ मांर्येर लिंछ १२
त्यो सित मं आफ्नी छोरी अक्सालाइ ब्याहा गरि दिंछु। त कालेब्को भाई १३
कनज्को छोरो ओत्निएल्ले त्यो लियो . तब त्यस्ले आफ्नी छोरी अक्सालाइ
त्यो सित ब्याहा गरि दियो। अनि येसो भयो जब त्यो थांइ गई तब त्यस्ले १४
त्यस्लाइ मेरो बाबु सित येउटा जग्गा मांग्नु भनि उल्काई . त त्यो आफ्नु
गदाहा बाटो ओह्लो तब कालेब्ले त्यस्लाइ तं के मांगछेस् भनि सोध्यो। त १५
त्यस्ले उत्तर् दिई मंलाइ दाइजो देउ किनभन्ये तिमिले मंलाइ दक्खिन्को
जग्गा दियौ त मंलाइ जरुवा पानी पनि देउ भनि . तब कालेब्ले त्यस्लाइ
माथिल्लो तल्लो दुवै जरुवा पानी दिहाल्यो ॥

तब मूसाको ससुराली केनीवंशीहरू यहूदाको सन्तान् सित खजूर्हरूको १६
सहर् देखि अरादको दक्खिन् तिर भयेको यहूदाको बनमां चढ़ि गयेर ति
लोग् सित गइ बस्ये। अनि यहूदा आफ्नु दाज्यु शिमोन् सित गयेर वहांदेखि १७
तिनिहरूले सपत्मां बस्ने कनानीहरूलाइ मांर्ये अनि त्यस्लाइ भाकल् गरीयेको
थोक् झैं नास् पार्ये। अनि त्यस् सहर्को नांउ होर्मा राखीयो। अनि १८
यहूदाले अज्जा त्यस्को सिमाना समेत् र अश्कलोन् त्यस्को सिमाना समेत् र
एक्रोन् त्यस्को सिमाना समेत् लिहाल्यो। अनि यहवे यहूदा सङ थियो अनि १९
त्यस्ले पहाड़ देसमां बस्नेहरूलाइ धपायो कसोगरिभन्ये तरिका बासीहरूलाइ
त्यस्ले निकाल्नु सकेन किनभन्ये तिनका फलामका रथ् थिये। तब तिनिहरूले २०
मूसाले भन्यको जस्तो कालेब्लाइ हेब्रोन् दिये . अनि त्यस्ले त्यहां बाटो
अनाक्का तीन् भाई छोराहरूलाइ धपाइ दियो। तर यरूशलेममां बस्ने २१
यबूसीहरूचइंलाइ बिन्यामीनवंशीहरूले धपायेनन् . तर यबूसीहरू आजु
सम्म यरूशलेममां बिन्यामीनवंशीहरू सङ रह्याका छन् ॥

अनि यूसुफ्को जहान् चइं पनि बेतेल्को बिरुद्धमां चढ़ि गयो . २२
अनि यहवे तिनिहरू सङ थियो। अनि यूसुफ्को जहान्ले बेतेल्को भेद् २३
लिंनुलाइ पठायो। (अगाड़ि त्यस् सहर्को नांउ लूज् थियो)। अनि २४
भेदियाहरूले सहर् बाटो येउटा मान्छेलाइ बाहर आउंदै गर्येको देखेर
त्यस्लाइ भन्ये कृपा गरिकन सहर्मां पस्ने बाटो हांमिहरूलाइ देखाइ देउ त
हांमिहरू तिमि मांथि दया गर्छां। तब त्यस्ले तिनिहरूलाइ सहर्मां पस्ने २५
बाटो देखाइ दियो त तिनिहरूले सहर्लाइ तरवार्को धार्ले काटेर तर त्यस्
मान्छेचइंलाइ त्यस्को सिंगै जहान्समेत्लाइ छोड़ि दिये। अनि त्यस् २६
मान्छेले हित्तीहरूको देसमां गयेर वहां येउटा सहर् बनायो अनि त्यस्को
नांउ लूज राख्यो जो आज सम्म त्यस्को नांउ छ ॥

२७ अनि मनश्शेले पनि बेतशान् र त्येस्का गांउहरु अनि तानाक् र त्येस्का
गांउहरु अनि दोर्का बासीहरु र त्येस्का गांउहरु अनि इब्लाम्का बासीहरु
र त्येस्का गांउहरु अनि मगिद्दोका बासीहरु र त्येस्का गांउहरुलाइ धपायेन .
२८ तर कनानीहरुले त्येस् देस्मां बलैले बस्ने गर्ये । अनि येसो भयो जब
इस्राएल् बलियो भयो तब तिनिहरुले कनानीहरुलाइ किरिया मुनिका
दास् तुल्याये तर तिनिहरुलाइ ख्यांट्टै ता धपायेनन् ॥
२९ अनि एफ्रैमले ति गेजेर्मां बस्ने कनानीहरुलाइ धपायेन तर कनानीहरु
तिनको बीच्मां गेजेर्मां बस्द थिये ॥
३० जबूलून्ले कित्रोन्का बासीहरुलाइ र नहलोल्का बासीहरुलाइ
धपायेन तर कनानीहरु तिनका बाच्मां रह्यै अनि किरिया मुनिका
दास् भये ॥
३१ आशेर्ले अक्कोका बासीहरुलाइ र सीदोन्का बासीहरुलाइ र अहलाब्
३२ र अकजीब् र हेलबा र अपीक् र रहोब्का बासीहरुलाइ धपायेन . तर
आशेरीहरु त्येस् देस्का बासी कनानीहरुको बीच्मां बस्ये . कसोगरिभन्ये
तिनिहरुले तिनिहरुलाइ धपायेनन् ॥
३३ नप्तालीले बेतशेमेशका बासीहरु र बेतनातका बासीहरुलाइ धपायेन
तर त्यो त्येस् देस्का बासी कनानीहरुको बीच्मां बस्यो . तर्पनि बेतशेमेश्
र बेतनात्का बासीहरु तिनिहरुको लागि किरिया मुनिका दास् भये ॥
३४ अनि एमोरीहरुले दानवंशीहरुलाइ पहाड़े देस्मां लगार्ये .
३५ कसोगरिभन्ये तिनिहरुले तिनिहरुलाइ तरिमां उत्रनु दियेनन् . तर एमोरीहरु
हेरेस् डांड़ा अय्यालोन् र शालबीम्मां बलैले बस्द थिये . तर्पनि यूसुफ्को
जहान्को हात् यहां सम्म गरि जिताहा भयो तिनिहरु किरिया मुनिका
३६ दास् भये । एमोरीहरुको सिमाना अक्रब्बीम्को उकालि देखि पहरा देखि
ऊंभो तिर पर्‍यो ॥

(इस्राएलीहरुको आज्ञालंघन् र दण्ड)

२ १ तब यहवेको दूत् गिलगाल् देखि बोकीम्मां चढि आयो । अनि
उस्ले भन्यो मैंले तिमिहरुलाइ मिस्र देखि उठायेर मैंले तिमिहरुका
पित्रहरु सित किरिया खायेको देस्मां तिमिहरुलाइ ल्याइ पुर्‍यायें अनि
२ मैंले तिमिहरु सित बांध्येको किरिया र कैले पनि भङ्ग गर्दीन अनि
तिमिहरुले येस् देस्का बासीहरु सित बाचा न बांध तिमिहरुले तिनिहरुका
थानहरु भत्काव भनि भन्येको थियें . तर तिमिहरुले मेरो कुरो सुन्येका
३ छैनौ . तिमिहरुले किन येसो गर्येका छौ । येस्कारण मैंले यो पनि भन्यें मं
तिनिहरुलाइ तिमिहरुको सांमु देखि धपाउंदीन तर तिनिहरु तिमिहरुको
कोखामां कांड़ा जस्ता हुंछन् अनि तिनिहरुका देवताहरु तिमिहरुको
४ लागि पासो हुंछन् । अनि येसो भयो जब यहवेको दूतले सबै
५ इस्राएलवंशीहरुलाइ यि कुरा भन्यो तब लोग् आफ्नु आफ्नु सोर् उचालि

रोये। त तिनिहरुले त्यस् ठांउको नांउ बोकीम्[1] राख्ये. अनि वहां
तिनिहरुले यह्वेको लागि बलि चढाये ॥

अब जब यहोशूअले लोगलाइ बिदा दियो तब इस्राएलबंशीहरुमांको ६
जनंगे आफ्नु आफ्नु भागमां देसको अधिकारी हुंनुको लागि गये। अनि ७
लोग् यहोशूअका सबै दिन् र यहोशूअ पछि जीउंने र यह्वेले इस्राएलको
लागि गर्येका सबै काम् चिन्ने प्राचीनहरुका सबै दिन् यह्वेको सेवा गर्दै
रह्ये। अनि यह्वेको दास् नूनको छोरो यहोशूअ एक् सै र दस् बर्षको भइ ८
मर्यो। अनि तिनिहरुले त्यस्लाइ गाश् डांड़ाको उत्तर् पट्टि एप्रैमको पहाड़े ९
देस् तिम्नथेरेसमां त्यस्को नीज् अधिकारको सांद् भित्र गाड़ेर। अनि जब १०
त्यो सबै पुस्ता पनि आफ्ना पित्रहरु सित गइ मिसीये तब तिनिहरु पछि
अर्को पुस्ता उठ्यो जस्ले न यह्वेलाइ न उस्ले इस्राएलको लागि गर्येका
काम् चिन्द थिये ॥

त इस्राएलबंशीहरुले यह्वेको सांमु जुन् बेहोरा दुष्ट छ त्यो गर्ये ११
अर्थात् तिनिहरुले बाल् भनींने देवताहरुलाइ पूज्ये. अनि तिनिहरुलाइ १२
मिस्र देस् बाटो निकालि ल्याउंने आफ्ना पित्रहरुको ईश्वर् यह्वेलाइ
छोड़ेर अरु देवताहरु अर्थात् आफ्ना वरिपरि बस्ने लोगका देवताहरुलाइ
पछ्याइ तिनिहरुको सांमु निउंर्ये. येसोरि तिनिहरुले यह्वेको रिस्
उठाये। अं तिनिहरुले यह्वेलाइ छोड़ेर बाल् र अश्तारोत्लाइ पूज्ये। तब १३ १४
इस्राएल् मांथि यह्वेको रिस् उठ्यो अनि उस्ले तिनिहरुलाइ तिनिहरुलाइ
लूट्नेहरुको हात्मां सुम्पि दियो अनि उस्ले तिनिहरुका वरिपरिका
सत्तुरहरुका हात्मां बेच्यो र तिनिहरु आफ्ना सत्तुरहरुको सांमु फेरि
उभीइ रहंनु सकेनन्। जहां जहां तिनिहरु जांद थिये वहां वहां यह्वेको १५
कुरा र उस्ले तिनिहरु सित खायेको किरिया अनुसार् यह्वेको हात्
तिनिहरुको बिरुद्ध बुराईको लागि थियो. अनि तिनिहरु औधि अन्योल्मां
पर्ये। अनि यह्वेले बिचारीहरुलाइ उठायो जुन्हरुले तिनिहरुलाइ १६
तिनिहरुलाइ लूट्नेहरुको हात् देखि बचाये। तैपनि तिनिहरुले आफ्ना १७
बिचारीहरुको सुन्येनन् कसोगरिभन्ये तिनिहरु ब्यभिचारीहरु झैं अरु अरु
देवताहरु पछि लाग्ये अनि तिनिहरुको सांमु निउंर्ये. अं तिनिहरु यह्वेको
आज्ञा मान्ने तिनिहरुका पित्रहरु हिंड़ेको बाटो देखि छिट्टै तर्कि गये अनि
ति मान्येनन्। अनि जब जब यह्वेले तिनिहरुको लागि बिचारीहरुलाइ १८
उठायो तब तब यह्वे त्यस् बिचारी सङ थियो अनि उस्ले तिनिहरुलाइ
तिनिहरुका सत्तुरहरुको हात् देखि त्यस् बिचारीको सबै दिन् बचायो.
कसोगरिभन्ये तिनिहरुलाइ सताउंने र दुक्ख दिंनेहरुको कारणले सुस्केरा
मार्येको खातिरले यह्वे पछुतायो। तर येसो हुंद थियो जब जब बिचारी १९

[1] अर्थात रुनेहरु

मंर्दै थियो तब तब तिनिहरु फर्केर आफ्ना पित्रहरु भन्दा औधि औधि
बिग्रि जांद थिये अर्थात् तिनिहरुले अरु अरु देवताहरुलाइ पछ्यायेर
तिनलाइ पूज्ये अनि तिनको सांमु निउंर्ये अनि न आफ्ना कामकार्ज न
२० आफ्नु अट्टेरि बेहोरा छोड्द थियें। त यहवेको रिस् इस्राएल् मांथि
उठ्यो अनि उस्ले भन्यो येस् लोगले मैंले तिनिहरुका पित्रहरुलाइ आज्ञा
२१ दियेको नियम् भङ्ग गर्ये अनि मेरा कुरा सुन्येनन् येस्कारण् अब देखि
येसो मं झैले पनि तिनिहरुको सांमु देखि यहोशूअले त्यस्को मंरणको
२२ बेलामां छोड़ेरका अन्यदेशी लोगमांको कसैलाइ पनि धपाउंदीन. र मं
तिनिहरुको बाटोले इस्राएललाइ जांचुं तिनिहरु यहवेको बाटो
२३ तिनिहरुका पित्रहरुले भन्ये झैं त्यस्मां हिड्नुलाइ मान्छन् कि मान्देनन्
भनि। त यहवेले ति लोगलाइ छोड्यो अं तिनिहरुलाइ छिट्टै धपायेन
न तिमिहरुलाइ यहोशूअको हातमां सुम्पि दियो॥

३ १ त जुन् जुन लोगलाइ यहवेले तिनिहरुको बाटोले कनान् देस्मांका
२ सबै संग्राम् न जान्ने इस्राएललाइ जांचनुको लागि छोड़ेरको थियो अं
कम्को कम् येस्को बिषयमां अगाड़ि कोइ पनि न जान्ने इस्राएलबंशीहरुका
पुस्ताले तिनलाइ सिकायो भन्ये देखि लड़ाइँ गर्नु निस्से थाहा पाउंछन् ति
३ लोग् यिनै हुन् अर्थात् पलिश्तीहरुका पांच् मालिक्हरु र सबै
कनानीहरु र सीदोनीहरु र लबानोन् डांड़ामां बालहेर्मोन् डांड़ा देखि
४ हमात्मां पस्ने गौंड़ा सम्म बस्ने हिव्वीहरु। त तिनिहरु येसैकारणले छोड़ीयेका
थियें तिनिहरुको बाटोले इस्राएललाइ जांचनुको लागि तिनिहरुले यहवेले
तिनिहरुका पित्रहरुलाइ मूसाको बाटोले दियेको आज्ञा मान्छन् कि
५ मान्देनन् भन्येर। अनि इस्राएलबंशीहरु चइं कनानीहरु हित्तीहरु एमोरीहरु
६ परिज्जीहरु हिव्वीहरु र यबूसीहरुको बीचमां बस्द थिये. अनि यिनिहरुले
तिनिहरुको छोरीहरुलाइ स्वास्नी तुल्याये अनि आफ्नो छोरीहरुलाइ
तिनिहरुका छोराहरुलाइ दिये अनि तिनिहरुका देवताहरुलाइ पूज्ये॥

(ओत्निएल्को बिषय्)

७ त इस्राएलबंशीहरुले यहवेको सांमु जुन् बेहोरा दुष्ट छ त्यो गर्ये
अर्थात् तिनिहरुले आफ्नु ईश्वर् यहवेलाइ बिर्सि बाल् भनींने देवता र
८ अशेरा भनींने मूर्त्तिहरुलाइ पूज्ये। येस्कारण् यहवेको रिस् इस्राएल् मांथि
उठ्यो अनि उस्ले तिनिहरुलाइ अरम्नहरैमको राजा कूशन्रिशातैमको हातमां
बेचि दियो. अनि इस्राएलबंशीहरुले आठ् बर्ष सम्म कूशन्रिशातैमको
९ सेवा गर्ये। अनि जब इस्राएलबंशीहरुले यहवेको दोहाई गर्ये तब यहवेले
इस्राएलबंशीको लागि येउटा बचाउंने अर्थात् कालेबको कान्छो भाई
१० कनजको छोरो ओत्निएललाइ उभ्यायो जस्ले तिनिहरुलाइ बचायो। अनि
यहवेको आत्मा त्येस् मांथि पर्यो अनि त्येस्ले इस्राएलको निया गर्यो अनि
लड़ाइँ गर्नुलाइ निस्क्यो अनि यहवेले अरामको राजा कूशन्रिशातैमलाइ

त्येस्को हात्मां सुम्पि दियो. अनि त्येस्को हात् कूशन्रिशातम् मांथि जिताहा
भयो। अनि चालीस् वर्ष सम्म देस्ले बिश्राम् पायो। तब कनज्को छोरो ११
ओत्निएल् मऱ्यो॥

(एहूद्को बिषय्)

फेरि इस्राएल्बंशीहरूले यहवेका सांमु जुन् बेहोरा दुष्ट छ त्यो १२
गऱ्ये. अनि यहवेले मोआब्को राजा एग्लोन्लाइ इस्राएल्को बिरुद्धमां
बलियो गरायो किनभन्ये तिनिहरूले यहवेको सांमु जुन् बेहोरा दुष्ट
थियो त्यो गऱ्ये। अनि त्येस्ले अम्मोन्बंशीहरूलाइ र अमालेक्लाइ भेला १३
गऱ्यो अनि गयेर इस्राएल्लाइ मांऱ्यो अनि खजूर्हरूको सहर् लिहाल्यो।
अनि इस्राएल्बंशीहरूले मोआब्को राजा एग्लोन्को सेवा अठारह् वर्ष सम्म १४
गऱ्ये। तर जब इस्राएल्बंशीहरूले यहवेको दोहाई गऱ्ये तब यहवेले १५
तिनिहरूको लागि येउटा बचाउंनेलाइ अर्थात् बिन्यामीनो गेराको छोरो
एहूद्लाइ जो बांउहाते थियो त्येस्लाइ उभ्यायो. अनि इस्राएल्बंशीहरूले
त्येस्को हात्मां मोआब्को राजा एग्लोन् थांइ येउटा सौगात् पठायो। अनि १६
एहूद्ले हात्भरिको लांमो येउटा दुइधारे चुपि बनायेर त्यो आफ्नु दाहींनो
तिघ्रामां लुगा मुनि भुंड्यायो। अनि त्येस्ले मोआब्को राजा एग्लोन् थांइ १७
सौगात् लग्यो. अनि एग्लोन् चइं औधि मोटो मान्छे थियो। अनि जब १८
त्येस्ले त्यो सौगात् दि सक्यो तब ति सौगात् बोकि ल्याउंनेहरूलाइ बिदा
गरि पठायो। तर त्यो आफु चइं गिल्गाल् निरको देव्ताथान् भयेको १९
ठाउं देखि फर्केर येसो भन्यो हे राजा मेरां आफुलाइ भन्ये येउटा गुप्त कुरो
छ। अनि त्येस्ले भन्यो चुप लाग। तब त्यो छेउ भयेका सबै जना बाहिर
निस्कि गये। अनि एहूद् त्यो थांइ गयो अनि त्यो चइं सितल् ताप्ने २०
कोठामां एक्लै बसि रह्येको थियो। त एहूद्ले भन्यो मेरां आफुको लागि
ईश्वर् देखि आयेको कुरा छ। तब त्यो आफ्नु बैठक् देखि उठ्यो। तब २१
एहूद्ले आफ्नु बांउ हात् पसाऱ्येर आफ्नु दाहींनो तिघ्रा देखि चुपि
झिक्केर राजाको भूंडिमां यहां सम्म रोपि दियो. सिंगै चुपि बेंडै समेत् २२
पस्यो अनि बोसोले चुपि छोप्यो कसोगरिभन्ये भूंडि देखि त्येस्ले चुपि
निकाल्येन त त्यो त्येस्को पछिल् तिर निकल्यो। तब एहूद्ले दलान्मां २३
निस्केर कोठाको दैलो थुनि आग्लो लगाइ दियो। जब त्यो बाहिर २४
निस्क्यो तब त्येस्का चाकरहरु आये अनि तिनिहरूले कोठाको दैलो
थुनीयेको देख्येर भन्ये सितल् ताप्ने कोठामां दिशा बस्येका छन् होला।
अनि तिनिहरु पर्खंदा पर्खंदा लज्जित् भये. तब हेर तिन्ले कोठाको दैलो २५
खोल्येनन् येस्कारण् तिनिहरूले ताल्चा लियेर खोल्ये त हेर हांम्रा स्वामी
ता भूइमां लडि मरि रह्येका राछन्। अनि तिनिहरु पर्खंदाखेरि २६
एहूद् भागि सक्यो अनि देव्ताथान् काटेर सेरामां गइ बांच्यो। अनि २७
येसो भयो जब पुग्यो तब त्येस्ले एफ्रैम्को पहाड़े देस्मां तुरही बजायो अनि

इस्राएल्बंशीहरू पहाड़े देस् देखि त्यो सित उत्र्ये अनि त्यो चढ़ं तिनिहरूको
२८ अघि अघि हिंड्यो । अनि त्यसले तिनिहरूलाइ भन्यो मेरो पछि पछि आव.
किनभन्ये यहवले तिमिहरूको मोआबी सत्रुहरूलाइ तिमिहरूको हातमां
सुम्पि दियेको छ। त तिनिहरू त्यस् पछि लाग्य अनि मोआब्को सांमुको
२९ यर्दन्को घाट् लिहाल्य अनि कस्सैलाइ तर्नु दियेनन् । अनि त्येइ बेला
तिनिहरूले मोआबीहरूमांका दस् हजार् जति बल्लिय । बल्लिया र महाबीर्
३० जनंगे मान्छेलाइ मांर्ये येउटा पनि बांच्येन । येसोरि त्यो दिन् मोआब्
इस्राएलको ताबिमां पर्‍यो । अनि देस्ले अस्सी बर्ष सम्म बिस्राम् पायो ॥
३१ अनि एहूद् पछि अनात्को छोरो शम्गार् भयो जस्ले पलिश्तीहरूमांका
सै जना मान्छेहरूलाइ गोरु धपाउंने लउरोले मांर्‍यो . अनि त्यसले पनि
इस्राएल्लाइ बचायो ॥

(दबोरा र बाराक्को बिषय्)

४ १ अनि जब एहूद् मर्‍यो तब इस्राएल्बंशीहरूले फेरि यहवका सांमु
२ जुन् नराम्रो दुष्ट छ त्यो गर्‍ये । अनि यहवले तिनिहरूलाइ कनान्को राजा
याबीन्को हात्मां बेचि दियो जस्ले हासोर्मां राज् गर्दे थियो अनि त्यसको
सेनापतिको नांउ सीसरा थियो अनि त्यो अन्यदेसीहरूको हरोशत्मां रहंद
३ थियो । तब इस्राएल्बंशीहरूले यहवको दोहाई गर्‍ये. किनभन्ये त्यस्का
फलामका नौ सै रथ् थियें अनि त्यस्ले बीस् बर्ष सम्म इस्राएल्बंशीहरूलाइ
मारोमारिकन सतायो ॥
४ अनि त्यो ताक लप्पीदोत्की स्वास्नी दबोरा येउटी अगमबक्तानीले
५ इस्राएल्को निया गर्दे थिई । अनि त्यो एफ्रैमको पहाड़ देसमां रामा र
बेतेल्को बीच्मां भयेको दबोराको खजूर्को बोट् मुनि बस्द थिई . अनि
६ नियाको लागि इस्राएल्बंशीहरू त्यो थांइ आउंद थिये । तब त्यस्ले केदेश्
नप्ताली देखि अबीनोअम्को छोरो बाराक्लाइ बोलाइ पठायेर भनी को
इस्राएल्को ईश्वर् यहवले येस्तो आज्ञा दियेको छैन गयेर ताबोर् डांड़ा
तिर लोगलाइ भेला गर अनि नप्तालीबंशी र जबूलून्बंशीमाका दस्
७ हजार् जनालाइ आफ्नु साथ्मां लेउ। अनि म चढ़ं कीशोन्को खोलचामां
याबीन्को सेनापति सीसरालाइ त्यस्का रथ् र त्यस्को घुड्रीलाइ तिमि तिर
८ भेला गराउंछु अनि त्यस्लाइ तिम्रो हात्मां पारि दिंछु । अनि बाराक्ले
त्यस्लाइ भन्यो आफु मं सङ जांनु भयो भन्ये मं जांछु . तर आफु जांनु भयेन
९ भन्ये मं जान्न । तब त्यस्ले भनी मं निस्से तिमि सङ जांछु . तर पनि
तिमिले गर्नु आंटेको गवंन् तिम्रो मान्को लागि हुंदेन . कसोगरिभन्ये
यहवले सीसरालाइ येउटी आइमाइको हात्मां बेचि दिंछ । वहांदेखि
१० दबोरा उठेर बाराक् सङ केदेशमां गई । अनि बाराक्ले जबूलून् र
नप्तालीलाइ केदेश्मां बोलायो वहांदेखि त्यो दस् हजार् जनालाइ आफु
१५ सङ लियेर चढ़ि गयो . अनि दबोरा पनि त्यो सङ गई । अब हेबर्

केनीले आफुलाइ केनीहरू अं मूसाको ससुरा होबाबवंशीहरू देखि छुटायेर आफ्नु डेरा केदेशमां भयेको सानन्नीम्को बांजवृक्ष सम्म सायेर हाल्यो।
अनि अबीनोआमको छोरो बाराक् डांड़ामां चढ्यो भन्ये कुरो सीसरालाइ १२
सुनाये। तब सीसराले आफ्ना सिंगै रथ् अर्थात् फलामका नौ से रथ् र १३
आफु सङका सबै लोगलाइ अन्यदेसीहरूको हरोशेत् देखि कीसोन्
खोल्चा निर भेला गर्यो। तब दबोराले बाराक्लाइ भनी उठ किनभन्ये यो १४
त्यइ दिन् हो जस्मां यहवेले सीसरालाइ तिम्रो हात्मां पारि दियेको छ.
के यहवे तिम्रो अघि अघि गयेको छैन। तब बाराक् तबोर् डांड़ा देखि
उत्र्यो अनि दस् हजार् जना त्येस्को पछि पछि लाग्ये। अनि यहवेले १५
सीसरालाइ त्येस्को सबै रथ्हरूलाइ र सबै सेनालाइ बाराक्को सांमु
तरवार्को धार्ले धंस पार्यो त सीसरा आफ्नु रथ् बाटो ओह्र्ल्येर पैदलै
भाग्यो। तर बाराक्ले रथ्हरू र सेनालाइ अन्यदेसीहरूको हरोशेत् सम्म १६
खेद्यो. अनि सीसराका सिंगै सेना तरवार्को धार्ले काटीये एक् जना
पनि बांच्येन॥

तैपनि सीसरा चइं पैदलै भाग्दै केनी हेबेर्की स्वास्नी याएल्को १७
पाल्मां पस्यो. कसोगरिभन्ये हासोर्को राजा याबीन् र केनी हेबेर्को
घर्को बीच्मां मिलाप् थियो। तब याएल्ले सीसरालाइ भेट्नुलाइ १८
निक्ल्येर त्येस्लाइ भनी हे मेरा प्रभु फर्केर मेरां आउंनु हवस् न डराउंनु
हवस्। अनि जब त्यो त्येस्को पाल्मां आयो तब त्येस्ले त्यस्लाइ येउटा
गाड़िले ढाकि दिई। तब त्येस्ले त्येस्लाइ भन्यो कृपागरिकन मंलाइ १९
अलिकता पानी खांनु दिनु हवस् किनभन्ये मं तिर्खायेको छु। त त्येस्ले
दुद्को मशक् खोल्येर त्येस्लाइ खांनु दिई वहांदेखि त्येस्लाइ फेरि ढाकि
दिई। तब त्येस्ले त्येस्लाइ भन्यो पाल्को दैलोमां उभोइ रहंनु हवस् अनि २०
येसो हुंछ जब कसैले आयेर आफु सित यहां कोइ पुरुष् छ भनि सोध्ला
त छैन भन। तब हेबेर्की स्वास्नी याएल्ले पाल्को येउटा कीला र मुंग्रो २१
हातमां लियेर बिस्ता् बिस्ता् त्येस्को छेउमां गयेर त्यो कीला त्येस्को
कन्परामां ठोकेर भूइंमां गाड़ि दिई कसोगरिभन्ये त्यो थाकेर ठूलो
नींद्मां परेको थियो त त्यो येसोरि मर्यो। अनि हेर जब बाराक् सीसरालाइ २२
खेद्दै आयो त याएल् त्येस्लाइ भेट्नुलाइ निक्ली अनि त्येस्लाइ भनी आउंनु
हवस् मं त्यो आफुले खोज्येको मान्छेलाइ देखाउंछु। अनि त्यो भित्र
आयो त हेर सीसरा मरि रह्येको रह्छ अनि कीला त्येस्को कन्परामां गाड़ीइ
रह्येको रह्छ। येसोरि ईस्वर्ले कनान्को राजा याबीन्लाइ इस्राएल्वंशी- २३
हरूको ताब्रिमां पारि दियो। अनि इस्राएल्वंशीहरूको हात् कनान्को २४
राजा याबीन्को बिरुद्ध तिनिहरूले कनान्को राजा याबीन्लाइ नास् न
पारुंज्याल सम्म ओधि ओधि जिताहा भयो॥

(द्बोराको गीत्)

५ १ तब द्बोरा र अबीनोअमको छोरो बाराकले त्यसै दिन् येसो
भनिकन गाये
२ इस्राएलमां अगुवाहरूले गर्येको अगुवाईको लागि
लोग् आफ्ना आफ्ना खुशिराजि सित भर्ति भयेको लागि
यह्वेलाइ धन्न कह ।
३ सुन हे राजाहरू कान् लगाव हे मालिक्हरू
मं चइं ता यह्वेको लागि गीत् गाउंछु
यह्वे इस्राएल्को ईश्वर्को लागि भजन् गाउंछु ।
४ हे यह्वे जब तपांइ सेईर् बाटो निक्लनु भयो
जब तपांइ एदोमको बन् बाटो हिंड्नु भयो
तब पृथिवी कांप्यो स्वर्ग पनि चुह्यो
अं बादलले पानी चुहायो ।
५ पहाड्हरू यह्वेको सांमु बह्यो
अं यो सीनै इस्राएलको ईश्वर् यह्वेको सांमु ।
६ अनातको छोरो शमगर्का दिनमां
याएल्का दिनमां मूल् बाटा सुन्ये थिये
अनि बटोरेहरू बाङ्गा बाटा जांद थिये ।
७ इस्राएलमां गांउ सुन्ये थिये अं सुन्ये थिये
मं द्बोरा न उठुंज्याल्
मं इस्राएलमां येउटी माता न उठुंज्याल् सम्म ।
८ तिनिहरूले नया देवताहरू छान्ये
तब ढोकाहरूमां लड़ाईं भयो .
के ढाल् कि भाला देखीयो
इस्राएलका चालीस् हजारको बीच्मां ।
९ मेरो मन् इस्राएलका मालिक्हरू तिर छ
जो जो लोगहरूको बीच्मां खुशिराजि सित भर्ति भये
यह्वेलाइ धन्न कह ।
१० तिमि सेता गदाहाहरूमां चढ्नेहरू
तिमि गलैंचाहरूमां बस्नेहरू
अनि तिमि बाटोमां हिंड्नेहरू हो ध्यान् गर ।
११ धनु चलाउंनेहरूको सोर् देखि टाढ़ो पंधेराहरूमां
वहां तिनिहरूले यह्वेका धर्म्मकार्य्यहरूको चर्चा गर्छन्
अं इस्राएलमां उस्का गांउहरू तिर भयेका उस्का धर्म्मकार्य्यहरूको
तब यह्वेका लोग् ढोकाहरूमां ओर्ह्लि गये ।
१२ जाग् जाग् हे द्बोरा

जाग् जाग् भजन् गा ।
हे बाराक् उठ् हे अबीनोअम्को छोरो आफ्ना बन्धुवाईलाइ
बन्धुवा गर् ।
तब मालिक्हरूमांका बांचि रहेकाहरु र लोग् उत्र्ये १३
यहवे मेरो लागि बल्लियाहरूको बिरुद्धमां उत्र्ये ।
एफ्रेम् देखि तिनिहरु आये जस्को जरा अमालेक्मां छ १४
तं पछि हे बिन्यामीन् तेरा लोग्को बीच्मां
माकीर् देखि राजदण्ड चलाउंनेहरु उत्र्ये
अनि जबूलून् देखि लेखक्को राजदण्ड बोक्ने ।
अनि इस्साकार्का मालिक्हरु दबोरा सङ थिये १५
जस्ता इस्साकार् उस्तो बाराक्
त्यस्को गोड़ामां तिनिहरु तरिमां हुगुरि आये ।
रूबेन्का खोल्चाहरूको छेउमां
मनका ठुला बिचार भये ।
भेंड़ाखोर्मां किन बसिस् १६
बगाल्को लागि मुरलि बजायेको सुन्नुलाइ हो कि ।
रूबेन्का खोल्चाहरूमां
मनका ठुला जांच् भये ।
गिलाद् यर्दन् पारि बस्यो . १७
अनि दान् चइं किन जहाज्मां रह्यो ।
आशेरले समुन्द्रको तीर्मां बास् गर्यो
अनि आफ्ना कोल्टाहरूमां रह्यो ।
जबूलून् येस्तो लोग् थियो जस्ले आफ्नु प्राण् मरण्को जोखिम् १८
सम्म हाल्यो
अनि नप्तालीले देस्का अग्ला डांड़ा डांड़ामां पनि ।
राजाहरूले आयेर लड़ाइं गर्ये १९
तब कनान्का राजाहरुले लड़ाइं गर्ये
मगिद्दोको खोल्चाको छेउको तानाक्मां .
तिनिहरुले चांदीको लूट् लियेनन् ।
आकाश देखि लड़ाइं गर्ये २०
ताराहरूले पनि आफ्ना आफ्ना चक्रमां सीसरा सित लड़ाइं गर्ये ।
कीशोन्को खोल्चाले तिनलाइ बगाइ लग्यो २१
त्यो तारिको खोल्चा कीशोन्को खोल्चाले ।
हे मेरो प्राण् छूप् बांधदै हिंड् ।
तब घोड़ाका सूम्ले पीन्थ्ये २२
फर्दवाल्को कारण्ले तिनका सामर्थीहरूको फर्दवाल् ।
मेरोजलाइ स्राप् भनि यहवेको दूतले भन्द छ २३

त्येस्का बासीहरुलाइ स्रापले स्राप्
किनभन्ये तिनिहरु यह्वेको गोहारको लागि आयेनन्
यह्वेको गोहारको लागि बलियाहरुको बिरुद्धमां ।
२४ सबै स्त्रीहरु भन्दा याएल् आशीषित् हुंछिन्
केनी हेबेर्को सुवैनी
पालमां बस्ने स्त्रीहरु भन्दा आशीषित् हुंछिन् ।
२५ पानी मांग्यो दुद् दिइन्
मालिकं डबकामां दहौ पुर्याइन् ।
२६ आफ्नु हात् किला तिर पसाइँ छिन्
अनि आफ्नु दाहिनो हात् मुंग्रो तिर
अनि मुंग्रोले सीसरालाइ हान्द छिन् त्येस्को कपाल् कुच्याउंद छिन्
अं छेडिइ छिन् अनि त्येस्को कन्परा छिचल्द छिन् ।
२७ तिनका गोड़ामां निउंर्यो लड्यो लडि रह्यो
तिनका गोड़ामां निउंर्यो लड्यो .
जहां निउंर्यो उहीं मरि लड्यो ।
२८ खिर्कि बाटो चियाइ हेर्दै चिच्याउंद थिई
सीसराकी आंमाले झ्याल् बाटो
त्येस्को रथ् आउंनु किन अबेर् भयो
त्येस्को रथका पाङ्राहरुले किन बियांलो गर्द छन् ।
२९ त्येस्की बुद्धिमान् सखेनीहरुले उत्तर् दिइन्
अं त्यो आफुचइंले आफैलाइ उत्तर् दिंद छे
३० के तिनिहरुले पायेनन् के तिनिहरुले लूट् बांड़ेनन्
एक् केटी दुइ केटी जनंगे बीरलाइ
सीसरालाइ चइं रङ्गायेका कपराका लूट्
बुट्टा काढेका रङ्गायेका कपराका लूट्
दुइ पट्टि बुट्टा काढेका रङ्गायेका कपरा लूटको गलाको लागि ।
३१ येस्तै परिले तपांइका सबै सत्तुरहरु नास् होउन् हे यह्वे .
तर जस् जस्ले उ सित प्रेम् गर्द छन् तिनिहरु आफ्नु प्रतापले

झुल्कने सूर्ज झैं होउन् ॥

अनि चालीस् बर्ष सम्म देसले बिस्राम् पायो ॥

(गिदोन्को बिषय्)

६ १ फेरि इस्राएलबंशीहरुले यह्वेको सांमु जुन् ब्येहोरा दुष्ट छ त्यो गर्ये ।
अनि यह्वेले तिनिहरुलाइ मिद्यानको हात्मां सात् बर्ष सम्म सुम्पि दियो ।
२ अनि मिद्यानको हात् इस्राएलको बिरुद्धमां जीताहा भयो . अनि
मिद्यानको कारणले इस्राएलबंशीहरुले पहाड्रू हुंदो भयेका कुरि र ओढ़ार् र
३ आड्रू आफ्नु लागि बनाये । अनि येसो हुंद थियो जब जब इस्राएलले

बिउ छर्दै थियो तब तब मिद्यानीहरु र अमालेकीहरु र पूर्बबासीहरु
चढ्द थिये अं तिनिहरुको बिरुद्धमां चढेर अनि तिनिहरुको बिरुद्धमां ४
डेरा हाल्थे अनि अज्जामां न पुगुंज्याल् सम्म भूमिको उपर्जान नास् पार्थे अनि
इस्राएल्मां जिवीका छोड़्दनन् न भेंड़ाबाख्रा न गोरु न गदाहा।
कसोगरिभन्ये तिनिहरु आफ्ना पशुहरु र आफ्ना डेरा समेत् चढ़ि आउंद ५
थिये अं गन्तीमां सलहहरु जस्तै पसि आउंद थिये तिनिहरु र तिनिहरुका
ऊंट्हरु बिहिसाप् थिये . अनि देस् उजार्नुलाइ भित्र पर्थे। अनि मिद्यान्को ६
कारणले इस्राएल् दखीयो त इस्राएल्बंशीहरुले यहूवेको दोहाई गर्थे॥

अनि येसो भयो जब मिद्यान्को कारणले इस्राएल्बंशीहरुले ७
यहूवेको दोहाई गर्थे तब यहूवेले इस्राएल्बंशीहरु थांइ येउटा ८
अगमबक्तालाइ पठाइ दियो. अनि त्येस्ले तिनिहरुलाइ भन्यो इस्राएल्को
ईश्वर् यहूवेले येसो भन्द छ मंचइंले तिमिहरुलाइ मिस्र देखि निकालि
ल्यायें अनि तिमिहरुलाइ बन्धुवाईको घर् देखि यहां ल्यायें अनि ९
मैंले तिमिहरुलाइ मिस्रीहरुको हात् देखि र तिमिहरुलाइ सौचेड़
गर्नेहरु सबैको हात् देखि छोड़ायें अनि तिनिहरुलाइ तिमिहरुको सांमु
देखि धपाइ दियें अनि तिमिहरुलाइ तिनिहरुको देस् दियें. अनि १०
मैंले तिमिहरुलाइ भन्यें म यहूवे तिमिहरुको ईश्वर् हुं जुन् एमोरीहरुको
देस्मां तिमिहरु बसद छौ तिनिहरुका देवताहरुको भय् न मान भनि. तर
तिमिहरुले मेरो शब्द सुन्यौन॥

अनि यहूवेको दूत् आयेर अबीएजरी योआशलाइ पर्ने ओफ्रामां ११
भयेको बांजवृक्ष मुनि बस्यो. अनि योआश्को छोरो गिदोन् कोल्मां गहूं
झार्दै थियो मिद्यानीहरु देखि लुकाउंनु भन्येर। अनि यहूवेको दूतले त्येस्कां १२
देखाहा पर्येर त्येस्लाइ हे महाबीर् यहूवे तं सङ छ भन्येर र भन्यो। त १३
गिदोन्ले उस्लाइ भन्यो यहूवे हांमिहरु सङ छ भन्ये त हे मेरा प्रभु यो सबै
किन हांमिहरु मांथि पर्येको छ. अनि उस्का सबै आश्चर्य्यकर्म्महरु जुन्हरुको
बिषय्मां हांमिहरुका पित्रहरुले कि मिस्र देखि यहूवेले हांमिहरुलाइ
निकालि ल्यायेन भन्येर हांमिहरुलाइ सुनायेका थिये ति कता हुन्. तर
अब ता यहूवेले हांमिहरुलाइ छोड़्यको छ अनि हांमिहरुलाइ मिद्यान्को
हात्मां सुम्पि दियेको छ। तब यहूवेले त्यो तिर फर्केर भन्यो तैंले येइ १४
तेरो प्रताप्मां गयेर इस्राएल्लाइ मिद्यान्को हात् देखि छोड़ा. कि मैंले
तंलाइ पठायेको छुइंन। अनि गिदोन्ले उस्लाइ भन्यो हे प्रभु मं कसोगरि १५
इस्राएल्लाइ छोड़ाउंछु हेर्नु हवस्. मेरो फेट् मनश्शेमां सबै भन्दा नीच्
अनि मं चइं आफ्नु बाबुको जहान्मां सबै भन्दा सांनु छु। अनि यहूवेले १६
त्येस्लाइ भन्यो निस्से मं तं सङ हुंछु अनि तंले मिद्यानीहरुलाइ येउटा
मान्छेलाइ झैं मार्छस्। अनि त्येस्ले उस्लाइ भन्यो अब मं मांथि तपांइको १७
अनुग्रह् भयो भन्ये देखि खुद् तपांइले मं सङ कुरा गर्नु हुंद छ भन्ये चिंनु
मंलाइ देखाउंन हवस। मं बिन्ति गर्द छ मैंले तपांइ थांइ आयेर आफ्न १८

सोगात् ल्यायेर तपांइको सांमु न राखुंज्याल् सम्म यहां देखि हिंड़ि न जानु
१९ हवस् । त उस्ले भन्यो तं फर्कि न आउंज्याल् सम्म मं पर्खि बस्कु । त
गिदोन्ले भित्र पसेर पाठो काटेर तियार् पाऱ्यो अनि अन्नको एक् एपा
अखमीरे फुलौरो. त्येस्ले मांसु चइं डालोमां झोल् चइं येउटा भाड़ामां हाल्येर
२० उ यांइ बांज्वृक्ष मुनि ल्यायेर चढ़ाइ दियो । अनि ईश्वर्को दूत्ले त्येस्लाइ
भन्यो मांसु र अखमीरे फुलौरो लियेर येस् पहरा मांथि राख् अनि झोल्
२१ चइं खन्याइ दे । त त्येस्ले त्येसै गऱ्यो । तब यह्वेको दूत्ले आफ्नु हात्मां
भयेको टेक्ने लउरोको टुप्पा पसाऱ्येर मांसु र अखमीरे फुलौरो छोयो तब
पहरा देखि आगोले बलि उठेर मांसु र अखमीरे फुलौरो खाइ हाल्यो
२२ अनि यह्वेको दूत् त्येस्का आंखाको सांमु देखि गइ गयो । अनि गिदोन्ले
उ यह्वेको दूत् हो रक्क भनि थाहा पायो त गिदोन्ले भन्यो हाय् मेरा
२३ प्रभु यह्वे किनभन्ये मैंले यह्वेको दूत्लाइ सांमु सांमु देख्येको कु । अनि
२४ यह्वेले त्येस्लाइ भन्यो तं सङ कुशल् हवस् न डरा , मर्दैनस् । तब गिदोन्ले
यह्वेको लागि वहां येउटा बेदि बनायो अनि त्येस्को नांउ यह्वे शालोम्[१]
राख्यो . आजु सम्म ऐले पनि अबीएजेरबंशीहरुको ओफ्रामां छ ॥

२५ अनि येसो भयो त्येइ रात् यह्वेले त्येस्लाइ भन्यो आफ्नु बाबुको
बहर् अं सात् वर्ष भयेको दोस्रो बहर् लियेर बाल्को थान् जो तेरो बाबुको
हो भत्काइ दे अनि त्यो छेउ भयेको अशेरा भनींने मूर्त्ति काटि दे.
२६ वहांदेखि त्येस् गढ़िको थाप्निमां बिधि अनुसार् आफ्नु ईश्वर् यह्वेको लागि
बेदि बना वहांदेखि दोस्रो बहर् लियेर तेंले काटेको अशेराको दाउराले
२७ होमबलि चढ़ा । तब गिदोन्ले आफ्ना चाकरेहरुमांका दस् जनालाइ
लियेर यह्वेले त्येस्लाइ भन्येको अनुसार् गऱ्यो . अनि येसो भयो त्यो
आफ्नु बाबुको जहान् र त्येस् सहर्का मान्छेहरु देखि डराउंद थियो
२८ येस्कारण् यो काम् त्येस्ले दिउंसो गर्नु सकेन त राति गऱ्यो । अनि त्येस्
सहर्का मान्छेहरु बिहान सखारै उठेर त हेर बाल्को थान् भत्काईयेको अनि
त्यो छेउ भयेको अशेरा काटि दिईयेको रक्क अनि बनाईयेको बेदिमां दोस्रो
२९ बहर् चढ़ाईयेको रक्क । तब तिनिहरुले आपस्तमां भन्ये यो काम् गर्ने को
हो । अनि सोधसाध् गर्दा यो काम् गर्ने चइं योआशको छोरो गिदोन् हो
३० भनीयो । तब त्येस् सहर्का मान्छेहरुले योआशलाइ भन्ये आफ्नु छोरोलाइ
निकालि ल्याउ र त्यो मारीओस् किनभन्ये त्येस्ले बाल्को थान् भत्काइ
३१ दियो अनि त्यो छेउ भयेको अशेरा पनि काटि दियो । तब योआशले
आफ्नु बिरुद्धमां उभीयेका सबै जनालाइ भन्यो को तिमिहरुचइंले
बाल्को लागि झगरा उठाउंछौ . कि को तिमिहरुचइंले त्येस्लाइ बचाउंछौ .
जस्ले त्येस्को लागि झगरा उठाउंछ त्यो बिहान् सम्ममां मारीओस्. त्यो
देवता हो रक्क भन्ये देखि त आफ्नु लागि आफैले झगरा उठावस् किनभन्ये

[१] अर्थात् यह्वे कुशल हो ।

कसैले त्येस्को थान् भत्काइ दियेको छ। येस्कारण त्यसै दिन् त्येस्ले बाल्ले ३२
त्येस्को बिरुद्ध झगरा उठावस् किनभन्ये त्येस्ले त्येस्को थान् भत्काइ दियेको
छ भन्येर त्येस्को नांउ यरुब्बाल्[1] राख्यो ॥

तब सबै मिद्यानीहरु र अमालेकीहरु र पूर्ब्बंशीहरु आपस्तमां भेला ३३
भये अनि तिनिहरुले तर्येर यिज्रलको तरिमां डेरा हाल्ये। तर यहवेको ३४
आत्मा गिदोनमां पहिर्याईयो अनि त्येस्ले तुरही बजायो वहांदेखि
अबीएजेर् त्येस्को पछि पछि आइ भेला भयो। अनि त्येस्ले दूत्हरुलाइ सबै ३५
मनश्शेमां पठायो त तिनिहरु पनि त्येस्को पछि पछि आइ भेला भये. अनि
त्येस्ले दूत्हरुलाइ आशेर् जबूलून् र नप्ताली सम्म पठायो अनि तिनिहरु
तिनिहरुलाइ भेट्नु चढि आये। वहांदेखि गिदोन्ले ईश्वर्लाइ भन्यो ३६
तपांइले भन्यको अनुसार् मेरो हात् बाटो इस्राएल्लाइ बचाउंनु हुंछ भन्ये
देखि त हेर्नु हवस् मं खलामां कत्र्येको ऊन् राख्छु त शीत् खालि ३७
ऊनमां मांत्रै पर्यो अनि सबै भूइं ओबानो रह्यो भन्ये देखि त येसैमां मं
तपांइले आफुले भन्येको अनुसार् इस्राएल्लाइ मेरो हात् देखि बचाउंनु हुंने
रछ भनि थाहा पाउंछु। अनि त्येसै भयो. कसोगरिभन्ये भोलिपल्टो बिहान ३८
उठेर त्येस्ले त्यो ऊन् निचर्यो अनि ऊन् देखि शीत् अं एक् कटोरा भरि
पानी निमोठि झार्यो। फेरि गिदोन्ले ईश्वर्लाइ भन्यो तपांइको रिस् मं ३९
मांथि न उठोस् त मं खालि यो एक् खेप् मांत्रै बोल्छु. कृपागरि खालि
अरु एक् खेप् मांत्रै ऊनले जांच्नु दिंनु हवस् अर्थात् अब खालि ऊन्
मांत्रै ओबानो रहोस् अनि सबै भूंइमां चइं शीत् परोस्। त ईश्वर्ले त्येस् ४०
रात् त्येसै गर्यो. कसोगरिभन्ये ऊन् भन्ये ओबानो थियो अनि सबै भूंइमां
शीत् चइं पर्येको थियो ॥

तब यरुब्बाल्ले जो गिदोन् हो अनि त्यो सङ भयेका सबै लोगले ७ १
हरोद्को जरुवा पानी निर डेरा हाल्ये. अनि मिद्यानीहरुको चइं छाउंनी
तिनिहरुको उत्तर् पट्टि मोरे भनींने पहाड्को छेउ तरिमां थियो ॥

अनि यहवेले गिदोन्लाइ भन्यो मिद्यानीहरुलाइ तिनका हातमां २
पारि दिंनुलाइ तं सङ भयेका मान्छेहरु मेरो लागि बिघ्नै धेर् छन् होइन भन्ये
ता इस्राएल्ले मेरै हात्ले मंलाइ बचायो भन्येर मेरो बिरुद्धमां अहंकार्
गर्छ। येस्कारण् अब गयेर जो जो डराउंने र कांम्नेहरु छन् तिनिहरु ३
फर्कयेर गिलाद् डांड़ा देखि हिंड़ि जाउन् भनि लोगका कानमां उर्दी सुना।
त लोग्मांका बाईस् हजार् जना फर्कि गये अनि दस् हजार् जना रह्ये ॥

फेरि यहवेले गिदोन्लाइ भन्यो अझै पनि मान्छेहरु धेरै छन् ४
तिनिहरुलाइ खलामां लैजा त मं तिनिहरुलाइ वहां तेरो लागि जांचि
दिंछु. त येसो हुंछ जस्को बिषयमां मं तंलाइ भन्छु यो तं सङ जांछ भनि त
त्यो चइं तं सङ जावस्. तर जस् जस्को बिषयमां मं तंलाइ भन्छु यो तं सङ

[1] अर्थात् बाल्ले झगरा उठावस्।

५ जांदैन भनि त त्यो चइं न जावस् । त त्यस्ले लोगलाइ खोलामां लग्यो . अनि
यहवेले गिदोन्लाइ भन्यो जस् जस्ले पानी कुकुर्ले झैं चप्ल्याक् चप्ल्याक्
गरि खांछन् त्यस्ताहरूलाइ अलग् राख् अनि जस् जस्ले घुंडा टेकेर निउंरि
६ खांछन् त्यस्ताहरूलाइ पनि अलग् राख् । त जस् जस्ले आफ्ना हात् मुखमां
लगि चप्ल्याक् चप्ल्याक् गरि खांद थिये त्यस्ताहरू तीन् सै जना थिये .
७ तर रहल् सबै मान्छेहरू चइं पानी खांनुलाइ घुंडा टेकि निउंर्ये । तब
यहवेले गिदोन्लाइ भन्यो मं चप्ल्याक् चप्ल्याक् गरि पानी खांने तीन्
सै जनाको बाटोले तिमिहरूलाइ बचाउंछु अनि मिद्यानीहरूलाइ तेरो
हात्मां सुम्पि दिंछु . अनि अरु सबै लोग् आफ्नु आफ्नु ठांउमां फर्कि
८ जाउन् । त लोगले आफ्ना आफ्ना हातमां खांने सादीस् र आफ्नु
आफ्नु तुरही लिये . अनि त्यस्ले इस्राएल्का अरु सबै मान्छेहरू जनंगेलाइ
आफ्ना आफ्ना पालमां फर्काइ पठायो तर ति तीन् सै जनाचइंलाइ
राख्यो . अनि मिद्यान्को छाउंनी त्यस्को मुन्तिर तरिमां थियो ॥
९ अनि येसो भयो त्यसै रात् यहवेले त्यस्लाइ भन्यो उठेर तं छाउंनीमां
१० उत्रि जा किनभन्ये मैंले त्यो तेरो हात्मां पारि दियेको छु । तर तं येक्लै जांनु
११ डराउंछस् भन्ये हेरिख आफ्नु चाकरे पूरालाइ साथ लियेर छाउंनीमां उत्रि
जा . अनि तिनिहरूले के भन्छन् सुन् त्यस् पछि तेरा हात् छाउंनीमां उत्रि
जांनुलाइ बलिया तुल्याइंछन् । तब त्यो आफ्नु चाकरे पूरा सङ छाउंनीमां
भयेका हतियार् भिर्येका मान्छेहरू भयेको ठांउको पल्लो छेउ सम्म उत्रि गयो ।
१२ अनि मिद्यानीहरू र अमालेकीहरू र पूर्बबंशीहरू गन्तिमां सलहहरू झैं
तरिमां थुप्रि रह्येका थिये अनि तिनिहरूका ऊंट्हरू समुन्द्रको तीर्को
१३ बालुवा जत्तिकै गन्तिमां बिहिसाप् थिये । अनि गिदोन् गइ पुग्येको बेलामां
हेर येउटा मान्छेले आफ्नु साथीलाइ सपना कहंद रहेछ हेर मैंले सपना
देख्यें त हेर जउको येउटा रोटी मिद्यान्को छाउंनीमां लडि आयो अनि
पाल्मां लडि आयेर त्यो टलुंज्याल् सम्म त्यस् माथि हानीयो वहांदेखि
१४ पाल् उत्तानो पलंज्याल् सम्म उल्टाइ दियो भन्येर भन्दै रहेछ । तब त्यस्को
साथीचइंले उत्तर् दिइ भन्यो यो इस्राएलको पुरुष् योआश्को छोरो
गिदोन्को तरवार् बाहिक् अरु केइ होइन ईश्वर्ले मिद्यान्लाइ सबै
छाउंनी समेत् त्यस्को हात्मां पारि दिये छ ॥
१५ अनि येसो भयो जब गिदोन्ले सपना कह्येको र त्यस्को अर्थ सुन्यो तब
दण्डवत् गर्यो अनि इस्राएल्को छाउंनीमां फर्कि आयेर लोगलाइ भन्यो
उठ किनभन्ये यहवेले मिद्यान्को छाउंनीलाइ तिमिहरूको हात्मां सुम्पि
१६ दियेको छ । वहांदेखि त्यस्ले ति तीन् सै जनालाइ तीन् गट्टामां छुटायो
अनि सबैको हात् हात्मां तुरही र रित्तो गाग्रो अनि गाग्रो भित्र रांको
१७ राखि दियो । अनि त्यस्ले तिनिहरूलाइ भन्यो मंलाइ हेर अनि मैंले गर्ये
झैं गर . अनि हेर मं छाउंनीको पल्लो पट्टि सम्म पुग्दा येसो हवस् जसो
१८ मं गर्छु त्यसै तिमिहरूले पनि गर । मैंले र मं सङ भयेका सबैले तुरही

बजाउंदा तिमिहरूले पनि सबै छाउंनीका चारै तिर तुरही बजाव अनि
यहवे र गिदोनको लागि भन्येर कराव ॥
त गिदोन् र त्यो सङ भयेका एक् सै जना दोस्रो पहर्को पालोनिमां १९
तिनिहरूले भर्खर् पहरा बसालि सक्दा छाउंनीको पल्लो छेउमां गइ पुग्यो.
अनि तिनिहरूले तुरही बजाये अनि आफ्नु आफ्नु हातमां भयेका
गाग्राहरू फोर्ये। अनि ति तीन् गट्टाले तुरही बजाये अनि गाग्राहरू २०
फुटाये अनि आफ्नु आफ्नु बांउ हातमां रांकाहरू अनि आफ्नु आफ्नु
दाहीनो हातमां बजाउंनको लागि तुरहीहरू लिये. अनि तिनिहरू
यहवेको लागि तरवार् र गिदोनको लागि भनि कराये। वहांदेखि २१
तिनिहरू जनंगे आफ्नु आफ्नु ठांउमां छाउंनीको रिंगै उभीये. वहांदेखि
सबै सेना दुगुर्थे अनि तिनिहरूले कराउंदै भगाये। त तिनिहरूले ति तीन् २२
सै तुरही बजाये अनि यहवेले जनंगको तरवार् आफ्नु आफ्नै साथीहरू
मांथि र सबै सेनाहरू मांथि चलाउंनु लगायो. तब सेनाहरू सरेरा तिर
भयेको बेतशित्ता सम्म अं तब्बात् तिर भयेको आबेलमहोलाको सिमाना
सम्म भाग्ये। अनि इस्राएलका मान्छेहरूले नप्ताली र आशेर् र सबै मनश्शे २३
देखि भेला भयेर मिद्यान्लाइ खेद्यो। अनि गिदोनले एफ्रेमको सबै पहाड़ २४
देसमां येसो भनिकन दूतहरूलाइ पठायो मिद्यानको बिरुद्धमां आइ लाग
अनि तिनिहरूको बेतबरा अं यर्दन् सम्म पानी पनि देव। त एफ्रेमका
सबै मान्छेहरूले भेला भइ बेतबरामां अं यर्दन् सम्म पानी पनि दिये।
अनि तिनिहरूले मिद्यानका दुइ जना मालिक् ओरेब् र जएबलाइ समात्ये २५
अनि तिनिहरूले ओरेबचट्टलाइ ओरेब् भनीने पहरामां मार्ये अनि
जएबचट्टलाइ जएबको कोलमां मार्ये वहांदेखि मिद्यानलाइ खेद्यो. अनि
तिनिहरूले ओरेब् र जएबका सिर्हरू गिदोन् पांइ यर्दन् वारि ल्याये॥
अब एफ्रेमका मान्छेहरूले तेस्लाइ भन्ये तिमिले किन हामिहरू ८ १
सित येसो गर्यौ अर्थात् तिमि मिद्यान् सित लड़ाइं गर्नु जांदा हामिहरू-
लाइ किन बोलायेन। अनि तिनिहरू त्यो सित सारो गरि झगड़ा। त तेस्ले २
तिनिहरूलाइ भन्यो आफुहरूले जति अब मैंले के गर्यें र. के एफ्रेमको
दाखको सला अबिएजेरको बटुलाई भन्दा आति छैन। ईश्वरले आफुहरूको ३
हातमां मिद्यानका मालिक्हरू ओरेब् र जएबलाइ सुम्पि दियो. त मैंले
आफुहरू जति के गर्नु सक्तर थियें। त तेस्ले त्यो कुरो भन्येकोमां तिनिहरूको
तेस्को बिरुद्धको रिस् मर्यो। अनि गिदोन् यर्दन् सम्म पुग्यो अनि त्यो ४
र त्यो सङ भयेका तीन् सै जना थाकित भयेका थिये र पनि खेद्दै खेद्दै
पारि तरि गये। अनि तेस्ले सुक्कोतका मान्छेहरूलाइ भन्यो कृपागरि मेरो ५
पछि पछि आउंने लोगलाइ रोटी दिनु हवस् किनभन्ये तिनिहरू थाकेका
छन् अनि म मिद्यानका राजाहरू जेबह् र सल्मुन्नालाइ खेद्द छु। त सुक्कोतका ६
मालिक्हरूले भन्ये के जेबह् र सल्मुन्ना एले तिम्रो ताबिमां आइ सक्यो र
हामिहरू तिम्रा पल्टनलाइ रोटी दिऊं। तब गिदोनले भन्यो येस्कारण जब ७

यहवेले जेबह् र सल्मुन्नालाइ मेरो हात्मां पारि देला तब मं तिमिहरुको
८ जीउलाइ बन्को कांड़ाले र लोहोंड़ेको कांड़ाले दाउंछु। वहांदेखि
त्यो त्यहां बाटो पनूएल्मां चढि गयो अनि तिनिहरुलाइ पनि त्यसै भन्यो.
त पनूएल्का मान्छेहरुले पनि त्यस्लाइ सुक्कोत्का मान्छेहरुले झैं उत्तर् दिये।
९ तब त्यस्ले पनूएल्का मान्छेहरुलाइ पनि येसो भन्यो कुशल्मां फर्कि आउंदा
यो धरारा भत्काइ दिंछु॥
१० अब जेबह् र सल्मुन्ना कर्कोर्मां थिये अनि तिनिहरु सङ तिनिहरुका
सेनाहरु पन्द्रह् हजार् जना जति पूर्बबंशीहरुको सिंगै सेनामां सबै बांचि
रहेका थिये. कसोगरिभन्ये तरवार् झिक्नेहरु एक् लाख् र बीस् हजार्
११ जना लड़ेरका थिये। अनि गिदोन् नोबह् र योगब्रहाको पूब तिर पाल्मां
बस्नेहरुको बाटो बाड़ा चढि गयेर सेनालाइ मांर्यो कसोगरिभन्ये सेना
१२ निश्चिन्त थियो। अनि जेबह् र सल्मुन्ना भाग्ये तर त्यस्ले तिनिहरुलाइ
पछि पछि खेद्यो अनि त्यस्ले मिद्यान्का ति दुइ जना राजाहरु जेबह् र
१३ सल्मुन्नालाइ समात्येर सबै सेनालाइ तर्साइ दियो। वहांदेखि योआश्को
१४ छोरो गिदोन् संग्राम् देखि हेरेस्को उकालि देखि फर्कि आयो। अनि
सुक्कोत्का मान्छेहरुमांको येउटा तन्नेरिलाइ समात्येर त्यस्लाइ सोध्यो. त
त्यस्ले त्यस्को लागि सुक्कोत्का मालिक्हरु र त्यस्का प्राचीन्हरु सत्हत्तर्
१५ जना लेखाइ दियो। त सुक्कोत्का मान्छेहरु थांइ पुग्येर तिनिहरुलाइ
जुन् जेबह् र सल्मुन्नाको बिषय्मां तिमिहरुले के जेबह् र सल्मुन्ना एले
तिम्रो ताबिमां आइ सक्ये र हांमिहरु तिम्रा थाकेका मान्छेहरुलाइ
१६ रोटो दिऊं भन्येर मेरो निन्दा गर्येका थियौ भन्येर भन्यो। त त्यस्ले त्यस्
सहर्का प्राचीन्हरुलाइ लिइ बन्का कांड़ाहरु र लोहोंड़का कांड़ाहरु
१७ लियेर तिनले सुक्कोत्का मान्छेहरुलाइ दायो। अनि त्यस्ले पनूएल्को धरारा
१८ पनि भत्काइ दियो अनि त्यस् सहर्का मान्छेहरुलाइ मारि दियो। अनि
त्यस्ले जेबह् र सल्मुन्नालाइ तिमिहरुले ताबोर्मां मार्येका मान्छेहरु के
रकम्का मान्छेहरु थिये भन्यो। तब तिनिहरुले जस्ता आफु त्यस्तै तिनिहरु
१९ पनि जनंगे राजकुमार्हरु जस्तै थिये भनि उत्तर् दिये। त त्यस्ले भन्यो
तिनिहरु मेरा साक्कै दाज्युभाईहरु थिये अं मेरी आमाका छोराहरु. यहवे
जी रहेको झैं तिमिहरुले तिनिहरुलाइ जीउंदा बचायेका हुंदा हौ त मं
२० तिमिहरुलाइ मार्ने थिइंन। वहांदेखि त्यस्ले आफ्नु जेटो छोरो येतेर्लाइ
उठ् तिनिहरुलाइ काट् भन्यो। तर त्यो केटाले आफ्नु तरवार् झिकेन.
२१ किनभन्ये त्यो डरायो किनभन्ये एले केटै थियो। तब जेबह् र सल्मुन्नाले
भन्ये उठेर आफै हांमिहरु मांथि आइ लाग्नु हवस् किनभन्ये जस्तो
मान्छे त्यस्तो त्यस्को बल्। त गिदोन्ले उठेर जेबह् र सल्मुन्नालाइ
काट्यो अनि तिनका ऊंट्हरुका गलामां भयेका गहनाहरु फुकालि लियो॥
२२ तब इस्राएल्का मान्छेहरुले गिदोन्लाइ भन्ये आफुले हांमिहरु
मांथि प्रभुतेइं गर्नु हवस् अं आफुले र आफुको छोरोले र आफुको छोरोको

छोरोले पनि . किनभन्ये आफुले हांमिहरूलाइ मिद्यान्को हात् देखि
बचाउंनु भयो । त गिदोन्ले तिनिहरूलाइ भन्यो मं तिमिहरु मांथि २३
प्रभुतेइँ गर्दींन अनि न मेरो छोरोले तिमिहरु मांथि प्रभुतेइँ गर्छ .
यहवेलेने तिमिहरु मांथि प्रभुतेइँ गर्छ । फेरि गिदोन्ले तिनिहरूलाइ २४
भन्यो मं तिमिहरु खित यो मांगद्छु अर्थात् तिमिहरु जनंगेले आफ्नु आफ्नु
लूट्मांको नत्थ चइं मंलाइ देव । (किनभन्ये तिनिहरुकां सुन्का नत्थ
थिये कसोगरिभन्ये तिनिहरु इश्माएलीहरु थियें ।) त तिनिहरुले हांमिहरु २५
खुशि खित दिंछौं भनि उत्तर् दिये । वहांदेखि तिनिहरुले येउटा लुगा
ओछ्यायेर जनंगेले आफ्नु आफ्नु लूट्का नत्थ त्येस्मां हालि दिये । अनि २६
त्येस्ले मांग्येका ति सुन्का नत्थहरु जोखाईमां एक् हजार् र सात् से सुन्का
शेकेल् थिये त्येस् उप्रान्त गलाका गहना र कानका गहना र मिद्यान्का
राजाहरुले लाउंने बैगुने रङ्गका बस्त्र अनि त्येस् उप्रान्त तिनिहरुका ऊंट्का
गलाका सिक्रिहरु पनि । त गिदोन्ले तिनको येउटा एपोद् बनायेर आफ्नु २७
सहर् ओं ओप्रामां राख्यो . अनि सिंगै इस्राएल् ब्यभिचारीहरु भैं वहां त्यो
पछि लाग्ये . अनि त्यो चइं गिदोन् र त्येस्को घर्को लागि पासो भइ गयो ।
येसोरि मिद्यान् इस्राएलबंशीहरुको ताबिमां पर्‍ये त्येस् पछि तिनिहरुले २८
फेरि फेरि आफ्नु सिर् उठाउंनु सक्येनन् । अनि गिदोन्को पालामां देस्ले
चालीस् बर्ष सम्म बिश्राम् पायो ॥

अनि योआश्को छोरो यरुब्बाल् गयेर आफ्नु घर्मां बस्नु लाग्यो । २९
अनि गिदोन्को कम्मर् देखि जन्म्येका सत्तरि भाई छोराहरु थिये . ३०
कसोगरिभन्ये त्येस्को स्वास्नीहरु धेरैवटी थिइन् । अनि त्येस्को येउटी शकेम्मां ३१
रहंने रखेलीले पनि येउटा छोरो जन्माई अनि त्येस्ले त्येस्को नांउ अबीमेलेक्
राख्यो । अनि योआश्को छोरो गिदोन् पूरो बूढ़सकाल्मां मर्‍यो अनि ३२
आफ्नु बाबु योआश्को चिहान्मां अबीएज्रीहरुको ओप्रामां गाड़ीयो ॥

अनि येसो भयो गिदोन् मर्नु बित्तिकै इस्राएलबंशीहरुले फर्केर ३३
ब्यभिचारीहरु भैं बाल् देवताहरु पछि लाग्ये अनि बालबरीन्चइंलाइ
आफ्नु देवता तुल्याये । अनि इस्राएलबंशीहरुले आफ्ना चारै पट्टिका सबै ३४
सत्तुर्हरुका हात् देखि बचाउंने आफ्नु ईश्वर् यहवेलाइ सम्झेनन् . अनि ३५
न यरुब्बाल् अर्थात् गिदोन्को जहान् मांथि त्येस्ले इस्राएल् मांथि गर्‍येको
सबै भलाई अनुसार् कृपा गर्‍ये ॥

(अबीमेलेक्को बिषय्)

अनि यरुब्बाल्को छोरो अबीमेलेक् आफ्नो आमाका दाज्युभाईहरु ९ १
थांइ शकेम्मां गयो अनि तिनिहरुलाइ र आफ्नो आमाको बाबुको घर्को
सिंगै जहान्लाइ येसो भन्यो कृपागरि शकेम्का मान्छेहरुका कानमां २
येसो भन तिमिहरुलाइ के जाति लाग्छ यरुब्बाल्का सबै सत्तरै जना
छोराहरुले तिमिहरु मांथि प्रभुतेइँ गरुन् कि एक् जनाले मांत्रै प्रभुतेइँ गरोस् .

३ अनि मं चइं ता तिमिहरूको हाड् मांसु हुं भनि समझना राख। अनि त्येस्को
आंमाका दाज्युभाईहरूले त्येस्को बिषय्मां ति सबै कुरा शकेम्का मान्छेहरूका
कानमां भनि दिये . त तिनिहरूका मन् अबीमेलेक् पट्टि लाग्ये किनभन्ये
४ तिनिहरूले त्यो हांमिहरूको भाई हो भन्ये। वहांदेखि तिनिहरूले त्येस्लाइ
बालबरीत्को मन्दिर् देखि सत्तरि टुक्रा चांदी दिये जस्ले अबीमेलेक्ले
कत्ति जना बजारू र बरालमींगहरूलाइ रुपिया दियेर आफ्नु पछि पछि
५ लग्यो। वहांदेखि आफ्नु बाबुको घर्मां ओफ्रामां गयेर आफ्ना दाजुभाई
यरुब्बाल्का सत्तरि जना छोराहरूलाइ येउटै ढुंगामां काट्यो . तर यरुब्बाल्को
कान्छो चइं छोरो योताम् बांच्यो कसोगरिभन्ये त्यो लुक्यो ॥
६ तब शकेम्का सबै मान्छेहरू र मिल्लोको सबै जहान्ले भेला भयेर
शकेम्मां भयेको सुढुका छेउको बजरांट् निर गयेर अबीमेलेक्लाइ राजा
७ तुल्याये। वहांदेखि जसै योताम्लाइ यो कुरो भनीयो तब त्यो गयेर
गरिज्जीम् डांड़ाको चाप्रिमां चढेर उभीयो अनि आफ्नु शब्द उचालि
करायेर तिनिहरूलाइ येसो भन्यो हे शकेम्का मान्छेहरू हो मेरो सुन र
८ ईश्वर्ले तिमिहरूको सुनोस्। उइले उइले आफु मांथि राजभिषेक् गराउंनलाइ
रुखहरू निस्क्ये वहांदेखि तिनिहरूले भद्राक्षको रुख्लाइ भन्ये हांमिहरू
९ मांथि राज् गर। तर भद्राक्षले तिनिहरूलाइ भन्यो क्य मं तिनिहरूले
ईश्वर्लाइ र मान्छेहरूलाइ पनि मान् दिंने आफ्नु बोसो छोड़ेर रुखहरू
१० मांथि हल्लींनुलाइ जांउ। अनि रुखहरूले नेभाराको रुख्लाइ तिमिले आयेर
११ हांमिहरू मांथि राज् गर भन्ये। तर नेभाराले तिनिहरूलाइ भन्यो क्य मं
आफ्नु मीठो र आफ्नु असल् फल् छोड़ेर रुखहरू मांथि हल्लींनुलाइ जांउ।
१२ अनि रुखहरूले दाख्लाइ तिमिले आयेर हांमिहरू मांथि राज् गर भन्ये।
१३ अनि दाख्ले तिनिहरूलाइ भन्यो क्य मं ईश्वर् र मान्छेलाइ खुशि गराउंने
१४ आफ्नु रस् छोड़ेर रुखहरू मांथि हल्लींनुलाइ जांउ। तब सबै रुखहरूले
लोहोंड़्को कांड़ाको बोट्लाइ तिमिले आयेर हांमिहरू मांथि राज् गर भन्ये।
१५ तब लोहोंड़्को कांड़ाले रुखहरूलाइ भन्यो सांचिनै तिमिहरूले मंलाइ आफु
मांथि राजभिषेक् गर्दछौ भन्ये देखि आयेर मेरो छांयामां शरण् लेव .
होइन भन्ये ता लोहोंड़ कांड़ा बाटो आगोले निकल्येर लबानोन्को
१६ देब्‌दारुलाइ खाइ हाल्‌छ। त अब तिमिहरूले सांचो र सोजो बेहोरा गरि
अबीमेलेक्लाइ राजा तुल्यायेका छौ अनि यरुब्बाल् र त्येस्को घर् सित
जाति बेहोरा गर्येका छौ अनि त्येस्लाइ त्येस्को हात्को प्रतिफल् दियेका छौ
१७ भन्ये देखि (कसोगरिभन्ये मेरो बाबुले तिमिहरूको लागि आफ्नु जीवन्
मरण् सम्मको जोखिम्मां हालि लड़ाईं गर्यो अनि तिमिहरूलाइ
१८ मिद्यान्को हात् देखि बचायो . अनि तिमिहरूले आजुको दिन् मेरो बाबुको
घर्को बिरुद्धमां उठेर त्येस्का सत्तरि भाई छोराहरूलाइ येउटै ढुंगामां
मार्येका छौ अनि त्येस्की कमारीको छोरो अबीमेलेक्लाइ जो तिमिहरूको
भाई भयेको कारणले शकेम्का मान्छेहरू मांथि राजा तुल्यायेका छौ .)

अनि आजुको दिन् तिमिहरूले सांचो र सोजो बेहोरा गर्य्का छौ भन्ये १९
देखि त अबीमेलेकमां रमाहट् गर्नु अनि त्यस्ले पनि तिमिहरूमां रमाहट्
गरोस्. तर त्येसो ता भयेको छैन भन्ये देखि आगो अबीमेलेक् देखि २०
निस्कोस् अनि शकेमका मान्छेहरू र मिल्लोको जहान्लाइ खाइ हालोस्
अनि शकेमका मान्छेहरू र मिल्लोको जहान् देखि आगो निस्कोस् अनि
अबीमेलेक्लाइ खाइ हालोस्। वहांदेखि योताम् दगुर्दै भागि गयेर बेर्मां २१
पुग्यो अनि आफ्नु दाज्यु अबीमेलेक्को डरले उहीं बस्यो ॥

त अबीमेलेक् तीन् वर्ष सम्म इस्राएल् मांथि मालिक् भइ रह्यो। २२
अनि ईश्वरले अबीमेलेक् र शकेमका मान्छेहरूको बीचमां दुष्ट आत्मा २३
पठाइ दियो त शकेमका मान्छेहरूले अबीमेलेक् सित छल् गर्य्रे.
यरुब्बालका सत्तरि भाई छोराहरू मांथि गरीयेको उपद्रेइं आवस् अनि २४
तिनको रगत् तिनिहरूलाइ मार्ने तिनिहरूको भाई अबीमेलेक्को र त्यस्का
दाज्युहरूलाइ मार्नुको लागि हात् बलियो गराउंने शकेमका मान्छेहरूको
थाप्लो मांथि परोस् भन्येर। तब शकेमका मान्छेहरूले त्यस्लाइ मार्नुको लागि २५
डांडाहरूका थाप्लि थाप्लिमां ढुकुवाहरूलाइ बसाल्ये जस्ले त्यो बाटो बाट्हो
हिंड्नेहरू सबैलाइ लुट्द थिये. त यो कुरो अबीमेलेक्लाइ सुनाईयो ॥

तब एबेद्को छोरो गाल् आफ्ना दाज्युभाईहरू सङ्ग आयेर शकेममां २६
उत्र्यो. अनि शकेमका मान्छेहरूले त्यो मांथि भरोसा गर्य्रे। त तिनिहरूले २७
बारीमां गयेर आफ्नु आफ्नु दाख् टिपेर गोड़ाले कुल्च्ये अनि हर्षबड़ाइं
गर्दै आफ्नु देव्ताको मन्दिरमां पस्येर खाये पीये अनि अबीमेलेक्लाइ
धिक्कार्नु लाग्ये। तब एबेद्को छोरो गालले भन्यो अबीमेलेक् को हो अनि २८
शकेम् को हो र हामिहरू त्यस्को चाकरी गरूं. के त्यो यरुब्बालको छोरो
होइन. के जबूल् त्यस्को कामदारी होइन. तिमिहरूले शकेमको बाबु हमोरका
मान्छेहरूको चाकरी गर्द छौ. त त्यस्को चाकरी किन गरूं। जाति हुंथ्यो ति २९
लोग् मेरै ताबिमां भये ता. त म अबीमेलेक्लाइ निकालाबास् गर्ने थियें.
त त्यस्ले अबीमेलेक्लाइ भन्यो आफ्नु पल्टन् बढायेर निस्कि आ। जसै ३०
सहर्को मालिक् जबूलले एबेद्को छोरो गालका यि कुरा सुन्यो तब त्यस्को
रिस् उठ्यो। अनि त्यस्ले चंखेइं सित अबीमेलेक् थांइ दूत्लाइ येसो भनि ३१
पठायो हेर्नु हवस् एबेद्को छोरो गाल् आफ्ना दाज्युभाईहरू समेत् शकेममां
आयेको छ अनि हेर्नु हवस् तिनिहरूले सहर्लाइ आफुको बिरुद्धमां
उल्काउंद छन्। त अब राति उठेर आफु र आफु सङ्ग भयेका मान्छेहरू ३२
बन्मां ढुकि रहनु हवस्. अनि येसो हवस् बिहान सखारै घाम् झुल्कनु ३३
बित्तिकै उठेर सहर्मां जाइ लाग्नु. अनि हेर्नु हवस् जसै त्यो र त्यो सङ्ग
भयेका मान्छे आफुको बिरुद्धमां निस्कि आउंनन् तब हात्ले जहां सम्म हुंनु
सक्द छ त्यहां सम्म तिनिहरू सित गर्नु हवस् ॥

तब अबीमेलेक् र त्यो सङ्ग भयेका सबै लोग् राति उठेर चार् गट्ठा ३४
भयेर शकेमको सांमु ढुकि रह्ये। तब एबेद्को छोरो गाल् निस्क्येर सहर्को ३५

ढोकाको आघनमां उभीयो. अनि अबीमेलेक् र त्यो सङ भयेका लोग्
३६ कुकाई देखि उठेर। अनि लोगलाइ देख्येर गालले जबूललाइ भन्यो हेर्नु
हवस् डांड़ाहरूको थाप्लि थाप्लि बाटो मान्छेहरू झर्दै छन्। त जबूलले
त्येसलाइ भन्यो आफुले डांड़ाहरूको छांयाहरू मान्छेहरू जस्ता देखनु हुंद छ।
३७ त गालले फेरि पनि हेर्नु हवस् मान्छेहरू देसको बीच् बाटो झर्द छन् अनि
एक् गट्ठा चइं मोननीमको बांजहुलेको बाटो बाड़ो आउंदै छ भन्येर भन्यो।
३८ तब जबूलले त्येसलाइ भन्यो आफुको मुख् कता हो जस्ले अबीमेलेक् को हो
र हांमिहरू त्येसको चाकरी गरूं भन्येर भन्येको थियो. के त्यो आफुले तुच्छ
जान्येको लोग् येइ होइन. कृपागरि एले निस्कि गयेर तिनिहरू सित लड़ाइँ
३९ गर। त गालले शकेमका मान्छेहरूको सांमु देखि बाहिर निस्कयेर अबीमेलेक्
४० सित लड़ाइँ गर्यो। अनि अबीमेलेकले त्येसलाइ लगार्यो त त्यो त्येसको सांमु
देखि भाग्यो अनि ढोकाको आघन् सम्म कत्ति जना घायेल् भइ भइ लड़ेर।
४१ अनि अबीमेलेकले अरूमामां बास् गर्यो. अनि जबूलले गाल्लाइ र त्येसका
४२ भाईहरूलाइ तिनिहरू शकेममां न बसुन् भन्येर धपायो। अनि भोलि पल्टो
येसो भयो लोग् बनमां निस्कि गये अनि यो कुरो अबीमेलेकलाइ सुनाईयो।
४३ त त्येस्ले लोगलाइ लियेर तिनलाइ तीन् गट्ठा पार्यो अनि त्येस्ले हेर्यो त हेर
लोग् सहर् देखि निस्कंदा राछन् त तिनिहरूको बिरुद्धमां उठेर तिनिहरूलाइ
४४ मार्यो। वहांदेखि अबीमेलेक् र त्यो सङ भयेका गट्ठाहरू अघि दुगुर्येर
सहरको ढोकाको आघनमां उभीये. अनि ति अरु दुइ गट्ठा चइंले बनमां
४५ भयेका सबै मांथि दुगुरि जाइ लाग्येर तिनिहरूलाइ मार्ये। त अबीमेलेकले
त्येस् दिन्भरि त्येस् सहर् सित लड़ाइँ गर्यो वहांदेखि सहर् लियेर त्येसमां
भयेका सबै लोगलाइ मार्यो. वहांदेखि त्येस्ले सहर् भत्काइ दियो अनि
त्येसमां नुन् छरि दियो॥

४६ जसै शकेमको धराराका सबै मान्छेहरूले यो कुरो सुन्ये तब तिनिहरू
४७ एलबरीतको घरको किल्लामां पस्ये। अनि शकेमका धराराका सबै मान्छेहरू
४८ त्यहां भेला भयेका छन् भनि अबीमेलेकलाइ सुनाईयो। तब अबीमेलेक् आफु
सङ भयेका सबै साथीहरू समेत् सलमोन् डांड़ामां चढ्यो वहांदेखि अबी-
मेलेकले आफ्नु हातमां टंवरो लियेर रूखको येउटा हांगा काटेर त्यो हांगा
आफ्नु कांधमां हाल्येर बोक्यो. वहांदेखि आफ्ना साथीहरूलाइ भन्यो
४९ जसो मैंले गर्येको देखद छौ त्येसै तिमिहरूले पनि छिटो छिटो गर। तब
सबैले त्येसै गरि जनंगेले आफ्नु आफ्नु लागि हांगा काटेर अबीमेलेकलाइ
पछ्याये अनि हांगाहरू किल्लामां थुपर्यायेर आगो लगाइ किल्ला डढाये येसोरि
शकेमको धराराका सबै मान्छेहरू पनि एक् हजार् जति स्त्री पुरुष मर्ये॥

५० तब अबीमेलेक् तेबेसमां गयो अनि तेबेसको सांमु डेरा हाल्येर त्यो
५१ लियो। तर त्यो सहर् भित्र येउटा बलियो किल्ला थियो त सबै स्त्री
पुरुषहरू र सहरका सबै मान्छेहरू त्येसमां भागि पसि गये अनि ढोका
५२ थुन्येर किल्लाको छाना मांथि चढेर। त अबीमेलेकले किल्ला सम्म पुग्येर त्यो

सित लड़ाईं गर्‍यो अनि किल्लाको ढोकामां आगो बल्काउंनुलाइ आयो ।
तब येउटी आइमाइले जांतोको ऊंभल्लो पल्यांटोले अबीमेलेक्‌को थाप्लोमां ५३
हान्येर त्येस्को खप्पर् फोरि दिई । तब त्येस्ले छिट्टोगरि आफ्नु हतियार् ५४
बोक्नेलाइ बोलायेर त्येस्लाइ भन्यो येउटी आइमाइले त्येस्लाइ मांरी भनि
मेरो बिषयमां न भनौंनुलाइ आफ्नु तरवार् झिक्येर मंलाइ काट् । त
त्येस्को तन्हरिले त्येस्लाइ रोपि दियो अनि त्यो मंर्‍यो । अनि जसै इस्राएलका ५५
मान्छेहरुले अबीमेलेक्‌लाइ मंर्‍येको देख्यो तब जनंगे आफ्नु आफ्नु ठांउमां
फर्कि गयो । अबीमेलेक्‌ले आफ्ना सत्तरि जना दाज्युभाईहरुलाइ मांरिकन ५६
आफ्नु बाबु सित गर्‍येको दुष्टईंको साटो ईश्वर्‌ले त्येस्लाइ त्येसैगरि फर्काइ
दियो . अनि शकेमका मान्छेहरुको सबै दुष्टईंको साटो ईश्वर्‌ले तिनिहरुकै ५७
थाप्लोमां फर्काइ दियो . अनि यरुब्बाल्‌को छोरो योताम्‌को स्राप् तिनिहरु
मांथि पर्‍यो ॥

(तोला र याईर्‌को बिषय्)

अनि अबीमेलेक् पछि इस्साकार्‌को एक् जना दोदोको छोरो १० १
पूआको छोरो तोला इस्राएल्‌लाइ बचाउंनुको लागि उठ्यो अनि त्यो चढ्
एफ्रेम्‌को पहाड़े देस्‌को शमीर्‌मां बस्द थियो । अनि त्यो तेईस बर्ष सम्म २
इस्राएल्‌को बिचारी भइ रह्यो तब त्यां मंर्‍यो अनि शमीर्‌मां गाड़ीयो ॥
अनि त्येस् पछि गिलादी याईर् उठ्यो अनि त्यो बाईस् बर्ष सम्म ३
इस्राएल्‌को बिचारी भइ रह्यो । अनि त्येस्का तीस् भाई छोराहरु थिये ४
जुनहरु तीस् गदाहाहरु मांथि चढ्द थिये अनि तिनका तीस् सहर् थिये जो
आजु सम्म हव्वोत्याईर्[१] भनौंइ छन् ति सहर् गिलाद्‌को देस्‌मां छन् । त ५
याईर् मंर्‍यो अनि कामोन्‌मां गाड़ीयो ॥

(यिप्तह्‌को बिषय्)

अनि इस्राएल्‌बंशीहरुले जुन् बेहोरा यहवेको सांमु दुष्ट छ त्यो फेरि ६
गर्‍ये अर्थात् तिनिहरुले बाल् देवताहरु र अश्तारोत् देवताहरु र आराम्‌का
देवताहरु र सीदोन्‌का देवताहरु र मोआब्‌का देवताहरु र अम्मोन्‌बंशी-
हरुका देवताहरु र पलिश्तीहरुका देवताहरु पूज्ये अनि यहवेलाइ छोड़ेर
अनि उस्को सेवा गर्‍येनन् । तब यहवेको रिस् इस्राएल् मांथि उठ्यो ७
येस्कारण् उस्ले तिनिहरुलाइ पलिश्तीहरुको हात्‌मां र अम्मोन्‌बंशीहरुको
हात्‌मां बेचि दियो । अनि त्येस् बर्ष तिनिहरुले इस्राएल्‌बंशीहरुलाइ ८
पेल्नु र पिन्नु लाग्ये . तिनिहरुले तिनिहरुलाइ गिलाद्‌मां भयेका
एमोरीहरुको देस्‌लाइ यर्दन् पारीका सबै इस्राएल्‌बंशीहरुलाइ समेत्
अठारह् बर्ष सम्म पिन्दै रह्ये । अनि अम्मोन्‌बंशीहरु यहूदा र बिन्यामीन् ९
र एफ्रेम्‌को घर्‌को बिरुद्धमां लड़ाईं गर्नुलाइ यर्दन् वारि सम्म आये त

[१] अर्थात् याईर्‌का सहर्‌हरु ।

१० इस्राएल् औधि कष्टमां पऱ्यो। तब इस्राएलबंशीहरुले येसो भनिकन
यहवेको दोहाई गऱ्ये हांमिहरुले तपांइको बिरुद्धमां पाप् गर्यका छौं
कमोगरिभन्ये हांमिहरुले आफ्नु ईश्वर्लाइ छोड़िकन बाल् देवताहरुलाइ
११ पूर्ज्यका छौं। तब यहवेले इस्राएलबंशीहरुलाइ भन्यो की मैंले तिमिहरुलाइ
मिस्रीहरु देखि र एमोरीहरु देखि र अम्मोनबंशीहरु देखि र पलिश्तीहरु
१२ देखि छोड़ाइंन। सीदोनीहरुले पनि अनि अमालेकीहरुले र माओनीहरुले
तिमिहरुलाइ सताये अनि तिमिहरुले मेरो दोहाई गऱ्यौ अनि मैंले
१३ तिमिहरुलाइ तिनिहरुका हात् देखि छोड़ायें। तपनि तिमिहरुले मंलाइ
छोड़्यर अरु देवताहरुलाइ पूर्ज्यका छौ. येस्कारण् अब देखि मं तिमिहरुलाइ
१४ फेरि छोड़ाउंदीन। गयेर आफुले छान्येका देवताहरुको दोहाई गर
१५ तिनिहरुलेनै तिमिहरुको कष्टको बेलामां तिमिहरुलाइ छोड़ाउन्। अनि
इस्राएलबंशीहरुले यहवेलाइ भन्ये पाप् गर्य्यका छौं तपांइ आफैंले
आफ्नु दृष्टिमां जे जाति लागछ त्येइ हांमिहरु सित गर्नु हवस् कृपागरि
१६ आजु मात्रै हांमिहरुलाइ बचाउंनु हवस्। यहांदेखि तिनिहरुले आफ्नु
बीच् देखि पराय् देवताहरु निकालि दिइ यहवेको सेवा गर्नु लाग्ये. तब
उस्को मन् इस्राएलको बिपत्तिको कारणले दुखित् भयो॥
१७ तब अम्मोनबंशीहरुले भेला भयेर गिलादमां डेरा हाल्ये। अनि
१८ इस्राएलबंशीहरुले चइं भेला भयेर मिस्पामां डेरा हाल्ये। तब लोगले
अर्थात् गिलादका मालिकहरुले आपस्तमां भन्नु लाग्ये अम्मोनबंशीहरु
सित लड़ाइं थाल्ने को हुंछ. त्यो चइं गिलादका सबै बासीहरु मांथि
मालिक् हुंछ॥

११ १ त गिलादी यिप्तह् एक् जना महाबीर् थियो अनि त्यो
२ वेश्याको छोरो थियो. अनि गिलादले यिप्तहलाइ जन्मायो। अनि
गिलादको स्वास्नीले त्यस्का छोराहरु जन्माई अनि त्यस् स्वास्नीका छोराहरु
बढ्यर तब तिनिहरुले यिप्तहलाइ तैंले हांमिहरुको बाबुको घरमां अधिकार्
पाउंदैनस् किनभन्ये तं अर्की आइमाको छोरो होस् भनिकन त्यस्लाइ
३ निकालि दिये। तब यिप्तह् आफ्ना दाजुभाईहरु देखि भाग्येर तोबको
देसमां बस्यो. अनि यिप्तह् थांइ कति जना बरालसीगेहरु भेला भइ त्यो
सङ हिंड्नं गर्द थिये॥

४ अनि कति दिन् पछि येसो भयो अम्मोनबंशीहरुले इस्राएल् सित
५ लड़ाइं गऱ्ये। तब येसो भयो जसै अम्मोनबंशीहरुले इस्राएल् सित
लड़ाइं गऱ्ये तब गिलादका प्राचीनहरु यिप्तहलाइ तोबको देस् बाटो
६ बोलाइ ल्याउंनुलाइ गये. अनि तिनिहरुले यिप्तहलाइ भन्ये आफु आयेर
हांमिहरुको मालिक् हुंनु हवस् र हांमिहरु अम्मोनबंशीहरु सित लड़ाइं
७ गरुं। तब यिप्तहले गिलादका प्राचीनहरुलाइ भन्यो की तिमिहरुले मं
सित इष् राख्यौन अनि मंलाइ मेरो बाबुको घर् बाटो निकालि दियौन
८ त अब तिमिहरु बिपत्तिमां पर्येकोमां किन मं थांइ आउंद छौ। तब

गिलाद्का प्राचीन्हरुले यिप्तह्लाइ भन्ये आफुले हामिहरु सित आइ
अम्मोन्वंशीहरु सित लड़ाइँ गर्नु हवस् अनि आफु गिलाद्का सबै बासीहरु
मांथि मालिक् हुंनु हवस् भन्येर अब हामिहरु आफु थांइ आयेका
छौं। त यिप्तह्ले गिलाद्का प्राचीन्हरुलाइ भन्यो अम्मोन्बंशीहरु सित ९
लड़ाइँ गर्नुलाइ मंलाइ मेरो घर्मां फर्काइ लग्यौ भन्ये अनि यह्वेले
तिनिहरुलाइ मेरो हात्मां सुम्पि दियो भन्ये को मं तिमिहरुको मालिक्
हुंछु। तब गिलाद्का प्राचीन्हरुले यिप्तह्लाइ भन्ये यह्वे हामिहरुको १०
बीच्मां कुरा सुन्ने हवस् जस्तो आफुको कुरो छ निस्से हामिहरु त्यसै गर्छौं।
तब यिप्तह् गिलाद्का प्राचीन्हरु सङ्ग गयो अनि लोगले त्यसलाइ मूल् र ११
मालिक् तुल्याये. अनि यिप्तह्ले मिस्पामां यह्वेको सांमु आफ्ना सबै
कुरा सुनायो॥

अनि यिप्तह्ले अम्मोन्बंशीहरुको राजा थांइ दूत्हरुलाइ येसो भनि १२
पठायो मं सित तिम्रो के काम् र मं मांथि मेरो देस् सित लड़ाइँ गर्नुलाइ
आयौ। अनि अम्मोन्बंशीहरुको राजाले यिप्तह्का दूत्हरुलाइ किनभन्ये १३
इस्राएल्ले मिस्र बाटो निक्लंदा मेरो देस् अर्नोन् देखि अं यब्बोक् र यर्दन्
सम्म लिहाल्यो. त अब ति देस्हरु कुशल् सित फर्काइ देउ भनि उत्तर्
दियो। त यिप्तह्ले अम्मोन्बंशीहरुको राजा थांइ दूत्हरुलाइ पठायो. १४
अनि त्यसले त्यसलाइ भन्यो यिप्तह्ले येसो भन्द छ इस्राएल्ले मोआब्को देस् १५
र अम्मोन्बंशीहरुको देस् लियेन. तर जब इस्राएल् मिस्र देस् बाटो आउंद १६
थियो अनि बन्मां लाल् समुन्द्र सम्म हिंड्द थियो अनि कादेश्मां पुग्यो
तब इस्राएल्ले एदोम्को राजा थांइ येसो भनि दूत पठायो कृपागरि १७
मंलाइ आफुको देस् बाटो जांनु दिनु हवस्. तर एदोम्को राजाले सुन्येन।
अनि त्यसै परिले त्यसले मोआबको राजालाइ पनि भनि पठायो. तर
त्यसले पनि मान्येन. तब इस्राएल् कादेश्मां बसि रह्यो। वहांदेखि त्यो १८
बन् बाटो गयो अनि एदोम्को देस् र मोआब्को देस् फेरे मांत्येर मोआब्
देस्का पूर्ब पट्टि पुग्यो वहांदेखि तिनिहरुले अर्नोन्को पारि पट्टि डेरा
हाल्ये तर मोआब्को सिमाना भित्र पस्येनन् किनभन्ये अर्नोन् मोआब्को
सिमाना थियो। अनि इस्राएल्ले हेश्बोन्को राजा एमोरीहरुको राजा १९
सीहोन् थांइ दूत्हरुलाइ पठायो अनि इस्राएल्ले त्यसलाइ भन्यो कृपागरि
हामिहरुलाइ आफुको देस्को बाटो आड़ो मेरै ठांउमां जांन दिनु हवस्।
तर सीहोन्ले इस्राएल्लाइ आफ्नु सिमाना भित्र बाटो जांनु दिन्लाइ २०
पत्यारो गर्येन. तर सीहोन्ले आफ्नु सिंगै लोग्लाइ भेला गरायेर यहस्मां
डेरा हालि इस्राएल् सित लड़ाइँ गर्‍यो। अनि इस्राएल्को ईश्वर् यह्वेले २१
सीहोन् र त्यस्का सबै लोगलाइ इस्राएल्को हात्मां सुम्पि दियो अनि
तिनिहरुले तिनिहरुलाइ मार्ये. त इस्राएल्ले एमोरीहरुको सबै देस् र
त्यस् देस्का बासीहरुलाइ आफ्नु अधिकार्मां पार्‍यो। वहांदेखि तिनिहरु २२
एमोरीहरुको सबै सिमाना अर्नोन् देखि यब्बोक् सम्म र बन् देखि यर्दन्

२३ सम्मका अधिकारी भये । त अब इस्राएल्को ईश्वर् यहवेले एमोरीहरुलाइ
आफ्नु लोग् इस्राएल्को सांमु देखि निकालि दियो अनि क्यै तिमि चइं
२४ तिनिहरुको अधिकारी हुंछौ । ज्यै ज्यै तिम्रो देव्ता कमोशले तिम्रो
अधिकार्मां दियेको छ क्यै तिमि त्यस्को अधिकारी हुंदौन . त्यसै गरिकन
जस् जस्लाइ हामिहरुको ईश्वर् यहवेले हामिहरुको सांमु देखि .
२५ निकाल्येको छ तिनिहरुको अधिकारी हुंछौं । त क्यै तिमि मोआब्को
राजा सिप्पोर्को छोरो बालाक् भन्दा जाति छौ . क्यै त्यस्ले कहिलेइ पनि
२६ इस्राएल् सित झगरा गरि तिनिहरु सित लड़ाइं गर्‍यो । इस्राएल् हेश्बोन्
र त्येस्को बस्तीमां र अरोएर् र त्यस्को बस्तीमां अनि अर्नोन्को छेउछाउका
सबै सहर्हरुमां तीन् सै बर्ष सम्म बस्ये त त्यति भित्र ति किन छोड़ायौन ।
२७ त मैले तिम्रो बिरुद्धमां पाप् गर्‍येको छुइंन तर तिमिचइंले लड़ाइं
गरिकन मं सित बुरो गर्दं छौ . त अब यहवे बिचारीले आजु
२८ इस्राएलबंशीहरुको र अम्मोनबंशीहरुको बीचमां निया गरोस् । तैपनि
अम्मोनबंशीहरुको राजाले ति यिप्तहले त्येस्कां भनि पठायेका कुरा सुन्येन ॥
२९ तब यहवेको आत्मा यिप्तह् माथि पर्‍यो अनि त्यो गिलाद् र मनश्श
देखि पारि गयो वहांदखि गिलाद्को मिस्पे देखि पनि पारि तर्‍यर
३० गिलाद्को मिस्पे बाटो अम्मोनबंशीहरु थांइ गइ पुग्यो । अनि यिप्तहले
यहवेलाइ भाकल् गरि भन्यो तपांइले सांचिनै अम्मोनबंशीहरुलाइ मेरो
३१ हात्मां सुम्पि दिंनु भयो भन्ये देखि त यसो हुंछ जब मं अम्मोनबंशीहरु
देखि कुशल् सित फर्कि आउंला तब मेरो घर्को देलो बाटो मंलाइ
भेट्नुलाइ ज्यै निस्कि आउला त्यो चइं अवस्से यहवेको हुंछ त त्यो चइं मं
३२ होमबलि गरि चढ़ाउंछु भन्ये । त यिप्तह् अम्मोनबंशीहरु सित लड़ाइं
गर्नुलाइ तिनिहरु तिर पारि गयो अनि यहवेले तिनिहरुलाइ त्येस्को
३३ हात्मां सुम्पि दियो । अनि अरोएर् देखि मिन्नीत्मां पुगुंज्याल् सम्ममां
बीस् सहर् अनि अबेलकरामीम्मां पुगुंज्याल् सम्ममां अघोर् तुलो
मराईले तिनिहरुलाइ मार्‍यो । येसैगरि अम्मोनबंशीहरु इस्राएलबंशीहरुको
ताबिमां पर्‍ये ॥
३४ वहांदखि यिप्तह् मिस्पामां आफ्नु घर्मां आइ पुग्यो त हेर त्यस्को
छोरी मृदङ्ग बजाउंदै र नाच्दै त्यस्लाइ भेट्नुलाइ निस्की . जो त्यस्की एक्ली
३५ छोरी थिई त्यो बाहिक् त्यस्को अरु कोई छोराछोरी थियेन । तब यसो भयो
त्यस्ले त्यस्लाइ हेर्दै आफ्नु लुगा फार्‍येर त्यस्लाइ भन्यो हाय् हाय् मेरी
छोरी तैंले मंलाइ अघोर् होच्याइस् मंलाइ कष्टमां हाल्नेहरुमांको येउटी
तं पनि होस् . कसोगरिभन्ये मैले यहवेलाइ बचन् दिइ सक्येको छु अनि
३६ फर्कनु सक्दींन । तब त्यस्ले त्यस्लाइ भनी हे मेरा बाबै यहवेलाइ आफ्नु
बचन् दियेका छौ भन्ये देखि ज्यै तिम्रो मुख् देखि निस्क्येको छ त्यसै
मं सित गर किनभन्ये यहवेले तिम्रा सत्तुर्हरुलाइ अं अम्मोनबंशीहरुलाइ
३७ तिम्रो साटो फर्काइ दियो । त्यस्ले फेरी आफ्नु बाबुलाइ भनी मेरो

लागि खालि येति मांग्ने गरौंग्रास् . मंलाइ दुइ महीना सम्म छोड़
देउ र मं आफ्नी सार्थीहरु सित पहाड़ू हुंदो डुल्दै आफ्नु कन्यॆईंको लागि
विलाप् गरुं । तब त्येस्ले जांनु भन्यो । ग्रनि त्येस्लाइ दुइ महीनाको बिदा ३८
दिइ जांनु दियो . त त्यो आफ्नी सार्थीहरु सङ हिंड़ि गयेर ग्राफ्नु
कन्येईंको लागि पहाड़ू हुंदो बिलाप् गरी । ग्रनि येसो भयो दुइ महीना ३९
पछि ग्राफ्नु बाबु यांइ फर्कि ग्राई जस्ले ग्राफ्नु गरौंयेको भाकल् ग्रनुसार्
त्यो सित गर्यो . ग्रनि त्येस्ले पुरुषलाइ जान्येको थिईन । त इस्राएल्मां
येस्तो बिधि भयो इस्राएलको छोरीहरु बर्ष बर्ष गिलादी यिप्तहको ४०
छोरीको सम्भनाको लागि बर्षमां चार् दिन् जांन्य गर्दं थिइन् ॥

तब एप्रैमका मान्छेहरु भेला भयेर उत्तर् तिर हिंड़ि गये ग्रनि १२ १
तिनिहरुले यिप्तहलाइ भन्य ग्रम्मोनबंशीहरु सित लड़ाईं गर्नु जांदा
हामिहरुलाइ ग्राफु सङ जांनुलाइ किन बोलायौन . तिमिलाइ तिम्रो घर
समेत् ग्रागोले डड़ाउंछौं । तब यिप्तहले तिनिहरुलाइ भन्यो मं र मेरा २
लोग् ग्रम्मोनबंशीहरु सित बिग्र भगरा गर्दे थियूं ग्रनि मैंले तिमिहरुलाइ
बोलायें पनि ग्रनि तिमिहरुले मंलाइ तिनिहरुको हात् देखि छोड़ायौन ।
ग्रनि जसै मैंले तिमिहरुले मंलाइ न छोड़ायेका देख्यें तब ग्राफ्नु प्राण् ३
हतकेलामां राख्येर ग्रम्मोनबंशीहरु सित लड़ाईं गर्नको लागि गयें त
परमप्रभुले तिनिहरुलाइ मेरो हात्मां सुम्पि दियो . त किन ग्राजु मं सित
लड़ाईं गर्नुलाइ मं माथि ग्राइ लागइ छौ । तब यिप्तहले गिलादका सबै ४
मान्छेहरुलाइ भेला गरायेर एप्रैम सित लड़ाईं गर्यो . तब गिलादका
मान्छेहरुले एप्रैमलाइ मार्ये किनभन्य तिनिहरुले हे गिलादीहरु तिमिहरु
ता एप्रैमको बीचमां र मनश्शेको बीचमां भगुवाहरु हौ भन्येर भन्द थिये ।
ग्रनि गिलादीहरुले एप्रैमहरुको सांमु देखि यर्दनका घाट्हरु लिहाल्ये . ५
ग्रनि येसो भयो एप्रैमको कोई भगुवाले मंलाइ पारि तर्नु देउ भन्यो भन्ये
देखि त गिलादका मान्छेहरुले तं एप्रैमी होस् भनि सोधद थिये ग्रनि त्येस्ले
होइन भन्यो भन्ये देखि त्येस्लाइ ग्रब शिब्बोलेत् भन् भन्द थिये ६
ग्रनि त्येस्ले सिब्बोलेत् भन्द थियो किनभन्ये त्येस्ले त्यो शब्दको उच्चारण गर्न
सक्दैन थियो तब तिनिहरुले त्येस्लाइ समात्येर यर्दनका घाट्हरुमां मार्दै
थिये . त त्येस् बेला एप्रैमका बयालीस् हजार् जना मान्छेहरु मारीये ॥

ग्रनि यिप्तह् छ बर्ष सम्म इस्राएलको बिचारी भइ रह्यो । तब ७
गिलादी यिप्तह् मर्यो ग्रनि गिलादको येउटा सहरमां गाड़ीयो ॥

ग्रनि त्येस् पछि बेत्लेहेमको इब्सान् इस्राएलको बिचारी भयो । ८
ग्रनि त्येसका तीस् भाइ छोराहरु थिये ग्रनि तीस् बैनी छोरीहरुलाइ बाहर ९
ब्याहा दियो ग्रनि तीसवटी बोहारीहरु ग्राफ्ना छोराहरुको लागि ल्यायो ।
ग्रनि त्यो सात् बर्ष सम्म इस्राएलको बिचारी भइ रह्यो । तब इब्सान् १०
मर्यो ग्रनि बेत्लेहेममां गाड़ीयो ॥

ग्रनि त्येस् पछि जबूलूनी एलोन इस्राएलको बिचारी भयो ग्रनि त्यो ११

१२ दस् बर्ष सम्म इस्राएलको बिचारी भइ रह्यो । अनि जबूलूनी एलोन् मर्‍यो
अनि जबूलूनको देस्मां भयेको अय्यालोन्मां गाड़ीयो ॥
१३ अनि त्येस् पछि पिरातोनी हिल्लेलको छोरो अब्दोन् इस्राएलको
१४ बिचारी भयो । अनि त्येसका चालीस् भाई छोराहरु र तीस् भाई नातिहरु
थिये जुन्हरु सत्तरि गदाहाहरु मांथि चढ्द थिये . अनि त्यो आठ् बर्ष सम्म
१५ इस्राएलको बिचारी भइ रह्यो । अनि पिरातोनी हिल्लेलको छोरो अब्दोन
मर्‍यो अनि अमालेकीहरुको पहाड़े देस् एफ्रैमको देस्मां भयेको
पिरातोनमां गाड़ीयो ॥

(शिम्शोन्को बिषय्)

१३ १ फेरि इस्राएलबंशीहरुले यहवेको सांमु जुन् बेहोरा दुष्ट छ त्यो
गर्ये अनि यहवेले तिनिहरुलाइ पलिश्तीहरुको हात्मां चालीस् बर्ष सम्म
सुम्पि दियो ॥
२ अनि दान्बंशीहरुको जहान्मां सोराको एक् जना मानोह् नांउ भयेको
३ मान्छे थियो जस्को स्वास्नी बांझी थिई अनि कोई जन्माईन । अनि यहवेको
दूतले त्येस् आइमाइकां देखाहा परि त्येस्लाइ भन्यो अब हेर् तं बांझी छस्
अनि कोई जन्माईनस् . तर तं गर्भिणी हुंछस् अनि छोरा जन्माउंछस् ।
४ येस्कारण कृपागरि चंख भइ दाख्रस् र मद्य न खांनु अनि न कोइ अशुद्ध
५ थोक् खांनु . किनभन्ये हेर् तं गर्भीणी हुंछस् अनि छोरो जन्माउंछस् अनि
त्यस्को सिरमां छुरा न लागोस् . किनभन्ये त्यो बालख गर्भ देखि ईश्वरको
लागि नाजीर्[1] हुंछ . अनि त्यस्ले इस्राएललाइ पलिश्तीहरुको हात् देखि
६ छोड़ाउंन् थाल्छ । तब त्येस् आइमाइले आयेर आफ्नु लोग्नेलाइ येसो भनी
ईश्वरका एक् जना मं थांइ आयो अनि त्यस्को रूप् ईश्वरको दूतको
जस्तो अघोर् डरलाग्दो थियो तर मैंले त्यस्लाइ तिमि कहांका हौ
७ भनि सोधीन अनि न तिस्ले मंलाइ आफ्नु नांउ सुनायो . तर त्यस्ले
मंलाइ हेर् तं गर्भिणी हुंछस् अनि छोरा जन्माउंछस् त अब दाख्रस् र
मद्य न खा अनि न कोइ अशुद्ध थोक् खा . किनभन्ये त्यो बालख गर्भ
८ देखि मर्ने दिन् सम्म ईश्वरको लागि नाजीर् हुंछ भन्ये र भन्यो । तब
मानोहले यहवे सित हे यहवे कृपागरि तपांइले पठायेको ईश्वरको त्येस्
जनलाइ फेरि हांमिहरु थांइ आउंन् दिनु हवस् अनि त्यो जन्मने बालखको
बिषयमां हांमिहरुले के के गर्नु पर्छ भनि हांमिहरुलाइ सिकाइ दवस्
९ भन्येर बिन्ति गर्‍यो । तब ईश्वरले मानोहको शब्द सुन्यो वहांदेखि ईश्वरको
त्यो दूत् फेरि त्येस् आइमाइ थांइ त्यो खेत्मां बसि रह्येको बेलामां आयो .
१० तर त्यस्को लोग्ने मानोह् त्यो सङ थियेन । तब त्येस् आइमाइले छिट्टो गरि
दुगुरि गयेर आफ्नु लोग्नेलाइ हेर अगाड़ि मंलाइ दर्शन् दिने जन् फेरि
११ देखाहा पर्‍यो भनि सुनाई । त मानोह् उठेर आफ्नो स्वास्नीको पछि पछि

---

[1] गन्ति ६; २ हेर ।

त्येस् जन् थांइ गइ पुग्यो अनि त्येस्लाइ भन्यो येस् आइमाइ सित कुरा गर्ने
त्यो मान्छे का आफुने हौ। त त्येस्ले भन्यो अं। तब मानोहले भन्यो आफुले १२
भन्यको कुरा पूरा भयो भन्ये त्येस् बालखको रीत् कस्तो कस्तो हुंछ अनि
त्येस्को काम् का। तब यहवेको दूत्ले मानोहलाइ भन्यो मैले आइमाइलाइ १३
भन्येका सबै कुराको बिषयमां त्यो चंख रहोस्। त्येस्ले दाखमांको कोइ न १४
खावस् अनि न दाखरस् न मद्य खावस् अनि कोइ अशुद्ध थोक् पनि न
खावस् मैले त्येस्लाइ दियेका सबै आज्ञा मानोस्। अनि मानोहले यहवेको १५
दूत्लाइ भन्यो कृपागरि हांमिहरूले आफुलाइ पर्खनु लाउनु दिनु हवस् र
हांमिहरू आफुको लागि येउटा पाठा काटि तियार् पारूं। अनि यहवेको १६
दूत्ले मानोहलाइ भन्यो मलाइ पर्खनु लगाइस् भन्य पनि म तेरो रोटा
खान्न. तर होमबलि तियार् पारिस् भन्ये यहवेकै लागि चढाउनु पर्छ।
किनभन्ये यहवेको दूत् हो भनि मानोहले चिन्दैन थियो। त मानोहले १७
यहवेको दूत्लाइ भन्यो आफुको नांउ का हो र आफुको कुरो पूरो भयो
भन्ये हांमिहरू आफुको मान् गरूं। अनि यहवेको दूत्ले त्येस्लाइ भन्यो मेरो १८
नांउ किन सोधद छस् जब त्यो ता आश्चर्ज्य छ। तब मानोहले पाठा अन्नबलि १९
समेत् लियेर यहवेको लागि पहरामां चढायो. अनि दूत्ले उदेकको रीत्
गर्यो अनि मानोह् र त्येस्को स्वास्नीले हेरि रह्यो। किनभन्ये येसो भयो जसै २०
बेदि बाटो स्वर्ग तिर ज्वाला उठ्यो तब यहवेको दूत् बेदि बाटो ज्वालामां
चढि गयो. अनि मानोह् र त्येस्को स्वास्नी हेरि रह्यो वहांदेखि भूइंमां
घोप्टो पर्यो। तर यहवेको दूत् मानोह् र त्येस्को स्वास्नी थांइ फेरि देखाहा २१
पर्येन। तब मानोहले यहवेको दूत् हो रछ भनि चिन्यो। अनि मोनहले २२
आफ्नो स्वास्नीलाइ भन्यो हांमिहरू निस्सै मर्छौं किनभन्ये ईश्वरचइंलाइ
देख्येका छौं। तर त्येस्को स्वास्नीचइंले त्येस्लाइ भनो यहवेको हांमिहरूलाइ २३
मार्ने मन् भयो भन्ये देखि ता उस्ले हांमिहरूको हात् बाटो होमबलि र
अन्नबलि ग्रहण् गर्ने थियेन अनि न यि सबै कुरा हांमिहरूलाइ देखाउने
थियो अनि न येस् बेला हांमिहरूलाइ येस्ता येस्ता कुरा भन्य थियो। त २४
त्येस् आइमाइले छोरो जन्माई अनि त्येस्को नांउ शिमशोन् राख्यो. अनि
बालख बढ्यो अनि यहवेले त्येस्लाइ आशीष् दियो। अनि यहवेको आत्माले २५
त्यस्लाइ महनेदानमां[1] सोरा र एश्तात्रोल्को बीचमां सुर्यउनु थाल्यो॥

अनि शिमशोनले तिम्नामां झर्येर तिम्नामां पलिश्तीहरूको छोरीहरू- १४ १
मांको येउटी केटीलाइ देख्यो। अनि त्येस्ले चढि आयेर आफ्ना आमाबाबुलाइ २
येसो भन्यो तिम्नामां मैले पलिश्तीहरूको छोरीहरूमांको येउटी केटीलाइ
देख्येको छु त अब त्यो सित मेरो ब्याहा गराइ देउ। तब त्येस्का आमाबाबुले ३
त्येस्लाइ भन्ये का तेरा दाज्युभाईहरूको छोरीहरूको मांझमां अनि मेरा सबै
मान्छेहरूको मांझमां कोई पनि केटी छैन र तं बिखतने पलिश्तीहरू देखि

[1] अर्थात दानको छाउनी।

स्वास्नी ल्याउंनु जांकस् । तर शिमशोनले आफ्नु बाबुलाइ भन्यो त्यसलाइ
४ मंलाइ गराइ देउ किनभन्ये त्यसलाइ मंलाइ मन् पर्छ । तर त्यसका आंमा
बाबुले यो कुरो यहवेको पट्टि बाटो छ किनभन्ये उसले पलिश्तीहरूको
बिरुद्धमा निउं खोज्द छ भनि जान्दैन थियो । अब ति ताक पलिश्तीहरूले
इस्राएल् माथि राज् गर्द थिये ॥

५ तब शिमशोन् आफ्ना आंमा बाबु सित तिम्नामा भन्येर तिम्नाको
दाखको बारीमा पुग्यो . अनि हेर येउटा जुवान् सिंह त्यसको सांमु गर्ज्यो ।
६ अनि यहवेको आत्मा त्यस् माथि बल्ले पर्यो तब त्यसले त्यसलाइ पाठालाइ
च्यात्येको झैं च्याति दियो अनि त्यसको हातमा केहि पनि थियेन . तर त्यसले
७ गर्येको यो काम् आफ्ना आंमा बाबुलाइ कहेन । वहांदेखि झरि गयेर
८ त्यस् केटी सित कुरा गर्यो अनि त्यसलाइ शिमशोनलाइ मन पर्यो । अनि
कति दिन् पछि त्यो त्यसलाइ लिंनुलाइ फर्क्यो अनि त्यस् सिंहको सिनु
हेर्नलाइ तर्कि गयो . त हेर सिंहको सिनुमा मौरीको गोला र मह रह्छ ।
९ अनि त्यसले त्यो काढेर हातमा लिइ खांदै आयो अनि आफ्ना आंमा
बाबु थांइ पुग्येर तिनिहरूलाइ पनि दियो अनि तिनिहरूले पनि खाये . तर
त्यसले तिनिहरूलाइ त्यो मह सिंहको सिनु देखि निकाल्येको हो भनि
१० कहेन । अनि त्यसको बाबु त्यो केटी थांइ गयो . अनि शिमशोनले भोज्
११ लायो किनभन्ये तन्नेहरूले त्यसो गर्ने गर्द थिये । त येसो भयो तिनिहरूले
१२ त्यसलाइ देख्दा त्यो सङ्ग बस्नुलाइ तीस् जना साथीहरू ल्याये । अनि
शिमशोनले तिनिहरूलाइ भन्यो ऐले मं तिमिहरूलाइ येउटा अड्को
थाप् छु . त तिमिहरूले भोजको सात् दिन् भित्र मंलाइ त्यो फुकाइ देखाइ
दिंन सक्यौ भन्ये देखि मं तिमिहरूलाइ तीसवटा पाट्वस्त्र र तीस् जोर्
१३ लुगा दिंछु . तर त्यो मंलाइ देखाइ दिंनु सक्यौन भन्ये देखि तिमिहरूचइंले
मंलाइ तीसवटा पाट्वस्त्र र तीस् जोर् लुगा दिंनु पर्छ । अनि तिनिहरूले
१४ त्यसलाइ भन्ये आफ्नु अड्को थाप्नु हवस् र हामिहरू त्यो सुनूं । त त्यसले
तिनिहरूलाइ भन्यो

खांने देखि खांने निकल्यो
अनि बलियो देखि गुलीयो

१५ अनि तिनिहरूले तीन् दिन् सम्म त्यो अड्को फुकाउंनु सकेनन् । अनि येसो
भयो सातौं चइं दिनमा तिनिहरूले शिमशोनको स्वास्नीलाइ भन्ये आफ्नु
लोग्नेलाइ फका र त्यसले हामिहरूलाइ त्यो अड्को फुकाइ देवस् होइन भन्ये
ता हामिहरू तंलाइ र तेरो बाबुको घर् पनि आगोले डढाउंछौं . के
हामिहरूलाइ दरिद्रैमा पार्नुलाइ यहां निम्तो गरिस् . के येसै होइन ।
१६ तब शिमशोनको स्वास्नीले त्यसको सांमु रोइ रोइकन भनी तिमिले मं सङ्
खालि डाहा मात्रै राख्द छौ अनि मंलाइ पियारो गर्दैन . तिमिले मेरा
लोगको सन्तान्लाइ अड्को थाप्येका छौ तर मंलाइ कह्येका छैन । अनि
त्यसले त्यसलाइ भन्यो हेर मैले आफ्ना आंमा बाबुलाइ पनि ता कह्येको

कुइंन कये तंलाइ कहंकु । अनि तिनिहरूको भोज् भइ रह्येको साते दिन् १७
सम्म त्येस्को सांमु रोइ रही . अनि येसो भयो सातौं चइं दिन्मां त्येस्ले
त्येस्लाइ कहि दियो किनभन्ये त्येस्ले त्येस्लाइ अग्घोर् गरि सताइ रही . तब
त्येस्ले त्यो अड्को आफ्नु लोगको सन्तान्लाइ कहि दिई । तब त्यस् सहर्का १८
मान्छेहरुले सातौं चइं दिन्मां घाम् अस्ताउंनु भन्दा अगाड़ि त्येस्लाइ भन्ये
मह भन्दा गुलीयो कये क्ह अनि सिंह भन्दा बलियो कये। त त्येस्ले
तिनिहरूलाइ भन्यो

मेरो कोरलिलाइ न जोत्येको भये देखि
मेरो अड्को जान्ने थियौन ।

अनि यह्वेको आत्मा त्यस् मांथि बल्ले पर्यो अनि त्येस्ले अस्कलोन्मां १९
झर्येर तिनिहरुमांको तीस् जना मान्छेहरूलाइ मांर्येर तिनिहरूका वस्त्र
लियो अनि ल्यायेर अड्को फुकाउंनेहरूलाइ जोर् जोर् लुगा दियो । अनि
त्येस्को रिस् उठ्यो अनि त्यो आफ्नु बाबुको घर्मां चढि आयो । तर २०
शिमशोन्को स्वास्नी चइं त्येस्को साथीलाइ जो त्येस्को मित्र थियो
त्यस्लाइ दिईई ॥

तर कति दिन् पछि गहूं काट्ने बेलामां येसो भयो शिमशोन् १५ १
येउटा पाठा लियेर आफ्नो स्वास्नीलाइ भेट्नु गयो अनि त्येस्ले भन्यो मं
आफ्नो स्वास्नीकां कोठामां जांकु। तर त्येस्को बाबुचइंले त्येस्लाइ पस्नु
दियेन । अनि त्येस्को बाबुले भन्यो तिमिले त्यो सित डाहा राखद् छौ भनि २
मैंले सांचिनै ठान्यें येस्कारण् मैंले त्येस्लाइ तिम्रो साथीलाइ दियें . कये
त्येस्को बैंनी त्यो भन्दा राम्रो छैन . कृपागरि त्येस्को साटो येसैलाइ लेउ ।
त शिमशोन्ले तिनिहरूलाइ भन्यो येस् पालि मं पलिश्तीहरूको हानि ३
गर्दा तिनिहरूको बिषयमां निर्दोष् हुंछु । त शिमशोन्ले तीन् सै स्याल् ४
समात्यो अनि दुइ दुइवटाको पुछर् जोलठ्यायेर रांको लिइ ति दुइ दुइ
पुछर्को मांझमां बांधि दियो । वहांदेखि रांको सल्कायेर पलिश्तीहरूको ५
पाक्येको खेत्मां छोड़ि दियो तब अन्नको बिटा र ठाड़ा अन्न र बदामको
बारी समेत् डड़ाइ दियो । तब पलिश्तीहरूले भन्ये यो कस्ले गर्यो , ६
त तिनिहरूले भन्ये तिम्नीको जुवंइ शिमशोन्ले किनभन्ये त्यस्ले त्येस्को
स्वास्नीलाइ लग्येर त्येस्को साथीलाइ दियो। तब पलिश्तीहरूले आयेर
त्येस्लाइ र त्येस्को बाबुलाइ पनि आगोले डड़ाइ दिये । त शिमशोन्ले ७
तिनिहरूलाइ भन्यो तिमिहरूले येसो गर्यौ त मं निस्से तिमिहरू सित
साटो लिंछु त्यस् पछि मात्रै मं थामींछु । अनि त्येस्ले तिनिहरूलाइ जाङ्ग ८
र पिंडुला हुंदो बिघ्न नास्ले हिर्कायो . वहांदेखि उत्र्येर एतामको
पहराको धांदोमां बस्नु लाग्यो ॥

तब पलिश्तीहरूले चढि गयेर यहूदामां डेरा हाल्ये अनि लहीमां ९
फिंजीये । अनि यहूदाका मान्छेहरुले भन्ये तिमिहरु हांमिहरूको बिरुद्धमा १०
किन चढि आयौ . त तिनिहरूले भन्ये शिमशोनलाइ बांधनलाइ चढि

आयेका छौं जस्तो त्येस्ले हांमिहरु सित गर्येको छ त्येसै त्यो सित गर्न भन्येर।
११ तब यहूदाका तीन् हजार् मान्छेहरुले एताम्को पहराको धांदोमां उतर्येर
शिमशोन्लाइ भन्ये के तिमिलाइ थाहा छैन हांमिहरु मांथि पलिश्तीहरुले
राज् गर्द छन् भनि . त यो तिमिले हांमिहरु सित गर्येको क्या हो। तब
त्येस्ले तिनिहरुलाइ भन्यो तिनिहरुले जस्तो मं सित गर्ये त्येसै मैंले पनि
१२ तिनिहरु सित गर्येको छु। अनि तिनिहरुले त्येस्लाइ भन्ये तिमिलाइ
बांध्नुलाइ आयेका छौं तिमिलाइ पलिश्तीहरुको हात्मां दिहालूं भन्येर।
तब शिमशोन्ले तिनिहरुलाइ भन्यो हांमिहरु आंफै ता तिमि मांथि आइ
१३ लाग्देनं भनि किरिया खाव। अनि तिनिहरुले त्येस्लाइ येसो भन्ये
होइन तर हांमिहरु तिमिलाइ बलियो गरि बांधेर तिनिहरुको हात्मां
सुम्पि दिंछौं . तर हांमि आफैले चइं निस्सै तिमिलाइ मांर्दैनं। वहांदेखि
तिनिहरुले त्येस्लाइ दुवटा नया डोरीले बांधेर त्यो पहरा देखि लग्ये।
१४ जब त्यो लहीमां पुग्यो तब पलिश्तीहरु त्येस्लाइ भेट्दा कराये . अनि
यहवेको आत्मा त्येस् मांथि बल्लै पर्यो अनि त्येस्को बांहांमां भयेका डोरीहरु
आगोले डड़ेका सुन्पाट् जस्ता भइ गये अनि त्येस्का बन्धन्हरु त्येस्को
१५ हात् देखि खसि गये। तब त्येस्ले गदाहाको येउटा नया बहरा पायेर आफ्नु
हात् पसार्येर त्यो टिप्यो अनि त्येस्ले एक् हजार् जना मान्छेलाइ मांरि
१६ दियो। अनि शिमशोन्ले भन्यो

गदाहाको बहराले थुप्रै थुप्रो
गदाहाको बहराले हजार् जनालाइ मांर्येको छु।

१७ अनि येसो भयो येति भनि सक्ये पछि त्येस्ले आफ्नु हात् देखि बहरा
१८ आफालि दियो . त त्येस् ठांउको नांउ रामत्लही[१] राखीयो। तब त्यो
सारो तिर्खायो अनि यहवेको दोहाई गरि येसो भन्यो तपाइंले आफ्नु
दासको हात्को बाटोले ठुलो बचाऊ गरि दिंनु भयो . त अब के मं
१९ तिर्खाले मर्येर बिखत्नेहरुको हात्मां पर्छु। तर ईश्वर्ले लहीमां येउटा
खाड़ल् खन्यो त त्यहां पानी उम्र्यो अनि जब त्येस्ले त्यो खायो तब त्येस्को
हंस फर्कि आइ जीउंदो भयो . येस्कारण् त्येस् ठांउको नांउ एनहक्कोरे[२]
२० राखीयो जो आजु सम्म लहीमां छ। अनि शिमशोन् पलिश्तीहरुको
पालामां बीस् बर्ष सम्म इस्त्राएल्को बिचारी भइ रह्यो॥

१६ १ अनि शिमशोन् अज्जामां गयो अनि त्यहां येउटी बेश्ये देखेर
२ त्येस्कां गयो। त शिमशोन् त्यहां आयेको छ भनि अज्जीहरुलाइ सुनाईयो।
त तिनिहरुले त्येस्लाइ घेर्ये अनि रात्भरि सहर्को ढोकामां त्येस्को लागि
ढुकि रह्ये अनि बिहान उज्यालो हुंदा त्येस्लाइ मांर्छौं भनि रात्भरि चुप
३ लागि बस्ये। अनि शिमशोन् आधा रात् सम्म बसि रह्यो वहांदेखि

[१] अर्थात् बहराको डांड़ा।
[२] अर्थात् कराउनेको कुवा।

आधा रात्मां उठेर सहर्को ढोकाका ढेलाहरू दुवै सहार् समेत् समाति
ति उखेल्येर आगला समेत् आफ्नु कांध्मां हाल्येर् हेब्रोन्को सांमु भयेको
डांड़ाको थाप्रिमां पुर्याइ दियो ॥
अनि त्यस् पछि येसो भयो त्यस्ले सोरेक्को खोल्चा निर बस्ने येउटी ४
दलीला नांउ भयेकी आइमाइ सित पिर्ति गर्नु लाग्यो । त पलिश्तीहरूका ५
मालिक्हरूले त्यस् आइमाइ थांइ आयेर त्येस्लाइ भन्ये त्येस्लाइ फकायेर सोध्
त्येस्को महाबल् कोसमां छ अनि को जुक्तिले हांमिहरू त्यस् मांथि जिताहा
हुंछौं र त्येस्लाइ दुक्ख दिंनुको लागि बांध्नु सकूंला भनि . त हांमिहरू
तंलाइ एघार एघार सै टुक्रा चांदी दिंछौं । त दलीलाले शिम्शोन्लाइ ६
भनी कृपागरि मंलाइ भन्नु हवस् आफुको महाबल् कोसमां छ अनि आफुलाइ
दुक्ख दिंनुको लागि कसोगरि बांध्नु सकींछ । तब शिम्शोन्ले त्येस्लाइ ७
भन्यो तिनिहरूले मंलाइ सात्वटा न सुकेका आला डोरीहरूले बांध्ये भन्ये
देखि म निर्बल्लियो भइ अरू मान्छे जस्तो होइ जांछु । तब पलिश्तीहरूका ८
मालिक्हरूले त्यस् आइमाइकां सात्वटा न सुकेका आला डोरीहरू ल्याइ
दिये त त्येस्ले ति डोरीहरूले त्येस्लाइ बांधि दिई । अनि त्यस् आइमाइका ९
कुकुवाहरू भित्र कोठामां बसि रहेका थिये । त त्येस्ले त्येस्लाइ हे शिम्शोन्
पलिश्तीहरू तिमि मांथि आइ लाग्ये भनि दिई । तब त्येस्ले ति डोरीहरू
आगोमां डड़ेको धागोको डोरी भैं छिनाइ दियो । येसोरि पनि त्येस्को
बल् जानीयेन । अनि फेरि दलीलाले शिम्शोन्लाइ भनी तिमिले मंलाइ १०
ढांठि ठट्टा गर्येका छौ . त अब कोले बांधींछौ कृपागरि मंलाइ भन । तब ११
त्येस्ले त्येस्लाइ भन्यो तिनिहरूले मंलाइ काम्मां न लगायेका सात्वटा नया
डोरीले बांध्ये भन्ये देखि म निर्बल्लियो भइ अरू मान्छे जस्तो होइ
जांछु । त दलीलाले नया डोरीहरू लियेर त्येस्लाइ बांधि दिई अनि त्येस्लाइ १२
भनी हे शिम्शोन् पलिश्तीहरू तिमि मांथि आइ लाग्ये । अनि कुकुवाहरू
भित्र कोठामां बसि रहेका थिये । त त्येस्ले ति डोरीहरू आफ्ना बांहां देखि
धागो भैं छिनाइ दियो । अनि दलीलाले शिम्शोन्लाइ भनी तिमिले १३
अझै सम्म मंलाइ ढांटि ठट्टा गर्येका छौ . कसले बांधींछौ मंलाइ भन । अनि
त्येस्ले त्येस्लाइ तैंले मेरा सात्वटा लट्टा तान्मां बुनिस् भन्ये देखि भन्यो ।
तब त्येस्ले ति लट्टा तान्को किलामां बांधि दियेर त्येस्लाइ भनी हे शिम्शोन् १
पलिश्तीहरू तिमि मांथि आइ लाग्ये । त शिम्शोन्ले आफ्नु नीन्द देखि
बिउंझेर ताने समेत् किला उखेल्यो । तब त्येस्ले त्येस्लाइ भनी तिमिले मं तं १५
सित पिर्ति गर्दछु भनि कसोरि भन्नु सक्दछौ जब तिम्रो मन् मं सित छैन .
तिमिले यि तीन् खेप् म सित ठट्टा गर्येका छौ अनि तिम्रो महाबल् को
मां छ भनि मंलाइ जनायेका छैन । अनि येसो भयो त्येस्ले त्येस्लाइ आफ्ना १६
कुराले सताई अनि त्येस्को मन् मृत्यु सम्म उदास् होउंज्याल् सम्म फकाउंदै
रही । तब त्येस्ले आफ्नु सबै मन् येस्लाइ भनि दियो मेरो कपाल्मां १७
कोले पनि छुरा पर्येको छैन किनभन्ये म आफ्नी आंमाको गर्भ देखि

ईश्वर्को लागि नाजीर् भयेको छु . त मेरो कपाल् खौरीयो भन्ये देखि
मेरो बल् मं देखि जाइ जांछ त मं निर्बल्लियो भइ अरु मान्छेहरु जस्तो
१८ होइ जांछु । त जसै दलीलाले अब ता त्यस्ले मंलाइ आफ्नु सबै मन्
देखायो भनि देखी तब त्यस्ले पलिश्तीहरुका मालिक्हरुलाइ अरु एक् खेप्
आउंनु हवस् किनभन्ये त्यस्ले मंलाइ आफ्नु सबै मन् देखायेको छ भनि
बोलाइ पठाई । तब पलिश्तीहरुका मालिक्हरु आफ्नु आफ्नु हात्मां
१९ रुपिया लियेर त्यो थांइ चढि आये । अनि त्यस्ले त्यस्लाइ आफ्नु
घुंड़ा मांथि सुताई अनि येउटा मान्छेलाइ बोलायेर शिम्शोन्का
सात्वटा लट्टा मुड़ाइ दिई अनि त्यस्लाइ दुक्ख दिंनु लागी अनि
२० शिम्शोन्को बल् त्यो देखि गयो । तब त्यस्ले भनी हे शिम्शोन् पलिश्तीहरु
तिमि मांथि आइ लाग्ये । तब त्यस्ले आफ्नु नीन्द् देखि बिउंझेर भन्यो मं
अगाड़िको झैं बाहिर गयेर आफुलाइ फड्काछु । तर यहवे मं देखि
२१ गयेको छ भनि थाहा पायेन । अनि पलिश्तीहरुले त्यस्लाइ समात्येर त्यस्का
आंखा कोट्याइ निकाल्ये वहांदेखि तिनिहरुले त्यस्लाइ अज्जामां लग्येर
२२ तांबाका सांगलाहरुले बांध्ये अनि झेल्खान्मां जांतो पिन्नु लगाये । तै
पनि त्यस्को कपाल् मुंड़ाये पछि त्यस्का केस् फेरि बढ्नु लाग्ये ॥
२३ अनि पलिश्तीहरुका मालिक्हरु आफ्नु देव्ता दागोन्को लागि
ठुलो बलिदान् चढाउंनु र रमाहट् गर्नुको लागि भेला भये . किनभन्ये
तिनिहरुले भन्ये हांम्रो देव्ताले हांम्रो बैरी शिम्शोन्लाइ हांमिहरुको
२४ हात्मां पारि दियेको छ । वहांदेखि जसै लोगले त्यस्लाइ देख्ये तब तिनिहरुले
आफ्नु देव्ताको स्तुति गर्ये . किनभन्ये तिनिहरुले भन्ये हांम्रो देव्ताले
हांम्रो बैरी अं हांम्रो देस् उजार्ने हांम्रा धेरै जना मार्नेलाइ हांमिहरुको
२५ हात्मां पारि दियेको छ । अनि येसो भयो जसै तिनिहरु मन्मां मगन् थिये
तब तिनिहरुले भन्ये शिम्शोन्लाइ झिकाव र त्यस्ले हांमिहरुलाइ लीला
देखावस् । त तिनिहरुले शिम्शोन्लाइ झेल्खान् बाटो झिकाये अनि
त्यस्ले तिनिहरुको सांमु लीला गर्यो . अनि तिनिहरुले त्यस्लाइ थाम्हरुको
२६ बीच्मां राख्ये । तब शिम्शोन्ले त्यस्लाइ त्यस्को हात्मां समाति डोर्याउंने
केटोलाइ यो घर् उभीयेको थाम्हरु मंलाइ छाम्नु दे र तिनमां अड़ेस्
२७ लागुं भन्यो । त्येति बेला त्यो घर् स्त्रीहरु र पुरुषहरुले भरीयेको थियो
अनि पलिश्तीहरुका सबै मालिक्हरु पनि तिहीं थिये अनि छानामां तीन्
हजार् जति स्त्री पुरुषहरु थिये जुन्हरुले शिम्शोन्ले लीला गर्येको हेर्दै
२८ थिये । त शिम्शोन्ले यहवेको दोहाई गरि भन्यो हे प्रभु यहवे कृपागरि
मंलाइ सम्झनु हवस् अनि कृपागरि खालि यो एक् खेप् हे ईश्वर् मंलाइ
बल् दिंनु हवस् र मं पलिश्तीहरु सित आफ्ना दुवै आंखाको साटो एकै
२९ चोटि लिउं । त शिम्शोन्ले घर् उभीयेका दुवटा मांझ मांझका थाम्हरु
येउटा दाहीनो हात्ले अर्को चइं बांउ हात्ले अड़ालो मांर्येर तिनमां
३० टांसीयो । अनि शिम्शोन्ले भन्यो मेरे प्राण पनि पलिश्तीहरु सङ जावस् ।

वहांदेखि त्यस्ले आफ्नु पूरो बल्ले आफुलाइ निउंरायो तब ति मालिक्हरु
र त्यस् भित्र भयेका सबै मान्छेहरु मांथि त्यो घर् लड्यो । येसोरि त्यस्को
मरणको बेलामां मांर्येकाहरु त्यो जीउंदो हुंदाखेरि मांर्येकाहरु भन्दा बेसि
थिये । तब त्यस्का दाज्युभाईहरु र त्यस्को बाबुको घर्का सबै लोग्हरुले ३१
उठेर त्यस्लाइ चढाइ लगि त्यस्को बाबु मानोहको चिहाने ठांउ सोरा र
एश्ताओल्को बीच्मां गाड़ि दिये । त त्यो बीस् बर्ष सम्म इस्राएल्को
बिचारी भइ रह्यो ॥

(मीका र दान्बंशीहरुको बिषय्)

अनि एप्रैमको पहाड़े देस्मां मीका नांउ भयेको येउटा मान्छे १७ १
थियो । अनि त्यस्ले आफ्नो आंमालाइ भन्यो तिमि देखि लिईयेका एघार २
से टुक्रा चांदि जस्को बिषय्मां तिमिले स्राप्यौ अं त्यो कुरा मेरै कानमां
पनि सुनायौ हेर त्यो चांदो मं थांइ छ त्यो मैंले लियें । अनि त्यस्को
आंमाले भनी मेरो छोरा यहूवे देखि धन्न हवस् । अनि त्यस्ले ति एघार ३
से चांदी आफ्नो आंमालाइ फर्काव दियो त त्यस्को आंमाले भनी सांच्चिनै
आफ्नु छोरोको लागि येउटा खोप्येको मूर्त्ति र ढाल्येको मूर्त्ति बनाउंनुको
लागि त्यो चांदो मैंले आफ्नु हात्ले यहूवेको लागि पवित्र काम्को लागि
अलग् छुट्यायेको थिये . त अब मं त्यो तंलाइ फर्काइ दिंद छु । अनि तब ४
त्यस्ले त्यो रुपिया आफ्नो आंमालाइ फर्काइ दियो तब त्यस्को आंमाले दुइ
से टुक्रा चांदी लियेर सुनार्लाइ दिई जस्ले त्यस्को येउटा खोप्येको अनि
येउटा ढाल्येको मूर्त्ति बनायो . त त्यो मीकाको घर्मां थियो । अनि त्यो ५
मीका भन्ने मान्छेको येउटा देव्तास्थान् थियो अनि त्यस्ले येउटा एपोद् र
घर्देव्ताहरु बनायो वहांदेखि आफ्ना छोराहरुमांको येउटालाइ स्थापन्
गर्‍यो जो त्यस्को लागि पूजाहारी भयो । ति दिनमां इस्राएल्मां कोई
राजा थियेन . जनंगले आफ्नु आफ्नु दृष्टिमां जे ठीक लाग्द थियो ६
त्येइ गर्द थियो ॥

अनि यहूदाको सन्तान्को बेत्लेहेम यहूदाको एक् जना तन्हेरि लेवी ७
थियो जस्ले वहां प्रवास् गर्द थियो । त त्यो मान्छे त्यो सहर् अर्थात् ८
बेत्लेहेम् यहूदा बाटो हिंड्यो जहां ठांउ पाईयेला उहीं बसुंला भन्येर .
वहांदेखि हिंडूदै हिंडूदै एप्रैम्को पहाड़ देस्को मीकाको घर्मां आइ
पुग्यो । त मीकाले त्यस्लाइ भन्यो कहां बाटो आउंदै छौ । अनि त्यस्ले ९
त्यस्लाइ भन्यो मं बेत्लेहेम् यहूदाको येउटा लेवी हुं त जहां ठांउ पाउंला
उहीं रहुंला भन्येर हिंडूदै छु । तब मीकाले त्यस्लाइ भन्यो मं सङ बस १०
अनि मेरो लागि बाबु र पूजाहारी होउ त मं तिमिलाइ बर्ष बर्ष दस्
टुक्रा चांदी र एक् जोर् लुगा र खांनु दिउंला । त त्यो लेवी भित्र पस्यो ।
अनि त्यो लेवी त्यो सित बस्नुलाइ खुशि भयो त त्यो तन्हेरि त्यस्को येउटा ११
छोरो जस्तो भयो । अनि मीकाले त्यो लेवीलाइ स्थापन् गर्‍यो अनि त्यो १२

१३ तन्हैरि त्येस्को पूजाहारी भयो अनि मीकाको घरमां बस्नु लाग्यो । त मीकाले
भन्यो यहवेले मेरो भलाई गर्छ भनि अब मं जान्द छु कसोगरिभन्ये एक्
जना लेवी मेरो पूजाहारी भयो ॥

१८ १ ति ताक इस्राएलमां कोई राजा थियेन . अनि ति ताक
दानीहरुको कुलले बस्नको लागि येउटा अधिकार् खोजद थियो किनभन्ये
तिनिहरुको लागि त्येस् दिन् सम्म इस्राएलका कुलहरुको बीचमां कोई
२ अधिकार् पर्येको थियेन । त दान्बंशीहरुले आफना सब् सन्तानमांका
पांच् जना महाबीरहरुलाइ देसको भेद् लिनुं र त्यो खोजनुंलाइ सोरा र
एश्ताओल् देखि पठाइ दिये अनि तिनिहरुले तिनिहरुलाइ भन्ये गयेर देस
खोज . त तिनिहरु एफ्रेमको पहाड़ि देस मीकाको घरमां पुग्येर वहां बास्
३ बस्ये । जब तिनिहरु मीकाको घर् निर आये तब तिनिहरुले त्यो तन्हैरि
लेवीको शब्द चिन्ये . तब त्येता निर फर्केर त्येस्लाइ भन्ये तिमिलाइ यहां
कस्ले ल्यायो अनि येस् ठांउमां के गर्द छौ अनि यहां तिम्रो के काम् छ ।
४ तब त्येस्ले तिनिहरुलाइ भन्यो मीकाले मं सित येसो येसो गर्यो अनि मंलाइ
५ दर्माहामां राख्येको छ त मं त्येस्को पूजाहारी भयेको छु । तब तिनिहरुले
त्येस्लाइ भन्ये कृपागरि ईश्वर् सित सल्लाह् सोध र हामिहरुको गवन् सुफल्
६ हुंछ कि हुंदेन भनि थाहा पाऊं । अनि पूजाहारीले तिनिहरुलाइ भन्यो
कुशल् सित जाव . तिमिहरुको जाने बाटो यहवेको सांमु छ ॥

७ तब ति पांच् जना निस्केर लैशमां पुग्ये अनि वहां बस्ने मान्छेहरुलाइ
सीदोनीहरु झैं बिना डर् र चैन् सङ बस्दै रह्येका देख्ये कसोगरिभन्ये
त्येस् देसमां कोई कुरामां तिनिहरुलाइ लाज् पार्ने कोई पनि अख्तियार
थियेन अनि तिनिहरु सीदोनीहरु देखि टाड़ो बस्द थिये अनि तिनिहरुले
८ कोई सित कोइ बेहोरा गर्दैन थिये । तब तिनिहरु आफना दाज्युभाईहरु
थांइ सोरा र एश्ताओलमां फर्कि आये . अनि तिनिहरुका दाज्युभाईहरुले
९ तिनिहरुलाइ भन्ये तिमिहरुले के भन्द छौ । त तिनिहरुले भन्ये हामिहरु
उठेर तिनिहरु माथि जाइ लागूं . किनभन्ये हामिहरुले देस् हेर्यूं त
हेर असघोर् जाति रछ . त के तिमिहरु चुप लागि बस्छौ त्यो देस् आफनु
१० अधिकारमां पार्नुको लागि गइ पसमां अलछौ न गर । जब जाओला
तब निडर् भयेका लोग् थांइ पुगछौ अनि देस् पनि फराक् छ . कसोगरिभन्ये
ईश्वरले त्यो तिमिहरुको हातमां पारि दियेको छ येउटा देस् जहां पृथिवीमां
भयेको कोइ थोकको घटि छैन ॥

११ तब वहां बाटो दानका सन्तानमां सोरा र एश्ताओल् बाटो छ से जना
१२ लडाईंका हतियार् भिर्येका मान्छेहरु हिंड़ि गये । अनि तिनिहरुले चढेर
यहूदामां भयेको किर्यत्यारीममां डेरा हाल्ये . येस्कारण त्येस् ठांउको नांउ
आजु सम्म महनेदान[१] भनींद छ . हेर त्यो किर्यत्यारीमको पछिल् तिर छ ।

१ अर्थात दान् को छाउनी ।

अनि त्यहां बाटो एफ्रैम्को पहाड़े देस्मां हिंड़ि गयेर मीकाको घर्मां १३
आइ पुग्ये । तब लैश देस्को भेद् लिंने पांच् जना मान्छेहरुले आफ्ना १४
दाजुभाईहरुलाइ येसो भनि उत्तर् दिये ति घर्हरुमां येउटा एपोद् र घर्
देव्ताहरु र खोप्येको येउटा मूर्त्ति र ढाल्येको येउटा मूर्त्ति छन् भनि
थाहा पायेका छौ क्ये . त अब क्ये गर्छौ बिचार् गर । तब तिनिहरु त्येता १५
तिर फर्केर त्यो तन्हेरि लेवीको घर्मां अं मीकाको घर्मां आइ पुग्ये अनि
त्येस्को कुशल्क्षेम् सोध्ये । अनि ति दान्बंशीहरुका छ सै लड़ाईंका हतियार् १६
भिर्येका मान्छेहरु ढोकाको आघन् निर उभी रह्ये । अनि ति देस्को भेद् १७
लिंनु जांने पांच् जना मान्छे चढेर भित्र पस्ये अनि त्यो खोप्येको मूर्त्ति र
एपोद् र घर्देव्ताहरु र ढाल्येको मूर्त्ति लिये . अनि पूजाहारी चइं ति
लड़ाईंका हतियार् भिर्येका छ सै जना सङ ढोकाको आघन् निर् उभीइ
रह्यो । अनि जब तिनिहरुले मीकाको घर्मां पसेर त्यो खोप्येको मूर्त्ति र १८
एपोद् र घर्देव्ताहरु र ढाल्येको मूर्त्ति बोकि ल्याये तब पूजाहारीले
तिनिहरुलाइ क्ये गर्द छौ भनि सोध्यो । त तिनिहरुले त्येस्लाइ भन्ये चुप लाग १९
आफ्नु मुख्मां हात् लायेर हामिहरु सङ आउ अनि हामिहरुको लागि
बाबु र पूजाहारी होउ . तिम्रो लागि कुन् कुरा जाति हुंछ येउटा मान्छेको
घर्को लागि पूजाहारी हुंनु कि एक् कुल् अं इस्राएल्को एक् जहान्को
लागि पूजाहारी हुंनु । तब पूजाहारीको मन् खुशि भयो वहांदेखि त्यो २०
एपोद् र घर्देव्ताहरु र खोप्येको मूर्त्ति लियेर लोगको बीच्मां हिंड़ गयो ।
त तिनिहरु फर्केर गइ गये वहांदेखि बाल्बच्चाहरुलाइ र बस्तहरु र २१
धन्सम्पत्ति अघिल् तिर लगाये । जब तिनिहरु मीकाको घर् देखि टाड़ो २२
पुग्ये तब मीकाको घर्को छेउछाउका घर्हरुका मान्छेहरुले भेला भयेर दान्का
मान्छेहरुलाइ खेदि भेट्ाये । अनि तिनिहरुले दान्बंशीहरुलाइ हापार्थे । २३
त तिनिहरुले मुख् फर्कायेर मीकालाइ भन्ये तिमिलाइ क्ये भयो र येति
जना लियेर आउंद छौ । त त्येस्ले भन्यो तिमिहरुले मैंले बनायेका देव्ताहरु २४
र मेरो पूजाहारीलाइ लियेर हिंड़्यौ त अब मेरो क्ये रह्यो . र पनि किन
मलाइ भन्द छौ तिमिलाइ क्ये भयो । तब दान्बंशीहरुले त्येस्लाइ भन्ये २५
तिम्रो शब्द हामिहरुलाइ न सुनाउ होइन भन्ये ता कोई निष्ठुर्हरु
तिमिहरु मांथि आइ लाग्नन् र तिमि र तिम्रो जहान्को जीउ जानन् ।
वहांदेखि दान्बंशीहरुले आफ्नु बाटो समाये . अनि जब मीकाले तिनिहरु २६
मं भन्दा बलिया छन् भनि चाल् पायो तब त्यो फेरि फर्केर आफ्नु
घर्मां गयो । अनि तिनिहरुले मीकाले बनायेको थोक् र त्येस्को पूजाहारी २७
लियेर लैशमां बिना डर् र चैन् सित रह्येका लोग् थांइ गइ पुग्येर
तिनिहरुलाइ तवार्को धार्ले मारि दिये अनि सहर् आगोले डड़ाइ
दिये । अनि तिनिहरुलाइ छोड़ाउंने कोई पनि थियेन कसोगरिभन्ये २८
सीदोन् देखि टाड़ो थिये अनि पनि तिनिहरुले कोई सित बेहोरा गर्दैन
थिये त त्यो सहर् बेत्रहोबको छेउम तरिमां थियो . अनि

२९ तिनिहरू येउटा सहर् बनायेर त्येसमां बस्थे। अनि त्येको नांउ इस्राएल्को
लागि जन्मेरको आफ्नु पित्र दान्को नांउ जस्तो दान् राख्थे . तर अगाडि
३० त्येस् सहर्को नांउ लैश् थियो। अनि दानबंशीहरूले आफ्नु लागि त्यो
खोप्येको मूर्त्ति उभ्याये . वहांदेखि मूसाको छोरो गेर्शोम्को छोरो
योनातान् चइं र त्येस्का छोराहरु देस् बन्धुवा न होउंज्याल् सम्म दानीहरूको
३१ कुल्को लागि पूजाहारी भइ रह्थे। येसोरि तिनिहरूले ईश्वर्को मन्दिर्
शीलोमां छउंज्याल् सम्म मीकाले खोप्येर बनायेको मूर्त्ति आफ्नु
लागि उभ्याये ॥

(गिबोनीहरूको दुष्टेइँ र त्येस्को फल्)

१९ १ अनि ति दिनमां येसो भयो जब इस्राएल्मां कोई राजा थियेन
तब एप्रैम्को पहाड़ देस्को पल्लो छेउमां येउटा लेवीले प्रवास् गर्दै थियो
२ जस्ले बेत्लेहेम् यहूदाकी येउटी रखेलीलाइ राख्येको थियो। अनि त्येस्की
रखेली त्येस्को बिरुद्ध कुकर्म्म गरिकन त्येस्कांटो निस्केर बेत्लेहेम् यहूदामां
३ आफ्नु बाबुको घर्मां पुग्येर वहां चार् महीना सम्म रही। अनि त्येस्को
लोग्ने उठेर त्यो सित प्रेमी कुरा गरि त्येस्लाइ फर्काइ ल्याउंनुको लागि
त्येस्को पछि गयो अनि त्यो सङ त्येस्को चाकरे र दुवटा गदाहा थिये .
अनि आइमाइले त्येस्लाइ आफ्नु बाबुको घर्मां लगी . अनि जसै केटीको
४ बाबुले त्येस्लाइ देख्यो तब त्येस्लाइ देख्दा त्यो रमायो। अनि केटीको
बाबु त्येस्को ससुराले त्येस्लाइ थुन्यो तब त्यो त्येसकां तीन् दिन् सम्म रह्यो .
५ त तिनिहरु खाये पीये अनि वहां बस्थे। अनि चौथो दिन्मां येसो भयो
तिनिहरु सखारै उठेर अनि त्यो चइं बिदा हुंनुलाइ उठ्यो . तब केटीको
बाबुले आफ्नु जुवंइलाइ भन्यो एक् गांस् रोटीले आफ्नु मन्लाइ शान्त
६ गराउ अनि त्येस् पछि आफ्नु बाटो समातौला। त तिनिहरु दुवै जनाले
बसेर खाये पीये . अनि केटीको बाबुले त्येस् मान्छेलाइ भन्यो कृपागरि
७ आफ्नु मन् आनन्द गर्नु अरु एक् रात् रहंनुलाइ खुशि होउ। फेरि जब त्यो
मान्छे बिदा हुंनुलाइ उठ्यो त त्येस्को ससुराले त्येस्लाइ टिपि लायो तब त्यो
८ फेरि वहां बस्यो। वहांदेखि पांचौं दिन्मां सखारै हिंडूनुलाइ उठ्यो तब
केटीको बाबुले भन्यो कृपागरि आफ्नु मन्लाइ शान्त गराउ अनि दिन्
९ ढल्कुंज्याल् सम्म अड़ीयो तब ति दुवैले खाये। वहांदेखि जब त्यो मान्छे र
त्येस्की रखेली र त्येस्को चाकरे बिदा हुंनुलाइ उठ्यो तब केटीको बाबु
त्येस्को ससुराले त्येस्लाइ भन्यो हेर अब दिन् सांझ पर्उंज्याल् सम्म ढल्क
आंट्यो त कृपागरि रात् भरि आड़ीयौ . हेर दिन् जाइ सक्नु आंट्यो यहांनै
बस र तिमिहरुको मन्ले आनन्द गरोस् वहांदेखि भोलि बिहान आफ्नु
१० घर्मां जांनुलाइ सखारै बाटो लाग्नु। तर त्यो मान्छे त्यो रात् बस्नु मान्येन
तर उठेर बिदा भयो वहांदेखि यबूस् (जो यरूशलेम् हो) को सांमु आइ
पुग्यो . अनि त्यो सङ जिन् कस्येका दुवटा गदाहा थिये अनि त्येस्की रखेली

पनि त्यो सङ थिई। जब तिनिहरू यबूस् निर पुग्ये तब दिन् धेरै ढलि ११
गयो अनि त्येस्को चाकरेले आफ्नु स्वामीलाइ भन्यो कृपागरि आउंनु
हवस् हांमिहरू यबूसीहरूको त्यस् सहर्मां फर्केर त्यहां बास् गरूं। त १२
त्येस्को स्वामीले त्येस्लाइ भन्यो इस्राएलवंशीहरूको न भयेको अन्यदेसीहरूको
सहर्मां फर्कंदैन तर पारि गिब्रामां जांछौं। अनि त्येस्ले आफ्नु चाकरेलाइ १३
भन्यो आव हांमिहरू ति ठांउमांको येउटाको छेउमां जाऊं त हांमिहरू
गिब्रामां कि रामामां बास् गरूंला। तब तिनिहरू हिंड्दै गयेर बिन्यामीनको १४
पर्येको गिब्रा निर पुग्दा घाम् अस्तायो। अनि तिनिहरू गिब्रामां बास् १५
बस्नलाइ उता तिर फर्के. वहांदेखि त्यो मान्छे भित्र पस्येर सहर्को सटकमां
बाटोमां बस्यो. किनभन्ये बास् दिनुलाइ आफ्नु घर्मां बोलाउंने कोई
थियेन। त हेर सांझमां येउटा बूढो मान्छे खेत् बाटो काम् देखि आउंद १६
रछ अनि त्यो मान्छे एफ्रेम्को पहाड़े देस्का रछ तर गिब्रामां प्रबास् मांत्र
गर्द रछ. तर त्यस् ठांउका मान्छेहरू बिन्यामीनीहरू थिये। अनि त्येस्ले १७
आफ्ना आंखा उचाल्येर सहर्को सटक्मां पर्देसीलाइ देख्यो तब त्यस्
बूढोले भन्यो तिमिहरू कहां जांछौ अनि कहां बाटो आयौ। त त्येस्ले १८
त्येस्लाइ भन्यो बेत्लेहेम् यहूदा बाटो आउंद छौं अनि एफ्रेम्को पहाड़े देस्को
पल्लो पट्टि जांद छौं. म उहींको हुं अनि बेत्लेहेम् यहूदामां गयेको थियें.
यहवेको घर्मां एले जांद छु त मंलाइ आफ्नु घर्मां लांने कोई मान्छे
छैन। तै पनि हांमिहरूका गदाहाहरूको लागि पराल् आहारा छन् अनि १९
मेरो लागि र आफुको दासीको लागि र आफुका चाकरेहरू संङ भयेको
केटाको लागि रोटी दाखरस् पनि छन्. केइ थोक्को घटि छैन। तब बूढाले २०
भन्यो तिम्रो कुशल् हवस् तैपनि तिम्रा सब्बे खांचा थोक्हरू म मांथि परून्
खालि सटकमां चइं न बस। त त्यस्ले त्येस्लाइ आफ्नु घर्मां ल्यायो अनि २१
गदाहाहरूको लागि आहारा दियो. त तिनिहरूले आफ्ना गोड़ा धोये अनि
खाये पीये। जसै तिनिहरूले आफ्नु मन्लाइ आनन्द गराउंद थिये तब २२
हेर सहर्का कत्ति बिकामे फक्कड़हरूले घर् घेरि दैलोमां मारो सारो
हिर्कायेर त्यो घर्को धनो बूढोलाइ भन्ये तेरो घर्मां आयेको मान्छेलाइ
बाइर ल्याइ दे र हांमि त्येस्लाइ जानूं। तब त्यस् घर्को धनीचइंले २३
तिनिहरूकां बाइर निस्केर तिनिहरूलाइ भन्यो होइन दाज्युभाईहरू हो
कृपागरि येस्तो दुष्टेइं न गर किनभन्ये त्यो मान्छे मेरो घर्मां आयेको छ
त येस्तो मूर्खेइं न गर। हेर यहां मेरो कन्ये छोरी छ अनि त्यस् मान्छेको २४
रखैली पनि. तिनिहरूलाइ चइं एले म बाइर ल्याइ दिंछु तिनिहरूको पत
लेव अनि जे तिमिहरूलाइ जाति लाग्छ तिनिहरू सित गर. तर त्यस्
मान्छे चइं सित येस्तो मूर्खेइं न गर। तर तिनिहरूले त्येस्का कुरा मान्येनन्. २५
त त्यस् मान्छेले आफ्नो रखैलीलाइ समात्येर त्येस्लाइ तिनिहरूकां बाइर
लगि दियो त तिनिहरूले त्यो सित कुकर्म्म गर्ये अनि त्यो सित रात्भरि
बिहान सम्म अतिभोग् गरि गरि त्येस्लाइ भरष्ट पार्ये. अनि उज्यालो

२६ हुनु आंट्दा त्येस्लाइ छोड़ि दिये। तब उज्यालो हुनु लाग्दा त्यो आइमाइ
आयेर त्येस् मान्छेको घर्को दैलो निर जहां त्येस्को खसम् थियो उज्यालो
२७ होउंज्याल् सम्म घोप्टो पर्रि रही। अनि बिहान त्येस्को खसमले उठेर
घर्को दैलो उघार्‍यो अनि आफ्नु बाटो समात्नु लाग्यो . तब हेर त्यो
आइमाइ त्येस्को रखेली घर्को दैलो निर लड़ि रह्येको रछ अनि त्येको हात्
२८ दैलाको सङार्मां पर्‍येको रछ। तब त्येस्लाइ भन्यो उठ् जाऊं तर उत्तर्
भयेन . तब त्येस्ले त्येस्लाइ आफ्नु गदाहा मांथि चढ़ायो अनि त्यो मान्छे
२९ उठेर आफ्नु ठांउमां गयो। अनि जब आफ्नु घर्मां आइ पुग्यो तब
खुकुरि लियेर आफ्नी रखेलीलाइ समात्येर अंग अंग काटि बारह् टुक्रा
३० पार्‍यो अनि इस्राएल्का सिमाना भरि पठाइ दियो। त येसो भयो जस्
जस्ले ति देख्ये तिनिहरूले भन्ये इस्राएलबंशीहरू मिस्र देस् बाटो निस्क्येको
देखि आजु सम्म येस्तो काम् न कैलेइ भयेको थियो न देखीयो . येस्को
बिषयमां बिचार् गर सल्लाह् गर अनि बोल॥

२० १ तब सिंगै इस्राएलबंशीहरू निस्क्ये अनि मण्डली दान् देखि बेर्शेबा
सम्म गिलाद्को देस् समेत् यहवेको लागि मिस्पामां एक् जना झैं भेला भये।
२ अनि सिंगै लोग् अं इस्राएल्का सबै कुल्का मालिकहरू तरवार् झिक्ने
३ चार् लाख् पैदल् ईश्वर् को लोगको समाजमां सामेल् भये। (अब
बिन्यामीनबंशीहरूले इस्राएलबंशीहरू मिस्पामां चढ़ि आयेका छन् भनि
सुन्यो।) वहांदेखि इस्राएलबंशीहरूले भन्ये यो दुष्टेइँ कसो भयेको छ
४ हामिहरूलाइ सुनाव। तब त्येस् लेवी अर्थात् त्येस् मारीयेकी आइमाइको
लोग्नेले उत्तर् दिइ भन्यो म र मेरी रखेली बिन्यामीनको पर्‍येको गिबामां
५ बास् बुस्नुलाइ आयूं। त गिबाका मान्छेहरूले म मांथि आइ लागि राति
म भयेको घर् घेर्‍ये तिनिहरूले मलाइ मार्नु खोजइ थिये अनि मेरी
६ रखेलीचइंलाइ ता तिनिहरूले भरगु पार्‍ये त त्यो मरी गई। तब मैले आफ्नी
रखेलीलाइ लियेर टुक्रा टुक्रा पार्‍येर इस्राएल्को अधिकार्को सबै
देसमां पठाइ दियें . किनभन्ये तिनिह ले इस्राएलमां महा पातक् र
७ मूर्खेइँ गर्‍यका छन्। हेर हे इस्राएल्का सबै बंशीहरू हो यहां आफ्नु आफ्नु
८ सल्लाह् र बिचार् दिनु हवस्। तब सिंगै लोग् एक् जना झैं येसो भन्दै उठेर
हामिहरूमांको कोई पनि आफ्नु आफ्नु डेरामां फिर्दैन न आफ्नु आफ्नु
९ घर्मां फर्कौंछौं। तर अब गिबा मित गर्नु पर्ने काम् येइ हो चिट्ठा हालिकन
१० त्येस् मांथि जाइ लाग्छौं अनि इस्राएल्का सबै कुल्मांका सै पिच्छेका
दस् जनालाइ र हजार् पिच्छेका सै जनालाइ र लाख् पिच्छेका हजार्
जनालाइ लोगको लागि खाने सामेम् ल्याउंनुलाइ लिंछौं र जब तिनिहरू
बिन्यामीनको गिबामां आइ पुग्नन् तब इस्राएलमां गर्‍येको सबै मूर्खेइँ
११ अनुसार् गर्छन्। येसोरि इस्राएल्का सबै जना मिलि एक् जना जस्तो भइ
त्येस् सहर्को बिरुद्धमां भेला भये॥

१२ अनि इस्राएल्का कुलहरूले बिन्यामीनको सिंगै कुल्कां येसो भनि

पठाये तिमिहरूको मांझमां भयेको यो दुष्टइँ कस्तो हो। त अब गिबामां १३
भयेका ति बिकामे फक्कड़ मान्छेहरूलाइ सुम्पि देव र हामि तिनिहरूलाइ
मार्येर इस्राएल् देखि येस्तो बुराई आफालक्कौं। तर बिन्यामीनले आफ्ना
दाज्यु इस्राएलबंशीहरूको कुरो मान्येन। अनि बिन्यामीनबंशीहरू १४
इस्राएलबंशीहरू सित लड़ाइँ गर्नुलाइ सहर् सहर् देखि गिबामां भेला
भये। अनि त्येस् दिन् गिबाका सात् से जना छान्येका बासीहरू बाहिक् १५
सहर् सहर् देखि बिन्यामीनबंशीहरूका तरवार् झिक्नेहरू छब्बीस् हजार्
जना गनीये। सबै लोग्मांका ति सात् सै जना छानीयेका बांउहातेहरू थिये १६
जनंगले घुयांत्रोले ढुंगा हान्दा एक् केसभार पनि न बिराइकन हान्नु
सक्द थिये ॥

अनि बिन्यामीन् बाहिक् इस्राएलका तरवार् झिक्ने मान्छेहरू चार् १७
लाख् गनीये . ति सबै लड़ाइँ गर्ने माफिक्का मान्छेहरू थिये। अनि १८
इस्राएलबंशीहरूले उठेर बेतेल्मां चढ़ेर ईश्वर् सित सल्लाह् सोध्यै अनि
तिनिहरूले भन्ये बिन्यामीनबंशीहरूको बिरुद्धमां हामिहरूको लागि
लड़ाइँमां कुन् चइं पहिले जावस्। त यहवेले भन्यो यहूदा चइं पहिले
जावस्। अनि इस्राएलबंशीहरूले बिहानै उठेर गिबाको सांमु डेरा १९
हाल्ये। अनि इस्राएलका मान्छेहरू बिन्यामीन् सित लड़ाइँ गर्नुलाइ २०
निसक्ये अनि इस्राएलका मान्छेहरूले तिनिहरूको बिरुद्धमां गिबामां पाङ्ति
पाङ्ति बांध्ये। अनि बिन्यामीनबंशीहरूले गिबा देखि निस्कि आयेर त्येस् २१
दिन् इस्राएलीहरूमांका बाईस् हजार् जनालाइ भूइंमां लड़ाइ दिये।
अनि ति लोग् अर्थात् इस्राएलका मान्छेहरूले छूप् बांध्येर जहां तिनिहरूले २२
अघिल्लो दिन् पाङ्ति पाङ्ति बांध्येका थिये तिहीं फेरि पाङ्ति पाङ्ति
बांध्ये। (अनि इस्राएलबंशीहरू चढ़ेर यहवेको सांमु सांझ् सम्म रोइ रह्यै २३
अनि तिनिहरूले यहवे सित सल्लाह् सोध्ये कि मं फेरि आफ्नु भाई
बिन्यामीनबंशीहरू सित लड़ाइँ गर्नुको लागि नजिक् जाउं। त यहवेले
भन्यो त्येस्को बिरुद्धमां चढि जा) ॥

तब दोस्रो दिन् इस्राएलबंशीहरू बिन्यामीनबंशीको बिरुद्धमां नजिक् २४
गये। अनि बिन्यामीनले तिनिहरूको बिरुद्धमां गिबा देखि दोस्रो दिन् २५
पनि निसक्येर इस्राएलबंशीहरूमांका अठारह् हजार् जनालाइ भूइंमां लड़ाइ
दियो . यि सबै तरवार् झिक्नेहरू थिये। तब सिंगै इस्राएलबंशीहरू र २६
सिंगै लोग् चढ़ेर बेतेल्मां आये अनि रोये अनि यहवेको सांमु वहां
बसि रह्यै अनि त्येस् दिन् सांझ् सम्म उपास् बस्ये वहांदेखि यहवेको सांमु
होमबलि र मिलापबलि चढ़ाये। वहांदेखि इस्राएलबंशीहरूले यहवे सित २७
सोध्ये (करारगरिभन्ये ईश्वरको नियम्को सन्दुक् ति दिनमां वहां थियो
अनि हारूनको छोरो एलाजारको छोरो पीनहास् ति दिनमां त्येस्को सांमु २८
उभीइ रहंद थियो) तिनिहरूले येसो भनिकन सोध्ये कि अझै पनि मं
आफ्नु भाई बिन्यामीनबंशीहरू सित लड़ाइँ गर्नु जाउं कि थामीयुं। त यहवेले

भन्यो चढ़ि जा किनभन्ये भोलि मं तिनिहरुलाइ तेरो हात्मां पारि दिंकु।
२९ अनि इस्राएल्ले गिबाको चारै तिर ढुकुवाहरुलाइ बसाल्यो ॥
३० अनि तीस्रो दिन् इस्राएलबंशीहरु बिन्यामीन्बंशीहरुको बिरुद्धमां
३१ जाइ लाग्ये अनि अगाड़िको झैं पाङ्ति पाङ्ति बांध्ये। अनि बिन्यामीन्बंशी-
हरु लोगको बिरुद्धमां आइ लाग्येर सहर् देखि तानीये वहांदेखि तिनिहरुले
अगाड़िको झैं लोगमांका कति जनालाइ काट्नु मार्नु लाग्ये अं येउटा
बेतेल्मां जांने अर्को गिबामां खेत्मां जांने दुइ मूल् बाटाहरुमां इस्राएल्का
३२ तीस् एक् मान्छेहरुलाइ मारि दिये। अनि बिन्यामीन्बंशीहरुले भन्ये
तिनिहरु अगाड़ि झैं हांमिहरुको सांमु मारींदै छन्। तर इस्राएल्-
बंशीहरुले भन्ये हांमिहरु भाग्येर तिनिहरुलाइ सहर् देखि मूल् बाटाहरुमां
३३ तानूं। त इस्राएल्का सिंगै मान्छेहरुले आफ्नु आफ्नु ठांउ देखि उठेर
बालतामार्मां पाङ्ति पाङ्ति बांध्ये. अनि इस्राएल्का ढुकुवाहरु आफ्नु
३४ आफ्नु ठांउ देखि अं मारेगेबा देखि फुटि निस्के। अनि गिबाको सांमु बाटो
सिंगै इस्राएल् देखि दस् हजार् छान्येका मान्छेहरु आइ लाग्ये वहांदेखि
अग्घोर्को लड़ाइं पर्‍यो. तर तिनिहरुले हांमिहरु मांथि बिपत्ति आइ
३५ पुग्येको छ भनि जान्दैन थिये। अनि यह्वेले बिन्यामीन्लाइ इस्राएल्को
सांमु मार्‍यो. त इस्राएलबंशीहरुले त्यिइ दिन् बिन्यामीन्का पचीस् हजार्
र एक् सै जनालाइ मारि दिये. ति सबै तरवार् झिक्नेहरु थिये ॥
३६ तब बिन्यामीन्बंशीहरुले हांमिहरु मारीयूं भनि चाल् पाये.
कसोगरिभन्ये इस्राएल्का मान्छेहरुले बिन्यामीन्लाइ ठांउ दिये किनभन्ये
तिनिहरुले ति गिबाको सांमु राखीयेका ढुकुवाहरु मांथि भरोसा राख्द
३७ थिये। अनि ढुकुवाहरु हतार् हतार् गरि गिबा मांथि जाइ लाग्ये वहांदेखि
ढुकुवाहरुले हिंड़ि गयेर सिंगै सहर्लाइ तरवार्को धार्ले काटि दिये।
३८ अब इस्राएल्का मान्छेहरु र ढुकुवाहरुको चिंनु यो थियो अर्थात् सहर्
३९ देखि धुंवाको ठुलो बादल् उठाउंनु भन्ये। अनि इस्राएल्का मान्छेहरु
लड़ाइं तिर फर्क्ये त बिन्यामीन्ले इस्राएल्का मान्छेहरुमांका तीस् एक्
जनालाइ काट्नु मार्नु लाग्यो. कसोगरिभन्ये तिनिहरुले भन्ये अगाड़िको
४० लड़ाइं झैं निस्सै तिनिहरु हांमिहरुको सांमु मारींद छन्। तर जसै त्यो
बादल् सहर् देखि धुंवाको मुढ़्का जस्तो उठ्यो तब बिन्यामीनीहरुले
आफ्नु पछिल् तिर हेर्ये त हेर सिंगै सहर् धुंवामां अकाश् तिर उठ्द रह्छ।
४१ त इस्राएल्का मान्छेहरु फर्क्ये अनि बिन्यामीन्का मान्छेहरु चइं छक्क पर्‍ये.
किनभन्ये तिनिहरुले हांमिहरु मांथि बिपत्ति आइ पुग्ये छ भनि थाहा
४२ पाये। येस्कारण् तिनिहरुले इस्राएल्का मान्छेहरुको सांमु बन्को बाटो सम्म
आफ्नु पिठिउं फर्काये तर लड़ाइं तिनिहरु मांथि हुंदै थियो अनि सहर्हरु
बाटो निस्कि आउंनेहरुले पनि तिनिहरुलाइ आफ्नु बीच्मां पारि नाश्
४३ पार्‍ये। तिनिहरुले बिन्यामीन्लाइ रिंगै घेर्येर तिनिहरुलाइ खेद्ये अनि
घाम् झूल्कने तिर गिबाको सांमु सम्म तिनिहरुको बस्ते ठांउमां तिनिहरुलाइ

कुल्चि दल्ये । अनि बिन्यामीन्का अठारह् हजार् जना लड़ेर ति सबै बीर् ४४
बीर्हरु थिये । त तिनिहरु बन् तिर फर्केर रिम्मोन्को पहरा सम्म पुग्ये . ४५
अनि तिनिहरुले मूल् वाटाहरुमां तिनिहरुमांका पांच् हजार् जनालाइ
सिलापाता गरि मांर्ये फेरि तिनिहरुलाइ गिदोम् सम्म पछ्याइ खेद्रेर
तिनिहरुमांका दुइ हजार् जनालाइ मांर्ये । त त्येस् दिन् बिन्यामीनीका ४६
मांरीयेका सबै पचीस् हजार् जना तरवार् झिक्नेहरु थिये ति सबै बीर्
बीर्हरु थिये । तर छ से जना मान्छे फर्केर बन् तिर रिम्मोन्को पहरा तिर ४७
भाग्ये अनि रिम्मोन्को पहरामां चार् महीना सम्म बसि रह्ये । अनि ४८
इस्राएल्का मान्छेहरुले बिन्यामीन्बंशीहरु मांथि फर्कि आयेर तिनिहरुलाइ
तरवार्को धार्ले सिंगै सहर् र बस्तुहरु अं ज्ये ज्ये भेटाये ति सबै मांरि
दिये . उप्रान्त भेटायेका सहर्हरु पनि सबै डढ़ाइ दिये ॥

अब इस्राएल्का मान्छेहरुले मिस्पामां हांमिहरुमांको कसैले २१ १
आफ्नौ छोरी बिन्यामीन्लाइ स्वास्नी हुंनुलाइ दिंदैंन भनि किरिया खायेका
थिये । अनि लोग् बेतेल्मां आयेर त्याहां सांझ् सम्म ईश्वर्को सांमु बस्ये २
अनि आफ्नु आफ्नु सोर् उचालि सारो सारो रोये । अनि तिनिहरुले भन्ये ३
हे यहवे इस्राएल्को ईश्वर् इस्राएल्मां किन येस्तो भइ गयो अर्थात् आजु
इस्राएल्मांको एक् कुल् घटि जान्ये । अनि भोलि पल्टो येसो भयो ४
लोगले सखारै उठि वहां येउटा बेदि बनाये अनि होमबलि र मिलापबलि
चढ़ाये । अनि इस्राएल्बंशीहरुले भन्ये यहवेको लागि समाज्मां इस्राएल्का ५
सबै कुल्मांको कुन्चहिं आयेको छैन । किनभन्ये तिनिहरुले मिस्पामां
यहवेको लागि न आयेको मान्छेको बिषय्मां त्यो निस्से मांरीओस् भन्ये ठुलो
किरिया खायेका थिये । त इस्राएल्बंशीहरु आफ्नु भाई बिन्यामीन्को ६
बिषय्मां आजु इस्राएल् देखि एक् कुल् काटीयो भन्दै पछुताये ।
बांच्येकाहरुको लागि स्वास्नी पाउंनुको बिषय्मां कसो गरुं किनभन्ये ७
हांमिहरुले ता आफ्नौ छोरीहरु तिनिहरुलाइ स्वास्नी हुंनुको लागि दिंदैंन
भनि यहवेको नाउं लिइकन किरिया खायेका छौं । त तिनिहरुले भन्ये ८
मिस्पामां यहवेको लागि इस्राएल्को कुल्मांको न आयेको को छ । त हेर
समाज्मां याबेश्गिलाद् देखि कोई पनि छाउंनीमां आयेको रैनछ ।
कसोगरिभन्ये जब लोग् गनीये त हेर याबेश्गिलाद्का बासीहरुमांको कोई ९
पनि वहां रैनछ । त मंडलीले महाबीर्हरुमांका बारह् हजार् जनालाइ यो १०
आज्ञा दिइ वहां पठाये तिमिहरुले गयेर याबेश्गिलाद्का बासीहरुलाइ
आइमाइहरु बालख्हरु समेत्लाइ तरवार्को धार्ले काटि देव ।
अं तिमिहरुले गर्नु पर्ने काम् येइ हो सबै लोग्नि मान्छेहरुलाइ र पुरुष्हरु ११
सित गयेकी स्त्रीहरुलाइ पनि भाकल् गरीयेको थोक् झैं नास् पार ।
अनि याबेश्गिलाद्हरुमांकी पुरुष्हरु सङ न गयेकी चार् सै वटी १२
केटीहरुलाइ भेटाये . अनि तिनिहरुले तिनिहरुलाइ कनान् देस्मां भयेको
शीलोको छाउंनीमां ल्याये ॥

१३ अनि सिंगै मंडलीले रिम्मोनको पहरामां भयेका बिन्यामीन्बंशीहरुलाइ
१४ मिलापको समाचार् सुनाइ तिनिहरुलाइ बोलाइ पठायो । अनि त्यस् बेला
बिन्यामीन् फर्कि आयो अनि तिनिहरुले तिनिहरुलाइ याबेश्गिलाद्को
आइमाइहरुमांको जति जीउंदो बचाइ राखीयेको थिइन् तिनिहरुलाइ
१५ दिये . तर येतिले पनि तिनिहरुलाइ पुग्येन । अनि लोग् बिन्यामीन्को
बिषयमां पछुताये किनभन्ये यहवेले इस्राएल्का कुल्हरुमां फाटो राखि
दियेको थियो ॥

१६ तब मंडलीका प्राचीन्हरुले भन्ये उब्रेकाहरुको लागिको स्वास्नीहरुको
कुरामां कसो गरुं किनभन्ये बिन्यामीन् देखि आइमाइहरु नास् भइ गयेको
१७ छन् । अनि तिनिहरुले भन्ये बिन्यामीन् देखि बांच्येकाहरुको लागि येउटा
अधिकार् हुंनु पर्छ होइन भन्ये ता एक् कुल् इस्राएल् देखि मेटींछ ।
१८ तैपनि हांमिहरु आफ्नै छोरीहरु ता तिनिहरुलाइ स्वास्नी हुंनुलाइ दिंनु
सक्दौंन . किनभन्ये इस्राएल्बंशीहरुले जस्ले बिन्यामीन्लाइ स्वास्नी देला
१९ त्यो स्रापित् हवस् भनि किरिया खायेका थिये । अनि तिनिहरुले भन्ये
हेर बेतेल्को उत्तर् तिर र बेतेल् देखि शेकेम्मां जांने मूल् बाटोको पूर्ब
तिर र लबोनाको दक्खिन् तिर भयेको शीलोमां यहवेको लागि बर्ष
२० बर्षको येउटा चाड् लाग्द छ । अनि तिनिहरुले बिन्यामीन्बंशीहरुलाइ येसो
२१ भनि आज्ञा दिये गयेर दाखका बारीहरुमां लुकि बस वहांदेखि हेरि
बस जसै शीलोको छोरीहरु नाच्नुलाइ बाहिर आउंनिन् तब दाखको
बारी बाटा निस्कयेर जनंगले शीलोको छोरीहरुमांको येउटो येउटोलाइ
आफ्नो आफ्नो स्वास्नी पार्नुको लागि समात्येर बिन्यामीन्को देसमां जाइ
२२ जाव । तब येसो हुंछ जब तिनिहरुका बाबुहरु कि दाज्युभाइहरु हांमिहरु
सित झगरा गर्नुलाइ आउंनन् तब हांमिहरु तिनिहरुलाइ भन्छौं कृपागरि
हांमिहरुका लागि तिनिहरुलाइ दिनुं हवस् . किनभन्ये हांमिहरुले लड़ाईंमां
तिनिहरु जनंगको लागि येउटो येउटो स्वास्नी लियेका छौंन . न तिमिहरुले
तिनिहरुलाइ तिनिहरुको लागि दियौ होइन भन्ये ता तिमिहरु एलें दोषी
२३ हुंछौ भनि । त बिन्यामीन्बंशीहरुले त्यसै गर्ये अर्थात् आफ्नु गन्ति
अनुसार् ति नाच्नेहरुमांकोलाइ स्वास्नी लुल्याउंनुलाइ समाति समाति लग्ये .
अनि तिनिहरुले गयेर आफ्नु अधिकार्मां फर्कयेर सहर्हरु बनाये अनि
२४ तिनमां बस्ये । अनि त्यस् बेला इस्राएल्बंशीहरु त्यहां बाटो हिंड़ेर सबै
जना आफ्नु आफ्नु कुल् र आफ्नु आफ्नु जहान्मां गये अनि त्यहां
२५ देखि जनंगे आफ्नु आफ्नु अधिकार्मां गयो । ति दिनमां इस्राएल्मां
कोई राजा थियेन . जनंगले आफ्नु आफ्नु दृष्टिमां ज्ये ठीक् लाग्द
थियो त्येइ गर्द थियो ॥

रूत्को पोस्तक्।

अनि बिचारीहरुले नियां गर्दै गर्येका दिनमां येसो भयो देस्मां १ १
अनिकाल् पर्यो। अनि बेत्लेहेम् यहूदाको एक् जना मान्छे आफ्नो
स्वास्नी र दुइ भाई छोराहरु समेत् मोआबको देसमां प्रवास् गर्नुलाइ
गयो। त्यस् मान्छेको नांउ एलीमेलेक् त्यस्को स्वास्नीको नांउ नाओमी र २
त्यस्का दुइ भाई छोराहरुका नांउ महलोन् र किल्योन् थिये तिनिहरु
बेत्लेहेम् यहूदाका इफ्रातीहरु थिये। अनि तिनिहरु मोआब् देस्मां गयेर
वहां रह्या। अनि नाओमीको लोग्ने एलीमेलेक् मर्यो अनि त्यो र त्यस्का ३
दुइ भाई छोराहरु छोड़ीये। त तिनिहरुले मोआबको आइमाइहरुमांको ४
स्वास्नी ल्याये येउटीको नांउ ओर्पा अर्कीको नांउ रुत् थियो. अनि तिनिहरु
वहां दस् वर्ष जति रह्या। अनि महलोन् र किल्योन् दुवै जना पनि मर्ये ५
तब त्यो आइमाइ त्यस्का दुइ भाई छोराहरु र लोग्ने देखि छोड़ीई। तब त्यो ६
आफ्नो बुहारीहरु समेत् मोआबको देस् देखि फर्कनुलाइ उठी. किनभन्ये
त्यस्ले यहवेले आफ्ना लोगलाइ रोटी दिइ तिनको हेर्चाहा गर्यो अरे भन्येको
मोआबको देस्मां सुन्येकी थिई। त त्यो आफु बस्येको ठांउ देखि आफ्नो ७
दुवैवटी बुहारीहरु समेत् निस्की अनि तिनिहरुले यहूदाको देस्मां फर्कनुलाइ
आफ्नु बाटो समातिन्। अनि नाओमीले आफ्नी दुवैवटी बुहारीहरुलाइ ८
भनी तिमिहरु आफ्नु आफ्नु माइतघर फर्कि जाव. जस्तो तिमिहरुले
मर्येकाहरु सित र मं सित बेहोरा गर्येकी छौ त्यस्तै यहवेले तिमिहरु सित
कृपालु बेहोरा गरोस्। यहवेले तिमिहरुलाइ आफ्नु आफ्नु लोग्नेको घर्मां ९
सुक्ख पाउंनु देवस्। वहांदेखि त्यस्ले तिनिहरुलाइ चूमा खाई अनि तिनिहरु
शब्द उचालि रोइन्। अनि तिनिहरुले त्यस्लाइ भनिन् होइन तर हामिहरु १०
तिमि सित तिम्रै लोग् भयेठांउमां जांछौं। अनि नाओमीले भनी हे मेरी ११
छोरीहरु फर्कि जाव. मं सङ्ग किन आउंछौ. क्य मेरो कोखमां अझै छोराहरु
छन् र तिनिहरु तिमिहरुका लोग्ने होउन्। फर्कि जाव मेरी छोरीहरु हो १२
आफ्नु आफ्नु बाटो समात किनभन्ये मं अरु लोग्ने लिनुलाइ बिघ्रै बूढी
भयें। मैले कतै मेरो आशा छ भनि आजै राति लोग्ने सित गई छोराहरु जन्माये
भन्ये पनि क्य तिमिहरु तिनिहरु बढुंज्याल् सम्म तिनिहरुको लागि १३
पर्खंछौ. अनि क्य येस्कारण् लोग्ने देखि थामीइ रहंछौ. होइन मेरी छोरीहरु
हो किनभन्ये तिमिहरुहको कारणले मं दुखित् छु किनभन्ये यहवेको
हात् मं मांथि पर्येको छ। अनि तिनिहरु फेरि शब्द उचालि रोइन्. १४
त ओर्पाचहिंले आफ्नी सासुलाइ चूमा खाई. तर रुत् चहिं त्यो सङ्ग टांसीइ
रही। अनि त्यस्ले भनी हेर् तेरी जेठानी ता आफ्ना लोग् र आफ्नु देवता १५

१६ तिर फर्कि गई. त तं पनि आफ्नी जेठानी पछि पछि फर्कि जा। अनि
रूतले भनी तिमिलाइ छोड्नु र तिमिलाइ पछ्याउंनु देखि फर्कि जांनु
भनि मं सित बिन्ति न गर. किनभन्ये जहां तिमि जांछेउ मं पनि जांछु
जहां तिमि बस्छेउ मं पनि बस्छु. तिम्रा लोग् मेरे लोग् हुंछन् अनि तिम्रो
१७ ईश्वर् मेरो ईश्वर्. जहां तिमि मंर्छेउ मं मंर्छु अनि उहीं गाड़ींछु पनि.
मंलाइ र तिमिलाइ मंरण् बाहिक् छुट्याउंने अरु कोई छ भन्ये यहवेले
१८ यैसो अं यो भन्दा बेसि पनि मं सित गरोस्। त जबे त्यस्ले त्यो मं सित
जांनुलाइ त्यस्को मन् स्थिर् रछ भनि देखी तब त्यो सित कुरा गर्नु छोड़ी।
१९ त ति दुइ बेतलेहेम् न पुगुंज्याल् सम्म हिंड़ि गइन्। अनि यैसो भयो
तिनिहरु बेतलेहेममां पुग्दा तिनको बिषयमां सहरभरि धूम् मचीयो त
२० स्त्रीहरुले भनिन् की यिनि नाओमी हुन्। अनि त्यस्ले तिनिहरुलाइ भनी
मंलाइ नाओमी[१] होइन तर मारा[२] भन. किनभन्ये सर्वशक्तिमान्ले मं सित
२१ अघोर् तीतो बेहोरा गर्येको छ। मं भरपूर् गयें अनि यहवेले मंलाइ
रित्ते फर्काइ ल्यायो. मंलाइ नाओमी किन भन्द छौ जब यहवेले मेरो
बिरुद्धमां साची दियेको छ अनि सर्वशक्तिमान्ले मंलाइ कष्ट दियेको छ।
२२ त नाओमी आफ्नी बुहारी मोआबी रूत् समेत् मोआबको देस् बाटो फर्कि
आई. अनि तिनिहरु जउको कटनीको थाल्नी बेलामां बेतलेहेममां
आइ पुगिन्॥

२ १ अनि नाओमीको लोग्नेको एक् जना चिना जाना थियो जो बड़ा
धनी थियो अनि एलीमेलेकको सन्तानको थियो अनि त्यस्को नांउ बोअज्
२ थियो। अनि मोआबी रूतले नाओमीलाइ भनी मंलाइ ऐले जांनु देउ
जस्को अनुग्रह् मं मांथि होला त्यस्को बारीमां अन्नको सिला खोज्छु। त
३ त्यस्ले त्यस्लाइ भनी मेरी छोरी जा। तब त्यो गई अनि काट्नेहरुको पछि
पछि खेतमां सिला खोज्नु लागी. अनि त्यस्को लागि यैस्तो संयोग् पर्यो
४ त्यो एलीमेलेकको सन्तानको भयेको बोअजको बारीमां पुगी छ। त हेर
बोअजले बेतलेहेम् बाटो आयेर खेतालाहरुलाइ यहवे तिमिहरु सङ हवस्
भन्येर भन्यो। तब तिनिहरुले त्यस्लाइ यहवेले आफुलाइ आशीष् देवस्
५ भनि उत्तर् दिये। तब बोअजले खेतालाहरु मांथि खटाईयेको चाकरेलाइ
६ त्यो कस्की कन्ये हो भनि सोध्यो। अनि खेतालाहरु मांथि खटाईयेको
चाकरेले भन्यो यो मोआबको देस् बाटो नाओमी सित आयेकी मोआबी
७ कन्ये हो. जस्ले मंलाइ खेतालाहरुको पछि पछि बोटाहरुको बीच्
बीचमां सिला खोज्नु दिंनु हवस् भनि बिन्ती गरी. त त्यो आई अनि
बिहान देखि खालि एकछिन् मांत्रै घरमां गई अनि ऐले सम्म लागीइ
८ रह्येकी छ। तब बोअजले रूतलाइ भन्यो र मेरी छोरी की सुन्दैनस्. तं
अर्कोको बारीमां सिला खोज्नु न जा अनि यहां बाटो हिंड़ि न जा तर

[१] अर्थात् मीठो। [२] अर्थात् तीतो।

मेरो कन्येहरु सित लागीइ रह्। तेरा आंखा यि खेतालाहरुले काट्दै ९
गर्यको वारीमां लागि रहुन् अनि तिनिहरुको पछि पछि जा. कि मैले
तन्हेरिहरुलाइ तंलाइ न छुंने आज्ञा गर्येको छुइंन. तं जब तिर्खाउंछस्
तब यि तन्हेरिहरुले भरि राख्यको पानीको भांड़ा छेउ आयेर खा। तब त्यसले १०
घोप्टो पर्येर भूंइ सम्म निउंरि त्यसलाइ भनी मं अन्यदेसीनी मांथि आफुले
हेर्चाहा गर्नु भयेकोले मं मांथि आफुको अनुग्रह् भयो यो कि कारणले
हो। तब बोअज्ले त्यसलाइ येसो भनि उत्तर् दियो तैंले आफ्नु लोग्ने मर्ये ११
पछि आफ्नो सासु सित ज्ये ज्ये गर्येको थिइस् ति सबै मंलाइ पूरापूर्
देखाईयो अनि आफ्ना आंमा बाबु र आफ्नु जन्मदेस् छोड़ियर तैंले अगाड़ि
न चिन्येका लोगको बीच्मां तं आइस् भनि। यह्वेले तेरो काम्को साटो १२
देवस् अनि यह्वे इस्राएल्को ईश्वर् पट्टि बाटो तंलाइ पूरो प्रतिफल् दिईओस्
जस्का पखेटा मुनि तं शरण् लिंनुलाइ आयेको छस्। तब त्यसले भना हे १३
मेरा प्रभु आफुको अनुग्रह् मं मांथि हुंनु दिंनु हवस् किनभन्ये आफुले
मंलाइ शान्ति दिंनु भयो अनि मं आफ्को कमारीहरुमांको येउटी जस्तो
पनि छुइंन र पनि आफु आफ्नो कमारी सित कृपा गरिकन बोल्नु भयो।
अनि खाजा खांने बेलामां बोअज्ले त्यसलाइ भन्यो येता आइज अनि १४
रोटी खाइ आफ्नु गांस् सिर्कामां चोब्। अनि त्यो खेतालाहरु सङ बसी.
अनि तिनिहरुले त्यसलाइ भुटेयक अन्न पुर्याइ दिये अनि त्यो खायेर अघाई
अनि अलिकता उबारी। अनि जब त्यो सिला खोज्नुलाइ उठी तब १५
बोअज्ले आफ्ना तन्हेरिहरुलाइ येसो भनि आज्ञा दियो त्यसचइंलाइ
बोटाहरुकै मांझ मांझमां पनि सिला खोज्नु देव अनि त्यसलाइ शरम्मां
न पार। अं त्यसको लागि बोटाहरु देखि अलि अलि खसालि पनि दियेर १६
छोड़ि देव अनि त्यसलाइ सिला खोज्नु देव अनि त्यसलाइ कोइ हकार्पकार्
न गर। त त्यो सांझ् सम्म बारीमां सिला खोज्दै रह्यो तब जति त्यसले १७
खोज्येको थिई त्यो माड़ी त एक् एपा जति जउ भयो। त त्यो बोकेर १८
सहर्मां गई. अनि जति सिला खोज्यको थिई त्यो त्यसको सासुले देखी.
अनि खाइ अघायेर उब्रेको पनि निकाल्येर आफ्नो सासुलाइ दिई। अनि १९
त्यसको सासुले त्यसलाइ भनी आजु तैंले सिला कहां खोजिस् अनि काम् कहां
गरिस्. जस्ले तेरो हेर्चाहा गर्यो त्यो धन्नको हवस्। त त्यसले कस्कोमां काम्
गर्येको थिई भनि आफ्नो सासुलाइ येसो भनि देखाई आजु मैले जस्कोमां
काम् गर्यको थियें त्यसको नांउ बोअज् हो रछ। त नाओमीले आफ्नो २०
बुहारीलाइ भनी त्यो मान्छे यह्वेको पट्टि बाटो धन्नको हवस् जस्ले जीउंदोको
लागि र मर्येकोको लागि आफ्नु कृपा गर्नु छोड़ेको छैन। त नाओमीले
त्यसलाइ भना ति मान्छे हांम्रा कुटुम्ब हुन् अं हांम्रो नजिक्को साइनुका।
अनि मोआबी रूत्ले भनी अं तिन्ले मंलाइ मेरो सबै कटनी भइ न सकुंज्याल् २१
सम्म मेरा तन्हेरिहरु सङ् सङ् लागि रह् पनि भन्यका छन्। अनि नाओमीले २२
आफ्नो बुहारी रूत्लाइ भनी ए मेरो छोरी तं तिन्कै कन्येहरु सङ जांनु

स्वास्नी भई अनि त्यो त्यसकां गयो अनि यहवेको दयाले त्यो गर्भिणी भई
१४ अनि छोरो जन्माई। तब आइमाइहरूले नाओमीलाइ भनिन् यहवे धन्न
हवस् जस्ले आजुको दिन् तिमिलाइ येउटा नजिकको सांइनु बिना छोडेरको
१५ छैन अनि त्यसको नाउं इस्राएल्मां प्रसिद्ध हवस्। अनि त्यो तिम्रो जीवन्
फर्काउंने र तिम्रो बूढेसकाल्मां पाल्ने छ. कमोगरिभन्ये तिम्री बुहारी
जस्ले तिमि सित प्रिति गर्दछे जो तिम्रो लागि सात् भाई छोराहरू भन्दा
१६ जाति छ त्यस्ले येसलाइ जन्माई। त नाओमीले त्यो बालख लियेर आफ्नु
१७ काखमां राखी अनि त्यसलाइ हेर्ने भई। तब त्यसको छिमेकीनीहरूले त्यस्
बालखको नाउं येसो भनि राखिन् नाओमीको लागि येउटा छोरो जन्म्येको
छ भनि अनि तिनिहरूले त्यसको नाउं ओबेद् राखिन्. त्येइ यिशैको बाबु
दाऊद्को बाजे थियो॥

१८ त पेरेस्का पुस्ता यिनै हुन्. पेरेस्ले हेस्रोन्लाइ जन्मायो अनि
१९ हेस्रोन्ले राम्लाइ जन्मायो अनि रामले अम्मीनादाब्लाइ जन्मायो अनि
२० अम्मीनादाब्ले नहशोन्लाइ जन्मायो अनि नहशोन्ले सल्मोन्लाइ जन्माय
२१ अनि सल्मोन्ले बोअज्लाइ जन्मायो अनि बोअजले ओबेद्लाइ जन्मायो
२२ अनि ओबेदले यिशैलाइ जन्मायो अनि यिशैले दाऊदलाइ जन्मायो॥

शमूएल्को पहिलो पोस्तक्।

(शमूएल्को जन्म र बालखेइँको बिषय्)

१ १ अनि एफ्रैम्को पहाड़ देसको रामातैम्सोफीम्को येउटा मान्छे थियो
जसको नाउं एल्काना थियो त्यो एफ्रैमी सूफ्को छोरो तोहूको छोरो
२ एलीहूको छोरो यरोहाम्को छोरो थियो. त्यसको दुवटी स्वास्नी थिइन्
येउटीको नाउं हन्ना अनि अर्कीको नाउं पनिन्ना थियो. अनि पनिन्नाका
३ बालख थिये तर हन्नाचइंको कोई बालख थियेन। अनि त्यो मान्छे
शीलोमां सेनाहरूको यहवेको सेवा गर्नु र उसको लागि बलिदान् चढाउंनुलाइ
बर्ष बर्ष आफ्नु सहर् बाटो चढि जांद थियो। अनि एलीका दुइ भाई
छोराहरू होप्नी र पीनहास् यहवेको लागिका पूजाहारीहरू वहां थिये।
४ अनि जब एल्कानाले बलिदान् चढाउंने दिन् आइ पुगथ्यो तब त्यस्ले आफ्नी
स्वास्नी पनिन्नालाइ र त्यसका सबै छोराछोरीहरूलाइ भाग् भाग् दिंद थियो.
५ तर हन्नाचइंलाइ दुइ भाग् दिंद थियो. किनभन्ये त्यस्ले हन्नालाइ प्यारो
६ गर्ने गर्द थियो तैपनि यहवेले त्यसको कोख थुनि राख्येको थियो। अनि

त्येस्को सौताले त्येस्लाइ जिस्क्याउंनुको लागि त्येस्लाइ अग्घोर् खिज्याउंद
थिई किनभन्ये यह्वेले त्येस्को कोख् थुनि राख्येको थियो । अनि त्येस्ले बर्ष ७
बर्ष येसै गर्द थियो अनि यह्वेको घर्मां चढि जांदे त्येस्लाइ येसैगरि
खिज्याउंने गर्द थिई येस्कारण् त्यो रोई अनि केइ पनि खाईन । त त्येस्को ८
लोग्ने एल्कानाले त्येस्लाइ भन्यो ए हन्ना किन रुंद छेस् अनि किन खांदीनस्
अनि तेरो मन् किन उदास् छ . के मं तेरो लागि दस् भाइ छोराहरु भन्दा
जाति छुइंन । त जसै तिनिहरुले शीलोमां खाइ पीइ सक्ये तब हन्ना उठी । ९
त्येति बेला एली पूजाहारी यह्वेको मन्दिर्को सङार् निरको आफ्नु
बैठक्मां बसि रह्येको थियो । अनि हन्नाले मन्को तीतइंमां भइ यह्वे १०
सित प्रार्थना गरी अनि सारो रोई । अनि त्येस्ले येसो भन्येर भाकल् गरी हे ११
सेनाहरुको यह्वे तपांइले सांचिनै आफ्नी कमारीको कष्ट मांथि दृष्टि गर्नु
भयो भन्ये देखि अनि मंलाइ सम्झनु भयो अनि आफ्नी कमारीलाइ
बिर्सनु भयेन भन्ये देखि तर आफ्नी कमारीलाइ येउटा छोरो दिंनु भयो
भन्ये देखि त मं त्येस्लाइ त्येस्को जीउंनी भरि यह्वेको लागि दिहाल्छु अनि
त्येस्को कपाल्मां छुरा लाग्देन । त येसो भयो त्यो यह्वेको सांमु प्रार्थना १२
गरि गरि रह्येकी थिई अनि एलीचइंले त्येस्का मुख्मां हेरि रह्येको थियो ।
हन्नाचइं आफ्नु मन् मनैमां बोल्द थिई त्येस्का ओंठ् मांत्रै चल्द थिये तर १३
त्येस्को सोर् सुनींदैन थियो . येस्कारण् एलीले त्यो मात्येकी रहछ भनि ठान्यो ।
तब एलीले त्येस्लाइ भन्यो कैले सम्म मांति रहंछेस् . आफ्नु दाखरस् आफु १४
देखि आफाल् । अनि हन्नाले उत्तर् दिइ भनी होइन हे मेरा प्रभु मं १५
दुखित् मन् भयेकी आइमाइ छु . मैंले न दाखरस् न मद्य खायेकी छु तर
आफ्नु मन् पो यह्वेको सांमु खन्याउंद थियें । आफुकी कमारीलाइ बिकामे १६
फट्याहनी जस्तो न गर्नु हवस् . तर मं आफ्नु सुर्ता र शोक्को खिज्याईयेको
कारणले येले सम्म बोल्येकी छु । तब एलीले उत्तर् दिइ भन्यो कुशल् १७
सित जा . अनि इस्राएल्को ईश्वर्ले तैंले उ सित मांग्येको प्रार्थना अनुसार्
तंलाइ देवस् । अनि त्येस्ले भनी आफुकी कमारी मांथि आफुको अनुग्रह् १८
हवस् । त त्यो आइमाइ हिंडि गई अनि खाई अनि फेरि त्येस्को मुख्
उदास् भयेन । त तिनिहरुले बिहान सखारै उठेर यह्वेको सांमु दण्डवत् १९
गर्य वहांदेखि फर्क्येर रामामां भयेको आफ्नु घर्मां आइ पुग्ये . अनि
एल्कानाले आफ्नी स्वास्नी हन्नालाइ जान्यो अनि यह्वेले त्येस्लाइ सम्झ्यो ।
अनि येसो भयो हन्ना गर्भिणी भई अनि जब बेलाको भरना भयो तब त्येस्ले २०
छोरो जन्माई अनि त्येस्ले मैंले येस्लाइ यह्वे सित मांग्यें भन्येर त्येस्को नाउं
शमूएल् राखी । अनि एल्काना चइं आफ्नु सबै जहान् समेत् यह्वेको सांमु २१
आफ्नु बर्ष बर्षको बलिदान् र आफ्नु भाकल् चढाउंनुलाइ चढि गयो ।
तर हन्ना चइं गईन किनभन्ये आफ्नु लोग्नेलाइ जैले सम्म बालखको दुद् २२
छोड़ाइंदैन तैंले सम्म मं जांदीन त्यस् पछि मांत्रै मं येस्लाइ लैजांछु र त्यो
यह्वेको सांमु देखाहा परोस् अनि वहां सधैं भरि रहोस् भन्येर भनी । अनि २३

त्येस्को लोग्ने एल्कानाले त्येस्लाइ भन्यो जसो तंलाइ जाति लाग्छ त्येसै गर
त्येस्को दुद् छोड़ाइंने बेला सम्म पर्ख्नोइ खालि यहवेले आफ्नु वचन् मात्रै
पूरो गरोस्। त त्येस्ले त्येस्को दुद् न छोड़ाउंज्याल् सम्म त्यो आइमाइ पर्खीयेर
२४ आफ्नु छोरोलाइ दुद् खुवाउंदै रही। अनि जब त्येस्ले त्यस्को दुद् छोड़ाई
तब त्येस्ले त्येस्लाइ आफु सङ लगी अनि तीन्वटा बाच्छा र एक् एपा अन्न र
एक् कुप्पा दाखरस् पनि शीलोमां यहवेको घरमां लगी . अनि बालख सांनै
२५ थियो। त तिनिहरुले बाच्छा बलि गर्ये अनि बालखचइंलाइ एली थांइ
२६ लग्ये। अनि त्येस्ले भनी हे मेरा प्रभु आफुको प्राण् जीइ रह्याको भैं हे मेरा
प्रभु मं त्यइ आइमाइ हुं जस्ले यहां आफुको छेउमां उभीयेर यहवे सित
२७ प्रार्थना गर्दै थिईं। येइ बालखको लागि प्रार्थना गर्येको थियें अनि यहवेले
२८ मंलाइ मैंले उ सित मांग्येको प्रार्थना अनुसार मंलाइ दियो . येस्कारण मैंले
पनि येस्लाइ यहवेको लागि दियेको छु येस्को जीउंनिभरि यो यहवेको लागि
दिईयेको छ। वहांदेखि तिनिहरुले यहवेलाइ त्यहां दण्डवत् गर्ये॥

२ १ तब हन्नाले येसो भन्दै प्रार्थना गरी .

मेरो मन्ले यहवेमां रमाहट् गर्दै छ
मेरो सींग् यहवेमां अल्ग्याईयेको छ .
मेरो मुख् मेरा सत्तुर्हरु मांथि बढाईयेको छ
कसोगरिभन्ये मं तपांइको मुक्तिमां हर्षित् छु।

२ यहवे जस्तो पवित्र कोई पनि छैन
कसोगरिभन्ये तपांइ बाहिक् अरु कोई छैन .
न हांम्रो ईश्वर् जस्तो अरु कोई पहरा छ।

३ येस्तो बिग्न अहंकार् सित फेरि फेरि न बोल
शेषी तिमिहरुको मुख् देखि न निकलोस् .
किनभन्ये यहवे ज्ञान्को ईश्वर् छ
अनि उ देखि कार्ज्यहरु तौलिंदै छन्।

४ बीरहरुका धनुहरु भांचीये
अनि ठोकर् खायेकाहरुको कम्मर् बलियो गरि बांधीये।

५ तृप्त भइ रह्याकाहरुले आफुलाइ रोटीको लागि बनिमां लगाये
अनि भोका हुंनेहरु थामीये .
अं बांझीले सात्वटा जन्माई अनि धेरै जन्माउंनेको बल् घट्यो।

६ यहवेले मांर्दै छ अनि जियाउंदै छ .
उस्ले पताल् सम्म पुग्याउंदै छ अनि उठाउंदै छ।

७ यहवेले कंगालि तुल्याउंदै छ अनि धनी पार्दै छ .
उस्ले होच्याउंदै छ अनि अल्ग्याउंदै छ पनि।

८ उस्ले कंगालिलाइ धुलो देखि उठाउंदै छ
उस्ले दरिद्रहरुलाइ घुर्यान् देखि अल्ग्याउंदै छ।
भारादारहरु सङ तिनिहरुलाइ बसालुनुको लागि

अनि प्रतापको सिंहासन्को अधिकारी हुंनुको लागि .
कसोगरिभन्ये संसारका खांबाहरु यहवेका हुन्
अनि उसले जगत्लाइ ति माथि बसालि दियेको छ ।
उसले आफ्ना भक्तिहरुका पाउको रक्षे गर्छ ९
तर दुष्ट चइं अंध्यारोमां चुप् गराइंछ ।
कसोगरिभन्ये बल्ले कसैले पनि जीत्दैन ।
यहवे सङ लड़ाइं गर्नेहरु चूर चूर् पारींछन् १०
तिनिहरुको बिरुद्धमां उ स्वर्ग बाटो गर्जंछ .
यहवेले पृथिवीको छेउको निया गर्छ
अनि उसले आफ्नु राजालाइ बल् दिंछ
अनि आफ्नु अभिषिक्तको सींग् अलग्याउंछ ॥

तब एल्काना रामामां आफ्नु घर्मां फर्कि गयो । अनि बालख चइं ११
एली पूजाहारीको सांमु यहवेको सेवा गर्दै रह्यो ॥

अब एलीका छोराहरु बिकामे दुष्ट फक्कड़हरु थिये तिनले यहवेलाइ १२
चिन्दैन थिये । अनि पूजाहारीहरुको रीत् लोग् सङ येस्तो थियो जब जब १३
कसैले बलि चढ़ाउंद थियो अनि जब मांसु उसीनीइंद थियो तब तब
पूजाहारीको चाकरे आफ्नु हात्मां मांसु घोच्ने तृसुले कांटा लियेर आउंद
थियो अनि त्येसले त्यो कांटा कराही कि कसिउंड़ी कि लोहोंड़ि कि १४
भांड़ामां रोपद थियो अनि कांटामां मांसु जति रोपीयेर आउंद थियो त्यो
पूजाहारीले लिंद थियो । तिनिहरुले शीलोमां आउंने सबै इस्राएल्हरु
सित येसै गर्द थिये । अं मान्छेहरुले बोसो डड़ाउंनु भन्दा अगाड़ि पनि १५
पूजाहारीको चाकरले आयेर बलि चढ़ाउंनेलाइ भन्द थियो भटाउंनुको लागि
पूजाहारीको लागि मांसु देउ किनभन्ये तिन्ले तं देखि पकायेको मांसु होइन
तर कांचे मांगद छन् । अनि कसैले त्येसलाइ मं अगाड़ि बोसो डड़ाइ सकुं १६
त्यस् पछि तिमिलाइ जति मन् पर्छ त्येति लैजाउ भन्यो भन्ये देखि त त्येसले
भन्द थियो होइन तिमिले मंलाइ एलेनै देउ . होइन भन्ये ता मं बलैले
लिंछु । अनि यहवेको सांमु ति तन्नेहरिहरुको पाप् अगघोर् बड़ा थियो . १७
कसोगरिभन्ये मान्छेहरुले यहवेको भेटि देखि घिन् गर्द थिये ॥

तर शमूएल्चइंले बालख भयेर पाट्कपराको एपोद् कम्मरमां लायेर १८
यहवेको सांमु सेवा गर्द थियो । येस् उप्रान्त त्येसको आंमाले बर्ष बर्ष आफ्नु १९
लोग्ने सित वार्षिक् भेटि बलिदान् चढ़ाउंनु आउंदा त्येसको लागि येउटा सानु
दउरा ल्याइ दिंथी । अनि एलीले एल्कानालाइ र त्येसको स्वास्नीलाइ २०
आशीष् दिइकन येसो भन्यो जुन् उद्धार् यहवेको लागि दिईयो त्येसको साटो
यहवेले येस् आइमाइ देखि तंलाइ सन्तान् देवस् । अनि तिनिहरु आफ्नु
घर्मां गये । अनि यहवेले हन्नाको हेर्चाहा गर्‍यो अनि त्यो गर्भिणी भई २१
र तीन् भाई छोराहरु र दुइ बैंनी छोरीहरु जन्माई । अनि बालख शमूएल्
यहवेको सांमु बढ़्दै गयो ॥

२२ अनि एली अगघोर् बूढो भयो अनि त्येस्ले आफ्ना छोराहरुले सिंगै
इस्राएल् सित ज्ये ज्ये गर्दै थिये ति सबै अनि तिनिहरु भेट् हुंने डेराको
२३ ढैलोमां सेवा गर्ने स्त्रीहरु सङ सुत्येका सबै कुरा सुन्यो। तब त्येस्ले
तिनिहरुलाइ भन्यो येस्तो येस्तो काम् किन गर्द छौ. किनभन्ये तिमिहरुको
२४ दुष्ट बेहोरा यि सिंगै लोग् देखि सुन्द छु। होइन मेरा छोराहरु हो
कसोगरिभन्ये मं ज्ये सुन्द छु त्यो भलो समाचार् होइन. तिमिहरुले
२५ यहवेको लोग्लाइ तर्काउंद छौ। कसैले अर्को मान्छे सङ पाप् गर्‍यो भन्ये
देखि ईश्वर्ले त्येस्को निया गर्छ. तर कसैले यहवेको बिरुद्धमां पाप् गर्‍यो
भन्ये देखि ता त्येस्को लागि कस्ले बिन्ति गर्छ। तैपनि तिनिहरुले आफ्नु
बाबुको कुरा मान्येनन् किनभन्ये यहवेले तिनिहरुलाइ मार्नु खोजद् थियो।
२६ अनि बालख शमूएल् बढ्दै गयो अनि यहवे देखि र मान्छेहरु देखि
पनि अनुग्रह् पाउंद थियो॥

२७ अनि ईश्वर्को एक् जनाले एली थांइ आयेर त्येस्लाइ भन्यो यहवेले
येसो भन्द छ क्ये मैंले तेरो बाबुको घर्मां जब तिनिहरु मिस्रमां फिरऊन्को
२८ घर्को बन्धवाईमां थिये तब आफुलाइ प्रगटो गरींन। अनि क्ये त्येस्लाइ
इस्राएल्का सबै कुल्हरु देखि मेरो पूजाहारी हुंनुलाइ मेरो बेदिमां
चढाउंनुलाइ धूप् हाल्नुलाइ र मेरो सांमु एपोद् लाउंनुलाइ छान्येको
छुइंन। अनि क्ये मैंले तेरो बाबुको घर्लाइ इस्राएल्बंशीहरुका सबै
२९ होमबलि दियेको छुइंन। त किन मेरो बलिदान् र मेरा भेटि जुन्हरुलाइ
मैंले आफ्नु धाम्मां गर्नु आज्ञा दियेको छु लत्याउंद छौ. अनि तैंले मंलाइ
भन्दा बेसि मान् तेरा छोराहरुलाइ गर्द छस् तिमिहरुले मेरा लोग् इस्राएल्का
भेटिहरुका सबै भन्दा असल असल थोकले आफुलाइ मोटाउंनुको लागि।
३० येस्कारण् इस्राएल्को ईश्वर् यहवेले भन्द छ साचिनै मैंले भन्यें तेरो जहान् र
तेरो बाबुको जहान् मेरो सांमु सदा हिंड्छ भनि. तर यहवेले अब भन्द छ
यो चइं मं देखि दूर् रहोस् किनभन्ये मंलाइ मान् गर्नेहरुलाइ मं मान् गर्छु
३१ अनि मेरो निन्दा गर्नेहरु चइं तुच्छ हुंछन्। हेर् ति दिन् आउंदै छन् जब मं
तेरो बांहा र तेरो बाबुको जहान्को बांहा तेरो बंशमां कोई बूढो न हुंने
३२ गरि काटि दिंछु। अनि तंले ईश्वर्ले इस्राएल्लाइ दियेको सबै भलाईमां
मेरो धाम्को दुक्ख हेर्छस्. अनि तेरो बंशमां सदाको लागि कोई पनि
३३ बूढो हुंदैन। अनि तेरा जुन् मान्छेलाइ मं आफ्नु बेदि देखि काट्दींन त्यो
तेरा आंखा भस्म पार्नुलाइ र तेरो मन् शोकित् गराउंनुलाइ हुंछ. अनि
३४ तेरो जहान्को बढ्ति आधा उइंसैमां मर्छन्। अनि तेरो लागि चिंनु यो
हुंछ जुन् चिंनु तेरा दुइ भाई छोरा होप्नी र पीनहास् मांथि आइ लाग्छन्
३५ त्यो येइ हो अर्थात् ति दुवै एकै दिनमां मर्छन्। अनि मं आफ्नु लागि
येउटा बिश्वासी पूजाहारी उठाउंछु जस्ले मेरो मन् र मेरो हिर्दयमां भयेको
अनुसार् गर्छ अनि मं त्येस्को लागि येउटा स्थिर् जहान् बनाउंछु अनि त्यो
३६ मेरो अभिषिक्तको सांमु सदा हिंड्छ। अनि येसो हुंछ तेरो जहान्मांका

जति जना रह्येका हुंछन् तिनिहरु त्येस्को सांमु आयेर त्येस्लाइ कृपा गरिकन
मंलाइ पूजाहारीगिरिको येउटा काम्मां लगाउंनु हवस् र मं एक् गांस्
रोटी खांनु पाउं भनिकन येउटा टुक्रा चांदी र येउटा रोटीको लागि त्येस्को
सांमु निउंरंछन्॥

अनि बालख शमूएल्ले एलीको सांमु यह्वेको सेवाटहल् गर्न गर्द ३ १
थियो। अनि ति ताक यह्वेको वचन् अपायो थियो कोई प्रगटो दर्शन्
हुंदैन थियो। अनि त्येस् समयमां येसो भयो जब एलीका आंखा धमीलींनु २
लाग्येका थिये अनि देख्नु सक्दैन थिये अनि त्यो आफ्नु ठांउमां सुति
रह्येको थियो अनि ईश्वर्को बत्ती निभ्येको थियेन अनि शमूएल् पनि ३
यह्वेको मन्दिर्मां जहां ईश्वर्को सम्पट् थियो वहां सुत्नुलाइ ढल्केको
थियो त यह्वेले शमूएल्लाइ हापाऱ्यो. त त्येस्ले भन्यो यहां छु। ४
वहांदेखि एली थांइ दुगुर्येर भन्यो यहां छु किनभन्ये आफुले मंलाइ हापार्नु ५
भयो। अनि त्येस्ले भन्यो मैंले हापारींन फेरि ढल्कि जा। त त्यो गयेर
ढल्क्यो। अनि यह्वेले अझै पनि ए शमूएल् भनि हापाऱ्यो। अनि शमूएल्ले ६
उठेर एली थांइ गयेर भन्यो यहां छु किनभन्ये आफुले मंलाइ हापार्नु
भयो। अनि त्येस्ले उत्तर् दियो ए मेरो छोरा मैंले हापारींन फेरि ढल्कि जा।
शमूएल्ले ऐले सम्म यह्वेलाइ चिन्येको थियेन अनि न यह्वेको वचन् ऐले ७
सम्म त्येस्लाइ प्रगटो भयेको थियो। अनि यह्वेले फेरि तीस्रो खेप् शमूएल्लाइ ८
हापाऱ्यो। अनि त्येस्ले उठेर एली थांइ गयेर भन्यो यहां छु किनभन्ये
आफुले मंलाइ हापार्नु भयो। तब एलीले बालखलाइ यह्वेले पो हापार्ये
छ भनि थाहा पायो। येस्कारण् एलीले शमूएल्लाइ भन्यो गयेर ढल्कि रह्. ९
अनि येसो हुंछ उस्ले तंलाइ हापाऱ्यो भन्ये देखि त हे यह्वे भन्नु हवस्
किनभन्ये तपांइको सेवाइतेले सुन्द छ भन्येर भन्। त शमूएल् गयेर आफ्नु
ठांउमां ढल्क्यो। अनि यह्वे आयेर उभीयो अनि अगाड़ि अगाड़िको झैं १०
ए शमूएल् ए शमूएल् भनि हापाऱ्यो। तब शमूएल्ले भन्यो भन्नु हवस्
किनभन्ये तपांइको सेवाइतेले सुन्द छ। अनि यह्वेले शमूएल्लाइ भन्यो ११
हेर् मं इस्राएल्मां येउटा काम् गर्छु जस्को बिषयमां सुन्नेहरु सबैका कान्
झन्झनाउंछन्। त्येस् दिन् मं एलीको बिरुद्धमां त्येस्को जहान्को बिषयमां १२
मैंले गर्येका सबै कुरा अनुसार् थालींन देखि अन्त सम्म गर्छु। किनभन्ये १३
मैंले त्येस्लाइ भनि दियेको छु मं तेरो जहान्लाइ सदाको लागि बिचार् गर्छु
त्यो तैंले चिन्येको दुष्टाईको कारणले किनभन्ये तेरा छोराहरुले आफु मांथि
स्राप् ल्याये अनि तैंले तिनिहरुलाइ थुनींनस् भनि। येस्कारण् मैंले एलीको १४
जहान्लाइ एलीको जहान्को दुष्टाईं बलि कि भेंटिले प्रायश्चित्त सदाको
लागि हुंदैन भनि किरिया खायेको छु। अनि शमूएल् बिहान सम्म सुति १५
रह्यो वहांदेखि त्येस्ले यह्वेको घर्को देलो उघाऱ्यो। अनि शमूएल्
एलीलाइ त्यो दर्शन् कहनु डरायो। तब एलीले शमूएल्लाइ बोलायेर भन्यो १६
ए मेरो छोरा शमूएल्। त त्येस्ले भन्यो यहां छु। त त्येस्ले भन्यो जुन् कुरा १७

यहवेले तंलाइ भन्यो त्यो क्य छ . कृपागरि मं देखि न लुका . ईश्वरले
तंलाइ येसो श्रं यो भन्दा पनि बेसि गरोस् तैंले मं देखि उस्ले तंलाइ
१८ भन्येका सबै कुरामांको कुनै पनि लुकाइस् भन्य देखि । तब शमूएलले
त्येस्लाइ सबै कुरा कहि दियो त्यो देखि क्येइ पनि लुकायेन । तब त्येस्ले
१९ भन्यो उ यहवे हो . ज्ये उस्लाइ जाति लाग्छ त्येइ गरोस् । श्रनि शमूएल
बढ्यो श्रनि त्यो सङ्ग यहवे थियो श्रनि त्येस्को कुनै कुरा पनि भूंइमां खस्न
२० दिंदैन थियो । श्रनि दान् देखि बेर्शेबा सम्म सिंगै इस्राएलले शमूएल् चइं
२१ यहवेको श्रगमवक्ता हुंनुको लागि स्थापित् भयो भनि थाहा पाये । श्रनि
यहवे फेरि शीलोमां प्रगटो भयो . कसोगरिभन्ये यहवेले श्राफुलाइ
४ १ शीलोमां यहवेको वचनको बाटोले शमूएलकां प्रगटो गरायो । श्रनि
शमूएलको वचन् सिंगै इस्राएलकां श्रायो ॥

श्रब इस्राएल् पलिश्तीहरु सित लड़ाइं गर्नुलाइ निस्कि गयो श्रनि
एबेनएजेर् निर छाउंनी हाल्यो . श्रनि पलिश्तीहरुचइंले श्रपेकमां छाउंनी
२ हाल्ये । श्रनि पलिश्तीहरुले श्राफुलाइ इस्राएलको बिरुद्धमां पाङ्ति पाङ्ति
गरि बांध्ये . श्रनि जब लड़ाइं फिंजीयो तब इस्राएल् पलिश्तीहरुको सांमु
मारीयो . श्रनि तिनिहरुले पल्टनमांका चार् हजार् जति मान्छेहरुलाइ
३ बनमां मारि दिये । श्रनि जब लोग छाउंनीमां श्राये तब इस्राएलका
प्राचीनहरुले भन्ये श्राजु हांमिहरुलाइ यहवेले पलिश्तीहरुको सांमु किन
मांर्येको छ । हांमिहरु शीलो देखि यहवेको नियमको सम्पट् यहां हांमिहरु
थांइ ल्याऊं र त्यस्ले हांमिहरुलाइ हांमिहरुको सत्तुरहरुको हात् देखि
४ बचावस् । त लोगले शीलोमां मान्छे पठाये श्रनि तिनले वहां बाटो
करुबहरुको बीच् मांथि बस्येको सेनाहरुको यहवेको नियमको सम्पट्
ल्याये . श्रनि एलीका दुइ भाई छोराहरु होप्नी र पीनहास् ईश्वरको
५ नियमको सम्पट् सङ्ग वहां थिये । श्रनि जब यहवेको नियमको सम्पट्
छाउंनीमां श्राइ पुग्यो तब सिंगै इस्राएल् पृथिवी गजुंल्याल् सम्म श्रौंधि
६ तुलो सोरले कराये । श्रनि जब पलिश्तीहरुले त्यो करायेको सोर् सुन्ये तब
तिनिहरुले भन्ये इब्रानीहरुको छाउंनीमां भयेको त्यो तुलो करायेको सोरको
श्रर्थ क्य होला हो । त तिनिहरुले यहवेको सम्पट् छाउंनीमां श्राइ पुग्ये छ
७ भनि थाहा पाये । श्रनि पलिश्तीहरु डराये किनभन्ये तिनिहरुले भन्ये
ईश्वरै छाउंनीमां श्राइ पुग्यो । श्रनि फेरि भन्ये हांमिहरु मांथि हाय्
८ किनभन्ये श्रब सम्म येस्तो क्येइ कुरो भयेको थियेन । हाय् हांमिहरु मांथि .
ति बलिया बलिया ईश्वरहरुको हात् देखि कस्ले हांमिहरुलाइ बचाउंछ .
तिनिहरु तिनै ईश्वरहरु हुन् जुनहरुले मिस्रीहरुलाइ बनमां सबै रकमका
९ दण्डहरुले मांर्येको थियो । हे तिमि पलिश्तीहरु हो बलिया हव श्रनि मर्द
जस्ता हव र तिमिहरु इब्रानीहरुका चाकरे न बनीयौ जस्तो तिनिहरु
तिमिहरुका भयेका छन् . मर्द जस्ता हव श्रनि लड़ाइं गर भन्येर भन्ये ।
१० त पलिश्तीहरुले लड़ाइं गर्ये श्रनि इस्राएल मारीयो श्रनि जनंगे श्राफन

आफनु डेरामां भाग्ये. अनि औधि ठुलो मंराई भयो कसोगरिभन्ये
इस्राएल्मांका तीस् हजार् पेदल् लड़ेर। अनि ईश्वर्को सम्पट् लगीयो ११
अनि एलीका दुइ भाई छोराहरु होप्नी र पीनहास् मांरीये। त्यसपछि १२
बिन्यामीन्को येवटा मान्छे पल्टन् देखि आफनु लुगा च्यात्येको अनि
सिर्मां धुलो हाल्येको दुगुदै उसै दिन् शिलोमां आइ पुग्यो। अनि १३
त्यो आइ पुग्दा हेर एली बाटो छेउमां आफनु बेठक्मां बसि चियाउंदे
रह्येको थियो. किनभन्ये त्यस्को मन् ईश्वर्को सम्पट्को लागि कांमद
थियो। अनि जब त्यस् मान्छेले सहर्मां पुग्येर ति कुरा कहि दियो
तब सिंगै सहर् चिच्यायो। अनि जब एलीले त्यो चिच्यायेको सोर् सुन्यो १४
तब त्येस्ले भन्यो यो खेलाबेलाको सोर्को अर्थ क्या हो। अनि त्यस् मान्छेले
छिटो छिटा दुगुरि आयेर एलीलाइ ति कुरा सुनाइ दियो। अनि एली १५
अन्ठानब्बे बर्षको थियो अनि त्यस्का आंखा तरि गयेका थिये अनि देखनु
सक्दैन थियो। अनि त्यस् मान्छेले एलीलाइ भन्यो मं पल्टन् देखि आयेको १६
मान्छे हुं अनि आजु पल्टन् देखि भाग्यें। अनि त्यस्ले भन्यो ए मेरो छोरा
के कं भयो। तब समाचार् ल्याउंनेले उत्तर् दिइ भन्यो इस्राएल् १७
पलिश्तीहरुको सांमु देखि भाग्यो अनि लोगको ठुलो मंराई भयो अनि
आफुका दुवै भाई छोराहरु होप्नी र पीनहास् पनि मांरीये अनि ईश्वर्को
सम्पट् पनि लगीयो। अनि येसो भयो जब त्यस्ले ईश्वर्को सम्पट्को कुरो १८
भन्यो तब एला बेठक् देखि ढोका निर पछिल् तिर पछारीयो अनि त्यस्को
मगठो भांचीयो अनि मंर्यो. कसोगरिभन्ये त्यो बूढो मान्छे थियो अनि
गह्रुङ्। अनि त्यो चालीस् बर्ष सम्म इस्राएल्को बिचारी भइ रह्येको
थियो। अनि त्येको बुहारी पीनहास्को स्वास्नीको दुइ जीवा भइ १९
जन्याउंने बेला हुंनु आंटेरको थियो. अनि जब त्येस्ले ईश्वर्को सम्पट् लगीयो
अनि मेरा ससुरा र लोग्ने पनि मंर्ये भनि सुनी तब त्यस्ले निउंर्येर जन्माई
कसोगरिभन्ये त्येस्को पीरा त्यस् माथि आइ लाग्यो। अनि त्यस्को मंरणको २०
बेलामां त्येस्का वरिपरि उभीयेकी स्त्रीहरुले त्येस्लाइ भनिन् न डराउ किनभन्ये
तिमिले छोरा जन्मायेकी छौ। तर त्येस्ले उत्तर् दिईन अनि केहि चेत् गरीन।
अनि त्यस्ले बालखको नांउ इस्राएल् देखि महिमा गयो भनिकन ईकाबोद्[1] २१
राखी. ईश्वर्को सम्पट् लगीयेको कारणले र त्येस्को ससुरर र त्येस्को लोग्नेको
कारणले। अनि त्येस्ले भनी इस्राएल् देखि महिमा गयो कसोगरिभन्ये २२
ईश्वर्को सम्पट् लगीयो॥

(पलिश्तीहरु मांरीनु)

अब पलिश्तीहरुले ईश्वर्को सम्पट् एबिनेजेर् देखि लग्येर अश्दोद्मां ५ १
पुग्यायेका थिये। अनि पलिश्तीहरुले ईश्वर्को सम्पट् लग्येर दागोन्को २

[1] अर्थात् महिमा गयो।

३ मन्दिर्मां पुर्‍याये अनि दागोन्को छेउमां राख्ये । अनि भर्से अश्दोद्का
मान्छेहरु भोलि पल्टो सखारै उठेर त हेर दागोन् यहवेको सम्पट्को सांमु
भूंइमां घोप्टो परि रह्येको रह्छ । अनि तिनिहरुले दागोन्लाइ उठायेर फेरि
४ त्येस्को ठांउमां राखि दिये । फेरि जसै तिनिहरु भोलि पल्टो पनि सखारै
उठेर त हेर दागोन् यहवेको सम्पट्को सांमु भूंइमां घोप्टो परि रह्येको
रह्छ अनि दागोन्को टाउको र त्येस्का दुइ हत्केलाहरु काटीयेको भइ
५ सहार्मां रह्छन् दागोन्को खालि दाङ् चइं मांत्रै रह्येको रह्छ । येसैकारण्
दागोन्का पूजाहारीहरुले र त्येस्को मन्दिर्मां जांनेहरुले अश्दोद्मां भयेको
दागोन्को सहार्मां आज्काल् सम्म पनि टेक्देनन् ॥
६ तर यहवेको हात् अश्दोद्का मान्छेहरु मांथि गह्रुङ् गरि पर्‍यो अनि
उस्ले तिनिहरुलाइ नास् पार्‍यो अनि तिनिहरुलाइ अं अश्दोद् त्येस्को
७ सिमाना समेत्लाइ फोकाले हिर्कायो । अनि जसै अश्दोद्का मान्छेहरुले
येसो भयेको देख्ये तब तिनिहरुले भन्ये इस्राएल्को ईश्वर्को सम्पट्
हामिहरुकां रहंनु हुदैन. किनभन्ये उस्को हात् हामिहरु मांथि र
८ हामिहरुको देव्ता दागोन् मांथि सारो पर्‍येको छ । येस्कारण् तिनिहरुले
मान्छे पठायेर पलिश्तीहरुका सबै मालिक्हरुलाइ भेला गराये अनि
हामिहरु इस्राएल्को ईश्वर्को सम्पट्लाइ क्ये गरुं भन्येर भन्ये । तब
तिनिहरुले उत्तर् दिये इस्राएल्को ईश्वर्को सम्पट् गात्मां घुमायेर
पुर्‍याईओस् । त तिनिहरुले इस्राएल्को ईश्वर्को सम्पट्लाइ घुमायेर वहां
९ लग्ये । अनि येसो भयो त्यो घुमायेर लग्ये पछि यहवेको हात् त्येस् सहर्
मांथि अघोर् धंसपराई पार्ने गरि पर्‍यो. अनि उस्ले त्येस् सहर्का मान्छे
सांना ठुला सबैलाइ हिर्कायो अनि तिनिहरुको जीउ जीउमां फोकाहरु
१० फुटि निस्क्ये । तब तिनिहरुले ईश्वर्को सम्पट् एक्रोन्मां पठाइ दिये । अनि
येसो भयो जसै ईश्वर्को सम्पट् एक्रोन्मां पुग्नु लाग्यो तब एक्रोनीहरु येसो
भनिकन चिच्याये तिनिहरुले हामिहरुलाइ र हाम्रा लोगलाइ मांर्नुको
११ लागि इस्राएल्को ईश्वर्को सम्पट् हामिहरु थांइ ल्याये । येस्कारण्
तिनिहरुले मान्छे पठायेर पलिश्तीहरुका सबै मालिकहरुलाइ भेला गराये
अनि तिनिहरुले भन्ये इस्राएल्को ईश्वर्को सम्पट् पठाइ देव र त्यो आफ्नु
ठांउमां फर्कि जावस् र त्येस्ले हामिहरुलाइ र हाम्रा लोगलाइ मांर्नु न
पावस्. किनभन्ये सिंगै सहर्मां बिघ्ने धंसपराई पर्‍येको थियो ईश्वर्को
१२ हात् वहां अघोर् गह्रुङ् गरि पर्‍येको थियो । अनि जति मर्‍येका थियेनन्
तिनिहरु फोकाले हिर्काईये. त त्येस् सहर्को चिच्याई स्वर्ग सम्म पुग्यो ॥

(पलिश्तीहरुले सम्पट् फर्काइ दिंनु)

६ १ अनि यहवेको सम्पट् पलिश्तीहरुको देश्मां सात् महीना सम्म
२ रह्यो । अनि पलिश्तीहरुले पूजाहारीहरुलाइ र आगम् चलाउंनेहरुलाइ येसो
भनिकन बोलाये यहवेको सम्पट्को बिषय्मां क्ये गरुं त्येस्लाइ हामिहरु त्येस्को

ठाउंमा कसोगरि पठाउं हामिहरुलाइ देखाव। त तिनिहरुले भन्ये तिमिहरुले ३
इस्राएल्को ईश्वर्को सम्पट् पठाउंद छौ भन्ये देखि त्यो रित्तै न पठाव तर
कोइ परिले उस्लाइ येउटा दोषबलि पनि पठाइ देव. तब तिमिहरु निको
पारीयौला अनि उस्को हात् तिमिहरु देखि किन भिकीदैन रछ भनि थाहा
पाउंला। तब तिनिहरुले भन्ये उस्लाइ दिने दोषबलि के हवस्। त ४
तिनिहरुले भन्ये पलिश्तीहरुका मालिक्हरुको गन्ति अनुसार् सुनका पांच्वटा
फोका र सुनका पांच्वटा मुसाहरु. किनभन्ये तिमिहरु सबै मांथि र
तिमिहरुका मालिक्हरु मांथि एकै बिपत्ति आइ लाग्येको छ। येस्कारण् ५
तिमिहरुले आफना फोकाहरुका मूर्त्तिहरु र देस् बिगार्ने तिमिहरुका
मुसाहरुका मूर्त्ति बनाव वहांदेखि इस्राएल्को ईश्वर् यहुवेलाइ महिमा देव.
कोनि कतै उस्ले आफ्नु हात् तिमिहरु मांथि देखि र तिमिहरुका देउताहरु
मांथि देखि र तिमिहरुको देस् मांथि देखि हलुंङ् पार्ला। येस्कारण ६
मिस्रीहरुले र फिरऊन्ले आफ्नु आफ्नु हिर्दय् सारो गर्येको झैं किन
तिमिहरुले पनि आफ्नु हिर्दय् सारो गर्छौ. उस्ले तिनिहरुको बीच्मा
आश्चर्य गर्ये पछि के तिनिहरुले लोगलाइ जांनु दियेनन् अनि तिनिहरु
गइ गये। येस्कारण् अब येउटा नया गाड़ी र जूवा मुनि न पर्येको दुवटी ७
दुहुंना गाई लिइ तियार् पार अनि गाईहरु गाड़ीमा नार अनि तिनका
बाच्छाहरु चइं घरमां रहंनु देव. अनि यहुवेको सम्पट् लियेर त्यस् गाड़ीमा ८
राख अनि दोषबलिको लागि उस्लाइ दियेका सुनका थोक्हरु त्यस्को छेउमा
येउटा कन्तुर्मा हाल अनि त्यस्लाइ छोड़ि देव र त्यो जावस्। वहांदेखि हेर्नु ९
त्यो आफ्नु बाटो बाड़ो बेत्शेमेश् सम्म गयो भन्ये देखि त उसैले त्यो ठुलो बुराई
हामिहरु मांथि गर्येको रछ. तर गयेन भन्ये देखि ता हामिहरुलाइ हिर्काउंने
हात् उसैको होइन रछ हामिहरु मांथि आइ लाग्येको संयोगले हो रछ
भनि थाहा पाउंछौं। त मान्छेहरुले येसो गर्ये अर्थात् तिनिहरुले दुवटा १०
दुहुंना गाई लियेर गाड़ीमा नार्ये अनि तिनका बाच्छाहरुलाइ चइं घर्मा
थुनि राख्ये. अनि तिनिहरुले यहुवेको सम्पट् गाड़ीमा हाल्ये अनि सुनका ११
मुसा र तिनिहरुका फोकाहरुका मूर्त्तिले भरीयेको कन्तुर् पनि। वहांदेखि १२
गाईहरुले बेत्शेमेश् जाने बाटो तिरको सोजो बाटो समातिन् तिनिहरु
मूल् बाटै बाट् रामदे रामदे गइन् अनि न दाहिने न बांउ पट्टि फर्किन्
अनि पलिश्तीहरुका मालिक्हरु बेत्शेमेश्को सिमाना सम्म तिनको पछि
पछि गये। अनि बेत्शेमेश्का लोगले टार्मा आफ्नु गहूं काट्द थिये. १३
अनि तिनिहरुले आफना आंखा उचालि हेर्येर सम्पट् देख्ये अनि त्यो देख्येर
रमाये। वहांदेखि बेत्शेमी यहोशूअको जग्गामा ठुलो ढुंगो भयेको निर १४
अड़ीइन्. अनि तिनिहरुले गाड़ीका काठ् चिर्ये अनि गाईहरु यहुवेको
लागि होमबलि गरि चढाये। अनि लेवीहरुले यहुवेको सम्पट् उताय्रे १५
अनि त्यस्मा भयेको कन्तुर् जसमा सुनका थोक् थिये त्यो ठुलो ढुंगामा
राख्ये. अनि बेत्शेमेश्का लोगले त्यस् दिन् यहुवेको लागि होमबलि र

१६ बलिदान् चढाये। वहांदेखि पलिश्तीहरुका पांच् मालिक्हरुले येसो भयेको
देख्ये अनि उसै दिन् एक्रोन्मां फर्कि गये॥
१७ अनि पलिश्तीहरुले यह्वेको लागि दोषबलि गरिकन पठाइ दियेका
सुनका फोकाहरु यिनै हुन् अश्दोद्को पट्टि बाटो येउटा अज्जाको पट्टि बाटो
येउटा अशकलोन्को पट्टि बाटो येउटा गात्को पट्टि बाटो येउटा एक्रोन्को
१८ पट्टि बाटो येउटा अनि सुन्का मुसाहरु पांच् जना मालिक्हरु पट्टि
बाटो भयेका घेरा भयेका सहर्हरु र दिहात्का बस्तीहरु अं सबै सहर्हरुको
गन्ति अनुसार्. अं त्यो ठुलो ढुंगा सम्म ल्याए जहां तिनिहरुले यह्वेको
सम्पट् उतार्येका थिये जुन् ढुंगा आजुको दिन् सम्म बेत्शमी यहोशूअको
१९ जग्गामां छ। अनि बेत्शेमेशका लोगले यह्वेको सम्पट् भित्र हेर्ये
येस्कारण् उस्ले तिनिहरुमांकालाइ मार्यो अं लोग्मांका पचास् हजार् र
सत्तरि जना मान्छेहरुलाइ उस्ले मार्यो. अनि लोगले बिलाप् गर्ये किनभन्ये
२० यह्वेले ठुलो मंगाइले लोगलाइ मार्यो। अनि बेत्शेमेश्का मान्छेहरुले
भन्ये यो पवित्र ईश्वर् यह्वेको सांमु उभीन् को सक्छ. अनि हामिहरु
२१ थांइ देखि को चढि जांछ। त तिनिहरुले किर्यत्यारीम्का बासाहरु थांइ
येसो भनिकन दूत्हरु पठाये पलिश्तीहरुले यह्वेको सम्पट् फर्काइ पठाये
७ १ छन् त आफुहरुले उत्रि आयेर त्यो आफु थांइ चढाइ लानु हवस्। तब
किर्यत्यारीम्का मान्छेहरुले आयेर यह्वेको सम्पट् चढाइ लग्ये अनि डांडा
मांथि भयेको अबिनादाब्को घर्मां ल्याइ पुर्याये अनि त्यस्ले आफ्नु छोरो
एलाजार्लाइ यह्वेको सम्पट् रुङ्नुलाइ पवित्र गर्यो॥

(इस्राएल् यह्वे पट्टि फर्कनु)

२ अनि येसो भयो सम्पट् किर्यत्यारीम्मां रह्याको दिन् देखि येसो धेरै
दिन् भइ सक्यो अं बीस् बर्ष भयो. अनि इस्राएलको सिंगै जहान् यह्वे
३ पट्टि फर्क्यो। अनि शमूएलले इस्राएल्को सिंगै जहान्लाइ येसो भन्यो
तिमिहरु आफ्नु आफ्नु पूरो मनले यह्वे तिर फर्कछौ भन्ने देखि त
पराय् देवताहरु र अश्तारोत् देवताहरुलाइ आफ्नु बीच् देखि निकालि
देव अनि आफ्नु आफ्नु मन् यह्वे तिर तियार् पार अनि उसैको मात्रै
सेवा गर. त उस्ले तिमिहरुलाइ पलिश्तीहरुको हात् देखि छोडाउंछ।
४ तब इस्राएलबंशीहरुले बाल् र अश्तारोत् देवताहरुलाइ निकालि दिये
अनि यह्वेकै मात्रै सेवा गर्ये॥
५ अनि शमूएलले भन्यो सिंगै इस्राएल्लाइ मिश्पामां भेला गराव अनि
६ मं तिमिहरुको लागि यह्वे सित प्रार्थना गर्छु। त तिनिहरु मिस्पामां भेला
भये अनि पानी भर्वर यह्वेको सांमु खन्याये अनि तेस् दिन्मां उपास् बस्ये
अनि वहां भन्ये हामिहरुले यह्वेको बिरुद्धमां पाप् गर्यूं। अनि शमूएल्
७ मिस्पामां इस्राएल्बंशीहरुको बिचारी भयो। अनि जब पलिश्तीहरुले
इस्राएल्बंशीहरु मिस्पामां भेला भयेका छन् भनि सुन्ये तब पलिश्तीहरुका

मालिक्‌हरु इस्राएल्‌को बिरुद्धमां चढि आये। अनि इस्राएल्‌बंशीहरु यो
कुरो सुन्येर पलिश्तीहरु देखि डराये। अनि इस्राएल्‌बंशीहरुले शमूएल्‌लाइ ८
भन्ये हांमिहरुको लागि हांमिहरुको ईश्वर् यह्वेको दोहाई गर्नु देखि न
थामौनु हवस् र उन्ले हांमिहरुलाइ पलिश्तीहरुको हात् देखि बचावस्।
तब शमूएल्‌ले येउटा दुत्‌खाने पाठा लियेर यह्वेको लागि होम्‌बलिदान् ९
गरि चढायो. अनि शमूएल्‌ले इस्राएल्‌को लागि यह्वेको दोहाई गर्‍यो
अनि यह्वेले त्येस्लाइ उत्तर् दियो। अनि शमूएल्‌ले त्यो होम्‌बलि चढाउंदै १०
गर्दाखेरि पलिश्तीहरु इस्राएल्‌को बिरुद्ध लडाईं गर्नुलाइ नजिक् आये. तर
यह्वे त्येस् दिन् बडो घोर्‌ले पलिश्तीहरु मांथि गर्ज्यो अनि तिनिहरुलाइ
धंस पार्‍यो अनि तिनिहरु इस्राएल्‌को सांमु मारि सक्कीये। अनि इस्राएल्‌का ११
मान्छेहरुले मिस्पा देखि निक्ल्येर पलिश्तीहरुलाइ खेद्यो अनि तिनिहरु
बेत्‌कर्‌को मुन्तिर न पुगुंज्याल् सम्म तिनिहरुलाइ मांर्दै रह्यो। तब शमूएल्‌ले १२
येउटा ढुंगा लियेर मिस्पा र शेन्‌को बीचमां उभ्यायो वहांदेखि यह्वेले अब
सम्म हांमिहरुको गोहार् गर्‍यो भनिकन त्येस्को नांउ एबेन्‌एजर्[१] राख्यो।
येसोरि पलिश्तीहरु ताबीमां पर्‍ये त्यहांदेखि तिनिहरु फेरि फेरि इस्राएल्‌को १३
सिमाना भित्र कैले पनि आयेनन्. अनि शमूएल्‌का सबै दिन् यह्वेको हात्
पलिश्ताहरुको बिरुद्धमां थियो। अनि पलिश्तीहरुले इस्राएल् देखि १४
लियेका सहर्‌हरु अं एक्रोन् देखि गात् सम्म इस्राएल्‌लाइ फर्काइ दिये
अनि तिनिहरुका सिमाना इस्राएल्‌ले पलिश्तीहरुको हात् देखि छोडाइ
दियो। अनि इस्राएल् र एमोराहरुको बीच्‌मां मिलाप् भयो। अनि शमूएल् १५
आफ्‌नु जीवन्‌का सबै दिन् इस्राएल्‌को बिचारी भइ रह्यो। अनि बर्ष बर्ष १६
बेतेल् र गिल्‌गाल् र मिस्‌पामां फेरो मांर्दै रहंथ्यो अनि ति सबै ठांउमां
इस्राएल्‌को निया गर्दै थियो। वहांदेखि फर्केर रामामां आउंद थियो १७
किनभन्ये वहां त्येस्को घर् थियो अनि वहां पनि इस्राएल्‌को निया गर्दै
थियो. अनि वहां यह्वेको लागि येउटा बेदि बनायो॥

(इस्राएल्‌ले राजा मांग्‌नु)

अनि येसो भयो जब शमूएल् बूढो भयो तब त्येस्ले आफ्‌ना ८ १
छोराहरुलाइ इस्राएल्‌को लागि बिचारी तुल्यायो। अनि त्येस्को जेठोको २
नांउ योएल् थियो अनि कान्छोको नांउ अबियाह् थियो. तिनिहरु
बेर्‌शेबामां बिचारी भये। अनि त्येस्का छोराहरु त्येस्का बाटामां हिंड्‌देन ३
थिये तर लोभ् तिर फर्के अनि घूस् लियेर निया बिगार्‍ये॥

तब इस्राएल्‌का सिंगै प्राचीन्‌हरु भेला भयेर शमूएल् थांइ रामामां ४
आये. अनि तिनिहरुले त्येस्लाइ भन्ये हेर्नु हवस् आफु बूढा हुंनु भयो अनि ५
आफुका छोराहरु आफुका बाटामां हिंड्‌देनन्. अब अरु सबै अन्यदेशीहरुको
जस्तो हांमिहरुलाइ हांमिहरुको निया गर्नलाइ हांमिहरुको लागि येउटा

---

[१] अर्थात् गोहार्‌का ढुंगा।

६ राजा खटाइ दिंनु हवस्। तर तिनिहरूले हांमिहरूलाइ निया गर्नुलाइ
येउटा राजा दिंनु हवस् भन्येको कुराले शमूएल्लाइ उदास् गरायो। अनि
७ शमूएल्ले यहवे सित प्रार्थना गर्‍यो। अनि यहवेले शमूएल्लाइ भन्यो
लोगले तंलाइ ज्ये भन्छन् ति सबै कुरामां कान् लगा. किनभन्ये तिनिहरूले
तंलाइ आफाल्येनन् तर मंलाइ आफाल्ये मं तिनिहरु मांथि राजा न
८ हुंनुलाइ। जुन् दिन् मैले तिनिहरूलाइ मिस्र देखि निकालि ल्यायें आजुको
दिन् सम्म तिनिहरूले गर्‍येका सबै काम् अनुसार् अं तिनिहरूले मंलाइ
छोडि दियेका छन् अनि पराय् देवताहरूको सेवा गर्‍येका छन् त्येस्तै तं सङ
९ पनि गर्दै छन्। त अब तिनिहरूको कुरा सुन्. तैं पनि तिनिहरूलाइ चेताइ
चेताइकन तिनिहरु मांथि राज् गर्ने राजाको रीत् देखाइ दे॥
१० त शमूएल्ले त्यो देखि राजा मांग्ने लोगलाइ यहवेको सबै कुरा
११ सुनाइ दियो। अनि त्येस्ले भन्यो तिमिहरु मांथि राज् गर्ने राजाको रीत्
येस्तो हुंछ. त्येस्ले तिमिहरूका छोराहरूलाइ लियेर तिनिहरूलाइ आफ्नु
लागि आफ्ना रथ्हरूको लागि र आफ्नु तुरुक्सवार् हुंनुको लागि खटाउंछ
१२ अनि तिनिहरु त्येस्को रथ्हरूको आघि आघि दुगुर्नु पर्छ. अनि त्येस्ले आफनु
लागि तिनिहरूलाइ सहस्रपति र पचास् पचास्को मालिक् खटाउंछ अनि
आफ्नु बारी जोत्नु र आफ्नु कटनी गर्नु र आफ्ना लडाइंका हतियार् र
१३ रथ्हरूका साज्सामान् बनाउंनु लगाउंछ। अनि त्येस्ले तिमिहरूको छोरीहरूलाइ
सुगन्धद्रब्य बनाउंने र पकाउंने र रोटी पोल्ने तुल्याउंनुको लागि लिंछ।
१४ अनि त्येस्ले तिमिहरूका खेत्हरु र तिमिहरूका दाख्बारीहरु र तिमिहरूका
भद्राक्षका बारीहरु अं तिनिहरूमांको सबै भन्दा अस्सल् अस्सल्हरु चइं
१५ लियेर आफ्ना चाकरेहरूलाइ दिंछ। अनि त्येस्ले तिमिहरूका बिउहरु र
तिमिहरूका दाख्बारीहरूका दसौं अंश लियेर आफ्ना मालिक्हरु र आफ्ना
१६ चाकरेहरूलाइ दिंछ। अनि त्येस्ले तिमिहरूका कमाराहरु र तिमिहरूको
कमारीहरु र तिमिहरूका अस्सल् अस्सल् बस्तुहरु र तिमिहरूका गदाहाहरु
१७ लियेर आफ्नु काममा लगाउंछ। त्येस्ले तिमिहरूका भेंडाबाखाहरूको दसौं
१८ अंश लिंछ. अनि तिमिहरु चइं त्येसका चाकरे हुंछौ। अनि त्येस् दिन्
तिमिहरूले आफ्नु लागि छान्येको आफ्नु राजाको कारणले चिच्याउंछौ
१९ अनि त्येस् दिन् यहवेले तिमिहरूलाइ उत्तर् दिंदैन। तर लोगले शमूएल्को
शब्द सुन्नु मान्येनन् अनि तिनिहरूले भन्ये हैइन तर हांमिहरु मांथि राजा
२० हवस्नै र हांमिहरु पनि अरु सबै अन्यदेसीहरु जस्ता होऊं अनि
हांमिहरूको राजाले हांमिहरूको निया गरोस् अनि हांमिहरूको आघि
२१ आघि बाहर जावस् अनि हांमिहरूको संग्राम्मा लडाइं गरोस्। अनि
शमूएल्ले लोगका सबै कुरा सुन्येर यहवेका कानमां दोहोर्‍याइ दियो।
२२ अनि यहवेले शमूएल्लाइ भन्यो तिनिहरूको कुरो सुन् अनि तिनिहरूको
लागि येउटलाइ राजा तुल्याइ दे। तब शमूएल्ले इस्राएल्का मान्छेहरु
जनंजनेलाइ भन्यो आफ्ना आफ्ना सहर्मां जाव॥

(शाऊल्को बंशावली)

त अब बिन्यामीन्को छोरो अपीह्को छोरो बकोरत्को छोरो ९ १
जरोर्को छोरो अबीएल्को छोरो कीश् भनींने बिन्यामीन्को एक् जना
मान्छे बलियो बीर् थियो। अनि त्यस्को येउटा शाऊल् नांउ भयेको रोजा २
तन्हरि अनि राम्रो छोरो थियो. अं इस्राएल्बंशीहरूको बीच्मां त्यो भन्दा
राम्रो अरु कोई पनि थियेन. त्यो सबै मान्छेहरु भन्दा कम् देखि ऊंभो
अलगो थियो। अनि शाऊल्को बाबु कीश्का गदाहाहरु हरायेका थिये। त ३
कीश्ले आफ्नु छोरो शाऊल्लाइ भन्यो अब उठ् चाकरहरुमांको येउटालाइ
आफु सङ लिइ गयेर गदाहाहरु खोज्। त त्यो एप्रेम्को पहाडे देस् र ४
शलाशाको देस् ढुंडो फिरि गयो तरतिनले ति पायेनन्. तब तिनिहरु
शालीम्को देस् ढुंडा फिरि गये अनि त्यहां पनि ति थियेनन्. अनि बिन्यामीनी
देस्मां पनि फिरि गयो तर तिनिहरुले ति पायेनन्। जब तिनिहरु सूफ्को ५
देस्मां आये तब शाऊल्ले आफु सङ भयेको चाकरेलाइ भन्यो आइज फर्कि
जाऊं होइन भन्ये त। मेरो बाबुले गदाहाहरुको फिक्रि गर्नु छाडि हामिहरुको
बिषय्मां सुर्ता गर्ला। अनि त्यस्ले त्यस्लाइ भन्यो अब हेर्नु हवस् यो ६
सहर्मां ईश्वर्को येउटा मान्छे छ अनि त्यो मान्छे मान्को छ त्यस्ले जे भन्द
छ त्यो निस्स तैसै हुंद छ. अब आउंनु हवस् उता तिर जाऊं कोनि कतै
त्यस्ले हामिहरुले जांनु पर्ने बाटो हामिहरुलाइ कहि दिंन् सक्छ कि। तब ७
शाऊल्ले आफ्नु चाकरेलाइ भन्यो हामिहरु गयूं भन्ये त्यो मान्छेको लागि
के के लागि दिऊं किनभन्ये हाम्रो भांड़ामां रोटी सक्कीयो अनि ईश्वर्को
त्यस् मान्छेका लागि लैजांने सौगात् कोइ पनि छैन. हामिहरुकां के छ र।
त चाकरेले शाऊल्लाइ फेरि उत्तर् दिइ भन्यो हेर्नु हवस् मेरो हातमां ८
चांदीको एक् पावाशेकल् छ. त्यइ मं ईश्वर्को मान्छेलाइ दिंछु र त्यसे
हामिहरुलाइ बाटो देखाइ देवस्। (इस्राएल्मां तादि येस्तो रीत् थियो ९
जबे ईश्वर् सित साधनि गर्नुलाइ कोई जांद थियो तब येसो भन्द थियो
आव हामिहरु दर्शी थांइ जांऊ. कसोगरिभन्ये आज्काल् अगमब्क्ता भनींने
तादि ता दर्शी भनींद थियो)। तब शाऊल्ले आफ्नु चाकरेलाइ भन्यो १०
बेस् जाति भनिस् लु जाऊं। त तिनिहरु ईश्वर्को मान्छे भयेको सहर्मां
गये। तिनिहरुले सहर्मां पुग्ने उकालिमां चढ्दै गर्दा खेरि पानी भर्नु जांने ११
केटीहरुलाइ भेटेर तिनिहरुलाइ सोध्ये के दर्शी यहां छ। त तिनिहरुले १२
उत्तर् दिइ भनिन् छ हेर त्यो तिमिहरुको अघि छ. अब छिटो गर
किनभन्ये त्यो आजु सहर्मां आयेको छ किनभन्ये आजु अलगो ठांउमां
लोगले बलिदान् चढाउंद छन्. सहर्मां पुग्नु बित्तिकै तिमिहरुले त्यस्लाइ १३
त्यो अलगो ठांउमां खांनु जांनुलाइ भन्दा पहिलेइ ठीक् भेटाउंछौ.
कसोगरिभन्ये त्यो न पुगुंज्याल् सम्म लोगले खांदेनन् किनभन्ये त्यस्ले

बलिदानमां आशीष दिंद छ वहांपछि मात्रे निमत्याराहरुले खांद छन्। त
१४ अब चढि जाव किनभन्ये तिमिहरुले त्येसलाइ त्येइ बेलामां भेटाउंछौ। त
तिनिहरु सहर्मां चढ्दे गये त हेर शमूएल् अलगो ठांउमां जांनुलाइ
तिनिहरुको सांमु आउंदै रह्छ॥
१५ *अब शाऊल् आउंनु भन्दा एक् दिन् अगाडि शमूएल्लाइ यह्वेले येसो*
१६ भन्दै प्रगटो गर्येको थियो　भोलि येति बेलामां मं बिन्यामीन् देस् बाटो
तं थांइ येउटा मान्छेलाइ पठाउंछु त तैंले त्येसलाइ मेरो लोग् इस्राएल्
मांथि मालिक् हुंनुलाइ अभिषेक् गर् त त्येसले मेरो लोग्लाइ पलिस्तीहरुको
हात् देखि छोड़ाउंछ. किनभन्ये मैंले आफ्ना लोग् मांथि तिनिहरु
१७ करायेको सोर् मं थांइ आइ पुग्यको कारणले दृष्टि गर्यें। अनि जब
शमूएल्ले शाऊल्लाइ देख्यो तब यह्वेले त्येसलाइ भन्यो हेर् मैंले तंलाइ
१८ भन्येका मान्छे. येसैले मेरो लोग् मांथि अधिकार् पाउंछ। येतिमां शाऊलले
शमूएल् थांइ ढोका निर पुग्येर भन्यो कृपा गरिकन मंलाइ भन्नु हवस्
१९ दर्शीको घर् कहां छ। त शमूएलले शाऊललाइ उत्तर् दिइ भन्यो दर्शी मैं
हुं मेरो अघि अघि अलगो ठांउमां चढ्दै हिंड़ किनभन्ये आजु तिमिले मं
सङ भान्सा गर्छौ. अनि बिहान मं तिम्रो मन्मां ज्ये छ सबै तिमिलाइ
२० कहि दियेर बिदा गरि दिउंला। अनि तीन् दिन् भयेका तिम्रा हरायेका
गदाहाहरुको बिषय्मां तिनिहरु मांथि आफ्नु मन् न लगाउ किनभन्ये
तिनिहरु पाईयेका छन्। अनि को मांथि सबै इस्राएल्को सबै इच्छे
लाग्येको छ. क्य तिमि मांथि र तिम्रो बाबुको सबै जहान् मांथि होइन।
२१ अनि शाऊल्ले उत्तर् दिई भन्यो क्य मं बिन्यामीनी हुइंन इस्राएल्को
कुल्मांको सबै भन्दा सांनु चइं. अनि क्य मेरो जहान् बिन्यामीन्को
कुल्का जहान्को सबै भन्दा सांनु छैन. त किन आफुले मंलाइ यो परिले
२२ भन्नु हुंद छ। त शमूएल्ले शाऊल् र त्येसको चाकरेलाइ लियेर पाहुंने
कोठामां लग्यो अनि निमत्याराहरु जो जना तीसेक् जति थिये तिनको
२३ बीच्मां मुल् ठांउमां बसायो। वहांदेखि शमूएल्ले भान्सेलाइ भन्यो मैंले
तंलाइ आफु छेउ राख्नु भन्येर जुन् टुक्राका बिषय्मां भन्येको थियें त्यो
२४ चइं टुक्रा येता ले। त भान्सेले त्यो पौंड़ो त्येस्मां भयेको सबै समेत् शाऊल्
थांइ ल्यायेर त्येसको सांमु राखि दियो। अनि शमूएल्ले भन्यो हेर जो राखि
छोड़ीयेको थियो त्यो आफ्नु सांमु राख्येर खाउ किनभन्ये मैंले भन्यें
लोग्लाइ निम्तो दियेको छु भन्येर तिम्रो लागि ठहरायेको बेला सम्म
राखि छोड़ीयेको थियो। त त्येस् दिन् शाऊल्ले शमूएल् सङ भान्सा गर्यो।

(शाऊल् अभिषेक गरौंनु)

२५ अनि जब तिनिहरु अलगो ठांउ देखि सहर्मां उत्रि आये तब त्येसले शाऊल्
२६ सङ कोषि मांथि बात् मांग्यो। अनि तिनिहरु सबारै उठेर. अनि

येसो भयो दिन् उदाउंदा शमूएल्ले शाऊल्लाइ कोथि मांथि हापाय्येर
भन्यो उठ मं तिमिलाइ बिदा गरि दिंछु। त शाऊल् उठ्यो अनि ति दुइ
जना अर्थात् त्यो र शमूएल् बाहिर निस्कि गये। त सहर्को छेउमां निस्कंदै २७
शमूएल्ले शाऊल्लाइ भन्यो चाकरेलाइ हामिहरु भन्दा अघि जानु भन
(त त्यो हिंड़ि गयो) तर तिमि चहिं येहें अड़ौयो र मं तिमिलाइ
ईश्वर्को बचन् सुनाउं। तब शमूएल्ले तेल्को शीशी लियेर त्यस्को १० १
सिर्मां खन्यायो अनि त्यस्लाइ चुमा दिइ भन्यो के यहवेले आफ्नु
अधिकार् मांथि मालिक् हुंनुलाइ तिमिलाइ अभिषेक् गर्येको छैन। आजु २
जब तिमि मं थांइ देखि हिंड़ि जांछौ तब बिन्यामीन्को सिमानामां
सेल्सह्मां राहेल्को चिहान् निर दुइ जना मान्छे भेट्छौ जुन्हरुले
तिमिहरुलाइ भन्छन् जुन् गदाहाहरु खोज्नुलाइ आफु गयेका थियो ति
पाईये. अनि हेनु हजस् आफुका बाबुले गदाहाको बिषय्मां फिक्रि गर्नु
छोड़ि आफुहरुको बिषय्मां मेरो छोरोको लागि मं के गरुं भनि सुर्ता गर्द
छन्। तब त्यहां बाटो हिंड़ि ताबोर्को बांजबृत्त निर पुग्येर त्यहां तीन् ३
जनालाइ बेतेल्मां ईश्वर् थांइ जांनेहरुले तिमिहरुलाइ भेट्छन् अर्थात्
एक् जना तीन्वटा पाठा बोक्ने अर्को चहिं तीन्वटा रोटी बोक्ने अनि
तीस्रो चहिं दाखरस्को येउटा मशक् बोक्नेले. अनि तिनिहरुले ४
तिमिलाइ कुशल्को सोधनी गर्छन् अनि तिमिलाइ दुइटा रोटी दिंछन् ति
तिमिले तिनका हात् देखि लिंनु। वहांपछि तिमि ईश्वर्को डांड़ामां ५
पुग्छौ जहां पलिश्तीहरुको पहराचौकि छ. अनि येसो हुंछ जब तिमि
सहर् निर पुग्येका हौओला तब अल्गो ठांउ देखि अघि अघि सितार् मृदङ्ग
बांसुलि बीणा बजाउंदै उत्रि आउंने अगम् कहंदै गर्ने अगमवक्ताहरुको
येउटा गट्ठा भेट्छौ. अनि यहवेको आत्मा तिमि मांथि बल्ले पर्छ अनि ६
तिमिले तिनिहरु सङ्ग अगम् कहंछौ अनि तिमि फेरीयेर अर्कै मान्छे
होइ जांछौ। अनि येसो हुंछ जब ति चिंनुहरु तिमि मांथि पर्छन् तब ७
तिमिले हुंनु सक्ये सम्म गर कसोगरिभन्ये ईश्वर् तिमि सङ्ग हुंछ। अनि ८
तिमि मेरो अघि अघि गिल्गाल्मां जांछौ त हेर मं तिमि थांइ होम्बलि र
मिलापबलिका बलिदान्हरु चढ़ाउंनुलाइ उत्रि आउंछु. मं तिमि थांइ
आइ न पुगुंज्याल् सम्म तिमि र तिमिले गर्नु पर्ने काम् तिमिलाइ देखाइ न
दिउंज्याल् सम्म सात् दिन् सम्म बसि रह। तब येसो भयो जब त्यो शमूएल् ९
भयठांउ देखि हिंड्नुलाइ पिठिउं फर्कायो तब ईश्वर्ले त्यस्को मन् फेर्येर
अर्कै तुल्याइ दियो. अनि ति सबै चिंनुहरु त्यसै दिन् पूरा भये॥

अनि तिनिहरु त्यो डांड़ा निर पुग्ये त हेर अगमवक्ताहरुको येउटा १०
गट्ठाले त्यस्लाइ भेटगो अनि ईश्वर्को आत्मा बल्ले त्यस् मांथि पर्यो त
त्यस्ले तिनिहरुको बीच्मां अगम् कहंनु लाग्यो। अनि येसो भयो अगाड़ि ११
देखि त्यस्लाइ चिन्नेहरुले त्यस्ले पनि अरु अगमवक्ताहरुको बीच्मां अगम्
कहंदै गर्येको देख्ये तब लोगले आपस्मां भन्ये कीश्को छोरोलाइ पर्येको

१२ यो क्या हो . के शाऊल् पनि अगमवक्ताहरुमांको हो । अनि त्यो ठांउको
एक् जनाले उत्तर् दिइ भन्यो तिनिहरुको बाबु पनि को हो र . येस्कारण् के
शाऊल् पनि अगमवक्ताहरुमांको हो र भन्ने कहंनी चलनु लाग्यो ।
१३ जब त्येस्ले अगम् कहि सक्यो तब अलगो ठांउमां आइ पुग्यो ॥
१४ अनि शाऊल्को कान्छाबाबुले त्येस्लाइ र त्येस्को चाकरेलाइ भन्यो
तिमिहरु कहां गयेका थियौ . त्येस्ले भन्यो गदाहाहरु खोजनु . अनि जब ति
१५ न पाइँने रछन् भनि देख्यूं तब हामिहरु शमूएल् थांइ गयूं । अनि शाऊल्को
कान्छाबाबुले भन्यो शमूएल्ले तंलाइ भन्येका कुरा कृपा गरि मंलाइ भन् ।
१६ तब शाऊल्ले आफ्नु कान्छाबाबुलाइ त्येस्ले गदाहाहरु पाईयेका छन् भनि
हामिहरुलाइ प्रगटो गरि कहि दियो । तर शमूएल्ले राज्को कुरोको
बिषय् भन्येको चइं कुरो त्येस्लाइ सुनायेन ॥
१७ १८ तब शमूएल्ले लोगलाइ यहोवे थांइ मिस्पामां भेला गर्‍यो अनि
त्येस्ले इस्राएल्वंशीहरुलाइ भन्यो इस्राएल्को ईश्वर् यहोवले येसो भन्द छ
मंचइंले इस्राएल्लाइ मिस्र देखि निकालि ल्यायें अनि तिमिहरुलाइ
मिस्रीहरुको हात् बाटो र तिमिहरुलाइ मीचेईं गर्ने सबै राज्हरु देखि
१९ छोड़ायें . तर तिमिहरुचइंले आजु आफ्नु ईश्वर्लाइ आफाल्येका छौ जो
आफैले तिमिहरुलाइ तिमिहरुका सबै बिपत्तिहरु र कष्टहरु देखि छोड़ाउंद
छ अनि तिमिहरुले होइन तर हामिहरु मांथि येउटा राजा तुल्याइ देउ
भनि उस्लाइ भन्येका छौ । येस्कारण् अब यहोवको सांमु आफुलाइ कुल् कुल् र
२० फैट् फैट् गरि सामेल् गराव । त शमूएल्ले इस्राएल्का सबै कुल्लाइ नजिक्
२१ ल्यायो तब बिन्यामीन्को कुल् लिईयो । अनि त्येस्ले बिन्यामीन्को कुल्लाइ
जहान् जहान् गरि छुट ल्यायो त मत्रीको जहान् लिईयो . अनि कीश्को
२२ छोरो शाऊल् लिईयो तर त्येस्लाइ खोजदा त्यो पाईयेन । येस्कारण तिनिहरुले
के त्यो मान्छे येता आयेको छ भनि यहोवे सित फेरि सोधनी गर्‍ये
२३ तब यहोवले उत्तर् दियो हेर त्यो चीजबीज्को बीच्मां लुकेको छ । अनि
तिनिहरुले दुगरि गयेर त्येस्लाइ त्यहां बाटो ल्याये अनि जब लोगको
२४ बीच्मां उभीयो तब त्यो सबै भन्दा कुम् देखि ऊंभो अलगो रछ । अनि
शमूएल्ले सबै लोगलाइ भन्यो यहोवले छान्येकोलाइ हेर सिंगै लोग्को
बीच्मां यो जस्तो कोई छैन । अनि सिंगै लोग् राजा जीइ रहुन् भनि
करायो ॥
२५ तब शमूएल्ले लोगलाइ राज्को रीत् कहि दियो अनि ति कुरा
पोस्तक्मां पनि लेख्यो अनि त्यो यहोवको सांमु राख्यो । वहांदेखि शमूएल्ले
मान्छेहरु सबै जनंगेलाइ आफ्नु आफ्नु घर्मां जांनुलाइ बिदा दियो ।
२६ अनि शाऊल् पनि गिबआमां आफ्नु घर्मां गयो अनि त्यो सङ ईश्वर्ले मन्
२७ फर्कायेका बीरहरु पनि गये । तर कत्ति बिकामे फक्कड़हरुले भन्नु लाग्ये
त्येस् मान्छेले हामिहरुलाइ कसोरि छोड़ाउंछ . त तिनिहरुले त्येस्लाइ तुच्छ
जानिकन सौगात् ल्यायेनन् । तर त्यो चुप लागि रह्यो ॥

(शाऊल्ले अम्मोनहरूलाई जीत्नु)

तब अम्मोनी नाहाश्ले चढेर याबेश्गिलाद्को विरुद्धमा डेरा ११ १
हाल्यो. अनि याबेश्का सबै मान्छेहरूले नाहाश्लाई भन्ये हामिहरु सङ
बाचा बांधनु हवस् त हामिहरु आफूको चाकरी गर्छौं। त अम्मोनी २
नाहाश्ले तिनिहरूलाई भन्यो यो नियम्मा म तिमिहरु सङ बाचा बांध्छु
अर्थात् तिमिहरु सबैका दाहीनो दाहीनो आंखा फुटाईछन् अनि यो कुरो
सिंगै इस्राएल्को निन्दाको लागि राख्छु। तब याबेश्का प्राचीन्हरुले ३
त्यस्लाई भन्ये हामिहरूलाई सात् दिन् सम्म छोड़ि दिनु हवस् र हामिहरु
इस्राएलका सबै सिमानामा दूत्हरु पठाऊं. अनि हामिहरूलाई छोड़ाउने
कोई रैन छ भन्ये देखि हामिहरु आफु थांई आउंछौं। तब दूत्हरूले ४
शाऊल्को गिबामा आयेर ति कुरा लोगका कानमा सुनाइ दिये. तब सिंगै
लोग् आफनु शब्द उचालि गेये। अनि हेर शाऊल् बन् बाटो बयान्को ५
पछि पछि आउंद रछ अनि शाऊलले भन्यो के भयो र लोगले विलाप्
गर्दै छन् भनि। त तिनिहरूले त्यस्लाइ याबेश्का मान्छेहरुका कुरा सुनाइ
दिये। अनि यि कुरा सुन्दा ईश्वर्को आत्मा बल्ले शाऊल् मांथि पर्यो अनि ६
त्येको अघोर् रिस् उठ्यो। अनि एक् जोडा गोरु लियेर टुकुरा टुकुरा ७
पार्यो वहांदेखि दूत्हरूको हात् बाटो येसो भन्दै इस्राएल्को सबै सिमानामा
पठाइ दियो जो जो शाऊल् र शमूएल् पछि पछि आउंदैन त्येस्का गोरुहरूलाइ
येसै गरीछ। त परमेश्वरको भय् लोग् मांथि पर्यो अनि तिनिहरु एक् जना
झैं निस्कि आये। अनि त्येस्ले तिनिहरूलाइ बेजेक्मा गन्ति गर्यो त ८
इस्राएलवंशीहरु तीन् लाख् अनि यहूदाका मान्छेहरु तीस् हजार् थिये।
अनि तिनिहरूले आउंने दूत्हरूलाई भन्ये याबेश् गिलाद्का मान्छेहरूलाइ ९
येसो भन भोलि घाम् चर्केको बेलामा तिमिहरूको छोड़ाई हुंछ। त
दूत्हरूले आयेर याबेश्का मान्छेहरूलाइ सुनाये तब तिनिहरु रमाये।
येकारण् याबेश्का मान्छेहरूले भन्ये भोलि हामिहरु आफु थांइ निस्कि १०
आउंछौं त जसो आफुलाइ जाति लाग्छ त्यसै हामि सित गर्नु। त भोलि ११
पल्टो येसो भयो शाऊल्ले लोगलाइ तीन् गट्ठा पार्यो वहांदेखि रात्को
पछिल्लो पहर्मा छाउनीको बीच्मा आयेर अम्मोनीहरूलाइ दिउंसो घाम्
चर्कुंज्याल् सम्म हिर्काउंदै रह्यो. अनि येसो भयो बांच्येकाहरु दुइ जना
पनि एक् सङ् न हुने सम्म छरपुष्ट भये। अनि लोगले शमूएल्लाइ भन्ये १२
के शाऊल्ले हामिहरु मांथि राज् गर्छ भन्येहरु को को हुन्. तिनिहरूलाइ
ल्याव र हामिहरु तिनिहरूलाइ मारि दिऊं। तब शाऊल्ले भन्यो आजुको १३
दिन् कोई मान्छे मारींदैन. किनभन्ये आजु परमेश्वरले इस्राएल्मा छुट्कारा
गरायेको छ॥

तब शमूएल्ले लोगलाइ भन्यो आव हामिहरु गिल्गाल्मा जाऊं र १४
वहां राज् दोहोर्याऊं। तब सिंगै लोग् गिल्गाल्मा गये अनि वहां १५

तिनिहरुले शाऊल्लाइ यहवेको सांमु गिल्गाल्मां राजा तुल्याये अनि वहां
तिनिहरुले यहवेको सांमु मिलाप्बलिका बलिदान् चढाये अनि वहां शाऊल्
र इस्राएल्का सिंगै लोगले ठुलो रमाहट् गर्‍ये ॥

(शमूएल्को बिदाई उपदेस्)

१२ १ तब शमूएल्ले सिंगै इस्राएल्लाइ भन्यो हेर तिमिहरुले मलाइ
भन्यका सबै कुरामां मैले तिमिहरुका कुरा सुन्येको छु अनि तिमिहरु मांथि
२ येउटा राजा पनि तुल्याइ दियेको छु। त अब हेर त्यो राजा तिमिहरुको
अघि अघि हिड्‌द छ. तर म चइं बूढो र केस् पाक्येको भयेको छु अनि हेर
मेरा छोराहरु तिमिहरु सङ छन्. अनि म आफ्नु बालखेइं देखि आजु सम्म
३ तिमिहरुको अघि अघि हिंड्‌येको छु। यहां छु. मेरो बिरुद्धमां यहवेको
सांमु र उस्को अभिषिक्तको सांमु साक्षी दिंनु. कस्को गोरु लियेको छु कि
कस्को गद्दाहा लियेको छु कि को मांथि मिचेडैं गर्‍येको छु कि कस्लाइ
पिन्येको छु कि कस्को हात् देखि आफ्ना आंखा आनेकाने गर्नलाइ घूस्
४ लियेको छु त म तिमिहरुलाइ त्यो फर्काइ दिंछु। अनि तिनिहरुले भन्ये
आफुले हांमिहरुलाइ न मिचेडैं गर्नु भयो न पिन्नु भयो न कसैको हात्
५ देखि केइ लिंनु भयो। तब फेरि त्येस्ले तिनिहरुलाइ भन्यो यहवे
तिमिहरुको बिरुद्धमां साक्षी छ अनि उस्को अभिषिक्त पनि आजुको दिन्
६ साक्षी छ तिमिहरुले मेरो हात्मां केइ पनि पायेका छौन भन्ये। त
तिनिहरुले भन्ये उइ साक्षी छ। अनि शमूएल्ले लोगलाइ भन्यो यहवेनै
हो जस्ले मूसा र हारुन्लाइ खटायो अनि जस्ले तिमिहरुका पित्रहरुलाइ
७ मिस्रको देस् बाटो निकालि ल्यायो। येस्कारण अब अडीयौ र म यहवेको
सांमु यहवेले तिमिहरु सित र तिमिहरुका पित्रहरु सित गर्‍येका सबै
धर्म्मकर्म्मको बिषय्मां तिमिहरु सङ बिबाद् गरुं। जब याकूब् मिस्रमां
८ आयो अनि तिमिहरुका पित्रहरुले यहवेको दोहाई गर्‍ये तब यहवेले मूसा
र हारुन्लाइ पठाइ दियो जुन्हरुले तिमिहरुका पित्रहरुलाइ मिस्र बाटो
निकालि ल्यायेर येस् ठांउमां बसाल्यो। तर तिनिहरुले आफ्नु ईश्वर्
९ यहवेलाइ बिर्सि हाल्ये त उस्ले तिनिहरुलाइ हसोर्को सेनापति सीस्राको
हात् र पलिश्तीहरुको हात्मां र मोआब्को राजाको हात्मां बेचि दियो
त तिनिहरुले तिनिहरुको बिरुद्धमां लड़ाइं गर्‍ये। अनि तिनिहरुले
१० हांमिहरुले पाप् गर्‍येका छौं कसोगरिभन्ये हांमिहरुले यहवेलाइ छोड़ि
दियूं अनि बाल् र अश्तारोत् देवताहरुलाइ पूज्येका छौं. तर अब
हांमिहरुलाइ हांमिहरुका सत्तुरहरुका हात् देखि छोड़ाइ दिंनु हवस्
११ त हांमिहरु तपांइको सेवा गर्छौं भनि यहवेको दोहाई गर्‍ये। त यहवेले
यरुब्बाल् बदान् यिप्तह् र शमूएल्लाइ पठायेर तिमिहरुलाइ तिमिहरुका
चारै पट्टिका सत्तुरहरुका हात् देखि छोड़ायो अनि तिमिहरु निडर् भइ
१२ रह्यौ। अनि जसै तिमिहरुले अम्मोन्बंशीहरुको राजा नाहाश्लाइ तिमिहरु

मांथि आइ लाग्येको देख्यौ तब तिमिहरुको ईश्वर् यहवे तिमिहरुको
राजा हुंदाहुदै पनि तिमिहरुले होइन राजालेनै हांमिहरु मांथि राज् गरोस्
भन्येर मंलाइ भन्यौ । येस्कारण् अब तिमिहरुले छान्येको र तिमिहरुले १३
मांग्येको राजालाइ हेर. अनि हेर यहवेले तिमिहरु मांथि येउटा राजा
खटायेको छ । तिमिहरुले यहवेको भय् मानिकन उस्को सेवा गर्यौ अनि १४
उस्को कुरा सुन्यौ अनि यहवेको आज्ञा देखि झगरा गर्यौन अनि तिमिहरु र
तिमिहरु मांथि राज् गर्ने राजाले पनि तिमिहरुको ईश्वर् यहवेलाइ पछ्यायौ
भन्ये देखि ता बेस्. तर यहवेको कुरा सुन्यौन अनि यहवेको आज्ञा देखि १५
झगरा गर्यौ भन्ये देखि त यहवेको हात् तिमिहरुका पित्रहरुको बिरुद्धमां
पर्येको झैं तिमिहरुको बिरुद्धमां पनि पर्छ । त अब अडीयौ यहवेले १६
तिमिहरुका आंखाको सोंज गर्ने त्यो तुलो काम् हेर । के आजु गहूं काट्ने १७
दिन् होइन. मं यहवेलाइ उस्ले गर्जन् र बृष्टि पठावस् भनि हापार्छु तब
तिमिहरुले बूझ्छौ हांमिहरुले राजा मांग्येकोमां यहवेको सांमु गर्येको
बुराई तुलो रछ भनि थाहा पाउंछौ । त शमूएल्ले यहवेलाइ हापार्यो अनि १८
यहवेले तेस दिन् गर्जन् र बृष्टि पठायो. तब सबै जना यहवे र शमूएल्
देखि औधि डराय । अनि सिंगै लोगले शमूएल्लाइ भन्य आफुको ईश्वर् १९
यहवे सित आफना दासहरुको लागि प्रार्थना गरि दिंनु हवस् र हांमिहरु
न मरुं. किनभन्ये हांमिहरुले आफनु लागि येउटा राजा मांग्येकोमां हांम्रा
सबै पापहरु भन्दा यो चइं ज्यास्ति बुराई बढाय छौं । अनि शमूएल्ले २०
लोगलाइ भन्यो न डराव. सांचि सांचि तिमिहरुले यि सबै बुराई गर्येका
छौ. तै पनि यहवेलाइ पछ्याउंनु देखि तर्कि न जाव तर आफनु पूरो मनले
यहवेको सेवा गर अनि तर्कि न जाव. होइन भन्ये ता न नाफा न २१
छोड़ाई गराउंने ब्यर्थ थोकलाइ पछ्याऔला कसोगरिभन्ये ति ब्यर्थ हुन् ।
किनभन्ये यहवेले आफनु तुलो नांउको कारणले आफना लोगलाइ २२
छोडूदैन. किनभन्ये तिमिहरुलाइ आफनु लागि येउटा लोग् तुल्याउंनु
यहवेको इच्छे भयेको छ । अनि मंचइंको बिषयमां येसो न हवस् मं २३
तिमिहरुको लागि प्रार्थना गर्नुमां थामीयें भन्ये यहवेको बिरुद्धमां पाप्
गर्दै छु. तर मं तिमिहरुलाइ जाति र सोजो बाटो सिकाइ दिंछु । खालि २४
यहवे देखि डराव अनि सच्चैइं सित आफनु पूरो मनले उस्को सेवा गर.
किनभन्ये बिचार् गर उस्ले तिमिहरुको लागि कत्ति तुला तुला काम्
गर्येको छ । तर तिमिहरु अझै पनि बुराई गर्दै रह्यौ भन्ये देखि ता २५
तिमिहरु तिमिहरुको राजा समेत् बिनास् पारींछौ ॥

(शाऊल्को राज्)

शाऊल् राज् गर्नु लागदा (तीस्) बर्षको थियो अनि त्येस्ले दुइ १३ १
बर्ष इस्राएल् मांथि राज् गर्यो । अनि शाऊल्ले इस्राएल्मांका तीन् हजार् २
जना मान्छेलाइ आफनु लागि छान्यो जुन्हरुमांका दुइ हजार् जना शाऊल्

सङ मिकमासमां र बेतेल्को डांड़ामां थिये अनि एक् हजार् चइं योनातान्
सङ बिन्यामीन्को गिबामां थिये . अनि लोगमांका रह्येका हरुचइंलाइ त्येसले
३ आफनु आफनु डेरामां फर्काइ पठायो। अनि योनातान्ले गेबामां भयेको
पलिश्तीहरुको पहरा चौकिलाइ मारि दियो अनि यो कुरो पलिश्तीहरुले
सुन्ये। अनि शाऊलले सबै इब्रानीहरुले सुनुन् भनि सिंगै देसमां
४ नरसींगा बजायो। वहांदेखि सिंगै इस्राएलले शाऊल्ले पलिश्तीहरुको
पहराचौकिलाइ मारि दियो अनि इस्राएल् पलिश्तीहरु देखि घिन्लाग्दा
पनि भये भन्येको समाचार् सुन्यो। तब लोग् शाऊल्को पछि पछि लाग्येर
गिलगाल्मां भेला भये॥
५ तब पलिश्तीहरु इस्राएल् सित लड़ाइँ गर्नुलाइ भेला भये तीस्
हजार् रथहरु र छ हजार् त्रकसवार् अनि लोग् गन्तिमां समुन्द्रको तीर्को
बालुवा झैं. अनि तिनिहरुले चढ़ेर बेतावेन्को पूर्ब तिर मिकमास्मां
६ डेरा हाल्ये। जसै इस्राएलका मान्छेहरुले हामिहरु कठिन्मां पर्‍यूं भनि
देख्ये (कसोगरिभन्ये लोग् सकस्मां थिये) तब लोग् ओढार्मां झोर्मां
७ पहरामां र दुलाढ़ालिमां र खाड़ल्हरुमां लुके। अब इब्रानीहरुका कत्ति जना
यर्दन् पारि गाद् र गिलाद्को देस्मां गयेका थिये तर शाऊल् चइं ता एले
सम्म गिलगालैमां रह्यो अनि सबै लोग् त्येसको पछि पछि थर्थराउंदै गये॥
८ वहांदेखि त्यहां शमूएलले ठहरायेको समय् अनुसार् सात् दिन्
सम्म अड़ोइ रह्यो. तर शमूएल् गिलगाल्मां आयेन अनि लोग् त्या देखि
९ छरपुट्ट हुंदै जांद थिये। अनि शाऊलले भन्यो यहां मं थांइ होमबलि र
१० मिलापबलिहरु ल्याव। तब त्येसले होमबलि चढ़ायो। अनि येसो भयो त्येसले
होमबलि चढ़ाइ सकनु बित्तिकै हेर शमूएल् आइ पुग्यो अनि शाऊल् त्येसलाइ
११ भेट्नु र दण्डवत् गर्नुलाइ निक्ल्यो। तब शमूएलले भन्यो के गर्येका छौ.
त शाऊलले भन्यो लोग् मं देखि छरपुट्ट भयेको अनि आफु ठहरायेको समय्
भित्र न आयेको अनि पलिश्तीहरु मिकमास्मां भेला भयेको देख्यें येसकारण्
१२ मैले अब पलिश्तीहरु मं मांथि गिलगाल्मां आइ लाग्छन् अनि मैले यह्वे
सित अनुग्रह् मांगीन भन्यें. येसकारण् सकस्मां पर्येर मैले होमबलि
१३ चढ़ायें। तब शमूएलले शाऊल्लाइ भन्यो मूर्खइं गर्येका छौ. आफनु
इस्वर् यह्वेले तिमिलाइ गर्येका आज्ञा मान्येका छौन. न भये ता अब
१४ यह्वेले तिम्रो राज् सदाको लागि इस्राएल् मांथि स्थिर् गर्ने थियो। तर
अब तिम्रो राज् रहंदैन. यह्वेले आफनु हिर्दय् अनसारको येउटा मान्छेलाइ
खोज्येको छ अनि यह्वेले आफनु लोग् मांथि मालिक् हुनुलाइ त्येसलाइ
ठहरायेको छ किनभन्ये तिमिले यह्वेले तिमिलाइ गर्येको आज्ञा मान्येका
छौन॥
१५ वहांदेखि शमूएल् उठेर गिलगाल् देखि बिन्यामीन्को गिबामां
चढ़ि गयो। अनि शाऊलले आफु सङ सामेल् रह्येका लोगलाइ गन्ति गर्‍यो
१६ त छ से जना जति राछन्। अनि शाऊल् र त्येसको छोरो योनातान् र

तिनिहरु सङ सामेल् रह्येका लोग् बिन्यामीनको गेबामां रह्ये. तर
पलिश्तीहरुले मिक्मास्मां डेरा हाल्ये। अनि लूटाहार्हरु पलिश्तीहरुको १७
छाउंनी बाटो तीन् गट्ठा भइ निक्लि आये. एक् गट्ठा शुआल्को देस् तिर
लाग्ने ओफ्रा जाने बाटो बाड़ो गयो. अनि अर्को गट्ठा बेथोरन् पुग्ने १८
बाटो बाड़ो गयो. अनि तीस्रो गट्ठा बन्तिरको सबोईम्को बेंसि देखौने
सिमाना बाटो बाड़ो गयो॥

ति ताक इस्राएल्को सिंगै देस्मां कोई लोहार् पाइंदैन थियो. १९
कसोगरिभन्ये पलिश्तीहरुले होइन भन्ये ता इब्रानीहरुले आफ्नु लागि
तरवार् कि भाला कमाउंने गर्छन् भन्ये र भन्ये. तर सिंगै इस्राएल् आफ्ना २०
आफ्ना फालो र नसो र बंचरा र कोदालो अर्जाउनुको लागि पलिश्तीहरु
थांइ जांद थिये तै पनि तिनिहरुका कोदाला र फालि र कांटा र २१
बंचराको लागि अनि आङ्कुसे लाग्ने पार्नुको लागि रेत थियो। त २२
लड़ाइको दिन्मां येसो भयो शाऊल् र योनातान् सित भयेका मान्छेहरुमांको
कसैको हात्मां तरवार् कि भाला पाईयेन. तर शाऊल् र त्येस्को छोरो
योनातान्कां चइं पाईये। अनि पलिश्तीहरुको पहराचौकि मिक्मास्को २३
गौंड़ामां निस्क्यो॥

(योनातान्को बिषय्)

अब एक् दिन् येसो भयो शाऊल्को छोरो योनातान्ले आफ्नु १४ १
हतियार् बोक्ने जुवान्लाइ भन्यो लु हामिहरु पल्लो पट्टि भयेको
पलिश्तीहरुको पहराचौकि भय् ठांउ तरि जाऊं। तर त्येस्ले आफ्नु बाबुलाइ
सुनायेन। अनि शाऊल् मिग्रोन्मां भयेको दारीम्को बोट् मुनि गिबाको २
पल्लो पट्टि रहंद थियो. अनि त्यो सङ भयेका मान्छेहरु छ से जना जति थिये ३
अनि शीलोमां बस्ने यहवेको पूजाहारी एलीको छोरो पीनहास्को छोरो
इकाबोद्को भाई आहीतूब्को छोरो अहियाह पनि थियो एपोद् लायेको
भइ. अनि योनातान् चइं गइ गयेको छ भनि लोगलाइ थाहा थियेन।
अनि जुन् गौंड़ा बाटो योनातान्ले पलिश्तीहरुको पहराचौकिमां जांनु ४
खोज्यो तिनको बीच्मां एका पट्टि येउटा तीखो पहरा थियो अर्को पट्टि
अर्को तीखो पहरा थियो. येउटाको नांउ बोसेस् अर्कोको नांउ सेने।
येउटा पहरा उत्तर् तिर मिक्मास्को सांमु उठेयको थियो अर्को चइं ५
पहरा दक्खिन् तिर गिबाको सांमु। अनि योनातान्ले आफ्नु हतियार् ६
बोक्ने जुवान्लाइ भन्यो लु हामिहरु ति बिखतनेहरुको पहराचौकिमां
तरि जाऊं. कोनि कतै यहवेले हामिहरुको लागि काम गर्छ कि.
किनभन्ये यहवेकोमां कोइ छेक्थुन् छैन धेरैको बाटोले कि थोरैको
बाटोले हवस् छुट्कारा दिंछ। तब त्येसको हतियार् बोक्नेले त्येसलाइ भन्यो ७
आफुको मन्मां ज्ये ज्ये छ सबै गर्नु हवस्. फर्कनु हवस् हेर्नु हवस् आफुको
मन् अनुसार् गर्नुलाइ म पनि साथी छु। तब योनातान्ले भन्यो हेर ८

हांमिहरु ति मान्छेहरु भयठांउ पारि जांछौं अनि तिनिहरुकां देखाहा
९ पर्छौं। त तिनिहरुले हांमिहरुलाइ हांमिहरु तिमिहरु थांइ आइ न पुगुंन्याल्
सम्म अड़ीयौ भन्ये भन्ये देखि त हांमि आफ्नु ठांउमां अड़ीइ रहंछौं
१० अनि तिनिहरु थांइ चढ्दौंन। तर तिनिहरुले हांमिहरु थांइ चढि आव
भन्ये भन्ये देखि त हांमिहरु चढि जांछौ किनभन्ये यहवेले तिनिहरुलाइ
हांमिहरुको हात्मां सुम्पि दियेको छ. अनि त्यइ हांमिहरुको लागि
११ चिंनु हुंछ। तब ति दुइ जना पलिश्ताहरुको पहराचौकिकां देखाहा पर्ये.
तब पलिश्तीहरुले भन्ये हेर इब्रानीहरु आफु लुकेको छेड़् बाटो निस्कि
१२ आउंदै राछन्। त पहराचौकिका मान्छेहरुले योनातान् र त्येस्को हतियार्
बोक्नेलाइ उत्तर् दिइ भन्ये हांमिहरु थांइ चढि आव त हांमिहरु
तिमिहरुलाइ केइ देखाउंछौं। तब योनातान्ले आफ्नु हतियार् बोक्नेलाइ
भन्यो मेरो पछि पछि चढि आइज. किनभन्ये यहवेले तिनिहरुलाइ
१३ इस्राएलको हात्मां सुम्पि दियेको छ। अनि योनातान् आफ्ना चार् हात्
खुट्टाले ठेक्दै टेक्दै चढ्यो अनि त्येस्को हतियार् बोक्ने त्येस्को पछि पछि.
अनि तिनिहरु योनातान्को सांमु लड़ेर अनि त्येस्को पछि पछि त्येस्को
१४ हतियार् बोक्नेले तिनिहरुलाइ मार्दै रह्यो। अनि योनातान् र त्येस्को
हतियार् बोक्नेले एक् हलको मेलो जति भूमिमां गर्येको पहिलो मराईमां
१५ लोग् जना बीस् एक् थिये। अनि छाउंनीमां र बन्मां र सिंगै लोगको
बीच्मां थरहरि थियो पहराचौकि र लूट्नेहरु पनि थर्थराये. अनि
१६ भूंइचाल् भयो येसोरि औधि ठुलो थर्थराई भयो। अनि बिन्यामीन्को
गिबामां बस्ने शाऊल्का चौवाहरुले हेर्ये त हेर धुइरो बिलौदै येता उता
जांद रह्छ॥

१७ तब शाऊल्ले आफु सङ भयेका लोगलाइ भन्यो ऐले गन्येर हेर
हांमिहरुकांटो को गयेको छ। अनि गनीये त हेर योनातान् र त्येस्को
१८ हतियार् बोक्ने रेन छ। अनि शाऊल्ले अहिय्याहलाइ भन्यो ईश्वर्को
सम्पट् यहां ल्याउ। कसोगरिभन्ये ईश्वर्को सम्पट् ति ताक इस्राएलवंशीहरु
१९ सङ थियो। अनि येसो भयो शाऊल्ले पूजाहारी सित बात् मार्दै गर्दाखेरि
पलिश्तीहरुको छाउंनीमां भयेको खलाबेला बढ्दै जांद थियो. त शाऊल्ले
२० पूजाहारीलाइ भन्यो आफ्नु हात् समेट। अनि शाऊल् र त्यो सङ भयेको
सिंगै लोग् लड़ाईंमां आये. त हेर जनंगेको तरवार् आफ्ना आफ्ने
२१ साथीहरु माथि चल्द रह्छ अनि औधि ठुलो धंसडुवाई भयो। तब अगाड़ि
पलिश्तीहरु सङ भयेका इब्रानीहरु जो चारै पट्टिका बन् देखि तिनिहरु
सङ छाउंनीमां आयेका थिये तिनिहरु पनि शाऊल् र योनातान् सङ भयेका
२२ इस्राएलीहरु सित मिसीये। येस्तै गरि एफ्रेम्को पहाड़् देस्मां लुकेका
इस्राएल्का सिंगै मान्छहरुले पलिश्तीहरु भाग्ये छन् भनि सुन्ये तब
२३ तिनिहरुले पनि पछि पछि लड़ाईंमां धाये। त येसोरि त्यस् दिन यहवेले
इस्राएललाइ छोड़ायो. अनि लड़ाईं बेतावेन्को पल्लो पट्टि सम्म हुंदै रह्यो।

अनि इस्राएल्का मान्छेहरु त्यस् दिन् दुखित् भये . तर शाऊल्ले लोगलाइ २४
जस्ले आजु सांझ् सम्म र मैले आफ्ना सत्तुर्हरुलाइ साटो फर्काइ न
दिउंज्याल् सम्म कोइ खाला त्यस् माथि धिक्कार् भनि किरिया खुवायो।
येस्कारण् लोग्मांको कस्सैले पनि कोइ चाख्येन। अनि सिंगै लोग् बन्मां २५
पुग्ये अनि भूइंमां मह थियो। अनि जब लोग् बन्मां पुग्ये त हेर मह २६
चुहुंद रह्छ. तर कसैले पनि आफ्नु हात् मुख् सम्म लग्येन किनभन्ये लोग्
किरिया देखि डराये। तर योनातान्चहिंले त्यस्को बाबुले लोगलाइ किरिया २७
खुवायेको छ भनि सुन्येको थियेन. त्येस्कारण् त्यस्ले आफ्नु हात्को छरिको
टुप्पा पसार्येर महको चाकामां घोच्यो अनि हात्मां लियेर मुख्मां हाल्यो
त त्यस्का आंखामां ज्योति चम्क्यो। तब लोग्मांको एक् जनाले उत्तर् दिइ २८
भन्यो आफुको बाबुले लोगलाइ बल्लियो गरि किरिया खुवायेको छ जस्ले आजु
कोइ खाला त्यो धिक्कार् भन्येर। अनि लोग् थाक्येका थिये। तब योनातान्ले २९
भन्यो मेरो बाबुले देस्लाइ कष्ट दियेको रह्छ. कृपा गरि हेर मैले त्यो मह
अलिकता मात्रै पनि चाख्येकोले मेरे आंखामां कसोगरि ज्योति चम्क्यो।
त लोगले पनि आजु तिनिहरुले पायेका तिनिहरुका सत्तुर्हरुका लूट् खुशि ३०
अनुसार् गरि खायेका भये देखि ता झन् बेसि हुने थियेन. किनभन्ये एले
पलिश्तीहरुको बीच्मां ठुलो मराई भयेको छैन। अनि तिनिहरुले त्यस् दिन् ३१
पलिश्तीहरुमांकालाइ मिक्मास् देखि अय्यालोन् सम्म मार्ये. अनि लोग्
सारो थाक्ये। अनि लोग् लूट् माथि झम्टेर भेंड़ाहरु गाईगोरुहरु ३२
बाच्छाहरु लियेर ति भूइंमां मार्ये. अनि लोगले ति रगतै समेत् खाये।
तब तिनिहरु शाऊल्लाइ हेर्नु हवस् लोगले रगतै समेत् खायेर यहोवेको ३३
बिरुद्धमां पाप् गर्दै छन् भनि कहि दिये। तब त्यस्ले भन्यो तिमिहरुले
छल् गर्येका छौ. आजु मं थांइ येउटा ठुलो ढुंगो पल्टाइ ल्याव। अनि ३४
शाऊल्ले भन्यो लोगको बीच्मां छरीयेर जाव अनि तिनिहरुलाइ येसो भन
जनंगेले आफ्नु आफ्नु गाईगोरु र जनंगेले आफ्नु आफ्नु भेंड़ाबाख्रा मेरो
लागि ल्याव वहांदेखि ति यहां मार्येर खाव अनि रगतै समेत् खांदै
यहोवेको बिरुद्धमां पाप् न गर। तब लोग्मांको जनंगेले त्यस्रात् आफ्नु
आफ्नु गाईगोरु आफु आफु सङ ल्यायेर वहां मार्ये। अनि शाऊल्ले ३५
यहोवेको लागि येउटा बेदि बनायो. त्यस्ले यहोवेको लागि बनायेको पहिलो
चइं बेदि येइ हो॥

अनि शाऊल्ले भन्यो हामिहरु राति पलिश्तीहरु पछि पछि उत्रि गयेर ३६
तिनिहरुलाइ बिहान घाम् झुल्कुंज्याल् सम्म लुटूं तिनिहरुमांको येउटा
मान्छे पनि न छोडूं। त तिनिहरुले भन्ये आफुलाइ ज्ये जाति लाग्छ त्येइ
गर्नु हवस्। त पूजाहारीले भन्यो हामिहरु ईश्वर् थांइ जांऊ। तब शाऊल्ले ३७
क्य मं पलिश्तीहरु पछि उत्रि जाउं क्य तपांइले तिनिहरुलाइ इस्राएल्को
हात्मां सुम्पि दिनु हुंछ भनि ईश्वर् सित सल्लाह् सोध्यो। तब उस्ले त्येस्लाइ
त्यस् दिन् कोइ उत्तर् दियेन। येस्कारण् शाऊल्ले भन्यो हे लोगका सबै ३८

मालिक्हरु येता नजिक् आव . अनि आजुको दिन् पाप् कसमां भयो भनि
३९ थाहा पाव । किनभन्ये इस्राएल्लाइ छोड़ाउंने यह्वे जीइ रह्योको भैं मेरो
छोरो योनातान्मां पनि त्यो पाप् भयेको रह्छ भन्ये त्यो निस्से मर्छ । तर सिंबै
४० लोग्मांको येउटाले पनि त्येस्लाइ उत्तर् दियेन । तब त्येस्ले सिंगै इस्राएल्लाइ
भन्यो तिमिहरु एक् पट्टि हव मं र मेरो छोरो योनातान् अर्को पट्टि हुंछौं ।
तब लोगले शाऊल्लाइ भन्ये आफुलाइ ज्ये जाति लाग्छ त्येइ गर्नु हवस् ।
४१ येस्कारण् शाऊल्ले इस्राएल्को ईश्वर् यह्वेलाइ भन्यो सत्ये सत्ये देखाइ
४२ दिंनु हवस् । तब योनातान् र शाऊल् पकड़ा पर्य्ये तर लोग् चइं बांच्ये । तब
शाऊल्ले भन्यो मं र मेरो छोरो योनातान्को बीच्मां चिट्ठा हाल । त
४३ योनातान् पकड़ा पर्‍यो । तब शाऊल्ले योनातान्लाइ भन्यो तैंले के गर्‍येको
छस् त्येइ मंलाइ कहि दे । त योनातान्ले त्येस्लाइ येसो भनिकन कहि दियो
सांचिनै मैंले आफ्नु हात्मां भयेको छरिको टुप्पाले अलिकता मह चाख्येको
४४ थियें त अब हेर्नु हवस् मैंले मर्नु पर्द छ । तब शाऊल्ले भन्यो ईश्वर्ले येसै
४५ अं यो भन्दा पनि बसि गरोस् . किनभन्ये ए योनातान् निस्से तं मर्छस् । तब
लोगले शाऊल्लाइ भन्ये के योनातान् मरोस् जस्ले इस्राएल्मां येति ठुलो
छुट्कारा गर्‍यो . येसो न हवस् . यह्वे जीइ रह्येको भैं यिन्को कपाल्का
यउटा केस् पनि भूइंमां खस्दैन किनभन्ये यिन्ले आजु ईश्वर् सङ काम्
४६ गर्‍येका छन् . यो परिले लोगले योनातान्लाइ न मारींनुलाइ छोड़ाये । तब
शाऊल् पलिश्तीहरुलाइ पछ्याउंनु देखि चढि आयो . अनि पलिश्तीहरु
आफ्ना आफ्ना ठांउमां गये ॥

४७ अब जब शाऊल्ले इस्राएल् माथि राज् गर्नु लाग्येको थियो तब
त्येस्ले चारै पट्टिका आफ्ना सबै सत्तुरहरु सित मोआब् र अम्मोन्बंशीहरु र
एदोम् र सोबाका राजाहरु र पलिश्तीहरु सित लड़ाइं गर्‍यो . अनि जहां
४८ जहां फर्कि आउंद थियो तहां तहांकालाइ दण्ड दिंद थियो । अनि त्येस्ले
बहादुरी गर्‍येर अमालेकीहरुलाइ मार्‍यो अनि इस्राएल्लाइ तिनिहरुलाइ
लुट्नेहरुको हात् देखि छोड़ायो ॥

४९ अब शाऊल्का छोराहरु यि थिये अर्थात् योनातान् यिश्वी र
मल्कीशूअ . अनि त्येस्को दुइ बैनी छोरीहरुको नांउ यि थिये अर्थात्
५० जेठीको नांउ मेरब् र कान्छीको नांउ मीकल् थियो . अनि शाऊल्की
सुखेंनीको नांउ अहीमास्की छोरी अहीनोअम् थियो . अनि त्येस्को
सेनापतिको नांउ शाऊल्को कान्छा बाबु नेर्को छोरो अब्नेर् थियो ।
५१ अनि कीश् चइं शाऊल्को बाबु थियो अनि अब्नेर्को बाबु नेर् चइं
अबीएल्को छोरो थियो ॥

५२ अनि शाऊल्का सबै दिनमां पलिश्तीहरु सित सारो लड़ाइं भइ
रह्यो . अनि जब जब शाऊल्ले कोइ बलियो कि बीर् मान्छेलाइ देखद
थियो तब आफु थांइ राखद थियो ॥

(शाऊल्को दोस्रो अपराध् र त्येस्को फल्)

अनि शमूएल्ले शाऊल्लाइ भन्यो यहवेले मंलाइ तिमिलाइ १५ १
उस्को लोग् मांथि अं इस्राएल् मांथि राजा अभिषेक् गर्नुलाइ पठायो.
त अब यहवेका कुराको शब्द सुन्। सेनाहरुको यहवेले येसो भन्द छ २
अमालेक्ले इस्राएल् सित के गर्येको थियो अर्थात् इस्राएल् मिस्र देखि
चढि आउंदा त्यो त्येस्को बिरुद्धमां उभीयेको थियो त्यो मंलाइ चेत् छ।
अब गयेर अमालेक्लाइ मांर् अनि तिनिहरुका सब्बै थोक् भाकल् गरीयेको ३
थोक् झैं नास् गर् अनि तिनिहरुलाइ न छोडू तर के लोग्नेमान्छे के
स्वास्नीमान्छे के बालख के दुद्खांने के गाईगोरु के भेंड़ाबाख्रा के ऊंट्
के गदाहा सब्बै मांरि दे॥

तब शाऊल्ले लोगलाइ भेला गर्यो अनि तिनिहरुलाइ तलाईम्मां ४
गन्ति गर्यो अर्थात् दुइ लाख् पैदल्हरु र यहूदाका दस् हजार् जना।
बहांदेखि शाऊल् अमालेक्को सहर्मां गयेर तरिमां ढुकि बस्यो। अनि ५ ६
शाऊल्ले केनीहरुलाइ भन्यो हिंड़ि जाव अमालेकीहरुको बीच् देखि उत्रि
जाव होइन भन्ये ता मं तिमिहरुलाइ तिनिहरु सङ नास् पार्छु. किनभन्ये
तिमिहरुले सबै इस्राएलबंशीहरुलाइ तिनिहरु मिस्र बाटो चढि आउंदा
कृपा गर्येका थियौ। तब केनीहरु अमालेकीहरुको बीच् देखि निस्कि गये।
बहांदेखि शाऊल्ले अमालेकीहरुलाइ मिस्रको सांमु भयेको सूर् जांने ७
बाटोको हवीला सम्म मांर्यो। अनि त्येस्ले अमालेकीहरुको राजा अगाग्लाइ ८
जीउंदै समात्यो अनि सबै लोग्लाइ चइं तरवार्को धार्ले भाकल्
गरीयेको थोक् झैं नास् पार्यो। तर शाऊल् र लोगले अगाग्लाइ र ९
भेंड़ाबाख्राहरुमांका र गाईगोरुहरुमांका र मोटा मोटा पशुहरुमांका
पाठाहरुमांका सबै भन्दा असल् असल् र ज्ये ज्ये जाति जाति थिये ति
बचायेर तिनलाइ भाकल् गरीयेको थोक् नास् पार्येको झैं नास् पार्नु
खोज्येनन्. तर ज्ये ज्ये तुच्छ र बिकामे थिये ति सबैलाइ चइं भाकल् गरीयेको
थोक् झैं नास् पार्ये॥

तब यहवेको बचन् येसो भन्दै शमूएल् थांइ आयो मैंले शाऊल्लाइ १० ११
राजा तुल्यायेको देखि मं पछुताउंद छु. किनभन्ये त्यो मंलाइ पछ्याउंनु
देखि फर्क्यो अनि त्येस्ले मेरा आज्ञा मान्येन। तब शमूएल् रागीयो अनि रात्
भरि यहवेको होहाई गर्दै रह्यो। अनि शमूएल् बिहान सबारै शाऊल्लाइ १२
भेट्नुलाइ उठ्यो तब शमूएल्लाइ येसो भनिकन सुनाइ दिईयो शाऊल्
कर्मेल्मां आयेको छ अनि हेर त्येस्ले आफ्नु लागि येउटा चिंनु उभ्यायो
अनि फर्कयेर त्यो गिलाद्मां उत्रि गयो भन्ये। अनि शमूएल् शाऊल् थांइ १३
आइ पुग्यो. तब शाऊल्ले त्येस्लाइ भन्यो आफु यहवे देखि धन्नको हुंनु हवस्.
मैंले यहवेको आज्ञा पूरो गर्येको छु। तर शमूएल्ले भन्यो त भेंड़ाहरुले १४
भें भें गर्येको र गाईहरु रांभ्येको जो मं सुन्द छु यि के हुन्। तब शाऊल्ले १५

भन्यो तिनिहरूले तिनलाइ अमालेकीहरूबाटो ल्यायेका छन्. कसोगरिभन्ये
लोगले भेंड़ाहरूमांको र गोरुहरूमांको असल् असल् बंचाइ राख्येका छन्
आफुको ईश्वर् यहवेको लागि बलिदान् चढ़ाउंनुलाइ अनि बांकि चइं
१६ हांमिहरूले भाकल् गरीयेका थोक् झैं नाम् पार्येका छौं। तब शमूएल्ले
शाऊल्लाइ भन्यो पर्ख आजु राति यहवेले मंलाइ ज्ये ज्ये भन्येको छ ति मं
१७ तिमिहरूलाइ कहि दिंछु। त त्येस्ले त्येस्लाइ भन्यो भन्नु हवस्। तब शमूएल्ले
भन्यो तिमि आफ्नु लेखिमां छोटा थियौ र पनि क्ये तिमि इस्त्राएल्का
कुल्को मालिक् तुल्याईयेका छौन. अनि यहवेले तिमिलाइ इस्त्राएल् मांथि
१८ राजा अभिषेक् गर्‍यो अनि यहवेले तिमिलाइ येसो भनिकन हिंड़ाईमां
पठायो गयेर ति पापीहरु अमालेकीहरूलाइ भाकल् गरीयेका थोक् झैं नास्
पार अनि तिनिहरू नष्ट होइ न सकुंज्याल् सम्म तिनिहरू सित लड़ाईं गर्दै रहंनु
१९ भनिकन। त तिमिले यहवेको कुरा किन मान्येका छौन तर लूट् मांथि
२० झम्टेर यहवेको सांमु ज्य बुरो थियो त्यो किन गर्‍यौ। तब शाऊल्ले
शमूएल्लाइ भन्यो अं मैंले यहवेको कुरा मान्येको छु अनि यहवेले मंलाइ
पठायेको बाटोमां हिड़ेको छु अनि अमालेकीहरूको राजा अगाग्लाइ ल्यायें
२१ अनि अमालेकीहरूचइंलाइ भाकल् गरीयेको थोक् झैं मांर्येको छु। तर
लोग्चइंले लूट्मांका भेंड़ाबाख्रा र गाईगोरुहरु भाकल् गरीयेका असल्
असल् सबै थोक् आफुको ईश्वर् यहवेको लागि गिल्गाल्मां बलिदान्
२२ चढ़ाउंनुलाइ ल्यायेछन्। तब शमूएल्ले भन्यो

क्ये यहवे होम्बलि र बलिदान्हरू देखि खुशि हुंछ
यहवेको कुरा मान्येको देखि झैं.
हेर आज्ञा मान्नु बलिदान् भन्दा जाति छ
अनि कुरा सुन्नु थुमाहरूको बोसो भन्दा।
२३ किनभन्ये झगरागराई अगम्चलाउंनेको पाप् जस्तो छ
अनि अट्टेरइं घर्देव्ताहरूको बुराई जस्तो।
किनभन्ये तिमिले यहवेको कुरा आफालि दियौ
उस्ले पनि तिमिलाइ राजा होइ रहंनु देखि आफालि दियेको छ।

२४ अनि शाऊल्ले शमूएल्लाइ भन्यो मैंले पाप् गर्येको छु. कसोगरिभन्ये
यहवेको आज्ञा र आफुको कुरा देखि तर्कि गयेको छु. कसोगरिभन्ये मैंले
२५ लोग् देखि डरायेर तिनको शब्द मान्यें। त अब कृपा गरि मेरो पाप् छमा
२६ गर्नु हवस् अनि मं सङ फर्कनु हवस् र मं यहवेलाइ दण्डवत् गरुं। तब
शमूएल्ले शाऊल्लाइ भन्यो मं तिमि सङ फर्कंदींन. किनभन्ये तिमिले
यहवेको कुरा आफालि दियेका छौ त यहवेले पनि तिमिलाइ इस्त्राएल् मांथि
२७ राजा होइ रहंनु देखि आफालि दियेको छ। जब शमूएल् हिंड़ि जांनुलाइ
२८ फर्क्यो तब त्येस्ले त्येस्को खास्टोको छेउ समात्यो त त्यो च्यातीयो। तब
शमूएल्ले त्येस्लाइ भन्यो यहवेले आजुको दिन् इस्त्राएल्को राज् तिमि
देखि च्यात्यो अनि तिमि भन्दा जाति येउटा तिम्रो छिमेकीलाइ दियो।

अनि पनि इस्राएलको बल् जो छ उस्ले न ढांट्छ न पछुताउंछ . किनभन्ये २९
उ मान्छे होइन र पछुतावस्। तब त्येस्ले भन्यो मैंले पाप् गर्येको छु . तै ३०
पनि अब मेरा प्रजाका प्राचीन्हरुको सांमु र इस्राएल्को सांमु कृपागरिकन
मेरो मान् गरि दिंनु हवस् अनि मं सङ फर्कि आउंनु हवस् र मं आफुको
ईश्वर यह्वेलाइ दण्डवत् गरुं। त शमूएल् शाऊल्को पछि पछि फर्क्यो ३१
अनि शाऊल्ले यह्वेलाइ दण्डवत् गर्‍यो ॥

तब शमूएल्ले भन्यो अमालेकीहरुको राजा अगाग्लाइ यहां मं थांइ ३२
ल्याउ। त अगाग् त्यो थांइ कांम्दे आयो। अनि अगाग्ले भन्यो मृत्युको
तीतेइं अवस्से गइ गयो होला। तब शमूएल्ले भन्यो जसोगरि तेरो ३३
तरवार्ले स्त्रीहरुलाइ निर्वंश तुल्यायेको थियो त्यसै गरि तेरी आंमा
स्त्रीहरुको बीचमां निर्वंश हुंछे। वहांदेखि शमूएल्ले अगाग्लाइ
गिल्गाल्मां यह्वेको सांमु टुक्र्यायो ॥

वहांदेखि शमूएल् रामामां गयो अनि शाऊल् चइं शाऊल्को ३४
गिबामां भयेको आफ्नु घर्मां चढि गयो। अनि शमूएल् आफ्नु मरणको ३५
दिन् सम्म शाऊल्लाइ हेर्नुलाइ फेरि फेरि कैले पनि आयेन किनभन्ये शमूएल्
शाऊल्को लागि बिलाप् गर्दै रह्यो . अनि यह्वे शाऊल्लाइ इस्राएल् माथि
राजा तुल्यायेकोले पछुताउंद थियो ॥

अनि यह्वेले शमूएल्लाइ भन्यो मैंले शाऊल्लाइ इस्राएल् माथि १६ १
राजा होइ रहंनु देखि आफाल्यें भन्येर तं त्यस्को लागि कैले सम्म बिलाप्
गर्दै रहंछस् आफ्नु सींग्मां तेल् भर्येर जा मं तंलाइ बेत्लेहमी यिशै थांइ
पठाउंछु . किनभन्ये त्यस्का छोराहरुमांको येउटालाइ आफ्नु लागि जोहो
गर्येको छु। त शमूएल्ले भन्यो मं कसोगरि जांउ शाऊल्ले सुन्यो भन्ये २
मंलाइ मार्छ। तब यह्वेले भन्यो आफ्नु लागि येउटी कोरलि ले अनि मं
यह्वेको लागि बलिदान् चढाउंनुलाइ आयेको छु भन्। अनि यिशैलाइ ३
बलिदान्मां बोला तब तैंले जे गर्नु छ मं तंलाइ देखाउंछु . वहांदेखि
जस्को नांउ मं तेरो सांमु काढ्छु त्येसैलाइ मेरो लागि अभिषेक् गर्छस्।
तब शमूएल्ले यह्वेले भन्येको कुरा अनुसार् गर्येर बेत्लेहम्मां गयो . तब ४
सहर्का प्राचीन्हरुले कांम्दे त्येस्लाइ भेट्नु आयेर भन्ये क्य आफु कुशल्
सित आउंनु हुंद छ। तब त्येस्ले भन्यो कुशल् सित, मं यह्वेको लागि ५
बलिदान् चढाउंनुलाइ आयेको छु . तिमिहरुले आफु आफुलाइ शुद्ध गर
अनि मं सङ बलिदान्मां आव। अनि त्येस्ले यिशै र त्यस्का छोराहरुलाइ ६
शुद्ध गर्येर तिनिहरुलाइ बलिदान्मां बोलायो अनि येसो भयो जसै
तिनिहरु आये तब त्येस्ले एलीआब्लाइ हेर्येर भन्यो यह्वेको अभिषिक्त
निस्से उस्को सांमु छ। तर यह्वेले शमूएल्लाइ भन्यो त्यस्को चेहेडा न ७
त्यस्को डाल्को अग्लोइं हेर् किनभन्ये मैंले त्येस्लाइ आफाल्येको छु . किनभन्ये
यह्वेले मान्छेले झैं हेर्दैन कसोगरिभन्ये मान्छेले ता बाहिरको रूप् हेर्द छ तर
यह्वेले चइं ता मन हेर्द छ। तब यिशैले अबिनादाबलाइ बोलायेर शमूएलको ८

सांमु हिंड़ाल्यो । अनि त्येसले भन्यो येसलाइ पनि यहूवेले छान्येको छैन । तब
९ यिशैले शम्मालाइ सांमु हिंड़ाल्यो । अनि त्येसले भन्यो येसलाइ पनि यहूवेले
१० छान्येको छैन । अनि यिशैले आफ्ना छोराहरुमांको सातैलाइ शमूएल्‌को
सांमु हिंड़ाइ दियो । तब शमूएल्‌ले यिशैलाइ भन्यो यिनिहरुचइंलाइ
११ यहूवेले छान्येको छैन । तब शमूएल्‌ले यिशैलाइ भन्यो के तिम्रा छोराहरु
सबै येति मांत्रै हुन् । त त्येसले भन्यो अझै कान्छो चइं रह्येको छ त हेर्नु
हवस् त्येसले भेंड़ाबाखा चराउंद छ । तब शमूएल्‌ले यिशैलाइ भन्यो त्येसलाइ
डाकि पठाउ. किनभन्ये त्यो यहां न आउंज्याल् सम्म हामिहरु बस्दैनौं ।
१२ अनि त्येसले त्येसलाइ डाकि पठायेर भित्र ल्यायो । अब त्यो ता रातो रातो रह्छ
अनि राम्रा आंखा अनि हेर्नुमां सुन्दर् रह्छ । अनि यहूवेले भन्यो उठेर
१३ त्येसलाइ अभिषेक् गर् . किनभन्ये यो त्येइ हो । तब शमूएल्‌ले तेल्‌को सींग्
लियेर त्येसलाइ त्येसका दाज्युहरुको बीच्‌मां अभिषेक् गर्‍यो . अनि त्येस् दिन्
देखि येसो यहूवेको आत्मा दाऊद् मांथि बल्‌ले पर्‍यो । तब शमूएल् उठेर
रामात्‌मां गयो ॥

१४ तर यहूवेको आत्मा शाऊल् देखि निक्कि गयेको थियो अनि यहूवे
१५ पट्टिको दुष्ट आत्माले त्येसलाइ घब्राइ दिंनु लाग्येको थियो । तब शाऊल्‌का
चाकरेहरुले त्येसलाइ भन्यो अब हेर्नु हवस् ईश्वर् पट्टिको येउटा दुष्ट आत्माले
१६ आफुलाइ घब्राइ दिंद छ । त अब हांम्रा प्रभुले आफुको सांमु भयेका आफुका
चाकरेहरुलाइ बीना बजाउंने येउटा सिपालु मान्छेलाइ खोजने आज्ञा
दिंनु हवस् . अनि येसो हुंछ जसै ईश्वर्‌को पट्टि बाटोको दुष्ट आत्मा आफु
१७ मांथि पर्ला तब त्येसले आफ्नु हात्‌ले बजावस् तब आफु जाति हुंनु हुंछ । तब
शाऊल्‌ले आफ्ना चाकरेहरुलाइ भन्यो अब मेरो लागि येउटा सिपालु बजाउंने
१८ मान्छेलाइ बन्दबस्त गर्‍येर मं थांइ ल्याउ । तब त्येसका जुवान्‌हरुमांको
येउटाले हेर्नु हवस् मैंले बेतलेहेमी यिशैको येउटा छोरोलाइ देख्येको छु
जो बजाउंनुमां सिपालु छ अनि त्यो बलियो बीर् र लड़ांकि छ अनि कुरा
गर्नुमां बुद्धिमान् अनि सुरूपवन्त अनि त्यो सङ यहूवे छ भनि उत्तर्
१९ दियो । येसकारण शाऊल्‌ले यिशै थांइ येसो भनिकन दूत पठायो भेंड़ाबाखाहरु
२० सङ भयेको तिम्रो छोरो दाऊद्‌लाइ मेरो लागि पठाइ देउ । तब यिशैले
रोटी र मद्यको येउटा मश्क् र येउटा पाठा बोकायेको येउटा गदाहा
२१ आफ्नु छोरो दाऊद्‌को बाटोले शाऊल् थांइ पठाइ दियो । अनि दाऊद्
शाऊल् थांइ आयेर त्येसको सांमु उभीयो . अनि त्येसले त्येसलाइ खूब् प्यारो
२२ गर्‍यो अनि त्यो त्येसको हतियार् बोक्‌ने भइ गयो । अनि शाऊल्‌ले येसो
भनिकन यिशै थांइ पठायो कृपागरिकन दाऊद्‌लाइ मं सङ रहंनु देउ
२३ किनभन्ये मेरो अनुग्रह् त्येस् मांथि भयेको छ । अनि येसो भयो जब जब
ईश्वर् पट्टिको त्यो आत्मा शाऊल् मांथि पर्द थियो तब तब दाऊद्‌ले बीना
लियेर आफ्नु हात्‌ले बजाउंद थियो . येसोरिकन शाऊल् नया मन् पायेर
निको होइ जांथ्यो अनि दुष्ट आत्मा त्यो देखि निक्कि जांथ्यो ॥

(दाऊद्‌ले गोल्यत्‌लाइ जीत्नु)

अब पलिश्तीहरुले लड़ाईंको लागि आफनु पल्टन भेला गर्‍ये १७ १
वहांदेखि तिनिहरुले यहूदाको सोकोमां भेला भयेर सोको र अजेकाको
बीच्मां एपेसदम्मीम्मां डेरा हाल्थ्ये । अनि शाऊल् र इस्राएलका मान्छेहरुले २
भेला भयेर एलाको तर्गमां डेरा हाल्थ्ये अनि पलिश्तीहरुको बिरुद्धमां
पाङ्ति पाङ्ति बांध्थ्ये । अनि पलिश्तीहरु एक् पट्टिको डांड़ामां इस्राएल् ३
चइं अर्को पट्टिको डांड़ामां उभीये . अनि तिनिहरुको बीच्मां येउटा टार्
थियो । तब पलिश्तीहरुको छाउंनी देखि येउटा गात् सहर्को गोल्यत् ४
भनीने महाबीर् निस्क्यो जो छ हात् बित्ता अग्लो थियो । अनि त्यसको ५
सिर्मां पीतल्को टोप् थियो अनि त्यस्ले कत्ला जस्तो पार्‍येको झिलम्
लायेको थियो जस् झिलम्को जोखाई पीतल्को पांच् हजार् शकेल् थियो ।
अनि त्यसका खुट्टामां पीतल्का ढाल् र त्यसका कांधको बीच्मां पीतल्को ६
सांनु भाला थियो । अनि त्यसको ठुलो चइं भालाको सर् कपरा बुन्नेको मुर्रो ७
जत्रो थियो अनि त्यसको भालाको खुराको जोखाई फलम्को छ से शकेल्
थियो . अनि त्यसको ढाल् बोक्ने त्यसको अघि अघि हिंड्‌द थियो । त त्यस्ले ८
उभीयेर इस्राएलका पल्टन्हरुलाइ करायेर येसो भन्यो तिमिहरु पाङ्ति
पाङ्ति भइ लड़ाईं गर्नुलाइ किन आयेका छौ . के मं पलिश्ती हुंइन अनि
तिमिहरु चइं शाऊल्का चाकरेहरु होन . आफ्नु लागि येउटा मान्छेलाइ
छान र त्यो मं थांइ उत्रि आवस् । त्यस्ले मं सङ लड़ाईं गर्न् सक्यो अनि ९
मंलाइ मार्‍यो भन्ये देखि त हांमिहरु तिमिहरुका चाकरे हुंछौं . तर मैंले
त्यसलाइ जिति त्यसलाइ मार्‍यें भन्ये देखि त तिमिहरु हांमिहरुका चाकरे
हुंछौ अनि हांमिहरुको चाकरी गर्छौ । त्यस पलिश्तीले फेरि भन्यो आजुको १०
दिन् मं इस्राएल्को पल्टन्लाइ तुच्छ गर्दछु कसैलाइ मेरो लागि देव र
हांमिहरु लड़ाईं गरुं । अनि जब शाऊल् र सिंगै इस्राएल्ले त्यस् पलिश्तीको ११
यो कुरा सुन्ये तब तिनिहरु डरायेर बिघ्न थरहरि भये ।
अब दाऊद् चइं बेत्लेहेम् यहूदाको त्यस् इफ्रातीको छोरो थियो १२
जसको नांउ यिशै थियो जसका आठ् भाई छोराहरु थिये . अनि त्यो मान्छे
शाऊल्का दिनमां बूढ़ो थियो अनि मान्छेहरुको बीच्मां त्यो चइं दिन
धेर् खायेको मान्छे थियो । अनि यिशैका तीन् भाई ठुला ठुला छोराहरु १३
शाऊल् पछि पछि लड़ाईंमां गयेका थिये . अनि लड़ाईंमां गयेका त्यसका
तीन् भाई छोराहरुको नांउ यि हुन् जेठोको एलीआब् माइलोको
अबिनादाब् सांइलोको शम्माह् । अनि कान्छोचइं दाऊद् थियो . अनि १४
ति तीन् जना ठुल्ठुलाहरु शाऊल्को पछि पछि लाग्येका थिये । अनि दाऊद् १५
चइं शाऊल् थांइ देखि बेत्लेहेम्मां आफ्नु बाबुको भेंड़ाबाख्रा चराउंनुलाइ
आउंने जांने गर्द थियो । अनि त्यो पलिश्ती चालीस् दिन् सम्म सांझ् १६
बिहान् नजिक् आउंदै देखाहा पर्दै गर्न गर्द थियो ॥

१७ अनि यिशैले आफ्नु छोरो दाऊद्‌लाइ भन्यो ऐले आफ्ना दाजुहरूको
लागि भुटेरको अन्न एक् एपा र यि दस्वटा रोटी लियेर छिट्टोगरि छाउंनीमां
१८ तेरा दाजुहरू थांइ बोकि लैजा अनि यि दस्वटा पनीर् तिनका
सहस्रपतिहरूकां लैजा वहांदेखि तेरा दाज्युहरू कस्ता कस्ता राछन् हेर् अनि
१९ तिनको कोइ चिंनु ले। त्यस् बेला शाऊल् र ति दाज्युहरू र इस्राएल्का सबै
२० मान्छेहरू एलाको तरिमां पलिश्तीहरू सित लड़ाइँ गर्दै रह्येका थिये। तब
दाऊद् बिहान सखारै उठेर भेंड़ाबाख्राहरू येवटा गोठालालाइ सुम्पि राख्येर
यिशैले त्येस्लाइ आज्ञा दियेको अनुसार् ति लियेर हिंड्यो वहांदेखि
रणभूमिमां निस्कि जांने पल्टनले लड़ाइँको लागि कराउंदै गर्येको बेलामां त्यो
२१ गाड़ीहरूको आड्मां आइ पुग्यो। अनि इस्राएल् र पलिश्तीहरूले लड़ाइँको
२२ लागि आफ्ना आफ्ना पाङ्ति पाङ्ति बांधे। तब दाऊद्‌ले आफ्नु माल्
आलमाल् रूङ्नेको हात्मां छोड़ि राख्येर पल्टन् भयेठांउ दुगरि गयेर
२३ आफ्ना दाज्युहरूको कुशल् सोध्यो। अनि जब त्येस्ले बात् मार्दै थियो त हेर
गात्‌को त्यो पलिश्ती त्यो महाबीर् गोलयत् भनींने पलिश्तीहरूको पल्टन्‌को
बीच् देखि निस्कि आयो अनि तिनै कुरा अनुसार् भन्यो। अनि ति कुरा
२४ दाऊद्‌ले सुन्यो। अनि इस्राएल्का सबै मान्छेहरू त्येस् बीर्‌लाइ देख्येर त्यो
२५ देखि भागे अनि अघोर् डराये। अनि इस्राएल्का मान्छेहरूले भन्द थिये
कि त्यो चढि आयेको मान्छेलाइ देख्येका छौ. त्यो निस्सै इस्राएल्‌लाइ तुच्छ
गर्नुलाइ आयेको छ. त येसो हुंछ जस्ले त्येस्लाइ मार्छ त्येस्लाइ राजाले धेरै
धन्‌ले धनी तुल्याउंछ अनि त्येस्लाइ आफ्नो छोरी दिंछ अनि त्येस्को बाबुको
२६ जहान्‌लाइ इस्राएल्मां मिनाहा दिंछ। तब दाऊद्‌ले आफ्नु छेउछाउका
मान्छेहरूलाइ येसो भन्यो जस्ले त्येस् पलिश्तीलाइ मार्येर इस्राएल् देखि
निन्दा मेटि दिंछ त्येस्को लागि के गरींछ. किनभन्ये यो बिखतुने
पलिश्ती को हो र त्येस्ले जीउंदो ईश्वर्‌का पल्टन्‌हरूलाइ तुच्छ गर्येस्।
२७ अनि लोगले त्येसैगरि त्येस्लाइ उत्तर् दिइ भन्ये जस्ले त्येस्लाइ मार्छ त्येस्को
२८ लागि येसो येसो गरींछ। तब त्येस्ले मान्छेहरू सित बात् मार्दै गर्येको त्येस्को
जेठो दाजु एलीआब्‌ले सुन्यो तब एलीआब्‌को रिस् दाऊद् माथि उठ्यो
अनि त्यस्ले भन्यो तं किन उत्रि आइस् अनि ति दुइचार्‌वटा भेंड़ाबाख्राहरू
२९ पनि तैंले बन्‌मां कस्कां छोड़ि आयेको छस्. तेरो अहंकार् र तेरो मन्‌को
नटखटैइँ मं जान्द छु किनभन्ये तं लड़ाइँ हेर्नुको लागि उत्रि आयेको छस्।
३० तब दाऊद्‌ले भन्यो मैले एले के गर्येको छु. के कारण् छैन। अनि त्यो त्यहां
बाटो अर्को तिर गयो अनि तिनै कुरा अनुसार् गर्‌यो. अनि लोगले फेरि
३१ त्येस्लाइ अगाड़िको जस्तो उत्तर् दिये। अनि जब दाऊद्‌ले भन्येका यि कुरा
को चर्चा भयो तब यि कुरा शाऊल्कां पनि कहीये तब त्यस्ले त्येस्लाइ डाकि
३२ पठायो। अनि दाऊद्‌ले शाऊल्‌लाइ भन्यो येस्को कारण्‌ले कसैको मन् न
३३ घटोस् आफुको चाकरेले गयेर त्यस् पलिश्ती सित लड़ाइँ गर्छ। तब शाऊल्‌ले
दाऊद्‌लाइ भन्यो त्येस् पलिश्तीको बिरुद्धमां त्यो सङ लड़ाइँ गर्नुलाइ त

जांनु सक्दैनस्. कसोगरिभन्ये तं खालि केटै मांत्रै छस् त्यो चाहिं त्येस्को
केटौलीनै देखि लड़ांकि छ। तब दाऊद्ले शाऊल्लाइ भन्यो आफुको ३४
चाकरेले आफ्नु बाबुको भेंड़ाबाख्रा चराउंद दियो अनि जब सींह् कि
भालूले आयेर बगाल् देखि पाठो लैजांद थियो तब मं त्येस्को पछि ३५
पछि गयेर त्येस्लाइ हिर्कायेर त्येस्को मुख् बाटो त्यो पाठो छोड़ाउंद थियें.
अनि जब जब त्यो मं मांथि उठ्द थियो तब तब मं त्येस्को दारि समात्येर
त्येस्लाइ हिर्कायेर मांर्द थियें। सींह् र भालू दुवैलाइ आफुको चाकरेले ३६
मांर्यो . त त्यो बिखत्ने पलिश्ती तिनिहरूमांको येउटा जत्तिको ता होला
किनभन्ये त्येस्ले जीउंदो ईश्वर्को पल्टन्लाइ तुच्छ गर्येको छ। अनि दाऊद्ले ३७
भन्यो जुन् यह्वेले मंलाइ सींह्को पञ्जा र भालूको पञ्जा देखि बचायो उसैले
मंलाइ त्येस् पलिश्तीको हात् देखि पनि बचाउंछ। तब शाऊल्ले दाऊद्लाइ
जा तं सङ यह्वे हवस् भन्येर भन्यो। अनि शाऊल्ले दाऊद्लाइ आफ्नु वस्त्र ३८
पहिर्याइ दियो अनि त्येस्को सिर्मां पीतल्को टोप् लगाइ दियो अनि
झिलम् पनि पहिर्याइ दियो। अनि दाऊद्ले आफ्नु वस्त्र मांथि आफ्नु ३९
तरवार् भिर्यो वहांदेखि जांने अड्कल् गर्यो किनभन्ये त्येस्ले त्यो जांच्येको
थियेन। तब फेरि दाऊद्ले शाऊल्लाइ भन्यो मं यि लायेर जांनु सक्दीन
किनभन्ये मैले यि जांच्येको छुइंन। त दाऊद्ले ति आफ्नु जीउ देखि
उतारि दियो। वहांदेखि त्येस्ले आफ्नु हात्मां आफ्नु लउरो लियो अनि ४०
खोल्चा देखि पांच्वटा चिल्ला चिल्ला ढुंगाहरू छान्येर ति आफ्नु गोठाले
थैलो अर्थात् आफ्नु जाखिमां हाल्यो अनि त्येस्को घुयांत्रो चाहिं हात्मां
थियो. अनि त्यो पलिश्ती नजिक् नजिक् गयो। अनि पलिश्ती चाहिं ४१
हिंड्दै दाऊद् तिर आयो अनि त्येस्को ढाल् बोक्ने मान्छे त्येस्को आघि आघि
हिंड्द थियो। अनि जब पलिश्तीले येताउति हेर्यो त त्येस्ले दाऊद्लाइ ४२
देख्यो अनि त्येस्लाइ तुच्छ जान्यो. किनभन्ये त्यो खालि केटै मांत्रै थियो
अनि रातो रातो र हेर्नुमां सुन्दर्। तब पलिश्तीले दाऊद्लाइ भन्यो के मं ४३
कुकुर् हुं र तं लउराहरू लियेर मं थांइ आउंद छस्. अनि पलिश्तीले
दाऊद्लाइ आफ्ना देवताहरूको नांउले धिक्कार्यो। अनि पलिश्तीले ४४
दाऊद्लाइ भन्यो मं थांइ आ त मं तेरो मांसु आकाश्का पंषीहरूलाइ र
वन्का पशुहरूलाइ दिंकु। तब दाऊद्ले त्येस् पलिश्तीलाइ भन्यो तं तरवार् ४५
भाला र सांनु भाला लियेर मं थांइ आउंदै छस्. तर मं चाहिं सेनाहरूको
यह्वेको नांउले अर्थात् तैंले तुच्छ गर्येको इस्राएल्का पल्टनको ईश्वर्को
नांउले तं थांइ आउंद छु। आजै यह्वेले तंलाइ मेरो हात्मां सुम्पि दिंछ ४६
अनि मं तंलाइ मांर्कु अनि तेरो कपाल् तं देखि काटि लिंकु अनि आजु मं
पलिश्तीहरूका सेनाहरूको लोथ् आकाश्का पंषीहरूलाइ र पृथिवीका
वन्पशुहरूलाइ दिंकु सिंगै पृथिवीले इस्राएल्मां ईश्वर् रछ भनि थाहा
पावस् भन्ने खातिर्ले. त्यो सिंगै मंडलीले यह्वेले तरवार् र भालाले ४७
बचाउंने रैनछ भनि थाहा पावस् भन्ने खातिर्ले. किनभन्ये लड़ाइं

यहवेको हो अनि उसैले तिमिहरूलाइ हांमिहरूको हात्मां सुम्पि दिंछ ।
४८ अनि यैसो भयो जब त्यो पलिश्ती उठेर दाऊद्लाइ भेट्नुलाइ नजिक्
आयो तब दाऊद् पनि छिट्टो गरि त्यो पलिश्तीलाइ भेट्नुलाइ पल्टन् तिर
४९ दुगुर्‍यो । वहांदेखि दाऊद्ले आफ्नु झोलिमां हात् हाल्येर त्यस् देखि ढुंगा
झिकि घुयांत्रोमां हाल्येर त्यस् पलिश्तीको मांथ्मां हिर्काइ दियो त त्यो
५० ढुंगो त्यस्को मांथमां गाड्‌योयो तब त्यो भूइंमां घोप्टो परि लड्यो । यैसोरि
दाऊद्ले त्यस् पलिश्तीलाइ घुयांत्रो र ढुंगाले जीत्यो अनि त्यस् पलिश्तीलाइ
५१ हिर्कायेर मांर्‍यो . तर दाऊद्को हात्मां तरवार् थियेन । वहांदेखि दाऊद्
दुगुरि गयेर त्यस् पलिश्ती मांथि उभीयो अनि त्यसैको तरवार् दाप् देखि
झिकेर हात्मां लिइ त्यसैले त्यस्को कपाल् काटेर कुटगायो । अनि जसै
५२ पलिश्तीहरूले हांमिहरूको बीर् मंर्‍यो भनि देखे तब तिनिहरू भागे । तब
इस्राएल्का र यहूदाका मान्छेहरू उठेर कराये अनि पलिश्तीहरूलाइ गात् र
अक्रोन्को ढोका सम्म न पुगुंज्याल् सम्म खेदे । अनि पलिश्तीहरूका घायल्हरू
५३ शारैम् सम्म अं गात् सम्म र एक्रोन् सम्मको बाटोमां लडे । तब
इस्राएलवंशीहरूले पलिश्तीहरूलाइ खेद्नु देखि फर्केर तिनिहरूको छाउंनी
५४ लुटे । अनि दाऊद्ले त्यस् पलिश्तीको टाउको लियेर यरुशलेम्मां ल्यायो
तर आफ्नु हतियार् आफ्नु पाल्मां राख्यो ॥

(शाऊल् दाऊद्को विरुद्ध)

५५ अनि जसै शाऊल्ले दाऊद्लाइ त्यस् पलिश्ती मांथि निस्कि गयेको
देख्यो तब त्यस्ले सेनापति अब्नेर्लाइ सोध्यो ए अब्नेर् त्यो केटो कस्को
छोरो हो । अब्नेर्ले भन्यो हे महाराजा आफुको प्राण् जीइ रह्येको झैं मं
५६ जान्दीन । तब राजाले भन्यो खोज् गर् त्यो गबरु कस्को छोरो हो । अनि
जसै दाऊद् पलिश्तीहरूको संहार्ई बाटो फर्कि आउंदै थियो तब अब्नेर्ले
त्यस्लाइ पलिश्तीको टाउको हात्मां लियेको भइ शाऊल्को सांमु पुऱ्यायो ।
५८ तब शाऊल्ले त्यस्लाइ भन्यो ए केटा तं कस्को छोरो होस् . तब दाऊद्ले मं
१८ १ आफुको दास् बेत्लेहेमी यिशैको छोरो हुं भनि उत्तर् दियो । अनि
यैसो भयो जब त्यस्ले शाऊल् सित कुरा गरि सक्यो तब योनातान्को प्राण्
दाऊद्को प्राण् सित बांधीयो अनि योनातान्ले त्यस्लाइ आफ्नै प्राण् झैं
२ प्यारो गर्‍यो । अनि शाऊल्ले त्यसै दिन् देखि त्यस्लाइ लियो अनि त्यस्लाइ
३ फेरि त्यस्को बाबुको घर्मां जांनु दियेन । तब योनातान् र दाऊद्ले बाचा
४ बांधे किनभन्ये त्यस्ले त्यस्लाइ आफ्नै प्राण् जस्तो प्यारो गर्दै थियो । अनि
योनातान्ले आफ्नु दौरा काढेर दाऊद्लाइ दियो अनि आफ्नु वस्त्र अं
५ आफ्नु तरवार् र धनु र पटुका पनि । अनि दाऊद् शाऊल्ले त्यस्लाइ जहां
जहां पठाउंद थियो वहां वहां जांद थियो अनि काम्मां बुद्धि सित
भाग्येमान् हुंद थियो . अनि शाऊल्ले त्यस्लाइ लड़ाकिहरूको मालिक्

तुल्यायो अनि त्यो सबै लोगको र शाऊल्का सबै चाकरेहरुको सांमु
मन्पर्दो थियो ॥
अनि तिनिहरु आउंदै गर्दाखेरि येसो भयो जब दाऊद् त्यस् ६
पलिश्तीलाइ मांर्येर फर्कि आयो तब इस्राएल्का सबै सहर् बाटो
आइमाइहरु खुशि सित मृदङ्ग र तृता् बजाउंदै गाउंदै र नाच्दै शाऊल्
राजालाइ भेट्नु आउंद थिइन्। अनि ति आइमाइहरुले आफ्नु खेल्मां ७
जुवारी गाउंदै येसो भन्द थिइन्

शाऊल्ले आफ्ना हजार्हरुलाइ मांर्यो
तर दाऊद्चइंले आफ्ना दस् हजार्हरुलाइ ।

त शाऊल् सारो रिसायो अनि यो कुरो त्येस्लाइ नजाति लाग्यो त त्येस्ले भन्यो ८
तिनिहरुले दाऊद्को लागि दस् हजार्हरुलाइ ठहराइन् तर मेरो लागि चइं
हजार्हरुलाइ मांत्रे. अब ता त्यस्ले खालि राज् पाउंनु मांत्रै बांकि छ। त ९
त्येस दिन् देखि येसो शाऊलले दाऊद् मांथि आंखा लाउंनु लाग्यो ॥
अनि भोलि पल्टो येसो भयो ईश्वर् पट्टिको दुष्ट आत्मा शाऊल् १०
मांथि बल्लियो गरि पर्‍यो अनि त्यो घर् भित्र बरबराउंद थियो. अनि
दिन् दिन् गर्‍येको झैं दाऊद् हात्ले बजाउंद थियो. अनि शाऊल्को हात्मां
येउटा भाला थियो। त शाऊल्ले भालाले हान्यो किनभन्ये त्यस्ले भन्यो मं ११
दाऊद्लाइ गोप्येर भित्तैमां टांसि दिंछु। तर दाऊद् बांचि निक्ल्यो येसो
दुइ खेप् भयो। अनि शाऊल् दाऊद् देखि डरायो किनभन्ये यहोवे त्यो सङ १२
थियो अनि शाऊल् देखि चइं गइ गयेको थियो। येस्कारण शाऊल्ले १३
त्येस्लाइ आफु देखि छुटायेर सहस्त्रपति तुल्यायो तब त्यो लोगको सांमु आउंने
जांने गर्द थियो। अनि दाऊद् आफ्नु सब्बै बाटामां बुद्धि सित भाग्यमान् १४
भयो अनि यहोवे त्यो सङ थियो। अनि जब शाऊलले त्यो अग्घोर् बुद्धि १५
सित भाग्यमानीको हुंद रह्छ भनि देख्यो तब त्यो देखि डराउंद थियो। तर १६
सिंगै इस्राएलले र यहूदाले दाऊद्लाइ प्यारो गर्‍ये किनभन्ये त्यो तिनिहरुको
सांमु भित्र बाहिर आउंने जांने गर्द थियो ॥
अनि शाऊल्ले दाऊद्लाइ भन्यो हेर् मेरो जेठो छोरी मेरब् त्येस्लाइ १७
मं तं सित ब्याहा गरि दिंछु. खालि तं मेरो लागि महाबीर् मांत्रे हो अनि
यहोवेको लागि लड़ाइं गर्दै रह्। किनभन्ये शाऊलले त्यस् मांथि मेरै हात्
न परोस् तर पलिश्तीहरुको हात् परोस् भनि ठान्यो। अनि दाऊद्ले १८
शाऊल्लाइ भन्यो मं को हुं अनि मेरो फेट् को हो अनि मेरो बाबुको
जहान् इस्राएल्मां के हो र मं राजाको जुवंइ होउं। तर येसो भयो जसे १९
शाऊल्को छोरी मेरब्लाइ दाऊद्लाइ दिंने बेला भयेको थियो तब त्यो
महोलति अद्रीएल्लाइ ब्याहामां दिईई। अनि शाऊल्को छोरी मीकल्ले २०
दाऊद् सित पिर्ति गर्द थिई. अनि तिनिहरुले शाऊल्लाइ कहि दिये तब
यो कुरो त्येस्लाइ जाति लाग्यो। अनि शाऊल्ले भन्यो मं त्येस्लाइ त्येसैलाइ २१
दिंछ र यो त्येस्को लागि पासो होस् र पलिश्तीहरुको हात त्येसको बिरुद्धमां

परोस्। येस्कारण् शाऊल्ले दाऊद्लाइ भन्यो आजु तं दोस्रो खेप् मेरो जुवंइ
२२ हुंछस्। अनि शाऊल्ले आफ्ना चाकरेहरुलाइ येसो भनि आज्ञा दियो
गुप्तमां दाऊद् सित कुरा गरि भन हेर्नु हवस् राजाले आफुलाइ मन् पर्येको
छ अनि तिन्का सबै चाकरले पनि आफुलाइ प्यारो गर्द छन्. त अब
२३ राजाका जुवंइ हुंनु हवस् अरे। त शाऊल्का चाकरेहरुले यि कुरा दाऊद्का
कानमां सुनाइ दिये। त दाऊद्ले भन्यो क्य तिमिहरुले राजाको जुवंइ हुंनु
सांनु कुरो हो भनि ठान्द छौ जब मं कंगालि र तुच्छ जानीयेको मान्छे छु।
२४ अनि शाऊल्का चाकरेहरुले त्येस्लाइ दाऊद्ले येसो येसो भन्द छ भनि कहि
२५ दिये। अनि शाऊल्ले भन्यो तिमिहरुले दाऊद्लाइ येसो भन राजाले तिमि
सित क्यइ सोत् मांग्दैनन् तर खालि राजाका सत्तुर्हरु देखि साटो लिंनुलाइ
पलिश्तीहरुका एक् सै खलड़ि मांत्रै ल्याउंनु अरे भनि। अब शाऊल्ले दाऊद्-
२६ लाइ पलिश्तीहरुको हात् बाटो मराउंने मन् गर्येको थियो। अनि जब त्येस्का
चाकरेहरुले दाऊद्लाइ यो कुरा सुनाये तब दाऊद्लाइ राजाको जुवंइ
२७ हुंनुलाइ जाति लाग्यो। अनि दिन् पूरो न भइकननै दाऊद्ले उठि
आफ्ना मान्छेहरुलाइ लिइ गयेर पलिश्तीहरुमांका दुइ सै जनालाइ मांर्यो
अनि दाऊद्ले तिनिहरुका खलड़िहरु ल्यायो वहांदेखि त्यो राजाको जुवइं
हुंनुको लागि। ति तिनिहरुले पूरापूर् गनिकन राजालाइ दिये। तब
२८ शाऊल्ले त्येस्लाइ आफ्नो छोरी मीकल्लाइ ब्याहा गरि दियो। अनि
शाऊल्ले हेर्यो अनि यहवे दाऊद् सङ रह्छ भनि थाहा पायो अनि शाऊल्को
२९ छोरी मीकल्ले त्यो सङ पिर्ति गर्यो। अनि शाऊल् अझै पनि अरु त्रास
गरि डराउंद थियो अनि शाऊल् सधैंभरि दाऊद्को बैरी रह्यो॥
३० फेरि पलिश्तीहरुका मालिक्हरु निक्लि आये. अनि येसो भयो जब
जब तिनिहरु निस्कि आउंद थिये तब तब दाऊद् चइं शाऊल्का सब्बै
चाकरेहरु भन्दा ज्यास्ति बुद्धि सित भाग्यमान्को हुंद थियो येसोरि त्येस्को
नाउं अरघोरै मोल्को भयो॥

१९ १ अनि शाऊल्ले आफ्नु छोरो योनातान्लाइ र आफ्ना सबै
२ चाकरेहरुलाइ दाऊद्लाइ मांर्नु भन्यो। तर शाऊल्को छोरो योनातान्चइंले
दाऊद्लाइ अरघोर् मन् पर्द थियो। त योनातान्ले दाऊद्लाइ येसो भनि
कहि दियो मेरो बाबु शाऊल्ले तिमिलाइ मांर्नु खोजद छ. त कृपागरि
३ बिहान चंख भइ गुप्त ठांउमां लुकि बस. अनि मं निस्कयर तिमि भयेको
जग्गामां आफ्नु बाबुको छेउमां उभींछु अनि तिम्रो बिषयमां आफ्नु बाबु
४ सित कुरा गर्छु अनि क्यइ देख्यें भन्ये मं तिमिलाइ भनि दिउंला। तब
योनातान्ले आफ्नु बाबु शाऊल्लाइ दाऊद्को बिषयमां जाति कुरा गरिकन
भन्यो राजाले आफ्नु चाकरे अर्थात् दाऊद्को बिरुद्धमां अपराध् न गरुन्
किनभन्ये त्येस्ले आफुको बिरुद्धमां क्यइ अपराध् गर्येको छैन अनि पनि
५ आफु तिर भयेका त्येस्का काम् अरघोर् जाति छन्. कसोगरिभन्ये त्येस्ले
आफ्नु प्राण् आफ्नु हत्केलामां लियेर त्यस् पलिश्तीलाइ मांर्यो अनि

यह्वेले सिंगे इस्रायल्को लागि ठुलो छुट्कारा गरायो . त्यो देख्येर आफु
खुशि हुंनु भयेको थियो . त दाऊद्लाइ बिना कारण्मां मार्येर निर्दोषी
लोहूको बिषय्मां आफुले किन अपराध् गर्नु हुंद छ । त शाऊल्ले ६
योनातान्को यो कुरो सुन्यो . अनि शाऊल्ले येसो भनिकन किरिया खायो
यह्वे जीइ रह्यको झैं दाऊद् मारींदैन । तब योनातान्ले दाऊद्लाइ बोलाइ ७
पठायो वहांदेखि त्येस्लाइ यि सबै कुरा देखाइ दियो । अनि योनातान्ले
दाऊद्लाइ शाऊल् थांइ ल्यायो त त्यो अगाड़ि झैं उस्को सांमु बस्नु लाग्यो ॥

तब फेरि लड़ाइँ पर्‍यो . अनि दाऊद्ले निसक्येर पलिश्तीहरु सित ८
लड़ाइँ गर्‍यो अनि तिनिहरुलाइ ठुलो मराइले मार्‍यो अनि तिनिहरु त्येस्को
सांमु देखि भाग्ये । अनि जसै शाऊल् आफ्नु घर्मां हात्मां भाला लियेर ९
बसि रह्यको थियो तब यह्वे पट्टिको दुष्ट आत्मा शाऊल् मांथि पर्‍यो अनि
दाऊद् चइं आफ्नु हात्ले बजाइ रह्यको थियो । त शाऊल्ले दाऊद्लाइ १०
भालाले भित्तैमां गोपि मारि दिंनं मन् गर्‍यो तर त्यो शाऊल्को सांमु देखि
सलक्क निस्कि गयो अनि शाऊल्ले भाला भित्तामां हानि गाड़्यो . त दाऊद्
त्येस् रात् भागि बांच्यो । तब शाऊल्ले दूत्हरुलाइ दाऊद्लाइ चियाउंनु ११
अनि त्येस्लाइ बिहान मार्नुलाइ दाऊद्को घर्मां पठाइ दियो . तब दाऊद्को
स्वास्नी मीकल्ले त्येस्लाइ येसो भन्येर सुनाइ दिई तिमिले आजु राति आफ्नु
प्राण् बचायौन भन्ये देखि भोलि मारींछौ । त मीकल्ले दाऊद्लाइ झ्याल् १२
बाटो सुर्काइ ओह्रालि दिई . त त्यो गयो अनि भागि बांच्यो । वहांदेखि १३
मीकल्ले घर्देवता लियेर ओछ्यान्मां सुताई अनि त्येस्को कपाल् मुनि
बाखाको रऊंको सिरानि हालि दिई अनि लुगा ओढ़ाइ दिई । वहांदेखि १४
जब शाऊल्ले दाऊद्लाइ पक्रंनुको लागि दूत् पठायो तब त्येस्ले तिनि
बिसंच छन् भनि दिई । तब शाऊल्ले दूत्हरुलाइ दाऊद्लाइ हेर्नु पठायो १५
अनि येसो भन्यो त्येस्लाइ खाटै समेत् मं थांइ ल्याव र मं त्येस्लाइ मारुं ।
अनि जसै दूत्हरु भित्र गये त हेर ओछ्यान्मां ता घर्देवता पो रह्छ अनि १६
त्येस्को सिरान्मां बाखाको रऊंको सिरानि रह्छ । तब शाऊल्ले मीकल्लाइ १७
भन्यो किन मं सित येस्तो छल् गरिस् अनि मेरो बैरिलाइ बांच्नुलाइ जांनु
दिइस् . तब मीकल्ले शाऊल्लाइ उत्तर् दिई तिन्ले मंलाइ जांनु दे मं
तंलाइ किन मारुं भन्ये र भन्यें ॥

अनि दाऊद् भाग्येर बांच्यो अनि रामामां शमूएल् थांइ गयो अनि १८
शाऊल्ले त्येस्लाइ जे जे गर्येको थियो ति सबै त्येस्लाइ कहि दियो । तब
त्यो र शमूएल् नैयोत्मां गइ बस्ये । अनि हेर दाऊद् ता रामाको नैयोत्मां १९
पो रह्छ भनि शाऊल्लाइ कहि दिईयो । त शाऊल्ले दाऊद्लाइ पक्रंनुलाइ २०
दूत्हरुलाइ पठाइ दियो . अनि जब तिनिहरुले आगमवक्ताहरुको येउटा
गट्ठालाइ आगम् कहंदै गर्येको र शमूएल्चइंलाइ तिनिहरुको सिराह् भइ
रह्यको देख्ये तब ईश्वर्को आत्मा शाऊल्का दूत्हरु मांथि पर्‍यो अनि
तिनिहरुले पनि आगम् कहंनु लाग्ये । अनि जब यो कुरो शाऊल्लाइ २१

सुनाईयो तब त्येस्ले अरु दूत्हरुलाइ पठायो तब तिनिहरुले पनि अगम्
कहंनु लाग्ये। अनि शाऊल्ले फेरि तीस्रो खेप दूत्हरुलाइ पठायो तब
२२ तिनिहरुले पनि अगमै कहंनु लाग्ये। तब त्यो आफै पनि रामामां गयो
अनि सेकूमां भयेको ठुलो कुवा निर पुग्यो, तब त्येस्ले शमूएल् र दाऊद्
कहां छन् भनि सोध्यो। त येउटाले भनि दियो हेर्नु हवस् रामाको नेयोत्मां
२३ छन्। त त्यो त्यहां बाटो रामाको नेयोत् तिर गयो. अनि ईश्वरको आत्मा
त्यो मांथि पनि पऱ्यो अनि त्यो रामाको नेयोत्मां न पुगुंज्याल् सम्म
२४ अगम् कहंदै हिंड़ गयो। अनि त्येस्ले पनि आफ्नु वस्त्र काड्यो अनि त्येस्ले
पनि शमूएल्को सांमु अगम् कहंनु लाग्यो अनि त्येस् दिन् भरि र त्येस् रात्
भरि नांगै भइ भूइंमां मिल्कीइ रह्यो। येस्कारण् के शाऊल् पनि
अगमवक्ताहरुमांको हो र भनि भनींद छ॥

(शाऊल्को कारण्ले दाऊद्को भगाई)

२० १ त्येस् पछि दाऊद् रामाको नेयोत् देखि भाग्येर योनातान् भये ठांउ
आयेर भन्यो मैंले के गर्येको छु. मेरो अपराध् क्या हो. अनि आफुको
२ बाबुको सांमु मेरो के पाप् छ र तिन्ले मेरो प्राण् लिंनु खोजद छन्। तब
त्येस्ले त्येस्लाइ भन्यो येसो न हवस् तिमि मारींदैन. हेर मेरो बाबुले
मंलाइ न देखाइकन सांनु ठुलो काइ कुरो गर्दैन. त यो कुरा मेरो बाबुले
३ मं देखि किन लुकाउला. येसो हुंदैन। तब दाऊद्ले किरिया समेत्
खाइकन भन्यो आफुका बाबुले आफुको अनुग्रह् मं मांथि भयेको छ
भनिकन राम्रै थाहा पायेका छन् अनि तिन्ले यो कुरो योनातान्ले थाल् न
पावस् होइन भन्ये ता सुर्ताउंछ भनि भन्द छन्. तर सांच्चिनै यहवे जीइ
रह्येको झैं अनि तिम्रो प्राण्को जीवन् सरि मेरो र मरण्को बीच्मां खालि
४ डगभरिको मात्रै फरक् छ। तब योनातान्ले दाऊद्लाइ भन्यो ज्ये ज्ये तिम्रो
५ प्राण्ले मांगद छ मं तिम्रो लागि त्येइ त्येइ गर्छु। तब दाऊद्ले योनातान्लाइ
भन्यो हेर्नु हवस् भोलि दुतिया छ अनि मं राजा सङ्ग भान्सामां बस्नु पर्छ.
तर मंलाइ जांनु दिंनु हवस् मं पर्सि सांझ् सम्म बन्मां लुकि बस्छु।
६ अनि जब आफुको बाबुले त्यो रैन छ भनि थाहा पाउंछन् तब भनि दिंनु
हवस् दाऊद्ले मं सित बलैले बिदा मांग्यो आफ्नु सहर् बत्लेहेम्मां दुगुरि
जांनुलाइ. किनभन्ये वहां सिंगै जहान्को लागि वार्षिक् भेटिबलिदान् छ
७ अरे भनि। त तिन्ले बेस् भन्ये भन्ये देखि आफुको दास्को कुशल् हुंछ. तर ति
८ रिसाये भन्ये देखि त थाहा हुंछ तिन्ले बुराई ठान्येको रछ भनि। येस्कारण्
आफ्नु दास् सित दयाको बेहोरा गर्नु हवस् किनभन्ये आफुले आफ्नु
दास्लाइ आफु सित यहवेको नियम्मां ल्याउंनु भयेको छौ. तर मंमां
अपराध् छ भन्ये देखि आफु आफैले मंलाइ मार्नु हवस् आफुको बाबु थांइ
९ मंलाइ किन लैजांनु हुंछ। तब योनातान्ले भन्यो यो कुरो तिमि देखि
टाढो रहोस. किनभन्ये मेरो बाबुले तिमि मांथि बुराई गर्नुलाइ ठान्येको

छ भनि मंलाइ सांचि थाहा भयेको भये देखि ता क्य यो तिमिलाइ
भन्ने थिइंन। तब दाऊद्ले योनातान्लाइ भन्यो कते आफुको बाबुले १०
आफुलाइ कठोर् उत्तर् दियो भन्ये देखि कस्ले मंलाइ कहि दिंछ। तब ११
योनातान्ले दाऊद्लाइ भन्यो लु हांमिहरु बाहर मैदान्मां जाऊं। त
तिनिहरु दुवै बाहर मैदान्मां गये ॥

अनि योनातान्ले दाऊद्लाइ भन्यो इस्राएल्को ईश्वर् यहवे साक्षी १२
हवस् मैंले भोलि कि पर्सि यैति बेला आफ्नु बाबुको मन् पायें भन्ये देखि
त हेर दाऊद् तिर जाति लाग्यो भन्ये देखि क्य मं तिमि थांइ पठाउंदींन
अनि त्यो तिमिलाइ देखाउंदींन। मेरो बाबुको तिम्रो बुराई गर्ने मन् छ भन्ये १३
देखि अनि मैंले यो कुरो तिमिलाइ प्रगटो गरिकन तिमिलाइ कुशल् सित
जांनुलाइ बिदा दिइंन भन्ये देखि यहवेले योनातान्लाइ यैसै गरोस् अं यो
भन्दा पनि ज्यास्ति गरोस्. अनि यहवे जस्तो मेरो बाबु सङ थियो त्यस्तै
तिमि सङ पनि हवस्। अनि तिमिले मेरो जौउंनी भरि मात्रै मं न मरुं लाइ १४
यहवेको कृपा मंलाइ देखाउ होइन. तर जब यहवेले दाऊद्का सत्तुर्हरु १५
सबैलाइ पृथिवीको मुख् देखि सबै उठाइ लगि सकला तब पनि मेरो जहान्
देखि तिम्रो कृपा उठाइ न लैजांनु। त योनातान्ले दाऊद्को जहान् सित १६
यहवेले दाऊद्का सत्तुर्हरको हात्को बाटोले त्यस्को साटो लिंछ होला
भन्येर बाचा बांध्यो। अनि योनातान्ले दाऊद्लाइ त्येसले तेस्लाइ प्यारो गर्न्याको १७
कारण्ले फेरि किरिया खुवायो. किनभन्ये त्येस्ले त्येस्लाइ आफ्नै प्राण् जस्तो
प्यारो गर्दै थियो। तब योनातान्ले त्येस्लाइ भन्यो भोलि ता दुतिया छ. १८
अनि तिम्रो बैठक् खालि भयेको कारण्ले तिमि रैन छौ भनि थाहा हुंछ।
अनि जब तिमि तीन् दिन् बसि सक्छौ तब छिट्टोगरि आउंनु अनि काममां १९
लाग्ने दिन्मां लुकि रह्येको ठांउमां आयेर एजेल् भनींने ढुंगा निर बसि
रहंनु। अनि मं त्येस्को छेउमां तारो हान्येको जस्तो गरि तीन्वटा कांडू २०
हानि पठाउंछु। अनि हेर मं केटालाइ जा कांडू खोज् भनि पठाउंछु। अनि २१
मैंले केटालाइ हेर् काडू तेरो वल्लो पट्टि छन् ति टिप्येर आइज भन्यें
भन्ये देखि तिमि निक्लि आउंनु किनभन्ये यहवे जीउंदो रह्येको झैं तिम्रो लागि
कुशल् छ हानि होइन। तर मैंले त्येस् गबरुलाइ हेर् काडू तेरो पल्लो पट्टि २२
छन् भन्यें भन्ये देखि त आफ्नु बाटो लाग्नु किनभन्ये यहवेले तिमिलाइ
बिदा दियेको छ. अनि तिमिले र मैंले गर्येका कुराको बिषय्मां हेर २३
यहवे सधैंभरि तिम्रो र मेरो बीच्मां छ ॥

त दाऊद् खेत्मां लुक्यो. अनि जब दुतियाको दिन् आयो तब राजा २४
खान्सामां बस्यो। अनि राजा अगाड़ि झैं आफ्नु बैठक्मां बस्यो अं भित्ता २५
निर भयेको वहि बैठक्मां अनि योनातान् उभीयो अनि अब्नेर् शाऊल्को
छेउमां बस्यो. तर दाऊद्को ठांउ खालि थियो। तैपनि शाऊल्ले त्येस् २६
दिन् केहि कुरा भन्येन. किनभन्ये त्येस्लाइ केहि पर्न्याको छ होला त्यो शुद्ध
छैन निस्चे शुद्ध छैन होला भनि ठान्यो। अनि दुतियाको भोलि पल्टो २७

अर्थात् अर्को दिन् येसो भयो दाऊद्को ठांउ फेरि खालि थियो . अनि
शाऊल्ले आफ्नु छोरो योनातान्लाइ भन्यो यिशैको छोरो किन भान्सामां
२८ आयेन न हिजो न आजु । अनि योनातान्ले शाऊल्लाइ उत्तर् दियो
२९ दाऊद्ले बेत्लेहेम्मां जांनुलाइ मं सित बलैले बिदा मांग्यो . अनि त्यस्ले
भन्यो कृपागरि मंलाइ बिदा देउ किनभन्ये हांमिहरुको जहान्ले
सहर्मां बलिदान् चढाउंदै छ अनि मेरो दाज्युचइंले मंलाइ आउंनु
अह्रायेको छ . त अब आफुको अनुग्रह् मं मांथि छ भन्ये देखि कृपा
गरिकन मंलाइ बिदा दिंनु हवस् र मं आफ्ना दाज्युहरुलाइ हेरुं भन्येर
३० भन्यो । येस्कारण्ले त्यो राजाको मेज्मां आयेको छैन । तब शाऊल्को रिस्
योनातान् मांथि उठ्यो अनि त्यस्लाइ भन्यो ए अटेरनी र भगरेनीको छोरो
के मं जान्दीन तैंले यिशैको छोरोलाइ तेरै लाज्को लागि र तेरी आंमाको
३१ नंगेईंको लाज्को लागि छान्येको छस् भनि । किनभन्ये यिशैको छोरो
भूमिमां जीउंदो रहुंज्याल् सम्म तं र तेरो राज् स्थिर् हुंदैन । येस्कारण्
३२ पठायेर त्यस्लाइ यहां मं थांइ ले किनभन्ये त्यो निस्से मांरींछ । तब योनातान्ले
आफ्नु बाबु शाऊल्लाइ येसो भनिकन उत्तर् दियो त्यो किन मांरींछ त्यस्ले
३३ के गर्येको छ र । तब शाऊल्ले त्यस्लाइ मांर्नुलाइ आफ्नु भाला हान्यो .
येस् देखि योनातान्ले मेरो बाबुले दाऊद्लाइ मांर्नुलाइ ठहरायेको रछ
३४ भनि थाहा पायो । त योनातान् रिस्ले बल्दै मेज् देखि उठ्यो अनि
महीनाको दोस्रो दिन्मां भान्सा गर्येन . किनभन्ये दाऊद्को लागि सुर्तायो
मेरो बाबुले त्यस्लाइ लाज् पारि दियो भन्येर ॥

३५ अनि बिहान येसो भयो योनातान् निकल्येर मैदान्मां दाऊद् सङ
३६ ठहरायेको ठांउमां गयो अनि त्यो सङ येउटा सानु केटा पनि । अनि त्यस्ले
आफ्नु केटालाइ भन्यो दुगुरिकन ऐले मैंले हान्येको कांडू खोज् । अनि
केटा दुगुर्दै गर्दाखेरि त्यस्ले येउटा कांडू त्यस्लाइ नघायेर पल्लो पट्टि हानि
३७ पठायो । अनि जब त्यो केटा योनातान्ले हान्येको कांडूको ठांउमां पुग्यो
तब योनातान्ले केटालाइ हाप्येर भन्यो के कांडू तेरो पल्लो पट्टि छैन .
३८ फेरि योनातान्ले केटालाइ हापारि भन्यो छिट्टो गरि हतार् गर् न अडीइ ।
३९ त योनातान्को केटा कांडू बटुल्येर आफ्नु स्वामी भय् ठांउ आयो । तर
त्यस् केटाले केइ पनि बूझेन . खालि योनातान् र दाऊद्ले मांत्रै त्यो कुरो
४० बूझ्द थिये । अनि योनातान्ले आफ्नु हतियार् आफ्नु केटालाइ दियेर
४१ त्यस्लाइ भन्यो जा यि सहर्मां लैजा । अनि केटा जांनु बित्तिकै दाऊद्
दक्खिन् पट्टि लाग्या ठांउ देखि उठेर भूईमां घोप्टो पर्यो अनि तीन् खेप्
दण्डवत् गर्यो . अनि तिनिहरुले आपस्तमां चूमा खा खा गर्ये अनि सङ
४२ सङै रोये दाऊद्चइंले जीत्ने गरि । अनि योनातान्ले दाऊद्लाइ भन्यो कुशल्
सित जाउ किनभन्ये हांमिहरुले यहवेको नांउमां येसो भनिकन किरिया
खायेका छौं यहवे मेरो र तिम्रो र मेरो बंश र तिम्रो बंशको बीचमां सधैं
हवस् भनि । तब त्यो उठेर हिंड्यो . अनि योनातान् चइं सहर्मां आयो ॥

तब दाऊद् नोबमां अहीमेलेक् पूजाहारी थांइ आयो. तब २१ १
अहीमेलेक् दाऊद्‌लाइ भेट्नुलाइ कांप्दै निक्ल्यो अनि त्येस्लाइ भन्यो आफु
किन एक्लै आउंनु भयो अनि आफु सङ्ग किन कोई मान्छे छैन। तब दाऊद्‌ले २
अहीमेलेक् पूजाहारीलाइ भन्यो राजाले मंलाइ येउटा काम्को आज्ञा
दियेको छ अनि मंलाइ भन्येको छ जुन् काम्को बिषय्मां मैले तंलाइ
पठायेको छु अनि जुन् आज्ञा मैले तंलाइ दियेको छु त्यो कसैले चाल् न
पावस्. अनि मैले तंन्हेरिहरूलाइ फलाना ठांउमां आउंनु भनि खटायेको
छु। त एले आफुको हात्मां के छ. मंलाइ पांच्वटा रोटी कि ज्य ज्य ३
पाइंछ मेरो हात्मां दिंनु हवस्। तब पूजाहारीले दाऊद्‌लाइ उत्तर् दिइ ४
भन्यो मेरो हात्मां केहि साधारण् रोटी ता छैन तर पवित्र रोटीहरू छन्
तर तंन्हेरिहरू आइमाइहरू देखि अलग् रह्येका छन् भन्ये मात्रै। त दाऊद्‌ले ५
पूजाहारीलाइ उत्तर् दिइ भन्यो सांचिनै यि तीन् दिन् जति भये
आइमाइहरू हामिहरू देखि अलग् छन् जब देखि मं निस्कें तब देखि
तंन्हेरिहरूका भांड़ाहरू चोखा छन् यो साधारण् हिंड़ाई मात्रै थियो र पनि. त
झन् ज्यास्ति गरि आजु तिनिहरूका भांड़ाहरू चोखा छन्। तब पूजाहारीले ६
त्येस्लाइ पवित्र रोटी दियो. किनभन्ये त्यहां भेटिका रोटीहरू जो यहवेको
सांमु देखि उठाईयेका थिये ति उठाईयेको दिन्मां तातो रोटी राखौंनुको
लागि ति देखि बाहिक् अरु रोटी थियेन। अनि त्यहां शाऊल्का ७
चाकरहरूमांको एक् जना यहवेको सांमु थुना परि रह्येको थियो त्येस्को नांउ
एदोमी दोएग् थियो जो शाऊल्का गोठालाहरूको मूल् थियो। अनि दाऊद्‌ले ८
अहीमेलेक्लाइ भन्यो त यहां आफुको हात्मां केहि भाला कि तरवार् छैन.
किनभन्ये मैले न आफ्नु तरवार् न आफ्नु हतियार् साथमां ल्यायेको छु
राजाको काम्को हतार्को कारणले। तब पूजाहारीले भन्यो आफुले एलाको ९
तरिमां मार्येको पलिश्ती गोल्यत्को तरवार् छ हेर त्यो यहां एपोद्को
पछाड़ि लुगामां बेर्हेर राख्येको छ. त्यो लैजांन मन् छ भन्ये देखि लांनु
हवस्. किनभन्ये यो बाहिक् यहां अरु छैन। त दाऊद्‌ले भन्यो त्यो जस्तो
अरु छैन त्यह मंलाइ दिंनु हवस्॥

अनि दाऊद् उठेर शाऊल्को डर्को कारणले त्यस् दिन् भाग्येर १०
गात्को राजा आकीश् थांइ गयो। तब आकीश्का चाकरहरूले त्येस्लाइ ११
भन्ये के यो चइं देस्को राजा दाऊदै होइन. के तिनिहरूले येसैको
बिषय्मां जुवारी गाउंदै भन्दैन थिइन्

शाऊल्ले आफ्ना हजार्हरूलाइ मार्यो

तर दाऊद्‌चइंले आफ्ना दस् हजार्हरूलाइ।

तब दाऊद् यि कुरा आफ्नु मन्मां जोगाइ राख्येर गात्को राजा आकीश् १२
देखि सारो डरायो। येस्कारण् त्येस्ले तिनिहरूको सांमु आफ्नु बेहोरा फेर्यो १३
अनि तिनिहरूका हातमां आफुलाइ बौलाहा जस्तो गर्यो अनि ढोकाको
देलोमां डोराहरू कोर्यो अनि आफ्नु दारीमां राल् झर्नु दियो। तब १४

आकीशले आफ्ना चाकरेहरुलाइ भन्यो हेर त्यो मान्छे ता ठौलाहा पो
१५ रछ तिमिहरुले देखद छौ. त किन त्येसलाइ मं थांइ ल्यायेका छौ। के मं
थांइ बौलाहाहरुको घटि छ र तिमिहरुले त्येसलाइ मेरो सांमु बौलेहौं
गर्नुलाइ ल्यायेका छौ. के येस्तो मान्छे मेरो घर्मां आउंछ ॥
२२ १ येसकारण् दाऊद् त्यहां बाटो हिंड़ेर अदुल्लाम्को ओढार्मां भागि
गयो. तब त्येसका दाज्युहरु र त्येसको बाबुको सबै जहान् यो सुन्येर वहां त्यो
२ थांइ उत्रि गये। अनि सबै संकट्मां पर्येकाहरु र ऋणाहाहरु र उदास्
भयेकाहरु त्यो थांइ मेला भये अनि त्यो तिनिहरु मांथिको मालिक् भयो.
त त्यो सङ चार् सै जना जति भये ॥
३ अनि दाऊद् त्यहां बाटो मोआब्को मिस्पेमां गयो. अनि त्येसले
मोआब्को राजालाइ भन्यो कृपागरि मेरा बाबु आंमालाइ निस्कि आउंनु
दिंनु हवम् अनि ईश्वर्ले मेरो लागि के गर्छ भनि मंलाइ थाहा न होउंज्याल्
४ सम्म आफु सङ बस्दै गर्नु दिंनु हवस्। त त्येसले तिनिहरुलाइ मोआब्को
राजाको सांमु ल्यायो. अनि दाऊद् जैले सम्म त्यस् गड़िमां रहंद थियो तैले
५ सम्म तिनिहरु राजा सङ रहंद थिये। अनि गाद् अगमवक्ताले दाऊद्लाइ
भन्यो गड़िमां न बस हिंड़ेर यहूदाको देस्मां जाउ। तब दाऊद् हिंड़ेर
हेरेत्को बन्मां आइ पुग्यो ॥
६ वहांदेखि शाऊलले दाऊद् र त्यो सङ भयेका मान्छेहरुको पत्ता पाईयो
भन्ने कुरो सुन्यो. त्यस् बेला शाऊल् गिबाको रामामां भयेको झाऊको बोट्
मुनि आफ्नु हात्मां भाला लियेर बसि रह्येको थियो अनि त्येसका चाकरेहरु
७ त्येसका वरिपरि उभीइ रह्येका थिये। तब शाऊलले आफ्ना वरिपरि उभीइ
रह्येका चाकरेहरुलाइ भन्यो अब सुन हे तिमि बिन्यामीनीहरु हो के
यिशैको छोरोले तिमिहरु जनंगेलाइ खेत् र दाखको बारी दिंछ के त्येसले
८ तिमि सबै जनालाइ सहस्रपति र शतपति तुल्याउंछ र तिमिहरु सबैले
मेरो बिरुद्धमां राजद्रोह् गर्येका छौ अनि मेरो छोरोले यिशैको छोरो सित
बाचा बांध्द छ तब कसैले मंलाइ देखाउंदैन अनि तिमिहरुमांको कसैले
पनि मेरो बिषयमां सुर्ता गर्दैन न मंलाइ आफ्नो छोरोले आफुको बिरुद्धमां
ढुकि बस्नुलाइ आफुको चाकरेलाइ उल्क्यायेको छ जस्तो आजु छ भनि देखाइ
९ दिंद छ। तब शाऊल्का चाकरेहरुको छेउमां उभीयेको एदोमी दोएग्ले उत्तर्
दिइ भन्यो मैले यिशैको छोरोलाइ ता नोब्मां अहीतूब्को छोरो अहीमेलेक्
१० थांइ आउंदै गर्येको देख्येको थियें। अनि त्येसले त्येसको लागि यहवे सित
सोधनी गर्यो अनि त्येसलाइ खांने थोक् दियो अनि त्येसलाइ पलिश्ती
११ गोलियत्को तरवार् पनि दियो। तब राजाले अहीतूब्को छोरो अहीमेलेक्
पूजाहारीलाइ र त्येसको बाबुको सबै जहान् अं नोब्मां भयेका पूजाहारी-
१२ हरुलाइ बोलाइ पठायो. अनि तिनिहरु सबै जना राजा थांइ आये। तब
शाऊलले भन्यो ए अहीतूब्को छोरो अब सुन्। त त्येसले यहां छु हे मेरा प्रभु
१३ भनि उत्तर् दियो। तब शाऊलले त्येसलाइ भन्यो तिमिहरुले अं तं र यिशैको

छोरोले किन मेरो बिरुद्धमां राजद्रोह् गर्यका छौ अं तैंले त्यसलाइ रोटी र
तरवार् दिइस् अनि त्येस्को लागि ईश्वर् सित सोधनी गरिस् त्यो मेरो
बिरुद्धमां ढुकि बसुलाइ उठोस् भन्येर जस्तो आजु छ। तब अहीमेलेक्ले १४
राजालाइ उत्तर् दिइ भन्यो त आफुका चाकरहरुमांको दाऊद् जस्तो
बिश्वास्योग्य् को छ जो राजाको जुवंइ पनि हो अनि आफुको राजसभाको
सम्बंधी अनि आफुको घर्मां मान्को। के मैंले आजु त्येस्को लागि ईश्वर् १५
सित सोधनी गर्नु थाल्यें यो कुरो मं देखि टाढ़ो रहोस्. राजाले आफ्नु
चाकरेलाइ र मेरो बाबुको जहान्लाइ केइ दोष् न लगाउंनु हवस्.
किनभन्ये आफुको चाकरेले यि सबै कुराको बिषय्मां न घटि न बढि जान्द
छ। तब राजाले भन्यो निस्से मंर्छस् ए अहीमेलेक् तं र तेरो बाबुको सबै १६
जहान्। वहांदेखि राजाले आफ्ना वरिपरि उभीयेका अठ्पहरीयाहरुलाइ १७
भन्यो फर्केर यहवेका पूजाहारीहरुलाइ मार किनभन्ये यिनिहरुको हात् पनि
दाऊद् सङ छ अनि किनभन्ये तिनिहरुले त्यो भाग्येको छ भनि जानिकन
पनि मंलाइ देखायेनन्। तर राजाका चाकरहरुले यहवेका पूजाहारीहरु
मांथि जाइ लागि हात् पसार्नुलाइ मान्येनन्। तब राजाले दोएग्लाइ भन्यो १८
तं फर्केर पूजाहारीहरु मांथि जाइ लाग्। त एदोमी दोएग् फर्केर
पूजाहारीहरु मांथि जाइ लाग्यो त त्येस् दिन् पाट्कपराको एपोद् लाउंनेहरु
पचास्सी जनालाइ मार्यो। अनि त्येस्ले पूजाहारीहरुको सहर् नोब्लाइ १९
तरवार्को धार्ले मार्यो पुरुष् स्त्री बालख र दुद् खांनेहरुलाइ अनि गोरुहरु
गदाहाहरु भेंड़ाबाखाहरुलाइ तरवार्को धार्ले। अनि अहीतूबको छोरो २०
अहीमेलेक्का छोराहरुमांको येउटा एब्यातार् भनौंने चइ बांच्येर भाग्दै
दाऊद् पछि गयो। वहांदेखि एब्यातार्ले दाऊद्लाइ शाऊल्ले यहवेका २१
पूजाहारीहरुलाइ मार्यो भनि कहि दियो। तब दाऊद्ले एब्यातार्लाइ भन्यो २२
जस् दिन् एदोमी दोएग् वहां थियो तब मैंले त्येस्ले अवस्स शाऊल्लाइ कहि
दिंछ भनि त्येसै दिन् जान्येको थियें. तिम्रो बाबुको सब जहान्को
मरण्को कारण् मैं भयें। मं सङ बस न डराउ तिम्रो प्राण् खोज्नेले मेरो २३
प्राण् पनि खोज्द छ. तर तिमि मंमां थाति जस्तो हुंछौ॥

अनि दाऊद्लाइ हेर्नु हवस् पलिश्तीहरुले कीला भनौंने सहर्को २३ १
बिरुद्धमां लड़ाईं गर्येर खलाहरु लूट्द छन् भनि सुनाईयो। येस्कारण् दाऊद्ले २
येसो भनिकन यहवे सित सोधनी गर्यो के मं गयेर ति पलिश्तीहरुलाइ
मारुं। तब यहवेले दाऊद्लाइ भन्यो गयेर पलिश्तीहरुलाइ मार्येर कीलालाइ
बचा। तब दाऊद्का मान्छेहरुले त्येस्लाइ भन्ये हेर्नु हवस् हामिहरु यहां ३
यहूदामां पनि डराउंद छौं. त पलिश्तीहरुको बिरुद्धमां कीलामां गयूं भन्ये
देखि ता झन् के ज्यास्तिगरि डराउंदैनौं। तब दाऊद्ले फेरि यहवे सित ४
सोधनी गर्यो। अनि यहवेले त्येस्लाइ उत्तर् दिइ भन्यो उठेर कीलामां
उत्रि जा किनभन्ये मं पलिश्तीहरुलाइ तेरो हात्मां सुम्पि दिंछु। तं ५
दाऊद् र त्येस्का मान्छेहरुले कीलामां गयेर पलिश्तीहरु सङ लड़ाईं गर्ये

अनि तिनिहरूका पशुहरूलाइ खेदि ल्याये अनि तिनिहरूलाइ ठुलो मराईले
मार्‌थे। येसोरि दाऊद्‌ले कीलाका वासीहरूलाइ बचायो ॥
६ अनि येसो भयो अहीमेलेक्‌को छोरो एब्यातार् दाऊद् थांइ कीलामा
७ भागि आउंदा हात्‌मां एपोद् लियेर उत्रि आयेको थियो। अनि शाऊल्‌लाइ
दाऊद् कीलामां गइ पुग्यो अरे भनि सुनाईयो। तब शाऊल्‌ले भन्यो ईश्वर्‌ले
त्येस्लाइ मेरो हात्‌मां दिये छ कसोगरिभन्ये ढोका र आगलाहरू भयेको
८ सहर् भित्र पुनीये छ। वहांदेखि शाऊल्‌ले सिंगै लोगलाइ लड़ाईको
लागि कीलामां उत्रि जांनुलाइ दाऊद् र त्येस्का मान्छेहरूलाइ घेर्नुको
९ लागि डाकि पठायो। अनि दाऊद्‌ले शाऊल्‌ले मेरो बिरुद्धमां बुराई गर्न
जुक्ति गर्दै छ अरे भनि जान्यो तब एब्यातार् पूजाहारीलाइ भन्यो
१० एपोद् चड़ें येता ल्याउ। तब दाऊद्‌ले भन्यो हे यहूवे इस्राएल्‌को ईश्वर्
तपांइको दास्‌ले सांचिमांचिनै सुन्येको छ शाऊल् मेरो कारण्‌ले सहर् नष्ट
११ पार्नुलाइ कीलामां आउंनु आंट्येको छ अरे भनि। त क्ये कीलाका
मान्छेहरूले मंलाइ त्येस्को हात्‌मां सुम्पि दिंछन् होला. तपांइको दास्‌ले
सुन्येको झैं क्ये शाऊल् उत्रि आउंछ. हे यहूवे इस्राएल्‌को ईश्वर् मं तपांइ
सित बिन्ति गर्दै छु आफ्‌नु दास्‌लाइ भन्नु हवस्। तब यहूवेले भन्यो त्यो
१२ उत्रि आउंछ। तब दाऊद्‌ले भन्यो क्ये कीलाका मान्छेहरूले मंलाइ र मेरा
मान्छेहरूलाइ शाऊल्‌को हात्‌मां सुम्पि दिंछन्। अनि यहूवेले भन्यो
१३ तिनिहरूले तंलाइ सुम्पि दिंछन्। तब दाऊद् र त्येस्का छ से जना जति
मान्छेहरू उठेर कीला देखि निस्कि गये अनि येताउति जहां जहां जांनु
सक्‌द थिये वहां वहां जांद थिये। अनि शाऊल्‌लाइ दाऊद् कीला देखि
बांचि निस्‌क्यो भनि सुनाईयो तब त्येस्ले वहां निस्कि जांने मन् गर्नु छोड़्यो ॥
१४ अनि दाऊद् बन्‌मां गढ़िगढ़ि हुंदो रह्यो अनि जीप्‌को बन्‌को पहाड़े
देस्‌मां बसि रह्यो। अनि शाऊल्‌ले त्यस्लाइ दिन् दिन् खोज्‌द थियो तर
१५ ईश्वर्‌ले त्यस्लाइ त्येस्को हात्‌मां सुम्पि दियेन। अनि दाऊद्‌ले शाऊल मेरो
प्राण् खोज्‌नुलाइ निस्कि आयेको छ भनि थाहा पायो. त्येस् बेला दा...
१६ जीप्‌को बन्‌मां होरेश्‌मां रहंद थियो। अनि शाऊल्‌को छोरो ये...नातान्‌ले
उठेर दाऊद् थांइ होरेश्‌मां गयेर त्येस्को हात् ईश्वर्‌मां ...लियो तुल्यायो।
१७ अनि त्येस्ले त्यस्लाइ भन्यो न डराउ, किनभन्ये मेरो बाबु शाऊल्‌को हात्‌ले
तिमिलाइ भेट्‌दैन अनि तिमि इस्राएल् मा...थ राजा हुंछौ अनि मं चड़ें
माइला जस्तो भइ तिम्रो छेउमां हुंछु अनि ...कुरा पनि मेरो बाबु शाऊल्‌लाइ
१८ थाहा छ। अनि ति दुइले यहूवेको... सांमु बाचा बांध्ये. अनि दाऊद्
१९ होरेश्‌मां रह्यो तर योनातान् चड़ें... आफ्‌नु घर्‌मां गयो। तब जीपीहरू
शाऊल् थांइ गिबामां येसो भन्दै ...चढ़ि आये क्ये दाऊद् हांमिहरू सङ
बन्‌को दक्खिन् तिर भयेको ह...कीलाको पहाड़्‌मां होरेश्‌मां भयेका गढ़ि
२० गढ़ि हुंदो लुकि रह्येको छैन।... त अब हे महाराजा आफ्‌नु उत्रि आउंने
मन्‌को इच्छे अनुसार उत्रि ...आउंनु हवस् अनि हांमिहरूको काम् यो हुंछ

त्यसलाइ राजाको हातमां सुम्पि दिंनु । अनि शाऊलले भन्यो तिमिहरु यहवे २१
देखि आशीषित् हव किनभन्ये मं मांथि दया गर्येका छौ । कृपागरि अरु पनि २२
ठीक् गरि जान अनि त्यसको सेवा गर्ने ठांउ अनि त्यसलाइ वहां कस्ले देख्यो
त्यो पनि थाहा पाव । किनभन्ये त्यस्ले अघोर् छलको बेहोरा गर्द छ भनि
लाइ सुनाईयेको छ । त हेर अनि त्यस्ले लुकि हिंड्ने सबै ठांउ पनि थाहा २३
पाव अनि ठीक् ठीक् जानिकन मं थांइ फर्कि आव त मं तिमिहरु सङ
जाउंला . अनि येसो हुंछ त्यो देसमां रछ भन्ये देखि त मं त्यसलाइ यहूदाको
सबै फटफेटमां खोज् गर्छु । त तिनिहरु उठेर शाऊलको अघि अघि २४
जीफमां गये . तर दाऊद् र त्यसका मान्छेहरु बनको दक्खिन् तिर भयेको
अराबामां माओन् भनींने बनमां थिये । अनि शाऊल् र त्यसका मान्छेहरु २५
त्यसलाइ खोजनु गये । अनि दाऊदलाइ सुनाईयो . येसकारण त्यो पहरा सम्म
उत्रि आयेर माओनको बनमां बसि रह्यो । त यो कुरो सुन्येर शाऊलले
दाऊदलाइ माओनको बनमां खेद्यो । अनि शाऊल् पहाडको येता पट्टि २६
बाटो गयो अनि दाऊद् चइं र त्यसका मान्छेहरु पहाडको उता पट्टि
बाटो गये . अनि दाऊदले शाऊलको डरको कारणले निकलि जांनुलाइ
हतार् गर्यो किनभन्ये शाऊल् र त्यसका मान्छेहरुले दाऊद् र त्यसका
मान्छेहरुलाइ समांतनुलाइ घेर्ये । तर शाऊल् थांइ एक् जना दूत् येसो २७
भन्दै आयो छिट्टोगरि आउंनु हवस् किनभन्ये पलिश्तीहरु देशमां
फिंजीयेका छन् । त शाऊल् दाऊदलाइ खेद्नु देखि फर्केर पलिश्तीहरुको २८
बिरुद्धमां गयो . येसकारण तिनिहरुले त्यस् ठांउको नांउ सेलाहम्महलकोत[1]
राख्यो । अनि दाऊद् वहां बाटो एनगदीको गाड़ हुंदो बसि रह्यो ॥

अनि येसो भयो जसै शाऊल् पलिश्तीहरुलाइ खेद्नु देखि फर्क्यो तब २४ १
त्यसलाइ हेर्नु हवस् दाऊद् एनगदीको बनमां रछ भनि सुनाईयो । तब शाऊल् २
सिंगै इस्राएलमांका छानीयेका तीन् हजार् जनालाइ लियेर दाऊद् र त्यसका
मान्छेहरुलाइ घोरल् हुंने पहराहरु हुंदो खोजनु गयो । अनि बाटोमां गोठहरु ३
भयेठांउमां पुग्यो जहां येउटा ओढार् पनि थियो अनि शाऊल् दिशा बस्नुलाइ
त्यस् भित्र पस्यो । त्यस् बेला दाऊद् र त्यसका मान्छेहरु ओढारको भित्र कुनामां
बसि रह्येका थिये । तब दाऊदका मान्छेहरुले त्यसलाइ भन्ये हेर्नु हवस् त्यो ४
येइ दिन् हो जसको बिषयमां यहवेले आफुलाइ हेर् मं तेरो सत्तुरलाइ
तेरो हातमां सुंम्पि दिंछु अनि जे तंलाइ जाति लाग्ला त्यइ त्यसलाइ गर्छस्
भन्येर भन्येको छ . तब दाऊदले उठेर चुप लागिकन शाऊलको दौराको छेउ
काट्यो । त्यस् पछि येसो भयो दाऊदको मन् शाऊलको दौरा काटेरको कारणले ५
सुर्तायो । अनि त्यस्ले आफना मान्छेहरुलाइ भन्यो मैंले आफनु प्रभु मांथि ६
अं यहवेको अभिषिक्त मांथि त्यसको बिरुद्धमां आफनु हात् पसार्नु येस्तो
काम् गर्नु देखि यहवेले मंलाइ अलग राखोस् किनभन्ये यहवेको अभिषिक्त

[1] अर्थात् छोड़ायेका पहरा ।

७ येइ हो। त येस्तो कुरो भनिकन दाऊद्ले आफ्ना मान्छेहरूलाइ थामी अनि
तिनिहरूलाइ शाऊल्को बिरुद्धमां उठ्नु दियेन। अनि शाऊल ओडार
८ देखि उठेर आफ्नु बाटो समात्यो। त्यस् पछि दाऊद् पनि उठेर ओडार
देखि निस्केर शाऊल्लाइ येसो भन्दै हापाऱ्यो हे मेरा प्रभु महाराजा
अनि जब शाऊलले आफ्नु पछिल् तिर हेऱ्यो तब दाऊद्ले भूइंमां घोप्टो
९ परेर प्रणाम् गऱ्यो। अनि दाऊद्ले शाऊल्लाइ भन्यो आफुले हेर्नु हवस-
दाऊद्ले आफुको हानि गर्नु खोज्द छ अरे भन्ने मान्छेहरूका कुरा किन
१० सुन्नु हुंद छ। हेर्नु हवस् आजुको दिन् आफुका आंखाले देख्ने यहूवेले
आजु आफुलाइ ओडार्मां मेरो हात्मां सुम्पि दियेको थियो. अनि कत्तिले
मंलाइ आफुलाइ मार्ने पनि भन्ये. तर मैंले आफुलाइ छाडि दियें मैंले
भन्यें मं आफ्नु हात् आफ्नु प्रभु माथि पसार्दीन किनभन्ये यहूवेको
११ अभिषिक्त यिनै हुन् भनि येस उप्रान्त हे मेरा पिता हेर्नु हवस् अं मेरो
हात्मां आफुको दौराको टुक्रा हेर्नु हवस्. मैंले आफुको दौराको छेउ काटें
तर आफुलाइ चइं मारिंन येसैमां ठीक् ठीक् थाहा पाउंनु हवस् मेरो मन्
मां न बुराई न अपराध् छ अनि अनि मैंले आफुले मेरो प्राण् लिंनुलाइ
मंलाइ खेद्नु हुंद छ र पनि मैंले आफुको बिरुद्धमां पाप् गऱ्यको छुइंन।
१२ मेरो र आफुको बीच्मां यहूवेले निया गरोस् अनि आफु देखि यहूवेले
१३ मेरो साटो लेवस्. तर मेरो चइं हात् ता आफु माथि पर्दैन। उइले
उइलेको उखान्ले भन्ये भैं दुष्ट देखि दुष्टैं निस्कंछ. तर मेरो चइं हात् ता
१४ आफु माथि पर्दैन। इस्राएल्का महाराजा कस्को पछि निस्कि आयेका छन्.
आफुले कस्लाइ खेद्नु हुंद छ कंय मर्येको येउटा कुकुर्लाइ कि येउटा
१५ उपीञालाइ। येस्कारण् यहूवेले बिचारी भइ मेरो र आफुको बीच्मां
निया गरि देवस् अनि मेरो कुरा खेरोस् अनि मंलाइ आफुको हात् देखि
१६ छोडावस्। अनि येसो भयो जब दाऊद्ले यि कुरा शाऊल्लाइ भनि सक्यो
तब शाऊल्ले भन्यो कंय यो सोर् तेरो हो ए मेरो छोरा दाऊद् अनि शाऊल
१७ आफ्नु शब्द उचालि रोयो। अनि त्येस्ले दाऊद्लाइ भन्यो तं मं भन्दा धर्म्मी
रैछस्. कसोगरिभन्ये तंले मंलाइ भलो गरिस् अनि मैंले तंलाइ बुरो
१८ गऱ्यें। अनि आजुको दिन् तंले मं सित जाति बेहोरा गऱ्येको देखाइस्.
कसोगरिभन्ये जब यहूवेले मंलाइ तेरो हात्मां सुम्पि दि सक्येको रह
१९ र पनि तंले मंलाइ मारिनस्। कसोगरिभन्ये कसैले आफ्नु बेरीलाइ
भेटायो भन्ये कंय त्येस्ले त्येस्लाइ येसै छोड्छ. येस्कारण् आजुको दिन् तंले मं
२० सित जंय गऱ्येको छस् त्येस्को साटो यहूवेले तेरो भलो गरोस्। त अब हेर
तं निस्से राजा हुंछस् अनि तेरै हात्मां इस्राएल्को राज् स्थिर् हुंछ भनि
२१ मंलाइ थाहा छ। त अब मं आफु पछि आफुको जहान्लाइ काट्दीन
अनि आफुको नांउ आफुको बाबुको जहान् देखि मेटि दिन्न भन्येर मं सङ
२२ यहूवेको किरिया खा। त दाऊद्ले शाऊल् सित किरिया खायो। तब
शाऊल् आफ्नु घर्मां गयो तर दाऊद् र त्येस्का मान्छेहरू गढ़िमां चढ़ि गये॥

अनि शमूएल् मऱ्यो अनि सिंगै इस्राएल्ले भेला भयेर त्येस्को २५ १
लागि बिलाप् गऱ्ये अनि त्येस्लाइ त्येस्को घर्मां रामामां गाड़ेर। अनि
दाऊद् उठेर पारान्को बन्मां उत्रि गयो ॥
अनि माओन्मां येउटा मान्छे थियो जस्को कर्वना कर्मल्मां थियो २
अनि त्यो मान्छे अग्घोर् बड़ाद्मी भयो त्येस्का तीन् हजार् भेंड़ा र एक्
हजार् बाख्रा थिये. अनि त्येस्ले आफ्ना भेंड़ाहरु कर्मल्मां कत्रंने गर्दै ३
थियो। अब त्येस् मान्छेको नांउ नाबाल् थियो अनि त्येस्की स्वास्नीको
नांउ अबीगैल् थियो. अनि स्वास्नी बड़ं बुद्धिमान् र राम्री थिई. तर
लोग्नेबड़ं कठोर् र नजाति नजाति काम् गर्ने थियो अनि त्यो कालेब्को
बंशको थियो। अनि नाबाल्ले आफ्ना भेंड़ाहरु कत्रंद छ भनि बन्मां ४
दाऊद्ले सुन्यो। अनि दाऊद्ले दस् जना जुवान्लाइ डाक्यो अनि ५
दाऊद्ले ति जुवान्हरुलाइ भन्यो कर्मल्मां चढ़ि गयेर नाबाल् थांइ जाव
अनि त्येस्लाइ मेरो नांउले कुशल् सोध. अनि त्येस् भरिपूर्ण मान्छेलाइ ६
येसो भन आफुको कुशल् हवस् अनि आफुको घर्को कुशल् हवस् अनि
आफुको सब् थोक्मां कुशल् हवस्। अनि अब मैंले आफुका ऊण् ७
कत्रंनेहरु छन् अरे भनि सुन्येको छु. आफुका गोठालाहरु हांमिहरु सङ
थिये अनि तिनिहरु कर्मल्मां रहुंज्याल् सम्म हांमिहरुले तिनिहरुको केइ
हानि गऱ्यूंन अनि तिनिहरुको केइ पनि हरायेन। आफुका जुवान्हरु ८
सित सोध्नु हवस् त तिनिहरुले आफुलाइ भनि दिन्छन्. येस्कारण् ति
मेरा जुवान्हरु माथि आफुको अनुग्रह् हवस् किनभन्ये हांमिहरु हर्षका
दिन्मां आयूं. कृपागरि आफुको हात्मां जे आउला आफुका दास्हरुलाइ र
आफुको छोरो दाऊद्लाइ दिंनु हवस्। त दाऊद्का जुवान्हरुले आयेर ९
नाबाललाइ दाऊद्को नांउले ति सबै कुरा भन्ये वहांदेखि चुप लागि
बस्ये। तब नाबाल्ले दाऊद्का चाकरेहरुलाइ येसो भनि उत्तर् दियो दाऊद् १०
भन्ये को हो. अनि यिशैको छोरो भन्ये को हो. आज्काल् आफ्ना आफ्ना
स्वामीहरु देखि निस्कि भाग्ने चाकरेहरु धेरैनै छन्। त के मं आफ्ना ११
अन्न पानी अनि मैंले आफ्ना ऊण् कत्रंनेहरुको लागि माऱ्येको मासु लग्येर
ति कहां कहांका नचिंन्येकाहरुलाइ दिउं। तब दाऊद्का जुवान्हरुले फर्केर १२
आफ्नु बाटो समात्ये वहांदेखि आइ पुग्येर यि सबै कुरा अनुसार् त्येस्लाइ सुनाइ
दिये। अनि दाऊद्ले आफ्ना मान्छेहरुलाइ भन्यो जनंगले आफ्नु आफ्नु १३
तरवार् भिर। त तिनिहरुले आफ्नु आफ्नु तरवार् भिऱ्ये अनि दाऊद्ले
पनि आफ्नु तरवार् भिऱ्यो. वहांदेखि दाऊद् पछि पछि चार् से जना गये तर
दुइ से जना चइं आल्माल् छेउ रह्ये। तर जुवान्हरुमांको एक् जनाले १४
नाबाल्की स्वास्नी अबीगैल्लाइ येसो भन्येर सुनाइ दियो हेर्नु हवस् दाऊद्ले
बन् बाटो हांम्रा स्वामीलाइ सलाम् गर्नुलाइ दूत्हरुलाइ पठाइ दियेको
थियो तर तिन्ले तिनिहरुलाइ झम्टेर। तर ति मान्छेहरु ता हांमिहरु १५
सित अग्घोर् भलाहरु थिये अनि हांमिहरु बन्मां हुंदा तिनिहरु सित

संगत् गरुंञ्याल् सम्म हांमिहरुको कोइ हानि भयेन न कोइ थोक् हरायो.
१६ जैले सम्म हांमिहरु भेंड़ा चराउंद थियूं तैले सम्म तिनिहरु हांमिहरुको
१७ लागि रात् दिन् येउटा आड़् थिये। येस्कारण् अब थाहा पाउंनु हवस् अनि
बिचार् गर्नु हवस् आफुले के गर्नु हुंछ किनभन्ये हांम्रा स्वामी मांथि र
तिन्का सबै जहान् मांथि बुराई ठहराईयेको छ. किनभन्ये तिनि येस्ते
१८ बिकामे फक्कड़् जस्ता छन् तिनि सङ कसैले कुरा गर्नु सक्देन। तब अबीगेल्ले
हत्त र पत्त गर्येर दुइ से रोटी र दुइ मशक् दाखरस् र तियार् पार्येको
पांच्वटा भेंड़ा र भुट्येको पांच् डालो अन्न र एक् से झुप्पा किस्मिस् र दुइ
१९ से नेभाराका भकना लिई वहांदेखि गदाहाहरु मांथि बोकाई। अनि त्येस्ले
आफ्ना जुवान्हरुलाइ भनी मेरो अघि अघि जाव हेर मं तिमिहरुको
२० पछि पछि आउंद छु। तर त्येस्ले आफ्नु लोग्ने नाबाल्लाइ भनीन। अनि
येसो भयो जसै त्यो आफ्नु गदाहा मांथि चढेर पहाड्को आड्आड़ उत्रि
आउंदै थिई त हेर दाऊद् र त्येस्का मान्छेहरु त्येस्को सांमु आइ पुग्ये त
२१ त्येस्ले तिनिहरुहाइ भेटी। अब दाऊद्ले भन्येको थियो सांचि मैले व्यर्थ
त्यस् मान्छको बन्मां भयेका सबै थोक् यहां सम्म मङेर त्येस्का जति थिये
तिनमांको येउटा पनि हरायेको थियेन. तर्पनि त्येस्ले मं सित भलोको
२२ साटो बुराई गर्येको छ। त मैले बिहान उज्यालो होउंज्याल् सम्ममां त्येस्का
सबैमांको येउटा छोराबालख पनि छोड़ेर भन्ये देखि ईश्वर्ले येसै अं
२३ यो भन्दा पनि बेसि दाऊद्का बैरीहरु सित गरोस् भन्ये। अनि जब
अबीगेल्ले दाऊद्लाइ देखी तब गदाहा बाटो छिट्टो ओह्ल्येर दाऊद्को
२४ सांमु घोप्टो पर्येर भूइं सम्म ढोक् दिई। वहांदेखि त्येस्का गोड़ामां घोप्टो
पर्येर भनी हे मेरा प्रभु मं मांथि अं मैं मांथि त्यो अधर्म्म परोस्. कृपागरि
आफुको कमारीलाइ आफुका कानमां भन्न दिंनु हवस् अनि आफुको
२५ कमारीका कुरा सुन्न हवस्। कृपागरि मेरा प्रभुले त्यस् बिकामे फक्कड़् अं
नाबाल् मांथि चेत् न लगाउंनु हवस्. किनभन्ये जस्तो त्येस्को नाउं छ त्यो
मान्छेइ पनि त्यस्तै छ नाबाल्[१] त्येस्को नाउं हो अनि त्येस्मां मुर्खइँ छ. तर
मं आफुको कमारीले आफुले पठायेका मेरा प्रभुका जुवान्हरुलाइ देखीन।
२६ त अब हे मेरा प्रभु यह्वे जीइ रहेको झैं अनि आफुको प्राण्
जीइ रहेको झैं यह्वेले आफुलाइ रगत् बहाउंनु देखि र आफुको
हात्ले साटो लिंनु देखि थुन्येको कारण्ले आफुका बैरीहरु र जस
२७ जस्ले मेरा प्रभुको बुराई खोज्द छन् तिनिहरु नाबाल् जस्तो होउन्। त
अब आफुको कमारीले आफ्नु प्रभुको सांमु ल्यायेका यो सोगात् मेरा
२८ प्रभुका पछि पछि हिंड्ने जुवान्हरुलाइ दिईओस्। कृपागरि आफुको
कमारीको अपराध् क्षमा गर्नु हवस्. किनभन्ये यह्वेले निस्से मेरा प्रभुकन
स्थिर् जहान् तुल्याउंछ किनभन्ये मेरा प्रभुले यह्वेको लागि लड़ाईं गर्नु

[१] अर्थात मूर्ख।

हुंछ अनि आफुको पालाभरि आफुमां कोइ अधर्म्म पाईदैन। अनि २९
कोई आफुलाइ खेदनुलाइ र आफुको प्राण खोजनुलाइ उठेरको छ
भन्ये पनि मेरा प्रभुको प्राण आफुको ईश्वर यहवे सङ जीवनिको बिटामां
बांधीओस् तर आफुका वैरीहरुको चइं प्राण घुयांत्रोको खोरि देखि
आफाल्येको ढुंगो झैं आफालि देवस्। अनि येसो हुंछ यहवेले मेरा ३०
प्रभुकन आफुको विषयमां भन्येका सबै भलाई अनुसार गरि सक्यो भन्ये
अनि आफुलाइ इस्राएल मांथि मालिक खटाइ सक्यो भन्ये देखि
न मेरा प्रभुले अकारण रगत बहायेको थियो भनिकन कि मेरा प्रभुले ३१
साटो फर्कायेको थियो भनिकन आफुको मनमां त्यस्तो कोइ डगमगाउंने
कारण कि ठोकर लाग्ने कारण न हवस्. तर जब यहवेले मेरा प्रभु सित
भलो गर्येको हुंछ तब आफनी कमारीलाइ पनि सम्झनु होला। तब ३२
दाऊदले अबीगैललाइ भन्यो इस्राएलको ईश्वर यहवे जस्ले आफुलाइ
आजु मंलाइ भेटनुलाइ पठायो धन्नको हवस्। अनि आफुको बुद्धि धन्न ३३
हवस् अनि आफुको धन्न हवस् जस्ले आजुको दिन मंलाइ रगत बहाउंनु
देखि र मेरै हातले साटो लिंनु देखि थुनि राख्योको छ। किनभन्ये सांचि ३४
सांचिने इस्राएलको ईश्वर यहवे जीइ रह्येको झैं जस्ले मंलाइ आफुको
हानि गर्नु देखि थुन्येको छ आफु मंलाइ भेटनुलाइ छिटो न आयेको भये
देखि सांचि सांचिने बिहान उज्यालो होउंज्याल सम्ममां नाबालको येउटा
छोराबालख पनि छोडीयेको हुंने थियेन। त दाऊदले त्यस्ले ज्ये ज्ये ३५
ल्यायेको थिई ति त्यस्को हात देखि लियो . अनि त्यस्ले त्यस्लाइ कुशल सित
आफनु घरमां जांनु हवस् हेर्नु हवस् मैंले आफुको कुरा सुनिकन आफुको
सिर उठायें भन्यो। तब अबीगैल नाबाल थांइ आई अनि हेर त्यस्ले आफनु ३६
घरमां राजाको भोज जस्तो भोज गर्दै रह्छ अनि नाबालको मन मगन भइ
रह्येको रह्छ कसोगरिभन्ये त्यो खुब मात्येको थियो . येसकारण त्यस्ले त्यस्लाइ
बिहान उज्यालो होउंज्याल सम्म येस्तो उस्तो कोइ कुरो भनीन। अनि बिहान ३७
चइं येसो भयो जब नाबालको मात हरायो तब त्यस्को स्वास्नीले ति सबै
कुरा सुनाइ दिई तब त्यस्को मन त्यस्को भित्र मंर्यो अनि त्यो ढुंगो जस्तो
भइ गयो। अनि दिन दसेक पछि येसो भयो यहवेले नाबाललाइ मंर्नै गरि ३८
छिर्कायो। अनि जब दाऊदले नाबाल मंर्यो भरे भन्येको सुन्यो तब त्यस्ले ३९
भन्यो यहवे धन्नको हवस् जस्ले नाबालको हात देखि मेरो दोषको कुरा
खेर्यो अनि आफनु दासलाइ अधर्म्म देखि थुनि राख्यो . अनि नाबालचइंको
बुराई यहवेले त्यसैको थाप्रोमां फर्कायेर हालि दियो। अनि दाऊदले
अबीगैललाइ आफनी स्वास्नी तुल्याउंने विषयको लागि माग्न पठायो। अनि ४०
जब दाऊदका चाकरेहरु कर्मेलमां अबीगैल भये ठांउ पुग्ये तब तिनिहरुले
त्येस्लाइ दाऊदले आफुलाइ आफनी स्वास्नी तुल्याउंनुलाइ हामिहरुलाइ
आफु थांइ पठायेका छन् भन्येर भन्ये। तब त्यस्ले उठेर भुइं सम्म घोप्टो ४१
पर्येर भनी हेर्नु हवस आफनी कमारी आफनु प्रभुका चाकरेहरुका चरण

४२ धुने दासी। तब अबीगैल् छिटोगरि उठेर आफ्नी पांचवटी सखिनीहरु
सङ गदाहामां चढेर दाऊद्का दूत्हरु पछि लागी वहांदेखि त्येको स्वास्नी
४३ भइ गई। फेरि दाऊद्ले यिज्रेल्को अहीनोअम्लाइ पनि लियो अनि ति
४४ दुइ त्येको स्वास्नीहरु भइन्। तर शाऊल्ले आफ्नी छोरी दाऊद्को स्वास्नी
मीकल्लाइ गल्लीम् बस्ने लैश्को छोरो पल्तीलाइ दिहाल्येको थियो॥

२६ १ अनि जीपीहरु गिबामां शाऊल् थांइ येसो भन्दै आये कि
२ दाऊद् बन्को सांमु भयेको हकीलाको पहाड्मां लुकि रह्येको छैन। तब
शाऊल् उठेर जीप्को बन्मां दाऊद्लाइ खोज्नुलाइ आफु सङ इस्राएल्का
३ तीन् हजार् छानीयेका मान्छेहरु लियेर जीप्को बन्मां उत्रि गयो। अनि
शाऊल्ले बन्को सांमु भयेको हकीलाको पहाड्मां बाटोको छेउमां डेरा
हाल्यो। तर दाऊद् चइं बन्मां बसि रह्यो अनि त्येस्ले शाऊल् बन्मां मेरो
४ पछि लाग्येको छ भनि थाहा पायो। येस्कारण दाऊद्ले भेदियाहरुलाइ पठायो
५ त त्येस्ले शाऊल् आयेको छ भनि ठीक् ठीक् थाहा पायो। तब दाऊद् उठेर
शाऊल्ले डेरा हाल्येको ठाउंमां आयो. अनि दाऊद्ले शाऊल् र नेर्को छोरो
अब्नेर् सेनापति रह्येको ठांउ देख्यो. अनि शाऊल् गाड़ीहरुको आड्मां
६ बस्येको छ अनि लोगले त्येस्को रिंगै डेरा हाल्येका राछन्। तब दाऊद्ले
हित्ती अहीमेलेक् र योआब्को भाइ जरुयाह्को छोरो अबिशैलाइ उत्तर्
७ दिइ भन्यो मं सङ छाउनीमां शाऊल् भये टांउ को उत्रि जांछ। त अबीशैले
८ मं आफु सङ जांछु भन्यो। त दाऊद् र अबीशै राति लोग् थांइ आये. त
हेर शाऊल् गाड़ीहरुको आड्मां सुति रह्येको छ अनि त्येस्को भाला चइं
सिरान् निर भूइंमां गाड़ि राख्येको छ. अनि अब्नेर् र लोग्हरु त्येस्को रिंगै
सुति रह्येका राछन्। तब अबीशैले दाऊद्लाइ भन्यो ईश्वर्ले आजु आफुको
बैरीलाइ आफुको हात्मां सुम्पि दियेको छ. येस्कारण अब कृपागरि
मंलाइ त्येस्लाइ भालाले एक्कै खेप् मांत्रै भूइंमां हिर्काइ गोपि मार्न् दिनु
९ हवस् अनि त्येस्लाइ दोस्रो खेप् हिर्काउंदैन। तब दाऊद्ले अबीशैलाइ
भन्यो त्येस्लाइ नास् न गर्. किनभन्ये को आफ्नु हात् यहवेको अभिषिक्तको
१० बिरुद्धमां पसारिकन निर्दोषी हुंछ। फेरि दाऊद्ले भन्यो यहवे जीइ
रह्येको झैं यहवेलेनै त्येस्लाइ मार्छ कि ता त्येस्को मर्ने दिन् आइ पुग्छ कि
११ ता लड़ाइंमां उत्रि गयेर नष्ट हुंछ। मैले आफ्नु हात् यहवेको अभिषिक्त
माथि पसार्नु देखि यहवेले मंलाइ थुनोस्. त अब कृपागरि त्येस्को सिरान्मां
१२ भयेको भाला र पानीको झारी लि र जाऊं। त दाऊद् शाऊल्को सिरान्
देखि भाला र पानीको झारी लियेर हिंड्यो अनि न कसैले देख्यो न कसैले
थाहा पायो न कोइ जाग्यो. कसोगरिभन्ये सबै सुति रह्येका थिये
किनभन्ये तिनिहरु माथि यहवेको पट्टि बाटो अघोर् निन्द्रा हालीयेको
१३ थियो। तब दाऊद् पल्लो पट्टि गये र टाड़ोको डांड़ाको थाप्रिमां उभीयो
१४ अनि तिनिहरुको मांझमां ठुलो अन्तर् थियो। वहादेखि दाऊद्ले लोग्लाइ
र नेर्को छोरो अब्नेर्लाइ येसो भनिकन हापार्यो हे अब्नेर् को उत्तर्

हिंदौन। तब अब्नेर्ले उत्तर् दिइ भन्यो राजालाइ हापार्ने तं को
होस्। अनि दाऊद्ले अब्नेर्लाइ भन्यो के तिमि बीर् हौन अनि तिमि १५
जस्तो इस्राएल्मां को छ. त किन तिमिहरुले आफ्नु प्रभु राजाको रक्षे
गर्येका छौन. किनभन्ये लोग्हरुमांको येउटा तिम्रो प्रभु राजालाइ नास्
पार्नुलाइ आयेको थियो। तिमिहरुले गर्येको यो काम् जाति छैन। यह्वे १६
जीव रह्यको भैं तिमिहरु मारीने माफिक्का छौ किनभन्ये तिमिहरुले
आफ्नु प्रभु अर्थात् यह्वेको अभिषिक्तको रक्षे गर्येका छौन। त अब हेर
राजाको भाला खोइ अनि तिन्को सिरान् निर भयेको पानीको झारी
खोइ। तब शाऊल्ले दाऊद्को सोर् चिन्येर भन्यो ए मेरो छोरा दाऊद् १७
के यो तेरो सोर् हो। अनि दाऊद्ले भन्यो हे मेरा प्रभु हे महाराजा
मेरै सोर् हो। अनि त्यस्ले भन्यो मेरा प्रभुले आफ्नु दास्लाइ किन १८
खेद्नु हुंद छ मैंले के गर्येको छु र. कि मेरो हात्मां के बुराई छ। त अब १९
कृपागरि मेरा प्रभु महाराजाले आफ्नु दास्को कुरा सुन्नु हवस्। यह्वेले
आफुलाइ मेरो विरुद्धमां सुर्यायेको छ भन्ये देखि त उस्ले भेटि ग्रहण्
गरोस्. तर मान्छेको छोरोले गर्येको छ भन्ये देखि त तिनिहरु यह्वेको
सांमु स्रापित् होउन् किनभन्ये तिनिहरुले मंलाइ जा पराय् देवताहरुको सेवा
गर् भन्येर धपायेका छन् यह्वेको अधिकार्मां भाग् न पाउं भन्ये खातिर्ले।
त अब मेरो रगत् यह्वेको सांमु देखि भूइंमां न परोस्. किनभन्ये २०
जसोगरि कसैले डांड़ा डांड़ा हुंदो तित्राको सिकार् गर्द छ त्यसैगरि
इस्राएल्का महाराजा येउटा उपीञालाइ खोज्नु निस्क्येका छन्। तब २१
शाऊल्ले भन्यो मैंले पाप् गर्यें. फर्कि आ ए मेरो छोरा दाऊद्. किनभन्ये
आजु मेरो प्राण् तेरो सांमु अमोल्को भयो येस्कारण् मं फेरि फेरि तेरो
हानि कैले पनि गर्ने छुइंन. अनि हेर् मैंले मूर्खइं गर्यें अनि बिघ्रै भूल्
गर्यें। तब दाऊद्ले उत्तर् दिइ भन्यो हे महाराजा आफुको भाला हेर्नु हवस् २२
जुवान्हरुमांको येउटाले आयेर त्यो लैजावस्। अनि यह्वेले जनंगेलाइ २३
त्यस्को धर्म्म र सच्चेइं अनुसार् साटो देवस्. किनभन्ये आजु यह्वेले
आफुलाइ मेरो हात्मां सुम्पि दियेको थियो र पनि मैंले आफ्नु हात्
यह्वेको अभिषिक्त मांथि पसार्नु खोजींन। त हेर आजु जसोरि आफुको २४
प्राण् मेरो आंखाको सोजि पियारो भयो त्यसैगरि मेरो प्राण् पनि यह्वेको
आंखाको सोजि पियारो हवस् अनि उस्ले मंलाइ सबै कष्ट देखि बचावस्।
तब शाऊल्ले दाऊद्लाइ भन्यो धन्नको होस् तं ए मेरो छोरा दाऊद्. तंले २५
महा महा कार्ज्य कर्न छस् अनि निस्से जिताहा हुंछस्। तब दाऊद्ले आफ्नु
बाटो समात्यो अनि शाऊल् चइं आफ्नु घर्मां फर्क्यो॥

(दाऊद् पलिश्तीहरु सङ रहंनु)

त्यस् पछि दाऊद्ले आफ्नु मन्मां भन्यो अब ता मं कोइ न कोइ २७ १
दिन् शाऊल्को हात् देखि नष्ट हुंछु. त मं पलिश्तीहरुको देस्मां भागि

जांनु भन्दा जाति अरु कांइ छैन त शाऊल् इस्राएलको सिंगै सिमाना भरि
खोजदा खोजदा मेरो विषयमां निराश् हुंछ . त येसोरि म त्येसको हात् देखि
२ बांचछु । तब दाऊद् उठेर आफु सङ भयेका छ सै जना मान्छेहरु समेत्
३ गादको राजा माओकको छोरो आकीश् थांइ तरि गयो । अनि दाऊद्
गातमां आकीश् सङ बस्यो अं त्यो र त्येसका मान्छेहरु जनंगै आफ्नु आफ्नु
जहान् समेत् अं दाऊद् र त्येसको दुवैवटी स्वास्नीहरु यिज्रेली अहीनुआम् र
४ नाबालको स्वास्नी कर्मेली अबीगैल् । अनि शाऊललाइ दाऊद् ता गादमां
पो भागि गयेछ भनि सुनाईयो . त त्येसले फेरि फेरि त्येसलाइ खोजेन ॥
५ तब दाऊदले आकीशलाइ भन्यो आफुको अनुग्रह् म मांथि भयो
भन्ये देखि मलाइ बाहिरका सहरहरुमांको कुनैमां बस्नुको लागि वहां
ठांउ दिईओस् . किनभन्ये आफुको दास् आफु सङ राजधानीमां किन
६ बसोस् । तब त्यस् दिन् आकीशले त्येसलाइ सिकलग् दियो . येस्कारण् आजु
सम्म सिकलग् यहूदाका राजाहरुको पट्टि छ ॥
७ अनि दाऊद् पलिश्तीहरुको बाहिर देसमां बस्येका दिन् एक् बर्ष र
८ चार् महीना पूरा थिये । अनि दाऊद् र त्येसका मान्छेहरु चढेर गशूरीहरु र
गिर्जिहरु र अमालेकीहरु मांथि जाइ लाग्ये . किनभन्ये तिनिहरु शूर्
जांने बाटो सम्म अं मिस्रको देस् सम्मको देसका बासीहरु तादि देखि
९ तिने थिये । त दाऊदले देस् नास् पार्दै थियो अनि न पुरुष् न स्त्री जीउंदो
बचाउंदै थियो तर भेंड़ाबाख्रा गाईगोरु गदाहाहरु ऊंटहरु र कपरालत्ता चढ़ै
१० लैजांदै थियो बहांदेखि फर्केर आकीश् थांइ आउंदै थियो । त आकीशले
आजु को मांथि जाइ लाग्यो भनि सोध्यो । तब दाऊदले भन्यो यहूदाको
दक्खिन् देस् र यरहमेलिहरुको दक्खिन् देस् र केनीहरुको दक्खिन् देस्
११ मांथि । अनि दाऊदले येसो भनिकन न पुरुष् न स्त्रीलाइ गातमां ल्याउंनुको
लागि जीउंदो बचायो होइन भन्ये ता तिनिहरुले दाऊदले येसो येसं
गर्यो अनि त्यो पलिश्तीको बाहिर देसमां बस्दा त्येसको बहोरा येस्तै थियो
१२ भनि हामिहरुको बिषयमां समाचार् पुर्याउंछन् भन्येर । त आकीशले
दाऊदलाइ पत्यायो दाऊदले आफुलाइ आफ्नै लोग् इस्राएल् देखि सारो
घिनलाग्दो तुल्यायो येस्कारण् त्यो सधंभरि मेरो दास् हुंछ भन्येर ॥
२८ १ त ति ताक येसो भयो पलिश्तीहरुले इस्राएल् सित लड़ाइं गर्नुको
लागि आफ्ना सेनाहरुलाइ भेला गर्यो । अनि आकीशले दाऊदलाइ भन्यो
आफु आफ्ना मान्छेहरु समेत् म सङ सेनामां जांनु पर्छ भनि राम्रो थाहा
२ पाउंनु । त दाऊदले आकीशलाइ भन्यो येस्कारण् आफुको दासले के गर्छ
आफुलाइ थाहा हुंछ । अनि आकीशले दाऊदलाइ भन्यो त्यस्कारण् म
आफुलाइ सदाको लागि मेरो सिरको रक्षे गर्ने तुल्याउंछु ॥
३ अनि शमूएल् मर्येको थियो अनि सिंगै इस्राएलले त्येसको लागि
बिलाप् गर्येका थिये अनि त्येसलाइ रामामां अं त्येसको निज् सहरमां गाड़ेरका
थिये । अनि शाऊलले सबै बिजुवाहरु र झांक्रिहरुलाइ देस् देखि निकालि

दियेको थियो। अनि पलिश्तीहरुले मेला भयेर शूनेम्मां आयेर डेरा ४
हाल्ये. अनि शाऊलले सिंगै इस्राएललाइ मेला गर्येर गिल्बोमां डेरा
हाल्यो। अनि जब शाऊलले पलिश्तीहरुको सेनालाइ देख्यो तब डरले ५
त्येस्को मन् सारो कांप्यो। अनि जब शाऊलले यहवेको सोधनी गर्यो तब ६
यहवेले त्येस्लाइ न सपना न ऊरीम् न अगमवक्ताहरुको बाटोले केइ उत्तर्
दियो। तब शाऊलले आफ्ना चाकरेहरुलाइ भन्यो मेरो लागि कोई बायू ७
खेलाउंने आइमाइलाइ खोज र मं त्यो थांइ गयेर त्यो सित सोधनी गरुं।
त त्येस्का चाकरेहरुले त्येस्लाइ भन्ये हेर्नु हवस् एन्दोर्मां येउटी बायू
खेलाउंने आइमाइ छ। तब शाऊलले भेष् फेर्यो अनि अर्को लुगा लायेर ८
दुइ जनालाइ साथ लियेर त्येस् आइमाइ थांइ राति गयो. अनि भन्यो
कृपागरि मेरो लागि आफ्नु बायू सित सोध अनि जस्को जस्को नांउ मं
सोधुंला त्येस्लाइ जगाइ ल्याउ। तब आइमाइले त्येस्लाइ भनी हेर्नु हवस् ९
शाऊलले के गर्येको छ भनि आफुलाइ थाहा छ अर्थात् त्येस्ले सबै बिजुवाहरु
र सबै झांक्रिहरुलाइ देस् देखि निकालि दियेको छ. के कारणले मंलाइ
मारौनुको लागि मेरो प्राणको लागि पासो थाप्दछौ। अनि शाऊलले १०
त्येस् आइमाइको लागि यहवेको नांउले येसो भनिकन किरिया खायो यहवे
जौइ रह्यको झैं येस् कुराको कारणले तिमि मांथि केइ दण्ड हुंदैन। तब ११
आइमाइले भनी आफुको लागि मं कस्लाइ जगाइ उठाइ दिउं। तब त्येस्ले
भन्यो शमूएललाइ जगाइ उठाइ देउ। तब त्यो आइमाइ शमूएललाइ १२
देख्येर सारो कराई. अनि आइमाइले शाऊललाइ येसो भनी मंलाइ किन
धोखा दियौ तिमि ता शाऊल् पो रहछौ। अनि राजाले त्येस्लाइ भन्यो १३
न डराउ. किनभन्ये के देख्दछौ। अनि आइमाइले शाऊललाइ
भनी मं देवतालाइ धर्ति बाटो उठ्दै गर्येको देख्दछु। अनि त्येस्ले त्येस् १४
आइमाइलाइ सोध्यो त्येस्को रूप् कस्तो छ। अनि त्येस्ले भनी येउटा बूढो
आउंदै छ जस्ले खाष्टो ओढ्यको छ। तब शाऊलले त्यो ता शमूएलनै हो
भनि थाहा पायेर भूइंमां घोप्टो पर्येर दण्डवत् गर्यो। अनि शमूएलले १५
शाऊललाइ भन्यो तैंले मंलाइ जगाइ उठायेर किन बिचैन् गराइ दिइस्।
त शाऊलले उत्तर् दियो मं बिघ्न दुखित् छु किनभन्ये पलिश्तीहरुले मं
सित लड़ाइँ गर्द छन् अनि ईश्वर् मं देखि गइ गयेको छ अनि मंलाइ फेरि
न अगमवक्ताको न सपनाको बाटोले उत्तर् दिंद छ. येस्कारण मैंले कसो गर्नु
पर्ने हो त्यो मंलाइ जनाइ दिनुं हवस् भन्ये खातिर्ले आफुलाइ बोलायेको
छु। तब शमूएलले भन्यो जब यहवे तं देखि गइ गयेको छ अनि तेरो १६
वैरी बनीयेको छ त मं सित किन सोद्धछस्। अनि यहवेले मेरो बाटोले १७
भन्येको झैं उस्ले आफ्नु लागि काम् गर्येको छ. अनि यहवेले तेरो हात्
देखि राज् च्यात्येको छ अनि तेरो छिमेकि अं दाऊद्लाइ दियेको छ।
किनभन्ये तैंले यहवेको कुरा मानीनस् अनि उस्को बल्दो रिस् अमालेक् १८
मांथि हालिनस् येस्कारण यहवेले आजु तं सित यो काम् गर्येको छ।

१९ येस् उप्रान्त यहूवेले इस्राएल्लाइ पनि तं समेत् पलिश्तीहरूको हात्मां
सुम्पि दिंछ. अनि भोलि तं र तेरा छोराहरू मं सङ हुंछौ. यहूवेले
२० इस्राएल्को सेना पनि पलिश्तीहरूको हात्मां सुम्पि दिंछ। तब शाऊल्ले
त्यतिनै खेरि भूइंमां अष्टाङ्ग प्रणाम् गर्‍यो अनि शमूएल्को कुराको कारणले
सारो डरायो. अनि त्यस्मां कोइ बल् पनि रहेन किनभन्ये दिन्भरि रात्भरि
२१ कोइ खायेको थियेन। अनि आइमाइले शाऊल् पांइ आयेर त्यस्लाइ
अग्घोर् गरि सुर्तायेको देख्येर भन्यो हेर्नु हवस् आफुको दासीले आफुका
कुरा सुनि आफ्नु प्राण् आफ्नु हत्केलामां राखि आफुले मंलाइ भन्येका
२२ कुरा मान्येको छु। येस्कारण् कृपागरिकन आफुले पनि आफ्नी दासीको कुरा
सुनि बक्स्नु हवस् अनि मंलाइ आफुको सांमु एक् गांस् रोटी राख्नु
दिनु हवस् अनि खांनु हवस् र आफुलाइ आफ्नु बाटोमां हिंड्दा बल्
२३ हवस्। तर त्येस्ले मान्येन अनि मं खान्न भन्येर भन्यो। तर त्यस्का चाकरहरूले
र त्यस् आइमाइ समेत्ले टिपि लाये तब त्येस्ले तिनिहरूको कुरा मान्यो।
२४ तब भूइं बाटो उठेर खाट्मां बस्यो। अनि त्यस् आइमाइको घर्मां येउटा
पलुवा बाच्छा थियो त त्येस्ले छिट्टो गरिकन मारी वहांदेखि अन्न झिकेर
मुछि अनि अखमीरे रोटी पोलो. वहांदेखि शाऊल् र त्येस्का चाकरहरूका
सांमु ल्याई अनि तिनिहरूले खाये। तब तिनिहरू उठेर त्यसै रात् गइ गये॥

२९ १ तब पलिश्तीहरूले आफ्ना सिंगै सेनाहरूलाइ अपेक्मां भेला
गराये. अनि इस्राएलीहरूले चइं यिज्रेल्मां भयेको जरूवा पानी निर
२ डेरा हाल्ये। अनि पलिश्तीहरूका मालिक्हरू आफ्ना से से र आफ्ना
हजार् हजार् भइ अघि अघि हिंड्द थिये. अनि दाऊद् र त्येस्का मान्छेहरू
३ आकीश् सङ पछि पछि हिंड्इ आये। तब पलिश्तीहरूका मालिक्हरूले
भन्ये यि इब्रानीहरूको यहां के काम् छ। त आकीश्ले पलिश्तीहरूका
मालिक्हरूलाइ भन्यो के यो इस्राएल्को राजा शाऊल्को चाकर दाऊद्
चइं होइन जो येत्ति दिन् अं येत्ति बर्ष देखि मं सङ छ अनि जेले देखि
त्यो मं सङ छ तेले देखि आजु सम्म त्यस्मां कोइ दोष् पायेको छुइंन।
४ तर पलिश्तीहरूका मालिक्हरू त्यो देखि रिसाये अनि पलिश्तीहरूका
मालिक्हरूले त्येस्लाइ भन्ये येस् मान्छेलाइ फर्काइ दिनुं हवस् र त्यो आफुले
जुन् ठांउ त्यस्को लागि खटाइ दिनु भयेको छ त्यस् ठाउंमां फर्कि जावस्
अनि हामिहरू सङ लड़ाइंमां ता न आवस् होइन भन्ये लड़ाइंमां त्यो
हामिहरूको बिरोधी होइ जांछ होला. कसोगरिभन्ये त्येस्ले आफ्नु स्वामी
५ सिन मेल् गर्लो के यिनै मान्छेहरूका टाउकाहरूको बाटोले होइन। के यो
त्येइ चइं दाऊद् होइन जस्को बिषयमां तिनिहरूले नाचमां जुवारी गाउंदै
येसो भन्द थिइन्

शाऊल्ले आफ्ना हजार्हरूलाइ मार्‍यो
तर दाऊद्चइंले आफ्ना दस् हजार्हरूलाइ।

६ तब आकीश्ले दाऊद्लाइ बोलायेर त्येस्लाइ भन्यो यहूवे जीइ रहेको भैं

आफु धर्म्मी होइ रहंनु भयो अनि आफुको अवाईजवाई मं सङ सेनामां
मेरो सांसु जाति लागद छ. कसोगरिभन्ये मैंले जुन् दिन् देखि आफु मं
थांइ आउंनु भयेको छ त्येस् दिन् देखि आजु सम्म मैंले आफुमां केइ दोष्
पायेको छुइंन. तैपनि यि मालिक्हरुचइंलाइ आफुलाइ मन् पर्येन।
येस्कारण् अब फर्कर कुशल् सित जांनु हवस् र आफुले पलिश्तीहरुका ७
मालिक्हरुलाइ नराज् न पार्नु हवस्। तर दाऊद्ले आकीशलाइ भन्यो ८
मैंले के गर्येको छु र. अनि जैले देखि मं आफु सङ भयें तैले देखि आजु
सम्म आफ्नु दास्मां के पाउंनु भयो र मं आफ्नु स्वामी राजाका बैरीहरु
सित लड़ाइंमां जांनु न पाउं। अनि आकीशले दाऊद्लाइ येसो भनिकन ९
उत्तर् दियो आफु मेरो सांसु ईश्वर्को दूत् जस्तो जाति छौ भनि थाहा
पायें. तैपनि पलिश्तीहरुका मालिक्हरुले त्यो चइं हांमिहरु सित लड़ाइंमां
न जावस् भन्येर भन्येका छन्। येस्कारण् भोलि सखारै आफु सङ भयेका १०
आफुको स्वामीका दास्हरु समेत् उठ्नु हवस्. अनि बिहान सखारै उज्यालो
हुंनु बित्तिकै जाइ जांनु हवस्। त दाऊद् पलिश्तीहरुको देस्मां फर्कि ११
जांनुलाइ बिहानै हिंड़ि जांनुको लागि आफ्ना मान्छेहरु समेत् उठ्यो।
अनि पलिश्तीहरु चइं यिज्रेल्मां चढ़ि गये॥

अनि येसो भयो जब दाऊद् र त्येस्का मान्छेहरु तीस्रो दिन्मां ३० १
सिग्लग्मां आइ पुग्ये तब अमालेकीहरु दक्खिन् देस् मांथि र सिग्लग्
मांथि आइ लाग्येका थिये अनि सिग्लग्लाइ मार्ये अनि आगोले डड़ाये
अनि त्येस्मां भयेका आइमाइहरुलाइ र सबै ठुलासांनालाइ बन्धुवाइंमां २
बांधेका थिये. तिनिहरुले कसैलाइ मार्येका थियेनन् तर लियेर हिंड़ेका
थिये। जसै दाऊद् र त्येस्का मान्छेहरु सहर्मां आये त हेर त्यो आगोले ३
डड़ायेको रह्छ अनि तिनिहरुका स्वास्नीहरु र छोराछोरीहरु बन्धुवाइंमां
लगीयेछन्। तब दाऊद् र त्यो सङ भयेका मान्छेहरु आफ्ना शब्द उचालिकन ४
रुंनु पनि न सकुंज्याल् सम्म गरि रोये। अनि दाऊद्की दुवैवटी स्वास्नीहरु ५
यिज्रेली अहीनोअम् र कर्मेली नाबाल्की स्वास्नी अबीगैल्लाइ पनि
बन्धुवाइंमां लग्येका थिये। तब दाऊद् बड़ा अन्योल्मां पर्यो कसोगरि
भन्ये सिंगै लोगको प्राण् आफ्ना आफ्ना छोराछोरीहरुको बिषयमां ६
सुर्तायेको कारणले लोगले त्येस्लाइ लोहोर्याउंने कुरा गर्ये. तर दाऊद्ले
आफ्नु ईश्वर् यहवेको पट्टि बाटो आंट् पायो॥

अनि दाऊद्ले अहीमेलेक्को छोरो एब्यातार् पूजाहारीलाइ भन्यो ७
कृपागरि एपोद् यहां मं थांइ ल्याउ। तब एब्यातार्ले एपोद् दाऊद् थांइ
लग्यो। अनि दाऊद्ले येसो भनिकन यहवे सित सोध्नी गर्यो के मं त्यो ८
गट्ठालाइ खेदुं के तिनलाइ भेटाउंनु सक्छु। तब उसले त्येस्लाइ उत्तर् दियो
खेद्. किनभन्ये निस्से भेटाउंछस् अनि अवस्से सबैलाइ फेरि पाउंछस्। त ९
दाऊद् र त्यो सङ भयेका छ सै मान्छेहरु हिंड़ेर बसोर्को खोला सम्म पुग्ये
जहां पछाड़ि छोड़ीयेकाहरु अड़ीयेका थिये। तर दाऊद् चइं आफ्ना चार् १०

से मान्छेहरु समेतले खेद्दै रह्यो. किनभन्ये दुइ सै जना पछि रह्ये जो
११ बसोर्को खोला तर्नु न सक्ने सम्मगरि थाकेका थिये. अनि तिनिहरुले
येउटा मिस्रीलाइ बन्मां भेटायेर त्यसलाइ दाऊद् थांइ ल्याये अनि त्यसलाइ
रोटी दिये त त्येसले खायो अनि तिनिहरुले त्येसलाइ पानी पनि खुवाये.
१२ अनि तिनिहरुले त्येसलाइ नेभाराको भकनाको एक् टुक्रा र किस्मिस्का
दुइ झुप्पा दिये अनि जब त्येसले खायो तब त्यसको प्राण् फेरि आयो. किनभन्ये
१३ त्येसले तीन् दिन् तीन् रात् देखि न रोटी न पानी खायेको रह्छ। तब
दाऊद्ले त्येसलाइ भन्यो तं कसको मान्छे होस् अनि कहां बाटो आइस्। त
त्येसले भन्यो मं अमालेकीको दास् मिस्रीको येउटा जुवान् हुं अनि मं
दुख्येको तीन् दिन् भयेको कारणले मेरो स्वामीले मंलाइ छोडि गयो।
१४ हामिहरु करेतीहरुको दक्खिन् मांथि र यहूदाको पर्येको देस् र कालेबको
दक्खिन् मांथि जाइ लागेका थियूं अनि हामिहरुले सिगलग् चइं आगोले
१५ डढायूं। त दाऊद्ले त्येसलाइ भन्यो के मंलाइ यो गट्ठा सम्म पुर्याउंछस्। त
त्येसले भन्यो हामिहरु तंलाइ मार्दैन अनि न तेरा स्वामीको हात्मां सुम्पंछौं
भनि मं सित ईश्वर्को नांउले किरिया खानु भयो भन्ये मं आफुलाइ त्यो
१६ गट्ठा सम्म पुर्याउंछु। जब त्येसले त्येसलाइ पुर्यायो त हेर तिनिहरुले मैदान्
भरि फिंजीयेर खांदै पीउंदै अनि पलिश्तीहरुको देस् र यहूदाको देस् बाटो
१७ ल्यायेका ठुला ठुला लूट्को कारणले चाड् मान्दै गर्दै रह्छन्। त दाऊद्ले
तिनिहरुलाइ भेंड़ाबाख्रा हुल्ने बेला देखि भोलि पल्टीको सांझ् सम्म मार्दै
रह्यो. अनि तिनिहरुमांका चार् सै जना जुवान्हरु ऊंट्मां चढेर भाग्ने
१८ बाहेक् येउटा पनि बांच्येन। अनि दाऊद्ले अमालेकीहरुले लग्येका सबै
थोक् बचायेर फेरि पायो अनि दाऊद्ले आफ्ना दुवटी स्वास्नीहरुलाइ
१९ छोड़ायो। अनि तिनिहरुका के सांना के ठुला के छोरा के छोरी के लूट्
कि तिनिहरुले लग्येका थोक्मांको केइ घटि भयेको थियेन. दाऊद्ले
२० सबैनै फर्काइ ल्यायो। अनि दाऊद्ले सबै भेंड़ाबाख्रा र गाईगोरु जो
तिनिहरुले अरु पशुहरुको आघि आघि लगाई ल्यायेका थिये ति ल्यायेर
२१ येसो भन्ये यो दाऊद्को लूट् हो। अनि ति दुइ सै जना मान्छेहरु
जो दाऊद्लाइ पछ्याउंनु न सक्नेगरि थाकेका थिये जुन्हरुलाइ पनि
तिनिहरुले बसोर्को खोलामां रहनुं लगायेका थिये तिनिहरु थांइ दाऊद्
आइ पुग्यो. अनि तिनिहरु दाऊद्लाइ र त्यो सङ भयेका लोगलाइ
भेट्नु आये. अनि जब दाऊद् लोगको छेउमां पुग्यो तब त्येसले तिनिहरुको
२२ कुशल् सोध्यो। तब दाऊद् सङ गयेकामांका सबै दुष्ट मान्छेहरुले र
बिकामे फक्कडूहरुचइंले उत्तर् दिइ भन्ये यिनिहरु चइं हामिहरु सङ
गयेका छेनन् येसकारण् हामिहरु तिनिहरुलाइ हामिहरुले बचाइ फेरि
पायेका लूट्मांको केइ पनि दिंदैन खालि जनंगलाइ त्यसको स्वास्नी
र त्येसका बालखहरु मात्रै र तिनिहरु तिनिहरुलाइ डोर्याउंदै हिंडि
२३ जाउन्। तब दाऊद्ले भन्यो हे मेरा दाज्युभाईहरु हो हामिहरुलाइ

बचाउंने र हांमिहरूको बिरुद्धमां आइ लाग्येको गट्टालाइ हांमिहरूको
हात्मां सुम्पि दिंने यहवेले हांमिहरूलाइ दियेको थोक्को बिषय्मां येसो
न गर। अनि येस् बिषय्मां कस्ले तिमिहरूको कुरो सुन्छ. कसोगरिभन्य २४
लड़ाइंमां जांनेको भाग् जत्रो हुंछ आलमाल् सङ बस्तको भाग् पनि त्येत्रै.
तिनिहरूले भाग् बराबरै पाउंछन्। वहांदेखि येसो भयो त्यस् दिन् देखि येसो २५
त्येस्ले इस्राएल्को लागि यो बिधि र यो ब्यवस्था बनायो जो आजु सम्म छ॥
अनि जब दाऊद् सिग्लग्मां आयो तब त्येस्ले यहूदाका प्राचीन्हरूलाइ २६
अं आफ्ना मित्रहरूलाइ लूट्हरूमांको अलि अलि येसो भनिकन पठाइ दियो
हेर यहवेका सत्तुरहरूका लूट्मांको येउटा सौगात् अर्थात् बेतेल्मां २७
भयेकाहरूको लागि र दांक्खनको रमोत्मां भयेकाहरूको लागि र यत्तीरमां
भयेकाहरूको लागि अनि अरोएर्मां भयेकाहरूको लागि र सिप्मोत्मां २८
भयेकाहरूको लागि र एस्तमोमां भयेकाहरूको लागि अनि राकाल्मां २९
भयेकाहरूको लागि र यरह्मेलीहरूका सहरहरूमां भयेकाहरूको लागि र
केनीहरूका सहरहरूमां भयेकाहरूको लागि अनि होर्मामां भयेकाहरूको ३०
लागि र कोराशान्मां भयेकाहरूको लागि र अत्ताक्मां भयेकाहरूको लागि
अनि हेब्रोन्मां भयेकाहरूको लागि अनि सब्बै ठांउमां जहां जहां दाऊद् ३१
र त्येस्का मान्छेहरू आइजाइ गर्दै थिये ति सबैको लागि॥
अब पलिश्तीहरूले इस्राएल् सित लड़ाईं गर्दै थिये. अनि ३१ १
इस्राएलका मान्छेहरू पलिश्तीहरूको सांमु देखि भाग्येर गिल्बो डांड़ामां
घायल् भइ लड़े। अनि पलिश्तीहरूले शाऊल् र त्येस्का छोराहरूलाइ धाइ २
धाइ खेद्दै लग्ये अनि पलिश्तीहरूले शाऊल्का छोराहरूलाइ अर्थात्
योनातान् अबिनादाब् र मल्कीशूलाइ मांर्ये। अनि लड़ाइं शाऊल्को ३
बिरुद्धमं सारो पर्‍यो अनि कांड़धनु हान्नेहरूले त्येस्लाइ भेट्टाये अनि धनु
हान्नेहरूको कारणले त्यो सारो अन्योल्मां पर्‍यो। तब शाऊल्ले आफ्नु हतियार् ४
बोक्नेलाइ भन्यो आफ्नु तरवार् झिक्येर मलाइ रोप् होइन भन्ये ता ति
बिखत्नेहरूले आयेर मलाइ रोप्नन् अनि मेरो निन्दा गर्नेन्। तर त्येस्को
हतियार् बोक्नेले मान्येन किनभन्ये त्यो बिघ्र डरायो। येस्कारण शाऊल्
आफ्नु तरवार् झिक्येर त्यस्मां आफै लड़ि रोपीयो। अनि जब त्येस्को ५
हतियार् बोक्नेले शाऊल्लाइ मंर्येको देख्यो तब त्यो पनि आफ्नु तरवार्मां
लड़ि रोपीयेर त्येइ झैं मंर्यो। येसोरिकन शाऊल् र त्येस्का तीन् भाइ ६
छोराहरु र त्येस्को हतियार् बोक्ने र त्येस्का सबै मान्छेहरू त्येसै दिन् सङै
मंर्ये। अनि जब खोलाको पारि पट्टि भयेका इस्राएल्का मान्छेहरुले र ७
यर्दन् पारि भयेकाहरुले इस्राएल्का मान्छेहरू भाग्ये छन् अनि शाऊल् र
त्येस्का छोराहरु मंर्ये छन् भनि देख्ये तब तिनिहरू आफ्नु आफ्नु सहर्
छोड़ेर भाग्ये अनि पलिश्तीहरुले आयेर तिनमां बास् गर्ये॥
अनि भोलि पल्टो येसो भयो जब पलिश्तीहरू मांरीयेकाहरुलाइ लुटि ८
नंग्याउंनुलाइ आये तब तिनिहरुले शाऊल्लाइ र त्येस्का तीन् भाई

९ छोराहरूलाइ गिल्बो डांड़ामां लड़ि रह्येका भेटाये। अनि तिनिहरूले त्येस्को
सिर् काटेर अनि त्येस्का हतियार् फुकाल्ये अनि पलिश्तीहरूको देस्मां चारै
तिर तिनिहरूका देव्ताथान्मां र लोग्मां समाचार् लांनुलाइ पठाइ दिये।
१० अनि तिनिहरूले त्येस्को हतियार् चइं अश्तारोत्को मन्दिर्मां राख्ये. अनि
११ तिनिहरूले त्येस्को मुर्दा चइं बेत्शान्को भित्तामां टांसि दिये। अनि जब
याबेश्गिलाद्का बासीहरूले पलिश्तीहरूले शाऊल्लाइ येसो येसो गर्‍ये
१२ भनि सुन्ये तब सबै बीर्हरूले उठेर रात्भरि हिंड़ेर शाऊल्को
र त्येस्का छोराहरूका मुर्दाहरू बेत्शान्को भित्ता देखि झार्‍येर याबेश्मां
१३ ल्यायेर ति वहां पोलि दिये। त तिनिहरूले तिनका हाड़्हरू लय्येर याबेश्मां
भयेको झाऊको बोट् मुनि गाड़ि दिये वहांदेखि सात् दिन् सम्म
उपास बस्ये॥

शमूएल्को दोस्रो पोस्तक्।

(शाऊल् मंर्‍यो भन्ये समाचार्)

१ १ अनि शाऊल्को मरण् पछि येसो भयो जब दाऊद् अमालेकीहरूलाइ
२ मारि फर्कि आयेर सिक्लग्मां बस्येको दुइ दिन् भयेको थियो तब
तीस्रो चइं दिन्मां येसो पनि भयो हेर शाऊल्को छाउंनी देखि लुगा
च्यात्येको र थाप्रोमां धुलो हाल्येको मान्छे आयो. अनि येसो भयो जब त्यो
३ दाऊद् थांइ आइ पुग्यो तब त्येस्ले भूइंमां घोप्टो पर्‍येर दण्डवत् गर्‍यो। अनि
दाऊद्ले त्येस्लाइ कहां बाटो आउंदै छस् भन्यो। त त्येस्ले त्येस्लाइ भन्यो
४ इस्राएल्को छाउंनी बाटो बांचि आउंदै छु। त दाऊद्ले त्यो सित सोध्यो
कृपागरि मंलाइ भन् के के भयो। त त्येस्ले उत्तर् दिइ भन्यो लोग् लड़ाइं
देखि भाग्ये अनि लोग्मांका धेरै जना मरि लड़ेर अनि शाऊल् र त्येस्को
५ छोरो योनाातान् पनि मंर्‍ये। तब दाऊद्ले त्येस् समाचार् सुनाउंने जुवान्लाइ
६ भन्यो शाऊल् र त्येस्को छोरो योनातान् मंर्‍यो भनि कसोरि जान्द छस्। त
त्येस्लाइ सुनाउंने जुवान्ले भन्यो संयोग्ले मं गिल्बो डांड़ामां थियें अनि
हेर शाऊल् आफ्नु भाला टेकि रह्येको रह्र अनि हेर रथ्हरू र
७ तुरुक्सवार्हरूले धाइ धाइकन खेद्दा रहेछन्। अनि जब त्येस्ले पछि फर्कयेर
मंलाइ देख्यो तब मंलाइ बोलायो। तब मैंले यहां छु भनि उत्तर् दियें।
८ अनि त्येस्ले मं सित सोध्यो तं को होस्। त मैंले त्येस्लाइ अमालेकी हुं
९ भनि उत्तर् दियें। त त्येस्ले मंलाइ भन्यो कृपागरि मं छेउ उभीयेर मंलाइ
मार् किनभन्ये मंलाइ भाउन्न छुट्दै छ कसोगरिभन्ये मेरो प्राण् अझै मेरो
१० जीउमां पूरो छ। त मैंले त्यो छेउ उभीयेर त्येस्लाइ मांर्‍यें किनभन्ये त्यो

लड़ाइ पछि जीउंनु सकदैन भनि मैंले साँच्चै साँचि थाहा पायें . अनि मैंले
त्यसको सिरमां भयेको मुकुट् र त्यसको पाखुरामां भयेको ताबीज् लिइ यहां
आफ्ना प्रभु थांइ ल्यायेको छु । तब दाऊद्ले आफ्ना लुगा समात्येर च्यात्यो ११
अनि त्यो सङका सबै जनाले पनि त्यसै गर्‍ये . अनि तिनिहरू शाऊल्को लागि १२
र त्यसको छोरो योनातान्को लागि र यहूवेका लोगको लागि र इस्राएल्का
घरानको लागि तिनिहरू तरवारले लड़ाइमा कारणले बिलाप् गर्दै रोयें
अनि सांझ् सम्म उपास् बस्यें । अनि दाऊद्ले त्यसलाइ सुनाउंने जुवान्लाइ १३
तं कहांको होस् भनि सोध्यो । त त्यसले भन्यो मं अमालेकी हुं बिदेसीको १४
छोरो । अनि दाऊद्ले त्यसलाइ भन्यो कि तं यहूवेको अभिषिक्तलाइ नास
पार्नुलाइ हात् पसार्नु डराइनस् । वहांदेखि दाऊद्ले जुवान्हरूमांको १५
येउटालाइ बोलायेर त्यसलाइ भन्यो नजिक् गयेर त्यस मांथि जाइ लाग् ।
त त्यसले त्यसलाइ मर्ने गरि हिर्कायो । अनि दाऊद्ले त्यसलाइ भन्यो तेरो १६
लोहू तेरै सिरमां परोस् किनभन्ये मैंले यहूवेको अभिषिक्तलाइ मांर्यें
भन्ये साक्षी तेरै मुखले दियो ॥

(शाऊल् र योनातान्को बिषय्मां दाऊद्को बिलापी गीत्)

अनि दाऊद्ले शाऊल् र त्यसको छोरो योनातान्को बिषय्मां यो १७
बिलापी गीत् गाउंदै बिलाप् गर्‍यो . अनि त्यसले यहूदाबंशीहरूलाइ धनुको १८
गीत् सिकाउंनु लगायो . हेर त्यो याशार्को पोस्तकमां लेख्येको छ ॥

हे इस्राएल् तेरो सिङार् तेरा अग्ला ठांउमां मांरीये . १९
महाबीरहरू कसोरि लड़े ।
गात्मां त्यो न सुना २०
अश्कलोन्का सटक्हरूमां प्रचार् न गर
होइन भन्ये ता पलिश्तीहरूकी छोरीहरू रमाउंनिन्
होइन भन्ये ता बिखतनेका छोरीहरूले जय् गर्निन् ।
हे गिल्बोका डांड़ाहरू हो २१
तिमिहरू मांथि न शीत् न झरी बर्सोस् न भेटि माफिक्को खेत् .
किनभन्ये त्यहां बीरहरूका ढाल् हेलां सित आफालीये
शाऊल्को ढाल् तेल् न लगायेको भइ ।
मांरीयेकाहरूको लोहू देखि र बीरहरूका बोसो देखि २२
योनातान्को धनु फर्केन
अनि शाऊल्को तरवार् रित्तै फर्केन ।
शाऊल् र योनातान् जीउंदा छंदा प्रिय र मनपर्दा थिये २३
अनि मर्दा पनि छुट्टीयेनन्
गिद्धहरू भन्दा छिटा थिये

सिंहहरु भन्दा बलिया ।
२४ हे इस्राएलकी छोरीहरु हो शाऊल्को लागि रोव
जस्ले तिमिहरुलाइ सिंदुरे रंगको राम्रो वस्त्र पहिऱ्याउंथ्यो
जस्ले सुन्को गहना तिमिहरुको पहिरन्मां लगाइ दिंथ्यो ।
२५ लड़ाइंको बीच्मां महावीर्हरु कसोरि लड़ेर
तेरा अलग्ग ठांउमां योनातान् मारीयो ।
२६ हे मेरा दाजेइ योनातान् तिम्रो लागि मं दुखित् छु.
तिमि मेरो लागि अरघोर् मन्पर्दो थियौ.
तिम्रो प्रेम् मं मांथि उदेक्को थियो
आइमाइहरुको प्रेम् भन्दा बेसि ।
२७ महावीर्हरु कसोरि लड़ेर
अनि लड़ाइंका हतियार् नष्ट भये ॥

(हेब्रोन्मां भयेका कुरा)

२ १ अनि त्यस् पछि येसो भयो दाऊद्ले येसो भनिकन यहवे सित
सोधनी गऱ्यो कि मं यहूदाका सहर्हरुमांको कुनैमां चढि जाउं भनि । त
यहवेले त्यस्लाइ भन्यो चढि जा । तब दाऊद्ले कता तिर चढि जाउं भनि
२ सोध्यो । तब उस्ले भन्यो हेब्रोन् चइं तिर । तब दाऊद् उतै तिर चढि गयो
त्यो सङ्ग त्यस्को दुवटी स्वास्नीहरु पनि यिज्रेली अहीनोआम् र कर्मेली
३ नाबाल्की स्वास्नी अबीगेल् । अनि आफु सङ्ग भयेका मान्छेहरुलाइ
तिनका जहान्हरु समेत्लाइ दाऊद्ले चढाइ ल्यायो. अनि तिनिहरु
४ हेब्रोन्का सहर्हरुमां बस्ये । अनि यहूदाका मान्छेहरुले आयेर दाऊद्लाइ
वहां यहूदाको जहान् मांथि अभिषिक्त गर्ये ॥
अनि दाऊद्लाइ शाऊल्लाइ गाड्नेहरु याबेश्गिलाद्का लोग् थिये
५ भनि सुनाईयो । त दाऊद्ले येसो भनिकन याबेश्गिलाद्का लोग् थांइ
दूत्हरुलाइ पठायो तिमिहरुले आफ्ना प्रभु अं शाऊल् मांथि यो कृपा
६ देखायेका छौ अर्थात् त्यस्लाइ गाड़ेरका छौ येस्कारण् तिमिहरु यहवेका धन्न
हव । अब यहवेले तिमिहरु मांथि कृपा र सच्चेइं देखावस्. अनि मं पनि
७ तिमिहरुलाइ त्यो कृपाको साटो दिंछु किनभन्ये तिमिहरुले यो काम् गर्येका
छौ. येस्कारण् अब तिमिहरुका हात् बलिया होउन् अनि महावीर् हव.
किनभन्ये तिमिहरुको प्रभु शाऊल् मऱ्यो अनि यहूदाको जहान्ले मंलाइ
आफु मांथि राजा अभिषिक्त पनि गर्येको छ ॥
८ त्यस् बेला शाऊल्को सेनापति नेर्को छोरो अब्नेर्ले शाऊल्को
९ छोरो ईश्बोशेत्लाइ लियेर महनैम्मां तारि ल्यायो वहांदेखि त्यस्लाइ
गिलाद् र अशूरीहरु र यिज्रेल् र एप्रैम् र बिन्यामीन् र सिंगै इस्राएल्
१० मांथि राजा तुल्यायो । (शाऊल्को छोरो ईश्बोशेत् इस्राएल् मांथि राज्
गर्नु लाग्दा चालीस् वर्षको थियो अनि त्यस्ले दुइ वर्ष राज् गऱ्यो ।) तर

यहूदाको जहानचइंले ता दाऊदलाइ पक्कायो। अनि दाऊद् हेब्रोनमां ११
यहूदाको घर् मांथि राज् गर्दै रह्येका दिन् सात् वर्ष र छ महीना थिये ॥
अनि नेरको छोरो अब्नेर् र शाऊलको छोरो ईश्बोशेतका चाकरेहरु १२
महनैम् बाटो निस्केर गिबोनमां आये। अनि सरुयाहको छोरो योआब् र १३
दाऊदका चाकरेहरु निस्के अनि गिबोन्को पोखरी निर तिनिहरुको भेट्
भयो. अनि तिनिहरुको एक् छाउंनी पोखरीको यो छेउ अर्को चइं
पोखरीको अर्को छेउ बस्यो। त अब्नेरले योआबलाइ कृपागरि जुवान्हरुलाइ १४
उठेर हामिहरुको सांमु खेलनु दिनु हवस् भन्येर भन्यो। त योआबले
भन्यो उठुन्। तब तिनिहरु उठेर गन्ति गन्ति अनुसार् गये अर्थात् १५
बिन्यामीन् र शाऊल्को छोरो ईश्बोशेतको पट्टिका बारह् जना अनि
दाऊदका चाकरेहरुमांका बारह् जना। तब तिनिहरुले आफ्नु आफ्नु १६
साथीको मन्टो मन्टो समात्ये अनि आफ्नु आफ्नु साथीको कोखा
कोखामां तरवार् रोपि दिये येसोरि तिनिहरु सङ्सङै लड़ेर. येस्कारण त्येस्
ठांउको नांउ हेलकथस्सूरीम्[१] राख्यो जुन् ठांउ गिबोनमां छ। अनि त्येस् १७
दिन् अग्घोर् सारो लड़ाइं पर्यो अनि अब्नेर् र इस्राएलका मान्छेहरुले
दाऊदका चाकरेहरु देखि हार्ये। अनि सरुयाहका तीन् भाई छोरा योआब् १८
अबीशै र असाहेल् वहां थिये अनि असाहेल् चइं बनको मुठुलो मिर्गको
जस्तो हलुङ् खुट्टा भयेको मान्छे थियो। अनि असाहेलले अब्नेरलाइ खेद्यो १९
अनि अब्नेरलाइ खेद्दै दाहीनो बाउं फर्केन। तब अब्नेरले पछि फर्कि २०
भन्यो ए असाहेल् को तंनै होस्। त त्येस्ले मैं हुं भनि उत्तर् दियो। त २१
अब्नेरले त्येस्लाइ भन्यो जुवानहरुमांको येउटा तिर फर्केर त्येस्चइंलाइ
लूट्। तर असाहेलले त्येस्लाइ खेद्नु देखि फर्कनु मान्येन। फेरि अब्नेरले २२
असाहेललाइ भन्यो मंलाइ खेद्नु देखि फर्कि जा. किन मं तंलाइ मारि भूइंमां
लड़ाइ दिउं. त मं कसोगरि तेरो दाज्यु योआबको सांमु आफ्नु मुख्
देखाउं। तैपनि त्येस्ले फर्कि जांनु मान्येन. येस्कारण अब्नेरले आफ्नु २३
भालाको फेदले त्येस्को भूंड़िमां त्येस्को पछिल् तिर निस्कि जाउंज्याल् सम्म
गरि हानि दियो त त्यो त्यहां लड़ेर तिहींनै मरि गयो. अनि येसो
भयो असाहेल् लड़ेरको र मर्येको ठांउमां जति जना आये त्येति जना
त्यहां अड़ीये। तर योआब् र अबिशै अब्नेरलाइ खेद्दै रह्ये. अनि तिनिहरु २४
गिबोनको बनको बाटो गीहको सांमु भयेको अम्मा डांड़ामां पुग्दा घाम्
अस्तायो। अनि बिन्यामीनवंशीहरु अब्नेरको पछि पछि लागि एक् २५
गट्ठा भइ गयो अनि येउटा डांड़ाको थाप्पिमां अड़ीये। तब अब्नेरले २६
योआबलाइ हापारि भन्यो को तरवारले सधैंभरि खेद्दै रहंछ। को तिमिहरुले
येस्को अन्त तीतेइं छ भनि चाल् पाउंदैन त कैले सम्म आफ्ना
दाज्यूभाईहरुलाइ न खेद्नुलाइ आफ्ना मान्छेहरुलाइ आज्ञा दिंदैन।

[१] अर्थात छुरीहरुको जग्गा।

२७ तब योआबले भन्यो ईश्वर् जीइ रह्यौको झैं आफुले भन्नु न भयेको
भये देखि निस्सै लोग् बिहानै गइ गयेका हुंने थिये आनि आफ्ना
२८ दाज्युभाईहरुलाइ खेद्नेका हुंने थियेनन् । तब योआबले आफ्नु नरसींगा
बजायो तब सबै लोग् अड्डीये आनि फेरि इस्राएल्लाइ खेद्नेनन् फेरि
२९ लड़ाइँ पनि गर्येनन् । न त्यसै रात् अब्नेर् र त्यसका मान्छुहरु अराबामां
हिंडि गये वहांदेखि तिनिहरु यर्दन् तर्येर सिंगै बित्रोनमां हिंड़ि महानैममां
३० पुग्ये । आनि योआब् अब्नेरलाइ खेद्नु देखि फर्कि आयो . आनि जब
त्येसले सबै लोगलाइ भेला गरायो तब दाऊद्का चाकरेहरुमांका उन्नीस
३१ जना र असाहेल् चइं घटि रह्यौ । तर दाऊद्का चाकरहरुले बिन्यामीनमांका
र अब्नेरका मान्छुहरुमांका तीन् से साठी जनालाइ मर्ंन्याल् सम्म
३२ हिर्कायेका थिये । वहांदेखि तिनिहरुले असाहेललाइ बोकि लग्येर
बेतलेहेममां भयेको त्यसको बाबुको चिहानमां गाड़ेर । आनि योआब् र
त्यसका मान्छुहरु रातभरि हिंड़ेर र हेब्रोनमां पुग्दा दिन् बिहायो ॥

३ १ न शाऊल्को र दाऊद्को घरको बीचमां धेरै दिन् सम्म लड़ाइं
रह्यौ . आनि दाऊद् चइं बलियोनै हुंदै गयो तर शाऊल्को घर् चइं
निर्बलियो हुंदै गयो ॥

२ आनि हेब्रोनमां दाऊद्का छोराहरु जन्म्ये । त्यसको जेठो छोरो यिज्रेली
३ अहीनोअम् पट्टिको अम्नोन् थियो आनि त्यसको माइलो चइं कर्मेली
४ नाबाल्को स्वास्नी अबीगेल् पट्टिको किलाब् आनि साहिलो चइं गशूरको
५ राजा तल्मैको छोरी माकाको छोरो अब्शालोम् आनि काइलो चइं
हग्गीतको छोरो अदोनियाह् आनि अन्तरे चइं अबीतल्को छोरो शपत्याह
आनि कान्छो चइं दाऊद्को स्वास्नी एग्ला पट्टिको यित्राम् । हेब्रोनमां
दाऊद्का यिनै छोराहरु जन्म्ये ॥

६ आनि यसो भयो शाऊलको र दाऊद्को घरका बीचमां लड़ाइं हुंदै
७ रह्यौको बेलामां अब्नेर् चइं शाऊलको घरमां बलियो हुंदै गयो । आनि
शाऊल्को येउटी रखेली थिई जस्को नांउ एय्याह्को छोरी रिस्पा थियो .
न ईश्बोशतले अब्नेरलाइ भन्यो तिमि मेरा बाबुका रखेलीकां किन
८ गयौ । तब ईश्बोशत्को कुराले अब्नेरले मारो रिसायेर भन्यो के मं
यहूदा पट्टि भयेको कुकुरको टाउको हुं . आजु मं तिम्रो बाबु शाऊल्को
घर् मांथि र त्यस्का दाज्युभाईहरु मांथि र त्यस्का इष्टमित्र मांथि दया गर्दै
छु आनि तिमिलाइ दाऊद्को हातमां सुमप्येको छुइंन र पनि तिमि आजु
९ मंलाइ येस् आइमाइको बिषयमां दोष लगाउंद छौ । यहवेले दाऊद्
सित किरिया खायेको झैं मैंले पनि त्यो सित येसै गरींन भन्ये देखि ईश्वरले
१० येसै अं यो भन्दा पनि बेसि अब्नेर् सित गरोस् अर्थात् शाऊलको
घर् देखि राज् फेर्येर दाऊद्को सिंहासन् दान् देखि बेर्शेबा सम्म इस्राएल्
११ मांथि र यहूदा मांथि उभ्याउंनुलाइ । आनि डरले त्येसले अब्नेरलाइ एक
कुरोको उत्तर् दिंन् सकेन ॥

येस् पछि अब्नेरले आफ्नु बिषयमा दाऊद् थांइ येसो भनिकन दूत् १२
पठायो देस् कस्को हो . अनि येसो पनि भनि पठायो मं सङ बाचा बांधुनु
हवस् त हेर मेरो हात् सिंगै इस्राएल्लाइ आफु पट्टि ल्याउंनुलाइ आफु
पट्टि हुंछ। त त्येस्ले भन्यो हुंछ मं तिमि सित बाचा बांधक्षु . तर मेरो मुख १३
हेर्नुलाइ आउंद छौ त शाऊल्को छोरी मीकल्लाइ न ल्याउंज्याल् सम्म
मेरो मुख् हेर्नु पाउंदैन येइ कुरो पनि मं तिमि सित मांगद् छु। अनि १४
दाऊद्ले शाऊल्को छोरो ईश्बोशेत् थांइ येसो भनिकन दूत् पठायो मैंले
पलिश्तीहरुका सेवटा खलड़ी दिइकन मैंले ब्याहा गर्येको मेरो स्वास्नी
मीकल्लाइ मंलाइ सुम्पि देउ। त ईश्बोशेतले पठायेर त्यस्लाइ त्यस्को लोग्ने १५
अं लेशको छोरो पल्तीएल् देखि ल्यायो। अनि त्यस्को लोग्ने चइं रंदै रंदै १६
त्यो सङ आयो अनि त्यस्लाइ बहूरीम् सम्म पछ्यायो। तब अब्नेरले त्यस्लाइ
भन्यो फर्कि जा . त त्यो फर्कि गयो॥

अनि अब्नेरले इस्राएलका प्राचीनहरु सित येसो भनि कुरा गर्यो १७
अगाड़ि तिमिहरुले दाऊद्लाइ आफु माथि राजा तुल्याउंनु खोजद थियौ .
त अब त्यसै गर . किनभन्ये परमेश्वरले दाऊद्को बिषयमा मं आफ्नु दास् १८
दाऊद्को हात् बाटो आफ्नु लोग् इस्राएल्लाइ पलिश्तीहरुको हात् देखि
र तिनिहरुका सबै सत्रुहरुको हात् देखि छोड़ाउंछु भन्येर भन्येको छ।
अनि अब्नेरले बिन्यामीनको कानमा पनि भन्यो . अनि अब्नेर् ज्ये ज्ये १९
इस्राएल्लाइ र बिन्यामीन्का सिंगै घरलाइ जाति लाग्येको थियो ति
दाऊद्का कानमा पनि भन्नुलाइ हेब्रोनमा गयो। त अब्नेर् हेब्रोनमा दाऊद् २०
थांइ आयो अनि त्यो सङ बीस् जना मान्छेहरु पनि। अनि दाऊद्ले अब्नेर् र
त्यो सङ भयेका मान्छेहरुको लागि भोज् लायो। अनि अब्नेरले दाऊद्लाइ २१
भन्यो मं उठि जांछु अनि सिंगै इस्राएल्लाइ आफ्ना प्रभु महाराजा थांइ
भेला गराउंछु र तिनिहरुले आफु सङ् बाचा बांधुन् अनि आफुले आफ्नु
मनपर्दोगरि राज् गर्नु हवस्। तब दाऊद्ले अब्नेर्लाइ बिदा दियो त त्यो
कुशल् सित गयो। अनि हेर दाऊद्का र योआब्का चाकरहरु गट्ठा बांधि २२
गइ धेरै लूट् लियेर फर्कि आउंदै थिये . तर अब्नेर् चइं दाऊद् सङ हेब्रोनमा
थियेन कसोगरिभन्ये त्येस्ले त्यस्लाइ बिदा दियेको थियो अनि त्यो कुशल् सित
गइ गयेको थियो। जब योआब् र त्यो सङ भयेका पल्टन् आइ पुग्ये तब २३
योआब्लाइ नेरको छोरो अब्नेर् राजा थांइ आयेको थियो अनि राजाले
त्यस्लाइ बिदा दियो अनि त्यो कुशल् सङ गयो भन्या कुरो सुनाईयो। तब २४
योआब्ले राजा थांइ आयेर भन्यो आफुले को गर्नु भयो . हेर्नु हवस् अब्नेर्
आफु थांइ आयेको थियो त आफुले किन त्येस्लाइ बिदा गरि दिनु भयो
अनि त्यो गइ गयो। आफुले नेरको छोरो अब्नेर्लाइ चिन्नु हुंद छ त्यो २५
आफुलाइ धोखा दिंनु र आफुको भित्र बाहर अवाई जवाई चाल् पाउंनुलाइ
र आफुले ज्ये ज्ये गर्नु हुंद छ त्यो बूझ्नुलाइ आयेको हो भनि थाहा पाउंनु
हुंद छ। अनि जब योआब् दाऊद्कांटो निस्क्यो तब त्येस्ले अब्नेर् पछि पछि २६

दूत् पठायो त तिनिहरूले त्येसलाइ सीराको इनार् देखि फर्काइ ल्याये. तर
२७ यो कुरो दाऊद्‌ले थाहा पायेन। अनि जब अब्नेर् हेब्रोन्‌मां फर्कि आयो
तब योआब्‌ले त्येसलाइ त्यो सित एकान्तमां कुरा गर्नुलाइ ढोका भित्र ल्यायो
त्हांदेखि त्येसको भाई असाहेल्‌को लोहूको कारणले त्येसको भूंडिमां मर्न
२८ गरि हिर्कायो। त्येस् पछि दाऊद्‌ले यो कुरो सुन्येर भन्यो मं र मेरो राज्
यहवेको सांमु नेर्‌को छोरो अब्नेर्‌को लोहूको विषयमां सदा निर्दोषी छौं.
२९ त्यो योआब्‌को सिर् मांथि र त्येसको बाबुको घर्‌को सिर् मांथि परोस् अनि
योआब्‌को घर्‌मांको बहने बेथा भयेको कि कोढी कि लउरो टेकि हिंड्‌ने
कि तरवार्‌ले लड्‌ने कि रोटीको अपुग्य भयेको मान्छेको घटि न हवस्।
३० येसोरि योआब् र त्येसको भाई अबीशैले अब्नेर्‌लाइ मांर्ये किनभन्ये त्येले
तिनिहरूको भाई असाहेल्‌लाइ गिबोन्‌मां लड़ाईंमां मांर्येको थियो॥
३१ अनि दाऊद्‌ले योआब् र त्यो सङ भयेका सबै मान्छेहरूलाइ भन्यो
आफ्‌नु आफ्‌नु लुगा च्यात अनि जौउमां भाङ्‌रा बेह्रेर अनि अब्नेर्‌को
सांमु विलाप् गर। अनि दाऊद् राजा मुर्दाको कांदिकाठ् पछि पछि
३२ हिंड्‌यो। त तिनिहरूले अब्नेर्‌लाइ हेब्रोन्‌मां गाड्ये. अनि राजा आफ्‌नु
शब्द उचालि अब्नेर्‌को चिहान्‌मां रोयो अनि सबै मान्छेहरू पनि रोये।
३३ अनि राजाले अब्नेर्‌को विषयमां येसो भन्दै विलापी गीत् गर्‌यो
 क्ये अब्नेर् मूर्ख झैं मर्नु पर्‌ने थियो।
३४ तिम्रा हात् बांधीयेका थियेनन् न तिम्रा गोड़ा सांग्‌लामां
 हालीयेका थिये
 जसोरि दुष्टका सन्तानको सांमु कोई लड़्‌छ त्येस्तै तिमि पनि लड्‌यौ।
३५ त सिंगै लोग् त्येसको विषयमां फेरि दोहोर्‍याइ रोये। अनि सिंगै लोग्
आयेर दिन् रहंदेखेरि दाऊद्‌लाइ रोटी खांनु लाउंनुको लागि आये तर
दाऊद्‌ले येसो भनिकन किरिया खायो घाम् न अस्ताउंज्याल् सम्म मैंले रोटी
कि अरु कोइ थोक् खायें भन्ये देखि ईश्वर्‌ले मं सित येसै अं यो भन्दा
३६ पनि बेसि गरोस्। अनि सबै लोगले येस् विषयमां बूझ् पाये अनि
तिनिहरूलाइ जाति लाग्यो. अं राजाले ज्ये ज्ये काम् गर्‌यो ति लोगलाइ
३७ जाति लाग्यो। येसोरि त्येस् दिन् सिंगै लोग् र सिंगै इस्राएल्‌ले नेर्‌को
छोरो अब्नेर्‌लाइ मांर्न कुरो राजाको पट्टि बाटो भयेको होइन रह्छ भनि
३८ थाहा पाये। अनि राजाले आफ्‌ना चाकरेहरूलाइ भन्यो क्ये तिमिहरूलाइ
आजु इस्राएल्‌मां एक् जना कुंवर् र बड़ाद्‌मी लड्‌यो भनि थाहा छैन।
३९ अनि मं चइं राजाभिषिक्त भयेको छु र पनि आजु निर्बल्छियो छु अनि
यि सरूयाहका छोराहरू मेरो लागि अग्घोर् कठोर् लोग् छन्. यहवेले
बुराई गर्नलाइ त्येको बुराई अनुसार्‌को साटो देवस्॥
४ १ अनि जब शाऊल्‌को छोरो ईश्बोशेत्‌ले अब्नेर् हेब्रोन्‌मां मर्‌ये छ
भनि सुन्यो तब त्येसको पाखुरे भांचीयो अनि सबै इस्राएलीहरू थर्हरि
२ भये। अनि शाऊल्‌को छोरो ईश्बोशेत्‌का दुइ जना गट्टाहरूका मालिक्‌हरू

थिये. येउटाको नांउ बाना अनि अर्कोको नांउ रेकाब् दुवै जना बिन्या-
मीनबंशीहरुमांको बेरोती रिम्मोन्का छोराहरु थिये. (कसोगरिभन्ये
बेरोत् पनि बिन्यामीन्को पट्टि गनींद छ. अनि बेरोतीहरु गित्तैम्मां ३
भाग्येर आजु सम्म वहां प्रबासी भइ रहेका छन्) ॥
अब शाऊल्को छोरो योनातान्को येउटा पुरे खोरन्डे भयेको छोरो ४
थियो। जब शाऊल् र योनातान्को बिषयमां यिज्रेल् बाटो समाचार् आयो
तब त्यो पांच् बर्षको थियो त त्येस्को धैर्ने त्येस्लाइ बोकेर भाग्द थिई.
त हतार् हतारगरि भाग्दा येसो भयो त्यो लड़ेर खोरन्डे भयो। अनि
त्येस्को नांउ मफीबोशेत् थियो ॥
अनि बेरोती रिम्मोन्का छोराहरु रेकाब् र बाना निस्केर घाम् चर्केको ५
बेलामां ईशबोशेत्को घर्मां आये अनि त्यो चढ़ मद्धेनि दिन्को बिश्राममां
थियो। त तिनिहरु गहूं झिक्नुलाइ जाने निउं गरि भित्र गये वहांदेखि ६
त्येस्लाइ भूंडिमां हिर्काये. अनि रेकाब् र त्येस्को भाई बाना बांचि निकल्ये।
तिनिहरु घर् भित्र पसेको बेलामां त्यो आफ्नु सुत्ने कोठामां ओछ्यानमां ७
ढल्कि रहेको थियो तब तिनिहरुले त्येस्लाइ हिर्कायेर मांरये वहांदेखि त्येस्को
सिर् काटेर वहांदेखि त्येको सिर् चढ़ लियेर रात्भरि अराबाको बाटो बाड़ा
हिंड़ि गये। वहांदेखि तिनिहरुले ईशबोशेत्को सिर् दाऊद् थांइ हेब्रोनमां ८
ल्यायेर राजालाइ भन्ये आफुको प्राण् खोज्ने आफुको सत्तुर् शाऊल्को छोरो
ईशबोशेत्को सिर् हेर्नु हवस् त यहवेले आजु हांम्रा प्रभु महाराजाकन
शाऊल्को बिषयमां र त्येस्का सन्तानको बिषयमां त्येस्को साटो दियो। तब ९
दाऊद्ले बिरोती रिम्मोन्का छोराहरु रेकाब् र त्येस्को भाई बानालाइ
उत्तर् दिइ भन्यो यहवे जीइ रहेको छ जस्ले मेरो प्राणलाइ सिंगै बिपत्ति
देखि छोड़ायेको छ शुभ समाचार् सुनाउंद छु भनि ठान्येर जब कसैले १०
मंलाइ हेर्नु हवस् शाऊल् मंर्यो भनि सुनायो तब मैंले त्येस्लाइ समात्येर
सिक्लग्मां मांरि दियें त्येस्को समाचार्को साटो मैंले त्येस्लाइ त्येसै गर्यें।
त झन्साारो कति ज्यास्तिगरिकन जब दुष्टहरुले येउटा धर्म्मी मान्छेलाइ ११
त्येस्के घर् भित्र त्येस्के ओछ्यानमां मांर्ये त के अब म त्येस्को लोहूको साटो
तिमिहरुको हात् देखि लिन्न अनि तिमिहरुलाइ पृथिवी देखि मेटि दिन्न। तब १२
दाऊद्ले आफ्ना जुवान्हरुलाइ आज्ञा दियो अनि तिनिहरुले तिनिहरुलाइ
मांर्ये अनि तिनिहरुका हात् गोड़ा काटेर वहांदेखि तिनिहरुलाइ हेब्रोनमां
भयेको पोखरीको छेउमां झुंड्याइ दिये। तर तिनिहरुले ईशबोशेत्को
सिर् चढ़ उठाइ लग्येर हेब्रोनमां अब्नेरको चिहानमां गाड़े ॥

(सिंगै इस्राएल् मांथि दाऊद् राजाभिषिक्त)

तब इस्राएल्का सब्बै कुलले हेब्रोनमां दाऊद् थांइ आयेर येसो ५ १
भन्ये हेर्नु हवस् हांमिहरु आफुका हाड़् र आफुका मांसु हौं। अगाड़िने २
पनि जब शाऊल् हांमिहरु मांथि राजा थिये तबै पनि आफुने इस्राएल्

लाइ बाहिर भित्र लैजांने ल्याउंने हुंनु हुंथ्यो . अनि यहवेले आफुलाइ
तंले मेरो लोग् इस्राएल्लाइ चराउंछस् अनि तं इस्राएल् मांथिको
३ मालिक् हुंछस् भन्येर भन्येको थियो । त इस्राएल्का सिंगै प्राचीन्हरु
हेब्रोन्मां राजा थांइ आये अनि दाऊद् राजाले तिनिहरु सङ हेब्रोन्मां
यहवेको सांमु बाचा बांध्यो . अनि तिनिहरुले दाऊद्लाइ इस्राएल् मांथि
राजाभिषिक्त गर्‍ये ॥

४ जब दाऊद्ले राज् गर्न थाल्यो तब त्यो तीस् बर्षको थियो अनि
५ त्यस्ले चालीस् बर्ष सम्म राज् गर्दै रह्यो । हेब्रोन्मां त्यस्ले साढे सात् बर्ष
सम्म यहूदा मांथि राज् गर्‍यो . अनि यरूशलेम्मां तेंतीस् बर्ष सम्म सिंगै
६ इस्राएल् र यहूदा मांथि राज् गर्दै रह्यो । अनि राजा र त्यस्का मान्छेहरु
त्यस् देस्का बासी यबूसीहरुको बिरुद्धमां यरूशलेम्मां गये . अनि
तिनिहरुले दाऊद् त्यहां पस्न सक्दैन भनि ठान्येर दाऊद्लाइ यसो भन्यो तं
यहां भित्र पस्न पाउंदैनस् तंलाइ ता अन्धाहरु र खोरण्डहरुलेनै दूर् गर्छन् ।
७ तैपनि दाऊद्ले सिय्योन्को गढि लिहाल्यो जो दाऊद्को सहर् हो ।
८ अनि त्यस् दिन् दाऊद्ले भन्यो जस् जस्ले यबूसीहरुलाइ मार्छन् त्यो
पानीको कुलो सम्म पुगोस् अनि दाऊद्को प्राणले घिनायेका अन्धा र
खोरण्डहरुलाइ मारोस् । येस्कारण भनौंद छ अन्धा र खोरण्ड वहां छन् त्यो
९ घर्मां पस्न पाउंदैन भनि । अनि दाऊद् त्यस् गढिमां पस्यो अनि त्यस्को
नांउ दाऊद्को सहर् राख्यो । अनि दाऊद्ले मिल्लो देखि र त्यस्को भित्र
१० पट्टि पनि बनायेर त्यो दर्बीलो गरायो । अनि दाऊद् बढ्दै बढ्दै गयो
कसोगरिभन्ये सेनाहरुको ईश्वर् यहवे त्यो सङ थियो ॥

११ अनि सोर्को राजा हीराम्ले दाऊद् थांइ दूत्हरु र देवदारुबृक्षहरु
र काठ्कर्म्मीहरु र गारोकर्म्मीहरुलाइ पठाइ दियो . त तिनिहरुले दाऊद्को
१२ लागि येउटा महल् बनाये । अनि दाऊद्लाइ यहवेले मंलाइ इस्राएल्
मांथि राजा स्थिर् गर्‍यो अनि उस्ले आफ्नु लोग् इस्राएल्को कारणले
मेरो राज् अलग्यायो भनि थाहा भयो ॥

१३ अनि हेब्रोन् बाटो आये पछि दाऊद्ले आफ्नु लागि यरूशलेम् देखि
अरु रखेलीहरु र स्वास्नीहरु लियो . अनि दाऊद्का अरु पनि छोराछोरी
१४ जन्म्ये । अनि त्यस्का यरूशलेम्मां जन्म्येकाहरुका नांउ यि हुन् अर्थात्
१५ १६ शम्मू शोबाब् नातान् सुलेमान् यिभार् एलीशू नेपेग् यापी एलीशामा
एल्यादा र एलीपेलेत् ॥

१७ अनि जब पलिश्तीहरुले तिनिहरुले इस्राएल् मांथि दाऊद्लाइ
राजाभिषिक्त गर्‍ये अरे भन्येको सुन्ये तब सिंगै पलिश्तीहरु दाऊद्लाइ
खोज्नुलाइ चढि गये अनि दाऊद् यो कुरो सुन्येर गढिमां उत्रि गयो ।
१८ १९ तब पलिश्तीहरु आयेर रपाईम्को तरिमां फिंजीये । अनि दाऊद्ले येसो
भनिकन यहवे सित सोधनी गर्‍यो कि मं पलिश्तीहरुको बिरुद्धमां चढि
जाउं . कि तपांइले तिनिहरुलाइ मेरो हात्मां सुम्पि दिंनु हुंछ । तब

यहवेले दाऊद्लाइ भन्यो चढि जा. किनभन्ये मं निस्से पलिश्तीहरूलाइ
तेरो हात्मां सुम्पि दिंछु। त दाऊद् बाल्पराशीम्मां आयो अनि दाऊद्ले २०
तिनिहरूलाइ त्यहां मार्‍यो तब त्यस्ले भन्यो यहवेले मेरा सत्तुर्हरूलाइ
मेरो सांमु पानीको फुटाई झैं फुटाइ दियो। येस्कारण त्यस्ले त्यस् ठांउको
नांउ बाल्पराशीम्[1] राख्यो। अनि तिनिहरूले आफ्ना मूर्त्तिहरू त्यहां २१
छोड़िर त दाऊद् र त्यस्का लोगले ति लग्ये॥

अनि पलिश्तीहरू फेरि पनि आयेर रफाईम्को तरिमां फिंजीये। २२
अनि जब दाऊद्ले यहवे सित सोधनो गर्‍यो तब उस्ले भन्यो चढि न जा २३
तिनिहरूको पछाड़ि बाटो घुम्येर किम्बूका रुखका सांमु बाटो तिनिहरू
मांथि जाइ लाग्। अनि येसो हुंछ जब तैंले किम्बूको रुख्को थाम्नि २४
थाम्नि बाटो मान्छे हिंड्रको सोर् सुन्छस् तब फुर्ति गर्. किनभन्ये त्यति
बेला यहवे तेरा आघि आघि पलिश्तीहरूको सेनालाइ मार्नुको लागि निस्कि
जांद छ। त दाऊद्ले जस्तो आज्ञा यहवेले त्यस्लाइ गर्‍येको थियो त्यसै २५
गर्‍यो अनि पलिश्तीहरूलाइ गिबा देखि गेजेर् पुग्ने सम्म मार्‍यो॥

(सम्पट् यरूशलेम्मां ल्याईंनु)

अनि दाऊद्ले फेरि इस्राएल्का सबै रोजा रोजा तीस् हजार् ६ १
जना मान्छेहरूलाइ भेला गर्‍यो। त दाऊद् उठेर आफु सङ भयेका सबै २
लोग् समेत् बाले यहूदा देखि ईश्वर्को सम्पट् जो त्यो चाइं नांउ अर्थात्
करूबहरूको बीच् मांथि बस्येका सेनाहरूको यहवेको नांउ भनींन थियो
त्यइ वहां बाटो ल्याउनुलाइ गयो। त तिनिहरूले ईश्वर्को सम्पट् ३
येउटा नया गाड़ीमां बसाल्येर डांड़ामां भयेको अबीनादाब्को घर् देखि
ल्याये. अनि अबीनादाब्का दुइ भाई छोराहरू उज्जा र अह्योले त्यो नया
गाड़ी चलाये। अनि तिनिहरूले डांड़ामां भयेको अबीनादाब्का घर् बाटो ४
ईश्वर्को सम्पट् समेत् त्यो बाइर ल्याये. अनि अह्यो सम्पट्का आघि आघि
हिंड्दर थिया। अनि दाऊद् र इस्राएल्को सिंगै जहान् यहवेको सांमु ५
सल्लाको काठ्का बनायेका सबै भांतिका बाजाहरू र बीना र सितार् र मृदंग्
र ढोलकि र झ्याम्टा बजाउंदै आये। अनि जब तिनिहरू नाकोन्को खला निर ६
आइ पुग्ये तब गोरूहरूले ठोकर् खायेको कारणले उज्जाले आफ्नु हात्
पसारि ईश्वर्को सम्पट् समाति थाम्यो। तब यहवेको रिस् उज्जा मांथि उठ्यो ७
त ईश्वर्ले त्यस्को अट्टेरेइंको कारणले त्यस्लाइ त्यहां हिर्कायो त त्यो त्यहां
ईश्वर्को सम्पट् निर मर्‍यो। तब यहवे उज्जा मांथि फुटि उठेको कारणले ८
दाऊद् रिसायो. त त्यस्ले त्यस् ठांउको नांउ पेरेसुज्जा[2] राख्यो जो आजु
सम्म छ। अनि त्यस् दिन् दाऊद्ले यहवे देखि डरायेर भन्यो यहवेको सम्पट् ९
कसोगरि मं थांइ आउस्। त दाऊद्ले यहवेको सम्पट् आफु थांइ दाऊद्को १०
सहर्मां सार्नु मान्येन तर दाऊद्ले त्यो एका पट्टि गित्ती ओबेदेदोम्को घर्मां

[1] अर्थात फटाईयेका ठांउ। [2] अर्थात उज्जा मांथि फटाई।

११ लग्यो। अनि यह्वेको सम्पट् गित्ती ओबेदेदोमको घरमां तीन् महीना सम्म
रह्यो. अनि यह्वेले ओबेदेदोम्लाइ र त्येका सबै जहान्लाइ आशीष्
१२ दियो। अनि दाऊद् राजालाइ येसो भनि सुनाईयो ईश्वर्को सम्पट्को
कारणले यह्वेले ओबेदेदोमको जहान्लाइ र त्येका सब्बै थोकलाइ आशीष्
दियो भनि। त दाऊद्ले गयेर ईश्वर्को सम्पट् ओबेदेदोमको घर् बाटो
१३ दाऊद्को सहर्मां हर्ष सङ ल्यायो। अनि येसो भयो जब यह्वेको सम्पट्
बोक्नेहरु छ कदम् हिंड़ि गये तब दाऊद्ले बहर् र पलुवाबाच्छा बलिदान्
१४ चढ़ायो। अनि दाऊद् यह्वेको सांमु आफ्नु पूरो बलले घुमि घुमि नाच्द
१५ थियो अनि दाऊद्ले पाटकपराको एपोद् लायेको थियो। त दाऊद्ले र
इस्राएल्को सिंगै जहान्ले करावंदै र नर्सींगा बजाउंदै यह्वेको सम्पट्
१६ उठाइ ल्याये। अनि येसो भयो जब यह्वेको सम्पट् दाऊद्को सहर्मां
आइ पुग्यो तब शाऊल्की छोरी मीकलले झ्याल बाटो हेर्येर दाऊद्
राजालाइ यह्वेको सांमु उफ्रन्दै र घुमि घुमि नाच्दै गर्येको देखी तब
१७ त्येस्ले आफ्नु मन्मां त्येको निन्दा गरी। अनि तिनिहरुले यह्वेको सम्पट्
भित्र ल्याये वहांदेखि त्येको लागि दाऊद्ले उभ्यायेको डेरा भित्र त्येको
ठांउमां राख्ये. अनि दाऊद्ले यह्वेको सांमु होमबलि र मिलापबलि
१८ चढ़ायो। अनि जब दाऊद्ले होमबलि र मिलापबलि चढ़ाइ सक्येको
थियो तब त्येस्ले लोगलाइ सेनाहरुको यह्वेको नांउले आशीर्वाद् गर्यो।
१९ वहांदेखि त्येस्ले सबै लोगलाइ अं इस्राएल्को सिंगै मंडलीलाइ लोग्ने
मान्छेहरु र स्वास्नीमान्छेहरु सबैलाइ एक् एकवटा रोटी र एक् एक् चोक्टा
मांसु र सुकेको दाखको एक् एकवटा भकना बांड़ि दियो। वहांदेखि
२० सिंगै लोग् आफ्नु आफ्नु घर्मां हिंड़ि गये। त्येस् पछि दाऊद् आफ्नु
जहान्लाइ आशीष् दिंनुलाइ फर्क्यो। अनि शाऊल्की छोरी मीकल्
दाऊद्लाइ भेट्नुलाइ निस्कि आयेर भन्नु लागी आहा आजु इस्राएल्का
महाराजा कस्तो शोभि उरल्येका थिये जो आजु आफ्ना चाकरेहरुको
दासीहरुका आंखाको सांमु बिना शर्मका भइ तुच्छ मान्छेले आफुलाइ
२१ उघार्येको झैं आफुलाइ उघार्येका थिये। तब दाऊद्ले मीकल्लाइ भन्यो
यो यह्वेको सांमु थियो जस्ले मंलाइ तेरो बाबु र त्येका सबै जहान्को
साटो मंलाइ इस्राएल् माथि अं यह्वेको लोग् माथि मालिक् तुल्याउंनुलाइ
२२ छान्यो. येसकारण मं यह्वेको सांमु खेलकु। अनि यहां देखि पनि अरु
ज्यास्ति तुच्छ हुंकु अनि आफ्नु दृष्टिमां नीच् हुंकु. तर तैंले छुन्
२३ दासीहरुको बिषयमां भनिस् तिनिहरु देखि चइं ता मं बड़ाई पाउंकु।
अनि शाऊल्की छोरी मीकल् आफ्नु मरणको दिन् सम्म निर्वंश भइ रही॥

(दाऊद्ले मन्दिर् बनाउंने इच्छे गर्द छ)

७ १ अनि येसो भयो जब राजा आफ्नु महल्मां बस्येको थियो अनि
यह्वेले त्येस्लाइ त्येका वरिपरिका सबै सत्तुरहरु देखि बिश्राम् दियेको थियो

तब राजाले नातान् अगमवक्तालाइ भन्यो अब हेर्नु हवस् म चइं २
देवदारुकाठको महलमां बस्द छु तर ईश्वरको सम्पट् भन्ये पालमां रहंद छ। त ३
नातान्ले राजालाइ भन्यो जांनु आफ्नु मनमां भयेका सबै कुरा गर्नु किनभन्ये
यह्वे आफु सङ छ। अनि त्यसै रात् येसो भयो यह्वेको बचन् येसो भन्दै ४
नातान् थांइ आयो गयेर मेरो दास् दाऊद्लाइ भन् यह्वेले येसो भन्द ५
छ की तैंले मेरो लागि मेरो बस्नुको लागि येउटा घर् बनाउंछस् . किनभन्ये ६
जस् दिन् मैंले इस्राएलबंशीहरुलाइ मिस्र बाटो चढ़ाइ ल्यायें त्यस् दिन्
देखि आजु सम्म म घरमां बस्येको छुइंन तर डेरामां र बासस्थानमां हिंडूदै
रह्येको छु। म सिंगै इस्राएलबंशीहरु सित जुन् जुन् ठांउमां हिंड़ेंर की ७
मैंले आफ्नु लोग् इस्राएल्लाइ चराउंनुलाइ आज्ञा दियेको इस्राएल्को
कुल्मांको कसै सित तिमिहरुले मेरो लागि देवदारुकाठ्को घर् किन
बनायेका छौन भनि कुरा गर्येको छु। त अब मेरो दास् दाऊद्लाइ येसो ८
भन् सेनाहरुको यह्वेले येसो भन्द छ मैंले तंलाइ भेंड़ागोठ् देखि
भेंड़ाबाख्राको पछि पछि हिंडूनु देखि ल्यायें तं मेरा लोग् अं इस्राएल्
मांथि मालिक् हो भन्ये खातिर्ले . अनि जहां जहां तं गइस् मं तं सङ् सङै ९
रह्यें अनि तेरा सबै सत्तुरुहरुलाइ तेरो सांमु देखि काटि दियें
अनि मं पृथिविका सबै बड़ा बड़ाद्मीको नांउ जस्तो तेरो नांउ पनि बड़ा
तुल्याउंछु। अनि मं आफ्नु लोग् इस्राएल्को लागि येउटा ठांउ खटाउंछु १०
अनि तिनिहरुलाइ रोप्छु र तिनिहरु आफ्नु ठांउमां बसि रहुन् अनि फेरि
फेरि कैले पनि सार्फेर् न गरोउन् दुष्टेंका सन्तानले अगाड़ि अगाड़ि
गरायेको झैं र मैंले आफ्नु लोग् इस्राएल् मांथि बिचारीहरुलाइ ११
खटायेको दिन् देखि झैं तिनिहरुलाइ दुख दिंदैनन् अनि मं तंलाइ तेरा
सबै सत्तुरुहरु देखि बिश्राम् गराउंछु। येस् उप्रान्त यह्वेले तंलाइ सुनाउंद
छ यह्वेले तंलाइ येउटा घर् बनाउंछ। जब तेरा दिन् पूरा हुंछन् अनि तं १२
आफ्ना पित्रहरु सङ सुत्छस् तब मं तं पछि तेरो बंशलाइ उभ्याउंछु जो
तेरो आन्द्रा देखि निस्कंछ त त्यस्को राज् मं स्थिर् गराउंछु। त्यसैले मेरो १३
नांउको लागि येउटा घर् बनाउंछ अनि मं त्यस्को राजको सिंहासन्
जुगनजुगको लागि स्थिर् गर्छु। मं त्यस्को बाबु हुंछु अनि त्यो चइं मेरो १४
छोरो हुंछ. त्यसले अधर्म्म गर्यो भन्ये मं त्यस्लाइ मान्छेको छड़िले र
मान्छेको सन्तान्को कोर्राले शिक्षादण्ड दिंछु तर जसोगरि मैंले १५
आफ्नु करुणा शाऊल् देखि उठाइ लयें जस्लाइ मैंले तेरो सांमु देखि दूर्
गर्यें त्यसैगरि त्यो देखि जांदैन। त तेरै घर् र तेरै राज् तेरो सांमु १६
जुगनजुगको लागि अटल् तुल्याइंछ. तेरै सिंहासन् जुगनजुगको लागि
स्थिर् गराइंछ। त यि सबै कुरा अनुसार् अनि यि सबै दर्शन् अनुसार् १७
नातान्ले दाऊद्लाइ कहि दियो॥

तब दाऊद् राजा भित्र पसेर यह्वेको सांमु बस्यो अनि भन्यो हे १८
प्रभु यह्वे मं को हुं अनि मेरो जहान् का हो र तपांइले मंलाइ यहां

१९ सम्म पुर्‍याउंनु भयो । अनि तपांइको सांमु हे प्रभु यहवे यो कुरो अझै
सांनै थियो तर तपांइले आफ्नु दास्को जहान्को बिषयमां पनि आउंदा
धेरै दिनको बिषयमां भन्नु भयेको छ अं यो कुरो मान्छेको रीत् अनुसार्
२० दिईयो हे प्रभु यहवे । त दाऊद्ले तपांइलाइ अरु के भन्नु सकुछ.
कसोगरिभन्ये हे प्रभु यहवे तपांइले आफ्नु दास्लाइ चिन्नु हुंद छ ।
२१ आफ्नु दास्लाइ जनाउंनुको लागि तपांइले आफ्नु बचन्को कारणले र
२२ आफ्नु मन् अनुसार् ति सबै बड़ाहुवाई गर्नु भयो । येस्कारण् हे यहवे
ईश्वर् तपांइ महा हो. कसोगरिभन्ये तपांइ जस्तो कोई छैन अनि हांमिहरुले
आफ्ना कानले सुन्येको अनुसार् तपांइ बाहिक् कोई ईश्वर् छैन ।
२३ फेरि तपांइको लोग् अर्थात् इस्राएल् जस्तो पृथिवीमां कुन् चइं लोग् छ
जस्लाइ ईश्वर् आफ्नु लोग् तुल्याउंनुको लागि र आफ्नु नांउ चलाउंनुको
लागि र तिमिहरुको निम्तिमां महा कार्ज्य र तेरो देस्को निम्ति तेरा
लोग्को सांमु डलागिदा कार्ज्य गर्नुलाइ छोड़ाउंनुको लागि गयो जुन्हरुलाइ
तपांइले मिस्र बाटो अन्यदेसीहरु र तिनका देवताहरु देखि आफ्नु लागि
२४ छोड़ाउंनु भयो । अनि तपांइले आफ्नु लागि जुगनजुगको लागि लोग्
तुल्याउंनुलाइ आफ्नु लोग् इस्राएल्लाइ स्थिर् गर्नु भयेको छ अनि हे
२५ यहवे तपांइ तिनिहरुको ईश्वर् भइ जांनु भयो । त अब हे यहवे ईश्वर्
जुन् कुरो तपांइले आफ्नु दास् र त्यस्को जहान्को बिषयमां भन्नु भयेको छ त्यो
कुरो जुगनजुगको लागि स्थिर् राख्नु हवस् अनि तपांइले भन्येको अनुसार्
२६ गर्नु हवस् । अनि सेनाहरुको यहवे इस्राएल् मांथि ईश्वर् छ भनि
तपांइको नांउ जुगनजुग् बढ्दै जावस्. त तपांइको दास् दाऊद्को जहान्
२७ तपांइको सांमु स्थिर् गरौंछ । किनभन्ये हे सेनाहरुको यहवे इस्राएल्को
ईश्वर् तपांइले आफ्नु दास्लाइ मं तेरो लागि घर् बनाउंछु भनि प्रगट्
गर्नु भयेको छ. येस्कारण् तपांइको दास् तपांइको सांमु यो प्रार्थना गर्नुलाइ
२८ आफ्नु मन्मां आंटीलो भयेको छ । त अब हे प्रभु यहवे तपांइ ईश्वर् हो
अनि तपांइका बचन् सच्चैइं हुन् अनि तपांइले आफ्नु दास्लाइ यो भलो
२९ योकुको करहार् दिनु भयो. येस्कारण् अब आफ्नु दास्को जहान् तपांइको
सांमु जुगनजुग् रहि रहंनुको लागि कृपा गरिकन आशीष् दिनुं हवस्.
किनभन्ये हे प्रभु यहवे तपांइलेनै यो भन्नु भयेको छ. अनि तपांइकै
आशीषले तपांइको दास्को जहान् सधैंभरि आशीषित् हवस् ॥

(दाऊद्का बिजय्हरु)

८ १ अनि येस् पछि येसो भयो दाऊद्ले पलिश्तीहरुलाइ मांर्‍येर
ताबिमां ल्यायो. अनि दाऊद्ले पलिश्तीहरुको हात् देखि राज्धानीको
२ प्रभुतैइं लिहाल्यो । फेरि त्येस्ले मोआब्लाइ मांर्‍यो अनि तिनिहरुलाइ
भुइंमां लड़ायेर डोरीले नाप्यो अनि दुवै डोरी मांर्नुलाइ अनि येउटा पूरो

डोरी जीउंदो राख्नुलाइ नाप्यो । त मोआबीहरु दाऊद्का दास् भइ
गये अनि भेटि ल्याये । फेरि दाऊद्ले आफ्नु सिमाना छोड़ाउंनुको लागि ३
महानदीमां जांदा सोबाको राजा रहोबक्को छोरो हददेजर्लाइ पनि
मार्‍यो । अनि दाऊद्ले त्यस् देखि एक् हजार् सात् सै तुरुक्सवार् र बीस् ४
हजार् पैदल्हरुलाइ लियो . वहांदेखि दाऊद्ले सबै रथ्का घोड़ाहरुको
धनौसो काटि दियो तर तिनिहरुमांका एक् सै रथ्हरुको लागि राखि
छोड्यो । अनि जब दमिशक्का अरामीहरु सोबाको राजा हददेजर्को ५
गोहार् गर्नुलाइ आयेका थिये तब दाऊद्ले अरामीहरुमांका बाईस् हजार्
जनालाइ मार्‍यो । वहांदेखि दाऊद्ले दमिश्कको अराम्मां पहराचौकि ६
बसाल्यो . अनि अरामीहरु दाऊद्का दास् भये अनि भेटि ल्याये । अनि
जहां जहां दाऊद् जांद थियो त्यहां त्यहां यहवेले त्यस्लाइ जिताहा
तुल्याउंद थियो । अनि दाऊद्ले हददेजर्का चाकरहरुले भिर्‍येका सुन्का ७
ढाल्हरु लियेर यरुशलेम्मां ल्यायो । अनि बेतह् र बिरोतै नांउ भयेका ८
हददेजर्का सहर्हरु देखि दाऊद् राजाले बिग्रै अधिगरि पीतल् ल्यायो ।
अनि जब हमात्को राजा तोईले दाऊद्ले हददेजर्को सिंगै सेनालाइ ९
मार्‍यो भन्येको सुन्यो तब तोईले आफ्नु छोरो योराम्लाइ दाऊद् १०
राजा थांइ त्यस्लाइ सलाम् गर्नुलाइ र हददेजर् सित लड़ाइँ गरि त्यस्लाइ
मार्‍येको कारणले त्यस्लाइ आशीष् दिंनु भन्या खातिर्ले पठायो . किनभन्या
हददेजर्ले तोई सङ लड़ाइँ गर्द थियो । त योराम् चांदी र सुन् र
पीतल्का भांड़ाहरु लियेर आयो . त ति पइं दाऊद्ले यहवेको पवित्र ११
काम्को लागि अलग् छुटायो अनि ति सङ त्यस्ले ताबिमां पार्‍येका सबै
लोग् लोग् देखि पवित्र काम्को लागि अलग् छुट्यायेका सुन् चांदी
पनि अर्थात् अराम्को र मोआब्को र अम्मोनबंशीहरुको र १२
पलिश्तीहरुको र अमालेक्को र सोबाको राजा रहोबक्को छोरो
हददेजर्को लूट्को । फेरि जब दाऊद् नुन्को तरिमां अरामीहरुका १३
अठारह् हजार् जनालाइ मार्‍येर फर्क्यो तब त्यस्को नांउ चल्यो । अनि १४
त्यस्ले एदोम्मां पहराचौकि बसाल्यो अं सिंगै एदोम्मां पहराचौकि बसाल्यो
अनि सिंगै एदोमीहरु दाऊद्का दास् भइ गये । अनि जहां जहां दाऊद्
जांद थियो वहां वहां यहवेले त्यस्लाइ जिताहा तुल्याउंद थियो ॥

अनि दाऊद्ले सिंगै इस्राएल् मांथि राज् गर्‍यो अनि दाऊद्ले १५
आफ्ना सबै लोगको निया र धर्म्म गर्‍यो । अनि सरुयाह्को छोरो १६
योआब् सेनापति थियो अनि अहीलूद्को छोरो यहोशापात् समझना १७
राख्ने थियो . अनि अहीतूबको छोरो सादोक् र एब्यातार्को छोरो
अहीमेलेक् पूजाहारी थिये अनि सरायाह् लेटर् थियो अनि १८
यहोयादाको छोरो बनायाह् चइं करेतीहरु र पलेतीहरु मांथि थियो अनि
दाऊद्का छोराहरु चइं मंत्रीहरु थिये ॥

(मपीबोशेत्‌को मान्)

९ १ अनि दाऊद्‌ले भन्यो कि अझै पनि शाऊल्‌को जहान्‌को कोई मान्छे
२ बांच्येको छ जस् मांथि मं योनातान्‌को कारणले कृपा देखाउं। अनि
शाऊल्‌को जहान्‌को येउटा शीबा नांउ भयेको चाकरे थियो जस्लाइ
तिनिहरूले दाऊद् थांइ बोलाये अनि राजाले त्येस्लाइ कि तं शीबा
३ होस् भनि सोध्यो। त त्येस्ले भन्यो आफुको दास् उइनै हुं। अनि
राजाले भन्यो कि अझै शाऊल्‌को जहान्‌को कोई मान्छे छ र मं त्यस्
मांथि ईश्वर्‌को कृपा देखाउं। अनि शीबाले राजालाइ भन्यो योनातान्‌को
४ अब येउटा छोरो ता छ जो पूरै खोरण्डे छ। तब राजाले त्येस्लाइ भन्यो
त्यो कहां छ। अनि शीबाले राजालाइ भन्यो हेर्नु हवस् त्यो लोदबार्‌मां
५ अम्मीएल्‌को छोरो माकीर्‌को घर्‌मां छ। तब दाऊद् राजाले त्‌स्लाइ
लोदबार् देखि अम्मीएल्‌को छोरो माकीर्‌को घर् देखि डाकि पठायो।
६ अनि शाऊल्‌को छोरो योनातान्‌को छोरो मपीबोशेत् दाऊद् थांइ
आयो अनि घोप्टो पर्येर दण्डवत् गर्‌यो। तब दाऊद्‌ले भन्यो ए
७ मपीबोशेत्। त त्येस्ले उत्तर् दियो हेर्नु हवस् आफुको दास् अनि
दाऊद्‌ले त्येस्लाइ भन्यो न डरा. किनभन्ये मं निस्से तेरो बाबु योनातान्‌को
कारणले तं मांथि कृपा देखाउंछु अनि तंलाइ तेरो बाबु शाऊल्‌को सबै
८ किपट् फर्काइ दिंछु अनि तैंले मेरो मेज्‌मां सधैं रोटी खांछस्। त त्येस्ले
दण्डवत् गरि भन्यो आफुको दास् क्या हो र आफुले मं येस्तो मर्येको कुकुर्
९ जस्तो मांथि दृष्टि गर्नु हुंद छ। तब राजाले शाऊल्‌को चाकरे शीबालाइ
बोलायेर त्येस्लाइ भन्यो शाऊल्‌को र त्येस्का सबै जहान्‌का जे जे पर्येका
१० छन् ति मैंले तेरो स्वामीको छोरोलाइ दिहाल्येको छु। तैंले र तेरा
छोराहरू र तेरा कमांराहरूले त्येस्को लागि खेतीकिसान् गर् अनि त्येस्को
उप्‌जनि भित्र्या र तेरो स्वामीको छोरोको खांने कुरो हवस्. तर तेरो
स्वामीको छोरो मपीबोशेत्‌चइंले ता सधैं मेरै मेज्‌मां भान्सा गर्ने गर्छ।
अब शीबाका पन्द्रह् भाई छोराहरू र बीस् जना कमांराहरू थिये।
११ तब शीबाले राजालाइ भन्यो मेरा प्रभु महाराजाले आफ्नु दास्‌लाइ
दियेको आज्ञा जस्तै आफुको दास्‌ले गर्छ। तर मपीबोशेत्‌चइंले
१२ राजकुमार्‌हरूमांको येउटाले झैं दाऊद्‌को मेज्‌मां खांने गर्छ। अनि
मपीबोशेत्‌को मीका नांउ भयेको येउटा सांनु छोरो थियो। अनि शीबाको
१३ घर्‌मां रहंने सबै जना मपीबोशेत्‌का चाकरेहरू थिये। येसोरि मपीबोशेत्
यरूशलेम्‌मां बस्यो किनभन्ये सधैं त्येस्ले राजाको मेज्‌मां खांद थियो अनि
त्यो आफ्ना दुवै गोड़ाको खोरण्डे थियो॥

१० १ अनि येस् पछि येसो भयो अम्मोन्‌वंशीहरूको राजा मर्‌यो अनि
२ त्येस्को साटोमां त्येस्को हानून् भन्ने छोरोले राज् गर्नु लाग्यो। अनि
दाऊद्‌ले भन्यो मं नाहास्‌को छोरो हानून् मांथि येस्तो कृपा देखाउंछु जस्तो

त्येको बाबुले मं मांथि कृपा गर्येको थियो। त दाऊद्ले आफ्ना
चाकरेहरुको हातको बाटोले त्येको बाबुको बिषय्मां त्येलाइ शान्ति
दिंनुलाइ पठायो। तब दाऊद्का चाकरेहरु गये अनि अम्मोन्बंशीहरुको
देस्मां पुग्ये। तर अम्मोन्बंशीहरुका मालिक्हरुले आफ्ना स्वामी ३
हानून्लाइ भन्ये की आफुले दाऊद्ले आफुको बाबुलाइ मान् गर्नुलाइ
आफु थांइ शान्ति दिंनेहरुलाइ पठाइ दियो भनि ठान्नु हुंद छ. की दाऊद्ले
आफ्ना चाकरेहरुलाइ सहर् हेर्नु र त्येको भेद् लिंनु र त्येलाइ उल्टाइ
दिंनुलाइ आफु थांइ पठायेको होइन। तब हानूनले दाऊद्का चाकरेहरुलाइ ४
समात्येर तिनका आधा आधा दारि खौरि दियो अनि तिनको लुगा आधा
आधा जाङ्ग सम्मको पारि काटि दियेर तिनिहरुलाइ फर्काइ पठायो।
न यो कुरो दाऊद्लाइ सुनाईयो तब त्येस्ले तिनलाइ भेट्नलाइ मान्छे ५
पठाइ दियो किनभन्ये ति मान्छेहरु अग्घोर् लज्जित् थिये। अनि राजाले
भन्यो तिमिहरुका दारि न बढुंज्याल् सम्म यरीहोमां अड्डीइ रह त्येस् पछि
मांत्रै फर्कि आव। अनि जब अम्मोन्बंशीहरुले हांमिहरु दाऊद्को सांमु ६
घिन्लाग्दा भयूं भनि थाहा पाये तब अम्मोन्बंशीहरुले मान्छे पठायेर
बेत्रहोब र सोबाका बीस् हजार् अरामी पैदल्हरुलाइ र एक् हजार्
मान्छेहरु समेत् माकाको राजालाइ र तोबका बारह् हजार् जना मान्छेहरुलाइ
ज्यालामां ल्यायो। अनि जब दाऊद्ले यो कुरो सुन्यो तब त्येस्ले योआब् र ७
महावीर्हरुको सिंगै सेनालाइ पठाइ दियो। अनि अम्मोन्बंशीहरुले ८
निकल्येर ढोकाको आघन्मां लड़ाइंको लागि पाङ्ति पाङ्ति बांध्ये.
अनि सोबा र रहोबका अरामीहरु र तोब् र माकाका मान्छेहरु
मैदान्मां अलग् अलग् थिये। त्येस् पछि जब योआबले मेरो अघि पछि ९
लड़ाइंले घेर्येको रछ भनि चाल् पायो तब त्येस्ले इस्राएल्का सबै रोजा
मान्छेहरुमांकालाइ छान्येर तिनिहरुलाइ अरामीहरुको बिरुद्धमां पाङ्ति
पाङ्ति बांध्यो. अनि बच्येका मान्छेहरुचइंलाइ त्येस्ले आफ्नु भाइ अबीशैको १०
हातमां सुम्प्यो त त्येस्ले तिनिहरुलाइ अम्मोन्बंशीहरुको बिरुद्धमां पाङ्ति
पाङ्ति बांध्यो। अनि त्येस्ले भन्यो अरामीहरु मं मांथि जिताहा हुंनु ११
आंट्ये भन्ये देखि त तैंले मेरो गोहार् गर्येस्. तर अम्मोन्बंशीहरु तं मांथि
जिताहा हुंनु आंट्ये भन्ये देखि त मं आयेर तेरो गोहार् गर्छु। हुप् बांध् १२
अनि हांमिहरु आफ्ना लोगको लागि र आफ्नु ईश्वर्का सहर्हरुको लागि
मर्दले झैं गरूं. अनि यह्वेले जस्तो उस्लाइ जाति लाग्ला त्येसै गरोस्।
येसोरि योआब् र त्यो सङ्ग भयेका मान्छेहरु अरामीहरु सित लड़ाइं १३
गर्नुलाइ नजिक् नजिक् गये. त तिनिहरु त्येको सांमु देखि भाग्ये। अनि १४
जब अम्मोन्बंशीहरुले अरामीहरु भाग्ये छन् भनि देख्ये तब तिनिहरु पनि
अबीशैको सांमु देखि भाग्ये अनि सहर्मां पस्ये। तब योआब् अम्मोन्
बंशीहरु देखि फर्केर यरुशलेम्मां आयो। अनि जब अरामीहरुले १५
हांमिहरुले ता इस्राएल् देखि हार्यं भनि देख्ये तब तिनिहरु भेला भये।

१६ अनि हददेजेर्‌ले महानदी पारीका अरामीहरुलाइ झिकायो . त तिनिहरु
हेलाम्‌मां आये हददेजेर्‌को सेनापति शोबक् चइं तिनिहरुको
१७ अघि अघि हिंड्‌नेको भइ । त दाऊद्‌लाइ यो कुरो सुनाईयो तब त्येस्‌ले
सिंगै इस्राएल्‌लाइ भेला गरायेर यर्दन् पारि तर्येर हेलाम्‌मां आयो ।
अनि अरामीहरुले दाऊद्‌को बिरुद्धमां पाङ्‌ति पाङ्‌ति बांधे र त्यो सङ
१८ लड़ाइं गर्ये । अनि अरामीहरु इस्राएल्‌को सांमु देखि भाग्ये अनि
दाऊद्‌ले अरामीहरुमांका सात् सै रथ्‌हरु र चालीस् हजार् तुरुकसवार्-
हरुलाइ मारि दियो अनि तिनको सेनापति शोबक्‌लाइ त्यो तिहींनै
१९ मरि जानेगरि हिर्काइ दियो । अनि जब हददेजेर्‌को ताबिमां भयेका
सबै राजाहरुले हामिहरुले इस्राएल् देखि हार्‌यूं भनि थाहा पाये त
तिनिहरुले इस्राएल् सङ मिलाप् गर्ये अनि तिनिहरुको चाकरे भये ।
येसोरि अरामीहरु फेरि फेरि अम्मोनबंशीहरुको गोहार् गर्नलाइ डराये ॥

(दाऊद्‌को पाप्)

११ १ अनि येसो भयो जब नया साल् लाग्यो जस् बेलामां राजाहरु
लड़ाइंको लागि निस्कि जांने गर्द छन् तब दाऊद्‌ले योआब् र त्यो सङ
भयेका चाकरेहरुलाइ र सिंगै इस्राएल्‌लाइ पठाइ दियो त तिनिहरुले
अम्मोन्‌बंशीहरुलाइ नास् पार्ये अनि रब्बा सहर् घेर्ये । तर दाऊद् चइं
यरुशलेम्‌मां रह्यो ॥

२ अनि एक् दिन् बेलुका बेलुकातिरि येसो भयो दाऊद् आफ्नु खाट्
बाटो उठेर राजमहल्‌को कौसी मांथि डुल्नु लाग्यो . त कौसी देखि त्येस्‌ले
येउटी आइमाइलाइ नुहाउंदै गर्येको देख्यो त्यो आइमाइ हेर्नुमां औधि
३ राम्री थिई । तब दाऊद्‌ले त्येस् आइमाइको बिषय्‌मां सोध्‌न् पठायो ।
त कसैले भनि दियो क्या त्यो एलीआम्‌की छोरी हित्ती ऊरिय्याह्‌की स्वास्नी
४ बत्‌शेबा होइन । त दाऊद्‌ले मान्छे पठायेर त्येस्‌लाइ झिकायो अनि त्यो
त्यो थांइ आई अनि त्यो त्यो सित सुत्यो (कसोगरिभन्ये त्यो आफ्नु अशुद्धेइं
५ देखि शुद्ध भयेकी थिई) अनि त्यो आफ्नु घर्‌मां फर्की । अनि त्यो
आइमाइ गर्भीणी भई त त्येस्‌ले दाऊद्‌लाइ मलाइ ता गर्भ भयो भनि
६ पठाई । तब दाऊद्‌ले योआब् थांइ येसो भनि पठायो हित्ती ऊरिय्याह्
चइंलाइ मं थांइ पठाइ दे । तब योआब्‌ले ऊरिय्याह्‌लाइ दाऊद् थांइ
७ पठाइ दियो । अनि जब ऊरिय्याह् त्यो थांइ आइ पुग्यो तब दाऊद्‌ले
योआब् कस्तो छ अनि लोग्‌को कुशल् र लड़ाइंको समाचार् भनि त्यो
८ सित सोध्यो । अनि दाऊद्‌ले ऊरिय्याह्‌लाइ भन्यो आफ्नु घर्‌मां उत्रि जा
अनि आफ्ना गोड़ा धो । तब ऊरिय्याह् राजमहल् बाटो निस्क्यो अनि
राजाको पट्टि बाटो त्येस्‌को पछि पछि कोइ खाने थोक् पठाइ दिईयो ।
९ तर ऊरिय्याह् आफ्नु प्रभुका सबै चाकरेहरु सङ राजमहल्‌को दलान्‌मां सुत्यो
१० अनि आफ्नु घर्‌मां उत्रि गयेन । त जब तिनिहरुले दाऊद्‌लाइ ऊरिय्याह्

आफ्नु घर्मां उत्रि गयेन भनि कहि दिये तब दाऊद्ले ऊरिय्याह्लाइ
भन्यो क्य तं पर्देस् बाटो आयेको होइनस् त किन आफ्नु घर्मां उत्रि
गइनस्। तब ऊरिय्याह्ले दाऊद्लाइ भन्यो सम्पट् र इस्राएल् र यहूदा ११
पाल्मां रहंद छन् अनि मेरा प्रभु योआब् र मेरा प्रभुका चाकरेहरू उघारो
मैदान्मां डेरा हालि रह्येका छन् त क्य मं चइं आफ्नु घर्मां पसुं
खानापौना गर्नु र आफ्नौ स्वास्नौ सित सुत्नुलाइ. आफु जीइ रह्येको भैं
र आफुको प्राण् जीइ रह्येको भैं मं येस्तो काम् गर्दौंन। तब दाऊद्ले १२
ऊरिय्याह्लाइ भन्या आजु पनि यहां बस् त भोलि मं तंलाइ बिदा दिंछु।
तब ऊरिय्याह् यरूशलेम्मां त्येम् दिन् र भोलि पाल्टो पनि रह्यो। अनि जब १३
दाऊद्ले त्येस्लाइ बोलायो तब त्येस्ले त्येस्को सांमु खानापौना गर्‍यो अनि
दाऊद्ले त्येस्लाइ मतायो. अनि सांझ्मां त्यो आफ्नु ओछ्यान्मां आफ्नु प्रभुका
चाकरेहरू सङ सुत्नु गयो तर आफ्नु घर्मां चइं उत्रि गयेन। अनि १४
बिहान येसो भयो दाऊद्ले योआब्लाइ येउटा चिट्ठि लेख्येर ऊरिय्याह्को
हात्मां पठाइ दियो। अनि त्येस्ले चिट्ठिमां येसो येसो भनिकन लेख्यो १५
ऊरिय्याह्लाइ चमर्केको चइं लड़ाइंको मुख्मां लगाइ दे अनि अरू चइं त्यो
देखि हट र त्यो काटोयेर मरोस्। अनि येसो भयो जब योआब्ले त्येस् १६
सहर्को भेद् बूझ्‌ सक्यो तब त्येस्ले ऊरिय्याह्लाइ त्येस्तै ठांउमां खटायो
जहां त्येस्ले बीर्बीर्हरू छन् भनि थाहा पायेको थियो। अनि त्येस् सहर्का १७
मान्छेहरूले निस्केर योआब् सित लड़ाइं गर्‍ये. अनि लोगका अं दाऊद्का
चाकरेहरूका कत्ति जना लड़ेर अनि हित्ती ऊरिय्याह् पनि मारीयो। तब १८
योआब्ले दाऊद्लाइ लड़ाइंका बिषय्मां सबै कुरा भनि पठायो अनि १९
त्येस्ले दूत्लाइ येसो भनिकन आज्ञा गर्‍यो जब तंले राजालाइ लड़ाइंको
बिषय्का सबै कुरा गरि सक्छस् तब येसो हुंछ राजाको रिस् उठ्यो २०
भन्य अनि राजाले तंलाइ लड़ाइं गर्नुको लागि सहर्को त्येति नजिक् किन
गयौ. क्य तिनिहरूले भित्ता बाटो हिर्काउंछन् भनि तिमिहरूलाइ थाहा
थियेन. यरूब्बेशत्को छोरो अबीमेलेक्लाइ कस्ले मार्‍येको थियो. क्य येउटी २१
आइमाइले भित्ता बाटो त्येस् मांथि त्यो तेबेस्मां मर्ने गरि जांतोको ऊंभल्लो
पल्यांटोले हानि दिइन. भित्ताको त्येति नजिक किन गयौ भन्येर सोध्यो
भन्ये देखि त तंले येसो भन् आफुको दास् हित्ती ऊरिय्याह् पनि मर्‍ये छ
भनि। त त्येस् दूत्ले गयेर दाऊद्लाइ योआब्ले मंलाइ क्यको लागि पठायेको २२
थियो भनि ति सबै कुरा दाऊद्लाइ देखायो। अनि दूतले दाऊद्लाइ भन्यो २३
ति मान्छेहरू हांमिहरू मांथि जिताहा भयेर मैदान्मां हांमिहरू मांथि आइ
लाग्ये अनि हांमिहरूले तिनिहरूलाइ ढोकाको आघन् सम्म लगादै लग्यूं।
तब धनु खेलाउंनेहरूले आफुका चाकरेहरूलाइ भित्ता बाटो हान्ये अनि २४
राजाका कत्ति जना चाकरेहरू मर्‍ये अनि आफुको दास् हित्ती ऊरिय्याह् पनि
मर्‍यो। तब दाऊद्ले दूत्लाइ भन्यो योआब्लाइ येसो भन् यो कुरो तिम्रो २५
मन्मां नआति न लागोस् किनभन्ये तरवार्ले जसोगरि येउटालाइ खांद छ

त्यसैगरि अर्कोलाइ पनि खांद छ . तिमिले सहरको विरुद्धमां लड़ाईं अरु
बलियो गराउ अनि सहर्लाइ भत्काइ देउ भनि . त येसोगरि त्येस्लाइ
२६ साहस् दे । अनि जब ऊरिय्याह्को स्वास्नीले मेरो लोग्ने ऊरिय्याह् मर्ये छन्
२७ भनि सुनी तब त्यस्ले आफ्नु लोग्नेको लागि बिलाप् गरी । अनि जब
बिलाप् गर्ने बेला बिति गयो तब दाऊद्ले त्येस्लाइ आफ्नु घरमां झिकायो
अनि त्यो त्येस्को स्वास्नी भई अनि त्यस्को येउटा छोरो जन्माई । तर
दाऊद्ले गर्येको त्यो काम् यहवेलाइ नजाति लाग्यो ॥

१२ १ तब यहवेले नातान्लाइ दाऊद् थांइ पठायो । अनि त्यस्ले त्यो
थांइ आयेर भन्यो येउटा सहर्मां दुइ जना मान्छे थिये येउटा धनी अर्को
२ चइं कंगालि । अनि त्यस् धनीचइंका भेंड़ाबाख्रा गाईगोरु अग्घोर् बिघ्न
थिये . तर त्यस् कंगालिकां ता त्येस्ले किन्येर पाल्येको येउटा सांनु छतौरी
३ बाहिक् अरु कोइ पनि थियेन . अनि त्यो त्यइ सङ र त्येस्का बालबच्चा
सङ बढ्रको थिई त्येस्ले त्येस्कै भाग् देखि खांद थिई अनि त्यस्कै कटोरा
देखि पीउंद थिई अनि त्यस्कै काखमां सुतद थिई त त्यो त्येस्को छोरी
४ जत्तिकै भयेको थिई । अनि एक् दिन् त्येस् धनी चइंकां येउटा बटोरे आयो
त त्येस्ले त्यो थांइ आयेको त्येस् पर्देसीलाइ खांनु दिंनुको लागि आफ्नु चइं
खोरको र आफ्नु चइं गोठको कोइ ल्याउंने मन् गर्येन तर त्यस् कंगालिको
५ छतौरी चइं लियेर त्यो थांइ आयेको मान्छेको लागि बनाइ दियो । तब
त्येस् मान्छे मांथि दाऊद्को रिस् ओधि बलि उठ्यो अनि त्यस्ले नातान्लाइ
भन्यो यहवे जीइ रहेको छ जस्ले येसो गर्यो त्यो मारींने मांफिकको छ .
६ अनि त्यस्ले त्यो काम् गर्येको र त्यस्ले दया न गर्येको कारणले त्यो छतौरीका
चार् गुणा साटो फर्काइ दिंनु पर्छ ॥

७ तब नातान्ले दाऊद्लाइ भन्यो त्यो मान्छे तिमिनै हौ । इस्राएल्को
ईश्वर् यहवेले येसो भन्द छ मैलेनै तंलाइ इस्राएल् मांथि राजाभिषिक्त गर्यें
८ अनि मैलेनै तंलाइ शाऊल्को हात् देखि छोड़ायें अनि तंलाइ तेरो
स्वामीको जहान् र तेरो स्वामीको स्वास्नीहरु तेरो काखमां हालि दियें
अनि इस्राएल् र यहूदाको जहान् तंलाइ दियें येतिले पनि थोरै भयेको
९ भये देखि मं तंलाइ येस्ता उस्ता अरु पनि दिंने थियें । त किन तंले यहवेको
सांमु दुष्ट्ईं गर्नुलाइ उस्को बचन्को निन्दा गरिस् . तंले हित्ती ऊरिय्याह्लाइ
तरवार्ले मराइस् अनि त्येस्को स्वास्नी लियेर आफ्नो स्वास्नी तुल्याइस्
१० अनि त्येस्चइंलाइ अम्मोन्वंशीहरुको तरवार्ले मराइस् । येस्कारण अब तेरो
घर् देखि तरवार् कैलेइ पनि जांदैन किनभन्ये तंले मेरो निन्दा गरिस् अनि
११ हित्ती ऊरिय्याह्को स्वास्नो लियेर आफ्नो स्वास्नो तुल्याइस् । यहवेले येसो
भन्द छ हेर् मं तेरो बिरुद्धमां तेरै घर् देखि बुराई उठाउंछु अनि तेरै
आंखाको सांमुन्ने तेरो स्वास्नीहरुलाइ लियेर तेरो छिमेकिलाइ दिंछु अनि
१२ त्यो येइ घामको सांमु तेरो स्वास्नीहरु सित सुतछ । किनभन्ये तैंले यो
लुकिकन गरिस् . तर मं यो काम् इस्राएल्को सांमु र घामको सांमु गर्छु ।

त दाऊद्ले नातान्लाइ भन्यो यह्वेको विरुद्धमां पाप् गर्‍यें। अनि नातान्ले १३
दाऊद्लाइ भन्यो यह्वेले पनि तिम्रो पाप् दूर् गर्‍यो तिमि मर्दैनौ। तैपनि १४
येस् कामको बाटोले तिमिले यह्वेका बैरीहरुलाइ निन्दा गर्ने ठुलो ठांउ
दियेको कारणले तिम्रो जन्म्येको छोरो पनि अवस्से मर्छ। तब नातान् १५
आफ्नु घरमां गइ गयो ॥

अनि यह्वेले ऊरिय्याह्की स्वास्नीले दाऊद्को लागि जन्मायेको
छोरोलाइ हिर्कायो अनि त्यो सारो दुख्यो। येस्कारण दाऊद्ले नानीको १६
लागि ईश्वर् सित बिन्ति गर्नु लाग्यो अनि दाऊद्ले उपास् बस्न र भित्र
पसे र रातभरि भूइंमां लडि रहने गर्‍यो। अनि त्यस्का घरका बूढाहरु १७
त्यस्लाइ भूइं देखि उठाउंनुलाइ छेउ आये. तर त्यस्ले मान्येन अनि तिनिहरु
सित भानसा पनि गर्‍येन। तब सातौं दिनमां येसो भयो त्यो नानी मर्‍यो। १८
अनि दाऊद्का चाकरेहरु नानी मर्‍यो भनि भन्नु डराये. किनभन्ये तिनिहरुले
भन्ये हेर नानी जीउंदो छंदैखेरि पनि हामिहरुले तिनलाइ भन्यूं र पनि
तिनले हाम्रो कुरा सुन्येनन्. त अब हामिहरुले नानी मर्‍यो भन्यूं भन्ये
देखि ता झन् सारो तिनले आफुलाइ कति दुक्ख दिंछन् होला। त दाऊद्ले १९
आफ्ना चाकरेहरुलाइ कानकानमां सार्उति गरागर् गर्‍येको देख्यो तब
दाऊद्लाइ नानी मर्‍येछ भन्ये बूझ् भयो. तब दाऊद्ले आफ्ना चाकरेहरु
सित के नानी मर्‍यो भनि सोध्यो। त तिनिहरुले भन्ये मर्‍यो। तब दाऊद्ले २०
भूइं देखि उठेर नुहायो वहांदेखि तेलसेल् लायरे आफ्नु वस्त्र फेरेर
यह्वेको घरमां गयेर दण्डवत् गर्‍यो. त्यस् पछि आफ्नु घरमां आयो अनि
जब त्यस्ले मांग्यो तब तिनिहरुले त्यस्को सांमु भोजन् राख्ये अनि त्यस्ले
खायो। तब त्यस्का चाकरेहरुले त्यस्लाइ भन्ये यो आफुले गर्‍येको काम् २१
कस्तो हो. नानी जीउंदो छंदाखेरि आफुले त्यस्को लागि उपास् र बिलाप्
गर्नु भयो तर जब नानी मर्‍यो तब आफुले उठेर भोजन् गर्नु भयो। त त्यस्ले २२
भन्यो नानी जीउंदो छंदाखेरि मं उपास् र बिलाप् गर्दै थियें. किनभन्ये
मैले के यह्वेले मं मांथि कृपा गर्छ होला र नानी जीउंछ होला भनि
कस्लाइ थाहा हुंछ भन्येर भन्यें। तर अब ता त्यो मरि गयो त मं किन २३
उपास् बसकु. के मं त्यस्लाइ फेरि फर्काइ ल्याउंनु सक्कु। अं मं त्यो थांइ
जांकु तर त्यो चइं मं थांइ फर्कि आउंदैन। अनि दाऊद्ले आफ्नी स्वास्नी २४
बतशेबालाइ शान्ति दियो अनि त्यो त्यस्कां गयेर त्यो सित सुत्यो. अनि
त्यस्ले येउटा छोरो जन्माई अनि त्यस्ले त्यस्को नांउ सुलैमान् राख्यो। अनि
यह्वेले त्यो सित प्रेम् गर्दै थियो अनि उस्ले नातान् अगमवक्ताको २५
बाटोले पठायेर यह्वेको कारणले त्यस्को नांउ यदीद्याह्[१] राख्यो ॥

अनि योआबले अम्मोन्बंशीहरुको रब्बाको बिरुद्धमां लडाइं गर्‍येर २६
त्यस्को राजधानी लिहाल्यो। अनि योआबले पठायेर येसो भन्यो मैले रब्बा २७

[१] अर्थात् यह्वेको प्रिय।

२८ खित लड़ाईं गर्य्यं अं मैंले पानीहरूको सहर् लिहाल्यें। त अब उबर्य्येका
लोग् भेला गरायेर सहर्को सांमु डेरा हाल्येर त्यो लिंनु हवस्. होइन
२९ भन्ये ता मैंने सहर् लिंकु अनि त्येस्मां मेरै नांउ राखीयेला। त दाऊद् सिंगै
लोग्लाइ भेला गरायेर रब्बामां गयो अनि त्यो खित लड़ाईं गर्य्येर त्यो
३० लिहाल्यो। अनि त्येस्ले तिनिहरूको राजाको मुकुट् त्येस्को सिर् देखि
उतार्य्यो अनि त्येस्को जोखाई एक् तोड़ा सुन्को थियो अनि त्येस्मां अमोल्
अमोल् मणिहरू पनि थिये अनि त्यो दाऊद्को सिर्मां लगाईयो। अनि
३१ त्येस्ले सहर्को लूट् अग्घोर् औधिगरि निकालि ल्यायो। वहांदेखि त्येस्ले
त्यहांका मान्छेहरूलाइ बाहिर निकाल्येर तिनिहरूलाइ आराहरू र फलम्का
दांदे र फलम्को बंचरोको र ईंट्को भट्टिको काम्मां लगाइ दियो. त्येस्ले
अम्मोनवंशीहरूको सबै सहर्लाइ येसै गर्य्यो। वहांदेखि दाऊद् र सबै
लोग् यरुशलेम्मां फर्कि आये॥

१३ १ अनि येस् पछि येसो भयो दाऊद्को छोरो अबशालोम्को
तामार् नांउ भयेको येउटा राम्रो बैंनी थिई अनि दाऊद्को छोरो अम्नोन्ले
२ त्येस् मांथि मन् लगायो। अनि अम्नोन् आफ्नी बैंनी तामार्को कारणले
येति सुर्ताउंदै गयो जस्कारणले त्यो रोगाउंदै पनि गयो कसोगरिभन्ये त्यो
कन्येकेटी थिई अनि त्यो सित केइ पनि गर्नु अम्नोन्लाइ कठिन् थियो।
३ तर अम्नोन्को येउटा योनादाब् नांउ भयेको साथी थियो जो दाऊद्को
दाज्यु शिमाको छोरो थियो. अनि योनादाब् चइं अग्घोर्को छट्टु थियो।
४ त त्येस्ले त्यस्लाइ भन्यो हे राजकुमार् आफु किन येस्तोरि दिन् दिनै सुक्दै
जांनु हुंदछ क्यै आफुले मंलाइ भन्नु हुन्न। तब अम्नोन्ले त्यस्लाइ भन्यो
५ मेरो भाई अबशालोम्को बैंनी तामार् मांथि मेरो मन् गयेको छ। तब
योनादाब्ले त्यस्लाइ भन्यो आफु मं बिसंच छु भन्ये निउं गरि आफ्नु खाट्मां
ढल्कि रहंनु हवस्. अनि जब आफुको बाबु आफुलाइ हेर्नु आउंछन् तब
तिन्लाइ मेरी बैंनी तामार्लाइ आउंनु दिंनु हवस् र मंलाइ खांनु देवस्
अनि मेरो सांमु खांने कुरो बनावस् र मं त्यो देख्येर त्येसैका हात् देखि
६ खांकु भन्येर भन्नु हवस्। तब अम्नोन् ढल्कि रह्येर मं बिसंच छु भन्ये निउं
गर्य्यो. अनि जब राजा त्येस्लाइ हेर्नु आयो तब अम्नोन्ले राजालाइ भन्यो
कृपागरिकन मेरी बैंनी तामार्लाइ आउंनु दिंनु हवस् र मेरो सांमु दुवटा
७ फुलौरो बनाइ देवस् र मं त्यस्को हात् देखि खांकु। तब दाऊद्ले तामार्को
घर्मां येसो भनि पठायो एले आफ्नु दाज्यु अम्नोन्को घर्मां गयेर
८ त्येस्को लागि भोजन् बनाइ दे। तब तामार् आफ्नु दाज्यु अम्नोन्को घर्मां
गई अनि त्यो चइं ढल्कि रह्येको थियो। अनि त्येस्ले पिठो झिक्येर मुछी
९ अनि त्येस्को सांमु फुलौरा बनाइ पोली। अनि त्येस्ले ताई झिक्येर ति
फुलौरा त्येस्को सांमु खन्याइ दिई तर त्येस्ले खांनु मान्येन। अनि अम्नोन्ले
सबै जनालाइ मं भये ठांउ देखि निस्कि जाव भन्यो त सबै जना त्यो भये
१० ठांउ देखि निस्कि गये। तब अम्नोन्ले तामार्लाइ मेरो कोठामां

भोजन् ल्याइ दे र मं तेरो हात् देखि खांकु भन्यो । त तामार्ले आफुले
बनायेको फुलौरो लियेर आफ्नु दाजु अम्नोन् थांइ कोठामां लगो । अनि जब ११
त्येस्ले ति थोक् खुवाउंनुलाइ छउ लगो तब त्यस्ले त्येस्लाइ समात्येर भन्यो ए
मेरो बैंनो आइज मं सङ सुत् । तर त्येस्ले त्यस्लाइ उत्तर् दिई होइन मेरा १२
दाजेइ मेरो पत् न लेउ किनभन्ये इस्राएल्मां येसो गर्नु हुंदेन. येस्तो
मूर्खंइँ न गर । अनि मं चइं आफ्नु लाज् कहां बोकि लैजाउं. अनि १३
तिमि चइं इस्राएल्मांका मूर्खहरुमांको येउटा हुंछौ । त अब बरु कृपागरि
राजा सित कुरा गर किनभन्ये तिन्ले मंलाइ तिमिलाइ दिंनु देखि थुन्देनन्
होला । तैपनि त्येस्ले त्येस्को कुरा मान्येन . तर त्यो भन्दा बेसि बलियो भइ १४
बलमोचेइँ गरि त्यो सित सुत्यो । त्यस् पछि ता अम्नोन्ले त्येस्लाइ अघोर् १५
गरि घिन् गर्यो कसोगरिभन्ये त्येस्ले त्यस्लाइ घिनायेको घिन् चइं त्येस्लाइ
प्यारो गर्येको पिर्ति भन्दा बेसि थियो । अनि अम्नोन्ले त्यस्लाइ भन्यो
उठेर जाइ जा । तब त्येस्ले त्यस्लाइ भनौ येसो हुदेन किनभन्ये तिमिले १६
मंलाइ निकाल्येको यो दुष्टइँ त्यो तिमिले मं सित गर्येको दुष्टइँ भन्दा बेसि
छ । तर त्यस्ले त्यस्को कुरा मान्येन । तब त्येस्ले आफ्नु चाकर् गर्ने चाकरलाइ १७
भन्यो अब येस् केटालाइ मं थांइ देखि निकालि दे अनि तेस्को पछाडि
ढेलाको आगलो लगाइ दे । अनि त्येस्ले रंगबिरंगका येउटा बक्खु लायेको १८
थिई. कसोगरिभन्ये राजाको कन्या मेयांहरुले त्येस्तै बस्त्र लगाउंद थिइन् ।
तब त्येस्को चाकरले त्येस्लाइ निकालि दियो अनि त्येस्को पछाडि ढेलोको
आगलो लगाइ दियो । तब तामार्ले आफ्नु सिर्मां खरानि हालौ अनि १९
आफ्नु लायेको रंगबिरंगको बक्खु च्याता अनि आफ्ना हात् आफ्नु सिर्
मांथि राख्येर कराइ कराइकन रुंदै गई । तब त्यस्को दाजु अबशालोम्ले २०
त्यस्लाइ भन्यो क्य तेरो दाजु अम्नोन् तेरां आयो । तर अब ए मेरो बैंनो चुप
लागि बस् . त्यो तेरो दाज्यु हो येस् कुरामां आफ्नु मन् न लगा । त तामार्
आफ्नु दाज्यु अबशालोम्का घर्मां मन् मर्येका भइ बसि रहौ । तर जब २१
दाऊद् राजाले यि सबै कुरा सुन्या तब ओधि रिसायो । अनि अबशालोम्ले २२
अम्नोन्लाइ जाति कि नजाति कइ कुरा भन्येन. किनभन्ये अबशालोम्ले
अम्नोन्ले त्येस्को बैंनो तामार्को पत् लियेको कारण्ले त्यस्लाइ घिन्
गर्द थियो ॥

अनि पूरो दुइ वर्ष पछि येसो भयो अबशालोम्का भेंडाका ऊण् २३
कत्रंनेहरु एफ्रेम् निर भयेको बाल्हजोर्मां थिये. अनि अबशालोम्ले
राजाका सबै राजकुमार्हरुलाइ निम्तो दियो । अनि अबशालोम्ले राजा २४
थांइ आयेर भन्यो अब हेनु हवस् आफुका दास्का ऊण् कत्रंनेहरु छन् त
कृपागरिकन राजा र तिन्का चाकरेहरु पनि आफ्नु दास् सङ आउन् ।
तब राजाले अबशालोम्लाइ भन्यो होइन मेरो छोरा सबै ता न जाऊं २५
होइन भन्ये ता तंलाइ भार् हुंछ । तब त्येस्ले त्येस्लाइ ढिपि लायो . तैपनि
जांनु मान्येन तर त्यस्लाइ आशीष् दियो । तब अबशालोम्ले भन्यो जांनु २६

हुन्न भन्ये देखि त कृपागरि मेरा दाज्यु अम्नोन्लाइ हामिहरु सङ जांनु
दिंनु हवस्। अनि राजाले त्येस्लाइ भन्यो त्यो तं सङ किन जांछ।
२७ तर अब्शालोम्ले त्येस्लाइ यहां सम्म छिपि लायो त्येस्ले अम्नोन्लाइ र
२८ राजाका सबै राज्कुमार्हरुलाइ त्यो सङ जांनु दियो। अनि अब्शालोम्ले
आफ्ना चाकरेहरुलाइ येसो भनि आज्ञा दियो अब हेर्दै रह जब अम्नोन्को
मन् मद्यले मगन् भयेको होला अनि जब मं तंलाइ हिर्का भनुंला तब त्येस्लाइ
मार् न डरा . के मैंलेनै तंलाइ आज्ञा दियेको छुइंन बल् गर् अनि महाबीर
२९ हो। त अब्शालोम्का चाकरेहरुले अब्शालोम्ले आज्ञा गर्येको झैं
अम्नोन्लाइ गर्ये। तब सबै राज्कुमार्हरु उठेर अनि आफ्ना आफ्ना खच्चर्मां
३० चढेर भाग्ये। अनि येसो भयो तिनिहरु बाटोमां जांदे गर्दाखेरि दाऊद् थांइ
अब्शालोम्ले सबै राज्कुमार्हरुलाइ मार्ये छ अनि तिनिहरुमांको येउटा
३१ पनि छैन अरे भन्ने समाचार् पुग्यो। तब राजाले उठेर आफ्नु लुगा च्यात्यो
अनि भूइंमां लड्यो अनि त्येस्कां भयेका सबै चाकरेहरुले पनि आफ्ना
३२ आफ्ना लुगा च्यात्येर त्येस्का वरिपरि उभीये। तब दाऊद्को दाज्यु शिमाको
छोरो योनादाब्ले उत्तर् दिइ भन्यो मेरा प्रभुले सबै जुवान् राज्कुमार्हरु
मारीये भनि न ठान्नु हवस् किनभन्ये खालि अम्नोन् मात्रै मारीयो .
किनभन्ये त्येस्ले त्येस्को बैंनी तामार्को पत लियेको दिन् देखि यो कुरो
३३ अब्शालोम्को मन्मां ठहराइ राख्येको थियो। येस्कारण अब मेरा प्रभु
महाराजाले सबै राजकुमार्हरु मर्ये छन् भनि ठान्नुलाइ मन् न लगाउंनु
३४ हवस्. किनभन्ये अम्नोन् मात्रै मारीयो। तर अब्शालोम् चढ्इ भाग्यो।
अनि पहराचौकि बस्ने जुवान्ले आफ्ना आंखा उचाल्येर हेर्दाखेरि के
देख्यो भन्ये धेरै जना मान्छेहरु त्येस्को पछाड़ि पट्टि भयेको पाखाको
३५ बाटो बाड़ो आउंदै रछन्। अनि योनादाब्ले राजालाइ भन्यो हेर्नु हवस्
३६ राज्कुमार्हरु आउंदै छन्. आफ्को दास्ले भन्येको जस्तै छ। अनि येसो
भयो त्येस्ले भनि सकन् बित्तिकै हेर राज्कुमार्हरु आयेर आफ्नु आफ्नु
सोर् उचालि रुंनु लाग्ये. अनि राजा पनि अनि त्येस्का सबै चाकरेहरु
३७ पनि अरघोर्गरि रोये। तर अब्शालोम् चढ्इ भाग्येर गशूर्को राजा
अम्मीहूर्को छोरो तल्मै थांइ गयो। अनि दाऊद् आफ्नु छोरोको लागि
दिनहूं बिलाप् गर्दै रह्यो॥

(अब्शालोम्को राज्द्रोह्गराई)

३८ येसोरि अब्शालोम् भाग्येर गशूर्मां गयो अनि वहां तीन् बर्ष रह्यो।
३९ अनि दाऊद् राजाको मन्ले अब्शालोम् थांइ जांनु खोज्यो. किनभन्ये
अम्नोन् जो मरि सक्येको थियो त्येस्को बिषय्मां शान्त भइ सक्यो॥
१४ १ तब सरुयाह्को छोरो योआब्ले राजाको मन् अब्शालोम् तिर
२ रछ भनि थाहा पायो। तब योआब्ले टकोमां पठायेर वहां बाटो येउटी
बुद्धिमान् आइमाइलाइ बोलाइ ल्यायेर त्येस्लाइ भन्यो कृपागरिकन बिलाप्

गर्ने निउं गरिकन बिलापी भेष् फेर अनि आफ्नु जीउमां तेल् न लगाउ तर
मर्नेको लागि धेरै दिन् देखि बिलाप् गरि रह्येकी आइमाइ जस्ती होउ.
वहांदेखि राजा थांइ गयेर येसो येसो भन। वहांदेखि योआब्ले त्येस्को ३
मुख्मां कुरो हालि दियो। अनि जब टकोकी आइमाइले राजा थित बात् ४
गर्नु थाली तब भूइंमां घोप्टो पर्येर दण्डवत् गर्येर भनी हे महाराजा
गोहार्। अनि राजाले त्येस्लाइ भन्यो तंलाइ के भयो। तब त्येस्ले उत्तर् ५
दिई सांचिनै मं बिधुवी आइमाइ हुं अनि मेरो लोग्ने खस्यो। अनि ६
आफुकी दासीका दुइ भाई छोराहरु थिये अनि ति दुइले आपस्तमां बन्मा
झगरा गर्ये छन् अनि तिनलाइ छुट्याउंने कोई पनि रनछ तर येउटाले
अर्कोलाइ हिर्कायेर मार्ये छ। त हेर्नु हवस् सिंगै जहान् आफुकी दासीको ७
बिरुद्धमां उठेरको छ अनि तिनिहरुले आफ्नु भाईलाइ मार्नेलाइ
हांमिहरुलाइ सुम्पि दे र हांमिहरु त्येस्लाइ त्येस्ले मार्येको भाईचइंको
प्राण्को साटो मारुं अनि येसोरि अधिकारीलाइ पनि नास् पार्छौं भन्येर
भन्येका छन्. त येसोरि तिनिहरुले मेरो बांच्येको फिलीङ्गोलाइ पनि
निभाइ दिंद छन् अनि मेरो लोग्नेको लागि भूमिको मुख् मांथि न नांउ न
कोइ बांच्येको छोड़ि दिंछन्। तब राजाले त्येस् आइमाइलाइ भन्यो आफ्नु ८
घर्मां जा मं तेरो बिषय्मां आज्ञा दिंछु। त टकोकी आइमाइले राजालाइ ९
भनी हे मेरा प्रभु हे महाराजा मं मांथि र मेरो बाबुको घर् मांथि दोष्
परोस्. तर राजा र तिन्को सिंहासन् निर्दोष् रहुन्। त राजाले भन्यो जस् १०
जस्ले तंलाइ केइ भन्छ त्येस्लाइ मं थांइ ले र त्येस्ले तंलाइ फेरि फेरि छुंने
छैन। तब त्येस्ले भनी कृपागरि महाराजाले आफ्नु ईश्वर् यहूवेलाइ सम्झुन् ११
र लोहूको साटो लिंनेलाइ फेरि नास् न पारुन् होइन भन्ये ता तिनिहरुले
मेरो छोरोलाइ नास् पार्नन्। तब त्येस्ले भन्यो यहूवे जीउ रह्येको भं तेरो
छोरोको येउटा केस् भूइंमां खस्देन। तब त्येस् आइमाइले भनी कृपा १२
गरिकन आफ्नी दासीलाइ मेरा प्रभु महाराजाकन येउटा कुरा भन्नु दिंनु
हवस्। तब त्येस्ले भन्यो भन्दै जा। तब आइमाइले भनी त आफुले ईश्वर्को १३
लोगको बिरुद्धमां येस्तो येस्तो जुक्ति किन गर्नु भयो. किनभन्ये यो कुरा
भन्दाखेरि महाराजा पनि एक् जना दोषी जस्ता छन् कसोगरिभन्ये
महाराजाले पनि आफ्नु निकाल्येकोलाइ फर्काइ ल्याउंदेनन्। कसोगरिभन्ये १४
हांमिहरु ता मर्नु पर्नेहरु हौं अनि हांमिहरु भूइंमां पोखीयेको फेरि उठाउंनु
न सकीने पानी जस्ता हौं अनि ईश्वर्ले प्राण् लिंदैन तर निकाल्येको मान्छे
बाइर आफालीयेको जस्तो हुंदेन भन्ये जुक्ति निकाल्द छ। त अब मैले यो १५
कुरा आफ्ना प्रभु महाराजाकन भन्येको कारण् यो हो अर्थात् लोगले
मंलाइ तर्सायेका छन्. अनि आफुकी दासीले भनी मं महाराजाकन ऐले
भन्छु कोनि महाराजाले आफ्नी दासीको बिन्ति पूरो गर्नन्। किनभन्ये १६
महाराजाले आफ्नी दासीलाइ त्यो मंलाइ र मेरो छोरो समेत्लाइ ईश्वर्को
अधिकार् देखि मेटाउंनु आंटेरको मान्छेको हात् बाटो छोड़ाउंनुलाइ सुन्नु

१७ हुंछ। येस्कारण् आफुको दासीले भनी कृपागरिकन मेरा प्रभु महाराजाको
कुरो चैन् दिने कुरो हवस्. किनभन्ये जाति नजातिको भेद् छुटयाउंनुलाइ मेरा
प्रभु महाराजा ईश्वर्को दूत् जत्तीकै छन्. अनि आफुको ईश्वर् यह्वे आफु
१८ सङ हवस्। तब राजाले आइमाइलाइ उत्तर् दिइ भन्यो मं तंलाइ ज्ये ज्ये
सोध्छु कृपागरि त्यो मं देखि न लुका। त आइमाइले भनी मेरा प्रभु
१९ महाराजाले अब भनुन्। त राजाले भन्यो क्ये यि सबै कुरामां योआब्को
हात् तं सङ छैन। अनि आइमाइले उत्तर् दिइ भनी हे मेरा प्रभु महाराजा
आफुको प्राण् जीइ रह्येको झं मेरा प्रभु महाराजाले भन्येका कुरा देखि
कोई पनि न दाहीनो न बांउ फर्कनु सक्द छु. कसोगरिभन्ये आफुको दास्
योआब्लेनै आज्ञा दिइ यि सबै कुरा आफुकी दासीको मुख्मां हालि
२० दियो. आफुको दास् योआब्ले त्येस् कुराको बिषय्मां अर्कै रूप् देखाउंनुलाइ
यो गर्यो. अनि मेरा प्रभु पृथिवीमां भयेका सबै थोक् चिन्नुलाइ ईश्वर्को
२१ दूत्को बुद्धि अनसार्का बुद्धिमान् छन्। अनि राजाले योआब्लाइ भन्यो
अब हेर् मैले यो कुरा गर्यें. येस्कारण् गयेर त्यस् केटा अब्शालोम्लाइ फेरि
२२ फर्काइ ले। तब योआब्ले भूइंमां घोप्टो परि दण्डवत् गरि राजालाइ
आशीर्वाद् गर्यो. वहांदेखि योआब्ले भन्यो हे मेरा प्रभु हे महाराजा
आजु मैले मं आफुको दास् मांथि आफुको अनुग्रह् भयो भनि थाहा पायें
२३ कसोगरिभन्ये महाराजाले आफ्नु दास्को बिन्ति पूरो गरि दियें। त
२४ योआब्ले उठेर गशूर्मां गइ अब्शालोम्लाइ यरूशलेम्मां ल्यायो। अनि
राजाले भन्यो त्यो आफ्नु घर्मां फर्कि जावस् तर मेरो दर्शन् न पावस्।
त अब्शालोम् आफ्नु घर्मां फर्क्यो तर राजाको दर्शन् पायेन ॥

२५ अब सिंगै इस्राएल्मां अब्शालोम् जस्तो सुन्दरईको बिषय्मां बड़ाई
गर्न मांफिक्को कोई थियेन. पैतला देखि अं टुपि सम्म त्यस्को जीउमां
२६ कंइ खोट्खाट् थियेन। अनि जब त्येस्को केस् गह्रुङ् भयेको कारणले त्येस्ले
त्यो बर्षको अन्त अन्तमां मुड़ाउंद थियो तब त्येस्को कपाल्को केस्को
२७ जोखाई राजाको जोखाईमां दुइ सै शेकेल् भरिका हुंथ्ये। अनि अब्शालोम्का
तीन् भाई छोराहरू र एक् बैनी छोरी जन्म्ये जस्को नाउ तामार् थियो.
जो राम्रो मोहोड़ा भयेकी थिई ॥

२८ अनि अब्शालोम् पूरा दुइ बर्ष सम्म यरूशलेम्मां रह्यो तर राजाको
२९ दर्शन् पायेन। तब अब्शालोम्ले योआब्लाइ बोलाइ पठायो त्येस्ले त्येस्लाइ
राजाकां लैजावस् भन्येर तर त्यो त्यो थांइ आउंनु मान्येन. तब त्येस्ले फेरि
३० दोस्रो खेप् डाकि पठायो तरैपनि त्यो आउंनु मान्येन। येस्कारण् त्येस्ले
आफ्ना चाकरेहरूलाइ भन्यो हेर योआब्को बारी मेरो बारी निर छ अनि
त्यहां त्येस्को जउ छ गयेर त्येस्मां आगो लगाइ देव। त अब्शालोम्का
३१ चाकरेहरूले त्यस् बारीमां आगो लगाइ दिये। तब योआब्ले उठेर
अब्शालोम् थांइ त्येस्को घर्मां आयेर भन्यो आफुका चाकरेहरूले मेरो
३२ बारीमां किन आगो लगाइ दिये। तब अब्शालोम्ले योआब्लाइ उत्तर

दियो हेर मैंले तिमिलाइ येसो भनि पठायें यहां आउ र म तिमिलाइ
राजा थांइ येसो भनिकन पठाउं म गेशूर् देखि किन आयें वहां रहनु
मंलाइ अरु जाति थियो भन्नुलाइ . अब मंलाइ राजाको दर्शन् पाउंने
गराइ देउ अनि मंमां कोइ दोष् रह भन्ये तिनले मंलाइ मारुन् । त ३३
योआबले राजा थांइ आयेर येसै भन्यो . अनि जब त्येले अबशालोमलाइ
डाकि पठायो तब त्यो राजा थांइ आयेर राजाको सांमु भूइंमां घोप्टो पर्यो .
अनि राजाले अबशालोमलाइ चूमा खायो ॥

अनि त्येस् पछि येसो भयो अबशालोमले आफ्नु लागि येउटा रथ् १५ १
र घोड़ाहरु र आफ्नु अघि अघि दुगुर्नुलाइ पचास् जना मान्छेहरुलाइ
तियार् पार्यो । अनि अबशालोम् सखारै उठेर टोकाको बाटो छेउ उभीयो . २
अनि येसो हुंद थियो जब जब कसैको कोइ झगराको कोइ कुरा हुंद थियो
जो राजाकां नियाको लागि जांद थियो तब तब अबशालोमले त्येलाइ
बोलायेर भन्द थियो कुन् सहर्को होस् । अनि त्येले आफुको दास् इस्राएलकै
कुलमांको येउटा हुं भनि उत्तर् दिंथ्यो । तब अबशालोमले त्येलाइ भन्द ३
थियो हेर् तेरा कुरा जाति र ठीक् राहुन् तर राजाको पट्टि बाटो सुन्नुलाइ
तेरो कोई मान्छे खठाईयेको छैन । येस् उप्रान्त अबशालोमले भन्द थियो ४
हाय् म देसको बिचारी हुंदा हुं त जस् जस्का येस्ता येस्ता झगरा कि कोइ
कुरा हुंदा हुन् अनि त्यो म थांइ आउंदो हो त म त्येस्को निया गरि दिन्ये
थियें । अनि येसो हुंथ्यो जब कोई त्येलाइ दण्डवत् गर्नुलाइ छेउ आउंद ५
थियो तब त्येलाइ आफ्नु हात् पसार्येर समाति चूमा खांद थियो । अनि ६
अबशालोमले राजा थांइ नियाको लागि आउंने सिंगै इस्राएल् सित
येस्तै बेहोरा गर्द थियो . येसोरि अबशालोमले इस्राएलका मान्छेहरुको
मन् चोर्यो ॥

अनि चालीस् वर्ष बित्ये पछि येसो भयो अबशालोमले राजालाइ ७
भन्यो कृपागरिकन मंलाइ यहवेको लागि गर्येको भाकल् हेब्रोनमां पूरा
गर्नुलाइ जांनु दिंनु हवस् । किनभन्ये आफुको दासले अराममां भयेको ८
गेशूरमां रहंदा येसो भनिकन भाकल् गर्येको छ यहवेले साँचिनै मंलाइ
यरुशलेममां फर्काइ लग्यो भन्ये देखि म यहवेको सेवा गर्छु भनि । तब ९
राजाले त्येलाइ भन्यो कुशल् सित जा । तब त्यो उठेर हेब्रोनमां गयो ।
तर अबशालोमले इस्राएलका सबै कुलहरुको बीचमां येसो भन्येर १०
भेदियाहरुलाइ पठायो तिमिहरुले नर्सींगा बज्येको सुन्नु बित्तिकै अबशालोम्
हेब्रोनमां राजा भयो भन्येर भन्नु । अनि अबशालोम् सित दुइ से जना ११
निमत्यायेका मान्छेहरु यरुशलेम् देखि सोजो मनका भइ निस्कि आये अनि
तिनिहरुले कोइ भेद् जान्येनन् । अनि जब अबशालोमले होमबलि १२
चढ़ाउंदै थियो तब त्येले गीलोनी अहीतोपेल् दाऊद्को मंत्रीलाइ त्येस्को
सहर् अं गीलो देखि डाकि पठायो । त राजद्रोह् बलियो भयो
कसोगरिभन्ये लोग् अबशालोम् थांइ बढ़्दै बढ़्दै गये ॥

(दाऊद्‌को प्रबास्)

१३ अनि येउटा दूत् इस्राएल्‌का मान्छेहरुको मन् अब्‌शालोम् पट्टि
१४ लाग्येको छ भन्दै दाऊद्‌कां आयो। तब दाऊद्‌ले यरुशलेम्‌मां आफु सङ भयेका
आफ्‌ना सबै चाकरेहरुलाइ भन्यो उठ हांमिहरु भागूं होइन भन्ये ता
अब्‌शालोम् देखि हांमिहरुमांको येउटा मान्छे पनि बांच्‌दैन. छिटो
हतारींदै हिंड़ होइन भन्ये ता त्यो हांमिहरु मांथि झ्याट्टै आइ लाग्‌ला
अनि हांमिहरु मांथि बुराई ल्याउला अनि सहर्‌लाइ तरवार्‌को धार्‌ले
१५ मांर्ला। तब राजाका चाकरेहरुले राजालाइ भन्य हेर्नु हवस् ज्ये ज्ये हांम्रा प्रभु
महाराजाको इच्छे हुंछ ति गर्नुलाइ हांमि आफुका चाकरेहरु तियार् छौं।
१६ तब राजा निस्‌क्यो अनि त्यस् पछि त्येस्का सबै जहान् पनि. अनि राजाले
१७ दस्‌वटी रखलीहरुलाइ घर् रुङ्‌नुको लागि छोड़ि राख्यो। अनि राजा
निस्कि गयो अनि त्येस्को पछि पछि सबै लोग् अनि तिनिहरु बेत्‌मेर्‌हक्‌मां,[1]
१८ अड़ीये। अनि त्येस्का सबै चाकरेहरु सङ सङ आयेर अघि लाग्ये अनि
सबै करेतीहरु र सबै पलेतीहरु र सबै गातीहरु अर्थात् जो छ सै मान्छेहरु
त्येस्को पछि पछि गात् देखि आयेका थिये ति सबै राजाको सांमु अघि अघि
१९ हिंड़्द थिये। तब राजाले गाती इत्तैलाइ भन्यो तं पनि हांमिहरु सङ
किन आउंद छस् फर्क्येर राजाकां रह्. किनभन्ये तं अन्यदेसी होस् अं
२० आफ्‌नु देस् देखि निकल्येको होस् आफ्‌नु ठांउमां फर्कि जा। तं हिजै मात्रै
आयेको होस् त के आजु मं आफ्‌नु खुशि अनुसार् जता जता जांछु उता
उता तंलाइ पनि लिहिंडुं. फर्कि जा आफ्‌ना भाईहरुलाइ पनि आफु सङ
२१ लैजा तं सङ अनुग्रह र सच्चैइं होउन्। तब इत्तैले राजालाइ उत्तर् दिइ
भन्यो यह्‌वे जीइ रह्येको झैं र मेरा प्रभु महाराजा जीइ रह्येको झैं निस्सै
जुन् ठांउमां मेरा प्रभु महाराजा मंर्नुलाइ कि जीउंनुलाइ हुंछन् त्येइ ठांउमां
२२ आफुको दास् पनि हुंछ। तब दाऊद्‌ले इत्तैलाइ भन्यो जा पारि तर्। तब
गाती इत्तै आफ्‌ना सबै मान्छेहरु र आफु सङ भयेका सबै बाल्‌बच्चाहरु
२३ समेत् पारि गयो। अनि सबै देस् कराइ कराइकन रोयो अनि सबै
लोग् तरि गये. राजा आफै पनि किद्रोन् खोल्‌चा पारि तरि गयो
२४ अनि सब्बै लोग् बन्‌को बाटो तिर पारि गये। त हेर सादोक् पनि अनि
त्यो सङ भयेका सबै लेवीहरु पनि ईश्वर्‌को नियम्‌को सम्पट् बोक्‌दै आये
वहांदेखि तिनिहरुले ईश्वर्‌को सम्पट् राख्ये अनि एब्यातार् सबै लोग्
२५ सहर् देखि निस्कि न सकुंज्याल सम्म चढ़ि गयो। अनि राजाले सादोक्‌लाइ
भन्यो ईश्वर्‌को सम्पट् चइं सहर्‌मां बोकि फर्काइ लैजाउ. यह्‌वेको अनुग्रह्
मं मांथि भयो भन्ये उस्ले मंलाइ फर्काइ ल्याउंछ अनि मंलाइ त्यो र
२६ आफ्‌नु बास् पनि देखाउंछ. तर उस्ले तं देखि मं खुशि छुइंन भन्यो भन्ये

---

[1] अर्थात टाड़ोको घर।

देखि त हेर यहां छु ज्ये ज्य उस्लाइ जाति लाग्छ त्यो मं सित गरोस् ।
राजाले सादोक् पूजाहारीलाइ यो पनि भन्यो क्ये तिमि दर्शी होन . कुशल् २७
सित सहर्मां फर्कि जाउ अनि तिमि सङ तिम्रा दुइ भाई छोराहरु पनि
तिम्रो छोरो अहीमास् र एब्यातार्को छोरो योनातान् । हेर तिमिहरुकांटो २८
ऋोइ समाचार् न आउंज्याल् सम्म मं वन्को घाट्मां अड़ीइ रहंछु ।
येस्कारण् सादोक् र एब्यातार्ले यरुशलेम्मां ईश्वर्को सम्पट् बोकि फर्काइ २९
लग्ये . अनि तिनिहरु उहीं रह्ये ॥

त दाऊद् जैतून् पर्वत्को उकालीमां चढ्दे गयो अनि रुंदे रुंदे ३०
दर्ढि गये अनि त्येस्को सिर् ढाक्येको थियो अनि पाउ चइं नांगै . अनि
त्यो सङ भयेका सबै लोग् जनंग पनि आफ्नु आफ्नु सिर् ढाक्येर रुंदे
रुंदे चर्ढि जांद थिये । अनि अब्शालोम् सङ भयेका राजद्रोहीका खाल्मां ३१
अहीतोपेल् पनि छ भनि दाऊद्लाइ सुनाईयो । तब दाऊद्ले भन्यो हे
यह्वे मं बिन्ति गर्द छु अहीतोपेल्को मंत्र मूर्खइमां फेरि दिंन् हवस् । अनि ३२
येसो भयो जब दाऊद् त्यस् उकालीको थाप्रिमां पुग्यो जहां ईश्वर्को सेवा
गर्ने गर्द थिये तब हेर एर्कौ हुश आफ्नु क्वांच् च्यात्येको र आफ्नु थाप्रोमां
धूलो हाल्येको भइ त्येस्लाइ भेट्नुलाइ आयो . तब दाऊद्ले त्येस्लाइ भन्यो ३३
तिमिहरु मं सङ पारि आयौ भन्ये ता मेरो लागि भार् हुंछौ . तर सहर्मां ३४
फर्क्येर अब्शालोम्लाइ मं आफुको दास् हुंछु हे महाराजा अगाड़ि आफुको
बाबुको दास् भयेको भैं अब मं आफुको पनि दास् हुंछु भन्येर भन्यौ भन्ये
देखि ता मेरा लागि अहीतोपेल्को मंत्र उल्टाइ दिंछौ । अनि क्ये सादोक् र ३५
एब्यातार् पूजाहारीहरु तिमिहरु सङ छैनन् . येस्कारण् येसो हुंछ ज्ये ज्ये
कुरा तिमिले राजाको घर् बाटो सुन्छौ ति सादोक् र एब्यातार् पूजाहारी-
हरुलाइ सुनाइ देउ । हेर वहां तिनिहरु सङ तिनिहरुका दुइ भाई ३६
छोराहरु सादोक्को छोरो अहीमास् र एब्यातार्को छोरो योनातान् छन्
तिनिहरुको बोटोले तिमिहरुले सुन्येको सबै कुरा मंलाइ पठाइ देव ।
येसोरि दाऊद्को मित्र हुश सहर्मां आयो अनि अब्शालोम् चइं ३७
यरुशलेम्मां आइ पुग्यो ॥

अनि जब दाऊद् त्येस् उकालीको थाप्रि देखि अलिक् पर्तिर पुग्येको १६ १
थियो तब मपीबोशेत्को चाकरे सीबा एक् जोड़ा जीन् कस्येको गदाहा र
तिनिहरु मांथि बोकाईयेको दुइ से रोटी र एक् से झुप्पा किसमिस् र
एक् से ऋतुफल् र एक् मशक् मद्य लिइ आयेर त्यो सित भेट् गर्‌यो । अनि २
राजाले सीबालाइ भन्यो यि थोकले तिम्रो क्ये अर्थ छ । तब सीबाले
उत्तर् दियो गदाहा चइं राजाको जहान्लाइ चढ्नुको लागि रोटी र
ऋतुफल् चइं जुवान्हरुलाइ खांनुको लागि अनि मद्य चइं वन्मां थाक्येका
हरुको लागि पीउंनुको लागि । त राजाले भन्यो तिम्रो स्वामीको छोरो कहां ३
छ । अनि सीबाले राजालाइ भन्यो हेर्नु हवस् त्यो यरुशलेम्मां रहंद छ
किनभन्ये त्येले इस्राएल्को जहान्ले आजु मंलाइ मेरो बाबुको राज् फर्काइ

४ दिंछु भन्येर भन्द थियो । तब राजाले सीबालाइ भन्यो हेर मपीबोशेत्को
पर्ने सबै भाग् तिमिलाइ भयो । त सीबाले भन्यो मं दण्डवत् गर्द छु
हे मेरा प्रभु हे महाराजा आफुको अनुग्रह् मं माथि हवस् ॥
५ अनि जब दाऊद् राजा बहूरीम्मां आइ पुग्यो तब हेर शाऊल्को
घर्को जहान्को एक् जना गेराको छोरो शिमी नांउ भयेको येउटा मान्छे
६ वहां बाटो निस्क्यो . अनि धिक्कार्दै धिक्कार्दै निस्कि आयो । अनि त्येस्ले
दाऊद्लाइ र दाऊद्का सबै चाकरेहरूलाइ ढुंगाले हान्नु लाग्यो . अनि
७ सबै लोग् र सबै महावीर्हरु त्येस्का दाहीनो बांउ पट्टि थिये । अनि
शिमीले येसो भनि धिक्कार्यो ए रगत्को मान्छे ए बिकामे मान्छे जा जा .
८ यहवेले शाऊल्को जस्को साटोमां तैंले राज् गर्दै छस् त्यस्को घर्को सबै
रगत् तं माथि फर्काइ दियेको छ अनि यहवेले तेरो छोरो अबशालोम्को
हात्मां राज् सुम्पि दियेको छ . त हेर् तं रगत्को मान्छे भयेको कारणले
९ आफ्नु बुराईमां पक्ड़ा पर्येको छस् । तब सरूयाह्को छोरो अबीशैले
राजालाइ भन्यो यो मर्येको कुकुर्ले किन मेरो प्रभु महाराजाकन धिक्कारोस्
कृपागरि मंलाइ जांनु दिंनु हवस् मं त्येस्को टाउको खसालछु । तब
१० राजाले भन्यो हे सरूयाह्का छोराहरु मंलाइ तिमिहरु सङ क्ये काम् । त्यस्ले
धिक्कार्येको कारणमां र यहवेले त्यस्लाइ दाऊद्लाइ धिक्कारनु भन्येको
११ कारणमां कस्ले तिमिले येसो किन गर्यौ भनि भन्छ । अनि दाऊद्ले
अबीशैलाइ र आफ्ना सबै चाकरेहरूलाइ भन्यो हेर मेरो निज् छोरोले
मेरो प्राण् खोज्द छ . त क्ये भन्सारो ज्यास्तिगरिकन येस् बिन्यामीनीले
पनि न गरोस् . त्येस्लाइ छोड़ि देव त्यस्लाइ धिक्कार्न देव किनभन्ये यहवेले
१२ त्येस्लाइ अह्रायेको छ । कोनि कतै यहवेले मं माथि गरीयेको उपद्रैं
हेर्ला अनि त्येस्ले मंलाइ आजु धिक्कार्येको साटो यहवेले मेरो भलाई
१३ गर्ला । त दाऊद् र त्येस्का मान्छेहरु बाटो लाग्ये अनि शिमी चइं डांड़ाको
पाखा पट्टि त्यस्लाइ धिक्कार्दै र त्येस् माथि ढुंगो हान्दै र धूलो छर्दै
१४ हिंड्द थियो । अनि राजा र त्यो सङ भयेका सबै लोग् थकित् भइ
आये अनि त्यस्ले वहां थकाई मार्यो ॥
१५ अनि अबशालोम् र इस्राएल्का मान्छेहरु सबै यरूशलेम्मां आये
१६ अनि त्यो सङ अहीतोपेल् पनि आयो । अनि एसो भयो जब दाऊद्को
मित्र एर्की हूशै अबशालोम् थांइ आइ पुग्यो तब हूशैले अबशालोम्लाइ
१७ भन्यो राजा जीइ रहुन् राजा जीइ रहुन् । तब अबशालोम्ले हूशैलाइ
भन्यो क्ये आफ्नु मित्र सङको तिम्रो प्रेम् येइ हो किन तिमि आफ्नु
१८ मित्र सङ गयौन । तब हूशैले अबशालोम्लाइ भन्यो होइन तर जस्लाइ
यहवेले र यो लोग् र इस्राएल्का सबै मान्छेहरुले छान्येका छन् तिनैको मं
१९ हुं अनि तिनै सङ मं रहंछु । बाहिक् मं कस्को सेवा गर्छु . क्ये तिन्को
छोरोको सांमु होइन . जस्तो मैंले आफुको बाबुको सांमु चाकर् गर्यें त्यस्तै
२० आफुको सांमु पनि गर्छु । तब अबशालोम्ले अहीतोपेल्लाइ भन्यो

हामिहरूले गर्नु पर्ने कामको मंत्र देउ। त अहीतोपेलले अबशालोमलाइ २१
भन्यो आफुका बाबुले घर् रुङ्नुलाइ छोड़ि राख्येकी तिनकी रखेलीहरूकां
जांनु हवस् तब सबै इस्राएलले आफुले आफ्नु बाबुलाइ घिनाउंनु भये छ
भनि सुन्छन्. तब आफु सङ भयेका सबै लोगका हात् बलिया हुंछन्।
त तिनिहरूले अबशालोमको लागि घरको कौसी मांथि येउटा पाल् टांगि २२
दिये अनि अबशालोम् सबै इस्राएलको सांमु आफ्नु बाबुकी रखेलीहरूकां
गयो। अनि अहीतोपेलले मंत्र गर्येको ति दिनको मंत्र मान्छेले ईश्वर् २३
बाणी सित सोधनी गर्येको जस्तै थियो. अहीतोपेलको सबै मंत्र दाऊदको
र अबशालोमको लागि येस्तै थियो॥

येस् उप्रान्त अहीतोपेलले अबशालोमलाइ भन्यो अब मंलाइ १७ १
बारह् हजार् जनालाइ छान्न दिंनु हवस् र मं आजु राति उठि गयेर
दाऊदलाइ खेद्छु. अनि त्यो थाकेर हरान् पर्येको छ त मं त्यो मांथि जाइ २
लाग्येर त्येस्लाइ तर्साउंछु त त्यो सङ भयेका सबै लोग भागछन् वहांदेखि
मं खालि राजैलाइ मार्नै मांछु. वहांदेखि मं सबै लोगलाइ आफु थांइ ३
फर्काइ ल्याउंछु. जस्लाइ आफुले खोजनु हुंद छ त्यो सबै फर्काइ ल्यायेको
जस्तो छ. येसोरि सबै लोग कुशल् सित रहंछन्। त यो कुरो अबशालोम् र ४
इस्राएलका सबै प्राचीनहरूलाइ जाति लाग्यो॥

तब अबशालोमले भन्यो एरेकी हूशैलाइ पनि बोलाव त्येस्ले क्या ५
भन्द रछ हामिहरू त्यो पनि सुनूं। अनि जसै हूशै अबशालोम् थांइ आयो ६
तब अबशालोमले त्येस्लाइ येसो भन्यो अहीतोपेलले येसो येसो भन्द छ. त
क्या हामिहरू त्येस्को कुरा अनुसार् गरूं. होइन भन्ये तिमिलेनै भन। तब ७
हूशैले अबशालोमलाइ भन्यो अहीतोपेलले येस् बेला दियेको मंत्र जाति
छैन। येस् उप्रान्त हूशैले भन्यो आफुका बाबु र त्येस्का मान्छेहरू तिनिहरू ८
महाबीर्हरू र बनमां छाउरा चोरायेकी बनभालूनीको जस्तो मन् बिगर्येकाहरू
छन् भनि आफुले जान्नु हुंद छ. अनि आफुको बाबु लड़ांकि मान्छे छ अनि
मान्छेहरू सङ बास् बस्दैन। हेर्नु हवस् एले कोई भलखांड़ामां कि कोई ९
येस्तै ठांउमां लुकि रह्येको छ होला. त येसो हुंछ जब यिनिहरूमांका
पहिले कत्ति जना लड्छन् तब यो सुन्नेले भन्छ अबशालोमको पछि पछि
आउंनेहरूको बीचमां संहार हुंदै छ। वहांदेखि ता जो मान्छे सूरो छ जस्को १०
मन् सिंहको जस्तो छ त्या पनि गलि जांछ. किनभने सबै इस्राएलले
आफुको बाबु महाबीर् छ अनि त्यो सङ भयेका मान्छेहरू सूराहरू छन् भनि
थाहा पायेका छन्। तर मं मंत्र दिंद छु दान् देखि बेर्शेबाका सबै ११
इस्राएललाइ समुन्द्रको तीरका बालुवा जत्तिकै गन्तिमां बिहिसाप् भेला
गराउंनु पर्छ अनि हजूर् आफै पनि लड़ाइंमां जांनु पर्छ। येसोरिकन १२
त्येस्लाइ जहां भेट्टाइंछ वहां त्येस् मांथि जाइ लागछौं अनि भूइंमां पर्ने
शीत् झैं त्येस् मांथि ओइराछौं. तब त्यो आफै र ति त्यो सङ भयेका
मान्छेहरूमांको एक् जनालाइ पनि बांचनु दिंदैनौं। येस् उप्रान्त त्यो कोई १३

सहरमां पस्येको रह्ळ भन्ये देखि त सिंगै इस्राएलले त्येस् सहरमा
१४ डोरी ल्यायेर त्यो येउटा रोड़ा पनि न पाईनेगरि तान्येर नदीमां लौजांछौं।
त अब्शालोम् र इस्राएलका सबै मान्छेहरूले भन्ये एरेकी हूशैको
मंत्र अहीतोपेलको मंत्र भन्दा जाति छ। किनभन्ये यहवेले अब्शालोम्
मांथि बुराई ल्याउंनुलाइ अहीतोपेल्को जाति मंत्र उल्टाईओस् भन्येर
ठहरायेको थियो ॥
१५ तब हूशैले सादोक् र एब्यातार् पूजाहारीलाइ भन्यो अहीतोपेलले
अब्शालोम् र इस्राएलका प्राचीनहरूलाइ येस्तो येस्तो मंत्र दियो तर
१६ मैले चइं येस्तो येस्तो मंत्र दियें। त अब क्षिट्टो गरि दाऊद् थांइ येसो भनि
पठाव आज् राति बनको घाटमां बास न गर्नु हवस् तर कोई परिले पारि
तर्नु हवस् होइन भन्ये ता राजा र त्यो सङ भयेका सबै लोग् निलींछन्।
१७ तब योनातान् र अहीमास् एन्रोगेल् निर पर्खि रह्येका थिये अनि येउटी
कमारीले जांदै तिनिहरूलाइ सुनाउंदै गर्दै थिई तब तिनिहरूले गयेर
दाऊद् राजालाइ सुनाये. किनभन्ये तिनिहरू चइं सहरमां आउंदै गर्येको
१८ देखाहा पर्नु हुंदै थियो। तर येउटा केटाले तिनिहरूलाइ देख्येर
अब्शालोम्लाइ सुनाइ दियो. त ति दुइ जना क्षिट्टोगरि गयेर बहूरीम्मां
भयेको येउटा मान्छेको घरमां आये जस्को आंगनमां येउटा कूप् थियो त
१९ तिनिहरू त्येस्मां उतर्ये। तब त्येस् आइमाइले त्यो कूपको मुखमां येउटा ओढ्ने
फिंजायेर त्येस्मां पिन्येको अन्नको बिस्कुन् हालो तब त्यो कुरो थाहा भयेन।
२० अनि अब्शालोमका चाकरहरूले त्येस् घरमां आइमाइ भये ठांउ आयेर भन्ये
अहीमास् र योनातान् कहां छन्। त त्येस् आइमाइले तिनिहरूलाइ भनी
तिनिहरू पानीको खोल्चा तरि गये। अनि जब तिनिहरूले तिनिहरूलाइ
२१ खोज्येर पायेनन् त तिनिहरू यरूशलेममां फर्कि आये। अनि येसो भयो तिनिहरू
गइ गये पछि यिनिहरू कूप् देखि चढि निस्केर हिंडेर अनि दाऊद्
राजालाइ सुनाये अनि तिनिहरूले दाऊदलाइ भन्ये उठ्नु हवस् अनि क्षिट्टो
गरि खोल्चा देखि पारि तर्नु हवस्. किनभन्ये अहीतोपेलले आफुको
२२ बिरुद्धमां येस्तो येस्तो मंत्र दियेको छ। तब दाऊद् आफु सङ भयेका सबै
लोग् समेत् उठेर यर्दन् पारि तरि गयो. अं उज्यालो हुंदा न हुंदा
२३ तिनिहरूमांको यर्दन् पारि न तर्ने येउटा पनि रह्येन। अनि जब
अहीतोपेलले मेरो मंत्र अनुसार् गरीयेन भनि देख्यो तब त्यो आफ्नु
गदाहा मांथि जीन कस्येर उठि आफ्नु सहर् आफ्नु घरमां गयो अनि
आफ्नु घरको बिषयमां आज्ञा गर्यो वहांदेखि आफै झुंडीयेर मर्यो
अनि त्येसको बाबुको चिहानमां गाड़ीयो॥
२४ तब दाऊद् महनैम्मां आयो। अनि अब्शालोम् र त्यो सङ
२५ इस्राएलका सबै मान्छेहरू यर्दन् पारि तर्ये। अनि अब्शालोमले योआबको
साटो अमासाचइंलाइ सेनापति तुल्यायो। त्यो अमासा चइं इस्राएली
यित्रा नांउ भयेको येउटा मान्छेको छोरो थियो। जो योआबको आमा

सरुयाह्को बैंनी नाहाशको छोरी अबीगल्कां गयेको थियो । त इस्राएल् र २६
अब्शालोम्ले गिलाद् देस्मां डेरा हाल्ये ॥
अनि येसो भयो जब दाऊद् महनैम्मां आयो तब अम्मोन्बंशीहरूको २७
रब्बाबासी नाहाशको छोरी शोबी र लोद्बार्बासी अमीएल्को छोरो
माकीर् र रोगलीम्बासी गिलादी बर्सिल्लैले खाट्हरू भांडाबर्त्तन्हरू २८
र मांटोका भांडाबर्त्तन्हरू अनि गहूं जउ पिठो भुटेको अन्न सीमिहरू
दाल्हरू भुटेका चनाहरू मह नौनीघिउ र भेंड़ाहरू अनि गाईको २९
दही खांनुको लागि दाऊद् र त्यो सङ भयेका मान्छेहरूको लागि ल्याइ
दिये. किनभन्ये तिनिहरूले भन्ये मान्छेहरू बन्मां भोकायेका र तिर्खायेका
र थाकेका छन् ॥
अनि दाऊद्ले आफु सङ भयेका मान्छेहरूको गन्ति गर्‍यो अनि १८ १
त्येस्ले तिनिहरू मांथि सहस्रपतिहरू र सेनापतिहरू खटायो । वहांदेखि २
दाऊद्ले लोगलाइ येसोरि पठायो एक् तिहाई योआब्को हात्मां दोस्रो
तिहाई योआब्को भाई सरुयाह्को छोरो अबीशैको हात्मां अनि तीस्रो
तिहाई गाती इत्तैको हात्मांगरि । अनि राजाले लोगलाइ भन्यो म अफैं ३
पनि निस्सें तिमिहरू सङ जांछु । तर लोगले भन्ये आफु जांनु हुंदेन .
किनभन्ये हांमिहरू भाग्यूं भन्ये तिनिहरूलाइ हांम्रो बिषय्मां केही फिक्रि
लाग्दैन अनि पनि हांमिहरूमांका मर्‍यूं भन्ये पनि हांमिहरूको बिषय्मां
केही फिक्रि गर्दैनन् . तर आफु चहिं हांमिहरूमांको दस् सहस्र जनाको बराबर्
हुंनु हुंद छ . येस्कारण् अब आफु सहरै बाटो हांमिहरूको गोहार् गर्नुलाइ
तियार् रहंनु भयो भन्ये अरु पनि जाति छ । त राजाले तिनिहरूलाइ भन्यो ४
ज्ये तिमिहरूलाइ सबै भन्दा जाति लाग्छ त्येही गर्छु । अनि राजा ढोका
छेउमां उभीयो अनि सबै लोग् से से र हजार् हजार्गरि निस्कि गये ।
अनि राजाले योआब् अबीशै र इत्तैलाइ येसो भनिकन आज्ञा दियो मेरे ५
कारणले त्यो तन्हेरि अं अब्शालोम् सित नरम् बेहोरा गर । अनि राजाले
अब्शालोम्को बिषय्मां सबै मालिक्हरूलाइ सबै जनाले सुन्नेगरि आज्ञा
दियो । तब लोग् इस्राएल्को बिरुद्धमां मैदान्मां निकल्ये . अनि संग्राम् ६
एप्रैम्को बन्मां भयो । अनि वहां इस्राएल्को लोग् दाऊद्का चाकरेहरूको ७
सांमु मारीये अनि त्येस् दिन् वहां बीस् हजार् जनाको ठुलो मराई भयो ।
कसोगरिभन्ये संग्राम् वहां सिंगै देस्मां फिंजीयेको थियो . अनि त्येस् दिन् ८
तरवार्ले भन्दा ज्यास्ति बन्चहिंले मान्छेहरूलाइ खाइ हाल्यो । अनि ९
एक्कासी अब्शालोम् र दाऊद्का चाकरेको भेट् भयो । अनि अब्शालोम्
आफ्नु खच्चर् मांथि चढ़ेको थियो तब खच्चर् येउटा ठुलो बांज्रुखको
बाक्लो हांगाहरू मुनि बाटो गयो तब अब्शालोम्को कपाल् बांज्रुखमां
अल्झ्यो तब त्यो अधर्मां झुंडीइ रह्यो तर त्येस् मुनि भयेको खच्चर् चहिं
छिरि गयो । अनि येउटाले देखेर योआब्लाइ येसो भनि सुनायो हेर्नु हजुर् १०
अब्शालोम्लाइ मैले बांज्रुखमां झुंडीइ रह्याको देख्यें । तब योआब्ले त्यो ११

भन्येलाइ भन्यो त हेर् त्यो देखिस् त किन त्यसलाइ वहां मारि भूंइमां
१२ खसालीनस् त मं तंलाइ दस् टुक्रा चांदी र येउटा पटुका दिंने थियें । तब
त्यस् मान्छेले योआब्लाइ भन्यो मैंले आफ्नु हात्मां हजार् टुक्रा चांदी
जोखि जोखिकन पायें भन्ये पनि मं राज्कुमार्को विरुद्धमां आफ्नु हात्
पसार्ने थिइंन. किनभन्ये हांमिहरुले सुन्नेगरि राजाले आफु र अबीशै र
इत्तैलाइ चंख बस कसैले त्यस् तन्हेरि अब्शालोम्लाइ न छुवस् भन्येर
१३ आज्ञा दियेको थियो । होइन भन्ये ता मं त्यस्को प्राणको विरुद्धमां छलि
हुंने थियें त आफु पनि मेरो विरुद्धमां उठ्नु हुंने थियो अनि राजा देखि
१४ काइ कुरा लुकेको छैन । तब योआब्ले भन्यो मं तं सङ येसोरि अडींनु
हुंदेन । तब त्यस्ले आफ्नु हात्मां तीनवटा कांड् लिइ गयेर अब्शालोम्लाइ
जो अब सम्म बांजवृक्षको बीच्मां जीउंदै रह्येको थियो त्यस्को मुटुमां
१५ रोपि दियो । तब योआब्को हतियार् बोक्ने दस् जना जुवान्हरुले घेर्ये
१६ अनि अब्शालोम्लाइ हिर्कायेर कार्ह्यो । तब योआब्ले नर्सींगा बजायो त
लोग् इस्राएल्लाइ खेद्नु देखि फर्क्या. किनभन्ये योआब्ले लोगलाइ थांति
१७ राख्येको थियो । वहांदेखि तिनिहरुले अब्शालोम्लाइ लग्येर बन्मां
भयेको त्यस् ठुलो खाड्ल्मां हालि दिये अनि त्यस् मांथि ढुंगाको येउटा
बेधि ठुलो थुप्रो उभ्याये. अनि सिंगै इस्राएल् आफ्नु आफ्नु पाल्मां
१८ भाग्ये । अब अब्शालोम्ले जीउंदो हुंदाखेरि आफ्नु लागि राजाको तरिमां
भयेको मुडूका लग्येर उभ्याइ राख्येको थियो . किनभन्ये त्यस्ले मेरो नांउको
सम्झनाको लागि मेरो कोई छोरा छैन भन्येर भन्येको थियो . त त्यस्ले त्यो
मुडूकामां आफ्ने नांउ राख्यो . अनि त्यो आजु सम्म अब्शालोम्को सम्झौटे
मुडूका भनींद छ ॥

१९ तब सादोक्को छोरो अहीमास्ले भन्यो मंलाइ दुगुरिकन राजाका
यह्वेले आफुको लागि आफुका सत्रुर्हरुको विषय्मां कसोरि साटो लियो
२० भन्येर समाचार् सुनाउंनुलाइ जांनु दिंनु हवस् । तब योआब्ले त्यसलाइ
भन्यो आजु तं समाचारे न हो तर अर्को दिन् समाचारे हुंछस्. तर आजु
२१ ता तैंले समाचार् न लैजा किनभन्ये राज्कुमार् मंर्येको छ । तब योआब्ले
कूशीलाइ भन्यो गयेर ज्ये देख्येको छस् त्यो राजालाइ भन् । तब त्यो
२२ कूशी योआब्लाइ दण्डवत् गर्येर दुगुरि गयो । तब सादोक्को छोरो
अहीमास्ले फेरि योआब्लाइ भन्यो ज्येसुकै हवस् कृपागरि मंलाइ पनि त्यस
कूशीको पछि पछि दुगुर्नु दिंनु हवस् । त योआब्ले भन्यो ए मेरो छोरा तं
२३ किन दुगुर्छस् जब तेरो समाचार्को प्रतिफल् काइ हुंदै हुंदैन । तरैपनि ज्येसुकै
हवस् मं दुगुर्छु भन्यो । तब त्यस्ले त्यसलाइ भन्यो दुगुर् । तब अहीमास्
गेह्रौटार्को बाटो बाड़ो दुगुर्यो त त्यस्ले कूशीलाइ उछीन्यो ॥

२४ त्येति बेला दाऊद् दुइ ढोकाको बीच्मां बसि रह्येको थियो . अनि
पहरु चढ़ै ढोकाको छाना मांथि भित्तामां चढ़ेरको थियो अनि आफ्ना
२५ आंखा उचाल्येर हेर्यो त हेर एक् जना मान्छे एक्लै दुगुर्दै आउंद रह्छ । तब

पहरुले हापाऱ्येर राजालाइ सुनाइ दियो। त राजाले भन्यो त्यो एक्लै छ
भन्ये देखि त्यस्को मुखमां समाचार् छ होला। अनि त्यो आउंदै आउंदै
नजिक् आयो। तब पहरुले अर्को मान्छेलाइ पनि दुगुर्दै आयेको देख्यो. २६
तब पहरुले दुवार्पाल्लाइ बोलायेर भन्यो हेर अर्को मान्छे पनि एक्लै दुगुर्दै
आउंदै छ। त राजाले भन्यो त्यो पनि समाचार ल्याउंने होला। तब २७
पहरुले भन्यो म ठान्द छु अघिल्लोचइंको दुगुराइ ता सादोक्को छोरो
अहीमासको दुगुराइ जस्तो छ। तब राजाले भन्यो त्यो जाति मान्छे छ त
जाति समाचार् ल्याउंछ होला। अनि अहीमासले हापाऱ्येर राजालाइ भन्यो २८
कुशल् तब त्यो राजाको सांमु भूइंमां घोप्टो पऱ्येर भन्यो यहव्‍ आफुको
ईश्वर् धन्नको हो जस्ले ति मेरा प्रभु महाराजाको बिरुद्धमां हात्
उठाउंनेहरुलाइ सुम्पि दियेको छ। तब राजाले भन्यो क्ये तन्हारि अबशालोम् २९
कुशल् सित छ। त अहीमासले उत्तर् दियो जब योआबले राजाको
चाकरेलाइ रं आफ्को चाकरे मंचइंलाइ पठायो तब मैले ठुलो खैलाबैला
देख्यें तर क्ये भयो क्ये भयो म जांदींन थियें। त राजाले भन्यो पर सऱ्येर ३०
त्यहां उभीइ रह। तब त्यो पर सऱ्येर उभीइ रह्यो। अनि हेर कूशी आइ ३१
पुग्यो वहांदेखि कूशीले भन्यो मेरा प्रभु महाराजाको लागि समाचार्।
कसोरिभन्ये यहवले आजुको दिन् आफुको बिरुद्धमां उठेका सबै देखि
साटो लियेको छ। तब राजाले कूशी सित सोध्यो क्ये तन्हारि अबशालोम् ३२
कुशल् सित छ। तब कूशीले उत्तर् दियो मेरा प्रभु महाराजाका सत्तुर्हरु र
आफुको बिरुद्धमां आफुको हानि गर्नुलाइ उठेका सबै जना त्यइ तन्हारि
जस्ता होउन्। तब राजा अरघोर्गरि सुर्तायो अनि ढोका मांथि भयेको ३३
कोठा मांथि चढ्यो अनि वहां रोयो. अनि येसो भन्दै भन्दै हिंड्द थियो
हाय् मेरो छोरा अबशालोम् मेरो छोरा मेरो छोरा अबशालोम्. तेरो साटोमां
मंने मंयेको भये जाति हुंथ्यो हाय् अबशालोम् मेरो छोरा मेरो छोरा ॥

(दाऊद्को फर्किअवाई)

अनि योआबलाइ भनीयो हेर्नु हवस् राजा अबशालोमको लागि १९ १
रुंदै र बिलाप् गर्दै रहंद छ भनि। त त्यस् दिनको जय् सबै लोग्को लागि २
बिलाप्मां फरीयो. कसोगरिभन्ये त्यस् दिन् लोगले राजाले आफ्नु छोरोको
लागि बिलाप् गर्द छ भन्येको सुन्यें। तब लोग् त्यस् दिन् लड़ाइं बाटो ३
भाग्येकाहरु लाज्ले लुकि लुकिकन हिंड्नेहरु झैंगरि सहर्मां पस्ये।
अनि राजाले आफ्नु मुख् ढाक्यो अनि राजा ठुलो सोर्ले चिच्यायो हाय् ४
मेरो छोरा अबशालोम् हाय् अबशालोम् मेरो छोरा मेरो छोरा भन्दै। तब ५
योआबले घर्मां राजा भयेठांउ आयेर भन्यो आजु आफुले आफुको प्राण् र
आफुका छोराहरुका र आफुकी छोरीहरुका प्राण् र आफुकी सुखेंनीहरुका
प्राण् र आफुकी रखैलीहरुका प्राण् बचाउंने आफुका सबै चाकरेहरुको मुख्

६ लाज्मां पारि दिंनु भयो कसोगरिभन्ये आफुले आफु सित दुश्मनी
गर्नेहरुलाइ प्यारो गर्नु हुंद रछ अनि आफु सित पिर्ति गर्नेहरु सित चइं
दुश्मनी गर्नु हुंद रछ। कसोगरिभन्ये आफुले आजुको दिन् न मालिक्हरु
न चाकरेहरुको केही फिक्रि छ भन्ने देखाउंनु भयो. कसोगरिभन्ये आजु
मैले थाहा पायें अबशालोम् चइं जीयेको भये देखि अनि हामिहरु सबै
७ चइं मर्येका भये देखि ता आफुलाइ खूब् जाति लाग्ने रछ। त अब उठेर
बाहिर निक्लि आफ्ना चाकरेहरुलाइ शान्तिका कुरा भन्न हवस्. किनभन्ये
मं परमप्रभुको नांउको किरिया खांद छु आफु बाहिर निस्कंनु भयेन भन्ये देखि
त आजुको रात् आफु सङ एक् जना पनि रहंदैन होला. तब ता आफुको
केटोलो बेला देखि येसो एले सम्म आफु मांथि पर्येका सबै बिपत्तिहरु
भन्दा यो चइं बिपत्ति अरु बेसि हुंने छ। तब राजा उठेर ढोकामां बस्यो।
८ अनि सबै लोगलाइ हेर राजा ढोकामां बस्येको छ भनि सुनाईयो. तब सबै
लोग् राजाको सांमु आये॥

त्येति बेला इस्राएल्मांको जनंगे आफ्नु आफ्नु पाल्मां भागि
९ गयेको थियो। अनि सिंगै लोगले इस्राएल्का सबै कुलको बीच्मां झगरा
गर्दै भन्नु लाग्ये राजाले हांमिहरुलाइ हांमिहरुका सत्तुर्हरुका हात् देखि
बचाये अनि हांमिहरुलाइ पलिश्तीहरुको हात् देखि पनि छोड़ाये अनि एले
१० अब्शालोम्को कारणले भागि देस् देखि निक्लि गयेका छन्। अनि अब्शालोम्
चइं जस्लाइ हांमिहरुले आफु मांथि अभिषिक्त गरायेका थियूं संग्राम्मां
मारीयो। त अब राजालाइ फर्काइ ल्याउंनुलाइ किन कुरा गर्दैन॥

११ तब दाऊद् राजाले सादोक् र एब्यातार् पूजाहारीहरु थांइ येसो भनि
पठायो यहूदाका प्राचीन्हरुलाइ येसो भन राजालाइ त्येस्को घर्मां फर्काइ
ल्याउंनुमां तिमिहरु किन सबै भन्दा पछाड़ि छौ. किनभन्ये राजालाइ
घर्मां फर्काइ ल्याउंनु पर्छ भन्ये सिंगै इस्राएल्को कुरा राजाकां पुग्येको छ।
१२ तिमिहरु मेरा दाजुभाईहरु हौ मेरा हाडू र मेरो मांसु हौ. त तिमिहरु
१३ राजालाइ फर्काइ ल्याउंनुलाइ किन सबै भन्दा पछाड़ि छौ। अनि अमासालाइ
येसो भन के तं मेरै हाडू र मेरै मांसुमांको होइनस्. तं मेरो सांमु योआब्को
साटो सेनापति होइनस् भन्ये देखि ईश्वर्ले मंलाइ यो अं यो भन्दा बेसि
१४ पनि गरोस्। तब त्येस्ले यहूदाका सबै मान्छेहरुको मन् एक् जनाको मन्
जस्तो निउंरायो तहांदेखि तिनिहरुले राजाकां आफु र आफुका सबै
१५ चाकरेहरु फर्कि आउंनु हवस् भनि पठाये। तब राजा फर्क्यो अनि यर्दन्मां
आइ पुग्यो। अनि यहूदा चइं राजालाइ यर्दन् वारि तारि ल्याउंनुलाइ
गिल्गाल्मां राजालाइ भेट्नुलाइ आये॥

१६ अनि गेराको छोरो बिन्यामीनी शिमी जो बहूरीम्को थियो त्यो
पनि फुर्तिगरि दाऊद् राजालाइ भेट्नुलाइ यहूदाका मान्छेहरु सङ ओर्लि
१७ आयो। अनि त्यो सङ बिन्यामीन्का एक् हजार् जना मान्छे र शाऊल्को
जहान्को चाकरे शीबा आफ्ना पन्द्रह् भाई छोराहरु र आफ्ना बीस् जन

चाकरेहरू समेत् आयो वहांदेखि तिनिहरू राजाको सांमु यर्दन् पारि तर्ये ।
अनि राजाको जहान्लाइ वारि तारि ल्याउंनुलाइ र राजालाइ मन् पर्येको १८
अनुसार् गर्नुलाइ नांउ वारिपारि गरींद थियो । अनि राजा वारि तर्नु
त्रित्तिकै गेराको छोरो शिमी आयेर त्येसको सांमु घोप्टो पर्यो । वहांदेखि १९
त्येस्ले राजालाइ भन्यो मेरा प्रभुले मं मांथि अधर्म्म न हाल्नु हवस् अनि
आफुको चाकरेले मेरा प्रभु महाराजा यरूशलेम् बाटो निकल्येको दिन्मां
अट्टेरेइँ सङ्ग गर्येको काम् महाराजाले आफ्नु मन्मां सम्झि न राख्नु
हवस् । किनभन्ये मैंले पाप् गर्यें भनि आफुको चाकरेलाइ थाहा छ . २०
येस्कारण् हेर्नु हवस् आजुको दिन् मेरा प्रभु महाराजाकन भेट्नुलाइ
यूसुफको जहान्मांको पहिले मं चइं आयेको छु । तर सरूयाहको छोरो २१
अबीशैले उत्तर् दिइ भन्यो के शिमी मांरींदैन किनभन्ये त्येस्ले यहवेको
अभिषित्तलाइ धिक्कार्येको छ । तब दाऊद्ले भन्यो हे सरूयाहका छोराहरू २२
हो मंलाइ तिमिहरू सङ्ग के काम् तिमिहरू आजु मेरा विरोधीहरू भइ
गयेका छौ . के आजु इस्राएल्मांको कोइ पनि मांरींछ . कसोगरिभन्ये मं
आजु इस्राएल् मांथि राजा छु भनि के मंलाइ थाहा छैन । तब २३
राजाले शिमीलाइ भन्यो तं मांरींदैनस् । अनि राजाले त्येसको लागि
किरिया खायो ॥

अनि शाऊल्को छोरो मपीबोशेत् राजालाइ भेट्नुलाइ उत्रि आयो २४
अनि त्येस्ले राजा हिंड्को दिन् देखि राजा फेरि कुशल् सित आयेको दिन्
सम्म न आफ्ना गोड़ाका नङ् कटायेको न आफ्नु दारी छांट्कुंट् गर्येको
थियो अनि न आफ्नु लुगा धोयेको थियो । अनि येसो भयो जब त्यो २५
राजालाइ भेट्नुलाइ यरूशलेम् बाटो आयो तब राजाले त्येस्लाइ भन्यो ए
मपीबोशेत् किन मं सित आइनस् । तब त्येस्ले उत्तर् दियो हे मेरा प्रभु २६
हे महाराजा मेरो चाकरेले मंलाइ बहकाइ दियो . कसोगरिभन्ये आफुको
दासले भन्येको थियो मं चढेर राजा सित जाउं भनि आफ्नु गदाहा
मांथि जीन् कसु लगायें किनभन्ये आफुको दास् खोरण्डे छ । अनि त्येस्ले २७
मेरा प्रभु महाराजाको सांमु आफुको चाकरेलाइ चुगिल लगायो तर मेरा
प्रभु महाराजा चइं ईश्वरको दूत् सरि हुंनु हुंद छ . येस्कारण् आफुलाइ
ज्य जाति लाग्छ त्येइ गर्नु हवस् । किनभन्ये मेरो बाबुको सिंगै २८
जहान् मेरा प्रभु महाराजाको सांमु मंर्येका मान्छेहरू जस्ता थिये . र पनि
आफुले आफ्नु दास्लाइ आफ्नु मेज्मां खानेहरूको बीच्मां बसाल्नु
भयो । येस्कारण् मेरो अझै के हक् छ र मं फेरि फेरि राजाको दोहाइ दिउं ।
तब राजाले त्येस्लाइ भन्यो आफ्नु विषय्मां किन अरू ज्यास्ति भनि रहंद छस् . २९
मैंले भनि सकें तं र सीबा आपस्तमां देस् बांड़ि लेव । तब मपीबोशेत्ले ३०
राजालाइ भन्यो होइन त्यसैले सबै लेवस् किनभन्ये मेरा प्रभु महाराजा
आफ्नु घर्मां कुशल् सित फर्कि आउंनु भयो ॥

अनि गिलादी बर्जिल्लै रोगलीम् देखि आयेर राजालाइ यर्दन् पारि ३१

३२ पुर्याउंनुलाइ राजा सङ्ग पारि गयो । बर्जिल्लौ अग्घोर् बूढो थियो अं चार्
कोरि बर्षको उमेर् भयेको थियो. अनि राजा महनैममां रहंदा त्यस्ले
राजालाइ पाल्दै रह्येको थियो कसोगरिभन्ये त्यो अग्घोर् धनी मान्छे थियो ।
३३ अनि राजाले बर्जिल्लौलाइ भन्यो आफु पनि मं सङ्ग पारि आउंनु हवस् र
३४ आफुलाइ मं आफु सङ्ग यरुशलेममां पाल्छु । तब बर्जिल्लौले राजालाइ
उत्तर् दियो अब मेरो जीउंनिको बर्षको दिन् कति होला र मं राजा सङ्ग
३५ यरुशलेममां चढि जाउं । आजु मं चार् कोरि बर्षको भयें. के मं भलो
बूरोको बीचमां ध्यान् गर्नु सक्छुर. के मं आफुको दासले जे जे खांछु पीउंछु
त्यस्को स्वाद् चिन्नु सक्छु. अनि के मं गाउंने लोग्ने मान्छेहरु र गाउंने
आइमाइहरुको सोर् फेरि फेरि सुन्नु सक्छु. त आफुको दास् मेरा प्रभु
३६ महाराजा माथि किन अरु भार् होइ रहोस् । आफुको दास् महाराजा सङ्ग
खालि यर्दन् तर्मञ्याल् सम्म मात्रै जांनु खोज्द छ. त महाराजाले येस्
३७ कामलाइ किन येति बिघ्नगरि साटो दिंनु हुंछ । कृपागरि आफुको
दासलाइ फर्कि जांनु दिंनु हवस् र मं आफ्नै सहर्मां आफ्नै बाबु र
आफ्नै आमाको चिहानमां मरुं । तर हेर्नु हवस् आफुको दास् किम्हाम्
त्येसैलाइ मेरा प्रभु महाराजा सङ्ग तरि जांनु दिंनु हवस् अनि जे आफुलाइ
३८ जाति लाग्ला त्येइ त्यो सङ्ग गर्नु हवस् । तब राजाले उत्तर् दियो
किम्हाम् मं सङ्ग पारि हिंड्छ अनि जे आफुलाइ जाति लाग्ला त्येइ मं
त्यो सङ्ग गर्छु. अनि जे आफुले मं सित मांग्नु होला ति मं आफुको
३९ लागि गर्छु । तब सिंगै लोग् यर्दन् पारि तरि गये अनि राजा पनि तरि
गयो. अनि राजाले बर्जिल्लौलाइ आशीष् दियेर त्यस्लाइ चुमा खायो तब
त्यो आफ्नु ठांउमां फर्कि गयो ॥

४० येसोरि राजा गिल्गालमां तरि गयो अनि किम्हाम् पनि त्यो सङ्ग
तरि गयो . अनि यहूदाका सिंगै लोग् र इस्राएलको पनि आधा लोग्ले
४१ राजालाइ वारि ल्याये । त हेर इस्राएलका सबै मान्छेहरु राजा थांउ आये
अहांदेखि राजालाइ भन्ये हांमिहरुका दाज्यभाइहरु यहूदाका मान्छेहरुले
आफुलाइ किन चोरि ल्याये अनि राजा र तिनका जहान् र तिनि सङ्ग
४२ दाऊद्का सबै मान्छेहरुलाइ किन ल्याये भनि । त यहूदाका सबै मान्छेहरुले
इस्राएलका मान्छेहरुलाइ उत्तर् दिये किनभन्ये राजा हांमिहरुको नजिक्
मांइनका हुन् . त किन येस् कुरोको कारणले रिसाउंद छौ . के हांमिहरुले
राजाको केइ खायेका छौं कि तिनले हांमिहरुलाइ केइ दान् दियेका
४३ छन् । तब इस्राएलका मान्छेहरुले यहूदाका मान्छेहरुलाइ उत्तर् दिइ भन्ये
राजामां हांमिहरुको दस् हिस्सा छन् अनि पनि दाऊद्मां हांमिहरुको हक्
तिमिहरुको हक् भन्दा ज्यास्ति छ . त तिमिहरुले हांमिहरुको निन्दा किन
गर्यौ कसोगरिभन्ये आफ्ना राजालाइ फर्काइ ल्याउंनुलाइ पहिले
हांमिहरुको सल्लाह् हुनुं पर्थ्यो । अनि यहूदाका मान्छेहरुका कुरा
इस्राएलका मान्छेहरुका कुरा भन्दा बलियो भयो ॥

(शेबाको राजद्रोह्गराई)

त संयोग्ले येसो भयो त्यहां येउटा बिकामे फक्कड् थियो जस्को २० १
नांउ बिन्यामीनी बिक्रिको छोरो शेबा थियो . त्यस्ले नर्सींगा बजायेर
भन्यो दाऊद्मां हांमिहरुको केइ भाग् छैन अनि न यिशैको छोरोमां केइ
अधिकार् छ . हे इस्राएलीहरु हो जनंगे आफ्नु आफ्नु पाल्मां जाव ।
तब इस्राएल्का सबै मान्छेहरु दाऊद्लाइ पछ्याउंनु छोड़ि चढेर २
बिक्रिको छोरो शेबालाइ पछ्याये , तर यहूदाका मान्छेहरु यर्दन् देखि
यरुशलेम् सम्म आफ्नु राजा सङ लागि रह्ये ॥

अनि दाऊद् यरुशलेम्मां आफ्नु घर्मां आइ पुग्यो वहांदेखि ३
राजाले आफ्नु घर् रुङ्नुलाइ छोड़ि राख्येको आफ्नी दस्वटी रखैली
आइमाइहरुलाइ लग्येर नजरबन्दीमां राख्यो अनि तिनिहरुको लागि
खुराक् दिंदै रह्यो तर तिनिहरुकां गयेन । येसोरि तिनिहरु जीवन्भरि
रांड़ीको थन्कोमां रहिन् ॥

तब राजाले अमासालाइ भन्यो तीन् दिन्को भित्र यहूदाका ४
मान्छेहरुलाइ भेला गरा अनि तं पनि यहां सामेल् हो । त अमासा ५
यहूदाका मान्छेहरुलाइ भेला गराउंनुलाइ निस्क्यो . तर त्यस्ले त्यस्को लागि
ठहरायेको बेला भन्दा अबेर् गर्‍यो । तब दाऊद्ले अबीशैलाइ भन्यो ६
बिक्रिको छोरो शेबाले हांमिहरु मांथि अब्शालोम्ले भन्दा ज्यास्ति हानि
गर्छ . त तैंले आफ्ना प्रभुका चाकरेहरुलाइ लियेर त्यस्लाइ खेद् होइन
भन्ये ता त्यो घेरा भयेको सहर्हरुलाइ आफ्नु ताबिमां पारि हांम्रो
मांथु देखि भागि बांच्ला । तब योआब्का मान्छेहरु करेतीहरु र ७
पलेतीहरु र सबै महाबीर्हरु निस्क्ये अनि तिनिहरु बिक्रिको छोरो
शेबालाइ खेद्नुलाइ यरुशलेम् बाटो हिंड़ि गये । जसै तिनिहरु गिबोन् ८
निर भयेको ठुलो ढुंगो निर पुग्ये तब अमासा तिनिहरुलाइ भेट्नुलाइ
आयो । अनि योआब्ले आफ्नु जीउमां लायेको संग्राम्को बस्त्र पहिर्‍येको
थियो जस् मांथि पटुका थियो त्यस् मांथि त्यस्को कम्मर्मां येउटा तरवार्
दापै समेत् कस्येको थियो अनि हिंड्दाखेरि त्यो निस्कि गये छ । अनि ९
योआब्ले अमासालाइ भन्यो ए मेरो भाई तं कुशल् सित छस् । तब योआब्ले
अमासालाइ चूमा खांनुको लागि आफ्नु दाहीनो हात्ले त्यस्को दारी
समात्यो । तर अमासाले योआब्को हात्मां भयेको तरवार्को चेत् गर्‍येन . १०
त त्यस्ले तरवार् त्यस्को कोखामां रोप्यो अनि त्यस्का आन्द्राहरु भूइंमां
बहाइ दियो अनि त्यस्लाइ अरु हिर्कायेन त त्यो मर्‍यो । अनि योआब् र
त्यस्को भाई अबीशै बिक्रिको छोरो शेबालाइ खेद्दै गये । अनि योआब्का ११
जुवान्हरुमांको एक् जना त्यस्को छेउमां उभी रहंनेले भन्यो जस् जस्ले
योआब्लाइ मन् पर्दछ अनि दाऊद्को पट्टि छ त्यस्ले योआब्लाइ पछ्यावस् ।

१२ अनि अमासा चहिं मूल्बाटोको मांझमा आफ्नु रगत्मा लट्पटीयेको भइ लडि
रह्येको थियो। अनि जब त्यस् मान्छेले सिंगै लोगलाइ अड़ीयेको देख्यो
तब त्येस्ले अमासालाइ मूल्बाटो देखि खेत्मा घिस्याइ लग्यो अनि जसै
त्यस्ले त्यस् छेउ आउंने सबैलाइ अड़ीयेको देख्यो तब त्येस्ले त्येस्लाइ येउटा
१३ लुगाले ढाकि दियो। जब त्यो बाटो देखि सारीयेको थियो तब सिंगै लोग्
१४ बिक्रिको छोरो शेबालाइ खेद्नुलाइ योआबको पछि पछि लाग्ये। अनि त्यो
इस्राएल्का सबै कुल्हरुको मांझ बाटो निस्कंदै आबेल् र बेत्माका र
१५ सबै बेरीहरु थांइ गयो . र तिनिहरु पनि भेला भयेर त्येस्को पछि पछि
गये। वहांदेखि तिनिहरुले आयेर त्येस्लाइ बेत्माकाको आबेल्मां घेर्ये
वहांदेखि तिनिहरुले सहर्मां येउटा गड़ि उठाये जो घेराभित्तामां
टांसीयेको थियो . अनि योआब् सङ्ग भयेका सबै मान्छेहरुले भित्ता
१६ भत्काउंनुको लागि खन्नु लाग्ये। तब येउटी बुद्धिमान् आइमाइ सहर्
बाटो कराई सुन सुन कृपागरि योआब्लाइ येसो भनि देव यहां छेउमां आउ
१७ र मं आफु सङ्ग कोइ भनुं भनि। तब त्यो त्यो छेउ गयो तब त्यस्
आइमाइले भनी के आफु योआबै हो। र त्येस्ले उत्तर् दियो हुं। तब त्येस्ले
त्येस्लाइ भनी आफुको दासीको कुरा सुन्न हवस्। र त्येस्ले उत्तर् दियो सुन्द
१८ छु। तब त्येस्ले येसो भनी उहिले उहिले तिनिहरुले येसो भन्द थिये
१९ आबेल्मां निस्से सोध्छन् भनि . र त्येसोगरि कुरा सिद्ध्याउंद थिये। मं
चहिं इस्राएल्मां मेल्मिलाप् र बिश्वास् सित रहंनेहरुमांकी येउटी हुं .
आफुले येउटा सहर् र इस्राएल्मांको येउटी मातालाइ नास् पार्नु खोज्नु
२० हुंद छ . र यहवेको अधिकार् किन निलि हाल्नु हुंद छ। र योआब्ले उत्तर्
२१ दिइ भन्यो निल्नु कि नास् पार्नु टाढ़ो रहोस् मं देखि टाढ़ा रहोस्। कुरो
येस्तो छैन . तर एफ्रेम्को पहाड़् देस्को एक् जना बिक्रिको छोरो शेबा
भनौंनेले राजाको बिरुद्ध अं दाऊद्को बिरुद्धमां आफ्नु हात् उचाल्येको
छ . त्येसैलाइ मांत्रै सुम्पि देउ र मं सहर् देखि हिंड़ि जांछु। तब
आइमाइले योआब्लाइ भनी हेर्नु हवस् त्येस्को सिर् आफुको लागि भित्ता
२२ बाटो आफालि दिइंछ। तब त्यो आइमाइ आफ्नु बुद्धिमा सबै लोग् थांइ
गई। अनि तिनिहरुले बिक्रिको छोरो शेबाको सिर् काटेर योआब् थांइ
आफालि दिये। तब त्येस्ले नर्सींगा बजायो अनि मान्छेहरु सहर् देखि
छर्पुष्ट हुंदै आफ्नु आफ्नु पाल्मां गये। अनि योआब् चहिं यरुशलेम्मां
राजा थांइ फर्कि आयो॥

२३ अनि योआब् इस्राएल्को सिंगै सेनाको सेनापति थियो . अनि
२४ यहोयादाको छोरो बनायाह् चहिं करेतीहरु र पलेतीहरु माथि थियो . अनि
अदोराम् किरिया सुनि भयेकाहरु माथि मालिक् थियो . अनि अहीलूद्को
२५ छोरो यहोशापात् सम्झना राख्ने थियो . अनि शया लेटर् थियो . अनि
२६ साद्दोक् र एब्यातार् पूजाहारी थिये . अनि याईरोईरा पनि दाऊद्को
लागि पूजाहारी थियो॥

(गिबोनीहरुको लागि साटो लिंनु)

अनि दाऊद्को पालामां तीन् बर्ष सम्म लगालग् अनिकाल् पर्दै २१ १
रह्यो तब दाऊद्ले यह्वे सित सोधनी गर्‍यो । तब यह्वेले भन्यो त्यो
शाऊल्को कारणले र रगत् बहाउंने त्येस्को जहान्को कारणले हो किनभन्ये
त्येस्ले गिबोनीहरुलाइ मार्‍यो । तब राजाले गिबोनीहरुलाइ डाकि २
ल्याउंनु पठायो . (गिबोनीहरु चइं इस्राएलबंशीहरुमांका थियेनन् तर
उबर्यका एमोरीहरुमांका थिये अनि इस्राएलबंशीहरुले तिनिहरु सित
किरिया खायेका थिये . अनि इस्राएलबंशीहरु र यहूदा रापीयेको
कारणले शाऊलले तिनिहरुलाइ मार्नु खोजइ थियो .) अनि दाऊद्ले ३
गिबोनीहरुलाइ भन्यो मं तिमिहरुको लागि के गरुं र तिमिहरुले
यह्वेको अधिकारलाइ आशीर्बाद् दिंनुलाइ मं कसोगरि प्रायश्चित्त गरुं ।
तब गिबोनीहरुले त्येस्लाइ भन्ये हामिहरुको शाऊल् र त्येस्को जहान् सित सुन् ४
चांदी बिषयको कुरो छैन अनि न इस्राएलमांको कोई मान्छे हामिहरुको
लागि मारीओस् भन्ये छ । त त्येस्ले भन्यो तिमिहरुले जे भन्छौ त्येइ
मं तिमिहरुको लागि गर्छु । त तिनिहरुले राजालाइ उत्तर् दिये जुन् ५
मान्छेले हामिहरुलाइ नास् पार्‍यो अनि हामिहरु इस्राएलको सिमानामांको
कुनै सिमाना देखि भित्र पनि बस्नु न पाऊं तर हामिहरु नास् पारीऊं
भन्ये जुक्ति गर्‍यो त्येसै मान्छेका सात् भाई छोराहरु हामिहरुको लागि ६
सुम्पि दिईउन् त हामिहरु तिनिहरुलाइ यह्वेको लागि यह्वेले छान्येको
शाऊल्को गिब्बामां झुंड्याइ दिंछौं । तब राजाले भन्यो मं तिनिहरुलाइ
दिंछु । तर राजाले शाऊल्को छोरो योनातान्को छोरो मपीबोशेत् चइंलाइ ७
ता बचाइ राख्यो दाऊद् र शाऊल्को छोरो योनातान्को बीच्मां खाईयेको
यह्वेको किरियाको कारणले । तर राजाले अय्याकी छोरी रिस्पाले ८
शाऊल्को लागि जन्मायेका दुइ भाई छोराहरु आर्मोनी र मपीबोशेत्लाइ
र शाऊल्को छोरी मीकल्ले महोलाती बर्जिल्लैको छोरो अद्रीएल्को लागि
जन्मायेका पांच् भाई छोराहरुलाइ लियो . बहांदेखि त्येस्ले तिनिहरुलाइ ९
गिबोनीहरुको हात्मां सुम्पि दियो तब तिनिहरुले तिनिहरुलाइ पहाड्मां
यह्वेको सांमु झुंड्याइ दिये त तिनिहरु सातै जना एक् साथ् नष्ट भये .
अनि तिनिहरु जउको कटनीको थाल्नीको पहिलो दिन्मां मारीये । त १०
अय्याकी छोरी रिस्पाले भाङ्रा लियेर आफ्नु लागि कटनीको थाल्नी
देखि येसो अकाश् बाटो तिनिहरु मांथि पानी पर्ने बेला सम्म पहरामां
फिंजाई अनि दिउंसो अकाशका पंषीहरुलाइ र राति बनका पशुहरुलाइ
तिनिहरु मांथि बस्नु दिईन । अनि शाऊल्की रखेली अय्याकी छोरी रिस्पाले ११
जे जे गरी त्यो दाऊद्लाइ सुनाईयो । तब दाऊद्ले गयेर शाऊल्का हाड्हरु १२
र त्येस्को छोरो योनातान्का हाड्हरु याबेश्गिलाद्का मान्छेहरु देखि फर्काइ
ल्यायो जुन् मान्छेहरुले ति हाड्हरु पलिश्तीहरुले शाऊल्लाइ गिल्बोआं

मांर्येको दिन्मां पलिश्तीहरुले तिनलाइ भुंड्यायेको ठांउ अर्थात् बेतशान्का
१३ चौक् देखि चोर्येका थिये. अनि त्येस्ले त्यहां बाटो शाऊल्का हाडूहरु र
त्यस्को छोरो योनातान्का हाडूहरु ल्यायो वहांदेखि तिनिहरुले ति
१४ भुंड्याईयेका मान्छेहरुका हाडूहरु बटुल्ये। वहांदेखि तिनिहरुले शाऊल्का
र त्यस्को छोरो योनातान्का हाडूहरु बिन्यामीन्को देसमां जेलामां त्येस्को
बाबु कीशको चिहान्मां गाड़ि दिये. अनि तिनिहरुले राजाले ज्ये ज्ये
आज्ञा गर्येको थियो ति सबै गर्ये। तब त्येस् पछि ईश्वरले देस्को
बिषयको बिन्ति सुन्यो॥

(पलिश्तीहरु मांथि दाऊद्को जय्)

१५ अनि पलिश्तीहरुले फेरि इस्राएल् सित लड़ाइँ गर्दै थिये तब दाऊद्ले
आफ्ना चाकरेहरु सित उत्रि गयेर पलिश्तीहरु सित लड़ाइँ गर्नु लाग्यो
१६ अनि दाऊद् अग्घोर् थकित् भयो। तब यिश्बोबनोब् जो रपाईहरुको
बंशको एक् जना थियो जस्को भालाको जोखाई पीतल्को तीन् सै शेकेल
थियो अनि जस्ले नया तरवार् भिर्येको थियो त्येस्ले दाऊद्लाइ मार्नु खोज्यो।
१७ तर सरुयाहको छोरो अबीशैले त्येस्को गोहार् गर्यो अनि त्येस् पलिश्तीलाइ
हिर्कायेर मांर्यो। तब दाऊद्का मान्छेहरुले त्येस्लाइ येसो भनि किरिया
खुवाये आफुले फेरि फेरि कैले पनि हांमिहरु सङ लड़ाइँमां निस्कि आउंनु
हुंदैन होइन भन्ये ता आफुले इस्राएल्को बत्ती निभाउंनु हुंछ॥
१८ अनि त्येस् पछि येसो भयो फेरि गोबमां पलिश्तीहरु सित लड़ाइँ
पर्यो. तब हूशाथी सिब्बकैले रपाईहरुको सन्तानमांको सप्‌लाइ मांर्यो।
१९ अनि फेरि पनि गोबमां पलिश्तीहरु सित लड़ाइँ पर्यो अनि बेत्लेहेमी
यारयोरगीमको छोरो एल्हनान्ले गाती गोलयत्लाइ मांर्यो जस्को भालाको
२० सर् कपरा बुन्नेको सुर्रो जत्रो थियो। अनि गात्‌मां फेरि पनि लड़ाइँ पर्यो
जहां एक् जना ठुलो डाल्को मान्छे थियो जस्का हातमां छ छवटा औंला
थिये अनि गोड़ामां पनि छ छवटै औंला थिये गन्तिमां चौबीस्वटा त्यो पनि
२१ रपाईहरुको सन्तानमांको थियो। जब त्येस्ले इस्राएल्लाइ तुच्छ जान्यो तब
२२ दाऊद्को दाजु शीमीको छोरो योनातान्ले त्येस्लाइ मांर्यो। ति चार् जना
गात्का रपाईहरुको सन्तान्मां जन्मेका थिये र तिनिहरु दाऊद्का र
त्यस्का चाकरेहरुका हात् देखि मांरीये॥

(दाऊद्को येउटा गीत्[१])

२२ १ अनि जस् दिन् यहवेले दाऊद्लाइ त्येस्का सबै सत्रुहरुका हात्
देखि र शाऊल्को हात् देखि बचायो त्येस् दिन् दाऊद्ले यहवेको लागि
२ येस् गीत्का यि बचन् भन्यो. अनि त्येस्ले भन्यो

[१] गीतपोस्तकको १८ रौं गीत् हेर।

यहवे मेरो पहरा र मेरो किल्ला र मेरो छुटकारा हो श्रं मेरे
मेरो पहराको ईश्वर् उसमां मं शरण् लिंछु ३
मेरो ढाल् र मेरो उद्धार् गर्ने सींग् मेरो अग्लो धरारा र मेरो शरणस्थान्
मेरो बचाउंने तपांइले मंलाइ उपद्रैदें देखि बचाउंनु हुंद छ ।
मं यहवेलाइ हापार्ने गर्दै छु जो स्तुति गर्नीने योग्य छ. ४
येसोरि आफना सत्तुरहरु देखि बचाइंछु ।
कसोगरिभन्ये मृत्युका छालले मंलाइ घेर्ये ५
अधर्म्मका बाढिले मंलाइ डराउंनु लाये ।
पत्तालका डोरि मेरो वरिपरि थिये. ६
मृत्युका पासोहरु मं माथि आइ लाग्ये ।
आफनु संकटमां मैले यहवेलाइ हापार्यें ७
श्रं आफनु ईश्वरलाइ हापार्यें.
त उस्ले आफनु मन्दिर् देखि मेरो सोर् सुन्यो
अनि मेरो दोहाई उस्का कानमां पुग्यो ।
तब पृथिवी हल्लीयो अनि कांम्यो ८
स्वर्गका जगहरु चल्ये
अनि हल्लीये उस्को क्रोधको कारणले ।
उस्का नाथ्री देखि धुंवा उठ्यो ९
अनि उस्को मुख बाटोको आगोले भस्म पार्यो.
त्येस् देखि कोइला सल्काईये ।
उ स्वर्गलाइ पनि निउंगायेर उत्र्यो १०
अनि उस्को गोड़ा मुनि बाक्लो अंध्यारो थियो ।
अनि येउटा करुब् मांथि चड़ेर उड़्यो. ११
श्रं उ बतासको पखेटा मांथि देखीयो ।
अनि उस्ले अंध्यारोलाइ आफनु वरिपरि मण्डपहरु तुल्यायो १२
पानीहरुको थुप्रोलाइ आकाशका बाक्ला बादलहरुलाइ.
उस्को सांमुको चमकले १३
आगाका पिलींगाहरु सल्क्या ।
यहवे स्वर्ग बाटो गर्ज्यो १४
अनि परम् ईश्वरले आफनु बाणी सुनायो ।
अनि उस्ले आफना कांड् हानि पठायेर तिनलाइ छरपुट्ट पार्यो १५
बिजुलि पनि अनि तिनलाइ धंस पार्यो ।
तब समुन्द्रका थाहहरु देखाहा पर्ये १६
जगत्का जगहरु उघारीये
यहवेको हकाराईले
उस्का नाथ्रीको सासको फुकाईले ।
उस्ले मांथि बाटो पठायो उस्ले मंलाइ लियो १७

उस्ले मंलाइ धेरै पानीहरु देखि तानि निकाल्यो
१८ उस्ले मंलाइ मेरो बल्लियो सत्तुर् देखि बचायो
मंलाइ घिनाउंनेहरु देखि किनभन्ये तिनिहरु मं भन्दा बल्लियाहरु थिये।
१९ तिनिहरु मं माथि मेरो बिपत्तिको दिन्मां आइ लागे .
तर यहवे चइं मेरो टेवा थियो
२० उस्ले मंलाइ येउटा फराक् ठांउमां निकालि पनि ल्यायो .
उस्ले मंलाइ छोड़ायो किनभन्ये उ मं देखि खुशि थियो ।
२१ यहवेले मंलाइ मेरो धर्म्मको अनुसार् प्रतिफल् दियो .
मेरा हातको चोखेइँ अनुसार् उस्ले मंलाइ साटो दियो ।
२२ किनभन्ये मैले यहवेका बाटाहरु समाति राख्येको छु
अनि न आफ्नु ईश्वर् देखि दुष्ट भइ हिंड़ि गयेको छु ।
२३ कसोगरिभन्ये उस्का सबै नियाबचनहरु मेरो सांमु थिये .
अनि उस्का बिधिहरुको बिषयमां मं ति देखि फर्कि गइंन ।
२४ मं उस्को लागि सिद्ध पनि थियें
अनि आफ्नु अधर्म्म देखि जोगीइ रह्यां।
२५ येकारण् यहवेले मंलाइ मेरो धर्म्मको अनुसार् साटो दियो
उस्को सुखेंजि भयेको मेरो चोखेइँ अनुसार् ।
२६ कृपालु माथि तपांइ कृपालु देखाहा पर्नु हुंद छ
सिद्ध माथि तपांइ सिद्ध देखाहा पर्नु हुंद छ
२७ शुद्ध माथि तपांइ शुद्ध देखाहा पर्नु हुंद छ
अनि अट्टेरो माथि तपांइ बटारीयेको देखाहा पर्नु हुंद छ ।
२८ अनि दुखितहरुलाइ तपांइले बचाउंनु हुंद छ .
तर तपांइको दृष्टि अहंकारीहरु माथि लागि रहंद छन् तिनिहरुलाइ
खसालनुको लागि ।
२९ कसोगरिभन्ये हे यहवे तपांइ मेरो बत्ती हौ .
अनि यहवेले मेरो अंधकारलाइ उज्यालो पार्छ ।
३० कसोगरिभन्ये तपांइको बाटोले मं दल् माथि दुगुरि जांद छु .
मेरो ईश्वरको बाटोले भित्ता नांघद छु ।
३१ ईश्वरको बिषयमां उस्को बाटो सिद्ध छ .
यहवेको बचन् जांचीयेको छ
उ आफ्नु शरण् लिंनेहरुको लागि ढाल् छ ।
३२ कसोगरिभन्ये यहवे बाहिक् ईश्वर् को छ
अनि हामिहरुको ईश्वर् बाहिक् पहरा को छ ।
३३ ईश्वर् मेरो बल्लियो गढ़ि छ
अनि उस्ले आफ्नु बाटोमां सिद्धहरुलाइ डोर्याउंद छ ।
३४ उस्ले मेरा गोड़ा हरिणीहरुका जस्ता तुल्याउंद छ .
अनि मंलाइ मेरो अग्ला ठाउंहरुमां बसालद छ ।

उस्ले मेरा हात्हरूलाइ लड़ाइँ गर्नुलाइ सिकाउंद छ ३५
पीतल्को धनु मेरा बांहाले उकाल्नु भन्या खातिर्ले ।
तपांइले मंलाइ आफ्नु उद्धार् गर्ने ढाल् पनि दिंनु भयो ३६
अनि तपांइको नरमैले मंलाइ बढायेको छ ।
तपांइले मं मुनि मेरो फड्का बढाउंनु भयो ३७
येस्कारण् मेरा गोड़ा चिप्लीयेनन् ।
मैले आफ्ना सत्तुर्हरूलाइ खेद्योर तिनलाइ नास् पार्यें ३८
अनि न तिनिहरू भस्म न होउंज्याल् सम्म फर्कं ।
अनि मैले तिनिहरूलाइ भस्म पार्यें अनि तिनिहरू उठ्नु न सक्ने ३९
सम्मगरि तिनिहरूलाइ मारि दियें.
अं मेरा गोड़ा मुनि तिनिहरू लड़ो ।
कसोगरिभन्या तपांइले मंलाइ लड़ाइंको लागि बल् भिराइ दिंनु भयो. ४०
मं मांथि आइ लाग्नेहरूलाइ तपांइले मं मुनि निउंराइ दिंनु भयो ।
तपांइले मेरा सत्तुर्हरूलाइ मेरो लागि पिठिउं फर्काउंनु पनि ४१
लाउंनु भयो
मैले आफ्ना वैरिहरूलाइ काटि दिंनुलाइ ।
तिनिहरूले हेर्ये त बचाउंने कोई पनि रैनछ ४२
अं यह्वे पट्टि तर उस्ले तिनिहरूलाइ उत्तर् दियेन ।
तब मैले तिनिहरूलाइ भूइंको धूलो झैं मसीनो पिठो पार्यें ४३
बाटोको हिलो झैं तिनिहरूलाइ कुल्च्यें अनि तिनिहरूलाइ फिंजायें ।
तपांइले मंलाइ मेरो प्रजाको झगरा देखि पनि छोड़ाउंनु भयेको छ । ४४
तपांइले मंलाइ लोग्लोग्को मालिक् तुल्याइ राख्नु भयेको छ ।
मैले न चिन्येका लोगले मेरो सेवा गर्छन् ।
अन्यदेसीहरूले मंलाइ छल् बिना मान्छन्. ४५
मेरो बिषय्मां सुन्नु बित्तिकै मेरो कर्मा आउंछन् ।
अन्यदेसीहरू ओइल्हौंछन् ४६
अनि आफ्नु आफ्नु सांगुरो ठांउ देखि कांम्दे निस्कंछन् ।
यह्वे जीइ रहंद छ अनि मेरो पहरा धन्नको हवस् ४७
अनि मेरो उद्धार् गर्ने पहराको ईश्वर् अल्ग्याईओस्.
अं मेरो लागि साटो लिंने ईश्वर् ४८
जस्ले लोगलाइ मेरो मुनि ओह्रालद छ
जस्ले मंलाइ मेरा सत्तुर्हरू देखि निकालि ल्याउंद छ. ४९
अं तपांइले मंलाइ मं मांथि आइ लाग्नेहरू मांथि उचाल्नु हुंद छ.
तपांइले मंलाइ उपद्रे मान्छे देखि छोड़ाउंनु हुंद छ ।
येस्कारण् हे यह्वे लोग्लोग्को बीच्मां मं तपांइको धन्नबाद् गर्छु. ५०
अनि तपांइको नाउंको स्तुति गाउंछु ।
उस्ले आफ्नु राजालाइ ठूलो छुट्कारा दिंद छ.

अनि आफ्नु अभिषिक्त माथि करुणा गर्द छ
दाऊद् माथि र त्यसको वंश माथि जुगनजुग् ॥

(दाऊद्का पछिल्ला कुरा)

२३ १ दाऊद्का पछिल्ला कुरा यि हुन्
यिशैको छोरो दाऊद्को बाणी पेइ हो
उचाल्येको मान्छेको बाणी
याकूब्को ईश्वर्को अभिषिक्त
अनि इस्राएल्का गीतको प्रिय .
यहवेको आत्मा मंमां बोल्यो
अनि उस्को बचन् मेरो जिब्रोमां थियो ।
इस्राएल्को ईश्वर्ले भन्यो
इस्राएल्को पहराले मलाइ भन्यो
मान्छेहरु माथि धर्म्म सित प्रभुतइँ गर्ने
जस्ले ईश्वरको डर्ले प्रभुतेइँ गर्द छ ।
त्यो बिहान्को उज्यालो जस्तो छ जब घाम् झुल्कंद छ
बादल् बिनाको बिहान्
झरि थामीये पछि उघ्येको चमक्को बाटोले
जब भूइं देखि कमलो घांम् उम्रंद छ ।
कसोगरिभन्ये ईश्वर् सङ मेरो घर् को येस्तै छैन
तैपनि उस्ले मं सङ जुगनजुगको नियम् बांध्यो
सबै बिषयमां ठहराईयेको र रक्षे गरीयेको .
कसोगरिभन्ये मेरो पूरो उद्धार् र मेरो पूरो इच्छे पेइ हो
को उस्ले त्यो बढायेन ।
तर बिकामेहरु सबै जना आफालीने माफिकका कांड़ाहरु जस्ता हुंछन्
किनभन्ये तिनिहरुलाइ हातले समाउनु सकींदैन .
तर ति छुने
फलम् र भालाको सर् भिर्येको हुंनु पर्छ
अनि ति आफ्नु ठांउमां आगोले खांट्टै डढाइंछन् ॥

(दाऊद्का बीर्हरुका नांउ)

दाऊद्का महाबीर्हरुका नांउ यि हुन् . तह्कमोनी योशेब्बश्शेबेत् मालिक्हरुको मुखिया त्यो एस्नी अदोनो थियो त्यस्ले एकै चोटीमां आठ् से जनाको बांसु पर्येर तिनलाइ काटि दियो । अनि त्यसको पछि एक् जना अहोहीको छोरो दोदैको छोरो एलाजार् थियो जो दाऊद् सङ हुने ति तीन् जना महाबीर्हरुमांको येउटा थियो जब तिनिहरुले लड़ाइंको लागि वहां मेला भयेका पलिश्तीहरुलाइ तुच्छ जान्येका थिये अनि इस्राएलका

मान्छेहरु गइ गयेका थिये . तब त्यस्ले उठेर आफ्नु हात् न थाकुंज्याल् र १०
आफ्नु हात् तरवार्मां न टांसीउंज्याल् सम्म पलिश्तीहरुलाइ मांदै रह्यो
थियो . अनि त्यस् दिन् यहवेले ठुलो जय् गरायो अनि मान्छेहरु त्यस्को
पछि पछि लूट्को लागि मात्रै गये । अनि त्यस्को पछि हारारी आगेको ११
छोरो शम्मा थियो । अनि पलिश्तीहरु झाम् भरि भयेको बारीमां गठ्ठा
भइ भेला भयेका थिये त लोग् पलिश्तीहरु देखि भाग्य । तर त्यसचइंले १२
त्यो बारीको मांझमां उभीइ रह्येर बारी बचायो अनि पलिश्तीहरुलाइ
काटि दियो. अनि यहवेले ठुलो जय् गरायो । फेरि ति तीस् जना १३
मालिक्हरुमांको तीन् जना कटनीको बेलामां अदूल्लाम्को ओढारमां
दाऊद् थांइ उत्रि गये अनि पलिश्तीहरुका गठ्ठाले रपाईहरुको तरिमां डेरा
हाल्येका थिये । अनि त्यस् बेला दाऊद् गढ़िमां थियो अनि त्यस् बेला १४
पलिश्तीहरुको पहराचौकि बेतलेहेम्मां थियो । तब दाऊदले तिर्षणा गरि १५
भन्यो हाय् कसैले मलाइ ढोका निर भयेको बेतलेहेम्को कुवाको पानी
खांनु दिये ता हुंथ्यो। त ति तीन् जना बीर्हरुले पलिश्तीहरुको सेना देखि १६
वार्पार् छिरि गयेर ढोका निर भयेको बेतलेहेम्को कुवा देखि पानी भर्येर
ल्याइ दाऊद्लाइ दिये. तर त्यस्ले त्यो पानी खांने मन् गर्येन तर त्यो
यहवेको सांमु खन्याइ दियो । अनि त्यस्ले भन्यो हे यहवे मैंले येसो गर्न १७
मं देखि टाढ़ो रहोस् . के मं आफ्ना प्राण् हत्केलामां राख्ने मान्छेहरुको
रगत् पीउं . येस्कारण् त्यो पीउंनु मान्येन । येस्ता येस्ता काम् ति तीन् जना
महाबीर्हरुले गर्ये । अनि सरुयाहको छोरो योआब्को भाइ अबीशै ति १८
तीन् जनामां मूल् थियो । अनि त्यस्ले तीन् से जना मान्छेहरु मांथि आफ्नु
भाला उठायेर तिनलाइ मार्यो अनि ति तीन् जनाको बीच्मां नामी भयो ।
के त्यो ति तीन् जनाको बीच्मां मान्को थियेन . येस्कारण् त्यो तिनिहरुको १९
मालिक् तुल्याईयो . तैपनि त्यो ति तीन् जनाको खाल्मां ता पुग्येन । फेरि २०
यहोयादाको छोरो बनायाह् जो कब्सेल्को महाबीर्को छोरो थियो जस्ले
महाकार्ज्य गर्येको थियो त्यस्ले मोआबी अरीएल्का दुइ भाई छोराहरुलाइ
मार्यो . येस् उप्रान्त त्यस्ले उत्र्येर येउटा सिंहलाइ हिउं पर्येको बेलामां
खाड़ल् भित्र मारि दियो. अनि त्यस्ले येउटा राम्रो मिस्रीलाइ मार्यो . २१
अनि मिस्रीको हात्मां येउटा भाला थियो तर येसचइंले येउटा लाठो
लिइ त्यो थांइ गइ मिस्रीको हात् देखि भाला खोस्यो वहांदेखि त्यस्लाइ
त्यसैको भालाले मारि दियो । येस्ते येस्ता काम् यहोयादाको छोरो २२
बनायाहले गर्यो अनि ति तीन् जना महाबीर्हरुको बीच्मां नामी भयो ।
त्यो ति तीस् जना भन्दा बेसि मान्को थियो तैपनि ति तीन् जनाको २३
खाल्मां ता पुग्येन । अनि दाऊदले त्यस्लाइ आफ्नु सभाको सभापति
तुल्यायो ॥

योआब्को भाई असाहेल् ति तीस् जनामांको येउटा थियो बेतलेहेमी २४
दोदोको छोरो एल्हानान् हरोदी शम्मा हरोदी एलीका पलती २५ २६

२७ हेलेस् तकोई इक्कैशको छोरो ईरा अनातोती अबीएजेर् हुशाती
२८ २९ मबुन्ने अहोही सल्मोन् नतोपाती महरै नतोपाती बानाको
३० छोरो हेलेब् बिन्यामीन्‌वंशीको गिबाको रीबैको छोरो इत्तै पिरातोनी
३१ बनायाह् गाशका खोल्‌चाहरूको हिद्दै अराबाती अबीअल्‌बोन्
३२ ३३ बर्‌हूमी आज्‌मावेत् शाल्‌बोनी एल्यह्‌बा याशेनवंशी योनातान्
३४ हरारी शम्मा अरारी शारारको छोरो अहीआम् मकातीको छोरो
३५ आहस्बैको छोरो एलीपेलेत् गिलोनी अहीतोपेल्‌को छोरो एलिआम्
३६ कर्मेली हेस्रो अरबी पारै सोबाको नातान्‌को छोरो यिगाल् गादी
३७ बानी अम्मोनी सेलेक् बेरोती नहरै जो सरूयाह्‌को छोरो योआबको
३८ ३९ हतियार् बोक्‌नेहरू थिये यत्तरी ईरा यत्तरी गारेब् हित्ती
ऊरियाह्. सबै गरि सैंतीस् जना ॥

(दाऊद्‌को पाप् अनि पापमोचन्)

२४ १ अनि फेरि यहवेको रिस् इस्राएल् माथि उठ्यो तब उसले
दाऊद्‌लाइ गयेर इस्राएल् र यहूदाको गन्ति गर्नु भन्येर तिनिहरूको बिरुद्धमां
२ सुयायो। तब राजाले आफु सङ भयेको सेनापति योआबलाइ भन्यो
दान् देखि बेर्शेबा सम्म इस्राएल्‌का सबै कुल् भित्र डुलि डुलि लोगको
३ गन्ति गर् र मं लोगको गन्ति थाहा पाउं। तब योआबले राजालाइ
भन्यो अब आफुको ईश्वर् यहवेले लोगलाइ ऐले जति छन् त्यो भन्दा
सैगुणा बढाइ देवस् अनि मेरा प्रभु महाराजाले देख्‌नु पाउन्. तर मेरा
४ प्रभु महाराजाले यो काम् गर्नु किन मन् गर्नु हुंद छ। तैपनि राजाको
कुरो योआबको कुरो र सेनापतिहरूका कुरो माथि जिताहा भयो। तब
योआब् र सेनापतिहरू इस्राएल्‌का लोगको गन्ति गर्नुको लागि राजाको
५ सांमु देखि निस्कि गये। वहांदेखि तिनिहरू यर्दन् पारि तर्येर अरोएरमां
गाद्‌को तरिको बीचमां भयेको सहर्‌को दाहीनो पट्टि र याजेर्
६ तिर डेरा हाल्ये. वहांदेखि तिनिहरू गिलाद्‌मां र तह्‌तीम्होद्‌शीको
देस्‌मां पुग्ये वहांदेखि तिनिहरू दान्यान्‌मां र घुम्‌दै घुम्‌दै सिदोन्‌मां
७ पुग्ये अनि सोर्‌को किल्लामां र हिब्बीहरू र कनानीहरूका सबै
सहर्‌हरूमां पुग्ये. वहांदेखि तिनिहरू यहूदाको दकिखन् तिर बेर्शेबा
८ सम्म निस्कि गये। त जब तिनिहरू सिंगै देस्‌मां डुल्दै डुल्दै गयेका थिये
९ तब नौ महीना र बीस् दिन् बित्ये पछि यरूशलेम्‌मां फर्कि आये। वहांदेखि
योआबले लोगको गन्तिको हिसाप् राजालाइ दियो. त इस्राएल्‌मां
तरवार् झिक्‌ने बीर्‌हरू आठ् लाख् राछन्. अनि यहूदाका मान्छेहरू चइं
पांच् लाख् राछन् ॥

१० अनि लोगलाइ गन्ये पछि दाऊद् आफ्‌नु मन्‌मां पछुतायो। अनि
दाऊद्‌ले यहवेलाइ भन्यो मैले आफ्‌नु गर्येको काम्‌मां ठुलो पाप् गर्यें.

त अब हे यह्वे मं बिन्ति गर्द छु आफ्नु दास्को अधर्म्म दूर् गरि दिंनु
हवस् किनभन्ये मैंले अग्घोर्को मुर्खइँ गर्यं। त बिहान जब दाऊद् ११
उठ्यो तब यह्वेको बचन् दाऊद्को दर्शी गाद् अगमवक्ता थांइ येसो भन्दै
आयो गयेर दाऊद्लाइ येसो भन् यह्वेले येसो भन्द छ मं तेरो सांम्न १२
तीन्वटा कुरा राखद्द छु त तिनमांको येउटा छान् मं कुन् चइं तेरो लागि
गरूं भन्ये। त गाद्ले दाऊद् थांइ आयेर त्येसलाइ येसो भनि सुनायो कि १३
आफुको देस् मांथि सात् बर्षको अनिकाल् परोस् कि कि आफु तीन् महीना
सम्म आफ्ना बैरीहरू देखि भाग्दै रहंनु हुंछ अब तिनिहरूले आफुलाइ
खेद्दै रहंद छन् कि कि आफुको देसमां तीन् दिन्को रूढ़ी परोस्. येले
ध्यान् गर्नु हवस् अनि मैंले मंलाइ पठाउंनलाइ कि उत्तर् फर्काइ दिउं भन्ये
बिचार् गर्नु हवस्। त दाऊद्ले गाद्लाइ भन्यो मं बड़ो सकस्मां पर्यं. १४
हांमिहरू बरु यह्वेका हातमां परूं किनभन्ये उसका करुणा धेरै छन्. तर मैंले
मान्छेचइंको हात्मां लड्नु न परोस्। त यह्वेले इस्राएल् मांथि १५
बिहान् देखि ठहरायेको बेला सम्म रूढ़ी पठाइ दियो. अनि दान् देखि
बेर्शबा सम्म लोगका सत्तरी हजार् जना मंर्ये। अनि जब दूत्ले १६
यरूशलेम्लाइ नास् पार्नुलाइ त्येसमां आफ्नु हात् पसार्यो तब यह्वेले त्यो
बुराइ देखि पछ्तायेर लोग्लाइ नास् पार्ने त्येस् दूत्लाइ भन्यो भयो अब
आफ्नु हात् थाम्। अनि यह्वेको दूत् यबूसी अरौनाको खलाको छेउमां
थियो। त जब दाऊद्ले लोग्लाइ मार्ने दूत्लाइ देख्यो तब त्येसले १७
यह्वेलाइ येसो भन्यो हेर्नु हवस् मंचइंले ता पाप् गर्यं मंचइंले ता
अट्टेरेइँ गर्यं तर यि भेंड़ाहरूचइंले ता कि गर्येका छन् र. कृपागरि
तपाइंको हात् मेरै बिरुद्धमां र मेरै बाबुको जहान्को बिरुद्धमां परोस्॥

त त्येस् दिन् गाद्ले दाऊद् थांइ आयेर भन्यो चढ़ि गयेर यबूसी १८
अरौनाको खलामां यह्वेको लागि येउटा बेदि उभ्या। त यह्वेले आज्ञा १९
गर्येको झैं गाद्ले भन्येको अनुसार् दाऊद् चढ़ि गयो। अनि अरौनाले २०
चियाइ हेरिकन राजा र त्येसका चाकरेहरूलाइ येता तिर आउंदै गर्येका
देख्यो. त अरौना निस्केर राजाको सांम्नु भूइं सम्म घोप्टो पर्यो। वहांदेखि २१
अरौनाले भन्यो मेरा प्रभु महाराजा आफ्नु दास्कां किन आउंनु भयो। त
दाऊद्ले भन्यो लोग् देखि रूढ़ी थामींनुको लागि तिमि सङ खला किन्येर
यह्वेको लागि येउटा बेदि बनाउं भन्येर। त अरौनाले दाऊद्लाइ भन्यो २२
मेरा प्रभु महाराजाले ज्ये ज्ये तिन्लाइ जाति लाग्ला लेइ लियेर चढ़ाउंनु
हवस्. हेर्नु हवस् होम्बलिको लागि बाच्छाहरू र दाउराको लागि
दाउंनीका हतियार् र बाच्छाहरूका सार्दामहरू छन्. हे महाराजा ति सबै २३
अरौनाले राजालाइ दिंद छ। अनि अरौनाले राजालाइ भन्यो आफुको
ईश्वर् यह्वेले आफुलाइ ग्रहण् गरोस्। तर राजाले अरौनालाइ भन्यो २४
होइन तर मं सांचिनै दाम् दियेर त्यो आफु सङ लिंछु. अनि मं आफ्नु
ईश्वर् यह्वेलाइ आफ्नुइ पैसा न पर्येको होम्बलि चढ़ाउंदीन। त दाऊद्ले

२५ त्यो खला र गाच्छाहरु चांदीको पचास् शेकेल् दिइ किन्यो। वहांदेखि
दाऊद्‌ले त्यहां यहवेको लागि येउटा वेदि बनायेर होमबलि र मेल्‌बलि
चढायो। त येसोरि यहवेले देसको बिषयको बिन्ति सुन्यो अनि रूढो
इस्राएल देखि थामीयो॥

राजाहरुको पहिलो पोस्तक्।

(अदोनिय्याह्‌को राजद्रोह्‌गराई)

१ १ अब दाऊद् राजा बूढो र दिन् धेरै खायेको भयो अनि तिनिहरुले
२ त्यसलाइ लुगा ओढाइ दिंथ्ये तर त्यो तातींदैन थियो। येसकारण त्यसका
चाकरेहरुले त्यसलाइ भन्ये हांम्रा प्रभु महाराजाको लागि कोई कन्येकेटी
खोजीओस्. अनि राजाको सांमु उभीइ रहि तिन्‌की सुसारेनी हवस् अनि
त्यसले आफुको काखमां ढल्कने गरोस् र हांम्रा प्रभु महाराजा तातीउन्।
३ त तिनिहरुले इस्राएल्‌को सिंगै सिमाना भित्र येउटी राम्री केटी खोज्ये त
४ शूनम्मी अबीशग्‌लाइ पाये अनि त्यसलाइ राजा थांइ ल्याये। अनि त्यो केटी
अग्घोर् राम्री थिई त त्यसले राजाको सुसार् र सेवा गर्दै रही तर राजाले
५ चहिं त्यसलाइ जान्येन। अनि हग्गीत्‌को छोरो अदोनिय्याह्‌ले मं राजा हुंछु
भनिकन आफुलाइ अलग्यायो. वहांदेखि आफ्नु लागि रथ् र त्रुकसवार् र
आफनु अघि अघि दुगुर्नुलाइ पचास् जना मान्छेहरुलाइ तियार् पार्‍यो।
६ अनि त्यसको बाबुले येसो किन गरिस् भनिकन त्यसलाइ कैले पनि नराज्
गरायेन. अनि त्यो पनि अग्घोर् राम्रो थियो अनि त्यो अब्‌शालोम् पछि
७ जन्म्यको थियो। त त्यसले सरुयाह्‌को छोरो योआब् र एब्यातार् पूजाहारी सङ
कुरा गर्‍यो. त तिनिहरुले अदोनिय्याह्‌लाइ पछ्याउंदै त्यसको गोहार् गर्ये।
८ तर सादोक् पूजाहारी यहोयादाको छोरो बनायाह् नातान् अगमबक्ता
९ शिमी रेई र दाऊद्‌का महाबीर्‌हरु अदोनिय्याह् पछि लाग्येनन्। अनि
अदोनिय्याह्‌ले एन्‌रोगेल्‌को छेउमां भयेको जोहेलेत्‌को ढुंगा निर भेंड़ाहरु
गोरुहरु र पलुवाहरु बलि गर्‍यो वहांदेखि त्यसले आफना भाई राजकुमार्‌हरु
सबैलाइ र राजाका चाकरेहरु यहूदाका सबै मान्छेहरुलाइ निम्तो गर्‍यो.
१० तर नातान् अगमबक्ता र बनायाह् र महाबीर्‌हरु र आफनु भाई सुलैमान्-
११ चहिंलाइ ता निम्तो गर्येन। तब नातान्‌ले सुलैमान्‌की आंमा बत्‌शेबालाइ
येसो भन्यो कि आफुले हग्गीत्‌को छोरो अदोनिय्याह् राजा भयो भनि सुन्नु
१२ भयेको छैन अनि हांम्रा प्रभु दाऊद्‌लाइ थाहा छैन. त अब आउंनु हवस्

कृपागरि मंलाइ मैले आफुलाइ सल्लाह् गर्नु दिंनु हवस् र आफुले आफ्नु
प्राण् र आफ्नु छोरो सुलैमान्को प्राण्लाइ पनि बचाउंनु हवस् । दाऊद् १३
राजा थांइ गइ तिनि भये ठांउ पसि गयेर तिन्लाइ येसो भन्नु हवस्
हे मेरा प्रभु हे महाराजा के आफुले आफ्नी दासी सित येसो भनिकन
किरिया खांनु भयेको थियेन निस्से तेरो छोरो सुलैमान्ले मं पछि राज् गर्छ
अनि त्येइ चइं मेरो सिंहासन्मां बस्छ भनि . त अब किन अदोनिय्याह् चइं
राजा भयो भनि । हेर्नु हवस् आफुले राजा सित वहां कुरा गर्दै गर्येको १४
बेलामां मं पनि आफु पछि पछि आयेर आफुका कुरा मांथि थपि दिंछु ।
त बत्शेबा कोठा भित्र राजा भये ठांउ पसी . अनि राजा औधि बूढो १५
थियो अनि शूनम्मी अबीशग्ले राजाको सेवा गर्द थिई । त बत्शेबाले १६
निउंर्येर राजालाइ दण्डवत् गरी । तब राजाले तंलाइ के भयो भनि
सोध्यो । तब त्येस्ले त्येस्लाइ भनी हे मेरा प्रभु आफुले आफ्नु ईश्वर् यहोवाको १७
नांउ लिइ आफ्नी दासी सित निस्से तेरो छोरो सुलैमान्ले मं पछि राज्
गर्छ अनि त्येइ चइंने मेरो सिंहासन्मां बस्छ भन्येर किरिया खांनु भयेको
थियो । तर अब हेर्नु हवस् अदोनिय्याह्ले पो राज् गर्दै छ अनि हे मेरा १८
प्रभु महाराजा आफुलाइ यो कुरो थाहा छैन . अनि त्येस्ले गोरुहरु र १९
पलुवाहरु र भेंड़ाहरु धेरै बलि गर्यो अनि सबै राजकुमार्हरु र एब्यातार्
पूजाहारी र योआब् सेनापतिलाइ निम्तो गर्यो . तर आफुको दास्
सुलैमान्चइंलाइ ता निम्तो गर्येन । त अब हे मेरा प्रभु महाराजा सिंगै २०
इस्राएल्का आंखा आफु मांथि लागि रहेका छन् त आफुले तिनिहरुलाइ
मेरा प्रभु महाराजाको सिंहासन्मां तिनि पछि को बस्छ भनि कहि दिउन् ।
होइन भन्ये ता येसै हुंने छ जब मेरा प्रभु महाराजा आफ्ना पित्रहरु सङ २१
सुति जांनु हुंछ तब मं र मेरो छोरो सुलैमान् अपराधी गनींछौं । अनि हेर २२
त्येस्ले राजा सित कुरा गर्दै गर्येको बेलामां नातान् अगमवक्ता पनि भित्र
आयो । त तिनिहरुले हेर्नु हवस् नातान् अगमवक्ता भनि राजालाइ सुनाइ २३
दिये । अनि जब त्यो राजाको सांमु भित्र आयो तब त्येस्ले राजाको सांमु
घोप्टो पर्येर भुइं सम्म दण्डवत् गर्यो । वहांदेखि नातान्ले भन्यो हे मेरा २४
प्रभु हे महाराजा के आफुले अदोनिय्याह्ले मं पछि राज् गरोस् अनि मेरो
सिंहासन्मां बसोस् भनि भन्नु भयेको छ । किनभन्ये आजु त्येस्चइंले उत्र्येर २५
गोरुहरु र पलुवाहरु र भेंड़ाहरु धेरै बलि गर्यो अनि सबै राजकुमार्हरु र
सेनापतिहरु र एब्यातार् पूजाहारीलाइ निम्तो गर्येको छ अनि हेर्नु हवस्
तिनिहरुले अदोनिय्याह् राजा जीउ रहोस् भन्द त्येस्को सांमु खानापीना गर्दै
छन् । तर मंचइंलाइ अं आफुको दास् मंलाइ र सादोक् पूजाहारी र २६
यहोयादाको छोरो बनायाह् र आफुको दास् सुलैमान्चइंलाइ ता निम्तो
गर्येन । के यो कुरो मेरा प्रभु महाराजा पट्टि बाटो हो अनि के आफुले २७
आफ्ना दासहरुलाइ मेरा प्रभु महाराजाको सिंहासन्मां तिनि पछि को बस्छ
भनि देखाउंनु भयेको छैन । तब दाऊद् राजाले उत्तर् दिइ बत्शेबालाइ मं २८

यांइ बोलाव भन्यो । त त्यो राजाको सामेल्मां आयेर राजाको सांमु उभीई ।
२९ तब राजाले येसो भनिकन किरिया खायो मेरो प्राण्लाइ सबै दुक्ख देखि
३० छोड़ाउंने यहवे जीइ रह्येको झैं अं सांचिनै मैंले इस्राएल्को ईश्वर्
यहवेको नांउ लिइ येसो भनिकन तं सित किरिया खायेको थियें निस्से तेरो
छोरो सुलैमानैले मं पछि राज् गर्छ अनि मेरो साटोमां त्येइ मेरो सिंहासन्मां
३१ बस्छ भनि . त सांचिनै मं आजु येसैनै गर्छु । तब बत्शेबाले निउंयेर घोप्टो
परि राजालाइ दण्डवत् गर्येर भनी मेरा प्रभु दाऊद् राजा सदा जीइ
३२ रहुन् । तब दाऊद् राजाले भन्यो सादोक् पूजाहारी नातान् अगमवक्ता र
यहोयादाको छोरो बनायाह्लाइ डाकि पठाव । त तिनिहरु राजाको सांमु
३३ आये । तब राजाले तिनिहरुलाइ भन्यो आफ्ना प्रभुका चाकरेहरुलाइ साथ
लियेर मेरो छोरो सुलैमान्लाइ मेरै खच्चर्नी मांथि चढायेर त्येस्लाइ
३४ गीहोन्मां उतारि लैजाव . वहांदेखि सादोक् पूजाहारी र नातान्
अगमवक्ताले त्येस्लाइ वहां इस्राएल् मांथि राज् अभिषिक्त गरुन् . वहांदेखि
३५ तुरही बजाउंदै सुलैमान् राजा जीइ रहोस् भन्येर भन । वहांदेखि
तिमिहरु त्यो पछि पछि चढि आव अनि त्यो आयेर मेरो सिंहासन्मां
बसोस् किनभन्ये त्येइ मेरो साटोमां राजा हुंछ . अनि मैंले त्येसैलाइ
३६ इस्राएल् मांथि र यहूदा मांथि मालिक् खटायेको छु । तब यहोयादाको छोरो
बनायाह्ले राजालाइ उत्तर् दिइ भन्यो आमेन्[1] . मेरा प्रभु महाराजाको
३७ ईश्वर् यहवेले पनि येसै भनोस् । यहवे मेरा प्रभु महाराजा सङ भइ रह्या झैं
सुलैमान् सङ पनि होइ रहोस् अनि तिनको सिंहासन् मेरा प्रभु दाऊद्
३८ महाराजाको सिंहासन् भन्दा बेसि बड़ो तुल्यावस् । तब सादोक् पूजाहारी र
नातान् अगमवक्ता र यहोयादाको छोरो बनायाह् र करेतीहरु र पलेतीहरुले
उत्र्येर सुलैमान्लाइ दाऊद् राजाको खच्चर्नी मांथि चढायेर त्येस्लाइ
३९ गीहोन्मां ल्याये । वहांदेखि सादोक् पूजाहारीले तेल्को सिंग् डेरा देखि
ल्यायेर सुलैमान्लाइ अभिषिक्त गर्यो । वहांदेखि तिनिहरुले तुरही बजाये
४० अनि सिंगै लोगले सुलैमान् राजा जीइ रहोस् भनि भन्ये । अनि सबै
लोग् त्येसको पछि पछि चढि आये अनि लोगले बांसुली बजाउंदै औधि
४१ रमाहट् गर्ये यहां सम्म गर्ये तिनिहरुको सोर्ले धरति फाट्यो । अनि
अदोनियाह् र त्यो सङ भयेका सबै निमन्त्याराहरुले खाइ सक्नु बित्तिकै
यो सुन्ये । अनि जसै योआबले तुरहीको सोर् सुन्यो तब त्येस्ले भन्यो
४२ सहर्मां खल्याङ्मल्याङ्को यो सोर् किन हो । अनि त्यो बोल्दैनै थियो त
हेर एब्यातार् पूजाहारीको छोरो योनातान् आइ पुग्यो . तब अदोनियाह्ले
भन्यो भित्र आउ किनभन्ये तिमि भलो मान्छे र जाति समाचार् ल्याउंने हौ ।
४३ तब योनातान्ले अदोनियाह्लाइ उत्तर् दिइ भन्यो सांचिनै हामिहरुका
४४ प्रभु दाऊद् राजाले सुलैमान्चइंलाइ राजा तुल्याये . अनि राजाले त्यो

---

१ अर्थात् येसो हवस् ।

सह सादोक् पूजाहारी नातान् अगमवक्ता यहोयादाको क्षोरो बनायाह्
करेतीहरु र पलेतीहरुलाइ पठाये अनि तिनिहरुले त्येस्लाइ राजाको
खच्चरनी मांथि चढाये. वहांदेखि सादोक् पूजाहारी र नातान् अगमवक्ताले ४५
त्येस्लाइ गीहोनमां राज् अभिषिक्त गर्ये. अनि तिनिहरु वहां बाटो
रमाउंदै रमाउंदै अं सहरै गर्जुंन्याल् सम्म कराउंदै चढि आउंदै छन्।
तिमिहरुले सुन्येको सोर् येइ हो। अनि राजको सिंहासनमां ता ४६
सुलैमान् पो बसि रह्येको पनि छ। येस् बाहिक् राजाका चाकरेहरु आफना ४७
प्रभु दाऊद् राजालाइ येसो भनि आशीर्वाद् दिंनुलाइ आये आफुको ईश्वरले
सुलैमानको नांउ आफुको नांउ भन्दा बेसि अनि तिनको सिंहासन् आफुको
सिंहासन् भन्दा बेसि बड़ो तुल्याइ देवस् भनि. अनि राजाले पनि खाटमां
दण्डवत् गर्ये। फेरि राजाले येसो पनि भन्यो इस्राएलको ईश्वर् यहवे ४८
धन्नको हवस् अर्थ आजु मेरो सिंहासनमां बस्नुलाइ कसैलाइ दियो मेरा
आंखाले पनि त्यो देखनेगरि। तब अदोनिय्याहका सबै निमत्याराहरु ४९
डरायेर उठेर वहांदेखि जनंगेले आफनु आफनु बाटो समात्ये। त ५०
अदोनिय्याह् सुलैमानको कारणले डरायो अनि त्येस्ले उठि हिंडि गयेर
बेदिको सींग् समात्यो। अनि सुलैमानलाइ येसो भनि सुनाईयो हेर्नु हवस् ५१
अदोनिय्याह् सुलैमान् राजा देखि डराउंद रह्छ. कसोगरिभन्ये हेर त्येस्ले
येसो भन्दै बेदीको सींग् समाति रह्येको छ सुलैमान् राजाले आफनु दास्
लाइ तरवारले काट्दैन भनि आजु मं सित किरिया खाउन् भनि भन्द छ
अरे। तब सुलैमानले भन्यो त्येस्ले आफुलाइ भलाद्मौ देखायो भन्ये देखि ५२
त्येस्को कपालको येउटा केस् पनि भूइमां खस्दैन. तर त्येसमां दुष्टइं
पाईयो भन्ये देखि ता मर्छ। त सुलैमान् राजाले मान्छे पठायो अनि ५३
तिनिहरुले त्येस्लाइ बेदि देखि उतारि ल्याये। त त्येस्ले आयेर सुलैमान्
राजालाइ दण्डवत् गर्यो. अनि सुलैमानले त्येस्लाइ भन्यो आफनु
घरमां जांनु॥

(दाऊद्को मरण र सुलैमानको राज्को थाल्नि)

अनि दाऊद्को मर्नु पर्ने दिन् आइ पुगि हाल्यो तब त्येस्ले आफनु २ १
छोरो सुलैमानलाइ येसो येसो भनिकन आज्ञा दियो मं ता सिंगै २
संसारको बाटोमां जांद छु. येस्कारण तं चड़ं बलियो हो अनि आफुलाइ
मर्द देखा अनि आफनु ईश्वर् यहवेले तेरो जिम्मामां दियेको चड़ं मान्दै ३
रह् उस्को बाटोमां हिंड्नुलाइ उस्को बिधि र आज्ञा र नियाबचन् र
साक्षीबचन् मान्नुलाइ मूसाको व्यवस्थामां लेखीयेका अनुसार् तैंले जे जे गर्छस्
अनि जता जता फिर्छस् उता उता तं सुफले हो भन्ये खातिरले. यहवेले मेरो ४
बिषयमां तेरा छोराहरु मेरो सांमु सच्चेइंमां आफनु पूरो हिर्दय् र आफनु
पूरो प्राणले हिंड्नुलाइ आफना आफना बाटाको बिषयमां चेत् गर्ये भन्ये

देखि त इस्राएलको सिंहासनमां बस्नेको तेरो लागि घांट हुंदैन भन्येर
५ भन्येको छ त्यइ कुरा उस्ले स्थापित गरोस् भनी खातिरले। येस् बाहेक
तंलाइ यो पनि थाहा छ अर्थात् सरूयाहको छोरो योआबले मं सित के
गर्‍यो अर्थात् इस्राएलका दुइ जना सेनापतिहरू नेरको छोरो अब्नेर र
येतेरको छोरो अमासा सित के गर्‍यो जुनहरूलाइ त्यस्ले मार्‍यो अनि
मेलको बेलामां लड़ाइँको रगत बहायो अनि त्यस्को कम्मरमां बांधेको
पटुकामां र त्यस्का गोड़ामां लायेका जुत्तामां लड़ाइँको रगत भिजायो।
६ येस्कारण तैंले आफ्नु बुद्धि अनसार गर्नु अनि त्यस्का पाकेका केस पत्तालमां
७ कुशल सित उत्रि जांनु न दिंनु। तर गिलादी बर्जिल्लैका छोराहरू मांथि
कृपा देखाउंनु अनि तिनिहरूलाइ तेरो मेजमां खांनेहरूमांका हुंनु दिंनु.
किनभन्ये मं तेरो दाज्यु अबशालोम् देखि भाग्दा तिनिहरू मं थांइ त्यसोरि
८ आयेका थिये। अनि हेर् तं सङ बहूरीम् बस्ने बिन्यामीनी गेराको छोरो
शिमी छ जस्ले मं महनैम् बाटो गयेको दिनमां मंलाइ ठुलो ठुलो धिक्कारले
धिक्कार्‍यो. तर त्यो मंलाइ भेट्नुलाइ यर्दनमां उत्रि आयो अनि मैंले त्यो
सित मं तंलाइ तरवारले मार्दीं न भनि यहवेको नांउ लिइकन किरिया खायें।
९ तर अब त्येस्लाइ निर्दोषी न ठहराउंनु किनभन्ये तं बुद्धिमान् छस् त तैंले
त्यो सित के गर्नु पर्ने हो तंलाइ थाहा हुंछ अनि तैंले त्यस्का पाकेका केस
१० रगत सङ पत्तालमां लैजांछस्। त्येस् पछि दाऊद आफ्ना पित्रहरू सङ सुति
११ मिसीयो वहांदेखि दाऊदको सहरमां गाड़ीयो। अनि दाऊदले इस्राएलमां
राज गर्‍येका दिन चालीस् बर्ष थिये सात बर्ष हेब्रोनमां राज गर्‍यो अनि
तेंतीस् बर्ष यरूशलेममां॥

१२ तब सुलैमान् आफ्नु बाबु दाऊदको सिंहासनमां बस्यो अनि त्यस्को
१३ राज् अग्घोर् बलियोगरि स्थिर् भयो। तब हग्गीतको छोरो अदोनियाह
सुलैमानको आंमा बत्शेबा थांइ आयो। तब त्यस्ले के तं कुशल सित
१४ आउंद छस् भनि सोधी. त्येस्ले भन्यो कुशल सित। येस् उप्रान्त त्येस्ले
१५ भन्यो मैंले आफुलाइ केइ भन्नु छ। त त्येस्ले भनी भन्दे जा। तब त्येस्ले
भन्यो आफुलाइ थाहा छ राज् मेरो थियो अनि सिंगै इस्राएलले मैंले राज
गर्छु भनि मं मांथि नजर् लगायेका थिये. तरैपनि राज् फेरीयो अनि
मेरो भाइको भयो. किसोगरिभन्ये त्यो यहवेको पट्टि बाटो त्येसैको
१६ थियो। त अब मं आफु सित येउटा बिन्ति गर्दं छु त्यो देखि मुख् न
१७ फर्काउंनु हवस्। त त्येस्ले त्येस्लाइ भनी भन्दे जा। तब त्येस्ले भन्यो सुलैमान्
राजालाइ भनि दिंनु हवस् त्येस्ले मंलाइ शूनम्मी अबीशगलाइ ब्याहा
१८ देवस् किनभन्ये राजाले आफुका कुरा काट्दैन। तब बत्शेबाले भनी हुंछ
१९ मं तेरो लागि राजालाइ भनि दिंछु। येस्कारण बत्शेबा अदोनियाहको
लागि कुरा गर्नुलाइ सुलैमान् राजा थांइ गई। तब राजा त्येस्लाइ
भेट्नुलाइ उठि त्येस्लाइ दण्डवत् गर्‍येर फेरि आफ्नु सिंहासनमां बस्यो
अनि राजाकी महतारीको लागि येउटा सिंहासन् बसाल्नु लगायो त त्यो

त्येस्को दाहीनो हात् पट्टि बसी। तब त्येस्ले भनी मं आफु सित येउटा सानु २०
कुरा मांगक्छु त्यो मंलाइ हुंदैन न भनीओस्। तब राजाले भन्यो मांग्नु
हवस् हे मेरी महतारी. किनभन्ये मं आफुलाइ हुंदैन भन्ने क्हुंन। तब त्येस्ले २१
भनी शुनम्मी अबीशग् आफ्नो दाज्यु अदोनियाह्लाइ ब्याहामां दिईओस्।
तब सुलैमान् राजाले उत्तर् दिइ आफ्नी आमालाइ भन्यो त आफुले २२
अदोनियाह्को लागि शुनम्मी अबीशग्लाइ किन मांग्दी छौ. त्यो मेरो
दाज्यु हो त्येस्को लागि राज् पनि मांग्नु हवस् अं त्येस्को लागि र एब्यातार्
पूजाहारीको लागि र सरुयाह्को छोरो योआबको लागि। तब सुलैमान् २३
राजाले यहवेको नांउ लिइकन येसो भनिकन किरिया खायो अदोनियाहले
यो कुरो आफ्नु प्राणको दाममां भन्येको रैन छ भन्ने देखि ईश्वर्ले मं सङ
त्यसै अं त्यो भन्दा पनि बेसि गरोस्। त अब यहवे जीइ रह्येको भैं जस्ले २४
मंलाइ स्थिर् गर्‍यो अनि मंलाइ मेरो बाबु दाऊद्को सिंहासन्मां बसायो
अनि जस्ले आफ्नु करार् अनुसार् मंलाइ घर् पनि बनायो निस्से आजै
अदोनियाह् मारींछ। तब सुलैमान् राजाले यहोयादाको छोरो बनायाह्लाइ २५
डाकेर पठाइ दियो तब त्यो त्येस् मांथि जाइ लाग्यो अनि त्यो मर्‍यो। अनि २६
एब्यातार् पूजाहारीलाइ राजाले भन्यो अनातोत्मां आफ्नु जग्गामां जाइ
जाउ किनभन्ये तिमि मारींने माफिक्का छौ. तर मं येले तिमिलाइ मार्दींन
किनभन्ये तिमिले मेरो बाबु दाऊद्को सांमु यहवे ईश्वर्को सन्दुक् बोकद
थियौ अनि पनि तिमि मेरो बाबुको सबै दुक्खमां दुखित् पनि भयौ।
येसोरि सुलैमान्ले एब्यातार्लाइ यहवेको लागि पूजाहारी हुंनु देखि २७
निकाल्यो त्येस्ले यहवेले शीलोमां एलीको जहान्को बिषय्मां भन्येको कुरा
पूरो गरोस भन्ने खातिरले। तब यो समाचार् योआब् थांइ पुग्यो २८
किनभन्ये योआब् अबशालोम् पट्टि न लाग्येको भये पनि अदोनियाह् पट्टि
ता लाग्येको थियो। अनि योआबले यहवेको डेरामां भागि गयेर बेदिको
सींग् समात्यो। अनि योआब् यहवेको डेरामां भाग्यो छ अनि हेर त्यो बेदि २९
निर छ भनी भनि सुलैमान् राजालाइ सुनाईयो। तब सुलैमान्ले
यहोयादाको छोरो बनायाह्लाइ येसो भनिकन पठायो गयेर त्येस् मांथि
जाइ लाग्। तब बनायाह्ले यहवेको डेरामां गयेर त्येस्लाइ भन्यो ३०
राजाले येसो भन्द छ निस्कि आउ। तर त्येस्ले भन्यो होइन तर मं
यिहींने मर्छु। त बनायाह्ले राजा थांइ फर्कि आयेर योआब्ले येसो
येसो भन्यो अनि मंलाइ येसो येसो भनि उत्तर् दियो भन्ने समाचार्
ल्यायो। तब राजाले त्येस्लाइ भन्यो त्येस्ले भन्येको अनुसारै गर् अनि ३१
त्येस् मांथि जाइ लाग्येर त्येस्लाइ गाड्ठु र तैंले योआब्ले अकारणमां
बहायेको रगत् मं देखि र मेरो बाबुको जहान् देखि मेटि देवस्। अनि ३२
यहवेले त्येस्को रगत् त्येस्कै सिर् मांथि फर्काइ दिंछ किनभन्ये त्येस्ले त्यो
भन्दा बेसि धर्म्मी र भलो दुइ जना मान्छेहरु मांथि मेरो बाबु दाऊद्ले
थाहा न पाइकन जाइ लाग्येर तरवार्ले काट्यो अर्थात् नेर्को छोरो अब्नेर्

इस्राएल्को सेनापतिलाइ र येतेर्को छोरो अमासा यहूदाको सेनापतिलाइ।
३३ येसोरि तिनिहरुको रगत् योआब्को र त्येस्को वंशको सिर् माथि सदाको
लागि फर्कि परोस्. तर दाऊद्को लागि र त्येस्को वंश र त्येस्को जहान् र
त्येस्को सिंहासन्को लागि यहवेको पट्टि बाटो सदाको लागि शान्ति हवस्।
३४ तब यहोयादाको छोरो बनायाहले चढेर त्येस् माथि जाइ लाग्येर त्येस्लाइ
३५ काटि दियो अनि त्यो आफ्नै घर्मां बन्मां गाड़ीयो। अनि राजाले
यहोयादाको छोरो बनायाह्लाइ त्येस्को साटोमां सेनापति तुल्यायो. अनि
३६ राजाले सादोक् पूजाहारीलाइ एब्यातार्को साटोमां तुल्यायो। अनि राजाले
शिमीलाइ बोलाइ पठायेर त्येस्लाइ भन्यो यरुशलेम्मां आफ्नु लागि येउटा
३७ घर् बनायेर त्यहां बस् अनि त्यहां देखि कत्ते पनि निस्कि न जा। किनभन्ये
जुन् दिन् तं निस्कि गयेर किद्रोन् खोल्चा तरि जालास् निस्से जान् तं
३८ अवस्से मर्छस्. तेरो लोहू तेरै सिर्मां पर्छ। त शिमीले राजालाइ भन्यो
यो जाति कुरो हो. मेरा प्रभु महाराजाले भन्येको झैं आफुको दासले त्येसै
३९ गर्छ। त शिमी यरुशलेम्मां धेरै दिन् बस्यो। अनि तीन् बर्ष बित्ये पछि
येसो भयो शिमीका दुइ जना चाकरेहरु गात्को राजा माकाको छोरो
आकीश् थांइ भागि गये। त तिनिहरुले येसो भनिकन शिमीलाइ भन्ये
४० हेर्नु हवस् आफुका चाकरेहरु गात्मां छन्। त शिमी उठेर आफ्नु
गदाहामां जीन् कस्येर गात्मां आकीश् थांइ आफ्ना चाकरेहरुलाइ खोजनु
४१ गयो. त शिमीले गयेर आफ्ना चाकरेहरुलाइ गात् देखि ल्यायो। अनि
सुलेमान्लाइ शिमी यरुशलेम् देखि गात्मां गइ फेरि यरुशलेम्मां फर्कि
४२ आयो भनि भनि सुनाईयो। तब राजाले शिमीलाइ डाकि पठायेर त्येस्लाइ
भन्यो के मैले तंलाइ यहवेको नांउ लिइकन किरिया खवायेको थिइँन
अनि निस्से जान् जुन् दिन् तं निस्कि गयेर कत्ते पनि हिंड़ि जालास् त्येस् दिन्
तं अवस्से मर्छस् भन्येर तंलाइ चेतायेको थिइँन. अनि तैंले मंलाइ मैले
४३ सुन्येको कुरो जाति हो भन्येको थिइस्। त तैंले यहवेको किरिया र मैले
४४ तंलाइ दियेको आज्ञा किन मान्येको छैनस्। येस् उप्रान्त राजाले शिमीलाइ
भन्यो तेरो मन्ले जान्येको सबै दुष्टेइँ जो तैंले मेरो बाबु दाऊद् सित
गर्येको थिइस् ति तंलाइ थाहा छ. येस्कारण यहवेले तेरो दुष्टेइँ तेरै सिर्मां
४५ फर्काइ ल्याउंछ। तर सुलैमान् राजा चइं धन्नको हुंछ अनि दाऊद्को
४६ सिंहासन् यहवेको सांमु सदाको लागि स्थिर् रहंछ। त राजाले यहोयादाको
छोरो बनायाहलाइ आज्ञा दियो त त्यो निस्केर त्येस् माथि जाइ लाग्यो
अनि त्यो मर्यो। अनि राज् सुलैमान्को हात्मां स्थिर् भयो॥

३ १ अनि सुलैमान्ले मिस्रको राजा फिरऊन् सङ्ग कुटुम्बेरी गरि
फिरऊन्को छोरीलाइ ब्याहा गर्यो अनि त्येस्ले आफ्नै घर् र यहवेको घर् र
यरुशलेम्को घेराभित्ता बनाइ न सकुंज्याल् सम्म त्येस्लाइ दाऊद्को सहर्मां
२ ल्यायेर राख्यो। तैपनि लोगले अलग्गा अलग्गा ठांउहरुमां बलिदान् चढाउंद
थिये किनभन्ये त्येति दिन सम्म यहवेको नांउको लागि कोई घर बनाईयेको

थियेन । अनि सुलैमान्ले आफ्नु बाबु दाऊद्को बिधिमां हिंड्दै यहवे ३
सित प्रेम् राखद थियो . तैपनि त्येले अलग्गा अलग्गा ठांउहरुमां बलिदान्
चढ़ाउंद थियो अनि धूप् हाल्द थियो ॥

अनि राजा गिबोन्मां वहां बलिदान् चढ़ाउंनुलाइ गयो किनभन्ये ४
त्यो चइं तुलो अलग्गो ठांउ थियो . त्येइ बेदिमां सुलैमान्ले एक् सहस्र
होमबलि चढ़ायो । त गिबोन्मां राति सपनामां यहवे सुलैमान् थांइ देखाहा ५
पर्यो . अनि ईश्वर्ले भन्यो मं तंलाइ के दिउं त्यो मांग् । तब सुलैमान्ले ६
भन्यो तपांइले आफ्नु दास् मेरो बाबु दाऊद् सङ त्यो तपांइको सांमु
सचेईंमां र धर्म्ममां र तपांइ सित मन्को सोजेईंमां हिंड़्रकोमां तुलो
अनुग्रह् देखाउंनु भयो अनि तपांइले त्येको लागि यो पनि तुलो
अनुग्रह् राखनु भयो अर्थात् तपांइले त्येको लागि त्येको सिंहासन्मां
बस्नुलाइ येउटा छोरो दिंनु भयो जस्तो आजु छ । त अब हे मेरो ७
ईश्वर् यहवे तपांइले मेरो बाबु दाऊद्को साटो आफ्नु दास्चइंलाइ राजा
तुल्याउंनु भयो . अनि मं चइं सांनु बालख मांत्रै छु मं ता भित्र बाइर
आउंनु जांनु जांदीन । अनि तपांइको दास् तपांइले छान्येको तपांइको ८
लोग्को बीच्मां छ अं येउटा तुलो लोग् जो धेर् हुंनाको कारणले न
गनींनु न हिसाप् राखींनु सकींद छ । येस्कारण आफ्नु दास्लाइ तपांइको ९
लोग्को निया गर्नुलाइ बूझ्ने मन् दिंनु हवस् र जाति नजातिको भेद्
ल्यान् गर्नु सकुं किनभन्ये यो तपांइको तुलो लोग्को निया कस्ले गर्नु
सकछ । अनि सुलैमान्ले यो थोक् मांग्येको कुरा यहवेलाइ जाति १०
लाग्यो । त ईश्वर्ले त्येलाइ भन्यो तैंले यो थोक् मांगिस् अनि आफ्नु लागि ११
धेरै दिन् मांगीनस् न आफ्नु लागि धनसम्पत्ति न आफ्ना सत्तुर्हरुका
प्राण मांगिस् तर आफ्नु लागि नियाको बिचार् गर्नुलाइ बुद्धि मांगिस्
येस्कारण हेर् मैंले तेरो कुरो अनसार् गर्येको छु . हेर् मैंले तंलाइ येउटा १२
बुद्धिमान् र भेद् जान्ने मन् दियेको छु यहां सम्म दियेको छु तं भन्दा
अगाड़ि तं जस्तो न कोई थियो न तेरो पछि कोई तं जस्तो उठछ । अनि १३
मैंले तैंले न मांग्येका थोक् पनि अर्थात् धनसम्पत्ति र मान् तंलाइ यहां
सम्म दियेको छु तं जस्तो राजा राजाहरुको बीच्मां तेरा सबै दिनमां कोई
पनि हुंदैन । अनि मेरा बिधि र मेरा आज्ञा मान्नुलाइ मेरा बाटामां १४
तेरो बाबु दाऊद् हिंड़्रको झैं तं पनि हिंड़िस् भन्ये देखि त मं तेरा दिन्
बढ़ाउंछु । तब सुलैमान् बिउंझ्यो त हेर सपना पो रछ . त त्यो यरुशलेम्मां १५
आयेर यहवेको सम्पटको सांमु उभीयेर होमबलि र मेलबलि चढ़ायो अनि
आफ्ना सबै चाकरेहरुको लागि भोज् लायो ॥

अनि त्येस् बेला दुवटी बेश्यहरु राजा थांइ आयेर त्येको सांमु १६
उभीइन् । अनि येउटीचइंले भनी हे मेरा प्रभु मं र यो आइमाइ एकै १७
घर्मां बसेहरु हौं अनि यो सङ घर्मां बस्दा मेरो येउटा बालख जन्म्यो ।
अनि मेरो बालख जन्म्येको तीन् दिन् पछि येसो भयो येस् आइमाइले १८

पनि बालख जन्माई त हामिहरु सङ्गै थियूं घरमां हामिहरु दुवटी
१९ बाहिक् अरु कोई हामिहरु सङ्ग थियेन । अनि राति येस् आइमाइको चइं
२० नानी मंर्‍यो छ कसोगरिभन्ये येस्ले त्येस्लाइ मिचौ छ । तब तपांइकी कमारी
निधायेका बेलामां आधा रातमां त्येस्ले उठेर मेरो नानी मेरांटी लग्येर
आफ्नु काखमां राखौ छ अनि त्येस्को मंर्‍येको चइं नानीलाइ मेरो काखमां
२१ राखि दिई छ । अनि बिहान् जब मं आफ्नु नानीलाइ दुद् खुवाउंनुलाइ
उठेर त हेर त्यो ता मंर्‍येको रहछ, तर उज्यालो हुंदा मैंले राम्रोगरि हेर्‍यें त
२२ हेर मैंले जन्मायेको मेरो छोरो ता होइन रहछ । तब अर्कीचइंले भनी
होइन तर जीउंदो चइं मेरै छोरो हो मंर्‍येको चइं तेरै छोरो हो । तर त्येस्ले
भनी होइन तर मंर्‍येको चइं तेरै छोरो हो अनि जीउंदो चइं मेरो छोरो ।
२३ येसोरि तिनिहरुले राजाको सांमु भनाभन् गर्दै थिइन् । तब राजाले भन्यो
येउटीचइंले जीउंने चइं मेरो छोरो हो तेरो चइं छोरो मंर्‍यो छ भन्येर
भनी, अनि अर्कीचइंले होइन तर मंर्‍येको चइं तेरो छोरो जीउंदो मेरो
२४ छोरो हो भन्येर भनी । तब राजाले भन्यो मेरो लागि येउटा तरवार्
२५ ल्याउंनु । त तिनिहरुले येउटा तरवार् राजाको सांमु ल्याये । तब राजाले
भन्यो जीउंदो बालख दुइ भाग् पार्‍येर आधा येउटीलाइ दिंनु अनि आधा
२६ अर्कीचइंलाइ । तब जुन् चइं आइमाइको जीउंदो बालख थियो त्येस्
चइंले आफ्नु मन् आफ्नु बालखको लागि भर्भौदै आयेको कारणले
राजालाइ येसो भनी हे मेरा प्रभु जीउंदो नानी त्येसैलाइ दिंनु हवस् अनि
कोई परिले पनि त्येस्लाइ न मांर्नु हवस् । तर अर्कीले भनी त्यो न मेरो
२७ हवस् न तेरो हवस् भाग् पारिओस् । तब राजाले उत्तर् दिइ भन्यो येसैलाइ
जीउंदो नानी दे कोई परिले त्येस्लाइ न मार् , त्येस्की आमा येह चइं हो ।
२८ तब सिंगै इस्राएल्ले राजाले गर्‍येको निया सुन्यो त तिनिहरु राजा देखि
डराये, किनभन्ये तिनिहरुले निया गर्नुको लागि त्येस्मा ईश्वर्को बुद्धि
भयेको देख्यो ॥

(सुलैमान्को राज्प्रबन्ध)

४ १ अनि सुलैमान् राजा सिंगै इस्राएल् मांथि राजा भयो । अनि त्येस्का
२ ३ अधिपतिहरु यि थिये सादोक्को छोरो अजर्याह् मंत्री थियो ओशाका
छोराहरु एलीहोरेप् र अहिय्याह लेटर्हरु, अहीलूद्को छोरो यहोशापात्
४ समझना राखने अनि यहोयादाको छोरो बनायाह् सेनापति थियो ,
५ अनि सादोक् र एब्यातार् पूजाहारी थिये अनि नातान्को छोरो
अजर्याह् मूल् मूल् काम्दारीहरु मांथि थियो अनि नातान्को छोरो जाबूद्
६ चइं पूजाहारी र राजाको मित्र थियो अनि अहीशार् घर् मांथिको
भौसर्दार् थियो अनि अब्दाको छोरो अदोनीराम् किरिया मुनि भयेकाहरु
७ मांथि मालिक् थियो । फेरि सिंगै इस्राएल् मांथि सुलैमान्का बारह् जना
मूल् काम्दारीहरु थिये जुन्हरुले राजा र त्येस्का जहान्को लागि खानापीना

विषयको बन्दबस्त गर्द थिये, एक् एक् जनाले बर्ष दिन्मां एक् एक्
महीनाको गरि बन्दबस्त गर्नु पर्द थियो । अनि तिनिहरूको नांउ यिने ८
हुन्, अर्थात् एफ्रेम्को पहाड़े देस्मां बेन्हूर् माकस् शालबीम् ९
बेत्शेमेश् र एलोन्बेथामान्मां बेन्देकेर्, अरुब्बोत्मां बेन्हेसेद् जस्को १०
सोको र हेपेर्को सिंगै देस् पनि पर्यो, दोर्को सिंगै उकालिमां ११
बेनबीनादाब् जस्की स्वास्नी सुलैमान्को छोरी तापत् थिई, तानाक् मगिद्दो १२
र सार्तान्को छेउमां भयेको सिंगै बेत्शान् यिज्रेल् मुनिको बेत्शान् देखि
आबेल्महोला सम्म योक्माम्को पल्लो पट्टि सम्म अहीलूद्को छोरो
बाना, रामोत्गिलादमां बेनगेबेर् जस्को गिलादमां भयेको मनश्शेको १३
छोरो याईर्का बस्तीहरू पर्यो अं त्यस्लाइ बाशान्मां भयेको अर्गोब्को
देस् पनि पर्यो घेराभित्ता र पीतल्का आग्ला भयेका तीन् कोरि ठुला ठुला
सहर्हरू, महानेम्मां इद्दोको छोरो अहीनादाब्, नप्तालीमां अहीमास् १४ १५
जस्ले सुलैमान्को छोरी बासमत्लाइ ब्याहा गर्येको थियो, आशेर् र १६
आलोत्मां हूशैको छोरो बाना, इस्साकार्मां पारूह्को छोरो यहोशापात्, १७
बिन्यामीन्मां एलाको छोरो शिमी, एमोरीहरूको राजा सीहोन्को र १८ १९
बाशान्को राजा ओग्को देस्मां ऊरीको छोरो गेबेर् त्यस् देस्मां त्यो मात्रै
मालिक् थियो । यहूदा र इस्राएल् धेरै थिये येति धेरै थिये समुन्द्रको २०
तीर्का बालुवा सरि थिये अनि खांथ्ये पीउंथ्ये अनि आनन्द सङ रहंथ्ये ॥

अनि सुलैमान्ले महानदी देखि पलिश्तीहरूको देस् सम्म र मिस्रको २१
सिमाना सम्मका सब्बै राज्हरू मांथि प्रभुतेइं गर्द थियो, तिनिहरूले भेटि
ल्याउंद थिये अनि सुलैमान्को जीवन्का सबै दिन्भरि त्येस्को सेवा गर्द
थिये । अनि सुलैमान्को एक् दिन्को खान्कि येति थिये तीस् कोठो २२
अस्सल् पीठो र साठी कोठो पीठो दस्वटा पलुवा गोरु अनि २३
खर्कमांका बीस्वटा गाइगोरु अनि एक् से भेंड़ाबाख्रा येस् उप्रान्त हरिण्हरू
र मुक्कुलि मिर्ग र कोड़े मिर्ग र पाल्येका चराहरू । कसोगरिभन्ये २४
महानदीको पल्लो छेउ देखि अर्थात् तिप्सह् देखि अज्जाह् सम्मका सब्बै
देस् अं महानदीका पारि पट्टिका सबै राजाहरू मांथि प्रभुतेइं गर्द थियो,
अनि त्येस्का वरिपरिका सबै जना सङ त्येस्ले मेल् राखद थियो । अनि २५
सुलैमान्का सबै दिनमां दान् देखि बेर्शेबा सम्म यहूदा र इस्राएल् जनंग
आफ्नु आफ्नु दाख्का बोट् र नेभाराका बोट् मुनि चैन् सङ रहंद थियो ।
अनि सुलैमान्का आफ्ना रथ्हरूको लागि घोड़ाहरूका चालीस् हजार २६
खोपाहरू थिये अनि बाह्र हजार् घुड्सवार्हरू । अनि यि मूल् काम्दारी २७
हरूले सुलैमान् राजाको लागि र सुलैमान्को मेज्मां आउंनेहरू सबै
जनाको लागि जनंगेले आफ्नु आफ्नु महीनामां खान्कि ल्याउंद थिये,
केही कुरोको पनि घटि हुनु दिंदैन थिये । घोड़ाहरूको लागि र छिटो २८
हिंड्ने घोड़ाहरूको लागि तिनिहरूले मालिक्हरू भयेको ठांउमां जउ र
पराल ल्याउंद थिये जनंगेलाइ जिम्मा दिईयेको अनसार् अन्सारगरि ॥

२९ अनि ईश्वरले सुलैमान्लाइ बुद्धि दियो अनि बूझ अगघोर् औधि
३० अनि मन्को फैलाव् समुन्द्रको तीर्को बालुवा जत्तिकै । अनि सुलैमान्को
बुद्धि सबै पूर्ववंशीहरुको बुद्धि र मिस्रको सबै बुद्धि भन्दा बेसि थियो।
३१ कसोगरिभन्ये त्यो मान्छेजात्मां सबै भन्दा बेसि बुद्धिमान् थियो अं
एजही एतान् र माहोल्का छोराहरु हेमान् कल्कोल् र दर्दा भन्दा पनि बेसि.
३२ अनि त्यसको नांउ वरिपरिका सिंगै लोग् लोग्मां फिंजीयो। अनि त्यसले तीन्
३३ हजार् उखान् कह्यो . अनि त्यसका गीत् एक् हजार् र पांच् छन् । अनि
त्यसले रुखहरुको बिषय्हरुमां पनि अं लबानोन्मां भयेका देवदारुदेखि
भित्तामां उम्रने एसोब् सम्म . अनि पंषीहरु र पशुहरु र बर्गीहंड्ने र
३४ माछाहरुको बिषय्मां पनि कह्यो। अनि त्यसका बुद्धिको बिषय्मां सुन्नेहरु
पृथिवीका सबै राजा राजाहरु देखि सबै लोग् लोग्मांकाहरु सुलैमान्को
बुद्धि सुन्नलाइ आउंद थिये ॥

(मन्दिर् बनाउंनुको लागि तियार् पार्नु)

५ १ अनि सोर्को राजा हीराम्ले आफ्ना चाकरेहरुलाइ सुलैमान् थांइ
पठायो किनभन्ये त्यसले तिनिहरुले त्यसलाइ त्यसको बाबुको साटोमां
राज्अभिषिक्त गर्‍ये अरे भनि सुन्येको थियो . कसोगरिभन्ये हीराम् सधैंभरि
२ दाऊद्को मित्र भइ रह्येको थियो । अनि सुलैमान्ले हीराम् थांइ येसो
३ येसो भनि पठायो आफुलाइ थाहा छ मेरो बाबु दाऊद् तिन्का
वरिपरि भयेका संग्राम्हरुको कारणले यह्वेले तिनिहरुलाइ तिन्का
गोड़ाका पैतला मुनि पारि न दिउंज्याल् सम्म आफ्नु ईश्वर् यह्वेको
४ नांउको लागि येउटा घर् बनाउंनु सकेनन् । तर अब मेरो ईश्वर् यह्वेले
मंलाइ चारै तिर बाटो चैन् दियेको छ न कोई बिरोधी छ न कोइ बुराई
५ पर्ने छ। त हेर्नु हवस् यह्वेले मेरो बाबु दाऊद्लाइ तेरो छोरो जसलाइ
मं तेरो साटोमां तेरो सिंहासन्मां बसालछु त्यसैले मेरो नांउको लागि
घर् बनाउंछ भन्येर भन्येको अनुसार् अब मं आफ्नु ईश्वर् यह्वेको नांउको
६ लागि येउटा घर् बनाउंने मन् गर्दै छु । येसकारण अब आज्ञा दिंनु हवस् र
तिनिहरुले मेरो लागि लबानोन् देखि देवदारु टालुन् अनि मेरा चाकरेहरु
आफुका चाकरेहरु सङ हुंछन् अनि मं आफुले भन्येको अनुसार् आफुका
चाकरेहरुको लागि आफुको हातमां बंनी दिंछु . किनभन्ये आफुले जान्नु
हुंदै छ काठ् काट्नुलाइ सीदोनीहरु जस्तो सिपालु हांमिहरुमांको कोई
७ पनि छैन । अनि येसो भयो जब हीराम्ले सुलैमानका यि कुरा सुन्यो तब
त्यसले औधि रमाइ रमाइकन भन्यो यह्वे आजु धन्नको हवस् जसले
८ दाऊद्लाइ यो ठुलो लोग् मांथि येउटा बुद्धिमान् छोरो दियो । तब
हीराम्ले सुलैमान्लाइ येसो भनि पठायो आफुले मं थांइ पठायेका
समाचार् सुन्येको छु . देवदारुकाठ् र सल्लाकाठ्को बिषय्मां मं आफुको
९ इच्छे पूरो गर्छु । मेरा चाकरेहरुले ति लबानोन् देखि समुन्द्र सम्म ल्याइ

पुर्‍याउंछन् . अनि मं ति मंलाइ खटन् भयेको ठांउमां समुन्द्र बाटो बेड़ा
बनाइ बनाइकन समुन्द्रमां छेल्येर पुर्‍याइ दिंछु वहांदेखि ति त्येस् ठांउमां
खोलाउंछु त्येस् पछि ति आफुले लैजांनु हवस् . अनि आफुले मेरो
जहान्को लागि खानापीना दियेर मेरो इच्छे पूरो गरि दिंनु होला ।
तब हीरामले सुलैमान्लाइ त्येस्का सबै इच्छे अनसार्का देवदारु र सल्ला १०
काठ् दियो । अनि सुलैमान्ले हीरामलाइ त्येस्को जहान्को खानापीनाको ११
लागि बीस् हजार् कोठो गहूं र बीस् खडूकुंड़ा कुटेयको तेल् दियो .
सुलैमान्ले हीरामलाइ बर्ष बर्ष येसैगरि दिंद थियो । अनि यहवेले त्येस्लाइ १२
दियेको आफ्नु करार् अनसार् सुलैमान्लाइ बुद्धि दियो अनि हीराम्
र सुलैमान्को बीचमां मेल् थियो अनि ति दुइले आपस्तमां बाचा बांध्ये ॥
अनि सुलैमान् राजाले सिंगै इस्राएल् देखि किरिया मुनिका दासहरु १३
तीस् हजार् जनालाइ खटायो । अनि त्येस्ले तिनिहरुलाइ लबानोनमां १४
महीना महीना दस् दस् हजार् जनालाइ पालो पालो गरि पठायो . तिनिहरु
एक् महीना लबानोनमां दुइ महीना आफ्नु घर्मां हुंनेगरि रहंद थिये .
अनि अदोनीराम् चइं किरिया मुनिका दासहरुको मालिक् थियो । अनि १५
सुलैमान्का सत्तरी हजार् जना भारि बोक्नेहरु र पहाडूमां अस्सी हजार् जना
ढाल्नेहरु थिये येस् उप्रान्त सुलैमान्का मूल् कामदारीहरु तीन् हजार् १६
र तीन् से जना थिये जुन्हरुले काम् गर्ने मान्छेहरुलाइ चलाउंद थिये । त १७
राजाले आज्ञा गर्‍यो अनि तिनिहरुले ठूला ठूला ढुंगाहरु अं अमोल् अमोल्
ढुंगाहरु घर्को जग् काटेयका ढुंगाहरु मांथि बसाल्नुलाइ काटद थिये ।
अनि सुलैमान्का कारिगर्हरु र हीराम्का कारिगर्हरु र गबालीहरुले घर् १८
बनाउंनुको लागि काठ् र ढुंगा काटिकन तियार् पार्दै थिये ॥

(मन्दिर्को बिषय्)

अनि इस्राएलबंशीहरु मिस्रदेस् देखि निस्केको चार् से अस्सी बर्ष ६ १
पछि इस्राएल् मांथि सुलैमान्को राज्को चौथो बर्ष जीव् भनींने महीना
जो दोस्रो महीना हो येसो भयो त्येस्ले यहवेको घर् बनाउंनु थाल्यो ।
अनि सुलैमान् राजाले यहवेको लागि बनायेको घर्को लंमइ साठी हात् र २
गज् बीस् हात् र अग्लेईं तीस् हात्को थियो । अनि घर्को मन्दिर्को सांमुको ३
दलान्को लंमइ बीस् हात्को थियो घर्को गज् जतिको त त्येस्को गज्
घर्को सांमु दस् हात्को थियो । अनि घर्को लागि त्येस्ले टांसेको झ्याल्को ४
खिर्कि बनायो । अनि त्येस्ले घर्को भित्ता अर्थात् मन्दिर् र भित्रेकोठा ५
दुवेको रिंगै भित्ता सङ गांसेर तला भयेको घर् पनि बनायो . अनि त्येस्ले
रिंगै खोपा खोपा पनि बनायो . भूइंतलाको चइं गज् पांच् हात्को थियो ६
अनि मांझको चइं छ हात्को अनि तीस्रो चइं सात् हात्को . किनभन्ये त्येस्ले
दालीमहरु घर्को भित्तामां न पोसाईउन् भन्ये खातिर्ले घर्को भित्ताको

७ बाहिर बाहिर त्येस्ले खुड्कीला खुड्कीला पारी घटाउंदै लग्यो। अनि त्यो
घर् खानिमां तियार् पार्‍येका ढुंगाहरुको बनाईयो. अनि त्यस् घर्को
बनाईमां न मार्तोल् न बंचरो न फलम्को कुनै हतियार्को सोर् सुनीयो।
८ भूइंतलाको कोठाको दैलो घर्को दाहीनो पट्टि थियो त तिनिहरु घुम्येको
बाटो बाट्टा मांझको तलामां चढि जांद थिये अनि मांझको तला देखि
९ तीस्रो तलामां चढि जांद थिये। येसोरि त्येस्ले घर् बनायेर सिद्ध्यायो
१० अनि त्येस्ले घर् देवदारुका डांड़ाहरु र फल्याक्हरुले मोहोर्‍यो। अनि सिंगै
घर् सङ गांस्येर तला भयेको घर् पनि बनायो सबै तला पांच् पांच् हात्को
गरि. अनि तिनिहरु देवदारुकाठ्ले घर् सङ गांसीयेका थियें॥
११ १२ अनि यहवेको बचन् सुलैमान् थांइ येसो भन्दै आयो   यो ऐले
तैंले बनाउंदै गर्‍येको घर्को बिषय्मां तं मेरा बिधिहरुमां हिंड़िस् अनि
मेरो नियाबचन् गरिस् अनि मेरा आज्ञामां हिंड्नुलाइ ति मानिस् भन्ये
१३ देखि त मं तं सङ मैंले तेरो बाबु दाऊद् सित गर्‍येका आफ्ना कुरा पूरा
गर्छु। अनि मं इस्राएल्बंशीहरुको बीच्मां रहंछु अनि मं आफ्नु लोग्
इस्राएल्लाइ छोड्दींन॥
१४ १५ येसोरि सुलैमान्ले घर् बनायेर सिद्ध्यायो। अनि त्येस्ले घर्को भित्ता
भित्र पट्टि देवदारुकाठ्को फल्याक् लगायो अं घर्को तल भूइं देखि मांथि
छानाको डांड़ा सम्म त्येस्ले ति भित्र पट्टि काठ्ले मोहोर्‍यो. अनि घर्को
१६ मझेरिमां सल्लाको फल्याक्को पटाइ लगायो। अनि त्येस्ले घर्को पछाड़ि
पट्टि देवदारुकाठ्को फल्याक्ले भूइं देखि छानाको डांड़ा सम्म बीस् हात्
बनायो. अं त्येस्ले ति त्येस्को लागि भित्र पट्टि भित्रे कोठाको लागि अं
१७ महापबित्र स्थान्को लागि बनायो। अनि त्यो घर् अर्थात् भित्रेकोठाको
१८ अगाड़ि भयेको मन्दिर्को लंमाइ चालीस् हात्को थियो। अनि घर्को भित्र
पट्टि कांक्रा र फक्र्‍येका फूल् काढ़्येका देवदारु थियें. सब्बै देवदारु मांत्रै
१९ थियें ढुंगा येउटा पनि देखींदैन थियो। अनि त्येस्ले घर्को मांझमां भित्र
पट्टि यहवेको नियम्को सम्पट् वहां राख्नुलाइ येउटा भित्रेकोठा तियार्
२० पार्‍यो। अनि त्यस् भित्रेकोठाको भित्रे नाप्को लंमाइ बीस् हात्को अनि गज्
बीस् हात्को अनि अलगइं बीस् हात्को थियो अनि त्येस्ले त्यो निखरा सुन्ले
२१ मोहोर्‍यो. अनि त्येस्ले बेदि चइं देवदारुले मोहोर्‍यो। येसोरि सुलैमान्ले
घर्को भित्र भित्र निखरा सुन्ले मोहोर्‍यो. अनि भित्रेकोठाको अघिल्तिर
२२ सुन्को सिक्रि टांग्यो अनि त्येस्ले त्यो सुन्ले मोहोर्‍यो। अनि सिंगै घर् न
सिद्धिउंज्याल् सम्म त्येस्ले सिंगै घर् सुन्ले मोहोर्‍यो. भित्रेकोठामां भयेको
२३ सिंगै बेदि पनि त्येस्ले सुन्ले मोहोर्‍यो। फेरि त्येस्ले भित्रेकोठामां
भद्राक्षकाठ्को दुवटा करुबहरु बनायो दस् दस् हात् अलग्गो भयेका।
२४ अनि करुबको येउटा पखेटा पांच् हात्को थियो अनि करुब्को
अर्को पखेटा पांच् हात्को थियो. येउटा पखेटाको एक् छेउ देखि
२५ अर्को पखेटाको अर्को छेउ सम्म दस् हात्को थियो। अनि अर्को करुबचइं

पनि दस् हात्को थियो . दुवै करूब्हरु एकै नाप् र एकै अनुवार्का
थिये । एक् करूब्को अलगेइँ दस् हात्को थियो अनि अर्को करूब् पनि २६
त्यस्तै । अनि त्यस्ले ति करूब्हरु भित्रैघर्मां राख्यो . अनि करूब्हरुका २७
पखेटा येसोरि फैलायेका थिये येउटाचइंको पखेटाले एका पट्टिको
भित्ता छोयेको थियो अनि अर्को करूब्को पखेटाले अर्को पट्टिको भित्ता
छोयेको थियो अनि तिनिहरुका पखेटाले घर्को मांझमां आपस्तमां
छुवाछू गर्य्यका थिये । अनि त्यस्ले करूब्हरु सुन्ले मोहोर्‍यो । अनि त्यस्ले २८ २९
घर्को सबै भित्ताको भित्र पट्टि बाहिर पट्टि रिंगै करूब्हरु र खजुर्हरु र
फक्र्येका फूल्हरुको अनुवार् भयेका काड्यो । अनि घर्को मर्मोरि भित्र ३०
बाहिर त्यस्ले सुन्ले मोहोर्‍यो । अनि भित्रैकोठाको दुवार्को लागि भद्राक्ष ३१
काठ्को देलो बनायो . अनि देलो र सङार् भित्ताको पांचौं भाग् थियो ।
त त्यस्ले भद्राक्षकाठ्को दुवटा ढोका बनायो अनि तिनमां त्यस्ले करूब्हरु र ३२
खजूर्हरु र फक्र्येका फूल्हरुका फूल् काढ्यो अनि ति सुन्ले मोहोर्‍यो अनि
त्यस्ले करूब्हरु र खजूर्हरु मांथि सुन् लगायो । येसोरि त्यस्ले मन्दिर्को ३३
दुवार्को लागि पनि भित्ताको चौथो भाग् देखि भद्राक्षकाठ्को सङार्
बनायो अनि सल्लाकाठ्का दुवटा ढोका एक् ढोकाका दुवटा पाटा ३४
अर्को ढोकाका दुवटा पाटा दोब्रीने थिये । अनि त्यस्ले ति मांथि करूब्हरु र ३५
खजूर्हरु र फक्र्यका फूल्हरु काढ्यो . अनि त्यस्ले ति मांथि त्यस् काढीयेको
काम् मांथि लगायेको सुन्ले मोहोर्‍यो । अनि त्यस्ले भित्रैआघन् कुंद्यको ३६
ढुंगाका तीन् लहर् र देवदारुकाठ्का दालीम् एक् लहर् बनायो । यहवेको ३७
घर्को जग् चौथो वर्षको जीव् महीनामां बसाल्येको थियो । अनि एघारौं ३८
वर्षको बूल् महीना अर्थात् आठौं महीनामां त्यो घर् त्यस्का सबै साहीम्
समेत् र त्यस्का सबै डवल् अनुसार् बनीइ सिद्धीयो । येसोरि त्यस्लाइ त्यो
बनाउंनुमां सात् वर्ष लाग्यो ॥

अनि सुलैमान्लाइ आफ्नु चइं घर् बनाउंनुमां तेरह् वर्ष लाग्यो ७ १
तब त्यस्ले आफ्नु घर् बनाइ सक्यो । किनभन्य त्यस्ले लबानोन्को बन्को घर् २
बनायो त्यस्को लंमइ एक् सै हात्को त्यस्को गज् पचास् हात्को त्यस्को अलगेइँ
तीस् हात्का देवदारुका चार् लहर् खांबाहरु भयेको अनि खांबाहरु मांथि
देवदारुका दालीम् । अनि खांबाहरु मांथि भयेका पैंतालीस् कोठा मांथि ३
अर्थात् लहर्मां पन्द्रह् पन्द्रह्वटा मांथि देवदारुको छाना थियो । अनि तीन् ४
लहर्मां दालीम् थिये अनि तीन् पाङ्तिमां सांमु सांमु खिर्कि खिर्कि थिये ।
अनि सब्बै देलाहरु र सङार्हरु दालीम्हरुको बराबर् चार्कुंने थिये . अनि ५
तीन् पाङ्तिमां सांमु सांमु खिर्कि खिर्कि थिये । अनि त्यस्ले खांबाहरुको ६
येउटा दलान् बनायो त्यस्को लंमइ पचास् हात्को त्यस्को गज् तीस् हात्को
अनि तिनिहरुको सांमु दलान् अनि तिनिहरुको सांमु खांबाहरु र देलाठेलो ।
अनि त्यस्को निया गर्ने सिंहासन्को दलान् अं नियाको दलान् बनायो . अनि ७
त्यो एक मर्मोरि देखि अर्को मर्मोरि सम्म देवदारुले मोहोर्‍येको थियो । अनि ८

त्येस्को बस्ने घर् दलान्को भित्रको अर्कौ आघन् उस्तै कामको थियो। फेरि
त्येस्ले फिरऊन्को छोरीको लागि जस्लाइ सुलैमान्ले ल्यायेको थियो यो
९ दलान् जस्तो येउटा घर् बनायो। ति सबै अमोल् अमोल् ढुंगाका थिये अं
जग् देखि आंठाघेरा सम्म भित्र बाहिर दुवै नापि नापि आराले काटि काटि
कुंद्येका ढुंगाहरुका थिये अनि येसोरि तुलो आघन् सम्म बाहिर पट्टि पनि।
१० अनि जग् चइं अमोल् अमोल् ढुंगाका थियो अं तुला तुला ढुंगाको अं आठ्
११ आठ् हात्का र दस् दस् हात्का ढुंगाहरुको। अनि त्यस् मांथि अमोल्
१२ अमोल् ढुंगा अं नाप् अनुसार् कुंद्येका ढुंगा र देवदारुकाठ् थिये। अनि
वरिपरिको तुलो आघन्का तीन् लहर् कुंद्येका ढुंगा अनि एक् लहर् देवदारु
दालीम् थिये यहवेको घर्को भित्रेआघन् जस्तो र घर्को दलान् जस्तो॥
१३ १४ अनि सुलैमान् राजाले सोर् देखि हीराम्लाइ डाकि पठायो। त्यो
चइं नप्ताली कुल्को येउटी विधवीको छोरो थियो अनि त्येस्को बाबु सोर्को
एक् जना पीतल्कारी थियो अनि त्यो पीतल्को सबै रकम्को काम् गर्नुमां
बुद्धि र बूझ् र सिप्ले भरीयेको थियो। त त्येस्ले सुलैमान् राजा थांइ
१५ आयेर त्येस्को सबै काम् गर्‍यो। कसोगरिभन्ये त्येस्ले पीतल्का दुवटा
थाम्हरु अठारह् अठारह् हात्का अलगा भयेका ढालि बनायो. अनि एक्
१६ एक्को फेरो बारह् हात् डोरी जांन्ये थियो। अनि त्येस्ले थाम्को सिर् सिर्मां
ढाल्येका पीतल्का दुवटा थाप्लि बनायो. येउटा थाप्लिको अलगेइँ पांच्
१७ हात्को अर्कौ थाप्लिको पांच् हात्को थियो। थाम्का सिर्का थाप्लिहरुको
लागि चित्रेजाली र चुल्ठेबटाईका सिक्रि थिये एक् थाप्लिको लागि सात्वटा
१८ अर्कौ थाप्लिको लागि सात्वटा। येसोरि त्येस्ले थाम् बनायो अनि थाम्को
सिर् सिर् मांथि भयेको थाप्लि छोप्नुको लागि येउटा चित्रेजाल् मांथि
१९ रिंगै दुइ लहर् थिये. अनि त्येस्ले येस्तै अर्कौ थाप्लिको लागि पनि बनायो।
अनि दलान्मां भयेका थाम्हरुको सिर् मांथि भयेका थाप्लि चइं हाड़ेलसुन्
२० जस्तो काम् भयेको चार् हात्को थियो। अनि चित्रेजाल्को छेउ भयेको
बीच् निर दुवै थाम् मांथि ऊंभो तिर थाप्लि पनि थिये. अनि दुइ से
२१ दारीम्हरु अर्कौ चइं थाप्लिमां लहर् लहर् रिंगै थिये। अनि त्येस्ले ति
थाम्हरु मन्दिर्को आघन्मां उभ्यायो. अनि त्येस्ले दाहीनौ चइं थाम्
उभ्यायेर त्येस्को नांउ याकीन्[1] राख्यो. अनि त्येस्ले बांउ चइं थाम् पनि
२२ उभ्यायेर त्येस्को नांउ बोअज्[2] राख्यो। अनि थाम्का थाप्लि थाप्लिमां
हाड़ेलसुन् जस्तोको काम् थियो. येसोरि थाम्हरुको काम् सिद्धीयो।
२३ फेरि त्येस्ले ढाल्येको तुलो आह्री जस्तो समुन्द्र ढालि बनायो जो यो बिट्
देखि उ बिट् सम्म दस् हात्को थियो. अनि त्यो गोल् थियो अनि त्येस्को
अलगेइँ पांच् हात्को थियो. अनि त्येस्को रिंगै फेरो तीस् हात्को थियो।
२४ अनि त्येस्को बिट्को मुनि मुनि रिंगै कांक्राका फूल्हरु जस्ताले घेर्येको

---

[1] अर्थात् येस्ले स्थिर् गरोस्। [2] अर्थात् येस्मां बल्।

थियो हातभरिमां दस् दसवटागरि समुन्द्रको रिंगै घेर्येको थियो.
ति कांक्राहरुका फूलहरु दुइ लहरमां थिये समुन्द्र ढालदाने ति पनि
ढालीयेका थिये। त्या बारहवटा गोरुहरु मांथि बसालीयेको थियो ति २५
गोरुहरुमांका तीनवटा उत्तर् तिर हेर्ने तीनवटा पच्छिउं तिर हेर्ने तीनवटा
दक्खिन् तिर हेर्ने अनि तीनवटा पूर्ब तिर हेर्ने थिये. अनि त्यो समुन्द्र
तिनै मांथि बसालीयेको थियो अनि तिनको पछाडि पछाडि भित्र पट्टि
थिये। अनि त्यो मुट्ठीभरिको बाक्लो थियो अनि त्येस्को बिट् बटुकोको २६
बिट् जस्तो अनि त्येसमां हाडिलसुनको जस्तो फूल् ढालि बनाईयेको
थियो. त्येसमां दुइ हजार् मुरि अटाउंद थियो। अनि त्येस्ले पीतलका २७
दसवटा आधार् बनायो एक् एक आधारको लंमइ चार् हातको अनि
गज् चार् हातको अनि अलगेडं तीन् हातको। अनि आधारमां गरीयेको २८
काम् येस्तो थियो. तिनिहरु पाटा पाटा पर्येका थिये अनि जोर्नीहरुको
बीच् बीचमां पाटाहरु थिये. अनि जोर्नीहरुको बीच् बीचमां भयेको २९
पाटाहरु मांथि सिंह र गोरु र करुबहरु काढीयेका थिये अनि जोर्नी
देखि मांस्तिर येउटा बेठक् पनि थियो. अनि सिंह र गोरुहरुको मुन्तिर
अर्धहांसुले बटाई थिये। अनि गोटैपिच्छे आधारका चार् चारवटा ३०
पीतलका पांग्रा र पीतलैका धुरि थिये. अनि त्येस्का चारवटा खुट्टाको
लागि कांधहरु थिये. स्नानभांड़ा मुनि ढाल्येका कांधहरु पनि थिये अनि
गोटैपिच्छेको छेउ छेउमां बटाई थिये। अनि त्येस्को मुख् थाम्हको भित्र र ३१
उंभो तिर एक् हातको थियो. अनि त्येस्को मुख बेठकको काम् जस्तो
रिंगै डेढ् हातको थियो. अनि त्येस्को मुख् मांथि बुट्टा काढेको काम् थियो
अनि तिनका पाटा चार् कुंने थिये गोल् होइन। अनि ति चारवटा पांग्रा ३२
पाटा मुनि मुनि थिये अनि पांग्राहरुका धुरिहरु आधारमां थिये. अनि
पांग्राको अलगेडं डेढ् हातको थियो। अनि पांग्रामां भयेको काम् रथका ३३
पांग्रामां भयेको काम् जस्तो थियो. तिनका धुरिहरु र तिनका पोठी र तिनका
पखेटा र तिनका नाभि सबै ढालीयेका थिये। अनि एक् एक् आधारका ३४
चारै कुंना कुनामां चार् चारवटा कांध् थिये. अनि कांध् र आधार् एकैको
ढालीयेको थियो। अनि आधारको सिरचइंमां आधा हातको फेरो ३५
थियो. अनि आधारको सिरमां त्येस्का टेवा र त्येस्का पाटा त्येसैका थिये।
अनि त्येस्का टेवाका पत्रमां र त्येस्का पाटामां एक् एक् ठांउ अनुसार् त्येस्ले ३६
करुबहरु सिंहहरु र खजूरका रुखहरु बटाईले घेर्येको जस्तो पारि खोप्यो।
येस् परिले त्येस्ले ति दसवटा आधारहरु बनायो. तिनिहरु सबैको एकै ३७
ढलाई एकै नाप् र एकै अनुवार् थिये। अनि त्येस्ले पीतलका दसवटा ३८
स्नानभांड़ा बनायो. एक् एक स्नानभांड़ामां चालीस् मुरि अटाउंद थियो.
अनि एक् एक् स्नानभांड़ा चार् हातको थियो. अनि ति दसवटा गोटै पिच्छे
आधारहरु गोटै पिच्छे मांथि येउटा येउटा स्नानभांड़ा राख्यो। अनि त्येस्ले ३९
आधारहरु घरको दाहीनो पट्टि पांचवटा अनि घरको बांउ पट्टि पांचवटा-

गरि राख्यो. अनि त्येस्ले समुन्द्र चइं घर्को दाहींनो पट्टि पूर्व पट्टि
४० दक्खिन् तिर बसाल्यो। अनि हीराम्ले भांड़ाहरु र बेल्चाहरु र कटौराहरु
बनायो। येसोरि हीराम्ले यह्वेको घर्मां सुलैमान् राजाको लागि त्येस्ले
४१ गर्येको सबै काम् गरि सक्यो. अर्थात् दुवटा थाम्हरु थामका सिरमां
भयेका थाम्रिका दुवटा गजूर्हरु र थामका सिरमां भयेका थाम्रिका दुवटा
४२ गजूर् ढाक्ने दुवटा जाल् अनि दुवटा जाल्को लागि चार् से दारीम्
थाम्मां भयेका थाम्रिका दुवटा गजूर् ढाक्नुको लागि एक् एक् जाल्का दुइ
४३ लहर् दारीम् अनि दसवटा आधार्हरु र आधार्हरु मांथिका दसवटा
४४ स्नान्भांड़ाहरु अनि येउटा समुन्द्र र समुन्द्र मुनि भयेका बारह्वटा
४५ गोरुहरु अनि भांड़ाहरु र बेल्चाहरु र कटौराहरु. अं ति सब्बै
सार्दाम्हरु जो हीराम्ले यह्वेको घर्मां सुलैमान् राजाको लागि बनायो
४६ ति झल्काईयेका पीतल्का थिये। यर्दन्को गैह्रौटार्मां सुक्कोत् र सार्तान्को
४७ बीच्को लिस्याईलो भूंइमां बनायो। अनि सुलैमान्ले ति सबै सार्दाम्
अरघोर् औधि भयेको कारणले न जोखि छोड़ि दियो. पीतल्को जोखाईको
४८ हिसाप् पाईयेन। अनि सुलैमान्ले यह्वेको घर्मां भयेका सबै सार्दाम्
४९ बनायो. अर्थात् सुन्को वेदि र भेटिरोटी राखींने मेज् सुन्को अनि
पानम्हरु भित्रेकोठाको सांमु दाहींनो पट्टिको पांच्वटा र बांउ पट्टिको
पांच्वटा निखरा सुन्को अनि फूल्हरु र दीयाहरु र चिम्टाहरु सुन्का अनि
५० भांड़ाहरु र अभेमदानीहरु र कटौराहरु र धुपौराहरु र धूप् राख्ने भांड़ाहरु
निखरा सुन्का अनि कब्जाहरु भित्रेघर् अर्थात् महापवित्रस्थान्का दैलाहरु
५१ र घर्चइंको अर्थात् मन्दिर्का दैलाहरुको लागि सुन्को बनायो। येसोरि
सुलैमान् राजाले यह्वेको घर्मां गर्येका सबै काम् सिद्धीये। अनि
सुलैमान्ले आफ्नु बाबु दाऊद्ले पवित्र काम्को लागि अलग छुट्यायेका
सबै थोक् अर्थात् चांदी सुन् भांड़ाबर्तन् लग्येर यह्वेको घर्को
भंड़ार्मां राख्यो॥

(मन्दिर्को मान्)

८ १ तब सुलैमान्ले इस्राएल्का प्राचीनहरुलाइ र कुल्कुल्का सबै मूल्
मूल्हरुलाइ अर्थात् इस्राएल्बंशीहरुका पित्रहरुका घर् घर्का मालिक्-
हरुलाइ यरुशलेम्मां सुलैमान् राजा थांइ भेला गरायो यह्वेको सम्पट्को
नियम् दाऊद्को सहर् देखि अर्थात् सिय्योन् देखि चढ़ाइ ल्याउंनु भन्ने
२ खातिर्ले। तब इस्राएल्का सबै मान्छेहरु सुलैमान् राजा थांइ एतानीम्
३ भनींने महीनामां जो सातौं महीना हो चाड्को बेलामां भेला भये। अनि
इस्राएल्का सबै प्राचीन्हरु आये वहांदेखि पूजाहारीहरुले सम्पट् बोकि
४ उठाये। अनि तिनिहरुले यह्वेको सम्पट् र भेट् हुंने डेरा र तम् डेरामां
भयेका सबै पवित्र सार्दाम् उठाइ ल्याये अं पूजाहारीहरु र लेवीहरुले ति
५ उठाइ ल्याये। अनि सुलैमान् राजा र त्यो सब भेला भयेको इस्राएल्को

सिंगै मंडलीले त्यो सङ सम्पट्को सांमु भेंड़ा र गोरुहरु धेर् हुंनाको
कारणले न भनि सकनु न गनि सकनु सम्मको बलि चढ़ाउंद थियो।
अहांदेखि पूजाहारीहरुले यहवेको नियमको सम्पट् त्यसको ठांउमां अर्थात् ६
घर्को भित्रेकोठामां अं महापवित्रस्थान्मां करुबहरुको पखेटा मुनि भित्र
ल्याये। कसोगरिभन्ये करुबहरुले सम्पट्को ठांउ मांथि आफ्ना आफ्ना ७
पखेटाहरु फिंजायेका थिये अनि करुबहरुले सम्पट् र त्यसका डांड़िहरु
मांथि बाटो ढाकेका थिये। अनि ति डांड़िहरु यति लांमा लांमा थिये ८
तिनका टुप्पा टुप्पा भित्रेकोठाको सांमुको पवित्रस्थान् देखि देखींद थिये
तर बाहर देखि ता देखींदैन थिये. अनि आजुको दिन् सम्म ति तिहीं छन्।
इस्राएलवंशीहरु सङ यहवेले तिनिहरु मिस्रको देस् बाटो निस्कि आयेको ९
बेलामां नियम् बांधदै मूसाले होरेबमां त्यस्मां राख्येका ढुंगाका ति दुवटा
पाटी बाहेक् सम्पट्मां अरु कोइ पनि थियेन। अनि येसो भयो जब पूजाहारी १०
हरु पवित्रस्थान् बाटो निस्कि आयेका थिये तब बादल् यहवेको घर्मां
येस्तो औंधिगरि भरीयो पूजाहारीहरु बादलको कारणले सेवा गर्नुलाइ ११
उभींनु सकेनन्. कसोगरिभन्ये यहवेको घर् यहवेको महीमाले भरीयो॥
तब सुलेमान्ले भन्यो यहवेले बाक्लो अंध्यारोमां बस्छु भनि भन्येको १२
छ। मैंले तपांइको लागि बास् हुंने घर् तपांइ सधें बसि रहंने ठांउ हुंनुको १३
लागि निस्से बनायेको छु। वहांदेखि राजाले आफ्नु मुख् फर्कायेर १४
इस्राएलको सिंगै सभालाइ आशीर्वाद् गर्‍यो. अनि इस्राएलको सिंगै
सभा उभींइ रह्यो। त त्यसले भन्यो इस्राएलको ईश्वर् यहवे धन्नको होवस् १५
जस्ले मेरो बाबु दाऊद्लाइ आफ्नु मुखले येसो भन्येको थियो अनि आफ्नु
हातले त्यो पूरो पनि गर्‍यो जस् दिन् मैंले आफ्नु लोग् इस्राएललाइ १६
मिस्र बाटो निकालि ल्यायें मैंले आफ्नु नांउ वहां रहंनुलाइ घर्
बनाउंनुलाइ इस्राएलको सबै कुल् देखि कुनै सहर् पनि छान्येको छुइंन तर
मैंले दाऊद्चहिंलाइ आफ्नु लोग् इस्राएल् मांथि हुंनुलाइ छान्येको छु
भनि। अब मेरो बाबु दाऊद्को मन्मां इस्राएलको ईश्वर् यहवेको नांउको १७
लागि येउटा घर् बनाउंने मन् थियो। तर यहवेले मेरो बाबु दाऊद्लाइ १८
भन्यो मेरो नांउको लागि येउटा घर् बनाउंने तेरो मन्मां थियो भन्ये
देखि ता तेरो मन्मां यो कुरो भयेकोले जाति गर्दै थिइस्. तैंपनि तंचहिंले १९
घर् बनाउंदैनस् तर तेरो कम्मर् देखि निस्केको तेरो छोरोचहिंले मेरो
नांउको लागि घर् बनाउंछ भनि। अनि यहवेले आफुले भन्येको कुरो २०
पूरो गर्‍येको छ कसोगरिभन्ये मं आफ्नु बाबु दाऊद्को साटोमां उठेको छु
अनि यहवेको करार् अनुसार् इस्राएलको सिंहासन्मां बस्द छु अनि
इस्राएलको ईश्वर् यहवेको नांउको लागि घर् बनायेको छु। अनि मैंले २१
वहां सम्पट्को लागि ठांउ राख्येको छु जस् सम्पट्मां यहवेले हांमिहरुका
पित्रहरुलाइ मिस्रको देस् बाटो निकालि ल्याउंदा तिनिहरु सङ बांधेको
उसको नियम् छ॥

(सुलेमान्को प्रार्थना)

२२ त सुलैमानले यहूवेको बेदिको अगाड़ि इस्राएल्को सिंगै सभाको
२३ सांमु उभीयेर आफ्ना हात् स्वर्ग तिर पसार्‍यो. अनि त्येस्ले भन्यो हे यहूवे
इस्राएल्को ईश्वर् हो मांथि स्वर्गमां तल पृथिवीमां तपांइ जस्तो कोई ईश्वर्
छैन जस्ले आफ्ना दास्हरू सङ जो आफ्नु पूरो मनले तपांइको सांमु
२४ हिंड्दछन् तिनिहरू सङ आफ्नु नियम् र अनुग्रह् राख्नु हुंद छ. जस्ले
आफ्नु दास् मेरो बाबु दाऊद् सङ गर्‍येको आफ्नु करार् पूरो गर्न भयो.
अं तपांइले आफ्नु मुख्ले भन्नु भयेको थियो अनि आफ्ना हातले पूरो
२५ गर्नु भयो जस्तो आजुको दिन् छ। येस्कारण् अब हे यहूवे इस्राएल्को
ईश्वर् तपांइले आफ्नु दास् मेरो बाबु दाऊद् सङ येसो भन्दै करार् गर्‍येका
कुरा मान्नु हवस् अर्थात् इस्राएल्को सिंहासन्मां मेरो सांमु बस्ने कोई
मान्छे तेरो लागि घटि हुंदैन खालि तेरा छोराछोरीहरू मेरो सांमु
हिंड्नलाइ मांत्रै आफ्नु बाटोको बिषयमां चंख रहुन् तं मेरो सांमु हिंडेरको
२६ झैं भन्येर। त अब हे इस्राएल्को ईश्वर् म बिन्ति गर्दै छु तपांइले आफ्नु
२७ दास् मेरो बाबु दाऊद्लाइ भन्येको बचन् सांचो ठहरीओस्। तर के ईश्वर
चइं सांचै पृथिवीमां बास् बस्छ. हेर्नु हवस् स्वर्ग र स्वर्गहरूको स्वर्गमां
पनि तपांइ अटाउंनु हुन्न त झन् कति ज्यास्तिगरिकन यो मैले बनायेको
२८ घर्मां। तैपनि हे यहूवे मेरो ईश्वर् आफ्नु दास्को प्रार्थना तिर र त्येस्को
बिन्ति तिर फर्कनु हवस् तपांइको दास्ले तपांइको सांमु आजुको दिन्
२९ गर्‍येको प्रार्थना र दोहाई सुन्नलाइ. र तपांइका आंखा रात् दिन् येस् घर
तिर उघ्राइ रहुन् अं येस् ठांउ तिर जस्को बिषयमां तपांइले मेरो नांउ
त्हां हुंछ भन्येर भन्नु भयेको छ. तपांइको दास्ले येस् ठांउ तिर गर्ने प्रार्थना
३० सुन्नलाइ। अनि तपांइको दास्को र तपांइको लोग् इस्राएल्को बिन्ति
सुन्नु हवस् जब तिनिहरूले येस् ठांउ तिर प्रार्थना गर्नन्. अं स्वर्गमां आफ्नु
३१ बस्ने स्थान्मां सुन्नु हवस् अनि सुन्दा सुन्दा क्षमा गर्नु हवस्। कसैले आफ्नु
छिमेकिको बिरुद्धमां पाप् गर्‍यो अनि त्येस् मांथि किरिया खुवाउंनुलाइ
किरिया हाल्येको छ अनि त्येस्ले आयेर येस् घर्मां तपांइको बेदिको सांमु
३२ किरिया खायो भन्ये देखि. तब तपांइले स्वर्गमां सुन्नु हवस् अनि काम्
गर्नु हवस् अनि आफ्ना दास्हरूको बिचार् गर्नु हवस् अर्थात् दुष्टलाइ त्येस्को
सिर् मांथि त्येस्को साटो फर्काइ दिंनुलाइ दोषी ठहराउंदै अनि धर्म्मीचइंलाइ
३३ त्येस्लाइ त्येस्को धर्म्म अनसार् दिंनुलाइ धर्म्मी ठहराउंदै। तपांइको लोग
इस्राएल् तपांइको बिरुद्धमां पाप् गर्‍येको कारणले सत्तुर्हरूको सांमु मारीये
अनि तिनिहरूले तपांइ पट्टि फर्केर तपांइको नांउ लियें अनि येस् घर्मां
३४ तपांइ सित बिन्ति प्रार्थना गर्‍ये भन्ये देखि. त तपांइले स्वर्गमां सुन्नु हवस्
अनि तपांइको लोग् इस्राएल्को पाप् क्षमा गर्नु हवस् अनि तिनिहरूलाइ
तपांइले तिनिहरूका पित्रहरूलाइ दियेको देस्मां फर्काइ ल्याउंनु हवस्॥

तिनिहरूले तपांइको बिरुद्धमां पाप् गर्येको कारणले ग्रकाश् थुनीयो ३५
ग्रनि पानी परोईन त तिनिहरूले येस् ठांउ तिर प्रार्थना गर्नन् ग्रनि
तपांइले तिनिहरूलाइ दुक्ख दियेको कारणले तिनिहरूले ग्राफना पाप्
देखि फर्केर तपांइको नांउ लिये भन्ये देखि . त तपांइले स्वर्गमां सुन्नु हवस् ३६
ग्रनि तपांइले तिनिहरूलाइ तिनिहरूले हिंडून् पर्ने जाति बाटोमां हिंडून
सिकाउंदैमां ग्राफना दास्हरूको र ग्राफनु लोग् इस्राएल्को पाप् क्षमा
गर्नु हवस् ग्रनि तपांइले ग्राफनु लोग्लाइ ग्रधिकार् हुंनुलाइ दियेको
ग्राफनु देस् मांथि पानी बर्साइ दिंनु हवस् । ग्रनिकाल् कि रुढि कि ग्रोइल्हाई ३७
कि मक्काई कि सलह कि कोरा देस्मां भयो भन्ये कि तिनिहरूका
सत्तुर्हरूले तिनिहरूलाइ तिनिहरूका सहरहरूको देस भित्र घेर्ये भन्य कि
जुन्सुकै बिपत्ति कि जुन्सुकै रोग् लागोस् जुन्सुकै प्रार्थना कि बिन्ति ३८
कसै मान्छेले कि तपांइका सिंगै लोग् इस्राएलले जनंगले ग्राफनु
ग्राफनु मनको बिपत्ति जानिकन ग्राफना ग्राफना हात् येस् घर् तिर पसार्यो
भन्य देखि . त तपांइले स्वर्गमां ग्राफनु बस्ने स्थान्मां सुन्नु हवस् ग्रनि ३९
क्षमा गर्नु हवस् ग्रनि काम् गर्नु हवस् ग्रनि जनंग मान्छेलाइ जस्को हात्
तपांइले चिन्नु हुंद छ त्येस्लाइ त्यस्का सबै बाटा ग्रनमाग् साटो दिंनु हवस्
(किनभन्ये तपांइले ग्रं तपांइले मात्रै सिंगै मान्छेजात्को मन् चिन्नु हुंद छ)
र तिनिहरूले तपांइले हामिहरूका पित्रहरूलाइ दियेको देस्मां जौउंने ४०
सबै दिनमां तपांइको भय् मानुन् । येस् उप्रान्त ग्रन्यदेसीको बिषय्मां ४१
जो तपांइको लोग् इस्राएल्माको होइन जब त्यो टाढ़ो देस् बाटो
तपांइको नांउको कारणले निस्कि ग्राउला (कसोगरिभन्ये तिनिहरूले ४२
तपांइका ठुलो नांउ र तपांइको बलियो हात् र तपांइको पसार्येको
बांहांको बिषय्मां सुन्छन्) जब त्येसले पनि ग्रायेर येस् घर् तिर प्रार्थना
गर्ला तब तपांइले स्वर्गमां ग्राफनु बस्ने स्थान्मां सुन्नु हवस् ४३
ग्रनि जस् जस्को बिषय्मां ग्रन्यदेसीले तपांइलाइ हापालो त्यो ग्रनुसार्
गर्नु हवस् र तपांइको भय् मान्नुको लागि पृथिवीका सबै लोगले
तपांइको लोग् इस्राएलले झैं तपांइको नांउ चिनुन् ग्रनि यो मैंले
बनायेको घर् मांथि तपांइकै नांउ राखीयेको छ भनि थाहा पाउन् ।
तपांइका लोग् ग्राफना सत्तुर्हरू सित लड़ाईं गर्नुलाइ जुन् बाटो बाड़ो ४४
तपांइले तिनिहरूलाइ पठाउंनु हुंछ त्येइ बाटो बाड़ो गये ग्रनि तिनिहरूले
यो तपांइले छान्येको सहर् र यो मैंले तपांइको नांउको लागि बनायेको
घर् तिर यहवे सित प्रार्थना गर्ये भन्ये देखि . त तपांइले स्वर्गमां ४५
तिनिहरूको प्रार्थना र तिनिहरूको बिन्ति सुन्नु हवस् ग्रनि तिनिहरूको निया
गरि दिंनु हवस् । तिनिहरूले तपांइको बिरुद्धमां पाप् गर्ये (कसोगरिभन्ये ४६
पाप् न गर्ने कोई पनि छैन) ग्रनि तपांइले तिनिहरू देखि रिसायेर
तिनिहरूलाइ सत्तुर्हरूको हात्मां सुम्पि दिंनु भयो तिनिहरूले तिनिहरूलाइ
सत्तरहरूको देसमां टाढो हवस कि नजिक हवस बन्धवा गरि लैजांनको

४७ लागि   तैपनि तिनिहरू बन्धुवाईमां लगीयेको देसमां सोचबिचार
गरि फर्केर तिनिहरूले तिनिहरूलाइ बन्धुवाईमां लग्येको देसमां तपांइ
पांइ तपांइ सित हांमिहरूले पाप् गर्‍यूं अट्टेरईं गर्‍यूं दुष्टईं गर्‍यूं भन्दै बिन्ति
४८ गर्‍यें   तिनिहरूले तिनिहरूलाइ बन्धुवाईमां लग्येका सत्तुर्हरूको देसमां
तिनिहरू आफ्नु पूरो मन् र आफ्नु पूरो प्राणले तपांइ तिर फर्केर तपांइले
तिनिहरूका पित्रहरूलाइ दियेको तिनिहरूको देस् तिर तपांइले छान्येको
सहर् र मैंले तपांइको नांउको लागि बनायेको घर् तिर फर्केर तपांइ
४९ सित बिन्ति गर्‍यें भन्ये देखि. त तपांइले स्वर्गमां आफ्नु बस्ने
स्थानमां तिनिहरूको प्रार्थना र तिनिहरूको बिन्ति सुन्नु हवस् अनि
५० तिनिहरूको निया गरि दिंनु हवस्   अनि तपांइको बिरुद्धमां पाप् गर्ने
तपांइको लोग् र तपांइको बिरुद्धमां अप्राध् गर्‍येको तिनिहरूका सबै
अप्राध् क्षमा गर्नु हवस् अनि तिनिहरूलाइ बन्धुवाईमां लानेहरूको मनमां
येस्तो दया गराउंनु हवस् र तिनिहरूले तिनिहरू मांथि दया गरून्.
५१ किनभन्ये तिनिहरू तपांइकै लोग् हुन् अनि तपांइले मिस्र देखि फलमको
५२ भट्टिको बीच् देखि निकाल्येको तपांइको अधिकार् हुन्. तपांइका आंखा
तपांइको दासको बिन्ति र तपांइको लोग् इस्राएलको बिन्ति जब जब
तिनिहरूले तपांइ सित बिन्ति गर्दछन् तब तब तिनिहरूको बिन्ति सुन्नको
५३ लागि खोलीइ रहुन् भन्ने खातिर्ले। किनभन्ये तपांइले तिनिहरूलाइ
तपांइको अधिकार् हुंनुलाइ पृथिविका सबै लोगको बीच् देखि अलग् गर्नु
भयो तपांइले हांमिहरूका पित्रहरूलाइ मिस्र बाटो ल्याउंदाखेरि तपांइले
आफ्नु दास् मूसाको हात् बाटो भन्येको अनुसार् हे प्रभु यहवे ॥
५४   अनि येसो भयो जब सुलैमानले यहवे सित यि सबै बिन्ति प्रार्थना
गरि सक्यो तब त्यो यहवेको बेदिको सांमु देखि आफ्ना हात् स्वर्ग तिर
५५ पसार्‍येको र आफ्ना घुंडा टेक्येको देखि उठ्यो। तब त्यस्ले उभीयेर येसो
५६ भन्दै इस्राएलको सिंगै सभालाइ ठुलो सोर्ले आशीर्बाद् गर्‍यो   यहवे
धन्नको हवस् जस्ले आफ्ना सबै करहार् अनुसार् आफ्ना लोग् इस्राएललाइ
चैन् दियेको छ. उस्ले आफ्नु दास् मूसाको हातको बाटोले गर्‍येका सबै
५७ जाति जाति करहार्हरूमांको कुनै कुरो पनि खस्येको छैन। हांमिहरूको
ईश्वर् यहवे हांमिहरूका पित्रहरू सङ भयेको झैं हांमिहरू सङ पनि हवस्.
५८ उस्ले हांमिहरूलाइ छोड़ि न देवस् न त्यागोस्. उस्ले हांमिहरूको हिर्दयलाइ
आफु पट्टि फर्काओस् उस्का सबै बाटामां हिंड्नुलाइ अनि उस्ले हांमिहरूका
पित्रहरूलाइ आज्ञा गर्‍येका उस्का आज्ञा र उस्का बिधि र उस्का निया
५९ मान्नुलाइ। अनि मैंले यहवेको सांमु बिन्ति गर्‍येका यि कुरा दिन् रात्
हांमिहरूको ईश्वर् यहवेको नजिक् रहुन् उस्ले दिन् दिनको खांचो अनुसार्
६० आफ्नु दासको र आफ्नु लोग् इस्राएलको निया गरोस् भन्ने खातिर्ले. र
पृथिवीका सबै लोगले यहवे उ ईश्वर् हो रछ अरू ता कोई रैन छ भनि थाहा
६१ पाउन्। येस्कारण तिमिहरूको मन् हांमिहरूको ईश्वर् यहवे सङ सिद्ध हवस्

उसका विधिमां हिंड्नुलाइ र उसका आज्ञा मान्नुलाइ जस्तो आजु छ। अनि ६२
राजाले र त्यो सङ सिंगै इस्राएलले यहवेको सांमु बलि चढाये। अनि ६३
सुलैमान्ले यहवेको लागि मेलबलिको बलिदान्मां बाईस् हजार् गोरु
र एक् लाख् बीस् हजार् भेंड़ाबाखा चढायो। येसोरि राजा र सिंगै
इस्राएलबंशीहरूले यहवेको घरको घरपैंजो गर्य्‌। उसै दिन् राजाले यहवेको ६४
घरको सांमु भयेको आंघनको बीच् पनि पवित्र गऱ्यो कसोगरिभन्य त्येस्ले
वहां होमबलि र अन्नबलि र मेलबलिको बोसो चढायो. किनभन्य यहवेको
सांमु भयेको पीतलको बेदि होमबलि र अन्नबलि र मेलबलिको बोसो
आटाउंनुको लागि सांनु पनि भयो। त्येस् बेलामां सुलैमान् र त्यो सङ ६५
सिंगै इस्राएल् येउटा ठुलो सभा हमात्मां पस्ने गौंड़ा देखि मिस्रको
खोल्चा सम्म सात् दिन् र सात् दिन् अं चौध दिन् सम्म चाड् मान्दै रह्यो।
अनि आठौं चइं दिनमां त्येस्ले लोगलाइ बिदा दियो त तिनिहरूले राजालाइ ६६
आशीर्बाद् गर्य्‌ अनि यहवेले आफ्नु दास् दाऊद्लाइ र आफ्नु लोग्
इस्राएल्लाइ देखायेका सबै भलाईको कारणले रमाउंदै र मन्मां मगन्
हुंदै आफ्ना आफ्ना डेरामां फर्कि गये॥

अनि येसो भयो जब सुलैमान्ले यहवेको घर् र राजाको घर् ९ १
अनि ज्ये ज्ये सुलैमान्ले आफ्नु मन्मां इच्छे गर्य्‌को थियो बनाइ सक्यो
तब यहवे दोस्रो खेप् सुलैमान्कां देखाहा पऱ्यो त्येस्कां गिब्योन्मां अगाड़ि २
देखाहा पर्य्‌को झैं। अनि यहवेले त्येस्लाइ भन्यो तैंले मेरो सांमु गर्य्‌का ३
तेरो बिन्ति र तेरो प्रार्थना मैंले सुन्य्‌को छु. यो तैंले बनायेको घर् आफ्नु
नांउ सधैंभरि राख्नुलाइ पवित्र गर्य्‌को छु अनि मेरा आंखा र मेरो मन्
सबै दिन वहां रहंछन्। अनि तेरो बिषयमां तं चइं मेरो सांमु तेरो बाबु ४
दाऊद् झैं मनको निखरेईंमां र धर्म्ममां मैंले तंलाइ गर्य्‌का सबै आज्ञा
गर्नुलाइ हिंड़िस् अनि मेरा बिधिहरू र मेरा नियाहरू मानिस् भन्य्‌ देखि
त मं तेरो राजको सिंहासन् इस्राएल् मांथि सदाको लागि स्थिर् गर्छु मैंले ५
तेरो बाबु दाऊद् सङ तंलाइ इस्राएलको सिंहासन्मां बस्ने तेरो लागि
घट्‌दैन भन्य्‌र करार् गर्य्‌को अनुसार्। तर तिमिहरू कि तिमिहरूका ६
बंशहरू मंलाइ पछ्याउंनु देखि फर्कौ अनि मैंले तिमिहरूको सांमु राख्य्‌का
मेरा आज्ञाहरू र बिधिहरू मान्यौन तर गयेर पराय् देवताहरूको सेवा र
तिनलाइ दण्डवत् गऱ्यौ भन्य्‌ देखि. त मं इस्राएल्लाइ मैंले तिनिहरूलाइ ७
दियेको देस् देखि काटि दिंछु अनि यो मैंले आफ्नु नांउको लागि पवित्र
गर्य्‌को घर् आफ्नु सांमु देखि आफालि दिंछु अनि इस्राएल् चइं सबै
लोगको बीच्मां कहानि र ठट्टाको कारण हुंछ. अनि यो घर् येत्रो अलग्गो ८
भयेको भये पनि त्येस्को छेउ देखि हिंड्ने सबैले उदेक् मान्दै इस्स इस्स भन्दै
जिल्ल्याउंछन् अनि तिनिहरूले यहवेले येस् देस् र येस् घर् सित किन येसो गऱ्यो
भन्य्‌र भन्छन्। त तिनिहरूले किनभन्य्‌ तिनिहरूले तिनिहरूका पित्रहरूलाइ ९
मिस्र देस बाटो निकालि ल्याउंने तिनिहरूको ईश्वर यहवेलाइ छोड़ि दियेर

पराय् देवताहरू समात्येर तिनलाइ दण्डवत् गरि सेवा गर्‍ये येकारण् यहवेले
तिनिहरू मांथि यि सबै बिपत्ति ल्यायो भनि उत्तर् दिंछन् ॥
१० अनि बीस् बर्ष बित्ये पछि जुन् बर्ष भित्र सुलैमान्ले दुवै घर्हरू
११ अर्थात् यहवेको र राजाको घर् बनाइ सक्येको थियो (कसोगरिभन्ये
सूर्को राजा हीराम्ले सुलैमान्लाइ त्येसको सबै इच्छे अनुसार् देवदारु काठ्हरू
र सल्लाकाठ्हरू र सुन् दियेको थियो) तब येसो भयो सुलैमान् राजाले
१२ हीराम्लाइ गालील् देस्मां बीस् सहर् दियो। त हीराम् सुलैमान्ले त्येसलाइ
दियेको सहर्हरू हेर्नुलाइ सोर् बाटो निस्कि आयो त ति सहर्हरू त्येसलाइ
१३ मन् पर्‍येन। त त्येस्ले भन्यो हे मेरा भाइ आफुले मंलाइ दिंनु भयेका ति सहर्-
हरू कस्ता हुन्। त त्येस्ले तिनको नांउ काबूल् देस् राख्यो जस्तो आजुको
१४ दिन् सम्म छ। अनि हीरामले राजा थांइ छ कोरि तोड़ा सुन् पठायो ॥
१५ अनि सुलैमान् राजाले किरिया मुनिका दासहरूलाइ खटायेको
कारण् यो थियो यहवेको घर् र आफ्नु निज् घर् र मिल्लो र यरूशलेम्को
१६ घेरा भित्ता र हासोर् मगिद्दो र गेसेर् बनाउं भन्ये। मिस्रको राजा
फिरऊन्ले चढि गयेर गेजेर् लियेको थियो अनि आगोले डढ़ायेको थियो
अनि त्येस् सहर्मां बस्ने कनानीहरूलाइ मार्‍येर आफ्नो छोरी सुलैमान्को
१७ स्वास्नीलाइ दाइजोगरि दियेको थियो। अनि सुलैमान्ले गेजेर् र तल्लो
१८ बइं बेत्होरोन् र बालात् र बन्मां भयेको तामार् भनींने सहर्हरू
१९ देस्मां बनायो अनि सुलैमान्का भयेका त्येस्का सबै भंडारे सहर्हरू
र त्येस्का रथ्हरूको लागि सहर्हरू र त्येस्का त्रुक्सवार्हरूको लागि सहर्हरू
र जे जे सुलैमान्ले आफ्नु खुसिको लागि यरूशलेम्मां र लबानोन्मां र
त्येस्को अधिकार्को सिंगै देस्मां बनाउंनु मन् गर्‍येको थियो ति सबै पनि
२० बनायो। अनि जो जो इस्राएल्बंशीहरूमांका थियेनन् अर्थात् एमोरीहरू
हित्तीहरू परिज्जीहरू र हिव्वीहरू र यबूसीहरूमांका रह्येका सबै लोग्हरूको
२१ बिषय्मां अर्थात् तिनिहरूको पछि देस्मां रह्येका तिनिहरूका बंशहरू
जुन्हरूलाइ इस्राएल्बंशीहरूले भाकल् गर्‍येको थोक्लाइ झैं नास् पार्नु
सक्येका थियेनन् तिनिहरूमांका सुलैमान्ले किरिया मुनिको कमारा हुंनु
२२ खटायो आजुको दिन् सम्म। तर इस्राएल्बंशीहरूमांकालाइ सुलैमान्ले
कमारा तुल्यायेन, तर तिनिहरू लड़ाइंका मान्छेहरू र त्येस्का चाकरेहरू र
त्येस्का अधिपतिहरू र त्येस्का मालिक्हरू र त्येस्का रथ्हरू र त्येस्का
२३ त्रुक्सवार्हरूका मुखियाहरू थिये। सुलैमान्का कामदारीहरू मांथि प्रभुताइं
२४ गर्ने मूल् मूल्मालिक्हरू पांच् से पचास् जना थिये। तर फिरऊन्को छोरी
दाऊद्को सहर् देखि चढेर सुलैमान्ले त्येस्को लागि बनायेको त्येस्को घर्मां
२५ आई, तब त्येस्ले मिल्लो बनायो। अनि सुलैमान्ले आफुले बनायेको
बेदिमां बर्ष दिन्मां तीन खेप् होम्बलि र मेल्बलि यहवेको लागि चढाउंद
थियो अनि यहवेको सांमु भयेको बेदिमां धूप् पनि हाल्द थियो। येसोरि
त्येस्ले घर् बनाइ सक्यो ॥

अनि सुलैमान् राजाले एदोमको देसमां लाल् समुन्द्रको तीरमां २६
एलोत्को छेउमा भयेको एश्योनगेबेर्मा कत्ति जहाजहरु बनायो। अनि २७
हीरामले ति जहाज्हरुमां आफना चाकरेहरुलाइ अर्थात् समुन्द्रहरुको
विद्ये जान्ने मलाहाहरुलाइ सुलैमानका चाकरेहरु सङ्ग पठाइ दियो। त २८
तिनिहरुले ओपीरमां आयेर त्यहां बाटो चार् सै बीस् तोड़ा सुन् ल्यायेर
सुलैमान् राजा थांइ पुग्याइ दिये॥

(शबाकी रानीको अवाई)

अनि जब शबाकी रानीले सुलैमान्को किर्त्ति यहवेको नांउको १० १
बिषयमां सुनी तब त्यो सुलैमान्लाइ अह्रूको थाप्नेगरि जांच्नुलाइ
आई। सुगन्ध द्रब्य् र बिग्र औधि सुन् र मणिहरु बोकाईयेका ऊंटहरु अं २
ठूलो लावालस्कर् लिइ यरुशलेममां आई. अनि जब त्यो सुलैमान् थांइ
आइ पुगी तब त्यस्ले आफनु मनमां ज्ये ज्ये थियो तिनको बिषयमां बात्
गरी। अनि सुलैमान्ले त्यस्का सबै सोधनीको उत्तर् दियो. अनि राजा ३
देखि लुकेको काइ कुरो पनि थियेन जो त्यस्ले त्यस्लाइ कहि दियेन। अनि ४
जब शबाकी रानीले सुलैमान्का सबै बुद्धि र त्यस्ले बनायेको घर् र ५
त्यस्को मेजको भोजन् र त्यस्का चाकरेहरुको बस्ने र त्यस्का मंत्रीहरु उभीइ
रहने रीत् र तिनको पोशाक् र त्यस्का पीयाउंनेहरु र त्यो यहवेको घरमा
चढि जाने बाटो देख्येकी थिई तब त्यस्को हंसले ठांउ छाड्यो। वहांदेखि ६
त्यस्ले राजालाइ भनी मैले आफनु देसमां आफुको कर्म्म र आफुको बुद्धिको
बिषयमां सुन्येको किर्त्ति सांचो हो रहछ। तैपनि मैले आयेर आफना ७
आंखाले त्यो न देखुंज्याल् सम्म यि कुरा पत्याइंन. त हेर्नु हवस् मंलाइ
आधा पनि कहीयेको रैन छ. आफुको बुद्धि र आफुको भलाई मैले
सुन्येको किर्त्ति भन्दा बेसि रहछ। आफुका मान्छेहरु धन्न आफुका यि ८
चाकरेहरु जो सदा आफुको सांमु उभीयेर आफुको बुद्धि सुन्नु पाउंद छन्
धन्न। आफुको ईश्वर् यहवे धन्नको हवस् जो आफु देखि खुशि भयो ९
आफुलाइ इस्राएलको सिंहासन् मांथि बसालनुको लागि. यहवेले
इस्राएल्लाइ जुगनजुग् पिर्ति गर्येको कारणले उस्ले आफुलाइ निया र
धर्म्म गर्नुलाइ राजा तुल्यायो। वहांदेखि त्यस्ले राजालाइ एक् सै र बीस् १०
तोड़ा सुन् र अग्घोर् औधि सुगन्ध द्रब्य र मणि दिई. जति बिग्र सुगन्ध
द्रब्य शबाकी रानीले सुलैमान्लाइ दिई त्येति फेरि फेरि कैले पनि आयेन।
फेरि हीरामका जहाज्हरु पनि जस्ले ओपीर् देखि सुन् ल्याउंद थिये ११
तिनिहरुले ओपीर् देखि बिग्र धेरै चन्दन्काठ् र मणि पनि ल्याउंद थिये।
अनि राजाले ति चन्दन्काठ् देखि यहवेको घरको लागि र राजाको घरको १२
लागि कठघेरा र गीत् गाउंनेहरुको लागि बीणा र सितार् बनायो. येस्ता
येस्ता चन्दन्काठहरु न आये न देखीये आजु सम्म। अनि सुलैमान् १३
राजाले शबाकी रानीलाइ त्यस्को सबै इच्छे अनुसार् ज्ये ज्ये त्यस्ले मांग्द

थिई ति दियो सुलैमानले त्यसलाइ आफ्नु उचितो अनुसार दियेको
बाहिक्। त त्यो फर्केर त्यो र त्यसका चाकरेहरु समेत् आफ्नु देसमां गई ॥
१४ अब वर्षभरिमां सुलैमान् थांइ आउंने सुनको जोखाई छ से
१५ छियासठ् तोड़ा थिये त्येस् उप्रान्त पैकारीहरुले ल्यायेका अनि
बेपारीहरुको र छार्सामिसे लोगका सबै राजाहरुको र देसका मालिक्हरुको
१६ लेनदेनको सुन् पनि थियो। अनि सुलैमान् राजाले कमायेका सुन्का दुइ
सेवटा ठुला ठुला ढाल्हरु बनायो. एक् एक् ठुलो ढाल्मां छ से शेकेल् सुन्
१७ लाग्यो। अनि त्येस्ले तीन् से कमायेका सुनका साना ढाल्हरु पनि बनायो
एक् एक् साना ढाल्मां तीन् माने सुन् लाग्यो. अनि राजाले ति लबानोन्को
१८ बन्को घर्मां राख्यो। येस् उप्रान्त राजाले हात्तिदांत्को येउटा ठुलो
१९ सिंहासन् बनायो अनि त्यो सबै भन्दा असल् सुन्ले मोहोर्‍यो। सिंहासन्
सम्म चढ्दि जांनुलाइ छ खुड्कीला थिये अनि सिंहासन्को थाम्रो पछिल् तिर
गोल् पर्‍येको थियो. अनि बैठक्को ठांउमां दुवै पट्टि हात् पनि थिये अनि
२० हात् हात्को छेउमां दुवटा सिंह उभीइ रहेका थिये। अनि त्यहां छ
खुड्कीलाका दुवै पट्टिगरि बारह् सिंह थिये. कोई राज्मां येस्तो कैले
२१ पनि बनौयेको थियेन। अनि सुलैमान् राजाका पीउंनेभांड़ाहरु सब्बै
सुनेका थिये अनि लबानोन्को बन्को घर्का सबै भांड़ाहरु निखरा सुन्का
थिये. चांदीको येउटा पनि थियेन सुलैमान्को पालामां त्यस्को केइ लेखा
२२ थियेन। कसोगरिभन्ये समुन्द्रमां हीराम्का जहाज्हरु सङ राजाका पनि
तर्शीस्का जहाज्हरु थिये. तीन् तीन् वर्षमां एक् खेप् सुन् र चांदी र
हात्तिदांत् र हनिमान् र मुजुर्हरु लिइ तर्शीस्का जहाज्हरु आउंद थिये।
२३ येसोरि सुलैमान् राजा धन्सम्पत्ति र बुद्धिमां पृथिवीका सबै राजाहरु
२४ भन्दा बढ्ताको थियो। अनि सिंगै पृथिवीले ईश्वर्ले त्यस्को मनमां
२५ हाल्येको त्यस्को बुद्धि सुन्नुलाइ सुलैमान्को दर्शन् खोजद थियो। अनि
तिनिहरु आफ्ना आफ्ना भेटि अर्थात् चांदीका भांड़ाहरु र सुन्का
भांड़ाहरु र पहिरन्हरु र हतियार्हरु र सुगन्धद्रव्यहरु र घोड़ाहरु र
२६ खच्चर्हरु वर्ष वर्ष दर् गरि लिइ आउंद थिये। अनि सुलैमान्ले रथ्हरु
र तुरुक्सवार्हरु जमायो. त त्यस्का एक् हजार् र चार् से रथ् थिये अनि
बारह् हजार् तुरुक्सवार् थिये जुन्हरुलाइ त्येस्ले रथ्हरुका सहर् सहर्मां र
२७ यरुशलेम्मां राजा सङ राख्यो। अनि राजाले यरुशलेम्मां चांदी ढुंगै सरि
तुल्यायो अनि देवदारुहरु धेर् हुंनाको कारणले बेंसिमां हुंने किम्बूको
२८ रुख् सरि तुल्यायो। अनि सुलैमान्का घोड़ाहरु मिस्र बाटो ल्याउंद थिये
अनि राजाका बेपारीहरुले ति बथान्को बथान् लिंद थिये बथान् बथान्को
२९ खाल् हानि दाम् दियेर। अनि एक् एक् रथ् चांदीका छ से शेकेल् र एक्
एक् घोड़ा एक् से पचास् शेकेल्मां मिस्र बाटो आउंद थिये. अनि येसोरि
हित्तीका सबै राजाहरु र अराम्का राजाहरुको लागि पनि तिनिहरुको
बाटोले ल्याउंद थिये॥

(सुलैमान् बिग्रंनु)

११ त सुलैमान् राजाले फिरऊन्को छोरी बाहिक् धेरै अन्यदेसी १
स्त्रीहरु सित पनि अर्थात् मोआबी अम्मोनी एदोमी सीदोनी र हित्ती
आइमाइहरु सित पिर्ति गर्द थियो ति लोग् लोग्को आइमाइहरु २
जुन्हरुको बिषय्मां यह्वेले इस्राएल्वंशीहरुलाइ भन्येको थियो तिमिहरु
तिनिहरुको बीच्मां न जांनु न तिनिहरु तिमिहरुको बीच्मां आउन्.
किनभन्ये निस्से तिनिहरुले तिमिहरुको मन्लाइ तिनिहरुको देव्ता पछि
फर्काइ लांछन् भनि. सुलैमान् तिनिहरु सङ्को पिर्तिमां अल्झ्यो। अनि ३
त्येस्को सात् से कुंवारी रानीहरु थिइन् अनि तीन् से चइं रखैलीहरु. अनि
त्येस्को स्वास्नीहरुले त्येस्को मन् फर्काइन्। कसोगरिभन्ये येसो भयो जब ४
सुलैमान् बूढो भयो तब त्येस्को स्वास्नीहरुले त्येस्को मन् पराय्देव्ताहरु तिर
फर्काइन्. अनि त्येस्को मन् त्येस्को बाबु दाऊद्को मन् जस्तो त्येस्को ईश्वर्
यह्वे पट्टि सिद्ध रहेन। कसोगरिभन्ये सुलैमान् सीदोनीहरुको अश्तोरेत् ५
देवी र अम्मोनीहरुका घिन्लाग्दा मिल्कोम् देव्ता पछि लाग्यो। अनि ६
यह्वेको सांमु ज्ये बुरो थियो सुलैमान्ले त्येइ गर्‍यो अनि आफ्नु बाबु
दाऊद्ले झैं यह्वेलाइ पूरोगरि पछ्याएन। तब सुलैमान्ले यरुशलेम्को सांमु ७
भयेको डांड़ामां मोआब्को घिन्लाग्दो देव्ता कमोस्को लागि र
अम्मोन्वंशीहरुको घिन्लाग्दो देव्ता मोलेक्को लागि येउटा येउटा अलग्गो
ठांउ बनायो। अनि येसोरि त्येस्ले आफ्ना सबै अन्यदेसी स्वास्नीहरुको ८
लागि गर्‍यो जो आफ्ना आफ्ना देव्ताहरुको लागि धूप् हाल्द र
बलि गर्द थिइन्॥

अनि यह्वे सुलैमान् देखि रिसायो किनभन्ये त्येस्को मन् इस्राएल्को ९
ईश्वर् यह्वे देखि जस्ले दुइ खेप् त्येस्लाइ दर्शन् दियेको थियो अनि १०
त्येसै कुराको बिषय्मां तं पराय् देव्ताहरु पछि न जांनु भनि आज्ञा दियेको
थियो उह ईश्वर् देखि फर्कि गयो. तर त्येस्ले यह्वेले गर्‍येको आज्ञा
मान्येन। येस्कारण यह्वेले सुलैमान्लाइ भन्यो तैंले यो काम् गरिस् अनि ११
मैंले तंलाइ आज्ञा गर्‍येका मेरो नियम् र मेरा बिधिहरु मानेनस् निस्से मं
राज् तं देखि च्यात्छु अनि तेरो दास्लाइ दिंछु। तैंपनि तेरो पालोभरिमां १२
येसो गर्दीन तेरो बाबु दाऊद्को खातिर्ले. तर तेरो छोरोको हात् बाटो
त्यो च्यात्छु। तैंपनि सिंगै राज् च्यात्दीन तर येउटा कुल् चइं तेरो छोरोलाइ १३
दिंछु मेरो दास् दाऊद्को खातिर्ले र मैंले छान्येको यरूशलेम्को खातिर्ले॥

अनि ईश्वर्ले सुलैमान्को येउटा बिरोधी अर्थात् एदोमी हदद्लाइ १४
उठायो. त्यो एदोम्मां राज्वंशको थियो। कसोगरिभन्ये येसो भयो जब दाऊद् १५
एदोम्मां थियो अनि जब योआब् सेनापति मारियेकाहरुलाइ गाड्नुलाइ
चढेको थियो अनि एदोम्मां सबै पुरुषवर्गहरु जति मारियेका थिये

१७ अनि न काटीउंज्याल् सम्म छ महीना वहां रह्येको थियो) तब हदद्
त्यो सांनु केटा भयेको बेलामां र त्यो सङ त्येस्को बाबुका कति एदोमी
१८ चाकरेहरू मिस्रमां जांनुलाइ भाग्ये। त तिनिहरू मिद्यान् देखि उठेर
पारानमां आये . अनि पारान् बाटो मान्छे लियेर तिनिहरू मिस्रमां मिस्रको
राजा फिरऊन् थांइ आये जस्ले त्येस्लाइ घर् दियो अनि खांने सादाम्
१९ खटाइ दियो अनि त्येस्लाइ जग्गा पनि दियो। अनि हदद् मांथि फिरऊनको
येति ठुलो अनुग्रह भयो त्येस्ले त्येस्लाइ आफ्नी स्वास्नी अं तहपनेस् रानीकी
२० बैंनी त्येस्लाइ ब्याहा गरि दियो। अनि तहपनेसकी बैंनीले त्येस्को लागि
त्येस्को छोरो गनूबत्‌लाइ जन्माई जस्लाइ तहपनेसले फिरऊनको घर्‌मां दुद्
छोड़ाई . अनि गनूबत् बड़ं फिरऊनको घर्‌मां फिरऊनका राजकुमार्‌हरूकां
२१ रह्यो। अनि जब हदद्‌ले मिस्रमां दाऊद् आफ्‌ना पित्रहरू सङ सुत्यो अनि
योआब् सेनापति पनि मर्‌यो अरं भनि सुन्यो तब हदद्‌ले फिरऊन्‌लाइ भन्यो
२२ मंलाइ बिदा दिंनु हवस् र मं आफ्नै देसमां जांउ। तब फिरऊनले त्येस्लाइ
भन्यो तर मं सङ आफुको कं घटि भयो र हेर्नु हवस् आफु आफ्नु देस्‌मां
जांनु खोज्नु हुंद छ। त त्येस्ले उत्तर् दियो कोइ घटि छैन . तैपनि मंलाइ
कोई प्रकारले बिदा दिंनु हवस्॥

२३ अनि ईश्वर्‌ले त्येस्को अर्को येउटा बिरोधीलाइ उठायो अर्थात्
एल्यादाको छोरो रजोन् जो आफ्नु स्वामी सोबाको राजा हददेजेर् देखि
२४ भाग्येको थियो . अनि जब दाऊद्‌ले सोबाका मान्छेहरूलाइ मार्‌यो
तब त्यो मान्छेहरूलाइ आफु थांइ भेला गरायेर येउटा गट्ठाको मालिक्
भयेको थियो . तिनिहरूले दमिस्कमां गइ वहां बस्येर दमिस्कमां राज् गर्दै
२५ थिये। अनि हदद्‌ले गर्‌येको बुराई बाहिक् यो पनि सुलैमानको सबै
पालाभरि इस्राएलको बिरोधी भइ रह्यो . अनि त्येस्ले इस्राएल् थित
घिन् राख्दै अराम् मांथि राज् गर्‌यो॥

२६ अनि नबातको र सरूआ नांउ भयेकी येउटी बिधुवाको छोरो
यारोबाम् भन्नेनै एप्रैमी सरेदाबासी थियो त्येस्ले पनि राजाको बिरुद्धमां
२७ हात् उठायो। अनि त्येस्ले राजाको बिरुद्धमां हात् उठायेको कारण् यो
थियो . अर्थात् सुलैमानले मिल्लो बनायो अनि त्येस्ले आफ्नु बाबु दाऊदको
२८ सहर्‌का छेडूछांडूहरू मरम्मत् गर्‌यो। अनि यारोबाम् भन्ने मान्छे महाबीर्
थियो . अनि सुलैमानले त्येस्लाइ काम् गर्ने मान्छे एक भनि देख्येर त्येस्लाइ
२९ युसुफवंशीहरू मांथि कामदारी खटायो। अनि त्येस् बेला येसो भयो जब
यारोबाम् यरूशलेम् बाटो निस्क्यो तब शीलोनी अहिय्याह् अगमवक्ताले
त्येस्लाइ बाटोमां भेट्यो त्येस् बेला अहिय्याहले येउटा नया दोसा लायेको
३० थियो अनि ति दुइ बनमां येक्लै थिये। त अहिय्याहले आफ्नु लायेको
३१ नया दोसा समात्येर च्याति बारह टुकरा पार्‌यो। वहांदेखि त्येस्ले यारोबामलाइ
भन्यो तिमि दस् टुकरा लेउ . किनभन्ये इस्राएलको ईश्वर् यहवेले येसो
भन्द छ हेर् मं राज् सुलैमानको हात् देखि च्यातछु अनि दस् कुल्

चइं तंलाइ दिंकु. (तैपनि मेरो दास् दाऊद्को निम्तिमां र मैंले इस्राएल्को ३२
सबै कुल् देखि छान्येको सहर् यरूशलेम्को निम्तिमां त्यस्को येउटा कुल्
रहंछ.) किनभन्ये तिनिहरूले मंलाइ छोडेरर सीदोनीहरूको देवी अश्तोरेत् ३३
र मोआब्को देवता कमोश् र अम्मोनवंशीहरूको देवता मिल्कोम्लाइ
दण्डवत् गर्ये अनि तिनिहरूले मेरा आंखाको सोझ मेरा बिधिहरू र मेरा
नियाहरू मान्नलाइ त्यस्को बाबु दाऊद् झैं मेरो बाटोमां हिंड़ेका छैनन् ।
तैपनि मं सिंगै राज् त्यस्को हात् देखि लिहाल्दींन. तर मेरो दास् ३४
दाऊद्को निम्तिमां जस्लाइ मैंले त्यस्ले मेरा आज्ञाहरू र मेरा बिधिहरू
मान्येको कारणले छान्येको थियें त्यस्को निम्तिमां मं त्यस्लाइ त्यस्को जीवन्
भरिका सबै दिन् मालिकै तुल्याइ राखंकु. तर मं राज् त्यस्को छोरोको ३५
हात् देखि लियेर त्यो अर्थात् दस् कुल् चइं तंलाइ दिंकु । अनि त्यस्को ३६
छोरोलाइ मं येउटा कुल् दिंकु र मैंले आफ्नु नांउ राख्नुको लागि छान्येको
यरूशलेम् सहर्मां आफ्नु सांमु आफ्नु दास् दाऊद्को येउटा दीयो हवस् ।
अनि मं तंलाइ लिंकु अनि तेरो प्राणले इच्छा गर्येको सबै अनुसार् तैंले ३७
राज् गर्छस् अनि इस्राएल् मांथि राजा हंछस् । अनि येसो हुंछ तैंले मैंले ३८
तंलाइ आज्ञा गर्येका सबै सुनि मेरो बाटोमां हिंड़िस् अनि मेरा बिधिहरू र
मेरा नियाहरू मान्नलाइ मेरो सांमु ज्ये जाति छ त्यो मेरो दास् दाऊद्ले
गर्येको जस्तो गरिस् भन्ये देखि त मं तं सङ रहंकु अनि तेरो लागि अटल्
घर् बनाउंकु मैंले दाऊद्को लागि बनायेको झैं अनि इस्राएल्लाइ तंलाइ
दिंकु । अनि येसै कारण मं दाऊद्का सन्तान्लाइ दुक्ख दिंकु तर सबै दिन्को ३९
लागि होइन । येस्कारण् सुलेमानले यारोबाम्लाइ मार्नु खोज्यो. तर ४०
यारोबाम् उठेर मिस्रमां मिस्रको राजा शीशक् थांइ भाग्यो अनि
सुलेमान्को मरण् सम्म मिस्रमां रह्यो ॥

अब सुलेमान्का रहल् कार्ज र ज्ये ज्ये त्यस्ले गर्यो अनि त्यस्को बुद्धि ४१
क्ये ति सुलेमान्को कर्म्मको पोस्तक्मां लेख्येका छैनन् । अनि सुलेमान्ले ४२
यरूशलेम्मां सिंगै इस्राएल् मांथि राज् गर्येका सबै दिन् चालीस् वर्ष ४३
थिये । अनि सुलेमान् आफ्ना पित्रहरू सङ सुत्यो अनि आफ्नु बाबु
दाऊद्को सहर्मां गाड़ीयो. तब त्यस्को छोरो रहबाम्ले त्यस्को साटोमां
राज् गर्यो ॥

(इस्राएल्को राज् दुइ भाग् हुंनु)

अनि रहबाम् शकेम्मां गयो. किनभन्ये सिंगै इस्राएल् त्यस्लाइ १२ १
राजा तुल्याउंनुलाइ शकेम्मां आयेका थिये । अनि येसो भयो जब २
नबात्को छोरो यारोबाम्ले यो कुरो सुन्यो (कसोगरिभन्ये त्यो अझै सम्म
मिस्रमां थियो जहां त्यो सुलेमान् राजाको सांमु देखि भाग्येको थियो
अनि यारोबाम् मिस्रमां बस्येको थियो त तिनिहरूले त्यस्लाइ डाकि ३
पठाये) तब यारोबाम् र इस्राएल्को सिंगै सभाले आयेर रहबाम्लाइ

४ ऐसो भन्य आफुको बाबुले हांमिहरुको जूवा गह्रुङ् तुल्याइ दियो.
ऐस्कारण् अब आफुको बाबुको कठिन् चाकरी र त्येस्ले हांमिहरु मांथि
हाल्येको गह्रुङ् जूवा हलुङ् पारि दिंनु हवस् त हांमिहरु आफुको चाकरी
५ गर्छौं। त त्येस्ले तिनिहरुलाइ भन्यो अब तीन् दिन्को लागि जाव. त त्येस्
६ पछि फेरि मं थांइ आव। त लोग् गइ गये। वहांदेखि रहबाम् राजाले
आफ्नु बाबु सुलैमान् जीउंदो छंदाखेरि त्येस्को सांमु उभीइ रहंने बूढा
मान्छेहरु सित ऐसो भनिकन सल्लाह् लियो मैले ति पर्जाहरुलाइ उत्तर्
७ दिंनुलाइ मंलाइ के सल्लाह् दिंछौ। अनि तिनिहरुले त्येस्लाइ ऐसो भन्य
आफुले आजुको दिन् ति पर्जाहरुको अधीन् भयेर तिनको सेवा गर्नु भयो
अनि तिनलाइ उत्तर् दिंनु भयो अनि तिनिहरु सित जाति कुरा गर्नु भयो
८ भन्य देखि त तिनिहरु सधैंभरि आफुका चाकरे रहंछन्। तर त्येस्ले ति
बूढाहरुले दियेको सल्लाह् छोड़ेर ति आफु सङ बढेका आफु सङ उभींने
९ जुवान्हरु सङ सल्लाह् लियो। अनि त्येस्ले तिनिहरुलाइ हांमिहरुले ति पर्जा
जुन्हरुले मंलाइ आफुको बाबुले हांमिहरु मांथि हाल्येको जूवा हलुङ्
पारि दिंनु हवस् भन्येर भन्येका छन् तिनलाइ उत्तर् दिंनु भनि तिमिहरुले
१० मंलाइ के सल्लाह् दिंद छौ। तब त्यो सङ बढेका जुवान्हरुले त्येस्लाइ
ऐसो भन्य ति आफुलाइ आफुको बाबुले हांमिहरुको जूवा गह्रुङ् तुल्यायो
तर आफुले त्यो हांमिहरुको लागि हलुङ् पारि दिंनु हवस् भन्य पर्जाहरुलाइ
ऐसो भन्नु हवस् अं तिनिहरुलाइ ऐसो भन्नु मेरो कान्छो चइं औंला मेरो
११ बाबुको कम्मर् भन्दा मोटो छ। त अब मेरो बाबुले ता तिमिहरु मांथि
गह्रुङ् जूवा बोकायेको छ तर मं चइं ता तिमिहरुको जूवा झन् बढाउंछु.
मेरो बाबुले ता तिमिहरुलाइ कोर्राले शिक्षादण्ड दिंद थियो तर मं चइं
१२ ता तिमिहरुलाइ बिच्छुले शिक्षादण्ड दिंछु भनि। त यारोबाम् र सिंगै
लोग् राजाले तीस्रो दिन्मां मं थांइ फेरि आउंनु भनि आज्ञा दियेको
१३ अनुसार् तीस्रो दिन्मां रहबाम् थांइ आये। तब राजाले पर्जाहरुलाइ
कठोरैइं सित उत्तर् दियो अनि बूढाहरुले त्येस्लाइ दियेको सल्लाह् छोड्यो
१४ अनि तिनिहरुलाइ जुवान्हरुको सल्लाह् अनुसार् ऐसो भन्यो मेरो
बाबुले तिमिहरुको जूवा गह्रुङ् तुल्यायो तर मं चइं ता तिमिहरुको जूवा
झन् बढाउंछु. मेरो बाबुले ता तिमिहरुलाइ कोर्राले शिक्षादण्ड दिंद
१५ थियो तर मं चइं ता तिमिहरुलाइ बिच्छुले शिक्षादण्ड दिंछु। ऐसोरि
राजाले पर्जाहरुको सुन्येन किनभन्ये त्यो यहवेले शीलोनी अहिय्याह्को
बाटोले नबात्को छोरो यारोबाम्लाइ भन्येको आफ्नु कुरा स्थिर् गरोस्
१६ भन्य खातिर्ले यहवेको पट्टि बाटो ठहराईयेको थियो। अनि जब सिंगै
इस्राएल्ले राजाले हांमिहरुको कुरा सुन्येन भनि देख्यो तब पर्जाहरुले
राजालाइ ऐसो भनिकन उत्तर् दिये दाऊद्मां हांमिहरुको के भाग् छ.
अनि यिशैको छोरोमां हांमिहरुको के अधिकार् छ. हे इस्राएल् हो
जनंगे आफ्नु आफ्नु पाल्मां जाव. हे दाऊद् आफ्नु जहान्को विषय्मां

फिक्रि गर्। येसोरि इस्राएल् आफ्नु आफ्नु पाल्मां हिंड़ि गयो। तर १७
यहूदाको सहर्मां बस्ने इस्राएल्वंशीहरु मांथि रहबाम्ले राज् गर्यो। तब १८
रहबाम् राजाले किरिया मुनिको दासको मालिक् अदोराम्चाइंलाइ
पठाइ दियो अनि सिंगै इस्राएल्ले त्येस्लाइ मर्नेगरि ढुंगाले लोहोर्यायो।
तब रहबाम् राजाले आफ्नु रथ्मां चढेर यरुशलेम्मां भागि जांनुलाइ
हतार् गर्यो। येसोरि इस्राएल् दाऊद्को जहान् देखि राजद्रोही भयो १९
आजुको दिन् सम्म। अनि येसो भयो जब सिंगै इस्राएल्ले यारोबाम् फर्कि २०
आयेको छ भनि सुन्ये तब तिनिहरुले त्येस्लाइ मंडली थांइ डाकि पठायेर
त्येस्लाइ सिंगै इस्राएल् मांथि राजा तुल्याये. यहूदाको कुल् बाहिक्
दाऊद्को जहान्लाइ पछ्याउंने कोई पनि थियेन॥

अनि जब रहबाम् यरुशलेम्मां आइ पुग्यो तब त्येस्ले यहूदाको २१
सिंगै जहान् र बिन्यामीन्को कुल्लाइ एक् लाख् र अस्सी हजार् रोजा
लड़ांकिहरुलाइ इस्राएल्को जहान् सित लड़ाइं गरि राज् सुलैमान्को
छोरो रहबाम् पट्टि फर्काउंनुलाइ भेला गरायो। तर ईश्वर्को बचन् येसो २२
भन्दै ईश्वर्को जन् शमायाह् थांइ आयो यहूदाको राजा सुलैमान्को २३
छोरो रहबाम्लाइ र बिन्यामीन् र यहूदाको सिंगै जहान्लाइ र बांकि
पर्जाहरुलाइ येसो भन् यहवेले येसो भन्द छ तिमिहरु चढि न जाव २४
न आफ्ना भाई इस्राएल्वंशीहरु सित लड़ाइं गर. जनंगै आफ्नु आफ्नु
घर्मां फर्कि जाव किनभन्ये यो कुरो मं पट्टि बाटो छ। त येस्मां तिनिहरुले
यहवेको बचन् मान्ये अनि यहवेको बचन् अनुसार् फर्केर आफ्नु आफ्नु
बाटो समात्ये॥

(यारोबाम्ले मूर्त्तिपूजा चलाउंनु)

तब यारोबाम् एफ्रैम्को पहाड़े देस्मां शकेम् बनायेर त्यहां बस्यो २५
अनि त्यहां बाटो गयेर पनूएल् पनि बनायो। अनि यारोबाम्ले आफ्नु २६
मन्मां येसो भन्यो अब दाऊद्को जहान् तिर राज् फर्कि जांछ होला. यि २७
लोग् यरुशलेम्मां यहवेको घर्मां बलि चढाउंनुलाइ गये भन्ये ता यि
लोगको मन् यहूदाको राजा आफ्नु प्रभु रहबाम् तिर फर्कंछ होला अनि
यिनिहरु मंलाइ मांर्येर यहूदाको राजा रहबाम् तिर फर्कंछन् होला। तब २८
राजाले सल्लाह् लियेर सुन्का दुवटा बाच्छा बनायो वहांदेखि त्येस्ले
तिनिहरुलाइ भन्यो तिमिहरुलाइ यरुशलेम्मां चढि जांनु सारो दुक्ख छ
हे इस्राएल् तंलाइ मिस्र देस् देखि निकालि ल्याउंने तेरा ईश्वर्हरु हेर्।
अनि त्येस्ले येउटा चइं बेतेल्मां बसाल्यो अर्को चइं दान्मां। त त्यो थोक् २९
पाप्को कुरो भयो. कसोगरिभन्ये लोग् येउटाको सांमु दण्डवत् गर्नुलाइ ३०
दान् सम्म गये। अनि त्येस्ले अलगा अलगा ठांउमां चइं घर् बनायो अनि सबै ३१
साधारण् लोग्मांकाहरुलाइ जो लेवीवंशीहरुमांका थियेनन् तिनिहरुलाइ
पूजाहारी तुल्यायो। अनि यारोबाम्ले आठौं महीनाको पन्द्रौं तिथिमां ३२

यहूदामां भयेको चाड् जस्तो येउटा चाड् ठहरायो अनि त्येस्ले बेदिमा
चढायो येसोरि त्येस्ले आफुले बनायेको बाच्छाको लागि बेतेल्मां पनि
बलिदान् चढाउंने गर्‍यो. अनि त्यस्ले आफुले बनायेका अलग अलग
३३ ठांउका पूजाहारीहरूलाइ बेतल्मां ठहरायो। अनि त्यो आठौं महीनाको
पन्द्रहौं तिथिमां अर्थात् आफ्नु मनले ठहरायेको महीनामां आफुले
बेतेल्मां बनायेको बेदिमां चढि गयो. अनि त्येस्ले इस्राएलबंशीहरूको
लागि येउटा चाड् ठहरायो अनि बेदिमां धूप् हाल्नुलाइ चढि गयो॥

(येउटा यिहूदी अगम्बक्ताको बिषय्)

१३ १ अनि यारोबाम् बेदिको छेउमां धूप् हाल्नुलाइ उभीइ रहंदा हेर
२ यहवेको बचन्ले यहूदा बाटो बेतेल्मां ईश्वरको एक् जन् आयो। अनि
त्यो यहवेको बचन्ले बेदिको बिरुद्धमां येसो भनिकन करायो हे बेदि हे
बेदि यहवेले येसो भन्द छ. हेर् दाऊदको जहान्को लागि योशिय्याह्
भनींने बालख जन्मंछ जस्ले तं मांथि धूप् हाल्ने अलग अलग ठांउका
पूजाहारीहरूलाइनै तं मांथि बलि गर्छ अनि तं मांथि मान्छेहरूका हाड्हरू
३ पनि डढाउंछन्। अनि त्येसै दिन् त्यस्ले येसो भनिकन चिंनु पनि
दियो यहवेले भन्येको चिंनु येइ हो. हेर् यो बेदि फुटाइंछ अनि त्येसमां
४ भयेको खरानि खन्याइंछ। अनि येसो भयो जब राजाले ईश्वरको त्येस्
जनले बेतल्मां भयेको बेदिको बिरुद्धमां करायेको यो कुरा सुन्यो तब
यारोबाम्ले बेदि देखि हात् पसार्‍येर भन्यो त्यस्लाइ पक्र। तब त्यस्ले
त्यस्को बिरुद्धमां पसार्‍येको हात् त्यो फेरि आफु थांइ फर्काउंनु न सक्नेगरि
५ सुकि गयो। बेदि पनि फुटि गयो अनि खरानि बेदि देखि खनीयो
६ ईश्वरको जनले यहवेको बचन्ले दियेको चिंनु अनुसार्। अनि राजाले
ईश्वरको जन्लाइ उत्तर् दिइ भन्यो आफ्नु ईश्वर् यहवेको अनुग्रह्
मांगिकन मेरो लागि बिन्ति गर मेरा हात् मेरो लागि फर्काइ दिइंनुको
लागि। तब ईश्वरको जनले यहवे सित बिन्ति गर्‍यो त राजाको हात्
७ त्येस्लाइ फर्काइ दिईयेर जस्ताको तस्तो भइ गयो। तब राजाले ईश्वरको
जन्लाइ भन्यो मं सङ मेरो घर्मां आउंनु हवस् अनि बिश्राम् गर्नु हवस्
८ अनि मं आफुलाइ दान् दिंछु। तर ईश्वरको जनले राजालाइ भन्यो आफुले
मंलाइ आफ्नु आधा घर् दिंनु भयो भन्ये पनि मं आफु सङ भित्र पस्दींन
९ अनि न येस् ठांउमां रोटी खांछु न पानी पीउंछु. किनभन्ये यहवेको
बचन्ले मंलाइ येसो भनिकन अह्रायेको छ तैंले न रोटी खायेस् न पानी
१० पीयेस् अनि न तं तं आयेकै बाटो बाड़ो फर्केस् भनि। त त्यो अर्कौ बाटो
बाड़ो गयो बेतेल्मां आयेको बाटो बाड़ो फर्कि गयेन॥
११ ति ताक बेतेल्मां येउटा बूढो अगमबक्ता रहंद थियो अनि त्यस्का
छोराहरूमांको येउटाले आयेर त्येस्लाइ ईश्वरको जनले त्येस् दिन् बेतेल्मां
गर्‍येको सबे काम् सुनाइ दियो. अनि त्येस्ले राजालाइ भन्येका कुरा पनि

आफ्नु बाबुलाइ सुनाइ दियो। त तिनिहरुको बाबुले तिनिहरुलाइ भन्यो १२
त्यो कुन् बाटो बाड्हो गयो। अनि त्येस्का छोराहरुले यहूदा बाटो आयेको
ईश्वरको जन् गयेको बाटो देख्येका थिये। तब त्येस्ले आफ्ना छोराहरुलाइ १३
मेरो लागि गदाहामां जीन् कस भन्यो त तिनिहरुले त्येस्को लागि गदाहामां
जीन् कस्ये. अनि त्यो त्येस् मांथि चढ्यो। वहांदेखि त्यो ईश्वरको १४
जन्लाइ पछ्याउंदै गयेर त्येस्लाइ बांजरुखो मुनि बसि रह्येको भेटायो.
अनि त्येस्ले त्येस्लाइ भन्यो यहूदा बाटो आयेको ईश्वरको जन् को
आफुनै हो. त्येस्ले भन्यो मैं हुं। तब त्येस्ले त्येस्लाइ भन्यो मं सङ मेरो १५
घरमां आयेर रोटी खांनु हवस्। तब त्येस्ले भन्यो मं आफु सित फर्कनु १६
कि आफु सित पसु हुंदैन. अनि न आफु सङ येस् ठांउमां रोटी खांछु न
पानी पीउंछु किनभन्ये मंलाइ यहवेको बचनले भन्येको छ तैंले वहां न १७
रोटी खायेस् न पानी पीयेस् अनि न तं तं आयेको बाटो बाड्हो फर्केस् भनि।
अनि त्येस्ले त्येस्लाइ भन्यो मं पनि आफु जस्तै अगमबक्ता हुं अनि येउटा १८
दूतले मंलाइ ईश्वरको बचनले येसो भन्येको छ त्येस्लाइ आफु सित आफ्नु
घरमां फर्काइ ले र त्येस्ले रोटी खावस् पानी पीवस् भनि। यो त्येस्ले ढांट् १९
भन्यो। त त्यो त्यो सङ फर्कि गयो अनि त्येस्को घरमां रोटी खायो
अनि पानी पीयो। अनि येसो भयो जसै तिनिहरु मेजमां बस्येका थिये २०
तब यहवेको बचन् त्येस्लाइ फर्काइ ल्याउंने अगमबक्ता थांइ आयो. अनि २१
त्यो यहूदा बाटो आउंने ईश्वरको जन्लाइ येसो भन्दै करायो यहवेले येसो
भन्द छ तैंले यहवेको मुखको बिरुद्धमां झगरा गरिस् अनि तेरो ईश्वर
यहवेले तंलाइ आज्ञा गर्येको आज्ञा मानीनस् तर जस् ठांउको २२
बिषयमां उस्ले तंलाइ रोटी न खा अनि न पानी पी भन्येर भन्येको थियो
त्येस् ठांउमां फर्कि आयेर रोटी खाइस् अनि पानी पीइस् येस्कारण् तेरो
मुर्दा तेरा पित्रहरुको चिहानमां जांदैन। अनि येसो भयो त्येस्ले रोटी २३
खाये अनि पानी पीये पछि त्येस्ले त्येस्को लागि अर्थात् त्येस्ले फर्काइ
ल्यायेको अगमबक्ताको लागि गदाहामां जीन् कस्यो। अनि जब त्यो हिंड्हेको २४
थियो तब येउटा सिंहले त्येस्लाइ बाटोमां भेटायेर मारि दियो. अनि
त्येस्को मुर्दा बाटोमां मिल्कीइ रह्यो अनि त्येस्को छेउमां गदाहा उभीइ
रह्यो सिंह पनि मुर्दाको छेउमां उभीइ रह्यो। तब हेर मान्छेहरुले हिंड्हि २५
जांदा त्यो बाटोमां मिल्कीयेको मुर्दालाइ र त्येस् मुर्दाको छेउमां उभीइ
रह्येको सिंहलाइ देख्ये. तब तिनिहरुले आयेर त्यो बूढो अगमबक्ता
बस्येको सहरमां सुनाइ दिये। तब जसै त्येस्लाइ बाटो देखि फर्काइ २६
ल्याउंने अगमबक्ताले त्येस्को बिषयमां सुन्यो तब त्येस्ले भन्यो त्यो ईश्वरको
जन् हो. जस्ले यहवेको मुखको बिरुद्धमां झगरा गर्यो. येस्कारण्
यहवेले त्येस्लाइ सिंहलाइ दिहाल्यो जस्ले यहवेले भन्येको बचन् अनुसार्
त्येस्लाइ फहराइ मार्यो। अनि त्येस्ले आफ्ना छोराहरुलाइ येसो भन्यो २७

गयेर त्यसको मुर्दा बाटोमां मिलकोइ रह्यको र मुर्दाको छेउमां सिंह
उभीइ रह्यको भेट्यो . सिंहले न मुर्दालाइ खायेको थियो न
२९ गदाहालाइ फट्टायेको थियो । त अगमवक्ताले ईश्वरको जनको मुर्दा
गदाहा मांथि बोकायेर फर्काइ ल्यायो . अनि त्यो बूढो अगमवक्ताको
३० सहरमां बिलाप् गर्नु र त्यसलाइ गाड्नुलाइ आयो । अनि त्यसको मुर्दा
आफ्नै चिहान्मां राख्यो अनि तिनिहरुले त्यसको बिषयमां हाय् मेरो भाई
३१ भनिकन बिलाप् गर्ये । अनि येसो भयो जब त्यसले त्यसलाइ गाड़ेको
थियो तब त्यसले आफ्ना छोराहरुलाइ येसो भन्यो जब मं मंर्छु तब मंलाइ
पनि ईश्वरको जन् गाड़ेको चिहानमां गाड़ त्यसका हाड्हरु सङ मेरा
३२ हाड्हरु पनि राख । किनभन्ये त्यसले यहवेको बचनले बेतेलमां भयेको
बेदिको बिरुद्धमां र शोमरोनका सहर्हरुमां भयेका अलगा अलगा
ठांउका सबै घर्हरुको बिरुद्धमां करायेका कुरा निस्से पूरा हुंछन् ॥

(यारोबाम्को अन्त)

३३ त्यस् पछि यारोबाम् आफ्नु बुरो चाल् देखि फर्केन तर फेरि साधारण
लोगमांकालाइ अलगा अलगा ठांउका पूजाहारीहरु ठहरायो . अनि जस्
जस्लाइ जसले मांगद थियो तिनिहरुलाइ त्यसले अलगा अलगा ठांउका
३४ पूजाहारी हुंनुलाइ स्थापन् गर्यो । अनि यो कुरो यारोबाम्को जहान्को
लागि अं त्यसलाइ काटि दिंनुको लागि र त्यसलाइ पृथिवीको मुख् देखि
नास् पार्नुको लागि पाप्को थोक् भइ गयो ॥

१४ १ ति ताक यारोबाम्को छोरो अबिय्याह् दुख्यो । त यारोबाम्ले
आफ्नी स्वास्नीलाइ भन्यो कृपागरि उठेर तं यारोबाम्की स्वास्नी हो
२ भनि न चिनींनेगरि भेष् फेर् . अनि शिलोमां जा हेर् वहां मेरो बिषयमां
तिमि यि लोग् मांथि राजा हुंछौ भनि मंलाइ भन्ये अहिय्याह् अगमवक्ता
३ छ । अनि आफु सङ दसवटा रोटी र फुलौराहरु र एक् कुप्पी मह लियेर
४ त्यो थांइ जा . त त्यसले तंलाइ बालख कसो हुंछ भनि कहि दिंछ । तब
यारोबाम्की स्वास्नीले त्यसै गरी अनि उठेर शिलोमां गयेर अहिय्याह्को
घर्मां पुगी । अनि अहिय्याह्ले देख्नु सक्दैन थियो कसोगरिभन्ये
५ बूढेस्कालको कारणले त्यसका आंखा तरि गयेका थिये । अनि यहवेले
अहिय्याह्लाइ भन्यो हेर् यारोबाम्की स्वास्नी त्यसको छोरो जो दुख्येको छ
त्यसको बिषयमां तं थांइ सोध्नुलाइ आउंदै छ . त त्यसलाइ येसो येसो
भन् . येसो हुंछ जब त्यो भित्र पस्छे तब अर्कौ कोई आइमाइ हो भन्ये
६ निउं गर्छे । तब येसो भयो जब अहिय्याह्ले त्यो देला भित्र पस्दै गर्दा
त्यसको हिंड़ाईको सोर् सुन्यो तब त्यसले भन्यो ए यारोबाम्की स्वास्नी
भित्र आइज . तं किन अर्कौ कोई हुं भन्ये निउं गर्छे कसोगरिभन्ये मं

तं यांइ कठोर् समाचारको लागि पठाईयेको छु। गयेर यारोबामलाइ ७
सुनाइ दे इस्राएल्को ईश्वर् यहवेले येसो भन्द छ मैले तंलाइ प्रजाहरूको
बीच् देखि अलग्यायें अनि आफ्ना लोग् इस्राएल् मांथि तंलाइ
मालिक् तुल्यायें   अनि दाऊदको घर् देखि राज् च्याति ल्यायेर ८
तंलाइ दियें. र पनि तं मेरो दास् दाऊद् जस्तो भयेको छैनस् जस्ले
मेरो आज्ञा मान्यो अनि जस्ले आफ्नु पूरो मनले मेरो सांमु जय जाति थियो
त्यइ मांत्रै गर्नुलाइ मंलाइ पछ्यायो   तर तंचइंले ता तेरो अघि अघि ९
जांने सबैले भन्दा बेसि बुराई गर्‍येको छस् अनि मेरो रिस् उठाउंनुको
लागि तैंले गयेर पराय् देवताहरू र ढाल्येका मूर्त्तिहरू बनायेको छस् अनि
मंलाइ चइं तेरो पिठिउं पछि आफालि दियेको छस्. येस्कारण हेर् मं १०
यारोबामको घर् मांथि बुराई ल्याउंछु अनि यारोबाम् देखि सबै
केटाबालखहरू इस्राएलमां थुनीयेका र छोड़ीयेकाहरूलाइ पनि काटि दिंछु
अनि मान्छेले कसिंङर् बढ़ार्‍येको झैं यारोबामको घर् त्येस्मां कोइ न
रहनेगरि खांटै बढ़ांछु। सहरमां यारोबामको जो मंर्छ त्येस्लाइ कुकुर्हरूले ११
खांछन् अनि बन्मां जो मंर्छ त्येस्लाइ आकाशका पंछीहरूले खांछन्.
कसोगरिभन्ये यहवेले येसै भन्येको छ। त अब तं उठेर आफ्नु घर्मां जा. १२
तेरा गोड़ा सहर्मां पर्नु बित्तिकै बालख मंर्छ। अनि सिंगै इस्राएल्ले त्येस्को १३
लागि बिलाप् गर्दै त्येस्लाइ गाड़्छन् किनभन्ये यारोबामको त्यइ मांत्रै
चिहान्मां जांछ. किनभन्ये यारोबामको जहान्मां इस्राएल्को ईश्वर्
यहवे तिर कोइ भलो थोक् त्येसैमां पाईयो। येस् उप्रान्त यहवेले १४
आफ्नु लागि इस्राएल् मांथि येउटा येस्तो राजा उठाउंछ जस्ले त्येस् दिन्मां
यारोबामको जहान्लाइ काटि दिंछ. न भन्दे. अं एलेनै। किनभन्ये १५
यहवेले इस्राएल्लाइ निहालो पानीले हल्लायेको झैंगरि मांर्छ अनि उस्ले
तिनिहरूका पित्रहरूलाइ दियेको येस् असल् देस् देखि इस्राएल्लाइ
उखेल्छ अनि तिनिहरूलाइ महानदी देखि पुंड़ो छरपुष्ट पार्छ किनभन्ये
तिनिहरूले यहवेको रिस् उठाउंनुको लागि आफ्नु अशेरीम् भनीने
मूर्त्तिहरू बनाये। अनि यारोबाम् आफैले गर्‍येको पाप् र इस्राएल् देखि १६
गरायेको पापको कारणले उस्ले इस्राएल्लाइ छोड़ि दिंछ। तब १७
यारोबामकी स्वास्नी उठेर हिंड़ी अनि तिर्सामां आई अनि त्यो घरको
सङार्मां आइ पुगनु बित्तिकै बालख मंरि गयो। अनि यहवेले आफ्नु १८
दास् अहिय्याह् अगमवक्ताको बाटोले भन्येको अनुसार् सिंगै इस्राएल्ले
त्येस्लाइ गाड़ेर अनि त्येस्को लागि बिलाप् गर्‍ये। अनि यारोबामका रहल् १९
कार्ज्ये अर्थात् त्येस्ले कसो कसोगरि लड़ाईं गर्‍यो अनि कसो कसोगरि राज्
गर्‍यो हेर ति इस्राएल्का राजाहरूको इतिहासको पोस्तक्मां लेख्येका
छन्। अनि यारोबामले राज् गर्‍येका दिन् बाईस् बर्ष थिये. तब त्यो २०
आफ्ना पित्रहरू सङ सुति गयो अनि त्येस्को साटोमां त्येस्को छोरो

(रहबाम्‌को राज्)

२१ अनि सुलैमान्‌को छोरो रहबाम्‌ले यहूदामां राज् गर्‍यो । रहबाम् राज्
गर्नु लाग्‌दा एक्‌चालीस् बर्षको थियो अनि त्यसले यह्‌वेले इस्राएल्‌का सबै
कुल् देखि आफ्‌नु नांउ राख्‌नुको लागि छान्येको सहर् अर्थात् यरूशलेम्‌मां
सत्र बर्ष राज् गर्‍यो. अनि त्यसकी आंमाको नांउ अम्मोनी नामा
२२ थियो । अनि यहूदाले यह्‌वेको सांमु जुन् बेहोरा नजाति थियो त्यइ
गर्‍यो येसोरि तिनिहरूले आफुले गर्‍येका पापको कारण्‌ले आफ्‌ना पित्रहरूले
२३ गर्‍येका सबै काम् भन्दा अरु बेसिगरि उह्‌लाइ इर्ष्याये । कसोगरिभन्ये
तिनिहरूले आफ्‌नु लागि अल्‌गा अल्‌गा ठाउंहरु र मुड्‌काहरु र अशेरीम्
मूर्त्तिहरु सबै अल्‌गा अल्‌गा डांड़ा मांथि र सबै हरीया रुख्‌हरु मुनि
२४ पनि बनाये अनि पुरुषगामीहरु पनि देस्‌मां थिये. तिनिहरूले
यह्‌वेले इस्राएलबंशीहरुको सांमु देखि धपायेका लोग् लोग्‌का सबै
२५ घिन्‌लाग्‌दा काम् अनसार् गर्दै थिये । अनि रहबाम् राजाको पांचौं
बर्षमां येसो भयो मिस्रको राजा शीशक् यरूशलेम्‌को बिरुद्धमां चढि
२६ आयो. अनि त्यसले यह्‌वेको घर्‌को भंड़ार् र राजाको घर्‌को भंड़ार् लुटि
लग्‍यो अं सबै लुटि लग्‍यो . सुलैमान्‌ले बनायेका सुन्‌का सबै ढाल्‌हरु पनि
२७ लुटि लग्‍यो । तब रहबाम् राजाले तिनिहरुको साटोमां पीतल्‌का ढाल्‌हरु
बनायेर राजाको घर्‌को देलो रुङ्‌ने दुगुर्नेहरुका मालिक्‌हरुको हात्‌मां सुम्पि
२८ दियो । अनि येसो हुंथ्यो जब जब राजा यह्‌वेको घर्‌मां जांद थियो तब
२९ तब रुङ्‌ने दुगुर्नेहरुले ति लिंद थिये अनि फेरि आफ्‌नु पहराकोठामां
ल्याउंद थिये । अब रहबाम्‌का रहल् कार्ज्य र ज्य ज्ये त्यसले गर्‍यो क्ये ति
३० यहूदाका राजाहरुको इतिहास्‌को पोस्तक्‌मां लेख्येका छैनन् । अनि
३१ रहबाम् र यारोबाम्‌को बीच्‌मां सदा लड़ाइं भइ रह्‍यो । अनि रहबाम्
आफ्‌ना पित्रहरु सङ सुति गयो अनि दाऊद्‌को सहर्‌मां आफ्‌ना पित्रहरु
सङ गाड़ीयो . अनि त्यसकी आंमाको नांउ अम्मोनी नामा थियो । अनि
त्यसको छोरो अबिय्याम्‌ले त्यसको साटोमां राज् गर्‍यो ॥

(अबिय्याम्‌को राज्)

१५ १ नबात्‌को छोरो यारोबाम् राजाको अठारौं बर्षमां अबिय्याम्
२ यहूदा मांथि राज् गर्नु लाग्‍यो । त्यसले तीन् बर्ष यरूशलेम्‌मां राज् गर्‍यो
३ अनि त्यसकी आंमाको नांउ अबीशालोम्‌की छोरी माका थियो । अनि
त्यो पनि त्यसको बाबुले अगाड़ि गर्‍येका सबै पाप्‌मां हिंड़्यो . अनि त्यसको
पित्र दाऊद्‌को मन् जस्तो त्यसको मन् त्यसको ईस्वर् यह्‌वे तिर सिद्ध थियेन ।
४ तैपनि दाऊदैको कारण्‌ले त्यसको ईस्वर् यह्‌वेले त्यसलाइ यरूशलेम्‌मां त्यस्
पछि त्यसको छोरोलाइ उभ्याउंनुको लागि र यरूशलेम् थीरो राख्‌नुको लागि
५ येउटा दीयो दियो. किनभन्ये दाऊद्‌ले यह्‌वेको सांमु ज्ये ज्ये जाति थियो

त्येइ त्येइ गर्‍येको थियो हित्ती ऊरिय्याह्‌को कुरोको बिषय्‌मां बाहिक्‌ उर्स्ल
त्येस्लाइ त्येस्को जीवनभरिको सबै दिन्‌मां गरीयेका आज्ञा देखि कैले पनि
तर्कि गयेन। रहबाम्‌ र यारोबाम्‌को बीच्‌मां त्येस्को जीवन्‌का सबै दिन्‌ ६
लड़ाइँ भइ रह्यो। अनि अबिय्याम्‌को रहल्‌ कार्ज्य र ज्ये ज्ये त्येस्ले गर्‍यो क्ये ७
ति यहूदाका राजाहरुको इतिहास्‌को पोस्तक्‌मां लेख्येका छैनन्‌। अनि
अबिय्याम्‌ र यारोबाम्‌को बीच्‌मां लड़ाइँ भइ रह्यो। अनि अबिय्याम्‌ ८
आफ्‌ना पित्रहरु सङ सुति गयो अनि तिनिहरुले त्येस्लाइ दाऊद्‌को सहर्‌मां
गाड़ेर. अनि त्येस्को छोरो आसाले त्येस्को साटोमां राज्‌ गर्‍यो॥

(आसाको राज्‌)

अनि इस्राएल्‌को राजा यारोबाम्‌को बीसौं बर्षमां आसा यहूदा ९
मांथि राज्‌ गर्नु लाग्यो। अनि त्येस्ले यरूशलेम्‌मां एक्‌चालीस्‌ बर्ष राज्‌ १०
गर्‍यो. अनि त्येस्को आंमाको नांउ अबीशालोम्‌को छोरी माका थियो।
अनि आसाले त्येस्को बाबु दाऊद्‌ले झैं यहवेको सांमु ज्ये ज्ये जाति थियो ११
त्येइ गर्‍यो। अनि त्येस्ले पुरुष्‌गामीहरुलाइ देस्‌ देखि निकालि दियो अनि १२
त्येस्का पित्रहरुले बनायेका सबै मूर्त्तिहरु दूर्‌ गर्‍यो। अनि त्येस्ले आफ्‌नी १३
आंमा माकालाइ पनि राज्‌आंमाको मान्‌ देखि दूर्‌ गरि दियो किनभन्ये
त्येस्ले अशेराको लागि येउटा घिन्‌लाग्‌दो मूर्त्ति बनायेकी थिई अनि
आसाले त्येस्ले बनायेको मूर्त्ति काटि ढाल्येर किद्रोन्‌ खोल्‌चामां डड़ाइ
दियो। तर अलग्गा अलग्गा ठांउहरु चइं दूर्‌ गरीयेनन्‌. तैपनि आसाको १४
मन्‌ यहवे सङ त्येस्का सबै दिन्‌ सिद्ध थियो। अनि त्येस्ले आफ्‌नु बाबुले १५
पवित्र काम्‌को लागि अलग्‌ छुट्यायेका थोक्‌ र त्यो आफैले पवित्र काम्‌को
लागि अलग्‌ छुट्यायेका थोक्‌ चांदी सुन्‌ र भांड़ाहरु यहवेको घर्‌मां
ल्यायो। अनि आसा र इस्राएल्‌को राजा बाशाको बीच्‌मां तिनिहरुका १६
सबै दिनमां लड़ाइँ भइ रह्यो। अनि इस्राएल्‌को राजा बाशा यहूदाको १७
बिरुद्धमां चढेर रामा र मह्‌र्‌ येसोरि बनायो त्येस्ले कसैलाइ यहूदाको
राजा आसा थांइ बाइर जांनु कि भित्र आउंनु दियेन। तब आसाले १८
यहवेको घर्‌का भंड़ार्‌मां रह्येका सबै चांदी र सुन्‌ र राजाको घर्‌का भंड़ार्‌
लिइ आफ्‌ना चाकरेहरुको हात्‌मां सुम्पि दियो. अनि आसा राजाले त्यो
दमिश्क्‌मां बस्ने अराम्‌को राजा हेज्योन्‌को छोरो तब्रिम्मोन्‌को छोरो
बेन्‌हदद्‌लाइ येसो भनि पठायो मेरो र आफुको बीच्‌मां अनि मेरो १९
बाबु र आफुको बाबुको बीच्‌मां बाचा छ. हेर्नु हवस्‌ मैले आफु थांइ
चांदी र सुन्‌को भेटि पठायेको छु गयेर इस्राएल्‌को राजा बाशा सङ
बांध्येको आफुको बाचा टुटाउंनु हवस्‌ र त्यो मं देखि फर्कि जावस्‌। तब २०
बेन्‌हदद्‌ले आसा राजाको बात्‌ मान्यो अनि आफ्‌ना सेनापतिहरुलाइ
इस्राएल्‌का सहर्‌हरुको बिरुद्धमां पठायेर इय्योन्‌ दान्‌ आबेल्‌बेत्माका र

भयो जब बाशाले यो कुरो सुन्यो तब रामा बनाउंनु छोड़ेर तिर्सामां
२२ रह्यो। त्येस् पछि आसा राजाले सिंगै यहूदालाइ उर्दी सुनायो कसैलाइ
पनि छोड़ेन, त तिनिहरुले रामाका ढुंगाहरु र बाशाले त्येस्को लागि
बनायेका काठ्हरु ल्यायेर आसा राजाले तिनको बिन्यामीन्को गेबा र
२३ मिस्पा बनायो। अब आसाका सबै रहल् कार्ज्य र त्येस्को सबै प्रताप् र
ज्ये ज्य त्येस्ले गर्‍यो अनि त्येस्ले बनायेका सहर्‌हरु कै ति यहूदाका राजाहरुको
इतिहास्को पोस्तक्मां लेख्येका छैनन्। तर त्येस्को बूढस्कालमां त्येस्को
२४ गोड़ामां ब्येथा उपज्यो। अनि आसा आफ्ना पित्रहरु सङ मृति गयो अनि
आफ्नु पित्र दाऊद्को सहर्‌मां आफ्ना पित्रहरु सङ गाड़ीयो, अनि त्येस्को
छोरो यहोशापात्ले त्येस्को साटोमां राज् गर्‍यो॥

(नादाब्को राज्)

२५ अनि यहूदाको राजा आसाको दोस्रो बर्षमां यारोबाम्को छोरो
नादाब् इस्राएल् मांथि राज् गर्नु लाग्यो अनि त्येस्ले इस्राएल् मांथि दुइ
२६ बर्ष राज् गर्‍यो। अनि त्येस्ले जुन् बेहोरा यहवेको सांमु बुरो थियो त्येइ
गर्‍यो अनि आफ्नु बाबुको बाटोमां र त्येस्ले इस्राएल् देखि गरायेका
२७ त्येस्का पापमां हिंड्‌यो। अनि इस्साकार्को कुल्को अहिय्याह्को छोरो
बाशाले त्येस्को बिरुद्धमां राजद्रोह् गर्‍यो वहांदेखि बाशाले त्येस्लाइ
पलिश्तीहरु पट्टि पर्येको गिब्बतोन्मां मार्‍यो कसोगरिभन्ये नादाब् र सिंगै
२८ इस्राएल्ले गिब्बतोन्लाइ घेर्दै थिये। अं यहूदाको राजा आसाको तीस्रो
२९ बर्षमां बाशाले त्येस्लाइ मार्‍येर त्येस्को साटोमां राज् गर्‍यो। अनि यसो
भयो त्यो राजा हुंनु बित्तिकै त्येस्ले यारोबाम्को सिंगै जहान्लाइ मार्‍यो
अं त्येस्ले यारोबाम्को लागि सास् फेर्ने येउटालाइ पनि राख्येन त्येस्लाइ नास्
न पारुंज्याल् सम्म यहवेले आफ्नु दास् शीलोनी अहिय्याह्को बाटोले
३० भन्येको अनुसार्, यारोबाम्ले गर्‍येका र त्येस्ले इस्राएल् देखि गरायेका
पापको कारणले अनि इस्राएल्को ईश्वर् यहवेलाइ रिसाउंनु लाउंनुलाइ
३१ उस्को रिस् उठायेको कारणले। अब नादाब्का रहल् कार्ज्य र ज्ये ज्य
त्येस्ले गर्‍यो कै ति इस्राएल्का राजाहरुको इतिहास्को पोस्तक्मां
३२ लेख्येका छैनन्। अनि आसा र इस्राएल्को राजा बाशाका सबै दिनमां
लड़ाइं भइ रह्यो॥

(बाशाको राज्)

३३ यहूदाको राजा आसाको तीस्रो बर्षमां अहिय्याह्को छोरो बाशा
तिर्सामां सिंगै इस्राएल् मांथि राज् गर्नु लाग्यो अनि त्येस्ले चौबीस् बर्ष
३४ राज् गर्‍यो। अनि त्येस्ले यहवेको सांमु ज्ये बुरो थियो त्येइ गर्‍यो अनि
यारोबाम्को बाटोमां र त्येस्ले इस्राएल देखि गरायेको पापमां हिंड्‌यो।

अनि यहवेको वचन् बाशाको बिरुद्धमां हनानीको छोरो येहू थांइ येसो १६ १
भन्दै आयो   मैले तंलाइ धुलो देखि अल्ग्यायेर तंलाइ आफ्नु लोग् २
इस्राएल् मांथि मालिक् तुल्यायें र पनि तं यारोबामको बाटोमां हिंड्इस्
अनि मेरो लोग् इस्राएल् देखि तिनिहरुका पाप्हरुले मेरो रिस् उठाउंनुको
लागि पाप् गराइस्   येसकारण् हेर् मं बाशा र त्येसको जहान्लाइ ३
स्यांट्टै बढार्कु अनि तेरो जहान् नबातको छोरो यारोबामको जस्तै पार्कु ।
सहर्मां बाशाको जो मर्छ त्येसलाइ कुकुर्हरुले खांछन् अनि बन्मां त्येसको जो ४
मर्छ त्येसलाइ अकाशका पंषीहरुले खांछन् । अब बाशाका रहल् कार्ज्य र ५
ज्ये ज्ये त्येसले गर्‍यो अनि त्येसको प्रताप् के ति इस्राएलका राजाहरुको
इतिहासको पोस्तकमां लेख्येका छैनन् । अनि बाशा आफ्ना पित्रहरु सङ ६
सुति गयो अनि तिर्सामां गाड़ीयो अनि त्येसको छोरो एलाले त्येसको साटोमां
राज् गर्‍यो । येस् उप्रान्त हनानीको छोरो येहू अगमबक्ताको बाटोले ७
यहवेको बचन् बाशाको बिरुद्धमां र त्येसको जहानको बिरुद्धमां आयो
त्येसले यहवेको सांमु गर्‍येका सबै बुराईको कारणले अर्थात् उसको रिस्
त्येसको हातको कामको बाटोले उठाउंनुलाइ र यारोबामको जहान् जस्तो
भयेकोले अनि त्येसले त्येसलाइ मार्‍येको कारणले ॥

(एलाको राज्)

यहूदाको राजा आसाको छब्बीसौं बर्षमां बाशाको छोरो एला ८
तिर्सामां इस्राएल् मांथि राज् गर्नु लाग्यो अनि त्येसले दुइ बर्ष राज् गर्‍यो ।
अनि जसै त्यो तिर्सामां आफ्नु घर्को मालिक् अर्साको घर्मां मात्तुलाइ ९
पीउंद थियो . तब त्येसको आधा रथ्हरुको मालिक् त्येसको चाकरे जिम्रीले
त्येसको बिरुद्धमां राजद्रोह् गर्‍यो . वहांदेखि यहूदाको राजा आसाको १०
सत्ताईसौं बर्षमां जिम्रीले भित्र पस्येर त्येसलाइ हिर्कायेर मार्‍यो वहांदेखि
त्येसको साटोमां राज् गर्‍यो । अनि येसो भयो जब त्येसले राज् गर्नु थाल्यो ११
तब सिंहासनमां बस्नु बित्तिकै त्येसले बाशाको सिंगै जहान्लाइ मार्‍यो .
त्येसले त्येसको लागि न त्येसको कुटुम्बमांको न त्येसको मित्रमांको येउटा
केटाबालखलाइ पनि छोड़ेन । येसोरि जिम्रीले यहवेले बाशाको बिरुद्धमां १२
येहू अगमबक्ताको बाटोले भन्येको बचन् अनुसार् बाशाको सिंगै जहान्लाइ
नास् पार्‍यो   बाशाका पाप्हरु र त्येसको छोरो एलाका पापको कारणले १३
जुन् पाप् तिनिहरुले गर्‍ये अनि जुन्हरुको बाटोले तिनिहरुले आफ्ना ब्यर्थ
थोक् देखि इस्राएलको ईश्वर् यहवेलाइ रिसाउंनु लाउंनुलाइ इस्राएल्
देखि पाप् गराये । अब एलाको रहल् कार्ज्य र ज्ये ज्ये त्येसले गर्‍यो के ति १४
इस्राएलका राजाहरुको इतिहासको पोस्तकमां लेख्येका छैनन् ॥

(जिम्रीको राज्)

यहूदाको राजा आसाको सत्ताईसौं बर्षमां जिम्रीले तिर्सामां सात १५

दिन् राज् गर्‍यो। त्येस् बेला लोगले पलिश्तीहरुको पट्टि पर्‍येको गिब्बतोन्को
१६ बिरुद्धमां डेरा हाल्येका थिये। अनि डेरा हाल्येका लोगले जिम्रीले
राजद्रोह् गर्‍यो अनि राजालाइ पनि मांर्‍यो अरे भन्येको सुन्ये. येस्कारण्
सिंगै इस्राएलले ओम्री सेनापतिलाइ त्येसै दिन् छाउंनीमां इस्राएल्
१७ मांथि राजा तुल्याये। अनि ओम्री गिब्बतोन् देखि चढ्यो अनि त्यो सङ
१८ सिंगै इस्राएल् पनि वहांदेखि तिनिहरुले तिर्सा घेर्‍ये। अनि येसो भयो
जब जिम्रीले सहर् लिईयेछ भनि देख्यो तब त्येस्ले राजाको घर्को महल्मां
पस्येर आफु मांथि राजाको घर्मां आगो लगायेर त्येस्मां डढि मंर्‍यो
१९ त्येस्ले यारोबाम्को बाटोमां हिंड्दामां यह्वेको सांमु ज्ये बुरो छ त्येइ
गर्‍येका पापको कारणले र त्येस्ले इस्राएल् देखि पाप् गरायेको त्यस्को
२० पाप्को कारण्ले। अब जिम्रीका रहल् कार्ज्य र त्येस्ले गर्‍येको राजद्रोह् क्ये
ति इस्राएल्का राजाहरुको इतिहास्को पोस्तक्मां लेख्येका छैनन्॥

(ओम्रीको राज्)

२१ तब इस्राएल्का लोग् दुइ भाग् भये आधा लोग् गीनत्को छोरो
तिब्नीलाइ राजा तुल्याउंनुलाइ त्यो पट्टि लाग्ये आधा चइं ओम्री पट्टि।
२२ तर ओम्री पट्टि लाग्येकाहरुले गीनत्को छोरो तिब्नी पट्टि लाग्येकाहरुलाइ
२३ जीत्ये. येसोरि तिब्नी मंर्‍यो अनि ओम्रीले राज् गर्‍यो। यहूदाको राजा
आसाको एकत्तीसौं बर्षमां ओम्रीले इस्राएल् मांथि राज् गर्नु थाल्यो अनि
२४ त्येस्ले बारह् बर्ष राज् गर्‍यो. तिर्सामां छ बर्ष राज् गर्‍यो। अनि त्येस्ले
शेमेर् सङ दुइ तोड़ा चांदीले शोमरोन् डांड़ा किन्यो अनि त्येस्ले त्येस्
डांड़ामां सहर् बनायो वहांदेखि आफुले बनायेको सहर्को नांउ डांड़ाको
२५ धनी शेमेर्को नांउ जस्तो शोमरोन् राख्यो। अनि ओम्रीले यह्वेको सांमु
ज्ये बुरो थियो त्येइ गर्‍यो अनि त्यो भन्दा अगाड़ि भयेका सब्बैले भन्दा
२६ बेसि बुराई गर्‍यो। कसोगरिभन्ये त्यो नबात्को छोरो यारोबाम्को सबै
बाटोमां हिंड्यो अनि त्येस्ले तिनिहरुका व्यर्थ थोकले इस्राएल्को ईश्वर्
यह्वेलाइ रिसाउंनु लाउंनुलाइ गरायेका त्यस्का पापमां हिंड्द थियो।
२७ अब ओम्रीले गर्‍येका रहल् कार्ज्य र त्येस्ले देखायेको प्रताप् क्ये ति
२८ इस्राएल्का राजाहरुको इतिहास्को पोस्तक्मां लेख्येका छैनन्। त ओम्री
आफ्ना पित्रहरु सङ सुति गयो अनि शोमरोन्मां गाड़ीयो. अनि त्यस्को
छोरो अहाब्ले त्यस्को साटोमां राज् गर्‍यो॥

(अहाब्को राज्को थाल्नि)

२९ अनि यहूदाको राजा आसाको अड्तीसौं बर्षमां ओम्रीको छोरो
अहाब्ले इस्राएल् मांथि राज् गर्नु थाल्यो. अनि ओम्रीको छोरो अहाब्ले
३० शोमरोन्मां इस्राएल् मांथि बाईस् बर्ष राज् गर्‍यो। अनि ओम्रीको छोरो
अहाबले यह्वेको सांमु जो भन्दा अगाडि भयेका सब्बै जनाले भन्दा बेसि

बुराई गऱ्यो । वहांदेखि येसो भयो नबातको छोरो यारोबामका पापमां ३१
हिंडनु त्येसको लागि हलुङ कुरो भयेको भये पनि त्येसले सीदोनीहरूको राजा
एतबालको छोरी ईजेबेललाइ ब्याहा गरि ल्यायो अनि गयेर बाल देवलाइ
पूज्यो अनि त्येसलाइ दण्डवत गऱ्यो । त्येसले शोमरोनमां बनायेको बालको ३२
थानमां बालको लागि येउटा बेदि बनायो । अनि अहाबले अशेरा मूर्त्ति ३३
बनायो अनि त्येसले त्यो भन्दा अगाडि भयेका इस्राएलका सबै राजाहरूले
भन्दा धेरै बेसि इस्राएलको ईश्वर यहवेलाइ रिसाउंनु लाउंनुलाइ गऱ्यो ।
त्येसको पालामां बेतेली हीएलले यरीहो बनायो. आफ्नु जेठो छोरो ३४
अबीराम मर्दा त्येसले त्येसको जग बसाल्यो अनि त्येसको कान्छो छोरो सगूब
मर्दा त्येसले त्येसको ढोका उभ्यायो नूनको छोरो यहोशूअको बाटोले भनीयेको
बचन अनुसार ॥

(एलिय्याहको उदयहुवाई)

अनि गिलादमां प्रबास गर्नेहरूमांको तिश्बी एलियाहले १७ १
अहाबलाइ भन्यो इस्राएलको ईश्वर यहवे जसको सांमु मं उभीइ रहंद छु उ
जीइ रह्येको छैं यि बर्षमां मेरो बचन बिना न शीत न पानी पर्छ । अनि २
यहवेको बचन त्यो थांइ येसो भन्दै आयो यहां बाटो हिंडेर पूर्ब तिर ३
फर्कयेर यर्दनको सांमु भयेको करीत खोलचामां लुकि रह । अनि येसो हुंछ ४
तैंले खोलचाको पानी खांछस अनि तंलाइ खुवाउंनुलाइ मैंले कागहरूलाइ
अह्रायेको छु । त त्येस गयेर यहवेको बचन अनुसार गऱ्यो. अं गयेर ५
यर्दनको सांमु भयेको करीत खोलचामां बस्यो । अनि कागहरूले त्येसको लागि ६
बिहान रोटी र मांसु पुऱ्याउंद थिये अनि बेलुका पनि रोटी र मांसु अनि
त्येस खोलचाको पानी खांने गर्द थियो । अनि कत्ति दिन पछि येसो भयो ७
देसमां पानी न पर्येको कारणले त्यो खोलचाको पानी सुकि गयो ॥

तब यहवेको बचन त्यो थांइ येसो भन्दै आयो उठेर सीदोन ८ ९
पट्टि पर्येको सारपतमां गयेर वहां बस. हेर मैंले त्यहांकी येउटी
बिधुवीलाइ तंलाइ पालनुलाइ आज्ञा गर्येको छु । तब त्यो उठेर १०
सारपतमां गयो अनि जसै त्यो सहरको ढोका निर पुग्यो तब कंय देख्यो
भन्ये त्यहां येउटी आइमाइ दाउरा खोजदै रह्छ. तब त्येसले त्येसलाइ हापार्येर
भन्यो कृपागरि मेरो लागि लोहोटामां अलिकता पानी ल्याइ देउ र मं
खाउं । त त्यो ल्याउंनु जांदै गर्दाखेरि त्येसले त्येसलाइ फेरि हापार्येर भन्यो ११
कृपागरि मेरो लागि एक गांस रोटी पनि आफ्नु हातमां ल्याइ देउ । तब १२
त्येसले भनी आफुको ईश्वर यहवे जीइ रह्येको छैं मेरां येउटा रोटी पनि
छैन खालि गाग्रीमां एक मुठि पिठो र गरीयोमां अलिकता तेल मात्रै छ.
अनि हेर्नु हवस मं एक दुइवटा दाउरा खोजदै छु त्यो खायेर मर्नुलाइ
भित्र पसेर आफ्नु लागि र आफ्नु छोरोको लागि तियार पारुं भन्येर ।

गर . तर पहिले मेरो लागि त्येसमांको सांनु येउटा फुलौरो पोल्येर मं थांइ
१४ ल्याइ देउ त्येस् पछि आफ्नु र आफ्नु छोरोको लागि पोल। किनभन्ये
इस्राएल्को ईश्वर् यह्वेले येसो भन्द छ यह्वेले पृथिवीमां पानी न बर्षाउंने
१५ दिन् सम्म गाग्रोको पिठो र गरीयोको तेल् घट्‌दैन भनि। त त्येस्ले गयेर
एलियाह्को कुरो अनुसार् गरी . तब त्यो आइमाइ र त्यो अगमवक्ता र त्येस्
१६ आइमाइको जहान्ले धेरै दिन् सम्म खांदै रह्यो। एलियाह्को बाटोले
भनीयेको यह्वेको बचन् अनुसार् गाग्रोको पिठो सक्कीयेन अनि न
१७ गरीयोको तेल् घट्यो। अनि यि कुरा पछि येसो भयो त्येस् घरपटेनीको
छोरो दुख्यो अनि त्येस्को बेथा येस्तो सारो भयो त्येस्को सास् त्येस्मां रह्येन।
१८ तब आइमाइले एलियाह्‌लाइ भनी हे ईश्वर्का जन् मंलाइ आफु सङ के
काम्. के आफु मेरै पाप् सम्झनामां ल्याउंनु मेरो छोरोलाइ मांर्नुलाइ
१९ आउंनु भयो। त त्येस्ले आइमाइलाइ भन्यो तिम्रो छोरो मंलाइ देउ। त
त्येस्ले त्येस् बेटोलाइ त्येस्को काख् देखि लियेर आफु रहंने कोठामां चढाइ
२० लग्येर आफ्नै ओछ्यान्मां राख्यो। अनि त्येस्ले यह्वेलाइ हापारि भन्यो
हे मेरो ईश्वर् यह्वे के तपांइले जुन् बिधुवा थांइ मं बास् गर्द छु त्येस्को
२१ छोरोलाइ मांर्येर धुराई पनि ल्याउंनु भयो। वहांदेखि त्यो त्येस्
बालख मांथि तीन् खेप् पसर्‌यो अनि यह्वेलाइ हापारि भन्यो हे मेरो
ईश्वर् यह्वे मं तपांइ सित बिन्ति गर्द छु येस् बालखको प्राण् येस्मां फेरि
२२ फर्कि आउंनु दिंनु हवस्। त यह्वेले एलियाह्को कुरा सुन्यो अनि
२३ बालखको प्राण् त्येस्मां फर्कि आयो अनि त्यो बौंच्यो। तब एलियाह्‌ले
बालखलाइ लियेर कोठा देखि घर्मां उतारि ल्याएर त्येस्को आमालाइ
२४ सुम्पि दियो. अनि एलियाह्‌ले भन्यो हेर तिम्रो छोरो जीउंद छ। तब
आइमाइले एलियाह्‌लाइ भनी आफु ईश्वर्को जन् हो राछौ अनि यह्वेको
जो बचन् आफुको मुख् देखि निस्कंछ त्यो सांचो हो रह्छ भनि अब
मैले थाहा पायें॥

(यह्वेको जीत् र बाल्को हार्)

१८ १ अनि धेरै दिन् पछि येसो भयो तीस्रो बर्षमां यह्वेको बचन्
एलियाह् थांइ येसो भन्दै आयो गयेर अहाब्कां देखाहा पर् त मं पृथिवीमां
२ पानी बर्षाउंछु। तब एलियाह् अहाब्कां देखाहा पर्नुलाइ गयो। त्येस् बेला
३ शोमरोन्मां सारो अनिकाल् थियो। अनि अहाब्ले आफ्नु घर्को मालिक्
ओबद्याह्‌लाइ बोलायो। (ओबद्याह् यह्वे देखि अग्घोर् डराउंद थियो .
४ अं जब ईजेबेल्ले यह्वेका अगमवक्ताहरुलाइ काटि दियेकी थिई तब
ओबद्याह्‌ले एक् सै जना अगमवक्ताहरुलाइ लियेर तिनिहरुलाइ पचास
पचासगरि ओढारमां लुकायेर अन्न पानीले तिनिहरुलाइ पाल्द थियो।)
५ तब अहाब्ले ओबद्याह्‌लाइ भन्यो देस्मां वारपार् गयेर सबै जलवा
पानीको मूल्मां र सबै खोल्चा खोल्चामां जा. कोनि कतै हामिहरुले

घांस् पायेर घोड़ाहरु र खच्चर्हरुलाइ जीउंदो बचाउंनु सक्छौं कि र हाम्रा
सबै बस्तुहरु नास् न होउन्। त तिनिहरुले वार्पार् जांनुको लागि ६
आपस्तमां देस् बांड़ि दिये. अहाब् आफु चइं एका पट्टि गयो अनि
ओबद्याह् आफु चइं अर्को पट्टि गयो। अनि जब ओबद्याह् बाटोमां थियो ७
तब हेर त्येस्ले एलिय्याह्लाइ भेट्यो. अनि त्येस्ले त्येस्लाइ चिन्येर घोप्टो
पर्येर भन्यो हे मेरा प्रभु एलिय्याह् के आफुनै हौ। अनि त्येस्ले त्येस्लाइ ८
उत्तर् दियो मंनै हुं. गयेर आफ्नु स्वामीलाइ हेर्नु हवस् एलिय्याह् यहां छ
भन्ये र भन्। अनि त्येस्ले भन्यो मैंले के पाप् गर्यें र आफुले आफ्नु ९
दास्लाइ अहाब्को हात्मां मंलाइ मार्नुको लागि सुम्पि दिंनु हुंद छ।
आफ्को ईश्वर् यह्वे जीइ रह्येको झैं न येउटा लोग् न येउटा राज् छ १०
जम्मां मेरा स्वामीले आफुलाइ खोज्नुलाइ मान्छे पठायेन. अनि जब
तिनिहरुले त्यो येता हुंदो रैन छ भन्येर भन्ये तब तिन्ले राज् र लोग्लाइ
किरिया खुवाये कसैले आफुलाइ पायेन भन्ये। अनि अब आफुले तैंले ११
गयेर आफ्नु स्वामीलाइ हेर्नु हवस् एलिय्याह् यहां छ भन् भन्नु हुंद छ।
न येसो हुंछ मं आफ् देखि जांनु बित्तिकै यह्वेको आत्माले आफुलाइ १२
मैंले न जान्येको ठांउमां उठाइ लैजांछ होला अनि जब मं गयेर अहाब्लाइ
सुनाउंछु अनि तिन्ले आफुलाइ पाउंनु सक्दैनन् तब ता तिन्ले मंलाइ
मार्छन्. तर मं आफ्को दास् चइं आफ्नु बालखेड़ैं देखि यह्वे देखि
डराउंद छु। ईजेबेलले यह्वेका अगमवक्ताहरुलाइ मार्दैमां मैंले जे गर्येको १३
छु के त्यो कुरा मेरा प्रभुलाइ सुनाईयेको थियेन अर्थात् मैंले यह्वेका एक् सै
जना अगमवक्ताहरुलाइ पचास् पचास्गरि ओढारमां लुकायेर तिनिहरुलाइ
अन्न पानीले पाल्येको थियें भनि। अनि अब आफुले मंलाइ आफ्नु १४
स्वामीलाइ हेर्नु हवस् एलिय्याह् यहां छ भन् भन्येर भन्नु हुंद छ. त तिन्ले
मंलाइ मार्छन्। तब एलिय्याह्ले भन्यो सेनाहरुको यह्वे जीइ रह्येको झैं १५
जस्को सांमु मं उभीइ रहंद छु मं आजु निस्सै त्येस्कां देखाहा पर्छु। तब १६
ओबद्याह् अहाब्लाइ भेट्नुलाइ गयो अनि त्येस्लाइ सुनायो. तब अहाब्
एलिय्याह्लाइ भेट्नुलाइ आयो। अनि येसो भयो जब अहाब्ले एलिय्याह्लाइ १७
देख्यो तब अहाब्ले त्येस्लाइ भन्यो के तिमिनै हौ हे तिमि इस्राएल्लाइ
कष्टमां हाल्ने। तब त्येस्ले उत्तर् दियो मैंले इस्राएल्लाइ कष्टमां हाल्येको १८
छुइंन तर तिमिलेनै र तिम्रो बाबुको जहान्लेनै कसोगरि भन्ये तिमिले यह्वेका
आज्ञाहरु छोड़ेर बाल् देव्ताहरुलाइ पछ्यायौ। येस्कारण अब मान्छे पठायेर १९
सिंगै इस्राएल्लाइ र बाल्का अगमवक्ताहरु चार् सै पचास् जनालाइ र
ईजबेल्को मेज्मां खांने अशेराका चार् सै जना अगमवक्ताहरुलाइ यहां
मं थांइ कर्मेल् डांड़ामां भेला गराउ। तब अहाब्ले सबै इस्राएलबंशीहरु २०
थांइ मान्छे पठायेर कर्मेल् डांड़ामां अगमवक्ताहरुलाइ भेला गरायो। तब २१
एलिय्याह्ले सिंगै लोगको छेउमां आयेर भन्यो तिमिहरु कैले सम्म दुइ
बिचारको बीचमां खोच्याउंदै खोच्याउंदै रहंछौ. यहवे चइं ईश्वर हो

रछ भन्ये देखि उसलाइ पछ्याव. तर बालै चइं भन्ये देखि त त्येसैलाइ
२२ पछ्याव। अनि लोगले त्येसलाइ येउटा कुराको पनि उत्तर् दियेनन्। तब
एलिय्याहले लोगलाइ भन्यो यह्वेको अगमवक्ता मं अं मं एक्लै मांत्रै रह्यको
२३ छु तर बाल्का अगमवक्ताहरु चइं चार् से पचास् जना छन्। येस्कारण
तिनिहरुले हांमिहरुलाइ दुवटा बाच्छा दिउन् अनि तिनिहरुले आफ्नु
लागि येउटा बाच्छो छान्येर काटि टुकरा टुकरा पार्येर दाउरा मांथि राखुन्
तर मुनि बाटो आगो न लगाउन्. अनि मं अर्कौ चइं बाच्छो तियार् पार्येर
२४ दाउरा मांथि राखछु तर कोइ आगो मुनि बाटो लगाउंदींन। अनि
तिमिहरुले आफ्नु देव्ताको नांउ लेव अनि मं चइं यह्वेको नांउ लिंछु.
वहांदेखि जुन् ईश्वर्ले आगोको बाटोले उत्तर् दिंछ ईश्वर् त्येहनै हवस्। तब
२५ सिंगै लोगले उत्तर् दिइ भन्ये यो जाति कुरो हो। तब एलिय्याहले बाल्का
अगमवक्ताहरुलाइ भन्यो तिमिहरुले आफ्नु लागि येउटा चइं बाच्छो छान
अनि त्येसलाइ पहिले तियार् पार किनभन्ये तिमिहरु धेरै छौ अनि आफ्नु
२६ देव्ताको नांउ लेव तर मुनि बाटो आगो न लगाव। त तिनिहरुलाइ
दिईयेको बाच्छो तियार् पार्ये वहांदेखि बिहान देखि मद्धेनि दिन् सम्म
हे बाल् हांमिहरुको सुन्नु हवस् भन्दै बाल्को नांउ लिंदै रह्य। तर कोइ
सोर् भयेन न कोई उत्तर् दिंने। त तिनिहरु तिनिहरुले बनायेको बेदिको
२७ वरिपरि खोच्याउंद थिये। अनि मद्धेनि दिन्मां येसो भयो एलिय्याहले
तिनिहरुलाइ ठट्टा गरिकन भन्यो चिच्यायेर कराव. किनभन्ये त्यो देव्तै हो
कोनि त्यो ध्यान्मां छ होला कि दिश्शामां छ होला कि यात्रामां छ होला कि
२८ कतै सुत्येको छ होला त जगाइंनु पर्छ। त तिनिहरु चिच्याइ कराये अनि
आफ्नु रीत् अनुसार् तिनिहरुको रगत् बहुंज्याल् तरवार्ले र भालाले आफ्नु
२९ आफ्नु जीउमां चोट् पार्ये। अनि येसो भयो मद्धेनि दिन् बित्ये पछि
तिनिहरुले सांझको भेटि चढाउंने बेला सम्म अगम् कहंदै रह्य तर कोइ
३० सोर् भयेन न कोई उत्तर् दिंने न कोई चेत् गर्ने भयो। तब एलिय्याहले
सिंगै लोगलाइ मं थांइ आव भन्यो तब सिंगै लोग् त्यो थांइ आये। तब
३१ त्येस्ले यह्वेको भत्काईयेको बेदि मरम्मत् गर्यो। वहांदेखि एलिय्याहले
जुन् याकूब् थांइ यह्वेको बचन् तेरो नांउ इस्राएल् हुंछ भन्दै आयेको
थियो त्येस्का छोराहरुका कुल्हरुको गन्ति अनुसार् बारह्वटा ढुंगा लियो।
३२ वहांदेखि त्येस्ले ति ढुंगाहरुको यह्वेको नांउमां येउटा बेदि बनायो अनि
३३ बेदिको वरिपरि दुइ माना जति बिउ जांने जत्रो खाड्ल् खन्यो। वहांदेखि
त्येस्ले दाउरा पांज्यो अनि बाच्छोलाइ टुकरा टुकरा पार्येर दाउरा मांथि
राख्यो। वहांदेखि त्येस्ले भन्यो चार् गाग्रो पानी भर वहांदेखि त्यो होम्बलि
३४ र दाउरा मांथि खन्याइ देव। अनि त्येस्ले भन्यो फेरि दोस्रो खेप् गर त
तिनिहरुले दोस्रो खेप् गर्ये। अनि त्येस्ले भन्यो तीस्रो खेप् पनि गर त
३५ तिनिहरुले तीस्रो खेप् पनि गर्ये। तब पानी बेदिको वरिपरि बग्यो अनि
३६ त्येस्ले खाड्ल् पनि पानीले भर्यो। अनि सांझको भेटि चढाउंने बेलामां

येसो भयो एलिय्याह् अगमवक्ताले नजिक् आयेर भन्यो हे यहवे अब्राहाम्
इसहाक् र इस्राएलको ईश्वर् तपांइ इस्राएलमां ईश्वर् छौ अनि मं चइं
तपांइको दास् छु अनि मैंले यि सबै काम् तपांइकै बचनले गर्येको छु भनि
आजु जानीओस् । मेरो सुनु हवस् हे यहवे मेरो सुनु हवस् र यो लोगले ३७
तपांइने यहवे ईश्वर् हो राछौ अनि तपांइले तिनिहरुको मन् फर्कायेका
राछौ भनि चाल् पाउन् । येतिमां यहवेको आगो बर्सो अनि होमबलि र ३८
दाउरा र ढुंगाहरु र धुलो भस्म पार्यो अनि खाड्लमां भर्येको पानी पनि
चाट्यो । अब जब सिंगै लोगले यो देख्ये तब तिनिहरु घोप्टो पर्ये. वहांदेखि ३९
तिनिहरुले भन्ये यहवे उइनै ईश्वर् हो रछ यहवे उइनै ईश्वर् हो रछ ।
तब एलिय्याहले तिनिहरुलाइ भन्यो बालका अगमवक्ताहरुलाइ पक्र ४०
तिनिहरुमांको येउटालाइ पनि बांचनु न देव । तब तिनिहरुले तिनिहरुलाइ
पक्र्ये. वहांदेखि एलिय्याहले तिनिहरुलाइ कीशोनको खोल्चामां उतारि
लग्येर वहां तिनिहरुलाइ काट्यो । अनि एलिय्याहले अहाबलाइ भन्यो ४१
मांथि चढेर खाउ पीउ किनभन्ये पानीको मुसलधारेइंको सोर् छ । तब अहाब् ४२
खांनु पीउंनुलाइ चढि गयो अनि एलिय्याह् कर्मेलको टाप्पि सम्म चढि
गयो अनि भूइंमां निउंर्यो आफ्नु मुख् आफ्ना घुंडाहरुको बीचमां पारि ।
वहांदेखि त्यस्ले आफ्नु चाकरेलाइ भन्यो अब चढि गयेर समुन्द्र तिर हेर् । ४३
त त्यस्ले चढेर हेर्येर कंइ पनि रैनछ भन्यो । तब त्यस्ले भन्यो सात् खेप्
सम्म जांदै जांदै रह् । अनि सातौं चइं खेपमां येसो भयो त्यस्ले भन्यो हेर्नु ४४
हवस् मान्छेको हात् जत्रो येउटा सांनु बादल् समुन्द्र बाटो उठ्दै रछ । तब
त्यस्ले भन्यो चढि गयेर अहाबलाइ रथ् नारयेर उत्रि जांनु हवस् होइन
भन्ये ता आफुलाइ पानीले रोकनछ भन्ये र भन् । अनि एक् छिनैमां येसो भयो ४५
अकाश् बादल् र बतासले कालो भइ गयो अनि ठुलो वृष्टि पर्यो । अनि
अहाब् सवार् भयेर यिज्रेलमां गइ पुग्यो । अनि यहवेको हात् एलिय्याह् ४६
मांथि भइ रह्यो त त्यो आफ्नु कम्मर् कसेर यिज्रेलको ढोका सम्म
अहाबको अघि अघि दुगुर्दै थियो ॥

(एलिय्याह् निरास् हुंनु अनि फेरि हुप् बांध्नु)

तब अहाबले ईजेबेललाइ एलिय्याहले के के गर्यो अनि त्यस्ले १९ १
सबै अगमवक्ताहरुलाइ पनि तरवारले काट्यो भनि सुनायो । तब ईजेबेलले २
एलिय्याह् थांइ येसो भनिकन मान्छे पठाई भोलि येति बेला मैंले तेरो
जीवन् तिनिहरुमांको येउटाको जीवन् जस्ते तुल्याइंन भन्ये देखि ता
देवताहरुले मंलाइ येसै अं यो भन्दा बेसि पनि गरुन् । अनि जब एलिय्याहले ३
यो कुरो सुन्यो तब उठेर आफ्नु जीवनको लागि भाग्येर यहूदा पट्टि पर्येको
बेर्शेबामां आइ पुग्यो वहांदेखि आफ्नु चाकरेलाइ तिहीं छोडि राख्यो ।
तर त्यो आफु चइं बनमां एक दिनको बाटो गयो वहांदेखि येउटा झाऊको ४
बोट मुनि पर्येर बस्यो . वहांदेखि त्यस्ले आफ्नु लागि काल मांग्येर भन्यो

भयो अब हे यहवे मेरो प्राण् लिंनु हवस् किनभन्ये म आफ्ना पित्रहरू
५ भन्दा जाति छुइंन। अनि त्यो ढल्कीर झाऊको बोट् मुनि सुति गयो त हेर
६ येउटा दूत्ले त्येस्लाइ छोयेर भन्यो उठेर खा। तब त्येस्ले हेर्येर के देख्यो
भन्ये त्येस्को सिरान् तिर कोइलामां पोल्येको फुलौरो र पानीको येउटा झारी
७ रछ। तब त्येस्ले खायो पीयो वहांदेखि फेरि ढल्क्यो। तब यहवेको दूत्ले
फेरि दोस्रो खेप् आयेर त्येस्लाइ छोइ भन्यो उठेर खा किनभन्ये यात्रा
८ तेरो लागि बेसि छ। त त्येस्ले उठेर खायो अनि पीयो वहांदेखि त्येइ
भोजन्को बल्ले चालीस् दिन् र चालीस् रात् ईश्वर्को पर्वत् होरेब् सम्म
९ हिंड्दै रह्यो। तब त्येस्ले येउटा ओढार्मां पुग्येर त्याहां बास् गर्‍यो अनि
हेर त्यो थांइ यहवेको बचन् आयो अनि उस्ले त्येस्लाइ भन्यो ए एलियाह्
१० तं यहां के गर्दै छस्। त त्येस्ले भन्यो म सेनाहरूको ईश्वर् यहवेको लागि
अग्घोर् रापालो भयेको छु किनभन्ये इस्राएलवंशीहरूले तपांइको नियम्
छोड़ि दियेका छन् तपांइको वेदि भत्काइ दियेका छन् अनि तपांइका
अगम्बक्ताहरूलाइ तरवार्ले काटि दियेका छन्. अनि म अं मैं येउटा
मात्रै बांच्येको छु अनि तिनिहरूले मेरै प्राण् पनि त्येस्लाइ लैजांनुको लागि
११ खोज्द छन्। तब उस्ले भन्यो निस्केर पर्वत्मां यहवेको सांमु उभौ। तब
हेर यहवे छेउ बाटो गयो अनि येउटा ठुलो बलियो बतास्ले यहवेको
सांमु पहाड् फुटायो अनि पहरा टुकरा टुकरा पारि दियो तर बतास्
चइंमां यहवे ता थियेन. अनि बतास् पछि भूइंचाल् तर भूइंचाल्चइंमां
१२ पनि यहवे ता थियेन. अनि भूइंचाल् पछि आगो तर आगोचइंमां पनि
१३ यहवे ता थियेन. अनि आगो पछि मलीम् सान्तिको शब्द। अनि येसो
भयो जब एलियाह्ले यो सुन्यो तब त्येस्ले आफ्नु मुख् आफ्नु खाष्टोले
छोप्यो अनि बाहिर निस्केर ओढार्को मुख्मां उभीइ रह्यो। त हेर
१४ त्येस्कां येउटा शब्दले आइ भन्यो ए एलियाह् तं यहां के गर्दै छस्। तब त्येस्ले
भन्यो म सेनाहरूको ईश्वर् यहवेको लागि अग्घोर् रापीलो भयेको छु
किनभन्ये इस्राएलवंशीहरूले तपांइको नियम् छोड़ि दियेका छन् तपांइको
वेदि भत्काइ दियेका छन् अनि तपांइका अगम्बक्ताहरूलाइ तरवार्ले
काटि दियेका छन् अनि म अं मैं येउटा मात्रै बांच्येको छु अनि तिनिहरूले
१५ मेरै प्राण् पनि त्येस्लाइ लैजांनुको लागि खोज्द छन्। तब यहवेले त्येस्लाइ
भन्यो गयेर दमिश्कको बन्मां आफ्नु बाटो बाड़ो फर्कि जा. अनि वहां
१६ पुग्दा तैंले हजाएल्लाइ अराम् मांथि राजा हुंन्लाइ अभिषिक्त गर्. अनि
निम्शीको छोरो येहूलाइ इस्राएल् मांथि राजा हुंनुलाइ अभिषिक्त गर्.
अनि आबेल्महोलामां बस्ने शापात्को छोरो एलीशालाइ आफ्नु ठांउको
१७ लागि अभिषिक्त गर्। अनि येसो हुंछ हजाएल्को तरवार् देखि बांच्नेलाइ
येहूचइंले काट्छ. अनि येहूको तरवार् देखि बांच्नेलाइ एलीशाले काट्छ।
१८ तैपनि म आफ्नु लागि बाल्को सांमु सब् घुंड़ा न टेक्येका र त्येस्लाइ चूमा न
खायेका सबै मुख्हरू इस्राएल्मां सात् हजार् जनालाइ राखि

तब त्यो त्यहां बाटो हिंड्यो अनि शापातको छोरो एलीशालाइ त्यसको अघि १९
अघि बाह्र जोर गोरुले हलो जोत्दै गर्येको अनि त्यो आफैचइंलाइ
बाह्रौं चइं सङ हुंदै गर्येको भेटायो . तब एलिय्याहले त्यो थांइ गयेर त्यस
मांथि आफ्नु खाष्टो हालि दियो । तब त्यसले आफ्नु गोरु छोड़ेर २०
एलिय्याह पछि दुगुर्येर भन्यो कृपागरि मंलाइ आफ्ना बाबु आमालाइ
चूमा खांनु दिंनु हवस् त म आफुलाइ पछ्याउंछु । त त्यसले त्यसलाइ भन्यो
फर्कि जा किनभन्ये मैले तंलाइ के गर्येको छु । तब त्यसले त्यसलाइ पछ्याउंनु २१
देखि फर्कयेर एक जोड़ा गोरु लियेर तिनलाइ काट्यो अनि तिनको मासु
गोरुहरुको सामग्रीले पकायेर लोगलाइ दियो त तिनिहरुले खाये । वहां
पछि त्यसले उठेर एलिय्याह पछि लाग्येर त्यसको सेवा गर्नु लाग्यो ॥

(अरामीहरु मांथि जयहुवाई)

अनि अरामको राजा बेनहदद्ले आफ्नु सिंगै सेनाहरुलाइ भेला २० १
गरायो . अनि त्यो सङ बत्तीस जना राजाहरु थिये अनि घोड़ाहरु र
रथहरु पनि थिये . त त्यसले चढि आयेर शोमरोनलाइ घेर्यो अनि त्यो सित
लड़ाइं गर्यो । वहांदेखि त्यसले सहरमां इस्राएलको राजा अहाब् थांइ २
दूतहरुलाइ पठायेर त्यसलाइ भन्यो बेनहदद्ले येसो भन्द छ　तेरा चांदी ३
र तेरा सुन मेरा हुन् तेरी स्वास्नीहरु र तेरा बालखहरु अं सबै अस्सल
अस्सलहरु मेरै हुन् । तब इस्राएलको राजाले उत्तर दिइ भन्यो हे मेरा ४
प्रभु हे महाराजा आफुको बचन अनसार येसै हो मं र जे जे मेरा छन्
सबै आफुकै हुन् । अनि दूतहरुले फेरि आयेर भन्यो बेनहदद्ले येसो भन्द ५
छ सांचि मैले तं थांइ तंले मंलाइ आफ्नु चांदी सुन र स्वास्नीहरु
बालखहरु सुम्पि दिंनु भनि पठायेको छु　तर भोलि येति बेलामां ६
आफ्ना चाकरेहरुलाइ तं थांइ पठाउंछु अनि तिनिहरुले तेरो घर र तेरा
चाकरेहरुका घरहरु कुंढल्छन् अनि येसो हुंछ जे॰ जे तेरा नजरमां
मनपर्दाहरु छन् ति तिनिहरुले आफ्ना आफ्ना हातमां लिइ ल्याउंछन् ।
तब इस्राएलको राजाले देसका सबै प्राचीनहरुलाइ भनि पठायो कृपागरि ७
याहा पाव त्यस मान्छेले बुराई कसो कसोगरि खोजद छ भनि . किनभन्ये
त्यसले मं थांइ मेरी स्वास्नीहरु बालखहरु र सुन चांदीको लागि
मान्छे पठायेको छ अनि मैले तिनिहरुलाइ राखि छोड़ींन । तब सबै ८
प्राचीनहरु र सबै लोगले त्यसलाइ भन्ये आफुले न सुन्नु अनि न मान्नु ।
येस्कारण त्यसले बेनहददका दूतहरुलाइ भन्यो मेरा प्रभु महाराजालाइ ९
आफुले आफ्नु दास थांइ पहिले भनि पठायेको कुरो अनसार गर्छु .
तर त्यो काम मैले गर्नु हुंदेन भनि देव भनि पठायो । त ति दूतहरुले
हिंड़ि गयेर त्यो थांइ समाचार फर्काइ लग्ये । तब बेनहदद्ले त्यसलाइ येसो १०
भनि पठायो शोमरोनको धुलो मंलाइ पछ्याउंने सबै लोगको लागि
मुठिभरि भरि पुग्यो भन्ये देवताहरुले मं सित येसै अं यो भन्दा पनि बेसि

११ गर्दन्। तब इस्राएलको राजाले उत्तर् दिइ भन्यो हतियार् भिर्दै गर्नेले
१२ त्यो फुकाउंदै गर्नेले झैं शेषी न गरोस् भन्येर त्येस्लाइ भन। अनि येसो भयो
बेन्हदद् र ति राजाहरु समेतले झ्याप्रामां पीउंदै गर्येको बेलामां यो
समाचार् सुन्ये तब त्येस्चइंले आफना चाकरेहरुलाइ भन्यो पाङ्ति पाङ्ति
१३ बांध। त तिनिहरुले सहर्को बिरुद्धमां पाङ्ति पाङ्ति बांध्ये। अनि हेर
येउटा अगम्बक्ताले इस्राएल्को राजा अहाब्को छेउमां आयेर भन्यो
यह्वेले येसो भन्द छ की तैंले यो ठुलो धुइरोलाइ देख्येको छस्. हेर् मं
त्येस्लाइ आजु तेरो हात्मां सुम्पि दिंछु त तैंले चाल् पा यह्वे मैंने हो रांछु
१४ भनि। तब अहाब्ले भन्यो कस्को बाटोले। त त्येस्ले भन्यो यह्वेले येसो
भन्द छ इलाकाहरुका मालिक्हरुका जुवान्हरुको बाटोले। तब त्येस्ले सोध्यो
१५ लड़ाइं कस्ले थालछ। त्येस्ले उत्तर् दियो तिमिले। तब त्येस्ले इलाकाहरुका
मालिक्हरुका जुवान्हरुलाइ भेला गरायो त तिनिहरु दुइ सै र बत्तीस् जना
पाईये. अनि तिनिहरु पछि सिंगै लोग् अं सिंगै इस्राएल्बंशीहरुलाइ
१६ पनि भेला गरायो अं सात् हजार् जनालाइ। तब तिनिहरु मद्धेनि दिन्मां
निस्कि गये। तर बेन्हदद् राजाहरु समेत् अर्थात् त्येस्लाइ गोहार् गर्ने
बत्तीस् राजाहरु समेत् झाप्रा झाप्रामां मातुंज्याल् सम्म पीइ रह्येका थिये।
१७ तब इलाकाहरुका मालिक्हरुका जुवान्हरु पहिले निस्कि गये तब
तिनिहरुले मान्छे पठायेर त्येस्लाइ यिनिहरु शोमरोन् देखि आयेका
१८ मान्छेहरु हुन् भनि कहि दिंद थिये। तब त्येस्ले भन्यो तिनिहरु मिलाप्को
लागि आयेका भये पनि जीउंदै पक्र कि तिनिहरु लड़ाईंको लागि आयेका
१९ भये पनि जीउंदै पक्र। तब तिनिहरु अर्थात् इलाकाहरुका मालिक्हरुका
२० जुवान्हरु र तिनिहरुलाइ पछ्याउंने पल्टन् सहर् देखि गये। तब तिनिहरु
जनंगेले आफ्नु आफ्ने मान्छेलाइ मार्ये अनि अरामीहरु भाग्ये अनि
इस्राएल्ले तिनिहरुलाइ खेद्यो. अनि अराम्को राजा बेन्हदद् घोड़ामां
२१ चढ़ेर तुरुक्सवार्हरु सङ भागि बांच्यो। अनि इस्राएल्को राजाले निस्कि
गयेर घोड़ाहरु र रथ्हरुलाइ काट्यो अनि अरामीहरुलाइ ठुलो संराईले
२२ मार्यो। तब त्यस् अगम्बक्ताले इस्राएल्को राजा छेउ आयेर त्येस्लाइ भन्यो
गयेर आफुलाइ बलियो गराउ अनि राम्रोगरि हेर तिमिले के गर्नु पर्छ.
किनभन्ये नया साल् लाग्दा अराम्को राजा तिम्रो बिरुद्धमां चढ़ि आउंछ॥
२३ अनि अराम्को राजाका चाकरेहरुले त्येस्लाइ भन्ये तिनिहरुको
देव्ताहरु पहाड़्का देव्ताहरु हुन् त्येस्कारणले तिनिहरु हांमिहरु भन्दा
बलिया भये. तर हांमिहरुले तिनिहरुको बिरुद्धमां मैदान्मां लड़ाइं गर्यं
२४ भन्यं देखि ता सांचिनै हांमिहरु तिनिहरु भन्दा बलिया हुंछौं। त येसो
गर्नु हवस् ति राजाहरु जनंगेलाइ तिनिहरुको ठांउ देखि हटाउंनु हवस्
२५ अनि तिनिहरुको साटोमां मालिक्हरुलाइ खटाउंनु हवस्. अनि आफु सङ
हार्ने पल्टन् जस्तो घोड़ाहरुको साटो घोड़ाहरु रथ्हरुको साटो रथ्हरुको
अर्को पल्टन् आफ्नु लागि गर्नु हवस्. त हांमिहरु तिनिहरु सित मैदानैमां

लड़ाईं गर्छौं त निस्से हांमिहरु तिनिहरु भन्दा बलिया हुंछौं । त त्येल्ले
तिनिहरुको कुरा सुन्येर त्येसै गर्‍यो । अनि नया साल् लाग्‌दा येसो भयो २६
बेन्‌हदद्‌ले अरामीहरुलाइ भेला गरायो वहांदेखि इस्राएल् सित लड़ाईं
गर्नुलाइ अपेक्‌मां चढ़ि आयो । तब इस्राएल्‌बंशीहरु पनि भेला भये अनि २७
खांने सादीम् पायेर तिनिहरुको बिरुद्धमां चढ़ि गये . अनि इस्राएल्‌बंशीहरु
तिनिहरुको सांमु पाठाहरुका दुवटा ससाना बगाल्‌हरु जस्ताले डेरा
हाल्येका थिये तर अरामीहरु चइं देखि देस् भरीयेको थियो । अनि २८
ईश्वर्‌को एक् जन्‌ले छेउ आयेर इस्राएल्‌को राजालाइ येसो भन्यो यह्‌वेले
येसो भन्द छ अरामीहरुले यह्‌वे पहाड़्‌को देव्‌ता हो तर बेंसिको देव्‌ता
होइन भन्येर भन्ये येस्कारण् त्यो ठुलो धुइरोलाइ मं तेरो हात्‌मां सुम्पि
दिंद छु तब तिमिहरुलाइ यह्‌वे मैंने हो रांछु भनि थाहा हुंछ । त तिनिहरु २९
सात् दिन् सम्म एका अर्काको विरुद्धमां डेरा हालि रह्ये । अनि येसो भयो
सातौं चइं दिन्‌मां लड़ाईं थालीयो अनि इस्राएल्‌बंशीहरुले एकै दिन्‌मां
अरामीहरुमांको एक् लाख् पैदल्‌लाइ काटि दिये । तर रह्येकाहरु अपेक्‌मां ३०
सहर्‌मां भागि गये अनि उब्र्येका सत्ताईस् हजार् जना मांथि भित्ता
भत्‌कि पर्‍यो । तब बेन्‌हदद् भाग्येर सहर्‌मां येउटा भित्रे कोठामां पस्यो ।
तब त्येस्का चाकरेहरुले त्येस्लाइ भन्ये अब हेर्नु हवस् हांमिहरुले इस्राएल्‌को ३१
जहान्‌का राजाहरु कृपा गर्ने राजाहरु छन् अरे भनि सुन्येका छौं. त
कृपागरि हांमिहरुलाइ आफ्‌नु आफ्‌नु कम्मर्‌मां भाङ्‌रा बेह्रेर्येर आफ्‌नु
आफ्‌नु कपाल्‌मां डोरी लगायेर इस्राएल्‌को राजा थांइ निस्कि जांनु दिंनु
हवस्. कोनि कतै त्येल्ले आफुको जीवन् बचाउला कि । तब तिनिहरुले ३२
आफ्‌नु आफ्‌नु कम्मर्‌मां भाङ्‌रा बेह्रेर्ये अनि आफ्‌नु आफ्‌नु कपाल्‌मां
डोरी लगाये वहांदेखि इस्राएल्‌को राजा थांइ आयेर भन्ये आफुको दास्
बेन्‌हदद्‌ले भन्द छ मं बिन्ति गर्दै छु मंलाइ जीउंनु दिंनु हवस् भनि । तब
त्येल्ले भन्यो के त्यो अझै जीउंदै छ. त्यो मेरो भाई हो । तब मान्छेहरुले ३३
चंख भइ हेर्दै त्येस्को मन्‌मां के छ भनि समात्‌नुलाइ फुर्ति गर्‍ये अनि
तिनिहरुले भन्ये आफुकी भाई बेन्‌हदद् । तब त्येल्ले भन्यो गयेर त्येस्लाइ यहां
ल्याव । तब बेन्‌हदद् त्यो थांइ निस्कि आयो अनि त्येल्ले त्येस्लाइ रथ्‌मां
चढ़्‌नु लायो । तब बेन्‌हदद्‌ले त्येस्लाइ भन्यो मेरो बाबुले आफुको बाबु ३४
देखि लग्येका सहर्‌हरु फर्काइ दिंछु अनि मेरो बाबुले शोमरोन्‌मां बनायेको
झैं आफुले आफ्‌नु लागि दमिश्कमां घटक्‌हरु बनाउंनु हवस् । तब अहाब्‌ले
भन्यो मं यो बाचा बांधिकन आफुलाइ बिदा दिंछु । तब त्येल्ले त्यो सङ
बाचा बांध्यो वहांपछि त्येस्लाइ बिदा दियो ॥

अनि अगम्‌वक्ताको खाल्‌को येउटाले आफ्‌नु साथीलाइ यह्‌वेको ३५
बचन्‌ले भन्यो कृपागरि मंलाइ हिर्काउ । तर त्येल्ले त्येस्लाइ हिर्काउंनु मान्येन ।
तब त्येल्ले त्येस्लाइ भन्यो यह्‌वेको शब्द न मान्येको कारणले तिमि मं ... ३६
जांन खित्तिकै येउटा सिंहले तिमिलाइ मार्छ । न भन्दै त्यो ब्येर ...

३७ जांनु बित्तिकै येउटा सिंहले त्येस्लाइ भेटायेर मांर्यो । तब त्येस्ले अर्को
येउटा मान्छेलाइ भेटेर भन्यो कृपागरि मंलाइ हिर्काउ । तब त्येस् मान्छेले
३८ त्येस्लाइ हिर्काइ हिर्काइकन घायल् पार्यो । तब त्यो अगमवक्ता हिंड़ि गयेर
राजाको लागि बाटोको छेउमां पर्खि रह्यो अनि आफ्नु पगरिले आफ्ना
३९ आंखा छोप्येर न चिन्नि जस्तो भइ रह्यो । अनि राजा त्येता बाटो जांदा त्येस्ले
राजालाइ हाप्यो . वहांदेखि त्येस्ले भन्यो आफुको दास् लड़ाइंको बीच्मां
निस्कि गयो त हेर येउटा मान्छेले फर्क्येर येउटा मान्छेलाइ मं थांइ ल्यायेर
भन्यो येस् मान्छेको खब्रदारी गर् . त्यो कोई परिले हरायो भन्ये देखि
त्येस्को प्राणको साटो तेरै प्राण् जांछ न भये एक् तोड़ा चांदी दिंनु पर्छ भनि ।
४० अनि जब आफुको दास्ले येता उति काम् गर्द थियो त्येति बेला त्यो गइ
गये छ । तब इस्राएल्को राजाले त्येस्लाइ भन्यो तेरो निया येसै हवस् तं
४१ आफैले निया गरिस् । तब त्येस्ले फुर्ति गर्येर आफ्ना आंखा देखि पगरि
फुकायो तब इस्राएल्को राजाले यो अगमवक्ताहरुमांको हो रछ भनि
४२ चिन्यो । तब त्येस्ले राजालाइ भन्यो यहवेले येसो भन्द छ तैंले मैंले भाकल्
गर्येको थोक् भैं नास् गरौंन माफिक्को जान्येको मान्छेलाइ आफ्नु हात्
देखि छोड़ि दियेको कारणले त्येस्को प्राणको साटो तेरो प्राण् जांछ अनि
४३ त्येस्को लोग्को साटो तेरो लोग् । तब इस्राएल्को राजा कालो मुख्को
भयेर रिसाउंदै आफ्नु घर्मां आइ शोमरोन्मां पुग्यो ॥

(नाबोत् मांरौंनु अनि ईश्वर्को क्रोध्)

२१ १ यि कुरा पछि येसो भयो यिज्रेली नाबोत्को येउटा दाखको बारी
२ यिज्रेल्मां शोमरोन्को राजा अहाबको महल्को छेउमां थियो । त अहाबले
नाबोत्लाइ येसो भन्यो मंलाइ आफ्नु दाख्को बारी दे र मं त्यो
साकपात्को बारी बनाउंछु किनभन्ये यो मेरो महल्को छेउमां छ अनि मं
तंलाइ त्येस्को साटोमां त्यो भन्दा जाति येउटा दाख्को बारी दिंछु . कि त
तंलाइ जाति लाग्छ भन्ये देखि मं तंलाइ त्येस्को मोल् रुपियेइ दिंछु ।
३ तब नाबोत्ले अहाबलाइ भन्यो मैंले आफ्ना पित्रहरुको किपोट् आफुलाइ
४ दिंनु यहवेले मंलाइ येसो गर्नु न देवस् । तब अहाब् यिज्रेली नाबोत्ले
त्यो सङ गर्येका कुराको कारणले कालो मुख्को भयेर रिसाउंदै आफ्नु घर्मां
आयो . किनभन्ये त्येस्ले मं आफुलाइ आफ्ना पित्रहरुको किपोट् दिन्न
भन्येको थियो । तब राजा आफ्नु ओछ्यान्मां ढल्क्यो अनि आफ्नु मुख
५ फर्कायो अनि भोजन् गर्नु पनि मान्येन । तर त्येस्को स्वास्नी ईजेबेलले
त्यो थांइ आयेर भनी आफुको मन् किन येस्तो उदास् छ अनि भोजन् पनि
६ लिंदैन । तब त्येस्ले त्येस्लाइ भन्यो किनभन्ये मैंले यिज्रेली नाबोत्लाइ तेरो
दाखको बारी मंलाइ दाम्मां दे कि त तंलाइ जाति लाग्छ भन्ये देखि
मं तंलाइ अर्को येउटा दाख्को बारी दिंछु भन्यें . अनि त्येस्ले मंलाइ मं
आफुलाइ आफ्नु दाखको बारी दिन्न भन्यो । तब त्येस्को स्वास्नी ईजेबेलले

त्येस्लाइ भनी कि तिमि इस्राएल्को राज् मांथि अझै राज् गर्ने हौन . उठेर
भोजन् गर अनि आफ्नु मन्ले आनन्द गर . मैंने तिमिलाइ यिज्रेली
नाबोत्को दाख्को बारी दिंछु । तब त्येस्ले अहाब्को नांउले चिट्ठी लेखेर ८
त्येस्को लाल् मोहर्ले छापी वहांदेखि त्यो चिट्ठी प्राचीन्हरु थांइ र त्येस्को
सहर्मां भयेका भारादार्हरु थांइ र नाबोत् सङ बस्नेहरु थांइ पठाइ दिई ।
अनि त्येस्ले चिट्ठीमां येसो भन्येर लेखी उपास् बस्नेको उर्दी देव अनि ९
नाबोत्चइंलाइ लोग्हरु मांथि बसाल . अनि त्येस्को सांमु दुइ जना १०
बिकामे फक्कड्हरूलाइ राख जुन्हरूले त्येस्को बिरुद्धमां तैंले ईश्वर् र
राजालाइ अस्वीकार् गरिस् भनि साक्षी दिउन् । वहांदेखि त्येस्लाइ
बोकि लग्येर त्येस्लाइ मर्नेगरि ढुंगाले लोहोर्याव । तब त्येस्को सहर्का ११
मान्छेहरूले अं ति प्राचीन्हरु र त्येस्को सहर्मां बस्ने भारादार्हरूले
ईजेबेल्ले तिनिहरु थांइ लेखि पठायेको चिट्ठी अनुसार् गर्ये । अर्थात् १२
तिनिहरूले उपास्को उर्दी गर्ये वहांदेखि नाबोत्लाइ लोग् मांथि बसाल्ये ।
वहांदेखि दुइ जना बिकामे फक्कड्हरु भित्र पस्येर त्येस्को सांमु बस्ये . अनि १३
बिकामे फक्कड्हरूले लोग्को सांमु त्येस्को बिरुद्धमां अं नाबोत्को बिरुद्धमां
नाबोत्ले ईश्वर् र राजालाइ अस्वीकार् गर्यो भनिकन साक्षी दिये ।
तब तिनिहरूले त्येस्लाइ सहर् देखि बाहिर लग्येर त्येस्लाइ मर्नेगरि ढुंगाले
लोहोर्याये । वहांदेखि तिनिहरूले ईजेबेल् थांइ नाबोत् लोहोर्याईयो १४
अनि त्यो मर्यो भनि पठाये । त्येस् पछि येसो भयो जब ईजेबेल्ले नाबोत् १५
लोहोर्याईये छ अनि मर्ये छ भनि सुनी तब ईजेबेल्ले अहाब्लाइ भनी
उठेर यिज्रेली नाबोत्को जुन् दाख्को बारी त्येस्ले तिमिलाइ दाम्मां दिंनु
मान्येको थियेन त्येस्को अधिकार् लेउ . किसोगरिभन्ये नाबोत् जीउंदो छैन
तर मर्यो । अनि येसो भयो जब अहाब्ले नाबोत् मर्ये छ भनि सुन्यो तब १६
अहाब् यिज्रेली नाबोत्को दाख्को बारीमां उत्रि जांनुलाइ उठ्यो त्येस्को
अधिकार् लिनुको लागि ॥

तब यहवेको बचन् तिश्बी एलिय्याह् थांइ येसो भन्दै आयो १७
उठेर शोमरोन्मां बस्ने इस्राएल्को राजा अहाब्लाइ भेट्नु उत्रि जा . १८
हेर् त्यो नाबोत्को दाख्को बारीमां छ जहां त्यो त्येस्को अधिकारी हुंनुलाइ
गयेको छ । त त्येस्लाइ येसो भन् यहवेले येसो भन्द छ कि तैंले मार्येको १९
छस् अनि अधिकार् पनि लियेको छस् भनि . अनि त्येस्लाइ येसो पनि भन्
यहवेले येसो पनि भन्द छ जुन् ठांउमां कुकुर्हरूले नाबोत्को रगत् चाटेर
त्येइ ठांउमां तेरो रगत् पनि अं तेरै रगत् पनि कुकुर्हरूले चाट्छन् ।
तब अहाब्ले एलिय्याह्लाइ भन्यो ए मेरो सत्तुर् कि तैंले मलाइ भेटायेको २०
छस् । अनि त्येस्ले उत्तर् दियो तंलाइ भेटायेको छु किनभन्ये तैंले
यहवेको सांमु ज्ये ज्ये खुरो छ त्यो गर्नेलाइ आफुलाइ बेच्येको छस् । हेर् २१
मं तं मांथि बुराई ल्याउंछु अनि तंलाइ स्यांट्टै बढाछु अनि अहाब् देखि
सबै केटाकेटीहरूलाइ र इस्राएलमां पक्रीयेका र छोडीयेकाहरूलाइ ।

२२ पनि काटि दिंछु. अनि तैंले मंलाइ रिसाउंनु लाउंनुलाइ र मेरो रिस्
उठ्नु लाउंनुलाइ र इस्राएल् देखि गरायेको पाप्को कारणले नबात्को
छोरो यारोबाम्को जहान् जस्तो र अहिय्याह्को छोरो बाशाको जहान्
२३ जस्तो तेरो जहान् पनि तुल्याउंछु। अनि ईजेबेल्को बिषय्मां पनि
यहवेले येसो भन्यो ईजेबेल्लाइ कुकुर्हरुले यिज्रेल्को घेराभित्ता निर
२४ खांछन्। सहर्मां अहाब्को जो मंर्छ त्येस्लाइ कुकुर्हरुले खांछन् अनि
२५ बन्मां जो मंर्छ त्येस्लाइ अकाश्का पंषीहरुले खांछन्। (अं अहाब् जस्ले
यहवेको सांमु बुराई गर्नुलाइ आफुलाइ बेच्यो जस्लाइ त्येस्की स्वास्नी
२६ ईजेबेल्ले सुर्याई त्यो जस्तो कोई पनि थियेन। अनि त्येस्ले मूर्त्तिहरु
पछ्याउंदामां अत्घोर् घिन्लाग्दो काम् गर्‍यो इस्राएल्वंशीहरुको सांमु
२७ यहवेले धपायेका एमोरीहरुले गर्‍येका सबै झैं।) अनि येसो भयो अहाब्ले
यि कुरा सुन्दाखेरि आफ्नु बस्त्र फार्‍यो अनि आफ्नु जीउमां भांग्रा
लगायो अनि उपास् बसेर भांग्रामां बस्यो अनि बिस्तार् बिस्तार्
२८ हिंड्यो। तब यहवेको बचन् तिश्बी एलिय्याह् थांइ येसो भन्दै आयो
२९ की तैंले अहाब्ले आफुलाइ मेरो सांमु कस्तो दीन् तुल्याउंद छ भनि
देख्द छस्. त्येस्ले मेरो सांमु दीन् तुल्यायेको कारणले मं त्येसैको
पालामां बुराई ल्याउंदींन. तर त्येस्को छोरोको पालामां त्यस्को जहान्
मांथि बुराई ल्याउंछु॥

(अहाब् मारींनु)

२२ १ अनि तीन् बर्ष सम्म अराम् र इस्राएल्को बीच्मां लड़ाइं भयेन।
२ अनि तीस्रो बर्षमां येसो भयो यहूदाको राजा यहोशापात् इस्राएल्को
३ राजा थांइ उत्रि गयो। अनि इस्राएल्को राजाले आफ्ना चाकरेहरुलाइ
भन्यो रामोत्गिलाद् हांमिहरुको हो भनि की तिमिहरुलाइ थाहा छैन
अनि हांमिहरुले चुप्चाप् बसि रहंदै त्यो अराम्को राजाको हात् देखि
४ लियेका छौंन। अनि त्येस्ले यहोशापात्लाइ भन्यो की रामोत्गिलाद्मां
लड़ाइं गर्नुलाइ मं सङ जांनु हुंछ। तब यहोशापात्ले इस्राएल्को
राजालाइ भन्यो जस्तो आफु उस्तै मं मेरा पर्जा आफुका पर्जा जस्तै मेरा
५ घोड़ाहरु आफुका घोड़ाहरु जस्तै। फेरि यहोशापात्ले इस्राएल्को
राजालाइ भन्यो कृपागरि आजु यहवेको बचन्को सोधनी गर्नु हवस्।
६ तब इस्राएल्को राजाले अगमबक्ताहरुलाइ चार् से जना जति भेला
गरायेर तिनिहरुलाइ भन्यो की मं रामोत्गिलाद्को बिरुद्धमां लड़ाइं
गर्नुलाइ जाउं कि थमौउं। तब तिनिहरुले भन्ये चढि जांनु हवस्
७ किनभन्ये यहवेले त्यो राजाको हात्मां सुम्पि दिंछ। तर यहोशापात्ले
भन्यो यहां अरु कोई यहवेको अगमबक्ता छैन जो सित हांमिहरु
८ सोधनी गरुं। तब इस्राएल्को राजाले यहोशापात्लाइ भन्यो अझै येउटा
मान्छे ता छ जो देखि हांमिहरुले यहवे सित सोधनी गर्नु सक्छौं अर्थात्

यिम्लाको छोरो मीकायाह् . तर मं त्यो देखि घिन् राखद छु किनभन्ये
त्यसले मेरो बिषयमां भलाइ छोइन तर बुराईको अगम् मांत्रै कहंद छ ।
तब यहोशापात्‌ले भन्यो राजाले येसो न भन्नु हवस् । तब इस्राएल्‌को ९
राजाले येउटा मालिक्‌लाइ बोलायेर भन्यो यिम्लाको छोरो मीकायाह्‌लाइ
छिट्टो बोलाइ पठा । त्यति बेला इस्राएल्‌को राजा र यहोशापात् राजा १०
आफ्ना आफ्ना राजपोशाक् लायेर शोमरोन्‌को ढोकाको छेउमां भयेको
खोला ठांउमां आफ्ना आफ्ना सिंहासन्‌मां बसि रह्येका थिये अनि सबै
अगमबक्ताहरुले तिनिहरुको सांमु अगम् कहंद थिये । अनि कनानाको ११
छोरो सिदकिय्याह्‌ले फलम्‌का सींग् बनायेर भन्यो यह्‌वेले येसो भन्द छ
यिनेले तैंले अरामीहरुलाइ तिनिहरु नष्ट न होउंन्याल् सम्म तिनिहरुलाइ
हान्छस् । अनि सबै अगमबक्ताहरुले रामोत्‌गिलाद्‌मां चढि गयेर १२
भाग्येमान्‌का हुंनु हवस् किनभन्ये यह्‌वेले त्येस्लाइ राजाको हात्‌मां सुम्पि
दिंछ भन्दै अगम् कहंद थिये । अनि मीकायाह्‌लाइ डाकि ल्याउंनुलाइ १३
पठायेको दूत्‌ले त्येस्लाइ भन्यो अब हेर्नु हवस् अगमबक्ताहरु सबैले एक्
मुख् भइ राजाको लागि जाति कुरा कहंद छन् . त कृपागरि आफुको कुरो
पनि तिनिहरुमांको येउटाको कुरो जस्तो हवस् अनि आफुले पनि जाति
भन्नु हवस् । तब मीकायाह्‌ले भन्यो यह्‌वे जीइ रह्येको भैं यह्‌वेले जे जे १४
मंलाइ भन्छ त्येइ भन्छु । अनि जब त्यो राजा थांइ आइ पुग्यो तब राजाले १५
त्येस्लाइ भन्यो ए मीकायाह् को हामिहरु रामोत्‌गिलाद्‌मां लड़ाइँ गर्नुलाइ
जाऊं कि थुनौऊं । तब त्येस्ले उत्तर् दियो चढि गयेर भाग्येमान्‌का हुंनु
हवस् किनभन्ये यह्‌वेले त्यो राजाको हात्‌मां सुम्पि दिंछ । तब राजाले १६
त्येस्लाइ भन्यो मं कति खेप् तंलाइ यह्‌वेको नांउमां सच्चैइँ मांत्रै भन् भनि
किरिया खुवाउं । तब त्यस्ले भन्यो मैंले सिंगै इस्राएल्‌लाइ गोठाला १७
बिनाका भेंड़ाहरु जस्ता पहाड़् हुंदो छरपुट्ट भयेका देख्यें . अनि यह्‌वेले
तिनिहरुको कोई धनी छैन तिनिहरु अनंगे आफ्नु आफ्नु घर्‌मां कुशल्
षित फर्कि जाउन् भन्येको छ भन्येर भन्यो । तब इस्राएल्‌को राजाले १८
यहोशापात्‌लाइ भन्यो की मैंले आफुलाइ त्येस्ले मेरो बिषय्‌मां भलो छोइन
तर बुरो मांत्रै अगम् कहंछ भन्ये र भन्येको थिइँन । तब त्येस्ले भन्यो त १९
तिमिहरुले यह्‌वेको बचन् सुन . मैंले यह्‌वेलाइ उस्को सिंहासन्‌मां
बस्येको र आकाश्‌को सिंगै सेनालाइ उस्को दाहीनो र बांउ पट्टि उभीइ
रह्येका देख्यें । त यह्‌वेले भन्यो अहाबलाइ त्यो रामोत्‌गिलाद्‌मां चढि २०
गयेर लड़ाइँ गर्नुलाइ कस्ले उलक्याउंछ । अनि येउटाले यो परिले भन्यो
अनि अर्कोले त्यो परिले भन्यो । तब येउटा आत्माले निस्कयेर यह्‌वेको सांमु २१
उभीयेर भन्यो त्येस्लाइ मं उलक्याउंछु । तब यह्‌वेले त्येस्लाइ सोध्यो कसले ।
त्येस्ले भन्यो मं निस्कि गयेर त्येस्का सिंगै अगमबक्ताहरुको मुख्‌मां झूठो २२
आत्मा हुंछु । तब उस्ले भन्यो त्येस्लाइ उलक्याउंछस् अनि जीत्‌छस् पनि .

मुखमां येउटा झूठो आत्मा हाल्येको छ अनि यहवेले तिम्रो बिषयमां
२४ बुरो कह्येको छ। तब कनानाको छोरो सदकिय्याहले छेउ आयेर
मीकायाहलाइ गालामां हिर्कायेर भन्यो यहवेको आत्मा मं देखि तेरोमां
२५ बोल्नुलाइ कहां बाटो गयो। तब मीकायाहले भन्यो हेर् जस् दिन् त
२६ लुक्नुलाइ येउटा भित्रेकोठामां पस्छस् त्यस् दिन् देख्छस्। अनि
इस्राएल्को राजाले भन्यो मीकायाहलाइ समात्येर त्येस्लाइ सहर्को मालिक्
२७ अमोन् र योआश् राजकुमार् थांइ उठाइ लैजाव अनि भन राजाले
येसो भन्छ छ येस्लाइ झेल्खान्मां हाल अनि येस्लाइ मं कुशल् सित फर्कि न
२८ आउंज्याल् सम्म दुक्खको रोटी र दुक्खको पानी खुवाव। तब मीकायाहले
भन्यो तिमि कोई परिले कुशल् सित आयौ भन्ये देखि ता यहवेले मेरो
मुख्को बाटोले भन्दै भन्येन छ। अनि त्येस्ले भन्यो हे लोग्हरु हो
तिमिहरु सबैले सुनि राख॥

२९ तब इस्राएल्को राजा र यहूदाको राजा यहोशापात् रामोत्गिलाद्मां
३० चढि गये। अनि इस्राएल्को राजाले यहोशापात्लाइ भन्यो मं आफ्नु
भेष् फेर्येर लड़ाइंमां जांछु तर आफुचइंले आफ्ने राज्पोशाक् लाउंनु
३१ हवस्। तब इस्राएल्को राजा भेष् फेर्येर लड़ाइंमां गयो। अब
अराम्को राजाले आफ्ना रथ्हरुका बत्तीस् जना मालिक्हरुलाइ येसो
भनि अह्रायेको थियो न सानु न ठुलो कसै सित लड़ाइं गर तर खालि
३२ इस्राएल्को राजा सित मात्रै भीन। त जसै रथ्हरुका मालिक्हरुले
यहोशापात्लाइ देख्ये तब येसो भयो तिनिहरुले त्यो निस्से इस्राएल्को
राजानै हो भन्येर त्यो सित लड़ाइं गर्नुलाइ त्यो तिर फर्के. तब
३३ यहोशापात् करायो। अनि जसै रथ्हरुका मालिक्हरुले त्यो इस्राएल्को
राजा होइन रछ भनि देख्ये तब तिनिहरु त्येस्लाइ खेद्नु देखि फर्के।
३४ तब येउटा मान्छेले सोजो मनको भइ धनु तान्येर इस्राएल्को राजालाइ
त्येस्को झिलम्को जोर्निमां हान्यो. तब त्येस्ले त्येस्को रथ्को साथीलाइ
भन्यो आफ्नु हात् फर्कायेर मंलाइ सेना देखि बाहर लैजा किनभन्ये
३५ सारो घायेल् भयेको छु। अनि त्यस् दिन् लड़ाइं धेरै बढ्यो. अनि
राजा आफ्नु रथ्मां अरामीहरुको बिरुद्धमां अड्याइ राखीयो तर सांझमां
३६ मरि गयो. अनि घाउ बाटो रगत् रथ्को भूइंमां बग्यो। तब घाम्
अस्ताउंदै गयेको बेलामां सेनामां कराइ भयो जनंगे आफ्नु आफ्नु
३७ सहर्मां र जनंगे आफ्नु आफ्नु देस्मां जाव भन्ये। त राजा मर्यो अनि
शोमरोन्मां पुर्याईयो अनि तिनिहरुले राजालाइ शोमरोन्मां गाड़े।
३८ अनि यहवेले भन्येको बचन् अनुसार् तिनिहरुले रथ् शोमरोन्को
पोखरीमां धोये अनि कुकुर्हरुले त्येस्को रगत् चाट्ये (अनि बेश्येहरुले
३९ त्यहां नुहाउंद थिइन्)। अब अहाब्का रहल् कार्ज्य र ज्ये ज्ये त्येस्ले गर्यो
अनि त्येस्ले बनायेको हातिदांत्को महल् र त्येस्ले बनायेका सबै सहर्हरु के
ति इस्राएल्का राजाहरुको इतिहास्को पोस्तक्मां लेख्येका छैनन्। येसोरि

अहाब् आफना पित्रहरु सङ सुत्यो अनि त्यसको छोरो अहज्याह्ले त्यसको ४०
साटो राज् गर्‍यो ॥

(यहोशापात्को राज्)

अनि इस्राएल्को राजा अहाब्को चौथो वर्षमा आसाको छोरो ४१
यहोशापात्ले यहूदा मांथि राज् गर्नु थाल्यो। राज् गर्नु थाल्दा यहोशापात् ४२
पैंतीस् वर्षको थियो अनि त्यसले यरुशलेममा पचीस् वर्ष यहूदा मांथि राज्
गर्‍यो। अनि त्यसको आमाको नांउ शिल्हीको छोरी अजूबा थियो। अनि ४३
त्यो आफनु बाबुका सबै बाटामा हिंड्यो यहवेको सांमु जे जाति थियो
त्यो गर्दै बाटो देखि तर्कि गयेन. तैपनि अलगा ठांउहरु दूर् गरीयेनन्
लोगले अझै पनि अलगा अलगा ठांउहरुमा बलि चढाउंदै र धूप् हाल्दै
रह्यो। अनि यहोशापात्ले इस्राएल्को राजा सङ मिलाप् गर्‍यो। अब ४४ ४५
यहोशापात्का रहल् कार्ज्य र त्यसले देखायेको प्रताप् र त्यसले गर्‍येको लड़ाइँ
के ति यहूदाका राजाहरुको इतिहास्को पोस्तकमा लेख्येका छैनन। अनि ४६
त्यसको बाबु आसाको पालामा रह्येका पुरुषगामिहरुलाइ त्यसले देस् देखि
निकालि दियो। अनि एदोममा कोई राजा थियेन. येउटा सुबिदार्ले ४७
राज् गर्दै थियो। यहोशापात्ले तर्शीसका जहाज्हरु ओपीर् देखि सुन्
ल्याउंनुलाइ बनायो, तर ति गयेनन् किनभन्ये एस्योनगेबेर्मा जहाज्हरु ४८
फुटाईये। तब अहाब्को छोरो अहज्याह्ले यहोशापात्लाइ भन्यो मेरा ४९
चाकरेहरुलाइ आफुका चाकरेहरु सङ जहाज्हरुमा जांनु दिंनु हवस्।
तर यहोशापात्ले मान्येन। अनि यहोशापात् आफना पित्रहरु सङ सुत्यो ५०
अनि आफनु पित्र दाऊद्को सहर्मा आफना पित्रहरु सङ गाड़ीयो.
अनि त्यसको छोरो यहोराम्ले त्यसको साटोमा राज् गर्‍यो ॥

(अहज्याह्को राज्)

यहूदाको राजा यहोशापात्को सत्रौं वर्षमा अहाब्को छोरो ५१
अहज्याह्ले शोमरोनमा इस्राएल् मांथि राज् गर्नु थाल्यो अनि त्यसले
इस्राएल् मांथि दुइ वर्ष राज् गर्‍यो। अनि त्यसले यहवेको सांमु जे कुरो ५२
थियो त्येइ गर्‍यो अनि आफनु बाबुको बाटोमा र आफनी आमाको बाटो
र जुन् बाटो नबात्को छोरो यारोबाम्ले इस्राएल् देखि पाप् गरायो त्येइ
बाटोमा हिंड्यो। त्यसले बाल्को सेवा गर्‍यो अनि त्यसलाइ दण्डवत् गर्‍यो ५३
अनि आफनु बाबुले गर्‍येका सबै काम् अनसार् इस्राएल्को ईश्वर् यहवेलाइ
रिसाउंन लायो ॥

राजाहरुको दोस्रो पोस्तक।

(अहज्याह्‌को मृत्यु)

१ १ अहाब् मर्‍ये पछि मोआब् इस्राएल् देखि बागि भयो। अनि
अहज्याह् शोमरोन्‌मां भयेको आफ्नु मांथिल्लो कोठाको झ्याल् बाटो
खस्येर बिसंच भयो. अनि त्येस्ले दूत्‌हरुलाइ येसो भन्येर पठायो गयेर
एक्रोन्‌को देवता बाल्‌जबूब् सित सोधनी गर मं यो बेथा देखि निको
३ हुंछु कि हुन्न भनि। तर यहवेको दूत्‌ले तिश्‌बी एलिय्याह्‌लाइ भन्यो
उठेर शोमरोन्‌को राजाका दूत्‌हरुलाइ भेट्‌नु गयेर तिनिहरुलाइ भन्
कि इस्राएल्‌मां कोई ईश्वर् छैन र एक्रोन्‌को देवता बाल्‌जबूब् सित
४ सोध्‌नु जांदै छौ। अब येसैकारण् यहवेले येसो भन्द छ तं तं चढेरको
ओछ्यान् देखि उत्रंदैनस् तर निस्सेइ मर्छस्। अनि एलिय्याह् हिंढि गयो।
५ अनि दूत्‌हरु त्यो थांइ फर्कि आउंदा त्येस्ले तिनिहरु सित सोध्यो तिमिहरु
६ फर्कि आयेको कारण् क्या हो। त तिनिहरुले त्येस्लाइ भन्ये हांमिहरुलाइ
भेट्‌नु एक् जना मान्छे आयो जस्ले हांमिहरुलाइ भन्यो तिमिहरुलाइ
पठाउंने राजाकां फर्कि गयेर भन यहवेले येसो भन्द छ कि इस्राएल्‌मां
कोई ईश्वर् छैन र एक्रोन्‌को देवता बाल्‌जबूब् सित सोध्‌नु पठायेको
छस्. येसकारण् तं तं चढेरको ओछ्यान् देखि उत्रंदैनस् तर तं निस्सेइ मर्छस्
७ भनि। तब त्येस्ले तिनिहरुलाइ भन्यो तिमिहरुलाइ भेट्‌नु चढि आउंने
८ अनि यि कुरा गर्ने मान्छे कस्तो रकमको थियो। त तिनिहरुले त्येस्लाइ
उत्तर् दिये त्येस्ले रऊंको लुगा लायेको थियो अनि त्येस्को कम्मरमां
छालाको पटुका बांधेको थियो। त त्येस्ले भन्यो उसो भये त्यो तिश्‌बी
९ एलिय्याह् हो रछ। तब राजाले त्यो थांइ पचास्‌को मालिक्‌लाइ त्येस्का
पचास् जना समेत्‌लाइ पठायो। अनि त्यो त्येस् थांइ चढि गयो. त
हेर त्यो डांड़ाको थाप्रिमां बसि रह्येको रछ। तब त्येस्ले त्येस्लाइ भन्यो
१० हे ईश्वर्‌को जन् राजाले उत्रि आउंनु भन्येको छ। त एलिय्याह्‌ले
पचास्‌को मालिक्‌लाइ उत्तर् दिइ भन्यो मं ईश्वर्‌को जन् हो रांछु भन्ये
देखि आगो आकाश् देखि झरोस् अनि तंलाइ तेरा पचासै समेत्‌लाइ भस्म
पारोस्। तब आकाश् देखि आगोले झर्येर त्येस्लाइ त्येस्का पचासै समेत्
११ लाइ भस्म पार्‍यो। तब त्येस्ले फेरि अर्को पचास्‌को मालिक्‌लाइ त्येस्का
पचासै समेत्‌लाइ त्यो थांइ पठायो। त त्येस्ले त्येस्लाइ उत्तर् दिइ भन्यो हे
१२ ईश्वर्‌को जन् राजाले येसो भन्द छ छिटो उत्रि आ भनि। तब

एलिय्याह्ले तिनिहरुलाइ उत्तर् दिइ भन्यो मं ईश्वर्को जन् हो रांछु
भन्ये देखि आगोले अकाश् देखि झर्येर तंलाइ तेरा पचासै समेत्लाइ
भस्म पारोस् । त ईश्वर्को आगोले अकाश् देखि झर्येर त्येस्लाइ त्येस्का
पचासै समेत्लाइ भस्म पाऱ्यो । फेरि त्येस्ले तीस्रो पचांस्को मालिक्लाइ १३
त्येस्को पचासै समेत्लाइ पठायो । तब तीस्रो पचास्को मालिक्ले चढि
आयेर एलिय्याह्को सांमु घुंड़ा टेकिकन त्यो सित बिन्ति गऱ्यो हे ईश्वर्का
जन् कृपागरि मेरो र आफुका यि पचास् जना दास्हरुका प्राण् आफुको
दृष्टिमां अमोल्का होउन् । हेर्नु हवस् आगोले अकाश् देखि झर्येर
अगाड़िका ति दुइ पचास्का मालिक्हरुलाइ तिनका पचास् पचासै १४
समेत्लाइ भस्म पाऱ्यो . त अब मेरो प्राण् आफुको दृष्टिमां अमोल्को
हवस् । त यह्वेको दूत्ले एलिय्याह्लाइ भन्यो त्यो सङ उत्रि जा . त्यो १५
देखि न डरा । तब त्यो उठेर त्यो सङ राजा थांइ उत्रि गयो । अनि १६
त्येस्ले त्येस्लाइ भन्यो यह्वेले येसो भन्द छ तैंले दूत्हरुलाइ एक्रोन्को
देव्ता बाल्जबूब् सित सोधनी गर्नुलाइ पठायेको कारण् के येइ होइन
के इस्राएल्मां कोई ईश्वर् छैन उस्को बचन्को सोधनी गर्नुलाइ .
येस्कारण् तं तं चढेस्को ओछ्यान् देखि उत्रंदैनस् तर निस्सेइ मंर्छस् । तब १७
एलिय्याह्ले भन्येको यह्वेको बचन् अनुसार् त्यो मंऱ्यो । अनि यहूदाको
राजा यहोशापात्को छोरो यहोराम्को दोस्रो बर्षमां त्येस्को साटोमां
योराम्ले राज् गर्नु थाल्यो । अब अहज्याह्ले गर्येका रहल् कार्ज्य के ति १८
इस्राएल्का राजाहरुको इतिहास्को पोस्तक्मां लेख्येका छैनन् ॥

(एलिय्याह्को स्वर्गजवाई)

अनि जब यह्वेले एलिय्याह्लाइ बेहेरीआंधीमां स्वर्गमां उठाइ २ १
लैजांनु आंटेस्को थियो तब येसो भयो एलिय्याह् एलीशा सङ गिल्गाल्
देखि हिंड़्यो । अनि एलिय्याह्ले एलीशालाइ भन्यो कृपागरि यहां २
अड़ीइ रह् किनभन्ये यह्वेले मंलाइ बेतेल् सम्म पठायेको छ । तब
एलीशाले भन्यो यह्वे जीइ रह्येको झैं र आफुको प्राण् जीइ रह्येको
झैं मं आफुलाइ छोड्दींन । त तिनिहरु बेतेल् सम्म उत्रि गये ।
त बेतेल्मां भयेका अगम्वक्ताहरुको खाल्ले एलीशा थांइ निस्कि ३
आयेर भन्ये यह्वेले आजु आफुको स्वामीलाइ आफुको सिर् मांथि
देखि उठाइ लैजांछ भनि के आफुलाइ थाहा छ । त त्येस्ले भन्यो अं
थाहा छ तिमिहरु चुप लाग । एलिय्याह्ले फेरि भन्यो ए एलीशा कृपा ४
गरि यहां अड़ीइ रह् किनभन्ये यह्वेले मंलाइ यरीहोमां पठायेको छ ।
त त्येस्ले भन्यो यह्वे जीइ रह्येको झैं र आफुको प्राण् जीइ रह्येको
झैं मं आफुलाइ छोड्दींन । तब तिनिहरु यरीहोमां आये । तब यरीहोमां ५
भयेका अगम्वक्ताहरुको खाल्ले एलीशा छेउ आयेर भन्ये के यह्वेले
आज आफुको स्वामीलाइ आफुको सिर मांथि देखि उठाइ लैजांछ भनि

कि आफुलाइ थाहा छ। तब त्येस्ले भन्यो अं थाहा छ तिमिहरु चुप
६ लाग। तब एलिय्याह्ले त्येस्लाइ भन्यो कृपागरि यहां अडीइ रह्
किनभन्ये यह्वेले मंलाइ यर्दन् सम्म पठायेको छ। त त्येस्ले भन्यो
यह्वे जीइ रह्येको भैं र आफुको प्राण् जीइ रह्येको भैं मं आफुलाइ
७ छोड्दींन। त ति दुइ अघि बढ़ेर। अनि अगमवक्ताहरुको खाल्मांका
पचास् जना आयेर तिनिहरुको सांमु टाढ़ो उभीइ रह्ये. तर ति दुइ जना
८ यर्दन् निर उभीये। तब एलिय्याह्ले आफ्नु खाष्टो समात्येर बेह्र्यो
वहांदेखि त्येस्ले पानीलाइ हिर्कायो त पानी येता र उता भाग् भाग् भये
९ ति दुइ जना ओबानोमां तरि जांने सम्मगरि। अनि तिनिहरु तरि गये
पछि येसो भयो एलिय्याह्ले एलीशालाइ भन्यो मं तं देखि उठाइ लगींनु
भन्दा पहिले मं तेरो लागि कि गरुं भनि मांग्। तब एलीशाले भन्यो मं
१० बिन्ति गर्दै छु आफुको आत्मा भन्दा दोबर् भाग् मं माथि परोस्। तब
त्येस्ले भन्यो तैंले कठिन् थोक् मांगिस्. तैपनि मं तं देखि उठाइ लगीयेको
हुंदै गर्येको देखिस् भन्ये देखि तं माथि येसै हुंछ तर देखीनस् भन्ये देखि
११ येसो हुंदैन। वहांदेखि तिनिहरु अघि अघि जांदै गर्दा र बात् मांदै गर्दा
खेरि येसो भयो कि देख्ये भन्ये येउटा आगोको रथ् र आगोका घोड़ाहरु
देखाहा पर्ये जस्ले ति दुइलाइ छुटायो अनि एलिय्याह् चइं बेह्री
१२ आंधीमां स्वर्गमां चढ़ि गयो। तब एलीशाले येसो भयेको देख्नु बित्तिकै
हे मेरा पिता हे मेरा पिता इस्राएलका रथ् र त्येस्का घुड्सवार्हरु
भन्येर करायो। अनि त्येस्ले त्येस्लाइ अरु देख्येन. तब त्येस्ले आफ्नु लुगा
१३ समात्येर च्याति दुइ टुक्रा पार्यो। अनि त्येस्ले एलिय्याह्को त्यो देखि
१४ खस्येको खाष्टो पनि उठायेर फर्कि आइ यर्दन्को तीर्मां उभीयो। वहांदेखि
एलिय्याह्को त्यो देखि खस्येको खाष्टोले पानीमां हिर्कायेर एलिय्याह्को
ईश्वर् यह्वे कहां छ भन्येर भन्यो. अनि जब त्येस्ले पानीमां हिर्कायो पनि
१५ त पानी येता र उता भाग् भाग् भये. तब एलीशा तरि गयो। अनि जब
त्येस्को सांमु यरीहोमां भयेका अगमवक्ताहरुको खाल्ले त्येस्लाइ देख्ये तब
भन्ये एलिय्याह्को आत्मा एलीशामां परि रह्येको छ। तब तिनिहरु त्येस्लाइ
भेट्नुलाइ निस्कि आइ त्येस्को सांमु भूइं सम्म निउंरि त्येस्लाइ दण्डवत् गर्ये।
१६ तब तिनिहरुले त्येस्लाइ भन्ये अब हेर्नु हवस् आफुंका दास्हरु सङ्ग पचास्
जना बलिया बलिया मान्छेहरु छन् आज्ञा हुंछ भन्ये तिनिहरु आफुका
स्वामीलाइ खोज्नु जाउन्. कोनि यह्वेको आत्माले तिन्लाइ कतै उठाइ
लग्येको छ होला अनि कोई डांड़ामां कि गेह्रामां खसालि दियेको छ
१७ होला। तब त्येस्ले भन्यो न पठाव। अनि जब तिनिहरुले त्येस्लाइ लाज्
पारुंज्याल् सम्म ढिपि लाउंद थिये तब त्येस्ले भन्यो पठाव। तब तिनिहरुले
१८ पचास् जनालाइ पठाये जुन्हरुले तीन् दिन् सम्म खोज्ये तर पायेनन्। तब
त्यो यरीहोमां रहंदा तिनिहरु त्यो थांइ फर्कि आये अनि त्येस्ले तिनिहरुलाइ
भन्यो कि मैंले तिमिहरुलाइ न जांनु भन्येको थिइंन॥

(एलीशाका दुवटा आश्चर्य्यकर्म्म)

अनि त्येस् सहर्का मान्छेहरुले एलीशालाइ भन्ये कृपागरि हेर्नु हवस् १९
यो सहर् बसालीयेको ठांउ ता राम्रो छ जसो हांम्रा प्रभुले पनि देखदै
छन्, तर पानी चइं नजाति छ अनि भूमि तुहुंने गर्भ जस्तो छ। तव २०
त्येसले भन्यो मेरो लागि येउटा नया बटुको ल्याइ देव अनि त्येसमां नुन्
हाल। त तिनिहरुले त्यो थांइ त्यो ल्याये। अनि त्येसले पानीको मूल्मां २१
गयेर त्यो नुन् हालि दियो वहांदेखि भन्यो यहवेले येसो भन्द छ मैंले यि
पानीहरु निको पार्येको छु त अब देखि येसो त्यो देखि फेरि मरण् कि
गर्भतुहाई जस्तो कैले पनि हुंदैन। येसोरि एलीशाले भन्येको बचन् २२
अनुसार् आजु सम्म पानी निको भयेके छ॥

त्येस् पछि त्यो त्यहां बाटो बेतेल्मां चढि गयो, अनि त्यो बाटोमां २३
हिंड्दै गर्दाखेरि केटाहरुले सहर् बाटो निस्कोर ए मुडुले चढि जा ए
मुडुले चढि जा भन्दे त्येसको निन्दा गर्दै भन्ये। तव त्येसले पछिल् तिर हेरि
तिनिहरुलाइ देख्येर तिनिहरुलाइ यहवेको नांउले धिक्कार्यो। तव वन् २४
बाटो दुवटी माऊभालुले निस्कि आयेर तिनिहरुमांका बयालीस् जना
केटाहरुलाइ फहराइन्। अनि त्यो त्यहां बाटो कर्मेल्डांडामां गयो अनि २५
त्यहां बाटो शोमरोनमां फर्क्यो॥

(योरामको राजको थाल्नी)

यहूदाको राजा यहोशापातको अठारौं वर्षमां अहाबको छोरो ३ १
योरामले शोमरोनमां इस्राएल् मांथि राज् गर्न थाल्यो अनि त्येसले बारह्
वर्ष राज् गर्यो। अनि त्येसले यहवेको सांमु ज्ये बुरो थियो त्येइ गर्यो २
तै त्येसको बाबु र त्येसकी आंमाले जस्तो ता होइन, कसोगरिभन्ये
त्येसले आफ्नु बाबुले बनायेको बाल्को मुडुका दूर् गर्यो। तैपनि त्यो ३
नबातको छोरो यारोबामले इस्राएल् देखि गरायेको पापमां टांसीइ
रह्यो त्यो देखि फर्कन॥

(मोआब् मांथि बिजय्)

त मोआबको राजा मेशा भेंडापाला थियो जसले इस्राएलको ४
राजालाइ एक् लाख् पाठा र एक् लाख् थुमाका ऊण सिर्तगरि दिंद
थियो। तर जब अहाब् मर्यो तव येसो भयो मोआबको राजा ५
इस्राएलको राजा देखि बागि भयो। अनि योराम् राजाले त्येस् बेला ६
शोमरोन् देखि निस्कोर सिंगै इस्राएल्लाइ भेला गरायो। अनि त्येसले ७
गयेर यहूदाको राजा यहोशापात् थांइ येसो भनि पठायो मोआबको राजा
मं देखि बागि भयो, के आफु मं सङ मोआबको बिरुद्धमां लड़ाइँ
गर्नलाइ जांन सकछ। त त्येसले भन्यो मं चढि जांछु, जस्तो आफु

८ उस्ले मं मेरा लोग् आफुका लोग् मेरा घोड़ाहरु आफुका घोड़ाहरु। त त्येले
भन्यो कुन् बाटो बाड़ो हांमिहरु जाऊं। त त्येले उत्तर् दियो एदोम्को
९ बन्को बाटो बाड़ो। तब इस्राएल्को राजा हिंड़ि गयो अनि यहूदाको
राजा र एदोम्को राजा पनि. अनि तिनिहरु सात् दिन्को बाटो बाड़ो
घुम्दै गये. अनि सेनाको लागि र तिनिहरुको पछि पछि आउंने
१० पशुहरुको लागि पानी थियेन। अनि इस्राएल्को राजाले भन्यो हाय्
हाय् किनभन्ये यह्वेले यि तीन् राजाहरुलाइ मोआब्को हात्मां सुम्पि
११ दिंनुलाइ भेला गरायेको रछ। तर यहोशापात्ले भन्यो के यहां यह्वेको
कोई अगम्वक्ता छैन जो सित हांमिहरुले यह्वेको सोधनी गर्नु सकूं।
तब इस्राएल्को राजाको येउटा चाकरेले उत्तर् दिइ भन्यो शापात्को
छोरो एलीशा यहां छ जस्ले एलिय्याह्को हात्मां पानी हाल्ने गर्द थियो।
१२ तब यहोशापात्ले भन्यो यह्वेको बचन् त्यो सङ छ। तब इस्राएल्को
१३ राजा र यहोशापात् र एदोम्को राजा त्यो थांइ उत्रि गये। अनि
एलीशाले इस्राएल्को राजालाइ भन्यो मेरो तिमि सङ के काम् आफ्नु
बाबुका अगम्वक्ताहरु र आफ्नी आंमाका अगम्वक्ताहरुकांने जाइ जांनु।
तब इस्राएल्को राजाले त्येलाइ भन्यो होइन. किनभन्ये यह्वेले यि
तीन् राजाहरुलाइ तिनलाइ मोआब्को हात्मां सुम्पि दिंनुलाइ भेला
१४ गरायेको रछ भन्येर भन्यो। अनि एलीशाले भन्यो सेनाहरुको ईश्वर्
यह्वे जीइ रह्येको झैं जस्को सांमु मं उभीइ रह्यको छु निस्से मं यहूदाको
राजा यहोशापात्को मान् न गर्दो हुं त न तिमिहरु तिर हेर्ने थियें न
१५ तिमिहरुलाइ देख्ने थियें। तर अब मेरो लागि येउटा बाजा बजाउंनेलाइ
झिकाइ देउ। अनि जब त्यो बाजा बजाउंनेले बजाउंद थियो तब येसो
१६ हुंद थियो यह्वेको आत्मा एलीशा मांथि पर्द थियो। अनि त्येले भन्यो
१७ यह्वेले येसो भन्द छ त्यो तरिभरि खाड़ल् खन। किनभन्ये यह्वेले येसो
भन्द छ तिमिहरुले बतास् देख्दैन न पानी देख्छौ तरैपनि त्यो तरि
पानीले भरीछ. अनि तिमिहरुले अं तिमिहरु र बथान् बगाल् समेत्ले
१८ खांछौ। अनि यो यह्वेको सांमु सांनु कुरो मांत्रै छ. उस्ले मोआबीहरुलाइ
१९ तिम्रो हात्मां सुम्पि दिंछ। अनि तिमिहरुले सबै घेरा भयेको सहर्हरु
र सबै रोजा रोजा सहर्हरु मार्छौ अनि सबै अस्सल् अस्सल् रुख्हरु
ढाल्छौ अनि सबै जरुवा पानीहरु थुन्छौ अनि सबै अस्सल् जिमीन्हरु
२० ढुंगाले बिगार्छौ। त बिहान भेटि चढाउंने बेलामां येसो भयो हेर एदोम्
२१ पट्टि बाटो पानी आयो अनि देस् पानीले भरीयो। जब सिंगै
मोआबीहरुले ति राजाहरु हांमिहरुको बिरुद्धमां लड़ाइं गर्नुलाइ चढि
आयेका छन् भनि सुन्ये तब हतियार् भिर्नु सक्नेहरु सबै र ति देखि
२२ ऊंभोकाहरु पनि भेला भयेर सिमानामां उभीये। त तिनिहरु सखारै उठेर
अनि घाम् पानीमां चम्कंनु लाग्यो तब मोआबीहरुले आफ्नु सांमु भयेको
२३ पानी रगत् जस्तो रातो देख्ये. तब तिनिहरुले भन्ये रगत्ने हो ति

राजाहरु निस्से नास् पारीये छन् तिनिहरु जनंगेले आफ्ना साथीहरुलाइ
मांर्‍ये हुंनन् . येस्कारण् ए मोआब् अब लूट् । वहांदेखि जसै तिनिहरु २४
इस्राएल्को छाउंनिमां आइ पुग्ये तब इस्राएलीहरुले उठेर मोआबीहरुलाइ
तिनिहरु तिनिहरुको सांमु देखि भाग्नेगरि मांर्‍ये अनि मोआबीहरुलाइ
मांर्दै मांर्दै देस्मां अघि अघि गये । अनि तिनिहरुले सहर् भत्काइ दिये २५
अनि जनंगेले आफ्न् आफ्नु ढुंगा सबै अस्सल् जिमीन्मां हाल्येर त्यो भरि
दिये अनि तिनिहरुले सबै जरुवा पानीहरु थुनि दिये अनि सबै अस्सल्
अस्सल् रुखहरु ढालि दिये. यहां सम्म गर्‍ये किर्‌हरेशेत्मां मांत्रै ढुंगा
राखि छोड्रे तैपनि घुयांत्रो हान्नेहरुले त्येस्लाइ घेरि मांर्‍ये । अनि जब २६
मोआब्को राजाले मेरो लागि लड़ाइँ बिझ्न सारो भयो भनि देख्यो तब
आफु सङ्ग तरवार् झिक्ने सात् से जनालाइ एदोम्का राजा भयठांउ सम्म
जांनुलाइ लियो तर तिनिहरुले सकेनन् । तब त्येस्ले आफ्नु साटोमां राज्
गर्नु पर्ने आफ्नु जेठो छोरोलाइ लियेर त्येस्लाइ भित्तामां होम्बलि गरि २७
चढ़ायो । अनि इस्राएल्को बिरुद्धमां अरघोर् रिसायो. तब तिनिहरु त्यो
देखि फर्केर आफ्नु देस्मां आये ॥

(एलीशाका चार् आश्चर्य्यकर्म्म)

अनि अगमवक्ताहरुको खाल्मांको येउटाकी स्वास्नीले एलीशा ४ १
थांइ आयेर दोहाई गर्दै भनी आफ्कको दास् मेरो लोग्ने मंर्‍यो. अनि
आफुको दास् यह्वे देखि डराउंद थियो भनि आफुलाइ थाहा छ. अनि
साहू मेरा दुइ भाई बालखहरुलाइ आफ्नु कमारा पार्नुलाइ लैजांनु
आयेको छ । तब एलीशाले त्येस्लाइ भन्यो मं तिम्रो लागि के गरुं. २
मंलाइ भन तिम्रो घर्मां के छ । त त्येस्ले उत्तर् दिई तेल्को येउटा
गरौयां बाहिक् घर्मां आफुकी दासीको अरु केइ पनि छैन । तब त्येस्ले ३
भन्यो गयेर आफ्ना सबै छिमेकिहरु देखि भांड़ाहरु अं खालि भांड़ाहरु
मांगि ल्याउ अनि थोरै मांत्रै मांगि न ल्याउंनु । वहांदेखि भित्र पस्येर ४
आफु र आफ्ना छोराहरु पछि देलो थुन अनि ति सबै भांड़ाहरुम
खन्याउ अनि भरीयेको भरीयेको चइं अलग् राख । तब त्येस्ले त्यो थांइ ५
देखि गयेर आफु र आफ्ना छोराहरु पछि देलो थुनी अनि तिनिहरुले
त्यो थांइ भांड़ा ल्याउंद थिये अनि त्येस्ले चइं तिनमां खन्याउंद थिई ।
अनि येसो भयो जब भांड़ाहरु भरीइ सक्कीयेका थियें तब त्येस्ले आफ्ना ६
छोराहरुलाइ भनी मेरो लागि अझै येउटा भांड़ा ल्याइ देव । तब त्येस्ले
त्येस्लाइ भन्यो अरु भांड़ा छंदै छैन । तब तेल् थामीयो । तब त्येस्ले गयेर ७
ईश्वर्को जन्लाइ सुनाइ दिई । तब त्येस्ले भन्यो गयेर त्यो तेल् बेच्येर आफ्नु
ऋण् तिर अनि उबर्‍येको चइं तिमि र तिम्रा छोराहरुले जिबिका गर ॥
अनि एक् दिन् येस्तो संयोग्य् भयो एलीशा सुनेम् तिर जांदै थियो ८
[illegible]

खांनुलाइ समात्येकी थिई। अनि येसो भयो जब जब त्यो त्येता तिर
९ जांद थियो तब तब खाजा खांनुलाइ जांने गर्द थियो। अनि त्येल्ले
आफ्नु लोग्नेलाइ भनी अब हेर त्यो सधैं हांमिहरु थांइ आउंने मान्छे
१० ईश्वर्को येउटा पवित्र जन् हो रछ भनि मलाइ थाहा हुंद छ। त मं
बिन्ति गर्द छु हांमिहरु भित्तामां येउटा सांनु कोठा बनाऊं अनि त्येस्को
लागि त्यहां येउटा ओछ्यान् र मेज् र येउटा चौकी र येउटा दीयो राखि
दिऊं. र येसो हवस् जब जब त्यो हांमिहरु थांइ आउला तब तब त्येस्मां
११ बसें गरोस्। अनि एक् दिन् येस्तो संयोग्य् भयो त्यो त्यहां आउंदा
१२ कोठामां बस्यो अनि त्यहां सुत्यो। तब त्येल्ले आफ्नु चाकरे गेहजीलाइ
भन्यो त्यो शुनेमीलाइ बोलाइ ले। अनि जब त्येल्ले त्येस्लाइ बोलाइ ल्यायो
१३ तब त्यो त्येस्को सांमु उभीई। अनि त्येल्ले त्येस्लाइ भन्यो अब त्येस् आइमाइ
लाइ भन् आफुले हांमिहरुको लागि येत्रो कृपा गर्नु भयो त आफुको
लागि के गरौंओस्. के राजाकां कि सेनापतिकां आफुको चर्चा गरौंओस्।
१४ त त्येल्ले उत्तर् दिई मं आफ्ना माइतिहरुको बीचमां बस्द छु। तब त्येल्ले
फेरि भन्यो त तिनको लागि के गरौंओस्। अनि गेहजीले उत्तर् दियो
सांचि तिन्को छोरो छैन अनि तिन्को लोग्ने बूढ़ा पनि छन्। तब त्येल्ले
१५ भन्यो तिन्लाइ बोलाइ ले। अनि जब त्येल्ले त्येस्लाइ बोलाइ ल्यायो तब त्यो
१६ देलामां उभीई। त त्येल्ले भन्यो आघुड् येइ ऋतु घुमि आयेको बेलामां
आफुले येउटा छोरोलाइ अङ्गालो मार्छउ। अनि त्येल्ले भनी होइन हे मेरा
प्रभु हे ईश्वर्का जन् आफ्ना दासीलाइ न ढांट्नु हवस्। तब नभन्दै त्यो
१७ आइमाइ गर्भिणी भई अनि एलीशाले त्येस्लाइ भन्येको अनुसार् त्येल्ले ऋतु
१८ घुमि आयेको त्येइ बेलामां येउटा छोरो जन्माई। अनि छोरा बढ्र्कोमां
एक् दिन् येस्तो संयोग्य् भयो त्यो छोरो आफ्नु बाबु थांइ अन्नको
१९ काटनी गर्नेहरु थांइ निस्कि गयो। अनि त्येल्ले आफ्नु बाबुलाइ भन्यो
ऐया मेरो कपाल् मेरो कपाल्। तब त्येल्ले आफ्नु चाकरेलाइ भन्यो.
२० येस्लाइ येस्को आंमाकां बोकि लैजा। अनि जब त्येल्ले त्येस्लाइ बोकेर
येस्को आंमाका पुऱ्याइ दियो तब मद्धेनि दिन् सम्म आंमाको घुड़ामां
२१ सुति रह्यो अनि त्येस् पछि मरि गयो। तब त्येल्ले त्येस्लाइ चढ़ाइ
लग्येर ईश्वर्को जन्को ओछ्यान्मां राखि दिई अनि त्येस्को पछि
२२ देलो थुन्येर बाहिर गई। वहांदेखि त्येल्ले आफ्नु लोग्नेलाइ
बोलायेर भनी कृपागरि मेरो लागि चाकरेहरुमांको येउटा र
गदाहाहरुमांको येउटा पठाइ देउ र मं ईश्वर्का जन् थांइ दुगुरि गयेर
२३ फर्कि आउं। तब त्येल्ले भन्यो आजु त्यो थांइ किन जांछेस् आजु न
२४ दुतिया न बिश्रामबार् हो। त त्येल्ले भनी कुशल्। तब त्येल्ले गदाहामां
जीन् कस्येर आफ्नु चाकरेलाइ भनी धपाउंदै हिंडू अनि मेरो आज्ञा
२५ बिना धपाउंनुमां ढीलो न गर्। तब त्यो अघि गयेर ईश्वर्का जन्
थांइ कर्मेल्डांड़ामां गइ पुगी। अनि येसो भयो ईश्वर्को जन्ले

त्यसलाइ टाढ़ो बाटो आउंदै गर्येको देख्येर त्यस्ले आफ्नु चाकरे गेहजीलाइ
भन्यो हेर् पर शुनेमी आउंदै छ. कृपागरि त्यसलाइ भेट्नुलाइ दुगुरि २६
जा अनि त्यस्लाइ भन् आफु कुशल् सङ हुंनु हुंद छ अनि आफुका खसम्
पनि अनि आफुको बालख पनि कुशल् सङ छन् भनि। तब त्यस्ले उत्तर् २७
दिई कुशल् छ। अनि त्यो डांड़ामां ईश्वर्को जन् थांइ पुग्दा ईश्वर्को
जन्को गोड़ा समाती। अनि गेहजी त्यस्लाइ हटाउंनुलाइ छेउ आयो
तर ईश्वर्को जन्ले भन्यो त्यसलाइ छोड़ि दे. किनभन्ये त्यो आफ्नु
मन्मां सुर्तायेको छ अनि यह्वेले त्यो मं देखि लुकायेको छ अनि मंलाइ
सुनायेन। तब त्यस्ले भनी के मैंले आफ्ना प्रभु सित छोरा मांग्यें. के २८
मैंले मंलाइ धोका न दिंनु हवस् भन्येर भनींन। तब त्यस्ले गेहजीलाइ २९
भन्यो आफ्नु कम्मर् बांध्येर आफ्नु हात्मां मेरो लउरो लियेर आफ्नु
बाटो समा. अनि तैंले कसैलाइ भेटिस् भन्ये त्यसलाइ सलाम् न गर् अनि
तंलाइ सलाम् गर्नेलाइ उत्तर् न दे अनि मेरो लउरो केटाको मुख्
मांथि राखि दे। अनि केटाकी आमाले भनी यह्वे जीइ रह्येको झैं ३०
अनि आफुको प्राण् जीइ रह्येको झैं मं आफुलाइ छोड्दींन। तब त्यस्ले
उठेर त्यस् आइमाइलाइ पछ्यायो। अनि गेहजीले तिनिहरु भन्दा ३१
अघि अघि गयेर लउरो केटाको मुख् मांथि राखि दियो तर न कोई
उत्तर् दिंने न कोई चेत् गर्ने भयो। येस्कारण् त्यो त्यस्लाइ भेट्नुलाइ
फर्कि आयो अनि त्यसलाइ केटा जाग्येको छैन भनि सुनायो। अनि एलीशा ३२
जब घर्मां आयो तब के देख्यो भन्ये केटा मर्ये छ अनि मेरो ओछ्यान्मां
राख्येको रह्छ। येस्कारण् त्यो भित्र पस्यो अनि ति दुइ पछि ढैलो थुन्येर ३३
यह्वे सित प्रार्थना गर्यो। तब त्यो उठेर केटा मांथि ढल्क्यो अनि ३४
आफ्नु मुख् त्यसको मुख् मांथि आफ्ना आंखा त्यसका आंखा मांथि
आफ्ना हात् त्यसका हात् मांथि राख्यो. वहांदेखि त्यस् मांथि निउंर्यो
तब केटाको जीउ तातींनु लाग्यो। तब त्यो फर्केर घर्मां येता उति ३५
एक्छिन् डुल्यो वहांदेखि फेरि केटा मांथि निउंर्यो तब केटाले सात्
खेप् सम्म छिउं काढ़्यो वहांदेखि केटाले आफ्ना आंखा उघार्यो। तब ३६
त्यस्ले गेहजीलाइ डाकेर भन्यो त्यो शुनेमीलाइ बोलाइ ले। त त्यस्ले
त्यसलाइ बोलाइ ल्यायो। अनि त्यो त्यो थांइ पसि आउंदा त्यस्ले भन्यो
आफ्नु छोरालाइ उठाउ। तब त्यो भित्र पस्येर त्यसका गोड़ामां निउंर्येर ३७
घोप्टो परी वहांदेखि आफ्नु छोरालाइ उठायेर निस्कि गई॥

तब एलीशा फेरि गिल्गाल्मां आयो अनि देस्मां अनिकाल् पर्यो ३८
अनि अगम्वक्ताको खाल्काहरु त्यसको सांमु बस्दै थिये. त त्यस्ले आफ्नु
चाकरेलाइ भन्यो चुल्हा मांथि ठूलो भांड़ा बसाल् र अगम्वक्ताहरुको
खाल्को लागि झोल रींढ़्। अनि एक् जना कोइ साक्पात् टिप्नुलाइ ३९
बारीमां गयो अनि येउटा बन्दाख्को बोट् पायेर त्यो देखि बन्कांक्रा
अङालो भरि टिपि ल्यायो अनि ति चीर्येर झोलेको भाडामां हाल्यो.

४० किनभन्ये तिनिहरुले ति चिन्येका थियेनन् । त तिनिहरुले माग्छेहरुलाइ
खांनुको लागि खन्याइ खन्याइकन दिये । तव येसो भयो तिनिहरुले त्यो
खोले खांदाखेरि करायेर भन्ये हे ईश्वरको जन् भांड़ामां ता मरण् रछ ।
४१ अनि तिनिहरुले त्यो खांनु सकेनन् । त्येल्ले भन्यो उसो भये पिठो ल्याव ।
अनि त्येल्ले त्यो भांड़ामां हाल्येर भन्यो लोगको लागि त्यो खन्याइ
खन्याइकन खांनु देव । तव भाड़ामां केइ हानि थियेन ॥
४२ तव बालशालीशा बाटो एक् जनाले आयेर ईश्वरको जनको लागि
आफ्नु अगौटे फलको भोजन् गर्नुको बीस् रोटी र अन्नका हरीया बाला
४३ आफ्नु थैलीमां ल्याइ दियो । त एलीशाले भन्यो यो लोगलाइ खांनु
देव । तव त्येको सेवाइतेले भन्यो एक् से माग्छेको सांमु येति कसोगरि
राखुं । तर त्येल्ले भन्यो लोगलाइ खांनु दे किनभन्ये यहवेले येसो भन्द छ
४४ तिनिहरुले खांछन् अनि तिनमांको उवर्येको छोड्छन् पनि । तव त्येल्ले
तिनिहरुको सांमु राखि दियो त यहवेको बचन् अनसार् तिनिहरुले खाये
अनि त्येसमांको उवर्येको छोड़ेर पनि ॥

(नामान् कोढ़ी निको परौंनु)

५ १ तव अरामको राजाको नामान् नांउ भयेको सेनापति आफ्नु
स्वामीको लेखिमां बड़ाद्मी र मानको थियो किनभन्ये त्येको बाटोले
यहवेले अरामलाइ जय् दियेको थियो, त्यो महाबीर् पनि थियो तर
२ कोढ़ी थियो । अनि अरामीहरुले गट्ठा गट्ठा बांधि आयेर इस्राएलको
देस् देखि येउटी सांनी केटीलाइ बन्धुआईमां लग्येका थिये अनि त्यो
३ नामानको स्वास्नी सङ चाकरेनी भइ रहंद थिई । त त्येल्ले आफ्नी
स्वामीनीलाइ भनी हांम्रा प्रभु शोमरोन्मां हुंने अगमबक्ता सङ भयेका
भये देखि ता जाति हुंने थियो, त तिनले यिनको कोढ्को बेथा निको
४ पार्ने थिये । तव एक् जनाले भित्र पस्येर आफ्नु प्रभुलाइ येसो भनिकन
५ सुनाइ दियो इस्राएलको देसको केटीले येसो येसो भन्द छे । अनि
अरामको राजाले भन्यो जा निक्लि जा मं इस्राएलको राजालाइ चिट्ठी
पठाइ दिंछु । त त्यो हिंड़ि गयो अनि आफु सङ दस् तोड़ा चांदी र
६ छ हजार् टुकरा सुन् र दस् जोर् लुगा लग्यो । अनि त्येल्ले इस्राएलको
राजा थांइ येसो भन्ने चिट्ठी पुर्याइ दियो अर्थात् जव यो चिट्ठी आफु
थांइ पुगद छ त हेर्नु हवस् मैंले आफ्नु चाकरे नामान्लाइ आफु
थांइ पठायेको छु आफुले त्येस्लाइ त्येको कोढ्को बेथा देखि निको
७ पारि दिंनु हवस् भन्येर । तव येसो भयो जव इस्राएलको राजाले त्यो
चिट्ठी पढ्यो तव आफ्नु लुगा फार्येर भन्यो के मं ईश्वर् हुं र मं मारुं
अनि जियाउं र त्यो माग्छेले एक् जनालाइ त्येको कोढ् बेथा निको
पार्नुलाइ मं थांइ पठाउंद छ तर कृपागरि बिचार् गर अनि त्येल्ले मं
८ सङ झगराको कुरा कसोरि निकाल्द छ भनि हेर, अनि येसो भयो जव

ईश्वरको जन् एलीशाले इस्राएलको राजाले आफ्नु लुगा फाऱ्यो अरे
भन्येको सुन्यो तब त्येस्ले राजाकहां भनि पठायो तिमिले आफ्नु लुगा किन
फाऱ्यौ अब त्यो मं थांइ आवस् तब त्येस्ले इस्राएलमां अगमवक्ता रहेछ
भनि थाहा पाउला । तब नामान् आफ्ना रथहरु र घोड़ाहरु समेत आयेर ९
एलीशाको घरको देलो निर उभीयो । तब एलीशाले त्यो थांइ येउटा १०
दूत् पठायेर भन्यो गयेर यर्दनमां सात् खेप् डुबकि मार त तिम्रो जीउ
तिमिमां फर्कि आउंछ अनि तिमि शुद्ध हुंछौ । तर नामान् रिसायेर ११
गइ गयो अनि भन्यो हेर मं निस्से त्यो मं थांइ निस्कि आउंछ अनि
उभीयेर आफ्नु ईश्वर् यहवेको नांउ लियेर आफ्ना हात् ठांउ हुंदो
हल्लाउंछ अनि कोढ़ीलाइ निको पार्छ होला भनि ठान्द थियें । क्या १२
हांमिहरुका अबाना र परपर् दमिश्कका नदीहरु इस्राएलका सबै
पानीहरु भन्दा जाति छैनन्. क्या तिनैमां नुहाइकन मं शुद्ध हुंदीन । त
त्यो फर्केर रागौंदै गयो । त त्येस्का चाकरहरुले छेउ गयेर त्येस्लाइ १३
भन्ये हे हांम्रा बाबै अगमवक्ताले आफुलाइ कोइ ठुलो काम् गर्नु भन्येको
भये देखि क्या आफुले त्यो गर्नु हुंने थियेन . त तिनले आफुलाइ नुहायेर
शुद्ध हौ मांत्रै ता भन्येको छ त त्येति झन्‌सारो कति ज्यास्तिगरि
गर्नु हुन्न । तब त्येस्ले उत्रि गयेर ईश्वरको जन्ले भन्येको अनुसार् १४
यर्दनमां सात् खेप् डुबकि मांऱ्यो . तब त्येस्को जीउ फेरि मांनु बालखको
जीउ जस्तो भइ गयो अनि त्यो शुद्ध भइ गयो । तब त्यो आफ्ना सबै १५
लस्कर् समेत् ईश्वरको जन् थांइ फर्कि आयो अनि त्येस्को सांमु उभीयो .
अनि त्येस्ले भन्यो अब हेर्नु हवस् सिंगै पृथिवीमां रैन छ तर इस्राएलैमां
मांत्रै ईश्वर् रछ भनि थाहा पायें . येस्कारण् कृपागरिकन आफुको
दासको हात् देखि सौगात् लिंनु हवस् । तर त्येस्ले भन्यो यहवे जीइ १६
रह्येको भैं जस्को सांमु मं उभीइ रह्येको छु मं कोइ पनि लिंदीन ।
अनि त्येस्ले त्यो लेवस् भन्येर ढीप लायो तर त्येस्ले मान्दै मान्येन । तब १७
नामान्ले भन्यो लिंनु हुन्न भन्ये कृपागरिकन आफ्नु दासलाइ दुइ
खच्चरले बोक्ने भारि मांटो दिईओस् किनभन्ये आफुको दासले अब
देखि येसो अरु देवताहरुको लागि होइन तर यहवेको लागि मांत्रै
होमबलि र बलिदान् चढ़ाउंछ । येस् कुराको लागि यहवेले आफुको १८
दासलाइ क्षमा गरोस् जब मेरो स्वामी रिम्मोन् देवताको घरमां वहां
दण्डवत् गर्नुलाइ जाला तब त्येस्ले मेरो हातमां टेकला अनि मं रिम्मोन्
को घरमां दण्डवत् गरुंला तब मं रिम्मोन्को घरमां दण्डवत् गर्दा
यहवेले त्येस् कुरामां आफुको दासलाइ क्षमा गरोस् । तब त्येस्ले त्येस्लाइ १९
भन्यो कुशल्को बिदा हवस् । तब त्यो हिंड़ि गयेर अलिक पर
सम्म पुग्यो ॥

तर ईश्वरको जन् एलीशाको चाकरे गेहजीले भन्यो हेर मेरो २०
स्वामीले त्यो अरामी नामान्ले ल्यायेको सौगात् ग्रहण् न गरिकन त्येस्लाइ

छोड़ि दियो. यहुवे जीइ रह्येको झैं मं त्येस् पछि दुगुर्येर त्यो देखि
२१ कोइ न कोइ लिंछु। त गेहजीले नामान्लाइ पछ्यायो। अनि नामान्ले
एक् जनालाइ मेरो पछि पछि दुगुर्दै आउंदै छ भनि देखदा त्येस्लाइ
२२ भेट्नुलाइ आफ्नु रथ् देखि उत्र्यो अनि भन्यो के सबै कुशल् छ। त
त्येस्ले भन्यो सबै कुशल्। मेरा स्वामीले मंलाइ येसो भनिकन पठायें
छेनुं हवस् अगमवक्ताहरुको खाल्का दुइ जना जुवान्हरु एले मं थांइ
आये त तिनिहरुको लागि एक् तोड़ा चांदी र दुइ जोर् लुगा दिंनु
२३ हवस्। तब नामान्ले भन्यो दुइ तोड़ा लिंन्लाइ राजि हुंनु हवस्। त
त्येस्ले त्येस्लाइ ठिपि लायो अनि दुइ तोड़ा चांदी दुइ थैलीमां बांध्ये अनि
दुइ जोर् लुगा समेत् आफ्ना चाकरेहरुमांका दुइ जनालाइ बोकाइ
२४ पठायो त तिनिहरुले ति त्येस्को अघि अघि बोकि लग्ये। अनि डांड़ामां
आइ पुग्दा त्येस्ले तिनिहरुको हात् देखि लियेर घर्मां राखि दियो. तब
२५ त्येस्ले मान्छेहरुलाइ बिदा गरि दियो अनि तिनिहरु हिंडे। तर त्यो
चइं भित्र पसेर आफ्नु स्वामीको सांमु उभीयो। तब एलीशाले त्येस्लाइ
भन्यो ए गेहजी कहां बाटो आउंदै छस्। तब त्येस्ले भन्यो आफ्को
२६ दास् कतै पनि गयेको छैन। तब त्येस्ले त्येस्लाइ भन्यो जब त्यो मान्छे
तंलाइ भेट्नुलाइ आफ्नु रथ् देखि फर्की तब के मेरो मन् तं सङ
गयेको थियेन। के यो रुपिया र लुगा र भद्राक्षबारी र दाखको बारी र
२७ भेंड़ा गोरु कमारा कमारी लिंने बेला हो। येस्कारण् नामान्को कोढ़्को
बेथा तंलाइ र तेरो बंशलाइ सदाको लागि टांसीइ रहंछ। त त्यो त्येस्को
सांमु देखि हिउं जस्तो कोढ़ी भयेर निस्कि गयो॥

(एलीशाको येउटा आश्चर्यकर्म्म)

६ १ अनि अगमवक्ताको खाल्ले एलीशालाइ भन्यो अब छेनुं हवस्
हांमिहरुको तपांइको सांमु बस्ने ठांउ हांमिहरुको लागि अरघोर् सांगुरो
२ भयो। कृपागरि हांमिहरुलाइ यर्दनमां जांनु दिंनु हवस् अनि हांमिहरु
जनंगे एक् एकवटा घाग ल्यायेर आफ्नु बस्नको लागि यहां येउटा
३ बस्ने ठांउ बनाऊं। तब त्येस्ले जाव भनि उत्तर् दियो। अनि एक् जनाले
भन्यो कृपागरि आफ् पनि आफ्ना चाकरेहरु सङ हिंड्नु हवस् त त्येस्ले
४ जांछु भनि उत्तर् दियो। त त्यो तिनिहरु सङ गयो। अनि तिनिहरुले
५ यर्दनमां गयेर काठ काट्नु लाग्ये। त एक् जनाले घारा काट्दै गर्दाखेरि
त्येस्को बनचरो पासो बाटो खुस्कीर पानीमां खस्यो. तब त्येस्ले करायेर
६ भन्यो हाय् हे मेरा स्वामी. त्यो ता अर्कोको मागि ल्यायेको पो थियो। तब
ईश्वरको जन्ले भन्यो कहां निर खस्यो। त त्येस्ले त्येस्लाइ ठांउ देखाइ
दियो। तब त्येस्ले येउटा दाउरा काटेर त्यो खस्येको निर हालि दियो
७ तब फलम् पानी मांथि मांथि उत्रंदै आयो। तब त्येस्ले भन्यो त्यो समाति
उठाइ ले। त त्येस्ले आफ्नु हात् लम्कायेर त्यो उठाइ ल्यायो॥

(एलीशाले इस्राएलीहरूलाइ अरामीहरू देखि बचाउंद छ)

अब अरामको राजाले इस्राएल् सित लड़ाईं गर्द थियो अनि त्येस्ले ८
आफ्ना चाकरेहरू सित येसो भनिकन सल्लाह् लियो फलाना फलाना ९
ठांउमां मेरो छाउंनी हुंछ। अनि ईश्वर्को जन्ले इस्राएल्को राजा
थांइ येसो भनिकन मान्छे पठायो फलाना ठांउमां न जांनुलाइ चंख
बस् किनभन्ये त्येता बाटो चइं अरामीहरू उत्रि आउंद छन्। अनि १०
इस्राएल्को राजाले जुन् ठांउको बिषयमां ईश्वर्को जन्ले त्येस्लाइ
चेताइ चेताइकन सुनाइ दियेको थियो त्येस् ठांउमां मान्छे पठायो। अनि
पनि न त्येस्ले एक् दुइ खेप् मात्रै वहां आफुलाइ बचायो। अनि अरामको ११
राजाको मन् येस् कुराको बिषयमां अग्घोर् घब्रायो . तब त्येस्ले आफ्ना
चाकरेहरूलाइ बोलायेर तिनिहरूलाइ भन्यो इस्राएल्को राजाको पट्टि
हांमिहरूमांको कुन् चइं छ भनि क्ये मंलाइ देखाउंदैन। तब त्येस्का १२
चाकरेहरूमांको येउटाले भन्यो होइन हे मेरा प्रभु महाराजा . तर एलीशा
इस्राएल्मां भयेको अगमबक्ताले आफुले आफ्नु सुत्ने कोठामां गर्येका
कुरा इस्राएल्को राजालाइ सुनाइ दिंद छ। तब त्येस्ले भन्यो गयेर हेर १३
त्यो कहां छ र मं मान्छे पठायेर त्येस्लाइ बोलाइ पठाउं। तब त्येस्लाइ हेर्नु
हवस् त्यो दोतान्मां छ भनि सुनाइ दिईयो। येस्कारण् त्येस्ले घोड़ाहरू र १४
रथ्हरू र ठुलो सेना वहां पठायो . अनि तिनिहरूले राति आयेर सहर्
घेर्ये। अनि जब ईश्वर्को जन्को सेवाइते सखारै उठेर बाइर निस्कि १५
गयेको थियो त हेर घोड़ाहरू र रथ्हरू समेत्को येउटा सेनाले सहर्
घेरि राख्येको रछ। तब त्येस्को चाकरेले त्येस्लाइ भन्यो हे मेरा स्वामी
हांमिहरू कसो गरूं। तब त्येस्ले उत्तर् दियो न डरा . किनभन्ये हांमिहरू १६
सङ भयेकाहरू चइं तिनिहरू सङ भयेकाहरू भन्दा ज्यास्ति छन्। अनि १७
एलीशाले प्रार्थना गरि भन्यो हे यहवे मं बिन्ति गर्द छु येस्का आंखा येस्ले
देख्नेगरि खोलि दिंनु हवस्। तब यहवेले त्येस् जुवान्का आंखा खोलि
दियो त त्येस्ले देख्यो . त क्ये देख्यो भन्ये डांड़ा एलीशाको वरिपरि
अग्निघोड़ाहरू र रथ्हरूले भरीयेको रछ। अनि जसै तिनिहरू त्यो थांइ १८
उत्रि आये तब एलीशाले यहवे सित येसो भनिकन प्रार्थना गर्यो मं बिन्ति
गर्द छु यो लोग्लाइ अन्धा पारि दिंनु हवस्। त उस्ले तिनिहरूलाइ
एलीशाको बचन् अनुसार् अन्धा पारि दियो। तब एलीशाले तिनिहरूलाइ १९
भन्यो बाटो ता यो होइन न यो चइं सहर् हो . मंलाइ पछ्याव त मं
तिमिहरूलाइ तिमिहरूले खोज्येको मान्छे थांइ पुराइ दिंछु। वहांदेखि
त्येस्ले तिनिहरूलाइ डोर्याइ शोमरोन्मां पुर्यायो। अनि जसै तिनिहरू २०
शोमरोन्मां पुग्ये तब येसो भयो एलीशाले भन्यो हे यहवे यि मान्छेहरूका
आंखा तिनिहरूले देख्नेगरि खोलि दिंनु हवस्। तब यहवेले
तिनिहरूका आंखा खोलि दियो अनि तिनिहरूले हेर्ये त क्ये देख्ये भन्ये

२१ हामिहरु ता श्रोमरोन्‌को मांझमां पो राक्‌नौं। श्रनि इस्राएल्‌को राजाले
तिनिहरुलाइ देखदा एलीशालाइ भन्यो हे मेरा पिता के यिनिहरुलाइ
२२ हिर्कौउं के यिनिहरुलाइ हिर्कौउं। तब त्येस्ले उत्तर्‌ दियो तिमिले
यिनिहरुलाइ हिर्कौउंनु हुंदैन. के तिमिले श्राफ्‌नु तरवार्‌ र श्राफ्‌नु
धनुले बन्धुवाईमां पार्‍येकाहरुलाइ हिर्कौउंछौ. बरु तिनिहरुको सांमु
श्रन्न पानौ पो राखि देउ र तिनिहरु खाइ पौइ श्राफ्‌नु स्वामी थांइ
२३ जाउन्‌। तब त्येस्ले तिनिहरुको लागि ठुलो भोज्‌ तियार्‌ पार्‍यो. श्रनि
तिनिहरुले खाये पौये त त्येस्ले तिनिहरुलाइ पठाइ दियो श्रनि तिनिहरु
श्राफ्‌नु स्वामी थांइ गये। त्येस्‌ पछि श्ररामका गट्ठाहरु फेरि फेरि
इस्राएल्‌को देस्‌मां श्रायेनन्‌॥

२४ श्रनि त्येस्‌ पछि येसो भयो श्ररामको राजा बेन्‌हदद्‌ले श्राफ्‌ना सबै
२५ सेना भेला गरि चढि श्रायेर श्रोमरोन्‌लाइ घेर्‍यो। श्रनि श्रोमरोन्‌मां
ठुलो श्रनिकाल्‌ पर्‍यो. श्रनि हेर गदाहाको येउटा टाउको चांदीका
चार्‌ कोरी शेकेल्‌मां र परेवाको बिष्टा एक पावा चांदीका पांच्‌
२६ शेकेल्‌मां बिक्‌ने होउंज्याल्‌ सम्मगरि घेर्‍यो। श्रनि इस्राएल्‌को राजा घेरा
भित्ता मांथि हिंड्‌दै गर्दा येउटी श्राइमाइले करायेर त्येस्लाइ भनी हे मेरा
२७ प्रभु महाराजा गोहार्‌ गर्नु हवस्‌। तब त्येस्ले भन्यो यहवेले तंलाइ
गोहार्‌ गर्‍येन भन्‍ये देखि मं तेरो गोहार्‌ कसोगरि गरुं. के खला बाटो
२८ कि कोल्‌ बाटो। फेरि राजाले त्येस्लाइ भन्यो तंलाइ के भयो। तब
त्येस्ले उत्तर्‌ दिई येस्‌ श्राइमाइले मंलाइ भनी तिम्रो छोरो ल्याउ श्राजु
हांमिहरु त्येस्लाइ खाऊं श्रनि भोलि मेरो चइं छोरो खाऊंला भनि।
२९ त हांमिहरुले मेरोचइं छोरोलाइ उसौन्‍येर खायूं. श्रनि भोलि पल्टो मैंले
येस्लाइ श्रब तिम्रो छोरोलाइ ल्याउ र हांमिहरु खाऊं भन्‍यें र भन्‍यें.
३० तर येस्ले श्राफ्‌नु छोरोलाइ लुकाई। श्रनि राजाले त्येस्‌ श्राइमाइका कुरा
सुन्दा येसो भयो त्येस्ले श्राफ्‌नु लुगा च्यात्यो (त्यो भित्ता मांथि जांदै
थियो) श्रनि लोगले हेर्‍ये त हेर राजाले श्राफ्‌नु जीउमां भित्र पट्टि भाङ्‌ग्रा
३१ लायेको रह। तब त्येस्ले भन्यो शापात्‌को छोरो एलीशाको सिर्‌ त्येस्को
जीउमां श्राजु रह्यो भन्‍ये देखि ईश्वर्‌ले येसै श्रं यो भन्दा बेसि मं सित
३२ गरोस्‌। तर एलीशा श्राफ्‌नु घर्‌मां बसि रह्यो श्रनि त्यो सङ प्राचीन्‌हरु
पनि बसि रह्येका थिये त राजाले श्राफुकांटो एक्‌ जनालाइ पठाइ
दियो. तर त्यो दूत्‌ पुग्‌नु भन्दा पहिले एलीशाले प्राचीन्‌हरुलाइ भन्यो
त्येस्‌ हत्याराको छोरोले मेरो सिर्‌ काटि लैजांनुको लागि मान्छे पठायेको
छ भनि हेर. त त्यो दूत्‌ श्राइ पुग्‌दाखेरि ढैलो थुनि देव श्रनि त्येस्को
बिरुद्धमां बलियोगरि ढैलो समाति राख. के त्येस्को स्वामीको गोड़ाको
३३ सोर्‌ त्येस्को पछि पछि छैन। श्रनि त्यो तिनिहरु सङ बोल्दैने थियो त
हेर दूत्‌ त्यो थांइ उत्रि श्राइ पुगि हाल्यो. श्रनि त्येस्ले भन्यो हेर यो
बिपत्ति यहवेको पट्टि बाटो हो त यहवेको लागि श्ररु बाटो किन हेरुं।

वहांदेखि एलीशाले भन्यो यहवेको बचन् सुन. यहवेले येसो भन्द ७ १
छ भोलि येति बेला पुंड़ो शोमरोन्को ढोकामां शेकेल्को एक् माना
असल् पिठो र शेकेल्को दुइ माना जउ बिक्छन् भनि। तब जस् २
अतपतिको हात्मां राजा अड़ेस् लाग्द थियो त्येस्ले ईश्वर्को जन्लाइ उत्तर्
दिइ भन्यो हेर यहवेले अकाश्मां खिर्किहरु बनायो र क्य यो हुंमु सक्ने
कुरो हो। तब त्येस्ले भन्यो हेर तिमिले त्यो आफ्ना आंखाले ता देख्छौ
तर त्यो खांनु पाउंदैन॥

अब ढोकाको देला निर चार् जना कोढीहरु थिये. जुन्हरुले ३
आपस्मां भन्ये हांमिहरु यहां मरुंज्याल् सम्म किन बसि रहूं। हांमिहरु ४
सहर्मां पसूं भनूं भन्ये पनि सहरेमां अनिकाल् लाग्येको छ त्यहां पनि
मर्नेइ हौं. यिहीं बसि रहूं भन्ये यहां पनि मर्नेने हौं। त अब बरु हिंड़ेरर
अरामीहरुको सेनामां जाऊं. तिनिहरुले हांमिहरुलाइ जीउंदो बचाये
भन्ये जीइ रहूंला। तर तिनिहरुले हांमिहरुलाइ मार्ये भन्ये पनि
मरुंलाने। तब तिनिहरु भेंड़ाबाखा हुल्ने बेलामां अरामीहरुको ५
छाउंनीमां जानुको लागि उठेर. अनि तिनिहरु अरामीहरुको छाउंनीको
वल्लो छेउमां पुग्दा क्ये देख्ये भन्ये त्यहां कोई पनि रैन छ। कसोगरिभन्ये ६
यहवेले अरामीहरुको सेनालाइ रथ्हरु घोड़ाहरु अं येउटा ठुलो सेनाको
सोर् सुन्ने गरायो. तब तिनिहरुले आपस्मां भन्नु लाग्ये हेर इस्राएल्को
राजाले हांमिहरुको बिरुद्धमां हांमिहरु माथि आइ लाग्नुलाइ
हित्तिहरुका राजाहरु र मिस्रीहरुको राजालाइ बंनीमां ल्याये छ।
येस्कारण् तिनिहरु भेंड़ाबाखा हुल्ने बेलामां उठेर भाग्ये अनि आफ्ना ७
बाल्हरु र घोड़ाहरु र गदाहाहरु अं आफ्ना छाउंनीहरु जस्तोको तस्तो
छोड़ि छोड़िकन आफ्नु आफ्नु प्राण् मात्रै लियेर भाग्ये। अनि ज हे ८
ति कोढीहरु छाउंनीको वल्लो छेउमां पुग्ये तब तिनिहरुले येउटा पाल्मां
पस्येर खाये पीये वहांदेखि त्यहां बाटो चांदी सुन् बस्त्रहरु लग्येर लुकाइ
राख्ये फेरि फर्कि आयेर अर्को पाल्मां पस्ये अनि त्यहां बाटो पनि लग्येर
लुकाइ राख्ये। त्येस् बेला तिनिहरुले आपस्मां भन्ये हांमिहरु ता जाति ९
काम् गर्द छौंन. आजु मंगल् समाचार्को दिन् रह्छ तर हांमिहरु चुइं
चुप लागि रहंद छौं. भोलि उज्यालो उदाउंज्याल् सम्म अड़ीइ रह्यूं भन्ये
देखि ता हांमिहरुलाइ दण्डले भेटाउंछ. त लु गयेर हांमिहरु राजाको
जहान्लाइ सुनाइ दिऊं। तब तिनिहरुले आयेर सहर्को दुवार्पाल्लाइ १०
बोलाये. वहांदेखि तिनिहरुले तिनिहरुलाइ येसो भन्येर सुनाइ दिये
हांमिहरु अरामीहरुको छाउंनीमां पुग्यूं त क्ये देख्यूं भन्ये वहां कोई मान्छे
रन छ न मान्छेको सोर् छ तर घोड़ाहरु बांधीयेके गदाहाहरु बांधीयेके र
पाल्हरु जस्ताका तस्ता राख्छन्। तब त्येस्ले दुवार्पाल्हरुलाइ बोलायो अनि ११
तिनिहरुले भित्र गयेर राजाका मान्छेहरुलाइ सुनाइ दिये। तब राजाले १२
रातिने उठेर आफ्ना चाकरेहरुलाइ भन्यो अरामीहरुले हांमिहरु सित क्ये

गर्येका छन् भनि मं ऐले देखाउंछु । तिनिहरूलाइ यिनिहरू भोके छन् भनि
थाहा छ ऐसकारण् तिनिहरू ऐसो भनिकन मैदान्मां लुकनुलाइ छाउंनी
देखि बाहर निक्लि गयेका छन् जब तिनिहरू सहर् बाटो निक्लनन्
१३ तब तिनिहरूलाइ जीउंदै पक्रूंला अनि सहर्मां पसूंला भनि । तब
त्येस्का चाकरेहरूमांको एक् जनाले उत्तर् दिइ भन्यो कृपागरि सहर्मां
बांचि रह्येका घोड़ाहरूमांका पांचवटा लियेर (हेर त्यस्मां रह्येको
इस्राएलको सिंगै मंडली जस्ता छन् हेर नास् भयेकाहरू इस्राएलका
१४ सिंगै मंडली जस्ता छन् .) हामिहरू पठाइ हेरूं । तर तिनिहरूले घोड़ाहरू
समेत् दुवटा रथ् ल्याये अनि राजाले अरामीहरूको सेना पछि गयेर
१५ हेर भन्येर पठायो । त यिनिहरू तिनिहरूको पछि पछि यर्दन् सम्म
गये. त हेर बाटोमां अरामीहरूले हतार्मां आफ्ना वस्त्रहरू र भांड़ा
बर्तनहरू आफाल्दै गयेका भरीयेका राछन् । तब दूत्हरूले फर्केर
१६ राजालाइ सुनाइ दिये । तब लोगले निस्केर अरामीहरूको छाउंनी
लूटेर । ऐसोरि यहूवेको बचन् अनुसार् शेकेल्को एक् माना अस्सल्
१७ पिठो र शेकेल्को दुइ माना जउ बिक्यो । अनि राजाले त्यस् शत्पतिलाइ
जस्को हात्मां त्यो अड़ेस् लागद थियो त्येस्लाइ ढोकाको पहरामां
खटाइ दियो . अनि लोगले त्येस्लाइ ढोकामां कुल्च्ये . त ईश्वर्को
जन्ले जसले राजा त्यो थांइ आउंदामां भन्येको थियो त्येस्को कुरा
१८ अनुसार् त्यो मर्यो । तब ईश्वर्को जन्ले राजालाइ शेकेल्को दुइ माना
जउ र शेकेल्को एक् माना अस्सल् पिठो भोलि येति बेला पुंड़ो
१९ शोमरोन्को ढोकामां बिक्छ भन्ये कुरो भन्येके अनुसार् पूरो भयो अनि
त्येस् शत्पतिले ईश्वर्को जन्लाइ अब हेर यहूवेले अकाशमां खिर्कि
बनायो भन्ये के यो हुंनु सक्ने कुरो हो भन्ये र उत्तर् दियेको थियो .
अनि तेस्ले भन्येको थियो हेर तिमिले आफ्ना आंखाले ता देखछौ तर
२० त्यो खांनु पाउंदैन भन्येर भन्येको थियो . त त्येस् मांथि त्येसैनै पूरो भयो
कसोगरिभन्ये लोगले त्येस् मांथि ढोकामां कुल्च्ये अनि त्यो मरि गयो ॥

(एलीशाका आश्चर्य्यकर्म्मको कीर्त्ति)

८ १ त्येस् पछि एलीशाले जस् आइमाइको छोरोलाइ त्येस्ले मुर्दा
देखि बौराइ उठायेको थियो त्येस् आइमाइलाइ ऐसो भन्यो आफ्नु
जहान् समेत् उठेर जहां प्रवास् गर्नु सक्छौ उहीं प्रवास् गर . किनभन्ये
यहूवेले अनिकाल् पार्येको छ अनि पनि त्यो सात् बर्ष सम्म देस्मां रहि
२ रहंछ । तब त्येस् आइमाइले उठेर ईश्वर्को जन्को कुरो अनुसार् गरी .
अनि आफ्नु जहान् समेत् हिंड़ि गयेर पलिश्तीहरूको देस्मां सात् बर्ष
३ सम्म प्रवासी भइ रही । अनि सात् बर्ष बिति सक्दा पछि ऐसो भया
त्यो आइमाइ पलिश्तीहरूको देस् देखि फर्कि आई . वहांदेखि आफ्नु
४ घर् र आफ्नु जग्गाको लागि दोहाई दिंनुलाइ राजा थांइ गई । त्येस्

बेला राजाले एलीशाले गय्येका सबै ठुला ठुला काम् मंलाइ भन् भन्येर
ईश्वर्को जन्को चाकरे गेहजीलाइ भन्दै थियो। अनि जब त्येस्ले ५
एलीशाले मंय्येकोलाइ कसोगरि बौराइ उठायेको थियो भनि राजालाइ
सुनाउंदै थियो तब येसो भयो हेर जस् आइमाइको छोरोलाइ त्येस्ले
बौराइ उठायेको थियो त्येइ आइमाइले आयेर आफ्नु घर् र जग्गाको
लागि राजाको दोहाई गरी। तब गेहजीले भन्यो हे मेरा प्रभु महाराजा
जस् आइमाइको छोरोलाइ एलीशाले बौराइ उठायेको थियो त्यो आइमाइ
येइ हो अनि त्येस्को छोरो पनि येइ हो भनि। अनि जब राजाले त्येस् ६
आइमाइ सित सोध्यो तब त्येस्ले त्येस्लाइ सुनाइ दिई। तब राजाले त्येस्को
लागि येउटा मालिक्लाइ येसो भनिकन खटाइ दियो येस् आइमाइको
जति थियो त्यो र जस् दिन् देखि त्येस्ले देस् छाड्येको थिई तब देखि
आजु सम्म जग्गाका सबै फल् पनि त्येस्लाइ फर्काइ दे॥

(हजाएल्ले अराम्को सिंहासन् खोस्नु)

अनि एलीशा दमिश्कमां आयो अनि अराम्को राजा बेन्हदद् ७
बिमंत्र भयेको थियो अनि त्येस्लाइ ईश्वर्को जन् यहां आयेको छ भनि
सुनाइ दिईयो। तब राजाले हजाएल्लाइ भन्यो आफ्ना हातमां ८
सौगात् लियेर ईश्वर्को जन्लाइ भेट्नु जा अनि त्येस्को बाटोले के मं यो
बेथा देखि निको हुंछु भनि ईश्वर् सित सोधनी गर्। तब हजाएल् ९
त्येस्लाइ भेट्नुलाइ गयो अनि आफ्नु साथमां सौगात् लग्यो अर्थात्
दमिश्कका सबै अस्सल् अस्सल् थोकको चालीस् ऊंटको भारि वहांदेखि
गयेर त्येस्को सांमु उभीयेर भन्यो आफुको छोरो अराम्को राजा बेन्हदद्ले
मंलाइ आफु थांइ मं यो बेथा देखि निको हुंछु कि हुन्न भनि सोध्नुलाइ
पठायेको छ भनि। तब एलीशाले त्येस्लाइ भन्यो गयेर त्येस्लाइ भन आफु निस्से १०
निको हुंनु हुंछ अरे भनि. तैपनि यहवले मंलाइ त्यो अवस्से मर्छ भनि
देखायेको छ। अनि त्येस्ले आफ्नु मोहोड़ा त्येस् नाथि येस्तोगरि थांमि ११
राख्यो त्यो लजायो पनि. अनि ईश्वर्को जन् रोयो। तब हजाएल्ले १२
भन्यो मेरा प्रभु किन रुनु हुंद छ। तब त्येस्ले उत्तर् दियो किनभन्ये तिमिले
इस्राएल्वंशीहरु सित गर्ने बुराई मंलाइ थाहा छ. तिनिहरुका किल्ला
आगोले डड़ाइ दिंछौ अनि तिनिहरुका जुवान्हरुलाइ तरवार्ले काटि
दिंछौ अनि तिनिहरुका बालबच्चाहरुलाइ पछारि पछारिकन चोकटालाइदिंछौ
पार्छौ अनि तिनिहरुको गर्भिणीहरुका भुंड़ी फोर्छौ। तब हजाएल्ले भन्यो १३
आफुको चाकरे जो खालि कुकुर् मात्रै हो त्यो को हो र त्येस्ले येति ठुलो
काम् गर्ला। तब एलीशाले उत्तर् दियो यहवेले मंलाइ तिमि अराम्को
राजा हुंछौ भनि देखायेको छ। वहांदेखि त्यो एलीशा थांइ देखि हिंड्येर १४
आफ्नु स्वामी थांइ आयो जस्ले त्येस्लाइ एलीशाले तंलाइ के भन्यो भनि
सोध्यो। अनि त्येस्ले उत्तर् दियो त्येस्ले मंलाइ आफु निस्से निको हुंनु

१५ हुंछ भरे भन्यो। अनि भोलि पल्टो यसो भयो त्यस्ले येउटा बाक्लो लुगा
पानीमां डुबाइ ल्यायेर त्यस्को मुख् मांथि त्यो मर्नेगरि फिंजाइ दियो.
वहांदखि हजाएल्ले त्यस्को साटो राज् गर्‍यो॥

(यहोराम्को राज्)

१६ अनि इस्राएल्को राजा अहाब्को छोरो योराम्को पांचौं वर्षमां
जब यहोशापात् यहूदाको राजा थियो तब यहूदाको राजा यहोशापात्को
१७ छोरो यहोराम् राज् गर्नु लाग्यो। राज् गर्नु थाल्दा त्यो बत्तीस् वर्षको
१८ थियो अनि त्यस्ले यरूशलेम्मां आठ् वर्ष राज् गर्‍यो। अनि अहाब्को
जहान् झैं त्यो इस्राएल्का राजाहरूको बाटोमां हिंड्यो. कसोगरिभन्ये
अहाब्को छोरी त्यस्की स्वास्नी थिई. अनि जुन् बहोरा यहवेको सांमु
१९ नजाति थियो त्येइ त्यस्ले गर्‍यो। तैपनि यहवेले यहूदालाइ नास् पार्न
इच्छे गर्येन आफ्नु दास् दाऊद्को कारणले उस्ले त्यस्लाइ त्यस्को सन्तान्को
२० लागि सधैं येउटा दीयो दिंछु भन्येर गर्येको करहार् अनुसार्। त्यस्को
पालामां एदोम् यहूदाको कर् देखि फर्कि गयो अनि आफ्नु लागि
२१ येउटा राजा तुल्यायो। तब यहोराम् आफ्ना सबै रथ्हरू साथ लियेर
साईर्मां गयो. अनि राति उठेर त्यस्लाइ घेर्ने एदोमीहरूलाइ रथ्हरूका
मालिक्हरूलाइ समेत् मारि दियो. तब लोग् आफ्नु आफ्नु पाल्मां भाग्ये।
२२ यसोरि एदोम् आजुको दिन् सम्म यहूदाको कर् मुनि देखि फर्कि गयेक
२३ छ. त्येइ बेला लिब्ना पनि फर्कि गयो। अनि यहोराम्को रहल् कार्ज्य
र ज्ये ज्ये त्यस्ले गर्‍यो क्य ति यहूदाका राजाहरूको इतिहास्को पोस्तक्मां
२४ लेख्येका छैनन्। त यहोराम् आफ्ना पित्रहरू सङ सुति गयो अनि
आफ्ना पित्रहरू सङ दाऊद्को सहर्मां गाड़ीयो. अनि त्यस्को छोरो
अहज्याह्ले त्यस्को साटोमां राज् गर्‍यो॥

(यहूदी अहज्याह्को राज्)

२५ इस्राएल्को राजा अहाब्को छोरो योराम्को बाह्रौं वर्षमां
२६ यहूदाको राजा यहोराम्को छोरो अहज्याह् राज् गर्नु लाग्यो। राज्
गर्नु थाल्दा अहज्याह् बाईस् वर्षको थियो अनि त्यस्ले यरूशलेम्मां एक्
वर्ष राज् गर्‍यो। अनि त्यस्को आमाको नांउ अतल्याह् थियो जो
२७ इस्राएल्को राजा ओम्रीको छोरी थिई। अनि त्यस्ले अहाब्को जहान्का
बाटोमां हिंड्येर अहाब्को जहान्ले झैं यहवेको सांमु नजाति बहोरा
२८ गर्‍यो. कसोगरिभन्ये त्यो अहाब्को जहान्को जुवांइ थियो। अनि त्यो
अहाब्को छोरो योराम् सङ अराम्को राजा हजाएल् सित रामोत्
गिलाद्मां लड़ाइँ गर्नु गयो. अनि अरामीहरूले योराम्लाइ घायेल्
२९ पार्ये। तब योराम् राजा अराम्को राजा हजाएल् सङ लड़ाइँ गर्दा
अरामीहरू देखि रामामां लाग्येका घाउहरू देखि निको हुंनुको लागि

यिज्रेल्मां फर्कि आयो। अनि यहोरामको छोरो यहूदाको राजा अहज्याह् अहाबको छोरो योरामलाइ हेर्नुलाइ यिज्रेल्मां गयो किनभन्ये त्यो बिमंच थियो ॥

(येहू अभिषिक्त हुंनु अनि त्येस्को राज्)

अनि एलीशा अगमवक्ताले अगमवक्ताहरूको खाल्मांको ९ १
येउटालाइ बोलायेर भन्यो आफ्नु कम्मर् कस्येर आफ्नु हात्मां यो
कुप्पा तेल् लियेर रामोत्गिलाद्मां जा। अनि वहां पुग्येर निम्शीको २
छोरो यहोशापातको छोरो येहूलाइ खोज् वहांदेखि भित्र पस्येर त्येस्लाइ
त्येस्का दाज्युभाईहरूको बीच् देखि उठनु लायेर भित्रै चइं कोठामां लैजा।
वहांदेखि तेल्को कुप्पा लियेर त्येस्को सिर्मां येसो भन्येर खन्याइ दे ३
यहव्वेले येसो भन्द छ मैंले तंलाइ इस्राएल् माथि राज्भिषिक्त गर्यें भनि।
त्येस् पछि देला उघार्येर भाग् न अड़ौइ। तब त्यो जुवान् अर्थात् जुवान् ४
अगमवक्ता रामोत्गिलाद्मां गयो। अनि वहां पुग्दा को देख्यो भन्ये ५
सेनापतिहरू बसि रह्येका राछन् तब त्येस्ले भन्यो हे सेनापति आफुको लागि
मेरो येउटा काम् छ। तब येहूले भन्यो हामिहरू सबैमांको कुन्चइंको
लागि। त्येस्ले भन्यो हे सेनापति आफुको लागि। तब त्यो उठेर घर् ६
भित्र पस्यो अनि त्येस्लाइ येसो भनिकन त्येस्को सिर्मां तेल् खन्यायो
इस्राएल्को ईश्वर् यहव्वेले येसो भन्द छ मैंले तंलाइ यहव्वेको लोग्
माथि अं इस्राएल् माथि राज्भिषिक्त गर्यें। मैंले आफ्ना अगमवक्ताहरूको ७
र यहव्वेका सबै दासहरूको लोहूको साटो ईजेबेल्को हात् बाटो लिंनुको
लागि तैंले आफ्नु स्वामी अहाबको जहान्लाइ मार्छस्। कसोगरिभन्ये ८
अहाबको सिंगै जहान् नास् हुंछ. अनि अहाब् देखि सबै केटा
बालखहरूलाइ र इस्राएल्मां थुनायेका र छोड़ायेकाहरूलाइ पनि काटि
दिंछु। अनि मं अहाबको जहान्लाइ नबातको छोरो यारोबामको जहान् ९
जस्तो र अहिय्याहको छोरो बाशाको जहान् जस्तो तुल्याउंछु। अनि १०
कुकुरहरूले यिज्रेल्को जग्गामां ईजेबेल्लाइ खांछन् अनि त्येस्लाइ गाड्ने
कोई पनि हुंदैन भनि। तब त्यो देला उघार्येर भाग्यो। तब येहू आफ्नु ११
स्वामीको चाकरेहरू थांइ निस्कि आयो. अनि एक् जनाले त्यो सित
सोध्यो को सबै कुशल् छ. त्यो बौलाहा आफु थांइ किन आयो। तब
त्येस्ले तिनिहरूलाइ उत्तर् दियो तिमिहरूलाइ थाहा छ त्यो मान्छे को
हो अनि त्येस्को कुरा कस्तो छ। तब तिनिहरूले त्यो ढांट् हो ऐले
हामिहरूलाइ कहि देउ भन्येर भन्ये। तब त्येस्ले भन्यो त्येस्ले मं सित येसो १२
येसो भन्यो अर्थात् यहव्वेले मैंले तंलाइ इस्राएल् माथि राज्भिषिक्त गर्यें
भन्येर भन्यो। तब तिनिहरूले छिटो छिटो गरिकन आफ्नु आफ्नु लुगा १३
उतार्येर भर्याङ्मां त्येस्को मुनि ओछ्याइ दिये वहांदेखि येहू राजा भयो
भन्दे भन्दे तुरही बजाये। येसोरि निम्शीको छोरो यहोशापातको छोरो १४

येहूले योरामको विरोधमां राजद्रोह गर्यो । (त्येस् बेला योरामले सिंगै
१५ इस्राएल् समेत् अरामको राजा हजाएलको कारणले रामोत्गिलादको रक्षे
गर्द थियो . तर योराम् राजाचइं त्येस्ले अरामको राजा हजाएल् सङ लड़ाइँ
गर्दाखेरि अरामीहरूले त्येस्लाइ घायल् पार्येको देखि निको पार्गैनुलाइ
यिज्रेलमां फर्कयेको थियो ।) तब येहूले भन्यो तिम्रो येस्तो येस्तो इच्छे
भयो भन्ये त्यो कुरा यिज्रेलमां सुनाउंनुको लागि सहर् बाटो कस्सैलाइ
१६ बांच्येर निस्कनु न देउ । तब येहू रथमां चढ़ेर यिज्रेलमां गयो किनभन्ये
योराम् वहां रह्येको थियो । अनि यहूदाको राजा अहज्याह् पनि
१७ योराम्लाइ हेर्नुलाइ उत्रि आयेको थियो । तब यिज्रेलमां भयेको धरहरामां
येउटा पहरू उभीइ रह्येको थियो अनि त्येस्ले येहूको गट्टालाइ आउंदै
गर्येको चियाइ देख्येर भन्यो मं येउटा गट्टा देख्दछु । तब योरामले
भन्यो तुकमवार् लियेर त्येस्लाइ भेट्नुलाइ पठा अनि के कुशल् छ भनि
१८ सोधीओस् । त त्येस्लाइ भेट्नुको लागि एक् जना घोड़ामां चढ़ेर गयो
अनि भन्यो राजाले येसो भनि सोधद छ के कुशल् छ भनि । तब येहूले
भन्यो कुशलले तंलाइ के मेरो पछि लाग । अनि पहरूचइंले त्यो दूत्
१९ तिनिहरू थांइ पुग्नु ता पुग्यो तर फर्कि आयेको छैन भनि सुनायो । तब
त्येस्ले अर्कोलाइ घोड़ा मांथि पठायो जस्ले तिनिहरू थांइ पुग्येर भन्यो
राजाले येसो भनि सोधद छ के कुशल् छ भनि । तब येहूले उत्तर् दियो
२० कुशलले तंलाइ के मेरो पछि लाग । अनि पहरूले येसो भनि सुनायो त्यो
पनि तिनिहरू थांइ पुग्नु ता पुग्यो तर फर्कि आउंदै छैन . अनि
घोड़ाधपाई निम्शीको छोरो येहूको धपाई जस्तो छ कसोगरिभन्ये त्येस्ले
२१ बौलाहाले झैं धपाउंद छ । तब योरामले भन्यो नार् । त तिनिहरूले त्येस्को
रथ् नार्ये । तब इस्राएलको राजा योराम् र यहूदाको राजा अहज्याह्
आफ्नु आफ्नु रथमां चढ़ि येहूलाइ भेट्नुलाइ निस्के अनि त्येस्लाइ
२२ यिज्रेली नबोतको जग्गामां भेट्ये । तब येसो भयो योरामले येहूलाइ
देखदैमां भन्यो हे येहू के कुशल् छ । तब त्येस्ले उत्तर् दियो कस्तो कुशल्
जब तेरी आमा ईजेबेलको बेश्यैइँ र त्येस्का तन्तरमन्तर् येस्तो औधि छन् ।
२३ तब योराम् आफ्नु हात् फर्कायेर भाग्यो अनि अहज्याह्लाइ भन्यो छल्
२४ छ हे अहज्याह् । तब येहूले आफ्नु हातले धनु पूरा तान्येर योरामका
बांहाहरूको बीचमां हानि दियो अनि कांड त्येस्का मुटु छिर्चलि निस्क्यो तब
२५ त्यो आफ्नु रथमां लड़ि खस्यो । तब येहूले आफ्नु शतपति बिद्कर्लाइ
भन्यो त्येस्लाइ उतार्येर यिज्रेली नबोतको जग्गाको भागमां आफालि दे .
किनभन्ये सम्झनु पर्छ जब मं र तं त्येस्को बाबु अहाब् सङ सवार् भइ
२६ जांद थियूं तब यहवेले त्येस् मांथि यो वाणी भन्येको थियो निस्से
मैंले हिजो नबोतको र त्येस्का छोराहरूको रगत् देख्येको छु भनि यहवेले
भन्द छ अनि मं त्येइ भूमिमां तेरो साटो लिंछु भन्ये यहवेको वाणी छ ।
त अब त्येस्लाइ उठायेर त्येसै भूमिमां आफाल् यहवेको बचन् अनुसार् ।

तर यहूदाको राजा अहज्याह् चइं यो देख्येर बागीको घर्को बाटो बाड़ो २७
भाग्यो। अनि येहूले त्येस्लाइ खेद्दै गइ भन्यो त्येस्लाइ पनि रथैमां मारि
देव. तब तिनिहरूले त्येस्लाइ यिब्लाम् निर भयेको गूर्को उकालिमां
हिर्काये। अनि त्यो मगिद्दो सम्म भाग्यो अनि त्यहां मंर्यो। अनि त्येस्का २८
चाकरेहरूले त्येस्लाइ रथ्मां बोकायेर यरूशलेम्मां लग्ये वहांदेखि दाऊद्को
सहर्मां त्येस्का पित्रहरू सङ त्येस्को चिहान्मां गाड़ि ॥
अनि अहाब्को छोरो योराम्को एघारौं वर्षमां अहज्याह् यहूदा २९
मांथि राज् गर्न लाग्यो ॥
जब येहू यिज्रेल्मां पुग्यो तब ईजेबेल्ले यो सुनी तब त्येस्ले आफ्ना ३०
आंखामां सुर्मा लगाई अनि आफ्ना केस् सिङारी वहांदेखि झ्याल् बाटो
चियाउंनु लागी। अनि जब येहू ढोकामां पस्यो तब त्यस्ले भनी ए जिम्री ३१
आफ्नु स्वामीको हत्यारा को कुशल् छ। अनि त्येस्ले आफ्नु मुख् झ्याल् ३२
तिर उठायेर भन्यो मं पट्टि को छ को छ। तब दुइ तीन् जना मेहेरोहरूले
त्यो तिर हेर्‍ये। तब त्येस्ले भन्यो त्येस्लाइ ऊंधो खसालि देव भनि तब ३३
तिनिहरूले त्येस्लाइ ऊंधो खसालि दिये. अनि त्येस्को रगत्मांको भित्तामां र
घोड़ाहरूको जीउमां छर्कि पर्‍यो. अनि त्यस्ले त्येस् आइमाइलाइ गोड़ाले
कुल्च्यो। अनि जब त्यो भित्र पस्यो तब त्येस्ले खायो पीयो वहांदेखि ३४
भन्यो त्येस् स्रापित् भयेकी आइमाइलाइ हेर्‍येर गाड़. किनभन्ये त्यो
राजपुत्री हो। तब तिनिहरू त्येस्लाइ गाड्नुलाइ गये तर त्येस्को खप्पर् ३५
गोड़ा र हत्केला बाहिक् अरू केइ पनि पायेनन्। येस्कारण तिनिहरूले ३६
फर्कि आयेर त्येस्लाइ सुनाये। अनि त्येस्ले भन्यो यस्त्वले आफ्नु दास्
तिश्बी एलिय्याहको बाटोले भन्येको कुरो येइने हो अर्थात् यिज्रेल्को
जग्गामां कुकुर्हरूले ईजेबेल्को मांसु खांछन्. अनि ईजेबेल्को लोथ् ३७
यिज्रेल्को भाग्मां जग्गाको मुख्मां भयेको मल् जस्तो हुंछ. अनि
तिनिहरूले यो ईजेबेल् हो भनि भन्न सक्देनन् ॥
त्येस् बेला अहाब्का सत्र भाई छोराहरू शोमरोन्मां रहंद थिये। १० १
तब येहूले चिट्ठी लेखिकन शोमरोन्मां यिज्रेल्का मालिक्हरू थांइ अं
प्राचीन्हरू थांइ र अहाब्का छोराहरूलाइ पाल्ने थांइ येसो भनि
पठायो एले यो चिट्ठी तिम्रां पुग्नु बित्तिकै जब तिम्रो स्वामीका २
छोराहरू तिमि सङ छन् अनि तिम्रा रथ्हरू र घोड़ाहरू र घेरा भयेका
सहर् पनि र हतियार्सतियार् छन् त तिम्रो मालिक्का छोराहरूमांको ३
येउटा सबै भन्दा असल् र योग्यचइंलाइ हेर्‍यर त्येस्लाइ त्येस्को बाबुको
सिंहासन्मां बसाल अनि तिम्रो स्वामीका जहान्को लागि लड़ाइं गर।
तर तिनिहरूले अग्घोर् डराइकन भन्ये हेर ति दुइ राजाहरू त्येस्को ४
सांमु उभीयेनन्. त हामिहरू कसोगरि उभौंला। तब घर्को मालिक् ५
जो थियो र सहर्को मालिक् जो थियो र प्राचीन्हरू पनि र राजाका
सन्तान् राजकुमार्हरूलाइ पाल्नेहरू जो जो थिये तिनिहरूले येहू थांइ

येसो भनि पठाये हामिहरु तपांइका दासहरु हौं तपांइले जे जे आज्ञा
गर्नु हुंछ त्यो हामिहरु गर्छौं हामिहरु कसैलाइ राजा तुल्याउंदैनौं.
६ आफुंको दृष्टिमां जे जाति लाग्ला त्येइ गर्नु हवस्। तब त्येस्ले तिनिहरु
थांइ अर्को चिट्ठी येसो भनिकन लेख्यो तिमिहरु मेरो पट्टि छौ अनि
मेरो कुरा सुनछौ भन्ये ति मान्छेहरुका अर्थात् आफ्नु स्वामीका छोराहरुका
सिरहरु लियेर भोलि येति बेला मं थांइ यिज्रेलमां आव। अब राजकुमार-
हरु अर्थात् सत्र भाई राजकुमारहरु तिनिहरुलाइ पाल्नेहरु सहरका
ठुला ठुला मान्छेहरु सङ रह्येका थिये। अनि येसो भयो जब त्यो चिट्ठी
तिनिहरु थांइ आयो तब तिनिहरुले ति सत्रै भाई राजकुमारहरुलाइ
लियेर मांर्ये वहांदेखि तिनिहरुका सिर् डालो डालोमां हाल्येर त्यो थांइ
८ यिज्रेलमां पठाइ दिये। तब येउटा दूतले आयेर तिनिहरुले राजकुमार-
हरुका सिर् ल्यायेका छन् भनि त्येस्लाइ सुनाइ दियो। त त्येस्ले भन्यो ति
९ ढोकाको आघनमां दुइ थुप्रोगरि बिहान सम्म राख। अनि बिहान
येसो भयो त्येस्ले बाहिर गइ उभीयेर सबै लोगलाइ भन्यो तिमिहरुचहिं
निर्दोषी छौ. हेर मैले आफ्नु स्वामीको बिरुद्धमां राजद्रोह गर्येर
१० त्येस्लाइ मांर्ये. तर यि सबैलाइ कस्ले मांर्यो। अब थाहा पाव
यहोवेको बचनमांको जुन् बचन् उस्ले अहाबको जहानको बिषयमां
भन्येको थियो ति कुरामांको कुनै पनि खसदैन. किनभन्ये यहोवेले
११ आफ्नु दास् एलियाहको बाटोले भन्येको कुरो पूरो गर्येको छ। तब
येहूले अहाबको जहानमांका बांचि रह्येका सबैलाइ र त्येस्का सबै ठुला
ला मालिकहरुलाइ र त्येस्का मित्रहरुलाइ र त्येस्का पूजाहारीहरुलाइ
१२ येसोरि मांर्यो एक जनालाइ पनि छोड़ेन। तब त्यो उठेर हिंड्यो
अनि शोमरोनमां आयो। अनि बाटोमां गोठालाहरुको ऊन् कत्रने
१३ घरमां पुग्दा येहूले यहूदाको राजा अहज्याहका दाजुभाईहरुलाइ
भेटेर भन्यो तिमिहरु को हौ। त तिनिहरुले उत्तर् दिये अहज्याहका
दाजुभाईहरु हौं. अनि राजाको सन्तान् र रानीको सन्तान्को कुशलक्षेम्
१४ सोध्नुलाइ उत्ति जांदै छौं। तब त्येस्ले भन्यो तिनिहरुलाइ जीउंदै
पक्र। त तिनिहरुले तिनिहरुलाइ जीउंदै पक्र्येर तिनिहरुलाइ अर्थात्
बयालीस् जनालाइ ऊन् कत्रने घरको कूपमां मांर्ये तिनिहरुमांको
येउटालाइ पनि छोड़ेनन्॥
१५ फेरि त्यहां बाटो हिंड्दा रेकाबको छोरो यहोनादाबलाइ त्येस्लाइ
भेटनुलाइ आउंदै गर्येको भेटायो. अनि त्येस्ले त्येस्को कुशल् सोध्दै
त्येस्लाइ भन्यो के मेरो मन् तिम्रो मन् सङ भयेको जस्तो तिम्रो मन् पनि
ठीक् छ। तब योनादाबले ठीक् छ भनि उत्तर् दियो। येस्तै छ भन्ये
देखि मंलाइ आफ्नु हात् देउ। तब त्येस्ले त्येस्लाइ आफ्नु हात् दियो।
१६ वहांदेखि त्येस्ले त्येस्लाइ रथमां आफु सङ बसायो। फेरि त्येस्ले भन्यो
मं सङ आउ अनि यहोवेको लागि मेरो इष् हेर। त तिनिहरुले त्येस्लाइ

त्येस्को रथ्मां चढ़ाइ लियो। अनि जसै शोमरोन्मां आइ पुग्यो तब १७
शोमरोन्मां अहाब्को लागि रह्येका सबैहरूलाइ त्येस्ले त्येस्लाइ नास्
पारुंज्याल् सम्म मारि दियो यह्वेले एलिय्याह्लाइ भन्येको बचन् अनुसार्।
फेरि येहूले सबै लोगलाइ भेला गरायेर तिनिहरूलाइ भन्यो अहाब्ले १८
बाल्लाइ थोरैगरि पूज्यो तर येहूचहिंले ता धेरैगरि गर्छ। त अब मेरो १९
लागि बाल्का सबै अगमवक्ताहरूलाइ र त्येस्का सबै पूजाहारीहरूलाइ
भेला गराव येउटा पनि न छुटोस्. किनभन्ये मैंले बाल्को लागि ठुलो
बलिदान् चढ़ाउंनु छ. जो छुट्ला त्यो जीउंदैन। तर येहूले बाल्का
पूज्नेहरूलाइ नास् पार्नु भन्ये खातिर्ले त्यो कुरो छल् सित गर्दै थियो। तब २०
येहूले भन्यो बाल्को लागि पवित्र सभाको लागि चोख्याव। तब
तिनिहरूले यो कुरोको उर्दी फिंजाये। अनि येहूले सिंगै इस्राएल्मां २१
पठाइ दियो. तब बाल्का सबै पूज्नेहरू आउंने येउटा पनि न
रहुंज्यालगरि आये। वहांदेखि तिनिहरू बाल्को मन्दिर्मां आये अनि
बाल्को मन्दिर् एक् छेउ देखि अर्को छेउ सम्म भरीये। अनि त्येस्ले २२
बस्त्रघर्को मालिक्लाइ भन्यो बाल्का सबै पूज्नेहरूको लागि बस्त्र
निकालि ले। तब त्येस्ले तिनिहरूको लागि बस्त्र निकालि ल्यायो। तब २३
येहू र रेकाब्को छोरो यहोनादाब् बाल्को मन्दिर्मां पस्ये वहांदेखि
त्येस्ले बाल्का पूज्नेहरूलाइ भन्यो ठीक् ठीक् ढुंढालि हेर यहां तिमिहरूको
बीच्मां यह्वे पूज्नेहरूमांको कोई न हवस् तर खालि बालै पूज्नेहरू
मांत्रै होउन्। तब तिनिहरू बलिदान् र होमबलिदान् चढ़ाउंनुलाइ २४
भित्र पस्ये। अब येहूले आफ्नु लागि असी जनालाइ बाहिर खटायेर
भनि राख्येको थियो मैंले तिमिहरूको हात्मां पारि दियेकाहरूमांको
कोई बांच्येर निकल्यो भन्ये देखि त्येस्लाइ उम्काउंनेको प्राण् त्येस्को
प्राण्को साटो हुंछ भनि। अनि त्येस्ले होमबलि चढ़ाइ सक्नु बित्तिकै येसो २५
भयो येहूले पहरूहरू र मालिक्हरूलाइ भन्यो पस्येर तिनिहरूलाइ मार
येउटालाइ पनि निस्कि जांनु न देव। तब तिनिहरूले तिनिहरूलाइ २६
तरवार्को धार्ले काटेर अनि पहरूहरू र मालिक्हरूले तिनिहरूलाइ
आफालि दिये अनि बाल्को मन्दिर्को सहर्मां गये। तब तिनिहरूले
बाल्को मन्दिर्मां भयेका मुढ़्काहरू निकाल्येर डड़ाये। अनि तिनिहरूले २७
बाल्को मुढ़्का भांच्येर बाल्को मन्दिर् भत्कायेर त्येस्लाइ आजु
सम्म भकाराघर् बनाइ राख्येका छन्। येसोरिकन येहूले बाल्लाइ २८
इस्राएल् देखि नष्ट पार्यो। तैपनि नबात्को छोरो यारोबाम्ले गर्येको २९
पाप् जुन् देखि त्येस्ले इस्राएल्लाइ पाप् गर्नु लायो अर्थात् बेतेल् र
दान्मां भयेका सुन्का बाच्छाहरू देखि येहू अलग् भयेन। अनि यह्वेले ३०
येहूलाइ भन्यो तैंले मेरो दृष्टिमां ज्ये ठीक् थियो त्येइ राम्रोगरि गरिस्
अनि मेरो मन्मां भयेका ति सबै अनुसार् अहाब्को जहान्लाइ गरिस्
येस्कारण् तेरो सन्तान् चौथो पुस्ता सम्म इस्राएल्को सिंहासन्मां बस्छ।

३१ तर येहूले इस्राएलको ईश्वर् यहवेको व्यवस्थामां आफ्नु पूरो मन्ले
हिंड्नुलाइ चेत् गर्येन . जुन् पाप्को बाटोले यारोबाम्ले इस्राएल्लाइ
पाप् गर्नु लायो त्यम् देखि येहू अलग् गर्येन ॥
३२ ति ताक यहवेले इस्राएल्लाइ घटाउंनु लाग्यो . र हजाएल्ले
३३ इस्राएल्को सिंगै सिमानामां तिनिहरूलाइ मार्यो यर्दन् देखि पूर्ब तिर
गिलाद्को सबै देस् गादीहरू र रूबेनीहरू र मनश्शेहरूलाइ अर्नोन्को
३४ तीरमां भयेको अरोयर् देखि गिलाद् र बाशान् सम्म । अब येहूका रहल्
कार्ज्य र जे जे तेस्ले गर्यो अनि त्येस्को सबै प्रताप् के तिनिहरू इस्राएल्का
३५ राजाहरूको इतिहास्को पोस्तक्मां लेख्येका छैनन् । तब येहू आफ्ना
पित्रहरू सङ सुति गयो . अनि तिनिहरूले त्येस्लाइ शोमरोन्मां गाड्य ।
३६ अनि त्येस्को छोरा योआहाज्ले त्येस्को साटो राज् गर्यो । अनि येहूले
शोमरोन्मां इस्राएल् माथि राज् गर्येका दिन् अट्ठाईस् बर्ष थिये ॥

(यहोआश् घात् हुंनु देखि बांच्नु अनि राजा हुंनु)

११ १ जब अहज्याहको आमा अतल्याहले मेरो छोरो मर्यो भनि
२ देख्यो तब त्येस्ले उठेर सबै राज्बंशलाइ नास् पारी । तर अहज्याहको बैनी
यहोराम् राजाका छोरी यहशेबाले अहज्याहको छोरो यहोआश्लाइ
लग्येर त्येस्लाइ त्येस्को दुद्आमा समेत्लाइ मारिंदै गर्येका राज्कुमारहरूको
बीच् देखि चोर्येर सुत्ने के ठामां हालि दिई तब तिनिहरूले त्येस्लाइ त्यो
३ न मारिंनेगरि अतल्याह् देखि लुकाई । अनि त्यो यहोशेबा सङ यहवेको
घर्मां छ बर्ष सम्म लुकाइ राख्यो अनि अतल्याह्ले देस्मां राज् गरी ॥
४ अनि सातौं बर्षमां यहोयदाले कारीहरू भनींने प्यादाहरूका र
पहरूहरूका शतपतिहरूलाइ डाकि पठायेर आफु थांइ यहवेको घर्मां
ल्यायो अनि त्येस्ले तिनिहरू सित येउटा बाचा बांध्यो यहांदेखि तिनिहरूलाइ
यहवेको घर्मां किरिया खुवायो त्यस् पछि तिनिहरूलाइ राज्कुमार्
५ देखायो । अनि तिनिहरूले येसो भनिकन तिनिहरूलाइ आज्ञा दियो
तिमिहरूले गर्नु पर्ने काम् येइ हो . अर्थात् तिमिहरूको एक् तिहाई जो
बिश्रामदिन्मां भित्र आउंनेहरू छन् राज्महल्को रक्षा गर्ने हुंछौ अनि
६ अर्को तिहाई चइं शूर् भनींने ढोकामां रहुन् अनि तेस्रो चइं तिहाई
पहरूहरूका पछिल् तिर भयेका ढोकामां . येसोरि तिमिहरूले राज्महल्को
७ रक्षा गर र तिमिहरू येसोरि छेक्थुन् गर्ने हव । अनि तिमिहरूमांको दुइ
गट्ठा अर्थात् बिश्रामदिन्मां जांने सबै जनाले राजाको वरिपरि भइकन
८ यहवेको घर्को रक्षा गरून् । अनि जनैले आफ्नु आफ्नु हात्मां आफ्नु
आफ्नु हतियार् लियेर राजालाइ घेरून् अनि पङ्क्तिको भित्र आउंने सबै
मारोउन् . अनि राजा बाहिर भित्र आइजाइ गर्दा तिमिहरू त्यो सङ सङै
९ रह । र शतपतिले यहोयदा पूजाहारीले गर्येका सबै आज्ञा अनुसार्
गर्यो . अर्थात् तिनिहरू जनैले आफ्ना आफ्ना मान्छेहरूलाइ लियेर

विश्रामदिन्मां भित्र आउंनेहरुलाइ र विश्रामदिन्मां बाहर जांनेहरुलाइ
लियेर यहोयादा पूजाहारी थांइ आये। तब पूजाहारीले यहवेको १०
घर्मां भयेको जो भाला र ढाल् दाऊद् राजाका थिये ति
शतपतिहरुलाइ सुम्पि दियो। तब पहरुहरु आफ्नु आफ्नु हतियार् ११
हातमां लियेर सबै जना घर्को दाहिनो कुइंन्याटो देखि बाउं कुइंन्याटो
सम्म बेदि र घर्को छेउमां राजाका चारै तिर उभीये। तब त्यस्ले १२
राजकुमार्लाइ निकालि ल्यायो वहांदेखि त्यस् मांथि राजमुकुट् र
साक्षीपत्र लगाइ दियो वहांदेखि तिनिहरुले त्यस्लाइ राजा तुल्याये अनि
राजअभिषिक्त गर्ये अनि आफ्ना आफ्ना तालि बजाये वहांदेखि महाराजा
जीइ रहुन् भन्येर भन्ये। अनि जब अतल्याहले पहराको र लोगको सोर् १३
सुनी तब यहवेको घर्मां लोग् थांइ आई. त हेर्येर को देखी भन्ये रीत् १४
अनुसार् राजा थाम्को छेउमां बसि रह्येको रह्र अनि मालिक्हरु र
नरसींगा बजाउंनेहरु राजाको छेउमां राहन्. अनि देस्का सिंगै लोगले
रमाइ रमाइकन नरसींगा बजाउंदा राहन्। तब अतल्याह् आफ्नु लुगा
फारि राजद्रोह् राजद्रोह् भन्दै कराई। तब यहोयदा पूजाहारीले सेना मांथि १५
खटाईयेका शतपतिहरुलाइ आज्ञा दिइ भन्यो त्यस् आइमाइलाइ पाङ्ति
देखि बाहर निकाल अनि त्येको पछि लाग्नेलाइ तरवारले काटि देव.
किनभन्ये पूजाहारीले भन्येको थियो यहवेको घर्मां न मारीओस् भनि.
तब तिनिहरुले त्येस् आइमाइको लागि बाटो छोडि दिये त त्यो १६
राजमहल्मां घोडा पस्ने बाटो बाडो जांदै थिई. त त्यहां मारीई॥

तब यहोयदाले यहवेको अनि राजा र पर्जाको बीच्मां तिनिहरु १७
यहवेका लोग् होउन् भनि नियम् बांध्यो अनि राजा र पर्जाको बीच्मां
पनि। अनि देस्का सिंगै लोगले बाल्को मन्दिर्मां गयेर त्यो भत्काये १८
त्येका बेदिहरु र त्येका मूर्त्तिहरु थांटै टुक्रै टुक्रा पार्ये अनि बाल्को
पूजाहारी मातान्लाइ बेदिहरुको सांमु मार्ये। अनि पूजाहारीले यहवेको
घर् मांथि मालिक्हरुलाइ खटायो। तब त्यस्ले शतपतिहरु र कारिहरु र १९
पहरुहरु र देस्का सिंगै लोगलाइ लियो वहांदेखि तिनिहरुले राजालाइ
यहवेको घर् देखि उतारि ल्याये अनि पहरुको ढोकाको बाटो बाडो
राजमहल्मां ल्याये। त त्यो राजाहरुको सिंहासनमां बस्यो। येसोरि २०
देसका सिंगै लोग् रमाये अनि सहरले चैन् पायो. अनि तिनिहरुले
अतल्याहलाइ राजमहल्मां काटि दिये॥

(यहोआशको राज्)

यहोआश् राज् गर्नु लाग्दा सात् वर्ष उमेरको थियो। येहूको २१
सातौं वर्षमां यहोआशले राज् गर्नु थाल्यो अनि त्यस्ले यरुशलेम्मां १२ १
चालीस् वर्ष राज् गर्यो. अनि त्येका आमाको नांउ बेर्शेबाको सिब्या
थियो। अनि जब सम्म यहोयदा पूजाहारीले यहोआशलाइ शिक्षा दिंद २

३ थियो तब सम्म त्यैले यहूवेको दृष्टिमां ज्यै जाति थियो त्यैह गर्दै रह्यो। तै
पनि अलग्गा अलग्गा ठांउहरू ता दूर् गरीयेनन्. लोगले अब सम्म
अलग्गा अलग्गा ठांउमां बलिदान् चढाउंद र धूप् हाल्द थिये ॥

४ अनि यहोआशले पूजाहारीहरूलाइ भन्यो यहूवेको घर्मां पुर्याइंने
पवित्र काम्को लागि अलग् छुट्यायेका पवित्र गरीयेका सबै रुपिया
अर्थात् गनीयेका लोगमां गयेका र जनंगेको ठहराईयेको दाम् र जति
५ रुपिया सबै मनमानीगरि यहूवेको घर्मां ल्याउंद छन् पूजाहारीले
ति सबैलाइ आफ्ना आफ्ना चिनाजाना देखि लियेर तिनिहरू थांइ
ल्याउन्. अनि घर्मां जहां जहां छेंड्छांड् पाइंछन् त्यहां त्यहां मरम्मत्
६ गर्नु पर्छ। तर यहोआश् राजाको तेईसौं वर्षमां येसो भयो पूजाहारीहरूले
७ अब सम्म पनि घर्का छेंड्छांड्हरू मरम्मत् गर्यका थियेनन्। तब
यहोआश् राजाले यहोयदा पूजाहारी र अरु अरु पूजाहारीहरूलाइ
डाकेर भन्यो घर्का छेंड्छांड्हरू किन मरम्मत् गर्येउन. त अब आफ्ना
आफ्ना चिनाजाना सित अरु रुपिया न लिंनु तर घर्को छेंड्छांड्को
८ लागि सुम्पि दिंनु। तब पूजाहारीहरूले हामिहरूले लोग् देखि फेरि
९ रुपिया न लिंनु र घर्का छेंड्छांड्हरू मरम्मत् गर्नु भन्ये कुरो मान्ये। अनि
यहोयदा पूजाहारीले येउटा सम्पट् ल्यायेर त्यस्को ढकनीमां छेंड् पार्यो
वहांदेखि त्यो बेदीको छेउमां यहूवेको घर्मां जांनेको दाहीनो पट्टि राख्यो.
न ढेलो रुङ्ने पूजाहारीहरूले यहूवेको घर्मां ल्यायेका सबै रुपिया
१० त्येसैमां हाल्ने गर्दै थिये। अनि येसो भयो जब तिनिहरूले सम्पट्मां
रुपिया निकै भयेछ भनि देख्य तब राजाको लेटर् र मूल्पूजाहारीले चढि
आयेर यहूवेको घर्मां पाईयेका रुपिया थैलाहरूमां बांधेर गन्ति गर्ये।
११ तब तिनिहरूले जोखीयेका चइं रुपिया काम् गर्नेहरूका हातमां अर्थात्
जस् जस्ले यहूवेको घर्को रक्षे गर्द थिये तिनिहरूलाइ दिये. त तिनिहरूले
१२ यहूवेको घर्मां काम् गर्ने काठकर्मीहरू र राज्हरू र गारोकर्मीहरू र
ढुंगा काट्नेहरूलाइ दिये अनि यहूवेको घर्का छेंड्छांड्हरू मरम्मत् गर्नुको
लागि काठ् र काटेका ढुंगाहरू किन्नुको लागि घर्को मरम्मत् गर्ने सबै
१३ खर्चको लागि। तर यहूवेको घर्को लागि चांदीका भांडाहरू र
अभेरुदानीहरू र कटोराहरू र नर्सींगाहरू सुन्का भांडाबर्तन्हरू यहूवेको
१४ घर्मां ल्याईयेको रुपियाले बनाईयेका थियेनन्. किनभन्ये तिनिहरूले ति
रुपिया ति काम् गर्नेहरूलाइ दिये अनि यहूवेको घर् ति रुपियाले मरम्मत्
१५ गर्ये। येस् उप्रान्त जस् जस्को हातमां काम् गर्नेहरूको हातमां दिंनुको लागि
तिनिहरूले रुपिया दियेका थिये तिनको हिसाप् पनि तिनिहरू सित
१६ लियेनन्. किनभन्ये तिनिहरूले सच्चैंई सङ काम् गर्द दिये। दोषबलिदान्
र पापबलिदान्को लागि दियेका चइं रुपिया यहूवेको घर्मां ल्यायेनन्.
ति पूजाहारीहरूका थिये ॥

१७ तब अरामको राजा हजाएलले चढि आयेर गात् सहर्को बिरुद्धमां

लड़ाइँ गर्‍यो अनि त्यो लियो. अनि हजाएल्‌ले आफ्नु मुख यरूशलेम्
तिर पनि जांने गर्‍यो। तब यहूदाको राजा यहोआश्‌ले त्यस्का पित्रहरु १८
यहूदाका राजाहरु यहोशापात् यहोराम् र अहज्याह्‌ले पवित्र काम्‌को लागि
अलग् छुट्यायेका सबै पवित्र थोक् र आफ्नै पवित्र थोक् र यहवेको
घर्‌को र राज्‌महल्‌को भंड़ार्‌मां पाईयेका सबै सुन् निकाल्येर अराम्‌को
राजा हजाएल् थांइ पठाइ दियो. तब त्यो यरूशलेम् बाटो फर्कि गयो।
अब यहोआश्‌का रहल् कार्ज्य र ज्ये ज्ये त्यस्ले गर्‍यो के ति यहूदाका १९
राजाहरुको इतिहास्‌को पोस्तक्‌मां लेख्येका छैनन्। तब त्यस्का चाकरहरुले २०
उठेर राज्‌द्रोह् गर्‍ये अनि सिलामां उत्रि जांने बाटोको मिल्लोको घर्‌मां
यहोआश्‌लाइ काटि दिये। अर्थात् शिम्मात्‌को छोरो योजाकार् र २१
शोमेर्‌को छोरो यहोजाबाद् त्यस्का चाकरहरुले त्यस्लाइ मार्‍ये त त्यो मर्‍यो
अनि तिनिहरुले त्यस्लाइ त्यस्का पित्रहरु सङ दाऊद्‌को सहर्‌मां गाड़ेर.
अनि त्यस्को छोरो अमस्याह्‌ले त्यस्को साटोमां राज् गर्‍यो॥

(योआहाज्‌को राज्)

यहूदाको राजा अहज्याह्‌को छोरो यहोआश्‌को तेईसौं बर्षमां १३ १
येहूको छोरो योआहाज् शोमरोन्‌मां इस्राएल् माथि राज् गर्न लाग्यो अनि
त्यस्ले सत्रह् बर्ष राज् गर्‍यो। अनि यहवेको सांमु ज्ये बुरो थियो त्यइ त्यस्ले २
गर्‍यो अनि त्यस्ले नबात्‌को छोरो यारोबाम्‌ले इस्राएल् देखि गरायेको पाप्
पछ्यायो त्यो देखि त्यो अलग् भयेन। तब यहवेको रिस् इस्राएल् माथि उठ्यो ३
अनि उस्ले तिनिहरुलाइ अराम्‌को राजा हजाएल्‌को हात्‌मां र हजाएल्‌को
छोरो बेन्‌हदद्‌को हात्‌मां सबै दिन्‌को लागि सुम्पि दियो। त योआहाज्‌ले ४
यहवे सित बिन्ति गर्‍यो त यहवेले त्यस्को सुन्यो. कसोगरिभन्ये उस्ले
अराम्‌को राजाले इस्राएल् माथि गर्‍येको त्यो थिचेइँ देख्यो। (अनि यहवेले ५
इस्राएल्‌को लागि येउटा येस्तो छोड़ाउंने दियो तिनिहरु अरामीहरुको
हात् मुनि देखि निस्कि आये. वहांदेखि इस्राएल्‌बंशीहरु अगाड़िको भैं
आफ्नु आफ्नु पाल्‌मां बस्न लाग्ये। तरैपनि तिनिहरु यारोबाम्‌को ६
घर्‌को जुन् पाप् त्यस्ले इस्राएल् देखि गर्नु लायो ति पाप् देखि अलग्
भयेनन् तर त्यस्‌मां हिंड़दै रह्ये. अनि शोमरोन्‌मां अशेरा भनींने मूर्त्ति
पनि रह्यो।) किनभन्ये उस्ले योआहाज्‌को लागि लोग् मांका पचास् ७
हजार् तुरुक्‌सवार र दस् रथ्‌हरु र दस् हजार् पैदल् मात्रै राख्यो किनभन्ये
अराम्‌को राजाले तिनिहरुलाइ नास् पार्‍यो दांइको धुलो जस्तो पार्‍यो।
अब योआहाज्‌का रहल् कार्ज्य र ज्ये ज्ये त्यस्ले गर्‍यो अनि त्यस्का प्रताप् के ८
ति इस्राएल्‌का राजाहरुको इतिहास्‌को पोस्तक्‌मां लेख्येका छैनन्। तब ९
योआहाज् आफ्ना पित्रहरु सङ सुति गयो अनि तिनिहले त्यस्लाइ
शोमरोन्‌मां गाड़ेर. अनि त्यस्को छोरो योआश्‌ले त्यस्को साटोमां
राज् गर्‍यो॥

(योआश्को राज् र एलीशाको मरण्)

१० यहूदाको राजा यहोआश्को सैंतीसौं वर्षमां योआहाज्को छोरो
योआश् शोमरोन्मां इस्राएल् माथि राज् गर्नु लाग्यो अनि त्यसले सोह्र
११ वर्ष राज् गर्‍यो । अनि यहवेको सांमु जे बुरो थियो त्येइ त्यसले गर्‍यो अनि
नबातको छोरो यारोबामले इस्राएल् देखि गरायेका सबै पाप् देखि अलग्
१२ गयेन. तर तिनैमां हिंड्यो । अब योआश्का रहल् कार्ज अनि जे जे त्यसले
गर्‍यो अनि त्यसले यहूदाको राजा अमस्याह् सङ गर्‍येका सबै प्रताप् के ति
१३ इस्राएल्का राजाहरुको इतिहास्को पोस्तकमां लेख्येका छैनन् । तब
योआश् आफ्ना पित्रहरु सङ सुति गयो अनि यारोबाम् त्यसको सिंहासन्मां
बस्यो. अनि योआश् शोमरोन्मां इस्राएल्का राजाहरु सङ गाड़ीयो ॥
१४ त्यस् बेला एलीशालाइ बेथा लग्यो जुन् बेथाले त्यो मर्‍यो पनि.
अनि इस्राएल्को राजा योआश् त्यो थांइ उत्रि आयो वहांदेखि त्यसले
भन्यो हे मेरा पिता हे मेरा पिता इस्राएल्का रथ् र त्यसका तुरुसवारहरु
१५ भन्येर त्यो माथि रोयो । तब एलीशाले त्यसलाइ भन्यो कांडू धनु ल्याउ.
१६ त त्यसले कांडू धनु त्यो थांइ ल्यायो । तब त्यसले इस्राएल्को राजालाइ
भन्यो आफ्नु हात् धनुमां लगाउ. त त्यसले आफ्नु हात् धनुमां लगायो ।
१७ तब एलीशाले आफ्नु हात् राजाको हात् माथि लगायो । अनि भन्यो
पूर्व तिरको झ्याल् उघार. त त्यसले उघार्‍यो । तब एलीशाले भन्यो हान.
त त्यसले हान्यो । वहांदेखि त्यसले भन्यो यहवेको छुटकाराको कांडू अं
अराम् माथि छुटकाराको कांडू. किनभन्ये तिमिले अरामीहरुलाइ नास्
१८ न पारंज्याल् सम्म तिनिहरुलाइ अपेकमां मार्छौ । तब त्यसले भन्यो
कांडूहरु लेउ. त त्यसले ति लियो वहांदेखि त्यसले इस्राएल्को राजालाइ
१९ भन्यो भूइंमां हान. त त्यसले तीन् खेप् हान्यो अनि अड़ीयो । तब
ईश्वरको जनले त्यस् माथि रिसाइकन त्यसलाइ भन्यो तिमिले पांच् छ
खेप् हिर्काउंनु पर्थ्यो त तिमिले अराम् नास् न होउंज्याल् सम्म त्यसलाइ
हिर्काउंदै रहंने थियो तर अब तिमिले खालि तीन् खेप् मात्रै
अरामलाइ हिर्काउंछौ ॥
२० तब एलीशा मर्‍यो अनि तिनिहरुले त्यसलाइ गाड़े । ति दिनमां
२१ वर्षको थालनिमां मोआबीहरुका गट्ठाहरु देसमां आउंद थिये । अनि
जसै तिनिहरुले एक् जनालाइ गाड्दै थिये त तिनिहरुले हेर्‍येर के
देख्यो भन्ये हेर येउटा गट्ठा तब तिनिहरुले त्यस् मान्छेलाइ एलीशाको
चिहान्मां हालि दिये. अनि त्यस् मान्छेले एलीशाको हाडू छुनु बित्तिकै
त्यो बांच्येर आफ्ना गोड़ामां उभीयो ॥
२२ अनि योआहाज्का सबै दिन् अरामको राजा हजाएलले इस्राएल्
२३ माथि थिचेइं गरि रह्यो । तर यहवेले तिनिहरु माथि अनुग्रह् गर्‍यो अनि
तिनिहरु माथि दया गर्‍यो अनि उसले अब्राहाम् इसहाक् र याकूब् सङ

बांधेको नियमको कारणले तिनिहरू मांथि कृपा गर्‍यो अनि तिनिहरूलाइ
नास् पार्नु खोज्येन अनि आफ्नु सांमु देखि एलें सम्म निकाल्येन। तब २४
अरामको राजा हजाएल् मर्‍यो अनि त्यसको छोरो बेनहदद्ले त्यसको
साटोमां राज् गर्‍यो। अनि योआहाजको छोरो योआशले हजाएलको २५
छोरो बेनहददको हात् देखि ति सहर्‌हरू फेरि लियो जो त्यसको बाबु
योआहाजको हात् देखि लड़ाईमां लियेको थियो। तीन् खेप् योआशले
त्यसलाइ मांर्‍येर इस्राएलका सहर्‌हरू फेरि लियो॥

(अमस्याह्‌को राज्)

इस्राएलको राजा योआहाजको छोरो योआशको दोस्रो बर्षमां १४ १
यहूदाको राजा यहोआशको छोरो अमस्याह राज् गर्नु लाग्यो। राज् २
गर्नु थाल्दा त्यो पचीस् बर्षको थियो अनि यरूशलेममां उनन्तीस्
बर्ष राज् गर्‍यो. त्यसको आंमाको नांउ यरूशलेमको यहोअद्दीन् थियो।
अनि यहवेको सांमु जे भलो थियो त्यइ त्यसले गर्‍यो तर आफ्नु पिता ३
दाऊदले झैं ता होइन. त्यसले आफ्नु बाबु यहोआशले गर्‍येको झैं गर्‍यो।
तैपनि अलग अलगा ठांउहरू दूर् गरियेनन्. लोगले अब सम्म अलगा ४
अलगा ठांउमां बलि चढाउंद र धूप् हाल्द थिये। राज् त्यसको हातमां ५
स्थिर् गरीनु बित्तिकै येसो भयो त्यसले आफ्नु बाबु राजालाइ मार्ने आफ्ना
चाकरेहरूलाइ मांर्‍यो. तर हत्याराहरूका सन्तानहरूलाइ चइं ता त्यसले ६
मांर्‍येन. मूसाको व्यवस्थाको पोस्तकमां लेखियेको अनसार् अर्थात्
बाबुहरू आफ्ना छोराहरूको साटोमां न मारीउन् अनि न छोराहरू
बाबुहरूको साटोमां मारीउन् तर जौउजनंग आफ्नै पापको कारणले
मारीओस् भन्येर यहवेले भन्येको आज्ञा अनसार्। त्यसले नुनको तरिमां ७
एदोममांका दस् हजार् जनालाइ मांर्‍यो अनि लड़ाईमां पहराचोकि पनि
लियो वहांदेखि त्यसको नांउ योक्तेल् राख्यो जो आजुको दिन् सम्म छ॥

तब अमस्याह्‌ले इस्राएलको राजा येहूको छोरो योआहाजको छोरो ८
योआश् थांइ येसो भनिकन दूत् पठायो लु हामिहरू सांमु सांमु हेराहेर्
गरूं भनि। तब इस्राएलको राजा योआशले यहूदाको राजा अमस्याह्‌लाइ ९
येसो भनि पठायो लबानोन्मां भयेको येउटा लोहोंड़ेकांड़ाले लबानोन्मां
भयेको देवदारु थांइ मेरो छोरोलाइ तिम्रो छोरी मित व्याहा देउ भनि
पठायो. अनि लबानोन्मां भयेको येउटा बनपशु त्येता बाटो जांदा लोहोंड़े-
कांड़ालाइ लतारि दियो भनि। सांचिनै तिमिले एदोमलाइ मांर्‍यौ येसकारण १०
तिम्रो मनले तिमिलाइ अलग्यायो. त्येसैमां शेखी गर्दै आफ्नु घरमां रह
तिमि सब यहूदा भयेको भये पनि खस्नुको लागि आफ्नु हानि किन
खोजद छौ। तर अमस्याह्‌ले सुन्नु मान्येन। तब इस्राएलको राजा योआश् ११
चढि आयो वहांदेखि त्यो र यहूदाको राजा अमस्याह् यहूदा पट्टि भयेको
बेतशेमेशमां सांमु सांमु भये। तब यहूदाबइंले इस्राएल् देखि हार्‍यो १२

१३ अनि तिनिहरु जनंगै आफ्नु आफ्नु पाल्मां भाग्ये। अनि इस्राएल्को
राजा योआश्ले अहज्याह्को छोरो यहोआश्को छोरो यहूदाको राजा
अमस्याह्लाइ बेत्शेमेश्मां समात्यो वहांदेखि यरूशलेम्मां आयो वहांदेखि
यरूशलेम्को घेराभित्ता एप्रैम्को टोका देखि कुइन्याटोको टोका सम्म चार्
१४ सै हात् भत्काइ दियो। अनि त्यस्ले सबै सुन् चांदी र यहूवेको घर्मां र
राज्महल्को भंडार्मां पाईयेका सबै भांडावर्तन् र जमानीहरु पनि
१५ लियेर शोमरोन्मां फर्कि गयो। अब योआश्ले गर्येका रहल् कार्य र
त्यस्को प्रताप् र त्यस्ले यहूदाको राजा अमस्याह् सङ कस्तो कस्तो लड़ाई
गर्यो के ति इस्राएल्का राजाहरुको इतिहास्को पोस्तक्मां लेख्येका
१६ छैनन्। तब योआश् आफ्ना पित्रहरु सङ सुति गये अनि इस्राएल्का
राजाहरु सङ शोमरोन्मां गाड़ीयो अनि त्यस्को छोरो यारोबाम्ले त्यस्का
साटो राज् गर्यो॥

१७ अनि इस्राएल्को राजा योआहाज्को छोरो योआश्को मरण् पछि
यहूदाको राजा यहोआश्को छोरो अमस्याह् पन्ध्र् वर्ष जीउ रह्यो।
१८ अब अमस्याह्का रहल कार्य के ति यहूदाका राजाहरुको इतिहास्को
१९ पोस्तक्मां लेख्येका छैनन्। अनि तिनिहरुले त्यस्को विरुद्धमां यरूशलेम्मां
राजद्रोह् गर्थे तब त्यो लाकिश्मां भाग्यो, तर तिनिहरुले लाकिश्मां
२० त्यस्को पछि पछि पठायेर त्यस्लाइ उहां मार्थे। उहांदेखि तिनिहरुले
त्यस्लाइ घोड़ाहरु मांथि बोकाइ ल्याये, अनि त्यो आफ्ना पित्रहरु सङ
२१ दाऊद्को सहर्मां यरूशलेम्मां गाड़ीयो। अनि यहूदाका सबै लोकले
सोह्र वर्षको अजरियाह्लाइ लियेर त्यस्लाइ त्यस्को बाबु अमस्याह्को
२२ साटोमां राजा तुल्याये। राजा आफ्ना पित्रहरु सित सुति गये पछि
त्यस्ले एलात् बनायेर यहूदामां फर्काइ ल्यायो॥

(दोस्रो यारोबाम्को राज्)

२३ यहूदाको राजा यहोआश्को छोरो अमस्याह्का पन्ध्रौं वर्षमा
इस्राएल्को राजा योआश्को छोरो यारोबाम् शोमरोन्मां राज् गर्नु
२४ लाग्यो अनि त्यस्ले एकचालीस् वर्ष सम्म राज् गर्यो। अनि यहूवेको सांमु
जे बुरो थियो त्यइ त्यस्ले गर्यो, नबात्को छोरो यारोबाम्ले इस्राएल्
२५ देखि गरायेका सबै पाप् देखि अलग् भयेन। इस्राएल्का ईश्वर् यहूवेले
गथपेड्मां भयेको अमित्तैको छोरो योना अगमवक्ता आफ्नु दास्को
बाटोले भन्येका कुरा अनुसार् त्यस्ले इस्राएल्को सिमाना हमात्मां पस्ने
२६ गौंढ़ा देखि अराबाको समुन्द्र सम्म फर्काइ लियो। कसोगरिभन्ये यहूवेले
इस्राएल्को दुक्ख सारो तीतो भयेको देख्यो, कसोगरिभन्ये न थुनायेका
२७ न छोड़ीयेकाहरु थिये अनि न इस्राएल्मां कोई गोहारे थियो। अनि
यहूवेले अझै सम्म इस्राएल्को नांउ आकाश् मुनि देखि मेटि दिंछु भनि
भन्येको थियेन, तर उस्ले तिनिहरुलाइ योआश्को छोरो यारोबाम्को

बाटोले छोड़ायो। अब यारोबामका रहल् कार्ज्य र ज्ये ज्ये त्येस्ले गर्‍यो अनि २८
त्येस्को प्रताप् अं त्येस्ले कसो कसोगरि लड़ाइँ गर्‍यो अनि यहूदा पट्टि
पर्‍यको हमात् र दमिशक कसोगरि त्येस्ले इस्राएल्को लागि फर्काइ ल्यायो
क्य ति इस्राएल्का राजाहरूको इतिहास्को पोस्तक्मां लेख्येका छैनन्।
त यारोबाम् आफ्ना पित्रहरू सङ अं इस्राएल्का राजाहरू सङ सुति गयो २९
अनि त्येस्को छोरो जकर्याहले त्येस्को साटोमां राज् गर्‍यो॥

(अजर्याह्को राज्)

इस्राएल्को राजा यारोबाम्को सताईसौँ बर्षमां यहूदाको राजा १५ १
अमस्याह्को छोरो अजर्याह्[1] राज् गर्नु लाग्यो। राज् गर्नु थालदा त्यो २
सोह्र बर्षको थियो अनि त्येस्ले यरूशलेम्मां बावन् बर्ष राज् गर्‍यो.
अनि त्येस्की आंमाको नांउ यरूशलेम्की यकोल्याह् थियो। अनि त्येस्को ३
बाबु अमस्याहले गर्‍येको झैं यहवेको सांमु ज्ये भलो थियो त्येइ त्येस्ले
गर्‍यो। तैपनि अलग्गा अलग्गा ठांउहरू ता दूर् गरीयेनन्. लोगले अझै ४
सम्म अलग्गा अलग्गा ठांउहरूमां बलिदान् चढ़ाउंने र धूप् हाल्ने गर्दै थिये।
अनि यहवेले राजालाइ येसोरि हिर्कायो त्यो आफ्नु मरण्को दिन् सम्म ५
कोढ़ी भयेर अलग् घर्मां बसि रह्यो। अनि योताम्चइं राजकुमार्ले
देस्का लोगको निया गर्दै जहान्को मालिक् भयो। अब अजर्याह्का ६
रहल् कार्ज्य र ज्ये ज्ये त्येस्ले गर्‍यो क्ये ति यहूदाका राजाहरूको इतिहास्को
पोस्तक्मां लेख्येका छैनन्। तब अजर्याह् आफ्ना पित्रहरू सङ सुति गयो ७
अनि तिनिहरूले त्येस्लाइ त्येस्का पित्रहरू सङ दाऊद्को सहर्मां गाड़ेर.
अनि त्येस्को छोरो योताम्ले त्येस्को साटोमां राज् गर्‍यो॥

(जकर्याह्को राज्)

यहूदाको राजा अजर्याह्को अठ्तीसौँ बर्षमां यारोबाम्को छोरो ८
जकर्याहले इस्राएल् माथि शोमरोन्मां छ महीना राज् गर्‍यो। अनि ९
त्येस्का पित्रहरूले झैं यहवेको सांमु ज्ये बुरो थियो त्येइ त्येस्ले पनि गर्‍यो.
नबात्को छोरो यारोबाम्ले इस्राएल् देखि गरायेका पाप् देखि अलग्
गर्‍येन। अनि याबेस्को छोरो शल्लूम्ले त्येस्को बिरुद्धमां राजद्रोह् गरि १०
त्येस्लाइ लोगको सांमु हिर्कायेर मार्‍यो अनि त्येस्को साटोमां राज् गर्‍यो।
अब जकर्याह्का रहल् कार्ज्य हेर ति इस्राएलका राजाहरूको इतिहास्को ११
पोस्तक्मां लेख्येका छन्। यहवेले येहूलाइ तेरा छोराहरू चौथो पुस्ता १२
सम्म इस्राएल्को सिंहासन्मां बस्छन् भन्येको कुरो येइ हो। अनि येसैने
भइ गयो॥

[1] पद् १३, ३० इत्यादि उज्जियाह्।

(शल्लूम्को राज्)

१३ यहूदाको राजा उज्जिय्याह्को उनन्चालीसौं वर्षमां याबेश्को छोरो
१४ शल्लूम्ले एक् महीना शोमरोन्मां राज् गर्‍यो। अनि गादीको छोरो
मनहेम्ले तिर्जा देखि शोमरोन्मां आयेर याबेश्को छोरो शल्लूम्लाइ
१५ शोमरोन्मां मार्‍यो अं त्यस्लाइ मार्‍यि र त्यस्को साटोमां राज् गर्‍यो। अब
शल्लूम्का रहल् कार्ज्य र त्यस्ले गर्‍येको राजद्रोह् हेर ति इस्राएल्का
१६ राजाहरुको इतिहास्को पोस्तक्मां लेख्येका छन्। तब मनहेम्ले तिप्सह्-
लाइ र त्येस्मां भयेका सबैलाइ र त्येस्का सिमानाहरु समेत्लाइ मार्‍यो.
तिनिहरुले त्यस्को लागि त्यो न उघारि दियेको कारणले त्यस्ले त्यस्लाइ
मार्‍यो अनि त्येस्मां भयेका सबै गर्भिणीहरुको भुंड़ि फोरि दियो॥

(मनहेम्को राज्)

१७ यहूदाको राजा अजर्याह्को उनन्चालीसौं बर्षमां गादीको छोरो
मनहेम् इस्राएल् माथि राज् गर्नु लाग्यो अनि शोमरोन्मां दस् बर्ष
१८ राज् गर्‍यो। अनि यहवेको सांमु ज्ये बुरो थियो त्येइ त्यस्ले गर्‍यो.
नबातको छोरो यारोबाम्ले इस्राएल् देखि गरायेको पाप् देखि आफ्ना
१९ सबै दिन् अलग् गयेन। अश्शूर्को राजा पूल् देस्को बिरुद्धमां आयो
अनि मनहेम्ले राज् आफ्नु हात्मां स्थिर् गराउंनुलाइ पूल्को हात् मं
२० सङ एक् हजार् भन्येर चांदीका हजार् तोड़ा दियो। अनि अश्शूर्को
राजालाइ दिंनु भन्येर मनहेम्ले इस्राएल् देखि अं सबै धनी धनी मान्छेहरु
देखि चांदीका पचास् पचास् शेकेल्गरि रुपिया उठायो। येसोरि
२१ अश्शूर्को राजा फर्काइ पठाइयो त त्यो त्यहां देस्मां अड़ीयेन। अब
मनहेम्का रहल् कार्ज्य र ज्ये ज्ये त्यस्ले गर्‍यो क्ये ति इस्राएल्का राजाहरुको
२२ इतिहास्को पोस्तक्मां लेख्येका छैनन्। अनि मनहेम् आफ्ना पित्रहरु
सङ सुति गयो अनि त्यस्को छोरो पकह्याह्ले त्यस्को साटोमां राज् गर्‍यो॥

(पकह्याह्को राज्)

२३ यहूदाको राजा अजर्याह्को पचासौं बर्षमां मनहेम्को छोरो
पकह्याह् शोमरोन्मां इस्राएल् माथि राज् गर्नु लाग्यो अनि त्यस्ले दुइ बर्ष
२४ राज् गर्‍यो। अनि जुन् बेहोरा यहवेको सांमु बुरो थियो त्येइ त्यस्ले गर्‍यो.
नबात्को छोरो यारोबाम्ले इस्राएल् देखि गरायेका पाप् देखि अलग्
२५ गयेन। अनि रमल्याह्को छोरो पेकह् त्यस्को शतपतिले त्यस्को बिरुद्धमां
राजद्रोह् गर्‍यो अनि त्यस्लाइ शोमरोन्मां अर्गोब् र अर्ये समेत्लाइ
राजाको घर्को महल्मां मार्‍यो अनि त्यो सङ पचास् जना गिलादीहरु
पनि थिये. त त्यस्ले त्यस्लाइ मार्‍यो बहांदेखि त्यस्को साटोमां राज् गर्‍यो।
२६ अब पकह्याह्का रहल् कार्ज्य र त्यस्ले ज्ये ज्ये गर्‍यो हेर ति इस्राएल्का
राजाहरुको इतिहास्को पोस्तक्मां लेख्येका छन्॥

(पेकह्को राज्)

यहूदाको राजा अजर्याह्को बावनौं वर्षमां रमल्याह्को छोरो २७
पेकह् शोमरोन्मां इस्राएल् मांथि राज् गर्नु लाग्यो अनि त्येस्ले बीस्
वर्ष राज् गर्‍यो। अनि यहवेको सांमु ज्ये बुरो थियो त्येइ त्येस्ले गर्‍यो. २८
नबातको छोरो यारोबामले इस्राएल् देखि गरायेको पाप् देखि अलग् गर्येन।
इस्राएलको राजा पेकह्का दिनमां अश्शूरको राजा तिग्लात्पलेसेरले आयेर २९
इय्योन् आबेल्बेत्माका यानोह् केदेश् हासोर् गिलाद् गालील् नप्तालीको
सबै देस् लियो वहांदेखि तिनिहरूलाइ अश्शूरमां बन्धुवाई गरि लग्यो।
अनि उज्जियाह्को छोरो योतामको बीसौं वर्षमां एलाको छोरो होशेले ३०
रमल्याह्को छोरो पेकह्को बिरुद्धमां राजद्रोह गर्‍येर त्येस्लाइ हिर्कायेर
मार्‍यो वहांदेखि त्येस्को साटोमां राज् गर्‍यो। अब पेकह्का रहल् कार्ज्य र ३१
ज्ये ज्ये त्येस्ले गर्‍यो हेर ति इस्राएल्का राजाहरूको इतिहास्को पोस्तक्मां
लेख्येका छन्॥

(योताम्को राज्)

इस्राएलको राजा रमल्याह्को छोरो पेकह्को दोस्रो वर्षमां यहूदाको ३२
राजा उज्जिय्याह्को छोरो योताम् राज् गर्नु लाग्यो। राज् गर्नु थाल्दा ३३
त्यो पचीस् वर्षको थियो अनि त्येस्ले यरूशलेम्मां सोह्र वर्ष राज् गर्‍यो.
अनि त्येस्को आंमाको नांउ सादोक्को छोरी यरूशा थियो। अनि यहवेको ३४
सांमु ज्ये भलो थियो त्येइ त्येस्ले गर्‍यो. त्येस्ले त्येस्को बाबु उज्जिय्याह्ले
गर्‍येको अनुसार् सबै गर्‍यो। तैपनि अलगा अलगा ठांउहरू दूर् गर्येनन्. ३५
लोगले आझै सम्म अलगा अलगा ठांउहरूमां बलिदान् चढाउंने र धूप्
हाल्ने गर्दै थिये। त्येस्ले यहवेको घर्को मांथिल्लो चढ्ने ढोका बनायो।
अब योतामका रहल् कार्ज्य र ज्ये ज्ये त्येस्ले गर्‍यो के ति यहूदाका ३६
राजाहरूको इतिहास्को पोस्तक्मां लेख्येका छैनन्। ति दिनमां यहवेले ३७
अरामको राजा रसीन् र रमल्याह्को छोरो पेकह्लाइ यहूदाको बिरुद्धमां
पठाउंनु थाल्यो। अनि योताम् आफ्ना पित्रहरू सङ सुति गयो अनि ३८
आफ्ना पित्रहरू सङ आफ्नु पिता दाऊद्को सहर्मां गाड्यीयो. अनि
त्येस्को छोरो आहाज्ले त्येस्को साटोमां राज् गर्‍यो॥

(आहाज्को राज्)

रमल्याह्को छोरो पेकह्को सत्रौं वर्षमां यहूदाको राजा योताम्को १६ १
छोरो आहाज् राज् गर्नु लाग्यो। राज् गर्नु थाल्दा आहाज् बीस् २
वर्षको थियो अनि त्येस्ले यरूशलेम्मां सोह्र वर्ष राज् गर्‍यो. अनि
आफ्नु ईश्वर् यहवेको सांमु ज्ये भलो थियो त्येस्ले त्येस्को पिता दाऊद्ले
झैं त्यो गर्‍येन। तर त्यो इस्राएल्का राजाहरूको बाटोमां हिंड्यो अं

जुन् अन्यदेसीहरूलाइ यहवेले इस्राएलवंशीहरूको सांमु देखि निकालि
दियेको थियो तिनैहरूको घिन्लाग्दो रीत् अनुसार् त्येस्ले आफ्नु छोरालाइ
४ आगोको बाटो बाड़ो हिंड़ाल्यो। अनि अलग्गा अलग्गा ठांउहरू र डांड़ा
डांड़ामां र सबै हरीया हरीया रुखहरु मुनि त्येस्ले बलिदान् चढ़ाउंने र
५ धूप् हाल्ने गर्दै थियो। तब अरामको राजा रसीन् र इस्राएलको राजा
रमल्याहको छोरो पेकह् यरूशलेममां लड़ाईं गर्नलाइ चढ़ि आये. अनि
६ तिनिहरूले आहाज्लाइ घेर्ये तर त्येस् मांथि जिताहा हुंनु सकेनन्। त्येस्
बेला अरामको राजा रसीन्ले एलात् अरामको लागि फर्कायो अनि
यहूदीहरूलाइ एलात् देखि धपायो. अनि अरामीहरू एलात्मां आयेर
७ बसे त्यहां बसे आजुको दिन् सम्म। तब आहाज्ले दूत्हरूलाइ
अश्शूर्को राजा तिग्लत्पिलेसेर् थांइ येसो भनि पठायो मं आफुको चाकर
र आफुको छोरो हुं. चढ़ि आउंनु हवस् अनि मंलाइ आं मेरो बिरुद्धमां
आउंने अरामको राजा र इस्राएलको राजाको हात् देखि छोड़ाउंनु हवस्।
८ अनि आहाज्ले यहवेको घर्मां र राज्महल्को भंडार्मां पाईयेका सुन्
चांदी लियेर अश्शूर्को राजालाइ भेटिगरि पठायो। तब अश्शूर्को राजाले
९ त्येस्को सुन्यो अनि अश्शूर्को राजा दमिश्कको बिरुद्धमां आयेर त्यो लियो
वहांदेखि त्येस्का लोगलाइ कीरमां बन्धुवा गरि लग्यो अनि रसीन्लाइ
१० मार्‍यो। अनि आहाज् राजा अश्शूर्को राजा तिग्लत्पिलेसेर्लाइ भेट्नु-
लाइ दमिश्कमां गयो अनि दमिश्कमां भयेको बेदि पनि देख्यो. तब
आहाज् राजाले ऊरिय्याह् पूजाहारी थांइ त्यो बेदिको डवल् र त्येस्का सबै
११ काम् अनुसार्को नपना पठाइ दियो। तब ऊरिय्याह् पूजाहारीले येउटा बेदि
बनायो. आहाज् राजाले दमिश्क् देखि पठायेका सबै अनुसार् येसोरि
आहाज् राजा दमिश्क् बाटो आउंनु भन्दा अगाड़ि ऊरिय्याह् पूजाहारीले
१२ त्यो बनाइ सक्यो। जब राजा दमिश्क् बाटो आयो तब राजाले त्यो बेदि
१३ देख्यो. त राजा बेदि छेउ गयो अनि त्येसमां चढ़ायो। अनि त्येस्ले
आफ्नु होमबलि र आफ्नु अन्नबलि चढ़ायो अनि आफ्नु खन्याइबलि
१४ खन्यायो अनि आफ्नु मेलबलिको रगत् बेदिमां छर्क्यो। अनि यहवेको
सांमु भयेको पीतल्को चइं बेदि त्येस्ले घर्को सांमु पट्टि देखि आं आफ्नु
बेदि र यहवेको घर्को बीच् देखि सर्कायेर आफ्नु चइं बेदिको
१५ उत्तर् पट्टि राख्यो। अनि आहाज् राजाले ऊरिय्याह् पूजाहारीलाइ येसो
भनिकन आज्ञा दियो ठुलो चइं बेदिमां बिहान्को होमबलि र बेलुकाको
अन्नबलि र राजाको होमबलि र त्येस्का अन्नबलि देसका सिंगै लोगको
होमबलि समेत् अनि तिनका अन्नबलि र तिनका खन्याईबलि समेत् चढ़ाउंन
गर्नु अनि त्येस् मांथि होमबलिको सबै रगत् र बलिदान्को सबै रगत्
छर्कन गर्नु. तर पीतल्को चइं बेदि मेरो लागि सोधनी गर्नुको लागि हुंछ।
१६ त ऊरिय्याह् पूजाहारीले आहाज् राजाले गर्येका सबै आज्ञा अनुसार्
१७ गर्‍यो। अनि आहाज् राजाले आधार्हरूका पाटाहरू काट्यो अनि ति देखि

खानभांड़ा निकाल्यो अनि समुन्द्र चइं त्येल्ले त्यस् मुनि भयेका पीतल्का
गोरुहरु मांथि देखि उतान्येर ढुंगा छाप्येको ठांउमां राख्यो । अनि तिनि- १८
हरुले बिस्रामको लागि घर्मां बनायेको छाना लगायेको बाटो र राजाको
बाइरको दलान् पनि अश्शूर्को राजाको कारणले त्येल्ले यह्वेको घर्मां
सार्‍यो । अब आहाज्ले गर्‍येका रहल् कार्ज्य क्ये ति यहूदाका राजाहरुको १९
इतिहास्को पोस्तक्मां लेख्येका छैनन् । त आहाज् आफ्ना पित्रहरु २०
सङ सुति गयो अनि आफ्ना पित्रहरु सङ दाऊद्को सहर्मां गाड़ीयो .
अनि त्येस्को छोरो हिज्किय्याह्ले त्येस्को साटोमां राज् गर्‍यो ॥

(होशेको राज्)

यहूदाको राजा आहाज्को बाह्रौं बर्षमां एलाको छोरो होशे १७ १
शोमरोन्मां इस्राएल् मांथि राज् गर्न लाग्यो अनि नौ बर्ष राज् गर्‍यो । २
अनि यह्वेको सांमु ज्ये बुरो थियो त्येइ त्येल्ले गर्‍यो तै त्यो भन्दा अगाड़िका
इस्राएल्का राजाहरुले जस्तो ता गर्‍येन । त्येसैको बिरुद्धमां अश्शूर्को ३
राजा शल्मनेसेर् चढ़ि आयो अनि होशे त्येस्को दास् भयो अनि त्येस्को
लागि भेंटि लांने गर्‍यो । अनि अश्शूर्को राजाले होशेमां राज्द्रोह् पायो ४
कसोगरिभन्ये त्येल्ले मिस्रको सो नांउ भयेको राजा थांइ दूत्हरुलाइ पठायेको
थियो अनि बर्ष बर्ष गर्‍येको झैं अश्शूर्को राजालाइ भेंटि चढ़ायेन .
येस्कारण् अश्शूर्का राजाले त्येस्लाइ बांध्येर झेल्खान्मां हाल्यो । तब ५
अश्शूर्को राजा सिंगै देस्मां हिंड़ि शोमरोन्मां चढ़ि आयो वहांदेखि
त्येस्लाइ तीन् बर्ष सम्म घेरि राख्यो । होशेको नवं बर्षमां अश्शूर्को राजाले ६
शोमरोन् लियो अनि इस्राएल्लाइ अश्शूर्मां लग्यो वहांदेखि
तिनिहरुलाइ हलह् र गोजान् नदीमां भयेको हाबोर्मां र मादीहरुका
सहर् सहर्मां राख्यो । यो सबैको कारण् यो थियो अर्थात् ७
इस्राएल्बंशीहरुले मिस्रको राजा फिरऊनको हात् मुनि देखि मिस्रको
देस् देखि निकालि ल्याउंने आफ्नु ईश्वर् यह्वेको बिरुद्धमां पाप् गर्‍येका
थिये अनि पराय् देव्ताहरुको डर् मान्द थिये अनि जुन् जुन् लोग्- ८
लाइ यह्वेले इस्राएल्बंशीहरुको सांमु देखि धपायेको थियो तिनका
बिधिहरुमां र इस्राएल्का राजाहरुले ठहरायेका बिधिहरुमां हिंड़ेका
थिये । अनि इस्राएल्बंशीहरुले आफ्नु ईश्वर् यह्वेको बिरुद्धमां लुकि ९
लुकि नजाति बेहोरा गर्द थिये अनि पहरुहरुको टौवा देखि घेरा भयेको
सहर् सम्म तिनिहरुका सब्बै सहर्हरुमां अलगा अलगा ठांउहरु बनाये ।
अनि सबै अलगा अलगा डांड़ा मांथि र सबै हरीया हरीया रुखहरु मुनि १०
तिनिहरुले मुढ़्काहरु र अशेरा भनौंने मूर्त्तिहरु उभ्याये . अनि त्येस्ता ११
त्येस्ता ठांउहरुमां सबै अलगा अलगा ठाउमां यह्वेले तिनिहरुको सांमु

देखि निकाल्येका लोगले झैं तिनिहरुले धूप् हाल्द थिये अनि यहवेको रिस्
१२ उठाउंनुलाइ तिनिहरुले दुष्टेइँ गर्ये. अनि तिनिहरुले मूर्त्ति पनि पूज्ये
जुन्हरुको बिषय्मां यहवेले तिनिहरुलाइ तिमिहरुले येस्तै काम् न गर्नु
१३ भन्येर भन्येको थियो। तैपनि यहवेले इस्राएल् र यहूदाको लागि सबै
अगम्वक्ता र सबै हेर्नेको बाटोले येसो येसो भनिकन साक्षी दिंने गर्द थियो
आफ्नु आफनु बुरो बाटो देखि फर्केर मेरा आज्ञा र मेरा बिधि मान
मैंले तिमिहरुका पित्रहरुलाइ आज्ञा दियेका र मैंले तिमिहरु थांइ
आफ्ना अगम्वक्ता दास्हरुको बाटोले पठायेका सबै व्यवस्था अनुसार्
१४ भन्येर। तैपनि तिनिहरुले सुन्नु मान्येनन् तर आफ्नु ईश्वर् यहवे मांथि
बिश्वास् न गर्ने आफ्ना पित्रहरुले झैं आफ्नु आफ्नु गर्दन् कठोर् गर्ये।
१५ अनि तिनिहरुले उस्का बिधिहरु र उस्ले तिनिहरुका पित्रहरु सित बांध्येका
उस्का नियम् र उस्ले तिनिहरुको लागि साक्षी दियेको साक्षीपत्र पनि त्याग्ये
अनि तिनिहरुले व्यर्थैलाइ पछ्याये अनि व्यर्थैका भक्त गये अनि जुन् लोगको
बिषय्मां यहवेले तिनिहरुका वरिपरि भयेकाहरुले झैं न गर भनि
तिनिहरुलाइ आज्ञा दियेको थियो तिनै लोगको पछि पछि लाग्ये।
१६ अनि तिनिहरुले आफ्नु ईश्वर् यहवेका सबै आज्ञा छोड़ेर आफ्नु
लागि ढाल्येका मूर्त्ति अं दुवटा बाछ्छा बनाये अनि येउटा अशेरा
भन्नेने मूर्त्ति बनाये अनि आकाश्का सबै सेनाहरुलाइ दण्डवत् गर्ये
१७ अनि बाल्को सेवा गर्ये। अनि तिनिहरुले आफ्ना छोराछोरीहरुलाइ
आगोको बाटो बाड़ो हिंड़ाल्ये अनि अगम् चलाये अनि तन्तर्मन्तर्
गर्ये अनि यहवेको सांमु ज्ये बुरो थियो त्येइ गर्नुलाइ उस्को रिस्
१८ उठाउंनुको लागि आफुलाइ बेच्ये। येस्कारण् यहवे इस्राएल् देखि रिसायो
अनि तिनिहरुलाइ आफ्नु दृष्टि देखि पर सार्यो. यहूदाको कुल् बाहिक्
१९ अरु कोई रहोयेन। अनि यहूदाले पनि आफ्नु ईश्वर् यहवेका आज्ञा
२० मान्येन तर इस्राएल्का तिनिहरुले ठहरायेका बिधिहरुमां हिंड़े। तब
यहवेले इस्राएल्का सबै सन्तान्लाइ आफालि दियो अनि तिनिहरुलाइ
दुक्ख दियो अनि तिनिहरुलाइ उस्ले आफ्नु दृष्टि देखि आफाल्येका न
२१ होउंज्याल् सम्म लूटहार्हरुका हातमां सुम्पि दियो। कसोगरिभन्या उस्ले
दाऊद्को घर् देखि इस्राएल्लाइ च्याति दियो अनि तिनिहरुले नबात्को
छोरो यारोबाम्लाइ राजा तुल्याये. अनि यारोबाम्ले इस्राएल्लाइ
यहवेलाइ पछ्याउंनु देखि धपायो अनि तिनिहरुलाइ येउटा ठुलो पाप्
२२ गर्नु लायो। अनि इस्राएल्बंशीहरु यारोबाम्ले गर्येका सबै पापमां
२३ हिंड़ेर तिनिहरु ति देखि अलग् भयेनन् यहवेले आफ्ना सबै
अगम्वक्तादास्हरुको बटोले उस्ले इस्राएल्लाइ आफ्नु सांमु देखि पर
सार्येको न होउंज्याल् सम्म। येसोरि इस्राएल् आफ्नु देस् देखि
अश्शूर्मां लगीयो आजु सम्म॥

(इस्राएल्को देस्मां लोग् लोग्कोबसाई)

तब अश्शूर्को राजाले बाबेल् कूता अव्वा हमात् र सपर्वैम् बाटो २४
मान्छेहरूलाइ ल्यायेर तिनिहरूलाइ इस्राएल्वंशीहरूको साटोमां शोमरोन्का
सहर्हरूमां बसायो. र तिनिहरू शोमरोन्का अधिकारी भयेर त्यस्का
सहर्हरूमां बस्थे। अनि येसो भयो तिनिहरू वहां बस्न लाग्दा पहिले २५
पहिले तिनिहरूले यहवेको भय् मान्दैन थिये. येस्कारण् यहवेले तिनिहरूको
बीच्मां सिंहहरू पठाइ दियो जस्ले तिनिहरूमांका कतिलाइ मार्थे। २६
येस्कारण् तिनिहरूले अश्शूर्को राजालाइ येसो भनि पठाये. जुन् लोग्लाइ
आफूले लग्येर शोमरोन्का सहर्हरूमां बसालनु भयेको छ तिनिहरूले येस्
देस्को ईश्वर्को रीत् जान्देनन्. येस्कारण उस्ले तिनिहरूको बीच्मां सिंह
पठाइ दियेको छ त हेर तिनिहरूले तिनिहरूलाइ मार्दै छन् किनभन्ने
तिनिहरूले देस्को ईश्वर्को रीत् जान्दैनन्। तब अश्शूर्को राजाले येसो २७
भनिकन आज्ञा गर्‍यो तिमिहरूले वहां बाटो ल्यायेका पूजाहारीहरूमांको
येउटालाइ वहां फर्काइ लैजाव अनि त्यो वहां गयेर वहीं रहोस् वहांदेखि
तिनिहरूलाइ देस्को ईश्वर्को रीत् सिकाइ देवस्। र तिनिहरूले २८
शोमरोन् देखि लग्येका पूजाहारीहरूमांको एक् जना आयेर बेतेल्मां बस्यो
अनि त्येस्ले तिनिहरूलाइ यहवेको भय् कसोगरि मान्नु पर्छ भनि
सिकायो। तैपनि एक् एक् लोग्ले आफ्नु आफ्नु लागि देवता बनायेर २९
शोमरोनीहरूले बनायेका अलग्गा अलग्गा ठांउहरूका घर्हरूमां लोग्
लोग्ले आफु आफु बस्येका सहर्हरूमां बसाल्थे। अनि बाबेल्का ३०
मान्छेहरूले सुक्कोत्बनोत् बनाये अनि कूत्का मान्छेहरूले नेर्गल् बनाये
अनि हमात्का मान्छेहरूले अशीमा अनि अव्वीहरूले नेभज् र तर्ताक् ३१
बनाये अनि सपर्वैमीहरूले आफ्ना बालखहरूलाइ आगोमां अद्रम्मेलेक् र
अनम्मेलेक् नांउ भयेका सपर्वैम्का देवताहरूको लागि डढाये। येसोगरि ३२
तिनिहरूले यहवेको भय् मान्थे अनि आफ्नु लागि आफ्नु खाल् देखि
अलग्गा अलग्गा ठांउहरूका पूजाहारीहरू तल्याये जस्ले अलग्गा अलग्गा
ठांउहरूका घर्हरूमां तिनिहरूको लागि बलिदान् चढाउंद थिये।
तिनिहरूले यहवेको भय् मान्थे अनि आफ्नै देवताको सेवा गर्दै थिये ३३
जुन् लोग्को बीच् देखि तिनिहरू लगीयेका थिये ति लोग्को रीत्
अनुसार। आजु सम्म तिनिहरू आफ्नु अगाडिको रीत् अनुसार गर्दै ३४
रहंद छन्. तिनिहरूले यहवेको भय् मान्देनन् अनि आफ्नु विधि र
आफ्नु नियम् र यहवेले याकूबवंशीहरूलाइ (जे जे उस्ले इस्राएल्लाइ
भन्यो) आज्ञा गर्‍येका व्यवस्था र आज्ञा अनुसार् गर्‍यैनन् जुन् इस्राएल्
सित यहवेले नियम् बांधि तिमिहरूले पराय् देवताहरूको भय् न मान ३५
न तिनको लागि निउंर न तिनको सेवा गर न तिनिहरूको लागि
बलिदान् चढाव भनिकन तिनिहरूलाइ आज्ञा गर्‍येको थियो। तर ३६

यह्वे जस्ले तिमिहरुलाइ ठुलो बलले र पसार्येको बांहाले मिस्रको
देस् देखि निकालि ल्यायेको थियो उसैको भय् मान अनि उसैको लागि
३७ निउंर उसैको लागि बलिदान् चढाव . अनि जुन् बिधि र नियाबचन्हरु र
आज्ञा उस्ले तिमिहरुको लागि लेख्येको थियो ति सधैंभरि गर्नु मान्दै रह
३८ अनि तिमिहरुले पराय् देव्ताहरुको भय् न मान . अनि जुन् नियम् मैंले
तिमिहरु सङ बांध्येको छु त्यो तिमिहरुले न बिर्स न पराय् देव्ताहरुको
३९ भय् मान . तर तिमिहरुको ईश्वर् यह्वेको भय् मान तब उस्ले
४० तिमिहरुलाइ तिमिहरुका सबै सत्तुरुहरुका हात् देखि बचाउंछ । तैपनि
४१ तिनिहरुले सुन्येनन् तर आफ्नु अगाड़िको रीत् अनसार् गर्दै रह्थे । तब
ति लोगले यह्वेको भय् मान्ये अनि आफ्ना खोप्येका मूर्त्तिको सेवा
पनि गर्ये तिनिहरुका छोराहरुले पनि अं तिनिहरुका छोराहरुका छोराहरुले
पनि तिनिहरुका पित्रहरुले झैं आजु सम्म त्यसैनै गर्दै छन् ॥

(हिज्कियाह्को राज्)

१८ १ तब यसो भयो इस्राएलको राजा एलाको छोरो होशेको तीस्रो
बर्षमां यहूदाको राजा अहाज्को छोरो हिज्कियाह् राज् गर्न लाग्यो ।
२ राज् गर्नु थाल्दा त्यो पचीस् बर्षको थियो अनि त्यस्ले यरुशलेममां उनन्तीस्
३ बर्ष राज् गर्यो . अनि त्यस्की आमाको नांउ जकर्याह्की छोरी अबी
थियो । अनि यह्वेको सांमु ज्ये भलो थियो त्यस्को पिता दाऊद्ले गर्येको
४ अनसार् त्यस्ले गर्यो । त्यस्ले अलगा अलगा ठांउहरु पर सार्यो अनि
मुढ़ुकाहरु लड़ाइ दियो अनि अशेरा भनेनि देव्ताहरुलाइ काटि ढाल्यो .
अनि मूसाले बनायेको पीतलको साप् टुकरा टुकरा पार्यो किनभन्ये ति ताक
इस्राएलबंशीहरुले त्यस्को लागि धूप् हाल्दै थिये अनि त्यस्ले त्यस्लाइ
५ नहुश्तान्[१] भन्यो । त्यस्ले इस्राएलको ईश्वर् यह्वे मांथि भरोसा राख्यो त
त्यस् पछि त्यो जस्तो यहूदाका सबै राजाहरुमांको कोई पनि थियेन न त्यो
६ भन्दा अगाड़ि पनि । कसोगरिभन्ये त्यो यह्वे सङ टांसीइ रह्यो अनि
७ उस्लाइ पछ्याउंनु देखि गड गर्येन तर यह्वेले मूसालाइ आज्ञा गर्येका
उस्का आज्ञा मान्यो । अनि यह्वे त्यो सङ थियो जहां जहां त्यो जांद थियो
त्यो भाग्येमान्को हुंद थियो . अनि अश्शूर्को राजा देखि तर्कि गयो
८ अनि त्यस्को सेवा गर्येन । त्यस्ले पलिश्तीहरुलाइ अज्जा र त्यस्को सिमाना
सम्म अं पहरुहरुका टौवाहरु देखि घेरा भयेका सहर्हरु समेत् मारि दियो ॥
९ अनि हिज्कियाह् राजाको चौथो बर्षमां जो इस्राएलको राजा
एलाको छोरो होशेको सातौं बर्ष थियो यसो भयो अश्शूर्को राजा
१० शल्मनेसर्ले शोमरोन्को बिरुद्धमां चढ़ि आयेर त्यस्लाइ घेर्यो । अनि
तीन् बर्ष पछि तिनिहरुले त्यो लिये . अं हिज्कियाह्को छैठो बर्षमां जो

[१] अर्थात् पीतलको टुकरा ।

इस्त्राएल्को राजा होशेको नवं वर्ष थियो शोमरोन् लिईयो। अनि ११
अश्शूर्को राजाले इस्त्राएल्लाइ अश्शूर्मां लग्यो वहांदेखि तिनिहरूलाइ
हलह् र गोजान् नदीमां भयेका हाबोर्मां र मादीहरूको सहर् सहर्मां
राख्यो. किनभन्ये तिनिहरूले आफनु ईश्वर् परमप्रभुको शब्द मान्येनन् तर १२
उस्को नियम् अं परमप्रभुको दास् मूसाले गर्येका सबै आज्ञा देखि तर्कि गये
अनि न त्यो सुन्न् मान्ये न गर्ये॥

(सन्हेरीब्को सेनाको बास्)

तब हिज्कियाह् राजाको चौधौं वर्षमां अश्शूर्को राजा सन्हेरीब्ले १३
यहूदाका सबै घेरा भयेका सहर्हरू मांथि चढि आयेर ति लिहाल्यो।
अनि यहूदाको राजा हिज्कियाहले अश्शूर्को राजा थांइ लाकिश्मां १४
येसो भनिकन मान्छे पठायो कसूर् भयो मं देखि फर्कि जांनु हवस्.
आफुले मंलाइ जे जे बोकाउंनु हुंछ मं बोकछु। तब अश्शूर्को राजाले
यहूदाको राजा हिज्कियाह् मांथि तीन् सय तोडा चांदी र तीस् तोडा
सुन् ठहरायो। तब हिज्कियाहले त्यस्लाइ परमप्रभुको घर्मां पाईयेको १५
र राजाको घर्को भंडार्मां पाइयेको सब सुन् दियो। त्यस् बेला १६
हिज्कियाहले परमप्रभुको मन्दिर्को ढैलो देखि र यहूदाको राजा
हिज्कियाहले मोहोरेका खांबाहरू देखि सुन् काटेर अश्शूर्को
राजालाइ दियो। अनि अश्शूर्को राजाले तर्तान्[1] र रब्सारीस्[1] र १७
रब्शाकेलाइ ठूलो सेना समेत् लाकिश् देखि यरूशलेममां हिज्कियाह्
राजाको बिरुद्धमां पठायो। र तिनिहरू चढेर यरूशलेममां आइ पुग्ये।
अनि जब तिनिहरू चढि आये तब धोबीको खेत्को मूल्बाटोमां भयेको
मांथिल्लो पोखरिको कुलो निर उभीये। अनि जब तिनिहरूले राजालाइ १८
बोलाये तब उहान् मांथि भयेको हिल्कियाह्को छोरो एल्याकीम् र
शेब्ना लेख्र् र आसापको छोरो योआह् सम्झना राख्ने तिनिहरू थांइ
निस्के गये। तब रब्शाकेले तिनिहरूलाइ भन्यो तिमिहरूले गएर १९
हिज्कियाहलाइ भन महाराजाधिराज अश्शूर्का राजाले येसो भन्छन्
तैंले गर्येको आशामां के भरोसा छ। तैंले लडाइंको लागि जुक्ति र २०
पराक्रम् छ भन्येको कुरो खालि मुखको कुरो मात्रै छ। त अब को मांथि
भरोसा राख्येर तं मं देखि तर्कि गइस्। अब हेर् त्यो कुच्चीयेको २१
निगालोको लउरो मांथि अं मिस्र मांथि भरोसा राख्दछस् जस् मांथि
कसैले टेक्यो भन्ये देखि त्यो त्यस्को हात्मां पसेर त्यस्लाइ घोच्छ. मिस्रको
राजा फिरऊन् त्यस् मांथि भरोसा राख्ने सबैको लागि येस्तै छ। तर २२
तिमिहरूले मंलाइ हामिहरू आफनु ईश्वर् परमप्रभु मांथि भरोसा राख्दछौं
भन्येर भनौला. त के यइ होइन जस्का अलग्गा अलग्गा ठांउहरू र उस्का

[1] अर्थात् अश्शूर्का मालिक्हरू।

बेदिहरु हिजकियाहले लग्येको छ अनि यहूदा र यरूशलेम् सित तिमिहरुले
त्यस् बेदिको सांमु यरूशलेम्मां दण्डवत् गर्छौ भन्येर भन्येको छ।
२३ येस्कारण् कृपागरि मेरा स्वामी अश्शूर्का राजा सङ होड् थाप् मं तेरो
लागि दुइ हजार् घोड़ा दिंछु तैंले आफ्नु पट्टि देखि तिनिहरु मांथि
२४ सवार्हरुलाइ बसाल्नु सक्छस् भन्ये देखि। त तैंले मेरा स्वामीका
चाकरेहरुमांको सबै भन्दा सांनु चइं मालिक्को मुख् पनि कसोगरि
फर्काउंनु सक्छस् अनि रथ्हरु र घुकसवार्हरुको लागि आफ्नु भरोसा
२५ मिस्त्रै मांथि राख्द छस्। क्यं बिना यह्वे यो ठांउ नास् पार्नुलाइ येस्को
बिरुद्धमां चढ़ि आयेको छु। यह्वेलेनै मंलाइ भन्येको छ येस् देसको
२६ बिरुद्धमां चढ़ि गयेर येस्लाइ नास् पार् भनि। तब हिल्कियाह्को छोरो
एलयाकीम् र शब्ना र योआह्ले रब्शाकेलाइ कृपागरि आफ्ना दास्हरु
सित अरामी भाषामां कुरा गर्नु हवस् किनभन्ये हांमिहरु त्यो बूझ्द छौं.
अनि भित्तामां भयेका लोगका कानमां सुन्नगरि यहूदी भाषामां हांमिहरुलाइ
२७ न भन्नु हवस्। तब रब्शाकेले तिनिहरुलाइ भन्यो क्यं मेरा स्वामीले मंलाइ
तं र तेरो स्वामी थांइ येति कुरा मात्रै भन्नुलाइ पठायेका छन्. क्यं तिन्ले
मंलाइ भित्तामां बस्ते मान्छेहरु थांइ तिनिहरुले तिमिहरु सङ आफ्नु आफ्नु
बिष्टा खाउन् अनि आफ्नु आफ्नु मुत्र पीउन् भन्येर भन्नुलाइ पठायेका
२८ होइनन्। त रब्शाकेले उभीयेर ठुलो सोर्गरि यहूदीहरुके भाषामां येसो
२९ भन्यो महाराजाधिराज् अश्शूर्को राजाको कुरो सुन। महाराजाले येसो
भन्द छन् हिज्कियाह्ले तिमिहरुलाइ भुल्याउंनु न पावस् किनभन्ये त्येस्ले
३० तिमिहरुलाइ मेरो हात् देखि छोड़ाउंनु सक्दैन. अनि न हिज्कियाह्ले
यह्वेले हांमिहरुलाइ निस्सै बचाउंछ अनि यि सहर्हरु अश्शूर्को राजाको
३१ हात्मां दिंदैन भन्येर यह्वे मांथि भरोसा गराउम्। हिज्कियाह्को न
सुन. किनभन्ये अश्शूर्का महाराजाले येसो भन्द छन् मं सङ मिलाप् गर्
अनि मं थांइ निस्कि आ अनि जनंगले आफ्नु आफ्नु दाख्को बोट् देखि
र जनंगले आफ्नु आफ्नु नभाराको बोट् देखि खाओला अनि जनंगले आफ्नु
३२ आफ्नु पन्धेराको पानी खाओला जेले सम्म मं आयेर तिमिहरुलाइ
येउटा देस्मां लैजांदैन जुन् देस् तिमिहरुके देस् जस्तो छ अन्न र दाख्को
देस् रोटी र दाख्को बारीको देस् भद्राक्ष र महको देस् तिमिहरु जीव न
मंर भन्ये खातिर्ले. अनि जब हिज्कियाह्ले तिमिहरुलाइ यह्वेले
हांमिहरुलाइ बचाउंछ भन्दे तिमिहरुलाइ मनाउंद छ त तिमिहरुले त्येस्को
३३ न सुन। क्यं लोग् लोग्को कुनै देव्ताले आफ्नु आफ्नु देस्लाइ
३४ अश्शूर्को राजाको हात् देखि कलेइ छोड़ायेको छ। हमात् र अर्पाद्का
देवातहरु कता हुन् सपर्वैम् हेना र इव्वाका देव्ताहरु कता हुन्. क्यं
३५ तिनिहरुले शोमरोन्लाइ मेरो हात् देखि बचायेको छ। देस् देस्का सबै
देव्ताहरुमांको कुन् चइं छ जस्ले आफ्नु देस्लाइ मेरो हात् देखि
३६ बचायो र यह्वेले पनि यरूशलेम्लाइ मेरो हात् देखि बचाउंनु सक्छ। तर

लोग् चुप लागि बसे त्येस्लाइ एक् कुराको पनि उत्तर् दियेनन् . किनभन्ये
त्येस्लाइ उत्तर् न दिनु भन्ये राजाको आज्ञा थियो। तब जहान् माथि ३७
भयेको हिल्किय्याह्को छोरो एल्याकीम् र शेब्ना लेटर् र आसापको छोरो
योआह् सम्झना राख्नेले आफ्नु आफ्नु लुगा फाय्येर हिज्किय्याह् थांइ
आयेर रब्शाकेका कुरा सुनाइ दिये॥

अनि येसो भयो जसै हिज्किय्याह् राजाले यो कुरो सुन्यो तब १९ १
आफ्नु लुगा फाय्येर भाङ्रा लायेर यह्वेको घर्मां पस्यो। वहांदेखि २
त्येस्ले जहान् माथि भयेको एल्याकीम् र शेब्ना लेटर् र पूजाहारीहरूमांका
प्राचीनहरूलाइ भाङ्रा लायेका भइ आमोसको छोरो यशायाह् थांइ
पठायो। अनि तिनिहरूले त्येस्लाइ भन्ये हिज्किय्याह्ले येसो भन्द छ आजुको ३
दिन् संकट् र हकार्इ र निन्दाको दिन् छ . किनभन्ये बालख जन्मनु
आंट्याको छ तर जन्माउंने बल् छैन। कोनि कतै आफुको ईश्वर् यह्वेले ४
रब्शाकेका सबै कुरा सुन्छ कि जस्लाइ त्येस्को स्वामी अश्शूर्को राजाले
जीउंदो ईश्वर्को गिल्ला गर्नुलाइ पठायेको छ अनि आफुको ईश्वर् यह्वेले
सुन्येका कुरालाइ हकार्छ कि . येस्कारण् बच्तिभाग्को लागि आफ्नु
प्रार्थना चढाउंनु हवस्। त हिज्किय्याह् राजाका चाकरेहरू यशायाह् ५
थांइ आये। तब यशायाह्ले तिनिहरूलाइ भन्यो तिमिहरूले आफ्नु ६
स्वामीलाइ येसो भन यह्वेले येसो भन्द छ तैंले सुन्येका कुरा जुन् कुराले
अश्शूर्को राजाका चाकरेहरूले मेरो निन्दा गर्येका छन् ति देखि न डरा।
हेर् मं त्येस् माथि आत्मा हाल्छु त त्यो येउटा कोहोलो सुन्येर ७
आफ्नु देस्मां फर्कि जांछ अनि मं त्येस्लाइ त्येस्कै देस्मां तरवार्ले
लड्याउंनु लाउंछु॥

तब रब्शाकेले फर्कंयेर अश्शूर्को राजालाइ लिब्ना थित लडाइं गर्दै ८
गर्येको भेट्टायो . किनभन्ये त्येस्ले त्यो लाकीश् देखि हिंड्रि गयो भनि
सुन्येको थियो। अनि जसै त्येस्ले कूशको राजा तिर्हाकाको विषयमां हेर्नु ९
हवस् त्यो आफु थित लडाइं गर्नुलाइ निस्कयेको छ भनि सुन्यो तब त्येस्ले
येसो भनिकन हिज्किय्याह् थांइ दूत्हरूलाइ फेरि पठायो यहूदाको १०
राजा हिज्किय्याह्लाइ येसो भन् तेरो जुन् ईश्वर् माथि तैंले भरोसा
राख्द छस् त्येस्ले तिमिहरूलाइ यरूशलेम् अश्शूर्को राजाको हात्मां
दिइंदैन भनि न भुल्यावस्। हेर् ज्ये ज्ये अश्शूर्का राजाहरूले सबै ११
देस्लाइ तिनिहरूलाइ भाकलगरीयेको थोक् झैं नाश् पार्नुमां ज्ये गर्ये
तैंले सुन्येको छस् . के तं चइं छोडाइंछस्। के मेरा पित्रहरूले नाश् १२
पार्येका लोग्हरू अर्थात् गोजान् र हारान् र रेसेप् र तलस्सार्मां भयेका
एदेनवंशीहरूका देवताहरूले तिनिहरूलाइ बचाये। हमात्को राजा र १३
अर्पाद्को राजा र सपर्वैम्को सहर्को र हेना र इव्वाको राजा ति सबै कता
छुन्। तब हिज्किय्याह्ले दूत्हरूको हात् बाटो पत्र पायेर पढ्यो . वहांदेखि १४
हिज्किय्याह्ले यह्वेको घर्मां चढि गयेर त्यो पत्र यह्वेको घर्मां

१५ फिंजायो । वहांदेखि हिज्कियाहले यह्वेको सांमु येसो भनिकन प्रार्थना
गर्‍यो हे इस्राएलको ईश्वर करूबहरूको बीच् मांथि बस्ने यह्वे तपांइ श्रं
तपांइनै मांत्रे पृथिवीका सबै राजहरूको ईश्वर हौ तपांइलेनै स्वर्ग र
१६ पृथिवी सिर्जनु भयो । हे यह्वे श्राफ्ना कान् लगायेर सुन्नु हवस् हे यह्वे
श्राफ्ना श्रांखा उघार्‍येर हेर्नु हवस्. श्रनि सनहेरीबले जीउंदो ईश्वरको
१७ निन्दाको लागि पठायेका कुरा सुन्नु हवस् । हे यह्वे सांच्चिनै श्रश्शूरका
राजाहरूले लोग् लोगलाइ तिनिहरूको देसहरू समेत् उजार्‍ये श्रनि
१८ तिनिहरूका देवताहरूलाइ श्रागोमां हाल्ये कसोगरिभन्ये तिनिहरू
ईश्वरहरू होइनन् तर मान्छेहरूका हातले बनायेका काठ् र ढुंगाहरू मांत्रे
१९ हुन् येस्कारण् तिनिहरूले तिनिहरूलाइ नास् पार्‍ये । त श्रब हे हांमिहरूको
ईश्वर् यह्वे मं तपांइ सित बिन्ति गर्दं छु हांमिहरूलाइ त्येस्को हात्
देखि बचाउंनु हवस् र पृथिवीका सबै राजहरूले तपांइ श्रं तपांइनै मांत्रे
हे यह्वे ईश्वर् एक भनि थाहा पाउन् ॥

२० तब श्रामोसको छोरो यशायाहले हिज्कियाह् थांइ येसो भनि
पठायो इस्राएलको ईश्वर् यह्वेले येसो भन्द छ तेंले श्रश्शूरको राजा
२१ सनहेरीबको बिरुद्धमां मेरो छेहाई गरिस् मैंले सुन्यें । त्येस्को बिषयमां
यह्वेले भन्येको बचन् यो छ. सिय्योनको कन्ये छोरीले तेरो निन्दा गर्‍यो
श्रनि तुच्छ ठानिकन हांसी यरुशलेमको छोरीले तं मांथि श्राफ्नु सर्
२२ चलाई । तेंले गिल्ला र निन्दा कस्को गरिस्. कस्को बिरुद्धमां श्राफ्नु
सोर् उठाइस् श्रनि श्राफ्ना श्रांखा उचालिस्. इस्राएलको पवित्र जनकै
२३ बिरुद्धमां । तेंले श्राफ्ना दूतहरूको बाटोले येसो भनिकन ईश्वरको
गिल्ला गरिस् मेरा रथका श्रघोर्‍ड्ई समेत् पहाड्हरूको उकालोमां र
लबानोन् भित्र पुग्येको छु श्रनि मं त्येस्का श्रल्गा श्रल्गा देवदारूहरू
र श्रस्सल् श्रस्सल् सल्लाहरू काटि ढाल्छु. श्रनि मं त्येस्को पल्लो छेउको
२४ बास् र फलौलो फलौलो बारीको बन्मां पस्छु । मैंले खन्येर पर्देस पानी
खायें श्रनि मं श्राफ्ना गोड़ाको पैतलाले मिस्रका सबै नदीहरू सुकाउंछु ।
२५ मैंले त्यो उइले उइले गर्‍यें श्रनि तादि त्यो बनायें भनि सुन्येको छैनस्.
श्रब मैंले यो पूरो गर्‍यें श्रनि तं घेरीयेको सहरहरू नास् पार्‍येको थुप्रोमां
२६ उजार्नुको लागि हुंछस् । येस्कारण् तिनका बासीहरू घट्येको बल्
भयेकाहरू थिये थरहरि भयेर लजाये तिनिहरू खेतका घांस् जस्ता
र हरीया साकपात् जस्ता छानामां भयेका घांस् जस्ता श्रनि न बढ्येका
२७ श्रोइल्हीयेका श्रन्न जस्ता थिये । तर मं तेरो बासबसाई र तेरो बाहरजवाई
र तेरो भित्रश्रवाई श्रनि मेरो बिरुद्ध तेरो रिसाउंनु सब् थाहा पाउंद
२८ छु । तेरो मेरो बिरुद्धमां रिसाउंनुको कारणले र मेरा कानमां चढि
श्रायेको तेरो घमण्डको कारणले मं श्राफ्नु मुन्द्रा तेरो नाखमां लगाइ
तंलाइ नाथ्छु श्रनि श्राफ्नु लगाम् तेरा श्रोंठमां लगाउंछु श्रनि तंलाइ तं
२९ श्रायेकै बाटो बाड़ो फर्काउंछु । त तेरो लागि चिंनु येइ हुंछ. यो साल्

तिमिहरूले आफै उम्रयेको खांक्नौ अनि दोस्रो वर्ष त्यो देखि उम्रयेको
अनि तीस्रो वर्ष छर अनि कटनी गर अनि दाखको बारी लगाव अनि
तिनका फल खाव। अनि यहूदाको जहान् देखि बांचि निस्कयेको बचेंत ३०
भागले फेरि ऊंधो तिर जरा समाउंछ अनि ऊंभो तिर फल् फलछ।
कसोगरिभन्ये यरूशलेम् देखि बचेंतभाग् निस्कंछ सिय्योन् पर्वत् देखि ३१
बांच्येका हूनेहरू. यहवेको इषले यो पूरो गर्छ। येस्कारण् यहवेले ३२
अश्शूर्को राजाको विषयमां येसो भन्द छ त्यो येस् सहरमां पस्दैन न
यहां येउटा कांड् हान्न हुंछ न ढाल् लियेर आउंछ न येस्को सांमु गांड्
बनाउंछ। त्यो जुन् बाटो बाड़ो आयो त्येइ बाटो बाड़ो फर्कि जांछ अनि ३३
येस् सहर् सम्म आउंदैन भनि यहवेले भन्द छ। किनभन्ये मं आफ्नु ३४
लागि र मेरा दास् दाऊद्को लागि येस् सहर्लाइ छोड़ाउंनुको लागि
येस्को आड् हुंछु॥

अनि त्यसै रात् येसो भयो यहवेको दूतले निस्केर अश्शूरीहरूको ३५
छाउंनीमां एक् लाख् र पचासी हजार् जना मान्छेलाइ मारि दियो. त
बिहान सखारै जब मान्छेहरू उठेर तब के देख्ये भन्ये हेर ति सबै मर्येका
मुर्दाहरू रहछन्। येसोरि अश्शूर्को राजा सन्हेरीब् हिंड़गो अनि फर्कि ३६
गयो अनि नीनवेमां रह्यो। अनि येसो भयो त्यस्ले आफ्नु देवता ३७
निस्रोक्को मन्दिर्मां दण्डवत् गर्दै गर्दाखेरि अद्रम्मेलेक् र शरेसेरले
त्येस्लाइ तरवार्ले काटेर. वहांदेखि तिनिहरू अरारात्को देस्मां बांचि
निकल्ये। अनि त्येस्को छोरो एसर्हद्दोन्ले त्येस्को साटोमां राज् गर्यो॥

(मरंण् देखि हिज्किय्याह्कोबचाई)

ति दिनमां हिज्किय्याह्लाइ मर्ने बेथा लाग्यो। तब आमोश्को २० १
छोरो यशायाह् अगमवक्ताले त्यो थांइ आयेर त्येस्लाइ भन्यो यहवेले येसो
भन्द छ आफ्नु घर्को ठीकठाक् गर् किनभन्ये तं मर्छस् बांच्दैनस्। तब २
त्येस्ले आफ्नु मुख् भित्ता तिर फर्कायेर यहवे सित येसो भनिकन प्रार्थना
गर्यो अब हे यहवे मं बिन्ति गर्द छु मं सच्चेइं र सिद्ध मन्ले ३
तपांइको सांमु हिंड़ेको छु अनि तपांइको सांमु ज्ये जाति छ त्येइ
गर्येको छु भनि सम्झना राख्नु हवस्। अनि हिज्किय्याह् साह्रो रोयो।
अनि येसो भयो यशायाह् सहर्को बीच्मां पुग्नु भन्दा अगाड़ि यहवेको ४
बचन् त्यो थांइ येसो भन्दै आयो फर्कि गयेर मेरो लोग्को मालिक् ५
हिज्किय्याह्लाइ भन् तेरो पिता दाऊद्को ईश्वर् यहवेले येसो भन्द छ
मैले तेरो प्रार्थना सुन्यें तेरो आंसु देख्यें. हेर् मैले तंलाइ निको पार्नु
आंट्येको छु. तं तीस्रो दिन्मां यहवेको घर्मां चढ़ि जांछस्। अनि मं ६
तेरो दिन् अरू पन्द्रह् वर्ष बढ़ाउंछु अनि मं तंलाइ र येस् सहर्लाइ
अश्शूर्को राजाको हात् देखि छोड़ाउंछु अनि मं आफ्नु र आफ्नु दास्

७ दाऊद्‌को कारणले येस् सहर्‌को रक्षे गर्छु। अनि यशायाह्‌ले भन्यो
नेभाराको भकना ल्याव। तब तिनिहरुले त्यो लियेर त्येस्को फोकामां
८ लगाइ दिये त त्यो निको भयो। अनि हिजकियाह्‌ले यशायाह्‌लाइ भन्यो
यह्‌वेले मंलाइ निको पार्छ अनि मं तीस्रो दिन्‌मां यहवेको घर्‌मां चढि
९ जांछु भन्येको के चिंनु हुंछ। तब यशायाह्‌ले भन्यो यह्‌वेले आफुले गर्छु
भन्येको कुरोको चिंनु यो हुंछ. के छाया दस् आखर् अघि जावस् कि
१० दस् आखर् पछि सरोस्। तब हिजकियाह्‌ले उत्तर् दियो छाया दस्
आखर् अघि जांनु ता सजीलो छ येसो न हवस्. तर छाया दस् आखर्
११ पछि सरोस्। अनि यशायाह् अगमवक्ताले यह्‌वेलाइ डाप्यो. तब उस्ले
आहाज्‌को धुप्‌घरीको छाया जतिभरि अघि गयेको थियो त्येतिभरि देखि
दस् आखर् पछि सारि दियो॥

१२ ति ताक बाबेल्‌को राजा बलदान्‌को छोरो बरोदक्‌बलदान्‌ले
हिज्‌कियाह् थांइ चिट्ठी र भेटि पठायो. किनभन्ये त्येस्ले हिज्‌कियाह्
१३ दुख्येको थियो भनि सुन्येको थियो। अनि हिज्‌कियाह्‌ले तिनको कुरा
सुन्येर तिनिहरुलाइ आफ्नु अमोल् अमोल् थोकका सबै घर् चांदी सुन्
सुगन्ध द्रव्यहरु र अमोल् अमोल् तेल् र आफ्ना हतियार्‌हरुको घर् र
त्येस्का भंडार्‌हरुमां भयेका सबै तिनिहरुलाइ देखाइ दियो. आफ्नु
घर्‌मां कि आफ्नु सिंगै राज्‌मां हिज्‌कियाह्‌ले तिनिहरुलाइ न देखायेको
१४ थोक् कोइ पनि थियेन। तब यशायाह् अगमवक्ताले हिज्‌कियाह् राजा
थांइ आयेर भन्यो ति मान्छेहरुले के भन्ये अनि तिनिहरु तिमि थांइ
कहां बाटो आये। तब हिज्‌कियाह्‌ले भन्यो तिनिहरु टाढ़ो देस् देखि अं
१५ बाबेल् देखि आयेका छन्। अनि त्येस्ले भन्यो तिनिहरुले तिम्रो घर्‌मां
के के देख्ये। तब हिज्‌कियाह्‌ले उत्तर् दियो मेरो घर्‌मां ज्ये ज्ये छन्
ति सबै तिनिहरुले देख्ये. मेरो भंडार्‌मांको मैंले तिनिहरुलाइ न
१६ देखायेको कोइ थोक् पनि छैन। तब यशायाह्‌ले हिज्‌कियाह्‌लाइ भन्यो
१७ यह्‌वेको बचन् सुन। हेर् ति दिन् आउंद छन् जस्मां तेरो घर्‌मां भयेका
तेरा पित्रहरुले आजुको दिन् सम्म ज्ये ज्ये थन्‌क्यायेका थिये ति सब्बै
१८ बाबेल्‌मां लगींछन्. कोइ पनि छोड़ींदैन भनि यह्‌वेले भन्द छ। अनि
तं देखि निस्कंने तैंले जन्मायेका छोराहरुलाइ तिनिहरुले लैजांछन् अनि
१९ तिनिहरु बाबेल्‌को राजाको महल्‌मां मेहेरी हुंछन्। तब हिज्‌कियाह्‌ले
यशायाह्‌लाइ भन्यो आफुले भन्येका यह्‌वेका बचन् भला हुन्। येस्
उप्रान्त त्येस्ले भन्यो शान्ति र सचेइ मेरा दिनमां भये भन्ये देखि के येसो
२० हुंदेन। अब हिज्‌कियाह्‌का रहल् कार्ज्य र त्येस्को सबै प्रताप् र त्येस्ले
पोखरी र कुलो कसोरि बनायो अनि सहर्‌मां पानी कसोरि ल्यायो के ति
२१ कुरा यहूदाका राजाहरुको इतिहास्‌को पोस्तक्‌मां लेख्येका छैनन्। तब
हिज्‌कियाह् आफ्ना पित्रहरु सङ सुति गयो. अनि त्येस्को छोरो मनश्शेले
त्येस्को साटोमां राज् गर्‍यो॥

(मनश्शेको राज्)

मनश्शे राज् गर्नं लाग्दा बारह् वर्षको थियो अनि त्यस्ले २१ १
यरुशलेम्मां पचपन् वर्ष राज् गर्‍यो . अनि त्यस्को आमाको नांउ हेफ्सीबा
थियो । अनि यहवेले इस्राएलवंशीहरुको सांमु देखि धपायेका अन्यदेसी- २
हरुको घिनलाग्दो काम् अनुसार् यहवेको सांमु ज्ये बुरा थियो त्यइ त्यस्ले
गर्‍यो । कसोगरिभन्ये त्यस्ले आफ्नु बाबु हिजकियाहले नास् पार्‍येका अलग्गा ३
अलग्गा ठांउहरु फेरि बनायो अनि त्यस्ले बाल्को लागि वेदि बनायो अनि
इस्राएल्को राजा अहाबले गर्‍येको झैं त्यस्ले येउटा अशेरा भन्नीन देवता
बनायो अनि अकाशका सिंगै सेनालाइ दण्डवत् गर्‍यो अनि तिनलाइ
पूज्यो । अनि जुन् घर्को बिषय्मां यहवेले यरुशलेम्मां मं आफ्नु नांउ ४
राखछु भनि भन्येको थियो यहवेको त्यसै घर्मां त्यस्ले वेदीहरु बनायो ।
अनि त्यस्ले अकाशको सिंगै सेनाको लागि यहवेको घर्का दुवै ५
आघन्हरुमां वेदि बनायो । अनि त्यस्ले आफ्नु छोरोलाइ आगोको ६
बाटो बाड़ो हिंडाल्यो अनि चिह्नो हेर्‍यो अनि मन्तर्तन्तर् गर्‍यो अनि
बिजुवाहरु र झांक्रिहरु सित बेहोरा गर्‍यो . अं यहवेको सांमु उस्को
रिस् उठाउंनुको लागि धेरै बुराइ गर्‍यो । अनि त्यस्ले आफुले बनायेको ७
अशराको खोप्येको मूर्त्ति त्यस् घर्मां बसाल्यो जस्को बिषय्मां यहवेले
दाऊद् र त्यस्को छोरो सुलैमान्लाइ भन्येको थियो येस् घर्मां र यरुशलेम्-
मां जस्लाइ मैले इस्राएल्का सबै कुल्हरु देखि छान्येको छु वहां मं
आफ्नु नांउ सदाको लागि राखछु . अनि मं इस्राएल्का गोड़ाहरु मैले ८
तिनिहरुका पित्रहरुलाइ दियेको देस् देखि भर्माउंनु लाउंदीन तिनिहरुले
मैले तिनिहरुलाइ दियेका सबै आज्ञा अनुसार् र मेरो दास् मूसाले
तिनिहरुलाइ गर्‍येको आज्ञाका सबै व्यवस्थाकै अनुसार् गर्नुलाइ मान्ये भन्ये
देखि भनि । तर तिनिहरुले सुन्येनन् . अनि मनश्शेले तिनिहरुलाइ ति ९
यहवेले इस्राएलवंशीहरुको सांमु देखि नास् पार्‍येका लोग् लोगले गर्‍येका
बुराइ भन्दा अंसि बुराइ गर्नुलाइ भुल्यायो । अनि यहवेले आफ्ना दास् १०
अगमवक्ताहरुको बाटोले येसो भन्यो यहूदाको राजा मनश्शेले ति ११
घिन्लाग्दा काम्हरु गर्‍यो अनि त्यो भन्दा अगाड़ि भयेका एमोरीहरुले
भन्दा ज्यास्ति बुराइ गर्‍यो अनि यहूदालाइ आफ्ना मूर्त्तिहरुको बाटोले
पाप् गर्नु लायो . येस्कारण इस्राएल्को ईश्वर् यहवेले येसो भन्द छ हेर् मं १२
यरुशलेम् र यहूदा मांथि येस्तो बुराइ ल्याउंछु त्यस्को बिषय्मां सुन्नेहरुका
दुवै कान् झन्झनाउंछन् । अनि मं यरुशलेम् मांथि शोमरोन्को डोरी र १३
अहाब्को घर्को साहुल हालछु . अनि जसोगरि मान्छेले भांड़ा पूछद
छ अं पुछेर घोप्टो पारि राखद छ त्यस्तैगरि मं यरुशलेम्लाइ पुछछु ।
अनि मं आफ्नु अधिकार्को बचेतिभाग् फ्यांकि दिंछु अनि तिनिहरुलाइ १४

तिनिहरूका सत्तुरहरूका हातमा सुम्पि दिंछु अनि तिनिहरू आफ्ना सबै
१५ सत्तुरहरूको लागि सिकार र लूट हुंछन् किनभन्ये तिनिहरूले
तिनिहरूका पित्रहरू मिस्र देखि निस्कको दिन् देखि अं आजुको दिन सम्म
१६ मेरो सांमु जे बुरो थियो त्येइ गर्ये अनि मेरो रिस उठाये । येस् उप्रान्त
त्येस्ले यहूदा ई ख पाप् गरायो अर्थात् यहूवेको सांमु जे बुरो थियो त्यो
गर्न भन्दा बाहिक् मनश्शेले यरूशलेम्को एक कुठ देखि अर्को कुठ सम्म
१७ भरेन्जाल् सम्म निर्दोष रगत् ओधिगरं बहायो । अब मनश्शेका रहल्
कार्ज्य र जे जे त्येस्ले गर्यो अनि त्येस्ले गर्येका पाप् की ति यहूदाका
१८ राजाहरूको इतिहासको पोस्तकमा लेख्येका छैनन् । तब मनश्शे आफ्ना
पित्रहरू सङ सुति गयो अनि आफ्नु घर्को बारी अं उज्जाको बारीमा
गाडीयो . अनि त्येस्को छोरो आमोनले त्येस्को साटोमा राज् गर्यो ॥

(आमोन्को राज्)

१९ आमोन् राज् गर्नु लाग्दा बाईस् वर्षको थियो अनि त्येस्ले दुइ वर्ष
यरूशलेमम्मा राज् गर्यो . अनि त्येस्को आमाको नांउ योतबाको हारुसको
२० छोरी मशुलेमेत् थियो। अनि त्येस्ले आफ्नु बाबु मनश्शेले गर्येको जस्तो
२१ यहूवेको सांमु जे बुरो थियो त्येइ त्येस्ले गर्यो । अनि त्यो आफ्नु बाबु
हिंड्येको सबै बाटोमा हिंड्यो अनि आफ्नु बाबुले पूज्येका मूर्तिहरू पूज्यो अनि
२२ तिनलाइ दण्डवत् गर्यो . अनि त्येस्ले आफ्ना पित्रहरूको ईश्वर यहूवेलाइ
२३ छोड्यो अनि यहूवेको बाटोमा हिंडेन । अनि आमोनका चाकरहरूले
२४ त्येस्को बिरुद्धमा राजद्रोही भएर राजालाइ त्येस्कै घरमा मारि दिये । तर
देसका लोगले आमोन् राजाको बिरुद्धमा राजद्रोही गर्ने सबैलाइ मारि
दिये अनि देस्को लोग्ले त्येस्को छोरो योशिय्याहलाइ त्येस्को साटोमा
२५ राजा तुल्याये । अब आमोनले गर्येका रहल् कार्ज्य की ति यहूदाका
२६ राजाहरूको इतिहासको पोस्तकमा लेख्येका छैनन् । अनि त्यो आफ्नु
चिहान्मा उज्जाको बारीको चिहान्मा गाडीयो अनि त्येस्को छोरो
योशिय्याहले त्येस्को साटोमा राज् गर्या ॥

(योशिय्याह्को पालामा व्यवस्थाको येउटा पोस्तक् पाईनु)

२२ १ योशिय्याह् राज् गर्नु लाग्दा आठ वर्षको थियो अनि त्येस्ले
यरूशलेमम्मा एकतीस् वर्ष राज् गर्यो . अनि त्येस्को आमाको नांउ
२ बोस्कत्को अदायाको छोरी यदीदा थियो । अनि यहूवेको सांमु जे भलो
थियो त्येइ त्येस्ले गर्यो अनि आफ्नु पिता दाऊदका सबै बाटोमा हिंड्यो
अनि न दाहीनो तिर न बाउं तिर फर्को ॥

अनि योशिय्याह् राजाको अठारौं वर्षमां येसो भयो राजाले ३
मशुल्लामको छोरो असल्याहको छोरो शापान् लेटरलाइ यहवेको घरमां येसो
भनिकन पठायो हिल्किय्याह् मूलपूजाहारी थांइ चढि गयेर त्येस्लाइ ४
भन्न दुवारपालहरुले लोग् देखि उठायेका रुपिया जो यहवेको घरमां
ल्याईयेको छ त्यो गन्नु . अनि त्यो रुपिया काम् गर्नेहरु अर्थात् यहवेको घरको ५
रक्ष गर्नेहरुको हातमां दिनु . तिनिहरुले ति रुपिया यहवेको घरमां काम्
गर्नेहरुलाइ घरका छेड्छाड्हरु मरम्मत् गर्नेलाइ दिहालुन् अर्थात् ६
काठ्कर्म्मीहरु राजहरु र गारोकर्म्मीहरुलाइ अनि घरको मरम्मत् गर्न र
काठ् र काटेका ढुगाहरु किन्नुको लागि । तैपनि जस् जस्का हातमां रुपिया ७
दिईयेको थियो तिनिहरु सित हिसाब् लिईयेन किनभन्ये तिनिहरुले
सच्चैसँ सङ काम् गर्द थिये । अनि हिल्किय्याह् पूजाहारीले शापान् ८
लेटरलाइ भन्या मैले यहवेको घरमां व्यवस्थाको यो पोस्तक् पायेको छु ।
अनि हिल्किय्याहले त्यो पोस्तक् त्येम् शापानलाइ सुम्पि दियो अनि त्येस्ले
त्यो पढ्या । वहांदेखि शापान् लेटर् राजा थांइ आयो अनि येसो भनिकन ९
राजा थांइ समाचार् ल्यायो आफुका चाकरेहरुले घरमां पाईयेका
रुपियाहरु खन्याये अनि यहवेको घरको रक्ष गर्ने काम् गर्नेहरुको हातमां
सुम्पि दिये । अनि शापान् लेटरले येसो भनिकन राजालाइ सुनायो १०
हिल्किय्याह् पूजाहारीले मलाइ येउटा पोस्तक् सुम्पि दियो । तब शापानले
त्यो राजाको सांमु पढ्यो । अनि येसो भयो जसै राजाले व्यवस्थाको ११
पोस्तकका यि कुरा सुन्यो तब त्येस्ले आफना लुगा फाड्यो । वहांदेखि १२
राजाले हिल्किय्याह् पूजाहारीलाइ र शापानको छोरो अहीकामलाइ र
मीकायाहको छोरो अकबोरलाइ र शापान् लेटरलाइ र राजाको चाकर
असायालाइ आज्ञा दिइ भन्यो गयेर मेरो लागि र लोगहरुको लागि र १३
सिंगै यहूदाको लागि यो पाईयेको पोस्तकका कुराको बिषयमां यहवे सित
साधना गर . किनभन्ये यहवेको रिस् हामिहरु माथि अग्घोरगरि उठेको
छ कमोगरिभन्ये हामिहरुको बिषयमां जे जे अहायेको रह्छ ति सब्बै अनुसार्
गर्नेको लागि हामिहरुका पितापुर्खहरुले येस् पोस्तकका कुरा मान्नुलाइ सुन्येका
रैनछन । तब हिल्किय्याह् पूजाहारी र अहीकाम् र अकबोर् र शापान् १४
र असाया हुल्दा अगमवक्तिनी थांइ आये जो हर्हसको छोरो तिक्वाको
छोरो बस्त्ररक्षक् शाल्लूमकी स्वास्नी थिई अनि यरुशलेमको दोस्रो
टोलमां बस्द थिई . अनि तिनिहरुले त्यो सित कुरा गर्ये । तब त्येस्ले १५
तिनिहरुलाइ भनी इस्राएलको ईश्वर् यहवेले येसो भन्द छ . तिमिहरुलाइ
मं थांइ पठाउंने मान्छेलाइ येसो भन यहवेले येसो भन्द छ हेर् मं १६
येस् ठांउ माथि र त्येस्का बासीहरु माथि बुराई ल्याउंछु अं यहूदाको राजाले
पढ्येका सब्बै कुरा . किनभन्ये तिनिहरुले मलाइ छोड्या अनि तिनिहरुका १७
हातका सब्बै कामको बाटोले मेरो रिस् उठाउंनुको लागि पराय्
देवताहरुलाइ धुप हाल्ये येस्कारण मेरो क्रोध येस ठांउ माथि बालीछ

१८ अनि निभाईदैन। तर तिमिहरूलाइ यहवे सित सोधनो गर्नु पठाउंने
यहूदाको राजालाइ येसो भन इस्राएलको ईश्वर यहवेले येसो भन्द छ.
१९ तैंले सुन्येका कुराको विषयमां तेरो हिर्दय् नरम् भयेको कारण र
तैंले मैंले येस् ठांउको र येस्का वासीहरूको विरुद्धमां तिनिहरू उजार् र
धिक्कार् होइ जांछन् भन्येको कुरो सुन्येकोले तैंले आफूलाइ यहवेको सांमु
होच्यायेको र आफना लुगा फाऱ्येको अनि मेरो सांमु रोयेको कारण्ले
२० मैंले पनि तेरो सुन्यें. यहवेको येइ बाणी छ। येस्कारण हेर् मं तंलाइ
तेरा पित्रहरू सङ मिसाउंछु अनि तं आफनु चिहान्मां कुशल् सित
मिसाईंछस्. न तेरा आंखाले जुन् जुन् बुराई मं येस् ठांउमां ल्याउंछु
ति देख्छन्। त तिनिहरूले राजा थांइ फर्केर समाचार् ल्याये॥

(योशिय्याह्ले मूर्त्तिपूजा मेट्द छ)

२३ १ तब राजाले मान्छे पठायो अनि तिनिहरूले त्यो थांइ यहूदा र
२ यरूशलेमका सबै प्राचीन्हरूलाइ भेला गराये। अनि राजा यहवेको
घर्मां चढि गयो अनि त्यो सित यहूदाका सबै मान्छेहरू र यरूशलेमका
सबै वासीहरू र पूजाहारीहरू र अगमवक्ताहरू र सांना ठुला सबै लोग्.
वहांदेखि त्येस्ले यहवेको घर्मां पाईयेको नियम्को पोस्तक्का सबै कुरा
३ तिनिहरूले सुन्नगरि पऱ्यो। अनि राजा चड्ं थाम्को छेउमां उभीयो अनि
यहवेको सांमु येस्तो नियम् बांध्यो अर्थात् यहवेको पछि हिंड्नु र उस्का
आज्ञा र साक्षीपत्र र विधिहरू आफ्नु पूरो मन् र आफ्नु पूरो प्राणले
मान्नु अनि येस् पोस्तक्मां लेख्येको येस् नियम्का कुरा पूरा गर्न्लाइ.
४ तब सबै लोग् येस् नियम्मां उभीये। तब राजाले मूल्पूजाहारी
हिल्किय्याह्लाइ र दोस्रो दर्जाका पूजाहारीहरूलाइ र दुवार्पालहरूलाइ
बाल् र अशेरा र अकाश्का सिंगै सेनाको लागि बनाईयेका सबै भांडा-
बर्तन् यहवेको मन्दिर् देखि निकाल्ने आज्ञा दियो. वहांदेखि त्येस्ले
ति यरूशलेम् देखि बाहिर किद्रोन्को बारीमां डड़ायो वहांदेखि तिनको
५ खरानी बेतेल्मां पुऱ्याइ दियो। अनि यहूदाका राजाहरूले जुन् देव्का
पूजाहारीहरूलाइ यहूदाका सहर्हरूका छेउछाउका ठांउहरूका अलग्गा
अलग्गा ठांउहरूमां धूप् हाल्नु ठहरायेका थिये तिनिहरूलाइ र बाल्का र
सूर्जका र चन्द्र र राशीचक्र र अकाश्का सिंगै सेनाको लागि धूप
६ हाल्नेहरूलाइ पनि धपाइ दियो। अनि त्येस्ले यहवेको घर् देखि अशेरा
चड्ं यरूशलेम् देखि बाहिर किद्रोन् खोल्चामां निकालि दियो अनि
किद्रोन् खोल्चामां त्यो उड़ायेर त्यो मसीनो चूर्ण पारि कुल्च्यो वहांदेखि
७ त्येको चूर्ण साधारण लोगको चिहान्मां छरि दियो। अनि त्येस्ले
पुरुषगामीहरूका घर्हरू जो यहवेको घर्मां थियो जहां आइमाइहरूले
८ अशेराको लागि पर्दा बुन्द थिइन् ति भत्काइ दियो। अनि त्येस्ले सबै
पूजाहारीहरूलाइ यहूदाको सहर् देखि निकाल्यो वहांदेखि गेवा देखि

बेर्शेबा सम्म पूजाहारीहरूले धूप् हाल्थेका अलगा ठांउहरू अशुद्ध पारि
दियो अनि ढोकाहरूको छेउ छेउमां भयेका अलग अलग ठांउहरू अर्थात्
जुन् ठांउ सहर्को मालिक् यहोशूआको ढोकाको आघनमां थियो अनि
जुन् ढोकाको देलाको भित्र जानेको बांउ पट्टि थियो ति त्यस्ले भत्काइ
दियो। तैपनि अलगा अलगा ठांउहरूका पूजाहारीहरू यरूशलेममां ९
यहवेको बेदिमां चढि आयेनन् तर आफ्ना दाज्यूभाईहरूको बीचमां
अखमीरे रोटी खांद थिये। अनि त्यस्ले हिनोमबंशीहरूको तरीमां भयेको १०
तोपेत्लाइ येस्तो अशुद्ध गऱ्यो कोई मान्छेले आफ्नु छोरा कि छोरीलाइ
मोलेकको लागि आगोको बाटो बाड़ो हिंड़ाल्न पायेन। अनि जुन् ११
घोड़ाहरू यहूदाका राजाहरूले सूर्जको लागि दियेका थिये जो यहवेको
घर्को ढोका निर नतन्मेलक् मेहरीको कोठा निर जो कोठा छेउमां
थियो ति घोड़ाहरू तिनिहरूले लग्ये अनि त्यस्ले सूर्जका रथहरू आगोमां
डड़ाइ दियो। अनि आहाज्को मांथिल्लो कोठाको छानामां भयेका जुन् १२
बेदिहरू यहूदाका राजाहरूले बनायेका थिये अनि यहवेको घर्का दुवै
आघनमां जुन् बेदि मनश्शेले बनायेको थियो ति राजाले भत्कायो अनि
ति पोल्येर तिनको चूर्ण किद्रोन्को खोल्चामां हालि दियो। अनि जुन् १३
अलगा ठांउहरू यरूशलेमको सांमु थिये जो नासको पर्बत्को दाहिनो
पाटृ थिये जो इस्राएल्को राजा सुलैमान्ले सीदोनीहरूको घिन्लाग्दो
अश्तोरेत्को लागि र मोआबको घिन्लाग्दो कमोश्को लागि र अम्मोन्-
बंशीहरूको फोहर् थोक् मिल्कोमको लागि बनायेको थियो ति राजाले
अशुद्ध पारि दियो। अनि त्यस्ले मुढुकाहरू टुकरै टुकरा पाऱ्यो अनि १४
अशेराहरूलाइ काटि दियो अनि तिनको ठांउ मान्छेहरूका हाड़हरूले
भराइ दियो। त्येस् उप्रान्त जुन् बेदि बेतेल्मां थियो अनि जुन् अलगो १५
ठांउ इस्राएललाइ पाप् गर्नु लाउंने नबात्को छोरो यारोबामले बनायेको
थियो त्यो बेदि र त्यो अलगो ठांउ पनि त्यस्ले भत्काइ दियो अनि
त्यस्ले त्यो अलगो ठांउ डड़ायेर मसीनो चूर्ण पारि त्यो कुल्च्यो अनि अशेरा
डड़ायो। वहांदेखि योशिय्याहले फर्कीर डांड़ामां भयेका ति चिहान्हरू १६
देख्यो तब त्यस्ले मान्छे पठायेर हाड़हरू चिहान् चिहान् देखि निकाल्येर
बेदिमां डड़ायो अनि ति कुरा सुनाउंने ईश्वर्को मान्छेले सुनायेको यहवेको
बचन् अनुसार् त्यो अशुद्ध गऱ्यो। तब त्यस्ले भन्यो यो चौतरा जो मं देख् १७
छु क्या हो। तब सहर्का मान्छेहरूले त्यस्लाइ सुनाइ दिये ईश्वर्को जन्को
चौतरा हो जस्ले यहूदा देखि आयेर आफुले गऱ्येका यि काम् बेतेल्को बेदिको
बिरुद्ध हो भनि सुनायेको थियो। तब त्यस्ले भन्यो उसो भये त्यो चइं ता १८
रहोस् कसैले त्यस्का हाड़हरू न सारोस्। तब तिनिहरूले त्यस्का हाड़हरू
शोमरोन् देखि निस्क्येको अगमबक्ताका हाड़हरू समेत् छोड़ि दियो।
अनि शोमरोन्का सहर्हरूमां भयेका अलगा ठांउहरूका सबै घर्हरू पनि १९
जुन घर्हरू इस्राएलका राजाहरूले यहवेको रिस उठाउंनलाइ बनायेका थिये

ति योशिय्याह्ले लग्यो अनि बेतेल्मां गर्येका सबै काम् अनुसार् तिनिहरु
२० पनि गर्यो। अनि वहां भयेका अलग अलग ठांउहरुका सबै पूजाहारी-
हरुलाइ त्येस्ले बेदिहरुमां बलि गर्यो अनि तिनिहरु मांथि मान्छेहरुका
हाडूहरु डड़ायो. त्येस् पछि त्यो यरुशलेम्मां फर्कि आयो॥

(योशिय्याह्ले गर्न्येको ठुलो निस्तार् चाड़)

२१ अनि राजाले सिंगै लोग्लाइ येसो भनिकन आज्ञा गर्यो जस्तो
नियम्को येस् पोस्तक्मां लेख्येको छ आफनु ईश्वर् यहवेको लागि त्येस्तै
२२ निस्तार् चाडू मान। सांच्चिनै इस्राएल्को निया गर्ने बिचारीहरुको पाला
देखि न इस्राएल्का राजाहरु न यहूदाका राजाहारुका सबै दिनमां येस्तो
२३ निस्तार्चाडू मान्येका थियें. तर योशिय्याह् राजाको अठारौं वर्षमां
२४ यो निस्तार् चाडू यरुशलेम्मां यहवेको लागि मानीयो। येस् उप्रान्त
बिजुवाहरु र भांक्रिहरु र घर्देव्ताहरु र मूर्त्तिहरु र यहूदाको देस्मां
र यरुशलेम्मां देखीयेका सबै घिन्लाग्दा थोक्हरुलाइ योशिय्याह्ले
निकालि दियो हिल्किय्याह् पूजाहारीले यहवेको घर्मां पायेको पोस्तक्मां
२५ लेख्येको ब्यवस्थाका कुरा त्येस्ले पूरो गरोस् भन्ने खातिर्ले। अनि त्यो
भन्दा अगाड़ि त्यो जस्तो राजा कोई पनि थियेन जो आफ्नु पूरो हिर्दय्
र आफ्नु पूरो प्राण् र आफ्नु पूरो शक्तिले मूसाको सबै ब्यवस्था अनुसार्
२६ यहवे तिर फिर्यो न त्यो भन्दा पछाड़ि त्यो जस्तो कोई उठ्यो। तैपनि
मनश्शेले उठायेको यहवेको सबै रिस्को कारण्ले ड यहूदाको बिरुद्धमां
उठायेको आफ्नु कोप अं आफ्नु ठुलो कोप्को बल्दोरिस् देखि फर्केन।
२७ अनि यहवेले भन्यो जसोरि मैले इस्राएललाइ दूर् गर्यें त्येसोरि यहूदालाइ
पनि दूर् गर्छु अनि मैले आफुले छान्येको यो सहर् र जुन् घर्को बिषय्मां
मैले मेरो नांउ त्येस्मां रहन्छ भनि भन्येको थियें त्यो पनि आफालि दिंछु।
२८ अब योशिय्याह्का रहल् कार्ज्य र ज्ये ज्ये त्येस्ले गर्यो के ति यहूदाका
२९ राजाहरुको इतिहास्को पोस्तक्मां लेख्येका छैनन्। त्येस्को पालामां
मिस्रको राजा फिरऊन्-नकोह् अश्शूर्को राजाको बिरुद्धमां परात् नदी सम्म
चढ़ि गयो. अनि योशिय्याह् राजा त्येस्को बिरुद्धमां चाढ़ गयो अनि त्येस्ले
३० त्येस्लाइ देख्नु बित्तिकै त्येस्लाइ मगिद्दोमां मारि दियो। अनि त्येस्का
चाकरेहरुले त्येस्को मुर्दा मगिद्दो देखि रथ्मां बोकायेर यरुशलेम्मां ल्याये
वहांदेखि त्येस्लाइ त्येस्को आफ्नै चिहान्मां गाड़ेर। तब देस्का लोगले
योशिय्याह्को छोरो यहोआहाज्लाइ लियेर अभिषिक्त गरि त्येस्लाइ त्येस्को
बाबुको साटोमां राजा तुल्याये॥

(यहोआहाज्को राज्)

३१ यहोआहाज् राज् गर्नु लाग्दा तेईस् बर्षको थियो अनि त्येस्ले तीन्
महीना यरुशलेम्मां राज् गर्यो. अनि त्येस्को आंमाको नांउ लिब्नाको

यिर्मयाह्को छोरी हमूतल् थियो । अनि त्यस्का पित्रहरूले गर्येका सबै झैं ३२
यहवेको साम्‌नु ज्ये बूरो थियो त्यइ त्यस्ले गर्यो । अनि त्यस्ले यरूशलेम्‌मां ३३
राज् न गरोस् भन्येर फिरऊन्-नेकोहले त्यस्लाइ हमातको देस्‌मां भयेको
रिब्लामां बांधि राख्यो अनि देस् माथि एक् सै तोड़ा चांदी र एक्
तोड़ा सुन्को दण्ड लगायो । अनि फिरऊन्-नेकोहले योशिय्याह्को छोरो ३४
एल्याकीम्‌लाइ त्यस्को बाबु योशिय्याह्को ठाउमां राजा तुल्यायो अनि
त्यस्को नांउ फेर्येर यहोयाकीम् राखि दियो . तर त्यस्ले यहोआहाज्‌चइंलाइ
लग्यो तब त्यो मिस्रमां गयेर उहीं मर्‍यो । अनि यहोयाकीम्‌ले सुन् चांदी ३५
ता फिरऊन्‌लाइ दियो तर फिरऊन्‌को आज्ञा अनुसार् रुपिया दिनुलाइ देस्
माथि झारा किस्ता लगायो . अर्थात् फिरऊन्-नेकोहलाइ दिनुको लागि
देस्का सबै लोग्‌हरूमांका जनैंगलाइ त्यस्को झारा किस्ता अनुसार् तिनिहरू
देखि सुन् चांदी लियो ॥

(यहोयाकीम्‌को राज्)

यहोयाकीम् राज् गर्नु लाग्‌दा पचीस् बर्षको थियो अनि त्यस्ले ३६
यरूशलेम्‌मां एघारह् बर्ष राज् गर्यो . अनि त्यस्को आमाको नांउ रूमाको
पदायाह्को छोरी जबीदा थियो । अनि आफ्‌ना पित्रहरूले गर्येका सबै
काम् अनुसार् ज्ये यहवेको साम्‌नु बुरो थियो त्यइ त्यस्ले गर्यो । त्यस्को **२४** १
पालामां बाबेल्‌को राजा नबूकद्‌नेस्सर् चढि आयो अनि यहोयाकीम् तीन्
बर्ष सम्म त्यस्को दास् भइ रह्यो . तब फर्केर त्यस्को बिरुद्धमां बागि भयो ।
अनि यहवेले त्यस्को बिरुद्धमां कल्दीहरू अरामीहरू मोआबीहरू र अम्मोन्- २
बंशाहरूका गट्ठा गट्ठा पठाइ दियो अनि यहवेले आफ्‌नु दास् अगम्‌बक्ता-
हरूको बाटोले भन्येको अनुसार् तिनिहरूलाइ यहूदाको बिरुद्धमां त्यो
नास् पार्नुलाइ पठाइ दियो । सांच्चिनै यहूदा माथि यो यहवेको ३
आज्ञाले पर्‍यो मनश्शेको पाप्‌को कारणले त्यस्ले गर्येका सबै काम् अनुसार्
तिनिहरूलाइ उस्को दृष्टि देखि दूर् गर्नुलाइ अनि त्यस्ले बहायेको ४
निर्दोषी लोहूको कारणले पनि किनभन्ये त्यस्ले यरूशलेम् निर्दोषी लोहूले
भरि दियेको थियो . अनि यहवेले क्षमा गर्नु मान्येन । अब यहोयाकीम्‌का ५
रहल् कार्ज्य र ज्ये ज्ये त्यस्ले गर्यो की ति यहूदाका राजाहरूको इतिहास्‌को
पोस्तक्‌मां लेख्येका छैनन् । तब यहोयाकीम् आफ्‌ना पित्रहरू सङ सुति ६
गयो . अनि त्यस्को छोरो यहोयाकीन्‌ले त्यस्को साटोमां राज् गर्यो । अनि ७
मिस्रको राजा आफ्‌नु देस् देखि फेरि फेरि कले पनि आयेन . किनभन्ये
बाबेल्‌को राजाले मिस्रको खोल्‌चा देखि परात् नदी सम्म ज्ये ज्ये मिस्रको
राजाको पर्येका थियें ति सबै लिहाल्यो ॥

(यहोयाकीन्‌को राज्)

यहोयाकीन् राज गर्नु लाग्‌दा अठारह् बर्षको थियो अनि त्यस्ले ८

यरूशलेममां तीन् महीना राज् गर्‍यो. अनि त्यस्को आंमाको नांउ
८ यरूशलेम्को एलनातान्की छोरी नहुश्ता थियो। अनि त्यस्को बाबुले
१० गर्‍यको सबै झैं यहवेको सांमु ज्ये बुरो थियो त्येइ त्यस्ले गर्‍यो। त्यस्
बेला बाबेलको राजा नबूकद्नेस्सर्का चाकरेहरू यरूशलेममां चढि आये
११ अनि सहर् घेरायो। अनि त्यस्का चाकरेहरूले त्यो घेर्दाखेरि बाबेल्को राजा
१२ नबूकद्नेस्सर् सहर्मां आयो अनि यहूदाको राजा यहोयाकीन् आफै
र आफ्नो आंमा र आफ्ना चाकरेहरू र मालिक्हरू र मेहेरीहरू समेत्
बाबेल्को राजा थांइ निस्कि गयो. अनि बाबेल्को राजाले त्यस्को राज्को
१३ आठौं बर्षमां त्यो लियो। अनि त्यस्ले त्यहां बाटो यहवेको घर्को सबै
भंडार् र राजाको घर्को भंडार् ओकि लग्यो अनि यहवेको मन्दिर्मां
इस्राएल्को राजा सुलेमान्ले बनायेका सुनका सबै भांडाबर्तन्हरू टुकरे
१४ टुकरा पार्‍यो यहवेले भन्येको अनुसार्। अनि त्यस्ले सिंगै यरूशलेम् र सबै
मालिक्हरू र सबै महाबीरहरू अं दस् हजार् जना बन्धुवाहरू र सबै
कारिगरहरू र लोहारहरूलाइ लग्यो देस्का लोगहरूमांका सबै भन्दा
१५ कङ्गालहरू बाहिक् कोई पनि रहेन। अनि त्यस्ले यहोयाकीन्लाइ
बाबेलमां लग्यो अनि राजाको आंमा र राजाका मुखेनीहरू र त्यस्का
मेहेरीहरू र देस्का बडादमीहरूलाइ त्यस्ले यरूशलेम् देखि बाबेलमां
१६ बन्धुवाईमां लग्यो। अनि सबै बीरहरूलाइ अं सात् हजार् जनालाइ अनि
एक् हजार् जना कारिगरहरू र लोहारहरू जो लडाईंको लागि बलिया
बलियाहरू र योग्य् योग्य् सबैलाइ बाबेल्को राजाले बाबेलमां बन्धुवा
१७ गरि लग्यो। अनि बाबेल्का राजाले यहोयाकीन्को ठांउमां त्यस्को काका
बाबु मत्तन्याहलाइ राजा तुल्यायो अनि त्यस्को नांउ फेर्येर सिद्किय्याह्
राखि दियो॥

(सिद्किय्याह्को राज्)

१८ सिद्किय्याह् राज् गर्नु लाग्दा एकाईस् बर्षको थियो अनि त्यस्ले
यरूशलेममां एघारह् बर्ष राज् गर्‍यो. अनि त्यस्की आंमाको नांउ
१९ लिब्नाको यिर्मयाह्की छोरी हमूतल् थियो। अनि यहोयाकीमले गर्‍यका
२० सब्बै झैं यहवेको सांमु ज्ये बुरो थियो त्येइ त्यस्ले गर्‍यो। कसोगरिभन्ये
यहवेले तिनिहरूलाइ आफ्नु सांमु देखि न आफालुंझ्याल् सम्म उस्को
रिस्को कारणले यरूशलेम् र यहूदा माथि येस्तो पर्‍यो. अनि सिद्किय्याह्
२५ १ बाबेल्को राजा देखि बागि भयो। अनि त्यस्को राज्को नवं बर्षको
दसौं महीनाको दसौं तिथिमां येसो भयो बाबेल्को राजा नबूकद्नेस्सरले
आफ्ना सबै पल्टन् समेतले यरूशलेम्को बिरुद्धमां आइ लागेर त्यस्को
बिरुद्धमां छाउनी हाल्यो अनि तिनिहरूले त्यस्को बिरुद्धमां वरिपरि
२ गढिहरू बनाये। येसोरि सिद्किय्याह् राजाको एघारौं बर्ष सम्म सहर् घेरि
३ रह्यो। अनि चौथो महीनाको नवं तिथिमां सहरमां अनिकाल् येस्तो

सारो भयो देसका लोगको लागि रोटी थियेन । तब सहरमा येउटा छेद् ४
बनाईयो वहांदेखि लड़ाईंका सबै मान्छेहरु राजाको बारी निर भयेको
दुइ देवालको बीचमा भयेको देला बाटो रात भाग्ये. (त्येस् बेला
कल्दीहरु सहरको सांमुको वरिपरि थिये). अनि राजा चइं अराबाको
बाटो बाड़ो गयो । तर कल्दीहरुको पल्टनले राजालाइ खेद्ये वहांदेखि ५
त्येसलाइ यरीहोको मैदानमा भेट्टाये. अनि त्येसका सबै सेना त्यो देखि
छरपुष्ट भयेका थिये । तब तिनिहरुले राजालाइ समात्येर त्येसलाइ बाबेलको ६
राजा थांइ रिब्लामा ल्याये. त तिनिहरुले त्येसको निया गर्ये । अनि ७
तिनिहरुले सिद्किय्याहका छोराहरुलाइ त्येसका आंखाको सोंज मार्ये.
अनि सिद्किय्याहचइंका आंखा निकाल्ये. वहांदेखि त्येसलाइ सांग्लो
भिरायेर बाबेलमा लग्ये ॥

(यरूशलेम्को नास्)

अब पांचौं महीनाको सातौं तिथिमा अर्थात् बाबेलको राजा ८
नबूकद्नेस्सरको उन्नीसौं बर्षमा बाबेलको राजाको येउटा चाकरे नबूजरदान्
जो पहरुको कमान् थियो त्यो यरूशलेममा आयो. अनि त्येस्ले यहवेको ९
घर् र राजाको घर् डड़ायो अनि यरूशलेमका सबै घरहरु अं सबै ठूला
ठूला घरहरु त्येस्ले आगोले डड़ायो । अनि पहरुको कमान् सङ भयेका १०
कल्दीहरुको सबै पल्टनले यरूशलेमका वरिपरिका भित्ता भत्काइ दिये ।
अनि सहरमा छोड़ीयेका रहेका लोग बाबेलको राजा थांइ भाग्येका सबै र ११
धइरोका उबर्येकाहरुलाइ पहरुको कमान् नबूसरदानले बन्धुवा गरि लग्यो ।
तर पहरुको कमानले देसका सबै भन्दा कङ्गालिहरुलाइ दाखको बारी १२
गोड्ने र खेतिकिसान् गर्ने हुंनुलाइ छोड़ि दियो । अनि यहवेको घरमा १३
भयेका पीतलका थामहरु र यहवेको घरमा भयेका आधारहरु र पीतलको
समुन्द्र कल्दीहरुले टुकरै टुकरा पार्ये अनि तिनको पितल बाबेलमा लग्ये ।
अनि भांड़ाहरु र बेलचाहरु र अभेरुदानीहरु र धूपौराहरु र तिनिहरुका १४
सेवा गर्ने पीतलका सबै सादामहरु तिनिहरुले लग्ये । अनि धूपदानी १५
भांड़ाहरु र कटौराहरु ज्ये ज्ये सुनका थिये ति सुन् अनि ज्ये ज्ये चांदीका थिये
ति चांदीगरि पहरुको कमानले लग्यो । ति दुइ थामहरु र त्यो येउटा समुन्द्र १६
र ति आधारहरु जो सुलैमानले यहवेको घरको लागि बनायेको थियो ति
सबै भांड़ाहरु पीतल बिना जोखाईको थियो । येउटा थामको अलगेइं १७
अठारह् हातको थियो अनि त्येस् मांथि पीतलको थाम्नि थियो. अनि
थाम्निको अलगेइं तीन् हातको थियो चित्रजाली र दारीस् थाम्नि मांथिको
गिर्दै सबै पीतलका. अनि त्येइ जस्तो अर्को थामको पनि थियो
चित्रजाली समेत् । अनि पहरुको कमानले मूलपूजाहारी सरायाहलाइ १८
र दोस्रो पूजाहारी सपन्याह् र तीन् जना दुवारपालहरुलाइ लियो. अनि १९
सहर् देखि त्येस्ले लड़ाइंका मान्छेहरु मांथि राख्येको सेहेरो र सहरमा

पाईयका राजाको मुख् हेर्नेहरूमांका पांच् जना र सेनापति खर्दार् जस्ले
देस्का लोगको गन्ति गर्द थियो अनि सहर्मां पाईयका देस्का लोगमांका
२० तीन् कोरी जनालाइ लियो। अनि पहरूको कप्तान नबूजरदान्ले
२१ तिनिहरूलाइ लियेर बाबेल्को राजा थांइ रिब्लामां ल्यायो। अनि
बाबेल्को राजाले तिनिहरूलाइ हमात् देसमां भयेको रिब्लामां हिर्कायेर
मारि दियो। यसोरि यहूदा आफ्नु देस् दखि बन्धुवाईमां लगीयो।
२२ अनि यहूदाको देसमां छोड़ीयका लोगको बिषय्मां जो बाबेल्को राजा
नबूकद्नेस्सर्ले छोड़िको थियो तिनिहरू माथि त्यस्ले शापान्को छोरो
अहीकाम्को छोरो गदल्याहलाइ मालिक् तुल्यायो॥

(गदल्याह्को हत्या)

२३ जब पल्टन्का कप्तान्हरू तिनिहरूका मान्छेहरू समेतले बाबेल्को
राजाले गदल्याहलाइ मालिक् तुल्यायो भनि सुन्ये तब तिनिहरू अर्थात्
नतन्याहको छोरो इश्माएल् कारेहको छोरो योहानान् नतोपाति तन्हूमेत्को
छोरो सरायाह् र माकातिको छोरो याजन्याह् आफ्ना आफ्ना मान्छेहरू
२४ समेत् गदल्याह् थांइ मिस्पामां आये। अनि गदल्याहले तिनिहरू सङ
तिनका मान्छेहरू सङ यसो भनिकन किरिया खायो कल्दीहरूका चाकरे-
हरूको कारणले न डराव. देस्मां बस बाबेल्को राजाको सेवा गर त
२५ तिमिहरूको लागि जाति हुंछ। तर सातौं महीनामां यसो भयो राजबंशी
एलीशामाको छोरो नतन्याहको छोरो इश्माएल् आफु सङ दस् जनालाइ
लिइ आयेर गदल्याहलाइ मर्नेगरि हिर्कायो अनि मिस्पामां त्यो सङ
२६ भयेका यहूदाहरू र कल्दीहरूलाइ पनि मारि दियो। तब लोग् सांना
ठुला सबै र पल्टन्का कप्तान्हरू उठेर मिस्रमां गये. किनभन्ये तिनिहरू
कल्दीहरू दखि डराउंद थिये॥

(यहोयाकीन् बढ़ाईयो)

२७ अनि यहूदाको राजा यहोयाकीन्को बन्धुवाई को सैंतीसौं बर्षको
बाह्रौं महीनाको सत्ताईसौं तिथिमां बाबेल्को राजा एवील्मरोदकले
आफ्नु राज्को थालनिको बर्षमां यहूदाको राजा यहोयाकीन्को सिर्
२८ झेल्खान् दखि उठायो अनि त्यो सित दयालु कुरा गर्यो अनि
बाबेल्मां आफु सङ भयेका राजाहरूको सिंहासन् भन्दा त्यस्को चढ़ं
२९ सिंहासन् अलग्यायो। अनि त्यस्ले त्यस्को झेल्खान्को लुगा फेरि दियो
३० अनि त्यस्को जीवन्भरि सधैं त्यस्को सांमु त्यस्ले रोटी खांद थियो। अनि
त्यस्को खुराकको बिषय्मां त्यस्को जीवन्भरि राजा पट्टि बाटो दिनहूंको
खुराक् दिन् दिनै दिइंद थियो॥

इतिहासको पहिलो पोस्तक ॥

(आदम् इत्यादिका बंशावलीहरु)

आदम् सेत् एनोश् केनान महललेल् येरेद् हनोक १ १, २, ३
मतूशेलह् लेमेक् नूह् शेम् हाम् र येपेत् ॥ ४
येपेत्का छोराहरु गोमेर् मागोग् मादै यावान् तूबल् मेशेक् र ५
तीरास् । अनि गोमेरका छोराहरु अश्कनज् दीपत् र तोगर्मा । अनि ६, ७
यावान्का छोराहरु एलीशा तर्शीश् कित्तीम् र रोदानीम् ॥

हामका छोराहरु कूश् मिस्र पूत् र कनान् । अनि कूशका छोराहरु ८, ९
सबा हवीला सब्ता रामा र सब्तका । अनि रामाका छोराहरु शबा र १०
ददान् । अनि कूशले निम्रोद्लाइ जन्मायो . यो ता पृथिवीमां वीर् जन् ११
हुंनु लाग्यो । अनि मिस्रले लूदीम् र अनामीम् र लहाबीम् र नफ्तूहीम् र १२
पत्रूसीम् र कस्लूहीम्लाइ (जो देखि पलिश्ती लोग् निकल्ये) र
कफ्तोरीम्लाइ जन्मायो . अनि कनान्ले सीदोन् आफ्नु जेठोलाइ १३
र हेत्लाइ अनि यबूसी एमोरी र गिर्गाशीलाइ अनि हिव्वी र १४, १५
अर्की र सीनीलाइ अनि अर्वादी समारी र हमातीलाइ जन्मायो ॥ १६

शेमका छोराहरु एलाम् अश्शूर् अर्पक्षद् लूद् अराम् ऊज् हूल् गेतेर् १७
र मेशेक् । अनि अर्पक्षद्ले शेलहलाइ जन्मायो अनि शेलहले एबेर्लाइ १८
जन्मायो । अनि एबेर्का दुइ भाई छोरा जन्म्ये यउटाको नांउ पेलेग् १९
किनभन्ये त्यस्का दिनमां पृथिवी अलग् अलग् भागगरि बांडीयो . अनि
त्यस्को भाईको नांउ योक्तान् थियो । अनि योक्तान्ले अल्मोदाद् शेलेप् २०
हसर्मावेत् र येरहलाइ अनि हदोराम् ऊजाल् दिक्लालाइ अनि २१, २२
एबाल् अबीमाएल र शबालाइ अनि ओपीर् हवीला र योबाबलाइ २३
जन्मायो । यि सबै योक्तानका छोराहरु थिये ॥

शेम् अर्पक्षद् शेलह् एबेर् पेलेग् रऊ सरुग् नाहोर् २४, २५, २६
तेरह् अब्राम् (जो अब्राहाम् हो) । अब्राहामका छोराहरु इसहाक् २७, २८
र इश्माएल् ॥

तिनका पुस्ता यिनै हुन् . इश्माएलको जेठो छोरो नबायोत् फेरि केदार् २९
अद्बेल् मिब्साम् मिश्मा दूमा मस्सा हदद् तेमा यतूर् नापीश् ३०, ३१
र केदमा । इश्माएलका छोराहरु यिनै हुन् ॥

अनि अब्राहामकी रखेली कतूराका छोराहरु . त्यसले जिम्रान् योक्षान् ३२
मदान् मिद्यान् यिश्बाक् र शूहलाइ जन्माई । अनि योक्षानका छोराहरु

३३ शबा र ददान्। अनि मिद्यान्का छोराहरु एपा एपेर् हनोक् अबीदा र
एल्दाआ। यि सबै कतूरा देखि उत्पन्न भये॥
३४ अनि अब्राहामले इस्हाक्लाइ जन्मायो। इस्हाक्का छोरोहरु
एसाव् र इस्राएल्॥
३५ एसाव्का छोराहरु एलीपज् रूएल् यऊश् यालाम् र कोरह्।
३६ एलीपज्का छोराहरु तेमान् ओमार् सपी गाताम् कनज् तिम्ना र
३७ ३८ अमालेक्। रूएल्का छोराहरु नहत् जेरह् शम्मा र मिज्जा। फेरि सेईर्का
३९ छोराहरु लोतान् शोबाल् सिबोन् अना दीशोन् एसेर् र दीशान्। अनि
४० लोतान्का छोराहरु होरी र होमाम् र लोतान्की बैनी तिम्ना थिई।
शोबाल्का छोराहरु अल्यान् मानहत् एबाल् शपी र ओनाम्। अनि
४१ सिबोन्का छोराहरु अय्या र अना। अनाका छोराहरु दीशोन्। दीशोनका
४२ छोराहरु हम्रान् एश्बान् यित्रान् र करान्। एसेर्का छोराहरु बिल्हान्
जावान् र याकान्। दीशान्का सन्तान्हरु ऊज् र अरान्॥
४३ अब इस्राएल्बंशीहरुको प्रथम् राजा हुंनु भन्दा पहिले यि राजाहरुले
एदोम् देस्मां राज् गर्दै थिये. बओर्को छोरो बेला अनि त्येस्को
४४ राज्धानीको नांउ दिन्हाबा थियो। तब बेला मंर्यो अनि जेरह्को छोरो
४५ बोस्रा सहर्को योबाब्ले त्येस्को साटो राज् गर्यो। तब योबाब् मंर्यो
४६ अनि तेमानीहरुको देस्को हूशाम्ले त्येस्को साटो राज् गर्यो। तब हूशाम्
मंर्यो अनि बदद्को छोरो हदद्ले जस्ले मिद्यान्लाइ मोआब्को बनमां
मांर्यो त्येस्को साटो राज् गर्यो अनि त्येस्को राज्धानीको नांउ अवीत्
४७ थियो। तब हदद् मंर्यो अनि मस्रेकाको सम्लाले त्येस्को साटो राज् गर्यो।
४८ तब सम्ला मंर्यो अनि महानदीको तीर्को रहोबोत् सहर्को शाऊल्ले त्येस्को
४९ साटो राज् गर्यो। तब शाऊल् मंर्यो अनि अक्बोर्को छोरो बाल्हानान्ले
५० त्येस्को साटो राज् गर्यो। तब बाल्हानान् मंर्यो अनि हदद्ले त्येस्को
साटो राज् गर्यो. अनि त्येस्को राज्धानीको नाउं पाई थियो. अनि
त्येस्की मुखेनीको नांउ महेतबेल् थियो जो मेजाहाब्की छोरी मत्रेद्की
५१ छोरी थिई। तब हदद् मंर्यो। फेरि एदोम्का अधिपतिहरु यि थिये
५२ तिम्ना अधिपति अल्या अधिपति यतेत् अधिपति ओहोलीबामा
५३ अधिपति एला अधिपति पीनोन् अधिपति कनज् अधिपति तेमान्
५४ अधिपति मिब्सार् अधिपति मग्दीएल् अधिपति ईराम् अधिपति।
एदोम्का अधिपतिहरु यिनै थिये॥

(यहूदाको बंशावली)

२ १ इस्राएल्का छोराहरु यिनै हुन् रूबेन् शिमोन् लेवी यहूदा
२ इस्साकार् जबूलून् दान् यूसुफ् बिन्यामीन् नप्ताली गाद् र आशेर्॥
३ यहूदाका छोराहरु एर् ओनान् र शेला. यि तीन् जना कनानी बतशू
देखि जन्माईये अनि यहूदाको जेठो छोरो एर् यहवेको सुखेंजो दुष्ट थियो

येसकारण उसले त्यसलाइ मांर्‍यो । फेरि यहूदाको बुहारी तामारले त्यसको लागि ४
पेरेस् र जेरह्लाइ जन्माई । यहूदाका सबै छोराहरू पांच् भाई थिये । ५
पेरेसका छोराहरू हेस्रोन् र हामूल् । अनि जेरह्का छोराहरू जिम्री एतान् ६
हेमान् कल्कोल् र दारा . यि सबै पांच् जना भये । फेरि कर्म्मीको छोरो ७
आकार् इस्राएल्लाइ कष्ट दिने जसले भाकल् गरायेको थोक्को बिषय्मां
अपराध् गर्‍यो । अनि एतान्को छोरो अजर्याह् । हेस्रोन्का छोराहरू जो ८ ९
त्यसको लागि जन्म्ये यरह्मेल् राम् र कलूबै । अनि रामले अम्मीनादाब्लाइ १०
अनि अम्मीनादाब्ले नहशोन्लाइ जन्मायो जो यहूदाबंशीहरूको मालिक् ११
थियो । अनि नहशोन्ले सल्मालाइ अनि सल्माले बोअज्लाइ अनि १२
बोअज्ले ओबेद्लाइ अनि ओबेद्ले यिशैलाइ जन्मायो अनि यिशैले १३
आफ्नु जेठो एलीआब्लाइ र माइलो अबीनादाब्लाइ र साइंलो
शिमालाइ र कांइलो नतनेल्लाइ र अन्तरे रद्दैलाइ जन्तरे १४ १५
ओसेम्लाइ र कान्छो दाऊद्लाइ जन्मायो . तिनकी सरुयाह् र अबीगैल्
नाउं भयेकी बैनीहरू थिइन् । अनि सरुयाह्का छोराहरू अबीशै योआब् १६
र असाहेल् तीन् जना । अनि अबीगैलले अमासालाइ जन्माई . अनि १७
अमासाको बाबु इश्माएली येतेर् थियो । फेरि हिस्रोन्को छोरो कालेब्ले १८
अजूबा नांउ भयेको आइमाइ देखि र यरीओत् देखि छोराहरू जन्मायो
अनि त्यस् आइमाइले जन्मायेका छोराहरू यि थिये अर्थात येशेर् शोबाब् र
अर्दोन् । जब अजूबा मरी तब कालेब्ले एप्रात्लाइ ब्याहा गरि ल्यायो १९
जसले त्यसको लागि हूर्लाइ जन्माई । अनि हूर्ले ऊरीलाइ जन्मायो अनि २०
ऊरीले बसलेल्लाइ जन्मायो । येस् पछि जब हेस्रोन् साठी बर्षको भयो २१
तब त्यसले गिलाद्को बाबु माकीर्की छोरीलाइ ब्याहा गर्‍यो त्यसकां गयो
अनि त्यसले त्यसका लागि सगूब्लाइ जन्माई । अनि सगूब्ले याईर्लाइ २२
जन्मायो जसका गिलाद् देसमां तेईस् सहर्हरू थिये । फेरि गशूर् र २३
अरामले याईर्का सहर्हरू तिनिहरू देखि लिहाल्ये यि बाहिक् तिनका
बस्तीहरू समेत् कनत् पनि लिये अं साठीवटा सहर्हरू । यि सबै
गिलाद्को बाबु माकीर्को सन्तान्का थिये। फेरि जब हेस्रोन् कालेबप्रातामां २४
मर्‍यो तब हेस्रोन्की अबिय्याह् नांउ भयेकी स्वास्नीले त्यसको लागि त्यसको
तकोको बाबु अश्हूर्लाइ जन्मायो । फेरि हेस्रोन्को जेठो छोरो यरह्मेल् २५
त्यसको जेठो छोरो राम् र बूना ओरेन् ओसेम् र अहिय्याह् थिये । अनि २६
यरह्मेल्की अतारा नांउ भयेकी अर्की स्वास्नी थिई त्यो ओनाम्की आमा
थिई । अनि यरह्मेल्को जेठो छोरो राम्का छोराहरू मास् यामीन् र एकेर् २७
थिये । अनि ओनाम्का छोराहरू शम्म र यादा थिये . अनि शम्मैका छोराहरू २८
नादाब् र अबीशूर् । अनि अबीशूर्की स्वास्नीको नांउ अबीहैल् थियो जसले २९
त्यसको लागि अह्बान् र मोलीद्लाइ जन्माई । अनि नादाब्का छोराहरू ३०
सेलेद् र अप्पैम् . तर सेलेद् चहिं निसन्तान् मरि गयो । अनि अप्पैम्को ३१
छोरो यिशी । अनि यिशीको छोरो शेशान् । अनि शेशान्को छोरो अह्लै ।

३२ फेरि शम्मैको भाई यादाका छोराहरु येतेर् अनि येतेर् चाहिं निसन्तान् मर्‍यो।
तर योनातान्का छोराहरु पेलेत् जाजा। यर्‌ह्मेल्का छोराहरु यि थिये।
३३ ३४ शेशान्को चाहिं छोरो थियेन छोरीहरु मात्रै थिइन्। अनि शेशान्को
३५ यर्हा नांउ भयेको येउटा मिस्री दास् थियो। त शेशान्ले आफ्नो
छोरीलाइ आफ्नु दास् यर्हा सित ब्याहा गरि दियो अनि त्यसले त्यसको
३६ लागि अत्तैलाइ जन्माई। अनि अत्तैले नातान्लाइ नातान्ले जाबाद्लाइ
३७ ३८ जाबाद्ले एप्लाल्लाइ एप्लालले ओबेद्लाइ ओबेद्ले येहूलाइ
३९ येहूले अजर्याह्लाइ अजर्याह्ले हेलेस्लाइ हेलेस्ले एलासालाइ
४० ४१ एलासाले सिस्मैलाइ सिस्मैले शल्लूम्लाइ शल्लूम्ले यकम्याह्लाइ अनि
४२ यकम्याह्ले एलीशामालाइ जन्मायो। फेरि यर्‌ह्मेल्को भाई कालेब्का
छोराहरु त्यसको जेठो छोरो मेशा जो जीफ्को बाबु थियो अनि हेब्रोन्को
४३ बाबु मारेशाका छोराहरु। अनि हेब्रोन्का छोराहरु कोरह् तप्पूह् रेकेम् र
४४ शेमा। अनि शेमाले योर्कामको बाबु रहम्लाइ अनि रेकेम्ले शम्मैलाइ
४५ जन्मायो। अनि शम्मैको छोरो माओन् थियो जो बेत्सूर्को बाबु थियो।
४६ अनि कालेब्की एपा नांउ भयेकी रखेलीले हारान् मोसा र गाजेज्लाइ
४७ जन्माई अनि हारान्ले गाजेज्लाइ जन्माई। फेरि याह्दैका छोराहरु
४८ रेगेम् योताम् गेशान् पेलेत् एपा र शाप्। अनि कालेब्को माका नांउ
४९ भयेकी रखेलीले शेबेर् र तिर्हानालाइ जन्माई। त्यसले मद्मन्नाको बाबु
५० शाप्लाइ र मक्बेना र गिबाको बाबु शबालाइ पनि जन्माई। अनि
कालेब्की छोरी अक्सा थिई। कालेब्का छोराहरु यि थिये एप्राताको जेठो
५१ हूर्को छोरो किर्यत्यारीम्को बाबु शोबाल् बेतलेहेम्को बाबु सल्मा
५२ र बेत्गादेर्को बाबु हारेप्। अनि किर्यत्यारीम्को बाबु शोबाल्का
५३ छोराहरु थिये हारोए आधा मनहोत् अनि किर्यत्यारीम्का जहान्हरु
यित्री पूती शुमाती र मिश्राईहरु तिनिहरु देखि सारती र एश्ताओली-
५४ हरु। सल्माका छोराहरु बेत्लेहेम् र नतोपातीहरु अत्रोत्बेत्योआब् र
५५ आधा मानहतका लोग सारीहरु। अनि याबेसमा बस्ने शास्त्रीहरुका
जहान्हरु तिराती शिमाती र सुकातीहरु। रेकाब्वंशीहरुको बाबु हम्मत्
देखि जन्म्येका केनीहरु यिनै हुन्॥

३ १ अब दाऊद्को लागि हेब्रोन्मा जन्म्येका छोराहरु यि हुन्. त्यसको
जेठो छोरो यिज्रेली अहीनोअम् पट्टिको अम्नोन् अनि माइलो चाहिं कर्मेली
२ अबीगैल् पट्टिको दानियेल् साइलो चाहिं गशूर्को राजा तल्मैको छोरी
३ माकाको छोरो अबशालोम् काइलो चाहिं हग्गीत्को छोरो अदोनियाह्
अन्तरे चाहिं अबीतल् पट्टिको शपत्याह् अनि कान्छो चाहिं त्यसको स्वास्नी
४ एग्ला पट्टिको यित्राम्। त्यसको लागि हेब्रोन्मा छ भाई छोराहरु जन्म्ये जहां
त्यसले सात् वर्ष र छ महीना राज् गर्‍यो. अनि यरुशलेम्मा त्यसले तेत्तीस् वर्ष
५ राज् गर्‍यो। अनि यरुशलेम्मा त्यसको लागि जन्म्येकाहरु यि हुन्. अर्थात
शिमा शोबाब् नातान् र सुलेमान् यि चार् भाई अम्मीएल्को छोरी बत्शू

पट्टिका थिये . फेरि यिभार् एलीशामा एलीपेलेत् नोगह् नेपेग् यापी ६
एलीशामा एल्यादा र एलीपेलेत् नौ भाई। रखेलीहरूका छोराहरू बाहेक् ८ ९
यि सबै दाऊद्का छोराहरू थिये अनि तामार् तिनको बैनी थिई। फेरि १०
सुलैमान्को छोरो रहबाम् थियो त्यस्का छोरो अबिय्याह् त्यस्को छोरो आसा
त्यस्को छोरो यहोशापात् त्यस्को छोरो यहोराम् त्यस्को छोरो अहज्याह् ११
त्यस्को छोरो यहोआश् त्यस्को छोरो अमस्याह् त्यस्को छोरो अजर्याह् १२
त्यस्को छोरो योताम् त्यस्को छोरो आहाज् त्यस्को छोरो हिजकिय्याह् १३
त्यस्को छोरो मनश्शे त्यस्को छोरो आमोन् त्यस्को छोरो योशिय्याह् १४
भयो। अनि योशिय्याह्का छोराहरू त्यस्को जेठो छोरो योहानान् माइलो १५
यहोयाकीम् साइलो सिद्किय्याह् काइलो शल्लूम्। अनि यहोयाकीमका १६
छोराहरू. त्यस्को छोरो यकोन्याह् त्यस्को छोरो सिद्किय्याह्। अनि बन्धुवा १७
भयेको यकोन्याहका छोराहरू त्यस्को छोरो शालतीएल् मल्कीराम् १८
पदायाह् शेनस्सर् यकम्याह् होशामा र नदब्याह्। अनि पदायाहका छोराहरू १९
जरुब्बाबेल् र शिमी. र जरुब्बाबेलका छोराहरू मशुल्लाम् र हनन्याह्
जुनहरूका बैनी शलोमीत् थिई. अनि हशूबा ओहेल् बेरेक्याह् हसद्याह् २०
र यूशब्हेसेद् पांच् जना। अनि हनन्याह्का छोराहरू पलत्याह् र यशायाह्. २१
रपायाह्वंशी अर्नान्वंशी ओबद्याह्वंशी र शकन्याह्वंशीहरू। अनि २२
शकन्याहको छोरो शमायाह्. अनि शमायाह्का छोराहरू हत्तूश् यिगाल्
बारीह् नार्याह् र शापात् छ जना। अनि नार्याहका छोराह एल्योएनै २३
हिजकिय्याह् र अज्रीकाम् तीन् जना। एल्योएनैका छोराहरू होदव्याह् २४
एल्याशीब् पलायाह् अक्कूब् योहानान् दलायाह् र अनानी सात् जना॥

यहूदाका छोराहरू पेरेस् हेस्रोन् कर्मी हूर् र शोबाल्। शोबाल्का ४ १
छोरो रायाहले यहत्लाइ जन्मायो यहत्ले अहूमै र लहद्लाइ जन्मायो। २
सोरातीहरूका सन्तान् यि हुन्। एताम्को बाबुका छोराहरू यिनै हुन् यिज्रेल् ३
यिश्मा र यिद्बाश् जुनहरूको बैनीको नांउ हस्सलेल्पोनी थियो. अनि ४
गदोर्को बाबु पनूएल् अनि हूशाको बाबु एजेर्। यि सबै एप्राताको जेठो
हूर्का छोराहरू हुन् जो बेतलेहेम्को बाबु थियो। अनि तकोाको बाबु ५
अश्हूर्का हेला र नारा नांउ भयेका दुइटी स्वास्नीहरू थिइन्। अनि नाराले ६
त्यस्को लागि अहुज्जाम् हेपेर् तेमनी र हाहश्तारीलाइ जन्माई। नाराका
छोराहरू यिनै हुन्। अनि हेलाका छोराहरू सेरेत् यिसहर् र एत्नान् थिये। ७
फेरि कोस्ले आनूब् र सोबेबालाइ जन्मायो अनि हारूम्को छोरो अहर्हेल्का ८
सन्तान्लाइ पनि। अनि याबेस् चहिं आफ्नु दाज्युभाईहरू भन्दा बेसि मान्को ९
थियो. अनि त्यस्की आमाले मैले त्यस्लाइ पीरा सित जन्मायें भनिकन त्यस्को
नांउ याबेस् राखी। अनि याबेस्ले येसो भनिकन इस्राएल्को ईश्वर्लाइ १०
हापाऱ्यो हाय् तपांइले मलाइ सांच्चिनै आशीष् दिनु हवस् अनि मेरो
सिमाना बढाउनु हवस् अनि तपांइको हात् म सित रहोस् अनि तपांइले
मलाइ बुराइ देखि बचाउनु हवस् त्यो मेरो पीराको लागि न होस् भनी

११ खातिरले । अनि त्यस्ले जे मांग्येका थियो ईश्वरले त्यस्लाइ दियो । अनि
१२ शूहाको भाई कलूबले एशतोन्को बाबु महीर्लाइ जन्मायो । अनि
एशतोनले बेत्रापा र पासेह् र यिर्नाहाशको बाबु तहिन्नालाइ जन्मायो ।
१३ रेकाका लोग् यिनै हुन् । फेरि कनजका छोराहरु ओत्नीएल् र सरायाह् .
१४ अनि ओत्नीएलको छोरो हतत् । अनि मोनोतैले ओप्रालाइ जन्मायो . अनि
सरायाहले गहरशीमको बाबु योआबलाइ जन्मायो कमोगारिभन्ये तिनिहरु
१५ कारिगारहरु थिये । अनि यपुन्नेको छोरो कालेबका छोराहरु ईरू एला
१६ नआम् . अनि एलाका छोराहरु अनि कनज् । अनि यहल्लेलेलका छोराहरु
१७ जीप् जीपा तीरया र असरेल । अनि एज्राका छोराहरु येतर् मेरेद् एपेर् र
यालोन् . जस्ले मिर्याम् शम्मै र एशतमोको बाबु यिश्बहलाइ जन्माई ।
१८ अनि त्यस्की यहूदीनी स्वास्नीले गदोरको बाबु येरेद् र सोकोको बाबु हेबेर्
र जानोहको बाबु यकूतीएललाइ जन्माई । ति सबै येरेदले लियेको
१९ फिरऊनकी छोरी बित्याह् नांउ भयेकीका छोराहरु हुन् । अनि होदियाहको
स्वास्नी जो नहमकी बैनी थिई त्यस्का छोराहरु गेरमी कीला र माकाती
२० एशतमोको बाबु थियो । अनि शीमोनका छोराहरु अम्नोन् रिन्ना बेन्हानान्
२१ र तीलोन् । अनि यिशीका छोराहरु जोहेत् र बेनजोहेत् । यहूदाको
छोरो शेलाका छोराहरु लेकाको बाबु एर् मारेशाको बाबु लादा र अशबेको
२२ जहानका पाट्कपरा बुन्नेहरुका सन्तानका जहानहरु अनि योकीम्
र कोजेबाका मान्छहरु र योआश् र साराप् जस्ले मोआब् माथि प्रभुताई
२३ गर्दै थियो र याशूबीलेहेम् । यि कुरा ता उहिले उहिलेका हुन् । यि ता
कुमालेहरु थिये अनि नताईम् र गदेरा बासीहरु थिये . तिनिहरु राजाको
कामको लागि वहां त्यस्को कुतमा रहंद थिये ॥

(शिमोन्को बंशावली)

२४ २५ शिमोन्का छोराहरु नमूएल् यामीन् यारीब् जेरह् र शाऊल् . अनि
२६ त्यस्को छोरो शल्लूम् त्यस्को छोरो मिब्साम् त्यस्को छोरो मिश्मा । अनि
मिश्माका छोराहरु . त्यस्को छोरो हम्मूएल् त्यस्को छोरो जक्कूर् त्यस्को छोरो
२७ शिमी । अनि शिमीका सोरह भाई छोराहरु थिए अनि छ बैनी छोरीहरु थिइन्
तर त्यस्का दाज्युभाईहरुका धेरै छोराछोरीहरु थियेनन् न तिनको सबै जहान्
२८ यहूदावंशीहरु जस्ता बढे । अनि तिनिहरु बेर्शेबा मोलादा हसर्शूआल्
२९,३०,३१ बिल्हा एसम् तोलाद् बतूएल् होर्मा सिक्लग् बेत्मर्काबोत्
हसर्सूसाम् बेतबिरी र शारैममा बस्द थिये । दाऊदको राजको बेला सम्म
३२ तिनिहरुका सहरहरु यिनै थिये । अनि तिनिहरुका बस्तीहरु एताम् ऐन्
३३ रिम्मोन् तोकेन् र आशान् पांच् सहर् . अनि बाल् सम्म ति सहरका
छेउछाउका तिनिहरुका सबै बस्तीहरु समेत् । तिनिहरुका बासहरुका
ठांउहरु समेत् यिनै थिये अनि तिनिहरुका बंशावली पनि यिनै हुन् ।
३४ ३५ फेरि मशोबाब् र यम्लेक् र अमस्याहको छोरो योशा र योएल् र

अखीएल्को छोरो सरायाह्को छोरो योशिव्याह्को छोरो येहू   र एल्योएनै ३६
र याकोबा र यशोहायाह् र असायाह् र अदीएल् र यसीमीएल् र बनायाह्
र शिफीको छोरो जीजा अल्लोन्को छोरो यदायाह्को छोरो शिम्रीको छोरो ३७
शमायाह्को छोरो   यि नांउ काढ़ाियेकाहरू तिनिहरूका जहान्का मूल्हरू ३८
थिये . अनि तिनिहरूका पित्रहरूका घर्हरू औधि बढ़ेर । त तिनिहरू ३९
गदोर्को गौंड़ाको तरिको पूर्व तिर सम्म आफ्ना बगाल्हरूको खर्कको
लागि खोजनु गयेका थिये । अनि तिनिहरूले मलीलो र जाति खर्कहरू ४०
पाये अनि त्यो देस् फराक् र चैन्को र कुशल्को थियो कसोगरिभन्य अगाड़ि
वहां बस्नेहरू हाम्का लोग् थिये । अनि माथि नांउ लेखीयेकाहरूले ४१
यहूदाको राजा हिजकिय्याह्को पालामां आयेर तिनको पाल्मां छिकीये
अनि वहां पाईयेका मुनि भन्ने लोग्लाइ पनि अनि तिनलाइ छिकीयेर
आजुको दिन् सम्म भाकल् गरायेको थोक् झैं नास् पार्य अनि तिनिहरूको
साटो बस्नु लाग्ये . किनभन्ये वहां तिनिहरूको बगाल्को लागि खर्क
थियो । अनि तिनिहरूमाका कति जना अर्थात् शिमोन्वंशीहरूका पांच् सै मान्छे ४२
जस्का कप्तान्हरू यिशीका छोराहरू पलत्याह् नार्याह् रपायाह् र उज्जीएल्
थिये तिनिहरू सेईर् पहाड़् हुंदो गये । अनि तिनिहरूले बांचि निकल्यका ४३
अमलेकीहरूको बचेको भाग्लाइ मार्येर वहां आजुको दिन् सम्म रह्य ॥

(रूबेन् र गाद् र आधा मनश्शेको बंशावली)

अनि इस्राएल्को जेठा चइं छोरो रूबेन्को बंशावली (कसोगरिभन्ये ५ १
त्यो जेठो ता थियो तर त्यस्ले आफ्नु बाबुको ओछ्यान् अशुद्ध गर्यको
कारणले त्यस्को जेठाधिकार् इस्राएल्को छोरो यूसुफ्वंशीहरूलाइ दिईयो
अनि बंशावली जेठाधिकार् भन्दा पछि गनीदैन । किनभन्ये यहूदा चइं २
आफ्नु दाज्यभाईहरू माथि जिताहा भयो अनि त्यो देखि मालिक् चइं
आयो तर जेठाधिकार् चइं ता यूसुफैको थियो .) इस्राएल्को जेठो चइं ३
रूबेन्को बंशावली हनोक् पल्लू हेस्रोन् र कर्मी । योएल्का छोराहरू त्यस्को ४
छोरो शमायाह् त्यस्को छोरो गोग् त्यस्को छोरो शिमी   त्यस्को छोरो ५
मीका त्यस्को छोरो रायाह् त्यस्को छोरो बाल्   त्यस्को छोरो त्यो बेरा ६
जस्लाइ अश्शूर्को राजा तिल्गत्पिल्नेसेर्ले बन्धुवाईमां लग्यो . त्यो चइं
रूबेनीहरूको मूल् थियो । अनि जब तिनका पुस्ताको बंशावली गनीयेका ७
थिये तब त्यस्का दाज्यभाईहरू तिनिहरूका जहान् जहान् अनुसार् मूल्
चइं यीएल् र जकर्याह्   र नबो र बाल्मोन् सम्म अरोएर्मां ८
बस्यको योएल्को छोरो शेमाको छोरो आजाज्को छोरो बेला . अनि ९
तिनको बगालहरू गिलाद् देस्मां बढ़ेको कारणले पूर्व तिर बन्को परात्
महानदीको गौंड़ा सम्म बस्द थियो । अनि शाऊल्का दिनमां तिनिहरूले १०
हाग्रीहरू सङ लड़ाईं गर्य जो यिनको हात् देखि लड़ेर . अनि तिनिहरू
गिलाद्को पूर्व तिरका सबै देस्मां आफ्नु आफ्नु पाल्मां बस्य ॥

११ फेरि गादवंशीहरु तिनिहरुको सांमु सल्का सम्म बाशान् देसमां रहंद
१२ थिये . मूल् चइं योएल् दोस्रो शापाम् फेरि याने र शापात् बाशानमां .
१३ तिनका पित्रहरुका जहानका दाजुभाईहरु मीकाएल् मशुल्लाम् शेबा योरै
१४ याकान् जी र एबेर् सात् जना । यिनिहरु बूजको छोरो यह्दोको छोरो
यशीशैको छोरो मीकाएलको छोरो गिलादको छोरो यारोहको छोरो
१५ हूरिको छोरो अबीहैलका छोराहरु थिये तिनिहरुका पित्रहरुको
१६ घर् घरको मूल् गूनीको छोरो अब्दीएलको छोरो अही थियो । अनि
तिनिहरु गिलादमां बाशानमां र त्येस्का सहरहरुमां र तिनिहरुका सिमाना
१७ सम्म शारोनको सबै खर्कहरुमां बस्द थिये । ति सबै यहूदाको राजा
योतामका दिनमां र इस्राएलको राजा यारोबामका दिनमां आफना
आफना वंशावली अनुसार् गनीयेका थिये ॥

१८ रूबेनवंशीहरु र गादीहरु र मनश्शेका आधा कुल् जो महा-
बीरहरु ढाल् र तरवार् भिर्न सकने र धनु हाल्न सकने र लड़ाईंमां सिपालु
मान्छेहरु चौआलीस् हजार् र सात् से र साठी जना थिये जो लड़ाईं गर्नुको
१९ लागि निस्कनु सकनेहरु थिये । अनि तिनिहरुले हग्रीहरु र यतूर् नापीश्
२० र नोदाब् सङ लड़ाइं गर्ये । त्येस् लड़ाईंमां तिनिहरुले ईश्वरको दोहाई
गर्ये अनि उस्ले तिनिहरुको सुन्या अनि तिनिहरुले उस् माथि आफनु
भर् भा राख्यो येस्कारण तिनिहरुले तिनिहरुको बिरुद्धमां गोहार् पाये अनि
हग्रीहरु तिनिहरु र तिनिहरु सङ भयेका सबै जना समेत् तिनिहरुको
२१ हातमां सुम्पाये । र तिनिहरुले तिनिहरुका पशुहरु लग्ये ऊंटहरुमांका
पचास् हजार् भेंड़ाबाख्राहरु दुइ लाख र पचास् हजार् गदाहाहरु दुइ हजार्
२२ अनि मान्छेहरु एक लाख् । कसांगरिभन्ये त्यो लड़ाईं ईश्वरको पट्टि
बाटोको हुंनाले धेरै जना काटीयेकाहरु लड्या । र तिनिहरु बन्धुवाईको
बेला सम्म तिनिहरुको ठांउमां बस्दै रह्या ॥

२३ फेरि मनश्शेवंशीहरुको आधा कुल् देसमां रह्या . तिनिहरु बाशान्
२४ बालहेर्मोन् र सनीर् हेर्मोन् डांड़ा सम्म बढ्या । अनि तिनिहरुका
पित्रहरुका घर् घरका मूल् मूल् यि थिये अर्थात् एपेर् यिशी एलीएल्
अज्रीएल् यिर्मयाह् होदव्याह् र यह्दीएल् जो महाबीर् नांउ चल्येका
मान्छेहरु र आफना आफना पित्रहरुका घर् घरका मूल् मूल् थिये ॥

२५ अनि तिनिहरुले आफना पित्रहरुको ईश्वरको बिरुद्धमां अपराध्
गर्ये अनि देसका लोग् जुनहरुलाइ ईश्वरले तिनिहरुको सांमु देखि नास्
२६ पार्यो तिनैहरुका देवताहरु पाछ व्यभिचार् जस्तो लाग्ये । तब इस्राएलको
ईश्वरले अश्शूरको राजा पूल् र अश्शूरको राजा तिलगत्पिलनेसरको
मन् उल्काइ दियो अनि त्यस्ले तिनिहरुलाइ अर्थात् रूबेनीहरु र गादीहरु र
मनश्शेका आधा कुललाइ लग्येर तिनिहरुलाइ हलह् हाबोर् हारा र
गोजान् नदी सम्म पुर्यायो जसो आजुको दिन सम्म छ ॥

(लेवीको बंशावली)

लेवीका छोराहरु गेर्शोन कहात् र मरारी। कहातका छोराहरु ६ १ २
अम्राम् यिसहार् हेब्रोन् र उज्जीएल्। अनि अम्रामका छोराहरु हारून् ३
मूसा र मिरियम्। अनि हारूनका छोराहरु नादाब् अबीहू एलाजार् र
ईतामार। एलाजारले पीनहासलाइ जन्मायो पीनहासले अबीशूलाइ ४
अबीशूले बुक्कीलाइ बुक्कीले उज्जीलाइ उज्जीले जरह्याहलाइ जर- ५ ६
ह्याहले मरायोतलाइ मरायोतले अमर्याहलाइ अमर्याहले अहीतूबलाइ ७ ८
अहीतूबले सादोकलाइ सादोकले अहीमासलाइ अनि अहीमासले ९
अजर्याहलाइ अजर्याहले योहानानलाइ अनि योहानानले अजर्याह- १०
लाइ जन्मायो (जो त्येइ हो जस्ले सुलैमानले यरुशलेममां बनायेको घरमां
पूजाहारीगिरि गर्यो). फेरि अजर्याहले अमर्याहलाइ अमर्याहले अहीतूब- ११ १२
लाइ अहीतूबले सादोकलाइ सादोकले शल्लूमलाइ शल्लूमले हिल- १३
किय्याहलाइ हिलकिय्याहले अजर्याहलाइ अजर्याहले सरायाहलाइ १४
सरायाहले यहोसादाकलाइ जन्मायो अनि यहोसादाक बन्धवाईमां गयो १५
जब यहवेले यहूदा र यरुशलेम नबूकदनेस्सरको हातको बाटोले लग्यो॥

लेवीका छोराहरु गेर्शोन् कहात् र मरारी। अनि गेर्शोनका १६ १७
छोराहरुका नांउ यि हुन लिब्नी र शिमी। अनि कहातका छोराहरु अम्राम् १८
यिसहार् हेब्रोन् र उज्जीएल्। मरारीका छोराहरु महली र मूशी। फेरि १९
आफना पितृहरुका घर घर अनुसार् लेवीहरुका जहान् यि हुन्। गेर्शोनको २०
त्यस्को छोरो लिब्नी त्यस्को छोरो यहत् त्यस्को छोरो जिम्मा त्यस्को २१
छोरो योआह त्यस्को छोरो इद्दो त्यस्को छोरो जेरह् र त्यस्को छोरो यातरै।
कहातका छोराहरु त्यस्को छोरो अम्मीनादाब् त्यस्को छोरो कोरह् त्यस्को २२
छोरो अस्सीर् त्यस्को छोरो एलकाना त्यस्को छोरो एब्यासाप् त्यस्को छोरो २३
अस्सीर् त्यस्को छोरो तहत् त्यस्को छोरो ऊरीएल् त्यस्को छोरो उज्जियाह् २४
र त्यस्को छोरो शाऊल। फेरि एलकानाका छोराहरु अमासै र अहीमोत् २५
एलकानाको बिषयमां. एलकानाका छोराहरु त्यस्को छोरो सोपै त्यस्को छोरो २६
नहत् त्यस्को छोरो एलीआब् त्यस्को छोरो यरोहाम् त्यस्को छोरो एलकाना। २७
अनि शमूएलका छोराहरु जेठो चड़ योएल र कान्छो अबिय्याह्। मरारीका २८ २९
छोराहरु महली त्यस्को छोरो लिब्नी त्यस्को छोरो शिमी त्यस्को छोरो उज्जा
त्यस्को छोरो शिमा त्यस्को छोरो हग्गिय्याह् त्यस्को छोरो असायाह्॥ ३०

सन्दूकले बिश्राम् पाये पछि दाऊदले यहवेको घरमां गीतगवाईका ३१
जुन् अधिकारीहरुलाइ ठहरायो ति यि हुन्। अनि सुलैमानले यरुशलेममां ३२
यहवेको घर न बनाउंज्याल सम्म तिनिहरु भेट हुंने डेराको बासको सांमु
गीतगवाईको सेवा गर्दै थिये. अनि तिनिहरु आफनु आफनु पालोमां
आफनु आफनु काममां उभीइ रहंद थिये। अनि उभीइ रहंनेहरु र ३३
तिनका छोराहरु यिने हुन् कहातबंशीहरुमांको. हेमान् गाउंने त्यो

३४ योएलको छोरो त्यो शमूएलको छोरो त्यो एलकानाको त्यो यरोहामको
३५ त्यो एलीएलको त्यो तोहको त्यो सूफको त्यो एलकानाको त्यो महतको
३६ त्यो अमासैको त्यो एलकानाको त्यो योएलको त्यो अजर्याहको त्यो
३७ सफन्याहको त्यो तहतको त्यो अस्सीरको त्यो एब्यासाफको त्यो कोरहको
३८ त्यो यिसहारको त्यो कहातको त्यो लेवी को अनि लेवी इस्राएलको छोरो
३९ थियो । हेमानको भाई आसाफ जो त्यसको दाहिनो पट्टि उभीने गर्दै थियो
४० यो आसाफ बेरेक्याहको छोरो त्यो शिमाको त्यो मीकाएलको त्यो
४१ बासेयाहको त्यो मल्कियाहको त्यो एत्नीको त्यो जेरहको त्यो
४२ ४३ अदायाहको त्यो एतानको त्यो जिम्माको त्यो शिमीको त्यो
४४ यहतको त्यो गेर्शोनको अनि गेर्शोन लेवीको छोरो थियो । अनि हेमानको
बाउं हातमां त्यसका भाईहरू मरारीवंशी . एतान त्यो कीशीको त्यो
४५ अब्दीको त्यो मल्लूकको त्यो हशब्याहको त्यो अमस्याहको त्यो
४६ ४७ हिल्कियाहको त्यो अमसीको त्यो बानीको त्यो शेमेरको त्यो
महलीको त्यो मूशीको त्यो मरारीको अनि मरारी लेवी को छोरो थियो ।
४८ अनि तिनिहरू सबै लेवीका भाईहरू ईश्वरको घरको बासस्थानको सेवाको
लागि दिहालीयेकाहरू थिये ॥
४९ तर हारून र त्यसका छोराहरू महापवित्रस्थानको सबै कामको
लागि र इस्राएलको लागि प्रायश्चित्त गर्नलाइ होमबलिको बेदि र
धूपबेदि मांथि चढाउंद थिये ईश्वरको दास मूसाले गर्यका सबै आज्ञा
५० अनसार । अनि हारूनका सन्तान यि हुन त्यसको छोरो एलाजार त्यसको छोरो
५१ फीनहास त्यसको छोरो अबीशू त्यसको छोरो बुक्की त्यसको छोरो
५२ उज्जी त्यसको छोरो जरह्याह त्यसको छोरो मरायोत त्यसको छोरो
५३ अमर्याह त्यसको छोरो अहीतूब त्यसको छोरो सादोक अनि त्यसको
छोरो अहीमास ॥
५४ तिनिहरूका सिमानामां तिनिहरूका छाउंनी अनसार तिनिहरूका बास-
हरू यि हुन . हारूनवंशीहरूलाइ कहातीहरूको सन्तानमांको तिनिहरूको
५५ चिट्ठा पहिले निसकेको कारणले तिनिहरूले तिनिहरूलाइ यहूदाको
देसमां भयेको हेब्रोनको सहर त्यसको छेउछाउका खर्कहरू समेत दिये
५६ तर त्यस सहरका जग्गाहरू त्यसका बस्तीहरू समेत तिनिहरूले यपुन्नेको छोरो
५७ कालेबलाइ दिये । अनि हारूनवंशीहरूलाइ तिनिहरूले यि शरणसहरहरू
दिये अर्थात हेब्रोन लिब्ना त्यसका खर्कहरू समेत यत्तीर र एश्तमो त्यसको
५८ खर्कहरू समेत हीलेन त्यसका खर्कहरू समेत दबीर त्यसको खर्कहरू
५९ समेत आशान त्यसका खर्कहरू समेत बेतशेमेश त्यसका खर्कहरू समेत .
६० अनि बिन्यामीनको कुलमांको गेबा त्यसका खर्कहरू समेत अल्लेमेत
त्यसका खर्कहरू समेत अनातोत त्यसका खर्कहरू समेत । तिनिहरूका जहान
६१ अनसार तिनिहरूका सबै सहर तेरह सहर थिये । अनि कहातको बांकि
वंशले एफ्रैम र दानको कुलको जहान देखि र मनश्शे को आधा कुल देखि

दस् सहर् चिट्ठाको बाटोले पाये। अनि गेर्शोम्‌वंशीहरू तिनिहरूको ६२
जहान् अनुसार् इस्साकारको कुल् देखि आशेरको कुल् देखि र नप्तालीको
कुल् देखि र बाशानमां भयेको मनश्शेको कुल् देखि तेरह् सहर्।
मरारीवंशीहरूलाइ तिनिहरूका जहान् जहान् अनुसार् रूबेनको कुल् देखि ६३
र गादको कुल् देखि र जबूलूनको कुल् देखि बारह् सहर् चिट्ठाको बाटो
ले दिईये। अनि इस्राएलवंशीहरूले लेवीहरूलाइ ति सहरहरू तिनका ६४
खर्कहरू समेत् दिये। अनि तिनिहरूले यहूदावंशीहरूको कुल् देखि र ६५
शिमोनवंशीहरूको कुल् देखि र बिन्यामीनवंशीहरूको कुल् देखि यि नांउ
लेखीयेका सहरहरू चिट्ठाको बाटोले दिये। अनि कहातवंशीहरूका कति ६६
जहानहरूका एप्रैमको कुल् देखि तिनका सिमानाका सहरहरू थिये। अनि ६७
तिनिहरूले शरणसहरहरू तिनिहरूलाइ दिये एप्रैमको पहाडे देसमां भयेको
शकेम् त्यसका खर्कहरू समेत् फेरि गेजेर् त्यसका खर्कहरू समेत् योकमाम् ६८
त्यसका खर्कहरू समेत् बेत्होरोन् त्यसका खर्कहरू समेत् अय्यालोन् त्यसका ६९
खर्कहरू समेत् गात्रिम्मोन् त्यसका खर्कहरू समेत्. मनश्शेका आधा कुल् देखि ७०
आनेर् त्यसका खर्कहरू समेत् र बिलाम् त्यसका खर्कहरू समेत् यि सबै सहरहरू
कहातको बांकि वंशको लागि। गेर्शोनवंशीहरूलाइ मनश्शेको आधा ७१
कुलको जहानहरू देखि बाशानमां भयेको गोलान् त्यसका खर्कहरू समेत्
अश्तारोत् त्यसका खर्कहरू समेत्. अनि इस्साकारको कुल् देखि केदेश् ७२
त्यसका खर्कहरू समेत् दाबरत् त्यसका खर्कहरू समेत् रामोत् त्यसका ७३
खर्कहरू समेत् आनेम् त्यसका खर्कहरू समेत्. अनि आशेरको कुल् देखि ७४
माशाल् त्यसका खर्कहरू समेत् अब्दोन् त्यसका खर्कहरू समेत् हूकोक् ७५
त्यसका खर्कहरू समेत् रहोब् त्यसका खर्कहरू समेत्. नप्तालीको कुल् देखि ७६
गालीलमां भयेको केदेश् त्यसका खर्कहरू समेत् हम्मोन् त्यसका खर्कहरू समेत्
किर्यातैम् त्यसका खर्कहरू समेत्। लेवीहरूका बांकि मरारीवंशीहरूलाइ ७७
जबूलूनको कुलको रिम्मोन् त्यसका खर्कहरू समेत् ताबोर् त्यसका खर्कहरू
समेत् अनि यर्दन् पारि यर्दनको पूर्व तिर यरीहोमां रूबेनको कुल् ७८
देखि बनमां भयेको बेसेर् त्यसका खर्कहरू समेत् र यहसा त्यसका खर्कहरू
समेत् कदेमोत् त्यसका खर्कहरू समेत् र मेपात् त्यसका खर्कहरू समेत् ७९
अनि गादको कुल् देखि गिलादमां भयेको रामोत् त्यसका खर्कहरू समेत् ८०
महनैम् त्यसका खर्कहरू समेत् हेश्बोन् त्यसका खर्कहरू समेत् र याजेर् ८१
त्यसका खर्कहरू समेत्॥

(इस्साकार् इत्यादिको वंशावली)

फेरि इस्साकारका छोराहरू तोला पूआ याशूब् र शिम्रोन् चार् ७ १
भाई। अनि तोलाका छोराहरू उज्जी रपायाह् यरीएल् यहमै यिब्साम् र २
शमूएल् तोलावंशी आफ्ना आफ्ना पित्रहरूका घर् घरका मूल् मूल् र

आफ्नू पुस्तामा महावीर् हुनेहरू दाऊद्का दिनमा तिनको गन्ति बाईस्
३ हजार् र छ सै जना थिये। अनि उज्जीका छोराहरू यिजह्याह् . अनि
यिजह्याह्का छोराहरू मीकाएल् ओबद्याह् योएल् र यिश्शिय्याह् पांच्
४ भाई . यि सबै मूल मूल थिये। अनि तिनिहरू समेत् तिनिहरका पुस्ता
पुस्ता अनुसार् तिनिहरूका पितृहरूका जहान् जहान् अनुसार् लडाईंको
लागि सेनाका गट्टाहरू छत्तीस् हजार् जना . किनभन्ने तिनिहरूको धेरै
५ स्वास्नीहरू र छोराहरू थिये। अनि इस्साकार्का सबै जहानको तिनिहरूका
भाईहरू महावीर्हरू सबै पुस्ता अनुसार् गनीयेकाहरू सतासी
हजार् थिये॥
६ बिन्यामीनका छोराहरू बेला बेकेर् र यदीएल् तीन भाई। अनि
बेलाको सन्तान् एसबोन उज्जी उज्जीएल् यरीमोत् र ईरी पांच् भाई
आफना आफना पितृहरूका घर् घरका मूल मूल महावीर्हरू पुस्ता पुस्ता
८ अनुसार् तिनिहरू बाईस् हजार् र चौंतीस जना थिये। अनि बेकेर्को
सन्तान् जमीरा योआश् एलीएजेर् एल्योएनै ओम्री येरेमोत् अबिय्याह्
९ अनातोत् र आलेमेत्। यि सबै बेकेर्का सन्तान् थिये। अनि तिनिहरूका
वंशावली अनुसार् आफना आफना पुस्ता अनुसार् आफना आफना पितृहरूका
घर् घरका मूल मूलहरू महावीर्हरू बीस् हजार् र दुइ सै जना थिये।
१० अनि यदीएलका सन्तान् बिल्हान् . अनि बिल्हान्का छोराहरू यूश्
११ बिन्यामीन् एहूद् कनाना जेतान् तर्शीश् र अहीशहर्। यि सबै यदीएल्वंशी
थिये तिनिहरूका पितृहरूका घर् घरका मूल मूल अनुसार् महावीर्हरू सत्र
हजार् दुइ सै जना लडाईंको लागि सेना सेनामा निस्कन् सक्नेहरू थिये।
१२ ति बाहेक ईरवंशी शुप्पीम् र हुप्पीम् र अहेर्वंशी हूशीम्॥
१३ नप्तालीका छोराहरू यहसीएल गूनी येसेर् र शल्लूम् बिल्हावंशी थिये॥
१४ मनश्शेका छोराहरू अस्रीएल् जसलाइ त्यस्का स्वास्नीले जन्माई .
१५ (त्यस्को येउटी अरमी रखेलीले गिलाद्को बाबु माकीर्लाइ जन्माई . अनि
माकीर् जस्की माका नाउं भयेकी येउटी बैंनी थिई त्यस्ले हुप्पीम् र शुप्पीम्
देखि येउटी स्वास्नी लियो) अनि त्यस्को माइलो छोरो सलोफाद् थियो .
१६ अनि सलोफाद्को छोरीहरू थिइन्। फेरि माकीर्का स्वास्नी माकाले
येउटा छोरो जन्माई अनि त्यस्को नाउं पेरेस् राख्यो अनि त्यस्को भाईको
नाउं शेरेश् थियो अनि त्यस्का छोराहरू ऊलाम् र राकेम् थिये अनि
१७ ऊलाम्को छोरो बदान्। मनश्शेको छोरो माकीर्को छोरो गिलाद्का
१८ छोराहरू यिनै थिये। फेरि त्यस्की हम्मोलेकेत नाउं भयेकी बैंनीले ईश्होद्
१९ अबिएजेर् र महलालाइ जन्माई। अनि शमीदाका छोराहरू अह्यान् शेकेम्
लिखी र अनीआम् थिये॥
२० अनि एफ्रेम्का छोराहरू शूतेलह् र त्यस्को छोरो बेरेद् त्यस्को छोरो तहत्
२१ त्यस्को छोरो एलादा त्यस्को छोरो तहत् त्यस्को छोरो जाबाद् त्यस्को छोरो
शूतेलह् र एजेर् र एलाद् जुन्हरूलाइ देस् त्यसमा जन्म्येका गात् सहर्का

मान्छेहरूले मारे किनभन्ये तिनिहरू तिनिहरूका पशुहरू लुटि ल्याउंनुलाइ
आयेका थिये। अनि तिनिहरूको बाबु एफ्रैमले धेरै दिन् बिलाप् २२
गर्यो अनि त्येसका भाईहरू त्येसलाइ शान्ति दिंनुलाइ आये। अनि त्यो २३
आफ्नो स्वास्नीकां गयो अनि त्यो गर्भिणी भई अनि छोरो जन्माई अनि
त्येस्ले त्येस्को नांउ बरीआ राख्यो किनभन्ये त्येस्को जहान् मांथि बिपत्ति
आइ पर्यो। अनि त्येस्की शेरा नांउ भयेकी येउटी छोरी थिई जस्ले तल्लो २४
र मांथिल्लो बेथोरोन् र उज्जेन्शेरा बनाई। अनि त्येस्को छोरो रेफा थियो २५
र रेशेप् अनि त्येस्को छोरो तेलह् त्येस्को छोरो तहन् त्येस्को छोरो २६
लादान् त्येस्को छोरो अम्मीहूद् त्येस्को छोरो एलीशामा त्येस्को छोरो २७
नून् र त्येस्को छोरो यहोशूअ। अनि तिनिहरूको निज् भाग् र बासहरू २८
बेतेल् त्येस्का बस्तीहरू समेत् र पूर्व तिर नारान् पश्चिमतिर गेजेर्
त्येस्का बस्तीहरू समेत् शकेम् पनि त्येस्का बस्तीहरू समेत अज्जा सम्म
त्येस्का बस्तीहरू समेत, फेरि मनश्शेवंशीहरूको सिमाना निर बेतशान् २९
त्येस्का बस्तीहरू समेत तानाक् त्येस्का बस्तीहरू समेत् मगिद्दो त्येस्का
बस्तीहरू समेत् दोर् त्येस्का बस्तीहरू समेत्। ति सहर्हरूमां इस्राएल्को
छोरो यूसुफका बंशहरू रहंद थिये॥

आशेरका छोराहरू यिम्ना यिश्वा यिश्वी र बरीआ र तिनका बैंनी सेरह्। ३०
अनि बरीआका छोराहरू हेबेर् र मल्कीएल् जो बिर्जोनिको बाबु थियो। ३१
अनि हेबेर्ले येफ्लेन् शोमेर् होताम् र तिनका बैंनी शूआलाइ जन्माई। ३२
अनि यफ्लेत्का छोराहरू पासक् बिम्हाल् र अश्वात्। यफ्लेतका छोराहरू यिनै ३३
थिये। अनि शेमेरका छोराहरू अही रोहगा यहुब्बा र आराम्। र त्येस्को ३४ ३५
भाई हेलेमका छोराहरू सोपह् यिम्ना शेलेश् र आमाल्। सोपहका ३६
छोराहरू सूह् हर्नेपेर् शूआल् बेरी यिम्रा बेसेर् होद् शम्मा शिल्शा ३७
यित्रान र बेरा। अनि येतेरका छोराहरू यपुन्ने पिस्पा र अरा। अनि ३८ ३९
उल्लाका छोराहरू आरह् हन्नीएल र रिस्पा। यि सबै आशेरवंशी थिये ४०
पितृहरूका घर् घरका मूल् मूल्हरू र छानीयेकाहरू र महाबीरहरू
मालिकहरूका मूल्हरू। अनि तिनिहरूका बंशावली अनुसार लडाईंको
कामको लागि गनीयेकाहरू छब्बीस् हजार् जना थिये॥

(बिन्यामीन्को बंशावली)

अनि बिन्यामीन्ले आफ्नु जेठो बेलालाइ माइलो अश्बेल् ८ १
सांइलो अहृह् फांइलो नोहा र कान्छो रापालाइ जन्मायो। अनि २ ३
बेलाका छोराहरू अद्दार् गेरा अबीहूद् अबीशू नामान् अहोह् गेरा ४ ५
शपूफा् र हूराम् थिये। अनि एहूद्का छोराहरू यि हुन् गेबाका ६
बासीहरूका पितृहरूका जहान्हरूका मूल्हरू यिनै हुन् अनि तिनिहरूले
तिनिहरूलाइ बन्धुवा गरि मनहतमां लगे. अनि नामान् अहिय्याह् र ७

गेराजाइ खड्ं बन्धुवामां लग्यो अनि त्येस्ले उज्जाह् र अहीहूद्लाइ जन्मायो।
८ अनि शहरैम्ले हूशीम् र बाग नांउ भयेकी आफ्नी स्वास्नीहरूलाइ छोड़
९ दिये पछि मोआब् देसमां छोराहरू जन्मायो। त्येस्ले आफ्नी स्वास्नी
१० होदेश् देखि योबाब् सिब्या मेशा मल्काम् यूस् सोक्या र मिर्मालाइ
जन्मायो। यि सबै त्येस्का छोराहरू थिये पित्रहरूका जहान् जहान्का
११ १२ मूल्हरू। अनि त्येस्ले हूशीम् देखि अबीतूब् र एल्पाल्लाइ जन्मायो। अनि
एल्पाल्का छोराहरू एबेर् मिशाम् र शमेद् जस्ले ओनो र लोद् र त्येस्का
१३ बस्तीहरू समेत् बनायो. फेरि बरीआ र शमा जो अय्यालोन्का बासीहरूका
पित्रहरूका जहान्हरूमांका मूल् मूल् थिये अनि गात्का बासीहरूलाइ
१४ १५ लगाइ दियेका थिये फेरि अह्यो शाशक् यरेमोत् जबद्याह् अराद्
१६ १७ एदेर् मीकाएल् यिश्पा योहा बरीआको सन्तान् फेरि जबद्याह्
१८ मशुल्लाम् हिज्की हेबेर् यिश्मरै यिज्लीआ योबाब् एल्पाल्को
१९ २० सन्तान् फेरि याकीम् जिक्री जब्दी एलीएनै सिल्लतै एलीएल्
२१ २२ अदायाह् बरायाह् र शिम्रात् शिमीको सन्तान् फेरि यिश्पान् एबेर्
२३ २४ एलीएल् अब्दोन् जिक्री हानान् हनन्याह एलाम् अन्तोतिय्याह्
२५ २६ यिफ्दयाह् र पनूएल् शाशक्को सन्तान् फेरि शम्शरै शहर्याह् अतल्याह्
२७ २८ यारेश्याह् एलिय्याह् र जिक्रि यरोहाम्को सन्तान्। यि वंशावली अनुसार्
आफ्ना आफ्ना पित्रहरूका मूल् मूलहरू मालिकहरू थिये. तिनिहरू
२९ यरूशलेम्मां रहंद थिये। अनि गिबोन्मां गिबोन्को बाबु बस्द थियो जस्की
३० स्वास्नीको नांउ माका थियो. अनि त्येस्को जेठो छोरो अब्दोन् र शूर् कीश्
३१ ३२ बाल् नादाब् गदोर् अह्यो जेकेर्। अनि मिक्लोत्ले शिमालाइ जन्मायो।
अनि तिनिहरू पनि आफ्ना दाज्युभाईहरू सङ्ग आफ्ना दाज्युभाईहरूको
३३ सांमु यरूशलेम्मां रहंद थिये। अनि नेर्ले कीश्लाइ जन्मायो कीश्ले
शाऊल्लाइ अनि शाऊल्ले योनातान् मल्कीशू अबीनादाब् र एश्बाल्लाइ
३४ जन्मायो। अनि योनातान्को छोरो मरीब्बाल् थियो अनि मरीब्बाल्ले
३५ मीकालाइ जन्मायो। अनि मीकाका छोराहरू पीतोन् मेलेक् तारे र
३६ आहाज्। अनि आहाज्ले यहोअद्दालाइ जन्मायो यहोअद्दाले आलेमेत्
३७ अज्मावेत् र जिम्रीलाइ अनि जिम्रीले मोसालाइ जन्मायो. अनि मोसाले
बिनालाइ जन्मायो अनि बिनाको छोरो रापा थियो अनि त्येस्को छोरो
३८ एलासा अनि त्येस्को छोरो आसेल्. अनि आसेल्का छ भाई छोराहरू
थिये जुन्हरूका नांउ यि हुन् अर्थात् अज्रीकाम् बोकरू यिश्माएल् शार्याह्
३९ ओबद्याह् हानान्। यि सबै आसेल्का छोराहरू थिये। अनि त्येस्को भाई
एशेक्का छोराहरू त्येस्को जेठो ऊलाम् माइलो यूश् सांइलो एलीपेलेत्।
४० अनि ऊलाम्का छोराहरू महावीर् र धनुर्धारीहरू थिये तिनका छोराहरू र
छोराहरूका छोराहरू धेरै थिये अर्थात् एक् से र पचास् जना थिये। यि
सबै बिन्यामीन्वंशीहरूका थिये॥

(यरूशलेम्मां रहंनेहरूको प्रबंध)

त सिंगै इस्राएल् आफ्ना आफ्ना वंशावली अनुसार् गनीये ९ १
अनि हेर तिनिहरू इस्राएलका राजाहरूको पोस्तक्मां लेखीयेका छन् . अनि
यहूदा चहिं आफ्न अपराधको कारणले बाबेल्मां बन्धुवाईमां लगीयो ।
तब जुन् लोग तिनिहरूका सहर सहरमां तिनिहरूका अधिकारमां पहिले २
बस्द थिये ति यिने हुन् इस्राएली पूजाहारीहरू लेवीहरू र नतीनीम । अनि ३
यरूशलेममां यहूदावंशी बिन्यामीन्वंशी एफ्रैमवंशी र मनश्शेवंशीमांका
रहेका थिये । यहूदाको छोरो पेरेस्को वंशमांको बानीको छोरो इम्रीको ४
छोरो ओम्रीको छोरो अम्मीहूदको छोरो ऊतै । अनि शीलोनीहरूमांका ५
जेठो असायाह अनि त्यस्का छोराहरू । अनि जेरहवंशीहरूमांका यूएल् र ६
तिनिहरूका दाजुभाईहरू छ से र नब्बे जना । अनि बिन्यामीनवंशीहरूमांका ७
सल्लू मशुल्लामको छोरो होदव्याहको छोरो हस्सनूआको छोरो अनि ८
यिब्नियाह् यरोहामको छोरो एला उज्जीको छोरो मिक्रीको छोरो र
मशुल्लाम् शपत्याहको छोरो रूएल्को छोरो यिब्नियाह्को छोरो अनि ९
तिनिहरूका दाजुभाईहरू आफ्नु आफ्नु पुस्ता अनुसार् नौ से र छप्पन् जना ।
यि सबै आफ्ना आफ्ना पितृहरूका जहान् जहान् अनुसार् पितृहरूका
जहान्का मूल् मूलहरू थिये ॥

फेरि पूजाहारीहरूमांका यदायाह् यहोयारिब् याकीन् अनि १० ११
अजर्याह् हिल्कियाहको छोरो मशुल्लामको छोरो सादोक्को छोरो
मरायोत्को छोरो अहीतूबको छोरो ईश्वरको घरको मालिक् अनि १२
अदायाह यरोहामको छोरो पश्हूरको छोरो मल्कियाहको छोरो अनि मसै
अदीएलको छोरो यहजेराको छोरो मशुल्लाम्को छोरो मशिल्लेमीत्को
छोरो इम्मेरको छोरो अनि तिनका दाजुभाईहरू आफ्ना आफ्ना १३
पितृहरूको घर् घरका मूल् मूलहरू एक् हजार् सात से र साठी जना थिये
ईश्वरको घरको सेवाको कामको लागि खुब् सिपालु सिपालुहरू । फेरि १४
लेवीहरूमांका शमायाह् मरारीवंशी हश्शूबको छोरो अज्रीकाम्को छोरो
हशब्याहको छोरो फेरि बकबक्कर् हेरेश् र गालाल् र आसापवंशी १५
मत्तन्याह् मीकाको छोरो जिक्रीको छोरो फेरि ओबद्याह् शमायाह्को १६
छोरो गालाल्को छोरो यदूतन्को छोरो फेरि बेरेक्याह् आसाको छोरो
एल्कानाको छोरो जो नतोपातीहरूका बस्तीहरूमां बस्द थिये । फेरि १७
दुवार्पाल्हरू आफ्ना आफ्ना दाजुभाईहरू समेत शल्लूम् अक्कूब् तल्मोन् र
अहीमान् . शल्लूम् चहिं मूल् थियो जो अगाड़ि पूर्व तिर राजढोकामां १८
बस्ने गर्द थियो . लेवीवंशीहरूको छाउंनीका दुवारपाल्हरू यिनै थिये ।
अनि शल्लूम् कोरेको छोरो एब्यासापको छोरो कोरहवंशी त्यस्का दाजुभाईहरू १९
आफ्ना आफ्ना पितृहरूका जहान् जहान्का कोरही सेवाको काम्
मांथि अधिकार् गर्द थिये डेराका दुवार्पाल्हरू थिये . अनि तिनिहरूका

२० पित्रहरू यहूवेको छाउनी माथि मूल् ढोकाका दुवार्पाल्हरू थिये तादि
एलाजारको पुत्र पीनहास् जो सङ्ग यहूवे रहंद थियो तिनिहरूको मालिक
२१ थियो । मशलेम्याहको छोरो जकयाह् भेट् हुने डेराको दुवार्पाल् थियो ।
२२ ढोकाको लागि दुवार्पाल् हुनुलाइ छानीयेकाहरू दुइ सै बारह् जना
थिये । तिनिहरू आफ्ना आफ्ना बस्तीमां वंशावली अनुसार् गनीयेकाहरू
थिये जुन्हरूलाइ दाऊद् र शमूएल् दर्शीले तिनिहरूको ठहरायेको कामको
२३ लागि खटायेका थिये । त तिनिहरू र तिनिहरूका सन्तान् यहूवेको घर् अं
२४ डेराको घरका ढोकाको रूङाइं पहरा पहरागरिकन गर्द थिये । चारै पट्टि
२५ अर्थात् पूर्व पच्छिउं उत्तर् दक्खिन् तिर दुवार्पाल्हरू थिये । अनि
तिनिहरूका दाज्युभाइहरू जो बस्ती बस्ती देख साता साता तिनिहरूको
२६ पालो पालोमां तिनिहरू सङ्ग हुनुलाइ आउनु पर्द थियो . लेवीहरूमांका
चार् जना मूल् दुवार्पाल्हरू थिये तिनिहरू ठहराइयेका काम् काममां
थिये अनि इश्वरको घरमां भयेका कोठाहरू र भण्डारहरू सङ्ग थिये ।
२७ अनि तिनिहरू तिनिहरूलाइ जिम्मा दिइयेको कारन्ले इश्वरको घरको
छेउमां बस्द थिये अनि तिनिहरूले बिहान् बिहान् त्यो उघार्ने काम्
२८ गर्नु पर्द थियो । अनि तिनिहरूमांको कत्ति जनाको जिम्मामां सेवाका
भांड़ाबर्तन् राखायेका थिये कस गरिभन्या हिसाप् हिसापसरि लगीद
२९ थिये अनि ल्याइद थिये । अनि तिनिहरूमांका कत्ति जना सामिग्रीहरू र
पवित्र बासका सबै भांड़ाबर्तनहरू र असल् पिठो र दाखरस् र तेल् र
३० धूप् र सुगन्ध द्रव्य माथि खटाइयेका थिये । अनि पूजाहारीहरूका कत्ति
३१ जना छोराहरूले सुगंध द्रव्यको तेल् तियार् पार्द थिये । अनि मत्तित्याह्
नांउ भयेको एक् जना लेवी जो कोरही शल्लूमको जेठा छोरो थियो त्यो चढ़ाइ
३२ ताईमां पाल्न्यका सबै थोक् माथि खटाइयेको थियो । अनि कहात्वंशीहरूका
कत्ति जना तिनिहरूका भाइहरू भेटि रोटी त्यो बिश्राम् बिश्रामका दिनमां
३३ तियार् पार्नुका लागि खटाइयेका थिये । अनि जो जो गाउनेहरू
लेवीहरूका पित्रहरूका अहान् अहानका मूल् मूल् जुन्हरू कोठा कोठामां
बस्द थिये अनि अरू काम् देखि निश्चिन्त थिये त थिने हुन् . कमीगरिभन्या
३४ तिनिहरू दिन् रात् आफ्नु आफ्नु काम् गर्दै रह्थे । आफ्ना आफ्ना पुस्ता
गरि लेवीहरूका पित्रहरूका अहानका मूलहरू र मुखियाहरू थिने हुन् .
तिनिहरू यरूशलेममां बस्द थिये ॥

३५ अनि गिबोनमां गिबोनको बाबु यीएल् बस्द थियो जस्को स्वास्नीको
३६ नांउ माका थियो . अनि त्यस्को जेठो छोरो अब्दोन् र सूर् कीश् बाल् नेर् र
३७ नादाब् गदोर् अह्यो जेकर्याह् र मिक्लोत् अनि मिक्लोतले शिमामलाइ
३८ जन्मायो । अनि तिनिहरू पनि आफ्ना दाज्युभाइहरू सङ्ग आफ्ना
३९ दाज्युभाइहरूका सामु यरूशलेममां रहंद थिये । अनि नेरले कीशलाइ
जन्मायो कीशले शाऊललाइ अनि शाऊलले योनातान् मल्कीशू अबीनादाब्
४० र एश्बाल्लाइ जन्मायो । अनि योनातानको छोरो मरीब्बाल् थियो अनि

मरोब्बाल्ले मीकालाइ जन्मायो। अनि मीकाका छोराहरू पीतोन् मेलेक् ४१
तह्रे र आहाज्। अनि आहाज्ले याराला‌इ जन्मायो याराले आलेमेत् ४२
अज्मावेत् र जिम्रीलाइ अनि जिम्रीले मोसालाइ जन्मायो. अनि ४३
मोसाले बिनालाइ जन्मायो अनि बिनाको छोरो रपायाह् थियो अनि त्यस्को
छोरो एलासा अनि त्यस्को छोरो आसेल्. अनि आसेल्का छ भाई छोराहरू ४४
थिये जुन्हरूका नांउ यि हुन् अर्थात् अज्रीकाम् बोकरू यिश्माएल् शायाँह्
ओबद्याह् हानान्. यि सबै आसेल्का छोराहरू थिये ॥

(शाऊल्को मरण् र दाऊद्को राज्)

अब पलिश्तीहरूले इस्राएल् सित लड़ाइँ गर्दै थिये. अनि १० १
इस्राएल्का मान्छेहरू पलिश्तीहरूको सांमु देखि भाग्येर गिल्बो डांड़ामां
घायल् भयेर लड़्र। अनि पलिश्तीहरूले शाऊल् र त्यस्का छोराहरूलाइ २
धाइ धाइ खेद्दै लग्ये अनि पलिश्तीहरूले शाऊल्का छोराहरूलाइ अर्थात्
योनातान् अबिनादाब् र मल्कीशूलाइ मार्‍ये। अनि लड़ाइँ शाऊल्को ३
बिरुद्धमां सारो पर्‍यो अनि काड़्धनु हान्नेहरूले त्यस्लाइ भेट्टाये अनि धनु
हान्नेको कारणले त्यो अन्योल्मां पर्‍यो। तब शाऊलले आफ्नु हतियार् ४
बोकनेलाइ भन्यो आफ्नु तरवार् झिकेर मलाइ रोप् होइन भन्या ता ति
बिख्तनेहरूले आयेर मेरा निन्दा गर्नन्। तर त्यस्को हतियार् बोक्नेले
मान्येन किनभन्ये त्यो बिघ्न डरायो। येस्कारण् शाऊल् आफ्नु तरवार्
झिकेर त्यसमां आफै लड़ि रोपीयो। अनि जब त्यस्को हतियार् बोक्नेले ५
शाऊल्लाइ मर्‍येको देख्यो तब त्यो पनि आफ्नु तरवार्मां लड़ि रोपीयेर
मर्‍यो। येसोरिकन शाऊल् र त्यस्का तीन् भाई छोराहरू त्यस्का सबै ६
मान्छेहरू सङै मर्‍ये। अनि जब खोलामा भयेका इस्राएल्का सिंगै ७
मान्छेहरूले तिनिहरू भाग्ये छन् अनि शाऊल् र त्यस्का छोराहरू मर्‍ये छन्
भनि देख्ये तब तिनिहरू आफ्नु आफ्नु सहर् छोड़ेर भाग्ये अनि
पलिश्तीहरूले आयेर तिनमां बास् गर्‍ये ॥

अनि भोलि पल्टो येसो भया जब पलिश्तीहरू मारियेकाहरूलाइ ८
लूटि नंग्याउंनुलाइ आये तब तिनिहरूले शाऊल्लाइ र त्यस्का छोराहरूलाइ
गिल्बो डांड़ामां लड़ि रह्येका भेटाये। अनि तिनिहरूले त्यस्लाइ नंग्याये ९
वहांदेखि त्यस्को सिर् र त्यस्का हतियार् लिये अनि पलिश्तीहरूको देस्मां
चारै तिर तिनिहरूका देवता र लोगमां समाचार् लानुलाइ पठाइ दिये।
अनि तिनिहरूले त्यस्को हतियार् चइं आफ्ना देवताहरूको मन्दिर्मां १०
राख्ये अनि तिनिहरूले त्यस्को सिर् चइं दागोन्को घर्मां टांसि दिये।
अनि जब सिंगै याबेश्गिलाद् पलिश्तीहरूले शाऊल्लाइ येसो येसो गर्‍ये ११
भनि सुन्ये तब सबै बीरहरूले उठेर शाऊल्का र त्यस्का छोराहरूका १२
मुर्दाहरू लग्ये अनि याबेश्मां ल्यायेर तिनका हाड़्हरू याबेश्मां भयेको
झाउको बोट् मुनि गाड़ि दिये अनि सात् दिन् सम्म उपास् बस्ये। येसोरि १३

शाऊलले यहवेको बिरुद्धमां गर्येका अपराधको कारणले त्येझे यहवेको
बचन् न मान्येको कारणले अनि त्यस्ले बिजुवा सित त्यो सोधनी गर्येको
अनि यहवे सित सोधनी गर्नुलाइ सल्लाह् न मांग्येको कारणले मर्यो .
१४ येस्कारण् उस्ले त्येस्लाइ मार्यो अनि राज् चइं यिशैका छोरो दाऊद् तिर
ढल्काइ दियो ॥

११ १ तब सिंगै इस्राएलले हेब्रोन्मां दाऊद् थांइ आयेर येसो भन्ये हेर्नु
२ हवस् हामिहरु आफुका हाडू र आफुका मांसु हौं । अगाड़िनै पनि जब
शाऊल् राजा थिये तबै पनि आफुनै इस्राएल्लाइ बाइर भित्र लैजाने
ल्याउने हुनु हुंथ्यो . अनि आफुको ईश्वर् यहवेले आफुलाइ तंले मेरो
लोग् इस्राएल्लाइ चराउंछस् अनि तं इस्राएल् मांथिको मालिक् हुंछस्
३ भन्येर भन्येको थियो । त इस्राएल्का सिंगै प्राचान्हरु हेब्रोन्मां राजा
थांइ आये अनि दाऊद्ले तिनिहरु सङ हेब्रोन्मां यहवेका सांमु बाचा
बांध्यो अनि तिनिहरुले शमूएल्को बाटो आयेको यहवेको बचन् अनुसार्
४ दाऊद्लाइ इस्राएल् मांथि राजाभिषिक्त गर्ये । अनि दाऊद् र सिंगै
इस्राएल् यरुशलेम्मां (जो यबूस् हो) गये अनि त्यहां त्येस् देस्का बासी
५ यबूसीहरु थिये । अनि यबूस्का बासीहरुले दाऊद्लाइ तं यहां पस्न हुंदैन
भन्ये । तैपनि दाऊद्ले सिय्योन्का गढ़ लिहाल्यो जो दाऊद्को सहर्
६ हो । अनि दाऊद्ले भन्यो जस्ले यबूसीहरुलाइ पहिले मार्छ त्यो मूल् र
मालिक् हुंछ । तब सरुयाहको छोरो योआब् पहिले चढ्यो त त्यो मालिक्
७ तुल्याईयो । अनि दाऊद् त्येस् गढ़ामां पस्यो येस्कारण तिनिहरुले त्येसको
८ नांउ दाऊद्को सहर् राख्ये । अनि त्येस्ले मिल्लो देखि चारै पट्टि सहर्
९ बनायो अनि योआब्ले सहर्को बांकि मरम्मत् गर्यो । अनि दाऊद् बढ़्दै
बढ़्दै गयो कसोगरिभन्ये सेनाहरुको यहवे त्यो सङ थियो ॥

(दाऊद्का बीर्हरु)

१० अब दाऊद्का महाबीर्हरुका मूल्हरु यि हुन् जो सिंगै इस्राएल्
सङ त्येसको राज्मां त्येस्लाइ राजा तुल्याउनुलाइ त्यो सित बलियोगरि गर्द
११ थिये इस्राएल्को बिषयमां यहवेको बचन् अनुसार् । अनि दाऊद्का
महाबीर्हरुको गन्ति यि हुन् . हक्मोनीका छोरो याशोबाम् जो तीस्को
बीच्मां मूल् थियो जस्ले तीन् सै जना मांथि भाला चलायेर तिनिहरुलाइ
१२ एकै चोट मारि दियो । अनि त्येसको पछि अहोही दोदोको छोरो
१३ एलाजार् जो ति तीन् जना महाबीर्हरुमांको येउटा थियो । त्यो पस्दाम्मीमां
दाऊद् सङ थियो जहां पलिश्तीहरु लड़ाईको लागि भेला भयेका थिये
त्यहां जउबारी भयेको येउटा बारी थियो अनि मान्छेहरु पलिश्तीहरुको
१४ सांमु देखि भाग्ये । तब तिनिहरुले त्येस् चइं बारीको माझमां उभीइ रह्येर
बारी बचाये अनि पलिश्तीहरुलाइ काटि दिये अनि यहवेले तिनिहरुलाइ
१५ ठूलो जय गरायेर बचायो । फेरि ति तीस जना मालिक्हरुमांका तीन जना

अदूल्लाम्को ओढारमां दाऊद् थांइ पहरामां उत्रि गये अनि पलिश्तीहरूको
सेनाले रपाईहरूको तरिमां डेरा हाल्येका थिये । अनि त्येस् बेला दाऊद् १६
गढ़िमां थियो अनि त्यस् बेला पलिश्तीहरूको पहराचौकि बेत्लेहेममां
थियो । तब दाऊद्ले तिर्षणा गरि भन्यो हाय् कसैले मंलाइ ढोका निर १७
भयेको बेत्लेहेमको कुवाको पानी खांनु दिये ता हुंथ्यो । त ति तीन् जना १८
पलिश्तीहरूको सेना देखि वारपार् छिरि गयेर ढोका निर भयेको
बेत्लेहेमको कुवा देखि पानी भर्येर ल्याइ दाऊद्लाइ दिये. तर
दाऊद्ले त्यो पानी खांने मन् गर्येन तर त्यो परमेश्वरको सांमु खन्याइ दियो ।
अनि त्यस्ले भन्यो मैले येसो गर्नु मं देखि मेरो ईश्वर्ले पुनास् . के आफना १९
प्राण् हत्केलामां राखने मान्छेहरूको रगत् पउं . कसारि भन्ये तिनिहरूले
आफ्नु प्राण् हत्केलामां राख्येर त्यो ल्याये । येस्कारण् त्यो पाउंन मान्येन ।
येस्ता येस्ता काम् ति तीन् जना महावीरहरूले गर्ये । अनि योआबको भाइ २०
अबीशै ति तीन् जनामां मूल् थियो . किनभन्ये त्यस्ले तीन् से जना माथि
आफ्नु भाला उठायेर तिनिहरूलाइ मार्यो अनि ति तीन् जनाको बीचमां
नामी भयो । ति तीन् जनाको बीचमां त्यो अरु दुइ जना भन्दा बेसि २१
मानको थियो येस्कारण् त्यो तिनिहरूको मालिक् तुल्याईयो . तैपनि त्यो
ति तीन् जनाको खालमां ता पुग्येन । यहोयादाको छोरो बनायाह् जो २२
कब्सेल्को महावीरको छोरो थियो जस्ले महाकार्ज्य गर्येको थियो त्यस्ले
मोआबको अरीएल्का दुइ भाई छोराहरूलाइ मार्यो . त्येस् उप्रान्त त्यस्ले
उत्र्येर येउटा सिंहलाइ हिंउ पर्येको बेलामां खाड़ल् भित्र मारि दियो ।
अनि त्येस्ले येउटा ठूलो डाल्को अं पांच् हात् अग्लो भयेको मिस्रिलाइ २३
मार्यो . अनि मिस्रीको हातमां कपरा बुन्नेको मुरो जस्तो येउटा भाला
थियो तर त्यस्चाहिंले येउटा लाठो लिइ त्यो थांइ गइ मिस्रीको हात् देखि
भाला खोस्यो वहांदेखि त्येस्लाइ त्येसैको भालाले मारि दियो । येस्तै येस्ता २४
काम् यहोयादाको छोरो बनायाह्ले गर्यो अनि ति तीन् जना महावीरहरूको
बीचमां नामी भयो । त्यो ति तीन् जना भन्दा बेसि मानको थियो तैपनि २५
ति तीन् जनाको खालमां ता पुग्येन . अनि दाऊद्ले त्यस्लाइ आफ्नु सभाको
सभापति तुल्यायो ॥

त्यस् उप्रान्त पल्टनहरूका महावीरहरू अर्थात् योआबको भाइ २६
असाहेल् बेत्लेहेमी दोदोको छोरो एल्हानान् हरोरी शम्मोत् २७
पलोनी हेलेस् तकोई इक्केशको छोरो ईरा अनातोती अबीएजेर् २८
हूशाती सिब्बकै अहोही ईलै नतोपाती महरै र नतोपाती बानाको २९ ३०
छोरो हेलेद् बिन्यामीनवंशीको गिबाको रीबैको छोरो ईते ३१
पिरातोनी बनायाह् गाशका खोल्चाहरूको हूरै अराबाती अबीएल् ३२
बहूरूमी अज्मावेत् शाल्बोनी एल्यहबा गीजोनी हाशेमका छोराहरू ३३ ३४
पहरारी शागेको छोरो योनातान् हरारी साकार्को छोरो अहीआम् ३५
ऊरको छोरो एलीपाल् मकेराती हेपेर् पलोनी अहिय्याह् कर्मेली ३६ ३७

३८ हेस्रो एजबैको छोरो नारै नातानको भाई योएल हग्रीको छोरो
३९ मिभार् अम्मोनी सेलेक् बेरोती नहै जो सरूयाहको छोरो योआबको
४० ४१ हतियार बोक्ने थियो येतरी ईरा र गारेब् हित्ती ऊरिय्याह्
४२ अहलैको छोरो जाबाद् तीस जना समेत रूबेनी शीजाको छोरो
४३ अदीना जो रूबेनीहरूको येउटा मालिक थियो माकाको छोरो हानान्
४४ मितनी योशापात् अश्तारोती उज्जियाह् अरोएरी होतामका छोराहरू
४५ शामा र यीएल् शिम्रीको छोरो यदीएल् र त्येस्को तीसवासी भाई
४६ योहा महावी एलीएल् र एलनामको छोरो यरीबै र योशब्याह् र
४७ मोआबी यित्मा एलीएल् ओबेद् र मेसोबाबासी यासीएल् ॥

(दाऊद् थांइ आयेकाहरू)

१२ १ कीशको छोरो शाऊलको कारणले दाऊदले आफुलाइ थुनि राख्येको बेलामा त्यो थांइ सिक्लगमा आयेकाहरू यिनै हुन्. अनि
२ तिनिहरू महावीरहरूमांका र लड़ाईंमा त्येस्का गोहारहरू थिये। तिनिहरू धनु ठोक्रो भिर्नेहरू थिये अनि घुयांत्रोले ढुंगा र धनुले कांड् हान्नुमा दाहीनो बांउ दुवै हात् चलाउंनु सक्नेहरू थिये तिनिहरू बिन्यामीनबंशा-
३ हरूमांका शाऊलका दाज्युभाइहरू थिये। अर्थात् मूल् चइ अहीएजेर् तब योआश् थिये यि दुवै गिबावासी शमाका छोराहरू थिये फेरि अजमावेत्का
४ छोराहरू यजीएल् र पेलेत् फेरि बराका र अनातोती येहू गिबोना यिश्मायाह् जो तीसमांको एक् बीर् अनि ति माथि थिया फेरि यिर्मयाह्
५ यहजीएल् योहानान् गदेराती योजाबाद् एलूजै यरीमोत् बाल्याह्
६ शमर्याह् हारूपी शपत्याह् एलकाना यिश्शिय्याह् अजरेल् योएजेर
७ याशोबाम् सबै कोरहबंशी अनि गदोरी यरोहामका छोराहरू योएला
८ र जबद्याह्। अनि गादीहरूमांका कत्ति जनाले दाऊद् थांइ बनमा गढ़मा आफुलाइ छुट्यायेका थिये महावीरहरू लड़ाइंका लागि सिक्येकाहरू ढाल् र भाला खलाउंनु सक्नेहरू जुनहरूका मोहाड़ा सिंहका मोहोड़ा जस्ता थिये अनि तिनिहरू पहाड़मा भयेका मुडुला मिर्गका जस्ता छिटो गोड़ा
९ भयेकाहरू थिये अर्थात् मूल् चइ एजेर् दोस्रो ओबद्याह् तास्रो
१० ११ एलीआब् चौथो मिश्मन्ना पांचौं यिर्मयाह् छैठों अत्तै सातौं
१२ १३ एलीएल् आठौं योहानान् नवं एलजाबाद् दसौं यिर्मयाह् अनि
१४ एघारौं मकबन्नै। गादबंशीहरूमांका यि मान्छेहरू सेनापति थिये. सब भन्दा सानु चइ एक् सै जतिका थियो अनि सबै भन्दा ठुला चइ एक् हजार्
१५ जतिको थियो। पहिला महीनामा जब यर्दन् आफना सबै पहराहरू माथि माथि बहंद थियो त्येस् बेलामा पारि तीर जानेहरू यि हुन् जुनहरूले
१६ पूर्ब तिर र पच्छिउं तिरका तीर तरिका सबै जनालाइ बगाइ दिये। अनि बिन्यामीनबंशीहरू र यहूदाबंशीहरूमांका पनि गढ़मा दाऊद् थांइ आये।
१७ अनि दाऊद् तिनिहरूलाइ भेटनुलाइ निक्ल्यो वहांदेखि तिनिहरूलाइ

उत्तर् दिइ भन्यो तिमिहरु मं थांइ. मेरो गोहार् गर्नुलाइ कुशल् सित
आयेका छौ भन्ये देखि मेरो मन् तिमिहरु सङ टांसिंछ तर मंलाइ मेरा
बिरोधिहरुलाइ पकराइ दिंनुलाइ आयेका छौ भन्ये देखि त मेरो हात्मां
दोष् न भयेको कारणले हांमिहरुका पित्रहरुका ईश्वर्ले यो हेरिकन
हकारोस्। तब ति तीस् जनाको मुखिया हुंने अमासै मांथि आत्मा पऱ्यो १८
तब त्यस्ले भन्यो आफुके हौं हे दाऊद् अनि आफुके पट्टि हे यिशैका छोरा.
कुशल् आफुके कुशल् अनि आफुके गोहारेको कुशल् हवस् किनभन्ये आफुके
ईश्वर्ले आफुके गोहार् गर्दछ। तब दाऊद्ले तिनिहरुलाइ ग्रहण् गरि
गट्ठा कमान् तुल्यायो। फेरि जब दाऊद् पलिश्तीहरु सङ शाऊल्को बिरुद्धमां १९
लड़ाइंमा निस्कि गयो तब मनश्शेमांका पनि कत्ति जना दाऊद्को पट्टि
लाग्ये तर तिनिहरु तिनिहरुको गोहारमां गयेनन्. किनभन्ये पलिश्तीहरुका
मालिक्हरुले सल्लाह् गरि त्यस्को बिषयमां कोनि त्यो आफ्नु स्वामी शाऊल
पट्टि फर्कों भन्ये हांमिहरुको सिर् काटौंने डर् हुंछ भन्येर त्यस्लाइ फर्काइ
पठाये। तब त्यो सिक्लगमां जांने बेलामां त्यस्लाइ मनश्शेमांका अद्नाह् २०
योजाबाद् यदीएल मीकाएल योजाबाद् एलीहू र सिल्लते जो मनश्शेको
सहस्रपति थिये त्यो पट्टि लाग्ये। अनि तिनिहरुले आइ लाग्ने गट्ठाको २१
बिरुद्धमां दाऊद्को गोहार् गर्थ्ये. किनभन्ये तिनिहरु सबै महावीरहरु र
सेनामां मालिक्हरु थिये। कमोगरिभन्ये दिनहूं दाऊद् थांइ त्यस्को २२
गोहार् गर्नुलाइ कत्ति जना आउंदै रहंद थिये त्यो ईश्वर्को सेना जस्तो
ठुलो ठुलो सेना न होउंज्याल् सम्म ॥

फेरि लड़ाइंका लागि हतियार् भिर्येकाहरु जो दाऊद् थांइ हेब्रोनमां २३
यहवेको बचन् अनुसार् शाऊल्को राज् त्यो तिर फर्काउंनलाइ आयेका
थिये ति मुखिया मुखियाहरुका गन्ति यिनै हुन्। यहूदावंशीहरुमांका २४
ढाल् र भाला बोक्नेहरु छ हजार् र आठ् सै जना लड़ाइंका लागि हतियार्
भिर्नेहरु थिये। शिमियोन्वंशीहरुमां लड़ाइंको लागिका महावीरहरु सात् २५
हजार् र एक् सै जना। लेवीवंशीहरुमांका चार् हजार् र सात् सै जना। २६
अनि हारुन्वंशीका मूल् यहोयदा थियो जस्को साथमां तीन् हजार् र सात् २७
सै जना थिये अनि सादोक् नांउ भयेको एक् जना जुवान् महावीर् र २८
त्यस्को बाबुको घरानमांका बाईस् कप्तानहरु। अनि बिन्यामीनवंशीहरुमांका २९
शाऊल्का दाज्युभाईहरु तीन् हजार् जना. किनभन्ये एले सम्म तिनिहरुमांका
धेर् जसो लाग्ने शाऊल्को घर्को रक्षा गर्द थिये। अनि एप्रैम्वंशीहरुमांका ३०
बीस् हजार् र आठ् सै महावीरहरु आफ्ना आफ्ना पित्रहरुको घरानमां
नांउ चल्येकाहरु थिये। अनि मनश्शेको आधा कुल्काहरु अठार् हजार् ३१
थिये जो दाऊद्लाइ राजा तुल्याउंनुको लागि आउंनुलाइ नांउ नांउगरि
काढ़ियेकाहरु थिये। अनि इस्साकारवंशीहरुमांका जो त्यस् बेला इस्राएलले ३२
के गर्नु पर्छ भंनि समै बूझ्नेहरु थिये त्यस्ताहरु दुइ सै जना मुखियाहरु र
तिनिहरुका दाज्युभाईहरु तिनका कुरामां रहंद थिये। जबलूनमांका जो ३३

सेनामां निस्कि जांनु सक्नेहरु थिये अनि लड़ाईंका सबै रकम्का हतियार्हरु
लियेर पाङ्ति पाङ्ति बांधींनु सक्द थिये पचास् हजार् जना थिये जो दोमन्
३४ न भइकन पाङ्ति बांधींनु सक्द थिये। अनि नप्तालीमांका एक् हजार्
कप्तान्हरु र तिनिहरु सित ढाल् र भाला लियेकाहरु सैंतीस् हजार् जना।
३५ अनि दानीहरुमांका जो लड़ाईंमां पाङ्ति बांधींनेहरु थिये अट्ठाईस् हजार् र
३६ छ सै जना। अनि आशेर्मांका जति जना छाउंनीमां निस्कि जांने माफिक्का
३७ थिये अनि पाङ्तिमां बांधींनु सक्नेहरु थिये चालीस् हजार् जना। अनि
यर्दन्को पारि पट्टिका रुबेनीहरुमांका र गादीहरुमांका र मनश्शेको आधि
कुल्मांका लड़ाईंको लागि लड़ाईंका सबै रकम्का हतियार्हरु भिर्येर
३८ निक्लने एक् लाख् र बीस् हजार्। ति सबै अर्थात् लड़ाईंका मान्छेहरु जो
पाङ्तिमां बांधींद थिये हेब्रोन्मां सिद्ध मन्का भयेर आये दाऊद्लाइ सिंगै
इस्राएल् मांथि राजा तुल्याउंनुको लागि. अनि इस्राएल्का रहल्हरु चइं
३९ पनि दाऊद्लाइ राजा तुल्याउंनुको विषय्मां एकै मन्का थिये। अनि
तिनिहरु त्यहां तीन् दिन् सम्म दाऊद् सङ खानापीना गर्दै रह्ये. कसोगरिभन्ये
४० तिनिहरुका भाईहरुले तिनिहरुका लागि तियार् पार्येका थिये। येस् उप्रान्त
तिनिहरुको नजिक् नजिक् रहंनेहरुले अं इस्साकार् जबूलून् र नप्ताली
सम्म काहरुले गदाहा ऊंट् खच्चर् र गोरुहरु मांथि बोकाइकन रोटी र
अन्नका सामल्तुमल् र नेभाराका भक्नाहरु र किस्मिस्का झुप्पाहरु
र दाखरस् र तेल् र गोरु भेंड़ाहरु परस्तगरि ल्यायेका थिये. किनभन्ये
इस्राएल्मां रमाहट् थियो॥

(सम्पट् यरूशलेम्मां ल्याईंनु)

१३ १ अनि दाऊद्ले सहस्रपति र सेनापति अं जनंगे मालिक्हरु
२ सित सल्लाह् लियो। अनि दाऊद्ले इस्राएल्को सिंगै सेनालाइ भन्यो
आफुहरुलाइ जाति लाग्यो भन्ये अनि हांमिहरुको ईश्वर् यहवेको पट्टि बाटो
भयो भन्ये त हांमिहरु इस्राएल् देस्का सबै खण्ड खण्डमां हांमिहरुका
दाज्युभाईहरु जहां जहां रहंद छन् जुनहरु सङ पूजाहारीहरु र लेवीहरु
आफ्ना आफ्ना खर्क समेत्का सहर्मां रह्यका छन् ति सबै थांइ खबर्
३ पठाव हांमिहरु सङ भेला हव भनि. र हांमिहरु आफ्नु ईश्वर्को
सम्पट् ल्याऊं. किनभन्ये शाऊल्का दिनमां त्येस् सित सोधनी गर्येका
४ छौंन। तब सिंगै सभाले येसै गर्छौं भन्येर भन्ये. किनभन्ये यो कुरो सिंगै
५ सभाको सांमु ठीक् लाग्यो। त दाऊद्ले सिंगै इस्राएल्लाइ मिस्रको
खोल्चा शीहोर् देखि हमात्को पस्ने गौंड़ा सम्मका लोगलाइ ईश्वर्को
६ सम्पट् किर्यत्‌यारीम् देखि ल्याउंनुलाइ भेला गरायो। त दाऊद् सिंगै
इस्राएल् समेत् यहूदामां भयेको बालामां अं किर्यत्यारीम्मां चढि गयो
वहां बाटो ईश्वर्को सम्पट् जो त्यो चइं नांउ अर्थात् करूब्हरुको बीच् मांथि
[illegible] नांउ भनींने थियो त्यो चइं ल्याउंनुलाइ। त तिनिहरुले

ईश्वर्को सम्पट् येउटा नया गाड़ीमां बसाल्येर अबीनादाब्को घर् देखि
ल्याये. अनि उज्जा र अह्योले त्यो गाड़ी चलाये। अनि दाऊद् र सिंगै ८
इस्राएल्ले यह्वेको सांमु पूरो बल्ले बजाउंद थिये. अं गीत् गाउंद थिये
अनि बीणा र सितार् र मृदंग् र झ्यामटा र नरसौ बजाउंद थिये। अनि ९
तिनिहरु कीदोन्को खला निर आइ पुगदा गोरुहरुले ठोकर् खायेको
कारणले उज्जाले आफ्नु हात् पसारि सम्पट् समाति थाम्यो। तब यह्वेको १०
रिस् उज्जा मांथि उठ्यो अनि त्यस्ले आफ्नु हात् सम्पट् मांथि पसार्येको
कारणले उस्ले त्यस्लाइ मार्यो. अनि त्यो ईश्वर्को सांमु त्यहां मर्यो।
तब यह्वे उज्जा मांथि फुटि उठेको कारणले दाऊद् नराज् भयो. र त्यस्ले ११
त्यस् ठांउको नांउ पेरेसुज्जा[1] राख्यो जो आजु सम्म छ। अनि त्यस् दिन् १२
दाऊद्ले ईश्वर् देखि डरायेर भन्यो म ईश्वर्को सम्पट् कसोगरि आफु थांइ
ल्याउं। त दाऊद्ले सम्पट् आफु थांइ दाऊद्को सहर्मां सार्येन तर १३
गात्ती ओबेदेदोम्को घर्मां लग्यो अनि ईश्वर्को सम्पट् ओबेददोम्को १४
जहान् सङ त्यस्को घर्मां तीन् महीना सम्म रह्यो. अनि यह्वेले
ओबेदेदोम्को घर्लाइ अनि ज्ये ज्ये त्यस्का थिये ति सबैलाइ आशीष् दियो॥

अनि सोर्को राजा हीराम्ले दाऊद् थांइ दूत्हरु र देवदारु १४ १
रुखहरु र गारोकर्म्मीहरु काठकर्म्मीहरुलाइ पठाइ दियो त्यस्को लागि
येउटा महल् बनाउंनुलाइ। अनि दाऊद्लाइ यह्वेले मंलाइ इस्राएल् २
मांथि राजा स्थिर् गर्‍यो अनि उस्ले आफ्नु लोग् इस्राएल्को कारणले
मेरो राज् अलग्यायो भनि थाहा पायो॥

अनि दाऊद्ले यरुशलेम्मां अरु स्वास्नीहरु लियो. अनि दाऊद्का ३
अरु पनि छोराछोरी जन्मे। अनि त्यस्का यरुशलेममां जन्म्येकाहरुका नांउ ४
यि हुन् अर्थात् शम्मू शोबाब् नातान् सुलैमान् यिभार् एलीशू ५
एल्पेलेत् नोगह् नेपेग् यापी एलीशामा एल्यादार् र एलीपेलेत्॥ ७

अनि जब पलिश्तीहरुले दाऊद् सिंगै इस्राएल् मांथि राजाभिषिक्त ८
गरीयो अरे भन्येका सुन्ये तब सिंगै पलिश्तीहरु दाऊद्लाइ खोज्नुलाइ
चढि गये. अनि दाऊद् यो कुरो सुन्येर तिनिहरुको बिरुद्धमां जाइ लाग्यो।
तब पलिश्तीहरु आयेर रपाईम्को तरिमां आइ लागे। अनि दाऊद्ले येसो ९
भनिकन यह्वे सित सोधनी गर्‍यो क्य म पलिश्तीहरुको बिरुद्धमां चढि
जाउं. क्य तपांइले तिनिहरुलाइ मेरो हात्मां सुम्पि दिनु हुंछ। अब १०
यह्वेले त्यस्लाइ भन्यो चढि जा किनभन्ये म तिनिहरुलाइ तेरो हात्मां
सुम्पि दिंछु। तब तिनिहरु बाल्परासीम्मां चढि आये अनि दाऊद्ले ११
तिनिहरुलाइ त्यहां मार्‍यो अनि दाऊद्ले भन्यो यह्वेले मेरा सत्रुहरुलाइ
मेरो सांमु पानीको फुटाई झैं फुटाई दियो। येस्कारण तिनिहरुले त्यस्
ठांउको नांउ बाल्परासीम[2] राख्ये। अनि तिनिहरुले आफ्ना मूर्त्तिहरु त्यहां १२

[1] अर्थात् उज्जा मांथि फुटाइ। [2] अर्थात् फुटाईयेको ठांउ।

छोड़ेर त दाऊद्ले आज्ञा दियो त ति आगोले डड़ाईये। अनि पलिश्तीहरु
१३ १४ फेरि पनि तरिमां आइ लाग्ये। अनि दाऊद्ले ईश्वर् सित सोधनी गर्यो
तब ईश्वर्ले भन्यो तिनिहरुको पछि चढ़ि न जा. तिनिहरु देखि घुम्येर
१५ किम्बूको रुखको सांमु बाटो तिनिहरु मांथि जाइ लाग्। अनि येसो हुंछ
जब तैंले किम्बूको रुखको याप्नि याप्नि बाटो मान्छे हिंड़ेको सोर् सुन्छस्
तब लड़ाईमां निक्लि जा. किनभन्ये ईश्वर् तेरो अघि अघि पलिश्तीहरुको
१६ सेनालाइ मांर्नुको लागि निक्लि जांद छ। त दाऊद्ले जस्तो आज्ञा ईश्वर्ले
त्येस्लाइ गर्येको थियो त्यसै गर्यो. अनि तिनिहरुले पलिश्तीहरुको
१७ सेनालाइ गिबोन् देखि गेजेर् सम्म मांर्ये। अनि दाऊद्को किर्त्ति सबै
देसमां फिजीयो अनि यहवेले त्येस्को डर् लोग् लोग् मांथि हाल्यो॥

१५ १ अनि दाऊद्ले दाऊद्को सहर्मां घर्हरु बनायो अनि ईश्वर्को
सम्पट्को लागि पनि ठांउ तियार् पार्यो अनि त्येस्को लागि येउटा डेरा
२ उभ्यायो। तब दाऊद्ले भन्यो लेवीहरु देखि बाहिक् कसैले ईश्वर्को
सम्पट् बोक्नु हुंदैन. किनभन्ये तिनिहरुचइंलाइ यहवेले ईश्वर्को सम्पट्
बोक्नुलाइ र उस्को लागि सदाभरिको सेवा गर्नुको लागि छान्येको छ।
३ वहांदेखि दाऊद्ले यहवेको सम्पट् त्येस्ले त्येस्को लागि तियार् पार्येको
ठांउमां उठाइ ल्याउंनुलाइ सिंगै इस्राएल् यरुशलेममां भेला गरायो।
४ ५ अनि दाऊद्ले हारुन्वंशीहरु र लेवीहरुलाइ भेला गरायो. अर्थात् कहात्-
वंशीहरुमांको ऊरीएल् मुखिया र त्येस्का एक् सै र बीस् दाजुभाईहरु.
६ मरारीवंशीहरुमांको असायाह् मुखिया र त्येस्का दुइ सै र बीस दाजुभाईहरु.
७ गर्शोन्वंशीहरुमांको योएल् मुखिया र त्येसका एक् सै र तीस् दाजुभाईहरु.
८ एलीसापान्वंशीहरुमांको शमायाह् मुखिया र त्येस्का दुइ सै दाजुभाईहरु.
९ हेब्रोन्वंशीहरुमांको एलीएल् मुखिया र त्येस्का असी दाजुभाईहरु.
१० उज्जीएल्वंशीहरुमांको अम्मीनादाब् मुखिया र त्येस्का एक् सै र बाह्र
११ दाजुभाईहरु। तब दाऊद्ले सादोक् र एब्यातार् पूजाहारीहरुलाइ र ऊरीएल
असायाह् योएल् शमायाह् एलीएल् र अम्मीनादाब् नांउ भयेका लेवीहरुलाइ
१२ बोलायो अनि तिनिहरुलाइ भन्यो तिमिहरु चइं लेवीहरुका पित्रहरुको
घर् घरका मूल् मूलहरु हो. तिमिहरुले आफना दाजुभाईहरु समेत् आफु
आफुलाइ पवित्र गर र तिमिहरुले इस्राएलको ईश्वर् यहवेको सम्पट् मैंले
१३ त्येस्को लागि तियार् पार्येको ठांउमां उठाइ ल्याव। किनभन्ये तिमिहरुले त्यो
पहिलो खेप् न बोक्येको कारणले हांमिहरुको ईश्वर् यहवेले हांमिहरुले
उस्लाइ बिधि अनसार् न खोज्येको कारणले हांमिहरु मांथि फुटाई दियो।
१४ त पूजाहारीहरुले र लेवीहरुले आफु आफुलाइ इस्राएलको ईश्वर् यहवेको
१५ सम्पट् उठाइ ल्याउंनुलाइ पवित्र गर्ये। मूसाले यहवेको बचन् अनसार्
आज्ञा गर्येको झैं लेवीवंशीहरुले ईश्वर्को सम्पट् त्येसमां भयेका डांड़िहरु
१६ समेत् आफनु आफनु कांधमां हालि उठाइ बोक्ये। तब दाऊद्ले लेवीहरुका
मुखियाहरुलाइ भन्यो तिमिहरुले आफना गीत् गाउंने भाईहरुलाइ भांति

भांतिका बाजाहरु र सितार् र बीणा र झ्याम्टाहरु सारो सारो बजाउंदै र
रमाहट् सङ आफ्नु सोर् उठाउंनु भनि खटाव। त लेवीहरुले योएल्को १७
छोरो हेमान् र त्येस्का दाज्युभाईहरु बेरेक्याह्को छोरो आसाप् र त्येस्का
दाज्युभाईहरु मरारीबंशीहरुमांको कूशायाह्को छोरो एतान्लाइ खटाये।
अनि तिनिहरु सङ तिनिहरुले आफ्ना दोस्रा दर्जाका दाज्युभाईहरुलाइ १८
अर्थात् जकर्याह् बेन् याजीएल् शमीरामोत् यहीएल् उन्नी एलीआब् बनायाह्
मासेयाह् मत्तित्याह् एलीपलेहू मिक्नेयाह् र ओबेद्दोम् र योएल्लाइ
दुवारपाल् खटाये। त हेमान् आसाप् र एतान् गाउंनेहरुमां पीतलका १९
झ्याम्टा बजाइ बजाइकन राग् उचाल्नुलाइ अनि जकर्याह् अजीएल् २०
शमीरामोत् यहीएल् उन्नी एलीआब् मासेयाह् र बनायाह् अलामोत् भनीने
रागमां सितार् बजाउंनुलाइ अनि मत्तित्याह् एलीपलेहू मिक्नेयाह् २१
ओबेद्दोम् यीएल् र अजज्याह् शिमीनीत् भनीने रागमां बीणा बजाउंनुलाइ
खटाईये। कनन्याह् चइं लेवीहरुको मुखिया राग् उठाउंनुमां थियो. त्यो २२
सिपालु भयेको कारणले राग् उठाउंने बिषयमां सिकाउंने थियो। अनि २३
बेरेक्याह् र एल्काना सम्पट्को लागि दुवारपाल् थिये। अनि शबन्याह् २४
योशापात् नतनेल् अमासै जकर्याह् बनायाह् र एलीएजेर् पूजाहारीहरुले
ईश्वरको सम्पट्का अघि अघि तुरही बजाउंदै रहंद थिये. अनि ओबेद्दोम्
र यहिय्याह् सम्पट्को लागि दुवारपाल् थिये। त दाऊद् र इस्राएल्का २५
प्राचीनहरु र सहस्रपतिहरुले गयेर यहवेको नियमको सम्पट् ओबेद्दोम्को
घर् बाटो हर्ष सङ ल्याउंनुलाइ गये. अनि यसो भयो जब ईश्वरले यहवेको २६
नियमको सम्पट् बोक्ने लेवीहरुलाइ गोहार् गर्‍यो तब तिनिहरुले सात्
बहर् र सात्वटा थुमाहरु बलि चढाये। अनि दाऊद् र सम्पट् बोक्ने सबै २७
लेवीहरु र गाउंनेहरु र राग् उठाउंने कनन्याहले पाट्कपराको लबेता
लायेका थिये. अनि दाऊदले चइं पाट् कपराको एपोद् लायेको थियो।
येसोरि सिंगै इस्राएलले कराउंदै नरसींगा र तुरही र झ्याम्टा बजाउंदै र २८
मृदङ्ग र बीणा सारा सारो बजाउंदै यहवेको नियमको सम्पट् उठाइ
ल्याये। अनि यसो भयो जब यहवेको नियमको सम्पट् दाऊद्को सहर्मां २९
आइ पुग्यो तब शाऊल्को छोरी मीकलले झ्याल् बाटो हेर्येर दाऊद्
राजालाइ उफ्रन्दै र घुमि घुमि नाच्दै गर्‍येको देखी तब त्येस्ले आफ्नु
मनमां त्येस्को निन्दा गरी। अनि तिनिहरुले ईश्वरको सम्पट् भित्र ल्याये १६ १
वहांदेखि त्येस्को लागि दाऊद्ले उभ्यायेको डेरा भित्र त्येस्को ठांउमां राख्य.
अनि तिनिहरुले ईश्वरको सांमु होमबलि र मिलापबलि चढाये। अनि २
जब दाऊद्ले होमबलि र मिलापबलि चढाइ सक्येको थियो तब त्येस्ले
लोगलाइ यहवेको नांउले आशीर्बाद् गर्‍यो। वहांदेखि त्येस्ले इस्राएल्को ३
सिंगै मंडलीलाइ लोग्नेमान्छेहरु र स्वास्नीमान्छेहरु सबैलाइ एक् एक्वटा
रोटी र एक् एक् चोक्टा मांसु र सुक्येको दाखको एक् एक्वटा भकना
बांढि दियो॥

४ अनि त्यस्ले लेवीहरूमांका कति जनालाइ यहवेको सम्पटको सांमु
सेवा गर्नुलाइ इस्राएलको ईश्वर् यहवेको चर्चा र धन्नबाद् र स्तुति
५ गर्नलाइ खटायो . मुखिया बई आसाप् अनि त्यस् देखि मुनिकाहरू मृदङ्ग
वीणा बजाउंनुलाइ जकर्याह् यीएल् शमीरामोत् यहीएल् मतित्याह्
एलीआब् बनायाह ओबेदेदोम् र यीएल् अनि झ्याम्टा सारो सारो
६ बजाउंनुलाइ आसाप् अनि बनायाह् र यहजीएल् पूजाहारीहरू
ईश्वरको नियमको सम्पटको सांमु नरही सदा बजाउंनुलाइ खटायो ॥
७ तब त्यस् दिन् दाऊदले आसाप् र त्यस्का भाईहरूको बाटोले यहवेको
धन्नबाद् गर्नलाइ पहिलो खटन् गरि दियो ।

८ यहवेलाइ धन्नबाद् गर उस्को नांउ प्रचार् गर
लोग् लोगको बीचमां उस्को महाकार्य्यको चर्चा गर ।
९ उस्को लागि गाव उसको भजन् गाव
उस्का सबै उदेकका कामको ध्यान् गर ।
१० उस्को पवित्र नांउमां अहंकार् गर .
यहवेलाइ खोजनहरूका हिर्दय् रमाउन्
११ यहवे र उस्को सामर्थ खोज
सधं उसको दर्शनको खोज् गर ।
१२ उसले गर्याका उस्का उदेकका काम् सम्झ
उसका आश्चर्य्यकर्म्म र उस्को मुखका नियाबचनहरू
१३ हे उस्को दास् इस्राएलका बंश हो
हे याकूबका छोराहरू उस्का छानीयेकाहरू हो ।
१४ उइ यहवे हामिहरूको ईश्वर् हो
उस्का नियाबचनहरू सिंगै पृथीवीमां छन् ।
१५ उस्का नियम् सधं सम्झ
उसले एक् हजार् पुस्तालाइ आज्ञा गर्याको बचन्
१६ उसले अब्राहाम् सित बांध्याको नियम्
अनि इसहाक् सित खायेको उस्को किरिया
१७ जो उसले बिधि हुंनुको लागि याकूब् सित स्थापित् गर्यो
अनि सनातन् नियम् हुंनुको लागि इस्राएल् सित .
१८ तंलाइ कनान्को देस् दिंछु
तिमिहरूको अधिकारको भागगरि भन्या .
१९ जब गन्तिमां थोरे मात्रै थियौ
अं बिघ्रै थोर् अनि त्यस्मां परदेसीहरू मात्रै
२० अनि तिनिहरू लोग् देखि लोग् थांइ डुल्द फिर्द थिये
अनि एक् राज् देखि अर्को पर्जा थांइ ।
२१ उसले कसैलाइ तिनिहरूलाइ मिचेडैं गर्नु दियेन
अं तिनिहरूको कारणले उसले राजाहरूलाइ पनि हकार्यो

मेरो अभिषिक्तहरूलाइ न छोव २२
अनि मेरा अगमवक्ताहरूको हानि न गर भन्दै ।
हे सिंगै पृथिवी यहवेको लागि गाव २३
दिन् दिन् उस्ले गर्याका मुक्ति प्रचार् गर ।
उस्को महिमा लोग् लोगको बीच्मां बखान २४
उस्का उदेक् उदेकका काम् सबै लोगको बीच्मां
किनभन्ये यहवे महा र स्तुतिको अग्घोर् योग्य छ २५
उ चइं सबै देवताहरू भन्दा डराउंने योग्य छ ।
किनभन्ये लोग् लोगका सबै देवताहरू कोइ पनि होइनन् . २६
तर स्वर्गको सृष्टि ता यहवेलेनै गर्यो ।
उस्को सांमु मान् र महातम् छन् २७
सामर्थ र रमाहट् उस्कै ठांउमां ।
हे लोग् लोगका जहानहरू हो यहवेको लागि २८
यहवेको लागि प्रताप् र सामर्थ देव ।
यहवेको लागि उसको नांउको लागि माफिकको प्रताप् देव . २९
भेटि लियेर उस्को सांमु आव .
पवित्रैइँको सुन्दरैइँमां यहवेलाइ दंडवत् गर ।
हे सिंगै पृथिवी उसको सांमु कांम् . ३०
पृथिवी पनि त्यो न चल्नेगरि स्थिर् भयेको छ ।
स्वर्गले आनन्द गरोस् अनि पृथिवी रमावस् ३१
अनि यहवेले बिराजइ छ भनि लोग् लोगको बीच्मां भनुन् ।
समुन्द्र र त्यस्को भरपूरैइँ गर्जन् ३२
जिमीन् र त्यस्मां भयेका सबैले रमाहट् गरुन् ।
तब बनका सबै रुखहरूले यहवेको सांमु आनन्दको कारण् गाउन् ३३
किनभन्ये उइ पृथिवीको निया गर्नुलाइ आउंने छ ।
यहवेको लागि धन्नबाद् गर किनभन्ये उइ भलो छ . ३४
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ ।
अनि येसो भन् हे हांमिहरूको मुक्ति गर्ने ईश्वर् हांमिहरूलाइ मुक्ति ३५
दिनु हवस्
अनि हांमिहरूलाइ भेला गरायेर लोग् लोग् देखि छोड़ाउंनु हवस्
तपांइको पवित्र नांउको धन्नबाद् गर्नुलाइ
र तपांइको स्तुतिमां रमाउंनुलाइ
धन्नको हो इस्राएलको ईश्वर् यहवे सनातन् देखि सनातन सम्म ॥ ३६
यो सुन्येर सबै लोगले आमेन् भन्ये अनि यहवेको स्तुति गर्ये ॥
तब दाऊदले त्यहां अं यहवेको नियमको सम्पटको सांमु आसाप् र ३७
त्यस्का दाज्युभाईहरूलाइ दिनहूंको कामको खांचो अनुसार् सम्पटको
सांमु सदा सेवा गर्नुलाइ छोड़ि दियो . अनि ओबेदेदोम् त्यस्का सड़सठ ३८

दाज्युभाईहरु समेत् र यदूतून्को छोरो ओबेदेदोम् र होसालाइ पनि
३९ दुवार्पाल् हुंनुलाइ . अनि गाबोन्मां भयेको अलगो ठांउमां जो यहवेको
बासस्थान् थियो त्येस्को सांमु सादोक् पूजाहारी र त्येस्का दाज्युभाई
४० पूजाहारीहरुलाइ सांझ् बिहान् सधैं होमबलिको बेदिमां यहवेको
लागि होमबलि चढाउंनुलाइ अं यहवेले इस्राएल्लाइ आज्ञा दियेको
४१ उस्को व्यवस्थामां लेख्येका सबै कुरा अनुसार् अनि तिनिहरु सङ
हेमान् र यदूतून् र छानीयेका बांकिहरु नांउ काड़ि काड़िकन यहवेको
४२ धन्नबाद् गर्नुलाइ किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ अनि
तिनिहरु सङ हेमान् र यदूतून्लाइ ति सारो गारो बजाउंनेहरुको लागि
तुरही र झयाम्टा र ईश्वर्को गीत्को लागि बाजा . अनि यदूतून्का छोराहरु
४३ ढोकामां बस्नुको लागि । वहांदेखि सिंगै लोग् आफ्नु आफ्नु घर्मां
हिंड़ि गये . त्येस् पछि दाऊद् आफ्नु जहान्लाइ आशीष् दिंनुलाइ फर्क्यो ॥

(दाऊद्ले मन्दिर् बनाउंने इच्छे गर्दे छ)

१७ १ अनि येसो भयो जब दाऊद् आफ्नु महल्मां बस्येको थियो तब
दाऊद्ले नातान् अगमबक्तालाइ भन्यो हेर्नु हवस् मं चइं देवदारुकाठ्को
२ महल्मां बस्द छु तर ईश्वर्को सम्पट् भन्ये पालमुनि रहंद छ । न नातान्ले
दाऊद्लाइ भन्यो आफ्नु मनमां भयेका सबै कुरा गर्नु किनभन्ये ईश्वर् आफु
३ सङ छ । अनि त्येसै रात् येसो भयो ईश्वर्को बचन् येसो भन्दै नातान्
४ थाइ आयो गयेर मेरो दास् दाऊद्लाइ भन् यहवेले येसो भन्द छ तैंले मेरो
५ लागि मेरो बस्नुको लागि येउटा घर् बनाउंनु हुंदैन . किनभन्ये जस् दिन् मैले
इस्राएल्लाइ चढ़ाइ ल्यायें त्येस् दिन् देखि आजु सम्म घर्मां मं बस्येको
छुइंन तर डेरा देखि डेरा सम्म र बासस्थान् देखि बासस्थान् सम्म हिंड़्दै
६ रह्येको छु । मं सिंगै इस्राएल् सित जुन् जुन् ठांउमां हिंडेंर क्ये मैले
आफ्नु लोग्लाइ चराउंनुलाइ आज्ञा दियेको इस्राएल्का बिचारीहरुमांको
कसै सित तिमिहरुले मेरो लागि देवदारुकाठ्को घर् किन बनायेका छौन
७ भनि कुरा गर्येको छु । त अब मेरो दास् दाऊद्लाइ येसो भन् सेनाहरुको
यहवेले येसो भन्द छ मैले तंलाइ भेंड़ागोठ् देखि भेंड़ाबाख्राको पछि पछि
हिंड्नु देखि ल्यायें तं मेरा लोग् इस्राएल् मांथि मालिक् हो भन्ये
८ खातिर्ले . अनि जहां जहां तं गइस् मं तं सङ सङै रह्यें अनि तेरा सबै
सत्तुरहरुलाइ तेरो सांमु देखि काटि दियें अनि मं पृथिवीका सबै बड़ा
९ बड़ाइमीको नांउ जस्तो तेरो नांउ पनि बड़ा तुल्याउंछु । अनि मं आफ्नु
लोग् इस्राएल्को लागि येउटा ठांउ खटाउंछु अनि तिनिहरुलाइ रोपछु र
तिनिहरु आफ्नु ठांउमां बसि रहुन् अनि फेरि फेरि कोले पनि सार्फेर् न
१० गरोउन् दुष्टेंका सन्तानले अगाड़ि अगाड़ि गरायेका झैं र मैले आफ्नु
लोग् इस्राएल् मांथि बिचारीहरुलाइ खटायेको दिन् देखि झैं तिनिहरुलाइ

दुक्ख दिंदैनन् अनि मं तेरा सबै सत्तुरुहरूलाइ तेरो ताबिमां पार्छु। येस्
उप्रान्त मं तंलाइ सुनाउंछु कि यहवेले तंलाइ येउटा घर् बनाउंछ। अनि ११
येसो हुंछ जब तेरा दिन् पूरा हुंछन् अनि तं आफ्ना पित्रहरु सङ सुत्नुलाइ
जांनु पर्छ तब मं तं पछि तेरो बंशलाइ उभ्याउंछु जो तेरा छोराहरूमांको
हुंछ त त्येस्को राज् मं स्थिर् गराउंछु। त्येसैले मेरो लागि येउटा घर् १२
बनाउंछ अनि मं त्येस्को सिंहासन् जुगनजुगको लागि स्थिर् गर्छु। मं १३
त्येस्को बाबु हुंछु अनि त्यो चइं मेरो छोरो हुंछ. तर जसोगरि मैंले तं
भन्दा अगाडि भयेको देखि आफ्नु करुणा उठाइ लग्यें त्येसैगरि त्यो देखि
लैजांइंन. तर मं त्येस्लाइ मेरै घर् र मेरै राजमां जुगनजुगको लागि अटल् १४
तुल्याउंछु. अनि त्येस्को चइं सिंहासन् जुगनजुगको लागि स्थिर् गराइंछ। १५
त यि सबै कुरा अनुसार् अनि ति सबै दर्शन् अनुसार् नातानले दाऊदलाइ
कहि दियो॥

तब दाऊद् राजा भित्र पसेर यहवेको सांमु बस्यो अनि भन्यो हे १६
प्रभु यहवे मं को हुं अनि मेरो जहान् क्या हो र तपांइले मंलाइ यहां
सम्म पुग्याउंनु भयो। अनि तपांइको सांमु हे प्रभु ईश्वर् यो कुरो अझै १७
सानै थियो तर तपांइले आफ्नु दासको जहानको बिषयमां पनि आउंदा
धेरै दिनको बिषयमां भन्नु भयेको छ अनि बड़ाइमीलाइ गरीयेको रीत्
अनुसार् मं माथि चेत् गर्नु भयो हे प्रभु यहवे। त तपांइले आफ्नु दासलाइ १८
गर्येको मानको बिषयमां दाऊदले तपांइलाइ अरु पनि के भन्न सकछ.
कसोगरिभन्ये हे प्रभु यहवे तपांइले आफ्नु दासलाइ चिन्नु हुंइ छ।
हे यहवे ति सबै ठुला ठुला कुरा जनाउंनुको लागि तपांइले आफ्नु १९
दासको कारणले र आफ्नु मन् अनुसार् ति सबै बड़ाहुवाई गर्नु भयो।
हे यहवे तपांइ जस्तो कोई छैन अनि हामिहरूले आफ्ना कानले सुन्येको २०
अनुसार् तपांइ देखि बाहिक् कोई ईश्वर् छैन। फेरि तपांइको लोग् २१
इस्राएल् जस्तो पृथिवीमां कुन् चइं लोग् छ जस्लाइ ईश्वर् आफ्नु लोग्
तुल्याउंनुको लागि र महा र डरलागदा कार्य्यको बाटोले आफ्नु नांउ
चलाउंनुको लागि छोड़ाउंनुलाइ गयो तपांइले मिस्र बाटो छोड़ाउंनु
भयेको आफ्नु लोगको सांमु अन्यदेसीहरूलाइ धपाइकन। किनभन्ये २२
तपांइले आफ्नु लागि जुगनजुगको लागि लोग् तुल्याउंनुलाइ आफ्नु
लोग् इस्राएललाइ स्थिर् गर्नु भयेको छ अनि हे यहवे तपांइ तिनिहरूको
ईश्वर् भइ जांनु भयो। अब हे यहवे जुन् कुरा तपांइले आफ्नु दास् र २३
त्येस्को जहानको बिषयमां भन्नु भयेको छ त्यो कुरा जुगनजुगको लागि
स्थिर् राख्नु हवस् अनि तपांइले भन्येको अनुसार् गर्नु हवस्। अनि २४
सेनाहरूको यहवे इस्राएल् माथि ईश्वर् अं इस्राएल् माथि ईश्वर् छ भन्येर
तपांइको नांउ स्थिर् गरीओस् अनि जुगनजुग बढ्दै जावस्. त तपांइको
दास् दाऊदको जहान् तपांइको सांमु स्थिर् गरीछ। किनभन्ये हे मेरो २५
ईश्वर् तपांइले आफ्नु दासलाइ मं तेरो लागि घर् बनाउंछु भनि प्रगट्

गर्नु भयेको छ. येस्कारण तपांइको दास् तपांइको सांमु यो प्रार्थना
२६ गर्नुलाइ आफ्नु मन्मां आंटीलो भयेको छ। त अब हे यह्वे तपांइ ईश्वर्
हो अनि तपांइले आफ्नु दास्लाइ यो भलो चोक्को करहार् दिंनु भयो.
२७ येस्कारण् अब आफ्नु दास्को जहान् तपांइको सांमु जुगनजुग् रहि रहंनुको
लागि कृपागरिकन आशीष् दिंनु हवस्. किनभन्ये हे यह्वे तपांइले
आशीष् दिंनु भयो अनि त्यो सधैंभरि आशीषित् भयो॥

(दाऊद्का बिजयहरु)

१८ १ अनि येस् पछि येसो भयो दाऊद्ले पलिश्तीहरुलाइ मांर्यर
ताबिमां ल्यायो अनि पलिश्तीहरुको हात देखि गात् त्यस्का बस्तीहरु समेत्
२ लिहाल्यो। फेरि त्यस्ले मोआब्लाइ मांर्यो त मोआबीहरु दाऊद्का दास्
३ भइ गये अनि भेटि ल्याये। फेरि दाऊद्ले आफ्नु सिमाना छोड़ाउंनुको
लागि परात् नदीमां जांदे सोबाको राजा रहोब्को छोरो हदरेजेर्लाइ
४ हमात् सम्म मांर्यो। अनि दाऊद्ले त्यस् देखि एक् हजार् रथ्हरु र सात्
से तुरुसवार् र बीस् हजार् पैदल्हरुलाइ लियो. वहांदेखि दाऊद्ले सबै
रथ्का घोड़ाहरुको धनसो काटि दियो तर तिनिहरुमांका एक् से रथ्हरुको
५ लागि राखि छोड़्यो। अनि जब दमिश्कका अरामीहरु सोबाको राजा
हदरेजेर्को गोहार् गर्नुलाइ आयेका थियें तब दाऊद्ले अरामीहरुमांका
६ बाईस् हजार् जनालाइ मांर्यो। वहांदेखि दाऊद्ले दमिश्कको अराम्मां
पहराचौकि बसाल्यो अनि अरामीहरु दाऊद्का दास् भये अनि भेटि
ल्याये। अनि जहां जहां दाऊद् जांद थियो त्यहां त्यहां यह्वेले त्यस्लाइ
७ जिताहा तुल्याउंद थियो। अनि दाऊद्ले हदरेजेर्का चाकरेहरुले भिर्येका
८ सुनका ढाल्हरु लियेर यरुशलेम्मां ल्यायो। अनि हदरेजेर्का तिभत् र कून्
नांउ भयेका सहर्हरु देखि दाऊद् राजाले छिप्रै ओधिगरि पीतल् ल्यायो जुन्
पीतल्ले सुलेमान्ले पीतल्को समुन्द्र र थाम्हरु र पीतल्का भाड़ाहरु बनायो।
९ अनि जब हमात्को राजा तोऊले दाऊद्ले सोबाको राजा हदरेजेर्को
१० सिंगै सेनालाइ मांर्यो अरे भन्येको सुन्यो तब तोऊले आफ्नु छोरो
हदोराम्लाइ दाऊद् राजा थांइ त्यस्लाइ सलाम् गर्नुलाइ र हदरेजेर् सित
लड़ाइं गरि त्यस्लाइ मांर्येको कारणले त्यस्लाइ आशीष् दिंनुलाइ पठायो
किनभन्ये हदरेजेर्ले तोऊ सङ लड़ाइं गर्द थियो। त हदोराम् सुन् र
११ चांदी र पीतल्का भांड़ाहरु लियेर आयो. त ति चइं दाऊद्ले यह्वेको
पवित्र काम्को लागि अलग् छुटायो अनि ति सङ त्यस्ले ताबिमां पार्येका
सबै लोग् लोग् देखि ल्यायेका चांदी सुन् पनि अर्थात् एदोम्का र
१२ मोआब्को र अम्मोनवंशीहरुको र पलिश्तहरुको र अमालेक्को। येस् उप्रान्त
सरुयाह्को छोरो अबीशैले नुन्को तरिमां अठारह् हजार् एदोमीहरुलाइ
१३ मांर्यो। अनि त्यस्ले एदोम्मां पहराचौकि बसाल्यो अं अनि सिंगै एदोमीहरु

दाऊद्का दास् भइ गये। अनि जहां जहां दाऊद् जांदो थियो वहां वहां
यहवेले त्यस्लाइ जिताहा तुल्याउंद थियो॥

अनि दाऊद्ले सिंगै इस्राएल् मांथि राज् गर्‍यो अनि त्येले आफ्ना १४
सबै लोग्को निया र धर्म्म गर्‍यो। अनि सरुयाह्को छोरो योआब् सेनापति १५
थियो अनि अहीलूद्को छोरो यहोशापात् सम्झना गरवने थियो। अनि १६
अहीतूब्को छोरो सादोक् र एब्यातारको छोरो अबीमेलेक् पूजाहारी थिये
अनि शवशा लेटर् थियो अनि यहोयादाको छोरो बनायाह् चइ १७
करेतीहरु र पलेतीहरु मांथि थियो अनि दाऊद्का छोराहरु राजाका
छेउछाउका मूल्हरु थिये॥

(अम्मोन्‌बंशीहरु मांथि बिजय्)

अनि येस् पछि येसो भयो अम्मोनबंशीहरुको राजा नाहाश् मर्‍यो १९ १
अनि त्येको माटोमां त्येको छोरोले राज् गर्नु लाग्यो। अनि दाऊद्ले भन्यो २
म नाहाश्को छोरो हानून् मांथि कृपा देखाउंछु किनभन्ये त्येको बाबुले म
मांथि कृपा गर्‍यको थियो। त दाऊद्ले त्यस्को बाबुको बिषयमां त्यस्लाइ
शान्ति दिनुलाइ दूत्हरुलाइ पठायो। तब दाऊद्का चाकरेहरु गयेर
अम्मोनबंशीहरुको देसमां हानून् थांइ त्यस्लाइ शान्ति दिनुलाइ पुग्ये।
तर अम्मोनबंशीहरुका मालिक्हरुले हानूनलाइ भन्ये की आफुले दाऊद्ले ३
आफ्को बाबुलाइ मान् गर्नुलाइ आफु थांइ शान्ति दिनेहरुलाइ पठाइ
दियो भनि ठान्नु हुंद छ. की त्यस्का चाकरेहरु देस् हेर्नु र त्येलाइ उल्टाइ
दिनु र त्येको भेद् लिनुलाइ आफु थांइ पठायेको होइन। तब हानूनले ४
दाऊद्का चाकरेहरुलाइ समात्येर तिनलाइ खौर्‍यो अनि तिनको लुगा
आधा आधा जाङ्‌ सम्मको पारि काटि दियेर तिनिहरुलाइ फर्काइ पठायो।
तब कति जनाले आयेर ति मान्छेहरुलाइ ज्य भयेको थियो त्यो दाऊद्लाइ ५
सुनाइ दिये। तब त्येले तिनलाइ भेट्नुलाइ मान्छे पठाइ दियो किनभन्ये
ति मान्छेहरु अघोर् लज्जित् थिये। अनि राजाले भन्यो तिमिहरुका दारि
न बढुंज्याल् सम्म यरीहोमां पड्डीइ रह त्येस् पछि मांत्रै फर्कि आव।
अनि जब अम्मोनबंशीहरुले हांमिहरुले आफुलाइ दाऊद्को सांमु घिन् ६
लाग्दा तुल्यायूं भनि थाहा पाये तब हानून् र अम्मोनबंशीहरुले अराम् देखि
र अरमनहरैम् देखि र अरम्माका र सोबा देखि रथ्हरु र बुकसवार्हरुलाइ
ज्यालामां ल्याउंनुलाइ पठायो। त तिनिहरुले बत्तीस् हजार् रथ्हरु र ७
माकाको राजा त्येका पल्टनहरु समेत्लाइ ज्यालामां ल्याये अनि तिनिहरुले
आयेर मेदबाको सांमु डेरा हाल्ये। तब अम्मोनबंशीहरु आफ्ना सहर्
सहर् देखि भेला भयेर लडाइंको लागि आये। अनि जब दाऊद्ले यो कुरो ८
सुन्यो तब त्येले योआब् र महाबीर्हरुको सिंगै सेनालाइ पठाइ दियो। ९
अनि अम्मोनबंशीहरुले निकल्येर सहर्को ढोकाको आघनमां लडाइंको

लागि पाङ्ति पाङ्ति बांधे . अनि आयेका राजाहरु मैदान्मां अलग् अलग्
१० थिये। त्यस् पछि जब योआब्ले मेरो अघि पछि लड़ाइँले घेर्येको रह
भनि चाल् पायो तब त्येस्ले इस्राएल्का सबै रोजा रोजा मान्छेहरुमांकालाइ
११ छान्येर तिनिहरुलाइ अरामीहरुको बिरुद्धमां पाङ्ति पाङ्ति बांध्यो। अनि
उबर्येका मान्छेहरुचइंलाइ त्येस्ले आफ्नु भाई अबीशैको हात्मां सुम्प्यो त
तिनिहरुले आफुलाइ अम्मोन्बंशीहरुको बिरुद्धमां पाङ्ति पाङ्ति बांधे।
१२ अनि त्येस्ले भन्यो अरामीहरु मं मांथि जिताहा हुनु आंटेर भन्ये देखि त
तैंले मेरो गोहार् गर्येस्. तर अम्मोन्बंशीहरु तं मांथि जिताहा हुंनु आंटेर
१३ भन्ये देखि मं आयेर तेरो गोहार् गर्छु। छुप् बांध् अनि हांमिहरु आफ्नु
लोग्को लागि र आफ्नु ईश्वर्का सहर्हरुको लागि मर्दले भैं गरूं. अनि
१४ यहवेले जस्तो उस्लाइ जाति लाग्ला त्यसै गरोस्। येसोरि योआब् र त्यो
सङ्ग भयेका मान्छेहरु अरामीहरु सित लड़ाइँ गर्नुलाइ नजिक नजिक् गये.
१५ त तिनिहरु त्येस्को सांमु देखि भाग्ये। अनि जब अम्मोन्बंशीहरुले अरामीहरु
भाग्ये छन् भनि देख्ये तब तिनिहरु पनि त्येस्को भाई अबीशैको सांमु देखि
१६ भाग्ये अनि सहर्मां पस्ये। तब योआब् यरुशलेम्मां आयो। अनि जब
अरामीहरुले हांमिहरुले ता इस्राएल् देखि हार्यूं भनि देख्ये तब तिनिहरुले
मान्छे पठायेर महानदी पारिका अरामीहरुलाइ झिकाये हदरेजेर्को सेनापति
१७ शोपक् तिनिहरुको अघि अघि हिंड्येको भइ। त दाऊद्लाइ यो कुरो
सुनाईयो तब त्येस्ले सिंगै इस्राएल्लाइ भेला गरायेर यर्दन् पारि तर्येर तिनिहरु
मांथि जाइ लाग्येर तिनिहरुको बिरुद्धमां पाङ्ति पाङ्ति बांध्यो।
येसोरि दाऊद्ले अरामीहरुको बिरुद्धमां पाङ्ति पाङ्ति बांधेकोमां
१८ तिनिहरुले त्यो सङ्ग लड़ाइँ गर्ये। अनि अरामीहरु इस्राएल्को सांमु
देखि भाग्ये अनि दाऊद्ले अरामीहरुमांका सात् हजार् रथ्हरु र
चालीस् हजार् पइदल्हरुलाइ मारि दियो अनि सेनापति शोपक्लाइ पनि
१९ मारि दियो। अनि जब हदरेजेर्का चाकरेहरुले हांमिहरुले इस्राएल्
देखि हार्यूं भनि थाहा पाये तब तिनिहरुले दाऊद् सङ्ग मिलाप् गर्ये अनि
त्येस्को चाकर भये. अनि अरामीहरु अम्मून्बंशीहरुको गोहार् गर्नुलाइ
फेरि मान्येनन् ॥
२० १ अनि येसो भयो जब नया साल् लाग्यो जस् बेलामां राजाहरु
लड़ाइँको लागि निस्कि जांछन् तब योआब्ले पल्टन्का बीर्हरुलाइ बाहिर
लग्येर अम्मोन्बंशीको देस्लाइ उजाड्यो वहांदेखि गयेर रब्बा सहर्
घेर्यो। तर दाऊद् चइं यरुशलेम्मां रह्यो। अनि योआब्ले रब्बालाइ
२ मांर्येर त्येस्लाइ उजारि दियो। अनि दाऊद्ले तिनिहरुको राजाको मुकुट्
त्येस्को सिर् देखि उताऱ्यो अनि त्येस्को जोखाइ एक् तोड़ा सुन्को थियो
अनि त्यस्मां अमोल् अमोल् मनिहरु पनि थिये अनि त्यो दाऊद्को सिर्मां
लगाईयो। अनि त्येस्ले सहर्को लूट् अगघोर् औधिगरि निकालि ल्यायो।
३ वहांदेखि त्येस्ले त्यहांका मान्छेहरुलाइ बाहिर निकाल्येर तिनिहरुलाइ

आराहरु र फलमका दांदे र बंचरोले काटेरा। अनि दाऊद्ले अम्मोनवंशी-
हरुका सबै सहर्लाइ येसै गर्यो। वहांदेखि दाऊद् र सबै लोग्
यरूशलेम्मां फर्कि आये॥

अनि त्येस् पछि येसो भयो फेरि गेजेर्मां पलिश्तीहरु सित लड़ाईं ४
पर्यो. तब हूशाथी सिब्बकैले रपाईहरुको सन्तान्मांको सिप्पैलाइ मार्यो.
त तिनिहरु त्येस्को ताबिमां आये। अनि फेरि पलिश्तीहरु सित लड़ाई पर्यो ५
अनि यारर्को छोरो एल्हनान्ले गाती गोलयत्को भाइ लह्मीलाइ मार्यो
जस्को भालाको मर् कपरा बुन्नेको मुर्रो जत्रो थियो। अनि गात्मां फेरि ६
पनि लड़ाईं पर्यो जहां एक् जना ठुलो डाल्को मान्छे थियो जस्का हातमां
छ छवटा औंला थिये अनि गोड़ामां पनि छ छवटा औंला थिये गन्तिमां
चौबीसवटा त्यो पनि रपाईहरुको सन्तान्मांको थियो। जब त्येस्ले ७
इस्राएल्लाइ तुच्छ जान्यो तब दाऊद्को दाजु शिमाको छोरो योनातान्ले
त्येस्लाइ मार्यो। ति गातका रपाईहरुको सन्तान्मां जन्मेका थिये त ८
तिनिहरु दाऊद्का र त्येस्का चाकरेहरुका हात् देखि मारिये॥

(दाऊद्को पाप् अनि पाप्मोचन्)

अनि शैतान् इस्राएल्को बिरुद्धमां उठ्यो अनि त्येस्ले दाऊद्लाइ २१ १
इस्राएल्लाइ गन्ति गर्नु भनि तिनिहरुको बिरुद्धमां सुर्यायो। तब दाऊद्ले २
योआब्लाइ र लोगका मालिक्हरुलाइ भन्यो गयेर बेर्शेबा देखि दान्
सम्म इस्राएल्को गन्ति गर अनि मं थांइ खबर् ल्याव र मं तिनिहरुको गन्ति
थाहा पाउं। तब योआब्ले भन्यो यहवेले आफ्नु लोगलाइ ऐले जति छन् ३
त्यो भन्दा सै गुणा बढ़ाइ देवस्. तर हे मेरा प्रभु महाराजा के यिनिहरु सबै
मेरा प्रभुका चाकरेहरु होइनन्. मेरा प्रभुले किन यो काम् गर्नु मन् गर्नु
हुंद छ. आफु इस्राएल्को लागि किन दोषको कारण् हुंनु हुंद छ। तैपनि ४
राजाको कुरो योआब्को कुरो माथि जिताहा भयो येस्कारण् योआब् हिंड़ि
गयो वहांदेखि सिंगै इस्राएल्मां डुल्येर यरूशलेम्मां आइ पुग्यो।
वहांदेखि योआब्ले लोगको गन्तिको हिसाप् दाऊद्लाइ दियो. त ५
इस्राएल्मां तरवार् झिक्ने बीरहरु एघारह् लाख् राछन्. अनि यहूदाका
तरवार् झिक्नेहरु चइं चार् लाख् सत्तर् हजार् राछन्। तर लेवी र ६
बिन्यामीन् चइं त्येस्ले तिनिहरुको बीचमां गन्ति गर्येन. किनभन्ये राजाको
कुरो योआब्लाइ घिन्लाग्दो लाग्यो। अनि यो काम् ईश्वर्लाइ नजाति ७
लाग्यो। येस्कारण् उस्ले इस्राएल्लाइ हिर्कायो। अनि दाऊद्ले ईश्वर्लाइ ८
भन्यो मैंले यो काम् गर्येकोमां ठुलो पाप् गर्यें छु. त अब हे यहवे मं
बिन्ति गर्दै छु आफ्नु दासको अधर्म्म दूर् गरि दिनु हवस् किनभन्ये मैंले
अघोरको मुर्खइं गर्यें छु। तब यहवेले दाऊद्को दर्शी गाद्लाइ येसो ९
भन्यो गयेर दाऊद्लाइ येसो भन् यहवेले येसो भन्द छ मं तेरो सांमु १०
तीनवटा कुरा राखद् छु त तिनमांको मं कुन् चइं तेरो लागि गरुं भन्ये।

११ त गाद्ले दाऊद् थांइ आयेर येसो भनि सुनायो यहवेले येसो भन्द छ
१२ जुन् मांगद छस् त्यो लौ . अर्थात् तीन् वर्षको अनिकाल् कि तीन् महीना
सम्म आफ्ना वैरीहरुको सांमु भस्म हुंनु तेरा सत्तुरहरुको तरवार्ले
भेट्टाउंदाखेरि कि यहवेको तरवार् अं रुढि देसमां र इस्राएल्का सिंगै
सिमानामां यहवेको नास् पार्ने दूत् तीन् दिन् सम्म पर्नु। अनि मं मंलाइ
१३ पठाउंनेलाइ के उत्तर् फर्काइ दिउं भन्ये एले बिचार् गर्नु हवस्। त दाऊद्ले
गाद्लाइ भन्यो मं बड़ो सकष्मां पर्यें . हामिहरु अरु यहवेका हातमां परें
किनभन्ये उस्का करुणा धेरै छन . तर मान्छेचडंको हात्मां लड्नु न परोस्।
१४ त यहवेले इस्राएल् मांथि रुढि पठाइ दियो . अनि इस्राएल्का सत्तरी
१५ हजार् जना मर्ये। अनि ईश्वर्ले दूत्लाइ यरुशलेम्मां त्येस्लाइ नास्
पार्नुलाइ पठायो . अनि त्यो नास् पार्नु आंठेरकोमां यहवेले हेर्येर त्यो
बुराई देखि पछुतायेर नास् पार्ने दूत्लाइ भन्यो भयो अब आफ्नु हाथ्
थाम्। अनि यहवेको दूत् यबूसी ओर्नान्को खलाको छेउमां थियो।
१६ अनि दाऊद्ले आफ्ना आंखा उचालि हेर्येर यहवेको दूत्लाइ त्येस्को
हात्मां तरवार् झिकेको अनि यरुशलेम् मांथि पसार्दै स्वर्ग र पृथिवीको
बीच्मां उभीइ रहेको देख्यो। तब दाऊद् र प्राचीन्हरु जुन्हरुले भाङ्ग्रा
१७ लायेका थिये घोप्टो पर्ये। वहांदेखि दाऊद्ले ईश्वर्लाइ भन्यो के मान्छे
गर्नौंन आज्ञा दिंने मं चइं हुइंन . अं पाप् र मारो बुराई गर्ने मं चइं हुं
तर यि भेंड़ाहरुचइंले ता के गर्येका छन् र . हे यहव मेरो ईश्वर् कृपा
गरि तपांइको हात् मेरै बिरुद्धमां र मेरै बाबुको घर्को बिरुद्धमां परोस्
तर तपाइंका लोगको बिरुद्धमां तिनिहरु मांथि तिनिहरु कष्टित् हुंनुलाइ
१८ न परोस्। तब यहवको दूत्ले गाद्लाइ दाऊद्लाइ येसो भन्नु अह्रायो
दाऊद्ले चढि गयेर यबूसी ओर्नान्को खलामां यहवको लागि येउटा बेदि
१९ उभ्याउस्। त गाद्ले यहवको नांउले भन्येको कुरा अनसार् दाऊद् चढि
२० गयो। अनि ओर्नान्ले फर्केर दूत्लाइ देख्यो अनि त्यो सङ भयेका त्येस्का
चार् भाई छोराहरुले आफुलाइ लुकाये। त्यस् बेला ओर्नान्ले दांइ गर्दै
२१ थियो। अनि दाऊद् ओर्नान् थांइ आउंदे गर्दा ओर्नान्ले निस्केर
दाऊद्लाइ देख्यो तब दाऊद्को सांमु भूइं सम्म निउंर्यो। तब दाऊद्ले
२२ ओर्नान्लाइ भन्यो यो खला मंलाइ देउ र लोग् देखि रुढि थामींनु
लाइ मं यहवको लागि यहां येउटा बेदि बनाउं . त्येस्को पूरा
२३ दाम् गरि मंलाइ देउ। त ओर्नान्ले दाऊद्लाइ भन्यो त्यो आफ्नु
लागि लिंनु हवस् मेरा प्रभु महाराजाले ज्ये ज्ये तिन्लाइ जाति लाग्ला
त्यइ त्यइ गर्नु हवस् . हेर्नु हवस् होम्बलिको लागि बाच्छाहरु र दाउराको
लागि दांइका हतियार् र अन्नबलिको लागि गहूं मं दिंद छु ति सबै
२४ दिंद छु। तर दाऊद् राजाले ओर्नान्लाइ भन्यो होइन तर मं सांचिने पूरो
दाम् दियेर त्यो आफु सङ लिंछु . किनभन्ये मं यहवको लागि आफुको
२५ थोक् लिंदींन न मेरो पैसा नपर्येको होम्बलि चढाउंछु। त दाऊद्ले

त्येस् ठांउको लागि सुनको छ सै शेकेल् जोखिकन दियो। वहांदेखि २६
दाऊद्ले त्यहां यहवेको लागि येउटा बेदि बनायेर होमबलि र मेलबलि
चढ़ायो अनि यहवेको नांउ लियो अनि उस्ले त्येस्लाइ स्वर्ग देखि
होमबलिको बेदिमां भयेको आगो देखि उत्तर् दियो। अनि यहवेले २७
दूतलाइ अह्रायो त त्येस्ले आफ्नु तरवार् फेरि त्येस्को दापमां हाल्यो ॥

त्येस् बेला जब दाऊद्ले यहवेले मंलाइ यबूसी ओर्नान्को खलामां २८
उत्तर् दियो भनि देख्यो तब त्येस्ले वहां बलिदान् चढ़ायो। किनभन्ये २९
यहवेको बासस्थान् जो मूसाले बनमां बनायो अनि होमबलिको बेदि
त्यति बेला गिबोनमां भयेको अग्लो ठांउमां थियो। तर दाऊद् त्येस्को ३०
सांमु ईश्वर् सित सोध्नो गर्नुलाइ जांनु सक्येन किनभन्ये यहवेको दूतको
तरवार् देखि डराउंद थियो। तब दाऊद्ले भन्यो यहवे ईश्वरको घर २२ १
यइ हो अनि इस्राएलको लागि होमबलिको बेदि येइ हो ॥

(मन्दिर्को लागि तयार्पराई)

वहांदेखि दाऊद्ले इस्राएल्को देसमां भयेका परदेसीहरूलाइ भेला २
गराउंने आज्ञा दियो अनि ईश्वरको घर् बनाउंनुको लागि कुंद्येको ढुंगा
बनाउंनुलाइ गारोकर्म्मीहरू लगायो। अनि दाऊद्ले ढोकाका ढैलाहरूका ३
कीलाहरूको लागि र जोड़्तिहरूको लागि फलम् ओधिगरि तियार् पार्‍यो
अनि पीतल् नजोखिनेगरि ओधि ओधि अनि देवदारुकाठ ४
बिहिसाप्. कसोगरिभन्ये सीदोनीहरू र सोरका मान्छहरूले ओधिगरि
देवदारुकाठ दाऊद् थांइ ल्याउंद थिये। अनि दाऊद्ले भन्यो मेरो ५
छोरा सुलैमान् सांनो र कलीलो छ अनि यहवेको लागि बनींने घर् अग्घोर्
प्रतापको हुंनु पर्छ अं सबै देसमां कीर्त्तिको र महानम् माफिकको हुंनु
पर्छ. येस्कारण् मं त्येस्को लागि तियार् पार्छु। दाऊद्ले आफ्नु मरण्
भन्दा अगाड़ि अग्घोरगरि तियार् पार्‍यो ॥

तब त्यस्ले आफ्नु छोरो सुलैमान्लाइ डाकेर इस्राएल्को ईश्वर् ६
यहवेको लागि घर् बनाउंने आज्ञा दियो। अनि दाऊद्ले आफ्नु छोरो ७
सुलैमान्लाइ भन्यो मेरो मन् थियो मंनै आफ्नु ईश्वर् यहवेको नांउको
लागि घर् बनाउं छु भन्या। तर यहवेको बचन् मं थांइ येसो भन्दै आयो तैंले ८
अग्घोर् गरिकन रगत् बहाइस् अनि ठुला ठुला लड़ांइं गरिस्. तैंले
मेरो सांमु पृथीवीमां बिछे रगत् बहायेको कारणले मेरो नांउको लागि घर्
बनाउंनु पाउंदैनस्. हेर् तेरो लागि येउटा छोरो जन्मंछ ऊ बिस्रामको ९
मान्छे हुंछ अनि मं त्येस्लाइ त्येस्का चारै पट्टिका सबै सत्तुरहरू देखि बिस्राम्
दिंछु. कसोगरिभन्ये त्येस्को नांउचइं सुलैमान्नै' हुंछ अनि त्येस्का दिनमां
इस्राएल्लाइ कुशल् र चैन् दिंछु. त्येसैले मेरो नांउको लागि घर् बनाउंछ १०

' अर्थात् कुशलको।

अनि त्यो मेरो छोरो हुंछ अनि म चइं त्येस्को बाबु हुंछु अनि म त्येस्को
११ राज्को सिंहासन् इस्राएल् मांथि सदाको लागि स्थिर् गर्छु भनि। त अब ए
मेरो छोरा यहवे तं सङ्ग हवस् अनि भाग्येमान् हो अनि उस्ले तेरो बिषयमां
१२ भन्येको अनुसार् तेरो ईश्वर् यहवेको घर् बना। खालि यहवेले मात्रै
तंलाइ ज्ञान् र बुद्धि देवस् अनि इस्राएलको बिषयमां तंलाइ रत्ते देवस् र
१३ येसोरि तैंले आफ्नु ईश्वर् यहवेको ब्यवस्था मान्। तब तैंले यहवेले
इस्राएलको बिषयमां मूसालाइ आज्ञा दियेका बिधि र नियाबचन्
गर्नुलाइ मानिस् भन्ये देखि तं भाग्यमानी हुन्छस्. हूप् बांधि बलियो हो
१४ थरहरि न हो। त अब हेर् मैंले आफ्नु क्लेशमां यहवेको घर्को लागि
एक् लाख् तोड़ा सुन् र दस् लाख् तोड़ा चांदी र तिनको अग्घारेंको
कारणले बिजोखाइका पीतल् र फलम् तियार् पारि राख्येको छु. काठ्
पनि ढुंगा पनि मैंले तियार् पारि राख्येको छु अनि अरु पनि तैंले बढ़ाउंनु
१५ सकद्छस्। येस् उपरान्त कारिगर्हरु तं सङ्ग धेरै छन् ढुंगा र काठ्हरु
१६ काट्ने कूंद्ने अनि सबै रकम्का काम्मां सिपालु सिपालुहरु सबै सुन्
चांदी पीतल् फलम्को गन्ति छैन उठ् काम् गर् अनि यहवे तं सङ्ग रहोस्।
१७ दाऊद्ले इस्राएलका सबै मालिक्हरूलाइ पनि येसो भन्दै आफ्नु छोरो
१८ सुलैमानको गोहार् गर्नुलाइ अह्रायो क्य तिमिहरूको ईश्वर् यहवे
तिमिहरु सङ्ग छैन. क्य उस्ले तिमिहरूलाइ चारै तिर चैन् दियेको छैन
कसोगरिभन्ये उस्ले देस्का बासीहरूलाइ मेरो हात्मां सुम्पि दियेको छ
१९ अनि देस् यहवेको सांमु र उस्का लोगको सांमु ताबेमां पार्येको छ। त
अब आफ्नु हिर्दय् र आफ्नु मन् आफ्नु ईश्वर् यहवेलाइ खोज्नुलाइ
लगाव त उठ अनि ईश्वर् यहवेको पवित्र स्थान् बनाव यहवेको नांउको
लागि बनाइंने घर्मां यहवेको नियम्को सम्पुट् र ईश्वर्का पवित्र भांड़ा
बर्त्तन्हरु राख्नुको लागि॥

२३ १ *तब दाऊद् बूढ़ो र दिन् धेरै खायेको भयो तब त्येस्ले आफ्नु छोरो*
२ *सुलैमान्लाइ इस्राएल् मांथि राजा तुल्यायो। फेरि त्येस्ले इस्राएल्का सबै*
३ *मालिक्हरूलाइ पूजाहारी र लेबीहरु समेत्लाइ भेला गरायो।* अनि जति
लेबीहरु तीस् बर्षका र त्यो भन्दा ऊंभोका थिये गनीयेका थिये. अनि सिर्
४ सिर्गरि र मान्छे मान्छेगरि तिनिहरु अड़्तीस् हजार् थिये। तिनिहरूमांका
चौबीस् हजार् यहवेको घर्को काम् चलाउंनुका लागि थिये अनि छ हजार्
५ मालिक् र बिचारीहरु थिये. फेरि चार् हजार् दुवार्पाल् थिये फेरि चार्
हजार् ति बाजाहरूले यहवेको स्तुति गर्नुको लागि ठहराइंये जो मैंले
६ स्तुति गर्नुको लागि बनाउंनु लगायें। फेरि दाऊद्ले तिनिहरूलाइ गेर्शोन्
कहात् र मरारी नांउ भयेका लेबीका छोराहरूलाइ पालो पालो गरि बांड़ि
७ ८ दियो। गेर्शोनीहरूमांका लादान् र शिमी। लादान्बंशीहरु यहीएल् मुखिया
९ फेरि जेताम् र योएल् तीन् जना। शिमीबंशीहरु शलोमीत् हजीएल् र
हारान् तीन् जना। लादान्का पित्रहरूका जहान् जहान्का मूल् मूल्हरु यिनै

थिये । फेरि शिमीवंशीहरु यहत् जीना यूश् र बरीआ । शिमीका छोराहरु १०
यिनै चार् जना थिये । यहत् मुखिया थियो अनि दोस्रो जीजा . तर यूश् र ११
बरीआका धेरै छोराहरु थिएनन् येस्कारण् तिनिहरु पित्रहरुको एकै कहान्
गनीये । कहात्का छोराहरु अम्राम् यिस्हार् हेब्रोन् र उज्जीएल् चार् १२
जना । अम्रामका छोराहरु हारून् र मूसा . अनि हारून् चइं त्यो आफै र १३
त्यस्का सन्तान् सदाको लागि परम् पवित्र थोक् पवित्र गरोस् र यहवेको
सांमु धूप् हालोस् अनि उस्को सेवा गरोस् अनि सदाको लागि उस्को
नांउले आशीर्बाद् देअस् भन्या खातिरले छुटयाईयो । त ईश्वर्को जन् मूसा १४
चइंको बिषयमां त्यस्का छोराहरुका नांउ लेवीको कुलमां गनीये । मूसाका १५
छोराहरु गेर्शोम् र एलीएजेर् । गेर्शोम्का छोराहरु शबूएल् मुखिया । अनि १६, १७
एलीएजेर्का छोराहरु रहब्याह् मुखिया । अनि एलीएजेर्को ता अरु कोई
छोरो थिएन तर रहब्याहका धेरै छोराहरु थिये । यिस्हारका छोराहरु १८
शलोमीत् मुखिया । हेब्रोन्का छोराहरु मुखिया चइं यरिय्याह् दोस्रो १९
अमर्याह् तीसरो यहजीएल् अनि चौथो यकमाम् । उज्जीएल्का छोराहरु २०
मीका मुखिया र यिश्शियाह् दोस्रो । मरारीका छोराहरु महली र २१
मूशी । महलीका छोराहरु एलाजार् र कीश । एलाजार् ता निपुत्र भइ २२
मरि गयो त्यस्को खालि छोरीहरु मात्रै थिइन् . त कीशका छोराहरु जो
तिनिहरुको कान्छाबाबुका छोराहरु थिये तिनैहरुले तिनिहरुलाइ ब्याहा
गर्थे । मूशीका छोराहरु महली एदेर र यरेमोत् तीन् जना । जो जो २३, २४
यहवेको घर्को सेवाको काम् गर्दे थिये अर्थात् सिर् सिर् गरि नांउ नांउ
काढि गनीयेकाहरु तिनिहरुका पित्रहरुका घर्का मूल् मूल् आफना आफना
पित्रहरुको कहान् अनुसार् बीस् बर्षका र त्यो भन्दा उंभोका लेवीवंशीहरु
यिनै हुन् । किनभन्ये दाऊदले भन्येको थियो इस्राएल्को ईश्वर् २५
यहवेले आफ्नु लोगलाइ चैन् दियेको छ अनि उसैले यरूशलेम्मां सदाको
लागि बास् गरि रहंद छ . येस् उपरान्त लेवीहरुले फेरि फेरि बासस्थान् र २६
त्यस्का सेवाको लागिका सबै सादाम् बोक्नु पर्दैन । कसोगरिभन्ये २७
दाऊद्का पछिल्ला कुरा अनुसार् बीस् बर्षका र त्यो भन्दा उंभोकाहरु
लेवीवंशीहरु गनीयेका थिये । किनभन्ये तिनिहरुले गर्नु पर्ने काम् यि २८
थिये अर्थात् हारूनवंशीहरुको सेवा टहल् गर्नुलाइ आंगनहरुमां र कोठा
कोठामां र सबै पवित्र थोक् शुद्ध गराउंनुमां यहवेको घर्को सेवाको
लागि अं ईश्वर्को घर्को सेवाको काम् भेटको रोटीको लागि पनि र २९
अन्नबलिको अस्सल् पीठोको लागि की अखमीरे बाबर्को कि ताईमां
पोल्येका कि भिजायेका अनि सबै रकम्को नाप् र टपको फेरि बिहान् ३०
बिहान् यहवेको धन्नबाद् र स्तुतिको लागि उभींनुलाइ अनि उइपरिले
बेलुका बेलुका पनि अनि बिश्राम् बिश्राम् र दुतिया दुतियामां र ३१
ठहराईयेको चाड्मां तिनिहरुको बिषयमांको नियम् अनुसार् हिसाप्
हिसाप् गरि यहवेको सांमु सधैंभरि यहवेको लागि सबै होमबलिदान्

३२ चढाउंनुलाइ . अनि भेट् हुंने डेराको रुडाई र पवित्र स्थान्को रुडाईं र
तिनिहरूका दाज्युभाई हारून्वंशीहरूको रुडाईं र यहवेको घर्को
मंत्रागराईको लागि गर्न गरून् भन्या खातिर्ले ॥

२४ १ फेरि हारून्वंशीहरूको पालो। हारूनका छोराहरू नादाव् अवीहू
२ एलाजार् र ईतामार्। तर नादाव् र अबीहू आफ्नु बाबु भन्दा अगाड़ि
निपुत्र भइ मर्‍या . येस्कारण पूजाहारीगिरिको काम् एलाजार् र ईतामार्ले
३ गर्‍या। एलाजार्को वंशावली सादोक् र ईतामार्को वंशावली अहीमेलेक्
भइ दाऊद्ले तिनका आफ्नु आफ्नु निज् सेवा अनुसार् पालो पालोगरि
४ ठहरायो। जब एलाजार्वंशीहरूका मुखियाहरू ईतामार्वंशीहरूका
मुखियाहरू भंदै निकल्या त येसोरि बांड़ीयेका थिये . अर्थात् एलाजार्वंशीहरू
पित्रहरूका जहान् जहान्का मूल मूल अनुसार्का सोह्र जना अनि
५ ईतामार्वंशीहरूका तिनका पित्रहरूका जहान् अनुसार् आठ् जना। येसोरि
एका अर्का बराबर् चिट्ठा हालि छालिकन छुट्याईये किनभन्या एलाजार् र
६ ईतामार् दुवैका वंशमा पवित्रस्थान्का मालिक्हरू र ईश्वर्का मालिक्हरू
थिय। अनि एलाजार्वंशीहरूका जहान्का पित्रहरूको लागि चिट्ठा निस्क्यो
फेरि ईतामार्वंशीको लागिको चिट्ठा निस्क्यो . लेवीवंशीमांका नतनेल्
लेटर्को छोरो शमायाहले राजा र मालिक्हरू र सादोक् पूजाहारी र
एव्यातार्को छोरो अहीमेलेक् र अरु पूजाहारीहरू र लेवीहरूका पित्रहरूका
७ जहान्हरूका मूल्हरूको सांमु नांउ लेख्यो। पहिलो चिट्ठा यहोयारीबको
८ दोस्रो यदायाहको नाउमा निकल्यो तीस्रो चइं हारिम्का अनि
९ १० चौथो सोरीम्को पांचौं मल्कीय्याहको छुठो मिय्यामीन्को सातौं
११ १० हक्कोस्को आठौं अबिय्याहको नवं येशूअको दसो शकन्याह्को
१२ एघारौं एल्याशीबको बाह्रौं याकीम्को तेह्रौं हुप्पाको चौधौं
१४ १५ येशबाबको पन्द्रौं बिल्गाको सोह्रौं इम्मेर्को सत्रौं हेजीर्को अठारौं
१६ १७ हप्पिस्सेस्को उनीसं पतह्याह्को बीसं यहेज्केल्को एकाईसं याकीन्को
१८ बाईसं गामूल्को तेईसं दलायाहको चौबीसं माज्याह्को नांउमा
१९ निकल्यो। तिनको सेवाको मंत्रागराईको पालो येह्र ठहराईयो अनि
येह्र रीत् सित तिनिहरूले इस्राएल्को ईश्वर् यहवेको आज्ञा अनुसार्
आफ्नु पित्र हारूनले चलायेको नियममाने यहवेको घर्मा जांने
गर्द थिये ॥

२० फेरि बांकि लेवीवंशीहरूको पालो यि थिये . अर्थात् अम्रामवंशी
२१ शूबाएल् शूबाएल्को वंशमांको येह्दयाह्। रहब्याह्को . रहब्याहवंशीमांको
२२ यिश्शिय्याह् मुखिया। यिसहारीहरूमांको . शलोमोत् शलोमोत्को
२३ वंशमांको . यहत्। अनि हेब्रोनवंशीमांको मुखिया यरिय्याह् दोस्रो
२४ अमर्याह् तीस्रो यहजीएल् चौथो यकमाम्। उज्जीएल्वंशीमांका मीकाको
२५ वंशमांको शामीर्। मीकाको भाई यिश्शिय्याह् . यिश्शिय्याह्को वंशमांको
२६ २७ जकर्याह्। मरारीवंशी महली र मूशी . याजिय्याह् वंशी बनोह्।

मरारीवंशीहरुमांको याजिय्याह् बनोह् शोहम् जक्कूर् र इब्री। महलीको २८
लाजार् जसको कोई छोरा थियेन। कीशको कीशवंशी यरहमेल्। अनि २९
मूशीवंशीहरु महली एदेर् र यरीमोत्। आफ्ना आफ्ना पित्रहरुका जहान्
अनुसार् लेवीवंशीहरु यिनै थिये। अनि जस्तो तिनिहरुका दाज्यूभाईहरुले ३१
दाऊद् राजा र सादोक् र अहीमेलेक् र पूजाहारीहरु र लेवीहरुका
पित्रहरुका जहान् जहानका मूल मूलहरुका सामु चिट्ठा हाल्नु लगाये
त्यस्तै यिनिहरुले पनि गर्थे अर्थात् तिनिहरुका पित्रहरुका जहान्
जहानहरुमांका जेठा जेठा र कान्छा कान्छा बराबर्गरि॥

फेरि दाऊद् र सेनापतिहरुले आसाप् हेमान् र यदूतूनका कति २५ १
छोराहरुलाइ सेवाको लागि अलग् गर्थे वीणा मृदङ्ग र झयाम्टा बजाउंदै
भजन् गरुन् भन्याऽ. अनि तिनिहरुका सेवा अनुसार् काम् गर्नेहरुको
गन्ति यइ थियो. आसापका छोराहरुमांका जक्कूर् योसेप् नतन्याह् र २
अशरेला आसापका छोराहरु आसापको खटनमा थिये जसले राजाको आज्ञा
अनुसार् भजन् गर्दै थिये। यदूतूनका. यदूतूनका छोराहरु गदल्याह् सरी ३
यशायाह् हशब्याह् मत्तित्याह् छ जना आफ्नू बाबु यदूतूनको खटनमा
भइकन परमेश्वरका धन्यवाद् र स्तुति गर्दै भजन् गर्दै र वीणा बजाउंदै थिये।
हेमानका. हेमानका छोराहरु बुक्कियाह् मत्तन्याह् उज्जीएल् शबूएल् ४
यरीमोत् हनन्याह् हनानी एलीआता गिद्दलती रोममतीएजेर् योशबकाशा
मल्लोती होतीर् र महजीओत्. यि सबै हेमानका छोराहरु थिये जो राजाका ५
दर्शी भइ ईश्वरको बचन् सुनाउंनु र सींग् उठाउंनुको लागि थिये। अनि
ईश्वरले हेमानलाइ चौदह् छोराहरु र तीन् छोरीहरु दिया। यि सबै ६
परमेश्वरको घरमां गानको लागि ईश्वरको घरमां सेवा गर्नुको लागि
झयाम्टा मृदङ्ग र वीणा लिइ आफ्नु बाबुको खटनमां रहंद थिये अरि
आसाप् यदूतून् र हेमान् राजाको खटनमां रहंद थिये। अनि ति सबै को ७
गन्ति तिनका दाज्युभाईहरु समेत् जुनहरुले परमेश्वरको गीत् सिकेका थिये
अं ज्ञानि जना सिपालुहरु थिये तिनिहरु दुइ सै र अठासी जना थिये।
अनि तिनिहरुले आफ्नु आफ्नु कामको लागि चिट्ठा हाल्दै थिये जस्तो ८
बड़ाको लागि त्यस्तै छोटाको लागि जस्तो गुरुको लागि त्यस्तै चेलाको
लागि सबै बराबर्। तब पहिलो चिट्ठा आसापवंशी योसेपको नांउमां ९
निकल्यो. दोस्रो गदल्याहको जो आफ्ना दाज्युभाईहरु र छोराहरु
समेत् बाह्र जना थिये. तीस्रो जक्कूरको त्यसका छोराहरु र दाज्युभाईहरु १०
समेत् बाह्र जना. चौथा यिस्रीको त्यसका छोराहरु र दाज्युभाईहरु समेत् ११
बाह्र जना. पांचौं नतन्याहको त्यसका छोराहरु र दाज्युभाईहरु समेत् बाह्र १२
जना. छैठा बुक्कियाहको त्यसका छोराहरु र दाज्युभाईहरु समेत् बाह्र १३
जना. सातौं यसरेलाको त्यसका छोराहरु र दाज्युभाईहरु समेत् बाह्र जना. १४

[1] र शिमी पद १७ हेर।

१५ आठौं यशायाह्को त्यस्का छोराहरु र दाज्युभाईहरु समेत् बाह्र जना .
१६ नवं मत्तन्याह्को त्यस्का छोराहरु र दाज्युभाईहरु समेत् बाह्र जना .
१७ दशौं शिमीको त्यस्का छोराहरु र दाज्युभाईहरु समेत् बाह्र जना . एघारौं
१८ अजरेल्को त्यस्का छोराहरु र दाज्युभाईहरु समेत् बाह्र जना . बाह्रौं
१९ हशब्याह्को त्यस्का छोराहरु र दाज्युभाईहरु समेत् बाह्र जना . तेह्रौं
२० शूबाएल्को त्यस्का छोराहरु र दाज्युभाईहरु समेत् बाह्र जना . चौधौं
२१ मत्तित्याह्को त्यस्का छोराहरु र दाज्युभाईहरु समेत् बाह्र जना . पन्ध्रौं
२२ यरेमोत्को त्यस्का छोराहरु र दाज्युभाईहरु समेत् बाह्र जना . सोह्रौं
२३ हनन्याह् त्यस्का छोराहरु र दाज्युभाईहरु समेत् बाह्र जना . सत्रौं
२४ योश्बकाशाको त्यस्का छोराहरु र दाज्युभाईहरु समेत् बाह्र जना . अठाह्रौं
२५ हनानीको त्यस्का छोराहरु र दाज्युभाईहरु समेत् बाह्र जना . उनाईसं
२६ मल्लोतीको त्यस्का छोराहरु र दाज्युभाईहरु समेत् बाह्र जना . बीसं
२७ एलियाताको त्यस्का छोराहरु र दाज्युभाईहरु समेत् बाह्र जना . एक्काईसं
२८ होतीर्को त्यस्का छोराहरु र दाज्युभाईहरु समेत् बाह्र जना . बाईसं
२९ गिद्दल्तीको त्यस्का छोराहरु र त्यस्का दाज्युभाईहरु समेत् बाह्र जना । तेईसं
३० महजीओत्को त्यस्का छोराहरु र दाज्युभाईहरु समेत् बाह्र जना । चौबीसं
३१ चट्ठं चिट्ठा रोममती-एजेर्को नांउमा निकल्यो जस्का छोराहरु र दाज्युभाईहरु समेत् बाह्र जना ॥

२६ १ दुवारपालहरुको पालो . आसापवंशीहरुमांको कोरेको छोरो
२ कोरहीहरुमांका मशेलेम्याह् । मशेलेम्याह्का यि छोराहरु थिये जेठो चट्ठं
३ जकर्याह् माइलो यदीएल् साँइलो जबद्याह् काँइलो यत्नीएल् अन्तरे
४ एलाम् जन्तरे यहोहानान् कान्छो चट्ठं एल्यहोएने । फेरि ओबेद्-एदोम्का छोराहरु यि थिये जेठो चट्ठं शमायाह् माइलो यहोजाबाद् साँइलो
५ योआह् काँइलो साकार् अन्तरे नतनेल् जन्तरे अम्मीएल् खन्तरे
इस्साकार् र कान्छो चट्ठं पुल्लते . कसोगरिभन्या ईश्वरले त्यस्लाइ आशीष
६ दियेको थियो । अनि त्यस्को छोरो शमायाह्का पनि छोराहरु जन्म्य जो महावीर् हुंनाको कारणले आफ्नु पित्रको घर् माथि प्रभुताईं
७ गर्द थिये । शमायाह्का छोराहरु ओत्नी रपाएल् ओबेद् एल्जाबाद् र
८ तिनको भाई एलीहू र समक्याह् जो बल्लिया बल्लिया थिये । ओबेद्-एदोम्का यिनै सबै छोराहरु थियं . आफ्ना आफ्ना छोराहरु र दाज्युभाईहरु समेत् बासठ् जना थियं तिनिहरु आफ्नु सेवाको कामको लागि बल्लिया
९ बल्लियाहरु थियं । फेरि मशेलेम्याह्का पनि अठारह् बल्लिया बल्लिया
१० छोराहरु र दाज्युभाईहरु थिये । फेरि मरारीवंशी होसाका छोराहरु थियं अर्थात् मुखिया चट्ठं शिम्री जो जेठो होइन र पनि त्यस्को बाबुले त्यस्लाइ
११ मुखिया तुल्यायो दोस्रो हिल्कियाह् तीस्रो तबल्याह् र चौथो जकर्याह् . होसाका सबै छोराहरु र दाज्युभाईहरु मिलाइ तेरह् जना
१२ थियं । दुवारपालेकामको पालो यिनै मुखिया मुखियाका थियं आफ्ना

आफ्ना भाईहरु सङ्ग यहवेको घर्मां सेवाटहल् गर्ने गर्नुको लागि। यि १३
सबैले क्यै सांना क्यै ठुला आफ्ना आफ्ना पित्रहरुका घर् घर् अनुसार्
एक् एक् ढोकाको पहराको लागि चिट्ठा हाल्यै। पूर्व तिरको पहराको १४
चिट्ठा शेलेम्याहको निकल्यो। तब तिनिहरुले त्यस्को छोरो जकर्याहको
नांउको चिट्ठा हाल्यै जो बुद्धिमान् मंत्री थियो र त्यो त्येस्को उत्तर् तिरको
पहराको लागि निकल्यो। तब दक्खिन् तिरको पहराको लागि ओबेदेदोमको १५
अनि त्यस्का छोराहरुमां भंडारेकोठाको पहराको। फेरि शुप्पीम् र होसाको १६
पच्छिउं तिरको पहराको तिनिहरुले शल्लेकेत् भन्नींने ढोकाको छेउको
उकालो लाग्ने सडकमां सांझ सांझ पहरा दिनुको लागि। पूर्व पट्टि छ १७
जना लेवीहरु उत्तर् तिर दिन् दिन् चार् चार् जना दक्खिन् तिर पनि दिन्
दिन् चार् चार् जना र भंडारेकोठाको लागि दुइ दुइ जनागरि। पच्छिउं
तिरको पर्बार् भन्नींने ठांउमां सडकको छेउमां चार् जना अनि पर्बारेको १८
छेउमां दुइ जना। दुवार्पालहरुका पाला यिनै थिये कोरहवंशीहरुमांका १९
र मरारीवंशीमांका॥

फेरि लेवीहरुमांका ईश्वरको घर्को भंडार् मांथि र पवित्र कामको २०
लागि अलग् छुट्यायेका थोकको भंडार् मांथि अहिय्याह् अधिकारी ठहरा-
ईयेको थियो। लादानवंशीहरु जो गेर्शोनी लादानको भयेको पित्रहरुका २१
घर् घर्का मूल् मूल् लादानका भयेका गेर्शोनवंशीहरुका यहीएली।
यहीएलीवंशी यहवेको घर्को भंडार्हरुका अधिकारी जेताम् र त्यस्को २२
भाइ योएल्। अम्रामीहरु यिस्हारीहरु हेब्रोनीहरु र उज्जीएलीहरुमांका. २३
अनि शबूएल् जो मूसाको छोरो गेर्शोमका वंशमांको थियो त्यो भंडार्हरु २४
मांथिको अधिकारी थियो। त्यस्का दाज्युभाईहरु एलीएजेरका छोराहरु २५
रहब्याह् त्यस्को छोरो यशायाह् त्येस्को छोरो योराम् त्यस्को छोरो जिक्री
त्यस्को छोरो शलोमीत्। यइ शलोमीत् आफ्ना दाज्युभाईहरु समेत् ति २६
सबै पवित्र कामको लागि अलग् छुट्याईयेका थोकका भंडार्हरु मांथिका
अधिकारीहरु थिये जुन्हरुलाइ दाऊद् राजा र पित्रहरुका घर् घर्का
मूल्हरु र सहस्रपतिहरु र शतपतिहरु र सेनापतिहरुले अलग् गर्यका थिये।
लडाईंमां पाईयेका लूटमांको तिनिहरुले यहवेको घर्को मरम्मत्को २७
पवित्र कामको लागि अलग् गर्दै थिये। अनि ज्य ज्य शमूएल् दर्शी २८
र कीशको छोरो शाऊल् र नेर्को छोरो अब्नेर् र सरुयाहको छोरो
योआबले पवित्र कामको लागि अलग् गर्दै थिये अं जस् जस्ले ज्ये ज्ये पवित्र
कामको लागि अलग् गर्दै थिये ति सबै शलोमीत् र त्येस्का भाईहरुको
अधिकारमां थिये। फेरि यिस्हारीहरुमांका छोराहरु समेत् कनन्याह् २९
इस्राएलका बाहिरे काम् अर्थात् मालिक् र बिचारीका काम् गर्नलाइ ठहराये।
अनि हेब्रोनीहरुमांका हशब्याह् र त्येस्का दाज्युभाईहरु जो सत्रह् सै सहासीरहरु ३०
थियें तिनिहरु यहवेको सबै काम् र राजाको चाकरीको बिषय् यर्दन्को पच्छिउं
तिर रहंने इस्राएलको बिषयमां रक्षे गर्नेहरु थियें। अनि हेब्रोनीहरुमांको ३१

मुखिया थिइ यरिय्याह थियो ऐं हब्रोनीहरूमांका तिनिहरूको पुस्ता
अनुसार तिनिहरूका पित्रहरूका घर घर अनुसार गरि । दाऊदको राजको
चालीसौं वर्षमां तिनिहरू खोजिएका थिए अनि गिलादको याजेरमा
३२ भएका महाबीरहरू तिनिहरूमा पाईएका थिए । अनि त्यसका दाजुभाईहरू
जुनहरूलाइ दाऊद राजा देखि ईश्वरका बिषयका सबै कुरा र राजाको कुराको
बिषयमां रूबेनीहरू र गादीहरू र मनश्शेहरूको आधा कुल माथि राज
गर्नुका लागि ठहराईएका थिए ति दुइ हजार र सात सै जना थिए सबै
आफ्ना आफ्ना पित्रहरूका घर घरका मूल मूल थिए ॥

(देसको प्रबन्ध)

२७ १ फेरि पित्रहरूका घर घरका मूल मूलहरू र सहस्रपतिहरू र
शतपतिहरू र पालो पालोगरि सबै बिषयमां राजाको सेवाटहल गर्ने
मालिकहरू समेत इस्राएलवंशीहरूका गन्ति यैइ हो, वर्षदिनमां एक एक
महीना आउने जाने गर्दै थिए एक एक पालोमां चौबीस हजार
२ जना थिए । पहिलो महीनाको लागिको पहिलो पालोका अधिकारी
जब्दीएलको छोरो याशोबाम भयो, र त्यसको पालोमां चौबीस हजार
३ थिए । त्यो पेरेसवंशीको थियो अनि पहिलो महीनाको पालोको लागि
४ सबै सेनापतिहरूको मालिक भयो । अनि दोस्रो महीनाको पालोको
अधिकारी अहोहीदोदै थियो त्यसको पालोमां मिक्लोत भन्ने येउटा मालिक
५ थियो अनि दोदैको पालोमां चौबीस हजार थिए । तीस्रो महीनाको
लागि तीस्रो सेनापति यहोयादा पूजाहारीको छोरो बनायाह मुखिया
६ थियो, अनि त्यसको पालोमां चौबीस हजार थिए । यो त्यइ बनायाह
हो जो ति तीसैमां महाबीर थियो अनि तीसैमां श्रेष्ठ थियो, अनि
त्यसको पालोमां त्यसको छोरो अम्मीजाबाद थियो । चौथो महीनाको
७ लागि योआबको भाई असाहेल चौथो सेनापति थियो अनि त्यस पछि
त्यसको छोरो जबद्याह, अनि त्यसको पालोमां चौबीस हजार थिए ।
८ पांचौं महीनाको लागि पांचौं सेनापति यिज्राहीवंशी शम्हूत थियो,
९ अनि त्यसको पालोमां चौबीस हजार थिए । छैठौं महीनाको लागि छैठौं
सेनापति तकोई इक्केशको छोरो ईरा थियो, अनि त्यसको पालोमां
१० चौबीस हजार थिए । सातौं महीनाको लागि सातौं सेनापति एप्रैमका
पालोनी हेलेस थियो, अनि त्यसको पालोमां चौबीस हजार थिए ।
११ आठौं महीनाको लागि आठौं सेनापति जेरहको वंशमांको हूशाती
१२ सिब्बके थियो, अनि त्यसको पालोमां चौबीस हजार थिए । नवौं
महीनाको लागि नवौं सेनापति बिन्यामीनवंशीहरूको अनातोती अबीएजेर
१३ थियो, अनि त्यसको पालोमां चौबीस हजार थिए । दसौं महीनाको
लागि दसौं सेनापति जेरहवंशी नतोपाती महरै, अनि त्यसको पालोमां
१४ चौबीस हजार थिए । एघारौं महीनाको लागि एघारौं सेनापति एप्रैमवंशी

पिरातोनी बनायाह् . अनि त्यसको पालोमां चौबीस् हजार् थिये । बाह्रौं १५
महीनाको लागि बाह्रौं सेनापति ओत्नीएल्‌वंशी नतोपाती हेल्दे . अनि
त्यसको पालोमां चौबीस् हजार् थिये ॥

फेरि इस्राएला कुल्‌हरू मांथि यिनिहरू मालिक् थिये . अर्थात् १६
रूबेनीहरूको मालिक् जिक्रिको छोरो एलीएजेर् . शिमोनीहरूको माकाको
छोरो शपत्याह्   लेवीको कमूएल्‌को छोरो हशब्याह् . हारूनको १७
सादोक् . यहूदाको एलीहू नांउ भयेको दाऊद्‌को येउटा दाजु . इस्साकारको १८
मीकाएल्‌को छोरो ओम्री . जबूलून्‌को ओबद्याह्‌को छोरो यिश्मायाह् . १९
नप्तालीको अज्रीएल्‌को छोरो यरीमोत् . एफ्रैमवंशीहरूको अजज्याह्‌को २०
छोरो होशे . मनश्शेको आधा कुलको पदायाह्‌को छोरो योएल् . गिलादमां २१
बस्ने मनश्शेको अर्को आधाहरूमांको जकर्याह्‌को छोरो इद्दो . बिन्यामीन्‌को
अब्नेर्‌को छोरो यासीएल् . दान्‌को यरोहाम्‌को छोरो अजरेल् इस्राएल्‌का २२
कुलका मुखियाहरू यिनैहरू थिये । तर दाऊद्‌ले बीस् वर्षकाहरूको र त्यो २३
भन्दा मुनिकाहरूको गन्ति गरेन . किनभन्ये यहोवाले मं इस्राएल्‌लाइ
आकाशका ताराहरू झैं बढाउंछु भन्येर भन्येको थियो । सरुयाह्‌को छोरो २४
योआब्‌ले गन्ति गर्नु ता थाल्यो तर तुरेन येसकारण इस्राएल् मांथि
रिस् पर्‍यो अनि यो गन्ति दाऊद् राजाको इतिहास्‌को बखानमां
लेख्येको थियेन ॥

अनि राजभंडार्‌को अधिकारी अदीएल्‌को छोरो अज्मावेत् थियो . २५
अनि बाहिर फेरीका सहर्‌हरू बस्तीहरू र किल्लाहरूका भंडार्‌हरूको अधिकारी
उज्जियाह्‌को छोरो यहोनातान् थियो . अनि भूमिको खेतीकिसान् २६
गर्नेहरूका अधिकारी कलूब्‌को छोरो एज्री थियो . अनि दाखका २७
बारीहरूको अधिकारी रामाती शिमी थियो . अनि दाखका बारीको
उपजनी जो दाखमद्यको भंडार्‌मां राख्नुको लागि हुन्ह थियो त्यसको
अधिकारी शिप्मी जब्दी थियो . अनि भंदाले र बेसार बनिया वेसिका २८
रूखहरूको अधिकारी गदेरी बाल्हानान् थियो . अनि तेलका भंडार्‌हरूको
अधिकारी योआश् थियो . अनि शारोन् नांउ भयेको खर्कमां चर्ने गाई २९
गोरुहरूको अधिकारी शारोनी शित्रै थियो . अनि तरि तरिमां चर्ने
गाईगोरुको अधिकारी अद्‌लैको छोरो शापात् थियो . अनि ऊंटहरूको ३०
अधिकारी इश्माएली ओबील् . अनि गदहाहरूको अधिकारी मेरोनोती
येह्दयाह् . अनि भेडाबाखाहरूको अधिकारी हग्री याजीज् थियो । ३१
दाऊद् राजाका धनसम्पत्तिका अधिकारीहरू यिनै सबै थिये ॥

अनि दाऊद्‌को भतीजो योनातान् बुझकि मंत्री थियो अनि शास्त्री ३२
पनि थियो . अनि हक्मोनीको छोरो यहीएल् राजपुत्रहरू सङ रहने गर्दे
थियो . अनि अहीतोपेल् चइं राजाको मंत्री थियो . अनि एरको हूशै ३३
राजाको मित्र थियो . अनि अहीतोपेल् पछि बनायाह्‌को छोरो यहोयादा र ३४
एब्यातार थियो . अनि राजाको सेनापति योआब थियो ॥

(दाऊद्‌को मंरस्)

२८ १ अनि दाऊद्‌ले इस्राएल्‌का सबै मालिक्‌हरु र कुल्‌का मालिक्‌हरु
र पालो पालोगरि राजाको चाकरी गर्ने गट्ठाका कमान्‌हरु र सहस्रपतिहरु
र शतपतिहरु र राजाको र त्येका छोराहरुको धनसम्पत्ति र सबै पशुहरु
माथिका अधिकारीहरु भेद्देरीहरु समेत्‌ र बीर्‌हरु अं सब्बै महाबीर्‌हरुलाइ
२ यरुशलेममा भेला गरायो । तब दाऊद्‌ राजाले आफ्ना गोड़ामा उभीयेर
भन्यो हे मेरा भाईहरु र हे मेरा पर्जाहरु हो मेरो सुन . मं चइं अं मेरै
मन्‌मां यहवेको नियम्‌को सम्पट्‌को लागि र ईश्वर्‌को चरणपिराको लागि
बिश्राम्‌को येउटा घर्‌ बनाउंने मन्‌ थियो अनि मैंले बनाउंनुको लागि
३ नियार्‌ पार्येर राख्येको थियें पनि । तर ईश्वर्‌ले मंलाइ भन्यो तं लड़ाइंको
मान्छे छस्‌ अनि तैंले रगत्‌ बहाइस्‌ येस्कारण तैंले मेरो नांउको लागि
४ घर्‌ बनाउंनु पाउंदैनस्‌ । तैपनि इस्राएल्‌को ईश्वर्‌ यहवेले इस्राएल्‌ माथि
सदाको लागि राजा हुंनुलाइ मेरो बाबुको सिंगै जहान्‌ देखि मं चइंलाइ
छान्यो . कसोगरिभन्ये उस्ले यहूदाचइंलाइ मालिक्‌ हुंनुको लागि
छान्येको छ अनि यहूदाको जहान्‌मां मेरो बाबुचइंको जहान्‌लाइ
अनि मेरा बाबुका छोराहरुमांको मंचइंलाइ सिंगै इस्राएल्‌ माथि राजा
५ तुल्याउंनुको लागि उस्लाइ जाति लाग्यो . अनि मेरा सबै छोराहरुमांका
(कसोगरिभन्ये यहवेले मंलाइ धेरै छोराहरु दियेको छ) उस्ले यहवेको
राज्‌का सिंहासन्‌मां इस्राएल्‌ माथि बस्नुलाइ मेरो छोरो सुलैमान्‌चइंलाइ
६ छान्येको छ । अनि उस्ले मंलाइ भन्येको छ तेरो छोरो सुलैमान्‌चइंले मेरो
घर्‌ र मेरो आघन्‌ बनाउंछ . किनभन्ये मैंले त्येस्लाइ मेरो छोरो हुंनुको
७ लागि छान्येको छु अनि मं त्येस्को बाबु हुंछु । अनि त्येस्ले आजुको दिन्‌
जस्तो मेरो आज्ञा र मेरो नियम्‌ मान्नुलाइ स्थिर्‌ भयो भन्ये देखि मं
८ सदाको लागि त्येस्को राज्‌ स्थिर्‌ गर्छु भनि । त अब यहवेको मंडली सिंगै
इस्राएल्‌को सांमु अनि हांमिहरुको ईश्वर्‌ले सुन्नेगरि आफ्नु ईश्वर्‌ यहवेका
सबै आज्ञा खोज्येर मान . र तिमिहरु येस्‌ जाति देस्‌को अधिकारी हव
अनि तिमिहरुको पछि आउंने आफ्ना छोराहरुलाइ सदाको लागि छिपट्‌
९ गरि देव । अनि ए मेरो छोरा सुलैमान्‌ तंचइंले आफ्नु बाबुको ईश्वर्‌लाइ
जान्‌ अनि सिद्ध हिर्दय्‌ र मान्ने मन्‌ले उस्को सेवा गर्‌ . किनभन्ये यहवे
सबै हिर्दय्‌ खोज्‌ने छ अनि बिचार्‌को सबै भेद्‌ बूझ्‌ने उइ छ . उस्लाइ
खोजिस्‌ भन्ये उ तं देखि पाइंछ तर उस्लाइ छोड़िस्‌ भन्ये उस्ले तंलाइ
१० सदाको लागि आफालि दिंछ । अब चंख रह किनभन्ये यहवेले तंलाइ
पवित्र स्थान्‌को लागि घर्‌ बनाउंनुलाइ छान्येको छ . बलियो हो अनि
त्यो गर्‌ ॥

११ तब दाऊद्‌ले आफ्नु छोरो सुलैमान्‌लाइ मन्दिर्‌को आघन्‌को र
त्येस्का घर्‌हरुको र त्येस्का भंड़ार्‌हरुको र त्येस्का मांथिल्लो तलाको र त्येस्को

भित्रेकोठाको र त्येको प्रायश्चित्तेठाउंको नपना दियो . अनि यह्वेको घर्को १२
आंघन्को लागि र छेउछाउका सबै कोठाको लागि र ईश्वर्को घर्को
भंडार्हरुको लागि र पवित्र काम्को लागि अलग् छुट्यायेका थोकका
भंडार्हरुको लागि अनि जे जे त्येले आत्मामां देख्यो त्येको नपना . फेरि १३
पूजाहारीहरु र लेवीहरुको पालो पालोको लागि र यह्वेको घर्को सेवाको
सबै काम्को लागि र यह्वेको घर्मां सेवाटहलको सबै भांडाबर्तनको
लागि . सुन्का भांडाबर्तन्को लागि जो सबै रकम्को सेवाको सबै भांडा १४
बर्तन्को लागि सुन् जोखिकन अनि चांदीका सबै बर्तन् अर्थात् सबै
रकम्को सेवाका सबै भांडाबर्तन्को लागि चांदी जोखिकन . सुन्को १५
पांनस् र त्येका डीयाहरुको लागि एक् एक् पानस् र त्येका डीयाको
लागि त्येको जोखाई अनुसार्को सुन् जोखिकन . अनि चांदीका पांनसको
लागि गोटैपिच्छे सबै पांनसको काम् अनुसार् एक् एक् पांनस् र त्येका
डीयाको लागि चांदी जोखिकन . अनि भेटि रोटीको गोटैपिच्छे मेजको १६
लागि सुन् जोखिकन र चांदीको मेजको लागि चांदी . अनि कांटा र १७
भांडाबर्तन् र कटोरा निखरा सुन्को . अनि सुन्को कटोराको लागि एक्
एक् कटोराको जोखाई अनुसार् अनि चांदीका कटोराको लागि एक् एक्
कटोराको जोखाई अनुसार् . अनि धूप्को वेदीको लागि असल् सुन् १८
जोखिकन . अनि रथ्को नपनाको लागि यी पखेटा फिंज्यायेका करूबहरु
जस्ले यह्वेको नियमको सम्पुट् ढाकद थिये तिनको रुपको लागिको
सुन् । दाऊद्ले भन्यो यि सबै यी यिनै नपनाका सबै काम्मां यह्वेको १९
हात्को लेखाईमां बुझाईये । अनि दाऊद्ले आफ्नु छोरो सुलेमान्लाइ २०
भन्यो बलियो हो हूप् बांध् यो गर् . न डरा थरहरि न हो . किनभन्ये
ईश्वर् यह्वे यी मेरे ईश्वर् तं सङ छ उस्ले तंलाइ न धोखा दिंछ न तंलाइ
छोडि दिन्छ यह्वेको घर्को सेवाको सबै काम् न सिद्धाउंज्याल् सम्म ।
अनि हेर् ईश्वर्को घर्को सबै सेवाको लागि पूजाहारी र लेवीका पालाहरु २१
यिनै हुन् . अनि तं सङ सबै रकम्का काम्मां सबै रकम्को सेवाको लागि
सबै मन् पर्दा पर्दा र सिपालु सिपालु मान्छेहरु छन् . मालिक्हरु र सबै
पर्जाहरु पनि तेरो पूरा आज्ञा सुनि रहंछन् ॥

फेरि दाऊद् राजाले सिंगै मंडलीलाइ भन्यो मेरो छोरो २९ १
सुलेमान् जस्लाइ मात्रै ईश्वर्ले छान्येको छ अझै सानो र कलीलो छ अनि
काम् चइं ठुलो छ . कसोगरिभन्ये त्यो महल् मान्छेको लागि होइन
तर यह्वे ईश्वर्को लागि छ । त मैले आफ्नु पूरो शक्तिले आफ्नु २
ईश्वर्को घर्को लागि सुन्का थोकको लागि सुन् चांदीका थोकको लागि
चांदी पीतल्का थोकको लागि पीतल् फलम्का थोकको लागि फलम्
काठ्का थोकको लागि काठ् तियार् पार्येको छु . सुलेमानी ढुंगा
र बसाल्ने मनि अनि जड्ने काम्को लागि मनि र धेरै रङ्ग बिरङ्गको
मांग र सबै रकम्का मोति मूङ्गा र सङ्गमरमर् औधिगरि । अनि ३

पनि मैले आफ्नु ईश्वरको घर् सित प्रिति राख्येको कारणले अनि मसँ
सुन् चांदीको भंडार् भयेको कारणले मैले पवित्र घरको लागि तियार्
पार्येका सबै भन्दा बढ्ता यि पनि मं आफ्नु ईश्वर्को घरको लागि
४ दिंदै छु अं घर्हरूका भित्ताहरू मोहोर्नुको लागि सुन्का तीन् हजार्
५ तोड़ा अं ओफिर्को सुन्को र असल् चांदीका सात् हजार् तोड़ा . सुन्का
थोकको लागि सुन् र चांदीका थोकको लागि चांदी र कारिगर्का हातले
बनाईने सबै रकम्का कामको लागि . त आजु यहवेको लागि कसले
६ आफुलाइ पवित्र गर्नलाइ मनमानो सित दिहाल्छ । तब पित्रहरूका
घर् घर्का मालिक्हरू र इस्राएल्का कुलका मालिक्हरू र सहस्रपति र
७ शतपति राजाको कामका कारन्दाराहरू समेतले मनमानोगरि दिये त
तिनिहरूले ईश्वर्को घर्को सेवाको लागि पांच् हजार् तोड़ा र दस् हजार्
अशर्फीको सुन् अनि दस हजार् तोड़ा चांदी र अठारह् हजार् तोड़ा पीतल्
८ एक् लाख् तोड़ा फलाम् दिये । अनि जस् जसका मोती मुङ्गा पाईये गर्थेनी
९ यहीएल्को हात्मा यहवेको घर्को भंडार्मा दिये । बहादेखि लोगले
रमाहट् गर्थे किनभन्ये तिनिहरूले मनमानोगरि दिये अनि यहवेको
लागि तिनिहरूले मनमानो सित सिद्ध मनले दिंदै थिये . अनि दाऊद्
१० राजा पनि अरघोर् रमाहट् सित रमायो । तब दाऊदले सिंगै सभाको
सामु यहवेको धन्नबाद् गर्यो . अनि दाऊदले भन्यो हे हाम्रा पित्र
११ इस्राएल्को ईश्वर् यहवे जुगन्जुग् धन्नका हो । हे यहवे बड़ाहुवाई
पराक्रम् र महिमा र जय् र बिभव् तपांइकै हुन् . कसोगरिभन्ये स्वर्ग र
पृथिवीमां जे छन् सबै तपांइकै हुन् हे यहवे राज् तपांइकै हो अनि
१२ तपांइनै सबै भन्दा मूल् भइकन बढ़ाईयेका छौ । धन् र मान् दुवै तपांइ
देखिनै आउंद छन् अनि तपांइले सबै माथि राज् गर्दछौ तपांइको हात्मां
पराक्रम् र बल् छन् बड़ा तुल्याउंनु र सबैलाइ बल् दिनुं तपांइको हात्मां
१३ छ । येस्कारण् हे हाम्रा ईश्वर् हामिहरू तपांइको धन्नबाद् गर्द छौं अनि
१४ तपांइको महिमा सितको नांउको स्तुति गर्द छौं । तर मं को हुं अनि मेरा
पर्जा को हुन् र हामिहरूले येस् परिले येस्तै मनामानोगरि दिनु सकद छौ
भनि . किनभन्ये सबै थोक् तपांइनै देखि आउंद छन् अनि तपांइकै थोक्
१५ देखि हामिहरूले तपांइलाइ दियेका छौं । कसोगरिभन्ये हामिहरूका सबै
पित्रहरू झैं हामिहरू पनि तपांइको सामु परदेसी र प्रवासी मात्रै छौं .
हामिहरूको पृथिवीमां बस्ने दिन् खालि छाया जस्तो मात्रै छन् अनि कोइ
१६ ठिकाना छैन । हे हाम्रा ईश्वर् यहवे हामिहरूले तपांइको लागि तपांइको
पवित्र नांउको लागि येउटा घर् बनाउंनुलाइ तियार् पार्येका यि सबै
भंडार्मां भयेका सबै तपांइको हात् देखि आउंद छन् अनि सबै तपांइकै
हुन् । अनि हे मेरो ईश्वर् मं यो पनि जान्द छु तपांइ हिर्दय् जांच्ने छौ ।
१७ अनि सोजैंमां खुशि हुंद छौ मं जो छु मैलेनै आफ्नु मन्को सोजैंमां
ति सबै थोक् मनमानो सित चढायेको छु . अनि अब आनन्दको साथ्

तपांइका यहां सामेल् भयेका लोग् तपांइको लागि मनमानीसंग दिंदै
देख्यैको छु। हे हामिहरूका पित्रहरू अब्राहाम् इसहाक र इस्राएलको १८
ईश्वर् यहवे जुगनजुग् यि कुरा आफ्ना लोगको मनको विचारको भरमा
राख्नु हवस् अनि तिनको मन तपांइ तिर स्थिर् गराउनु हवस्. अनि १९
तपांइको आज्ञा साक्षी र विधि मान्नलाइ र ति सबै कुरा गर्नलाइ अनि
मैले जोहो गर्याको भवन् बनाउनलाइ मेरो छोरो सुलैमानलाइ सिद्ध मन्
दिनु हवस्। तब दाऊदले सिंगै सभालाइ भन्यो अब आफ्नु ईश्वर २०
यहवेलाइ आशीर्वाद् गर। त सिंगै सभाले आफ्ना पित्रहरूको ईश्वर
यहवेलाइ आशीर्वाद् गर्यो अनि आफ्ना सिर् निउंगायेर यहवे र राजालाइ
दण्डवत् गर्यो। बहांदेखि तिनिहरूले यहवेको लागि बलि चढाये अनि २१
त्यसको भोलि पल्टो तिनिहरूले यहवेको लागि होमबलि चढाये अर्थात्
एक् हजार् बाछा र एक् हजार् थुमा अनि एक् हजार् पाठा तिनका
खन्याईबलि समेत् अनि सिंगै इस्राएलको लागि अग्घोरैको बलिदान
अनि त्यस दिन् बडा रमाहट् गरि यहवेको सामु खाना पाना गर्दै थिये। २२
फेरि तिनिहरूले दोस्रो खेप् दाऊदको छोरो सुलैमान्लाइ राजा तुल्याये
अनि त्यो मालिक् हुनुलाइ यहवेको लागि अभिषिक्त गर्यो अनि पूजाहारी
हुनुको लागि सादोकलाइ पनि। तब सुलैमान् आफ्नु बाबु दाऊदको २३
साटोमा यहवेको सिंहासनमा राजा भइ बस्यो अनि भाग्यमान् भयो अनि
सिंगै इस्राएलले त्यसलाइ मान्यो। अनि सबै मालिकहरू र सबै महावीरहरू २४
र दाऊद् राजाका सबै अरू छोराहरू पनि सुलैमान् राजाको ताबिमा
आये। अनि यहवेले सुलैमानलाइ सिंगै इस्राएलको सामु अग्घोरगरि २५
बढायो अनि त्यस माथि त्यस्तो राजासील पराक्रम् दियो जस्तो त्यो भन्दा
पहिले इस्राएलमा कुनै पनि राजा माथि थियन॥

त यिशैको छोरो दाऊदले सिंगै इस्राएल् माथि राज् गर्यो। त्यसले २६
इस्राएल् माथि राज् गर्याको समय चालीस् बर्ष थिये सात् बर्ष सम्म
हेब्रोन्मा राज् गर्यो अनि तेतीस् बर्ष यरूशलेममा। निदानमा पूरा २८
बुढेसकालमा धेरै दिन् खायेको र धनसम्पत्ति र मानमा तृप्त भइ मर्यो.
अनि त्यसको छोरो सुलैमान्ले त्यसको साटोमा राज् गर्यो। त दाऊद् २९
राजाको आदि देखि अन्त सम्मको कार्जहरू र त्यसका सब् राज् र त्यसको
सब् महातम् र त्यसको र इस्राएलको र देस् देसका सबै राजाको वृत्तान्त
हेर ति शमूएल् दर्शीको इतिहास् र नातन् अगमवक्ताको इतिहास् र गाद् ३०
दर्शीको इतिहासका पोस्तकहरूमा लेख्यका छन्॥

इतिहास्को दोस्रो पोस्तक् ॥

(सुलैमान्को राज्को थाल्नि)

१ १ अनि दाऊद्का छोरा सुलेमान् आफ्नु राज्मां स्थिर् गराईयो अनि
त्यस्को ईश्वर् यहव त्यो सङ थियो अनि उस्ले त्यस्लाइ अरघोरगार बढ़ायो ।
२ त सुलेमान्ले सिंगै इस्राएल्लाइ र सहस्रपतिहरूलाइ र शत्पतिहरूलाइ
र निसाफ्गर्नेहरूलाइ र सिंगै इस्राएल्मां भयेका सबै मालिक्हरूलाइ र
३ पित्रहरूका घर् घर्का मूल्हरूलाइ बोलायो । त सुलेमान् सिंगै मंडलो
समेत् गिबोन्मां भयेको अल्गो ठांउमां गयो किनभन्ये ईश्वर्को लागि
जुन् भेट् हुंने डेरा यहवको दास् मूसाले बन्मां बनायेको थियो त्यो एले
४ सम्म उहीं थियो । तर दाऊद्ले किर्यत्यारीम् देखि दाऊद्ले त्यस्को लागि
तियार् पार्येको ठांउमां ईश्वर्को सम्पट् ल्यायेको थियो . किनभन्ये त्यस्ले
५ यरूशलेम्मां त्यस्का लागि येउटा डेरा उभ्यायेको थियो । येस् उप्रान्त
हूर्को छोरो ऊरीको छोरो बजल्लेल्ले बनायेको पीतल्को बेदि त्यहां
यहवको बासस्थान्को सांमु थियो . अनि सुलेमान्ले मंडलो सङ त्यो तिर
६ सोधनो गर्यो । अनि सुलेमान् भेट् हुंने डेरामां यहवको सांमु भयेको
पीतल्को बेदाको सांमु चढ़ि गयो अनि त्यस्मां एक् हजार् होम्
बलि चढ़ाया ॥
७ त्येस् रात् ईश्वर्ले सुलेमान् थांइ देखाहा पर्येर त्यस्लाइ भन्यो म
८ तंलाइ के दिउं त्यो मांग् । तब सुलेमान्ले ईश्वर्लाइ भन्यो तपांइले मेरा
बाबु दाऊद् मांथि ठुलो अनुग्रह् देखाउंनु भयो अनि मंलाइ त्यस्को
९ साटोमां राजा तुल्याउंनु भया । त अब हे ईश्वर् यहव तपांइले मेरो
बाबु दाऊद् सित गर्येका करार् पूरा हवस् . किनभन्ये तपांइले मंलाइ
येस्तो लोग् मांथि राजा तुल्याउंनु भयेको छ जो गन्तिमां पृथिवीको
१० धूलोका कनिकं सरि औधि छन् । अब मंलाइ ज्ञान् र बुद्धि दिंनु हवस्
र मं येस् लोगको सांमु भित्र बाइर आउंनु जांनु गरूं . किनभन्ये यो
११ तपांइको लोग् जो येत्रा ठुला छ तिनको निया कस्ले गर्नु सकछ । त
ईश्वर्ले सुलैमान्लाइ भन्यो यो कुरा तेरा हिर्दय्मां भयेको कारण् अनि
धन् दोलत् मान् र आफ्ना सत्तुर्हरूका प्राण् न धेरै दिन् मांगिस् तर यि
मैंले तंलाइ राजा तुल्यायेका लोगको निया गर्नुका लागि तैंले आफ्नु
१२ लागि ज्ञान् बुद्धि मांगिस् . येस्कारण् तंलाइ ज्ञान् बुद्धि दिईयेका छन्
अनि पनि तंलाइ येति धन्सम्पत्ति र दोलत् र मान् दिंछु तं भन्दा अगाड़ि
१३ तं जस्तो कोई थियेन न तेरो पछि कोई तं जस्तो हुंछ । त सुलैमान्

गिबोन्मां भयेको अलगो ठांउ अं यरूशलेम्मां भेट् हुंने डेरामां आयो
अनि त्येस्ले इस्राएल मांथि राज् गर्‍यो ॥
अनि सुलैमान्ले रथ्हरू र त्रुकसवारहरू जमायो . त त्येस्का एक् १४
हजार् र चार से रथ् थिये अनि बारह् हजार् त्रुकसवार् थिये जुनहरूलाइ
त्येस्ले रथ्हरूको सहर्मां र यरूशलेम्मां राजा सङ राख्यो . अनि राजाले १५
यरूशलेम्मां सुन् र चांदी ढुंगै सरि तुल्यायो अनि देवदारूहरू धेर् हुंनाको
कारणले बेंसिमां हुंने किम्बूको रूख् सरि तुल्यायो । अनि सुलैमानका १६
घोड़ाहरू मिस्र बाटो ल्याइंद थिये राजाका बेपारीहरूले ति ब्रथान्को
ब्रथान् लिंद थिये ब्रथान् ब्रथान्को खाल् छानि दाम दियेर । अनि एक् एक् १७
रथ् चांदीका छ से शेकेल् र एक् एक् घोड़ा एक् से पचास् शेकेल्मां मिस्र
बाटो तिनिहरूले ल्याउंद थिये . अनि येसोरि हित्तीका सबै राजाहरू र
अराम्का राजाहरूको लागि पनि तिनिहरूको बाटोले ल्याउंद थिये ॥
त सुलैमानले यहवेको नांउको लागि येउटा घर् र आफ्नु राज्को २ १
लागि येउटा घर् बनाउंने मन् गर्‍यो । त सुलैमान्ले भारि बोक्नुलाइ २
सत्तरी हजार् जना र पहाड़् हुंदो अस्सी हजार् रूख ढाल्नेहरू र
कामदारीहरू तीन् हजार् र छ से जनालाइ खटायो । तब सुलैमान्ले ३
सोर्को राजा हूराम्[१] थांइ येसो भनि पठायो आफुले मेरो बाबु
दाऊद् सङ बेहोरा गर्‍यो झैं अनि त्येस्का लागि त्येस्को बस्नुको लागि
घर् बनाउंनुको लागि देवदारू पठाउंनु भयो त्यस्तै म सङ् पनि गर्नु
हवस्[२] । हेर्नु हवस् मैले आफ्नु ईश्वर् यहवेको लागि येउटा घर् बनाउंनु
आंटेको छु उसैको लागि त्यो पवित्र गर्नुलाइ अनि सुगन्ध द्रव्यको उस्को
सांम्नु धूप् हाल्नुलाइ र सदाको भेटि रोटीको लागि र सांझ बिहान् र
बिश्राम् बिश्राम् र दुतिया दुतिया र आफ्नु ईश्वर् यहवेको ठहरायेका
चाड़्को होमबलिको लागि । त्यो चइं इस्राएल्को लागि सदाको बिधि
हो । अनि मैले बनाउंनु आंटेको घर् ठुलो छ . किनभन्ये हामिहरूको
ईश्वर् सबै देवताहरू भन्दा ठुलो छ । तर जब स्वर्ग र स्वर्गहरूको स्वर्गले ६
पनि उस्लाइ अटाउंनु सक्दैन त उस्को लागि घर् कस्ले बनाउंनु सक्छ .
अनि म को हुं र मंचइंले उस्को लागि घर् बनाउंनु पाउं खालि उस्को
सांम्नु धूप् हाल्नुको लागि मात्रै । त अब मेरो लागि सुन् चांदी पीतल्
फलम् बैगुनें र सिंदुरे र नीलोमां काम् गर्नमां सिपालु मान्छे अनि
बुट्टाकढ़ाईंको काममां सिपालु मान्छे पठाइ दिनु हवस् तिनिहरू मेरो
बाबु दाऊदले तियार् पार्‍येको म सङ यहूदा र यरूशलेम्मां भयेका सिपालु
सिपालु मान्छेहरू सङ रहुन् । अनि मेरो लागि लबानोन् बाटो देवदारू
काठ् सल्लाकाठ् र चन्दन्काठ् पठाउंनु हवस् . किनभन्ये मलाइ थाहा छ

[१] १ राज् ५ . १ मां हीराम् ।
[२] येसो......हवस् इब्रानिमां छैन ।

आफुका दासहरू लबानोन्मां काठ् काट्नुमां सिपालु छन् अनि हेर्नु
९ हवस् मेरा चाकरेहरू आफुका चाकरेहरू सङ हुंछन् अं मेरो लागि
धेरै काठ् तियार् पार्नुलाइ . किनभन्यें मैंले बनाउंनु आंटेको घर् उदेक्
१० भन्दा पनि उदेक्को हुंछ । अनि हेर मं आफुका चाकरेहरूको लागि
अर्थात् काठ् काट्नेहरूको लागि बीस् हजार् कोठो कुटेको गहूं र
बीस् हजार् कोठो जउ र बीस् हजार् खड्कुंड़ा मद र बीस् हजार्
११ खड्कुंड़ा तेल् दिंछु । तब सोर्का राजा हूराम्ले सुलैमान् थांइ लेखेर
उत्तर् पठाइ दियो यहवेले आफ्नु लोग् सित प्रीति राख्यंको कारणले
१२ आफुलाइ तिनिहरू मांथि राजा तुल्यायो । येस् उप्रान्त हूराम्ले भन्यो
स्वर्ग र पृथिवीका सृष्टिकर्त्ता इस्राएल्का ईश्वर् यहवे धन्न हवस् जस्ले
दाऊद् राजाका लागि बिचार् र बुद्धिले भरायेको येउटा छोरा दियो
जस्ले यहवेका लागि येउटा घर् र आफ्नु राजको लागि येउटा घर्
१३ बनाउंछ । त अब मं आफ्नु बाबु हूरामको येउटा सिपालु बुद्धिले
१४ भरायेको मान्छेलाइ पठाइ दिंछु जो दानबंशीहरूको येउटा स्त्रीको
छोरो जस्को बाबु सोर्का मान्छे थियो जो सुन् चांदी पीतल् फलाम् ढुंगा
काठ् बैगुन नीलो पाटकपरा र सिंदुरमां काम् गर्न सिपालु अनि सबै
रकम्का बुट्टा काढ्नुमां र सबै रकम्को कारिगरि गर्न सक्ने छ. अनि
त्यस्को लागि आफुका सिपालु मान्छेहरू र आफुको बाबु हाम्रा प्रभु
१५ दाऊद्का सिपालु मान्छेहरू सङ येस्लाइ पनि ठांउ दिईयोस् । त अब
जुन् गहूं जउ मद तेल्को बिषयमां मेरा प्रभुले भन्नु भयो ति आफ्ना
१६ चाकरेहरूको लागि पठाउंनु हवस् . त आफुको लागि जति काठ् खांचो
छ त्येति हामिहरू लबानोन्मां काट्छौं . अनि हामिहरू ति बेड़ा बांधेर
समुन्द्रमां हेलि यापोमां पुग्याइ दिंछौं त्यहां देखि आफुले ति यरूशलेममां
१७ चढाइ लानु हवस् । तब सुलैमान्ले आफ्नु बाबु दाऊद्ले तिनिहरूलाइ
गन्ये पछि इस्राएल्को देसमां भयेका सबै परदेसीहरूलाइ गन्यो त तिनिहरू
१८ डेढ् लाख् तीन् हजार् र छ से जना पाईये । तब त्यस्ले तिनिहरूमांको
सत्तरी हजार् भारि बोक्नुलाइ र पहाड़ हुंदो रुख् ढाल्नेहरू अस्सी
हजार् र कामदाराहरू तीन् हजार् र छ से जनालाइ खटायो ॥

३ १ त सुलैमान्ले यरूशलेममां मोरीयाह् डांड़ामां त्यइ ठांउमां यहवेको
घर् बनाउंनु थाल्यो जुन् ठांउमां त्यस्को बाबु दाऊद्ले यहवेको दर्शन् पायेर
२ यबूसी ओर्नान्को खलामां तियार् पार्यंको थियो । अनि त्यस्ले आफ्नु
राजका चौथो बर्षको दोस्रो महीनाको दोस्रो तिथिमां बनाउंनु
३ थाल्यो । अब ईश्वर्को घर्को बनावट्को लागि सुलैमान्ले बसाल्येका
४ जग् यि हुन् । पहिला नापको अनुसार् लंमइ साठी हात् र गज् बीस्
हात् । अनि घर्को मांथुको दलान्को लंमइ घर्को गज् जतिकै बीस्
हात् अनि त्यस्को अग्लाइ एक् से र बीस् हात्. अनि त्यस्ले घर्को भित्र
५ पट्टि निखरा सुनले मोहोर्यो । अनि त्यस्ले ठुलो चइं घर्को छानाको

भित्र पट्टि सल्लाको फल्याक् लगायो अनि त्यस् बाहर निखरा सुनले
मोहोर्‍यो अनि त्येसमां खजूरका बोटहरु र सिक्रिहरु काढ्‍यो। अनि ६
त्येस्ले शोभाको लागि घरलाइ मोतिमुंगाले सिंगार्‍यो. अनि सुन् चहिं
पर्वैमको सुन् थियो। अनि त्येस्ले घर् र दलीनहरु र सङारहरु र त्येस्का ७
भित्ताहरु र त्येस्का ढैलाहरु सुनले मोहोर्‍यो अनि भित्तामां करुबहरु
काढ्‍यो। अनि त्येस्ले महापवित्र घर् पनि बनायो त्येस्को लंबाइ घरको ८
गज जति बीस् हात् अनि त्येस्को गज बीस् हात्. अनि त्येस्ले त्यो
छ सै तोड़ा सम्मको असल् सुनले मोहोर्‍यो। अनि खिलहरुको जोखाइं ९
सुनको पचास् शकेल् थियो। अनि त्येस्ले माथिल्ला तलाको कोठा सुनले
मोहोर्‍यो। अनि महापवित्र घरमां त्येस्ले दुइटा करुबहरु खोपिकन १०
बनायो अनि तिनिहरुले तिनलाइ सुनले मोहोरे। अनि ति करुबहरुका ११
पखेटाहरु बीस् हात् लांमा थिये. येउटा करुबको पखेटा घरको
एका पट्टिको भित्तामां पुग्ने पांच् हातको थियो अनि अर्को पखेटा पनि
अर्को करुबको पखेटा सम्म पुग्ने पांच् हातको थियो। अनि अर्को १२
चहिं करुबको पखेटा घरको भित्ता सम्म पुग्ने पांच् हातको थियो.
अनि अर्को चहिं पखेटा अर्को चहिं करुबको पखेटा सङ जोरीने पांच्
हातको थियो। ति करुबहरुका पखेटाहरु बीस् हात् सम्म फिंजीयेका १३
थिये. अनि तिनिहरु आफना गोड़ामां उभीयेका थिये अनि तिनिहरुको
मुख् घर् तिर फर्केका थिये। अनि त्येस्ले नीलो बैगुन र सिंदुरे र १४
पातकपराको झुलुन पर्दा बनायो अनि त्यस्मां करुबहरु काढ्‍यो। अनि १५
त्येस्ले घरको सांमु दुइटा पैंतीस् पैंतीस् हातका अलगा अलगा थामहरु
बनायो अनि एक् एक् थाम् माथिका थाम्रि पांच् पांच् हातका थिये।
अनि त्येस्ले भित्रेकोठामां सिक्रि बनायेर थाम् माथि राख्यो अनि त्येस्ले १६
एक् सै दारीम् बनायेर ति सिक्रिहरुमां लगायो। अनि त्येस्ले ति थामहरु १७
मन्दिरको सांमु उभ्यायो येउटा दाहीनो पट्टि अर्को चहिं बांउ पट्टि अनि
त्येस्ले दाहीनो पट्टिचहिंको थामको नाउं याकीन[1] अनि बांउ चहिं थामको
नाउं बोअस[2] राख्यो। येस् उपरान्त त्येस्ले पीतलको येउटा बेदि बनायो ४ १
त्येस्को लंमाइ बीस् हात् त्येस्को गज बीस् हात् त्येस्को अलगाइं दस् हात्। फेरि २
त्येस्ले ढाल्येको ठुलो आह्रो जस्तो समुन्द्र ढालि बनायो जो यो बिट् देखि
उ बिट् सम्म दस् हातको थियो अनि त्यो गोल् थियो अनि त्येस्को अलगाइं
पांच् हातको थियो अनि त्येस्को रिंगै फेरो तीस् हातको थियो। अनि ३
त्यस मुनि रिंगै कांक्राका फूलहरु जस्ताले घेर्येका थिये हातभरिमां
दस् दसवटागरि समुन्द्रको रिंगै घेर्येका थिये। ति कांक्राका फूलहरु
दुइ लहरमां थिये समुन्द्र ढाल्दानै ति पनि ढालीयेका थिये। त्यो बारहवटा ४

[1] अर्थात् येस्ले स्थिर् गरोस्।

[2] अर्थात् यस्मां बल।

गोरुहरु माथि बसालीयेको थियो ति गोरुहरुमाका तीन्वटा उत्तर् तिर
हेर्ने तीन्वटा पच्छिउं तिर हेर्ने तीन्वटा दक्खिन् तिर हेर्ने अनि तीन्वटा
पूर्ब तिर हेर्ने थिये अनि त्यो समुन्द्र तिनै माथि बसालीयेको थियो अनि
५ तिनिहरुका पछाड़ि पछाड़ि भित्र पट्टि थिये। अनि त्यो मुट्ठिभरिको बाक्लो
थियो अनि त्येस्को बिट् बट्टुकोको बिट् जस्तो थियो अनि त्यस्मां हाइ्लसुन्
का जस्ता फूल् ढालि काटीयेका थिये. त्यस्मां तीन् हजार् मुरि
६ पाइँद र अटाउंद थियो। अनि त्येस्ले पीतल्का दस्वटा स्नान्भांड़ा पनि
बनायो वहांदेखि पांच्वटा दाहीनो हात् पट्टि अनि पांच्वटा बांउ हात्
पट्टि राख्या तिनमां धुनुको लागि ज्ये ज्ये थोक् होमबलिका थिये तिनमां
७ धुंद थिये. तर समुन्द्र चहिं पूजाहारीहरुले स्नान् गर्नुको लागि। अनि
त्यस्ले सुन्का दस्वटा पानस्हरु तिनको बिधि अनुसार् बनायो अनि त्येस्ले
८ ति मन्दिर्मां राख्यो पांच्वटा दाहीनो पट्टि पांच्वटा बांउ पट्टि। त्येस्ले
दस्वटा मेज् पनि बनायो अनि तिनिहरुले ति मन्दिर्मां पांच्वटा
दाहीनो पट्टि पांच्वटा बांउ पट्टि राख्ये। अनि त्येस्ले सुन्का एक् सैवटा
९ भांड़ाहरु बनायो। येस् उप्रान्त त्येस्ले पूजाहारीहरुको आंघन् बनायो अनि
ठुलो चहिं आंघन् र आंघन्को लागिका दैलाहरु अनि तिनका दैलाहरु
१० पीतल्ले मोहोर्‍या। अनि त्येस्ले समुन्द्र चहिं घर्को दाहीनो पट्टि अर्थात्
११ पूर्ब दक्खिन् पट्टि राख्यो। अनि हूराम्ले भांड़ाहरु र बेल्चाहरु र कटौराहरु
बनायो। येसोरि हूराम्ले ईश्वर्को घर्मां सुलैमान् राजाको लागि त्येस्ले
१२ गर्‍येका सबै काम् गरि सक्यो. अर्थात् दुवटा थाम्हरु र गजूर्हरु थाम्को
सिर्मां भयेका दुवटा थाम्हिरु र थाम्को सिर्मां भयेको थाम्हिको दुवटा
१३ गजूर् ढाक्ने दुवटा जाल् अनि दुवटा जाल्को लागि चार् सै दारीम्
थाम्मां भयेको थाम्हिको दुवटा गजूर् ढाक्नुको लागि एक् एक् जाल्को
१४ दुइ लहर् दारीम्। त्येस्ले आधार्हरु पनि बनायो अनि आधार्हरु
१५ मांथिका स्नान्भांड़ाहरु पनि बनायो त्यो येउटा समुन्द्र र समुन्द्र
१६ मुनि भयेका बारह्वटा गोरुहरु। भांड़ाहरु पनि र बेल्चाहरु र कटौराहरु
र त्येस्का सब्बै सादीम्हरु त्यस्को बाबु हूराम्ले यहवेको घर्को लागि
१७ सुलैमान् राजाको लागि बनायो ति झल्काईयेका पीतल्का थिये। यर्दन्को
१८ गैह्राटार्मां सुक्कोत् र सरेदाको बीच्को लिस्याईलो भूइंमां बनायो। येसोरि
सुलैमान्ले ति सबै सादीम् अग्घोर् औधि जोख्नु न सक्नेगरि बनायो
१९ किनभन्ये पीतल्को जोखाईको हिसाप् पाईयेन। अनि सुलैमान्ले ईश्वर्को
घर्मां भयेका सबै सादीम् बनायो अर्थात् सुन्को बेदि र भेटिरोटी राख्नेन
२० मेज् अनि पानस्हरु तिनका दीयाहरु समेत् तिनिहरु बिधिको अनुसार्
२१ भित्रे कोठाको सांमु बालुन् भन्ये खातिर्ले ति सबै सुन्का अनि
फूल्हरु र दीयाहरु र चिम्टाहरु सुन्का अं अस्सल् सुन्का अभेरुदानीहरु र
२२ कटौराहरु र धुपौराहरु र धूप् राख्ने भांड़ाहरु निखरा सुन्का. अनि घर्को
ढोकाको बिषयमां अर्थात् महापवित्रस्थान्का भित्रे दैलाहरु र घर्चहिंको

अर्थात् मन्दिर्का दैलाहरु सुन्का । येसोरि सुलैमान्ले यहवेको घर्को ५ १
लागि गर्येका सबै काम् सिद्धीये । अनि सुलैमान्ले त्येस्को बाबु दाऊद्ले
पवित्र काम्को लागि अलग् छुट्यायेका सबै थोक् अर्थात् चांदी सुन्
सबै भांड़ाबर्तन् लग्येर यहवेको घर्को भंड़ार्मां राख्यो ॥

(मन्दिर्को मान्)

तब सुलैमान्ले इस्राएल्का प्राचीन्हरुलाइ र कुल् कुल्का सबै मूल् २
मूल्हरुलाइ अर्थात् इस्राएल्बंशीहरुका पित्रहरुका घर् घर्का मालिक्-
हरुलाइ यरूशलेम्मां भेला गरायो यहवेको सम्पट्को नियम् दाऊद्को सहर्
देखि अर्थात् सीय्योन् देखि चढ़ाइ ल्याउंनु भन्ये खातिर्ले । तब इस्राएल्का ३
सबै मान्छेहरु राजा थांइ सातौं महीनामां चाड़्को बेलामां भेला भये ।
अनि इस्राएल्का सबै प्राचीन्हरु आये वहांदेखि लेवीहरुले सम्पट् बोकि ४
उठाये । अनि तिनिहरुले सम्पट् र भेट् हुंने डेरा र त्येस् डेरामां भयेका ५
सबै पवित्र सामीम् उठाइ ल्याये अं पूजाहारी लेवीहरुले ति उठाइ
ल्याये । अनि सुलैमान् राजा र त्यो सङ भेला भयेको इस्राएल्को सिंगै ६
मंडलीले सम्पट्को सामु भेंड़ा र गोरुहरु धेर् हुंनाको कारणले न भनि
सकनु न गनि सकनु सम्मको बलि चढ़ाउंद थिये । वहांदेखि पूजाहारीहरुले ७
यहवेको नियम्को सम्पट् त्येस्को ठांउमां अर्थात् घर्को भित्रेकोठामां अं
महापवित्रस्थान्मां करूबहरुको पखेटा मुनि भित्र ल्याये । कसोगरिभन्ये ८
करूबहरुले सम्पट्को ठाउं माथि आफ्ना आफ्ना पखेटाहरु फिंजायेका थिये
अनि करूबहरुले सम्पट् र त्येस्का डांड़ाहरु माथि बाटो ढाकेका थिये । अनि ९
ति डांड़ाहरु येति लामा लामा थिये तिनका टुप्पा टुप्पा भित्रेकोठाको
सामुको पवित्रस्थान् देखि देखींद थिये तर बाइर देखि ता देखीदेन थिये ,
अनि आजुको दिन् सम्म तिहीं छन् । इस्राएल्बंशीहरु सङ यहवेले १०
तिनिहरु मिस्रको देस् बाटो निस्कि आयेको बेलामां नियम् बांध्दै मूसाले
होरेब्मां त्येस्मां राख्येका ढुंगाका ति दुवटा पाटी बाहिक् सम्पट्मां अरु
कोइ पनि थियेन । अनि येसो भयो जब पूजाहारीहरु पवित्रस्थान् बाटो ११
निस्कि आयेका थिये (कसोगरिभन्ये सबै सामेल् भयेका पूजाहारीहरुले
आफु आफुलाइ पवित्र गर्येका थिये अनि आफ्नु आफ्नु पालोको लागि
अड़ीयेनन् अनि गीत् गाउंने लेवीहरु पनि सबै जना अं आसाप् हेमान् १२
यदूतून् तिनिहरुका छोराहरु र तिनिहरुका दाजुभाईहरु समेत् पाट्कपरा
लायेर झ्याम्टाहरु र मृदङ्गहरु र बीणाहरु लियेर बेदीको पूर्व पट्टि उभीये
अनि तिनिहरु सङ तुरही बजाउंदै एक् सै र बीस् जना पूजाहारीहरु .) अं १३
येसो भयो जब सबैले मिलिकन एक् सोरगरि बजाउंनेहरु र गीत्
गाउंनेहरुले यहवेको स्तुति र धन्नबाद् गर्नुमां सुनायेका थिये अनि जब
तिनिहरुले उ भलो छ कसोगरिभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ
भनिकन यहवेको स्तुति गर्द थिये अनि तुरहीहरु र झ्याम्टाहरु र बाजाहरु

सङ आफ्नु आफ्नु खोर् उचाल्द थिये . तब बादलले घर् अं यहवेको
१४ घर्मां येसोरि भरीयो पूजाहारीहरू बादलको कारणले सेवा गर्नुलाइ
उभौंनु सकेनन् . कसोगरिभन्ये ईश्वर्को घर् यहवेको महिमाले भरीयो ॥
६ १ तब सुलैमान्ले भन्यो यहवेले बाक्लो अंध्यारोमां बस्कु भनि भन्येको
२ छ । तर मैंले तपांइको लागि बास् हुंने घर् र तपांइ सधैं बसि रहंने ठांउ
३ हुंनुको लागि निस्से बनायेको छु । वहांदेखि राजाले आफ्नु मुख् फर्कायेर
इस्राएलको सिंगै सभालाइ आशीर्बाद् गर्‍यो . अनि इस्राएलको सिंगै
४ सभा उभौइ रह्यो । त त्येस्ले भन्यो इस्राएलको ईश्वर् यहवे धन्नको हवस्
जस्ले मेरो बाबु दाऊद्लाइ आफ्नु मुखले येसो भन्येको थियो अनि आफ्नु
५ हातले त्यो पूरो पनि गर्‍यो जस् दिन् मैंले आफ्नु लोग् इस्राएल्लाइ
मिस्र आटो निकालि ल्यायें मैंले आफ्नु नांउ वहां रहुंनुलाइ घर् बनाउंनु
लाइ इस्राएलको सबै कुल् देखि कुनै सहर् पनि छान्येको छुइंन .
६ न कसै मान्छेलाइ आफ्नु लोग् मांथि मालिक् हुंनुलाइ छान्येको छु . तर मैंले
यरूशलेम् छान्येको छु मेरो नांउ वहां हुंनुलाइ अनि मैंले दाऊद्चइंलाइ
७ आफ्नु लोग् इस्राएल् मांथि हुंनुलाइ छान्येको छु भनि । अब मेरो बाबु
दाऊद्को मनमां इस्राएलको ईश्वर् यहवेको नांउको लागि येउटा घर्
८ बनाउंने मन् थियो । तर यहवेले मेरो बाबु दाऊद्लाइ भन्यो मेरो नांउको
लागि येउटा घर् बनाउंने तेरो मनमां थियो भन्ये देखि त तेरो मनमां यो
९ कुरो भयेकोले जाति गर्दै थिइस् . तैपनि तंचइंले घर् बनाउंदैनस् तर तेरो
कम्मर् देखि निस्कयेको तेरो छोरोचइंले मेरो नांउको लागि घर् बनाउंछ
१० भनि । अनि यहवेले आफुले भन्येको कुरो पूरो गर्‍यो कसोगरिभन्ये मं
आफ्नु बाबु दाऊद्को साटोमां उठेको छु अनि यहवेको करार् अनुसार्
इस्राएलको सिंहासनमां बस्द छु अनि इस्राएलको ईश्वर् यहवेको नांउको
११ लागि घर् बनायेको छु । अनि मैंले वहां सन्दुक् राख्येको छु जस् सन्दुक्मां
यहवेले इस्राएलबंशीहरू सङ तिनिहरू सङ बांध्येको उस्को नियम् छ ॥

(सुलैमान्को प्रार्थना)

१२ त त्येस्ले यहवेको बेदिको अगाडि इस्राएलको सिंगै सभाको सांमु
१३ उभायेर आफ्ना हात् पसार्‍यो . (कसोगरिभन्ये सुलैमान्ले पीतलको येउटा
टांड् पांच् हात् लांमो पांच् हात् गज र तीन् हात् अग्लो बनायेर
आंगनको बीच्मां राख्येको थियो त त्येसैमां उभायेर इस्राएलका सबै
मंडलीको सांमु घुड़ा टेक्यो अनि आफ्ना हात् स्वर्ग तिर पसार्‍यो .)
१४ अनि त्येस्ले भन्यो हे यहवे इस्राएलको ईश्वर् मांथि स्वर्गमां अनि तल
पृथिवीमां तपांइ जस्तो कोई ईश्वर् छैन जस्तो आफ्ना दासहरू सङ जो
आफ्नु पुरो मनले तपांइको सांमु हिंड्द छन् तिनिहरू सङ आफ्नु
१५ नियम् र अनुग्रह राख्नु हुंद छ . जस्ले आफ्नु दास् मेरो बाबु दाऊद
सङ गर्येको आफ्नु करार् पूरो गर्नु भयो . अं तपांइले आफ्नु मुखले

भन्नु भयेको थियो अनि आफ्‍ना हातले पूरो गर्नु भयो जस्तो आजुको
दिन् छ। येस्कारण् अब हे यहवे इस्राएल्को ईश्वर् तपांइले आफ्‍नु दास् १६
मेरो बाबु दाऊद् सङ येसो भन्दै करहार् गर्‍येका कुरा मान्नु हवस् अर्थात्
इस्राएल्को सिंहासन्‌मां मेरो सांमु बस्न कोई मान्छेको तेरो लागि घटि
हुंदैन खालि तेरा छोराछोरीहरु मेरो सांमु हिंड्नुलाइ आफ्‍नु बाटोको
बिषय्‌मां चंख रहुन् तं मेरो सांमु हिंड्‌याको झं भन्येर। त अब हे १७
इस्राएल्को ईश्वर् यहवे तपांइले आफ्‍नु दास् मेरो बाबु दाऊद्‌लाइ भन्येको
बचन् सांचो ठहरीओस्। तर के ईश्वर् चइं सांचै पृथिवीमां बास् बस्छ, १८
हेर्नु हवस् स्वर्ग र स्वर्गहरुका स्वर्गमां पनि तपांइ अटाउंनु हुन्न त झन्
कति ज्यास्तिगरिकन यो मैले बनायेको घर्‌मां। तैपनि हे यहवे मेरो १९
ईश्वर् आफ्‍नु दास्‌को प्रार्थना तिर र त्येस्को बिन्ति तिर फर्कनु हवस्
तपांइको दास्‌ले तपांइका सांमु आजुको दिन् गर्‍येको प्रार्थना र दोहाई
सुन्नुलाइ, र तपांइका आंखा रात् दिन् येस् घर् तिर उघ्रोइ रहुन् २०
अं येस् ठांउ तिर जस्को बिषय्‌मां तपांइले मेरो नांउ यहां हुंछ भन्येर
भन्नु भयेको छ तपांइको दास्‌ले येस् ठांउ तिर गर्ने प्रार्थना सुन्नुलाइ।
अनि तपांइको दास्‌का र तपांइको लाग् इस्राएल्‌का बिन्तिहरु सुन्नु हवस् २१
जब तिनिहरुले येस् ठांउ तिर प्रार्थना गर्नन्, अं स्वर्ग देखि आफ्‍नु
बस्ने स्थान् देखि सुन्नु हवस् अनि सुन्दा सुन्दा क्षमा गर्नु हवस्। कसैले २२
आफ्‍नु छिमेकिको बिरुद्धमां पाप् गर्‍यो अनि त्येस् मांथि किरिया
खवाउंनलाइ किरिया हाल्येको छ अनि त्येस्ले आयेर येस् घर्‌मां
तपांइको बेदिको सांमु किरिया खायो भन्ये देखि, तब तपांइले २३
स्वर्ग देखि सुन्नु हवस् अनि काम् गर्नु हवस् अनि आफ्‍ना दास्‌हरुको
बिचार् गर्नु हवस् अर्थात् दुष्टलाइ त्येस्को सिर् मांथि त्येस्को साटो फर्काइ
दिनुलाइ दोषी ठहराउंदै अनि धर्म्मीचइंलाइ त्येस्लाइ त्येस्को धर्म्म
अनुसार् दिनुलाइ धर्म्मी ठहराउंदै। अनि तपांइको लोग् इस्राएल् २४
तपांइको बिरुद्धमां पाप् गर्‍येको कारणले सत्रुहरुको सांमु मारीये अनि
तिनिहरुले फर्केर तपांइको नांउ लिये अनि येस् घर्‌मां तपांइ सित
बिन्ति प्रार्थना गर्‍ये भन्ये देखि, त तपांइले स्वर्ग देखि सुन्नु हवस् अनि २५
तपांइका लोग् इस्राएल्‌को पाप् क्षमा गर्नु हवस् अनि तिनिहरुलाइ
तपांइले तिनिहरुका पित्रहरुलाइ दियेको देस्‌मां फर्काइ ल्याउंनु हवस्।
जब तिनिहरुले तपांइको बिरुद्धमां पाप् गर्‍येको कारणले अकाश् थुनीयो २६
अनि पानी परेइन त तिनिहरुले येस् ठांउ तिर प्रार्थना गर्नन् अनि तपांइले
तिनिहरुलाइ दुक्ख दियेको कारणले तिनिहरुले आफ्‍ना पाप् देखि फर्केर
तपांइको नांउ लिये भन्ये देखि, त तपांइले स्वर्गमां सुन्नु हवस् अनि २७
तपांइले तिनिहरुलाइ तिनिहरुले हिंड्नु पर्ने असल बाटोमां हिंड्नु
सिकाउंदैमां आफ्‍ना दास्‌हरुको र आफ्‍नु लोग् इस्राएल्को पाप् क्षमा
गर्नु हवस् अनि तपांइले आफ्‍नु लोग्‌लाइ अधिकार् हुनुलाइ दियेको

२८ आफ्नु देश् मांथि पानी बसाइ दिनु हवस्। अनिकाल् कि रुढ़ि कि
ओइल्हाई कि मक्काई कि सलह कि कीरा देस्मां भये भन्ये कि
तिनिहरुका सत्तुर्हरुले तिनिहरुलाइ तिनिहरुका सहर्हरुको देस् भित्र
२९ घेर्ये भन्ये कि जुनसुकै बिपत्ति कि जुनसुकै रोग् लागोस् जुनसुकै
प्रार्थना कि बिन्ति कसै मान्छेले कि तपांइका सिंगै लोग् इस्राएल्को
जनंगले आफ्नु आफ्नु मन्को बिपत्ति जानिकन आफ्ना आफ्ना हात्
३० येस् घर् तिर पसार्यो भन्ये देखि. त तपांइले स्वर्ग देखि आफ्नु बस्ने
स्थान् देखि सुन्नु हवस् अनि क्षमा गर्नु हवस् अनि जनंगे मान्छेलाइ
जस्को हात् तपांइले चिन्नु हुंद छ त्येस्लाइ त्येस्का सबै बाटो अनुसार्
माटो दिनु हवस् (किनभन्ये तपांइले अं तपांइले मात्रै सिंगै मान्छे
३१ जात्को मन् चिन्नु हुंद छ) र तिनिहरुले तपांइले हामिहरुका
पित्रहरुलाइ दियेको देस्मां जीउंन सबै दिनमां तपांइको भय् मानुन्।
३२ येस् उप्रान्त अन्यदेसाको बिषयमां जो तपांइको लोग् इस्राएल्मांको
होइन जब त्यो तपांइको ठुलो नांउको कारणले र तपांइको बलियो
हात् र तपांइको पसार्यको बाहांको कारणले टाड़ो देस् देखि आउला
३३ त्येस्ले पनि आयेर जब येस् घर् तिर प्रार्थना गर्ला. तब तपांइले
स्वर्ग देखि अं आफ्नु बसस्थान् देखि सुन्नु हवस् अनि जस् जस्को
बिषयमां अन्यदेसीले तपांइलाइ हापालों त्यो अनुसार् गर्नु हवस् र
तपांइको भय् मान्नुको लागि पृथिवीका सबै लोगले तपांइको
लोग् इस्राएल्ले झैं तपांइको नांउ चिनुन् अनि यो मैले बनायेको
३४ घर् मांथि तपांइकै नांउ राखीयेको छ भनि थाहा पाउन्। तपांइको
लोग् आफ्ना सत्तुर्हरु सित लड़ाइं गर्नुलाइ जुन् बाटो बाड़ो
तपांइले तिनिहरुलाइ पठाउंनु हुंछ त्येइ बाटो बाड़ो गर्ये अनि तिनिहरुले
यो तपांइले छान्येको सहर् र यो मैले तपांइको नांउको लागि बनायेको
३५ घर् तिर यहि सित प्रार्थना गर्ये भन्ये देखि. तब तपांइले स्वर्ग देखि
तिनिहरुको प्रार्थना र तिनिहरुको बिन्ति सुन्नु हवस् अनि तिनिहरुको
३६ निया गरि दिनु हवस्। तिनिहरुले तपांइको बिरुद्धमां पाप् गर्ये
(कसोगरिभन्ये पाप् न गर्ने कोई पनि छैन) अनि तपांइले तिनिहरु देखि
रिसायेर तिनिहरुलाइ सत्तुर्हरुको हात्मां झोम्पि दिनु भयो तिनिहरुले
तिनिहरुलाइ सत्तुर्हरुको देस्मां टाड़ा हवस् कि नजिक् हवस् बन्धुवागरि
३७ लैजांनुको लागि तेपनि तिनिहरु बन्धुवाईमां लगायेको देस्मां सोच्
बिचार् गरि फर्केर तिनिहरुले तिनिहरुलाइ बन्धुवाईमां लग्यको देस्मां
तपांइ सित हामिहरुले पाप् गर्यूं अटेरै गर्यूं दुष्टै गर्यूं भन्दै बिन्ति
३८ गर्ये तिनिहरुले तिनिहरुलाइ बन्धुवाईमां लग्यका देसमां तिनिहरु
आफ्नु पूरो मन् र आफ्नु पूरो प्राणले तपांइ तिर फर्केर तपांइले
तिनिहरुका पित्रहरुलाइ दियेको तिनिहरुको देस् तिर तपांइले छान्येको
सहर् र मैले तपांइका नांउको लागि बनायेको घर् तिर फर्केर तपांइ

सित बिन्ति गर्य्ये भन्ये देखि. तब तपांइले स्वर्ग देखि अं आफ्नु बस्ने ३९
स्थान् देखि तिनिहरूको प्रार्थना र तिनिहरूको बिन्ति सुन्नु हवस् अनि
तिनिहरूको निया गरि दिंनु हवस् अनि तपांइको बिरुद्धमां पाप् गर्ने
तपांइको लोग्लाइ क्षमा गर्नु हवस्। अब हे मेरो ईश्वर् म बिन्ति ४०
गर्द छु येस् ठांउमां चढ़ायेका प्रार्थना तिर तपांइका आंखा खोलाइ रहुन्
अनि तपांइका कान् थापायेका भइ रहुन्। त अब हे ईश्वर् यहवे तपांइ र ४१
तपांइको बलको सम्पट तपांइको बिश्रामको ठांउमां उठनु हवस्. हे ईश्वर्
यहवे तपांइका पूजाहारीहरू मुक्तिले पहिर्याईउन् अनि तपांइका भक्तहरू
भलाईमां रमाउन्। हे ईश्वर् यहवे आफ्नु अभिषिक्तको मुख न फर्काइ ४२
दिंनु हवस्. आफ्नु दास् दाऊद्को धर्म्मकर्म्मको सम्झना राख्नु हवस्॥
जसै सुलेमानले प्रार्थना गरि सक्यको थियो तब स्वर्ग बाटो ७ १
आगोले उतर्य्यर होमबलि र बलिदानहरू खाइ हाल्यो अनि यहवेको
महिमाले घर् भरायो। अनि यहवेको महिमाले यहवेको घर् भरीयेको २
कारणले पूजाहारीहरू यहवेको घर्मां पस्न सक्यनन्। अनि आगो ३
उत्रंदाखेरि र यहवेको महिमा घर्मां छंदाखेरि सिंगै इस्राएलबंशीहरूले हेर्दै
रह्या कसोगरिभन्य उइ भलो छ कसोगरिभन्ये उस्को करुणा सनातन् सम्म
रहंद छ भन्दै यहवेको धन्नबाद् र स्तुत् गर्दै ढुंगा छापीयेको आंगनमां
घोप्टो पर्य्ये। अनि राजाले र त्यो सङ सिंगै लोगले यहवेको सांमु बलि ४
चढ़ाये। अनि सुलेमान् राजाले बलिदानमां बाईस् हजार् गोरु र एक् ५
लाख् बीस् हजार् भेंड़ाबाख्रा चढ़ायो। येसोरि राजा र सिंगै लोगले
यहवेको घरको घर्पञ्जो गर्य्य। अनि पूजाहारीहरू आफ्नु आफ्नु काम् ६
अनुसार् उभाये अनि लेवीहरू पनि यहवेको लागिका बाजाहरू लियर् जुन्
बाजाहरू दाऊद् राजाले यहवेको धन्नबाद् गर्नुको लागि कसोगरिभन्य उस्को
करुणा सनातन् सम्म रहंद छ भन्दै बनायेको थियो जब दाऊद्ले तिनको
बाटोले स्तुति गर्द थियो. अनि पूजाहारीहरूले तिनिहरूको अघि अघि
तुरहा बजाउंदै रह्या अनि सिंगै इस्राएल् उभीइ रह्या। येस् उप्रान्त सुलेमान्ले ७
यहवेको घरको सांमु भयेको आंगनको बीच् पनि पबित्र गर्य्यो कसोगरिभन्य
त्यहां होमबलि र मेलबलिको बोसो चढ़ायो. किनभन्य सुलेमान्ले
बनायेको पीतलको बेदि होमबलि र अन्नबलि र बोसो अटाउंनु सक्यन।
त्यस् बेलामां सुलेमान् र त्यो सङ सिंगै इस्राएल् येउटा औधि ठुलो सभा ८
हमातमां पस्ने गौंड़ा देखि मिस्रको खोल्चा सम्म सात् दिन् सम्म चाड्
मान्दै रह्या। अनि आठौं चइं दिन्मां तिनिहरूले पबित्र सभा राख्या ९
कसोगरिभन्ये तिनिहरूले बेदिको पबित्रगराई सात् दिन् सम्म अनि चाड्
पनि सात् दिन् सम्म मान्दै रह्या। अनि सातौं महीनाको तेईसौं थितिमां १०
त्येस्ले लोग्लाइ यहवेले दाऊद्लाइ र सुलेमान्लाइ र आफ्नु लोग्
इस्राएल्लाइ देखायेको भलाईको कारणले रमाउंदै र मन्मां मगन् हुंदै
तिनिहरूको डेरामां फर्कि जाउन् भनि बिदा दियो॥

११ येसोरि सुलैमान्‌ले यह्वेको घर् र राजाको घर् बनाइ सक्यो . अनि
यह्वेको घर्‌मां र आफ्नु घर्‌मां बनाउंनुको लागि ज्ये ज्ये सुलैमान्‌को
१२ मन्‌मां आयो ति त्येस्ले भाग्येमानी सित गर्‍यो। अनि यह्वेले राति
सुलैमान्‌कां देखाहा पर्‍येर त्येस्लाइ भन्यो मैंले तेरो प्रार्थना सुन्यें अनि यो
१३ ठांउ आफ्नु लागि बलिदान्‌को घर् हुंनुलाइ छान्यें। मैंले पानी न परोस्
भन्येर आकाश् थुन्यें कि सलहलाइ देस् भस्म पार्नुलाइ आज्ञा गर्यें कि
१४ आफ्नु लोग्‌मां रुढ़ि पठायें भन्ये देखि अनि मेरा लोगले जुन् मांथि
मेरो नांउ राखीयेको छ आफुलाइ दीन् तुल्यायेर प्रार्थना गर्‍ये अनि मेरो
दर्शन् खोज्ये अनि आफ्ना दुष्ट बाटाहरु देखि फर्क्ये भन्ये देखि मं स्वर्ग
देखि सुन्छु अनि तिनिहरुको पाप् क्षमा गर्छु अनि तिनिहरुको देस्‌लाइ
१५ निको पार्छु। अब येस् ठांउमां गरीयेका प्रार्थना तिर मेरा आंखा खोलीइ
१६ रहंछन् अनि आफ्ना कान् थापि रहंछु। किनभन्ये मैंले यो घर् आफ्नु
नांउ सदा वहां हुंनुलाइ छान्येको र पवित्र गर्‍येको छु. अनि मेरा आंखा
१७ र मेरो मन् सबै दिन् वहां रहंछन्। अनि तेरो बिषयमां तं चइं मेरो सांमु
तेरो बाबु दाऊद् झैं मैंले तंलाइ गर्‍येका सबै आज्ञा गर्नुलाइ हिंड़िस् अनि
१८ मेरा बिधि र मेरा नियाबचन् मानिस् भन्ये देखि त मं तेरो राज्‌को
सिंहासन् स्थिर् गर्छु मैंले तेरो बाबु दाऊद् सङ तंलाइ इस्राएल्‌मां मालिक्
१९ हुंने तेरो लागि घट्‌दैन भन्येर करहार् गर्‍येको अनुसार्। तर तिमिहरु
मं देखि फर्क्यौ अनि मैंले तिमिहरुको सांमु राख्येको मेरा आज्ञाहरु र
बिधिहरु मान्यौन तर गयेर पराय् देव्‌ताहरुको सेवा र तिनलाइ दण्डवत्
२० गर्‍यौ भन्ये देखि . त मं इस्राएल्‌लाइ मैंले तिनिहरुलाइ दियेको देस् देखि
जरै समेत् उखेलि दिंछु अनि यो मैंले आफ्नु नांउको लागि पवित्र गर्‍येको
घर् आफ्नु सांमु देखि आफालि दिंछु अनि मं त्येस्लाइ सबै लोग्‌को
२१ बीच्‌मां कहंनि र ठट्ठाको कारण् तुल्याउंछु . अनि यो घर् येत्रो अग्लो
भयेको भये पनि त्येस्को छेउ देखि हिंड्‌ने सबैले उदेक् मान्छन् अनि
तिनिहरुले यह्वेले येस् देस् र येस् घर् सित किन येसो गर्‍यो भन्येर
२२ भन्छन्। त तिनिहरुले किनभन्ये तिनिहरुले तिनिहरुका पित्रहरुलाइ
मिस्र देस् बाटो निकालि ल्याउंने तिनिहरुको ईश्वर् यह्वेलाइ छोड़ि दियेर
पराय् देव्‌ताहरु समात्येर तिनलाइ दण्डवत् गरि सेवा गर्‍ये येस्कारण्
यह्वेले तिनिहरु मांथि यि सबै बिपत्ति ल्यायो भनि उत्तर् दिंछन्॥

(सुलैमान्‌को चरित्र)

८ १ अनि बीस् बर्ष बित्ये पछि जुन् बर्ष भित्र सुलैमान्‌ले यह्वेको
२ घर् र आफ्नु घर् बनाइ सक्येको थियो तब येसो भयो हूराम्‌ले
सुलैमान्‌लाइ दियेका सहर्‌हरु सुलैमान्‌ले बनायो अनि तिनमां इस्राएल्-
बंशीहरुलाइ बसाल्यो॥
३ तब सुलैमान् हमात् सोबा मांथि जाइ लाग्यो अनि जिताहा भयो।

तब त्येसले अन्‌मां भयेको तद्‌मोर् र त्येसले हमात्‌मां बनायेका सबै भंडार ४
सहर्‌हरू बनायो। येस् उप्रान्त त्येसले मांथिल्लो चइं बेत्‌होरोन् र तल्लो चइं ५
बेत्‌होरोन् घर्‍येका सहर्‌हरू जस्मां भित्ता ढोका र आगलाहरू थिये ति
सहर्‌हरू बनायो अनि बालात् अनि सुलैमान्‌कां भयेका त्येस्का सबै ६
भंडारेसहर्‌हरू र त्येस्का रथ्‌हरूको लागि सहर्‌हरू र त्येस्का घोड्सवार्‌हरूको
लागि सहर्‌हरू र ज्ये ज्ये सुलैमानले आफ्नु खुशिको लागि यरूशलेम्‌मां र
लबानोन्‌मां र त्येस्को अधिकार्‌को सिंगै देस्‌मां बनाउंनु मन् गर्‍येको थियो
ति सबै पनि बनायो। अनि जो जो इस्राएल्‌बंश।हरूमांका थियेनन् अर्थात् ७
हित्ताहरू एमोरीहरू परिज्जीहरू हिव्वीहरू र यबूसीहरूमांका रह्येका
सबै लोग्‌हरूको विषय्‌मां अर्थात् तिनिहरूको पछि देस्‌मां रह्येका ८
तिनिहरूका बंशहरू जुनहरूलाइ इस्राएल्‌बंशीहरूले भस्म पार्‍येनन्
तिनिहरूमांकालाइ सुलैमानले किरिया सुनिका कमारा हुंनुलाइ खटायो
आजुको दिन् सम्म। तर इस्राएल्‌बंशीहरूमांकालाइ सुलैमानले आफ्ना ९
कामको लागि कमारा तुल्यायेन तर तिनिहरू लडाइंका मान्छेहरू र त्येस्का
मालिक्‌हरूका मुखियाहरू र त्येस्का रथ्‌हरू र त्येस्का घोड्सवार्‌का मुखियाहरू
थिये। अनि सुलैमान् राजाका लोग् मांथि प्रभुतेइं गर्ने मूल् मूल् १०
मालिक्‌हरू दुइ से पचास् जना थिये। अनि सुलैमानले फिरऊन्‌को ११
छोरीलाइ दाऊद्‌को सहर् देखि त्येसले त्येस्को लागि बनायेको घर्‌मां चढाइ
लग्यो, किनभन्ये त्येसले भन्यो मेरो स्वास्नी इस्राएल्‌को राजा दाऊद्‌को
घर्‌मां रहंदैन किनभन्ये यहवेको सन्दुक् आयेका सबै ठांउ पवित्र छन्॥

वहांदेखि सुलैमानले यहवेको लागि दलान्‌को सांमु बनायेको १२
यहवेको बेदिमां होमबलि चढायो अं दिनहूं गर्नु पर्ने काम् अनुसार् १३
अर्थात् मूसाको आज्ञा अनुसार् बिश्राम् बिश्रामबार् र दुतिया दुतिया र
ठहराईयेका चाड् बर्षमां तीन् खेप् अर्थात् अखमीरे रोटीको चाड् र
साताहरूको चाड् र डेरावासे चाड्। अनि त्येस्को बाबु दाऊद्‌को बिधि १४
अनुसार् त्येसले पूजाहारीहरूलाइ तिनिहरूको सेवाटहल्‌को लागि पालो
पालो खटायो अनि लेवीहरू तिनिहरूको रहने काम्‌को लागि अर्थात्
स्तुति गर्नुलाइ र दिनहूं गर्नु पर्ने काम् अनुसार् पूजाहारीको सांमु सेवा
गर्नुलाइ, अनि दुवार्‌पाल्‌हरूलाइ पनि ढोका पिच्छे तिनिहरूको पालो
अनुसार् किनभन्ये ईश्वर्‌को जन् दाऊद्‌ले येस्तै आज्ञा दियेको थियो। अनि १५
तिनिहरू राजाले कुनै बिषय्‌मां कि भंडार्‌को बिषय्‌मां पूजाहारीहरू र
लेवीहरूलाइ गर्‍येको आज्ञा देखि तर्कि गयेनन्। तब सुलैमान्‌को सबै १६
काम् यहवेको घर्‌को जग् बसाल्ने दिन् सम्म अं त्यो न सकुंज्याल् सम्म
तियार् पार्‍येको थियो। येसोरि यहवेको घर् सिद्धीयो॥

तब सुलैमान् राजा एदोम्‌को देस्‌मां समुन्द्रको तीर्‌मां एलोत् र १७
एजोन्‌गेबेर्‌मां गयो। अनि हूराम्‌ले जहाज्‌हरूलाइ र समुन्द्रहरूको १८
बिद्दो जान्ने चाकरेहरूलाइ आफ्ना चाकरेहरूको बाटोले त्यो थांइ पठाइ

दियो अनि तिनिहरु सुलैमान्का चाकरेहरु सङ ओफीर्मां आयेर
त्यहां बाटो चार् सै पचास् तोड़ा सुन् ल्यायेर सुलैमान् राजा थांइ
पुर्याइ दिये ॥

(शबाकी रानीले सुलैमान् राजाको दर्शन् गर्नु)

९ १ अनि जब शबाकी रानीले सुलैमान्को कीर्त्ति सुनी तब त्यो
सुलैमान्लाइ अड्को थाप्नेगरि जांच्नुलाइ सुगन्ध द्रव्य र बिघ्र औधि
सुन् र मणिहरु बोकाईयेका ऊंट्हरु अं ठुलो लावालश्कर् लिइ
यरुशलेम्मां आई. अनि जब त्यो सुलैमान् थांइ आइ पुगी तब त्यस्ले
२ आफ्नु मन्मां ज्ये ज्ये थियो तिनको बिषय्मां बात् गरी। अनि सुलैमान्ले
त्यस्का सबै सोधनीको उत्तर् दियो. अनि सुलैमान् देखि लुकेको कोई
३ कुरा थियेन जो त्यस्ले त्यस्लाइ कहि दियेन। अनि जब शबाकी रानीले
४ सुलैमान्का बुद्धि र त्यस्ले बनायेको घर् र त्यस्का मेज्को भोजन् र
त्यस्का चाकरेहरुको बसं र त्यस्का मंत्रीहरु उभाइ रहंने रीत् र तिनको
पोशाक् र त्यस्का पियाउंनेहरु र तिनको पोशाक् र त्यो यहूवेको घर्मां
५ चढ़ि जांने बाटो देख्येको थिई तब त्यस्को हंसले ठांउ छाड़्यो। वहांदेखि
त्यस्ले राजालाइ भनी मैंले आफ्नु देस्मां आफुको कर्म्म र आफुको बुद्धिको
६ बिषय्मां सुन्येका कीर्त्ति सांचो हो रछ। तैपनि मैंले आयेर आफ्ना
आंखाले त्यो न देखुंज्याल् सम्म यि कुरा पत्याइंन. त हेर्नु हवस् मंलाइ
आधा पनि कहीयेको रैनछ. आफु मैंले सुन्येको कीर्त्ति भन्दा बेसि
७ हुंनु हुंद रछ। आफुका मान्छेहरु धन्न आफुका यि चाकरेहरु जो सदा
८ आफुको सांमु उभीयेर आफुको बुद्धि सुन्नु पाउंद छन् धन्न। आफुको ईश्वर्
यहूवे धन्नको हवस् जो आफु देखि खुशि भयो आफुलाइ आफ्नु
सिंहासन् मांथि बसाल्नुको लागि आफुको ईश्वर् यहूवेको लागि राजा
हुंनुलाइ. आफुको ईश्वर्ले इस्राएल्लाइ जुग्नजुग् स्थिर् गर्नुलाइ पिर्ति
गर्येको कारणले उस्ले आफुलाइ निया र धर्म्म गर्नुलाइ तिनिहरु मांथि राजा
९ तुल्यायो। वहांदेखि त्यस्ले राजालाइ एक सै र बीस् तोड़ा सुन् र अग्घोर्
औधि सुगन्ध द्रव्य र मणि दिई. जति बिघ्र सुगन्ध द्रव्य शबाकी रानीले
१० सुलैमान्लाइ दिई त्यति फेरि फेरि कैले पनि थियेन। फेरि हूराम्का
चाकरेहरु पनि र सुलैमान्का चाकरेहरुले जस्ले ओफीर् देखि सुन् ल्याउंद
११ थिये तिनिहरुले ओफीर् देखि चन्दन्काठ् र मणि ल्याउंद थिये। अनि
राजाले ति चन्दन्काठ् देखि यहूवेको घर्को लागि र राजाको घर्को
लागि कठघेरा र गीत् गाउंनेहरुको लागि बीणा र सितार् बनायो.
१२ येस्ता येस्ता चन्दन्काठ्हरु देखीयेनन् आजु सम्म। अनि सुलैमान् राजाले
शबाकी रानीलाइ त्यस्को सबै इच्छे अनुसार् ज्ये ज्ये त्यस्ले मांगद थिई ति
दियो त्यस्ले राजाको लागि ल्यायेका सबै बाहेक्। त त्यो फर्केर त्यो र
त्यस्का सबै चाकरेहरु समेत् आफ्नु देस्मां गई ॥

(सुलैमान्को महिमा र मरण)

अब वर्षभरिमां सुलैमान् थांइ आउंने सुन्को जोखाई छ सै छियासठ् १३
तोड़ा थिये पैकारीहरूले र बेपारीहरूले ल्यायेको उप्रान्त. अनि १४
अरब् देस्का सबै राजाहरू र देस्का मालिक्हरूले सुन् चांदी सुलैमान्
थांइ ल्याउंद थिये। अनि सुलैमान् राजाले कमायेका सुन्का दुइ सैवटा १५
ठुला ठुला ढाल्हरू बनायो. एक् एक् ठुलो ढाल्मां स छ एक् शेकेल्
कमायेको सुन् गयो। अनि त्येस्ले तीन् सै कमायेका सुन्का साना ढाल्हरू १६
पनि बनायो साना एक् एक् ढालमां तीन् सै शेकेल् गयो. अनि राजाले
ति लबानोन्को बन्को घरमां राख्यो। येस् उप्रान्त राजाले हात्तिदांन्को १७
येउटा ठुलो सिंहासन् बनायो अनि त्यो निखरा सुनले मोहोर्यो। अनि १८
सिंहासन् सम्म चढ्ने भांनुलाइ छ खुड्किला अनि सुन्को येउटा चरणपाका
थिये ति सबै सिंहासन् सित जोरीयेका थिये अनि बैठक्को ठांउमां दुवै
पट्टि हात् पनि थिये अनि हात् हात्को छेउमां दुवटा सींह उभीइ
रहेका थिये। अनि त्यहां छ खुड्किलाका दुवै पट्टि गरि बाह्र सिंह १९
थिये. कोई राज्मां येस्तो कसैले पनि बनीयेको थियेन। अनि सुलैमान् २०
राजाका पीउंने भांड़ाहरू सबै सुन्का थिये अनि लबानोन्को बन्को
घरका सबै भांड़ाहरू निखरा सुनका थिये। सुलैमान्को पालामां चांदीको
केइ लेखा थियेन। किनभने तर्सीस्का जहाज्हरू सङ राजाका पनि २१
तर्शीसमां जांने जहाज्हरू थिये. तीन् तीन् बर्समां एक् खेप् सुन् र चांदी
र हात्तिदांत् र हनिमान् र मुजुरहरू लिइ तर्शीसका जहाज्हरू आउंद
थिये। येसोरि सुलैमान् राजा धनसम्पत्ति र बुद्धिमां पृथिवीका सबै २२
राजाहरू भन्दा बढ़ताको थियो। अनि पृथिवीका सबै राजाहरूले ईश्वरले २३
त्येस्को मनमां हाल्येको त्येस्को बुद्धि सुन्नुलाइ सुलैमान्को दर्शन खोजइ
थिये। अनि तिनिहरू आफना आफना भेंट अर्थात् चांदीका भांड़ाहरू र २४
सुन्का भांड़ाहरू र पहिरन्हरू र हातियारहरू र सुगन्धद्रव्यहरू र घोड़ाहरू
र खच्चरहरू बर्स बर्स दरगरि लिइ आउंद थिये। अनि सुलैमान्का २५
घोड़ाहरू र रथ्हरूको लागि चार् हजार् खोपाहरू थिये अनि बाह्र हजार्
तुरुक्सवार् थिये जुन्हरूलाइ त्येस्ले रथ्हरूका सहर् सहरमां र यरुशलेममां
राजा सङ राख्यो। अनि त्येस्ले महानदी देखि पलिश्तीहरूको देस् सम्म अ २६
मिस्रको सिमाना सम्मका सबै राजाहरू मांथि राज् गर्यो। अनि राजाले २७
यरुशलेममां चांदी ढुंगै सरि तुल्यायो अनि देवदारुहरू धेर् हुंनाको
कारणले बेंसिमां हुंने किम्बुका रुख् सरि तुल्यायो। अनि तिनिहरूले २८
सुलैमान्को लागि मिस्र देखि र सबै देस् देस् देखि घोड़ाहरू ल्याउंने
गर्द थिये॥

अब सुलैमान्का रहल् कार्ज्य थाल्नि देखि अन्त सम्म के ति नातान् २९
आगमवक्ताको पोस्तक् र शीलोनी अहिय्याहको आगमबचन् र नबात्को

छोरो यारोबामको विषयको पोस्तकमां इद्दो दर्शीका दर्शनमां लेख्येका
३० छैनन्। अनि सुलैमानले यरूशलेममां सिंगै इस्राएल् मांथि चालीस् वर्ष
३१ राज् गर्‍यो। अनि सुलैमान् आफ्ना पित्रहरु सङ सुति गयो अनि आफ्नु
बाबु दाऊदको सहरमां गाड़ीयो. तब त्येस्को छोरो रहबामले त्येस्को
साटोमां राज् गर्‍यो ॥

(इस्राएल्को राज् दुइ भाग् हुंनु)

१० १ अनि रहबाम् शकेममां गयो. किनभन्ये सिंगै इस्राएल् त्येस्लाइ
२ राजा तुल्याउंनुलाइ शकेममां आयेका थिये। अनि येसो भयो जब
नबातको छोरो यारोबामले यो कुरो सुन्यो (कसोगरिभन्ये त्यो अझै सम्म
मिस्रमां थियो जहां त्यो सुलैमान् राजाको सांमु देखि भाग्येको थियो) तब
३ यारोबाम् मिस्र देखि फर्कि आयो। त तिनिहरुले त्येस्लाइ डाकि पठाये
तब यारोबाम् र सिंगै इस्राएलले आयेर रहबामलाइ येसो भन्ये
४ आफुको बाबुले हांमिहरुको जूवा गह्रुङ् तुल्याइ दियो. येस्कारण् अब
आफुको बाबुको कठिन् चाकरी र त्येस्ले हांमिहरु मांथि हाल्येको गह्रुङ्
५ जूवा हलुङ् पारि दिंनु हवस् त हांमिहरु आफुको चाकरी गर्छौं। तब
त्येस्ले तिनिहरुलाइ भन्यो तीन् दिन् पछि फेरि मं थांइ आउंनु। त लोग् गइ
६ गये। वहांदेखि रहबाम् राजाले आफ्नु बाबु सुलैमान् जीउंदो छंदाखेरि
त्येस्को सांमु उभीइ रहंने बूढ़ा बूढ़ा मान्छेहरु सित येसो भनिकन सल्लाह्
लियो मैंले ति पर्जाहरुलाइ उत्तर् दिंनुलाइ मंलाइ के सल्लाह् दिंछौ।
७ अनि तिनिहरुले त्येस्लाइ येसो भन्ये आफुले ति पर्जाहरु मांथि दया गर्‍येर
तिनलाइ खुशि पार्नु भयो अनि तिनिहरु सित जाति कुरा गर्नु भयो
८ भन्ये देखि त तिनिहरु सधैंभरि आफुका चाकरे रहंछन्। तर त्येस्ले ति
बूढ़ाहरुले दियेको सल्लाह् छोड़ेर ति आफु सङ बढ़ेका आफु सङ उभौंने
९ जुवान्हरु सङ सल्लाह् लियो। त त्येस्ले तिनिहरुलाइ हांमिहरुले ति पर्जा
जुन्हरुले मंलाइ आफुको बाबुले हांमिहरु मांथि हाल्येको जूवा हलुङ्
पारि दिंनु हवस् भन्येर भन्येका छन् तिनलाइ उत्तर् दिंनु भनि तिमिहरुले
१० मंलाइ के सल्लाह् दिंद छौ। तब त्यो सङ बढ़ेका जुवान्हरुले त्येस्लाइ
येसो भन्ये ति आफुलाइ आफुको बाबुले हांमिहरुको जूवा गह्रुङ् तुल्यायो
तर आफुले त्यो हांमिहरुको लागि हलुङ् पारि दिंनु हवस् भन्ये पर्जाहरुलाइ
येसो भन्नु हवस् अं तिनिहरुलाइ येसो भन्नु मेरो कान्छोचइं औंलो मेरो
११ बाबुको कम्मर् भन्दा मोटो छ। त अब मेरो बाबुले ता तिमिहरु मांथि
गह्रुङ् जूवा बोकायेको छ तर मं चइं ता तिमिहरुको जूवा झन् बढ़ाउंछु.
मेरो बाबुले ता तिमिहरुलाइ कोर्राले शिक्षादण्ड दिंद थियो तर मं चइं
१२ बिच्छुले। त यारोबाम् र सिंगै लोग् राजाले तीस्रो दिनमां मं थांइ
फेरि आउंनु भनि आज्ञा दियेको अनुसार् तीस्रो दिनमां रहबाम् थांइ
१३ आये। तब राजाले तिनिहरुलाइ कठोरेइ सित उत्तर् दियो अनि बूढ़ाहरुले

त्यसलाइ दियेको सल्लाह् रहबाम् राजाले छोड्यो   अनि तिनिहरुलाइ १४
जुवानहरुको सल्लाह् अनुसार् येसो भन्यो मेरो बाबुले तिमिहरुको
जूवा गह्रुङ् तुल्यायो तर मं चइं ता तिमिहरुको जूवा झन् बढाउंछु.
मेरो बाबुले ता तिमिहरुलाइ कोर्राले शिक्षादण्ड दिंद थियो तर मं चइं
ता बिच्छुले। येसोरि राजाले पर्जाहरुको सुन्येन किनभन्ये त्यो यहवेले १५
शीलोनी अहिय्याहको बाटोले नबातको छोरो यारोबामलाइ भन्येको
आफ्नु कुरा स्थिर् गरोस् भन्ने खातिर्ले ईश्वरको पट्टि बाटो ठहरायेको
थियो। अनि जब सिंगै इस्राएलले राजाले हामिहरुको कुरा सुन्येन भनि १६
देख्यो तब पर्जाहरुले राजालाइ येसो भनिकन उत्तर् दिये दाऊदमां
हामिहरुको के भाग् छ. अनि यिशैको छोरोमां हामिहरुको के
अधिकार् छ. हे इस्राएल् हो जनैगे आफ्नु आफ्नु पालमां जाव. हे दाऊद्
आफ्नु जहानको बिषयमां फिक्रि गर्। येसोरि इस्राएल् आफ्नु आफ्नु
पालमां हिंडि गयो। तर यहूदाका सहरहरुमां बसे इस्राएलबंशीहरु मांथि १७
रहबामले राज् गर्‍यो। तब रहबाम् राजाले किरिया मुनिको दासको १८
मालिक् हदोरामचइंलाइ पठाइ दियो अनि सिंगै इस्राएलले त्येसलाइ
मर्नेगरि ढुंगाले लोहोर्‍याये। तब रहबाम् राजाले आफ्नु रथमां चढेर
यरुशलेममां भागि जांनुलाइ हतार् गर्‍यो। येसोरि इस्राएल् दाऊदको १९
जहान् देखि राजद्रोही भयो आजुको दिन् सम्म॥

(रहबामको राज्)

अनि जब रहबाम् यरुशलेममां आइ पुग्यो तब त्येसले यहूदाको र ११ १
बिन्यामीनको जहान् एक् लाख् र अस्सी हजार् रोजा लड़ांकिहरुलाइ
इस्राएल् सित लड़ाइं गरि राज् रहबाम् पट्टि फर्काउंनुलाइ भेला गरायो।
तर ईश्वरको बचन् येसो भन्दै ईश्वरको जन् शमायाह् थांइ आयो २
यहूदाको राजा सुलैमानको छोरो रहबामलाइ र बिन्यामीन् र यहूदामां ३
भयेको सिंगै इस्राएललाइ येसो भन्   यहवेले येसो भन्द छ तिमिहरु ४
चढ़ि न जाव न आफ्ना भाई सित लड़ाइं गर. जनैगे आफ्नु आफ्नु
घरमां फर्कि जाव किनभन्ये यो कुरा मं पट्टि बाटोको छ। त
तिनिहरुले यहवेको बचन् मान्ये अनि यारोबामको बिरुद्धमां जाइ लागनु
देखि फर्के। त रहबाम् यरुशलेममां रह्यो अनि यहूदामां बचाउंनुको ५
लागि सहरहरु बनायो। अं त्येसले बेतलेहेम् एताम् तको   बेतसूर् ६ ७
सोको अदुल्लाम्   गात् मरेशा जीफ्   अदोरैम् लाकीश् अजेका ८ ९
सोरा अय्यालोन् र हेब्रोन् जो यहूदा र बिन्यामीनमां घेरा भयेका सहरहरु १०
छन् ति बनायो। अनि त्येसले किल्लाहरु बलियो गरायो अनि तिनमां ११
कप्तानहरुलाइ र खांने सादोम् र तेल् र मद्य राख्यो। फेरि गोटै पिच्छे १२
सहरमां त्येसले ढालहरु र भालाहरु राख्यो अनि तिनलाइ बिघ्न बलियो
गरायो। अनि यहूदा र बिन्यामीन् त्येसको पट्टि भये। अनि सिंगै १३

इस्राएलमां भयेका पूजाहारीहरु र लेवीहरु आफ्ना आफ्ना सिमाना
१४ देखि त्यो तिर आउंद थिये। किनभन्ये लेवीहरु आफ्ना आफ्ना
खर्क र अधिकार् छोड़िर यहूदा र यरूशलेममां आउंद थिये. किनभन्ये
यारोबाम् र त्यसका छोराहरूले तिनिहरूले यहवेको लागि पूजाहारीले गर्न
१५ काम् न गरुन् भन्येर अफाल्येका थिये. अनि त्यस्ले अलग्गा ठांउहरूको
लागि र भूतप्रेतको लागि र आफुले बनायेका बाच्छाहरूको लागि
१६ पूजाहारीहरु ठहरायो। अनि तिनिहरु पछि इस्राएलका सबै कुलहरूमांका
जति जनाले आफ्नु आफ्नु मन् इस्राएलको ईश्वर् यहवेलाइ खोज्नुलाइ
लगायेका थिये तिनिहरु आफ्नु पित्रहरूको ईश्वर् यहवेको लागि बलिदान्
१७ चढ़ाउंनुलाइ यरूशलेममां आउंद थिये। येसोरि तिनिहरूले यहूदाको
राज् बलियो गराये अनि तीन् वर्ष सम्म सुलैमानको छोरो रहबाम्लाइ
बलियो गराय. कसोगरिभन्ये तीन् वर्ष सम्म तिनिहरु दाऊद् र सुलैमान्को
१८ बाटोमां हिंड़िर। अनि रहबाम्ले महलत्लाइ ब्याहा गरि ल्यायो जस्को
बाबु दाऊद्को छोरो यरीमोत् अनि आमा यिशैको छोरो एलीआब्को
१९ छोरी अबीहैल् थियो त्यस्ले त्यस्को लागि यूश् शमर्याह् र जाहम्
२० नांउ भयेका छोराहरूलाइ जन्माई। अनि महलत् पछि त्यस्ले अबशालोमको
माका नांउ भयेको नातिनालाइ ब्याहा गर्यो अनि त्यस्ले त्यस्को लागि
२१ अबिय्याह् अत्तै जीजा र शलोमीत्लाइ जन्माई। अनि रहबामले
अठारवटी स्वास्नीहरु र साठीवटी रखेलीहरूलाइ पनि राख्यो त अट्ठाईस्
भाई छोराहरु र साठीवटी छोरीहरु जन्माई तर अबशालोमका नातिनी
माका सित त्यस्ले आफ्ना सब्बै स्वास्नीहरु र रखेलीहरु सित भन्दा
२२ बेसि प्रेम् राख्द थियो अनि रहबामले माकाको छोरो अबिय्याहलाइ
मुखिया अं सब्बै भाईहरूमां मालिक् तुल्यायो. किनभन्ये त्यस्ले त्यस्लाइ
२३ राजा तुल्याउंने मन् गर्यो। अनि त्यस्ले राम्रो बुझिकन काम् गर्यो अं
त्यस्ले आफ्ना सबै छोराहरूलाइ यहूदा र बिन्यामीन्को सबै देसका सबै
घेरा भयेका सहरहरूमां पांज्यो. अनि तिनिहरूको लागि धेरै खांने
सादाम् दियो। अनि त्यस्ले तिनिहरूको लागि धेरै स्वास्नीहरु खोज्यो॥

१२ १ अनि जब रहबाम्को राज् स्थिर् भयो अनि त्यो बलियो भयो
तब येसो भयो त्यस्ले र त्यो सङ सिंगै इस्राएलले यहवेको व्यवस्था छोड़िर।
२ अनि रहबाम् राजाको पांचौं वर्षमां येसो भयो तिनिहरूले यहवेको
बिरुद्धमां अपराध् गर्येको कारणले मिस्त्रको राजा शीशक् यरूशलेमको
३ बिरुद्धमां चढ़ि आयो अनि त्यो सङ बारह् सै रथ् र साठी हजार्
घोड़सवार् थिये. अनि त्यो सङ मिस्त्र बाटो आयेका लोग् बिहिसाप्
४ थिये अर्थात् लूबीहरु सुक्कियीहरु र कूशीहरु। अनि त्यस्ले यहूदा पट्टिका
५ घेरायेका सहरहरु लियो अनि यरूशलेममां आयो। तब रहबाम् थांइ र
यहूदाका मालिकहरु जो शीशकको कारणले यरूशलेममां भेला भयेका
थिये तिनिहरु थांइ शमायाह् अगमबक्ताले आयेर भन्यो यहवेले येसो

भन्छ कि तिमिहरूले मंलाइ छोड़ि दियेका छौ येसैकारणले मैंले पनि
तिमिहरूलाइ शीशक्को हात्मां छोड़ि दियेको छु। तब इस्राएल्का ६
मालिक्हरू र राजाहरूले आफु आफुलाइ दीन् तुल्याये र भन्ये यह्वेनै
धर्म्मी छ। अनि जब यह्वेले तिनिहरूले आफु आफुलाइ दीन् तुल्यायेको ७
देख्यो तब यह्वेको बचन् शमायाह् थांइ येसो भन्दै आयो तिनिहरूले
आफु आफुलाइ दीन् तुल्याये येस्कारण् मं तिनिहरूलाइ नष्ट पार्दीन. तर
तिनिहरूलाइ अलिकता छुट्कारा दिंछु अनि मेरो रिस् शीशक्को बाटोले
यरूशलेम् मांथि खन्याईदैन। तर्पनि तिनिहरू त्येस्का चाकर ना हुंछन् तब ८
तिनिहरूलाइ मेरो सेवा गर्नु कस्तो रह्छ अनि देस् देस्का राज् राज्को
सेवा गर्नु कस्तो रह्छ भनि थाहा पाउंछन्. येसोरि मिस्रको राजा शीशक् ९
यरूशलेम्को बिरुद्धमां चढि आयो अनि त्येस्ले यह्वेको घर्को भंडार् र
राजाको घर्को भंडार् लूटि लग्यो अं सबै लूटि लग्यो. सुलैमानले
बनायेका सुन्का सबै ढाल्हरू पनि लूटि लग्यो। तब रहबाम् राजाले १०
तिनिहरूको साटोमां पीतल्का ढाल्हरू बनायेर राजाको घर्को देलो रछ्ने
दुगुर्नेहरूका मालिक्हरूको हात्मां सुम्पि दियो। अनि येसो हुंथ्यो जब ११
जब राजा यह्वेको घर्मां जांद थियो तब तब रछ्ने दुगुर्नेहरू ति लिंद थिये
अनि फेरि आफ्नु पहरकोठामां ल्याउंद थिये। अनि जब त्येस्ले आफुलाइ १२
दीन् तुल्यायो तब उस्ले त्येस्लाइ स्यांट्टै नष्ट न पारोस् भन्येर यह्वेको रिस्
त्यो देखि फर्क्यो. येस् उप्रान्त यहूदामां अलि अलि भलाइ पनि पाइयेका
थिये। येसोरि रहबाम् राजाले यरूशलेम्मां आफुलाइ बलियो गरायेर १३
राज् गर्‍यो कसोगरिभन्ये रहबाम् राज् गर्न लाग्दा एक्चालीस् बर्षको थियो
अनि त्येस्ले यह्वेले इस्राएल्का सबै कुल् देखि आफ्नु नांउ राख्नुको लागि
छान्येको सहर् अर्थात् यरूशलेम्मां सत्रह् बर्ष सम्म राज् गर्‍यो. अनि
त्येस्का आमाको नांउ अम्मोनी नामा थियो। अनि त्येस्ले आफ्नु मन १४
यह्वेलाइ खोज्नुलाइ न राख्येको कारण्ले जुन् बेहोरा बुरा थियो त्यो
गर्‍यो। अब रहबाम्का कार्य्य थाल्नि देखि अन्त सम्म को ति शमायाह् १५
र पिछ्लो दर्शीका बंशावलि अनुसार् लेख्येका पोस्तक्हरूमां लेख्येका छैनन्।
अनि रहबाम र यारोबामको बाचमां सदा लड़ाईं भइ रह्यो। अनि १६

अनि त्येस्को छोरो अबिय्याह्ले त्येस्को साटोमां राज् गर्‍यो॥

(अबिय्याह्को राज्)

यारोबाम् राजाको अठारौं बर्षमां अबिय्याह् यहूदा मांथि राज् १३ १
गर्नु लाग्यो। त्येस्ले तीन् बर्ष सम्म यरूशलेममां राज् गर्‍यो. अनि त्येस्का
आमाको नांउ गिबा ऊरीएल्की छोरी मीकायाह् थियो। अनि अबिय्याह् २
र यारोबाम्को बीच्मां लड़ाईं रह्यो। अनि अबिय्याह्ले लड़ाईंका ३
बलिया बलियाहरू अं चार् हजार् रोजा रोजाहरूलाइ लियेर लड़ाईं

गर्‍यो . अनि यारोबामले आठ लाख् रोजा रोजा महाबीरहरूलाइ लियेर
४ त्यस्को बिरुद्धमां पाङ्ति पाङ्ति बांध्यो। तब अबीय्याहले एप्रम्को पहाड़
देस्मां भयेको समारैम् डांड़ा मांथि उभीयेर भन्यो हे यारोबाम् र सिंगै
५ इस्राएल् मेरो सुन क्ये तिमिहरूलाइ थाहा छैन इस्राएल्को ईश्वर्
यह्वेले दाऊद्लाइ अं त्यस्लाइ र त्यस्को बंशलाइ निमक्को सोजो हुंने
बाचा बांधेर सदाको लागि इस्राएल मांथिको राज् दियो भन्येर।
६ तैपनि दाऊद्को छोरो सुलैमान्को चाकरे नबात्को छोरो यारोबाम्ले
७ उठेर आफ्नु प्रभुको बिरुद्धमां राजद्रोह् गर्‍यो। वहां त्यो थांइ कति
जना बिकामफक्कड़्हरू भेला भये जुन्हरूले रहबाम् सांनै र कलौलो
हुंदाखेरि र तिनिहरूको बिरुद्धमां न सक्ने बेलामां सुलैमान्को छोरो
८ रहबाम्को बिरुद्धमां आफुलाइ बलिया गराये। त अब क्ये तिमिहरूले
दाऊद्बंशीको तांबिमां भयेको यह्वेको राज्को बिरुद्ध गर्नु ठान्द छौ अं
तिमिहरू ठुलो धइरै छौ अनि तिमिहरू सङ यारोबाम्ले तिमिहरूको
९ लागि देवता हुंनुलाइ बनायेका सुन्का बाच्छाहरू पनि छन्। क्ये
तिमिहरूले हारूनबंशीहरू र लेबीहरूलाइ अर्थात् यह्वेका पूजाहारीहरूलाइ
धपायेका छौन अनि क्ये तिमिहरूले अरू अरू देस्का लोग्हरूको रीत्
अनुसार् आफ्नु लागि पूजाहारी तुल्यायेका छौन . अं जोसुकैले पनि बाच्छो
र सातवटा थुमाहरू लियेर आइ आफुलाइ पवित्र गर्‍यो भन्ये त्यो ईश्वर्हरू
१० न हुंनेहरूको पूजाहारी हुंनु सक्द छ। तर हांमिहरू जो छौं हांमिहरू
च्हइंको ईश्वर् ता यह्वेनै छ हांमिहरूले ता उस्लाइ छोड़ेका छौंन अनि
हांमिहरूका हारूनबंशीहरू र लेबीहरू आफ्ना आफ्ना काम् अनुसार्
११ यह्वेको लागि सेवा गर्ने पूजाहारीहरू छन् . जुन्हरूले यह्वेको लागि
बिहान् बिहान् र सांझ् सांझ् होमबलि र सुगन्ध द्रब्य जलाउंद छन् .
भेटिरोटी पनि तिनिहरूले चोखो मेज् मांथि पांजि पांजिकन राखद छन्
अनि सुन्को पांनस् त्यस्का दीयाहरू समेत् सांझ् सांझ्मां बाल्ने गर्नुको
लागि राख्ने गर्द छन् . किनभन्ये हांमिहरूले आफ्नु ईश्वर् यह्वेको
आज्ञा मान्द छौं ता तिमिहरूचइंले ता उस्लाइ छोड़ि दियेका छौ।
१२ हेर ईश्वर् हांमिहरू सङ हांमिहरूको मालिक् छ अनि उसैका
पूजाहारीहरू तिमिहरूको बिरुद्धमां खूब् बजाउंनुलाइ नर्सींगा लिंने
पूजाहारी पनि छन्। हे इस्राएल्बंशीहरू हो आफ्ना पित्रहरूको
१३ ईश्वर् यह्वेको बिरुद्धमां लड़ाइँ न गर किनभन्ये भाग्यमान हुंदैन। तर
यारोबाम्ले तिनिहरूको पछाड़ि पट्टि ढुकुवाहरूलाइ बसाल्यो . त तिनिहरू
१४ यहूदाको अगाड़ि थिये अनि तिनिहरूको पछाड़ि ढुकुवाहरू थिये। त जसै
यहूदाले पछि फर्केर हेर्‍यो त क्ये देख्यो भन्ये लड़ाइँ हांमिहरूको
अघिल्तिर र पछिल्तिर रह्छ . तब तिनिहरूले यह्वेको दोहाई गर्‍ये अनि
१५ पूजाहारीहरूले नर्सींगा बजाये। वहांदेखि यहूदाका मान्छेहरू कंकलास्
शब्दगरि कराये . तब यहूदाका मान्छेहरू कंकलासशब्द गरि कराउंने

गर्दाखेरि येसो भयो ईश्वर्ले यारोबाम् र सिंगै इस्राएल्लाइ अबिय्याह् र
यहूदाको सांमु मांर्यो । अनि इस्राएल्बंशीहरू यहूदाको सांमु देखि १६
भाग्ये. त ईश्वर्ले तिनिहरूलाइ तिनिहरूको हात्मां सुम्पि दियो । तब १७
अबिय्याह् र त्येस्का लोगले तिनिहरूलाइ ठुलो मंराईले मांर्ये. अं
इस्राएल्मांका मांरीयेकाहरू पांच् लाख् रोजा रोजाहरू थिये । येसोगरि १८
इस्राएल्बंशीहरू त्येस् बेलामां तांबिमां ल्याईये अनि यहूदाबंशीहरू
आफ्ना पित्रहरूको ईश्वर् यहवे मांथि भरोसा राख्येको कारण्ले जिताहा
भये । वहांदेखि अबिय्याह्ले यारोबाम्लाइ खेद्दै त्यो देखि सहर्हरू लियो १९
बेतेल् त्यस्को बस्ती समेत् यशाना त्येस्को बस्ती समेत् एप्रोन् त्येस्को बस्ती
समेत् । अनि यारोबाम्ले अबिय्याह्का दिनमां फेरि फेरि बल् पायेन . २०
निदान्मां यहवेले त्येस्लाइ मांर्यो त त्यो मर्यो । तर अबिय्याह् बलियो २१
हुंदै गयो . अनि आफ्नु लागि चौधवटि स्वास्नीहरू ल्यायो अनि बाईस्
भाई छोराहरू र सोह्र बैंनी छोरीहरू जन्मायो । अनि अबिय्याह्का रहल् २२
कार्ज्य र त्येस्का चालचलन्हरू र त्येस्का बचन्हरू इद्दो अगमबक्ताको
टीकामां लेख्येका छन् ॥

(आसाको राज्)

त अबिय्याह् आफ्ना पित्रहरू सित सुत्यि गयो अनि तिनिहरूले १४ १
त्येस्लाइ दाऊद्को सहर्मां गाड़ेर अनि त्येस्को आसा नांउ भयेको छोरोले
त्येस्को साटोमां राज् गर्यो . त्येस्का पालामां देस्ले दस् बर्ष सम्म चैन् पायो २
अनि आसाले आफ्नु ईश्वर् यहवेको सांमु जे जे जांति थियो त्येइ गर्यो .
कसोगरिभन्ये त्येस्ले पराय् बेदि र अलग्गा अलग्गा ठांउहरू दूर् गर्यो अनि ३
मुड्काहरू भत्काइ दियो अनि अशेरीम् भनौंने देवताहरू ढालि दियो
अनि यहूदालाइ तिनिहरूका पित्रहरूको ईश्वर् यहवेलाइ खोज्नु र ४
व्यवस्था र आज्ञा मान्नुलाइ अह्रायो । अनि त्येस्ले यहूदाका सबै सहर्हरू ५
देखि अलग्गा अलग्गा ठांउहरू र सूर्जका मूर्त्तिहरू पनि निकाल्यो . अनि
त्येस्को सांमु राज्ले चैन् पायो । अनि त्येस्ले यहूदामां घेरायेका सहर्हरू ६
बनायो . किनभन्ये यहवेले त्येस्लाइ बिस्राम् दियेको कारण्ले देस्ले चैन्
पायो अनि ति बर्ष भित्र लड़ाइँ भयेन । कसोगरिभन्ये त्येस्ले यहूदालाइ ७
भन्यो हांमिहरू ति सहर्हरू बनाऊं अनि तिनका वरिपरि भित्ता र धरहरा
र ढोका र आगलाहरू बनाऊं हांमिहरूले आफ्नु ईश्वर् यहवेलाइ खोज्येको
कारण्ले देस् अब सम्म हांमिहरूको सांमु छ हांमिहरूले उस्लाइ खोज्यूं
अनि उस्ले हांमिहरूलाइ चारै पट्टि चैन् दियेको छ । त तिनिहरूले ति
सहर्हरू बनाये अनि भाग्यमान् भये । अनि आसाको ढाल् र भाला भिर्ने ८
पल्टन् थियो यहूदा देखि तीन् लाख् अनि बिन्यामीन् देखि ढाल् भिर्ने र
धनु तान्नेहरू दुइ लाख् र अस्सी हजार् . ति सबै महाबीर्हरू थिये ।
अनि तिनिहरूको बिरुद्धमां दस् लाख् जनाको पल्टन् र तीन् सै रथ् लियेर ९

१० जेरा भनींन येउटा कुशी आयो अनि त्यो मारेशा सम्म आयो । तब आसा
त्यस्लाइ भेट्नुलाइ निस्क्यो अनि तिनिहरूले मारेशामां भयेको सपाताहको
११ तरिमां पाङ्ति पाङ्ति बांधद थिये । तब आसाले आफ्नु ईश्वर् यहवेको
दोहाई दिकन भन्यो हे यहवे तपांइ जस्तो बल्लियो र निर्बल्लियोको
बाच्मां गोहार् गर्न कोई छैन . हे हांमिहरूको ईश्वर् यहवे हांमिहरूको
गोहार् गर्नु हवस् किनभन्ये हांमिहरू तपांइ मांथि भरोसा राखद छौं अनि
तपांइके नांउमां हांमिहरू यो थुइरोको बिरूद्धमां आयेका छौं । हे यहवे
तपांइनै हांमिहरूको ईश्वर् हौ बिनाशी मान्छेलाइ तपांइको बिरूद्धमां
१२ जिताहा हुंनु न दिईओस् । तब यहवेले आसा र यहूदाको सांमु कुशीहरू-
१३ लाइ मांर्यो तब कुशीहरू भाग्ये । त आसा र त्यो सङ भयेका लोगले
तिनिहरूलाइ गरार् सम्म खेद्यो . अनि कुशीहरूमांका येति बिग्र मंर्ये
तिनिहरूले फेरि आफ्नु सिर् उठाउंनु सकेनन् कसोगरिभन्ये तिनिहरू
यहवे र त्यस्को छाउंनीको सांमु नास् पारिये अनि यहूदीहरूले धेरै लूट्
१४ ल्याये । अनि तिनिहरूले गरारको रिंगैका सबै सहरहरू मांरि दिये
कसोगरिभन्ये तिनिहरू मांथि यहवेको भय् पर्‍यो . अनि तिनिहरूले सबै
१५ सहर् लूटे किनभन्ये तिमिहरूमां धेरै लूट् थिये । तिनिहरूले पशुहरूको
गोठ् पनि मांरे अनि भेंड़ाबाख्रा र ऊंटहरू औधिगरि लिइ
यरूशलेममां फर्के ॥

१५ १ तब ईश्वरको आत्मा ओदेद्को छोरो अजर्याह् मांथि पर्‍यो .
अनि त्यस्ले निस्केर आसालाइ भेंट भन्यो हे आसा र सिंगै यहूदा र
२ बिन्यामीन् मेरो सुन . तिमिहरू यहवे सङ रहंदासम्म उ तिमिहरू सङ
रहंद छ अनि तिमिहरूले उस्लाइ खोज्यौ भन्ये देखि उ तिमिहरू देखि
पाईंछ अनि तिमिहरूले उस्लाइ त्याग्यौ भन्ये देखि उस्ले तिमिहरूलाइ त्यागछ ।
३ अब धेरै दिन् भये इस्राएल् सांचो ईश्वर् बिना र सिकाउंने पुजाहारी
४ बिना र ब्यवस्था बिना रहंद थियो . तर जब तिनिहरूले आफ्नु संकट्मां
इस्राएलको ईश्वर् यहवे तिर फर्केर उस्लाइ खोजे तब तिनिहरू देखि
५ पाईयो । अनि ति दिनमां बाहिर जांनु कि भित्र आउंनुको लागि शान्ति
६ थियेन तर देस् देसका सबै बासीहरू मांथि ठुलो ठुलो नास् पर्‍यो । अनि
तिनिहरू फुटेर चूर् चूर् भयेका थिये लोग् लोगको बिरूद्धमां र सहर्
सहरको बिरूद्धमां . कसोगरिभन्ये ईश्वरले ति सबै कष्टहरूको बाटोले
७ तिनिहरूलाइ दुक्ख दियो । तर तिमिहरू बल्लिया हव अनि आफ्ना
हातका ढालाहरू न हव किनभन्ये तिमिहरूको कामको प्रतिफल् दिईंछ ।
८ अनि जब आसाले ति कुरा अं ओदेद् अगमबक्ताको अगम् सुन्यो तब
त्यस्ले हूप् बांधेर यहूदा र बिन्यामीनका सबै देस् देखि र त्यस्ले एफ्रैमका
पहाड़े देस् देखि ल्यायेका सहरहरू देखि घिनलागदा घिनलागदा थोकहरू
निकालि दिया अनि यहवेको दलानको सांमु भयेको यहवेको बेदि
९ मरम्मत् गर्‍यो । अनि त्यस्ले सबै यहूदा र बिन्यामीन् र तिनिहरू सङ

एफ्रैम् र मनस्से र शिमोन् देखि आयेका प्रवासीहरूलाइ भेला गरायो.
किनभन्ये जब तिनिहरूले त्येसको ईश्वर् यहवे त्यो सङ रह्छ भनि देख्यो
तब इस्राएल् देखि धेरै जना त्यो पट्टि लग्ये। त आसाको राजको पन्ध्रौं १०
वर्षको तीस्रो महीनामा तिनिहरू यरूशलेममा भेला भये। अनि त्येस् ११
दिन् तिनिहरूले आफ्ना ल्यायेका लूट्हरू देखि सात् से गोरू र सात् से
भेंड़ाबाख्रा बलि गरि चढ़ाये। अनि तिनिहरूले हांमिहरू आफ्ना पूरो मन् १२
र पूरो प्राणले आफ्ना पित्रहरूको ईश्वर् यहवेलाइ खोजछौं अनि सांनु १३
ठुलो पुरुष् स्त्री जुनसुकैले इस्राएल्को ईश्वर् यहवेलाइ खोज्नु मानोइन
त त्यो मारीओस् भन्ये बाचा बांध्ये। अनि तिनिहरूले ठुलो शब्दले कराइकन १४
र नर्सींगा र तुरही बजाउंदै यहवेको किरिया खाये। अनि सिंगै यहूदा १५
त्यो किरिया देखि रमायो. किनभन्ये तिनिहरूले आफ्नु आफ्नु पूरो
मन्ले किरिया खायेका थिये अनि आफ्नु आफ्नु पूरो इच्छेले तिनिहरूले
उस्लाइ खोज्येका थिये अनि उ तिनिहरू देखि पाईयो. अनि यहवेले
तिनिहरूलाइ चारै पट्टि चैन दियो। अनि त्येस्ले आफ्नी आमा माकालाइ १६
पनि राजआमाको मान् देखि दूर् गरि दियो किनभन्ये त्येस्ले अशेराको
लागि येउटा घिन्लाग्दो मूर्त्ति बनायेकी थिई अनि आसाले त्येस्ले
बनायेको मूर्त्ति काटि टाल्येर किद्रोन् खोल्चामा डड़ाइ दियो। तर १७
अलग्गा अलग्गा ठांउहरू चइं दूर् गरीयेनन्. तैपनि आसाको मन्
यहवे सङ त्येस्का सबै दिन् सिद्ध थियो। अनि त्येस्ले आफ्नु बाबुले १८
पवित्र कामको लागि अलग् छुट्यायेका थोक् र त्यो आफैले पवित्र
कामको लागि अलग् छुट्यायेका थोक् चांदी सुन् र भांड़ाहरू यहवेको
घरमा ल्यायो। अनि आसाको राजको पैंतीसौं वर्ष सम्म लड़ाइं भयेन॥ १९

आसाको राजको छत्तीसौं वर्षमा इस्राएल्को राजा बाशा १६ १
यहूदाको विरुद्धमा चढ़ेर रामा येस्तोगरि बनायो त्येस्ले कसैलाइ यहूदाको
राजा आसा थांइ बाहिर जांनु कि भित्र आउंनु दियेन। तब आसाले २
यहवेको घरका र राजाको घरका भंडारमा रह्येका सबै चांदी र सुन् लिइ
दमिश्कमा बस्ने अरामको राजा बेन्हदद्लाइ येसो भनि पठायो मेरो र
आफुको बीचमा मेरो बाबु र आफुको बाबुको बीचमा भयेको बाचा जस्तो ३
बाचा छ. हेर्नु हवस् मैंले आफु थांइ चांदी र सुन् पठायेको छु गयेर इस्रा-
एल्को राजा बाशा सङ बांध्येको आफुको बाचा टुटाउंनु हवस् र त्यो मं देखि
फर्कि जावस्। तब बेन्हदद्ले आसा राजाको बात् मान्यो अनि आफ्ना ४
सेनापतिहरूलाइ इस्राएल्का सहर्हरूको विरुद्धमा पठायेर इय्योन् दान्
आबेल्मैम् र नप्तालीका सबै भंडारे सहर्हरू मारि दियो। अनि येसो ५
भयो जब बाशाले यो कुरो सुन्यो तब रामा बनाउंनु छोड़ेर आफ्नु काम्
थुन्यो। त्येस् पछि आसा राजाले सिंगै यहूदालाइ लियो त तिनिहरूले ६
रामाका ढुंगाहरू र बाशाले त्येस्को लागि बनायेका काठहरू ल्यायो वहांदेखि
त्येस्ले तिनको गेबा र मिस्पा बनायो। अनि त्येस् बेला हनानी दर्शीले ७

यहूदाको राजा आसा थांइ आयेर भन्यो तिमिले अरामको राजा मांथि
भरोसा राख्येको अनि आफ्नु ईश्वर् यहवे मांथि भरोसा न राख्येको कारणले
८ अरामको राजाको सेना तिम्रो हात् देखि बांचि निस्क्यो। के कुशीहरु र
लूबीहरु औधि औधि रथहरु र नुकसवारहरु समेत् औधि औधि सेनाहरु
थियेनन्. तैपनि तिमिले यहवे मांथि भरोसा राख्येको कारणले उसले
९ तिनिहरुलाइ तिम्रो हातमां सुम्पि दियेको थियो। कसोगरिभन्ये यहवेको
दृष्टि सिंगै पृथिवी मांथि डुलि हिंड्द छ जस्को मन् उ तिर सिद्ध छ
त्येस्को निम्तिमां बल् देखाउंनु भन्ये खातिरले। येस्मां तिमिले मुर्खइं गर्यो
१० किनभन्ये अब देखि उसो तिमिहरुका लड़ाइं होइ रहंछन्। तब आसाले
इर्शा देखि रिसायेर त्येस्लाइ झेलखानमां हालि दियो किनभन्ये ति कुराको
कारणले त्यो मांथि रागीयो। अनि त्येस् बेला आसाले लोगका कत्ति
११ जनालाइ थिचोमिचो गर्यो। अनि हेर आसाको कार्य्य थालनि देखि
१२ अन्त सम्म यहूदा र इस्राएलको पोस्तकमां लेख्येका छन्। अनि त्येस्को
राजको उनन्चालीसौं वर्षमां आसाको गोड़ामां बेथा उपज्यो त्येस्को बेथा
१३ अघोर् औधि थियो. तैपनि आफ्नु बेथाको बिषयमां यहवे सित होइन
तर बेद्यहरु सित सोधनी गर्यो। अनि आसा आफ्ना पित्रहरु सङ सुति
१४ गयो अनि आफ्नु राजको एकचालीसौं वर्षमां मर्यो। अनि तिनिहरुले
त्येस्लाइ त्येस्ले आफ्नु लागि दाऊदको सहरमां खोर्य्येको आफ्नु निज्
चिहानमां गाड़ेर अनि बास्ना आउंने र बास्नाको काम् गरायेका धेरै
रकमका सुगन्ध द्रव्यले भरायेको खाटमां राख्ये. अनि त्येस्को लागि
अघोर् ठुलो पोलाई गर्ये॥

१७ १ तब त्येस्को छोरो यहोशापातले त्येस्को साटोमां राज् गर्यो अनि
२ इस्राएलको बिरुद्धमां आफुलाइ बलियो गरायो। अनि त्येस्ले यहूदाका
सबै घेरा भयेका सहरहरुमां सिपांइहरु राख्यो अनि यहूदाको देसमां र
३ त्येस्को बाबु आसाले लियेका एफ्रैमी सहरहरुमां पहराचौकी राख्यो। अनि
यहवे यहोशापात् सङ थियो किनभन्ये आफ्ना पिता दाऊदका पहिला
४ बाटामां हिंड्यो अनि बाल् देवताहरुलाइ खोज्येन तर आफ्नु पिताको
ईश्वरलाइ खोज्यो अनि उस्को आज्ञामां हिंड्यो अनि इस्राएलले गर्येको
५ काम् अनुसारका काम् गर्येन। येस्कारण यहवेले त्येस्को हातमां राज्
स्थिर् गर्यो अनि सिंगै यहूदाले यहोशापात् थांइ भेटि ल्याउंद थियो
६ अनि त्येस्को अघोर् धनसम्पत्ति र मान् थियो। अनि त्येस्को मन् यहवेका
बाटामां अलग्याईयेको थियो. येस् उप्रान्त त्येस्ले अलग्गा अलग्गा ठांवहरु
७ र अशेरा देवताहरु यहूदा देखि निकालि दियो। यहां देखि बेसि
आफ्नु राजको तीस्रो वर्षमां त्येस्ले आफ्ना मालिकहरु अं बेन्हैल्
ओबद्याह् जकर्याह् नतनेल् र मीकायाहलाइ यहूदाका सहरहरुमां
८ सिकाउंनुको लागि पठायो अनि तिनिहरु सङ लेवीहरुलाइ अर्थात्
शमायाह् नतन्याह् जबद्याह् असाहेल् शमीरामोत् यहोनातान् अदोनिय्याह्

तोबिय्याह् तोबदोनिय्याह् भन्नेंने लेवीहरुलाइ र तिनिहरु सङ एलीशामा
र यहोराम् नांउ भयेका पूजाहारीहरुलाइ पनि पठायो। त तिनिहरुले ९
आफना हात्मां यहवेको व्यवस्थाको पोस्तक् लियेर यहूदामां सिकाउंद
थिये अनि तिनिहरु यहूदाका सबै सहर्हरुमां डुलनु गर्ये अनि लोग्हरुको
बीच्मां शिक्षा दिंद थिये। अनि यहवेको भय् यहूदाका चारै पट्टि १०
भयेका देस्का सबै राज्हरु मांथि येसोरि पर्यो तिनिहरुले यहोशापात्को
बिरुद्धमां लड़ाइँ गर्येनन्। अनि पलिश्तीहरुका कति जनाले यहोशापात् ११
थांइ भेटि र मिर्तुको लागि रुपिया ल्याये अरबीहरुले पनि त्यस्को लागि
सात् हजार् र सात् सै थुमाहरु र सात् हजार् र सात् से बोकाहरु
ल्याये। अनि यहोशापात् अग्घोर् औधि बढ्यो अनि यहूदामां गढ़िहरु १२
र भंड़ारे सहर्हरु बनायो। अनि यहूदाका सहर्हरुमां त्यस्का धेरै १३
कामहरु थिये अनि यरुशलेम्मां लड़ाइंका महावीर् मान्छेहरु थिये।
अनि तिनिहरुका पित्रहरुको घर् घर् अनसार् तिनका गन्ति यिनै हुन्. १४
यहूदाका जो जो सहस्त्रपति थिये अद्ना सहस्त्रपति अनि त्यो सङ तीन्
लाख् महावीर्हरु. अनि त्येस् पछि यहोहानान् सहस्त्रपति अनि त्यो सङ १५
दुइ लाख् र अस्सी हजार्. अनि त्येस् पछि जिक्रिको छोरो अमस्याह् जस्ले १६
आफुलाइ यहवेको लागि मनमानी भित दिहाल्येको थियो अनि त्यो सङ
दुइ लाख् महावीर्हरु. अनि बिन्यामीन्मांको एल्यदा येउटा महावीर् १७
अनि त्यो सङ धनु र ढाल् भिर्येकाहरु दुइ लाख्. अनि त्येस् पछि १८
यहोजाबाद् अनि त्यो सङ लड़ाइंको लागि तियार् पारीयेकाहरु एक् लाख्
र अस्सी हजार्। राजाको सेवामां रहंनेहरु यिनैहरु थिये राजाले सिंगै १९
यहूदामां घेरा भयेका सहर्हरुमां राख्येकाहरु बाहिक्॥

त यहोशापात्को अग्घोर् धन्सम्पत्ति र मान् थियो अनि १८ १
त्यस्ले आहाब् सङ कुटुम्बेरी गर्यो। अनि कति वर्ष पछि त्यो २
आहाब् थांइ शोमरोन्मां उत्रि गयो। त आहाब्ले त्यस्को लागि र त्यो
सङ भयेका लोग्हरुको लागि भेंड़ाबाखा गोरुहरु धेरै काट्यो अनि
त्यस्लाइ रामोत्गिलाद्मां चढ़ि जांनु लगायो। अनि इस्राएल्को राजा ३
आहाब्ले यहूदाको राजा यहोशापात्लाइ भन्यो कि रामात्गिलाद्मां
मं सङ जांनु हुंछ। तब त्येस्ले त्यस्लाइ भन्यो जस्तो आफु उस्तै मं मेरा
पजा आफुका पर्जा जस्तै अनि हांमिहरु लड़ाइंमां आफु सङ हुंछौं। फेरि
यहोशापात्ले इस्राएल्को राजालाइ भन्यो कृपागरि आजु यहवेको बचन्को ४
सोधनी गर्नु हवस्। तब इस्राएल्को राजाले चार् सै जना अगमवक्ता- ५
हरुलाइ भेला गरायेर तिनिहरुलाइ भन्यो कि हांमिहरु रामात्गिलाद्को
बिरुद्ध लड़ाइँ गर्नुलाइ जाऊं कि थुनौऊं। तब तिनिहरुले भन्ये चढ़ि
जांनु हवस् किनभन्ये ईश्वर्ले त्यो राजाको हात्मां सुम्पि दिंछ। तर ६
यहोशापात्ले भन्यो यहां अरु कोई यहवेको अगमवक्ता छैन जो सित
हांमिहरु सोधनी गरुं। तब इस्राएलको राजाले यहोशापात्लाइ भन्यो ७

अझै येउटा मान्छे ता छ जो देखि हांमिहरुले यह्वे सित सोधनी गर्नु
सक्छौं । तर मं त्यो देखि घिन् राखद्छु किनभन्ये त्येस्ले मेरो बिषयमां
भलाई होइन 'तर सधैं बुराईको अगम् कहंद छ . त्यो हो यिम्लाको छोरो
८ मीकायाह् । तब यहोशापात्ले भन्यो राजाले येसो न भन्नु हवस् । तब
राजाले येउटा मालिक्लाइ बोलायेर भन्यो यिम्लाको छोरो मीकायाह्लाइ
९ छिट्टो बोलाइ पठा । त्येति बेला इस्राएल्को राजा र यहूदाको राजा
यहोशापात् आफ्ना आफ्ना राजपोशाक् लायेर शोमरोन्को ढोकाको
छेउमां भयेको खोला ठांउमां आफ्ना आफ्ना सिंहासन्मां बसि रह्येका
थिये अनि सबै अगमबक्ताहरुले तिनिहरुको सांमु अगम् कहंद थिये ।
१० अनि कनानाको छोरो सिद्कियाह्ले फलम्का सींग् बनायेर भन्यो
यह्वेले येसो भन्द छ यिनेले तैंले अरामीहरुलाइ तिनिहरु नष्ट न
११ होउंज्याल् सम्म तिनिहरुलाइ हान्छस् । अनि सबै अगमबक्ताहरुले
रामोत्गिलाद्मां चढि गयेर भाग्येमान्का हुंनु हवस् किनभन्ये यह्वेले
१२ त्येस्लाइ राजाको हात्मां सुम्पि दिंछ भन्दै अगम् कहंद थिये । अनि
मीकायाह्लाइ डाकि ल्याउंनुलाइ पठायेको दूत्ले त्येस्लाइ भन्यो अब
हेर्नु हवस् अगमबक्ताहरु सबैले एक् मुख् भइ राजाको लागि जाति कुरा
कहंद छन् . त कृपागरि आफुको कुरो पनि तिनिहरुमांको येउटाको कुरो
१३ जस्तो हवस् अनि आफुले पनि जाति भन्नु हवस् । तब मीकायाह्ले भन्यो
१४ यह्वे जीइ रह्येको झैं मेरो ईश्वर्ले ज्ये ज्ये भन्छ त्येइ भन्छु । अनि जब त्यो
राजा थांइ आइ पुग्यो तब राजाले त्येस्लाइ भन्यो ए मीकायाह् के
हांमिहरु रामोत्गिलाद्मां लड़ाइँ गर्नुलाइ जाऊं कि थुनौंऊं । तब त्येस्ले
उत्तर् दियो चढि गयेर भाग्येमान् हुंनु हवस् किनभन्ये तिनिहरु आफुको
१५ हात्मां सुम्पि दिइंछन् । तब राजाले त्येस्लाइ भन्यो मं कति चोप् तंलाइ
१६ यह्वेको नांउमां सच्चेइँ मांत्रै भन् भनि किरिया खुवाउं । तब त्येस्ले भन्यो
मैंले सिंगै इस्राएल्लाइ गोठाला बिनाका भेंड़ाहरु जस्ता पहाड़् हुंदो
छरपुट्ट भयेका देख्यें . अनि यह्वेले यिनिहरुको कोई धनी छैन तिनिहरु
जनंगै आफ्नु आफ्नु घर्मां कुशल् सित फर्कि जाउन् भन्येको छ भन्येर
१७ भन्यो । तब इस्राएल्को राजाले यहोशापात्लाइ भन्यो के मैंले आफुलाइ
येस्ले मेरो बिषयमां भलो होइन तर बुरो मांत्रै अगम् कहंछ भन्येर भन्येको
१८ थिइंन । तब त्येस्ले भन्यो त तिमिहरुले यह्वेको बचन् सुन . मैंले यह्वेलाइ
उस्को सिंहासन्मां बस्येको र आकाशको सिंगै सेनालाइ उस्को दाहिनो र
१९ बांउ पट्टि उभीइ रह्येका देख्यें । त यह्वेले भन्यो अहाब्लाइ त्यो
रामोत्गिलाद्मां चढि गयेर लड्राइँ गर्नुलाइ कस्ले उलक्याउंछ । अनि येउटाले
२० यो परिले भन्यो अनि अर्कोले त्यो परिले भन्यो । तब येउटा आत्माले
२१ निस्कयेर यह्वेको सांमु उभीयेर भन्यो त्येस्लाइ मं उलक्याउंछु । तब यह्वेले
त्येस्लाइ सोध्यो कसरी । त्येस्ले भन्यो मं निस्कि गयेर त्येस्का सिंगै
अगमबक्ताहरुको मुख्मां झूठो आत्मा हुंछु । तब उस्ले भन्यो त्येस्लाइ

उलक्याउंछस् अनि जीतछस् पनि. निक्कि गर्येर येसै गर्। त अब हेर २२
यह्वेले तिम्रा यि सबै अगमबक्ताहरुको मुखमां येउटा भूठो आत्मा
हाल्येको छ अनि यह्वेले तिम्रो बिषयमां बुरो कह्येको छ। तब कनानाको २३
छोरो सिद्किय्याह्ले छेउ आयेर मीकायाह्लाइ गालामां हिर्कायेर भन्यो
यह्वेको आत्मा मं देखि तेरोमां बोल्नुलाइ कहां बाटो गयो। तब २४
मीकायाह्ले भन्यो हेर् जस् दिन् तं लुक्नुलाइ येउटा भित्रेकोठामां
पस्छस् त्यस् दिन् देख्छस्। अनि इस्राएल्को राजाले भन्यो मीकायाह्लाइ २५
समायेर त्येस्लाइ सहर्को मालिक् अमोन् र योआश् राज्कुमार् थांइ
उठाइ लैजाव अनि भन राजाले येसो भन्द छ येस्लाइ भेल्खान्मां हाल २६
अनि त्येस्लाइ मं कुशल् सित फर्कि न आउंज्याल् सम्म दुक्खको रोटो र
दुक्खको पानी खुवाव। तब मीकायाह्ले भन्यो तिमि कोई पनि २७
कुशल् सित आयौ भन्ये देखि ता यह्वेले मेरो मुखको बाटोले भन्दै
भन्येन छ। अनि त्येस्ले भन्यो हे लोग्हरु हो तिमिहरु सबैले सुनि राख॥

तब इस्राएल्को राजा र यहूदाको राजा यहोशापात् रामोत्गिलाद्मां २८
चढि गये। अनि इस्राएल्को राजाले यहोशापात्लाइ भन्यो मं आफ्नु २९
भेष् फेर्येर लड़ाईंमां जांछु तर आफुचइंले आफ्नै राज्पोशाक् लाउंनु
हवस्। तब इस्राएल्को राजाले भेष् फेर्यो अनि तिनिहरु लड़ाईंमां
गये। अब अरामको राजाले आफ्ना रथ्हरुका मालिक्हरुलाइ येसो ३०
भनि अह्रायेको थियो न सांनु न ठुलो कसै सित लड़ाईं गर तर खालि
इस्राएल्को राजा सित मात्रै भनि। त जसै रथ्हरुका मालिक्हरुले ३१
यहोशापात्लाइ देख्यो तब येसो भयो तिनिहरुले त्यो इस्राएल्को राजानै
हो भन्ये। येस्कारण त्यो सित लड़ाईं गर्नुलाइ त्यो तिर फर्के. तर
यहोशापात् करायो अनि यह्वेले त्येस्का गोहार् गर्यो अनि ईश्वरले
तिनिहरुलाइ त्यो देखि हिंड़ि जांने गरायो। अनि जसै रथ्हरुका ३२
मालिक्हरुले त्यो इस्राएल्को राजा होइन रछ भनि देख्ये तब तिनिहरु
त्येस्लाइ खेद्नु देखि फर्के। तब येउटा मान्छेले सोजो मन्को भइ धनु ३३
तान्येर इस्राएल्को राजालाइ त्येस्को झिलम्को जोर्निमां हान्यो. तब
त्येस्ले त्येस्को रथको सार्थिलाइ भन्यो आफ्नु हात् फर्कायेर मंलाइ सेना
देखि बाहर लैजा किनभन्ये सारो घायेल् भयेको छु। अनि त्यस् दिन् ३४
लड़ाईं धेरै बढ्यो. तैपनि इस्राएल्को राजाले आफुलाइ आफ्नु रथ्मां
अरामीहरुको बिरुद्धमां सांझ् सम्म अड्याइ राख्यो. तर सूर्ज अस्ताउंदा
अस्ताउंदैमां मरि गयो॥

अनि यहूदाको राजा यहोशापात् आफ्नु सहर् यरुशलेम्मां १९ १
कुशल् सित फर्क्यो। तब हनानीको छोरो येहू दर्शीले त्येस्लाइ भेट्नुलाइ २
निक्कि आयेर यहोशापात् राजालाइ भन्यो के तिमिले बुराहरुको गोहार्
गर्नु अनि यह्वेलाइ घिन् गर्नेहरु सित पिर्ति गर्नु उचित् छ. यि कुराको
कारणले तिमि मांथि यह्वेकांटो रिस् पर्येको छ। तैपनि तिमिले असेरा ३

देव्ताहरुलाइ देस् देखि निकाल्येको र आफ्नु मन् ईश्वर्लाइ खोजनुमां
लगायेकोले तिमिमां जाति कुरा पाईयेका छन् ॥
४ त यहोशापात् यरुशलेममां बस्यो . अनि फेरि बेर्शेवा देखि एफ्रैमको
पहाड़े देस् सम्मका बासीहरु थांइ गयेर तिनिहरुलाइ तिनिहरुको पित्रहरुको
५ ईश्वर् यहवे तिर फर्काइ ल्यायो । फेरि त्येस्ले यहूदाका सबै घेरा भयेका
६ सहर्हरुमां देसमां बिचारीहरुलाइ सहर् सहर्गरि राख्यो वहांदेखि
बिचारीहरुलाइ भन्यो ज्ये ज्ये गर्छौ ति सोचिकन गर . किनभन्ये तिमिहरुले
मान्छेहरुको लागि होइन तर यहवेको लागि गर्दछौ अनि निया गर्दै
७ गर्दा पनि उ तिमिहरु सङ छ । त अब ईश्वरको भय् तिमिहरु मांथि
परोस् चंख बस अनि यो गर, किनभन्ये हांमिहरुको ईश्वर् यहवे सङ न
८ बुराई न पन्पसाई न घुस्लिवाई छ । येस् उप्रान्त यरुशलेममां
यहोशापातले लेवीहरु र पूजाहारीहरु र इस्राएलका पित्रहरुका घर्
घर्का मूल्हरुमांका कत्ति जनालाइ यहवेले गर्ने निया र झगरा गर्नेहरुको
९ निम्तिमां राख्यो । त तिनिहरु यरुशलेममां फर्के । अनि त्येस्ले तिनिहरुलाइ
येसो भनिकन अह्रायो तिमिहरुले येसोगरिकन यहवेको भय् मानिकन
१० बिश्वासले र सिद्ध मनले गर । अनि जब आफ्ना आफ्ना सहर्हरुमां बस्ने
तिमिहरुका भाईहरुको बीच् देखि रगत् रगतको बीचमां कि ब्यवस्था
कि आज्ञा कि बिधि कि नियाबचनको बिषयमां कोइ झगरा तिमिहरु
थांइ आउला तब तिनिहरुलाइ तिमिहरु यहवेको सांमु दोषी न हब
भनि चेताइ देव जुन् दोषको कारणले तिमिहरु मांथि र तिमिहरुका
भाईहरु मांथि रिस् पर्छ भनि . येसै गर्ने गर त तिमिहरु दोषी हुंदैन ।
११ अनि हेर सबै कुराको बिषयमां अमर्याह् मूल्पूजाहारी तिमिहरु मांथि छ
अनि राजाको सबै कुराको बिषयमां यहूदाको घर्को मुखिया यिश्माएलको
छोरो जब्द्याह् तिमिहरु मांथि छ . अनि लेवीहरु पनि तिमिहरुको
सांमु मालिक् हुंछन् । हूप् बांधि बांधिकन काम् गर अनि यहवे
भलाहरुको साथमां रहंद छ ॥
२० १ अनि येस् पछि येसो भयो मोआबबंशीहरु र अम्मोनबंशीहरु र
तिनिहरु सङ अरु कति जना अम्मोनीहरु यहोशापातको बिरुद्धमां लड़ाईं
२ गर्नुलाइ आइ लाग्ये । तब कत्तिले आयेर यहोशापातलाइ येसो भन्येर
सुनाये आफुको बिरुद्धमां अराम् देखि अं समुन्द्रको पल्लो छेउ देखि ठुलो
धुइरो आउंदै छ हेर्नु हवस् तिनिहरु हसासोनतामार् (जो एनगदी हो)
३ सम्म आइ पुग्येका छन् । तब यहोशापातले डरायेर यहवे सित सोधनी
४ गर्नु लाग्यो अनि सिंगै यहूदामां उपासको उर्दी फिंजायो । अनि यहूदा
यहवेको गोहार् खोजनुलाइ भेला भयो . अं यहूदाका सबै सहर्हरु देखि
५ यहवेलाइ खोजनु आये । अनि यहोशापातले यहूदा र यरुशलेमको सभामां
६ यहवेको घरमां नया आघनको सांमु उभीयेर भन्यो हे यहवे
हांमिहरुका पित्रहरुको ईश्वर् के तपांइने स्वर्गमां भयेको ईश्वर् होन . के

तपांइने लोग्हरुको सबै राज् मांथि प्रभुतेइँ गर्ने होन. अनि तपांइको
बिरुद्ध गर्नु कसैले न सक्ने सम्म तपांइको हात्मां बल् र सामर्थ छ।
हे हांम्रो ईश्वर् क्ये तपांइले आफ्नु लोग् इस्राएल्को सांमु देखि येस् ७
देस्का बासीहरुलाइ धपाउंनु भयेन अनि क्ये येसलाइ आफ्नु मित्र
अब्राहाम्को बंशलाइ सदाको लागि दिंनु भयेन। अनि तिनिहरुले त्येसमां ८
बास् गर्ये अनि येस्मां तपांइको नांउको लागि येउटा पवित्र स्थान् येसो
भनिकन बनायेका छन्　हांमिहरु मांथि बुराई अं तरवार् निया सहि ९
कि अनिकाल् पर्यो भन्ये देखि त हांमिहरु येस् घर्को सांमु अनि
तपांइको सांमु (कसोगरिभन्ये येस् घर्मां तपांइकै नांउ छ) उभीयेर
आफ्नु कष्टमां तपांइको दोहाई गर्छौं त तपांइले सुन्येर बचाउंनु हुंछ
भनि। त अब हेर्नु हवस् जुन् अम्मोन्बंशीहरु र मोअब्बंशीहरु र सेईर् १०
पहाडूबासीहरु तपांइले इस्राएल्लाइ मिस्रको देस् बाटो आउंदे गर्दा
तिनिहरु मांथि चढ्नु दिंनु भयेको थियेन तर तिनिहरुले तिनिहरु
देखि तर्केर तिनिहरुलाइ नास् पार्येनन्　हेर्नु हवस् तिनिहरुचइंले ११
हांमिहरुलाइ तपांइले हांमिहरुलाइ दियेको अधिकार् देखि धपालनुलाइ
आयेकोले हांमिहरुलाइ कस्तो प्रतिफल् दिंद छन्। हे हांम्रो ईश्वर् क्ये १२
तपांइले तिनिहरुको निया गर्नु हुन्न. किनभन्ये हांमिहरुको बिरुद्धमां
आउंने त्यो तुलो धुइरोको बिरुद्धमां हांमिहरुको केइ बल् छैन अनि
कसो गर्नु हो हांमिहरु केइ जान्दैनौं तर हांमिहरुका आंखा तपांइ तिर
उठेका छन्। अनि सिंगै यहूदा तिनिहरुको स्वास्नीहरु र तिनिहरुका १३
बालखहरु समेत् यह्वेको सांमु उभीइ रह्ये। तब आसाफ्बंशीहरुमांका १४
लेवीहरु मतन्याह्को छोरो यिएल्को छोरो बनायाह्को छोरो जकरियाह्को
छोरो यहजीएल् मांथि यह्वेको आत्मा मंडलीको बीच्मां पर्यो　त १५
त्येस्ले भन्यो सुन हे सिंगै यहूदा र हे यरुशलेम्का बासीहरु अनि हे
यहोशापात् राजा हो. यह्वेले तिमिहरुलाइ येसो भन्द छ न डराव अनि
त्येस् तुलो धुइरोको कारणले थरहरि न हव किनभन्ये लड़ाइँ तिमिहरुको
होइन तर ईश्वर्कै हो। भोलि तिनिहरुको बिरुद्धमां निस्कि उत्रि जाव. १६
हेर तिनिहरु सिस्को उकालो बाटो चढि आउंछन् त तिमिहरुले
तिनिहरुलाइ यरुएल्को बन्को सांमु तरिको पल्लो छेउमां भेट्छौ। येस् १७
संग्राम्मां तिमिहरुले लड़ाइँ गर्नु पर्दैन. थामीयौ अनि अड़ीयौ अनि
तिमिहरु सङ भयेका यह्वेको मुक्ति हेर हे यहूदा र यरुशलेम् हो. न
डराव न थरहरि हव. भोलि तिनिहरुको बिरुद्धमां निस्कि जाव किनभन्ये
यह्वे तिमिहरु सङ रहंछ। तब यहोशापात् निउंरि भूइँ सम्म घोप्टो १८
पर्यो. अनि सिंगै यहूदा र यरुशलेम्का बासीहरु यह्वेलाइ दण्डवत् गर्दै
यह्वेको सांमु निउंर्ये। अनि कहात्बंशीहरु र कोरह्बंशीहरुका लेवीहरु १९
इस्राएल्को ईश्वर् यह्वेको स्तुति अग्घोर् तुलो सोर्ले गर्नुलाइ उभीये।
बहांदेखि तिनिहरु सखारै उठेर टकोको बन्मां निस्कि गये अनि तिनिहरु २०

निस्कि जांदै गर्दाखेरि यहोशापात्ले उभीयेर भन्यो हे यहूदा र यरूशलेम्का
बासीहरु हो मेरा सुन आफ्नु ईश्वर् यह्वे मांथि बिश्वास् गर त स्थिर्
होइ जांछौ उस्का अगमबक्ताहरु मांथि बिश्वास् गर त भाग्येमानी हुंछौ।
२१ अनि जब त्येस्ले लोग् सङ सल्लाह् लियेको थियो तब त्येस्ले तिनिहरुलाइ
यह्वेको सांमु गीत् गाउंनुलाइ र सेनाको अघि अघि हिंड्दै पवित्रेईंको
सुन्दरेईंमां यह्वेको धन्नबाद् मान किनभन्ये उस्को करुणा सनातन् सम्म
२२ रहंद छ भन्दै उस्को स्तुति गर्नुलाइ खटायो। अनि जब तिनिहरुले गीत्
गाउंनु र स्तुति गर्नु थाल्ये तब यह्वेले अम्मोनबंशीहरु र मोआब् र सेईर्
पहाड्का बासीहरु जो यहूदाको बिरुद्धमां निस्कि आयेका थिये तिनिहरुको
२३ बिरुद्धमां ढुकुवाहरु बसाल्यो त तिनिहरु मारीये। किनभन्ये अम्मोन्
बंशीहरु र मोआबबंशीहरु सेईर् पहाड्को बिरुद्धमां तिनिहरुलाइ मार्नु
र स्यांट्टै नाश् पार्नुलाइ उभीये. अनि जब तिनिहरुले सेईर्का बासीहरुलाइ
नाश् पारि सक्ये तब तिनिहरु सबैले एका अर्कालाइ नाश् पार्नुलाइ हात्
२४ हाल्ये। अनि जब यहूदा बन्को चियाउंने डांड़ा सम्म पुग्यो तब ध्रुइगो
मांथि हेर्ये त हेर भूइंमां लड़ेका मुर्दाहरु राछन् अनि कोई पनि बांच्येका
२५ रैन छन्। अनि जब यहोशापात् आफ्नु पर्जा समेत् तिनिहरुलाइ लूट्नुलाइ
आयेका थिये तब तिनिहरुले तिनिहरुको बीच्मां अरघोरैगरि धन्
सम्पत्ति र बस्त्रहरु र मोतिमून्ङ्गाहरु पाये जो तिनिहरुले बोकि लैजांनु पनि
न सक्ने सम्म आफ्नु लागि काड़े. अनि लूट् यति बिग्न थियें लुट्ने पनि
२६ तीन् दिन् लाग्यो। अनि चौथो दिन्मां तिनिहरु बराकाको[1] तरिसां भेला
भये किनभन्ये तिनिहरुले यह्वेलाइ धन्नबाद् दिये. येस्कारण् त्येस् ठांउको
२७ नांउ आजु सम्म बराकाको तरि भनींद छ। तब यहोशापात् अघि अघि
हिंड्दै यहूदा र यरूशलेम्का सबै मान्छे फर्केर रमाहट् सङ यरूशलेम्मां
फेरि आउंनु लागे किनभन्ये यह्वेले तिनिहरुलाइ तिनिहरुका सत्तुरहरु
२८ मांथि रमाहट् गर्नु दियेको थियो। तब तिनिहरु सितार् र बीणा र तुरही
२९ बजाउंदै यरूशलेम्मां यह्वेको घर्मां आये। अनि जब देस् देस्का राज्
राजहरुले यह्वेले इस्राएल्का सत्तुरहरुको बिरुद्धमां लड़ाइं गर्यो
३० अरे भन्येका सुन्ये तब तिनिहरु मांथि ईश्वर्को भय् पर्यो। येसोरि
यहोशापात्को राज्लाइ चैन् भयो. किनभन्ये त्येस्को ईश्वर्ले त्येस्लाइ चारै
पट्टि बिश्राम् दियो ॥

३१ अनि यहोशापात् यहूदा मांथि राज् गर्नु लाग्यो. राज् गर्नु
लाग्दा त्यो पैंतीस् बर्षको थियो. अनि त्येस्ले यरूशलेम्मां पचीस् बर्ष राज्
गर्यो. अनि त्येस्की आंमाको नांउ शिल्हीकी छोरी अजूबा थियो।
३२ अनि त्यो आफ्नु बाबु आसाको सबै बाटोमां हिंड्यो यह्वेको सांमु ज्ये
३३ जाति थियो त्यो गर्दै बाटो देखि तर्कि गयेन। तैपनि अलग्गा ठांउहरु

[1] अर्थात धन्नबाद् कि आसिक।

पूर् गरीयेनन्. अनि लोगले अझै सम्म आफ्नु मन् आफ्ना पित्रहरुको
ईश्वर् तिर लगायेका थियेनन् । अब यहोशापात्का रहल् कार्य्यहरु थाल्नि ३४
देखि अन्त सम्म हेर तिनिहरु हनानीको छोरो येहूले लेख्येको त्येस्
वृत्तान्तमां लेख्येको छ जो इस्राएल्का राजाहरुको पोस्तक्मां पाईंछ ॥

त्येस् पछि यहूदाको राजा यहोशापात् इस्राएल्को राजा अहस्याह् ३५
सङ जस्ले अगघोरै बुराई गर्दै थियो त्यो सङ मिसीयो. अनि तर्शीश् ३६
जाने जहाज् बनाउंनुलाइ त्यो सङ मिसीयो. र तिनिहरुले
येस्योनगेबेर्मां जहाज् बनाये । तब मरेशा बासी दोदावाहूको छोरो ३७
इलिएजेर्ले येसो भनिकन यहोशापात्को बिरुद्धमां अगम् कह्यो तिमि
अहस्या सङ मिसीयेको कारणले यहवेले तिम्रो काम् भत्काएको छ ।
र जहाजहरु तर्शीशमां जांनु न सक्नेगरि फुटेर ॥

(यहोरामको राज्)

अनि यहोशापात् आफ्ना पित्रहरु सङ सुत्यो अनि दाऊद्का **२१** १
सहरमां आफ्ना पित्रहरु सङ गाड़ीयो. अनि त्येस्को छोरो यहोरामले
त्येस्को साटोमां राज् गर्‍यो । अनि त्येस्का यहोशापात्का छोराहरु अजर्याह् २
यहीएल् जकर्याह् अजर्याह् मीकाएल् र शपत्याह् नांउ गर्‍येका भाईहरु
थिये. ति सबै इस्राएल्को राजा यहोशापात्का छोराहरु थिये । अनि ३
तिनिहरुको बाबुले तिनिहरुलाइ सुनको र चांदीको अमोल् अमोल्
थोकको ठुलो ठुलो दान् र यहूदामां घेरा भयेका सहरहरु दियो. तर
राज् चइं त्येस्ले यहोरामलाइ दियो किनभन्ये त्यो जेठो थियो । जब ४
यहोराम् आफ्नु बाबुको राज् माथि चढेर आफुलाइ बलियो गरायो तब
त्येस्ले आफ्ना सबै भाईहरुलाइ र इस्राएल्का मालिक्हरुमांका कति
जना मालिक्हरुलाइ तरवार्ले काट्यो । राज् गर्नु लाग्दा यहोराम् बत्तीस् ५
बर्षको थियो अनि त्येस्ले यरूशलेममां आठ बर्ष राज् गर्‍यो । अनि ६
अहाबको जहान् झैं त्यो इस्राएल्का राजाहरुको बाटोमां हिंड्यो.
किसोगरिभन्ये अहाबकी छोरी त्येस्की स्वास्नी थिई. अनि जुन् बेहोरा
यहवेको सामु नजाति थियो त्येइ त्येस्ले गर्‍यो । तैपनि यहवेले दाऊद्को ७
जहान्लाइ नास् पार्न इच्छे गर्‍येन दाऊद् सङ बांध्येको आफ्नु नियम्को
कारणले अनि उस्ले त्येस्लाइ त्येस्को सन्तान्को लागि सधैं येउटा दीयो दिंछु
भन्येर गर्‍येको करहारको कारणले । त्येस्को पालामां एदोम् यहूदाको ८
कर् देखि फर्कि गयो अनि आफ्नु लागि येउटा राजा तुल्यायो । तब ९
यहोराम् आफ्ना सबै मालिक्हरु र रथ्हरु साथ लियेर गयो. अनि
राति उठेर त्येस्लाइ घेर्ने एदोमीहरुलाइ रथ्हरुका मालिक्हरुलाइ समेत्
मारि दियो । येसोरि एदोम् आजुको दिन् सम्म यहूदाको कर् मुनि देखि १०
फर्कि गयेको छ. त्येइ बेला लिब्ना पनि त्येस्को कर् मुनि देखि फर्कि
गयो. किनभन्ये त्येस्ले आफ्ना पित्रहरुको ईश्वर् यहवेलाइ छोड़ेको

११ थियो। अनि पनि त्येल्ले यहूदाका डांड़ाडांड़ाहुंदो अलग्गा ठांउहरु
बनायो अनि यरुशलेम्का बासीहरुलाइ बेश्येको जस्तो काम्मां लगायो
१२ अनि यहूदालाइ भर्मायो। तब एलिय्याह् अगमवक्ताको बाटो येसो भन्ने
लेखाई त्यो थांइ आयो तिम्रो पिता दाऊद्को ईश्वर् यह्वेले येसो भन्द छ
तं आफ्नु बाबु यहोशापात्का बाटामां र यहूदाको राजा आसाका बाटामां
१३ न हिंड़ेरको तर इस्राएल्का राजाहरुको बाटोमां हिंड़ेरको कारण्ले
र अहाब्को जहान्ले गर्येको जस्तो तैंले यहूदा र यरुशलेम्का बासीहरुलाइ
बेश्यको काम्मां लगायेको कारण्ले र तं भन्दा जाति जाति तेरो बाबुको
१४ घर्का तेरा भाईहरुलाइ मार्येको कारणले. हेर् यह्वेले तेरा पर्जाहरु
बालखहरु स्वास्नीहरुलाइ अनि सबै बस्तुहरुलाइ ठूलो ठूलो रुढ़िले
१५ मार्छ. अनि तंलाइ आन्द्राको येस्तो बिघ्न बेथा येस्तोगरि लाग्छ दिन्
१६ दिन् त्यो बेथाको कारण्ले तेरा आन्द्राहरु झर्छन् भन्ये। अनि यह्वेले
यारोबामको बिरुद्धमां पलिश्तीहरुको र कूशीहरु छेउ बस्ते अरबीहरुको
१७ मन् उल्क्यायो. त तिनिहरु यहूदाका बिरुद्धमां चढ़ि आयेर त्येस् माथि
छाप्छापति भये वहांदेखि राजाको घर्मां पाईयेका सबै धन्सम्पत्ति र
त्येस्का छोराहरु र त्येस्को स्वास्नीहरुलाइ यहां सम्मगरि लग्ये त्येस्को लागि
१८ त्येस्को कान्छो छोरो यहोआहास् बाहिक् येउटा छोरो पनि रहेन। अनि
ति सबै कुरा पछि यह्वेले त्येस्का आन्द्रामां साँचिनै येउटा असाद्धे बेथा
१९ उपजाइ दियो। वहांदेखि कति दिन् पछि अं दुइ वर्ष बित्ये पछि येसो
भयो त्येस्को बेथाको कारण्ले त्येस्का आन्द्राहरु झर्ये अनि त्यो अघोर्
दुक्ख पाइ पाइ मर्यो। अनि त्येस्का पर्जाहरुले त्येस्को लागि त्येस्लाइ त्येस्को
२० पित्रहरुको जलाई अनुसार् जलायेनन्। राज् गर्नु लाग्दा त्यो बत्तीस्
वर्षको थियो अनि त्येस्ले यरुशलेम्मां आठ् वर्ष राज् गर्यो. अनि त्यो
अप्रिय भइकन मर्यो अनि तिनिहरुले त्येस्लाइ दाऊद्को सहर्मां गाड़ेर तर
राजाहरुको चिहान्मां होइन॥

(अहज्याह्को राज्)

२२ १ अनि यरुशलेम्बासीहरुले त्येस्को कान्छो छोरो अहज्याह्लाइ
त्येस्को साटोमां राजा तुल्याये. किनभन्ये छाउंनीमां अरबीहरु सङ आयेका
गट्ठाले त्येस्का दाजुहरुलाइ मार्येका थिये त यहूदाको राजा यहोराम्को
२ छोरो अहज्याह्ले राज् गर्यो। अहज्याह् राज् गर्नु लाग्दा बयालीस् वर्षको
थियो अनि त्येस्ले यरुशलेम्मां एक् वर्ष राज् गर्यो. अनि त्येस्को आमाको
३ नांउ ओम्रीको छोरी अतल्याह् थियो। त्यो पनि अहाब्को जहान्का
बाटामां हिंड़्यो. कसोगरिभन्ये त्येस्को आमा त्येस्लाइ बुराई गर्ने सल्लाह्
४ दिने थिई। अनि त्येस्ले अहाब्को जहान्ले झैं यह्वेको सांमु नजाति
बेहोरा गर्यो. कसोगरिभन्ये तिनिहरु त्येस्को बाबु मर्ये पछि त्येस्लाइ नास्
५ पार्नुलाइ सल्लाह् दिने थिये। त्यो तिनिहरुको सल्लाह् पछि लाग्यो पनि

अनि इस्राएल्को राजा अहाब्को छोरो योराम् सङ अराम्को राजा
हजाएल् सङ रामोत् गिलाद्मां लड़ाईं गर्नु गयो. अनि अरामीहरुले
योराम्लाइ घायल् पार्‍ये । तब अराम्को राजा हजाएल् सङ लड़ाईं गर्दा ६
अरामीहरु देखि रामामां लाग्येका घाउहरु देखि निको हुंनुको लागि
यिज्रेल्मां फर्कि आयो । अनि यहोराम्को छोरो यहूदाको राजा अहज्याह्
अहाब्को छोरो योराम्लाइ हेर्नुलाइ यिज्रेल्मां गयो किनभन्ये त्यो बिमंच
थियो । तब अहज्याह्को नास् ईश्वर पट्टि बाटो थियो किनभन्ये त्यो ७
योराम् थांइ गयो, कसोगरिभन्ये आइ पुगदामां यहूवेले अहाब्को
जहान्लाइ काट्नुलाइ अभिषेक् गर्‍येको निम्शीको छोरो येहूको बिरुद्धमां
यहोराम् सङ निस्कि गयो । अनि येसो भयो जब येहूले अहाब्को जहान् ८
मांथि बिचार्ले दण्ड दिंद थियो तब त्यस्ले यहूदाका मालिक्हरुलाइ र
अहज्याह्का भतीजाहरुलाइ अहज्याह्को लागि सेवा गर्दै गर्‍येका पायेर
तिनिहरुलाइ मार्‍यो । अनि त्यस्ले अहज्याह्लाइ खोज्येर त्यस्लाइ शोमरोन्मां ९
लुकि रह्येको भेट्टायेर येहू थांइ ल्याये अनि तिनिहरुले त्यस्लाइ मार्‍ये अनि
तिनिहरुले त्यो आफ्नु पूरो मन्ले यहूवेलाइ खोज्ने यहोशापात्को छोरो
हो भन्दै त्यस्लाइ गाड़ेर । अनि राज् गर्दै रहंनुलाइ अहज्याह्को जहान्को
कोइ हक् थियेन ।

(यहोआश्को राज्)

जब अहज्याह्की आमा अतल्याहले मेरो छोरो मर्‍यो भनि १०
देखी तब त्यस्ले उठेर यहूदाको जहान्को सबै राजबंशलाइ नाश्
पारी । तर राजाकी छोरी यहोशबत्ले अहज्याह्को छोरो यहोआश्लाइ ११
लग्येर त्यस्लाइ त्यस्की दुद्आमा समेत्लाइ मारींदै गर्‍येका राज्कुमार्हरुको
बीच देखि चोर्‍येर सुत्ने कोठामां हालि दिई येसोरि यहोराम् राजाकी
छोरी यहोशबत् जो यहोयदा पूजाहारीकी स्वास्नी र अहज्याह्की
दिदी थिई त्यस्लाइ न मारींने गरि अतल्याह् देखि लुकाई । अनि त्यो १२
तिनिहरु सङ यहूवेको घर्मां छ बर्ष सम्म लुकाइ राखीयो. अनि
अतल्याहले देस्मां राज् गरी ॥

अनि सातौं बर्षमां यहोयदाले आफुलाइ बलियो गरायेर २३ १
यारोहाम्को छोरो अजर्याह् यहोहानान्को छोरो यिश्माएल् ओबेद्को
छोरो अजर्याह् अदायाह्को छोरो मसेयाह् र जिक्रिको छोरो एलीशापात्
यि शतपतिहरुलाइ बाचा बांधि लियो । त तिनिहरु यहूदामां डुल्येर २
यहूदाका सबै सहर् देखि लेवीहरुलाइ र इस्राएल्मांका पित्रहरुका घर्
घर्का मूल् मूल्हरुलाइ भेला गरायेर यरुशलेम्मां आये । अनि सिंगै ३
मंडलीले ईश्वर्को घर्मां आयेर राजा सङ बाचा बांध्ये । तब त्यस्ले ४
तिनिहरुलाइ भन्यो हेर यहूवेले दाऊद्को बंशको बिषय्मां भन्येको झैं
राजकुमार्ले राज् गर्छ । तिमिहरुले गर्नु पर्ने काम् येइ हो. अर्थात्

तिमिहरुको एक् तिहाई पूजाहारीहरु र लेवीहरुमां जो जो बिश्राम्‌दिन्‌मां
५ भित्र आउंनेहरु छन् ढोका ढोकाको पहरामां बस्नेहरु हुंछन् अनि अर्को
तिहाई चइं राज्‌महल्‌मां रहुन् अनि तीस्रो चइं तिहाई जग् भनींने चइं
६ ढोकामां रहुन् अनि सबै लोग् यहवेको घर्‌को आघन्‌मां रहुन्। तर
पूजाहारीहरु बाहिक् र लेवीहरुमांका सेवा गर्नेहरु बाहिक् कसैले
यहवेको घर्‌मां पस्नु न पावस् यिनिहरु पवित्र भयेको कारण्‌ले यिनिहरु
चइं भित्र पसुन्. तर सिंगै लोग्‌ले चइं यहवेको बिषय्‌मां रक्षे गरुन्।
७ अनि लेवीहरु जनंगेले आफ्‌नु आफ्‌नु हात्‌मां आफ्‌नु आफ्‌नु हतियार्
लियेर राजालाइ घेरुन् अनि घर्‌मां पस्ने सबै मारीउन्. अनि राजा
८ बाइर भित्र आइ जाइ गर्दा तिमिहरु त्यो सङ् सङै रह। अनि येसोरि
लेवीहरु र सिंगै यहूदाले यहोयदा पूजाहारीले गर्‍येका सबै आज्ञा
अनुसार् गर्‍ये. अर्थात् तिनिहरु जनंगेले आफ्‌ना आफ्‌ना मान्छेहरुलाइ
लियेर बिश्राम्‌दिन्‌मां भित्र आउंनेहरुलाइ र बिश्राम्‌दिन्‌मां बाहिर
जांनेहरुलाइ लिये कसोगरिभन्ये यहोयादा पूजाहारीले पालो पालोका
९ पूजाहारीहरुलाइ छुट्टि दियेन। तब यहोयादा पूजाहारीहरुले ईश्वर्‌को
घर्‌मां भयेको जो भाला र सांना ठुला ढाल् दाऊद् राजाका थियें ति
१० शतपतिहरुलाइ सुम्पि दियो। तब त्येस्ले सिंगै लोग्‌लाइ जनंगेलाइ आफ्‌नु
आफ्‌नु हतियार् हात्‌मां लियेर घर्‌को दाहींनो कुइंन्याटो देखि बाउं
११ कुइंन्याटो सम्म बेदि र घर्‌को छेउमां राजाका चारै तिर उभ्यायो। तब
तिनिहरुले राजकुमार्‌लाइ निकालि ल्याये अनि त्येम् मांथि राज्‌मुकुट्
लगाइ दिये अनि त्येस्लाइ साक्षीपत्र दियेर त्येस्लाइ राजा तुल्याये.
यहांदेखि यहोयादा र त्येस्का छोराहरुले त्येस्लाइ अभिसिक्त गर्‍ये वहांदेखि
१२ महाराजा जीइ रहुन् भन्येर भन्ये। अनि जब अतल्याहले लोगलाइ
दुगुर्‍येको र राजाको स्तुति गर्‍येको सोर् सुनी तब यहवेको घर्‌मां लोग्
१३ थांइ आई. त हेर्‍येर क्य देखी भन्ये राजा आफ्‌नु थाम्‌को छेउमां उभीइ
रह्येको रह्छ अनि मालिक्‌हरु र नर्‌सींगा बजाउंनेहरु राजाको छेउमां रह्छन्.
अनि देस्‌का सिंगै लोग्‌ले रमाइ रमाइकन नर्‌सींगा बजाउंदा रह्छन् गीत्
गाउंनेहरु पनि बाजा बाजामां बजाउंदै स्तुतिको अगुवाई गर्दा रह्छन्। तब
१४ अतल्याह् आफ्‌नु लुगा फारि राज्‌द्रोह् राज्‌द्रोह् भन्दै कराई। तब
यहोयादा पूजाहारीले सेना मांथि खटाईयेका शतपतिहरुलाइ आज्ञा दिइ
भन्यो त्येस् आइमाइलाइ पांङ्‌ति देखि बाइर निकाल अनि त्येस्को पछि
लाग्‌नेलाइ तरवार्‌ले काटि देव. किनभन्ये पूजाहारीले भन्येको थियो
१५ त्येस्लाइ यहवेको घर्‌मां न मार भनि। तब तिनिहरुले त्येस् आइमाइको
लागि बाटो छोड़ि दिये त त्यो राज्‌महल्‌मां घोड़ा पस्ने बाटो बाड़ो
जांदै थिई. त तिनिहरुले त्येस्लाइ त्यहां मारि दिये॥

१६ तब यहोयादाले राजा र पर्जाको बीच्‌मां तिनिहरु यहवेका लोग्
१७ होउन् भनि नियम् बांध्यो। अनि सिंगै लोगले बाल्‌को मन्दिर्‌मां गयेर

त्यो भत्काये त्यस्का बेदिहरु र त्यस्का मूर्त्तिहरु च्यांट्टै टुकरै टुक्रा पार्ये अनि
बाल्को पूजाहारी मातान्लाइ बेदिहरुको बीच्मां मार्ये । तब यहोयादाले १८
यहवेको घर्मां ति लेवीपूजाहारीहरुको मुनि कारन्दारीहरु खटायो जुन्हरु-
लाइ दाऊद्ले यहवेको घर्मां मूसाको व्यवस्थामां लेख्येको अनुसार् दाऊद्को
बिधि अनुसार् रमाहट् र गीत् गाउंने गर यहवेको होमबलि चढाउंनुलाइ
भाग् भाग् पार्यो । अनि त्यस्ले यहवेको घर्मां कोइ पनि अशुद्ध न १९
पसोस् भन्येर दैलो दैलोमां पहराचौकि बसाल्यो । अनि शतपतिहरुलाइ २०
र बड़ाढ्मीहरुलाइ र पर्जाका मालिक्हरुलाइ र देस् देस्का सिंगै
लोग्हरुलाइ लियेर यहवेको घर् देखि राजालाइ उतारि ल्याये, त
तिनिहरु मांथिल्लो चढं ढोका बाटो राज्महल्मां आये वहांदेखि राजालाइ
राज्को सिंहासन्मां बसाल्ये । यसोगि देस्का सिंगै लोग् रमाये अनि २१
सहर्ले चैन् पायो अनि तिनिहरुले अतल्याहलाइ तरवार्ले काटेर ॥

यहोआश् राज् गर्नु लाग्दा सात् बर्षको थियो अनि त्यस्ले २४ १
यरुशलेम्मां चालीस् बर्ष राज् गर्यो, अनि त्यस्को आमाको नांउ
बेरशेबाकी सिब्या थियो । अनि यहोआशले यहवेको सांमु जुन् बेहोरा २
जाति थियो त्यइ गर्यो यहोयादा पूजाहारीका सबै दिन् सम्म । अनि ३
यहोयादाले त्यस्को लागि दुवटी स्वास्नी ल्याइ दियो अनि त्यस्ले छोराछोरी
जन्मायो । अनि यस् पछि यसो भयो यहोआशले यहवेको घर्को मरम्मत् ४
गर्ने मन् गर्यो । त त्यस्ले पूजाहारीहरु र लेवीहरुलाइ भेला गरायेर भन्यो ५
यहूदाका सहर् सहर्मां जाव अनि आफ्नु ईश्वर्को घर्को मरम्मत्को
लागि साल् साल् गरि सिंगै इस्राएल् देखि रुपिया उठाउंनु पर्छ अनि हेर
यो काम् हतार् सित गर । तैपनि लेवीहरुले हतार् गर्येनन् । अनि ६
राजाले यहोयादा मूलपूजाहारीलाइ डाकेर भन्यो तिमिहरुले लेवीहरु
सङ यहूदा र यरुशलेम् देखि यहवेको दास् मूसा र इस्राएल्को मंडलीले
साक्षीको डेराको लागि उठायेको झाराकिस्ता ल्याउंनुलाइ किन मांग्येका
छौन । किनभन्ये त्यस् दुष्ट आइमाइ अतल्याहका छोराहरुले ईश्वर्को ७
मन्दिर् भत्कायेका थिये अनि यहवेको घर्का सबै पवित्र काम्को लागि
अलग् छुट्यायेका थोक्हरु बालीम् देवताहरुलाइ दियेका थिये । तब ८
राजाले आज्ञा गर्यो त तिनिहरुले येउटा सम्पट् बनायेर यहवेको घर्को
ढोकाको बाहिर पट्टि राख्ये । वहांदेखि तिनिहरुले यहूदा र यरुशलेम्मां ९
डर्यौं दिये ईश्वर्को दास् मूसाले बन्मां इस्राएल्मांथि लगायेको झारा
किस्ता ल्याउंनु भन्ये । तब सबै मालिक्हरु र सिंगै लोगले रमाइ रमाइकन १०
पूरा भइ न सकुंज्याल् सम्म ल्याउंदै सम्पट्मां हाल्दै रह्ये । अनि येसो भयो ११
जस् बेलामां त्यो सम्पट् लेवीहरुको हात् बाटो राजाका मालिक् थांइ
ल्यायेका थिये अनि तिनिहरुले रुपिया धेरैनै रछ भनि देख्ये तब राजाको
लेटर् र मूलपूजाहारीहरुको मालिक्ले आयेर सम्पट् खालि गर्ये वहांदेखि
त्यो लग्येर फेरि त्यइ अगाड़िकै ठांउमां राखि दिये । तिनिहरुले दिनहूं

१२ त्यसै गर्‍ये अनि रुपिया धेरै जमाये। अनि राजा र यहोयादाले यहवेको
घर्मां काम् गर्नेहरुलाइ दिये अनि तिनिहरुले यहवेको घर्को मरम्मत्
गर्नुलाइ काठ्कर्मीहरु र गारोकर्मीहरुलाइ ज्यालामां लिये अनि यहवेको
घर्को मरम्मत् गर्नुलाइ फलम् र पीतल्को काम् गर्नेहरुलाइ काम्मां
१३ लगाये। त काम् गर्नेहरुले काम् गर्‍ये अनि तिनिहरुले काम् सिद्ध्याये
अनि तिनिहरुले ईश्वर्को घर् सुवाउंदो परिपाठ् पारिकन बनाउंद थिये
१४ अनि बलियो गराउंद थिये। अनि जब तिनिहरुले काम् गरि सकेका
थिये तब तिनिहरुले बच्येको रुपिया राजा र यहोयादा थांइ लग्ये ति
देखि यहवेको घर्को लागिका भांड़ा बर्त्तन् बनाईये अं सेवा गर्नुको
लागिको बर्तन् र चढ़ाउंने भांड़ाहरु र धुपौरो र सुन् चांदीका भांड़ा
१५ बर्तन्हरु। अनि तिनिहरुले यहवेको घर्मां यहोयादाका सब् दिन् नित्य
चढ़ाउंदै रह्ये। तर यहोयादा दिन् धेरै खायेको र बूढ़ो भयो त त्यो
१६ मर्‍यो अनि मर्दा त्यो एक् सै र तीस् बर्षको थियो। त त्यसले इस्राएल्मां
र ईश्वर् तिर र उस्को घर् तिर जाति गर्‍येको कारणले त्यसलाइ दाऊद्को
१७ सहर्मां राजाहरुको बीच्मां गाड़ेर। अनि यहोयादा मर्‍ये पछि यहूदाका
मालिक्हरुले आयेर राजालाइ दण्डवत् गर्‍ये। तब राजाले तिनिहरुको
१८ सुन्यो। त तिनिहरुले आफ्ना पित्रहरुको ईश्वर् यहवेको घर् छोड़ेर अशेरा
देवताहरु र मूर्त्तिहरुको सेवा गर्‍ये. त तिनिहरुको त्यस् दोषीहुवाईको
१९ कारणले यहूदा र यरुशलेम् मांथि रिस् पर्‍यो। तैपनि उस्ले तिनिहरुलाइ
यहवे तिर फर्काइ ल्याउंनुलाइ अगमवक्ताहरुलाइ तिनिहरु थांइ पठायो
अनि तिनिहरुले तिनिहरुको बिरुद्धमां साक्षी दिये. तर तिनिहरुले
२० कान् लगायेनन्। अनि ईश्वर्को आत्मा यहोयादा पूजाहारीको छोरो
जकर्याह् मांथि पर्‍यो अनि त्यस्ले लोग् भयेको देखि माथ्तिर उभीयेर
भन्यो ईश्वर्ले यसो भन्द छ तिमिहरु भाग्येमान् हुंनु सक्दैन
यहवेको आज्ञा देखि किन तिर्कि हिडूद छौ. तिमिहरुले यहवेलाइ
२१ छोड़ेको कारणले उस्ले पनि तिमिहरुलाइ छोड़ेको छ। त तिनिहरुले
त्यस्को बिरुद्धमां द्रोहो भयेर राजाको आज्ञाले त्यसलाइ यहवेको घर्को
२२ आंगन्मां ढुंगाले लोहोऱ्यायेर मारि दिये। यसैगरि यहोआश् राजाले
त्यस्को बाबु यहोयादाले त्यो सित गर्‍येको कृपालाइ न सम्झिकन त्यस्को छोरो
चइलाइ मारि दियो। अनि मर्दै गर्दाखेरि त्यस्ले भन्यो यहवेले हेरोस् अनि
२३ साटो लेवस्। अनि बर्ष घुमि आउंदामां यसो भयो अरामीहरुको पल्टन्
त्यस्को बिरुद्धमां चढ़ि आयो. वहांदेखि तिनिहरुले यहूदा र यरुशलेम्मां
आयेर लोग्कांटो लोग्का सबै मालिक् मालिक्हरुलाइ नास् पारि दिये
वहांदेखि तिनिहरुले तिनिहरु देखि लियेका सबै लूट् दमिश्कको राजा
२४ थांइ पठाये। कसोगरिभन्ये अरामीहरुको पल्टन् थोरै मान्छेहरु लियेर
आये तर यिनिहरुले आफ्ना पित्रहरुको ईश्वर् यहवेलाइ छोड़ेको
कारणले यहवेले तिनिहरुको हात्मां अग्घोर् ठुलो सेना सुम्पि दियो।

ऐसोरि तिनिहरूले यहोआश्लाइ नियादख्ख दिये। अनि जब तिनिहरू २५
त्यस्लाइ ठुला ठुला वेथाहरू लाग्येकोमां त्यस्लाइ छोड़ेर हिंड़ि गये तब त्यस्का
निज् चाकरेहरूले यहोयादा पूजाहारीका छोराहरूको घात्को कारणले त्यस्को
विरुद्धमां राजद्रोह् गर्न्ये अनि त्यस्लाइ त्यस्कै ओछ्यान्मां मर्न गरि काटेर त
त्यो मऱ्यो. वहांदेखि तिनिहरूले त्यस्लाइ गाड़्नु ता दाऊद्कै सहर्मां
गाड़ेर तर राजाहरूको चिहान्मां होइन। अनि त्यस्को विरुद्धमां राजद्रोह् २६
गर्नेहरू यि हुन् अम्मोनी स्त्री शिमात्को छोरो जाबाद् र मोआबी स्त्री
शिम्रित्को छोरो यहोजाबाद्। अब त्यस्का छोराहरूको विषय्मां र त्यस् २७
मांथि राखीयेको अरघोर् गह्रुङ् बोझाको विषय्मां र ईश्वर्को घर्को
जग् बसाल्येको विषय्मां हेर राजाहरूको पोस्तक्को टीकामां लेख्येका
छन्। अनि त्यस्को छोरो अमस्याह्ले त्यस्को साटोमां राज् गऱ्यो॥

(अमस्याह्को राज्)

राज् गर्नु लाग्दा अमस्याह् पचीस् वर्षको थियो अनि त्यस्ले २५ १
यरूशलेम्मां उनन्तीस् वर्ष राज् गऱ्यो. अनि त्यस्को आंमाको नांउ
यरूशलेम्को यहोअद्दान् थियो। अनि यह्वेको सांमु ज्ये भलो थियो २
त्यइ त्यस्ले गऱ्यो तर सिद्ध मन्ले ता होइन। राज् त्यस्को हात्मां स्थिर् ३
गरौंनु त्तिक्कै ऐसो भयो त्यस्ले आफ्नु बाबु राजालाइ मार्ने आफ्ना
चाकरेहरूलाइ माऱ्यो। तर त्यस्ले तिनिहरूका सन्तान्हरूलाइ चइं ता ४
मांर्येन तर मूसाको पोस्तक्मां लेखीयेका व्यवस्था अनुसार् अर्थात् बाबुहरू
आफ्ना छोराहरूको साटोमां न मांरीउन् अनि न छोराहरू बाबुहरूको
साटोमां मारीउन् तर जीउ जनंग आफ्नु आफ्नै पापको कारणले मांरी-
ओस् भन्येर यह्वेले भन्येको आज्ञा झैं। ऐस् उप्रान्त अमस्याह्ले यहूदालाइ ५
भेला गरायो वहांदेखि तिनिहरूका पित्रहरूका घर् घर् अनुसार्
तिनिहरूलाइ अं सिंगै यहूदा र बिन्यामीन्लाइ सहस्रपतिहरू र शत्पतिहरू
मुनि राख्यो. अनि बीस् वर्षका र त्यो भन्दा बेसिकाहरूलाइ गन्यो अनि ६
लड़ाइंमां जांनु सक्ने भाला र ढाल् चलाउंनु सक्ने माफिक्का तीन् लाख्
रोजाहरू भेटायो। अनि त्यस्ले एक् सै तोड़ा चांदीको ज्यालामां
इस्राएल्मांका एक् लाख् महाबीर्हरूलाइ ल्यायो। तर ईश्वर्को एक् जन् ७
त्यो थांइ ऐसो भन्दै आयो हे महाराजा इस्राएल्को पल्टन्लाइ तिमि सङ
आउंनु न देउ किनभन्ये यह्वे इस्राएल् सङ अं सबै एप्रैम्वंशीहरू सङ
छैन। तर तिमि गयौ भन्ये हूप् बांधेर लड़ाइंमां बलिया होउ. ईश्वर्ले ८
तिमिलाइ सत्रुको सांमु लड़ाउंछ किनभन्ये ईश्वर् गोहार् गर्नु र
लड़ाउंनुमां शक्तिमान् छ। तब अमस्याह्ले ईश्वर्को जन्लाइ भन्यो तर ९
मैंले इस्राएल्को पल्टन्लाइ दियेको एक् सै तोड़ा चांदीको विषय्मां के
गरूं। तब ईश्वर्को जन्ले उत्तर् दियो यह्वेले तिमिलाइ त्यो भन्दा
बेसि दिंनु सक्छ। तब अमस्याह्ले तिनिहरूलाइ अं एप्रैम् देखि त्यो थांइ १०

आयेको पलूनलाइ आफनु घर्मां फर्कि जांनुलाइ खटायो. येस्कारण्
यहूदाको बिरुद्धमां तिनिहरुको अग्घोर् रिस् उठ्यो अनि तिनिहरु बल्दो
११ रिस्ले रिसाउंदै आफना आफना घर्मां गये। तब अमस्याहले छूप्
बांधिकन आफना लोगलाइ निकालि लग्यो वहांदेखि नुन्को तरिमां पुग्येर
१२ सेईरबंशीहरुमांका दस् हजार् जनालाइ मार्‍यो। अनि अरु दस् हजार्
जनालाइ यहूदीबंशीहरुले जीउंदै ल्यायेर पहराको थाप्लिमां लगि
तिनिहरु सबैलाइ चकनाचूर् हुंनेगरि पहराको थाप्लि देखि खसालि दिये।
१३ तर अमस्याहले तिनिहरु सङ लड़ाइंमां न जाउन् भन्येर फर्कायेको सेनाका
मान्छेहरुले यहूदाका सहर्हरु शोमरोन् देखि बेथोरोन् सम्म जाइ लाग्येर
तिनिहरुमांका तीन् हजार् जना मान्छेहरुलाइ मार्‍ये अनि अग्घोर्
लूट् लग्य॥
१४ तब अमस्याह् एदोमीहरुको मराई देखि फर्कि आयें पछि येसो भयो
त्येस्ले शेईरबंशीहरुका देव्ताहरु ल्यायो वहांदेखि तिनलाइ आफना देव्ता
हुंनुलाइ उभ्यायो अनि आफुलाइ तिनिहरुको सांमु निउंरायेर तिनिहरुको
१५ लागि धूप् हाल्यो। येस्कारण् अमस्याह्को बिरुद्धमां यह्वेको रिस् उठ्यो
अनि उस्ले त्यो थांइ येउटा अगमबक्तालाइ पठायो जस्ले त्येस्लाइ भन्यो
तिमि ति लोगका जुन् देव्ताहरुले आफनै लोग्लाइ तिम्रा हात् देखि
१६ छोड़ाउंनु सकेनन् तिनै देवताको खोज् तिर किन लाग्यो। अनि त्येस्ले त्यो
सित बात् मार्दानैखेरि येसो भयो राजाले त्येस्लाइ भन्यो क्ये हांमिहरुले
तंचहूंलाइ राज्मंत्री तुल्यायेका छौं. छोड़ि दे तं किन मारींछस्। तब
अगमबक्ताले छोड़ि दियो अनि भन्यो तिमिले यो गर्‍येको कारण् र मेरो
सल्लाह् न मान्येको कारणले ईश्वरले तिमिहरुलाइ नास् गर्नुलाइ ठहरायेको
छ भनि मलाइ थाहा छ॥
१७ तब यहूदाको राजा अमस्याहले सल्लाह् लियेर इस्राएल्को राजा
येहूको छोरो योआहाज्को छोरो योआश् थांइ येसो भनिकन दूत् पठायो
१८ लु हांमिहरु सांमु सांमु हेराहेर् गरौं भनि। तब इस्राएल्को राजा
योआश्ले यहूदाको राजा अमस्याह्लाइ येसो भनि पठायो लबानोन्मां
भयेको येउटा लोहोंड़िकांड़ाले लबानोन्मां भयेको देवदारु थांइ मेरो
छोरोलाइ तिम्रो छोरी सित ब्याहा देउ भनि पठायो. अनि लबानोन्मां
भयेको येउटा बन्पशु त्येता बाटो जांदा लोहोंड़िकांड़ालाइ लतारि दियो।
१९ तिमिले हेर मैले एदोम्लाइ मार्‍यें भनि भन्द छौ येस्कारण् तिम्रो मनले
तिमिलाइ शेषी गर्नु अलग्यायो. अब आफनु घर्मां रह तिमि सङ यहूदा
२० भयेको भये पनि खस्नुको लागि आफनु हानि किन खोज्द छौ। तर
अमस्याहले सुन्नु मान्येन किनभन्ये तिनिहरुले एदोम्का देव्ताहरुलाइ
खोज्येको कारणले उस्ले तिनिहरुलाइ तिनिहरुका सत्तुर्हरुको हात्मां सुम्पि
२१ देवस् भन्ने खातिरले यो कुरो ईश्वर् पट्टि बाटो थियो। तब इस्राएल्को
राजा योआश् चढ़ि आयो वहांदेखि त्यो र यहूदाको राजा अमस्याह्

यहूदा पर्ट्टि भयेको बेतशेमेशमां सांमु सांमु भये । तब यहूदाचाहिंले २२
इस्राएल् देखि हार्यो अनि तिनिहरू जनंगै आफ्नु आफ्नु पाल्मां भाग्ये ।
अनि इस्राएलको राजा योआशले यहोआहाजको छोरो यहोआशको छोरो २३
यहूदाको राजा अमस्याहलाइ बेतशेमेशमां समात्यो वहांदेखि यरूशलेममां
ल्यायो वहांदेखि यरूशलेमको घेराभित्ता एफ्रेमको ढोका देखि कुइंन्याटोको
ढोका सम्म चार् सै हात् भत्काइ दियो । अनि त्येस्ले सबै सुन् चांदी र २४
ईश्वर्को घरमां ओबेदेदोमको हातमां र राजमहलको भंडारमां पाईयेका
सबै भांड़ा बर्तन् र जमानीहरू पनि लियो वहांदेखि शोमरोनमां फर्कि गयो ॥

अनि इस्राएलको राजा योआहाजको छोरो योआशको मरण् पछि २५
यहूदाको राजा यहोआशको छोरो अमस्याह् पन्द्रह् बर्ष जीइ रह्यो । अब २६
अमस्याहका रहल् कार्ज्य थालनि देखि अन्त सम्म हेर कि ति यहूदा र
इस्राएलका राजाहरूको पोस्तकमां लेख्येका छैनन् । अनि अमस्याह् २७
यहवेलाइ पछ्याउंन् देखि फर्कयेको समय् देखि तिनिहरूले त्येस्को बिरुद्धमां
यरूशलेममां राजद्रोह् गर्ये तब त्यो लाकिशमां भाग्यो. तर तिनिहरूले
लाकिशमां त्येस्को पछि पछि पठायेर त्येस्लाइ वहां मार्ये । वहांदेखि २८
तिनिहरूले त्येस्लाइ घोड़ाहरू माथि बोकाइ ल्यायेर त्येस्का पित्रहरू सङ
यहूदाको सहरमां गाड़ेर ॥

अनि यहूदाका सिंगै लोगले सोह्र बर्षको उज्जियाहलाइ लियेर **२६** १
त्येस्लाइ त्येस्को बाबु अमस्याहको साटोमां राजा तुल्याये । राजा आफ्ना २
पित्रहरू सङ सुत्ये पछि त्येस्ले एलोत् बनायेर यहूदामां फर्काइ ल्यायो ।
अनि त्यो राज् गर्नु लाग्दा सोह्र बर्षको थियो अनि त्येस्ले यरूशलेममां ३
बावन् बर्ष राज् गर्‍यो. अनि त्येस्की आमाको नांउ यरूशलेमकी यकोल्याह्
थियो । अनि त्येस्को बाबु अमस्याहले गर्येको झैं यहवेको सांमु जे भलो ४
थियो त्येस्ले त्येइ गर्‍यो । अनि जुन् जकर्याहले ईश्वर्को दर्शनमां शिक्षा दिंद ५
थियो त्येस्का दिनमां त्येस्ले ईश्वर् खोज्नुलाइ मन् लगायो. अनि यहवेलाइ
खोज्दै रहुंज्याल् सम्म ईश्वरले त्येस्लाइ भाग्येमान् तुल्याउंदै रह्यो । अनि ६
त्येस्ले निस्केर पलिश्तीहरूको बिरुद्धमां लड़ाईं गर्‍यो वहांदेखि गात् र
यब्ने र अशदोदका घेराभित्ता भत्काइ दियो अनि त्येस्ले अशदोदको
बीचमां अं पलिश्तीहरूको बीचमां सहर् बनायो । अनि ईश्वरले त्येस्लाइ ७
पलिश्तीहरूको बिरुद्धमां र गुर्बालमां बस्ने अरबीहरू र मूनिहरूको
बिरुद्धमां त्येस्को गोहार् गर्‍यो । अनि अम्मोनीहरूले उज्जियाहलाइ भेटि ८
दिंद थिये. अनि त्येस्को नांउ मिस्रको पसे गौंड़ा सम्म फिंजीयो
कसोगरिभन्ये त्यो अगघोर् बल्लियोगरि बढ्यो । त्येस् उप्रान्त उज्जियाहले ९
यरूशलेममां कुंइन्याटे ढोका र तरिको ढोका र घेराभित्ताको घुम्तिमां
धरारा बनायो अनि तिनलाइ बल्लियो गरायो । अनि त्येस्ले बनमां धराराहरू १०
बनायो अनि त्येस्ले आफ्ना औधि औधिका बस्तुहरूको कारणले धेरै
कुवाहरू खन्यो अनि बेंसि र टारटारमां पनि . अनि डांड़ाडांड़ामां र मलीलो

मलीलो खेत्मां त्येस्का खेतिका किसानीहरु र दाख्का किसानीहरु थिये
११ किनभन्ये त्येस्लाइ खेतिपाती जाति लाग्द थियो। येस् उप्रान्त उज्जिय्याह्का
लड़ाकि लड़ाकिहरुको येउटा पल्टन् थियो जो पाङ्‌तिगरि येइल् लेटर् र
मासेयाह् मालिक्ले गर्येको गन्ति अनुसार् राजाको एक् हननयाह् नांउ
१२ भयेको कप्तान् मुनि लड़ाइंमां जांद थियो। पित्रहरुका घर् घर्का मूल्
१३ मूल् अं महाबीर्हरुको पूरा हिसाप् दुइ हजार् र छ सै थिये। अनि
तिनिहरुको ताबिमां तीन् लाख् र साढे सात् हजार् जनाको येउटा ठुलो
सेना थियो जो सत्तुर्हरुको बिरुद्धमां राजाको गोहार् गर्नुलाइ खूब् ठुलो
१४ ठुलो बल्ले लड़ाइं गर्नेहरु थिये। अनि उज्जिय्याहले तिनिहरुको लागि अं
सिंगै सेनाको लागि ढाल् भाला टोप् झिलम् धनु र घुयांत्रो तियार् पार्‍यो।
१५ अनि त्येस्ले यरुशलेम्मां धगरा र किल्लाका कुंना कुनामां सिपालु मान्छेले
कल्पि निकाल्येका कलहरु बनायो जुन् देखि कांड़ र ठुलो ठुलो ढुंगाहरु
हान्द थिये। तब त्येस्को नांउ फिंजींदै टाड़ो टाड़ो सम्म गयो कसोगरिभन्ये
त्यो बलियो न होउंज्याल् सम्म उदेक् उदेक्गरि त्येस्लाइ गोहार् दिइयो॥
१६ तर जब बलियो भया तब त्येस्को मन् त्यो बिग्रनेगरि आफ्नु ईश्वर्
यहवेको बिरुद्धमां अप्राध् गर्ने सम्म अलग्याईयो अं धूप्बेदिमां धूप्
१७ हाल्नुको लागि यहवेको घर्मां पस्यो पनि। अनि त्येस्को पछि यहूदाका
चार् कोरि महाबीर् पूजाहारीहरुलाइ लियेर अजर्याह् पूजाहारी पस्यो.
१८ त तिनिहरुले उज्जिय्याह् राजाको बिरुद्ध गर्येर त्येस्लाइ भन्ये हे उज्जिय्याह्
यहवेको लागि धूप् हाल्ने काम् ता आफुको होइन तर धूप् हाल्नुलाइ
पवित्र गरीयेका हारुनबंशीहरुको पो हो. पवित्रस्थान् देखि निक्लि जाउ
किनभन्ये अप्राध् गर्नु भयेको छ त ईश्वर् यहवे पट्टि बाटो आफुको मान्
१९ हुंदैन। तब उज्जिय्याह् रागीयो अनि त्येस्को हात्मां धूप् हाल्ने धूपोरो
पनि थियो तब पूजाहारीहरु देखि रागीयेको हुंदा त्येस्को निधार्मां
२० यहवेको घर्मां पूजाहारीहरुको सांमु धूप्बेदी निर कोढ् उदायो। तब
अजर्याह् मूलपूजाहारी र सबै पूजाहारीहरुले त्येस्लाइ हेर्ये त हेर त्येस्को
निधार्मां कोढ् रक्छ त तिनिहरुले त्येस्लाइ छिट्टै गरि त्यहां बाटो धपाइ दिये
अं त्यो आफैले पनि यहवेले त्येस्लाइ हिर्कायेको कारणले निक्लि जानुलाइ
२१ हतार् गर्‍यो। अनि उज्जिय्याह् राजा आफ्नु मरणको दिन् सम्म कोढी
भयेर अलग् घर्मां बास रह्यो किनभन्ये यहवेको घर् देखि काटीयो.
अनि योताम् राजकुमार्चइं देस्का लोगको निया गर्नुलाइ राजाको
२२ प्रहान्को मालिक् भया। अब उज्जिय्याहका रहल् कार्ज्यहरु थाल्नि देखि
२३ अन्त सम्म आमोस्को छोरो यशायाह् अगमबक्ताले लेख्यो। तब
उज्जिय्याह् आफना पित्रहरु सङ सुति गयो अनि तिनिहरुले त्येस्लाइ
त्येस्का पित्रहरु सङ राजाहरुको भयको चिहानि जग्गामां गाड़ेर किनभन्ये
तिनिहरुले त्या कोढी हो भन्येर भन्ये. अनि त्येस्को छोरो योतामले त्येस्को
साटोमां राज् गर्‍यो॥

(योताम्को राज्)

२७ योताम् राज् गर्नु लाग्दा पचीस् वर्षको थियो अनि त्यसले १
यरूशलेममा सोह्र वर्ष राज् गर्‍यो . अनि त्यसकी आमाको नांउ सादोक्की
छोरी यरूशा थियो। अनि यहवेको सांमु जे भलो थियो त्यइ त्यसले गर्‍यो . २
त्यसले त्यसको बाबु उज्जियाहले गर्‍येको अनुसार् सबै गर्‍यो . तैपनि यहवेको
मन्दिर्मां ता पसेन । अनि लोगले अझै सम्म बिगार् काम् गर्दै रह्या ।
त्यसले यहवेको घर्को मांथिल्लो चइं ढोका बनायो अनि ओपेल् भनीन घरा- ३
भित्तामां धेरै बनायो । यैस् उप्रान्त त्यसले यहूदाको पहाड़ देसमां सहर्हरू ४
बनायो अनि बन् बन्मां किल्लाहरू र धराराहरू बनायो । अनि त्यसले ५
अम्मोन्बंशीहरूको राजाको बिरुद्धमां लड़ाइँ गर्‍यो अनि तिनिहरू मांथि
जिताहा भयो । अनि त्यस् वर्ष चइं अम्मोन्बंशीहरूले त्यसलाइ चांदीका
एक् सै तोड़ा र दस् हजार् कंठा गहूं र दस् हजार् कांठो जउ दिये। अनि
फेरि दोस्रो र तास्रो वर्षमां पनि अम्मोनबंशीहरूले त्यसलाइ त्यतिकै दिये।
ऐसोरि योताम्ले आफ्नु बाटो आफ्नु ईश्वर् यहवेको सांमु ठीक् अनुसार् ६
गर्‍येको कारण् त्यो बलियो भइ गया। अब योताम्का रहल् कार्य्यहरू ७
र त्यसका सबै लड़ाइँहरू र त्यसका सबै चाल् चलन्हरू हेर इस्राएल् र
यहूदाका राजाहरूको पोस्तक्मां लेख्येका छन्। राज् गर्नु लाग्दा त्यो ८
पचीस् वर्षको थियो अनि यरूशलम्मां सोह्र वर्ष राज् गर्‍यो। अनि ९
योताम् आफ्ना पित्रहरू सङ सुतिगयो अनि तिनिहरूले त्यसलाइ दाऊद्को
सहर्मां गाड़े . अनि त्यसको छोरो आहाज्ले त्यसको साटोमां राज् गर्‍यो ॥

(आहाज्को राज्)

२८ आहाज् राज् गर्नु लाग्दा बीस् वर्षको थियो अनि त्यसले १
यरूशलेममां सोह्र वर्ष राज् गर्‍यो . अनि आफ्नु ईश्वर् यहवेको सांमु जे
भलो थियो त्यइ त्यसले त्यसको पिता दाऊद्ले गर्‍येको झैं गर्‍येन . तर त्यो २
इस्राएल्का राजाहरूको बाटोमां हिंड्यो अनि बाल् देवताहरूको लागि
ढाल्येका मूर्त्ति पनि बनायो । यैस उप्रान्त हिन्नोम्बंशीको तल्सां धूप ३
हाल्यो अनि जुन् अन्यदेसीहरूलाइ यहवेले इस्राएल्बंशीहरूको सांमु
दोख निकालि दियेको थियो तिनिहरूको घिन्लाग्दो रीत् अनुसार् त्यसले
आफ्ना छोराहरूलाइ आगोको बाटो बाड़ो हिंड़ाल्यो । अनि अलग्गा ४
अलग्गा ठांउहरू र डांड़ा डांड़ामां र सबै हरीया हरीया रुखहरू मुनि त्यसले
बलिदान् चढ़ाउंने र धूप हाल्ने गर्‍थ्यो । यसकारण् त्यसको ईश्वर् ५
यहवेले त्यसलाइ आरामको राजाको हात्मां सुम्पि दियो अनि तिनिहरूले
त्यसलाइ मार्‍ये अनि त्यसका मान्छेहरूमांको ठूलो धुइरो बन्धुवाईमां लग्येर
दमिस्कमां पुर्‍याये । यैस उप्रान्त त्यो इस्राएल्को राजाको हात्मां पनि
सम्पीयो जसले ठलो मराईले त्यसलाइ मार्‍यो । किनभन्ये तिनिहरूले ६

आफ्ना पित्रहरुको ईश्वर् यहवेलाइ छोड़ेरको कारणले रमल्याहको
छोरो पेकहले यहूदामां एकै दिन्मां एक् से र बीस् हजार् सबै
७ महाबीरहरुलाइ मार्यो। अनि जिक्रि नांउ गर्येको येउटा एप्रैमी
महाबीरले मासियाह् नांउ भयेको येउटा राजपुत्र र राजमहलको मालिक्
अज्रीकाम् र एल्कानालाइ जो राजा मुनि हुंनेमांको पहिलो थियो त्येस्लाइ
८ पनि मार्यो। अनि इस्राएलबंशीहरुले आफ्ना दाज्यभाईहरुमांका दुइ
लाख् जनालाइ आइमाइहरु छोराछोरीहरुलाइ बन्धुवाईमां लग्यं अनि
९ तिनिहरु देखि धरै लूट् लूटेर वहांदेखि त्यो लूट् शोमरोनमां लग्ये। तर
वहां यहवेको ओदेद् नांउ भयेको येउटा अगमवक्ता थियो. जस्ले
शोमरोनमां आउंने सेनालाइ भेट्नुलाइ निकल्येर भन्यो हेर तिम्रा
पित्रहरुको ईश्वर् यहवेले यहूदा देखि रिसायेको कारणले उस्ले तिनिहरुलाइ
तिम्रो हात्मां सुम्पि दियेको थियो अनि तिमिले चडं स्वर्ग सम्म
१० पुग्नेगरि रागीयेर तिनिहरुलाइ मार्यौ। अनि अब यरुशलेम् र
यहूदाबंशीहरुलाइ दास् दासागरि दबाउंने मन् गर्दै छौ. तर के तिमिहरु
११ पनि आफ्नु ईश्वर् यहवेको बिरुद्धमां महा दोषी छौन। त अब मेरो सुन
तिमिहरुले आफ्ना दाज्यभाईहरुमांका बन्धुवाईमां लग्येका बन्धुवाहरुलाइ
फर्काइ पठाव. किनभन्ये यहवेको बल्दोरिस् तिमिहरु मांथि पर्येको छ।
१२ तब एप्रैमबंशीहरुका मूलहरुमांका कति जना अर्थात् योहानानको छोरो
अजर्याह् मशिल्लेमोतको छोरो बेरक्याह् शल्लूमको छोरो यहिज्कियाह् र
हद्लैको छोरो अमासाले लड़ाइँ बाटो आयेकाहरुको बिरुद्धमां उभीयेर
१३ तिनिहरुलाइ भन्ये तिमिहरुले बन्धुवाहरुलाइ येता ल्याउंनु हुंदैन.
किनभन्ये जुन् कुरा देखि हामिहरु यहवेको सांमु दोषी हुंछौं त्येइ कुरामां
हामिहरुको पाप् र हामिहरुको दोष् बढ़ाउंनुलाइ मन् पर्द छौं. किनभन्ये
हामिहरुको दोष् तुलो छ अनि इस्राएलको बिरुद्धमां बल्दोरिस् उठेरको
१४ छ। तब हतियार् भिर्येका मान्छेहरुले बन्धुवाहरुलाइ र लूट् मालिकहरु
१५ र सिंगै सभाको सांमु छोड़ि दिये। अनि मांथि नांउ लेख्येका मान्छेहरुले
उठेर बन्धुवाहरुलाइ लिये अनि तिनिहरुमांका सबै नांगाहरुलाइ
लूटका लुगाहरु लगाइ दिये अनि जुत्ता पनि लगाइ दिये अनि खानापीना
पनि दिये अनि तेल् पनि लगाइ दिये अनि निर्बल्लियाहरु जत्ति जना
थिये तिनिहरुलाइ गदाहा मांथि बोकायेर खजूरको सहर् यरीहो
सम्म तिनिहरुका दाज्युभाईहरु भयठांउ सम्म पुर्याइ दिये. वहांदेखि
शोमरोनमां फर्कि गये॥

१६ त्यस् बेला आहाज् राजाले अश्शूरको राजा थांइ गोहार् मांगि
१७ पठायो। किनभन्ये एदोमीहरुले फेरि आयेर यहूदालाइ मार्येर बन्धुवा-
१८ हरुलाइ लग्येको थिये। पलिश्तीहरुले पनि बेंसिको र यहूदाको दक्खिन्
पट्टिका सहरहरु मांथि चढ़ि आयेर बेत्शेमेश् अय्यालोन् र गदेरोत्
[illegible] बस्तिहरु समेत र तिम्ना त्येस्का बस्तिहरु समेत् र गिम्जो

पनि त्येस्का बस्तिहरु समेत् लिहाल्येका थिये. अनि तिनिहरु तिनमां
बस्येका थिये। किनभन्ये इस्त्राएल्को राजा आहाज्को कारणले त्येस्ले १९
यहूदामां बिश्वासघात् गर्येको र यह्वेको बिरुद्धमां मारो दोष् गर्येको
कारणले यह्वेले यहूदालाइ होंच्याइ दियो। अनि अश्शूर्को राजा २०
तिलगत्पिल्नेसेर्ले त्यो थांइ आयेर त्येस्लाइ बल् होइन तर झन् कष्ट पो
गराइ दियो। कसोगरिभन्ये आहाज्ले यह्वेको घर् देखि र राजा र २१
मालिक्हरुका घर् देखि भाग् लियेर अश्शूर्को राजालाइ दियो. तर येति
गरिकन पनि त्येस्लाइ कोइ गोहार् भयेन। तर त्येस् आहाज् राजाले त्येस्को २२
दुक्खको बेलामां पनि झन् बेसि बेसि यह्वेको बिरुद्धमां दोष् गर्यो।
कसोगरिभन्ये त्येस्ले त्येस्लाइ मार्ने दमिश्कका देवताहरुलाइ बलिदान् २३
चढायो. अनि त्येस्ले अरामका राजाहरुका देवताहरुले तिनिहरुको गोहार्
गर्येको कारणले मं पनि तिनिहरुलाइ बलिदान् चढाउंछु भन्यो तिनिहरुले
मेरो गोहार् गर्नन् भन्येर. तर तिनिहरु त्येस्को र सिंगै इस्त्राएलको नासको
कारण् भये। अनि आहाज्ले ईश्वर्को घर्का भांडाहरु जमा गर्यो अनि २४
त्येस्ले ईश्वर्को घर्का भांडाहरु टुकुरा टुकुरा पार्यो अनि यह्वेको घर्का
दैलाहरु थुनि दियो अनि यरुशलेम्का सब्बै कुंना कुंनामां बेदि बनायो।
अनि यहूदाका सहरै पिच्छे पराय् देवताहरुको लागि धूप् हाल्ने अल्गा २५
ठांउहरु बनायो अनि आफ्ना पित्रहरुको ईश्वर् यह्वेको रिस् उठायो।
अब त्येस्का रहल् काज्यहरु र त्येस्का सबै चाल्चलन् थाल्नि देखि अन्त २६
सम्म हेर यहूदा र इस्त्राएलका राजाहरुको पोस्तकमां लेख्येका छन्।
तब आहाज् आफ्ना पित्रहरु सङ सुति गयो अनि तिनिहरुले त्येस्लाइ २७
सहर्मां अं यरुशलेम्मां गाडेर किनभन्ये तिनिहरुले त्येस्लाइ इस्त्राएल्का
राजाहरुको चिहान्मां पुर्यायेनन्. अनि त्येस्को छोरो हिज्किय्याहले
त्येस्को साटोमां राज् गर्यो॥

(हिज्कियाह्ले गर्येको सुधराई)

हिज्किय्याह् राज् गर्नु लाग्दा पचीस् बर्षको थियो अनि त्येस्ले २९ १
यरुशलेम्मां उनन्तीस् बर्ष राज् गर्यो. अनि त्येस्को आमाको नांउ
जकर्याहको छोरी अबिय्याह् थियो। अनि यह्वेको सांमु त्ये भलो थियो २
त्येस्को पिता दाऊद्ले सबैं गर्येको अनुसार् त्येस्ले पनि गर्यो। आफ्नु ३
राज्को पहिलो बर्षको पहिलो महीनामां यह्वेको घर्का दैलाहरु उघार्यो
अनि तिनको मरम्मत् गर्यो। अनि त्येस्ले पूजाहारीहरु र लेवीहरुलाइ ४
भित्र ल्यायेर पूर्ब तिरको चोक्मां तिनिहरुलाइ भेला गरायेर
तिनिहरुलाइ भन्यो हे लेवीहरु हो मेरो सुन अब आफु आफुलाइ पवित्र ५
गर अनि आफ्नु पित्रहरुको ईश्वर् यह्वेको घर् पनि पवित्र गर अनि
पवित्रस्थान् देखि फोहर्हरु बोकि लैजाव। किनभन्ये हांमिहरुका ६
पित्रहरुले अप्राध गर्येका छन् अनि जुन् बेहोरा हांमिहरुको ईश्वर् यह्वेको

सांमु बुरो छ त्येह गर्ये अनि उसलाइ छोडेर अनि यह्वेको धाम् देखि
७ आफ्नु आफ्नु मुख् फर्कायेर आफ्नु आफ्नु पिठिउं फर्काये। अनि पनि
तिनिहरुले दलान्का ढैलाहरु थुनि दियेका छन् अनि दियाहरु निभाइ
दिये अनि इस्राएल्को ईश्वर्को लागि पवित्रस्थान्मां धूप् हाल्येनन् अनि
८ होमबलि पनि चढ़ायेनन्। येस्कारण् यह्वेको रिस् यहूदा र यरूशलेम्
माथि पर्येको छ अनि उस्ले तिनिहरुलाइ तिमिहरुले आफ्ना आंखाले
देख्येको भैं भयमान् हुंनुलाइ र उदेक् र जिस्लाइने हुंनुलाइ सुम्पि दियेको छ।
९ कसोगर्याभन्ये हेर हांमिहरुका पित्रहरु तरवार्ले लडेरका छन् अनि येसैको
कारण्ले हांमिहरुका छोराछोरीहरु र हांम्रा स्वास्नीहरु बन्धवाईमां छन्।
१० त अब मेरो मन्मां येस्तो छ हांमिहरु उस्को बल्दोरिस् फर्कोइंनुको लागि
११ इस्राएल्का ईश्वर् यह्वे सङ नियम् बांधूं भन्ये। ए मेरा छोराहरु हो अब
अबेर् न गर. किनभन्ये यह्वेले तिमिहरुलाइ उस्को सांमु उभौंनुलाइ
उस्को सेवा गर्नुलाइ उस्का सेवक् हुंनुलाइ र धूप् हाल्नुलाइ छान्येको छ॥
१२ तब लेवीहरु उठेर अर्थात् कहातवंशीहरुमांका अमासैको छोरो
महत् अजर्याह्को छोरो योएल्. अनि मिरारीवंशीहरुमांका अब्दीको
छोरो कीश् र यहल्लेलेल्को छोरो अजर्याह् अनि गेरशोनीहरुमांको
१३ जिम्माको छोरो योआह् र योआह्को छोरो एदन्. अनि एलीसापान्-
वंशीहरुमांका शिम्री र यूएल्. अनि आसापवंशीहरुमांका जकर्याह् र
१४ मत्तन्याह्. अनि हेमानवंशीहरुमांका यहूएल् र शिमी. अनि यदूतून्
१५ वंशीहरुमांका शमायाह् र उज्जीएल्। अनि तिनिहरुले आफ्ना
दाज्युभाईहरुलाइ भेला गरायेर आफु आफुलाइ पवित्र गराये अनि यह्वेको
कुरा गरि राजाको आज्ञा अनुसार् यह्वेको घर् शुद्ध गर्नुलाइ भित्र
१६ पस्ये। अनि पूजाहारी यह्वेको घर्को भित्रेभाग् सम्म शुद्ध गर्नुलाइ
भित्र पस्ये अनि यह्वेको घर्को मन्दिरमां भेट्टायेका सब्बै अशुद्धैं
यह्वेको घर्को आंगनमां निकालि ल्याये। अनि लेवीहरुले किद्रोन्
१७ खोलचामां पुर्याउंनुलाइ ति उठाइ लग्ये। तब पहिलो महीनाको पहिलो
तिथिमां पवित्र गर्नु थाल्ये अनि महीनाको आठौं तिथिमां यह्वेको दलान्
सम्म पुग्ये अनि तिनिहरुले यह्वेको घर् आठ् दिनमां पवित्र गरि सक्ये.
१८ अनि पहिलो महीनाको सोह्रौं तिथिमां सक्ये। वहांदेखि तिनिहरुले
हिज्कियाह् राजा थांइ भित्र पस्येर भन्ये हांमिहरुले यह्वेको सिंगै घर्
र होमबलिका वेदि त्येस्का सबै भांडाहरु समेत् र भेटरोटीको मेज् त्येस्का
१९ सबै भांडाहरु समेत् शुद्ध गरि सकूं। येस् उप्रान्त आहाज् राजाले आफ्नु
राज्मां अपराध् गर्येको समयमां आफालि राख्येका भांडावर्त्तन्हरु सबै
हांमिहरुले तियार् पारि पवित्र गरि सकूं त हेर ति यह्वेको वेदिको
सांमु छन्॥
२० तब हिज्कियाह् राजाले सखारै उठेर सहर्का मालिक्हरुलाइ
२१ भेला गरायेर यह्वेको घर्मां चढ़ि गयो। वहांदेखि तिनिहरुले राज् र

पवित्रस्थान् र यहूदाको लागिका पाप्‌बलिगरि सात्‌वटा बाच्छाहरु सात्‌वटा
थुमाहरु र सात्‌वटा पाठाहरु र सात्‌वटा बोकाहरु ल्याये। अनि त्यस्ले
हारून्‌वंशी पूजाहारीहरुलाइ यहवेको वेदिमां ति चढाउंने आज्ञा गर्‍यो।
त तिनिहरुले बाच्छाहरु मार्‍ये अनि पूजाहारीहरुले रगत् चड्‌ लग्येर बेदिमां २२
छर्के. तब तिनिहरुले थुमाहरु मार्‍येर रगत् वेदिमां छर्के. अनि पाठाहरु
पनि मार्‍येर रगत् वेदिमां छर्के। अनि तिनिहरुले राजा र मंडलीको सामु २३
बोकाहरुलाइ पाप्‌बलिको लागि नजिक् ल्याये अनि तिनिहरुले आफना
आफना हात तिनिहरु माथि राख्ये. अनि पूजाहारीहरुले तिनिहरुलाइ २४
मार्‍ये अनि सिंगै इस्राएल्‌को लागि प्रायश्चित्त गर्नुलाइ तिनिहरुको रगत्
वेदिमां पापबलिगरि चढाये. किनभन्ये राजाले होमबलि र पाप्‌बलि
सिंगै इस्राएल्‌को लागि गरीओस् भनि आज्ञा गर्‍येको थियो। अनि २५
त्यस्ले लेवीहरुलाइ दाऊद्‌को र राजाको दर्शी गाद्‌को र नातान् अगमवक्ताको
आज्ञा अनुसार् झ्याम्टा र सितार् र बीणा लियेर यहवेको घरमां राख्यो.
किनभन्ये त्यो आज्ञा यहवे देखि उस्का अगमवक्ताहरुको बाटोले थियो।
अनि लेवीहरु दाऊदका बाजाहरु लियेर अनि पूजाहारीहरु चड्‌ तुरही २६
लियेर उभाये। तब हिजकियाहले होम्‌बलि वेदिमां चढाउंने आज्ञा दियो। २७
अनि जब होमबलि चढाउंनु थाल्ये तब यहवेको गान् पनि थाल्ये अनि
तुरही र इस्राएलको राजा दाऊदका बाजाहरु। अनि सिंगै मंडलीले २८
दण्डवत् गर्‍दै र गीत् गाउंनेहरुले गीत् गाउंदै र तुरही बजाउंनेहरुले बजाउंदै
रह्‍ये होमबलि चढाइ न सकुंज्याल् सम्म। अनि जब चढाइ सक्ये तब २९
राजा र त्यो सङ सामेल् भयेका सबै जनाले निउंर्‍येर दण्डवत् गर्‍ये। येस् ३०
उप्रान्त हिजकियाह् राजा र मालिकहरुले लेवीहरुलाइ दाऊदका र आसाफ्
दर्शीका कुरा गाउंदै यहवेको लागि स्तुति गाउंने आज्ञा गर्‍यो त तिनिहरुले
आनन्द सङ स्तुति गाये अनि आफ्‌नु आफ्‌नु सिर् निउंरायेर दण्डवत् गर्‍ये।
तब हिजकियाहले उत्तर् दिइ भन्यो अब तिमिहरुले आफु आफुलाइ ३१
यहवेको लागि पवित्र गर्‍येका छौ भन्ये त नजिक नजिक् आयेर बलिदान्‌हरु
र धन्यबादीबलि यहवेको घरमां ल्याव। तब मंडलीले बलिदान् र धन्यबादी
बलि भित्र ल्याये अनि मनमानीका चड्‌ पनि जति थिये ति होमबलि
ल्याये। अनि मंडलीले ल्यायेका होमबलिको गन्ति सत्तरीवटा बाच्छा र ३२
एक सै थुमाहरु र दुइ सै पाठाहरु. ति सबै यहवेको लागि होमबलि
थिये। अनि पवित्र गरीयेका थोक् छ सै गोरुहरु र तीन् हजार ३३
भेंडाबांख्राहरु थिये। तर पूजाहारीहरु येति कम्ति थिये तिनिहरुले सबै ३४
होमबलिहरुका छाला काढ्‌नु सकेनन्. येस्कारण त्यो काम् न सकुंज्याल्
सम्म अनि पूजाहारीहरुले आफु आफुलाइ पवित्र गरि न सकुंज्याल् सम्म
तिनिहरुका लेवी भाईहरुले तिनिहरुको गोहार् गर्‍ये. किनभन्ये
लेवीहरुले आफु आफुलाइ पवित्र गर्नुलाइ मनमां पूजाहारीहरु भन्दा
बेसि सोजाहरु थिये। अनि होमबलि पनि मेल्‌बलि पनि बोसो समेत् र ३५

होमबलिको खन्याईबलि समेत् धेरै थिये। येसोरि यह्वेको घरको
३६ सेवाको रीत् ठहराईये। तब ईश्वरले लोगको लागि तियार् पार्येको
सबैको कारणले हिज्किय्याह् र सिंगै लोग् रमाये. किनभन्ये यो काम्
एक्कासि गरीयो॥

(हिज्किय्याह्ले मान्येको निस्तार् चाड्)

३० १ फेरि हिज्किय्याह्ले सिंगै इस्राएल् र यहूदा थांइ पठायो अनि
तिनिहरु इस्राएलको ईश्वर् यह्वेको लागि निस्तार् चाडू मान्नलाइ
यरुशलेममां यह्वेको घरमां आउंनु भन्ये चिट्ठी एप्रैम् र मनश्शेका पनि
२ लेख्यो। किनभन्ये राजाले र त्येका मालिकहरु र यरुशलेममां भयेका सिंगै
मंडलीले दोस्रो महीनामां निस्तार् चाडू मान्नु भन्ये सल्लाह् गर्येका थिये।
३ किनभन्ये पूजाहारी जति जनाको खांचो थियो त्यति जनाले आफु
आफुलाइ पवित्र न गर्येको कारणले र लोग् यरुशलेममां भेला न भयेको
४ कारणले तिनिहरुले त्यइ बेलामां त्यो चाडू मान्नु सकेनन्। अनि यो
५ कुरा राजा र सिंगै मंडलीको सांमु ठीक् थियो। त तिनिहरुले सिंगै
इस्राएलमां बेर्शेबा देखि अं दान् सम्म तिनिहरुले इस्राएलको ईश्वर्
यह्वेको लागि निस्तार् चाडू मान्नलाइ यरुशलेममां आउंनु भन्ये उर्दी
सुनाईओस् भनि ठहराये. किनभन्ये तिनिहरुले लेख्येको रीत् अनुसार्
६ धेरै जनाले त्यो चाडू मान्येका थियेनन्। तब राजा र त्येका मालिकहरु
देखिका चिट्ठीहरु लियेर हुलाकेहरु सिंगै इस्राएल् र यहूदामां दुगुर्ये
अनि राजाको आज्ञा अनुसार् येसो भन्ये हे इस्राएलवंशीहरु हो अब्राहाम्
इसहाक् र इस्राएलको ईश्वर् यह्वे तिर फर्क र उसले अश्शूर्का राजाहरुको
७ हात् देखि बांचायेका तिमिहरुका बचेतिभाग् थांइ आव। अनि आफ्ना
पित्रहरु र आफ्ना दाज्युभाईहरु जस्ता न हव जुनहरुले आफ्नु पित्रहरुको
ईश्वर् यह्वेको बिरुद्धमां यहां सम्म अपराध् गर्ये उसले तिनिहरुलाइ
तिमिहरुले देख्दै गर्येको झैं तिनिहरुलाइ उदेक् हुंनुलाइ सुम्पि दियो।
८ अब तिमिहरुका पित्रहरु झैं कठोर् गर्दनका न हव तर आफु आफुलाइ
यह्वेको लागि सुम्पि देव अनि उसले सदाको लागि पवित्र गर्येको उस्को
पवित्रबासमां पसेर आफ्नु ईश्वर् यह्वेको सेवा गर र उस्को बल्दोरिस्
९ तिमिहरु देखि फर्कि जाओस्। किनभन्ये तिमिहरु यह्वे तिर फर्कि आयौ
भन्ये देखि तिमिहरुका दाज्युभाईहरु र तिमिहरुका बालबच्चाहरुले
तिनिहरुलाइ बंधुवाईमां लगायेकाहरुको सांमु दया पाउंछन् अनि फेरि
येस् देसमां आउंछन्. किनभन्ये तिमिहरुको ईश्वर् यह्वे दयालु र
टिठाउंने छ अनि तिमिहरु उ तिर फर्कौ भन्ये देखि उसले आफ्नु
१० मुख् तिमिहरु देखि फर्काउंदेन। येसोरि हुलाकेहरु एप्रैम् र मनश्शेको
देसमां सहर् देखि सहर् सम्म अं जबूलून् सम्म छिरि गये. तर तिनिहरु
११ चर्इले तिनिहरुलाइ तुच्छ ठान्दै हांसदै टट्टा गर्ये। तैपनि आशेर् र मनश्शे

र जबूलून्का कत्ति जना ता दीन् भयेर यरूशलेमम्मां आये। अनि यहूदामां १२
पनि तिनिहरूलाइ यहवेको कुराको बाटोले राजा र मालिक्हरूको आज्ञा
मान्नुलाइ येउटा मन् दिनुलाइ ईश्वर्को हात् पर्‍यो। अनि दोस्रो १३
महीनामां अखमीरे रोटीको चाड् मान्नलाइ यरूशलेमम्मां धेरै जना अं
अग्घोर् तुलो सभा भेला भयो। अनि तिनिहरूले उठेर यरूशलेमम्मां १४
भयेका बेदिहरू निकाल्ये अनि धूप् हाल्ने सबै बेदिहरू पनि सबै निकाल्येर
किद्रोन् खोल्चामां प्याकालि दिये। तब दोस्रो महीनाको चौधौं तिथिमां १५
तिनिहरूले निस्तारको पशु बलि गर्‍ये. अनि पूजाहारीहरू र लेवीहरूले
लजायेर आफु आफुलाइ पवित्र गर्‍ये अनि होमबलिहरू यहवेको घर्मां
ल्याउंने गर्‍ये। तब तिनिहरू ईश्वरको जन् मूसाको व्यवस्था अनसार् १६
आफ्नु आफ्नु ठांउमां आफ्नु आफ्नु नियम् अनसार् उभीये.
पूजाहारीहरूले लेवीहरूको हात् देखि पायेका रगतहरू छर्कने गर्दै थिये।
किनभन्ये तिनिहरूले आफु आफुलाइ पवित्र न गर्‍येकाहरू धेरै १७
जना थिये. येकारण सबै अशुद्धहरूको लागि तिनिहरूलाइ यहवेको
लागि पवित्र गर्नुलाइ निस्तारको पशु बलि गर्ने अधिकार् लेवीहरूको
थियो। कसोगरिभन्ये लोग्को धेरै जना अं एफ्रैम् मनश्शे इस्साकार् र १८
जबूलून्का धेरै जनाले आफु आफुलाइ शुद्ध पार्‍येका थियेनन् तैपनि
लेखीयेको बिधिको बिब्रुल्यांटोगरि खांद थिये। त हिज्किय्याहले
तिनिहरूको लागि येसो भनिकन प्रार्थना गर्‍यो भलो यहवेले आफ्ना १९
पित्रहरूको ईश्वर् यहवे ईश्वर्लाइ खोज्नुलाइ आफ्नु मन् गर्ने सबैलाइ
माफ् गर्नु हवस् यो पवित्रस्थान्को शुद्धगराई अनसार् शुद्ध पार्‍येको कुन
र पनि। अनि यहवेले हिज्किय्याहको सुन्येर लोग्लाइ निको पारि २०
दियो। अनि यरूशलेमम्मां भेला भयेका इस्राएलबंशीहरूले अखमीरे २१
रोटीको चाड् सात् दिन् सम्म बड़ो रमाहट् सङ मान्दै रह्य. अनि
लेवीहरू र पूजाहारीहरूले तुलो बाजाको सोग्गरि बजाउंदै यहवेको स्तुति
दिन् दिन् गर्दै थिये। अनि यहवेको सेवाको लागि सिपालु भयेका सबै २२
लेवीहरूलाइ हिज्किय्याहले शान्तिको कुरा गर्‍यो। येसोरि मेलबलि
गर्नेको बलिदान् चढ़ाउंदै र आफ्ना पित्रहरूको ईश्वर् यहवेको धन्नबाद्
गर्दै चाड्का दिन् ति सात् दिन् खाना पीना गर्दै रह्ये। अनि सिंगै सभाले २३
अरु सात् दिन् सम्म मान्नुलाइ सल्लाह् गर्‍ये. त तिनिहरूले रमाहट् सङ
अरु सात् दिन् मान्ये. किनभन्ये यहूदाको राजा हिज्किय्याहले चढ़ाउंनुको २४
लागि एक् हजार् गोरुहरू र सात् हजार् भेंड़ा बाख्राहरू सभालाइ दियो
अनि मालिक्हरूले एक् हजार् गोरुहरू र दस् हजार् भेंड़ाबाख्राहरू सभालाइ
दिये. अनि धेरै जना पूजाहारीहरूले आफु आफुलाइ पवित्र गर्‍ये। अनि २५
यहूदाको सिंगै सभा पूजाहारी र लेवीहरू समेत् र इस्राएल् देखि आयेका
सबै सभा र इस्राएलको देस् देखि आयेका र यहूदामां बस्येका परदेसीहरू
रमाउंद थिये। येसोरि यरूशलेमम्मां अग्घोरै रमाहट् भयो. किनभन्ये २६

इस्राएल्को राजा दाऊद्का छोरो सुलेमान्को पाला देखि येसो यरूशलेममा
२७ येसो भयेको थियेन। तब लेवी पूजाहारीहरूले उठेर लोग्लाइ आशीर्वाद्
गर्‍ये. अनि तिनिहरूका सोर् सुनायो अनि तिनिहरूका प्रार्थना उस्को
पवित्र वास् अ‍ं स्वर्गमा चढि गयो॥

(सेवाटहल्को प्रबंध्)

३१ १ जब यि काम् सबै सक्किये तब भेला भयेका इस्राएलले यहूदाका
सहर् सहर्मा गयेर मुढ्काहरू टुक्रा टुक्रा पारि दिये अनि अशेरा
देवताहरू ढालि दिये अनि ति सबैलाइ नास् न पारुंज्याल् सम्म सिंगै
यहूदा र बिन्यामीन् र एफ्रैम् र मनश्शेमा पनि भयेका अलग्गा अलग्गा
ठांउहरू भत्काइ दिये। तब सिंगै इस्राएलवंशीहरू फर्केर सबै आफ्नु
२ आफ्नु किपट्मा आफ्ना आफ्ना सहर्मा गये। तब हिज्कियाहले
पूजाहारीहरूको पालो र लेवीहरूलाइ तिनिहरूका पालो अनुसार् जनैंग
आफ्ना सेवाटहल् अनुसार् पूजाहारीहरू र लेवीहरू दुवै होमबलिका र
मेलबलिको लागि सेवा गर्नुको लागि र धन्यबाद् मान्नुका लागि र यहोवको
३ काउंनाका ढोका ढोकामा स्तुति गर्नको लागि ठहरायो। फेरि बिहान्
बिहान् र बेलुका बेलुकाको होमबलिको लागि र बिश्राम् बिश्रामबार्को
लागि र दुतिया र यहोवका व्यवस्थामा लेख्येको ठहरायेको चाडूको ति
सबै होमबलिको लागि राजाले आफ्नु सम्पत्ति देखि एक् भाग् ठहरायो।
४ त्यस् उप्रान्त त्यस्ले तिनिहरूले आफु आफूलाइ यहोवको व्यवस्थामा बलिया
होउन् भन्येर पूजाहारीहरूलाइ र लेवीहरूलाइ भाग् दिनुलाइ यरूशलेममा
५ बस्नेहरूलाइ आज्ञा दियो। अनि यो आज्ञा निस्कंनु बित्तिकै
इस्राएलवंशीहरूले अन्न दाखरस् तेल् मह र खेत्का सबै उपजनीमांका
अगौटफल् परमस्तगरि दिंथ्ये अनि सब्बै थोक्को दसौं अंश धेरैगरि
६ ल्याउंथ्ये। अनि यहूदाका सहर्हरूमा बस्ने यहूदा र इस्राएलवंशीहरूले
पनि गोरुहरू र बाख्राहरूको दसौं अंश र आफ्नु ईश्वर् यहोवको लागि
पवित्र गरायेको सुम्पि दिइयेका थोक्को दसौं अंश पनि ल्यायेर थुप्र्याइ
७ थुप्र्याइ राख्ये। अनि तास्रो महीनामा तिनिहरूले थुप्र्याउंने जग् बसाल्ये
८ अनि सातौं महीनामा थुप्र्याइ सक्ये। अनि जब हिज्कियाह् र
मालिक्हरूले आयेर ति थुप्राहरू देख्ये तब तिनिहरूले यहोव र उस्का लोग्
९ इस्राएललाइ आशीर्वाद् गर्‍ये। तब हिज्कियाहले थुप्राहरूको बिषयमा
१० पूजाहारीहरू र लेवीहरूलाइ सोध्यो। अनि सादोक्का घर्को अजर्याह्
मूलपूजाहारीले उत्तर् दिइ भन्यो लोगले भेटि यहोवको घर्मा ल्याउंनु
थाल्येको देखि हामिहरूले यहोवले आफ्ना लोगलाइ आशीष् दियेको
कारणले पेटभरि भरि खायूं रपनि अझै उबारि राख्येका छौं. अनि
११ उबर्‍येकाहरू येति बिघ्न छन्। तब हिज्कियाहले यहोवको घर्मांका
१२ कोठाहरू तियार् पार्न आज्ञा गर्‍यो त तिनिहरूले ति तियार् पार्‍ये। अनि

तिनिहरुले विश्वास् मित भेटि र दसौं अंश र पवित्र कामको लागि अलग
छुट्याएका थोकहरू भित्र ल्याये. अनि तिनिहरू माथि कोनन्याह् लेवी
अधिकारी थियो अनि त्यस् पुनि त्यसको भाई शिमी। अनि हिजकियाह् १३
राजाको र ईश्वरको घरको मालिक् अजर्याह्को ठहरावट्ले कोनन्याह् र
त्यसको भाई शिमीको पुनि यहीएल् अजज्याह् नहत असाहेल् यरीमोत्
योजाबाद् एलीएल् यिसमक्याह् महत् र बनायाह् मुखियाहरू थिये। अनि १४
यहवेको भेटि र महापवित्र थोक् बांड्नुलाइ यिम्ना लेवीको छोरो कोरे
जो पूर्व ढोकाको दुवार्पाल् थियो त्यो ईश्वरको मनमानी भेटि माथि
थियो। अनि त्यस् पुनि एदेन् मिन्यामीन् येशूअ शमायाह् अमर्याह् र १५
शकन्याह् पूजाहारीका सहर्हरूमा छोटा बड़ाले आफ्ना आफ्ना भाईका सबै
पाला पाला अनुसार् सबैईं सङ दिनुलाइ ठहराईयेका थिये। येस् उप्रान्त १६
जति पुरुषहरू तीन् वर्ष र त्यो भन्दा बेसि आफ्नु आफ्नु वंशावलीमा
गनीयेका थिये अं आफ्ना आफ्ना पाला अनुसार् आफ्नु आफ्नु सेवा टहल्
गर्नुलाइ यहवेको घरमा जाने गर्द थिये आफ्नु आफ्नु दिन्को भाग्
पाउंद थिये अनि पूजाहारीहरूको वंशावली तिनका पितृहरूको घर् १७
घर् अनुसार् र लेवीहरू बीस् वर्षको उमेरका र त्यो भन्दा बेसि आफ्नु
आफ्नु पाला अनुसार् तिनका जिम्मावारीकामगरि अनि तिनिहरूका १८
बालबच्चा स्वास्नीहरू छोराछोरीहरूका वंशावलीहरू सिंगै सभामा गनीयेका
थिये. किनभन्ये तिनिहरूको सबैईंमा दियेको काममा पवित्रैईंमा आफुलाइ
पवित्र गर्द थिये. अनि हारूनवंशी पूजाहारीहरू जो आफ्ना सहर् १९
सहर्का बस्ति बस्तिका जगगा जगगामा सहर् पिच्छे तिनिहरूको लागि
सबै पूजाहारीहरूमाका सबै पुरुषहरूलाइ र लेवीहरूमाका वंशावलीगरि
गनीयेका सबैलाइ भाग् दिनुको लागि नांउ काढीयेका मान्छेहरू थिये।
त हिजकियाह्ले सिंगै यहूदामा येसै गर्यो अनि आफ्नु ईश्वर् यहवेका २०
मांसु जे जे भलो र ठीक् र विश्वासयोग्यको थियो त्यो त्यस्ले गर्यो।
अनि त्यस्ले आफ्नु ईश्वर्लाइ खोज्नुको लागि ईश्वरको घरको २१
सेवाटहलमा र व्यवस्थामा र आज्ञाहरूमा त्यस्ले थाल्येका सबै काममा
त्यस्ले आफ्नु पूरो मनले गर्यो अनि भाग्यमान्को भयो॥

(सन्हेरीब्को सेनाको नास्)

यि कुरा र यि विश्वासयोग्यैईं पछि अश्शूरको राजा सन्हेरीब् ३२ १
आयेर यहूदामा पस्यो अनि ति आफ्नु लागि लिंछु भनि ठान्येर घेरा
भयेका सहर्हरूमा आफ्नु छाउनी हाल्यो। अनि जब हिजकियाह्ले २
सन्हेरीब् आयेछ अनि यरूशलेमको विरुद्धमा लड़ाईं गर्ने मन् गर्ये छ भनि
देख्यो तब सहर् देखि बाहर भयेका पानीका कुलाहरू थुनि दिनुलाइ ३
आफ्ना मालिकहरू र महावीरहरू सङ सल्लाह् लियो त तिनिहरूले त्यसको
गोहार गर्ये। तब लोग् औधि बिग्रगरि जमीयें वहांदेखि तिनिहरूले ४

अश्शूरका राजाहरूले आयेर येति बिग्न पानी किन पाउन् भन्दै सबै मूल्हरू
५ पानीहरू र देस्को बीच्मां बहंने खोल्चाहरू थुनि दिये । तब त्येस्ले हूप्
बांध्येर भत्काईयेको सिंगै घेराभित्ता बनायो अनि धराराहरू सम्म बढ़ाइ
अल्ग्यायो अनि बाइर पट्टिको अर्कों घेराभित्ता पनि अनि दाऊद्को
सहर्मां भयेको मिल्लो पनि बलियो गरायो अनि हतियार् ढाल्हरू औधि
६ गरि बनायो । वहांदेखि त्येस्ले लोग्हरू माथि लड़ाईंका कप्तान्हरू खटायो
वहांदेखि तिनलाइ सहर्को ढोका निर भयेका चोकमां आफु थांइ भेला
७ गरायेर तिनलाइ येसो भनिकन शान्ति दियो बलिया हव अनि हूप्
बांध अश्शूर्को राजाको कारण्ले र त्यो सङ भयेको सिंगै धुइरोको
कारण्ले न डराव थरहरि न हव . किनभन्ये हांमिहरू सङ हुंने त्यो सङ
८ भयेको भन्दा बड़ा छ . त्येस् सङ मान्छेको बांहां मांत्रै छ तर हांमिहरू
नइं सङ हांमिहरूको गोहार् गर्ने र हांमिहरूको लागि लड़ाईं गर्ने
हांमिहरूको ईश्वर् यहवेने छ । तब लोगले यहूदाको राजा हिज्किय्याह्का
कुरामां भरोसा गर्ये ॥
९ त्येस् पछि जब अश्शूर्को राजा सन्हेरीब् आफ्ना सबै सेना समेत्
लाकिश्को सांमु थियो तब त्येस्ले आफ्ना चाकरेहरूलाइ यरूशलेम्मां
यहूदाको राजा हिज्किय्याह् थांइ र यरूशलेम्मां भयेका सिंगै यहूदा
१० थांइ येसो भनि पठायो अश्शूर्को राजा सन्हेरीब्ले येसो भन्द छ
तिमि यरूशलेम्मां घेरा भयेकोमां बसि बसि को माथि भरोसा गर्द छौ ।
११ क्ये हिज्किय्याह्ले तिमिहरूलाइ हांमिहरूको ईश्वर् यहवेले हांमिहरूलाइ
अश्शूर्को राजाको हात् देखि छोड़ाउंछ भन्दै तिमिहरूलाइ अनिकाल्
१२ र तिर्खाले मार्नुको लागि भर्मायेको छैन । क्ये त्येस् हिज्किय्याह्ले
त्येस्का अलगा अलगा ठांउ र बेदिहरू निकालि फ्यांकेको छैन अनि
तिमिहरूले येउटै बेदिको सांमु मांत्रै दण्डवत् गर अनि त्येसैमां मांत्रै
१३ धूप् हाल भन्येर यहूदा र यरूशलेम्लाइ आज्ञा दियेको छैन । मैले र
मेरा पुर्खाहरूले देस् देसका सबै लोग् सङ क्ये क्ये गर्येका छौं भनि क्ये
तिमिहरूलाइ थाहा छैन । देस् देसका लोग् लोग्का देव्ताहरूले आफ्नु
१४ आफ्नु देस् मेरो हात् देखि बचाउंन् को कोई परिले सक्येका थियें । मेरा
पुर्खाहरूले भाकल् गरीयेका थोक् जानिकन ति लोगका सबै देव्ताहरूमांको
कुन्चहिं देव्ताले आफ्नु लोग्लाइ मेरो हात् देखि बचाउंनु सक्यो र
१५ तिमिहरूको देव्ताले तिमिहरूलाइ मेरो हात् देखि बचाउंनु सक्छ । त अब
हिज्किय्याह्ले तिमिहरूलाइ छल् गर्नु र येसै पर्गिले तिमिहरूलाइ भर्माउंनु
न पावस् न तिमिहरूले त्येस्लाइ पत्याव . किनभन्ये कुनै देस् र कुनै
राज्को कुनै देव्ताले आफ्नु लोग्लाइ मेरा पुर्खाहरू र मेरा हात् देखि
बचाउंनु सक्येन . त झन्सागो कति ज्यास्तिगरिकन तिमिहरूका देव्ताहरूले
१६ तिमिहरूलाइ मेरो हात् देखि बचाउंनु सक्द छन् । अनि त्येस्का चाकरेहरूले
ईश्वर् यहवे र उस्को चाकरे हिज्किय्याह्को बिरुद्धमां अरु पनि बेसिगरि

कुरा गर्दै थिये। त्येस् उप्रान्त त्येस्ले इस्राएल्को ईश्वर् यह्वेको निन्दा गर्नु १७
र उस्को बिरुद्धमां येसो भन्नुलाइ चिट्ठी पनि लेख्यो देस् देस्का लोग्
लोग्का देव्ताहरुले आफ्ना लोगलाइ मेरो हात् देखि बचाउंनु न
सक्येको झैं हिज्किय्याह्को देव्ताले पनि आफ्ना लोगलाइ मेरो हात्
देखि बचाउंनु सक्दैन। तब तिनिहरु यहूदीहरुको भाषामां घराभित्तामां १८
भयेका यरुशलेम्का लोगलाइ ठुलो सोर्ले कराये तिनलाइ डर् देखाउंनुको
लागि र तिनलाइ कष्ट दिंनुको लागि सहर् लिहालूं भन्येर। अनि १९
तिनिहरुले मान्छेका हात्ले बनायेका पृथिवीका देव्ताहरुको बिषय्मां भन्या
झैं यरुशलेमको ईश्वर्को बिषय्मां पनि भन्ये। तब हिज्किय्याह् राजाले २०
र आमोस्को छोरो यशायाह् अगमबक्ताले येस् कुराको कारणले प्रार्थना गरि
स्वर्ग तिर दोहाई दिये। तब यह्वेले येउटा दूत्लाइ पठायो जस्ले अश्शूर्को २१
राजाको छाउंनीमां भयेका सबै महाबीर्हरु र अगुवाहरु र कप्तान्हरुलाइ
काटि दियो। त त्यो कालो मुखको भइ आफ्नु देस्मां फर्क्यो। वहांदेखि
आफ्नु देव्ताको मन्दिर्मां पुग्येर आफ्नै आन्द्राहरु देखि निकल्येकाहरुले
त्येस्लाइ उहीं तरवार्ले काटि दिये। येसोरि यह्वेले हिज्किय्याह् र २२
यरुशलेम्का बासीहरुलाइ अश्शूर्को राजा सन्हेरीब्को र अरु सबैको हात्
देखि बचायो अनि तिनिहरुलाइ सबै तिर अगुवाई गर्‍यो। अनि धेरै २३
जनाले यरुशलेम्मां यह्वेको लागि भेटि र यहूदाको राजा हिज्किय्याह्को
लागि अमोल् अमोल् थोक् ल्याउंने गर्दै थिये. येसोरि त्यो सबै लोग्को
सांमु अब देखि उसो अलग्याईयो॥

(हिज्किय्याह्का अरु कार्य्यहरु)

ति दिनमां हिज्किय्याह्लाइ मर्नै बेथा लाग्यो. त त्येस्ले यह्वे सित २४
प्रार्थना गर्‍यो अनि उ त्यो सित बोल्यो अनि त्येस्को लागि येउटा चिंनु पनि
दियो। तैपनि हिज्किय्याह्ले त्यो मांथि गरीयेको उपकार्को साटो फर्काइ २५
दियेन कसोगरिभन्ये त्येस्को मन् अलग्याईयो. येस्कारण् त्यो मांथि र
यरुशलेम् र यहूदा मांथि रिस् पर्‍यो। तैपनि हिज्किय्याह् र त्यो सङ २६
यरुशलेम्का बासीहरुले आफ्नु मन् अलग्यायेको कारणले आफुलाइ येति
सम्म दीन् तुल्यायो हिज्किय्याहको पालामां यह्वेको रिस् तिनिहरु मांथि
पर्‍येन। अनि हिज्किय्याह्को धन् र मान् छिर्है धेर् थिये. अनि त्येस्ले २७
सुन् चांदी मुंगा मोति सुगन्धद्रब्य र ढाल् र सबै रकम्का अस्सल् अस्सल्
भांड़ाहरुको लागि भंड़ार् बनायो अन्नको उप्जनिको लागि र दाखरस् २८
र तेल्को लागि ढुकुटि पनि अनि सबै रकम्का पशुहरुको लागि खोपाहरु
र बगाल्को लागि खोर्हरु पनि। येस् उप्रान्त त्येस्ले सहर्हरु पनि आफ्नु २९
लागि तियार् पार्‍यो अनि भेंड़ाबाख्रा र गाईगोरु अरघोरै औधिगरि.
कसोगरिभन्ये ईश्वर्ले त्येस्लाइ अरघोरै औधि सम्पत्ति दियेको थियो। त्येइ ३०
हिज्किय्याह्ले पनि गीहोन्को मांथिल्लो जरुवा पानी थुन्येर दाऊद्को

सहर्को पच्छिउं तिर सरासर् सोजो ल्यायो अनि हिजकियाह् आफ्ना
३१ सबे काम्मां भाग्येमान्को भयो । तैपनि बाबुल्का मालिक्हरु देखि
पठाईयेका दोमाषेहरुको बिषयमां जो देसमां गरीयेको उदेक्को काम्को
बिषयमां सोध्नुको लागि त्यो थांइ पठाईयेका थियै त्यस् कुराको बिषयमां
त्येस्लाइ जांच्नुको लागि त्येस्को मन्मां के रक्छ भनि चाल् पाउंनुलाइ
३२ ईस्वर्ले त्येस्लाइ छोडि दियो । अब हिजकियाह्का रहल् कार्ज्येहरु र
त्येस्का भक्तिका कार्ज्येहरु हेर इस्राएल् र यहूदाका राजाहरुको पोस्तक्मां
३३ आमोसको छोरा यशायाह् अगमबक्ताको दर्शन्मां लेख्येका छन् । अनि
हिजकियाह् आफ्ना पित्रहरु सङ सुति गयो अनि तिनिहरुले त्येस्लाइ
दाऊद्बंशीहरुको चिहान्को उकालिमां गाड़िए. अनि सिंगै यहूदा र
यरुशलेम्का बासीहरुले त्येस्लाइ मान् गर्यो । अनि त्येस्को छोरो मनश्शेले
त्येस्को साटोमां राज् गर्यो ॥

(मनश्शेको राज्)

३३ १ मनश्शे राज् गर्नु लाग्दा बारह् बर्षको थियो अनि त्येस्ले
यरुशलेम्मां पचपन् बर्ष राज् गर्यो. अनि यहवेले इस्राएल्बंशीहरुको
२ मांसु देखि धपायेका अन्येदेसीहरुको घिन्लाग्दो काम् अनुसार् यहवेको
३ मांसु जे बुरो थियो त्येइ त्येस्ले गर्यो । कसोगरिभन्ये त्येस्ले आफ्नु बाबु
हिजकियाह्ले भत्कायेका अलगा अलगा ठांउहरु फेरि बनायो अनि
त्येस्ले बाल् देवताहरुको लागि बेदि बनायो अनि त्येस्ले अशेरा भनींने
देवताहरु बनायो अनि अकाशका सिंगै सेनालाइ दण्डवत् गर्यो अनि
४ तिनलाइ पूज्यो । अनि जुन् घर्को बिषयमां यहवेले यरुशलेम्मां मं
आफ्नु नांउ राख्छु भनि भन्येको थियो यहवेको त्येसै घर्मां त्येस्ले बेदिहरु
५ बनायो । अनि त्येस्ले अकाशको सिंगै सेनाको लागि यहवेको घर्का दुवै
६ आंगन्हरुमां बेदि बनायो । अनि त्येस्ले आफ्ना छोराहरुलाइ हिन्नोम्को
छोरोको तरिमां आगोको बाटो बाड़ो हिंडाल्यो. अनि चिङो हेर्यो अनि
मन्तरतन्तर् गर्यो अनि बिजुवाहरु र झांक्रिहरु सित बहोरा गर्यो. अ
७ यहवेको मांसु उस्को रिस् उठाउंनुको लागि धेरै बुराई गर्यो । अनि त्येस्ले
आफुले बनायेको खार्प्येको मूर्ति ईस्वर्का घर्मां बसाल्यो जस्को बिषयमां
ईस्वर्ले दाऊद् र त्येस्को छोरो सुलैमान्लाइ भन्येको थियो येस् घर्मां र
यरुशलेम्मां जस्लाइ मैंले इस्राएल्का सबै कुल्हरु देखि छान्येको छु वहां
८ मं आफ्नु नांउ सदाको लागि राख्छु. अनि मं इस्राएल्का गोड़ाहरु मैंले
तिनिहरुका पित्रहरुलाइ दियेको देस् देखि भर्माउंनु लाउदीन तिनिहरुले
मैंले तिनिहरुलाइ दियेका सबै आज्ञा अनुसार् अं मेरो दास् मूसाको
बाटोले तिनिहरुलाइ दियेका सबै ब्यवस्था र बिधि र नियाबन्तन्हरु गर्नुलाइ
९ मान्ये भन्ये देखि भनि । अनि मनश्शेले यहूदा र यरुशलेम्का बासीहरुलाइ
ति यहवेले इस्राएल्बंशीहरुको मांसु देखि नास् पार्येका लोग् लोग्ले

गर्येका बुराई भन्दा बेसि बुराई गर्नलाइ भुल्यायो। अनि यह्वेले १०
मनश्शे र त्येस्का पर्जालाइ चेतायो . तर तिनिहरूले ध्यान् दियेनन्। येस्कारण ११
यह्वेले तिनिहरू मांथि अश्शुर्‌को राजाका सेनाका कप्तान्‌हरूलाइ
ल्याइ दियो जुन्‌हरूले मनश्शेलाइ लियेर सांग्लाले बांध्येर ठाङ्‌राहरूमां
हाल्ये वहांदेखि बाबेल्‌मां लग्य। अनि जब त्यो संकष्टमां पर्‍यो तब त्येस्ले १२
आफ्नु ईश्वर् यह्वेको दोहाई गर्‍यो अनि आफ्नु पित्रहरूको ईश्वर्‌को
सांमु आफुलाइ अग्घोर् दीन् गर्‍यो। अनि त्येस्ले उ सित प्रार्थना गर्‍यो १३
तब उस्ले त्येस्को प्रार्थना र बिन्ति सुन्यो अनि त्येस्लाइ यरूशलेममां त्येस्को
राज्‌मां फर्काइ ल्यायो। तब मनश्शेले यह्वेनै उइ ईश्वर् हो रह्छ भनि
थाहा पायो ॥

अनि त्येस्ले येउटा बाइर पट्टिको भित्ता दाऊद्‌को सहर्‌मां गीहोन्‌को १४
पच्छिउं तिर तरिमां अं मच्छढोकाको आघन् सम्म बनायो अनि ओपेल्‌लाइ
घेर्‍यो अं अग्घोर् अलग्गो पारि अल्‌ग्यायो . अनि त्येस्ले यहूदाका सबै १५
घेरा भयेका सहर्‌हरूमां सेनापतिहरू राख्यो अनि त्येस्ले पराय्‌देव्‌ताहरू र
त्यो मूर्ति चइं पनि यह्वेको घर् देखि निकाल्यो अनि त्येस्ले यह्वेको घर्‌को
डांडामां र यरूशलेममां बनायेका सबै बेदिहरू निकाल्येर सहर् देखि
आफालि दियो। अनि त्येस्ले यह्वेको बेदि मरम्मत् गर्‍यो अनि त्येस् मांथि १६
मेल्‌बलि र धन्नबादी बलिदान् चढ़ायो अनि यहूदालाइ इस्राएल्‌को ईश्वर्
यह्वेको सेवा गर्न आज्ञा दियो। तैपनि लोगले अझै सम्म अलग्गा अलग्गा १७
ठांउहरूमां बलिदान् चढाउंद थिये तर आफ्नु ईश्वर् यह्वेके लागि मात्रै।
अब मनश्शेका रहल् कार्ज्यहरू र जुन् प्रार्थना त्येस्ले आफ्नु ईश्वर् सित गर्‍यो १८
अनि इस्राएल्‌को ईश्वर् यह्वेको नांउमां त्यो सङ कुरा गर्ने दर्शीहरूका
बचन्‌हरू हेर ति इस्राएल्‌का राजाहरूको कार्ज्यहरूको मांझमां लेख्येका छन्।
त्येस्का प्रार्थना पनि अनि ईश्वर्‌ले त्येस्लाइ कसोगरि सुन्यो अनि त्येस्का सबै १९
पाप् र अप्राध्‌हरू र त्येस्ले आफुलाइ दीन् तुल्यायेको भन्दा अगाडि त्येस्ले
बनायेका अलग्गा अलग्गा ठांउहरू र अशेरा देव्‌ताहरू र खोप्येका मूर्त्तिहरू
उभ्यायेको ठांउ . हेर तिनिहरू होशैको इतिहास्‌मां लेख्येका छन्। तब २०
मनश्शे आफ्ना पित्रहरू सङ सुति गयो अनि तिनिहरूले त्येस्लाइ त्येस्को
घर्‌मां गाड्य अनि त्येस्को छोरो आमोन्‌ले त्येस्को साटोमां राज् गर्‍यो ॥

(आमोन्‌को राज्)

आमोन् राज् गर्नु लाग्दा बाईस् बर्षको थियो अनि त्येस्ले दुइ बर्ष २१
यरूशलेममां राज् गर्‍यो . अनि त्येस्ले आफ्नु बाबु मनश्शेले गर्येको जस्तो २२
यह्वेको सांमु ज्ये बुरो थियो त्येइ गर्‍यो . अनि आमोन्‌ले त्येस्को बाबु
मनश्शेले बनायेका सबै खोप्येका मूर्त्तिहरूको लागि बलिदान् चढ़ायो अनि
तिनलाइ पूज्यो। अनि आफ्नु बाबु मनश्शेले आफुलाइ दीन् तुल्यायेको २३
जस्तो त्येस्ले आफुलाइ यह्वेको सांमु दीन् तुल्यायेन तर त्यो आमोन् चइं

२४ अरु ज्यास्तगरि दोषी भइ गयो। अनि त्येस्का चाकरेहरुले त्येस्को बिरुद्धमां
२५ राजद्रोही भयेर त्येस्लाइ त्येसैको घरमां मारि दिये। तर देसका लोगले
आमोन् राजाको बिरुद्धमां राजद्रोही गर्ने सबैलाइ मारि दिये अनि देसका
लोगले त्येस्को छोरो योशिय्याह्लाइ त्येस्को साटोमां राजा तुल्याये॥

(योशिय्याह्को पालामां ब्यवस्थाको येउटा पोस्तक् पाइनु)

३४ १ योशिय्याह् राज् गर्नु लाग्दा आठ् बर्षको थियो अनि त्यस्ले
२ यरुशलेममां एकतीस् बर्ष राज् गर्‍यो. अनि यहवेको मांसु जे भलो थियो
त्येइ त्यस्ले गर्‍यो अनि आफ्नु पिता दाऊद्का सबै बाटामां हिंड्यो अनि न
दाहीनो तिर न बाउं तिर फर्क्यो॥
३ कमोगरिभन्ये आफ्नु राज्को आठौं बर्षमां त्यो सानै थियो र पनि
आफ्नु पिता दाऊद्को ईश्वर्लाइ खोज्नु थाल्यो. अनि बाह्रौं बर्षमां
यहूदा र यरुशलेमलाइ अलग्गा अलग्गा ठांउहरु र अशेरा देवताहरु र
४ खोप्येका मूर्त्तिहरु र ढाल्येका मूर्त्तिहरु देखि शुद्ध गर्नु थाल्यो। अनि
तिनिहरुले बाल् देवताहरुका बेदिहरुलाइ त्येस्को सांमु भत्काइ दिये अनि
जुन् सूर्जका देवताहरु तिनिहरु माथि अलग्याइयेका थिये ति त्यस्ले काटि
ढाल्यो अनि अशेराहरु र खोप्येका मूर्त्तिहरु र ढाल्येका मूर्त्तिहरु टुक्रा
टुक्रा पार्‍यो तिनलाइ धूलो पार्येर तिनिहरुको लागि बलि चढाउंनेहरुको
५ चिहान्मां छरि दियो। अनि पूजाहारीहरुका हाडूहरु तिनिहरुका बेदिहरु
६ माथि डड़ायो अनि यहूदा र यरुशलेम्लाइ शुद्ध पार्‍या। त्येस्ले येसो
गर्‍यो मनश्शे र एप्रैम् शिमोन् अं नप्तालीका तिनको भत्काईयेका
७ घेराभित्ता भयेका सहर्हरु सम्मका। अनि त्येस्ले बेदिहरु भत्काइ दियो
अनि अशेराहरु र खोप्येका मूर्त्तिहरुलाइ कुटेर धूलो धूलो पारि दियो
अनि इस्राएल्को सिंगै देस्मां भयेका सबै सूर्जका मूर्त्तिहरु ढालि दियो
त्यस् पछि यरुशलेम्मां फर्क्यो॥
८ अनि त्येस्को राज्को अठारौं बर्षमां त्येस्ले देस् र घर् शुद्ध पार्‍ये
पछि त्येस्ले अजल्याह्को छोरो शापान् र सहर्को मालिक् मासेयाह् र
योआहास्को छोरो समझना लेख्ने योआह्लाइ आफ्नु ईश्वर् यहवेको
९ घर् मरम्मत् गर्नुलाइ पठायो। त तिनिहरुले हिल्किय्याह् मूलपूजाहारी
थांइ चढि गयेर त्येस्लाइ ईश्वर्को घर्मां ल्याईयेका रुपिया दिहाल्ये जुन्
रुपिया लेवीहरु अं दुवार्पालहरुले मनश्शे र एप्रैम् देखि र इस्राएल्को
सिंगै बचेतिभाग् देखि र सिंगै यहूदा र बिन्यामीन् देखि यरुशलेम्का
१० बासीहरु देखि उठायेका थिये। अनि त्यो रुपिया काम् गर्नेहरु अर्थात्
यहवेको घर्को रक्षे गर्नेहरुको हात्मां दिये अनि (तिनिहरुले ति रुपिया)
यहवेको घर्मां काम् गर्नेहरुले घर्का छेंड्छाड्हरु मरम्मत गर्नुलाइ

दिहाल्थे अर्थात् काठकर्म्मीहरु र गारोकर्म्मीहरुलाइ तिनिहरुले ति ११
रुपिया दिये कुंद्येका ढुंगाहरु र जोड्नुको लागि काठ् किनुलाइ र यहूदाका
राजाहरुले नास् पार्थ्येका घरका डांडाहरु बनाउंनुलाइ। अनि मान्छेहरुले १२
सच्चेइं सङ काम् गर्दे थिये अनि तिनिहरुका कामदारीहरु यि थिये अर्थात्
मरारीवंशीमांका यहन् र ओबद्याह् लेवीहरु अनि कहातवंशीहरुमांका
जकर्याह् र मशुल्लाम् काम् चलाउंनेहरु. अनि लेवीका अरु कति जना
बाजा बजाउंनुमां सबै सिपालुहरु। भारि बोक्नेहरु र मांथि पनि तिनिहरुइ १३
थिये सबै रकमको सेवाको सबै काम् गर्नेहरुको काम् चलाउंनेहरु
थिये. अनि लेवीहरुमांका कति जना लेटर् मालिक्हरु र दुवारपाल्हरु
थिये। अनि जब तिनिहरुले यहवेको घरमां ल्याईयेका रुपिया निकाल्थे १४
तब हिल्कियाह् पूजाहारीले मूसाको बाटोले दिईयेको यहवेको पोस्तक्
पायो। अनि हिल्कियाह्ले शापान् लेटर्लाइ भन्यो मैंले यहवेको घरमां १५
व्यवस्थाको यो पोस्तक् पायेको छु। अनि हिल्कियाह्ले त्यो पोस्तक्
शापान्लाइ सुम्पि दियो। अनि शापान्ले त्यो पोस्तक् राजा थांइ बोकि १६
लग्यो अनि त्येस् बाहिक् राजा थांइ फेरि येसो भन्थे समाचार् ल्यायो
आफुका चाकरेहरुलाइ सुम्पि दियेका सबै तिनिहरुले गर्दै छन् भन्थे। अनि १७
यहवेको घरमां पाईयेका रुपिया तिनिहरुले खन्याइ दियेर कामदारीहरुको
हातमां र काम् गर्नेहरुको हातमां सुम्पि दिये। अनि शापान् लेटर्ले १८
राजालाइ येसो भनिकन सुनायो हिल्कियाह् पूजाहारीले मलाइ येउटा
पोस्तक् सुम्पि दियेको छ। अनि शापान्ले त्यो राजाको सांमु पढ्यो।
अनि येसो भयो जसै राजाले व्यवस्थाका यि कुरा सुन्यो तब त्येस्ले आफ्ना १९
लुगा फार्यो। वहांदेखि राजाले हिल्कियाह्लाइ र शापानको छोरो २०
अहीकाम्लाइ र मीकाको छोरो अब्दोन्लाइ र शापान् लेटर्लाइ र
राजाको चाकर असायालाइ आज्ञा दिइ भन्यो गयेर मेरो लागि र २१
सिंगै यहूदा र इस्राएल्मां बांच्येकाहरुका लोगको लागि यो पाईयेको
पोस्तक्का कुराको बिषयमां यहवे सित सोधनौ गर. किनभन्ये यहवेको
रिस् हांमिहरु मांथि अगघोरगरि खन्याईयेको छ किनभन्ये हांमिहरुका
पिता पुर्खाहरुले येस् पोस्तक्मां लेख्येका कुरा अनसार् गर्नुलाइ यहवेका
कुरा मान्येका रैन छन्। तब हिल्कियाह् र जुन् मान्छेहरुलाइ राजाले २२
आज्ञा गर्यो तिनिहरुले हुल्दा अगमवक्तिनी जो हस्राको छोरो तोखत्को
छोरो बस्त्र रक्षक् शल्लुमको स्वास्नी थिई अनि यरुशलेमको दोस्रो टोलमां
बस्दै थिई त्यो थांइ आयेर त्येस्को बिषयमां बात् मार्थ्ये। तब त्येस्ले २३
तिनिहरुलाइ भनी इस्राएलको ईश्वर् यहवेले येसो भन्दै छ. तिमिहरुलाइ
मं थांइ पठाउंने मान्छेलाइ येसो भन यहवेले येसो भन्दै छ हेर् मं २४
येस् ठांउ मांथि र त्येस्का बासीहरु मांथि बुराई ल्याउंछु अं यहूदाको
राजाको सांमु पढ्येको पोस्तक्मां लेख्येका सबै स्रापहरु. किनभन्ये २५
तिनिहरुले मंलाइ छोड्येर अनि तिनिहरुका हातका सबै कामको बाटोले

मेरो रिस् उठाउंनुको लागि पराय् देवताहरुलाइ धूप् हाल्ये येस्कारण् मेरो
२६ क्रोध् येस् ठांउ मांथि खन्याईयेको छ अनि निभाईंदैन। तर तिमिहरुलाइ
यहवे सित सोधनी गर्नु पठाउंने यहूदाको राजालाइ येसो भन इस्राएल्को
२७ ईश्वर् यहवेले येसो भन्द छ. तैंले सुन्येका कुराको बिषय्मां तेरो
हिर्दय् नरम् भयेको कारण अनि जब तैंले येस् ठांउको र येस्का बासीहरुको
बिरुद्धमां भन्येका उस्का कुरा सुनिस् तब तैंले आफुलाइ ईश्वरको सांमु
होंच्यायेको अनि आफ्ना लुगा फान्येको अनि मेरो सांमु रोयेको कारणले
२८ मैंले पनि तेरो सुन्यें यहवेको यो बाणी छ। हेर् मं तंलाइ तेरा पित्रहरु
सङ मिसाउंछु अनि तं आफ्नु चिहान्मां कुशल् सित मिसाईंछस् न तेरा
आंखाले जुन् जुन् बुराई मं यो ठांउ र त्येस्का बासीहरु मांथि ल्याउंछु ति
देखछन्। त तिनिहरुले राजा थांइ फर्कीर समाचार् ल्याये॥
२९ तब राजाले मान्छे पठायेर यहूदा र यरुशलेमका सबै प्राचीन्हरुलाइ
३० भेला गरायो। अनि राजा यहवेको घर्मां चढि गयो अनि यहूदाका सबै
मान्छेहरु र यरुशलेमका सबै बासीहरु र पूजाहारीहरु र लेवीहरु र सांना
ठुला सबै लोग्. वहांदेखि त्येस्ले यहवेको घर्मां पाईयेको नियम्को
३१ पोस्तकका सबै कुरा तिनिहरुले सुन्नेगरि पच्यो। अनि राजा चढें आफ्नु
ठांउमां उभीयो अनि यहवेको सांमु येस्तो नियम् बांध्यो अर्थात् यहवे
पछि हिंड्नु र उस्का आज्ञा र साक्षीपत्र र बिधिहरु आफ्नु पूरो मन् र
आफ्नु पूरो प्राणले मान्नु अनि येस् पोस्तकमां लेख्येको येस् नियमका कुरा
३२ पूरा गर्नुलाइ। अनि त्येस्ले यरुशलेम् र बिन्यामीन्मां पाईयेका सबैलाइ
त्यसमां उभीनु लायो। अनि यरुशलेमका बासीहरुले ईश्वरको अं आफ्ना
३३ पित्रहरुको ईश्वरको नियम् अनुसार गर्ये। अनि योशिय्याहले
इस्राएल्बंशीहरुका पर्येका सबै देस् देखि ल्यायेका सबै घिनलाग्दा
थोक् निकालि दियो अनि इस्राएल्मां पाईयेका सबैलाइ सेवा गर्नु अं
आफ्नु ईश्वर् यहवेको सेवा गर्नु लगायो। त्येस्का सबै दिन् तिनिहरु
आफ्नु पित्रहरुको ईश्वर् यहवेलाइ पछ्याउंनु देखि फर्कि गयेनन्॥

(योशिय्याहले मान्येको निस्तार्चाड्)

३५ १ तब योशिय्याहले यहवेको लागि यरुशलेममां निस्तार्चाड्
मान्यो. अनि तिनिहरुले पहिलो महीनाको चौथो तिथिमां निस्तार्को
२ लागि पशुहरु बलि गर्ये। अनि त्येस्ले पूजाहारीहरुलाइ तिनिहरुको
जिम्मामां दियेको काममां लगायो अनि यहवेको घर्को सेवागराईमां
३ आंट् दियो। अनि त्येस्ले सिंगै इस्राएल्लाइ सिकाउंने लेवीहरु जो
यहवेको लागि पवित्र थिये तिनिहरुलाइ भन्यो इस्राएल्को राजा दाऊद्को
छोरो सुलैमान्ले बनायेको घर्मां पवित्र सन्दुक् राख अब देखि
तिमिहरुका कांधमां बोझा हुंदैन. अब आफ्नु ईश्वर् यहवेको र उस्को
४ लोग् इस्राएल्को सेवा गर। अनि इस्राएल्को राजा दाऊद्को लेखाई

अनुसार् र त्यैको छोरो सुलैमान्को लेखाई अनुसार् आफ्ना पित्रहरुका
घर् घर् अनुसार् तिमिहरुले पालो पालोगरि आफु आफुलाइ तियार्
पार । अनि तिमिहरुका भाई प्रजाहरुका लोग्हरुका पित्रहरुका घर्हरुको ५
भाग् भाग् अनुसार् पवित्र ठांउमां उभौयौ अनि जनंगेको लागि लेवीहरुका
पित्रहरुको घर्को येउटा येउटा भाग् हवस् । अनि निस्तार्चाड्को लागि ६
पशुहरु बलि गर अनि आफु आफुलाइ पवित्र गर अनि मूसाको बाटोले
यहवेले दियेका कुरा अनुसार् गर्नुको लागि आफ्ना भाईहरुको लागि
तियार् पार । तब योशियाह्ले प्रजाका लोग्हरुको लागि बगाल्मांका ७
पाठाहरु निस्तार्चाडको भेटिको लागि सबैलाइ तीस् हजार् सम्म र
गोरुहरु तीन् हजार् सम्म सबै भेला भयेकाहरुको लागि दियो . सबै
राजाको सम्पत्ति देखि थिये । अनि त्यैका मालिक्हरुले लोगलाइ ८
पूजाहारीहरुलाइ र लेवीहरुलाइ मनमानीगरि दिये । हिल्किय्याह्
जकर्याह् र यहीएल् ईश्वर्को घर्का मालिक्हरुले निस्तार्चाडको भेटको
लागि पूजाहारीहरुलाइ दुइ हजार् र छ से भेडाबाखा र तीन् से
गोरुहरु दिये । कोनन्याह् र त्यैका भाईहरु शमायाह् र नतनेल् र ९
लेवीहरुका मूलहरुले हशब्याह् यीएल् र योजाबाद्ले लेवीहरुलाइ
निस्तार्चाडको भेटिको लागि पांच् हजार् भेडाहरु र पांच् से गोरुहरु
दिये । येसोरि सेवा तियार् पारीयो अनि पूजाहारीहरु आफ्ना आफ्ना १०
ठांउमां उभीये अनि लेवीहरु आफ्नु आफ्नु पालोगरि राजाको आज्ञा
अनुसार् । तब तिनिहरुले निस्तार्चाडको लागि पशु बलि गर्ये अनि ११
पूजाहारीहरुले आफ्ना हातमां आयेका रगत् छर्के अनि लेवीहरुले
छाला काढ्द थिये । वहांदेखि मूसाको पोस्तकमां लेख्येको अनुसार् १२
यहवेको लागि चढाउंनुलाइ तिनिहरुले प्रजाहरुका लोगका पित्रहरुको
घर् घर् अनुसार् दिंनुको लागि होमबलिदान् निकालि ल्याये ।
अनि गोरुहरुलाइ पनि त्यसै गर्ये । अनि तिनिहरुले विधि अनुसार् १३
निस्तार्चाडको मासु आगोमां पोल्ये . अनि तिनिहरुले पवित्र भेटिहरु
भांडाहरु र खड्कुंडाहरु र फोसिहरुमां उसीन्ये अनि छिटो छिटोगरि
प्रजाहरुका सबै लोग्हरुकां ओसारि ओसारि लग्ये । अनि त्यस् पछि १४
तिनिहरुले आफ्नु लागि र पूजाहारीहरुको लागि तियार् पार्ये अनि
हारुनवंशी पूजाहारीहरुले राति सम्म होमबलि र बोसो चढाउंनुमां
लाग्येको कारणले लेवीहरुले आफ्नु लागि र हारुनवंशी पूजाहारीहरुको
लागि पनि तियार् पार्ये । अनि आसाफ्वंशीहरु गीत् गाउंनेहरु आसाफ् १५
र हेमान् र राजाको दर्शी यदूतून् दाऊद्को आज्ञा अनुसार् आफ्नु आफ्नु
ठांउमां रह्ये अनि दुवार्पालहरु ढोका ढोकामां रह्ये . तिनिहरुलाइ आफ्नु
सेवाटहल् छोडि जांनु खांचो थियेन कसोगरिभन्ये तिनिहरुका भाई
लेवीहरुले तिनिहरुको लागि पनि तियार् पार्ई थिये । येसोरि यहवेको सबै १६
सेवा योशियाह् राजाको आज्ञा अनुसार् निस्तार् चाड्डू मानु र यहवेको

१७ बेदिमां होमबलि चढ़ाउंनुलाइ उसै दिन् तियार् पारीयें। अनि भेला
भयेका इस्राएलबंशीहरूले त्येसै बेला निस्तार् चाडू मान्ये अनि अखमीरे
१८ रोटीको चाडू सात् दिन् सम्म मान्दै रह्यो। अनि शमूएल् अगमवक्ताको
पालो देखि येसो येस्तो निस्तार्चाडू मानीयेको थियेन न इस्राएल्को कुनै
पनि राजाले योशिय्याह् र पूजाहारीहरू र लेवीहरू र भेला भयेका सिंगै
यहूदा र इस्राएल् र यरूशलेमका बासीहरूले निस्तार् चाडू मान्येको भैं
१९ कलेइ मान्येका थिये। त्यो निस्तार् चाडू योशिय्याह्को राज्को अठारौं
बर्षमां मानीयो॥

(योशिय्याह्को मरण्)

२० यि सबै कुरा पछि जब योशिय्याह्ले मन्दिर् तियार् पारि सकेको
थियो तब मिस्रको राजा नको पराह् नदी बाटो कर्कमीश् सहर्मां
लड़ाइँ गर्नुलाइ चढ़ि गयो. तब योशिय्याह् त्यो माथि जाइ लाग्यो।
२१ तर त्येस्ले त्यो थांइ दूतहरूलाइ येसो भनि पठायो कि यहूदाको राजा मंलाइ
तिमि सङ को काम्. आजुको दिन् मं तिमि सङ होइन तर मं मैंले लड़ाइँ
गर्दै गर्येको जहान्को बिरुद्धमां आयेको छु अनि ईश्वरले मंलाइ छिटो गर्न
आज्ञा दियेको छ. मं सङ हुंने ईश्वरलाइ न थुन होइन भन्ये ता उस्ले
२२ तिमिलाइ नास् पार्ला। तरैपनि योशिय्याह्ले त्यो देखि आफ्नु मुख्
फर्काउंनु मान्येन तर त्यो सङ लड़ाइँ गर्नुको लागि भेष् फेर्यो अनि
ईश्वरको मुख् देखि निस्केको नकोका कुरा मान्येन तर मगिद्दोको तरिमां
२३ लड़ाइँ गर्नुलाइ निस्कि गयो। तब कांडू धनु चलाउंनेहरूले योशिय्याह्
राजालाइ कांडूले हान्ये तब राजाले आफ्ना चाकरेहरूलाइ भन्यो मंलाइ
२४ लैजाव किनभन्ये मं सारो घायल् भयेको छु। तब त्येस्का चाकरेहरूले
त्येस्लाइ त्येस्को भयेको अर्को रथ्मां हाल्ये अनि त्येस्लाइ यरूशलेम्मां ल्याये
निदान्मां त्यो मर्यो अनि त्येस्का पित्रहरूका चिहान्हरूमां गाड़ीयो। अनि
२५ सिंगै यहूदा र यरूशलेमले योशिय्याह्को लागि बिलाप् गर्ये। अनि
यिर्मयाह्ले योशिय्याह्का लागि बिलाप् गर्यो. अनि गीत् गाउंने पुरुषहरू
स्त्रीहरूले आजुको दिन् सम्म योशिय्याह्को बिषय्मां आफ्ना आफ्ना
बिलापी गीत्मां गाउंदै छन् अनि इस्राएल्मां येइ गीत् बिधिगरि
२६ बनाये. त हेर बिलापी गीतहरूमां लेख्येका छन्। अब योशिय्याह्का
रहल् कार्ज्य र यहवेको ब्यवस्थामां लेख्येको अनुसार् गर्येका त्येस्का सबै
२७ सुकर्म्महरू अनि त्येस्का कार्ज्य थालनी देखि अन्त सम्म हेर ति
इस्राएल् र यहूदाका राजाहरूको पोस्तक्मां लेख्येका छन्॥

(यहोआहाज् इत्यादिका राज्हरू)

३६ १ तब देस्का लोगले योशिय्याह्को छोरो यहोआहाज्लाइ लियेर
२ त्येस्लाइ अभिषिक्त गरि त्येस्को बाबुको ठांउमां राजा तुल्याये। यहोआहाज

राज् गर्नु लाग्दा तेईस् बर्षको थियो अनि त्यस्ले यरूशलेममां तीन महीना
राज् गर्‍यो। तब मिस्रको राजाले त्यस्लाइ यरूशलेमको राज्सिंहासन् ३
देखि उतार्‍यो अनि देश् मांथि एक् सै तोड़ा चांदी र एक् तोड़ा सुन्को
दण्ड लगायो। अनि मिस्रको राजाले त्यस्को दाज्यु एल्याकीम्लाइ ४
यहूदा र यरूशलेम् मांथि राजा तुल्यायो अनि त्यस्को नांउ फेर्‍येर
यहोयाकीम् राखि दियो। अनि नकोले त्यस्को भाई यहोआहाज्लाइ
लियेर मिस्रमां लग्यो॥

यहोयाकीम् राज् गर्नु लाग्दा पचीस् बर्षको थियो अनि त्यस्ले ५
यरूशलेममां एघारह् बर्ष राज् गर्‍यो. अनि आफ्नु ईश्वर् यहवेको सांमु
ज्ये बुरो थियो त्येइ त्यस्ले गर्‍यो। त्यसैको बिरुद्धमां बाबेल्को राजा ६
नबूखद्नेस्सर् चढ़ि आयो अनि त्यस्लाइ बाबेल्मां लैजांनुको लागि
सांग्लोले बांध्यो। नबूखद्नेस्सर्ले यहवेको घर्को भांड़ाहरूमांका कत्ति ७
लग्येर बाबेल्मां भयेको आफ्नु महल्मां राख्यो। अब यहोयाकीम्का ८
रहल् कार्ज्य र त्यस्ले गर्‍यका घिन्लाग्दा काम् र त्यसमां पाईयेका सबै
हेर इस्राएल् र यहूदाका राजाहरूको पोस्तकमां लेख्येका छन्. अनि त्यस्को
छोरो यहोयाकीन्ले त्यस्को साटोमां राज् गर्‍यो॥

यहोयाकीन् राज् गर्नु लाग्दा आठ् बर्षको थियो अनि त्यस्ले तीन् ९
महीना र दस् दिन् यरूशलेममां राज् गर्‍यो. अनि यहवेको सांमु ज्ये बुरो
थियो त्येइ त्यस्ले गर्‍यो। अनि ऋतु फर्कि आउंदा नबूखद्नेस्सर् राजाले १०
पठायेर त्यस्लाइ यहवेको घर्को अस्सल् अस्सल् भांड़ाहरू समेत् बाबेल्मां
लग्यो अनि त्यस्को कान्छा बाबु सिदकिय्याहलाइ यहूदा र यरूशलेम् मांथि
राजा तुल्यायो॥

सिदकिय्याह् राज् गर्नु लाग्दा एकाईस् बर्षको थियो अनि त्यस्ले ११
यरूशलेममां एघारह् बर्ष राज् गर्‍यो. अनि आफ्नु ईश्वर् यहवेको सांमु १२
ज्ये बुरो थियो त्येइ त्यस्ले गर्‍यो अनि यिर्मेयाह् अगमबक्ताले यहवेको
मुखको कुरो सुनायो रपनि त्यस्ले उस्को सांमु आफुलाइ दीन् तुल्यायेन।
अनि त्यस्लाइ ईश्वर्को नांउ मांथि किरिया खुवाउंने नबूखद्नेस्सर् राजाको १३
बिरुद्धमां राजद्रोह् पनि गर्‍यो. तर त्यस्ले इस्राएल्को ईश्वर् यहवे तिर
फर्कनुको साटोमां आफ्नु गर्दन् अरट्ठ पार्‍यो अनि आफ्नु मन् कठोर्
गर्‍यो। अनि येस् उप्रान्त पूजाहारीहरू लोगका मूल्हरू अन्यदेसीहरूका १४
सबै घिन्लाग्दा कामको बिषयमां बिस्रै अप्राध् गर्‍यो अनि त्यस्ले यहवेले
यरूशलेममां पवित्र गर्‍येको घर् अशुद्ध गर्‍यो। अनि तिनिहरूका १५
पित्रहरूको ईश्वर् यहवेले आफ्नु लोग् र आफ्नु बासस्थानमां दया
गर्‍येको कारणले तिनिहरू थांइ आफ्नु दूत्हरूको बाटोले पठाउंद
थियो अं सबारै उठि उठिकन पठाउंद थियो. तर यहवेको रिस् आफ्ना १६
लोगको बिरुद्धमां कोइ उपाय् न होउंज्याल् सम्म तिनिहरूले ईश्वर्का
दूत्हरूको निन्दा गर्‍ये अनि उस्का कुरा तुच्छ गर्‍ये अनि उस्का अगमबक्ता-

१७ हरुको गिल्ला गर्‍ये। येस्कारण् उस्ले तिनिहरु माथि कल्दीहरुको राजालाइ
चढ़ाइ ल्यायो जस्ले तिनिहरुको पवित्र स्थान्को घर्मां तिनिहरुका
तन्हेरिहरुलाइ तरवार्ले काटि दियो अनि न केटाकेटी न बूढ़ा न केस्
पाक्येका माथि दया गर्‍यो. उस्ले तिनिहरु सबैलाइ त्येस्को हात्मां सुम्पि
१८ दियो। अनि ईश्वर्को घर्का सबै भांड़ाहरु ठुला सानाहरु सबै र
यहवेको घर्का भंडार्हरु र राजाको र त्येस्का मालिक्हरुका भंडार्हरु
१९ ति सबै बाबेल्मां लग्यो। अनि तिनिहरुले ईश्वर्को घर् डड़ाई दिये
अनि यरुशलेम्को भित्ता भत्काइ दिये अनि त्येस्का सबै महल्हरु आगोले
२० डड़ाइ दिये अनि त्येस्का सबै असल् असल् भांड़ाहरु नास् पार्‍ये। अनि
तरवार् देखि बांच्येकाहरुलाइ त्यस्ले बाबेल्मां लग्यो त तिनिहरु त्येस्का
२१ र त्येस्का छोराहरुका दास् फारस्को राज्को उदय् सम्म भइ रह्ये. यि सबै
येसैकारणले थिये अर्थात् यिर्मयाह्को मुख् बाटो यहवेको देखि भयेको
बचन् पूरा गर्नुलाइ देस्ले आफ्नु बिश्रामदिन्मां सुख्व गरंज्याल् सम्म.
कसोगरिभन्ये उजार् रह्येका दिनमां त्येस्ले बिश्रामदिन् मान्यो तीन् कोरी
र दस् बर्ष पूरा गर्नुको लागि॥

२२ फारस्को राजा कोरेश्को पहिलो बर्षमां यहवेले यिर्मियाह्को
बाटोले आफुले भन्येका कुरा पूरा गर्नुको लागि फारस्को राजा कोरेश्को
मन् येसोरि उल्काायो त्येस्ले आफ्नु सिंगै राज्लाइ उर्दी दियो अनि यो
२३ कुरो लेखाईमां येसो भनि हाल्यो फारस्को राजा कोरेश्ले येसो
भन्द छ स्वर्गको ईश्वर् यहवेले मंलाइ पृथिवीभर्को सिंगै राज् दियेको
छ अनि उस्ले मंलाइ यहूदामां भयेको यरुशलेम्मां मेरो लागि येउटा घर्
बना भनि आज्ञा दियेको छ। त उस्का सबै लोग्मांका जो जो तिमिहरुको
बीच्मां छ त्येस्को ईश्वर् यहवे त्यो सङ हवस् अनि त्यो चढ़ि जावस्॥

एज्राको पोस्तक्।

१ १ फारस्को राजा कोरेश्को पहिलो बर्षमां यहवेले यिर्मयाह्को
बाटोले आफुले भन्येका कुरा पूरा गर्नुको लागि फारस्को राजा कोरेश्को
मन् येसोरि उल्काायो त्येस्ले आफ्नु सिंगै राज्लाइ उर्दी दियो अनि यो
२ कुरो लेखाईमां येसो भनि हाल्यो फारस्को राजा कोरेश्ले येसो भन्द
छ स्वर्गको ईश्वर् यहवेले मंलाइ पृथिवीभर्को सिंगै राज् दियेको छ अनि
उस्ले मंलाइ यहूदामां भयेको यरुशलेम्मां मेरो लागि घर् बना भनि
३ आज्ञा दियेको छ। त उस्का लोग्मांका जो जो तिमिहरुको बीच्मां छ
त्येस्को ईश्वर त्यो सङ हवस् अनि त्यो यहूदामां भयेको यरुशलेम्मां

चढ़ि जावस् अनि इस्त्राएलको ईश्वर् (उइ ईश्वर् छ) यहवेको घर्
बनावस् जो यरूशलेममां छ। अनि जम् जस्ले आफ्नु प्रवास् गर्‍येको ४
ठांउ छोड़ेरको छ त त्येस्को ठांउका मान्छेहरुले त्येस्लाइ चांदी सुन् धन् र
पशु दियेर त्येस्को गोहार् गरुन् यरूशलेममां भयेको ईश्वरको घरको
लागिको मनमानीभेटि भन्दा बाहिक् पनि भन्थ्य। तब यहूदा र ५
बिन्यामीनका पित्रहरुका घर् घरका मूलहरु र पूजाहारीहरु र लेवीहरु अं
जत्ति जनाको आत्मालाइ ईश्वरले यरूशलेममां भयेको यहवेको घर्
बनाउंनुको लागि चढ़ि जांनुलाइ मन् उलक्यायेको थियो ति सबै उठेर।
अनि तिनिहरुका छेउछाउका सबै जनाले चांदीका भांड़ाबर्तन् र सुन् धन् ६
र पशु र अमोल् अमोल् थोक् दिकन तिनिहरुको गोहार् गर्‍य ति मनमानी
दियेका बाहिक्। फेरि कोरेश् राजाले यहवेको घरका जुन् भांड़ा बर्तन् ७
नबूखद्नेस्सरले यरूशलेम् देखि निकालि ल्यायेर आफना देवताहरुको
मन्दिरमां राख्येको थियो ति सबै निकाल्यो अं ति सबै फारसको ८
राजा कोरेशले मित्रदात् नांउ भयेको भंड़ारेको हात बाटो निकाल्येर
यहूदाको मालिक् शेशब्सरलाइ गन्ति गरि गरिकन दिहाल्यो। त तिनको ९
गन्ति येइ हो. सुनका तीसवटा ठुला डब्बका चांदीका एक् हजार् ठुला
डब्बका उनन्तीसवटा छुरीहरु सुनका तीसवटा कटोरा चांदीका १०
अर्को रकमका चार् सै र दसवटा कटोरा र अरु भांड़ाहरु एक् हजार्।
सुन् चांदीका यि सबै भांड़ाबर्तन्हरु पांच् हजार् र चार् सै थिये। ति ११
सबै शेशब्सरले ल्यायो जब ति बन्धुवाहरु बाबेल् देखि यरूशलेममां
ल्याईयेका थिये॥

अब गव्राका बासीहरु यि हुन् जो बाबेलको राजा नबूखद्नेस्सरले २ १
बाबेलमां बन्धवाईमां लग्येको थियो तिनिहरुमांका जति जना बन्धवाई
देखि छुटकारा पाइ यरूशलेम् र यहूदामां आफ्नु आफ्नु सहरमां फर्कि
आयेका थिये ति यिनै हुन् जति जना जरुब्बाबेल् येशूअ नहेम्याह् २
सरायाह् रेलायाह् मोर्दकै बिलशान् मिस्पार् बिगवै रहूम् र बाना सङ
फर्कि आये। इस्राएली लोगका मान्छेहरुको गन्ति येइ हो. परोशवंशी ३
दुइ हजार् एक् सै बहत्तर्। शपत्याहवंशी तीन् सै बहत्तर्। आरहवंशी ४ ५
सात् सै पचहत्तर्। पहत्मोआबवंशी येशूअ र योआबको वंशमांको दुइ ६
हजार् आठ् सै बारह्। एलामवंशी बारह् सै चौवन्। जत्तुवंशी नौ सै ७ ८
पैंतालीस्। जक्कैवंशी सात् सै साठ्। बानीवंशी छ सै बयालीस्। ९ १०
बेबैवंशी छ सै तेईस्। अजगादवंशी बारह् सै बाईस्। अदोनीकामवंशी ११, १२ १३
छ सै छियासठ्। बिग्वैवंशी दुइ हजार् र छप्पन्। आदीनवंशी चार् सै १४ १५
चौवन्। यहिजकियाहवंशी आतेरको वंशमांको अन्ठानब्बे। बेसैवंशी १६ १७
तीन् सै तेईस्। योरावीहरु एक् सै बारह्। हाशूमीहरु दुइ सै तेईस्। १८ १९
गिब्बारीहरु पंचानब्बे। बेतलेमीहरु एक् सै तेईस्। नतोपाका मान्छेहरु २०, २१ २२
छप्पन्। अनातोतका मान्छेहरु एक् सै र अट्ठाईस्। अजमावेतवंशी २३ २४

२५ २६ बयालीस्। किर्यतारीम् कपीरा र बेरोती सात् से तितालीस्। रामा र
२७ २८ गेबौहरु छ सै एक्काईस्। मिक्मास्का मान्छेहरु एक् से बाईस्। बेतेल्
२९ ३० र ऐका मान्छेहरु दुइ सै तेईस्। नबोवौहरु बावन्। मग्बीश्वंशी एक् से
३१ ३२ छप्पन्। दोस्रो एलाम्का वंशीहरु बारह से चौवन्। हारीम्वंशी तीन् से
३३ ३४ बीस्। लोद् हादीद् र ओनोवौहरु सात् सै पचीस्। यरीहोवौहरु
३५ ३६ तीन् से पैंतालीस्। सनावौहरु तीन् हजार् छ से तीस्। फेरि पूजाहारीहरु.
३७ येशूअको घर्को यदायाह्वंशी नौ से तिहत्तर्। इम्मेर्वंशी एक् हजार्
३८ ३९ बावन्। पशहूर्वंशी बारह् सै सैंतालीस्। हारीम्वंशी एक् हजार् सत्रह्।
४० फेरि लेवीहरु. येशूअवंशी र होदव्याह्वंशी कद्मीएल्को वंशका चौहत्तर्।
४१ ४२ फेरि गवैहरु. एक् से अट्ठाईस् आसाप्वंशी। फेरि दुवार्पालेहरुको वंश.
शल्लूम्वंशी आतेर्वंशी तल्मोन्वंशी अक्कूब्वंशी हतीतावंशी र शोबैवंशी
४३ यि सबै गरि एक् सै उनन्चालीस्। फेरि नतीनीहरु. सीहावंशी
४४ हसूपावंशी तब्बाओत् वंशी केरोस्वंशी सीअहावंशी पादोन्वंशी
४५ ४६ लबानावंशी हगाबावंशी अक्कूब्वंशी। हागाब्वंशी शम्लैवंशी हानान्वंशी
४७ ४८ गिद्देल्वंशी गहर्वंशी रायाह्वंशी रसीन्वंशी नकोदावंशी गज्जाम्वंशी
४९ ५० उज्जावंशी पासेह्वंशी बेसैवंशी अस्नावंशी मूनिवंशी नापीसवंशी
५१ ५२ बकबूकवंशी हकूपावंशी हर्हूर्वंशी बसलूत्वंशी महीदावंशी हर्शावंशी
५३ ५४ बर्कोस्वंशी सीसरावंशी तेमह्वंशी नसीह्वंशी र हतीपावंशी।
५५ फेरि सुलैमान्ले तुल्यायेका कमाराहरु सोतैवंशी हस्सोपेरेत्वंशी परूदावंशी
५६ ५७ यालावंशी दर्कोन्वंशी गिद्देल्वंशी शपत्याह्वंशी हत्तील्वंशी पोकेरेत्-
५८ सबायीम्वंशी र आमीवंशी। नतीनीहरु र सुलैमान्का कमाराको वंश
५९ मिलाइ सबै तीन् से बियानबे। अनि तेल्मेलह् तेल्हर्शा करुब् आदान्
र इम्मेर् देखि चढि आयेकाहरु यिनै हुन्. तर तिनिहरुले हामिहरु
इस्राएल्का हौं कि हौंन भनि आफ्ना पित्रहरुका घर् घर् र वंशावली
६० देखाउंनु सक्येनन्. दलायाह्वंशी तोबियाह्वंशी नकोदावंशी छ से
६१ बावन्। अनि पूजाहारी वंशीहरुमांका. हबायाह्वंशी हक्कोस्वंशी र त्यो
बर्जिल्लैको वंश जस्ले गिलादी बर्जिल्लैको छोरीमांकी येउटीलाइ ब्याहा
६२ गर्येर त्यसैको नांउमां भनीयो। तिनहरु आफ्नु आफ्नु वंशावलीको पत्र
वंशावलीगरि बनीयेकाहरुको बीचमां खोज्ये तर पायेनन्. येस्कारण तिनिहरु
६३ अशुद्ध ठहरीये अनि पूजाहारीगिरि देखि खसालीये। तब तिर्शाताले[१]
तिनिहरुलाइ भन्यो ऊरीम् र तुम्मीम् लिंने पूजाहारी न उभीउंज्याल् सम्म
६४ महापवित्र थोक् देखि न खाउन्। त सिंगै मंडली बियालीस् हजार् र तीन् सै
६५ साठी थिये तिनका चाकरेहरु र चाकर्नीहरु बाहेक् जुन्हरुमांका सात्
६६ हजार् र तीन् से सैंतीस् जना थिये. अनि तिनिहरुका दुइ सै गवैयाहरु
पुरुष् र स्त्रीहरु थिये। तिनिहरुका घोड़ाहरु सात् से छत्तीस् तिनिहरुका

[१] अर्थात् फार्सि मालिक्।

खच्चर्‌हरु दुइ से पैंतालीस्   तिनिहरुका ऊंट्‌हरु चार् से पैंतीस् ६७
तिनिहरुका गदाहाहरु छ हजार् सात् सै बीस् । अनि पित्रहरुका घर् ६८
घर्‌का मूल्‌हरुका कति जनाले यरुशलेम्‌मां भयेको यह्‌वेको घर् निर पुग्‌दा
ईश्वर्‌को घर् त्येको ठांउमां उभ्याउंनुको लागि मनमानीगरि दिंद थिये .
तिनिहरु आफ्‌नु शक्तिभरि काम्‌को भंडार् अं सुनका एक्‌सठ् हजार् ६९
असर्‌फी र चांदीका पांच् हजार् माने र पूजाहारीवस्त्र एक् से । येसोरि ७०
पूजाहारीहरु र लेवीहरु र लोग्‌का कति जना अनि गवैयाहरु र
दुवार्‌पाल्‌हरु र नतीनीहरु आफ्‌ना आफ्‌ना सहर्‌मां बस्ये अनि सिंगै
इस्राएल् पनि आफ्‌नु आफ्‌नु सहर्‌मां बस्ये ॥

(वेदि बनाईनु)

अनि सातौं महीना पुग्‌दा र इस्राएल्‌वंशीहरु सहर् सहर्‌मां ३ १
वस्दा लोग् एक् मन्‌का भइ यरुशलेम्‌मां भेला भये । तब योसादाक्‌को २
छोरो येशूअले आफ्‌ना दाज्युभाई पूजाहारीहरु समेत् र शाल्‌तीएल्‌को छोरो
जरुब्बाबेल्‌ले त्येका दाज्युभाईहरु समेत्‌ले उठेर इस्राएल्‌को ईश्वर्‌को वेदि
बनाये त्यस्मां ईश्वर्‌को जन् मूसाको व्यवस्थामां लेखीयेको अनुसार्
होमबलि चढ़ाउंनुको लागि । तब तिनिहरुले त्यो वेदि त्येको ठांउमां ३
राख्ये किनभन्ये देस् देस्‌का लोगको कारणले तिनिहरु माथि डर् पर्‍यो .
अनि तिनिहरुले त्येस् माथि यह्‌वेको लागि होमबलि चढ़ाये अं सांझ्
बिहान्‌को होमबलि । फेरि तिनिहरुले डेराबासिचाड्‌ लेखायेको अनुसार् ४
मान्ये अनि विधि अनुसार् दिन् दिन् गर्नु पर्ने अनुसार् गन्ति गरि
गरिकन दिनहूं होमबलि चढ़ाउंद थिये   अनि त्येस् पछि नित्येको ५
होमबलि र दुतियाको भेटि र यह्‌वेको लागि पवित्र गरीयेका सबै
ठहराईयेका चाड्‌ र यह्‌वेको लागि मनमानीगरि भेटि चढ़ाउंनेहरुका
भेटिहरु । सातौं महीनाको पहिलो तिथि देखि तिनिहरुले यह्‌वेको ६
लागि होमबलि चढ़ाउंनु थाल्ये . तर यह्‌वेको मन्दिर्‌को जग् अझ सम्म
बसालीयेको थियेन । तिनिहरुले गारोकर्म्मीहरु र काठकर्म्मीहरुलाइ ७
रुपिया पनि दिये अनि सीदोनीहरु र सोर्‌का मान्छेहरुलाइ खाना पीना र
तेल् दिये तिनिहरुले फारस्‌को राजा कोरेश्‌को अनुमति अनुसार्
देवदारुकाठ् लबानोन् देखि यापो सम्म अं समुन्द्र सम्म ल्याउंनुको लागि ॥

(मन्दिर्‌को जग् बसाल्‌नु)

अब यरुशलेम्‌मां भयेको ईश्वर्‌को घर्‌मां तिनिहरु आयेको दोस्रो ८
वर्षको दोस्रो महीनामां शाल्‌तीएल्‌को छोरो जरुब्बाबेल् र योशादाक्‌को
छोरो येशूअ आफ्‌नु पूजाहारी लेवीहरु आफ्‌ना दाज्युभाईहरु समेत् र
बन्धुवाई देखि यरुशलेम्‌मां आयेका सबैहरुले काम् थाल्ये अनि तिनिहरु
बीस् बर्ष र त्यो भन्दा ऊंभोका लेवीहरुलाइ यह्‌वेको घर्‌को काम्

९ चलाउंनुको लागि खटाइ दिये। तब येशूअ आफ्ना छोराहरु र दाज्युभाईहरु
समेत् कद्मीएल् आफ्ना छोराहरु समेत् यहूदावंशीहरु एक् मन्को भइ
ईश्वरको घर्मां काम् गर्नेहरु देखि काम् चलाउंनुको लागि उभीये.
१० हेनादाद्वंशीहरु आफ्ना लेवी छोराहरु र दाज्युभाईहरु समेत्। अनि जब
गारोकर्म्मीहरुले यहवेको मन्दिर्को जग् बसाल्ये तब तिनिहरुले इस्राएल्को
राजा दाऊद्को बिधि अनुसार् पूजाहारीहरुलाइ बस्त्र लायेर तुरहीहरुले र
आसाप्वंशीहरु लेवीहरुलाइ झयाम्टाले यहवेको स्तुति गर्नुको लागि
११ खटाये। तब तिनिहरुले किनभन्ये उइ भलो छ कसोगरिभन्ये उस्को
करुणा सनातन् सम्म इस्राएल्मांथि रहंद छ भनि भन्दै यहवेको स्तुति र
धन्नबाद् गर्दै जुवारीगीत् गाउंद थिये। अनि यहवेको घर्को जग् बसाल्येको
१२ कारणले सिंगै लोगले यहवेको स्तुति गर्दा ठुलो सोरले कराये। तर जब
त्येस् घर्को जग् बसालीयो तब पूजाहाराहरु र लेवीहरु र पित्रहरुका घर्
घर्का मूल्हरु पहिलो चइं घर्को जग् आफ्ना आंखाको सांमु बसाल्येको
देख्ने बूढाहरु चइं सोर् उचालि रोये अनि धेरै जना चइं रमाहट्को
१३ कारणले कराये त लोगले रमाहट्को कराइंको सोर् र लोग्को रुवाईको
सोर् छुट्याउंनु सकेनन्. कसोगरिभन्ये लोग् ठुलो सोरले कराउंद थिये
जो टाढ़ो टाढ़ो सम्म पनि सुनीयो॥

(यिहूदीहरुका बैरीहरु देखि मन्दिर् बनाउंनु थुनौंनु)

४ १ जब यहूदा र बिन्यामीन्का बैरीहरुले बन्धुवाई देखि आयेका
लोग्हरुले इस्राएल्को ईश्वर् यहवेको लागि मन्दिर् बनाउंदै छन् अरे
२ भन्येको सुन्ये तब तिनिहरुले जरुब्बाबेल् र पित्रहरुका घर् घर्का
मूल्हरु थांइ आयेर भन्ये हामिहरुलाइ पनि आफुहरु सङ बनाउंनु दिंनु
हवस्. किनभन्ये आफुहरुले झैं हामिहरु पनि आफुहरुको ईश्वर्लाइ खोज्द
छौं अनि हामिहरुलाइ यहां चढ़ाइ पठाउंने अश्शूर्को राजा एसर्हद्दोन्को
३ पाला देखि हामिहरु उसैको लागि बलिदान् चढ़ाउंद छौं। तर
जरुब्बाबेल् र येशूअ र इस्राएल्का पित्रहरुका घर् घर्का अरु मूल्हरुले
तिनिहरुलाइ भन्ये हामिहरुको ईश्वर्को लागि घर् बनाउंनुलाइ
तिमिहरुलाइ हामिहरु सङ दिइंदैन तर फारस्को राजा कोरेश्को आज्ञा
अनुसार् हामिहरु आफै इस्राएल्को ईश्वर् यहवेको लागि एक् मन्का भइ
४ बनाउंछौं। तब देस्का लोगले यहूदाका लोगको हात् निर्बल् गराइ दिये
५ अनि बनाउंनुलाइ तर्साइ दिये अनि फारस्को राजा कोरेश्का सबै
दिन् अं फारस्को राजा दारा्को राज् सम्म तिनिहरुको संकल्प ब्यर्थ
तुल्याउंनुको लागि तिनिहरुको बिरुद्धमां सल्लाह् गर्नेहरुलाइ लगाये।
६ अनि क्षयर्ष्को राज्को थाल्निमां तिनिहरुले यहूदा र यरुशलेम्का
बासीहरुको बिरुद्धमां दोषपत्र लेखि पठाये॥

फेरि अर्तक्षत्रको पालामां बिश्लाम् मित्रदात् र तोबेल्ले त्यस्का ७
साथीहरू समेत्ले फारस्को राजा अर्तक्षत्र थांइ चिट्ठी लेख्यं अनि त्यस्
चिट्ठीको लेखाई अरामी अक्षरमां लेख्येको अरामी भाषामां थियो। रहूम् ८
राज्मंत्री र शिमशै लेटर्ले येस् परिले यरूशलेम्को बिरुद्धमां अर्तक्षत्र राजा
थांइ येउटा चिट्ठी लेख्य. अं रहूम् राज्मंत्री र शिमशै लेटर् र तिनिहरूको ९
अरू साथीहरू अर्थात् दीनी अपर्सत्की तर्पली अफार्सी एरकी बाबेली
शूशनी दहवी एलामी   अनि जुन् लोग्हरूलाइ त्यो महा र माथ्बर् १०
ओस्नापर्ले वारि ल्यायेर शोमरोन् सहर्मां र महानदी वारिको बांकि
देस्मां बसाल्येका थियो इत्यादि तिनिहरूले लेख्ये। तिनिहरूले अर्तक्षत्र ११
राजालाइ पठायेको चिट्ठिको नकल् येइ हो अर्थात् महानदी वारिका
आफुका दास्हरूको सलाम् इत्यादि। महाराजाकन यो कुरो थाहा हवस् १२
अर्थात् आफु थांइ देखि आयेका यहूदीहरू हामिहरू थांइ यरूशलेम्मां
आयेका छन् तिनिहरूले यो राज्द्रोही र बुरो सहर् बनाउंदै छन् अनि
त्यस्को घेराभित्ता बनाइ सक्दै छन् अनि त्यस्को मरम्मत् गर्दै छन्। त १३
महाराजाकन थाहा हवस् यो सहर् बनायो अनि घेराभित्ता सिद्धीयो भन्ये
देखि यिनिहरूले न सिर्तु न झाराकिस्ता न जगात् दिंछन् अनि निदान्मां
राजाहरूको हानि हुंछ। हामिहरूले राज्महल्को निमक् खायेका छौं १४
त महाराजाको अमान् हेर्नु हामिहरूलाइ उचित् छैन येस्कारण हामिहरूले
मान्छे पठायेर महाराजाकन जनाइ दियेका छौं   आफुका पितापूर्खाहरूको १५
इतिहास्को पोस्तक्मां खोज्खाज् गरीओस् भन्ये खातिर्ले. येसोरि आफुले
इतिहास्को पोस्तक्मां पाउंनु हुंछ अनि यो चइं सहर् ता राज्द्रोही सहर्
रछ अनि राजाहरू र सूबाहरूको हानि गर्ने रछ अनि उइलेइ देखि येस्
सहर्मां राज्द्रोह् चलाउंद राछन् भनि थाहा पाउंनु हुंछ. येसैकारणले यो
सहर् उजारायेको थियो। त अब हामिहरू महाराजाकन जनाउंद छौं यो १६
सहर् बनाईयो अनि घेराभित्ता सिद्धीयो भन्ये देखि ता येइ परिले महानदी
वारि आफुको कोइ पनि भाग् रहंने छैन। तब राजाले रहूम् राज्मंत्री र १७
शिमशै लेटर् र शोमरोन् र महानदी वारिका अरू अरू देस्मां बस्ने अरू
साथीहरू थांइ उत्तर् दिइ येसो भानकन चिट्ठी पठाये आफुहरूलाइ कुशल्
हवस् इत्यादि। आफुहरूले हामिहरू थांइ पठायेको चिट्ठी मेरो सांमु १८
खोल्येर परीयो। त मैंले आज्ञा गर्यें अनि खोज्खाज् गरीये त उइलेइ १९
देखि त्यस् सहर्ले राजाहरूको बिरुद्धमां सिर् उठाउंद रछ अनि त्यस्मां
बागिहुवाई र राज्द्रोह् चलि रहंद रछ भन्ये पाईयो। अनि यरूशलेम्मां २०
कत्ति जना सामर्थी सामर्थी राजाहरू पनि राछन् जुन्हरूले महानदीको वारि
पट्टि सबै देस् मांथि राज् गर्द राछन् अनि सिर्तु झाराकिस्ता र जगात्
तिनिहरूलाइ दिंद राछन्। त अब ति मान्छेहरूलाइ थांमीनु अनि मेरो २१
अर्को आज्ञापत्र न पाउंज्याल् सम्म त्यो सहर् न बनाईओस् भन्ये मेरो
आज्ञापत्र प्रचार्नु हवस्। अनि यो कुरो बियांलो न गर्नुलाइ चंख रहंनु २२

२३ हवस् . राजाहरूको हानिको लागि बुराई गर्नु किन पावस् । तब अर्तैत्तत्र
राजाको यो चिट्ठीको नकल् रहूम् र शिमृशै लेटर् र तिनिहरूका साथीहरूका
कानमां पर्नु बित्तिकै तिनिहरूले हतार् हतार् गरि यरूशलेममां यहूदीहरू
थांइ गयेर तिनिहरूलाइ बलजबत् र बल्मिचेइँ सङ थामीनु लगाये ।
२४ तब यरूशलेममां भयेको ईश्वर्को काम् थामीयो अनि फारस्को राजा
दाराको राज्को दोस्रो वर्ष सम्म थामीइ रह्यो ॥

(अगम्वक्ताहरूको वचन्)

५ १ तब अगम्वक्ताहरू अर्थात् हाग्गै अगम्वक्ता र इद्दोको छोरो
जकर्याहले यहूदा र यरूशलेममां भयेका यहूदीहरूलाइ अगम्वचन् कह्यो
अं इस्राएलको ईश्वर्को नांउले तिनिहरूले तिनिहरूको लागि अगम्वचन्
२ कह्यो । तब शाल्तीएल्को छोरो जरूब्बाबेल् र योशादाक्को छोरो येशूअले
उठेर यरूशलेममां भयेको ईश्वर्को घर् बनाउंनु थाल्ये अनि तिनिहरू सङ
३ ईश्वर्का अगम्वक्ताहरूले पनि गोहार् गर्थे । त्यस् बेला महानदीको
वारिको तत्तनै भन्ने मालिक् र शतर्बोजनै तिनिहरूका साथीहरू समेतले तिनि-
हरू थांइ आइकन येसो भन्ये यो घर् बनाउंनुलाइ र यो भित्ता सिध्याउंनुलाइ
४ तिमिहरूलाइ आज्ञापत्र दिंने को हो । तब हांमिहरूले तिनिहरूलाइ यो
परिले उत्तर् दियूं यो घर् बनाउंनेहरूको को हुन् भनि नाउं काढ़िकाढ़ि-
५ कन । तर तिनिहरूको ईश्वर्को दृष्टि यहूदाका प्राचीनहरू माथि भयो
अनि यो कुरो दारा सम्म न पुर्‌‍‍याउंज्याल् र त्यस्को बिषयमां चिट्ठीको बाटोले
उत्तर् न पाउंज्याल् सम्म तिनिहरूले तिनिहरूलाइ थामीनु लगायेनन् ॥
६ महानदी वारिको तत्तनै मालिक् र शतर्बोजनै र त्यस्का महानदीको
येता वारि रहंने अपर्सकिहरू भनींने साथीहरूले दारा राजा थांइ पठायेको
७ चिट्ठीको नकल् येइ हो . तिनिहरूले त्यो थांइ येसो भन्ये चिट्ठी लेख्ये
८ दारा महाराजाकन सबै कुशल् हवस् । महाराजाकन यि कुराको थाहा
हवस् अर्थात् हांमिहरू यहूदाको खण्डमां महा ईश्वर्को घरमां पुग्येका थियूं
जुन् घर् ठुला ठुला ढुंगाको बनाईयेको अनि त्यस्को भित्तामां काठ् पनि
बसालीयेका रहेछन् अनि यो काम् फुर्ति सित गरींइ रहछ अनि तिनिहरूको
९ हातमां सुफल् हुंदै जांदै रहछ । तब हांमिहरूले ति प्राचीनहरू सित येसो
भनिकन सोध्यूं यो घर् बनाउंनलाइ र यो घेराभित्ता सिध्याउंनुलाइ
१० आज्ञापत्र दिंने को हो । हांमिहरूले तिनिहरू सित तिनिहरूका मुखियाहरूको
नांउ लेख्नुलाइ तिनिहरूको नांउ पनि सोध्यूं आफुलाइ जनाउंनुको लागि ।
११ त तिनिहरूले हांमिहरूलाइ येसो भनिकन उत्तर् दिये स्वर्ग र पृथिवीको
ईश्वर्का दासहरू हौं अनि जुन् घर् ति धेरै बर्ष देखि बनायेको जुन् घर्
इस्राएलको येउटा बड़ो राजाले बनायेर सिध्यायो त्येइ घर् बनाउंद छौं ।
१२ तर हांमिहरूका पित्रहरूले स्वर्गको ईश्वर्को रिस् उठाइ दियेको कारणले
उस्ले तिनिहरूलाइ कल्दी बाबेल्को राजा नबूखद्नेस्सेर्को हातमां सुम्पि

दियो जस्ले यो घर् नास् पार्येर लोग्लाइ बाबेल्मां बन्धुवा गरि लग्यो ।
तर बाबेल्को राजा कोरेश्को पहिलो वर्षमां कोरेश् राजाले ईश्वर्को यो १३
घर् बनाउंने आज्ञापत्र दियो । अनि नबूखद्नेस्सर्ले यरूशलेम्मां भयेको १४
मन्दिर् देखि निकाल्येका र बाबेल्को मन्दिर्मां ल्यायेका ईश्वर्को घर्का
सुन् चांदीका भांड़ावर्तनहरु कोरेश् राजाले बाबेल्को मन्दिर् देखि
निकाल्यो अनि त्येस्ले मालिक् तुल्यायेको शेशबसर् नांउ भयेकोलाइ
दिहाल्यो अनि त्येस्ले त्येस्लाइ भन्यो यि भांड़ाहरु लियेर जा अनि १५
यरूशलेम्मां भयेको मन्दिर्मां राख् र ईश्वर्को मन्दिर् आफ्नु ठांउमां
बनाईओस । तब त्येइ शेशबसर्ले आयेर यरूशलेम्मां भयेको ईश्वर्को १६
घर्को जग् बसाल्यो . अनि त्येइ बेला देखि येसो एले सम्म त्यो बनौंदै
रह्यको छ अझै पनि सिद्धायेको छैन भनि । त अब महाराजाको इच्छे १७
भयो भन्ये बाबेल्मां भयेको राजाको भंड़ार्घर्मां खोज्खाज् गर्नीओस्
कोरेश् राजाले यरूशलेम्मां भयेको ईश्वर्को यो घर् बनाउंने आज्ञापत्र
दियेको रह्छ कि रैन छ वहांदेखि महाराजाले येस् कुराको बिषय्मां आफ्नु
इच्छे हांमिहरु थांइ पठाउंनु हवस् ॥

तब दारा राजाले बाबेल्मां राखौयेको भंड़ार्हरुका पोस्तक् ६ १
घर्मां खोज्खाज् गर्नीओस् भन्य आज्ञापत्र लेखायो । त मादै भनीने २
खाको अहमता सहर्को भवन्मां एक् पत्र पाईयो जस्मां यि वृत्तान्त
लेखौयेका रह्छन् । कोरेश् राजाको पहिलो वर्षमां कोरेश् राजाले यो ३
आज्ञापत्र लेखायो यरूशलेम्मां भयेको ईश्वर्को घर्को बिषय्मां त्यो घर्
जस्मां तिनिहरुले बलिदान् चढाउंछ छन् बनाईओस् अनि त्येस्को जग्
बलियोगरि बसालीओस् त्येस्को अलगईं साठी हात् त्येस्को गज् साठी
हात् ठुला ठुला ढुंगाहरुका तीन् लहर् र नया काठ्को एक् लहर् . ४
अनि त्येस्को लागि खर्च राज्भवन् देखि दिईओस् . येस् बाहिक् ईश्वर्को ५
घर्का सुन् चांदीका जुन् भांड़ावर्तनहरु नबूखद्नेस्सर्ले यरूशलेम्मां
भयेको मन्दिर् देखि निकाल्येर बाबेलमां ल्यायेको थियो ति फर्काईउन्
अनि यरूशलेम्मां भयेको मन्दिर्मां गोटैपिच्छे आफ्नु आफ्नु ठांउमां फेरि
ल्याईउन् अनि ति तैंले ईश्वर्को घर्मां राखेस् भन्य । त अब हे महानदी ६
पारिका मालिक् तत्तनै र ए शतर्बोजनै र महानदी वारिका अपार्सीको
तिमिहरुका साथीहरु समेत् त्यहां देखि टाड़ो हटि जाव . ईश्वर्को त्येस् ७
घर्को काम्मां हात् न हाल तर यहूदीहरुको मालिक् र यहूदीहरुका
प्राचीनहरुले ईश्वर्को त्यो घर् त्येस्को ठांउमां बनाउन् । येस् बाहिक् ८
तिमिहरुले ईश्वर्का त्या घर् बनाउंनुको लागि यहूदीहरुका ति प्राचीन्हरु
सङ गर्नु पर्ने काम्को बिषय्मां मं येइ आज्ञापत्र पनि लेखाउंछ छु .
महानदी पारिका सिर्तु देखि अं राजाको भंड़ार् देखि ति मान्छेहरुको
लागि फुर्ति सङ खर्च दिईओस् र तिनिहरु न रोकौउन् । अनि ९
तिनिहरुलाइ ज्य ज्ये खांचो छ बाच्छा हवस् कि थुमा हवस् कि पाठा हवस्

स्वर्गको ईश्वरको लागि होमबलि चढाउंनुलाइ गहूं नुन् दाखरस् कि तेल्
यरूशलेममां भयेका पूजाहारीको कुरा अनसार् ति सबै बिना चूक् दिनहूं
१० तिनिहरूलाइ दिईउन्. तिनिहरूले स्वर्गको ईश्वरको लागि बासाको
बलिदान् चढाउन् अनि राजा र त्येस्का छोराहरूको दीर्घायूको लागि प्रार्थना
११ गरुन् भन्ने खातिरले। त्येस् उपान्त मैले येउटा आज्ञापत्र लेखायें त जस्ले
यो आज्ञा फेर्फार् गर्ला त्येस्को घर् देखि येउटा डांडा निकालीओस् र त्यो
त्येसैमां टांगि अलग्याईओस् अं येसैकारण त्येस्को घर् घुयान् तुल्याईओस्
१२ अनि जस् ईश्वरले आफनु नांउ वहां बस्नको लागि राख्यो उस्ले ति सबै
राजाहरू प्रजाहरूलाइ उल्टावस् जस् जस्ले यरूशलेममां भयेको त्यो घर्
नास् पार्नुलाइ या आज्ञा फेर्नुलाइ आफना हात् लगाउंनन्। यो आज्ञा
लेखाउंने म दारा हुं त फुर्ति सित त्यो गरीओस्॥
१३ तब महानदी वारीको तत्तनै मालिक् र शतर्बोजनै तिनिहरूका
साथीहरू समेतले दारा राजाले पठायेको कारणले फुर्ति सित सबै काम्
गर्ये। अनि हाग्गै अगमवक्ता र इद्दोको छोरो जकरीयाको अगमवचनको
१४ कारणले यहूदीहरूका प्राचीनहरूले भाग्यमान् हुंदै बनाये। अनि
इस्राएलको ईश्वरको आज्ञा अनसार् अनि कोरेश र दारा र फारसको
१५ राजा अर्तक्षत्रको आज्ञापत्र अनसार् तिनिहरूले बनाये अनि सिध्याये। त
दारा राजाको राजको छैठों वर्षमां भयेको अदार् भनींने महीनाको तीखो
१६ तिथिमां त्यो घर् सिद्धीयो। अनि इस्राएलबंशीहरू र पूजाहारीहरू र
लेवीहरू बन्धुवाई देखि आयेका रह्याकाहरूले ईश्वरको घरको घरमञ्जो
१७ रमाहट् सित गर्ये। अनि तिनिहरूले ईश्वरको त्येस् घरको घरमञ्जोमां
एक् सै बाच्छा दुइ सै थुमा चार् सै पाठाहरू चढाये अनि सिंगै इस्राएलको
पापबलि गरि इस्राएलका कुलको गन्ति अनसार् बारहवटा बोकाहरू।
१८ अनि तिनिहरूले यरूशलेममां भयेको ईश्वरको सेवागराईको लागि
पूजाहारीहरूलाइ भाग् भागगरि र लेवीहरूलाइ पालो पालोगरि खटायो
मूसाको पोस्तकमां लेखीयेको अनसार्॥
१९ अनि पहिलो महीनाको चौधौं तिथिमां बन्धुवाई देखि आयेकाहरूले
२० निस्तार् चाडू मान्ये। कसोगरिभन्ये पूजाहारीहरू र लेवीहरूले एक् मनका
भइ आफु आफूलाइ शुद्ध पार्याका थिये त तिनिहरू सबै शुद्ध भये. त
तिनिहरूले बन्धुवाई देखि आयेका सबैहरू र आफना भाई पूजाहारीहरू र
२१ आफनु लागि निस्तार्चाडूको पशु बलि गर्ये। तब बन्धुवाई देखि आयेका
इस्राएलबंशीहरू र जति जना इस्राएलको ईश्वर् यहवेलाइ खोजनुको लागि
तिनिहरू थांइ देसका अन्यदेसीहरूको फोहर् देखि छुटेका थिये तिनिहरू
२२ सबैले खाये अनि सात् दिन् सम्म अखमीरे रोटीको चाडू रमाइ
रमाइकन मान्दै रह्ये. किनभन्ये यहवेले तिनिहरूलाइ रमाहटि तुल्यायेको
थियो अनि इस्राएलको ईश्वरको घरको काममां तिनिहरूको काम् तियार्
पार्नुलाइ अश्शूरको राजाको मन् पनि फर्काइ दियेको थियो॥

(राजाको पट्टि बाटो एज्रा यरूशलेम्मां पठाईंनु)

त यि कुरा पछि फारस्को राजा अर्तक्षत्रको राज्मां सरायाह्को ७ १
छोरो एज्रा जो अजर्याह्को छोरो जो हिल्कियाह्को छोरो जो २
शल्लूम्को छोरो जो सादोक्को छोरो जो अहीतूबको छोरो जो ३
अमर्याह्को छोरो जो अजर्याह्को छोरो जो मरायोत्को छोरो जो ४
जरह्याह्को छोरो जो उज्जीको छोरो जो बुक्कीको छोरो जो ५
अबीशूअको छोरो जो पिनहास्को छोरो जो एलाजारको छोरो जो
मूल्पूजाहारी हारून्को छोरो थियो. त्यिइ एज्रा बाबेल् देखि चढि आयो ६
अनि त्यो इस्राएल्को ईश्वर् यह्वेले दियेको मूसाको व्यवस्थामां सिपालु
शास्त्री थियो. अनि त्यसको ईश्वर् यह्वेको आशीष् त्यस् माथि पर्येको
अनुसार् राजाले त्यसलाइ त्यस्ले मांग्येका सबै दियो। अनि अर्तक्षत्र राजाको ७
सातौं बर्षमां इस्राएलबंशीहरू र पूजाहारीहरू र लेवीहरू र गीत् गाउंनेहरू
र दुवारपाल्हरू र नतीनीहरूमांका कत्ति जना यरूशलेम्मां चढि आये।
राजाको सातौं बर्षको पांचौं महीनामां त्यो यरूशलेम्मां आइ पुग्यो। अं ८ ९
पहिलो महीनाको पहिलो तिथिमां बाबेल् देखि चढि जांनु थाल्यो अनि
त्यसको ईश्वरको कृपालु आशीष् त्यस् माथि पर्येको अनुसार् पांचौं
महीनाको पहिलो तिथिमां यरूशलेम्मां आइ पुग्यो। कसोगरिभन्ये १०
एज्राले यह्वेको व्यवस्था तिर आफ्नु मन् लगायेको थियो त्यो मान्नुलाइ
अनि इस्राएल्मां बिधिहरू र नियाबचन्हरू सिकाउंनुलाइ॥

तब एज्रा शास्त्री पूजाहारीलाइ अं यह्वेका आज्ञाका कुरा र उसका ११
बिधि इस्राएल्को लागि चलाउंने शास्त्रीलाइ अर्तक्षत्र राजाले दियेको
चिट्ठीको नकल् येइ हो। एज्रा पूजाहारी अं स्वर्गको ईश्वर्को व्यवस्थाको १२
शास्त्रीलाइ अर्तक्षत्र महाराजाहरूको अधिराज्को सलाम् इत्यादि पुगोस्।
मं यो आज्ञापत्र लेखाउंद छु मेरो राज्मां इस्राएल्का जत्ति लोग् र अनि १३
पूजाहारीहरू र लेवीहरूले यरूशलेम्मां जांने मन् गर्द छन् तिनिहरू
तिमिहरू सङ जाउन्। कसोगरिभन्ये तिमि ता राजा र त्यसका सात् १४
मंत्रीहरूकांटो पठाईयेका छौ तिम्रो हात्मां भयेको तिम्रो ईश्वरको व्यवस्था
अनुसार् यहूदा र यरूशलेम्को बिषयमां सोध्नुको लागि अनि १५
राजा र त्यसका मंत्रीहरूले यरूशलेम्मां बास् गर्ने इस्राएल्को ईश्वर्को
लागि मनमानीगरि दियेका सबै सुन् चांदी अनि लोगको र १६
पूजाहारीको मनमानीभेटि जो भेटि तिनिहरूले येरूशलेम्मां भयेको
आफ्नु ईश्वर्को घर्को लागि मनमानीगरि दियेका थिये ति भेटि समेत्
बाबेल्को सिंगै खण्डमां तिमिले पायेको सबै सुन् चांदी लैजांनुको लागि
येकारण् फुर्त्ति गरिकन ति रुपियाले बाच्छाहरू थुमाहरू पाठाहरू र १७
तिनिहरूका अन्नबलि र खन्याईबलि समेत् किन्येर यरूशलेम्मां भयेको

१८ आफ्नु ईश्वर्को घर्को बेदिमां ति चढ़ाउंनु। अनि उबर्येका सुन् चांदीको
ज्ये तिमि र तिम्रा दाज्युभाईहरुलाइ जाति लाग्‌ला त्येइ आफ्नु ईश्वर्को
१९ इच्छे अनुसार् गर्नु। आफ्नु ईश्वरको घरको सेवागराईको लागि
तिमिलाइ दिईयेका सबै भांड़ाबर्तन् यरूशलेम्को ईश्वर्को सांमु पूरापूर्
२० दिहाल्नु। अनि येस् उप्रान्त ज्ये ज्ये तिम्रो ईश्वर्को घर्को लागि खांचो
होला अं ज्ये ज्ये तिमिले दिंनु पर्ला ति सबै राजाको भंडार् देखि
२१ दिहाल्नु। अनि मं चइं अं मं अर्तक्षत्र राजा यो आज्ञापत्र महानदी पारि
का सबै भंडारीहरुलाइ लेख्दछु स्वर्गको ईश्वर्को व्यवस्थाको शास्त्री एज्रा
२२ पूजाहारीले ज्ये ज्ये तिमिहरु सित मांग्‌ला त्यो फुर्तिगरि गरोस् एक्
सै तोड़ा सम्म चांदी र एक् सै कोठी सम्म गहूं र एक् सै मुरि सम्म मद र
२३ एक् सै मुरि सम्म तेल् र नुन् जत्ति सम्म चाहिंछ ति दिईउन्। स्वर्गको
ईश्वरले ज्ये ज्ये आज्ञा गर्ला स्वर्गको ईश्वर्को घर्को लागि ठीक् त्येसै
गरोस् त राजा र राजकुमार्हरुको राज्‌को बिरुद्धमां किन रिस् उठोस्।
२४ येस् उप्रान्त पूजाहारीहरु र लेवीहरुमांको कुनै मान्छे र गीत् गाउंनेहरु
दुवार्पालहरु नतीनीहरु र ईश्वर्को त्येस् घर्को कुनै दाम्को बिषय्मां यि
कुरा तिमिहरुलाइ जनाउंदछौं तिनिहरु मांथि सिर्तु भारा किस्ता र जगात्
२५ लगाउंनु हुंदैन। फेरि ए एज्रा तिमिहरुको हात्मां भयेको तिमिहरुको
ईश्वरले दियेको बुद्धि अनुसार् न्यायीहरु र बिचारीहरुलाइ खटाउंनु
जुन्हरुले महानदी पारि बस्ने सबै लोग्‌हरुको बिचार् गर्नेन् अं जति
जना तिम्रो ईश्वर्का व्यवस्थाहरु जान्ने छन् अनि ति न जान्नेहरुलाइ
२६ सिकाउंने गर। अनि जस् जस्ले तिम्रो ईश्वर्को व्यवस्था र राजाको आज्ञा
मान्देन त्येस् मांथि फुर्ति सित नियादण्ड गरोस् को मरणदण्ड कि देस्
देखि निकालाबास् कि त्येस्को आलमाल् सर्बस्वदण्ड दिंनु कि झेल्‌खान्‌मां
हाल्नु फुर्ति सित निया गरोस् भन्ये॥

(एज्राले गर्‍येको प्रार्थना)

२७ हांमिहरुका पित्रहरुको ईश्वर् यहूवे धन्नको हवस् जस्ले यरूशलेम्मां
भयेको यहूवेको घर् सिंगार्नुको लागि येस्तै कुरा राजाको मन्मां हालि
२८ दियो अनि जस्ले राजा र त्येस्का मंत्रीहरुको सांमु र राजाका सबै
बड़ बड़े मालिक्हरुको सांमु मं मांथि दया गर्नु भयेको छ। अनि मं आफ्नु
ईश्वर् यहूवेको आशीष् मं मांथि पर्‍येको अनुसार् हूप् बांधेर इस्राएल्मांका
मुखियाहरुलाइ आफु सङ चढ़ि जांनुको लागि भेला गर्‍यें॥

(यरूशलेम्मां आइ पुग्येको बखान्)

८ १ त आफ्ना पित्रहरुका घर् घर्का मूल्‌हरु जो राजा अर्तक्षत्रको
राज्‌मां बाबेल् देखि मं सङ चढ़ि आये ति यिनै हुन् अनि तिनको

वंशावली येइ हो। पीनहासवंशीहरूमांको गेर्शोम्. ईतामारवंशीहरूमांको २
दानिय्येल्. दाऊद्वंशीहरूमांको हत्तुश्। शकन्याह्वंशी पेरोश्का वंशीहरूमांको ३
जकर्याह्. जो सङ्ग एक् सै पचास् वंशावली हुंने पुरुषहरू पनि गनीयेका
थिये। पहत्मोआबवंशीहरूमांको जरह्याह्को छोरो एल्यहोएने जो सङ्ग ४
दुइ सै पुरुष् आये। शकन्याह्वंशीहरूमांको यहजीएल्को छोरो जो सङ्ग ५
तीन् सै पुरुष्। आदीन्वंशीहरूमांको योनातानको छोरो एबेद् जो सङ्ग ६
पचास् पुरुष्। एलामवंशीहरूमांको अतल्याह्को छोरो यशायाह् जो सङ्ग ७
सत्तरी पुरुष्। शपत्याह्वंशीहरूमांको मीकाएल्को छोरो जबद्याह् जो सङ्ग ८
असी पुरुष्। योआबवंशीहरूमांको यहीएल्को छोरो ओबद्याह् जो सङ्ग ९
दुइ सै अठारह् पुरुष्। शलोमीत्वंशीहरूमांको योसिप्याह्को छोरो जो १०
सङ्ग एक् सै साठी पुरुष्। बेबैवंशीहरूमा बेबैको छोरो जकर्याह् जो सङ्ग ११
अट्ठाईस् पुरुष्। अजगाद्वंशीहरूमांको हक्कातान्को छोरो योहानान् १२
जो सङ्ग एक् सै दस् पुरुष्। अदोनीकाम्वंशीहरूमांका जो पछिले आयेका १३
थियेनन् तिनका नाउं यि हुन् अर्थात् एलीपेलेत् यीएल् र शमायाह् र
तिनिहरू सङ्ग साठी पुरुष्। अनि बिग्वैवंशीहरूमांको ऊतै र जब्बूद् जुन् १४
सङ्ग सत्तरी पुरुष्॥

तिनिहरूलाइ मैले अहवामा बहंने नदी निर भेला गर्यें जहां १५
हामिहरूले तीन् दिन सम्म डेरा हाल्यूं. त मैले लोग् र पूजाहारीहरूलाइ
हेर्यर लेवीवंशीहरूमांको कसैलाइ पनि पाइंन। तब मैले एलीएजेर् १६
अरीएल् शमायाह् एल्नातान् यारीब् एल्नातान् नातान् जकर्याह् र
मशुल्लाम् यि मुखिया भनीनिहरूलाइ बोलाइ पठायें अनि योयारीब् र
एल्नातान् जो बुद्धिमान्हरू थिये तिनिहरूलाइ पनि बोलाइ पठायें। अनि १७
तिनिहरूलाइ कासिप्या भनीने ठाउंको मालिक् इद्दो थांइ पठायें अनि
कासिप्या ठाउंमा पुग्यर इद्दो र त्यसका नतीनी भाईहरूलाइ तिनिहरूले
हामिहरू थांइ हामिहरूको ईश्वरको घरको लागि सेवा गर्नेहरूलाइ
ल्याउंनुलाइ के के भन्नु पर्थ्यो तिनिहरूलाइ सिकाइ दियें। त हामिहरूको १८
ईश्वरको दयालु आशीष् हामिहरू माथि पर्थ्येको अनुसार् तिनिहरूले
इस्राएल्को छोरो लेवीको छोरो मह्लीवंशीहरूमांको येउटा बुद्धिमान्लाइ
हामिहरू थांइ ल्याये अनि शेरेब्याह् र त्यसका छोराहरू र भाईहरू समेत्
अठारह् जना फेरि हशब्याह् अनि त्यो सङ्ग मरारीवंशीको यशायाह् १९
त्यसका भाईहरू र तिनिहरूका छोराहरू बीस् जना अनि दाऊद् र २०
मालिक्हरूले लेवीहरूको चाकरी गर्नुलाइ दियेका नतीनीहरूमांका दुइ सै
बीस् नतीनीहरू. ति सबै नांउ काढ़ि काढ़िकन। तब हामिहरूले आफूलाइ २१
आफ्नु ईश्वरको सांमु दीन् तुल्याउंनुको लागि उ सित आफ्नु लागि र
आफ्ना बाल्बच्चाहरूको लागि र आफ्ना सबै सम्पत्तिको लागि सुफल्यात्रा
मांगनुको लागि मैले वहां अहवा नदी निर उपासको उर्दी दियें।
किनभन्ये बाटोमांका बैरीहरू देखि बचाउंनुको लागि हामिहरूको गोहार् २२

गर्न सिपाइहरु र त्रकसवारहरुको लस्कर् राजा सित मांगनुलाइ मलाइ
लाज् लाग्यो. कसोगरिभन्ये हांमिहरुले हांमिहरुको ईश्वर्को आशीष्
उस्लाइ खोज्ने सबै मांथि भलाईको लागि राख्येको छ तर उस्को बल् र
२३ कोप् उस्लाइ छोड्ने मांथि पर् छ भन्येर राजालाइ भन्येका थियूं। त
हांमिहरुले येस्को बिषयमां उपास् बसिकन ईश्वरको दोहाई गर्‍यूं.
२४ अनि उस्ले हांमिहरुको बिन्ति सुन्यो। तब मैंले पूजाहारीहरुका
मूलहरुका बारह् जना अं शरेब्याह् हशब्याह् र तिनिहरु सङ्ग तिनिहरुका
२५ भाईहरुमांका दस् जनालाइ छुट्यायेर तिनिहरुको लागि राजा र
त्येस्का मंत्रीहरु र त्येस्का मालिक्हरु र वहां भेला भयेका सिंगै इस्राएलले
हांमिहरुको ईश्वर्को घर्को लागि दियेका भेंटि अर्थात् सुन् चांदी र
२६ भांड़ाबर्तन् जोखि जोखिकन दियो. अं छ सै पचास् तोड़ा चांदी र
२७ एक् सै तोड़ा चांदीका भांड़ाहरु एक् सै तोड़ा सुन् एक् हजार्
अशर्फी भयेका सुन्का बीसवटा कटोरा र सुन् जस्तो अमोल् असल्
चम्कीलो पीतलका दुवटा भांड़ाहरु तिनिहरुका हातमां जोखि जोखिकन
२८ दियें। अनि मैंले तिनिहरुलाइ भन्यें यहवेको लागि तिमिहरु ता पवित्र
छौ अनि यि भांड़ाहरु पनि पवित्र छन् अनि ति सुन् चांदी तिमिहरुका
२९ पित्रहरुको ईश्वर् यहवेको लागि मनमानी भेंटि छन्। त चंख रह अनि
तिमिहरुले यरुशलेम्मां यहवेको घरको कोठा मां पूजाहारी लेवीहरुका
मुखियाहरु इस्राएलका पित्रहरुका घर् घरको मांमु यि जोखाई न
३० गरुंज्याल् सम्म तिनको रक्षा गर। त पूजाहारी र लेवीहरुले ति हांमिहरुको
ईश्वर्को घर्मां यरुशलेम्मां पुर्‍याउंनुलाइ ति सुन् चांदी र भांड़ाबर्तन्
जोखि जोखिकन पाये॥

३१ त पहिलो महीनाको बाह्रौं तिथिमां यरुशलेम्मां जांनुको लागि
हांमिहरु अहवा नदी देखि हिंड्यूं. अनि हांमिहरुको ईश्वर्को आशीष्
हांमिहरु मांथि पर्‍यो त उस्ले हांमिहरुलाइ बाटोका बैरीहरु र
३२ ढुकुवाहरुको हात् देखि छोड़ायो। निदान्मां हांमिहरु यरुशलेम्मां पुग्येर
३३ यहां तीन् दिन् सम्म बस्यूं। वहांदेखि चौथो चइं दिन्मां सुन् चांदी र
भांड़ाबर्तन्हरु हांमिहरुको ईश्वरको घर्मां ऊरीयाह् पूजाहारीको छोरो
मरेमोत्को हात्मां जोखि जोखिकन दिईये अनि त्यो सङ्ग पीनहास्को
छोरो एलाजार् पनि थियो अनि तिनिहरु सङ्ग येशूअको छोरो योजाबाद् र
३४ बिन्नूईको छोरो नोअद्याह् लेवीहरु पनि थिये सबै थोक् गनि
गनिकन र जोखि जोखिकन दिईये. अनि तिनका सबै जोखाई त्येइ
३५ बेला लेखीये। तब पराय् देस् देखि आयेका बन्धुवाई देखि छुटेकाहरुले
इस्राएलको ईश्वर्को लागि होमबलिदान् चढाये अर्थात् सिंगै इस्राएल्को
लागि पापबलिगरि बारह्वटा बाच्छा छियानब्बेवटा भुमा सतहत्तर् वटा
पाठा बारह्वटा बोका. यि सबै यहवेको लागि होमबलिदान् थियो।
३६ फेरि तिनिहरुले राजाका आज्ञापत्रहरु महानदी वारिका मालिक्हरुलाइ र

राजाका सेनापतिहरूलाइ सुम्पि दियें . त तिनिहरूले लोगको र ईश्वर्को
घर्को काम्मां गोहार् गर्‍ये ॥

(यहूदाको पाप्को कारण्ले एज्राले गर्‍येको प्रार्थना)

यि काम् सके पछि मालिक्हरू येसो भन्दै मं थांइ आये ९ १
इस्राएल्को लोग् र पूजाहारीहरू र लेवीहरू पनि देस् देस्का लोग् देखि
छुट्टीयेका छैनन् तर कनानीहरू हित्तीहरू परिज्जीहरू यबूसीहरू अम्मोनीहरू
मोआबीहरू मिस्रीहरू र एमोरीहरूका घिन्लाग्दा काम् अनुसार् गर्दै
छन् । कसोगरिभन्ये यिनिहरूले तिनिहरूका छोरीहरूमांकोलाइ आफ्नु २
लागि र आफ्ना छोराहरूको लागि ल्यायेका छन् येसैगरि पवित्र वंश देस्
देस्का लोग् सङ मिसीयेका छन् . अं येस् अपराध्मां मालिक्हरू र
मुखियाहरू पहिला पहिला छन् । यि कुरा सुन्दा मैले आफ्नु लुगा र खाष्टो ३
फार्‍येर आफ्नु सिर् र दारीका केस् उखेल्यें अनि छक्क परि रहें । तब जति ४
जना इस्राएलको ईश्वर्का कुरा देखि थर्थराउंनेहरू थिये बन्धुवाई देखि
आयेको अपराध्को कारण्ले ति सबै मं थांइ भेला भये अनि सांझको
भेटि चढाउंने बेला सम्म छक्क परि बसि रहें । वहांदेखि सांझ्को भेटको ५
बेलामां मं आफ्नु लुगा र खाष्टो फारेयेको भइ आफ्नु तपस् देखि उठेर
वहांदेखि आफ्ना घुंडा टेकेर आफ्नु हात् आफ्नु ईश्वर् यहूवे तिर
थार्‍यें वहांदेखि भन्यें हे मेरो ईश्वर् मं आफ्नु मुख् तपांइ तिर ६
उठाउंनु अघार् लजाउंद छु हे मेरो ईश्वर् . किनभन्ये हांमिहरूको अधर्म्म
हांमिहरूको सिर् मांथि बढेका छन् अनि हांमिहरूको दोष् बढेर स्वर्ग
सम्म पुग्येको छ । हांमिहरूका पित्रहरूको पाला देखि आजु सम्म बिघ्र ७
दोषी छौं अनि हांमिहरूका अधर्म्मको कारण्ले हांमिहरू आफ्ना राजाहरू
आफ्ना पूजाहारीहरू समेत् तरवार् बन्धुवाई लूटाइ र मुखको लाज्को
लागि देस् देस्का राजाहरूको हात् हात्मां सुम्पीयेका छौं आजुको दिन्
जस्तो । त अब एक्छिन्को लागि हांमिहरूको ईश्वर् यहूवे देखि येति ८
अनुग्रह् देखाईयेको छ हांमिहरूमांका अलि अलि बचाइंनु दिंनुलाइ
अनि पवित्रस्थान्मां येउटा कीला जस्तो हांमिहरूलाइ दिंनुलाइ हांमिहरूको
ईश्वर्ले हांमिहरूको आंखामां ज्योति दियेर हांमिहरूको बन्धुवाई हुंने
बेलामां अलिक् नया जीवन् दिंनु भन्ने खातिर्ले । कसोगरिभन्ये दास् ता हौं ९
तैपनि हांमिहरूको दासहुवाईको गत्मां हांमिहरूको ईश्वर्ले हांमिहरूलाइ
छोड्रेको छैन तर फारस्का राजाहरूको सांमु हांमिहरूलाइ अनुग्रह् गराइ
दियो हांमिहरूलाइ नया जीवन् दिंनुको लागि र हांमिहरूले ईश्वर्को
घर् उभ्याउंनुको लागि र त्येस्को उजाड्को मरम्मत् गर्नुको लागि अनि
हांमिहरूलाइ यहूदा र यरूशलेम्मां येउटा घेराभित्ता दिंनुको लगि । त १०
अब हे हांम्रो ईश्वर् येस् पछि के भनूं किनभन्ये तपांइका आज्ञा छोड्रेका
छौं जुन् आज्ञा तपांइले आफ्ना दास् अगमवक्ताहरूको द्वाडोले येसोरि ११

भनु भयेको छ जुन देसमां त्येस्को अधिकारी हुंनुको लागि पस्दै छौ त्येस्
देसका लोग् लोगको अशुद्धैईको कारणले र तिनिहरुले एक् छेउ देखि
अर्को छेउ सम्म आफनु फोहरले त्यो भयेको तिनिहरुको घिनलागदो
१२ कामको कारण अशुद्ध देस् छ। त अब आफनो छोरीहरुलाइ तिनिहरुका
छोराहरुलाइ न दिंनु न तिनिहरुको छोरीहरु आफना छोराहरुको लागि
लिंनु न तिनिहरुको कुशल् चेम न सधैंको लागि तिनिहरुको भाग्येमानी
खोजनु. र तिमिहरु बलिया भयेर देसका जाति जाति थोक् खाव अनि
आफनु बंशको लागि त्यो सधैंभरिको अधिकारी गरि छोडि राख भन्ने
१३ आज्ञा। त हांमिहरुको बुरा काम् र ठुलो दोषको कारणले जे जे हांमिहरु
मांथि पर्‍येको छ कसोगरिभन्ये तपांइ हांम्रो ईश्वरले हांमिहरुका अधर्म्म
अनुसारको दण्ड भन्दा अरु सांनु दण्ड मात्रै हांमिहरु मांथि दिंनु भयो
१४ अनि हांमिहरुलाइ येस्तो बर्चतिभाग पनि दिंनु भयेको छ त को
हांमिहरु अझै फेरि तपांइका आज्ञा नांघेर ति घिनलागदा काम् गर्ने
लोगहरु सङ कुटुम्बेरी गरुं. को तपांइ हांमिहरु मांथि हांमिहरुलाइ
नास् पारुंज्याल् सम्म रिसाउंनु हुंन थियेन अनि येसोरि न कोई बर्चतिभाग
१५ न कोई बचाईने हुंन थियो। हे परमे इस्राएलको ईश्वर् तपांइनै धर्म्मी
छो कसोगरिभन्ये बचाईयेको बर्चतिभाग हांमिहरु रह्यका छौं आजुको
दिन् जस्तो. हेर्नु हवस् तपांइको सांमु दोषमां छुंद छौं येस्कारण
तपांइको सांमु कोई पनि उभीनु सक्दैन॥

(अन्यजात्को स्त्रीहरु)

१० १ जब एज्रा ईश्वरको घरको सांमु निउंर्येर रोइ रोइकन प्रार्थना
गर्दै कायल् हुंद थियो तब इस्राएलमांका पुरुष् स्त्री बालखहरुको अरघोर्
२ ठुलो मंडलो त्यो थांइ भेला भयो. किनभन्ये लोग् सारो रुंद थियो। तब
एलामबंशीहरुको यहीएलको छोरो शकन्याहले उत्तर् दिइ एज्रालाइ भन्यो
आफनु ईश्वरको बिरुद्धमां अपराध् गर्‍येर देसका लोगको अन्यजातको
स्त्रीहरुलाइ ल्यायेका छन्. तैपनि येस् कुराको बिषयमां इस्राएलको
३ लागि अझै पनि आसा रह्यको छ। त अब हांमिहरुले आफनु प्रभुको
र आफनु ईश्वरको आज्ञा देखि डराउंनेहरुको सल्लाह् अनुसार् हांमिहरुले
सबै स्वास्नीहरु र ति देखि जन्म्येकाहरु सबै निकालुं भन्ये बाचा आफनु
४ ईश्वर् सित बांधूं अनि ति सबै व्यवस्था अनुसार् गरौंअोम्। उठनु हवस्
किनभन्ये यो कुरो आफु मांथि आइ पर्दै छ अनि आफु सङ हांमिहरु छौं.
५ हूप् बांधिकन यो गर्नु हवस्। तब एज्राले उठेर पूजाहारीहरुका
मूलहरुका लेवीहरु र सिंगै इस्राएललाइ यो कुरो अनुसार् गर्छौं भन्ये
६ किरिया खुवायो। त तिनिहरुले किरिया खाये। तब एज्रा ईश्वरको
घरको सांमु देखि उठेर एल्याशीबको छोरो योहानानको कोठामां पस्यो.
अनि त्यहां पुग्येर न रोटी खायो न पानी पीयो. किनभन्ये बन्धुवाई

देखि आयेकाहरुका अप्राधको कारणले बिलाप् गर्द थियो। तब तिनिहरुले ७
बन्धुवाई देखि आयेका सबैलाइ यहूदा र यरूशलेममां येसो भन्येर उर्दी
सुनायो तिमिहरु यरूशलेममां भेला हव अनि जो मालिकहरु र ८
प्राचीनहरुको सल्लाह् अनुसार् तीन् दिनको भित्र आउंदैन त्येस्का सबै
सम्पत्ति भाकल् गरायेको थोक् जस्तो गरौंछ अनि त्यो चइं बन्धुवाईको
मंडली देखि कुट्याउंछ। तब यहूदा र बिन्यामीनका सबै मान्छेहरु तीन् ९
दिन् भित्रमां यरूशलेममां भेला भये नवं महीनाको बीसौं तिथिमां. अनि
सबै लोग् त्यो कुरा र बड़ो बृष्टिको कारणले ईश्वरको घरको मांसु चोकमां
कांप्दै कांप्दै बसि रह्या। तब एज्रा पूजाहारीले उभीयेर तिनिहरुलाइ १०
भन्यो अप्राध् गर्यौ अनि इस्राएलको दोष् बढ़ाउंनुलाइ अन्यजातका
स्त्रीहरुलाइ ब्याहा गर्यौ। त अब आफ्ना पित्रहरुको ईश्वर् यहवेको सांमु ११
कायल् भयेर उस्को इच्छे पूरो गर. वहांदेखि देसको लोग् देखि र
अन्यजातको स्त्रीहरु देखि कुट्टायौ। तब सिंगै मंडलीले ठुलो शब्दले १२
उत्तर् दिये हांमिहरुको बिषयमां आफुले भन्येको भैं हांमिहरुले गर्नु पर्छ
भनि। तर लोग् धेरै छन् अनि बड़ो बृष्टिको ऋतु छ त बाइर उभीनु १३
सक्दैन येस् बाहिक् यो काम् एक् दुइ दिनको काम् छैन. कनोगरिभन्ये
येस् कुरामां मारो अप्राध् गर्येका छौं। त सिंगै मंडली देखि १४
हांमिहरुका मालिकहरु खटाईउन् अनि हांमिहरुको सहरमां अन्यजातको
स्त्रीहरु ल्याउंनेहरु सबै जना ठहरायेको बेलामां आउन् अनि तिनिहरु
सङ सहर् सहरका प्राचीनहरु र तिनिहरुका बिचारीहरु पनि आउन् येस्
कुराको बिषयमां हांमिहरुको ईश्वरको बल्दोरिस् हांमिहरु देखि न
फर्कुंज्याल् सम्म। येस् कुराको बिरुद्धमां खालि असाहेलको छोरो योनातान् १५
र तिकवाको छोरो यशैयाह् मांत्रै उभीये. अनि मशुल्लाम् र लेवी
शब्बतैले तिनिहरुको गोहार् गर्ये। तर बन्धुवाई देखि आयेकाहरुले त्यसै १६
गर्ये। त एज्रा पूजाहारी र पित्रहरुको घर् घर् अनुसार् पित्रहरुका घर्
घरका कत्ति जना मूलहरु सबै जना नांउ काढ़ि काढ़िकन छुट्याईये त
तिनिहरु दसौं महीनाको पहिलो तिथिमां यो कुरा जांच्नुलाइ बस्ये।
पहिलो महीनाको पहिलो तिथि सम्म अन्यजातको स्त्रीहरु ल्याउंनेहरुको १७
बिषयको कुरो सक्कीयो। त अन्यजातको स्त्रीहरु ल्याउंनेहरु यति जना १८
पूजाहारीबंशीहरुको खालमां पाईये अर्थात् योजादाकको छोरो येशूअको
बंशमांको र त्येस्का भाईहरु मासेयाह् एलीएजेर् यारीब् र गदल्याह्।
त तिनिहरुले हांमिहरु आफ्नो अन्यजातका स्त्रीहरुलाइ निकाल्छौं १९
भनि हात् मांग्ये अनि अप्राधी भयूं भन्येर आफ्नु अप्राधको लागि
बगालका थुमा बलि गर्ये। अनि इम्मेरबंशीमांका हनानी र जबद्याह्। फेरि २०२१
हारीमबंशी मासेयाह् एलिय्याह् शमायाह् यहीएल् र उज्जिय्याह्। फेरि २२
पशहूरबंशी एल्योएनै मासेयाह् इश्माएल् नतनेल् योजाबाद् र एलासा।
फेरि लेवीहरुमांका योजाबाद् शिमी केलायाह् जो कलीता पनि भनींद छ २३

२४ पतह्याह् यहूदा र एलीएजेर् । अनि गाउनेहरूमांका एल्याशीब्. अनि
२५ दुवार्पालहरूमांका शलूम् तेलेम् र ऊरी । अनि इस्राएलहरूमांका.
परोशवंशीहरूमांका रम्याह् यिज्जिय्याह् मल्किय्याह् मिय्यामीन् एलाजार्
२६ मल्किय्याह् र बनायाह् । फेरि एलाम्वंशीहरूमांका मत्तन्याह् जकर्याह्
२७ यहीएल् अब्दी यरेमोत् र एलिय्याह् । फेरि जत्तूवंशीहरूमांको एल्योएनै
२८ एल्याशीब् मत्तन्याह् यरेमोत् जाबाद् र अजीजा । फेरि बेबैवंशीहरूमांका
२९ यहोहानान् हनन्याह् जब्बै र अत्लै । फेरि बानीवंशीहरूमांका मशुल्लाम्
३० मलूक् अदायाह् याशूब् शाल् र यरामोत् । फेरि पहत्मोआबवंशीहरूमांका
अदना कलाल् बनायाह् मासेयाह् मत्तन्याह् बसलेल् बिन्नूई र मनश्शे ।
३१ फेरि हारीमवंशीहरूमांका एलीएजेर् यिश्शिय्याह् मल्किय्याह् शमायाह्
३२ ३३ शिमोन् बिन्यामीन् मलूक् र शमर्याह् । हाशूमवंशीहरूमांका मत्तनै
३४ मत्तत्ता जाबाद् एलीपेलेत् येरेमै मनश्शे र शिमी । बानीवंशीहरूमांका
३५ ३६ मादै अम्राम् र ऊएल् बनायाह् बेदयाह् कलूही वन्याह्
३७ ३८ मरेमोत् एल्याशीब् मत्तन्याह् मत्तनै यासू बानी बिन्नूई शिमी
३९ ४० शेलेम्याह् नातान् अदायाह् मक्नद्बै शाशै शारै अजरेल् शेलेम्याह्
४१ ४२ शमर्याह् शल्लूम् अमर्याह् र योसेफ् । नबोवंशीहरूमांका यीएल्
४३ मत्तित्याह् जाबाद् जबीना इद्दो योएल् र बनायाह् । यि सबैले
४४ अन्यजातको स्त्रीहरू ल्यायेका थिये. अनि कति स्त्रीहरूले बालखहरू
पनि जन्मायेको थिइन ॥

नहेम्याह्को पोस्तक् ।

(नहेम्याह् यरूशलेम्मां आउनु)

१ १ हकल्याह्को छोरो नहेम्याह्को बखान् ॥
बीसौं वर्षको किस्लेव् भनीने महीनामां येसो भयो मं शूशन् नांउ
२ भयेको किल्लामां हुंदा हनानी नांउ भयेको येउटा मेरो भाई यहूदा
बाटो आयेका कति जना सङ्ग आयो त मैले ति बांच्येका यहूदीहरू जो
बन्धुवाई देखि छुटेरका थिये तिनिहरूको गतको विषयमां र यरूशलेमको
३ विषयमां सोध्यें । त तिनिहरूले मंलाइ भन्ये बन्धुवाई देखि छुटेरका बांच्येका
लोग् वहां खामां बड़ो दुक्ख र दुर्गतमां पर्येका छन्. यरूशलेमको भित्ता
४ पनि भत्कायेका छन् अनि त्यसका ढोकाहरू आगोले डड़ेरका छन् । त येसो
भयो यो कुरा सुन्दा मं बसेर रोयें अनि कति दिन् सम्म विलाप् गर्दै रह्यौं
५ अनि स्वर्गको ईश्वरको सांमु उपास् बसिकन प्रार्थना गर्यें अनि भन्यें
हे यहवे स्वर्गको ईश्वर् महा र डर्लागदो ईश्वर् जस्ले तपांइ सङ्ग प्रेम्

गर्ने र तपांइका आज्ञा मान्नेहरू रूङ नियम् र दया राख्नु हुंद छ मं तपांइ
सित बिन्ति गर्द छु . अब तपांइका कान् थापोंओस् अनि तपांइका आंखा ६
खोलौउन् र जो प्रार्थना तपांइको सांमु एले दिन् रात् तपांइको दास्
इस्राएलबंशीहरूको लागि चढाउंद छु तपांइको दासको प्रार्थना सुन्नु हवस्
जब मं इस्राएलबंशीहरूको जुन् पाप् हांमिहरूले तपांइको बिरुद्धमां
गर्येका छौं तिनको कारण् हुंद छु . अं मैंले र मेरो बाबुको घरानले
पनि पाप् गर्येको छ । तपांइको बिरुद्धमां हांमिहरू असाधारे बिगार्येका ७
छौं अनि न तपांइले आफ्नु दास् मूसालाइ अह्रार्येका आज्ञाहरू र बिधिहरू
र नियाबचनहरू मान्र्येका छौं । तर बिन्ति गर्द छु आफ्नु दास् मूसालाइ ८
येसो येसो भनि आज्ञा गर्थ्या कुरा सम्झनु हवस् अर्थात् अपराध् गर्यौ
भन्ये देखि तिमिहरूलाइ लोग् लोगको बीचमां छरपुट् पार्छु . तर मं ९
तिर फर्क्यौ अनि मेरा आज्ञा मान्येर गर्यौ भन्ये देखि तिमिहरू निकालीयेर
स्वर्गको पल्लो छेउ सम्म पुर्याईयेका भये पनि वहांदेखि मं तिमिहरूलाइ
बटुलछु अनि मैंले वहां आफ्नु नांउ राख्नलाइ छान्येको ठांउमां
तिनिहरूलाइ फेरि ल्याउंछु भन्दे । त तपांइका दास् र तपांइले आफ्नु १०
बड़ो सामर्थ र आफ्नु बल्लीयो हातले छोड़ायेको तपांइको लोग् यिनै
हुन् । हे प्रभु बिन्ति गर्द छु तपांइको कान् तपांइको दासको प्रार्थना तिर ११
र तपांइको नांउ देखि भय् मान्नलाइ मन् गर्ने तपांइका दासको प्रार्थना
तिर अब थाप्नु हवस्. अनि कृपागरि आजु आफ्नु दासलाइ सुफल्
गराउंनु हवस् अनि त्यस् मान्छेको सांमु मंलाइ दया गराउंनु हवस् । (मं
महाराजाको पियाउंने थियें)॥

अनि अर्तक्षत्रको बीसौं बर्षको निसान् भनींने महीनामां येसो २ १
भयो जब मद्य राजाको सांमु थियो तब मैंले मद्य उठायेर त्यसलाइ दियें ।
अनि मं त्येसका सांमु अगाड़ि कहिले पनि कालो मुखको थिइंन । त राजाले २
मंलाइ भन्यो किन आजु तेरो मुख् कालो छ तं दुख्यको छैनस् रपनि .
यो ता मनको उदासईं बाहिक् अरू कांइ होइन । तब मं बिघ्न
मारो डरायें । तब मैंले राजालाइ भन्यें महाराजाको दीर्घायु सदा हवस् . ३
जब त्यो मेरा पिता पुर्खका चिहानेठांउको सहर् उजार् रहंद छ अनि
त्येसका ढोकाहरू आगोले डढ़ि रहेका छन् त मेरो मुख् किन कालो
हुंदेन । तब राजाले मंलाइ भन्यो तैंले के बिन्ति गर्ने मन् गर्नु आंटेको ४
छस् । तब मैंले स्वर्गको ईश्वर् सित प्रार्थना गर्यें । वहांदेखि मैंले ५
राजालाइ भन्यें महाराजाकन जाति लाग्यो भन्ये अनि आफुको अनुग्रह्
आफुको दास् मांथि भयो भन्ये देखि बिन्ति यो छ आफुले मंलाइ यहूदामां
मेरा पिता पुर्खका चिहाने सहरमां त्यो बनाउंनको लागि पठाउंनु हवस् ।
त राजाले महारानी पनि त्येसको छेउमां बस्येको भइ मंलाइ भन्यो तेरो ६
यात्रा कति दिनको हुंछ अनि तं कहिले फर्कंछस् । त राजालाइ मंलाइ
पठाउंनु जाति लाग्यो अनि मैंले राजालाइ समयको ठहरावट् दियें । येस् ७

उप्रान्त मैंले राजालाइ भन्यें महाराजाकन जाति लाग्यो भन्ये यो यहूदा न
पुगूंज्याल् सम्म येस्लाइ फिरि जांनु दिंनु भन्ये चिट्ठीहरु महानदी पारिका
८ मालिक्हरुको लागि मंलाइ दिईउन् र तिनिहरुले मंलाइ जांनु दिउन्
अनि तिमिहरुले येस्लाइ घर् पट्टि भयेको किल्लाको ढोकाको लागि र
सहर्को घेराभित्ताको लागि र यो पस्न घर्को लागि दलान् बनाउंनुको
लागि काठ् देव भन्ये समेत्को चिट्ठी पनि राजाको पलुवावन् रुङ्ने
आसाप् भनींनेलाइ दिईओस् भन्यें। तब मं माथि मेरो ईश्वर्को
९ आशीष् पर्येकोले राजाले मंलाइ त्यसैगरि दियो। तब महानदी वारिका
मालिक्हरु थांइ पुग्येर राजाको चिट्ठी दियें। राजाले मं सित सेनापति
१० र त्रक्सवार्लाइ पनि पठायेको थियो। जब होरोनी सम्बल्लत् र
अमोनी तोबियाह् चाकरले यि कुरा सुन्ये तब इस्राएलवंशीहरुको
भलाइ खोज्नें एक् जना आयेकोले तिमिहरुलाइ अग्घोर् नजाति
११ लाग्यो। त यरुशलेममां पुग्येर यहां तीन् दिन् सम्म बास रह्यें।
१२ वहांदखि अलिकता मान्छे लियेर राति उठेर अं मेरो ईश्वर्ले मेरो मनमां
यरुशलेमको लागि के गर्नु पर्छ भनि भन्येको वइं कसैलाइ सुनाइंन.
१३ अनि मं सङ मं चढ्येको पशु बाहिक् अरु कोई पशु थियेन। अनि राति
तरिको ढोका बाटो अजिंङर् भनींने कुवा तिर घुर्यानढोका सम्म गयेर
यरुशलेमका भत्काईयेका घेराभित्ता र त्येस्का आगोले डढ्येका ढोकाहरु
१४ हेर्यें। वहांदेखि जम्बा पानीको ढोका र राजाको पोखरि सम्म हिंडि
१५ गयें. तर मं सुनि भयेको पशुको लागि अघि जाने ठांउ थियेन। वहांदखि
राति राति खोल्चा बाटो चढेर घेराभित्ता हेर्यें त्यहां बाटो घुम्येर तरिको
१६ ढोका बाटो पसिकन येसै आयें। अनि मं कता गयें कि के गर्यें भनि
मालिक्हरुलाइ थाहा भयेन अनि अझै सम्म यहूदीहरुलाइ कि
पूजाहारीहरुलाइ कि भारादारहरुलाइ कि मालिक्हरुलाइ कि काम्
१७ गर्नेहरुलाइ सुनायेको थिइंन। पछि मैंले तिनिहरुलाइ भन्यें हांमिहरु माथि
पर्येको दुर्गत् अं यरुशलेम् उजार् भइ रह्येको छ अनि त्येस्का ढोकाहरु
आगोले डढाईयेका छन् भनि तिमिहरुले त हेर्दै छौ. त आव हांमिहरु
१८ अझै पनि निन्दित् हुंदै न रहंनुलाइ यरुशलेम्को घेराभित्ता फेरि बनाऊं।
फेरि मैंले मेरो ईश्वर्को कस्तो आशीष् मं माथि पर्यो अनि राजाले मंलाइ
भन्येका बचन् पनि तिनिहरुलाइ सुनायें। तब तिनिहरुले भन्ये हुंछ उठेर
बनाऊं। त त्यस् भलो काम्को लागि तिनिहरुले आफ्नु हात् बलियो
१९ गराये। तर होरोनी सम्बल्लत् अम्मोनी तोबियाह् चाकरे र अर्बी गेशेम्ले
यि कुरा सुन्येर तुच्छ ठांनि हांस्येर निन्दा गर्दै भन्ये तिमिहरुले गर्येको यो
२० के काम् हो के तिमिहरु राजाको विरुद्धमां राजद्रोह् गर्छौ। तब मैंले
तिनिहरुलाइ उत्तर् दिइ भन्यें स्वर्गको ईश्वर् जो छ उसैले हांमिहरुलाइ
सुफल् गराउंछ येस्कारण हांमि उस्का सेवक्हरु उठेर बनाउंछौं. तर
यरुशलेम्मां तिमिहरुको न कोइ भाग् न कोइ हक् न सम्झना छ॥

(यरूशलेम्को घेराभित्ता फेरि बनाउंनु)

तब एल्यासीब् मूलपूजाहारीले आफ्ना भाई पूजाहारीहरू समेत्ले ३ १
उठेर भेंड़ाढोका बनाये अं त्यो पवित्र गर्य अनि त्यस्का देला पनि लगाये
अं हम्मेआको धरारा सम्म हननेल्को धरारा सम्म पवित्र गर्ये। अनि त्यस्को २
छेउ चइं यरीहोका मान्छेहरूले बनाये। फेरि तिनिहरूको छेउ इम्रीको
छोरो जक्कूर्ले बनायो। फेरि माछ्काढोका चइं हस्सनाबंशीहरूले बनाये ३
तिनिहरूले त्यस्का दलान् लगाये अनि त्यस्का देलाहरू त्यस्का ताल्चाहरू त्यस्का
आग्लाहरू लगाये। फेरि तिनिहरूको छेउमां हक्कोस्को छोरो ऊरिय्याह्को ४
छोरो मरेमोत्ले मरम्मत् गर्‍यो। अनि तिनिहरूको छेउ मशेजबेल्को छोरो
बेरेक्याह्को छोरो मशुल्लाम्ले मरम्मत् गर्‍यो। अनि तिनिहरूको छेउ
बानाको छोरो सादोक्ले मरम्मत् गर्‍यो। अनि तिनिहरूको छेउ तकोईहरूले ५
मरम्मत् गर्ये तर तिनिहरूका भारदार्हरूले आफ्ना प्रभुको काम्मां गर्दन्
थाप्येनन्। अनि पुरांनु चइं ढोका पासेह्को छोरो योयादाले र बसोदयाह्को ६
छोरो मशुल्लाम्ले मरम्मत् गर्ये तिनिहरूले त्यस्का दलान्हरू लगाये अनि
त्यस्का देलाहरू त्यस्का ताल्चाहरू त्यस्का आग्लाहरू लगाये। अनि तिनिहरूको ७
छेउ गिब्योनी मलत्याह् र मेरोनोती यादोन् र गिबोन् र मिस्पाका
मान्छेहरू जो महानदीको वारिको मालिक्को सिंहासन् पट्टि लाग्ने थिये
तिनिहरूले मरम्मत् गर्ये। त्यस्को छेउ हर्हयाह्को छोरो उज्जीएल् ८
सुनार्हरू समेत्ले मरम्मत् गर्ये। अनि त्यस्को छेउ बास्ना आउंने द्रव्य
बनाउंनेहरूमांको एक् जना हनन्याह्ले मरम्मत् गर्‍यो अनि तिनिहरूले
यरूशलेम् फराक् घेराभित्ता सम्म छोड़ि दिये। अनि तिनिहरूको छेउ हूर्को ९
छोरो रपायाह्ले मरम्मत् गर्‍यो जो यरूशलेम्को आधा जिल्लाको मालिक्
थियो। अनि त्यस्को छेउ हरूमप्को छोरो यदायाह्ले आफ्नै घर्को सांम् १०
चइं मरम्मत् गर्‍यो। अनि त्यस्को छेउ हशब्नयाह्को छोरो हत्तुश्ले मरम्मत्
गर्‍यो। हारीम्को छोरो मल्कियाह् र पहत्मोआब्को छोरो हश्शूब्ले ११
अर्को येउटा भाग् र भट्टी भनेंन धरारा मरम्मत् गर्‍यो। अनि त्यस्को छेउ १२
यरूशलेम्को आधा जिल्लाको मालिक् हल्लोहेश्को छोरो शल्लूम्ले आफ्ना
छोरीहरू समेत्ले मरम्मत् गर्‍यो। जानोह्का बासीहरू समेत् हानूनले तरिको १३
ढोका मरम्मत् गर्ये अं तिनिहरूले त्यो बनाये अनि त्यस्का देलाहरू त्यस्का
ताल्चाहरू त्यस्का आग्लाहरू लगाये अनि घुर्‍यान्ढोका सम्म घेराभित्ताको
एक् हजार् हात् बनाये। अनि बेथक्केरेम् जिल्लाको मालिक् रेकाब्को १४
छोरो मल्कियाह्ले घुर्‍यान्ढोका मरम्मत् गर्‍यो त्यस्ले त्यो बनायो त्यस्का
देला त्यस्का ताल्चा त्यस्का अग्ला लगायो। अनि मिस्पाको जिल्लाको १५
मालिक् कोल्होजेको छोरो शल्लूनले कुवा पानीको ढोका मरम्मत् गर्‍यो
त्यस्ले त्यो बनायो अनि ढाक्यो अनि त्यस्का देला त्यस्का ताल्चा त्यस्का

आगला बनायो अनि त्येस्ले राजाको बारीको छेउको शेलह् भनीने तलाऊको
घेराभित्ता दाऊद्को सहर् देखि उत्रने खुड्कीलाहरु सम्म बनायो।
१६ त्यस्पछि बेत्सूर्को आधा जिल्लाको मालिक् अजबूक्को छोरो दाऊद्को
चिहाने ठांउ सम्म र बनायेको पोखरी सम्म र महावीरहरुको घर्
१७ सम्म मरम्मत् गर्यो। त्येस् पछि लेवीहरुले बानीको छोरो रहूम्ले मरम्मत्
गर्यो। त्यस्को छेउ कीलाको आधा जिल्लाको मालिक् हशब्याह्ले आफ्नु
१८ जिल्लाको लागि मरम्मत् गर्यो। त्येस् पछि कीलाको आधा जिल्लाको
मालिक् हेनादाद्को छोरो बव्वैले आफ्ना भाईहरु समेत्ले मरम्मत् गर्यो।
१९ अनि त्यस्को छेउ मिस्पाको मालिक् येशूआको छोरो एजेर्ले अर्को येउटा
भाग् अर्थात् घुम्तिमां भयेको हतियार्खाना सम्म चढ्ने बाटोको सांमु
२० मरम्मत् गर्यो। त्येस् पछि जब्बैको छोरो बारुकले अर्को येउटा भाग्
अर्थात् घुम्ती देखि मूलपूजाहारी एल्याशीब्को दैलो सम्म बल्ले मरम्मत्
२१ गर्यो। त्येस् पछि हक्कोस्को छोरो ऊरीय्याह्को छोरो मरेमोत्ले अर्को
येउटा भाग् अर्थात् एल्याशीब्को घर्को दैलो देखि एल्याशीब्को घर्को
२२ छेउ सम्म मरम्मत् गर्यो। अनि त्यस्को पछि गैह्रोटार्का मान्छेहरु
२३ पूजाहारीहरुले मरम्मत् गर्ये। तिनिहरु पछि बिन्यामीन् र हाश्शूब्ले
आफ्नु घर्को सांमु मरम्मत् गर्ये। तिनिहरु पछि अनानियाह्को छोरो
मासेयाह्को छोरो अजर्याह्ले आफ्नु घर्को छेउ मरम्मत् गर्यो।
२४ त्येस् पछि हेनादाद्को छोरो बिन्नूईले अर्को येउटा भाग् अर्थात्
अजर्याह्को घर् देखि घुम्ति सम्म र कुंना सम्म मरम्मत् गर्यो।
२५ उजैको छोरो पालालले घुम्तिको सांमु र पहराचोकिको आंगन्को
छेउमा भयेको राजाको मांथिल्लो घर् देखि बढेरको धरारा पनि मरम्मत्
२६ गर्यो। त्येस् पछि परोशको छोरो पदायाह्ले मरम्मत् गर्यो। (त्येस्
बेला नतीनीहरु ओपेल्मां पूर्व तिर लाग्नेको पानीढोका र त्यो बढेरको
२७ धराराको सांमुको ठांउ सम्म बस्द थिये।) त्येस् पछि तकोईहरुले अर्को
येउटा भाग् अर्थात् त्यो ठुलो बढेरको धराराको सांमु ओपेल्को घेराभित्ता
२८ सम्म मरम्मत् गर्ये। पूजाहारीहरुले घोड़ाढोका देखि ऊंधो तिर मरम्मत्
२९ गर्ये जनंगैले आफ्नु आफ्नु घर्को सांमु सांमु। तिनिहरु पछि इम्मेर्को
छोरो सादोक्ले आफ्नु घर्को सांमु मरम्मत् गर्यो। त्यस् पछि पूर्वढोकाको
३० दुवार्पाल् शकन्याह्को छोरो शमायाह्ले मरम्मत् गर्यो। त्येस् पछि
शेलेम्याह्को छोरो हनन्याह् र सालाफ्को जन्तरे छोरो हानून्ले अर्को
येउटा भाग् मरम्मत् गर्यो। त्येस् पछि बेरेक्याह्को छोरो मशुल्लाम्ले
३१ आफ्नु कोठाको सांमु मरम्मत् गर्यो। त्येस् पछि सुनार्मांको एक्
जना मल्कियाह्ले नतीनीहरु र बेपारिहरुको घर् सम्म हम्मीपुकाद्
३२ भनीने ढोकाको सांमु र कुंनाको ओछ्याली सम्म मरम्मत् गर्यो। अनि
कुंनाको ओछ्याली र भेंड़ाढोकाको बीचमां सुनार्हरु र बेपारीहरुले
मरम्मत् गर्ये॥

(यहूदीहरुका बिरोधीहरुले बिरोध् गर्नु)

त ऐसो भयो सम्बल्लत् तिनिहरुले घेराभित्ता बनायें अरे भन्येको ४ १
सुन्येर रिसायो अनि अगघोर् रागोयेर यहूदीहरुको निन्दा गर्‍यो । त २
त्येस्ले आफ्ना भाईहरु र शोमरोनको सेनाको सांमु ऐसो भन्नु लाग्यो यि
निर्बल्लिया यहूदीहरुले के गर्द छन् के आफुलाइ बल्लिया तुल्याउंछन् के
बलिदान चढ़ाउंछन् के एक् दिनमां सिद्ध्याउंछन् के कसिंङरका थुप्राहरु
देखि ढुंगाहरु अं डड़ायेका ढुंगाहरु पनि जियाउंछन् । यो कुरो सुन्येर ३
त्येस्को छेउमां हुने अम्मोनी तोबिय्याहले भन्यो यिनिहरुले बनायेको मांथि
ऐउटा स्याल् मात्रै हिंड़ग्यो भन्ये पनि तिनिहरुको ढुंगाको घेराभित्ता भत्कंछ
भनि । त हे हांम्रो ईश्वर् सुन्नु हवस् किनभन्ये हांमिहरु निन्दित् भयूं. ४
अनि तिनिहरुले गर्येको गिल्ला तिनिहरुकै थाप्रो मांथि फर्काइ दिनु हवस्
अनि तिनिहरुलाइ बन्धुवाईको देसमां लूटोंनुको लागि सुम्पि दिनु
हवस्. अनि तिनिहरुको अधर्म्म न ढाक्नु हवस् तिनिहरुको पाप् तपांइ ५
थांइ देखि न मेटोंओस्. किनभन्ये तिनिहरुले घेराभित्ता बनाउंनेहरुको
सांमु तपांइको रिस् उठायें । ऐसोरि हांमिहरुले घेराभित्ता बनायूं अनि ६
सबै घेराभित्ता आधा अलगो सम्म गांस्येका थियूं. कसोगरिभन्ये लोगको
काम् गर्ने मन् थियो ॥

तर ऐसो भयो जसै सम्बल्लत् र तोबिय्याह् र अरबीहरु अम्मोनीहरु ७
र अशदोदीहरुले यरुशलेमको घेराभित्ता मरम्मत् हुंदै जांदै छ अनि
छेड़छाड़हरु पुर्दै जांदै छन् अरे भनि सुन्ये तब अगघोर् रिसायें अनि ८
तिनिहरु सबै एक् मनका भइ आयेर यरुशलेमको बिरुद्धमां लड़ाइं
गर्नुलाइ यहां खल्यांमल्यां गराउंने सल्लाह् गर्‍ये । तर हांमिहरु आफ्नु ९
ईश्वर् तिर प्रार्थना गर्दै रह्युं अनि ऐस्कारण् दिन् रात् तिनिहरुको बिरुद्धमां
पहरा राख्युं । अनि यहूदाले भन्यो भारि बोक्नेहरुको बल् घट्दै छ अनि १०
कसिंङर् भन्ये धेरै छन् त हांमिहरु घेराभित्ता बनाउंनु सक्ने छौंन ।
ऐस् उप्रान्त हांमिहरुका बैरीहरुले भन्ये हांमिहरु तिनिहरुको बीच्मां ११
पुग्येर तिनिहरुलाइ मारुंन्याल् सम्म र तिनिहरुको काम् थमाउंन्याल् सम्म
तिनिहरुलाइ न थाहा हुंछ न तिनिहरुले देख्नु पाउंछन् भनि । अनि १२
ऐसो भयो जब तिनिहरुको छेउमां बस्ने यहूदीहरु आउंद थिये तब
तिनिहरुले हांमिहरुलाइ सबै ठांउ देखि दस् खेप् भन्द थिये तिमिहरु
हांमिहरु थांइ फर्कि आउंनु पर्छ भनि । ऐस्कारण् मैंले लोगलाइ तरवार् १३
भाला र धनु दियेर सबै भन्दा नीचो नीचो खोलाठांउ हुंदो अं जहान्
जहान् अनुसार् बसाल्यें । अनि मैंले हेर्यें अनि उठेर भारादार्हरु र १४
मालिक्हरु र अरु लोगलाइ ऐसो भन्यं तिनिहरु देखि न डराव. जो प्रभु
महा र डर्लाग्दो छ उसैलाइ सम्झ अनि आफ्ना दाजुभाईहरु
छोराछोरीहरु स्वास्नीहरुको लागि लड़ाइं गर । अनि ऐसो भयो जब १५

हांमिहरुका वैरीहरुलाइ यो कुरोको थाहा भयो अनि ईश्वर्ले हांमिहरुको
सल्लाह् बिगारि दियो भनि सुन्ये तब हांमिहरु सबै जना घेराभित्तामां
१६ जनंग आफ्नु आफ्नु काममां फर्कि आयूं। अनि त्येस् बेला देखि येसो
भयो मेरा चाकरेहरुमांका आधा चइं काम् गर्दै रहंद थिये अनि
अर्को आधाचइंले भाला ढाल् धनु र झिलम् समाइ राखद थिये अनि
१७ मालिक्हरु चइं यहूदाको सबै जहान्को पछि लागद थिये। घेराभित्ता
बनाउंनेहरु र भारि बोक्नेहरु सबैले एक् हात्ले काम् गर्नै अनि अर्को
१८ हात्ले चइं हतियार् समाइ राखनेगरि गर्द थिये अनि गारोकर्म्मीहरुले
आफ्नु आफ्नु तर्वार भिरि राख्येर बनाउंद थिये। अनि तुरही बजाउंने
१९ चइं मेरो छेउमां रहंद थियो। अनि मैंले भारादार्हरु र मालिक्हरुलाइ
भन्यें काम् ठुलो र धेरै छ हांमिहरु चइं एका अर्को देखि घेराभित्तामां
२० अलग अलग छौं. त जता तिर देखि तिमिहरुले तुरहीको सोर् सुन् छौ
वहां हांमिहरु थांइ आउंनु हांमिहरुको ईश्वर्ले हांमिहरुको लागि लडाईं
२१ गर्छ। येसोरि हांमिहरु काम् गर्दै रह्यूं. अनि आधा चइं मान्छेहरुले
घाम् झुल्कनु बित्तिकै देखि तारा देखींने बेला सम्म भालाहरु समाइ
२२ रहंद थिये। फेरि मैंले त्येस् बेला लोगलाइ तिनिहरु राति चइं
हांमिहरुको लागि पहरा होउन् अनि दिउंसो चइं काम् गरुन् भन्येर
जनंगे आफ्नु चाकरे समेतले यरुशलेम् भित्र बास् गरुन् भनि अह्रायें।
२३ येसोरि न मं न मेरा भाइहरु न मेरा चाकरेहरु न मंलाइ पछ्याउंने
पहराहरु अं हांमिहरुमांको कसैले पनि आफ्नु लुगा काढेर जनंग आफ्नु
आफ्नु हतियार् भिर्येर पानीमां जांद थियूं॥

(यहूदीहरुको गत्)

५ १ त्येस् बेला लोग् आफ्नी आफ्नी स्वास्नीहरु समेत् आफ्ना भाइ
२ यहूदीहरुको बिरुद्धमां मारो मारो कराइ उठेर। किनभन्ये तिनिहरुमांका
कत्ति जना हांमिहरु आफ्ना छोराछोरीहरु समेत् धेरै छौं त अन्न पाऊं र
३ हांमिहरु खाइ जीउं भन्येहरु थिये। अनि अरु कत्ति जना हांमिहरु आफ्ना
खेत् दाखक्को बारी घर् बन्धक् राखद छौं. अनिकाल् छ त हांमिहरु अन्न पाऊं
४ भन्येहरु थिये। फेरि कत्ति चइं राजाको भारकिस्ताको लागि हांमिहरुले
आफ्ना खेत् दाखको बारी बन्धक् राख्येर ऋण गर्येका छौं भन्येहरु थिये।
५ तैपनि हांमिहरुको जीउ हांमिहरुका भाइहरुको जीउ जस्तो छ अनि
हांमिहरुका बालखहरु तिनिहरुका बालखहरु जस्तै छन्. त हेर हांमिहरु
आफ्ना छोराछोरीहरु कमारा कमारी हुंनुलाइ ल्याउंद छौं अनि एलेइ
पनि हांमिहरुको छोरीहरुमांको कतिवटा कमारी भइ सक्येको छन्.
येसको बिरुद्ध गर्नु हांमिहरुको शक्ति छैन कसोगरिभन्ये हांमिहरुका खेत्
६ र दाखका बारीहरु अर्काका भइ सक्येका छन् भन्येहरु थिये। तिनिहरुको
७ कराई र यि कुरा सुन्दा मं सारो रिसायें। तब आफ्नु मन्मां बिचार् गरि

भारादारहरु र मालिक्हरु षित लड़ाईं गर्यें अनि तिनिहरुलाइ भन्यें
तिमिहरु जनंगेले ता आफना सबै भाईहरु षित ब्याज् लिंदा राछौ।
वहांदेखि मैंले तिनिहरुको विषयमां येउटा ठुलो मंडलो खटायें। अनि ८
तिनिहरुलाइ भन्यें हांमिहरुले ता शक्तिभर् अन्यदेसीहरुमां बेच्येका आफना
भाई यहूदीहरुलाइ निखन्येका छौं तर तिमिहरुले ता आफना भाईहरुलाइ
पनि बेच्दा राछौ अनि के तिनिहरु हांमिहरुका हातमां बेचींछन्। त
तिनिहरु चुप लागि रह्या अनि कोइ बोलने ठांउ पायेनन्। फेरि मैले भन्यें ९
तिमिहरुले गर्येको काम् नजाति हो. के हांमिहरुका बैरी अन्यदेसीहरुले
गर्येका निन्दाको कारणले तिमिहरु हांमिहरुको ईश्वर्को भयमां हिंडनु
पर्ने थियेन। अं म पनि आफना भाईहरु र नोकर्चाकर्हरु समेतले रुपिया १०
र अन्न ब्याज्मां उधारो दिंद छु। त बिन्ति यो छ हांमिहरु त्यो ब्याज्
छोड़ दिऊं। अं बिन्ति यो छ आज तिनिहरुलाइ तिनिहरुका खेत्हरु ११
तिनिहरुका दाखका बारीहरु तिनिहरुका भद्राक्षेका बारीहरु र तिनिहरुका
घर्हरु अं तिमिहरुले तिनिहरु देखि लियेका रुपिया अन्न दाख् र तेल्को
एक् सय हिस्सा फर्काइ देउ। तब तिनिहरुले भन्ये हांमिहरु तिनिहरुलाइ १२
फर्काइ दिंछौं अनि तिनिहरु देखि कोइ पनि लिंदैन आफुले भन्येके झैं
हांमिहरु गर्छौं। तब मैले पूजाहारीहरुलाइ बोलायेर ति लोग् देखि
हांमिहरु येइ करहार् अनुसार् गर्छौं भन्ये किरिया खांनु लगायें। अनि १३
मैले आफनु पोल्टा टकटक्यायेर भन्यें ईश्वरले पनि यो करहार् पूरो न गर्ने
जनंगलाइ त्यसको घर् र त्यसको काम देखि येसैगरि टकटक्यावस्। अं त्यो
येसैगरि टकटक्याईयोस् अनि खालि गरीयोस्। तब सिंगै मंडलीले आमेन्
भन्येर यहवेको स्तुति गर्ये। अनि लोगले येस् करहार् अनुसार् गर्ये।
येस् उप्रान्त म यहूदा देसमां तिनिहरुको मालिक् हुंनुलाइ खटाईयेको १४
बेला देखि अर्तख्शत्र राजाको बीसौं बर्ष देखि त्यसको बत्तीसौं बर्ष सम्म
अर्थात् बारह् बर्ष सम्म मैले आफना भाईहरु समेतले मालिकलाइ दिईने
रोटी खायेको छुईन। तर म भन्दा अगाड़िका मालिकहरुले लोग् माथि १५
भारि बोकाउंद थिये अनि तिनिहरु देखि चालीस् शेकेल् चांदी बाहिक्
रोटी दाखरस् लिंद थिये अं तिनिहरुका चाकरहरुले पनि लोग् माथि
हक् चलाउंद थिये. तर ईश्वर्को भयको कारणले मैले ता येसो गरीन।
अं म येस् पर्खालको काममां लागि रह्यां अनि हांमिहरुले कोई जिमीन् १६
किन्यूंन. अनि मेरा सबै चाकरहरु यहां कामको लागि भेला भये। येस् १७
उप्रान्त मेरो मेजमां हांमिहरुको छेउमां भयेका अन्यदेसीहरुमांका
हांमिहरु थांइ आउंनेहरु बाहिक् यहूदीहरु र मालिक्हरुमांका एक् से र
पचास् जनाले खांद थिये। त दिन् दिनको लागि येउटा गोरु र छवटा १८
रोजा भेंड़ाहरु तियार् पारींद थिये अनि मेरो लागि कुखुराहरु पनि अनि
दस् दिनगरि सबै रकमका दाखरसको थन्को. तैपनि ति सबैको लागि
येस् लोग् माथि भारि गह्रुङ् भयेको कारणले मैले मालिकलाइ दिईने

रोटी मांगीन । हे मेरो ईश्वर् मैले येस् लोगको लागि गर्येको मेरो सबै
काम् मेरो भलाईको लागि सम्झना राख्नु हवस् ॥

(घेराभित्ता बनाइ सकीयो)

६ १ जब सम्बल्लत् र तोबिय्याह् र अरबी गेशेम् र हामिहरूका अरु
बैरीहरूलाइ त्यसले घेराभित्ता बनाइ सक्यो अनि त्यसमां कोइ छेडूछाडू
पनि छैन अरे भनि सुनाईयो (मैले त्यस् बेला सम्म ढोकाहरूमां देलाहरू
२ उभ्यायेको थिइंन र पनि) तब येसो भयो सम्बल्लत् र गेशेमले मलाइ
आउ हामिहरू ओनोको मैदानमां भयेको कोई बस्तामां भेट् गरूं भनि
बोलाइ पठाये । तर तिनिहरूले मेरो बुराई गर्ने मन् गर्येका थिये ।
३ तर मैले तिनिहरूकहां येसो भनिकन मान्छे पठायें ठुलो काम् गर्दै छु त
उत्रि आउंन् सक्दैन . म काम् छोडिकन तिमिहरू थांइ आउंनुको लागि
४ काम् किन थामौंला । तब तिनिहरूले येसैगरि चार् खेप् म थांइ पठाये
५ अनि मैले चइं त्यइ परिलेनै तिनिहरूलाइ उत्तर् दिंदै गयें । तब सम्बल्लतले
पांचौं खेप् आफ्नु चाकरको हातमां येसो भन्ये खोलीयेको चिट्ठा म थांइ
६ पठायो जस्मां लेख्येको थियो तिमि यहूदीहरू समेत् राजद्रोह् गर्ने
मन् गर्दछौ अरे भनि अनादेसीहरूमां सुनाईंद छ अनि गेशेमले पनि येसै
भन्द छ येसकारणले तिमि घेराभित्ता बनाउंदछौ . अनि ति कुरा अनुसार्
७ तिमिले तिनिहरूको राजा हुने मन् गर्दछौ । अनि तिमिले अगमवक्ताहरूलाइ
यहूदामां राजा छ भन्येर आफ्नु बिषयमां यरूशलेममां प्रचार् गर्नुलाइ
खटायेका छौ । त अब तिनै कुरा अनुसार् राजालाइ सुनाईंछ । त अब आउ
८ हामिहरू सल्लाह् गरूं भन्ये । तब मैले त्यसलाइ तिमिले भन्येको जस्तो कोइ
कुरा छैन तर तिमि आफैले आफ्नु मन् देखि येस्ता येस्ता कुरा निकाल्दछौ
९ भनि पठायें । कसोगरिभन्ये तिनिहरू सबैले यो काम् न गराऔस् भन्येर
तिनिहरूका हात् त्यो देखि निर्बल्लिया बनाउन् भनि हामिहरूलाइ डर्
देखाउंने मन् गर्दै थिये । तर हे ईश्वर् अब तपांइले मेरो हात् बल्लियो
तुल्याइ दिनु हवस् ॥
१० अनि म महेतबेलको छोरो दलायाहको छोरो शमायाहको घरमां
गयें जो थुना पर्येको थियो त त्यसले भन्यो हामिहरू ईश्वरको घरमां
मन्दिर् भित्र भेट् गरूं अनि हामिहरू मन्दिरको देला थुनूं . किनभन्ये
तिनिहरू आफुलाइ मार्नु आउंछन् अं आफुलाइ मार्नुलाइ राति आउंछन् ।
११ तब मैले भन्यें कि म जस्तो मान्छे भागोस् . अनि म जस्तो भयेको को छ
जो आफ्नु प्राण बचाउंनुको लागि मन्दिर् भित्र पसोस् . म भित्र पस्दैन ।
१२ तब मलाइ थाहा भयो हेर त्यसलाइ पठाउंने चइं ईश्वर् होइन रछ . तर त्यसले
मेरो बिषयमां यो अगमवाणी भन्येको रछ भनि अनि तोबिय्याह् र सम्बल्लतले
१३ त्यसलाइ ज्याला दियेका राछन् भनि । त्यसलाइ येसकारणले ज्याला दियेका
—— ——ले मैले नडरौं र त्यसै गरूं अनि पाप गरूं अनि तिनिहरूको मेरो

निन्दा गर्नुको लागि बुरो समाचार्को कुरो हवस् भन्ने खातिर्ले हो रह्छ।
हे मेरो ईश्वर् तोबिय्याह् र सम्बल्लत्लाइ तिनिहरूको यि सबै काम् १४
अनुसार् र नोअद्याह् अगमबक्तिनीलाइ पनि अनि मंलाइ डर् देखाउंन्
खोज्ने अरु अगमबक्ताहरूको पनि सम्झना गरवनु हवस् ॥
येसोरि एलूल् महीनाको पचीसौं तिथिमां अर्थात् पचास् दिन्मां १५
घराभित्ता सिद्धीयो। अनि येसो भयो जब हांमिहरूका सबै बैरीहरूले १६
येस्को बिषय्मां सुन्ये तब हांमिहरूको वरिपरिका सबै अन्यदेसीहरू डराये
अनि आफ्नु दृष्टिमां आफै तुच्छ भये. कसोगरिभन्ये तिनिहरूले यो काम्
तिनिहरूको ईश्वर् देखि गरीये छ भनि चाल् पाये। येस् बाहिक् ति दिनमां १७
यहूदाका भारादारहरूले तोबिय्याह् थांइ धेरै चिट्ठा लेखद थिये अनि
तोबिय्याह्का चिट्ठा तिनिहरू थांइ जांद थिये। किनभन्ये त्यो आरह्को १८
छोरो शकन्याह्का जुवंइ भयेको र त्येस्को छोरो यहोहानान्ले बेरेक्याह्को
छोरो मशुल्लाम्को छोरीलाइ ब्याहा गर्येको कारण्ले यहूदामांका कत्ति
जनाले त्येस् पट्टि लाग्ने किरिया खायेका थिये। फेरि तिनिहरूले त्येस्का १९
भला कार्जको बिषय्मां मेरो सांमु चर्चा गर्द थिये अनि मेरो चइं कुरा
त्येस्लाइ सुनाउंद थिये। अनि तोबिय्याह्चइंले मंलाइ डर् देखाउंनुको
लागि चिट्ठा पनि पठाउंने गर्द थियो ॥

(यरूशलेम्मां फेरि बास् गर्नु)

तब येसो भयो जब घराभित्ता बनाइ सक्यो अनि मैंले दैलाहरू ७ १
उभ्याइ सक्यों अनि दुवार्पाल्हरू र गवैयाहरू र लेवीहरू खटाईयेका
थिये तब मैंले आफ्नु भाई हनानी र किल्लाको मालिक् हनन्याह्लाइ २
यरूशलेम्को रक्षे गर्नु खटायें. किनभन्ये त्यो बिश्वास्योग्य् थियो अनि धेरै
गरि अरु मान्छे भन्दा बेसि ईश्वर्को भय् मान्ने थियो। तब मैंले तिनिहरूलाइ ३
भन्यें घाम् नचर्कुञ्जाल् सम्म यरूशलेम्का ढोकाहरू न उघारउन् अनि
तिनिहरू पहराचौकि बस्दाखेरि दैला थुनुन् अनि आगलाहरू लगाउन्.
अनि यरूशलेम्का बासीहरूमांकालाइ पहराचौकि खटाव जनंग आफ्नु
आफ्नु पहरामां अनि जनंग आफ्नु आफ्नु घर्को सांमु। सहर् ठुलो र ४
फराक् थियो. तर मान्छे थोरै थिये अनि घर्हरू बनाइ सक्यनन्। अनि ५
मेरो ईश्वर्ले मंलाइ भारादारहरू र मालिक्हरू र लोगलाइ भेला गराउंने
मन् गरायो तिनिहरू बंशावली बंशावलीगरि गनीउन् भन्येर। अनि मैंले
ति पहिले चढ़ि आयेका मान्छेहरूको बंशावलिको पोस्तक् पायें अनि त्येस्मां
येसोरि लेखीयेको भेटायें. ख्वाका बासीहरू यि हुन् जो बाबेल्को राजा ६
नबूकद्नेस्सर्ले बन्धुवाईमां लग्येको थियो तिनिहरूमांका जति जना
बन्धुवाई देखि छुट्कारा पाइ यरूशलेम् र यहूदामां आफ्नु आफ्नु
सहर्मां फर्कि आयेका थिये ति यिनै हुन् जत्ति जना जरुब्बाबेल् ७
येशूअ नहेम्याह अजर्याह् राम्याह् नहमानी मोर्दकै बिल्शान् मिसेरेत्

बिगवै नहूम् र बाना सङ फर्कि आये। इस्राएली लोगका मान्छेहरु यिनै
८,९ हुन्. परोशवंशी दुइ हजार् एक् सै बहत्तर्। शपत्याह्वंशी तीन् सै
१०,११ बहत्तर्। आरह्वंशी छ सै बावन्। पहत्मोआब्वंशी येशूअ र मोआब्का
१२ वंशमांका दुइ हजार् आठ् सै अठारह्। एलाम्वंशी बारह् सै चौवन्।
१३,१४,१५ जत्तूवंशी आठ् सै पैंतालीस्। जक्कैवंशी सात् सै साठी। बिन्नुईवंशी
१६,१७ छ सै अड्तालीस्। बेबैवंशी छ सै अट्ठाईस्। अजगाद्वंशी दुइ हजार्
१८,१९ तीन् सै बाईस्। अदोनीकाम्वंशी छ सै सड्सठ्। बिग्वैवंशी दुइ हजार्
२०,२१ सड्सठ्। आदीन्वंशी छ सै पचपन्। हिजकियाह्वंशी आतेर्को वंशमाको
२२,२३ अन्ठानबे। हाशूमाहरु तीन् सै अट्ठाईस्। बेसैवंशी तीन् सै चौबीस्।
२४,२५,२६ हारीपमांको एक् सै बारह्। गिबोनीहरु पंचानबे। बेत्लेहेम् र
२७ नतोपाका मान्छे एक् सै अठासी। अनातोत्का मान्छेहरु एक् सै अठाईस्।
२८,२९ बेतजमावेत्का मान्छेहरु बयालीस्। किर्यत्यारीम् कपीरा र बेरोत्का
३० मान्छेहरु सात् सै तितालीस्। रामा र गेबाका मान्छे छ सै एकाईस्।
३१,३२ मिकमासका मान्छेहरु एक् सै बाईस्। बेतेल् र ऐका मान्छेहरु एक् सै
३३,३४ तेईस्। दोस्रो नबोका मान्छेहरु बावन्। दोस्रो एलाम्का वंशका बारह् सै
३५,३६ चौवन्। हारीम्वंशी तीन् सै बीस्। यरीहोवाहरु तीन् सै पैंतालीस्।
३७,३८ लोद् हादीद् र ओनोका सात् सै एकाईस्। सनाबाहरु तीन् हजार् नौ सै
३९ तीस्। फेरि पूजाहारीहरु. येशूअका घर्का यदायाह्वंशी नौ सै तिहत्तर्।
४०,४१ इम्मेर्वंशी एक् हजार् बावन्। पशहूर्वंशी बारह् सै सतालीस्।
४२,४३ हारीम्वंशी एक् हजार् सत्रह्। फेरि लेवीहरु. येशूअवंशी र होदवावंशी
४४ कद्मीएल्को वंशका चौहत्तर्। फेरि गवैयाहरु. एक् सै अड्तालीस्
४५ आसापवंशी। फेरि दुवारपाल्हरु. शल्लूम्वंशी आतेर्वंशी तल्मोन्वंशी
४६ अक्कूब्वंशी हतीतावंशी र शोबैवंशी यि सबैगरि एक् सै अड्तीस्। फेरि
४७ नतीनीहरु. सीहावंशी हसूपावंशी तब्बाओत्वंश। केरोस्वंशी सीआवंशी
४८,४९ पादोन्वंशी लबानावंशी हगाबावंशी सल्मैवंशी हानान्वंशी
५०,५१ गिद्देल्वंशी गहर्वंशी रायावंशी रसीन्वंशी नकोदावंशी गज्जाम्वंशी
५२,५३ उज्जावंशी पासेह्वंशी बेसैवंशी मूनीवंशी नपीशवंशी बकबूक्वंशी
५४,५५ हकूपावंशी हर्हूर्वंशी बसलीत्वंशी महीदावंशी हर्शावंशी बर्कोस्वंशी
५६,५७ सीसरावंशी तेमह्वंशी नसीह्वंशी र हतीपावंशी। फेरि सुलेमान्ले
तुल्यायेका कमाराहरुको वंश. सोतैवंशी सोपेरेत्वंशी परीदावंशी
५८,५९ यालावंशी दर्कोन्वंशी गिद्देल्वंशी शपत्याह्वंशी हत्तील्वंशी पोकेरेत्-
६० सबायीम्वंशी र आमोन्वंशी। नतीनीहरु र सुलेमान्ले तुल्यायेका
६१ कमाराको वंश मिलाइ सबै तीन् सै बियानबे। अनि तेल्मेलह् तेल्हर्शा
करूब् अद्दोन् र इम्मेर् देखि चढि आयेकाहरु यिनै हुन्. तर तिनिहरुले
हामिहरु इस्राएल्का हौं कि हौंन भनि आफ्ना पित्रहरुका घर् घर् र
६२ वंशावली देखाउंनु सकेनन्. अनि दलायाह्वंशी तोबियाह्वंशी र
६३ नकोदावंशी छ सै बियालीस्। अनि पूजाहारीवंशीहरुमांका. होबायाह्वंशी

हक्कोसवंशी र त्यो वर्जिल्लैको वंश जस्ले गिलादी वर्जिल्लैकी छोरीमांकी
येउटीलाइ व्याहा गर्य्यर त्यसैको नांउमां भनीयो। तिनिहरु आफ्नु आफ्नु ६४
वंशावलीको पत्र वंशावलीगरि वनीयेकाहरुको बीचमां खोज्ये तर पाईयेन.
येस्कारण तिनिहरु अशुद्ध ठहराईये अनि पूजाहारीगिरि देखि खसालीये।
तब तिर्शाता[1]ले तिनिहरुलाइ भन्यो ऊरीम् र तुम्मीम् लिंने पूजाहारी न ६५
उभीउंज्याल सम्म महापवित्र थोक् देखि न खाव। त सिंगे मंडली ६६
बयालीस् हजार् र तीन् सै साठी थिये तिनका चाकरेहरु र चाकरेनीहरु ६७
बाहिक् जुनहरुमांका सात् हजार् र तीन् सै सैंतीस् जना थिये. अनि
तिनिहरुका दुइ सै पैंतालीस् गवैया पुरुषहरु र स्त्रीहरु थिये। तिनिहरुका ६८
घोड़ाहरु सात् सै छत्तीस तिनिहरुका खच्चर् दुइ सै पैंतालीस् ऊंट् चार् ६९
सै पैंतीस् अनि गदाहा छ हजार् सात् सै बीस् थिये। अनि पित्रहरुका घर् ७०
घर्का मूल्का कति जनाले कामको लागि दिंद थिये। तिर्शाताले[1] भंडार्मां
सुनको एक् हजार् अशर्फी पचासवटा कटोरा र पांच् सै तीस् पूजाहारी
वस्त्र दियो। अनि पित्रहरुका घर् घर्का कति मूल् मूलहरुले त्यस् काम्को ७१
भंडार्मां सुनका बीस् हजार् अशर्फी र चांदीका दुइ हजार् दुइ सै माने
दिये। अनि रह्येका पर्जाहरुले सुनका बीस् हजार् अशर्फी र चांदीका दुइ ७२
हजार् माने र सड्सठ् पूजाहारी वस्त्र। येसोरि पूजाहारीहरु र लेवीहरु र ७३
दुवार्पाल्हरु र गवैयाहरु र लोगका कति जना र नतीनीहरु अनि सिंगे
इस्राएल आफ्नु आफ्नु सहर्मां वस्ये॥

(यहूदीहरुलाइ व्यवस्था सुनाईनु)

अनि सातौं महीना पुग्दा सिंगै इस्राएलवंशी सहर् सहर्मां
वस्येका थिये। अनि सिंगै लोग् एक् मन्का भइ पानीढोकाको सांमु ८ १
भयेको चोक्मां भेला भयेर एज्रा शास्त्रीलाइ यहवेले इस्राएल्लाइ आज्ञा
गर्येको मूसाको व्यवस्थाको त्यस् पोस्तक् देखि ल्याउंनुलाइ भन्ये। तब एज्रा २
पूजाहारीले सातौं महीनाको पहिलो तिथिमां समाज्को सांमु अर्थात्
सुन्येर बूझ्नु सक्ने सबै पुरुषहरु र स्त्रीहरुको सांमु व्यवस्थाको पोस्तक्
ल्यायो। अनि त्येस्ले पानीढोकाको सांमु भयेको चोक्को सांमु उज्यालो ३
भयेको देखि मद्धेनि दिन् सम्म सबै पुरुष् स्त्री र सबै बूझ्नु सक्नेहरुको
सांमु त्यो पढ्यो अनि सिंगै लोगले व्यवस्थाको त्यस् पोस्तक्का कुरा ध्यान्
लगाइकन सुन्ये। तब एज्रा शास्त्री तिनिहरुले यो काम्को लागि बनायेको ४
काठ्को अग्लो ठांउमां उभीयो अनि त्येस्को छेउमां मत्तित्याह् शेमा अनायाह्
ऊरिय्याह् हिल्कियाह् र मासेयाह् दाहीनो पट्टि उभींद थिये अनि त्येस्को
बांउ पट्टि पदायाह् मीशाएल् मल्किय्याह् हाशूम् हश्बद्दाना जकर्याह् र
मशुल्लाम्। तब एज्राले जो सबै भन्दा अग्लो थियो सबै लोगले देख्ने ५
गरि त्यो पोस्तक् फुकायो अनि त्येस्ले त्यो फुकाउंदा सबै जना उभीये. तब ६

[1] अर्थात् फार्सी मालिक्।

एज्राले महा ईश्वर् यहवेलाइ धन्न मान्यो। तब सिंगै लोगले आफ्ना
आफ्ना हात् उचालि आमेन् आमेन् भनि उत्तर् दिये. तिनिहरूले सिर
७ निउंगाइ घोप्टो पर्येर यहवेलाइ दण्डवत् गर्ये। अनि येशूअ बानी
शेरेब्याह यामीन् अक्कूब् शब्बते होदिय्याह् मासेयाह् कलीता अजर्याह्
योजाबाद् हानान् पलायाह् र लेवीहरूले लोगलाइ व्यवस्था बुझाउंद थिये.
८ अनि लोग् आफ्नु आफ्नु ठांउमां उभीइ रह्थे। येसोरि तिनिहरूले त्यस्
पोस्तकमां अर्थात् ईश्वर्को व्यवस्यामां प्रगटोगरि परि सुनाये अनि
९ तिनिहरूले पर्येकोको अर्थ बूझ्नेगरि खोलि दिये। तब नहेम्याह् जो
तिर्शाता थियो अनि एज्रा पूजाहारी शास्त्री र लोगलाइ सिकाउंने लेवीहरूले
सिंगै लोगलाइ भन्ये आजुको दिन् तिमिहरूको ईश्वर्को लागि पवित्र छ
त बिलाप् न गर न रोव। किनभन्ये सिंगै लोग् पर्येको व्यवस्याका कुरा
१० सुन्दै रुन् लाग्ये। तब त्येस्ले तिनिहरूलाइ भन्यो आजुको दिन् हाम्रो प्रभुको
लागि पवित्र छ येस्कारण हिंडि जाव बोसो खाव अनि मीठो पीव अनि
जस्को लागि केहि तियार् छैन त्यस्को लागि भाग् पठाइ देव. अनि उदास्
११ न हव किनभन्ये यहवेको आनन्द तिमिहरूको बल् छ। येसोरि लेवीहरूले
सिंगै लोगलाइ दिन् पवित्र छ चुप् लाग उदास् न हव भन्दै चुप् लगाये।
१२ त तिनिहरूको लागि सुनायेका कुरा बुझेरको कारणले सिंगै लोगले खाना
पीना र भाग् पठाउंनु र अगघोर् आनन्द गर्नुलाइ आफ्नु आफ्नु
बाटो समात्ये॥
१३ तब भोलि पल्टो सिंगै लोगका पित्रहरूका घर् घरका मूलहरू र
पूजाहारीहरू र लेवीहरू व्यवस्थाका कुरामां ध्यान् दिनुको लागि एज्रा
१४ शास्त्री थांइ भेला भये। तब तिनिहरूले व्यवस्थामां येसो भनि लेख्येको
भेटाये अर्थात् यहवेले मूसाको हात्ले आज्ञा दियेको रछ इस्राएलबंशीहरू
१५ सातौं महीनाको चाडूमां झाप्रामां बसुन्. अनि पहाडू हुंदो गयेर वहां
बाटो भद्राक्षेका हांगाहरू र बनभद्राक्षे मेहंदी खजूरका हांगाहरू र बाक्ला
बाक्ला रूखका हांगाहरू लेख्येको अनसार् झाप्रा बनाउंनुलाइ ल्याव भन्ये र
१६ तिनिहरूले सबै सहर् र यरूशलेममां उर्दी प्रचार् गरून् भन्ये। त लोगले
निकल्येर ति ल्याये अनि जनंगले आफ्नु घर्को कौसि मांथि र आफ्नु
आफ्नु आघन् आघन्मां र ईश्वर्को घर्को आघन्मां र पानीढोकाको
चोक्मां र एप्रैम्को ढोकाको चोक्मां आफ्नु आफ्नु लागि झाप्रा
१७ बनाये। अनि बन्धुवाई बाटो फर्कि आयेका सिंगै मंडलीले झाप्रा बनाये
अनि झाप्रामां रह्थे. किनभन्ये नून्को छोरो यहशूअको पाला देखि येस्
दिन् सम्म इस्राएलबंशीहरूले येसो गर्येका थियेनन्। त अगघोरै औधि
१८ रमाहट् भयो। येस् उप्रान्त त्येस्ले पहिलो दिन् देखि पछिल्लो दिन् सम्म
दिनहूं ईश्वर्को व्यवस्थाको त्यस् पोस्तक् देखि परि परि सुनायो। अनि त्यो
चाडू सात् दिन् सम्म मान्दै रह्थे अनि आठौं चाहिं दिनमां बिधि अनसार्
पवित्र सभा गर्ये॥

(पाप्को काएल्हुवाई)

फेरि त्येस् महीनाको चौबीसौं तिथिमां इस्राएल्वंशीहरु उपास् ९ १
बस्दै र भांग्रा लगाइ धूलो हाल्दै भेला भये। अनि इस्राएल्को वंशले २
आफुलाइ सबै परायहरु देखि छुट्याये अनि उभीयेर आफ्ना आफ्ना पाप् र
आफ्ना पिता पुर्खाहरुका अधर्म्मका काएल् भये। फेरि आफ्नु आफ्नु ठाउंमां ३
उभीये दिन्को चौथो हिस्सा सम्म आफ्नु ईश्वर् यह्वेको व्यवस्थाको त्यो
पोस्तक् पढ्ये। अनि अर्को चौथो हिस्सामां चहिं आफ्ना आफ्ना पापका
काएल् भइ आफ्नु ईश्वर् यह्वेलाइ दण्डवत् गर्‍ये। तब लेवीहरुका येशूअ ४
बानी कद्मीएल् शबन्याह् बुन्नी शेरेब्याह् बानी र कनानीले खड्कोला-
हरुमां उभीयेर ठुलो सोर्ले आफ्नु ईश्वर् यह्वेको दोहाई गर्‍ये। फेरि ५
येशूअ कद्मीएल् बानी हशब्नयाह् शेरेब्याह् होदिय्याह् शबन्याह् र पतह्याह्
लेवीहरुले भन्ये उभीयेर आफ्नु ईश्वर् यह्वेलाइ जुग्‌नजुग् सम्म धन्न कह.
अं सबै धन्न र सबै स्तुति भन्दा बेसि अलगीयेको तपांइको महिमित् नांउ
धन्नको हवस्। तपांइनै यह्वे हौ अं तपांइनै मात्रै. तपांइले स्वर्ग र तिनका ६
सबै सेनाहरु समेत् स्वर्गहरुको स्वर्ग पृथिवी र त्येसमां भयेका सबै थोक् र
समुन्द्र र तिनमां भयेका सबै थोक् सिर्जनु भयो अनि तपांइले ति सबैको
रक्षे गर्नु हुंद छ अनि स्वर्गको सेनाले तपांइलाइ दण्डवत् गर्द छन्।
हे यह्वे तपांइ उइ ईश्वर् हौ जस्ले अब्रामलाइ छान्येर कल्दीहरुको ऊर् ७
देखि निकालि ल्याउंनु भयो अनि त्येसको नांउ अब्राहाम् राखनु भयो
अनि त्येसको मन् आफ्नु सांमु बिश्वासी पायेर त्यो सङ कनानी हित्ती ८
एमोरी परिज्जी यबूसी र गिर्गाशीको देस् तंलाइ अं तेरो वंशलाइ दिन्छु
भन्ये नियम् बांधनु भयो अनि आफ्नु कुरा पूरो गर्नु भयो किनभन्ये
तपांइ धर्म्मी हुंनु हुंद छ। फेरि तपांइले हांमिहरुका पित्रहरुको मिस्रमां ९
भयेको दुक्ख देखनु भयो अनि तिनिहरुको लाल् समुन्द्र छेउको दोहाई सुन्नु
भयो अनि फिरऊन् र त्येसका सबै चाकरहरु र त्येसको देस्का सबै १०
लोग् माथि चिंनु र आश्चर्य्यकर्म्म देखाउंनु भयो किनभन्ये तपांइले
तिनिहरुले यिनिहरुको बिरुद्धमां अहंकार् गर्‍ये भनि जान्नु भयो अनि
आफ्नु लागि नांउ बनाउंनु भयो आजुको दिन् जस्तो। अनि तिनिहरु ११
समुन्द्रको मांझ बाटो ओबानो भूइंमां हिंड़ि जांनुको लागि तपांइले समुन्द्र
तिनिहरुको सांमु भाग् पार्नु भयो अनि तिनिहरुलाइ खेद्नेहरुलाइ
तपांइले गहीरोमां हालि दिंनु भयो ढुंगा प्रतापी पानीमां डुब्येको झैं
डुब्नुलाइ। येस् उप्रान्त तपांइले तिनिहरुलाइ दिउंसो मुढ्का जस्तो १२
ठड़ीयेको मेघ्मां अनि राति तिनिहरुलाइ तिनिहरुले हिंड्नु पर्ने बाटोमां
उज्यालो पारि दिंनुलाइ मुढ्का जस्तो ठड़ीयेको आगोमां तपांइले
तिनिहरुलाइ डोर्‍याउंनु भयो। तपांइ सिने पर्बत् माथि उत्रि पनि आउंनु १३
भयो अनि तिनिहरु सित स्वर्ग देखि बात् गर्नु भयो अनि तिनिहरुलाइ

सोजो नियाबचन्हरु र बिस्वास्योग्य व्यवस्था जाति बिधि र आज्ञाहरु
१४ दिंनु भयो . अनि आफ्नु दास् मूसाको बाटोले तिनिहरुलाइ आफ्नु पवित्र
बिश्राम्बार् जनाउंनु भयो अनि तिनिहरुको लागि आज्ञाहरु र बिधिहरु र
१५ येउटा व्यवस्था अह्राउंनु भयो . अनि तिनिहरुको भोक् मांर्नुको लागि
स्वर्ग बाटो रोटी दिंनु भयो अनि तिनिहरुको तिर्खा मांर्नुलाइ पानी
निकाल्नु भयो अनि तिनिहरुलाइ मैंले तंलाइ दिंनुको लागि किरिया
खाइकन आफ्नु हात् उचाल्यैको देस्को अधिकारी हुंनुलाइ भित्र पस्
१६ भनि आज्ञा दिंनु भयो । तर तिनिहरु र हांम्रा पिता पुर्खाहरुले अहंकार्
१७ गर्यैर आफ्नु गर्दन् कठोर् गर्ये अनि तपांइका आज्ञा सुन्येनन् अनि
मान्दा पनि मान्येनन् अनि तपांइले तिनिहरुको बीच्मां गरेका
आश्चर्य्यकर्म्मको चेत् गर्येनन् तर आफ्नु गर्दन् कठोर् गर्ये अनि आफ्नु
बागीहुवाईमां आफ्नु बन्धुवाईको गत्मां फर्कि जांनुको लागि येउटा
अगुवा राख्येका थिये. तर तपांइ चइं क्षमा गर्ने गुण् भयेको ईश्वर् हो
दयालु र अनुग्रह् गर्ने रिस् गर्नुमां धीरजी अनि दिठाईमां भरपूर
१८ येस्कारण् तपांइले तिनिहरुलाइ छोड्नु भयेन । अं जब तिनिहरुले आफ्नु
लागि येउटा ढाल्येको बाछो बनायेर तंलाइ मिस्र देस् देखि निकालि
ल्याउंने तेरो ईश्वर् येइ हो भन्येर भन्येका थिये अनि अगघोर् निन्दा
१९ गर्येका थिये तैपनि आफ्नु अगघोर्को दयाको कारण्ले तिनिहरुलाइ
बन्मां छोड्नु भयेन . तिनिहरुलाइ बाटोमां डोर्याउंनुको लागि मेघ्को
मुढ्का तिनिहरु देखि कैले पनि गइ गयेन अनि राति पनि तिनिहरुले
हिंड्नु पर्ने बाटो देखाउंनुलाइ उज्यालो दिंने मुढ्का जस्तो आगो राति ।
२० तपांइले तिनिहरुलाइ सिकाउंनुको लागि आफ्नु भलो आत्मा पनि दिंनु
भयो अनि तिनिहरुको मुख् देखि आफ्नु मन्न रोकि छोड्नु भयेन अनि
२१ तिनिहरुको तिर्खा मांर्नुलाइ तिनिहरुलाइ पानी दिंनु भयो । अं चालीस् बर्ष
भरि तपांइले तिनिहरुलाइ बन्मां पाल्नु भयो अनि तिनिहरुको लागि
केहि पनि घटि थियेन तिनिहरुका लुगा तिनिहरुका जीवमां पुरांना भइ
२२ गयेनन् न तिनिहरुका गोड़ा सुनीये । त्यस् उप्रान्त तपांइले तिनिहरुलाइ
राज्हरु र लोग् लोग् दिंनु भयो जुन्हरुलाइ तपांइले तिनिहरुको भाग् भाग्
अनुसार् बांढ़ि दिंनु भयो . येसोरि तिनिहरु सीहोन्को अं हेश्बोन्को
२३ राजाको देस् र बाशान्को राजा ओग्को देस्को अधिकारी भये । तपांइले
तिनिहरुको बंशलाइ अकाश्का ताराहरु जत्तिकै बढ़ाउंनु भयो अनि जुन्
देस्को बिषय्मां तपांइले तिनिहरुका पित्रहरुलाइ तिमिहरु भित्र पसि
त्येसको अधिकारी हुंछौ भन्नु भयो त्येस् देस्मां तपांइले तिनिहरुलाइ
२४ ल्याउंनु भयो । येसोरि तिनिहरुका बंश भित्र पस्येर त्येस् देस्को अधिकारी
भये अनि तपांइले तिनिहरुको सांमु देस्का कनान्बासीहरु तिनिहरुको
ताबिमां ल्याउंनु भयो अनि तिनिहरुको हात्मां तिनिहरुलाइ तिनिहरुका
राजाहरु र देस्का लोग् लोग् समेत्लाइ यिनिहरुले तिनिहरु सित आफ्नु

खुशि अनसार् गरुन् भन्येर तिनिहरुको हातमां सुम्पि दिंनु भयो।
त तिनिहरुले घेरा भयेका सहर्हरु र मलौलो देस् लिये अनि सबै जाति २५
जाति थोकले भरीयेका घर्हरु र खन्येका पोखरिहरु दाखबारी र भद्राक्षका
बारीहरु र खांने फल् फलने रुखहरु पनि औधिगरि भयेका देस्को
तिनिहरु अधिकारी भये. येसोरि तिनिहरु खायेर तृप्त भये अनि मोटायेर
तिनिहरुको बड़ो भलाईमां खुशि भये। तैपनि अन्आज्ञाकारी भइ २६
तपांइको बिरुद्धमां बागी भइ तपांइको व्यवस्था आफ्नु पिठाउं परि
फालि दिये अनि आफ्नु बिरुद्धमां तपांइ थांइ फर्कि आव भनि साक्षी
दिंने तपांइका अगमबक्ताहरुलाइ मारि दिये अनि अघोर् निन्दा गर्ये।
येकारण् तपांइले तिनिहरुलाइ तिनिहरुका बिरोधीहरुको हात्मां सुम्पि २७
दिंनु भयो जुन्हरुले तिनिहरुलाइ दुक्ख दिये. अनि तिनिहरुको संकष्टको
बेलामां तिनिहरुले तपांइको दोहाई गर्दा तपांइले स्वर्ग बाटो सुन्नु भयो
अनि आफ्नु अघोर्को दयाको कारणले तिनिहरुलाइ तिनिहरुका
बिरोधीहरुको हात् देखि बचाउंने छोड़ाउंनेहरुलाइ दिंनु भयो। तर २८
तिनिहरुले चैन् पाये पछि तपांइको सांमु फेरि बुराई गर्नु लाग्ये. येकारण्
तपांइले तिनिहरुलाइ तिनिहरुका बैरीहरुको हात्मां छोड़ि दिंनु भयो
तिनिहरुले तिनिहरु मांथि प्रभुतेइं गरुन् भन्ये खातिर्ले. तैपनि तिनिहरु
फर्कंदा र तपांइको दोहाई गर्दा तपांइले स्वर्ग बाटो सुन्नु भयो अनि
आफ्ना दयाहरुको अनसार् तिनिहरुलाइ धेरै खेप् बचाउंनु भयो अनि २९
तिनिहरुलाइ आफ्नु व्यवस्थामां फर्काइ ल्याउंनुको लागि तिनिहरुको
बिरुद्धमां साक्षी दिंनु भयो. तैपनि तिनिहरुले अहंकार् गरि तपांइका
आज्ञा सुन्येनन् तर तपांइका जुन् नियाबचन् कसैले मान्यो भन्ये त्यो तिनैमां
जीइ रहंछ भन्ये नियाबचन्को बिरुद्धमां पाप् गर्ये अनि आफ्ना कांध्
निकाल्ये अनि आफ्नु गर्दन् कठोर् गर्ये अनि सुन्नु मान्येनन्। तैपनि धेरै ३०
वर्ष तपांइले तिनिहरुलाइ सहंदै सहंदै आफ्नु आत्माको बाटोले आफ्ना
अगमबक्ताहरुको मुख् देखि साक्षी दिंनु भयो. तैपनि तिनिहरुले कान्
थाप्नु मान्येनन्. येकारणले तपांइले तिनिहरुलाइ देस् देसका लोग्
लोगको हात्मां सुम्पि दिंनु भयो। तैपनि तपांइले आफ्नु अघोर् ३१
दयाको कारणले तिनिहरुको पूरा अन्त गर्नु भयेन न तिनिहरुलाइ त्याग्नु
भयो किनभन्ये तपांइ अनुग्रहित् र दयालु ईश्वर् हुंनु हुंदछ। त अब ३२
हे हांम्रो ईश्वर् महा र प्रतापी र डर्लाग्दो ईश्वर् जस्ले नियम् र दया
मान्नु हुंदछ अश्शूर्का राजाहरुको पाला देखि आजु सम्म हांमिहरु मांथि
हांमिहरुका राजाहरु मांथि हांमिहरुका मालिक्हरु मांथि हांमिहरुका
पूजाहारीहरु मांथि हांमिहरुका अगमबक्ताहरु मांथि र हांमिहरुका
पित्रहरु मांथि र तपांइका सिंगै लोग् मांथि पर्येका सबै कष्ट तपांइको
लेखिमां सांनु न ठानीओस्। तैपनि हांमिहरु मांथि पर्येका सबैमां ३३
तपांइनै धर्म्मी हुंनु हुंदछ किनभन्ये तपांइले चइं सच्चेइंको काम् गर्नु भयो

३४ तर हांमिहरुचहिंले ता दुष्टैं गर्‍येका छौं. अनि हांमिहरुका राजाहरुले
न मालिक्हरुले न पूजाहारीहरुले न पित्रहरुले तपांइका व्यवस्था मान्ये न
तपांइको आज्ञा र तपांइले तिनिहरुको बिरुद्धमां साक्षी गर्‍येको साक्षी
३५ पत्रहरु मान्ये। कसोगरिभन्ये तिनिहरुले आफ्नु राज्मां र तपांइले
तिनिहरुलाइ दियेको तपांइको बड़ो भलोहुवाईमां र तपांइले तिनिहरुको
अघि दियेको येस् ठुलो र मलीलो देस्मां तपांइको सेवा गर्‍येनन् अनि
३६ आफ्ना दुष्ट काम्हरु देखि फर्क्येनन् पनि। हेर्नु हवस् हांमिहरु आजु दास्
छौं अनि तपांइले हांमिहरुका पित्रहरुलाइ त्येस्को फल् खांनु र त्येस्को भलाई
भोगनुलाइ दियेको देस्को बिषय्मां हेर्नु हवस् येस्मां हांमिहरु दास् छौं।
३७ अनि त्यो तपांइले हांमहरु मांथि हांमिहरुको पापको कारण्ले राख्येका
राजाहरुलाइ धेरै बढ्ति दिंद छ. येस् उप्रान्त हांमिहरुका जीउ र
हांमिहरुका पशु मांथि तिनिहरुको खुशि अनुसारको हक् छ अनि हांमिहरु
३८ चहिं सारो संकष्टमां पर्‍येका छौं। तैंपनि ति सबैको कारणले हांमिहरु
सच्चेईको नियम् बांध्द छौं अनि लेख्द पनि छौं अनि हांमिहरुका
मालिक्हरु लेवीहरु र पूजाहारीहरुले त्येस् मांथि मोहर् लाउंद छन्॥

(मोहर् लगाउंनेहरुका नांउ)

१० १ जस् जस्ले मोहर् लगाये तिनिहरु यिनै हुन् अर्थात् हकल्याहको
२ छोरो नहेम्याह् तिर्शाता र सिद्कियाह् सरायाह् अजर्याह् यिर्मयाह्
३,४,५ पश्हूर् अमर्याह् मल्कियाह् हत्तूश् शबन्याह् मल्लूक् हारीम्
६,७ मरेमोत् ओबद्याह् दानियेल् गिन्नतोन् बारुक् मशुल्लाम् अबियाह्
८ मियामीन् माज्याह् बिल्गै शमायाह्. तिनिहरु पूजाहारी थिये।
९ फेरि लेवीहरु. अजन्याहको छोरो येशूअ हेनादाद्वंशी बिन्नूई कद्मीएल्
१० र तिनिहरुका दाज्युभाईहरु शबन्याह् होदियाह् कलीता पलायाह् हानान्
११,१२,१३ मीका रहोब् हशब्याह् जक्कूर् शेरेब्याह् शबन्याह् होदियाह्
१४ बानी बनीनू फेरि लोगका मूल्हरु. परोश् पहत्मोआब् एलाम्
१५,१६ जत्तू बानी बुन्नी अज्गाद् बेबै अदोनियाह् बिग्वै आदीन्
१७,१८,१९ आतेर् हिज्कियाह् अज्जूर् होदियाह् हाशूम् बेसै हारीप्
२०,२१ अनातोत् नोबै मग्पीआश् मशुल्लाम् हेजीर् मशेजबेल् सादोक्
२२,२३,२४ यद्दू पलत्याह् हानान् अनायाह् होशे हनन्याह् हश्शूब् हल्लोहेश्
२५,२६ पिल्हा शोबेक् रहूम् हशब्ना मासेयाह् अहियाह् हानान् आनान्
२७,२८ मल्लूक् हारीम् बाना। अनि रहल् लोगहरु पूजाहारीहरु लेवीहरु दुवार्पाल्-
हरु गवैयाहरु नतीनीहरु र जति जना देस् देस्का लोग् लोग् देखि छुटेर
ईश्वरको व्यवस्थामां तिनिहरुकी स्वास्नीहरु तिनिहरुका छोराछोरीहरु अं
२९ जतिको ज्ञानबुद्धि थियो तिनिहरुले आफ्ना भारादार् भाईहरु सित
टांसीयेर येस्तो येउटा स्राप् र किरिया खाये अर्थात् हांमिहरु ईश्वरको
दास् मूसाको बाटोले दियेको ईश्वरको बचन्मां हिंड्छौं अनि आफ्नु प्रभु

यह्वेको सबै आज्ञा र नियावचन् र बिधि मान्छौं अनि हामिहरु न ३०
आफ्नो छोरीहरु देसका लोगलाइ दिंछौं न तिनिहरुको छोरीहरु आफ्ना
छोराहरुको लागि ल्याउंछौं . अनि देसका लोगले बिश्रामदिन्मां बिक्रिका ३१
थोक् कि खाने थोक् बेच्नु ल्याये भन्ये बिश्रामदिन् कि पबित्र दिन्मां
हामिहरु किन्दैनं . अनि सातौं सातौं बर्षको उप्जनो र सबै ऋण उठाउंनो
छोडूछौं भन्ये । येस् उप्रान्त हामिहरुले आफ्नु लागि येस्तो नियम् बांध्यूं ३२
अर्थात् आफ्नु ईश्वर्को घर्को सेवागराईको लागि बर्ष बर्ष शेकल्को
एक्तिहाई हामिहरु खर्चछौं भेटीरोटी नित्य अन्नबलि र नित्य ३३
होमबलि बिश्रामबार् दुतिया र ठहरायेका चाडूहरु र पबित्र थोक्हरुको
लागि अनि इस्राएल्को लागि प्रायश्चित्त गर्ने पाप्बलिहरु र आफ्नु
ईश्वर्को घर्को सबै काम्को लागि । अनि हामिहरु अर्थात् पूजाहारीहरु ३४
लेवीहरु र लोगले ति काम्को लागि चिट्ठा हाल्यूं अर्थात् हामिहरुका
पित्रहरुका घर् घर् अनुसार् बर्ष बर्षका ठहरायेका बेलामां दाउराको भेंट
ब्यवस्थामां लेख्येको अनुसार् आफ्नु ईश्वर् यह्वेको बेदिमां बाल्नुको लागि
आफ्नु ईश्वर्को घर्मां ल्याउंनुलाइ . अनि आफ्नु जिमीन्को अगौटेफल् र ३५
सबै रकम्का रुखका सबै फल्का अगौटेफल् बर्ष बर्ष यह्वेको घर्मां
ल्याउंनुलाइ . येस् बाहिक् ब्यवस्थामां लेख्येको अनुसार् हामिहरुका ३६
छोराहरु र हामिहरुका पशुहरु र गाईहरु र भेंडाबाखाका जेठा जेठा
आफ्नु ईश्वर्को घर्मां सेवा गर्ने पूजाहारी थांइ आफ्नु ईश्वर्को घर्मां
ल्याउंनुलाइ . अनि हामिहरुले आफ्नु खस्रो पिठो र हामिहरुका हल्लाइने ३७
भेटि र सबै रकम्का रुखका फल् र दाखमद्य र तेल्का अगौटेफल् आफ्नु
ईश्वर्को घर्को कोठामां पूजाहारी थांइ ल्याउंनुलाइ र आफ्नु जिमीन्को
दसौं हिस्सा लेवीहरुलाइ दिनुलाइ किनभन्ये ति लेवीहरुले हामिहरुका
खेतिपातिका सबै सहर्मां दसौं अंश लिने गर्दै छन् । अनि लेवीहरुले दसौं ३८
अंश लिंदाखेरि हारुन्का छोरा पूजाहारी लेवीहरु सङ्ग हुंछ . त लेवीहरुले
दसौं अंशको दसौं अंश हामिहरुको ईश्वर्को घर्मां कोठाहरुमां भंडार्-
घर्को भित्र चढाइ ल्याउंछन् । किनभन्ये इस्राएलबंशीहरु र लेवीबंशीहरुले ३९
अन्न र दाखरस् र तेल्को हल्लाइने भेटि ति कोठाहरुमां ल्याउंछन् जहां
पबित्र स्थान्का भांडाबर्तनहरु र सेवा गर्ने पूजाहारीहरु र दुवार्पालहरु र
गवैयाहरु छन् . अनि हामिहरु चइं आफ्नु ईश्वर्को घर् छोडूदैनं ॥

(यरूशलेम्मां बास् गर्नेहरुका नांउ)

अनि लोगका मालिक्हरु यरूशलेम्मां बस्द थिये . अनि अरु ११ १
लोगहरुले हामिहरुमांका दस् जना पिच्छे एक् जना चइं पबित्र सहर्
यरूशलेम्मां अनि अरु अरु सहर्मां चइं नौ जनागरि बस्नुलाइ चिट्ठा
हाल्ये । अनि जति जनाले आफ्नु इच्छेले यरूशलेम्मां बस्नुलाइ मन् गर्ये २
तिनिहरुलाइ लोगले आशीर्बाद् गर्ये । यरूशलेम्मां रहने खाका मूल् ३

मूल्हरु यिने हुन् . तर यहूदाका सहर्हरुमां यहूदाका जनंगे आफ्नु आफ्नु
निज् सहर्मां बस्द थिये अर्थात् इस्राएल् पूजाहाराहरु लेवीहरु नतीनीहरु
४ र सुलैमान्ले तुल्यायेका दासहरुका बंशहरु । अनि यरुशलेम्मां यि यहूदाबंशी
र बिन्यामान्बंशीका कति जना रहंद थिये । यहूदाबंशीहरुमांको . अतायाह्
पेरेसबंशी जो उज्जियाह्को छोरो जकर्याह्को छोरो अमर्याह्को छोरो
५ शपत्याह्को छोरो महललेल्को छोरो थियो अनि मासेयाह् शलाबंशी
बारुक्को छोरो कोल्होजेको छोरो हजायाह्को छोरो अदायाह्को छोरो
६ योयारीबको छोरो जकर्याह्को छोरो । जो पेरेसबंशी महाबीर् यरुशलेम्मां
७ रहंने सबै चार् से अठ्सठ् थिये । अनि बिन्यामानबंशीहरुमांका यि हुन् .
सल्लू जो मशुल्लाम्को छोरो योएद्को छोरो पदायाह्को छोरो कोलायाह्को
८ छोरो मासेयाह्को छोरो ईतीएल्को छोरो यशायाह्को छोरो थियो । अनि
९ त्यस् पछि गब्बै सल्लै नौ से अट्ठाईस् । तिनिहरुको मालिक् जिक्रीको छोरो
योएल् थियो . अनि हस्सनूआको यहूदा भन्ने छोरो सहर्को मालिक्को
१० कारन्दारी थियो । पूजाहारीहरुमांका . योयारीबको छोरो यदायाह् याकीन्
११ अनि सरायाह् जो ईश्वर्को घर्को मालिक् र हिल्कियाह्का छोरो
१२ मशुल्लाम्को छोरो सादोक्को छोरो मरायोत्को छोरो अहीतूब्को छोरो थियो
अनि तिनिहरुका आठ् से बाईस् दाज्युभाई थिये जुनहरुले त्यइ घर्को काम्
गर्द थिये . अनि अदायाह् जो यरोहाम्को छोरो पलल्याह्को छोरो
१३ अम्सीको छोरो जकर्याह्को छोरो मशहूर्को छोरो मल्कियाह्को छोरो थियो
अनि त्यसका दुइ से बयालीस् दाज्युभाई जो पित्रहरुका घर् घर्का मूल् थिये .
अनि अमशसै जो अजरेल्को छोरो अहजैको छोरो मशिल्लेमोत्को छोरो
१४ इम्मेर्को छोरो थियो अनि तिनका एक् से अट्ठाईस् महाबीर्
दाज्युभाईहरु थिये . यिनिहरुका मालिक् हग्गदोलीम्को छोरो जब्दीएल्
१५ थियो । अनि लेवीहरुमांका . शमायाह् जो हश्शूब्को छोरो अज्रीकाम्को
१६ छोरो हशब्याह्को छोरो बुन्नीको छोरो थियो अनि शब्बतै र योजाबाद्
१७ मूल् लेवीहरु अनि ईश्वर्को घर्को बाहिरेकाम्को रक्षा गर्द थिये अनि
मत्तन्याह् जो आसापबंशी मीकाको छोरो जब्दीको छोरो थियो अनि
प्रार्थनामां धन्नबाद् पाल्नुमां मूल् थियो अनि त्यसका दाज्युभाईहरु बकबुक्याह्
जो आफ्ना दाज्युभाईहरुमां दोस्रो थियो अनि अब्दा यदूतूनबंशी जो
१८ शम्मूको छोरो गालाल्को छोरो थियो । पवित्र सहर्मां रहंने लेवीहरु सबै
१९ गरि दुइ से चौरासी थिये । यि बाहिक् अक्कूब् र तल्मोन् नांउको दुवार्पाल्
जो आफ्ना दाज्युभाईहरु समेत् ढोकाका दुवार्पाल्हरु थिये ति सबै एक्
२० से बहत्तर् थिये । अनि रहल् पूजाहारी लेवी र अरु इस्राएलीहरु यहूदाका
२१ सबै सहर्हरुमां आफ्नु आफ्नु भाग्मां रहंद थिये । तर नतीनीहरु ता
२२ ओपेल्मां रहंद थिये . अनि नतीनीहरु मांथि सीहा र गिश्पा थिये । अनि
यरुशलेम्मां हुने लेवीहरुले ईश्वर्को घर्को काम् गर्द थिये तिनिहरुको
मूल् उज्जी थियो जो बानीको छोरो हशब्याह्को छोरो मत्तन्याह्को छोरो

मीकाको छोरो र आसापवंशी गवैयाहरुमांका थिये। किनभन्ये तिनिहरुको २३
दिन् दिन्को काम्को विषय्मां ता राजाको आज्ञा थियो अनि गवैयाहरुको
काम्को विषय् पनि पक्का बन्दवस्त थियो। अनि लोगको सबै काम् पूरा २४
गर्नुको लागि मशेजबेल्को छोरो पतह्याह् जो यहूदाको छोरो जेरहको
वंशमांको थियो त्यो राजा कुड रहंद थियो। अनि गांउको विषयमां र २५
तिनको खर्क समेत् यहूदावंशीहरुमांको कति जना ति सहरमां रहंद थिये
अर्थात् किर्यतर्बामां त्यसका बस्तीहरु समेत् र दीबोनमां त्यसका बस्तीहरु
समेत् र यकब्सेल् त्यसका बस्तीहरु समेत् फेरि येशूअ मोलादा बेत्पेलेत्मां २६
अनि हसर्शूआलमां र बेर्शेबा त्यसका बस्तीहरु समेत् अनि सिक्लगमां २७ २८
मकोना र त्यसका बस्तीहरुमां एन्रिम्मोन् सोरा यर्मूत्मां तिनका २९ ३०
बस्तीहरु समेत् जानोह् र अदुल्लाम्मां लाकीश् खेतहरु समेत् अजेका त्यसका
बस्तीहरु समेत् येसोरि बेर्शेबा देखि हिन्नोम्को तरि सम्म डेरा हालि बस्द
थिये। बिन्यामीन्वंशी पनि गेबा देखि मिक्मश् अय्या र बेतेल् र तिनको ३१
बस्तीहरुमां अनातोत् नोब् अननन्याह् हासोर् रामा गित्तैम् ३२ ३३
हादीद् सबोईम् नबल्लत् लोद् ओनो र कारिगरहरुको तरिमां बस्द ३४ ३५
थिये। अनि लेवीहरुमांका यहूदामां भयेका कति पालो पालो गर्नेहरु ३६
बिन्यामीनीहरु सित मिसीयेका थिये॥

(पूजाहारीहरु र लेवीहरुका नांउ)

जुन् जुन् पूजाहारीहरु र लेवीहरु शाल्तीयल्को छोरो जरुब्बाबेल् १२ १
र येशूअ सङ चढि आयेका थिये ति यिनै हुन्, सरायाह् यिर्मयाह् एज्रा
अमर्याह् मल्लूक् हत्तूश् शकन्याह् रहूम् मरेमोत् इद्दो गिन्नतोई २,३ ४
अबियाह् मिय्यामीन् माद्याह् बिल्गा शमायाह् योयारीब् ५ ६
यदायाह् सल्लू आमोक् हिल्कियाह् र यदायाह्। येशूअको पालामां ७
पूजाहारीहरु र तिनिहरुका दाजुभाईहरुका मूल् मूलहरु यिनै थिये। फेरि ८
यि लेवीहरु पनि, येशूअ बिन्नूई कद्मीएल् शेरेब्याह् यहूदा र त्यो मत्तन्याह्
जो आफ्ना दाजुभाई सङ धन्यबाद् गर्नेहरुको मूल् थियो। अनि तिनिहरुका ९
दाजुभाई बक्बुक्याह् र उन्नो तिनिहरुको सांमु सामेल् भइ भइ थिये।
अनि येशूअले योयाकीम्लाइ जन्मायो अनि योयाकीम्ले एल्याशीब्लाइ १०
अनि एल्याशीब्ले योयादालाइ अनि योयादाले योनातान्लाइ अनि ११
योनातान्ले यद्दूलाइ। योयाकीम्का दिनमां यि पूजाहारीहरु आफ्ना आफ्ना १२
पितृहरुका घर् घरका मूलहरु थिये, सरायाह्वंशी मरायाह् यिर्मयाह्वंशी
हनन्याह् एज्रावंशी मशुल्लाम् अमर्याह्वंशी यहोहानान् मल्लूकीवंशी १३ १४
योनातान् शबन्याह्वंशी योसेप् हारीम्वंशी अद्ना मरायोत्वंशी १५
हेल्कै इद्दोवंशी जकर्याह् गिन्नतोन्वंशी मशुल्लाम् अबियाह्वंशी १६ १७
जिक्री मिन्यामीन्वंशी मोअद्याह्वंशी पिल्तै बिल्गावंशी शम्मू १८
शमायाह्वंशी यहोनातान् योयारीब्वंशी मत्तनै यदायाह्वंशी उज्जी १९

२० २१ सल्लैवंशी कल्लै आमोकवंशी एबेर् हिल्कियाहवंशी हशब्याह् र
२२ यादायाहवंशी नतनेल्। पूजाहारीहरु ता दाग फार्सीको राज् सम्म र
लेवीहरुका पित्रहरुका घर् घर्को मूल् मूलको नांउ एल्याशीब् योयादा
२३ योहानाम् र यद्दूका दिनमां लेखींद थिये। फेरि लेवीवंशी पित्रहरुका घर्
घर्का मूल्हरु एल्याशीब्को छोरो योहानान्को पाला सम्म इतिहास्को
२४ पोस्तक्मां लेखींद थिये। लेवीहरुका मूल्हरु. हशब्याह् शेरेब्याह् र
कद्मीएल्को छोरो येशूअ जुन्हरुको सांमु तिनिहरुका दाज्युभाईहरुले सामेल्
भइ भइ ईश्वर्को जन् दाऊद्को आज्ञा अनुसार् सांमु सांमु स्तुति र धन्नबाद्
२५ गर्न गर्द थिये। फेरि मत्तन्याह् बकबुक्याह् र ओबद्याह् मशुल्लाम् तल्मोन् र
अक्कूब् नांउ भयेका दुवार्पाल्हरुले ढोकाहरुको छेउको भंडार्को पहरा दिंद
२६ थिये। योयादाकको छोरो येशूअको छोरो योयाकीम्को पालामां र
नहेम्याह् मालिकको पालामां अनि एज्रा नांउ गर्येको पूजाहारी र
शास्त्रीको पालामां पनि यिनिहरुनै थिये॥

(यरूशलेम्को घेराभित्ताको प्रताप्)

२७ अनि यरूशलेम्को घेराभित्ताको पैञ्जोको बेलामां तिनिहरुले
लेवीहरुलाइ यरूशलेम्मां ल्याउंनुलाइ रमाहट् सङ धन्न मान्दै र गीत्
गाउंदै झ्याम्टा र सितार् र बीना सङ पैञ्जो मान्नुलाइ तिनिहरुका सबै ठांउ
२८ देखि खोजि ल्याये। अनि गवैयाहरुको बंश यरूशलेम्का वरिपरिका गैह्री
२९ टार् र नतोपातीहरुका बस्तीहरु देखि भेला भये अनि बेत्गिल्गाल्
देखि र गेबा र अज्मावेत्का जग्गा देखि पनि. किनभन्ये गवैयाहरुले
३० आफ्नु लागि यरूशलेम्का चारै पट्टि बस्तीहरु बनायेका थिये। अनि
पूजाहारी र लेवीहरुले आफु आफुलाइ शुद्ध पार्ये वहांदेखि लोग् र
३१ ढोकाहरु घेराभित्ताहरु पनि शुद्ध गर्ये। तब मैंले यहूदाका मालिक्हरुलाइ
घेराभित्तामां ल्यायें अनि धन्नबाद् र धूम्धाम् सङ हिंड्ने दुइ ठुला ठुला
गट्ठा खटायें जुन्हरुमां येउटा चइं दक्खिन् कसिङर्ढोका तिर घेराभित्ता
३२ मांथ मांथि हिंड्द थियो. अनि तिनिहरु पछि पछि होशायाह् र यहूदाका
३३ ३४ मालिक्हरुमांका आधा अनि अजर्याह् एज्रा मशुल्लाम् यहूदा
३५ बिन्यामीन् शमायाह् र यिर्मयाह् फेरि कत्ति जना पूजाहारीवंशी
तुरही लियेर. आसापवंशी जकर्याह् योनातान्को छोरो शमायाह्को
३६ छोरो मत्तन्याह्को छोरो मीकायाह्को छोरो जक्कूर्को छोरो अनि
त्येस्का भाईहरु शमायाह् अजरेल् मिललै गिललै माऐ नतनेल् यहूदा र
हनानी ईश्वर्को जन् दाऊद्का बजाहरु लियेर अनि एज्रा शास्त्री चइं
३७ तिनिहरुको अघि अघि हिंड्द थियो. तिनिहरु चइं कुवाको ढोका बाटो
र सोजो तिनिहरुको अघि अघि दाऊद्को सहर्को खुड्कीला बाटो
घेराभित्ताको उकालीमां दाऊद्को घर् मांथि पानेढोकाको पूर्व तिर सम्म चढि
३८ जांद थियो। अनि धन्नबाद् गर्नेहरु अर्को चइं गट्ठा तिनिहरुलाइ भेटनुलाइ

निसक्को अनि मं चढ़ं आधा लोग् समेत् तिनिहरूको पछि पछि घेराभित्ता
मांथि भट्टिको धारा मांथि फराक् घेराभित्ता सम्म अनि एप्रेम्को ३९
ढोकाको मांथि र पुरांनु ढोका बाटो र माच्छाढोका र हननेल्को धारा र
हम्मेआको धारा बाटो भेंड़ाढोका सम्म. तब तिनिहरू पहरूको ढोका
निर उभीइ रह्थे। येसोगि धन्नवाद् गर्नेहरूको ति दुइ गट्ठा ईश्वर्को घरमां ४०
उभीये अनि मं र मालिक्हरूका आधा मं सङ. अनि एल्याकीम् मासेयाह् ४१
मिन्यामीन् मीकायाह् एल्योएने जकर्याह् र हनन्याह् नांउ भयेका
पूजाहारीहरू तुरही लियेर फेरि मासेयाह् शमायाह् एलाजार् उज्जी ४२
यहोहानान् मल्कियाह् एलाम् र एजेर्। अनि गवैयाहरू आफ्नु अगुवा
यिज्रह्याह् सङ ठुलो सोर्ले गाउंद थिये। अनि त्येस् दिन् तिनिहरूले ४३
ठुलो बलिदान् चढ़ाउंद थिये अनि आनन्द गर्द थिये किनभन्ये ईश्वर्ले
तिनिहरूलाइ बड़ो रमाहट्ले आनन्द गर्नु लगायो अनि स्त्रीहरू र
बालखहरूले पनि आनन्द गर्थे. त यरूशलेम्को आनन्दगाराई टाड़ो टाड़ो
सम्म पनि सुनीसो॥

अनि त्येस् दिन् हल्लाइने भेटि र अगौटेफल्का भंड़ार्का कोठाहरूका ४४
अधिकारीहरू खटाईयेका थिये जो दसौं अंश पनि सहर् सहर्को खेत्
अनुसार् पूजाहारी र लेवीहरूको लागि व्यवस्थामां ठहरायेको भाग् भाग्
तिनमां बटुल्नुलाइ. किनभन्ये यहूदाले उभीइ रहंने पूजाहारीहरू र
लेवीहरूको लागि आनन्द गर्द थियो। अनि तिनिहरूले आफ्नु ईश्वर्को ४५
कार्ज्य र शुद्धेईको बिषय्मां रत्ते गर्थे अनि गवैयाहरू र दुवार्पाल्हरूले दाऊद्
र त्येस्को छोरो सुलैमान्को आज्ञा अनुसार् त्येसै गर्थे। किनभन्ये उइसे ४६
दाऊद् र आसाप्को पालामां गवैयाहरूको मालिक् थियो अनि ईश्वर्को
स्तुति र धन्नवाद्को लागि गीत् गाउंद थिये। अनि जरूब्बाबेल् र ४७
नहेम्याह्को पालामां सिंगै इस्राएल्ले गवैयाहरू र दुवार्पाल्हरूको दिन्
दिन्को भाग् दिंदै रह्थे. अनि लेवीहरूको लागि पवित्र गर्द थिये अनि
लेवीहरूले हारून्बंशीहरूको लागि पवित्र गर्द थिये॥

(कत्ति कति सुधराई)

त्येस् दिन् तिनिहरूले मूसाको पोस्तक् लोगले सुन्नेगरि पढ्थे अनि १३ १
त्येस्मां येसो भनि लेख्येको पनि भेटाये कोई अम्मोनी कि मोआबी मान्छे
ईश्वर्को सभामां कैले पनि न पसोस् किनभन्ये तिनिहरूले रोटी पानी २
लियेर इस्राएल्बंशीहरूलाइ भेटेनन् तर तिनिहरूलाइ स्राप्नुलाइ बिलाम्-
लाइ रुपिया दियेर ज्यालामां ल्यायेका थिये भन्ये. तैपनि हांमिहरूको ईश्वर्ले
त्यो स्राप् आशीष्मां फेर्यो। अनि येसो भयो तिनिहरूले यो व्यवस्था ३
सुन्दाखेरि इस्राएल् सित छासमिस् भयेको सबै घुइरो अलग् छुटाये॥

अं येस् भन्दा पहिले एल्याशीब् पूजाहारी जो हांमिहरूको ईश्वर्को ४
घर्को कोठाको अधिकारी ठहराईयेको थियो अनि तोबिय्याह्को

५ मध्यस्थमा थियो त्यसले त्यसको लागि येउटा ठूलो कोठा तियार् पार्यो
जस्मा अगाडि तिनिहरूले अन्नबलि सालधूप् र बर्तनहरू र आज्ञा अनुसार्
लेवीहरू र गवैयाहरू र दुवारपालहरूको लागि दियेका अन्न र दाखरस् र
तेलको दसौं अंश अनि पूजाहारीको लागि हल्लाईने भेटि राखद थिये।
६ तर ति सबै समयमा म चइ यरुशलेममा थिइँन. कसोगरिभन्ये बाबेलको
राजा अर्तक्षत्रको बत्तीसौं बर्षमा राजा थांइ गयें अनि कत्ति दिन् पछि
७ राजा सित बिदा मांग्यें. वहांदेखि यरुशलेममा आयेर एल्याशीबले
तोबियाहको लागि ईश्वरको घरको आंगनमा येउटा कोठा तियार्
८ पार्येकोमा कस्तो बुराई गर्ये छन् भनि थाहा पायें। त त्यस् कुरोले मलाइ
अघोर् कष्ट दियो. येकारण तोबियाहको घरको ज्यावत् चाजबाज्
९ त्यस् कोठा देखि आफालि दियें। येस् पछि मैले आज्ञा गर्यें त तिनिहरूले
कोठा शुद्ध पार्य. अनि मैले ईश्वरको घरका बर्तनहरू अन्नबलि र सालधूप्
१० समेत् फेरि ल्यायें। फेरि लेवीहरूको भाग् तिनिहरूलाइ दिइयेको रैन छ
येकारण काम् गर्नेहरू र गवैयाहरू आफ्ना आफ्ना जग्गामा भाग्ये छन्
११ भनि थाहा पायें। तब मैले मालिकहरू सित बाझदै ईश्वरको घर् किन
छाडीयेको छ भन्येर भन्यें। वहांदेखि तिनिहरूलाइ भेला गरायेर तिनिहरूको
१२ ठांउ ठांउमा राख्यें। तब सिंगै यहूदाले अन्न र दाखरस् र तेलको दसौं
१३ अंश भंडारहरूमा ल्याये। अनि मैले भंडारहरू माथि यि भंडारीहरू खटायें
अर्थात् शलेम्याह् पूजाहारी सादोक् शास्त्री र लेवीहरूमांको पदायाह्.
अनि तिनिहरू मुनि मत्तन्याहका छोरो जक्कुरको छोरो हानान्. किनभन्ये
तिनिहरू बिश्वासयोग्य् गनांथे अनि तिनिहरूको काम् तिनिहरूको
१४ भाईहरूलाइ बांडुने काम् थियो। हे मेरो ईश्वर् येको बिषयमा मलाइ
सम्झना राख्नु हवस् अनि मैले आफ्नु ईश्वरको घरको लागि र त्यसमा
हुने आराधनाको लागि गर्येका मेरा सुकर्म्म न मेट्नु हवस्॥
१५ ति दिनमा मैले यहूदामा बिश्रामको दिनमा कत्तिलाइ दाख् कालमा
पेल्दै गर्येको र अन्नका बिटा गदाहा माथि बोकायेर ल्याउंदै गर्येका
अं दाखरस् र दाख् र नेभारा र सबै रकमका भारिहरू तिनिहरूले बिश्रामको
दिनमा यरुशलेममा ल्याउंदै गर्येको देख्यें। अनि जस् दिन् तिनिहरूले
खाने सादोंम् बेचद थिये त्यस् दिन् मैले तिनिहरूको बिरुद्धमा साक्षी
१६ दियें। फेरि सोरका कति जना त्यहां बस्द थिये जो माछा र सबै रकमका
बिक्रिका थोक् ल्यायेर यहूदीबंशीहरूलाइ अं यरुशलेममा बिश्रामको
१७ दिनमा बिक्रि गर्द थिये। तब मैले यहूदाका भारादारहरू सङ बाझदै
तिनिहरूलाइ भन्यें यि तिमिहरूले बिश्रामको दिन् अपवित्र गर्दै तिमिहरूले
१८ गर्येको यो बुराई क्या हो। के तिमिहरूका पित्रहरूले पनि येसै गर्येनन् अनि
के हाम्रो ईश्वरले यि सबै बुराई हामिहरू माथि र येस् सहर् माथि ल्यायेन.
तर्पनि तिमिहरू बिश्रामको दिन् अपवित्र गर्दै इस्राएल् माथि भनबारो रिस्
१९ ल्याउंद छौ। अनि येसो भयो मैले बिश्रामको दिन् भन्दा अघिल्लो दिन् जब

यरुशलेमका ढोकाहरूको छेउ अंध्यारो हुंनु लाग्यो तब देलाहरू थुनौउन्
भनि आज्ञा गर्यें अनि बिश्रामको दिन् पछि सम्म न उघारौउन् भनि आज्ञा
गर्यें. अनि बिश्रामको दिन्मां कोइ पनि भारिहरू न ल्याईउन् भन्येर मैंले
आफ्ना चाकरेहरूमांका कत्ति जनालाइ ढोका रछ्नु खटायें। ऐसोरि २०
बेपारीहरू र सबै रकम्का चीच्बीच् बिक्रि गर्नेहरू एक् दुइ खेप् यरुशलेम्
देखि बाहिर बास् बस्द थिये। तब मैंले तिनिहरूको बिरुद्धमां साक्षी दिइ २१
भन्यें घराभित्ताको आडमां किन बस्द छौ. फेरि ऐसो गर्यौ भन्य मं
तिमिहरूलाइ पक्रंछु। त्यस् बेला देखि तिनिहरू बिश्रामको दिन्मां फेरि फेरि
आयेनन्। अनि मैंले लेवीहरूलाइ तिमिहरूले आफूलाइ पवित्र गराउंनु २२
अनि बिश्रामको दिन्मां पवित्र गर्नुको लागि ढोकाहरू रछ्न्लाइ आउंनु
भन्येर भन्यें। हे मेरो इंश्वर् यो पनि मेरो लागि सम्झना राख्नु हवस्
अनि आफ्नु दयाको बढाहुवाइं अनुसार् मलाइ छोड्ने न गर्नु हवस्॥

ति दिनमां पनि मैंले कत्ति यहूदीहरूले अशदोद् अम्मोन् र मोआब्को २३
स्त्रीहरूलाइ ल्यायेको देख्यें. अनि तिनिहरूका बालखहरूले अशदोद्को २४
आधा बोली बोल्येको सुन्यें अनि यहूदी भाषा बोल्नु सक्दैन थिये
तर एक् एक् लोग्को बोली मात्रै। तब मैंले तिनिहरू सित बाभेर २५
तिनिहरूलाइ धिक्कार्यें अनि तिनिहरूमांका कत्ति जनालाइ कुटेर पनि
अनि तिनिहरूका केस् उखेल्यें अनि तिनिहरूलाइ ईश्वर्को नांउ गरि
ऐस्तो किरिया खुवायें अर्थात् हांमिहरू आफ्नौ छोरीहरू तिनिहरूका
छोराहरूलाइ दिंदैन अनि तिनिहरूको छोरीहरू आफ्ना छोराहरूको लागि
कि आफ्नु लागि ल्याउंदैन भन्ये। क्य इस्राएल्को राजा सुलेमान्ले ऐइ २६
कुरामां पाप् गर्येको थियेन. तैपनि धेरै लोग्को बीच्मां त्यो जस्तो कोइ
राजा थियेन अनि त्यो आफ्नु ईश्वर् देखि प्रिय थियो अनि ईश्वर्ले
त्येस्लाइ सिंगै इस्राएल् मांथि राजा तुल्यायो. तर ऐसैलाइ पनि अन्य
स्त्रीहरूले पाप् गर्नु लगाइन्। त क्य हांमिहरू पनि त्यस्तै सबै ठूलो ठूलो २७
बुराई गर्नेलाइ अर्थात् हांम्रो ईश्वर्को बिरुद्धमां अपराध् गर्येर अन्य
स्त्रीहरूलाइ ल्याउंनुलाइ तिमिहरूका कुरा सुन्छौं। अनि मूल्पूजाहारी २८
एल्याशीब्को छोरो योयादाको ऐउटा छोरो होरोनी सन्बल्लत्को जुवांइ
थियो. ऐस्कारण् मैंले त्येस्लाइ आफ्नु छेउ देखि धपायें। हे मेरो ईश्वर् २९
तिनिहरूले पूजाहारीगिरि र पूजाहारी र लेवीहरूको नियम् अशुद्ध पार्येको
कारण्ले तिनिहरूको सम्झना राख्नु हवस्। ऐसोरि मैंले तिनिहरूलाइ ३०
सबै अन्यदेसीहरू देखि शुद्ध पार्यें अनि पूजाहारीहरू र लेवीहरू जनंगैलाइ
आफ्नु काम्को लागि खटायें अनि ठहरायेको बेलामां दाउरामेटिको ३१
लागि र अगौटेफल्को लागि खटायें। हे मेरो ईश्वर् भलाईको लागि मेरो
सम्झना राख्नु हवस्॥

एस्तेर्‌को पोस्तक्‌॥

(वश्ती रानीमान् देखि खसालौंनु)

१ १ जब् क्षयर्ष राजाले हिन्दुस्तान् देखि अं कूश् सम्म एक् सै
सत्ताईस् सूबाहरू माथि राज् गर्द थियो त्यस् क्षयर्षको पालामा यसो भयो.
२ ति दिनमा जब क्षयर्ष राजा शूशन् नांउ भयेको किल्लामा भयेको आफ्नु
३ राज्‌को सिंहासन्‌मा बिराज्‌दा थियो तब त्यसको राज्‌को तेस्रो बर्षमा
त्यस्ले आफ्ना सबै मालिक्‌हरू र कामदारीहरूको लागि भोज् लायो अनि
फारस् र मादैका पराक्रमीहरू अं सूबा सूबाका भारादार्‌हरू र मालिक्‌हरू
४ त्यसको सांमु आये. त्यस् बेला त्यस्ले धेरै दिन् अं एक् सै अस्सी दिन् सम्म
आफ्नु महिमित् राज्‌को धन् र आफ्नु श्रेष्ठ बड़ाहुवाईको अमोल्‌हुवाई
५ देखाउंदै रह्यो। अनि ति दिनका भरना भये पछि शूशन् किल्लामा सामेल्
भयेका सबै साना ठुला लोगको लागि राज्‌महल्‌को बारीको आंगन्‌मा
६ सात् दिन् सम्म भोज् लाइ रह्यो त्यहां सेता र नीला र असमानी
सुतिकपराका पर्दा थिये अनि मसीनो पाट्‌कपरा र बैगुनेका डोरीहरूले
चांदीका कड़ा र सङ्गमर्‌मर्‌का थाम्‌मा टांग्येका थिये. अनि खाट्‌हरू सुन्
र चांदीका थिये जो राता र सेता र पहेंला र काला सङ्गमर्‌मर् छाप्येका
७ मझेरी माथि थिये। फेरि तिनिहरूले राजावलि दाख्‌मद्य सुनका भिन्दो
भिन्दो बनोथेका भांड़ामा राजाको उचितो मन् अनुसार् अग्घोर्‌गरि
८ पियाउंद थिये। अनि पियाई विधि अनुसार् थियो कसैको कोइ हक्‌चलाई
थियेन. कसोगरिभन्ये राजाले आफ्नु महल्‌का सबै मालिक्‌हरूलाइ
९ तिनिहरू जनगको खुशि अनुसार् गर्नु भनि ठहरायेको थियो। यस् उप्रान्त
वश्ती नांउ भयेका रानीले पनि राजा क्षयर्षको राज्‌महल्‌का स्त्रीहरूको
१० लागि भोज् लगाई। सातौं चई दिन्‌मा जब राजाको मन् दाख्‌रस्‌ले मग्न
भयेको थियो तब त्यस्ले क्षयर्ष राजाको सांमु सेवा गर्ने सात् जना मेहेराहरू
अर्थात् महूमान् बिजता हर्बोना बिगता अबगता जेतर् र कर्कस्‌लाइ
११ वश्ती रानीलाइ राज्‌मुकुट् लगायेर राजाको सांमु ल्याउंनुलाइ हुकुम् गर्‍यो
रानीको सुन्दरता लोग् र मालिक्‌हरूको सांमु देखाउंनुको लागि. किनभन्ये
१२ त्यो हेर्नुमा राम्री थिई। तर वश्ती रानी राजाको यो आज्ञा मेहेरीहरूको
बाटोले सुनिकन आउंनु मानीन. येसकारण राजा बिग्र गर्गायेर रिसले
१३ बल्यो। तब समय् समयका भेद् जान्ने बुद्धिमान्‌हरू (कसोगरिभन्ये व्यवस्था
१४ र निया बचन् जान्ने सबैहरू सित राजाको येस्तो कहोरा थियो अनि
त्यसको कुंउमा फारस् र मादैका सात् जना मालिक्‌हरू जुन्‌हरूले राजाको

दर्शन् पाउंद् थिये अनि राजमा मूल् मूल् मानका थिये अर्थात् कर्शना
शेतार् अद्माता तर्शीश् मेरेस् मर्सना र ममूकान् .) ति बुद्धिमान्हरूलाइ १५
राजाले भन्यो वश्ती रानीले मेहेरीहरूको बाटोले दियेको क्षयर्ष राजाको
आज्ञा न मान्येको कारणले हामिहरूले विधि अनुसार् रानीलाइ कसो गरुं ।
तब ममूकानले राजा र मालिकहरूको सांमु येसो भनि उत्तर् दियो वश्ती १६
रानीले जो बुराई गरिन् त्यो खालि राजैको मात्रै होइन तर सबै मालिक-
हरूको र क्षयर्ष राजाका सबै खण्डहरूमा भयेका सबै लोगको पनि गरिन् ।
कसोगरिभन्ये रानीको यो कामको सोहोरा सबै स्त्रीहरूका जाहार् हुंछ अनि १७
क्षयर्ष राजाले वश्ती रानीलाइ आफ्नु सांमु ल्याउंनु आज्ञा गर्‍ये तर तिनि
आईनन् भनि जब सुनाईंछ तब आफ्ना आफ्ना स्वामीलाइ आफ्नु
आफ्नु दृष्टिमा तुच्छ जांछन् । अं आजुकै दिनमा पनि फारस् र मादैको जाति १८
मैजाहरूले रानीको काम् सुनिन् तिनिहरूले पनि राजाका मालिकहरूलाइ
येसै भन्दै छिन् । येस् देखि धेरै निन्दा र क्रोध् उठ्छन् । महाराजाकन १९
जाति लाग्यो भन्ये वश्ती फेरि फेरि क्षयर्ष महाराजाको सांमु आउंनु न पाउस्
अनि महाराजाले त्यस रानीको रानीसान् त्यो भन्दा जाति तिनको साथीलाइ
दिउन् भन्ये राजआज्ञा ति देखि निकलोस् अनि त्यो आज्ञा टलि न
जांनुलाइ फारसहरू र मादैहरूका व्यवस्थाहरूमा लेखीओस् । अनि जब २०
महाराजाले गर्नुं आंटेको येह आज्ञा तिनको सिंगै राजमा (जो ठुलो छ)
प्रचारीयेला तब सबै स्त्रीहरूले आफ्नु आफ्नु स्वामीहरूलाइ सांनु
ठुलोलाइ मान् दिंछिन् भनि । त यो कुरो राजा र मालिकहरूलाइ जाति २१
लाग्यो अनि राजाले ममूकानको सल्लाह् अनुसार् गर्‍यो . अं राजाका सबै २२
खण्डहरूमा गोटैपिच्छे खण्डको लेखाइं अनुसार् अनि गोटैपिच्छे लोग
तिनिहरूको भाषा अनुसार् येस्तो चिट्ठी लेखि पठायो जनंगे पुरुषले
आफ्नु आफ्नु घरमा प्रभुतैइं गरोस् अनि आफ्नु लोगको भाषा अनुसार्
यो आज्ञा सुनाउस् भन्ये ॥

(एस्तेर् रानी तुल्याईं)

ति कुरा पछि जब क्षयर्ष राजाको रिस् मंथ्यो तब वश्तीलाइ २ १
सम्भ्यो अनि तिनले के गरी अनि त्यसको विषयमा कस्तो आज्ञा गरीयो
भन्ये फूर् गर्‍यो । तब राजाको सेवा गर्ने चाकरेहरूले तिसलाइ भन्ये २
महाराजाको लागि राम्री राम्री कन्येकेटीहरू खोजीउन् . अनि महाराजाले ३
आफ्नु राजका सबै खण्डहरूमा मालिकहरूलाइ खटाउस् जुनहरूले सबै राम्री
राम्री कन्येकेटीहरूलाइ शूशन् किल्लामा स्त्रीकोठाहरूमा भेला गरायेर
स्त्रीहरूको रखवार महाराजाको मेहेरी हेगेको हातमा सुम्पि दिईउन् अनि
तिनिहरूको शुद्धगर्ईका चीजहरू तिनिहरूलाइ दिईउन् . अनि जुन् चइं ४
केटी महाराजाकन जाति लागली त्यो चइं वश्तीको साटो रानी हवस् ।
त यो कुरा राजालाइ जाति लाग्यो अनि त्यसले त्येसै गर्‍यो ॥

५ शूशन् किल्लामां मोर्दकै नांउ भयेको येउटा यहूदी थियो जो याईर्को
६ छोरो जो शिमीको छोरो जो बिन्यामीनी किश्को छोरो थियो त्यो
मोर्दकै ति बन्धुवाहरु सङ यरुशलेम् देखि लगीयेको थियो जुन्हरुलाइ
बाबेल्को राजा नबूकद्नेस्सर्ले यहूदाको राजा यकोन्याह् सङ बन्धुवाई गरि
७ लग्येको थियो। अनि त्येस्ले आफ्नु कान्छाबाबुको छोरी हदस्सालाइ जो
एस्तेर् पनि भनींद थिई पाल्येको थियो. किनभन्ये त्येस्का आंमा बाबु
थियेनन् अनि त्यो केटी राम्री रुपवन्ती थिई अनि त्येस्का आंमा बाबु मर्य
८ पछि मोर्दकैले त्येस्लाइ आफ्नी छोरी जस्ती गरि पाल्येको थियो। त येसो
भयो जब राजाको आज्ञा र आज्ञापत्र सुनाईयो अनि जब धेरै केटीहरु
शूशन् किल्लामां हेगेका हातमां भेला भयेकी थिइन् तब एस्तेर् पनि
९ राज्महल्मां स्त्रीहरुको रखुवारे हेगेको हात्मां लगोई। अनि त्यो केटी
त्येस्लाइ जाति लाग्यो अनि त्येस्ले त्येस् देखि अनुग्रह् पाई त त्येस्ले बिर्यालो
न गरि त्येस्लाइ त्येस्को शुद्धगराईका थोक् र त्येस्को भाग् पनि त्येस्लाइ
दिईंन माफिकको सात्वटा सखीनीहरु राज्महल् देखि दियो. अनि त्येस्ले
त्येस्लाइ त्येस्को सखीनीहरु समेत् स्त्रीकोठाहरुमांको सबै भन्दा अस्सल्
१० कोठामां सार्यो। एस्तेर्चइंले आफ्ना कुल्कुटुम्ब देखायेकी थिईन
११ किनभन्ये मोर्दकैले त्येस्लाइ न देखाउंनु भन्येको थियो। अनि एस्तेर्को
कसो भयो अनि त्येस्को बिषय्मां के हुंछ भनि थाहा पाउंनुको लागि
१२ मोर्दकै दिन् दिन् स्त्रीकोठाहरुको सांमु तिर डुल्द थियो। ति
स्त्रीहरुको शुद्धगराईको दिन्को भरना येसोरि हुंथ्यो छ महीना सम्म
मुर्को तेल्ले अनि छ महीना सुगन्धद्रव्य र स्त्रीहरुको शुद्धगराईका थोक्
लगाउंद् थिये अनि जब स्त्रीहरुको लागिको बिधि बारह् महीना सम्म
एक् एक् केटीलाइ गरीयेको हुंथ्यो तब क्षयर्ष राजा थांइ जांने त्येस्को
१३ पालो हुंथ्यो तब येसैगरि केटी राजा थांइ आउंद थिई अर्थात्
ज्ये ज्ये त्येस्ले मांगद् थिई त्येस्लाइ दिईंद थियो अनि ति लियेर स्त्रीकोठा
१४ देखि राज्महल्मां आउंद थिई। बेलुका जांद थिई अनि भोलि पल्ट
रखैलीहरुको रखुवारे राजाको शाश्गज् नांउ भयेको मेहेरोको हात्मां
स्त्रीकोठाहरुको अर्को घर्मां आउंद थिई. अनि राजा त्यो देखि खुश
भयेर त्यो नांउ काढ़िकन डाकोईन भन्ये त्यो फेरि फेरि आउंदैन थिई।
१५ त जब मोर्दकैको कान्छाबाबु अबीहैल्को छोरी एस्तेर् जस्लाइ मोर्दकैले
छोरी झैं पाल्येको थियो जब राजा थांइ जांने त्येस्को पालो आयो तब
त्येस्ले स्त्रीहरुको रखुवारे राजाको हेगे नांउ भयेको मेहेरोले ठहरायेको थोक्
बाहिक् अरु केइ पनि मांगीन। अनि जत्तिले एस्तेर्लाइ देखद थिये
१६ तिनिहरु देखि त्येस् मांथि अनुग्रह् हुंद थियो। येसोरि एस्तेर् राज्महल्मां
क्षयर्ष राजा थांइ लगोई त्येस्को राज्को सातौं बर्षको तेबेत् नांउ भयेको
१७ दसौं महीनामां। अनि राजाले एस्तेर् सित अरु सबै स्त्रीहरु सित भन्दा
बेसि पिर्ति गर्यो अनि सबै केटीहरु मांथि भन्दा बेसि त्येस् केटी मांथि

अनुग्रह् र कृपा भयो त त्येस्ले त्येस्को सिर्मां राज्मुकुट् लगाइ दियो अनि
त्येस्लाइ वश्तीको साटो रानी तुल्यायो । तब राजाले आफ्ना मालिक्हरु र १८
काम्दारीहरुको लागि येउटा ठुलो भोज् अर्थात् एस्तेर् नांउको भोज्
लगायो अनि त्येस्ले खा खामां छुट्टी दियो अनि राजाको उदीतो अनुसार्
दान् दियो । अनि जब केटीहरु दोस्रो खेप् भेला भइन् तब मोर्दकै चइं १९
राजाको ढोका निर बसि रहंद थियो । एस्तेर्ले मोर्दकैले त्येस्लाइ अह्रायेको २०
अनुसार् एले सम्म आफ्ना कुल्कुटुम्ब देखायेको थिईन किनभन्ये
एस्तेर्ले मोर्दकै सङ पालींदाखेरि झैं अब सम्म त्येस्को आज्ञा मान्दै रहंद
थिई । ति दिनमां मोर्दकै राजाको ढोका निर बस्दाखेरि आघन्को रखुवार २१
राजाका दुइ जना बिग्तान् र तेरेश् नांउ भयेका मेहेरीहरुले रिसायेर क्षयर्ष
राजालाइ समात्नु खोज्ये । अनि यो कुरो मोर्दकैलाइ थाहा भयो जस्ले २२
एस्तेर् रानीलाइ कहि दियो अनि एस्तेर्ले मोर्दकैको नांउ लियेर राजालाइ
सुनाइ दिइं । येस् बिषयमां जब सोध्साध् गरायो अनि कुरा येस्तै भयेको २३
पाईयो तब ति दुइ जना रुखमां झंड्याईये . अनि यो कुरो राजाको सांमु
इतिहासको पोस्तक्मां लेखीयो ॥

(यहूदीहरुको बिरुद्धमां हामान्को जुक्ति)

यि कुरा पछि क्षयर्ष राजाले अगागी हम्मदाताको छोरो हामान्लाइ ३ १
ठुलो मान् दियेर त्येस्लाइ बढायो अनि त्येस्को बैठक् त्यो सङ भयेका सबै
मालिक्हरु भन्दा अलग्गो गरायो । अनि राजाको ढोका निर भयेका २
राजाका सबै चाकरेहरुले निउंर्येर हामान्लाइ दण्डवत् गर्न गर्दै थिये .
किनभन्ये राजाले त्येस्को बिषयमां येसै गर्न आज्ञा गर्येको थियो । तर
मोर्दकैचइंले न निउंर्यो न त्येस्लाइ दण्डवत् गर्यो । तब राजाको ढोका निर ३
बस्ने राजाका चाकरेहरुले मोर्दकैलाइ भन्ये तिमि राजाको आज्ञा किन
नांघ्द छौ । त तिनिहरुले दिन् दिन् त्यो सित कुरा गर्दै रहंदा अनि त्येस्ले ४
तिनिहरुको न सुन्दै रहंदा येसो भयो तिनिहरुले मोर्दकैका कुरा
येस्तै ठहर्छ कि भनि हेर्नुलाइ हामान्लाइ सुनाइ दिये . किनभन्ये
तिनिहरुलाइ त्येस्ले म यहूदी हुं भनि भन्येको थियो । अनि जब हामान्ले ५
मोर्दकैले न निउंर्यो न मंलाइ दण्डवत् गर्यो भनि देख्यो तब हामान्
अग्घोर् रिसायो । तर त्येस्ले मोर्दकै मांथि मात्रै हात् हाल्नु तुच्छ ठान्यो ६
किनभन्ये तिनिहरुले त्येस्लाइ मोर्दकैका जात्भाई देखाइ दियेका थिये .
येस्कारण् हामान्ले क्षयर्षको सिंगै राज्मां भयेका सिंगै यहूदीहरुलाइ
अं मोर्दकैका सबै जात्भाईहरुलाइ नास् पार्नु खोज्यो । त राजा क्षयर्षको ७
बाह्रौं बर्षको नीसान् नांउ भयेको पहिलो महीनामां अदार् नांउ भयेको
बाह्रौं महीना सम्म महीना महीमा र दिन् दिन्गरि तिनिहरुले हामान्को
सांमु पूर् अर्थात् चिट्ठा हाल्दै रह्यो । अनि हामान्ले क्षयर्ष राजालाइ भन्यो ८
आफुको राजका सबै खाहरुमां भयेका लोगको बीच्मां येउटा छरपुट्ट

भयेको र छुट्टीयेको लोग् छ जुन्हरुका व्यवस्था अरु सब्बै लोगका व्यवस्था
भन्दा भिन्दै छन् अनि तिनिहरुले महाराजाको व्यवस्था मान्दैनन्. येकारण
९ तिनिहरुलाइ सहंनु महाराजाकन उचित् छैन। त महाराजाकन जाति लाग्यो
भन्यें तिनिहरु नास् पारीउन् भनि लेखीओस्. अनि म चइं महाराजाको
कामको रसे गर्नेहरुको हातमां महाराजाको भंड़ार्मां ल्याउंनुको लागि
१० दस् हजार् तोड़ा चांदी दिंछु। तब राजाले आफनु हात् देखि आफनु
औंठी भिकीर यहूदीहरुको बेरी अगागी हम्मदाताको छोरो हामान्लाइ
११ दियो। अनि राजाले हामान्लाइ भन्यो चांदी चइं लोग् समेत् तंलाइ
१२ दिईयेको छ र ज्ये तंलाइ जाति लागला ति तिनिहरु सङ गर्। तब पहिलो
महीनाको तेह्रौं तिथिमां राजाका लेटर्हरु डाकीयें अनि हामान्ले राजाका
अधिपतिहरु र एक् एक् ख्वा मांथि भयेका मालिक् र सब्बै लोगका
भारादार्हरु थांइ चिट्ठी लेखायो गोटैपिच्छे ख्वाको लेखाई अनुसार् अनि
गोटैपिच्छे लोग्लाइ तिनिहरुको भाषा अनुसार् चयर्घ राजाको नांउले
१३ लेखीयो अनि तिनमां राजाको लालमोहर्ले छापीयो। अनि एकै दिन्मां
अर्थात् अदार् भनींने बाह्रौं महीनाको तेह्रौं तिथिमां क्य जुवान् क्य बूढ़ा
क्य बालबच्चा क्य स्त्री सब्बै यहूदीहरुलाइ नास् पार्नु अनि मार्नु अनि बिध्वंस्
पार्नु अनि तिनिहरु देखि सबै थोक् लूटि लैजांनु भन्यें चिट्ठी राजाका सबै
१४ ख्वाहरुमां हुलाक् हुलाक्गरि पठाईयें। त्यो आज्ञापत्र सबै ख्वाहरुमां
दिईओस् भनि लेख्येको नकल् सबै लोगलाइ प्रचार् पनि भयो तिनिहरु
१५ त्यस् दिनको लागि तियार् हुंनुलाइ। त राजाको आज्ञा अनुसार् ति हुलाके-
हरु निस्कि दुगुर्य अनि शूशन् किल्लामां त्यो आज्ञा प्रचारीयो. अनि राजा
र हामान् चइं पीउंनुको लागि बस्य तर शूशन्को सहर् भन्यें घबरायो॥

(एस्तेर्को अर्जीले हामान्को नास्)

४ १ जब मोर्दकैले यि सबै गरायेका कुरा थाहा पायो तब मोर्दकैले
आफनु लुगा फाट्यो अनि भांग्रा र खरानी लगायेर सहर्को बीचमां गयेर
२ बड़ो र तीतो चिच्याईले चिच्यायो. अं राजाको ढोकाको सांमु पनि
पुग्यो. कसोगरिभन्ये भांग्रा लायेको मान्छेले राजाको ढोका भित्र पुग्नु
३ पाउंदैन थियो। अनि राजाका आज्ञा र आज्ञापत्र पुग्येको सबै ख्वाहरुमां
यहूदीहरुको बीचमां भारी बिलाप् र उपास् र रुवाई र छातिपीटाई भयो
४ अरि भांग्रा र खरानि धेरै जना सुनि ओछ्याईयें। जब एस्तेर्को सखीनीहरु
र मेहेरीहरुले आयेर एस्तेर्लाइ यो बिषय् सुनाइ दिये तब रानी अरघोर्
शोकित् भइन्. अनि त्येस्ले मोर्दकै देखि भांग्रा उतार्येर लुगा लगाउंनु
५ भन्येर लुगा पठाइ दिई. तर त्येस्ले त्यो लियेन। तब एस्तेर्ले राजाले
रानीको सेवाटहल् गर्नुको लागि खटायेको राजाको एक् जना हताक्
भनींने मेहेरीलाइ डाकि पठायेर मोर्दकै सित यो क्या हो अनि किन हो
६ भनि सोध्नुलाइ पठाई। तब हताक् राजाको ढोकाको सांमु भयेको

सहर्को चोक्मां मोर्दकै थांइ निस्कि गयो। अनि मोर्दकैले त्यसलाइ मंलाइ ७
के पर्यो अनि हामान्ले यहूदीहरूलाइ नास् पार्नको लागि राज्भंडार्मां
कति रुपिया भरि दिंने करार् पनि गर्यो भनि ठीक् ठीकगरि देखाइ
दियो। त्यस् उप्रान्त त्येस्ले त्येसलाइ तिनिहरूलाइ नास् पार्नुलाइ शूशन्मां ८
उर्दी दिईयेको आज्ञापत्रको नकल् पनि त्यो चहं एस्तेर्लाइ देखायेर
सुनाउंनु भन्येर त्येसलाइ दियो अनि रानीलाइ आफु राजा थांइ गयेर तिनि
सङ अर्जबिन्ति गर्नु अनि तिन्को सांम्ने आफ्ना जात्भाईको लागि मांग्नु
भनि अह्रायो। त हताकले फर्कि आयेर मोर्दकैका कुरा एस्तेर्लाइ सुनाइ ९
दियो। तब एस्तेर्ले हताक्लाइ मोर्दकै सङ यि कुरा गर्न भनि आज्ञा दिई १०
अर्थात्. राजाका सबै चाकरेहरूलाइ र राजाका खाहरूका लोगलाइ थाहा ११
छ के पुरुष् के स्त्री जोसुकै हउस् आज्ञा न पाइ राजा थांइ भित्रको चहं
आंगन्मां पस्ला त राजाले त्यो जीउ रहोस् भन्येर सुन्को राजदण्ड
पसार्येन भन्ये देखि त्येस्को लागि येउटै व्यवस्था अर्थात् त्यो मारिओस्
भन्ये व्यवस्था मात्रै छ भन्ये. येस् उप्रान्त यि तीस् दिन् देखि राजा थांइ
जांने आज्ञा मंलाइ भयेको छैन। तब तिनिहरूले मोर्दकैलाइ एस्तेर्का कुरा १२
सुनाइ दिये। तब मोर्दकैले एस्तेर्लाइ येउ उत्तर् फर्काइ दिंनु भन्यो तिमि १३
आफ्नु मन्मां मं राजमहल्मां बस्येको छु त अरु सबै यहूदीहरू भन्दा बेसि
बचाई पाउंछु भनि न ठान। किनभन्ये येस् बेलामां तिमि चहं स्यांट्टै चुप् १४
लागि रह्यौ भन्ये देखि ता अर्कोचहं ठांउ देखि यहूदीहरूको लागि ता
छुट्कारा र उद्धार् उठछ ना तिमि र तिम्रा जहानको ता नास् हुंछ. अनि
कोनि तिमि येस्ते बेलाको लागि राज्मां आयेकी होलौ। तब एस्तेर्ले १५
मोर्दकैलाइ यो उत्तर दिंनु भनि आज्ञा गरी गयेर शूशन्मां हाजिर् १६
भयेका सबै यहूदीहरूलाइ भेला गरायेर मेरो निम्तिमां उपास् बस्नु अनि
तीन् दिन् तीन् रात् सम्म खानापिना न गर्नु. मं पनि आफ्नी सखीनीहरू
समेत् येसैगरि उपास् बस्छु त येसोरि राजाको आज्ञाको बिरुद्ध तिनि
थांइ पसि जांछु. मं नष्ट भयें त भयें। त मोर्दकैले हिंडि गयेर १७
एस्तेर्का सबै आज्ञा अनुसार् गर्यो॥

तब तीस्रो दिन्मां येसो भयो एस्तेर् आफ्नु राजवस्त्र पहिर्येर ५ १
राजमहल्को सांम्ने भयेको राजमहल्को भित्रआंगन्मां उभीई. अनि राजा
चहं राजमहल्मां महल्को ढोकाको सांम्नु राजसिंहासन्मां बसि रह्येको
थियो। अनि येसो भयो जब राजाले एस्तेर् रानीलाइ आंगन्मां उभीइ २
रह्येको देख्यो तब तेस् माथि त्येस्को अनुग्रह् भयो. अनि राजाले आफ्नु
हात्मां भयेको सुन्को राजदण्ड एस्तेर् तिर पसार्यो। त एस्तेर्ले नजिक्
आयेर राजदण्डको टुप्पा छोई। तब राजाले त्येसलाइ भन्यो ए एस्तेर् रानी ३
तंलाइ के चाहिंछ अनि तेरो अर्जी के छ. मेरो आधा राज् सम्म पनि
तंलाइ दिईंछ। तब एस्तेर्ले भनी महाराजाकन जाति लाग्यो भन्ये ४
महाराजा र हामान् मैंले तिनको लागि तियार् पार्येको भोज्मां आउन्।

५ तब राजाले भन्यो एस्तेर्ले भन्येको अनुसार् गर्नैलाइ हामान्लाइ आउंनु
हतार् लगाव । त राजा र हामान् एस्तेर्ले तियार् पार्येको भोज्मां आये ।
६ तब मद्यलिवाईमां राजाले एस्तेर्लाइ भन्यो तेरो के बिन्ति छ त्यो तंलाइ
७ दिइंछ . अनि तेरो अर्जी के छ आधा राज् सम्म पूरो गरींछ । तब एस्तेरले
८ उत्तर् दिइ भनी मेरो बिन्ति र मेरो अर्जी यो छ मं मांथि महाराजाको
अनुग्रह् भयो भन्ने देखि अनि मेरो बिन्ति अनुसार् दिंनु र मेरो अर्जी पूरो
गर्नु महाराजाकन जाति लाग्यो भन्ने देखि महाराजा र हामान् मैंले
तिनको लागि तियार् पार्नु आंटेको भोज्मां आउन् अनि महाराजाले
९ भन्येको अनुसार् मं भोलि गर्छु । तब हामान् रमाउंदै र मन्मां मग्न भइ त्यस्
दिन् निस्क्यो . तर हामान्ले मोर्दकै चइंलाइ राजाको ढोकामां बस्दै मेरो
लागि न उभीयेको न कांम्येको देख्यो तब मोर्दकैको बिषय्मां रिस्ले
१० भरायो । तैपनि हामानले आफुलाइ थाम्दै घर् गयो अनि आफ्ना मित्रहरू
११ र आफ्नी मुखेनि जेरेश्लाइ बोलाइ पठायो । वहांदेखि हामान्ले
तिनिहरूलाइ आफ्नु धन्सम्पत्तिको बिभव र आफ्ना बालबच्चाका धेरै
देखायो अनि राजाले मंलाइ कसो कसोगरि बढायेको छ अं त्यस्ले मंलाइ
राजाका सबै मालिक्हरू र काम्दारीहरू भन्दा ऊंभो तुल्यायेको छ भनि
१२ बखान् गर्यो । येस् उप्रान्त हामान्ले भन्यो अं एस्तेर् रानीले पनि आफुले
तियार् पार्येको भोज्मां राजा सङ मं छाडि कसैलाइ पस्न दिइनन् अनि
भोलिको लागि पनि राजा सङ रानि देखि मंलाइ निम्तो भयेको छ ।
१३ तैपनि मैले यहूदी मोर्दकैचइंलाइ राजाको आंघन्मां बसि रह्येको
१४ देख्दाखेरि यि सबै मेरो लागि के काम्का हुन् । तब त्यस्की मुखेनी जेरेश्
र त्यस्का सबै मित्रहरूले त्यस्लाइ भन्ये पचास् हात्को अलग्गो काठ् गाड्नोस्
वहांदेखि भोलि बिहान मोर्दकै त्यस्मां झुंड्याईओस् भनि राजा सङ कुरा
गर, तब आफु चइं खुशि मिल राजा सङ भोज्मां जांनु । तब यि कुरा
हामान्लाइ जाति लाग्यो अनि त्यस्ले काठ् गाड्नु लगायो ॥

६ १ त्यस् रात् राजाको नीद् हरायो अनि त्यस्ले इतिहास्को समझौट
२ पोस्तक् ल्याउंने आज्ञा दियो अनि ति राजाको सांमु परीये । अनि
लेख्येकोमां येस्तो पाईयो मोर्दकैचइंले हयर्ष राजा मांथि हात् हाल्नु
खोज्ने ढोकाको रक्षा गर्ने राजाका दुइ जना बिग्ताना र तेरेश् सेहेरीहरूको
३ बिषय्मां जाहार् गर्यो भन्ने । अनि राजाले सोध्यो येस्को लागि मोर्दकैलाइ
के मान् कि के बड़ाइं दिईयो । तब राजाको सेवा गर्ने त्यस्का चाकरेहरूले
४ त्यस्लाइ उत्तर् दियें त्यस्को लागि केइ पनि गरीयेको छैन । तब राजाले
आंघन्मां उभीने को हो भनि सोध्यो । त्यस् बेला हामान् चइं राज्महल्को
बाइरे आंघन्मां आयेको थियो । त्यस्ले तियार् पार्येको काठ्मां मोर्दकैलाइ
५ झुंड्याउंनुलाइ राजा सङ कुरा गर्नुलाइ । त राजाका चाकरेहरूले त्यस्लाइ
भन्ये हेर्नु हवस् हामान् आंघन्मां उभीइ रह्येको छ । तब राजाले त्यो
६ भित्र आवस् भनि आज्ञा दियो । त हामान् भित्र आयो । अनि राजाले

त्येस्लाइ भन्यो जस् मान्छेलाइ राजाले मान् गर्नु मन् गर्द छ त्येस्लाइ के
गरीओस्। त हामान्ले आफ्नु मनमां राजाले मंलाइ भन्दा बेसि मान्
कस्लाइ दिंन मन् गर्छन् होला र भन्ये बिचार् गर्यो। तब हामान्ले ७
राजालाइ भन्यो जस् मान्छेलाइ महाराजाले मान् गर्नु मन् गर्द छन्
त्येस्को लागि महाराजाले लाउंदै गर्ने राजबस्त्र र महाराजाले चढ्दै गर्ने ८
घोड़ा अनि तिनको सिरमां लाउंदै गर्येको राजमुकुट् ल्याईउन्. अनि त्यो ९
बस्त्र र त्यो घोड़ा महाराजाका भारादार् मालिक्हरुमांको एक् जनाको
हातमां सुम्पि दिईउन् अनि त्येसले महाराजाले मान् गर्नु मन् गर्येको मान्छे-
लाइ पहिर्याउस् अनि त्येस्लाइ घोड़ा मांथि चढ़ायेर सहर्का चोक् चोक् हुंदो
डुलाउस् अनि त्येस्को सांमु जस् मान्छेलाइ महाराजाले मान् गर्नु मन् गर्द
छ त्येस्लाइ येसै गरींछ भन्ये उर्दी प्रचार्दै हिंड़ोस्। तब राजाले हामान्लाइ १०
भन्यो छिट्टो गर्येर तिमिले भन्येका झैं बस्त्र र घोड़ा लियेर राजाको ढोका
निर बस्ने यहूदी मोर्दकैलाइ येसै गर. तिमिले भन्येका कुरा येउटा पनि न
घटोस्। त हामान्ले बस्त्र घोड़ा ल्यायेर मोर्दकैलाइ पहिर्यायो अनि घोड़ा ११
मांथि चढ़ायेर सहर्का चोक् चोक् हुंदो डुलायो। अनि त्येस्को सांमु जस्
मान्छेलाइ महाराजाले मान् गर्नु मन् गर्द छ त्येस्लाइ येसै गरींछ भन्ये उर्दी
प्रचार्दै हिंड्यो। अनि मोर्दकै राजाको ढोका निर फर्कि आयो। तर हामान् १२
बड़ो बिलाप् गर्दै र आफ्नु सिर् ढाकि छिटो छिटो आफ्नु घर्मां गयो।
अनि हामान्ले संलाइ के के पर्यो भनि आफ्ना सुस्वैनी जेरेश र आफ्ना १३
मित्रहरुलाइ बखान् गर्यो। तब त्येस्का बुद्धिमान्हरु र त्येस्की सुस्वैनी
जेरेश्ले त्येस्लाइ भन्ये जस् मोर्दकैको सांमु आफु खस्न आंटेका छौ त्यो
यहूदीबंशको हो भन्ये देखि आफु त्येस्को बिरुद्धमां जिताहा हुंनु सक्नु
हुन्न तर निस्से त्येस्को सांमु खस्नु हुंछ। अनि तिनिहरुले त्यो सङ्ग बात् १४
गर्दै गर्दागिर्दि राजाका मेहेराहरुले आयेर एस्तेर्ले तियार् पार्येको भोज्मां
हामान्लाइ पुर्याउंनुलाइ हतार् लगाये॥

त राजा र हामान् एस्तेर् रानी थांइ भोज् गर्नुलाइ आये। ७ १
तब दोस्रो दिन राजाले मद्यालिबाईमां एस्तेर्लाइ भन्यो ए एस्तेर् रानी तेरो २
के बिन्ति छ त्यो तंलाइ दिईंछ. अनि तेरो अर्जी के छ आधा राज् सम्म
त्यो पूरो गरींछ। तब एस्तेर् रानीले उत्तर् दिई भनी हे महाराजा मं मांथि ३
आफुको अनुग्रह् भयो भन्ये देखि अनि महाराजाकन जाति लाग्यो भन्ये
देखि मेरो बिन्तिमां मंलाइ मेरो जीवन् दिईओस् अनि मेरो अर्जीमां मेरा
जातभाईहरु. किनभन्ये मं र मेरा जातभाईहरु नास् पारींनु अनि मारींनु ४
अनि बिध्वंस पारींनुलाइ बिक्रि भयेका छौं। बरु हामिहरु कमारा कमारी
हुंनुलाइ बिक्रि भयेको भये देखि मं चुप् लागि रहंने थियें त्येस् बैरीले
राजाको हानि भरि दिंनु न सक्येको भये देखि। तब चयर्ष राजाले एस्तेर् ५
रानी सित येसो भनिकन सोध्यो यो को हो अनि कहां छ जो येसो गर्नुलाइ
आफ्नु मन्मां आंटीलो भयेको छ। तब एस्तेर्ले भनी येउटा बैरी र येउटा ६

सत्रुर् औ येइ दुष्ट हामान् चइं हो। तब हामान् राजा र रानीको मुखेंजो
७ डरायो। अनि राजा रिसले बल्येर मद्यलिवाई देखि उठेर राजबारीमां
निस्कि गयो. अनि हामान् चइं एस्तेर् रानी सित प्राणदान् मांगनुलाइ
उभीइ रह्यो किनभन्ये त्येस्ले राजाले मेरो बिरुद्धमां बुराई गर्ने मन् गर्द छ
८ भनि थाहा पायो। तब राजा राजबारी देखि फर्केर मद्यलिवाईको ठांउमां
आयो अनि हामान् चइं रानी बस्येको खाटमां लड़ि रह्येको थियो तब
राजाले भन्यो के येस्ले घर् भित्र मेरै सांमु रानीलाइ भरष्ट पार्नु आंटेको छ।
राजाको मुख् बाटो यो कुरो निस्कंनु बित्तिकै तिनिहरूले हामान्को मुख्
९ ढाकि दिये। तब राजाको सांमु भयेका सेहेराहरूमांको हर्बोना नांउ भयेको
एक् जना सेहेराले भन्यो औ हेर्नु हवस् जस् मोर्दकैले महाराजाको लागि
जाति भन्यो त्यसैको लागि हामान्ले तियार् पार्येको पचास् हातको अग्लो
काठ् हामान्को घर् निर् गाडि उभ्याइ राख्येको छ। तब राजाले भन्यो
१० त्यसैमां येसैलाइ झुंड्याउ। तब तिनिहरूले हामानलाइ त्येस्ले मोर्दकैको
लागि तियार् पार्येको काठ्मां झुंड्याये। अनि पछि राजाको रिस् मर्यो॥

(यहूदीहरूको बचाई)

८ १ त्यसै दिन् क्षयर्ष राजाले यहूदीहरूको बैरी हामान्को घर् एस्तेर्
रानीलाइ दिहाल्यो। तब मोर्दकै राजाको सांमु आयो किनभन्ये एस्तेर्ले
२ त्यो मेरो का मांइत् पर्छ भनि देखायेकी थिई। तब राजाले त्येस्ले हामान्
देखि लियेको औंठी फुकाल्येर मोर्दकैलाइ दियो। अनि एस्तेर्ले मोर्दकैलाइ
३ हामान्को घर् मांथि खटाई। फेरि एस्तेर्ले दोस्रो चोप् राजाको सांमु
भनी अनि त्येस्का पाउमां घोप्रो परेर आंसु बहाउंदै बहाउंदै अगागी
हामान्को बुराई र त्येस्ले यहूदीहरूको बिरुद्धमां गर्येको जुक्ति मेटनुलाइ
४ बिन्ति गरी। तब राजाले एस्तेर् तिर सुनको राजदण्ड पसार्यो। तब एस्तेर्
५ उठेर राजाको सांमु उभीई। तब त्येस्ले भनी महाराजाको इच्छे भयो भन्ये
अनि म मांथि तिनको अनुग्रह भयो भन्ये अनि यो कुरो महाराजाकन
जाति लाग्यो भन्ये अनि म तिनको दृष्टिमां मनसर्दी भयें भन्ये देखि जुन्
चिट्ठी अगागी हम्मदाताको छोरो हामान्ले महाराजाका सबै खाहरूमां
भयेका यहूदीहरूलाइ नास् पार्नुलाइ जुक्ति गरिकन लेख्येको छ त्यइ चिट्ठी
६ उल्टाउंने आज्ञापत्र लेखाउनुहोस्. किनभन्ये मेरा जात्भाइ मांथि पर्नु आंटेको
बिपत्ति म कसोगरि हेर्न सकूं कि मेरा कुटुम्बको नास् हेर्न कसोगरि सकूं।
७ तब क्षयर्ष राजाले एस्तेर् रानी र यहूदी मोर्दकैलाइ भन्यो हेर मैले
हामान्को घर् एस्तेर्लाइ दियें अनि त्येस्ले आफ्नु हात् यहूदीहरू मांथि
८ लगायेको कारणले तिनिहरूले त्येस्लाइ काठ्मां झुंड्याये। तिमिहरूले पनि
आफ्नु खुशि अनुसार् राजाको नांउले अनि राजाको औंठीले लाल्मोहर्
छाप्येर यहूदीहरू थांइ चिट्ठी लेखुन्. किनभन्ये राजाको नांउले लेख्येको र
राजाको औंठीले लाल्मोहर् छाप्येको लेखाई कसैले उल्टाउंनु सक्दैन।

तब सीवान् भनौंने तीस्रो महीनाको तेईसौं तिथिमां त्यसै बेलामां राजाका ९
लेटर्हरु डाकीये अनि मोर्दकैले यहूदीहरुलाइ र हिन्दुस्तान् देखि कूश् सम्म
एक् सै सत्ताईस् खाहरुका अधिपतिहरु र मालिक्हरु र भारादार्हरु थांइ
चिट्ठी लेखीये गोठैपिच्छे खाको लेखाई अनुसार् अनि गोठैपिच्छे लोग्को
भाषा अनुसार् अनि यहूदीहरु थांइ तिनिहरुको लेखाई र तिनिहरुको
भाषा अनुसार् । त त्यसले त्तयर्ष राजाको नांउले लेख्यो अनि राजाको १०
लालमोहरले छाप्यो वहांदेखि राजाको काममां लगाईने खूब् छिटो हिड्ने
हिडूने झर्रा झर्रा जात्का घोड़ाहरु मांथि सवारी गर्ने हुलाकेहरुको हातोले
चिट्ठी पठायो. जुन् चिट्ठीमां राजाले यो आज्ञा गर्यो सहरै पिच्छेमां ११
भयेका यहूदीहरु भेला भयेर आफ्नु प्राणको लागि खड़ा हव वहांदेखि
हांमिहरुलाइ हांमिहरुका बालबच्चाहरु र स्त्रीहरु समेतलाइ मार्नु आंट्ने
लोगहरुलाइ र खाका लोगका सबै अक्तियार्हरु नास् पार अनि मार अनि
विध्वंस पार अनि तिनिहरु देखि सबै थोक् लुटि लैजाव अं त्तयर्ष १२
राजाका सबै खाहरुमां एकै दिनमां अर्थात् अदार् भनौंने बाह्रौं महीनाको
तेह्रौं तिथिमां यसो गर्नु भन्या । यो आज्ञापत्र सबै खाहरुमां दिईओस् १३
भनि लेख्याको नकल् सबै लोगलाइ पनि प्रचार् भयो यहूदीहरु त्यस् दिन्
आफ्ना सत्रुहरु सित साटो लिनको लागि तियार् हुनुलाइ । त राजाको १४
काममां लगाईयेका छिटो हिंड्ने घोड़ाहरु मांथि सवारी गर्ने हुलाकेहरु
राजाको आज्ञा अनुसार् हतारौंदै लगारौंदै निस्कि हुदुस्ये अनि शूशान्
किल्लामां यो आज्ञा प्रचारीयो । तब मोर्दकै चर्ह नीलो र सेतो राजबस्त्र र १५
सुनको ठूलो मुकुट् र मलमल् र बैगुनीरङ्गको दोशाला लायेर राजाको मुखैजो
देखि निस्क्यो. अनि शूशनको सहरले करायेर रमाहट् गर्यो ।
तब यहूदीहरुका उज्यालो र हर्ष र आनन्द र मान् भयो । अनि राजाको १६ १७
आज्ञा र आज्ञापत्र पुग्याका सबै खा र सबै सहर्मां यहूदीहरुको हर्ष र
आनन्द र चाड् र जाति दिन भयो । अनि देस्का लोग्हरुका बहुतै जना
पनि यहूदी भइ गये किनभन्या तिनिहरु मांथि यहूदीहरुको डर् पर्यो ॥

(पूरीम् भनौंने चाड् ठहराईनु)

तब अदार् भनौंने बाह्रौं महीनाको तेह्रौं तिथिमां जब राजाको ९ १
आज्ञा र आज्ञापत्र पूरा हुनु आँटेको थियो जुन् दिनमां यहूदीहरुका
सत्रुहरुले तिनिहरु मांथि प्रभुताई गर्ने आसा गर्दै थिये तर उल्टाउलो
यहूदीहरुले पो तिनिहरुका बैरीहरु मांथि प्रभुताई गर्ये त्यस् दिन् २
यहूदीहरु चर्ह त्तयर्ष राजाका सबै खाहरुमां भयेका आफ्नु सहर् सहर्मां
तिनिहरुको हानि खोज्नेहरुलाइ समातनुलाइ भेला भये . अनि कोई मान्छे
तिनिहरु मांथि उठ्नु सकेन किनभन्या तिनिहरुको डर् सबै लोग् मांथि
पर्यो । अनि खा खाका सबै अधिपतिहरु र भारादार्हरु र मालिक्हरु र ३
राजाको काम् गर्नेहरु सबैले यहूदीहरुको गोहार् गर्ये किनभन्या मोर्दकैको

४ डर् तिनिहरू मांथि पर्‍यो । कसोगरिभन्ये मोर्दकै राजमहलमां बड़ा भयो
अनि त्येस्को कीर्ति सबै सूबाहरूमां फिंजीयो . किनभन्ये त्यो मान्छे मोर्दकै चड़ं
५ बढ़्दै बढ़्दै गयो । अनि यहूदीहरूले आफ्ना सबै सत्तुरहरूलाइ तरवारको
हिर्काई र मराई र नासले मांर्ये अनि तिनिहरू सित बैरी हुनेहरूलाइ
६ आफ्ना खुशि अनुसार् गर्‍ये । अनि शूशन् किल्लामां यहूदीहरूले पांच् सै
७ मान्छेहरूलाइ मांरि नास् पार्‍ये । अनि तिनिहरूले पर्शन्दाता दल्पोन्
८ ९ अस्पाता पोराता अदल्या अरीदाता पर्मश्ता अरीसै अरीदै र
१० वैजाता हम्मदाताको छोरो यहूदीहरूको बैरी हामानका दसै छोराहरूलाइ
११ पनि काटेर तर लूटचड़ंमां हात् हाल्येनन् । त्येस दिन् शूशन् किल्ला
१२ मां मांरियेकाको गन्ति राजालाइ सुनाईयो । अनि राजाले एस्तेर् रानीलाइ
भन्यो यहूदीहरूले शूशन् किल्लामां पांच् सै जनालाइ र हामानका दसै
छोराहरूलाइ मांरेर नास् पार्‍ये अनि राजाका रहल् सूबाहरूमां तिनिहरूले
कोनि क्य को गर्‍ये भनि । न तेरो बिन्ति क्य छ त्यो तेरो लागि गराङ्छु . अनि
१३ अझै तेरो बिन्ति क्ये छ त्यो पूरो गरांङ्छु । तब एस्तेरले भनी महाराजाकन
जांनि लाग्यो भन्ये शूशनमां बस्ने यहूदीहरूलाइ आजुको आज्ञापत्र अनुसार्
भोलि पनि गर्नु दिईओस् अनि हामानका दस् छोराहरू काठमां
१४ झुंड्याइ दिईउन् । तब राजाले यैसै गर्न आज्ञा गर्‍यो . अनि शूशनमां
आज्ञापत्र प्रचारीयो तब तिनिहरूले हामानका दस छोराहरूलाइ झुंड्याये ।
१५ अनि शूशनमां भयेका यहूदीहरूले अदार् महीनाको चौधौं तिथिमां पनि
भेला भयेर तीन् सै मान्छेलाइ शूशनमां मांर्ये तर लूटचड़ंमां आफ्ना हात्
१६ हाल्येनन् । तर राजाको सूबामां भयेका अरू यहूदीहरूले भेला भयेर आफ्ना
प्राणको लागि खड़ा भयेर आफ्ना सत्तुरहरू देखि बिश्राम् पाये अनि
बैरीहरूका पचहत्तर् हजार् जनालाइ मांर्ये तर लूटमां चड़ं आफ्ना हात्
१७ हाल्येनन् । यि सबै अदार् भनीनं महीनाको तेह्रौं तिथिमां गरीयो अनि
चौधौं तिथिमां तिनिहरूले बिश्राम् गर्‍ये अनि खुवाईको र रमाहटको
१८ दिन् तुल्याये । तर शूशनमां भयेका यहूदीहरूचड़ं त्येस्को तेह्रौं र चौधौं
तिथिमां पनि भेला भये अनि पन्ध्रौं चड़ं तिथिमां बिसाये अनि
१९ खुवाईको र रमाहटको दिन् तुल्याये । येस्कारण घेरा न भयेका सहरहरूमां
बस्ने अं बस्तीहरूका यहूदीहरू अदार् महीनाको चौधौं तिथिमां त्येस्लाइ
रमाहटको र खुवाईको दिन् र जाति दिन् र आपस्तमां भाग् भाग्
पठाउंने दिन् तुल्याये ॥

२० अनि मोर्दकैचड़ंले यो कुरो लेख्यो अनि क्षयर्ष राजाका सबै सूबाहरूमां
भयेका टाढ़ो हवस् कि नजिक् हवस् सबै यहूदीहरूलाइ चिट्ठा पठायो
२१ तिनिहरू अदार् महीनाको चौधौं तिथि र पन्ध्रौं तिथिमां वर्ष वर्ष
२२ गरि यहूदीहरूले आफ्ना आफ्ना बैरीहरू देखि चैन् पायेको दिन् र
तिनिहरूको बिपत्ति देखि रमाहट् र बिलाप् देखि जाति दिन् उल्टायेको
महीनागरि मान् भन्ये . तिनिहरूले ति दिन् खुवाईको र रमाहटको र

आपसमा भाग् भाग् पठाउंने र कंगालिहरूलाइ दान् दिंने दिन् तुल्याइ
मानुन् भन्ने। अनि यहूदीहरूले तिनिहरूले थाल्येको झैं अनि मोर्दकैले २३
तिनिहरूलाइ लेख्येको अनुसार् गर्नुलाइ करहार् गर्य किनभन्ये सबै २४
यहूदीहरूको बैरी अगागी हम्मदाताको छोरो हामान्ले यहूदीहरूलाइ
नास् पार्ने जुक्ति गर्येको थियो अनि तिनिहरूलाइ भस्म पार्नुको लागि
अनि तिनिहरूलाइ नास् पार्नुलाइ पूर् भनौंने चिट्ठा हाल्यको थियो
तर यो कुरो राजालाइ जनाईये पछि त्यस्ले हामान्ले यहूदीहरूको बिरुद्धमां २५
गर्येको बुरो जुक्ति त्येसैको सिर्मां फर्कोस् त्यो र त्यस्का छोराहरू पनि
काठ्मां झुंड्याईउन् भनि चिट्ठीको बाटो बाहो आज्ञा गर्यो। येस्कारण् २६
तिनिहरूले ति दिन्लाइ पूर्को अनुसार् पूरीम् भन्द छन्। येस्कारण् त्येस्
चिट्ठीका सबै कुराको कारण् अनि तिनिहरूले त्येस्को बिषयमां ज्ये ज्ये देख्ये
अनि तिनिहरू मांथि पर्यो येकारण् यहूदीहरूले स्थापित् गर्य अनि २७
आफु मांथि र आफ्ना बंशहरू मांथि र आफूहरू सङ मिसौयेका सबै
मांथि यि कुरा ठहराये यो कहिले पनि न मेटौंछौम् भन्यर अर्थात् बर्ष बर्ष
गरि हामिहरू यि दुइ दिन् येस लेखाई अनुसार् र ठहरायेका बेला अनुसार्
मान्दै रहंछौं अनि ति दिन् गोटैपिच्छे खा र गोटैपिच्छे सहरमां २८
गोटैपिच्छे पुस्तामां र गोटैपिच्छे जहानमां सम्झौउन् अनि मानौउन्
अनि पूरीम्का यि दिन् यहूदीहरूको बाच्द देखि न मेटौंउन् अनि
तिनिहरूको सम्झना हांम्रो बंश देखि न टुङ्गौउन् भन्ये। तब अबीहैल्को २९
छोरी एस्तेर् रानीले र यहूदी मोर्दकैले पूरीम्को बिषयमां यो दोस्रो चिट्ठी
पूरो बल्ले लेख्ये। तब त्यस्ले कुशल् र सच्चाईको कुरो गरिकन त्तयर्षको ३०
राजका एक् सै सत्ताईस् खाहरूमां सबै यहूदीहरूलाइ चिट्ठी पठायो ३१
अर्थात् तिनिहरूले उपास् र चिच्याईको बिषयमां आफ्नु लागि र आफ्ना
बंशहरूको लागि ठहरायेको अनुसार् अनि यहूदी मोर्दकै र एस्तेर् रानीले
आज्ञा गर्येको अनुसार् पूरीम्का ति दिन् पनि तिनिहरूले ठहरायेको बेला
अनुसार् स्थिर् गरौउन् भन्ये। अनि एस्तेर्को आज्ञाले पूरीम्का यि कुरा ३२
स्थिर् गर्य अनि पोस्तक्मां यि लेखाये॥

(मोर्दकैको महातम्)

फेरि त्तयर्ष राजाले देस्मां र समुन्द्रका टापूहरूमां भारा किस्ता १० १
लगायो। अनि त्येस्को प्रताप् र महातम्का सबै कार्ज्य र राजाले मोर्दकैलाइ २
बढायेको बडाहुवाईको पूरा बखान् के मांदै र फारस्का राजाहरूको
इतिहास्को पोस्तक्मां लेख्येका छैनन्। कसोगरिभन्ये यहूदी मोर्दकै ३
त्तयर्ष राजा मुनिको पहिलो भयो अनि यहूदीहरूको लेखिमां बढ़ा थियो
अनि आफ्ना भाईबन्दहरूको थुइरोमां सबैको मनपर्दो भयो कसोगरिभन्ये
त्यस्ले आफ्ना लोगको भलाई गर्दै र आफ्ना सबै बंशको शान्ति र कुशल्को
कुरो गर्दै रह्यो॥

अय्यूब्को पोस्तक् ।

(अय्यूब्को भाग्येमान्हुवाई र बिपत्तिको बखान्)

१ १ ऊज् देस्मां अय्यूब् नांउ भयेको येउटा मान्छे थियो अनि त्यो
मान्छे सिद्ध र सोझो थियो अनि ईश्वर्को भय् मान्ने र बुराई देखि फर्कन्ने
२ थियो । अनि त्येस्का सात् भाई छोराहरु र तीन् बैंनी छोरीहरु जन्म्येका
३ थिये । त्येस्का बस्तुहरु पनि सात् हजार् भेंड़ाबाख्रा र तीन् हजार् ऊंट् र
पांच् से हलगोरुहरु र पांच् से गदहीहरु र धेरै धेरै कमांरा कमांरीहरु
४ थिये अं त्यो मान्छे पूर्ब्बासीहरु मद्धेमां सबै भन्दा बड़ा थियो । त्येस्का
छोराहरु आफ्नु आफ्नु दिन्मां एका अर्काको घर्मां भोज् लाउंनुलाइ
जांन्ने गर्द थिये अनि आफ्ना तीन्वटा बैंनीहरुलाइ आफुहरु सङ खांना
५ पांना गर्नुलाइ डाकि पठाउंद थिये । अनि येसो हुंद थियो जब जब
तिनिहरुको खांनापांनाको दिन् पूरा हुंद थियो तब तब अय्यूब्ले मान्छे
पठायेर तिनिहरुलाइ पवित्र गर्द थियो अनि बिहान सबारै उठेर तिनिहरु
सब्बैको गन्ति अन्सार् होमबलि चढ़ाउंद थियो . किनभन्य अय्यूब्ले कोनि
कोनि मेरा छोराहरुले पाप् गर्येर तिनका मन्मां ईश्वर्लाइ अस्वीकार् गर्येका
छन् होला भनि ठान्द थियो । अय्यूब्ले सदा येसै गर्ने गर्द थियो ॥
६ एक् दिन् ईश्वर्का पुत्रहरु यहवेको सांमु सामेल् आये अनि तिनिहरुको
७ बीच्मां शैतान्[१] पनि आयो । त यहवेले शैतान्लाइ कहां बाटो आउंदै
छस् भनि सोध्यो । तब शैतान्ले यहवेलाइ येसो भनि उत्तर् दियो
पृथिवीमां येता उता घुम्दै फिर्दै र त्येस्मां हिंड़डुल् गर्द आउंद छु ।
८ तब यहवेले शैतान्लाइ भन्यो को तैंले मेरो दास् अय्यूब् माथि चेत्
लगाइस् पृथिवीमां त्यो जस्तो कोई छैन सिद्ध र सोझो र ईश्वर्को भय्
९ मान्ने र बुराई देखि फर्कन्ने भन्य । तब शैतान्ले यहवेलाइ येसो भनिकन
१० उत्तर् दियो को अय्यूब्ले ईश्वर्को भय् सेंत मान्द छ । को तपांइले त्येस्को र
त्येस्को घर् र त्येस्का जे जे छन् तिन चारै पट्टि बार् बार्नु भयेको छैन .
तपांइले त्येस्का हातका काम्मां आशीष् दिनु भयो अनि त्येस्का बस्तुहरु
११ देस्मां भरीये । तर एसो आफ्नु हात् पसार्येर जे जे त्येस्का छन् ति छुनु
१२ हवस् त त्येस्ले तपांइलाइ तपांइको मुखको सांमु अस्वीकार् गर्छ । तब
यहवेले शैतान्लाइ भन्यो हेर् जे जे त्येस्का छन् ति तेरा हात्मां छन् खालि
त्यो आफै माथि मात्रै आफ्नु हात् न पसार् । तब शैतान् यहवेको मुखांज
देखि निक्लि गयो ॥

---

[१] अर्थात् त्यो फिरातो ।

त जब त्यसका छोराछोरीहरु आफ्नु जेठा दाज्युको घरमां खांद र १३
मद्य पीउंद थिये तब त्यस् दिन् येसो भयो   अय्यूब् थांइ येउटा दूतले १४
आयेर भन्यो गोरुहरु जोतींदै थिये अनि तिनिहरुको छेउमां गदहीहरु चर्दै
गर्दै थिइन् . तब शबाईहरुले तिनिहरु मांथि आइ लाग्येर तिनिहरुलाइ १५
लग्ये अं तिनिहरुले नौकरहरुलाइ तरवारको धारले मांर्ये अनि आफुलाइ
खबर् दिंनुलाइ मैं येउटा मात्रै बांच्यें । अनि त्यो बोल्दै गर्दाखेरि अर्कोले १६
पनि आयेर भन्यो ईश्वरको आगोले स्वर्ग बाटो उतर्येर भेंडाबाख्राहरुलाइ
र नौकरहरुलाइ डढायेर भस्म पारि दियो अनि आफुलाइ खबर् दिंनुलाइ
मैं येउटा मात्रै बांच्यें । अनि त्यो बोल्दै गर्दाखेरि अर्कोले पनि आयेर भन्यो १७
कल्दीहरुले तीन् गट्ठा भयेर ऊंटहरु मांथि आइ लाग्येर ति लग्ये अं
नौकरहरुलाइ तरवारको धारले मांर्ये अनि मैं येउटा मात्रै आफुलाइ खबर्
दिंनुलाइ बांच्यें । अनि त्यो बोल्दै गर्दाखेरि अर्कोले पनि आयेर भन्यो १८
आफुका छोराछोरीहरु आफ्नु जेठा दाज्युको घरमां खांद र मद्य पीउंदै
गर्दै थिये . त हेर बन देखि ठूलो येउटा आंधीले आयेर घरको चारै १९
कुनामां हान्यो त त्यो ति तन्नेरिहरु मांथि भत्कि आयो अनि तिनिहरु
मर्ये अनि आफुलाइ खबर् दिंनुलाइ मैं येउटा मात्रै बांच्यें । तब अय्यूबले २०
उठेर आफ्नु खाश्टो फार्येर आफ्नु कपाल् खौरायेर भुइंमां पसर्येर
दण्डवत् गर्यो   अनि त्यसले भन्यो आफ्ना आमाको गर्भ देखि नांगै २१
आयें अनि नांगै फर्कि जांछु . यहवेले दियो अनि यहवेले लियो
यहवेको नांउ धन्न हवस् । यि सबैमां अय्यूबले पाप् गर्येन न ईश्वर् २२
मांथि मूर्खाईंको दोष् लगायो ॥

फेरि अर्को एक् दिन् ईश्वरका पुत्रहरु यहवेको सांमु सामेल् आये २ १
अनि तिनिहरुको बीचमां शैतान् पनि यहवेको सांमु सामेल् आयो ।
त यहवेले शैतान्लाइ कहां बाटो आउंद छस् भनि सोध्यो । तब शैतान्ले २
यहवेलाइ येसो भनि उत्तर् दियो पृथिवीमां येता उता घुम्दै फिर्दै र त्यसमां
हिंडूडुल् गर्दै देखि आउंदै छु । तब यहवेले शैतान्लाइ भन्यो के मेरो दास् ३
अय्यूब् मांथि चेत् लगाइस् पृथिवीमां त्यो जस्तो कोई छैन सिद्ध र सोझो र
ईश्वरको भय् मान्ने र बुराई देखि फर्कने भन्ये . अं तैंले मलाइ त्यसको
विरुद्धमां त्यसलाइ अकारण् निलिहाल्नुलाइ मलाइ उत्क्याइस् र पनि त्यो
आफ्नु सिद्धाईंमां स्थिर् रहंद छ । त शैतान्ले यहवेलाइ भन्यो चामको ४
साटो चाम् अं आफ्नु प्राण् बचाउंनुको लागि मान्छेले आफ्ना सबै थोक्
दिंछ । तर एले आफ्नु हात् पसार्येर त्यसका हाड् र मांसु छुंनु हवस् त ५
त्यसले तपांइलाइ तपांइको मुखको सांमु अस्वीकार् गर्छ । तब यहवेले ६
शैतान्लाइ भन्यो हेर् त्यो तेरो हातमां छ खालि त्यसको प्राण् मात्रै छोडू । ७
तब शैतान्ले यहवेको सांमु देखि निक्लि गयेर अय्यूबलाइ पैतला देखि टुपि
सम्म पीलोले औंधिगरि हिर्कायो । तब अय्यूबले आफुलाइ कन्याउंनुलाइ ८
खपटा पनि लियो अनि खरानिमां बस्यो । तब त्यसकी स्वास्नीले त्यसलाइ ९

भनी अब सम्म के आफ्नु सिद्धैइँमां स्थिर् रहंद छौ. ईश्वर्को नांउ
१० अस्वीकार् गर्येर मरि जाउ। तब त्येस्ले त्येस्लाइ भन्यो तेरा कुरा कोई
मूर्ख स्त्रीको कुरा जस्ता छन्। के. के हांमिहरु ईश्वर्को हात् देखि
सुक्ख ग्रहण् गरुं अनि दुक्ख पनि ग्रहण् न गरुं। यि सबैमां अय्यूब्ले
आफ्ना ओंठले पाप् गर्येन॥
११ जब अय्यूब्का तीन् जना मित्रहरुले त्येस् मांथि पर्येका ति सबै
बिपत्तिको बिषय्यां सुन्ये तब तिनिहरु आफ्नु आफ्नु ठांउ देखि आये
अर्थात् एलीपज् तेमानी बिल्दद् शुही र सोपर् नामाती. त तिनिहरुले
त्यो सङ बिलाप् गर्नु र त्येस्लाइ शान्ति दिंनुलाइ एक् सङ् भेला हुंनुलाइ
१२ ठहराये। अनि जब तिनिहरुले टाड़ो बाटो आफ्ना आंखा उचालि हेरि
त्येस्लाइ चिन्येनन् तब तिनिहरु आफ्ना शब्द उचालि उचालि रोये अनि
आफ्नु आफ्नु खाणो फार्ये अनि आफ्नु आफ्नु सिर् मांथि अकाश् तिर
१३ धुलो छर्ये। त तिनिहरु त्यो सङ सात् दिन् सात् रात् भूंइमां बसि रह्ये
अनि कसैले पनि त्यो सङ कोइ कुरा गर्येन. किनभन्य तिनिहरुले त्येस्को
दुक्ख बिस्है ओधि रह्छ भनि देख्ये॥

(अय्यूब्ले आफ्नु जन्मदिन्लाइ धिक्कार्नु)

३ १ त्यस् पछि अय्यूब्ले आफ्नु मुख् खोल्येर आफ्नु जन्मदिन्लाइ
२ धिक्कार्यो। अनि अय्यूब्ले उत्तर् दिइ भन्यो
३ म जन्म्येको दिन् नष्ट हवस्
अनि जस् रात्ले छोरोको गर्भ रह्यो भन्यो।
४ त्यो दिन् अंध्यारो हवस्
ईश्वरले उंभो देखि त्येस्को हेर्चाहा न गरोस्
न त्येस्मां ज्योति चम्कोस्।
५ अंध्यारो र मृत्युको छायाले त्येस्लाइ आफ्नु लागि निखनुन्
त्येस् मांथि बादल् लागोस्
अनि जे जेले दिन् कालो पार्द छ तिनले त्येस्लाइ तर्साउन्।
६ त्येस् रात्को बिषय्मां त्येस्लाइ बाक्लो अंध्यारोले समातोस्.
बर्षका दिनको बीच्मां त्येस्ले रमाहट् न गरोस्
महीनाको गन्तिमां त्यो आउंनु न पावस्।
७ हेर त्यो रात् बांझो रहोस्
त्येस्मां कोइ रमाहटी शब्द न आवस्।
८ दिन् धिक्कार्नले त्यस्लाइ धिक्कारुन्
जुन्हरु लिब्यातामलाइ[1] जिस्क्याउंनु तियार् छन्।

[1] अर्थात् नीलने अजिङ्गर

त्यस्को बिहान्का ताराहरूले ज्योति न दिउन् . ९
त्यस्ले ज्योतिको बाटो हेरोस् तर न पावस्
न बिहान्को पलक्लाइ हेर्नु पावस् .
किनभन्ये त्यस्ले मेरी आंमाको गर्भको दैलो थुन्येन १०
न मेरा आंखा देखि कष्ट लुकायो ।
म गर्भमां किन मरीन ११
म पेट् देखि निस्कंनु बित्तिकै मेरो प्राण् किन निस्कि गयेन ।
घुंड़ाले मलाइ किन लियो १२
कि थुन्ले मैंले चूस्नुलाइ ।
यस्तो न हुंदो हो त म चैन् सित ढल्कि रहंने थियें १३
सुत्ने थियें तब बिश्राम् गर्ने थियें .
पृथिवीका राजाहरू र मंत्रीहरू सङ १४
जुन्हरूले आफ्नु लागि सुन्ये ठांउ बनाये
कि सुन् राख्ने मालिक्हरू सङ १५
जुन्हरूले आफ्नु घर् चांदीले भराये .
कि असमयमां नष्टको लुकाईयेको जस्तो म हुंनेइ थिइँन १६
उज्यालो कहिलेइ न देख्येका नानीहरू जस्ता ।
वहां दुष्टहरू दुःख दिंनु देखि थामींद छन् १७
अनि वहां थकिन्हरूले बिसाउंद छन् ।
वहां बन्धवाहरूले एक् सङ चैन् गर्द छन् १८
कामदार्गीहरूको शब्द सुन्दैनन् ।
सांना ठूला दुवै वहां छन् १९
अनि दास् आफ्नु स्वामी देखि निर्बन्ध छ ।
दुःखमां भयेकोलाइ उज्यालो किन दिईयेको छ २०
अनि मन्मां उदास् हुंनेहरूको लागि जीउंनि
जुन्हरूले मृत्युको बाटो हेर्द छन् तर त्यो आउंदैन २१
अनि गाड़ीयेको धन् खन्नेको मन् भन्दा बेसि मन्गरि खन्द छन्
जो अघोर्गरि रमाउंद छन् २२
अं चिहान्मां मगन छन् ।
जस्को बाटो लुकायेको छ २३
अनि जस्लाइ ईश्वर्ले घेर्येको छ त्यस्लाइ उज्यालो किन दिईयो ।
मेरो सुस्केरामंराई मेरो भोजन् जस्तो आउंद छ २४
अनि मेरो कंकलाश् शब्द पानी झैं खन्याईंद छन् ।
किनभन्ये जुन् डर्ले म डराउंद छु त्येइ डर् म मांथि आइ लाग्दे छ २५
अनि जुन् भय् म मान्द छु त्येइ भय् म मांथि आइ लाग्दे छ ।
न मलाइ शान्ति थियो न चैन् न बिश्राम् २६
तर दुःख आइ लाग्दे छ ॥

(एलीपज्को पहिलो बाक्ये)

४ १ तब एलीपज् तेमानीले उत्तर् दिइ भन्यो
२ कसैले आफु सङ बात् मान्न मन् गर्‍यो भन्ये क्ये आफुलाइ नजाति लाग्छ
तर बोल्नु देखि को थाम्मीनु सक्छ।
३ हेर्नु हवस् आफुले धेरै जनालाइ सिकाउंनु भयो
अनि निर्बल्लियो हात्लाइ बल्लियो पार्नु भयो।
४ आफुका कुराले लड्नु आंटेरकाहरुलाइ सम्भाल्ये
अनि थर्थराउंने घुंड़ाहरुलाइ बल् दिंनु भयो।
५ तर एले आफुइ मांथि बिपत्ति पर्‍यो अनि आफु उदास् हुंनु हुंद छ
आफुइलाइ छुंद छ अनि आफु कष्टित् हुंनु हुंद छ।
६ क्ये ईश्वर्को भय् आफुको ढाड़स् होइन
आफुका बाटाको सिद्धइं क्ये आफुको आसा होइन।
७ कृपागरि सम्झनु हवस् कुन्चइं निर्प्राधी भइ नष्ट भयो
कि धर्म्मी चइं कहां काटीयो भन्ये।
८ मैंले देख्दा अधर्म्मको जोताई गर्नेले
र उपद्रइं छर्नेले तिनैको कटनी गर्छन्।
९ ईश्वर्को सास्ले तिनिहरु नष्ट हुंद छन्
अनि उस्को रिस्को झोंक्ले तिनिहरु भस्म हुंद छन्।
१० सिंहको गर्ज र डर्लाग्दो सिंहको सोर्
जुवान् सिंहका दाग भांच्येका छन्।
११ बूढ़ो सिंह शिकार्को घटिको कारण्ले मर्द छ
अनि सिंगनीका डम्रु छर्पुट्ट पारींद छन्।
१२ त मं थांइ येउटा कुरा लुकाइकन ल्याईयो
अनि मेरा कानले त्येस्को बिषय्का साउनि पायो।
१३ रात्का दर्शनका चिन्तामां
जब मान्छेहरु मांथि अग्घोर् निन्द्रा पर्द छ
१४ मं मांथि भय् आइ लाग्यो अनि थर्थराई
जस्ले मेरा सबै हाड् कांम्नु लगायो।
१५ तब मेरो मुखैंजि येउटा हंस छिरि गयो
मेरो जीउका रऊं उठेर
१६ त्यो अड़ीयो तर मैंले त्येस्को रूप् देख्नु सकींन
मेरा आंखाको सांमु रूप् जस्तो भयो.
चाम्चुम् भयो तब मैंले येउटा शब्द सुन्यें
१७ क्ये बिनासी मान्छे ईश्वर् भन्दा ज्यास्ति धर्म्मी हुंछ
क्ये मान्छेजात् आफ्नु सिर्जन्हार् भन्दा बेसि शुद्ध हुंछ।

फेर उस्ले आफ्ना सेवकहरु मांथि भरोसा राख्‍दैन १८
अनि आफ्ना दूतहरुमां बिराऊ पाउंछ .
त झन्‍धारो कति ज्यास्तिगरिकन मांटोको घरमां बस्नेहरु मांथि १९
जस्को जग् धूलोमां छ
जो पुतलि झैं कुच्चींद छन् ।
बिहान् देखि बेलुका सम्म टुक्र्याइंद छन् . २०
कसैले चेत् न लगाइकन तिनिहरु नष्ट हुंद छन् ।
के तिनिहरुको डेराडोरी तिनिहरुको भित्र उखेलीयेको छैन २१
तिनिहरु मर्दै छन् अं बुद्धि बिना ।
अब पुकार्नु हवस् त के आफुलाइ उत्तर् दिंने कोई छ ५ १
अनि पवित्रहरुमांको को तिर फिर्नु हुंछ ।
किनभन्ये सताईले मूर्खलाइ मार्दै छ २
अनि डाहाले लाटालाइ नष्ट पार्दै छ ।
मैले मूर्खले जरा समातदै गयेको देखेको छु . ३
तर एक्कासी मैले त्यस्को बासलाइ सराप्यें ।
त्यस्का बालबच्चा चैन् देखि टाढ़ो छन् ४
अनि ढोकामां कुल्चीयेका छन्
अनि तिनिहरुलाइ छोड़ाउंने कोई पनि छैन ।
जस्को कटनी भोकाहरुले खाइ हाल्द छन् ५
अनि कांड़ाहरु देखि पनि निकाल्द छन्
अनि पासोले तिनिहरुको लागि मुख् बाउंद छन् ।
किनभन्ये बिपत्ति मांटो देखि निस्कंदैन ६
न कष्ट भूंइ देखि उम्रंद छ
तर मान्छेजात् कष्टको लागि उत्पन्न भयेको छ ७
ऊभो उठ्‍ने झिल्का झैं ।
तर मं चइं ईश्वर् तिर खोज्‍ने हुंछु ८
अनि आफ्नु फिरात् ईश्वर् निर छोड़्ने हुंछु .
जस्ले ठूला र अथाहा कुरा गर्द छ ९
आश्चर्यकर्म्म बिहिसाप् .
जस्ले पृथिवी मांथि वृष्टि दिंद छ १०
अनि खेतहरुमां पानी बर्साउंद छ .
यसोरि उस्ले होनहरुलाइ अलग्याउंद छ ११
अनि शोक गर्नेहरु कुशल् सम्म उचालींछन् ।
उस्ले कुल्याहाहरुका जुक्ति यहां सम्म ब्यर्थ गराउंद छ १२
तिनिहरुको हात्‌ले केइ पनि गर्न्‌ सक्‍दैन ।
उस्ले बिद्यमानहरुलाइ तिनको कुल्याईंमां अंठ्याउंद छ . १३
बाङ्गोटेढ़ोको जुक्ति ऊंधोमुन्टोगरि लगींद छ ।

१४ दिउंसो अंध्यारो सङ भेट् हुंद छ
अनि छक्कालदिन्मां रात्मां झैं छाम्द छन् ।
१५ तब उस्ले तिनिहरुको मुखको तरवार् देखि बचाउंद छ
अं दरिद्रहरुलाइ बलियाहरुको हात् देखि ।
१६ येसोरि कंगालिहरुको आशा हुंद छ
अनि अधर्म्मले त्येस्को मुख थुनि दिंद छ ।
१७ हेर्नु हवस् ईश्वरले चेतायेको मान्छे धन्नको छ .
येस्कारण सर्वशक्तिमान्को शिक्षादण्ड तुच्छ न ठान ।
१८ किनभन्ये उसैले घाउ पार्द छ अनि उसैले बांधद छ
उसैले चोट् पार्द छ अनि उसैका हातले निको पार्द छन् ।
१९ उस्ले आफुलाइ छवटा बिपत्ति देखि छोड़ाउंछ
अं सातवटामां कसै बुराईले आफुलाइ कोई बुराईले छुंनु पाउंदैन
२० अनिकाल्मां उस्ले आफुलाइ मृत्यु देखि छोड़ाउंछ
अनि लड़ाईंमां तरवार्को बल् देखि ।
२१ जिब्रोको कोर्रा देखि लुकाईने हुंछौ
अनि जब उजाड् हुंछ तब पनि डराउंनु हुन्न ।
२२ उजाड् र अनिकाल् माथि हांस्छौ
न पृथिवीका पशुहरु देखि डराउंनु हुंछ ।
२३ कसोगरिभन्ये बन्का ढुंगाहरु सङ बाचा बांधछौ
अनि बन्पशुहरुले आफु सित मेल् राख्छन् ।
२४ अनि मेरो डेरा कुशल्मां छ भनि आफुलाइ थाहा हुंछ
अनि आफ्नु स्थान्मां जांनु भयो भन्ये कसैको घटि पाउंनु हुन्न ।
२५ अनि आफुलाइ मेरा बंश धेरै हुंछन्
अनि मेरा सन्तान् पृथिवीका घांस् जति भनि थाहा हुंछ ।
२६ आफु आफ्नु चिहान्मां पूरो आयूमां पुग्नु हुंछ
अन्नका चिटा आफ्नु बेलामां खुरांयेर आयेको झैं ।
२७ त हेर्नु हवस् हामिहरुले खोज्यूं त येसैनै छ
सुन्नु हवस् अनि आफ्नु ध्यान्मां पनि राख्नु हवस् ॥

(अय्यूब्को उत्तर्)

६ १ तब अय्यूब्ले उत्तर् दिइ भन्यो
२ हाय् मेरो सताईको जोखाई पनि भयेको भये ता हुंथ्यो
अनि मेरो बिपत्ति तराजुमां सङै राख्येको भये ता हुंथ्यो ।
३ त अब समुन्द्रको बालुवा भन्दा गह्रुङ् हुंथ्यो .

कसोगरिभन्या सर्व्वशक्तिमानका कांडू मंमां गाड़ीयेका छन् ४
जस्को बिषले मेरो आत्मालाइ पीउंद छ .
ईश्वरको भयले मेरो बिरुद्धमां पाङ्ति बांधद छ ।
जब बनगदाहाले घास पाउंद छ तब की त्यो कराउंद छ ५
कि की गोरु आफ्नु आहारा पायेर डुकरंद छ ।
की खल्लो थोक नुन बिना खाईंछ ६
की फुलको सेतो भागमां स्वाद छ ।
मेरो जीउले ति छुनु पनि मांगदैन ७
मंलाइ दिगमिग जस्तो लागछ ।
हाय मैंले मांग्येकोभरि पायें ता हुंथ्यो ८
अनि ईश्वरले मंलाइ मैंले मांग्येको दियें ता हुंथ्यो .
अं मंलाइ कुच्याउंनु ईश्वरलाइ जाति लाग्ये ता हुंथ्यो ९
उस्ले आफ्नु हात फुकायेर मंलाइ काटि दिये ता हुंथ्यो .
त बरु मंलाइ शान्ति हुंथ्यो . १०
अं मं न छोडूने पीरामां पनि आनन्द गर्नें थियें .
किनभन्या मैंले पवित्र जनका कुराको अस्वीकार गर्य्येको छुइंन ।
मेरो बल की छ र पर्खं ११
अनि मेरो अन्त की छ र मं धीरज धरूं ।
की मेरो बल ढुंगाहरूको बल छ १२
कि की मेरो जीउ पीतलको छ ।
की येस्तो छैन मैंले आफुमां गोहार पाइंन १३
अनि की काम गर्ने शक्ति मं देखि खांट्टै धपाईयो ।
निरासी हुंनु आंटनेलाइ त्येस्का मित्रहरू देखि कृपा देखाइंनु पर्दे छ १४
अं सर्व्वशक्तिमानको भय छोडूनेलाइ पनि कृपा देखाइंनु पर्थ्यो ।
मेरा भाईहरूले खोलचाले भें छल सित बेहोरा गर्य्येका छन् १५
सुकीका खोलचाका पानी हिंडूने बाटाले
जो बरफको कारणले कालो छन् १६
अनि जहां हिउ लुकि रहंद छ .
जब गरम हुंनु लागद छ तब पगलींद छन् . १७
जब घाम चर्कंद छ तब बिलीयेर जहांको तहां हराइ जांद छ ।
ति बाटो बाड़ो हिंडूने बटोरेहरू तर्कि जांद छन् १८
सुनसानमां चढि गयेर नष्ट हुंद छन् ।
तेमाका बटोरेहरूले हेर्य्ये १९
शेबाका गट्ठाहरूले तिनिहरूको बाटो हेर्दै थिये ।
तिनिहरूले भरोसा गर्य्येको कारणले तिनिहरूको आसा टुट्यो २०
वहां पुग्येर लजाये ।

२१ त अब तिमिहरु कोइ पनि छौन
डरलागदोलाइ देख्यौ भन्यै डराउंद छौ।
२२ को मैले मंलाइ देउ भनि भन्येको छु
कि तिम्रो धनसम्पत्ति मेरो लागि दान देउ भनि.
२३ कि मंलाइ विरोधीको हात देखि छोड़ाव भनि
कि सताउंनेको हात देखि मंलाइ निखन भनि।
२४ मंलाइ सिकाव त चुप रहंछु.
अनि मं भर्म्यको बाटो मंलाइ बुझाइ देउ।
२५ सोजैईका बचन कस्ता बल्लिया छन्
तर तिम्रो बिबादगर्गाईले को चेताउंद छ।
२६ को तिमिले कुरा समातने इच्छे गर्द छौ
जब निरासाका बाक्य बतास जस्ता छन्।
२७ अं तिमिहरुले टुहुराको बिषयमां चिट्ठा हाल्ने
अनि आफनु मित्रको बिषयमां बेपार गर्ने मन गर्द छौ।
२८ त अब कृपागरि मं माथि हेर्नु
किनभन्ये निस्से तिम्रो मुखको सांमु ढांटईन।
२९ कृपागरि फर्कनु अन्याय न हवस्
अं फेरि फर्कनु मेरो फिरान् धर्म्मी छ।
३० को मेरो जिब्रोमां अन्याय छ
को मेरो तालूले दुष्टेई चिन्न सक्दैन॥
७ १ को पृथिवी माथि मान्छेको सिपाहिगरि छैन.
अनि त्यसका दिन को बनि गर्नेका दिन जस्ता छैनन्.
२ आजेलको लागि अभिलाषा गर्ने दासले झैं
अनि आफनु बनिको बाटो हेर्ने बनि गर्नेले झैं।
३ त्यस्तै व्यर्थका महीना बिताउंने गरोइ छु
अनि क्लेशका रातहरु मेरो लागि ठहराइंद छन्।
४ जब ढल्कंद छु तब भन्द छु
कैले उठुं. तर रात् लामे छ
अनि दिन् न उदाउंनज्याल् सम्म वलट्यांपलट्यां गइ छटपटाउंदै मांत्रै छु।
५ मेरो जीउ कीरा र धूलाको डल्लाले ढाकीयको छ
मेरो छाला जोरीइ छ अनि फेरि फुट्द छ।
६ कपरा बुन्नेको थुरि भन्दा छिट्टोगरि मेरा दिन् जांद छन्
अनि आशा बिना बितद छन्।
७ मेरो जीउंनि खालि वायु मांत्रै छ भनि सम्झनु हवस्।
मेरो आंखाले कल्याण फेरि कैले पनि देखदैन।
८ मंलाइ हेर्नेको आंखाले मंलाइ फेरि कैले पनि देखदैन.
तपांइका आंखा मं माथि पर्छन् तर मं छंदै छुइंन।

जस्तो बादल् हराएर मेटींद छ ९
त्यस्तै पत्तालमां उत्रने फेरि कैले पनि चढि आउंदेन ।
आफ्नु घरमां कैले पनि फर्कंदैन १०
अनि त्यस्को ठांउले त्यस्लाइ फेरि कैले पनि चिन्दैन ।
येस्कारण् म आफ्नु मुख् थुन्दींन ११
आफ्नु आत्माको क्लेशमां बोल्छु
आफ्नु प्राणको पीरामां गनगनाउंछु ।
के म समुन्द्र कि महामाछा हुं १२
र तपांइले म मांथि पहराचौकि राख्नु हुंद छ ।
मेरो ओछ्यानले मंलाइ शान्ति दिंछ १३
मेरो खाट्ले मेरो कष्ट हलुक् गराउंछ भनि भन्यें देखि ।
तपांइले मंलाइ सपनाले डराउनु हुंद छ १४
अनि मंलाइ डरलाग्दो दर्शनले तर्साउंनु हुंद छ .
अं मेरो प्राणले हिकिक् हिक्कहुवाई छान्द छ १५
अनि यि मेरा हाड् भन्दा बरु काल् ।
मेरो जीउंनि देखि मंलाइ दिग्‌मिग् लाग्द छ सधैं जीइ रहन्‌ मंलाइ मन् पर्दैन . १६
मंलाइ छोडि देउ किनभन्ये मेरा दिन् व्यर्थ छन् ।
मान्छे क्या हो र तपांइले त्यस्को बड़ाई गर्दार १७
त्यस् मांथि आफ्नु मन् लगाउंनु हुंछ ।
अनि त्यस्लाइ बिहान् बिहान् हेर्‌चाहा गर्नु हुंद छ १८
अनि छिन् छिन्‌मा त्यस्लाइ जांच्नु हुंद छ ।
म देखि कैले सम्म आफ्ना आंखा फर्काइ लानु हुन्न १९
अनि मैंले आफ्नु थुक् निल्नु सम्म मंलाइ छ ड्नु हुन्न ।
मैंले पाप गर्यको छु भन्ये देखि तपांइ सित कसो गरुं हे मान्छेहरुको रक्षक् . २०
तपांइले मंलाइ ताग थाप्नुको लागि किन राख्नु भयो
यहां सम्मगरि म आफै आफ्नु लागि भार भयेको छु ।
अनि तपांइले किन मेरो अपराध् क्षमा गर्नु हुन्न अनि मेरो अधर्म्म लैजानु हुन्न २१
कसोगरिभन्ये एले धुलोमां ढल्‌कंछु
अनि तपांइले मंलाइ जतन् सित कुइल्नु हुंछ तर म छंदै छुइन ॥

(बिल्दद्‌को पहिलो बाक्ये)

तब बिल्दद् शूहीले उत्तर् दिइ भन्यो ८ १
आफु कैले सम्म येस्ता कुरा भन्दै रहनु हुंछ २
अनि आफुको मुखका कुरा कैले सम्म ठुलो आंधी जस्तो होइ रहंछन् ।
के ईश्वरले निया बङ्ग्याउंद छ ३
कि सर्वशक्तिमानले धर्म्म टेढ़ो पार्द छ ।

४ आफुका छोराछोरीहरूले उस्को विरुद्धमां पाप् गर्‍ये
अनि उस्ले तिनिहरूलाइ तिनिहरूको अप्राधको हात्मां सुम्पि दियो
भन्‍ये देखि .
५ आफुले मन् लगाइकन ईश्वर् तिर ढुंढलनु भयो
अनि सर्वशक्तिमान् यांइ आफ्नु बिन्ति गर्नु भयो भन्‍ये देखि
६ आफु पवित्र र सोजो हुंनु भयो भन्‍ये देखि
त निस्से उ आफुको लागि उठ्ने थियो
अनि आफुको धर्म्मको बास् भाग्यमानी गराउंने थियो ।
७ अनि आफुको थाल्नि सांनु भयेको भये पनि
आफुको अन्त अगधार् बढ्छ ।
८ कसोगरिभन्‍ये छुपागरि तादिका दिन् सित सोध्नु
अनि तिनका पिता पुर्खहरूले खोज्येका कुरा मांथि ध्यान् गर्नु .
९ (किनभन्‍ये हांमिहरू ता हिजोका जस्ता मात्रै छौं अनि केइ पनि जान्दैंन
कसोगरिभन्‍ये पृथिवी मांथि भयेको हांमिहरूको दिन् खालि छायाइ
मात्रै छ .)
१० त के तिनिहरूले आफुलाइ सिकाउंदैनन् अनि भन्दैनन्
अनि आफ्ना हिर्दयका कुरा निकाल्दैनन् ।
११ के ढोडै बिना हिलो बढ्नु सक्छ .
के नदीनारको निडालो बिना पानी उम्रंनु सक्छ ।
१२ एले हरीयो हुंदै अनि काटीयेको छैन रपनि
अरू सबै घांस् भन्दा पहिले सुकि जांद छ ।
१३ ईश्वर्लाइ बिर्सने सबैका बाटा यस्तै छन्
अनि भक्तिहीनको आस् नास् हुंछ .
१४ जस्को आसा काटीं‍छ
अनि जस्को भरोसा माकुराको जाल् छ ।
१५ त्यो आफ्नु घर्मां अडेस् लागछ तर त्यो ठहर्दैन .
त्येस्ले त्यो समात्यो भन्‍ये पनि त्यो स्थिर् रहंदैन ।
१६ त्यो घामको सांमु हरीयो ता छ
अनि त्येस्का पालुवाहरू बारीमां फाडीला छन् ।
१७ त्येस्का जराहरू ढिकुरोमां बेहेरीयेका छन्
त्येस्ले ढांड्ठांउ हेर्द छ ।
१८ त्यो आफ्नु ठांउ देखि नष्ट भयो भन्‍ये देखि
त त्यस् ठांउले मैंले तंलाइ देख्येको छुइंन भन्येर त्येस्लाइ अस्वीकार् गर्छ ।
१९ हेर त्येस्को बाटोको रमाहट् येइ हो
अनि धूलो देखि अरुहरू उम्रंछन् ।
२० हेर ईश्वर्ले सोजो मान्छेलाइ अफाल्दन
न दुष्टहरूलाइ सम्भाल्छ ।

भरे उसले आफुलाइ हंसमुख तुल्याउंछ 21
अनि आफुका ओंठमां जय जय दिंछ ।
आफु देखि घिनाउंनेहरु लाज पहिर्याइंछन् 22
अनि दुष्टको डेरा फेरि कहिले पनि रहंदैन ॥

(अय्यूबको उत्तर)

तब अय्यूबले उत्तर दिइ भन्यो ९ १
सांचि यस्तै छ भनि जान्द छु . २
तर ईश्वरका सांमु मान्छेजात् कसोगरि धर्मी ठहर्नेछ ।
उसले त्यो सित विवाद गर्नु जाति लाग्यो भन्ये ३
त्येसले उसलाइ हजार कुरामांको येउटाको पनि उत्तर दिंनु सक्दैन ।
मनमां बुद्धिमान् बलमां सामर्थी . ४
उसको विरुद्धमां कठोर भइ उठनेमांको कुनचइंले जात्यको छ ।
जसले पर्वत सार्दै छ तैपनि तिनिहरुले जान्दैनन् ५
जब उसले तिनिहरुलाइ आफ्नु रिसमां उल्टाउंद छ ।
जसले पृथिवीलाइ त्येसको ठांउ देखि हल्लाउंद छ ६
अनि त्येसका खांबाहरु थरथराउंद छन् ।
जसले घामलाइ आज्ञा दिंद छ त त्यो उदाउंदैन ७
अनि तागाहरुलाइ मोहर लगाइजान युन्द छ ।
जसले मात्रै आकाश फिंजाउंद छ ८
अनि जो समुन्द्रका अलग्गा अलग्गा छालहरु मांथि हिंडद छ ।
जसले सप्तऋषि मृगशिरा र कृत्तिका तारहरु ९
र दक्खिनका कोठाहरु बनाउंद छ ।
जसले तुला र अथाह कामहरु गर्द छ १०
अं आश्चर्यकर्म्म बेहिसाप ।
अं उ मेरे छेउमां हिंड्द छ रपनि मं उसलाइ देखदैन . ११
अं मेरो अघि अघि पनि जांद छ तर मंलाइ उसको थाहा छैन
हेर उसले खोस्दै छ उसलाइ युन्नु को सक्छ १२
तपांइले को गर्नु हुंद छ भनि कस्ले उसलाइ भन्नु सक्छ ।
ईश्वरचइंले आफ्नु रिस फर्काउंदैन १३
अहंकारी गोहारेहरु उ मुनि निउरंद छन् ।
त भन्नुसारो मं उसलाइ को उत्तर दिंनु सकुं १४
अनि उ सित विवाद गर्नुलाइ आफ्ना कुरा छान्नु सकुं ।
मं निर्दोष भयेको भये पनि उसलाइ उत्तर दिंनु सक्ने थिइंन १५
मं आफ्नु सत्तुर सित विन्ति गर्ने थियें ।
मैंले उसलाइ हापार्यें अनि उसले मंलाइ उत्तर दियेको भये देखि १६
तैपनि मं उसले मेरो सोर सुन्यो भनि विश्वास गर्ने थिइंन ।

१७ कसोगरिभन्ये उस्ले मंलाइ आंधीले कुच्याउंद छ
अनि मेरो घाउ बिना कारण बढाउंद छ ।
१८ उस्ले मंलाइ सास् फेर्नु पनि दिंदैन
तर मंलाइ तीतइँले भर्द छ ।
१९ बलियाहरूको सामर्थको बिषयमां भन्यू भन्ये देखि हेर उ उह्रो छ
अनि नियाको बिषयमां भन्ये देखि कस्ले मेरो लागि समय् ठहराउंछ
२० मं निर्दोष् भयेको भये देखि मेरो मुखले मंलाइ दोषी ठहराउंछ.
मं सोजो भयेको भये देखि उस्ले मंलाइ भट्टरि ठहराउंछ ।
२१ निर्दोषी छु आफ्नु चेत् गर्दीन
आफ्नु जीवन् देखि घिनाउंद छु ।
२२ सबै येउटै कुरा छ येस्कारण भन्द छु
उस्ले सोजो र दुष्ट दुवैलाइ नास् पार्द छ ।
२३ कोर्राले एक्कासि मार्यो भन्ये देखि
उ निर्दोषीहरूको बिपत्तिको बिषयमां हांस्छ ।
२४ पृथिवी दुष्टको हातमां दिइयेको छ.
उस्ले त्यस्का बिचारीहरूको मुख ढाक्द छ
त्यो गर्ने उइ होइन भन्ये ता को हो ।
२५ अब मेरा दिन् हुलाक भन्दा छिटो दगुर्द छन्.
भाग्दै छन् कोइ भलाइ देख्दैनन् ।
२६ छिटो बहने नाउहरू जस्तो बितेका छन्.
आहारा माथि बेग् हान्ने गिद्ध जस्तो ।
२७ मं आफ्नु गनगनाई बिर्सछु
आफ्नु उदासो मुख् फेर्छु अनि उज्यालो मुखको हुंछु भनि भन्छु भन्ये देखि
२८ मं आफ्ना सबै दुकख देखि डराउंद छु
तपांइले मंलाइ निर्दोषी ठहराउंनु हुन्न भनि जान्द छु ।
२९ मं ता दोषी ठहराइंछु
त किन ब्यर्थ गरि काम् गर्द छु ।
३० हिउंले नुहायें भन्ये
अनि आफ्नु हात् खारले धोयें भन्ये देखि
३१ तैपनि तपांइले मंलाइ घुयानमां डुबाउंनु हुंछ
अनि मेरै लुगाले पनि मं देखि घिनाउंछन् ।
३२ कसोगरिभन्ये उ मं जस्तो मान्छेजातको होइन र मं उस्लाइ उत्तर् दिउं
र हांमिहरू दुइ नियामां सङ्गै आऊं ।
३३ हांमिहरूको बीचमां कोई मझुवा छैन
जस्ले आफ्नु हात् हांमि दुइ जना माथि राखछ ।
३४ उस्ले आफ्नु लाठा मं देखि उठावस्
अनि उस्को भयले मंलाइ न तर्सावस्.

त मं उ देखि न डराइकन भन्थें थियें ३५
कसोगरि भन्थें मं आफै येस्तो छुइंन ।
मेरो प्राण जीउंनु देखि थाकेको छ १० १
मं आफ्नु गनगनाई छाड़ीयेको भइकन जांनु दिंछु
मं आफ्नु प्राणको तीतईमां बोल्छु ।
मं ईश्वर्लाइ भन्छु मंलाइ दोषी न ठहराउंनु हवस् २
तपांइले मं थित केको विषयमां विवाद् गर्नु हुंद छ भनि मंलाइ देखाउंनु हवस् ।
तपांइले थिचेईं गर्नु ३
तपांइले आफ्नु हात्को काम् तुच्छ जान्नु
अनि दुष्टको सल्लाह् सुफल् गर्न यि सबै गर्नु के तपांइलाइ जाति लाग्छ ।
के तपांइका आंखा देह्धारि का जस्ता छन् ४
अनि तपांइले मान्छेले झैं हेर्नु हुंद छ ।
के तपांइका दिन् विनाशी मान्छेका जस्ता छन् ५
कि तपांइका वर्ष मान्छेजात्का जस्ता
र तपांइले मेरा अधर्म्म दुंड्लनु हुंद छ ६
अनि मेरा पाप् खोज्नु हुंद छ
मं दुष्ट छुइंन भनि तपांइलाइ थाहा छ र्पनि ७
अनि मंलाइ तपांइको हात् देखि छोड़ाउंनु सक्ने कोई छैन ।
तपांइका हातले मंलाइ सिर्ज्यो अनि चारै पट्टि बनायो ८
तैपनि मंलाइ नाश् पार्नु हुंद छ ।
तपांइले मंलाइ हीलो जस्तो बनाउंनु भयेको छ भनि सम्झनु हवस् ९
त के मंलाइ फेरि धूलोमां हाल्नु हुंछ ।
के तपांइले मंलाइ दुद् जस्तो खन्याउंनु भयेन १०
अनि दही जस्तो मंलाइ जमाउंनु भयेन ।
तपांइले मंलाइ छाला र मासु पहिर्याउंनु भयो ११
अनि हाड़ र नसाले मंलाइ गांस्नु भयो ।
तपांइले मंलाइ जीउंनि र अनुग्रह् दिनु भयो १२
अनि तपांइले हेर्चाहा गर्येकोले मेरो प्राणलाइ रक्षे गर्नु भयो ।
तैपनि ति कुरा तपांइले आफ्नु हिर्दयमां लुकाउंनु भयो १३
यो कुरो तपांइ सङ छ भनि जान्द छु ।
मैंले पाप् गर्यें भन्थें देखि तपांइले मेरो लेखा राख्नु हुंद छ १४
अनि मेरो अधर्म्म देखि मंलाइ निर्दोषी ठहराउंनु हुन्न ।
दुष्ट छु भन्थें देखि मं मांथि हाय् १५
अनि धर्म्मीनै छु भन्थें पनि आफ्नु सिर् उठाउंदीन
लाजले भरि भइकन
र आफ्नु दुक्ख हेरिकन ।

१६ अनि मेरो थिर् उठ्यो भन्ये
तपांइले मंलाइ सिंहले झैं खेद्नु हुंद छ .
अनि फेरि आफुलाइ आश्चर्य्यगरि मंलाइ देखाउंनु हुंद छ ।
१७ तपांइले मेरो विरुद्धमां आफ्ना साक्षीहरुलाइ नयागरि उठाउंनु हुंद छ .
अनि मं मांथि आफ्नु रिस् बढाउंनु हुंद छ
पाङ्तिहरु र लड़ाइँ मं सङ्ग छन् ।
१८ त तपांइले मंलाइ गर्भ देखि किन निकाल्नु भयो
मं हंस छोड्ने थियें अनि कसै आंखाले मंलाइ देख्ने थियेन ।
१९ मं न भयेको जत्तिको हुंने थियें
मं गर्भ देखि चिहान्मां ल्योकीयेको हुंने थियें ।
२० के मेरा दिन् थोरै छैनन् . त थाम्नु हवस्
अनि मैंले अलिक् शान्ति पाउंनुको लागि मंलाइ छोड्नु हवस्
२१ जहां देखि फर्कंदैन वहां जानु भन्दा पहिले
अं अंध्यारो र मृत्युको छायाको देस्
२२ अंध्यारोको जस्तो बाक्लो अंध्यारोको देस्
मृत्युको छायाको देस् खज्याङमज्याङ् भयेको जहां उज्यालो अंध्यारो जस्तो छ ॥

(सोपर्को पहिलो वाक्ये)

११ १ तब सोपर् नामातीले उत्तर् दिइ भन्यो
२ के कुराको थुप्रोलाइ उत्तर् दिइंदैन .
अनि के बकबके चइं धर्म्मी ठहरींछ ।
३ के आफुका अहंकारी कुराले मान्छेहरुलाइ चुप् लगाउंछन् .
अनि आफुले ठट्टा गर्दाखेरि के कसैले आफुलाइ लाज्मां पार्दैन ।
४ कसोगरिभन्ये आफुले भन्नु हुंद छ मेरो शिक्षा चोक्खो छ
अनि तपांइको दृष्टिमां मं पवित्र छु भनि ।
५ तर हाय् ईश्वर् बोल्ये ता हुंथ्यो
अनि उस्ले आफ्ना ओंठ् आफुको विरुद्धमां फुकाये ता हुंथ्यो
६ अनि आफुलाइ बुद्धिका गुप्त कुरा देखाये ता हुंथ्यो
जो कार्य्ययोग्य काम्मां धेरै छ ।
ईश्वर्ले आफुलाइ आफुको अधर्म्म अनुसार् जतिभरि ऐंच्याउंनु पर्थ्यो त्यो भन्दा कम्तिगरि ऐंच्याउंद छ भनि जान्नु हवस् ।
७ के ईश्वर्का अथाह् भेद्को विषय् पाउंनु सक्नु हुंछ
के सर्व्वशक्तिमान्लाइ पूरो रीत्ले थाहा पाउंनु सक्नु हुंछ ।
८ अकाश् भन्दा ऊंचो आफुले के गर्नु सक्नु हुंछ
पत्ताल् भन्दा ऊंधो आफुले के जान्नु सक्नु हुंछ ।

त्येस्को नाप् पृथिवी भन्दा लांमो ९
अनि समुद्र भन्दा गजौलो छ ।
उ फिरि गयो अनि थुनि राख्यो १०
अनि नियाको सभा बोलायो भने देखि उस्लाइ कस्ले रोक्नु सक्छ ।
कसोगरिभन्ये उस्ले व्यर्थ मान्छेहरुलाइ चिन्द छ . ११
उस्ले अधर्म्म पनि हेर्द छ तस्ले त्येस्को चेत् गर्दैन र्यानि ।
तर खोक्रो खप्पर्ले बुद्धि पाउंछ १२
जब बन्गदाहाको बच्चा मान्छे भइ जन्मंछ
आफूले आफ्नु मन् सोजो पार्‍यो भन्ये १३
अनि आफ्ना हात् उ तिर पसार्‍यो भन्ये
आफुको हात्मां अधर्म्म छ भन्ये देखि त्यो टूर् गर्नु हवस् १४
अनि अधर्म्म आफ्नु डेरामां बस्न न दिंनु ।
त निस्से आफुले आफ्नु मुख् बिना दाग् उठाउंनु हुंछ १५
अं स्थिर् भइ डराउंनु हुन्न .
कसोगरिभन्ये आफुले आफ् दुख बिर्सनु हुंछ १६
अनि त्यो बग्येको पानी जस्तो मांत्रै सम्भंनु हुंछ .
अनि आफ्को जीउंनि दुइ पहर्को घाम् भन्दा चम्कीलो हुंछ १७
अंध्यारो भये पनि बिहान् जस्तो हुंछ ।
अनि आसा भयेको कारणले आफु निडर् हुंनु हुंछ १८
अं आफ्नु बिषयमां खोज्येर चेनमां बिश्राम् पाउंनु हुंछ ।
अं ढल्कंनु हुंछ पनि अनि कसैले आफुलाइ डर्देखाउंदैन १९
अं धेरैले आफु सित बिन्ति गर्छन् ।
तर दुष्टहरुका आंखा हराउंछन् २०
अनि तिनिहरुको भाग्ने बाटो हुंदैन
अनि तिनिहरुको आसा दम छाड्ने जस्तो हुंछ ॥

(अय्यूब्को उत्तर्)

तब अय्यूब्ले उत्तर् दिइ भन्यो १२ १
निस्से आफुहरु चइं तिनै लोग् हुंनु हुंद छ २
अनि आफुहरु मर्दा बुद्धि पनि मर्छ ।
आफुहरुको जस्तो मेरो पनि बुद्धि छ ३
मं आफुहरु मुनि कुइंन .
अं येस्ता येस्ता कुरा न जान्ने को छ ।
मं आफ्नु छिमेकि देखि ठट्टा गर्नैने माफिक्को छु ४
जस्ले ईश्वर्लाइ हापार्‍यो अनि उस्ले उत्तर् दियो .
धर्म्मी सोजो मान्छे ठट्टा गर्नैने छ ।

५ दुखीहरु सुखीहरुको ठनाईमां तुच्छ हुंछन्
गोड़ा चिप्लनेहरुको लागि तियार् छ।
६ लूटहार्हरुका डेरा भाग्यमान् छन
अनि ईश्वरको रिस् उठाउनेहरु निडर् छन्
जुन्हरुले आफ्ना देवता आफ्नु हात्मां ल्याउंद छन्।
७ तर अब पशुहरु सित सोध त तिनिहरुले आफुलाइ सिकाउंछन्
अनि आकाशका पंछीहरु सित त तिनिहरुले आफुलाइ सुनाउंछन् ।
८ कि पृथिवी सित बात् गर्नु हवस् त त्यसले आफुलाइ शिक्षा दिंछ
अनि समुन्द्रका माछाहरुले आफुको लागि बखान् गर्छन् ।
९ ति सबैमां कसले जान्दैन
यहवेको हात्ले ति सबै गर्येको छ भनि ।
१० जसको हात्मां सबै जीवधारीको प्राण्
र सबै मान्छेजात्को आत्मा छन् ।
११ क्या कान्ले कुरा जांच्दैन
तालूले भोजन् चाख्येको झैं ।
१२ बूढ़ाहरु सङ बुद्धि छ
अनि दिन्को धर्हुवाईमां समझ् ।
१३ उस्मां बुद्धि र पराक्रम छन्
उस्का जुक्ति र समझ् छन् ।
१४ हेर उसले भत्काउंद छ त त्यो फेरि बनाइनु सक्दैन
उसले मान्छेलाइ थुन्द छ त उघार्नु हुंदैन ।
१५ हेर उसले पानी थामद छ त ति सुक्नि जांद छन्
फेरि उसले तिनलाइ छोड़ि दिंद छ त तिनले पृथिवीलाइ उल्टाउंद छन् ।
१६ उस्मां सामर्थ र स्थिर् बुद्धि छन्
भूलने र भूलाउंने उसको छन ।
१७ उसले मंत्रीहरुलाइ लुगा कड़ायेर लैजांद छ
अनि बिचारीहरुलाइ मूर्ख तुल्याउंद छ ।
१८ उसले राजाहरुका बन्धन् फुकाउंद छ
अनि तिनका कम्मर् पटुकाले बान्धद छ ।
१९ उसले पूजाहारीहरुलाइ लुगा कड़ायेर लैजांद छ
अनि बलियाहरुलाइ उल्टाउंद छ ।
२० उसले बिश्वासयोग्यहरुको बाको दूर् गर्द छ
अनि प्राचीन्हरुको बुद्धि लैजांद छ ।
२१ उसले मालिक्हरु माथि निन्दा खन्याउंद छ
अनि बलियाहरुका पटुका फुकाउंद छ ।
२२ उसले गहीरा गहीरा कुरा अंध्यारो देखि निकाल्द छ
अनि मृत्युको छाया उज्यालोमां ल्याउंद छ ।

उसले लोग् लोगलाइ बढायेर तिनलाइ नास् पार्द छ . २३
उसले लोगहरूलाइ फिंजायेर तिनलाइ लैजांद छ ।
उसले पृथिवीका लोगका मालिकहरूको बुद्धि लैजांद छ २४
अनि बाटो बिनाको उजाड्मां डुलाउंद छ ।
तिनिहरू अंध्यारोमां ज्योति बिना छामि हिंड्द छन् २५
अनि उसले तिनिहरूलाइ मात्येकोलाइ झैं ढलपल् गराउंद छ ।

हेर मेरो आंखाले ति सबै देख्येको छ १३ १
मेरो कानले सुन्येको छ अनि बूझेयको छ ।
ज्ये आफुले जान्नु हुंद छ ति मं पनि जान्द छु . २
मं आफुहरू भुंनि छुइंन ।
निस्से सर्वशक्तिमान् सित कुरा गर्ने मेरो मन् छ ३
अनि ईश्वर् सित बिबाद् गर्ने इच्छे छ ।
तर आफुहरू ढांट् उपजाउंन ठूंनु हुंद छ ४
आफुहरू सबै बिकामे बेद्याहरू ।
आफुहरू ख्यांटै चुप् लाग्ये ता हुंथ्यो ५
त त्यो आफुहरूको बुद्धि हुंथ्यो ।
अब मेरो बिबाद् सुन्नु हवस् ६
अनि मेरा ओंठका बिन्ति सुन्नु हवस् ।
क्ये ईश्वर्को निम्तिमां अधर्म्म भन्नु हुंछ ७
अनि उसको लागि छल् सित बोल्नु हुंछ ।
क्ये उसको पनपसाई गर्नु हुंछ ८
क्ये ईश्वर्को लागि बिबाद् गर्ने हुंछ ।
उसले आफुहरूलाइ ढुंढ्लनु यो क्ये आफुहरूलाइ जाति लाग्छ ९
क्ये मान्छेलाइ धोखा दियेको झैं आफुहरूले उसलाइ धोखा दिंनु हुंछ ।
आफुहरूले गुप्तगरि पनपसाई गर्नु भयो भन्ये देखि १०
उसले निस्से आफुहरूलाइ चेताउंछ ।
क्ये उसको महातम्ले आफुहरूलाइ डर् देखाउंदैन ११
अनि उसको भय् आफुहरू मांथि पर्छ ।
आफुहरूका सम्झना राख्ने माफिकका आहानहरू खरानिका उखान् मात्रै छन् १२
आफुहरूका आड् माटोका आड् मात्रै ।
चुप् लाग्नु हवस् मंलाइ छोडि दिंनु हवस् र मं बोलुं १३
अनि मं मांथि ज्ये परछ त्यो परोस् ।
क्ये मं आफ्नु मासु आफ्नु दांत्मां लिउं १४
अनि क्ये मं आफ्नु जोउंनि आफ्नु हत्केलामां लिउं ।
हेर उसले मंलाइ मार्छ मं उसको बाटो हेर्छु . १५
तैपनि उसैको सांमु आफ्नु चालचलन् स्थिर् गर्छु ।

१६ यो पनि मेरो छुट्कारा हुंछ
भक्तहीन् उस्को सांमु आउंनु सक्दैन भन्ये ।
१७ मेरो कुरा ध्यान् दिइ सुन्नु हवस्
अनि मेरो बचन् आफुका कानमां परोस् ।
१८ अब हेर मैंले आफ्नु कुरा तियार् पार्यें
निर्दोष् ठहरींछु भनि जान्द छु ।
१९ मं षित बिबाद् गर्ने को हो .
अब मं चुप लाग्येर हंस छोड्छु ।
२० दुइ कुरा मांत्रै मं षित न गर्नु हवस्
न तपांइको मुख् देखि लुकाउंदींन .
२१ अर्थात् आफ्नु हात् मं देखि टाडो लैजांनु हवस्
अनि तपांइको भयले मंलाइ डर्देखाउंनु न दिंनु हवस् ।
२२ त तपांइले हापानु हवस् अनि मं उत्तर् दिंछु
कि मंलाइ बोल्नु दिंनु हवस् अनि तपांइले मंलाइ उत्तर् दिंनु हवस् ।
२३ मेरा अधर्म्म र पाप्हरु कति छन् .
मेरो अप्राध् र मेरो पाप् मंलाइ जनाइ दिंनु हवस् ।
२४ आफ्नु मुख् किन लुकाउंनु हुंद छ
अनि मंलाइ आफ्नु सत्तुर्लाइ झैं किन गन्नु हुंद छ ।
२५ की तपांइले उड़ाइंदै गय्येको पतझेरालाइ पनि कंमाउंनु हुंछ .
अनि सुक्येको बुच्कालाइ खेद्नु हुंछ ।
२६ किनभन्ये तपांइले मेरो बिरुद्धमां तीता कुरा लेख्नु हुंद छ
अनि मंलाइ मेरो जोभानका अधर्म्मको अधिकारी गराउंनु हुंद छ .
२७ तपांइले मेरा गोड़ा ठांग्रोमां पनि हाल्नु हुंद छ अनि मेरा सबै चाल
हेर्नु हुंद छ
मेरा पैतालाका चारै पट्टि सिमाना बांध्नु हुंद छ .
२८ मं कुहि भस्म भयेको थोक्
र कीराले खाइ मक्कायेको लुगा जस्तो छु रपनि ॥
१४ १ आइमाइ देखि जन्म्येको मान्छे
थोरै दिन्को र दुखले भरायेको छ ।
२ फूल् झैं फक्रंद छ अनि ओइल्हींद छ .
छाया जस्तो जाइ जांद छ अनि ठहर्दैन ।
३ अनि की तपांइले येस्तै मांथि दृष्टि गर्नु हुंद छ
अनि मंलाइ तपांइ थांइ नियाको लागि घिस्याउंनु हुंद छ ।
४ अशुद्ध देखि शुद्ध निकाल्नु जाति हुंथ्यो . तर कसैले यो गर्नु सक्दैन .
५ जब त्येस्का दिन् ठहराइ सक्येका छन् अनि त्येस्का महीनाको गन्ति तपांइकां छ
अनि तपांइले त्येस्ले नांघ्नु न सक्ने सिमाना बान्ध्नु भयेको छ
६ त्यो देखि आफ्नु मुख् फर्काउंनु हवस् र त्येस्ले चैन् पावस्

त्यसले बनि गर्नेले झैं आफ्नु दिन् ठीका न मारुंज्याल् सम्म ।
कसोगरिभन्ये रुखको बिषय्मां ता आसा छ त्यो काटीयेको भये पनि फेरि ७
पलाउंछ
अनि त्यसका कोपीलाहरु निस्कनु देखि थामीदैनन् ।
त्यसको जरा भूइं भित्र छिप्पीयेको छ रपनि ८
अनि त्यसको ठुटा माटोमां सुकेका छ रपनि
तैपनि पानीको बासनाले त्यसको पालुवा फुटाउंछ ९
अनि लायराले झैं हांगा फुटाइ निकालछ ।
तर मान्छे चहिं ता मर्दै छ अनि पखोइ रहंद छ १०
अं मान्छेले हंस छोड्दछ त त्यो कहां छ ।
पानी समुन्द्र देखि घटेरको झैं ११
अनि नदी सुक्दै सुक्दै हरायेको झैं
येसोरि मान्छे ढल्कंद छ अनि उठ्दैन . १२
अकाश् जाइ न जाउंज्याल् सम्म जाग्दैन न नीन्द् देखि जगाइंछ ।
हाय् तपांइले मलाइ पत्तालमां लुकाये ता हुंने थियो १३
तपांइको रिस् जाइ न जाउंज्याल् सम्म मलाइ गुप्तमां राख्ये ता हुंथ्यो
तपांइले मेरो लागि ठहरायेको बेला खटाइकन मलाइ सम्झनु हुंथ्यो ।
मान्छे मर्यो भन्ये के त्यो फेरि जाउंछ १४
मं आफ्नु सिपांहिगिरिका सबै दिन् पर्खने थियें
मेरो छुट्कारा न होउंज्याल् सम्म ।
तपांइले मलाइ बोलाउंनु भयो भन्ये मं ता तपांइलाइ उत्तर् दिंने थियें . १५
तपांइले आफ्नु हात्को काम्को लागि इच्छे गर्नु हुंने थियो ।
तर अब तपांइले मेरा फड्का गन्नु हुंद छ . १६
के तपांइले मेरा पाप् चियाउंनु हुन्न ।
मेरा अप्राध् थैलोमां हालि छाप् मारीयेका छन् १७
अनि तपांइले मेरो अधर्म्म थुनि राख्नु हुंद छ ।
निस्से भत्कन्दै जांदा जांदा पहाड् पनि मेटींन हुंद छ १८
अनि पहरा आफ्नु ठांउ देखि सारींद छ
पानीहरुले ढुंगाहरुलाइ खियाउंद छ १९
अनि त्यसको बढि आउंने पानीले भूंइका माटो बहाइ लांद छ .
अनि तपांइले मान्छेजात्को आसा मेटि दिंनु हुंद छ ।
तपांइ सधैंको लागि त्यसको बिरुद्धमां जिताहा हुंनु हुंद छ त त्यो जाइ जांद छ २०
तपांइले त्यसको मोहोडा बिगारिकन त्यसलाइ पठाउंनु हुंद छ ।
त्यसका छोराहरु मान् सम्म पुग्येका छन् तर त्यसलाइ थाहा छैन २१
अनि तिनिहरु होंच्याईयेका छन् तर त्यसले तिनिहरुको बिषय्मां जान्दैन ।
खालि आफ्नै कारण्ले त्यसको जीउलाइ दुक्ख छ २२
अनि आफ्नै कारण्ले त्यसको प्राण्ले बिलाप् गर्द छ ॥

(एलीपजको दोस्रो वाक्य)

१५ १ तब एलीपज तेमानीले उत्तर दिइ भन्यो
२ क्या बुद्धिमान्ले हावाको जस्तो ज्ञान गरि उत्तर देवस्
कि पूर्व्वबतासले आफ्नु पेट भरोस्।
३ क्या निष्फल कुरा गरि
कि निरर्थका वाक्य गरि बिवाद गरोस्।
४ अं क्या आफुले भय मान्नु छोड्नु भयो
अनि ईश्वरको सांमु ध्यान घटाउंनु हुंद छ।
५ कसोगरिभन्ये आफ्के मुख देखि आफ्को अधर्म्म प्रगट हुंद छ।
अनि चतुरहरुको जिब्रो छान्नु हुंद छ।
६ म हुंइन आफुको आफ्नै मुखले आफुलाइ दोषी ठहराउंद छ
अं आफ्का आफ्नै ओठले आफ्को बिरुद्धमा साक्षी दिंद छ।
७ क्या मान्छेजात्मा पहिले जन्म्येको आफुनै हो.
कि पहाडहरु भन्दा पहिले आफुको उत्पत्ति भयो।
८ क्या आफुले ईश्वरको सभामा सुन्नु भयो
क्या आफुले आफ्नै लागि मात्रै बुद्धि लानु हुंद छ।
९ क्या आफुले क्यइ जान्नु हुंद छ जो हामि जान्दौंन
क्या आफुमा क्यइ बुद्धि छ जो हामिहरुमा छैन।
१० हामिहरुका केस पाकेका र दिन धेरै खायेका मान्छे छन्
अं आफ्को बाबु भन्दा धेरै जेठा जेठाहरु।
११ क्या ईश्वरका शान्ति दिंने कुरा आफ्को लेखिमा तुच्छ छन्
अनि आफु संङ्ग गर्ने कमला कुरा पनि तुच्छै छन्।
१२ आफ्को हिर्दयले किन आफुलाइ लैजांद छ.
अनि किन आंखा फुकालनु हुंद छ।
१३ आफुले ता आफ्नु मन ईश्वरका बिरुद्धमा फर्काउंनु हुंद छ
अनि आफ्नु मुख देखि येस्ता कुरा निस्कंनु दिंनु हुंद छ।
१४ बिनासी मान्छे क्या हो र त्यो शुद्ध हवस्.
अनि आइमाइ देखि जन्म्येको क्या हो र त्यो धर्म्मी हवस्।
१५ हेर्नु हवस् उस्ले आफ्ना पवित्रहरु मांथि भरोसा राख्दैन
अं उस्को लेखिमा आकाश पनि शुद्ध छैन
१६ त भन्सारो कति ज्यास्ति गरिकन घिनलाग्दो र अमौलीयेको मान्छे मांथि
जो पानी झैं अधर्म्म पीउंने छ।
१७ म आफुलाइ देखाउंछु मेरो सुन्नु हवस्
मैंले देख्येका कुराको बखान गर्छु.
१८ (जो कुरा बुद्धिमान्हरुले
आफ्ना पिता पुर्खाहरु देखि सुन्येर न लुकाइकन भन्येका छन्

जुन्हरुलाइ मात्रै देश् दिईयेको थियो १९
अनि तिनिहरुको बीच्मा कोई परदेसी फिरि गयेको थियेन .)
दुष्ट मान्छे आफ्नु सबै दिन् पीराले छटपटाउंद छ २०
बलमिचेईँ गर्नको लागि वर्ष गनि गनि ठहराईयेका छन् ।
त्यस्का कानमा डर्लाग्दो सोर् छ २१
कुशल्को समय्मा पनि नास् गर्ने त्यस् माथि आइ लाग्ने छ .
अंध्यारो देखि फर्कि आउंने त्यस्को आसा छैन २२
अनि तरवार् त्यस्को लागि ढुकि रहंद छ .
कहां छ भनि रोटाको लागि घुम्द फिर्द छ २३
अंध्यारोको दिन् मं छेउ तियार् छ भनि त्यस्लाइ थाहा छ .
संकट् र कष्टले त्यस्लाइ डर् देखाउंद छ २४
लड़ाईको लागि तियार् भयेको राजा झैं तिनिहरु त्यस् माथि जिताहा हुंद छन् .
किनभन्ये त्यस्ले आफ्नु हात् ईश्वर्को बिरुद्धमा पसार्येको छ २५
अनि सर्वशक्तिमान्को बिरुद्धमा तुच्छ ठान्द थियो
त्यो उ माथि कठोर् गर्दनगरि दुर्गन्धिकन आइ लागद छ २६
आफ्ना ढाल्हरुका मोटा मोटा उठेका बुट्टाहरु सित .
किनभन्ये त्यस्ले आफ्नु मुख् आफ्नु बोसाले पुर्येको २७
अनि त्यस्को कम्मर्मा लुंडो जमायेको छ
अनि त्यस्ले उजाडायेको सहर् सहर्मा बास् गर्येको छ २८
न रहने माफिक्का घर्हरुमा
जो थुप्रो लाग्नु आंटेका थिये ।
त्यो धनी हुंदैन न त्यस्को सम्पत्ति रहंछ २९
अनि तिनको उपजनि भूंइ तिर नुहुंदैन ।
त्यो अंध्यारो देखि निस्कंदैन ३०
ज्वालाले त्यस्का हांगाहरु सुकाउंछ
अनि त्यस्को मुख्को सास्को कारणले जाइ जांछ ।
आफुलाइ धोखा दियेर त्यस्ले व्यर्थमा भरोसा न गरोस् . ३१
किनभन्ये व्यर्थ त्यस्को सट्टा हुंछ ।
त्यस्को बेला भन्दा अगाड़ि त्यो पूरो हुंछ ३२
अनि त्यस्का हांगा हरीया हुंदैनन् ।
दाखको बोट्ले झैं त्यस्ले आफ्ना कांचो फल् आफैले हल्लाइ झार्छ ३३
अनि भद्राक्षले झैं आफ्ना फूल्हरु झार्छ ।
किनभन्ये भक्तहीन्हरुको जहान् बांझो हुंछ ३४
अनि घूस् खानेहरुका डेरालाइ आगोले भस्म पार्छ ।
तिनिहरु उपद्रईले गर्भ रहंछन् अनि अधर्म्म जन्माउंछन् ३५
अनि तिनिहरुको पेट्ले छल् तियार् पार्द छ ॥

(अय्यूब्को उत्तर्)

१६ १ तब अय्यूब्ले उत्तर् दिइ भन्यो
२ येस्ता येस्ता कुरा धेरै सुन्येको छु
आफुहरु सबै थकाउंने शान्ति दिंनेहरु मात्रै हौ ।
३ के हावाका कुराहरु सक्तौछन् .
कि आफुले उत्तर् दिंनुको लागि आफुलाइ कल्ले चठायो ।
४ आफुहरुले बोल्ये झैं म पनि बोल्नु सक्ने थियें
आफुको प्राण् मेरो प्राणको गत्मा पर्येको भये देखि
म पनि आफुहरुले झैं कुरा उन्नु सक्ने थियें
अनि आफुहरुको बिरुद्धमा सिर् चलाउंनु सक्ने थियें ।
५ तर म चइं ता आफ्नु मुखले आफुहरुलाइ बल् दिंनु सक्ने थियें
अनि आफ्ना ओंठको शान्तिले आफुहरुको दुकव घटाउंने थियें
६ म बोल्द छु रपनि मेरो दुकव चइं घटाईयेको छैन .
म चुप् रह्यं भन्य पनि म देखि का निस्कि जांछ ।
७ तर एले उस्ले मंलाइ थकायेको छ .
तपांइले मेरो सिंगै जहान्लाइ उजार्नु भयो ।
८ तपांइले मंलाइ सारो समात्नु भयो भन्य मेरो बिरुद्धमा साक्षी छ .
अनि मेरो दुर्बलेइंले मेरो बिरुद्धमा उठेर मेरो सांमु साक्षी दिंद छ ।
९ उस्ले मंलाइ आफ्नु रिस्मा फहरायेको छ अनि मंलाइ सतायेको छ
उस्ले म माथि आफ्ना दारा कोट्यो .
मेरो सत्तुरले म माथि आफ्ना आंखा ताल्द छ ।
१० तिनिहरुले म माथि आफ्नु मुख् पसार्येका छन्
अनि मेरो निन्दा गरि मेरा गालामा लपट्टायेका छन् .
तिनिहरु मेरो बिरुद्धमा भेला भयेका छन् ।
११ ईश्वरले मंलाइ अधर्म्मीहरुलाइ सुम्पि दिंद छ
अनि दुष्टहरुका हातमा हालि दिंद छ ।
१२ म चेनमा थियें अनि उस्ले मंलाइ चूर् पार्यो
अं उस्ले मंलाइ गर्दनमा समात्येर टुक्रा टुक्रा पार्यो .
येस् उप्रान्त उस्ले मंलाइ तारा थाप्नुको लागि झैं उभ्यायो ।
१३ उस्का कांडूहरुले मंलाइ घेर्द छन्
उस्ले निर्दयालु भइ मेरो मुटुमा रोप्द छ
उस्ले मेरो पित्त भूंइमा बघाउंद छ ।
१४ उस्ले मंलाइ छंड़ैछिड़् पारि भत्काउंद छ
महाबार् झैं म माथि दुगुरि आइ लाग्द छ ।
१५ मैले आफ्नु छालामा भांग्रा सीयें
अनि आफ्नु सींग् भरष्ट पारि धूलोमा राख्येको छु ।

मंदा मंदा मेरो मोहोंड़ा सुनीयेको छ १६
अनि मेरा पलकमां मृत्युको छाया पर्येको छ .
मेरा हातमां उपद्रै छैन रपनि १७
अनि मेरो प्रार्थना पवित्र छ रपनि ।
हे पृथिवी मेरो रगत् न ढाक् १८
अनि मेरो दोहाईले बिसाउने ठांउ न पावस् ।
हेर् ऐले मेरो साक्षी अकाशमां छ १९
अनि मेरा जमानि ऊर्द्धलोकमां छ ।
मेरा मित्रहरू ता मेरो निन्दा गर्नेहरू छन् . २०
तर मेरो आंखाले ईश्वर् थांइ आंसु बहाउंद छन्
र त्येसले ईश्वर् सङ सज्जनको निया गरोस् २१
अनि त्तिर्मेकि सङ मान्छेजातको निया ।
किनभन्ये थोरै वर्ष बितदामां २२
म न फर्कने बाटोमां जाइ जांछु ।

१७ मेरो प्राण् भस्म भयो मेरा दिन् सक्कीये १
मेरो लागि चिहान् तियार् छ ।
निस्से म सङ ठट्टा गर्नेहरू छन् २
अनि मेरा आंखा तिनिहरूका जिसक्याईं मांथि पर्येका छन् ।
बन्धक् ऐले दिंनु हवस् मेरो जमानि आफु सङ आफै हुंनु हवस् ३
म सङ हात् मांनु को सक्छ ।
किनभन्ये तपांइले तिनिहरूको मन् बूझ् देखि लुकाउंन् भयो . ४
येसकारण् तपांइले तिनिहरूलाइ अलग्याउंनु हुन्न ।
जसले आफना मित्रहरूलाइ चुगिल गरि लूटाइ दिंद छ ५
त्यसका बालखहरूका आंखाहरू रहि जांछन् ।
उसले मंलाइ लोगहरूको बीचमां येउटा कहानि पनि तुल्याइ दियो ६
अनि म मुखमां थुकीने सम्मको भयें ।
शोकले मेरा आंखा पनि धमीलीये ७
अनि मेरा सबै अंग् छाया मात्रै भइ गये ।
सोजा मान्छेहरूले यो देखि उदेक् मान्द छन् ८
अनि निर्दोषीहरू भक्तिहीनको बिरुद्धमां उलकींद छन् ।
तैपनि धर्म्मीहरूले आफनु बाटो समात्छन् ९
अनि चोक्खो हातका मान्छेहरू बलमां बढ्दै जांछन् ।
तर आफुहरू सबै ऐले फर्कि आउंनु हवस् . १०
तर आफुहरूमां येउटा पनि बुद्धिमान् मान्छे पाउंदीन ।
मेरा दिन् बित्येका छन् मेरो मनका जुक्तिहरू भांचीयेका छन् ११

१२ तिनिहरूले रात्लाइ दिन् पार्द छन् .
भन्द छन् अंध्यारो छेउ ता उज्याला छ ।
१३ मैले पत्ताल् बडं आफ्नु घर् जस्ता तुल्याइ आखा गर्य भन्य देखि
आफ्नु ओछ्यान् अंध्यारोमां बिछायें भन्य देखि
१४ बिनाश्लाइ तिमि मेरो बाबु हौ भन्यं भन्ये देखि
कि कीरालाइ तिमि मेरी आमा र मेरी बैनी हौ भन्यं भन्ये देखि
१५ त मेरो आशा कहां छ .
अनि मेरो आशालाइ कस्ले देख्छ ।
१६ त्यो पत्तालका आगलाहरू सम्म उत्रि जांछ
जब मट्टीमां बिश्राम् हुंछ ॥

(बिल्दद्को दोस्रो बाक्य)

१८ १ तब बिल्दद् शूहीले उत्तर् दिइ भन्यो
२ कैले सम्म आफुले कुरा समातन पासो थाप्नु हुंछ
चेत् गर्नु हवस् तब पछि हामिहरू बोल्छौं ।
३ हामिहरू पशुहरू जस्ता किन गनींद छौं
अनि आफुको लेखिमां अशुद्ध भइ गर्येका छौं ।
४ हे आफ्नु रिस्मां आफुलाइ च्यात्ने
क्य आफुको निम्तिमां पृथिवी उजाडींछ
कि पहरा आफ्नु ठांउ देखि सार्दछ ।
५ अं दुष्को बत्ति निभाइंछ
अनि त्येस्को आगोको ज्वाला चम्कंदैन ।
६ उज्यालो त्येस्को डेरामां अंध्यारो होइ जांछ
अनि त्येस् मांथिको बत्ति निभाइंछ ।
७ त्येस्को बल्का फड्का संगुर्याइंछन्
अनि त्येस्कै सल्लाहले त्येस्लाइ भार्छ ।
८ कसोगरिभन्ये आफ्नै गोड़ाले जालमां फंसाउंछ
अनि छापरि मांथि हिंड्द छ ।
९ दांवालिले त्येस्का कुर्कुचा पक्रंछ
अनि पासोले त्येस्लाइ समात्छ ।
१० पासोको डोरो त्येस्को लागि भूंइमां लुकाईंयेको छ
अनि फड्के त्येस्को लागि बाटोमां ।
११ भयहरूले त्येस्लाइ चारै पट्टि बाटो तर्साउंछ
अनि त्येस्का कुर्कुचालाइ टोक्नुलाइ खेद्छ ।
१२ त्येस्को बल् भोकाउंछ
अनि बिपत्ति त्येस्को केउमां तियार रहंछ ।

त्यस्को जीउका अंगलाइ खाइ हाल्छ १३
अं कालको जेठोले त्यस्का अंग खाइ हाल्छ ।
जुन् डेरामां त्यस्ले भरोसा राख्यो त्यस् देखि उखेलींछ १४
अनि डर् देखाउंनेको राजा थांइ पुऱ्याइँछ ।
जो त्यस्को होइन त्यो त्यस्को डेरामां बस्छ . १५
त्यस्को बासमां गन्धक् ओछ्याइँछ ।
ऊंधो देखि त्यस्का जरा ओइल्हाइँछन् १६
अनि ऊंभो त्यस्को डाला ओइल्हाइँछ ।
त्यस्को सम्झना पृथिवी देखि मेटींछ १७
अनि चोक्मां त्यस्को नांउ चल्दैन ।
उज्यालो देखि अंध्यारोमां धपाइँछ १८
अनि संसार् देखि खेदींछ ।
आफ्ना कुटुम्बहरुमां न त्यस्को छोरो न नाति हुंछ १९
न त्यस्को बास् बस्येको ठांउमां कोई बचाइँछ ।
त्यस् पछि आउंनेहरुले त्यस्को दिन् देखि उदेक् मान्छन् २०
ति अघि जांनेहरु तर्सेका झैं ।
निस्से अधर्म्मीहरुका बास् येस्तै छन् २१
अनि ईश्वर्लाइ न चिन्नेको ठांउ येइ हो ॥

(अय्यूब्को उत्तर्)

तब अय्यूबले उत्तर् दिइ भन्यो १९ १
कैले सम्म मेरो प्राणलाइ दुक्ख दिइ रहंछौ २
अनि कुरा गर्दै गर्दै मंलाइ चूर् पार्दै रहंछौ ।
यि दस् खेप् मेरो निन्दा गर्येका छौ . ३
मं सित कठोरइं गर्येकोमां लाज् लाग्दैन ।
मैंले भूलैं गर्येको भये पनि ४
मेरो भूल् मैं मांथि छ ।
आफुहरुले सांच्चि मांचिनैं मेरो बिरुद्धमां आफ्नु बड़ाई गर्नु भयो ५
अनि मेरो बिरुद्धमां मेरो निन्दा गर्नु भयो भन्ये देखि .
न ईश्वर्ले मेरो निया बिगार्येको छ ६
अनि मंलाइ आफ्नु जाल्मां घेर्येको छ भनि एले थाहा पाउंनु हवस् ।
हेर उपद्रैइँ भन्दै कराउंद छु तर सुनोइँदैन . ७
गोहार्को लागि दोहाई दिइ छु तर कोइ निया छैन ।
उस्ले मं छिर्नु न सक्ने सम्मगरि मेरो मार्ग बार्येको छ ८
अनि मेरा बाटामां अंध्यारो राख्येको छ ।
उस्ले मेरो बिभव मं देखि ताछ्येको छ ९

१० उस्ले चारै पट्टि मंलाइ भत्काायेको छ त मं गइ गयें .
अनि रुखलाइ झैं मेरो आशालाइ उस्ले उखेल्येको छ ।
११ उस्ले आफ्नु रिस् पनि मेरो बिरुद्धमां उठायेको छ
अनि मंलाइ आफ्ना बैरिहरुमांको येउटा झैं गन्येको छ ।
१२ उस्का पल्टनहरुले सङ् सङ् आयेर मेरो बिरुद्धमां डिल् उठाउंद छन्
अनि मेरो डेराको चारै पट्टि छाउंनी हाल्द छन् ।
१३ उस्ले मेरा दाज्युभाईलाइ मं देखि टाड़ो राख्येको छ
अनि मेरा चिंनाजानाहरु मं देखि स्यांट्टै बिराना भइ गये ।
१४ मेरा कुटुम्बहरुले मंलाइ छोड़ि दियेका छन्
अनि मंलाइ चिन्नेहरुले मंलाइ बिर्स्ये ।
१५ मेरै घरमां बस्नेहरु र मेरा कमारीहरुले मंलाइ बिरांनु जान्द छन् .
तिनिहरुको लेखिमां मं परदेसी भइ गयें ।
१६ मं आफ्नै दासलाइ डाक्द छु तर त्यस्ले मंलाइ उत्तरै पनि दिंदैन
मैंले त्यस्लाइ आफ्नु मुखले बिन्ति गर्यें रपनि ।
१७ मेरो सास् मेरी स्वास्नीलाइ बिरांनुको जस्तो छ
अनि मेरी आमाको कोखका बालखहरुलाइ कुगन्ध भयेको छु ।
१८ ससांना बालखहरुले पनि मेरो निन्दा गर्द छन्
उठेर भन्ये तिनिहरु मेरो बिरुद्धमां बोल्द छन् ।
१९ मेरा नजिकका मित्रहरुले मंलाइ घिनाउंद छन्
अनि मैंले प्रेम् गर्येकाहरु मेरो बिरुद्ध फर्क्येका छन्
२० मेरो छाला र मेरा हाडू मासुमां टांसीयेका छन्
अनि आफ्ना दांतको बोक्रा लिइ येस्सै बांच्येको छु ।
२१ हे मेरा मित्रहरु हो मं माथि दया गर्न हवस् दया
किनभन्ये ईश्वरको हातले मंलाइ हिर्कायेको छ ।
२२ आफुहरुले ईश्वरले झैं मंलाइ किन सताउंनु हुंद छ
अनि मेरो मासु देखि किन सन्तोषित् हूंनु हुंदोन ।
२३ हाय् मेरा कुरा येले लेख्येका भये देखि
हाय् तिनिहरु पोस्तकमां छाप्येको भये देखि
२४ अं हाय् ति फलमको छिनु र सीसाले
पहरामां सदाको लागि खोप्येका भये देखि ता असल हुंथ्यो ।
२५ तर मेरो छोड़ाउंने जीउंदो छ
अनि सबै भन्दा पाछि पृथिवीमां उभींछ भनि जान्द छु .
२६ अनि मेरा छाला येसै नास् भयेको भये पनि
तैपनि आफ्नु जीउ देखि अलग् मं ईश्वरको दर्शन् पाउंछु भनि पनि जान्द छु .
२७ जस् ईश्वरको दर्शन् उ मं पट्टि भयेका पाउंछु
अनि मेरा आंखाले उस्लाइ देख्हन् बिरांनुलाइ झैं होइन ।

आफुहरूले हामिहरूले येस्लाइ कसोगरि सताऊं भन्नु भयो भन्ये देखि २८
जब मंमां धर्म्मको मूल् पाइँद छ
त तरवार् देखि डराउंनु हवस् . २९
किनभन्ये कोप्ले तरवारका दण्डहरु ल्याइ पुऱ्याउंद छ
आफुहरूलाइ नियाबिचार् हुंछ भनि थाहा पाउंनु हवस् भन्ये खातिर्ले ॥

(सोपर्को दोस्रो वाक्ये)

तब सोपर् नामातीले उत्तर् दिइ भन्यो २० १
येस्कारण् मेरो सोचबिचार्ले मंलाइ उत्तर् दिंद छन् २
अ्रं मंमां भयेको मेरो हतार्को कारणले ।
मंलाइ लाजमां पार्ने निन्दा सुन्येको छु ३
अनि मेरो बूझ्को आत्माले मंलाइ उत्तर् दिंद छ ।
के आफुलाइ थाहा छैन तादि देखि ४
मान्छे पृथिवीमां राख्येको दिन् देखि
दुष्टहरुको जय् गर्ने समय् छोटो ५
अनि भक्तहीन्हरुको आनन्द एकछिन्को मात्रै छ भनि ।
त्येस्तो मान्छेको महातम् आकाश् सम्म चढेर पनि ६
अनि त्येसको सिर् बादल् सम्म पुग्ये पनि
तैपनि त्यो आफ्नु बिष्ठा जस्तो सधैंको लागि नष्ट हुंछ ७
त्येस्लाइ देख्नेहरूले त्यो कता गयो भनि भन्छन् ।
सपना जस्तो उडि जांछ अनि पाइँदैन ८
अ्रं रातिको दर्शन् जस्तो खेदींछ ।
त्येस्लाइ हेर्ने आंखाले त्येस्लाइ फेरि कहिलेइ हेर्दैन ९
अनि त्येसको ठांउले त्येस्लाइ फेरि कहिलेइ पनि देख्दैन ।
त्येस्का बालखहरूले कंगालिहरुको पक्षपाइ खोजछन् १०
अनि त्येस्का हातले त्येस्का धन्सम्पत्ति फर्काउंछन् ।
त्येस्का हाडहरु त्येसको जुवानीले भरीयेका छन् ११
तर त्यो त्येसै सङ्ग मांटोमां ढल्कंछ ।
दुष्टाइँ त्येसको मुखमां मीठो लाग्ये पनि १२
त्येस्लाइ आफ्नु जिब्रो मुनि लुकाये पनि
त्येसले त्येस्लाइ बचायो अनि त्येस्लाइ न छोडेर पनि १३
तर त्येस्लाइ ऐले सम्म आफ्नु मुखमां राखि छोड्छ पनि
तैपनि त्येसको भोजन् त्येस्का आन्द्रामां फेरीयेको छ १४
त्यो त्येसको भित्र अजिङ्गरको पित्त भइ गयो ।
त्येसले धन्सम्पत्ति निलि हाल्येको छ अनि फेरि ति छाड्छ . १५
ईश्वरले ति त्येसको पेट् देखि निकाल्छ ।

१६ त्यस्ले अजिङरको बिष् चूसक्छ .
सापको जिब्रोले त्यस्लाइ मार्छ ।
१७ त्यस्ले नदीहरूलाइ हेर्दैन
अं मह र दही बहने खोल्चाखाल्चिहरू ।
१८ जस्को लागि त्यस्ले दास्ति गर्‍यो त्यो फर्काइ दियेर निलि हाल्दैन
त्यस्ले पायेका धन् अनुसार् आनन्द गर्दैन ।
१९ त्यस्ले कंगालिहरूलाइ मिचेइ गर्‍येर छोड़ि दियेको छ
त्यस्ले येउटा घर् बलमिचेइले लग्येको छ जस्लाइ फेरि बनाउंदैन ।
२० त्यस् भित्र चैन् न पायेको कारण्ले
जस् देखि त्यो खुशि छ त्यस्मांको कोइ पनि बचाउंन् सक्दैन ।
२१ त्यस्ले न खाइ बांच्येको कोइ पनि थियेन
येस्कारण् त्यस्को कुशल् रहंदैन ।
२२ त्यस्को पूरो परसस्तमां त्यो सांगुरमां पर्छ .
दुखमां भयेका सबैको हात् त्यस् मांथि पर्छ ।
२३ जब त्यस्ले आफ्नु पेट् भर्नु आंटेको छ
तब ईश्वरले त्यस् मांथि आफ्नु बल्दोरिस् पोखाउंछ
अनि त्यस्को भोजनको लागि त्यस् मांथि त्यो बर्षाउंछ ।
२४ फलामको हतियार् देखि त्यो भाग्छ
अनि पातलको धनुले त्यस्लाइ हानि रोप्छ ।
२५ त्यस्ले त्यो झिक्द छ त त्यो त्यस्को जीउ देखि निस्कंद छ .
अं त्यस्को झल्कने टुप्पा त्यस्को पित्त देखि निस्कंद छ
त्यस् मांथि भय् पर्‍येका छन् ।
२६ त्यस्का धनको लागि सबै अन्धकार् राखौयेको छ .
मान्छेले न सल्कायेको आगोले त्यस्लाइ खाइ हाल्छ
त्यस्को डेरामां राखौयेकोलाइ भस्म पार्छ ।
२७ स्वर्गले त्यस्को अधर्म्म प्रगटो गर्छ
अनि पृथिवी त्यस्को बिरुद्धमां उठ्छ ।
२८ त्यस्को घरको बढ्ति जाइ जांछ
उस्को कोपको दिन्मां त्यस्को धन्सम्पत्ति बहि जांछ ।
२९ ईश्वर् देखि दुष्ट मान्छेको भाग् येइ हो
अनि त्यस्को लागि ईश्वरको पट्टि बाटो ठहरायेको अधिकार् ॥

(अय्यूब्को उत्तर्)

२१ १ तब अय्यूब्ले उत्तर् दिइ भन्यो
२ चित्त लगायेर मेरा कुरा सुनु हवस्
अनि आफुहरूको शान्ति येइ हवस् ।

मंलाइ सहंनु हवस् अनि मं पनि कुरा गरुं ३
अनि मैंले कुरा गरि सक्ये पछि आफुहरु हांस्नु हुंछ ।
क्ये मेरो दोहाई मान्छेको बिषय् छ ४
अनि मं किन अधीरजो न होउं ।
मं तिर हेर्येर छक्क पर्नु हवस् ५
अनि आफ्नु हात् आफ्नु मुख्मां लगाउंनु हवस्
यो कुरो सम्झंदै थर्थराउंद छु ६
अनि मेरो जीउ कंमाईले ममाउंदै छ ।
दुष्टहरु जीउंद छन् ७
बुरा हुंद छन् अं बल्मां बढ्द छन् येस्को कारण् क्ये हो ।
तिनका सन्तान् तिनिहरु सङ तिनिहरुको मुखेंजि स्थिर् भयेका छन् ८
अनि तिनका बाल्बच्चा तिनका आंखाको सोझि रहंद छन् ।
तिनका घर् कुशल् निडर्मां छन् ९
अनि ईश्वर्को लाठा तिनिहरु मांथि छैन ।
अनि तिनका बहर्ले माहा दिंद छन् तब व्यर्थ छैन १०
तिनिहरुको गाई बियाउंद छ अनि तुहाउंदैन ।
तिनिहरुले आफ्ना बाल्बच्चाहरुलाइ बगाल्लाइ झैं पठाउंद छन् ११
अनि तिनका केटाकेटी नाच्द छन् ।
मृदंग र बीना सित गाउंद छन् १२
अनि बांसुलीको सोर्ले रमाउंद छन् ।
तिनिहरुले आफ्ना दिन् सुखमां बिताउंद छन् १३
अनि एकछिन्मां पत्ताल्मां उत्रि जांद छन् ।
तैपनि तिनिहरुले ईश्वर्लाइ भन्ये हांमिहरु देखि हिंड़ि जाउ १४
किनभन्ये हांमिहरु तिम्रा बाटा थाहा गर्नु मांगदैंन ।
सर्वशक्तिमान् भन्ये को हो र हांमिहरु उस्को सेवा गरुं १५
अनि उस्को प्रार्थना गर्नु हांमिहरुलाइ क्ये नाफा भनि ।
हेर तिनिहरुको कुशल् तिनिहरुको हात्मां छैन . १६
दुष्टको सल्लाह् मं देखि टाड़ो छ ।
कति खेप् येस्तो छ अर्थात् दुष्टको बत्ति निभाइंद छ १७
अनि तिनिहरुका बिपत्ति तिनिहरु मांथि पर्द छन्
अनि ईश्वर्ले रिसायेर दुक्ख बांडि दिंद छ .
अनि तिनिहरु बतास्ले उड़ायेको पराल् जस्ता छन् १८
अनि आंधीले लगायेका भूस् जस्ता ।
आफुहरुले भन्नु हुंद छ ईश्वर्ले आफ्ना अधर्म्मले आफ्ना बालखहरुको १९
लागि राखि छोड्द छ भनि ।
त्येस्ले आफ्नु लागि साटो देवस् र त्येस्ले थाहा पावस् ।

२० त्यसका आफ्नै आंखाले त्यसको नाश देखुन्
अनि त्यसले सर्वशक्तिमान्को रिस पीवस् ।
२१ कसोगरिभन्ये त्यस् पछि त्यसको घरमां त्यसको के आनन्द हुंछ
जब त्यसका महीनाको गन्ति तिनिहरुको बीचमां काटीयेको छ ।
२२ के कसैले ईश्वरलाइ ज्ञान् सिकाउंछ
उसले ऊंभोका लोगहरुको निया गर्दछ रपनि ।
२३ येउटा आफ्नु पूरो बल्मां मर्दछ
पूरो सुक्ख र चैन्मां .
२४ त्यसका दुग्धागा दुद्ले भरीयेका छन्
अनि त्यसका हाडू मासीले भिज्येका छन् ।
२५ अनि अर्को चहिं आफ्नु प्राणको तीतैईंमां मर्दछ
अनि भलाई कहिलेइ चाखदैन ।
२६ ति दुवै मांटोमां सङै ढल्कंदछन्
अनि तिनलाइ कीराले ढाक्दछन् ।
२७ हेर मं आफुको बिचार् जान्दछु
अनि आफुहरुले मेरो बिषयमां अन्येगरि चलायेको जुक्ति पनि जान्दछु
२८ कसोगरिभन्ये आफुहरुले भन्नु हुंदछ मालिक्को घर् खोइ
अनि दुष्ट बस्ने डेरा कहां भनि ।
२९ के बटोरेहरु सित सोध्येका छौन
अनि तिनिहरुको चिंनु देखि आफुहरुलाइ थाहा छैन
३० दुष्ट मान्छे बिपत्तिको दिन्मां छोडि दिईयेको छ
अनि रिस्को दिन्मां तिनिहरु बचाईंदछन् भनि ।
३१ कस्ले उस्को बाटोको बखान् उस्को मुखैंजि गर्छ
अनि उस्ले गर्येकोको साटो कस्ले उस्लाइ फर्काइ दिंछ
३२ तेपनि त्यो चहिं चिहान्मां पुर्याईंछ
अनि चौतरा रुङ्छ ।
३३ बेंसिका डल्लाहरु त्यस्लाइ मीठो लाग्छ
अनि सबै मान्छे त्यइ पछि जांछन्
तिनिहरु त्यो भन्दा अघि अगणित् भयेका छौं ।
३४ त आफुहरुले मंलाइ किन व्यर्थगरि शान्ति दिनु हुंदछ
आफुहरुका उत्तर् मिथ्यैईं मात्रै रहंदछन् रपनि ॥

(एलीपज्को तीसो वाक्य)

२२ १ तब एलीपज् तिमानीले भन्यो
२ के मान्छे ईश्वर्को लागि काम्को हुंदछ
निस्से जो बुद्धिमान् छ त्यो आफ्नु लागि काम्को छ ।

कि आफु धर्म्मी हुंनु हुंद छ भन्येकोले सर्व्वशक्तिमान्लाइ आनन्द दिंछ ३
अनि आफुले आफ्ना बाटा सोजो गर्नु भयेकोले उस्लाइ नाफा दिंछ ।
कि आफुको भयको कारणले उस्ले आफुलाइ चेताउंद छ ४
अनि आफु मांथि निया गर्द छ ।
कि आफुको बुराई टुलो छैन ५
अनि आफुको अधर्म्मको अन्त छै
किसोगरिभन्ये आफुले आफ्नु भाई देखि अकारण् बन्धक् लिंनु भयेको छ ६
अनि नांगाहरूको लुगा काढि लैजांनु भयेको छ ।
थाकेकाहरूलाइ पानी खांनु दिंनु भयेन ७
अनि भोकायेकाहरूलाइ रोटी दिंनु मान्नु भयेन
तर बलियो चइं मान्छेलाइ भूमि मिल्यो ८
अनि बड़ाद्मीचइंले त्यस्मां बास् गऱ्यो ।
आफुले बिधवाीहरूलाइ रित्ते फर्काइ दिंनु भयेको छ ९
अनि टुहुराहरूका पाखुरा भांचायेका छन् ।
येस्कारण् पासाहरूले आफुलाइ घेर्द छन् १०
अनि एक्कासिको डरले आफुलाइ दुःख दिंद छ ।
कि कि आफुले अंध्यारो देख्नु हुन्न ११
अनि आफुलाइ छोप्ने पानीको बाढी ।
कि ईश्वर् आकाशको अलगेइंमां छैन १२
अनि ताराहरूको अलगेइं तिर हेर्नु हवस् तिनिहरू कति बिघ्न अलगोमां रा छन् ।
त आफुले भन्नु हुंद छ कि ईश्वर्लाइ थाहा छ १३
कि उस्ले बाक्लो अंध्यारो भित्र निया गर्नु सक्छ ।
बाक्ला बादल्हरू उस्ले न देख्नेगरि उस्को लागि छोप्द छन् १४
अनि उ आकाशमण्डल् मांथि घुम्द फिर्द छ ।
कि आफुले पुरांनु बाटो समात्नु हुंद छ १५
जस् मांथि दुष्टहरू हिंड़ेका छन्
जो असमयमां खोसीये १६
जस्को जग् खोल्वा झैं बगेको थियो .
जुन्हरूले ईश्वर्लाइ भन्थे हांमिहरू देखि जाउ भनि १७
अनि सर्व्वशक्तिमान्ले हांमिहरूको लागि के गर्नु सक्छ भनि .
तरैपनि उस्ले तिनिहरूका घर्हरू असल थोकले भरि दियो . १८
तर दुष्टको सल्लाह मं देखि टाढ़ो छ ।
धर्म्मीहरू यो देख्येर रमाउंद छन् १९
अनि निर्दोषीहरू तिनिहरूको ठट्टागरि हांस्द छन् .
अनि भन्द छन् हांमिहरूको बिरुद्धमां उठ्नेहरू निस्से काटीये २०
अनि तिनिहरूको बचेकोलाई आगोले भस्म पाऱ्यो ।

२१ एले उ सित मिलाप् गरि शान्ति पाउंनु हवस्.
येसले आफुको भलाई हुंछ ।
२२ कृपा गरि उसको मुख् देखि शिक्षा सुनि लिंनु हवस्.
अनि उसका कुरा आफुको मन्मां राखनु हवस्.
२३ आफु सर्वशक्तिमान् तिर फर्कनु भयो भन्ये देखि बनौंनु हुंछ.
अधर्म्म आफनु डेरा देखि टाढ़ा राखनु भयो भन्ये देखि ।
२४ अनि आफनु धन् धूलोमां राखनु हवस्.
अनि ओपिर्को सुन् खोल्चाका ढुंगाहरुमां.
२५ तब सर्वशक्तिमान् आफुको धन् हुंछ.
अनि आफुको लागि अमोल् चांदी ।
२६ कसोगरिभन्ये येति बेला आफुले सर्वशक्तिमान्मां खुशि पाउंनु हुंछ
अनि आफनु मुख् ईश्वर् तिर उठाउंनु हुंछ ।
२७ उसको दोहाई गर्नु हुंछ अनि उसले आफुको सुनछ.
अनि आफुले आफनु भाकल् पूरो गर्नु हुंछ ।
२८ आफुले येउटा कुरा ठहराउंनु हुंछ पनि अनि त्यो आफुको लागि स्थिर् हुंछ
अनि आफुका बाटामां ज्योति चम्कंछ ।
२९ तिनिहरुले आफुलाइ होंच्याये भन्ये देखि आफुले भन्नु हुंछ ऊभो अल्ग्याइंछ ।
अनि दीन् मान्छेलाइ उसले बचाउंछ ।
३० उसले निर्दोषी न भयेकोलाइ पनि छोड़ाउंछ.
अं आफुका हातको शुद्धईको बाटोसे छोड़ाइंछन् ॥

(अय्यूब्को उत्तर्)

२३ १ तब अय्यूब्ले उत्तर् दिइ भन्यो
२ आजु पनि मेरो गनगनाई द्रोही छ.
मेरो हात् मेरो कराई भन्दा गह्रुं छ ।
३ हाय् मैले उसलाइ कहां पाउंछु भनि जान्येको भये, देखि ता
मं उसको बिराजने ठांउमां पुग्येको भये देखि जाति हुंथ्यो ।
४ मं आफना कुरा उसको सांमु पांज्येर राखने थियें
अनि मुख् भरि भरि प्रमाण् दिने थियें ।
५ जो उत्तर् उसले मंलाइ दिंनु थांटेको थियो त्येसको कुरा मं जान्ने थियें
अनि उसले मंलाइ भन्नु थांटेका कुरा बूझने थियें ।
६ कं उसले आफनु बल्को बड़ाहुवाईमां मं सित बिबाद् गर्ने थियो
होइन तर उसले मं माथि ध्यान् मात्रै गर्ने थियो ।
७ तब सज्जनले उ सित बिबाद् गर्ने थियो
येसोरि मं आफनु बिचारी देखि सदाको लागि छुटेको हुंने थियें ।
८ हेर अघिल् तिर जांद छु तर उ वहां छैन
अनि पछिल् तिर तर उसलाइ देखनु सक्दीन.

बांउ तिर जब उस्ले काम् गर्द छ तर उस्लाइ देख्नु सक्दीन . ९
उ बांउ तिर लुक्द छ उस्लाइ मं न देखुं भन्ये खातिर्ले ।
अं उस्ले मैले समात्ने बाटो जान्द छ १०
जब उस्ले मंलाइ जांच्द छ तब सुन् जस्तो निस्कंछु ।
मेरा गोड़ाले उस्को पाइलो ठीक् समात्द छ ११
उस्को बाटो मैले समात्यें अनि नर्कांको छुइंन ।
उस्का ओठका आज्ञा देखि फर्कांको छुइंन १२
उस्को मुखको बचन् मेरो बिधि भन्दा बेसिगरि राखि छोड़ेको छु ।
तर उइ येउटै छ अनि उस्लाइ कस्ले फर्काउंनु सक्छ १३
अनि उस्को मन्ले जस्तो मांग्द छ उस्तै उस्ले गर्द छ ।
कसोगरिभन्ये मेरो लागि ठहरायेको कुरो उस्ले गर्द छ . १४
अनि उस्का येस्ता येस्ता कुरा धेरै छन् ।
येस्कारण् उस्को सांमु घब्राउंद छु १५
चेत् गरिकन उ देखि तर्सद छु ।
किनभन्ये ईस्वर्ले मेरो मन् नरम् पारि दियेको छ १६
अनि सर्बशक्तिमान्ले मंलाइ कष्ट दियेको छ .
किनभन्ये मं अंध्यारोको कारण्ले थर्थराइंन १७
अनि बाक्लो अंध्यारोले मेरो मुख छोप्येको कारण्ले ।
सर्बशक्तिमान् देखि समय् किन ठहराईयेका छैनन् २४ १
अनि उस्लाइ चिन्नेहरुले उस्का दिन् किन देख्दैनन् ।
सांद् सार्ने कत्ति छन् २
तिनिहरुले मिचेइं सित बगाल् लैजांदै चराउंद छन् ।
तिनिहरुले टुहुराको गदाहा धपाइ लांद छन् ३
तिनिहरुले बिधुवीको गोरु बन्धकमां लांद छन् ।
तिनिहरुले दरिद्रहरुलाइ बाटो देखि पन्छाउंद छन् . ४
अनि देसका दीन्हरु एक् सङ् लुकि रहंद छन् ।
हेर बनका बनगदाहा जस्ता ५
तिनिहरु आहारा खोज्दै खोज्दै आफ्नु काममां निस्कि जांद छन्
बनले तिनिहरुका बालखहरुको लागि भोजन् दिंद छ ।
तिनिहरुले खेतमां आफ्नु खाना काट्द छन् ६
अनि दुष्टहरुको दाखको बारीको सीला खोज्द छन् ।
तिनिहरु रात्भरि लुगा बिना नांगै सुत्द छन् ७
अनि जाड़ोमां तिनिहरुको ओढ्ने छैन ।
पहाड़हरुका झरिले भिज्येका छन् ८
अनि ओत् न पायेर पहरालाइ अङालो मार्द छन् ।
टुहुराटुहुरीलाइ काख् देखि च्याति लैजांने कत्ति छन् ९
अनि दरिद्रहरु देखि बन्धक् लिंद छन् .

१० यहां सम्मगरि तिनीहरू लुगा बिना नांगे हिंडुडुल् गर्दछन्
अनि अन्नका बिटा बोकदै पनि भोकाउंदछन्
११ तिनिहरूले यि मान्छेहरूको भित्ता भित्र तेल् चेपि निकाल्दछन्
दाखको कोलमां पेल्दै पनि छन् र पियासो भइ रहंदछन्।
१२ मान्छेहरूको सहर् देखि मान्छेहरू कन्दछन्
अनि घायेल् भयेको प्राणले दोहाई दिंदछ.
तैपनि ईश्वरले त्येसलाइ मूर्खईंको दोष् लगाउंदैन।
१३ उज्यालोको बिरुद्धमां बागि हुंनेहरू कत्ति जना छन्
तिनिहरूले त्येसका बाटा चिन्दैनन्
न त्येसका मार्गमां रहंदछन्।
१४ घातकिले भुकभुक् उज्यालो हुंदै उठेर दीन् दरिद्रहरूलाइ घात् गर्दछ
अनि राति त्यो चोर् जस्तो छ।
१५ *व्यभिचारीका आंखाले पनि दिन् जांने बाटो हेर्दछन्.*
कसै आंखाले मलाइ देखछकि भनि.
अनि आफ्नु मुख् छोपदछ।
१६ अंध्यारो हुंदो घर्हरू खन्दछन्.
दिउंसो तिनिहरूले आफुलाइ थुनि राखदछन्
तिनिहरूले उज्यालो चिन्दैनन्।
१७ किनभन्ये ति सबै जनालाइ बिहान् चइं ता मृत्युको छाया जस्तो छ.
कसोगरिभन्ये तिनिहरूले मृत्युको छायाको भय् चिन्दछन्।
१८ पानीहरू माथि माथि त्यो छिट्टो जाइ जांदछ.
तिनिहरूको भाग् पृथिवीमां स्रापित् छ.
त्यो दाखको बारी बाटो फर्कंदैन।
१९ खडेरी र घाम्ले हिउंको पानी सारोगरि बिलाउंदछ.
पतालले पनि पाप् गर्नेहरूलाइ येसैगरि बिलाउंदछ।
२० गर्भले त्येसलाइ बिर्संछ कीराले त्येसलाइ मीठोगरि चूस्छ
त्यो फेरि कैले पनि सम्भोइंदैन.
अनि अधर्म्म रुख् झैं भांचींछ।
२१ त्येसले कैले न जन्माउंने बांझीलाइ खाइ हाल्दछ
अनि बिधुवीको लागि भलाई गर्दैन।
२२ उसले सामर्थीहरूलाइ पनि आफ्नु बलले तान्दछ.
उठदै छ अनि कसैको जीइ रहंने आशा छैन।
२३ ईश्वरले तिनिहरूलाइ चैनमां रहंनु दिंदछ अनि तिनिहरू त्येसमां अड्रे स
लागदछन्
अनि उसका आंखा तिनिहरूका बाटामां पर्दछन्।
२४ तिनिहरू अलप्याइँदछन् तर एक् छिनमां जाइ।
यां होच्याइँदछन् अनि सबहरू झैं बाटो देखि बटुलीं।

अनि अन्नको बालाको टुप्पा टुप्पा झैं बल्याइंद छन्।
त येस्तो छैन भन्ये देखि कस्ले मलाइ ढांटुवा ठहराउंछ २५
अनि मेरा बाक्ये कस्ले बिकामे तुल्याउंछ॥

(बिल्दद्को तीसो बाक्ये)

तब बिल्दद् शूहीले उत्तर् दिइ भन्यो २५ १
प्रभुतेइं र भय् उ सङ छन् २
उस्ले आफ्ना अलगा ठांउहरुमां मिलाप् गराउंद छ।
क्ये उस्का सेनाहरुको गन्ति छ ३
अनि को मांथि उस्को ज्योति चम्कंद छ।
त अब ता बिनासी मान्छे ईश्वर्को सांमु धर्म्मी कसोरि ठहरौंनु सक्छ ४
अनि आइमाइ देखि जन्म्येको कसोरि शुद्ध हुंनु सक्छ।
हेर जून् आफै चइंको ज्योति छैन ५
अनि ताराहरु निर्मल् छैनन् उसैको सांमु.
त झन् कति बेसि कम्तिगरि बिनासी मान्छे जो कीरै मात्रै हो ६
अनि मान्छेको सन्तान् जो औंसा मात्रै हो॥

(अय्यूब्को उत्तर्)

तब अय्यूब्ले उत्तर् दिइ भन्यो २६ १
जो निर्बल्लियो छ क्ये त्यस्को गोहार् गर्नु भयो २
जस् बांहांको बल् थियेन येस्लाइ सम्भाल्नु भयो।
जस्को बुद्धि छैन क्य येस्लाइ सल्लाह् दिंनु भयो ३
अनि पूरा गरिकन आफ्ना असल् बुद्धि देखाउंनु भयो।
कस्लाइ कुरा प्रचार्नु भयो. ४
अनि कस्को आत्मा आफु देखि निस्क्यो।
मर्येका मान्छेहरु कांम्द छन् ५
पानीहरु र तिनका बासीहरु मुनि।
पत्ताल् उस्को सांमु नाङ्गो छ ६
अनि बिनासको छोप्न छैन।
उस्ले उत्तर्लाइ उजार् मांथि फिंजायेको छ ७
अनि पृथिवीलाइ नास्ति ले झुंड्याउंद छ।
उस्ले पानीहरुलाइ आफ्ना बाक्लो बाद्लमां बांधि राख्द छ ८
अनि बाद्ल् ति मुनि फाटौंदैन।
उस्ले आफ्नु सिंहासन्को सांमु थुन्द छ ९
फिंजाउंद छ।
१०

११ अकाशका खांबाहरू कांम्द छन्
अनि उसको धम्किको कारणले थरथराउंद छन्।
१२ उसले आफ्नु बलले समुन्द्रलाइ चलाउंद छ
अनि आफ्नु बुद्धिले अहंकारलाइ छेंडुद छ।
१३ उसको सासले अकाशहरू उघ्रोछन्
उसको हातले छिट्टो बगि हिंड्ने सापलाइ घोच्येको छ।
१४ हेर यि ता उसका चालका छेउ छेउ मात्रै हुन्.
अनि उसको बिषयमां हांमिहरु कति मलीम् सानुलि मात्रै सुन्द छौं
तर उसको पराक्रमको गर्जन् कसले बूझ्नु सकछ॥

२७ १ फेरि अय्यूबले आफ्नु उखान् उठायेर भन्यो
२ ईश्वर् जीइ रह्यको झैं जसले मेरो नियां लग्यो
अं सर्वशक्तिमान् जीइ रह्यको झैं जसले मेरो प्राणलाइ तीतो पार्यो
३ (कसोगरिभन्ये मेरो जीवन् अब सम्म ममां पूरो छ
अनि ईश्वरको सास् मेरो नाथ्रीमां)
४ निस्से मेरा ओंठले अधर्म्म भन्देन
न मेरो जिब्रोले छल् खांछ।
५ येसो न हवस् अर्थात् मैंले तिमिहरूलाइ धर्म्मी ठहराउंनु.
मं मरंज्याल् सम्म आफ्नु सोजेईंलाइ आफु देखि दूर् गर्दीन।
६ मं आफ्नु धर्म्म समातछु अनि छोड्दीन.
मेरो मनले कोई दिनको बिषयमां मंलाइ दोषी ठहराउंदैन।
७ मेरो सत्तुर् दुष्ट जस्तो हवस्
अनि मेरो बिरुद्धमां उठ्ने अधर्म्मी जस्तो।
८ किनभन्ये भक्तहीनले उपता पायो भन्ये देखि पनि त्यसको आसा के
जब ईश्वरले त्यसको प्राण् लैजांद छ।
९ के ईश्वरले त्यसको दोहाई सुनछ
जब त्येस् माथि सकस पर्दा।
१० के त्येस्ले सर्वशक्तिमान्मां खुशि पाउंछ
अनि सधैंभरि ईश्वरलाइ हापार्छ।
११ ईश्वरको हातको बिषयमां मं आफुलाइ सिकाउंछु
सर्वशक्तिमान् सङ कुरा लुकाउंदीन।
१२ हेर आफुहरू सबैले त्यो देख्नु भयेको छ
त आफुहरू किन खांट्टै ब्यर्थ भइ जांनु भयो।
१३ ईश्वर् देखि दुष्ट मान्छको भाग् येइ हो
अनि थिचेइं गर्नेहरूको अधिकार् जो तिनिहरूले सर्वशक्तिमान्को पट्टि

त्येस्का बालबच्चा गन्तिमां धेरै बढ़ाईयेका भये पनि त्यो खालि तरवारको १४
लागि मात्रै छ
अनि त्येस्का सन्तान् रोटीले अघाउंदैनन् ।
त्येस्का जति जना बांचि रह्याका छन् रुदिले मरेर गाड़ीछन् १५
तैपनि त्येस्को बिधुवीहरुले बिलाप् गर्दैनन् ।
त्यस्ले चांदी धूलो भैं थुपर्याये पनि १६
अनि बस्त्र मांटोका कनिका जतिकै तियार् पार्ये पनि
त्यस्ले त्यो तियार् पार्नु ता पाउंछ तर त्यो धर्म्मीले लाउंछ १७
अनि निर्दोषीले चांदी बांढ़ि लिंछ ।
पुतलिले भैं त्यस्ले आफ्नु घर् बनाउंद छ १८
अनि रुङ्नेले बनाको टौवा जस्तो ।
त्यो धनी भयेर ढल्कंद ता छ तर बटुलोदैन १९
आफ्नु आंखा उघार्द छ अनि छंदै छैन ।
पानीहरुले भैं भयहरुले त्येस्लाइ पक्रंछ २०
आंधीले त्येस्लाइ राति उड़ाइ लैजांछ ।
पूर्ब बतास्ले त्येस्लाइ बोकि लैजांछ र त्यो जाइ जांछ २१
अनि त्यस्ले त्येस्लाइ त्येस्को ठांउ देखि बढ़ारि लैजांछ ।
कसोगरिभन्ये ईश्वरले त्येस् मांथि हान्छ अनि छोड़्दैन . २२
त्यस्ले उस्को हात् देखि भाग्ने धेरै मन् गर्छ ।
मान्छेहरुले त्येस् मांथि तालि बजाउंछन् २३
इस्स इस्स भन्दै जिलल्याइकन त्येस्लाइ त्येस्को ठांउ देखि आफालि दिंछन् ॥

कसोगरिभन्ये चांदीको ता खानि छ २८
अनि खारींने सुनको लागि ता ठांउ छ ।
फलम् चइं मांटो देखि निकालींद छ
अनि तांबा चइं ढुंगा देखि पगालींद छ ।
मान्छेले अंध्यारोको येउटा सिमाना राख्द छ
अनि पल्लो छेउ सम्म खन्दै खन्दै
बाक्लो अंध्यारोको र मृत्युको छायाको ढुंगा खोज्द छ ।
मान्छे बस्ने ठांउ देखि टाढ़ोगरि टोपा खोल्द छ
छेउ हिंड्ने गोड़ाले बिर्सद छन्
मान्छेहरु देखि टाढ़ो भइ भुंडीइ मचींद छन् ।
पृथिवी चइं देखि रोटी निस्कंद छ .
अनि त्यो मुनि बाटो फर्काईयेको छ आगोले भैं ।
त्येस्का ढुंगा निलमणिका ठांउ छन्
अनि त्येस्को सुनको धूलो पनि छ ।

७ त्यो बाटो कोई सिकारीपंछीले जान्दैन
अनि चीलका आंखाले पनि त्यो देख्याका छैनन् .
८ अहंकारी पशुहरुले पनि त्यो टेक्यानन्
अनि सिंह त्यो बाटो बाट्हो गयेको छैन ।
९ तर मान्छेचइंले दलसींगढुंगामां आफ्नु हात् हाल्द छ
त्यस्ले पहाड्हरुलाइ फेंदे देखि उल्टाउंद छ ।
१० पहराको बीच्मां खोल्चा काट्द छ
अनि त्यस्का आंखाले सबै अमोल् अमोल् थोक् देख्द छन् ।
११ खोल्चाखाल्चि ठाम्मै थुनेनगरि थुन्द छ
अनि लुकेको थोक्लाइ उज्यालोमां निकाल्द छ ।
१२ तर बुद्धि चइं कहां पाइंछ .
अनि बूझ्को ठांउ कहां छ ।
१३ बिनासी मान्छेले त्यस्को दाम् जान्दैन
न जीवन्लोक्मां त्यो पाइंद छ ।
१४ अथाहले भन्द छ मंमां ता छैन .
अनि समुन्द्रले भन्द छ मंमां ता छैन ।
१५ असल् सुन्ले किनींदैन
अनि त्यस्को दामको लागि चांदी जोखींदैन ।
१६ ओपीरको सुन् मित मिलाये पनि त्यस्को दाम् मिल्दैन
न अमोल् सुलैमानी न निल्मणि सङ ।
१७ सुनै कि कांच् पनि त्यस्को बराबर् छैन .
निर्मल् सुन्का भांड़ाहरु पनि त्यस्को दाम् हुंनु सक्दैन
१८ मूंगामोति कि फड्कीरिको बिषय्मां कुरै हुंदैन .
अं बुद्धिको दाम् मूंगामोतिको भन्दा बेसि छ ।
१९ कूशको पूखराज् त्यस्को बराबर् छैन
न निखरा सुन् त्यो सम्म पुग्छ ।
२० त बुद्धि कहां देखि आउंछ
अनि बूझ्को ठांउ कहां छ ।
२१ सबै जीउधारीहरुको आंखा देखि लुकाईयेको छ
अनि आकाशका पंछीहरु देखि थुनीयेको छ ।
२२ बिनास् र मृत्युले भन्द छन्
हामिहरुले त्यसको बिषय्को भनक् आफ्ना कानले सुन्यूं ।
२३ त्यस्को बाटो ईश्वर्चइंले बूझ्द छ
अनि त्यस्को ठांउ जान्ने उइ छ ।
२४ कसोगरिभन्ये उस्ले पृथिवीको अन्त सम्म ताक्दै हेर्द छ
सिंगै आकाशमण्डल् मुनि हेरि हिंड्द छ

वायूको जोखाई ठहराउंनुलाइ २५
अं पानीहरूलाइ हिसाएगरि नाप्द छ ।
जब उसले वृष्टिको विधि बनायो २६
अनि बजरको बिजुलिको लागि बाटो .
तब उसले बुद्धिलाइ देख्येर त्येसको बखान् गर्‍यो २७
उसले त्येसलाइ स्थिर् गर्‍यो अं त्येसको भेद् बूझ्यो ।
अनि उसले मान्छेलाइ भन्यो २८
हेर् प्रभुको भय् बुद्धि त्येइ हो
अनि बुराई देखि हिंड़ि जांनु भन्ने बूझ् येइ हो ।

अय्यूबले फेरि आफ्नु उखान् उठायेर भन्यो २९ १
हाय् मं तारिका महीनामां भयेको जस्तो भयें भन्ये देखि ता २
ईश्वरले मेरो रक्ष गर्येका दिनमां जस्तो
जब उसको बत्ती मेरा सिर् मांथि चम्कंद थियो ३
अनि उसैको उज्यालो पायेर मं अंध्यारो देखि छिरि गइ हिंड्द थियें
मेरा दिनको भरपूरीमां भयेको जस्तो ४
जब ईश्वरको मित्रेइँ मेरो डेरामां थियो
जब सम्म सर्वशक्तिमान् मेरो नजिक् थियो ५
अनि मेरा बालबच्चाहरू मेरा छेउछाउ थिये
जब मं दहीमां हिंड्द थियें ६
अनि पहराले मेरो लागि तेलका नदीहरू बहाउंद थियो ।
जब जब मं सहरको ढोकामां हिंड्द थियें ७
जब जब मं आफ्नु बैठक् चोकमां तियार् पार्द थियें
तब तब तन्हेरिहरू मंलाइ देख्येर लुक्द थिये ८
अनि बूढ़ाहरू उठि उभौंद थिये
मालिकहरू बोल्नु देखि थामौंद थिये ९
अनि आफ्नु हात् आफ्नु मुखमां लगाउंद थिये
भारादारहरूको सोर् हराउंद थियो १०
अनि तिनिहरूका जिब्रा तालूमां टांसौंद थिये ।
कसोगरिभन्ये जब कसैका कानले मेरो सुन्द थिये तब त्येसले मंलाइ ११
आशीर्वाद् गर्द थियो
अनि जब कसैका आंखाले मंलाइ देख्द थिये तब त्येसले मेरो विषयमां
साक्षी दिंद थियो .
किनभन्ये दोहाई गर्ने दरिद्रलाइ १२
अनि गोहारे न भयेका टुहुराहरूलाइ मं छोड़ाउंद थियें ।
नाश् हुंनु आंटनेको आशीर्वाद् पनि मं मांथि पर्द थियो . १३
अनि बिधवीको मनले मेरो कारणले आनन्द सित गाउंद थियो ।

१४ म धर्म्म पहिरंद थियें अनि त्यो मंमा पहिर्याइ रहंद थियो .
मेरो नियागराई दौरा र पगरी जस्तो थियो ।
१५ अन्धाहरुको लागि आंखा
अनि खोरंडेहरुको लागि गोड़ा हूंद थियें ।
१६ दरिद्रहरुको लागि बाबु हुंद थियें .
अनि मैले न चिन्येकोको कुराको खोजखाज गर्द थियें ।
१७ फेरि म अधर्म्मीहरुका दारा भांचद थियें
अनि सिकार् त्येस्को मुख् देखि खोस्द थियें ।
१८ तब म भन्द थियें आफ्नु गुंडूमां[१] मर्छु
अनि बालुवाको कनिका जत्तिकै आफ्नु दिन् बढ़ाउंछु .
१९ मेरो जरा पानीको छेउ सम्म फिंजीयेको छ
अनि मेरो हांगा माथि शीत् रातभरि पर्दि रहंद छ .
२० मेरो महिमा मंमा ताजा छ
अनि मेरो धनु मेरो हातमां नया हुंदै जांद छ भनि ।
२१ लोगले मेरै सुन्द थिये अनि बाटो हेरि रहंद थिये
अनि मेरो सल्लाहको लागि चुप लागि पर्खंद थिये ।
२२ अनि मैले बोलि सक्ये पछि तिनिहरु फेरि बोल्दैन थिये
अनि मेरो बाक्य तिनिहरु माथि चूहूंद थिये ।
२३ अनि तिनिहरुले मेरो लागि झरिको बाटो हेर्थे झैं बाटो हेर्दै थिये
अनि तिनिहरुले ठूलोझरिको लागि झैं ठूलो मुख् बाउंद थिये ।
२४ जब तिनिहरुको आसा थियेन तब तिनिहरु माथि उज्यालो मुख् गर्द थियें
अनि तिनिहरुले मेरो खुशिलागदो मुख् कसैले पनि कालो पारि दिंदैन थिये ।
२५ म तिनिहरुको बाटो छान्द थियें अनि मूल् भइकन बस्द थियें
अनि सेनामां राजा जस्तो
अनि बिलाप् गर्नेहरुलाइ शान्ति दिने जस्तो बस्द थियें ॥

३० १ तर अब म भन्दा कान्छाहरुले मेरो ठट्ठा गर्द छन्
जस् जस्का बाबुहरुलाइ म आफ्ना भेंड़ा रुङ्ने कुकुर्हरु सङ राख्नु
पनि तुच्छ जान्द थियें ।
२ अं तिनिहरुको हातको बल्चइले मंलाइ के नाफा दिंथ्यो
मान्छेहरु जस्को पौरख् हरायेको छ ।
३ घटि र अनिकालको कारणले हाड़ू र छाला भयेका छन्
उजार् र सुनसानको अंध्यारोमां तिनिहरुले ओब्रानो भूंइ चबाउंद छन् ।
४ तिनिहरुले झोर्हरुको छेउछेउको नुनीलो साक् टिपद छन्
अनि झाऊको जरा तिनिहरुको आहारा छ ।
५ तिनिहरु मान्छेहरुको बीच् देखि धपाइंद छन्
तिनिहरुको पछि पछि चोर्को पछि पछि झैं कराउंद छन् ।

तिनिहरू खोलचाखाल्चिका धांद्रो हुंदो रहंनु पर्द थियो ६
मांटोका र पहराका भलखांड़ा हुंदा ।
झोरहरूको बीचमां रेंकद छन् ७
सिस्नु मुनि भेला भयेका छन् ।
तिनिहरू लाटाहरूका सन्तान् हुन् अं नांउ न भयेकाहरूका सन्तान् ८
तिनिहरू हिकाइ हिकाइकन देस् देखि निकालि दिईयेका थिये ।
तर म एले तिनेहरूको गीत् भइ गयेको छु ९
अं तिनिहरूको लेखिमां म कहंनाको कारण भइ गयेको छु ।
तिनिहरूले मलाइ घिनाउंद छन् म देखि टाढ़ो रहंद छन् १०
अनि मलाइ हेरिकन थुकनुलाइ डराउंदैनन् ।
कसोगरिभन्ये उसले आफनु डोरी फुकाल्येर मलाइ दुक्ख दियो ११
अनि तिनिहरूले मेरो सांमु लगाम् निकालि दियेका छन् ।
मेरो दाहीनो पट्टि भुराहरू उठ्दै छन् १२
तिनिहरूले मेरा गोड़ा रडुकाउंद छन्
अनि मेरो विरुद्धमां नाम्का आफना बाटा उठाउंद छन् ।
तिनिहरूले मेरो मार्ग बिगार्द छन् १३
मेरो बिपत्ति बढ़ाउंद छन्
अं गोहारि न भयेकाहरूले येसो गर्द छन् ।
फराक् छेड् बाटो आयेको जस्तोगरि तिनिहरू आउंद छन् . १४
भत्काईको बीचमा तिनिहरू म माथि लहि आउंद छन् ।
भय् म माथि फर्काईयेका छन् १५
तिनिहरूले बतासले झैं मेरो मान् उड़ाउंद छन्
अनि मेरो कुशल् बादल् झैं मेटायेको छ ।
अब मेरो प्राण म भित्र खन्याईयेको छ १६
दुःखका दिनहरूले मलाइ समात्येका छन् ।
रातको बेलामां मेरा हाड् ममां खोइ जांद छन् १७
अनि मलाइ चबाउंने पीराहरूले बिसाउंदैनन् ।
त्यसको ठुलो बलले मेरो वस्त्रको रूप् बिगारीयो . १८
त्येसले मेरो दौराको गर्दनीले झैं मलाइ बान्ध्द छ ।
उसले मलाइ हीलोमां आफालि दियेको छ १९
म मांटो र खरानि जस्तो भइ गयेको छु ।
म तपांइको दोहाई दिंद छु तर तपांइले मलाइ उत्तर् दिनु हुन्न . २०
उभीद छु अनि तपांइले हेर्नु मात्रै हुंद छ ।
तपांइ मेरो लागि निठुर भइ जांनु भयो . २१
तपांइले आफनु हातको बलले मलाइ सताउंनु हुंद छ ।
बतास् सम्म तपांइले मलाइ उठाउंनु हुंद छ
बतास् सम्म तपांइले मलाइ अलग्यायेर मलाइ त्येसमां सवारी गराउंनु हुंद छ २२

२३ कसोगरिभन्‍‌ये तपांइले मलाइ मरण सम्म
अनि सबै जीउधारीहरूको भेट हुने घर सम्म फर्काइ पुऱ्याउनु हुंछ ।
२४ तैपनि को कसैले लड्दाखेरि हात पसार्दैन
कि आफनु बिनासको बेलामां पनि दोहाई गर्दैन ।
२५ को मं दुर्गतमां भयेको मान्छेको कारणले रुइंन
को मेरो प्राण दरिद्रको लागि दुखित भयेन ।
२६ मैले भलाईको बाटो हेर्दा बुराइ पो आउंद थियो
अनि मैले उज्यालोको आखा गर्दा अंध्यारो पो आउंद थियो ।
२७ मेरा आन्द्रा उम्लीनींद छन् अनि बिसाउंदैनन
अनि कष्टका दिन् मं माथि पर्येका छन् ।
२८ मं कालो ता हुंदै जांदै छु तर घामको कारणले होइन
मंडलीमां उभीयेर दोहाई दिंद छु ।
२९ मं स्यालको भाई भये
अनि शुतुर्मुर्गको साथी ।
३० मेरो छाला कालो भयेर मं देखि झर्द छ
अनि मेरा हाडहरू तपको कारणले डडद छन् ।
३१ येसकारण मेरो बीना बिलापमां
अनि मेरो बांसुली रुनेको शब्दमां फेरीयो ॥

३१ १ मैले आफना आंखा सित बाचा बांधें
त किन कंटो माथि दृष्टि गरूं ।
२ कसोगरिभन्‍ये ऊर्ध्व देखि ईश्वरले दियेको भाग क्या हो
अनि ऊर्द्धलोक देखि सर्वशक्तिमानले दियेको अधिकार क्या ।
३ को त्यो अधर्म्मीहरूलाइ बिपत्ति होइन
अनि बुराई गर्नेहरूलाइ नास होइन ।
४ को उसले मेरो बाटो देखदैन
अनि मेरा सबै फड्का गन्दैन ।
५ मं मिथ्याईं सङ्ग हिंडें भन्ये
अनि मेरा गोड़ा छल गर्नुलाइ हतारीये भन्ये
६ (सोजो तराजुमां तौलीउं
ईश्वरले मेरो सोजैईं थाहा पाउंनुलाइ)
७ मेरा फड्का बाटो देखि फर्के भन्ये
अनि मेरो मन मेरा आंखा पछि हिंड्यो
अनि मेरा हत्केलामां केइ कलङ्क लाग्यो भन्ये देखि .
८ त मं छरूं अनि अर्कोले खावस्
अं मेरो खेतका उपजनि उखेलीउन ।

मेरो मन् कसै आइमाइ तिर लोभ्याईयेको रह ९
अनि मं आफ्नु छिमेकिको देलोको छेउमा ढुकि बस्येको रहु भन्यं देखि .
त मेरी स्वास्नीले अर्कैको लागि पिन्नु गरोस् १०
अनि अरुहरु त्येस् माथि निउंरुन् ।
किनभन्यं त्यो चडं महापातक् भयेको हुंथ्यो ११
अं बिचारीहरुले दण्ड दिने माफिक्को अधर्म्म .
कसोगरिभन्ये त्यो बिनास् सम्म भस्म पार्ने आग्नि हो १२
जस्ले मेरो सिंगै उपर्जनि उखेल्ने थियो ।
मैंले आफ्ना दास् कि दासीको कुरा तुच्छ जान्यं भन्यं १३
तिनिहरुले मं सित झगरा गर्दाखेरि .
त ईश्वर् उठ्दामां मं कसो गरुं १४
अनि उस्ले लेखा लिंदा मं उस्लाइ के उत्तर् दिउं ।
जस्ले मंलाइ गर्भमां सिर्ज्यौ के उसैले त्येस्लाइ पनि सिर्ज्येन १५
अनि के हामिहरुलाइ गर्भमां रचे गर्ने येउटै हुन ।
मैंले दरिद्र देखि तिनिहरुको इच्छे पुनि गर्यां भन्यं १६
कि बिधुवीका आंखा धमीला गराइ दियें भन्ये
कि येक्लै भइ आफ्नु गांस् खायें भन्ये १७
अनि टुहुराले त्यो देखि खांनु पायेन भन्यं
(होइन मेरो जुवानेदें देखि त्यो मं सङ बाबु सङ झैं बढ्यो १८
अनि आफ्नो आंमाको गर्भै देखि मं बिधुवाको अगुवा भयेको छु)
मैंले कसैलाइ लुगा न भयेको कारण्ले नष्ट हुंनु आंटेको देख्येको छु भन्यं १९
कि दरिद्रलाइ ओढ्ने न भयेको कारण्ले
त्येस्का कम्मर्ले मंलाइ आशीर्बाद् गर्येको छैन भन्यं २०
अनि त्यो मेरो भेंड़ाको ऊण्ले तातायेको छैन भन्ये
मैंले आफ्नु गोहार् ढोकामां देख्येको कारण्ले २१
आफ्नु हात् टुहुराको बिरुद्धमां उठायेको छु भन्ये देखि .
त मेरो कांध् पाता देखि झरि जाउस् २२
अनि मेरो पाखुरा हाड् समेत् भांचिओस् ।
किनभन्यं ईश्वर् देखिको बिपत्ति मेरो लागिमां डरलाग्दो थियो २३
अनि उस्को प्रतापको कारण्ले मं केइ पनि गर्नु सक्न थिइंन ।
मैंले सुन् आफ्नु आशा तुल्यायं भन्ये २४
अनि असल् सुन्लाइ तं मेरो भरोसा छस् भन्येको छु भन्यं
कि मेरा धन्सम्पत्ति धेर् हुंनाले २५
अनि मेरा हातले धेरै कमायेको कारण्ले आनन्द गर्यं भन्यं
कि सूर्जलाइ चम्कंदा २६
कि जूनलाइ चमकमां हिंड्दा हेर्यें भन्यं

२७ अनि मेरो मन् गुप्तगरि भर्म्यको छ
अनि मेरो मुखले मेरो हात्लाइ चूमा खायेको छ भन्यो देखि .
२८ त्यो पनि बिचारीहरूले दण्ड दिने माफिक्को अधर्म्म हुंथ्यो .
कसोगरिभन्ये मं ऊंभो भयेको ईश्वर्को अस्वीकार् गर्न हुने थियें ।
२९ मं आफ्नु बैरीको बिनास् हर्नु खुशि भयें भन्ये
कि बुराईले त्यसलाइ भेट्यो भनि आफुलाइ अलग्यायें भन्ये
३० (अं त्यसलाइ स्रापनं त्यसको प्राण् मांग्दै
मैंले आफ्नु तालुलाइ पाप् गर्नु दिइंन)
३१ मेरा डेराका मान्छेहरूले
त्यसको मांसु खायेर न अघाउंने कस्ले पाउंनु सकूछ भनि भन्यका छैनन्
भनो देखि .
३२ परदेसीले चोकमां बास् गय्न
तर मैंले आफ्नु ढोका बटोरेहरूको लागि उघार्यें
३३ मैंले आदमले झैं अपराधीहरूलाइ डाकें भन्ये
आफ्नु अधर्म्म आफ्नु काख्मां लुकाइकन
३४ मैंले ठुलो घुइरो देखि डरायेको
अनि कुलानहरू देखेको नक्कले मंलाइ तर्सायो
येति सम्म मं चुप लाग्येर दैलो देखि निस्क्येको थिइंन
३५ हाय् मेरो सुन्ने भयेको भये देखि
(हेर यो यहां मेरो सही छ सर्वशक्तिमान्ले मंलाइ उत्तर् देउस्)
हाय् मैंले मेरो बिरोधीले लख्यको लेखन् पायेको भये देखि ।
३६ निस्से मं आफ्नु काम्धमां त्यो बोक्ने थियें
मुकुट् झैं आफ्नु लागि बांध्ने थियें ।
३७ उसलाइ मं आफ्नु फड्काको गन्तिको बखान् गर्ने थियें
मालिक् झैं मं उ थांइ जाने थियें ।
३८ मेरो देस् मेरो बिरुद्धमां करायो भन्ये
अनि त्यसका ड्याङ् सङ रोयो भन्ये
३९ मैंले दाम् न दिकन त्यसको उपजना खायेको छु भन्ये
कि त्यसका धनीहरूका प्राण् छोडाउंनु लगायें भन्ये देखि .
४० त गहूंको साटो कांढा उपजुन्
अनि जऊको साटो नजाति झार् ॥

अय्यूबका कुरा सक्कीये ॥

(एलीहूको बाक्ये)

३२ १ त ति तीन् जनाले अय्यूबलाइ उत्तर् दिंनु छोड़ेर किनभन्ये त्यो
२ आफ्नु दृष्टिमां निर्दोषी भयो । तब राम् भनौंने मान्छेको सन्तान्को बूजी

बारकेल्को छोरो एलीहूचइंको रिस् उठ्यो . अय्यूब्को विरुद्धमां त्येस्को
रिस् उठ्यो किनभन्ये त्येस्ले ईश्वर्लाइ होइन तर आफुचइंलाइ निर्दोषी
ठहरायो । फेरि अय्यूब्का तीन् जना मित्रहरूको विरुद्धमां पनि त्येस्को ३
रिस् उठ्यो किनभन्ये तिनिहरूले उत्तर पनि दिनु न सकनगरि अय्यूब्लाइ
दोषी ठहरायेका थिये । त एलीहूले अय्यूब् सित कुरा गर्नेको लागि बाटो ४
हेर्दै थियो किनभन्ये तिनिहरू त्यो भन्दा जेठा थिये । अनि जब एलीहूले ५
ति तीन् जनाका मुखमां उत्तर पनि रैन छ भनि देख्यो तब त्येस्को
रिस् उठ्यो ॥

तब बूजी बारकेल्को छोरो एलीहूले उत्तर् दिइ भन्यो ६
म ता तन्हेरि छु आफुहरू ता धेरै बूढा
येस्कारण् म थामायें अनि आफ्नु मत् आफुहरूलाइ देखाउंनु डरायें ।
मैले भन्यें दिन्हरूले भन्नु पर्थ्यो ७
अनि धेरै बर्षले बुद्धि सिकाउंनु पर्थ्यो ।
तर निश्चय मान्छमां आत्मा ता छ ८
अनि सर्बशक्तिमान्को सासले तिनिहरूलाइ बुद्धि दिंद छ ।
जो जो बुद्धिमान् छन् बडेहरू मात्रै होइनन् ९
अनि नियां बुझ्नेहरू खालि बूढाहरू मात्रै होइनन् ।
येस्कारण् भन्द छु मेरो पनि सुन्नु सकन् । १०
म पनि आफ्नु मत् देखाउंछु ।
हेर्नु हवस् म आफुहरूका कुराको बाटो हेर्दै रह्यों ११
म आफुहरूका प्रमाण्को लागि सुन्दै रह्यों
आफुहरूले क्या का भन्नु पर्छ भनि खोज्दै रहंदाखेरि ।
अं मन् लगायेर आफुहरूको सुन्दै रह्यों १२
त हेर्नु हवस् अय्यूब्लाइ प्रमाण् दिने
कि त्येस्का कुराको उत्तर् दिने आफुहरूमांको कोई पनि रैन छ ।
होइन भन्ये आफुहरूले भन्नु हुंछ हामिहरूले बुद्धि पायेका छौं १३
मान्छले होइन तर ईश्वर्ले त्यस्लाइ जीत्नु सकछ .
किनभन्ये त्यस्ले आफ्ना कुरा मेरो विरुद्धमां चलायेको छैन १४
न म त्येस्लाइ आफुहरूका कुरा गरि उत्तर् दिंछु ।
तिनिहरू छक्क परेका छन् फेरि उत्तर् दिंदैनन् . १५
तिनिहरूको बोल्ने ठांउ पनि छैन ।
तिनिहरू न बोल्येका कारणले १६
अनि तिनिहरू अडायेर उत्तर् न दियेको कारणले के म पर्खि रहुं ।
म पनि आफ्नु भाग्को उत्तर् दिंछु १७
म पनि आफ्नु मत् देखाउंछु ।
किनभन्ये म कुराले भरायेको छु १८
अनि मेरो पेटको आत्माले मलाइ घुन्द छ ।

१९ हेर्नु हवस् मेरो पेट् न खोल्येको दाखरस् जस्तो छ
फुट्नु आंटेरका नया मशकहरु जस्तो ।
२० मं बोल्छु र चैन् पाउं
आफ्ना ओंठ् फुकाल्येर उत्तर् दिंछु ।
२१ कृपागरि मंलाइ कसैको पनपसाई गर्नु न दिनु हवस्
लल्लोपत्तोको फूल्नांउ कसैलाइ दिंदीन ।
२२ किनभन्ये मं ता लल्लोपत्तोका फूल्नांउ दिनै पनि जांदीन
होइनभन्ये ता मेरो सृष्टिकर्त्ताले मंलाइ छिणभरिमां लैजाने थियो ।
३३ १ तैपनि हे अय्यूब् मेरो बाक्ये सुन्नु हवस्
अनि मेरा सबै कुरामां कान् लगाउंनु हवस् ।
२ अब हेर्नु हवस् मैंले आफ्नु मुख् खोल्येको छ
मेरो जिब्रोले मेरो तालुमां भन्येको छ ।
३ मेरा कुराले मेरो मनको सोझैको बखान गर्छन्.
अनि मेरा ओंठले ज्ये जान्द छन् त्यो सचैं मित भन्छन् ।
४ ईश्वर्को आत्माले मंलाइ सिर्ज्येको छ
अनि सर्बशक्तिमानको सासले मंलाइ जीवन् दिंद छ ।
५ आफुले मंलाइ उत्तर् दिनु सक्नु हुंछ भन्ये उत्तर् दिनु
मेरो सांमु आफ्ना कुरा पंलायेर उभ्याउंनु ।
६ हेर्नु हवस् आफु जस्तो मं पनि ईश्वर्को सांमु छु.
मं पनि माटैको सिर्जेयेको छु ।
७ हेर्नु हवस् मेरो भयले आफुको डर् मान्दैन
न मेरो सिचैं आफु माथि गह्रुङ् हुंछ ।
८ निस्सै आफुले मैंले सुन्नेगरि भन्नु भयेको छ
अनि मैंले आफुका येस्ता येस्ता कुराको सोर् सुन्येको छु
९ पवित्र छु निरप्राधी
निष्कलङ्क छु अनि मंमां अधर्म्म छैन .
१० हेर्नु हवस् उस्ले मेरो बिरोधीहुवाईको कारण् खोज्दै छ
उस्ले मंलाइ आफ्नु सत्तुरलाइ झैं गन्द छ
११ उस्ले मेरा गोड़ा ठ्याङ्गोमां हाल्द छ
उस्ले मेरा सबै चाल् हेर्ई छ भनि ।
१२ हेर्नु हवस् ति कुरामां आफु धर्म्मी छैन भनि मं आफुलाइ उत्तर् दिंछु
कसोगरिभन्ये ईश्वर् ता बिनामी मान्छे भन्दा बड़ा छ ।
१३ त उस्को बिरुद्धमां आफुले किन बिबाद् गर्नु हुंद छ
कसोगरिभन्ये उस्ले आफ्नु कुनै पनि बिषयको लेखा दिंदैन ।
१४ कसोगरिभन्ये ईश्वर्ले एक् खेप् भन्द छ
अं दुइ खेप तर मान्छेले मन लगाउंदैन ।

सपनामा रातको दर्शनमा १५
जब मान्छेहरू माथि अघोर् निन्द्रा पर्छ
ओछ्यानमा निंधायेको बेलामा
तब उस्ले मान्छेहरूका कान् खोल्छ १६
अनि तिनिहरूको शिक्षा माथि मोहर् छाप्छ
उस्ले मान्छेलाइ बुरा काम देखि तानोस् १७
अनि मान्छे देखि अहंकार् लुकावस् भन्ने खातिर्ले
उस्ले त्यस्को प्राण् खाड़ल् देखि थुन्छ १८
अनि त्यस्को जीउ तरवार्ले नास् हुनु देखि ।
फेरि आफ्नु ओछ्यानमा त्यो दुखले चेताइंछ १९
अनि त्यस्का हाड़मा झगरा नित्य रहंछ .
अं त्यस्को जीउले रोटी देखि २०
अनि त्यस्को प्राणले शोखभोजन् देखि घिग्मिगाउंने सम्म ।
त्यस्को मासु न देखौंने सम्म हराइ जांछ २१
अनि त्यस्का न देखौंने हाड़ नंग्याईंये ।
अं त्यस्को प्राण् खाड़ल्को छेउमा पुग्छ २२
अनि त्यस्को जीवन् नास् गर्नेहरू थांइ ।
त्यो सङ येउटा दूत् छ भन्ये २३
येउटा दोभासे जो हजार्मांको येउटा छ
मान्छेलाइ त्यस्को लागि जाति को हो भनि देखाउंछ भन्ने देखि
त उस्ले त्यस् माथि अनुग्रही भयेर भन्छ २४
त्यस्लाइ खाड़ल्मा उत्रि जांनु देखि छोड़ा
मैले छुट्कारा पायेको छु भनि ।
त्यस्को मासु नानाको मासु भन्दा बेसि ताजा २५
त्यो आफ्नु जुवानेईको दिन्मा फर्कि आउंछ .
त्यस्ले ईश्वर् सित बिन्ति गर्छ अनि उ त्यस् माथि अनुग्रही हुन्छ २६
त्यस्ले उस्को दर्शन् आनन्द सित पाउंने सम्म
अनि उस्ले बिनासी मान्छेलाइ त्यस्को धर्म्मीहुवाई फर्काउंछ ।
त्यस्ले मान्छेको सामु गीत् गाइ गाइ भन्छ २७
पाप् गर्यें अनि सोझेई बिगार्यें
अनि मलाइ त्यस्को साटो फर्काइ दिईयेन .
उस्ले मेरो प्राणलाइ खाड़ल्मा उत्रनु देखि बचायेको छ २८
अनि मेरो जीवनले उज्यालो हेर्छ ।
हेर येस्ता सबै काम् ईश्वर्ले गर्छ २९
मान्छे सित दुइ खेप् अं तीन् खेप्
त्यस्को प्राण् खाड़ल् देखि फर्काउंनुको लागि ३०
त्यो जीवनको उज्यालोले चम्काईओस भन्ने खातिर्ले ।

३१ हे अय्यूब् मन् लगायेर मेरो सुन्नु हवस्
चुप लाग्नु हवस् म बोल्दै रहन्छु ।
३२ आफू बोल्नु छ भन्ये देखि मलाइ उत्तर् दिनु हवस्.
भन्नु हवस् किनभन्ये म आफुलाइ धर्म्मी ठहराउनु खोज्दछु ।
३३ होइनभन्ये मेरो सुन्नु हवस्.
चुप लाग्नु हवस् म आफुलाइ बुद्धि सिकाउंछु ॥

३४ १ फेरि एलीहूले उत्तर् दिइ भन्यो
२ हे बुद्धिमान्हरू हो मेरा कुरा सुन
हे ज्ञानीहरू हो म तिर कान् लगाव ।
३ किनभन्ये जस्तै तालुले भोजन् चाखद्छ
त्यस्तै कानले कुरा जांच्दछ ।
४ ज्ये ठीक् छ हामिहरू आफ्नु लागि त्यो छानूं.
अनि ज्ये जाति छ त्यो हामिहरू आफ्नु लागि बुझूं
५ किनभन्ये अय्यूबले भन्येका छ म धर्म्मी छु
अनि ईश्वरले मेरो निया लग्येको छ.
६ म हकमा ता छु तैपनि झूठा गनायेको छु
म निरप्राधी ता छु तैपनि मेरो घाउ अमाछे छ भनि ।
७ अय्यूब् जस्तो को छ
जस्ले निन्दालाइ पानी झैं पीइ हाल्दछ.
८ जस्ले अधर्म्म गर्नेहरू सङ संगति गर्दछ
अनि दुष्टहरू सङ डुल्दछ ।
९ किनभन्य त्यस्ले भन्येका छ
मान्छेलाइ ईश्वर् सङ आनन्द गर्नु भन्येको कोइ नाफा छैन भनि ।
१० येस्कारण् हे बुद्धिमान्हरू हो मेरो सुन.
ईश्वरले दुष्टैं गर्छ भन्येको उ देखि टाढो रहोस्
अनि सर्व्वशक्तिमानले अधर्म्म गर्छ भन्येको उ देखि टाढो रहोस् ।
११ किनभन्ये मान्छेको काम् अनुसार् उस्ले त्यस्लाइ साटो दिन्छ
अनि जनेगको चालचलन् अनुसारको फल् भोग्नु लाउंछ ।
१२ अं निस्चेइ ईश्वरले दुष्टैं गर्दै गर्दैन
न सर्व्वशक्तिमान्ले निया बिगार्छ ।
१३ पृथिवी माथि रछाई गर्नु उस्लाइ कस्ले दियो
कि सिंगै जगत् उस् माथि कस्ले राख्यो ।
१४ उस्ले आफ्नु मन् मान्छे माथि राख्यो भन्ये देखि
कि उस्ले आफ्नु आत्मा र आफ्नु सास् आफु थांइ ल्यायो भन्य देखि
१५ त सिंगै जीउ चइं नष्ट होइ जांछ
अनि मान्छे मांटोमा फर्कंछ ।

आफूको बुद्धि छ भन्ये यो सुन . १६
मेरा कुराको शब्दमा कान् लगाउंनु हवस् ।
के सोझैं देखि घिनाउंनेले प्रभुताइं गर्छ १७
अनि जो धर्म्मी र सामर्थी छ उस्लाइ दुष्ट ठहराउंनु हुंछ ।
के राजालाइ तिमि विकामे हौ १८
कि भारदारहरूलाइ तिमिहरू दुष्ट हौ भन्नु उचित् छ ।
त मालिकहरूको पक्षपाई न गर्न १९
अनि धनाढ्यलाइ कंगालिहरू भन्दा बेसि चेत् न गर्न
किनभन्ये ति सबै उसैका हातका काम् छन्
उ ति पैस्तो बात् गर्दैछ ।
पलभरमा अं आधारातमा तिनिहरू मर्दै छन् २०
लोग् हल्लाइंद छन् अनि मेटाइ जांद छन्
अनि बलियाहरू कसैको हात विना लगाइ छन् ।
किनभन्ये उस्का आंखा मान्छेको चालमा छन् २१
अनि उस्ले त्यस्का सबै हिंडाइ हेर्दै छ ।
अंध्यारो कि मृत्युको छाया छैन २२
जहां अधर्म्म गर्नेहरू लुक्नु सक्छन् ।
किनभन्ये मान्छे माथि चेत् लगाउंनु कोइ अरु खांचो छैन । २३
त्यो ईश्वरको सामु नियाको लागि जांनुलाइ ।
उस्ले बलियो मान्छेहरूलाइ सोधमाध न गरिकन चूर् पार्द छ २४
अनि तिनिहरूको ठांउमा अरुहरूलाइ राखद छ ।
यसकारण उस्ले तिनिहरूको कामको विषयमा चेत् गर्द छ २५
अनि तिनिहरू चूर् पारोउंज्याल् सम्म उस्ले तिनिहरूलाइ रात्ति उल्टाउंद छ ।
उस्ले तिनिहरूलाइ दुष्ट जान्येर २६
सब्बैले देख्नेगरि हिर्काउंद छ
किनभन्ये तिनिहरू उस्लाइ पछ्याउंनु देखि फर्के २७
अनि उस्को कुनै बाटोको विषयमा चेत् लगाउंनु मान्येनन् .
कंगालिहरूको दोहाई उ थांइ पुर्याउंनुलाइ २८
अनि उस्ले दीनहरूको दोहाई सुन्यो ।
जब उसैले चैन् दिंद छ तब कस्ले दोषी ठहराउंनु सक्छ २९
अनि जब उस्ले आफ्नु मुख् छोपद छ तब उस्को दर्शन् कस्ले पाउंनु
सक्छ
जातिगण् सित कि मान्छे सित गरायेको दुवैलाइ बराबर् येइ हुंछ .
भक्तहीनले राज् गर्दैन ३०
लोग् फंसाउंने कोई छैन भन्येर ।
कसोगरिभन्ये के कसैले ईश्वर् सित येसो भन्यो ३१
शिक्षादण्ड भोग्यें बुराई गर्दीन र पनि .

३२ मैंले न देख्येका कुरा मंलाइ सिकाउंनु हवस्.
मैंले अधर्म्म गर्यको छु भन्य देखि मं फेरि फेरि पनि गर्दौं न ।
३३ क्य उस्ले दियेको साटो आफुको मन् अनसार् हुंछ येस्कारण् लिंनु हुन्न
किनभन्ये छान्नु पर्ने आफु पो हुंनु हुंछ मं चइं ता हुइंन.
येस्कारण् ज्य जान्नु हुंद छ ति भन्नु हवस् ।
३४ ज्ञानी मान्छेहरूले मंलाइ भन्छन्
अं मेरो सुन्ने सबै बुद्धिमान्हरूले.
३५ अय्यूब्ले ज्ञान् बिना भन्द छ
अनि त्येस्का कुरा बुद्धि बिनाका छन् भनि ।
३६ अय्यूब् अन्त सम्म जांचीयेको भये देखि जाति हुंथ्यो
किनभन्ये त्येस्ले दुष्टहरूले झं उत्तर् दियेको छ ।
३७ कमोगरिभन्ये त्येस्ले आफ्नु पापलाइ बागिहुवाइमां पनि बढाउंद छ
त्येस्ले हांमिहरूको बीचमां तालि बजाउंद छ ।
अनि ईश्वरको बिरुद्धमां आफ्ना कुरा बढाउंद छ ॥

३५ १ फेरि एलीहूले उत्तर् दिइ भन्यो
२ क्य आफुले येस्मां हक् जांनु हुंद छ
कि आफुले मेरो धर्म्म ईश्वरको धर्म्म भन्दा बेसि छ भनि भन्नु हुंद छ
३ अनि आफुको नाफा क्य हुंछ
अनि मैंले पाप् गर्यको पाप् भन्दा बेसि क्य लाभ् हुंछ भनि भन्नु हुंद छ ।
४ आफुलाइ उत्तर् मं दिंछु
अनि आफु सङ भयेका आफुका साथीहरूलाइ पनि ।
५ ईश्वर् तिर दृष्टि गरि हेर्नु हवस्
अनि आफु भन्दा ऊंचो अकाशमण्डल् हेर्नु हवस्
६ आफुले पाप् गर्नु भयो भन्या देखि उस्को बिरुद्धमां क्ये गर्नु हुंद छ.
अनि आफुका अपराध् धेरै भये भन्ये देखि आफुले उस्लाइ क्य गर्नु हुंद छ.
७ आफु धर्म्मी छो भन्य देखि उस्को लागि क्य दिंनु हुंद छ.
कि आफुको हात् देखि उस्ले क्ये पाउंद छ ।
८ आफुको दुष्टइले आफु जस्तो मान्छेलाइ हानि गर्नु सकद छ
अनि आफुको धर्म्मीहुयाइ मान्छेको सन्तान्लाइ नाफा दिंनु सकद छ ।
९ सिचेइं धेरै भयेको कारणले तिनिहरू कराउंद छन्
बलियाका बाहांको कारणले तिनिहरूले गोहारको लागि डांहाइ दिंद छन् ।
१० तर कसैले भन्दैन मेरो सृष्टिकर्त्ता ईश्वर् कहां छ
जस्ले राति गीत् दिंद छ
११ जस्ले हांमिहरूलाइ पृथिवीका पशुहरूलाइ भन्दा बेसि शिक्षा दिंद छ
अनि हांमिहरूलाइ अकाशका पंछीहरूलाइ भन्दा बेसि बुद्धिमान्
तुल्याउंद छ ।

वहां तिनिहरू कराउंदछन् तर उत्तर् दिने कोई पनि छैन १२
दुष्टहरूको अहंकार्को कारणले ।
निस्से ईश्वर्ले व्यर्थ कुरा सुन्दैन १३
अनि सर्वशक्तिमान्ले त्यस् मांथि चेत् लगाउंदैन ।
जब कति झिन्न कम्ति अ आफुले मं उसलाइ हेर्दिन भनि भन्नु हुंदछ १४
विषय् उसको सांमु छ अनि आफुले पनि उसको बाटो हेर्नु हुंदछ ।
तर अब रिस् गरि न आयेको कारण ले १५
अनि उसले अट्टेरेईं तिर अगघोरगरि चेत् न लगायेकोले
अय्यूबले आफनु मुख् व्यर्थगरि खोल्दछ १६
त्यसले ज्ञान् बिना कुरा बढाउंदछ ॥

फेरि एलीहूले यो पनि भन्यो ३६ १
मंलाइ अलिकता सहनु हवस् त मं आफुलाइ देखाउंछु २
किनभन्ये ईश्वरको निम्तिमां मैले अझै अरु भन्नु छ ।
मं आफ्नु ज्ञान् टाढो देखि ल्याउंछु ३
अनि आफनु सृष्टिकर्तालाइ धर्म्मी ठहराउंछु ।
किनभन्ये निस्से मेरा कुरा झुट्ठा छैनन् ४
ज्ञानमां सिद्ध मान्छु आफु सङ छ ।
हेर्नुहवस् ईश्वर् सामर्थी छ अनि कसैलाइ तुच्छ जान्दैन . ५
उ बूझको शक्तिमां बलियो छ ।
उसले दुष्टहरूको जीवन् बचाउंदैन . ६
तर दीन्हरूलाइ तिनिहरूको हक् दिंदछ ।
उसले धर्म्मीहरू देखि आफना आंखा फर्काउंदैन . ७
तर सिंहासनहरूमां बसे राजाहरूलाइ
उसले सदाको लागि राख्दछ त तिनिहरू अलग्याइंदछन् ।
अनि तिनिहरू ठ्याङ्ग्राहरूमां बांधीयेका छन् ८
अनि दुक्खका डोरामां फांसीयेका छन् भन्ये देखि
त उसले तिनिहरूलाइ तिनिहरूको काम् देखाउंदछ ९
अनि तिनिहरूका अपराधहरू अर्थात् ज्य तिनिहरूले अहंकार् सित गर्येका छन् ।
येस् उप्रान्त उसले तिनिहरूका कान् शिक्षाको लागि खोल्दछ १०
अनि तिनिहरूलाइ अधर्म्म देखि फर्कि आउंने आज्ञा दिंदछ ।
तिनिहरूले सुन्येर उसको सेवा गर्ये भन्ये देखि ११
तिनिहरूले आफना दिन् कल्याणमां
अनि आफना वर्ष सुक्खमां भेटाउंछन् ।
तर तिनिहरूले सुन्येनन् भन्ये देखि तरवार्ले नष्ट होइ जान्छन् १२
अनि ज्ञान् बिना मर्छन् ।

१३ तर मनमां भक्तहीन् हुंनेहरूले कोप् थन्क्याउंद छन्
उस्ले तिनिहरूलाइ बांधदेगर्दाखेरि तिनिहरूले गोहारको लागि दोहाई
दिंदैनन् ।
१४ तिनिहरू जुवानैमां मर्द छन्
अनि तिनिहरूको जीवन् पुरुषगामीहरूको झैं नष्ट हुंद छन्
१५ उस्ले दुखिहरूलाइ त्यस्को दुक्ख देखि छोड़ाउंद छ
अनि तिनिहरूको कान् उपद्रैमां उघार्द छ ।
१६ अं उस्ले आफुलाइ क्लेश् देखि फर्काइ ल्याउंने थियो
येउटा फराक् ठांउमां जहां सांगुरै छैन
अनि आफुको मेजमां ज्य राखौंद छ बोसोले भरीयेको हुंछ ।
१७ तर आफु दुष्टैको नियाले भरीयेका छौ .
निया र धर्म्मीहुवाईले आफुलाइ समात्छन् ।
१८ कसोगरिभन्ये चंख बस होइन भन्ये रिस्ले तिमिलाइ ठट्ठामां लैजांछ
अनि उद्धारको बड़ाहुवाईले आफुलाइ न तर्काउन् ।
१९ के आफुको दोहाईको कारण
कि बड़ो बलको कारणले क्लेश् देखि छुट्छौ ।
२० रातको लागि अति इच्छे न गर्नु हवस्
जब लोग् आफ्नु ठांउमां काटिंद छन् ।
२१ चंख बस्येर अधर्म्म मांथि चेत् न लगाउंनु हवस् .
किनभन्ये आफुले त्यो क्लेश् भन्दा बेसि छान्नु भयो ।
२२ हेर्नु हवस् ईश्वरले आफ्नु सामर्थमां अलग्गो काम् गर्द छ .
उ जस्तो सिक्राउंने को छ ।
२३ उस्को लागि उस्को बाटो कस्ले ठहरायो
कि तपांइले अधर्म्म गर्नु भया भनि कस्ले भन्न सक्छ ।
२४ उस्को कामको बड़ाई गर्नुको लागि सम्झना राख्नु हवस्
जस्को विषयमां मान्छेहरूले गान् गायेका छन् ।
२५ सबै मान्छेहरूले त्यस् मांथि दृष्टि लगायेका छन्
बिनासी मान्छेले त्यस्लाइ टाड़ा देखि हेर्द छन् ।
२६ हेर्नु हवस् ईश्वर् बड़ा छ तर हामिहरू उस्लाइ चिन्दैनौं
उस्का वर्षको गन्ति अगम्य छन् ।
२७ कसोगरिभन्ये उस्ले पानीका थोपा ऊंभो तानि लिंद छ
जो कुइरो देखि पानी भयेर पर्द छ .
२८ जस्लाइ अकाशमण्डलले खन्याउंद छ
अनि मान्छेहरू मांथि अगाधोरगरि चुहुंद छन् ।
२९ अं बादलको फिंजाई कस्ले बूझ्नु सक्छ
उस्को डेराको गर्जन ।

हेर उस्ले आफ्नु उज्यालो त्यस् माथि फिंजाउंद छ ३०
अनि उस्ले समुन्द्रको थाह् ढाक्द छ ।
कसोगरिभन्ये तिनिहरूको बाटोले उस्ले लोगहरूको निया गर्द छ ३१
उस्ले भोजन् अग्घोरगरि दिंद छ ।
उस्ले आफ्ना हात् बिजुलिले ढाकद छ ३२
अनि उस्ले त्येस्लाइ त्येस्ले तारोलाइ लाग्ने आज्ञा दिंद छ ।
त्येस्को सोरले त्येस्लाइ समाचार् दिंद छ ३३
पशुले पनि चढ़ि आउंनेको बिषयमां ।
येस् कुरामां पनि मेरो मन् कांम्दे छ ३७ १
अनि त्येस्को ठांउ देखि सारीयेको छ ।
उस्को सोर्को शब्द सुन्नु हवस् २
अनि उस्को मुख् देखि निस्कने गड़ाङ्गुडुङ् सुन्नु हवस् ।
उस्ले त्यो सिंगै स्वर्ग मुनि पठाउंद छ ३
अनि आफ्नु बिजुलि पृथिवीको अन्त सम्म ।
त्यस् पछि गर्जन्को सोर् हुंद छ ४
आफ्नु प्रतापी शब्दले गर्जंद छ .
अनि जब उस्को सोर् सुनींद छ तब उस्ले तिनिहरूलाइ थाम्दैन ।
ईश्वर् आफ्नु सोर्ले उदेक्गरि गर्जंद छ ५
उस्ले हांमिहरूले बूझ्नु न सक्ने ठुलो ठुलो काम् गर्द छ ।
कसोगरिभन्ये उस्ले हिउंलाइ पृथिवीमां पर् भनि आज्ञा दिंद छ ६
त्येसैगरि वृष्टिलाइ
अनि आफ्नु मुसल्धारेपानीलाइ ।
उस्ले सबै मान्छेहरूको हात्लाइ मोहर् लगाइकन थुनि राख्द छ ७
उस्ले बनायेका सबै मान्छेहरूले त्यो जानुन् भन्ये खातिर्ले ।
तब बनपशुहरु कुरिमां पस्द छन् ८
अनि आफ्ना ओढारमां रहंद छन् ।
दक्खिन्का कोठाहरु देखि आंधी निस्कंद छन् ९
अनि जाड़ो उत्तर् देखि ।
ईश्वर्को सास् देखि बर्फ दिइंद छ . १०
अनि पानीहरूको गज् जामींद छ ।
अं उस्ले बाक्लो बादल्लाइ बाफ्को बाटोले बोकाउंद छ ११
उस्ले आफ्नु बिजुलिको बादल् फिंजाउंद छ .
अनि उस्को अगुवाईले त्यो घुमाइंद छ १२
तिनिहरूले उस्ले गर्येका सबै आज्ञा गरुन् भन्ये खातिर्ले
बास् बस्ने पृथिवीको मुख् माथि .
कि शिक्षादण्डको लागि कि उस्को देश्को लागि १३
कि दयाको लागि उस्ले त्यो पुर्यावस् भन्ये ।

१४ हे अय्यूब् यो सुन्नु हवस् .
अडाइ रहेर ईश्वर्का उदेक्का काम्मा चेत् लगाउंनु हवस् ।
१५ के आफुले ईश्वर्ले तिनिहरू माथि आज्ञा कसोरि दिंद छ
अनि आफ्नु बादल्को बिजुलि कसोगरि चम्काउंद छ भनि जान्नु हुंद छ
१६ के बादल् न खसंगरि राख्नीने रीत् जांनु हुंद छ
अनि सर्बज्ञानीका उदेक्का काम् ।
१७ जब पृथिवी दक्खिने बतास्को कारणले चाम्चूम् रहेको छ
तब आफुका बस्त्र कसोरि न्यानो लाग्छ ।
१८ के उ सङ्ग अकाश् फिंजाउंनु सक्नु हुंछ
जो ढालीयेको दर्पण् जस्तो दरो छ ।
१९ उस्लाइ के भनूं भनि हांमिहरूलाइ सिकाउंनु हवस्
हांमिहरू ता अंध्यारोको कारणले ठीक् भन्न सक्दौंन ।
२० मं भन्नु मांगछु भनि के त्यस्लाइ भनींछ
कि कोई मान्छेले नीलींन इच्छा गर्छ ।
२१ अनि एले मान्छेहरूले अकाश्मां भयेको चम्कीलो उज्यालो देख्दैन .
तर बतास् चल्द छ अनि तिनिहरूलाइ शुद्ध गराउंद छ ।
२२ उत्तर् देखि सुनको प्रताप् आउंद छ .
ईश्वर्ले आफ् माथि डर्लाग्दो बड़ाहुवाई लगायेको छ ।
२३ सर्बशक्तिमान्को बिषयमां हांमिहरूले त्यस्को भेद् पाउंनु सक्दौंन उ
बिश्वे सामर्थी छ .
अनि धर्म्म र पूरो नियाहुवाईमां उस्ले दुक्ख दिंदैन ।
२४ येस्कारण् मान्छेहरूले उस्को भय् मान्द छन् .
उस्ले कोई बुद्धिमान्हरू माथि चेत् लगाउंदैन ॥

(यह्वेको बाक्य)

३८ १ तब यह्वेले अय्यूब्लाइ आंधी देखि उत्तर् दिइ भन्यो
२ जस्ले ज्ञान् बिनाका कुरा भनिकन
मलाइ् अंध्यारो गराउंद छ त्यो को हो ।
३ अब पुरुषले झैं आफ्नु कम्मर् कस्
त मं तं सित सोध्छु तैंले मंलाइ बखान् गर् ।
४ जब मैंले पृथिवीको जग् बसाल्यें तब तं कहां थिइस् .
तेरो बुद्धि छ भन्ये देखि देखा ।
५ पृथिवीको नाप् कस्ले ठहरायो भनि जान्द छस् भन्ये देखि कह् .
कि त्येस्मां डोरो कस्ले टांग्यो ।
६ त्यस्का जग् के माथि बसालीयेका थिये .
अनि त्यस्को कुइन्याटोको ढुंगो कस्ले बसाल्यो

जब बिहान्का ताराले एक् सङ गाउंद थिये ७
अनि ईश्वर्का सबै पुत्रहरु आनन्दले कराउंद थिये ।
कि समुन्द्रलाइ ढैलोले कस्ले थुन्यो ८
जब त्यो गर्भ देखि निस्क्यको झैं फुटि निस्क्यो
जब मैंले बादल्‌चइंलाइ त्यस्को बस्त्र तुल्यायें ९
अनि बाक्लो अंध्यारोचइंलाइ त्यस्को लागि बेह्रने लुगागरि
अनि त्यस्को लागि आफ्नु सिमाना बांध्यें १०
अनि आगलाहरु र ढैलाहरु उभ्यायें
अनि भन्यें यहां सम्म आउंनु सक्छस् तर आघि न बढ् ११
अनि यहां तेरा अहंकारी छालहरु रोकीछन् भनि
क्य तैंले जीवनभर् बिहान्लाइ आज्ञा दिइस् १२
अनि झुक्झुक् उज्यालोलाइ त्यस्को ठांउ जनाइस्
त्यस्ले पृथिवीको अन्त समातनुलाइ १३
अनि दुष्टहरु त्यो देखि हल्लाईनुलाइ ।
मोहर् मुनिको माटो झैं फेरींद छ १४
अनि सब्बै थोक् बस्त्र पहिर्याईयेको झैं देखाइंद छन् ।
अनि दुष्टको उज्यालो तिनिहरु देखि थामींद छ १५
अनि बलियो पाखुरा भांचींद छ ।
क्य तं समुन्द्रको जलआपानी सम्म पुग्येको छस् १६
कि गहारो सागर्को थाहामां हिंड्येको छस् ।
क्ये मृत्युका ढैला तेरो लागि प्रगट् भयेका छन् १७
कि क्य तैंले मृत्युको छायाका ढोका देख्येको छस् ।
क्य तैंले पृथिवीको गज्को बूझ् लियेको छस् १८
यि सबै कुराको थाहा तंलाइ छ भन्ये देखि देखा ।
उज्यालोको बास्सां पुग्ने बाटो कहां छ १९
अनि अंध्यारोको बिषयमां त्यस्को ठांउ कहां छ
तंले त्यस्लाइ त्यस्को सिमाना सम्म लैजांनुलाइ २०
अनि तैंले त्यस्को घर्मां पुग्ने बाटाहरूको थाहा पाउंनुलाइ ।
निस्से तंलाइ थाहा होला किनभन्य त्यति बेला तेरो पनि जन्म भयेको २१
थियो होला
अनि तेरा दिनको गन्ति धेरै छन् होला ।
क्य तं हिउंका भंडार्हरुमां पस्येको छस् २२
कि असीनाका भंडार्हरु देख्येको छस्
जुन्हरुलाइ मैंले दुःखको दिनको लागि २३
अं लडाईं र संग्रामको दिनको लागि राख्येको छ ।
उज्यालो कुन् बाटोमां छुट्टीयेको छ २४
कि पूर्बबतास् पृथिवीमां फिंजीयेको छ ।

२५ महा वृष्टिको लागि कसले कुलो खन्येको छ
कि गर्जन्को बिजुलिको लागि बाटो
२६ निर्जन् देसमां
अं मान्छे न भयेको बन्मां वृष्टि गराउंनुलाइ
२७ सुन्नं र उजाड् देस् सन्तोक् गराउंनुलाइ
अनि हरीयो घांस् उमार्नुलाइ ।
२८ के वृष्टिको कोई बाबु छ .
कि शीतका थोपाहरूलाइ कसले जन्मायो ।
२९ हिउंचइं कस्को गर्भ देखि निस्क्यो .
अनि अकाशको तुसारो कसले जन्मायो ।
३० पानीचइं ढुंगा झैं जमायेको छ
अनि गहीरोको मुख् जामीयेको छ ।
३१ के तंले किर्कीट तारहरूलाइ बांधन् सक्छस्
कि मृगशीराको डोरी फुकालन् सक्छस् ।
३२ के तंले राशीचक्रलाइ तिनका ठीक् ठीक् समयमा उदाउन् सक्छस् .
के तंले सप्तर्षिलाइ त्यस्का साथीहरू समेतलाइ डोर्याउंन् सक्छस् ।
३३ के तंले अकाशमण्डलका बिधि जांदछस् .
अनि पृथिवी मांथि त्यस्को अधिकार् ठहराउंनु सक्छस् ।
३४ के तंले आफ्नु सोर् बादल् सम्म अलग्याउंन् सक्छस्
पानीको अगाधोरइले तंलाइ ढाक्नुलाइ ।
३५ के तंले बिजुलिहरू येसोगि पठाउंनु सक्छस् तिनिहरूले गयेर
तं सित हांमिहरू यहां छौं भनि भनुन् भन्ना खातिर्ले ।
३६ अन्तःकरणमां बुद्धि कसले राख्यो .
कि मन्मां समझ् कसले दियो ।
३७ मेघहरूलाइ बुद्धिले कस्ले गन्न सक्छ
अनि अकाशका मशकहरू कसले खन्याउंन् सक्छ
३८ जब धूलो थुप्रीद छ
अनि डल्लाहरू एक् सङ् टांसीद छन् ।
३९ के तंले सिंहनीको लागि सिकार् गर्छस् .
कि डमरुहरूलाइ पेटभरि सन्तुष्ट गराउंछस्
४० जब तिनिहरू आफ्ना कुण्डहरूमां ढल्कंद छन
कि ओढार्मां ढुकि बस्द छन् ।
४१ कस्ले कागको लागि आहारा बन्दबस्त गर्द छ
जब त्यस्का बचराहरूले इश्वर्को दोहाई गर्द छन
अनि आहारा बिना डुल्द फिर्द छन् ।
३९ १ के तंले पहराका घोरलहरूको जन्मंने बेला जान्दछस् .
कि तंलाइ हरिणहरूको बिहाउंने बेलाको थाहा छ ।

तिनिहरूको पूरो हुने महीना गन्न सक्छस् . २
कि तिनिहरूको बियाउने बेला जान्दछस् .
तिनिहरूले निउंर्केर आफ्ना पाठा बियाउंदछन् ३
तिनिहरूले आफ्नु पीरा आफाल्दछन् ।
तिनिहरूका पाठाहरू पुष्ट पुष्ट छन् तिनिहरू बनमां बढ्‌दै जांदछन् ४
तिनिहरू निस्कि जांदछन् अनि फर्कि आउंदैनन् ।
बनगदाहालाइ कस्ले निर्बन्धगरि निकाल्यो . ५
कि बनगदाहाको डोरी कस्ले फुकायो ।
जस्को घर् मैंले बनचर्‌ बनाइ दियें . ६
अनि त्यस्को बास् नुनालो देस् ।
त्यस्ले सहर्‌को खलाबैला तुच्छ जांदछ ७
अनि धपाउंनेको कराई सुन्दैन ।
पहाड्‌का डांड़ा हुंदो त्यस्को खर्क छ ८
अनि त्यस्ले सबै हरीया थोक् खोज्दछ ।
क्य अर्नो तेरो चाकरि गर्नु देखि सन्तोषित् हुन्छ ९
अनि तेरो डौंड् कुंड रहंछ ।
क्य तैंले अर्नोलाइ डंग्‌मां बांधेर चलाउंनु सक्छस् . १०
क्य त्यस्ले तेरो पछि पछि ब्यांसीमां दांदै दाउंछ ।
क्य त्यस्को बल् ठुलो भयेको कारणले त्यस् माथि भरोसा गर्छस् . ११
कि त्यस्लाइ तेरो दास्तिको काम् छोड़ि दिंछस् ।
क्य त्यस्ले तेरा अन्न भित्र्याउंछ भनि भरोसा गर्छस् १२
कि तेरो खलाको अन्न बटुल्छ ।
शुतर्मुर्गको पखेटाले आनन्द गर्दछ १३
तर क्य त्यस्को पोंख् र भुत्लाले दया गर्छन् ।
कसोगरिभन्ये त्यस्ले आफ्ना फुल्हरू भुइंमां छोड़ि दिंदछ १४
अनि धूलोमां तिनलाइ तताउंदछ
अनि गोड़ाले तिनलाइ कुल्चंछ १५
अनि बनपशुले तिनलाइ दल्छन् भनि बिर्सिंदछ ।
त्यस्ले आफ्ना चल्लाहरूको बिरुद्धमां आफ्नु होइन भन्येको जस्तोगरि १६
कठोर् गर्दछ .
त्यस्को कष्ट ब्यर्थ छ रपनि निडर् छ
कसोगरिभन्ये ईश्वर्‌ले त्यस्लाइ बुद्धि रहित् बनाया १७
अनि त्यस्लाइ समझ् पनि दियेन ।
जब त्यस्ले उठेर आफ्ना पखेटा फिंजाउंदछ १८
तब त्यस्ले घोड़ालाइ त्यस्को सवार् समेत्‌लाइ तुच्छ सम्झंदछ ।
क्य तैंले घोड़ालाइ त्यस्को बल् दियेको छस् . १९
क्य तैंले त्यस्का हल्लाउंने जगर् त्यस्को गर्दनमां पहिर्याइ दियेको छस् ।

२० के तैंले त्यसलाइ सलह झैं उफ्रनु दियेको छस्,
त्यसका नाक् फडूकाईं कराईको बिभव डरलाग्दो छ ।
२१ त्यसले ब्यांसीमां खोसँद छ अनि आफ्नु बलमां आनन्द गर्द छ ,
हतियार भिर्येका मान्छेहरूलाइ भेट्नुलाइ निक्कि जांद छ ।
२२ डर् देखि हांस्द छ अनि घरहरि हुंदैन
न तरवार् देखि फर्कंद छ ।
२३ ठोक्रोले त्यस माथि लाग्येर खोल्ल्यांक् खोल्ल्यांक् गर्द छ
चम्कने भाला र मुङ्रोले पनि ।
२४ रिस् र क्रोधले त्यसले माटो नौल्द छ
अनि नर्सींगाको सोर् सुन्येर पनि अडूदैन ।
२५ नर्सींगा सुन्दै त्यसले आहा भन्द छ
टाड़ो देखि लड़ाइं सूंघ्द छ
अं कप्तानहरूको गर्जन् र कराई ।
२६ फेरि के बाज् तेरो बुद्धिले उड्छ छ
अनि आफ्नु पखेटा दक्खिन् तिर फिंजाउंद छ ।
२७ के उकाबले तेरो आज्ञाले उड़ेर
आफ्नु गुंड़ अलगोमां बनाउंद छ ।
२८ त्यो पहरामां बस्द छ अनि वहां बास् गर्द छ
पहराको धार्मां र आड्मां ।
२९ वहांदेखि त्यसले आफ्नु सिकार् चियाउंद छ
त्यसका आंखाले टाड़ो टाड़ो सम्म देख्द छन् ।
३० त्यसका बचराहरूले पनि रगत् चूस्द छन् ,
जहां मारीयेकाहरू हुंनन् त्यो त्यहां रहंछ ॥

४० १ येस् उप्रान्त यहोवेले अय्यूबलाइ उत्तर् दिइ भन्यो
२ के बाझ्नेले सर्वशक्तिमान् सित लड़ाइं गरोस्
जसले ईश्वर् सित बिबाद् गर्लो त्यसले उत्तर् देवस् ॥
३ तब अय्यूबले यहोवेलाइ उत्तर् दिइ भन्यो
४ हेर्नु हवस् म ता तुच्छ छु तपांइलाइ के उत्तर् दिउं
म आफ्नु हात् आफ्नु मुखमां राख्द छु ।
५ एक् खेप् भन्येको छु तर फेरि उत्तर् दिंदीन
अं दुइ खेप् तर फेरि कैले पनि भन्दीन ॥
६ तब यहोवेले अय्यूबलाइ आंधि देखि उत्तर् दिइ भन्यो
७ अब पुरुषले झैं आफ्नु कम्मर् कस् ,
म तं सित सोध्छु तैंले मलाइ बखान् गर् ।
८ के तैंले मेरो निया पनि बिगार्छस् ,
तं आफै निर्दोष् ठहरीनुको लागि मलाइ दोषी ठहराउंछस् ।

के तेरा पाखुरा ईश्वर्का जस्ता छन्. ९
अनि तं उ जस्तो गर्जन्को सोरले कराउंनु सक्छस् ।
अब आफुलाइ महिमा र प्रतापले सिङार् १०
अनि शोभै र बड़ाइवाईले पहिर्या ।
आफ्नु उग्र्यैको रिस् खन्याइ दे. ११
अनि जनंग अहंकारीलाइ हेरिकन त्यस्लाइ होंच्या ।
अं जनंगे अहंकारीलाइ हेरिकन छोटया १२
अनि दुष्टहरूलाइ जहां छन् तिहीं दल् ।
तिनिहरूलाइ सङ् सङै मांटोमां लुका १३
लुकेको ठांउमां तिनिहरूको मुख् बांधि दे ।
तब मं पनि तेरो बिषयमां तंलाइ १४
तेरै दाहीनो हातले पनि बचाउंनु सक्दैन भनि स्वीकार् गर्छु ।
अब बहेमोतलाइ² हेर्नु जस्लाइ मैंले तं सङ बनायें १५
त्यसले गोरुले झैं घांस् खांद छ ।
त हेर् त्यस्को बल् त्यस्को कम्मरमां छ १६
अनि त्यस्को सामर्थ तेस्को पेट्का मुस्लामां ।
त्यसले आफ्नु पुछर् देउदारुलाइ झैं चलाउंद छ. १७
त्यस्का जाङ्का नसा सङ्सङै गांसीयेका छन् ।
त्यस्का हाड् पीतलका नलि जस्ता छन् १८
त्यस्का अंग फलामका आगला जस्ता ।
त्यो चइं ईश्वरको मूल् कार्ज्य छ. १९
त्यस्लाइ सिर्जनेले मात्रैं त्यस् माथि आफ्नु तरवार् पुर्याउंनु सक्छ ।
निस्से पहाड्हरूले त्यस्को लागि आहारा उपजाउंद छन् २०
जहां सबै बनपशुहरू खेल्द छन् ।
त्यो कमल्को बोट् मुनि ढल्कंद छ २१
ढोंड्को र निङालोको छायामां
कमल्को बोट्को छायाले त्यस्लाइ ढाकद छ २२
खोल्चाका बइंसले त्यस्लाइ घेर्दै छन् ।
हेर् नदीको पाखापाखाबढाईले पनि त्यो कांप्दैन. २३
यर्दन् त्यस्को मुख् सम्म भरीयो भन्ये देखि पनि त्यो निडर् रहंछ ।
त्यो चियाइ रहंदा के कसैले त्यस्लाइ समात्नु सक्छ २४
कि पासोले त्यस्को नाखमां नाथ्नु सक्छ ॥
४१ १ के तंले लिब्यतान् माच्छालाइ बल्छिले तान्नु सक्छस्.
कि त्यस्को जिब्रो डोरीले चेप्नु सक्छस् ।
के त्यस्को नाखमां नकेल् लगाउंनु सक्छस्. २
कि त्यस्को बङरा सुइरोले घोच्नु सक्छस् ।

३ के त्येस्ले तं सित धेरै बिन्ति गर्छ
कि तं सित नरम् कुरा गर्छ ।
४ के त्येस्ले तं सित
मंलाइ सधैंको लागि चाकरगरि राख भन्ने बाचा बांधछ ।
५ के तं त्यो सङ चरा सङ झैं खेल्छस्,
कि त्येस्लाइ आफ्नो कमारीहरुको लागि बांध्छस् ।
६ के जलाहारीहरुका गठ्ठाले त्येस्को बेपार् गर्छन्,
के त्येस्लाइ बेपारीहरुको बीच्मा बांडि दिंछन् ।
७ के तंले त्येस्को छाला भाङ्कुसले भर्नु सक्छस्
कि त्येस्को टाउको माछ्का मार्ने भालाले ।
८ त्येस् माथि आफ्नु हात् लगा
लडाइं सम्झि अनि फेरि कले पनि येसो गर्दैनस् ।
९ हेर् त्येस्को आसा व्यर्थ छ,
के त्येस्लाइ देख्दा मुटु कांम्छ ।
१० त्येस्लाइ जिस्क्याउंनुलाइ आंट् गर्ने येस्तो साहसी को छ,
त मंचइंको सांमु उभीइ रहनु सक्ने को छ ।
११ मंलाइ येस्तो पहिले दिने को छ जस्लाइ मैंले साटो दिनु पर्छ,
सिंगै आकाश् मुनि ज्ये छन् मेरै हुन् ।
१२ मं त्येस्का अङ्गको बिषयमां
कि त्येस्को ठुलो बल् कि त्येस्को सुबाउंदो बनोटको बिषयमां चुप लागि रहंदीन ।
१३ त्येस्को अगाडिको पहिरन् कस्ले काढि दिनु सक्छ,
त्येस्को दोहोरो लगाम्को बीच्मां को पस्नु सक्छ ।
१४ त्येस्को मुख्का ढैलाहरु कस्ले उघार्नु सक्छ,
त्येस्का दांतका चारै पट्टि डरलाग्दो छ ।
१५ त्येस्का खापैखाप् पऱ्येका कत्ला त्येस्को अहंकार्को कारण् छ
जो मोहर् लगायेको जस्तो एक् सङ् युनीयेका छन् ।
१६ एका अर्का सङ येति नजिक् नजिक् जोरीयेका छन्
वायु पनि तिनको बीच्मां पस्नु सक्दैन ।
१७ एक् सङ् गांसीयेका छन्
तिनिहरु न फुकल्नेगरि टांसीयेका छन् ।
१८ त्येस्ले छिउं काढ्दा उज्यालो चम्कंद छ
अनि त्येस्का आंखा बिहान्का पलक् जस्ता छन् ।
१९ त्येस्को मुख् देखि बल्दो रांको निस्कंद छन्
अनि झिल्का उफ्रंद छन् ।
२० त्येस्का नाथ्री देखि धुवां चठद छ
उमल्येको भांडा र बल्दै गऱ्येको ढौड़े देखि झैं ।

त्येस्को सासले कोइला सल्काउंदं छ २१
अनि त्येस्को मुख् देखि ज्वाला निस्कंदं छ ।
त्येस्को गर्दन्मा बल् रहंदं छ २२
अनि त्येस्को सामु भय् नाच्दं छ ।
त्येस्को मासुका लुंदा गांसीयेका छन् . २३
त्येस् मांथि अडीलो छन् तिनिहरु सार्नु सकींदैन ।
त्येस्को मन् ढुंगा जस्तो सारो छ २४
अं जांतोको ऊंधल्लो पाटा जस्तो बल्लियो ।
त्यो उठ्यो भन्ये देखि बीरहरु डराउंदं छन् . २५
डर्को कारणले तिनिहरुको चेत् ठिकानामां छैन ।
कसैले तरवार् त्येस् मांथि चलायो भन्ये कोइ काम् लाग्दैन २६
अनि न भालाले न चुपिले न तीखो कांडले ।
त्येस्ले फलम् पराल् जस्तो २७
अनि पीतल् कुह्येको काठ् जस्तो जान्दं छ ।
कांडले त्येस्लाइ भगाउंनु सक्दैन . २८
घुयांत्रो त्येस्को लेखिमां भुच्का जस्तो गर्नींदं छ ।
मुस्लिहरु भुच्का जस्ता गर्नींद छन् २९
चुपिको स्वीक्कगराई मांथि हांस्दं छ ।
त्येस्को जीउको मुनि छाटो तीखा तीखा खपटा जस्ता छन् . ३०
हीलोमां दांदे झैं चलाउंदं छ ।
त्येस्ले गहीरोलाइ भांडालाइ झैं उमाल्दं छ . ३१
त्येस्ले समुन्द्रलाइ मलहम् जस्तो तल्याउंदं छ ।
त्येस्ले आफ्नु पछि पछिको लीक् चम्कंने गराउंदं छ ३२
गहीरोलाइ पाक्येको केश् जस्तो भनि ठानींछ ।
पृथिवी मांथि त्यो जस्तो कोई छैन ३३
जो भय् न गर्नेगरि बनींछ ।
त्येस्ले सबै ऊंचो तिरका थोक् हेर्दं छ . ३४
सबै अहंकारी पशुहरु मांथि राजा त्येइ छ ॥

(अय्यूब्को उत्तर्)

४२ १ तब अय्यूब्ले यहवेलाइ उत्तर् दिइ भन्यो
तपांइले सबै गर्नु सक्नु हुंदं छ २
अनि तपांइको कुनै सल्लाह् थुनींदैन भनि जान्दं छु ।
जस्ले ज्ञान् बिना सल्लाह् लुकाउंदं छ त्यो को हो ३
येस्कारण् मैंले न बूझेको कुरा भन्येको छु
अं मेरो लागि बेसि उदेकको कुरो जो मैंले बुझींन ।

४ कृपागरि सुन्नु हवस् म बोल्छु
म यो तपाँइ सित सोध्छु तपाँइले मलाइ बखान् गर्नु हवस् ।
५ आं कानले सुन्नेगरि मैंले तपाँइको बिषयमां सुन्येको ता थियें
तर ऐले मेरा आंखैले तपाँइलाइ देख्दछन्
६ येस्कारण् म घिनाउंद छु
अनि धूलो र खरानिमां पछुताउंद छु ॥

(अय्यूब्को अन्तकुशल्)

७ तब यहवेले यि कुरा अय्यूब्लाइ भन्ये पछि येसो भयो यहवेले
एलीपज् तेमानीलाइ भन्यो मेरो रिस् तं मांथि र तेरा दुवै मित्रहरु मांथि
उठेको छ . किनभन्ये तिमिहरुले मेरो दास् अय्यूब्ले झैं मेरो बिषयमां
८ ज्ये ठीक् छ त्यो भन्येका छौन । त अब सात्वटा बाच्छा र सात्वटा
थुमा लियेर मेरो दास् अय्यूब् थांइ जांनु र वहां येउटा होमबलि आफ्नु
लागि चढाउंनु अनि मेरो दास् अय्यूब्ले तिमिहरुको लागि अन्तरबिन्ति
गर्छ कसोगरिभन्ये त्येसचइंलाइ म ग्रहण् गर्छु होइन भन्ये ता तिमिहरु सित
तिमिहरुको मुर्खाईं अनुसार् गर्छु किनभन्ये तिमिहरुले मेरो दास् अय्यूब्ले
९ झैं मेरो बिषयमां ज्ये ठीक् छ त्यो भन्येका छौन । तब एलिपज् तेमानी र
बिल्दद् शूही र सोपर् नमातीले गयेर यहवेले दियेको आज्ञा अनुसार्
१० गर्ये . अनि यहवेले अय्यूब्लाइ ग्रहण् गर्यो । जब अय्यूब्ले आफ्ना
मित्रहरुको लागि अन्तरबिन्ति गर्यो तब यहवेले अय्यूब्को बन्धुवाई
फर्काइ दियो . अनि अय्यूब्को जति अगाडि थियो त्यो भन्दा दोब्बर्
११ यहवेले त्येस्लाइ दियो । तब त्येस्का सबै दाजुभाईहरु र त्येस्का सबै
दिदीबैंनीहरुले र त्येस्का अगाडिका सबै चिनाजानाहरुले त्यो थांइ आयेर
त्येस्को घर्मां त्यो सङ भोजन् गर्ये . अनि यहवेले त्येस् मांथि हाल्येका
सबै बिपत्तिको बिषयमां तिनिहरुले बिलाप् गर्दै त्येस्लाइ शान्ति दिये .
अनंगेले त्येस्लाइ एक् एक् टुक्रा चांदी र एक् एकवटा सुनको औंठी पनि
१२ दिये । येसोरि यहवेले अय्यूब्का पछिल्ला दिन्लाइ अघिल्ला दिन्लाइ
भन्दा बेसि आशीष् दियो . अनि त्येस्का चौध हजार् भेंड़ाबाख्रा र
छ हजार् ऊंट् र एक् हजार् हलगोरुहरु र एक् हजार् गदहीहरु थिये ।
१३ १४ अनि त्येस्का सात् भाई छोराहरु र तीन् बैंनी छोरीहरु थिये । अनि त्येस्ले
जेठीको नांउ यमीमा र माइलीको नांउ कसीआ अनि कान्छीको नांउ
१५ केरेन्हप्पूक् राख्यो । अनि सिंगै देसमां अय्यूब्का छोरीहरु जस्ती राम्री अरु
कोई आइमाइ थिईन . अनि तिनिहरुको बाबुले तिनिहरुलाइ तिनिहरुका
१६ दाजुभाईहरु सित अधिकार् दियो । अनि त्येस् पछि अय्यूब् एक् सै र
चालीस् बर्ष सम्म जीइ रह्यो अनि आफ्ना छोराहरु र नातीहरु आं चार्
१७ पुस्ता सम्म देख्यो । निदानमां अय्यूब्ले पूरो बुढेस्कालमां दीर्घायु भइ
प्राण् छोड्यो ॥

गीतको पोस्तक ।

पहिलो भाग् ।

धन्न त्यो मान्छे जो दुष्टहरूको जुक्तिमां हिंड्दैन १ १
अनि पापीहरूको बाटोमां उभींदैन
अनि ठट्टा गर्नेहरूको बैठक्मां बस्दैन ।
नर यह्वको व्यवस्था देखि त्यो खुशि हुंद छ २
अनि उस्को व्यवस्थामां दिन् रात् ध्यान् गर्द छ ।
यसोरि त्यो पानीका खोलाका छेउमां रोप्येको रूख् जस्तो हुंछ ३
जो आफ्नु ऋतुमां फल्द छ
जस्को पात् ओइल्हौंदैन पनि
अनि ज्ये ज्ये त्यस्ले गर्द छ तिनमां त्यो सुफल् हुंद छ ।
दुष्टहरू चहिं यस्ता छैनन् ४
नर बतास्ले उडायेको भूस् जस्ता छन् ।
येस्कारण् दुष्टहरू नियामां उभींदैनन् ५
न पापीहरू धर्म्मीहरूको मंडलीमां ।
कसोगरिभन्य यह्वले धर्म्मीहरूको बाटो चिन्द छ . ६
नर दुष्टहरूको बाटो नष्ट हुंछ ॥

अन्यदेशीहरूले किन गाड़ो मचाउंद छन् २ १
अनि लोगहरूले किन व्यर्थ कुरा गुन्द छन् ।
पृथिवीका राजाहरू उभाइ रह्येका छन् २
अनि मालिक्हरूले आपस्तमां सल्लाह् लिंद छन्
यह्व र उस्को अभिषिक्तको विरुद्धमां
लु तिनिहरूका बन्धन् छिनालूं ३
अनि तिनिहरूका डोरी आफु देखि आफालूं भन्दे ॥

स्वर्गमां विराज्ने चहिं हांस्छ . ४
प्रभुले तिनको ठट्टा गर्छ ।
तब उ तिनिहरू सित रिसाइकन बोल्छ ५
अनि आफ्नु बल्दो कोप्ले तिनिहरूलाइ सताउंछ .
तैपनि मंचइंले आफ्नै राजालाइ ६
आफ्नै पवित्र पर्वत् सिय्योन्मां बसाल्येको छु ॥

७ मं बिधि प्रचार्छु .
यहवेले मंलाइ भन्यो तं मेरो पुत्र होस्
आजु मैं तंने तंलाइ जन्मायेको छु ।
८ मं सित मांग् त मं अन्यदेसीहरुलाइ तेरो भाग् गरि दिंछु
अनि पृथिवीको पल्लो छेउ सम्म तेरो अधिकार् गरि ।
९ तेंले तिनिहरुलाइ फलामको राजदण्डले भाच्छस्
तेंले तिनलाइ कुमालेको भांडा झैं चूर् चूर् गरि फुटाउंछस् ॥
१० त अब हे राजाहरु हो बुद्धिमान् हव .
हे पृथिवीका बिचारीहरु हो चेतौयो ।
११ डर् सङ यहवेको सेवा गर
अनि थरथराई सङ रमाउ ।
१२ पुत्रलाइ चूम होइन भन्ये ता उ रिसाउंछ अनि तिमिहरु बइं बाटोमां
नष्ट हुंछौ
किनभन्ये उ को कोप् छिटै बाल्छि ।
उसका शरण लिने धन्य हुन् ॥

३ दाऊदले आफ्नु छोरा अबशालोम् देखि भाग्यको बेलामां गायेको गीत् ।

१ हे यहवे मंलाइ सताउंनेहरु कति बिग्न बढेयका छन् .
मेरो बिरुद्धमां उठनेहरु धेरै छन् ।
२ उसको उद्धार् ईश्वरमां छैन भनि
कति जना मेरो प्राणको बिषयमां भन्नेहरु छन् । सेला[१] ।
३ तर हे यहवे तपांइने मेरा चारै पट्टि ढाल् हुंनु भयो
मेरो महिमा र मेरो सिर् उठाउंने ।
४ मं सोर् निकालिकन डोहाई दिंने गर्दै छु
अनि उसले आफ्नु पवित्र पर्वत् देखि मंलाइ उत्तर् दिंने गर्दै छ । सेला ।
५ मं बइं ढलकें अनि निधायें
उठें किनभन्ये यहवे मंलाइ संभाल्दै रहंने छ ।
६ मंलाइ घेर्ने मेरो बिरुद्धमां पाङ्ति बांध्ने
लोगमांका दस् दस् हजार् देखि डराउंदैन ।
७ हे यहवे उठनु हवस् हे मेरो ईश्वर् मंलाइ छोड़ाउंनु हवस् .
किनभन्ये तपांइले मेरा सब्बै सत्तुरहरुलाइ बङरामां हिर्काउंनु भयो
तपांइले दुष्टहरुका दांत् भांच्नु भयो ।
८ उद्धार् बइं यहवेलाइ पर्दै छ .
तपांइको आशीष तपांइको लोग् माथि रहोस ॥ सेला ।

[१] अर्थात् बजाउंनेहरुको लागिको आज्ञा

मूल्बजाउंनेको लागि तार्बाजामां बजाईंने । दाऊद्को गीत् । ४

हे मेरो धर्म्मी ईश्वर् मैंले पुकार्दा मंलाइ उत्तर् दिनु हवस् १
मं सकस्मां पर्य्येकोमां मंलाइ लम्याउंनु भयो .
मं मांथि अनुग्रह् गर्नु हवस् मेरो प्रार्थना सुन्नु हवस् ।
हे बडाहरूका सन्तान्हरू हो मेरो महिमा कहिले सम्म अपमान्मां फेरौंछ . २
कहिले सम्म व्यर्थईं सित पिर्ति राखछौ अनि मिथ्याईं तिर फर्कौंछौ । सेला ।
तर याहा पात्र यहवेले भक्तिलाइ आफ्नु लागि अलग् राख्येको छ . ३
मैंले यहवेलाइ हापार्दा उहले सुन्छ ।
क्रोध् गर तै पाप् ता न गर . ४
आफ्नु ओछ्यान्मां आफ्नै मन्मां विचार् गर्यर चुप्चाप् हउ । सेला ।
धर्म्मका बलिदान्हरू चढाव ५
अनि आफ्नु भरोसा यहवे मांथि राख ।
कति जना कस्ले हामिहरूलाइ भलाई देखाउंछ भनि भन्नेहरू छन् . ६
हे यहवे आफ्नु रूपको ज्योति हामिहरू मांथि प्रकाश् गर्नु हवस् ।
तपांइले मेरो मन्मां रमाहट् हाल्नु भयो ७
अं तिनिहरूका अन्न र दाखरस बढ्दा मैलाको रमाहट् भन्दा बेसि ।
कुशल सित ढल्कंनु विस्तिक निधाउंछु . ८
किनभन्ये हे यहवे तपांइले मात्रै मंलाइ निडर्मां रहन दिनु हुंद छ ॥

मूल्बजाउंनेको लागि फुक्नेबाजामां बजाईंने । दाऊद्को गीत् । ५

हे यहवे मेरा कुरामां कान् लगाउंनु हवस् १
मेरो ध्यान्मां चेत् लगाउंनु हवस् ।
हे मेरो राजा हे मेरो ईश्वर् मेरो डांहाई सुन्नु हवस् . २
किनभन्ये मं तपांइ सित प्रार्थना गर्द छु ।
हे यहवे बिहान तपांइले मेरो शब्द सुन्नु हुंछ ३
बिहान आफ्ना बिन्ति पांजेर हेर्दै रहंछु ।
किनभन्ये तपांइ दुष्टईं देखि खुशि हुंन ईश्वर् हौन . ४
बुराईले तपांइ सङ्ग बास् गर्दैन ।
अहंकारिहरू तपांइको सांमु उभीन् पाउंदैनन् . ५
तपांइले अधर्म्मका काम् गर्ने सबैलाइ घिनाउंनु हुंद छ ।
तपांइले झूठ् बोल्नेलाइ नास् पार्नु हुंछ . ६
यहवेले रगत् बहाउंने र छलि मान्छे देखि घिन् गर्द छ ।
तर मं चहिं ता तपांइको अग्घोरईंमां तपांइको घर्मां आउंछु . ७
तपांइको भय् मान्दै तपांइको पवित्र मन्दिर् तिर दण्डवत् गर्छु ।
हे यहवे मेरा बैरिहरूको कारणले आफ्नु धर्म्ममां मेरो अगुवाई गर्नु हवस् ८
मेरो सांमु आफ्नु बाटो सोजो पार्नु हवस् ।

९ किनभन्ये तिनिहरूको मुखमा कंहिं ठिकाना छैन
तिनिहरूको अन्तःकरण् मुख् बाउंने नास् छ .
तिनिहरूको घांटि उघारीयेको चिहान् छ
तिनिहरूको जिब्रोले चिप्लाचाप्ला कुरा गर्दछ ।
१० हे ईश्वर् तिनिहरूलाइ दोषी ठहराउंनु हवस्
तिनिहरूलाइ तिनिहरूका जुक्तिमा खस्न दिंनु हवस् .
तिनिहरूका अप्राधको अग्घोरेंइमा तिनिहरूलाइ धपाउंनु हवस्
किनभन्ये तिनिहरू तपांइको बिरुद्धमा द्रोही भयेका छन् ।
११ येमोरि तपांइको शरण लिंनेहरू सबै जना रमाउन्
तपांइले तिनिहरूको रक्षा गर्येको कारणले तिनिहरू सधैं आनन्दले कराउन्
तपांइको नांउलाइ पियारो गर्नेहरू तपांइमा खुशि हुंछन् ।
१२ किनभन्ये तपांइले धर्म्मीलाइ आशीष् दिंनु हुंछ
हे यहवे तपांइले त्येस्लाइ ढालले झैं अनुग्रहले घेर्नु हुंछ ॥

६ मूलबजाउनेको लागि तारका बाजामा खर्जमा बजाईने । दाऊद्को गान

१ हे यहवे मलाइ आफ्नु क्रोधले न हकार्नु हवस्
अनि आफ्नु बज्रोरिसले मलाइ दण्ड न दिंनु हवस् ।
२ हे यहवे म माथि अनुग्रह गर्नु हवस् किनभन्ये ओइल्हीयेको छु .
हे यहवे मलाइ निको पार्नु हवस् किनभन्ये मेरा हाडहरू थरथराईयेका छन्
३ मेरो प्राण पनि भारी घब्रायेको छ
अनि तपांइ हे यहवे कहिले सम्म ।
४ हे यहवे फर्कनु हवस् मेरो प्राण छोड़ाउंनु हवस् .
आफ्नु करुणाको कारणले मलाइ बचाउंनु हवस् ।
५ किनभन्ये मरणमा तपांइको सम्झना छैन
पत्तालमा कस्ले तपांइको धन्नबाद् गर्छ ।
६ सुस्करा मार्दा मार्दा थाकेको छु
रात् रात् आफ्नु खाट् पोंगाउंदछु
आफ्नु ओछ्यान् आफ्ना आंसुले भिजाउंदछु ।
७ शोकको कारणले मेरा आंखा खोइंये
मेरा सब् बिरोधीहरूको कारणले तिर्मिराउंदछन् ।
८ ए अधर्म्म गर्नेहरू सबै मदेखि दूर जाव ।
किनभन्ये यहवेले मेरो रुवाईको सोर सुन्येको छ ।
९ यहवेले मेरो अर्जीबिन्ति सुन्येको छ
यहवेले मेरो प्रार्थना ग्रहण गर्छ ।
१० मेरा सबै सत्तुरहरू लजायेर भारी थरथराईछन् .
तिनिहरू फर्कन्छन् एकाछिनमा लजाईछन् ॥

दाऊद्ले बिन्यामीनी कूशका कुराको बिषयमा यह्वेको सामु गायेको गान। ७

हे मेरो ईश्वर् यह्वे तपांइमानै आफ्नु शरण् लिने छु. १
मलाइ खेद्ने सबै देखि मलाइ बचाउनु र छोड़ाउनु हवस्.
होइनभन्ये ता त्यसले सिंहले झैं मेरो प्राणलाइ फटाउंछ २
छोड़ाउने कोई न हुंदा त्यो टुक्रा टुक्रा पार्छ।
हे मेरो ईश्वर् यह्वे मैले यो गर्यें भन्ये देखि ३
मेरा हातमा दुष्टैं भयो भन्ये देखि
म सङ मेल् राख्नेको मैले बुराई गर्येको छु भन्ये देखि ४
(अं जो अकारण् मेरो बिरोधी थियो त्यसलाइ बचायेको छु).
त सत्तुरले मेरो प्राणलाइ खेदि पक्रोस् ५
अं मेरो जीउ भूइंमा कुल्चोस्
अनि मेरो मान् माटोमा होच्याउस् सेला।
हे यह्वे आफ्नु रिसमा उठ्नु हवस्। ६
मेरा बिरोधीहरूको कोपको बिरुद्धमा अलगीनु हवस्.
अनि मेरो लागि जाग्नु हवस् तपांइले नियाको आज्ञा दिनु भयो।
अनि लोग् लोगको मंडली तपांइका चारै पट्टि आउंछन्. ७
अनि तपांइ तिनिहरू मांथि ऊर्ध्वलोकमा फर्कि जांनु हवस्।
यह्वे ता लोग् लोगको निया गर्ने हो. ८
हे यह्वे मेरो धर्म्म र ममा भयेको निखरैं अनुसार् मेरो निया गर्नु हवस्।
अं दुष्टको बुराई टुंडाओस् तर धर्म्मीलाइ स्थिर् गराउनु हवस्. ९
किनभन्ये धर्म्मी ईश्वर् मुटु र हिरय् जांच्ने छ।
मेरो ढाल् ईश्वर् सङ छ १०
जो मनमा सोजो हुंनेलाइ बचाउंने छ।
ईश्वर् धर्म्मी बिचारी छ ११
अं दिन् दिन् क्रोध् गर्ने ईश्वर्.
मान्छे फर्कन भन्ये देखि उसले आफ्नु तरवारमा धार् लाउंछ १२
उसले धनु उकाल्येर तियार् पार्येको छ।
त्यसको बिरुद्धमा उसले मृत्युका हतियार् तियार् पार्येको छ १३
उसले आफ्ना कांड़हरू अग्निबाण् तुल्याउंद छ
हेर त्यसले अधर्म्मको पिरा बोकद छ १४
अं उपद्रैंको गर्भ रह्यो अनि मिथ्यैं जन्म्येको छ।
त्यसले खाड़ल् खोदलि खोदलि खन्यो १५
अनि आफुले खन्येको कुंडमा त्यो आफै खस्यो।
त्यसको उपद्रैं त्यसैको कपालमा फर्कंछ १६
अनि त्यसको बलमिचैं त्यसैको थाप्लोमा खस्छ।
म यह्वेको धर्म्म अनुसार् उसको धन्नबाद् गर्छु. १७
अनि परम् ईश्वर यह्वेको नांउको स्तुति गाउंछु॥

८ मूलबजाउंनेको लागि. गत् भनीने रागमां गाईने । दाऊदको गीत

१ हे यहवे हामिहरूको प्रभु
तपांइको नांउ सिंगै पृथिवीमां कत्ति श्रेष्ठ छ ।
जस्ले आफ्नु विभव स्वर्गमां राख्येको छ ।
२ बालखहरू र दुध्खांनेहरूका मुख देखि तपांइले सामर्थको जग् बसालन् भयो
तपांइका विरोधीहरूको कारणले
तपांइले सत्तुर् र साटो लिंनेलाइ चुप् लगाउंनुको लागि ।
३ तपांइको आकाश् जो तपांइको औंलाको कार्य्य छ
जून् र ताराहरू जो तपांइले ठहराउंनु भयेको छ जब मं ति माथि चेत्
लगाउंद छु
४ त मान्छेजात् का हो र तपांइले त्यस्को सम्झना गर्नु हुंद छ.
कि मान्छेको सन्तान् र तपांइले त्यस्को हेरचाहा गर्नु हुंद छ ।
५ कसोगरिभन्ये तपांइले त्येस्लाइ ईश्वर्[1] भन्दा अलिक् कम् तुल्याउंनु भयो
अनि महिमा र मानको मुकुट् त्येस्लाइ पहिर्याउंनु भयो ।
६ तपांइले त्येस्लाइ आफ्ना हातका कार्य्यहरू माथि अधिकार् दिंनु भयो
तपांइले सबै थोक् त्यस्का चरण मुनि ताबिमा पार्नु भयो.
७ भेडाबाख्रा गाईगोरु सबै
अं वनपशुहरू पनि
८ आकाशका पंछीहरू र समुद्रका माछाहरू
समुद्रका बाटामां हिंड्ने सबै ।
९ हे यहवे हामिहरूको प्रभु
तपांइको नांउ सिंगै पृथिवीमां कति श्रेष्ठ छ ॥

९ मूलबजाउंनेको लागि मूतलब्बेन् भनीने रागमां बजाईने । दाऊदको गीत्

१ आफ्नु पुरो मनले यहवेको धन्नबाद् गर्छु
तपांइका सबै उदेकका कामको बखान् गर्छु ।
२ रमाहट् गर्दै तपांइमां बडाईं गर्छु .
हे परम् ईश्वर् तपांइको नांउको स्तुति गर्छु ।
३ जब मेरा सत्तुरहरू फर्कि जांदै छन्
तब तपांइको सांमु ठोकर् खाइ खाइकन नष्ट हुंद छन् ।
४ किनभन्ये तपांइले मेरो हकको र मेरो कुराको निया गर्नु भयेको छ
तपांइ धर्म्मले निया गर्दै सिंहासनमां बिराज्ने हुंनु हुंद छ ।
५ तपांइले अन्यदेसीहरूलाइ खें गर्नु भयो तपांइले दुष्टहरूलाइ नास् गर्नु भयो
तपांइले तिनिहरूको नांउ सदाको लागि मेटाउंनु भयो ।

[1] अथवा दूतहरु ।

सत्रुहरु भस्म भये सदाको लागि उजारियेका छन् ६
अनि तपांइले उखेल्येका सहरहरु चइं
तिनिहरुको सम्झना पनि मेटीयो ।
तर यहवे चइं सदाको लागि बिराजमान् छ . ७
उस्ले आफ्नु सिंहासन् नियाको लागि तियार् पार्येको छ ।
उसचइंले संसार्को निया धर्म्मै सित गर्छ ८
उस्ले सोजेइँ सित लोग् लोग्को निया गर्छ ।
यहवे कुच्याईयेकाहरुका लागि अलगो गाड़ पनि हुंछ ९
संकट्को बेलामां अलगो गड़
अनि तपांइको नांउ चिन्नेहरुले तपांइ माथि भरोसा राख्छन् १०
किनभन्ये हे यहवे तपांइले तपांइलाइ खोज्नेहरुलाइ छाड्नु भयेन ।
धन्नबाद् गाउ सिय्योन्मां हुन्ने यहवेको लागि . ११
लोग् लोग्लाइ उस्का कार्य्यहरु प्रचार् गर
किनभन्ये लोहूको साटो खोज्नेले तिनको सम्झना गर्छ . १२
दीन्हरुको डांहाडे बिर्सँदैन ।
मं माथि अनुग्रह् गर्नु हवस् हे यहवे १३
मंलाइ घिनाउंनेहरु देखि सह्यंको दुक्ख हेर्नु हवस्
हे मंलाइ मृत्युका ढोकाहरु देखि उठाउंने
र मं तपांइको सबै स्तुति प्रचार् गरुं . १४
सिय्योन्का छोरीका ढोकाहरुमां .
तपांइले गर्येका उद्धार्मां खुशि हुंछु ।
अन्यदेसीहरु आफुले खन्येका खाडल्मां आफै खस्य . १५
तिनिहरुले थाप्येका पासोमां आफ्नै गोड़ा जेलीय ।
यहवेले आफैलाइ प्रगट् गर्येको छ उस्ले निया गरि सक्येको छ १६
उस्ले दुष्टहरुलाइ आफ्नै हात्मां फंसाउंछ हिग्गायोन्[1] । सेला
दुष्टहरु पत्ताल्मां फर्कन्छन् १७
अं ईश्वर्लाइ बिर्सने अन्यदेसीहरु सबै ।
किनभन्ये दरिद्रहरु सदा बिर्सीइदैनन् १८
अनि दीन्हरुको आसा सदाको लागि नष्ट हुंदैन ।
हे यहवे उठनु हवस् मान्छे जिताहा न हवस् १९
अन्यदेसीहरुको निया तपांइको दृष्टिमां गरीओस् ।
तिनिहरुलाइ भय् देखाउंनु हवस् हे यहवे . २०
अन्यदेसीहरुले हामिहरु मान्छेइ मात्रै हौं भनि थाहा पाउन् ॥

१ अर्थात् बाजा बजाईको सोर् ।

१० १ हे यहवे तपांइ किन टाढ़ो उभीइ रहनु हुंद छ .
संकट्को बेलामां किन लुकनु हुंद छ ।
२ दुष्टको अहंकार्को कारणले दीनहरू अग्घोर् खेदीयेका छन्
तिनिहरूले आफुले निकाल्येका जुक्तिहरूमां आफै फांसीयेका छन् ।
३ कसोगरिभन्ये दुष्टले आफनु मन्को इच्छेको विषयमां घमंड् गर्द छ
अनि लोभीले यहवेलाइ छोडेर अं उस्को अस्वीकार् गर्द छ ।
४ दुष्टले आफनु अभिमान्ले भन्द छ उस्ले लेखा गर्दैन भनि ।
ईश्वर् छंदे छैन भन्ये त्यस्का सब्बै चिन्ता येइ हो ।
५ त्यस्का बाटा सधें दृढ़ छन्
तपांइका नियाबचनहरू त्यस्को दृष्टि देखि ऊंभो टाढ़ो छन् .
त्यस्का सबै बिरोधीहरूको बिषयमां त्यस्ले तिनिहरू माथि नाख बजाउंद छ ।
६ त्यस्ले आफनु मनमां भन्द छ हल्लाईंदीन .
पुस्ता पुस्ता सम्म दुक्खमां हुन्न भनि ।
७ त्यस्को मुख् स्राप् र छल् र धोखाले भरीयेको छ .
त्यस्को जिब्रो मुनि अधर्म्म र उपद्रैं छन् ।
८ गांउ गांउका ढुकुवा ढुकुवा ठांउमां त्यो बस्द छ
त्यस्ले लुकुवा ठांउमां निर्दोषीहरूलाइ घात् गर्द छ .
त्यस्का आंखाले गुप्तगरि अनाथ् तिर हेर्द छन् ।
९ सिंह आफनु कुरिमां ढुकि रहेको झैं त्यो आफनु लुकुवा ठांउमां ढुक्द छ .
दरिद्रहरूलाइ समातनुको लागि त्यो घात्मां बस्द छ .
त्यस्ले दरिद्रहरूलाइ आफनु पासोमां पारि समातइ छ ।
१० ढुकि बस्द छ निउरंद छ
अनि अनाथ् त्यस्का बलिया (पञ्जाले) लड्द छन् ।
११ त्यस्ले आफनु मनमां भन्द छ ईश्वरले बिर्सेको छ .
उस्ले आफनु मुख् छोपदे छ उस्ले त्यो कैले पनि देख्दैन ।
१२ हे यहवे उठनु हवस् हे ईश्वर् आफनु हात् उठाउंनु हवस् .
दीनहरूलाइ न बिर्सनु हवस् ।
१३ दुष्टहरूले ईश्वरले लेखा गर्दैन भनि आफनु मनमां भन्दे
तपांइलाइ किन तुच्छ गर्द छन् ।
१४ तपांइले देखनु भयो कसोगरिभन्ये तपांइले उपद्रैं र रिस् आफनु हातमा
लिनुलाइ हेर्नु हुंद छ .
अनाथले चइं आफुलाइ तपांइको हात्मां छोडि दिंद छ
टुहुरोको गोहारे तपांइनै हुनु भयो ।
१५ दुष्टको बांहां भांचनु हवस्
अनि बुरो मान्छेचइंको दुष्टैंलाइ केही पनि न पाइनेगरि खोजनु हवस् ।
१६ यहवे चइं जुगानजुगको लागि राजा हो
अन्यदेसीहरू त्यस्को देस् देखि नष्ट भये ।

हे यहवे तपांइले नरमहरूको इच्छे सुन्नु भयो . १७
तपांइले तिनिहरूको मन् तियार् पार्नु हुंछ तपांइले आफ्ना कान् सुन्न लाउंनु हुंछ .
टुहुरा र पीनीयेकाहरूको निया गर्नुलाइ १८
र मांटोको मान्छेले फेरि भय् देखाउंनु न पावस् ॥

११

मूलबजाउंनेको लागि । दाऊद् रचित .

मं यहवेको शरण लिंन छु . १
न तिमिहरूले मेरो प्राणलाइ
चरा झैं आफ्नु पहाडूमां उडि जा भनि किन भन्द छौ ।
किनभन्ये हेर दुष्टहरूले आफ्नु धनु उकाल्द छन् २
तिनिहरूले आफ्ना कांडू तांतिमां लगाइ तियार् पार्द छन्
हामिहरूले सोजो मन् भयेकाहरूलाइ अंध्यारोमां हांनूं भन्यार ।
जग् भत्काईयो भन्ये देखि । ३
धर्म्मीले के गर्नु सकछ
यहवे चइं आफ्नु पवित्र मन्दिर्मां छ ४
यहवे जो छ उस्को सिंहासन् स्वर्गमां छ
उस्का आंखाले मान्छेका सन्तानलाइ हेर्द छन् उस्का पलकले तिनिहरूलाइ जांच्द छन् ।
यहवेले धर्म्मीलाइ जांच्द छ . ५
तर दुष्ट र मिचेईलाइ प्रेम् गर्ने देखि उस्को प्राणले घिनाउंद छ ।
दुष्ट मांथि उस्ले पासो बर्साउंछ ६
आगो गन्धक् र बल्दो बतास् तिनिहरूको कटोराको भाग् हुंछन् ।
किनभन्ये यहवे धर्म्मी छ उस्ले धर्म्मकर्म्मलाइ प्यारो गर्द छ . ७
सोजाहरूले उस्को दर्शन् पाउंछन् ॥

१२

मूलबजाउंनेको लागि खर्जमां बजाईने । दाऊद्को गीत् ।

हे यहवे छोडाउंनु हवस् किनभन्ये भक्त येउटा पनि छैन १
किनभन्ये मान्छेको सन्तान् देखि बिश्वासयोग्यहरू मेटींद छन् ।
जनंगेले आफ्नु छिमेकि सित व्यर्थ कुरा गर्द छ . २
लल्लोपत्तो गर्ने ओंठले र दोमनले तिनिहरूले कुरा गर्द छन्
यहवेले लल्लोपतो गर्ने ओंठलाइ काटि दिंछ ३
ठुलो कुरो गर्ने जिब्रोलाइ पनि .
जस् उस्ले भन्द छन् हामिहरु आफ्नु जिब्रोले जिताहा हुंछौ ४
हांम्रा ओंठ् हांमिहरुइका छन्. को हो हांमि मांथिको प्रभु ।
दीनहरुको लूटाई र दरिद्रहरुको सुसकेरामंराईको कारणले ५

एलेनै उठ्छु भनि यहवेले भन्द छ
जस् मांथि तिनिहरूले नाख् बजाउंद छन् त्यसलाइ चैनमां राख्छु[१] ।
६ यहवेका कुरा शुद्ध छन् .
पृथिवी मांथि हांडिमां खारीयेको चांदी जस्तो
सात् खेप् खारीयेको ।
७ हे यहवे तपांइलेनै तिनिहरूको रक्षा गर्नु हुंद छ
तपांइले तिनिहरूलाइ येस् पुस्ता देखि सधैंको लागि बचाइ राख्नु हुंछ ।
८ दुष्टहरू चारै पट्टि डुल्द छन्
जब मान्छेहरूको सन्तानको मांभमां तुच्छ चइं अलग्याइयेको छ ॥

१३ मूलबजाउनेको लागि । दाउद्को गीत् ।

१ कहिले सम्म हे यहवे मलाइ सदाको लागि बिर्सनु हुंछ .
कहिले सम्म आफ्नु मुख् म देखि लुकाउंनु हुंछ ।
२ कहिले सम्म आफ्नु प्राण्मां सल्लाह् लिंदै हुं .
दिनभरि आफ्नु हिर्दयमां उदास् हुंदै
कहिले सम्म मेरो सत्रुर् म मांथि अलग्याइंदै रहंछ ।
३ चेत् गर्येर मलाइ उत्तर् दिनु हवस् हे मेरो ईश्वर् यहवे .
मेरा आंखालाइ ज्योति दिनु हवस् होइन भन्ये ता मृत्यु निन्द्रामां निधाउंछु
४ होइन भन्ये ता मेरा सत्रुरले म त्यस् मांथि जितादा भयें भनि भन्छ
अं म हल्लाईयें भन्ये मेरा बिरोधीहरू रमाउंछन् ।
५ तर मचइंले तपांइको करुणामां भरोसा गर्याको छु
मेरो हिर्दय् तपांइले गर्येको उद्धार् देखि रमाउंछ .
६ म यहवेको लागि गीत् गाउंछु
किनभन्ये उस्ले मलाइ उचितो सङ दियो ॥

१४ मूलबजाउनेको लागि । दाउद् रचित ।

१ मूर्खले आफ्नु मनमां भन्येको छ ईश्वर् छंदै छैन ।
तिनिहरू बिगर्येका छन् तिनिहरूले घिनलाग्दा काम् गर्येका छन्
सुकर्म्म गर्ने कोई पनि छैन ।
२ यहवेले स्वर्ग देखि मान्छेको सन्तान् मांथि चियाइ हेर्यो
कोई बुद्धिले गर्ने छ कि
कोई ईश्वरलाइ खोज्ने छ कि भन्यार हेर्नुलाइ ।
३ सबै फर्कि गये तिनिहरू सङ् सङै मैलीये
सुकर्म्म गर्ने कोई पनि छैन अं येउटा पनि छैन ।

१ अथवा जस् चैनको लागि त्यस्ले नाख् बजाउद छ त्यसैमां म त्यस्लाइ राख्छु ।

के अधर्म्म गर्नेहरु सबैको ज्ञाने छैन ४
जसले मेरा लोगलाइ रोटी झैं खाइ हाल्दछन्
अनि यहवेलाइ डाकादैनन् ।
तिहोंनै तिनिहरु मांथि मारो भय् पऱ्यो . ५
किनभन्ये ईश्वर् चइं धर्म्मीहरुको बीच्मां छ ।
तिमिहरुले दीनहरुका जुक्तिलाइ लाजमां पार्यका छौ ६
तर यहवे चइं त्यसको शरण् छ ।
हाय् इस्राएल्को उद्धार् सियोन् देखि निस्कंयको भये देखि ना हुंथ्यो ७
जब यहवेले आफ्नु लोग्को बन्धुवाई फर्काइ दिइ
तब याकूब् रमाउंछ अनि इस्राएल् खांशि हुंछ ॥

१५

दाऊद्को गीत् ।

हे यहवे तपांइको डेरामां कसले बास गर्नु पाउंछ १
तपांइको पवित्र पहाड्मां कसले रहंनु पाउंछ ।
जो सोजैई सित हिंड्ने छ अनि धर्म्मको काम् गर्ने छ २
अनि आफ्नु हिर्दयले सत्यैई बोल्ने छ ।
जो आफ्नु जिब्रोले चुग्लि गर्ने छैन ३
न आफ्ना मित्र सित बुराई गर्ने
न आफ्ना छिमेकिको बिरुद्धमां दोष् फिंजाउंने ।
जसको लेखिमां बिकामे मान्छे तुच्छ गनींद छ ४
तर ईश्वर्को भय् मान्नेहरुलाइ त्यसले मान् गर्द छ ।
जो आफ्नु हानिको लागि किरिया खाइकन पनि फर्ने छैन ;
जो आफ्नु रुपिया ब्याज्मां दिन्ये छैन ५
अनि निर्दोषीको बिरुद्धमां घूस् लिने छैन
येस्ता येस्ता काम् गर्ने चइं कसले पनि मारीदैन ॥

१६

दाऊद्को मिक्ताम् भन्यं गीत् ।

हे ईश्वर् मेरो रक्षे गर्नु हवस् . किनभन्ये तपांइको शरण् लिने छु । १
यहवेलाइ मैले भन्येको छु[1] तपांइ मेरो प्रभु हुंनु हुंद छ . २
तपांइ बाहिक् मेरो अरु कोई सुक्ख छैन ।
पृथिवी मांथि भयेका पवित्रहरु चइं ३
तिनिहरु भक्तहरु छन् जुन्हरुमां म खुशि छु भनि ।
(यहवेको) साटो पराय् (देवता) लिनेका दुक्ख अगधोरै बढाईछन् . ४
तिनिहरुको लोहूको खन्याईबलि चढाउंदीन
न तिनिहरुको नांउ आफ्ना ओंठमां लिंछु ।

---

[1] इब्रानिमां (हे मेरो प्राण्) तैंले भन्येको छस् ।

५ यहवे चइं मेरो अधिकार् र मेरो कटौराको भाग् छ .
तपांइले मेरो हिस्सा स्थिर् राखनु हुंइ छ ।
६ मेरो नापो मनपर्दो ठांउमां पर्यको छ
अं मैले जाति भाग् पायेको छु ।
७ जम् यहवेले मंलाइ सल्लाह् दियेको छ उसलाइ म धन्न भन्छु
अं मेरो अन्तःकरणले पनि राति मंलाइ चेताउंद छ ।
८ मैले यहवेलाइ सधैंभरि आफनु सामु देख्यें
उ मेरो दाहीनो हात् पट्टि भयेको कारणले म हल्लाइंदींन ।
९ येस्कारण मेरो हिर्दय् आनन्दित् र मेरो महिमा हर्षित् छ .
मेरो शरीरले पनि चैनमां बास् बस्न गर्छ ।
१० किनभन्ये तपांइले मेरो प्राणलाइ पत्तालमां छोड्नु हुन्न
अनि न आफनु भक्त जनलाइ कुहाई देखनु दिनु हुंछ ।
११ तपांइले मंलाइ जीउंनिको बाटो थाहा गराउंनु हुंछ .
तपांइको दर्शन् पायेकोमां आनन्दको भर्पूरो छ
तपांइको दाहीनो हातमां सनातनका सुक्ख छन् ॥

१७

दाऊद्को प्रार्थना ।

१ हे यहवे धर्म्मको बचन् सुनु हवस् मेरो चिच्याई तिर ध्यान् दिनु हवस्
जुं छली ओंठ् देखि निस्कि आयेको होइन त्येस् प्रार्थना मांथि कान्
लगाउंनु हवस् ।
२ मेरो बिचार्गराई तपांइको हजूर् देखि निस्कोस्
तपांइका आंखाले निया मांथि हेरुन् ।
३ तपांइले मेरो हिर्दय् जांच्नु भयो तपांइले मंलाइ राति भेट्नु भयो
तपांइले मंलाइ जांच्नु भयो तर केंइ पनि पाउंनु भयेन
मेरो मुखले अपराध् गर्दन भनि मैले ठानि सकें ।
४ मान्छेको कर्म्मको बिषयमां तपांइका ओंठको बचनको बाटोले
मिचेइं गर्नेहरुका बाटा देखि म चइं बांचि रयेको छु ।
५ मेरा फड्काले तपांइका बाटाहरु समात्येका छन्
मेरा गोड़ा चिप्लीयेका नन् ।
६ हे ईश्वर् तपांइले मंलाइ उत्तर् दिनु हुंछ येस्कारण तपांइलाइ मैले
हापार्येको छु .
म तिर आफना कान् थाप्येर मेरा कुरा सुन्नु हवस् ।
७ हे आफनु दाहीनो हातको बाटोले आफना शरणागत् हुंनेहरुलाइ
तिनिहरुको बिरुद्धमां उठ्नेहरु देखि बचाउंने
आफनु उद्देकको करुणा देखाउंनु हवस् ।
८ आफना आंखाको नानीलाइ झैं मेरो रक्षे गर्नु हवस्
आफना पखेटाको छाया मुनि मंलाइ लुकाइ राखनु हवस्

मंलाइ नास् गर्ने दुष्टहरू देखि ९
मंलाइ घेर्ने मेरो प्राणका सत्तुरहरू देखि ।
तिनिहरू आफ्नु बोसोमां मोहोरायेका छन् . १०
आफ्नु मुखले तिनिहरूले अहंकारका कुरा गर्दै छन् ।
तिनिहरूले हामिहरूलाइ हामिहरूका फड्काहरूमां घेर्येका छन् . ११
तिनिहरूले आफ्ना आंखा हामिहरूलाइ भुइं सम्म आफालनुलाइ लगायेका छन् ॥
लुटको लागि लालचि सिंहले झैं १२
लुकुवा ठांउमां ढुकि बस्ने जुवान् सिंह झैं ।
हे यहवे उठ्नु हवस् १३
त्यस्लाइ छेक्नु हवस् त्यस्लाइ निउंराउंनु हवस् .
आफ्नु तरवारले मेरो प्राणलाइ दुष्ट देखि बचाउंनु हवस्
आफ्ना हातले मान्छेहरू देखि हे यहवे १४
संसारका मान्छेहरू देखि जस्को भाग येस् लोकमां छ
अनि जस्को पेट् तपांइले आफ्नु भंडार् देखि भराउंनु हुंदै छ .
तिनिहरू बालखहरू देखि सन्तुष्ट हुंदै छन्
अनि आफ्ना धनसम्पत्तिमांको रहल् भाग् आफ्ना नानीहरूको लागि छोडि दिंदै छन् ।
मं चहिं ता धर्म्मी भयेर तपांइका मुख् हेर्छु . १५
जब जागंला तब तपांइको रूप् हेर्दै तृप्त हुंछु ॥

१८ मूलबजाउंनेको लागि । यहवेको दास् दाऊद्को गीत् जुन् दिन् यहवेले दाऊद्लाइ त्यस्का सबै सत्तुरहरूका हात् देखि र शाऊलको हात् देखि बचायो त्यस् दिन् दाऊद्ले यहवेको लागि येस् गीत्का यि बचन् भन्यो अनि त्यसले भन्यो[१] ।

हे यहवे मेरो सामर्थ मं तपांइ सङ प्रेम् राख्दछु । १
यहवे मेरो पहरा र मेरो किल्ला र मेरो छुट्कारा हो २
मेरो ईश्वर् मेरो बलियो पहरा उसमां मं शरण् लिंछु
मेरो ढाल् र मेरो उद्धार् गर्ने सींग् मेरो अग्लो धरारा ।
मं यहवेलाइ हापार्ने गर्दै छु जो स्तुति गरीने योग्य छ . ३
येसोरि आफ्ना सत्तुरहरू देखि बचाइंछु ।
मृत्युका डोरीले मंलाइ घेर्ये ४
अधर्म्मका बाढिले मंलाइ डराउंनु लाये ।
पत्तालका डोरी मेरो वरिपरि थिये . ५
मृत्युका पासोहरू मं माथि आइ लाग्ये ।

[१] २ शमूएल् २२ अध्याय् हेर्नु ।

६ आफ्नु संकट्मां मैंले यह्वेलाइ हापार्यें
अनि आफ्नु ईश्वर्लाइ हापार्यें .
उस्ले आफ्नु मन्दिर् देखि मेरो सोर् सुन्यो
अनि मेरो दोहाई उस्का कानमां पुग्यो ।
७ तब पृथिवी हल्लीयो अनि कांम्यो
पहाड्हरूका जग्हरू चल्थे
अनि हल्लीयें उस्को क्रोधको कारणले ।
८ उस्का नाथ्री देखि धुवां उठ्यो
अनि उस्को मुख् बाटोको आगोले भस्म पार्यो .
त्येस् देखि कोइला सल्काईयें ।
९ उ स्वर्गलाइ पनि निउंराएर उत्र्यो
अनि उस्का गोड़ा मुनि बाक्लो अंध्यारो थियो ।
१० अनि येउटा करुब् मांथि चढ़ेर उड़्यो .
अं उ बतासको पंखेटा मांथि बेग् हानि उड़्यो ।
११ उस्ले अंध्यारोलाइ आफ्नु लुक्ने ठाउं अं आफ्नु वरिपरि मण्डप् तुल्यायो
पानीहरूको अंध्यारोलाइ अकाशका बाक्ला बादल्हरूलाइ ।
१२ उस्को सांमुको चमकले उस्का बाक्ला बादल्हरू हराये
असीनाहरू र आगोका फिलींगाहरू ।
१३ यह्वे स्वर्गमां गर्ज्यो पनि
अनि परम् ईश्वर्ले आफ्नु बाणी सुनायो
असीनाहरू र आगोका फिलींगाहरू ।
१४ अनि उस्ले आफ्ना कांड् हानि पठाएर तिनलाइ छरपुट्ट पार्यो
अं धेरै बिजुलिहरू अनि तिनलाइ ध्वंस पार्यो ।
१५ तब पानीहरूका थाह्हरू देखाहा पर्थे
अनि जगत्का जग् उघारीये
हे यह्वे तपांइका हकाराईले
तपांइको नाथ्रीको सासको फुकाईले ।
१६ उस्ले मांथि बाटो पठायो उस्ले मलाइ लियो
उस्ले मलाइ धेरै पानीहरू देखि तानि निकाल्यो ।
१७ उस्ले मलाइ मेरो बल्लियो सत्रु देखि बचायो
अनि मलाइ घिनाउंनेहरू देखि किनभन्ये तिनिहरू मं भन्दा बल्लियाहरू थिये ।
१८ तिनिहरू मं मांथि मेरो बिपत्तिका दिन्मां आइ लाग्ये .
तर यह्वे चइं मेरो टेवा थियो ।
१९ उस्ले मलाइ येउटा फराक् ठांउमां निकालि पनि ल्यायो
उस्ले मलाइ छोड़ायो किनभन्ये उ मं देखि खुशि थियो ।
२० यह्वेले मलाइ मेरो धर्म्मको अनुसार् प्रतिफल् दियो
मेरो हात्को चोखेइं अनुसार् उस्ले मलाइ साटो दियो ।

किनभन्ये मैंले यहवेका बाटाहरु समाति राख्येको छु २१
अनि न आफ्नु ईश्वर् देखि दुष्ट भइ हिंड् गयेको छु ।
कसोगरिभन्ये उनका सबै नियावचन्हरु मेरो सामु थिये २२
अनि मैंले उनका बिधिहरुलाइ आफु देखि टाढो राख्येको छुइन ।
मं उनको लागि सिद्ध पनि थियें २३
अनि आफ्नु अधर्म्म देखि जोगाइ रह्यां ।
येसकारण यहवेले मंलाइ मेरो धर्म्मको अनुसार् साटो दिया २४
उनको सुखेंजि भयेको मेरा हातको चोखैइ अनुसार् ।
कृपालु माथि तपांइ कृपालु देखाहा पर्नु हुंद छ २५
सिद्ध माथि तपांइ सिद्ध देखाहा पर्नु हुंद छ ।
शुद्ध माथि तपांइ शुद्ध देखाहा पर्नु हुंद छ २६
अनि अट्टेरि माथि तपांइ बटारौयेका देखाहा पर्नु हुंद छ ।
कसोगरिभन्ये दुखित्हरुलाइ तपांइले बचाउंनु हुंद छ २७
तर अहंकारी आंखालाइ तपांइले खसाल्नु हुंद छ
कसोगरिभन्ये तपांइले मेरो बत्ती बाल्नु हुंछ २८
अनि मेरो ईश्वर् यहवेले मेरो अन्धकार्लाइ उज्यालो पार्छ ।
कसोगरिभन्ये तपांइको बाटाले मं दल् माथि दगुरि जांद छु २९
अनि मेरो ईश्वर्को बाटोले भित्ता नाघद छु ।
ईश्वरेको बिषयमां उनको बाटा सिद्ध छ . ३०
यहवेको बचन् जांचायेका छ
उ आफ्नु शरण् लिनेहरु सबैको लागि ढाल् छ ।
कसोगरिभन्ये यहवे बाहिक् ईश्वर् को छ . ३१
अनि हामिहरुका ईश्वर् बाहिक् पहरा को छ .
जुन् ईश्वर्ले मंलाइ बल् भिराइ दिंद छ ३२
अनि मेरो बाटो सिद्ध तुल्याउंद छ ।
उनले मेरा गोड़ा हरिणहरुका जस्ता तुल्याउंद छ . ३३
अनि मंलाइ मेरा अल्गा ठांउहरुमां बसाल्द छ ।
उनले मेरा हात्हरुलाइ लड़ाइं गर्नुलाइ सिकाउंद छ ३४
पीतल्को धनु मेरा बाहांले उकाल्नु भन्ये खानिरले ।
तपांइले मंलाइ आफ्नु उद्धार् गर्ने ढाल् पनि दिनु भयो ३५
अनि तपांइको दाहींनो हातले मंलाइ सम्भाल्येका छ
अनि तपांइको नरमैइले मंलाइ बढायेको छ ।
तपांइले मं मुनि मेरा फड्का बढाउंनु भयो ३६
न मेरा गोड़ा चिप्लीयेनन् ।
मं आफ्नु सत्तुर्हरुलाइ खेदेर भेट्टाउंछु . ३७
अनि न तिनिहरु भस्म न होउंन्याल् सम्म फर्किंछु ।

३८ तिनिहरू उठ्नु न सकने सम्मगरि तिनिहरूलाइ मारि दिंछु
मेरा गोड़ा मुनि तिनिहरू लड्छन् ।
३९ कमीगरिभन्य तपांइले मलाइ लड़ाईंको लागि बल् भिराइ दिनु भयो .
म माथि आइ लाग्नेहरूलाइ तपांइले म मुनि निउंराइ दिनु भयो ।
४० तपांइले मेरा सत्तुरूहरूलाइ मेरो लागि पिठिउं फर्काउंनु पनि लाउंनु भयो
मैंले आफ्ना बैरिहरूलाइ काटि दिंनुलाइ ।
४१ तिनिहरू चिच्याये तर बचाउंने कोई पनि रैनछ
अं यहवे पट्टि तर उस्ले तिनिहरूलाइ उत्तर् दियेन ।
४२ तब मैंले तिनिहरूलाइ आंधीको मांभु उड़ायेको धूलो भैं मसीनो पिठो पार्यें
बाटोको हिलो भैं तिनिहरूलाइ निकाल्यें ।
४३ तपांइले मलाइ प्रजाको भगरा देखि छोड़ाउंनु भयेको छ
तपांइले मलाइ लोग् लोगको मालिक् तुल्याइ राख्नु भयेको छ .
मैंले न चिन्येका लोगले मेरो सेवा गर्छन् ।
४४ मेरो विषयमा सुन्नु बित्तिकै मेरो कर्मा आउंछन्
अन्यदेसीहरूले मलाइ छल् बिना मान्छन् ।
४५ अन्यदेसीहरू ओइल्हाछन्
अनि आफ्नु आफ्नु सांगुरो ठांउ देखि कांम्दै निस्कंछन् ।
४६ यहवे जीइ रहंद छ अनि मेरो पहरा धन्नको हउस्
अनि मेरो उद्धार् गर्ने ईश्वर् अलग्याईओस् .
४७ अं मेरो लागि साटो लिंने ईश्वर्
जस्ले लोगलाइ मेरो मुनि ओह्राल्द छ ।
४८ उस्ले मलाइ मेरा सत्तुरूहरू देखि बचाउंद छ .
अं तपांइले मलाइ म माथि आइ लाग्नेहरू माथि उचाल्नु हुंद छ
तपांइले मलाइ उपद्र मान्छे देखि छोड़ाउंनु हुंद छ ।
४९ यस्कारण् हे यहवे लोग् लोगको बीचमा तपांइको धन्नबाद् गर्छु
अनि तपांइको नाउंको स्तुति गाउंछु ।
५० उस्ले आफ्नु राजालाइ ठूलो छुटकारा दिंद छ
अनि आफ्नु अभिषिक्त माथि करुणा गर्द छ
दाऊद् माथि र त्यस्का बंश माथि जुगनजुग् ॥

१९

मूलबजाउंनेको लागि । दाऊद्को गीत् ।

१ स्वर्गले ईश्वरको महिमाको बखान् गर्द छ
अनि अकाशले उस्का हातको काम् प्रगट् गर्द छ ।
२ दिनले दिनलाइ बोली निकाल्द छ
अनि रातले रातलाइ ज्ञान् देखाउंद छ ।
३ बोली छैन अनि कुरा पनि छैन
तिनिहरूको सोर् सुनीदैन ।

तिनिहरुको नापो सिंगै पृथिवीमां ४
अनि तिनिहरुका कुरा संसारको छेउ सम्म फिंजीयेका छन् ।
तिनिहरुमां उसले सूर्जको लागि डेरा राख्येको छ
जो सूर्ज त्येस्को कोठा देखि निस्कि आउंदा छ व्याउला जस्तो छ ५
जो बीर् झैं दौडमां दगुर्नुलाइ रमाउंदा छ ।
त्येस्को निस्किजवाई अकाशको छेउ देखि छ ६
अनि त्येस्को चक्कर् अर्को छेउ सम्म .
अनि त्येस्को घाम् देखि कोइ पनि लुक्येको छैन ॥

यह्वेको व्यवस्था सिद्ध छ प्राण फर्काउंने . ७
यह्वेको साक्षीबचन् बिस्वास्योग्य छ लाटालाइ बुद्धिमान् तुल्याउंने ।
यह्वेका अर्थाह्रुरु ठीक् छन् हिर्दयलाइ आनन्द गराउंने ८
यह्वेको आज्ञा चोखो छ आंखालाइ उज्यालो पार्ने ।
यह्वेको भय् शुद्ध छ सदाको लागि रहंने . ९
यह्वेका नियावचनहरु सत्य छन् सब्बै तिर धर्म्म हुंने ।
तिनिहरु सुन् भन्दा अं धेरै अस्सल् सुन् भन्दा मनपर्दा . १०
मह अं चाकाको बहंने मह भन्दा गुलीयो छ ।
येस् उप्रान्त तिनिहरु देखि तपांइको दास् चेताईयेको छ . ११
ति मान्येकोमां ठूलो प्रतिफल् छ ।
भुलचूकलाइ कस्ले चिन्न सक्छ . १२
गुप्त पाप् देखि मलाइ चोख्याउंनु हवस् ।
अहंकारका पापहरु देखि पनि आफ्नु दास्लाइ थुन्नु हवस् १३
तिनिहरुले म मांथि प्रभुताई गर्नु न पाउन् . तब निर्दोषी
अनि ठूलो अपराध् देखि चोखो छु ।
मेरो मुखका कुरा र मेरो हिर्दयको ध्यान् तपांइको सांमु ग्रहणयोग्य होउन् १४
हे यह्वे मेरो पहरा र मेरो छुटकारा ॥

मूलबजाउंनेको लागि । दाऊद्को गीत् । २०

संकष्टको दिनमां यह्वेले तंलाइ उत्तर् देवस् १
याकूबको ईश्वरको नांउले तंलाइ ऊंभो अलग्याबस्
पवित्रस्थान् देखि तेरो लागि गोहार् पठावस् २
अनि सिय्योन् देखि तंलाइ संभालोस्
तेरा सबै अन्नबलि सम्झोस् ३
अनि तेरा होमबलि बोसो झैं ग्रहण गरोस् सेला ।
तेरो मनको इच्छे तंलाइ देवस् ४
अनि तेरा सबै जुक्ति पूरो गरोस् ।

५ तेरो उद्धार्‌मां हांमिहरु जयजय् गाउंछौं
अनि आफ्‌नु ईश्वर्‌को नांउमां आफ्‌ना झण्डाहरु उभ्याउंछौं.
यहवेले तेरा सबै अर्जी पूरो गरोस् ।
६ एले जान्द छु यहवेले आफ्‌नु अभिषिक्तलाइ उद्धार् गर्द छ
उस्ले आफ्‌नु पवित्र स्वर्ग देखि त्यस्लाइ उत्तर् दिंछ.
आफ्‌नु दाहींनो हात्‌को उद्धार् गर्ने पराक्रम्‌ले ।
७ कत्तिले रथहरुमां र कत्तिले घोड़ाहरुमां
तर हांमिहरु चइं आफ्‌नु ईश्वर् यहवेको नांउमां बढाइ गर्छौं ।
८ तिनिहरु चइं निउंर्येर लड़ेका छन्.
तर हांमिहरु चइं उठेर उभाइ रहंद छौं ।
९ हे यहवे बचाउंनु हवस्.
हांमिहरुले पुकार्दामां महाराजाले हांमिहरुलाइ उत्तर् देवस्॥

२१ मूलबजाउंनेको लागि । दाऊद्‌को गीत् ।

१ हे यहवे महाराजाले तपांइको सामर्थ्यमां आनन्द गर्छ
अनि तपांइले गर्ने उद्धार्‌मां त्यो कति विघ्न हर्षित् हुंछ ।
२ तपांइले त्यस्लाइ त्यस्को मन्‌को इच्छे दिंनु भयो
अनि तपांइले त्यस्का ओंठको विन्ति थन्नु भयन । सेला ।
३ कसोगरिभन्थ्ये तपांइले त्यस्लाइ
असल् असल् आशीष् लियेर भेट् गर्नु भयो.
तपांइले त्यस्को सिर्‌मां असल् सुन्‌को मुकुट् राख्‌नु भयो ।
४ त्यस्ले तपांइ सित जीउंनि मांग्यो अनि तपांइले त्यस्लाइ त्यो दिंनु भयो
अं जुगन्‌जुग्‌को दीर्घायु ।
५ त्यस्को महिमा तपांइले गर्ने उद्धार्‌मां ठुलो छ
प्रताप् र महातम्‌लाइ तपांइले त्यस् मांथि राख्‌नु हुंद छ ।
६ कसोगरिभन्थ्ये तपांइले त्यस्लाइ सदाको लागि आशीष्‌हरुको कारण् तुल्याउंनु हुंद छ.
तपांइले त्यस्लाइ आफ्‌नु दर्शन् दियेर रमाहट्‌ले आनन्दित् तुल्याउंनु हुंद छ ।
७ कसोगरिभन्थ्ये राजाले यहवे मांथि भरोसा राख्‌द छ
अनि परम् ईश्वर्‌को करुणाको कारण्‌ले त्यो कैले पनि हल्लाइंदैन ।
८ आफुको हात्‌ले आफ्‌ना सबै सत्तर्‌हरुलाइ समात्‌छन्.
आफुको दाहींनो हात्‌ले आफु सित इर्खि राख्‌ने सबैलाइ समात्‌छ ।
९ आफुले आफ्‌नु प्रगट् हुंने बेलामां तिनिहरुलाइ बल्‌दो भट्टी तुल्याउंनु हुंछ
यहवेले तिनिहरुलाइ आफ्‌नु क्रोध्‌मां निलि हाल्छ
अनि आगोले तिनिहरुलाइ खाइ हाल्छ
१० तिनिहरुको सन्तान्‌लाइ आफुले पृथिवी देखि मेट्‌नु हुंछ
अनि तिनको वंशलाइ मान्छेहरुको सन्तान देखि ।

किनभन्ये तिनिहरुले आफुको हानि गर्न जतन् गर्ये . ११
तिनिहरुले आफुले गर्नु न सक्ने जुक्ति निकाल्ये ।
किनभन्ये आफुले तिनिहरुको पिठिउं फर्काउंनु लाउंनु हुंछ १२
आफ्नु धनु तिनिहरुको सांमु चढ़ाइकन ।
हे यहुवे आफ्नु सामर्थमां अलग्याइंनु हवस् . १३
त हांमिहरु तपांइको पराक्रम्को स्तुति र भजन् गाउंछौं ॥

मूलबजाउंनेका लागि अय्येलथश्शहर् [१] भन्नींन रागमां बजाइंने । २२
दाऊद्को गीत् ।

हे मेरा ईश्वर् हे मेरा ईश्वर् मंलाइ किन छोड़ि दिंनु भयो . १
मंलाइ गोहार् गर्नु देखि र मेरो कंकलाश्का कुरा देखि यति टाढ़ो किन रहंनु हुंदछ ।
हे मेरा ईश्वर् दिउंसो हापाई रहंदछु तर तपांइले उत्तर् दिंनु हुंन्न २
अनि राति पनि तर मेरो चैन छैंन ।
तर तपांइ जो इस्राएल्का स्तुति मांथि बिराजन्ने छौ ३
तपांइ पवित्र हुंनु हुंदछ ।
तपांइ मांथि हांमिहरुका पित्रहरुले भरोसा राखद् थिये . ४
भरोसा राखद् थिये अनि तपांइले तिनिहरुलाइ छोड़ाउंनु भयो ।
तपांइ तिर हापाई थिये अनि छोड़ाईये . ५
तपांइ मांथि भरोसा राखद् थिये अनि लजाईयेनन्
तर म चइं ता कीरा मात्रै अनि मान्छे हुंइंन ६
मान्छे देखि गिल्ला लोग् देखि तुच्छ ।
मंलाइ देख्ने सबै निन्दा गरि हांस्द छन् . ७
ओंठ् फर्काउंद छन् सिर् चलाउंद छन् येसो भनिकन
यहुवे मांथि आफुलाइ पल्टा उस्ले त्येस्लाइ छोड़ावस् . ८
उस्ले त्येस्लाइ बचावस् किनभन्ये उ त्येस्मा खुशि हुंद छ भन्दे ।
तर मंलाइ पेट् देखि निकाल्ने तपांइनै हौ . ९
म आफ्नी आंमाका थुन्मां हुंदा तपांइले मंलाइ भरोसा गर्नु लाउंनु भयो ।
गर्भ देखि म तपांइमांड हालीयें १०
मेरो आंमाको पेटै देखि तपांइ मेरो ईश्वर् हुंनु हुंद छ ।
म देखि टाढ़ो न हुंनु हवस् किनभन्ये सकस् नजिक् छ ११
किनभन्ये मेरो गोहारे कोई छैंन ।
धेरै सांढूहरुले मंलाइ घेर्ये १२
बाशानका बलिया सांढूहरुले मेरो चारै पट्टि बाटो मंलाइ फेरो मांर्ये ।

[१] अर्थात् बिहानको हरिणी ।

१३ तिनिहरूले मं माथि आफ्नु मुख् पसाई छन्
फार्ने र गर्जने सिंहले झैं
१४ पानी झैं पोखाईयेको छु
अनि मेरा सबै हाडूहरू जोडू देखि उखेलीयेका छन्.
मेरो हिर्दय् मयन् जस्तो छ
मेरा आन्द्राहरूको बीचमां पगल्येको छ ।
१५ मेरो बल् खबटा जस्तो सुक्येको छ
अनि मेरो जिब्रो मेरो तालूमां टांसींद छ
अनि मृत्युको धूलोमां तपांइले मंलाइ हाल्नु भयो ।
१६ कस्तोगरिभन्ये कुकुरहरूले मंलाइ घेर्ये .
दुष्ट कुकर्म्मीहरूको मंडलीले मंलाइ चारै तिर बाटो घुन्यो
मेरा हात् र मेरा गोड़ा तिनिहरूले छेंड़र ।
१७ मं आफ्ना सबै हाडू गन्नु सक्छु
तिनिहरूले मं माथि डिठ् लगाइकन हेर्द छन् .
१८ तिनिहरूले मेरा वस्त्र आपस्तमां बांड़ि लिंद छन्
अनि मेरो मूलवस्त्रमां चिट्ठा हालि दिंद छन् ।
१९ तर हे यह्वे तपांइ टाड़ो न हुंनु हवस् .
हे मेरा सहायक् मेरो गोहारको लागि छिटो गर्नु हवस् ।
२० मेरो प्राणलाइ तरवार् देखि
मेरो एक्लैलाइ कुकुर्को हात् देखि छोड़ाउंनु हवस् ।
२१ मंलाइ सिंहका मुख् देखि बचाउंनु हवस्
अं अर्नाको सींग् देखि मंलाइ तपांइले उत्तर् दिंनु भयो ।
२२ आफ्ना भाईहरूलाइ तपांइका नांउको वृत्तान्त कहि सुनाउंछु .
मंडलीको बीचमां तपांइको भजन् गाउंछु ।
२३ हे यह्वेको भय् मान्नेहरू हो उस्को स्तुति गर
हे याकूबको सिंगै बंश उस्को महिमा गर
अनि हे इस्राएलका सबै बंश उ देखि डराव ।
२४ किनभन्ये उस्ले दुखिको दुक्ख न तुच्छ जान्यो न घिनायो
न आफ्नु मुख् त्यो देखि लुकायो
तर त्येस्ले उस्लाइ गोहार्ई दिंदा उस्ले सुन्यो ।
२५ तपांइ देखि ठूलो सभामां मेरो स्तुति हुंछ .
उस्को भय् मान्नेहरूको सांमु मं आफ्नु भाकल् पूरो गर्छु ।
२६ नरमहरूले अघाउंजि अघाउंजि खांछन्
यह्वेको पछि पछि लाग्नेहरूले उस्को स्तुति गर्छन् .
आफुहरूको हिर्दय् सदाको लागि जीइ रहोस् ।
२७ पृथिवीका सबै छेउ सम्झिकन यह्वे तिर फर्कन्छन् .
अनि अन्यदेशीहरूका सबै कुलले तपांइको सांमु दण्डवत् गर्छन् ।

किनभन्‍र्य राज् यह्वेके हो . २८
अनि अन्यदेसीहरु मांथि प्रभुतेइँ गर्न उड हो ।
पृथिवीका सबै बलियाबाङ्गाहरुले भोजन् खायेर दण्डवत् गर्छन् २९
धूलो सम्म उत्रंने सबै उसैको सांमु घोप्‍टा पर्छन्
अं जस्ले आफ्नु प्राण् जीउंदो राख्नु सक्‍दैन ।
येउटा बंशले उस्को सेवा गर्छ ३०
यह्वेको बिषयमां पुस्ता सम्म बखान् गरींछ ।
तिनिहरुले आयेर जन्माइँने लोगलाइ उस्को धर्म्मको प्रचार् गर्छन् ३१
उस्ले गरयेको छ भन्ये ॥

२३

दाजद्का गीत् ।

यह्वे मेरो गोठाला हो मंलाइ घटि हुंदेन . १
उस्ले मंलाइ हरीयो खर्कमां खर्कांउंद छ
उस्ले चैन्को पानी निर मंलाइ डोर्‍याउंद छ ।
उस्ले मेरो प्राणलाइ फर्कांउंद छ . ३
उस्ले आफ्नु नांउको कारणले मंलाइ धर्म्मका बाटामां अगुवाइ गर्द छ ।
अं मृत्युको छायाको तरिमां हिंड्‌र भन्ये पनि ४
कुनै हानि देखि डराउंदीन किनभन्‍र्य तपांइनै मं सङ हुंनु हुंद छ
तपांइको लाठो र तपांइको लउरो जो छुन् तिनैले मंलाइ शान्ति दिंद छन् ।
तपांइले मेरो लागि मेरा बिरोधीहरुको सांमु मेज् तियार् पार्नु हुंद छ . ५
तपांइले मेरो सिर्मां तेल् लगाउंनु भयो मेरो कटोरा पोखींद छ ।
सांच भलाइ र करुणाले मेरो जाउंनिभरि मंलाइ पछ्याउंछन् . ६
अनि यह्वेको घर्मां सदा बस्ते गर्छु ॥

२४

दाजद्को गीत् ।

यह्वेलाइ पृथिवी पर्छ त्यस्को भर्‌पूरी समेत् १
जगत् र त्येस्मां बस्नेहरु सबै ।
कसोगरिभन्ये उस्ले समुन्द्र मांथि त्यो बसाल्यो २
अनि महानदीहरु मांथि स्थिर् गर्‍यो ।
यह्वेको पर्वत्मां कस्ले चढ्नु पाउंछ . ३
अनि उस्को पवित्र ठांउमां कस्ले उभीनु पाउंछ ।
जस्को हात् निर्दोष् र हिर्दय् शुद्ध छ ४
जस्ले आफ्नु प्राण् व्यर्थइँ तिर अलग्यायेको छैन
न छल् सित किरिया खायेको छ ।
त्येस्तैले यह्वे देखि आशीष् पाउंछ ५
अनि त्येस्को उद्धार् गर्ने ईश्वर् देखि धर्म्म ।

६ उ त्यित खोधनी गर्नेहरूको पुस्ता येइ हो
हे याकूबको ईश्वर् तपांइको दर्शन् खोजनेहरू । सेला ।
७ हे दैलाहरू हो आफ्ना सिर् उठाव
अनि अलग्याईयौ हे सनातनका ढोकाहरू हो .
त महिमाको राजा पस्छ ।
८ महिमाको राजा भन्या को हो .
यहवे प्रतापी र पराकर्म्मी
यहवे लड़ाईंमां पराकर्म्मी ।
९ हे दैलाहरू हो आफना सिर् उठाव
अं तिनलाइ अलग्याव हे सनातनका ढोकाहरू हो .
त महिमाको राजा पस्छ ।
१० महिमाको यो राजा भन्या चइं को हो .
सेनाहरूको यहवे
उब चइं महिमाके राजा हो सेला ।

२५

दाऊद् रचित् ।

१ तपांइ थांइ हे यहवे आफ्नु प्राण उठाउंइ छु ।
२ हे मेरो ईश्वर् तपांइमांनै भरोसा गर्याको छु
मंलाइ लाजमां पर्नु न दिनु हवस्
मेरा सत्तुरहरूले मं मांथि जय् गर्नु न पाउन् ।
३ अं तपांइका बाटा हेर्न कुनै पनि लज्जित् हुंनु न पावस् .
अकारण् छलको बेहोरा गर्नेहरू लजाउंछन् ।
४ आफ्ना मार्ग हे यहवे मंलाइ जनाउंनु हवस्
आफ्ना बाटा मंलाइ सिकाउंनु हवस् ।
५ आफ्नु सत्यईंमां मेरो अगुवाई गर्नु हवस् अनि मंलाइ सिकाउंनु हवस्
किनभन्या तपांइनै मेरो उद्धार् गर्ने ईश्वर् हौ
दिनभरि तपांइको बाटो हेरि रहंद छु ।
६ हे ईश्वर् आफ्नु बड़ो दया र करुणा सम्झनु हवस्
किनभन्या ति सधैं देखि छंदै छन् .
७ मेरो जवानिंका पाप् र मेरा अपराध् न सम्झनु हवस् .
आफ्नु करुणा अनुसार् मंलाइ सम्झनु हवस्
आफ्नु भलाईको कारणले हे यहवे ।
८ यहवे भलो र सोजो छ .
येसकारण् उसले पापीहरूलाइ बाटोमां शिक्षा दिंछ ।
९ उसले दीनहरूलाइ नियावचनमां अगुवाई गर्छ .
अनि दीनहरूलाइ आफ्नु बाटोको शिक्षा दिंछ ।

यहवेको नियम र साक्षीबचन् मान्नेहरूको लागि १०
उसका सबै बाटा करुणा र सच्चाईंका छन् ।
हे यहवे आफ्नु नाउंको कारणले ११
मेरा अधर्म क्षमा गर्नु हवस् किनभन्या त्यो ठुलो छ ।
यहवेको भय् मान्ने को छ . १२
उसले त्यसलाइ छानीयेको बाटोमा शिक्षा दिंछ ।
त्यसको प्राणले चैनमा बास् गर्छ १३
अनि त्यसका सन्तान् देसका अधिकारी हुंछन् ।
यहवेको भेद् उसको भय् मान्नेहरू चइं सङ छ १४
अनि उसले तिनिहरूलाइ आफ्नु नियम् जनाउंछ ।
मेरा आंखा सदा यहवे तिर लागेर छन् १५
किनभन्या उसले मेरा गोड़ा पासो देखि निकाल्छ ।
मं तिर फर्केर मं माथि अनुग्रह् गर्नु हवस् १६
किनभन्या मं एकलै र मिचीयेको छु ।
मेरो हिर्दयका क्लेशहरू बढ़ाईयेका छन् . १७
मंलाइ मेरा संकष्टहरू देखि निकाल्नु हवस् ।
मेरो दुक्ख र मेरो कष्ट माथि दृष्टि गर्नु हवस् १८
अनि मेरा सबै पाप् माफ् गर्नु हवस् ।
मेरा सत्तुरहरू माथि दृष्टि गर्नु हवस् किनभन्या तिनिहरू धेरै छन् १९
अनि तिनिहरूले मं माथि बिघ्न रिस् राखेर छन् ।
मेरो प्राणको रक्षा गर्नु हवस् अनि मंलाइ छोड़ाउंनु हवस् . २०
मंलाइ लज्जित् हुंनु न दिंनु हवस् किनभन्या मं तपांइको शरणागत् छु ।
निखरैइं र सोझैइंले मेरो रक्षा गरुन् २१
किनभन्या तपांइको बाटो हेरें छु ।
हे ईश्वर् इस्राएललाइ २२
त्यसका सबै संकट् देखि छोड़ाउंनु हवस् ॥

दाऊद् रचित् । २६

हे यहवे मेरो निया गर्नु हवस् किनभन्ये मं आफ्नु निखरैइंमा हिंड़ेको छु . १
मैंले यहवे माथि भरोसा राख्येको छु न हल्लीइकन ।
हे यहवे मंलाइ जांच्नु हवस् मंलाइ खार्नु हवस् २
मेरो मुटु र मेरो हिर्दय् जांच्नु हवस् ।
किनभन्ये तपांइको करुणा मेरा आंखाको सोझि छ ३
अनि तपांइको सच्चैइंको सोझि हिंड़ें ।
व्यर्थैइं गर्नेहरू सङ बस्येको छुइंन ४
न कपटीहरू सङ पस्छु ।

५ कुकर्म्मीहरूको मंडली देखि घिन् राखद् छु
अनि दुष्टहरू सङ्ग बस्दींन ।
६ म आफ्नु हात् निर्दोषिइँमा धुन्छु
यसोरि तपांइको बेदिको रिंगै माड़ो घुमछु हे यहूवे .
७ मैले धन्नबाद्को सोर् सुनाउंनुलाइ
अनि तपांइका सबै आश्चर्य्यकर्म्मको बखान् गर्न्लाइ ।
८ हे यहूवे तपांइको घर्को बास्लाइ
र तपांइको महिमाको बासस्थान्लाइ प्यारो गर्दछु ।
९ मेरो प्राणलाइ पापीहरू सङ्ग
र मेरो जीवन्लाइ रगत् बहाउंने सङ्ग मेला न गराउंनु हवस् .
१० जुन्हरूको हात्मा दुष्टैं छ
अनि तिनिहरूको दाहींनो हात् घूस्ले भरीयेको छ ।
११ तर म चहिं आफ्नु निखर्‍‍इँमा हिंड्छु .
मंलाइ छोड़ाउंनु हवस् अनि म माथि अनुग्रह् गर्नु हवस् ।
१२ मेरा गोड़ाले सम्म ठांउमा टेक्द्छन् .
मंडलीहरूमा यहूवेलाइ आशीर्ब्बाद् दिंछु ॥

२७

दाऊद् रचित् ।

१ यहूवे मेरो ज्योति र मेरो मुक्ति हो म कोसँग डराउं .
यहूवे मेरो जीवन्को गढ़ि हो
म कस्को भय् मानुं ।
२ जब कुकर्म्मीहरू औं मेरा बिरोधीहरू र मेरा सत्तुरूहरू
मेरो जीउ खाइ हाल्नुलाइ म माथि आइ लाग्ये तब ठोकर् खा येर लडि गये
३ सेनाहरूले मेरो बिरुद्धमा डेरा हाल्ये भन्ये पनि
मेरो हिर्दय् डराउंदैन .
लड़ाइँ मेरो बिरुद्धमा उठ्यो भन्ये पनि
त्यस् बेलामा पनि छूप् बांधदै रहंछु ।
४ येउटा कुरो यहूवे सित मांग्येको छु त्यइ चहिं खोजदै रहंछु अर्थात्
यहूवेको घर्मा आफ्नु जीवनभरि बास गरुं
यहूवेको मनोहरैइँमा हेरि रहनु र उस्को मन्दिर्मा ध्यान् गर्नु ।
५ किनभन्ये बिपत्तिको दिन्मा उस्ले मंलाइ आफ्नु मंडप्मा लुकाइ लुकाइ
राखछ
आफ्नु डेराको लुकने ठांउमा मंलाइ लुकाउंछ
उस्ले मंलाइ पहरा माथि चढ़ाइ ल्याउंछ ।
६ त येलेनै मेरो सिर् मेरा चारै पट्टिका मेरा सत्तुरूहरू माथि उठाइंछ
अनि उस्को डेरामा जयजय् गरि बलिदान् चढ़ाउंछु .
गाउंछु औं यहूवेको लगि भजन् गाउंछु ।

हे यहव मं चर्को सोर्ले करायेको सुन्नु हवस् . ७
मं माथि अनुग्रह् पनि गर्नु हवस् अनि मंलाइ उत्तर् दिंनु हवस् ।
(जब तपांइले भन्नु भयो) मेरो दर्शन् खोज् भनि तब मेरो मन्ले तपांइलाइ ८
हे यहव तपांइको दर्शन् ता खोज्छु भनि भन्यो ।
आफ्नु मुख् मं देखि न लुकाउंनु हवस् ९
आफ्नु दास्लाइ रिस्ले न हटाउंनु हवस् .
तपांइ मेरो गोहारे हुंनु भयो
हे मेरो उद्धार् गर्ने ईश्वर् मंलाइ न आफाल्नु हवस् न छोड्नु हवस् ।
मेरा आमा बाबुले मंलाइ छोड्रका भये पनि १०
यहवेचइंले मंलाइ उठाइ लिंछ ।
हे यहवे तपांइके बाटो मंलाइ सिकाउंनु हवस् ११
अनि मेरा बिरोधीहरुको कारणले
मंलाइ सम्म मार्गमां अगुवाई गर्नु हवस् ।
मंलाइ मेरा बिरोधीहरुको इच्छामां न सुम्पि दिंनु हवस् . १२
किनभन्ये झुट्टा साक्षीहरु मेरो बिरुद्धमां उठेका छन् अनि निष्ठुरताको
सास् फुल्याउंनेहरु ।
मैले यहवेको भलाई १३
जीउन्को लोक्मां हेर्नु बिश्वास् नगरेन भन्ये देखि म नास् हुंने थियें ।
यहवेको बाटो हेर् . १४
बलियो हो अनि तेरा मन्ले हूप् बांधोस्
अं यहवेको बाटो हेर् ॥

दाऊद् रचित । २८

हे यहव तपांइ थांइ हापार्छु १
हे मेरो पहरा मेरो लागि बहिरो न हुंनु हवस् .
होइन भन्ये ता तपांइ मं देखि चुपचाप् रह्यौ भन्ये देखि ता
म खाड्लमां ओर्त्रि जांनेहरु जस्तो हुंला ।
मैले तपांइ थांइ दियेका अर्जीहरुको सोर् सुन्नु हवस् २
जब तपांइको पवित्रस्थान्को भित्रेकोठा तिर हात् उचाल्दछु ।
मंलाइ दुष्टहरु सङ न घिस्याउंनु हवस् ३
अनि कुकर्म्म गर्नेहरु सङ
जुन्हरुले आफ्ना छिमेकिहरु सित मेल्को कुरा ता गर्दछन्
तर तिनिहरुका हिदयमां बुराई चइं रहंदछ ।
तिनिहरुलाइ तिनिहरुको काम् अनुसार् र तिनिहरुका कार्य्यको बुराई ४
अनुसार् दिंनु हवस्
तिनिहरुका हातका काम् अनुसार् तिनिहरुलाइ दिंनु हवस्
तिनिहरुलाइ तिनिहरुको प्रतिफल दिंन हवस ।

५ किनभन्य तिनिहरूले न यह्वेको कार्य्य
न उस्का हातको कामको चेत् गर्दै छन्
उस्ले तिनिहरूलाइ भत्काउंछ अनि फेरि उठाउंदैन :

६ यह्वे धन्नको हवस्
किनभन्य उस्ले मेरा अर्जीहरूको सोर् सुन्यको छ ।
७ यह्वे मेरो बल् र मेरो ढाल् हो
मेरो मन्ले उस् मांथि भरोसा राख्यो अनि मैंले गोहार् पायें .
येस्कारण् मेरो मन् अग्घोर् रमाउंद छ
अनि म आफ्नु गीत्ले उस्को स्तुति गर्छु ।
८ यह्वे तिनिहरूको बल् हो
अनि आफ्नु अभिषिक्तको बचाऊको लागि बलियो ठांउ उइ हो ।
९ आफ्नु लोगको उद्धार् गर्नु हवस् अनि आफ्नु निज् भाग्लाइ आशीष्
दिनु हवस् .
तिनिहरूलाइ चराउंनु पनि हवस् अनि सधैंको लागि तिनिहरूलाइ
सम्भाल्नु हवस् ॥

२९

दाऊद्को गीत्

१ हे प्रतापीहरूका छोराहरू हो यह्वेलाइ दिंनु
यह्वेलाइ महिमा र बल् दिंनु ।
२ यह्वेलाइ उस्को नांउलाइ दिंनु पर्ने महिमा दिंनु
पवित्रईको सुन्दरईमां यह्वेलाइ दण्डवत् गर ।
३ यह्वेको सोर् पानीहरू मांथि छ .
महिमाको ईश्वर् गर्जंद छ
अं यह्वे चइं धेरै पानीहरू मांथि ।
४ यह्वेको सोर् शक्तिमान् छ
यह्वेको सोर् प्रतापमय् छ ।
५ यह्वेको सोर्ले देवदारूहरू भांच्द छ
अं यह्वेले लबानोन्का देवदारु भांच्द छ ।
६ उस्ले तिनिहरूलाइ बाच्छाहरूलाइ भैं उफ्रंनु लाउंद छ
लबानोन् र शिर्योन्लाइ अर्नाको पाड़ालाइ भैं ।
७ यह्वेको सोर्ले आगोको ज्वालालाइ चीर्द छ ।
८ यह्वेको सोर्ले बन्लाइ कंमाउंद छ
यह्वेले कादेश्को बन्लाइ कंमाउंद छ ।
९ यह्वेको सोर्ले हरिणीहरूको गर्भ तुलाउंद छ
अनि पातल्लाइ पत्भड़् तुल्याउंद छ .
अनि उस्को मन्दिरमां सबै थोक्ले महिमा भनि भन्द छ ।

जलप्रलयमां यहूवे बिराजद थियो १०
अं यहूवे सधैंको लागि राजागरि बिराजद छ ।
यहूवेले आफ्ना लोगलाइ बल् दिंछ ११
यहूवेले आफ्नु लोगलाइ कुशलको आशीष् दिंछ ॥

दाऊदको गीत् । घरपैंओको बेलाको गीत् । ३०

हे यहूवे मं तपांइलाइ सर्काउंछु किनभन्ये तपांइले मंलाइ ऊंभो तान्नु भयो १
अनि मेरा सत्तुरहरूलाइ मं माथि रमाहट् गर्नु दिंनु भयंन ।
हे मेरो ईश्वर् यहूवे २
तपांइको दोहाई दियें अनि तपांइले मंलाइ निको पार्नु भयो ।
हे यहूवे तपांइले मेरो प्राणलाइ पत्ताल् देखि ऊंभो निकालि ल्याउंनु भयो . ३
मं खाड्लमां उत्रि न जांनुलाइ तपांइले मंलाइ जाउंदो राख्नु भयो ।
हे यहूवेका भक्तिहरू हो उस्को भजन् गाव ४
अनि उस्को पवित्र नांउको धन्नबाद् गर ।
किनभन्ये उस्को रिस् त्तिणभरिको मात्रै छ ५
तर उस्को अनुग्रह् बइं जीवनभरिको लागि .
रुवाई ता बेलुका बास् बस्नु आवस्
तर बिहान ता गीतगवाई ।
मंचइंले आफ्नु चैनको बेलामां भन्येको छु ६
कैले पनि सारोइंदीन भनि ।
हे यहूवे तपांइले आफ्नु अनुग्रहले मेरो पहाड् बल्लियो नल्याउंनु भयो . ७
तपांइले आफ्नु मुख् लुकाउंनु भयो त मं थरहरि भयं ।
हे यहूवे तपांइ थांइ हापार्यें ८
अनि यहूवेको दोहाई दियें .
मं खाड्लमां उत्र्यें भन्ये देखि मेरो रगत् को नाफाको हुंछ . ९
को मांटोले तपांइको स्तुति गर्छ को त्यस्ले तपांइको सत्यइंको बखान् गर्छ ।
हे यहूवे सुन्नु हवस् अनि मं माथि दया गर्नु हवस् . १०
हे यहूवे मेरो गोहारे हुंनु हवस् ।
तपांइले मेरो लागि मेरो बिलाप् नाचमां फेर्नु भयो ११
तपांइले मेरा भाङ्रा फुकाल्नु भयो अनि खुशिको पटुकाले बांध्नु भयो .
मेरो महिमाले तपांइको भजन् गावस् अनि चुप् न हवस् भन्या खातीरले । १२
हे मेरो ईश्वर् यहूवे सधैं तपांइको धन्नबाद् गर्छु ॥

मूलबजाउंनेको लागि । दाऊदको गीत् । ३१

हे यहूवे मं तपांइको शरणागत् हुंद छु मंलाइ कैले पनि लज्जित् हुंनु न १
दिंनु हवस् .
आफ्नु धर्म्मको कारणले मंलाइ छोड़ाउंनु हवस्

२ मं तिर आफ्नु कान् थाप्नु हवस् छिटोगरि मंलाइ छोड़ाउंनु हवस् .
मेरो लागि बल्लियो पहरा हुंनु हवस् मंलाइ बचाउंनुको लागि
किल्लाहरूको घर् ।
३ किनभन्या तपांइनै मेरो पहरा र मेरो किल्ला हो
त आफ्नु नांउको कारण् मंलाइ डोर्याउंनु हवस् अनि मेरो अगुवाई
गर्नु हवस् ।
४ तिनिहरूले मेरो लागि गुप्तगरि गाड्याको पासो देखि मंलाइ खुस्काउंनु हवस्
किनभन्या तपांइनै मेरो बल्लियो ठांउ हो ।
५ मं आफ्नु आत्मा तपांइको हातमां जिम्मा राख्दछु .
हे यहुव हे सत्यंको ईश्वर् तपांइले मंलाइ छोड़ाउंनु भयो ।
६ धोखाका व्यर्थ थोकलाइ मान्नेहरू देखि बैरी छु .
तर मं चइं यहुव मांथि भरोसा राख्दछु ।
७ तपांइको करुणामां आनन्द र रमाहट् गर्छु .
किनभन्या तपांइले मंलाइ दीन् गरायेको देख्नु भयो
तपांइले मेरो प्राणका दुक्खहरू जान्नु भयो .
८ अनि तपांइले मंलाइ सत्तुरको हातमां पर्नु भयेन
तपांइले मेरा गोड़ा फराक् ठांउमां राख्नु भयो ।
९ हे यहुव मं मांथि दया गर्नु हवस् किनभन्या मं सकसमां छु .
शोकको कारणले मेरा आंखा खोईये अं मेरो प्राण् र मेरो जीउ ।
१० किनभन्या मेरो जीवन् उदासमां बितिगयो अनि मेरो वर्ष सुस्केरागराइमां
मेरो बल् मेरो अधर्मको कारणले घटेर टलपलाउंदछ अनि मेरा हाड़्
खोईयेका छन् ।
११ मेरा सबै बिरोधीहरूको कारणले मं तुच्छ भयेको छु
अं अस्सलगरिकन मेरा छिमेकिहरूको लागि अनि मेरा चिन्हारुहरूको
लागि डरको कारण् भयें .
मंलाइ बाहिर देख्नेहरू मं देखि भाग्ये ।
१२ मर्येको मान्छे झैं मन् देखि बिर्सीयेको छु .
फुट्याको भांड़ा जस्तो छु ।
१३ किनभन्या धेरैले मेरो निन्दा गर्येको सुन्येको छु
चारै पट्टि भय् मात्रै .
जैले तिनिहरूले मेरो बिरुद्धमां आपस्तमां सल्लाह् गर्ये
मेरो प्राण् लिने जुक्ति गर्ये ।
१४ तर मं चइंले तपांइनै मांथि भरोसा राख्येको छु हे यहुव
मैले भन्यें मेरो ईश्वर् तपांइनै हो ।
१५ मेरा समयहरू तपांइको हातमां छन् .
मेरा सत्तुरहरूका हात् देखि र मंलाइ सताउंनेहरू देखि मंलाइ
छोड़ाउंनु हवस् ।

आफ्नु रूप् आफ्नु दास् माथि चम्काउंनु हवस् . १६
तपांइले आफ्नु करुणाले मंलाइ बचाउंनु हवस् ।
मंलाइ लज्जित् हुंनु न दिंनु हवस् हे यहवे किनभन्ये मैंले तपांइलाइ १७
हापार्येको छु
दुष्टहरूलाइ लज्जित् हुंनु दिंनु हवस् तिनिहरू पत्ताल्मां चुप्चाप् रहुन् ।
ढांट्ने ओंठ् चुम्चाम् रहुन् १८
जो जो अहंकार् र अपमानले
धर्म्मीको विरुद्धमां वक्दछन् ।
तपांइले आफ्ना डराउंनेहरूको लागि राख्येको भलाइ कत्ति ठुलो हो १९
तपांइको शरणागत् हुंनेहरूको लागि मान्छेको सन्तान्को सांमु तपांइले
गर्येको भलाइ ।
तपांइले तिनिहरूलाइ दर्शन् दिंने गुप्त ठांउ मान्छेहरूका जुक्तिहरू देखि २०
तिनिहरूलाइ लुकाउंनु हुंछ
तपांइले तिनिहरूलाइ बकबकका झगरा देखि मंडप्मां गुप्तगरि राख्नु हुंछ ।
यहवे धन्नको हवस् . २१
किनभन्ये उस्ले मंलाइ उस्को उर्देकको करुणा बलियो सहर्मां देखायो ।
मंचहिंले आफ्नु डर्को बेलामां भन्यें तपांइका आंखाको सोझि देखि २२
काटीयेको छु भनि
तैपनि मैंले तपांइको दोहाई गर्दामां तपांइले मेरो अर्जीहरूको सोर्
सुन्नु भयो ।
हे यहवेका सबै भक्तिहरू हो उ सङ प्रेम् गर . २३
यहवेले विश्वासीहरूको रक्षा गर्दछ
अनि अहंकार् गर्नेलाइ ठुलो प्रतिफल् दिंदछ ।
बलियो हव अनि तिम्रो हिर्देयले हृप् बांधोस् २४
हे यहवे माथि आशा राख्ने सबैहरु हो ॥

दाउद् रचित् । मस्किल् भनींने गीत् । ३२

धन्न त्यो जस्को अपराध् क्षमा गरीयो जस्को पाप् ढाकीयो । १
धन्न त्यो मान्छे जस्को अधर्म्मको लेखा यहवेले लिंदैन २
अनि जस्को आत्मामां कपट् छंदै छैन ।
जब सम्म चुप् रह्यें मेरा हाड्हरू ३
दिन्भरि मेरो कंकलाश्को कारणले सक्कीये ।
कमोगरिभन्ये तपांइको हात् दिन् रात् मं माथि गह्रुङ् भयो . ४
मेरो रस् बसन्तको घाम्मां झैं फेरीयो । सेला ।
मैंले आफ्नु पाप् तपांइ थांइ प्रगटो गर्यें अनि आफ्नु अधर्म्म लुकायेको छुइंन ५
मैंले भन्यें यहवेको सांमु आफ्ना अपराध्हरूको स्वीकार् गर्छु
न तपांइलेनै मेरो पापको अधर्म्म क्षमा गर्नु भयो । सेला ।

६ ऐसकारण् जनंले भक्तिले तपांइलाइ भेटाउंने बेलामां तपांइ सित
प्रार्थना गरोस् .
ठूलो बाढ़ी बहंने बेलामां त्यस् सम्म निस्से पुग्दैन ।
७ तपांइनै मेरो लुक्ने ठांउ हो तपांइले मलाइ कष्ट देखि रक्षा गर्नु हुंछ
तपांइले मलाइ छुट्काराका गीत्हरूले घेर्नु हुंछ । सेला ।
८ म तंलाइ शिक्षा दिंछु अनि तैंले हिंड्नु पर्ने बाटोमां सिकाउंछु .
म आफ्नु दृष्टि तं माथि राखिकन तंलाइ सल्लाह् दिंछु ।
९ घोड़ा कि खच्चर् जस्ता न हव जस्को बुद्धि छैन .
जस्लाइ थाम्नुको लागि कर्ली र लगाम् चाहिंछन्
होइन भन्ये ता ति तेरो नजिक् आउंदैनन् ।
१० दुष्टहरूलाइ धेरै पीरा पर्छन् .
तर यह्वेमां शरणागत् हुंनेचहिंलाइ करुणाले घेर्छ ।
११ हे धर्म्मीहरू हो यह्वेमां मगन भयेर रमाहट् गर .
हे हिर्दयमां सोजा हुंनेहरू सबै हो आनन्दले कराव ॥

३३ १ हे धर्म्मीहरू हो यह्वेमां रमाहट् गर .
सोजा हुंनेहरूको लागि स्तुति गर्नु सुवाउंद छ ।
२ बीना बजाउंदै यह्वेलाइ दण्डवत् गर .
दस् तारको सितार् बजाउंदै उस्को स्तुति गाव ।
३ उस्को लागि नया गान् गाव
सिपालुले ठूलो सोरगरि बजाव ।
४ किनभन्ये यह्वेको बचन् सोझै छ
अनि उस्का सबै काम् सच्चाइं सित हुंद छ ।
५ उस्ले धर्म्म र नियालाइ प्रेम् गर्द छ .
यह्वेको करुणाले पृथिवी भरीयेको छ ।
६ यह्वेको बचन्ले आकाश् बनीयो
अनि उस्को मुखको सास्ले तिनको सबै सेना ।
७ उस्ले समुन्द्रको पानी थुप्रो झैं थुपर्याउंद छ .
गहीराहरूलाइ उस्ले ढुकुटिहरूमां राखद छ ।
८ सिंगै पृथिवीले यह्वेको डर् मानोस् .
जगत्का सबै निवासीहरूले उस्को भय् मानुन् ।
९ कसोगरिभन्ये उस्लेनै भन्यो त भयो
उस्लेनै आज्ञा गर्यो त स्थिर् भयो ।
१० यह्वेलेनै अन्यदेसीहरूको जुक्ति व्यर्थ गरायो .
उस्ले लोग् लोगको बिचार् निष्फल् गराउंद छ ।
११ यह्वेको जुक्ति सदा स्थिर् रहंद छ
उस्को हिर्दयको बिचार् पुस्ता पुस्ता सम्म ।

धन्न हो त्यो जातिगण् जस्को ईश्वर् यहवे छ १२
जुन् लोग्लाइ उस्ले आफ्नु निज् भाग् हुंनुको लागि छान्येको छ।
यहवेले स्वर्ग देखि दृष्टि गर्द छ १३
उस्ले सबै मान्छेका सन्तान्लाइ हेर्द छ
आफ्नु बासको ठांउ देखि चियाइ हेर्द छ १४
पृथिवीका सबै बासीहरुलाइ
जस्ले ति सबैहरुको मन् बनायो १५
जस्ले तिनिहरुको सबै काम् बूझ्द छ।
सेनाहरुका धेरैको कारणले कोई राजा बचाइंदैन. १६
बल्को कारणले बलियो मान्छे छोड़ाइंदैन।
बचाउको लागि घोड़ा व्यर्थ हो. १७
न त्येस्ले आफ्नु ठूलो सामर्थले कसैलाइ छोड़ाउंछ।
हेर यहवेको आंखा त देखि डराउंने मांथि छ १८
उस्को करुणाको लागि आशा गर्नेहरु मांथि
तिनिहरुको प्राणलाइ मरण देखि बचाउंनुलाइ. १९
अनि तिनलाइ अनिकालको बेलामां जीउंदो राख्नुलाइ।
हांमिहरुको प्राणले यहवेको लागि आशा गर्येको छ. २०
हांमिहरुको गोहार् र हांमिहरुको ढाल् उइ हो।
कसोगरिभन्ये हांमिहरुको हिर्दय् उस्को कारणले रमाउंछ २१
किनभन्ये हांमिहरुले उस्को पवित्र नांउमां भरोसा राख्येका छौं।
हे यहवे तपांइको करुणा हांमिहरु मांथि परोस् २२
हांमिहरुले तपांइको आशा गर्येको अनुसार्॥

३४

दाऊद्को गीत्. जब त्येसलाइ धपाउंने अबीमेलकको सांम्ने बौलाहा जस्तो भयो अनि हिंड़ि गयो॥

सबै समयमां यहवेलाइ धन्न भन्ये गर्छु. १
उस्को स्तुति सदा मेरो मुखमां रहंछ।
यहवेमांनै मेरो प्राणले घमंड गर्छ २
नरमहरु यो सुन्येर आनन्दित् हुंछन्।
मं सङ यहवेको बड़ाई गर ३
अनि हांमिहरु मिलिकन उस्को नांउ सर्कोउं।
मैले यहवे सित खोधनी गर्यें तब उस्ले मंलाइ उत्तर् दियो ४
अनि मेरा सबै डर् देखि मंलाइ छोड़ायो।
तिनिहरुले उ तिर हेर्येर ज देखि ज्योति पाये ५
अनि तिनिहरुका मुख् कैले पनि कालो भयेनन्।
यो दीन् मान्छेले हापार्यो त यहवेले त्येस्को सुन्येर ६
त्येस्लाइ त्येसका सबै कष्ट देखि बचायो।

७ यहवेको दूतले उ देखि डराउंने सबैको चारै पट्टि डेरा हाल्दछ
अनि तिनिहरूलाइ बचाउंदछ ।
८ चाख्येर हेर यहवे भलो रहेछ भनि .
उस्को शरणागत् हुंने पुरुष् धन्न हो ।
९ हे यहवेका पवित्र जन्हरू हो उस्को भय् मान .
किनभन्ये उस्को भय् मान्निहरूको केहि पनि घटि छैन ।
१० जुवान् सिंहहरूको घटि ता हुंदछ तिनलाइ भोक् लाग्दछ .
तर यहवेलाइ खोज्नेहरूचइंको कुनै भलो थोक्को घटि हुंदै हुंदैन ।
११ हे बाल्खहरू हो आव मेरो सुन .
म यहवेका भय् मान्न तिमिहरूलाइ सिकाउंछु ।
१२ जीवन्को इच्छे राख्ने
अनि कुशल् देख्नुको लागि दीर्घायु खोज्ने को छ ।
१३ आफ्नु जिब्रो बुराई देखि थुन्
अनि आफ्नु ओंठ छल् बोल्नु देखि ।
१४ बुराई छोड़ेर भलाई गर्
मेल् खोज्येर खेद् ।
१५ यहवेका आंखा धर्म्मीहरू तिर लाग्दछन्
अनि उस्का कान् तिनिहरूको दोहाई तिर ।
१६ यहवेको मुख् बुराई गर्नहरूको बिरुद्ध छ
तिनिहरूको सम्झना पृथिवी देखि मेट्नुलाइ ।
१७ (धर्म्मीहरूले) दोहाई दिये त यहवेले सुन्यो
अनि तिनिहरूलाइ तिनिहरूका सबै बिपत्ति देखि छोड़ायो ।
१८ हिर्दयमा चूर्ण भयेकाहरूको नजिक् यहवे छ
अनि उस्ले मन्मा कुच्याईयेकाहरूलाइ बचाउंदछ ।
१९ धर्म्मीका बिपत्ति धेरै छन् .
तर यहवेले त्येस्लाइ ति सबै देखि छोड़ाउंदछ ।
२० उस्ले त्येस्का सबै हाडूहरूको रक्षा गर्दछ
येउटा पनि चूर् पार्दैन ।
२१ बुराईले दुष्टलाइ मारि हाल्छ .
अनि धर्म्मीका बैरी दोषी ठहराईछन् ।
२२ यहवेले आफ्ना दास्हरूका प्राण् बचाउंदछ .
अनि उस्को शरणागत् हुंनेहरूमांको काई पनि दोषी ठहरींदैन ॥

३५

दाऊद् रचित ।

१ हे यहवे मेरो बिरुद्धमा झगरा खेर्नेहरू सङ्ग झगरा खेनु हवस् .
मेरो बिरुद्धमा लड़ाईं गर्नेहरूको बिरुद्धमा लड़ाईं गर्नु हवस्

बुलो र सांनु ढाल् समातनु हवस् २
अनि मेरो गोहारे भइ उभींनु हवस् ।
भाला पनि झिकेर मेरा खेद्नेहरूको बिरुद्धमां बाटो थुन्नु हवस् . ३
म तेरो मुक्ति हुं भनि मेरा प्राणलाइ भन्नु हवस् ।
मेरो प्राण् खोज्नेहरूलाइ लज्जित् र निरादर्का गराउंनु हवस् . ४
मेरो हानिको जुक्ति गर्नेहरू फर्काईउन् अनि सुख कालो पारीउन् ।
तिनिहरू बतासले उडाईयेको भूस् जस्ता होउन् ५
यहवेको दूतले धपाउंदै ।
तिनिहरूको बाटो अंध्यारो र चिप्लो हवस् ६
यहवेको दूतले लगाउंदै ।
किनभने बिना कारण् तिनिहरूले मेरो लागि खाड्नमा आफ्नु पासो ७
लुकाइ थापेका छन्
बिना कारण् तिनिहरूले मेरो प्राणको लागि खाडल् खनेका छन् ।
त्यस् माथि नाश् एक्कासि परोस् ८
अनि त्यस्ले लुकाइ थापेको पासोले त्यसैलाइ फंसावस्
त्यइ नाशमां त्यो परोस् ।
अनि मेरो प्राणले चाहिं यहवेमां आनन्द गर्छ . ९
उस्ले गरेको मुक्तिमां त्यो रमाउंछ ।
मेरा सब हाड्ले भन्छन् हे यहवे तपांइ जस्तो को हो १०
जस्ले दीन्लाइ त्यो भन्दा बलियो मान्छे देखि बचाउंद छ
अं दीन् र दरिद्रलाइ त्यस्लाइ लुट्ने देखि ।
अधर्मका साक्षीहरू उठ्दै छन् ११
मैले न चिन्येका कुराले म देखि सोध्छ छन् ।
तिनिहरूले मलाइ प्रतिफल् गरि भलाईको साटो बुराई दिंद छन् १२
मेरो प्राण् खोसीइंनु सम्म ।
तिनिहरू दुखदामां मंचइंले भाङ्ग्रा लाउंद थियें . १३
मैले आफनु प्राणलाइ उपासको दुख दियें
अनि मेरो प्रार्थना मेरै काखमां फर्क्यो ।
मेरो साथी कि मेरो भाई भयेको जस्तो मैले बेहोरा गर्यें . १४
आमाको लागि बिलाप् गर्नेले झैं शोक् गर्दै नुह्यें ।
म खोच्याउंदा तिनिहरू रमाये अनि भेला भये . १५
हीनहरू मेरो बिरुद्धमां भेला भये अनि मैले जानींन
तिनिहरूले मलाइ फहराये अनि थामीयेनन् .
ति आफनु पेटको लागि गिल्ला गरि हिड्नेले झैं १६
म माथि दारा कीटेर ।
हे प्रभु कैले सम्म हेर्दै रहनु हुंछ . १७

मेरो प्राण तिनिहरूको नाश् देखि छोड़ाउंनु हवस्
मेरो एक्लोलाइ सिंहहरू देखि ।
१८ तुलो सभामां तपांइको धन्नबाद् गर्छु .
धेरै लोगको बीच्मां तपांइको स्तुति गर्छु ।
१९ मेरा झूठ् बोल्ने सत्तुरहरूले मेरो बिरुद्धमां आनन्द गर्नु न पाउन् .
अनि अकारण् मं देखि दुश्मनी गर्नेहरूले आंखा झर्काउंनु न पाउन् ।
२० किनभन्ये तिनिहरूले मेलका कुरा गर्दनन् .
तर देशमां चुप्चाप् बस्नेहरूको बिरुद्धमां छलका कुराको जुक्ति गर्दछन् ।
२१ अं तिनिहरूले मेरो बिरुद्धमां तुलो मुख् बायेर
आहा आहा हाम्रा आंखाले देख्येका छन् भनि भन्ये ।
२२ हे यहवे तपांइले देखनु भयो चुप्चाप् न रहनु हवस् .
हे प्रभु मं देखि टाढ़ो न हुंनु हवस् ।
२३ हल्लौंनु हवस् अनि मेरो नियाको लागि जागनु हवस्
मेरो कुराको लागि हे ईश्वर् र मेरो प्रभु ।
२४ हे मेरा ईश्वर् यहवे आफ्नु धर्म्म अनुसार् मेरो निया गर्नु हवस्
अनि मं सांथि आनन्द गर्नु तिनिहरूलाइ न दिंनु हवस् ।
२५ तिनिहरूले आफ्नु मनमां आहा हाम्रा इच्छे पूरा भयो भनि भन्नु न पाउन् .
तिनिहरूले हामिहरूले त्यस्लाइ निलि हाल्येका छों भन्नु न पाउन् ।
२६ मेरो हानि देखि रमाहट् गर्नेहरू लज्जित् र मुख् काला पारायेका होउन् .
मेरो बिरुद्धमां आफ्नु बड़ाई गर्नेहरू लाज् र निरादर् पहिराइउन् ।
२७ मेरो धर्म्म देखि खुशि हुनेहरूले तुलो सोरले गाउन् अनि रमाउन् .
अं तिनिहरूले निरन्तर् भनुन् यहवे जो आफ्नु दासको कुशल् देखि
खुशि हुंदछ
उसको बड़ाई हवस् ।
२८ अनि मेरो जिब्रोले तपांइको धर्म्मको बिषयमां ध्यानगरि भन्छु
अनि दिनभरि तपांइको स्तुतिको बिषयमां ॥

३६ मूल्बजाउंनेको लागि । यहवेको दास दाऊद् रचित ।

१ दुष्टको हिर्दयमां अपराधको कथा हुंदछ
त्यस्का आंखाको सांमु ईश्वरको केंइ डर् छैन ।
२ किनभन्ये त्यसले आफ्नु लेखिमां लल्लोपत्तो गर्दछ
मेरो अधर्म्म न भेटौंला न घिनाईंला भनि ।
३ त्यस्को मुख्का कुरा अधर्म्म र छल् छन् .
बुद्धि र भलाईको काम् गर्नु त्यसले छोड़्यो ।
४ त्यसले आफ्नु ओछ्यानमां अधर्म्मको जुक्ति गर्दछ
कुमार्गमां उभींदछ
बुराई देखि घिनाउंदैन ॥

हे यहवे तपांइको करुणा ता स्वर्गमां छ ५
तपांइको सचेंइ अकाश् सम्म पुग्ने ।
तपांइको धर्म्म ईश्वर्का पहाडूहरु जस्ता ६
तपांइका नियाबचनूहरु अथाह् ।
हे यहवे तपांइले मान्छे र पशु दुवैको रक्षा गर्नु हुंद छ ।
हे ईश्वर् तपांइको करुणा कति अमोल् छ ७
र मान्छेका सन्तानले तपांइको पखेटाको छाया मुनि शरण लिंद छन् ।
तिनिहरु तपांइको घर्का बोसो देखि अघि सन्तुष्ट हुंछन् ८
तपांइले तिनिहरुलाइ आफ्नु सुखका खोला देखि खुवाउंनु हुंछ ।
किनभन्थ्ये तपांइको छेउमां जीवनका कुवा छ । ९
तपांइका ज्योतिमां हामिहरुले ज्योति देख्छौं ।
तपांइलाइ चिन्नेहरु माथि आफ्नु करुणा गर्दै रहनु होस् १०
अनि मनमां सांचो हुनेहरु माथि आफ्नु धर्म्म ।
अहंकार्का गोडा म माथि आइ न लागोस् ११
अनि दुष्टको हात्ले मलाइ न धपाओस् ।
तिहीं ने अधर्म्म गर्नेहरु खस्येका छन् । १२
घचेटि भारीयेका छन् अनि उठ्नु सक्दैनन् ॥

दाऊद् रचित ३७

कुकर्म्म गर्नेहरुका कारणले न झोकि १
न अधर्म्म गर्नेहरुको विरुद्धमां डाहा गर् ।
किनभन्थ्ये तिनिहरु घांस् झैं छिटै ओइलौंछन् २
अनि हरीयो घांस् झैं सुक्छन् ।
यहवे माथि भरोसा गर् अनि भलाई गर् ३
देशमां रह् अनि सच्चेइमां खाकि रह् ।
यहवेमां आफ्नु सुख पनि पा ४
र उस्ले तेरो मनका अर्जीहरु पूरा दिंछ ।
आफ्नु बाटो यहवेमां पल्टा ५
उस्मां भरोसा पनि गर् त त्यो उस्ले पूरो गर्छ ।
र उस्ले तेरो धर्म्म ज्योति जस्तो ६
अनि तेरो नियाउ चर्को घाम् जस्तो प्रगट् गर्छ ।
यहवेमां चुमचाम् रह् अनि उस्को लागि धीरज् सङ पर्खि बस् । ७
जो आफ्नु बाटोमां भाग्येमान् हुंद छ
जस्ले बुरो जुक्ति निकाल्द छ त्येस्को लागि न झोकि ।
रिस् देखि पासीयेर कोप् छोडू । ८
न झोकि त्यो देखि बुराई मात्रै निस्कंद छ ।

९ किनभन्या कुकर्म्म गर्नेहरू काटींछन्
तर यहवेको बाटो हेर्नेहरू चहिं पृथिवीका अधिकारी हुंछन् ।
१० किनभन्या अलिक् दिनमा दुष्ट रहंदैन .
अं तैंले त्यस्को ठांउ राम्रोगरि हेर्छस् अनि हुंदै हुंदैन ।
११ तर नम्र हुनेहरू पृथिवीका अधिकारी हुंछन्
अनि शान्तिको अधिकाइमा सुखी हुंछन ।
१२ दुष्टले चहिं धर्म्मीको विरुद्धमा जुक्ति निकाल्द छ
अनि त्येस्माथि दांत किट्द छ ।
१३ प्रभु त्यस् माथि हांस्छ .
किनभन्या उस्ले त्यस्को दिन् आउंदै गर्याको देख्द छ ।
१४ दुष्टहरूले तरवार् झिकेका छन् अनि आफ्नु धनु उकालेका छन्
दीन् र दरिद्रहरूलाइ लडाउंनलाइ
बाटोमा सोझो हुनेहरूलाइ मार्नलाइ .
१५ तिनिहरूका तरवारले तिनिहरूकै मुट् छेडुक
अनि तिनिहरूका धनु भांचिनन ।
१६ धर्म्मीका थोरै मात्रै धन् पनि
दुष्टहरूका धेरै धनभन्दा जाति छ ।
१७ किनभन्या दुष्टहरूका पाखुरा भांचिन्छन् .
तर यहवेले धर्म्मीचहिंलाइ सम्भाल्द छ ।
१८ यहवेले सिद्धहरूका दिन जान्द छ .
अनि तिनिहरूका अधिकार् सधैंको लागि हुंछ ।
१९ कुराईको समयमा तिनिहरू लजाउंदैनन्
अनि अनिकालका दिनमा तिनिहरू तृप्त गराइंछन् ।
२० तर दुष्टहरू चहिं नष्ट हुंछन्
अनि यहवेका सत्रुहरू चहिं खर्कका घांस झैं हुंछन् .
मेटींछन् धुवा झैं मेटींछन् ।
२१ दुष्टचहिंले ऋण् लिंद छ अनि फेरि तिर्दैन .
तर धर्म्मीचहिंले ता अनुग्रहदान् दिंद छ ।
२२ किनभन्या उ देखि आशीषित हुनेहरू पृथिवीका अधिकारी हुंछन्
अनि उ देखि स्रापित हुनेहरू काटींछन् ।
२३ मनुष्यको बाटो यहवे देखि स्थिर हुंद छ
अनि उ त्यस्को मार्गमा खुसि हुंद छ ।
२४ लड्यो भन्या पनि साष्टै पछाडि ता रहंदैन .
किनभन्या यहवेले त्यस्लाइ त्यस्को हात् समाति उठाउंद छ ।
२५ केटो भयें अनि एले बूढो छु
र पनि धर्म्मीलाइ छोडेको
र त्यस्को सन्तानले भीक् मांगदै गर्याको देख्याको छुइंन ।

दिनभरि अनुग्रह् गरि ऋण् दिंद छ २६
अनि त्यस्का सन्तान् आशीर्षित् छन् ।
बुराई छोडेर भलाई गर् २७
त सदाको लागि रहंछस् ।
किनभन्या यहवेले निया सित प्रेम् राख्द छ २८
अनि आफ्ना भक्तिहरूलाइ छोड्दैन
तिनिहरू सदाको लागि रक्षित् हुंद छन् .
तर दुष्टको सन्तान् काटीछ ।
धर्म्मीहरू चहिं पृथिवीका अधिकारी हुंछन् २९
अनि त्यहां सधैंको लागि बसि रहंछन् ।
धर्म्मीको मुखले बुद्धिको चर्चा गर्द छ ३०
अनि त्यस्को जिब्रोले निया बोल्द छ ।
त्यस्को ईश्वर्को व्यावस्था त्यस्को हिर्दयमां छ ३१
त्यस्को कुनै पनि फड्का चिप्लौंदैन ।
दुष्टले धर्म्मीलाइ ताकद छ ३२
अनि त्यस्लाइ मार्नु खोज्द छ ।
यहवेले त्यस्लाइ त्यस्को हातमां छोड्दैन ३३
अनि त्यो बिचारीयिकोमां दोषी ठहराउंदैन ।
यहवेको लागि पर्खि अनि उस्को बाटोमां हिंड् ३४
त उस्ले तंलाइ पृथिवीको अधिकारी हुनुलाइ अलग्याउंछ
जब दुष्ट काटीछ तब तंले त्यो देख्छस् ।
मैंले दुष्टलाइ ठूलो पराक्रममां भयेको ३५
अनि हरियो रुख आफ्नै भूइंमां फिंजीयेको भैं भयेको देख्येको छु ।
तर कोहि त्यस्को छेउ बाटो गयो त हेर त्यो छंदै छैन . ३६
अं मैंले त्यस्लाइ खोज्यें तर त्यो पाइंदैन ।
सिद्ध मान्छेलाइ ताक अनि सोझो मान्छेलाइ हेर् . ३७
किनभन्या यस्तो मान्छेको फल् शान्ति हुंछ ।
तर अपराधीहरू चहिं एक् सङ् नाश् गरीछन् . ३८
दुष्टको अन्तफल् काटीछ ।
तर धर्म्मीको मुक्ति यहवे पट्टि बाटो छ . ३९
संकट्को बेलामां तिनिहरूको गढ उइ हो ।
अनि यहवेले तिनिहरूको गोहार् गर्येर तिनिहरूलाइ छोड़ाउंद छ . ४०
उस्ले तिनिहरूलाइ दुष्ट देखि छोड़ाइकन तिनिहरूलाइ बचाउंद छ
तिनिहरूले उस्मां शरण लियेको कारणले ॥

३८

दाऊदको सम्झना गराउने गीत् ।

१ हे यहवे मलाइ आफ्नु क्रोधले न हकार्नु हवस् ,
अनि आफ्नु बल्दोरिसमा मलाइ दण्ड न दिनु हवस् ।
२ किनभन्ये तपांइका कांड् ममा गाड़ीये
अनि तपांइको हातले मलाइ खांदइ छ ।
३ तपांइको क्रोधको कारणले मेरो जीउमा अरोग्यइँ छैन
अनि मेरो पापको कारणले मेरा हाड़हरुमा चैन् छैंदै छैन ।
४ कसोगरिभन्ये मेरो सिर् मेरो अधर्ममा डुब्यो ,
गह्रुङ् भारि झैं मेरा लागि बेसि गह्रुङ् छन् ।
५ मेरा घाउहरु गन्हाये अनि बिग्र्येका छन्
मेरो मूर्खइँको कारणले ।
६ म कुप्रे भयेको छु अनि सारो नुह्येको छु
दिनभरि विलाप् गर्दै हिंड्दइ छु ।
७ किनभन्ये मेरा कम्मर् पोलाइले भरियेको छ
अनि मेरो जीउमा अरोग्यइँ छैन ।
८ कमजोरियेको छु अनि सारो कुच्चियेको छु ,
मेरो हृदयको घबराहट्को कारणले कंकलाश् गर्येको छु ।
९ हे यहवे मेरो सिंगै अभिलाषा तपांइका सामु छ
अनि मेरो सुस्केरामराइँ तपांइ देखि लुकेको छैन
१० मेरो मुटु धक्धुक् गर्दै छ मेरो बल् घट्दै छ ,
मेरा आंखाको ज्योति पनि म देखि गयो ।
११ मेरा प्याराहरु र मेरा मित्रहरु मेरो रोग् देखि अलग् उभींदा छन्
अनि मेरा कुटुम्बहरु टाढ़ो उभींदा छन् ;
१२ मेरो प्राण् खोज्नेहरुले पनि मेरा लागि पासो थापद छन्
अनि मेरो हानि खोज्नेहरुले दुष्टइँका कुरा गर्दै छन्
अनि दिनभरि छल्को जुक्ति गर्दै छन् ;
१३ तर म बहिरो झैं सुन्दीन
अनि मुख् न खोल्ने गोंगा जस्तो छु ,
१४ अं सुन्न् न सक्ने जस्तो छु
जस्को मुखमा बिबादका कुरा छैनन् ।
१५ किनभन्ये हे यहवे म तपांइमा आशा गर्दै छु
हे मेरो प्रभु ईश्वर् तपांइले उत्तर् दिनु हुंछ ।
१६ किनभन्ये मैले भन्येको छु होइनभन्ये ता तिनिहरु म माथि रमाउंछन् ,
मेरा गोड़ा चिप्लींदा तिनिहरुले आफूलाइ मेरो विरुद्धमा बड़ाइँ गर्छन् ।
१७ किनभन्ये म चढ्ड खोच्याउंनु आंटेको छु
अनि मेरो पीरा सधैं मेरो सामु रहंद छ ।

किनभन्ये मं ता आफ्नु अधर्म्म बखानकु १८
आफ्नु पाप्को कारणले सुर्ताउंकु ।
तर मेरा सत्तुरुहरू फुर्तीला र बलिया छन् . १९
अनि मंलाइ झुत् देखि घिनाउंनेहरू धेरै छन् ।
भलाईको लागि बुराईको साटो लिंनेहरू पनि २०
मेरा बिरोधीहरू छन् मैंले भलाई पछ्यायेको कारणले
हे यहवे मंलाइ न छोड्नु हवस् . २१
हे मेरो ईश्वर् मं देखि टाढ़ो न हुंनु हवस् ।
मेरो गोहार् गर्नलाइ छिटो गर्नु हवस् २२
हे प्रभु मेरो मुक्ति ॥

यदूतुनलाइ मूलबजाउंनेको लागि । दाऊद्को गीत ३९

मैंले भन्यं मं आफ्नु चाल्चलन्को बिषयमां चेत् गर्छु १
र आफ्नु जिब्रोमां पाप् न गरुं ,
दुष्ट मेरो सांमु न रहुंज्याल् सम्म
मं आफ्नु मुख् मह्लाले थुन्छु भनि ।
चुप्चाप्गरि गोंगा भइ चुप् रह्यं अं भलो कुरो पनि बोलींन २
अनि मेरो पीरा बल्झ्यो ।
मेरो हिर्दय् मंमां डढ्यो ३
मैंले गुन्दा गुन्दा आगो बल्यो .
आफ्नु जिब्रोले बोल्यं .
हे यहवे मेरो अन्त मंलाइ जनाइ दिंनु हवस् ४
अनि मेरा अरू कति दिन् रहंछन् भनि
अनि मेरो आयु कति छोटो छ भनि मंलाइ जनाउंनु हवस् ।
हेर्नु हवस् तपांइले मेरा दिन् चार् औंले अलिकता जस्तो बनाउंनु भयो ५
अनि मेरो आयु तपांइको दृष्टिमां कांइ पनि छैन .
निस्से स्थिर रहंने मान्छे सबै एक मासफेराई जत्ति मात्रै छन् । सेला।
निस्से सबै जना छाया जस्तो हिंड्डुल् गर्दै छन् . ६
निस्से तिनिहरूको घबराहट् ब्यर्थ छ .
(धन्सम्पत्ति) थुपर्याउंदै छन् तर बटुल्ने को हुंछ भनि जान्दैनन् ।
त अब हे प्रभु मं कसको बाटो हेर्दै छु . ७
मेरो आसा तपांइमांइ छ ।
मंलाइ मेरा सबै अपराधीहरू देखि छोड़ाउंनु हवस् . ८
मंलाइ मूर्खहरूको ठट्टा न तुल्याउंनु हवस् ।
गोंगा भयं आफ्नु मुख् खोलींन ९
किनभन्ये तपांइलेनै त्यो गर्नु भयो ।

१० आफ्नु बिपत्ति मं देखि दूर् गराउंनु हवस् .
तपांइको हातको छिर्काईले भस्म भयेको छु ।
११ जब तपांइले मान्छलाइ अधर्म्मको कारणले चेताईले धम्काउंनु हुंद छ
तब तपांइले कीरालाइ झैं त्यो मेटाउंनु हुंद छ जो देखि त्यो खुशि छ .
निस्सं सबै मान्छे एक् सासफेराई जत्ति मात्रै छ । सेला ।
१२ हे यहवे मेरो प्रार्थना सुन्नु हवस् ग्रान मेरो दोहाई तिर कान् लगाउंनु हवस्
मेरा आंसु देखिकन चुपचाप् न रहनु हवस् .
किनभन्ये मं आफ्नु सबै पितापुर्खहरू जस्तो
तपांइको सांमु परदेसी र प्रवासी मात्रै छु ।
१३ मं यहां बाटो जानु र फेरि कहिले पनि न हुंनु भन्दा अगाडि
मं देखि आंखा फर्काउंनु हवस् र मेरो मुख् उज्यालो हुंछ ॥

४० मूलबजाउंनेको लागि । दाऊदको गीत् ।

१ मैंले यहवेको लागि धीरज् धरे बाटो हेर्यौं
त उसले मं तिर निउंर्येर मेरो दोहाई सुन्यो ।
२ उसले मंलाइ नासको भलखाड़ा देखि लेसिइलो हिलो देखि निकालि ल्यायो पनि
ग्रानि मेरा गोडा पहरा माथि बसाल्देर मेरा फड्का स्थिर् गर्यो ।
३ उसले मेरो मुखमा नया गान् अं हाम्रो ईश्वरको स्तुति हाल्येको छ .
धेरै मान्छे यो देख्येर डराउंछन्
अनि यहवेमा भरोसा राख्छन् ।
४ धन्न त्यो पुरुष् जसले यहवेलाइ आफ्नु आधार् तुल्याउंद छ
जो अहंकारीहरू र मिथ्येई गर्नेहरू तिर लाग्दैन ।
५ हे मेरो ईश्वर् यहवे तपांइले गर्यका अदेकका काम् धेरै छन्
अनि हामिहरू तिर लागने तपांइका कल्पना .
ति तपांइको सांमु पांजनु सकीदैन
मैंले तिनको चर्चा र बखान् गर्य भन्ये देखि
ति गर्नौंनु भन्दा बेसि छन् ।
६ बलिदान् र अन्नबलि देखि तपांइ खुशि हुंनु भयेन
मेरा कान् तपांइले खोलनु भयो .
होमबलि र पापबलि तपांइले मांगनु भयेन ।
७ तब भन्यें हेर्नु हवस् आइ पुग्यें
पत्रको पिउरीमा मेरो बिषयमा लेख्येको छ .
८ हे मेरो ईश्वर् तपांइको इच्छे पूरा गर्नु मंलाइ खुशि लाग्द छ
अं तपांइको ब्यवस्था मेरो हिर्दय् भित्र छ ।
९ ठुलो सभामा धर्म्मको सुसमाचार् प्रचार्येको छु

हेर्नु हवस् मं आफ्नु ओंठ् थुनदौंन
हे यहवे तपांइलाइ थाहा छ ।
मैंले तपांइको धर्म्म आफ्नु हिर्दय् भित्र लुकायेको छुइंन १०
तपांइको सच्चाहुवाई र तपांइको मुक्ति बखान्येको छु .
तपांइको करुणा र तपांइको सचेइं ठुलो सभा देखि गुपत्तरि गर्ख्येको छुइंन ।
हे यहवे आफ्नु ठुलो दया मं देखि न थुन्नु हवस् . ११
तपांइका करुणा र तपांइको सचेइंले सधंभरि मेरो रक्ष गरुन् ।
किनभन्ये गन्नु पनि न सक्कौंन विपत्तिहरुले मंलाइ घेयेका छन् १२
मेरा अधर्म्मले मैंले ऊंभो तिर हेर्नु न सकनेगरि मंलाइ समात्येका छन्
मेरो सिरका केस् भन्दा बेसि छन् अनि मेरो आंट्ले मंलाइ छोड्यो ।
हे यहवे मंलाइ छोड़ाउंनु हवस् . १३
मेरो गोहार् गर्नुलाइ छिटो गर्नु हवस् हे यहवे ।
मेरो प्राण नास् गर्नुलाइ खोज्नेहरु १४
लज्जित् र कालो मुखका होउन् .
मेरो हानिमा खुशि हुनेहरु
फर्काईउन् र निरादरका गराईउन् ।
मंलाइ आहा आहा भन्येहरु १५
आफ्नु लाजको प्रतिफलमा उजार् होउन् ।
तपांइलाइ खोज्नेहरु सबै खुशि होउन् अनि तपांइमा रमाउन् . १६
तपांइको मुक्ति प्यारो गर्नेहरुले निरन्तर् भन्नु गरुन
यहवेको बड़ाई हवस् ।
तर मं चइं दीन् र दरिद्र छु १७
तैपनि यहवले मेरो चेत् गर्द छ .
तपांइ मेरा गोहार् र छुट्कारा हुनु हुंद छ
हे मेरो ईश्वर् बिर्पालो न गर्नु हवस् ॥

मुख्यबजाउनेको लागि । दाऊद्को गीत् । ४१

धन्न त्यो जस्ले कंगालिहरुको हेरचाहा गर्द छ . १
यहवले त्यस्लाइ विपत्तिको दिन्मा बचाउंछ ।
यहवेचइंले त्यस्को रक्ष गर्छ अनि त्यस्लाइ जाउंदो राख्छ अनि देशमा त्यो २
आशीर्वादित् हुंछ .
अनि त्यस्लाइ त्यस्का सत्तुरहरुको हात् देखि छोड़ाउंनु हवस् ।
यहवेचइंले त्यस्लाइ त्येस्को मास् आफालने खाट्मा सम्हाल्छ . ३
तपांइले त्यस्को बेथामा त्यस्को ओछ्यान् पल्टाउंन् हुंद छ ।
हे यहवे मंचइंले भन्यें मं माथि दया गर्नु हवस् . ४
मेरो प्राण् निको पार्नु हवस् किनभन्ये मैंले तपांइको बिरुद्धमा पाप्
गर्येको छु ।

५ मेरा सत्तुर्‌हरू मेरो बिरुद्धमां बुराई बोल्छ छन्
त्यो कहिले मर्छ अनि त्यसको नांउ कहिले मेटींछ भन्दै ।
६ अनि त्यो मंलाइ हेर्नु आयेको छ भन्ये देखि पनि मिथ्याईं बोल्छ छ
त्यसको मनले अधर्म्म बटुल्छ छ .
बाहिर जांदै त्यसले चर्चा गर्दछ छ ।
७ मंलाइ दुश्मनी गर्ने सबैले मेरो बिरुद्धमां सार्उति गर्दछन् .
मेरो बिरुद्धमां मेरो हानिको जुक्ति गर्दछन् ।
८ कोई बुराई त्यस्मा टांसायेको छ ;
अनि एउटा ढल्कंदा छ फेरि उठ्दैन ;
९ अं मं सङ मेल् राख्ने जस् मांथि भरोसा राख्येको छ् मेरो रोटी खांने
त्यस्ले पनि आफ्नु लात् मं मांथि उठायेको छ ।
१० तर हे यहुवे तपांइलेनै मं मांथि दया गर्नु हवस् अनि मंलाइ उठाउंनु हवस्
र मं तिनिहरूलाइ साटो दिउं ।
११ मेरो सत्तुरले मं मांथि जय् गर्नु पाएन
त्यो देखि मं जान्दछु तपांइले मं मांथि रमाहट् गर्नु हुंदछ भनि .
१२ तर मंचाहिंलाइ ता तपांइले मंलाइ मेरो सोजेईंमां सम्भाल्न हुंदछ
अनि मंलाइ सदाको लागि आफ्नु मुखंजि उभ्याउंनु हुंदछ ।
१३ इस्राएलको ईश्वर् यहुवे
सनातन् देखि सनातन् सम्म धन्यको हवस् ;
आमेन अनि आमेन ;

दोस्रो भाग् ।

४२ मुख्यबजाउंनेको लागि . कोरहवंशाहरूको मसकिल् भनींने गीत्

१ जस्तै हरिणा पानीका खोलाको लागि हांप्दछ
त्यस्तै मेरो प्राण् तपांइको लागि हांप्दछ छ हे ईश्वर् ।
२ मेरो प्राण् ईश्वर् अं जीउंदो ईश्वर्को लागि तिर्खाउंदछ .
ईश्वर्को सांमु गयेर कहिले देखाहा पर्छ ।
३ दिन् रात् मेरा आंसु मेरा भोजन् भये
जब दिन्भरि लोगले मंलाइ भन्दै रहंदछन् तेरो ईश्वर् खोइ ,
४ ति कुरा सम्झंदछु अनि आफ्नु प्राण् आफु भित्र खन्याउंदछु
अर्थात् धुइरो सङ जांदथियें अनि तिनिहरूलाइ ईश्वर्को घर्मां तांत्
लागि अगुवाइं गर्दथियें
रमाहट् र स्तुति गाउंदै उत्साह् गर्ने धुइरो ।
५ ए मेरो प्राण् किन नुह्येको छस्

अनि मं भित्र किन कन्द छस् .
ईश्वर्को लागि आशा गर् . किनभन्या फेरि उस्को धन्नबाद् गर्छु
उस्को दर्शन् देखि उद्धार् पायेर ।

हे मेरो ईश्वर् मेरो प्राण् ममा नुह्येको छ . ६
येस्कारण् मं यर्दन्को देश् देखि
र हेर्मोन् पर्वतहरू देखि र मिसार् डांड़ा देखि तपांइलाइ सम्झंद छु ।
तपांइको छांगोको सोर् सुन्येर गहीरोले गहीरोलाइ कराउद छ ७
तपांइका छालहरू सांना ठुला दुवैले मंलाइ डुबायेका छन्
यहवेले दिउंसो आफ्नु करूणालाइ आज्ञा दिंछ ८
अनि राति उस्को गीत् मं सङ हुंछ
अं मेरो जीवन्को ईश्वर्को लागिको प्रार्थना ।
मं आफ्नु पहरा हुने ईश्वर्लाइ भन्छु मंलाइ किन बिर्सेन भयो . ९
सत्रुले मिचेर्इ गयेको कारणले किन बिलाप् गर्दै हिंड्द छु ।
मेरा हाड़लाइ कुच्यायेको झं मेरा बिरोधीहरूले मेरो निन्दा गर्द छन् १०
जब दिनभरि लोगले मंलाइ भन्दै रहंछ कन् तेरो ईश्वर् खोइ
ए मेरो प्राण् किन नुह्येको छस् ११
अनि मं भित्र किन कन्द छस्
ईश्वर्को लागि आशा गर् . किनभन्या फेरि उस्को धन्नबाद् गर्छु
जो मेरो मुखको उद्धार् र मेरो ईश्वर् छ ॥

हे ईश्वर् मेरो निया गर्नु हवस् अनि अभक्त लोगको बिरुद्धमा मेरा ४३ १
कुरा खेर्नु हवस् .
छलो र अद्धर्मइ गर्ने मान्छे देखि मंलाइ छोड़ाउंनु हवस् ।
किनभन्या तपांइ मेरो शक्तिको ईश्वर् हो मंलाइ किन आफाल्नु भयो . २
सत्रुले मिचेर्इ गयेको कारणले किन बिलाप् गर्द हिंड्द छु ।
आफ्नु ज्योति र आफ्नु सच्चाइ पठाइदिनु र देखाउंनु हवस् तिन मेरा अगुवाइ ३
गर्ने होउन् .
तिनिहरूले मंलाइ तपांइको पवित्र पर्बत्
र तपांइका बासस्थानहरूमा पुर्याउन् ।
तब मं ईश्वर्को बेदि निर जाउं ४
मेरो बिग्रे आनन्दको ईश्वर् सम्म .
अनि बीणाले मं तपांइको स्तुति गर्छु हे ईश्वर् मेरे ईश्वर् ।
ए मेरो प्राण् किन नुह्येको छस् ५
अनि मं भित्र किन कन्द छस् .
ईश्वर्को लागि आशा गर् . किनभन्ये फेरि उस्को धन्नबाद् गर्छु
जो मेरो मुखको उद्धार् र मेरो ईश्वर् हो ॥

४४ मूलबजाउनेका लागि । कोरहवंशीहरूको मस्कील् भनीने गीत् ।

१ हे ईश्वर् हामिहरूले आफना कानले सुन्यूं हामिहरूका पितापुर्खाहरूले हामिहरूलाइ कह्या .
तपांइले तिनिहरूका दिनमा अं तारिका दिनमा कस्ता कस्ता काम् गर्नु भयो भनि ।
२ तपांइले आफना हातले अन्यदेसीहरूलाइ धपाएर तिनिहरूचइंलाइ रोपनु भयो
तपांइले लोग् लोग्लाइ कष्ट दिइ फिंजाउनु भयो ।
३ किनभन्या तिनिहरूले आफना तरवारले देस् आफनु अधिकारमा पायेका थिएनन्
अनि तिनिहरूलाइ तिनिहरूके बांहाले बचाएन .
तर तपांइचइंको दाहीनो हात्ले र तपांइचइंका बांहाले र तपांइचइंको रूपको ज्योतिले
किनभन्या तपांइले तिनिहरू माथि अनुग्रह् गर्नु भयो ।
४ हे ईश्वर् तपांइनै मेरा राजा हौ .
याकूबको उद्धारका आज्ञा दिनु हवस् ।
५ तपांइको सहारले हामिहरूले आफना विरोधीहरूलाइ हालि धोक्यूं .
हामिहरूको विरुद्धमा उठनेहरूलाइ तपांइको नांउले मल्चाउं छौं ।
६ म आफनु धनु माथि भरोसा राख्दिन
अनि मेरो तरवारले मलाइ बचाउंदैन ।
७ तर तपांइचइंले हामिहरूलाइ हामिहरूको विरोधीहरू देखि बचाउनु भयो
अनि हामिहरू देखि घिन् गर्नेहरूलाइ लज्जित् पार्नु भयो ।
८ दिन्भरि हामिहरूले ईश्वर्मा अहंकार् गरेका छौं
अनि सधैंको लागि तपांइको नांउको धन्यवाद् गर्छौं । सेला ।
९ तर अब तपांइले हामिहरूलाइ त्यागनु र हामिहरूको अपमान् गर्नु भयो
अनि हामिहरूका सेनाहरू सङ्ग जांनु हुन्न ।
१० तपांइले हामिहरूलाइ विरोधि देखि पिठिउं फर्कांउन् लगाउनु हुंदछ .
अनि हामिहरू देखि घिनाउनेहरूले आफनु खुशि अनुसार् लुट्द छन् ।
११ तपांइले हामिहरूलाइ मासुको लागि राखेका भेडाहरूलाइ झैं दिनुहुनु भयो
अनि हामिहरूलाइ अन्यदेसीहरूका बीचमा छरपष्ट पार्नु भयो ।
१२ तपांइले आफनु लोग्लाइ सित्तैमा बेचनु भयो
अनि तिनिहरूको दाम् देखि तपांइको केहि बढ्ति भएन ।
१३ तपांइले हामिहरूलाइ हामिहरूका छिमेकिहरूको सामु गिल्ला
अनि हामिहरूका वरिपरि बस्नेहरूको सामु निन्दा र ठट्टा तुल्याउनु भयो ।
१४ तपांइले हामिहरूलाइ अन्यदेसीहरूको बीचमा कहनी
अनि लोग् लोगको बीचमा शिर् चलाउने कारण तुल्याउनु भयो ।

दिनभरि मेरो अमान् मेरो सामु छ १५
अनि मेरो मुखको लाजले मलाइ ढाकेको छ ।
निन्दा गर्ने र जिसक्याउनेको बोरको कारणले १६
सत्रु र साटो लिनेको मोटोडाको कारणले ।
यि सबै हामिहरू माथि पर्‍यो तैपनि तपाइलाइ बिर्सेका छौंन १७
अनि तपाइको नियमको बिषयमा छल् गर्‍याका छौंन ।
हामिहरूको मन् फर्काको छैन १८
अनि हामिहरूका कदम् तपाइका बाटो देखि गयेका छैनन् ।
तपाइले हामिहरूलाइ स्यालको ठाउमा मारी पिनु भयेको छ १९
अनि मृत्युको छायाले तपाइले हामिहरूलाइ ढाक्नु भयेको छ तैपनि ।
हामिहरूले आफ्ना इश्वरको नाउ बिर्सेका छौं २०
कि बिरानु देवता तिर आफ्नु हात् फिंजायेका छौं भन्या देखि
त क्या इश्वरले येस्को खोजखाल् गर्दैन . २१
किनभन्या उहाँ मनका गुप्त कुरा जान्नु हुन्छ .
हां तपाइको लागि दिनभरि मारिंदै छौं २२
काटीने भेंडाहरू जस्ता गनिन्छौं
जागनु हवस् किन सुतनु हुन्छ हे प्रभु . २३
उठनु हवस् हामिहरूलाइ सर्वदा लागि न त्याग्नु हवस् ।
आफ्नु मुख् किन लुकाउनु हुन्छ २४
अनि हामिहरूको दुःख र थिचाइ किन बिर्सनु हुन्छ .
किनभन्या हामिहरूको प्राण् धुलो सम्म नुहाइयेको छ . २५
हामिहरूको पेट् भूइंमा टांसायेको छ ।
हामिहरूको गोहारको लागि उठ्नु हवस् २६
अनि आफ्नु करुणाको कारणले हामिहरूलाइ छोडाउनु हवस् ।।

मूलबजाउनेको लागि । कोरहबंशीहरूको मस्किल भनौंने गीत ४५
जो सोसनफूल[१] भनौंने रागमा गाईछ । प्रेमको गीत् ।

मेरो मनमा भलो कुरो उम्रंद छ . १
मैले राजाको बिषयमा बनाउने कुरा भन्छु .
मेरो जिब्रो सिपालु शास्त्रीको कलम् जस्तो छ ।
आफु मान्छेको सन्तान् भन्दा राम्रा छौ २
आफुका ओंठमा अनुग्रह खन्याईयेको छ .
येस्कारण् इश्वरले आफुलाइ सदाको लागि आशीष् दियेको छ ।

१ अर्थात् चाइलसुन् ।

३ हे महावीर् आफ्नु तरवार् आफ्नु जाङ्मा भुंड्याउंनु हवस्
जो आफुको बिभव र प्रताप् छ ।
४ अनि आफ्नु प्रतापमा भाग्यमान् भइ सवारि हुंनु हवस्
सचाइं र नरमाइं र धर्म्मको कारणले .
अनि आफ्को दाहीनो हातले आफुलाइ डलागदो काम् सिकाउंछ ।
५ आफुका कांडहरु तीखा तीखा छन्
लोग् लोग् आफु मुनि लड्दछन् .
राजाका सत्तुरहरुको बीचमा ।
६ हे ईश्वर् तपांइको सिंहासन् सधैं सर्बदैको छ .
तपांइको राजको राजदण्ड सोझाइंको राजदण्ड छ ।
७ धर्म्मलाइ प्रिय जान्नु भयो अनि अधर्म्मलाइ अप्रिय .
एसैकारण ईश्वर् आफुको ईश्वरले आफुलाइ अभिषेक् गर्‍यो
हर्षको तेलले आफुका साथीहरु भन्दा बढ्ता ।
८ आफुका सबै पोशाक् मुर्र र एलवा र तज् सुगन्धित् छन्
हस्तिदाइंकाहरु देखि तिनीहरुले आफुलाइ खुश् गरायें ।
९ आफुको मानको स्त्रीहरु राजकुमारीहरु पनि छिन्
आफुको दाहीनो हात् पट्टि ओपीरको सुन् पहिर्‍याएका महारानी
उभीर छिन् ।
१० हे छोरी सुन्नेर ध्यानगरि आफ्ना कान् थाप्नु हवस्
आफ्ने लोग् र आफ्नु बाबुको घर् बिर्सनु हवस्
११ एसोरि राजाले आफुका सुन्दरता मा प्रिय मन् पर्छ .
किनभन्ने उनि आफुका प्रभु हुन् उनलाइ दण्डवत् गर्नु ।
१२ अनि सोरका छोरी भेट लिएर आउंछ
अं प्रजाहरुमाका धनाहरुचाइंले आफुका अनुग्रहको लागि आफु सित
बिन्ति गर्छन् ।
१३ राजकुवांरी (महल्) भित्र अधि शोभायमान् छिन् .
तिनका पोशाकहरु सुनका बुट्टा भयेकाहरु छन् ।
१४ तिनि बुट्टा काढायेका पोशाकमा राजा थांइ पुर्‍याइंछिन् .
तिनका पछि पछि हिंड्ने कुवांरी सैंघाहरु
आफु थांइ ल्यान्ति भइ ल्याइंछिन् ।
१५ हर्ष र रमाहट् गर्दै पुर्‍याइंछिन् .
राजाको महलमा पस्छिन् ।
१६ आफुका पिता पुर्खहरुको साटो आफुका पुत्रहरु हुंछन्
जुनहरुलाइ आफुले सिंगै पृथिवी मा मालिक् तुल्याउंनु हुंछ ।
१७ म आफुको नांउ सबै पुस्ता सम्म सम्भन्न गराउंछु .
येस्कारण लोग् लोगले सधैंभरि आफुको धन्नबाद् गर्छन् ॥

मूलबजाउंनेको लागि । कोरह्वंशीहरूको गीत् जो अलामोत् भनींने रागमां गाइंछ । ४६

ईश्वर् हांमिहरूको शरणस्थान् र बल् हो १
संकष्टमां सजीलै गोहार् पाइंने ।
येस्कारण् डराउंदैंन पृथिवी फरीयो २
अनि पहाड्हरु समुन्द्रको पेट्मां सारीये
त्यस्को पानी करायो अनि फींज् काड्यो ३
पहाड्हरु त्यस्को बढाईले थर्काईये रपनि । सेला ।

येउटा महानदी छ जस्का खोलाहरुले ईश्वर्को सहर् ४
अ परम् ईश्वर्का बासस्थानहरूको पवित्र ठांउलाइ आनन्द गराउंद छ ।
ईश्वर् त्यस् सहर्को बीच्मां छ त्यो सार्दैन ५
गमेरुमेइमां ईश्वरले त्यस्को गोहार् गर्छ ।
अन्यदेसीहरु गर्जे राज् राज् डग्मगाये . ६
उस्ले आफ्नु सोर् निकाल्यो पृथिवी बिलायो ।
सेनाहरूको यह्वे चइं हांमिहरु सङ छ ७
याकूब्को ईश्वर् हांमिहरूको अलगो धरारा हो । सेला ।

आउंनु यह्वेका कार्य्य हेर्नु ८
उस्ले पृथिवीमां कस्तो उजाड् पार्येको छ ।
उस्ले पृथिवीको अन्त सम्म लडाई थमाउंद छ ९
धनु भांच्द छ अनि भाला टुक्र्याउंद छ
रथ्हरु आगोमां डड़ाउंद छ ।
चाम्चुम् हव ईश्वर् उइ हो रछ भनि थाहा पाव . १०
अन्यदेसीहरूको बीच्मां अलग्याइंछु पृथिवीमां अलग्याइंछु ।
सेनाहरूको यह्वे चइं हांमिहरु सङ छ ११
याकूब्को ईश्वर् हांमिहरूको अलगो धरारा हो । सेला ॥

मूलबजाउंनेको लागि । कोरह्वंशीहरूको गीत् । ४७

हे सबै लोग् लोग् हो ताली बजाव १
अलगो सोर्ले ईश्वर्को जय् जय गर ।
किनभन्ये यह्वे परम् ईश्वर् डर्लाग्दो छ २
उ सिंगै पृथिवीमां महा राजा हो ।
उस्ले लोग् लोग्लाइ हांमिहरूको तावेमां ३
अनि अन्यदेसीहरुलाइ हांमिहरूका पैतला मुनि पार्छ ।
उस्ले हांमिहरूको लागि हांमिहरूको अधिकार् छांछ ४
अं उस्ले प्यार् गर्येको याकूब्को श्रेष्टइ । सेला ।

५ ईश्वर् जयजय् गरीयेको भइ चढ्यो
  यहूवे तुरही बजाईयेको भइ ।
६ ईश्वर्को भजन् गाव भजन् गाव .
  हाम्रो राजाको भजन् गाव भजन् गाव ।
७ किनभन्या ईश्वर् सिंगै पृथिवीको राजा हो .
  ज्ञानैले सबको भजन् गाव ।
८ ईश्वर्ले अन्यदेशीहरु माथि राज्य् गर्छ .
  ईश्वर् आफ्नु पवित्र सिंहासनमा बिराजइ छ ।
९ अब्राहाम्को ईश्वर्को लोग् हुंदुलाइ
  लोग् लोगका भारदारहरु भेला भयेका छन् .
  किनभन्या पृथिवीका ढाल्हरु ईश्वर्लाइ पर्छन्
  उह अति अलग्याईयेका छ ॥

४८

येउटा गीत . कोरह्वंशीहरुका गीत् ।

१ यहूवे महान् र स्तुतिको अति योग्य छ
  हामिहरुको ईश्वर्को सहर्मा उसको पवित्र पर्वत्मा
२ अल्गोईमा राम्रो सिंगै पृथिवीको हर्ष
  उत्तर् तिर खडा गरायेको सिय्योन् डांड़ा छ
  महाराजाको सहर् ।
३ ईश्वर्ले त्यसका महल्हरुमा अग्लो घरारा गरि आफुलाइ जनायेको छ
४ किनभन्या हेर राजाहरु भेला भये
  सङ्ग सङ्ग गइ गये ।
५ त्यो हेरिकन छक्क पर्‍ये
  घरहरि भये हतार् गरिकन भाग्ये ।
६ उहीं तिनिहरु माथि कंपाई पर्‍यो
  सुत्केरी आइमाइको पीरा जस्तो ।
७ पूर्व्व बतासले
  तपांइले तर्शीशका नाउहरु भंचाउंनु हुंद छ ।
८ जस्तो सुन्येका छौं त्यस्तै देख्येका छौं
  सेनाको यहूवेको सहर्मा हामिहरुको ईश्वर्को सहर्मा .
  ईश्वर्ले त्यसलाइ सदाको लागि स्थिर् गर्छ । सेला
९ हे ईश्वर् तपांइको मन्दिर्को बीच्मा
  तपांइको करुणा माथि ध्यान् गर्‍येका छौं ।
१० हे ईश्वर् तपांइको नांउ जस्तो
  तपांइको स्तुति पृथिवीमा त्यस्तै .
  तपांइको दाहीनो हात् धर्म्मले भरीयेको छ ।
११ सिय्योन डांड़ा रमावस

यहूदाको छोरीहरूले आनन्द गरून्
तपाइका नियाबचन्हरूको कारणले ।
सिय्योन्का चारै पट्टि हिंड् त्यसको माड़ोघुमाई गर . १२
त्यसका धराग गन ।
त्यसका घराभित्ता मांथि मन् लगाव १३
त्यसका महल्हरु छिरि गइ गइ हेर
तिमिहरुले आउंदा पुस्तालाइ कहनुको लागि ।
किनभन्ये यो चइं ईश्वर् सधैंको लागि हांमिहरुको ईश्वर् हुंद छ . १४
उसैले मृत्यु सम्म हांमिहरुको अगुवाई गर्छ ॥

मूल्बजाउंनेको लागि । कोरहबंशीहरुको गीत् । ४९

हे सबै लोग् लोग् हो यो सुन १
हे संसार्का सबै बासीहरु हो कान् थाप .
क्य मांना क्य तुला २
धनी र कंगालि सबै ।
मेरो मुख् ज्ञान् बोल्छ ३
मेरो मन्को ध्यान् बुद्धिको हुंछ ।
म उखान् तिर आफ्ना कान् थाप्छु ४
बीना बजाइकन आफ्ना अड्कोथपाई खोल्छु ।
बिपत्तिको दिन्मां किन डराउं ५
जब बुराईले मेरो कुर्कुचा डसि मलाइ घेर्द छ ।
जस् जस्ले आफ्नु सम्पत्ति मांथि भरोसा राख्द छन् ६
अनि आफ्ना धनको अग्घोरेईंको कारणले अहंकार् गर्द छन्
तिनिहरुमांको कसैले पनि आफ्नु भाईलाइ छोड़ाउंनु सक्दैन ७
अनि त्यसको लागि ईश्वर्लाइ छोड़ाउंनि दिनु सक्दैन .
(किनभन्ये तिनिहरुको प्राणको छोड़ाउंनि येति अमोल् छ ८
सधैंको लागि छोड़ि राख्नु पर्छ .)
त्यो सदाको लागि जीइ रहंनुलाइ ९
त्यस्ले खाड्ल् न देख्नुलाइ ।
कसोगरिभन्ये त्यस्ले देख् छ बुद्धिमान्हरु मर्द छन् १०
मूर्ख र पशु जस्तो मान्छे सब नष्ट हुंद छन्
अनि आफ्ना धन्सम्पत्ति अरुहरुको लागि छोड़ि राख्द छन् भनि ।
तिनिहरुले मन्मनैमां गुन्द छन् हांमिहरुका घर्हरु सधैं रहंछन् ११
अनि हांमिहरुका बासस्थान् सबै पुस्ता सम्म भनि
तिनिहरुले आफ्नु किपट् आफ्नै नांउगरि राख्द छन् ।
तर मान्छे मान्मां रहंदैन . १२
त्यो नष्ट हुंने पशुहरु जस्तो छ ।

१३ यो तिनिहरूको चलन् मूर्खईं मात्रै छ .
तैपनि तिनिहरू पछि आउंनेहरूले तिनिहरूका कुराको बड़ाई गर्द छन्। सेला।
१४ तिनिहरू पत्तालको बगालको लागि ठहराईये
तिनिहरूका गोठाला काल् चइं हुंछ .
अनि बिहानै सोजाहरूले तिनिहरू माथि प्रभुतेईं गर्छन्
अनि तिनिहरूको रूप् पत्तालमां मेटींछ त्यसको लागि वास् न होउंञ्याल् सम्म।
१५ तर ईश्वर्चइंले मेरो प्राणलाइ पत्तालको हक् देखि छोड़ाउंछ . सेला।
कसोगरिभन्य उसले मलाइ लिंछ।
१६ जब कोई धनी बनींछ
जब त्यसको घरको महिमा बढ़्छ तब न डरा .
१७ किनभन्य त्यो मर्दा क्याइ पनि लैजांनु सक्देन
त्यसको महिमा त्यसको पछि उत्रि जांनु सक्देन।
१८ त्यो जाउंदाखेरि त्यसले आफनु प्राणलाइ आशीर्वाद् गर्द थियो
अनि तैंले आफनु लागि जाति गर्दाखेरि मान्छेहरूले तेरो बड़ाई गर्द थिये रपनि
१९ त्यो आफना पिता पुर्खहरूको खालमां जांछ
तिनिहरूले उज्यालो कैले पनि देख्देनन्।
२० न बूझने मानको मान्छे
नष्ट हुंने पशुहरू जस्तै छ॥

५० आसापको गीत्

१ ईश्वर् परमेश्वर् यहूवे बोल्यको छ
उदय् देखि अस्त सम्म पृथिवीलाइ बोलायो।
२ सिय्योन् देखि पूरो सुन्दरईं देखि
ईश्वर् चमक्याको छ।
३ हांम्रो ईश्वर् आउंछ अनि चुप्चाप् रहंदेन .
आगोले उसको सांमु खाइ हाल्छ
अनि उसका वरिपरि ठूलो आंधी चल्छ।
४ उसले आफना लोगको निया गर्नुलाइ
उसले ऊंभोको आकाश् र पृथिवीलाइ डापार्छ .
५ मेरा भक्तहरूलाइ मं थांइ भेला गरा
बलिदान् चढ़ायेर मं सङ नियम् बांधनेहरूलाइ भनि।
६ अनि स्वर्गले उसको धर्मको बखान् गर्छ
कसोगरिभन्य ईश्वर् आफै बिचारी छ। सेला।

७ हे मेरा लोग् सुन त बोल्छु
हे इस्राएल् त मं तेरो बिषयमां साक्षी दिंछु
ईश्वर् अं मं तेरै ईश्वर् हुं।

तेरा बलिदानको कारणले मं तंलाइ चेताउंदींन ८
अनि तेरा होमबलिहरु मेरो सांमु सधैं छन् ।
तेरो घर् देखि कोई बाच्छा लिंदींन ९
न तेरो बगाल् देखि बाखा ।
किनभन्ये बनका सबै पशु मेरै हुन् १०
अनि हजार् हजार् डांड़ाहरुका बस्तुहरु ।
पर्वत्हरुका सबै पंषीहरुलाइ जान्द छु ११
अनि बन्मां हिंड्डुल् गर्नेहरु मेरै हुन् ।
मंलाइ भोक् लाग्यको भये देखि तंलाइ भन्न पिर्दैन . १२
किनभन्ये जगत् मेरै हो त्येसका भरपूरी समेत् ।
क्य मं सांडूहरुको मासु खांउं ३
कि बाख्राहरुको रगत् पाउं ।
ईश्वर्को लागि धन्नबाद्को बलिदान् चढ़ाउंनु १४
अनि आफ्नु भाकल् परम् ईश्वर्लाइ पूरा गर्नु .
अनि संकष्टको दिन्मां मंलाइ हापार्नु १५
मं तंलाइ छोड़ाउंछु अनि तंले मेरो बड़ाई गर्छस् ।

तर दुष्टलाइ ईश्वर्ले भन्द छ १६
मेरा बिधिहरुको बखान् गर्नु तेरो क्य काम्
अनि मेरा नियम् तेरो मुखमां किन हाल्यको छस् .
जब शिक्षादण्ड देखि घिनाउंइ छस् १७
अनि मेरा कुरा आफ्नु पिठिउंपरि आफाल्द छस् ।
जब चोर्लाइ देखिस् तब त्यो देखि खुशि भइस् १८
अनि पर्स्त्रीगामीहरु सङ भागी भइस् ।
तंले आफ्नु मुख् बुराईलाइ दिइस् १९
अनि तेरो जिब्रोले छल् रच्द छ ।
तं बस्येर आफ्नु भाईको बिरुद्धमां बोल्द छस् २०
आफ्नौ आमाको छोरोको चुगिल गर्द छस् ।
यस्तै काम् गर्यको छस् अनि मं चइं चुप् रह्यौं २१
त्यो चइं खुद् मैं जस्तै छ भनि तंले ठानिस् .
त मं तंलाइ चेताउंछु अनि तेरा आंखाको सोझि पांजछु ।

हे ईश्वर्लाइ बिर्सनेहरु हो यो बिचार २२
होइन भन्ये ता मं तिमिहरुलाइ टुक्रा टुक्रा पार्छु अनि कोई छोड़ाउंने
हुंदैन .
धन्नबाद्को बलिदान् चढ़ाउंनेले मेरो बड़ाई गर्द छ २३
अनि आफ्नु बाटो सुधार्नेहरुलाइ
ईश्वर्को मुक्ति देखाउंछु ॥

५१

मुख्यबजाउनेको लागि । दाऊद्को गीत् . त्यो बत्शेबाकां गये पछि नातन् अगमवक्ता त्यो थांइ आयेको बेलाको ।

१ हे ईश्वर् आफ्नु करुणा अनुसार् मं मांथि अनुग्रह गर्नु हवस् .
आफ्नु दयाको धेरैं अनुसार् मेरा अपराधहरु मेटाउंनु हवस् ।
२ मंलाइ मेरा अधर्म्म देखि पूरागरि धुनु हवस्
अनि मंलाइ मेरो पाप् देखि शुद्ध पार्नु हवस् ।
३ किनभन्ये मंबाइंले आफ्ना अपराधहरु चिन्द छु .
अनि मेरो पाप् सदा मेरो सांमु छ ।
४ तपांइको बिरुद्ध खालि तपांइको बिरुद्ध मात्रै पाप् गर्येको छु
अनि तपांइको मुखैंजि बुराई गर्येको छु .
तपांइ बोल्दाखेरि धर्म्मी
अनि निया गर्दाखेरि निष्कलंक् ठहराईंनुलाइ ।
५ हेर्नु हवस् मं अधर्म्ममां उत्पन्न भयें
अनि पापमां मेरो आमाले मंलाइ जन्माइन् ।
६ हेर्नु हवस् तपांइले अन्तकरणमां सत्यैं खोज्नु हुंद छ .
अनि गुप्त मनमां मंलाइ ज्ञान् जनाउंनु हुंद छ ।
७ एसोपले मंलाइ सफाउंनु हवस् त शुद्ध हुंछु .
मंलाइ धुनु हवस् त हिउं भन्दा सेतो हुंछु ।
८ मंलाइ हर्ष र रमाहट् सुन्नु लाउंनु हवस्
र तपांइले भांच्येका हाडहरु रमाउन् ।
९ मेरा पापहरु देखि आफ्नु मुख् ढाक्नु हवस्
अनि मेरा सबै अधर्म्म मेटाउंनु हवस् ।
१० हे ईश्वर् मेरो लागि शुद्ध मन् सिर्जनु हवस्
अनि मं भित्र नया स्थिर् आत्मा फेर्नु हवस् ।
११ मंलाइ आफ्नु सांमु देखि न निकाल्नु हवस्
अनि मं देखि आफ्नु पवित्र आत्मा न लैजानु हवस् ।
१२ मंलाइ आफ्नु उद्धारको हर्ष फेरि दिनु हवस् .
अनि मनमानी आत्मागरि मंलाइ सम्भाल्नु हवस् ।
१३ तब मं अपराधीहरुलाइ तपांइका बाटा सिकाउंछु
अनि पापीहरु तपांइ थांइ फर्कि आउंछन् ।
१४ हे ईश्वर् मेरो उद्धार् गर्ने ईश्वर् मंलाइ रगतको पाप् देखि छोड़ाउंनु हवस्
तब मेरो जिब्रोले अलगो सोरले तपांइको धर्म्मको बखान् गाउंछु ।
१५ हे प्रभु मेरा ओठ् खोल्नु हवस्
तब मेरो मुखले तपांइको स्तुति प्रकाश् गर्छ ।
१६ कसोगरिभन्ये तपांइ बलिदान् देखि खुशि हुंने छोन होइनभन्ये ता दिने थियें
होमबलि तपांइलाइ मन् पर्दन ।

ईश्वरका बलिदान् चूर्ण आत्मा हुन् . १७
चूर्ण र कुच्याईयेको हिदयलाइ हे ईश्वर् तपांइले तुच्छ ठान्दौन ।

आफ्नु खुशिले सिय्योन्को भलाई गर्नु हवस् . १८
यरूशलेमको घेराभित्ता बनाउंनु हवस् ।

त्यस् बेला धर्म्मका बलिदान् होमबलि र होमबलिदान्मा तपांइको १९
मन् पर्छ .
त्यस् बेला तिनिहरूले तपांइको बेदि मांथि बाच्छाहरू चढाउंछन् ॥

मूलबजाउंनेको लागि । दाऊद्को मस्किल् भनौंने गीत् . एदोमी दोएगले ५२
आयेर शाऊल्लाइ दाऊद् चाहं अहीमेलेकको घरमा आयेको रछ भनि
सुनायेको बेलाको ।

हे बीर् बुराई गर्नुमा किन अहंकार् गर्दै छस् १
ईश्वर्को करुणा सदाको लागि रहंद छ ।
तेरा जिब्रोले खुद् दुष्टईको जुक्ति गर्द छ २
सान् लायेको छुरा भैं छल् गर्न ।
भलाई भन्दा बुराई चाहं तंलाइ जाति लाग्छ ३
अनि धर्म्म भन्नु भन्दा ढांटनु । सेला ।
ए छली जिब्रो ४
खाइ हाल्ने सबै कुरा तंलाइ जाति लाग्द छन् ।
ईश्वर्ले पनि तंलाइ सदाको लागि नास् पार्छ ५
उस्ले तंलाइ अंठायेर तेरो डेरा देखि चुंडाल्छ
अनि जीवन्को लोक् देखि तंलाइ उखेल्छ । सेला ।
धर्म्मी पनि देखेर डराउंछ ६
अनि येसो भन्दै त्यस् मांथि हांस्छ
हेर यो त्यइ मान्छे हो जस्ले आफ्नु ईश्वर्लाइ आफ्नु आधार् मान्येको छैन ७
तर आफ्नु धनसम्पत्तिको धेरैई मांथि भरोसा गर्यो
अनि आफ्नु बढाईमा आफूलाइ बलियो गरायो ।
तर म चाहं ईश्वर्को घर्मा हरीयो भद्राक्षेको रूख् जस्तो छु . ८
सदाको लागि म ईश्वर्को करुणा मांथि भरोसा राखद छु ।
तपांइले त्यसो गर्येको कारणले तपांइको धन्नबाद् सधंभरि गर्छु . ९
अनि तपांइका भक्तिहरूको सांमु तपांइको नांउको बाटो हेर्छु किनभन्ये
त्यो जाति छ ॥

मूलबजाउंनेको लागि महलत् भनौंने रागमा गाईने । दाऊद्को ५३
मस्कील् भनौंने गीत् ।

मूर्खले आफ्नु मनमा भन्येको छ ईश्वर् छंदै छैन । १
तिनिहरू बिग्रयेका छन् तिनिहरूले घिन्लाग्दा काम् गर्येका छन्
सुकर्म्म गर्ने कोई पनि छैन ।

२ ईश्वर्ले स्वर्ग देखि मान्छेको सन्तान् मांथि चियाइ हेर्‍यो
कोई बुद्धिले गर्ने छ
जो ईश्वर्लाइ खोजने छ कि भन्येर हेर्नुलाइ ।
३ सबै फर्कि गये तिनिहरु सङ् सङै मैला भये
सुकर्म्म गर्ने कोई पनि छैन अं येउटा पनि छैन ।
४ के अधर्म्म गर्नेहरु सबैको ज्ञाने छैन
जस्ले मेरा लोगलाइ रोटी झैं खाइ हाल्द छन्
अनि ईश्वर्लाइ हापाईंनन् ।
५ वहांनै तिनिहरु मांथि सारो भय् पर्‍यो जहां भय् थियेन .
किनभन्ये ईश्वर्चइंले तेरो बिरुद्धमां डेरा हाल्नेका हाड् छर्‍यो
ईश्वर्ले तिनिहरुलाइ आफाल्येको कारणले तपांइले तिनिहरुलाइ लाज्
पार्नु भयो ।
६ हाय् इस्राएल्को उद्धार् सिय्योन् देखि निस्कंको भये देखि ना हुंथ्यो .
जब ईश्वर्ले आफ्नु लोग्को बन्धुवाई फर्काइ दिंछ
तब याकूब् रमाउंछ अनि इस्राएल् खुशि हुंछ ॥

५४ मूलबजाउंनेको लागि तारबाजामां बजाईंने । दाऊद्को मसकिल भनौंने गीत् . जीपीहरुले आयेर शाऊल्लाइ के दाऊद् चइं हांमिहरु सङ लुकेयको छैन भनि भन्येको बेलाको ।

१ हे ईश्वर् आफ्नु नाउंले मंलाइ बचाउंनु हवस्
अनि आफ्नु पराक्रम्ले मेरो निया गर्नु हवस् ।
२ हे ईश्वर् मेरो प्रार्थना सुन्नु हवस्
मेरो मुख्का कुरा तिर कान् लगाउंनु हवस् ।
३ किनभन्ये परदेसीहरु मेरो बिरुद्धमां उठेका छन्
अनि बलजबत् गर्नेहरुले मेरो प्राणलाइ खोज्येका छन् .
तिनिहरुले ईश्वर्लाइ आफ्नु मांसु राख्येका छैनन् । मेला ।
४ हेर ईश्वरै मेरो गोहार छ .
प्रभु मंलाइ सम्भाल्नेहरुमांको छ ।
५ उस्ले मेरा बैरीहरु मांथि बुराईको साटो दिंछ .
आफ्नु सत्त्यईंमां तिनिहरुलाइ धंस पार्नु हवस् ।
६ मनमानीगरि तपांइको लागि बलिदान् चढाउंछु .
हे यहवे तपांइको नांउको धन्नबाद् गर्छु किनभन्ये त्यो जाति छ ।
७ किनभन्ये उस्ले मंलाइ सबै कष्ट देखि छोडायेको छ
अनि मेरा आंखाले मेरा सत्तरहरु मांथि दृष्टि गर्‍यो ॥

मूलबजाउंनेको लागि तारबाजामां बजाईने । दाऊद्को मसकिल् भनौंने गीत् । ५५

हे ईश्वर् मेरो प्रार्थना तिर कान् लगाउंनु हवस् १
अनि मेरो अर्जी देखि न लुक्नु हवस् ।
मं तिर ध्यान् दियेर उत्तर् दिंनु हवस्. २
आफ्नु मन्मां छट्पटाउंद छु अं कन्द छु ।
सत्तुर्को सोर्को कारणले ३
दुष्टको मिचेईंको कारणले
किनभन्ये तिनिहरुले मं मांथि अधर्म्म हाल्द छन्
अनि रिसायेर मंलाइ सताउंद छन् ।
मेरो मन् मंमां निमठौंद छ ४
अनि मं मांथि मृत्युका भय्हरु पर्येका छन् ।
डराई र कंमाई मं मांथि आइ लाग्येका छन् ५
अनि डर्लागदो भय्ले मंलाइ खसाल्येको छ ।
तब मैंले भन्यें हाय् मंलाइ ढुकुर्का जस्ता पखेटा भये ता हुंथ्यो ६
त मं उड़ेर चैन् पाउंने थियें ।
हेर मं उड्दे उड्दे टाड़ो जांने थियें ७
अनि बन्मां बास् बस्ने थियें । सेला ।
ठुलो बतास् र आंधी देखि ८
आड्मां छिट्टो जांने थियें ।
हे प्रभु निलि हाल्नु हवस् अनि तिनिहरुको जिब्रो अलग् अलग् पार्नु हवस्. ९
किनभन्ये मैंले सहर्मां उपद्रईं र झगरा देख्येको छु ।
दिन् रात् तिनिहरुले त्येस्लाइ त्येस्को घेराभित्तामां चढेर घेर्द छन् . १०
त्येस्को बीच्मां अधर्म्म र बिपत्ति पनि छन् ।
दुष्टईं त्येस्को मांझमां छ . ११
बर्लमिचेईं र छल् त्येस्को चोक् देखि जांदैनन् ।
कसोगरिभन्ये मंलाइ नुक्स गर्ने चहिं सत्तुर् ता थियेन १२
होइन भन्ये ता मं सहंने थियें .
अनि मेरो बिरुद्धमां आफुलाइ बड़ाई गर्ने चहिं मेरो बैरि ता थियेन
होइन भन्ये ता मं त्यो देखि लुक्ने थियें .
तर तैं चहिं मं बराबरिको १३
मेरो साथी र मेरो हिल्मिल्को साथी ।
हामिहरु सङ् सङै मीठो सल्लाह् गर्द थियूं १४
धब्बरो सङ ईश्वर्को घर्मां जांने गर्द थियूं ।
तिनिहरु मांथि एक्कासी काल् परोस् १५
तिनिहरु जीउंदै पत्तालमां खसुन् .
किनभन्ये तिनिहरुको घर्मां अं अन्तःकरणमां बुराईने छ ।

१६ मं चइं ता ईश्वर्लाइ डाक्छु
अनि यह्वेले मंलाइ बचाउंछ ।
१७ सांझ् बिहान् र दोपहरि ध्यान् गर्दै कन्छु .
अनि उस्ले मेरो सोर् सुन्छ ।
१८ उस्ले मेरो प्राणलाइ मेरो बिरुद्धमां गरीयेको लड़ाईं देखि कुशल् सित
छोड़ायेको छ .
किनभन्ये मेरो बिरुद्धमां लड़ाईं गर्नेहरु धेरै थिये ।
१९ ईश्वर्ले सुन्येर तिनिहरुलाइ उत्तर् दिंछ
अं तादि देखि बिराज्नेले । सेला ।
जुन्हरुको अदलबदल् छैन
अनि जस् जस्ले ईश्वर्को भय् मान्दैनन् ।
२० त्यस्ले आफु सङ मेल् हुनेहरुको बिरुद्धमां हात् हाल्यो .
त्यस्ले आफ्नु बाचा उलाङ्घ गर्यो ।
२१ त्यस्को मुख् घीउ जस्तो चिप्लो
तर त्यस्को मन् चइं लड़ाईं थियो .
त्यस्का कुरा तेल् भन्दा चिल्ला
तर झिकेका तरवार् थिये ।
२२ यह्वेले तंलाइ दियेको बोझा उसैं मांथि हाल् त उसैले तेरो पालन्
पोषन् गर्छ .
उस्ले धर्म्मीलाइ कलेइ सार्नु दिंदैन ।
२३ तर हे ईश्वर् तपांइले तिनिहरुलाइ नाश्को भल्खाड़ा सम्म पुर्याउंनु हुंछ .
हत्यारा र छली मान्छेहरु आफ्नु आधा उमेर् सम्म पनि जीइ रहंदैनन्
तर मं चइं ता तपांइ मांथि भरोसा राख्छु ॥

५६ मूलबजाउनेका लागि । दाऊद्को मिकताम् भनीने गीत् जो यो नतेलेमरहोकीम्[१] भनीने रागमां गाईं छ. पलिश्तीहरुले त्यस्लाइ गात् सहर्मां पक्र्येको बेलाको ।

१ हे ईश्वर् मं मांथि अनुग्रह् गर्नु हवस् किनभन्ये मान्छेले मंलाइ निल्नु
खोज्दै छ .
दिनभरि लड़ाईं गर्दै गर्दै त्यस्ले मंलाइ चेप्दै छ ।
२ मेरा सत्तुर्हरुले दिनभरि मंलाइ निल्नु खोज्दै छन् .
कसोगरिभन्ये मेरो बिरुद्धमां अहंकारेईं सित लड़ाईं गर्नेहरु धेरै छन् ।
३ जस् बेलामां मं डराउंदै छु
तब मं चइं तपांइ मांथि आफ्नु भरोसा राख्छु ।

[१] अर्थात् टाड़ो देस्मां बस्ने न बास्ने ढुकुर् ।

ईश्वरमां उसको वचनको स्तुति गर्छु . ४
ईश्वर् मांथि भरोसा राख्येको छु डराउंदीन
देह्धारीले मंलाइ के गर्नु सक्छ ।
दिनभरि तिनिहरुले मेरा कुराको उल्टो अर्थ दिंद छन् . ५
तिनिहरुका सबै गुणाई मेरो विरुद्धमां बुराईको लागि छन् ।
तिनिहरु भेला हुंद छन् लुक्द छन् ६
तिनिहरुले मेरा पाइला पैल्याउंद छन्
तिनिहरुले मेरो प्राणको लागि ताक्येको भैं ।
के तिनिहरु व्यर्थ काम् गरि बांच्छन् . ७
हे ईश्वर् रिसले लोग् लाग्लाइ लड़ाइ दिनु हवस्
तपांइले मेरो हिंड़ाई गन्नु हुंद छ . ८
मेरा आंसु आफ्नु गग्रीयोमां हालि राख्नु हवस्
के ति तपांइको पोस्तकमां छैनन् ।
जस् बेला हापार्द छु त्यस् बेला मेरा सत्तुर्हरु फर्कंछन् . ९
ईश्वर् मेरो पाट्टि छ भनि यो जान्द छु ।
ईश्वरमां उसको वचन्को स्तुति गर्छु . १०
यहवेमां उसको वचन्को स्तुति गर्छु ।
ईश्वर् मांथि भरोसा राख्येको छु डराउंदीन . ११
मान्छेले मंलाइ के गर्नु सक्छ ।
हे ईश्वर् तपांइका भाकल्हरु मं मांथि छन् . १२
तपांइलाइ धन्नबादी बलि चढ़ाउंछु
किनभन्ये तपांइले मेरो प्राण्लाइ मृत्यु देखि बचाउंनु भयो . १३
अं मेरा गोड़ा चिप्लोंनु देखि
र मं ईश्वर्को सांमु हिंड्डुल् गरुं
जीवन्को उज्यालोमां ॥

मूलबजाउंनेको लागि। दाऊद्को मिक्ताम् भनौंने गीत् जो अल्तश्हेत्[1] ५७
भनौंने रागमां गाईंछ . त्यो साऊल् देखि ओढारमां भाग्येको बेलाको ।

मं मांथि अनुग्रह् गर्नु हवस् हे ईश्वर् मं मांथि अनुग्रह् गर्नु हवस् १
किनभन्ये मेरो प्राण तपांइमां शरणागत् भयो .
अं यि दुष्टहरु जाइ न जाउन्ज्याल् सम्म
तपांइका पखेटाको छाया मुनि शरण लिंछु .
पर् म् ईश्वरलाइ हापार्छु २
मेरो लागि सबै काम् गर्ने परमेश्वर्लाइ ।

[1] अथात नाश न पार ।

३ उहाँले स्वर्ग देखि पठायेर मलाइ बचाउंछ
जब मलाइ नीलनु खोजनेले मेरो निन्दा गर्दछ । सेला ।
ईश्वरले आफ्नु करुणा र आफ्नु सच्चाइँ प्रगट गर्छ ।
४ मेरो प्राण् सिंहहरूको बीच्मां छ
म आगोले डड़ेरकाहरूको बीच्मां ढल्कनु पर्छ
अर्थां मान्छेहरूका सन्तानको बीच्मां जस्का दांत भाला र कांड् छन्
अनि तिनिहरूको जिब्रो लागने तरवार् ।
५ हे ईश्वर् तपांइ स्वर्ग देखि पनि ऊंभो अलग्याइंनु हवस्
तपांइको महिमा सिंगै पृथिवी भन्दा ऊंभो हवस् ॥

६ तिनिहरूले मेरा गोड़ाको लागि पासो थाप्येका छन्
मेरो प्राण् नुह्येको छ .
तिनिहरूले मेरो सांमु खाड़ल् खन्येका छन्
त्यसमां तिनिहरू आफै पर्येका छन् । सेला ।
७ मेरो मन् स्थिर भयो हे ईश्वर् मेरो मन् स्थिर् भयो .
गाउंछु अर्थां स्तुति गाउंछु ।
८ हे मेरो महिमा जागि उठ् हे सितार् र बीणा जागि उठ् .
रामसंमिलाइ जगाउंछु ।
९ हे प्रभु अन्यदेसीहरूका बीच्मां तपांइको धन्नबाद् गर्छु .
लोग् लोगको बीच्मां तपांइको स्तुति गाउंछु ।
१० किनभन्ये तपांइको करुणा स्वर्ग सम्म पुग्ने ठूलो छ
अनि तपांइको सच्चाइँ अकाश् सम्म ।
११ हे ईश्वर् तपांइ स्वर्ग देखि पनि ऊंभो अलग्याइंनु हवस्
तपांइको महिमा सिंगै पृथिवी भन्दा ऊंभो हवस् ॥

५८

मूलबजाउंनेको लागि । दाऊद्को मिक्ताम् भनींने गीत् जो अल्तश्हेत्[1] भनींने रागमां गाईछ ।

१ क्या तिमिहरू सांच्चैनै धर्म्म बोल्नु पर्दा चाम्चुम् रहंछौ .
हे मान्छेका सन्तान् क्या सोझैं सित निया गर्दछौ ।
२ अहं तिमिहरूले मनमां दुष्टाइँ गर्दछौ
तिमिहरूले देसमां आफ्ना हातको उपद्रोइँ जोख्दै दिंदछौ ।
३ दुष्टहरू बच्चै गर्भै देखि परायका भये .
जन्मंनु बित्तिकै देखि भूठ् बोल्दै तर्कि जांदछन् ।
४ तिनिहरूको बिष् सापको बिष् जस्तो छ
कान् थुन्ने बहिरो सर्प जस्तो

[1] अर्थात् नास न पार

जस्ले खेलाउंनेको शब्द सुन्नु मांग्दैन ५
तिनिहरुले चंखेईं नित्ये खेलाउंछन् रपनि ।
हे ईश्वर् तिनिहरुको मुख्मां तिनिहरुका दांत् भांच्नु हवस् . ६
हे यह्वे जुवान् सिंहहरुका ठुला ठुला दारा भांचि दिंनु हवस् ।
छिट्टो बग्ने पानी झैं तिनिहरु बिलौइ जाउन् . ७
त्यस्ले कांड् ताकि तान्दा तिनिहरु काटौयेकाहरु झैं होउन् ।
बिलौंदै हिंडुने चिप्लेकीरा झैं . ८
आइमाइको घाम् कहिले न देख्येको झर्येको गर्भ झैं ।
तिमिहरुका भांड़ाहरुमां कांड़ाहरुको आगो लाग्नु भन्दा पहिले ९
उस्ले हरीयो र बल्दे गर्ने दुवैलाइ बहेरी आंधीमां लैजांछ ।
धर्म्मी यस्तो माटोलिवाई ईश्वर रमाउंछ . १०
त्येस्ले आफ्ना गोड़ा दुष्टको रगत्मां धुन्छ ।
त मान्छेहरुले भन्छन् सांचिने धर्म्मीको लागि प्रतिफल् छ . ११
सांचिने पृथिवीमां निया गर्ने ईश्वर् छ ॥

मूलबजाउंनेको लागि । दाऊद्को मिकताम् भनौंने गीत् जो अल्तशहेत्[1] ५९
भनौंने रागमां बजाईंछ , शाऊलले पठायेका मान्छेहरुले त्यसलाइ
मांनुको लागि घर् ढुक्येका बेलामां ।

हे मेरो ईश्वर् मंलाइ मेरा सत्रुहरु देखि बचाउंनु हवस् . १
मेरो बिरुद्धमां उठ्नेहरु देखि मंलाइ अलग्याउंनु हवस् ।
व्यर्थ काम् गर्नेहरु देखि मंलाइ बचाउंनु हवस् २
अनि हत्याराहरु देखि मंलाइ छोड़ाउंनु हवस् ।
किनभन्ये हेर्नु हवस् तिनिहरु मेरो प्राणको लागि ढुकि रहेंछन् ३
बलियाहरु मेरो बिरुद्धमां भेला हुंदछन् .
हे यह्वे मेरो अपराध् बिना मेरो पाप् बिना ।
मेरो दोष् बिने तिनिहरु दुगुरि आइ लड़ाइंको लागि तम्सींदछन् . ४
मंलाइ भेट्नुको लागि जाग्नु हवस् अनि हेर्नु हवस् ।
अं तपांइनै हे सेनाहरुको ईश्वर् यह्वे हे इस्राएलको ईश्वर् ५
सबै लोग् लोग्लाइ दण्ड दिंनुको लागि उठ्नु हवस् .
कोई दुष्ट अपराधीहरु मांथि अनुग्रह् न गर्नु हवस् । सेला ।
तिनिहरुले बेलुका फर्कर कुकुर् झैं ड्रड्रु गर्दछन् ६
अनि सहर्का चारै पट्टि घुम्दछन् ।
हेर तिनिहरुले मुख् बाटो उगल्दछन् ७
तरवार् तिनिहरुका ओंठमां छन् .
किनभन्ये सुन्ने को छ भनि भन्दछन् ।

---

[1] अर्थात् नास् न पार ।

८ तर हे यहवे तपाइं चइं ता तिनिहरू माथि हांसु हुंछ
तपाइंले सबै लोग् लोग्को ठट्टा गर्नु हुंछ ।
९ हे मेरो बल् मं तपाइंको बाटो हेर्छु .
किनभन्ये ईश्वर् मेरो अलग्गो धरारा छ ।
१० मंलाइ करुणा गर्ने ईश्वर्ले मंलाइ भेट् गर्छ .
ईश्वरले मंलाइ मेरा आंखाले मेरा ढुकि रहने सत्तुरहरू माथि दृष्टि गर्न सम्म दिंछ ।
११ तिनिहरूलाइ न मार्नु हवस् होइन भन्ये ता मेरा प्रजाहरूले बिर्सछन् .
हे प्रभु हामिहरूको ढाल्
आफ्नु शक्तिले तिनिहरूलाइ छरपष्ट पारि लड़ाउंनु हवस् ।
१२ तिनिहरूको मुखको पाप् र ओंठका कुराको कारणले
तिनिहरू आफ्नै अहंकार्मा फांसौउन्
अनि तिनिहरू बोल्यका स्राप् र झूठको कारणले ।
१३ कोप्मा तिनिहरूलाइ भस्म पार्नु हवस् अं अरू न रहुंज्याल् सम्म भस्म पार्नु हवस् .
त तिनिहरूले थाहा पाउन् ईश्वर्ले याकूबमा
पृथिवीको पल्लो छेउ सम्म राज् गर्दै छ भनि । मंला
१४ अनि तिनिहरूले बेलुका फर्केर कुकुर् झैं डुङ्डुङ् गरून्
अनि सहर्को चारै पट्टि घुमुन् ।
१५ आहाराको लागि हिंड्डुल् गर्छन्
अनि सन्तुष्ट भयेन भन्ये रातभरि पर्खि रहछन् ।
१६ तर मं तपाइंको सामर्थको विषयमा गाउंछु
अं बिहान् तपाइंको करुणाको विषय् चर्को सोर्ले गाउंछु .
किनभन्ये तपाइं मेरो अलग्गो धरारा हुंनु भयो
अनि मेरो संकष्टको दिन्मा शरणस्थान् ।
१७ हे मेरो बल् तपाइंकोनै स्तुति गाउंछु .
किनभन्ये ईश्वर् चइं मेरो धरारा छ मेरा करुणामय् ईश्वर् ॥

६० मूल्बजाउंनेको लागि । दाऊद्को मिक्ताम् भनौंने गीत् सिकाउंनुको लागि जो शूशनेदूत्[१] भनौंने रागमा गाईंछ . जब त्यसले अरम्नहरैम् र अरम्सोबा सङ्ग लड़ाइं गर्‍यो अनि योआबले फर्केर नुन्को तरिमा एदोमीहरूमाका बारह् हजार् जनालाइ मार्‍यो ।

१ हे ईश्वर् तपाइंले हामिहरूलाइ आफालनु भयो हामिहरूलाइ भांच्नु भय तपाइं रिसाउंनु भयो . हामिहरूलाइ फर्काउंनु हवस् ।

---

१ अर्थात् साक्षीको सोसन्फूल ।

तपांइले देस्लाइ कांम्नु लगाउंनु भयो त्येस्लाइ च्यात्नु भयो . २
येस्का छेंडुछाडूहरु निको पार्नु हवस् किनभन्ये हल्लींद छ ।
तपांइले आफ्ना लोगलाइ कठिन् कुरा देखाउंनु भयो . ३
तपांइले हांमिहरुलाइ लर्खराउंने दाख्रस् खुवाउंनु भयो ।
तपांइले आफ्ना डराउंनेहरुलाइ झण्डा दिंनु भयो ४
सत्येइंको कारण्ले देखाउंनुको लागि । सेला ।

तपांइका प्रियहरु छोड़ाइंनुको लागि ५
आफ्नु दाहींनो हात्ले हांमिहरुलाइ बचाउंनु हवस् अनि हांमिहरुलाइ
उत्तर् दिंनु हवस् ।
ईश्वर्लेनै आफ्नु पवित्रैइंले भन्येको छ बड़ाइं गर्छु . ६
शकेम् बांड़ि दिंछु अनि सुक्कोत्को तरि नापि लिंछु ।
गिलाद् मेरो अनि मनश्शे पनि मेरै छ ७
एफ्रैम् चइं पनि मेरो शिर्को आड़्
यहूदा मेरो राजदण्ड छ ।
मोआब् मेरो चुठ्त्रा छ ८
एदोम माथि आफ्नु जुत्ता आफालछु .
हे पलिश्ती मेरा कारण जयजय गर भनि ।
मंलाइ घेरा भयेको सहर्मा कस्ले ल्याउंछ ९
मंलाइ एदोम्मा कस्ले पुर्‍यायेको छ ।
क्या तपांइनै होइन हे ईश्वर् जस्ले हांमिहरुलाइ आफाल्नु भयो १०
अनि हे ईश्वर् तपांइ हांमिहरुका सेनाहरु सङ जांनु हुन्न ।
विरोधीको विरुद्धमा हांमिहरुको सोहाय् गर्नु हवस् . ११
किनभन्ये मान्छेको छुट्कारा व्यर्थ छ ।
ईश्वर्को बाटोले बल् गर्द रहंछौं . १२
किनभन्ये हांमिहरुका विरोधीहरुलाइ कुल्चने ऊइ् छ ॥

मूलबजाउंनेका लागि । तार्बाजामा गाउंने दाऊद्को गीत् । ६१

हे ईश्वर् मेरो चिच्याई सुन्नु हवस् १
मेरो प्रार्थना तिर चेत् लाउंनु हवस् ।
जब मेरो मन् मुर्छित् हुंद छ तब पृथिवीको पल्लो छेउ देखि तपांइलाइ २
हापार्छु .
मं भन्दा अग्लो पहरा मांथि मंलाइ पुर्‍याउंनु हवस् ।
किनभन्ये तपांइ मेरो शरण्स्थान् हुंनु भयो ३
सत्तुर् देखि बलियो धरारा ।
तपांइको डेरामा सधैं बास् गर्छु . ४
तपांइका पखेटाको लुक्ने ठाउंमा शरण् लिंछु । सेला ।

५ किनभन्न्य हे ईश्वर् तपांइले मेरा भाकल्हरु सुन्नु भयो
तपांइले मलाइ तपांइको नांउ देखि डराउंनेहरुको भाग् दिनु भयो ।
६ तपांइले राजाका दिन् बढ़ाउंनु हुंछ .
त्यस्का बर्ष धेरै पुस्ता जस्ता हुंछन् ।
७ ईश्वर्को सांमु त्यो सदा रहंछ .
करुणा र सत्यैइं त्यस्को रक्षे गर्नुको लागि ठहराउंनु हवस् ।
८ येसोरि सदाको लागि तपांइका नांउका स्तुति गर्छु
दिन् दिन् आफ्ना भाकल्हरु पूरा गर्नुलाइ ॥

६२ मूल्बजाउंनेको लागि यदूतूनको रीत्मां दाऊद्को गीत्

१ निस्से ईश्वर्मां मेरो प्राण् चाम्चूम् रहंद छ .
उ देखि मेरा उद्धार् हुंद छ ।
२ निस्से उइ मेरो पहरा र मेरो उद्धार् छ .
मेरो अग्लो धरारा मं सारो हल्लाइंदीन ।
३ कहिले सम्म तिमिहरु मान्छे मांथि आइ लाग्छौ
तिमिहरु सबै जनाले त्यस्लाइ मार्छ भन्ने खातिर्ले
निउंर्यको भित्ता झैं र ढल्ने बार् झैं ।
४ निस्से त्यस्लाइ त्यस्को बड़ाहुत्राई देखि खसाल्ने जुक्ति गर्द छन्
झूठ्मां खुशि हुंद छन् .
आफ्नु मुखले ता आशीर्बाद् तर भित्र ता स्राप् गर्द छन् । सेला ।
५ निस्से ईश्वर्मां चाम्चूम् रहृ ए मेरो प्राण्
किनभन्ने उ देखि मेरो आशा हुंद छ ।
६ निस्से उइ मेरो पहरा र मेरो उद्धार् छ .
मेरा अग्लो धरारा मं हल्लाइंदीन ।
७ ईश्वर् सङ मेरो उद्धार् र मेरो महिमा .
मेरो बल्लियो पहरा र मेरो शरणस्थान ईश्वरैमां छ ।
८ हे लोग् सबैभरि उस मांथि भरोसा राख्
उसैको सांमु आफ्नु मन् खन्या .
ईश्वर् हामिहरुको लागि शरणस्थान् छ । सेला ।
९ निस्से छोटा लोग् सास् मात्रै छन् अनि बड़ा लोग् चइं झूठ् .
तराजुमां तिनिहरुको पट्टि उचालौंछ
तिनिहरु सास् भन्दा हलुंग् छन् ।
१० मिचेइं मांथि भरोसा न राख्
अनि लूट्मां न फुलीयौ .
धन् बढ्यो भन्ने तिनिहरु मांथि मन् न लगा ।

एक् कुरो ईश्वर्ले भन्यो ११
दुइ कुरा मैंले सुन्यें
अर्थात् सामर्थ ईश्वर्को पर्द छ .
अनि करुणा तपांइको पर्द छ हे प्रभु . १२
किनभन्ये तपांइलेनै जनंगेलाइ त्येस्को काम् अनुसार् प्रतिफल् दिनु हुंद छ ॥

६३

दाऊद्को गीत् जब त्यो यहूदाको बन्मां थियो ।

हे ईश्वर् तपांइ मेरो परमेश्वर् हो मन् लाइकन तपांइलाइ खोजछु . १
मेरो प्राण् तपांइको लागि तिर्खाउंद छ मेरो जीउले तपांइको लागि अति इच्छे गर्द छ
पानी न भयेको ओबानो र थाक्येको देसमां ।
येसोरि मैंले पवित्रस्थान्मां तपांइ मांथि डिठ् लायेको छु २
तपांइको सामर्थ र महिमा देख्नुलाइ ।
किनभन्ये तपांइको करुणा जीवन् भन्दा रास्रो छ ३
मेरा ओंठले तपांइको स्तुति गर्छन् ।
येसोरि म जीउंदाखेरि तपांइलाइ आशीर्बाद् गर्छु . ४
तपांइको नांउ लियेर आफ्नु हात् उचाल्छु ।
मेरो प्राण् बोसो र चिल्लो खायेकोले सन्तुष्ट हुंछ ५
अनि मेरो मुखले आनन्द गर्ने ओंठले तपांइको स्तुति गर्छ
जब आफ्नु खाटमां ढल्कंदा तपांइको सम्झना गर्द छु ६
अनि रातको पहर् पहर्मां तपांइ मांथि ध्यान् गर्द छु ।
किनभन्ये तपांइ हामिहरुको गोहारि हुंनु भयो ७
अनि तपांइका पखेटाका छाया मुनि खुशि हुंछु ।
मेरो प्राणले तपांइलाइ पछि पछि खेद्द छ . ८
तपांइको दाहीनो हातले मलाइ समातद छ ।
तर त्येस्को नासको लागि मेरो प्राण खोज्नेहरु ९
पृथिवीको ऊंधल्लो ठांउमां जांछन् ।
तिनिहरु तरवारको तावैमां दिइंछन् . १०
तिनिहरु स्यालहरुका भाग हुंछन् ।
तर राजा चइं ईश्वर्मां खुशि हुंछ ११
उस्को नांउ लियेर किरिया खानेहरुले बड़ाई गर्छन्
किनभन्ये झूठ् बोल्नेहरुको मुख् थुनींछ ॥

६४

मूलबजाउनेको लागि । दाऊद्को गीत् ।

१ हे ईश्वर् जब म दोहाई दिंद छु तब मेरो सुन्नु हवस्
सत्रुहरुको डर् देखि मेरो जीवन्को रछे गर्नु हवस् ।

२ दुष्टहरूँ गर्नेहरूको सल्लाह् देखि मलाइ लुकाउनु हवस्
व्यर्थ काम् गर्नेहरूको धुइरो देखि .
३ जुनहरूले आफ्नु जिब्रोलाइ तरवार् झैं सान्सान् लायेका छन्
अनि आफ्ना कांडहरू अं तीता तीता कुराहरूले ताकेका छन् .
४ तिनिहरूले गुप्त गुप्त ठांउमां साजा मान्छेहरूलाइ हान्नुको लागि .
डर् न मानिकन एक्कासि त्यसलाइ हान्ये ।
५ तिनिहरूले बुरो काममां आफुलाइ छूप् बांधद्द छन्
लुकि लुकि पासो थाप्ने सल्लाह् गर्द छन्
तिनिहरूले भन्द छन् हामिहरूलाइ कसले देख्छ ।
६ तिनिहरूले अधर्म खोजद्द छन् तिनिहरूले भन्द छन् हामिहरूले पूरा
खोजगरि सकेका छौं .
अनि जनंगको अन्तःकरण र मन् गहीरो छ ।
७ तर ईश्वरले तिनिहरू माथि हान्छ
एक्कासि कांडले घायेल् हुंछन् ।
८ त तिनिहरूका जिब्रो तिनिहरूको बिरुद्ध भयो भन्ये देखि तिनिहरू ठोकर्
खुवाइंछन् .
तिनिहरूलाइ देख्ने सबैले सिर् चलाउंछन् ।
९ त सबै मान्छेहरू डराउंछन्
अनि तिनिहरूले ईश्वरको कामको बखान् गर्छन्
अनि उसको काम् मन् लगायेर बिचार् गर्छन् ।
१० धर्मीचइंले यहवेमां रमायेर भरोसा गर्छ
अनि सोजो मन् भयेकाहरू सबैले बड़ाई गर्छन् ॥

६५ सुलबजाउनेको लागि । येउटा गीत् । दाजदको गान् ।

१ हे ईश्वर् तपांइको लागि सिय्योनमां स्तुतिको लागि चाम्चूम् छ .
अनि तपांइको लागि भाकल् पूरो गरींछ ।
२ हे प्रार्थना सुन्ने
तपांइ थांइ सबै जीवधारी आउंछन् ।
३ अधर्महरू म माथि जिताहा हुंद छन् .
अनि हामिहरूका अपराध् जो छन् ति तपांइले प्रायश्चित्त गरि मेटाउनु हुंछ ।
४ धन्न त्यो जसलाइ तपांइले छान्येर आफु थांइ पुग्याउनु लाउनु हुंद छ
येसले तपांइको आंगनमां बसे गर्नुलाइ .
तपांइको घर्को भलाई
अर्थात् तपांइको मन्दिर्को पवित्र ठांउ देखि सन्तुष्ट हुंछौं ।
५ डर्लागदा काम् गरि तपांइले हामिहरूलाइ धर्ममां उत्तर् दिनु हुंछ
हे हांमो उद्धार् गर्ने ईश्वर्

जो पृथिवीको सबै अन्तको
र समुद्रमा टाढ़ो रहंने सबैको आधार् हो .
जसले पराक्रम् भिरेर ६
आफ्नु बलले पर्वत्हरू स्थिर् गर्द छ .
जसले समुद्रको गर्जाई अं तिनिहरूका छाल्को गर्जाई ७
र लोगहरूको खलाबैला थमाउंद छ ।
पल्लो छेउमा बस्नेहरू पनि तपांइको चिंनु हेरिकन डराउंद छन् . ८
तपांइले बिहानको उदय् र बेलुकाको अस्ताईलाइ स्तुति गान गराउंनु हुंद छ ।
तपांइले भूमिको हेरचाहा गरेर त्यस्लाइ भिजाउंनु हुंद छ ९
तपांइले त्यस्लाइ अति फलवन्त तुल्याउंनु हुंद छ
ईश्वरको खोला पानीले भरिएको छ .
तपांइले भूमिलाइ तियार् पारेर पछि अन्न तिनको लागि दिंनु हुंद छ ।
तपांइले त्यस्का डगहरू अघिघरि भिजाउंनु हुंद छ १०
त्यस्का डिल् बसालनु हुंद छ
सिम्सिमे पानीले त्यस्लाइ कमला गराउंनु हुंद छ
त्यस्को उब्जनलाइ आशीष् दिंनु हुंद छ ।
तपांइले वर्षलाइ आफ्नु भलाहुवाईं मुकुट् झं लगाइ दिंनु हुंद छ ११
तपांइका बाटाले बोसो चुहाउंद छन् ।
बन्का खर्कहरू मांथि चुहुंद छन् . १२
अनि पहाड़हरू हर्ष भिराईएका छन् ।
खर्क भेड़ाबाख्राले पहिर्याईएका छन् १३
बेंसि पनि अन्नले ढाकीएका छन्
जय् जयगरि गान् पनि गाउंद छन् ॥

मूलबजाउंनेका लागि । गान गीत । ६६

हे सिंगै पृथिवी ईश्वरको लागि जय् जय् गर् १
उस्को नांउको महिमाको भजन् गर . २
उस्को स्तुतिको महिमाको चर्चा गर् ।
ईश्वरलाइ भन् तपांइका कार्य कस्ता डरलागदा ३
तपांइको बलको ठूलाहुवाईले गर्दा तपांइका शत्रुहरू तपांइ पाइ खुम्चीदै आउंद छन् ।
सिंगै पृथिवीले तपांइलाइ दण्डवत् गर्छ ४
अनि तपांइको भजन् गर्छ
तपांइको नांउको भजन् गर्छ । सेला ।

५ आव ईश्वर्‌का कार्य्य हेर
मान्छेको सन्तान्‌ खित गर्य्येको उस्को बेहोरा डर्‌लाग्‌दो छ ।
६ उस्ले समुन्द्रलाइ ओबानो भूंइ पार्‍यो ,
तिनिहरु पैदलै नदी तर्‍ये ,
उहीँनै हामिहरु उस्मां रमायूं ।
७ उ आफ्‌नु पराक्रमले सधैं बिराज्‌द छ
उस्का आंखाले लोग्‌ लोग्‌लाइ हेर्द छन्‌ ,
झगरा गर्नेले आफुलाइ न अलग्याउन्‌ । सेला ।
८ हे लोग्‌ लोग्‌ हामिहरुको ईश्वर्‌लाइ धन्न भन
अनि उस्को स्तुतिको सोर्‌ सुनाउंनु लगाव ,
९ जस्ले हाम्रो प्राणलाइ जीउंदो राखद छ
अनि हाम्रा गोड़ालाइ सर्नु दिंदैन ।
१० कसोगरिभन्ये तपांइले हे ईश्वर्‌ हामिहरुलाइ जांच्नु भयो ,
चांदी जांच्येको झैं तपांइले हामिहरुलाइ जांच्नु भयो ।
११ तपांइले हामिहरुलाइ पासोमां पार्नु भयो
तपांइले हामिहरुको कम्मर्‌मां गह्रुङ्‌ भारि राख्नु भयो ।
१२ तपांइले हामिहरुको सिर्‌ मांथि मान्छेहरुलाइ सवार्‌ हुंनु लाउंनु भयो
हामिहरु आगो र पानी बाटो गयूं
तर तपांइले हामिहरुलाइ परसस्तको येउटा ठांउमां पुर्‍याउंनु भयो ।
१३ होमबलि लियेर तपांइको घर्‌मां पस्छु
तपांइलाइ आफ्‌नु भाकल्‌ पूरो गर्छु ।
१४ जुन्‌ भाकल्‌ मेरा ओंठले सुनायेका छन्‌
अनि मेरो मुखले भन्येको छ मेरो कष्‌को बेलामां ।
१५ तपांइको लागि मोटा मोटा पशुहरुका बलिदान्‌ चढ़ाउंछु
थुमाहरुको बास्ना समेत्‌
बाखा समेत्‌ बाच्छा चढ़ाउंछु । सेला ।
१६ हे ईश्वर्‌को भय्‌ मान्ने सबै आयेर सुन
उस्ले मेरो प्राणको लागि के गर्य्येको छ भनि म बखान्‌ गर्छु ।
१७ आफ्‌नु मुख्‌ले मैंले उस्लाइ डापार्‍यें
अनि मेरो जिब्रो देखि उ बढ़ाईयो ।
१८ मैंले आफ्‌नु मन्‌मां व्यर्थ कुराको चेत्‌ गर्‍यें भन्ये देखि
प्रभुले सुन्ये थियेन ,
१९ तर सांच्चिनै ईश्वर्‌ले सुन्येको छ
उस्ले मेरो प्रार्थनाको सोर्‌को ध्यान्‌ गर्य्येको छ ।
२० ईश्वर्‌ धन्नको हो
जस्ले न मेरो प्रार्थना न आफ्‌नु करुणा मं देखि फर्कायेको छ ॥

मूलबजाउनेको लागि तारबाजामां बजाइने । गीत् गान् । ६७

ईश्वरले हामिहरूलाइ अनुग्रह् गरोस् अनि आशीस् देवस् १
आफ्नु रूप् हामिहरू मांथि चम्कावस् . सेला ।
तपांइको बाटो पृथिवी मांथि २
तपांइको उद्धार् सबै अन्यदेसीहरूको बीचमां जनाईआम् भन्या खातिरले ।
लोग् लोगले तपांइको धन्नबाद् गरुन् हे ईश्वर् ३
सबै लोग् लोगले तपांइको धन्नबाद् गरुन् ।
अन्यदेसीहरूले रमायेर आनन्दले गाउन् . ४
किनभन्या तपांइले लोग् लोगको निया धर्म्म सित गर्छौ
अनि अन्यदेसीहरूलाइ पृथिवी मांथि अगुवाई गर्नु हुंछ । सेला ।
लोग् लोगले तपांइको धन्नबाद् गरुन् हे ईश्वर् ५
सबै लोग् लोगले तपांइको धन्नबाद् गरुन् ।
पृथिवीले आफ्नु उपर्जनि दियेको छ . ६
ईश्वरले अं हामिहरूके ईश्वरले हामिहरूलाइ आशीष् दिंछ ।
ईश्वरले हामिहरूलाइ आशीष् दिंछ ७
अनि पृथिवीका सबै अन्तले उस्को भय् मान्छन् ॥

मूलबजाउनेको लागि । दाऊद्को गीत् गान् । ६८

ईश्वर् उठोस् उस्का सत्तुरहरू छरपुट्ट होइ जाउन् १
उस्का वैरिहरू पनि उस्को सांमु देखि भागि जाउन् ।
धुवा मेटीयेको झैंगरि तिनिहरूलाइ मेट्नु हवस् . २
मयेन् आगोको सांमु पग्ल्येको झैंगरि
दुष्टहरू ईश्वरको सांमु नष्ट होइ जाउन् ।
तर धर्म्मी चइं रमाउन् तिनिहरूले ईश्वरको सांमु बड़ाई गरुन् । ३
अं रमायेर बड़ाई गरुन्
ईश्वरको लागि गाव उस्को नांउको लागि स्तुति गाव . ४
बनमां सवारी गर्नेको लागि मूलबाटो अलग्याव
उस्को नांउ याह् हो उस्को सांमु बड़ाई गर्नु ।
टुहुराको बाबु र बिधुवीको निया गर्ने ५
आफ्नु पवित्रधाममां ईश्वर् छ ।
ईश्वरचइंले एक्लेलाइ जहानमां बसाल्द छ ६
उस्ले बन्धवाहरूलाइ भाग्येमान् तुल्याउंद छ .
तर अट्टेरीहरू सुक्खेको देसमां रहंद छन् ।

हे ईश्वर् जब तपांइ आफ्नु लोगको सांमु निक्लंनु भयो ७
जब तपांइ बन् बाड़ो हिंड्नु भयो सेला ।

८ तब पृथिवी कांम्यो
स्वर्ग पनि ईश्वर्को सांमु चुह्यो .
अं यो सीनै ईश्वर्को अं इस्राएल्को ईश्वर्को सांमु ।
९ तपांइले हे ईश्वर् पानी परसस्त पठाउंनु भयो
जब तपांइको निज् भाग् थाकेको थियो तब तपांइले त्येस्लाइ स्थिर
गराउंनु भयो ।
१० तपांइको सभाले त्येस्मा बास् गर्नु लाग्यो .
हे ईश्वर् तपांइले आफ्नु भलाईले जोहो गर्नु भयो ।
११ प्रभुले बचन् दिंद छ .
समाचार् सुनाउंने धेरै थुइरो छिन् ।
१२ सेनाहरुका राजाहरु भाग्दै छन् अं भाग्दै छन् .
घर् सङि बस्नेले चइं लूट् बांड्द छे ।
१३ भेंडाखोर्मा टल्कि बस्को
परेवाका चांदाले मोहोर्येका पखेटा जस्ता
अनि त्येस्का पोंख पहेंलो सुनले ।
१४ जब सर्वशक्तिमान्ले राजाहरूलाइ त्येस्मा छरपुष्ट पार्द छ
तब सल्मोन् डांड़ामा हिउं पर्येको जस्तो छ ।
१५ बाशान्को पहाड् ईश्वर्को पहाड् हो
बाशान्को पहाड् तीखा तीखा डांड़ाको पहाड् हो ।
१६ हे अग्ला पर्वतहरु किन आफ्ना आंखा लाउंद छौ .
ईश्वरले आफ्नु बासको लागि ईच्छा राख्येको पर्वत् माथि
अं यहवेले त्येसमा सदाको लागि बास् गर्छ ।
१७ ईश्वर्का रथ्हरु बीस् हजार् अं हजार् हजार् .
प्रभु सीनैमा झैं अं पवित्रस्थान्मा झैं तिनिहरुको बीच्मा छ ।
१८ तपांइले ऊंभो चढि गयेर बन्धुवाईलाइ बन्धुवा गर्नु भयो
तपांइले मान्छेहरुको बीच्मा दान् पाउंनु भयो
अं अटेरिहरुको बीच्मा पनि ईश्वर् यह् तिनिहरु सङ बास् गर्नेलाइ ।
१९ प्रभु धन्न हो जस्ले दिनहुं हामिहरुको बोझा बोक्द छ
अं त्यो ईश्वर् जो हामिहरुको उद्धार् गर्ने छ । सेला ।
२० ईश्वर् हामिहरुको लागि धेरै छोड़ाउंने ईश्वर् छ
अनि यहवे प्रभुलाइ मृत्यु देखि बचाईहरु पर्द छन् ।
२१ तर ईश्वरले आफ्ना सत्रुहरुको थाप्लोमा
अनि अधर्म्मको मार्गमा हिंड्दै रहंनेको केस भयेको थाप्लोमा चोर्छ ।
२२ प्रभुले भन्यो बाशान् देखि फेरि ल्याउंछु
समुन्द्रको गहीरो देखि फेरि ल्याउंछु .
२३ तैंले आफ्ना गोड़ा रगत्मा चोबल्नुलाइ
तेरा कुकुरहरुको जिब्रोले तेरा सत्रुहरु देखि भाग् पाउंनुलाइ ।

हे ईश्वर् तिनिहरूले तपांइका हिंडाईहरू देख्येका छन् २४
अं मेरो ईश्वर् मेरो राजाका हिंडाईहरू पवित्रस्थानमां ।
गीत् गाउंनेहरू अघि अघि जांद थिये बाजा बजाउंनेहरू पछि पछि आउंद २५
थिये
मृदङ्ग बजाउंने कुंवारीहरूको बाचमां ।
सभाहरूमां ईश्वर्को अं प्रभुको धन्नबाद् गर २६
हे इस्राएल्को कुवाका मान्छेहरू हो ।
वहां सांनु बिन्यामीन् तिनिहरूको मालिक् छ २७
यहूदाका भारादारहरू तिनिहरूको लस्कर् समेत्
जबूलूनका भारादारहरू र नफ्तालीका भारादारहरू ।

तेरो ईश्वर्ले तेरो सामर्थको आज्ञा दियेको छ . २८
हे ईश्वर् तपांइले हामिहरूको लागि जे गर्नु भयेको छ त्यो बलियो गर्नु
हवस् ।
यरूशलेममां भयेको तपांइको मन्दिर्को कारणले २९
राजाहरूले तपांइ थांइ भेटि ल्याउंछन् ।
ढोड्का बनपशुलाइ हकार् ३०
बहर्हरूको बथान् लोगहरूका बाच्छाहरू समेत्
चांदीका टुक्रा कुल्चंदै
लड़ाईंमां खुशि लाग्दा लोगहरूलाइ उस्ले छरपष्ट पार्येको छ ।
मिस्र देखि हाकिमहरू निस्कि आउंछन् ३१
कुशले आफ्नु हात् ईश्वर् तिर पार्नुलाइ हतार् गर्छ ।
हे पृथिवीका राजहरू हो ईश्वर्को गीत् गाव ३२
प्रभुको लागि स्तुति गाव . सेला ।
तारिका स्वर्गहरूको स्वर्गमां सवार् गर्नेको ३३
सुन उस्ले आफ्नु बाणी अं सारो बोलने बाणी सुनाउंद छ ।
ईश्वर्को सामर्थको बखान् गर . ३४
उस्को प्रताप् इस्राएल् मांथि छ
अनि उस्को सामर्थ आकाशमां ।
हे ईश्वर् तपांइ आफ्नु पवित्रस्थानमां डर्लाग्दो हुंनु हुंद छ . ३५
इस्राएल्को ईश्वर्चइंले आफ्नु लोगलाइ सामर्थ र बल् दिंद छ
ईश्वर् धन्न हो ॥

मूलबजाउंनेको लागि सोसन्फुल् भन्नेंने रागमां बजाइने । दाऊद्को गान् । ६९
हे ईश्वर् मलाइ बचाउंनु हवस् १
किनभन्ये पानीहरू मेरो प्राणमां पर्येका छन् ।
गहीरो धापमां डुब्द छु जहां उभीनु हुंदैन . २
गहीरा पानीहरूमां पर्येको छु जहां भल् म मांथि बहंद छन् ।

३ हापार्दा हापार्दा थाक्येको छु गला सुक्येको छ .
मेरो ईश्वर्लाइ हेर्दा हेर्दा मेरा आंखा टट्टाये ।
४ मं बित अकारण् दुश्मनी गर्नेहरू मेरो कपालका केसहरू भन्दा धेर् छन् .
मेरा झूठ् बोल्ने सत्तुर्हरू जो मंलाइ बिधंस पार्नु खोज्द छन् तिनिहरू बलिया छन् .
तब मैंले न लूटेएको थोक् पनि फर्काउंनु पर्थ्यो ।
५ हे ईश्वर् तपांइले मेरो मूर्खइँ जान्नु हुंद छ
अनि मेरा दोषहरू तपांइ देखि लुक्येका छैनन् ।
६ हे सेनाहरूको प्रभु यहवे तपांइको बाटो हेर्ने मेरो कारणले लज्जित् न होउन् .
हे इस्राएलको ईश्वर् तपांइलाइ खोज्नेहरू मेरो कारणले अमान्मां न परून् ।
७ किनभन्ये तपांइको कारणले निन्दा सह्येको छु
लाजले मेरो मुख् ढाक्येको छु ।
८ मं आफ्ना भाईहरूको सांमु बिरांनु भइ गयें
अनि आफ्नी आमाका छोराहरूको सांमु बाहिरको मान्छे भइ गयें ।
९ किनभन्ये तपांइको घर्को डाहले मंलाइ खल्कायेको छ
अनि तपांइको निन्दा गर्नेहरूका निन्दाहरू मं मांथि पर्ये ।
१० जब रोयें अनि आफ्नु प्राणलाइ उपास् बसाइ दुकव दियें
तब त्यो पनि मेरो निन्दा भयो ।
११ जब मैंले भाङ्ग्रा आफ्नु बस्त्र तुल्यायें
तब मं तिनिहरूको बीच्मां कहंना भइ गयें ।
१२ ढोकामां बस्नेहरूले मेरा बिषयमां बात् गर्द छन्
अनि मद्य खानेहरूले मेरो बिषयमां गीत् गाउंद छन् ।
१३ तर मं जो छु हे यहवे मेरो प्रार्थना ग्रहण् गर्न्येको बेलामां तपांइ तिर जांद छु .
हे ईश्वर् आफ्नु करुणाको अग्घोरेईमां
आफ्नु मुक्तिको सच्चेईमां मंलाइ उत्तर् दिंनु हवस ।
१४ मंलाइ धाप् देखि बचायेर मंलाइ डुब्नु न दिंनु हवस् .
मंलाइ दुश्मनी गर्नेहरू देखि र गहिरो पानीहरू देखि मं बचाईयेर निकलुं ।
१५ पानीको भल् मं मांथि न परोस्
अनि गहिरोले मंलाइ निलि न हालोस्
अनि खाड़लले मं मांथि आफ्नु मुख् न थुनोस् ।
१६ हे यहवे मंलाइ उत्तर् दिंनु हवस् किनभन्ये तपांइको करुणा भलो छ .
आफ्नु दयाको धेरेईं अनुसार् मं तिर फर्कनु हवस् ।
१७ अनि आफ्नु मुख् आफ्नु दास् देखि न लुकाउंनु हवस्
किनभन्ये सकस्मां पर्येको छु मंलाइ छिटोगरि उत्तर् दिंनु हवस् ।
१८ मेरो प्राणको नजिक् आयेर त्येसलाइ छोड़ाउंनु हवस्
मेरा सत्तुर्हरूको कारणले मंलाइ निखन्नु हवस् ।

तपांइले मेरो निन्दा र मेरो लाज् र मेरो अपमान् जान्नु हुंद छ . १९
मेरा विरोधीहरू सबै तपांइको सांमु छन् ।
निन्दाले मेरो मन् भांच्यो अनि म सारो दुख्यको छु . २०
मैले दिठाउंने मांफिकको मान्छेहरूलाइ खोज्यें तर कोई पनि रैन छ
अनि शान्ति दिंनेहरूलाइ तर कोई पनि पाइंन ।
तिनिहरूले मंलाइ खांनुको लागि पीप् पांन दिये २१
अनि म तिर्खाउंदा तिनिहरूले मंलाइ पीउंनुको लागि सिर्का दिये ।
तिनिहरूको भेज् तिनिहरूको सांमु पासो होइ जावस् २२
अनि तिनिहरू मिलापमां रहंदा त्यो पकराउंने खोर् होइ जावस् ।
तिनिहरूका आंखा न देख्नुलाइ अंध्यारो पारीउन् २३
अनि तिनिहरूको कम्मर् सदा हल्लीनु लाउंनु हवस्
तिनिहरू मांथि आफ्नु कोप् खन्याउंनु हवस् २४
अनि तपांइको रिसकोबलाईले तिनिहरूलाइ भेटाउंछ ।
तिनिहरूको छाउंनी सुन्नै होइ जावस् २५
अनि तिनिहरूका डेराहरूमां कोई न रहोस् ।
किनभन्ये जसलाइ तपांइले हिर्काउंनु भयो त्यसलाइ तिनिहरूले सताउंद छन् २६
अनि जसलाइ तपांइले घायल पार्नु भयो त्यसको पीराको चर्चा गर्द छन् ।
तिनिहरूको अधर्म्म मांथि अधर्म्म बढाउंनु हवस् . २७
अनि तिनिहरूलाइ तपांइको धर्म्ममां पस्नु न दिंनु हवस् ।
जीवनको पोस्तक् देखि तिनिहरू मेटीउन् २८
अनि धर्म्मीहरू सङ न लेखीउन् ।
तर म चहिं दुखित् र पीरामां पर्यको छु . २९
हे ईश्वर् तपांइको मुक्तिले मंलाइ अलग्यावस् ।
गीत् गाउंदै ईश्वरको नांउको स्तुति गर्छु ३०
अनि धन्नबाद् गर्दै उसको बढाई गर्छु ।
अनि यो चहिं काम् गोरु भन्दा ३१
अं सींग् र खूर् भयेको बाच्छा भन्दा बेसिगरि परमेश्वरलाइ जाति लाग्छ ।
नरमहरू त्यो देखेर रमाउंछन् ३२
हे ईश्वरको पछि पछि लाग्नेहरू हो तिमिहरूका हिर्दय् जीइ रहून् ।
किनभन्ये परमेश्वरले दरिद्रहरूको सुन्द छ ३३
अनि आफ्ना बंधुवाहरूलाइ तुच्छ जान्दैन ।
स्वर्ग र पृथिवीले उसको स्तुति गरून् ३४
समुन्द्रहरू र तिनमां हिंडुडुल् गर्ने सबैले ।
किनभन्ये ईश्वरले सियोन्‌लाइ बचाउंछ अनि यहूदाका सहरहरू बनाउंछ ३५
अनि तिनिहरू वहां रहंछन् अनि त्येका अधिकारी हुंछन् ।
उसका दासहरूका बंश पनि त्येसको अधिकारी हुंछ ३६
अनि उसको नाउं प्यारो गर्नेहरूले त्येसमां बास् गर्छन् ॥

७० मूल्बजाउंनेको लागि । दाऊद्को सम्झना गराउंने गीत् ।

१ हे ईश्वर् मंलाइ छोड़ाउंनुलाइ (छिटो गर्नु हवस्)
मेरो गोहार् गर्नुलाइ छिटो गर्नु हवस् हे यहवे ।
२ मेरो प्राण् खोज्नेहरू
लज्जित् र कालो मुख्का होउन् .
मेरो हानिमां खुशि हुंनेहरू
फर्काईउन् र निरादर्का गराईउन् ।
३ मंलाइ आहा आहा भन्नेहरू
आफ्नु लाज्को प्रतिफल्मां फर्काईउन् ।
४ तपांइलाइ खोज्नेहरू सबै खुशि होउन् अनि तपांइमां रमाउन्
अनि तपांइको मुक्ति प्यारो गर्नेहरूले निरन्तर् भन्नु गरून्
ईश्वर्को बड़ाई हवस् ।
५ तर मं चइं दीन् र दरिद्र छु
हे ईश्वर् मं थांइ छिटो आउंनु हवस् .
तपांइ मेरो गोहार् र छुट्कारा हुंनु हुंद छ
हे यहवे बियांलो न गर्नु हवस् ॥

७१ १ हे यहवे मं तपांइको शरणागत् हुंद छु .
मंलाइ कैले पनि लज्जित् हुंनु न दिंनु हवस् ।
२ आफ्नु धर्म्मको कारणले मंलाइ छोड़ाउंनु हवस् अनि बचाउंनु हवस् .
मं तिर आफ्नु कान् थाप्नु हवस् अनि मेरो उद्धार् गर्नु हवस् ।
३ तपांइ मेरो लागि बास् गर्ने पहरा हुंनु हवस् जहां मं निरन्तर् जांन सकं
तपांइले मेरो उद्धार् गर्ने आज्ञा दिंनु भयो
किनभन्या तपांइनै मेरो पहरा र मेरो किल्ला हुंनु हुंद छ ।
४ हे मेरो ईश्वर् दुष्टको हात् देखि मेरो उद्धार् गर्नु हवस्
अधर्म्मी र निष्ठुर मान्छेको हात् देखि ।
५ किनभन्या हे मेरो प्रभु यहवे तपांइ मेरो आस्था हुंनु हुंद छ .
मेरो बालख देखि मेरो भरोसा ।
६ मं गर्भ देखि तपांइ देखि सम्भालीएको छु .
मंलाइ मेरो आमाको पेट् देखि निकाल्ने तपांइनै हो .
मेरो स्तुति सधैंभरि तपांइको विषयमां हुंछ ।
७ मं धेरैको लागि उदेक् जस्तो छु
तर तपांइ मेरो बलियो शरणस्थान् हुंनु हुंद छ ।
८ मेरो मुख् तपांइको स्तुतिले भरींछ
अनि दिन्भरि तपांइको महिमाले ।
९ बूढ़ेसकाल्को बेलामां मंलाइ न आफालनु हवस्
मेरो बल् घटेरकोमां मंलाइ न छोड़नु हवस् ।

किनभन्ये मेरा सत्तुर्हरूले मेरो विषयमां बात् गर्दै छन् १०
अनि मेरो प्राणको लागि ढुकुनेहरूले येसो भनिकन आपस्तमां सल्लाह् लिंद छन्
ईश्वर्ले त्येस्लाइ छोड़िद्र छ . ११
खेदेर त्येस्लाइ समात् किनभन्ये त्येस्लाइ छोड़ाउंने कोई पनि छैन भनि ।
हे ईश्वर् मं देखि टाढ़ो न हुंनु हवस् . १२
हे मेरो ईश्वर् मेरो गोहार्को लागि छिटो गर्नु हवस् ।
मेरो प्राणका विरोधीहरू लज्जित् र भस्म होउन् १३
मेरो हानि खोजनेहरू निन्दा र निरादरले ढाकीउन् ।
तर मं चांहि त सधैं आसा गरि रहंछु १४
अनि तपांइको स्तुति अझै गर्द रहंछु ।
मेरो मुखले तपांइको धर्म्मको १५
र दिन्भरि तपांइको उद्धार्को चर्चा गर्छु
किनभन्ये मं त्येस्को गन्ति जान्दीन ।
मं प्रभु यह्वेका पराक्रमी कार्य्यको बखान् गर्दै आउंछु . १६
तपांइ अं तपांइको मात्रै धर्म्मको चर्चा गर्छु ।
हे ईश्वर् तपांइले मंलाइ बालख देखि सिकाउंनु भयो १७
अनि एले सम्म तपांइको आश्चर्यकर्म्मको प्रचार् गर्थ्येको छु ।
अं मं केस् पाकेको बूढ़ो भयें भन्या पनि हे ईश्वर् मंलाइ न छोड्नु हवस् १८
मैले तपांइको सामर्थ्य आउंदो पुस्तालाइ
तपांइको पराक्रम सबै आउंनेहरूलाइ प्रचार् न गरेंजा सम्म
हे ईश्वर् तपांइको धर्म्म पनि अति अग्लो छ १९
तपांइ जस्ले येत्ति ठूलो काम् गर्नु भयेको छ
हे ईश्वर् तपांइ जस्तो को छ ।
तपांइले जस्ले हांमिहरूलाइ धेरै र सारो कष्ट देखाउंनु भयेका छ २०
फेरि हांमिहरूलाइ जीयाउंनु हुंछ
पृथिवीको गहीरो देखि हांमिहरूलाइ फेरि चलाइ ल्याउंनु हुंछ ।
मेरो बड़ाहुवाइ बढ़ाउंनु हवस् २१
फर्केर मंलाइ शान्ति दिंनु हवस् ।
मं पनि सितार् बजाउंदै तपांइको स्तुति गर्छु २२
अं तपांइको सच्चाईको स्तुति हे मेरो ईश्वर् ,
बीणा बजाउंदै तपांइको लागि स्तुति गाउंछु
हे इस्राएलको पवित्र जन् ।
तपांइको स्तुति गाउंदै मेरा ओठले २३
अनि तपांइले छोड़ाउंनु भयेको मेरो प्राणले अति रमाहट् गर्छ ।
मेरो जिब्रोले पनि दिनभरि तपांइको धर्म्मको चर्चा गरि रहंछ . २४
किनभन्ये मेरो हानि खोजनेहरू लज्जित् भये तिनिहरूका मुख् काला भये ॥

७२

सुलेमान् रचित् ।

१ हे ईश्वर् आफ्नु नियाबचन् राजालाइ दिनु हवस्
अनि आफ्नु धर्म्म राजकुमारलाइ ।
२ त्यस्ले तपाइका प्रजाको निया धर्म्म सित गर्छ
अनि तपाइका दीनहरुको निया ठीकुगरि गर्छ ।
३ पहाडुहरु र डांडाहरुले प्रजाहरुको लागि
धर्म्म सित शान्ति ल्याउंछन् ।
४ त्यस्ले प्रजाहरुमांका दीनहरुको निया गर्छ
अनि दरिद्रहरुको सन्तान् बचाउंछ
अनि मिचेइं गर्नेलाइ चूर् पार्छ ।
५ सूर्ज न होउंज्याल् सम्म तिनिहरुले तपाइको भय् मान्दे गर्छन्
अनि पुस्ता देखि पुस्ता सम्म जून् न रहुंज्याल् सम्म
६ घांस्को तुटामां पर्ने पानी जस्तो उत्रंछ .
अनि भूंइ भिजाउंने सिमसिमे पानी जस्तो ।
७ त्यस्का दिनमां धर्म्मीहरु बढ्छन्
अनि शान्तिको परसस्त जून् न होउंज्याल सम्म ।
८ समुन्द्र देखि समुन्द्र सम्म त्यस्को प्रभुतइं पर्छ
महानदी देखि पृथिवीको अन्त सम्म ।
९ बनमां बस्नेहरु त्यस्को सांमु घोप्टो पर्छन्
अनि त्यस्का सत्रुरुहरुले धूलो चाट्छन् ।
१० तर्शीश् र टापूहरुका राजाहरुले भेटिहरु ल्याउंछन् .
शबा र शबाका राजाहरुले सित् ल्याउंछन् ।
११ अं सबै राजाहरुले त्यस्लाइ दण्डवत् गर्छन् .
सबै लोग् लोगले त्यस्को सेवा गर्छन् ।
१२ किनभन्ये त्यस्ले दोहाई दिने दरिद्रहरुलाइ छोड़ाउंछ
अनि गोहार न भयेका दीनहरुलाइ ।
१३ त्यस्ले दीनहरु र दरिद्रहरु मांथि टिठाउंछ
अनि दरिद्रहरुको प्राण् बचाउंछ ।
१४ त्यस्ले तिनिहरुको प्राण् छल् र उपद्रइं देखि छोड़ाउंछ
अनि तिनिहरुको रगत् त्यस्का सांमु अमोल् हुंछ .
१५ त त्यो जीइ रहंछ अनि त्यस्लाइ शबाको सुन् दिइंछ .
अनि त्यस्को लागि नित्ये प्रार्थना गरींछ
दिन्भरि त्यस्लाइ धन्न कहींछ ।
१६ देस्मां पहाडुको थाप्लो थाप्लोमां धेरै अन्न हुंछ
त्यस्का फलहरुले जुभि लबानोन्ले झैं सोर् गर्दे छन् .
अनि सहरका लोगहरु भूंइका घांसहरु झैं लहलहाउंछन् ।

त्यसको नांउ सदा सम्म रहंछ ११
सूर्ज न चम्कुंज्याल् सम्म त्यसको नांउ सदा नया हुंछ .
लोगले आफुलाइ त्यसको लागि आशीर्बादी भन्छन्
सबै लोग् लोगले त्यसलाइ भाग्यमान्को भन्छन् ॥

ईश्वर् यहूवे इस्राएल्को ईश्वर् धन्नको हवस् १८
जो एक्लै आश्चर्यकर्म्म गर्न छ .
अनि उसको महिमित् नांउ सदासर्बदा धन्नको हवस् १९
अनि सिंगै पृथिवी उसको महिमाले भरीओस् ।
आमेन् अनि आमेन् ॥

यिश्शैको छोरो दाऊदका प्रार्थनाहरू सकिय ॥ २०

तीसो भाग् ।

आसापको गीत् । ७३

निस्सै इस्राएल्को लागि ईश्वर् भलो छ १
अं हिर्दयमां शुद्ध हुंनहरुको लागि ।
तर मं चइं अं मेरा गोड़ा रहुकंनु आंटेरका थियें २
मेरा फडूका चिप्लीनु आंटेरका थिये ।
कसोगरिभन्ये जब दुष्टहरुको कुशल् देख्यं ३
तब अहंकारीहरुको बिषयमां डाहा गर्द थियें ।
किनभन्ये तिनिहरुको मरणमां पीरा छंदै छैन . ४
तर तिनिहरुको बल् बलियो छ ।
तिनिहरु अरु मान्छेहरु भैं कष्टमां छैनन् ५
अनि अरु मान्छेहरु माथि भैं तिनिहरु माथि बिपत्ति पर्थेनन् ।
येसकारण् अहंकार् तिनिहरुको गलामां सिक्रि जस्तो छ ६
उपद्रैहैं तिनिहरुलाइ लुगा भैं ओढ़ाउंद छ ।
तिनिहरुका आंखा मोटेहैंको कारणले भित्र भित्र गाड़ीद छन् . ७
तिनिहरुको मन्को चेत् उम्रंद छन् ।
तिनिहरुले ठट्ठा गर्द छन् अनि दुष्टेइंमां सिचेइंका कुरा गर्द छन् . ८
अलग्ग अलग्ग बात् गर्द छन् ।
तिनिहरुले आफ्नु मुख् स्वर्गको बिरुद्धमां राख्येका छन् ९
अनि तिनिहरुको जिब्रो पृथिवीमां डुल्द छ ।
येसकारण् उसले आफ्ना लोगलाइ वहां फर्काउंछ . १०
अनि तिनिहरुले बटुको भरीको पानी रित्याउंद छन् ।

११ अनि तिनिहरूले भन्दछन् ईश्वर्ले कसोगरि जान्दछ
अनि के परम् ईश्वरमां ज्ञान् छ र ।
१२ हेर दुष्टहरू तिनैहरू हुन्
अनि सदा चैनमां हुंदाखेरि धनमां बढ्‍दछन् ।
१३ निस्से व्यर्थैमां मैले आफ्नु हिर्दय् चोख्यायेको छु
अनि निर्दोषिईमां आफ्नु हात् धोयेको छु ।
१४ कसोगरिभन्य दिनभरि कष्टित् भयेको छु
अनि बिहान् बिहान् शिक्षादण्ड पाउंदै आयेको छु ।
१५ मं येसो भन्छु भनि भन्येको भए देखि ता
हेर मैले तपांइका सन्तानहरूका पुस्ता सित छल् सित गर्येको हुंन थियें ।
१६ जब मैले यि कुरा कसोरि बुझुं भनि बिचार्यें
तब मेरो दृष्टिमां कठिन् पर्यो
१७ मं ईश्वरका पवित्रस्थानमां न पसुंज्याल् सम्म
अनि तिनिहरूका पछिल्लो अन्तको बिचार् न गरुंज्याल् सम्म ।
१८ निस्से तपांइले तिनिहरूलाइ चिप्ला ठाउंमां राख्नु हुंदछ .
तपांइले तिनिहरूलाइ सर्वनाशमां लडाउंनु हुंदछ ।
१९ छिनभरिमां तिनिहरू उजार् कसोरि भइ गयें .
भयले तिनिहरू स्वांटै भस्म हुंदछन् ।
२० जस्तो जागनेले सपनालाइ
त्यस्तै हे प्रभु जब तपांइ बिउंझनु हुंदछ तब तपांइले तिनिहरूको छायालाइ तुच्छ जान्नु हुंछ ।
२१ किनभन्य मेरो मन् झर्क्यो
अनि मं आफ्नु अन्तःकरणमां घोचायेको छु .
२२ मं ता पशु जस्तो यस्ता अज्ञानी थियें
मं तपांइको सांमु पशुइ मात्रै थियें ।
२३ तेपनि तपांइ सित सधैं रहंदछु .
तपांइले मेरो दाहिनो हात् समात्नु भयो ।
२४ तपांइले मंलाइ आफ्नु सल्लाहले डोर्याउंनु हुंछ
अनि येस् पछि मंलाइ महिमा सङ लैजानु हुंछ ।
२५ तपांइ बिना स्वर्गमां मेरो अरु को छ
अनि तपांइ सङ पृथिवीमां मैले मन् पर्येको कोई अरु छैन ।
२६ मेरो तन् मन् मिल्दछन् .
तर ईश्वर् सदाको लागि मेरो मनको पत्थरा र मेरो भाग् हुंनु हुंदछ ।
२७ कसोगरिभन्ये हेर्नु हवस् तपांइ देखि टाढा हुनेहरू नष्ट हुंछन् .
तपांइ व्यभिचार् गर्ने झैं तपांइ देखि जाने सबैहरूलाइ तपांइले नाश् गर्नु भयो ।

तर ईश्वर् तिर नजिक् जांनु मेरो लागि भलो छ . २८
मैंले प्रभु यहवेलाइ आफ्नु शरण् तुल्यायेको छु
मैंले तपांइका सबै कार्य्यहरूको बखान् गर्नं भन्या खातिर्‌ले ॥

आसाप्‌को मस्किल् भनौंने गीत् । ७४

हे ईश्वर् तपांइले हांमिहरूलाइ सदाको लागि किन आफालनु भयो . १
तपांइको रिस् आफ्नु खर्कका भेंड़ाहरूको बिरुद्धमा धुंवा जस्तो बिल उठाईंद छ ।
जो मंडला तपांइले तादि देखि किन्नु भयो २
जस्लाइ तपांइले आफ्नु अधिकार्‌का कुल् हुंनुलाइ छोड़ाउंनु भया
अनि तपांइ बास् बस्यको सिय्योन् पर्बत्‌लाइ सम्झनु हवस् ।
आफ्ना गोड़ा सदाको उजाड़्मा उठाउंनु हवस् ३
सत्रुले पवित्रस्थानमा गर्‍यका सबै बुराई ।
तपांइका बिरोधीहरू तपांइको सभाको बास्‌मा गर्जेका छन् ४
तिनिहरूले आफ्ना झण्डाहरू चिंनुहरूको लागि राख्यका छन् ।
जनंग येस्ता देखाइ दियो ५
रूखहरू घेरै भयेकामा बन्चरो चलाउंने जस्ता ।
त अब (भवनका) बुट्टा काढ़ायेका काम् ६
बंछिला र मार्तोल्‌ले भत्काउंद छन् ।
तिनिहरूले तपांइको पवित्रस्थान् आगोले डढ़ायेका छन् ७
तिनिहरूले तपांइको पवित्र नाउंको बास्‌स्थान् भुंइ सम्म अपवित्र गर्‍यका छन् .
तिनिहरूले हांमिहरूले तिनिहरूलाइ स्यांट्टै नास् पारौं भनि आफ्नु मनमा भन्येका छन् . ८
तिनिहरूले देसमा ईश्वर्‌का सबै सभाघरहरू जलायेका छन्
हांमिहरू आफ्नु चिंनु देखदैंन ९
कोई अगमवक्ता फेरि छंदै छैन
अनि कहिले सम्म हुंछ भनि जान्ने हांमिहरूको बास्‌मा कोइ पनि छैन ।
हे ईश्वर् बिरोधीले कहिले सम्म निन्दा गरि रहंछ . १०
के सत्रुले तपांइको नांउ सदाको लागि तुच्छ जान्दै रहंछ ।
तपांइले आफ्नु हात् अं आफ्नु दाहिनो हात् किन तानि लानु हुंद छ . ११
आफ्नु काखि दखि झिकि लानु र तिनलाइ भस्म पार्नु हव ॥

तपनि ईश्वर् तादिको मेरो राजा छ १२
पृथिवीको बीच्‌मा मुक्तिको कार्य्य गर्न ।
तपांइवइंले आफ्नु बल्‌ले समुन्द्रलाइ भाग् भाग् पार्नु भयो . १३
तपांइवइंले पानीमा अजिङरहरूका टाउकाहरू कुच्याउंनु भया ।

१४ तपांइचइंले लिब्यातान्का टाउकाहरु टुक्रा टुक्रा पार्नु भयो
तपांइचइंले त्येस्लाइ बन्मां रहनेहरुलाइ आहाराको लागि दिनु भयो ।
१५ तपांइचइंले पोखरी र खोल्चा चीर्नु भयो
तपांइचइंले बग्दो महानदीहरु सुकाउनु भयो ।
१६ दिन् तपांइचइंको हो रात् पनि तपांइको .
तपांइचइंले उज्यालो र सूर्ज तियार् पार्नु भयो ।
१७ तपांइचइंले पृथिवीका सबै सिमाना ठहराउनु भयो .
तपांइचइंले गृष्म र हिउंदो रच्नु भयो ।
१८ हे यहवे यो सम्झनु हवस् सत्रुले निन्दा गर्येको छ
अं मूर्खहरुले तपांइलाइ तुच्छ गर्येका छन् भनि
१९ तपांइको ढुकुर्को प्राण बनपशुलाइ सुम्पि न दिनु हवस्
तपांइका दानहरुको जीउलाइ सधैं न बिर्सनु हवस् ।
२० नियमलाइ सम्झनु हवस् .
किनभन्ये पृथिवीका अंध्यारा ठांउहरु मिचइंका बासहरुले भरीयेका छन् ।
२१ पानीयेकाहरुलाइ लज्जित् भइकन फर्कनु न दिनु हवस् .
दीन् र दरिद्रहरुले तपांइको नांउको स्तुति गरुन् ।
२२ हे ईश्वर् उठेर आफ्ना कुरा खनु हवस् .
मूर्खले दिनभरि तपांइको निन्दा गर्द छ भनि सम्झनु हवस् ।
२३ आफ्ना बिरोधीहरुको सोर् न बिर्सनु हवस् .
तपांइको बिरुद्धमां उठनेहरुको खैलाबैला सधैंभरि उठ्द छ ॥

७५ मूल्बजाउनेको लागि अल्तश्हेत्[१] भनीने रागमा गाईने ।
आसाफ्को गीत् येउटा गान् ।

१ हे ईश्वर् हामिहरु तपांइको धन्यबाद् गर्द छौं .
धन्यबाद गर्द छौं किनभन्ये तपांइको नांउ नजिक् छ
तपांइका आश्चर्यकर्म्म र उदेकको कामको बखान् गर्दीछ छ ।
२ मं ठहराईयेको समयमां पुग्दा
सोझैं सित निया गर्छु ।
३ पृथिवी त्येस्का सबै बासीहरु समेत् मेटीयेका छन् .
मैंले त्येस्का खांबाहरु उभ्यायेको छु । सेला ।
४ अहंकारीहरुलाइ मैंले भन्यें अहंकार् सित न गर्नु भनि .
अनि दुष्टहरुलाइ मैंले भन्यें सींग् न अल्ग्याउनु .
५ सींग् अल्गोइंमां न अल्ग्याउनु
कठोर् गर्दन् सित कुरा न गर्नु ।

---

१ अर्थात् नास न गर ।

किनभन्ये न पूर्ब न पच्छिउं देखि ६
न दक्खिन्[१] देखि अलग्याइँन आउंद छ ।
तर ईश्वर् बिचारी छ . ७
उसले येउटालाइ होंच्याउंद छ अर्कोलाइ अलग्याउंद छ ।
कसोगरिभन्ये यहूवेको हात्मां कटौरा छ जस्को दाखरस् पोखौंद छ ८
ममलाले भरायेको छ अनि उसले त्यो देखि खन्याउंद छ .
निस्से त्येस्को येस्रो पृथिवीका सबै दुष्टहरुले निखारिकन खांछन् भनि ।
तर मं चइं सधैंको लागि बर्णन् गर्छु ९
याकूबको ईश्वर्को स्तुति गाउंछु ।
दुष्टहरुका सबै सींगहरु पनि काटि दिंछु १०
तर धर्म्मीहरुका सींगहरु अलग्याइँछन् ॥

मूल्बजाउंनेको लागि तारबाजामां आसापको गीत् येउटा गान् । ७६

यहूदामां ईश्वर् चिनीयेको छ . १
इस्राएल्मां उस्को नांउ ठूलो छ ।
शालेममां पनि उस्को मंडप् २
अनि सिय्योन्मां उस्को धाम्
उहीं उसले धनुको अग्निबाण् ३
ढाल् र तरवार् र लड़ाइँ टुक्रा टुक्रा पाऱ्यो । सेला ।
तपांइ अहेरका डांड़ा भन्दा ज्योतिमय् र प्रतापी हुंनु हुंद छ । ४
बलिया मनकाहरु लुटीयेका छन् नीन्द्रामां सुत्येका छन् ५
अनि बीरहरुमांका कसैले पनि हात् चलायेन ।
हे याकूबको ईश्वर् तपांइको धम्किमां ६
रथ् र घोड़ा दुवै अघोर् नीन्द्रामां पऱ्येका छन् ।
तपांइ अं तपांइनै भययोग्य हुंनु हुंद छ ७
अनि तपांइको रिस् उठ्या भन्ये तपांइको सांमु को उभींनु सक्छ ।
तपांइले स्वर्ग देखि नियाका कुरा सुनाउंनु भयो ८
पृथिवी डरायेर चुप् लाग्यो
जब ईश्वर् निया गर्नुलाइ उठ्यो ९
पृथिवीका सबै नम्रहरुको उद्धार् गर्नुलाइ । सेला ।
निस्से मान्छेको कोपले तपांइको स्तुति गर्छ . १०
तपांइले कोपको बांकि भींनु हुंछ ।
भाकल् गर्नु अनि आफ्नु ईश्वर् यहूवेको लागि भाकल् पूरो गर्नु . ११
उस्का वरिपरि सबैले उ थांइ जो भय् मान्ने माफिकको छ भेटि ल्याउंनु ।
उसले भारादारहरुको आत्मा काटि दिंछ . १२
उ पृथिवीका राजाहरुलाइ भययोग्य छ ॥

---

१ अर्थात् बन् ।

७७ मूलबजाउनेको लागि यदूतून्को लागि । आसाफ्को गीत् ।

१ म ईश्वर्को दोहाई कराइ कराइकन गर्छु
अं ईश्वर्को लागि कराइ कराइकन त उहाँ म तिर कान् थाप्छ ।
२ आफ्नु सङ्कष्टको दिनमा मैले प्रभुको खोज् गर्यें .
राति मेरा हात पसारिएका थिये अनि थाकेनन्
मेरो प्राणले शान्ति लिनु मान्यन ।
३ ईश्वर्लाइ सम्झँदै कन्द छु .
म चिन्ता गर्दै छु अनि मेरो प्राण् मूर्छित् हुंद छ । सेला :
४ तपांइले मेरा पलक्लाइ लाग्नु दिनु हुन्न .
म यति कष्टित् भयें म भन्नु पनि सकदीन ।
५ मैले तसिका दिन् गुन्तिरहें छु
उहिले उहिलेका वर्ष ।
६ राति आफ्नु गान् सम्झंद छु .
आफ्नु मनमा ध्यान गर्द छु
अनि मेरा प्राणले भलिभांति खोजखाज् गर्द छ ।
७ के प्रभुले जुगजुग् त्यागिराख्छन् .
के उ फेरि कहिले पनि प्रसन्न हुंदैन .
८ के उहांको करुणा सदाको लागि गइ सकेको छ
के उहांको वचन् सबै पुस्तामा खस्क .
९ के ईश्वरले अनुग्रह गर्नलाइ बिर्सेको छ
के रिसमाहा आफ्ना कृपा तथा पनि राखेको छ । सेला :
१० तब मैले भन्यें यो मेरो दुर्बलता हो
परम् ईश्वर्को दाहिने हात्को बल (सम्झंछु) भनि .
११ याहको कार्यका चर्चा गर्छु
किनभनिता तपांइका प्राचीन उहिलेका कार्य सम्भाउंछु ।
१२ तपांइको सबै काम् मांथि पनि ध्यान् गर्छु
अनि तपांइको कार्य गन्छु ।
१३ हे ईश्वर् तपांइको बाटो पवित्रतैमा छ
ईश्वर् जस्तो महा ईश्वर् को हो ।
१४ तपांइ उदेक गर्ने ईश्वर हुनु हुंद छ .
तपांइले आफ्नु बल् जाति जातिको बीचमा जनाउंनु भयो ;
१५ तपांइले आफ्नु बांहाले आफ्नु प्रजालाइ छुटाउंनु भयो
याकूब् र यूसुफ्का छोराहरूलाइ । सेला :
१६ हे ईश्वर् पानीहरूले तपांइलाइ देखे
तपांइलाइ देखेर पानीहरू पीरमा पर्यो .
गहीराइहरू पनि कांप्यो ।

बादल्ले वर्षा बर्स्यायो १७
आकाशले घोर् सुनायो .
तपांइका बाणहरु येता उता गये ।
तपांइको गर्जन्को घोर् बर्हरिमां थियो १८
बिजुलिले जगत्लाइ चम्कायो .
पृथिवी कांप्यो र हल्लीयो ।
तपांइको मार्ग समुन्द्रमां थियो १९
अनि तपांइका बाटा ठुला पानीहरुमा
अनि तपांइका पाइला चिनीयेनन् ।
तपांइले आफ्ना प्रजालाइ बथान्लाइ झैं अगुवाई गर्नु भयो २०
मूसा र हारूनको बाटोले ॥

आसाप्को मस्किल् भनौंने गीत् । ७८

ए मेरो प्रजा मेरो शिक्षा तिर कान् लगा . १
मेरो मुखका कुरा तिर आफ्नु कान् थाप्
मं उखान्मां आफ्नु मुख् उघार्छु २
उहिलेका गुह्रुकोथपाइ सुनाउंछु .
जो हामिहरुले सुन्येका र जान्येका छौं ३
अनि हामिहरुका पितापुर्खाहरुले हामिलाइ बखान् गर्येका छन्
हामिहरु ति कुरा तिनिहरुका सन्तान्हरु देखि लुकाउंदैनौं ४
आउंने पुस्तालाइ परमेश्वरका गुणानुवाद्
र उस्को सामर्थ र उस्ले गर्येका उस्का अदेक्का कार्य्य सुनाउंदै
किनभन्ये उस्ले याकूबमां नियाबचन् ठहरायो ५
अनि इस्राएल्मां ब्यवस्था राख्यो
जुन्हरुको बिषय्मां उस्ले हामिहरुका पितापूर्खाहरुलाइ आज्ञा दियो
तिनिहरुले आफ्ना आफ्ना बालखहरुलाइ ति जनाउ भन्ये
आउंने पुस्ताले अं उत्पन्न हुंने बालखहरुले ति जानुन् भन्येर ६
जुन्हरुले उठेर आफ्ना बालखहरुलाइ बखान् गरुन् .
तिनिहरुले आफ्नु आसा ईश्वर् मांथि राखुन् ७
अनि ईश्वर्का कार्य्य न बिर्सुन्
तर उस्का आज्ञा मानुन् .
अनि आफ्ना पितापूर्खाहरु झैं ८
अटेरी र झगरा गर्ने पुस्ता न होउन्
आफ्नु मन् स्थिर् न गर्ने पुस्ता
जस्को आत्मा ईश्वर् सित बिश्वासी थियेन (यि सबै कुरा जानुन् भन्ने खातिरले)।

गीत्

९ ३ ८

९ एफ्रेमवंशहरुले हतियार भिरि धनु बोकि
लड़ाईंको दिनमां पिठिउं फर्काये ।
१० तिनिहरुले ईश्वरको नियम मान्यनन्
अनि उसको व्यवस्थामां हिंड्ने इच्छे गर्यनन् ।
११ अनि तिनिहरुले उसका कार्य्य बिर्स्य
अनि उसले तिनिहरुलाइ देखायेका आश्चर्य्यकर्म्म ।
१२ उसले तिनिहरुका पितापूर्व्वको मुखैजि उदेकको काम गर्‍यो
मिस्रको देसमां सोअनको बनमां ।
१३ उसले समुन्द्र भाग भाग पारि दियो अनि तिनिहरुलाइ पारि जांनु लगायो
उसले पानीहरुलाइ थुप्रो झैं उभ्यायो ।
१४ दिउंसो पनि तिनिहरुलाइ मेघले
अनि रातभरि आगोको ज्योतिले उसले तिनिहरुको अगुवाइ गर्‍यो
१५ उसले बनमां पहराहरुलाइ चिर्न गर्‍यो
अनि गहीरो देखि झैं तिनिहरुलाइ धेर पानी खुवायो ।
१६ उसले ढुंगाहरु देखि पनि खोलवा निकाल्यो
अनि पानीहरु नदीहरु झैं बहायो ।
१७ तैपनि तिनिहरु उसका बिरुद्धमां अझ पाप गर्दै रह्या
आग्लानो भूमिमां परम ईश्वरको बिरुद्धमा बिरोधैं गर्य ।
१८ अनि तिनिहरुले आफ्नु मनमां ईश्वरको परीक्षा गर्य
आफ्नु जीउको लागि आहार मांग्दै ।
१९ अं तिनिहरुले ईश्वरको बिरुद्धमा बात गर्य
तिनिहरुले भन्ये की ईश्वरले बनमां भोज तियार पार्न सक्छ
२० हेर पानी फुटि आउंने र खोलवाहरु उर्ल आउंने सम्म गरि
उसले पहरालाइ ता हिर्कायो
क्या उसले रोटी पनि दिनु सक्छ
क्या उसले आफ्ना प्रजाको लागि मासुको बन्दोबस्त गर्छ भनि ।
२१ ईकारण यहवे सुन्येर रिसायो .
अनि याकुबको बिरुद्धमां आगो सल्क्या
अनि इस्राएलको बिरुद्धमां रिस पनि उठि चढ्यो
२२ किनभन्ये तिनिहरुले ईश्वर माथि बिस्वास गर्यनन
अनि उसको उद्धारमां भरोसा राख्यनन् ।
२३ तैपनि उसले ऊंभोको आकाशलाइ आज्ञा दियो
अनि स्वर्गका दैलाहरु उघार्‍यो
२४ अनि उसले तिनिहरु माथि खांने मन्न बर्सायो
अनि तिनिहरुलाइ स्वर्गको अन्न दिया ।
२५ जनैले बीरको रोटो खांद थिय .
... भोजन दियो ।

उस्ले पूर्ब्बतास् अकाशमां चलायो . २६
अनि आफ्नु सामर्थ्यले दक्खिने बतास्को अगुवाइ गर्‍यो ।
उस्ले तिनिहरु मांथि मासु पनि धूलो झैं बर्साया २७
अनि पंखीकुखा समुद्रका बालुवा झैं .
अनि उस्ले तिनिहरुको छाउंनीको बीचमां तिनलाइ उत्रि आउंन गरायो २८
तिनिहरुको बासका वरिपरि ।
न तिनिहरु खायेर अघाये २९
अनि जो तिनिहरुले तिर्षणा गर्दै थिये त्येइ उस्ले तिनिहरुलाइ दियो ।
तिनिहरुलाइ आफ्ना तिर्षणा देखि घिन् न लागदाखेरि ३०
तिनिहरुको भोजन् तिनिहरुको मुख् मुखमां हुंदा खेरिने
ईश्वर्को रिस् तिनिहरु मांथि उठ्यो ३१
अनि तिनिहरुमांका पुष्ट पुरुष्हरुलाइ मार्‍यो
अनि इस्राएलका तन्हेरिहरुलाइ होंच्यायो ।
यि सबै देखि बाहिक् तिनिहरुले अझै पाप गर्दै रह्या ३२
अनि उस्का आश्चर्य्यकर्म्महरु पत्यायेनन् ।
त्येस्कारण् उस्ले तिनिहरुका दिन् मास् झैं सोउ दियो ३३
अनि तिनिहरुका बर्ष भयमां ।
जब जब उस्ले तिनिहरुलाइ मार्‍यो तब तब तिनिहरुले उस्को सोधनी गर्दै थिये . ३४
अनि तिनिहरुले फर्कयेर ईश्वर्को खोज् मन् लगाइकन गर्दै थिये ।
अनि तिनिहरुले ईश्वर् हामिहरुको पहरा हो ३५
अनि परम् ईश्वर् हामिहरुको छुटकारा हो भनि सम्झंदै थिये ।
तर तिनिहरुले आफ्नु मुखले उस्को लल्लोपत्तो गर्‍ये ३६
अनि आफ्नु जिब्रोले उ सित झुठ् बोल्ल्ये ।
तर तिनिहरुको हिर्दय् चाहिं उ सित स्थिर् थियेन ३७
अनि तिनिहरु उस्को नियम् मांथि बिश्वासी थियेनन् ।
तर उ चाहिं दयाले भर्पूर् भइ तिनिहरुको अधर्म्मको प्रायश्चित्त गर्दै तिनिहरुलाइ नास् गर्दैन थियो ३८
अं धेरै खेप् आफ्नु रिस् मार्दै थियो
अनि आफ्नु सबै कोप् उठाउंदैन थियो ।
अनि तिनिहरु मासु मात्रै ३९
अं नगैर अनि फर्कि न आउंन बतास् मात्रै हुन् भनि सम्झंदै थियो ।
कति खेप् तिनिहरु उस्को बिरुद्धमां बनमां बागी भयेका थिये ४०
ओड्रानो ठांउमां उस्लाइ उदास् गराउंदै थिये ।
अनि तिनिहरुले फर्कयेर ईश्वर्को परीक्षा गर्दै थिये ४१
अनि इस्राएलको पवित्रजनको सिमाना बांधदै थियो ।

४२ तिनिहरूले उसको हात् सम्भेनन्
अनि न उसले तिनिहरूलाइ बिरोधीहरूको हात् देखि छोड़ायेको दिन्
सम्भेन ।
४३ अर्थात् उसले आफ्ना चिंनुहरू मिस्रमां देखायो
अनि आफ्ना आश्चर्य्यकर्म सोअनको बन्मां
४४ अनि तिनिहरूका नदीहरू रगत् पार्‍यो
अनि तिनिहरूका खोलन्‌खालचिहरू तिनिहरूले खांनु न सक्नेगरि ।
४५ उसले तिनिहरूको बीच्मां औंधि औंधिका भिङ्गाहरू पठायो जुन्हरूले
तिनिहरूलाइ खाइ हाल्यो
अनि भ्यागुताहरू जुन्हरूले तिनिहरूलाइ नाश् पार्‍यो ।
४६ उसले तिनिहरूको उब्जति पनि कीरालाइ
अनि तिनिहरूको कमाई सलहलाइ दियो ।
४७ उसले तिनिहरूको दाखका बारीहरू असीनाले
अनि तिनिहरूका किम्बू ठुला ठुला असीनाले नष्ट पार्‍यो ।
४८ उसले तिनिहरूका पशुहरूलाइ असीनालाइ दि हाल्यो
अनि तिनिहरूका बथान्हरू अग्निबिजुलिलाइ ।
४९ उसले तिनिहरू माथि आफ्नु बल्टोरिस् पोखायो
क्रोध् कोप र संकष्
दुष्ट ल्याउंने दूत्हरूको गट्ठा ।
५० उसले आफ्नु रिस्‌को लागि बेग्ला बाटो सम्यायो
उसले तिनिहरूको प्राण् मृत्यु देखि बचाएन
तर तिनिहरूको जीउ मरिलाइ दिहाल्यो
५१ अनि मिस्रमां सबै जेठा जेठालाइ मार्‍यो
हाम्‌को डेरामां बूताको थाल्नि ।
५२ तर उसले आफ्नु चइं लोग्‌लाइ भेंड़ालाइ भैं डोगायो
अनि तिनिहरूलाइ बन्मां बथान्लाइ भैं अगुवाई गर्‍यो ।
५३ अनि उसले तिनिहरूलाइ कसैको भय् न लाग्नेगरि चैन् सित डोगायो ।
तर तिनिहरूका सत्तुरहरूचइंलाइ समुन्द्रले छोपि हाल्यो ।
५४ अनि उसले तिनिहरूलाइ आफ्नु पवित्रस्थान्‌को सिमाना सम्म पुर्‍यायो
उसको दाहीनो हात्‌ले किन्येको यो पहाड़ देस् सम्म ।
५५ उसले लोग् लोग्‌लाइ पनि तिनिहरूको सांमु देखि धपायो
अनि डोरी लगाइकन तिनिहरूको अधिकार्‌को भाग् खटाइ दियो
अनि इस्राएल्‌बंशीहरूलाइ तिनिहरूको डेरामां बास् गर्नु लगायो ।
५६ तैपनि तिनिहरू परम् ईश्वर्‌को परीक्षा गर उसको बिरुद्धमां बागी भये
अनि उसका नियावचन्हरू मान्येनन
५७ तर फर्कर आफ्ना पितापूर्खहरूले भैं छल् गर्‍ये ।
धोका खांन्थे धनु भैं फर्काईयेका थिये ।

किनभन्ये तिनिहरुले आफ्ना अलगा अलगा ठांउले उस्को रिस् उठाए ५८
अनि आफ्ना खोपीयेका मूर्त्तिहरुले उसलाइ रापालो गराए ।
ईश्वर् यो सुन्येर रिसायो ५९
अनि इस्राएल् देखि सारो घिनायो ।
त उस्ले शिलोको वासस्थान् छोड्यो ६०
अर्थात् जुन् डेरा उस्ले मान्छहरुको बीच्मा राख्यो
अनि आफ्नु सामर्थ बन्धुवाईमां जांनु दियो ६१
अनि आफ्नु महिमा बिरोधीको हात्मां ।
उस्ले आफ्ना प्रजालाइ पनि तरवार्लाइ सुम्पि दियो ६२
अनि आफ्नु अधिकार् देखि रिसायो ।
आगोले तिनिहरुका तन्नेरिहरुलाइ खाइ हाल्यो ६३
अनि तिनिहरुको कुवांरीहरुको व्याहाको गीत् पनि थियन ।
तिनिहरुका पूजाहारीहरु तरवार्ले लड्र ६४
अनि तिनिहरुको बिधवीहरुले बिलाप् गर्दैनन् ।
तब प्रभु नीन्द् देखि जाग्ने झैं बिउंभयो ६५
मद्यको कारणले कराउंने बीर् झैं ।
अनि आफ्ना बिरोधीहरुलाइ हिर्कायेर पछि सारि दियो । ६६
तिनिहरुलाइ सदाको निन्दाको कारण् बनायो ।
यस् उप्रान्त उस्ले युसुफ्को डेरा मान्येन ६७
अनि एप्रैमको कुल्लाइ छान्येन
तर यहूदाको चाहिं कुल् छान्यो ६८
आफुले प्यार् गर्येको सियोन् पर्बत्लाइ ।
अनि उस्ले आफ्नु पवित्रस्थान् अलगा पर्बत्हरु जस्तो बनायो ६९
आफैले सदाको लागि बलियो गरायेको पृथिवी जस्तो ।
फेरि उस्ले आफ्नु दास् दाऊद्लाइ छान्येर ७०
त्येस्लाइ भेंड़ागोठ् देखि लियो ।
दुहुनाभेंड़ीहरुलाइ पछ्याउंनु देखि उस्ले त्येस्लाइ ल्यायो ७१
आफ्नु प्रजा याकूब् र आफ्नु निज् भाग् इस्राएल्लाइ चराउंनुलाइ ।
त त्येस्ले तिनिहरुलाइ आफ्नु मन्को सोजैं अनुसार् चरायो ७२
अनि आफ्नु हात्को सिप् अनुसार् तिनिहरुको अगुवाई गर्यो ॥

७९

आसापको गीत् ।

हे ईश्वर् लोग् लोग् तपाइंको निज् भाग्मां पसे १
तपांइको पवित्र मन्दिर् तिनिहरुले अशुद्ध पारे
तिनिहरुले यरुशलेम् थुप्रो थुप्रो पारे ।
तपांइका दास्हरुका मुर्दा तिनिहरुले आकाशका पंछीहरुलाइ आहाराको लागि दिये २

तपांइका भक्तहरूको मांसु पृथिवीका पशुहरूलाइ ।
३ तिनिहरूले यिनिहरूको रगत् यरूशलेमको चारै पट्टि पानी झैं बहाए
अनि तिनिहरूलाइ गाड्ने कोई पनि थियेन
४ हांमिहरू आफना छिमेकिहरूको हांसु गिल्ला
आफ्ना वरिपरि बसेहरूको हांसु निन्दा र ठट्ठा भइ गयूं ।
५ हे यहवे कहिले सम्म सदाको लागि रिसाउंदै रहनु हुंछ
के तपांइको रापले आगोले झैं डड़ाउंछ ।
६ तपांइलाइ न चिन्ने अन्यदेसीहरू मांथि आफ्नु क्रोध् खन्याउंनु हवस्
अनि तपांइको नांउलाइ न डाक्ने राजहरू मांथि ।
७ किनभन्ये तिनिहरूले याकूबलाइ निलि दिये
अनि त्यसको वासस्थान् उजाड़्ये ।
८ हांमिहरूका पितापुर्खाहरूको अधर्म्म हांमिहरूको बिरुद्धमा न सम्झनु हवस्
तपांइको कमलो दयाहरूले हांमिहरूलाइ छिट्टै भेटोस्
किनभन्ये हांमिहरू अोधि होंचौयूं ।
९ हे हांमिहरूको उद्धार् गर्ने ईश्वर् आफ्नु नांउको महिमाको लागि
हांमिहरूको गोहार् गर्नु हवस्,
अनि आफ्नु नांउको कारणले हांमिहरूलाइ छोड़ाएर हांमिहरूका पापको
प्रायश्चित्त गर्नु हवस् ।
१० अन्यदेसीहरूले किन भनुन् तिनिहरूको ईश्वर् कता हो भनि,
तपांइका दासहरूको रगत्बहाईको साटोलिवाई
हांमिहरूको दृष्टिमां अन्यदेसीहरूको बीचमां जनाईओस् ।
११ बन्धुवाको सुस्केरामराइँ तपांइको सांमु पुगोस्
आफ्ना बांहांको तुलेइं अनुसार् मरणको लागि खटाईयेकाहरूलाइ बचाउंनु
हवस्
१२ अनि हे प्रभु हांमिहरूका छिमेकिहरू जुनहरूले तपांइको निन्दा गर्येका छन्
तिनिहरूलाइ सात् गुणा साटो दिनु हवस् ।
१३ यसोरि हांमिहरू तपांइका प्रजा र तपांइको खर्कका भेंड़ाहरू
सदाको लागि तपांइको धन्नबाद् गर्दै रहंछौं,
सब्बै पुस्ता सम्म तपांइको स्तोति प्रचार् गर्दै रहंछौं ॥

८० मूल्बजानेवालाको लागि शोशन्नीमेदूत्[1] भन्नेंन रागमां गाईने
आसापको गीत् ।

१ हे इस्राएल्का गोठाला
जस्ले यूसुफ्लाइ बथान्लाइ झैं डोर्याउंद छ तपांइ सुन्नु हवस्
हे तपांइ जो करूबहरूको बीच् मांथि बस्ने छ चम्कंनु हवस् ।

---

[1] अर्थात् हाड़ेलसुन् साक्षी ।

एफ्रेम् बिन्यामीन् र मनश्शेको सामु आफ्नु पराक्रम् चलाउंनु हवस् २
अनि हामिहरूको उद्धार् गर्नु आउंनु हवस् ।
हे ईश्वर् हामिहरूलाइ फर्काउंनु हवस् ३
अनि आफ्नु रुप् हामिहरु माथि चम्काउंनु हवस् त हामिहरु छोडाइंछौं

हे सेनाहरूको ईश्वर् यहवे ४
कैले सम्म तपांइको रिस् तपांइका लोगको प्रार्थनाको बिरुद्धमा धुवां भै उठ्छ ।
तपांइले तिनिहरूलाइ आंसूहरूको रोटा खुवाउंनु भयो ५
अनि तिनिहरूलाइ ठुलो भर्नभरि आंसू पीयाउंनु भयो ।
तपांइले हामिहरूलाइ हामिहरूको छिमेकिहरूको गेरुवा अगाडिको कारण तुल्याउंनु हुंद छ । ६
अनि हामिहरूका सत्रुहरू आपस्तमा हांस्द छन् ।
हे सेनाहरूको ईश्वर् हामिहरूलाइ फर्काउंनु हवस् ७
अनि आफ्नु रुप् हामिहरु माथि चम्काउंनु हवस् त हामिहरु बचाइंछौं ।

तपांइले मिस्र देखि येउटा दाखको बोट् सार्नु भयो । ८
तपांइले लोग् लोग्लाइ निकाल्येर येस्लाइ रोप्नु भयो ।
तपांइले त्यस्को सामु ठांउ तियार् पार्नु भयो ९
त यस्ले गहीरो जरा समात्यो अनि फिंजीयेर देस् भरीयो ।
पहाडहरु त्येस्का छायाले ढाकीयेका थिये १०
अनि ईश्वर्का देवदारुहरूले त्येस्का हांगाहरु समेत् ।
त्यस्ले आफ्ना हांगाहरु समुन्द्र सम्म बढायो ११
अनि त्येस्का पालुवा महानदी सम्म ।
तपांइले त्य[illegible] बारहरु किन भांचि दिंनु भयो १२
बाटोमां हिंड्ने सबैले त्यो टिप्ने सम्म
पातल् देखि बंदेलले त्यो नास् पार्द छ १३
अनि बन् देखि बनपशुहरु त्येस्मां चर्द छन् ।
हे सेनाहरूको ईश्वर् फर्कनु हवस् भनि बिन्ति गर्द छौं ।
स्वर्ग देखि ऊंभो हेर्येर देखनु हवस् अनि येस् दाखको बोट्को हेरचाहा गर्नु हवस् १४
अं तपांइको दाहीनो हात्ले रोप्येको बिरुवा १५
अनि तपांइले आफ्नु लागि बलियो गरायेको हांगा[1] ।
आगोले डढेको छ त्यो ढालीयेको छ । १६
तपांइको रुपको चेतानीले तिनिहरु नष्ट हुंद छन् ।

[1] हिब्रानामा छोरो

१७ तपांइको दाहीनो हातको मान्छे माथि तपांइका हात परोस्
तपांइले आफ्नु लागि बलियो गरायेको मान्छेको छोरो माथि ।
१८ येसोरि हांमिहरु तपांइ देखि फर्कंदैनौं .
हांमिहरुलाइ जियाउंनु हवस् त हांमिहरु तपांइको नांउ हापाक्नौं
१९ हे सेनाहरुको ईश्वर् यहवे हांमिहरुलाइ फर्काउंनु हवस्
आफ्नु रुप् हांमिहरु माथि चम्काउंनु हवस् त हांमिहरु बचाइंक्नौं ॥

८१ मूसाबजाउनेको लागि . गत् भन्नेमे रागमा बजाइने आसापको गीत्

१ ईश्वर् हांमिहरुको बल् भयेको लागि चर्को सोरले गाउ .
याकूब्को ईश्वर्को जय् जय् गर ।
२ भजन् गाउंनु थाल मृदंग ठोक
सितार् सङ्ग मीठो बीणा ठोक ।
३ दुतियामा नर्सींगा बजाउ
पुर्नेमा हांमिहरुको ठूलो चाडको दिन्मा ।
४ किनभन्थे यो इस्राएल्को लागि बिधि छ
याकूब्को ईश्वर्को लागि येउटा नियम् ।
५ उस्ले यूसुफ्मा साक्षीहरुको लागि ठहरायो
जब उ मिस्रको देश्को बिरुद्धमा निस्कि गयो .
मैले न चिन्येको भाखा सुन्यें ।
६ मैले त्येस्को कांध् बोझा देखि सार्यें .
त्येस्का हात् डालो देखि निर्बंध पारीयें ।
७ तैंले सकस्मा हापार्दा मैले तंलाइ छोड़ायें
गर्जन्को लुक्ने ठांउमा तंलाइ उत्तर् दियें
मरीबाको पानीको कुंडमा मैले तंलाइ जांच्यें । सेला ।
८ हे मेरो प्रजा सुन् त म तेरो साक्षी दिंछु
हे इस्राएल् तैंले मेरो सुन्येको भये ता ।
९ कोइ बिरानु देवता तंमा हुंदैन
न तैंले पराय् येवताको सेवा गर् ।
१० म यहवे सइं तेरो ईश्वर् हुं
जस्ले तंलाइ मिस्रको देश् देखि निकालि ल्यायो .
आफ्नु मुख् पूरा बा त त्यो भर्छु ।
११ तर मेरो प्रजाले मेरो कुरा मान्येन
अनि इस्राएल्ले मंलाइ मन् पर्येन ।
१२ येस्कारण् मैले तिनिहरुलाइ तिनिहरुका मन्को अड्डींदै अनुसार छिंडनु दियें
तिनिहरु आफ्ना सल्लाहहरुमा डुल्नुको लागि ।

हाय् मेरा प्रजाले मलाइ मान्येको भये देखि ता १३
इस्राएल् मेरा बाटाहरुमां हिंड्रेको भये देखि ता ।
मं छिट्टै तिनिहरुका सत्तुर्हरुलाइ चेप्ने थियें १४
अनि आफ्ना हात् तिनिहरुका विरोधीहरुको विरुद्धमां चलाउंने थियें ।
परमप्रभुलाइ घिणाउंनेहरु निउंरंदै उसको ताबिमां आउंने थिये . १५
तर तिनिहरुको सुसमय् सधैंको लागि रहंने थियो ।
उसले तिनिहरुलाइ सबै भन्दा असल् गहूं खुवाउंने थियो . १६
अनि पहरा देखिको महले मं तंलाइ तृप्त गराउंने थियें ॥

८२

आसापको गीत् ।

ईश्वर् चंइ ईश्वर्को मंडलीमां उभींद छ १
ईश्वर्हरुको बीच्मां उसले निया गर्द छ ।
तिमिहरु कहिले सम्म बाङ्गोटेढो निया गर्दै रहंछौ २
अनि दुष्टहरुको पक्षपाइ गर्दै रहंछौ । सेला
कङ्गाल् र टुहुरा टुहुरीको निया गर . ३
दीन् र दरिद्रहरुको लागि धर्म्म गर ।
कङ्गाल् र निर्धन्लाइ बचाउंनु . ४
दुष्टको हात् देखि तिनिहरुलाइ छोड़ाउंनु हवस् ।
तिनिहरुले न जान्द छन् न बूझ्द छन् ५
अंध्यारोमां हिंडडुल गर्द छन् .
पृथिवीका सबै जग् सारीयेका छन् ।
मंचंइले भन्यें तिमिहरु ईश्वर्हरु हौ ६
अनि तिमिहरु सबै परम् ईश्वर्का छोराहरु हौ भनि ।
तैपनि मान्छेइ झैं मंर्छौ ७
अनि मालिकहरुको एक् जना झैं खस्छौ ।
हे ईश्वर् उठेर पृथिवीको निया गर्नु हवस् ८
किनभन्ये तपांइले सबै लोग्लाइ आफ्नु अधिकार्मां पार्नु हुंछ ॥

८३

येउटा गान् आसापको गीत् ।

हे ईश्वर् चुप् न रहंनु हवस् . १
चुप्चाप् न रहंनु हवस् अनि चैन् न गर्नु हवस् हे ईश्वर् ।
किनभन्ये हेर्नु हवस् तपांइका सत्तुर्हरुले खेलाबेला मचाउंद छन् . २
अनि तपांइका बैरीहरुले सिर् उठायेका छन् ।
तिनिहरुले तपांइको प्रजाको विरुद्धमां छट्टेंइको सल्लाह् लिंद छन् ३
अनि तपांइका लुकेकाहरुको विरुद्धमां आपस्तमां जुक्ति निकाल्द छन् ।
तिनिहरुले भन्येका छन् कि हांमिहरु तिनिहरुलाइ लोग् होइ रहंनु देखि ४
मेटि दिउं

इस्त्राएलको नांउ फेरि कहिलेइ न सम्भिओस् भन्ने खातिर्ले भनि ।
५ किनभन्ने तिनिहरूले एउटै मन् गरि जुक्ति निकाल्येका छन्
तपांइको विरुद्धमां नियम् बान्धेर छन् ।
६ एदोम्का डेराहरू र इश्माएलीहरू
मोआब् र हग्रीहरू
७ गेबाल् र अम्मोन् र अमालेक्
सोर्का बासीहरू समेत् पलिश्तीहरू ।
८ अश्शूर् पनि तिनिहरू सित मिल्येको छ
तिनिहरूले लोतवंशीहरूको गोहार् गर्थेका छन् ।
९ तिनिहरू सङ त्यसो गर्नु हवस् जसो मिद्यान् सङ
कीशोन् खोल्वामां सीसरा र याबीन् सङ भैं ।
१० जो एन्दोर्मां नष्ट भये
तिनिहरू भुंइको लागि मल् भइ गये ।
११ तिनिहरूका भारादारहरूलाइ ओरेब् र जेब् जस्तो पार्नु हवस्
अं तिनिहरूका सबै मालिक्हरूलाइ जेबह् र सल्मुन्ना भैं ।
१२ जुन्हरूले भन्थे हामिहरूले आफ्नु अधिकार्मां
ईश्वर्का बासहरू[1] पारूं ।
१३ हे मेरो ईश्वर् तिनिहरूलाइ बहेरीने धूलो भैं
अनि बतासको सांमु उडाईयेको भूस् भैं पार्नु हवस् ।
१४ पात्ल् उड़ाउंने आगो भैं
अनि पहाड्हरू सल्काउंने ज्वाला भैं
१५ त्यस्तै तिनिहरूलाइ आफ्नु आंधीले खेद्नु हवस्
अनि आफ्नु बहेरी आंधीले तिनिहरूलाइ डर् देखाउंनु हवस्
१६ तिनिहरूका मुख् लाजले भर्नु हवस्
तिनिहरूले तपांइको नाउंको खोज् गरून् भन्ने खातिर्ले हे परम
१७ तिनिहरू सदा लज्जित् भर्मायेका भइ रहून्
अं मुख् काला होउन् अनि नष्ट होउन् ।
१८ तिनिहरूले जानुन् तपांइने मात्रै जस्को नांउ यहवे भनोंद छ
सिंगै पृथिवी मांथि परम् ईश्वर् हुंनु हुंद छ भन्ने खातिर्ले ।

८४ मूल्बजाउंनेका लागि गत् भनोंने रागमां गाईने । कोरहवंशीहरूका गीत्

१ हे सेनाहरूको यहवे तपांइका वासस्थानहरू कति प्रिय छन् ।
२ यहवेका आंगनहरूको लागि मेरो प्राणले अत्यन्त इच्छा गर्द छ अं व्याकुल छ पनि
मेरो तन्मन्ले जीउंदो ईश्वर्को लागि चर्को सोर्ले गाउंद छन् ।

---

[1] अर्थात घर्कहरू ।

अं भङ्गेराले पनि आफ्नु लागि येउटा बास् पायेको छ ३
अनि गौंथलिले पनि आफ्नु लागि येउटा गुंड् आफ्ना बच्चा राख्नुको लागि
अं तपांइके बेदिहरु हे सेनाहरुको यहूवे
हे मेरो राजा र मेरो ईश्वर् ।
धन्न तिनिहरु जुन्हरु तपांइको घर्मां बस्ट छन् ४
तिनिहरुले अझै तपांइको सेवा गर्दै रहंछन् । सेला।
धन्न त्यो मान्छे जस्को बल् तपांइमां छ ५
जस्को मनमां (सिय्योन् सम्म) पुग्ने मूलबाटा छन् ।
बाका[1] भनौंने ओखानो खोलन्चामां कोही त्यसलाइ जस्का पानी बनाउंद छन् ६
अं पालनो झरिले त्यसलाइ आशीषहरुले परिपूर्ण गराउंद छ ।
तिनिहरु बल् देखि बल् सम्म अघि बढ्द छन् ७
ईश्वर्को सांमु तिनिहरुमांको जनंगे सिय्योनमां देखापर्छ
हे सेनाहरुको ईश्वर् यहूवे मेरो प्रार्थना सन्न् हवस ८
हे याकूबको ईश्वर् कान् थापनु हवस् । सेला।
हे ईश्वर् जो हांमिहरुको ढाल् हो हेर्नु हवस ९
अनि आफ्नु अभिषिक्तको मुख् हेर्नु हवस्
किनभन्ये तपांइको आंगनमां येउटै दिन् रहन् हजार् भन्दा असल् छ १०
दुष्टहरुको डेरामां बास् गर्नु भन्दा बेसि
मंलाइ आफ्नु ईश्वरको घर्को संघारमा बसि रहनु मन् पर्छ ।
किनभन्ये ईश्वर् यहूवे सूर्ज र ढाल् हो ११
यहूवेले अनुग्रह् र महिमा दिंछ ।
सोझैं सङ हिंड्नेहरु देखि उस्ले कोइ पनि असल थोक् थाम्दैन
हे सेनाहरुको यहूवे १२
धन्न त्यो मान्छे जस्ले तपांइ माथि भरोसा राख्द छ ।

८५

मूलबजाउनेको लागि । कोरहवंशीहरुको गीत्

हे यहूवे तपांइ आफ्नु देस् माथि अनुग्रहित् हुनु भयो १
तपांइले याकूबको बन्धुवाई फर्काइ दिनु भयो ।
तपांइले आफ्नु लोगको अधर्म्म क्षमा गर्नु भयो २
तपांइले तिनिहरुको सबै पाप् ढाक्नु भयो । सेला।
तपांइले आफ्नु सबै रिस् लैजानु भयो ३
तपांइले आफ्नु बल्दोरिस् फर्काउनु भयो ।
हे हांम्रो उद्धार् गर्ने ईश्वर् हांमिहरुलाइ फर्काउनु हवस् ४
अनि हांमिहरु तिरको आफ्नु कोप् थामनु हवस् ।

[1] अर्थात् रूवाई ।

५ क्ये तपांइ सधैं हांमिहरु मांथि रिसाउंदै रहंछौ
क्ये तपांइले सबै पुस्ता सम्म आफ्नु रिस हांमिहरुलाइ तानि ल्याउंछौ ।
६ क्ये तपांइलेनै हांमिहरुलाइ फेरि जिवाउनु हुन्न
तपांइको प्रजा तपांइमां रमाउंनुलाइ ।
७ हे यहवे हांमिहरुलाइ आफ्नु करुणा देखाउंनु हवस्
अनि हांमिहरुलाइ आफ्नु उद्धार दिनु हवस् ।
८ ईश्वर् यहवेले के भन्छ त्यो मं सुनुं .
किनभन्ये उस्ले आफ्ना प्रजा र आफ्ना भक्तिलाइ कुशलको कुरा भन्छ .
तर तिनिहरु फेरि आफ्नु मूर्खैंमां न फर्कुन् ।
९ निस्सै उस्को उद्धार् उस्का डराउंनेहरुको नजिक छ
महिमा हांम्रो देसमां बस्नुलाइ ।
१० करुणा र सच्चैइ चइं आपस्तमा भेट् भये
धर्म्म र मिलापचइंले आपस्मा चूमा खा खा गर्ये ।
११ सच्चैइ चइं पृथ्वी देखि उम्रंद छ
अनि धर्म्मचइंले स्वर्ग देखि ऊंधो हेर्यो ।
१२ अं जे ज्याति छ त्यो यहवेलेनै दिंछ
अनि हांमिहरुको भूमिचइंले उपज्नी उपजाउंछ ।
१३ धर्म्मचइं उस्को आघि हिंड्छ
अनि आफ्ना पाइलामां हांमिहरुलाइ हिंड़ाल्छ ॥

८६

दाऊद्को प्रार्थना ।

१ हे यहवे आफ्नु कान् थाप्येर मंलाइ उत्तर् दिनु हवस्
किनभन्ये मं दीन् र दरिद्र छु ।
२ मेरो प्राणको रक्षा गर्नु हवस् किनभन्ये मं भक्त छु .
हे तपांइ मेरो ईश्वर् तपांइ मांथि भरोसा गर्ने आफ्नु दासलाइ बचाउंनु हवस् ।
३ मं मांथि अनुग्रह गर्नु हवस् हे प्रभु
किनभन्ये दिनभरि तपांइलाइ डापार्दै छु ।
४ आफ्नु दासको प्राणलाइ रमाउंने गराउंनु हवस्
किनभन्ये तपांइ थांइ हे प्रभु आफ्नु प्राण् उठाउंद छु ।
५ किनभन्ये हे प्रभु तपांइ भलो र क्षमा गर्ने हुंनु हुंद छ
अनि तपांइलाइ डापार्नेहरु सबैको लागि करुणामां भरपूर् ।
६ हे यहवे मेरो प्रार्थना तिर कान् थाप्नु हवस्
अनि मेरा अर्जीहरुको सोर् सुन्नु हवस् ।
७ मं आफ्नु सकस्को दिन्मां तपांइलाइ डापार्छु
किनभन्ये तपांइले मंलाइ उत्तर् दिंनु हुंछ ।

तपांइनै जस्तो हे प्रभु देवताहरूमां कोई पनि छैन ८
अनि तपांइका कार्य्यहरू जस्ता अरू कुनै छैनन् ।
तपांइले सिर्ज्याका सबै लोग् लोगले हे प्रभु आयेर तपांइको सांम्हु दण्डवत् ९
गर्छन्
अनि तिनिहरूले तपांइको नांउको बडाई गर्छन् ।
किनभन्ये तपांइ महा हुंनु हुंद छ अनि आश्चर्य्यकर्म्मका कर्त्ता, १०
तपांइनै मात्रै ईश्वर् हुंनु हुंद छ ।
हे यहवे आफ्नु बाटो मंलाइ सिकाउंनु हवस् म तपांइको सचाईमां हिंडुछु, ११
तपांइको नांउको भय् मान्नको लागि एक् चित्तको पार्नु हवस् ।
हे प्रभु मेरो ईश्वर् आफ्नु सिंगै मनले तपांइको धन्यवाद् गर्छु १२
अनि सधैंभरि तपांइको नांउको महिमा गर्दै रहंछु ।
किनभन्ये तपांइको करुणा मं माथि ठुलो छ १३
अनि तपांइले ऊंधोको पत्ताल् देखि मेरो प्राण् छोडाउंनु भयो ।
हे ईश्वर् अहंकारीहरू मेरो बिरुद्धमां उठेयका छन् १४
अनि बलजबर् गर्नेहरूको मंडलीले मेरो प्राण् खोजेयका छन्
अनि तपांइलाइ आफ्नु सांम्हु राखेयका छैनन् ।
तर हे प्रभु तपांइनै दयालु र अनुग्रह् गर्ने ईश्वर् हुंनु हुंद छ १५
रिस् गर्नुमां धीरजी अनि करुणा र सच्चाईमां भरपुर्
मं तिर फर्केर मं माथि अनुग्रह् गर्नु हवस् १६
आफ्नु बल् आफ्नु दासलाइ दिंनु हवस्
अनि आफ्नु कमारीको छोरोको उद्धार् गर्नु हवस् ।
मंलाइ शुभलक्षण् देखाउंनु हवस् १७
ज्य देखिकन मेरा बैरीहरू लज्जित् होउन्
किनभन्ये तपांइले हे यहवे मेरो गोहार् गर्नु भयो अनि मंलाइ शान्त
गराउंनु भयो ॥

कोरहबंशीहरूको गीत् पैचटा गान ८७

उसैको जग् पवित्र पर्वतहरूमां छ । १
यहवेले याकूबका सबै बास् भन्दा बेसि २
सिय्योनका ढोकाहरू प्यारो गर्द छ ।
हे ईश्वरको सहर् ३
तेरो बिषयमां महिमित् कुरा गराइ छन् । सेला ।
मंलाइ चिन्नेहरूको बीचमां म रहब् र बाबेलको चर्चा गर्छु, ४
पलिश्ती र सोर् र कूश् समेत् हेर्नु हवस्
यो फलाना मान्छे वहां जन्म्यको थियो ।
अं सिय्योनको बिषयमां भनींछ फलाना फलाना वहां जन्म्यको थियो ५
अनि परम ईश्वर् आफैले त्यसलाइ स्थिर् गर्छ ।

६ जब यहूवाले लोग् लोगको नांउ लेखछन् तब गन्छन्
फलाना मान्छे वहां जन्मेको थियो भनि। सेला।
७ गवैयाहरू र नाच्नेहरू दुवैले भन्छन्
मेरा सबै जमवा पानी तंमां छ ॥

८८ कोरहवंशीहरूका गीत् यउटा गान् मूलबजाउनेका लागि महलतलन्नोत् भनीने रागमां बजाउंने। एज्रही हेमानको मस्कील भनीने गीत।

१ हे यहूवे मेरो उद्धार् गर्ने ईश्वर्
दिन् रात् तपांइको सांमु कराउंदै रह्येको छु.
२ मेरो प्रार्थना तपांइको सांमु पुगोस्
मेरो चिच्याइ तिर आफ्नु कान् थाप्नु हवस्।
३ किनभन्या मेरो प्राण विपत्तिले भरीयेको छ
अनि मेरो जाउ पत्तालको छेउमा पुग्दै छ।
४ खाड़लमा पसेकाहरू सङ गनींद छु
सोहारे विनाको मान्छे जस्तो छु.
५ मुर्दाहरूको बीचमा आफालीयेको
चिहानमा ढल्दाकें मारीयेको जस्तो छु.
जुनहरूलाइ तपांइले फेरि कहिले पनि सम्झनु हुन्न
औ तपांइका हात् देखि काटीयेका छन्।
६ तपांइले मलाइ सबै भन्दा अंधेरो खाड़लमा राखनु भयो
अंध्यारो ठाउंहरूमा अथाह गहीरामा।
७ तपांइको कोप् म माथि भारी परेको छ
अनि तपांइले आफ्ना सबै छालहरूले मलाइ दुख दिनु भयो। सेला।
८ तपांइले मेरा चिनाजानाहरूलाइ म देखि टाढा राखनु भयो
तपांइले मलाइ तिनीहरूको आंखा घिनाउंदो लाउनु भयो
म थुनीयेको छु निक्लन सक्दीन।
९ दुःखको कारणले मेरा आंखा खर्ने ईये.
हे यहूवे दिनैभरी तपांइलाइ डाकायेको छु
तपांइ तिर आफ्ना हात् पसारेको छु।
१० के तपांइले मुर्दाहरूको लागि आश्चर्य कर्म्म देखाउनु हुन्छ
के मरेकाहरूले उठेर तपांइको धन्नबाद गर्छन्। सेला।
११ के तपांइको करुणाको चर्चा चिहानमा गरीन्छ
कि विनाशमा तपांइको सत्रेइं।
१२ के तपांइका आश्चर्यकर्म्महरू अंध्यारोमा चिनीछन्
कि तपांइको धर्म्म बिर्सीइने देशमा।

तर हे यहुवे मंचइंले तपांइको दोहाइं गर्याको छु १३
अनि बिहान मेरा प्रार्थना तपांइको सांमु पुग्छ ।
हे यहुवे मेरो प्राण् किन आफालनु भयो . १४
आफ्नु मुख् मं देखि किन लुकाउंनु भयो ।
आफ्नु जुवानेइं देखि दुख्खेर मंनुं आंटेको छु १५
तपांइको भय् खांदेखेरि ब्याकुल् हुंद छु ।
तपांइको बल्दोरिस् मं मांथि पर्याको छ १६
तपांइका भयहरूले मंलाइ काटेका छन् ।
तिनिहरु दिनभरि पाना झं मेरा वरिपरि आर्यका छन् १७
खांदै मंलाइ घेर्याका छन् ।
प्रिय र मित्रलाइ तपांइले मं देखि टाढो राख्नु भयो १८
अनि मेरा चिन्हार अंधकार मात्रै ॥

एज्रही एतानको मस्कील् भनौंने गीत ८९

यहुवको करुणाको बिषयमां सधैं गाउंदै रहंछु १
तपांइको सच्चाइंको ज्ञान् सबै पुस्ताहरूलाइ आफ्नु मुखले जनाउंदै रहंछु ।
किनभन्ये मैले भन्याको छु करुणा सदाको लागि बनाइ २
स्वर्गमां तपांइले आफ्नु सच्चाइं स्थिर् गर्नु हुंछ भनि ।
मैले आफ्नु छान्याको सङ नियम् बान्ध्याको छु ३
आफ्नु दास् दाऊद् सङ किरिया खाय्का छु
तेरा बंशलाइ सदाको लागि स्थिर् गराउंछु ४
अनि तेरो सिंहासन् सदा सम्म बनाउंछु भन्ये । सेला
र स्वर्गले तपांइको धन्नबाद् गर्छ हे यहुवे ५
तपांइको सच्चाइं पनि पवित्रहरूको सभामां ।
किनभन्ये आकाश्मां यहुवेको बराबर् को हुंन सक्छ ६
ईश्वर्का छोराहरूमां यहुवे जस्ता को छ
जो पवित्रहरूको सभामां असघोर् डरयोग्य ईश्वर ७
अनि उनका वरिपरि सबै देखि भययोग्य छ ।
हे सेनाहरूको ईश्वर् यहुवे ८
तपांइ जस्तो सामर्थी को छ हे याह्
अनि तपांइको सच्चाइं तपांइका वरिपरि छ ।
तपांइलेनै समुन्द्रको बढाइं मांथि प्रभुतइं गर्नु हुंद छ . ९
उठ्दै गर्ने छालहरूलाइ पनि तपांइलेनै सांत गराउंनु हुंद छ ।
तपांइलेनै रहबलाइ मार्याकालाइ झैं टुकरा टुकरा पार्नु भयो १०
तपांइलेनै आफ्ना सत्तुरहरूलाइ आफ्नुं सामर्थको बांहाले छरपुट्ट पार्नु भयो ।

११ स्वर्ग तपांइके हो ग्रं पृथिवी पनि तपांइकोनै .
जगत् त्यसको भरपूरी समेत् तपांइले तिनिहरूलाइ बसालनु भयो
१२ उत्तर् र दक्खिन् तपांइलेनै ति सिर्जनु भयो .
ताबोर् र हेर्मोन् चइं तपांइको नांउमा रमाउंछन् ।
१३ तपांइको बांहा बलको छ .
तपांइको हात् शक्तिमान् ग्रनि तपांइको दाहिनो हात् अलगो छ ।
१४ धर्म्म र निया चइं तपांइको सिंहासनका जग् हुन्
करुणा र सत्येंई चइं तपांइको मुखको सामु हिंड्द छन् ।
१५ धन्न यि लोग् जुनहरूले ग्रानन्दको सोर् चिन्द छन् .
हे परम्ब तिनिहरू तपांइको रूपको प्रकाशमा हिंड्द छन् ।
१६ तिनिहरू तपांइको नांउमा दिनभरि रमाउंद छन् .
ग्रनि तपांइको धर्म्ममा ग्रलग्याइंछन् ।
१७ किनभन्ये तपांइ तिनको बलको महिमा हुंनु हुंद छ
ग्रनि तपांइको ग्रनुग्रहमा हामिहरूको सींग ग्रलग्याइंछ ।
१८ किनभन्ये हामिहरूको ढाल् परम्बलाइ पर्द छ
ग्रनि हामिहरूको राजा इंश्वर्को पवित्र जन्लाइ ॥

१९ त्यस् बेला तपांइले ग्राफ्ना भक्तहरूलाइ दर्शन् दिइ कुरा गर्नु भयो
ग्रनि भन्नु भयो मैले येउटा बीर् माथि गोहार् राख्येको छु
लोगहरूबाट छानियेकोलाइ ग्रलग्यायेको छु ।
२० ग्राफ्नु दास् दाऊद्लाइ पायेको छु
ग्राफ्नु पवित्र तेलले त्यसलाइ पवित्र गरयेको छु .
२१ जो सङ्ग मेरो हात् स्थिर् हुंछ
मेरा बांहाले पनि त्यसलाइ बल् दिंछ ।
२२ सत्तुरले त्यो सित कठोर् गर्दैन
ग्रनि न दुष्टइंको सन्तानले त्यसलाइ दुक्ख दिंछ ।
२३ ग्रनि त्यसका बिरोधीहरूलाइ त्यसको सामु कांटि दिन्छु
ग्रनि त्यसका बेरीहरूलाइ मारि दिंछु ।
२४ तर मेरो सत्येंई र मेरा करुणा त्यो सङ्ग हुंछन्
ग्रनि मेरो नांउमा त्यसको सींग ग्रलग्याइंछ ।
२५ त्यसको हात् समुन्द्रमा पनि राख्छु
ग्रनि त्यसको दाहिनो हात् महानदीहरू माथि ।
२६ त्यसले मलाइ तपांइ मेरो पिता
मेरो इंश्वर् मेरो त्राणको पहरा हुंनु हुंद छ भनि कराउंछ ।
२७ मं पनि त्यसलाइ ग्राफ्नु जेठो तुल्याउंछु
पृथिवीका राजाहरू भन्दा महान् । •

त्येस्को लागि आफ्नु करुणा राख्दै रहंकु २८
अनि मेरो नियम् त्यो सित बिश्वासको हुंछ ।
त्येस्को वंशलाइ पनि सदाको लागि रहंनु लाउंकु २९
अनि त्येस्को सिंहासनलाइ स्वर्गका दिन्हरु जस्तो ।
त्येस्का सन्तान्हरुले मेरो व्यवस्था छोड्र ३०
अनि मेरो नियाबचन्हरुमां हिंड्रका छैनन् भन्ये देखि
तिनिहरुले मेरा बिधिहरु लंघन् गर्य ३१
अनि मेरा आज्ञा मान्यनन् भन्ये देखि
त मं छरीले तिनका अपराध्को ३२
र कोर्राले तिनको अधर्मको दण्ड दिंकु ।
तर आफ्नु करुणा त्यो स्याट्टै लैजांदीन ३३
अनि न आफ्नु सच्चेइं घट्नु दिंकु ।
आफ्नु नियम् लंघन् गर्दीं न ३४
अनि न आफ्ना ओठ देखि निस्क्येका कुरा सार्कुं ।
एक् खेप् आफ्नु पवित्रेइंका किरिया खायेको छु ३५
दाऊद् सित ढांट् कुरा गर्दीं न
त्येस्को वंश सदाको लागि रहंछ ३६
अनि त्येस्को सिंहासन् मेरो सांमु सूर्ज झैं ।
जून् झैं सदाको लागि स्थिर् हुंछ ३७
अनि अकाशमां बिश्वासयोग्य साछी झैं सेला ।

तर तपांइलेनै आफालनु भयो अनि तुच्छ ठान्नु भयो ३८
आफ्नु अभिशिक्त मांथि रिसाउंनु भयो ।
आफ्नु दास्को नियम् देखि घिनाउंनु भयो . ३९
त्येस्को मुकुट् भूइंनै सम्म अपवित्र गर्नु भयो ।
त्येस्का सबै बार्हरु भांचि दिंनु भयो ४०
त्येस्का गड्हिरु उजार् पार्नु भयो ।
बाटोमां हिंड्ने बटोरेहरु सबैले त्येस्लाइ लूट्द छन् ४१
त्यो आफ्ना छिमेकिहरुको सांमु गिल्ला भइ गयो ।
तपांइले त्येस्का बिरोधीहरुको दाहिनो हात् अलग्याउंनु भयो ४२
त्येस्का सबै सत्रुहरुलाइ रमाउंनु लाउंनु भयो ।
अं तपांइले त्येस्को तरवार्को धार् फर्काइ दिंनु भयो ४३
अनि त्येस्लाइ लड़ाइंमां उभोनु दिंनु हुन्न ।
तपांइले त्येस्को तेज् अड़ींने गराउंनु भयो ४४
अनि त्येस्को सिंहासन् भूइं सम्म खसालनु भयो ।
त्येस्का जुवानेइंका दिन् घटाउंनु भयो . ४५
त्येस्लाइ लाज्ले ढाक्नु भयो । सेला ।

४६ हे यहवे कैले सम्म सदाको लागि लुकि रहंनु हुंछ
कि तपांइको रिस्ले आगोले झैं डढ़ाउंछ ।
४७ मेरो आयु कति छोटो छ भनि सम्झनु हवस् .
कस्तो व्यर्थको लागि तपांइले मान्छेका सबै सन्तान्हरुलाइ सिर्जनु भयो ।
४८ जो जीइ रहंछ अनि काल् देख्दैन
जस्ले आफ्नु प्राण्लाइ पत्ताल् देखि छोड़ाउंछ त्यस्तो मान्छे को छ सेला।
४९ हे प्रभु तपांइका अगाड़िका करुणाहरु कता हुन्
जुन्हरुको बिषय्मां तपांइले आफ्नु सच्चाईमां दाऊद् सित किरिया खांनु भयेको थियो ।
५० हे प्रभु आफ्ना दास्हरुको गिल्ला सम्झनु हवस्
अं मं आफ्नु काख्मां सबै सामर्थी लोग्हरु (को गिल्ला) भोग्दै रहंद छु
५१ जुन्हरुले तपांइका सत्तुर्हरुले गिल्ला गर्येका छन् हे यहवे
जुन्हरुले तिनिहरुले तपांइको अभिषिक्तका पाइलाहरुको गिल्ला गर्येका छन् ॥

५२ यहवे सर्बदै धन्नको हवस् ।
आमेन् अनि आमेन् ॥

चौथो भाग् ।

९० ईश्वर्का जन् मूसाको प्रार्थना ।

१ हे प्रभु तपांइ हांमिहरुको धाम् हुंनु भयो
पुस्ता देखि पुस्ता सम्म ।
२ पहाड़्हरु जन्म्येको भन्दा अगाड़ि
अनि तपांइले पृथिवी र जगत् सिर्ज्येको[1] भन्दा अगाड़ि
अं सनातन् देखि सनातन् सम्म तपांइनै ईश्वर् हुंनु हुंद छ ।
३ तपांइले मान्छेलाइ धूलो पारि लड़ाउंनु हुंद छ
अनि भन्नु हुंद छ हे मान्छेको सन्तान् फर्कि आव भनि ।
४ किनभन्य तपांइको दृष्टिमां हजार् बर्ष
बीत्येको हिजोका दिन् जस्ता मांत्रै छन्
अनि रात्को एक् पहर् जस्तो ।
५ तपांइले तिनिहरुलाइ बगाइ दिंनु हुंद छ तिनिहरु नीन्द्रा जस्तै छन्
बिहान् तिनिहरु उम्रंने घास् जस्तै छन् ।
६ बिहान् त्यो फुल्द छ अनि बढ़्द छ
बेलुका ओइल्हींद छ अनि सुक्द छ ।

[1] दुब्रानिमां जन्मायेको ।

किनभन्ये हांमिहरु तपांइको रिस्मां नष्ट हुंद छौं ७
अनि तपांइको कोप्मां थरहरि हुंद छौं ।
तपांइले हांमिहरुका अधर्म्महरु आफ्नु सांमु राख्नु भयो ८
हांमिहरुका गुप्त पाप् आफ्नु रुप्को प्रकाश्मां ।
किनभन्ये हांमिहरुका सबै दिन् ता तपांइको कोप्मां अस्ताउंद छन् . ९
हांमिहरुले आफ्ना बर्ष सुस्केरामंराईको सोर् जस्तो नुर्द छौं ।
हांमिहरुको आयुका बर्ष ता तीन् कोरि र दस् छन् १०
अं पौरखको कारणले चार् कोरि पनि
तैपनि तिनिहरुको अहंकार् खालि मिहीनत् र दुक्खै मात्रै छन् ।
कसोगरिभन्ये छिट्टै बीतद छ अनि हांमिहरु उड्द छौं ।
तपांइको रिस्को शक्ति कल्ले जान्द छ ११
अनि तपांइ देखि गर्नु पर्ने भय् अनुसार् तपांइको कोप् ।
त हांमिहरुले आफ्ना दिन् गन्नुलाइ हांमिहरुलाइ सिकाउंनु हवस् १२
हांमिहरुले बूझ्ने मन् पांऊं भन्ये खातिर्ले ।
हे यहवे फर्क्नु हवस् कैले सम्म .
अनि आफ्ना दास्हरुको बिषय्मां पछुताउंनु हवस् ।
बिहान् हांमिहरुलाइ आफ्नु करुणाले तृप्त गराउंनु हवस् १४
हांमिहरुले आफ्ना सबै दिन् कराइ कराइकन आनन्द गर्नुलाइ ।
तपांइले हांमिहरुलाइ दुखित् गरायेका दिन्हरु अनुसार् हांमिहरुलाइ १५
आनन्द गराउंनु हवस् ।
अनि हांमिहरुले क्लेश् देख्याका बर्ष अनुसार् ।
तपांइको कार्ज्य तपांइका दासहरु मांथि देखाहा परोस् १६
अनि तपांइको प्रताप् तिनिहरुको सन्तान् मांथि ।
अनि हांमिहरुको प्रभु ईश्वर्को मनोहरैइं हांमिहरु मांथि परोस् . १७
अनि हांमिहरुका हातको कार्ज्य हांमिहरुको लागि स्थिर् गराउंनु हवस्
अं हांमिहरुका हातको कार्ज्य चइं स्थिर् गराउंनु हवस् ॥

जल्ले परम ईश्वर्को गुप्त ठांउमां बास् गर्द छ ९१ १
त्यो सर्व्वशक्तिमानको छायामां रहि रहंछ ।
यहवेको बिषय्मां भन्छु उइ चइं मेरो शरणागत् र किल्ला हो २
मेरो ईश्वर् जस् मांथि मं भरोसा राखद छु ।
किनभन्ये उसैले तंलाइ पासो थापनेको पासो देखि बचाउंछ ३
र नाश् पार्ने रूढि देखि ।
उस्ले तंलाइ आफ्ना पखेटाले ढाकछ ४
अनि उसका पखेटा मुनि तैंले शरण पाउंछस् .
उसको सच्चैइं ढाल् र ठुलो ढाल् छ ।

५ तं रात्‌को भय् देखि डराउंदैनस्
न दिउंसो उड्‌ने कांड़ देखि
६ न अंध्यारोमां चल्‌ने रुढ़ि देखि
न चर्को घाम्‌मां क्षय् गर्ने नास् देखि ।
७ एक् हजार् तेरो छेउमां लड्‌छन्
अनि दस् हजार् तेरो दाहीनो हात् छेउ
तर तं थांइ त्यो आइ पुग्‌दैन ।
८ खालि तेरा आंखाले तैंले हेर्येर
दुष्टहरुको प्रतिफल् देख्‌छस् ।
९ किनभन्ये हे यह्‌वे तपांइ मेरो शरण् हुंनु हुंद छ ।
तैंले परम् ईश्वर्‌लाइ आफ्‌नु बास् तुल्यायेको छस्
१० तं मांथि कोई बुराई पर्दैन
न कोई महाबेथा तेरो डेरा छेउ आउंछ ।
११ किनभन्ये उस्ले आफ्‌ना दूत्‌हरुलाइ तेरो बिषय्‌मां आज्ञा गर्छ
तंलाइ तेरा सबै बाटामां रक्षे गर्नुलाइ ।
१२ तिनिहरुले तंलाइ आफ्‌ना हातै मांथि उठाइ राख्‌छन्
र तेरा पाउमां ढुंगाले टक्कर् न लागोस् ।
१३ तैंले सिंह र साप्‌लाइ कुल्‌चंछस्.
जुवान् सिंह र अजिंगर्‌लाइ पैतलाले लतार्छस् ।
१४ त्यस्ले मैं मांथि प्रेम् राख्येको कारणले त्यस्लाइ छोड़ाउंछु .
त्यस्लाइ अलग्याउंछु किनभन्ये त्यस्ले मेरो नांउ जान्येको छ ।
१५ त्यस्ले मंलाइ हापार्छ त त्यस्लाइ उत्तर् दिंछु
सकस्‌मां त्यो सङ हुंछु .
त्यस्लाइ बचायेर त्यस्को मान् गर्छु ।
१६ त्यस्लाइ दीर्घायु दिइ त्यस्लाइ तृप्त गराउंछु
अनि त्यस्लाइ आफ्‌नु उद्धार् देखाउंछु ॥

९२

बिश्राम्‌दिन्‌को लागि गीत् येउटा गान् ।

१ यह्‌वेको लागि धन्नबाद् गर्नु जाति हो
अनि तपांइको नांउको भजन् गाउंनु हे परम् ईश्वर् .
२ बिहान तपांइको करुणाको प्रचार् गर्नु
अनि राति तपांइको सच्चेइं
३ दस्‌तारेबाजा र सितार्‌ले
र बीणाको गह्रौरो सोर्‌ले ।
४ किनभन्ये तपांइले हे यह्‌वे मंलाइ आफ्‌नु कार्ज्यले आनन्दित् गराउंनु भयो
तपांइका हातका कर्म्मको बिषय्‌मां कराइकन गाउंछु ।

हे यहवे तपांइका काम्हरु कति ठुला ठुला छन्. ५
तपांइका विचार्हरु अग्घोर् गम्भीर् छन्।
पशु जस्तो मान्छेले जान्दैन ६
अनि न लाटाले त्यो बूझ्द छ.
दुष्टहरु घांस् जस्तो उम्रंदै ७
अनि अधर्म्मका काम् गर्नेहरु सबै फुल्दै
कारण् येइ हो तिनिहरु सदाको लागि नष्ट हुंछन् भन्य.
तर तपांइ हे यहवे सधैं अलग्याइ रहंनु हुंछ। ८
कसोगरिभन्यं हेर्नु हवस् तपांइका सत्तुर्हरु चइं हे यहवे ९
कसोगरिभन्ये हेर्नु हवस् तपांइका सत्तुर्हरु चइं नष्ट हुंछन्
अधर्म्मको काम् गर्नेहरु सबै छरपुट्ट पारींछन्।
तर तपांइले अर्णाको सींग् जस्तै मेरा सींग् अलग्याउंनु भयो. १०
मं आलो तेल्ले मंलौयें।
मेरा आंखाले पनि मेरा सत्तुर्हरु मांथि दृष्टि गर्यो ११
मेरा कानले पनि मेरो बिरुद्धमां उठ्ने कुकर्म्मींहरुको बिषय्मां सुन्यका
छन्।
धर्म्मीं चइं खजूर्को रुख् जस्तो फूल्छ फल्छ १२
लबानोन्का देवदारुहरु झैं बढ्छ।
यहवेको घर्मां रोप्यकाहरु १३
हांम्रो ईश्वर्को घर्का आघन्हरुमां फुल्छन्।
बूढेस्कालमां पनि फुल्छन् फल्छन् १४
रसीला र झरीला हुंछन्.
यहवे सोजो छ भनि देखाउंनुलाइ १५
उइ मेरो पहरा छ अनि उस्मां कोइ अधर्म्म छैन॥

यहवेले बिराज्द छ उ महातम्ले पहिर्याईयेको छ ९३ १
यहवे पहिर्याईयेको छ आफुलाइ बल् भिराईयेको छ.
जगत् पनि सारींनु न सकने सम्म स्थिर् गरायेको छ।
तपांइको सिंहासन् तादि देखि स्थिर् गरीयेको छ. २
तपांइ सर्वदै देखि हुंनु हुंद छ।
हे यहवे खोल्चाखाल्चीले उठायेका छन् ३
खोल्चाखाल्चीले आफ्नु सोर् उठायेका छन्
खोल्चाखाल्चीले आफ्नु सोर्गराई उठाउंद छन्।
धेरै पानीहरुका सोर्हरु ४
अं समुन्द्रका प्रतापी छाल्हरु भन्दा बेसि
ऊर्धलोक्को यहवे प्रतापी छ।

५ तपांइका साक्षीब्रचन्हरु अग्घोर् बल्लिया छन्
पवित्रेईं तपांइको घर्को लागि सुवाउंदो छ
हे यहूवे सदाको लागि ॥

९४ १ हे साटो लिंने ईश्वर् यहूवे
हे साटो लिंने ईश्वर् चम्कनु हवस् ।
२ हे पृथिवीको बिचारी यलगौंनु हवस् .
अहंकारीहरुलाइ तिनिहरुको प्रतिफल् दिंनु हवस् ।
३ हे यहूवे दुष्टहरु कैले सम्म
दुष्टहरु कैले सम्म फुलौंछन् ।
४ तिनिहरु बकद छन् अट्टेरि कुरा गर्द छन् .
अधर्म्म गर्नेहरु सबैले शेषी गर्द छन् ।
५ हे यहूवे तिनिहरुले तपांइका लोगलाइ पिन्द छन्
अनि तपांइका निज् भाग्लाइ दुक्ख दिंद छन् .
६ तिनिहरुले बिधुवी र परदेसीलाइ मार्द छन्
अनि टुहुराटुहुरीहरुलाइ घात् गर्द छन् ।
७ अनि भन्द छन् याहचईंले देख्दैन
अनि न याकूबको ईश्वर्ले चेत् गर्छ भनि ।
८ हे लोगहरुमांका पशु जस्ता मान्छेहरु हो चेत् गर .
अनि हे मूर्खहरु हो तिमिहरु कैले बुद्धिमान् हुंछौ ।
९ को कान् दिंन्येले सुन्दैन .
को आंखा रच्नेले देख्दैन .
१० को लोग् लोग्लाइ शिक्षादण्ड दिंन्यले चेताउंदैन
अं मान्छेलाइ ज्ञान् सिकाउंनेचईंले ।
११ यहूवेचईंले मान्छेहरुका जुक्तिहरु जान्द छ
ति एक् सास्फेराई जति मात्रै छन् भनि ।
१२ हे याह् धन्न त्यो मान्छे जस्लाइ तपांइले शिक्षादण्ड दिंनु हुंद छ
अनि आफ्नु ब्यवस्था देखि सिकाउंनु हुंद छ
१३ त्यस्लाइ बिपत्तिको दिनमां तपांइले चैन् दिंनुलाइ
दुष्टहरुको लागि खाड्ल् न खनौउन्ज्याल् सम्म ।
१४ किनभन्ये यहूवेले आफ्ना लोगलाइ आफाल्दैन
अनि न आफ्नु निज् भाग्लाइ छोड्छ ।
१५ किनभन्ये नियागराई धर्म्ममां फर्कंछ .
अनि मनमां सोजो हुंनेहरु सबैले त्यस्लाइ पछ्याउंछ ।
१६ कुकर्म्मीहरुको बिरुद्धमां मेरो लागि को उठ्छ
अधर्म्मीहरुको बिरुद्धमां मेरो लागि को उभींछ ।

यहवे मेरो गोहारे न भयेको भये देखि १७
मेरो प्राणले छिट्टै चुमचाममा बास् गर्ने थियो ।
जब भन्यें मेरा गोड़ा चिप्लींद छन् भनि १८
तब तपांइको करुणाले मलाइ थाम्यो हे यहवे ।
म भित्र मेरा चिन्ताहरुको अग्घोरेइंमा १९
तपांइका शान्तिहरुले मेरो प्राणलाइ सुक्ख दिंद छन् ।
दुष्टेइंको जस् सिंहासनले बिधि सित अधर्म्म रच्द छ २०
के त्येस्ले तपांइ सित संगति गर्छ ।
तिनिहरु धर्म्मीको प्राणको बिरुद्धमा भेला हुंद छन् २१
अनि निर्दोष् रगत्लाइ दोषी ठहराउंद छन् ।
तर यहवे वइं मेरो अलगो धारा भयेको छ २२
अनि मेरो ईश्वर् मेरो शरणको पहरा ।
अनि उसैले तिनिहरुकै अधर्म्म तिनिहरइ माथि ल्यायेको छ २३
अनि तिनिहरुलाइ तिनिहरुकै दुष्टेइंमा काटि दिंछ
हामिहरुको ईश्वर् यहवेले तिनिहरुलाइ काटि दिंछ ॥

आव हामिहरु यहवेको लागि गाऊं . ९५ १
हामिहरु आफ्नु त्राणको पहराको लागि जयजयकार् गरुं ।
धन्नबाद् गर्दै उस्को मुखैंजि आऊं . २
भजन् गाउंदै उसैको जयजय् गरुं ।
किनभन्ये यहवे महा ईश्वर् हो ३
अनि सबै देवताहरु भन्दा महा राजा ।
उस्को हातमा पृथिवीका गहीरा ठांउहरु छन् ४
पहाड़हरुका थाम्निहरु पनि उसैका हुन् ।
समुन्द्र पनि उसैको हो कसोगरिभन्ये उसैले त्यो स्रज्यो ५
अनि उसैको हातले ओबानो बनायो ।
आव दण्डवत् गरुं अनि निउंरुं ६
आफ्नु कर्त्ता यहवेको सांमु घुड़ा टेकूं .
किनभन्ये उइ हामिहरुको ईश्वर् हो ७
अनि हामिहरु उस्को खर्कका लोग् अनि उस्को हातका भेंड़ाहरु हौं
आजु उस्को शब्द सुन्यौ भन्ये देखि .
आफ्ना हिर्दय् मरीबामा[1] भये झैं कठोर् न गर ८
बनमा भयेको मस्साको[2] दिन् अनुसार् .

[1] अर्थात् झगरामा
अर्थात् परीक्षा ।

९ अब तिमिहरुका पित्रहरुले मलाइ जांच्ये
मेरो परीक्षा गर्य्ये अनि मेरो कर्म्म देख्ये ।
१० चालीस् वर्ष सम्म त्येस् पुस्ता देखि उदास् भइ रह्यें
अनि भन्यें त्यो आफ्नु हिर्दयमां भर्मीने लोग् छ
अनि तिनिहरुले मेरा बाटा चिन्येका छैनन् .
११ येस्कारण मैंले आफ्नु क्रोधमां किरिया खायें
तिनिहरु मेरो बिश्राममां पस्नु पाउंदैनन् भन्ये ॥

९६ १ यहूवेको लागि नया गीत् गाव
हे सिंगै पृथिवी यहूवेको लागि गाव ।
२ यहूवेको लागि गाव उस्को नांउलाइ धन्न कह
दिन् दिन् उस्ले गर्य्येको मुक्ति प्रचार् गर ।
३ उस्को महिमा लोग् लोगको बीचमां बखान
उस्का उदेक् उदेकका काम् सबै लोगको बीचमां ।
४ किनभन्ये यहूवे महा र स्तुतिको अरघार् योग्य छ
उ चइं सबै देवताहरु भन्दा डराउंने योग्य छ ।
५ किनभन्ये लोग् लोगका सबै देवताहरु कोइ पनि होइनन् .
तर स्वर्गको सृष्टि ता यहूवेलेनै गर्य्यो ।
६ उस्को सांमु मान् र महातम् छन् .
सामर्थ र सुन्दरेइं उस्को पवित्र ठांउमां ।
७ हे लोग् लोगका जहान्हरु हो यहूवेको लागि
यहूवेको लागि प्रताप् र सामर्थ देव ।
८ यहूवेको लागि उसैको नाउंको लागि माफिकको प्रताप् देव .
भेटि लियेर उस्का आंघनमां आव ।
९ पवित्रेइंको सुन्दरेइंमां यहूवेलाइ दण्डवत् गर .
हे सिंगै पृथिवी उस्को सांमु कांप् ।
१० लोग् लोगको बीचमां भन् यहूवे नै बिराजइ छ .
पृथिवी पनि त्यो न चल्नेगरि स्थिर् भयेको छ .
उसैले लोग् लोगको सोझेइं मित निया गर्छ भनि ।
११ स्वर्गले आनन्द गरोस् अनि पृथिवी रमावस्
समुन्द्र र त्येस्को भरपूरेइं गर्जुन्
१२ जिमीन् र त्येस्मां भयेका सबैले रमाहट् गरुन्
तब बनका सबै रुखहरुले आनन्दको कारणले गाउंछन्
१३ यहूवेको सांमु किनभन्ये उइ आउंने छ
किनभन्ये उइ पृथिवीको निया गर्नलाइ आउंने छ .
उस्ले धर्म्म सित जगतको निया गर्छ
अनि आफ्नु सत्तेइं सित लोग् लोगको ॥

९७

यह्वेले बिराज्द छ पृथिवी रमावस् १
टापूहरूको घेरेंइले आनन्द गर ।
बादल्हरु र अंध्यारो उसको वरिपरि छन् २
धर्म्म र नियाव्रचन्चइं उसको सिंहासन्का जग् हुन् ।
उसको अघि अघि आगो हिंड्द छ ३
अनि उसका वरिपरि भयेका विरोधीहरूलाइ डढ़ाउंद छ ।
उसका बिजुलिहरूले जगत्लाइ चम्कायो . ४
पृथिवी देख्येर कांप्यो ।
पहाड्हरु मयेन् झें विलीयें यह्वेको सांमु ५
सिंगै पृथिवीको प्रभुको सांमु ।
स्वर्गले उसको धर्म्मको बखान् गर्द छ ६
अनि सब्बै लोगले उसको महिमा हेर्येका छन् ।
खोपीयेका मूर्त्ति पूजने सबै लज्जित् हुंछन् ७
मूर्त्तिहरु जो केइ होइनन् तिनिहरूको विषय्मां जो शेषी गर्द छन् .
हे सब्बै देव्ताहरु हो उसैलाइ दण्डवत् गर ।
सिय्योन्ले सुन्येर आनन्द गर्यो ८
अनि यहूदाको छोरीहरु रमाइन्
तपांइका नियाव्रचनहरूको कारणले हे यह्वे ।
किनभन्ये हे यह्वे तपांइ सबै पृथिवी मांथि परम् ईश्वर् हुंनु हुंद छ . ९
तपांइ सबै देव्ताहरु भन्दा अग्घोर् बेसि अलग्याइंनु भयो ।
हे यह्वे सित प्रेम् गर्नेहरु हो बुराईको बैरि हव . १०
उस्ले आफ्ना भक्तीहरूका प्राणको रक्षे गर्द छ
उस्ले तिनिहरूलाइ दुष्टहरूको हात् देखि छोड़ाउंद छ।
धर्म्मको लागि ज्योति ११
अनि मन्मां सोजो हुंनेहरूको लागि आनन्द छरीयेको छ
हे धर्म्मीहरु हो यह्वेमां मग्न हव १२
अनि उसको पवित्र नांउको लागि धन्नव्राद् गर ॥

९८

येउटा गीत् ।

यह्वेको लागि नया गीत् गाव १
किनभन्ये उस्ले चकेक् उदेक्को काम् गर्येको छ .
उसको दाहींनो हात् र उसको पवित्र बांहाले उसको लागि उद्धार् गर्येको छ ।
यह्वेले आफ्नु उद्धार् जनायेको छ . २
लोग् लोग्हरूको सांमु उस्ले आफ्नु धर्म्म प्रगटो गरि देखायेको छ ।
इस्राएल्को जहान्को लागि आफ्नु करुणा र आफ्नु सच्चेइं सम्झ्यो . ३
पृथिवीका सबै अन्तले हांमिहरूको ईश्वर्को उद्धार् देख्येका छन् ।
हे सिंगै पृथिवी यह्वेको लागि जयजयकार् गर . ४

आनन्दको कारणले फुटि फुटि गाव अं भजन् गाव
५ यहवेको लागि बीणा बजाइकन भजन् गाव
बीणा बजायेर भजनको सोर् सुनाव ।
६ तुरहीहरु र नर्सींगा बजायेर
यहवे महाराजाको जयजय् गर ।
७ समुन्द्र र त्यसको भरपूरेईं गर्जन्
जगत् र त्यसमां बस्नेहरु सबै
८ महानदीहरुले तालि बजाउन्
अनि पहाडूहरुले आनन्दको कारणले एकसङ् गाउन् ।
९ यहवेको सांमु किनभन्ये उइ पृथिवीको निया गर्नुलाइ आउंने छ
उस्ले धर्म्म सित जगतको निया गर्छ
अनि सोजेईं सित लोग् लोग्को ॥

९९ १ यहवेले बिराजद छ लोग् लोग् कांपुन्.
उ करुबहरुको बीच् मांथि बस्येको छ पृथिवी हल्लीवस् ।
२ यहवे सिय्योनमां महा छ
सबै लोग् लोग् भन्दा अलगो उइ छ ।
३ तिनिहरुले तपांइको महा र भययोग्य नांउको धन्नबाद् गरुन
उइ पवित्र छ ॥

४ राजाको सामर्थले पनि निया सित पिर्ति राख्द छ
तपांइले सोजेईंलाइ स्थिर् गराउंनु हुंद छ
तपांइले निया र धर्म्म याकूबमां गर्नु हुंद छ ।
५ हांम्रो ईश्वर् यहवेलाइ अलग्याव
अनि उस्का चरणपिरामां दण्डवत् गर
उइ पवित्र छ ।

६ उस्का पूजाहारीहरुमांका मूसा र हारुनले
उस्को नांउ लिंनेहरुमांको शमूएलले
तिनिहरुले यहवेलाइ हापाय्ये त उस्ले तिनिहरुलाइ उत्तर् दियो .
७ बादलको मुडूकामां तिनिहरु सित बात् मार्दै थियो .
तिनिहरुले उस्का साक्षीबचनहरु र उस्ले तिनिहरुलाइ दियेको बिधि मान्ये ।
८ हे हांम्रो ईश्वर् यहवे तपांइले तिनिहरुलाइ उत्तर् दिनु भयो .
तपांइ तिनिहरुलाइ क्षमा गर्ने ईश्वर् हुंनु भयो
तपांइले तिनिहरुका कामको साटो लिंनु भयो र पनि ।
९ हांमिहरुको ईश्वर् यहवेलाइ अलग्याव
अनि उस्को पवित्र पर्वतमां दण्डवत् गर
किनभन्ये हांमिहरुको ईश्वर् यहवे पवित्र छ ॥

धन्नबाद् गर्ने गीत् । १००

१ हे सिंगै पृथिवी यहुवेको लागि जय्जय् गर ।
२ आनन्द सित यहुवेको सेवा गर .
गाउंदै गाउंदै उसको सांमु आव ।
३ यहुवे चहिं ईश्वर् हो भनि जान .
उसैलेनै हामिहरूलाइ सिर्ज्येको छ अनि हामिहरु उसैका हौं
उसका प्रजा र उसका खर्कका भेंड़ाहरु हौं ।
४ धन्नबाद् गर्दै उसको ढोका भित्र पस
अनि स्तुति गर्दै उसका आंघन भित्र .
उसको धन्नबाद् गर अनि उसको नांउलाइ धन्न कह ।
५ किनभन्ये यहुवे भलो छ उसको करुणा सदा रहंद छ
अनि उसको सत्येइं पुस्ता देखि पुस्ता सम्म ॥

दाऊद्को गीत् । १०१

१ करुणा र नियाको बिषयमां गाउंछु .
हे यहुवे तपांइको भजन् गाउंछु ।
२ मं बुद्धि सित सिद्ध बाटोमां हिंड्छु .
तपांइ मं थांइ कैले आउंनु हुंछ .
मं आफ्नु घर्मां सिद्ध मन्ले डुल्छु ।
३ मं कोई बिकामे काम् आफ्नु आंखाको सांमु राख्दींन
तर्कि जानेहरुको काम् देखि घिनाउंदछु
मं सित त्यो टांसींदैन ।
४ अट्टेरि मन् मं देखि जाइ जांछ .
मं कोई बुरो काम् चिन्दींन ।
५ जस्ले गुप्तगरि आफ्नु छिमेकिको चुगिल गर्दछ त्यस्लाइ नास् गर्छु .
जसका आंखा अहंकारी भयेका छन् अनि मन् घमंडी छ त्यस्लाइ सहंदींन ।
६ मेरा आंखा देसका बिस्वासीहरु मांथि हुंछन् तिनिहरु मं सङ रहंनुलाइ .
सिद्ध बाटोमां हिंड्ने चहिं मेरो सेवाइते हुंछ ।
७ छल् गर्नेचहिंले मेरो घरमां बास् गर्दैन .
झूठ् बोल्नेचहिं मेरो आंखाको सांमु स्थिर् गराईंदैन ।
८ बिहान् बिहान् देसका सबै दुष्टहरुलाइ नास् पार्छु
यहुवेको सहर् देखि अधर्म्मको काम् गर्नेहरु सबै काटि दिंनुलाइ ॥

दीन् मान्छेको प्रार्थना जस्ले मुर्छित् भयेर यहुवेको सांमु दोहाइ गर्येर आफ्नु सोकका कुरा खन्याउंद छ । १०२

१ हे यहुवे मेरो प्रार्थना सुन्नु हवस्
मेरो दोहाई तपांइको सांमु पुगोस् ।

२ मेरो संकष्टको दिनमां आफ्नु मुख् मं देखि न लुकाउंनु हवस् .
आफ्ना कान् मं तिर थाप्नु हवस्
मैले हापाथ्येको दिन्मां मंलाइ छिट्टो उत्तर् दिंनु हवस् ।
३ किनभन्ये मेरा दिन्हरु धुंवा झैं मेटींद छन्
अनि मेरा हाडूहरु अगुल्ठो झैं डड़ेरका छन् ।
४ मेरो मन् ओइल्छोयेको घांस् झैं सुकि गयो
कसोगरिभन्ये भोजन् गर्नु बिर्स्यें ।
५ मेरो सुस्केरामराईको सोर्को कारणले
मेरा हाडू मेरो मांसुमां टांसींद छ ।
६ बनको धनेस् जस्तो छु
उजार् ठाउंको लाट्कोसेरा जस्तो भइ गयें ।
७ मं जागि रहंद छु अनि छाना मांथि एक्लै रहेको
भंगेरा जस्तो भइ गयेको छु ।
८ मेरा सत्रुहरुले दिन्भरि मेरो गिल्ला गर्द छन्
जुन्हरु मेरो बिरुद्धको उधुमले बौल्हायेका छन् तिनिहरुले मेरो नपना
लिइ धिक्कार्द छन् ।
९ किनभन्ये मैले खरानि रोटी झैं खायेको छु
अनि आंसु मिसायेर आफ्नु पानी खांद छु ।
१० तपांइको कोप् र क्रोधको कारणले .
किनभन्ये तपांइले मंलाइ उठायेर आफालनु भयो ।
११ मेरा दिन् लम्याईयेको छांया जस्ता छन्
घांस् झैं ओइल्छोयेको छु ॥

१२ तर हे यहूवे तपांइ चइं ता सदा सम्म बिराज्दै रहंनु हुंद छ
अनि तपांइको सम्झना पुस्ता देखि पुस्ता सम्म ।
१३ तपांइले उठेर सियोन् मांथि दया गर्नु हुंछ .
किनभन्ये त्येस् मांथि अनुग्रह गर्ने बेला अं ठहरायेको बेला आइ पुग्यो ।
१४ किनभन्ये तपांइका दासहरु त्यस्का ढुंगा देखि खुसि हुंद छन्
अनि त्यस्को धूलो मांथि अनुग्रह गर्द छ ।
१५ येसोरि लोग् लोग्ले यहूवेको नांउको भय् मान्छन्
अनि पृथिवीका सबै राजाहरु उस्को प्रताप् देखि डराउंछन् .
१६ किनभन्ये यहूवेले सियोन् बनायेको छ
आफ्नु महिमा सङ उ देखाइा पर्यो ।
१७ उ दीन्हरुको प्रार्थना तिर लाग्यो
अनि तिनिहरुको प्रार्थना तुच्छ जान्येन ।
१८ यो कुरा आउंदो पुस्ताको लागि लेखींछ .
अनि जुन् जुन् लोग् सृजींछन् तिनिहरुले याहको स्तुति गर्छन् ।

किनभन्ये उह्ले आफ्ना पवित्र स्थान्को अग्लो ठांउ देखि दृष्टि गर्‍यो १९
स्वर्ग देखि यह्वेले पृथिवीलाइ हेर्‍यो
बन्धुवाहरुको सुस्केरामराई सुन्नुलाइ २०
मरणको लागि खटाईयेकाहरुलाइ बचाउंनुलाइ
सिय्योन्मां यह्वेको नांउको बखान् गरोओस् भन्ये खातिर्ले २१
अनि यरुशलेम्मां उह्को स्तुति
जब लोग् लोग् र राज् राज् २२
भेला हुंद छन् यह्वेको सेवा गर्नुलाइ ।
उह्ले मेरो बल् बाटोमां निउंरायो २३
उह्ले मेरा दिन् घटायो ।
मैंले भन्यें हे मेरो ईश्वर् मंलाइ मेरो बीच् उमेर्मां न लानु हजुर् २४
तपांइका बर्ष ता पुस्ता पुस्ता सम्म रहंद छन् ।
आदिमां तपांइले पृथिवीको जग् बसालनु भयो २५
अनि स्वर्ग तपांइका हातका कार्य्य हुन् ।
ति ता नष्ट हुंछन् तर तपांइ चहिं बनीइ रहंनु हुंछ । २६
अं ति सबै लुगा झैं पुराना होइ जांछन्
तपांइले वस्त्र झैं तिनलाइ मार्फेर् गर्नु हुंछ अनि ति साटींछन् ।
तर तपांइ चहिं ता एकनासै हुंनु हुंद छ २७
अनि तपांइका बर्षको अन्त हुदैन ।
तपांइका दास्हरुका बालखहरु बनीइ रहंछन् २८
अनि तिनिहरुको बंश तपांइको सांमु स्थिर् रहंछ ॥

१०३

दाऊद् रचित् ।

हे मेरो प्राण् यह्वेलाइ धन्न कह् १
मं भित्र जति छ उह्को पवित्र नांउलाइ ।
हे मेरो प्राण् यह्वेलाइ धन्न कह् २
अनि उह्का सबै उपकार् न बिर्सि ।
जस्ले तेरा सबै अधर्म्म क्षमा गर्द छ ३
जस्ले तेरा सबै बेथा निको पार्द छ
जस्ले तेरो जीउलाइ नष्ट देखि बचाउंद छ ४
जस्ले तं माथि करुणा र दयाको मुकुट् लगाउंद छ ।
जस्ले भलो थोकले तेरा आयुलाइ तृप्त गराउंद छ ५
तेरा जुवानेइं ऊकाब्को झैं नया हुंद छ ।
यह्वे धर्म्मी कार्य्य ६
र नियाकर्म्म सबै मिचीयेकाहरुको लागि गर्न छ ।
उह्ले मूसाको लागि आफ्ना मार्ग ७
अनि इस्राएलबंशीहरुको लागि आफ्ना कर्म्म जनाउंने गर्द थियो ।

८ यह्वे अति दयालू र अनुग्रह् गर्ने छ
रिस् गर्नुमां धीरजी र करुणामां भरपूर् ।
९ सधैं उस्ले बिबाद् गर्दैन
अनि न युग्नयुग् सम्म आफ्नु कोप् राख्छ ।
१० हामिहरुका पाप्हरु अनुसार् उस्ले हामिहरु सित बेहोरा गर्‍याको छैन
अनि न हामिहरुका अधर्म्म अनुसार् हामिहरुलाइ प्रतिफल् दियो ।
११ किनभन्ये स्वर्ग पृथिवी मांथि जत्ति अलग्गो छ
त्यत्तिनै अलग्गो उस्को करुणा उस्को डर् मान्नेहरु मांथि रहंद छ ।
१२ पूर्ब पच्छिउं देखि जत्ति टाढ़ो छ
उत्तिनै उस्ले हामिहरुका अप्राध् हामिहरु देखि टाढ़ो राख्याको छ ।
१३ जस्तो बाबुले आफ्नु बालख मांथि दया गर्द छ
त्यस्तै यह्वेले उस्को भय् मान्नेहरु मांथि दया गर्द छ ।
१४ किनभन्ये उसैले हामिहरुको रचना चिन्द छ
तिनिहरु मांटै मात्रै हुन् भनि सम्झंद छ ।
१५ बिनाशी मान्छे जो छ त्यस्को आयु घांस् जस्तो छ
बन्को फूल् झैं त्यो फुल्द छ ।
१६ कसोगरिभन्ये बतास् लाग्नु बित्तिकै त्यो गइ गयो
अनि त्यस्को ठाउंले त्यस्लाइ फेरि कैले पनि चिन्दैन ।
१७ तर यह्वेको करुणा चइं उस्को भय् मान्नेहरु मांथि युग्नयुग् रहंछ
अनि उस्को धर्म्म छोराहरुका छोराहरु मांथि
१८ उस्को नियम् मान्नेहरुलाइ
अनि उस्का आज्ञाहरु गर्नुलाइ सम्झनेहरु मांथि ।
१९ यह्वेले ता आफ्नु सिंहासन् स्वर्गमां स्थिर् गर्‍याको छ
अनि उस्को राज्‌ले ता सबै मांथि राज् गर्द छ ।
२० हे यह्वेका दूत्हरु हो उस्लाइ धन्न कह .
तिमि महाबीर् हुनेहरु र उस्को बचन् मान्नेहरु
उस्को बचन्को सोर् सुन्दै ।
२१ हे यह्वेका सबै सेनाहरु हो उस्लाइ धन्न कह
तिमि उस्का सेवाइते उस्को इच्छे पूरो गर्नेहरु ।
२२ हे यह्वेका सबै कार्य्यहरु हो उस्लाइ धन्न कह
उस्का प्रभुतेईका सबै ठांउमां .
हे मेरो प्राण् यह्वेलाइ धन्न कह्

१०४ १ हे मेरो प्राण् यह्वेलाइ धन्न कह् ।
हे मेरो ईश्वर् यह्वे तपांइ अति महा हुनु हुंद छ
तपांइ बिभव् र महातम्ले पहिर्‍याईयेको हुनु हुंद छ ।
२ जस्ले आफु मांथि उज्यालोलाइ ओढ्ने झैं लाउंद छ

जस्ले अकाशलाइ पालको पर्दा झैं फिंजाउंद छ ·
जस्ले आफ्ना कोठाहरूका धागाहरु पानीमां बसाल्येको छ ३
जस्ले मेघ्‌हरूलाइ आफ्नु रथ् तुल्याउंद छ
जो बतासका पखेटा माथि डुल्द छ ।
जस्ले बतास्‌लाइ आफ्नु दूत् तुल्याउंद छ ४
अनि जुवालेआगालाइ आफ्ना सेवाइतेहरु ·
जस्ले पृथिवीका जग् बसाल्यो ५
त्यो सदा न सारीओस् भन्येर ।
तपांइले त्येस्लाइ गहीरो सागर्‌ले बस्त्रले झैं ढाक्नु भयो ६
पानीहरु पहाड्‌हरु माथि माथि पुग्यका छन् ।
तपांइको धम्कीले तिनिहरु भाग्ये ७
तपांइको गर्जनको सोर् सुन्येर हतारींदै गये
पहाड् चढ्ईं उठे तरि चढ्ईं भये ८
तपांइले तिनिहरूको लागि बनायेको ठांउ सम्म ।
तपांइले तिनिहरु काटि न जान्ये सिमाना राख्नु भयो ९
तिनिहरु पृथिवी फेरि ढाक्नुलाइ फर्कि न आउन् भन्येर ।
उस्ले खोल्चाखाल्चामां जरुवा पानी पठाउंद छ १०
तिनिहरु पहाड्‌हरु हुंदो दुगुर्द छन् ·
तिनिहरु बनका सबै पशुहरूको लागि पीउंनु दिंद छ ११
बनगदाहाले पनि तिनै देखि आफ्नु तिर्खा मार्द छन् ।
तिनिहरूका छेउछाउ अकाशका पंछ हरूले बसे गर्द छन् १२
तिनिहरुले हांगा हांगा हुंदो गाउंद छन् ।
उस्ले पहाड्‌हरूलाइ आफ्ना कोठाहरु देखि भिजाउंद छ · १३
पृथिवी तपांइका कामको फल् देखि तृप्त हुंद छ ।
उस्ले वस्तुहरूको लागि घांस् १४
र मान्छेका कामको लागि साक्‌पात् उमार्द छ
त्येस्ले पृथिवी देखि भोजन् निकालोस् भन्येर ·
अनि मान्छेको मन् आनन्द गराउंने दाखरस् १५
र त्येसको मुख चम्कंने तेल्
अनि मान्छेको मन् बलियो गराउंने अन्न पनि उमार्द छ ।
यहूवेका रुखहरु तृप्त भये १६
उस्ले रोप्यका लबानोन्‌का देवदारुहरु
जहां चराहरूले आफ्ना गुंड् बनाउंद छन् · १७
सारसचड्ईंले सल्लाका रुखहरुमां घर् बनाउंद छन् ।
अलग्गा अलग्गा डांडाहरु घारलहरूको लागि छन् १८
ढुंङ्गाहरु शापानहरूको[1] लागि शरणस्थान ।

[1] अर्थात् एक् रकमका भारखरायो । लेव्यः ११ ; ५ हेर ।

१९ उसले समयहरूको लागि जून् ठहरायो .
सूर्जले आफ्नु अस्ताउंने बेला जान्द छ ।
२० तपांइले अंध्यारो पार्नु हुंद छ त रात् पर्द छ
जसमां पातलका सबै जन्तुहरू लुकि लुकि निस्कंद छन् ।
२१ जुवान् सिंहहरू आफ्नु शिकारको लागि गर्जन्द छन्
तिनिहरूले आफ्नु आहारा ईश्वर् सिन मांगद छन् ।
२२ सूर्ज उदाउंदै तिनिहरू हटि गयेर
आफ्नु आफ्नु कुरिमां ढल्कंद छन्
२३ मान्छे चइं आफ्नु कामको लागि निस्कंद छ
अनि आफ्नु परिश्रमको लागि सांझ सम्म ।
२४ हे यहवे तपांइका कार्य कति भिन्दा भिन्दै छन् .
ति सबै तपांइले बुद्धिले बनाउंनु भयो .
पृथिवी तपांइको सम्पत्तिले पूर्ण छ ।
२५ त्यहां समुन्द्र चइं छ ठुलो र फराक्
जसमां बेहिसाप् पौरनेहरू छन्
ठुला साना दुवै जन्तुहरू ।
२६ त्यस्मां जहाजहरू पनि जांद छन्
वहां लिव्यातान् पनि छ जसलाइ तपांइले त्यस्मां खेल्नुको लागि बनाउंनु
भयेको छ ।
२७ ति सबैले तपांइको बाटो हेर्द छन्
तपांइले तिनिहरूलाइ ठीक् बेलामां आहारा देवस् भन्येर ।
२८ जे तपांइले तिनिहरूलाइ दिंनु हुंद छ त्यो तिनिहरूले बटुल्द छन्
तपांइले आफ्नु मुट्ठि खोल्येकोले तिनिहरू भलाईले तृप्त भये ।
२९ तपांइले आफ्नु मुख् लुकायेकोमां तिनिहरू कहिंत् हुंद छन्
तपांइले तिनको सास् लिंनु भयो भन्या देखि तिनिहरूको प्राण् निस्कंद छ
अनि आफ्नु आफ्नु माटोमां फर्कंद छन् ।
३० तपांइले आफ्नु आत्मा पठाउंनु भयो र तिनिहरू सृजीयेका छन्
अनि तपांइले भूंइको मुख् नया तुल्याउंनु हुंद छ ।
३१ यहवेको महिमा सधैं रहोस्
यहवे आफ्नु कार्यमां रमावस् .
३२ उसले पृथिवं लाइ हेर्द छ त त्यो कांम्द छ
उसले पहाडहरूलाइ छुंद छ त धुंवा निस्कंद छ ।
३३ जैले सम्म जीउंछु तैले सम्म यहवेको लागि गीत् गाउंदै रहंछु .
जैले सम्म बनाइ रहंछु तैले सम्म आफ्नु ईश्वरको स्तुति गाउंदै रहंछु ।
३४ मेरो ध्यान् गराई उसैको लागि ग्रहणयोग्य हवस् .
म चइं ता यहवेमां आनन्द गर्छु ।

पापीहरु पृथिवी देखि मेटौउन् ३५
अनि दुष्टहरु फेरि न होउन् ।
हे मेरो प्राण् यहवलाइ धन्न कह्
याहको स्तुति गर[१] ॥

यहवलाइ धन्नवाद् गर उस्को नांउ प्रचार् गर १०५ १
लोग् लोग्का बीचमां उस्को महाकार्य्यका चर्चा गर ।
उस्का लागि गाव उसको भजन् गाव २
उस्का सब उदेक् उदेक्का कामका ध्यान् गर ।
उस्का पवित्र नाउमा अहंकार् गर । ३
यहवलाइ खोज्नेहरुका हिर्दय् रमाउन् ।
यहव र उस्का सामर्थ्य खोज ४
सधैं उस्का दर्शन्को खोज् गर ।
उसैले गर्याका उस्का उदेक्का काम् सम्झ ५
उसैका आश्चर्य्यकर्म्म र उस्का मुखका निर्याबचनहरु
हे उस्को दास् अब्राहाम्का बंश हो ६
हे याकूब्का छोराहरु उस्का छानायेकाहरु हो ।
उइ यहव हामिहरुको इश्वर् हो । ७
उस्का निर्याबचनहरु सिंगै पृथिवीमां छन् ।
उस्ले आफ्ना नियम् सदा सम्झेयका छ ८
हजार् पुस्ता सम्म आज्ञा गर्यका बचन्
उस्ले अब्राहाम् सित बांध्यको नियम् ९
अनि इसहाक् सङ खायेको उस्को किरिया
जो उस्ले बिधि हुंनुको लागि याकूब् सित स्थापित् गर्यो १०
अनि सनातन् नियम् हुंनुको लागि इस्राएल् सित ।
तंलाइ कनान्को देस् दिंछु ११
तिमिहरुको अधिकारको भाग्गरि भन्यो ।
जब तिनिहरु गन्तिमां थोरै मात्रै थिये १२
अं थिम्रै थोर् अनि त्येसमा परदेसी मात्रै
अनि तिनिहरु लोग् देखि लोग् थांइ डुल्द फिर्दै थिये १३
अनि एक राज देखि अर्को प्रजा थांइ ।
उस्ले कसैलाइ तिनिहरुलाइ सिचेडैं गर्नु दियेन १४
अं तिनिहरुको कारणले उस्ले राजाहरुलाइ पनि हकार्यो
मेरा अभिषिक्तहरुलाइ न छोव १५
अनि मेरा आगमबक्ताहरुको हानि न गर भन्दै ।

[१] इब्रानीमां हल्लूयाह् ।

१६ फेरि उह्ले देस् मांथि अनिकाल् पार्‍यो
रोटीको सिंगै लउरो भांचि दियो।
१७ उह्ले तिनिहरूको अघि अघि येउटा मान्छेलाइ पठायो
यूसुफ् कमारा पारि बेचियो
१८ त्यसका गोड़ा तिनिहरूले सांग्लाले चोट् पार्‍ये
फलामका भिजिरीमां राखायो .
१९ त्यसका कुरा पूरा न होउंज्याल् सम्म
यहूवेको बचनले त्यसलाइ जांच्यो ।
२० राजाले पठायेर त्यसलाइ फुकायो
अं लोग्‌हरूको मालिकले त्यसलाइ निर्बन्ध् गरायो ।
२१ त्यस्ले त्यसलाइ आफ्‌नु घर्‌को प्रभु तुल्यायो
अनि आफ्‌ना सब्बै धन्‌सम्पत्तिको मालिक् .
२२ त्यसका खुसि अनुसार् त्यसका भारदारहरूलाइ बंधाउंनुलाइ
अनि त्यसका प्राचान्‌हरूलाइ बुद्धि सिकाउंनुलाइ .
२३ इस्राएल पनि मिस्रमां आयो
अनि याकूब् हाम्‌का देस्‌मां परदेसी भया ।
२४ अनि उह्ले आफ्‌ना प्रजा असाध् बढायो
अनि तिनिहरूलाइ तिनिहरूका बिरोधिहरू भन्दा बेसि बलिया तुल्यायो ।
२५ उह्ले तिनिहरूको मन् उह्का लोग् सित मन् दुःख गर्नुलाइ फर्कायो
उह्का दास्‌हरू सित छल् सित बेहोरा गर्नुलाइ
२६ उह्ले आफ्‌नु दास् मूसालाइ पठायो
अनि आफ्‌नु छान्येको हारूनलाइ ।
२७ तिनिहरूले तिनिहरूका बीच्‌मां उह्का चिन्नुहरू राख्यो
अनि हाम्‌को देस्‌मां उदेक्‌का काम्‌हरू ।
२८ उह्ले अंध्यारो पठायो अनि अंध्यारो भइ रह्यो
अनि तिनिहरू त्यसका कुराको बिरुद्धमां लागि भयेनन ।
२९ उह्ले तिनिहरूका पानीहरू रगत् बनायो
अनि तिनिहरूका माछाहरू मारि दियो ।
३० तिनिहरूको देस्‌मां भ्यागुताहरू ओधिगरि भरीये
तिनिहरूका राजाहरूका कोठा कोठामां ।
३१ उह्ले आज्ञा गर्‍यो त भिंगा ओधि आये
अनि तिनिहरूका सब्बै सिमानामां भुसुना
३२ उह्ले तिनिहरूको लागि पानीको साटो असीना दियो
अनि तिनिहरूको देस्‌मां जुवालेआगो ।
३३ उह्ले तिनिहरूको दाख् पनि र तिनिहरूको नेभाराका बोट्‌हरू पनि नास् पार्‍यो
अनि तिनिहरूका सिमानाका रूखहरू भांच्यो ।

उसले आज्ञा गर्यो त सलहहरु आए ३४
अनि कीराहरू पनि बेहिसाप्
उसले तिनिहरूको देसका सबै साकपात् खाइ हाल्ये ३५
अनि तिनिहरूका भूमिका साकपात् खाइ हाल्ये ।
उसले तिनिहरूको देसमांका सब्बै जेठा जेठालाइ पनि मार्यो ३६
तिनिहरूका सब्बै बूताका थाल्निहरूलाइ ।
अनि उसले तिनिहरूलाइ सुन् चांदी लाईयेका भइ निकाल्यो । ३७
अनि त्यस्का कूलहरूमा कोई ठोकर् खाने थियेन ।
तिनिहरूको जाँदाईले मिस्र देस् रमायो ३८
किनभन्ये तिनिहरू मांथि यिनिहरूको भय् पर्यो ।
उसले छायाको लागि बादल् फिजांयो ३९
अनि रात उज्यालो दिनूलाइ आगो ।
तिनिहरूले मांग्यकोमां उसले बटाँचरा ल्याइ दियो ४०
अनि तिनिहरूलाइ स्वर्गको रोटाले तृप्त गरायो
उसले पहरा फोड्यो अनि पानी हलल निकल्यो ४१
सुखा ठांउमा नदी झैं बह्यो ।
किनभन्ये उसले आफ्ना पवित्र वचन् ४२
र आफ्नु दास् अब्राहामलाइ सम्झ्यो।
उसले आफ्ना प्रजाहरूलाइ हर्षित् भयेकामांग निकाल्यो ४३
अनि आफ्ना कानीयकाहरूलाइ गान् गाउंदै गर्येका
उसले तिनिहरूलाइ जाग् लोगको देस् दियो ४४
अनि तिनिहरूले लोगहरूका श्रमको फल् आफ्नु अधिकार् पार्ये ।
तिनिहरूले उसका विधिहरू मान्नलाइ ४५
अनि उसका व्यवस्थाहरू पालन् गर्नलाइ।
याहको स्तुति गर[1] ॥

याहको स्तुति गर । १०६ १
यहवेको लागि धन्नबाद् गर किनभन्ये उइ भलो छ ।
किनभन्ये उसको करुणा सनातन् सम्म रहंद छ ।
यहवेका पराक्रम्मी कार्य्यको बखान् कसले गर्नु सक्छ । २
कि उसको पूरा गुणानुबाद् कसले गर्नु सक्छ ।
धन्न तिनिहरू जुनहरूले नियां मान्द छन् ३
अनि सब्बै समयमां धर्म्मकर्म्म गर्द छन् ।

[1] इब्रानीमां हललयाह

४ हे यहवे तपांइले आफ्ना प्रजाहरु मांथि राख्येको अनुग्रह अनुसार् मलाइ
सम्झनु हवस्
आफ्नु उद्धार्ले मेरो हेर्चाहा गर्नु हवस्.
५ मं तपांइका छान्येकाहरुको कल्याण् हेरुं
मं तपांइका लोगको हर्षमां रमाउं
मं तपांइको निज् भाग् सङ अहंकार् गरुं भन्ये खातिर्ले ॥

६ हामिहरुले आफ्ना पित्रहरु सङ पाप् गर्येका छौं
अधर्मैं गर्येका छौं दुष्टैं गर्येका छौं।
७ हामिहरुका पिता पुर्खाहरुले मिस्रमां तपांइका आश्चर्यकर्मको चेत् गरेनन्
तिनिहरुले तपांइका धेरै करुणाहरु सम्झेनन्
तर समुन्द्र अं लाल्समुन्द्रको छेउमां झगर् भये।
८ तैपनि उस्ले आफ्नु नांउको कारणले तिनिहरुलाइ बचायो
उस्ले आफ्नु बड़ो पराक्रम् जनाअस् भन्ये खातिर्ले।
९ उस्ले लाल्समुन्द्रलाइ पनि हकार्यो र त्यो सुकि गयो.
र उस्ले बन्को बाटो बाड़ो झं तिनिहरुलाइ त्यसको गहीरो बाटो बाटो
डोर्यायो।
१० अनि उस्ले तिनिहरुलाइ तिनिहरुका बैरिहरुको हात् देखि बचायो
अनि तिनिहरुलाइ सत्रुहरुको हात् देखि छोड़ायो।
११ अनि पानीहरुले तिनिहरुका बिरोधीहरुलाइ छोपि हाल्ये.
तिनिहरुमांको येउटा पनि रहेन।
१२ तब तिनिहरुले उस्का बचनको बिस्वास् गर्ये
तिनिहरुले उस्को स्तुति गायें।
१३ तिनिहरुले छिट्टै उस्का काम्हरु बिर्से
अनि उस्को सल्लाहको लागि पर्खेनन्.
१४ तर बन्मां अघोर् तिर्षणा गर्नु लाग्ये
अनि सुख्ये ठांउमां ईश्वर्को परीक्षा गर्ये।
१५ र उस्ले तिनिहरुलाइ मांग्ये अनुसार् दियो
तर तिनिहरुको प्राणमां क्षयरोग् पठायो।
१६ तिनिहरुले छाउंनीमां मूसाको बिषय्मां पनि डाहा गर्ये
अनि यहवेको भक्त हारुनको बिषय्मां।
१७ धरतीले फाटेर दातान्लाइ निलि दियो
अनि अबीरामको गट्ठालाइ छोपि दियो।
१८ अनि आगो तिनिहरुको गट्ठामां बल्यो
अनि जुवालाले दुष्टहरुलाइ डड़ायो।
१९ तिनिहरुले होरेब्मां बाच्छा बनाये
अनि ढालेको मूर्तिलाइ दण्डवत गर्ये।

त्यसैले तिनिहरूले आफ्नु महिमा फेर्ये २०
घांस् खाने गोरुको रूपमां ।
तिनिहरूले आफ्नु त्राणकर्त्ता ईश्वर्लाइ बिर्स्ये २१
जस्ले मिस्रमां ठुलो ठुलो काम् गर्येको थियो
हामको देसमां आश्चर्य्यकर्म्म २२
अनि लालसमुन्द्रको छेउमां डर्लाग्दा कामहरू ।
येस्कारण उस्ले मं तिनिहरूलाइ नष्ट पार्छु भन्येर भन्यो २३
उस्को छानेयेको मुसा उस्को सांमु छेंडमां न उभीयेको भए देखि
उस्को रिस् मांर्नुलाइ उस्ले तिनिहरूलाइ नास् न पारोस् भन्येर ।
अं तिनिहरूले मनपर्दो देसलाइ तुच्छ जान्ये २४
तिनिहरूले उस्को कुरा पत्यायेनन्
तर आफ्ना आफ्ना डेरामां गन्गनाये २५
अनि यहवेको शब्द सुन्येनन् ।
येस्कारण उस्ले आफ्नु हात् तिनिहरू मांथि उचाल्यो २६
तिनिहरूलाइ बन्मां लडाउंनुलाइ .
अनि तिनिहरूका बंसलाइ लोग् लोग्को बीच्मां लडाउंनुलाइ २७
अनि तिनिहरूलाइ देस् देसमां छुरपुट्ट पार्नुलाइ ।
तिनिहरू बालपोर् सित पनि बांधीये २८
अनि मरेकाहरूको बलिदान् खाये ।
येसोरि तिनिहरूले आफ्नु काज्य गरि उस्को रिस् उठाये २९
अनि मरि तिनिहरू मांथि फुटि पर्यो ।
तब पीनहासले उठेर नियाइखण्ड दियो . ३०
न येसोरि मरि थामीयो।
न यो त्यस्को लागि धर्म्म गनीयो ३१
मराको लागि पुस्ता पुस्ता सम्म ।
तिनिहरूले मरीबाको[१] पानीको छेउमां उस्को रिस् उठाये ३२
न तिनिहरूको कारणले मुसाको लागि बुरा भयो .
किनभन्ये तिनिहरू उस्को आत्माको बिरुद्ध भगरे भए ३३
अनि मुस्ले बिचार् न गरि आफ्ना ओंठले कुरा गर्यो ।
तिनिहरूले लोग् लोग्लाइ नष्ट पार्येनन् ३४
यहवेले तिनिहरूलाइ आज्ञा गर्येको अनुसार ।
तर अन्यदेसीहरू सङ्ग मिसीइ ३५
तिनिहरूको बानि सिक्ये .
अनि तिनिहरूका मूर्त्तिहरू पूज्ये ३६
जो तिनिहरूको पासो भइ गये .

[१] अर्थात् भगराको ।

३७ अं आफ्ना छोराछोरीहरूलाइ भूतहरूको लागि बलि चढ़ाये
३८ अनि निर्दोषी रगत् अं आफ्ना छोराछोरीहरूको रगत् बहाये
जुन्हरूलाइ तिनिहरूले कनान्का मूर्त्तिहरूको लागि बलि चढ़ाये
अनि देस् रगत्ले अपवित्र भयो ।
३९ येसोरि तिनिहरू आफ्ना कामको बाटोले अशुद्ध भइ गये
अनि तिनिहरूको कार्य्यको बाटोले व्यभिचारी जस्ता बनीये ।
४० येस्कारण् यहवेको क्रोध् आफ्नु प्रजा माथि उठ्यो
अनि उस्ले आफ्नु निज् भाग् देखि घिन् गर्‍यो ।
४१ अनि उस्ले तिनिहरूलाइ लोग् लोग्‌को हातिमां दियो
अनि तिनिहरूका वैरिहरूले तिनिहरू माथि प्रभुताइँ गर्‍यो ।
४२ तिनिहरूका सत्रुहरूले पनि तिनिहरू माथि थिचेइँ गर्‍यो
अनि तिनिहरू तिनिहरूका हात् मुनि नम्रमां ल्याईये ।
४३ धेरै खेप् उस्ले तिनिहरूलाइ छोड़ायो
तर तिनिहरू आफ्नु मल्लाहमां झगरे भये
अनि आफ्ना अधर्म्ममां होंचीये ।
४४ तैपनि उस्ले तिनिहरूको संकष्ट माथि चेत् लगायो
उस्ले तिनिहरूको डोहाई सुन्दामां .
४५ अनि उस्ले तिनिहरूको लागि आफ्नु नियम् सम्झ्यो
अनि आफ्ना धेरै करुणाहरू अनुसार् बचायो ।
४६ अनि तिनिहरूलाइ बन्धुवाई गरि लैजांनेहरू देखि
तिनिहरूलाइ दया गर्नु लगायो ॥

४७ हे हामिहरूको ईश्वर् यहवे हामिहरूलाइ उद्धार् गर्नु हुन्स्
अनि हामिहरूलाइ लोग् लोग् देखि भेला गराउंनु हुन्स्
तपांइको पवित्र नांउको धन्नबाद् गर्नुलाइ
अनि तपांइको स्तुतिमां रमाउंनुलाइ ॥

४८ धन्न हो इस्राएल्को ईश्वर् यहवे
सनातन् देखि सनातन् सम्म ।
अनि सबै लोगले भनुन् आमेन् ।
याहको स्तुति गर[1] ॥

[1] इब्रानीमां हल्लुयाह ।

पांचौ भाग्।

यहवेको लागि धन्यबाद् गर किनभन्ये उह भलो छ १०७ १
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ।
यहवेले छोड़ायेकाहरुले येसो भनुन् २
जुन्हरुलाइ उस्ले बिरोधीको हात् देखि छोड़ायेको छ
अनि देस् देस् देखि भेला गरायेको छ ३
पुर्ब र पच्छिउं देखि
उत्तर् र दक्खिन् देखि ॥

तिनिहरु बन्मा निपाने बाटोमा भौंरि हिंड्द थिये ४
बास् बस्ने सहर् पायेनन्।
भोक् र तिर्खाले ५
तिनिहरुका प्राण् हरान् पर्‍यो।
तब तिनिहरुले आफ्नु सकसमा यहवेको दोहाइं दिये ६
अनि उस्ले तिनिहरुलाइ तिनिहरुका संकट देखि छोड़ायो।
उस्ले तिनिहरुलाइ सोजो बाटोमा डोरायो ७
तिनिहरु बास् बस्ने सहर्मा पुग्नुलाइ।
त लोगले यहवेको करुणाको कारणले उस्को धन्यबाद् गरुन् ८
अनि मान्छेको सन्तान्को लागि भयेका उस्का आश्चर्यकर्म्मको कारणले।
किनभन्ये उस्ले अभिलाषा गर्ने प्राणलाइ तृप्त गरायो ९
अनि भोका हुने प्राण्हरुलाइ उस्ले भलाइंले अघाउंने गराउंद छ॥

अन्धकार् र मृत्युको छायामा बस्नेहरु १०
दुक्ख र सांग्लोले बांधायेकाहरु
ईश्वर्का कुराको बिरोध् गर्‍येको ११
अनि परम् ईश्वर्को सल्लाह् तुच्छ गर्‍येको कारणले।
तिनिहरुको हिर्दयलाइ उस्ले दास्ताले चेप्यो १२
तिनिहरु ठोकर् खायेर लड़ेर अनि गोहारे कोई थियेन।
तब तिनिहरुले आफ्नु सकसमा यहवेको दोहाइं दिये १३
अनि उस्ले तिनिहरुलाइ तिनिहरुको संकट देखि छोड़ायो।
उस्ले तिनिहरुलाइ मृत्युको छाया देखि निकाल्यो १४
अनि तिनिहरुका बन्धन् छिनालि दियो।
त लोगले यहवेको करुणाको कारणले उस्का धन्यबाद् गरुन् १५
अनि मान्छेको सन्तान्को लागि भयेका उस्का आश्चर्यकर्म्मको कारणले।
किनभन्ये उस्ले पीतल्का ढोकाहरु भत्काइ दियो १६
अनि फलामका आगलाहरु टुक्रै टुक्रा पारि दियो॥

१७ मूर्खहरू आफ्नु कुचालको कारणले
अनि आफ्ना अधर्म्महरूको कारणले कष्टित् हुंद छन् ।
१८ तिनिहरूको प्राणले सब् रकमको भोजन् देखि घिन् मिगाउंद छ
अनि तिनिहरू मृत्युका ढोकाहरू निर पुग्द छन् ।
१९ तब तिनिहरूले आफ्नु सकसमा यहूवेको दोहाई गर्द छन्
अनि उस्ले तिनिहरूलाइ तिनिहरूको संकष्ट देखि छोड़ाउंद छ ।
२० उस्ले आफ्ना वचन् पठायेर तिनिहरूलाइ निको पार्द छ
अनि तिनिहरूलाइ तिनिहरूको नष्ट देखि छोड़ाउंद छ ।
२१ त लोगले यहूवेको करुणाको कारणले उस्को धन्नबाद् गरुन्
अनि मान्छेको सन्तानको लागि भयेका उस्का आश्चर्य्यकर्म्मको कारणले ।
२२ अनि तिनिहरूले धन्नबादा बलिदान् चढ़ाउन्
अनि गान् गाउंदै उस्का कार्य्यका बखान् गरुन् ॥

२३ जो समुन्द्रमा जहाजमा चढ़्द छन्
जो ठुला ठुला पानीमा बेपार् गर्द छन्
२४ तिनिहरूले यहूवेको काम् हेर्द छन्
अनि गहिरोमा उस्का आश्चर्य्यकर्म्म ।
२५ किनभन्दे उस्ले आफ्नु आज्ञाले ठुलो बताश् उठाउंद छ
जस्ले त्यस्का छालहरू अलग्याउंद छ ।
२६ तिनिहरू स्वर्ग सम्म चढ़्द छन् गहिरो सम्म ओर्लन्द छन् .
क्लेशको कारणले तिनिहरूको प्राण् बिलौद छ ।
२७ तिनिहरू टलपलाउंद छन् अनि मातवा भैं लरखराउंद छन्
अनि तिनिहरूको बुद्धि सिंगै नालीयेको छ ।
२८ तब तिनिहरूले आफ्नु सकसमा यहूवेको दोहाई गर्द छन्
अनि उस्ले तिनिहरूलाइ तिनिहरूको संकष्ट देखि निकाल्द छ ।
२९ उस्ले आंधीलाइ बस्ने गराउंद छ
येत्ति सम्म गराउंद छ त्यस्का सबै छालहरू मौन भइ गये ।
३० तब चैन् पायेर रमाउंद छन्
येसोरि उस्ले तिनिहरूलाइ तिनिहरूको मनपर्दो घाट्मा पुऱ्याउंद छ ।
३१ त लोगले यहूवेको करुणाको कारणले उस्को धन्नबाद् गरुन्
अनि मान्छेको सन्तानको लागि भयेका उस्का आश्चर्य्यकर्म्मको कारणले ।
३२ तिनिहरूले लोगको सभामा पनि उस्को बड़ाई गरुन्
अनि प्राचीनहरूको बैठक्मा उस्को स्तुति गरुन् ॥

३३ उस्ले नदीहरूलाइ बनमा फेर्द छ
अनि जरुवा पानीलाइ तिर्खायेको भूमिमा
३४ फलवन्त भूमिलाइ नुनीलो बनमा
त्येसमा बसेहरूको दुष्टईको कारणले ।

उसले बन्‌लाइ पोखरीमां फेर्द छ ३५
अनि ओबानो भूमिलाइ जलवा पानीमां ।
अनि त्यहां उसले भोकाहरूलाइ बसाल्द छ ३६
तिनिहरूले बास् बस्ने सहर् तियार् पारेर
खेत्‌मां छर्येर अनि दाखबारी रोप्यर ३७
उप्‌जनीको फल् पाऊं भन्ने खातिर्‌ले ।
उसले तिनिहरूलाइ आशीष् पनि येति दिंद छ तिनिहरू औधि बढ्‌द छन् ३८
अनि तिनिहरूको पशु घट्‌नु दिंदैन ।
फेरि सिंचेइँ विपत्ति र शोक्‌को कारण्‌ले ३९
तिनिहरू घटायेर होच्याईयेका छन् ।
उसले मालिक्‌हरू मांथि निन्दा खन्याउंछ ४०
अनि तिनिहरूलाइ बाटो बिनाको उजाड्‌मां डुलाउंद छ ।
तैपनि उसले दरिद्रहरूलाइ दुःख देखि अलग्याउंद छ ४१
अनि त्यसको जहान् बगाल् जस्तो तुल्याउंद छ ।
धर्म्मीहरू यो देखेर रमाउंछन् ४२
अनि सिंगै अधर्म्मले आफ्‌नु मुख् थुनि दिंछ ।
जो बुद्धिमान् छ त्यसले यि कुरामां ध्यान् गरोस् ४३
अनि तिनिहरूले परमेश्वरका करुणाहरूको चेत् गरून् ॥

येउटा गान् दाऊद्‌को गीत् । १०८

मेरो मन् स्थिर् भयो हे ईश्वर् १
गाउंछु अं स्तुति गाउंछु आफ्‌नु महिमालेनै ।
सितार् र बीणा जागि उठ . २
सबेरैमिलाइ जगाउंछु ।
हे परमेश्वर अन्यदेशीहरूको बीच्‌मां तपांइको धन्नबाद् गर्छु ३
लोग् लोग्‌को बीचमां तपांइको स्तुति गाउंछु ।
किनभन्ने तपांइको करुणा स्वर्ग सम्म पुग्‌ने ठुलो छ ४
अनि तपांइको सच्चेइँ आकाश् सम्म ।
हे ईश्वर् तपांइ स्वर्ग देखि पनि उंभो सम्म अलग्याइँनु हवस् . ५
अनि तपांइको महिमा सिंगै पृथिवी भन्दा उंभो हवस् ।
तपांइका प्रियहरू छोड़ाइँनुको लागि ६
आफ्‌नु दाहीनो हात्‌ले हामिहरूलाइ बचाउंनु हवस् अनि हामिहरूलाइ
उत्तर् दिंनु हवस् ।
ईश्वर्‌लेनै आफ्‌नु पवित्रेइँले भन्येको छ बड़ाई गर्छु . ७
शकेम् बांडि दिंछु अनि सुक्कोत्‌को तरि नापि लिंछु ।
गिलाद् मेरो मनश्शे पनि मेरै छ ८

एफ्रैम् चइं पनि मेरो सिर्‌को आड्
यहूदा मेरो राजदण्ड छ ।
९ मोआब् मेरो चुलुवा छ
एदोम् माथि आफ्नु जुत्ता आफाल्छु .
पलिस्ता माथि जयजय् गर्छु भनि ।
१० मलाइ घेरा भयेको सहर्‌मां कस्ले ल्याउंछ
मलाइ एदोममा कस्ले पुग्यायेको छ ।
११ के तपांइनै होइन हे ईश्वर् जस्ले हामिहरूलाइ आफालनु भयो
अनि हे ईश्वर् तपांइ हामिहरूको सेनाहरु सङ जांनु हुन्न ।
१२ बिरोधीको बिरुद्धमा हामिहरूको गोहार् गर्नु हवस् .
किनभन्ये मान्छेको छुटकारा ब्यर्थ छ ।
१३ ईश्वर्‌को बाटोले बल् गर्दै रहंछौं
किनभन्ये हामिहरूको बिरोधीहरूलाइ कुल्चने उहै छ ॥

१०९

मूलबजाउनेको लागि । दाऊद्‌को गीत् ।

१ हे मेरा स्तुतिको ईश्वर् चुप् न रहनु हवस्
२ किनभन्ये तिनिहरूले मेरो बिरुद्धमा दुष्टको मुख् र छल्‌को मुख् फुकायेका
छन् .
तिनिहरूले मेरो बिषयमा ढांट्ने जिब्रोले बोल्येका छन् ।
३ तिनिहरूले डाहका कुराले मलाइ घेर्येका छन्
अनि अकारण् म सङ लड़ाईं गर्येका छन् ।
४ किनभन्ये मेरो प्रेम्‌को साटो तिनिहरु मेरा बिरोधी छन् .
तर म चइं प्रार्थना गर्दै रहंछु ।
५ अनि तिनिहरूले मलाइ भलाईको साटो बुराई
अनि मेरो प्रेम्‌को साटो डाह राख्येका छन् ।
६ दुष्टलाइ त्यस् माथि राख्नु हवस् .
अनि त्यस्को दाहीनो हात्‌मां बिरोधी उभीओस् ।
७ जब त्यस्को निया गरीइ छ तब त्या दोषी निकलोस्
अनि त्यस्को प्रार्थना पाप् गनीओस् ।
८ त्यस्का दिन् थोरै होउन्
अनि त्यस्को धर्माधिकार् अर्कोले लेवस् ।
९ त्यस्का छोराछोरीहरु टुहुराटुहुरी होउन्
अनि त्यस्की स्वास्नी बिधवा हवस् ।
१० त्यस्का छोराछोरी डुलुवाहरु भइ भीक् मांग्ने होउन्
अनि उजाड् ठांउ हुंदो भोजन् खोजुन् ।
११ साहूले त्यस्का सबै थोक् फंसावस्
अनि परदेशीहरूले त्यस्को कमाई लूटुन् ।

त्यस् माथि करुणा गर्ने कोई पनि न रहोस् १२
अनि न त्यसका टुहुराटुहुरी माथि दया गर्ने ।
त्यसको वंश उगालोस् १३
आउंदो पुस्तामा तिनिहरूको नावै पनि मेटीओस् ।
त्यसका पितापुर्खको अधर्म यहवेले सम्झोस् १४
अनि त्यसकी आमाको पाप् न मेटीओस् ।
तिनिहरू सदा यहवेको सामु रहून् १५
उसले तिनिहरूको सम्झना पृथिवी देखि काट्नुको लागि ।
किनभन्ये त्यसले करुणा गर्नु चेत् गर्थेन १६
तर दीन् र दरिद्रलाइ
र भांचीयेका मन् भयेकाहरूलाइ मारे सम्म सताये।
अं स्राप्नु त्यसलाइ जाति लाग्यो त त्यो त्यो थांइ आयो १७
अनि आशीष् दिनु त्यसलाइ जाति लाग्येन त त्यो त्यो देखि टाढो भयो ।
त्यसले स्राप् लुगा झैं लगायो १८
त त्यो त्यसको पेट्मा पानी झैं पस्यो
अनि त्यसका हाडमा तेल् झैं ।
त्यो त्यसको ओढ्ने लुगा जस्तो हवस् १९
अनि त्यसको सधैं बांधेको पटुका झैं ।
यहवेको पट्टि बाटो मेरा विरोधीहरूका लागि प्रतिफल् येइ हो २०
अनि मेरो प्राणको विरुद्धमा बुराई भन्येहरूको लागि ।
तर हे प्रभु यहवे आफ्नु नाउंको कारणले मं सङ व्यहोरा गर्न हवस् २१
तपांइको करुणा भलो छ येसकारणले मंलाइ बचाउंनु हवस् ।
किनभन्ये मं दीन् र दरिद्र छु २२
अनि मेरो हिर्दय् मं भित्र घायल् भयेको छ ।
मं लम्कीयेको छाया जस्तो भइ गयें २३
मं सलह झैं उछालीयेको र खसालीयेको छु ।
मेरा घुंडाहरू उपासको कारणले कांमद छन् २४
अनि मेरो जीउको पुष्टई घट्दै छ ।
मं तिनिहरूको लागि निन्दा पनि भइ गयें . २५
तिनिहरूले मंलाइ देख्दाखेरि सिर् हलाउंद छन्
हे मेरो ईश्वर् यहवे मेरो गोहार् गर्नु हवस् . २६
आफ्नु करुणा अनुसार् मंलाइ बचाउंनु हवस् .
र तिनिहरूले यो तपांइको हात् रहेछ भनि जानुन २७
अं हे यहवे तपांइले त्यो गर्नु भये छ भनि जानुन् ।
तिनिहरूले स्रापुन् तर तपांइचांइंले आशीष् दिनु हवस् . २८
तिनिहरू उठ्दे उदास् होउन् तर तपांइको दास् चांइं रमाउंछ ।

२९ मेरा विरोधीहरू अपमान्‌ले पहिराईउन्‌
तिनिहरूले आफुलाइ खाष्टोले ढाक्येको झैं ढाकुन्‌ ।
३० म यहवेको लागि आफ्नु मुख्‌ले ठुलो धन्नवाद्‌ गर्छु
अं धेरै लोगका बीच्‌मां उसको स्तुति गर्छु ।
३१ किनभन्ये उ दरिद्रहरूको दाहीनो हात्‌ पट्टि उभीछ
त्येसको प्राण्‌को निया गर्नेहरू देखि तेसलाइ बचाउंनुलाइ ॥

११० दाऊद्‌को गीत ।

१ मेरा प्रभुलाइ यहवेको वाणी यो छ तं मेरो दाहीनो हात्‌ पट्टि बस्‌
जब सम्म मं तेरा सत्तरहरूलाइ तेरो चरणपीरा गरि दिन्नु ।
२ यहवेले तेरो पराक्रम्‌को राजदण्ड सिय्योन्‌ देखि बढाउंछ .
आफ्ना सत्तुरहरूका बीच्‌मां प्रभुतेइं गर्‌ ।
३ मेरा प्रजाले चइं तेरो सामर्थको दिन्‌मां मनमानी गरि चढाउंद छन्‌ .
पवित्रइंको सुन्दरइंमां बिहान्‌को पेट्‌ देखि
तेरा जुवानइंको शीत्‌ छ ।
४ यहवेले किरिया खायेको छ अनि पछुताउंदैन
तं सधैं सम्मको पूजाहारी होस्‌
मल्कीसिदेक्‌को ठकान्‌ अनुसार्‌ ।
५ मेरो दाहीनो पट्टि हुंने प्रभुले
आफ्नु कोप्‌का दिन्‌मां राजाहरूलाइ कुँदि मांछ ;
६ उसले लोग्‌ लोग्‌का बीच्‌मां निया गर्छ
उसले ठांउहरू मुर्दाले भराइ दिंछ
उसले फराक्‌ देस्‌मां सिर्‌ कुँदि मांर्छ ।
७ उसले बाटो हुंदो खोल्‌चा देखि पानी खांछ .
येसकारण्‌ उसले सिर्‌ उठाउंछ ॥

१११ १ याह्‌को स्तुति गर
मं आफ्नु पूर्ण मन्‌ले यहवेको धन्नवाद्‌ गर्छु
सोजाहरूको सभामां र मंडलीमां ।
२ यहवेका कार्ज्ये ठूला छन्‌
तिनमां खुशिहरू सबै देखि ति खोजि खोजायेका छन्‌ ।
३ उसका कार्ज्ये विभवमय्‌ र प्रतापी .
अनि उसको धर्म्म सदा रहंद छ ।
४ उसले आफ्ना आश्चर्येकर्म्म सम्झना गरायो .
यहवे अनुग्रह गर्ने र अनि दयालु छ ।

१ अनौमां हल्लयाह ।

उस्ले आफ्ना डराउंनेहरुलाइ खुराक् दियो .
उस्ले आफ्नु नियम् सधैं सम्झि रहंछ ।
उस्ले आफ्ना प्रजालाइ आफ्ना कर्म्मको प्रताप् देखायो ६
लोग् लोगको भाग् तिनिहरुलाइ दिइ ।
उस्का हातका काम्हरु सच्चैं र निया छन् ७
उस्का सबै अर्थीहरु, विश्वास्योग्य् छन् ।
ति सदाको लागि स्थिर् रहंछन् ८
सच्चैं र सोजैंमां गरीयेका छन् ।
उस्ले आफ्ना प्रजाको लागि उद्धार् पठायो ९
उस्ले आफ्नु नियम् सदाको लागि आज्ञा गर्‍यो .
उस्को नांउ पवित्र र भयुयोग्य् छ ।
यहवेको भय् मान्नु बुद्धिको थालिन हो १०
उस्का आज्ञा मान्नेहरु सबैलाइ जाति बुझ् छ .
उस्को स्तुति चइं सधैं रहंछ ॥

याहको स्तुति गर[१] ११२ १
धन्न त्यो मान्छे जस्ले यहवेको भय् मान्द छ
जो उस्का आज्ञामा अधि खुशि हुंद छ ।
त्येस्का वंश पृथिवीमां ठूलो हुंछ .
सोजाहरुको पुस्ताले आशीष् पाउंछ ।
धन् र सम्पत्ति त्येस्को घर्मां छन् .
अनि त्येस्को धर्म्म सदाको लागि रहंद छ ।
सोजाहरुको लागि अन्धकार्मां ज्योति उदाउंछ .
अनुग्रहित् र अति दयालु र धर्म्मी उइ छ ।
अनुग्रह् गर्ने र उधारो दिने मान्छेको लागि भलो छ
नियामां त्येस्को कुरा स्थिर् रहंछ ।
कसोगरिभन्ये त्यो कहिले पनि सारोदैन
धर्म्मीको सम्झना सदा रहंछ ।
त्यो नजाति समाचार्ले डराउंदैन .
त्येस्को हिर्दय् यहवे मांथि भरोसा गर्दै स्थिर् रहंद छ ।
त्येस्को हिर्दय् सम्भालीयेको छ त्यो डराउंदैन
त्येस्ले आफ्ना विरोधीहरु मांथि दृष्टि न गरुंज्याल् सम्म ।
त्येस्ले छरपुट्ट गरायो त्येस्ले कंगालिहरुलाइ दि हाल्यो
त्येस्को धर्म्म सधैं सम्म रहंद छ
त्येस्को सींग् मान्ले अलग्याइंछ ।

१ हब्रानीमा हललयाह

१० दुष्ट त्यो देखेर इर्षौंछ
दारा किटि किटि बिलौइ जांछ ।
दुष्टको अभिलाषा नष्ट हुंछ ॥

११३ १ याहको स्तुति गर[1]
स्तुति गर हे यहवेका दासहरू हो
यहवेको नांउको स्तुति गर ।
२ यहवेको नांउ धन्नको हवस्
अब देखि सधैं सदा सम्म ।
३ सूर्जो उदय देखि अस्त सम्म
यहवेको नांउ स्तुतियोग्य छ ।
४ यहवे सबै लोग लोग भन्दा अग्ला छ
अनि उसको महिमा स्वर्ग भन्दा अग्लो छ ।
५ हामिहरूको ईश्वर यहवे जस्तो को छ
जो अग्लोमा बिराजेको छ
६ जो स्वर्ग र पृथिवीमा
दृष्टि गर्नुलाइ निहुर्छ ।
७ उसले कंगालिलाइ धूलो देखि उठाउंछ
अनि दरिद्रहरूलाइ घूर्यान् देखि अलग्याउंछ
८ भारदारहरू सङ त्यसलाइ बसाल्नुको लागि
अं आफ्ना प्रजाहरूका भारदारहरू सङ ।
९ उसले बांझीलाइ घरबासिनी
र बालखको आनन्द गर्ने आमा तुल्याउंछ ।
याहको स्तुति गर[2] ॥

११४ १ जब इस्राएल मिस्र देखि निस्कि गयो
याकूबको खलक अन्यभाषाको लोग देखि
२ तब यहूदा उसको पवित्रस्थान भइ गया
इस्राएल उसको प्रजा ।
३ समुन्द्र देखेर भाग्यो
यर्दन् बिबल्यांटो फर्काईयो ।
४ पहाड़हरू थुमाहरू झैं उफ्रंद थिये
डांड़ाहरू पाठाहरू झैं ।
५ ए समुन्द्र तंलाइ के भयो र तं भागिस्
ए यर्दन् र तं फर्किस्

[1] इब्रानीमा हल्लूयाह् ।
[2] इब्रानीमा हल्लूयाह् ।

हे पहाडहरू हो र तिमिहरू थुमाहरू झैं उफ्रंद छौ। ६
हे डांड़ाहरू पाठाहरू झैं ।
ए पृथिवी प्रभुको सांमु थरहरि हो ७
याकूबको ईश्वरको सांमु
जस्ले पहरालाइ पानीको दह ८
दलसींगढुंगालाइ जमरा पानीमा माट्यो ॥

हामिहरूलाइ होइन हे यहुवे हामिहरूलाइ होइन ११५ १
तर आफ्नै नांउलाइ महिमा बढाउंनु हवस्
आफ्नु करुणा र आफ्नु सच्चैको कारणले ।
अन्यदेशीहरूले किन भनुन् २
तिनिहरूको ईश्वर् ता खोइ ।
पर हामिहरूको ईश्वर् ता स्वर्गमा छ ३
उस्को जे इच्छे थियो त्येइ उस्ले गर्‍यो ।
तिनिहरूका मूर्तिहरू ता सुन् चांदी छन् ४
मान्छेहरूको हात्को कमाई ।
तिनिहरूका मुख् ता छ न् तर बोल्दैनन् ५
आंखा ता छन् तर देख्दैनन्
कान् ता छन् तर सुन्दैनन् ६
नाख् ता छन् तर सूंघ्दैनन्
हात् ता छन् तर छाम्नु सक्तैनन् ७
गोड़ा ता छन् तर डुल्दैनन्
अनि तिनिहरू गलाले बोल्दैनन् ।
तिनिहरूलाइ बनाउंने तिनिहरू जस्ते होइ जांछन् ८
अं तिनिहरू माथि भरोसा राख्ने सबै पनि ।
हे इस्राएल् तंचइंले यहुवेमांनै भरोसा राख् , ९
तिनिहरूको ढाल् र गोहार् उइ छ ।
हे हारुन्को जहान् तिमिहरूचइंले यहुवेमांनै भरोसा राख . १०
तिनिहरूको ढाल् र गोहार उइ छ ।
हे यहुवेका डराउंनेहरू हो यहुवेमांनै भरोसा राख . ११
तिमिहरूको ढाल् र गोहार् उइ छ ।
यहुवेचइंले हामिहरूलाइ सम्झेको छ उस्ले हामिहरूलाइ आशीर्वाद् दिंछ . १२
उस्ले इस्राएल्को जहान्लाइ आशीर्वाद् दिंछ
उस्ले हारुन्को जहान्लाइ आशीर्वाद् दिंछ ।
उस्ले यहुवेका डराउंनेहरूलाइ आशीर्वाद् दिंछ १३
सांना ठूला दुबैलाइ ।

१४ यहवेले तिमिहरुलाइ औधि बढ़ावस्
अं तिमिहरुलाइ तिमिहरुका बालखहरु समेत्लाइ ।
१५ स्वर्ग र पृथिवी सिर्जने यहवे देखि
तिमिहरु धन्नका हौ ।
१६ स्वर्ग चइं यहवेकै स्वर्ग हो
तर पृथिवी चइं मान्छेका सन्तान्लाइ उस्ले दियेको छ ।
१७ मर्यकाहरुचइंले याहको स्तुति गर्दैनन्
न चुप्चाप्मां उत्रनेहरुले
१८ तर हामिहरुचइं याह्लाइ धन्न कहंछौं
अब देखि उसो सधंभरि सम्म ।
याहको स्तुति गर ॥

११६ १ यहवे सङ मं प्रेम् गर्छु किनभन्ये उस्ले
मेरो सोर् र मेरो अर्जबिन्ति सुन्येको छ ।
२ उस्ले आफ्नु कान् मं तिर थाप्येको छ
येस्कारण् मं जीउंनिभरि उस्लाइ डाक्दै रहंछु ।
३ मृत्युका डोरीहरुले मंलाइ घेर्ये
पत्तालको सकसले मंलाइ फेला पार्यो .
संकष्ट र शोक् पायें ।
४ येस् बेला यहवेका नांउलाइ डाकायें
हे यहवे बिन्ति गर्दछु मेरा प्राण् बचाउंनु हवस् ।
५ यहवे अनुग्रह् गर्ने छ अनि धर्म्मी
अं हाम्रो इश्वर् दयालु छ ।
६ यहवेले लाटाहरुको रक्षे गर्दछ .
मं होंचायेको थियें त उस्ले मंलाइ उद्धार् दियो ।
७ हे मेरो मन् आफ्नु बिश्रामस्थान्मां फर्कि
किनभन्ये यहवेले तंलाइ उचितो सित दियो ।
८ किनभन्ये तपांइले मेरो प्राण्लाइ मृत्यु देखि
मेरा आंखालाइ आंसु देखि
अनि मेरा गोड़ालाइ चिप्लीनु देखि बचाउंनु भयो ।
९ यहवेको सांमु हिंड्छु
जीउंनिको देसमां ।
१० बिश्वास् गर्दछु येस्कारण् बोल्द पनि छु .
सारो दुख्येको छु .
११ मंचइंले आफ्नु डर्को बेलामां
सबै मान्छेचइं झूठ् ।

यह्वेले मं पट्टि दियेका सबै उपकार्को लागि १२
मं उसलाइ के साटो दिउं ।
मं मुक्तिको कटोरा लिंकु १३
अनि यह्वेको नांउ हापाकूं ।
मं आफ्नु भाकल् यह्वेको लागि पूरा गरूं १४
अं उसका सबै लोगको सांमु ।
यह्वेको सांमु १५
उसका भक्तिहरूको मरण अमोल् छ
हे यह्वे निस्सै तपांइको दास् हुं । १६
तपांइको दास् हुं तपांइका कमारीको छोरा ।
तपांइले मेरो बन्धन् फुकाल्नु भयो ।
मं तपांइलाइ धन्यवादी बलि चढाउंकू १७
अनि यह्वेको नांउ हापाकूं ।
मं आफ्नु भाकल् यह्वेको लागि पूरा गरूं १८
अं उसका सबै लोगका सांमु
यह्वेको घरका आंगन्हरूमा १९
ए यरूशलेम् तेरो बीचमा ।
याहको स्तुति गर[1] ॥

हे सबै अन्यदेशीहरू हो यह्वेको स्तुति गर ११७ १
हे सबै लोगहरू हो उसको बड़ाइ गर ।
किनभन्ये उसको करुणा हामिहरू तिर ठूलो छ २
अनि यह्वेको सत्येइं सनातन सम्म रहंद छ ।
याहको स्तुति गर[2] ॥

यह्वेको लागि धन्यवाद् गर किनभन्ये उइ भलो छ । ११८ १
किनभन्ये उसको करुणा सनातन् सम्म रहंद छ ।
इस्राएलले ऐसे भनोस् २
उसको करुणा सनातन् सम्म रहंद छ ।
हारूनको जहानले ऐसे भनोस् ३
उसको करुणा सनातन सम्म रहंद छ ।
यह्वेका डराउनेहरूले भनुन् ४
उसको करुणा सनातन् सम्म रहंद छ ।

१ इब्रानीमां हल्लूयाह् ।
२ इब्रानीमां हल्लूयाह् ।

५ आफ्नु सकष् देखि याह्लाइ हापार्यें .
याह्ले मंलाइ उत्तर् दियेर मंलाइ फराक् ठांउमां राख्यो ।
६ यह्वे मेरो पट्टि छ मं डराउंदीन .
मान्छेले मंलाइ के गर्नु सक्छ ।
७ यह्वे मेरो पट्टि मेरा गोहारेहरूको बीचमां छ
येस्कारण् मंलाइ घिनाउंनेहरू मांथि दृष्टि गर्छु ।
८ यह्वेको शरण् लिंनु
मान्छेहरू मांथि भरोसा राखनु भन्दा ज्यानि छ ।
९ यह्वमां शरण् लिंनु
मालिकहरू मांथि भरोसा राखनु भन्दा ज्यानि छ ।
१० सबै अन्यदर्शीहरूले मंलाइ घेर्थे
यह्वेको नांउले तिनिहरूलाइ काटि दिंछु ।
११ तिनिहरूले मंलाइ घेर्थे अं मंलाइ घेर्थे
यह्वेको नांउले तिनिहरूलाइ काटि दिंछु ।
१२ तिनिहरूले मंलाइ मौरमाराले झैं घेर्थे तिनिहरू कांडाका आगो झैं निभाईये .
यह्वेको नांउले मं तिनिहरूलाइ काटि दिंछु ।
१३ तंले मंलाइ सारो धच्चेटिम् मं लडुं भन्येर .
तर यह्वेचह्र्ले मेरो गोहार् गर्यो ।
१४ याह् मेरो बल् र गान् हो
अनि उ मेरो मुक्ति भइ गयो ।
१५ धर्म्मीहरूका डेराहरूमां रमाहट् र मुक्तिको गीर् छुंद छ .
यह्वेको दाहीनो हात्ले पराक्रमको काम् गर्द छ ।
१६ यह्वेको दाहीनो हात् अलग्याईयेको छ .
यह्वेको दाहीनो हात्ले पराक्रमको काम् गर्द छ ।
१७ मं मर्दीन तर जीउंदो रहंछु
अनि याह्का कामको बखान् गर्छु ।
१८ याह्ले मंलाइ सारो खित्ताइयाड दियो .
तर मंलाइ मृत्यु सम्म सुम्पि दियेन ।
१९ मेरो लागि धर्म्मका देलाहरू उघार्नु हवस् .
ति भित्र पसेर याह्को धन्नबाद् गर्छु ।
२० यह्वेको देलो येइ हो
धर्म्मीहरू त्येसमां पस्छन् ।
२१ तपांइको धन्नबाद् गर्छु किनभन्ये तपांइले मंलाइ उत्तर् दिंनु भयो
अनि मेरो मुक्ति होइ जांनु भयो ।
२२ जस् ढुंगोलाइ घर् बनाउंनेहरूले खिकामे ठान्ये
त्यो कुनाको शिराइ भइ गयो ।

यो यहवेको पांट्ठ बाटो हो २३
हांमिहरूको दृष्टिमां उदेक् छ ।
यहवेले बनायेको दिन् येइ हो २४
त्येसमां रमाउंदै आनन्दित् हुंछौं ।
हे यहवे बिन्ति गर्दै छौं एले उद्धार् गर्नु हवस् . २५
हे यहवे बिन्ति गर्दै छौं एलेनै देखाउंनु हवस् ।
धन्न हो यहवेको नांउमां आउंने . २६
हांमिहरूले तिमिहरूलाइ यहवेको घर् देखि आशीर्बाद् दियेका छौं ।
यहवे इश्वर् हो अनि उह्ले हांमिहरूलाइ उज्याला दियो . २७
बलिदान् डोरीले बांधनु अं बेदिको सींगमां ।
तपांइ मेरो इश्वर् हुंनु हुंद छ येस्कारण मं तपांइको धन्नबाद् गर्छु . २८
तपांइ मेरो इश्वर् हुंनु हुंद छ येस्कारण् तपांइको बड़ाई गर्छु ।
यहवेको लागि धन्नबाद् गर किनभन्ये उहं भला छ . २९
किनभन्ये उह्को करुणा सनातन् सम्म रहंद छ ॥

८ आलिफ्[1] ११९

धन्न तिनिहरू जो बाटोमां सोझो छन् १
जो यहवेको ब्यबस्थामां हिंड्द छन् ।
धन्न तिनिहरू जो उह्का साक्षीबचन् मान्द छन् २
जह्ले उह्लाइ पूरा मनले खोजद छन् ।
अं तिनिहरूले केइ अधर्म्म गर्दनन् ३
तिनिहरू उह्का बाटामां हिंड्द छन् ।
तपांइले हांमिहरूलाइ आफ्ना अर्थीहरूको आज्ञा दिंनु भयो ४
हांमिहरूले ति जतन् सित पालन् गर्छं भन्येर ।
आहा मेरा चालचलन् बलिया भये ५
तपांइका बिधिहरू मान्नको लागि ता हुंथ्यो ।
तब लजाउंदैन ६
मंले तपांइका सबै आज्ञाहरू चेत् लगाइकन राख्यौं भन्ये देखि ता
तपांइको धार्म्मीक नियाबचन् सिक्दा ७
सोझो मनले तपांइको धन्नबाद् गर्छु ।
तपांइका बिधिहरू मान्छु . ८
मंलाइ स्यांट्ठै न छोड्नु हवस् ॥

[1] अर्थात् आलिफ् बेत् इत्यादि हिब्रानी भाषाका अक्षर् छन् । मूलमां येस गीत्का एक् एक् खण्डका आठ् आठ् पद्का थालनि त्यहि अक्षर् हरुको सिरानमां

ב बेथ्।

९ जुवान्ले आफ्नु चाल्चलन् कसोरि शुद्ध पार्नु सक्ला
तपांइको बचन् अनुसार् त्यसमां चेत् लगाउनु।
१० आफ्नु पूरो मन्ले तपांइलाइ खोज्यें.
मंलाइ तपांइका आज्ञाहरू देखि भड्कानु न दिनु हवस्।
११ मैंले तपांइको कुरो आफ्नु हिर्दयमां राख्येको छु
मं तपांइका बिरुद्धमां पाप् न गरूं भनि।
१२ हे यहवे तपांइ धन्यका हो.
मंलाइ आफ्ना बिधिहरू सिकाउनु हवस्।
१३ आफ्ना ओठले मैंले
तपांइको मुख्का सबै नियाबचनहरूका बखान् गर्येको छु।
१४ मैंले तपांइको साक्षीबचनमां
सबै धनमां जतिकै रमाहट् गर्येको छु।
१५ तपांइका अर्पाहरूमां ध्यान् गर्छु.
अनि तपांइका बाटाहरू तिर दृष्टि गर्छु।
१६ तपांइका बिधिहरूमां सुखी हुंछु.
तपांइको बचन् बिर्सेंदैन॥

ג गीमेल्।

१७ आफ्नु दास्लाइ उचितो सित दिनु हवस् र मं जांइ रहूं
येसोरि तपांइको बचन् मान्छु।
१८ मेरा आंखा खोल्नु हवस् र मं तपांइको व्यवस्था देखि
उदेकका कुरा हेरूं।
१९ मं पृथिवीमां प्रवासी छु
मं देखि आफ्ना आज्ञाहरू न लुकाउनु हवस्।
२० मेरो मन् तपांइको नियाबचनको अभिलाषाका कारण्
सब्बै समयमां चेर्पायेको छु।
२१ तपांइले श्रापित् भयेका अहंकारीहरूलाइ हकानु भयो
जो तपांइका आज्ञाहरू देखि तर्कि जांद छन्।
२२ मं देखि निन्दा र गिल्ला निकाल्नु हवस्
किनभन्ये मैंले तपांइका साक्षीबचन् मान्येको छु।
२३ भारादारहरूले पनि मेरो बिरुद्धमां बस्येर बात् गर्ये.
तर तपांइको दास् चहिं ता तपांइका बिधिहरूमां ध्यान् गर्दै रह्यो।
२४ तपांइका साक्षीबचनहरू पनि मेरो आनन्द
र मेरो मंत्रीहरू छन्॥

न दालेथ्।

मेरो जीउ माटोमा टाँसीएको छ . २५
आफ्नु बचन् अनुसार् मलाइ जियाउनु हवस्।
मैले आफ्नु चालचलनको बखान् गर्‍यें अनि तपाइँले मेरो सुन्नु भयो . २६
आफ्ना बिधिहरू मलाइ सिकाउनु हवस्
आफ्नु अर्तीहरूको बाटो मलाइ बुझाउनु हवस् २७
यसोरि म तपाइँका उदेकका कार्य्यको बिषयमा ध्यान् गर्छु।
मेरो मन् गरुङ् भएको कारणले बिलिइ जाँद छ . २८
आफ्नु बचन् अनुसार् मलाइ बलियो गराउनु हवस्।
झूठको चहिं बाटोलाइ म देखि पर सार्नु हवस् . २९
अनि टिठैइँ सित आफ्नु ब्यवस्था मलाइ दिनु हवस्।
मैले सच्चैइको बाटो छान्येको छु ३०
तपाइँचहिंका नियाबचनहरू आफ्नु सामु राख्येको छु।
तपाइँका साक्षीबचनहरूमा टाँसीइ रहंद छु . ३१
हे यहवे मलाइ लाजमा न पार्नु हवस्।
जब तपाइँले मेरो मन् बढाउनु हुंछ ३२
तब तपाइँका आज्ञाहरूको बाटोमा दगुर्छु॥

न हे।

हे यहवे मलाइ आफ्ना बिधिहरूको बाटोमा सिकाउनु हवस् ३३
त म अन्त सम्म मान्दै रहंछु।
मलाइ बुझ् दिनु हवस् त म तपाइँका ब्यवस्था मान्छु ३४
र आफ्नु पुरो मनले मान्दै रहंछु।
मलाइ तपाइँका आज्ञाहरूको बाटोमा हिंडाल्नु हवस् ३५
किनभन्य त्यसमा खुशि हुंद छु।
मेरो मन् तपाइँका साक्षीबचनहरू तिर फर्काउनु हवस् ३६
अनि लोभ् तिर छोइन।
मेरा आँखाहरूलाइ ब्यर्थ थोक् हेर्नु देखि फर्काउनु हवस् ३७
अनि मलाइ आफ्नु बाटोमा जियाउनु हवस्।
आफ्नु कुरो आफ्नु दासको लागि बलियो गराउनु हवस् ३८
जो तपाइँको भय् मान्ने तिर पर्द छ।
जुन् निन्दा देखि डराउंद छु त्यो फर्काउनु हवस् ३९
किनभन्य तपाइँका नियाबचनहरू भला छन्
हेर्नु हवस् म तपाइँका अर्तीहरूको अभिलाषित छु . ४०
आफ्नु धर्म्ममा मलाइ जियाउनु हवस्॥

६ वाव्।

४१ हे यहवे तपांइका कृपाहरू पनि मं मांथि पत्न्
अं तपांइको कुरो अनुसार् तपांइले दियेको उद्धार्।
४२ येसोरि मंलाइ निन्दा गर्नेको लागि मं उत्तर् दिनु सकूं
किनभन्ये मं तपांइको बचन् मांथि भरोसा गर्छु।
४३ अनि सत्तेइंको बचन् मेरो मुख् देखि ल्यांट्टै न लैजांनु हवस्
किनभन्ये मैले तपांइका नियाबचनहरूमां आशा गर्येको छु.
४४ येसोरि तपांइको व्यवस्था सधैंभरि मान्दे रहंकु
जुगन्जुग सम्म।
४५ अनि फराक् ठांउमां हिंड्कु
किनभन्ये तपांइका अर्थीहरू खोज्येको छु।
४६ तपांइका साक्षीबचन्हरूको बखान् राजाहरूको सांमु पनि गर्कु
अनि लजाउंदैन।
४७ अनि तपांइका आज्ञाहरूमां खुशि हुंकु
जुन्हरू सङ प्रेम् गर्थ्येको छु।
४८ तपांइका जुन् आज्ञाहरू सङ प्रेम् गर्थ्येको छु तिनिहरू तिर हात् उचालंकु
अनि तपांइका बिधिहरूमां ध्यान् गर्कु॥

७ जाइन्।

४९ तपांइको दासको लागि तपांइको बचन् सम्भनु हवस्
किनभन्ये तपांइले मंलाइ आशा गराउंनु भयो।
५० मेरो दुःखमां मेरो शान्ति येइ हो.
किनभन्ये तपांइको कुरोले मंलाइ जियायेको छ।
५१ अहंकारीहरूले मंलाइ अघोर् ठट्टा गर्येका छन्.
तैपनि तपांइको व्यवस्था देखि हटेको छुइंन।
५२ हे यहवे तपांइका उहिलेका नियाबचनहरू सम्भेरको छु
अनि शान्ति पायेको छु।
५३ तपाँलो रिसले मंलाइ समात्येको छ
तपांइको व्यवस्था छोड्ने दुष्टहरूको कारणले।
५४ तपांइका बिधिहरू मेरा गान् भयेका छन्
मेरो प्रवासको घरमां।
५५ हे यहवे राति तपांइको नांउ सम्भेरको छु
अनि तपांइको व्यवस्था मान्येको छु।
५६ यो मेरो भयो
किनभन्ये तपांइका अर्थीहरू मान्येको छु॥

ट टेथ्।

यहवे मेरो भाग् हो . ५७
तपांइका वचन्हरू मान्छु भनि भन्येको छु।
आफ्नु पूरो मन्ले तपांइको अनुग्रह्को लागि बिन्ति गर्छु . ५८
आफ्नु कुरो अनुसार् मं माथि अनुग्रह् गर्नु हवस्।
आफ्नु चाल्चलन्को बिषयमां गन्यें ५९
अनि आफ्ना गोड़ा तपांइका साक्षीवचन्मां फर्कायें।
फुर्ति गर्यें अनि बिलो गरीन ६०
तपांइका आज्ञाहरू मान्नलाइ।
दुष्टका डोरीले मंलाइ भेल्ये ६१
तर तपांइको व्यवस्था बिर्स्येको छुइँन।
आधा रात्मां तपांइको धन्यबाद् गर्न्लाइ उठ्छु ६२
तपांइका धर्म्मी नियाबचन्हरूको कारण्।
तपांइको भय् मान्नेहरू सबैको ६३
र तपांइका अर्तीहरू मान्नेहरूको साथी।
हे यहवे पृथिवी तपांइको करुणाले भरीयेको छ . ६४
आफ्ना बिधिहरू मंलाइ सिकाउंनु हवस्॥

ठ तेथ्।

हे यहवे आफ्नु बचन् अनुसार् ६५
आफ्नु दास सङ भलो गर्नु भयेको छ।
मंलाइ भलो बिबेकशक्ती र ज्ञान् सिकाउंनु हवस् ६६
किनभन्ये तपांइका आज्ञाहरूमां ध्यान् गर्येको छु।
दुखाईयेको भन्दा अगाड़ि भर्स्ये ६७
तर अैले ता तपांइको कुरो मान्द छु।
तपांइ भलो हुंनु हुंद छ अनि भलो गर्नु हुंद छ ६८
आफ्ना बिधिहरू मंलाइ सिकाउंनु हवस।
अहंकारीहरूले मेरो बिरुद्धमां झूठ् खोपि खोपि बनायेका छन् . ६९
आफ्नु पूरो मन्ले तपांइका अर्तीहरू मान्छु।
तिनिहरूको मन् बोसो जस्तो मोटो छ ७०
तर मं चइं ता तपांइको व्यवस्थामां खुशि छु।
मं दुखाईयेको छु भन्येको मेरो लागि जाति छ ७१
र मं तपांइका बिधिहरू सिकुं।
मेरो लागि तपांइको मुखको व्यवस्था ७२
सुन् चांदीका हजार् भन्दा जाति छ॥

' योद् ।

७३ तपांइका हातले मलाइ सिर्जेर स्थिर् गर्ये .
मलाइ बूझ् दिनु हवस् र म तपांइका आज्ञाहरु सिकुं ।
७४ तपांइको भय् मान्नेहरु मलाइ देखेर रमाउंछन्
किनभन्ये मैले तपांइको बचन् माथि आसा गर्येको छ ।
७५ हे यहवे तपांइका नियाबचनहरु धर्म्मी रुछन्
अनि तपांइले सच्चैमा मलाइ दौन् तुल्याउंनु भयो भनि जान्द छु ।
७६ बिन्ति गर्द छु तपांइको करुणा मेरो शिक्षाको लागि हवस्
तपांइको दासको लागि तपांइको कुरो अनुसार् ।
७७ तपांइका दयाहरु मं थांइ आउन् र मं जीइ रहुं .
किनभन्ये तपांइको व्यवस्था मेरो मुक्ख छ ।
७८ अहंकारीहरु लजाउन् किनभन्ये तिनिहरुले झूट् मित मलाइ उलटायेका छन
मं चइं ता तपांइका अर्थीहरु माथि ध्यान् गर्छु ।
७९ तपांइको भय् मान्नेहरु मं थांइ फर्कुन्
त तपांइका साक्षीबचन्हरु चिनुन् ।
८० मेरो मन् तपांइका बिधिहरुमा सिद्ध हवस्
र मं न लजाउं ॥

ञ काफ् ।

८१ मेरो प्राण् तपांइको उद्धारको लागि थोइलाइ छ
तर तपांइको बचन् माथि आसा गर्द छु ।
८२ तपांइले मलाइ शान्ति कत्ले दिन् हुंछ भन्दे
मेरा आंखा तपांइका कुरोको लागि टठ्राइ सकेका छन् ।
८३ कसोगरिभन्ये मं धुवांमा राखीयेको मशक् जस्तो भयेको छु
तैपनि तपांइका बिधिहरु बिर्सा दीन ।
८४ तपांइको दासका दिन् कति छन् .
मलाइ सताउंनेहरु माथि नियाबचन् कत्ले दिनु हुंछ
८५ तपांइको व्यवस्था न पच्छाउंने
अहंकारीहरुले मेरो लागि खाडल् खन्येका छन् ।
८६ तपांइका सबै आज्ञाहरु चइं बिश्वासी छन् .
तिनिहरुले ता मलाइ झूट् मित सताउंद छन् तपांइले मेरो गोहार् गर्नु हवस् ।
८७ तिनिहरुले मलाइ पृथिवी देखि मेटनु आंटेका थिये
ता मंचइंले तपांइका अर्थीहरु छोडीन ।
८८ आफ्नु करुणा अनुसार् मलाइ जियाउंनु हवस् .
येसोरि तपांइको मुखको साक्षीबचन् मान्छु ॥

ל लामेद्।

सदाको लागि हे यहुवे ८९
तपाईंको बचन् स्वर्गमा स्थिर् राखोयेको छ।
तपाईंको सचोईं सबै पुस्ता सम्म रहंद छ. ९०
तपाईंले पृथिवी स्थिर् राख्येको छ त त्यो बनाइ रहंद छ।
तपाईंका नियाबचन्हरू अनुसार् तिनिहरू आज् रहंद छन् ९१
किनभन्ये सबै थोक् तपाईंका चाकरहरू हुन्।
तपाईंको व्यवस्था मेरो सुक्ख न हुंदो हो ९२
त मं आफ्नु दुक्खमा नष्ट हुंने थियें।
तपाईंका अर्थाहरू कहिले पनि बिर्सिदैन ९३
किनभन्ये तिनिहरूको बाटोले मंलाइ जियाउंनु भयो।
तपाईंको छु मंलाइ बचाउंनु हवस्. ९४
किनभन्ये तपाईंका अर्थाहरू खोज्येको छु।
दुष्टहरू मंलाइ नास् पार्नुको लागि ढुकि बस्येका छन् ९५
तर तपाईंका साक्ताबचन्हरू बिचार्छु.
सबै सिद्धाईंको अन्त देख्येको छु ९६
तर तपाईंको आज्ञा अगघोर् फराक् छ॥

מ मेम्।

तपाईंको व्यवस्था कति प्यारो गर्द छु ९७
दिनभरि त्यस् माथि मं ध्यान् गरि रहंद छु।
तपाईंका आज्ञाहरूले मंलाइ मेरा सत्रुहरूलाइ भन्दा अधि बुद्धिमान् ९८
नल्याउंद छ
किनभन्ये ति सधैं मं सङ छन्।
मंलाइ आफ्ना सबै सिकाउंनेहरूलाइ भन्दा देसि बूझ् छ ९९
किनभन्ये तपाईंका साक्ताबचन्हरू माथि मं ध्यान् गर्द छु।
बूढा मान्छेहरूले भन्दा बसि बूझ्द छु १००
किनभन्ये तपाईंका अर्थाहरू मान्येको छु।
आफ्ना गोड़ा सबै दुष्ट बाटा देखि थुन्येको छु १०१
मं तपाईंको बचन् मानुं भन्येर।
तपाईंका नियाबचन्हरू देखि तर्केको छुइंन १०२
किनभन्ये तपाईंले मंलाइ सिकाउंनु भयो।
तपाईंका कुराहरू मेरो तालूको लागि कति गुलीया छन् १०३
अं मेरो सुखमा मह भन्दा गुलीयो।
तपाईंका अर्थाहरूको बाटोले बूझ् पाउंद छु. १०४
येस्कारण सबै झूठ् पन्थ देखि घिनाउंद छु॥

נ नून् ।

१०५ तपांइका बचन् मेरा गोड़ाको लागि बत्ती
अनि मेरो बाटोको लागि उज्यालो छ ।
१०६ किरिया खायेको छु अनि पूरा गर्येको छु
मं तपांइका धर्म्मी नियाबचन्हरु मान्छु भन्ने ।
१०७ बिघ्न मारो दुख्यको छु .
हे यहवे आफ्नु बचन् अनुसार् मंलाइ जियाउंनु हवस् ।
१०८ हे यहवे बिन्ति गर्द छु मेरा मुखको मनमानो भेटि ग्रहण् गर्न हवस
अनि आफ्ना नियाबचन्हरु मंलाइ सिकाउंनु हवस् ।
१०९ मेरो प्राण् सधैं मेरो हत्केलामां छ
तैपनि तपांइको व्यवस्था बिर्सोंदैन ।
११० दुष्टहरुले मेरो लागि पासो थाप्येका छन्
तैपनि तपांइका अर्थीहरु देखि भर्म्येको छुइंन ।
१११ तपांइका साक्षीबचन्हरु सदाको निज् भाग् गरि लियेको छु
किनभन्ने मेरो हिर्दयको हर्षको कारण् तिनै हुन् ।
११२ आफ्नु मन् तपांइका बिधिहरु पूरा गर्नुलाइ लगायेको छु
सधैंभरि अन्त सम्म ॥

ס सामेक् ।

११३ दोमने मान्छेहरु सित इर्षि राख्द छु .
तर तपांइको व्यवस्था सङ प्रेम् राख्द छु ।
११४ तपांइ मेरो लुक्ने ठांउ र मेरो ढाल् हुंनु हुंद छ .
तपांइको बचनमां आशा गर्द छु ।
११५ हे कुकर्म्मीहरु हो मं देखि टाढ़ो जाउ
र मं आफ्नु ईश्वरका आज्ञाहरु मानुं ।
११६ आफ्नु कुरा अनुसार् मंलाइ संभाल्नु हवस् र मं जीइ रहुं
अनि मंलाइ आफ्नु आशाको बिषयमां लज्जित् हुंनु न दिंनु हवस् ।
११७ मंलाइ थामि राख्नु हवस् त बचाइंछु
अनि तपांइका बिधिहरु तिर सधैं लागीइ रहंछु ।
११८ तपांइका बिधिहरु देखि सबै भर्म्येकाहरुलाइ तपांइले तुच्छ जान्नु भयो
किनभन्ने तिनिहरुको चतुरेइं झूठ् छ ।
११९ तपांइले पृथिवीका सबै दुष्टहरुलाइ मयेल् झैं निकाल्नु भयो .
येस्कारण् तपांइका साक्षीबचन्हरु सङ प्रेम् राख्द छु ।
१२० मेरो जीउका रउंहरु तपांइको भयको कारणले उठ्द छन्
अनि तपांइका नियाबचन्हरु देखि डराउंद छु ॥

ע अइन्।

मैले निया र धर्म्म गर्य्येको छु. १२१
मलाइ मिचेईं गर्नेहरूको लागि न छोड्नु हवस्।
भलाईको लागि आफ्नु दासको जमानि हुनु हवस्. १२२
अहंकारीहरूले मलाइ मिचेईं गर्न न पाउन्।
मेरा आंखा तपांइका उद्धारको लागि १२३
अनि तपांइको धर्म्मी कुराका लागि अड्ल्नीर छन्।
आफ्नु करुणा अनुसार आफ्नु दास् सङ बिहोरा गर्नु हवस् १२४
अनि आफ्ना बिधिहरू मलाइ सिकाउंनु हवस्।
म तपांइको दास् हुं मलाइ बूझ् दिनु हवस् १२५
र म तपांइका साक्षीबचनहरू बूझूं।
यहोवको काम् गर्ने समय् भयो १२६
किनभन्ये तिनिहरूले तपांइको व्यवस्था व्यर्थ तुल्यायेका छन्।
येस्कारण तपांइका आज्ञाहरू सित प्रेम् गर्छु १२७
सुन् अं असल् सुन् भन्दा बेसि।
येस्कारण् सब्बै कुराको बिषयका तपांइका सब्बै अर्थीहरू ठीक् गन्छु १२८
अनि सब्बै झूठो बाटो देखि घिनाउंछु॥

פ पे।

तपांइका साक्षीबचनहरू आश्चर्य छन्. १२९
येस्कारण् मेरो प्राणले ति मान्छ।
तपांइका बचनको अर्थखोलाईले ज्योति चम्काउंछ १३०
त्येस्ले लाटालाइ बूझ् दिंछ।
मैले आफ्नु मुख् बायेर हांफें १३१
किनभन्ये तपांइका आज्ञाहरूको लागि अभिलाषा गर्यें।
म तिर फर्कनु हवस् अनि म मांथि अनुग्रह गर्नु हवस्
तपांइले आफ्नु नांउ सङ प्रेम् राख्नेलाइ गर्दै रह्याको झैं।
तपांइको कुरोमा मेरा फड्का हिंडाल्नु हवस्
अनि कस्त व्यर्थ कामले म मांथि प्रभुतईं गर्नु न पाउम्।
मलाइ मान्छेको मिचेईं देखि छोड्याउंनु हवस्. १३४
येसोरि तपांइका अर्थीहरू मान्छु।
आफ्नु रूप् आफ्नु दास् मांथि चम्काउंनु हवस् १३५
अनि आफ्ना बिधिहरू मलाइ सिकाउंनु हवस्।
मेरा आंखा देखि पानीका धारा बहंछन् १३६
किनभन्ये तिनिहरूले तपांइको व्यवस्था मान्दैनन्॥

צ त्सादे ।

१३७ हे यहवे तपाईं धर्म्मी हुनुहुन्छ
अनि तपाईंका नियाबचनहरू सोझा ।

१३८ तपाईंले आफ्ना साक्षीबचनहरू धर्म्ममा
र खूब सच्चाईमा अह्राउनु भयो ।

१३९ मेरो इर्ष्याले मलाई खल्कायेको छ
किनभन्दा मेरा बिरोधीहरूले तपाईंका बचनहरू बिर्सेका छन् ।

१४० तपाईंका कुरा असाध्य जांचिएका छन्
येसकारण तपाईंको दासले त्यो सित प्रेम राख्छ ।

१४१ सानु र तुच्छ ता छु,
तैपनि तपाईंका आज्ञाहरू बिर्सिंदैन ।

१४२ तपाईंको धर्म्म सनातनको धर्म्म छ
अनि तपाईंका ब्यवस्था सच्चैं ।

१४३ मलाई दुक्ख र सकसले भेट्टायेका छन्
तैपनि तपाईंका आज्ञाहरू मेरा सुक्ख छन् ।

१४४ तपाईंका साक्षीबचनहरू सदाको लागि धर्म्मी छन्
मलाई बूझ् दिनु हवस् त जीइ रहंछु ॥

ק कोफ् ।

१४५ आफ्नु पूरा मनले हापार्येको छु हे यहवे मेरो सुन्नु हवस्,
तपाईंका बिधिहरू मान्छु ।

१४६ तपाईंलाई हापार्येको छु मलाई बचाउनु हवस्
तपाईंका साक्षीबचनहरू मान्छु ।

१४७ मैले भुकभुकलाई छेकीं अनि तपाईंको दोहाई गर्यें,
तपाईंका बचनहरू माथि आशा गर्यें ।

१४८ मेरा आंखाले रातका पहर् पहरलाई छेके
म तपाईंको कुरो माथि ध्यान् गर्न भन्नेर ।

१४९ आफ्नु करुणा अनुसार् मेरो सोर् सुनि लिनु हवस्,
हे यहवे आफ्ना नियाबचनहरू अनुसार् मलाई जिआउनु हवस् ।

१५० दुष्टाईं पछ्याउनेहरू नजिक् आउंदै छन्
तिनिहरू तपाईंको ब्यवस्था देखि टाढ़ो छन् ।

१५१ हे यहवे तपाईं नजिक् हुनुहुन्छ
अनि तपाईंका सबै आज्ञाहरूचाहिं सच्चैं छन् ।

१५२ उहिले देखि तपाईंका साक्षीबचनहरू देखि ज्ञान् पायेको छु
तपाईंले ति सदाको लागि बसालनु भयेको छ भनि ॥

२० रेश् ।

मेरो दुक्ख हेर्येर मंलाइ बचाउंनु हवस् १५३
किनभन्ये तपांइको व्यवस्था बिर्सौंदैन ।
मेरा कुरा खेनुं हवस् अनि मंलाइ छोड़ाउंनु हवस् १५४
आफ्नु कुरो अनुसार् मंलाइ बचाउंनु हवस् ।
उद्धार् पाउंनु दुष्ट देखि टाड़ो छ १५५
किनभन्ये तिनिहरूले तपांइका बिधिहरू खोज्दैनन् ।
हे यहवे तपांइका दयाहरू ठुला छन् १५६
आफ्ना नियावचन्हरू अनुसार् मंलाइ जियाउंनु हवस्
मेरा सताउंने र बिरोधीहरू धेरै छन् १५७
तैपनि तपांइका साक्षीबचनहरू देखि तर्कैका छुइंन ।
छल् मित बेहोरा गर्नेहरूलाइ देख्येर उदास् भयें १५८
किनभन्ये तिनिहरूले तपांइको कुरो मान्दैनन् ।
मं तपांइका अर्थीहरू मित कति पिर्ति राख्दछु भनि हेर्नु हवस् १५९
हे यहवे आफ्नु करुणा अनुसार् मंलाइ जियाउंनु हवस् ।
तपांइको बचन्को सार् सचाइं हो १६०
अनि तपांइका धर्म्मी नियावचन्हरू सब्बै सदाको लागि रहंछन् ॥

२१ शान् ।

मालिक्हरूले बिना कारणले मंलाइ सतायेका छन् १६१
तर मेरो हिर्दयले तपांइका बचन्हरूको भय् मान्दछ ।
तपांइको कुरामां रमाउंदछु १६२
ठुलो शिकार् पाउंने झैं ।
छल् देखि घिन् र इर्खि राख्दछु १६३
तर तपांइको व्यवस्यालाइ चइं ता प्यारो गर्दछु ।
दिन्मां सात् खेप् तपांइको स्तुति गर्दछु १६४
तपांइका धर्म्मी नियावचन्हरूको कारणले ।
तपांइको व्यवस्यालाइ प्यारो गर्नेहरूलाइ धेरै मिलाप् १६५
अनि तिनिहरूको ठोकर्को केइ कारण् छैन ।
हे यहवे मैंले तपांइको मुक्तिको बाटो हेर्यें १६६
अनि तपांइका आज्ञाहरू मान्येको छु ।
मेरो प्राणले तपांइका साक्षीबचन्हरू मान्येको छ १६७
अनि मं तिनलाइ अघोर् प्यारो गर्दछु ।
तपांइका अर्थीहरु तपांइका साक्षीबचन्हरू मान्येको छु १६८
किनभन्ये मेरा चालचलन् तपांइको सांमु छन् ॥

ת टाव्।

१६९ हे यहवे मेरा चिच्याई तपांइ थांइ आउंनु दिनु हवस् .
आफ्नु बचन् अनुसार् मंलाइ बूझ् दिंनु हवस्।
१७० मेरा अर्जबिन्तिहरू तपांइको सांमु पुग्नु दिनु हवस्
आफ्नु कुरो अनुसार् मंलाइ बचाउंनु हवस्।
१७१ मेरा ओंठले स्तुति उफ्राउन्
किनभन्थे तपांइले मंलाइ आफ्ना बिधिहरू सिकाउंनु हुंद छ।
१७२ मेरो जिब्रोले तपांइको कुरोका गीत् गाउन्
किनभन्थे तपांइका सबै आज्ञाहरू धर्म छन्।
१७३ तपांइको हात् मंलाइ गोहार् गर्नु तियार् हवस्
किनभन्थे मैंले तपांइका अर्थीहरू छान्येको छु।
१७४ हे यहवे तपांइको उद्धारको लागि अभिलाषा गर्येको छु
अनि तपांइको व्यवस्था मेरो सुख छ :
१७५ मेरो प्राण् जांइ रहोस् र तपांइको स्तुति गर्छ
अनि तपांइका नियाबचनहरूलाइ मेरो गोहार् गर्नु दिंनु हवस्।
१७६ हरायेको भेंड़ा झैं भमायेको छु आफ्नु दासलाइ खोज्नु हवस्
किनभन्थे तपांइका आज्ञाहरू बिर्सेंदिन॥

१२० यात्रिकहरूको गीत्।

१ आफ्नु संकष्टमां यहवेको दोहाई दियें
र उसले मंलाइ उत्तर् दियो।
२ हे यहवे मेरो प्राणलाइ ढांट्ने ओंठ् देखि
र छली जिब्रो देखि छोड़ाउंनु हवस्।
३ हे छली जिब्रो
तंलाइ के दिइंछ र तं सित अरू के गरींछ।
४ बीर्का तीखा तीखा काड्हरू
र झाउका कोइला।
५ मंलाइ हाय् हाय् मेशक्मां परदेसी रहंद छु
केदार्को डेरामां बसि रहंद छु।
६ मेरो प्राणले धेरै दिन् देखि त्यो सित बास् गर्द छ
जसले मिलाप् देखि घिन् गर्द छ .
७ मं ता मिलाप् पट्टि छु

याचिकहरूको गीत् । १२१

पर्वतहरू तिर आफना आंखा उचालछु . १
मेरो गोहार् कहां बाटो आउंछ ।
स्वर्ग र पृथिवी सिर्जने २
यहूवे देखि मेरो गोहार् ।

उसले तेरा गोड़ा चिप्लानु दिंदैन . ३
तेरो रक्षे गर्ने चाहिं कहिलइ ऊंघ्दैन ।
हेर इस्राएलको रक्षे गर्ने ४
न ऊंघ्छ न सुतछ ।
यहूवेनै तेरो रक्षे गर्ने हो . ५
यहूवेनै तेरो दाहिनो हात् पट्टिको छाया हो ।
दिउंसो सूर्यले तंलाइ मार्दैन ६
न जूनले राति ।
यहूवेलेनै सबै बुराइ देखि तेरो रक्षे गर्छ ७
उसले तेरो प्राणको रक्षे गर्छ ।
यहूवेलेनै तं बाहिर जांदा र भित्र आउंदा रक्षे गर्छ ८
अब देखि उसो सधैंभरि ॥

याचिकहरूको गीत् । दाऊद् रचित् । १२२

जब तिनिहरूले मलाइ यहूवेको घर्मा जाऊं भनि भन्थे १
तब रमायें ।
हे यरूशलेम् तेरो ढोका भित्र २
हाम्रा गोड़ाले टेकिरहेछन् ।
हे यरूशलेम् तं ३
गांसिगांस् भएको सहर् बनाएको छस् .
जहां कुलहरू अं याहका कुलहरू चढि जांदछन् ४
इस्राएलको साक्षी हुनुलाइ
यहूवेको नाउंको धन्यबाद् गर्नुलाइ ।
किनभन्ये उहींनै नियाको लागि सिंहासनहरू बसालीएका छन् ५
दाऊदको जहानका सिंहासनहरू ।
यरूशलेमको मिलापको लागि प्रार्थना गर् . ६
तंलाइ प्यार् गर्नेहरूको कुशल् हुंछ ।
तेरा घेरा भित्र मिलाप् हवस् ७
अनि तेरा भवनहरू भित्र कुशल् ।
आफना भाइहरू र मित्रहरूको कारणले ८
मैले भन्छु तं भित्र मिलाप हवस् ।

९ आफ्नु ईश्वर् यहवेको घर्को कारणले
तेरो भलाई खोज्छु ॥

१२३

याचिक्हरुको गीत् ।

१ हे स्वर्गमा बिराज्ने
तपाईं थाइं आफ्ना आंखा उचाल्दछु ।
२ हेर कमाराहरुका आंखाले आफ्नु ठाकुर्को हात् तिर
र कमारीहरुका आंखा आफ्ना ठाकुरनीको हात् तिर लाग्ने झैं
ऐस्तै हामिहरुका आंखा आफ्नु ईश्वर् यहवे तिर लाग्दछन्
उस्ले हामिहरु तिर दया न गरुंज्याल् सम्म ।
३ हामिहरु माथि अनुग्रह् गर्न हवस् हे यहवे हामिहरु माथि अनुग्रह गर्न हवस् .
किनभन्ने हामिहरु गिल्लाले अघोर् भरायेका छौं ।
४ सुकवमा बस्नेहरुले गरेका ठट्टा
अनि अहंकारीले गर्याको गिल्लाले
हाम्रो प्राण् अघोर् भरायेको छ ॥

१२४

याचिकहरुको गीत् । दाऊद् रचित् ।

१ यहवे हामिहरु पट्टि भयेन भन्या देखि भनि
इस्रायल्ले ऐले येसो भनोस्
२ यहवे हामिहरु पट्टि भयेन भन्या देखि
मान्छेहरु हामिहरुको बिरुद्धमा उठ्दा .
३ त त्यति बेला तिनिहरुले हामिहरुलाइ जीउंदै नील्ने थिये
तिनिहरुको रिस् हामिहरुको बिरुद्ध उठ्दामा .
४ त्यति बेला पानीहरुले हामिहरुलाइ डुबाउने थिये
खोला हामिहरुको प्राण् माथि बहने थियो .
५ तब अहंकारी पानीहरु हामिहरुको प्राण् माथि बहने थिये
६ यहवे धन्नको हो
जस्ले हामिहरुलाइ तिनिहरुका दाराम्मा शिकार् झैं दियेको छैन ।
७ चरा पासो थाप्नेको पासो देखि झैं हाम्रो प्राण् पनि बांच्यो .
पासो चइं छिन्यो अनि हामिहरु चइं बांच्यौं ।
८ स्वर्ग र पृथिवी सिर्जने
यहवेको नाउंमा हामिहरुको गोहार् छ ॥

१२५

याचिक्हरुको गीत् ।

१ यहवेमा भरोसा राख्नेहरु चइं
सिय्योन् पर्बत् जस्ता छन् जो सारीदैन तर सदा रहंद छ ।

यरूशलेमलाइ घेर्न पर्वतहरू जस्ता २
यहोवाले आफ्ना प्रजालाइ त्यस्तै गरि घेर्दै छ
अब देखि उप्रो सधैंभरि ।
किनभन्या दुष्टहरूको राजदण्ड धर्म्मीहरूको भागमां रहँदैन ३
धर्म्मीहरूले आफ्ना हात अधर्म्म सम्म न पसाऊन् भन्या ।
हे यहोवा भला हुनेहरूको लागि भलो गर्न हवस् ४
अनि मनमां सोजो हुनेहरूको लागि ।
तर बाङ्गोटिङ्गा बाटामां तर्कि जानेहरूलाइ ५
यहोवाले अधर्म्म गर्नेहरू सङ्ग निकालि ल्याउंछ ।
इस्राएल माथि मिलाप् हवस् ॥

यात्रिकहरूको गीत १२६

जब यहोवाले सियोनको बन्धुवाइ फर्काइ दियो १
तब हामिहरू ता सपना देख्नेहरू जस्ता थियूं ।
तब हामिहरूको मुख हंसाइले भरियो २
अनि हामिहरूको जिब्रो ऊंचो सोरको गानगवाइले ,
त्यसै बेला तिनिहरूले अन्यदेशीहरूको बीचमां भन्या गर्दै थिए
यहोवाले तिनिहरूको लागि ठूला ठूला कार्य्य गरेको छ भनि ।
यहोवाले हामिहरूको लागि ठूला ठूला कार्य्य गरेको छ ३
त्यो देखि रमाउंदा छौं ।
हे यहोवा हाम्रो बन्धुवाइ फर्काइ दिनु हवस ४
दक्षिणका खोलचाखोलचो झैं ।
आंसु झार्दै छर्नेहरूले ऊंचो सोरले गीत गाउंदै कटनी गरून् । ५
बिउ बोक्दै रुंदै आफ्नु बाटोमां जान्या रपनि ६
ऊंचो सोरले गाउंदै आफ्ना बिटा बोकि ल्याउंदै फर्कि आउंछन् ॥

यात्रिकहरूको गीत सुलेमान रचित १२७

घर बनाउने यहोवैले न हुंदो हो १
त त्यो बनाउनेहरूको मिहेनत व्यर्थ हुंन थियो
सहरको रक्षा गर्ने यहोवैले न हुंदो हो
त रक्षकको जागिरहाई व्यर्थ मात्रै ।
तिमिहरूले सबेरै उठदै अनि अबेर सम्म बिसाउंदै २
अनि दुःखको रोटी खांदै गर्नु व्यर्थ छ ,
यसोरि उस्ले आफ्ना प्रियाहरूलाइ नीन्दमां दिंछ ।
हेर बालखहरू यहोवाले दियेको भाग हुन् , ३
कोखको फल उस्ले दियेको प्रतिफल हो ।

४ बीरको हातमा भयेका कांड़हरू झैं
जुवान्का बालखहरू हुन् ।
५ धन्य त्यो मान्छे जस्को ठोक्रो तिनले भरायेका छन् .
तिनिहरू लजाउंदैनन्
ढोकामा सत्रुहरू सङ बोल्दाखेरि ॥

१२८ यात्रिक्हरूका गीत् .

१ धन्य ति सबै यहवेका भय मान्नेहरू
उस्को बाटोमा हिंड्नेहरू ।
२ किनभने तंले आफ्नु हातका कमाई खांछस् .
धन्यका हुंछस् अनि तं भल भलो हुंछ ।
३ तेरी घरका भित्रकोठाहरूमा तेरी स्वास्नी फलदायक दाखको बोट् जस्तो
हुंछे .
तेरो मेजको चौगेतरा बालखहरू जैतूनका बिरुवा जस्ता हुंछन् ।
४ हेर् यहवेका भय मान्ने मर्द
यसोरिनै आशिर्वादी हुंछ ।
५ यहवले तंलाइ सियोनबाट आशिष् दिंछ .
अनि तंले जीवनभरि यरुशलेमका कुशल् हेर्दै रहंछस्
६ अं तंले आफ्ना छोराहरूका छोराहरू हेर्छस् ।
इस्राएल माथि मिलाप् होस् ॥

१२९ यात्रिक्हरूका गीत .

१ तिनिहरूले मलाइ मेरो बालखैदेखि धेरै खेप् क्लेश् दियेका छन् भनि
इस्राएलले एले यसो भनोस्
२ तिनिहरूले मलाइ मेरो बालखैदेखि धेरै खेप् क्लेश् दियेका छन्
तैपनि मेरो विरुद्धमा जिताहा भयेनन् ।
३ हलिले मेरो पिठौंमा जोत्यो
तिनिहरूले आफ्ना डेंग लम्याये ।
४ यहवे धर्मी छ .
उस्ले दुष्टहरूका बन्धन् काटेको छ ।
५ सियोन्लाइ घियाउंनेहरू सबै
लजाउंनु लायेर जर्कंदै पछि सर्काईउन् ।
६ छाना माथिका घांस् जस्ता होउन्
जो बढ़्दा न बढ़्दा सुकि जांद छन् .
७ जो देखि काट्नेले आफ्नु मुठि पनि भर्दैन
न बिटा बांधनेले आफ्नु पोल्टा ।

न बटोरीहरूले भन्छन् ८
यहवेको आशीष् तिमिहरू माथि हवस्
हामिहरू तिमिहरूलाई यहवेका नाउंले आशीष् दिंदछौं ॥

यात्रिकहरूको गीत् । १३०

हे यहवा गहिराइहरू देखि तपाईंलाई डाका गरेको छु । १
हे प्रभु मेरो सोर् सुन्नु हवस् २
मेरा बिन्तीहरूका सोर् तिर
तपाईंका कान् थाप्नु हवस् ।
हे याह् तपाईंले अधर्म्मको लेखा लिनु भए भन्या [illegible] ३
हे प्रभु उभीन को सक्छ ।
तर तपाईं थाइ क्षमा छ ४
कि तपाईंका भय् गरुन् आए ।
यहवेको लागि आशा हेर्छु मेरो प्राण् ले आशा हेर्छ ५
अनि उसका बचन् माथि आशा गर्छु ।
मेरो प्राणले प्रभुका लागि आशा हेर्छ ६
बिहानका लागि हेर्ने रखवारहरूले भन्दा अधिसर्गि
हां बिहानको लागि हेर्ने रखवारहरूले भन्दा अधिसर्गि ।
हे इस्राएल् यहवे माथि आशा गर् ७
किनभन्या यहवेका करुणा छ
अनि उसको पूरो छोड़ाई ।
अनि उसैले इस्राएल्लाई ८
उसका सबै अधर्म्म देखि छोड़ाउंछ ॥

यात्रिकहरूको गीत् । दाऊद्‌ रचित् । १३१

हे यहवे न ता मेरो मन् अहंकारी छ न ता मेरा आंखा उचालायेका छन् १
अनि न ठूला ठूला कुरामां
न मेरो लागि कठिन् पर्‍याका कुरामां हात् हाल्द छु ।
निस्सै आफ्नु प्राणलाई शान्ति दियेर चुप् लगायें २
आमा सङ भयेको दुद् छोड़ायेको नानी जस्तो
दुद् छोड़ायेको नानी झैं मेरो प्राण् मं सङ छ ।
ए इस्राएल् यहवे माथि आशा गर्दै रह् ३
अब देखि उसो सर्व्वंभरि सम्म ॥

यात्रिकहरूको गीत् । १३२

हे यहवे दाऊदको लागि १
त्यसको सबै दुक्ख सम्झनु हवस

२ त्येस्ले यहवे सित किरिया खायो
   अनि याकूबको महावीर् सित भाकल् गर्यो ,
३ निस्से आफ्नु घर्को डेरामां पस्दींन
   न आफ्नु ओछ्यान्मां चढ्छु
४ न आफ्ना आंखालाइ नीन्द्
   न आफ्ना पलक्लाइ निंधाउंनु दिंछु
५ मैंले यहवको लागि येउटा ठांउ
   याकूबको महावीर्को लागि बासस्थान् न पाउंज्याल् सम्म भन्थे ।
६ हेर एफ्रातामां त्येस्को बिषय्मां सुन्यौं ,
   बन्को जरगामां त्यो पायूं ।
७ उस्को बासस्थान्मां जाऊं
   उस्को चरणपीढामां दण्डवत गरूं ।
८ हे यहवे तपांइ आफ्नु बलको सन्दुक् समेत्
   आफ्नु बिश्रामको ठांउमां उठ्नु हवस् ।
९ तपांइका पूजाहारीहरू मुक्तिले पहिर्याईउन्
   अनि तपांइका भक्तिहरूले ऊंचो सोरले गाउन् ।
१० आफ्नु दास् दाऊद्को कारणले
   आफ्नु अभिषिक्तको मुख् न फर्काइ दिनु हवस् ।
११ यहवेले दाऊद सित सत्तेंड़ै सङ्ग किरिया खायेको छ
   उ त्यो देखि फर्कंदैन
   तेरो जीउको फल् तेरो सिंहासन्मां बसालछु ।
१२ तेरा छोराहरूले मेरो नियम
   अनि मैंले तिनिहरूलाइ सिकाउंने साक्षीबचन् मान्ये भन्ये देखि
   तिनका छोराहरू पनि तेरो सिंहासन् माथि सधैंभरि बिराजछन् भनि ।
१३ किनभन्ये यहवेले सियोन्लाइ छान्येको छ
   आफ्नु बासको लागि त्येस्को इच्छे गर्येको छ ।
१४ सधैंको लागि मेरो बिश्रामको ठांउ येइ हो ,
   उहीं बस्छु किनभन्ये त्येस्को इच्छे गर्येको छु ।
१५ त्येस्को खांने मालमा माथि प्रोधि आशीष् दिंछु ,
   त्येस्का दरिद्रहरूलाइ रोटीले तृप्त गराउंछु ।
१६ त्येस्का पूजाहारीहरूलाइ मुक्तिले पहिर्याउंछु
   अनि त्येस्का भक्तिहरूले ऊंचो सोरले गाउंछन् ।
१७ उहीं दाऊद्को सींग् उमार्छु ,
   आफ्नु अभिषिक्तको लागि दीयो तियार् पार्येको छु ।
१८ त्येस्का सत्तुरहरूलाइ लाज् पहिर्याउंछु ,
   तर त्येस माथि चढ्इं ता त्येस्को मुकुट् चम्कंछ ॥

यात्रिक्हरूको गीत्। दाऊद् रचित्। १३३

दाज्युभाईहरू एक् सङ्ग् मिलिजुलि रह्नु भन्या १
हेर त्यो कत्ति भलो र मनपर्दो कुरा छ।
शिर्मां अस्सल् तेल् जस्तो छ २
जो दारीमां बग्यो
अं हारून्को दारीमां
जो त्यसको वस्त्रको छिट्मां झर्यो
हर्मोन्को शीत् जस्तो ३
जो सिय्योन्को पर्वत्मां झर्दै छ।
किनभन्या उहांनै यहोवले आशीष्को आज्ञा दियो
अं सदाको जीवन्॥

यात्रिक्हरूको गीत्। १३४

हेर यहोवेको धन्यवाद् गर हे यहोवेका सबै सेवक्हरू हो १
जो राति यहोवेको घर्मां उभीइ रहंद छौ।
पवित्र ठांउ तिर आफ्ना हात् उचाल २
अनि यहोवे धन्य कह।
यहोवेले तंलाइ सिय्योन् देखि आशीष् देवस् ३
अं स्वर्ग र पृथिवी सिर्जनेले॥

१३५

याहको स्तुति गर[1] १
यहोवेको नांउको स्तुति गर
हे यहोवेका सेवक्हरू हो उसको स्तुति गर।
जो यहोवेको घर्मां उभीइ रहंद छौ २
हाम्रो ईश्वर्को घर्को आङ्गन्मां।
याहको स्तुति गर किनभन्या यहोवे भलो छ। ३
उसको नांउको भजन् गाउ किनभन्या त्यो मनपर्दो छ।
किनभन्या याहले याकूब्लाइ आफ्नु लागि छान्येको छ ४
अनि इस्राएल्लाइ आफ्नु निज् धन्गरि।
किनभन्या मं बुझ्छुं ता यहोवे महा छ ५
अनि हाम्रो ईश्वर् सब्बै देवताहरू भन्दा बड़ा छ भनि जांद छु।
यहोवेको जे इच्छे थियो त्येहि उसले गर्यो ६
स्वर्गमां र पृथिवीमां समुन्द्रमां र सब्बै गहिराइहरूमां।

१ हिब्रानीमां हल्लूयाह्।

७ जस्ले पृथिवीको अन्त देखि कुहिरो उठ्नु लाउँछ
वृष्टिको लागि बिजुलि बनाउँछ
आफ्नु भण्डार् देखि बतास् निकाल्दछ ।
८ जस्ले मिस्रका जेठाहरूलाइ मार्‍यो
मान्छे र पशु दुवैका ।
९ हे मिस्र तेरो बीचमा चिंनु र आश्चर्य्यकर्म्म उसले पठायो
फिरऊन् र त्यसका सबै चाकरहरू माथि ।
१० जस्ले धेरै अन्यदेसीहरूलाइ मार्‍यो
अनि बलिया बलिया राजाहरूलाइ कार्‍यो
११ एमोरीहरूको राजा सीहोनलाइ
र बाशान्को राजा ओगलाइ
र कनान्का सबै राज्हरूलाइ ।
१२ अनि तिनिहरूको देस् भाग्को लागि दियो
आफ्नु प्रजा इस्राएल्को लागिको भाग् ।
१३ हे यहवे तपांइको नांउ सनातन्को लागि रहंछ
हे यहवे तपांइको सम्झना सबै पुस्ता सम्म ।
१४ किनभन्ये यहवेले आफ्नु लोग्को निया गर्छ
अनि आफना दास्हरूको बिषय्मा पछुताउंछ ॥

१५ अन्यदेसीहरूका मूर्त्तिहरू ता सुन् चांदी छन्
मान्छेहरूको हात्को कमाई ।
१६ तिनिहरूका मुख् ता छन् तर बोल्दैनन्
आंखा ता छन् तर देख्दैनन्
१७ कान् ता छन तर सुन्दैनन्
अनि न तिनिहरूको मुख्मा काहि सास् छ
१८ तिनिहरूलाइ बनाउंने तिनिहरू जस्तै होइ जांछन्
औ तिनिहरू माथि भरोसा राख्ने सबै पनि ।
१९ हे इस्राएलको घराना यहवेलाइ धन्न कह ।
हे हारूनको घराना यहवेलाइ धन्न कह ।
२० हे लेवीको घराना यहवेलाइ धन्न कह ।
हे यहवेका डराउंनेहरू यहवेलाइ धन्न कह ।
२१ सिय्योन् देखि यहवे धन्न कहीआस्
जो यरूशलेममा बास् गर्छ
याहको स्तुति गर[१] ॥

[१] हल्लिलूयाह् इब्रानीमा हल्लल्याह

यहवेको लागि धन्नबाद् गर किनभन्ये उ भलो छ १३६ १
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ ।
ईश्वर्हरूको ईश्वर्को धन्नबाद् गर २
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ ।
प्रभुहरूको प्रभुको धन्नबाद् गर . ३
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ ।
उस्को धन्नबाद् गर जस्ले ठुला ठुला आश्चर्य्यकर्म्म एक्लै गर्छ ४
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ ।
उस्को धन्नबाद् गर जस्ले आफ्नु बुद्धिले स्वर्ग बनायो . ५
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ ।
उस्को धन्नबाद् गर जस्ले पानी माथि पृथिवी फिंजायो . ६
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ ।
उस्को धन्नबाद् गर जस्ले ठूला ज्योतिहरू बनायो . ७
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ .
सूर्ज दिउंसो प्रभुनेई गर्नुलाइ . ८
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ .
जून र ताराहरु राति प्रभुनेइ गर्नुलाइ . ९
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ ।
उस्को धन्नबाद् गर जस्ले मिस्रीहरूका जेठाहरूलाइ मार्यो . १०
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ .
अनि तिनिहरू देखि इस्राएल्लाइ निकाल्यो . ११
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ .
बलियो हात् र पसारेयेको बाहुले . १२
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ ।
उस्को धन्नबाद् गर जस्ले लाल् समुन्द्र भाग् भाग् पार्यो . १३
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ .
अनि इस्राएल्चहंलाइ त्यस्को बीच् देखि हिंडाल्यो . १४
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ .
तर फिरऊन् र त्यस्को सेनालाइ लाल् समुन्द्रमा झड्कार्यो . १५
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ ।
उस्को धन्नबाद् गर जस्ले आफ्ना प्रजालाइ बन् बाटो ले हिंडाल्यो . १६
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ ।
उस्को धन्नबाद् गर जस्ले ठुला राजाहरूलाइ मार्यो . १७
किनभन्ये उस्को करुणा सनातन् सम्म रहंद छ .
अनि बलिया राजाहरूलाइ काट्यो . १८
किनभन्ये उस्को करुणा सनातन सम्म रहंद छ .

१९ एमोरीहरूको राजा सीहोन्‌लाइ .
किनभन्‍ये उसको करुणा सनातन् सम्म रहंद छ .
२० अनि बाशान्‌को राजा ओग्‌लाइ .
किनभन्‍ये उसको करुणा सनातन् सम्म रहंद छ .
२१ अनि तिनिहरूको देश् भाग्‌को लागि दियो .
किनभन्‍ये उसको करुणा सनातन् सम्म रहंद छ .
२२ अं आफ्‌नु दास् इस्राएल्‌को लागि भाग् गरि .
किनभन्‍ये उसको करुणा सनातन् सम्म रहंद छ ।
२३ जस्ले हांमिहरूलाइ हांमिहरूको दुर्दशामां सम्झ्यो .
किनभन्‍ये उसको करुणा सनातन् सम्म रहंद छ .
२४ अनि हांमिहरूलाइ हांमिहरूका विरोधीहरु देखि छोडायेको छ .
किनभन्‍ये उसको करुणा सनातन् सम्म रहंद छ।
२५ उस्ले सबै जीउधारीहरूलाइ आहारा दिंद छ .
किनभन्‍ये उसको करुणा सनातन् सम्म रहंद छ ।
२६ स्वर्गको ईश्वर्‌को धन्नबाद् गर .
किनभन्‍ये उसको करुणा सनातन् सम्म रहंद छ ॥

१३७ १ बाबेल्‌का नदीहरूको छेउमां
वहां बस्‌युं अं रोयुं
सिय्योन् सम्झंदाखेरि ।
२ त्यसको बीच्‌मांका बइंस्‌का रुखहरूमां
आफ्‌ना वीणाहरूलाइ झुंड्यायुं ।
३ किनभन्‍ये हांमिहरूलाइ बन्धुवाई गरि ल्याउंनेहरूले हांमिहरु देखि गान् मांग्‍ये
अनि सिय्योन्‌का गान्‌हरूमांको एउटा गान् हांमिहरूको लागि गाउ भन्‍ने
हांमिहरूलाइ लुट्‌नेहरूले हांमिहरु देखि आनन्द मांग्‍ये ।
४ बिरानु देस्‌मां
यहुवेको गान् कसोरि गाउं ।
५ हे यरूशलेम् मैले तंलाइ बिर्सें भन्‍ये देखि
मेरो दाहीनो हातले बिर्सोस् ।
६ मैले तंलाइ सम्झींन भन्‍ये देखि
आफ्‌नु अस्सल आनन्द भन्दा बेसि
यरूशलेम्‌चइंलाइ श्रेष्ठ ठानींन भन्‍ये देखि
त मेरो जिब्रो मेरो तालुमां टांसाइ जावस् ।
७ हे यहुवे एदोमवंशीहरूको बिरुद्धमां
यरूशलेम्‌को दिन् सम्झनु हवस्
जुन्‌हरूले भन्‍ये भत्‌काव भत्‌काव
अं जग सम्म ।

हे बाबेल्‌की छोरी उजाड़ीने हुंछेस् ८
धन्न त्यो जस्ले तं मित त्यसै गर्छ
तंले हामिहरू सित गर्‍यैको जस्तो ।
धन्न त्यो जस्ले तेरा नानीहरूलाइ समाति ९
पहरामा पछार्छ ॥

१३८

दाऊद्‌रचित ।

आफ्नु पूरो मन्‌ले तपांइको धन्नबाद् गर्छु . १
देबताहरूको मांझु तपांइको भजन् गाउंछु ।
तपांइको पबित्र मन्दिर् तिर दण्डवत् गर्छु २
अनि तपांइको करुणा र सच्चैईको कारणले तपांइको नाउंको धन्नबाद
गर्छु .
किनभन्ये तपांइले आफ्नु बचन् आफ्नु सिंगै नाउं भन्दा ऊंभो बढाउंनु
भयो ।
मैंले डांपार्‍येको दिन्‌मां तपांइले मंलाइ उत्तर् दिंनु भयो ३
मेरो प्राण्‌मां बल् दियेर मंलाइ आंटीलो पार्नु भयो ।
हे यहूवे पृथिबीका सबै राजाहरूले तपांइको धन्नबाद् गर्छन् ४
किनभन्ये तिनिहरूले तपांइको मुखका कुरा सुन्येका छन् ।
अं तिनिहरूले यहूवेका मार्गको बिषय्‌मां गाउंछन् ५
किनभन्ये यहूवेको महिमा महा छ ।
किनभन्ये यहूवे अग्लो छ तर्पनि नम्रहरू तिर पनि दृष्टि गर्दै छ . ६
तर अहंकारीहरूचाइंलाइ उस्ले टाढ़ै देखि चिन्दै छ
म सकस्‌को बीच्‌मां हिंड़ेर भन्ये पनि तपांइले मंलाइ जीयाउंनु हुंछ ७
तपांइले आफ्ना हात् मेरा सत्तुरुहरूको बिरुद्धमां पसार्नु हुंछ
अनि तपांइको दाहीनो हात्‌ले मंलाइ बचाउंछ ।
यहूवेले मेरो बिषय्‌का सबै कुरा तर्छ . ८
हे यहूवे तपांइको करुणा सनातन् सम्म रहंदै छ
आफ्नै हात्‌का कार्य्यहरू न छोड़्नु हवस् ॥

१३९

मूल्‌बजाउंनेको लागि । दाऊद्‌का गीत् ।

हे यहूवे तपांइले मंलाइ जांच्येर चिन्नु भयो । १
तपांइले मेरो बस्नु मेरो उठ्‌नु जान्नु हुंदै छ २
टाढ़ो देखि मेरो बिचार् जान्नु हुंदै छ ।
तपांइले मेरा चाल् र मेरो ढल्‌काई चाल्‌नु हुंदै छ ३
मेरा सबै चाल्‌चलन्‌को भेद् जान्नु हुंदै छ ।
कसोगरिभन्ये मेरो जिब्रोको येउटा कुरा पनि छैन ४
जो तपांइले पूरोगरि जान्नु हुन्न हे यहूवे ।

५ तपांइले मंलाइ आघिपछि घेर्नु भयो
अनि आफ्नु हात् मं माथि राख्नु भयो ।
६ येस्तो ज्ञान् मेरो लागि अगम्भीर् उड्कको छ
अग्लो छ येति सम्म मं पुग्नु सक्दीन ।
७ तपांइको आत्मा देखि कहां जांउ ,
अनि तपांइको सांमु देखि कहां भागुं ।
८ स्वर्गमा चढु भन्ये देखि उहां तपांइनै हुंनु हुंद छ
पत्तालमा आफ्नु ओछ्यान् बनाउं भन्या देखि न को देख्यां भन्या उहीं पनि
तपांइनै हुंनु हुंद छ ।
९ बिहानको पखेटामा उडेर
समुन्द्रका पल्लो छेउमा बस्युं भन्य देखि
१० उहीं पनि तपांइको हातले मेरो अगुवाई गर्छ
अनि तपांइको दाहानो हातले मलाइ समात्छ ।
११ निस्से अंध्यारोले मंलाइ छोपछ
अनि मेरा वरिपरिको उज्यालो रात् भइ गयो भन्यें भन्ये देखि
१२ न अंध्यारोले पनि ता तपांइ देखि लुकाउंदैन
तर रात् दिन् झैं चम्कंद छ ,
तपांइको लागि अंध्यारो र उज्यालो दुवै एकै हुन् ।
१३ कसोगरिभन्ये तपांइले मेरो अन्त:करण् रच्नु भयो ,
तपांइले मंलाइ मेरा आमाको गर्भमा बुन्नु भयो ।
१४ तपांइको धन्नबाद् गर्छु किनभन्ये मं उदेक् र डर्लाग्दो रात्ले बनाईएको छु
तपांइका काम् आश्चर्य छन्
अनि यि कुरा मेरा प्राणले राम्रोगरि जान्द छ ।
१५ मेरा हाड्हरु तपांइ देखि लुकाका थियेनन्
जब मं गुप्तमा बनाईयेको थियें
अनि पृथ्वीको तल्लो ठाउमा बनाईयें ।
१६ तपांइका आंखाले मेरो पिण्ड देख्यो
अनि तपांइको पोस्तकमा सबै लेखीएका थिये
जो दिन् दिन् रचायेका थिये
अं येउटै पनि न भयेका बेलामा ।
१७ हे ईश्वर् मेरो लागि तपांइका बिचार्हरु कति अमोल् छन्
तिनिहरुको सार् कति ठुलो ।
१८ तिनिहरुलाइ गन्युं भन्ये देखि बालुवाका कनिका भन्दा बेसि छन् ,
मं जाग्दै अझै तपांइ सङ छु ।
१९ हे ईश्वर् निस्से तपांइले दुष्टहरुलाइ मार्नु हुंछ ,
(हत्यारा हरु हो मं देखि दुर जाउ ।

किनभन्या तिनिहरूले तपांइको बिरुद्धमां दुष्टै सित भन्छन् २०
अनि तपांइका बिरोधीहरूले तपांइको नांउ व्यर्थ लिंद छन् ।
हे यहवे तपांइ देखि दुश्मनी गर्नेहरू देखि के म दुश्मनी न गर्छ २१
अनि तपांइको बिरुद्धमां उठ्नेहरू देखि घिन् न गर्छ ।
पूरो दुश्मनैइंले तिनिहरू सित दुश्मनैइं गर्छ छु । २२
तिनिहरूलाइ मं आफ्ना मत्तुर् जान्द छु ।
हे ईश्वर् मंलाइ जांचनु हवस् अनि मेरो मन् जांचि लिनु हवस् २३
मंलाइ खार्नु हवस् अनि मेरा बिचारहरू जानि लिनु हवस् ।
अनि हेर्नु हवस् मंमां कोइ दुष्टको चाल् छक कि भनेर २४
अनि मंलाइ सनातन्को चालमां डोऱ्याउंनु हवस् ॥

मुख्यबजाउंनेको लागि । दाऊद्को गीत १४०

हे यहवे मंलाइ बुरो मान्छे देखि बचाउंनु हवस् । १
मंलाइ मिचेइं गर्ने देखि रक्षे गर्नु हवस् ।
जस् जस्ले आफ्नु मन् देखि बुरो जुक्ति निकाल्द छन् २
सधैंभरि लडाइं मचाउंद छन् ।
तिनिहरूले आफ्नु जिब्रो सांप्ले झें लाग्ने पारेको ३
काला सापको बिष् तिनिहरूका ओठ मुनि छन् । सेला ।
हे यहवे दुष्टहरूको हात् देखि मंलाइ बचाउंनु हवस् ४
मंलाइ मिचेइं गर्ने देखि रक्षे गर्नु हवस् ।
जुन्हरूले मेरा गोडा चिप्ल्याउंने जुक्ति गरे ।
अहंकारीहरूले मेरो लागि फंदा पासो र डोरीहरू लुकाइ राख्येका छन् ५
तिनिहरूले बाटोको छेउमां फंदा जाल् थापि राख्येका छन्
तिनिहरूले मेरो लागि दांबालि राख्येका छन् । सेला

मैले यहवेलाइ भन्यों तपांइ मेरो ईश्वर् हुनु हुंद छ । ६
हे यहवे मेरो अर्जीको सोर् तिर कान् थाप्नु हवस् ।
हे प्रभु यहवे मेरो उद्धारको बल ७
तपांइले लडाइंको दिन्मां मेरो सिर् ढाक्नु भयो ।
हे यहवे दुष्टहरूको इच्छे पूरो न गर्नु हवस् ८
त्येस्को बुरो जुक्ति सुफले न गराउंनु हवस् होइन भन्या ता तिनिहरू
अलग्याइंछन् । सेला
मंलाइ घेर्नेहरूको सिर्को बिषयमां ९
तिनिहरूका ओठको उपद्रैइंले तिनिहरूलाइ ढाकोस् ।
तिनिहरू मांथि भुंग्रो परून् । १०
तिनिहरू आगोमां हालीउन्
गहीरा खाडलहरूमां तिनिहरू फेरि न उठनेगरि ।

११ बक्बके चाहिं पृथिवीमां स्थिर् गराइंदैन
मिचेहिं गर्नेलाइ लड़ाउंनुको लागि दुष्टैंले त्येस्लाइ खेद्छ ।
१२ यहुवेले दीन्हरुको कुरा
अनि दरिद्रहरुको कुरा मस्भालछ भनि जान्दछु ।
१३ निस्से धर्म्मीहरुले तपाइंका नांउको धन्नवाद् गर्छन् .
सोझाहरुले तपाइंको सांमु वास् गर्छन् ॥

१४१

दाउदको गीत् ।

१ हे यहुवे तपाइंलाइ हापार्येको छु मेरो लागि छिटो गर्नु हवस् .
मैंले तपाइंलाइ हापार्दा आफ्ना कान् मं तिर थाप्नु हवस् ।
२ मेरो प्रार्थना तपाइंको सांमु सुगन्धद्रव्य जस्तो ठहरोस्
मेरा हातको उचलाई सांझको बलिदान् जस्तो ।
३ हे यहुवे मेरो मुखको सांमु पहरा बसालनु हवस्
मेरा ओठको ढैलोको रक्ष गर्नु हवस ।
४ मेरो मन् कसै बुरा थोक् तिर न लगाउंनु हवस्
अधर्म्मको काम् गर्नेहरु सङ
दुष्टैंका कार्य्यमां लागनुलाइ .
अनि तिनिहरुको स्वादालो भोजन् देखि मंलाइ खांनु न दिनु हवस् ।
५ धर्म्मीले मंलाइ मारोस् त कृपाको काम् हुंछ
अनि त्यस्ले मंलाइ चेताओस् त मेरो सिर् मांथि तेल् जस्तो हुंछ
मेरो सिर्ले त्यो लिन्न न भनोस्
कसोगरिभन्य तिनिहरुको दुष्टइंमां पनि मेरा प्रार्थना रहि रहंछ ।
६ तिनिहरुका विचारीहरु पहराको पाखामां खसालींद छन्
अनि तिनिहरुले मेरा कुरा सुन्छन् किनभन्ये मीठा छन् ।
७ हलो जोत्ने र भुइं चिर्नेले गर्येको जस्तो
हाम्रा हाडहरु चिहान्को मुखका वरिपरि छरपष्ट पारियेका छन् ।
८ निस्से मेरा आंखा तपाइं तिर लागेर छन् हे प्रभु यहुवे .
तपाइंमां शरणागत छु मेरो प्राण न खन्याउंन हवस् ।
९ तिनिहरुले मेरो लागि थाप्येको पासो देखि मंलाइ बचाउंनु हवस्
अनि अधर्म्म गर्नेहरुका दांयालिहरु देखि ।
१० दुरुहरु चाहिं आफनै जालमां परुन्
मं चाहिं बांचि निकलुंदाखेरि ॥

१४२

दाउदको मस्कील भन्नीने गीत् जब त्यो ओढारमां थियो .
येउटा प्रार्थना ।

१ मैले ऊंचो सोर्ले यहुवेलाइ हापार्यें
ऊंचो सोरले यहुवेको दोहाई गर्यें ।

मं आफना शोकका कुरा खन्याउंद छु २
आफ्नु सकस् उको सांमु प्रगट् गर्द छु ।
जब मेरो आत्मा मं भित्र मिचौयो तब तपांइले मेरो बाटो जान्न हुंद ३
थियो
मं हिंड्ने बाटोमां तिनिहरूले मेरो लागि पेउत्रा पासो लुकाइ थाप्येका
छन् ।
मेरो दाहीनो हात् पट्टि हेर्येर देख्नु हवस् किनभन्ये मंलाइ चिन्न कोइ ४
पनि छैन .
मेरो लागि कहीं शरण् रह्येको छैन मेरो प्राणको वास्ता गर्ने कोइ पनि छैन
हे यह्वे तपांइका दोहाई गर्यें ५
तपांइनै मेरो शरण्
र जीउंनेहरूको देश्मां मेरो भाग् हुंन् हुंद छ भन्येर भन्ये ।
मेरो चिच्याई तिर ध्यान् दिंनु हवस् किनभन्ये अति होच्याइंयें . ६
मंलाइ मिच्नेहरू देखि मंलाइ बचाउंनु हवस् किनभन्ये तिनिहरू म भन्दा
बलिया छन् ।
मेरो प्राण् कैद् देखि फर्काइ ल्याउंनु हवस् र मं तपांइको नांउको धन्नबाद् ७
गरूं .
धर्म्मीहरूले मंलाइ घेर्छन्
किनभन्ये तपांइले मंलाइ उचित्तो मित दिंनु हवस् ॥

दाऊद्को गीत् १४३

हे यह्व मेरो प्रार्थना सुन्न हवस् मेरो दोहाई तिर आफ्ना कान् थाप्नु १
हवस् .
आफ्नु सच्चेइँ र आफ्नु धर्म्मीहुवाईले मंलाइ उत्तर् दिंनु हवस् ।
अनि आफ्नु दास् मांथि फिरात् न गर्नु हवस् २
किनभन्ये तपांइको सांमु कोइ जीउधारी निर्दोषी ठहर्गैदैन ।
किनभन्ये सत्त्रुले मेरो प्राण्लाइ सतायेको छ ३
त्यस्ले मेरो जीउ भूइं सम्म मिच्येको छ .
त्येस्ले मंलाइ धेरै दिन् देखि मरेकाहरूलाइ भैं अंध्यारा ठाउंहरूमा बस्नु
लायेको छ ।
येसकारण् मेरो आत्मा मं भित्र मिचीयेको छ ४
मेरो मन् मं भित्र उजार् छ ।
उइलेका दिन् सम्झंद छु ५
तपांइका सिंगै कार्य्यहरू मांथि ध्यान् गर्द छु .
तपांइको हात्को काम् गन्द छु ।
तपांइ तिर आफ्नु हात् फिंजाउंद छु ६
खाक्रीको देश भैं मेरो प्राण तपांइको लागि तिर्खाउंद छ । सेला ।

७ हे यह्वे मंलाई उत्तर दिनुलाई छिटो गर्नु हवस् मेरो आत्मा ओइल्छौंद छ .
आफ्नु मुख् मं देखि न लुकाउंनु हवस्
होइनभन्ये ता मं खाड़ल्मां झर्ने जस्तो होइ जाउंला ।
८ बिहान मंलाई आफ्नु करुणा सुन्नु लाउंनु हवस्
किनभन्ये तपांइ माथि भरोसा राख्द छु .
जुन् मार्गमा मं हिंड्नु पर्छ त्यो मंलाई जनाउंनु हवस्
किनभन्ये तपांइ तिर आफ्नु प्राण उचाल्द छु ।
९ हे यह्वे मलाई मेरा शत्रुहरू देखि बचाउंनु हवस् .
तपांइ पांइ लुक्नको लागि आएं छु ।
१० तपांइको इच्छा पूरा गर्नलाई मंलाई सिकाउंनु हवस् किनभन्ये तपांइने
मेरो ईश्वर हुंनु हुंद छ
तपांइको आत्मा भला छ मंलाई समथर देशमा अगुवाइं गर्नु हवस् ।
११ हे यह्वे आफ्नु नांउको कारणले मंलाई जियाउंनु हवस् .
आफ्नु धर्म्माइवाईमा मेरो प्राण संकट देखि छोड़ाउंनु हवस् ।
१२ अनि आफ्नु करुणामा मेरा शत्रुहरूलाई धंस पार्नु हवस्
अनि मेरो प्राणलाई कष्ट गराउंने सबैलाई नष्ट पार्नु हवस्
किनभन्ये तपांइको दास् हुं ॥

१४४

दाऊद् रचित ।

१ यह्वे मेरो पहरा धन्य होऊ
जस्ले मेरा हातहरूलाई लड़ाईं गर्नलाई
र मेरा औंलाहरूलाई संग्राम् गर्नलाई सिकाउंद छ .
२ मेरो करुणा र मेरो किल्ला
मेरो अग्लो धरारा र मेरो छुटकारा
मेरो ढाल् र मेरा शरणस्थान्
जस्ले मेरो प्रजालाई मेरो तांबिमा राख्द छ ।
३ हे यह्वे मान्छे क्या हो र तपांइले त्यस्को सम्झना गर्नु हुंद छ .
कि मान्छेको सन्तान् र तपांइले त्यस्को लेखा लिंनु हुंद छ ।
४ बिनामा मान्छे खालि एक सासफेराई जस्तो छ .
त्यस्का दिन् ढल्कने छाया जस्तो मात्रै ।
५ हे यह्वे आफ्नु स्वर्गलाई नुहाएर उत्रंनु हवस् .
पहाड़हरूलाई छुंनु हवस् त धुवां निस्कंछ ।
६ बिजुलि फ्यांकनु हवस् अनि तिनिहरूलाई छरपष्ट पार्नु हवस्
आफ्ना कांड़हरू हांनि पठाउंनु हवस् अनि तिनलाई धंस पार्नु हवस् ।
७ माथि बाटो आफ्नु हात् पसार्नु हवस्
मंलाई तानि बचाउंनु हवस् अनि धेरै पानी देखि
अं बिरानाहरूका हात् देखि मंलाई छोड़ाउंनु हवस्

जस्को मुखले व्यर्थ कुरा गर्द छ ८
अनि तिनिहरूको दाहीनो हात् झूठको दाहीनो हात् छ ।
हे ईश्वर् तपांइको लागि येउटा नया गीत् गाउंछु . ९
दस् तारको सितार् बजाउंदै तपांइको स्तुति गाउंछु ।
राजाहरूलाइ छुटकारा दिने तइ हौ . १०
जस्ले आफ्नु दास् दाऊदलाइ हानि गर्ने तरवार् देखि बचाउंद छ ।
मंलाइ नानि बचाउंनु हवस् अनि मंलाइ बिरानाहरूका हात् देखि ११
छोडाउंनु हवस्
जस्को मुखले व्यर्थ कुरा गर्द छ
अनि तिनिहरूको दाहीनो हात् झूठको दाहीनो हात् छ ॥

जब हामिहरूका छोराहरू जवानिमा बढेका फल्दाहरू जस्ता हुछन् १२
अनि हामिहरूको छोरीहरू महलको लागि कुंदेका कुनेत्याहाका ढुंगाहरू
जस्तौ हुंछन्
जब हामिहरूको ढुकुटि सबैथोकका ढुंकल् सबै प्रकारका अन्न हाल्नेछ १३
अनि हामिहरूका भेडाबाखाहरू हजार् र दस् हजार् बिहाउंछन्
जब हामिहरूको गाईहरू कम्लाउंछन् १४
जब कांई भित्र फाटे अनि बाहिर जाने कोई हुंदैन
अनि हामिहरूका चोकहरूमा चिच्याई हुंदैन
धन्न ति लोग् जस्को गत् यस्तै छ . १५
हो धन्न ति लोग् जस्को ईश्वर् यहोव छ ॥

स्तुतिका गीत् । दाऊद् रचित १४५

हे मेरो ईश्वर् हे महाराजा तपांइको बड़ाई गर्छु १
अनि तपांइको नांउ सदाको लागि धन्न कहंदै रहंछु ।
दिन् दिन् तपांइलाइ धन्न कहंदै रहंछु २
अनि तपांइको नांउको स्तुति सदाको लागि गर्द रहंछु ।
यहोव महा र स्तुतिको अति योग्य छ ३
अनि उस्को महाहुवाई अपार्य छ ।
एक पुस्ताले अर्को पुस्तालाइ तपांइको बड़ाई गर्छ ४
अनि तपांइका महाकार्य्यहरूको बखान् गर्छ ।
तपांइको प्रतापको महिमित् पराक्रमको बिषयमा ५
र तपांइका आश्चर्य्यको बिषयमां ध्यान् गर्छु ।
अनि मान्छेहरू तपांइको डरलागदो कामको शक्तिको बिषयमां बोलछन् ६
अनि मं तपांइको बड़ाहुवाईको बखान् गर्छु ।
तिनिहरूले तपांइको बड़ो भलाईको सम्झना उफार्छन् ७
अनि तपांइको धर्म्म बिषयमां ऊंचो सोरले गाउंछन् ।

८ यहवे अनुग्रह गर्ने छ अनि दयामां भरपूर्
रिस् गर्नुमां धीरजी र करुणामां वड़ा ।
९ यहवे सबैको लागि भलो छ
अनि उसका दयाहरु उसका सबै कार्य्य मांथि छन् ।
१० तपांइका सबै कार्य्यहरुले तपांइको धन्नवाद् गर्छन्
अनि तपांइका सबै भक्तिहरुले तपांइलाइ धन्न कहंन गर्छन् ।
११ तिनिहरुले तपांइको राजको महिमाको चर्चा गर्छन्
अनि तपांइको पराक्रमको विषयमां बोल्छन्
१२ उसका महाकार्य्यहरु मान्छेको सन्तान्हरुलाइ
र उसको राजको पराक्रमको महिमा प्रगटो गर्नुलाइ ।
१३ तपांइको चहिं राज् जुगानजुगको राज् छ
अनि तपांइको प्रभुतहिं सब्बै पुस्ता सम्म ।
१४ यहवेले सबै लड्नेहरुलाइ सम्भालइ छ
अनि सबै नुर्हकाहरुलाइ उभ्याउंइ छ ।
१५ सबैका आंखाले तपांइको बाटो हेर्दै छन्
अनि तपांइले तिनिहरुलाइ ठीक् बेलामां आहारा दिंदु हुंइ छ ।
१६ तपांइले आफ्नु मुठि खोल्यैकोले
सबै जीउधारीहरुको इच्छे तृप्त गराउंनु हुंइ छ ।
१७ यहवे आफ्ना सब्बै बाटामां धर्म्मी छ
अनि आफ्ना सबै कार्य्यहरुमां अनुग्रह गर्न छ ।
१८ उसलाइ हापार्ने सबैहरुका नजिक् यहवे छ
उसलाइ सचोइँ सित हापार्ने सबैको ।
१९ उसको भय् मान्नेहरुको इच्छे उसले पूरो गराउंछ
तिनिहरुको दोहाइ पनि सुन्येर तिनलाइ उद्धार् दिंछ ।
२० यहवले उ सङ्ग प्रेम् गर्नेहरु सबैको रक्षे गर्छ
तर सबै दुष्टहरुलाइ उसले नाम् पार्छ ।
२१ मेरो मुखले यहवेको स्तुतिको बखान् गर्छ
अनि सबै जीउधारीले उसको पवित्र नाउंलाइ सदाको लागि धन्न कहंम ।

१४६ १ याहको स्तुति गर[१]
हे मेरो प्राण् यहवेको स्तुति गर् ।
२ जैले सम्म जीइ रहंछु तैले सम्म यहवेका स्तुति गर्दै रहंछु
जैले सम्म बनाइ रहंछु तैले सम्म आफ्नु ईश्वरका स्तुतिहरु गाउंदै रहंछु
३ मालिकहरु मांथि भरोसा न राख्
न मान्छेको सन्तान् मांथि जसमां गोहार् छैन ।

---

[१] हब्रानीमां हल्लूयाह ।

त्येस्को सास् निस्कंद छ त्यो आफ्नु मांटोमां फर्कंद छ ४
त्येसै दिनमां त्येस्का जुक्तिहरु नष्ट हुंद छन् ।
धन्न त्यो मान्छे जस्को गोहार् याकुब्को ईश्वर् देखि हुंद छ ५
जस्को आखा आफ्नु ईश्वर् यहवे मांथि छ .
जस् ईश्वरले स्वर्ग र पृथिवी ६
समुन्द्र र तिनमां भयेका सबै थोक् सिर्ज्यो
जस्ले सधैंइँ सधैं सम्म राखद छ .
जस्ले नियाकर्म्म मिचीयेकाहरुको लागि गर्द छ ७
जस्ले भोकाहरुको लागि भोजन् दिंद छ .
यहवेचइंले बन्धुवाहरुलाइ फुकाउंद छ
यहवेचइंले अंधाहरुका आंखा खोल्द छ ८
यहवेचइंले नुह्येकाहरुलाइ उभ्याउंद छ ।
यहवेचइंले धर्म्मीहरु सङ प्रेम् राखद छ
यहवेचइंले परदेसीहरुको रक्षे गर्द छ ९
उस्ले टुहुरादुहुरी र बिधुवालाइ सम्भाल्द छ
तर उस्ले दुष्टहरुको चइं बाटो उल्टाउंद छ ।
यहवेले सधैं सर्बदै राज् गर्दै रहंछ १०
हे सियोन् तेरो ईश्वरले मर्ब्बे पुस्ता सम्म ।
याहको स्तुति गर[१] ॥

याहको स्तुति गर[१] १४७ १
किनभन्ये हांमिहरुको ईश्वरको स्तुति गर्नु भलो छ
किनभन्ये मनपर्दो छ अनि स्तुति गर्नु सुवाउंद छ ।
यहवेले यरुशलेम् बनाउंद छ २
उस्ले इस्राएलका छरपुट्ट भयेकाहरुलाइ भेला गराउंद छ ।
मन् भांचीयेकाहरुलाइ उस्ले निको पार्द छ ३
अनि तिनिहरुका घायलहरुलाइ पट्टो बांधि दिंद छ ।
उस्ले ताराहरुको गन्ति गर्द छ ४
उस्ले ति सबैलाइ नांउ नांउ दिंद छ ।
हांम्रो प्रभु महा छ अनि सामर्थमां बल्लियो ५
उस्को बुद्धि अपार् छ ।
यहवेले नरमहरुलाइ सम्भाल्द छ . ६
उस्ले दुष्टहरुलाइ भूंइ सम्म खसाल्द छ ।
धन्नबाद् गर्दै यहवेको गीत् गाव ७
बीणा बजाइकन हांम्रो ईश्वरको भजन् गाव .

[१] हब्रानीमां हल्लुयाह् ।

८ जस्ले आकाश् बादलले ढाक्दछ
जस्ले पृथ्वीको लागि झरि तयार् पार्दछ
जस्ले घांस् पहाड् हुंदो उमार्दछ ।
९ जस्ले पशुलाइ आहारा दिंदछ
अनि कराउंने कागका बचराहरूलाइ ।
१० उस्लाइ घोड़ाको बलमां मन् पर्दैन .
मान्छका खुट्टामां ऊ खुशि हुंदैन ।
११ यहवे उस्का भय मान्नेहरूमां खुशि हुंदछ
उस्को करुणा मांथि आशा गर्नेहरूमां ।
१२ हे यरूशलेम् यहवेको स्तुति गर्
हे सिय्योन् आफ्नु ईश्वरको स्तुति गर् ।
१३ किनभन्ने उस्ले तेरा ढोकाहरूका आरलाहरू बलियो पार्याको छ
तं भित्र तेरा छोराछोरीहरूलाइ उस्ले आशीष् दियेको छ ।
१४ उस्ले तेरा सिमाना भित्र मिलाप् गराउंदछ
उस्ले तंलाइ असल् असल् गहूंले तृप्त गराउंदछ ।
१५ उस्ले आफ्नु आज्ञा पृथ्वीमां पठाउंदछ
उस्को बचन् अघोर् छिट्टोसांग दुगुर्दछ ।
१६ उस्ले हिंउ ऊन् झैं दिंदछ
उस्ले तुसारो खरानि झैं फिंजाउंदछ ।
१७ उस्ले आफ्नु बर्फ् टुक्रा झैं झार्दछ .
उस्को जाड़ोको सांमु को उभीन् सक्छ ।
१८ उस्ले आफ्नु बचन् पठायेर तिनलाइ बिलाउंदछ .
उस्ले आफ्नु बतास् बहाउंदछ र पानी बहंदछन् ।
१९ उस्ले आफ्नु बचन् याकूबलाइ
आफ्ना बिधिहरू र नियाबन्धनहरू इस्राएल्लाइ देखाउंदछ ।
२० उस्ले अरु कुनै जाति सित येस्तो व्यहोरा गर्येको छैन .
अनि उस्का नियाबन्धनहरूको बिषयमां तिनिहरूले ति जान्येका छैनन् ।
याहको स्तुति गर[१] ॥

१४८ १ याहको स्तुति गर[१] ।
स्वर्ग देखि यहवेको स्तुति गर .
अलगा अलगामां उस्को स्तुति गर ।
२ हे उस्का सबै दूतहरू हो उस्को स्तुति गर .
हे उस्का सिंगै सेना हो उस्को स्तुति गर ।
३ हे सूर्ज र चन्द्र हो उस्को स्तुति गर .
हे ज्योतिका सबै ताराहरू हो उस्को स्तुति गर ।

[१] इब्रानीमां हल्लुयाह ।

हे स्वर्गका स्वर्गहरू ४
र स्वर्ग मांथिका पानीहरू हो उस्को स्तुति गर ।
तिनिहरूले यहवेको नांउको स्तुति गरून् । ५
किनभन्या उसैले आज्ञा गऱ्यो र ति सिर्जीये ।
उस्ले तिनिहरूलाइ जुगान्जुगको लागि स्थिर् पनि गरेको छ । ६
उस्ले टलि न जान्या येउटा विधि बनायेको छ ।
हे अजीङ्गरहरू र सबै गहिरा ठाउंहरू हो ७
पृथिवी देखि यहवेको स्तुति गर ।
हे आगो र असीना हिंउ र कुहिरो ८
उस्को वचन् मान्ने आंधीबतास् हो ।
हे पहाड्हरू र सबै डांडाहरू ९
फलन्त् रूखहरू र सबै देवदारूहरू हो ।
हे पशुहरू र सबै वस्तुहरू १०
बगि हिंड्ने जन्तुहरू र उड्ने पंक्षीहरू ।
हे पृथिवीका राजाहरू र सबै लोक् लोगहरू ११
मालिक्हरू र पृथिवीका सबै बिचारीहरू हो ।
हे केटाहरू र केटीहरू दुवै १२
बूढाहरू र बालखहरू ।
तिमिहरू सबैले यहवेको नांउको स्तुति गर १३
किनभन्या खालि उसको नांउ मात्रै उलग्याईएको छ
उसैको महिमा पृथिवी र स्वर्ग मांथि छ ।
अनि उस्ले आफ्ना लोगको सींग उलग्यायेको छ १४
उस्का सबै भक्तिहरूको
अं उस्को छेउको इस्राएलवंशी लोगको स्तुति ।
याहको स्तुति गर[1] ॥

याहको स्तुति गर[1] १४९ १
यहवेको लागि येउटा नया गान् गाव
अनि भक्तिहरूको सभामां उस्को स्तुति गाव ।
इस्राएल् आफ्नु कर्त्ताको कारणले रमाव्स् । २
सिय्योनका बासाहरूले आफ्नु राजाको कारणले आनन्द गरून् ।
नाच्दै नाच्दै उस्को नांउको स्तुति गरून् ३
मृदङ्ग र वीणा बजाउंदै उस्को भजन् गाउन् ।
किनभन्या यहवे आफ्नु प्रजा देखि खुशि हुंदछ । ४
उस्ले नम्रहरूलाइ उद्धारको जयले सिङाउछ ।

---

१ इब्रानीमां हल्लूयाह ।

५ भक्तिहरूले महिमाको कारणले बड़ाई गरून्
आफ्ना ओछ्यान्हरूमां ऊंचो सोर्ले गाऊन् ।
६ तिनिहरूका गलामां ईश्वर्का अलग्गा स्तुतिहरू होउन्
अनि तिनिहरूका हातमां दुइधारे तरवार्
७ अन्यदेसीहरू देखि साटो लिंनुलाइ
अनि लोग् लोग् मांथि चेतन्नु दिंनुलाइ
८ तिनिहरूका राजाहरूलाइ भिंजारीले
अनि तिनिहरूका भारादार्हरूलाइ फलम्का सांग्लाले बांध्नुलाइ
९ लेख्येको नियाइखड तिनिहरू मांथि दिंनुलाइ .
उस्का सबै भक्तिहरूको यो मान् छ ।
याह्को स्तुति गर[१] ॥

१५० १ याह्को स्तुति गर[१]
उस्को पवित्र स्थान्मां ईश्वर्को स्तुति गर .
उस्को पराक्रम्को अकाश्मण्डल्मां उस्को स्तुति गर :
२ उस्का महाकार्य्यहरूको कारणले उस्को स्तुति गर .
उस्को अगघोर् बड़ाहुवाई अनुसार् उस्को स्तुति गर ।
३ नर्सींगा फुक्दै उस्को स्तुति गर .
सितार् र बीणा बजाउंदै उस्को स्तुति गर ।
४ मृदङ्ग बजाउंदै र नाच्दै उस्को स्तुति गर .
तार्बाजा र बांसुली बजाउंदै उस्को स्तुति गर ।
५ सारो सारो बज्ने झाम्टाहरू बजाउंदै उस्को स्तुति गर .
चर्को सोर्ले बज्ने झाम्टा बजाउंदै उस्को स्तुति गर :
६ सास् फेर्ने जत्तिचइंले याह्को स्तुति गरून् ।
याह्को स्तुति गर[१] ॥

उखान्को पोस्तक्।

दाऊद्को छोरो इस्राएल्को राजा सुलेमान्का उखान्हरू. १ १
बुद्धि र शिक्षा जान्नुलाइ २
बूझ्का कुरा बूझ्नुलाइ
बुद्धिको काम् गर्नुमां शिक्षा पाउंनुलाइ ३
धर्म्मीहुवाई निया र सोझेइं गर्नुमां
लाटालाइ चतुरेइं दिंनुलाइ ४
अनि तन्हेरिलाइ ज्ञान् र बिबेक्.
र बुद्धिमान्ले सुनिकन आफ्नु बिद्या बढावस् ५
अनि बूझ्को बुद्धिका जुक्तिहरू सम्म पुगोस्.
र तिनिहरूले उखान् र कहंनि बूझुन् ६
बुद्धिमान्हरूका बचन् र तिनिहरूका अड्काहरू।

यहवेको भयमनाई ज्ञान्को थाल्नि हो. ७
मूर्खले बुद्धि र शिक्षालाइ तुच्छ जान्द छ।
ए मेरो छोरा आफ्नु बाबुको शिक्षा सुन् ८
अनि आफ्नो आमाको अर्थौ न त्याग्
किनभन्ये ति तेरो सिर्को लागि शोभाको मुकुट् ९
र तेरो गलाको लागि सिक्रि हुंछन्।
ए मेरो छोरा पापीहरूले तंलाइ फकाये भन्ये १०
तिनिहरूका कुरा न मान्।
तिनिहरूले भन्ये हांमिहरू सङ हिंडू ११
घात् गर्नुको लागि हांमिहरू ढुकि बसूं
हांमिहरू अकारण् निर्दोषीको लागि ढुकाईमां बसूं
हांमिहरू तिनिहरूलाइ पत्तालले झैं जीउंदै १२
अनि खाड्लमां पर्नेलाइ झैं तिनिहरूलाइ सिंगै निलूंला
हांमिहरू सब् अमोल् धन् पाउंछौं १३
हांमिहरू आफ्ना घर्हरू लूटले भर्छौं
त तं पनि हांमिहरूको साझ हो १४
हांमिहरू सबैको येउटै थैलो हवस् भनि तिनिहरूले येसो भन्ये भन्ये देखि
ए मेरो छोरा त्येस् बाटोमां तिनिहरू सङ न हिंडू १५
अं तिनका कदममां पाइलै पनि न हाल्.

१६ किनभन्या तिनिहरूका गोड़ा कुराईनै गर्नुको लागि दुगर्छन्
अनि रगत् बगाउनुको लागि फुर्ति गर्दछन् ।
१७ जाल व्यर्थ फिंजाईया
कोई पंछीले देखनेगरि
१८ अनि तिनिहरूचाहिं आफ्नै प्राण हराउनुको लागि कुरछन्
आफ्नै प्राण घात् गर्नको लागि दुकाई गर्दछन् ।
१९ नाफा खोज्ने मानिसहरू सबैको चाल् यस्तै छ
यसले यसका धनीहरूको प्राण् लिदाछ
२० सहरमा बुद्धि कराउंदछ
चोक् चाकुमा प्रचार् गर्दछ
२१ हो बजारको सिरान् सिरान् चोक्मा कराउंदछ
ढोकाहरूको पसें बाटामा
सहर् भित्र पनि यि कुरा भन्दछ
२२ हे नादानहरू हो तिमिहरूले कहां सम्म नादान् भित्र पिरिम गर्दछौ
अनि निन्दा गर्ने निन्दकहरूलाइ मन् पर्छ
अनि मूर्खहरूले ज्ञान् देखि दुश्मनी गर्दछन् ।
२३ मेरो हकाउलाई सुनिकन फिर ।
हेर म आफ्नु आत्मा तिमिहरूको लागि खन्याइ दिन्छु
म तिमिहरूलाइ आफ्नु वचन् जनाउंछु ।
२४ मैले डाकें तर तिमिहरूले मानेनौ
मैले हात् पसारें तर कसैले ध्यान् दिएन
२५ अं तिमिहरूले मेरा सबै सल्लाह् तुच्छ जान्यौ
अनि मेरो हकाईलाई पनि तिमिहरूले मन् पराएनौ
२६ येस्कारण् म पनि तिमिहरूका विपत्तिको बखतमा हांस्नु
अनि जब तिमिहरूमाथि डर् आइ लाग्ला तब म ठट्टा गर्नु
२७ जब तिमिहरूमाथि डर उजाडि आंधी झैं आइ लाग्ला
अनि तिमिहरूका विपत्ति बवंडर झैं आइ लाग्ला
तिमिहरूमाथि दुःख र सकस् आइ लाग्ने दिन्मा ।
२८ त्यस् बेला तिनिहरूले मलाइ डाकाउलान् तर म ...
तिनिहरूले मलाइ जतन् सित खोज्लान् तर ...
२९ किनभन्या तिनिहरूले ज्ञान् देखि दुश्मनी गरे
अनि परमेश्वरको भय् मान्नुलाइ रोज्यनन् ।
३० तिनिहरूको मन् मेरो सल्लाह् तिर लागेन
अं तिनिहरूले मेरो सबै हकाईको निन्दा गरे ।
३१ येस्कारण् तिनिहरूले आफ्नै करनीको फल् आफै खांछन्
अनि आफ्ना जुक्तिहरूले भराईंछन् ।

किनभन्ये लाटाहरू सुबाटो देखि फर्कि गयेको कामहरूले मारीछन् ३२
अनि मूर्खहरू निश्चिन्त रह्याको कामहरूले नष्ट हुंछन् ।
तर मेरा कुरा सुन्ने सबै निडर् भइ बास गर्छन् ३३
अनि बिना बुराईको डर् चैन् सित रहंछन् ॥

ए मेरो छोरा तंले मेरो बचन् मानिस् २ १
अनि मेरा आज्ञाहरू आफ्नु हिर्दयमा राखि छोडिस्
अनि बुद्धिका कुरा ध्यान् दिंदा सुनिस् २
अनि बुझ्का कुरा मन् लगाइकन सुनिस्
अं विवेकको लागि कराइस् ३
अनि बुझ्को लागि हपारिस्
चांदी झैं ति खोजिस् ४
अनि गुप्त धन् झैं ति ढुंढालिस् भन्या देखि
त तंले यहवको भयमनाई बुझ्छस् ५
अनि ईश्वरको ज्ञान् पाउंछस् ।
किनभन्ये यहवेलेनै बुद्धि दिंदछ ६
उस्के मुख देखिनै ज्ञान् र बुझ् निकलंदछन् .
उस्ले साझा मान्छेहरूको लागि असल् बुद्धि राखि छाडछ ७
पवित्रसित हिंड्नेहरूको लागि उ ढालै छ
यसोगरि उस्ले नियाका बाटाको रक्षा गर्छ ८
अनि आफ्ना भक्तहरूको बाटो बचाउंदछ ।
यसैगरि तंले धर्म्म र नियाः ९
र सोझाइ अं सबै जाति चाल् बुझ्न सक्छस्
कसोगरिभन्या बुद्धि तेरो मनमा पस्छ १०
अनि ज्ञान् तंलाइ मन् पर्छ
विवेकले तंलाइ रक्छ ११
बुझ्ले तेरो रक्षा गर्छ .
तंलाइ बुराईको बाटो देखि १२
र बाङ्गाटेढा कुरा गर्ने मान्छहरू देखि बचाउंनुलाइ
जो जो सोझाईका बाटा छोडि १३
अंध्यारोका बाटामा हिंड्दछन्
जो जो बुराईगराई देखि खुशि १४
र दुष्टहरूका बाङ्गाटेढा कुरा देखि रमाउंदछन्
जुनहरूको चलन् खोटो १५
र चाल् बिगर्याको छ .
तंलाइ परायस्त्री देखि बचाउंनुलाइ १६
अं चिप्लाचाप्ला कुरा गर्ने बिरानु आइमाइ देखि

१७ जसले आफ्नु जोभानको प्रियलाइ छोडि दिंद छे
अनि आफ्नु ईश्वरको सांमु बांध्येको बाचा बिर्संद छे .
१८ कसोगरिभन्ये त्येस्को घर काल् तिर फर्क्येको छ
अनि त्येस्का फड्काहरु मर्येकाहरु तिर .
१९ त्येस्कां जान्येहरुमांको कोई पनि फर्कदैन
अनि न तिनिहरुले जीवनका बाटामां पुग्नु पाउंद छन् .
२० तं भलादमीहरुको बाटोमां हिंड्नु
अनि धर्म्मीहरुका मार्गमां लाग्नुलाइ ।
२१ किनभन्ये सोजाहरु देस्मां बस्छन्
अनि सिद्धहरु त्येस्मां रहंछन् ।
२२ तर दुष्टहरु देस् देखि नष्ट हुंछन्
अनि छल् गर्नेहरु त्येस् देखि उखेलींछन् ॥

३ १ ए मेरो छोरा मेरो अर्थो न बिर्सि
तर तेरो हिर्दयले मेरा आज्ञाहरु मानोस् .
२ किनभन्ये दीर्घायुको बढ्ति र धेरै दिन्
र कुशल् तिनिहरुले तंलाइ बढाइ दिन्छन् ।
३ करुणा र भलाई तं देखि अलग् न होउन् .
ति आफ्नु गलाको हार् बना ।
अनि आफ्नु हिर्दयको पाटीमां लेख् .
४ यसोरि तैंले अनुग्रह र भलो बुद्धि पांउछस्
ईश्वर् र मान्छेको सुखैंजि ।
५ आफ्नु पूरो मनले ईश्वर् मांथि भरोसा राख्
अनि आफ्नै बूझमां अडिस् न लाग् ।
६ उसैलाइ सम्झिकन सबै काम् गर्
तब उसैले तेरा बाटा समथर् पारि दिंछ ।
७ आफ्नु लेखिमां बुद्धिमान् न हो
यहवेको भय् मान् अनि बुराई देखि अलग् रह् .
८ यसो गर्येकोले तेरो नाभी भला चङ्गा
र तेरा हाड्हरु पुष्ट रहंछन् ।
९ आफ्नु धनसम्पत्तिले यहवेको मान् गर्नु
अनि आफ्नु सबै बढ्तीको अगौटेफलले
१० यसोरि तेरा ढुकुटि भरिपूर्ण रहंछन्
अनि तेरा रसकुण्डहरु देखि नया दाखरस् उम्लि रहंछन् ।

११ ए मेरो छोरा यहवेको शिक्षाको निन्दा न गर्

किनभन्ये यह्वेले जो सङ्ग प्रेम् गर्द छ त्येस्लाइ हकार्द छ १२
जसोगरि बाबुले जुन् छोरालाइ मन् पर्द छ त्येस्लाइ दण्ड दिंद छ ।
धन्न त्यो जस्ले बुद्धि पाउंद छ १३
अनि जस्ले बूझ् भेटाउंद छ ।
किनभन्ये बुद्धिको प्राप्ति चांदीको प्राप्ति भन्दा ठुलो छ १४
अनि त्येस्को नाफा निखरा सुन्को नाफा भन्दा जाति ।
त्यो मूंगामोति भन्दा बेसि मोल्को छ . १५
अनि जत्ति थोक्को तं लाल्सा गर्द छस् तिनमांको कोइ पनि येस्को
बराबर् ठहर्दैन ।
बुद्धिको दाहीनो हात्मां दीर्घायु १६
त्येस्को बांउ हात्मां धन् र महिमा छन् ।
त्येस्का बाटा मन्पर्दा १७
अनि त्येस्का सबै मार्ग कुशल्का छन् ।
बुद्धि लिंनेहरुको लागि त्यो जीवन्को वृक्ष बनींछ . १८
अनि त्यो समात्नेहरु धन्न हुन् ।
यह्वेले पृथिवीको जग् बुद्धिले बसाल्यो १९
अनि स्वर्ग बूझैको बाटोले स्थिर् गरि बनायो ।
गहीरो समुन्द्रको मूल् फुटि निस्क्येको २०
र अकाश् देखि झर्ने शीत् उसको ज्ञान्को फल् हो ।

ए मेरो छोरा यि तेरा आंखा देखि टाढ़ो न जाउन् २१
असल बुद्धि र बिवेक्को रक्षा गर्
त यि देखि तेंले जीउंनि पाउंछस् २२
अनि यि तेरो गलाका सिंक्रि बनींछन् ।
तब तं आफ्नु बाटोमां निडर् सङ हिंडूछस् २३
अनि तेरा पाउमां ठेस् लाग्दैनन् ।
जब तं ढल्कंछस् तब तंलाइ डर् लाग्दैन . २४
अं ढल्कंदा तंलाइ मीठो नींद् आउंछ ।
एक्कासि आइ लाग्ने भय् देखि न डरा २५
अनि न दुष्टहरुको आइलाग्ने आंधी देखि .
किनभन्ये यह्वनै तेरो आस्था हुंछ २६
अनि उस्ले तेरा पाउ (पासोमां) पर्नु देखि बचाउंछ ।
जस्को लागि भलाई गर्नु खांचो छ त्येस् देखि भलाई गर्नु देखि न थुनींनु २७
जब तेरो भलाई गर्ने शक्ति छ ।
तेरो छिमेकिलाइ न भन् जा फेरि आउंनु २८
भोलि मं तंलाइ दिंछु
तेरो कोष छ भन्नो देखि ।

२९ तेरो छिमेकिको बिरुद्धमा नजानि जुक्ति न बांध्
जब त्यो तं सङ्ग निडर् रह्याको छ ।
३० उस्ले तं सित नजानि बेरोग गर्याको छैन
त्यो सित बिना कारणमा झगरा न उठाउंनु ।
३१ उपद्र्याहा मान्छे देखि डाहा न गर्नु
न त्यस्का चाल चाल्नु ।
३२ किनभन्या टेढा मान्छे देखि परमेश्वरले घिन् गर्छ ।
तर उस्ले आफ्नु भेद् सोझाहरू सांथि खोल्दछ ।
३३ दुष्टको घरमा परमेश्वरको श्राप पर्दछ
तर धर्म्मीहरूको बासस्थानलाइ उस्ले आशीष दिंदछ ।
३४ उस्ले निस्से निन्दकहरूको निन्दा गर्दछ
तर दीनहरू सांथि उस्ले दया गर्दछ ।
३५ बुद्धिमानहरूले आफ्नु आशामा महिमा पाउंनन्
तर मूर्खहरूको उन्नति अपमानको हुंन ।

४ १ हे मेरा छोराहरू हो बाबुको अर्ती सुन
ज्ञान बुझ प्राप्त गर्नेमा मन् लगाओ ।
२ किनभन्या म तिमिहरूलाइ असल् शिक्षा दिंदछु
मेरो अर्ती न छोड् ।
३ किनभन्या म पनि आफ्ना बाबुको छोरो थिएं
कलिलो अनि आफ्नु आमाको लाड्लो थिएं ।
४ त मेरो बाबुले मलाइ यसो भनेर सिकाउंदथ्यो ।
तेरो मन् मेरा बचन् लिन लागि रहोस्
मेरा आज्ञाहरू मानेर जाउ रह ।
५ बुद्धि प्राप्त गर् बुझ् पनि प्राप्त गर्
ति न बिर्स न मेरो मुखका कुरा त्याग ।
६ बुद्धि न त्याग त त्यस्ले तेरो रक्षा गर्छे
त्यो सित प्रीति गर् त त्यस्ले तेरो रक्षा गर्छे ।
७ बुद्धिको थालनि भन्याको बुद्धि प्राप्त गर्नु हो
जति प्राप्त गर्नु सक्दछस् सोति गर् तर बुझ् पनि प्राप्त गर् ।
८ त्यस्को बड़ाइं गर् न त्यस्ले तेरो बड़ाइं गर्छे ।
जब तं त्यो सित बेहोरिइस् नत त्यस्ले तेरो महिमा गर्छे ।
९ त्यस्ले तेरो सिरमा शोभाको गहना लगाइ दिंछे ।
अं तंलाइ महिमाको मुकुट् दिंछे ।
१० ए मेरो छोरा मेरा बाक्याहरू बुद्धिकन ग्रहण गर्
र तेरो जीवन धेरै बर्ष सम्म रहंछ ।

मैले तंलाइ बुद्धिको बाटोमा सिकायेको छु
अनि सोजेइका मार्गमा तंलाइ डोर्‍याएको छु ।
तं हिंड्दा हिंड्दा तंलाइ छेकथुन् न हुनन् १२
अनि तं दुगर्दा दुगर्दा तंलाइ ठक्कर् न लागोस् ।
अर्ती समाति राख् त्यस्लाइ छोडि न दे . १३
त्यस्लाइ जोउंनि(को मूल) जानि त्यस्लाइ थुनि राख् ।
दुष्टहरूको बाटोमा न पस् १४
अनि न कुमार्गहरूको मार्गमा हिंड् ।
त्यस्लाइ छोडि दे त्यस्को छेउ बाटो पनि न हिंड् १५
त्यस्को छेउ देखि फर्केर अघि जा ।
किनभन्या दुष्टहरू कुराइं न गरि सुतंदे सक्दैनन् १६
अनि तिनिहरूले कसैलाइ ठोकर् न खुवाइञ्जान् सम्म तिनिहरूलाइ
　　नींदै पनि आउंदैन ।
किनभन्या तिनिहरूले दुष्टको रोटी खाइ छन् १७
अनि उपद्रवको दाखमद्य पाउंद छन् ।
तर धर्मीहरूको चाल् [illegible] बत्ती [illegible] १८
[illegible]
दुष्टहरूको बाटो अंध्यारो [illegible] १९
ठोकर् खाइकन पनि [illegible] भनि जान्दैनन्

ए मेरो छोरा मेरो वचन् ध्यान् दिन सुन् २०
अनि आफ्ना कान् [illegible] लगा ।
यि तेरा आंखा देखि छोडि न दे २१
तर आफ्नू मनमा लि राख् ।
किनभन्या [illegible] तिनिहरूका [illegible] २२
अनि तिनिहरूको [illegible] स्वास्थ्य हुने [illegible]
सबै भन्दा बढि आफ्नू मनको [illegible] गर् २३
किनभन्या जीउनिको मूल् [illegible] निस्कंद [illegible]
उल्टा कुरा गर्ने मुख् तं [illegible] राख २४
अनि फरफारका कुरा गर्ने ओठ् [illegible] राख् [illegible]
तेरा आंखाले सामुइ तिर सोझै हेरुन् २५
अनि तेरा पलक् आंघतिर खोलेर रहून् ।
आफना पाउले टेक्ने बाटो [illegible] २६
त तेरा सबै मार्ग ठीक् पारौंछन् ।
न दाहीनो तिर फर्कि न बांउ २७
आफन गोडा बराई देखि हटा ॥

५ १ ए मेरो छोरा मेरो बुद्धि ध्यान् दिइकन सुन्
मेरो चेतन्नै तिर कान् लगा .
२ र तंलाइ बिबेक् हवस्
अनि तेरा ओंठ्हरुले ज्ञान् समाति राखुन् ।
३ किनभन्ये पराय्स्त्रीका ओंठ्हरु देखि मह चुहुंद छ
अनि त्यस्को कुरा तेल् भन्दा चिप्लो छ .
४ तर त्यस्को अन्तसमय् ऐरेलू जस्तो तीतो
दुइधारे तरवार् जस्तो लाग्ने ।
५ त्यस्का पाउ काल् तिर उत्रंद छन्
अनि त्यस्का फड्का पत्ताल् तिर पर्दै छन्
६ यस्कारण् त्यस्ले जीवन्को समथर् बाटो पाउंदैन .
त्यस्का बाटा चंचल् छन् रपनि त्यस्लाइ त्यस्को थाहा छैन ।
७ त अब हे मेरा छोराहरु हो मेरो सुन
अनि मेरा कुरा मान्दै रहंनु देखि हिंड़ि न जाव ।
८ त्यस्तो आइमाइ देखि आफ्नु बाटो टाढ़ो राख्
अनि न त्यस्को दैलोठेलोको छेउ जा .
९ होइनभन्ये ता तैंले आफ्नु यश अर्कोको हात्मां
अनि आफ्नु जीवन् निष्ठुरको हात्मां पारि देलास् .
१० अनि बिरांनुहरुले तेरो कमाईले आफ्नु पेट् भर्नन्
अनि बाहिरको मान्छेले तेरो दास्तोको फल् आफ्नु घर्मां राख्ला
११ अनि तं आफ्नु अन्तसमय्मां
अर्थात् जब तेरो शरीर् र जीउ त्तीण् होइ जाला तब यसो भन्दै हाय्
मांर्नु लाग्लास्
१२ हाय् मैंले अर्ती देखि किन इर्षि राख्येछु
अनि मेरो मन्ले हकाराईको निन्दा किन गर्येछु
१३ अनि मैंले आफ्ना गुरुहरुका कुरा किन मानींन छु
अनि मंलाइ सिकाउंनेहरु तिर कान् किन लगाइन छु ।
१४ हाय् मं भन्दै सबै रकम्को दुष्टैमां परि गयेको थिंछु
सभा र मंडलीको बीच्मां ।
१५ तैंले आफ्नै कुवा देखि
अनि आफ्नै कुवा देखि जरुवापानी खांन्ये गर्
१६ को तेरा मूल्का पानीहरु बाटो हुंदो
र तेरो पानीको धारा चोक् हुंदो बहुन् ।
१७ तं एक्लैले त्यस्को सुखभोग् गर्
अनि पराय् तं सङ्ग त्यस्मां भागी न होउन् ।
१८ तेरो मूल् धन्नको हवस्
अनि आफ्नु जोबानको स्वास्नी सङ्ग खुशि रह ।

त्यो प्रिया हरिणी कि राम्री मुडुली मिर्ग जस्ती १९
तं त्येसैका थुन्हरु देखि सदा सन्तुष्ट रह्
अनि नित्यै त्येसैको प्रेमले मोहित् रह् ।
ए मेरो छोरा तं परायस्त्री देखि किन मोहित् हुंछस् २०
अनि बिरांनीलाइ किन छातीमां टांसछस् ।
किनभन्ये मान्छेका बाटाहरु यहवेको दृष्टिमां छन् २१
अनि उस्ले त्येस्का सब्बै चाल् चलन्को बिचार् गर्दछ ।
दुष्ट मान्छे आफ्नै अधर्म्मका कर्म्महरुले फांसीछ २२
अनि आफ्नै पापका बन्धनले बांधीइ रहंछ ।
त्यो अर्थी बिना मर्छ २३
अनि आफ्नु ठुलो मूर्खईंको कारणले तर्कि जांछ ॥

ए मेरो छोरा तं आफ्नु छिमेकिको जमानी भयेको छस् ६ १
कि बिरांनुको हात्मां हात् मार्येको छस् भन्ये देखि
त तं आफ्नै मुख्का बचन्हरुले फांसीयेको छस् २
अनि आफ्नै मुखका बचन्हरुले बांधीयेको छस् ।
त ए मेरो छोरा येसो गरि छुट्ने गर् ३
तं आफ्नु छिमेकिको हात्मां पर्येको छस् भन्ये देखि
गयेर हतार् गर्येर त्येस्लाइ मना ।
तेरा आंखामां नींद् न दे ४
न आफ्ना पलक्मां झमक् आउंनु दे ।
हरिणीले शिकारीको हात् देखि झैं छुट्ने फिक्रि गर् ५
कि चराले चरामार्नेको हात् देखि झैं ।

ए अल्छे तं कमीला थांइ जा ६
त्येस्का काम् गर्न्येर बुद्धिमान् हो ।
त्येस्को न ता बिचारी हुंद छ ७
अनि न मालिक् न प्रभुतइं गर्ने
रपनि त्येस्ले ऋतुमां आफ्ना आहाराको सोंच् गर्द छ ८
अनि कटनीको बेलामां आफ्नु खांने थोक् बटुल्द छ ।
ए अल्छे तं कैले सम्म सुति रहंछस् ९
तेरो नींद् देखि कैले उठछस् ।
अरु अलिक् सुतनु अरु अलिक् ऊंगनु १०
पर्खीनुको लागि छातीमां हात् अरु अलिक् राखनु ।
येसोरि तेरो कंगालेइं बटोरे झैं ११
अनि तेरो अपुग्ये हतियार् भिर्ने झैं आइ लाग्छ ।
जो बिकामे छ जो फक्कड् छ १२
त्येस्ले बाङ्गाटेढा कुरा गरेर हिड्द छ

१३ त्यसले आंखा चिम्चिमाउंछ र अनि गोडाले चाल् गर्छ र
अनि आफना औंलाले सान् गर्छ र
१४ त्यसको मनमां बाङ्गाटेढा कुराहरू रहंछ छन् तिसले नित्य बुराईकोनै जुक्ति
गर्छ र
अनि झगरा निकाल्छ र ।
१५ यसकारण त्यसको बिपत्ति त्यस् माथि एक्कासि आइ लागक
त्यो पलभरिमां यस्तोगरि नष्ट होइ जांछ बचाउने कोइ उपाय् रहंदैन ।
१६ छ कुरा देखि परमेश्वरले घृणा राख्छ र
अं सात् छन् जुन्हरू देखि उस्ले घिनाउंछ र .
१७ अहंकारी आंखा झूठ् बोल्ने जिब्रो
र निर्दोषको रगत् बहाउंने हात्
१८ व्यर्थ कुरा कल्पने मन्
बुराई गर्नुलाइ छिटो दुगुर्ने गोडा
१९ झूठ् बोल्ने साक्षी
र भाईहरूको बीचमां झगरा निकाल्ने मान्छे ।

२० ए मेरा छोरा आफ्नु बाबुको आज्ञा मान्
अनि आफनो आमाको अर्थी न त्याग् .
२१ ति आफनु मनमां सदा गांथि राख्
अनि आफ्नु गलाको मिक्रि भै बांध् ।
२२ त्यस् अर्थीले तं हिंड्रको बाटोमां तेरो अगुवाई गर्छ
अनि तं सुत्यको बेलामां तेरो रक्षा गर्छ
अनि तं जाग्यको बेलामां तं सित बात् मार्छ ।
२३ किनभन्य आज्ञा बत्ती हो अनि अर्थी ज्योति हो
अनि सिकाउंनको हकारपकार् जीउंनिको बाटो हो .
२४ तंलाइ नजाति आइमाइ देखि बचाउंनुलाइ
परायस्त्रीका चिप्लाचाप्ला कुरा देखि ।
२५ त्यसको सुन्दराई देख्येर आफ्नु मनमां त्यसको अभिलाषा न गर्
त्यसले आफना पलकले तंलाइ फंसाउंनु न पावस् ।
२६ किनभन्ये बेश्यको कारणले अन्तमां रोटीको येउटा टुक्रा मात्र रहंछ
तर व्यभिचारिनीले अमोल् जीवनको शिकार् खेल्छ र ।
२७ के कसैले अफ्नु छातिमां आगो राख्नु सक्छ र
अनि त्यसका लुगा डढ्दैनन् ।
२८ कि कोई भुंग्रो माथि हिंड्नु सक्छ र
अनि त्यसका गोडा डढ्दैनन् ।
२९ व्यभिचार् गर्ने(को दण्ड) निश्चै यस्तै हुंछ
परायस्त्रीलाइ छुने जोसुकै होस् त्यो निर्दोषी ठहर्दैन ।

चोर्ले आफ्नु पेट् भर्नको लागि चोर्छ क
त लोगले त्यस्लाइ तुच्छ ठान्दैनन् . ३०
तर त्यो पकड़ा पर्यो भन्ये देखि त्यस्ले सात्दोबर् तिर्नु पर्छ ३१
अं आफ्नु घर्को सिंगै धन् दिनु पर्छ ।
आइमाइ सित व्यभिचार गर्ने चइं ता पूरो निर्बुद्ध हो . ३२
यस्तो गर्नले आफ्नु प्राण् नष्ट गर्नु खोज्द छ ।
त्यस्को भाग घायल् र निन्दित्हुवाइं हुंछ ३३
अनि त्यस्को गिल्ला कर्ले पनि मेटौदैन ।
किनभन्ये जलनले पुरुष् रागीयो ३४
अं साटो लिंने दिन्मां त्यो कोइ नरम् हुंदैन ।
त्यस्ले घूस् तिर पनि हेर्दैन ३५
तंले त्यस्लाइ धेरै धेरै दिइस् भन्ये पनि त्यस्ले मान्दैन ॥

ए मेरो छोरा मेरा कुरा मान् ७ १
अनि मेरा आज्ञाहरू आफ्कां राखि छोड् ।
मेरा आज्ञाहरू मान्येर जीइ रह् २
अनि मेरो अर्ती मेरा आंखाको नानी जस्तो जान् ।
तिनलाइ आफ्ना औंलामां बान्ध् ३
अनि आफ्नु हिर्दयको पाटीमां लेख् ।
बुद्धिलाइ भन् तं मेरा बैनी होस् ४
अनि बुझलाइ आफ्ना सखी भन् .
र यसोगरि तिनले तंलाइ परायस्त्री देखि बचाउंछन् ५
चिप्लाचाप्ला कुरा गर्ने बिरानी देखि ।
कसोगरिभन्ये मंले आफ्नु घर्को खिर्कि देखि ६
आफ्नु झ्याल् देखि चयायें
तब अज्ञानिहरूको बीचमां हेर्यें ७
अं तन्नेरिहरूको बीच्मां देख्यें
येउटा निर्बुद्ध जुवान्लाइ
त्यो त्यस् आइमाइको घर्को कुना छेउको बाटोमां हिंड्दै जांद रह्छ ८
अं त्यस्ले त्यस्को घर्का बाटो समात्येको थियो
दिन् ढलि गयेको र सांझ्बेला आइ हाल्येको थियो ९
अनि रातिको बाक्लो अंध्यारोले छाइ हाल्येको थियो ।
तब का देख्यें भन्ये त्यो सित भेट् गर्नुलाइ येउटा आइमाइ निस्की १०
जस्को भेष् बेश्येको थियो अनि त्यो मन् फकाउंने थिई ।
त्यो हल्ला मच उंने र चंचल् थिई ११
त्यो आफ्नु घर्मां रहंनु सक्दैन थिई .
त्यो कैले सटक्मां कैले चोक्मां हुंद थिई १२

अनि कुंना कुंनामां त्यो ढुकि बस्द थिई ।
१३ त त्येस्ले त्येस् जुवान्लाइ समात्येर चुमा खाई
अनि लाजछोड़ाईको चेष्टा गरि त्येस्लाइ भनी .
१४ मैंले मिलापबलि चढ़ाउंनु थियो
मैंले आफ्नु भाकल् आजु पूरो गर्यें ।
१५ येसै कारणले मं आफु सित भेट् गर्नुलाइ निकल्यें
मं आफुको दर्शनको खोजि थियें त एले भेटें र ।
१६ मैंले आफ्नु खाट्मां ओछ्यान्
अं मिस्रका बुट्टा काढेका लुगा ओछ्यायेको छु ।
१७ मैंले आफ्नु ओछ्यान्मां
मुर्र र अगर् र सिनकौलो छर्केको छु ।
१८ त आउंनु हवस् हांमिहरु बिहान् सम्म मन् बह्लाउंदै रहूं
हांमिहरु आपस्तको प्रीतिले आनन्दित् रहूं ।
१९ किनभन्ये मेरो लोग्ने घर्मां छैन
टाढ़ो देस्मां गइ गयेको छ .
२० त्येस्ले रुपियाको थैलो लग्येको छ
अनि दुनियामां फर्कि आउंछ भनि ।
२१ येस्तैयेस्ता धेरै मीठा मीठा कुरा गरि त्येस्ले त्येस्लाइ फंसाई
अनि आफ्ना चिप्लाचाप्ला ओंठले त्येस्लाइ आफ्नु ताबिमां पारी ।
२२ तब त्यो छिट्टै त्येस्को पछि पछि लागि हाल्यो
गोरु कसाईखानामां गयेको भैं
कि कोई मूर्ख साङ्लो भिर्येर दण्ड पाउंनुलाइ गयेको भैं
२३ त्यो पासो तिर छिटो छिटो उड्ने चरा जस्तो
अनि त्येस्मां मेरो प्राण् जांछ भनि जान्दैन
त्येसैगरि त्येस् तन्हेरिको पनि अन्तमां कांड्ले कलेजो छेड़ायो ।
२४ त अब हे मेरा छोराहरु हो मेरो सुन
अनि मेरो मुख्का कुरामां मन् लगाव ।
२५ तेरो मन् येस्ती आइमाइ तिर उत्रि न जावस्
अनि न त्येस्का मार्गमां हराउंदै पुग् ।
२६ किनभन्ये त्येस्ले धेरै जना घायल् भयेकाहरुलाइ मारि आफाल्येको छ
अं त्यस्ले मार्येकाहरु ठुलो सेना हुंछन् ।
२७ त्येस्को घर् पत्ताल् जाने बाटो छ
कालका कोठाहरुमां पुग्ने ॥

८ १ के बुद्धिले हापार्दैन
के बुझ्ले सारो सोरले भन्दैन ।

त्यो अलग ठांउहरूको थाम्रा थाम्रा हुंदा बाटोको छेउमां २
अनि दोबाटा दोबाटा हुंदो उभींद छ
ढोकाको छेउ सहरमां पस्ने बाटो निर ३
अं देलै निर त्यस्ले चर्को सोर्ले भन्द छ .
हे मान्छेहरू हो मं तिमिहरूलाइ हापाई छु ४
अनि मेरा कुरा मान्छेका सन्तान्हरूको लागि छ ।
हे अज्ञानीहरू हो चंखेइंको थाहा पाव ५
अनि हे मूर्खहरू हो आफनु मन्मां बूझ ।
सुन किनभन्या मं अस्सल् कुरा भन्छु ६
अनि मैंले मुख आउंदा त्यो देखि सोजा सोजा कुराहरू निस्कंछन् ·
किनभन्ये मेरा मुख् देखि सांचो सांचो कुराका बखान् हुंछ ७
अनि दुष्टैं देखि मेरा ओंठलाइ घिन् छ ।
मेरो मुख्का सब्बै कुरा धर्म्मका छन् ८
तिनिहरूमांको कुनै टेढो कि फेर्फार्को कुरा छ ।
बूझ्काहरूको लागि ति सब्बै सहज् ९
र ज्ञान् पाउंनेहरूको लागि ठीक् सोजा छन् ।
चांदी हांइन तर मेरो अर्ती चइं लेव १०
अनि निखरा सुन् भन्दा बसि ज्ञान् ससात ।
किनभन्ये बुद्धि मुंगामोति भन्दा पनि जाति छ ११
अनि मन्पर्दा कुरा सब्बै त्यस्का बराबर् पुग्दैनन् ।
मं अर्थात् बुद्धिले चतुराइंमां बास् गर्द छु १२
अनि ज्ञान् र बिबेक्को थाहा पाउद छु ।
परमेश्वरका भय् मान्नु भन्येको बुराइं देखि घिण राख्नु हो . १३
घमण्ड अहंकार् र नजाति चाल् देखि
र फेर्फार्का बात् देखि पनि मं घृण राख्द छु ।
अस्सल् जुक्ति र जाति बुद्धि मेरै हुन् . १४
मं ता बूझ हुं अनि पराक्रम् पनि मेरै हो ।
मेरै बाटोले राजाहरूले राज् गर्द छन् १५
अनि मालिक्हरूले धर्म्म सित निया गर्द छन् ।
मेरै बाटोले हाकिम् र भारदार्हरूले १६
अं पृथिवीका सब्बै बिचारीहरूले प्रभुतैं गर्द छन् ।
मं सित प्रेम् राख्नेहरू सित मं पनि प्रेम् राख्द छु १७
अनि सखारै उठि मंलाइ खोजनेहरूले मंलाइ पाउंछन् ।
मं सांथ धन् र मान् १८
अं ठहर्ने धन् र धर्म्म पनि छन् ।
जे मं दिंद छु त्यो सुन् अं निखरा सुन् भन्दा जाति छ १९
अनि मं देखि प्राप्त हुंने फल् अस्सल् चांदी भन्दा जाति छ ।

२० मं धर्म्मको बाटामा हिंड्द छु
अनि न्यायको डोरोमा हिंड्डुल् गर्द छु .
२१ मं मल प्रेम् राख्नेहरूलाइ धन्का भागी तुल्याउं
अनि तिनका भण्डार् भराइ दिउं भन्ने खातिर् ।
२२ यह्वेले मलाइ आफ्नु काम्को थाल्निमा
अं आफ्ना आदिकर्म्महरू भन्दा पहिलेइ रच्यो ।
२३ मं सदा देखि अं आदि देखि
पृथिवी हुंनु भन्दा पनि पहिले स्थापित् भयें ।
२४ जब न ता गहिरा थियें
अनि न पानीका मूल् तबनै मं निकालीयें .
२५ पर्वत् बसाल्येका भन्दा पहिले
अं डांड़ा स्थिर् न गरायेका हुंदा तबनै मं जन्म्ये .
२६ जब यह्वेले न पृथिवी अनि न मैदान्
न भूमिको धूलोको कनिका बनायेका थियो (तबनै मं जन्म्यें)।
२७ उस्ले स्वर्ग स्थिर् गर्दा मं उहीं थियें .
उस्ले गहिरो माथि आकाश् बनाउंदा .
२८ उस्ले आकाशलाइ माथि बाटो स्थिर् गर्दा
अनि गहिराका मूल् फुट्नु लाग्दा .
२९ उस्ले समुन्द्रको सिमाना ठहराउंदा
पानीले उस्को आज्ञा नाघ्नु न सकोस् भन्या .
उस्ले पृथिवीका जगको डोरो लगाउंदा .
३० तबै मं मूलकारीगर् झैं उ थांइ थियें
अनि दिन् दिन् उस्को सुखको भइ
र उस्को सामु आनन्द सित हांस्दै रहंद थियें ।
३१ मं उस्के बसाल्येको पृथिवीमा आनन्द सित हांस्द थियें
अनि मेरो सुख मान्छुका सन्तान्हरूको संगत् सित हुंद थियो ।
३२ त अब हे मेरा केटाहरू हो मेरो सुन .
किनभन्या ति मेरा बाटा समाइ रहंनेहरू धन्नकाहरू हुन् ।
३३ अर्ती सुन त बुद्धिमान् होओला
त्यो देखि माफ् न मांग ।
३४ मलाइ सुन्ने त्यो धन्नको हो
अं मेरो दैलोमा दिन् दिन् उभींद
र मेरा दैला दैलाका खांबाहरूमा हेरि रहंद छ ।
३५ किनभन्ये मलाइ पाउंनेले जीवन् चहिं पाउंद छ
अनि यह्वे देखि अनुग्रह पाउंद छ ।
३६ तर मेरो अपराध् गर्नेले आफ्नै प्राण माथि उपद्रैं गर्द छ .
मं देखि डाह राख्नेहरू मृत्यु सित प्रिति राख्नेहरू हुन् ॥

बुद्धिले आफ्नु घर् बनायेको छ ९ १
त्यस्ले आफ्ना सात् खाँबा गाड्याको छ .
त्यस्ले आफ्ना पशु मार्येको छ त्यस्ले आफ्नु दाखमद्दमां मसाला मिसायो २
अनि आफ्नु मेज् पनि लगायो ।
त्यस्ले आफ्ना दासीहरूलाइ डाक्नु पठायो ३
त्यो सहर्का अलग्गा अलग्गा ठांउहरूमां कराउंद छ
जो अज्ञानी छ त्यो फर्केर यहां आवस् . ४
जो निर्बुद्धि छ त्यस्लाइ त्यस्ले भन्द छ
आव मेरो रोटी खाव ५
अनि जुन् दाखमद्दमां मैले मसाला हाल्येको छु त्यो खाव भनि ।
हे अज्ञानीहरू हो तिनको संगत् त्याग त जाइ रहौला ६
अनि बूझ्को बाटोमां हिंड् ।

निन्दकलाइ अर्ती दिनेले अपजस पाउंछ . ७
अनि दुष्टलाइ हकार्नेले पनि दोषै पाउंछ ।
निन्दकलाइ न हकार् होइन भन्ये ता त्यस्ले तं सित डाह राख्छ . ८
बुद्धिमान्लाइ हकार् त त्यस्ले तं सित प्रेम् राख्छ ।
बुद्धिमान्लाइ अर्ती दे त त्यो झन् बुद्धिमान हुंछ . ९
धर्म्मीलाइ चेता त त्यस्ले बिद्या बढाउंछ ।
परमेश्वरको भय्मनाई बुद्धिको थालनि हो . १०
अनि अतिपवित्र (ईश्वर)लाइ जान्नु बूझ् पेड हो ।
किनभन्य मेरो बाटोले तेरो आयु बढ्छ ११
अनि तेरो जीवन्का बर्ष बढि हुंछन् ।
तं बुद्धिमान् भइस् भन्ये देखि आफ्नु बुद्धिको फल् तं आफैले भोग्छस् . १२
अनि तैंले ठट्टा गरिस् भन्ये देखि तं एक्लैले मात्रै दण्ड पनि भोग्छस् ।

मूर्ख आइमाइले खलाबेला मचाउंद छै १३
त्यो अज्ञान् छ अनि केहि जान्दैन ।
त्यो आफ्नु घर्को दैलामां १४
सहर्को अलग्गो ठांउमां पीरामां बस्येर
आफ्नु बाटो समाति सोझो हिंड्नेहरूलाइ १५
यसो भन्येर कराउंद छै
जो अज्ञानी छ त्यो फर्केर यहां आवस् . १६
जो निर्बुद्धि छ त्यस्लाइ त्यस्ले भन्द छै
चोरीयेको पानी मीठो छ १७
अनि लुकि लुकि खायेको रोटी मनपर्दो हुंद छ भनि ।
तर त्यस्ले जान्दैन त्यहां मर्येकाहरू छन् १८
अनि त्यस् आइमाइका निम्त्याराहरू पत्तालका गहीरामां छन् भनि ॥

१०१ सुलेमान्का उखान्।

बुद्धिमान् छोरो देखि बाबु खुशि हुंद छ.
तर मूर्ख छोरो देखि आंमा उदास् रहंछ।

२ दुष्टेहरूको धनले नाफा हुंदैन.
तर धर्म्मले मृत्यु देखि बचाउंद छ।

३ यहोवाले धर्म्मीका प्राणलाइ भोकले मर्नु दिंदैन.
तर दुष्टको इच्छे उसले धपाउंद छ।

४ जस्ले ढीलो हातले गर्न गर्छ त्यो कंगालि हुंछ.
तर फुर्ति गर्नेको हातले धनी तुल्याउंछ।

५ गर्मऋतुमां बटुल्ने बुद्धिमान् छोरो हो.
तर कटनीमां सुति रहने लाज् पार्ने छोरो हो।

६ धर्म्मीको थाप्रा मांथि धेरै आशीर्वाद् हुंद छन्.
तर दुष्टको उपद्रवले तिनिहरूका मुख् छोप्द छ।

७ धर्म्म गर्नेको सम्झनाले आशीर्वाद् दिंद छ.
तर दुष्टको नांउ कुहुंछ।

८ बुद्धिमान् मनले आज्ञा लिंद छ.
तर बकबके लाटा लड्छ।

९ जाति चालमां हिंड्ने निडर् भित हिंड्द छ.
तर बांगो बाटोमां हिंड्नेको चाल् प्रगट होइ जान्छ

१० आंखा चिम्चिम् गर्नेले दुक्ख दिंद छ.
तर बकबके लाटा लड्छ।

११ धर्म्मीको मुख् जीवनको मूल् हो.
तर दुष्टको उपद्रवले तिनिहरूका मुख् छोप्द छ।

१२ इर्षाले झगरा जन्मंछ
तर प्रेमले सबै अपराध् ढाक्द छ।

१३ बुझ्नेका बचनमां बुद्धि पाइंद छ.
तर निर्बुद्धिको लागि कोर्रा राखीएको छ।

१४ बुद्धिमान् लोगले ज्ञान् राखि छोड्द छन्.
तर मूर्ख बोल्नु बित्तिकै धंस होइ जांद छ।

१५ धनीको धन् त्यसको बलियो सहर् हो.
कंगालिको निर्धनले तिनको बिधंस हुंद छ।

१६ धर्म्मीको मिहीनतले जीवन् प्राप्त हुंद छन्
दुष्टलाइ जे बढ्ती हुंद छ त्यसमां पाप हुंद छ।

१७ अर्ती सुन्ने जीउंनिको बाटोमां हिंड्द छ.
तर हकारेदेखि मुख् फर्काउंनेले अरूलाइ बहकाउंद छ।

१८ द्वेष लुकाइ राख्ने झूठ् बोल्द छ
तर निन्दा फिंजाउंने चाहिं मूर्ख हो।

जहां धेर् बात् छन् त्यहां अपराध् पनि छ १९
तर आफ्नु मुख् थुनि राख्नेले बुद्धिको काम् गर्दछ ।
धर्मीको जिब्रो असल् चांदी जस्तो हो . २०
दुष्टको ता मनन् खिस्र हलुङ् छ ।
धर्मीका बचनले धेरैको जिबीका बनौँछ . २१
तर मूर्खहरू निर्बुद्धि भयेको कारणले मर्दछन् ।
परमेश्वरको आशीर्बादले मात्रै धनी तुल्याउंछ २२
अनि उस्ले त्यसमा दाम्तो मिसाउंदैन ।
मूर्खलाइ महापाप् गर्नु ठट्टा गर्नु जस्तो छ . २३
अनि बुझ्नेको पक्षमा बुद्धि रहंछ ।
दुष्टको भय् त्यो आफै मांथि आइ पर्छ . २४
अनि धर्मीको इच्छा पूरो हुंछ ।
बिपत्तिको बतास् आंधी गइ सको पछि दुष्ट अब रहंदैन २५
तर धर्मीचाहिंको जग् अनन्तको छ ।
सिर्काले दांत्लाइ र धुवांले आंखालाइ पिराये झैं २६
अल्छेले त्यस्लाइ पठाउंनेलाइ येस्तै दुःख दिन्छ ।
परमेश्वरको भय् मान्येकोले आयु बढ्छ छ . २७
तर दुष्टको जीवन् थोरै दिनको हुंछ ।
धर्मीलाइ आशा गर्न्याकोले रमाहट् लाग्छ छ . २८
तर दुष्टको आशा टुट्छ ।
परमेश्वरको चाल् शान्ति मान्छेको किल्ला हो २९
तर त्यइ चाल् खराब काम् गर्नेहरूको लागि बिध्वंस ।
धर्मी कले पनि सर्काइंदैन ३०
तर दुष्ट पृथिवीमा रहंदैन ।
धर्मीको मुखले बुद्धि ल्याउंछ छ . ३१
तर फरफारका कुरा गर्नेको जिब्रो काटिंछ ।
धर्मीका ओठले ता ग्रहणयोग्य् कुरा चिन्छन् ३२
तर दुष्टको मुख् देखि फरफारका कुरा निक्लंछन् ॥
छल्को तुला देखि परमेश्वरलाइ घिन् छ ११ १
तर पूरो ढक् देखि उ खुशि छ ।
अहंकार् आउंदा निन्दा पनि आउंछ २
तर नम्रमा बुद्धि हुंछ ।
सोजाहरूको अगुवा तिनिहरूको सच्चाइले हुंछ छ ३
तर छल् गर्नेको कपट्ले तिनिहरूको बिनास् हुंछ ।
रिसको दिन्मा धन्ले केही नाफा हुंदैन . ४
तर धर्मले मृत्यु देखि बचाउंछ छ ।

५ सिद्ध मान्छेको बाटो धर्म्मको कारणले सोझो हुंद छ .
तर दुष्ट आफ्नै दुष्टैईंको कारणले लड्द छ ।

६ सोझाहरुको बचाऊ तिनिहरुको धर्म्मको कारणले हुंद छ .
तर छल् गर्नेहरु आफ्नै दुष्टैंले फांसीछन् ।

७ जब दुष्ट मान्छे मर्द छ तब त्येस्को आशा टूट्द छ .
अनि व्यर्थ मांथि राखीयेको आशा नष्ट हुंद छ ।

८ धर्म्मी बिपत्ति देखि बचाईंन्छ
अनि त्येस्को ठांउमा दुष्ट त्येसै बिपत्तिमा पर्छ ।

९ भक्तिहीनले आफ्नु छिमेकिलाइ आफ्नै मुखले बिगार्द छ .
तर धर्म्मी ज्ञानको बाटोले बचाईंछ ।

१० जब धर्म्मीको कल्याण् हुंद छ तब सहर् खुशि हुंद छ ।
अनि जब दुष्ट नष्ट हुंद छ तब कराईं हुंद छ ।

११ सोझाहरुको आशीर्वादले सहर्को बढ्ती हुंद छ .
तर दुष्टहरुको मुखले त्यो भत्काईंद छ ।

१२ आफ्नु छिमेकिलाइ तुच्छ जान्नु निर्बुद्धि हो .
तर बूझ्दो मान्छे चुप्चाप् रहंद छ ।

१३ कुरा ओसार्नेले भेद् प्रगटो गर्द छ .
तर बिश्वासीले कुरा लुकाइ राख्द छ ।

१४ जहां बुद्धिको अगुवा छैन त्यहां प्रजाहरु बिपत्तिमा पर्द छन् .
तर मंत्रीहरु धेर् हुंनाले बचाऊ हुंद छ ।

१५ बिरानुको जमानी हुंनेले सारो दुक्ख उठाउंछ .
तर जमानत् देखि घिनाउंने निडर् रहंद छ ।

१६ अनुग्रह् गर्ने स्त्रीले मान् छ्याउंदीन .
अनि न बलियाहरुले धन् ञ्राउंछन् ।

१७ कृपालुले आफ्नै प्राणको भलाई गर्द छ .
तर निष्ठुरले आफ्नै जीउलाइ दुक्ख दिंद छ ।

१८ दुष्टले छलको काम कमाउंद छ .
तर धर्म्मको बिउ रोप्नेले निस्से फल् पाउंछ ।

१९ धर्म्ममा स्थीर् भइ रहंनेले जीवन् पाउंछ .
तर बुराई पछ्याउंने मृत्युको गांस् हुंछ ।

२० मनका बाङ्गाहरु देखि परमेश्वरलाइ घिन् लाग्द छ .
तर उ सांचो चालकाहरु देखि खुशि रहंद छ ।

२१ हात् सङ्ग हात् मारीयो भन्ये पनि नजानि मान्छे निस्से निर्दोष् ठहरीदैन .
तर धर्म्मीको बंश बचाईंछ ।

२२ बिबेक् बिनाको सुन्दरी आइमाइ
सुंगुरको नाकमा सुनको नत्थ लायेको जस्तो हो ।

धर्म्मीको लालसा खालि भलाइँने गर्न मात्रै छ . २३
तर दुष्टको आशाको फल् कोप्पि हुंद छ ।
येस्ता लोग् पनि छन् जुन्हरूले छरपछ्र पार्छन् तैपनि तिनको २४
बढ्‌तीने हुंद छ
अनि येस्ताहरू पनि छन् जुन्हरूले हात खोखि कम् दिंद छन् तर्पनि
तिनिहरूको घटिने हुंद छ ।
उत्तितो मन् गर्ने प्राणी मोटाताजा हुंछ . २५
अनि अरूहरूलाइ शित्तल् गराउंने आफैको मन् पनि शित्तल् गराइंछ ।
आफ्नु अन्न राखि छोडुनेलाइ मान्छेहरूले स्रापछन् . २६
तर त्यो बेच्नेको सिर् माथि आशीर्वादै पर्छ ।
जतन् सित भलाई खोज्नेले अरूको सुक्ख खोज्द छ . २७
तर अरूको बुराईको खोजी हुंने माथि बुराई आइ लाग्छ ।
धन् माथि भरोसा राख्ने चाहिं लड्छ . २८
तर धर्म्मीहरू चाहिं हरीयो पालुवा झैं लहलहाउंछन्
आफ्नु जहान्लाइ दुक्ख दिनेचाहिंको भाग् हावा मात्रै हुंछ . २९
अनि मूर्ख चाहिं बुद्धिमान्को दास् हुंछ ।
धर्म्मीको फल् जीवन्को वृक्ष छ ३०
अनि बुद्धिमान् मान्छेले लोगको मन् मोहित् गराउंद छ ।
हेर धर्म्मीले पनि आफ्नु कामको फल् यसै लोकमा भोग्द छ ३१
त झन्‌मागि कति ज्यास्तिगरि दुष्ट र पापीले भोग्दैनन् ॥
अर्ती सित प्रिति गर्नेले ज्ञान् सित पनि प्रिति राख्द छ . १२ १
तर धर्कको देखि इर्षि राख्नेचाहिं पशु जस्तै हो ।
भलो मान्छे माथि यहवेको अनुग्रह पर्छ . २
तर नजाति जुक्ति गर्नेलाइ उसले दोषी ठहराउंछ ।
दुष्टाईको कारणले मान्छे स्थिर् हुंदैन . ३
तर धर्म्मीको जरा उखेलीदैन ।
धर्म्मी श्राइमाइ आफ्नु लोग्नेको मुकुट् हो . ४
तर लाजको काम् गर्ने त्यसका हाडूहरू कुहिने कारण् हुंद छ ।
धर्म्मीहरूका बिचारहरू नियाका हुंद छन् . ५
तर दुष्टका कल्पनाहरू छलै छन् ।
दुष्टहरूका कुराहरू रगत् बहाउंनुको लागि ढुकि बस्ने बिषयमा हुंद छन् . ६
तर सोजाहरू चाहिं आफ्नु कुराको बाटोले बांच्छन् ।
दुष्टहरू उल्टाईये पछि फेरि ठहर्दैनन् . ७
तर धर्म्मीहरूका घर् स्थिर् रहंछ ।
मान्छे त्यसको बुद्धि अनुसारको हिसापले सराहिंछ . ८
तर बांङ्गो मन् हुंने मान्छे तुच्छ जानिंछ ।

९ जो खानेपीउने बिषयमा दुखिया छ त्यपनि बढाई गर्द छ
त्यो भन्दा दास् हुने तुच्छ मान्छे जाति ।

१० धर्म्मीले आफ्ना पशुहरुको प्राणको लेखा राखद् छ .
तर दुष्टहरुको ता दया पनि निर्दयानै हुंद छ ।

११ जस्ले आफ्नु बारीका जोतकुर् गर्द छ त्येस्का धेरै अन्न हुंछन् .
तर तुच्छ गर्ने मान्छेहरुको संगत् गर्ने निर्बुद्धि हो ।

१२ दुष्टले बुराहरुको जालको इच्छे गर्द छ .
तर धर्म्मीको जरा पुष्ट रहंछन् ।

१३ बुरो मान्छे आफ्नु कुबचनको पासोमा पर्द छ .
तर धर्म्मी चहिं संकट् देखि निस्कंछ ।

१४ सज्जन् आफ्नु बचनको बाटोले भलाईले तृप्त हुंछ .
अनि त्येस्को जस्तो काम् छ त्येस्को तेस्तै फल् हुंछ ।

१५ मूर्खलाइ आफ्नु चाल् सोझो जस्तो लाग्द छ .
तर सल्लाह् मान्ने चहिं बुद्धिमान् हो ।

१६ मूर्खको रिस् तुरुन्तै जानींछ .
तर चतूरले अपजस् प्रगटो गर्दैन ।

१७ सांचो बोल्नेले धर्म्म प्रगटो गर्द छ
तर झूठो साक्षीले छल् प्रगटो गर्द छ ।

१८ कत्तिको बोली तरवार् गाड्दायेको जस्तै छ .
तर बुद्धिमान्हरुको जिब्रोले कुशलक्षेम् दिंद छ ।

१९ सांचो कुरो भन्ने ओठ् सदा सम्म स्थीर् रहंछ .
तर झूठ् बोल्ने जिब्रो पलभरको मात्रै हो ।

२० नजाति जुक्ति गर्नेको मनमा छल् रहंद छ .
तर मेलको जुक्ति गर्नेहरुलाइ आनन्द हुंद छ ।

२१ धर्म्मीको बिपत्ति हुंदैन .
तर दुष्टहरु बुराईले भरीछन् ।

२२ झूठ् बोल्ने ओठ् देखि परमेश्वरलाइ घिन छ .
तर उ बिश्वास् सित काम् गर्नेहरु देखि खुशि हुंद छ ।

२३ चतूरले आफ्नु ज्ञान् प्रगटो गर्दैन .
तर मूर्खहरुले मूर्खइं ठूलो सोरले प्रचार् गर्द छन् ।

२४ फुर्ति गर्नेको हातले प्रभुताइं गर्छ .
तर अल्छे चहिं रास्तामा पक्रडा पर्छ ।

२५ मान्छेयेको मनलाइ उदासले निहुराउंद छ
तर शान्ति दिने बचनले त्यो खुशि गराउंद छ ।

२६ धर्म्मी आफ्नु छिमेकीको अगुवा हुंद छ .
तर दुष्टको चालले तिनिहरुलाइ भर्माउंद छ ।

अल्छेले आफ्नु शिकार् लगाईन . २७
तर फुर्ति गर्नेले अमोल् अमोल् थोक् पाउंद छ ।
धर्म्मको बाटोमा जीउंनि छ २८
अनि त्यसको मार्गमा काल् छैन ।
बुद्धिमान् छोरोले आफ्नु बाबुको अर्थी सुन्द छ . १३ १
तर निन्दकले धम्कि पनि मान्दैन ।
सज्जनले आफ्नु बचनको बाटोले जाति थोक् खान् पाउंछ . २
तर अविश्वासीका इच्छे उपद्रेई तिर लागछ ।
आफ्नु मुख् जोगाउंनेले आफ्नु प्राणलाइ पनि जोगाउंद छ . ३
तर ओंठ् फुकाउंनको नाम् हुंछ ।
अल्छेले इच्छे ता गर्द छ तर त्यस्ले केइ पाउंदैन . ४
तर फुर्ति गर्नेचइंको मन् मोटाताजा हुन्छ ।
धर्म्मीले झुठो कुरो देखि घिन् गर्द छ . ५
तर दुष्ट गन्हाउंद छ अनि लाजमा पर्द छ ।
जाति चालमा हिंड्नेलाइ धर्म्मले रक्षा गर्द छ . ६
तर दुष्टेईले पापीलाइ उल्टाउंद छ ।
यस्तो मान्छे छ जो आफ्नु सिर्जौसित्ले धनी हुन्द छ तर त्यसको केइ रहंदैन . ७
यस्तो पनि छ जस्ले आफ्नु धन् बिलाउन्द छ तर पनि त्यसको धेरै धन् छन् ।
मान्छको प्राण् छोडाउंने धन् हो . ८
तर निर्धनीचइंले धम्कि पनि सुन्दैन ।
धर्म्मीको बत्ती ता रमाइ रमाइकन चम्कि रहंद छ . ९
तर दुष्टको दीयो निभाइंछ ।
अहंकार् देखि खालि झगरै मात्रै हुंद छ १०
तर सल्लाह् मान्नेहरूका बुद्धि छ ।
मित्तइंको धन् घटाइंछ . ११
तर हात्ता सित बटुल्नेचइंको बढ्तो हुंद छ ।
आशा पूर्ण अबेर् हुंनाले मन् मैलाउंद छ . १२
तर इच्छे पूरो भयो भन्ये जीवनको रुख जस्तो हो
बचन् तुच्छ जान्ने चइं नष्ट हुंद छ . १३
तर डर् सित आज्ञा मान्नेले प्रतिफल् पाउंछ ।
बुद्धिमानका अर्थी जीवन्को मूल् जस्तो छ १४
मृत्युका पासाहरू देखि बचाउंनुलाइ ।
भलो बूझको कारणले अनुग्रह् हुंद छ . १५
तर अविश्वासीको मार्ग बनजंगल् जस्तो छ ।
सबै चतुरहरूले ज्ञान् सित काम् गर्द छन् . १६
तर मूर्खले मूर्खइं फिंजाउंद छ ।

१७ दुष्ट दूत् बुराईमां फांसींद छ .
तर विश्वासो दूत् देखि कुशल् छ ।
१८ अर्ती न मान्नेले निर्धन् र अमान् पाउंछ
तर हकराई मान्नेको मान् हुंछ ।
१९ इच्छे पूरो भयेकोमां मनलाइ प्रीति लाग्द छ .
तर बुराई देखि अलग रहंनु मूर्खहरूलाइ घिन्लाग्दो छ ।
२० बुद्धिमान्हरूको संगत् गर् त तं पनि बुद्धिमान् हुंछस् .
तर मूर्खहरूको मायोले दुकव पाउंछ ।
२१ बुराई पापीहरू पछि पछि दुगुद छ .
तर धर्म्मीहरूलाइ प्रतिफल् मिल्छ ।
२२ भलो मान्छेले आफ्ना नाति पनातिहरूलाइ पनि आफ्नु भागको अधिकारी तुल्याउंद छ
अनि पापीको धन् धर्म्मीको लागि राखींद छ ।
२३ कंगालिले जोतछर् गर्यो भन्ये देखि धेरै खांने थोक् पाउंद छ .
तर येस्ताहरू पनि छन् जो अन्येको कारणले मेटींद छन् ।
२४ छोरा मांथि छरि न चलाउंने त्येसको वेरी हो .
तर त्यो सित प्रेम् राख्नेले त्येसलाइ बालखै देखि सिकाउंद छ ।
२५ धर्म्मीले मन् तृप्त गरि खांनु पाउंद छ .
तर दुष्टहरूको पेट्लाइ भोकले घांट हुंछ ॥
१४ १ सबै बुद्धिमान् आइमाइहरूले आफ्नु आफ्नु घर् बनाउंद छिन् .
तर मूर्ख आइमाइहरूले त्यो आफ्नै हातले भत्काइ दिंद छिन् ।
२ सोझेइ मङ हिंड्नेले परमेश्वरका भय मान्द छ .
तर टेढो चालमां हिंड्नेले उसलाइ तुच्छ ठान्द छ ।
३ मूर्खको मुख देखि अहंकारको फोपोला निस्कंद छ .
अनि बुद्धिमान्हरूले आफ्ना ओंठका बाटोले रक्षा पाउंद छन् ।
४ जहां गोरु छैन तहां गोठ चोखो छ .
तर गोरुको बलले ठूलो नाफा हुंद छ ।
५ सांचो साक्षी झूठ् बोल्दैन .
तर झूठा साक्षी झूटै बोल्दै रहंद छ ।
६ निन्दकले बुद्धि खोजद ता छ तर त्यो पाउंदैन .
तर बूझकोलाइ ज्ञान् सहजै आउंछ ।
७ मूर्ख देखि अलग होइ जा
किनभन्ये तंले त्यो देखि ज्ञानको कुरो कलेइ पाउंदैनस् ।
८ चतुर् मान्छेको बुद्धि त्येसका चाल् चलन् बूझ्नुमां छ .
तर मूर्खको मूर्खई छल् मात्रै छ ।
९ मूर्खहरूले दोषी हुंनु ठट्टा जान्द छन् .
तर सोझाहरू मांथि अनुग्रह हुंद छ ।

एक् एक्को मन्ले आफ्नु आफ्नु दुकव जान्द छ . १०
अनि त्येस्को आनन्दको मर्ममां कोई बिरानु मिसौंदैन ।
दुष्टको घर् भत्काइंछ . ११
तर सोजाको पाल् लहलहाउंछन् ।
मान्छेलाइ ठीक् लाग्ने बाटो ता छ १२
तर त्येस्को अन्तमां मृत्युने फल्छ ।
हांस्दै गर्दाखेरि पनि मन् उदास् रहंद छ १३
अनि आनन्दको अन्तमां शोक् हुंद छ ।
जस्को मन् हटद छ त्येस्ले आफ्नु चालको फल् भोग्छ . १४
अनि भलो मान्छे आफ्नै कर्म्मको फल्ले अघाउंछ ।
अबुझ्ले सबै कुरो पत्याउंद छ . १५
तर चतुर् मान्छे जानिबुझिकन हिंडद छ ।
बुद्धिमान् डराइकन बुराई देखि हटद छ . १६
तर मूर्ख अट्टेरि भइ डराउंदैन ।
छिटो रिसाउंनेले मूर्खईको काम् गर्छ . १७
अनि नजानि जुक्ति निकाल्ने देखि लोगले डाहा गर्दछन् ।
अबूझ्को भाग् मूर्खईने हुंद छ . १८
तर चतुर्लाइ ज्ञानको मुकुट् पहिर्याइ दिइंछ ।
दुष्टहरू भलादमीहरूको सामु निउंरद छन् १९
अनि अधर्म्मीहरूले धर्म्मीका ढोकामां दण्डवत् गर्द छन् ।
कंगालि देखि ता त्येस्को छिमेकिहरूले पनि घिनाउंद छन् . २०
तर धनाका ता धेरै मित्रहरू हुंद छन् ।
जस्ले आफ्नु छिमेकिलाइ तुच्छ ठान्द छ त्येस्ले पाप् गर्द छ २१
तर कंगालि माथि अनुग्रह गर्ने धन्यको हुंद छ ।
नजानि जुक्ति निकाल्ने को भ्रममां पर्दैन . २२
तर भलो जुक्ति निकाल्नेसित करुणा र सच्चाईको वहोरा गर्छ
सबै कामगराईमां नाफै हुंछ . २३
तर ओठकोबकाईले खालि घटि मात्रै हुंद छ ।
बुद्धिमानहरूको धन् तिनिहरूको मुकुट हो . २४
अनि मूर्खहरूको मूर्खई खालि मूर्खईने छ ।
सांचो साक्षीले प्राणहरूलाइ बचाउंद छ . २५
तर झूठ बोल्ने चइं दखि छलै हुंद छ ।
यहवेको भय् मान्येकोमां बलियो भरोसा हुंद छ . २६
अनि त्येस्का छोराहरूले शरणस्थान् पाउंछन् ।
यहवेको भय् मान्नु आउंनिको मूल् हो २७
मृत्युका पासाहरू देखि बांच्नुलाइ ।

२८ राजाको बड़ाई प्रजा धेर् भयेकोले हुंछ
तर जहां कम् प्रजा छन् त्यहां मालिकहरू नाश् हुंद छन् ।
२९ रिस्मां धीमा हुंने बड़ा बुझको हो .
तर मिचाहाले मूर्खईंको बढ़ती गर्द छ
३० शान्त मन् शरीर्को जीवन् हो .
तर मन् डाहकोले हाड़्हरू कुहुंद छन् ।
३१ कंगालि मांथि मिचाइं गर्नले आफ्नु कर्त्ताको निन्दा गर्द छ .
तर दीन् मांथि अनुग्रह् गर्नले उस्को महिमा गर्द छ ।
३२ दुष्ट बुराइं गर्दा गर्दै नष्ट होइ जांछ .
तर धर्म्मीलि चइं मृत्युमां पनि शरण पाउंद छ ।
३३ बुझकीको मन्मां बुद्धिले बास् गर्येको हुंछ .
तर मूर्खको अन्तःकरणमां भयेको कुरो प्रगटो होइ जांछ ।
३४ धर्म्मले जातिगणको उन्नती गर्द छ .
तर पापले सबै लोग् लोगहरूको निन्दा हुंद छ ।
३५ बुद्धि सित काम् गर्ने दास् मांथि राजाको प्रसाद् छ .
तर लाज्को काम् गर्ने मांथि उस्को क्रोध् पर्छ ॥
१५ १ नरम् उत्तरले क्रोधलाई फर्काउंद छ .
तर ताता बचनले रिस् उठाउंद छ ।
२ बुद्धिमानको जिब्रोले ज्ञानको ठीक् बखान् गर्द छ .
तर मूर्खहरूको मुख् देखि ता मूर्खईंने ओंला आउंद छ ।
३ यहवका आंखा सब्बैने ठाउमां लागि राखेका हुंद छन्
बुरा भला दुवैलाइ हेरि रहंदै ।
४ शान्ति दिने जिब्रो जीवन्को रूख हो .
तर फर्फारका कुराले मन् दुखित् हुंद छ ।
५ मूर्खले आफ्नु बाबुको शिक्षाको निन्दा गर्द छ .
तर हकराइ मान्नु चतुर् हुंछ ।
६ धर्म्मीको घर्मां धन् धेरै छ .
तर दुष्टको कमाइंमां दुःख सिमानाको हुंद छ ।
७ बुद्धिमान्हरूका ओठले ज्ञान् फिंजाउंद छन् .
तर मूर्खको मन्ले ऐसो गर्दैन ।
८ दुष्टले चढ़ायेको बलिदान् देखि यहवलाइ घिन् लागद छ .
तर उ सोझाहरूको प्रार्थना देखि खुशि हुंद छ ।
९ दुष्टको चाल् देखि यहवलाइ घिन् लागद छ .
तर धर्म्म पछ्याउंने देखि यहवले प्रेम् गर्द छ ।
१० बाटो छोड्नेले ठुलो दण्ड पाउंछ .
अं हकार्पकार् देखि हाकि राख्ने मर्छ ।

पत्ताल् र विनास् यहूवाको सामु खोला छन् . ११
त झन् मान्छेहरुको सन्तानको मन् उसको सामु किन खोला छन् ।
निन्दक् हकारीदा खुशि हुंदैन . १२
न त्यो ज्ञानी थांड जांछ ।
रमाईट मन्ले मोहोडा खुस् पार्छ छ . १३
तर मन्को सुर्नाले आत्मा निराश् हुंद छ ।
बुझकाको मन् ज्ञान्को खोज्मा रहंद छ . १४
तर मूर्खहरुको मुख्ले मूर्खइ खांद छन् ।
दुखियाका ता सबै दिन् दुकका हुंद छन् . १५
तर खुश्मन् हुनेको ता सदा भोज्मा हुनेको जस्ते ।
मनको घबराहट् सित राख्याका धेरै धन भन्दा १६
यहूवाको भय् सित राख्याको थोरै धन् जाति ।
डाहा सित भएको पलुवा बहरको मासु भन्दा १७
प्रेम् सित भएको साकपातको भाग्मा जाति ।
छिटो रिस् गर्नेले झगरा उठाउंद छ . १८
तर थामोइकन रिस् गर्नेले झगरा मेटद छ
अलछिको मार्ग कांडाले बार्याको जस्तो छ . १९
तर सोजोको बाटो मूल्बाटो छ ।
बुद्धिमान् छोरो देखि बाबु खुशि हुंद छ . २०
तर मूर्खले चइं आफ्ना आमालाइ तुच्छ ठान्द छ ।
निर्बुद्धि मान्छे मूर्खइं देखि खुशि हुंद छ . २१
तर बुझका चइं सोजो चाल्मा हिंडद छ ।
सल्लाह् विनाका काम् निष्फल् हुंद छन्
तर धेरै मंत्रीहरु देखि सल्लाह् बलियो गराइंद छ । २२
सज्जन् मान्छे आफ्नु मुखको उत्तरले आफै खुशि रहंद छ . २३
अनि ठीक् बेलामा भनीयेका कुरा कति जाति ।
बुद्धिमान्को लागि जीवन्को बाटो उंभो तिर जांद छ २४
त्यो पत्ताल् झर्नु देखि बांचोस् भन्येर ।
यहूवाले अहंकारीका घर् उखेलि दिंछ . २५
तर उसले रांडीको सांध् बलियो गराउंछ ।
नजाति जुक्ति देखि यहूवालाइ घिन् लागद छ . २६
तर मनपर्दा कुराहरु पवित्र छन् ।
नाफाको लोभीले आफ्नु जहान्लाइ दुकख दिंद छ . २७
तर घूस् देखि घिन् गर्ने जीइ रहंछ ।
धर्मीले उत्तर् दिनुलाइ गुन्द छ . २८
तर दुष्टको मुख् देखि नजाति कुरा उम्लि आउंद छन्

२९ यहूवे दुष्टहरू देखि टाढ़ो रहंद छ .
तर उस्ले धर्म्मीहरूको प्रार्थना सुन्द छ ।
३० आंखाको चमकले मनलाइ खुशि पार्द छ .
अनि जाति समाचारले हाडुहरूलाइ पुष्ट गराउंद छ ।
३१ जीउंन दिने हकारांई तिर कान् थापि सुन्ने
बुद्धिमानहरू सित बस्छ ।
३२ अर्थी न सुन्नेले आफनु प्राण् देखि घिनाउंद छ .
तर हकारांई मान्नले बुद्धि पाउंद छ ।
३३ यहूवेको भय मान्नु बुद्धिको अर्थी हो
अनि मान् भन्दा पहिले नरमंई छ ॥

१६ १ मनको तियारी मान्छेइको नाविमां छ .
तर जिब्रोको उत्तर् यहूवेक पट्टि बाटो छ ।
२ मान्छेका सबै चाल् आफने लेखिमां ता पवित्रै छन् .
तर आत्मा तौलने यहूवेनै छ ।
३ आफना कामहरू यहूवे मांथि हाल्
अनि तेरा फिक्रिहरू थोगे गराईछन् ।
४ यहूवेले जेसुकै थोक् पनि आफनु अर्थले बनायेको छ .
अं दुष्टलाइ पनि बुरो दिनको लागि ।
५ मनको अहंकारी जनगे देखि यहूवेलाइ घिन् छ .
हात् सङ् हात् मांगीयो भन्य पनि त्यो बिना दण्ड रहंदैन ।
६ अधर्म्मको प्रायश्चित्त कृपा र सच्चंई सित हुंद छ .
अनि यहूवेको भयमनाईले मान्छे बुराई देखि जांद छन् ।
७ जब मान्छेको चाल् यहूवेलाइ मन् पर्द छ
तब उस्ले त्येस्लाइ त्येका सत्तुरहरू सित पनि मेल् गराइ दिंद छ ।
८ अन्ये सित गरायेको ठुलो नाफा भन्दा
निया सितको थोरै प्राप्ति जाति ।
९ मान्छेले ता आफनु बाटोको बिषयमां गुन्द छ .
तर यहूवेले त्येस्का कदम ठहराउंद छ ।
१० राजाका ओंठ देखि दिब्ये बचन् निकलंद छ .
नियामां त्येस्को मुख देखि अन्ये हुंदैन ।
११ ठीक् तुलो र कांटा यहूवेका हुन् .
थैलीका सबै ढकहरू उसैका हुन् ।
१२ दुष्टंई गर्नु राजाहरूको लागि घिनलाग्दो काम् छ .
किनभन्ये तिनिहरूका सिंहासन् धर्म्मले मात्रै स्थिर् रहंद छ ।
१३ धर्म्मी ओंठहरू देखि राजाहरू खुशि हुंद छन् .
अनि सोजा कुरा गर्नेहरू सित तिनिहरूले प्रेम् गर्छद छन् ।

राजाको रिस् कालदूत् जस्तै छ . १४
तर बुद्धिमान् मान्छेले त्यो शित्तल् गराउंछ ।
राजाको नजर्को ज्योतिमां जीवन् छ १५
अनि त्यसको कृपा अन्तभागको बादल् जस्तो ।
बुद्धि पाउंनु सुन् भन्दा कति जाति छ . १६
अं बूझ् पाउंनु चांदी भन्दा बेसि छानींने माफिक्को छ ।
बुराई देखि पन्सींनु सोजाहरूको लागि अलगो बाटो हो १७
आफ्नु चाल्को जगेरा गर्नेले आफ्नु प्राणको पनि रक्षा गर्दछ ।
नास् भन्दा अगाडि शेषा १८
र लड्नु भन्दा पहिले अहंकार् आउंदछ ।
अहंकारी सित लूट् बांड्नु भन्दा १९
दीनहरू सित मनोस् हुंनु निको ।
जस्ले बचन् मांथि मन् लगाउंदछ त्यस्ले कल्याण् पाउंछ . २०
अनि यहवे मांथि भरोसा राख्ने खुशि रहंदछ ।
मनको बुद्धिमान् चहं बूझको भनीछ . २१
अनि मीठो बाका उचार्थेको बाटोले ज्ञान् बढ्दछ ।
बुद्धि सित हिंड्नेलाइ जीवनको मूल् छ . २२
तर मूर्खलाइ अर्थी दिएको फल् मूर्ख छ ।
बुद्धिमान्हरूको मन्‌ले त्यसका मुखलाइ अर्थी दिंदछ २३
अनि त्यसका ओठले धेरै शिक्षा ।
रसीला बचन् महका चाका जस्ते छन् २४
जो मनलाइ मीठो लागद छन् अनि हाडहरूलाइ जीवन् ।
मान्छेलाइ सोजो लाग्ने एउटा बाटो ता छ २५
तर त्यसको अन्तमां मृत्युको बाटो छ ।
काज्लाइ त्यसको पेट्ले त्यसलाइ दास्तो गर्न् लाउंदछ २६
कसोगरिभन्या त्यसको भोक्ले त्यसलाइ त्यस्तो गराउंदछ ।
बिकामफक्कड्ले बुराई खोदलि खोदलि निकाल्दछ २७
अनि त्यसका कुराले डड़ाउंने आगो लागद छ ।
टेढो मान्छेले धेरै झगरा फैल्याउंदछ . २८
अनि साउति गर्नेले ठूल्ठूला मित्रहरूमां फाटो गराउंदछ ।
उपद्रे मान्छेले आफ्नु छिमेकिलाइ फकाउंदछ २९
वहांदेखि त्यसलाइ कुमार्गमां लैजांदछ ।
आंखा झिम्झिमाउंनेले मनमां कुरा कल्पंदछ . ३०
अनि ओंठ् चलाउंनेले नजाति कुरा निकाल्दछ ।
पाकेका केस् शोभाका मुकुट् हुन् ३१
धर्मको बाटोमां हिंड्यो भन्ये देखि ।

३२ रिस्‌मां धीमा हुने सामर्थी भन्दा बलियो हो
अनि आफ्नु आत्मालाइ ताविमां राख्‌ने सहर् लिने भन्दा सामर्थी ।
३३ चिट्ठा हालींद ता छ .
तर त्येस्को पूरो ठहराबट् यहोवे पट्टि बाट्टो छ ॥

१७ १ झगरा सित भयेको घर्‌भरिको मिलाप् बलिदान्‌को भोज् भन्दा
मिलाप् सित भयेको निस्तो गांस् निको ।
२ ज्ञान् सित काम् गर्ने दासले लाज् पार्ने छोरो मांथि अधिकार् चलाउंछ
अनि भाईहरूको बीच्‌मां हिस्सा पाउंछ ।
३ चांदीको लागि हांडि र सुन्‌को लागि खरूवा छ .
तर अन्तःकरण् जांच्‌ने यहोवेने छ ।
४ कुकर्म्मीले दुष्ट कुरा सुन्द छ
अनि ढांटुवाले कुवचन् सुन्द छ ।
५ कंगालि मांथि हांस्‌नेले त्यस्को कर्त्तालाइ दोष्याउंद छ .
अनि अर्काको विपत्ति देखि हांस्‌ने बिना दण्ड छुट्‌दैन ।
६ छोराछोरीका छोराछोरी बूढाहरूका मुकुट् हुन्
अनि छोराछोरीको महिमा तिनिहरूका आमा बाबु ।
७ मूर्खलाइ जाति कुरा सुवाउंदैन .
न भन्‌सारो मालिक्‌लाइ ढांट् कुरा कहां सुवाउंछ
८ मांगान् पाउनेको नजर्‌मां त्यो मणि जत्तिकै छ .
जता जता जांद छ उता उतै सुफल हुंद छ ।
९ अर्काको अपराध् लुकाउने प्रेम्‌को खोजी हो .
तर अर्काको कुरा घरि घरि दोहोर्याउनेले ठुला ठुला मित्रहरूमां फाटो
गराउंद छ ।
१० वचन्‌को एक् घुर्कि बूझ्‌कोको मन्‌मां जति गाड्छ
जति मूर्खको मन्‌मां सै कोर्राले पनि गाड्दैन ।
११ दुष्ट जन्‌ले झगरै मात्रै खोजि हिंड्द छ
येस्कारण् त्यो पाछि निठुर् दूत् पठाइंछ ।
१२ छाउरा खोसायेकी भालु सित भेट्‌नु
मूर्ख सित त्येस्ले आफ्नु मूर्खै गर्येको बेलामां भेट्‌नु भन्दा जाति ।
१३ जस्ले भलाईको साटोमां बुराई गर्द छ
त्येस्को घर् देखि बुराई कहिल्यै जांदैन .
१४ झगराको थाल्‌नि पानी फुटि निस्कनु जस्तै छ .
येस्कारण् त्यो बढ्‌नु भन्दा पहिले रिस् छोडि दिहाल् ।
१५ जस्ले दुष्टलाइ निर्दोष् अनि जस्ले धर्म्मीलाइ दोषी ठहराउंद छ
ति दुवै देखि बराबर् यहोवेलाइ घिन् छ ।
१६ मूर्खले दाम् किन हात्‌मां लि हिंड्द छ कि बुद्धि किन्‌लाइ त्यो त
किनभन्ने त्येस्को समझ् छैन ।

मित्रले सब्बै समयमा प्रेम गर्दछ १७
अनि भाइ विपत्तिको दिन्को लागि जन्मेको छ ।
निर्बुद्ध मान्छेले हात् मार्दछ १८
अनि आफ्नु छिमेकिको जमानि हुंदछ ।
झगडा गर्नु प्यारो गर्नेले अपराध् गर्नुमा पनि प्रेम् गर्दछ . १९
अनि आफ्नु ढोका अग्ल्याउंनेले नाश् खोज्दछ ।
जो मनमा टेडो छ त्यस्को भलो हुंदैन . २०
अनि बाङ्गो जिब्रो हुंने विपत्तिमा पर्छ ।
मूर्खलाइ जन्माउंनेलाइ सुर्ता हुंछ . २१
अनि मूर्खको बाबुलाइ कोइ रमाहट् छैन ।
खुश्मन् जाति औषति जस्तै छ २२
तर भांचोयेको आत्माले हाड्हरूलाइ सुकाउंदछ ।
दुष्ट मान्छेले खोकोला बाटो घूस् निकाल्दछ २३
नियाको बाटो बिगार्नुको लागि ।
बुद्धि बुझकोका आंखाकै सोझि छ . २४
तर मूर्खका आंखा पृथिवीको छेउ सम्म दुगुर्दछन ।
मूर्ख छोरो त्यस्का बाबुको लागि विपत्तिनै छ २५
अनि त्यस्लाइ जन्माउंने आमाको लागि तीतेइं ।
धर्मीलाइ दण्ड दिनु पनि जाति होइन २६
न भारदार्लाइ तिनको भलो कामको लागि मार्नु ।
जो थामाइकन बोल्दछ त्यो ज्ञानी हो . २७
अनि शित्तलमन्को मान्छे बूझको हो ।
मूर्ख पनि जब चुप लागि रहंदछ तब ज्ञानी गनींदछ . २८
जब आफ्नु मुख थुन्दछ तब बूझको ॥
१८ १ अरूहरू देखि छुट्टीनेले आफ्नु इच्छे पूरो गर्नु खोज्दछ
अनि सब्बै भला भला बुद्धिका कुरा देखि डाहा राख्दछ ।
मूर्खको मन् बुझका कुरामा लाग्दैन २
तर त्यस्ले खालि आफ्नै मन्का कुरा मात्रै देखाउंदछ ।
दुष्ट आउंदा निन्दा पनि आउंदछ ३
अनि निन्दित् काम्को बाटोले गिल्ला हुंछ ।
सज्जन्को मुखका कुरा गहीरो पानी हुन् ४
बुद्धिका मूल् उम्रंने बहं नदी ।
दुष्टको पक्षपात् जाति छैन ५
न धर्मीको निया फेर्नु ।
मूर्खका ओंठ् बिबाद्मा पस्दछन् ६
अनि त्यस्को मुखले लपडा मांग्दछ ।

७ मूर्खको मुख् त्यो आफैको लागि नास्
अनि त्यसका ओँठ् त्यसको प्राणको लागि पासो ।

८ सातृति गर्नका कुरा मीठा गाँस् जस्ता छन्
अनि ति पेट्को सबै भन्दा भित्रा कुनामा पसि जाँद छन् ।

९ जो आफ्नु काम्मा ढीलो छ
त्यो नास् पार्नको भाई हो ।

१० यह्वेको नाउ येउटा बलियो धरारा छ
धर्मी त्यसमा दुगुरि पसेर बाँचि रहँद छ ।

११ धनीको धन् त्यसको बलियो सहर् हो
अनि त्यो आफैको ठनाईमा येउटा अलग्गो घराभित्ता ।

१२ नास् हुनु भन्दा पहिले मान्छेको मनमा अहंकार आउँद छ
अनि मान् पाउनु भन्दा पहिले दीनहुवाई छ ।

१३ जस्ले मान सकनु भन्दा पहिले उत्तर् दिंद छ
त्यो मूखाईँ हो न त्यसलाइ लाज् हुंछ ।

१४ मान्छेका आत्माले त्यसका दुर्बलईमा त्यसलाइ भर् दिंद छ
तर भांचायेको मनलाइ कस्ले थाम्नु सकद छ ।

१५ चतुरको मनले ज्ञान् पाउंद छ
अनि ज्ञानीका कानले ज्ञान् खोज्द छन् ।

१६ मान्छेको दानले त्यसका लागि ठाउ दिंद छ
अनि त्यसलाइ बडाइमीहरूका आगमा पुर्याउंद छ ।

१७ पहिले आइ आफ्ना फिरादी कुरा सुनाउने ठीक् जस्ता देखाहा पर्द छ
तर त्यसका छिमेकले आयेर त्यसलाइ जांचद छ ।

१८ चिट्ठाले झगरा मेटद छ
अनि ठूला ठूला सामर्थीहरूलाइ छुट्याइ दिंद छ ।

१९ ठोकर् खवाईयेका भाईलाइ मनाउनु बलियो सहर् लिनु भन्दा कठिन् छ.
अनि तिनको झगरा बलियो किल्लाका आगलाहरू जस्तै छन् ।

२० मान्छेका पेट् आफ्नै मुखको फलले भरीछ
अनि आफ्ना ओठका बढ्तीले सन्तोक् गर्छ ।

२१ जीवन् र मरण् दुवै जिब्राका ताबमा छन्
अनि त्या थित प्रिति गर्नेहरूले त्यसको फल् खांछन् ।

२२ जस्ले स्वास्नी पायो त्यस्ले असल् थोक् पायो
अनि यह्वेको अनुग्रह् पाउद छ ।

२३ कंगालिले बिन्ति माथि बिन्ति गर्द छ .
तर धनीले कठोर् उत्तर् दिंद छ ।

२४ जस्ले धेर् मित्र बुल्याउंद छ त्यस्ले त्यो आफ्नै नासको लागि तुल्याउंद छ .
तर यस्ता मित्र पनि हुंद छ जो भाई भन्दा पनि बेस नजिकको हुंद छ ॥

आफनु सुचालमा हिंड्ने कंगालि त्यो भन्दा जाति छ १९ १
जो टेढो कुरा गर्द छ अनि मूर्ख ।
मनको अज्ञानी रहनु पनि जाति छैन २
अनि आफना गोड़ाले छिटो गर्नले बिराउंद छ ।
मूर्खईंले मान्छेका चाल् टेढो हुंद छ ३
अनि त्यस्को मन् यहवेको बिरुद्धमा झर्कंद छ
धनीका धेरै मित्र हुंद छन् . ४
तर कंगालि ता आफना मित्रहरू देखि अलग् गरींद छ ।
झुठा साक्षी बिना दण्ड छुट्दैन ५
अनि मिथ्यावादी बांच्दैन ।
दानीको दयाको लागि धेरैले बिन्ति गर्छन् . ६
अनि दाताको जोसुकै पनि मित्र हुंद छ ।
कंगालिका ता दाज्यभाईहरू पनि त्यस्लाइ घिनाउंने हुंद छन् . ७
त त्यस्का मित्रहरू झन् किन टाड़ो टाड़ो जाइ जांदैनन् ।
त्यस्ले कुरा खेद्द छ तर ति व्यर्थ छन् ।
बुद्धि पाउंनेले आफनु प्राणलाइ प्यारो गर्द छ . ८
बुझ समाति राख्नेले कुशल पाउंछ ।
झूठो साक्षी बिना दण्ड जांदैन ९
अनि मिथ्यावादी नाश हुंछ ।
शोखमा रहनु मूर्खलाइ सुहाउंदैन १०
त झनसाग चाकरले स्वामी माथि राज् गर्नु कब सुहाउंला ।
बुद्धिमान् मान्छेले थामोइकन रिस गर्द छ ११
अनि कसूर माथि नजर् न लगायेकोमा त्यस्को ठूलो मान् छ ।
राजाको क्रोध् सिंहको गर्ज जस्तो छ १२
तर त्यस्को दया घांस् माथिको शीत जस्तो ।
मूर्ख छोरो त्यस्को बाबुको लागि बिपत्ति छ १३
अनि स्वास्नीको च्याङ्च्याङ् दिनदिनको तपतपे झरि जस्तिछ ।
घर् र धनको अधिकार् पित्रहरू देखि छन् . १४
तर ज्ञानी स्वास्नी यहवे देखि पाईंद छ ।
अलछेईंले ठूलो नीन्दमा पारि दिंद छ १५
अनि ढालो प्राणले भोक् सहंछ ।
आज्ञा मान्नेले आफनु प्राणको रक्षा गर्द छ . १६
तर जो आफनु चालचलनमा निश्चिन्त छ त्यो मर्छ ।
दुखि माथि दिठाउंनेले यहवेलाइ उधारो दिंद छ १७
अनि त्यस्को भलो कार्य्यले त्यस्लाइ साटो दिंछ ।
जब सम्म आशा छ तब सम्म आफनु छोरालाइ शिक्षादण्ड दिंदै जा १८
अनि त्यस्लाइ मारि हाल्नुलाइ ता मनमा तियार् न हो ।

१९ ओधिको रिसाहा मान्छेले दण्ड पाउंछ .
तैंले त्यसलाइ छोडाइस्‌ भन्ने त्यो काम्‌ तैंले फेरि फेरि पनि गर्नै पर्छ ।

२० सल्लाह्‌ मान्‌ अनि अर्ती समात्‌
र तं अन्तमां बुद्धिमान्‌ हुंछस्‌ ।

२१ मान्छेको मन्‌मां धेरै जुक्तिहरु छन्‌
तर परमेश्वरको चइं सल्लाह्‌ ठहर्छ ।

२२ मान्छेको मन्‌को इच्छा त्यसको दया अनुसार्‌ हुंद छ .
अनि कंगालि मान्छे झुठ्‌ बोलने भन्दा जाति ।

२३ परमेश्वरको भयमनाईले जाउंनि दिंद छ .
अनि त्यो हुंने सन्तुष्ट रहंछ
बुराई सित त्यसको भेट्‌ हुंदैन ।

२४ अलछिले आफनु हात्‌ थाल्‌मां गाड्‌द छ
अनि त्यो फेरि निकाल्येर आफनु मुख्‌ सम्म पुर्याउंदैन ।

२५ निन्दक्‌लाइ हिर्का त मुर्ख चंख होइ जांछ .
अनि बूझकीलाइ हकार्‌ त त्यसले ज्ञान्‌ बूझ्छ ।

२६ जसले आफनु बाबुलाइ लुट्‌द छ अनि आमालाइ लगार्द छ
त्यस छोरोले लाज्‌ पार्द छ अनि दोष्‌ ल्याउंद छ ।

२७ ए मेरो छोरा नि अर्ती न सुन्‌
जसले ज्ञान्‌का कुरा देखि भमाउंद छ ।

२८ झुठो साक्षीले नियाको निन्दा गर्द छ .
अनि दुष्टको मुख्‌ले बुराई नोल्द छ ।

२९ निन्दक्‌को लागि दण्डका आज्ञा राखीयेका छन्‌
अनि मूर्खको पिठिउंको लागि कोर्रा ॥

२० १ मद्य इत्तो नल्याउंने थोक्‌ अनि चर्को मद्य रिसाहा हो
अनि नि पछि हराउंने बुद्धिमान्‌ होइन ।

२ राजाको डर्‌ङखाइ सिंहको गर्ज जस्तो छ
जसले त्यसको रिस्‌ उठाइ दिंद छ त्यसले आफनु प्राण्‌ माथि जोखिम
ल्याउंद छ ।

३ झगरा देखि अलग्‌ रहेको मान्छेको मान्‌ छ .
तर मूर्खहरु जनंगले झगरा निकाल्द छन्‌ ।

४ अलछिले जाड़ोको कारण्‌ले हलो जोत्‌दैन
येसकारण त्यसले दांइको बेलामां भीक्‌ मांगि हिंड्‌द छ अनि पाउंदैन ।

५ मान्छेको मन्‌को मंत्र गहिरो पानी जस्तो छ
तर बूझको मान्छेले त्यो तानि निकाल्द छ।

६ धेरै मान्छेहरुले आफनु आफनु दया प्रचार्द छन्‌ .
तर बिस्वासी मान्छेलाइ कसले पाउंनु सकछ ।

जो धर्म्मी मान्छे आफ्नु निखरा चालमां हिंड्छ छ ७
त्यस पछि त्यसका बालखहरु धन्नका हुंछन् ।
नियाको सिंहासनमां बस्न राजाले ८
आफ्ना आंखाको मोजि देखि बुराई निफन्द छ ।
कस भन्नु सक्छ छ मैंले आफ्नु मन पवित्र गर्यें ९
मं आफ्नु पाप देखि पवित्र छु भनि ।
नाना प्रकारका जोखने र नाना प्रकारका भरनेहरु छन् १०
ति दुवै यहवेको लागि घिनलाग्दा छन् ।
बालखले पनि आफ्नु चालले देखाउंछ ११
त्यसको काम पवित्र हुंछ कि ठाक् हुंछ भनि ।
सुन्ने कान् र हेन्ने आंखा १२
यहवेलेनै ति दुवै बनायो ।
नान्दलाइ प्यारो न गर् होइन भन्ये ता तं मांथि दरिद्रइँ आइ लागला १३
आफना आंखा उघार् त तं रोटाले तृप्त हुंछस् ।
गहंकाले भन्द छ या नजाति छ यो नजाति छ भनि . १४
तर जब त्या आलिक् पर सम्म जांद छ तब सक्ांउंद छ ।
सुन् छ अनि धेरै धेरै मुङ्गामोति . १५
तर ज्ञानका ओंठ् चइं अमोल गहना हुन् ।
परदेसीको जमानी हुनेका लुगे पनि खोस् १६
अनि पराय् आइमाइका जमानि हुंनेको पनि बन्धकमां राख् ।
मान्छेलाइ छलको रोटो मीठा ता लाग्छ छ १७
तर भरे त्यसको मुख गेडाले भरीछ ।
मन्त्रे सल्लाहले स्थिर् हुंद छ . १८
अनि बुद्धि खोज्येर लडाइँ गर् ।
बरालसीँगले भेद प्रगटो गरि हिंड्छ छ १९
येसकारण ओंठ पसार्ने सित भेट् न गर् ।
जस्ले आफ्नु बाबुलाइ कि आफ्नो आमालाइ स्राप्छ छ २०
त्यसको बत्ती काला अंधकारमां निभाउँछ ।
थालिनमां छिटोगरि हात लगाईयो २१
तर त्यसको अन्त सुफल हुंदैन ।
न भन् मं बुराईको साटो लिंछु भनि . २२
यहवे मांथि अडाइ त उसैले तंलाइ बचाउं छ ।
नाना प्रकार्का जोखनेहरु देखि यहवेलाइ घिन् छ २३
अनि छलको तुलो कस्त निको छैन ।
मान्छेको बाटो यहवे देखि ठहराइंद छ २४
त मान्छेले आफ्नु चाल् आफैले कसोगरि थाहा पाउंनु सक्द छ ।

२५ मन् न लगाइकन यो पवित्र हो भन्नु
आनि भाकल् पछि गर्नु यि दुवै मान्छेको लागि पासो हुन् ।
२६ बुद्धिमान् राजाले दुष्टहरूलाइ निफन्दछ
आनि तिनिहरू माथि दाँद चलाउंदछ ।
२७ मान्छेको आत्मा यहवेको बत्ती हो
जस्ले मान्छेको पेट्को सबै भन्दा भित्री कुनामा कुंदल्दछ ।
२८ दया र सच्चाईले राजाको रक्षा गर्दछन् .
आनि त्यसको सिंहासन् अनुग्रहले सम्भाल्दछ ।
२९ तन्हेरिहरूको बड़ाई तिनिहरूको बल् हो
तर बूढ़ाहरूको शोभा तिनिहरूका पाकेका केस ।
३० कुटाइको डाम्ले त्यस्को बुराई दूर् गराउंदछ .
आनि कोर्रा पेट्को सबै भन्दा भित्री कुनामा पुग्दछन् ॥

२१ १ राजाको मन् नदीको पानी झैं यहवेको हात्मा छ .
आनि उस्ले त्यो जता मन् पर्छ उतै फर्काउंदछ ।
२ मान्छेका सबै चाल् त्यो आफैको लेखमा ता ठीक् छन् .
तर मन् तौलने यहवे छ ।
३ धर्म्म र निया गर्ने
यहवेलाइ बलिदान् भन्दा ग्रहणयोग्य लाग्दछ ।
४ अग्लो दृष्टि र अहंकारी मन्
आनि दुष्टहरूका खेतिपाति तीनै पाप्ले भरिएका छन् ।
५ फुर्तिलो जनेहरूको फिक्रिगराईमा नाफै छ .
तर उताउलो गर्नेहरू चाहिं खालि कंगालेईमा पुग्दछन् ।
६ झुठ् बोल्ले जमाएको धन्
उडि जाने बाफ् जस्तै हो औं मृत्यु खोज्ने ।
७ दुष्टहरूले गरेका उपद्रहरूले तिनिहरू आफैलाइ बढार्छन्
किनभने तिनिहरूले निया मान्दैनन् ।
८ दुष्ट बोकाईएको मान्छेको बाटो अघोर् बाङ्गो छ .
तर जो पवित्र छ त्यस्को काम् ठीक् छ ।
९ झगरेनी आइमाइ सित फराक् घर्मा रहनु भन्दा ता
बरु घरको कौसीको एका कुनामा रहनु निको ।
१० दुष्टको प्राणले बुराईको चाहा गर्दछ .
त्यस्को छिमेकिले त्यो देखि अनुग्रह पाउंदैन ।
११ जब निन्दकलाइ दण्ड दिईंदछ तब लाटा बुद्धिमान् होइ जांदछ
आनि बुद्धिमान्ले जब सिकाईंदछ तब ज्ञान् पाउंदछ ।
१२ धर्म्मीले दुष्टको जहान् तिर मन् लगाइ रहंदछ
[illegible] लडाईंदछन् ।

जस्ले कंगालको दोहाई देखि कान् थुन्छ १३
त्यो आफैले पनि दोहाई दिन्छ अनि त्यस्लाइ उत्तर् दिईंदैन ।
गुप्तमा दिईयेको सोगातले रिस् मारि दिन्छ १४
अनि लुकाइकन दियेका घूसले बल्दो रिस् पनि थामि दिन्छ ।
नियालु कर्म्म गर्नु धर्म्मीको लागि रमाहट् छ १५
तर कुकर्म्मीहरूको ता नाश् ।
जुन् मान्छे बूझको बाटो देखि हराइ हिंड्छ १६
त्यो मुर्दाहरूको बीचमा थन्को लागि रहंछ ।
जस्ले रागरंग देखि प्रिति गर्दछ त्यो कंगालि हुंछ . १७
अनि जस्ले मद्य र तेल् देखि प्रिति गर्दछ त्यो धनी हुंदैन ।
दुष्ट धर्म्मीको लागि छोड़ाउंने गरवायेको छ १८
अनि कुचालेहरू सुचालेहरूको साटो ।
झगरेनी र रिसाहा आइमाइ सित बस्नु भन्दा ता १९
बरु वनमा बस्नु निको छ ।
बुद्धिमान्को वासमा अस्सल धन् र तेल पाईंछ . २०
तर मूर्खले ति ता निलि हाल्दछ ।
धर्म्म र दया पछ्याउंनेले २१
जीवन् धर्म्म र मान् पाउंछ
बुद्धिमान् वीरहरूको सहर माथि चढि जाइ लाग्छ २२
बहांदेखि तिनिहरूले भरोसा गरेको तिनिहरूको बल् भताभुङ्ग पारि दिन्छ ।
जस्ले आफ्नु मुख र जिब्रोको रक्षा गर्दछ २३
त्यस्ले आफ्नु प्राणलाइ दुःख देखि बचाउंछ ।
रिस् र अहंकार् सित काम् गर्नेको नाउं निन्दक् हो २४
त्यस्ले शष्पाको अहंकार् सित व्यहारा गर्दछ ।
अलछीको इच्छाले त्यस्लाइ मार्दछ २५
किनभन्या त्यस्का हातले दास्ति गर्न मान्दैन ।
यस्तो मान्छे छ जस्ले दिनभरि अघोर् लालच् गर्दछ . २६
तर धर्म्मीले दान् दिन्छ अनि राखि छोड्दैन ।
दुष्टले चढायेको बलिदान् घिनलाग्दो छ . २७
त झन्मारो किन घिनलाग्दो हुंदैन जब त्यस्ले दुष्टई सित ल्याउंछ ।
झूठा साक्षी नाश् हुंछ . २८
तर जस्ले सुन्यको छ त्यस्लाइ सधैं बोल्ने अधिकार् छ ।
दुष्ट मान्छेले आफ्नु मोहोड़ा कठोर् तुल्याउंछ . २९
तर सोझा मान्छेले आफ्नु चाल् सुधार्दछ ।
यहवेको विरुद्धमा कुनै बुद्धि कि कुनै ज्ञान् ३०
कि कुनै सल्लाह लाग्दैन ।

३१ संग्रामको दिनको लागि घोड़ा तियार् पारींद छ .
तर जीत् यहवेंने देखि छ ॥

२२ १ भलो नांउ धन् भन्दा बोम छानींनें मांफकको छ
अनि प्रेमी दया सुन् चांदी भन्दा ज्यास्ति जाति छ ।

२ धनी र कंगालि सङ्गे भेला हुंछन् .
ति सब्बैको कर्त्ता यहवेंने हो ।

३ चंख मान्छे बुराइ देख्येर आघउंड़े लुकद छ .
तर अबूझ् आघि बढ्येर दण्ड भोगद छ ।

४ दान्हुवाई र यहवेको भयमनाईको प्रतिफल्
धन् र मान् र जीउंनि छ ।

५ बाङ्गो मान्छेको बाटोमां कांढ़ा र पासो छन् .
तर आफ्नु प्राणको रक्षे गर्ने चइं ति देखि अलग् रहंद छ ।

६ बालखलें जुन् बाटोमां हिंडनु पर्छ त्यिइ बाटोमां त्येस्लाइ हिंड़ाल्
न त्यो बढ्यो भन्य पनि त्यस् देखि त्यो अलग् जांदैन ।

७ कङ्गालि माथि धनीले हुकुम् चलाउंछ
अनि आसामि माहूको चाकर हो ।

८ जस्ले बुराई रोपद छ त्येस्ले व्यर्थको कटनी गर्छ .
अनि त्यस्को रिसका लउरी भांचींछ ।

९ टिठालु नजर् हुंन धन्नको हुंछ
किनभन्य त्यस्ले कङ्गालिलाइ आफ्नु रोटामांको दिंद छ ।

१० निन्दकलाइ निकालि दे त झगरा मेटींछ
अं झगरा र दोष् जाइ जांछ ।

११ जस्ले मन्को पवित्रेइं मित प्रिति गर्द छ
त्यस्का ओंठमां अनुग्रह् रहंद छ राजा त्यस्को मित्र हुंछ ।

१२ यहवेका आंखाले ज्ञानाको रक्षे गर्द छन्
तर उस्ले छल् गनका कुरा उल्टाइ दिंद छ ।

१३ अल्छिले भन्द छ बाइर सिंह छ
मं गल्लीमांइ मारींछु ।

१४ पराय् आइमाइको मुख् गहारो खांड् जस्तो छ .
अनि त्यस्मां त्या लड्छ जो देखि यहवेलाइ घिन् छ ।

१५ मूर्खई बालखको मन्मां बांधायेंके छ
तर दण्डको छरिले त्यो त्येस् देखि दूर् गर्छ ।

१६ जस्ले आफ्नु नाफा बढ़ाउंनुलाइ दरिद्र माथि मिचेइं गर्द छ
अनि जस्ले धनीलाइ दिंद छ त्यो निस्से दरिद्र हुंछ ।

१७ आफ्ना कान् थाप्येर बुद्धिमानका बचन् सुन्
अनि मेरो ज्ञान्मां आफ्नु मन लगा ।

किनभन्या तैंले ति आफ्नु मनमां राखिस् भन्ये देखि १८
ति तेरा ओंठमां राम्रोगरि आउंछन् ।
मैंले आजु ति तंलाइ अं तंलाइ जनायें १९
तेरो भरोसा परमेश्वरमां हवस् भन्या खातिर्ले ।
क्या मैंले भारा भारा कुरा तेरो लागि लेखीन २०
सल्लाहका र ज्ञानका
तंलाइ सांचा कुराहरूका निस्सहुवाई जनाउंनुलाइ २१
तैंले तंलाइ पठाउंनेहरूका सांचा कुरा फर्काइ लेजांनुको लागि ।

कंगालिलाइ न लूट् किनभन्य त्यो कंगालि छ २२
अनि न दुखीलाइ ढोकाहुंदा मिच् .
किनभन्य परमेश्वरले तिनिहरूको गरको बिवाद् गर्छ २३
अनि तिनिहरूलाइ लूट्नेहरूको जीवन् लूट्छ ।
रिसाहा मान्छुको मित्र न हो २४
अनि झूटो रिस् गर्नका संगत् न गर् .
होइनभन्या ता तैंले त्यस्का चाल् सिक्लास् २५
अनि आफ्नु प्राणलाइ पासोमां पालोस् ।
आचाका लागि हात् मार्नेहरूको खालमां तं न हो २६
कि ऋणको लागि जमानि हुनेहरूको खालमां .
भोर दिंनको लागि तेरा क्याइ छन भन्या देखि २७
किन त्यस्ले तं मुनि देखि तेरो ओछ्यान् पनि लेजावस् ।
पुरानु सांद् न सार् २८
जो तेरा पित्रहरूले गाडेका छन् ।
क्या न कसलाइ त्यस्का कामकाज्यमां चतुर् देख्दइ छस् त्यो राजाहरूको २९
सांमु उभौंछ
त्यो नीच् मान्छुहरूका सांमु उभौंदेन ॥
जब मालिक्हरू सङ भान्सामां बस्द छस् २३ १
तब राम्रोगरि विचार् गर् तेरो सांमु का छ
अनि तं घिचुवा छस् भन्ये देखि २
तेरो घिच्रोमां छुरो रोप् ।
त्यस्को स्वादीलो भोजन्मां न ललचा ३
किनभन्ये ति छलि भोजन् छन् ।
धनी हुंनुको लागि दास्तो न गर् ४
आफ्नु चइं बुद्धि छोडि दे ।
क्या तं आफ्ना आंखा त्यस माथि लगाउंद छस् जो क्याइ होइन . ५
किनभन्ये निस्से धनले आफ्नु लागि पखेटा उमार्छ
त्यस गिद्धले झं जो आकाश् तिर उडि जांद छ ।

६ कुदृष्टिको भोजन् न खा
न त्यसका स्वादीलो भोजनको लालच् गर् .
७ किनभन्ये जस्तो त्यसले आफ्नु मनमां गुन्दै छ त्यो त्यस्तैनै छ .
खाउ अनि पीउ भनि त्यसले तंलाइ भन्द छ
तर त्यसको मन् तं मित छैन ।
८ तंले खायेको गांस् उगालि पठाउंने छस्
अनि आफ्ना मीठा मीठा कुरा हराउंने छस् ।
९ मूर्खले सुन्नगरि न बोल्
किनभन्ये त्यसले तेरा ज्ञानी कुराको निन्दा गर्छ ।
१० पुरांनु सांद् न सार्
अनि टुहुराटुहुराको बारीमां न पस् .
११ किनभन्ये तिनिहरूका छोड़ाउंने बलियो छ
उसले त्यसको गतका विषयमां तं सित मामिला लड्छ ।
१२ तेरा मन् अर्ती तिर लगा।
अनि तेरा कान ज्ञानका कुरा पट्टि ।
१३ बालख देखि दण्ड अलग् न राख् .
किनभन्ये तंले त्यसलाइ छड़िले हिर्काइस् भन्ये देखि त्यो मरि ना जांदैन ।
१४ तंले त्यसलाइ छड़िले हिर्का
अनि त्यसको आत्मालाइ पत्ताल् देखि बचा ।
१५ ए मेरो छोरा तेरा मन् बुद्धिमान् भयो भन्ये देखि
मेरो मन् खुशि हुंछ ऑ मेरै मन् .
१६ ऑं मेरो हिदयल रमाहट् गर्छ .
जब तेरा ओठले ठीक् ठीक् कुरा गर्दछन् ।
१७ तेरो मनले पापीहरू देखि डाहा न गरास् .
तर दिनभरि परमेश्वरको भय मान् .
१८ किनभन्ये निस्से प्रतिफल् छ
अनि तेरो आशा काटींदैन ।
१९ सुन् तं ए मेरो छोरा अनि बुद्धिमान् हो
अनि आफ्नु मन् बाटामां लगा ।
२० न मद्यभागीहरूको ख्यालमां न हो
न मांसु घिचुवाहरू सित .
२१ किनभन्ये मद्यभोगी र घिचुवाहरू दरिद्र हुंछन् .
अनि निन्द्राले थांगना पहिर्याउंछ ।
२२ आफ्नु बाबुको शब्द सुन् जसले तंलाइ जन्मायो
अनि आफ्नी आमाको निन्दा न गर् जब त्यो वृद्ध हुंछे ।
२३ सत्यइ किन् अनि त्यो न बेच्
ऑं बुद्धि अर्ती र ज्ञान ।

धर्म्मीको बाबु श्रोधि खुशि हुंछ . २४
अनि जस्ले बुद्धिमान् छोरो जन्माउंछ त्यो त्यस् देखि रमाउंछ ।
तेरो बाबु र तेरी आमा खुशि होउन् २५
अनि तस्ले रमाहट् गरोस् जस्ले तंलाइ जन्माइ ।
ए मेरो छोरा आफ्नु मन् मंलाइ दे २६
अनि तेरा आंखाले मेरा बाटा हेरुन् ।
किनभन्य बेश्य येउटा गहीरो भल्खांड़ा हो २७
अनि परायआइमाइ येउटा सांगुरा थांदो ।
त्यो डाकु झैं ढुकाईमा रहंछ २८
अनि मान्छेहरुका बीच्मा अपराध् बढाउंछ ।
को माथि हाय् छ . को माथि शोक् छ . को झगरामा पर्द छ २९
को कुरात्मा पर्द छ . कस्लाइ बिना कारणमा घाउ लाग्द छ .
कस्का आंखा लाल् लाल् छन् ।
तिनिहरुका जो जो मद्यका कुरमा अबेर सम्म बस्द छन् ३०
तिनिहरुका जो जो मिसाहा मद्यको खोज्मा रहंद छन् ।
मद्य न हेर् जब त्यो रातो रातो देखाहा पर्द छ ३१
जब त्यस्को रंग बटुकोमा देखाहा पर्द छ
अनि जब त्यो दुरुस्त छिंड्द छ .
अन्तमा त्यस्ले सापले झैं टोक्द छ ३२
अनि बिषालु सापले झैं डस्छ ।
तेरा आंखाले न चिन्नका कुरा हेर्छन् ३३
अनि तेरा मन् देखि अनुचित कुरा निकलंछ ।
तब तं त्यो समुद्रका बीचमा पस्दाइ रहने मान्छे जस्तो हुंछस् ३४
कि त्यो मान्छे जस्तो हुंछस् जो जहाजको पाल्को मुड्काको टुप्पामा
तेर्छोइ रहंद छ ।
तैंले भन्य छस् तिनिहरुले मंलाइ हिर्काए तर मंलाइ ता दुख्यन ३५
तिनिहरुले मंलाइ पीटेर तर मैंले ता त्यो थाहा पाइंन .
कैले उठछु . म त्यो फेरि खोजछु भनि ॥
नजाति मान्छे देखि डाहा न गर २४ १
न तिनको संगतको चाहा गर् .
किनभन्य तिनिहरुको मन्ले उपद्रै सोच्द छ २
अनि तिनका ओंठले बुराई बोल्द छन्
बुद्धिले घर् बनाइंद छ ३
अनि बूझले त्यो बलियो गराइंद छ .
अनि ज्ञान्ले कोठाहरु भराइंद छन् ४
अमोल अमोल र मनपर्दो मनपर्दो धनहरुले ।

५ बुद्धिमान् मान्छे बलियो छ
अनि ज्ञानीले बल् बढाउंद छ ।
६ कसोगरिभन्य बुद्धि खोज्यर तलें लड़ाइँ गर्छस्.
अनि मंत्रीहरु धर् हुंनाको कारणले जय् छ ।
७ मूर्खको लागि बुद्धि अग्घोर् अलगो छ.
त्यसे आफ्नु मुख् ढोकामां उघार्दैन ।
८ बुराईको सोच् गर्नेलाइ
मान्छेहरुले त्यसलाइ बिगारु जन् भन्छन् ।
९ मूर्खको सोच् पाप् छ.
अनि निन्दक् देखि मान्छेहरुलाइ घिन् छ ।
१० तं बिपत्तिको दिन्मां मुर्छा परिस् भन्य देखि
तेरो बल् थोरे रछ ।
११ काल्का लागि लगीयेकाहरुलाइ बचा
अनि मारीन् लगियेकाहरुलाइ हर तेंले फर्काइ ले ।
१२ तेंले हेर हामिहरु ता यो थाहा पाउंदैन थियुं भनिस् भन्य देखि.
त क्य मन् जोखनेले यो गुन्दन.
अनि तेरो प्राणको रक्षकले यो जान्दैन.
अनि क्य उस्ले जनेंग मान्छेलाइ त्यसको बेहोरा अनुसारको प्रतिफल् दिंदैन ।
१३ ए मेरो छोरा तेंले मह खा किनभन्य त्यो जाति छ
अनि महको चाका किनभन्य त्यो तेरो तालुलाइ गुलीयो लाग्द छ.
१४ बुद्धिलाइ तेरो प्राणको लागि त्यस्तै जान.
तेंले त्यसलाइ त्यस्तै पाइस भन्य देखि प्रतिफल् लेइ हुंछ
अनि तेरो आशा काटींदिन ।
१५ ए दुष्ट धर्म्मीका घर्को बिरुद्धमां न दुक्
अनि त्यसको बास् न लूट.
१६ किनभन्य धर्म्मी सात खेप् लड्द छ अनि फेरि उठ्द छ.
तर दुष्ट बिपत्तिले उल्टाइंद छ ।
१७ जब तेरो बेरी लड्द छ तब न रमा
अनि जब त्यो उल्टाइंद छ तब तेरो मन् खुशि न हवस्.
१८ होइन भन्य ता यहूवेले यो देखला र उ नराजि होला
अनि उसको रिस् त्यो देखि उठाइ हाल्ला ।
१९ दुष्टहरुको दुष्टईंको कारणले तं न झर्कि
न दुष्ट देखि डाहा राख्.
२० किनभन्य दुष्टहरुको प्रतिफल् हुंदैन
दुष्टहरुको बत्ती निभाइंछ ।
२१ ए मेरो छोरा तं यहूवे देखि र राजा देखि डरा.
अनि अदलबदल गर्नेहरु सित न बस.

किनभन्ये तिनिहरुको बिपत्ति एक्कासी उठ्छ २२
अनि तिनिहरु दुवैको नास् कर्ने थाहा पाउंछ ।

यि पनि बुद्धिमान्कै कुरा हुन् । २३

नियामां पक्षपात् जाति छोइन ।
जस्ले दुष्टलाइ तिमि धर्म्मी छौ भन्छ २४
लोगले त्यस्लाइ स्राप्छन् जातिगणले त्यस्लाइ दोष् दिंछन् .
तर जस् जस्ले त्यस्लाइ हकार्छ छन् तिनिहरु रमाउंदा छन् २५
अनि तिनिहरु माथि जाति आशीष् पर्छ ।
जस्ले ठीक् उत्तर् दिंछ २६
त्यस्का ओठमां त्यस्ले चुमा खांछ ।
तेरो बाहिरीकाम् ठीक् पार् २७
अनि त्यो आफ्नु लागि बारीमां तियार् पार्
बहांपछि आफ्नु घर् बना ।
बिना कारणमां आफ्नु छिमेकिको बिरुद्धमां साक्षी न हो २८
अनि आफ्ना ओठले न छल् ।
न भन् मं त्यो सित त्यसै गर्छु जसो त्यस्ले मं सित गर्यको छ २९
मं मान्छेलाइ त्यस्को कर्म्म अनुसार् साटो दिंछु भनि
मं अल्छीको खेत्को बाटो भाडो गर्यं ३०
अनि अबुझको दाखको बारी भाडो
न क्या देख्यं भन्ये हेर त्यो कांडाहरुले नौलि गर्यको एक ३१
अनि लोहांडिका भाडाले मुख् मुख् सम्म
अनि ढुंगाका गारहरु पनि भत्कि भत्कि रह्यका रहछन् ।
तब मैले हेर्यर राम्रोगरि बिचार्यं . ३२
अनि देख्यं वहांदेखि अर्ती पायं ।
अरु अलिक् सुतनु अरु अलिक् ऊंगनु ३३
पल्टौंनुको लागि छातामां हात् अरु अलिक् राख्येर .
यसोरि तेरो कंगालेइं बटौरे झैं ३४
र तेरो अपुग्येगत हतियार् भिर्ने झैं आइ लाग्छन् ॥

यि पनि सुलैमान्कै उखान् हुन् जुन्हरु यहूदाको राजा २५ १
हिजकियाहका मान्छेहरुले उतार्य ।

कुरा लुकायंकोमां ईश्वर्को बड़ाई छ . २
तर राजाहरुको बड़ाई कुरा खोदल्यंकोमां छ ।
अग्लेईमां स्वर्ग र गहीरेईमां पृथिवी ३
अनि राजाहरुको मन् अथाह छ ।

४ चांदीको मयल् छांटि दे
त सुनारको लागि येउटा भांडा निस्कंछ ।
५ राजाको सांमु देखि दुष्टलाइ छांटि दे
त त्यसको सिंहासन् धर्म्मले बलियो हुंछ ।
६ राजाको सांमु आफ्नु बड़ाई न देखा
अनि महामहा लोगका ठाउमा न उभो ।
७ किनभन्ये तेरा आंखाले देख्येका भारादार्हरुका सांमु
तं ऊंधो खसालौंनु भन्दा ता बरु
तंलाइ अरु अलिक् ऊभो आउ भनोयेको निको ।
८ बाझ्नुको लागि छिटा न निकाल
होइन भन्ये ता अन्तमा तंले क्या गर्नु हो याहा पाउने छैनस्
जब तेरा छिमेकिले तलाइ लाज्मा पार्येको हुंछ ।
९ तंले आफ्नु पर् आफ्नु छिमेकि देखि खोजि ले
अनि अर्काको गुप्त कुरो चहिं प्रगटो न गर् ।
१० होइन भन्ये ता सुन्नले तंलाइ लाज्मा पार्लो
अनि तेरो अपजस् कोई परिले पनि मेटाओइंन ।
११ ठीक् बेलामा भनोयेको कुरा
चांदीका घरामा सुनको बत्तु जस्तै छ ।
१२ जस्तै सुनका नत्थ र चुट्रा कांइका अम्मल् सुनको गहना
त्यस्तै बुद्धिमान् धम्काइ आज्ञाकारि कानका लागि छ ।
१३ जस्तै कटनाको बेलामा हिंउ चीसो हुंदे छ
त्यस्तै बिश्वासी दूत् जस्लाइ पठाउनेहरुको लागि छ
कशोगरिभन्ये त्यस्ले आफ्ना स्वामीहरुका मन्लाइ शित्तल् गराउंदे छ ।
१४ जस्तै बिना पानीको बादल् र बतास्
त्यस्तै हो त्यो जस्ले झुट्टा दान्मा आफ्नु बड़ाई गर्दे छ ।
१५ बड़ो धारज् सित राजकुंवर् मनाईंदे छ
अनि मलाम् जिब्रोले हाड् भांचि दिंदे छ ।
१६ के तंले मह भेट्टाइस् । त तेरो सुबाउंदोभरि मात्रै खायेस्
होइन भन्ये ता तंले उपच मस्म खालास् अनि उकाल्लास् ।
१७ तेरा पाउ तेरो छिमेकिको घर्मा कमनागरि होउन्
होइन भन्ये ता त्यस्ले तं देखि वाक्क मान्ला र तंलाइ घिनाउंनु लाग्ला ।
१८ आफ्नु छिमेकि माथि झूठो साक्षी दिने मान्छे
त्यो येउटा घन् र तरवार् र तीखो कांड् हो ।
१९ दुक्खको बेलामा अबिश्वासी माथि भरोसा राखनु
भांचोयेको दांत् र जोर्नि बिनाका खुट्टा माथि भरोसा राखनु जस्तै हो
२० जस्तै जाड़ोमा लुगा काढ्नु र शोरामा सिर्का
त्यस्तै हो त्यो मान्छे जस्ले महा शोकितको सांमु गीत् गाउंदे छ ।

तेरो सत्तुर् भोको छ भन्ये देखि त्येस्लाइ खुवा २१
अनि त्यो तिर्खो छ भन्ये देखि त्यस्लाइ पानी खान् दे ।
कमोगरिभन्ये तेंले त्यस्को थाप्रोमां आगोको फिलोंगाको थुप्रो लगाउंद छस् २२
अनि यहवेले तंलाइ साटो दिंछ ।
जसोरि उत्तरेहावाले पानी ल्याउंद छ . २३
त्यसैरि पोल्याहाजिब्रोले रिसाहा मोहांड़ा ।
झगरेनी आइमाइ सित फराक् घरमां रहनु भन्दा ता २४
बरु घरको कौसिको एका कुनामां रहनु निको ।
जस्तै तिर्खायेको प्राणको लागि चीसो पानी २५
त्यस्तै टाढो देस् देखि आयेको भलो समाचार् ।
जस्तै बिग्र्येको मूल् कि धमीलो उमर्येको जरुवा पानी २६
त्यस्तै त्यो धर्म्मी मान्छे जस्ले दुष्टको लागि बाटो छोड़ि दिंद छ ।
धेर् मह खानु निको छैन . २७
त्यस्तै मान्छेहरुको लागि आफ्नै बड़ाइ खोजनु बड़ाइनै होइन ।
जस्ले आफनु आत्मालाइ ताबिमां राख्दैन २८
त्यो येउटा घराभित्ता बिनाको भत्क्यका सहर् जस्तै हो ।
जसोरि गरमऋतुमां हिउं र कटनीको बेलामां झरि सुवाउंदैन २६ १
त्यस्तैगरि मूर्खलाइ मान् सुवाउंदैन ।
जस्तै भङेराको उड़िहिंडाइ र गौंथलिको बहेतोलगाइ २
त्यस्तै बिना कारणको स्राप् लाग्दैन ।
घोड़ाको लागि चाबुक् र गदाहाको लागि कर्रालि ३
मूर्खको पिठिउंको लागि छड़ि ।
मूर्खलाइ त्यस्को मूर्खाइं अनुसारको उत्तर् न दे ४
होइन भन्ये ता तं पनि त्यइ जस्तो होलास् ।
मूर्खलाइ त्यस्को मूर्खाइं अनुसारको उत्तर् दे ५
होइन भन्ये ता त्यस्ले आफुलाइ ज्ञानी गन्ला ।
जस्ले मूर्खको हातमां समाचार् पठाउंद छ ६
त्यस्ले आफ्ना खुट्टा काटद छ अनि मिचाइं पाउंछ ।
खोरण्डका खुट्टा झुण्डीये झैं . ७
मूर्खको मुखमां आहनै आहन् ।
जस्तै ढुंगाहरुको थुप्रोमां मणिको थैलो ८
त्यस्तै त्यो हो जस्ले मूर्खलाइ मान् दिंद छ ।
जस्तै कांड़ा मताहाका हातमां गाड़ींद छन् ९
त्यस्तै मूर्खको मुखको आहन् ।
जस्तै धनु हान्नेले सबैलाइ हानि दिंदुद छ १०
त्यस्तै त्यो मान्छे हो जस्ले मूर्खलाइ कि बाटो हिंडुनेलाइ ज्यालामां ल्याउंद छ ।

११ जस्तै कुकुर् आफनु छाद् मांथि फर्कि जांद छ
त्यस्तै मूर्खले आफनु मूर्खइँ फेरि फेरि दोहोर्याउंद छ ।
१२ को तं मं ज्ञानी हुं भन्यं मान्छेलाइ देखद छस् .
त्यस् देखि भन्दा बेसि आशा मूर्ख देखि छ ।
१३ अलछेले भन्द छ बाटोमां सिंह छ
सिंह गल्ली गल्लीमां छ ।
१४ जस्तै दैलो आफनु सोइलामां घुम्द छ
त्यस्तै अलछे आफनु ओछ्यानैमां ।
१५ अलछेले आफनु हात् थालमां गाड्द छ
त्यो फेरि आफनु मुख् सम्म ल्याइ पुर्याउंनु त्यसलाइ बड़ा गाह्रारो छ ।
१६ अलछे आफनै लेखिमां
ठीक् बिचार् दिने सात् ज्ञानीहरू भन्दा बेसि ज्ञानी छ ।
१७ जो बाटो हिंड्दै गर्दा अर्काको झगरा सुनि खिजाएर त्यस्मां पस्द छ
त्यो कुकुर्लाइ कान् समाति लैजाने जस्तै हो ।
१८ जस्तै बौलाहाले अगुल्ठाहरू
कांडहरू र काल् आफाल्द छ
१९ त्यस्तै त्यो मान्छे हो जस्ले आफनु छिमेकिलाइ छल्द छ
अनि भन्द छ को मैले ठट्टा गर्येको होइन र भनि ।
२० दाउरा न भयं आगो नीभ्द छ .
त्यसैगरि माउति गर्ने कोइ न भन्यं देखि झगरा मेटींछ ।
२१ जस्तै फिलाङ्गोमां कोइला र आगोमां दाउरा
त्यस्तै झगरे मान्छे झगरा उठाउंनुमां ।
२२ माउति गर्नेका कुरा मीठा गांस् जस्ता छन्
अनि ति पेट्को सबै भन्दा भित्री कुनामां पनि पसि जांद छन् ।
२३ रन्कने ओंठहरू र दुष्ट हिर्दय्
चांदीको जलप् लगायेको मांटोको भांडा जस्तै हुन्
२४ डाहा राख्नेले ओंठले ता जाति कुरा गरि टोपल्द छ
तर मनमां भन्यं कपट् राखि छोड्द छ .
२५ त्यस्ले गर्येका जाति जाति कुराको पत्यारो न गर्
किनभन्यं त्यस्को मनमां सात् घिन् छन् .
२६ त्यस्को छल् कपट् सित लुकेको भयं पनि
त्यस्को दुष्टइँ सभामां देखाहा पर्छ ।
२७ जस्ले खाड्ल् खन्द छ त्यो त्यस्मां पर्छ .
अनि जस्ले ढुंगो चलाउंद छ त्यो त्यसै मांथि पर्छ ।
२८ ढांट् जिब्रोले त्यसलाइ चोट् दिने देखि डाहा राख्द छ
अनि चिप्लक्को मुखले नासको लागि काम् गर्द छ ।

भोलि येसो गर्छु भनि न फुलौइ २७ १
किनभन्ये तं जान्दैनस् दिन्ले के जन्माउछ ।
अरुले तेरो बड़ाई गरुन् तेरै मुखले होइन २
पराय्ले अनि तेरै ओंठले ता होइन ।
ढुंगो गरुङ्ङ छ अनि बालुवा गरुंगोलो ३
तर मूर्खको रिस् ति दुवै भन्दा बेसि ।
रिस् निर्दयालु छ अनि क्रोध् पाखा पाखा बहने भल् जस्तो ४
तर बल्झोरिस्को माम्नु को ठहर्नु सक्छ ।
गुप्त प्रिति भन्दा ५
प्रगट्टो धर्मकि निको ।
मित्रले पार्यका घाउहरु पत्याउने माफिक्का छन् . ६
तर बैरीका चूमा धेरै छन् ।
अघायेको मनले महको चाकालाइ पनि लतार्दै छ . ७
तर भोकायेको प्राणको लागि ता सबै तीता तीता थोक् पनि मीठै छन् ।
जस्तो आफ्नु गुंड़ देखि हराइ हिंड़ने चरा ८
त्यस्तै आफ्नु ठाउं देखि हराइ हिंड़ने मान्छे ।
बासा आउने तेल् र अत्तर्ले मन्लाइ खुश् गराउंदै छन् . ९
त्यस्तै मान्छेको मित्रको हिर्दय् देखि निस्केका कुरा पनि गुलीया छन् ।
तेरो आफ्नै मित्र र तेरो बाबुको मित्रलाइ न त्याग् १०
अनि आफ्नु बिपत्तिको दिनमा आफ्ना दाज्यभाईको घरमा न जा .
नजिक् बस्ने छिमेकि टाढ़ो बस्ने भाई भन्दा जाति ।
ए मेरो छोरा ज्ञानी हो अनि मेरो मन्लाइ खुश् गर ११
मं मेरो निन्दा गर्नेलाइ उत्तर् दिनु सकुं ।
चंख मान्छे बुराई देखेर अघिउंदै लुक्दै छ . १२
तर अबूझ् अघि बढ़ेर दण्ड भोग्दै छ ।
परदेसीको जमानी हुनेको लुगै पनि खोस् १३
अनि पराय् आइमाइको जमानी हुनेको पनि बन्धकमा राख् ।
जस्ले बिहान् बिहान् आफ्नु मित्रलाइ ठूलो सोर्ले आशीष् दिंदै छ १४
त्यो त्येस्को लागि स्राप गनींछ ।
झरिको दिन् दिन्को तप् तप् १५
र च्याङ्च्याङ् गर्ने आइमाइ एकै हो .
त्यस्ती आइमाइलाइ थुन्नु सक्नेले बतासै पनि थुन्नु सक्ने थियो १६
अनि त्येस्को दाहिनो हात्ले आफै बहि जाने तेल्लाइ ।
फलामलाइ फलामेले निखार्दै छ १७
त्यस्तैगरि मान्छेले आफ्नु मित्रको मुखलाइ ।
नेभाराको बोट्को जगेरा गर्नेले त्येस्को फल् खान्छ १८
अनि आफ्नु स्वामीको रक्षे गर्नेले मान् पाउंछ ।

१९ जस्तै पानीमां मुख् मुख जस्तो देखींद छ
त्यस्तै मान्छेको मन् मान्छेइ जस्तो ।
२० जस्तै पताल् र नाश् दुवै कलेइ अघाउंदैनन्
त्यस्तै मान्छेका आंखा पनि कलेइ अघाउंदैनन् ।
२१ चांदीको लागि हांड़ि र सुन्को लागि खरुवा
अनि मान्छेको जांच् त्येस्को बड़ाई गराईमां छ ।
२२ तैंले मूर्खलाइ अन्नमां मिसायेर ओखलिमां हालि मुस्लिले कुटिस् भन्ये पनि
त्येस्को मूर्खइँ त्यो देखि जांदैन ।

२३ आफ्ना बगालको गत् बूझ्नुलाइ दास्तो गर्
अनि आफ्ना बथान् राम्रोगरि हेर् .
२४ किनभन्ये धन् सधैंभरि सम्म रहंदैन
त झन् को मुकुट् पुस्ता देखि पुस्ता सम्म रहंछ ।
२५ बनसो पन्साईंदा कमला कमला घांस् देखाहा पर्दै छन्
अनि डांड़ा डांड़ाका साक्पात् बटोलींद छन् ।
२६ भेंड़ाका पाठाहरु तेरो पहिरनको लागि छन्
अनि बाखाहरु तेरो खेतको दामको लागि .
२७ अनि बाखाको दुद् तेरो र तेरो जहान्को खान्किको लागि हुंछ
अनि तेरा कमारोहरुको जिविकाको लागि ॥

२८ १ दुष्ट त्येस्लाइ कसैले खेद्योकै छैन रपनि भाग्दै छ .
तर धर्मीहरु ता सिंह जस्ता आंटोला छन् ।
२ देसको अपराधको कारणले त्यसका मालिकहरु धेरै हुंछन् .
तर बूझकि र ज्ञानी मान्छेहरु धेरै भयेकोले त्यो बस्तियो गराइंछ ।
३ जस् दरिद्रले कंगालि माथि मिचेईं गर्दै छ
त्यो अन्न नाष् पार्ने तर्की बतास् जस्तै हो ।
४ व्यवस्यात्यागीहरुले दुष्टहरुको बड़ाई गर्दै छन् .
तर व्यवस्था मान्नेहरुले तिनको बिरोध् गर्दै छन् ।
५ दुष्ट मान्छेहरुले निया बूझ्दैनन् .
नर यहवेलाइ खोजनेहरुले सब्बै कुरा बूझ्द छन् ।
६ आफ्नु भुचालमां हिंड्ने कंगालि त्यो भन्दा जाति हो
जो आफ्नु बाटो देखि हराइ हिंड्द छ अनि धनी छ ।
७ जसले व्यवस्या मान्द छ त्येस्लाइ ज्ञानी छोरो भनींछ .
तर धिचुवाहरुको संगत् गर्नेले आफ्नु बाबुलाइ लाजमां पार्दै छ ।
८ जसले ब्याज् र अधर्मले आफ्नु सम्पत्ति बढाउंद छ
त्येस्ले त्येस्को लागि बटोलि दिंद छ जसले दरिद्रहरु मांथि दया गर्दै छ ।
९ जसले व्यवस्या सुन्नु देखि आफ्नु कान् फर्काउंद छ
त्येस्को प्रार्थने पनि घिनलाग्दो छ ।

जस्ले धर्म्मीहरूलाइ भुल्यायेर तिनिहरूलाइ अबाटो तिर भर्माउंद छ १०
त्यो आफ्नु खाड्ल्मां आफै पर्छ .
तर सोजाहरू भला थोकको अधिकारे हुंछन् ।
धनी मान्छे त्येस्को आफ्नै लेखिमां ता बुद्धिमान् छ ११
तर कंगालि ज्ञानीले ता त्येस्लाइ चिनि हाल्द छ ।
जब धर्म्मीहरूले रमाहट् गर्द छन् तब त्यहां ठुलो बड़ाई छ १२
तर जब दुष्टहरू उमतींद छन् तब मान्छेहरू लुक्द छन् ।
जस्ले आफ्नु पाप् लुकाउंद छ त्यो भाग्यमान्को हुंदैन . १३
तर काएल् हुंन र ति छोड्नेहरूले दया पाउंछन् ।
जो सदा डराइ रहंद छ त्यो धन्नको हो १४
तर जस्ले आफ्नु मन् कठोर् गर्द छ त्यो बुराईमां लड्छ ।
जस्तै गर्जने सिंह र डुलि हिंड्दै गर्येको भालु १५
त्यस्तै त्यो दुष्टजन् हो जस्ले कंगालि प्रजाहरू मांथि प्रभुतेइँ गर्द छ ।
अबूझ् मालिक् पनि अघोर् मिचेइँ गर्नेने छ १६
तर जस्ले लोभ् देखि डाहा राख्द छ त्येस्ले आफ्नु उमेर् बढ़ाउंद छ ।
जो अर्काको रगत्ले मिचोयेको छ १७
त्यो भाग्येर भल्खांड़ामां पर्छ त्येस्लाइ कसैले थाम्दैन ।
जो सुचाल्मां हिंड्द छ त्यो बांच्छ . १८
तर जो कुचाला छ त्यो एक्कासि लड्छ ।
जस्ले आफ्नु बारीका जोत्छर् गर्द छ त्येस्का घेरै घेरै अन्न हुंछन् . १९
तर जो व्यर्थ खोगको पछि लाग्द छ त्यो दरिद्रेइँले पूर्ण हुंछ ।
बिश्वासी मान्छे आशीषहरूले उर्लहंछ . २०
तर धनी हुंनुको लागि छिटो गर्ने बिना दण्ड जांदैन ।
मान्छेहरूको पन् पक्ष जाति छैन . २१
न मान्छेले एक् टुक्रा रोटीको लागि अप्राध् गर्नु ।
कुदृष्टि भयेको मान्छेले धनी हुंनुको लागि उताउलेइँ गर्छ २२
अनि त्येस्ले मं मांथि कंगालेइँ आइ लाग्छ भनि जांदैन ।
जस्ले मान्छेलाइ हकार्द छ २३
त्येस्ले पछि त्यो आफ्ना ओंठले चिप्लाचाप्ला कुरा गर्नेले भन्दा बेसि अनुग्रह्
पाउंछ ।
जस्ले आफ्नु बाबु कि आफ्नी आंमालाइ यो ता अप्राध् होइन भन्येर २४
लूट्द छ
त्यो नाश् पार्नेको साथी हो ।
जस्को मन्मां लोभ् छ त्येस्ले झगरा उठाउंद छ . २५
तर जस्को भरोसा परमेश्वर मांथि छ त्यो पुष्ट गराइंछ ।
जस्ले आफ्नै मन् मांथि भरोसा राख्द छ त्यो मूर्ख हो . २६
तर जो बुद्धि सित हिंड्द छ त्यो छोड़ाइंछ ।

२७ जस्ले कंगालीलाइ दिंछ त्यस्को घटि हुंदैन .
तर जस्ले आफ्नु आंखा लुकाउंद छ त्यस्ले धेरै स्राप् पाउंछ ।

२८ जब दुष्ट उम्लंद छ तब मान्छेहरु लुक्द छन् .
तर जब तिनिहरु नष्ट हुंद छन् तब धर्म्मीहरु बढ्द छन् ।

२९ १ जो धेरै खेप् सुधारीयेको कारणले आफ्नु गर्दन् कठोर् गर्द छ
त्यो एक्कासी भांचीछ अनि बचाउंने कोई हुंदैन ।

२ जब धर्म्मीहरु बढ्द छन् तब मान्छेहरु रमाउंद छन् .
तर जब दुष्टहरुले प्रभुसेइँ गर्द छन् तब प्रजाहरुले सुस्केरा मार्द छन् ।

३ जो बुद्धि देखि खुश् रहंद छ त्यस्ले आफ्नु बाबुलाइ खुशि पार्द छ .
तर जस्ले वेश्येहरुको संगत् गर्द छ त्यस्ले आफ्नु धन् उड़ाउंद छ ।

४ राजाले नियाले मुलुक् बलियो गराउंद छ .
तर घूस् खांनेहरुले त्यो उल्टाउंद छन् ।

५ आफ्नु छिमेकि सित चिप्लाचाप्ला कुरा गर्नेले
आफ्नै कदम्को लागि जाल् फिंजाउंद छ ।

६ दुष्टको अप्राधमा पासो छ
तर धर्म्मीले गाउंद छ अनि रमाउंद छ ।

७ धर्म्मीले दरिद्रहरुको गत्को पाहा गर्द छ .
तर दुष्टलाइ त्यो जान्नु बूझ् छैन ।

८ निन्दक् मान्छेहरुले सहर्मा आगो लगाउंद छन् .
तर बुद्धिमान्हरुले रिस् मारि दिंद छन् ।

९ जब बुद्धिमान्ले मूर्ख सित विवाद् गर्द छ
तब त्यो हांसोस् कि रिसाओस् तर त्यहां केइ विश्राम् छैन ।

१० हत्याराले सिद्ध मान्छे देखि डाहा राख्द छ .
तर सोजाहरुले त्यस्को प्राण् बचाउंने फिक्रि गर्द छन् ।

११ मूर्खले आफ्नु सबै रिस् खन्याउंद छ .
तर बुद्धिमान्ले त्यो पनि राख्द छ अनि बलियो गरि राख्द छ ।

१२ मालिक्ले चुगिल सुन्नु लाग्यो भन्या दखे
त्यस्का सबै चाकरेहरु दुष्ट होइ जांछन् ।

१३ कंगालि र मिचाहा सङ्ग भेट् भयो .
दुवैका आंखा यह्वेले उज्यालो पारि दिंछ ।

१४ जुन् राजाले कंगालिको निया सच्चैइँ सित गरि दिंद छ
त्यस्को सिंहासन् सदा स्थिर् रहंद छ ।

१५ छरि र धम्किले बुद्धि दिंद छन् .
तर छाड़ा छोड़ि दिईयेको छोरोले त्यस्को आमालाइ लाज् पार्द छ ।

१६ दुष्टहरु बढ्दा अप्राध् पनि बढ्द छ .
तर धर्म्मीहरुले तिनिहरु लड़ेको हेर्छन् ।

आफ्नु छोरालाइ दण्ड दे त त्यस्ले तंलाइ सुकव दिंछ १७
अं त्यस्ले तेरी आत्मालाइ खुश् गराउंछ ।
जहां दर्शन् छैन तहां लोग् अविचारी होइ जांद छन् . १८
तर व्यवस्था मान्ने चइं खुश् रहंद छ ।
चाकरे बचन्ले सुधारौंदैन १९
कसोगरिभन्ये त्यस्ले बूझ्इ पनि खबरदारी गर्दैन ।
के तं कसैलाइ त्यस्को बोलीमां छिटो गर्येको देखद छस् २०
त त्यस् देखि भन्दा ता बरु येउटा मूर्ख देखि ज्यास्ति आस् छ ।
जस्ले आफ्नु चाकरेलाइ सांनै देखि राम्रोगरि पाल्द छ २१
पछि त्यो त्यस्को छोरो हुंनु खोजद छ ।
रिसाहाले झगरा उठाउंद छ २२
अनि क्रोधी पनि अप्राध् बढाउंनुमां कम् छैन ।
मान्छेलाइ त्यस्को अहंकार्ले दीन् गराउंद छ . २३
तर दीन् आत्मा हुंनेले मान् पाउंछ ।
जो चोर्को माझ् हुंद छ त्यस्ले आफ्नु प्राण् देखि दुश्मनी गर्द छ २४
कसोगरिभन्ये त्यस्लाइ किरिया खुवाईयो भन्ये पनि त्यस्ले प्रगट्ा गर्दैन ।
मान्छेको डर्ले पासो ल्याउंद छ . २५
तर जस्ले आफ्नु भरोसा यह्वे मांथि राखद् छ त्यो बचाइंछ ।
मालिक्को दया बहुतैले खोजद छन् . २६
तर मान्छेको निया यह्वे पट्टि बाटो आउंद छ ।
अधर्मी मान्छ धर्मीहरुको सांमु घिन् छ . २७
अनि जो आफ्नु बाटोमां धर्मी छ त्यो दुष्टको सांमु घिन् छ ॥

याकेको छोरो आगूर्का बचन् अं भारी बचन् ३० १

मान्छेले इतीएल्लाइ भन्यो अं इतीएल् र उक्काल्लाइ .
सांच्चि सांचिनै म अरु मान्छेहरु भन्दा पशु छु २
अनि मंमां मान्छेको बूझ् छैन .
मैले बुद्धि सिक्येको छुइंन ३
न पवित्रजन्को ज्ञान् सिक्येको छु ।
मांथि स्वर्गमां को चढि गयो अनि उत्रि आयो . ४
कस्ले बतास् आफ्नु मुट्ठीमां बटुल्यो .
कस्ले पानीहरु आफ्नु लुगामां पोका पार्यो .
कस्ले पृथिवीका चारै छेउ बलियो गर्यो .
उस्को नांउ क्या हो अनि उस्को पुत्रको नांउ क्या हो तं जान्द छस्
भन्ये देखि भन् ।

ईश्वर्को सब्बै बचन् जांचीयेको छ . ५
उस् मांथि भरोसा राख्नेहरुको लागि उ ढाल् छ ।

६ उस्का वचनमां तैंले केइ न मिसायेस्
होइन भन्ये ता उस्ले तंलाइ हकार्लो अनि तं झुट्टा ठहरीयेलास् ।
७ मैंले तं देखि दुवटा कुरा खोज्यें
मं मर्नु भन्दा पहिले ति तैंले मं देखि अस्वीकार् न गर्येस्
८ व्यर्थ र झूठ् मं देखि अलग् राख् .
न मलाइ धन् दे न दरिद्रैं
मेरो खांचोभरि मलाइ खांनु दे .
९ होइनभन्ये ता मं अघाउंला र यहवे को हो भनि तपांइलाइ अस्वीकार
गरुंला .
कि होइन भन्ये ता मं दरिद्र भइ चोरुंला
अनि मेरो ईश्वरको नांउ निन्दा सित लिन्ये गरुंला ।
१० त्यस्को स्वामीको सांमु चाकरेको चुगिल न गर्
होइन भन्ये ता त्यस्ले तंलाइ स्राप्ला अनि तं दोषी ठहरीयेलास् ।
११ एक् पुस्ता येस्तो छ तिनिहरुले आफ्नु बाबुलाइ स्राप् दिंछ
अनि आफ्नो आंमालाइ आशीष् दिंदैनन् ।
१२ एक् पुस्ता येस्तो छ जो आफ्नै लेखिमां ता पवित्र छन्
तर तिनिहरुको मयल् चइं अझै धोईयेको छैन ।
१३ एक् पुस्ता येस्तो छ हाय् त्यस्का आंखा उरल्ठेका छन् .
अनि तिनिहरुका पलकहरु कंभो उचालीयेका छन्
१४ एक् पुस्ता येस्तो छ जस्का दांतहरु तरवार् छन् अनि तिनका बङ्गा कुरा
कंगालिहरुलाइ पृथिवी देखि खल्काइ हाल्नुलाइ र दरिद्रहरुलाइ
मान्छेहरुको बीच् देखि ।
१५ खरिजुगाको दुइ बेटी छोरीहरु छन् देउ देउ भनि कराउंने ।
तीन् थोक् छन् जो कले पनि अघाउंदैनन्
अं चार् छ भयो कलेइ पनि न भन्ये .
१६ चिहान् र बांझो गर्भ
पृथिवी जो पानीले कले पनि अघाउंदैन
अनि आगो जस्ले भयो कैले पनि भन्दैन ।
१७ आफ्नु बाबुको निन्दा गर्ने
र आफ्नो आंमाको आज्ञा मान्नुलाइ तुच्छ ठान्ये आंखा
तरिका मिनु खांने कागहरुले त्यो तुड्छन्
अनि गिद्धका बचराहरुले त्यो खांछन् ।
१८ तीन् थोक् छन् जो मेरो लागि अश्चोर् आश्चर्य छन्
अं चार छन् जो मं बुझ्ने पनि सक्दीन .

गिद्धको चाल् हावामां १९
सापको चाल् ढांडुमां
जहाजको चाल् पानीको मांझमां
अनि तन्हेरिको चाल् तरुणि सङ ।
व्यभिचारिनीको चाल् यस्तो छ २०
त्यस्ले खांद छे अनि आफ्नु मुख् पूछ्दछे
यहांदेखि भन्द छे मैंले ता कोइ पनि दुष्टैं गर्येको छुईन ।

तीन् थोकले पृथिवीलाइ कंमाउंद छ २१
अं चारको भार् त्यस्ले थाम्ने सक्दैन .
चाकरे जब त्यो राजा हुंद छ २२
अनि मूर्ख जब त्यो खायेर अघाउंद छ
घिन्लाग्दो आइमाइ जब त्यस्को व्याहा हुंछ २३
अनि कमारी जब त्यो आफ्नी स्वामीनीको अस्तियारेनी हुंछ ।

चार् थोक् छन् जो पृथिवीमां समांना छन् २४
तर तिनिहरु अरघोर् बुद्धिमान् छन् .
कमीलाहरु बल्लिया जातिगन् छैनन् २५
तैपनि तिनिहरुले गरम्‌ऋतुमां आफ्ना आहारा बटुल्द छन्
खरायाहरु निर्बल्लिया जातिगन् मांत्रै छन् २६
तैपनि तिनिहरुले आफ्नु कुरि पहरामां बनाउंद छन्
सलहहरुको राजा छैन २७
तैपनि तिनिहरु पांति पांति भइ निस्कंद छन्
भालेमुंग्रोले आफ्ना हातले टेकद छ २८
तैपनि त्यो राजाहरुका महल् हुंदो छ ।

तीन् थोक् छन् जो आफ्ना बाटामां राम्रोगरि हिंड्द छन् २९
अं चार् छन् जस्को हिंड्ाई राम्रो छ .
सिंह जो पशुहरुमां सबै भन्दा बल्लियो छ ३०
अनि कसैको सांमु देखि फर्कंदैन
शिकारीकुकुर् र बाखाओका पनि ३१
अनि राजा जो सङ त्यस्का पल्टन् छन् ।

तैंले आफुलाइ ऊंभो अलग्याउंदा मुर्खईं गर्येको छस् भन्ये देखि ३२
कि तैंले बुरो चिन्ता गर्येको छस् भन्ये देखि
तेरो हात् आफ्नु मुखमां लगा ।
किनभन्ये दुद् मथ्दा घीउ निस्कंद छ ३३
अनि नाक् मल्दाखेरि रगत् निस्कंद छ .
त्यसैगरि रिस् जिस्क्याईंदाखेरि झगरा निस्कंद छ ॥

३१ १ लमूएल् राजाका बचन्. श्रं त्येस्को श्रांमाले त्येस्लाइ सिकायेको भारी बचन्।

२ क्या हो ए मेरो छोरा, ए मेरो कोखको छोरा क्या हो.
अनि क्या हो ए मेरो भाकल्को छोरा।

३ तेरो बल् आइमाइहरूलाइ दि न हाल्
न तेरो चाल् तिनिहरूलाइ जुन्हरूले राजाहरूलाइ नष्ट पार्द छन्।

४ ए लमूएल् मद्य पीउंनु राजाहरूको लागि होइन त्या राजाहरूको लागि होइन
न राजकुमार्हरूको लागि भन्नु चर्को मद्य कहां छ भनि

५ होइनभन्ये ता तिनिहरूले मद्य खायेर व्यवस्था बिर्सँछन्
वहांदेखि दुखियाहरूको निया फेरि दिंछन्।

६ चर्को मद्य त्येस्लाइ दे जो नास् हुंनु आंटेरको छ
अनि दाखरस् उदास् मन् हुंनेलाइ.

७ त्यो खायेर आफ्नु दरिद्रैइँ बिर्सोस्
अनि आफ्नु कुगति फेरि न सम्झोस्।

८ लाटाहरूको लागि आफ्नु मुख् उघार्
अनि नाश् हुंनु आंटेरकाहरूको लागि।

९ आफ्नु मुख् उघार् धर्म्म सित निया गर्
अनि दीन् र दरिद्रहरूको लागि निया गर्।

१० धर्म्मी स्वीलाइ कस्ले पाउंनु सक्छ.
किनभन्ये त्येस्को मोल् मुङ्गामोतिहरूको भन्दा धेरै बेसि छ।

११ त्येस्को लोग्नेको मन्ले त्येस् मांथि पत्यारो गर्द छ
अनि त्येस्को लोग्नेलाइ नाफाको कम्ति हुंदैन।

१२ त्येस्ले आफ्नु जीउंनिभरि त्येस्को भलाई गर्छ
अनि बुराई भन्येको गर्दै गर्दीन।

१३ त्येस्ले ऊण र पाट् खोज्द छे
अनि खुशि सित आफ्नै हातले काम् गर्द छे।

१४ त्यो बेपारीजहाजहरू जस्ती छ
त्येस्ले टाढ़ो टाढ़ो देखि खांनेकुरो ल्याइ दिंद छे।

१५ त्यो रात् रहंदै पनि उठ्द छे
अनि आफ्नु जहान्लाइ खांनु दिंद छे
अनि आफ्नी कमारीहरूलाइ तिनका कामहरू।

१६ त्येस्ले येउटा जग्गाको बिषयमां गुन्द छे अनि त्यो किन्द छे.
अनि त्येस्ले आफ्ना हातको फल्ले दाखको बारी लगाउंद छे।

१७ त्येस्ले आफ्नु कम्मर् राम्रोगरि कसेर बांध्द छे
अनि आफ्ना पाखुराहरू बलिया गराउंद छे।

त्यसले मेरो बेपार्को नाफा हुंछ भनि थाहा पाउंद छे . १८
त्यसको बत्ती राति निभ्दैन ।
त्यसले आफ्ना हात् ओइंटामां लम्काउंद छे १९
अनि त्यसका हातले चर्खा समातद छन् ।
त्यसले आफ्नु हात् कंगालिहरु तिर पसार्द छे २०
अं त्यसले आफ्ना हात् दरिद्रहरु तिर लम्काउंद छे ।
त्यो आफ्नु जहान्को लागि हिउं देखि डराउंदैन २१
कसोगरिभन्ये त्यसका जहानले सिंदुरे रंगका लुगा लायेका छन् ।
त्यसले आफ्नु लागि बुट्टा काढि काढि ओछ्यान् बनाउंद छ २२
त्यसका वस्त्र बेगुने र मसौंना पाटकपडा छन् ।
त्यसको लोग्ने चइं ढोका ढोकामां प्रसिद्ध छ २३
गाउंका बूढा बूढाहरु सित बस्येको हुंदा ।
त्यसले मसौंना मसौंना लुगाहरु बुन्द छ अनि ति बेच्द छ २४
अनि पटुकाहरु पैकारीको हात्मां दिहाल्द छ
त्यसका पैह्रन् बल् र मान् छन् २५
अनि आउंदो समयको विषयमां त्यो रमाउंद छ ।
त्यसले आफ्नु मुख् बुद्धि सित उघार्द छ २६
अनि त्यसका ओंठमां दयाको शिक्षा छ ।
त्यसले आफ्नु जहान्को चाल् राम्रोगरि हेर्द छ २७
अनि अल्छिको रोटी खांदैन ।
त्यसका छोराछोरीहरुले उठेर त्यसलाइ सकौंद छन् २८
त्यसको लोग्नेले पनि अनि येसो भन्दै त्यसको बड़ाई गर्द छ .
धेरै छोरीहरुले जाति जाति काम् गर्येको छिन् २९
तर तं चइं ति सबै भन्दा जेठी छस् ।
सुबास् छली छ अनि सुन्दरइं व्यर्थ . ३०
तर त्यो चइं स्त्री सकाइंछे जसले परमेश्वरको भय् मान्द छे ।
त्यसलाइ त्यसके हातको फल् देव ३१
अनि त्यसका कामहरुले त्यसलाइ ढोका ढोकामां सकौउन् ॥

उपदेसक[1] ।

१ १ दाऊद्को छोरो यरूशलेम्को राजा उपदेसक्का[1] बचन्हरु ॥
२ व्यर्थैहरुको व्यर्थै भनि उपदेसक्ले भन्द छ व्यर्थैहरुको व्यर्थै सब्बै
३ व्यर्थै छन् । मान्छेले सूर्ज्य मुनि जत्ति दास्तौ गर्द छ त्येस् देखि त्येस्को के
४ नाफा हुंछ । एक् पुस्ता जांद छ अनि अर्कौ पुस्ता ता आउंद छ अनि पृथिवी
५ चइं सदा सम्म बनीइ रहंद छ । सूर्ज्य पनि उदाउंद छ अनि सूर्ज्य अस्ताउंद
६ छ अनि त्येह्ले आफ्नु उदाउंने ठांउमां जांनुको लागि हतार् गर्द छ । बतास्
दक्खिन् तिर बहंद छ अनि उत्तर् तिर घुमि फिर्द छ अनि घुमिफिरि
फेरि आफ्नै ठांउमां आउंद छ अनि बतास् फेरि आफ्नै चक्कर्मां
७ फर्कंद छ । सब्बै नदीहरु समुन्द्रैमां दुगुर्द छन् तैपनि समुन्द्र भरींदैन जुन्
८ ठांउमां नदीहरु जांद छन् उतै तिर फेरि फर्कंद छन् । सबै थोक् थाकेका
छन् मान्छेले त्यो भन्नु सक्दैन . न हेर्दा हेर्दा आंखा तृप्त हुंद छन् न कान्
९ सुनिकन अघाउंद छन् । ज्ये भयो त्येइ फेरि हुंने छ अनि ज्ये गरीयो त्येइ
१० फेरि गरींने छ . अनि सूर्ज्य मुनि केहि नया थोक् छंदै छैन । के यस्तो केहि
थोक् छ जस्को बिषय्मां लोगले भन्नु सक्नन् हेर यो ता नया हो भनि ।
त्यो पनि हांमिहरु भन्दा अगाड़िका पुस्ताहरुमां भइ गयेको थियो .
११ तादिको केहि पनि सम्झना छैन न पछि हुंने पुस्ताहरुको केहि पनि
सम्झना रहंछ ॥
१२ १३ मं उपदेसक् इस्राएल् मांथि यरूशलेम्मां राजा थियें । अनि मैंले
स्वर्ग मुनि ज्ये ज्ये गरींद छन् तिनको बिषय्मां जान्नुलाइ खोज्नु र बुद्धिले
ढुंढल्नुलाइ मन् लगायें . ईश्वर्ले मान्छेहरुलाइ त्यस्मां लागि रहुन् भनि
१४ येउटा लम्ठा भिराइ दियेको मांत्रै हो रछ । मैंले सूर्ज्य मुनि गरींने सबै
काम् हेर्यें त के देख्यें भन्ये हेर सबै व्यर्थै र हावा पीटनु मांत्रै रछ
१५ ज्ये टेढ़ो छ त्यो सोजो बनौंनु सकींदैन अनि घटिको गन्ति हुंनु सकींदैन ।
१६ मैंले आफ्नु मन्मां भनि ठान्यें हेर मं भन्दा अगाड़ि यरूशलेम्मां हुंनेहरु
भन्दा बेसि मैंले बुद्धि पायें . अं मेरो हिर्दय्मां बेसि बुद्धि र बेसि ज्ञान्
१७ छ भनि ठान्यें । अनि मैंले बुद्धिको भेद् बूझ्नु अनि बौलेहौं र मुर्खइं
जान्नुलाइ मन् लगायें . त यो पनि खालि हावा पीटनु मांत्रै रछ ।
१८ कसोगरिभन्ये धेर् बुद्धिमां धेर् बिलाप् . अनि जस्ले ज्ञान् बढ़ाउंद छ
त्येह्ले सुर्ता पनि बढ़ाउंछ ॥
२ १ मैंले आफ्नु मन्मां भन्यें जा मं तंलाइ आनन्दले जांचछु त सुख
२ बिलासै हो भनि . अनि हेर यो पनि व्यर्थै रछ । मैंले हंसाईको बिषय्मां

[1] ईब्रानिमां कोहेलेत ।

भन्यें त्यो बोलेहौं हो भनि . अनि आनन्दको बिषयमां त्यो देखि के हुंछ
भनि। अनि बुद्धिले मेरो रक्षे गर्दै छ र पनि मैंले आफ्नु मनमां ढूंढ्ल्यें ३
मं आफ्नु जीउलाइ कसोगरि दाखमद्यले खुश गराउंछु अनि कसोगरि
मूर्खाइं समातछु जब सम्म मं मान्छेजातले स्वर्ग मुनि जीवनभरि गर्दै
रह्यको काममां जाति के छ भनि जानुं। त मैंले ठूला ठूला काम गर्यें मैंले ४
घरहरु बनायें मैंले दाखका बारीहरु लगायें मैंले बारीहरु बगैंचाहरु ५
लगायें अनि तिनमां भांति भांतिका फलवन्त रुखहरु रोप्यें. मैंले ६
पानीका इनारहरु खनायें रुखहरु रोप्यका ठांउहरु भिजाउंनुको लागि .
मैंले कमारा कमारीहरु किन्यें अनि कमारा कमारीहरु घरैमां पनि जन्म्ये ७
अनि मेरा भेंड़ाबाख्रा र गाईगोरुहरु जति मं भन्दा अगाड़ि यरुशलेममां
हुंने कसैको पनि थियेन . मैंले सुन चांदी र राजाहरु र इलाकाहरुका ८
असल धनहरुको पनि सोंच गर्यें फेरि गाउंने पुरुषहरु र गाउंने
स्त्रीहरु अनि मान्छेजातले सुकव पाउंने रखेलीहरु औधिगरि। त मं बड़ा ९
भयेर मं भन्दा अगाड़ि यरुशलेममां हुंने सबै भन्दा बेसि बढ़ि गर्यें .
तैपनि मेरो बुद्धि मैंमां रह्यो। अनि मेरा आंखाले जे जे हेर्नु खोज्ये ति १०
देखि मैंले तिनलाइ थुनीन . मैंले आफूलाइ कुनै खुशिभोग गर्न देखि
पनि थुनीन किनभन्ये मेरो मन मेरो सबै दास्तो देखि आनन्द भयो अनि
यो मेरो सबै दास्तोको भाग थियो। बहांपछि मैंले आफ्ना हातले ११
गर्येका सबै काम र आफ्ना हातका सबै दास्तो मांथि हेर्यें . त हेर
सब्बै व्यर्थ र हावा पोट्नु मांत्रै रह्छ अनि सूर्ज्य मुनि काइ नाफा रैन छ॥

फेरि मैंले आफ्नु मन फेर्यें बुद्धि र बौलेहौं र मूर्खाइं हेर्न भन्येर . १२
किनभन्ये राजा पछि आउंनले के गर्नु सक्छ . खालि त्येइ मांत्रै ता जे
गरीयो। तब मैंले अंध्यारोको भन्दा उज्यालोको जति नाफा रह्छ त्यतिकै १३
मूर्खाइंको भन्दा बुद्धिको नाफा रह्छ भनि देख्यें। बुद्धिमानका आंखा त्येसको १४
सिरमां छन अनि मूर्ख चाहिं ता अंध्यारोमां हिंड्द छ . तैपनि मैंले थाहा
पायें तिनिहरु सबैको गत येकै हुंने रह्छ भनि। तब मैंले आफ्नु मनमां १५
बिचार्यें जस्तो मूर्खको गत त्यस्तै मेरो गत पनि हुंने रह्छ तब ता मं के
कारण बेसि बुद्धिमान भयें भनि . तब मैंले आफ्नु मनमां भन्यें यो पनि
व्यर्थैनै हो रह्छ। कसोगरिभन्ये जस्तो बुद्धिमानको त्यस्तै मूर्खको पनि सधैं १६
सम्झना रहंदैन कसोगरिभन्ये आउंदा दिनमां सबै बिर्सीइंछन। यसोरिकन
बुद्धिमानको मरण पनि मूर्खकै जस्तो हुंद रह्छ। येसकारण मैंले जीउंनि १७
देखि घिनायें किनभन्ये सूर्ज्य मुनि गरीने सबै काम मैंले शोकको जान्यें .
कसोगरिभन्ये सबै व्यर्थ र हावा पोट्नु मांत्रै रह्छ॥

तब मैंले सूर्ज्य मुनि जे जे दास्तो गर्येको थियें ति सबै देखि १८
घिनायें . किनभन्ये ति सबै मैंले मं पछि आउंने मान्छेको लागि छोड़ि
जांनु पर्द रह्छ। अनि त्यो मान्छे बुद्धिमान हुंछ कि मूर्ख हुंछ को जान्द छ . १९
तैपनि जति दास्तो मैंले गर्यें अनि जति बुद्धि मैंले सूर्ज्य मुनि देखायें

२० ति सबैको मालिक् त्येइ हुंछ। त यो पनि ब्यर्थैनै रछ। त मैले आफ्नु
मन् फेर्यें सूर्ज्य मुनि गर्येका सबै दास्तौको बिषय्मां निरास् हुंनु भनि।
२१ किनभन्ये कोई यस्तो मान्छे छ जस्को दास्तौ बुद्धि र ग्यान् र सिप् सित
हुंद छ तैपनि त्येस्ले आफ्नु काम् त्येस्मां दास्तौ म गर्नेलाइ त्येस्को हिस्सा
हुंनुलाइ छोडि दिंछ. यो पनि खालि ब्यर्थ र सारो दुक्ख मांत्रै रछ।
२२ कसोगरिभन्ये मान्छेले सूर्ज्य मुनि ज्ये ज्ये दास्तौ मन् लगाइ लगाइकन गर्द छ
२३ त्येस्ले त्येस्को क्ये नाफा हुंद छ। त्येस्को भर्दिन् दुक्खले भरीयेको हुंछ अनि
त्येस्को काम् सुर्ताइ सुर्ताइकन हुंद छ अं राति पनि त्येस्को मन्ले बिश्राम्
पाउंदैन। यो पनि ब्यर्थैनै रछ॥
२४ मान्छेको लागि खांनु पीउंनु अनि मिहीनेत् गर्दै मन्लाइ खुसि
गराउंनु भन्दा बड़ा अरु कोइ पनि जाति छैन। यो पनि मैले देख्यें यो
२५ ईस्वरैको पट्टि बाटो पाईंद रछ भनि। कसोगरिभन्ये मैले भन्दा बसि कस्ले
२६ खांनु सकछ अनि कस्ले सुक्खभोग् गर्नु सकछ। जुन् मान्छे ईस्वर्को
लेखिमां जाति छ त्येस्लाइ उस्ले बुद्धि र ग्यान् र आनन्द दिंद छ. तर
पापीलाइ उस्ले दुक्ख दिंद छ भेला गर्नु र थन्क्याउंनुको लागि त्येस्ले
त्येस्लाइ देवस् भन्येर जस्ले ईस्वर्लाइ खुस् गराउंद छ। यो पनि ब्यर्थ र
हावा पीट्नु मांत्रै रछ॥
३ १ एक् एक् कुराको लागि समय् हुंद छ अनि स्वर्ग मुनि हुंने सबै
२ थोक्को लागि बेला. जन्मंने बेला र मर्ने बेला. रोप्ने बेला र रोप्येको
३ उखेल्ने बेला मार्ने बेला र निको पार्ने बेला भत्काउंने बेला र
४ बनाउंने बेला रुंने बेला र हांस्ने बेला बिलाप् गर्ने बेला र नाच्ने
५ बेला ढुंगा आफाल्ने बेला र ढुंगा बटुल्ने बेला अङ्कालो मार्ने बेला
६ र अङ्कालो मांर्नु थुन्ने बेला खोज्ने बेला र हराउंने बेला जगेरा गर्ने
७ बेला र आफाल्ने बेला फार्ने बेला र सिउंने बेला चुप लाग्ने बेला
८ र बोल्ने बेला प्रेम् गर्ने बेला र हेबि गर्ने बेला लड़ाईंको बेला र
९ मिलाप्को बेला। काम् गर्नेलाइ त्येस्को दास्तौ देखि क्ये नाफा छ।
१० मैले मान्छेजात्को लागि त्यसमां लागि रहुन् भनि ईस्वर्ले खटन्
११ गर्येको दुक्ख पनि देख्येको छु। उस्ले सबै थोक् तिनको बेलामां
राम्रा राम्रा बनायेको छ. फेरि उस्ले मान्छेहरुका मनमां अनादि[१] राख्येको छ
तरैपनि ज्ये ईस्वर्ले गर्येको छ त्यो मान्छेले थाल्नि देखि टुङ्नि सम्म बूझ्नु
१२ सक्दैन। मान्छेहरुको लागि आनन्द गर्नु र जीउंनिभरि भलाई गर्नु देखि
१३ बाहिक् अरु जाति कोइ रैन छ भनि मैले थाहा पायें। अनि सबै
मान्छेहरुले खांनु पीउंनु अनि आफ्नु आफ्नु दास्तौमां सन्तोक् मान्नु यो
१४ ईस्वर्को दान् हो रछ। अनि यो पनि थाहा पायें अर्थात् ईस्वर्ले ज्ये गर्द
छ त्यो सदा सम्म ठहर्छ. त्येस्मां न ता कोइ बढ़ाईंद छ न कोइ घटाईंद छ.

[१] अथवा संसार।

अनि ईश्वर्ले येसो गर्यको मान्छेहरूले उस्को भय् मानुन् भन्ने खातिर्ले
हो रछ। ज्ये भयो त्यो अगाड़िनै पनि भयो ज्ये हुनं छ त्यो अगाड़िनै पनि १५
भयो . अनि ईश्वर्ले बित्येको कुरा सोद्छ छ ॥

येस् उप्रान्त मैंले सूर्ज्ये मुनि क्य देख्यों भन्ये नियाको ठांउमां दुष्टेईं १६
हुंद रछ अनि धर्म्मको ठांउमां दुष्टेईं। मैंले आफ्नु मन्मां भन्यें ईश्वर्ले १७
धर्म्मी र दुष्ट दुवैको निया गर्छ . किनभन्ये उस्का एक् एक् बिषय्को र
एक् एक् काम्को लागि बेला छ। मैंले आफ्नु मन्मां भन्यें ज्ये हुंद छ १८
त्यो ईश्वर्ले मान्छेजात्लाइ जांचोस् अनि तिनिहरूले हांमिहरू पनि
पशुसरिनै रांछौं भनि देख्नुन् भन्ये खातिर्ले हो रछ भनि। कसोगरिभन्ये
मान्छेजात्को जस्तो गत् हुंद छ पशुहरूको पनि त्यस्तै अं ति दुवैको एकै १९
नास . जसरि पशु मर्द छ त्यसैरि मान्छे पनि मर्द छ अनि सबैको एकै
नास प्राण् छ अनि मान्छे पशु भन्दा काइ पनि बढ्ता छैन . कसोगरिभन्ये
सब्बै व्यर्थ छ। सबै एकै ठांउमां जांद छन् सबै मांटो देखि बनेये २०
सबै मांटैमां फर्कंछन्। मान्छेजात्को प्राण् क्य ऊंभो तिर चढ़ि जांद छ २१
अनि पशुहरूको प्राण् क्य ऊंधो तिर गयेर मांटोमां झर्द छ यो कस्ले
जान्द छ। त मान्छे आफ्ना काममां खुशि रहंनु यो भन्दा बेसि जाति २२
अरु कोइ पनि रैनछ कसोगरिभन्ये त्यस्को अंश येइनै हो . अनि त्यस्
पछि हुंदा कुरा हेर्नुको लागि कस्ले त्यस्लाइ फर्काइ ल्याउंछ ॥

वहांदेखि मैंले फर्कर ति सबै मिचेईं देख्यों जो सूर्ज्ये मुनि गरेंद ४ १
छ . त हेर मिचेईं सहंनेहरूका आंसु बहि रह्याका राछन् अनि तिनलाइ
शान्ति दिंने कोई रैनछ . अनि मिचेईं गर्नेहरूको ता बल् रछ तर मिचेईं
सहंनेहरूलाइ शान्ति दिंने कोई रैनछ। येस्कारण् मैंले ति मरि सक्याका २
मर्येकाहरूलाइ अब जोइ रहंने जाउंदाहरूलाइ भन्दा बेसि सकायें अं ३
ति दुवै भन्दा भाग्येमान्को त्यो हो जो अब सम्म भयेको छैन जस्ले सूर्ज्ये
मुनि भयेका बुराईं देख्येको छैन ॥

तब मैंले सबै दास्तो र सबै सुफलेकाम् हेर्यें अनि क्य देख्यें भन्ये ४
त्यस्को कारणले मान्छेहरू एका अर्का देखि जल्दा राछन्। यो पनि व्यर्थ र
हावा पोटनु मांत्रै रछ। मूर्खले आफ्ना हात् छातिमां राख्द छ अनि ५
आफ्नै मांसु खांद छ। चैन् सितको एक् मुठि बरु निको छ दास्तो र हावा ६
पिटाईं सितको दुइ मुठि भन्दा ॥

तब मैंले फर्कर हेर्यें त सूर्ज्य मुनि व्यर्थ देख्यें। कोई ता एकै छ ८
अनि त्यो सङ दोस्रो छैन न त्यस्को छोरो छ न भाई तरैपनि त्यस्को
मिहेनत्को अन्त हुंदेन न त्यस्का आंखा धन् देखि तृप्त हुंद छन्। त्यस्ले
भन्द छ कस्को लागि म यो दास्तो गरि गरिकन आफ्नु प्राण्लाइ सुकव देखि
अलग् राख्द छु। यो पनि व्यर्थ र दुक्वलेइ भरीयेको काम् हो। एक भन्दा ९
दुइ भला हुन् कसोगरिभन्ये तिनको दास्तौको जाति फल् निकलंद छ।
कसोगरिभन्ये येउटा लड़ेो भन्ये पनि अर्कोले त्यस्लाइ उठाउंछ . तर हाय् १०

११ त्येस् मांथि जो एक्लै लडूला अनि त्येस्लाइ उठाउंने कोई होवेन। फेरि दुइ
जना सङै सुत्ये भन्ये ता तिनिहरु तातौंछन्. तर एक्लै कसोरि तातौंछ।
१२ अनि एक् मांथि ता कोई जिताहा हुंछ तर दुइ जनाले ता त्येस्को बिरुद्ध
गर्नु सक्छन् अनि तीन् पयाले बाटीयेको डोरी छिट्टो छिनालनु सकौंदैन ॥
१३ बुद्धिमान् तन्हेरि कङ्गालिनै भये पनि उपदेस् फेरि फेरि ग्रहण न गर्ने
१४ बूढा र मूर्ख राजा भन्दा बरु जाति छ। कसोगरिभन्ये त्यो त्येस्को राज्मा
कङ्गालिनै जन्म्येको भये पनि त्यो झेलखान् बाटो निकल्येर राजा भयो।
१५ मैंले सूर्ज्य मुनि हिंड्डुल् गर्ने सबै जीवधारीहरुलाइ देख्यें तिनिहरु त्येस्
दोस्रा अर्थात् त्येस् पहिलोको ठांउमा बिराज्मान् हुंने तन्हेरिको साथ
१६ लाग्ये। जुन्हरु मांथि त्यस्ले राज् गर्दै थियो तिनिहरु बिहिसाप् थिये.
तैपनि पछि हुंने लोग् त्येस्को कारण् खुशि हुंदैनन्. सांच्चै सोचने यो
पनि व्यर्थ र हावा पीट्नु मात्रै हो रहछ ॥
५ १ तं ईश्वर्को घरमा जांदा खबर्दारी सङ टेक् किनभन्ये सुन्नुको
लागि छेउ जांनु मूर्खहरुले बलिदान् चढ़ाउंनु भन्दा जाति छ. कसोगरिभन्ये
२ तिनिहरुले हामिहरु नजाति गर्दै छौं भनि जान्दैनन्। आफ्ना कुरा कहानीमा
उताउलो न हो अनि कोई कुरा ईश्वर्को सांमु उतावलेइं सित गर्दै न
निकालनु ईश्वर् स्वर्गमा छ अनि तं पृथिवीमा छस् येस्कारण् तेरा बचन्
३ थोरै होउन्। किनभन्ये धेर् लन्ठाको कारणले सपना देखींद छ धेर् कुरा
४ गर्ने मूर्खको सोर् पनि त्यस्तै ठहर्द छ। जब तैंले ईश्वर्को लागि कोई भाकल्
गर्येको छस् त त्यो पूरो गर्नुमा अबेर् न गर् किनभन्ये उ मूर्खहरु देखि
५ खुशि हुंदैन. ज्ये भाकल् गर्येको होलास् त्यो पूरा पनि गर्। भाकल्
६ गरिकन त्यो पूरो न गर्नु भन्दा ता बरु भाकल् न गर्नुनै जाति। कोई कुरा
गरि आफ्नु शरीर्लाइ पापमा न फंसाउंनु न दूत्को सांमु यो ता भूलले
पो भयो भनि भन्नु. ईश्वर् तेरो कुरा सुनि किन रिसावस् अनि तेरा काम्
७ नष्ट पारोस्। किनभन्ये धेरै सपना देख्येको र व्यर्थ र धेरै कुराहरु बोल्येको
ले येसनै हुंद पनि छ. तर तैंले ईश्वर्का भय् मान् ॥
८ तैंले कोई खुवामा गरिबले सिचेइं सह्येको र निया र धर्म्म बलामिचइंले
बिगार्येको देखिस् भन्ये देखि त्यस्तो कुराले छक्क न पर्. किनभन्ये
ति बड़ाहरु भन्दा पनि येउटा बड़ाको चेत् रहंद छ. अनि ति दुवै भन्दा
९ पनि बड़ा छ। अनि भूमि देखि ज्ये नाफा हुंद छ त्यो सबैको लागि हुंद
छ. राजाको हुसार् खेतिपातिकै बाटोले हुंद छ ॥
१० चांदी देखि प्रीति राख्ने चांदीले अघाउंदैन अनि न धेरै धन्मा
११ प्रीति राख्नेलाइ बढ़्ताले अघाउंछ. यो पनि व्यर्थैने छ। जब सम्पत्ति
बढ़्द छ तब त्येस्का खांनेहरु पनि बढ़्द छन्. तब त्येस्को धनीलाइ अरु के
नाफा हुंछ त्येस्ले त्यो सम्पत्ति आफ्ना आंखाले देख्येको देखि बाहिक्।
१२ मिहीनत् गर्नेले थोरै खावस् कि धेरै खावस् तैपनि त्येस्को ता निन्द्रा मीठो
छ. तर धनीको धन् बढ़ेको कारणले त्येस्लाइ नींद् लाग्दैन ॥

मैले सूर्ज्य मुनि येउटा तुलै सुर्ताको कुरा देख्यंको छु अर्थात् धन् १३
राख्यंकोले त्यस्को धनीलाइ खालि हानि मात्रै हुंद छ . अनि ति धन् बुरो १४
दुःखले उड़ि जांद छ अनि त्यसका धनीको छोरो भये पनि त्यस्को हातमां
केइ आउंदैन । त्यो आमाका पेट् बाटो जस्तो नाङ्गो निकल्यंको थियो १५
त्यस्तै परलोकमां जांछ पनि अनि त्यस्का दास्ताको केइ येस्तो फल् रहंदैन
जो त्यस्ले आफनु हातमां लैजाला । त यो पनि तुलै सुर्ताको कुरो छ की भन्ये १६
त्यो जस्तो आयो त्यस्तै जांछ . त त्यस्को दास्तो जो हावा पौठनु मात्रै
भयो त्या देखि त्यस्को के नाफा भयो । अनि त्यस्ले जीउंनिभरि अंध्यारोमां १७
खांद छ अनि अग्घार् रिसाउंद र रोगी रहंद र क्रोध् पनि गर्द छ ॥

हेर त्य मैले जाति र सुधाउंदा देख्यंको छु त्यो येइ हो अर्थात् १८
मान्छेले खावस् अनि पीवस् अनि मान्छेले ईश्वरले त्यस्को लागि ठहरायेको
जीवनभरिका सबै दिनमां सूर्ज्य मुनिको आफनु सबै काममां सुक्ख पनि
जानोस् . किनभन्ये त्यस्को अंश येइनै हो । जस्लाइ ईश्वरले धनसम्पत्ति १९
दियेको छ अनि त्यस्लाइ त्यो भोगनु र त्यो देखि आफनु अंश लिनु र
दास्तो गर्द आनन्द गर्ने शक्ति दियेको होला त्यस्तो मान्छेले यो ईश्वरको
वरदान् हो भनि ठानोस् । किनभन्ये येस् जीवनको समझना त्यस्लाइ धेर् २०
रहंदैन कसोगरिभन्ये ईश्वरले त्यस्का मुनिकन त्यस्को मनलाइ खुश् गराउंछ ॥

मैले सूर्ज्य मुनि देख्यंको येउटा बुराई छ जस्ले मान्छेलाइ अघोर् ६ १
मिचि राख्दछ . अर्थात् कोई मान्छेलाइ ईश्वरले धनसम्पत्ति र मान् २
पनि यहां सम्म दिंद छ त्यस्को मनले इच्छे गर्येकोमांको केइ पनि पूरो
न भइ छोडूंदैन तोपनि ईश्वरले त्यस्लाइ त्यस्मांको खानु दिंदैन तर कसै
बिरानुले त्या खांद छ यो व्यर्थ र बुरो बेथा छ । कोई मान्छेले सै छोरा ३
छोरी जन्मायो अनि धेरै वर्ष सम्म जीइ रह्यो अनि त्यस्को आयु पनि लामो
भयो भन्ये पनि त्यस्का मन् सुक्खले तृप्त भयेन अनि न त्यस्का काजक्रिया गरीये
भन्ये देखि ता त्यो भन्दा ता कम असमयमां जन्म्येको बालख भलो हो .
कसोगरिभन्ये मर्येको बालख व्यर्थमां आउंद छ अनि अन्ध्यारोमां जांद ४
पनि छ अनि त्यस्को नांउ अन्ध्यारोमां छापीद छ अनि त्यस्ले सूर्ज्य न ५
देखनु न जानु पायो येस्कारण त्यस्ले येस्ले भन्दा बेसि चैन् पायो . अं यो ६
चहं एक हजार दोबर् वर्ष सम्म जीइ रह्यो पनि अनि केइ सुक्ख भोगनु
पायेन भन्ये . के सब्बै एकै ठांउमां जांदैन । मान्छेको सब्बै दास्तो त्यस्को ७
पेटको लागि छ तैपनि ता अघाउंदैन । मूर्खको भन्दा बेसि बुद्धिमानको ८
के नाफा छ जीउंदाहरूको सामु कसोरि हिंडनु पर्छ भनि जान्ने दीन्
मान्छेको भन्दा त्यस्को के नाफा । मनको अभिलाषाको चंचलेई भन्दा ९
आंखाले हेर्नु निको छ . यो पनि व्यर्थ र हावा पौठनु मात्रै हो ॥

जे भयो त्यस्को नांउ उहिले देखि राखीयेको छ अनि त्यो मान्छे[1] १०

[1] एब्रानिमां आदमे

हो भनि जानीयेको छ अनि न त्येले येस्ले भन्दा बलियो झगरा गर्नु सक्छ।
११ अरु धेरै कुरा छन् जुनहरुको कारणले जीवन् अरु पनि व्यर्थ हुंद छ त
१२ मान्छेको के नाफा छ। किनभन्ये मान्छेको त्येस्का छाया झैं बिति जांने
सबै दिनमां त्येस्को लागि के के जाति छ त्यो कस्ले जान्द छ. अनि मान्छे
पछि सूर्ज्य मुनि के के हुंछ त्यो पनि त्येस्लाइ कस्ले कहंनु सक्छ॥
७ १ जाति नांउ अमोल् तेल् भन्दा र मृत्युको दिन् जन्म्येको दिन् भन्दा
२ जाति छ। भोजको घर्मां जांनु भन्दा शोकको घर्मां जांनु जाति छ.
कसोगरिभन्ये सबै मान्छेको लागि अन्त येइ छ त जीउंनेले यो मन्
३ लगाइकन गुनोस्। सुर्ता हंसाइ भन्दा जाति छ. कसोगरिभन्ये मुखमां
४ सुर्ता छाइंदा मन् सुधारौंद छ। बुद्धिमान्को मन् सुर्ता गर्नेको घर् तिर
५ लागीइ रहंद छ तर मूर्खचइंको मन् रमाहट् गर्नेको घर् तिर। मूर्खहरुको
६ गीत् सुन्नु भन्दा ता बुद्धिमान्हरुको धरिक सुन्नु जाति छ। कसोगरिभन्ये
मूर्खहरुको हंसाइ पाकदे गर्ने भांड़ा मुनि कांड़ा पट्पटायेको जस्तै छ. यो
७ पनि व्यर्थनै छ। सांच्चि सांचिनै बुद्धिमान् पनि थिचेडेमां पर्दा ता मूर्ख
८ होइ जांद छ अनि घूस् लिंदा बुद्धि नष्ट होइ जांद छ। कामको थालनि
भन्दा टुङ्गनि जाति छ अनि मन्मां धीरजी हुंने मन्को अहंकारी भन्दा
९ जाति। रिसाउंदा मन्मां न हतारीइ किनभन्ये रिस् मूर्खको हिर्दयमां
१० रहंद छ। उइले आज्काल् भन्दा जाति कसोगरि भयो भनि न भन्नु.
११ किनभन्ये तैंले यो बुद्धि थित सोद्धै छैनस्। बुद्धि पितृधन् भन्दा भलो
१२ छ. अं सूर्ज्य हेर्नेहरुको लागि त्यो भन्दा पनि बढ्ताको छ। कसोगरिभन्ये
बुद्धिले छाया दिंद छ अं रुपियाले पनि छाया दिंद छ. तर ज्ञानको यो
१३ श्रेष्ठ छ अर्थात् बुद्धिमान् हुंनेलाइ त्यइ दीर्घ जीवन् पनि छ। ईश्वरको
कामको बिषयमां बिचार् गर्. किनभन्ये जो उस्ले बाङ्गो बनायेको छ
१४ त्यो कस्ले सोजो पार्नु सक्छ। आनन्दको दिन्मां रमाहट् गर् अनि दुखको
दिन्मां बिचार् गर्. ईश्वरले दुख सुख सङ्सङै राखेको छ मान्छेले
त्येस्को पछि के हुंछ भनि न बूझोस् भन्येर॥
१५ मैंले व्यर्थ बातिने दिन्मां यि सबै देख्यें. येस्तो धर्मी देख्यें जो
धर्म्ममां रहिकन नष्ट हुंद छ अनि अर्को येस्तो दुष्ट देख्यें जो बुराइमां रहिकन
१६ पनि लांमो आयुको हुंद छ। अरघोर् धर्म्मी न बनोइ अनि न अधिको
१७ बुद्धिमान्. किन तं आफुलाइ आफैले नष्ट पार्लोस्। फेरि अरघोरको दुष्ट
१८ पनि न हो अनि न मूर्ख हो. तं असमयमां किन मरोस्; त दो कुरो
समाइ रहंनु अनि त्येस् देखि पनि हात् न झिक्नु जाति छ. किनभन्ये
जस्ले ईश्वरको भय् मान्द छ त्यो यि सबै देखि पार् होइ जांछ॥
१९ सहर्मां हुंने दस् मालिकहरु भन्दा बेसि बल् बुद्धिमान्लाइ त्येस्को
२० बुद्धिले हुंद छ। सांच्चि सांचिनै पृथिवीमां बिना पाप् भलाइ गर्दै रहंने
२१ कोई धर्म्मी मान्छे छैन। जति कुरा बोलौन्दे छन् ति सबै सुनि न
रहंनु होइन भन्ये ता तैंले तेरो दासले तंलाइ स्रापदै गर्येका कुरा

पनि सुन्लास् . किनभन्ये तं आफैले पनि मैले पनि अर्कालाइ धेरै खेप् २२
येसैगरि खाप्येको छु भनि जान्द छस् ॥
यि सबै मैले आफ्नु बुद्धिले थाहा पायें . म बुद्धिमान् हुंछु भनि २३
ता भन्यें तर त्यो म देखि टाढ़ो रह्यो । ज्ये ज्ये भयो त्यो टाढ़ो र अगघोर् २४
गहीरो छ त्यसको भेद् कस्ले पाउंनु सक्द छ । म आफ्नु मन् लगाइकन २५
डुलि हिंड्दे रह्यें बुद्धिको र एक् एक् कुरोको मर्म जांनुं अनि खोजि
खोजिकन निकालुं अनि यो पनि थाहा पाउं अर्थात् दुष्टेइं खालि मूर्खइं र
मूर्खइं खालि बौलेहौं मात्रै रह्छ भनि भन्ये खातिर्ले . त मैले काल् भन्दा २६
पनि बेसि तीतो थोक् भेट्टायें अर्थात् त्येस् आइमाइलाइ जस्को मन् पासो
र जाल् जस्तो अनि त्यस्का हात् डोरी जस्तै छन् . जुन् मान्छेलाइ ईश्वर्ले
मन् पर्येको छ त्येइ मात्रै त्यो देखि बांच्छ तर पापी चइं त्येस्मां पार्छ ।
उपदेसक्ले भन्द छ मैले अर्थ निकाल्नुको लागि फाल्टु फाल्टु कुरा २७
मिलायेर जांच्यें त यो थाहा पायें . अं मेरो मन्ले खोज्दे खोज्दे रपनि २८
मैले थाहा पाइँन . हजार्मां मैले एक् जना ता पायें भला मान्छे तर भला
आइमाइ चइं ना त्यितिमां पनि पाइँन । हेर मैले यो मात्रै पायें ईश्वर्ले ता २९
मान्छेलाइ सोझो बनायेको रह्छ तर मान्छेले धेरै जुक्तिहरू निकाल्ये छन् ॥
बुद्धिमान् जस्तो को छ अनि कसइ कुराको अर्थ पनि कस्ले खोल्नु ८ १
सक्द छ । मान्छेको बुद्धिको कारणले त्यस्को मुख् चम्कंद छ अनि त्यस्को
मोहोडाको कठोरेइं हराइ जांद छ । म तंलाइ सल्लाह् दिंद छु तंले २
ईश्वर्को किरिया खायेको अनसार् राजाको आज्ञा मान् । राजाको सांमु ३
देखि उताउलेइं सित न हिंड् अनि न बुराईमां उभीइ रह् . किनभन्ये
त्येस्ले ज्ये मन् पर्छ त्येइ गर्छ । कसोगरिभन्ये राजाको बचन्मां शक्ति छ न ४
कस्ले त्येस्लाइ भन्नु सक्द छ तिमिले क्ये गर्द छौ भनि । आज्ञा मान्ने नजाति ५
कुरोमां भागी हुंदैन अनि बुद्धिमान्को मन्ले बेला र निया जान्द छ .
किनभन्ये एक् एक् कुराको लागि बेला र निया छ अनि मान्छेको कुगत् ६
त्यो आफैको लागि ठुलो छ . कसोगरिभन्ये त्यस्ले क्ये क्ये हुंछ भनि जान्दैन ७
अनि यो कसोगरि हुंछ भनि त्येस्लाइ कस्ले सुनाउंनु सक्छ । प्राण[1] माथि ८
प्राण[1] फर्काइ ल्याउंनुलाइ कसैको शक्ति छैन न कालको दिन् माथि
अख्तियार् कसैको छ न लड़ाइँमां छुट्टी छ . अनि न बुराईले त्यस् माथि
खटन् भयेकोलाइ बचाउंछ । यि सबै मैले देख्यें अनि मैले सूर्ज्ये मुनि ९
गरीयेको सबै कामको बिषयमां आफ्नु मन्मां बिचार्यें . त एक् समय्
रह्छ जस्मां येउटा मान्छेलाइ दुःख दिंनुको लागि अर्को मान्छेको हात्मां
अधिकार् हुंद रह्छ ॥
येस् उप्रान्त मैले दुष्टहरूको सक्काराई देख्यें तिनिहरूका चिहान् पनि १०
बनीये तर काम ठीक् गर्नेहरू चइं पवित्र ठांउ देखि निस्कि गये अनि

[1] अथवा सांस ।

११ त्येस्को समझना सहर्मां रह्येन. यो पनि व्यर्थैने रह्छ। खुरो कर्म्मको
दण्डको आज्ञा छिटोछाटोगरि गरीयेन येस्कारण् मान्छेजात्हरूको मन्
१२ दुष्टकर्म्म गर्न इच्छले भरीयेको हुंद छ। पापीले से बारै पाप् गर्‍यो अनि
आयु पनि लांमो भइ रह्यो भन्ये पनि जो ईश्वर्को भय् मान्द छ उस्को
१३ भय् मान्ने चइंको ता भलोनै हुंद छ भनि म सांचि सांचि जान्द छु. तर
दुष्टको ता भलो हुंदैन अनि त्येस्को आयु जो छाया जस्तो छ लांमो हुंदैन
१४ किनभन्ये त्येस्ले ईश्वर्को भय् मान्दैन। पृथिवीमां येउटा व्यर्थ काम् हुंद
छ अर्थात् कत्ति धर्म्मीहरू छन् जुन्हरूको गत् दुष्टहरूको कर्म्मको जस्तो
गत् हुंद छ. अनि फेरि कत्ति दुष्टहरू छन् जुन्हरूको गत् धर्म्मीहरूको
१५ कर्म्मको जस्तो गत् हुंद छ. त मैंले भन्यें यो पनि व्यर्थ हो रह्छ भनि।
तब मैंले आनन्दको बड़ाई गर्‍यें किनभन्ये मान्छेको लागि सूर्ज्य मुनि
खांनु पीउंनु र रमाहट् गर्नु बाहिक् अरू केइ जाति रैनछ. कसोगरिभन्ये
ईश्वर्ले सूर्ज्य मुनि त्येस्को लागि दियेको त्येस्को जीउंनिभरि त्येस्को मिहीनत
सङ्ग त्येइ रहंछ॥

१६ मैंले जब बुद्धि जान्नुलाइ र पृथिवी मांथि गरींने सबै काम् हेर्नुलाइ
मन् लगायें (किनभन्ये कत्ति छन् जस्का आंखाले न दिन् न रात् नीन्द्रा
१७ देख्द छन्.) तब मैंले ईश्वर्को सबै काम् देख्यें ज्ये ज्ये काम् सूर्ज्य मुनि
गरींद छ त्यो मान्छेले जान्नु सक्दैन रह्छ. त्यो खोजनुलाइ मान्छेले जति
सुकै दास्तो गर्‍ये पनि त्यो भेट्दैन रह्छ अं बुद्धिमान्ले त्यो जान्नुलाइ
९ १ बिचार्‍ये पनि त्येस्ले त्यो पाउंनु सक्दैन रह्छ। कसोगरिभन्ये येस्को लागि
मैंले आफ्नु मन् लगायें यि सबै कुराको भेद् पाउं भनि त येइ पायें धर्म्मी
र बुद्धिमान् मान्छे र तिनको काम् पनि ईश्वर्के हात्मां रह्छ. मान्छेले
प्रेमको काम् हुंछ कि इर्षको काम् हुंछ भनि जान्दैन रह्छ सबै तिनिहरूकै
२ सांमु छन्। सबै बिषय् सबैको लागि बराबरै छन्. धर्म्मी दुष्ट भलो
शुद्ध अशुद्ध बलिदान् चढ़ाउंने र बलिदान् न चढ़ाउंने सब्बैको गत्
एकैनासे हुंद छ. जस्तो भलो मान्छे त्यस्तै पापी पनि हुंद छ जस्तो
३ किरिया खांने त्यस्तै किरिया देखि डराउंने पनि हुंद छ। ज्ये सूर्ज्य मुनि
गरींद छ त्येस्मां यो येउटा खुराई छ क्ये भन्ये सबैको एकै गत् हुंद छ.
अं अनि मान्छेजात्को मन्मां खुराई भरायेको हुंद छ अनि तिनिहरू जीइ
रह्येको हुंदा तिनिहरूको मन्मां बौलेहौ भरीयेको हुंछ अनि शेषमां ति
४ मुर्दाहरूमां गइ मिसींछन्। किनभन्ये जीउंदाहरूको खालमां मिसीइ रहंनको
लागि ता भरोसा छ कसोगरिभन्ये जीउंदो कुकुर् मर्‍येको सिंह भन्दा भलो
५ छ। कसोगरिभन्ये जीउंदाहरूले ता जान्द छन् हांमिहरू मर्छौं भनि. तर
मर्‍येकाहरूले केइ जान्दैनन् अनि न तिनलाइ अरू प्रतिफल् दिइंछ
६ कसोगरिभन्ये तिनको समझना मेटीयो। तिनिहरूको प्रेम् रिस् डाहा सबै
नष्ट भये अनि सूर्ज्य मुनि ज्ये ज्ये गरींद छ त्येस्मां सधैंभरि तिनिहरूको केइ
अंश रह्येको छैन॥

आफ्नु बाटो समात् आफ्नु रोटी खुशि सित खांने गर् अनि आफ्नु ७
दाखमद्द आनन्दित् मन्ले पीउंने गर् किनभन्ये ईश्वर् ऐलेने तेरा कर्म्म
देखि खुशि भइ सक्नीयो। तेरा वस्त्र सदा सेतो रहुन् अनि तेरो सिर्मां ८
तेल्को घटि न हवस्। उस्ले सूर्ज्य मुनि तेरो लागि ठहरायेका सबै व्यर्थ ९
बीतने दिन्मां आफ्नी प्यारी स्वास्नी सित आफ्ना सबै व्यर्थ बीतने
दिन्मां खुशि भोग्दै रह्. किनभन्ये तेरो जीवन्मां र तैंले सूर्ज्य मुनि
गर्ने गर्येका तेरा सबै दास्तीमां तेरो अंश येइ हो। तेरो हात्मां आयेको १०
काम् आफ्नु शक्तिभरि गर् किनभन्ये तं जांनु आंटेको पत्ताल्मां न काम्
न जुक्ति न ज्ञान् न बुद्धि चल्द छ॥

मैंले फर्कयेर सूर्ज्य मुनि हेर्यें त हेर न ता दुगुराइं छिटो दुगुर्नेहरूको ११
लागि हो रछ अनि न लड़ाइं बीर्को लागि अनि न रोटी बुद्धिमान्हरूको
लागि। अनि न धन् बूझकिको लागि अनि न अनुग्रह् चलाखहरूको
लागि हो रछ तर ति सबैको लागि बेला र संयोग् अनुसार् राछन्।
कसोगरिभन्ये मान्छेले आफ्नु समय् जान्दैन. जसोरि माछाहरू दुक्ख १२
दिंने जाल्मां पक्रीइंद छन् अनि चराहरू पासोमां फांसींद छन् त्यसैगरि
मान्छेजात्हरू तिनिहरू मांथि एक्कासि आइ पर्येका दुक्ख दिंने बेलामां
फांसींद छन्॥

मैंले सूर्ज्य मुनि येस्तो बुद्धि पनि देख्यें अनि त्यो मंलाइ त्रिम्रै तुलो १३
लाग्यो. अर्थात् येउटा सांनु सहर् थियो जस्मां अलिकता मात्रै मान्छेहरू १४
थिये अनि कोई बड़ो राजाले त्यस् मांथि आइ लाग्येर त्यस्लाइ घेर्यो
वहांदेखि त्यस्को बिरुद्धमां तुलो तुलो गढ़ि बनायो. अनि त्यस्मां येउटा १५
कंगालि बुद्धिमान् मान्छे पाईयो जस्ले त्यो सहर् आफनु बुद्धिले बचायो
तर त्यस् कंगालि मान्छेको सम्झना गर्ने कोई पनि थियेन। तब मैंले १६
भन्यें बुद्धि बल् भन्दा जाति रछ भनि. तरैपनि कंगालिको बुद्धि तुच्छ
ठानीयो अनि त्यस्का कुरा सुनीयेनन्॥

बुद्धिमान्हरुले चुप चुप लागि गर्येका कुरा मूर्खहरूको बीचमां १७
प्रभुताईं गर्नेहरुले करायेका कुरा भन्दा बेसि सुनींद छन्। बुद्धि लड़ाईंका १८
हतियार् भन्दा जाति छन् अनि येउटै पापी देखि पनि धेरै भलाई
नष्ट हुंद छन्। जसोरि मर्येका झिङ्गाहरूको कारणले बासाको तेल् १० १
गन्हाउंनु लाग्द छ. त्यसैगरि थोरै मूर्खईंले बुद्धि र मांन् बिगार्द छ।
बुद्धिमान्को मन् दाहीनो तिर हुंद छ तर मूर्खको मन् बाउं तिर। अं मूर्ख २
बाटोमां हिंड्दा पनि त्यस्को मन् काम् लाग्दैन अं त्यस्ले सं सबैमां मूर्ख
छु भन्द छ। मालिक्को रिस् तं मांथि उठ्यो भन्ये पनि आफ्नु ठांउ न ४
छोड्नु किनभन्ये धीरज् धर्येकोले तुला तुला पाप् छुनींद छन्। मैंले सूर्ज्य ५
मुनि येउटा बुराई देख्यें जो मालिक्हरूको भूलखे भयेको थाहा हुंद छ.
अर्थात् मूर्खईं तुलो मान्को ठांउमां बसालींद छन्. अनि धनीहरू चइं ६
तल बस्द छन्। मैंले दासहरूलाइ घोड़ामां चढेका अनि ठाकुर्हरूलाइ ७

८ दासहरू भैं भूइंमा हिंडूदै गयेका देखें। खाड्ल खन्ने त्यसैमा लड्छ
९ अनि बार भत्काउंनेलाइ सापले डस्छ। ढुंगा खन्ने तिनै देखि घाइते हुंछ
१० अनि काठ काट्न त्यसै देखि काटींने डर छ। फलम् टुंड़ीयो अनि मान्छेले
त्यस्को धार्लाइ अर्जाय्येन भन्ये देखि बेसि बल गर्नु पर्छ. तर काम्
११ चलाउंनुको लागि बुद्धिले नाफा छ। मन्तर् न भयेको कारणले सापले
१२ डस्दा छ त पछि मन्तर् चलाउंनेको नाफा के। बुद्धिमान्का बचनको
कारणले अनुग्रह हुंद छ तर मूर्ख आफ्नै ओंठको ब्राटोले नष्ट हुंछ।
१३ मूर्खको कुरा थाल्निमां मूर्खइंनै हुंद छ. त्यस्को बक्बककी अन्तमां
१४ दुक्ख दिंन बोलेइडैंको हुंछ। मूर्खले धेरै कुरा बढ़ाउंछ. तरैपनि के हुंछ
भनि मान्छेले जान्देन अनि मान्छे पछि के हुंछ त्यो कसले त्येस्लाइ भन्न
१५ सकद छ। मूर्खहरूको दास्तोले सबैलाइ थकाउंद छ कसोगरिभन्ये त्यसले
१६ सहरमां कसोगरि जांनु भनि जान्देन। ए देस् जब तेरो राजा बालखै छ
अनि तेरा मालिकहरूले बिहानै भान्सा गर्द छन् तब तं मांथि हाय्।
१७ ए देस् जब तेरो राजा भारादार्को छोरो छ अनि तेरा मालिकहरूले
बेलामां भानमा गर्द छन् बल्को लागि अनि मतवालो हुंनुको लागि
१८ होइन तब तं धन्नको हुंद छस्। अल्छिको कारणले घर्को धुरि थपचींद
१९ छ अनि हातको अलछेईंको कारणले घर् चुहुन्द छ। भान्सा हंसाईको
लागि गरींद छ अनि दाखमहले जीउंनिलाइ आनन्द गराउंन्द छ. अनि
२० रुपियाले जेस्सुकै थोक् पनि पाईंद छ। राजालाइ आफ्नु मनैमां पनि न
सराप्नु अनि धनीलाइ आफ्नु सुत्ने कोठामां पनि न सराप्नु. किनभन्ये
कसै अकाशचारी पंछीले तेरो बचन् लैजांछ अनि कोई उड्ने जन्तुले त्यो
कुरो जाहार् गरि दिंछ ॥

११ १ आफ्नु खांने कुरो पानीमां हालि दे. किनभन्ये धेरै दिन् पछि
२ तैंले त्यो फेरि पाउंछस्। सात् जनालाइ अं आठ्लाइ पनि अंश दे
३ किनभन्ये तं जान्देनस् पृथिवीमां के बुराई पर्छ। जब बादलले पानी भरि
ल्याउंद छन् तब त्यो पृथिवीमां खन्याइ दिंद छन्. अनि रुख् दक्खिन्
४ तिर ढलोस् कि उत्तर् तिर जहां ढल्छ उहीं पस्लोइ रहंछ। बतासको
हिसाप् राख्नेले बिउ छर्दैन अनि बादल् हेरि रहंनेले कटनी गर्दन.
५ जसोरिकन तैंले हावाको बाटो के हो अनि गर्भीणीको पेट्मां हाड़
कसोगरि बनींद छन् भनि जान्देनस् त्यसै गरिकन तैंले सबै थोक् गर्ने
६ ईश्वर्को काम् पनि जान्देनस्। बिहान बिउ छर् अनि बेलुका पनि आफ्नु
हात् न थुन् किनभन्ये तं जान्देनस् कुन् चइं काम् सुफल् हुंछ न यो न त्यो
७ कि दुवैका जाति हुंछन् भनि। सांचिनै उज्यालो मन्पर्दो हुंद छ अनि
८ घाम् हेर्येकोले आंखालाइ खुशि पार्द छ। मान्छे धेरै बर्ष सम्म जीइ रह्यो
भन्ये पनि ति सबैमां खुश् रहोस् तर अंध्यारा दिनको पनि सम्झना
राखोस् किनभन्ये ति धेरै हुंछन्। जे हुंने छ त्यो सबै ब्यर्थैनै हुंछ ॥
९ ए तन्हेरि आफ्नु तन्हेरेईमां रलाहट् गर् अनि तेरो बईंस् छउंज्याल्

तेरो मन् मगन रहोस् अनि आफनु मनपर्दो चालमां हिंडूछस् भन्ये हिंड
अनि आफना आंखालाइ खुश् गराउंछस् भन्ये गर . तर थाहा पाइ राख
ति सब्बै चालको विषयमां ईश्वरले तेरो निया गर्छ । येसकारण आफनु १०
मन् देखि सुर्ता र आफनु जीउ देखि दुक्ख दूर् गर् . किनभन्ये बइंस र
तनहेरेइंको आयु व्यर्थैनै छन् । आफनु बइंसमां आफनु सिरजनहारलाइ १२ १
पनि सम्झना राख किनभन्ये बिपत्तिको दिन् र ति दिन् आउंद छन्
जस्मां तैंले भन्नु छस् यिनमां मेरो मन् लागदैन भनि तब सूर्य र २
उज्यालो र जून् र ताराहरू अंध्यारो होइ जांछन् अनि पानी परि सक्य पछि
फेरि बाद्‍ल घोंदै आउंछन् . त्येस् बेला घरका पहरूहरू कांमछन् अनि ३
बीरहरू निउंछन् अनि जांतो पिन्नु आइमाइहरू थोरै मांत्रै रह्येको
कारणले काम् छोडि दिंछन् अनि झ्याल् बाटो हेर्नेहरू अंध्यारो होइ
जांछिन् अनि गल्लि पट्टिका दैलाहरू थुनोंछन् अनि जांतो पिन्यको ४
सोर् मधुरो हुंछ अनि चराको कराई सुन्दाखेरि कोई उठ्छ अनि सबै
गाउंने केटीहरूको शब्द मधुरो होइ जांछ अं अग्लो थोक् देखि ५
डराउंछन् अनि बाटोमां तर्साउंछन् अनि बादामको बोट् फुल्छ अनि
सलहहरू पनि भारि जस्तो लाग्छ अनि भोक् जगाउंने फल् फेरि फेरि काम्
लागदैन . कसोगरिभन्ये मान्छे आफनु सनातन् घरमां जांने हुंछ अनि
बिलाप् गर्नेहरू सटक् सटक् हुंदो डुलि हिंडूछन् . त्येस् बेलामां चांदीको ६
तार् फुस्कंछ अनि सुनको बटुको फुट्छ अनि पन्धेरा निर घड़ा फुट्छ अनि
इनार् छेउ पाङ्ग्रा फुट्छ अनि मांटो जस्तोको तस्तो मांटोमां मिसींछ ७
अनि आत्मा चइं त्येसलाइ दिंने ईश्वरै थांह फर्कि जांछ । व्यर्थैनै व्यर्थ छ ८
भनि उपदेशकले भन्द छ सबै व्यर्थैनै छ ॥

येस् उप्रान्त उपदेशक् बुद्धिमान् भयेको कारणले त्यो अझै प्रजालाइ ९
ज्ञान् सिकाउंदै रह्यो . कान् लगाइ लगाइकन सोधपूछ् गरि गरिकन
धेरै धेरै उखानहरू मेलै सित राख्द थियो । उपदेशकले मनपर्दा मनपर्दा १०
कुराहरू खोजि खोजि निकाल्द थियो अनि त्येसले ज्ये लेख्येको छ ति मोजा
र सांचा कुरा छन् ॥

बुद्धिमानहरूका कुरा सुइरा जस्ता छन् अनि सभाका मालिकहरूका ११
कुरा गाड़ेरका कोला जस्ते ति येउटै गोठालोको पट्टि बाटो मिल्द छन् ।
अनि येस् उप्रान्त ए मेरो छोरा चंखेइं चेताउनो सुन् . धेरै पोस्तक् लेख्दा १२
लेख्दा कहिइ अन्त पाइंदैन अनि धेरै पराईले जीउ गलि जांद छ ॥

अन्तको कुरो येइ हो सबै कुरा सुनोयो . ईश्वरको भय् मान् अनि १३
उसका आज्ञाहरू मान् किनभन्ये सब्बैनै मान्छेको कर्तव्यकर्म्म येइनै हो ।
किनभन्ये ईश्वरले सबै गुप्त कुराहरू समेत् भला बुरा हुवे प्रकारका सब्बै १४
कर्म्महरूको निया गर्छ ॥

गीतागीत्

१ १ गीतागीत् सुलैमान्को गीत् ।

२ त्येस्ले मंलाइ चूमा खावस् त्येको मुख्का चूमाहरूले .
किनभन्ये आफुको प्यार् दाखरस् भन्दा जाति छ ।
३ आफुका तेलका बास्ना जाति छन्
आफुको नांउ खन्याईयेको तेल जस्तो छ
येसैकारण्ले कन्येहरूले आफु सित प्रेम् गर्दै छिन् ।
४ मंलाइ तान्नु हवस् त हांमिहरु आफु पछि पछि दुगुर्छौं .
राजाले मंलाइ आफ्ना कोठाहरुमां ल्यायेका छन् .
हांमिहरु खुशि भयेर आफुमां रमाउंछौं
हांमिहरु आफुको प्यार्को चर्चा दाखरस्को भन्दा बेसि गर्छौं .
तिनिहरूले आफु सित ठीक् प्रेम् गर्दै छन् ।

५ हे यरूशलेम्को छोरीहरु हो
मं काली ता छु तै राम्री
केदार्का पाल्हरु जस्ता
सुलैमान्का पर्दाहरु जस्ता ।
६ मंलाइ न हेर किनभन्ये मं काली छु
कसोगरिभन्ये घाम्ले मंलाइ डड़ायो
मेरी आंमाका छोराहरु मं देखि रिसाये
तिनिहरूले मंलाइ दाख्का बारीहरु रूङ्ने तुल्याये
तर मैले आफ्नै दाख्को बारीको रूङाई गरीन ।
७ ए मेरो प्राण्को प्यारो मंलाइ भन्
तिमिले आफ्ना भेंड़ाबाख्रा कहां चराउंदै छौ अनि दोपहरिमां तिनलाइ
कहां खर्काउंदै छौ .
किनभन्ये मं येउटी पछ्रेउरा उघारीयेकी जस्ती किन होउं
तिम्रा साथीहरूका बगाल्हरूको पछि पछि हिंड्ने ।

८ ए तं स्त्रीहरूमां सबै भन्दा राम्री तैंले जान्देनस् भन्ये देखि
तं भेंड़ाबाख्राका खूर्का पाइला पेल्याउंदै जा
वहांदेखि आफ्ना पाठाहरूलाइ गोठालाहरूको पाल्को छेउमां चरा ।

९ ए मेरी प्रिया मैंले तंलाइ
[illegible]

तेरा गाला केसूका चुल्ठाले १०
र तेरा गला गहनाका डोरीले कत्ति राम्रा सिङ्गारीयेका छन् ।
हांमिहरू तेरो लागि सुनका हारि ११
चान्दीको खिप् समेत् बनाउंछौं ।

राजा आफ्नु मेज् निर बसि रह्येका हुंदा १२
मेरो जटामासीको बास्ना चल्नु थाल्यो ।
मेरा प्यारा मेरो लागि मुर् भनौंने सुगन्धको डल्ला सरिने छन् १३
जो मेरा दुतहरूको बीचमां लडि रहंद छन् ।
मेरा प्यारा मेरो लागि मेंहदीको फूल्को झुप्पा जस्तै छन् १४
जो एनगदिको दाखका बारीहरूका छउछेउमां छन् ।

हेर् तं सुन्दरी छस् ए मेरी प्रिया हेर् तं सुन्दरी छस् १५
तेरा आंखा परेवाका जस्ता छन् ।

ए मेरी प्यारी हेर् तं सुन्दरी छस् अनि मनपर्दी . १६
अनि हांम्रो ओछ्यान् पनि हरीयो छ ।
हांम्रो महलका दलीन्हरू देवदारु काठ्का छन् १७
अनि डांड़ाहरू सल्लाकाठ्का ॥
मं शारोनको गुलाब् २ १
र बेंसीको हाड़िलमुन् हुं ।

जस्तै कांड़ाहरूको बीच्मां हाड़िलसुन् २
त्यस्तै मेरी प्रिया छोरीहरूको बीच्मां

जस्तै शेवको बोट् बनका रुखहरूको बीच्मां ३
त्यस्तै मेरा प्यारा छोराहरूको बीच्मां ।
मं तिनको छाया मुनि रमाइ रमाइकन बसि गर्यें
अनि तिनको फल् मंलाइ मीठो लागद थियो ।
तिनले मंलाइ दाखमह खाइंने घर्मां ल्याये ४
अनि तिनको मं माथि फर्फराउंने झण्डी प्रेम् थियो ।
मंलाइ किस्मिसले सम्भाल अनि शेवले शान्ति देउ . ५
किनभन्ये मं प्रेमले रोगीयेको छु ।
तिनको देब्रे हात् मेरो सिर् मुनि छ ६
अनि तिनको दाहीनो चइं हातले मंलाइ अङ्कालो मार्दै छन् ।

हे यरूशलेमको छोरीहरू हो मं तिमिहरूलाइ किरिया दिंद छु ७
मुडुली मिर्ग र बनको हरिणीको नांउले
प्रेम् आफैले इच्छा न गरुन्ज्याल सम्म
न चलाउ न जगाउ ।

८ मेरा प्याराको शब्द सुनौंद छ . हेर तिनि श्राउंने छन्
पर्वत्हरु मांथि फाल् हान्दे र डांड़ाहरु मांथि कूद्दे ।
९ मेरा प्यारा मिर्ग जस्ता श्रं जुवान् कौड़मिर्ग जस्ता छन् .
हेर तिनि हांमिहरुको भित्ताको श्राडूमां उभींद छन्
तिन्ले भ्याल् बाटो हेर्दे छन्
झिलिमिलेमां देखाहा पर्द छन् ।
१० मेरा प्यारा बोल्द छन् श्रनि मंलाइ भन्द छन्
उठ् मेरी प्रिया मेरी सुन्दरी मं थांइ श्राइ हाल् ।
११ किनभन्ये हेर् हिउंदो गयो
झरि बीत्यो श्रं गइ गयो
१२ पृथिवीमां फूल्हरु देखाहा पर्न लाग्ये
श्रनि पंक्षीहरुले भाषा फेर्न बेला श्रायो
श्रनि हांमिहरुको देसमां ढुकुर् बासको सुनौंनु लाग्यो
१३ नेभाराका हरीया हरीया फल्हरु पाक्नु लाग्ये
श्रनि दाखहरु फुल्नु लाग्ये
ति देखि बासा चल्नु लाग्यो
उठ् मेरी प्रिया मेरी सुन्दरी मं थांइ श्राइ हाल् ।
१४ ए मेरी ढुकुर्नी श्रोढ़ार्का टोड़्का हुंदो श्रम्न उकालिको छुकछाउका जंगलमां रहने
तेरो मोहोंड़ा मंलाइ देखा तेरो सोर् मंलाइ सुना
किनभन्ये तेरो सोर् मीठो छ श्रनि तेरो रुप् रास्रो ।
१५ स्याल्का छाउराहरु श्रं हांम्रा दाखका बारी बिगार्ने मसांना स्याल्का छाउराहरुलाइ हांम्रो लागि समात
किनभन्ये हांमिहरुका दाखहरु फुल्दे छन् ।
१६ मेरा प्यारा मेरै हुन् श्रनि मं चइं तिनको .
तिनले श्राफ्ना बगाल्लाइ हाड़िलसुनघारीमां चराउंद छन् ।
१७ दिन् सित्तल् न होउंज्याल् सम्म छायाहरु बिति न जाउंज्याल् सम्म
मेरा प्यारा फर्कनु हवस् श्रनि मिर्ग र जुवान् कौड़मिर्ग जस्तो हुंनु हवस्
जो बेतर्का पर्वत् पर्वत् हुंदो छ ।
३ १ राति मैंले श्राफ्नु श्रोछ्यान्मां मेरी प्राणका प्यारालाइ खोजें .
श्रं तिन्लाइ खोज्दै रह्यें तर तिन्लाइ पाइंन ।
२ [तब मैंले भन्यें] श्रब उठेर सहर् हुंदो जांछु
गल्ली गल्ली र चोक् चोक् हुंदो
मं मेरो प्राणका प्यारालाइ खोज्छु .
मैंले तिन्लाइ खोजें तर तिन्लाइ पाइंन ।
३ सहर्मां डुलि हिंड्ने पहराचौकिले मंलाइ भेट्यो .
[जस्लाइ मैंले सोध्यें] की तिमिले मेरो प्राणका प्यारालाइ देख्यौ भनि ।

तिनिहरु देखि आलिक् पतिर गयेको थियें ४
मैंले मेरो प्राणका प्यारालाइ भेटें र.
मैंले तिन्लाइ समात्यें अनि छोड़ि दिनु मानीन
तिन्लाइ मेरी आंमाको घर्मां न ल्याउंज्याल् सम्म
श्रं मलाइ जन्मायेको कोठामां न ल्याउंज्याल् सम्म ।

हे यरुशलेम्को छोरीहरु हो मं तिमिहरुलाइ किरिया दिंद छु ५
मुड़्लो मिर्ग र बन्को हरिणीको नांउले
प्रेम् आफैले इच्छा न गरुन्ज्याल् सम्म
न चलाव न जगाव ।

धुंवाको मुड़्का जस्तो बन् बाटो निस्कि आउंन को हो ६
सुगन्ध र अत्तरले बास्ना चलन हुंदै
बेपारीहरुका सबै चूर्णले ।
हेर त्यो सुलैमान्को पाल्कि हो ७
तीन् कोरी महाबीरहरु त्यस्का वरिपरि छन्
इस्राएल्मांका बीर्बीर् मान्छेहरु ।
ति सबै तरवार् भिक्न र लड़ाइंका जानापा छन् ८
सबैंगले आफ्नु आफ्नु तरवार् तिनका जाङ्ग जाङ्गमां भुंड्यायेका छन्
रातिको डर्को कारणले ।
सुलैमान् राजाले आफ्नु लागि येउटा गाड़ी बनायो ९
लबानोन्को काठ्को ।
त्यस्ले त्यस्का खांबाहरु चांदीका बनायो १०
त्यस्को मफेरि सुन्को अनि त्यस्को बालिस बैगुने रंगको
त्यस्को बीच् बीच्मां चढ्ने प्रेम् जड़ेका थिये
जो येरुशलेम्को छोरीहरु देखि थिये ।
हे सियोन्को छोरीहरु हो बाहिर निस्कि आयेर सुलैमान् राजालाइ हेर ११
त्यो मुकुट् लायेका जो तिन्को आंमाले तिन्लाइ तिन्को ब्याहाको
दिन्मां लगाइ दियेको थियन्
श्रं तिन्को बड़ो हर्षबड़ाईको दिन्मां लगाइ दियेको थियन् ॥

हेर् तं सुन्दरी छस् ए मेरी प्रिया हेर् तं सुन्दरी छस् ४ १
तेरा आंखा पर्केउरा मुनि परेवाका जस्ता छन्
तेरा केस् भेंड़ा बाखाका बगाल् जस्ता छन्
जो गिलाद् डांड़ाको पाखामां खर्कि रह्येका छन् ।
तेरा दांत्हरु ऊण् कत्रयेकी भेंड़ीहरुको बगाल् जस्ता छन् २
जो नुहाईयेर पानी देखि ऊंभो उक्लि आउंदै छन्
जुन्हरु गोटैपिच्छेले जोर् जोर् बिहाउंदी छन्
अनि तिनिहरुमां येउटी पनि बैल्ही छैन ।

३ तेरा ओंठ् सिंदुरे रंगका धागा जस्ता छन्
तेरो मुख् राम्रो छ ·
तेरा कन्पारा दारीम्का कपटेरा जस्ता छन्
तेरो पछेउरा[१] मुनि ।
४ तेरो गला दाऊद्को हतियार्घर्को लागि बनाईयेको धरारा जस्तो छ
जस्मां हजार् ढाल्हरु झुंड्याईयेका छन्
वीरै वीर्का सबै ढाल्हरु ।
५ तेरा दुवटा दुत्हरु मिर्गका जुम्ले पाठाहरु जस्ता छन्
जो छाड़िलसुन्को बारीमां चर्दै गर्दै छन् ।
६ दिन् सित्तल् न होउंज्याल् सम्म छायाहरु खिति न जाउंज्याल् सम्म
मं मुर्को डांड़ामां चढ्छु
अं लोबान्को पर्वत्मां
७ ए मेरी प्रिया तं ख्यांटै राम्री छस्
तंमां कोइ खोट्खाट् छैन ।

८ मं सङ आइज ए मेरी ब्याउली लबानोन् देखि
मं सङ आइज लबानोन् देखि ·
अमानाको चाप्रि देखि घेर्
सेनीर् र हेर्मोन्को चाप्रि देखि
सिंहहरुका कुरिहरु देखि
बाघ्हरुका पर्वत्हरु देखि ।
९ ए मेरी वैनी ए मेरी ब्याउली तैंले मेरो मन्लाइ मोहित् गराइस्
तैंले आफ्नु येउटै आंखाले मेरो मन्लाइ मोहित् गराइस्
आफ्नु गलाको येउटै सिक्रिले ।
१० कत्ति औधिको मनपर्दो छो तेरो प्रेम् ए मेरी वैनी ए मेरा ब्याउली
तेरो प्रेम् दाखमद्द भन्दा कत्ति जाति छ
अनि तेरा तेलको बास्ना कत्ति मीठो अं सब्बै रकम्का मसाला भन्दा बेसि ।
११ ए मेरी ब्याउली तेरा ओंठ् चुहुंद छन् चाका देखि मह चुहे झैं
तेरो जिब्रो मुनि मह र दुद् छन्
अनि तेरा वस्त्रको बास्ना लबानोन्को बास्ना जस्तो छ ।
१२ मेरी वैनी मेरी ब्याउली दैलो लगायेको बारी जस्ती छ
दैलो लगायेको उम्रंदो पानीको छाप् लगायेको छिटि जस्ती ।
१३ तेरा कोपीला दारीम्को बारी जस्ता छन् जस्मां अमोल् अमोल् फल् फलि रह्येका छन्
अं मेंहदी र जटामासीका ।

[१] अथवा केस ।

जटामासी र केसर् १४
बच् र सिन्कौलि अनि लोबानका सबै रकम्का बोट्हरु छन्
मुर्र् र अगर् र सबै रकम्को अस्सल् अस्सल् गन्धरस् ।
तं बारीको पानीको मूल् जस्तो छस् १५
अरुवा पानीहरुका कुवा जस्तो
अनि लबानोन् देखि बहने खोला जस्ता ।

ए उत्तरेहावा जाग् अनि उठ् ए दक्खीने १६
मेरो बारीमां बह् र त्यसका बासाहरु उड़ाइ ल्याउन्
मेरा प्याराले आफ्नु बारीमां आयेर
त्यसका अमोल् अमोल् फल् खाउन् ॥

ए मेरी बैंनी ए मेरी ब्याउली मं आफ्नु बारीमां आयें . ५ १
मैंले आफ्नु मुर्र् र बलसान् बटुल्यें
मैंले आफ्नु मह चाका समेत् खायें
मैंले आफ्नु दाखमह दुद् सित खायें ।
हे साथीहरु हो तिमिहरुले खाव
हे प्याराहरु हो खाव अं अघाउंजि खाव ।

मं सुत्येको ता थिय तर मेरो मन् चइं ता जागै थियो . २
मेरा प्याराको सोर्ले येसो भन्दै घच्घच्यायो
मेरो लागि दैलो उघार् ए मेरा बैंना ए मेरी प्रिया ए मेरी परेवा ए मेरी
निष्खोट् .
किनभन्ये मेरो सिर् सीत्ले भरीयो
मेरा लट्टाहरु रात्को चुहाईले ।
मैंले आफ्नु चोलो फुकाल्यें त्यो कसोगरि लगाउं . ३
मैंले आफ्ना गोड़ा धोयें ति कसोगरि मैल्याउं ।
तब मेरा प्याराले दैलोको छेंडू बाटो हात् हाल्ये ४
तब मेरो मन् तिन्को लागि लाग्यो ।
तब मं आफ्ना प्याराको लागि दैलो उघारि दिंनुलाइ उठें . ५
अनि मेरा हात्हरु देखि मुर्र् चुहुंद थिये
अनि मेरा औंलाहरु देखि मुर्र्को रस्
आग्लोका बेंडूमां ।
मैंले आफ्ना प्याराको लागि दैलो उघार्यें . ६
तर मेरा प्यारा फर्कीर गइ हाल्ये छन्
तिनि बोल्दै गर्दाखेरि मेरो मन् ठिकानामां थियेन .
तिन्लाइ खोज्यें तर पाइंन
तिनलाइ हापार्यें तर तिनले मंलाइ उत्तर् दियेनन् ।

७ सहर्‌मां डुलि हिंडुने पहराचौकिहरूले मंलाइ भेटेर
अनि मंलाइ पीटेर मंलाइ घाएल् तुल्याये
घराभित्ताका रूङ्वाहरूले मेरो पछ्यौरा पनि उतारि लगि दिये ।
८ हे यरूशलेम्‌को छोरीहरू हो मं तिमिहरूलाइ किरिया दिंद छु मेरा प्यारालाइ भेटेरका छौ भन्ये देखि
तिन्‌लाइ मं तिन्‌को प्रेम्‌ले रोगीयेको छु भनि सुनाइ देव ॥

९ तिम्रो प्यारामां अरू प्याराहरूमां भन्दा के बेसि छ
ए सबै स्त्रीहरूमां सबै भन्दा सुन्दरी .
तिम्रो प्यारामां अरू प्याराहरूमां भन्दा के बेसि छ
र तिमिले येसोरि हामिहरूलाइ किरिया दिंदी छौ ।

१० मेरा प्यारा गोरा छन् अनि लालवर्ण
दस् हजार्‌मां सबै भन्दा प्रसिद्ध ।
११ तिन्‌को सिर् अस्सल् सुन् जस्तै छ
तिन्‌का जुल्फिहरू पिउरेकस्का र कागै सरि काला ।
१२ तिन्‌का आंखा पानीको खोल्न्चा छेउमां भयेको परेवाका जस्ता छन्
दुध्‌ले धोयेका र ठीक् ठकान्‌मां जड़ीयेका ।
१३ तिन्‌का गाला गन्धरस्‌को कोपीला र भर्‌यांङ्गमां राखीयेका फूलहरू जस्ता छन
तिन्‌का ओंठहरू छाड़ेलसुन् जस्ता छन् जस् देखि सुर्‌को रस् चुहुंद छ ।
१४ तिन्‌का हात् पीरोजा जड़ेरको सुन्‌का औंठी जस्ते छन्
तिन्‌को जीउ नीलमणि जड़ेरको हस्तिहाड़् जस्ते छ ।
१५ तिन्‌का खुट्टा निखरा सुन्‌को डोप्‌कोलामां बसाल्येका संगमर्मर्‌को मुढ़ा जस्ता छन्
अनि तिन्‌को रूप् लबानोन्‌का देवदारू रूखहरू जस्तो श्रेष्ठ छ ।
१६ तिन्‌को मुख् अघोरै मीठो छ. अं तिनि सब् तिर बाटो प्रिय
तिनै हुन् मेरा प्यारा भन्येका अनि तिनै हुन् मेरा प्रिय हे यरूशलेम्‌को छोरीहरू हो ॥

६ १ तिम्रा प्यारा कहां गये
ए सबै स्त्रीहरूमां सबै भन्दा सुन्दरी .
तिम्रा प्यारा कता तिर फर्कि गये
र हामिहरू पनि तिन्‌लाइ तिमि सित खोजूं ।

२ मेरा प्यारा आफ्नु बारीमां अं सुगन्ध द्रव्यका कोपीलाहरू भयेको बारीमां उत्रि गये
आफ्नु बगाल् चराउंनुलाइ र छाड़ेलसुन्‌का फूलहरू टिप्नुलाइ ।
३ मं मेरा प्याराकी हुं अनि मेरा प्यारा मेरै हुन्.
तिन्‌ले आफ्नु बगाल्‌लाइ छाड़ेलसुन्‌घारीमां चराउंद छन् ।

तं तिर्जा जस्तै सुन्दरी छस् ए मेरी प्रिया ४
यरूशलेम् जस्तै राम्री
झण्डा हल्लौंदै गर्न्यैको पल्टन् जस्तै उदेकुकी ।
तेरा आंखा मं तिर देखि फर्काइ लैजा ५
किनभन्ये तिनिहरूले मंलाइ जीत्य ।
तेरा केस् बाखाको बगाल् जस्तै छन्
जो गिलाद्को पाखामां खर्कि रह्याका छन् ।
तेरा दांत् भेंडीहरूका बगाल् जस्तै छन् ६
जो नुहाईयेर पानी देखि उंभो उक्लि आउंदै छन्
जुनहरू गोटै पिच्छे ले जोर् जोर् ब्रिहाउंदी छन्
अनि तिनिहरूमांका येउटा पनि ब्रेल्ही छैन ।
तेरा कनपारा दारीमुका कप्टेरा जस्ता छन् ७
तेरो पर्केरा[१] सुनि ।
तीन् कोरी रानीहरू छन् अनि चार् कोरी रखेलीहरू ८
अनि कन्यहरू बेहिसाप् ।
मेरो ढुकुर् मेरी निष्खोट् एक्लो छ ९
त्यो आफनी आमाकी त्यइ येउटी मात्रै हो
त्यो त्येलाइ जन्माउंने आमाकी लाड्नी ।
छोरीहरूले त्येलाइ देख्येर त्येलाइ सर्काइन्
अं रानीहरूले र रखेलीहरूले देख्येर त्येको बड़ाई गरिन् ।

को हो त्यो जो ब्रिहान्को उज्यालो जस्तो देखाहा पर्दी छ १०
चन्द्रमुखि जस्तो उज्याली
सूर्ज जस्ता चघ्र्यैकी
झण्डा हल्लौंदै गर्न्यैका पल्टन् जस्तै उदेकुकी ।

मं ओखर्बारीमां उत्रि गयं ११
ब्यांसिका हरीया हरीया सखहरू हेर्नुलाइ
दाखको बोटमां कोपीला लाग्य कि
अनि दारीमुहरू फुल्नु लाग्य कि भनि ।
मं कतै मेले थाहा न पाइकन १२
मेरा माथ्वर् लोग्को बीचमां रथहरूमां पो चढाईय कि भनि ।

फर्कि फर्कि ए शूलम्मेनी १३
फर्कि फर्कि र हामिहरू तंलाइ हेरुं ।

१ अथवा केस् ।

तिमिहरुले शूलम्मिनीलाई किन हेर्छौ
महनैम्को[1] नाच् हेर्ये झैं ॥

७ १ ए भारादार्की छोरी जुत्तामा तेरा गोड़ा क्या राम्रा हुन् ,
तेरो जाङ्घ् अग्घोरै राम्रो गोल् मिल्येको छ
सिप्पालु कारिगर्ले कमायेको गहना जस्तै ।
२ तेरो नाभि वाटुलो बटुको जस्तो छ
जस्मा मिसायेका दाखमद्यको कहिले घटि छैन
तेरो पेट् गहूंको रास् जस्तो
जो हाड़िलसुन्ले घेरायेको छ ।
३ तेरा दुवटा दुदहरु
मिर्गका जङ्ले पाठाहरु जस्ता छन् ।
४ तेरो गला हस्तीहाड़े धरारा जस्तै छन्
तेरा आंखाहरु हेश्बोन्मा बत्रब्बीम्को ढोका निर भयेका पोखरि जस्तै छन्
तेरो नाख् लबानोन्को धरारा जस्तै छ
जस्ले दमिश्क् तिर हेर्दै छ ।
५ तेरो कपाल् कर्मेल् जस्तै छ
तेरो कपालका केस् बैगुनि कपरा जस्ता छन्
राजा तेरा चुल्ठाहरुमा बांधीयेको छ ।
६ ए प्यारी सुखभराईको लागि
तं अति सुन्दरी अनि कति अधिक मनपर्दी होस् ।
७ तेरो डाल् खजूर्को बोट् जस्तो छ
अनि तेरा दुदहरु दाखका झुप्पा जस्तै ।
८ मैले भन्यें मं खजूर्को बोट्मा चढ़ि जांछु
मं त्येस्का हांगाहरु समात्छु ,
तेरा दुदहरु दाखका झुप्पा जस्तै होउन्
अनि तेरो सास्को गन्ध स्यौको जस्तो
९ अनि तेरो मुख् असल् दाखरस् जस्तो
जो तेरा प्रियको लागि चिप्लीदै ऊंधो जांद छ
अं सुति रहनेहरुका ओंठ् देखि पनि बहि जाने गरि ।

१० मं मेरा प्याराकी हुं
अनि तिन्को इच्छे मं तिर छ ।
११ आइज ऐ मेरी प्यारी हामिहरु बगैंचा तिर जाऊं
बस्ती हुंदो बास् बसूं ।

[1] अथवा दुइ गट्ठाको ।

विहान सखारै उठेर हामिहरु दाखका वारीहरु तिर जाऊं १२
हामिहरु हेरुं दाखका कोपीला लाग्ये कि अनि त्यसका फूल् फक्र्ये कि
अनि दारीमम्मां फूल् लाग्ये कि लाग्येनन् .
वहां म आफ्नु प्रेम् तिमिलाइ देखाउंछु ।
दूदाफल्को वासा चल्दै छ १३
अनि हामिहरुका दैला दैलामां सबै रकमका अमोल् अमोल् र नया
पुराना फल्हरु छन्
जुन् सबै मैंले तिम्रो लागि राखि छोड़ेको छु हे मेरा प्यारा ।
ए तिमि मेरो दाजु जस्तै थियौ ८ १
मेरै आंमाको दुत् खांन्ये जस्तै .
मैंले तिमिलाइ वाहिर भेट्दा भेट्दै चूमा खांन्थे थियें
अं अनि कसैले मेरो गिल्ला गर्ने थियेन ।
म तिमिलाइ डोर्याउंने थियें अनि आफ्नो आंमाको घर्मां लैजांने थियें २
मंलाइ कसले अर्ती दिंने थियो .
म तिमिलाइ मसाला हाल्येको दाखरस् खांनु लाउंने थियें
अं मेरो दारीमको रस् ।
तिनको देब्रे हात् मेरो सिर् मुनि हुंने थियो ३
अनि तिनको दाहीनो चाहिं हातले मंलाइ अंङ्गालो मार्ने थियो ।

हे यरुशलेमको छोरीहरु हो म तिमिहरुलाइ किरिया दिंदो छु ४
प्रेमलाइ न चलाव न जगाव ।
आफैले इच्छे न गरुन्ज्याल् सम्म ।

यो को हो वन् बाटो आउंने ५
त्यसको प्यारा सित अड़ेस् लाग्दै लाग्दै .
शउको बोट् मुनि मैंले तंलाइ जगायें .
त्यहां तेरा आंमाले तेरा लागि पिरा उठाईं
त्यहां त्यो दुक्खमा पिई तंलाइ जन्माउंदा ।

मंलाइ तेरो हिर्दयमां छापा झैं जगा तेरो पाखुरामां छापा जस्तै . ६
किनभन्ये प्रेम् वलियो छ काल् जस्तै
इष् निर्दयालु छ चिहान् जस्तै .
झिल्काहरु आगोका झिल्काने हुन्
खुद् याहको झिल्का जस्तो ।
धेरै पानीले प्रेमलाइ निभाउंनु सक्दैन ७
न ठुला ठुला भलले त्यो डुबाउंनु सक्दछन् .
मान्छेले प्रेमको लागि आफ्नु घरका जावत् श्रीसम्पत्ति दिहाल्यो भन्ये पनि
त्यो त्यसको लागि तुच्छै हुंने थियो ।

८ हाम्री येउटी सानी बैनी छ
एले त्यस्का दुत् उठेका छैनन्.
हामिहरु आफ्नी बैनीको विषयमा के गरुं
जस् दिन् त्यस्को मंगनी हुंछ ।
९ त्यो भित्ता भई भन्ये देखि
हामिहरु त्यस् मांथि येउटा चांदीको धगरा बनाउंछौं.
अनि त्यो दुवार् भई भन्ये देखि
हामिहरु त्यस् मांथि देवदारुकाठले मोहोरि दिंछौं ।

१० म भित्ता हुं अनि मेरा दुतहरु धरारा जस्ता.
तब म तिनको सांमु येउटी शान्ति दिने जस्ती भयें ।
११ बाल्हामोन्मा सुलैमान्को येउटा दाखको बारी थियो
तस्ले त्यो बारी रखवारेको हातमा दिहाल्यो
रखवारे जनेगलाइ फलहरुको लागि हजार् हजार् टुक्रा चांदी ल्याउन
पर्यो ।
१२ मेरो दाखको बारी जो मेरै हो मेरा आंखाको सोझि छन्
ए सुलैमान् आफुकै हुंछ एक् हजार् चइं
अनि फलको रखवारेहरुलाइ चइं दुइ सै ।

१३ तं बारीहरुमा रहने
साथीहरुले तिम्रो सोर् सुन्नलाइ कान् थापि रहेका छन्.
त्यो मलाइ सुनाउ ।

१४ ए मेरो प्यारो हतार् गर्
अनि तं मुडुलि मिर्ग कि जुवान् कोड़िमिर्ग जस्तै दौड़ जा
सुगन्ध द्रव्यका पर्वत् पर्वत् हुंदो ॥

यशायाह अगमवक्ताको पोस्तक ।

आमोसको छोरो यशायाहले यहूदाका राजाहरु उज्जियाह योताम् १
आहाज् र हिजकियाहका दिनमां यहूदा र यरुशलेमको विषयमा
देख्याको दर्शन् ॥
हे स्वर्ग सुन् अनि हे पृथिवी कान् लगा किनभन्या यहवेले भन्याको छ . २
मैले छोराछोरीहरुलाइ पाल्याको र पोष्याको छ अनि तिनिहरुलाइ ठूला
तुल्यायाको छ तर तिनिहरुचाहिं मेरो विरुद्धमां बागि भया । गोरुले आफ्नु ३
धनीलाइ अनि गदहाले आफ्नु स्वामीको डोंड् चिन्द छ . तर इस्राएलले
चिन्दैन अनि मेरो प्रजाले विचार्दैन । हाय् पापी लोग् अधर्म्म बोकाइयाको ४
प्रजा कुकर्म्मीहरुको वंश बिग्र्याका छोराछोरी . तिनिहरुले यहवेलाइ
छोडि दियेका छन् इस्राएलको पवित्र जनको निन्दा गर्याका छन् तिनिहरु
बिराना भइ पछि सरि गयेका छन् । किन अझै बसि बसि अट्टेरि हुनुलाइ आफै ५
कुटौंछौ । सिंगै कपाल् दुख्याको छ अनि सिंगै हिर्दय् हरान् पर्याको छ ।
पैतला देखि टुपि सम्म त्यसमां आरोग्यैं कहीं छैन तर चोटहरु र डामहरु ६
र कुहाका घावै घाउ मात्रै . ति न निचोरीयेका न बान्धीयेका न तेलले
नरम् तुल्याईयेका छन् । तिमिहरुको देस् उजार् भयो तिमिहरुका सहरहरु ७
आगोले डड़ाईयेका छन् . तिमिहरुको भूमिचाहिंलाइ तिमिहरुको मुखांज
परदेसीहरुले खाइ हाल्द छन् अनि त्यो परदेसीहरुले नष्ट पार्याको भैं
उजार् भइ रह्याको छ । अनि सिय्योनकी छोरी दाखको बारीको डोहो ८
जस्तो कांक्राबारीको टौवा जस्तो घेरीयेको सहर् जस्तो छोड़ीयेको छ ।
सेनाहरुको यहवेले हांमिहरुको लागि मसानु बचेतिभाग् छोडि न दियेको ९
भये देखि ता हांमिहरु सदोम् र अमोरा जस्ता होइ जांन थियूं ॥
हे सदोमका बिचारीहरु हो यहवेको बचन् सुन हे अमोराको प्रजा १०
हांमिहरुको ईश्वरको शिक्षामां कान् लगा । यहवेले ऐसो भन्द छ ११
तिमिहरुका धेरै मिलापबलिदान् मलाइ के काम् लाग्छ . म ता
सांढुभेंड़ाहरुका होमबलिदानहरु देखि र पाल्येका पशुहरुको बोसो देखि
अघायेको छु म बाच्छाहरु कि भेंड़ाका पाठाहरु कि बाखाहरुका लोहू
देखि खुशि छुइंन । जब तिमिहरु मेरो सांमु देखाहा पर्नुलाइ आउंद छौ १२
तब मेरा आंगनहरु दलनुलाइ कसले तिमिहरु सित यो मांग्येको छ ।

१३ व्यर्थका अन्नबलिहरू फेरि फेरि न ल्याउ धूप् देखि मलाइ घिन् लाग्दछ
दुतिया र बिश्रामदिन् र सभाको प्रचार् — अधर्मको र पवित्रसभा म
१४ सहन सक्दैन। तिमिहरूका दुतियाहरू र ठहराईएका चाडूहरू मेरो मन्
ले घिनाउंदछ. ति मलाइ भार् लाग्दछन् ति बोक्दा बोक्दा म थाकें।
१५ न तिमिहरूले आफना हातहरू पसार्दा म तिमिहरू देखि आफ्ना आंखा
लुकाउंछु. अं तिमिहरूले धेरै प्रार्थना गर्दा पनि म सुन्दैन. तिमिहरूका
१६ हातहरू रगतले भरीएका छन्। आफुलाइ धोएर चोखो पार तिमिहरूले
गर्याका कार्यहरूको बुराई मेरो आंखा देखि निकालि फ्यांक बुराई गर्न
१७ छोड. भलाई गर्नु सिक जतन् सित निया गर अन्यको माटो देउ टहुरा
टहुराको निया गर बिधुवाको झगरा उठाव॥
१८ यहूवले भन्दछ आउ न। हामिहरू आपस्तमा बिबाद् गरं.
तिमिहरूका पापहरू सिंदुरे रंगका भये पनि तिनिहरू हिउ जस्ता सेता
होइ जांछन् ति बेगुने रंगका जस्ता भये पनि तिनिहरू ऊण् जस्ते होइ
१९ जांछन्। तिमिहरूले खुशि भइकन मेरो मान्यौ भन्या देखि यस् देसको
२० अस्सल् अस्सल् थोक् खायौला. तर तिमिहरू अस्वीकार् गरि बागि
रह्या भन्या देखि तरवारले काटीछौ. कसोगरिभन्या यहूवको मुखले यो
भन्येको छ॥
२१ बिश्वासयोग्य सहर् कसोगरि ब्यभिचारीनी भई. त्यो नियाले भरीयेको
थियो. त्यसमा धर्म्मले बास् गर्द थियो तर अब ता हत्याराहरूले मात्रै।
२२ तेरो चांदी मयल् भइ गयो तेरो दाखरसमा पानी मिसायो। तेरा हाकिमहरू
अट्टेरि र चोरहरूका साथाहरू छन् जनैलाइ घूस् खान् जाति लाग्दछ
अनि भेटिका लालचि छन्. तिनिहरूले न ता टहुराटहुरोको निया गर्दछन्
अनि न बिधुवाको फिरात् तिनिहरू सम्म पुग्दछ॥
२४ यसकारण प्रभु सेनाहरूको यहूवे इस्राएलको महाबीरको यो बाणी
छ. अं म आफना द्रोहीहरूलाइ दूर् गरिकन शान्ति पाउंछु अनि आफना
२५ सत्रुहरू देखि भरो लिंछु. अनि त माथि हात् पसारेर तेरो मयल
२६ खार् हालिकन भस्म पार्छु अनि तेरा भयेको रांग् पनि निकाल्छु. अनि म
फेरि तेरा बिचारकहरूलाइ आगाडिका जस्ता र तेरा मन्त्रीहरूलाइ नादिका
जस्ता मच्याउंछु. त्यसपछि त धर्म्मको सहर् र बिश्वासयोग्य सहर् भनौछस्
२७ [illegible] नियाल् निया [illegible] छ [illegible] अनि म [illegible] धर्म्म [illegible]। [illegible]
[illegible] पापी[illegible] अनि यहूवलाइ [illegible]
२८ भस्म होइ [illegible]। [illegible] तिनिहरूले [illegible] गरेका [illegible]
[illegible] तिनिहरूलाइ [illegible] तिमिहरूले [illegible]
३० [illegible] तिमिहरूको [illegible] किनकि तिमिहरू पात
३१ [illegible] र पानी [illegible] भं [illegible]। अनि [illegible]
[illegible] सुन्पात् जस्तो होइ जांछ अनि त्यसका काम् [illegible]को झिल्का जस्तो
[illegible] दुइ भस्म होइ जांछन् अनि त्यो निभाउंने कोइ हुदैन॥

आमोसको छोरो यशायाहले यहूदा र यरूशलेमको बिषयमा दे १
खेको कुरो ॥

अन्तका दिनमा येसो होइ जांछ यहवेको घरको पहाड़ चहिं २
पहाड़हरूको थाप्रि माथि स्थिर गराइंछ अनि डांड़ाहरू माथि अलग्याइंछ
अनि सबै अन्यदेसीहरू त्यो तिर बहंछन्। अनि धेरै लोग लोगले हिंड़ि ३
आउंदै भन्छन् आव हामिहरू यहवेको पहाड़मा चढ़ेर याकूबको ईश्वरको
घरमा जाऊं त उस्ले हामिहरूलाइ आफ्नु बाटो देखाउंछ अनि हामिहरू
उस्का मार्गमा हिंड़ूंको भनि . किनभन्या शिक्षा चहिं सियोनै देखि र यहवेको
बचन् यरूशलेम देखि निक्लंछन्। अनि उसले अन्यलोग लोगको बीचमा ४
निया गर्छ अनि धेरै लोगका बिचार् गर्छ . र तिनिहरूले आफ्ना आफ्ना
तरवार् चहिं हलोको फालि र आफ्ना आफ्ना भाला चहिं पीटेर हंसिया
बनाउंछन् . अन्यलोगले अर्को अन्यलोग् माथि तरवार् उठ्याउंदैन अनि
न अब देखि उसो लड़ाइं सिकछन् ॥

हे याकूबको जहान् हो आव हामिहरू यहवेको ज्योतिमा हिंड़ूं। ५
किनभन्या तपांइले आफ्नु प्रजा याकूबको जहानलाइ तेजनु भयो ६
किनभन्या तिनिहरू पूर्बदेसीहरूका बेहोराहरूले भरीयेका छन् अनि
पलिश्तीहरू झैं मन्तरतन्तर् गर्ने छन् अनि अन्यदेसीहरूका छोराहरू सित
तालि बजाउंद छन्। अनि तिनिहरूको देस् सुन् चांदीले भरपूर् छ अनि ७
तिनिहरूको धनको कांइ लेखा छैन तिनिहरूको देस् घोड़ाहरूले भरपूर् छ
अनि तिनिहरूका रथहरूको कांइ लेखा छैन। अनि तिनिहरूको देस् व्यर्थ ८
मूर्तिहरूले भरपूर् छ तिनिहरूले आफ्नै हातले आफ्नै औंलाले बनायेका
कामलाइ पूजद छन्। अनि साधारण मान्छे निउराइंछ अनि बड़ाहरू ९
होच्याइंछ . येस्कारण तिनिहरूलाइ क्षमा न गर्नु हवस्। यहवेको भयको र १०
उस्को महिमित् प्रतापको कारणले पहरामा पसि जा अनि माटोमा लुकि
जा। साधारण मान्छेका अहंकारी आंखा होच्याइंछन् अनि बड़ाहरूको ११
शिर निउराइंछ अनि तेस् दिन् खालि यहवे मात्रै अलग्याइंछ। किनभन्या १२
सेनाहरूको यहवेको येउटा दिन सबै फुलीयेका र अहंकारि र सबै
अलग्याइयेको थोक् माथि पर्छ तिनि सबै होच्याइंछन् . अनि लबानोनका १३
अग्ला र उठेका सबै देवदारु र बाशानका सबै बांजहरू माथि अनि १४
सबै अग्ला पहाड़ र सबै उठेका डांड़ाहरू माथि र सबै अग्ला १५
धरहराहरू र सबै घेर्ने भित्ता माथि र तर्शीशका सबै जहाजहरू र सबै १६
राम्रा राम्रा थोकहरू माथि पर्छ। अनि साधारण मान्छेको घमण्ड निउराइंछ १७
अनि बड़ाहरूको अहंकार् होच्याइंछ . अनि तेस् दिनमा खालि यहवे मात्रै
अलग्याइंछ। अनि व्यर्थ मूर्तिहरू स्याह्रै मिलाइंछन्। अनि जब यहवे १८ १९
पृथिवीलाइ साह्रो कंपाउंनुलाइ उठ्छ तब उस्को भयको र उस्को महिमित्
प्रतापको कारणले लोग् पहराहरूका ओड़ारहरू र माटोका धांदो हुंदो
पस्छन्। जब यहवे पृथिवीलाइ साह्रो कंपाउंनुलाइ उठ्छ तब त्यसै दिन २०

लोगले पूजनुको लागि बनायेका सुन् चांदीका आफना व्यर्थ मुर्त्तिहरु
२१ कुचून्द्राहरु र चमेराहरुको लागि आफालि दिंछन् यहवेको भयको र
उसको महिमित् प्रतापको कारणले पहराहरुका धांदाहरु र भल्खांड़ाहरुका
२२ छेडूहरुमां पसि जांनुलाइ जब उ पृथिवी सारो हल्लाउंनुलाइ उठ्छ। जस
मान्छको सास् त्यसको नाखमां छ त्यसको भरोसा न गर. किनभन्य त्यो क्या
लेखामां छ र॥

३ १ न हेर प्रभु सेनाहरुको यहवेले यरुशलेम् र यहूदा देखि आधार् र
२ टेवा रोटीको सिंगै टेवा अं पानीको सिंगै टेवालाइ बीर् र लड़ांकोलाइ
३ बिचारी र अगमबक्ता र अगम् चलाउंने र बूढ़ालाइ पचासको
मालिक् र मानको मान्छे मंत्री र सिपालु कारिगर्लाइ र बुद्धिमान्
४ झांक्रिलाइ लैजांछ। अनि केटाहरुलाइ म तिनिहरुका मालिक् तुल्याइ
५ दिंछु अनि बालखहरुले तिनिहरु मांथि प्रभुतांई गर्छन्। अनि प्रजाहरु
एका अर्का देखि अं सबै आफना छिमेकि देखि थिचोछन्. केटाले बुढा
६ सित र नीचले मान्यबर् मांथि अहंकार् गर्छ। जब कसैले आफनु बाबुको
घर्मां आफनु भाइलाइ समात्येर भन्छ तिम्रां ता लुगा छन् न तिमि
हाकिमहरुको बिचारी होइ जाउ अनि त्यो नष्ट तिम्रो कर्मां परोस् भनि.
७ तब त्यसै दिन्मां त्यसले कराइ भन्छ म ता बांध्ने हुन्न किनभन्य मेरो घर्मां
न ता रोटी छ न ता लुगाफाटा. मलाइ लोगको बिचारी न तुल्याउ भनि।
८ कसोगरिभन्य यरुशलेम् नष्ट भयो अनि यहूदा लडि गयो. किनभन्य
तिनिहरुको जिब्रो र तिनिहरुका कर्म्म यहवेको बिरुद्ध छन् उसका महिमित्
९ आंखालाइ रीस्याउंनुको लागि। तिनिहरुको मुखले तिनिहरुको बिरुद्धमां
साक्षी दिंद छ अं तिनिहरुले सदोमले झैं आफना पाप् आफै बखान्द छन्
अनि लुकाउंदैनन्। तिनिहरुको आत्मा मांथि हाय्. किनभन्य तिनिहरुले
१० आफनु बुराईको साटो आफैले दियेका छन्। धर्म्मीहरुको बिषयमां ता भन
तिनको भलो हुंछ. कसोगरिभन्य तिनिहरुले आफना कर्म्मको फल्
११ खांछन्। दुष्ट मांथि हाय्. त्यसको बुरा हुंछ. कसोगरिभन्य त्यसको
१२ कामको फल् त्यसलाइ दिइंछ। मेरो प्रजा चइं मांथि बालखहरुले थिचाइं
गर्ने छन् अनि आइमाइहरुले तिनिहरु मांथि प्रभुतांइ गर्द छन्। ए मेरो
प्रजा तंलाइ डोऱ्याउंनेहरुले तंलाइ भर्माइ दिंछन् अनि तेरा हिंड्ने बाटा
१३ मेटि दिंद छन्। यहवे मामला चलाउंनुलाइ उभींद छ अनि लोग् लोगको
१४ निया गर्नुलाइ उभींद छ। यहवेले आफना लोगका बूढ़ाहरु र हाकिम्हरु
सित बिबाद् गर्छ. तिमिहरुइले दाखको बारी खायेका छौ दरिद्रहरु देखि
१५ लियेको लूट् तिमिहरुइका घर् घर्मां छन्. तिमिहरुले मेरा प्रजाहरुलाइ
चूर् पार्द छौ अनि दरिद्रहरुको मुख् पीस्द छौ येसको अर्थ क्या हो भन्दै.
प्रभु सेनाहरुको यहवेको येइ बाणी छ॥

१६ यहवेले यो पनि भन्यो सिय्योन्को छोरीहरु अहंकारिनी छिन् अनि
घिच्रो तानि तानि र आंखा कर्कांउंदै डुल्द छिन् अनि कल्लीपैंझ्री झम्झमाउंदै

टिर्म्टिमौंदै हिंड्‌द छिन्   येकारण् प्रभुले सिय्योन्‌को छोरीहरूका सिर्‌को १७
टुपिमां फोकाले छिकाउंछ अनि यह्‌वेले तिनिहरूको गुप्ति उघारो गराउंछ।
त्यस् दिन् प्रभुले कल्लीपैहरौहरू चन्द्रसिक्रिहरू चन्द्रहार्‌हरू   झुम्काहरू १८ १९
चुराहरू पछ्‌उराहरू   मुकुट् पैकड़ीहरू सिक्रीकल्लि पटुकाहरू सुगन्धका २०
गरीयाहरू मन्तर्‌हरू   औंठीहरू नत्थहरू   रामा रामा वस्त्रहरू २१ २२
चोलोहरू वर्काहरू झोलिहरू   दर्पण्‌हरू पात्‌कपराका पोशाक्‌हरू २३
मुजेत्राहरू र पछ्‌उराहरूका शोभाहरू दूर् गर्छ। अनि येसो होइ जांछ २४
सुगन्धद्रव्यको माटोमां कराइं हुंछ अनि राम्रो राम्रो पटुकाको माटोमां
डोरी अनि राम्रो राम्रो चुल्ठाहरूको माटोमां लट्टैलट्टा अनि राम्रो राम्रो
लुगाको माटोमां भांग्राको पेटि. अनि सुन्दरइंको माटोमां डाम्। तेरा २५
पुरुष्‌हरू तर्वार्‌ले लड्‌छन् अनि तेरा वीर्‌हरू संग्राममां। अनि त्येस्का २६
ढोकाहरूले रुंदै रुंदै विलाप् गर्छन् अनि त्यो रित्तौंछ अनि भूंइमां वस्‌छ।
त सात्‌वटी स्त्रीहरूले येउटै पुरुष्‌लाइ समात्येर भन्छिन् हामिहरू आफ्नै ४ १
रोटी खांछौं अनि आफ्नै लुगा लाउंछौं. खालि हामिहरू तिम्रो नाउंको
भनौंऊं र येसोरि हाम्रो निन्दा उठाइ देउ भन्दै॥

त्येस् दिन्‌मां यह्‌वेको डाला राम्रो र महिमित् हुंछ अनि भूमिको २
उपज्‌नि इस्राएल्‌को बचेताभाग्‌को लागि प्रतापी र शोभित् हुंछ। अनि ३
येसो होइ जांछ सिय्योन्‌मां छोड़ीयेको र यरूशलेम्‌मां बांचि रहने जो
यरूशलेम्‌मां जीवनपत्रमां लेखायेकाहरू पवित्र भनौंछन्. जब प्रभुले ४
नियाको आत्मा र भस्म पार्ने आत्माको बाटोले सिय्योन्‌का छोरीहरूको मल्
शुद्ध पार्येको हुंछ अनि यरूशलेम्‌को रगत् त्येस्‌को बीच् देखि चोख्यायेको
हुंछ। अनि यह्‌वेले सिय्योन् पर्वत्‌को सिंगै बास् माथि र त्येस्का सभास्थान्‌हरू ५
माथि पनि दिउंसो बादल् र धुंवा अनि राति जुवालेआगोको उज्यालो
सिर्जंछ. कसोगरिभन्ये सिंगै तेज् माथि छाना जस्तो फिजाइंछ। अनि ६
दिउंसो घाम् देखि छायाको लागि र आंधी र झरिमां शरण् र आड़
हुनुको लागि मण्डप् हुंछ॥

म आफ्नु प्रियको लागि त्येस्को दाख्‌को बारीको विषयमां येउटा ५ १
गीत् गाउंछु। येउटा अरघोर् उपज्‌नि हुने डांड़ामां मेरो प्रियको दाख्‌को
बारी थियो. अनि त्येस्ले त्येस्को माटो खन्यो अनि त्येस्का ढुगामुंगाहरू टिपि २
फ्यांकेर त्यस्‌मां येउटा अस्सल् दाख्‌को बोट् रोप्यो अनि त्येस्को बीच्‌मां
येउटा तोवा बनायेर दाखरस्‌को लागि येउटा कोल् पनि खोप्यो. त त्येस्ले
दाख्‌को आशा गर्नु लाग्यो तर त्यस्‌मां वनदाख् फल्ये। त अब हे ३
यरूशलेम्‌का वासीहरू र यहूदाका मान्छेहरू हो कृपागरि मेरो र मेरो
दाख्‌को बीच्‌मां निया गर। मेरा दाख्‌को बारीको लागि मैले जे गर्नु पर्थ्यो ४
तर मैले न गर्येको के रह्येको होला. त के कारण् हो जब मैले दाख्‌को
आशा गर्यें त त्येस्मां वन्‌दाख् फल्ये। त अब म तिमिहरूलाइ जनाउंद ५

छु म आफ्नु दाखको बारीको लागि के गर्छु . म त्यसका काँड़ेबोट्
उखेल्छु त्यो खवाइंछ अनि त्यसको बार् भत्काइ दिन्छु र त्यो दलीग्राम् .
६ अनि म त्यसलाइ उजार् गराउंछु त्यो न छांटींछ न गोड़ींछ तर त्यस्मा
काँड़ेबोट् र लोहाँड़ेको काँड़ा उम्रंछन् . अनि म बादल्लाइ पनि अह्राउंछु
७ त्यसमा न बर्सन्लाइ । कसोगरिभन्या सेनाहरूको यह्वेको दाखको बारी
इस्राएल्को जहान् हो अनि यहूदाका मान्छेहरू उसको मनपर्दो बिरुवा
हो . अनि उसले नियाको आशा गर्दै थियो तर हेर अन्याय पो . धर्म्मको
आशा गर्दै थियो तर हेर चिच्याइ पो ॥
८ हाय् तिमिहरू माथि जस्ले घर् सङ घर् अनि खेत् सङ खेत् मिलाउंद
छन् बीचमा कोइ पनि जग्गा न रहंनगरि अनि देशमा खालि तिमिहरू
९ मात्रै रहने गराईएका छौ । सेनाहरूको यह्वेले मेरा कानमा कहेको छ
अवश्य धेरै घरहरू उजार् हुंछन् अं ठूला राम्रा घरहरू निर्जने ।
१० कसोगरिभन्या दस् बीघा दाखबारीमा एक् मूरि दाख पाइंछ अनि पाथि
बीउको एक् माना अन्न हुंछ ॥
११ हाय् तिमिहरू माथि जस्ले बिहान उठेर मद्य खोज्द छन् अनि राति
मस्म पनि खाइखाइकन तिनिहरूलाइ दाखमद्यको गर्मी चढ्द छ ।
१२ तिनिहरूका भोजमा बीणा सारंगा मृदङ्ग बांसुलि र दाखमद्य पाइंद छन् .
तर तिनिहरूले यह्वेको काम् गन्दैनन् न उसका हातले गर्याको कर्म्म
१३ चिन्द छन् । यसकारणले मेरा प्रजा बन्धवाइमा न जानिकन जांछन् . अनि
१४ तिनका बड़ाहरू भोक र तिनिहरूको धूइरो प्यास मर्छन् । अनि यसकारण
पत्ताल्ले अग्घोर् लाल्मागरि आंमिमाना सङ आफ्नु मुख बायेका छ .
अनि तिनिहरूका मान् र धूइरो र तमाशा र रमाउनेहरू त्यसको मुखमा
१५ खस्छन् । यसोरि साधारण मान्छे निउराइंछ अनि बड़ाहरू होच्याइंछन् अनि
१६ अलगाहरूका आंखा होच्याइंछन् . तर सेनाहरूको यह्वे नियागराइमा
ऊल्याइंछ अनि ईश्वर् जो पवित्र छ धर्म्म गराइंमा पवित्र ठहराइंछ ।
१७ तब भेड़ाका पाठाहरू आफ्ना खर्कमा झें चर्छन् अनि मोटाहरूका उजार
ठाउं बास् गर्नेहरूले खांछन् ॥
१८ हाय् तिमिहरू माथि जस्ले अधर्म्मलाइ व्यर्थका डोरीहरूले र पापलाइ
१९ गाड़ा तान्ने डोरीले झें तानि ल्याउंद छन् . अनि भन्द छन् उसले छिटो
गरोस् अनि आफ्नु काम् चांडो गरोस् र हामिहरू त्यो हेरुं . अनि
इस्राएलका पवित्र जनको जुक्ति चढें आयेर नजिक् पुगोस् र हामिहरू
त्यो बूझ्न सकुं भनि ।
२० हाय् तिमिहरू माथि जस्ले नजातिलाइ जाति र जातिलाइ नजाति
भन्द छन् अनि अंध्यारोलाइ उज्यालो र उज्यालोलाइ अंध्यारो अनि
तीतोको लागि मीठो र मीठोका लागि तीतो राख्द छन् ॥
२१ हाय् तिमिहरू माथि जो आफ्नु दृष्टिमा ज्ञानी अनि आफ्नु लेखमा
बुद्धिमान् छन् ॥

हाय् तिनिहरू माथि जो दाखमद्द खानुमा बीर् अनि मद्यमा मसाला २२
मिलाउनुमा सापाका हुंद छन्. अनि घूस् लिएर दुष्टलाइ निर्दोष २३
ठहराउंद छन् अनि धर्म्मी देखि त्यस्को धर्म्म लैजांद छन्। येस्कारण २४
जस्तोरि आगोको जिब्रोले ठूटा भस्म हुंद छ अनि मर्काको घांसो डढेर
जुवालामा डुबि जांद छ त्यसै गरि तिनका जरा कहि सर्येका जस्ता हुंछन्
अनि तिनका फूल् धूलो झैं उडि जांछन्. किनभन्या तिनिहरूले सेनाहरूको
यहवेको शिक्षालाइ आफाल्येका छन् अनि इस्राएलको पवित्र जनको
वचनको निन्दा गर्येका छन्॥
येसैकारणले यहवेको रिस् आफना लोग्हरू माथि जलेयको छ अनि २५
उस्ले आफनु हात् तिनिहरूको बिरुद्धमा पसारेर तिनिहरूलाइ हिकार्येका
छ अनि पहाडहरू कांप्या अनि तिनिहरूका मुर्दाहरू सडक् सडक् हुंदा
कसिङर् झैं थिए। येतिमा पनि उस्को रिस् फर्कको छैन तर उस्को
हात् अझ पसारेयैक भइ रहंछ। अनि उस्ले टाढा टाढाका लोग् लोग्ले २६
देखन् भन्येर झण्डो उभ्याउंछ अनि स्विमला पार्दै तिनिहरूलाइ
पृथिवीको छेउ देखि डाकुछ. हेर तिनिहरू छिटो छिटो फुर्ति गरि आउंने
छन्. तिनिहरूमाको कोई थाक्ने कि ठोकर् खाने छैन कोई ऊंघ्ने कि २७
निधाउंने छैन कसैको कम्मरको पटुका फुकदैन अनि कसैका जुत्ताका
बन्धन् छिन्दैनन्. तिनिहरूका कांडहरू ताखा ताखा अनि तिनिहरूका २८
सबै धनुहरू उक्कालेयका छन् तिनिहरूका घोडाहरूका खुरु ढुङ्सौंग
दृढा जस्ता जानीछन् अनि तिनका पांग्राहरू बेहेरिआंधी जस्ता.
तिनिहरूको कराइ सिंहको जस्तो हुंछ जुवान् सिंहहरू झैं गर्जंछन्. अं २९
डमर् गन्येर आहारा समातछन् अनि त्यस्लाइ बचाइ लैजांछन्. अनि
त्यस्लाइ तिनिहरू देखि छोडाउंने हुदैन। त्यस् दिन् तिनिहरू तिनिहरू ३०
माथि समुन्द्रको गर्जाई झैं गर्जंछन्. भूमि तिर हेर्यो भन्या देखि न हेर
अन्धकार् र सङ्कट अ उज्यालो मेघ अंध्यारोले छाडिछ॥
उज्जियाह् राजा मर्येका बर्षमा मैले प्रभुलाइ अग्लो उठाईयेको ६ १
सिंहासनमा बिराजदै गर्येको देख्यं अनि उस्का बस्त्रको छेउले मान्दिर्
भरेयको थियो। उ देखि अलगामा सराफहरू उभायेका थिये. एक एकाका २
छ छवटा पखेटा थिये दुइ दुइवटा पखेटाले चइं तिनिहरूले आफन
आफनु मुख् ढाकेका थिये अनि दुइ दुइवटाले चइं आफना आफना गोडा
ढाकेका थिये अनि दुइ दुइवटाले चइं उडि रहेका थिये। अनि तिनिहरू ३
एकाले अर्कालाइ कराइ कराइकन भन्दै रहंद थिये पवित्र पवित्र पवित्र छ
सेनाहरूको यहवे. सिंगै पृथिवी उस्को महिमाले भरिपूर्ण छ भन्दै। अनि ४
येस् कराउंनेका सोरले सङारहरूका जगहरू हल्लीये अनि भवन् धुवांले
भरायो। त मैले भन्यं हाय् हाय मं नष्ट भयं. कस्तोगरिभन्ये मं अशुद्ध ५
ओंठको मान्छे हुं अनि अशुद्ध ओंठका लागको बाचमा बास गर्द छु.
किनभन्ये मेरा आंखाले महाराजाधिराज सेनाहरूको यहवेलाइ देख्यो भनि।

६ तब सराफ्हरूमांको एक् जना हात्मां चिम्टाले बेदि देखि आगोको
७ फिलौङ्गो चेपि लिइ उड्दै मं छेउ आयो . अनि त्येस्ले त्यस् फिलौङ्गोले
मेरो मुख्मां छुवायेर भन्यो हेर् येस्ले तेरा ओंठ्हरू छोयो त तेरो अधर्म्म
८ मेटीयो अनि तेरो पाप्को प्रायश्चित्त भयो भनि । अनि मैंले प्रभुको यो वाणी
सुन्यें मं कस्लाइ पठाउं अनि हांमिहरूको लागि को जांछ भन्ये . तब मैंले
९ भन्यें मं मासेल् छु मेंलाइ पठाउंनु हवस् । उस्ले भन्यो यो लोग् थांइ गयेर
भन् तिमिहरूले सुन्नु ता सुन्छौ तर बूझ्दैन अनि देख्नु ता देख्छौ तर
१० जान्दैन । येस् लोग्को हिर्दय् बाक्लो पार् अनि तिनिहरूका कानलाइ
गह्रुङ् पार् अनि तिनिहरूका आंखा चिम्लाइ दे होइन भन्ये ता तिनिहरूले
आंखाले देख्नन् अनि कानले सुन्नन् अनि हिर्दयले बूझ्नन् अनि मं तिर
११ फर्कि आउंनन् र निको पार्गेनन् । तब मैंले सोध्यें हे प्रभु कहिले सम्म
भनि । त उस्ले उत्तर् दिइ भन्यो जेले सम्म सहर्हरू तिनमां कोई पनि न
रहुंज्याल् सम्म गरि उजारींदैनन् अनि घर्हरू पनि तिनमां कोई मान्छे न
रहुंज्याल् सम्मगरि उजार् हुंदैनन् अनि देस् उजार् र सुनसान् हुंदैन
१२ अनि जेले सम्म यहवेले मान्छेहरूलाइ त्यस् देखि टाड़ोगरि धपाइ दिंदैन
१३ अनि देसमां धेरै ठांउहरू निर्जन् होइ जांदैनन् । तरैपनि त्येस्मां दसौं अंश
बांच्यो भन्ये देखि त्येइ पनि नष्ट गरींछ . अनि सांनु कि ठुलो बांजरुक्ष काटि
ढाल्ये पछि पनि तिनका ठुटा रहि रह्ये झैं पवित्र बंश त्यस्को ठुटा रहंछ ॥

७ १ यहूदाको राजा उज्जियाह्को छोरो योताम्को छोरो आहाज्को
पालामां येसो भयो अराम्को राजा रसीन् र इस्राएलको राजा रमल्याह्को
छोरो पेकह् यरूशलेम् सित लड़ाइं गर्नुलाइ आइ लाग्ये तर त्यो सित
२ लड़ाइं गर्नु सक्येनन् । अनि अराम् एप्रैम् सङ छ भन्ये समाचार् दाऊद्को
घरानको आयो । तब त्येस्को र त्येस्को प्रजाको मन् बनका रुखहरू
बतासले हल्लायेको झैं हल्लीयो ॥

३ तब यहवेले यशायाह्लाइ भन्यो अब आफ्नु छोरो शार्यासूब्लाइ[१]
लियेर मांथिल्लो ठड़ं पोखरीका खोल्चाको सिरान्मां अर्थात् धोबीहरूको
४ खेत्को सड़क्मां आहाज् सित भेट् गर्नुलाइ गइ त्येस्लाइ भन् त
चेत्व रह् अनि चुप् रह् यि धुंवा उठ्ने अगुल्टोको पुच्छर् रसीन् र अराम्को
उग्रको रिस् देखि र रमल्याह्को छोरो देखि न डरा अनि न तेरो मन्
५ कांचो हवस् । अराम् र एप्रैम् र रमल्याह्को छोरोले तेरो बिरुद्धमां
६ ए हांमिहरू यहूदा मांथि जाइ लाग्येर तिनिहरूलाइ धब्राइ दिउं । अनि
आफ्नु लागि त्यस्मां छेड़ पार्येर त्यस्मां येउटा राजालाइ अर्थात् ताबालको
७ छोरोलाइ उभ्याउं भनि . येस्कारण प्रभु यहवेले भन्द छ यो न उभींछ अनि
८ न पूरो हुंछ । कसोगरिभन्ये अराम्को मूल् दमिश्क छ अनि दमिश्कको
मूल् रसीन् छ . अनि पैंसठ् बर्ष भित्र एप्रैम् लोग् न रहनेगरि टुक्र्याइंछ .

[१] अर्थात् बचतैभाग फिर्छ ।

फेरि एफ्रैम्को मूल् शोमरोन् छ अनि शोमरोन्को मूल् रमल्याह्को छोरो ९
छ । येस् कुराको बिश्वास् गर्यौन भन्ये देखि निस्से स्थिर् रहंदौन ॥
फेरि यहवेले आहाज्लाइ भन्दै रह्यो आफ्नु ईश्वर् यहवे सित १० ११
कोइ चिंनु मांग् पत्ताल् देखिको हवस् कि अकाश् देखिको हवस् । तर १२
आहाज्ले भन्यो मं मांग्दौन मं यहवेको परीक्षा गर्दीन भनि । तब त्यस्ले १३
भन्यो हे दाऊद्को जहान् सुन क्ये तिमिले मान्छेलाइ थकाउंनु येत मांनु कुरा
ठान्यौ तिमिले अब मेरो ईश्वर्लाइ पनि थकाउंछौ । येस्कारण् प्रभु आफैंले १४
तिमिलाइ येउटा चिंनु देखाउंछ हेर येउटी कन्या गर्भिणी हुंछे अनि पुत्र
जन्माउंछे अनि त्येस्को नांउ इम्मानूएल्[१] राखछे । उस्ले दहि र मह खांने १५
गर्छ बुरोलाइ त्याग्ने र भलोलाइ छान्ने ज्ञान् पाउंनुको लागि । किनभन्ये १६
त्यस् बालखले बुरोलाइ त्याग्ने र भलोलाइ छान्ने ज्ञान् पाउंनु भन्दा पहिले
जुन् देस्का दुवै राजाहरु देखि तिमि घबराउंछौ त्यो निर्जन् होइ जांछ ।
यहवेले तिमि माथि र तिम्रो प्रजा माथि र तिम्रो बाबुको जहान् माथि १७
यस्तो दिन् ल्याउंछ एफ्रैम यहूदा देखि छुट्टायेको देखि त्यस्तो दिन् कहिले
पनि आयेको थियेन अर्थात् [उस्ले] अश्शूर्को राजा [लाइ येस् देस्मा
चढाइ ल्याउंछ] ॥
अनि त्यस् समय्मा येसो हुंछ यहवेले ति मिस्रका नदीहरु देखि पारि १८
भयेका झिङ्गाहरुलाइ र ति अश्शूर् देस्मा रहंने मौरीहरुलाइ स्विसला
पार्दै बोलाउंछ । अनि तिनिहरु आयेर येस् देस्का उजारायेका खोल्चाहरु १९
भलखांडाका छेंडूहरुमा र सबै कांढ़घारी हुंदो सब्बै बसि जांछन् ॥
त्यस् समय्मा प्रभुले महानदी देखि पारि पट्टिको अश्शूर्को राजाको २०
बाटोले ज्यालाको कुराको बाटोले सिर् र गोड़ाका रऊंहरु मुंडछ. अं त्यस्
कुराले दारि पनि खौरंछ ॥
अनि त्यस् समय्मा येसो हुंछ कसैले येउटा कोरलो र दुवटा भेंड़ा २१
पालछ अनि येसो हुंछ तिनिहरुले येत्ति दुद् दिंछन् त्यस्ले दहि पनि खांने २२
गर्छ. अं जत्ति येस् देस्मा रहि जांछन् ति सबैले दहि र मह खांछन् ॥
अनि त्यस् समय्मा येसो हुंछ जत्ति ठांउमा हजार् टुक्रा रुपिया २३
खजानाका हजार् दाखका बोट् भयेका हुंनन् ति सबैमा कांड़बोट् र
लोहोंडिका कांडे मात्रै हुंछन् । मान्छेहरु कांड् धनु लियेर त्यहां आउंने गर्छन् २४
किनभन्ये येस् सिंगै देस्मा कांड़बोट् र लोहोंड़िको कांड़ा होइ जांछ ।
अनि जत्ति डांड़ा कोदालोले खनौंदछन् ति सबैमा तं कांड़बोट् र २५
लोहोंड़िका कांड़ाको डरको कारणले आउंदैनस् तर त्यो गाईगोरु पस्नु र
भेंड़ाबाखाहरुले कुल्चनुको लागि हुंछ ॥
फेरि यहवेले मलाइ भन्दै रह्यो येउटा ठुलो फर्दो लियेर त्यसमा ८ १
साधारण् अक्षरले महेर्शालाल्हाश्बजको[२] लागि भन्ये कुरो लेख अनि २

[१] अर्थात् ईश्वर् हामिहरु सङ्ग छ ।
[२] अर्थात् लूट् हतारौंदा अहेर् छिटै आउंदा ।

म ऊरिय्याह् पूजाहारीलाइ र येबेरक्याह्को छोरो जकर्याह् बिश्वासी
३ पुरुषहरूलाइ येस् कुराको साक्षी ल्याउंछु । अनि मं अगमवक्तानीकां गयें
अनि त्यस्ले गर्भिणी भयेर छोरो जन्माई । तब यह्वेले मलाइ भन्यो त्यस्को
४ नांउ महेर्शालाल्हाशबज् राख् । किनभन्य यो केटाले मेरा बाबा मेरा
आंमा भन्न जान् पाउनु भन्दा पहिले अश्शूरको राजाले दमिश्कको धन र
शामरीनको लूट् आफ्नु अगमा लैजांछ ॥
५ फेरि यह्वेले मलाइ यस्तो खप भन्यो यो लोग् शीलोहको
बिस्तार् बिस्तार् बहने पानी त्रिकामे जानि रसीन् र रमल्याहको छोरो सङ्ग
७ खुशि भयो येस्कारण् हेर प्रभुले तिनिहरू माथि महानदीको गहीरो र
धुस्न पर्याको पानीलाइ अं अश्शूरको राजा त्यस्को सबै मोहमा समेत्लाइ
ल्हाइ ल्याउंछ . अनि ति सबै खोलचामा भराछ अनि पहरा माथि माथि
८ बहंछन् . अनि त्यो चढ्दै चढ्दै यहूदा देसमा पनि चढि आउंछ अनि बढ्दै
बढ्दै छ्रेरि जांछ अं घांटि सम्म पुगाछ अनि त्यसका पखेटाको फिंजाइले
तेरो देस् सिमाना देखि सिमाना सम्म भरीछ हे इम्मानूएल ॥
९ हे लोग् लोगहरू हो खल्यांगमल्यांग् गर अनि तिमिहरू टुक्र्याइका
हे टाढा टाढा देसहरूका सबै मान्छेहरू हो कान् थाप . कम्मर् कस्येर
१० टुक्र्याइंछौ कम्मर् कस्येर टुक्र्याइंछौ । आपस्तमा जुक्ति गर्छौ तर त्यो
११ निष्फल होइ जांछ कुरा गर्छौ तर त्यो ठहर्दैन . किनभन्य इश्वर् हामिहरू
सङ छ । कसोगरिभन्य यह्वेले मलाइ आफ्नु बलियो हातले येसो
१२ भनिकन यि लोगको बाटोमा न हिंड्नु भनि सिकायेको छ जुन्
कुरोलाइ यि सबै लोगले राजद्रोह् भन्नन् त्यस्लाइ तंले राजद्रोह् न भन्न
१३ अनि तिनका डर् मानि न डराउनु अनि न थरहरि हुनु । तर
सेनाहरूको यह्वेचइंलाइ पवित्र गर अनि उ चइं तिम्रो डर् हवस् अनि
१४ उ चइं तिम्रो थरहरि । अनि उ चइं पवित्रस्थान् हुंछ इस्राएलका दुवै
घरानको लागि ठक्करको ढुंगा र ठोकरको शिलापत्थर् यरूशलेमका
बासाहरूको लागि पासो र जाल हुंछ । अनि धेरै जना ठोकर् खायेर
१५ लड्छन् अनि टुक्र्याइंछन् अनि फांसोमा परेर पक्रडा पनि पर्छन् ॥
१६ आफ्नु चेलाहि बांधनु हवस् अनि आफ्नु शिक्षामा मेरा चेलाहरूको
१७ बीचमा छाप् मारि दिनु हवस् । अनि मं त्यइले जस् यह्वेले आफ्नु मुख
याकूबको घरान् देखि लुकाउंदछ उसैको बाटो हेरि रहंछु अनि उसको
१८ लागि आशा गरि रहंछु । हेर मं र यह्वेले मलाइ दियका बालखहरू चइं
ता उसै सेनाहरूको उइ सियोन् पर्वत् माथि बास् गरि रहने यह्वेका
पट्टि बाटो इस्राएलमा चिन्ह र आश्चर्यकर्म ठहरा छौं ॥

अर्थात् लूट छिटो गर्दा अहर् छिटो आउदा ।

इब्रानिमा इम्मानुएल ।

जब लोगले तिमिहरूलाइ कुर्लि कुर्लि फलाकने र बकने बिजुवाहरू र १९
झांक्रिहरू सित सोध भनि भन्छन्, त के लोगले आफ्नु ईश्वरैका गइ सोध्नु
पर्दैन, के जीउंदाहरूका बिषयमा मुर्दाहरू सित सोध्नु उचित छ। शिक्षा २०
र चेतौनितर्फ भयेठांउ जाव, तिनिहरू यिनै कुरा अनुसार बोल्दैनन् भन्या
देखि त निस्सै तिनिहरूको लागि दिन् उम्सन्मि पनि हुंदैन। अनि तिनिहरू २१
येस् देसमा कष्टित् र भोकै डुलि हिंड्दै रहंछन्, अनि येसो हुंछ तिनिहरू
भोकाउंदाखेरि रिसाउंछन् अनि आफ्नु राजा र आफ्नु ईश्वरलाइ धिक्कार्छन्,
अनि आफ्नु मुख उंभो तिर फर्काउंछन्, कि पृथिवी तिर हेर्छन् त हेर सकस् २२
र अंध्यारो र संकटको धमिलाइँ अं वाक्लो अंध्यारोमा धपाइंछन्।
तर संकटमा परेकाको लागि धमिलाइँ रहंदैन। पहिले पहिले ता ९ १
उस्ले जबूलून् देस र नप्ताली देसको निन्दा गर्‍यो तर पछि उस्ले समुन्द्र
पट्टि यर्दन पार अन्यदेसीहरूको गालीलमा महिमा गर्छ। जुन लोगले
अन्धकारमा हिंड्डुल् गर्‍ये तिनले बडो ज्योति देख्या, मृत्युको छायामा बस्ने २
माथि ज्योति उदायो। तपांइले येस् लोगलाइ बढाउनु भयो तपांइले ३
तिनिहरूको खुशि बढाउनु भयो, तिनिहरूले तपाइंको सांमु कटनीको
बेलाको हर्ष जस्तो रमाहट् गर्दै छन् अं लुट् बांड्ने बेलामा रमाहट् गर्‍येको
झैं हर्ष गर्दै छन्। कस्तोगरिभन्या तपांइले त्यस्का बोझाको जुवा र त्येस्को ४
कांधको लउरो र त्यस् माथि थिचाइँ गर्नेको लाठो मिद्यानका दिनमा भये
झैं भांचि दिनु भयो। कस्तोगरिभन्या खल्याङमल्याङमा भिरेयेका सबै ५
हतियार र रगतमा लटपटीयेका सबै लुगा डढाउनको लागि अं आगोको
गांसको लागि हुंछ। कस्तोगरिभन्या हामिहरूको लागि येउटा बालख ६
जन्म्येको छ हामिहरूलाइ येउटा पुत्र दिइयेको छ अनि प्रभुताइँ उस्का
कांधमा राखीछ, अनि उस्को नांउ उदेक, जुक्ति निकाल्ने, पराक्रमी
ईश्वर, सनातनको पिता, शान्तिको कुंवर् राखीछ। दाऊदको सिंहासन ७
माथि उस् प्रभुताइँ र शान्तिको बढ्तीको अन्त हुंदैन त्यस् राजलाइ त्यस्
बेला देखि येसो अं सर्बदा सम्म निया र धर्म्मको बाटोले स्थिर गरानु र
थामानुको लागि। सेनाहरूको यहवेको बल्दारिसले येसो गर्छ॥
प्रभुले याकुब् थांइ एउटा बचन् भनि पठायेको छ जो इस्राएल ८
माथि पर्‍येको छ। अनि सबै लोगलाइ अं एफ्रैम र शामरीनबासीहरूलाइ ९
थाहा हुंछ जुनहरूले अहंकार र मनको शेखी गरि भन्दै छन्, अं इंट् १०
ता भत्किगये तर हामिहरू कुंदिका ढुंगाहरूको घर् बनाउंछौं, गुलरका
रूख् ढालीये तर हामिहरू तिनको साटोमा देवदारु काममा लगाउंछौं भनि।
येस्कारण यहवेले तिनिहरू माथि रसीनका बिरोधीहरूलाइ अलग्याउंछ ११
अनि तिनिहरूका बैरीहरूलाइ उल्क्याउंछ, अघिल्तिर अरामीहरू १२
पछिल्तिर पलिश्तीहरू अनि तिनिहरूले मुख बाइ बाइकन इस्राएललाइ
खाइ हाल्छन्। येतिमा पनि उस्को रिस् फर्काइयेको छैन तर उस्को हात्
अझ पसारीयेकै भइ रहंछ॥

१३ अझैपनि लोग् आफूलाइ हिर्काउंने पट्टि फर्कनन् न सेनाहरूको
१४ यहवेको मोधनी गर्थे। येस्कारण् यहवेले इस्राएल् देखि सिर् पुछर् खजूरको
१५ हांगा र नर्कट् एकै दिन्मां काटि दिंछ। बूढो र मान्को मान्छे चइं सिर् छ
१६ अनि झूट् सिकाउंने अगमबक्ता चइं पुछर्। येस् लोग्लाइ डोर्‍याउंनेहरूले
१७ तिनलाइ भर्माउंद छन् अनि डोर्‍याईयेकाहरू निलि हालीछन्। येस्कारण्
प्रभु न ता तिनिहरूका जुवान्हरू देखि खुशि हुंछ अनि न उस्ले
तिनिहरूका टुहुराटुहुरीहरू र बिधवीहरू मांथि दया गर्छ. किनभन्ये
तिनिहरू सबै भक्तिहीन र कुकर्म्मीहरू छन् अनि सबैको मुख् मूर्खइं
बोल्द छ। येतिमां पनि उस्को रिस् फर्काईयेको छैन तर उस्को हात् अझै
पसारीयेकै भइ रहंछ॥
१८ कसोगरिभन्ये दुष्टइंले आगोले झैं बलि उठेर कांडाका झाड्हरूलाइ
खाइ हाल्द छ. अं बाक्लो बनमां डढाउंद छ अनि त्यो देखि धूवांका बाक्ला
१९ बादल् ऊंभो तिर बेहरींदै उठछन्। सेनाहरूको यहवेको बल्दोरिसको
कारणले यो देस् डढि जांद छ. लोग् पनि आगोका दाउरा जस्ता छन्
२० कसैले आफ्नु भाईलाइ टिठाउंदैन। अनि कोईचइंले दाहीनो तिर खोस्छ र
पनि त्यो भोकै हुंछ अनि बाउं तिर चइं खाये पनि अघाउंदैनन्. तिनिहरूले
२१ आफ्ना आफ्नै बांहाको मांसु खांछन्. मनश्शेले एप्रैमलाइ अनि एप्रैमले
मनश्शेलाइ. अनि ति दुवै यहूदाको बिरुद्धमां हुंछन्। येतिमां पनि
उस्को रिस् फर्काईयेको छैन तर उस्को हात् अझै पसारीयेकै भइ रहंछ॥
१० १ हाय् अधर्म्मका बिधीहरू ठहराउंनेहरू मांथि अनि अटेरइंको
२ आज्ञा लेखि दिनेहरू मांथि कंगालिहरूको निया बिगार्नुलाइ अनि
मेरा लोग्मांका दीन्हरूको हक् मार्नुलाइ बिधवीहरू तिनिहरूको लुट्
३ अनि टुहुराटुहुरीहरूलाइ तिनिहरूको सिकार् पार्नुलाइ। तर दण्ड दिईयेको
दिन्मां र टाढो बाटो आउंने उजाड्मां के गरौला. रक्षेको लागि कस्का
४ भागि जाऔला. अनि आफ्नु महिमा कहां राखि छोडौला। तिनिहरू
बन्दिवाहरू मुनि निउंरछन् अनि काटीयेकाहरू मुनि लडछन् मात्रै।
येतिमां पनि उसको रिस् फर्काईयेको छैन तर उस्को हात् अझै पसारीयेकै
भइ रहंछ॥
५ अश्शूर् मांथि हाय् मेरो रिसको लाठो उस्को हातमां भयेको लउरो
६ मेरो क्रोध हो। मं त्यस्लाइ येउटा भक्तिहीन लोग्को बिरुद्धमां पठाउंछु
अनि जुन् लोग्हरू मांथि मेरो बल्दोरिस् उठेको छ त्यस्को बिरुद्धमां त्यस्लाइ
आज्ञा दिंछु लूट् लिंनुलाइ र सिकार् लिंनुलाइ अनि तिनिहरूलाइ गल्लिको
७ हिलो झैं लतार्नुको लागि। तैपनि त्यस्को येस्तो इच्छे छैन अनि न त्यस्को
मन्मां येस्तो बिचार् आउंछ तर त्यस्को मनमां नास् पार्छु अनि लोगलाइ
८ मेट दिंछु अं अलिकता लोगलाइ होइन भन्ये मात्रै छ। कसोगरिभन्ये
९ त्यस्ले भन्छ के मेरा सबै मालिक्हरू राजाहरू छैनन्। के कल्नो कर्कमीश्
जस्तो होइन. के हमात अर्पद जस्तो. के शोमरोन् दमिश्क जस्तो छैन।

फेरि बिकामै मूर्त्तिहरूले भरीयेको राज् जुन्हरूका खोपीयेका अंसहरू १०
यरूशलेम् र शोमरोन्का अंसहरू भन्दा बेसि थिये तिनिहरू पनि मेरा
नाबिमां आइ हाल्येका भैं त मैंले जसो शोमरोन् र त्यस्का व्यर्थ ११
मूर्त्तिहरूलाइ गर्यें को यरूशलेम् र त्यस्का अंसहरूलाइ पनि त्यसै गर्दीन ॥

येस्कारण् येसो होइ जांछ जब प्रभुले सिय्योन् पर्बत् र यरूशलेम्मां १२
आफना सबै काम् गरि सकछ तब म अश्शूर्को राजाको अहंकारी
मन्को फल् र त्यस्का चढरका आंखाको महिमालाइ दण्ड दिंछु। किनभन्ये १३
त्यस्ले भन्येको छ मैंले आफनै पाखुराका बलले र आफनै बुद्धिले यो
गर्येको छु कसोगरिभन्ये म चंख छु . अनि मैंले देस् देस्का सिमानाहरू
हटायेको छु अनि तिनिहरूका थन्क्याईयेका धन् लुटेरको छु अं मैंले
बलियोले भैं बिराज्नेहरूलाइ श्रोहालि दियेको छु . अनि मेरा हातले १४
लोग् लोग्को धन्सम्पत्ति चराका गुंड् भैं पायेको छु अनि जसोरि कसैले
छोड़ायेका फुल्हरू बटुल्द छ त्यसैगरि मैंले सिंगै पृथिवीलाइ बटुल्यें .
अनि न पौख् फुल्याउंने न चुचो चलाउंने न चंचं गर्ने कोइ थियो भनि ।
का बंचरोले त्यो देखि ढाल्ने मांथि शेषी गर्छ . का आराले त्यस्लाइ १५
तान्नेको बिरुद्धमां बड़ाई गर्छ का लाठाले आफूलाइ उठाउंनेलाइ हल्लाउंछ
कि का लउरोले काठ न भयेकोलाइ उठाउंछ ॥

येस्कारण् प्रभु सेनाहरूको यहवेले त्यस्का मोटाहरू मांथि दुर्बलइ १६
पठाउंछ अनि त्यस्को शोभा मुनि आगोको डड़ाई भैं डड़ाउंने आगो सल्काइ
दिंछ। अनि इस्राएल्को ज्योति आगोको लागि हुंछ अनि त्यस्को पवित्र १७
जन् जुवालाको लागि. अनि कांड़बोट् र लाहौड़िको कांड़ालाइ एकै
दिनमां डढायेर खाइ हाल्छ। अं त्यसले त्यस्को बन् र त्यस्को फलबन्का १८
बारीको शोभा तन्मनले भस्म पार्छ . अनि जस्तो दुख्नेको गत् चोग्
भयेको बेलामां हुंद छ त्यस्तै त्यस्को गत् हुंछ। अनि त्यस्को बन्का रूखहरू १९
थोरै मांत्रै रहंछन् केटाले पनि गनि लेख्नु सक्छ ॥

त्यस् समयमां येसो होइ जांछ इस्राएल्को बचतीभाग् र याकूब्को २०
जहान्मांका बांच्येकाहरू आफूलाइ हिर्काउंने मांथि फेरि फेरि कले पनि
अड़ेस् लाग्देन तर इस्राएलको पवित्र जन् यहवे मांथि सच्चाइले अड़ेस्
लाग्छन्। बचतीभाग् फिर्छ अं याकूब्मांका बांच्येकाहरू पराक्रमी ईश्वर् २१
तिर फिर्छन्। कसोगरिभन्ये तिमिहरूका इस्राएली लोग् समुन्द्रको बालुवा २२
जस्तो भये पनि तिनिहरूमांका बचतीभागै मांत्रै फिर्छ . नाश् पूरै धर्म्म
सङ्ग ठहराईयो। किनभन्ये प्रभु सेनाहरूको यहवेले सिंगै पृथिवीको २३
बीच्मां सत्येनास् अं ठहराईयेको सत्येनास् पार्छ ॥

येस्कारण् प्रभु सेनाहरूको यहवेले येसो भन्द छ ए सिय्योन्मां बस्ने २४
मेरो लोग् अश्शूरी देखि न डरा . त्येस्ले तंलाइ लाठाले हिर्कोये पनि अनि
मिस्रले भैं तं मांथि आफ्नु लउरो उठायो भन्ये पनि। किनभन्ये अब २५
खालि एकैछिन मांत्रै बीत्येमां मेरो रिस् र कोप् तिनिहरूलाइ सत्येनास्

२६ पार्थकोमां पूरो हुंछ। अनि सेनाहरुको यहवे त्यस्को बिरुद्धमां त्यस्लाइ
ओरेबको पहरा मांथि मिद्यान्लाइ संगाईमां गर्येको झैं कोर्रा उठाउंछ.
अनि उस्को लउरो समुन्द्र मांथि हुंछ मिस्रमां गर्येको झैं उस्ले उचाल्उंछ।
२७ र त्यइ बेलामां येसो होइ जांछ त्यस्को बोझा तेरो कांध् देखि र त्यस्को
जूवा तेरो गर्धन् देखि उत्रंछ अनि अभिषेकको कारणले जूवा भांचींछ॥
२८ अय्यातमां आयेको छ मिग्रोनमां छिरि गयेको छ मिक्माशमां आफ्नु
२९ सामान् राखदै छ. तिनिहरु घाट् तर्येका छन् गबामां बास् बस्दै छन्.
३० रामा थर्थराउंद छ शाऊलको गिबा भाग्यो। ए गल्लीमको छोरी आफ्नु
३१ सोरले करा. ए लैशा कान् थाप्. हाय् लाचार् अनातोत्. मद्मेना
भागि गयो. गबीमका बासीहरु भाग्नुलाइ आफ्ना आफ्ना लट्टिपट्टि
३२ सेला गराउंदै छन्। आजैको दिन्मां त्यो नोबमां अडींछ. सिय्योनको
छोरीको पहाड् मांथि अर्थात् यरूशलेमको डांडा मांथि त्यस्ले हात्
हल्लाउंछ॥
३३ हेर प्रभु सेनाहरुको यहवेले त्यस्का हांगाहरु निर्दय सित छांट्छ.
अनि त्यस्का अलग्गा अलग्गा डाल्काहरु काटींछन् अनि अलग्गायेकाहरु
३४ होच्याइंछन्। उस्ले बाक्लो बन्लाइ फलामले ढाल्छ अनि लबानोन् प्रतापीको
हात् देखि नष्ट पारींछ॥

११ १ तब यिशैको ठुटा देखि येउटा पालुवा पलाउंछ अनि त्यस्को जरा
२ देखि येउटा हांगा निकल्येर फलवन्त हुंछ. अनि यहवेको आत्मा उसमां
रहंछ बुद्धि र बुझको आत्मा जुक्ति र पराक्रमको आत्मा यहवेको ज्ञान् र
३ भयको आत्मा उस् मांथि पर्छ अनि उस्लाइ यहवेको भय् बासना जस्तो मन्
पर्छ. अनि उस्ले न ता मुख् हेरि निया गर्छ अनि न आफ्ना कानले सुन्येकै
४ अनुसार् बिचार् गर्छ. तर उस्ले कंगालिहरुको निया धर्म्म सङ्ग गर्छ अनि
पृथिवीका नम्रहरुको बिचार् ठिक्क सङ्ग गर्छ. अनि उस्ले पृथिवीलाइ
आफ्नु मुखको लउराले हिर्काउंछ अनि दुष्टलाइ आफ्ना ओंठको सासले
५ मार्छ। अनि धर्म्म उस्को कम्मरको पटुका हुंछ अनि सच्चाइं उस्को बन्धनको
६ पटुका। अनि ब्वांसोले भेंड़ाको पाठा सङ्ग बास् गर्छ अनि चितुवा बाख्राको
पाठाको साथ्मां ढल्कंछ अनि बाच्छा र जुवान् सिंह र पलुवागोरु एकसङ्ग्
७ रहंछन् अनि येउटा सानु केटाले तिनिहरुलाइ चराउंछ। अनि गाइ र
भालुभाल् मिलि चर्छन् अनि तिनका बच्चाहरु सङ्गै ढल्कंछन्. अनि सिंहले
८ गोरुले झैं भुस् खांनि गर्छ। अनि दूध् खांने नाना सांपसापको दुलोमां खल्छ
९ अनि नाग् को दुलोमां भर्खर् दूध् छोड़ाएयेको बालखले हात् हाल्छ। मेरो
सिंगो पवित्र पहाड्मा कसैले कसैलाइ न ता दुख दिंछ न ता हानि गर्छ.
कस्तोगरिभन्ये पृथिवी यहवेको ज्ञानले समुन्द्र पानीले ढाकाको झैं भरींछ॥
१० अनि त्यस् समयमां येसो होइ जांछ यिशैको कोपिला लोग् लोगको
लागि झण्डा झैं उभींछ उस् तिर अन्यदेशीहरुले खोज् गर्छन् अनि उस्को
बिसाना महिमा सङ्को हुंछ॥

अनि त्यस् समयमा यसो होइ जांछ प्रभुले आफ्नु हात् अर्को फेर् ११
पसारि आफ्नु प्रजाको बचुतीभाग्लाइ जो जो रहंछन् अश्शूर् र मिस्र र
पत्रोस् र कूश् र एलाम् र शिनार् र हमात् र समुन्द्रका द्वीपहरु देखि किनि
किनिकन छोड़ाउंछ । अनि उस्ले अन्यदेशीहरुको लागि झण्डा उभ्याउंछ १२
अनि इस्राएल्का सबै निकालीयेकाहरुलाइ र यहूदाका सबै छरपष्ट
भयेकाहरुलाइ पृथिवीका चारै दिशा देखि भेला गराउंछ । एफ्रैम्को डाहा १३
जांछ अनि यहूदालाइ सताउनेहरु नष्ट हुंछन् . न ता एफ्रैम्ले यहूदा सित
डाहा गर्छ न ता यहूदाले एफ्रैम्लाइ सताउंछ । तर तिनिहरु पच्छिउं तिर १४
पलिश्तीहरुको कांध् जस्तो देस् झम्टंछन् अनि मिल्यर पूर्बबासीहरुलाइ
लुट्छन् . तिनिहरुले एदोम् र मोआब् माथि हात् पसाछन् अनि
अम्मोनबंशीहरुले तिनिहरुको मान्छन् । अनि यहोवाले मिस्रको समुन्द्रको १५
खाड़ीलाइ भाकल् गरीयेको थोक् झैं नास् गर्छ अनि महानदीमा जल्ने
आंधीले आफ्नु हात् हल्लायेर त्यस्लाइ सात् भङाला तुल्याउंछ अनि
मान्छेहरुलाइ जुत्ते सङ पारि तरि जांनु दिंछ । अनि उस्को प्रजाका बचुती- १६
भाग्को लागि जो जो रहंछन् अश्शूर् देखि आउंनुको लागि येउटा यस्तो
मूलबाटो हुंछ जस्तो मिस्र देस् बाटो आउंदाखेरि इस्राएल्को लागि
भयेको थियो ॥

अनि त्यस् समयमा तंले भन्छस् हे यहोवा तपांइको धन्नबाद् १२ १
गर्छु किनभन्या तपांइ मं देखि रिसाउंनु भयेको थियो र पनि अब तपांइको
रिस फर्काइयो अनि तपांइले मंलाइ शान्ति दिंनु हुंद छ । हेर ईश्वर् मेरो २
उद्धार् छ त भरोसा गर्दै रहंछु अनि डराउंदैन . किनभन्या याह् यहोवा
मेरो बल् र गीत् छ उइनै मेरो उद्धार् भइ गयेको छ । येस्कारण आनन्द ३
गर तिमिहरुले उद्धारको पंधेराहरु देखि पानी भर्न गर्छौ । अनि त्यस् ४
बेला तिमिहरुले येसो पनि भन्छौ यहोवाको धन्नबाद् गर उ सित प्रार्थना गर
उस्का महाकार्ज्य सबै लोग् लोगको बीचमा प्रचार् गर अनि येस्को चर्चा
गर उस्को नांउ महा छ भनि भनिकन । यहोवाको भजन् गाव किनभन्या उस्ले ५
महिमित् काम् गरयेको छ . सिंगै पृथिवीभरि यो जानाओस् । हे सियोनमा ६
बस्ने कता अनि ठूलो सोरले गा किनभन्या इस्राएल्का पवित्र जन् तेरो
बीचमा महा छ ॥

बाबेल्को भारी बचन्को बचन् जो आमोस्को छोरो यशायाह्ले १३ १
देख्यो ॥

नांगो डांड़ामा झण्डा उभ्याउ तिनिहरुका लागि सोर् उच्चाल हात २
हल्लाउ र तिनिहरु भारदारहरुका ढोकाहरुमा पसून् । मं आफैले आफना ३
पवित्र गरयेकाहरुलाइ आज्ञा दियेको छु अं मैले आफ्नु रिसको लागि
आफना बीरहरुलाइ अं आफना अहंकारी उमत्तयेकाहरुलाइ बोलायेको
छु । डांड़ा डांड़ा हुंदो धइरोको खलाबेलाको सोर् धेरै लोगको झैं . ४
अन्यदेशीहरुका राज् राजका खल्याङमल्याङको सोर् . सेनाहरुको यहोवाले

५ लड़ाईंको लागि सेना भेला गराउंद छ। तिनिहरू टाढ़ो देस् देखि पृथिवीको
छेउ देखि आउंद छन् अं यहूवे र उसको रिस्का हतियार्हरू सिंगै
६ पृथिवीलाइ नास् पार्नुको लागि। हू हू गरि रोव किनभन्ये यहूवेको दिन
७ नजिक् छ सर्वशक्तिमान्को पट्टि बाटो सत्येनास हुंछ। येस्कारण् सबैका हात्
८ निर्बल्लिया हुंछन् अनि सबै मान्छको मुटु त्रिलौंछ. अनि तिनिहरू जक्छन्
तिनिहरूलाइ मारो दुख र पीगाले पक्रंछन् सुतक्को जस्तो पीरा उठ्छ.
तिनिहरू छक्क पर्दै एका अर्का हेराहेर् गर्छन्. तिनिहरूका मुख् जुवालाका
९ मुख हुंछन्। हेर यहूवेको दिन् आउंद छ रिस् र कोप्यैको निर्दयी दिन्
पृथिवीनै उजार् पार्नुको लागि अनि पापीहरूलाइ त्यो देखि नास् पार्नुको
१० लागि। किनभन्ये अकाश्का ताराहरू र किर्किटि ताराहरू अरू चम्कंदैनन्.
सूर्ज पनि उदय् हुंदा हुंदै लुकि जांछ अनि जून् ज्योति बिनाको होइ जांछ।
११ अनि मं जगत्लाइ तिनका बुराईको अनि दुष्टहरूलाइ तिनका अधर्मको
दण्ड दिंछु अनि अहंकारीहरूको अहंकार् थमाउंछु अनि बलीष्ठहरूको शेखी
१२ होंच्याउंछु। मं मान्छेलाइ येत्त थोरै पार्छु त्यो अमोल् स्वर्ण अं ओफीर्को
१३ सुन्को भन्दा पनि बेसि दाम्को हुंछ। अनि मं सेनाहरूको यहूवेको रिस्ले
र उस्को चर्को कोप्को दिन्मां अकाश्लाइ कंमाउंछु अनि पृथिवी त्यस्को
१४ ठांउ देखि सारींछ। नत्र येसो हुंछ खेदीयेको हरिण् कि गोठाला बिनाका
भेड़ाबाख्रा झें तिनिहरू आफ्नु आफ्नु लोग् तिर फिर्छन् अनि आफ्नु
१५ आफ्नु देस्मां भागि जांछन्। पायेका सब्बै रोपींछन् अनि पकड़ा पर्दका
१६ सबै तरवार्ले काटींछन्। तिनिहरूका नानीहरू पनि तिनिहरूको सुरवंजि
पछारि दिइंछन् तिनिहरूका घर् लूटींछन् अनि तिनिहरूका स्वास्नीहरू भ्रष्ट
१७ पारींछन्। हेर मं तिनिहरू माथि मादीहरूलाइ उठाउंछु जुन्हरूले न रुपियाको
१८ बिचार् गर्छन् अनि न सुन्को लालच् गर्छन्। अनि तिनिहरूका
कांड़ले जुवान्हरूलाइ छेड़छेड़ पार्छन् अनि न तिनिहरूले पेट्का फल्
१९ माथि कोइ दया न बालखहरूको मया गर्छन्। अनि बाबेल् जो राज्हरूको
महिमा र कल्दीहरूको शेखीको शोभा छ त्यो येस्तो होइ जांछ जस्तो
२० सदोम् र अमोरा ईश्वर्ले उल्टाइ दिंदाखेरि भयेका थिये। अनि त्यस्मां फेरि
कलेइ पनि बास् गरींदैन अनि त्येस्मां पुस्ता देखि पुस्ता सम्म कोई बस्दैन.
अं अरबाले त्येस्मां डेरा हाल्दैन अनि न गोठालाहरूले त्यस्मां आफ्ना बस्तु
२१ राख्छन्। तर बनका पशुहरू त्यस्मां बस्छन् अनि हाऊहाऊ गरि कराउंने
जन्तुहरू तिनिहरूका घर् घर्मां भरीइ रहंछन्. अनि शुतर्मुर्गीहरू त्यहां
२२ बस्छन् अनि त्यहां भूत्प्रेत्हरू नाच्ने गर्छन्। अनि तिनका राज्महल्हरूमां
बुवांसाहरू र सुखबिलासी महल्हरूमां स्याल् कराउंने गर्छन्. अनि त्येस्को
समय् नजिक्कै आइ पुगि हाल्यो अनि त्येस्का दिन् अब धेर् हुंदैनन्।

१४ १ कसोगरिभन्ये यहूवेले याकूब् माथि दया गर्छ अनि इस्राएल्लाइ फेरि
छान्येर तिनिहरूके देस्मां तिनिहरूलाइ बसालछ. अनि अन्यदेसीहरू
तिनिहरू सित मिल्छन् अनि तिनिहरू आफु आफु याकुब्का जहानमां टांसि

गर्हंछन् । अनि लोग् लोगले तिनिहरूलाइ तिनिहरूके ठांउमां पुर्‍याउंछन् . २
अनि इस्राएल्को जहान् यहवेका देस्मां तिनिहरूलाइ दास् दासी तुल्याउंदै
तिनिहरूका अधिकारी हुंछन् . येसोरि तिनिहरूलाइ बन्धुवाईमां लानेहरूलाइ
तिनिहरूले बन्धुवा तुल्याउंछन् अनि तिनिहरू माथि सिचेइँ गर्नेहरू माथि
तिनिहरूले सिचेइँ गर्छन् ॥

अनि जस् दिन् यहवेले तंलाइ तेरो कष्ट र तेरो घब्राइँ देखि र त्येस् ३
त देखि लिइँन कमारंदर्को दास्ति देखि बिस्राम् दिंछ   तब तं बाबेल्को ४
राजा माथि यो उखान् चलाइ भन्न हुंछस् सिचेइँ गर्ने कस्तोरि थामीयो .
सुनौलो सहर् कस्तोरि थामीयो । यहवेले दुष्टको लउरो र प्रभुतेइँ ५
गर्नेहरूको लाठा भांचि दियेको छ । लोग् लोगलाइ रिस् सित लगातार् ६
कुट्ने अनि अन्यदेसीहरू माथि कसैले थाम्नु न सक्नेगरि उपद्रेइँ र क्रोध्
सित प्रभुतेइँ गर्ने । सिंगै पृथिवीले बिस्राम् पायेको छ त्यो चैन् सित छ . ७
लोग् अलगो अलगो सोरले गाइ उठेका छन् । अं सिसो र लबानोन्का ८
देव्दारूले येसो भन्दे तं माथि रमाहट् गरइ छन् तं ढल्येको देखि हांमि-
हरूलाइ काट्नु कोइ आयेको छैन भनि । तंधो देखि पत्ताल् तं सित भेट् गर्नु- ९
लाइ हल्लीयेको छ . त्येस्ले मंर्येकाहरूलाइ अं पृथिवीमां मूल् मूल् हुनेहरूलाइ
तेरो कारणले जगाउंद छ . अनि त्येस्ले अन्यदेसीहरूका सबै राजाहरूलाइ
आफ्नु आफ्नु सिंहासन् देखि उठायेको छ । यि सबैले तंलाइ उत्तर् दिइ १०
भन्छन् क्य तं पनि हामिहरू जस्तो निर्बल्लियो भइ गइस् . क्ये तं हामिहरू
जस्तो भइ गइस् । तेरो प्रताप् र सारंगा बाजाहरूको सोर् पत्ताल्मां ११
होच्याईयेको छ . अब तं मुनि कीरा फिंजाईयेका छन् अनि तं माथि जुगा
ओढाइयेका छन् । ए बिहान् चम्कने तारा तं अकाश् बाटो कसोगरि १२
खसिस् . तैंले ता लोग् लोगलाइ होच्याउंद थिइस् तं कसोगरि काटीयेर
भूइंमां खसालीइस् । तैंले ता मन्मां भन्द थिइस् मं स्वर्गमां चढ्छु मं १३
आफ्नु सिंहासन् ईश्वर्का ताराहरू माथि अल्ग्याउंछु अनि उत्तर् दिशाको
छेउमां सभाको डांड़ामां बिराज्छु . मं मेघ्हरू देखि ऊंभो चाढ़ जांछु १४
अं परम् ईश्वर्को बराबर् होइ जांछु भनि । तेपनि पत्ताल्मां अर्थात् १५
भल्खांड़ाको कुनामां होच्याइंछस् । तंलाइ देख्नेहरूले ध्यान् दिकन हेर्छन् १६
अनि तेरो बिषयमां गुनि गुनिकन भन्छन् जस्ले पृथिवीलाइ काम्नु लगायो
अनि राजहरूलाइ हल्लायो त्यो क्य येइ मान्छे हो   जस्ले जगत्लाइ बन् १७
तुल्यायो अनि त्यस्का सहर्हरू भताभुङ्ग पारि दिंद थियो अनि आफ्ना
बन्धुवाहरूलाइ घर जांनु दिंदैन थियो । लोग् लोगका सब्बै राजाहरू १८
ता आफ्नु आफ्नु ठांउमां महिमा सित पल्टीइ रहेका छन् । तर तं चइं १९
ता बिकामे पैकारी झैं आफ्नु चिहान् देखि टाढ़ो आफालीइस् तरवार्ले
रोपीयेर भल्खांड़ामां ढुंगाहरूको बीच्मां पर्‍येका लोथ्हरूले घेरीयेको छस्
अं लोथ् झैं लतारींछस् । तैंले आफ्ने देस् उजार् गराइ दिइस् अनि आफ्ने २०
प्रजाका लोगलाइ मारिस् येस्कारण् तं तिनिहरू सङ्ग मट्टीमां जोरींदैनस्

२१ कुकर्म्मीहरुको बंश पनि रहंदैन। तिनिहरुका पित्रहरुका अधर्म्मको साटोमां
तिनिहरुलाइ घात् गर्ने बंशीहरुलाइ बन्दबस्त गर् छोइन भन्या ता तिनिहरु
फेरि उठेर पृथिवीका अधिकारी हुंनन् अनि जगत्मां धेरै सहर् बसालनन्।
२२ त सेनाहरुका यहवेको यो वाणी छ मं तिनिहरुको बिरुद्धमां उठ्छु अनि
बाबेल्को नांउनिसान् पनि मेटि दिंछु छोरो र छोरोको छोरोलाइ समेत्
२३ यहवेको येइ वाणी छ। अनि मं त्यसलाइ दुम्सीहरुका कुरिहरु र पानीका
पोखरीहरु तुल्याउंछु अनि त्यसलाइ सत्यनास् पार्ने खर्यांटोले बढारि
फ्यांकि दिंछु सेनाहरुको यहवेको येइ वाणी छ॥

२४ सेनाहरुको यहवले यो किरिया खायेको छ जस्तो मैले ठान्येको
छ अवस्से त्यसै हुंछ अनि जस्तो मैले जुक्ति गर्येको छ त्यसैने भइ रहंछ.
२५ अर्थात् मं अश्शूरीको बल् आफ्ने देस्मां भांच्छु अनि आफ्ने डांडा-
हरुमां तिनिहरुलाइ कुच्याउंछु. येसोरि त्येसको जूवा तिनिहरुको गर्धन्
२६ देखि र तिनिहरुको बोझा तिनिहरुका कांध् मांथि देखि उत्रि जांछन्।
सिंगै पृथिवीको लागि ठहरायेको जुक्ति त्येइ हो. अनि सिंगै लोग् मांथि
२७ पसारीयेको हात् त्येइ हो। कसोगरिभन्ये सेनाहरुको यहवले जुक्ति गर्यो
त त्यो कस्ले टार्नु सक्छ. अनि उसको हात् पसारीयेको छ त त्यो कस्ले
फर्काउंनु सक्छ॥

२८ आहाज् राजा मर्येको बर्षमां यो भारी दण्डको बचन् आयो॥
२९ ए पलिश्तीहरु तिमिहरु सबैले तिमिहरुलाइ हिर्काउंनका लउरो
भांचीयो भनि रमाहट् न गर. किनभन्ये सापको बंशमां येउटा नाग्
३० निस्कंछ अनि येउटा उड्ने बिषालु साप् जन्मंछ। कंगालिको जेठोले खांनु
पाउंछ अनि दरिद्र निडर् सङ ढल्कि रहंनु पाउंछ. तर मं तेरो चइं बंशलाइ
३१ अनिकालले मार्छु अनि तेरा बचेकोभाग् काटौंछन्। ए ढोका हू हू गरि रो
ए सहर् चिच्या ए पलिश्ती तं स्यांट्टै बिलाइ गइस् किनभन्ये उत्तर् देखि
तिमिहरुको लागि धुवा फिजौंदै आउंदै छ अनि कोइ पनि आफ्नु पाल्टनि
३२ देखि बिथि जांदैन। तब अन्यदेसीहरुका दूतहरुलाइ के उत्तर् दिइंछ.
सिय्योन्को जग् हाल्येको यहवेलेनै हो अनि उसका प्रजामांका दीनहरुले
त्यसमां शरण् लिंछन् भन्ये॥
१५ १ मोआब्को भारी दण्डको बचन्॥
एकै रात्मां मोआब्को आर् सहर् उजार् भयो अं नष्ट भइ गयो.
२ एकै रात्मां मोआब्को कीर् सहर् उजार् भयो अं नष्ट भइ गयो। त्यो
बेत्मां र दीबोन्मां अलग्ग ठांउहरुमां रुनुलाइ चढि गयो. मोआब् नबो
र मेदबा मांथि हू हू गरि रुंद छ. ति सबैका केस् लट्टै लट्टा र सबैका
३ दारि मुंडेका छन्। भांग्रा लायेका लोग् सडक् हुंदो छन्. कौसी हुंदो र
४ चोक् हुंदो सबै जना आंसु बहाउंदै हू हू गरि रुंद छन्। फेरि हेश्बोन् र

एलाले सहर्हरु चिच्याउंद छन् तिनिहरुको सोर् यहस् सम्म सुनींद छ .
येस्कारण् मोआब्का हतियार् भिर्येका लोग्हरु पनि चिच्याइ चिच्याइकन
रोइ रह्येका छन् सबैको मन् थर्थरि हुंद छ। मेरो मन् मोआब्को कारणले ५
चिच्याउंद छ त्येस्का भारादार्हरु सोअर् सम्म अं एग्लत्शलीशिय्या सम्म
पनि भागि जांद छन् . कसोगरिभन्ये लूहीत्को उकालिमां तिनिहरु रुंदे
रुंदे चढ़ि जांदे छन् होरोनैम्को बाटोमां तिनिहरु नष्टको सोर् गरि
चिच्याउंद छन्। किनभन्ये निम्रीम्को पानी उजार् भइ गयो . येस्कारण् ६
घांस् ओइल्हीयो कमलो घांस् सुकि गयो हरीयो कांइ पनि रह्येन।
येस्कारण् तिनिहरुले बचायेको धन् र तिनिहरुले जमायेका सम्पत्ति ७
तिनिहरुले बनको खोल्चा पारि लांदे छन्। किनभन्ये मोआब्का ८
सिमानाहरुमां चिच्याई भइ रह्येको छ त्येस्को हू हू गरि रुनु एग्लैम्मां र
त्येस्को चिच्याई बेरेलीम्मां पनि सुनींद छ। किनभन्ये दीमोन्को खोल्चा ९
रगत्ले भरीयेको छ . कसोगरिभन्ये मं दीमोन्मां अरु पनि दुक्ख हाल्छु
अर्थात् बांच्येका मोआबीहरु र तिनिहरुको देस्को बचतीभाग् मांथि
येउटा सिंह ल्याउंछु ॥

देस्का मालिक्हरुलाइ दिइने भेड़ाहरुका पाठा बन् पांट्ट पर्ने १६ १
सेला देखि सिय्योन्को डांड़ामां पठाव। किनभन्ये भत्काईयेको गुंड़ देखि २
उड़ाईयेका पंछीहरु झैं मोआब्की छोरीहरु अर्नोन्को घाट्मां हुंछिन्।
मतो गर निया गर आफ्नु छाहारि मद्धेनिदिनमां रातिको जस्तो शरण् ३
तुल्याव . निकालीयेकाहरुलाइ लुकाव भर्मि हिंडुनेहरुलाइ न पक्राव।
मेरा निकालायेकाहरुले तिमिहरुको बाच्मां बास् गरुन् नास् पार्नेहरुको ४
हात् देखि मोआब्को लागि शरण् हव . किनभन्ये दरिद्रहरुलाइ पिन्नेहरु
अब रहंदेन लूटालुट् फेरि हुंदेन मिचेईं गर्नेहरु देस् देखि नष्ट हुंछन्।
अनि दयाको सिंहासन् स्थिर् गरींछ अनि दाऊद्को डेरामां सचेईं सङ ५
राज् गर्ने त्यस्मां येउटा बिराज्मान् हुंछ जस्ले बिचारिकन निया गर्छ अनि
धर्म्म फुर्ति सित गर्छ ॥

हांमिहरुले मोआब्को शर्षोको समाचार् सुन्येका छौं त्यो बिझे शर्षो ६
गर्ने छ भनि अं त्येस्को अहंकार् र शर्षो र रिसको बिषय् तर त्येस्का
घमंड्हरु ब्यर्थ छन्। येस्कारण् मोआब् मोआब्को लागि हू हू गरि रुंछ ७
तिनिहरु जत्ति भयेका हू हू गरि रुंछन् . कीर्हरेसेत्को दाखको टिकियाको
लागि तिमिहरुले अग्घोर् निरास् भइकन बिलाप् गर्छौ। किनभन्ये ८
हेश्बोन्का खेत्हरु र सिब्माका दाखका बोट्हरु ओइल्हींद छन्
अन्यदेसीहरुका अधिकारीहरुले तिनिहरुका असल् असल् डालाहरु
खसालि दियेका छन् ति याजेर् सम्म पुग्ये अं बन्हुंदो पनि फिंजीये अनि
तिनका डालाहरु बढ्दे बढ्दे समुन्द्र पारि पनि बढ़ि गये। येस्कारण् मं ९
सिब्माको दाखका बोट्हरुको लागि याजेर् झैं रुंछु .ए हेश्बोन् र
एलाले तिमिहरुलाइ आफ्ना आंसुहरुमां डुबाउंछु . कसोगरिभन्ये

तिमिहरूका ऋतुफल्हरू र कटनीको बेलामां [सत्तुर्हरूको] कराई
१० सुनींछ। अनि फल्वन्ते बारी देखि आनन्द र रमाहट् उठाइ लगींछन् अनि
दाखका बारीहरूमां कसैले तुला सोर्ले गाउंदैन न हर्षको धुनि हुंछ.
दाखरसका कुण्डहरूमां कसैले दाख् पेल्दैन मैले तिनिहरूको हर्षको धुनि
११ थुन्यें। येसकारण् मेरो मन्ले मोआब्को कारणले रोइ रोइकन बीणाले झैं
१२ बिलाप् गर्द छ अनि मेरो अन्तःकरणले कीर्हेरस्को लागि। अनि येसो
हुंछ जब मोआब् भला भयेर अल्गो ठांउमा थाकि जांछ अनि आफ्नु
पवित्र ठांउमां प्रार्थना गर्नु आउंद छ तब त्येस्ले जीत्दैन॥
१३ या भन्दाः पहिले मोआब्को बिषयमां यहवेले भन्येको बचन्
१४ येइ हो। तर अब यहवेले येसो भन्येको छ तीन् बर्ष भित्र अं बनि गर्नेको
बर्ष गन्दा मोआब्को महिमा र त्येस्को धुइरो गट्ठा सबै तुच्छ ठहरींछन्
अनि बचतीभाग् थोरै हुंछन् अं कोइ लेखाका हुंदैनन्॥

१७ १ दमिश्कको भारी दण्डको बचन्॥

हेर दमिश्क चइं सहरै रहंदैन त्यो भताभुङ्ग होइ जांछ।
२ अरोएरका सहर्हरू पनि निर्जन् होइ जांछन्. ति पशुहरूका ठांउ बनींछन्
३ जो ढल्कींछन् अनि तिनिहरूलाइ डर् देखाउंन कोइ हुंदैन। एफ्रैम देखि
किल्ला र दमिश्क देखि र अराम्को बचतीभाग् देखि राज् थामींछन् तिनिहरू
इस्राएलबंशीहरूको बड़ाइ जस्तो हुंछन् सेनाहरूको यहवेको येइ बाणी छ॥
४ अनि त्येस् बेलामां येसो हुंछ याकूब्को महिमा मर्खींछ अनि
५ तिनिहरूको पुष्टइं झरि जांछ। अनि येसो हुंछ कटनी गर्नेले ठाड़ो अन्न
काटेर बालाहरू आफ्नु अङालोमां ल्यायेको झैं. अनि रफाईम्को
६ तरिमां सीला खोज्ने झैं। तरैपनि भद्राक्ष झाड्ये पछि अलि अलि सीला
रहंछन् अर्थात् टुप्पामां दुइ तीन्वटा गेड़ा अनि त्येस्का फलौला फलौला चइं
७ डालामां चार् पांच्वटा मात्रै इस्राएल्को ईश्वर् यहवेको येइ बाणी छ। त्येस्
बेलामां मान्छेले आफ्नु कर्त्ता तिर हेर्छ अनि त्येसका आंखा इस्राएलको
८ पवित्र जन् तिरने लागि रहंछन्। अनि त्यसले आफुले बनायेका बेदिहरू
तिर हेर्दैन अनि न आफ्ना औंलाले बनायेका अशेरा भनींने मूर्त्तिहरू कि
९ सूर्जका अंसहरू तिर हेर्छ। त्येस् बेला ति बलिया सहर्हरू बनमां डांड़ाका
थाप्लि थाप्लिमां इस्राएलबंशीहरूको डरको कारणले छोड़ि दिईयेका निर्जन्
१० ठांउहरू जस्ता होइ जांछन्. अं त्यो उजार् होइ जांछ। कसोगोरभन्ये
तैंले तेरो उद्धार् गर्ने ईश्वरलाइ बिर्सिहालिस् अनि तेरो बलियो पहराको
सम्झना राखीनस् येस्कारण् तं मनपर्दो मनपर्दो रुखहरू लगाउंद छस् अनि
११ परदेसीहरूको कलम् लगाउंद छस्. जस् दिन् तैंले ति रोपछस् त्येसै दिन्
तैंले तिनका चारै तिर बार् पनि बांधद छस् अनि बिहान ति फुल्नु फल्नु
लाग्द छन्. तर संताप् र असाद्ध दुक्खको बेलामां कटनी भागछ॥
१२ आहा धेरै मान्छेहरूको खेलाबेलाको कस्तो गर्जन जो समुन्द्र झैं
गर्जद छन् अनि लोग् लोग्को सोर् कस्तो बहंने टुलो खोलाको बहाई झैं

बहंद छन्। अनि लोग् लोगको बहाई धेर् खोलाहरूको बहाई जस्ता छन्. १३
नर उस्ले तिनलाइ हकारछ त तिनिहरू टाढ़ा भागि जांछन् अनि डांड़ाका
भूसहरू बतासले र बेहेरायेको धूलो बेहेरि आंधीले उड़ायेको धूलो झैं १४
खदींछन्। सांझमा हेर डर् तर बिहान् हुंनु भन्दा पहिले तिनिहरू रहंदै
रहंदैनन्। हामिहरूलाइ लूटनेहरूको भाग् येइ हुंछ अनि हामिहरू देखि
चोरी गर्नेहरूको गत् येस्तै हुंछ॥

आहा ए पखेटाले सुइंय गर्ने देस् जो कूशका महानदीहरू देखि १८ १
पारि पट्टि छ. जस्ले दूतहरूलाइ मालीगोका नाउहरूमां नदी बाटो येसो २
भनि पठाउंद छ अर्थात् हे फुर्त्तिला दूतहरू हो त्येस् अलगो अलगो र चिल्लो
चिल्लो लोग् थांइ जाव जुन् लोग् थालनिने देखि डरलागदाने छन्. अं
डोरीले नापने र गोड़ाले दलने लोग् जस्को देस् नदीहरूले भाग् भाग् पार्द
छन्। हे सबै जगत्बासीहरू हो र पृथिवीका सबै बासीहरू हो डांड़ा ३
डांड़ामां झण्डो उभ्याइंदा त्यो तिमिहरूले हेर्नु. अनि जब नरसींगा
बजाइंछ तब तिमिहरूले सुन्नु। कसोगरिभन्ये यहवेले मंलाइ येसो भन्येको छ ४
घाम् चर्केको ताप् जस्तो र दाख टिपने बेलामां शीतको बादल् जस्तो मं
कुशल् सित बसि आफ्नु महल् देखि हेरि रहंछु। किनभन्ये दाख टिपनु भन्दा ५
पहिले जब फूल् झरि सक्छन् अनि दाख पाक्नु भन्दा पहिले फूल् फुल्छ तब
उस्ले डालाहरू हंसीयाले काटेर हांगाहरू छिंडलि छिंडलि अलग् फ्यांकि
दिंछ। तिनिहरू डांड़ा डांड़ाका सिनुभत्ती पंषीहरू र पृथिवीको बनपशुको ६
लागि एका ठांउमां पस्तोइ रहंछन्. अनि सिनुभत्ती पंषीले तिनलाइ लुछि
लुछि खांदै बर्षा बिताउंछन् अनि पृथिवीका सबै बनपशुले तिनलाइ खांदै
खांदै हिउंदो बिताउंछन्। त्येस् बेला त्येस् अलगो अलगो र चिल्लो चिल्लो ७
लोग् देखि जुन् लोग् थालनिने देखि डरलागदाने छन् अं डोरीले नापने र
गोड़ाले दलने लोग् जस्को देस् नदीहरूले भाग् भाग् पार्द छन् येस् लोग्
देखि सेनाहरूको यहवे थांइ भेटि सिय्योन् पर्वत् मांथि अं सेनाहरूको
यहवेले आफ्नु नांउ राख्येको ठांउमां पुर्‍याइंछ॥

मिस्रको भारी दण्डको बचन्॥ १९ १

हेर यहवे छिट्टो उड्ने बादल् मांथि चढ्दै मिस्रमां आउंद छ. अनि
मिस्रका बिकामे मूर्त्तिहरू उस्को मुखेंजि थरथराइंछन् अनि मिस्रको बीचमां
त्येस्को मन् बिलींछ। अनि मं मिस्रीहरूलाइ मिस्रीहरूको बिरुद्धमां उल्क्या- २
उंछु. त तिनिहरूले आपस्समां लड़ालड़ू गर्छन् अर्थात् भाईले भाई सित
छिमेकिले छिमेकि सित सहर्ले सहर् सित र राजले राज् सित लड़ाइं
गर्छन्। अनि मिस्रको हंस त्येस्को बीचमां मारींछ अनि मं तिनिहरूका ३
जुक्तिहरू ब्यर्थ पारि दिंछु. त तिनिहरूले आफ्ना बिकामे मूर्त्तिहरू थांइ र
फलाक्नेहरू र मन्तर् खेलाउंने र झांक्रिहरू थांइ गइ गइकन तिनिहरू सित
सोधछन्। अनि मं मिस्रीहरूलाइ येउटा निष्ठुर् स्वामीको हातमां पारि दिंछु ४

अनि येउटा निर्दयालु राजाले तिनिहरु माथि प्रभुतेइँ गर्छ सेनाहरुको यहोवे
५ प्रभुको येइ वाणी छ । अनि महानदीको पानी घटि जांछ अं त्यो नदी
६ सुकि सुकि सुकिनै जांछ । अनि त्यस्का खोलाहरु गन्हाउंनु लाग्छन् अनि
मिस्रका खोल्त्राहरु घट्दै घट्दै सुकि जांछन् . ढौंड़ि र पानीछेउका अरु
७ अरु बोट्हरु ओइल्ही जांछन् । नील् नदीको तीरको अं नीलको छेउको
घांस् र नीलको छेउछेउमां ज्ये ज्ये रोपींछन् ति सबै सुकेर डाड़ जांछन्
८ अनि फेरि कैले पनि रहंदैनन् । जल्हारीहरुले पनि विलाप गर्छन् अनि
नीलमां बल्छि हाल्ने सबै रुंछन् अनि पानीमां जाल् हान्ने सुकि जांछन् ।
९ फेरि केलाईयेको सुन्पाटको काम् जत्तिले गर्छन् अनि जत्तिले धागोको
१० सेतो कपरा बुन्द छन् तिनिहरु लज्जित् होइ जांछन् । अनि त्यस्का जग्
११ भत्काइंछन् अनि सबै बंनि गर्नेहरु मन्मां उदास् होइ जांछन् । सोअन्का
मालिक्हरु मूर्ख ठहर्छन् अनि फिरऊन्का ज्ञानी ज्ञानी मंत्रीहरुको जुक्ति
पशुको जुक्ति सरि भइ गयो . तिमिहरुले फिरऊन्लाइ फेरि म त
ज्ञानीको छोरो र आदिका राजाहरुको बंश हुं भनि कसोरि भन्नु सक्छौ ।
१२ आफुका ज्ञानीहरु ता कता हुन् . तिनिहरुले एले आफुलाइ जनाउन्
सेनाहरुको यहोवेले मिस्रको बिरुद्धमा जो जुक्ति निकाल्येको छ तिनिहरुले
१३ त्यो जानुन् । सोअन्का मालिक्हरु मूर्ख भइ गये . नोप्का मालिक्हरुले
धोखा खाये मिस्रका कुल् कुल्का कुंनाका सिराहरुले त्यस्लाइ भरमाइ
१४ दिये । यहोवेले त्यस्को मनमां अट्टेरइँ हालि दियेको छ . त्यस्कारण
तिनिहरुले मिस्रीहरुलाइ तिनिहरुका सबै काममां मतवाला आफ्नु
१५ वान्तमां ढल्पलींदै लड्ने जस्तो भरमाइ दियेको छ । त्यस् बेला मिस्रको
लागि कोइ येस्तो काम् रहंदैन जो सिर् पुछर् खजूरको हांगा र निगाला
दखि हुंनु सक्ला ॥
१६ त्यस् बेला मिस्र आइमाइहरु जस्ते होइ जांछ . अर्थात् सेनाहरुको
यहोवेले आफ्नु हात् त्यस् देसमां बढ़ाउंछ त त्यस्को डरको कारणले
१७ थर्थराउंछ अनि कांपि उठ्छ । अनि यहूदाको देस् मिस्रको भयको
कारण् हुंछ यहां सम्म गरि हुंछ जो सब त्यस्को चर्चा हुंछ त्यो पनि
थर्थराइ उठ्छ सेनाहरुको यहोवेले त्यस्को बिरुद्धमां गर्येको त्यस्
जुक्तिको कारणले ॥
१८ त्यस् बेला मिस्र देस्मां कनान्को भाषा बोल्ने र यहोवेको किरिया
खांने पांच् सहर्हरु हुंछन् तिनिहरुमांको येउटाको नांउ भत्किजांने[१]
सहर् राखींछ ॥
१९ त्यस् बेला यहोवेको लागि मिस्र देस्को बीच्मां येउटा बेदि हुंछ
अनि त्यस्को सिमानाको छेउमां यहोवेको लागि येउटा सुहूका उभ्याइंछ ।
२० अनि त्यो मिस्र देस्मां सेनाहरुको यहोवेको येउटा चिंनु र साक्षी जस्तो

[१] अथवा सूर्यको सहर् ।

हुंछ. अनि जब मिस्त्रीहरूले मिचेइँ गर्नेहरूको कारणले यह्वेको दोहाई
दिंछन् तब उस्ले तिनिहरू थांइ येउटा उद्धार् गर्न र सामर्थीलाइ पठाइ
दिंछ जस्ले तिनिहरूलाइ छोड़ाउंछ। तब यह्वे मिस्त्रमां देखाहा पर्छ अनि २१
मिस्त्रीहरूल त्यस् बेलामां यह्वेको ज्ञान् पाउंछन् अं बलिदान् र अन्नबलि
चढ़ाइ चढ़ाइकन उस्को सेवा गर्छन् अनि यह्वेको भाकल् गरि गरिकन
पूरा गर्छन्। अनि यह्वेले मिस्त्रलाइ हिर्काउंनु ता हिर्काउंछ तर तिनलाइ २२
निको पनि पार्छ अनि तिनिहरू यह्वे तिर फिर्येर आइ पुग्छन् अनि
उस्ले तिनिहरूको बिन्ति सुनि तिनिहरूलाइ निको पार्छ॥

त्यस् बेला मिस्त्र देखि अश्शूर् जांने येउटा मूलबाटो हुंछ त अश्शूरी २३
मिस्त्रमां आउंछ अनि मिस्त्री अश्शूर्मां जांछ अनि अश्शूरीहरू सङ
मिस्त्रीहरूले पनि पूजा गर्छन्॥

त्यस् बेला इस्त्राएल् मिस्त्र र अश्शूर् तीनै मिलि पृथिवीको बीच्मां २४
आशीषको कारण् हुंछन्. कसोगरिभन्य सेनाहरूको यह्वेले तिनिहरूलाइ २५
आशीष् दियेको छ धन्न हवस् मेरो मिस्त्री प्रजा अनि धन्न हवस् मैले
रच्येको अश्शूरी लोग् अनि धन्न हवस् मेरो निज् भाग् इस्त्राएल् भनि
भनिकन॥

जस् बर्षमां अश्शूरको राजा सर्गोन्को आज्ञाले तर्त्तान्ले २० १
अश्दोद् छेउ आइ त्यो सित लड़ाइँ गर्‍यो अनि त्यो लि पनि हाल्यो
त्यस बर्षमां यह्वेले आमोस्को छोरो यशायाह्लाइ येसो भन्यो गयेर २
आफ्नु कम्मरको भाङ्ग्रा फुका अनि आफ्ना जुत्ताहरू उतार्। त त्यस्ले
त्यसै गर्‍यो अनि उघारो र नांगो गोड़ाले हिंड्नु लाग्यो। तब यह्वेले भन्यो ३
जसोगरि मेरो दास् यशायाह् तीन् बर्ष देखि उघारो र नांगो गोड़ाले हिंड्दै
आयो मिस्त्र र कूशको लागि चिंनु र उद्‌क हवस् भन्य खातिर्ले त्यसैगरि
अश्शूरको राजाले मिस्त्रका बन्धवाहरूलाइ र कूश् देखि निकालीयेका- ४
हरूलाइ क्य केटाकेटी क्य बूढ़ा सबैलाइ उघारो र नांगो पाउगरि लैजांछ
अं तिनिहरूका जाङ्ग पनि उघारो रहंछन् मिस्त्रीहरूलाइ शर्ममां पार्नुको
लागि। तब तिनिहरू व्याकुल् भइ तिनिहरूले आशा राख्येको कूश् र ५
तिनिहरूको महिमा भयेको मिस्त्रको कारणले लज्जित् होइ जांछन्।
अनि समुन्द्रको त्यस् तीरको देस्मां रहंनेहरूले त्यस् बेलामां भन्छन् हेर ६
जुन्हरू मांथि हामिहरू आशा राखर थियूं अनि जुन्हरू थांइ हामिहरू
अश्शूरको राजा देखि बांचनुको लागि भाग्नु आंटेका थियूं तिनिहरूकै
गत् येस्तो छ त हामिहरू कसोगरि बांचूंला॥

समुन्द्र छेउको बन्को भारी दण्डको बचन्॥ २१ १

जसोरि दक्षिण् देस्मां बेहेरि आंधीहरू बल् सङ उठद छन् त्यसैगरि
त्यो बन् देखि अर्थात् डरलाग्दो देस् देखि आउंद छ। येउटा कठोर् २
दर्शन् मलाइ सुनाईयेको छ अर्थात् छल् गर्नेचइंले छल् गर्द छ अनि नास्
गर्नेचइंले नास् गर्द छ। ए एलाम् चढ्. ए मादी त्येलाइ घेर् मैले त्येको

३ सुत्केरामराई पुन्येको छु। त्यसकारण् मेरो कम्मर्मां सारो वेथा उपज्यां
सुतक्का जस्ता पीरा मंलाइ उटेका छन्. मं येस्तो संकष्टमां पऱ्येको छु
४ कोइ सुन्नु सक्दीन मं येस्तो सुनीयेको छु कोइ देख्नु सक्दीन। मेरो मुट्
छक्छक् गर्द छ मं अगघोर् डरायेको छु मैले इच्छे गऱ्येको रात्को बिश्रामको
५ माटोमां थर्थराउंद छु। तिनिहरूले मेज् तियार् पार्द छन् पहराहरूलाइ
बमालद छन् खानापीना गर्द छन्. हे मालिक्हरु हो उठ ढालमां तेल्
६ लगाव। किनभन्ये प्रभुले मंलाइ येसो भन्येको छ गयेर येउटा पहरू बसालि
७ द त्येस्ले ज्ये ज्ये देख्द छ त्यो कहि देवस्. अनि जब त्येस्ले एक् गट्ठा अर्थात
दुइ दुइ गरि हिंड्दे गऱ्येको सवार् गदाहाहरूको बथान् ऊंट्हरूको बगाल
८ देख्ला तब अगघोर् ध्यान दिकन कान् थापोस्। तब त्यो सिंहशब्दगरि
करायो. हे प्रभु मं ता दिनभरि बराबर् उभीयेर पहरा दिंद छु अनि
९ रातभरि पनि आफ्नु चौकिमां बसीइ रहंद छु. येले के देख्द छु भन्ये
मान्छेको गट्ठा दुइ दुइगरि हिंड्ने सवार् आउंद छन्। तब त्येस्ले उत्तर्
दिइ भन्यो बाबेल् भत्क्यो भत्क्योने अनि त्येस्का देवताहरूका खोप्येका
१० सब्बै मूर्त्तिहरूलाइ भुइंमां भाचि दिईयेका छन्। हे मेरो दाईयेका लोग् र
खलाको अन्न. इस्राएलको ईश्वर् सेनाहरूको यहवे देखि ज्ये ज्ये मैले सुन्यों
ति मैले तिनिहरूलाइ सुनाइ दियेको छु॥

११ दूमाको भारी दण्डको बचन्॥

सेईर् देखि कसैले मंचइंलाइ डाक्दे छ ए पहरू रात् कति रह्येको
१२ छ ए पहरू रात कति रह्येको छ भन्दे। पहरूले उत्तर् दिंदे छ बिहान्
नजिकै छ अनि रात् पनि. तिमिहरूले कोइ सोधको भन्ये देखि सोध.
फर्कि आव॥

१३ अरब् माथि भारी दण्डको बचन्॥

हे ददानी बटोरे गट्ठाहरू हो तिमिहरूले अरब्को जंगलमां बास्
१४ गर्नु पर्छ। तिर्खा मार्नुको लागि तिनिहरूले पानी ल्याये तेमा देश्का
१५ बासीहरूले आफ्नु खानेथोक् लियेर भगन्ताहरू सित भेट् गऱ्ये। किनभन्ये
तिनिहरू तरवार् देखि अं झिक्येका तरवार् देखि र तान्येको धनु देखि र
१६ लड़ाईंको डर्को कारणले भागद थिये। किनभन्ये प्रभुले मंलाइ येसो
भन्येको छ एक् वर्ष भित्र अं बनि गर्नेको वर्ष गन्दा केदार्को सिंगै महिमा
१७ बिलाईंछ. अनि धनु खेलाउंनेहरू केदार्बंशीहरूका बीर्हरूमांका थोरै
मांत्रै रहंछन्. कसोगरिभन्ये इस्राएल्को ईश्वर् यहवेले येसैने भन्येको छ॥

२२ १ दर्शन्को तर्फको भारी दण्डको बचन्॥

तिमिहरूलाइ के भयो र तिमिहरू जति भयेका कौसि मांथि
२ चढि गयौ। हे खल्यांग्मल्यांग् र कोहोलोगराईले भरीयेको सहर् ए
जय् जय् गर्ने राज्धानी. तेरा मर्येकाहरू न ता तरवार्ले काटीयेका न
३ ता लड़ाईंमां मारीयेका छन्। तेरा सबै बिचारीहरू एक् सङ्ग भागि गये
धनुखेलाउंनेहरू देखि बांधीये. तंमां भित्र पाईयेका सबै एक् सङ

बांधीये टाड़ो भाग्ये। येस्कारण् मैंले भन्यें मं तिर देखि मुख् फर्काव र ४
मं दुख लागि लागि रोउं मेरा लोग् सत्येनास् भयेकोले मंलाइ शान्ति दिंने
फिक्रि न गर। किनभन्ये त्यो दिन् सेनाहरुको यहवे प्रभु पट्टिको दर्शनको ५
तरिमां धंस र पिनींने शंकाको दिन हो घेराभित्ता भत्काउंने र पहाडूहरु
सम्म गराउंने। अनि एलामले रथ्हरु र त्रकसवार्हरु समेतले ठोक्रो ६
भिर्यो अनि कीरले ढालको खोल् निकाल्यो। अनि येसो भयो तिम्रा अस्सल् ७
अस्सल् तरिहरु रथ्हरुले भरींछन् अनि त्रकसवार्हरुले ढोकामां पाङ्ति
पाङ्ति बांध्ये। अनि उस्ले यहूदाको पर्दा हटायो अनि त्येस् बेलामां ८
तिमिहरुले बन् भनींने हतियार् राखींने घर्मां हेर्यौ। अनि तिमिहरुले ९
दाऊदको सहर्का छेंड्हरु धेरै रहछन् भनि देख्यौ. अनि तल्लो पोखरीका
पानीहरु भेला गरायौ। अनि यरुशलेम्का घर्हरु गन्येर घेराभित्ता बलियो १०
तुल्याउंनुको लागि घर्हरु भत्काइ दियौ। अनि दुवै घेराभित्ताको ११
बीच्मां येउटा तलाउ खन्यौ पुराउंन् पोखरीको पानी त्येस्मां बहि
आउंनुलाइ. तर तिमिहरुले यो गर्ने तिर हेर्यौन अनि न यिनलाइ
तादि देखि ठहराउंनेको मान् गर्यौ। अनि त्येस् बेला प्रभु सेनाहरुको १२
यहवेले रुनु बिलाप् गर्नु सिर् लट्टै लट्टा पार्नु र भाङ्रा बेर्हेनुलाइ
बोलायो. अनि को देख्यौ हर्ष र आनन्द गाईगोरुको मराई र १३
भेंडाबाख्राकोकटाई मांसखवाई र दाखसहपीवाई. लु खाऊं पीऊं
किनभन्ये भोलि ता मर्छौं। अनि सेनाहरुको यहवेले मेरा कानमां यो १४
प्रगट् गर्यो निस्से येस् अधर्म्मको कोइ प्रायश्चित्त हुंनु सक्दैन
तिमिहरुको मर्ने बेला सम्म प्रभु सेनाहरुको यहवेको येइ बाणी छ॥

प्रभु सेनाहरुको यहवेले येसो भन्द छ त्येस भण्डारी अर्थात् घरको १५
मूल् शेब्ना थांइ गयेर भन यहां तं को गर्दै छस् अनि यहां तेरो १६
को छ र तैंले यहां आफ्नु चिहान् खनाइस्. अलग्गो ठांउमां आफ्नु
चिहान् भल्खांड़ामां आफ्नु मुर्दा राख्ने ठांउ खनाइस्। हेर् यहवेले १७
तंलाइ बीरले झैं आफालि दिंछ अं उस्ले तंलाइ बलैले समातछ। निस्से १८
उस्ले तंलाइ निमठेरर गोलो झैं फराक् देस्मां आफालि दिंछ तं उहीं
मर्छस् र आफ्नु स्वामीको जहान्लाइ लाज्मां पार्ने तेरा बड़ाईका रथ्हरु
उहीं रहि जांछन्। येसोरि मं तंलाइ तेरो ठांउ देखि घचेटि दिंछु अनि १९
उस्ले तंलाइ तेरो मान् देखि खसालि दिंछ। अनि त्येस् बेला येसो हुंछ मं २०
हिल्कय्याहको छोरो आफ्नु दास् एल्याकीम्लाइ बोलाउंछु. अनि तेरो २१
पोशाक् त्येस् माथि पहिर्याउंछु अनि त्येस्को कम्मर्मां तेरो पटुका कसिकन
बांध्छु अनि तेरो अधिकार् त्येस्को हात्मां दिंछु. वहांदेखि त्यो
यरुशलेम्बासीहरु र यहूदाका जहान्काहरुको बाबु ठहर्छ। अनि मं २२
दाऊदको जहान्को ताल्चा त्येस्को कांध्मां हाल्छु त्येस्ले उघार्छ अनि कसैले
थुन्न सक्दैन अनि त्येस्ले थुन्छ न कसैले उघार्नु सक्दैन। अनि मं त्येस्लाइ २३

बल्लियो ठांउमां कीला झैं गाड़ूछु अनि त्यो आफ्नु बाबुको महिमाको
२४ सिंहासन् हुंछ। अनि तिनिहरूले त्येस्को बाबुको जहान्को महिमा ज्ये ज्येले
हुंद छन अर्थात् बच्चासच्चा र सबै सर्सांना भांड़ाहरू को कटोरा का गाग्री
२५ सबै त्येसैमां झुंड्याउंछन्। सेनाहरूको यहवेको येइ बाणी छ त्येस् बेलामां त्यो
बल्लियो ठांउमां गाड़ीयेको कीला लुहि जांछ त्यो काटेर ढालीछ वहांदेखि
त्येस्मां टांगीयेको भार् काटीछ कसोगरिभन्ये यहवेले येसो भन्येको छ ॥

२३ १ सोर्को भारी दण्डको बचन् ॥
हे तर्शीश्का जहाज्हरू हो हू हू गरि रोव किनभन्ये येस्तो सत्येनास
भयो त्येस्मां न ता कोइ घर् रह्यो अनि न कोइ पस्ने ठांउ. कित्तिम
२ देस् देखि यो प्रगटो पनि गरीयो। हे समुन्द्र तीर् रहंनेहरू हो चुप लाग
हे तिमिहरू जुन्हरूलाइ समुन्द्र पारि जांन्ये सीदोन्का बेपारीहरूले धन्ले
३ भरि दियेको छ। अनि शीहोर्को अन्न नाल्को कटनी महासमुन्द्रको बाटो
भाड़ो त्यो थांइ पुग्इ थियो. त्यो अरू लोग्हरूको लागि बजार् थियो।
४ ए सीदोन् लज्जित होइ जा. किनभन्ये समुन्द्रले अं समुन्द्र निरको
बल्लियो सहर्ले येसो भन्येको छ मैंले सुतकेर पीड़ा जान्येको छुइंन अनि
५ न छोराछोरीहरूलाइ पालिपोषि हुर्कायेको छु भनि। जब त्येस्को समाचार्
मिस्रमां पुग्ला तब तिनिहरू सोर्को समाचार् सुन्येर संकट्मां पर्छन्।
६ तर्शीश्मां तरि जाव समुन्द्र तीर् रहंनेहरू हो हू हू गरि रोव। के यो
तिमिहरूको जय् जय् गर्ने सहर् हो अं जो तादि देखि बसालीयेको थियो
८ जस्का गोड़ाले टाड़ा टाड़ा देस्मां बास् गर्नुलाइ लैजांद थिये। सोर् जस्ले
मुकुट् दिंद छ जस्का बेपारीहरू मालिक् मालिक् छन् जस्का महाजन्हरू
पृथिवीमां मानका छन्. त्येस्को बिरुद्धमां कस्ले येस्तो जुक्ति गर्यो।
९ सेनाहरूको यहवेलनै येस्तो जुक्ति गर्यो सबै महिमाको अहंकार् स्यांट्टै
१० भांच्नु र पृथिवीमां मानका हुंनेहरू सबैको निन्दा गराउंनुको लागि। हे
तर्शीश्का बासीहरू हो नील् नदी झैं आफ्नु देस्भरि फिंजीइ जाव किनभन्ये
११ बंधन् कोइ छैन। यहवेले आफ्नु हात् समुन्द्रमां बढ़ायेर राज् राज्लाइ
हल्लाइ दियेको छ. उस्ले कनान्का बल्लिया बल्लिया ठांउहरू नष्ट पार्ने
१२ आज्ञा दियेको छ। अनि उस्ले भन्यो ए सीदोनी लोग् तं भ्रष्ट पारीयेको
कन्या झैं फेरि फेरि जयजयकार्को हुंदैनस्. उठेर पारि कित्तीम्का जांनु
१३ ता जा तर उहीं पनि तैंले सुख पाउंदैनस्। कल्दीहरूको देस् हेर् त्यो लोग्
अब रहंदेन अश्शूरीले त्यो देस् बन्का जन्तुहरूको लागि ठहरायेको
छ. अं तिनिहरूले तिनिहरूका धरारा उठायेका छन् अनि राज्महल्हरू
१४ भत्काइ दियेका छन्. उस्ले त्यो उजार् पारि दियो। हे तर्शीश्का जहाज्हरू
हो हू हू गरि रोव किनभन्ये तिमिहरूको बल्लियो ठांउ सत्येनास् भयो।
१५ अनि त्येस् बेलामां येसो हुंछ सोर् सत्तरी बर्ष सम्म अं एक् राजाको
पालाभरि सम्म बिर्सीइयेको भइ रहंछ. सत्तरी बर्ष बीत्ये पछि सोर्को गत्

फेरि बेश्यले गीत् गायेको जस्तो हुन्छ। ए बिर्सीयेकी बेश्य बीणा लियेर १६
सहर्मां डुल् भलिभांति बजा खूब् गीत् गा र तं फेरि सम्झौइंने हो।
अनि सत्तरी बर्ष बात्ये पछि येसो हुंछ यहवेले सोर्को हेरचाहा गर्छ त १७
त्यो फेरि आफ्नु प्राप्तिमां फर्कंछ उहांदेखि पृथिवीभरिका सबै राज्हरू
सङ व्यभिचारी काम् गर्छ। अनि त्येसको कमाई र बेपारको नाफा १८
यहवेको लागि पवित्रेइँ ठहर्छ. त्यो भण्डार्मां थन्क्याइंदेन अनि राखीदेन
किनभन्य त्येसको बेपार् ति यहवेको सांमु क्रमाईगर्नेहरूको लागि पेट् भरि
भरि खांने र लाउंने लुगाको काम् लाग्छ॥

हेर यहवेले पृथिवी निर्जन् र सुन्नै पार्दछ त्येस्लाइ घोपट्यायेर २४ १
त्येस्मां बस्येकाहरूलाइ छरपुष्ट पार्दछ। अनि येसो हुंछ यज्मान्को जस्तो २
गत् त्यस्तै पूजाहारीको जस्तो दास्को त्यस्तै स्वामीको जस्तो दासीको त्येस्तै
स्वामीनीको जस्तो किन्नेको त्येस्तै बेच्नेको जस्तो ऋण् दिनेको त्येस्तै ऋण्
लिनेको जस्तो ब्याज् लिनेको त्यस्तै ब्याज् दिनेको पनि गत् हुंछ। पृथिवी ३
सुन्नेइ सुन्नै हुंछ अनि नष्टै नष्ट हुंछ कसोगरिभन्य यहवेलेनै यो कुरो भन्येको
छ। पृथिवीले बिलाप् गर्दछ अनि ओइल्हींदछ जगत् सुकि जांदछ अनि ४
ओइल्ही जांदछ पृथिवीका मानका मान्छेहरू ओइल्ही जांदछन्। पृथिवी ५
त्येस्मां रहंनेहरूको कारणले अपवित्र भइ गयो कसोगरिभन्य तिनिहरूले
व्यवस्थाहरू नांघे बिधि फेर्ये अनि सदाको नियम् तुटाइ दिये। येस्कारण् ६
स्रापले पृथिवीलाइ खाइ हाल्येको छ अनि त्येसका बासीहरू दोषी ठहरायेका
छन्. येस्कारण् धेरै लोग् डढाईंद छन् अनि थोरै लोग् मात्रै रहंद छन्।
नया दाखमह बिलापको हुंद छ दाखको बोट् ओइल्हींद छ मनमां रमाहट् ७
गर्नेहरूले सुस्केरा मार्द छन्। मृदंगको हर्ष थामींद छ जयजयकार् गर्नेहरूको ८
सोर् जाइ जांद छ बीणाको हर्ष जांद छ। गाउंदै गाउंदै दाखमह ९
पीउंदैनन् मद्य खांनेहरूलाइ चर्कै त्यो तीतो लाग्छ। सुनसान् भयेको सहर् १०
भत्काईयेको छ. सबै घर्हरू येस्तोरि थुनीयेका छन् कोई पनि पस्नु
सक्दैन। दाखमहको लागि सटकसटक् हुंदो कराई हुंद छ सब रमाहट् ११
अन्ध्यारो मात्रै छ देसको हर्ष गइ गयो। सहर्मां उजार् मात्रै अनि १२
ढोकाहरू भत्काइ भत्काइकन नास् पारीयेका छन्। अनि येसो हुंछ जस्तै १३
भद्राक्ष झार्येको कि दाख् टिप्येकोमां हुंद छ त्येस्तै पृथिवीमां लोग्
लोग्को बीच्मां। तिनिहरू सोर् उठाइकन कराउंछन् यहवेको महिमा १४
देख्येर समुन्द्र पारि देखि कराउंछन्. येस्कारण् पूर्वमां यहवेको महिमा गर १५
समुन्द्रको तीर् छेउ इस्राएल्को ईस्वर् यहवेको नांउको महिमा भन्दै॥

पृथिवीको पल्लो छेउ देखि धर्म्मीको लागि शोभा छ भन्य गीत् १६
सुन्येका छौं। तर मैले भन्यें हाय् हाय् ओइल्हौंछु ओइल्हौंछु. छल् गर्नेहरू
चइंले छल् गर्द छन् अं तिनिहरूले अग्घोर् छल् गर्द छन्। हे पृथिवीको १७
बासी तं माथि भय् र खाड़ल् र पासो पर्येका छन्। अनि येसो हुंछ जो १८
भयको शब्दले भाग्ला त्यो खाड़लमां पर्छ अनि जो खाड़ल् बाटो निस्कला

त्यो पासोमां पर्छ. किनभन्ये स्वर्गका झ्यालहरू उघ्रंछन् अनि पृथिवीको
१९ जग् हल्लींछन्। फाट्यो पृथिवी च्यांट्टै फाट्यो बिलौयो पृथिवी गर्मै
२० बिलोयो कांप्यो पृथिवी पूरै कांप्यो। पृथिवी मताहा झैं ढलपलाउंछ
अनि टौवा झैं हल्लींछ अं पापको भारिले चेपींदै चेपींदै चेपोइ जांछ अनि
फेरि उठनु सक्दैन॥
२१ अनि त्यस् बेलामां येसो हुंछ यहवेले स्वर्गको सेनालाइ स्वर्गमां
२२ अनि पृथिवीका राजाहरूलाइ पृथिवीमां दण्ड दिंछ। अनि बंधुवाहरू
भलखांड़ामां खंदारीयेका झैं तिनिहरू खंदारींछन् अनि भेलखानमां
२३ थुनींछन् तब धेरै दिन् पछि तिनको हेरचाहा गरींछ। तब जून् घब्राईंछ
अनि सूर्ज लजाउंछ किनभन्ये सेनाहरूको यहवेले सिय्योन् पर्वत्मां र
यरूशलेम्मां आफ्ना प्राचीन्हरूको सांम्नु महिमा सङ राज् गर्छ॥
२५ १ हे यहवे तपांइ मेरो ईश्वर् हुंनु हुंद छ मं तपांइलाइ मर्कोउंछु
मं तपांइको नांउको स्तुति गर्छु किनभन्ये तपांइले आश्चर्य्यकर्म्म गर्नु भयो
२ तादिका जुक्तिहरू सच्चैडैं र सुफल सङ। कसोगरिभन्ये तपांइले सहर्
थुप्रो र किल्लेराजधानी चइं उजार् तुल्याउंनु भयो. परदेसीहरूको
राजमहलचइंलाइ येस्तोगरि उजारनु भयो त्यो सहर् रह्येन त्यो फेरि केलेइ
३ बसालींदैन। येकारण बलियो लोगले तपांइको बड़ाई गर्छ डरलागदा
४ अन्यदेसीहरूको राजधानीले तपांइको भय् मानछ। किनभन्ये तपांइ हीनको
लागि आड़ू अं दरिद्रको लागि त्येस्को संकटमां आड़ू हुंनु भयो
बतासपानीमां शरण घाममां छाया जब डरलागदाहरूको आइलगाई भित्ता
५ मांथि मांथि सम्म आइ पुग्येको बतासपानी जस्तो हुंद छ। जस्तै निपानि
ठांउमां घाम् हुंद छ त्यस्तै तपांइले परदेसीहरूको खलाबेलाको सोर्
थमाउंनु हुंछ अनि जस्तो बादलको छायाको कारणले घाम् मित्तल् हुंद छ
६ त्यस्तै डरलागदाहरूको गीत् थुनि दिइंछ। अनि सेनाहरूको यहवेले येस
पर्वत्मां सबै लोग् लोगको लागि भांति भांतिका चिल्लाचाल्ला थोकको
र थकत्यायेका दाखमद्यको भोज् अं असल् चिल्लाचाल्ला थोकको र असल्
७ थकत्यायेका दाखमद्यको भोज् लाउंछ। अनि सबै लोग् लोग् मांथि पर्येको
पर्दा र सबै अन्यदेसीहरू मांथि पर्येको ढाकन लुगा उसले येसै पर्वत्मां
८ नास् गरि हालछ। उसले मृत्यु सदाको लागि निलि हाल्येको छ अनि प्रभु
यहवेले सबैको मुख् देखि आंसु मेटि दिंछ अनि आफ्ना प्रजाको गिल्ला
सिंगै पृथिवी देखि दूर् गरि दिंछ। किनभन्ये यहवेले येसो भन्येको छ॥
९ अनि त्यस् बेलामां येसो भनींछ हेर हांमिहरूको ईश्वर् येइने हो
हांमिहरूले उसको बाटो हेर्येका छौं त उसले हांमिहरूको उद्धार् गर्छ. यहवे
येइ हो हांमिहरूले उसको बाटो हेर्येका छौं अब हांमिहरू उ देखि उद्धार्
१० पाइ खुशि र रमाइटौ हुंछौं। किनभन्ये येस् पर्वत्मां ता यहवेको हात्
रहंछ अनि मोआब् आफ्नै ठांउमां येस्तोगरि लतारींछ जस्तो पराल्
११ घुर्यानको पानीमां लतारींद छ। अनि जस्तो पौरंनेले पौरंदाखेरि आफ्ना

हात् पसार्दै छ त्यस्तै उसले तिनको बीचमां आफ्ना हात् पसार्छ . अनि
उसले त्यसको हातका जुक्तिहरू समेत् त्यसको घेघो होंच्याउंछ। अं उसले १२
तेरा सहरहरूका अलगा अलगा र बलिया बलिया घेराभित्ताहरूको आड्
होंच्यायेको छ अनि भूइं सम्म अं मांटो सम्म खसालि दियेको छ ॥

त्येस् बेलामां यहूदा देसमां यो गीत् गाइंछ . हामिहरूको येउटा २६ १
बलियो सहर् छ उसले घेराभित्ता र गाड़को काम् लागनुलाइ उद्धार्चइंलाइ
ठहराउंछ। ढोकाहरू खोल र सचेइं मान्ने धर्म्मी लोग् पसोस्। जसको २
मनले धीरज् धर्दै छ तपांइले पूरो शान्ति सित त्यसको पहरा दिनु हुंछ .
किनभन्ये त्यसले तपांइ मांथि भरोसा गरि रहंद छ। सधैं यहवेनै मांथि ४
भरोसा गर्दै रह . किनभन्ये याह् यहवेमां जुगनजुगको पहरा छ।
किनभन्ये उसले अलगो ठांउमां बसेहरूलाइ अं अलगो सहर्लाइ होंच्यायेको ५
छ . उसले त्यसलाइ नुवाइ दिंद छ अं भूइं सम्म खसालि दिंद छ अं उसले
त्यसलाइ मांटोमां मिसाइ दिंद छ। गोड़ाले त्यसलाइ कुल्चि दिंछ अं दीनहरूका ६
गोड़ाले र दरिद्रहरूका फड्कोले। धर्म्मीको बाटो सोजो छ तपांइ जो ७
सोजो हुनु हुंद छ तपांइले धर्म्मीका डग् सोजो पारि दिनु हुंद छ।
हे यहवे सांचिने हामिहरूले तपांइका नियाबचनहरूको बाटोमां तपांइको ८
बाटो हेर्येका छौं तपांइको नांउ र तपांइको सम्झना तिर हामिहरूको
मनले लालसा गर्दै छ। राति मैंले मन् समेतले तपांइको लालसा गर्येको छु ९
अं प्राण् समेतले जतन् सित तपांइलाइ खोज्छु . किनभन्ये जब तपांइका
नियाबचनहरू पृथिवीमां प्रगटो हुंद छन् तब जगत्का बासीहरूले धर्म्म
सिक्द छन्। दुष्ट मांथि दया गरोयो भन्ये पनि त्यसले ता धर्म्म सिक्देन अं १०
धर्म्मराज्मा पनि त्यसले टेढ़ाइं गर्छ अनि यहवेको महातम्लाइ त्यसले चिन्देन ॥

हे यहवे तपांइको हात् अलग्याईयोको छ रपनि तिनिहरूले त्यो . ११
देख्येनन् तर अब ता तिनिहरू तपांइका प्रजाको लागिको तपांइको डाह् देख्येर
लजाउंछन् अनि त्यो रिसको आगोले तपांइका बैरीहरूलाइ भस्म पार्छ।
हे यहवे तपांइले हामिहरूको लागि मिलाप् स्थापित् गर्नु हुंछ . अं ज्ये ज्ये १२
हामिहरूले गर्युं ति तपांइलेनै हामिहरूको लागि गराउंनु भयो।
हे हामिहरूको ईश्वर् यहवे तपांइ बाहिक् हामिहरूका अन्य अन्य स्वामीहरू १३
थिये तर तपांइको बाटोले मांत्रै हामिहरू तपांइका नांउको बड़ाई गर्छौं .
ति मरि गये फेरि जीउंदैनन् अं मर्येका छन् फेरि उठ्दैनन् . येसकारण १४
तपांइले तिनिहरूको हेर्चाहा गर्येर तिनिहरूलाइ नास् पार्नु भयो अनि
तिनिहरूको सम्झने पनि मेटाउंनु भयो। हे यहवे तपांइले येस् लोग्लाइ १५
बढ़ाउंनु भयो अं येस् लोग्लाइ बढ़ाउंनु भयो तपांइको महिमा बढ़ाइंद छ .
तपांइले त्यसको देस्का सबै सिमाना बढ़ाउंनु भयो ॥

हे यहवे दुक्खमा ता तिनिहरूले तपांइलाइ सम्झना गर्दै थिये जब १६
तपांइले तिनिहरूलाइ सिच्नु भयेको थियो तब तिनिहरूले साउतिगराई
खन्याये। जसोरि गर्भवती आइमाइ सुत्केरि हुंने बेलामां ऐंठंदी र १७

पीड़ाको कारणले कराउंदो छ हामिहरु पनि त्यस्तै भइ गयूं हे यहूव
१८ तपांइको मुखेंजि । हामिहरु पनि गर्भधारी जस्तै भइ गयूं हामिहरु पनि
मठोंनु ता मठोयूं तर खालि बतासै मात्रै जनमायूं पृथिवीमां कोइ छुटकारा
१९ गर्युंन अनि न जगत्का वासीहरुले हार्थे । तपांइका मर्येकाहरु जीउंछन्
मेरा मुर्दाहरु उठ्छन् । हे मांटोमां रहंनेहरु हो जाग्येर गाव . किनभन्ये
तिमिहरु मांथि पर्ने श्रीत ज्योतिको श्रीत जस्ता हुंछ अनि पृथिवीले
मर्येकाहरुलाइ उगलि दिंछ ॥
२०   हे मेरा लोग्हरु हो आफ्नु आफ्नु कोठामां पस्येर ढैलाहरु थुन .
२१ रिस् न मरुंज्याल् सम्म पलभरि लुकि लुकि रह । किनभन्ये हेर यहूव
पृथिवीका वासाहरुलाइ अधर्म्मको दण्ड दिंनुको लागि आफ्नु ठांउ देखि
आउंदै छ . अनि निर्दोषीहरुको बहाईयेको रगत् पृथिवीले उघारि दिंछ
अनि आफ्ना मारीयेकाहरुलाइ अरु लुकाइ राख्दैन ॥
२७ १   त्यस् बेलामां यहूवले आफ्नु लाग्ने र ठुलो र बलियो तरवार्ले
लिब्यातान् भन्ये अगघोर् छिटो हिंड्ने सर्प र लिब्यातान् भन्ये बाङ्गो
सापलाइ दण्ड दिंछ . अनि समुन्द्रमां रहंने चड्ड अजिंङर्लाइ मार्छ ॥
२   त्यस् बेलामां . येउटा दाखको बारी हुंछ तिमिहरुले त्यसको गीत
३ गाव । मं यहूवले त्यसको रक्षे गर्दै छु मं छिन् छिन्मां त्यसमां पानी हाल्दै
रहंदै छु . मं रात् दिन् त्यसको रक्षे गर्छु होइन भन्ये ता कसैले त्यसको हानि
४ गर्ला । मंमां कोइ क्रोध छैन . कांड़ेबोट् र लोहोंड़ेको कांढ़ा मेरो
विरुद्धमां लड़ाईं गर्नुलाइ उभीए ता हुंथ्यो . मं तिनिहरु मांथि गोड़ा
५ उचाल्ने थियें मं तिनिहरुलाइ पूराउर् भस्म पार्ने थियें । होइन भन्ये त्यो
मं सित मिलाप् गर्नुलाइ मेरो शरणमां परोस् अं मं सित मिलाप् गरोस् ।
६ आउंदो समयमां याकूबले जरा समात्छ इस्राएल् फुल्छ फल्छ . अनि
तिनिहरुले सिंगै जगत् फलले भरि दिंछन् ॥
७   के उसले त्यस्लाइ हिर्काउंनेलाइ हिर्कायेका झैं त्यसलाइ हिर्कायो .
८ के त्यस् देखि मारीयेकाहरुको मराईं झैं त्यो पनि मारीयो । त्यस्लाइ
धपाउंदा आइमाइलाइ निकाल्दा झैं त्यो सित झगरा गर्दै छौ पूर्बबतास्
९ चल्येका दिनमां त्येस्ले त्येस्लाइ ठुलो आंधीले पछारि दियेको छ । येसैगरि
याकूबको अधर्म्मको प्रायश्चित्त स्वीकार् गरींछ अनि त्यसको पाप् दूर्
गरीयेकोको सिंगै फल् येइ हो जब त्यस्ले वेदिका सबै ढुंगाहरु चुन् बनाउंने
ढुंगाहरु झैं चकनाचूर् पार्दै छ त अशेरा भनींने मूर्त्तिहरु र सूर्जका अंशहरु
१० फेरि फेरि उठ्दैनन् । किनभन्ये किल्ला हुंने सहर् निर्जन् भइ गयो अं बन्को
छोड़ीयेको र उजारीयेको बास् झैं . त्यहां बाच्छा चर्छ अनि उहींने बस्येर
११ त्येसका रुखका डांगाहरु खांछ । जब तिनका हांगाहरु सुकि जांछन्
तब भांचींछन् आइमाइहरुले आयेर ति डड़ाइ दिंछन् . किनभन्ये तिनिहरु
निर्बुद्धि लोग् छन् येस्कारण् तिनिहरुको कर्त्ताले तिनिहरु मांथि दया गर्दैन
अनि तिनिहरुलाइ रचंनेले तिनिहरु मांथि दया गर्दैन ॥

अनि त्यस् बेलामां येसो हुंछ यहवेले महानदीको पानी देखि मिस्रको १२
खोला सम्म आफ्ना प्रजाअन्नलाइ झार्छ अनि तिमिहरु चर्ं हे इस्राएल्-
वंशीहरु हो एक् एकगरि बटुलौंछौ ॥

अनि त्यस् बेलामां येसो हुंछ ठुलो नर्सींगा बजाइंछ तब अश्शूर् १३
देसमां जो जो नष्ट हुंनहरु हुंछन् अनि मिस्र देसमां जो जो निकालीयेका
हुंछन् तिनिहरुले यरुशलेममां पवित्र पहाड् मांथि यहवेलाइ दण्डवत्
गर्छन् ॥

हाय् एफ्रेमको मताहाहरुको अहंकारी मुकुट् मांथि र त्यसको २८ १
महिमित् शोभाको ओइल्हींने फूल् जो दाखमद्द पीउंनेहरुको अग्घोर्
उपजनीको गेह्रीको थाप्रिमां छ त्यस् मांथि हाय्। हेर प्रभुको येउटा २
बलियो र सामर्थी मान्छ छ उसो असीनापराईको आंधी कि बेथा उपजाउंने
आंधी कि उर्लंने धाराको आंधाले झैं बलले सबै थोक् भूइंमां
खसालि दिंछ। एफ्रेमको मताहाको अहंकारी मुकुट् गोड़ाले कुल्चि दिइंछ. ३
अनि त्यसको महिमित् शोभाको ओइल्हींने फूल् जो अग्घोर् उपजनीको ४
गेह्रीको थाप्रिमां छ त्यो गरम् ऋतु भन्दा पहिलेनै पाक्येको नेभारा जस्तो
हुंछ जो देख्नेले देख्नु बित्तिकै हत्केलामां लियेर नील्द छ। त्यस् बेलामां ५
आफ्नु प्रजाका बांच्येकाहरुको लागि सेनाहरुको यहवे आफै महिमाको
मुकुट् र शोभाको किरीजको लागि हुंछ. अनि निया गर्नुलाइ बस्नेको लागि ६
नियाको आत्मा अनि सहरको ढोका देखि धपाइ दिंनेको लागि पराक्रमको
लागि हुंछ। तर ति पनि दाखमद्दको बाटोले भरौयेका छन् अनि मद्यको ७
बाटोले हराये अं पूजाहारी र अगमवक्ता पनि मद्यको कारणले भरमौयेका
छन् दाखमद्दले तिनिहरुलाइ खायेको छ तिनिहरु मद्यको कारणले भरमौये
अं देख्नुमां भरमौन्द छन् अनि निया गर्नुमां ठोकर् खांद छन्। अं सबै ८
मेजहरु छाद् र मलले भरौयेका छन् तिनमां ठांउ कतै रह्येको छैन। उसले ९
कसलाइ ज्ञान् सिकाउंछ. कसलाइ समाचार् बुझाउंछ. दुद् छोड़ाईयेकाहरु
अनि थुन् देखि अलग् गरीयेकाहरुलाइ। येसैकारण आज्ञा मांथि आज्ञा १०
आज्ञा मांथि आज्ञा नियम् मांथि नियम् नियम् मांथि नियम् अलि अलि
येता अलि अलि उता। होइन तर उ परायहरुका ओंठले र अन्य- ११
भाषेहरुको बाटोले यो लोग् सित बोलछ. जस् लोग्‌लाइ उसले भन्येको १२
थियो विश्राम् येइ हो थाक्येकोलाइ विश्राम् देव अनि चैन् येइ हो भनि.
तैपनि तिनिहरुले सुन्ने मन् गर्येनन्। येसैकारण यहवेको बचन् तिनिहरु १३
थांइ आज्ञा मांथि आज्ञा आज्ञा मांथि आज्ञा नियम् मांथि नियम् नियम्
मांथि नियम् गरि अलि अलि येता अलि अलि उता बार् बार् येसोगरि
आयो तिनिहरु ठोकर् खायेर उत्तानो लड़ि घायेल् होउन् अनि पासोमां
परि पकड़ा परुन् भन्ने खातिरले ॥

येसकारण हे यरुशलेमको येस प्रजाको निन्दा गर्ने मालिकहरु हो १४

१५ यहूवेको बचन् सुन . तिमिहरूले ता भन्येका छौ हामिहरूले मृत्यु सित
बाचा बांध्येका छौं अनि पत्ताल् सित करहार् गर्येका छौ येसकारण जब
बिपत्ति बाढ़ा झैं बढ़ि आउंछ तैपनि त्यो हामिहरू थांइ ता आउंदैन
कसोगरिभन्य हामिहरूले झूठको शरण् लियेका छौं अनि मिथ्याको आड़मां
१६ लुकेका छौं भनि . येसकारण प्रभु यहूवेले येसो भन्छ छ हेर मैले सिय्योन्मां
जगको येउटा ढुंगो बसाल्येको छु त्यो जांचीयेको ढुंगो र कुनाको अमोल् र
अरघोर् बलियो र जगको लागि माफिकको ढुंगो छ . बिश्वास् गर्नेचइंले
१७ हतार् गर्दैन । अनि मं नियाको डोरो र धर्मको साहुल हालछु . अनि
असिनाले झूठको शरणस्थान् बहाइ दिंछ अनि पानीले लुकने ठांउ
१८ डुबाउंछ । तब तिमिहरूले मृत्यु सित बांध्येको बाचा टुटाइंछ अनि पत्ताल्
सित गर्येको करहार् ठहर्दैन जब बिपत्ति बाढ़ी झैं बढ़ि आउंछ तब
१९ तिमिहरू त्येस्मां कुलचाइंछौ । जब जब त्यो बढ़ि आउंछ तब तब त्येस्ले
तिमिहरूलाइ बगाइ लैजांछ त्यो ता बिहान् बिहान् अं दिन् र रात् दुवैमां
बढ़ि आउंने गर्छ . तब यो समाचार् बूझनु खालि भय् मात्रै हुंछ ।
२० कसोगरिभन्ये ओछ्यान् मान्छे त्येस्मां ढलकंदा ता सानु छ अनि ओढ़नेले
२१ मान्छेले ओढ़्दा त्येस्लाइ ढाक्दैन । किनभन्ये यहूवे पराजीम् भन्ये डांड़ामां
उठेको झैं उठि उभीछ गिबोनको गैह्रीमां झैं उस्ले क्रोध् देखाउंछ उस्ले
आफनु काम् गरोस् अं आफनु अन्यकाम् उस्ले आफनु कार्ज्य गरोस् अं आफनु
२२ अन्य कार्ज्य गरोस् भन्येर । त अब निन्दा गर्ने न हब होइन भन्ये ता
तिमिहरूका बन्धन् अरू कसौछन् . किनभन्ये मैले प्रभु सेनाहरूका ईश्वर् देखि
यो सुन्येको छु अर्थात् सिंगै पृथिवीको सत्येनास् मं देखि ठानीयेको छ भन्ये ॥
२३ २४ कान् लगाइकन मेरो सुन ध्यान् गरिकन मेरा बचन् सुन । के जोत्नेले
बराबर् जोत्दै रहंछ बिउ छर्नुलाइ . के त्येस्ले सधैं डल्ला फोर्दै र भूमिमां
२५ हरिस् लाउंदै रहंछ । जब त्येस्ले त्यो समथर् गरि सकछ तब के सौंप् छर्दैन
अनि जीरो हाल्दैन अनि गहूं लहर् लहर् गरि अनि जउ त्येस्को ठहराईयेको
२६ ठांउमां अनि मुडुलागहूं खेतको फेरोमां रोप्दैन । किनभन्ये त्येस्को ईश्वरले
२७ त्यस्लाइ ठीक् गर्नुलाइ शिक्षा दिइ त्येस्लाइ सिकाउंद छ । त दाउंने
गाड़ी हलो हरिसले सौंप् दाइंदैन अनि गाड़ाको पाङ्रा जीरो मांथि
२८ हिंड़ालींदैन तर सौंप् लउरोले अनि जीरो लाठाले झारींद छ । रोटीको
अन्न पीनींद छ येसै कारणले कसैले त्येस्लाइ सधैं सम्म दाउंदैन . अनि न
गाड़ीको पाङ्रा र त्यस्को घोड़ा त्येस्मां हिंड़ालद छन् त्येस्ले त्येस्लाइ
२९ पीन्दैन । यो पनि सेनाहरूको यहूवेको पट्टि बाटो निकलंद छ जो जुक्तिमां
उदेक् र बूझमां श्रेष्ठ छ ॥

२९ १ हाय् अरीएल् अरीएल् मांथि हाय् दाऊदले छाउंनि हाल्येको
२ सहर् मांथि . बर्ष मांथि बर्ष बढ़ाउंनु चाड़हरू घुमि घुमि आउन् . तब
अरीएललाइ सकस्मां हालछु अनि त्येसो रूनु कराउंनुने पर्छ . तैपनि त्यो
३ मेरो लेखिमां अरीएलै ठहर्छ । अनि मैले चारै तिर छाउंनि हालि तंलाइ

गड़ीहरूले घेर्छु अनि तेरो बिरुद्धमां कठ्घेरा पनि बनाउंनु लाउंछु। तब तं ४
लड़ाईयेर भूइं देखि बोल्छस् अनि तेरो बोली मांटो देखि अलि अलि
सुनींछ अनि तेरो सोर् भूइं देखि बिजुवाको जस्तो हुंछ अनि तेरो बाक्य
खसाक्खुसुक् गरि बोल्ने हुंछ। तर तेरा परदेसी बैरीहरूको खलाबेला ५
मसीनो धूलो जस्तो हुंछ अनि ति डर्लाग्दाहरूको धुइरो उड़ाईने भूस्
जस्तो . अं यो कुरो एक्कासी पलभरिमां हुंछ। सेनाहरूको यहवे बादल् र ६
भूंईचाल् र महाशब्द र बंवेरि र आंधी र भस्म पार्ने डर्लाग्दो आगो सित
त्यो थांइ आउंछ। तब अरीएल् सित लड़ाइं गर्ने लोग्को खलाबेला त्यो सित ७
र त्येसको किल्ला सित लड़ाईं गर्नेहरु र त्येसलाइ सकसमां हाल्नेहरु सबै
राति देख्येका सपना जस्तै होइ जांछन्। अनि जसोरि कोई भोकायेकोले ८
सपना देख्दा को देख्यो भन्ये खांद रह्छ तर जाग्दा ता पेट् डाँड़ रह्येको
रह्छ . कि कोई पीयासीले सपना देख्दा को देख्यो भन्ये पीउंद रह्छ तर
जाग्दा ता घांटि सुकि रह्येको र तिर्खाले मर्नु आंटेको रह्छ . त्यस्तै ति
सिय्योन् पर्बत् सित लड़ाइं गर्ने सबै अन्यदेसीहरु पनि हुंछन् ॥

पर्खि रहंदै छक्कै पर्छौ आफ्ना मुकख बिलासमां डुबि रहंदै आंखा ९
फुट्छ . तिनिहरु मताहा ता छन् तर दाखमद्द खायेकोले होइन तिनिहरु
ढलपलाउंद ता छन् तर मद्य खायेकोले होइन। अं यहवेले तिमिहरुलाइ १०
अघोर् निन्द्राको आत्मा हालि दियेको छ अं तिमिहरुका आंखा जो
अगमबक्ताहरु जस्ता छन् उस्ले तिनलाइ अन्धा पारि दियेको छ अनि
तिमिहरुका सिराहरुलाइ जो दर्शीहरु जस्ता छन् तिमलाइ उस्ले छोप्येको
छ। त सबै दर्शन् तिमिहरुको लागि छाप् मार्येको पोस्तक्को कुरो जस्तो छ ११
जो पोस्तक् मान्छेहरुले कोई लेख्ने पढ्नेलाइ दिंद छन् कृपागरि यो पढि
दिनु हवस् भनि . त त्येस्ले भन्छ मं ता पढ्नु सक्दीन किनभन्ये येसमां छाप्
मारीयेको छ भनि . तब त्यइ पोस्तक् न सिक्येकोलाइ दिईंछ कृपागरि यो १२
पढि दिनु हवस् भनि . त त्येस्ले भन्छ मं ता न सिक्येको मान्छे छु भनि ॥

अनि प्रभुले भन्यो येस् लोगले मं छेउ आयेर आफ्नु मुख् र ओंठले १३
मंलाइ मान्मर्नातो गर्दछ तर तिनिहरुको हिर्दय् मं देखि टाड़ो राख्दछ
अनि मेरो भय् मान्नेहरुले चइं मान्छेले सिकायेका आज्ञाले मात्रै मान्द
छन् . येसकारण हेर मं येस् लोग् सित उदेकको काम् गर्ने छु अं उदेक्को र १४
अचम्भको काम् . तब तिनिहरुका बुद्धिमान्हरुको बुद्धि नष्ट हुंछ अनि
तिनका बूझकिहरुको बूझ् लुकाईंछ ॥

हाय् तिनिहरु मांथि जस्ले आफ्नु जुक्ति यहवे देखि लुकाउंने बड़ा १५
फिक्रि गर्दछन् जस्का काम् अंध्यारोमां छन् जस्ले भन्द छन् हांमिहरुलाइ
कस्ले देख्छ . अनि हांमिहरुलाइ कस्ले जान्द छ भनि। हाय् तिमिहरुको १६
कस्तो बिबल्यांटो बुद्धि . के कुमाले मांटो गनींछ के कामले आफुलाइ
बनाउंनेको बिषयमां त्येस्ले मंलाइ बनायेन भनि भनोस् कि रचीयेको
थोकले रच्नेको बिषयमां त्येसको केइ बुद्धि छैन भनि भनोस्। के अब १७

थोरै दिन् बीतदोमां लबानोन् फेरि फलौलो बारी बनौदैन अनि फलौलो
१८ बारी जंगल् गनौदैन । अनि त्येस बेला बहीराहरुले पोस्तक्का कुरा सुन्छन्
१९ अनि अंधाहरुका आंखाले अंध्यारो र बाक्लो अंध्यारो देखि देखछन् । नरमहरु
यहवेमां बेसि खुशि हुंछन् अनि मन्छेहरुमांका दरिद्रहरुले इस्राएलको
२० पवित्र जनको कारणले रमाहट् गर्छन् । कसोगरिभन्ये त्यो डर्लागदो
मान्छे होच्याइंछ अनि निन्दा गर्ने थार्मीछ अनि व्यर्थ कामको लागि
२१ जागदे रहनेहरु मेटींछन् . जस जसले मान्छेलाइ बचनमां फंसाउंद छन्
अनि ढोकामां टिठाउंनेलाइ पासो थापद छन् अनि धर्म्म चढं झूठ् जस्तो
२२ बिगार्द छन् । अनि अब्राहामलाइ छोड़ाउंने यहवेले याकूबको जहानको
बिषयमां येसो भन्द छ . याकूब् फेरि लजाउंदैन अनि न त्यसको मुख् फेरि
२३ पहेंलो हुंछ । तर जब त्यस्ले आफ्नु बंशलाइ मैले तिनिहरुको बीचमां
गर्येको मेरो काम् देखछन् तब तिनिहरुले मेरो नांउ पवित्र ठहराउंछन्
अं तिनिहरुले याकूबको पवित्र जनलाइ पवित्रै ठहराउंछन् अनि इस्राएलको
२४ ईश्वरको भय् मान्छन् । जस् जस्को मन् धर्म्म देखि हरायेको छ तिनिहरुले
बुद्धि सिकछन् अनि गनगनाउंनेहरुले बिद्या सिकछन् ॥

३० १ यहवेको यो बाणी छ हाय् ति झगरे छोराछोरीहरु मांथि
जुनहरुले जुक्ति ता गर्द छन् तर मेरो सतोले होइन ढाकनु ता ढाकद छन्
२ तर मेरो आत्माले होइन पाप् मांथि पाप् बढ़ाउन् भन्ये खातिरले . जो मं
सित सोधनी न गरि मिस्रमां हिंड़ि जांद छन् फिरऊनको शरण् लिंनुको
३ लागि र मिस्रको छायामां भरोसा गर्नुको लागि । येस्कारण फिरऊनको
शरण् लियेकोले तिमिहरुलाइ लाज् लाग्छ अनि मिस्रको छायामां भरोसा
४ गर्येकोले तिमिहरुको मुख् कालो हुंछ । किनभन्ये त्येस्का मालिकहरु
५ सोअनमां छन् अनि त्येस्का दूतहरु हानेसमां पुग्येका छन् । जुन् लोग्
तिनिहरुको केइ नाफा हुंनु सकदैनन् जुन् लोग् गोहार् र नाफा होइन
तर लाज र गिल्ला मात्रै हुंछन् ति देखि तिनिहरु सबै लजाउंछन् ॥
६ दक्खिन् देसका पशुहरुको भारी दण्डको बचन् ॥
सिंह र सिंहनी नाग् र अग्घोर् बिषालु उड्ने साप् निक्लंने संकट्
र सकस्को देसमां निकलि यिनिहरु आफ्ना धनसम्पत्ति जुवान् गदाहाको
पिठिउंमां र आफ्ना भण्डार् ऊंटका जुरो जुरो मांथि बोकायेर जांदै छन् ति
लोगलाइ दिंनुको लागि जुनहरु देखि तिनिहरुलाइ केइ नाफा हुंदैन ।
७ कसोगरिभन्ये मिस्रले गर्येको गोहार् व्यर्थ र निष्फल् छ . येसैकारणले
८ मैले त्येस् लोग्लाइ बसीइ रहंने रहब् भन्येको छु । त अब गयेर यो बचन्
तिनिहरुको सांसु पत्रमां खोप् अनि पोस्तकमां लेख् र त्यो आउंदो दिनको
९ लागि अं सदा सर्वदाको लागि रहि रहोस् । किनभन्ये यि झगरे लोग् र
झूठ् बोल्ने छोराहरु छन् जुनहरुले यहवेको सिकाई सुन्नु मन् गर्दैनन् .
१० जुनहरुले दर्शन् देखनेहरुलाइ भन्द छन् दर्शन् न देख अनि अगमबक्ताहरुलाइ

भन्द छन् हामिहरुको लागि ठीक् कुराको अगम् न भन हामिहरुलाइ
चिप्लाचाप्ला कुरा भन धोखा दिने कुराको अगम् कह . अं बाटो देखि तर्कि ११
जाव त्यो मार्ग देखि पर सर अनि इस्राएलको पवित्र जन्लाइ हामिहरुको
सांमु देखि दूर् गराव भन्थे भनि । येस्कारण इस्राएल्को पवित्र जन्ले येसो भन्द १२
छ थि लोगले यो बचन् बिकार्म जान्द छन् अनि मिचेडैं र अट्टेरैं मांथि
भरोसा गरि तिनिहरुइ मांथि अडीइ रहंद छन् येस्कारण येस् अधर्म्मले १३
तिनिहरुको गन् येस्तो गराउंछ जस्तो छेडू भयेका थांदो गयेको भत्कनु
आंटेयको अलग्गो भित्ताको गत् हुंद छ जो ढाड़ीइ रह्येको छ अनि छिट्टै
एक्कासि भत्कि लड्‌द छ । अं कुमालेको मांटोको गाग्रो तुच्छ जानिकन त्यस्को १४
खबटा अघना बाटो आगो उठाइ लाने माफिकको कि खोल्चा देखि पानी
उघाउने माफिकको पनि न हुनेगरि चकनाचुर् पार्येको झैं त्यस्लाइ नष्ट
पार्छ । कसोगरिभन्ये ईश्वर् यहवे इस्राएल्को पवित्र जन्ले येसो भन्यो १५
फर्काईमां र शान्ति सित तिमिहरुको उद्धार् हुंछ चुप् रहनुमां र भरोसा
राखनुमां तिमिहरुको पराक्रम् हुंछ भनि . तर तिनिहरुले येसो गर्न मन्
गर्दैनन् । तर तिमिहरुले भन्या येसो होइन तर हामिहरु घोड़ा मांथि १६
चढ़िकन भाग्छौं भनि येस्कारण तिमिहरुले भाग्नुने पर्छ . अनि हामिहरु
छिट्टो हिंड्नेहरु मांथि चढ़िकन भाग्छौं भनि येस्कारण तिमिहरुलाइ
खेद्नेहरु पनि छिट्टा हिंड्नेहरु हुंछन् । खालि एक् जनाको धम्कि सुन्येर १७
हजार् जना भाग्छन् तिमिहरु चइ पांच जनाको धम्कि सुन्येर भाग्छौ .
तिमिहरु डांड़ाको थाम्प्रको काठ्को मुड्का र पहाड़ मांथिको धजा बांचि
रह्येको जस्तो बांचि रहने न होउंज्याल् मम्म । येस्कारण यहवे पर्खि रहंछ १८
तिमिहरु मांथि अनुग्रह् गर्नुलाइ अनि येस्कारण उइ अल्ग्याइंछ तिमिहरु
मांथि दया गर्नुलाइ . किनभन्ये यहवे न्याय्को ईश्वर् छ तिनिहरु धन्नका
हुन् जुन्हरुले उ मांथि आशा राखि छोड्‌द छन् ॥

हे यरुशलेम् अं सिय्योननेमां बस्ने लोग्हरु हो . तिमिहरु फेरि १९
फेरि कैले पनि रुंदैन कसोगरिभन्ये उस्ले तिमिहरुको दोहाई सुन्नु बित्तिकै
निस्से तिमिहरु मांथि अनुग्रह् गर्छ सुन्नु बित्तिकै उस्ले तिमिहरुलाइ उत्तर्
दिंछ । अनि पहिले प्रभुले तिमिहरुलाइ दुक्खको रोटी र क्लेश्को पानी २०
दिने गर्यो भन्ये पनि तिमिहरुका उपदेसे तिमिहरु देखि लुकाईदैनन् तर
तिमिहरुका उपदेसेहरुलाइ तिमिहरुका आंखाले देखछन् . अनि तिमिहरु २१
दाहीनो बाउं फर्कनु लाग्दा तिमिहरुको पछिल्तिर बाटो यो चइं हो
येस्चइंमां हिंड़ भन्ये बचन् तिमिहरुका कानमां पर्छन् । अनि तिमिहरुले २२
तिमिहरुका खोप्येका मूर्त्तिहरु मोहोर्येको चांदी र तिमिहरुका ढाल्येका
मूर्त्तिहरुलाइ सिंगार्येको सुन् अशुद्ध गर्छौ . अं तिमिहरुले ति मैलो
थाङ्ना झैं आफालि दिंछौ अनि त्येस्लाइ परपर जा भनि भन्छौ । अनि २३
उस्ले तिमिहरुको खेत्बारीको लागि झरि पारि दिंछ तिमिहरुले बिउ छर्नु
सकनुको लागि अनि भूमिको उपजनि पनि जाति जाति गर्छ जस्को अन्न

अग्घोर् अस्सल् र स्वादीलो हुंछ . अनि त्यस् समयमां तिमिहरुका वस्तुहरू
२४ फराक् खर्कमां चर्छन्। अं तिमिहरुका खेतबारीमां हलो जोत्ने गोरु र जुवान्
गदाहाले नांगलोले निफन्येको र चाल्निले चाल्येको नुनीलो आहारा
२५ खांछन्। अनि धरारा भत्क्यको त्यस् ठुलो मराईको बेलामां सबै अग्ला
पहाड् र सबै उठेरका डांढ़ाहरू हुंदो खोलाहरु र जरुवापानीका खोल्चाहरू
२६ बहंछन्। त्यस् उप्रान्त जस् समयमां यहोवेले आफ्नु लोगको घाउ बांधछ
अनि तिनको चोट् निको पार्छ तब जून्को ज्योति घामको जस्तो हुंछ
अनि सूर्जको उज्यालो सातगुणाको हुंछ साताभरिको उज्यालो एकै दिनमां
भयेको जस्तो ॥
२७ हेर यहोवेको नांउ टाढ़ो बाटो बल्दोरिस्को आगो र बाक्लो धुंवा
उठ्दै गर्य झैं आउंदै छ . अं उस्का ओंठहरु क्रोधले भरीयेका र उस्को
२८ जिब्रो खाइ हाल्ने आगो जस्तो . अनि उस्को सास् उर्लन्दो नदी जस्तो
छ जस्मां डुब्ने गला सम्म डुब्छ सबै लोग् लोग्लाइ व्यर्थको चाल्निमां
२९ चाल्नुलाइ . अनि लोग् लोग्को मुखमां भमाउंने लगम् हुंछ। तिमिहरुले
पवित्र चाड्को जस्तो राति गीत् गाउंछौ अनि यहोवेको पहाड् तिर जो
इस्राएल्को पहरा हो उसै सित भेट् गर्नुलाइ बांसुलि बजाउंनेहरू रमाउंदै
३० हिंड्रको झैं तिमिहरुजो मन्मां पनि रमाहट् हुंछ। अनि यहोवेले आफ्नु
प्रतापको बाणी सुनाउंछ अं आफ्नु रिस खन्यायेको र खाने आगोको
जुवालाले भस्म गर्य्येको र हड़ांगहुडुंग् गरि भत्क्यको सोर् सुनाउंदै र
झरिको र असीना पर्यको झैं गरि आफ्ना पाखुराको बल् देखाउंछ।
३१ किनभन्या लाठाले हिर्कायेको झैं गर्ने अश्शूरी चड़ै यहोवेको सोर्ले टुक्रा
३२ टुक्रा पार्छ। अनि यहोवेले त्यस् माथि लगाउंने ठहराईयेको लाठाको सब्
हिर्काई सितार् बाणा इत्यादि सङ्ग हुंछ . हल्लाइने संग्राममां उस्ले तिनिहरु
३३ सित लड़ाइं गर्छ। कसोगरिभन्या तोफेत्[१] अगाड़ी देखि बनाईयेको छ अं
राजाको लागि पनि तियार् छ त्यस्ले त्यो ठूलो गहीरो पनि बनायो . बहांको
चिताको लागि दाउरा धेरै छन् अनि आगो पनि धेरै छ कसोगरिभन्या
त्यस्मां यहोवेको सासले गन्धकको जुवालाले झैं जस्तो आगो लागछ ॥

३१ १ हाय् तिनिहरु माथि जो जो गोहार् पाउंनुको लागि मिस्रमां
उत्रि जांदछन् अनि घोड़ामां टेक्दछन् अनि रथ्हरु धेरै छन् भनिकन
तिनिहरु माथि र सवारहरु अग्घोर् बलिया बलिया छन् भनिकन
तिनिहरु माथि भरोसा राख्दछन् तर तिनिहरुले इस्राएल्को पवित्र जन्
२ तिर हेर्दैनन् अनि न यहोवेलाइ खोज्दछन्। तर्पनि उइ पनि ता
बुद्धिमान् छ अनि बुराई ल्याउंछ अनि आफ्नु बचन् टार्दैन . तर उठेरर
यि कुकर्म्मीहरुका जहान् माथि र व्यर्थ काम् गर्नेहरुका गोहारेहरु माथि
३ आइ लागछ। त मिस्रीहरु ईश्वर् होइनन् तर मान्छेहरुइ हुन् अनि

[१] २ राजा २३; १० हेर।

तिनिहरुका घोड़ा आत्मा होइनन् तर शरीरै हुन् . अनि जब यह्वेले
आफ्नु हात् पसाऊंछ तब गोहार् गर्नेचइंले पनि ठोकर् खांछ अनि गोहार्
गरीने पनि लड्छ अनि तिनिहरु सब्बै सङ् सङै बिलाउंछन्। किनभन्ये 4
यह्वेले मंलाइ येसो भन्द छ जसोरि सिंह कि जुवान् सिंहले आफ्नु
शिकार् माथि डुर्डुर्र गर्द छ अनि गोठालाहरुको धुइरो त्येस्को बिरुद्धमां
भेला भयेर कराये भन्ये पनि त्यो तिनिहरुको करायेकोले घबराउंदैन न
तिनिहरुको हाहाहूहूको कारणले चेपींछ . त्येसैगरि सेनाहरुको यह्वे
सिय्योन् पर्वत् र त्येस्को डांड़ा सित लड़ाइं गर्नुलाइ उत्रंछ। जसोरि 5
चराहरु घुमि घुमि उडूद छन् त्येसैगरि सेनाहरुको यह्वेले यरुशलेम्को रक्षे
गर्छ उस्ले त्येस्लाइ रक्षे गर्द छ अनि बचाउंछ त्येस्को निस्तार् गर्छ अनि
छोड़ाउंछ। हे इस्राएलवंशीहरु हो जस्को पट्टि बाटो फर्कर तिमिहरु 6
अग्घोरगरि बिग्रयेका छौ उसै तिर फर्क। किनभन्ये त्येस् समयमां 7
तिनिहरुले सुन्का मूर्त्तिहरु र चांदीका मूर्त्तिहरु तिमिहरुइका हातले
तिमिहरुको लागि पाप् बनायेका छौ ति आफालि दिंछौ। तब अश्शूरी 8
चइं मान्छेको न भयेको तरवार्ले लड़ाइंछ अं मान्छेको न भयेको तरवार्ले
ता त्येस्लाइ खाइ हाल्छ . अनि त्यो तरवार् देखि भाग्छ अनि त्येस्का
तन्नेरिहरु चइं किरिया मुनिका दासहरु हुंछन्। अनि त्येस्को पहरा पनि 9
डर्को कारणले भागि जांछ अनि त्येस्का मालिक्हरु झण्डाको कारणले छक्क
पर्छन् यह्वे जस्को आगो सिय्योन्मां अनि जस्को अंगेठा यरुशलेम्मां छ
उसैको हो यो बाणी ॥

हेर येउटा राजाले धर्म्म सित राज् गर्छ अनि मालिक्हरुले पनि ३२ 1
निया सित प्रभुतैइं गर्छन्। अनि येउटा मान्छे आंधी देखि लुकने ठांउ र 2
झरि देखि बांच्ने ठांउ हुंछ अं निपाने ठांउमां पानीका खोल्चाहरु जस्तो
र थाक्येको देसमां ठुलो गैह्रोको छाया जस्तो। अनि हेर्नेहरुका आंखा 3
धमीला हुंदैनन् अनि सुन्नेहरुका कानले सुन्छन्। अनि चंचल्को हिर्दयले 4
ज्ञान् बूझ्छ अनि ठीक् बोलनु न सक्नेहरुले राम्रोगरि कुरा गर्नु आंट्छन्
न अड्किकन बोल्छन्। मूर्ख चइं अझै फेरि मान्को कहींदैन अनि न ठग् 5
फेरि दानी भनींछ। किनभन्ये मूर्खले ता मूर्खइंकै कुरा भन्नो गर्छ अनि 6
त्येस्को मन्ले ब्यर्थ काम् गर्छ भक्तिहीन् काम् गर्नु र यह्वेको बिरुद्धमां
झूठ् बोलनु र भोकोको मन् रित्याउंनु र तिर्खाउंनेको पानी पुनि राख्नुको
लागि। फेरि ठगीको चतुरेइं नजातिने हुंद छ . त्येसले दुष्ट जुक्ति निकाल्द 7
छ सूधा लोगले ठीक् भन्द छन् र पनि दरिद्रलाइ ढांट् कुराले फंसाउंनुको
लागि। तर दानीले दानीकाम्को जुक्ति गर्द छ अनि दानीको काम्मां त्यो 8
स्थिरै रहंछ ॥

ए आलसी स्त्रीहरु हो उठेर मेरो सुन ए निश्चिन्त छोराहरु हो मेरो 9
वचन तिर कान लगाव। ए निश्चिन्त स्त्रीहरु हो तिमिहरु धेरै दिन अं 10

धेरै बर्ष सम्म पनि दुखित् रहंछेउ . कसोगरिभन्ये टिपने दाख् हुंदैन अं
११ भित्न्याई हुंदैन। ए शोखी स्त्रीहरु हो थर्थराउ ए निश्चिन्त स्त्रीहरु हो
दुखित् हउ. आफ्ना आफ्ना बस्त्रहरु उतारयेर आफु आफुलाइ नंग्याउ
१२ आफ्नु आफ्नु कम्मर्मां भाङ्ग बेहेर। तिनिहरुले मनपर्दा खेत्हरु र
१३ फलवन्त दाखका बोट्हरुको लागि छाती पीट्छन् । मेरो लोगको देसमां
कांडाका बोट् र लोहोंड़िको कांड़ा उम्रंछन अं बड़ाई गर्ने सहर्का सबै
१४ रमाहट् गर्ने घर्हरुमां. कसोगरिभन्ये राजमहल् त्यागीं छ धेरै मान्छे भयेको
सहर् सुनसान् होइ जांछ डांड़ा र पहराचौकीका धराराहरु सधैंको लागि
१५ कुरिहरु र बनगदाहाहरुको आनन्द र बस्तुहरुको खर्क होइ जान्छ जब
सम्म आत्मा ऊंभो देखि हामिहरु मांथि खन्याइंदैन भ्रनि बन् फलवन्त
१६ बारी बनाइंदैन भ्रनि फलवन्त बारी बन् गनींदैन। तब त्यस् बन्मां निया
१७ हुंदै रहंछ भ्रनि त्यस् फलवन्त बारीमां धर्म्मको बास् हुंछ। भ्रनि धर्म्मको
फल् शान्ति हुंछ भ्रनि नियाको फल् सदाको चुप् रहंनु र भरोसा राख्नु
१८ हुंछ। भ्रनि मेरा लोग् शान्ति दिने बास् र भरोसा राख्ने बसाइं र चुप्
१९ रहंने र बिश्रामको ठाउंमां बसि रहंछन्। अं असीना पर्छ बन्को नष्ट्को
२० बेलामां भ्रनि सहर् ख्वांटै होच्याइंछ। तर तिमि सबै पानिठाउंमां बिउ
रोप्नेहरु अं गोरु र गदाहा जोत्नेहरु धन्य धन्नका हौ॥

३३ १ हाय् नास् गर्ने मांथि तं नास् पारीयेको छैनस् हाय् छल् गर्ने
मांथि तिनिहरुले तं मांथि छल् गरयेका छैनन्। जब तंले नास् गरि
सकलास् तब तं आफै नास् पारींछस् भ्रनि जब तैंले छल् पूरो गरि सकलास्
तब तिनिहरुले तं मांथि छल् गर्छन्॥
२ हे यहवे हामिहरु मांथि अनुग्रह् गर्नु हवस् हामिहरु तपांइकै बाटो
हेर्दै आयूं. बिहान् बिहान् तपांइ तिनिहरुको बांहां हुंनु हवस् भ्रनि
३ संकट्को बेलामां हामिहरुको उद्धार् गर्ने हुंनु हवस्। हल्ला सुन्नु बित्तिकै
लोग् लोग्हरु भागि गये जब तपांइ उठ्नु भयो तब अन्यदेसीहरु
४ छरपुट्ट भइ गये। भ्रनि तिमिहरुको लूट् कीराहरुले बटुल्येको झैं
५ बटुलींछ. सलहहरु उफ्र्यको झैं तिनिहरु त्यस् मांथि उफ्रंछन्। यहवे
अलग्याईयेको छ कसोगरिभन्ये उह ऊंभोलोक्बासी हुंद छ. उसले सियोन्
६ निया र धर्म्मले परिपूर्ण गर्नु भयो। अब तपांइका दिनमां स्थिरैइं हुंछ भ्रनि
मुक्ति र बुद्धि र ज्ञान्को अग्घोरैइं. यह्वेको भय् मान्नु त्यस्को भण्डार् हो॥
७ हेर तिनिहरुका शूर्बीर्हरु सटक्मां चिच्याउंदे छन्. मिलाप्का
८ दूत्हरु सारो रुंद छन्। मूलबाटाहरु सुन्ने भइ रह्याका छन् बटौरेहरु
हिंड्दैनन्. त्यसले बाचा टारि दियो त्येस्ले सहर्हरुको कोइ बिचार् गर्येन
९ अं कोई मान्छेलाइ कोइ पनि ठान्येन। पृथिवी बिलाप् गर्दै ओइल्हीयो।
लबानोन् लजायेर ओइल्हीयेको छ. शारोन् बन् जस्तो भइ गयो भ्रनि
१० [illegible] आफै

उठ्छु अब अलग्याईंछु। तिमिहरूले भुष् जन्माउंछौ त्रुच्कात्रुच्को जन्माउंछौ . ११
तिमिहरूको सास् आफै भस्म पार्ने आगो जस्तो छ। ति लोग्हरू बल्येको १२
चुन्को खरानि झैं हुंछन्. आगोमां डड़ायेका काटेका कांड़ाहरू जस्ता॥
हे दूर्देसेहरू हो मैंले के गर्यें अनि हे नजिक्वासीहरू हो १३
तिमिहरूले पनि मेरो पराक्रम् थाहा पाव। सिय्योन्वासी पापी लोग् १४
थर्थराउंछन् भक्तिहीन्हरूलाइ कंमाईले छक्क पार्यो हामिहरूमांको कुन्
चइं येस् खाइ हाल्ने आगोमां बस्नु सक्छ. हामिहरूमांको कुन् चइं येस्
कैलेइ न निभ्ने आगो निर रहंनु सक्छ। जो धर्म्मको बाटोमां हिंड्द छ १५
अनि सोजो कुरो गर्द छ जस्ले मिचेईंको नाफा तुच्छ जांद छ जस्ले घूस् लिंनु
देखि हात् झिक्द छ जस्ले हत्याको कुरा सुन्नु देखि कान् थुनि हाल्द छ अनि
बुराई देख्नु देखि आंखा थुनि हाल्द छ त्येस्चइंले अलग्गो ठांउमां १६
बास् गर्छ अं गेंह्रौको अगम्य ठांउमां शरण् लिइ रहंछ. त्येस्लाइ रोटो
सदा मिल्द छ अनि पानीको घटोत त्येस्लाइ कैलेइ हुंदैन। तेरा आंखाले १७
राजालाइ शोभायमान् देख्छन्. तिनले बिघ्न फराक् देस् देख्छन्। तेरो १८
हिर्दयले भय् सम्झंछ. भाग किस्ता गर्नि गनिकन र जोखि जोखिकन लिने
कता हो. धरागाहरू गन्ने कहां छ भन्दै। तंले ति निर्दय् लोगलाइ फेरि फेरि १९
देख्दैनस् अर्थात् ति अन्यभाषा बोल्ने परदेसीहरू जुन्हरूको बोली
तिमिहरू बूझ्दैन। सिय्योन्मां अर्थात् येस् हामिहरूका ठहराईयेका २०
चाड्हरूको सहर् हेर्. तेरा आंखाले को देख्छन् भन्ये यो यरूशलेम्
चुप् रहंने बिश्रामको ठांउ कैलेइ न भत्काइंने अनि जस्को कुनै कीला
कैलेइ न उखेलींन अनि कुनै डोरी कैलेइ न छिन्नि हो रछ। तर यहां २१
हामिहरू सङ यह्वे महाप्रताप् सित बिराज्मान् रहंछ त यि ओधि ठुला
ठुला नदीहरू र खोलाहरूको ठांउमां तर त्येस्मां कसैले डांड़ो चलायेको
नाउ कि रास्रो रास्रो जहाज् आउंदैन। कसोगरिभन्ये यह्वे हामिहरूको २२
बिचारी छ यह्वे हामिहरूको मालिक् छ यह्वे हामिहरूको राजा छ उसैले
हामिहरूको उद्धार् गर्छ। तेरा डोरीहरू खुकूला भये लोगले न ता त्येस्को २३
मुड्काको गड़ाई बलियो गर्नु सक्छन् अनि न त्येस्को पाल् टांग्नु सक्छन्.
तब ठुलो ठुलो लूट् बांड़ीयो अं खोरेंडहरूले पनि लूट् लिये। तब कोई २४
बासीले मं दुख्यको छु भनि भन्दैन. अनि त्येस्मां रहंने लोगको अधर्म्म
क्षमा गरीयेको हुंछ॥

हे लोग् लोग्हरू हो सुन्नुलाइ छेउमां आव हे अन्यदेसीहरू हो ३४ १
ध्यान् लगाव. पृथिवी र त्येस्मां भयेको भरपूरीले अनि जगत् त्येस्मां
जन्मने समस्तले कान् थाप। किनभन्ये यह्वेले सबै लोग् लोग् माथि रिस् २
गर्दै छ अनि तिनका सबै सेनाहरू माथि उस्को बल्दोरिस् खनीयेको छ.
त उस्ले तिनिहरूलाइ भाकल् गरीयेको थोक् झैं नास् गर्येको छ उस्ले
बधलाई कोहि दियेको छ। तब तिनिहरूमां मारीयेका ३

लोग् आफालि दिइंछन् अनि तिनका मुर्दाको कुगन्ध फैलौंछ अनि डांड़ाहरु
४ मां तिनको रगत् बहंछ। अनि स्वर्गका सबै सेनाहरु फुट्छन् अनि अकाश्
कागत् झैं बेह्रींछ. अनि जसोरि दाखको बोट् कि नेभाराका पात्हरु
ओइल्हि ओइल्हिकन झर्द छन् त्यसैगरि तिनका सब्बै सेना ओइल्हिछन्।
५ कसोगरिभन्ये मेरो तरवार्ले स्वर्गमां अघाउंजि पीयो. हेर एदोम् र मैले
६ श्राफल् गर्येको थोक् जान्येको लोग् मांथि नियाको लागि त्यो पर्छ। यह्वेको
तरवार् रगत्ले तृप्त भयो त्यो भेंड़ा बाखाका पाठाहरुको रगत् र थुमाहरुको
मिर्गौलाको बोसोले अग्घोर् तृप्त हुंछ. कसोगरिभन्ये बोस्रामां यह्वेको
७ लागि एक् बलिदान् हुंछ अनि एदोम्मां ठुलो संगाई। अनि अर्नाहरु
तिनिहरु सङ झर्छन् अनि गोरु सांढ्हरु सङ अनि तिनिहरुको देस् रगत्ले
८ मात्येको छ अनि त्यहांको मांटो बोसोले अग्घोर् तृप्त हुंछ। कसोगरिभन्ये
यह्वेले साटो लिने अनि सिय्योन्को कुरामां निया गर्ने दिन् येइ हो।
९ त [एदोम् देसका] नदीहरुको पानी रोकन् र त्यसको मांटो गन्धक्
१० बनौंछन् अनि त्यसको भूमि बल्दै गर्ने रोकन् बनौंछ। त्यो रात् दिन् कैले
पनि निभ्दैन त्यसको धुंवा सधैंभरि उठ्दै रहंछ जुग्नजुग् त्यो उजार् भइ
११ रहंछ अं अनन्त सम्म त्येता बाटो कोई फिरि जांदैन। तर धनेस् र दुमसी त्येसका
अधिकारी हुंछन् अनि त्यसमां लाट्कोसेरा र कागहरुले बास् गर्छन्. अनि
१२ उसले त्येसमां उजारको डोरी र सुनसानको साहुल् पसार्छ। तिनिहरुले
वहांका भारादारहरुलाइ राजाको लागि डाक्छन् तर कोई पनि आउंदैन
१३ अनि वहांका सबै मालिकहरुको अन्त होइ जांछ। अनि त्येसका महलमां
कांड़ा र किल्लाहरुमां सिस्नु र बोट्हरु उम्रि बढ्छन्. त्यो स्यालहरुको बास्
१४ हुंछ अनि शुतुर्मुर्गको लागि आंघन्। त्यहां निपाने देसका बन्पशुहरु स्यालहरु
सङ मिलि बस्छन् अनि भुत्प्रेतले एकाले अर्कोलाइ डाक्छन् अनि त्यहां
१५ लीलीत् नांउ भयेको बनझांक्रि बास् भेटायेर चैन् सित बस्छ। त्यहां
माऊसर्पनीले गोहो बनायेर फुल् पारि ओथ्रंछ अनि आफ्ना बचराहरुलाइ
आफ्नु काखमां लिंछ. अनि त्यहां भाले पोथी गिद्धहरु भेला हुंछन्
१६ दुइ दुइ गरि। यह्वेको पोस्तक्मां खोज्येर पर. यिनमांको येउटा पनि
बिरीदैन रछ अनि दुइ दुइ गरि. कसोगरिभन्ये मेरै मुखले अह्रायेको
१७ छ अनि उसको आत्माले तिनिहरुलाइ भेला गर्दै रछ भनि। अनि उसैले
तिनको लागि चिट्ठा हाल्यो अनि उसैको हातले डोरीले नापि नापि
तिनलाइ बांड़ि पनि दियो. त तिनिहरु सदा सम्म त्येसका अधिकारी
हुंछन् अनि जुग्नजुग् त्येसमां बस्दै रहंछन्॥
३५ १ बन् र निपाने देस् रमाहटि हुंछन् अनि बगरे देसले आनन्द गर्छ
२ अनि गुलाबफूलले भरीइ रहेको झैं फुल्छ। त्यो अग्घोरै फुल्छ अनि
खुशि हुंदै र गाउंदै आनन्द गर्छ लबानोन्को महिमा र कर्म्मेल् र शारोन्को
प्रताप् त्येसलाइ दिइंछ. तिनिहरुले यह्वेको महिमा अं हांमिहरुको
ईश्वरको प्रताप देख्छन् ॥

लूला भयेका हात् बलियो गराव र निर्बलिया घुंड़ा सोजो पार। ३
चंचल् हिर्दय् हुनेहरूलाइ भन हूप् बांध न डराव. हेर तिमिहरूको ४
ईश्वर् साटो लिनुलाइ आउंछ अं ईश्वरको योग्यकै साटो लिंछ उह
तिमिहरूको उद्धार् गर्नुलाइ आउंछ। तब अन्धाहरूका आंखा खोलौंछन् ५
अनि बहिराहरूका कान् पनि खोलौंछन्। तब खोरंडे हरिण् झैं कूद्छन् ६
अनि गोंगाको जिब्रोले गीत् गाउंछ. कसोगरिभन्ये बनमां पानी फुटि
निस्कंछन् अनि बगरे ठांउमां खोलाहरू बहनु लाग्छन्। अनि मृगतृष्णाबगर् ७
तलाउ होइ जांछ अनि ओबानो भूमिमां मूल् फुट्छन्. स्यालहरू बस्थेको
ठांउमां घांस् र नाना प्रकारका ढोंड़े हुंछन्। अनि त्यहां येउटा मूलबाटो ८
हुंछ येउटा बाटो जस्को नांउ पवित्रेइंको मार्ग हुंछ त्यता बाटो कोई
अशुद्ध जन् जांनु पाउंदैन तर त्यो थिनिहरूको लागिने हुंछ. बटोरिहरू अं
मूर्ख भये पनि भर्मौंदैनन्। त्यहां कोई सिंह कि बनको कोई निषठुर् जन्तु ९
हिंड्नु पाउंदैन त्यस्ताहरू त्यहां पाइंदै पनि पाइंदैनन् तर छोड़ायेका
लोगहरू त्यस्मां हिंड्छन्. अनि यहवेले छोड़ायेका लोगहरू बन्धुवाइ १०
देखि फर्कि चर्को सोरले गाउंदै सिय्योनमां आउंछन् अनि तिनिहरूको
सिर् मांथि सदाको आनन्द रहंछ. तिनिहरूले हर्ष र आनन्द प्राप्त
गर्छन् अनि शोक र सुस्केरामंराइ टाड़ो भागि जांछन्॥

३६

तब हिज्किय्याह् राजाको चौधौं बर्षमां येसो भयो अश्शूरको १
राजा सन्हेरीबले यहूदाका सबै घेरा भयेका सहरहरू मांथि चढि आयेर
ति लिहाल्यो। अनि अश्शूरको राजाले रब्शाके*लाइ ठूलो सेना समेत् २
लाकिश् देखि यरूशलेममां हिज्किय्याह् राजाको बिरुद्धमां पठायो। त ३
त्यो धोबीको खेतको मूलबाटोमां भयेको मांथिल्लो पोखरिको कुलो
निर उभायो। तब जहान् मांथि भयेको हिल्किय्याहको छोरो एल्याकीम्
र शब्ना लेटर् र आसापको छोरो योआह् सम्झना राख्ने त्यो थांइ
निस्कि गये। तब रब्शाकेले तिनिहरूलाइ भन्यो तिमिहरूले एले हिज- ४
किय्याहलाइ भन महाराजाधिराज अश्शूरका राजाले येसो भन्द छन् तैंले
गर्येको आशामां के भरोसा छ। म यो भन्द छु तैंले लड़ाइंको लागि ५
जुक्ति र पराक्रम् छ भन्येको कुरो खालि मुखका कुरा मात्रै छ भनि.
त अब को मांथि भरोसा राख्छे र तं म देखि तर्कि गइस्। हेर् ६
त्यो कुच्चायेको निङालोको लउरो मांथि अं मिस्र मांथि भरोसा राख्द
छस् जस् मांथि कसैले टेक्यो भन्ये देखि त्यो तेस्को हातमां पस्येर
त्यस्लाइ घोच्छ. मिस्रको राजा फिरऊन् त्यस् मांथि भरोसा राख्ने सबैको
लागि येस्तै छ। तर तैंले मंलाइ हामिहरू आफ्नु ईश्वर् यहवे मांथि ७
भरोसा राख्द छौं भन्येर भनलास्. त उ को येइ होइन जस्का अलगा अलगा

* अर्थात् अशपारको मालिक ॥

ठाउँहरू र जस्का वेदिहरू हिजकियाहले लग्यैको छ अनि यहूदा र
यरूशलेम् सित तिमिहरूले येम् वेदिको सांमु दण्डवत् गर्छौ भन्येर भन्येको
८ छ। येस्कारण् कृपागरि मेरा स्वामी अश्शूर्का राजा सङ होडू थाप् मं तेरो
लागि दुइ हजार् घोड़ा दिंछु तैंले आफ्नु पट्टि देखि तिनिहरू मांथि
९ सवार्हरूलाइ बसाल्नु सक्छस् भन्ये देखि। त तैंले मेरा स्वामीका
चाकरहरूमांको सबै भन्दा सांनुचइं मालिक्को मुख् पनि कसोगरि फर्काउंनु
सक्छस् अनि रथ्हरू र त्रुकसवार्हरूको लागि आफ्नु भरोसा मिस्रै
१० मांथि राख्दछस्। कि मं बिना यहूवे यो ठांउ नास् पार्नुलाइ येस्को
विरुद्धमां चढ़ि आयेको छु। यहूवेलेनै मंलाइ भन्यको छ त्यस् देस्को
११ विरुद्धमां चढ़ि गयेर त्येस्लाइ नास् पार् भनि. तब एल्याकीम् र शेब्ना र
योआहले रब्शाकेलाइ भन्ये कृपागरि आफ्ना दास्हरू सित अरामी भाषामां
कुरा गर्नु हवस् किनभन्ये हांमिहरू त्यो बूझ्दछौं. अनि भित्तामां भयेका
लोगका कानले सुन्नगरि हांमिहरू सित यहूदी भाषामां न बोल्नु हवस्
१२ तर रब्शाकेले भन्यो कि मेरा स्वामीले मंलाइ तं र तेरो स्वामी थांइ येति
कुरा मात्रै भन्नलाइ पठायेका छन्. कि तिनले मंलाइ भित्तामां बस्ने मान्छे-
हरू थांइ तिनिहरूले तिमिहरू सङ आफ्नु आफ्नु विष्टा खाउन् र आफ्नु
१३ आफ्नु मूत्र पिउन् भन्येर भन्नलाइ पठायेका होइनन्। तब रब्शाकेले
उभीयेर ठूलो सोरगरि यहूदीहरूकै भाषामां येसो भन्यो महाराजाधिराज्
१४ अश्शूर्का राजाका कुरा सुन। महाराजाले येसो भन्द छन् हिजकियाहले
तिमिहरूलाइ भुल्याउंनु न पावस् किनभन्ये त्यस्ले तिमिहरूलाइ छोड़ाउंनु
१५ सक्दैन. अनि न हिजकियाहले तिमिहरूलाइ यहूवेले हांमिहरूलाइ
निस्से बचाउंछ अनि यो सहर् अश्शूर्को राजाको हात्मां दिंदैन भन्येर
१६ यहूवे मांथि भरोसा गरावस्। हिजकियाहको न सुन. किनभन्य
अश्शूर्का महाराजाले येसो भन्द छन् मं सङ मिलाप् गर् अनि मं थांइ
निस्कि आ अनि जनंगले आफ्नु आफ्नु दाख्का बोट् देखि र जनंगले
आफ्नु आफ्नु नभाराको बोट् देखि खाओला अनि जनंगले आफ्नु
१७ आफ्नु पन्धेराको पानी खाओला. जंले सम्म मं आयेर तिमिहरूलाइ
येउटा देस्मां लैजांदैन जुन् देस् तिमिहरूकै देस् जस्तो छ अन्न र दाख्को
१८ देस् रोटी र दाख्को बारीको देस्। हिजकियाहले यहूवेले हांमि-
हरूलाइ बचाउंछ भन्दै तिमिहरूलाइ मनाउंनु न पावस्। कि लोग्
लोग्को कुनै देवताले आफ्नु आफ्नु देस्लाइ अश्शूर्को राजाको हात्
१९ देखि छोड़ायेको छ। हमात् र अर्पाद्का देवताहरू कता छुन्. सफर्वैम्का
देवताहरू कता छुन्. कि तिनिहरूले शोमरोन्लाइ मेरो हात् देखि बचायेका
२० छन्। देस् देस्का सबै देवताहरूमांको कुनचइं छ जस्ले आफ्नु देस्लाइ
मेरो हात् देखि बचायो र यहूवेले पनि यरूशलेम्लाइ मेरो हात् देखि
२१ बचाउंनु सक्छ। तर तिनिहरू चुप लागि बस्ये अनि त्येस्लाइ एक् कुरोको

थियो। तब जहान् माथि भयेको हिल्कियाह्को छोरो एल्याकीम् र शेब्ना २२
लेटर् र आसाप्को छोरो योआह् सम्झना राख्नेले आफ्नु आफ्नु लुगा
फाड्येर हिज्कियाह् थांइ आयेर रब्शाकेका कुरा सुनाइ दिये ॥

अनि येसो भयो जसै हिज्कियाह् राजाले यो कुरो सुन्यो तब ३७ १
आफ्नु लुगा फाड्येर भाङ्गा लायेर यह्वेको घर्मां पस्यो। वहांदेखि त्यसले २
जहान् माथि भयेको एल्याकीम् र शेब्ना लेटर् र पूजाहारीहरुमांका
प्राचीन्हरुलाइ भाङ्गा लायेका भइ आमोस्को छोरो यशायाह् थांइ
पठायो। अनि तिनिहरुले त्यसलाइ भन्ये हिज्कियाह्ले येसो भन्द छ ३
आजुको दिन् संकट् र हकाराइ र निन्दाको दिन् छ. किनभन्ये बालख
जन्मनु आंछेको छ तर जन्माउंने बल् छैन। कौनि कत आफुको ईश्वर् ४
यह्वेले रब्शाकेका सबै कुरा सुन्छ कि जस्लाइ त्यसको स्वामी अश्शूर्को
राजाले जीउंदो ईश्वर्को गिल्ला गर्नुलाइ पठायेको छ अनि आफुको ईश्वर्
यह्वेले सुन्येका कुरालाइ हकार्छ कि. येसकारण् बचांतिभाग्को लागि आफ्नु
प्रार्थना चढाउंनु हवस्। त हिज्कियाह् राजाका चाकरहरु यशायाह् ५
थांइ आये। तब यशायाह्ले तिनिहरुलाइ भन्यो तिमिहरुले आफ्नु ६
स्वामीलाइ येसो भन यह्वेले येसो भन्द छ तंले सुन्येका कुरा जुन् कुराले
अश्शूर्को राजाका चाकरहरुले मेरो निन्दा गर्येका छन् ति देखि न
डरा। हेर् मं त्यस् माथि आत्मा हाल्छु त त्यो येउटा कोहोलो सुन्येर ७
आफ्नु देस्मां फर्कि जांछ अनि मं त्यसलाइ त्यसके देस्मां तरवार्ले लड़ा-
उंनु लाउंछु ॥

तब रब्शाकेले अश्शूर्को राजालाइ लिब्ना सित लड़ाइं गर्द गर्येको ८
भेटायो. किनभन्ये त्यस्ले त्यो लाकीश् देखि हिंड़ि गयो भनि सुन्येको
थियो। अनि त्यस्ले कूश्को राजा तिर्हाकाको बिषय्मां त्यो आफु सित ९
लड़ाइँ गर्नुलाइ निस्क्येको छ भनि सुन्यो। यि कुरा सुन्येर त्यस्ले
हिज्कियाह् थांइ दूत्हरुलाइ येसो भनि पठायो तिमिहरुले गयेर १०
यहूदाको राजा हिज्कियाह्लाइ येसो भन तेरो जुन् ईश्वर् माथि तैंले
भरोसा राख्द छस् त्यस्ले तंलाइ यरूशलेम् अश्शूर्को राजाको हात्मां
दिइंदैन भनि न भुल्यावस्। हेर् ज्ये ज्ये अश्शूर्का राजाहरुले सबै ११
देस्लाइ तिनिहरुलाइ भाकल् गरायेको थोक् झैं पार्नुमां ज्ये ज्ये गर्ये तैंले
सुन्येको छस्. त क्ये तं चइं छोड़ाइंछस्। क्ये मेरा पित्रहरुले नास् पार्ये १२
का लोग्हरु अर्थात् गोजान् र हारान् र रेसेप् र तलस्सार्मां भयेका
एदनबंशीहरुका देव्ताहरुले तिनिहरुलाइ बचाये। हमात्को राजा र १३
अर्पाद्को राजा र सपर्वैम्को सहर्को र हेना र इव्वाको राजा ति सबै
कता हुन्। तब हिज्कियाह्ले दूत्हरुको हात् देखि पत्र पायेर १४
पढ्यो. वहांदेखि हिज्कियाह्ले यह्वेको घर्मां चढि गयेर त्यो पत्र
यह्वेको सांमु फिंजायो। वहांदेखि हिज्कियाह्ले यह्वेको सांमु येसो १५
[illegible] इस्राएलको ईश्वर १६

करूब्‌हरूको बीच् मांथि बस्‌ने तपांइ श्रं तपांइनै मांत्रै पृथिवीका सबै
१५ राजहरूको ईश्वर् हुंनु हुंद छ तपांइलेनै स्वर्ग र पृथिवी सिर्जनु भयो। हे
यहवे श्राफ्नु कान् लगायेर सुन्नु हवस् हे यहवे श्रांखा उघार्येर हेर्नु
हवस्. श्रनि सन्हेरीबले जीउंदे ईश्वरको निन्दाको लागि पठायेका
१८ सबै कुरा सुन्नु हवस्। हे यहवे सांच्चिनै श्रश्शूर्का राजाहरूले सबै लोग्
१९ लोग्‌लाइ तिनिहरूका देसहरू समेत् उजार्ये श्रनि तिनिहरूका
देवताहरूलाइ श्रागोमां हाल्ये कसोगरिभन्ये तिनिहरू ईश्वर्‌हरू होइनन्
तर मान्छेहरूका हातले बनायेका काठ् र ढुंगाहरू मांत्रै हुन् येस्‌कारण
२० तिनिहरूले तिनलाइ नास् पार्ये। त श्रब हे हामिहरूको ईश्वर् यहवे
तपांइले हामिहरूलाइ त्येस्‌को हात् देखि बचाउंनु हवस् र पृथिवीका
राजहरूले तपांइ श्रं तपांइनै मांत्रै हे यहवे ईश्वर् रछ भनि थाहा पाउन्॥
२१ तब श्रामोस्‌को छोरो यशायाहले हिजकियाह् पांइ येसो भनि
पठायो इस्राएल्‌को ईश्वर् यहवेले येसो भन्द छ तंले श्रश्शूर्‌को राजा
२२ सन्हेरीब्‌को बिरुद्धमां मेरो दोहाई गरिस् येस्‌कारण् त्येस्‌को बिषयमां
यहवेले भन्येको बचन् यो छ. सिय्योन्‌की कन्ये छोरीले तेरो निन्दा गरी
श्रनि तुच्छ ठानिकन हांसी श्रं यरूशलेम्‌की छोरीले तं मांथि श्राफ्नु सिर्
२३ चलाई। तैंले गिल्ला र निन्दा गरिस् त कस्‌को गरिस्. कस्‌को बिरुद्धमा
श्राफ्नु सोर् उठाइस् श्रनि श्राफ्ना श्रांखा उचालिस्. इस्राएल्‌को पवित्र
२४ जनेको बिरुद्धमां। तंले श्राफ्ना चाकरेहरूको बाटोले येसो भनिकन
प्रभुको गिल्ला गरिस् मेरा रथ्‌को श्रघोरेइं समेत् पहाडूहरूका उकालोमा
लबानोन् भित्र पुग्येको छु श्रनि मं त्येस्‌का श्रलग्गा श्रलग्गा देवदारुहरू र
श्रस्सल् श्रस्सल् सल्लाहरू काटि ढाल्‌छु. श्रनि मं त्येस्‌का टाड़ा टाड़ा डांड़ामां
२५ र त्येस्‌का फलीला फलीला बारीको बन्‌मां पस्छु। मैंले खन्येर पानी खायें
२६ श्रनि मं श्राफ्ना गोड़ाको पतलाले मिस्रका सबै नदीहरू सुकाउंछु। मैंले
त्यो उइले उइले गर्यें श्रनि तांहि त्यो बनायें भनि के तैंले सुन्येको छैनस्.
श्रब मैंले यो पूरो गर्यें श्रनि तं घेरीयेका सहर्‌हरू नास् पार्येको थुप्रोमां
२७ उजारनुको लागि हुंछस्। येस्‌कारण् तिनका बासीहरू घटेरको बल्
भयेकाहरू थिये थरहरि भयेर लजायें तिनिहरू खेत्‌को घांस् जस्ता र
हरीया साक्‌पात् जस्ता श्रं छानामां भयेको घांस् जस्ता श्रनि न बढ़ेरको
२८ श्रन्न जस्ता थिये। तर मं तेरो बासबसाई र तेरो बाहरजवाई र तेरा
२९ भित्रश्रवाइं श्रनि मेरो बिरुद्धमां तेरो रिसाउंनु सब् थाहा पाउंद छु। मेरो
बिरुद्धमां रिसायेको कारणले र मेरा कानमां चढ़ि श्रायेको तेरो शेषीका
कारणले मं श्राफ्नु मुन्द्रा तेरो नाखमां लगाइ तंलाइ नाथ्‌छु श्रनि श्राफ्नु
लगाम् तेरा श्रोंठमां लगाउंछु श्रनि तंलाइ तं श्रायेको बाटो बांड़ो फर्काउंछु।
३० त तेरो लागि चिंनु येइ हुंछ. यो साल् तिमिहरूले श्राफै उम्रयेको खांछौ
श्रनि दोस्रो बर्ष त्यो देखि उम्रयेको खाव श्रनि तीस्रो बर्ष छर श्रनि
... तिनको फल खात। श्रनि

यहूदाको जहान् देखि बाँचि निस्कंयेको बचतिभाग्ले फेरि ऊंधो देखि जरा
समाउंछ अनि ऊंभो तिर फल् फलछ । कसोगरिभन्ये यरूशलेम् देखि बचति ३२
भाग् निस्कंछ सिय्योन् पर्वत् देखि बांच्येका हुंनेहरु सेनाहरुको यहवेको
इषले यो पूरो गर्छ । येसकारण् यहवेले अश्शूर्को राजाको बिषयमां येसो ३३
भन्द छ त्यो येस् सहर्मां पस्दैन न यहां येउटा कांड् पनि हान्न हुंछ न
ढाल् लियेर त्यसको सांमु आउंछ न त्येसको बिरुद्धमां गड़ि बनाउंछ ।
त्यो जुन् बाटो बाड़ो आयो त्येइ बाटो बाड़ो फर्कि जांछ अनि येस् ३४
सहर् सम्म आउंदैन भनि यहवेको येइ बाणी छ । किनभन्ये मं आफ्नु ३५
लागि र आफ्नु दास् दाऊद्को लागि येस् सहर्लाइ छोड़ाउंनुको लागि
त्यस्को आड़ हुंछु ॥

तब यहवेको दूत्ले निस्कयेर अश्शूरीहरुको छाउंनिमां एक् लाख् र ३६
पचासी हजार् जना मान्छेहरुलाइ मारि दियो . त बिहान सखारै जब
मान्छेहरु उठ्य तब को देख्ये भन्ये हेर सबै मंर्येका मुर्दाहरु राछन् ।
येसोरि अश्शूर्को राजा सनहेरीब् हिंड़यो अनि फर्कि गयेर नीनवेमां रह्यो । ३७
अनि येसो भयो जब त्येसले आफ्नु देवता निस्रोक्को मन्दिर्मां दण्डवत् ३८
गर्दै थियो तब त्यसका छोराहरु अद्रम्मेलेक् र शरेसेरले त्यसलाइ तरवार्ले
काटेर . वहांदेखि तिनिहरु अरारात्को देस्मां बांचि निकल्ये . अनि
त्यसको छोरो एसर्हद्दोन्ले त्यसको साटोमां राज् गर्न लाग्यो ॥

ति दिनमां हिजकिय्याहलाइ मंर्ने बेथा लाग्यो . तब आमोस्को ३८ १
छोरो यशायाह् अगमबक्ताले त्यो थांइ आयेर त्यसलाइ भन्यो यहवेले येसो
भन्द छ . आफ्नु घर्को ठीकठाक् गर् किनभन्ये तं मंर्छस् बांच्दैनस् । तब २
त्येसले आफ्नु मुख् भित्ता तिर फर्कायेर यहवे सित येसो भनिकन प्रार्थना
गर्यो अब हे यहवे मं बिन्ति गर्द छु मं सच्चैसँ र सिद्ध मनले तपांइको ३
सांमु हिंड़ेको छु अनि ज्ये ज्ये तपांइलाइ जाति लाग्द थियो त्येइ गर्येको छु
भनि सम्झना राख्नु हवस् भनि । अनि हिजकिय्याह् सारो रोयो । तब ४
यहवेको बचन् येसो भन्दै यशायाह् थांइ आयो गयेर हिजकिय्याहलाइ ५
भन् तेरो पिता दाऊद्को ईश्वर् यहवेले येसो भन्द छ मैले तेरो प्रार्थना
सुन्यें तेरा आंसुहरु देख्यें . हेर् मं तेरो आयु अरु पन्द्रह् बर्ष बढ़ाउंछु ।
अनि मं तंलाइ र येस् सहर्लाइ अश्शूर्को राजाको हात् देखि छोड़ाउंछु . ६
अनि मं येस् सहर्को आड़ हुंछु । अनि यहवेले आफूले भन्येको कुरा गर्छ ७
भन्ने यहवेको पट्टि बाटो यो चिंनु हुंछ . अर्थात् मं आहाज्को धूप्घरीमां ८
को छाया दस् आखर् पछिल्तिर फर्काइ दिंछु भनि । त ढल्कि गयेको
छाया दस् आखर् फर्कि आयो ॥

यहूदाको राजा हिजकिय्याहले त्यो त्येस् बेथा देखि निको भयं पछि ९
जुन् लेखाई लेख्येको थियो त्यो येइ हो ।

मैले ता भन्यें मं आफ्नु आयुको बीचैमां पत्ताल्मां पस्छु . १०
मेरो शेष् आयु हरि लिईयो

११ मैंले भन्यें म यहोवालाइ फेरि देख्दैन जीवन्लोकमा म याहलाइ
अब देख्नु पाउंदैन .
म जगत्का बासीहरू सङ मान्छेहरूलाइ फेरि देख्दैन ।
१२ मेरो आयु गोठालाको पाल् झैं उठाईयो अनि म देखि सर्काईयो .
मैंले बुन्नेले कपरा बेह्रेयेको झैं आफ्नु जीवन्लाइ बेह्रेयें उसले
मलाइ तान् झैं काटि दिंछ .
दिन् देखि रात् सम्म तपांइले मेरो अन्त गराइ हाल्नु हुंछ ।
१३ बिहान् सम्म आफ्नु मन्लाइ शान्त गराउंदै ता रह्यें उसले सिंहले
झैं मेरा सबै हाड्हरू भांच्ने गर्दछ
दिन् देखि रात् सम्म तपांइले मेरो अन्त गराइ हाल्नु हुंछ ।
१४ गौंथलि कि सारस् झैं चिर्बिर् चिर्बिर् गर्दै थियें
अनि ढुकुर्ले झैं बिलाप् गर्दै थियें मेरा आंखा ऊंभोलोक् तिर
हेर्दा हेर्दा तरि गये
हे यहोवे मिचीयें तपांइ मेरो जमानि हाइ दिनु हवस् ।
१५ अब के भनुं . जस्ले मलाइ भन्यो उसैले आफ्नु बचन् पूरो पनि
गर्‍यो .
त आफ्नु शषजीवनभरि यो जीयेको दुक्ख सम्झना गर्दै दीन्हुवाई
सङ हिंड्दै रहंछु ।
१६ हे प्रभु येसै रीत् सित लोग् जीउंदछन्
अनि येसै बचन्ले मेरो आत्माको सोजो जीवन् भयेको छ .
येस्कारण तपांइले मलाइ निको पारिकन जगाइ दिनु हवस् ।
१७ हेर्नु हवस् मेरो जुन् भारी दुक्ख थियो त्यो मेरो शान्तिको लागिनै
थियो .
अनि तपांइले मेरो प्राणलाइ प्यारो गरि मलाइ व्यर्थ खाड्ल् देखि
उबार्नु भयो
कसोगरिभन्ये तपांइले मेरा सबै पाप् आफ्नु पिठिउंपरि झैं गरि
दिनु भयेको छ ।
१८ किनभन्ये पत्तालमा तपांइको धन्यबाद् हुनु सक्न थियेन न मुर्दाहरूले
तपांइको स्तुति गर्नु सक्दछन् .
खाड्ल्मा जानेहरूले तपांइको सत्चेईंको आशा राख्नु सक्दैनन् ।
१९ जीउंदोले अं जीउंदैले अं त्यसले तपांइको धन्यबाद् गर्छ आजु मैंले
गर्‍येको झैं .
बाबुले आफ्ना छोराहरूलाइ तपांइको सत्चेईं जनाउंछ ।
२० यहोवे मेरो उद्धार् गर्नुलाइ तियार् छ .
येस्कारण हामिहरू जीउंनिभरि यहोवेको घर्मा
तार्बाजाहरूमा मैंले बनायेका गीत्हरू गाउंदै रहंछौं ॥
२१ यशायाहले हिजकियाहको दुष्ट फोकामा नेभाराको भकना ल्यायेर

आंधीयोस् त त्यो बांचक्र भन्येको थियो। अनि हिजकियाहले मं यहवेको २२
घर्मां फेरि चढि जांनु पाउंक्रु भन्येको क्ये चिंनु हुंक्र भनि सोध्येको थियो॥
ति ताक बाबेलको राजा बलदानको क्षोरो मरोदक्बलदानले ३९ १
हिजकियाह् थांइ चिट्ठी र भेटि पठायो. किनभन्ये त्येस्ले त्यो दुखेर
फेरि निको भयेको क्र भनि सुन्येको थियो। ति देखि हिजकियाह् खुशि २
भयो अनि ल्याउंनेहरुलाइ आफ्ना अमोल् अमोल् थोकको घर् चांदी सुन्
र सुगन्ध द्रव्यहरु अमोल् अमोल् तेल् र आफ्ना हतियारहरुका सबै
घर् र त्येस्का भंडारहरुमां ज्ये ज्ये थोक् थिये ति सब्बै देखाइ दियो आफ्नु
घर्मां कि आफ्नु सिंगै राजमां हिजकियाहले तिनिहरुलाइ न देखायेको
थोक् क्येहि पनि थियेन। तब यशायाह् अगमवक्ताले हिजकियाह् राजा ३
थांइ आयेर त्येस्लाइ भन्यो ति मान्क्षेहरुले क्ये क्ये भन्ये अनि तिनिहरु तिमि
थांइ कहां बाटो आये. तब हिजकियाहले भन्यो तिनिहरु ता टाढो देस्
देखि अं बाबेल् देखि आयेका क्षन्। फेरि त्येस्ले भन्यो तिनिहरुले तिम्रो ४
घर्मां क्ये क्ये देख्ये. तब हिजकियाहले उत्तर् दियो मेरो घर्मां ज्ये ज्ये
क्षन् ति सबै तिनिहरुले देख्ये. मेरो भंडार्मांको मैंले तिनिहरुलाइ न
देखायेको क्येइ थोक् पनि क्षैन। तब यशायाहले हिजकियाहलाइ भन्यो ५
यहवेको बचन् सुन हेर् ति दिन् आउंद क्षन् जस्मां तेरो घर्मां भयेका ६
तेरा पित्रहरुले आजुको दिन् सम्म ज्ये ज्ये थनक्यायेका थिये ति सबै बाबेलमां
लगौंक्षन्. क्येइ पनि क्षोड़दैन भनि यहवेले भन्द क्ष। अनि तं देखि ७
निस्कंने तेंले जन्मायेका क्षोराहरुलाइ तिनिहरुले लैजांक्षन् अनि तिनिहरु
बाबेलको राजाको महल्मां मेहरी हुंक्षन्। तब हिजकियाहले यशायाह्- ८
लाइ भन्यो आफुले यहवेका भन्येका बचन् भला छुन्. येस् उप्रान्त त्येस्ले
भन्यो मेरा दिनमां ता शान्ति र सचेईं भइ रहंक्षन्॥

तिम्रो ईश्वरले येसो भन्द क्ष मेरो प्रजालाइ शान्ति देव शान्ति ४० १
देव। यरुशलेम् सित हिर्दय् सम्म पुग्ने कुरा भन अनि त्येस्लाइ तेरो २
सिपांइगिरि पूरो भयो तेरो अधर्म्म माफ् भयो अनि यहवेको हात् देखि
त्येस्ले आफ्ना सबै पापको दोब्बर् दण्ड पाइ सक्यो भनि कराइकन भन॥
कराउंनेको शब्द सुनींद क्ष बनमां यहवेको बाटो तियार् बनाव ३
हांमिहरुको ईश्वरको लागि बगर देस्मां येउटा राजमार्ग समथर् गर। सबै ४
खोलानाला अलग्याइंक्षन् अनि सबै डांड़ाकांड़ा र पहाड़हरु होंच्याइंक्षन्.
अनि बाङ्गोटेढो सोज्याइंक्षन् अनि कपचाककुपचुक् बाटाहरु समथर्
बनौंक्षन्. अनि यहवेको महिमा प्रगटो गरौंक्ष अनि सबै प्राणीले तेस्लाइ ५
एक् साथै देखक्षन्. कसोगरिभन्ये यहवेको मुखले येइ भन्येको क्ष। फेरि ६
प्रचार् गर् भन्येको येउटाको कुरा सुनींद क्ष। फेरि कसेले भन्द क्ष मं क्ये
प्रचार् गरुं. सबै शरीर् घांस् जस्तो अनि त्येस्को सबै अस्सलहुंवाई ७
मैदानको फूल् जस्तो घांस् सुकि जांद क्ष अनि फूल् ओइलिह जांद क्ष

किनभन्ये यहवेको सास्ले त्यस्मां फूक्द छ . निस्से येह प्रजा घांस् मांत्रै
८ छ। घांस् ता सुकि जांद छ फूल् ता ओइल्हौंद छ . तर हांमिहरुको
ईश्वर्को बचन् सधैं सम्म अनौइ रहंछ॥

९ ए सिय्योन्लाइ शुभसमाचार् सुनाउंने अल्गो डांड़ामां चढि
जा ए यरुशलेम्लाइ शुभसमाचार् सुनाउंने ठुलो सोर्ले सुना फर्गि
ठुलो सोर्ले सुना न डरा यहूदाका सहर्हरुलाइ भन् हेर तिमिहरुको
१० ईश्वर्। हेर प्रभु यहवे सामर्थी भइ आउंछ अनि उस्ले आफ्नु पाखुराको
बल्ले प्रभुतैई गर्छ . हेर उस्को बनि उइ थांइ र उस्को साटो उसैको सांसु
११ छ। उस्ले गोठालाले झैं आफ्ना बगाल्लाइ चराउंछ उस्ले भेंड़ाको पाठालाइ
हात्ले उचाल्येर अङालोमां लिहिंडूछ अनि दुद् खुवाउंनेहरुलाइ बिस्तार्
बिस्तार् लिहिंडूछ॥

१२ कस्ले महासागर्लाइ आफ्नु चूलूले भर्येको छ अनि बित्ताले
स्वर्गको अड्कल् गर्यो अनि पृथिवीको मांटो मटियामां अटाउंने गरायो
१३ अनि पर्वत्हरु तराजुमां र डिस्काहरु कांटामां जोख्येको छ। कस्ले यहवेको
आत्माको अड्कल गर्येको छ कि उस्को मंत्री भइ उस्लाइ सिकायेको छ।
१४ उस्ले को सङ मतो लियो अनि उस्लाइ कस्ले चेताइकन नियाको बाटो
१५ कहि दियो अनि बुद्धिको बाटो जनाइ दियो। हेर उस्को लेखि सब्बै
लोग् लोग्हरु ठूग्रो बाल्टो चुह्वको थोपो जस्ती मांत्रै छन् तलोमां लाग्येको
धूलो मांत्रै . हेर उस्ले द्वीप्हरुलाइ धूलोको कनिका झैं उठाउंद छ।
१६ अनि लबानोन् दाउराको लागि थोरै हुंछ अनि त्यस्मांका सबै जीवाजन्तु
१७ होमबलिको लागि थोर् हुंछन्। सिंगै लोग् लोग् उस्को सांमु कोइ होइन
१८ तिनिहरु उस्को लेखि तुच्छ र सुनसान् जत्तिकै छन्। त बिमिहरुले
ईश्वर्को आहान् कस्को दिंछौ . अनि उस्को नपना कोको बनाउंछौ।
१९ खोपोयेको मूर्त्तिलाइ चड़ं कारीगर्ले दर्बै ढाल्येर बनाउंद छ तब सुनार्ले
त्यो सुन्ले मोहोर्द छ अनि त्यस्को लागि चांदीका सिक्रिहरु ढालि ढालिकन
२० बनाउंद छ। कि कंगालिले जब येति धन् लगाउंनु सक्दैन तब त्यस्ले न
कुहुंने रुख् छान्द छ . वहांदेखि सिपालु कारीगर्लाइ खोज्येर् मूर्त्ति
२१ खोपाउंद छ अनि त्यस्लाइ न हल्लींनगरि बलियोगरि बसाल्द छ। क्य
तिमिहरुले जान्येका छौन . क्य सुन्येका छौन . क्य तिमिहरुलाइ तादि
देखि सुनाईयेन . क्य पृथिवीको जग् बसालोयेको पनि बूझ्येका छौन।
२२ जस्ले पृथिवीको आकाशमण्डलमां बिराजमान् भइ पृथिवीका बासीहरुलाइ
सलहहरु जस्ता ठान्द छ जस्ले अकाशलाइ मलमल् झैं ओछ्याउंद छ अनि
२३ बास् बस्नुलाइ पाल् टांग्येको जस्तो फिंजाउंद छ . जस्ले हाकिम्हरुलाइ
तुच्छ पारि दिंद छ उस्ले पृथिवीका बिचार्हरुलाइ सुनसान् पारि दिंद छ।
२४ अं तिनिहरु रोपोयेका छैनन् अं तिनिहरु छरीयेका छैनन् अं तिनिहरुका
डांठाका जरा भूइंमां पक्रेयेको छैन . येस् उप्रान्त उस्ले पवन् फुकि दिंद
छ तिनिहरु ओइल्हौंद छन् अनि बेहेरी आंधीले तिनलाइ भूस् झैं उड़ाइ

लांद छ । त अब मेरो नपना कोको दिंछौ मं को जस्तो ठहरूं . पवित्र २५
जनले सोधद छ । आफना आंखा ऊंभो उठायेर हेर कसले ति सबै सिर्ज्यौ २६
कसले तिनका लस्करलाइ गनि गनिकन निकाल्द छ . उसले तिनिहरू
सबैलाइ नांउ काड़ि काड़िकन बोलाउंद छ . उ बड़ो सामर्थी र शोधिने
बलियो छ येस्कारण तिनिहरूमांको येउटा पनि घटेयको छैन छ ॥
हे याकूब् तिमिहरूले किन भन्द छौ हे इस्राएल् तिमिहरूले का २७
कुरा गर्द छौ यहवे देखि मेरो बाटो लुकेको छ अनि मेरो ईश्वर् देखि मेरो
निया टरि गयेको छ भनि । के तिमिहरूले जान्येका छैन . के तिमिहरूले २८
सुन्येका छैन . सनातनको ईश्वर् अर्थात् पृथिवीका चारैतिर सृष्टिकर्त्ता
यहवे न थाकद छ अनि न हरान् पर्द छ उसको बुद्धि अथाह् छ । उसले २९
थाकेकाहरूलाइ बल् दिंद छ अनि अशक्तिमान्हरूलाइ धेरै सामर्थ दिंद
छ । अं तन्हेरिहरू पनि थाकद र हरान् पर्द छन् अनि जुवान्हरू लडुदै खूद् ३०
लडद छन् . तर यहवेको बाटो हेर्नेहरूले नया नया बल् पाउंदै जांछन् ३१
तिनिहरू उकाबपंछीहरू झैं ऊंभो उडछन् तिनिहरू दुगुरि दुगुरिकन पनि
थाकदेनन् हिंड़ि हिंड़िकन पनि हरान् पर्दैनन् ॥
हे द्वीपहरू हो चुप लागेर मेरा सुन अनि लोग् लोगहरूले नया ४१ १
नया बल् पाउंदै जाव . तिनिहरू नजिक् आउन् वहांदेखि कुरा गरून्
हामिहरू दुवै माम्ला गर्नलाइ भेला होऊं । कसले पूर्व दिशा देखि कसैलाइ २
बलक्यायेर धर्म्म गर्नलाइ आफु छेउ बोलायेको छ . उसले लोग् लोगलाइ
त्येसको तावैमां पारि दिंद छ अनि त्येसलाइ राजाहरू मांथि अधिकारी
तुल्याउंद छ तिनिहरूलाइ त्येसको तरवार् र त्येसको धनुको सांमु उड़ाईयेको
भूस् झैं पारि दिंद छ । तिनिहरूलाइ लगार्द छ बिना रोकटोक् हिंड़ि जांद छ ३
अं कैलेइ न हिंड़ेयको बाटोमां । आदि देखि पुस्ता पुस्तालाइ डाकदै ४
यो काम् गर्ने को हो . मै यहवेने हुं सबै भन्दा पहिलो पछिलो सङ पनि
रहने मैने हुं । द्वीपकाहरू ता देखिकन डराये पृथिवीका टाड़ा टाड़ा ५
देसहरू कांप्ये . तिनिहरू नजिक् आयेर भेला भये । तिनिहरू जनैले ६
एकाले अर्कालाइ गोहार् गर्ये अनि एकले आफनु भाईलाइ भन्यो हूप्
बांध भनि । येसोरि काठकर्म्मीले सुनार्लाइ र भांड़िले मसौन्याउनेले ७
लौहो मांथि घनले चुटनेलाइ येस् मूर्त्तिका टहराई ता अग्घोर् अस्सल्
भये भनि भनि हूप् बंधाउंद छन् . त खोपनेले त्येसलाइ न हल्लाइनेगरि
खील् ठोक्यो ॥
तर ए मेरो दास् इस्राएल् ए मेरो छानायेको याकूब् ए मेरो मित्र ८
अब्राहामको बंश तंलाइ मैले पृथिवीका टाड़ा टाड़ा देसहरू देखि ९
समात्येर ल्यायें अनि पृथिवीको छेउ छेउ देखि डाकेर भन्यें तं मेरो दास्
होस् मैले तंलाइ छानि आफालेंन न डरा किनभन्ये मं तं सङ छु १०
सर्धैर येता उति न हेर् किनभन्ये मं तेरो ईश्वर् हुं . मं तंलाइ बलियो
गराउंछु अं तेरो गोहार् गर्छु अं आफनु धर्म्मी दाहिनो हातले तंलाइ

११ सम्भालुंछु। हेर् तं देखि रिसाउंनेहरु सबै लजाउंनु पर्छ अनि तिनको मुख्
कालो होइ जांछ . तं सित भगरा गर्नेहरु बिलाउंछन् अनि नष्ट होइ
१२ जांछन्। तं सित भगरा गर्नेहरु खोज्दा पनि पाईंदैनन् . तं सित
१३ लड़ाईं गर्नेहरु नष्ट हुंछन् अं खांट्टै बिलोइनै जांछन्। किनभन्ये मं चइं
तेरो ईश्वर् यह्वेले तेरो दाहीनो हात् समातिकन भन्छु न डरा मं चइं
१४ तेरो गोहार् गर्छु। ए कीरा जस्तो याकूब् ए इस्राएलको लोग् न डरा मं
चइं तेरो गोहार् गर्छु यह्वेको यो बाणी छ तंलाइ छोड़ाउंने इस्राएलको
१५ पवित्र जन् हो। हेर् मं तंलाइ दुइधारे कुरि भयेको दाउंने नया र लागने
कल् ठहराउंछु . तैंले डांड़ाहरुलाइ दाइं गरि गरि मसीनो धूलो पारि
दिंछस् अनि पहाड़हरु भूसै सरि उड़ाइ दिंछस्। तैंले तिनलाइ निफन्छस्
१६ अनि बतासले तिनलाइ उड़ाइ लैजांछ अं आंधीले तिनलाइ छरपुष्ट
पार्छ . अनि तं चइं ता यह्वेमा खुशि हुंछस् अनि इस्राएलको पवित्र
जनमा बड़ाईं गर्छस्। दरिद्रहरु र कङ्गालहरुले पानी खोजद छन् तर
१७ पाउंदैनन् अनि तिनको जिब्रो तिर्खाको कारणले सुकेका छन् मं चइं
यह्वे तिनलाइ उत्तर् दिंछु मं इस्राएलको ईश्वर् तिनलाइ त्यागि दिन्न।
१८ मं नांगो डांड़ाहरु देखि पनि ठुलो नदी र मैदानको बीचमां खोला
खोल्छु . मं बनलाइ तलाउ र निपाने देशलाइ पानीका जरुवा पानी
१९ बनाउंछु। मं बनमां देवदारु र बबूल् र मेंहदी र भद्राक्ष उमार्छु अं बगर
देशमां पनि सिसौ र खयर् वृक्ष र साल् सङ् सङै उमार्छु . र लोगले
२० देखिकन थाहा पाउन् अनि गुनिकन पूरापूरा गरि बूझून् यो यह्वेको काम्
अर्थात् इस्राएलको पवित्र जनको सृष्टि हो रछ भनिकन॥
२१ आफनु मामला लड् भनि यह्वेले भन्द छ . आफनु बिषयको बलियो
२२ प्रमाण दे याकूबको महाराजाधिराजले भन्द छ। तिनिहरुले ति कुरा
देखाउन् अनि ज्ये हुंने छ त्यो कहिकन हामिहरुलाइ प्रगटो गरुन् . तादिका
भइ सक्यैका कुरा हामिहरुलाइ कह र तिनको बिचार् गरुं अनि के
हुंने रछ गुनिकन हामिहरु जान्नु सकूं . नहीं त आउंदा कुरा हामिहरुलाइ
२३ सुनाइ देव। पछि ज्ये ज्ये घट्छन् ति कह तब हामिहरु जानूंला तिमिहरु
ईश्वर् राछौ कि रेन छौ . अं कुशल् अकुशल् कोइ न कोइ गरि देव र
२४ हामिहरु त्यो देखेर छक्क परुं। हेर् तिमिहरु तुच्छ छौ अनि तिमिहरु
देखि कोइ हुंनु सक्दैन . जस्ले तिमिहरुलाइ छान्द छ त्यो घिनलाग्दो छ॥
२५ मैंले येउटालाइ उत्तर् दिशा देखि उठायेको छु त आइ पनि हाल्यो
सूर्ज उदाउंने दिशा देखि आयेर मेरो नाउंको प्रचार् गर्ने . अनि कुमालेले
हाली कुल्च्यको भैं उस्ले मालिकहरु माथि चढ़िकन तिनलाइ कुल्चंछ।
२६ कस्ले यो कुरो पहिले पहिले देखि भन्येको थियो र हामिहरु जान्नु
सकूथ्यं . कस्ले तादिनै देखि यो प्रगटो गर्येको थियो र हामिहरुले भन्नु
सक्ने थियूं उ सांचो छ भनि . कहने कोई पनि छैन सुनाउंने कोई पनि
२७ छैन तिमिहरुका कुरा सुन्ने कोई पनि छैन। अं सब्भै भन्दा पहिले मं

सिय्योन्लाइ भन्कु तिनिहरूलाइ हेर् भनि . अनि मं यरुशलेम्लाइ
शुभसमाचार् सुनाउंने येउटालाइ पठाइ दिंकु । तर खोज्दाखेरि कसैलाइ २८
पनि पाइँन यि कुरा चेताउंनु सक्ने र सोद्धा उत्तर् दिंनु सक्ने । हेर २९
तिनिहरू सबैका काम् निष्फल् र तुच्छ मात्रै छन् . तिनिहरूका ढाल्येका
मूर्तिहरू सास् र व्यर्थ मात्रै छन् ॥

मेरो दास्लाइ हेर जस्लाइ मं संभाल्द कु मेरो छान्येकोलाइ हेर ४२ १
जो देखि मेरो प्राण् खुशि छ . उस्मां मैंले आफ्नु आत्मा हाल्येको कु त
उस्ले निया अन्यदेसीहरूमां चलाइ प्रगटो गर्छ । उ कराइ कराइकन तुलो २
सोर्ले बाल्दैन न बाटोमां हल्ला गर्छ । कुच्चीयेको निडालो उस्ले भांच्दैन न ३
मधुरो बल्नं सुन्पाट् निभाउंछ . उस्ले सत्येइँ सित निया गर्छ । उस्ले निया ४
पृथिवीमां स्थिर् न गर्येको सम्म उ न निभाइंछ न कुच्याइंछ अनि द्वीप्
द्वीप्हरू उस्को शिक्षाको लागि आशा गरि रहंछन् । स्वर्ग सिर्जंने र टांगने ५
अनि पृथिवी र त्यस्को उप्जनि उप्जाउंनेलाइ फैल्याउंने अनि त्यस् मांथि
रहंने लोगलाइ प्राण् र त्यस्मांका हिंड्डुल् गर्नेहरूलाइ आत्मा दिंने ईश्वर्
यहवेले येसो भन्द छ . मं यहवेले तंलाइ धर्म्मको रीत्मां बोलायेको ६
छु अनि तेरो हात् समातकु अनि तेरो रक्षा गर्दै लोग्को नियम् र
अन्यदेसीहरूको ज्योति गरि दिंछु अन्धाहरूका आंखा उघार्छस् अनि ७
बन्धुवाहरूलाइ बन्धुवाई देखि र अंध्यारोमां बस्नेहरूलाइ झेल्खान् देखि
निकाल्छस् भन्ने खातिर्ले । मं यहवे हुं मेरो नांउ येइने हो . अनि मं ८
आफ्नु महिमा अरूलाइ दिन्न न आफ्नु स्तुति खोपायेका मूर्त्तिहरूलाइ ।
हेर अघिल्ला कुरा भइ सक्यो अब मं नया कुरा कहंद कु . ति हुंनु भन्दा ९
पहिले मं ति तिमिहरूलाइ सुनाउंद कु ॥

हे समुन्द्रमां हिंड्नेहरू हो अनि त्यस्मां भयेका सबै हे द्वीप्हरू हो १०
अनि तिनका बासीहरू सबै तिमिहरूले यहवेको लागि नया गान् गाव अनि
पृथिवीको अन्त देखि उसैको स्तुति । बन्ले र त्यस्का बस्तीहरूले केदार् ११
बस्येका गांउहरूले तुलो सोर्ले गाउन् सेलाका बासीहरूले डांड़ाका थाप्रि
थाप्रि बाटो गाव । तिनिहरूले यहवेको महिमा गरून् अनि उस्को स्तुति १२
द्वीप्हरूमां प्रचार् गरून् । यहव महावीर् झैं निस्क जांछ लड़ांकि झैं १३
बल्दारिस् उल्क्याउंछु . उ तुलो सोर्ले कराउंछ आफ्ना सत्तुरुहरू मांथि
वीर्हुवाई देखाउंछ । धेरै दिन् देखि मं चुप् रह्यां अं चाम्चुम् रह्यां अनि १४
आफूलाइ थुन्यं . तर अब सुत्केरि झैं चिच्याउंछु फें फें गर्दै सास् फेर्छु । मं १५
डांड़ा र पहाड़हरू सुन्सान् पार्छु अनि तिनका सबै हरीया हरीया
साक्पात्हरू सुकाइ दिंछु अनि महानदीहरू द्वीप्द्विप् पारि दिंछु अनि
तलाउहरू सुकाइ दिंछु । अनि अन्धाहरूलाइ तिनिहरूले न चिन्येको १६
बाटोमां हिंड़ाल्छु अनि मं तिनिहरूलाइ तिनिहरूले न जान्येका
गोर्यांटाहरू बाड़ो डोर्याउंछु . मं तिनिहरूका आघि आघि अंध्यारोलाइ
उज्यालो पार्छु अनि बाङ्गाटेढ़ा बाटा सोज्याउंछु । मं येस्ता येस्ता काम् गर्दै

१७ तिनिहरूलाइ त्यागदौंन । खोपीयेका मूर्त्तिहरू माथि भरोसा राखनेहरू र
ढाल्येका मूर्त्तिहरूलाइ तिमि हांमिहरूका ईश्वरहरू हौ भन्येहरू पछि सर्छन्
अनि सारो लजाउंछन् ॥
१८ हे बहिराहरू हो सुन हे अन्धाहरू हो आंखा उघार र तिमिहरूले
१९ देख । मेरो दास् बाहिक् अन्धा को छ . अनि मैंले पठायेको मेरो दूत्
जस्तो बहिरा को छ . मं सित मिलाप् हुंने जस्तो अन्धा को छ अनि
२० यहवेको दास् जस्तो अन्धा को छ । तैंले धेरै कुरा देखद ता छस् र पनि
२१ मन् लाउंदैनस् त्येस्का कान् ता उघारो रहंद छन् रपनि त्येस्ले सुन्दैन । आफ्ने
धर्म्मको कारणले यहवेका यो इच्छे थियो अर्थात् उस्ले शिक्षा अस्सल् र
२२ श्रेष्ठ पारोस् भन्ने । त यिनिहरू लूटीयेका र चोरीयेका लोग् हुन् यिनिहरू
सबै चइं खाड़ल्मां फांसीयेका छन् अनि कैदखोपाहरूमां लुकाईयेका छन्
यिनिहरू पकड़ा पर्येका छन् अनि तिनिहरूलाइ छोड़ाउंने कोई पनि छैन
२३ यिनिहरू लूटीयेका छन् अनि फर्काइ दे भन्ने कोई पनि छैन । तिमिहरूमांको
कुन्चइंले येसमां कान् लगाउंछ . कस्ले ध्यान् लगाइकन आउंदो समयको
२४ लागि सुन्छ । कुन्चइंले याकूब्लाइ लूट्को लागि र इस्राएल्लाइ डाकू-
हरूको ताबिमां पारि दियो . के उइ यहवेले होइन . जस्को बिरुद्धमां
हांमिहरूले पाप् गर्येका छौं अनि जस्का बाटामां हिंडूंन तिनिहरूले मन्
२५ गर्येनन् जस्को शिक्षा तिनिहरूले मान्येनन् । येसै कारणले उस्ले त्येस् माथि
आफ्नु रिसको आगो र लड़ाइंको बल् खन्याइ दियो तर त्यो आगो
त्येसको वरिपरि लाग्येको भये पनि यो कुरो जान्दैन थियो अं त्येस्ले त्येस्लाइ
डड़ायो रपनि त्येस्ले केइ मन् लगायेन ॥
४३ १ ए याकूब् तंलाइ सिर्जने र ए इस्राएल् तंलाइ रचुने यहवेले अब
येसो भन्द छ . न डराव किनभन्ने मैंले तिमिहरूलाइ छोड़ायेको छु मैंले
तिमिहरूलाइ नांउ काढ़िकन बोलायेको छु तिमिहरू मेरानै हौ । तिमिहरू
२ पानी बाटो हिंडूने बेलामां तिमिहरू सङ्ग मंनै रहंछु अं महानदीहरूमां पनि
तिमिहरू त्येस्मां डुबदैन . तिमिहरू आगो बाटो हिंडूने बेलामां तिमि-
हरू डढ्दैन अं आगोको ज्वालले तिमिहरूलाइ खांदैन । कसोगरिभन्ने
३ मं चइं यहवे तिमिहरूको ईश्वर् हुं इस्राएल्को पवित्र जन् तिमिहरूको
उद्धार् गर्ने मैं हुं मैंले मिस्रलाइ तिमिहरूको छोड़ाउंनिमां दियेको छु
४ अनि कूश् र सबालाइ तिमिहरूको साटोमां । तिमिहरू मेरो लेखिमां
मोल्का र मान्का छौ अनि मं तिमिहरू सित प्रेम् राखद छु येसैकारण्
मं तिमिहरूको साटो मान्छेहरूलाइ अनि तिमिहरूका प्राणको माटोमां
५ लोग् लोग्लाइ दिंछु । न डराव किनभन्ने मं तिमिहरू सङ्ग रहंद छु . मं
तिमिहरूका वंशलाइ पूर्व बाटो ल्याउंछु अनि पच्छिउं बाटो पनि भेला
६ गराउंछु मं उत्तर् दिशालाइ भन्छु दिहाल् भनि अनि दक्खिन्
दिशालाइ भन्छु थुनि न राख् मेरा छोराहरूलाइ टाढ़ो देखि र मेरो
७ छोरीहरूलाइ पृथ्वीको छेउ छेउ सम्म देखि ल्याव भनि जो जो मेरो

नाउंले भनौयेकाहरू छन् अनि जुनहरूलाइ मैंले आफ्नु महिमाको लागि
सिर्ज्यंको छु मैंले त्येसलाइ बनायेको छु अं त्येसलाइ रच्येको छु। आंखा हुंदा ८
हुंदै पनि अंधा हुंने र कान् हुंदा हुंदै पनि बहिरा हुंनेहरूलाइ निकालि
ल्याव। सिंगै अन्यदेशीहरू भेला गराईउन् अनि लोग् लोग् जमाईउन्. ९
तिनिहरूमांको कुन्चइंले येह कुरो भन्न् सक्द छ कि बीत्येका कुरा हामि-
हरूलाइ सुनाउंनु सक्द छ. तिनिहरूले आफ्ना साक्षीहरू ल्याउन् र
सांचौला ठहरून्. कि तिनिहरूले सुन्येर भनुन् सत्य हो भनि। यहवेको
यो वाणी छ तिमिहरू मैंले छान्येका मेरा दास् र मेरा साक्षीहरू हौ. १०
तिमिहरूले बूझि मंलाइ पत्याव अनि उ त्येहनै हो रछ भनि थाहा पाव
मं भन्दा पहिले कोई पनि ईश्वर् बनाईयेको थियेन अनि न मं पछि
कोई हुंछ। मंचइंनै अं मंचइंनै यहव हुं अनि मं बाहिक् उद्धारकर्त्ता ११
कोई पनि छैन। मैंलेनै समाचार दियेको छु अनि उद्धार् गर्येको छु १२
अनि बखान् पनि गर्येको छु अनि तिमिहरूको बीच्मां कोई पराय् देवता
थियेन. त यहवेको यो वाणी छ तिमिहरू मेरा साक्षीहरू हौ अनि मैंनै
ईश्वर् हुं। अं अब देखि येसो पनि मं उइ हुं अनि मेरो हात् देखि १३
छोड़ाउंनु सक्ने कोई पनि छैन. मं काम् गर्छु त मंलाइ कस्ले थुन्छ॥
यहव तिमिहरूको छोड़ाउंने र इस्राएलको पवित्र जनले येसो १४
भन्द छ. तिमिहरूको निम्तिमां मैंले बाबेल्मां पठायेका छु अनि त्येस्मां
रहंने सबैलाइ अं कल्दीहरूलाइ तिनिहरूले जुन जहाज्हरूको बिषयमां
अहंकार् गर्येका थिये तिनैमां चढायेर भगाउंछु। मं चइं यहव तिमिहरू १५
को पवित्र जन् इस्राएलको सिर्जने तिमिहरूको राजा हुं। समुन्द्रमां बाटो १६
र ठुला धारामां गोर्यांटो बनाउंने यहवले येसो भन्द छ रथहरू र १७
घोड़ाहरू र बीरहरू समेत् पल्टनलाइ निकालि ल्याउंने समुन्द्रमां डुबाइ
डुबाइ दिंने तिनिहरू एकै सङ् तिहीं रहंद छन् अनि फेरि फेरि उठ्दैनन्
अं सुन्पाट्का बत्ताको जुवाला गयेको झैं निभाइ जांछन् [तास् यहवले
येसो भन्द छ]. बीत्येको बिषय् न सम्झ अनि न तादिका बिषय्। हेर मं १८ १९
येउटा नया कुरा गर्छु त्यो येले निस्कंछ के तिमिहरूले यो थाहा पाउंदैन.
मं बनमां बाटो बनाउंछु अनि निपाने देस्मां महानदी बहाउंछु। बन्जन्तु २०
अर्थात् स्याल् शुतर्मर्गले मेरो माहमा गर्छन्. किनभन्ये मं तं मैंले छान्येको
प्रजाले खांनुको लागि बन्मां पानी र निपाने देस्मां धेरै धेरै महानदी
बहाउंछु मैंले आफ्नु लागि बनायेका आफ्ना प्रजाको लागि र २१
तिनिहरूले मेरो स्तुति गरून्। तैपनि हे याकूब् हो तिमिहरूले मंलाइ २२
हापायेका छान तर हे इस्राएल् हो तिमिहरू मं देखि थाक्येका छौ। तिमि- २३
हरूले मेरो लागि पाठा हामबलि हुंनुलाइ ल्यायेका छौन अनि न बलिदान्
चढाइकन मेरो मान् गर्यौ। अन्नबलिको कारणले मैंले तिमिहरूलाइ
कठिन् दास्ति गरायेको छुइंन अनि न धूपले तिमिहरूलाइ थकायेको छु।
तिमिहरूले मेरो लागि बास्ना आउंने काठ् किनि ल्यायेका छौन अनि न २४

मिलापबलिहरूको बोसोले मलाइ तृप्त गरायेका छौ . तर तिमिहरूले
आफ्ना पापको कारणले मलाइ कठिन दास्ति गरायेका छौ अनि आफ्ना
२५ अधर्मले मलाइ थकायेका छौ। मंचहिं मंचहिं उइ हुं जस्ले
तिमिहरूका अपराधहरू मेरो आफ्नु कारणले मेटि दिंद छु अनि तिमिहरूका
२६ पापको सम्झना गर्दिन। मलाइ सम्झना गराव हामिहरू आपस्तमा
विवाद गरूं . तिमिहरूलेनै आफ्नु कुराको बखान् गर र तिमिहरू निर्दोषी
२७ ठहरौनु सक। तिमिहरूको आदिपिताले पाप गर्यो तिमिहरूका दोभाषेहरू
२८ मेरो विरुद्धमा तर्कि गयेका छन्। यसैकारण मैंले पवित्रस्थानका मालिक्-
हरूलाइ अपवित्र ठहरायेको छु अनि याकूबलाइ भाकल् गरीयेको थोक
जानिकन नाश् पार्यको छु अनि इस्राएल्लाइ निन्दित् हुनु दियेको छु :
४४ १ तर अब हे मेरो दास् याकूब् हो हे मैंले छान्यको इस्राएल सुन .
२ तिमिहरूको कर्त्ता र तिमिहरूलाइ गर्भमा रच्ने तिमिहरूको गोहार
यहोवाले येसो भन्द छ हे मेरो दास् याकूब हो हे मैंले छान्येको यशूरून् न
३ डराव। किनभन्ये मं तिखायेकाहरूलाइ पानी खन्याइ दिछुं अनि सुक्येको
भूमिमा खोल्चाहरू बहाउंछु . मं तिमिहरूका वंशमा आफ्नु आत्मा
४ खन्याइ दिछुं अनि तिमिहरूका बालखहरू माथि आफ्नु आशीष् . र
तिनिहरू पानीका खोलवा छेउ घांसहरूको बीचमा भयेका बइंसका
५ रुखहरू झैं उम्रछन्। एकाले मं यहोवेको हुं भन्छ अनि अर्कोले आफुलाइ
याकूबको नांउ कांढि प्रचार्छ अनि कसैले चइं मं यहोवेको हुं भनि सहो
गर्छ अनि आफ्नु फूलनांउ इस्राएल् गरि राख्छ ॥
६ यहोवे इस्राएलको राजा अर्थात् सेनाहरूको यहोवे त्यस्लाइ छोडाउंनेले
येसो भन्द छ पहिलो र पछिल्लो मैंन हुं अनि मं बाहिक् कोई ईश्वर छैन।
७ अनि जब देखि मैंले तादिका मान्छेहरूलाइ ठहरायें मं जस्तो प्रचार् गर्दै
को आउंछ अनि त्यस्को बखान् कस्ले गर्छ कि हुंने कुरा र हुंनु आउंने कुरा
८ ति तिनिहरूले प्रगटो गरून्। तिमिहरू न डराव थरहरो न होव. क्ये यि
कुरा तादि देखि मं सुनाउंदै कहंदै आइंन . अनि तिमिहरूचइं मेरा साक्षीहरू
छौ। क्ये मं बाहिक् अरू कोई ईश्वर् छ . अं कोई पहरा पनि छैन मं ता
९ येस्तो कसैलाइ जांदींन। मूर्त्ति खोपि बनाउंनेहरू सबै व्यर्थ हुन् अनि
तिनिहरूका पियाराहरू देखि काइ नाफा छैन . अनि तिनिहरूका साक्षी-
१० हरूले न देख्द छन् न सुन्द छन् र तिनिहरू लज्जित् होउन्। कस्ले देवता
११ बनायो कि निष्फल् मूर्त्ति ढाल्यो। हेर त्यस्का सबै साथीहरू लजाउंछन्
अनि मूर्त्ति बनाउंने कारिगरहरू जो मान्छेनै हुन् ति सबै भेला भइ
१२ उभीउन् तिनिहरू थरथराउंछन् सङै लजाउंछन्। लोहारचइंले येउटा बंचरो
बनाउंद छ भूभरोमा तताएर मार्तोलले हिर्काइहिर्काइकन कमायेर आफ्नु
बलियो पखुराले त्यस्लाइ तियार् पार्द छ . अं भोकाउंद छ अनि त्यस्को
१३ बल् घटि जांद छ पानी खांदैन अनि थाकद छ। काठकर्म्मीचइंले सूत टांग्येर
कोर्नेले कोर्द छ अनि रन्दाले चिल्याउंद छ अनि रेखा गर्नेले रेखा गर्द छ

अं मान्छेको अनुसार साधारण मान्छेहरूको रामेहैं भैं बनाउंद छ आफ्नु
घरमां राख्नुको लागि। देवदारु कि बनका वृक्षहरूमांका जात् जातका आंक १४
वृक्षहरू छान्येर बोसाउंनु पर्द छ . अं येउटा सल्लाको रुख् रोपद छ अनि
त्यो पन्यको पानीले बढ़द छ। त्येइ रुखको काठ् मान्छेहरूका दाउराको १५
काममां पनि काम् लाग्द छ अर्थात् त्येसले त्येस् देखि आलिकता लिएर
तापद छ अं ति बाल्येर रोटी पनि पोल्द छ . अं देवता पनि बनायेर
त्येसलाइ दण्डवत् गर्द छ अर्थात् मूर्ति खोप्येर त्येसको सांमु प्रणाम् गर्द छ ।
त्येस् काठको एक् भाग् ता आगोमां बाल्द छ अनि अर्को भाग्ले मांस् १६
पकायेर खांद छ मांसु भटायेर तृप्त हुंद छ . अं तापेर भन्द छ आहा मैले
तापें मैले आगो चिंन्यें . अनि त्येइ बांच्येको काटमांको त्यो देवता १७
अर्थात् त्येसको येउटा मूर्त्ति खोप्येर बनाउंद छ . त्येसको सांमु प्रणाम् गर्न्येर
दण्डवत् गर्द छ अनि त्यो सित प्रार्थना गरि भन्द छ मंलाइ बचाउ
किनभन्ये तिमि मेरा देवता हौ भनि। येस्तो काम् गर्नेहरूले कोइ जान्देनन् १८
अनि न कोइ बूझ्द छन् . कसोगरिभन्ये तिनिहरूका आंखा तिनले देख्नु
न सक्ने गरि थुनोयेका छन् अनि तिनिहरूका हिर्दय् तिनिहरूले बूझ्नु न
सक्ने गरि फुटि गयेका छन् । अनि तिनिहरूमांको कसैले त्येस् (काठ्) को १९
एक भाग् ता आगोमां बाल्यें अं त्येसको भुंग्रोमां रोटी पोल्यें अनि मांसु
पोलि खांयं त क्ये मं त्येसको बांच्येकोको घिनलाग्दो थोक् बनाउं क्ये मं
रुखको काठलाइ ढोक् दिउं भनि यो कुरो तिर मन् लाउंदैन अनि न
कसैलाइ येति ज्ञान् र बूझ् छ । त्येस्ले खरानि खांद छ . धोका खायेको २०
मनले त्येसलाइ येति सम्म भर्मायेको छ त्येस्ले न आफ्नु प्राणलाइ छोडाउंन्
सक्द छ न क्ये मेरो दाहीनो हात्मां ढांट् छ भनि भन्नु सक्द छ ॥

हे याकूब् यि कुराको सम्झना राख् अनि हे इस्राएल् हो किनभन्ये २१
तिमिहरू मेरा दास् हौ मैले तिमिहरूलाइ रच्येको छु तिमिहरू मेरा
दासनै हौ . हे इस्राएल् तिमिहरू मं देखि कहिले पनि बिर्सोइंदैन। मैले २२
तिमिहरूको अपराध् घइं कालो बादल्लाइ भैं र तिमिहरूका पाप् घइं
बादल् जस्तो गरि उड़ाइ दियेको छु . मं तिर फर्कि आव किनभन्ये मैले
तिमिहरूलाइ छोड़ायेको छु। अब हे आकाशहरू चर्को सोर्ले गाव २३
किनभन्ये यहवेलेनै यो गर्यो . हे पृथिवीका गहीरा गहीरा ठांउहरू हो
कराव हे डांड़ाहरू हो ठुलो सोरले गाव . ए बन् र हे बन्मां भयेका
सबै रुखहरू हो . किनभन्ये यहवेले याकूब्लाइ छोड़ायेको छ अनि
इस्राएल्मां आफ्नु बड़ाई गर्छ ॥

तिमिहरूलाइ छोड़ाउंने अनि तिमिहरूलाइ गर्भमां रच्ने यहवेले २४
येसो भन्द छ . मं सबै काम् गर्ने एक्लै आकाश् फैलाउंने पृथिवी आफ्नै
शक्तिले ओछ्याउंने यहवे हुं मं सङ को छ मं झूठाहरूका चिंनुहरू ब्यर्थ २५
गराउंने अनि अगाम् कहंनेहरूलाइ बौलाहा तुल्याउंने बुद्धिमान्हरूलाइ
पछि हटाउंने र तिनिहरूको ज्ञान् मूर्खइं पार्ने . आफ्नु दासको बचन् २६

ब्यौर् गराउंने र आफ्ना दूत्हरूका जुक्तिहरू सुफल् पार्ने . यरूशलेम्को
विषय्मां त्यो फेरि बसाईओस् भनि भन्ने . अनि यहूदाका सहर्हरूको
विषय्मां तिनिहरू बसाईछन् भनि भन्ने अनि मं तिनका उजार्हरू सुधाछु
२७ भनि भन्ने . गहीरोलाइ तं सुकि जा मं तेरा खोल्चाहरू सुकाइ दिंछु
२८ भनि भन्ने . कुरूको विषय्मां त्यो मेरो गोठालो हो अनि त्येस्ले मेरो सबै
इच्छे पूरो गर्छ भनि भन्ने . यरूशलेम्को विषय्मां पनि त्यो बसाईंछ भनि
अनि मन्दिर्को विषय्मां तेरो जग् बसालौंछ भनि भन्ने यहवे मैंने हुं ॥

४५ १ यहवले आफ्नु अभिषिक्तलाइ येसो भन्द छ अं कुरूलाइ जस्को
दाहीनो हात् मैंले समात्येको छु त्येस्को सांमु लोग् लोग्लाइ चेपि दिउं
अनि राजाहरूका कम्मर् खुकुलो पारि दिउं घुनौयेको ढेला न पाउंनुलाइ
२ ढोकाहरू त्येस्को सांमु उघारि दिउं भन्ने खातिर्ले मं चहिं तेरो अघि
अघि हिंड्छु अनि कप्चाककुप्चुक्हरूलाइ सम्याउंछु . अनि पीतल्का
ढेलाहरू भांचि दिंछु अनि फलम्का आग्लाहरू टुक्रै टुक्रा पारि दिंछु .
३ अनि मं तंलाइ अंधारोको भण्डार् र गुप्त ठांउहरूमां लुकायेका धन्
दिंछु र तैंले उ यहवे अं इस्राएल्को ईश्वर् हो रछ जस्ले हांमिहरूको
४ नांउ काड़िकन हांमिहरूलाइ बोलाउंछ भनि चाल् पा । मैंले आफ्नु दास्
याकूब् र आफ्नु छान्येको इस्राएल्कै निम्तिमां नांउ काड़िकन तंलाइ
डाक्येको छु . तं मंलाइ चिन्दैनस् तैपनि मैंले तेरो फूल्नांउ राख्येको
५ छु । मं यहवे हुं मं बाहिक् अरू कोई छैन मं बाहिक् अरू कोई ईश्वर्
६ छैन . तं मंलाइ चिन्दैनस् तैपनि मं तेरो पटुका बांध्छु . उदय् देखि र
पच्छिउं देखि तिनिहरूले जानुन् उ बाहिक् कोई रैन छ भनि . मं यहवे
७ हुं मं बाहिक् अरू कोई छैन । उज्यालो बनाउंने र अंध्यारो सृजने मैंने हुं
शान्त गराउंने र विपत्ति सृजने मैंने हुं यि सबै काम् गर्ने यहवे मैंने हुं ॥

८ हे स्वर्गहरू हो ऊंभो देखि चुह अनि अकाश्ले धर्म्मको झरि
पारोस् . पृथिवीले खोलोस् र उद्धार् फलोस् अनि धर्म्मैं सङ्सङै
उम्रावस् मं यहवलेनै यो सिर्ज्यको छु ॥

९ हाय् त्येस् आफ्नु रच्ने सित झगरा गर्ने मांथि . त्यो ता खालि मांटोको
खब्टामांको येउटा खब्टा मात्रै हो के मांटोले कुमालेलाइ तं यो के
गर्दै छस् भनि भन्छ . के बनावट्ले बनाउंनेलाइ त्येस्का हाते छैनन् भनि
१० भन्छ । हाय् त्येस् मांथि जस्ले बाबुलाइ भन्द छ अब तिमिले केलाइ
११ जन्माउंछौ कि आइमाइलाइ अब तिमिले के जन्माउंछौउ । इस्राएल्को
पवित्र जन् र त्येस्लाइ रच्ने यहवले भन्द छ आउंदाहरूको विषय्मां मं
सित सोध मेरा छोराहरू र मेरा हातका कार्य्यहरूको विषय्मां मंलाइ
१२ आज्ञा देउ । मैंलेने पृथिवी बनायेको छु अनि त्येस् मांथि मान्छेलाइ
सिर्ज्यको छु . मैंलेने अं मेरै हातले अकाश् टांग्येको छु अनि सबै सेनाहरू-
१३ लाइ आज्ञा गर्य्येको छु । फेरि मैंलेने [कुरूलाइ] धर्म्मको कार्ज्य गर्नुलाइ
उचाल्येको छु . अनि मंने त्येस्का सबै बाटाहरू सोझ्याउंछु . त्येस्लेने मेरो

सहर् बनाउंछ अनि मेरा बन्धवाहरुलाइ त्येसैले बिना दाम् र बिना साटै
छोड़ाउंछ सेनाहरुको यह्वेको येइ बचन् छ ॥
यह्वेले येसो भन्द छ मिस्रको मिहीनत्को कमाई र कूशको बेपार् . १४
र अलगो डाल् पर्येका सबाईहरु तैं थांइ हिंड़ आउंछन् अनि तेरै होइ
जांछन् तिनिहरु तं पछि पछि हिंड्छन् अं सांगलाहरुले बांधीयेका भइ
आउंछन् . अनि तेरो सांमु निउंरि दण्डवत् गर्येर तं सित बिन्ति गरि
भन्छन् सांचि सांचिनै आफुको बीच्मां ईश्वरै छ अनि उ बाहिक् अरु छैन
अं अरु कोई ईश्वर् छैन । हे इस्राएल्को ईश्वर् हे उद्धार्कर्त्ता सांचि १५
सांचिनै तपांइ लुक्ने ईश्वर् हुंनु हुंद रछ। ति सबै लज्जित् र तुच्छ हुंछन् . १६
अं मूर्त्ति बनाउंनेका मुख् काला भइ जांछन् । तर इस्राएल्चइंको उद्धार् १७
यह्वेको बाटोले जुगन्जुग्को उद्धार् हुंछ . तिमिहरु सनातन् सम्म लज्जित्
हुंदैन न तिमिहरुका मुख् कलेइ काला हुंछन् ॥
किनभन्ये स्वर्ग सिर्जने यह्वे उइ ईश्वर् छ जस्ले पृथिवि रच्यो अनि १८
सिद्ध गर्यो जस्ले त्यो स्थिर् पनि गर्यो अनि सुन्सान् हुंनुको लागि होइन
तर बस्नेको लागि सिर्ज्यो उस्ले येसो भन्द छ . मं यह्वे हुं अरु कोई छैन ।
मैले गुप्तमां अंध्यारो देश्को कोई ठांउमां बात् गर्येको छुइन मैले १९
याकूब्बंशीहरुलाइ तिमिहरुले मंलाइ सुन्सान्मां भैं खोज भन्येर कहिले
पनि भनींन . मं यह्वे धर्म्मका कुरा भन्ने र ठाक् ठीक् कुरा कहंने छु ।
तिमिहरु भेला भयेर आव हे अन्यदेसाहरुमांका बांच्येकाहरु हो सङ् सङै २०
नजिक् आव . जस् जस्ले आफ्ना खोपायेका मूर्त्तिहरु बोकि हिंड़ेर
उद्धार् गर्नु न सक्ने देवता सित प्रार्थना गर्द छन् तिनमां कोइ ज्ञान् छैन ।
देखाव अनि ल्याव अं आपस्मां सल्लाह् गर . यो कुरा तादि देखि कस्ले २१
देखायो अनि तादि देखि कस्ले सुनायो . के मैं यह्वेले होइन अनि म
बाहिक् कोई अरु ईश्वर् छैन धर्म्मी ईश्वर् र उद्धार् गर्ने मं बाहिक् अरु
छैन । त हे पृथिवीको छेउ छेउका सबै बासाहरु हो मं तिर हेरेर उद्धार् २२
पाव . कसोगरिभन्ये मैंनै ईश्वर् हुं अनि म बाहिक् अरु छैन । मैले आफ्नै
किरिया खायेको छु अनि यो बचन् धर्म्म अनुसार् मेरो मुख् देखि निस्कि २३
सक्यो अनि फर्कींदैन अर्थात् मेरै सांमु सबै घुंड़ा टेक्नेछ सबै जिब्रोले मेरै
किरिया खांछ । लोगले मेरो बिषयमां भन्छन् खालि यह्वे देखि मांत्रै २४
पूरो धर्म्मी बहोरा र शक्ति मिल्द छ भनि . अं उ थांइ सम्म मान्छेहरु
आउंछन् अनि जो जो उ देखि अट्टेरैं गरि रहंछन् तिनिहरु लजाउंछन् ।
यह्वेमां इस्राएल्का सिंगै बंश धर्म्मी ठहर्छन् अनि बड़ाई गर्छन् ॥
बेल्[देवता]नुहुंद छ नबो[देवता]निउंरंद छ तिनिहरुका मूर्त्तिहरु ४६ १
बस्तुहरु र पशुहरु मांथि बोकाईयेका छन् . जुन् थोकलाइ तिमिहरु बोकि
हिंड्थ्यौ ति अब गह्रुङ् बोझा अं थाकेकोलाइ गह्रुङ् भारि ठहरोंय ।
तिनिहरु निउंरंद छन् सङै नुहुंद छन् तिनिहरुले त्यो भारि छोड़ाउंनु २
सकेनन् तर आफै पनि बंधुवाईमां गये ॥

३ मं तिर कान् थाप हे याकूबको जहान् हो हे इस्राएल्को जहान्का
सबै बांच्येकाहरु हो जो भारि मैंले उत्पत्ति देखि उठायेको छु श्रनि गर्भ
४ देखि बोभा बोक्येको छु . तिमिहरुको बूढेसकाल् सम्म मं उइ हुंछु श्र
केस् पाकने बेला सम्म पनि तिमिहरुलाइ बोक्दै रहंछु . मैंले बनायेको छु
५ त लिइ पनि हिंड्छु . मं बोकि रहंछु श्रनि छोड़ाउंदै पनि गर्छु । मेरो
श्राहान् कसको दिंछौ श्रनि को जस्तो ठहराउंछौ श्रनि कोले त्यो मं जस्तो
६ ठहरौंनुलाइ मेरो नापो गर्छौ । थैलि देखि सुन् खन्याउंनेहरुले कि कांटामा
चांदि जोखनेहरुले येउटा सुनारलाइ ज्यालामां लगायेर त्यो देखि देवता
७ बनाउंद छन् निउंरंद छन् श्र दण्डवत् पनि गर्द छन् । त्येस्लाइ कांध् मांथि
उठाउंद छन् त्येसलाइ बोकि हिंड्द छन् त्येस्को ठांउमां त्येस्लाइ राख्द छन्
न त्यो उभौइ रहंद छ श्रनि श्राफनु ठांउ देखि चलोहलो गर्दैन . श्र कसले
त्येस्को दोहाइ गर्यो भन्ये पनि न उत्तर् दिनु सक्द छ न त्येस्को विपत्ति
देखि त्येस्लाइ उद्धार् गर्नु सक्द छ ॥
८ हे श्रपराधीहरु हो येस् कुरोको सम्झना गरि बलियो रह . फेरि
९ यो कुरो मांथि मन् लगाव । उइले उइलेका श्रघिल्ला कुराको सम्झना गर
किनभन्ये ईश्वर् मंने हुं श्ररु कोइ छैन . ईश्वर् मंने हुं श्रनि मं जस्तो कोइ
१० छैन जस्ले श्रादि देखि श्रन्तका कुरा र तादि देखि श्रब सम्म न भयेका
कुरा देखाउंद छ जस्ले भन्द छ मेरो जुक्ति ठहर्छ श्रनि मं श्राफनु पूरो इच्छे
११ गर्छु भनि जस्ले पूर्व देखि श्र सिंनुभत्तो पंछीलाइ दूर् देस् देखि मेरो
जुक्ति पूरो गर्ने मान्छेलाइ डाकछु . मैंले ज्ये बात् भन्येको छु ति पूरो पनि
१२ गर्छु मैंले ज्ये जुक्ति गर्येको छु त्यो सुफल् पनि गर्छु । हे कठोर् चित्त
१३ भयेकाहरु धर्म्म देखि पर हुंनेहरु हो मेरो सुन . मं श्राफनु धर्म्मइ प्रगटो
गर्छु त्यो टाड़ो रहंदैन मेरो उद्धार् बियांलो हुंदैन मं सियोन्को उद्धार्
गर्छु श्रनि इस्राएल्लाइ मेरो शोभा हुंनुको लागि तुल्याउंछू ॥

४७ १ ए बाबेल्को कन्ये छोरी उतर्येर धूलोमां बस् ए कल्दीहरुको
छोरी सिंहासन् बिना भूंइमां बस् . किनभन्ये तं फेरि नरम् र शोखीनी
२ भनौंदैनस् । जांतो समाति पिठो पिन् . श्राफनु पछ्उरा उतार् फरीया
३ ऊंभो ऊंभो सार् नांगा गोड़ाले नदीहरु तरि पारि तर् । तेरो जांउ उघारिंछ
श्रनि तेरो शरम् देखौंछ . मं तं सित साटो लिंछु श्रनि कस्से मान्छेलाइ
४ छाड्दैन । हांमिहरुलाइ छोड़ाउंनेको नांउ सेनाहरुको यहवे र इस्राएल्को
५ पवित्र जन् छ । ए कल्दीहरुको छोरी चुप लागि बस् श्रनि श्रध्यारोमां जा .
६ किनभन्ये तं श्रब देखि येसो राज् राज्को स्वामीनी भन्ये भनौंदैनस् । मैंले
श्राफनु प्रजा सित रिसायेर श्राफनु भाग्लाइ श्रपवित्र ठहरायें श्रनि
तिनलाइ तेरो तावमां पारि दियें . तैंले तिनिहरु मांथि कोइ दया
७ गरीनस् तर बूढ़ाहरु मांथि श्राफनु श्रघोर् गह्रुं जूवा राखिस् । फेरि तं
भन्द छस् मं सदाभरि सम्म स्वामीनी होइ रहंछु भनि . श्रनि तं यि कुरामां
मन् लगाउंदीनस् श्रनि न त्येस्को फल् को हुंछ भनि सम्झना गर्द छैस् ॥

त ए भोगविलासीनी तं निडर् बसि रहंने श्रनि मनमां मैं हुं श्रनि म वाहिक् श्ररु कोई छंदै छैन मं बिधवी हुंदीन श्रनि मेरा बालखहरू बाट जाइ जांदैनन् भन्ने तं श्रब यो कुरो सुन्. बालखहरू जाइ जांनु र बिधवी ८
हुंनु यिनै दुइ दुकव एकै दिनमां एक्कासी तं माथि श्राइ लाग्छन्. तेरा धेरै ९
मन्तरतन्तर् र तेरा धेरै श्रघोर् झांक्रि कामहरू भये पनि तं माथि पूरा बलले पर्छन्। तैंले ता श्राफना दुष्टईहरू माथिनै भरोसा राखिस् तैंले १०
भनिस् मंलाइ देखने कोई छंदै छैन भनि तेरो ज्ञान् र तेरो बुद्धिले तंलाइ भमायो. श्रं तं श्राफनु मनमां भन्दै रहंछस् मैंने हुं श्रनि मं वाहिक् श्ररु कोई
छंदै छैन भनि। यसकारण तं माथि बुराई पर्छ जस्को उदयको बिषयमा ११
तंलाइ कोइ थाहा हुंदैन. श्रनि तं माथि बिपत्ति पर्छ तैंले कुनै उपाय गरिकन पनि त्यो टार्नु सक्दैनस्. श्रनि एक्कासि तं माथि तैंले न चिन्येको
बिनाश् पर्छ। त तैंले श्राफनु बालखदेखि फिक्रि गर्दै ल्याएका तेरा १२
झांक्रिकाम् र धेरै मन्तरतन्तर् देखि कोइ नाफा उठाउंनु सक्छस् कि डर देखाउंनु सक्छेस् भन्ये देखि त एले उभीयेर यसो गर्। तं जुक्ति खोजि १३
हिंड्दै थाकि सकिस्. त श्रब ज्योतिषीहरू तारा हेर्ने र नया जून् देखाउन उभीयेर ति तं माथि पर्ने कुराहरू देखि तंलाइ बचाउन्। हेर् तिनिहरूछ १४
ता भूस् जस्तो हुंछन श्रागोले तिनलाइ डड़ाउंछ तिनिहरूले श्राफुलाइ ज्वाला देखि बचाउंनु सक्दैनन्. त्यो चर्ह श्रागो श्रं तापने भुब्रो जस्तो
हुंदैन न यस्तो हुंछ जस्को सांमु कोई बस्ला। तैंले सिहौंनत् गर्येका कुरा १५
तंलाइ यस्ता हुंछन्. श्रनि तं सित बालख देखि बेपार् गर्दै श्राउनेहरू श्राफ्नु श्राफनु दिशा तिर फर्कि जांछन् श्रं तेरो उद्धार् गर्ने कोइ रहंदैन॥

यो कुरो सुन हे याकूबको जहान् हो जो इस्राएलको नांउ गरि ४८ १
पनि भनीद छौ श्रनि यहूदाका पानीहरू देखि निस्क्येका छौ जुनहरूले यहवको नांउको किरिया ता खांद छौ श्रनि इस्राएलको ईश्वरको चर्चा
ता गर्द छौ तर सचोइं र धर्म सित होइन। श्रं तिनिहरूले श्राफुलाइ २
पवित्र सहरकाहरू हौं ता भन्द छन् श्रनि इस्राएलको ईश्वर् जस्को नांउ सेनाहरूको यहवे हो उसै माथि श्रड़ेस् लागि रहद छन्। श्रगाडिका ३
बिषयहरू ता मैंले उइले देखि कहि दियेको छु ति मेरो मुख् देखि निस्क्या तिनको चर्चा मैंले गर्यें. एक्कासि ति गर्नु लाग्ये तब तिनिहरू भइ गये।
मं तिमिहरू श्रट्टेरि र फलसे नसो भयेको गर्धन् र सिरको गूदा पीतलै भयेका ४
मान्छेहरू छौ भनि जान्द थियें यसकारण मैंले उहिले देखि तिमि- ५
हरूलाइ देखायेको छु हुंनु भन्दा पहिले मैंले त्यो तिमिहरूलाइ सुनायें तिमिहरूले यो हामिहरूइको देवताको काम् हो श्रनि हामिहरूले खोप्येका
र ढाल्येका मूर्त्तिहरूको श्राज्ञाले हो भन्नु न पाव भन्ये खातिर्ले। तिमि- ६
हरूले यो सुन्येका छौ श्रं यो सब्बै सुन्येका छौ श्रब के तिमिहरू श्राफैले यो स्वीकार् गर्दैन. तर एलेनै देखि मं तिमिहरूलाइ नया नया कुरा र
तिमिहरूले न जान्येका गुप्त कुरा सुनायेको छु। ति ता एलै सिर्जीये श्रनि ७

यो भन्दा पहिले भयेका थियेनन् तिमिहरूले आजु भन्दा अगाड़ि ति सुन्येका
थियौन येस्कारण् तिमिहरूले हांमिहरू ता यिनिहरूलाइ जान्द थियूं भनि
८ भन्नु पाउंदौन । अं तिमिहरूले न सुन्येका थियौ न जान्यो न यो भन्दा
पहिले तिमिहरूका कान् खोलीये . तिमिहरूले निस्सै अग्घोर् छल् गर्यौ
९ अनि गर्भ देखि अपराधी भनीयो भनि मं जान्द थियें । मं आफ्नै नांउको
लागि धीरज् सित रिस् गर्कु अनि मं आफ्नै मानको लागि तिमिहरूलाइ
१० नास् न गरुं भन्येर तिमिहरू देखि थुनि राख्ने गर्कु । हेर मैंले तिमिहरूलाइ
खानु ता खायें तर चांदी झैं होइन मैंले तिमिहरूलाइ दुक्खको भट्टिमां झैं
११ खारि तिमिहरूको जांच् गर्यें । मं आफ्नै लागि अं आफ्नै लागि यो गर्कु
होइन भन्य ता मेरो नांउ अपवित्र ठहर्ने थियो . आफ्नु महिमा मं
अरूलाइ दिन्न ॥
१२ हे याकूब् हो मैंले डाक्येको इस्राएल् मेरो सुन . मैंने उइ हुं मं
१३ पहिलो हुं अनि पछिल्लो पनि मैंने हुं । अं मेरै हातले पृथिवीको जग्
बसाल्यो अनि मेरै हातले अकाश् फिंजायो . जब जब मं तिनलाइ डाक्द
१४ छु तब तब तिनिहरू सङ् सङै उभीर छन् । तिमिहरू सबैले भेला भयेर
सुन तिनिहरूमांका कस्ले यि कुरा जनायो । ज्ये देखि यहोवले प्रेम् गर्द छ
त्येसैले बाबेलमां उस्को इच्छा पूरो गर्छ अनि कल्दीहरूमां उस्को बल् प्रगटो
१५ गर्छ । अं मैंलेनै भन्येको छु मैंले त्येसलाइ डाक्येको छु . मैंले त्येस्लाइ पनि
१६ ल्यायें अनि त्येस्को कार्ज्य सुफल् हुंछ । मं छेउ आयेर यो कुरो सुन मैंले
थालीन देखि गुप्तमां भन्येको छुइन यो कुरो हुंनु लाग्येको देखि मं उहीं छु .
१७ अनि अब प्रभु यहोव र उस्को आत्माले मंलाइ पठाइ दियेको छ । यहोव
तिमिहरूको छोड़ाउंने र इस्राएलको पवित्र जनले येसो भन्द छ . मं
तिमिहरूको ईश्वर् यहोव हुं तिमिहरूको नाफेको लागि सिकाउंने अनि
१८ तिमिहरू हिंड्नु पर्ने बाटोमां तिमिहरूलाइ हिंड़ाल्ने । तिमिहरूले मेरा
आज्ञा ध्यान् सित सुन्यौ भन्ये देखि ता . तिमिहरूको शान्ति महानदी
१९ जस्ता र तिमिहरूको धर्म्म समुन्द्रका छाल् जस्तो हुंथ्ये अनि तिमिहरूको
बंश बालुवा जस्ता र तिमिहरूका बालखहरू बालुवाका कनिका जस्ता
हुंथ्ये . त्येसको नांउ न काटाओस् न मेरो सांमु देखि नास् हवस् ॥
२० बाबेल् देखि निस्क आव कल्दीहरूको बीच् देखि भागि आव ठुलो
सोरले गाउंदै यहोवले आफ्नु दास् याकूबलाइ छोड़ायो भन्ये कुराको
२१ प्रचार् गर अं पृथिवीको छेउ सम्म पनि येस्को चर्चा फिंजाव । अनि उस्ले
तिनलाइ निजल् देसमां चलाउंदा तिनिहरूलाइ फेरि फेरि तिर्खा लाग्दैन .
उस्ले तिनिहरूको लागि पहरा देखि पानी बहायो . अं पानी पहरा
२२ चीरेर फुटि निक्ल्यो । दुष्टहरूको शान्ति कोइ हुंदैन भनि यहोवेको येइ
बचन् छ ॥
४९ १ हे द्वीपहरू हो मं तिर कान् थाप अनि सुन हे टाढ़ा टाढ़ा बसे
लोग् लोगहरू हो . यहोवले मंलाइ गर्भ देखि बोलायो मं आमाको पेटमां

छंदै उह्ले मेरो नांउको चर्चा गर्‍यो . अनि उह्ले मेरो बचन् लाग्ने तरवार् २
जस्तो पारि दियो अनि आफ्नु हातको आड्मां मंलाइ लुकाइ राख्यो फेरि
मंलाइ चिल्लो काड् बनायेर आफ्नु ठोक्रोमां गुप्त राख्यो . अनि मंलाइ ३
भन्येको छ तं मेरो दास् इस्राएल् होस् जस्मां मं बड़ाई गर्नेछु । तर मैंले ४
भन्यें मैंले ता ब्यर्थ दास्तो गर्यें अनि ब्यर्थ आफ्नु बल् हराइ दियें . तैपनि
निस्से यहवेले मेरो निया गर्छ अनि मेरो मिहिनेतको फल् मेरो ईश्वरको
हात्मां छ भनि । अनि अब यहवेले मंलाइ गर्भ देखि रचदै ल्यायो मं उस्को ५
दास् भइ याकूबलाइ उ तिर फर्काइ ल्याउं अनि इस्राएललाइ उ थांइ भेला
गराउं भन्ने खातिरले . (कसोगरिभन्ये यहवेको दृष्टिमां मेरो महिमा भयो
अनि मेरो ईश्वर् मेरो बलको मूल् भयो). उइ [यहवे]ले मंलाइ भन्छ छ ६
तैंले याकूबका कुलहरूलाइ उठाउंनु र इस्राएलका रत्ते भयेका लोगलाइ
फर्काइ ल्याउंनुको लागि मेरो दास् हुंनु यो ता हलुङ् कुरा हुंन थियो .
न मं तंलाइ अन्यदेसीहरूको लागि ज्योति ठहराउंछु र तं पृथिवीको छेउ
सम्म मं पट्टि बाटो मुक्तिको लागि हो । मान्छेहरू देखि तुच्छ जानीयेको ७
र येस् लोगले घिनाको र अधिकारीहरूको दास्लाइ इस्राएलको छोड़ाउंने
र त्यस्को पवित्र जन् यहवेले येसो भन्छ . राजाहरू देखेर उभीछन्
अनि मालिकहरूचइंले दण्डवत् गर्छन् सांचो यहवेको लागि अर्थात्
इस्राएलको पवित्र जनको लागि जस्ले तंलाइ छान्यो । यहवेले येसो
भन्छ ग्रहण गर्येको समयमां मैंले तंलाइ उत्तर् दियें अनि मुक्तिको ८
दिन्मां तेरो गोहार् गर्यें . त अब मं तेरो रक्षे गरि तेरो बाटोले आफ्नु
प्रजा सित नियम् बांधछु र तैंले येस् देस्लाइ फेरि सुभाग्य पार्येस् अनि
त्येस्मांका उजार् ठांउहरूलाइ तिनका अधिकारीहरूका हात्मां फर्काइ
दियेस् अनि बन्धवाहरूलाइ भन् निक्ल जाअ अनि अंध्यारोमां ९
पर्येकाहरूलाइ आफुलाइ देखाव भन्ने । तिनिहरू बाटा हुंदो चर्छन् अ
सबै डांड़ा डांड़ा हुंदो खर्क पाउंछन् । तिनिहरू न भोकाउंछन् न तिर्खाउंछन् १०
अनि तिनिहरूलाइ न घामको गरमि लाग्छ न घामले पोल्छ . कसोगरिभन्ये
तिनिहरू माथि दया गर्नेचइंले तिनिहरूलाइ लिइ हिंड्छ अं जस्वा पानीका
छेउ छेउ तिनिहरूको अगुवाई गर्छ । अनि मं आफ्ना सबै डांड़ाहरूलाइ ११
बाटो बनाउंछु अं मेरा मूलबाटाहरू अग्लयाइंछन् । हेर तिनिहरू ता टाढ़ो १२
देखि आउंदछन् . अनि तिनिहरू ता उत्तर् र पच्छिउं देखि अनि तिनिहरू
सीनीमको देस् देखि । ए आकाश् सोर्ले गा ए पृथिवी खुशि हो हे १३
पहाड़हरू हो ठुलो सोर्ले गाव . किनभन्ये यहवेले आफ्नु प्रजालाइ
शान्ति दियेको छ अनि आफ्ना दीनहरू माथि दया गर्येको छ ॥
तर सिय्योनले भन्यो कि यहवेले मंलाइ त्यागि दियो कि प्रभुले मंलाइ १४
बिर्स्यो । कि आइमाइले आफ्नु दुद्खाने नानीलाइ आफ्नु गर्भको छोरो- १५
माथि दया न गर्ने सम्म गरि बिर्सनु सकइ छे . अं त्यस्ले ता बिर्सली पनि तर मं
ता तिमिहरूलाइ बिर्संदीन । हेर् मैंले तंलाइ आफ्नु हत्केलामां खोप्येको १६

१७ छ तेरा घराभित्ताहरू मेरो सांमु सधैं रहंछन्। तेरा छोराछोरीहरूले ता
फुर्ति गर्दै छन् अनि तंलाइ नष्ट पार्नेहरू र उजार्नेहरू तं देखि निकलि जांदै
१८ छन्। आफ्ना आंखा उचालि चारै तिर हेर्. ति सबै भेला भयेर तं थांइ
आउंदै छन्। यहवेको यो वाणी छ मं जीइ रह्याको झैं तं यि सबैले
पहिर्याइंछस् आइमाइले आफुलाइ गहनाले पहिर्यायेको झैं अनि
१९ ब्याउलाले आफुलाइ बांध्येको झं बांध्छस्। कसोगरिभन्ये तेरा जुन् जुन्
ठांउ अब सुन्नै र उजारायेका छन् अनि तेरा जुन् देस् अब नास् पारीयेको
छ त्यस् बेलामां तिनमां बस्नेहरू अटाउंदैनन् अनि तंलाइ खाइ हाल्नेहरू
२० टाढो होइ जांछन्। तेरो निर्बंशका बालखहरूले तेरा कानमां भन्छन्
यस् ठांउमां हामिहरू अटाउंदैनौं. हामिहरूको लागि अब ठांउ देउ र
२१ हामिहरू त्यस्मां बस्छौं। तब तंले आफ्नु मनमां भन्छस् मं निर्बंश भयेको
र मर्छो भयेको र बन्धवाईमां पर्येको र येताउति डुल्येको स्त्रीको लागि
छोराछोरीहरू कस्ले जन्मायो. अनि यिनलाइ कस्ले पाल्यो। हेर मं ता
एक्लैने थियें अब यिनिहरू कहां बाटो आये॥
२२ प्रभु यहवले येसो भन्द छ हेर् मं आफ्नु हात् अन्यदेसीहरू तिर
उठाउंछु अनि आफ्नु झण्डा लोग् लोग्को सांमु उभ्याउंछु. तब तेरा
छोराहरूलाइ तिनिहरूले आफ्नु काखमां ल्याइ दिंछन् अनि तेरो छोरीहरू
२३ तिनिहरूका कांधमां बोकाइंछन्। अनि तेरा बालबच्चाहरूका निज् चाकरहरू
राजाहरू र तेरी दुधामांहरू तिनिहरूको रानीहरू हुंछिन्. तिनिहरूले घोप्टो
परेर तंलाइ दण्डवत् गर्छन् अनि तिमिहरूका पैतलाको धूलो चाट्छन् त
तंले यहव उह हो रछ उस्को बाटो हेर्नेहरू कैले पनि लजाउंदैन राछन्
२४ भनि थाहा पाउंछस्। के लूट् बीरहरू देखि खोसींछ अनि धर्मको रीतिले
२५ बन्धवाहरू छोड़ाइंछन्। तर यहवले भन्द छ अं बीरहरूका बन्धवाहरू
पनि त्यो देखि खोसींछन् अनि डरलाग्दोको लूट् त्यो देखि छोड़ाइंछ.
कसोगरिभन्ये तं सित झगरा गर्ने सित मं आफैं झग्रंछु अनि तेरा
२६ बालबच्चाहरूलाइ मं आफैं उद्धार् गर्छु। तं माथि मिचेइ गर्नेहरूलाइ मं
तिनिहरूकै मांसु खुवाउंछु अनि तिनिहरू आफ्नु रगत् पियेर नया
दाखमद्दले झं मताहा हुंछन्. तब सबै प्राणाले यहव तेरो उद्धारकर्त्ता र
तेरा छोड़ाउने र याकूबको सर्वशक्तिमान उइ हो रछ भनि थाहा पाउंछन्॥
५० १ यहवले येसो भन्द छ मंले निकाल्येका तिमिहरूका आमाको
त्यागपत्र कहां छ. अनि मैंले तिमिहरूलाइ आफ्नु कुन् चइं साहुलाइ
बेचि दियेका गर्छु. हेर तिमिहरू आफ्नु अधर्मको कारणले बिक्रि भयौ
२ अनि तिमिहरूकै अपराधहरूको कारणले तिमिहरूका आमा निकालीई।
मं आउंदा किन कोइ पनि थियेन. मंले हापादो किन उत्तर् दिने कोइ
पनि थियेन. के मेरो हात् छोड़ाउनु न सक्नेगरि सानु भयो. अनि
के ममां बचाउने शक्ति छैन। हेर मं ता समुन्द्रलाइ हकार्नु बित्तिकै
सुकाइ दिंछु अनि महानदीहरूलाइ निपाने देस् बनाइ दिंद छु. अं

पानी न भयेको कारणले तिनका माछाहरू तिर्खायेर मरि जांद छन्
अनि गन्हाउंद छन्। म आकाशलाइ कालो थोकले झैं पहिर्याउंद छु अनि ३
तिनमा भाङ्ग्रा ओढाउंद छु॥

प्रभु यहवेले मलाइ सिकाईयेकोको जिब्रो दियेको छ मैं आफना ४
बचनको बाटोले थाकेकाहरूलाइ थाम्नु जान्द छु भनि जान्नु पर्छ. उसले
बिहान् बिहान् मलाइ जगाउंद छ उसले मेरा कानलाइ जगाउंद छ
सिकाईयेकोले झैं मैले सुन्नको लागि। प्रभु यहवेले मेरा कानहरू ५
उघार्येको छ अनि मैले त्यो नाघीन न त्यो देखि पर सर्यें। मैले आफ्नु ६
पिठिउं हिर्काउंनेहरू तिर र आफनु गाला दारिजुङ्गा उखेल्नेहरू तिर दियें.
मैले निन्दित हुंनु र थुकौंनु देखि आफनु मुख् लुकाइंन। किनभन्ये प्रभु ७
यहवेले मेरो गोहार् गर्छ येसकारण मेरो मुख् कालो भयेन. तर मैले आफ्नु
गाप्रो दलमौंगढुंगा जस्तो सारो पार्यें किनभन्ये लजाईदौंन भनि जान्द ८
छु। मलाइ धर्म्मी ठहराउंने मेरो नजिकै छ म सित झगरा गर्ने को हो.
म सङ्ग उभौं आओस्. मेरो फिरादी को हो. त्यो म छेउ आवस्। हेर प्रभु ९
यहवेले मेरो गोहार् गर्छ कसले मलाइ दोषी ठहराउंछ. हेर ति सबै लुगा
झैं मक्कि हुंछन् कौराले तिनलाइ खाइ हाल्छ॥

तिमिहरूमांको कुनचाइंले यहवेको भय् मान्द छ अनि उसको दासको १०
शब्द मान्द छ. जसले अंध्यारोमा हिंड़्यर कोइ उज्यालो देखदैन त्यसले यहवेको
नांउको भरोसा राखोस् अनि आफनु ईश्वर् माथि अड़ेस् लागि रहोस्।
हेर तिमि आगो बाल्ने र अगुल्ठा भिर्ने सबै तिमिहरू आफूले बाल्येको ११
आगोमा अनि आफूले सल्कायेको अगुल्ठोको बाचमा हिंड़ जाव। मेरै
पट्टि बाटो यो हुंछ तिमिहरू शोकमा परि रहंछौ॥

हे धर्म्म पछ्याउंनेहरू हो हे यहवेलाइ खोज्नेहरू हो म तिर ५१ १
कान् लगाव. जुन् पहरा देखि तिमिहरू खोपीयौ अनि जुन् खानि देखि
तिमिहरू निकालीयौ उता तिर हेर। आफनु मूल् पिता अब्राहाम् र २
तिमिहरूलाइ जन्माउंने सारा तिर हेर. जब त्यो एक्लै थियो तबनै मैले
त्यसलाइ डाकें अनि आशीष् दियें अनि त्यसलाइ धेरै तुल्यायें। कसोगरिभन्ये ३
यहवेले सियोनलाइ शान्ति दियो. त्यसका सबै उजाड़हरूलाइ शान्ति
दिइ त्यसको बनलाइ एदेन् जस्तो र त्यसको निपानदेसलाइ यहवेको बारी
जस्तो पारि दियो त्येसमा हर्ष र आनन्द र धन्यबाद् र भजन् गाउंनेको
शब्द सुनौंछन्॥

हे मेरा प्रजाहरू हो म तिर ध्यान् देव हे मेरा लोगहरू हो म तिर ४
कान् थाप. किनभन्ये म देखि शिक्षा निस्कंछ अनि म आफनु नियावचन्
अन्यदेसीहरूको प्रकाशको लागि स्थीर् गराउंछु। मेरो धर्म्मीहुवाइ ५
नजिक् छ मेरो उद्धार् निस्क्यो मेरा पाखुराले अन्यदेसीहरूको निया गर्छन्
द्वीपहरूले मेरै बाटो हेर्छन् अनि मेरै पाखुरा माथि आशा राखछन्।
आकाश तिर आफना आंखा उचाल्येर उंधो बाटो पृथिवीलाइ हेर. ६

किनभन्ये अकाश् ता धुवां झैं बिलीइ जांछ अनि पृथिवी लुगा झैं पुरांनु
होइ जांछ अनि त्यस्मां बस्नेहरु त्यतिकै मरि जांछन् . तर जुन् उद्धार्
मं गर्छु त्यो सदा सम्म रहि रहंछ अनि मेरो धर्म्मीहुवाई नाश् हुंदेन ॥
७ हे धर्म्म जान्नेहरु हो हे मेरो शिक्षा मन्मां राख्ने लोग्हरु हो मेरो
सुन बिनासी मान्छेको गिल्ला देखि न डराव अनि तिनको निन्दा देखि
८ थरेक् न मान । किनभन्ये तिनिहरुलाइ कीराले वस्त्र खाये झैं खांछ अनि
कीराले ऊण् खायें झैं खांछन् . तर मेरो धर्म्मीहुवाई ता सदा सम्म रहि
रहंछ अनि मैंले गर्य्येको उद्धार् पुस्ता देखि पुस्ता सम्म ॥
९ हे यहवे जागि उठेर आफनु पाखुराको बल् देखाउंनु हवस् तादिका
दिनमां अं बीत्येका पुस्तामां झैं जागि उठनु हवस् । रहब्लाइ टुक्रै टुक्रा
१० पार्ने अं अजिंगर्लाइ छेड्ने को तपांइ उइ होन । समुन्द्रलाइ अं अगाध्
गहीरो समुन्द्रको पानी सुकाउंने को तपांइ उइ होन जस्ले समुन्द्रको थाह-
११ लाइ छोड़ायेकाहरुको लागि पारि जांनुलाइ बाटो तुल्याउंनु भयो । यहवेले
छोड़ायेका लोग्हरु बन्धुवाई देखि फर्कि चर्को सोर्ले गाउंदै सिय्योन्मां
आउंछन् अनि तिनिहरुको कपाल मांथि सदाको आनन्द रहंछ . तिनिहरुले
हर्ष र आनन्द प्राप्त गर्छन् अनि शोक् र सुस्केरा भगाई टाढ़ो भागि जांछन् ॥
१२ तिमिहरुको शान्तिदाता मं अं मैंने हुं . त तं को होस् जो बिनासी
मान्छे देखि थर्थराउंने अनि घांस् झैं ओइल्हीने मान्छेहरु देखि डराउंने
१३ अनि आफनु उत्प् कर्त्ता यहवेलाइ बिर्सिने जो अकाश् फिंजाउंने र
पृथिवीको जग् बसाल्ने हो . त्यो सकस्मां हाल्ने तंलाइ नास् गर्न
तियार् हुंदे छ तैपनि उस्को बल्दो रिस् देखि दिन्भरि बराबर् थर्थराउंने .
१४ अनि सकस्मां हाल्नेको बल्दो रिस् कता हो । बन्धुवाइमां लग्येको र
झेल्खान्मां राख्येको मान्छे छिटै फुकाइ दिइंछ त्यो न मर्छ न खाड्ल्मां
१५ हालींछ न त्यस्को रोटी घट्छ । कसोगरिभन्ये समुन्द्र उछाल्ने अनि त्यस्का
छाल्हरुलाइ गर्जाउंने मैं तेरो ईश्वर् यहवे हुं . उस्को नांउ सेनाहरुको
१६ यहवे हो । अनि मैंले तेरो मुखमां आफना बचन् हाल्येको छु अनि तंलाइ
आफनु हातको आड्मां लुकाइ राख्येको छु मं स्वर्गहरु रोपूं अनि पृथिवीका
जग्हरु बसालुं अनि सिय्योन्लाइ तं मेरो प्रजा होस् भनुं भन्ये खातिर्ले ॥
१७ हे यरुशलेम् जस्ले यहवेको हात् देखि उस्को बल्दोरिसको बटुको
खायेको छ अर्थात् लर्बराउंने कटोरा थांट्है खायेको छ अब उम्तौदै
१८ उभोइ । त्यस्ले जन्माय्येका सबै छोराहरुमांको त्यस्लाइ डोर्याउंने कोई पनि
छैन अनि त्यस्ले पाल्येका सबै छोराहरुमांको त्यस्को हात् समात्ने कोई
१९ छैन । यि दुइ बिपत्तीहरु तं मांथि आइ लाग्ये अर्थात् देस् उजार् र नष्ट
र अनिकाल् र तरवार् . तर तं सङ बिलाप् गर्ने को हो मं अनि तंलाइ
२० कसोगरि शान्ति दिउं । तेरा छोराहरु मुर्छा पर्ये बाटो बाटोको कुइंन्याटो
कुइंन्याटोमां महाजाल्मां फांसीयेको नीलगाव झैं पल्टीइ रह्येका छन्
यहवेको बल्दोरिस् तेरो ईश्वर्को हकाराईले तिनिहरु भरीयेका छन् ।

येस्कारण् ए दुखिनी तं मतही ता छस् तैपनि दाखमद्यले होइन त तं यो २१
कुरो सुन्. तेरो प्रभु यह्वे अर्थात् तेरो ईश्वर् जस्ले आफ्नु प्रजाको २२
मामलाको लडाइँ गर्दै छ उस्ले येसो भन्द छ हेर् लरबराउंने कटौरा अं
आफ्नु बल्होरिस्को बटुको तेरो हात् देखि लिहाल्येको छु त फेरि फेरि
तिमिहरुले त्यो खांदैन. अनि मं त्यो तंलाइ दुक्ख दिंनेहरुके हातमां २३
हालि दिंछु जुन्हरुले तंलाइ हांमिहरु तं मांथि टेक्नेर हिंडूछौं टर्लाकि
भन्येका छन्. त तैंले घोप्टो पर्येर आफ्नु पिठिउं त्येस् मांथि हिंडूनेहरुको
लागि भुइं जस्तो र बाटै जस्तो तुल्याइ दियेको छस् ॥
हे सिय्योन् हो जागि उठेर आफ्नु बल् लगाव हे पवित्र सहर् ५२ १
यरूशलेम् हो आफ्नु शोभित् बस्त्र लगाव. किनभन्ये तिमिहरुको बीच्
खितने र अशुद्ध फेरि फेरि कोले पनि आउंदैनन्। आफुलाइ धूलो टकि २
झारझार् गर् हे यरूशलेम् उठेर बिराज्मान् हव. हे सिय्योन्का
बन्धुवाहरु हो आफ्नु गलाको बन्धन् फुकाइ देव ॥
किनभन्ये यह्वेले येसो भन्द छ तिमिहरु ता सितैंमां बेचौयौ न ३
रुपिया न दिकन छोड़ाइँछौ पनि। किनभन्ये प्रभु यह्वेले येसो भन्द छ मेरो ४
प्रजा तांहि परदेसी भइ रहंनुलाइ मिस्रमां गयेको थियो. अनि अश्शूरले
त्येस् मांथि बिना कारण् मिचेइँ गर्येको थियो। त अब यह्वेको यो बाणी ५
छ मेरो प्रजा सितैंमां लगायो र पनि मं यहां के गर्दै छु. फेरि यह्वेको
यो बाणी छ त्येस् मांथि राज् गर्नेहरु हूं हूं गरि कराउंद छन् अनि
दिन्भरि बराबर् मेरो नांउको निन्दा गरीन्द छ। येस्कारण् मेरा प्रजाले मेरो ६
नांउ चिन्छन्. हांमिहरु सित बात् मार्ने उइ हो रछ भनि तिनिहरुले
त्येस् बेलामां थाहा पाउंछन् हेर् मंने हुं ॥
समाचार् सुनाउंनेहरुका पाउ डांड़ाडांड़ा हुंदो कस्ता सुन्दर् छन् ७
अर्थात् मिलापका कुरा प्रचार्ने र कल्याणका सुसमाचार् ल्याउंने र उद्धार्
प्रचार्ने र सिय्योन्लाइ अब तेरो ईश्वर्ले राज् गर्द छ भनि भन्ने। तेरा ८
पहरुहरुको सोर् सुन्. तिनिहरुले मिलिकन ठुलो सोर्ले गाउंदै छन्
किनभन्ये यह्वे सिय्योन्मां फर्कंदा तिनिहरुले मुखामुख् देख्छन्।
हे यरूशलेम्का उजाड्हरु हो सङ् सङै ठुलो सोर्ले आनन्दले गाव. ९
किनभन्ये यह्वेले आफ्नु प्रजालाइ शान्ति दियो उस्ले यरूशलेम्लाइ
छोड़ायो। यह्वेले सिंगै लोग् लोग्को सांमु आफ्नु पाखुराको बल् देखायो १०
अनि पृथिवीको छेउ छेउ सम्मका सबै लोगले हांमिहरुको ईश्वर्ले गर्येको
उद्धार् देख्छन्। त्यहां बाटो निस्कि आव निक्ल कोइ अशुद्ध थोक् न छोव ११
त्येस्को बीच् बाटो निस्कि आव हे यह्वेका भांड़ाहरु ओसार्नेहरु हो आफु
आफुलाइ शुद्ध गर। किनभन्ये तिमिहरुले न हतार् सित निक्लंनु पर्छ न १२
दुगुरि दुगुरिकन हिंडूनु पर्छ. किनभन्ये यह्वे तिमिहरुको अघि अघि
हिंडूने हुंछ अनि इस्राएल्को ईश्वर्ने तिमिहरुको पछि पछि पनि हिंडूने
हुंछ ॥

१३ हेर मेरो दासले बुद्धि सित काम् गर्छ त्यो उठाईयेर अलग्गो भयेर
१४ अघोर बढ़ति होइ जांछ। धेरै लोग् तंलाइ देख्येर छक्क पर्येका जस्ता
हुंछन् किनभन्ये उस्को चेहेड़ा अरुहरुको भन्दा बेसगरि बिगार्येको थियो
१५ अनि उस्को रूप् अरु मान्छेको वंशीको भन्दा बेसि ऐसोगरि उस्ले
धेरै लोग् लोगहरुलाइ छक्क राजाहरु उस्को कारणले चुपचाप् रहंछन्.
किनभन्ये जस्को बिषयमां समाचार् काहि दिईयेन त्यो तिनिहरुले देख्छन्
अनि जस्लाइ तिनिहरुले सुन्येका छैनन् त्यो तिनिहरुले बूझ्छन् ॥

५३ १ कस्ले हांमिहरुको सुनाईको बिश्वास् गर्यो. अनि यहवेको
२ बांहां को मांथि प्रगटो गरायो। कसोगरिभन्ये त्यो उस्को सांमु कोपाला
जस्तो र निपानि ठांउमां भयेको जरा जस्तो बढ्यो. उस्मां न ता रूप् न ता
सुन्दरेईं छ अनि हांमिहरु उस्लाइ हेर्दा उस्लाइ मन् पर्ने गम्रेईं काइ छैन।
३ उ तुच्छ जानीयो अनि मान्छेहरु देखि अफालीयो दुक्खको मान्छे अनि
ब्यथाको चिनाजाना अनि मान्छेहरुले मुख् फर्काईयेको जस्तो उ तुच्छ
जानीयो अनि हांमिहरुले उस्लाइ लेखामां ल्याउंदैन थियूं ॥

४ सांचिनै हांमिहरुके रोग उसैले भोग्यो अनि हांमिहरुके दुक्ख उस्ले
उठाइ लग्यो. तैपनि हांमिहरुचइंले उस्लाइ रोगी र ईश्वरले हिर्कायेको र
५ कष्ट् पार्येको लेखामां ल्याउंद थियूं। तर हांमिहरुके अप्राधको कारण्
ले उ घायेल् गरीयो हांमिहरुके अधर्म्मको कारणले उ कुच्याईयो.
हांमिहरुलाइ शान्ति दिने दण्ड उस् मांथि पर्यो अनि उस्का चोटले
६ हांमिहरु निको पारीयूं। हांमिहरु सबै ता भेंड़ाहरु झैं भसेंदै गयूं अं
हांमिहरु आफ्नु आफ्नै बाटोमां फर्कि गयूं तर यहवेले हांमिहरु सबैको
अधर्म्म उसै मांथि हालि दियो ॥

७ सिचोयो गर्पनि उस्ले आफुलाइ दीन् तुल्यायेर मुख् उघार्येन
जसोगरि काट्टीनुलाइ लगायेको थुमा र जसोगरि भेंड़ो त्येस्को ऊण्
कत्रंनेको सांमु चुप् रहंद छ अं त्येसैगरि उस्ले आफ्नु मुख् उघार्येन।
८ उ मिचेईं र नियामां लगायो अनि उस्को पालाका लोगमांको कस्ले ऐस्को
बिचार् गर्यो उ जीवनलोक् देखि काटि लगीयो भन्ये. मेरो प्रजाको
९ अप्राधको कारणले उस् मांथि कुटाइं पर्यो। अनि तिनिहरुले उस्लाइ
दुष्टहरु सित अनि उ मर्दा उस्को चिहान् धनी सित दिये किनभन्ये उस्ले
काहि उपद्रेईं गर्येका थियेन अनि न उस्को मुखमां काइ छल् थियो ॥

१० तैपनि उस्लाइ कुल्चनु यहवेको इच्छे भयो. उस्ले उस्लाइ उदास्
गरायो. जब तपांइले उस्को प्राण् दोषबलिमां चढ़ाउंनु लगाउंनु भयो
तब उस्ले आफ्नु वंश देख्छ उस्का दिन् बढ़ाईउन्. अनि उस्को बाटोले
११ यहवेको इच्छे भाग्येमान् हुंछ। उ आफ्नु मनको दुक्ख देखिकन
तृप्त हुंछ. आफ्नु ज्ञानको बाटोले मेरो धर्म्मी दासले धेरैलाइ धर्म्मी
१२ ठहराउंछ. अनि उस्ले तिनिहरुका अधर्म्म बोक्छ। ऐसै कारण् मं उस्लाइ
बड़ाहरु सङ्ग भाग् बांड़ि दिंछु अनि उस्ले सामर्थीहरु सङ्ग लूट् बांड्छ

किनभन्ये उस्ले आफ्नु प्राण् मृत्यु सम्म खन्याइ दियो अनि उ अधर्म्मीहरु
सङ गनीयो . तैपनि उस्ले धेरैको पाप् बोक्यो अनि अधर्म्मीहरुको लागि
अर्जे बिन्ति गर्‍यो ॥

ए न जन्माउंन बांझी तं गा ए सुत्केरे पीरा न सह्येकी स्त्री- ५४ १
गानमां चर्को तुलो सोर्‌ले करा . किनभन्ये यहवेले भन्द छ एक्लै रह्येकीको
बालबच्चा लोग्ने हुने स्वास्नीका बालबच्चा भन्दा धेरै छन् । आफ्नु पालको २
ठांउ बढा अनि तिनिहरुले तेरा डेराहरुका पाटाहरु फिंजाउन् न थम्न् .
डोराहरु लम्म्या अनि कीलाहरु बलिया गरा । किनभन्ये तं बढेर दाहिनो ३
अरु बाउं फैलीछस् अनि तेरो बंशले लोग् जातिलाइ आफ्नु ताबिमां पार्छ
अनि उजाड् सहरहरु बसाउंछ । तं न डरा किनभन्ये लजाउंदैनस् . अनि ४
तंलाइ लाज् न हवस् किनभन्ये तं लजाउंदैनस् . अं तेरो तरुणाबेलामांको
अपमानको गत् बिर्सौंछस् अनि न ता तेरो बिधवापनको गिल्लाको समझना
फेरि गर्छस् । किनभन्ये तेरो कर्त्तानै तेरो स्वामी चइं हो . उस्को नांउ ५
सेनाहरुको यहवे हो . अनि इस्राएलको पवित्र जन् तेरो छोडाउंन
छ सिंगै पृथिवीको ईश्वर् भनि उइ भनींछ । किनभन्ये छोडीयेकी र मनको ६
दुखिनी स्वास्नी अं तरुणाबेलामां ब्याहा भई तर पछि निकालीयेकी
स्वास्नीलाइ झैं यहवेले तंलाइ बोलायो भनि तेरो ईश्वर्‌ले भन्द छ ।
एकछिनको लागि ता मैंले तंलाइ छोडि दियेको थियें तर अब बडा दया ७
गरिकन मं तंलाइ फेरि बटुलछु । रिसको झोंकमां मैंले पलभरिको लागि ८
तं देखि मुख् फर्कायेको थियें तर अब अनुग्रह् गरिकन मं तं मांथि सदाको
लागि दया गर्छु तेरो छोडाउंन यहवेको येइ आज्ञा छ । किनभन्ये यो चइं ९
नूहको पानी जस्तो छ . अर्थात् मैंले नूहको बेलामां जलप्रलयले फेरि फेरि
पृथिवी डुबदैन भनि जस्तो किरिया खायेको थियें त्यसैगरि अब मैंले अब
देखि मं तं मांथि रिस् गर्दींन अनि न तंलाइ हकार्छु भनि किरिया
खायेको छु । अं डांड़ाहरु जाइ जांनन् अनि ढिस्काहरु टलि जांनन् तर १०
मेरो अनुग्रह् तं देखि कहिले पनि जांदैन अनि मेरो शान्ति दिंने नियम्
टुट्‌दैन मं तं मांथि दया गर्ने यहवेको येइ बचन् छ ॥

ए दुखिनी तं ता आंधीले सताईयेकी अनि शान्ति न पायेकी हेर् ११
मं तेरा ति ढुंगाहरु राम्रा राम्रा रङ्ग गरि बसालछु तेरा जग् नीलमणिको
हालछु . अनि तेरा कलश् मणिहरुका अनि तेरा ढोका लालड़िका अनि १२
छउछाउ असल् रत्नका पार्छु । अनि तेरा सबै बालबच्चाहरु यहवेले १३
सिकायेकाहरु हुंछन् अनि तेरा बालबच्चाहरुले तुलो शान्ति पाउंछन् ।
तं धर्म्मीहुवाईको बाटोले स्थिर् हुंछस् . तं थिचेईं देखि टाड़ो हुंछस् १४
किनभन्ये तैंले डराउंनु पर्दैन अनि छक्क पर्ने टाड़ो हुंछ किनभन्ये त्यो तेरो
नजिक् आउंदैन । हेर् लोग् भेला होउन् तर मेरो पट्टि बाटो होइन . १५
जत्ति तेरो बिरुद्धमां भेला हुनन् तिनिहरु तं देखि हार्येर लड़ाईंछन् ।
हेर् कोइलाको आगो फुक्ने र आफ्नु कारिगरि अनुसारका हतियार् १६

बनाउंने कारीगर्लाइ पनि मैंले सिर्ज्यंको हो अनि नास् गर्ने उजार्ने पनि
१७ मैंलेने सिर्ज्यैं। तेरो हानिको लागि बनायेको कोई हतियार् सुफल् हुंदेन
अनि नियामां तेरो ब्रिरुद्धमां उठ्ने फिरातीलाइ तैंले हार्ने गराउंछस्।
यह्वेका दास्हरुको भाग् येइ हुंछ अनि तिनिहरु मेरै कारण्ले धर्म्मी
ठहर्छन् यह्वेको येइ बाणी छ॥

५५ १ हे सबै तिर्खाउंनेहरु हो पानी छेउ आव रुपिया न हुंनेहरु पनि
खांनु आव किन्येर खाव अं आयेर दाखको मद्द र दुद् बिना रुपिया र
२ दामै न दिइ किनि लेव। ज्ये खांने थोकै होइन त्येसको लागि तिमिहरु
किन रुपिया हाल्दछौ. अनि ज्येले सन्तोष् गराउंदैन त्येसको लागि किन
दास्तो गर्दछौ. मं तिर मन् लगायेर सुन तब अस्सल् अस्सल् थोक् खांछौ
३ अनि चिल्ला चिल्ला थोक् खायेर तिमिहरुको प्राण् सन्तोषी हुंछ। कान्
लगायेर मं थांइ आव सुन्येर तिमिहरुको प्राण् जौउंछ. अनि मं तिमिहरु
४ सित सदाको नियम् बांधछु अर्थात् दाऊद् मांथि अटल् अनुग्रह्। हेर
मैंले त्येसलाइ लोग् लोगको साक्षी अं लोग् लोगको मालिक् र आज्ञा दिंन
५ खटायेको छु। हेर तिमिहरुले एले सम्म न जान्येका लोगलाइ डाकछौ अनि
तिमिहरुलाइ न जान्ने लोग् लोग् तिमिहरु थांइ दुगुरि दुगुरि आउंछन्
तिमिहरुको ईश्वर् यह्वे र इस्राएल्को पवित्र जन्को कारण्ले कसोगरिभन्ये
उस्ले तिमिहरुलाइ शोभायमान् तुल्यायेको छ॥
६ यह्वे अब पाइंनु सकद्द छ त एले उ थांइ आव अब ता उ नजिक् छ
४ त एले उसलाइ हापार. दुष्टले आफ्नु चाल्चलन् अनि अधर्म्मीले आफ्न्
बिचार् छोड़ोस्. अनि यह्वे तिर फर्कोस् त उस्ले त्येस् मांथि दया गर्छ त्यो
हामिहरुको ईश्वर् तिर फर्कोस् त उस्ले त्येसलाइ पूरापूर् गरि छमा गर्छ।
८ किनभन्ये मेरा बिचार्हरु र तिमिहरुको बिचार्हरु बराबर् छैनन् अनि
न तिमिहरुका चाल्हरु र मेरा चाल्हरु एक् नासै छन् यह्वेको येइ बाणी
९ छ। कसोगरिभन्ये अकाश् पृथिवी भन्दा जति अलगो छ तति अलगो
मेरा चाल्हरु तिमिहरुका चाल्हरु भन्दा अलगा अनि मेरो बिचार्हरु
१० तिमिहरुका बिचार्हरु भन्दा। अकाश् देखि पानी र हिंउ पर्येर उतै तिर
फर्कंदैन तर भूमिमां भिज्येर उपजनि उपजाउंद छ अनि कोपिला उम्राउंछ
११ अनि छर्नेलाइ बिउ र खांनेलाइ रोटी दिंद छ त्येसैगरि मेरो मुख
बाटो निस्कंने मेरो बचन् पनि हुंछ त्यो कहिलेइ निष्फल् फिर्दैन तर ज्ये
मेरो इच्छे भयेको छ त्यो पूरो गर्छ अनि जुन् काम्को लागि मैंले त्यो
१२ भन्येको छु त्यो पूरो हुंछ। त तिमिहरु आनन्द सित निस्कि जांछौ अनि
शान्ति सित पुर्याइंछौ. तिमिहरुको अघि अघि डांड़ाहरु र डिस्काहरुले
१३ चर्को सोर्ले गाउंछन् अनि बन्का सबै रुखहरुले तालि बजाउंछन्। तब
लोहोंड़ेको कांड़ाको साटोमां सत्तिसाल् उम्रंछन् अनि काउसेबिरुवाको
साटोमां बइंसको रुख् उम्रंछ. अनि त्यो यह्वेको नांउको लागि हुंछ अं
त्यो कहिलेइ न मेटींने सदाको चिंनुको लागि रहंछ॥

५६ १ यहवेले येसो भन्द छ निया मान अनि धर्म्म गर . किनभन्ये मैले
गर्न उद्धार् नजिक् छ अनि मेरो धर्म्मीहुवाई प्रगटो हुनु आंटेको छ ।
२ त्यो मान्छे धन्नको हो जस्ले येसैने गर्द छ अनि यो समातने मान्छेको छोरो
अर्थात जो बिश्रामदिन् अपवित्र गर्नु देखि जोगीइ रहंद छ अनि जस्ले
सबै रकमको बुराइ गर्नु देखि आफ्नु हात् बचाइ राखद छ । यहवे सित ३
मिल्येको परदेशीले यहवेले हामिहरुलाइ आफ्नु प्रजा देखि निस्सै छुटाउंछ
भनि न भनोस अनि मेहेरिले पनि न भनोस् म ता सुक्येको रुख् जस्तो हुं
भनि । किनभन्ये मेरो बिश्राम् मान्ने अनि मलाइ खुशि लाग्ने कुरा छान्ने ४
अनि मेरो नियम् समाति मान्ने मेहेरिहरुको बिषयमां यहवेले येसो भन्द छ .
म आफ्नु घर् र आफ्ना भित्तामां तिनको समझनाको लागि तिनको येस्तो ५
नांउ गराउंछु जो छोराछोरीको भन्दा पनि जाति हुंछ अं त्यो कहिलेइ न मेटीने
सदाको नांउ हुंछ । फेरि ति अन्यदेसीहरु पनि जो यहवेको सेवा गर्नु ६
अनि यहवेको नांउ सित पिरित राख्नु अनि उस्को दास् हुनुको लागि
यहवे सित मिल्येका छन् अर्थात् जत्ति जना बिश्रामदिन् अपवित्र गर्नु देखि
जोगीइ रहंद छन् अनि मेरो नियम् समाति मान्द छन् तिनिहरुलाइ ७
म आफ्नु पवित्र पर्वतमां ल्यायेर आफ्नु प्रार्थनाको घरमां रमाहटी गराउंछु
तिनिहरुका होमबलि र मिलापबलि मेरो बेदिमां ग्रहण् गरींछन् .
किनभन्ये मेरो घर् सबै लोग् लोगको लागि प्रार्थनाको घर् भनींछ ।
बलैले निकालि पठायेका इस्राएलीहरुलाइ भेला गराउंने प्रभु यहवेको ८
यो बाणी छ म आफ्ना भेला गरायेका देखि बाहिक् अरुहरुलाइ समेत्
भेला गराउंछु ॥

हे बनका पशुहरु हो हं पत्तालका सबै जन्तुहरु हो खांनुको लागि ९
आव । उस्का पहराचौकिहरु अन्धा छन् सबै अज्ञानी छन् गोंगा कुकुरहरु १०
भै भुकनु सक्दैनन् अनि ऊंघ्ने र सुति सुति सपना देखनेहरु मात्रै छन् ।
अं कुकुरहरु भोकाउंद छन् जो सन्तोषी पनि हुंदैनन् ति बुझ्नु न सक्ने ११
गोठालाहरु छन् . तिनिहरु सबैले आफ्नु आफ्नै बाटो समात्ये अर्थात्
तिनिहरु आफ्नु आफ्नै नाफाको लागि आफ्नु आफ्नै दिशा तिर फर्कि
गयेका छन् । तिनिहरुले भन्द छन् लु हामिहरु दाखमद्य ल्याऊं अनि मद्य १२
खायेर मातूं भोलि पनि आजुकै जस्तो अं अझै अघोर सुखको दिन्
पो हुंछ भनि ॥

५७ १ धर्म्मी मान्छे नष्ट हुंद छ तर येस् कुरामां कसैले मन् लगाउंदैन
अनि भक्त मान्छेहरु उठाईंये तर धर्म्मीहरु आउंदो बिपत्ति देखि उठाइ
लगीये भनि कसैले गुन्दैन । त्यो चइं शान्तिमां पस्द छ अं जो जो धर्म्मको २
बाटोमां हिंडद छन् तिनिहरुले आफ्नु आफ्नु खाट्मां बिसाउंद छन् ॥

तर हे झांक्रिहरुका छोराहरु हो हे ब्यभिचारीहरु र ब्यभिचारीनीहरुका ३
बंशहरु हो येता नजिक् आव । तिमिहरुले ठट्टा गर्द छौ अनि मुख् बायेर ४
हांसद छौ त कस् कस्को अपमान् गर्द छौ . के तिमिहरु अपराधका छोराहरु

५ र टांट्का बंशहरु होन तिमिहरु बांज्हत्ते मुनि सबै हरीया
हरीया रुखहरु मुनि देवताहरुको कारणले बल्द छौ अनि गैह्रा गैह्रा
ओढार्हरुका धांदोहरुको बीच् बीच्मां केटा केटीहरुलाइ मार्द छौ।
६ खोला खोल्चाका चिल्ला चिल्ला ढुंगाहरुका बीच्मां तिमिहरुको भाग
भयो अं तिनै तिमिहरुको अंश भए. येस्तै थोकको लागि तिमिहरुले
खन्याईबलि खन्यायेका छौ अनि अन्नबलि चढायेका छौ। के येस्ता येस्ता
७ थोकले मेरो रिस् मेलाइंछ। अलग्गो उठाईयेको डांढामां तिमिहरुले
आफ्नु खाट् ओछ्यायौ. तिहिनै तिमिहरु बलिदान् चढाउंनुको लागि
८ चांढ गयौ। त्यो तिमिहरुले आफ्नु देला र महार्को पछाडि पट्टि
आफ्नु सम्झनाको चिंनु राख्यौ. कसोगरिभन्ये तिमिहरुले मंलाइ
छोडिकन अर्कालाइ आफ्न जीउ देखायेर चढ्यौ अं आफ्नु खाट् बढायेर
तिनिहरु सित बाचा बांध्यौ अनि त्यो देखेर तिनिहरुको खाट् देखि
९ खुशि हुंद छौ। अनि तिमिहरु तेल् अं धेरै बासना आउंने तेल् लगायेर
राजा थांइ गयौ अनि आफ्ना दूत्हरुलाइ टाढो पठाइ दियेर पत्ताल् सम्म
१० आफुलाइ होंच्यायौ। अं लांमो बाटो देखि तिमिहरु थाकि गयौ तैपनि
आशा छैन भनि भन्यौन. किनभन्ये तिमिहरुको बल् निकै बेसि भयो येसै
११ कारणले तिमिहरु हरान् पर्यौन। तिमिहरुले ढांटेर मेरो सम्झना गर्यौन
अनि न मन्मां राख्यौ त कस्ले डर् देखायेकोले र कस्को भय् मान्येकोले येसो
गर्यौ. के धेरै समय् देखि मं मुख् लुकाइ रह्येको छुइंन र पनि तिमिहरु मं
१२ देखि डरायौन। मं तिमिहरुको धर्म्मकर्म्मको बखान् गर्छु अनि तिमिहरुका
१३ कार्य्यहरुको केहि नाफा हुंदैन। जब तिमिहरुले दोहाई दिंद छौ तब
तिमिहरुले बटुल्येकाहरुले तिमिहरुलाइ बचाउन् तर बतास्ले अं फुकेको
बतास्ले पनि ति सबैलाइ उडाउंछ. तर मेरो शरण लिंनेले देस् भाग्मां
१४ पाउंछ अनि मेरो पवित्र पर्वत्को अधिकारी हुंछ। अनि येसो भन्छ
मांटो पुरि पुरिकन मूल्बाटो तियार् पार अनि मेरो प्रजाको बाटो देखि
ठोकर्का थोक् पन्साव भनि॥
१५ किनभन्ये सनातन्मां बास् गर्ने जो अलग्गो छ अनि उठाईयेको छ अनि
जस्को नांउ पवित्र छ उस्ले येसो भन्द छ. मं अलग्गो र पवित्र लोक्मां बास्
गर्द छु तर कुच्याईयेको र नरम् मन्को मान्छे सित पनि रहंद छु नरम्हरुको
१६ मन् जीयाउंनु अनि कुच्याईयेकाहरुको हिर्दय् जीयाउंनुको लागि। किनभन्ये
मं सदा सम्म बिबाद् गर्दै रहंदीन अनि न सदा सम्म रिसाइ रहंछु. छोडिन
१७ भन्ये ता आत्माहरु र मैले बनायेका मन् नष्ट होइ जांछन्। अं त्येस्का लोभको
अधर्म्मको कारणले मैले रिसायेर त्येस्लाइ हिर्काये अनि रिस्को कारणले त्यो
देखि मुख् फर्काये. अनि त्यो आफ्नु मन्को बाटोमां अट्टेरि गरि गयो।
१८ मैले त्येस्को चाल् देख्यें त त्येस्लाइ निको पार्छु. मं त्येस्को अगुवाई गर्छु अनि
१९ त्येस्लाइ र त्येस्को बिलाप् गर्नेहरुलाइ शान्ति दिंछु। मं ओंठको फल्को
[illegible] बाटो कि नजिक बस्ने दवैलाइ शान्ति प्रेरो

शान्ति हवस् मं त्यसलाइ निको पार्कु भनि। तर दुष्टहरु चड्ं छाल् उठदै २०
गर्ने समुन्द्र जस्ते छन् जो आफैनै स्थिर् हुंनु सक्दैन अनि त्यसको पानीले
मैला र हिलो उमार्दै छ। दुष्टहरुको लागि शान्ति कोइ हुंदैन मेरो २१
ईश्वर्को येइ बचन् छ ॥

गला खोलिकन करा राखि न छोडू नर्सींगाको जस्तो चर्को ५८ १
सोर्ले मेरो प्रजालाइ त्येसको अपराध् अनि याकूबको जहान्लाइ तिनिहरुको
पाप् जनाइ दे। अं तिनिहरुले दिन् दिन् मंलाइ खोज्दै छन् अनि मेरो २
चाल् बूझ्ने इच्छे गर्दै छन् . धर्म्म गर्ने लोग् झं जुन्हरुले आफ्नु ईश्वरका
नियाबचन् नांघ्येनन् तिनिहरुले मं सित धर्म्मका नियाबचन् मांग्दै छन्।
तिनिहरु ईश्वर् छेउ खुब् खुशि सित आउंदै छन्। तिनिहरुले भन्दै छन् ३
हामिहरु उपास् बस्यूं तर तपांइले ध्यान् दिंनु हुन्न अनि हामिहरुले आफ्ना
प्राणलाइ कष्ट दियूं तर तपांइले कोइ बिचार् गर्ने भयन येसको का कारण हो
भनि हेर तिमिहरुले उपासको दिन्मां आफ्नु आफनै इच्छे पुरो गर्दै छौ
अनि आफ्ना दासतौ गराउंदै छौ। हेर तिमिहरु उपास् बस्दै छौ त्राझ्नु ४
र झगरा गर्नुको लागि अनि अन्ने सित मुडूकिले हिर्काउंनुको लागि.
आजु तिमिहरु उपास् बस्यंका छैन तिमिहरुको सोर् ऊंभो लोक्मा
मनाउंनुको लागि। का मंले छानेको उपास् येस्तो हुंछ अर्थात् मान्छेले आफ्नु ५
प्राणलाइ कष्ट दिने दिन् . का तिमिहरुले खालि निङालाले झैं मन्टा
निउंराउंने र आफु मुनि भाङ्रा र खरानि ओछ्याउंने मात्रै गर्दै छौ . का
तिमिहरुले येस्तेहरुलाइ उपास् बस्ने भन्छौ अनि दिन् चड्ं यहोवेलाइ खुशि
पार्ने दिन् हो भन्छौ। जुन् उपास् मंले छान्यं त्यो का यो होइन अर्थात् अन्नेका ६
बन्धन् फुकालनु जूवाका डोरो फुकाउंनु बांधायेकाहरु र मिचेइं सहंनेहरुलाइ
निर्बन्ध भइ जांनु दिंनु अनि सबै जूवा भांच्नु भन्ये। फेरि त्यो का येइ पनि ७
होइन अर्थात् आफ्नु रोटो भोकाहरुलाइ दिंनु अनि निकालीयेका कंगालि-
हरुलाइ आफ्नु घर्मां ल्याउंनु अनि कोई नांगाहरुलाइ देखिकन तिनलाइ
लुगा लगाइ दिंनु अनि आफ्ना जात्भाईहरु देखि आफु न लुकनु।
येस्तोरि तिमिहरुको उज्यालो बिहान् झैं फुटि आउंछ अनि तिमिहरु छिटै ८
निको हुंछौ . अनि तिमिहरुको धर्म्म तिमिहरुको अघि अघि हिंडूछ
अनि यहोवेको महिमा तिमिहरुको पछि पछि हिंडूछ। तब तिमिहरुले ९
डोहाई गर्दा यहोवेले उत्तर् दिंछ तिमिहरुले हापार्दा उसले मं यहां छु
भनि भन्छ। तिमिहरुले आफ्नु बीच् देखि जूवा र औंला देखाउंनु र व्यर्थ
बात् गर्नु छोड़ि दियो भन्ये देखि अनि तिमिहरुको प्राणले मांग्येको १०
थोक् भोकाहरुलाइ दियौ अनि दुखित् प्राणलाइ सन्तुष्ट गरायौ भन्ये देखि
तिमिहरुकोमां उज्यालो अन्धकार्मां उठछ अनि तिमिहरुको अग्घोर्को
अन्धकार् मध्येनि दिन्को जस्तो उज्यालो हुंछ . अनि यहोवेले तिमिहरुलाइ ११
बराबर् लिहिंडूछ अनि सुक्येका ठांउहरुमां तिमिहरुको प्राणलाइ सन्तुष्ट
गराउंछ अनि तिमिहरुका हाडूहरु बलिया गराउंछ अनि तिमिहरु

भिजायेको बारी र येस्तो जरुवा पानी जस्तो हुंछौ जस्को पानी कैले पनि
१२ घट्देन । अनि तिमिहरुका बंशका मान्छेहरुले उजारीयेका ठांउहरु फेरि
बसाउंछन् . तिमिहरुले धेरै पुस्ताहरुका जगहरु उठाउंछौ तब तिमिहरुको
१३ नांउ भत्कीयेकाहरु बनाउंने र बस्ने बाटो ठीक् पार्ने हुंछ । तिमिहरुले
बिसाउंने दिन्लाइ अशुद्ध गर्यौन अर्थात् मेरो त्येस् पवित्र दिन्मां आफ्नु
इच्छे पूरो गर्ने फिक्रि गर्यौन अं बिसाउंने दिन्लाइ रमाहट्को दिन् र
यहवेले त्यो पवित्र दिन्लाइ मान्को जानिकन त्येस् दिन्मां आफ्नु मन्को
बाटोमां हिंड्यौन अनि आफ्नु इच्छे पूरो गर्नुलाइ आफ्नु कुरा न गरि
१४ त्यस्को मान् गर्यौ भन्ये देखि . त तिमिहरु यहवेमां खुशि हुंछौ अनि
म तिमिहरुलाइ पृथिवीका अलग अलग ठांउहरुमां सवारी गराउंछु
अनि म तिमिहरुलाइ तिमिहरुको आदिपित्र याकूब्को पित्रेधन्
खुवाउंछु . कसोगरिभन्ये यहवेको मुख्ले यो भन्येको छ ॥
५९ १ हेर यहवेको हात् बचाउंनु न सक्नेगरि निर्बल्लियो छैन
२ अनि न उस्को कान् सुन्नु न सक्ने गरि बहिरा भइ गयेको छ .
तर तिमिहरुका अधर्म्महरुले तिमिहरुलाइ तिमिहरुको ईश्वर् देखि
छुट्यायेका छन् अनि तिमिहरुका पापले तिमिहरु देखि उस्को मुख् उस्ले
३ न सुन्नगरि फर्कायेका छन् । कसोगरिभन्ये तिमिहरुका हात् रगत्ले अनि
तिमिहरुका औंला अधर्म्मले अपवित्र भइ गये तिमिहरुका ओंठले झूठ्
४ भन्येका छन् अनि तिमिहरुको जिब्रोले अधर्म्म बक्दछ । कोई पनि
फिरात् गर्नले ठीक् गर्दैन अनि फिरात् लिंनले पनि सांचो फिरात् लिंदैन .
तिनिहरुले मिथ्ये मांथि भरोसा राख्दछन् अनि झूठ् कुरा गर्दछन् अनि
५ गर्भमां निन्दा लिइ ब्यर्थ जन्माउंदछन् । तिनिहरुले सांबेसापको फुल्
आथ्रंदछन् अनि माकुराको जाल् बुन्दछन् . तिनका फुल् खांने मरि जांद
छ अनि जब कसैले त्यस्लाइ फोर्दछ तब त्येस् देखि साप्को बचरा
६ निक्लंद छ । तिनिहरुका जाल्हरु बस्त्र बनौंदैनन् अनि तिनिहरुले
आफ्ना कर्म्म ओढ्दैनन् . तिनिहरुका कर्म्म अधर्म्मका कर्म्म छन् अनि
७ तिनिहरुले ज्ये ज्ये गर्दछन् ति सबै उपद्रैंनै होइ जांदछन् । तिनिहरुका
गोड़ा बुराई गर्नुलाइ दुगुर्दछन् अनि निर्दोष्को रगत् बहाउंनुलाइ फुर्तीला
छन् . तिनिहरुका बिचार्हरु ब्यर्थैका छन् अनि तिनिहरुका मूल्बाटामां
८ उपद्रैं र नष्ट छन् । तिनिहरुले मिलाप्को बाटो चिन्येनन् अनि तिनिहरुका
मार्गौ नियाको छैन . तिनिहरुले चोर्बाटाहरु बांगाटेढा तुल्यायेका छन्
९ जो त्येस्मां हिंड्दछ त्येस्ले मिलाप् पाउंदैन । येस्कारण् निया हांमिहरु देखि
टाढ़ो छ अनि धर्म्मले हांमिहरुलाइ भेट्दैन . हांमिहरु उज्यालोको बाटो
हेर्दछौं तर हेर अंध्यारोनै प्रकाशको बाटो हेर्दछौं तर अग्घोर्को
१० अंध्यारेमां हिंड्दछौं । हांमिहरु अन्धाले झैं भित्ता छाम्दछौं अं आंखा
न हुंनेहरुले झैं छाम्दछौं . मद्धेनिदिन्मां राति झैं ठोकर् खांदछौं
बलियाबाठाहरुको बीचमां हांमिहरु मर्नु आंटेकाहरु जस्ता छौं ।

हांमिहरु सबै जना भालु झैं कराउंछ्रौं अनि परेवा झैं विलाप् गर्दछौं . ११
हांमिहरुले निया हुंने बाटो हेर्दछौं तर कोइ पनि छैन . अनि उद्धार्को
आशा गर्दछौं तर त्यो हांमिहरु देखि टाढ़ो छ। किनभन्ये हांमिहरुका १२
अपाध् तपांइको सांमु धेरै भये अनि हांमिहरुका पापले हांमिहरुको
विरुद्धमां साक्षी दिंद छन् . कसोगरिभन्ये हांमिहरुका अपाध् हांमिहरुलाइ
थाहा छन् अनि हांमिहरु आफना अधर्म्मका कर्म्म जान्द छौं . अर्थात् १३
हांमिहरुले यहुवे देखि विग्रि गयेर उस्लाइ अस्वीकार् गर्‍यं अनि आफनु
ईश्वर्लाइ पछ्याउंनु छोड़ि दियूं अनि मन्मां मिचेइं र झूठ् बात्
कल्पयूं अनि मुख् देखि निकाल्यं पनि। अनि निया चइं पछिल्तिर् फर्कि १४
गयो अनि धर्म्म चइं टाढ़ो उभौंद छ . अनि सच्चेइं चोक्मां लड़ि पस्रौयो
अनि धर्म्म पस्न पाउदैन। अं सच्चेइं घटयो अनि जो बुराइं देखि फर्कि १५
जांद छ त्यो चइं सबै देखि लुटौंद छ . यि सबै गत् देखिकन यहुवेले
नजाति जान्यो निया कोइ पनि रह्यन। अनि उस्ले कोई पनि छैन भनि १६
देख्यो अनि कोई अर्जविन्त गिर्ने न भयेको देखदा अचम्म मान्यो . येस्कारण्
उसका बांहाले उद्धार् गर्‍यो अनि उसैको धर्म्मीहुवाईले उस्लाइ थम्भायो।
न उस्ले धर्म्मको झिलम् र मुक्तिको टोप् पहिरायो अनि साटोलिवाईको १७
लुगा लगायो अनि बलनको डोंग लगायो। तिनको कर्म्महरु अनसार् १८
उस्ले साटो दिंछ अर्थात् आफना द्रोहीहरु मांथि रिस् र आफना शत्तुरहरु
मांथि साटो फर्काउं अं द्वीपहरुलाइ उस्ले माटो दिंछ। येसोरि पछ्किउं १९
देखि लोगले यहुवेको नांउको भय् मान्छन् अनि उस्को महिमा घाम्
झुल्कंने देखि . किनभन्ये उ यहुवेको सास्ले चलायेको बहंने महानदी
झैं आइ लागछ। अनि सिय्योन्को र पाप् देखि फर्कंने याकूबवंशीहरुको २०
लागि येउटा छोड़ाउंने आउंछ यहुवेको येइ वाणी छ। अनि यहुवेले येसो २१
पनि भन्द छ मेले तिनिहरु सङ बांधेको नियम् येइ हो . मेरो जुन् आत्मा
तंमां छ अनि मैंले तेरो मुख्मां हाल्येका मेरा कुरा त्यो तेरो मुख् देखि
जाइ जांदैन न तेरा छोराहरुको मुख् देखि न तेरा छोराहरुका छोराको
मुख् देखि अब देखि उसो सधंभरि यहुवेको येइ वाणी छ॥

उठ् चम्कि किनभन्ये तेरो उज्यालो आइ पुग्यो अनि यहुवेको ६० १
महिमा तं मांथि उदायो। कसोगरिभन्ये हेर् अंध्यारोले पृथिवीलाइ ढाकछ २
अं बाक्लो अन्धारोले लोग् लोग्लाइ . तर तं चइं मांथि यहुवे उदाउछ
अनि उस्को महिमा देखाहा पर्छ। अनि अन्यदेसीहरु तेरो उज्यालो तिर ३
अनि राजाहरु तेरो उदाउंने तिर आउंछन्। आफना आंखा उचालि चारै ४
तिर हेर् . तिनिहरु भेला भयेर तं थांइ आउंदे छन् . तेरा छोराहरु चइं
टाढ़ो देखि आउंदे छन् अनि तेरी छोरीहरु बांहामां बोकींद छिन्। तब तेंले ५
देख्येर आनन्द पाउंछस् तेरो हिर्दय् कांम्दे रजौलो हुन्याइंछ कसोगरिभन्ये
समुन्द्र ओधिगरि तंमां फर्काइंछ अनि अन्यदेसीहरुको धन्सम्पत्ति तं थांइ
आउंछ। ऊंटका बथान् र मिद्यान् र एपाको सांढ़ुनीहरुले तंलाइ ढाक्छन् ६

शबा देखि पनि सबै आउंछन . ति सबैले सुन् र धूप् ल्याउंछन् अनि यहवेको
७ धन्नबाद् सुनाउंछन् । केदार्का सबै भेंड़ाबाखाहरु जम्मा भयेर तेरे छेउ
जांछन् नबायोत्का सांढ़ू भेंड़ाहरूले तेरो सेवा गर्छन् . तिनिहरु बलिदान्मां
मं ग्रहण् ग्रहण् गरौंछन् अनि मं आफ्नु शोभायमान् घर् शोभित्को पार्छु ।
८ ति बादल् सरि उड्ने र ढुकुरहरु झैं तिनिहरूको खिर्कि खिर्कि हुंदो
९ उड्ने को का छुन् । निस्सै द्वीपहरूले मेरो बाटो हेर्छन् अनि तिनिहरूमांका
पहिलो पहिलो तर्शीशका जहाज् हुंछन् तेरा लोगलाइ तिनको सुन् चांदी
समेत् तेरो ईश्वर् यहवेको नांउको लागि अर्थात इस्राएलको पवित्र जनका
निम्तिमां टाड़ो टाड़ो देखि ल्याउंनुलाइ किनभन्ये उसले तंलाइ शोभित्को
१० पार्यको छ । अनि परदेसीहरूले तेरो भित्ता उठाउंछन् अनि तिनका
राजाहरूले तेरो सेवा गर्छन् . किनभन्ये मैले रिसायेर तंलाइ दुक्ख दियेको
११ थियें तर अब तं देखि खुशि भइ तं माथि दया गर्दछु । तेरा ढोकाहरु
बराबर् उघारा रहंछन् ति न ता दिउंसो न ता राति थुनौंछन् मान्छेहरूले
अन्यदेसीहरूका धनसम्पत्ति र तिनका राजाहरु बन्धुवा पारिकन तं थांइ
१२ ल्याउंदै रहंनुलाइ । किनभन्ये जुन् लोग् र जुन राजले तेरो सेवा
१३ गर्दैन त्यो नष्ट हुंछ अं त्यस्ता लोग् उगिल लांछन् । लबानोन्को शोभा
अर्थात् सल्लिसाल खयेर् र सालका काठहरु तं थांइ आउंछन् तिनले
मेरो पवित्र स्थान्लाइ राम्रो पार्नुलाइ अनि मं आफ्नु चरणपिढ़ा
१४ शोभित् गराउंछु । अनि जुनहरूले तंलाइ दुक्ख दियेका थियें तिनका
छोराहरु तं थांइ सिर् निउंराउंदै आउंछन् अनि जस् जसले तेरो निन्दा
गरयका थियें तिनिहरु सबैले तेरा गोड़ाका पतला परि दण्डवत् गर्छन्
अनि तंलाइ यहवेको सहर् र इस्राएलको पवित्र जनको सिय्योन् भनेर
१५ भन्छन् । तं जो सुनसान् र घिनलाग्दो भयेको थिइस् तंमां कोई पनि न
हिंड्ने सम्मगरि त्यसको साटो मं तंलाइ जुगानजुगको भाग्यमानको अं पुस्ता
१६ पुस्ता हर्ष तुल्याउंछु । तंले अन्यदेसीहरूको दुद् चूसछस् अं राजाहरूका
थुन् चूसछस् . तब तंले मेरो उद्धार् गर्ने र छोड़ाउंने र याकूबको शक्तिमान्
१७ ईश्वर् यहवे हो रछ भनि थाहा पाउंछस् । मं तंलाइ पीतलको साटो सुन
अनि फलामको साटो चांदी अनि काठको साटो पीतल् अनि ढुंगाहरूको
साटो फलाम् दिंछु . अनि मं तंमांका मालिकहरूलाइ मिलाप् गराउंने चइं
१८ अनि तंलाइ सिचेइं गर्नेहरूलाइ धर्म्म चइं तुल्याउंछु । त अब देखि तेरो
देसमां सिचेइं र तेरो सिमानामां उपद्रइं कि नष्ट सुनौंदैनन् तर तंले
आफ्ना भित्ताहरूको नांउ उद्धार् र आफ्ना ढोकाहरूको नांउ धन्नबाद्
१९ राखछस् । दिउंसो ज्योति दिंनुको लागि फेरि फेरि सूर्जको र राति
चम्कंनुको लागि जूनले ज्योति दिंदैन . किनभन्ये यहवेने तेरो लागि
२० सदाको ज्योति र तेरो ईश्वर् तेरो शोभाको हुंछ । तेरो सूर्ज फेरि फेरि
अस्ताउंदेन अनि न तेरो जून् तेरो लागि उज्यालो न हुंनुलाइ छोपौंछ .
किनभन्ये यहवेने तेरो सदाको ज्योति हुंछ अनि तेरो बिलापका दिनको

अन्त होइ जांछ। तेरा लोग् सब्बै जना धर्म्मी हुंछन् तिनिहरू सदा २१
सम्म देसका अधिकारीहरू रहंछन् स्रं मैंले लगायेको बिरुवा र मेरो
हातको काम् म सदा सम्म शोभित् ठहर्नुको लागि। सानु चइं हजार
अनि तुच्छ चइं सामर्थी लोग् होइ जांछन्. त्यसको ठीक् बेलामा म २२
यहवे यि छिट्टै पूरा गर्छु॥

प्रभु यहवेको आत्मा म माथि छ किनभन्या यहवेले मंलाइ ६१ १
नम्रहरूलाइ सुसमाचार् सुनाउंनुको लागि अभिषिक्त गर्‍यो उस्ले मंलाइ
पठायो मन भांचीयेकाहरूलाइ निको पार्नुको लागि अनि बन्धवाहरूलाइ
छुटकाराको प्रचार् गर्नुको लागि अनि बांधीयेकाहरूलाइ झ्यालखान्
उघारीयो भन्या प्रचार् गर्नुको लागि　यहवेले ग्रहण् गर्‍येको वर्षको २
प्रचार् गर्नुको लागि अनि हामिहरूको ईश्वरको साटा लिंने दिन् र
सबै बिलाप् गर्नेहरूलाइ शान्ति दिनुको लागि　सियोनमा बिलाप् ३
गर्नेहरूको लागि ठहराउंनुलाइ स्रं तिनिहरूलाइ सिर् माथिका खरानिको
साटो माला तिनको बिलापको साटो हर्ष दिंने तेल् तिनको सुर्ताको
आत्माको साटो यउटा धन्नबाद् गर्ने ओढ्ने दिनुको लागि र तिनिहरू
यहवेले रोप्येको धर्म्मका वृक्ष भनीछन् उ महिमित् ठहरीस् भन्या खातिर्ले।
त तिनिहरूले पुरानु उजार् भयेका ठांउहरू फेरि बसालछन् अनि उइले ४
उइले देखि भत्कि रहेका ठांउहरू बनाउंछन् अनि थोत्रा सहरहरू जो
कत्ति कति पुस्ता देखि उजारीयेका हुंछन् फेरि बसालछन्। अनि ५
परदेसीहरूले उभीइ उभीइ तिमिहरूका भेडाबाखा चराउंछन् अनि बिराना
लोगहरू तिमिहरूका जोत्नेहरू र तिमिहरूको दाखको बारीका मालिहरू
हुंछन्। तर तिमिहरू चइं ता यहवेका पूजाहारीहरू भनीछौ. लोगले ६
तिमिहरूलाइ हामिहरूको ईश्वरका सेवकहरू भनि भनछन्. तिमिहरूले
अन्यदेसीहरूका धनसम्पत्ति खांछौ अनि तिनिहरूका महिमा पाइकन बड़ाइ
गर्छौ। तिमिहरूले आफ्नु गिल्लाको साटोमा दोबर् पाउंछौ अनि ७
तिनिहरूको खल्याङमल्याङको साटो तिनिहरूले आफ्नु भाग् पाइ रह्को
सोरले गाउंछन्. येसकारण तिनिहरू आफ्नु देसमा दोबर् भागका
अधिकारी हुंछन्. तिनिहरू सधैं खुशि रहंछन्। किनभन्या म यहवे चइं ८
निया सित प्रिति राखइ छु अनि अन्धो सित कसैको धन् हरि लिंनु
मंलाइ घिन् लागइ छ त म तिनको मिहीनतका फल् सच्चैइ सित दिंछु
अनि तिनिहरू सित सदा रहंने नियम् बांधछु। अनि तिनिहरूको वंश ९
अन्यदेसीहरूको बीचमा अनि तिनिहरूका बालबच्चा लोग् लोगका बीचमा
प्रसिद्ध हुंछन्. जत्तिले तिनिहरूलाइ देखछन् त्यतिले यहवे पट्टि बाटा
भयेका धन्न लोग् यिनिहरूनै हो राछन् भनि चिनिहालछन्॥

यहवेको कारणले म अरघोर् खुशि हुंछु मेरो प्राण् मेरो ईश्वरमा मग्न १०
हुंछ किनभन्ये उस्ले मंलाइ उद्धारको बस्त्र पहिर्‍यायो अनि उस्ले मंलाइ
धर्म्मको खाश्टो ओढाइ दियो ब्याउलाले माला लगायेको झैं कि ब्याउला

११ गहनाहरूले सिंगारयेको झैं । जसोरि भूमिले आफ्नु कोपीला उम्राउंद छ
अनि बारीले त्यसमां रोप्येको सबै थोक् उप्जाउंद छ त्यस्तैगरि प्रभु यहवेले
धर्म्म र सर्काई सबै लोग् लोगको सांमु उम्राउंछ ॥
६२ १ जैले सम्म सिय्योनको धर्म्मीहुवाई चम्कन झैं अनि त्यसको उद्धार्
बल्दो रांको झैं देखाहा पर्दैन तब सम्म सिय्योनको कारणले म चुप् रहंदैन
२ अनि न यरूशलेमको कारणले चैन् लिंछु । अनि अन्यदेशीहरूले तेरो धर्म्मी-
हुवाई अनि सबै राजाहरूले तेरो महिमा देखछन् . अनि तं येउटा नया
३ नांउले बोलाइंछस् जुन् नांउ यहवेको मुखले भन्छ । अनि तं यहवेको हात्मां
येउटा सुवाउंदोलो मुकुट् हुंछस् अनि तेरो ईश्वरको हात्मां राजालाइ
४ सुवाउंने किरीट् हुंछस् । तं फेरि फेरि छोडायेको भनि भनौंदैनस् अनि न
तेरो भूमि फेरि फेरि उजारीयेको भनि भनौंछ . तर तं हेप्सीबा[1] अनि तेरो
भूमि बूला[2] भनौंछ . किनभन्ये यहवे तं देखि खुशि छ अनि तेरो भूमि
५ ब्याहित् हुंछ । किनभन्ये जसोगरि कन्येकेटो सङ तन्नेरिले ब्याहा गर्द छ
त्यस्तै तं सङ तेरा छोराहरूले ब्याहा गर्छन् . अनि जसोगरि ब्याउला
ब्याउलीको कारणले खुशि हुंद छ त्यसैगरि तेरो ईश्वर् तेरो कारणले
खुशि हुंछ ॥
६ ए यरूशलेम् मैले तेरा भित्ताहरू मांथि पहराचौकि बसाल्यं जुन्हरू
रात् दिन् कलै पनि चुप् लाग्दैनन् . हे यहवेलाइ सम्झना गराउंनेहरू हो
७ बिश्राम् न गर अनि जब सम्म उस्ले यरूशलेमलाइ स्थिर् गरि त्यसको
बड़ाई पृथिवी भरि फैलाउंदैन तब सम्म उस्लाइ बिसाउंनु न देव ।
८ यहवेले आफ्नु दाहिनो हात्को र आफ्नु बलियो पाखुराको किरिया
खायेको छ निस्से म फेरि फेरि तेरा अन्न सत्तुरहरूलाइ खांनु दिन्न अनि न
बिरांनुले तेरो जुन् नया दाखमद्यको लागि तैंले दास्रो गर्येको छस् त्यो
९ खांनु पाउंछन् भनि . तर जुन्हरूले अन्न बटुल्येका छन् तिनिहरूले त्यइ
खायेर यहवेको स्तुति गर्छन् अनि जुन्हरूले दाखमद्य भंडारमां राख्येका
छन् तिनिहरूले त्यो मेरो पवित्रस्थानका आघनमां खांछन् ॥
१० ढोकाहरू देखि निक्लि जाव निक्लि जाव लोगको लागि बाटो सुधार
मूलबाटा उठाव उठाव ढुंगाहरू टिपि टिपि आफाल लोग् लोगको लागि
११ झण्डो उभ्याव । हेर यहवेले पृथिवीको छेउ छेउ सम्म येस् आज्ञाको प्रचार
गरायेको छ सिय्योनका लोगलाइ भन हेर् तेरो उद्धार् आउंदै छ हेर् उस्को
१२ बनि उस्कां छ अनि उस्को साटो उसैको सांमु छ । अनि तिनिहरूले
तिनिहरूलाइ पवित्र लोग् अं यहवेले छोडायेकाहरू भन्छन् . अनि तं चइं
खोजीयेको अं न छोड़ीयेको सहर् भनौंछस ॥

[1] अर्थात् जो देखि म खुशि छु
[2] अर्थात् ब्याहित् ।

एदोम् बाटो अं बोस्रा बाटो वैगुने रंगको लुगा लायेको हिंड़ि ६३ १
आउंने को हो . यो अग्घोर्को बल्लियो को हो जो अग्घोर् राम्रो लुगा
लायेर छिटो छिटो आउंदै छ। मं वह हुं जो धर्म्म सित बोल्द छु अनि
उद्धार् गर्नुलाइ सामर्थी। तेरो लुगा किन रातो छ अनि तेरा बस्त्र कुण्डमां २
दाख् पेल्नेका जस्ता। मैंले ता कुण्डमां एक्लै पेल्यें अनि लोग् लोग्मांको ३
कोई पनि मं सङ थियेन . अं मैंले रिसायेर तिनिहरूलाइ पेल्यें अनि
बल्येर तिनिहरूलाइ कुल्चि दियें अनि तिनिहरूको जीउको रगत् मेरा
बस्त्रमां पर्येर मेरा लुगा स्वांटै मैला भये। किनभन्ये मं जांद थियें अब ४
साटो फर्काउंने दिन् अनि आफ्ना जन्लाइ छोड़ाउंने बर्ष आइ पुग्यो भनि।
त मैंले हेर्दा कोई गोहारे देखौयेन अनि कोई सम्भाल्ने न पाईयेको ५
देख्दा आचम्म मान्यें . येस्कारण् मेरै पाखुराले उद्धार् गर्य अनि मेरै बल्दो-
रिसले मंलाइ सम्भाल्यो। येसोरि मैंले रिसायेर लोग् लोग्लाइ लतार्यें ६
अनि आफ्नु बल्दोरिसको मद्य तिनिहरूलाइ खुवायेर मतायें अनि तिनको
जीउको रगत् भूमिमां बहाइ दियें॥

जत्ति उपकार् यह्वेले गर्‍यो अनि इस्राएल्का जहान्हरु मांथि ७
जत्ति दया गर्‍यो अनि धेरै धेरै अनुग्रह् गरिकन उस्ले जत्ति भलाई गर्‍यो
ति सबै अनुसार् मं यह्वेको करुणामय् काम्को चर्चा र उस्को धन्नबाद्
गर्छु। किनभन्ये उस्ले भन्यो निस्से यि मेरो लोग् हुन् धोका न दिंने ८
बालबच्चाहरु . येसोरि उ तिनिहरूको उद्धार् गर्ने भयो। तिनिहरूको सब्बै ९
संकट्मां उसैले पनि संकट् पायो उस्को सामल् हुवाईको दूत्ले तिनिहरूलाइ
बचायो . प्रेम् र नरमैं सित उस्ले तिनिहरूको उद्धार् गर्‍यो अनि उस्ले
तिनिहरूलाइ उठायो अनि तादिका सब् दिनमां तिनिहरूलाइ बोकि
हिंड्यो। तर तिनिहरूले झगरा गर्येर उस्को पवित्र आत्मालाइ दुखित् १०
गराये . येस्कारण् उ फर्केर तिनिहरूको सत्तुर् भइ गयो अनि आफैले
तिनिहरू सित लड़ाईं गर्‍यो। तब उस्ले तादिको दिन् र मूसा र आफ्नु ११
लोग्को सम्झना गर्येर येसो भन्यो उ कहां छ जस्ले आफ्नु भेंड़ाका
गोठालाहरु समेत्लाइ समुन्द्र देखि निकालि ल्यायो . उ कहां छ जस्ले
तिनिहरूको बीच्मां आफ्नु पवित्र आत्मा पोसायो . जस्ले आफ्नु
पाखुराको प्रतापले मूसाको दाहीनो हात् थाम्दै लग्यो . जस्ले आफ्ना १२
लोगको सांमु पानी दुइ भाग् पारि आफ्नु सदाको नांउ तुल्यायो .
जस्ले तिनिहरूलाइ गहीरो समुन्द्रमां लग्यो घोड़ाहरूलाइ बन्मां तिनलाइ १३
ठेस् न लाग्ने गरि लग्येको झैं गरि। ब्यांसीमां उत्रि जांने पशु झैं
यह्वेको आत्माले तिनिहरूलाइ बिश्राम् दियो . त्यइ परिले तपांइले १४
आफ्नु प्रजालाइ पुर्‍याउंनु भयो आफ्नु नांउ प्रतापी तुल्याउंनुकोलागि।
आफ्नु पवित्र र सुवाउंदो डेरा देखि अर्थात् स्वर्ग देखि हेरि देख्नु १५
हवस् . तपांइको राप् र पराक्रम् कता हुन् . तपांइको माया र दयाको
भर्पूर्हुवाई ता हांमिहरु देखि हटि गये। तपांइ हांम्रो पिता हौ १६

र पनि अब्राहामले हामिहरूलाइ चिन्दैन अनि इस्राएलले हामिहरूलाइ
जनाउंदैन. तैपनि हे यहवे तपांइ हाम्रो पिता हुनु हुंद छ तादिनै देखि
१७ हामिहरूको छोड़ाउंने तपांइको येइ नांउ छ। हे यहवे तपांइले किन
हामिहरूलाइ तपांइको बाटो देखि भर्माइ दिनु हुंद छ अनि हामिहरूको मन्
प्रति सारो कठोर् पारि दिनु हुंद छ हामिहरूले तपांइको भय् न मान्नुलाइ।
आफ्ना दास्हरू र आफ्नु निज् भाग्को कारणले फर्कि आउंनु हवस्।
१८ तपांइको पवित्र लोग् ता थोरै दिन्को लागि मात्रै त्यस्को अधिकारी रह्यो.
१९ हामिहरूका बिरोधीहरूले तपांइको पवित्रस्थान् लताड्ये। हामिहरू ता
तपांइले हामिहरू माथि कहिले प्रभुतहिं न गर्येका अनि तपांइको नांउले
६४ १ कहिले न भनायेका जस्तै भइ गयूं। तपांइ स्वर्ग फटायेर उत्रि आउंनु
भयेता अनि पहाड़हरू तपांइको प्रतापले बहि गये ता कति जाति हुंने
२ थियो। जसोरि आगोले झोर्हरू डड़ाउंद छ कि पानी उमाल्द छ.
तपांइले आफ्ना सत्तुर्हरूलाइ तपांइको नांउ लोग् लोग् तपांइको सांम्हु
३ कांपि उठ्न गरि प्रगटो गर्नुलाइ। जब तपांइले हामिहरूले देख्ने आसै न
गर्येको डर् लागदा कामहरू गर्नु भयो तब तपांइ उत्रि आउंनु भयो पहाड़हरू
४ तपांइको प्रतापले बहि गये। किनभन्ये सान्छेहरूले तादिनै देखि उस्को बाटो
हेर्नेहरूको लागि काम् गर्ने इश्वर् तपांइ बाहिक् अर्को कुनै छ भनि कहिले
५ सन्येनन् अनि न कानले पनि थाहा पाये अनि न आंखाले देख्ये। जस् जस्ले
धर्म्मकर्म्म हर्ष सित गर्द छन् अनि तपांइको बाटोमा हिंड्दे तपांइलाइ
सम्झना गर्द छन् तिनिहरू सित तपांइ मिल्दै आउंनु हुंद छ. हेर्नु हवस्
तपांइ रिसाउंनु भयो हामिहरूले पाप गर्यूं भन्येर. अनि हामिहरूको येस्तो
६ गत् धेरै दिन् देखि छ त के हामिहरूको उद्धार् हुंछ। किनभन्ये हामिहरू सबै
अशुद्ध मान्छे जस्तै भइ गयूं अनि हामिहरूका सबै धर्म्मकर्म्म मैला थाङ्ना
जस्तै छन्. अनि पात् जस्तै हामिहरू सबै ओइल्हौंद छौं अनि हामिहरूका
७ अधर्म्महरूले बतासले झैं हामिहरूलाइ उड़ाउंद छन्। अनि तपांइको
नांउ हापार्ने अनि तपांइलाइ पक्राउंनलाइ उठ्ने कोइ पनि छैन. किनभन्ये
तपांइले हामिहरू देखि आफ्नु मुख् लुकाउंनु भयो अनि हामिहरूको
८ अधर्म्मको कारणले हामिहरूलाइ भस्म पारि दिनु भयो। तर अब हे
यहवे तपांइ हामिहरूको पिता हुनु हुंद छ हामिहरू चइं माटो हौं अनि
तपांइ चइं कुमाले हुंनु हुंद छ हामिहरू सबै तपांइले रच्येकाहरू हौं।
९ न हे यहवे अरघोर् क्रोधित् न हुंनु हवस् अनि न हामिहरूको अधर्म्मको
सम्झना सदा सम्म राख्नु हवस्. बिन्ति गर्द छौं बिचार् गरि हेर्नु
१० हवस् हामिहरू सबै तपांइका प्रजाने हौं। तपांइका पवित्र सहर्हरू बन्
११ भइ गये सिय्योन् बनेबन् यरूशलेम् उजार्। हामिहरूको पवित्र र
हामिहरूको राम्रो घर् जस्मा हामिहरूका पित्रहरूले तपांइको स्तुति गर्द
थिये त्यो घर् आगोले डड़ाईयो अनि हामिहरूका सबै मन्पर्दा मन्पर्दा
१२ थोक्हरू उजार् भइ गये। हे यहवे येस्तो गत् देखिकन पनि के तपांइ

पुनीइ रहनु हुंछ. की तपांइ चुपचाप रहोर हामिहरूलाइ अघोर गरि
दुक्ख दिनु हुंद छ ॥
मंलाइ न सोधनेहरू देखि मं सोधींछु अनि मंलाइ न खोजनेहरू ६५ १
देखि मं पाईयें. अनि जुन लोग मेरो नांउले कहले पनि भनीयेन त्येसलाइ
मंलाइ हेर मंलाइ हेर भनि भन्यें। मैंले दिनभरि आफ्नु हात फैलायेको २
छु नजाति बाटोमां अर्थात् आफ्नै मनको बाटोमां हिंडि रहने येउटा
अट्टेरि लोग तिर   सदा मेरा आंखाको सोझि मेरो रिस उठाउने येउटा ३
लोग बारीहुंदो बलि चढ़ाइ चढ़ाइकन र ईंटहरू माथि धूप हालि
हालिकन   जो लोग चिहानहरूहुंदो बस्द छन् अनि गुप्त ठांउमां बास ४
गर्द छन् जुनहरूले सुंगुरको मासु खांद छन् अनि तिनिहरूका भांड़ाहरूमां
घिनलाग्दो थोकको झोल छ   जसले भन्द छ छुट् मं छुउ न आ ५
किनभन्ये मं तं भन्दा पवित्र छु भनि. यि लोग मेरा नाथ्रुमां धुंवा
र दिनभरि उठन बल्ने आगो जस्ता छन्। हेर मेरो सांमु यो लेखियेको ६
छ. मं चुप लागि बस्दींन तर साटो दिंछु अं तिनेका काखमां साटो
दिंछु   तिमिहरूका र तिमिहरूका पितापुर्खाहरूका अधर्म्म जो तिनिहरूले ७
डांड़ा डांड़ामां धूप हालि हालिकन अनि पर्बतहरूमां मेरो निन्दा गरि
गरिकन गर्य यहवेले भन्द छ. येसकारण सबै भन्दा पहिले तिनको काम
तिनका काखमां नापि दिंछु ॥
यहवेले येसो भन्द छ जसोगरि दाखको झुप्पामां नया दाखरस पर्द छ ८
नष्ट करसैले भन्छ त्येसलाइ न बिगार किनभन्ये त्येस्मां ता आशीष पो छ भनि.
त्येसैगरि मं आफ्ना दासहरूको निम्तिमां गर्छु सबैलाइ नाश न पारुं भन्य
खातिरले। अनि मं याकूब देखि येउटा बंश अनि यहूदा देखि आफ्ना ९
पहाड़हरूको अधिकारी तुल्याउंछु. त मेरा छान्येकाहरू त्यसका अधिकारी
हुछन् अनि मेरा दासहरू बहां बस्छन्। अनि शारोन् चइं भेंड़ाबाखाहरूको १०
गोठ अनि आकोर भनीने ब्यांसि गाईगोरू खर्कि रहने ठांउ हुंछ अर्थात्
मंलाइ खोजनेहरू लोगको लागि। तर हे यहवेलाइ त्यागनेहरू हो जो ११
मेरो पवित्र पर्बत बिर्सने जो भाग्य देवताको लागि मेज सजाउने अनि
भावी देवीको लागि मसाला हाल्येको दाखमद्ह भरने   मं तेरो भाग्यो १२
तरवारले मारींनेनै गराउंछु न तिमिहरू सबै मराइको लागि निउरंछौ.
किनभन्ये मैंले बोलाउंदा तिमिहरूले उत्तर दियेन न मैंले कुरा गर्दा
तिमिहरूले सुन्यौ अं आफै ज्ये ज्ये मंलाइ नजाति लाग्छ त्येइ त्येइ पो
गर्दै रह्यौ अनि ज्ये जेले मं नखुशि हुंद छु त्येइ त्येइ तिमिहरूले छान्यौ ॥
येसकारण प्रभु यहवेले येसो भन्द छ हेर मेरा दासहरूले ता खांछन् १३
तर तिमिहरू चइं भोकाउंछौ. मेरा दासहरूले ता पीउंछन् तर तिमिहरूचइं
तिर्खाउंछौ. हेर मेरा दासहरूले ता रमाहट गर्छन् तर तिमिहरू चइं
लजाउंछौ.   हेर मेरा दासहरूले ता हिर्दयको रमाहटले चर्को सोरले १४
गाउंछन् तर तिमिहरूचइं हिर्दयको शोकले चिच्याउंछौ अनि मनको

१५ सुर्ताले हाय् हाय् गर्छौ । अनि तिमिहरुले आफ्नु नांउ मेरा छानीयेका
हरुको लागि धिक्कार् हुंनुलाइ राखि छोड्छौ अनि प्रभु यहवेले तिमिहरुलाइ
१६ मांर्येर आफ्ना दासहरु मांथि अर्को नांउ राख्छ . तब पृथिवीमां
आफुलाइ धन्नको भन्नेले सच्चेइंको ईश्वरको[1] नांउ लिकन धन्नको भन्छ अनि
पृथिवीमां किरिया खांनेले सच्चेइंको ईश्वरको[1] किरिया खांछ किनभन्ये
अघिल्ला कष्टहरु बिर्सीयेका छन् अं मेरै मन् देखि पनि लुक्येका छन् ।
१७ कसोगरिभन्ये मं नया आकाश् र नया पृथिवी सिर्जंद छु . अघिल्ला थोकको
१८ सम्झना रहंदैन न फेरि कैलेइ मनमां आउंछ । तर मं जे सिर्जंद छु त्यसको
कारणले तिमिहरु हर्षित् भयेर सदा सर्वदा मग्न रह . किनभन्ये मं यरुशलेम-
१९ लाइ मग्न र त्यसका बासीहरुलाइ हर्षित् सिर्जंद छु । अं मं यरुशलेमको
कारणले मग्न र आफ्नु प्रजाको कारणले हर्षित् हुंछु . अनि त्यसमां फेरि
२० फेरि रुने कि चिच्याउंनेको शब्द सुनींदैन । त्यहां बाटो फेरि फेरि न ता
कोई थोरै दिनको नानी न ता कोई बिना पूरो उमेरको बूढो भइकन
जांछ तर बालख चइं सै वर्षको भइकन मर्छ अनि पापी चइं सै बर्षको
२१ भइकन स्रापित् ठहरींछ । तिनिहरु घर् बनायेर तिनमां बस्छन् अनि
२२ दाखका बारीहरु लगायेर तिनको फल् खांछन् । तिनिहरुले बनाउंछन
अनि अर्को बस्छ कि तिनिहरुले रोप्छन् अनि अर्कोले खांछ येसो हुंदैन ;
कसोगरिभन्ये मेरो प्रजाको आयु वृक्षको जस्तो हुंछ अनि मेरा छानीयेका-
२३ हरुले आफ्ना आफ्ना कामका नाफा धेरै दिन् सम्म उठाउंछन् । तिनिहरुले
व्यर्थै मिहीनत गर्दैनन् अनि न तिनिहरुले अघोर् डरको लागि जन्माउंछन्
कसोगरिभन्ये तिनिहरु यहवेको पट्टि बाटो धन्नका बंश छन् अनि तिनका
२४ बालबच्चाहरु तिनिहरु सङ । अनि येसो हुंछ तिनिहरुले बिन्ति गर्नु
भन्दा पहिलेइ मं तिनिहरुलाइ उत्तर् दिंछु अनि तिनिहरुले मांगदा
२५ मांगदाने मं तिनिहरुको इच्छे पूरो गर्छु । ब्वांसो र पाठाले सङ्गै
चर्न गर्छन् अनि सिंहले गोरुले झैं भूस् खांछ . अनि साप् चइं जस्ताको
तस्तै मांटै खांदै रहंछ । मेरो सिंगै पवित्र डांडाहुंदो कसैले न ता दुःख न
ता हानि गर्छ यहवेको येइ बाणी छ ॥

६६ १ यहवले येसो भन्द छ मेरो सिंहासन् स्वर्ग हो अनि मेरा चरणको
चरणपिढ्ढा पृथिवीनै . मेरो लागि घर् कस्तो बनाउंछौ अनि मेरो बिश्रामको
२ ठांउ कुन् चइं हुंछ । किनभन्ये ति सबै थोक् मेरा हातले बनाये येसोगि
यि सबै भइ गये यहवेको यो बाणी छ . मं ता त्यो तिर हेरि रहंछु जो
३ दीन् र सुर्तीइ र मेरा बचन् सुनि काम्ने छ । बाच्छा बलि गर्ने चइं मान्छे
मार्ने बराबर् पाठो चढाउंने चइं कुकुरको घांटो भांच्ने बराबर् अन्नको
बलिदान् चढाउंने चइं सुंगुरको रगत् चढाउंने बराबर् धूप् हाल्ने चइं
मूर्त्तिलाइ धन्न भन्ने बराबर् . अं तिनिहरुले आफ्ने बाटा छान्येका छन्

[1] इब्रानीमां आमेनको ईश्वर । २ कर् १. २० ; प्रकाश् ३. १४ हेर ।

अनि घिनलाग्दा थोक्हरु देखि तिनिहरुको मन् खुशि रहंद छन्।
मं पनि तिनिहरुका मूर्खईहरु छान्छु अनि तिनिहरुका डर्हरु तिनिहरु ४
मांथि ल्याउंछु किनभन्ये मैंले तिनिहरुलाइ बोलाउंदा कोई बोल्येन अनि
मैंले बात् गर्दा तिनिहरुले मेरो सुन्येनन्. तर तिनिहरु मंलाइ नजाति
लाग्ने काम् गर्दै रहे अनि ज्येले मं नखुशि हुंद छु त्यइ चइं तिनिहरुले
छान्येका छन्॥

हे यह्वेका बचन् सुनि कांम्नेहरु हो उसको बचन् सुन. तिमिहरु ५
सित घिन् राख्ने र मेरो नांउको निम्तिमां तिमिहरुलाइ निकाल्ने
तिमिहरुका दाज्युभाईहरुले भन्येका छन् यह्वेको महिमा बढोस् र हांमिहरु
तिमिहरुको आनन्द हेरुं भनि तर अन्तमां ता तिनिहरु लजाउंछन्।
सहर् देखि खल्याङ्भल्याङ्को सोर् मन्दिर् देखि सोर् आफ्ना सत्तुर्हरुलाइ ६
साटो दिंने यह्वेको सोर्। सुत्केरि हुंनु भन्दा पहिलेनै त्येस्ले जन्माइ सकी ७
त्येस्लाइ बेथा लाग्नु भन्दा पहिलेनै त्येस्को छोरो जन्म्यो। येस्तो कुरो कस्ले ८
सुन्यो. येस्ता थोक् कस्ले देख्यो. के देस् एकै दिन्मां उत्पन्न हुंछ. के
लोग् चिणभरिमां जन्माईंछ. तर सिय्योन्ले बेथा लाग्नु बित्तिकै आफ्ना
छोराछोरीहरु जन्माई। के मं जन्माउंने सम्म ल्याउंछु अनि जन्माउंनु ९
लगाउंदींन भनि यह्वेले भन्द छ. के मं जन्माउंनु लगाउंद छु अनि कोख्
थुन्छु पनि भनि तेरो ईश्वर्ले भन्द छ॥

हे यरुशलेम् सित प्रेम् राख्नेहरु सबै हो त्यो सित आनन्द गर अनि १०
त्येस्को लागिले मग्न हव. हे त्येस्को बिषयमां बिलाप् गर्नेहरु सबै हो त्यो
सित खूब् हर्षित् हव. र तिमिहरु त्येस्को शान्ति दिंने दुत् देखि चूस्दे ११
खाइकन सन्तुष्ट हव अनि दुद् दुहि सक्य पछि उसको महिमाको अग्घोरईं देखि
खुशि हव। किनभन्ये यह्वेले येसो भन्द छ हेर मं त्यो तिर शान्ति चइं १२
महानदी जस्तो र अन्यदेसीहरुको महिमा चइं बढेरको नदी जस्तो फर्काइ
दिंछु अनि तिमिहरुले त्यो देखि चूस्छौ अनि तिमिहरु काख्मां बोकींछौ
अनि घुंडामां पियारो गराईंछौ। आंमाले आफ्नु छोरोलाइ शान्ति देयेको १३
झैं मं पनि तिमिहरुलाइ शान्ति दिंछु अनि तिमिहरुले यरुशलेम्मां शान्ति
पाउंछौ। तब तिमिहरु यि सबै गत् देखिकन हिर्दयमां औधि खुशि हुंछौ १४
अनि तिमिहरुका हाडूहरु कमलो घांस् जस्ता भरीला हुंछन्. येसैगरि
उसका दास्हरु तिर पसार्येको यह्वेको हात् चिनींछ अनि उस्ले आफ्ना
सत्तुर्हरु मांथि चइं क्रोध् गर्छ। किनभन्ये हेर यह्वे आगो भयेर आउंछ १५
अनि उसका रथ्हरु बेहेरिआंधी झैं उस्ले आफ्नु उठेरको रिस्ले र
आफ्नु हकार्ने जुवालाले दण्ड दिंनुको लागि। किनभन्ये यह्वेले सिंगे १६
मान्छेहरुको मास्ता आगो र तरवार्ले चलाउंछ. अनि यह्वेले मार्येकाहरु
धेरै हुंछन्। जुन् जुन् मान्छेहरु बारीहरुको बीच्मां गयेर येउटा मान्छेको १७
पछिल् तिर उभीयेर सुंगुर्को कि मुसाको मांसु र अरु घिन्लाग्दा थोक्
खांनुको लागि पवित्र र चोख्खो हुंद छन् तिनिहरु सबै बिलीइ जांछन्

१८ यहवेको येइ वाणी छ। किनभन्ये मं तिनिहरुका कामहरु र बिचारहरु
चिन्द छु मं सिंगै लोग् लोग्लाइ र अलग् अलग् भाषाहरुलाइ मेला गर्छु
१९ तिनिहरुले आयेर मेरो महिमा हेर्छन्। अनि मं तिनिहरुमां आफ्नु चिंनु
लगाउंछु तब तिनिहरुमांको जो जो बांच्छन् तिनिहरुलाइ मं तिनिहरु
थांइ पठाइ दिंछु जुन्हरुले न मेरो कीर्त्ति सुन्येका हुंछन् अनि न मेरो
महिमा देख्येका हुंछन् अर्थात् तर्शीश् र पूल् र लूद् र धनुधारीहरु र
तूबल् र यावान् र टाढ़ा टाढ़ाका द्वीप्हरु थाइं पठाउंछु अनि तिनिहरुले
२० अन्यदेसीहरुमां मेरो महिमाको बखान् गर्छन्। तब तिनिहरुले तिमिहरुका
सबै भाईहरुलाइ सबै अन्यदेसीहरु देखि घोड़ाहरु र रथ्हरु पाल्किहरु
खच्चर्हरु र छिटो हिंड्ने पशुहरु मांथि चढ़ाइ चढ़ाइकन मेरो पवित्र पर्बत्
यरुशलेम्मां यहवेको लागिको भेटि हुंनुलाइ ल्याउंछन् इस्राएल्बंशीहरुले
आफ्नु अन्नबलि चोक्खो भांड़ामां यहवेको घर्मां ल्यायेको झैं यहवेको
२१ येइ वाणी छ। अनि यहवेले येसो भन्द छ तिनिहरुमां पनि मं पूजाहारी
२२ र लेवी हुंनुको लागि छान्छु। किनभन्ये जसोगरि जुन् नया आकाश् र
नया पृथिवी मं बनाउंछु त्यो चइं मेरो सांमु रहि रहंछ त्येसैगरि
तिमिहरुको बंश र तिमिहरुको नांउ पनि रहंछ यहवेको येइ वाणी छ।
२३ अनि यहवेले येसो पनि भन्द छ येसो हुंछ हुतिया पिच्छे र बिश्राम् दिन्
पिच्छे पनि सब्बै जीउधारि मेरो सांमु दण्डवत् गर्नुलाइ आउंने गर्छन्।
२४ तब तिनिहरुले निस्केर मं देखि बिग्र्येका लोगका मुर्दाहरुलाइ
देख्छन्. अनि तिनका कीरा मर्दैनन् अनि न तिनको आगो निभ्छ अनि
सबै जीउधारीहरुलाइ तिनिहरु देखि अरघोर घिन् लाग्छ॥

यिर्मयाह्को अगम्को पोस्तक्।

१ १ खिल्कियाह्को छोरो यिर्मयाह्का बचन् यि हुन्.
२ यहवेको बचन् यिर्मयाह् थांइ आमोन्को छोरो यहूदाको राजा योशिय्याह्का दिनमां अर्थात् त्येस्को
३ राज्को तेह्रौं बर्षमां आयो। फेरि योशिय्याह्को छोरो यहूदाको राजा
यहोयाकीम्का दिनमां पनि यहवेको बचन् त्यो थांइ आयो अनि
योशिय्याह्को छोरो यहूदाको राजा सिद्किय्याह्को राज्को एघारौं बर्षको
अन्त सम्म अं त्येस् बर्षको पांचौं महीनामां यरुशलेम् बन्धुवाईमां लगीयेको
दिन् सम्म आउंदै रह्यो॥

(Opening line as printed: १ बिन्यामीन् देस्को अनातोत्मां बस्ने पूजाहारीहरुमांको हिल्कि-)

अब यहूवेको वचन् येसै भन्दै मं थांइ आयो मैंले तंलाइ ५
पेट्मां रच्येको भन्दा पहिलेइ देखि मैंले तंलाइ चिन्यें अनि तं गर्भ देखि
जन्मंनु भन्दा पहिलेइ देखि मैंले तंलाइ पवित्र गर्यें मैंले तंलाइ लोग्
लोग्को अगमवक्ता ठहरायेको छु। तब मैंले भन्यें हाय् हाय् प्रभु यहूवे ६
हेर्नु हवस् मं ता बोल्नु जान्दींन . कसोगरिभन्ये मं केटै छु। तर यहूवेले ७
मंलाइ भन्यो तैंले मं केटै छु भनि न भन् किनभन्ये मं तंलाइ जहां पठाउंछु
तं जांनै पर्छ अनि ज्येको मं तंलाइ आज्ञा दिंछु त्यो तैंले भन्नै पर्छ। तिनिहरु ८
देखि न डरा किनभन्ये तंलाइ छोड़ाउंनुको लागि तं सङ मं छु यहूवेले
भन्द छ। तब यहूवेले आफ्नु हात् पसार्येर मेरो मुख् छोयो वहांदेखि ९
यहूवेले मंलाइ भन्यो हेर् मैंले आफ्ना वचन्हरु तेरो मुख्मां हाल्यें।
हेर् आजु मैंले तंलाइ लोग् लोग् मांथि र राज् राज् मांथि बसाल्येको छु १०
उखेल्नु र भत्काउंनु र नास् पार्नु र उल्टाउंनुलाइ अं बनाउंनु र रोप्नुलाइ॥
फेरि यहूवेको वचन् मं थांइ येसो भन्दै आयो ए यिर्मयाह् तं के ११
देख्द छस् . तब मैंले भन्यें मं बादाम्को[1] येउटा डाला देख्द छु। तब १२
यहूवेले मंलाइ भन्यो तं ठीक् देख्द छस् . किनभन्ये मं आफ्नु वचन् पूरो
गर्नुलाइ चंख[2] रहंछु। अनि यहूवेको वचन् मं थांइ दोस्रो खेप् येसो भन्दै १३
आयो तं के देख्द छस् . अनि मैंले भन्यें मं येउटा उम्लंदै गर्येको भांड़ा
देख्द छु जस्को मुख् उत्तर् देखि फर्क्येको छ। तब यहूवेले मंलाइ भन्यो १४
उत्तर् देखि येस् देस्का सबै बासीहरु मांथि बुराई आइ लाग्छ। यहूवेको १५
यो बाणी छ मं उत्तर् दिशाका राज् राज्का सबै कुल्लाइ बोलाउंछु त
तिनिहरु आयेर जनंगेले आफ्नु आफ्नु सिंहासन् यरुशलेम्का ढोका
ढोकामां र त्येस्का सबै घेराभित्तामां र यहूदाका सबै सहर्मां बसाल्छन्।
अनि तिनिहरुको सबै बुराईको कारणले मं आफ्नु नियाबचन् तिनिहरुको १६
विरुद्धमां भनि दिंछु किनभन्ये तिनिहरुले मंलाइ छोड़ि दियेर पराय्
देव्ताहरुलाइ धूप् दिये अनि आफ्नै हातले बनायेका थोकलाइ दण्डवत्
गर्ये। त तं आफ्नु कम्मर् बांध्येर उठ् अनि ज्ये ज्ये आज्ञा मं तंलाइ दिंद छु १७
ति तिनिहरुलाइ भन् . तिनिहरुको सांमु न घब्रा होइन भन्ये ता मं तैंलाइ
तिनिहरुको सांमु घब्राइ दिंछु। किनभन्ये हेर् आजु मैंले तंलाइ येस् सिंगै १८
देस् र यहूदाका राजाहरु र मालिक्हरु र पूजाहारीहरु र देस्का साधारण्
लोगको विरुद्धमां किल्ला भयेको सहर् कि फलाम्को मुढ़ुका कि पीतल्को
घेराभित्ता जस्तै बनायें। अनि तिनिहरुले तं सित लड़ाईं गर्छन् तर तं १९
मांथि जिताहा हुंनु सक्दैनन् . कसोगरिभन्ये तंलाइ बचाउंनुको लागि तं
सङ मं छु यहूवेको येइ बाणी छ॥

[1] हब्रानीमां शाकेद्।

[2] हब्रानीमां शाकेद्।

२ १ २ अनि यह्वेको वचन् मं थांइ येसो भन्दै आयो गयेर यरुशलेम्-
(वासीहरुका) कानमां कराइ कराइकन येसो भन् यह्वेले येसो भन्द छ मं तेरो
विषय्मां तेरो बइंस्को करुणा र तेरो ब्याहाको प्रेम् सम्भंद छु अर्थात् तं
३ बांझो बन् हुंदो पनि मंलाइ पछ्याइ हिंडूथिइस्। इस्राएल् ता यह्वेको लागि
पवित्रेइं अनि त्येस्को बढ़्तिको अगोठेफल् जस्तो थियो. त्येस्लाइ खानेहरु
सबै दोषी हुंछन् तिनिहरु मांथि बुराई आइ लाग्छ यह्वेले भन्द छ॥
४ हे याकूब्अंशी हे इस्राएल्को घर्का सबै जहान्हरु हो यह्वेको
५ वचन् सुन. यह्वेले येसो भन्द छ तिमिहरुका पितापुर्खहरुले मंमां को
अधर्म्म पाये र तिनिहरु मं देखि फर्कि गयेर व्यर्थ थोक् तिर गइ व्यर्थ भइ
६ गये। न तिनिहरुले भन्ये उ यह्वे कता हो जस्ले हांमिहरुलाइ मिस्र देस्
देखि निकालि ल्यायो अनि हांमिहरुलाइ बन् हुंदो अं बालुवाबगर् र
खाड़ल्को देस निपाने र मृत्युको छाया भयेको देस् अनि त्यता बाटो कोइ
७ पनि हिंडूदैन न कोई मान्छे बस्द छ त्येस्तै देस् हुंदो लिहिंड़यो भनि। अनि
मैंले तिमिहरुलाइ येउटा उपजाऊ देस्मां ल्यायें त्येस्का फल्हरु र त्येस्को भलाई
खांनुलाइ. तर तिमिहरुले येस् मेरो देस्मां पसि आयेर यो अशुद्ध गरायौ
८ अनि मेरो अधिकार्लाइ घिन्लाग्दो तुल्याइ दियौ। पूजाहारीहरुले
यह्वे कता हो भनि सोध्येनन्. ब्यवस्था खेलाउंनेहरुले मंलाइ चिन्येनन्.
मालिक्हरु पनि मं देखि फर्कि गये अनि अगमवक्ताहरुले बाल् देव्ताको
९ नांउले अगम् कहे अनि निष्फल् थोकको पछि पछि लाग्ये। येस्कारण
यह्वेको येइ वाणि छ मं तिमिहरु मांथि फेरि मुकद्मा चलाउंछु अनि
१० तिमिहरुका छोरा नातिहरु मांथि पनि। कित्तीम्का टापू टापूमां तरि गयेर
हेर अनि केदार्मां दूत् पठायेर ठीक् ठीक् हेर तिमिहरुले गर्येको जस्तो काम्
११ कहीं भयेको छ कि छैन छ। कुनै लोग्ले आफ्ना देव्ताहरु जो ईश्वर् होइनन्
रपनि ति फेर्येका छन्. तर मेरा लोगले आफ्नु महिमा त्येस्को लागि फेर्ये
१२ जो निष्फल् छ। हे स्वर्गहरु हो येस्मां मुर्छित् हव अनि अग्घोर् डराव
१३ अनि धब्राव यह्वेको येइ वाणि छ। किनभन्ये मेरा लोगले दुइ बुराई
गर्ये मंलाइ अर्थात् जरुवापानीको खोल्चालाइ छोड़ि दिये वहांदेखि
तिनिहरुले आफ्नु लागि इनार् खन्ये अं फुटेरको इनार् जस्मां पानी
१४ बस्दैन। कुनै इस्राएल् दास् हो. कुनै त्यो घर्मां जन्म्येको कमारो हो.
१५ किन त्यो लूटीयो। त्येस्को बिरुद्धमां जुवान् सिंहहरु गर्ज्येका छन् अनि
करायेका छन्. अनि तिनिहरुले त्येस्को देस् उजारि दिये त्येस्का सहर्हरु
१६ एक् मान्छे पनि न रहुंज्याल् गरि डड़ाइ दिये। नोफ् र तहपन्हेस्का
१७ वासीहरुले तेरो टुपि फुटाये। कुनै यो तेरै कसूर् होइन कसोगरिभन्ये जब
तेरो ईश्वर् यह्वेले तंलाइ बाटोमां लिहिंडूद थियो तब तैंले उस्लाइ
१८ छोड़ि दिइस्। त अब सीहोर्का पानी[1] खांनुलाइ मिस्रको बाटोमां

---

[1] अर्थात् नील नदी।

तेरो के काम् छ . अनि महानदीको पानी[१] खानुलाइ अश्शूर्को बाटोमां
तेरो के काम् छ। तेरै बुराईले तंलाइ दण्ड दिंछ अनि तेरै फर्काईले तंलाइ १९
हकाराउंछ . त तैंले बिचार् गर्येर थाहा पा तैंले तेरो ईश्वर् यहवेलाइ
त्याग्येको र उस्को भय् तंमां न भयेकोमां बुराई र तीतेईं छ सेनाहरुको
यहवे प्रभुको येइ बाणी छ। किनभन्ये तादिनै मैंले ता तेरो जूवा भांचि २०
दियेर तेरा बन्धन् फुकाइ दियेको थियें अनि तैंले भनिस् मं सेवा गर्दीं न
भनि किनभन्ये गोटैपिच्छे डांड़ाको थाप्लि र गोटैपिच्छे हरीयो रुख् मुनि
तैंले निउंरिकन व्यभिचार्को जस्तो काम् गरिस्। तैपनि मैंले ता तंलाइ २१
जाति दाखको बोट् भ्रं असल् बिउ पो रोप्येको थियें . त तं कसोगरि
मेरो लेखि परायको देशमां जंगलीदाखको बोट् भइ गइस्। तैंले २२
आफुलाइ शोराले खूब् धोइस् अनि सज्जीमट्टीले बेसरि दलिदलि
चोख्याइस् भन्ये पनि तेरो अधर्म्म मेरो सांमु छापीयेको भइ रह्यैकै छ भनि
प्रभु यहवेले भन्द छ। तैंले कसोगरि भन्नु सक्छस् मं ता अशुद्ध भयेको २३
छुइंन अनि बाल् देवताहरुको पछि गयेको छुइंन भनि . हेर् तं ब्यांसि
ब्यांसिमां कसोगरि हिंडूद छेस् अनि के के गर्द छेस्। तं आफना बाटा
समातेर छिट्टो हिंडूने सांडूनी छस् अ‍ं बनमां बढेको र कुइच्छेले २४
भरीयेको भइ हावा सूंघ्ने बनगदही जब त्यो कुइच्छेको तालिममां पर्द छे
तब कस्ले त्येस्लाइ फर्काउंनु सक्छ . त्येस्लाइ खोजने सबै थाक्देनन् ऋतुमां
तिनिहरुले त्येस्लाइ भेटाउंछन्। तं नाङ्गो गोड़ाको र घाटि सुकाउंदै न २५
रह् . तर तैंले भनिस् नांहीं त्येसो हुंदैन . आशा छैन किनभन्ये बिरानाहरु
सित मेरो माया बस्येको छ त तिनिहरुकै पछि जांछु भनि। जसोगरि २६
चोर् पकड़ा पर्दा लज्जित् हुंद छ त्येस्तैगरि इस्राएलको घर् अ‍ं तिनिहरु
तिनिहरुका राजाहरु मालिकहरु पूजाहारीहरु र अगमवक्ताहरु लज्जित्
हुंनु पर्छ जुनहरुले काठलाइ तिमि मेरो बाबु हौ भन्द छन् अनि २७
ढुंगोलाइ तिमिले मंलाइ जन्मायेका छौ भनि . कसोगरिभन्ये तिनिहरुले मं
तिर आफनु पिठिउं फर्कायै मुख् होइन . तर तिनिहरुको दुक्खको बेलामां
तिनिहरुले मंलाइ उठेर हांमिहरुलाइ बचाउंनु हवस् भनि भन्छन्।
तर ए यहूदा तैंले बनायेका तेरा देवताहरु कता छुन् तेरा देवताहरु तेरो २८
सहर् बराबरै छन् तिनिहरुले तेरो बिपत्तिको बेलामां तंलाइ बचाउंनु
सक्छन् भन्ये देखि अब उठेर बचाउन्॥

तिमिहरुले मं सित किन बिवाद् गर्द छौ . तिमिहरु सब्बैले मेरो २९
बिरुद्धमां दोष् गर्येका छौ भन्ये यहवेको येइ बाणी छ। तिमिहरुका ३०
बालखहरुलाइ मैंले व्यर्थ दुक्ख दियेको छु तिनिहरुले शिक्षादण्डले पनि
टेर्येनन् तिमिहरुइको तरवार्ले तिमिहरुका अगमवक्ताहरुलाइ खाइ
हाल्येका छन् नास् पार्ने सिंहले झैं। हे पुस्ता हो यहवेको यो बचनको ३१

---

[१] अर्थात् परात् नदी।

बिषयमां बिचार् गर। के मैं इस्राएल्को लागि बन् कि बाक्लो अंध्यारो
देस् जस्तो भयें . त मेरो लोगले किन भन्द छ हांमिहरु फुसक्युं त अब फेरि
३२ तपांइ थांइ आउंदौंन भनि। के तरुणीले आफ्नु सिङार् बिर्सनु सक्छे अनि
ब्याउलीले आफ्नु पछ्यउरा . तेपनि मेरो लोगले ता मंलाइ बेहिसाब् दिन्
३३ देखि बिर्स्यं। मोहित् गराउंनुको लागि तं कति रस्रोयेर हिंड्द छेस् . तैंले
३४ आफ्ना चाल् नजाति आइमाइहरुलाइ पनि सिकायेको छस्। अनि तेरो
फरीयामां निर्दोषी कंगालिको रगत् पाईयो . तैंले घर् फोर्दैकोमां होइन
३५ तर ति सबैमां पाईइस्। तेपनि तैंले भनिस् निर्दोषी छु निस्से उस्को रिस् मं
देखि फर्कि गयो भनि। हेर् तं भन्द छेस् मैंले पाप् गर्येको छुइंन भनि येइ
३६ कारणले मं तं सित मामला लडूछु। चाल् फेर्नुलाइ तं किन येत्ति डुलि हिंड्द
छेस् . जसोरि तं अश्शूर् देखि लज्जित् भइस् त्येसैगरि तं मिस्र देखि पनि
३७ लज्जित् हुंछेस्। त्यस् देखि पनि आफ्ना हात् टाउ्लोमां लगायेर निक्लंछेस् .
कसोगरिभन्ये तैंले भरोसा राख्येकाहरुलाइ यह्वेले आफाल्येको छ येस्कारण
तेरो इच्छे पूरो हुंदेन॥

३ १ तिनिहरुले भन्ये गर्द छन् कोई मान्छेले आफ्नी स्वास्नीलाइ
निकालि दियो अनि त्यो त्यो देखि गयेर अर्को लोग्नेको भइ गई भन्ये देखि
के त्येस्लाइ त्येस्को लोग्नेले फेरि लिंछ . के त्यो देस् अगघोर् अशुद्ध होइ
जांदैन . तर तैंले धेरै प्याराहरु सित ब्यभिचार् गर्येको भये पनि तं मं थांइ
२ फर्कि आइज . यह्वेको येइ बाणी छ। आफ्ना आंखा उचाल्येर नांगो
डांढ़ा हेर् तिनिहरुमांको कुन्चइंमां तैंले कुकर्म्म गर्येको छैनस्। तैंले
बाटो बाटो हुंदो बस्येर तिनिहरुको बाटो येस्तोगरि हेर्द थिइस् अरब्
बन्मां बस्येको झैं अनि तैंले आफ्नु ब्यभिचार् र दुष्टकर्म्मले देसै अशुद्ध
३ गराइस्। येसैकारणले झरि पर्दैन अं पछिल्लो झरि येतिमां पनि तं बेश्येको
४ मांथ् जस्तो लजाउंनु मान्दैनस्। येस् बेला देखि पनि के तं मंलाइ कराउंनु
लगाउंदैनस् ए बाबै मं तरुणी केटीको बइंस्को रक्षे गर्ने तिमिनै छौ
५ भनि। के उस्ले सधैं आफ्नु मन्मां रिस् राखि छोड्छ . के उस्ले त्यो
अन्तसमय् सम्म राख्छ . हेर् तैंले नजाति कुरा भनिस् अनि बुराई गरिस
अनि न अघुकिकन भन्दै जांछेस्॥

६ फेरि योशिय्याह् राजाका दिनमां यह्वेले मंलाइ येसो पनि भन्यो
के तैंले देख्येको छस् फर्काई गर्ने इस्राएलले के गर्येको छ . त्येस्ले सबै
अलगा अलगा डांढ़ामां र सब्बै हरीया हरीया रुख मुनि गयेर ब्यभिचार्
७ जस्तो काम् गरी। अनि त्येस्ले यि सबै काम् गरि सक्ये पछि मैंले ता भन्यें मं
तिर फर्कंछे होली भनि तर त्यो फिरीन अनि त्येस्की छल् गर्ने बैंनी यहूदाले
८ यो देखी। अनि मैंले देख्यें जब त्येस् फर्काई गर्ने इस्राएल्लाइ ब्यभिचारीनी
भयेकी कारणले मैंले त्येस्लाइ त्यागपत्र दिइ निकालि दियें तब त्येस्की छल्
गर्ने बैंनी यहूदा डराईन तर अझै त्यो आफै पनि पो गयेर ब्यभिचारीनी
९ भई। अनि येसो भयो येस्तो निर्लज्ज ब्यभिचारीनी भयेको कारणले देसै

अशुद्ध भयो अनि त्येस्ले ढुंगा र काठ् सित पनि व्यभिचार् गरी। येस्मां १०
पनि त्येस्की छल् गर्ने बैंनी यहूदा आफ्नु पूरो मन्ले ता मं थांइ फिरीन
नर बाहिर बाहिर बाहिर मांत्रै. यहवेको येइ बाणी छ। अनि यहवेले मंलाइ ११
भन्यो बरु फर्काईं गर्ने इस्राएल् छल् गर्ने यहूदा भन्दा बेसि धर्मी निक्ली।
त तैंले गयेर उत्तर् दिशामां प्रचारि येसो भन् यहवेको यो बाणी छ ए १२
फर्काईं गर्ने इस्राएल् फर्कि आइज मं तं तिर रिस्को नजर् राख्दीन.
किनभन्ये यहवेको यो बाणी छ मं करुणामय् छु त मं मन्मां सदा सम्म
क्रोध् राख्दीन। खालि मं आफ्नु ईश्वर् यहवे देखि फर्कि गइ सबै हरीया १३
हरीया रुख्हरु मुनि पराय्हरु सित गर्यें अनि तपांइ यहवेको कुरा सुनीन
भनि आफ्नु दोष्का कारल् मांत्रै हो भनि यहवेको यो बाणी छ। यहवेको १४
यो बाणी छ हे फर्काईं गर्ने बालखहरु हो फर्कि आव किनभन्ये मं तिमिहरुको
लोग्ने हुं. अनि मं तिमिहरुलाइ सहर् सहर् देखि एक् एक् र तिमिहरुका
जहान् जहान् देखि दुइ दुइलाइ लियेर तिमिहरुलाइ सिय्योन्मां पुर्याउंछु.
अनि मं तिमिहरुलाइ मेरा मन्पर्दा गोठालाहरु दिंछु जुन्हरुले तिमिहरुलाइ १५
ज्ञान् र बुद्धि सित चराउंछन्। अनि येसो हुंछ जब तिमिहरु देस्मां बढि १६
धेरै होओला तब ति दिनमां यहवेको यो बाणी छ तिनिहरुले यहवेको
नियम्को सम्पट् भनि भन्ये छैनन् न मन्मां आउंछ. न त्येस्को सम्झना हुंछ
न त्यो सित भेट् गर्छन् अनि न त्यो फेरि बनाइंछ। त्येस् समय्मां तिनिहरुले १७
यरुशलेम्लाइ यहवेको सिंहासन् भनि भन्छन् अनि सबै लोग् लोग्हरु
यरुशलेम्मां यहवेको नांउमां भेला हुंछन् अनि तिनिहरु फेरि फेरि आफ्नु
आफ्नु बुरो मन्को अट्टेरेईंमां हिंड्दैनन्। ति दिनमां यहूदावंशीहरु १८
इस्राएलवंशीहरु सङ् सङै हिंड्छन् अनि तिनिहरु दुवै मिलि उत्तर् देस् देखि
येस् देस्मां आउंछन् जो मैंले तिमिहरुका पित्रहरुलाइ तिनिहरुको निज्
भागगरि दियें। तर मैंले भन्यें तंलाइ बालखहरुको बीच्मां कसोगरि राखुं १९
अनि सिंगै लोग् लोग्को सांधु सबै भन्दा असल् देस् तंलाइ अधिकार्गरि
कसोगरि दिउं भनि. तर मैंले भन्यें तैंले मंलाइ मेरो पिता भनि भन्छस् अनि
मंलाइ पछ्याउंनु देखि फर्किन्दैनस् भनि। सांचि सांचिनै जसोगरि स्वास्नी छल् २०
सङ आफ्नु लोग्ने देखि जाइ जांइ छे त्येस्तै बेहोरा गरि हे इस्राएलवंशीहरु
हो तिमिहरुले मं देखि छल् गरि गयेका छौ। तर अब रुंने र इस्राएल्- २१
वंशीहरुको बिलाप् गर्ने सोर् नांगो डांड़ा देखि सुनींद छ किनभन्ये तिनिहरु
बांगो बाटो बाड़ो हिंड़ेका छन् अनि आफ्नु ईश्वर् यहवेलाइ बिर्सेका
छन्। हे फर्काईं गर्ने बालखहरु हो फर्कि आव मं तिमिहरुको फर्काईं २२
गराई निको पार्छु. हेर्नु हवस् हांमिहरु तपांइ थांइ आउंद छौं
किनभन्ये तपांइ हांमिहरुको ईश्वर् यहवे हुंनु हुंद छ। डांड़ा डांड़ा देखि २३
आयेको गोहार् र पर्वत् पर्वत्मां गरीयेको खैलाबैला निस्से ति सबै व्यर्थै
छन्. इस्राएल्हरुको मुक्ति ता निस्से हांम्रो ईश्वर् यहवेमांने छ। तर २४
त्येस् लज्जित् थोक्ले ता हांम्रो जुवानेइं देखि हांम्रा पितापुर्खहरुको कंमाई

खांदै आयो अर्थात् तिनिहरूका भेंड़ाबाख्रा र गाईगोरु अं तिनिहरूका
२५ छोराछोरीहरु समेत् । त अब हांमिहरु आफ्नु लाजमां डुबूं अनि आफ्नु
आफ्नु मुख् कालो कालो पारुं . किनभन्ये हांमिहरु आफ्ना पितापुर्खाहरु
समेत् आफ्नु जुवानेहैं देखि आजु सम्म आफ्नु ईश्वर् यहवेको
विरुद्धमां पाप् गर्दै आयूं . अनि हांमिहरुले आफ्नु ईश्वर् यहवेको वचन्
मान्येका छौन ॥

४ १ यहवेको यो वाणी छ हे इस्राएल् तं मं तिर फर्किस् भन्ये देखि
मंने तिर फर्कि आउंछस् . अनि तैंले आफ्नु घिनलागदा कामहरु मेरो
२ सांमु देखि आफालिस् भन्ये देखि तं आफालौंदैनस् अनि तैंले
सत्वेईं र निया र धर्म्म सित यहवे जीइ रह्येको भैं भनि किरिया खांने
गर्छस् अनि लोग् लोग्ले आफुहरुलाइ उसैको कारणले धन्न भन्छन् अनि
उसैको कारणले मान् पनि गर्छन् ॥

३ किनभन्ये यहूदाका मान्छेहरु र यरुशलेम्लाइ यहवेले येसो भन्द छ
तिमिहरुको बांझो भूमि जोत अनि कांड़ाहरुको बीच्मां बिउ न छर ।
४ हे यहूदाका मान्छेहरु र यरूशलेम्का बासीहरु हो यहवेको लागि आफ्नु
हिर्दयको खत्ना गर अनि आफ्नु मन्को खलड़ो लैजाव . होइन भन्ये ता
तिमिहरुका बुरा कर्म्मको कारणले मेरो रिस् आगो जस्तो बलि उठ्छ अनि
५ त्यो कसैले निभाउंनु सक्दैन । यहूदालाइ भन् अनि यरुशलेममां प्रचार
देसभरि नरसींगा बजाव भनि . अनि सोर् निकालिकन येसो भन आव
६ हांमिहरु भेला होऊं अनि घेरा भयेका सहर्हरुमां जाऊं । सिय्योन्को
बाटोमां झण्डो उभ्याव . चैन्को लागि दुगुरि जाव न उभीयो किनभन्ये मं
७ उत्तर् दिशा देखि बिपत्ति र औधि ठुलो दुक्ख ल्याउंछु । सिंह आफ्नु
बाक्लो जंगल् देखि चढ़ि निस्क्यो अं देस् देस्लाइ नास् पार्ने त्यो बाटोमां
हिंडूदै छ त्यो आफ्नु ठांउ बाटो हिंड्यो तेरो जग्गा उजार्नुलाइ बसे
८ मान्छेहरु बिना तेरा सहर्हरु सुनसान् पार्नुलाइ । येसकारण आफ्नु कम्मरमां
भाङ्ग्रा बेहेर बिलाप् गर अनि छाती ठोक . किनभन्ये यहवेको ब्रह्मोरिस्
९ हांमिहरु देखि फर्क्येको छैन । अनि यहवेको यो पनि वाणी छ त्येस् दिन्मां
येसो हुंछ राजाको हिर्दय् नास् हुंछ अनि मालिक्हरुको हिर्दय् पनि अनि
१० पूजाहारीहरुले उदेक् मान्छन् अनि अगमवक्ताहरु छक्क पर्छन् । तब
मैंले भन्यें हाय् हे प्रभु यहवे सांचि सांचिने तपांइले यो लोग् र
यरुशलेम्लाइ तिमिहरुको कुशल् हुंछ भनि धोखा दिंनु भयो जब
११ तर्वार्ले मुठु छेड्नु आंटेको छ । त्येस् बेलामां येस् लोग् र
यरुशलेम्लाइ येसो भनींछ अर्थात् येउटा तातो बतास् बनका नांगो
डांड़ाहरु देखि मेरा लोगको छोरी तिर बह्यो जुन् बतास् देखि न कोइ
१२ निफन्नु न कोइ छान्नु हुंछ ति देखि त्यो येउटा यो भन्दा बेसि
बतास् मेरो लागि आउंछ . मं अब आफैले पनि तिनिहरुलाइ दण्ड दिंने
१३ आज्ञा प्रचार्छु । हेर त्यो बादल् भैं चढ़ि आउंछ त्येसका रथ्हरु बेहेरी

आंधी झैं. अनि त्येका घोड़ाहरु उकाब्हरु भन्दा छिटा छन्।
हांमिहरु मांथि हाय् किनभन्ये हांमिहरु नष्ट भयूं। हे यरुशलेम् १४
हो आफ्नु मन् अशुद्ध देखि धोइकन पवित्र गर र तिमिहरुको मुक्ति
हवस्। तिमिहरुका ब्यर्थ बिचार्हरु कैले सम्म रहंछन्। किनभन्ये १५
दान् देखि येउटा सोर्ले प्रचार्द छ अनि एफ्रैमको पहाड़े देस् देखि
पनि बिपत्तिको खब्रर् दिंद छ. बिदेसीहरुमां येसको बखान् गर हेर १६
यरुशलेम्लाइ पनि लोगले टाड़ो देस देखि आइ यहूदाका सहर्हरुलाइ
घेरि त्येको बिरुद्धमां कराउंदे छन् भन्ये समाचार् सुनाव भन्ये। जसोरि १७
बारी रुङ्वाहरु बारीका वरिपरि हुंद छन् त्येसैगरि तिनिहरुले त्येलाइ घेरि
रह्येका छन् किनभन्ये त्येका बासीहरु मं देखि फर्कि गये यहवेको येइ
बाणी छ। यि बिपत्ति तेरा लोगको बुरो चाल् र कर्म्मका फल् हुन् तेरो १८
दुष्टेइँ येइ हो कसोगरिभन्ये त्यो तीतो छ ति हिर्दय् छेंड़ौंने सम्मगरि॥

हाय् हाय् मंमा मेरो हिर्दय् महा संकट्मां छ मेरो मन् मंमा १९
घब्राउंद छ मं चुप लागि रहंनु सक्दींन किनभन्ये नर्सींगाको शब्द र
लड़ाइंको कराई ए मेरो प्राण् तैंले सुन्येको छस्। नास् मांथि नासको २०
समाचार् आउंद छ कसोगरिभन्ये सिंगै देस् नास् भयो. एक्कासि मेरा
डेराहरु र पाल्हरु एक् छिन्मां लूटीये। कैले सम्म मं झण्डा हेरुं अनि २१
नर्सींगाको शब्द सुनं। किनभन्ये मेरा लोग् मूर्ख छन् तिनिहरुले मंलाइ २२
चिन्देनन् अं तिनिहरु लाटा फेटाहरु छन् तिनिहरुलाइ केइ ज्ञान् छैन.
अं बुराई गर्नुलाइ तिनिहरु ज्ञानी छन् तर भलाई गर्नु चइं जान्देनन्॥

मैंले पृथिवीलाइ हेर्यें त को देख्यें भन्ये त्यो उजार् र सुनसान् रछ २३
अनि अकाश् पनि हेर्यें त को देख्यें भन्ये त्येका ज्योतिहरु रैनछन्। फेरि मैंले २४
पहाड़ू पनि हेर्यें त को देख्यें भन्ये तिनिहरु हल्लींदे राछन् अनि सबै डांड़ा
येता उता चलाइंद राछन्। फेरि मैंले हेर्यें त को देख्यें भन्ये कोइं मान्छे २५
रैनछ अं अकाशका सबै पंषीहरु पनि बिलीइ गये छन्। फेरि मैंले हेर्यें त को २६
देख्यें भन्ये यो उपजाऊ देस् बनै बन् अनि यहवेको प्रताप् र उसको उठेरको
रिस्को कारणले त्येका सबै सहर्हरु भताभूङ्ग भताभूङ्ग भइ गयेका राछन्।
किनभन्ये यहवेले येसो कह्यो मैंले येस् सिंगो देसको अन्त गरींन भन्ये २७
पनि यो स्यांट्ठै उजार् होइ जांछ। त्येस्कारणले पृथिवीले बिलाप् गर्छ अनि २८
मांथि अकाश् कालो होइ जांछ. कसोगरिभन्ये मैंले येस्तै ठान्यें अनि
भन्येको पनि छु अनि त्यो देखि पछुताउंदींन अनि न त्यो देखि फर्किंछु।
सिंगै सहर् तुरुक्सवार्हरु र धनुहान्नेहरुको खल्याङ्मल्याङ् सुन्येर भागि २९
जांछन् तिनिहरु झोर् हुंदो पस्छन् अनि पहरा हुंदो चढ़ि बस्छन्.
अं सबै सहर् निर्जन् होइ जांछन् अनि तिनमां कोई पनि रहंदैन। त अब ३०
तं उजारींछस् तैंले को गर्छस्। तैंले बैगुने रङ्गका बस्त्र पहिरिस् अनि
सुनका गहना लगाइस् अनि आफ्ना आंखामां गाजल् लगायेर बढ़ाइस् भन्ये
पनि तैंले ब्यर्थै आफ्नु सिङ्गार् गर्छस् तेरा प्याराहरुले तंलाइ बिकामे

३१ जान्छन् अनि तेरो प्राणका खोजी हुंछन्। कसोगरिभन्ये मैंले सुतक्बेथा
लाग्येकी आइमाइको शब्द अं पहिलो सुतक्बेथा लाग्येकी आइमाइको
कनाई सुन्यें सिय्योन्को छोरीको सोर् जस्ते छट्पटाउंद छ अनि हात्
फ्यांक्दै भन्दै रहंद छे अब हाय् हाय् मेरो प्राण् हत्याराहरुको हात्मां परि
मुर्छित् भयो भनि भनि ॥

५ १ यरुशलेम्का गल्लीहुंदो र चोक्हुंदो येता उति दुगुरि दुगुरि
अतातते खोजि हेर कि कोई निया सङ काम् गर्ने र सचेइंको खोजी
२ पाइंछ (पाईयो भन्ये) मं त्येस्लाइ क्षमा गर्छु। अनि तिनिहरुले यह्वे
जीइ रह्येको भैं भन्ये गर्द छन् र पनि तिनिहरुले खायेका ति किरिया
३ झूठा हुन्। हे यह्वे की तपांइले सचेइं तिर आंखा लगाउंनु हुन्न.
तपांइले तिनिहरुलाइ दुक्ख दिंनु भयो तर तिनिहरु शोकित् भयेनन्
तपांइले तिनिहरुलाइ नाश् पार्नु भयो तर तिनिहरुले शिक्षा मान्येनन्
तिनिहरुले आफ्नु मन् पहराको ढुंगा भन्दा सारो तुल्याये अनि तपांइ
४ तिर फिर्ने मन् गर्येनन्। तब मैंले भन्यें सांचि सांचिनै यिनिहरु
कंगाल् राछन् यिनिहरु मूर्ख राछन् किनभन्ये यिनिहरुले यह्वेको बाटो
५ र आफ्नु ईश्वर्को नियाबचन् चिन्दैनन् त मं बड़ाद्मीहरु थांइ गयेर
तिनिहरुलाइ सुनाउंछु किनभन्ये तिनिहरुले यह्वेको बाटो र आफ्नु
ईश्वर्को नियाबचन् जान्द छन्। तर तिनिहरुले मिलिजुलिकन जूवा
६ भांचि दिये अनि बन्धन् छिनालि दिये। येस्कारण् बन् बाटो निस्क्येको
सिंहले तिनिहरुलाइ फहराउंछ समसांझै बुवांसोले तिनिहरुलाइ मारि
दिंछ चितुवा तिनिहरुका सहर्हरु तिर ढुकि बस्छ अनि ति देखि
निक्लंने सबै फहराइंछन्. किनभन्ये तिनिहरुका अप्राध् धेरै छन् अनि
७ तिनिहरुको फर्काई गराई औधि बढेरका छन्। मं कसोगरि तेरो पाप्
क्षमा गरुं. तेरा लोग् ता मं देखि फर्कि गयेका छन् तिनिहरुको किरिया
खांद छन् जो ईश्वर्हरु होइनन्. अनि मैंले तिनिहरुको पेट् भराइ
दियेको छु र पनि तिनिहरुले त्यइं व्यभिचार् गर्ये अनि बेश्येहरुको घर्
८ घर्मां धुइरोइ धुइरो जांनु लाग्ये। तिनिहरु सबेरै खुवाईयेका घोड़ाहरु
जस्ता थिये तिनिहरु सबै आफ्नु छिमेकिको स्वास्नीहरुको लागि
९ घोड़ा भैं हिन्हिनाये। त यह्वेको यो बाणी छ कि मं येस्तो काम्को दण्ड
न दिउं कि मं येस्तो लोग् देखि आफ्नु साटो न लिउं॥

१० त्येस्का घेराभित्ताहरु मांथि चढेर नास् पार ते नाश् ता पारि न हाल
अं त्येस्का हांगाहरु आफालि देव किनभन्ये तिनिहरु यह्वेका होइनन्।
११ यह्वेको यो बाणी छ इस्राएल् र यहूदाका जहानले मं सित अरघोर् छल्
१२ गर्ये। तिनिहरुले यह्वेको अस्वीकार् गर्येर भन्ये यो उही होइन अनि
बिपत्ति हामिहरु मांथि पर्दैन अनि हामिहरुले न तरवार् न अनिकाल्
१३ भोग्नु पर्छ. अनि अगमबक्ताहरु बतास् होइ जांछन् अनि तिनिहरुमां
१४ [यह्वेको] बचन् छैन, तिनिहरु मांथि येसै पर्छ। येस्कारण् सेनाहरुको

ईश्वर् यह्वेले येसो भन्द छ तिमिहरुले यो कुरो भन्येको कारण्ले मैंले तेरो
मुख्मां हाल्येको वचन् आगो र येस् लोग्लाइ चइं दाउरा तुल्याउंछु त त्येस्ले
तिनलाइ भस्म पार्छ । यह्वेको यो वाणी छ हे इस्राएल्को जहान् सुन मं १५
तिमिहरु मांथि टाढ़ो टाढ़ो देखि येउटा लोग् चढ़ाइ ल्याउंछु . जो सामर्थी
र पुराने लोग् छ अनि तिमिहरुले त्येस्को भाषा जान्दौन न तिनिहरुले
भन्येका कुरा बूझ्छौ । तिनिहरुको ठोक्रो उघारो भयेको चिहान् जस्तो छ १६
तिनिहरु सब्बै शूरा शूराहरु छन् । त तिनिहरुले तिमिहरुका छोराछोरीहरुले १७
खांने तिमिहरुका पाक्येका खेत्हरु र खांने थोक्हरु सबै खाइ हाल्छन् .
तिनिहरुले तिमिहरुका भेंड़ाबाख्राहरु र गाइगोरुहरु खाइ हाल्छन् .
तिनिहरुले तिमिहरुका दाख्हरु र नेभाराहरु खाइ हाल्छन् . जुन् घेरा
भयेका सहर्हरु मांथि तिमिहरु भरोसा राख्द छौ ति तिनिहरुले तरवार्ले
भत्काइ दिंछन् । तैपनि यह्वेको यो वाणी छ ति दिनमां पनि मं १८
तिमिहरुको अन्त गर्दींन । त येसो हुंछ जब तिमिहरुले हांमिहरुको १९
ईश्वर् यह्वेले हांमिहरु मांथि यि सबै काम् किन गर्‍यो भनि सोध्छौ.
तब तैंले तिनिहरुलाइ भन्नु जसोरि तिमिहरुले मंलाइ त्यागिकन आफ्नु
देस्मां पराय्देवताहरुको सेवा गर्‍यौ त्येसैगरि तिमिहरुले पराय्देस्मां
विरांनु लोग्को सेवा पनि गर्छौ ॥

याकूब्को जहान्मां यो प्रचार अनि यहूदामां यो वचन् सुनाव । २०
ए मूर्ख र निर्बुद्धि लोग् जुन्हरुका आंखा ता छन् तर देख्दैनन् जुन्हरुका २१
कान् ता छन् तर सुन्दैनन् . यह्वेको यो वाणी छ क्ये तिमिहरु मेरो भय् २२
मान्दौन . मैंले बालुवालाइ समुन्द्रको येस्तो सिमाना तुल्यायेर सधैंको
आज्ञा गरि बांध्यें समुन्द्रले त्यो सिमाना न नांघोस् अं जब जब त्येस्का
छाल्हरु उठ्नन् तब तब पनि तिनले बालुवा न बगाउन् अनि जब जब
गर्जनन् तब तब पनि त्येस्ले त्यो सिमाना न नाघोस् भनि . त अबै पनि क्ये
तिमिहरु मेरो सांमु थर्थराउंदौन । तर यो लोग्को हिर्दय् चइं अट्टेरि र २३
झगरा गर्ने छ तिनिहरु अट्टेरि भइकन गइ गये । फेरि तिनिहरुले २४
हांमिहरुको ईश्वर् यह्वेले बर्षको आदि र अन्त दुवे बेलाको झरि
समय् समय्मां पारि दिंद छ अनि कटनीको लागि ठहराईयेका साता
साता अनुसार् तिनमां कटनी हुंनु दिंद छ त हांमिहरु उस्को भय् मानूं
भनि आफ्नु आफ्नु मन्मां येस्तो विचार् गर्दैनन् । तिमिहरुका अधर्म्मले २५
ति कुरा हटायें अनि तिमिहरुका पाप्हरुले तिमिहरु देखि कल्याण्
समाति राख्ये । कसोगरिभन्ये मेरा लोगमां दुष्ट मान्छेहरु पनि पाइंद छन् . २६
चरा मार्नेले ताकि हिंड़ेर झैं तिनिहरु ढुकि रहंद छन् तिनिहरुले मान्छे-
हरुलाइ पासोमां पारि आफ्नु ताब्रिमां पार्द छन् । पिंजरा चराहरुले २७
भरीयेको झैं तिनिहरुका घर्हरु छल्ले भरीयेका छन् . येसैगरि ति बढि
गयेका छन् अनि धनाढ्य भयेका छन् । तिनिहरु मोटाये अं बोसोले २८
चिल्ला चिल्ला भये . अं तिनिहरु नजाति काम्मां बेसि बढि गये .

तिनिहरुले निया अं टुहुरा टुहुरीको निया गर्दैनन् येस्कारण तिनिहरुको
काम् सुफल् हुंदैन अनि तिनिहरुले दरिद्रहरुको हक् गराइ दिंदैनन्।
२९ त यहवेको यो बाणी छ के मं यि कुराको दण्ड न दिउं. के येस्ता लोग्
सित मं साटो न लिउं॥
३० ३१ येस् देस्मां छक्क पर्ने र डर् लाग्दो काम् भइ गयो अगम्वक्ताहरुले
झुथ्थं अगम् कहंद छन् अनि पूजाहारीहरुले चइं तिनिहरुको अगुवाईले
प्रभुतेइँ गर्द छन् अनि मेरो लोग्लाइ येइ मन् पर्द छ. त येस्को अन्तको
बेलामां तिमिहरुले के गर्छौ॥
६ १ हे बिन्यामीन्वंशीहरु हो कुशल्को लागि यरूशलेम् देखि भाग
अनि तकोमां नर्सींगा बजाव अनि बेथक्केरेम्मां झण्डा उभ्याव. किनभन्ये
२ उत्तर् दिशा देखि बिपत्ति र ठुलो दुक्ख देखींद छन्। सिय्योन्को छोरी
३ जो नरम् र शोखीनी छ त्येस्लाइ मं काटि दिंछु। गोठालाहरु आफ्नु
आफ्नु बगाल् लियेर त्येस् मांथि आइ लाग्छन् चारै तिर आफ्नु आफ्नु
४ डेरा उभ्याउंछन् अनि आफ्नु आफ्नु ठांउमां चराउंछन्। त्येस्को बिरुद्धमां
लडाइँ गर्नुलाइ तियार् हो लु हांमिहरु दोपहरीमां त्येस् मांथि जाइ लागूं।
हाय् हाय् ऐले ता दिन् ढल्कनु लाग्यो बेलुकाको छायां लम्बींदै जांदै छ।
५ ६ लु हांमिहरु रात्भरि हिंड़ि गयेर त्येस्का महल्हरु नास् पारूं। कसोगरिभन्ये
सेनाहरुको यहवेले येसो भन्येको छ रुख् ढालि ढालि यरूशलेम्को बिरुद्धमां
गड़ि बनाव. यो सहर् दण्ड पाउंने मांफिक्को छ त्येस्मां मिचेइँने मांत्रै छ।
७ जसोरि पन्धेराले आफ्नु पानी उमार्ने गर्द छ त्येसैगरि येस् सहर्ले नया
नया बुराई उमार्ने गर्द छ. येस्मां बल् मिचइँ र उपद्रेइँको खैलाबैला
८ मचौन्दै रहंद छ मेरो सांमु नित्ये घावैघाउ र कुटामार् छन्। ए यरूशलेम्
शिक्षादण्डले मान् होइनभन्ये ता मेरो मन् तं देखि अलग् होइ जांछ
अनि मं तेरो देस् मान्छे बिनाको उजार् तुल्याउंछु॥
९ सेनाहरुको ईश्वर्ले येसो भन्द छ तिनिहरुले इस्राएल्को बच्तीभाग्-
लाइ दाखको बोट् देखि टिप्ये झैं टिप्छन्. दाख् टिप्नेले झांगामां फेरि
१० फेरि हात् लगाये झैं आफ्नु हात् लगा। मं तिनिहरुमांको कस्लाइ
भन्येर चेताउं र त्येस्ले मानोस्. हेर्नु हवस् तिनिहरु कान्का खिखत्नाका
मान्छेहरु छन् येस्कारण सुन्नु सक्दैनन् हेर्नु हवस् तिनिहरुले यहवेको
११ बचन्को निन्दा गर्द छन् अनि त्यो मन् पर्दैनन्। येस्कारण यहवेको रिस्
संमां भरीयो मं त्यो थुन्दा थुन्दा थाकें. त मं त्येस्लाइ सटक्हुंदोका
केटाकेटीहरु र जुवान्हरुको सभामां खन्याइ दिंछु. कसोगरिभन्ये लोग्ने
१२ स्वास्नी समेत् पकड़ा पर्छन् अं बूढ़ा दिन् पूरा खायेकाहरु समेत्। अनि
तिनिहरुका घर् र जग्गा र स्वास्नीहरु सब्बै अर्काका होइ जांछन्
कसोगरिभन्ये मं येस् देस्का बासीहरु मांथि आफ्नु हात् बढ़ाउंछु
१३ यहवेको यो बाणी छ। किनभन्ये तिनिहरु सांना देखि ठुला सम्म सब्बै
लोभ्ले भरीयेका छन् अनि अगम्वक्ता देखि पूजाहारी सम्म ति सब्बैले

छल् सित काम् गर्दै छन्। तिनिहरूले कुशल् छ कुशल् छ भनि भनिकन मेरो १४
प्रजाको घाउ निको पार्येका छन् जब कुशल् छैन। के तिनिहरु १५
घिनलाग्दा काम् गर्येर लजाये. होइन तिनिहरु कैले पनि लजायेनन् न
तिनिहरूले आफ्नु मुख् अंध्यारो पार्ये. येस्कारण् तिनिहरु त्यहां लडूछन्
जहां सबै लडेर. जब मं तिनिहरूलाइ भेट्छु तब तिनिहरु लडूछन्
यहोवेको येइ बाणी छ॥

फेरि यहोवेले येसो पनि भन्द छ बाटा बाटामां उभीयेर हेर अनि १६
सोध तादिको जाति बाटो कुन् हो भनि अनि त्येसैमां हिंड येसो
गर्येकोले तिमिहरूले आफनु आफनु मन्मां चैन् पाउंछौ. तर तिनिहरूले
भन्ये हामिहरु हिंडूदैनौं। फेरि मैंले तिमिहरु मांथि पहराचौकि बसाल्यें १७
नर्सिंगाको सोर् राम्रो ध्यान् दियेर सुन भन्दै तर तिनिहरूले भन्ये सुन्दैनौं।
येस्कारण् हे अन्यदेसीहरु हो सुन अनि ए मंडली हेर यि लोगलाइ के १८
भयेको छ। ए पृथिवी सुन्. हेर् मंचइंले येस् लोग् मांथि बिपत्ति १९
ल्याउंछु अं तिनिहरुका बिचार् अनसार् किनभन्ये तिनिहरूले मेरा बचनमां
मन् लगायेनन् अनि मेरो ब्यवस्थालाइ तुच्छ जान्ये। मेरो लागि शबा देखि २०
ल्यायेका धूप् अनि टाढ़ो देस् देखि ल्यायेका बासना आउंने काठ्हरु के
काम् लाग्छन्. तिमिहरुका होमबलिहरु देखि मं खुशि छुइंन अनि न
तिमिहरुका मेल्बलिहरु मंलाइ जाति लाग्छन्। येस्कारण् यहोवेले येसो २१
भन्द छ मंने येस् प्रजाको सांमु ठोकर् राख्छु. त बाबु छोराहरु सङ
तिनिहरु मांथि ठोकर् खाइ लडूछन् अनि छिमेकि र चिनाजानाहरु
नष्ट हुंछन्॥

फेरि यहोवेले येसो भन्द छ हेर उत्तर् दिशा देखि येउटा लोग् २२
आउंद छ अं पृथिवीको छेउ देखि येउटा ठुलो लोग् भोकौंछ। तिनिहरूले २३
धनु र भाला समात्दे छन् तिनिहरु निष्ठुर् र निर्दयालुहरु छन् तिनिहरुको
बोली समुन्द्रको गर्जाई जस्तो छ अनि तिनिहरु घोड़ाहरु मांथि चढ़दे छन्
तिनिहरु एक् एक् जना बीर् मान्छे झैं हतियार् बांध्दे छन् तिमिहरु मांथि
हे सिय्योन्का बासीहरु हो। त्येस्को समाचार् सुन्दाखेरिने हाम्रा हात् २४
गलि गये. हामिहरु सकस्मां पर्यूं अं सुत्केरीको बेथा लाग्येको झैं।
बन्मां बाहर न निकल बाटोमां पनि न हिंड़ किनभन्ये वहां सत्तुरको २५
तरवार् र चारै तिर भय् देखींद छ। ए मेरो प्रजा कम्मर्मां भांग्रा बेहेर् २६
अनि खरानिमां लड़िबड़ि खेल्. अनि एक्लै छोरोको लागि झैं सारो बिलाप्
गर् किनभन्ये नास् हामिहरु मांथि एक्कासि आइ लाग्छ। मैंले तंलाइ आफनु २७
प्रजाको बीच्मां धरारा कि किल्ला जस्तो ठहरायें तैंले तिनिहरुको मन्
जांच् भन्ये खातिर्ले। तिनिहरु अघोरका अट्टेरि छन् तिनिहरूले २८
मुखहेरि बेहोरा गर्दै छन् सबैका चाल् बिग्र्येका छन् तिनिहरु पीतल् र
फलम् भइ गयेका छन्। खलातिले सारोगरि फुकद छ सीसा आगोमां २९
खारींद छ. (सुनार्ले) ब्यर्थै शास्ति गर्द छ कसोगरिभन्ये दुष्ट निकालीयेको

३० छैन। तिनिहरुलाइ मान्छेहरुले खोटि चांदी भन्छन् कसोगरिभन्ये यहवेले
तिनिहरुलाइ खोटि जस्तो निकाल्यो ॥

७ १ यहवेको येसो भन्ये बचन् यिर्मयाह् थांइ आयो। यहवेको घर्को
ढोकामां उभीयेर यो बचन् प्रचार् गर् र यहवेलाइ दण्डवत् गर्नुलाइ
यि ढोकाहरु देखि पस्ने सबै यहूदीहरु हो यहवेको बचन् सुन।
३ सेनाहरुको यहवे जो इस्राएल्को ईश्वर् हो उस्ले येसो भन्द छ आफन्
आफनु चाल् सुधार त मं तिमिहरुलाइ येस् ठांउमां बसि रहनु दिउंला।
४ तिमिहरुले यो यहवेकै मन्दिर् हो यो यहवेकै घर् हो यो यहवेकै मन्दिर्
५ हो भनि भन्ये झूठो कुरो मांथि भरोसा न राख। किनभन्ये तिमिहरुले
आफनु आफनु चाल् र काम् सुधार्यौ अनि सांचि सांचिने मान्छे मान्छेको
६ बीच्मां निया गर्यौ अनि पर्देसी र टुहुरा टुहुरी र बिधुवी मांथि
थिचेइं गर्यौन अनि येस् ठांउमां निर्दोषीको रगत् बहायौन अनि
तिमिहरुको हानि हुने पराय्देवताको पछि पछि गयौन भन्ये देखि
७ ता मैंले तिमिहरुका पित्रहरुलाइ दियेको येस् ठांउमां र येस् देस्मां
८ जुग्नजुग् सम्म बसि रहनु दिंछु। हेर तिमिहरु कोइ नाफा न हुने
९ झूठो कुरो मांथि भरोसा राख्द छौ। के तिमिहरुले चोरी हत्या र व्यभिचार्
गर्द छौ अनि झूठो किरिया खांद छौ अनि बाल् देवताको लागि धूप् हाल्द
छौ अनि तिमिहरु तिमिहरुले अघि न जान्येका देवताहरु पछि हिंड्द छौ।
१० वहांदेखि यो मेरो नांउको भनींने घर्मां आयेर मेरो सांमु उभीयेर
भन्छौ हामिहरुका पाप् क्षमा भये भनि. अनि येसो भन्ये पछि पनि फेरि
११ तिनै सबै घिणलाग्दा पापमां बनेइ रहंद छौ। के यो मेरो नांउको भनींने
घर् तिमिहरुको देखि डाकूहरुको ओढार् बनाईयो. मैंले अं मैंलेने यो देख्यें
१२ यहवेको येइ बाणी छ। तर मैंले पहिले आफनु नाउंको बास् ठहरायेको
ठांउ शीलोमां गयेर हेर मैंले आफनु प्रजा इस्राएल्को बुराईको लागि
१३ त्येस्को के गत् ठहरायेको छु। त अब्र यहवेको यो बाणी छ तिमिहरुले यि
सबै काम् गर्यौ अनि मं तिमिहरु सित सखारै बोल्यें रपनि तिमिहरुले
सुन्यौन अनि मैंले तिमिहरुलाइ हापार्यें रपनि तिमिहरुले उत्तर् दियौन।
१४ येस्कारण् यो मेरो नांउको भनींने तिमिहरुले भरोसा राख्येको घर् अनि यो
मैंले तिमिहरुका पित्रहरुलाइ र तिमिहरुलाइ पनि दियेको ठांउको गत्
१५ मं शीलोको गत् जस्तो पारि दिंछु। अनि जसोरि मैंले तिमिहरुका
दाज्युभाईहरुलाइ अर्थात् सिंगै एप्रेम्वंशीलाइ काटि दियें त्येसैरि
तिमिहरुलाइ पनि काटि दिंछु ॥

१६ येस्कारण् तं येस् प्रजाको लागि प्रार्थना न गर् न यिनको लागि ठुलो
सोर्ले प्रार्थना गर् अनि न यिनको लागि अन्तर्बिन्ति गर्. किनभन्ये मं
१७ तेरो सुन्दींन। के तं देख्दैनस् यिनिहरुले यहूदाका सहर्हरु अनि
१८ यरुशलेम्का सटक्हुंदो के के गर्द छन्। हेर् केटाकेटीले दाउरा टिप्द छन्
अनि बाबुहरुचइंले आगो फूक्द छन् अनि आइमाइहरुचइंले पिठो मुछ्द

छिन् स्वर्गको रानीको लागि फुलौरा बनाउंनुको लागि अनि परायदेवता-
हरुको लागि खन्याइबलिदान् चढ़ाउंनुलाइ तिनिहरुले मंलाइ रिस् उठाऊं
भन्ये खातिर्छे । के तिनिहरुले मेरो रिस् उठाउंद छन् के तिनिहरुले १९
आफ्नै रिस् उठाउंदैनन् यहवेको यो वाणी छ . तिनिहरुको आफ्नै
मुख् कालो हुंनुलाइ । त ईश्वर् यहवेले येसो भन्द छ . हेर येस् ठांउ २०
मांथि मान्छे मांथि पशु मांथि वनका रुख मांथि भूमिका उपजनि मांथि
मेरो रिस् र मेरो बल्दोरिस् उठछ अनि बलि रहंछ अनि कैलेइ निभ्दैन ॥
इस्राएल्को ईश्वर् सेनाहरुको यहवेले येसो भन्द छ . तिमिहरुका २१
मिलापबलिदान् सङ तिमिहरुका होमबलिहरु पनि चढ़ायेर मांसु खाव ।
किनभन्ये मैंले तिमिहरुका पित्रहरुलाइ मिस्रको देस् देखि निकालि २२
ल्यायेको दिन्मां मैंले तिनिहरुलाइ होमबलि कि मिलापबलिदान्को
विषयमां केइ आज्ञा दिइंन . तर मैंले तिनिहरुलाइ यो आज्ञा दियेको २३
थियें अर्थात् तिमिहरुले मेरो सुन्नु गर त मं तिमिहरुको ईश्वर् हुंकु
अनि तिमिहरु चइं मेरो प्रजा हुंछौ . अनि जुन् बाटोको विषयमां मं
तिमिहरुलाइ आज्ञा दिंकु त्येसां हिंड़ त तिमिहरुको भलो हुंछ भनि । तर २४
तिनिहरुले मेरो सुन्येनन् न मं तिर कान् थाप्ये तर तिनिहरु आफ्नै जुक्ति
र मनको अट्टेरेइंमां हिंड्दै रह्ये अनि अघि बढ़ेनन् तर पछि सर्‌ये ।
अं तिमिहरुका पित्रहरु मिस्र देस् देखि निकल्येको दिन् देखि आजु सम्म २५
मैंले आफ्नु सिंगै दास् अगमवक्ताहरुलाइ दिनहूं सखारै उठिकन तिनिहरु
थांइ पठाउंदै आयें . तैपनि तिनिहरुले सुन्येनन् न मं तिर कान् थाप्ये तर २६
गर्धन् कठोर् गर्‌ये अनि आफ्ना पुर्खहरुले भन्दा बेसि बुराइ गर्‌ये ॥
त तैंले यि सबै कुरा तिनिहरुलाइ भन्नु ता भन् तर तिनिहरुले तेरो २७
सुन्देनन् . तैंले तिनिहरुलाइ बोला तर तिनिहरुले उत्तर् दिंदैनन् । तब तैंले २८
तिनिहरुलाइ भन् तिमिहरु येउटा येस्ता लोग् छौ जसले आफ्नु ईश्वर्
यहवेको कुरा सुन्देन अनि शिक्षादण्डले पनि मान्देन . अं सचेइं अब नष्ट
भयो तिनिहरुका कुरामां छैन ॥
ए यरुशलेम् आफ्नु चुल्ठो मुड़ायेर आफालि दे अनि नांगो डांड़ामा २९
बस्येर विलापगीत् गा किनभन्ये यहवेले येस् पुस्ता मांथि रिस् गर्‌येर
तिनिहरुलाइ विकामे जानि त्यागि पनि दियो । यहवेको यो वाणी छ ३०
येसको कारण् यो छ अर्थात् यहूदावंशीहरुले मेरो सांमु जे बुरो छ त्यो
गर्‌ये . अं मेरो नांउको भनौंने घरमां पनि तिनिहरुले आफ्ना घिन्लाग्दा
थोक् राखि त्येसलाइ अशुद्ध गर्‌ये । अनि तिनिहरुले हिन्नोमवंशीको भनौंने ३१
तरिमां तोपेत्को अग्लो ठाउं बनाइ आफ्ना छोराछोरीहरुलाइ आगोको
बाटो बाड़ो हिंड़ाल्ये जसो गर्नु मैंले तिनिहरुलाइ कैलेइ आज्ञा दिइंन
अनि न मेरो मन्मां कैलेइ थियो । यहवेको यो वाणी छ येसकारण येस्ता ३२
दिन् आउंदै छन् त्यो तरि फेरि फेरि न ता तोपेत्को न ता हिन्नोमवंशीको
भनौंछ तर मराइंकै तरि भनौंछ . कसोगरिभन्ये तोपेत् भनौंने तरिमां येति

३३ विग्र चिहान् हुंछन् चिहानको लागि ठांवै हुंदैन। त येस् लोग्का मुर्दा
अकाश्का पंषी र बन्पशुहरुका आहारा हुंछन् अनि तिनलाइ धपाउंने
३४ कोई हुंदैन। त्येस् बेलामां मं येस्तो गराउंछु यहूदाका सहर्हरुमां र
यरुशलेम्का सटक् सटक्हुंदो न हर्षको न रमाहट्को सोर् सुनौंछ अनि
न ब्याउलाको सोर् न ब्याउलीको सोर्. कसोगरिभन्ये देस् सुनसान्
होइ जांछ॥

८ १ यह्वेको यो वाणी छ त्येस् बेलामां तिनिहरुले यहूदाका राजाहरुका
हाडू र त्येका मालिक्हरुका हाडू र पूजाहारीहरुका हाडू र अगमव्रक्ताहरुका
हाडू र यरुशलेम्का वासीहरुका हाडू चिहान् चिहान् देखि निकालि
२ निकालि तिनलाइ घाम् र जून् र अरु स्वर्गको सेनाको सांमु
फिंजाउंछन् किनभन्ये तिनिहरुले तिनिहरुइ षित प्रेम् राख्येका छन् अनि
तिनिहरुकै सेवा गर्येका छन् अनि तिनिहरुकै पछि हिंड्रका छन् अनि
तिनिहरुकांइ जांने गर्येका छन् अनि तिनिहरुलाइने दण्डवत् गर्येका छन्.
ति हाडूहरु न ता बटोलौंछन् अनि न फेरि चिहान्मां राखौंछन् तर मल्
३ झैं भूंइ मांथि रहंछन्। त येस् बुरा लोग्मांका जो जो ति मैंले भस्म पारि
दिंने ठांउहुंदो बांचि रहंछन् तिनिहरुले जीवन् भन्दा बेसि मृत्युनै मन्
पर्छन् यह्वेको येइ वाणी छ॥

४ फेरि तैंले तिनिहरुलाइ येसो भन् यह्वेले येसो भन्द छ. जब कोई
लड्छ छ त के त्यो फेरि उठ्दैन जब कोई तर्कि जांछ त के त्यो फर्कि
५ आउंदैन। त के कारण्ले हो यरुशलेम्का यि लोग्हरु सधैं सम्मको
फर्काई गर्द छन्. यिनिहरुले छल्का कुरा छोड्दैनन् अनि फर्कि आउंन
६ स्वीकार् गर्दैनन्। मैंले सुन्दाखेरि सुन्यें तर यिनिहरुले कुनै कुरा पनि ठीक्
गर्दैनन्. यिनिहरुमांको कसैले पनि आफ्नु बुराई देखि पछुतायेर हाय्
मैंले के गर्यें भनि भन्येन. तर जसोरि घोड़ा लड़ाईंको लागि छिटो छिटो
७ दुगुर्द छ त्येसैगरि यिनिहरु जनंगे आफ्नै बाटो तिर दुगुर्द छन्। अं अकाश्का
कराङ्कुरुङ्ले आफ्ना ठहरायेका समय् जांद छन् अनि ढुकुर् र गौंथलि
र सारस्ले आफ्नु आफ्नु आउंने समय्को समझना राख्द छन् तर मेरा
८ प्रजाले यह्वेको नियाबचन् जान्दैनन्। तिमिहरुले कसोगरि भन्ने गर्द छौ
हामिहरु ता बुद्धिमान् छौं यह्वेको व्यवस्था हामिहरु थांइ छ भनि।
तर हेर शास्त्रीहरुले तिनका झुट्ठा बखान् लेखि लेखिकन त्यो झूठो बनाइ
९ दिये। तिनिहरुमांका बुद्धिमान्हरु लज्जित् छन् तिनिहरु मुर्छित् भयेर
पकराइंछन्. हेर तिनिहरुले यह्वेको बचन् बिकामे जान्ये त तिनिहरुको
१० कस्तो बुद्धि हो। येसकारण् मं तिनिहरुको स्वास्नीहरुलाइ अरुहरुलाइ दिंछु
अनि तिनिहरुका जग्गा अरुहरुको ताबिमां पारि दिंछु. किनभन्ये तिनिहरु
सांना देखि ठुला सम्म सबै लोभ्ले भरीयेका छन् अनि अगमवक्ता देखि
११ पूजाहारी सम्म ति सबैले छल् षित काम् गर्द छन्। अनि तिनिहरुले
कुशल् छ कुशल् छ भनि भनिकन मेरा प्रजाको घाउ निको पार्ये जब कुशल

छैन। क्यै तिनिहरु घिन्लाग्दो काम् गर्येर कैलेइ लजाये . होइन तिनिहरु १२
कैले पनि लजायेनन् न तिनिहरुले आफ्नु मुख् अंध्यारो पार्थे . येस्कारण्
तिनिहरु त्यहां लड्छन् जहां सबै लड्ेर. तिनिहरुको दण्डको बेलामां
तिनिहरु लड्छन् यह्वेको येइ वाणी छ। यह्वेको यो पनि वाणी छ मं १३
तिनिहरुलाइ भस्म पार्छु. न तिनका दाख्का बोट्मां दाख् पाइँछन् अनि न
नेभाराको रुख्मां नेभारा अं तिनका पातै पनि झरि जांछन् येसोरि ज्ये ज्ये
मैंले तिनिहरुलाइ दियेको छु ति तिनिहरु देखि जाइ जांछन्। हांमिहरु १४
किन बसि रहंद छौं. हांमिहरु भेला भयेर घेरा भयेका किल्ला सहर्हरुमां
पसूं वहां चुप लागि रहूं. किनभन्ये हांमिहरुको ईश्वर् यह्वेले हांमिहरुलाइ
चुप् लगायेको छ हांमिहरुले यह्वेको बिरुद्धमां पाप् गर्येका छौं येस्कारण्
उस्ले हांमिहरुलाइ पित्तको पानी खुवायो। हांमिहरुले कुशल्को बाटो ता १५
हेर्दै थियूं तर कोइ कुशल् पायूंन अनि जाति गत्का हुंने आस् गर्दै थियूं
तर हेर दुखै दुख। त्यस्का घोड़ाहरुका नाख् फड्काइँको सोर् दान् देखि १६
सुनींद छ . तिनिहरुका बलिया बलियाहरु हिन्हिनायेको शब्दले सिंगै देस्
कांप्यो कसोगरिभन्ये तिनिहरुले आयेर देस् त्यस्मां भयेका सबै थोक् र
सहर् त्यस्का बासीहरु समेत्लाइ खाइ हाल्ये। अनि यह्वेको यो वाणी छ १७
हेर मं तिनिहरुको बीच्मां साप् अं येस्ता येस्ता नाग् पठाउंछु तिनिहरु
मांथि मन्तर् लाग्दैन त तिनिहरुले तिमिहरुलाइ डस्छन्॥

हाय् हाय् येस्तो शोक्को बेलामां मंलाइ कहां देखि शान्ति आउंछ मं १८
भित्र मेरो हिर्दय् हरान् पर्येको छ। सुन मेरो लोगको अग्घोर् टाढ़ो देस् १९
देखि क्ये यह्वे सिय्योन्मां छैन क्ये त्यस्को राजा त्यस्मां छैन भनि करायेको शब्द
सुनींद छ। त किन तिनिहरुले आफ्ना खोप्येका मूर्त्तिले र अन्यदेसीहरुका
ब्यर्थ थोकले मंलाइ रिस् उठाये। कटनीको बेला बिति गयो अनि गर्मको २०
ऋतु सक्कीयो र पनि हांमिहरु बचाईयूंन। त आफ्ना दुखित् लोगको २१
कारणले मं दुखित् छु . मं बिलाप् गर्दै छु अचम्भमां पर्येको छु। क्ये २२
गिलाद्मां बल्सान् छैन क्ये त्यहां कोई बैद्य छैन . छ भन्ये देखि ता मेरा
लोगको ब्यथा किन निको हुंदैन॥

मेरो सिर् पानीहरु र मेरा आंखा आंसुहरुका कुवा हुंदा हुन् त मं ९ १
आफ्ना मारीयेका लोगको लागि रात् दिन् रुंने थियें। बन्मां पर्देसीहरुले २
बास् बस्येको ठांउ पाये ता मं आफ्ना लोगलाइ छोड़ेर तिहीं गइ बस्ने
थियें. किनभन्ये तिनिहरु सबै ब्यभिचारीहरु र छल् गर्नेहरुको समाज्
भइ गयो। अनि तिनिहरुले आफ्नु जिब्रोधनु उकालि झूठ्कांड़ लगाउंद ३
छन् अनि देस्मां बलिया ता भये तर सच्चेइँको लागि होइन . कसोगरिभन्ये
बुराई मांथि बुराई बांध्दै जांद छन् अनि मंलाइ चिन्देनन् यह्वेको येइ वाणी
छ। तिमिहरु आफ्ना सिमेंकिहरु देखि चंख रह अं आफ्ने दाज्यभाईहरु ४
मांथि पनि भरोसा न राख . किनभन्ये सबै दाज्यभाईहरुले ठगेइँ गर्दै छन्
अनि सबै चिनाजानाहरुले बांगो बेहोरा गर्दै छन्। तिनिहरु एकाले ५

अर्का सित छल् गर्द छन् अनि सांचो बोल्दैनन् . तर तिनिहरुले आफ्नु
जिब्रोलाइ ढांटै बोल्नु सिकायेका छन् अनि टेढेईं गर्नुमां दास्ती गर्द
६ छन्। तेरो बास् छलीहरुको बीच्मां छ अनि यह्वेको यो बाणी छ ति
छल्को कारणले तिनिहरुले मंलाइ चिन्नु मांग्देनन् ॥
७ येसकारण् सेनाहरुको यह्वेले येसो भन्द छ हेर् मं तिनिहरुलाइ
८ खार्येर जांच्छु किनभन्ये मेरा लोगको कारणले मं अरु के गरुं। तिनि-
हरुको जिब्रो मार्ने कांडु जस्तै छ त्येस्ले छलैका कुरा गर्द छ. तिनिहरु
आपस्तमां मुख्ले ता मिलाप्का कुरा गर्द छन् तर मन्मां ढुकि बस्छन्
९ छन्। यह्वेको यो बाणी छ के मं येस्ता कुरालाइ दण्ड न दिउं. के मं
येस्ता लोग्हरु देखि साटो न लिउं ॥
१० मं पहाडूहरुको लागि रोइ उठ्छु अनि शोक्को गीत् गाउंछु अनि
बन्को खर्कको लागि बिलाप्को गीत् गाउंछु किनभन्ये तिनिहरु येसोरि
डढ़ि गये त्येता बाटो कोई पनि हिंडूदैन अनि तिनमां गाईगोरुको मोर्
११ सुनींदैन अं पशुपंछीहरु पनि त्यहां बाटो भाग्येर हटि जांछन्। अनि
मं यरुशलेम् भत्कायेर थुप्रो थुप्रो पारि स्यालहरुको बास् तुल्याउंछु अनि
मं यहूदाका सहर्हरु पनि तिनमां कोई न रहंनेगरि उजारि दिंछु।
१२ यो बूझ्ने बुद्धिमान् मान्छे को छ. अनि जस्ले यह्वेको मुख् देखि येसको
कारण् सुन्येको छ त्येस्ले कहि पनि देवस् त्यो को हो. देस् किन नष्ट भयो
अनि त्यो डढेर मान्छे बिनाको भयो अं त्येता बाटो कोई हिंडूदै पनि
हिंडूदैन येसको कारण् क्या हो ॥
१३ फेरि यह्वेले भन्यो तिनिहरुले मैंले तिनिहरुलाइ सुनाइ दियेको मेरो
व्यवस्था छोड़ि दिये अनि न ता मेरा कुरा मान्ये अनि न ति व्यवस्था अनु-
१४ सार् हिंड़े तर आफ्नु हिर्दय्को अट्टेरेईंमां हिंडूदै तिनका पित्रहरुले
१५ सिकायेका बाल् भनींने देवताहरुको सेवा गर्ये. येसकारण् सेनाहरुको यह्वे
इस्राएल्को ईश्वर्ले येसो भन्द छ सुन मं येस् प्रजालाइ एरेलू खुवाउंछु
१६ अनि पित्तको पानी पीयाउंछु। अनि मं तिनिहरुलाइ न तिनिहरुले न
तिनिहरुका पित्रहरुले जान्येका लोग्हरुको बीच्मां छरपुष्ट पार्छु अनि मैंले
तिनिहरुलाइ नास् न पारुंज्याल् सम्म मं तिनिहरु माथि तरवार् चलाउंछु ॥
१७ सेनाहरुको यह्वेले येसो भन्द छ बिचार् गर अनि बिलाप् गर्ने
स्त्रीहरुलाइ बोलाव र तिनिहरु आउन् अनि बुद्धिमान् स्त्रीहरुलाइ डाकि
१८ पठाव र तिनिहरु आउन्. त तिनिहरुले छिट्टो गरिकन हांमिहरुको
लागि शोक्को गीत् गाउन् र हांमिहरुका आंखा देखि आंसुहरु झरुन्
१९ अनि हांमिहरुका पलक् देखि पानीका धारा बहुन्। किनभन्ये सिय्योन्
देखि शोक्को यो गीत् सुनींद छ अर्थात् हांमिहरु कसोगरि नष्ट भयूं.
हांमिहरु औधिगरि लाज्मां गाड़ीयूं कसोगरिभन्ये हांमिहरुले आफ्नु देस्
२० छोडूनु पर्यो अनि हांमिहरुका घर्हरु भत्काइ दियेये। तैपनि हे स्त्रीहरु
हो यह्वेको यो बचन् सुन अनि तिमिहरुका कानले उसको यो आज्ञा

ग्रहण गरुन् तिमिहरूले आफ्नी आफ्नी छोरीहरूलाइ पनि शोक्को गीत्
अनि आफ्नी आफ्नी छिमेकिनीहरूलाइ पनि बिलाप्को गीत् सिकाइ
देव। किनभन्ये काल् हामिहरूका खिर्किहरू देखि पसेर हामिहरूका २१
महल् महल्मा पनि पस्यो हामिहरूका गल्लिहुंदो देखि बालखहरूलाइ
र चोक्हुंदो देखि जुवान्हरूलाइ काट्नुलाइ। तैंले भन् यह्वेको यो २२
बाणी छ मान्छेहरूका मुर्दाहरू बारीमा मल् झैं मिल्कीइ रहंछन् अनि
कटनी गर्नेहरू पछिका पांजा झैं तिनिहरू उठाउंने कोई हुंदेन॥

यह्वेले येसो भन्द छ न बुद्धिमान्ले आफ्नु बुद्धिमा अहंकार् २३
गरोस् अनि न बीर्ले आफ्नु बीर्हुवाईमा न धनीले आफ्नु धन्मा.
तर घमंड् गर्नेले मं यह्वेलाइ चिन्द छु अनि यह्वेले पृथिवीमा करुणा २४
निया र धर्म्मको काम् गर्द छ भनि जानिकन घमंड् गरोस्. किनभन्ये यिनै
कुरामा मं खुशि छु यह्वेको येइ बाणी छ। सुन यह्वेको यो बाणी छ २५
येस्ता दिन् आउंछन् मं खतना हुंने र खतना न हुंनेहरूलाइ दण्ड दिंछु
अं मिस्र यहूदा एदोम् अम्मोन्बंशीहरू मोआब् र आफ्ना गालाका केस् २६
मुड्याउंने बन्बासीहरू सबैलाइ पनि मं एकै प्रकार्को दण्ड दिंछु. किनभन्ये
सबै अन्यदेसीहरू ता बिखत्ने छंदै छन् अनि इस्राएल्का सिंगै जहान्
पनि मनमा बिखत्ने छन्॥

हे इस्राएल्बंशीहरू हो यह्वेले तिमिहरूलाइ भन्ने बचन् सुन. १० १
यह्वेले येसो भन्द छ अन्यदेसीहरूको चाल् न सिक अनि न तिनिहरूइ २
झैं आकाश्का चिंनुहरू देखि छक्क पर ति थोक् देखि ता अन्यदेसीहरू पो
छक्क पर्द छन्। कसोगरिभन्ये अन्यदेसीहरूका रीत्हरू ता ब्यर्थैका छन्. ३
कसोगरिभन्ये येउटाले बन्को रुख् बन्चरोले काटि ढाल्द छ अं कारिगर्को
हात्को काम्। मान्छेहरूले त्येलाइ सुन् चांदीले सिंगार्द छन् अनि त्यो न ४
हल्लीओस् भन्येर मार्तोल्ले कीलाहरू ठोक्द छन्। ति मूर्त्तिहरू खुर्कि ५
खुर्किकन खजूर्को रुख् जस्तो गोल् बनाइंद छन् अनि बोल्नु चइं सक्देनन्.
तिनिहरूलाइ बोकि हिंड्नु पर्द छ किनभन्ये हिंड्नु सक्देनन्। त तिमिहरू
तिनिहरू देखि न डराव किनभन्ये तिनिहरूले न कसैको कोइ बुराई अनि
न कसैको कोइ भलाई गर्नु सक्द छन्॥

हे यह्वे तपांइ जस्तो कोई पनि छैन तपांइ महा हुंनु हुंद छ अनि ६
पराक्रम्मा तपांइको नांउ बड़ा छ। हे अन्यदेसीहरूका राजाधिराज् तपांइ ७
देखि को डराउंदेन तपांइ येस् योग्य् हुंनु हुंद छ. कसोगरिभन्ये तपांइको
बराबर् अन्यदेसीहरूमा न ता कसै बुद्धिमान्को बुद्धि न ता कसै राज्को
शक्ति छ। तर तिनिहरू पशुसरि मूर्ख छन्. अनि मूर्त्तिहरूको शिक्षा ८
काठ्को शिक्षा जस्तो मात्रै छ। अं तर्शीश् देखि ल्यायेको चांदी र ९
उपज्को देस् देखि ल्यायेको सुन् सुंनार् र कारिगर्ले गर्येको काम्ले
पोठ्येका पाता मात्रै छन् नीलो बैगुने रंगको बस्त्र पनि छन् ति सबै थोक्
सिपालु सिपालु मान्छेका काम् छन्। तर यह्वे सांचि सांचिने ईश्वरै छ १०

जीउंदो ईश्वर् अनि अनन्तको राजा उह हो. उस्को कोप्ले पृथिवी
कांम्द छ अनि अन्यदेसिहरूले उस्को क्रोध् सहंनु सक्दैनन् ॥
११ तिमिहरूले तिनिहरूलाइ येसो भन यि अकाश् र पृथिवी बनाउंनु
न सक्ने देव्ताहरू पृथिवी देखि र अकाश्को मुनि देखि नष्ट होइ
जांछन् भनि ॥
१२ [यह्वेले] पृथिवी आफ्नु सामर्थले बनायो अनि जगत् आफ्नु बुद्धिले
१३ स्थिर् गरायो अनि अकाश् आफ्नु सिप्ले टांग्यो . उ बोल्दा अकाश्मां
पानीको ठुलो शब्द हुंद छ उस्ले पृथिवीको छेउ देखि कुइरोलाइ उठाउंद छ
अनि वृष्टिको लागि बिजुलि बनाउंद छ अनि आफ्नु भंडार् देखि बतास्
१४ निकालि ल्याउंद छ। सबै मान्छेहरू पशु जस्तै ज्ञान्बिनाका छन् सबै
सुनार्हरूले आफुले खोप्येका मूर्त्तिहरूको कारणले लज्जित् हुंनु पर्छ .
किनभन्ये तिनिहरूका ढाल्येका मूर्त्तिहरू धोखा दिंनेहरू छन् अनि तिनको
१५ कोइ पनि सास् छैन। ति (मूर्त्तिहरू) व्यर्थ र ठट्ठा योग्य छन्. तिनको नष्ट
१६ पारींने बेला आउंदा नष्ट हुंछन्। याकूब्को भाग् ति जस्तो छैन उ ता
सिंगै थोक् बनाउंने हो अनि इस्राएल् उस्को अधिकार्को प्रजा हो. उस्को
नांउ सेनाहरूको यह्वे हो ॥
१७ ए घेरा भयेको सहर्मां रहंने आफ्नु झिटिमिटि बोकेर येस्
१८ देस् देखि निस्कि जा। किनभन्ये यह्वेले येसो भन्द छ येस् खेप् मं येस्
देस्मां रहंनेहरूलाइ घुयांत्रोले हानि पठायेको ढुंगो झैं हानि पठाउंछु अनि
१९ मं तिनिहरूलाइ तिनिहरूले थाहा पाउंने सम्म दुक्ख दिंछु। मं माथि हाय्
मेरो दुक्ख असाद्धे छ. तर ठान्द छु यो मेरो दुक्ख हो अनि त्यो मैंले सहंनु
२० पर्छ भनि। मेरो पाल् नष्ट भयो अनि मेरा सबै डोरीहरू छिन्ये. मेरा बाल्-
बच्चाहरू निस्कि गये अनि कतै पाइंदैनन्. मेरो पाल् उभ्याउंने र मेरो तम्बु
२१ ठांग्ने कोई रहेन। कसोगरिभन्ये गोठालाहरू पशु जस्ते भइ गये अनि
यह्वे सित सोधनी गर्दैनन्. येसैकारण् तिनिहरूको कामको सुफल् छैन
२२ अनि तिनिहरूका भेंड़ाहरू सबै छरपुट्ट भये। कोहोलोको सोर् सुनींद छ
अं आउंदै गर्द छ उत्तर् देखि ठुलो खल्याङ्मल्याङ् यहूदाका सहर्हरू
२३ उजारि स्यालहरूका कुरि तुल्याइ दिंनुलाइ। हे यह्वे मैंले थाहा पायें
मान्छेको हिंड्ने चाल् आफैमां रैन छ. मान्छेले आफ्ना फड्का हिंड़ालनु
२४ सक्दैन रछ। हे यह्वे मंलाइ दण्ड ता दिंनु हवस् तर रिस्मां भइकन
होइन निया सित दिंनु हवस् होइनभन्ये ता तपांइले मंलाइ नष्ट पार्छौ।
२५ तपांइलाइ न जान्ने लोग् र तपांइ सित प्रार्थना न गर्ने कुल्हरू माथि
आफ्नु बल्दोरिस् उठाउंनु हवस्. किनभन्ये तिनिहरूले याकूब्लाइ नील्ये
अं त्येस्लाइ खाइ सक्ये अनि त्येस्का बास्स्थानहरू उजारि दिये ॥

११ १ यह्वेको यो बचन् यिर्मयाह् थांइ आयो येस् नियम्का कुराहरू
२ सुन् अनि यहूदाका मान्छेहरू र यरूशलेम्का बासीहरूलाइ येसो भन्

अं तिनिहरूलाइ भन् इस्राएल्को ईश्वर् यहवेले येसो भन्द छ त्यो मान्छे ३
स्रापित् हवस् जल्ले येस् नियमका कुरा सुन्दैन यो त्येइ नियम् हो जो ४
मैंले तिमिहरूका पित्रहरू सित फलम्को भट्टी अर्थात् मिस्र देस् देखि
निकाल्दै गर्येको दिन्मां जति आग्या मं तिमिहरूलाइ दिंद छु ति मान्यौ
भन्ये देखि तिमिहरू मेरा प्रजा हुंछौ अनि मं तिमिहरूको ईश्वर् हुंछु भनि
नियम् बांध्येको थियें . येस्कारण् मैंले तिमिहरूका पित्रहरू सित दुद् र मह ५
बहंने देस् दिंछु भनि किरिया खायेको थियें त्यो पूरो गर्छु भनि जस्तो
आजुको दिन् छ । तब मैंले उत्तर् दिइ भन्यें हे यहवे आमेन्[१] ॥

तब यहवेले मंलाइ भन्यो यिनै सब्र कुरा यहूदाका सहर्हरू र ६
यरूशलेमका सटक्हुंदो प्रचार् गर् अनि भन् येस् नियमका कुरा सुन्येर
येसो गर । किनभन्ये मैंले तिमिहरूका पित्रहरूलाइ मिस्र देस् देखि ७
निकाल्येको दिन्मां अं आजु सम्म तिनिहरूलाइ बल्लियो गरि चेतायेको
थियें अं तिमिहरूलाइ मेरो कुरो सुन भनि भनिकन सखारै उठिकन चेताउंदै
थियें । तैपनि तिनिहरूले मेरा कुरा सुन्येनन् न मं तिर कान् थाप्ये तर ८
आफ्नु आफ्नु बुरो मन्को अट्टेरेईमां हिंड्ये . येस्कारण् मैंले तिनिहरूलाइ
तिनिहरूले मान्नु भनि दियेको नियमका जुन् कुराहरू तिनिहरूले मानि
पूरा गर्येनन् यि कुरा तिनिहरू मांथि हाल्यें ॥

फेरि यहवेले मंलाइ भन्यो यहूदाका मान्छेहरूमां र यरूशलेमका ९
बासीहरूमां अधिराज्को बिरुद्धको द्रोहो पाईयो । यिनिहरू मेरो बचन् १०
सुन्नु न मान्नेहरू आफ्ना पित्रहरूको अधर्म्म तिर फर्का अनि यिनिहरू अरु
देव्ताहरूको पछि पछि हिंड्ये तिनिहरूको सेवा गर्नुलाइ . इस्राएल्का
जहान् र यहूदाका जहान्ले मैंले तिनिहरूका पित्रहरू सित बांध्येको
नियम् भङ्ग गर्ये । येस्कारण् यहवेले येसो भन्द छ सुन् मं यिनिहरू मांथि ११
येस्तो बिपत्ति ल्याउंछु ज्ये देखि यिनिहरू बांच्नु सक्दैनन् अनि यिनिहरूले
मेरो दोहाई गर्ये भन्ये पनि मं यिनिहरूको सुन्दीन । त्येस् बेला यहूदाका १२
सहर्हरू र यरूशलेमका बासीहरूले गइ तिनिहरूले धूप् हाल्ने गर्येका
देव्ताहरूलाइ दोहाई दिंछन् . तर तिनिहरूले तिनिहरूको बिपत्तिको
बेलामां कोइ पनि बचाउंनु सक्दैनन् । हे यहूदा जत्ति तिमिहरूका सहर्हरू १३
छन् उत्ति तिमिहरूका देव्ताहरू अनि यरूशलेमका गल्ली पिच्छे त्येस् लाज्
लाग्ने थोक् अर्थात् बाल्को लागि धूप् हाल्ने बेदिहरू तिमिहरूले बनायेका
छौ । त तैंले येस् प्रजाको लागि प्रार्थना न गर् न ता यिनिहरूको १४
लागि ठुलो सोर्ले प्रार्थना गर् अनि न दोहाई दे . किनभन्ये तिनिहरूले
तिनको बिपत्तिको बेलामां मंलाइ दियेको दोहाई पनि मं सुन्दीन ॥

मेरो घर्मां मेरी प्रियाको के काम् छ त्येले ता धेरै सित कुकर्म्म १५
गर्येकी छ अनि पवित्र मांसु तं देखि खांट्टै गइ गयो . कसोगरिभन्ये

[१] अर्थात् येसो हवस् । व्यवस्थाबखान् २७, १५-२६ हेर ।

१६ जब जब तैंले बुराई गर्द छेस् तब तब तं फुलौंद छेस् पनि । यहवेले तंलाइ
हरीयो मनपर्दो फलवन्त भद्राक्ष भन्येको थियो . उस्ले त्येस्मां खल्याङ्
मल्याङ्को घोर् गर्दै आगो लगाइ दियो अनि त्येका डालाहरु भांचीयेका
१७ छन् । कसोगरिभन्ये मं तंलाइ रोपने सेनाहरुको यहवेले तं मांथि विपत्ति
ल्याउंनु आंठेरको छु किनभन्ये इस्राएल्को जहान् र यहूदाको जहान्को
त्येस् तिनिहरुले बाल्को लागि धूप् हालि मंलाइ रिस् उठाउंनुलाइ गर्येको
बुराईको कारणले ॥

१८ त्येस् पछि यहवेले मंलाइ थाहा गरायो त त्यो कुरो मंलाइ थाहा
१९ भयो . कसोगरिभन्ये तपांइले मंलाइ तिनिहरुका कर्म्म भन्नु भयो । तर मं
काटौंनुको लागि पालीयेको भेंड़ाको पाठा जस्तै थियें अनि तिनिहरुले लु
हांमिहरु त्येस् रुखलाइ त्येको फलै समेत् उखेलि दिऊं अनि जीवनलोक्
देखि मेटि दिऊं र त्येको नावैको समझना पनि न हवस् भनि मेरो हानि
२० गर्नुलाइ येस्तो कुमंत्र गर्द छन् भनि कोइ पनि जांदैन थियें । तर अब
हे सेनाहरुको यहवे धर्म्म सित निया गर्ने मुटु र हिर्दय् छुट्ल्ने अब
तपांइले तिनिहरुलाइ साटो दिंनु हुंछ तब त्यो मं देख्नु पाउं . किनभन्ये
२१ मैंले आफनु यो कुरो तपांइलाइ प्रगट् गर्येको छु । येसकारण यहवेले तेरो
प्राण् खोज्ने अनातोत्का लोग् जस्ले भन्द छन् त्येस्ले फेरि फेरि यहवेको
नांउले अगम् कह्यो भन्ये देखि त्यो हांमिहरुको हात् देखि मारींछ भनि .
२२ तिनिहरुको बिषयमां यहवेले भन्द छ . अं तिनको बिषयमां सेनाहरुको
यहवेले भन्द छ हेर् मं तिनिहरुलाइ दण्ड दिंछु . अर्थात् तिनका जुवानहरु
चइं तरवार्ले मर्छन् अनि तिनिहरुका छोराछोरीहरु चइं भोकले मर्छन्
२३ अं तिनिहरुमांको कोई पनि बांचि रहंदैन . जस् बर्षमां मं अनातोत्का
लोगलाइ दण्ड दिंछु त्यसै बर्षमां यि बिपत्ति तिनिहरु मांथि ल्याउंछु ॥

१२ १ हे यहवे मैंले तपांइ सित बिबाद् गर्यें भन्ये पनि तपांइनै निर्दोष्
ठहर्नु हुंछ . तैपनि मंलाइ तपांइ सित येस् बिषयमां बिबाद् गर्नु दिंनु
हवस् . दुष्टहरुको बाटो किन भाग्येमान् हुंद छ . छल् सित काम् गर्ने सबै
२ किन बड़ा सुख सित रहंद छन् । तिनिहरुलाइ तपांइले रोप्नु भयो अनि
तिनिहरुले जरा पनि समाते तिनिहरु बढ्द र फुल्द फल्द पनि छन् .
तिनिहरुको मुखका कुरामां ता तपांइ नजिक् तर तिनिहरुको मन् देखि
३ टाढ़ो हुंनु हुंद छ । तर हे यहवे तपांइलेनै मंलाइ चिन्नु हुंद छ तपांइले
मंलाइ देख्नु हुंद छ अनि तपांइ तिर लाग्ने मेरो मन् जांच्नु हुंद छ .
काटौंनुका लागि भेंड़ाहरु निकालि लग्येको भैं तिनिहरुलाइ काट्ने दिन्को
४ लागि तियार् पार्नु हवस् । येस् देस्ले कैले सम्म बिलाप् गर्दै रहंछ अनि सिंगै
बन्को घांस् कैले सम्म सुकि रहंछ . देस्का लोगको बुराईको कारणले
पशु पंछी सबै बिलोइ गये किनभन्ये तिनिहरुले उस्ले हांमिहरुको अन्त
५ देख्दैन भन्ये । तं प्यादाहरु सित हिंडदा थाकिस् भन्ये देखि तं घोड़ाहरु
सित कसोगरि दुगुर्नु सक्छस् . अनि शान्तिको देस्मां तं चैन् सक छस्

भन्ये देखि यर्दन्को छेउछाउको बाक्लो बन्मां तं के गर्छस् । किनभन्ये तेरा ६
साक्खै दाज्युभाई र तेरो बाबुको जहान्ले पनि तं सित छल्का काम् गर्येका
छन् तिनिहरु पनि तेरो पछि पछि कराउंदै आयेका छन् . तिनिहरुले मीठै
कुरा गर्ये भन्ये पनि तिनलाइ न पत्या ॥

मैंले आफ्नु घर् छोड़ि दियेको छु अनि आफ्नु निज् भाग् त्यागि ७
दियेको छु मैंले आफ्नु प्राणको प्रियालाइ त्येस्का सत्तुरुहरुको हात्मां पारि
दियेको छु । मेरो निज् भाग् मेरो लेखि बन्को सिंह सरि भयो . मेरो ८
बिरुद्धमां गर्जंद छ येसैकारण् मैंले त्यो सित इर्खि गर्येको छु । के मेरो निज् ९
भाग् मेरो लेखिमां छिर्बिरे सिंनुभत्तक् पंछी जस्तै भइ गयेको छैन . के
सिंनुभत्तक् पंछीहरुले त्येस्लाइ घेर्दै छ . सबै बन्जन्तुहरुलाइ त्येस्लाइ खांनुको
लागि जमा गर् । मेरो दाखको बारी धेरै गोठालाहरुले नष्ट पार्येका १०
छन् मेरो राम्रो बारी जो मेरो निज् भाग् थियो त्यो तिनिहरुले लतारि
लतारिकन बन् तुल्याइ दियेका छन् । तिनिहरुले त्येस्लाइ उजारि दियेका छन् ११
त्येस्ले उजारीयेर मेरो सांमु बिलाप् गर्दै छ अं सिंगै देस् उजारीयेको छ अनि
त्येस्को कारण् येइ हो कसैले गुन्दैन । बनका सबै नांगो डांड़ाहरु मांथि १२
नास् गर्नेहरु चढ़ेयका छन् . कसोगरिभन्ये यहवेको तरवार् देसको येस्
छेउ देखि उस् छेउ सम्म नष्ट पार्दै जांद छ . कोई मान्छेलाइ शान्ति
मिल्दैन । तिनिहरुले गहूंको बिउ ता छर्ये तर कांड़ाको बोट्को कटनी १३
गर्ये तिनिहरुले कष्ट उठाये तर त्यो देखि केइ नाफा हुंदैन . येसोरि
यहवेको रिस् उठेयको कारणले तिमिहरु आफ्ना फलहरु देखि लजाउंछौ ॥

मेरा इस्राएली लोग् भागी हुंने निज् भाग् मांथि हात् लगाउंने मेरा १४
दुष्ट छिमेकिहरुको बिषय्मां यहवेले येसो भन्द छ . हेर् मं तिनिहरुलाइ
तिनिहरुको जग्गा देखि उखेलछु अनि यहूदाको चइं जहान्लाइ तिनिहरुको
बीच् देखि निकालि ल्याउंछु । अनि येसो हुंछ मैंले तिनिहरुलाइ उखेल्ये १५
पछि तिनिहरु मांथि फेरि दया गर्छु तिनिहरुमांको जनंगेलाइ त्येस्को निज्
भाग्मां र जनंगेलाइ त्येस्को निज् देस्मां फेरि ल्याउंछु । वहांदेखि येसो हुंछ १६
तिनिहरुले मेरा लोगलाइ बाल्का किरिया खांनु सिकायेको झैं तिनिहरुले
मेरा लोगको चाल् सिकि यहवे जीउ रह्येको झैं भन्दै मेरो नांउको किरिया
खांछन् येसोरि मेरा लोगको बीच्मां तिनिहरुको पनि बंश बढ़्छ । तर १७
तिनिहरुमां न मान्ने कोई लोग् छ भन्ये देखि त्येस् लोग्लाइ त्यो फेरि न
पलाउंनेगरि उखेलछु यहवेको येइ बाणी छ ॥

यहवेले मंलाइ येसो भन्यो गयेर येउटा मलमलको पटुका १३ १
किन्येर आफ्नु कम्मरमां बांध् अनि पानीमां भिजनु न दे । त मैंले यहवेको २
बचन् अनुसार् येउटा पटुका किन्येर आफ्नु कम्मरमां बांधें । तब यहवेको ३
यो बचन् मं थांइ दोस्रो खेप् येसो भनि आयो जुन् पटुका तैंले ४
किन्येर आफ्नु कम्मरमां बांध्येको छस् त्यो परात् (नदी) को तीरमां

५ लग्येर वहां पहराको येउटा दुलोमां लुकाइ राख। त यहवेको यो आज्ञा
६ अनुसार् मैंले गयेर त्यो परातको तीरमां लुकाइ राख्यें। अनि धेरै दिन्
पछि येसो भयो यहवेले मंलाइ भन्यो उठेर फेरि परातको तीरमां गयेर
७ मैंले तंलाइ वहां लुकाउंनु भन्येको पटुका वहां बाटो ले। त मैंले फेरि
परातको तीरमां गयेर पहरा खोदल्येर मैंले त्यो लुकायेको ठांउ देखि त्यो
८ निकाल्यें. त हेर पटुका कुह्येर बिकामे भइ गयेछ। तब यहवेको यो
९ बचन् मं थांइ आयो यहवेले येसो भन्द छ येइ परिले मं यहूदाको
१० र यरूशलेमको ठुलो शेषी भारि दिंछु। यो मेरो बचन् सुन्न न मान्ने
अनि आफ्ने मनको अट्टेरेईमां हिंड्ने अनि परायदेवताहरु पछि हिंड्दे
तिनको सेवा र तिनलाइ दण्डवत् गर्ने यो दुष्ट लोग् येइ बिकामे भइ
११ गयेको पटुका जस्ते हुंछन्। अं मान्छेको कम्मरमां पटुका बांधि टंसायेको
झैं मैंले इस्राएलको सिंगे जहान्लाइ र यहूदाको सिंगे जहान्लाइ
आफ्नु कम्मरमां टंसायें यहवेको येइ बाणी छ तिनिहरु मेरा प्रजा होउन्
मेरो नांउ र कीर्त्ति र शोभाको कारण् होउन् भन्येर. तर तिनिहरुले
१२ मेरो कुरा मान्येनन्। येस्कारण् तैंले तिनिहरुलाइ यो बचन् भनि दे.
इस्राएलको ईश्वर् यहवेले येसो भन्द छ सबै घड़ाहरु दाखमद्दले
भरींछन्. तब तिनिहरुले तंलाइ भन्छन् के हामिहरुलाइ सबै घड़ाहरु
१३ दाखमद्दले भरींछन् भनि थाहा छैन भनि। तब तैंले तिनिहरुलाइ
भनि दे यहवेले येसो भन्द छ सुन मं येस् देसमां रहंने सबै बासीहरुलाइ
अं दाऊदको सिंहासनमां बिराज्ने राजाहरु र पूजाहारीहरु र
आगमबक्ताहरु र यरूशलेमका सबै बासीहरुलाइ मताईले बिचेत् गराउंछु।
१४ वहांदेखि मं तिनिहरुलाइ एकालाइ अर्का मांथि अं बाबुलाइ छोरा
मांथि पछार्छु यहवेको येइ बाणी छ. मं तिनिहरु मांथि न नरमेईं
न टिठाई गर्छु अनि न दया गर्येर तिनिहरुलाइ नास् न पारि छोड्छु॥
१५ सुन अनि कान् लगाउ शेषी न गर. किनभन्ये यो यहवेको बचन् हो।
१६ आफ्नु ईश्वर् यहवेलाइ महिमा देव उस्ले अंधकार् ल्याउंनु र तिमिहरुको
गत् त्येस् राति टक्कर् लाग्ने पहाड् र ज्योतिको आसा गर्दे रहंको हुंदा
उस्ले चइं त्येस्को साटोमां तिमिहरु मांथि मृत्युको छाया र बाक्लो
१७ अंधकार् छाइ दिंनु भन्दा पहिले। तर तिमिहरुले त्यो सुन्यौन भन्ये
देखि ता मेरो प्राण् तिमिहरुको अहंकारको कारणले एकान्तमां रुंछ अं
यहवेको बगाल् बन्धुवाई गरि लगीयो भनि गुन्दे गुन्दे मेरा आंखा देखि
१८ आंसुका धारा बहंछन्। राजालाइ र राजमातालाइ भन् दीन् भइकन
भूंइमां बस. किनभन्ये तिमिहरुको शिर् देखि तिमिहरुको किरीट् अं
१९ तिमिहरुको शोभित् राजमुकुट् उतारि लगींछ। दक्खिन् देसका सहरहरु
थुनीये तिनलाइ उघार्ने कोई पनि छैन. सबै यहूदा बन्धुवाईमां जांछ
अं त्यो स्वांट्टै बन्धुवाईमां जांछ॥
२० आफ्ना आंखा उचाल्येर ति तेरो बिरुद्धमां उत्तर् दिशा देखि

आउंनेहरूलाइ हेर्. तंलाइ दिईयेको बगाल् कता छो ग्रं तेरो राम्रो बगाल्।
जब उस्ले तेरै हानि गर्नुलाइ सिकायेको तेरा मित्रहरूलाइ तं मांथिको २१
मालिक् तुल्याउंछ तब तं के भन्छस्. के त्यस् बेलामां तंलाइ सुत्केरेको व्यथा
लाग्दैन। अनि तेंले मं मांथि येस्तो तुलो तुलो विपत्ति किन आइ लाग्यो २२
भनि मन्मां ठानिस् भन्ये देखि त (चाल् पा) तेरो तुलो अधर्म्मको कारणले
तेरो फरीया ऊंभो उठाईयेको छ अनि तेरा टाङ्ग बलैले फारीयेका छन्। के २३
कूशीले आफ्नु छाला फेर्नु सक्छ कि चितुवाले आफ्नु आङ्का थोप्लाहरू.
त तिमि बुराई गर्नु बानी बस्येकाहरूले पनि कसोगरि भलाई गर्नु सक्छौ।
येस्कारण् मं तिनिहरूलाइ उडायेर छरपुट्ट पार्छु बन् देखि आयेको बतासले २४
भुस् उडायेको भैं। यहवेको यो बाणी छ तेरो गत् र मं देखि ठहराईयेको २५
तेरो भाग् येइ हुंछ किनभन्ये तेंले मंलाइ बिर्सि व्यर्थ मांथि भरोसा गरिस्।
येस्कारण् मं तेरो फरिया तेरो मुख् सम्म फर्काइ दिंछु त तेरो लाज् देखाहा २६
पर्छ। तेंले डांडाहुंदो गर्येका तेरा घिन्लाग्दा काम् ग्रं तेरा परस्त्रीगमन् २७
र तेंले गर्येको हिन्हिनाई र तेरा व्यभिचार्को लकुवारेईहरू मैंले देखें।
ए यरूशलेम् तं मांथि हाय्. तं कैले सम्म येस् अशुद्धिईमां रहंछेस्॥

यहवेको बचन् जो यिर्मयाह् थांइ खडेरिको बिषय्मां आयो॥ १४ १
यहूदाले बिलाप् गर्द छ त्येस्का ढोकाहरू ओइल्हींद छन् तिनिहरू २
कालो कालो लुगा लायेर भूंइमां बस्द छन् अनि यरूशलेमको कराई ऊंभो
उचालीयो। अनि त्येस्मांका बडाद्मीहरूले आफ्ना ससांनाहरूलाइ पानीको ३
लागि पठाउंद छन्. तिनिहरूले खोल्चाहरूमां गयेर पानी पाउंदैनन् त
तिनिहरू रित्ता भांडाहरू लियेर फर्कि आउंद छन्. येस्कारण् तिनिहरूले
निरास् र लज्जित् भयेर सिर् ढाकद छन्। देस्मां पानी न पर्येकोले ४
भूंइमां धांदाहरू फाटेर येस्कारण् जोत्नेहरूले लज्जित् भयेर सिर् ढाकद
छन्। ग्रं मुडुलोमिर्गीले बन्मां पाठा बिहायेर छोडि जांदा छ किनभन्ये ५
घांस् छंदै छैन। अनि बन्गदाहा पनि नांगो डांडाहरूमां उभीयेर स्याल् ६
हावाको लागि करायेको भैं कराउंद छ तिनका आंखा तिर्मिराउंद छन्
किनभन्ये हरीयो घांस् छंदै छैन॥

हे यहवे हांमिहरूको अधर्म्म आफैलेनै हांमिहरूलाइ साक्षी दिंद छ ७
तैपनि तपांइले आफ्नु नांउको लागि काम् गर्नु हवस्. तपांइ देखि
हांमिहरूका फर्किजवाई धेरै छन् हांमिहरूले तपांइको बिरुद्धमां पाप्
गर्यूं। हे इस्राएलको आधार् हे संकट्को बेलामां त्येस्लाइ बचाउंने तपांइ ८
आफ्नु येस् देस्मां किन परदेसी भैं रहंनु हुंद छ किन त्येस् बटोरे जस्तो
हुंनु हुंद छ जो खालि एक् रात्को लागि बास् बस्द छ। तपांइ किन त्यो ९
बचाउंनु न सकेर छक्क परि रहंने बीर् जस्तो हुंनु हुंद छ. हे यहवे
तपांइ ता हांमिहरूको बीच्मां हुंनु हुंद छने अनि हांमिहरू मांथि
तपांइको नांउ राखीयो त हांमिहरूलाइ न त्यागनु हवस्॥

१० यहवेले येस् लोग्लाइ येसो भन्द छ यिनिहरुलाइ येसोरि भर्मि
हिंडूनु जाति लाग्द छ तिनिहरुले आफ्नु गोड़ा थुन्दैनन् . येस्कारण् यहवेले
यिनिहरुलाइ ग्रहण् गर्दैन अब उस्ले यिनिहरुको अधर्म्मको सम्झना गर्येर
११ यिनिहरुको पाप्को दण्ड दिंछ । फेरि यहवेले मंलाइ भन्यो येस् लोग्को
१२ भलाईको लागि मं सित प्रार्थना न गर् । यिनिहरु जतिसुकै उपास् बस्ये
पनि मं यिनिहरुको दोहाई सुन्दोंन अनि कतिसुकै होमबलि र अन्नबलि
चढाये पनि मं यिनिहरुलाइ ग्रहण् गर्दोंन . तर तरवार् र अनिकाल् र
१३ देसान्को बाटोले यिनको अन्त गर्छु । त मैंले भन्यें हाय् प्रभु यहवे हेर्नु
हवस् अगम्बक्ताहरुले ता यिनिहरुलाइ भन्द छन् तिमिहरुले न ता
तरवार् न ता अनिकाल् देखौं तर मं तिमिहरुलाइ येस् देस्मां सधैं
१४ सांचो शान्ति दिंछु भनि भनिकन । येस्मां यहवेले मंलाइ भन्यो
अगम्बक्ताहरुले मेरो नांउ लिलिकन झूठो अगम् कहंद छन् . तिनिहरुलाइ
न मैंले पठायें अनि न कोइ आज्ञा दियें न कोइ कुरो पनि भन्यें .
तिनिहरुले तिमिहरु सित झूठो दर्शन् र जन्तर् मन्तर् र व्यर्थ र आफ्नै
१५ मन्को धोखाको अगम् कहंद छन् । येस्कारण् जुन् जुन् अगम्बक्ताले मैंले न
पठाइकनै मेरो नांउले येस् देस्मां न तरवार् न अनिकाल् पर्छ भन्दै अगम्
कहंद छन् . तिनिहरुको बिषय्मां यहवेले भन्द छ ति अगम्बक्ताहरु आफैं
१६ तरवार्ले छेंडोयेर र अनिकाल्ले नास् हुंछन् । अनि जुन्हरु सित तिनिहरुले
अगम् कहंद छन् तिनिहरु अनिकाल् र तरवार्को बाटोले यरुशलेम्का
गल्लीहुंदो आफालि दिइंछन् अनि न तिनिहरुको लागि अनि न तिनिहरुको
स्वास्नीहरुको लागि अनि न तिनिहरुका छोराछोरीको लागि कोई मट्टी
१७ दिंने रहंछ । येसोरि मं तिनिहरुको बुराई तिनिहरुलाइनै भोगाउंछु । त तैंले
तिनिहरुलाइ यो कुरा भन् मेरा आंखा देखि आंसु रात् दिन् बहंदै रहंछन्
अनि थामौदैनन् किनभन्ये मेरा लोग् कन्ये छोरीहरु झैं अरघोर्को कुगत् अं
१८ सत्येनासैले भांचीयें । मं बन्मां गयें भन्ये देखि को देखौंछ हेर तरवार्ले
काटीयेर लडि रह्येकाहरु . अनि सहर् भित्र आयें भन्ये को देखौंछ हेर अनि-
काल्ले आधामोरो भयेकाहरु . कसोगरिभन्ये अगम्बक्ताहरु र पूजाहारीहरु
देस्मां डुलि डुलि हिंडूर छन् अनि तिनिहरुको ज्ञान् पनि छैन ॥
१९ के तपांइले यहूदालाइ स्यांट्टै आफालनु भयो . के तपांइ सिय्योन्
देखि घिनाउंनु भयो . (होइन भन्ये ता) तपांइले हांमिहरुलाइ हांमिहरु
निको न होउंज्याल् सम्मगरि हिर्काउंने थियेन । हांमिहरुले शान्तिको बाटो
हेर्दै थियूं तर शान्ति आयेन अनि हांमिहरुले निकोपाराईको बेलाको
२० आसा गर्दै आयूं तर को पो देख्यूं भनि घब्राउंनुनै छ । हे यहवे हांमिहरु
आफ्नु दुष्टाईंको र आफ्ना पुर्खहरुका अधर्म्मको काएल् हुंद छौं . हांमिहरुले
२१ तपांइको बिरुद्धमां पाप् गर्येका छौं भनि । आफ्नु नांउको कारणले हांम्रो
निन्दा न गर्नु हवस् अनि आफ्नु तेजीलो सिंहासन्को निन्दा न गराउंनु
हवस् . तपांइले हांमिहरु सित बांध्येको नियम् सम्झना गर्येर त्यो न

भांच्नु हवस्। क्ये अन्यदेसीहरुको विकामेले पानी पार्नु सक्द छ . क्ये २२
अकाशले झरि दिनुं सक्छ . होइन हे हांमिहरुको ईश्वर् यह्वे (यि सब्
थोक् दिंन्ये) तपांइने हो . येस्कारण् हांमिहरु तपांइकै बाटो हेर्दै रहंछौं
किनभन्ये ति सबै रच्ने तपांइने हो ॥

फेरि यह्वेले मंलाइ भन्यो मूसा र शमूएल् पनि मेरो सांमु १५ १
उभीये भन्ये पनि मेरो मन् येस् लोग् तिर फर्कने थियेन . यिनिहरुलाइ
मेरो सांमु देखि आफालि दे तिनिहरुलाइ निक्लि जांनु दे । अनि येसो २
हुंछ यिनिहरुले तं सित कहां निक्लि जाऔं भन्ये भन्ये देखि त भन् यह्वेले
येसो भन्द छ . त्येसै मर्नेहरु चइं त्येसै मर्नुको लागि जाउन् अनि तरवार्ले
मर्नेहरु चइं तरवार्ले मर्नुलाइ अनि अनिकाल्ले मर्नेहरु चइं अनिकाल्ले
मर्नुलाइ अनि बन्धुवा हुंनेहरु चइं बन्धुवाईमां जाउन् भनि । अनि यह्वेको ३
यो बाणी छ मं तिनिहरुको बिरुद्धमां चार् प्रकार् खटाउंछु . अर्थात्
काट्नुको लागि तरवार् अनि फहराउंनुको लागि कुकुर्हरु अनि तुछ्नु र
नास् गर्नुको लागि अकाशका पंछी र बनका बनजन्तुहरु । अनि मं तिनि- ४
हरुलाइ पृथिवीका सबै राज्को बीच्मां डुलाउंछु येसो भयो हिजकिय्याह्
राजाको छोरो यहूदाको राजा मनश्शेले यरुशलेम्मां गर्येका काम्हरुको
कारणले । हे यरुशलेम् तं मांथि कस्ले दया गर्छ . कस्ले तेरो लागि शोक् ५
गर्छ . कि तेरो शान्तिको बिषयमां सोध्नुको लागि बाटो देखि को फर्कंछ ।
यह्वेको यो बाणी छ तं मंलाइ छोड़ेर पछि हिंड़िस् . येस्कारण् मैंले तं ६
मांथि हात् पसार्येर तंलाइ नास् पार्येको छु मं रिस् मांर्दा मांर्दा थाकें ।
येस्कारण् त मैंले तेरा बासीहरुलाइ निफन्येर देस् देखि बाइर उड़ाइ दियेको ७
छु मैंले तिनिहरुलाइ निर्बंश तुल्यायेको छु अनि आफ्नु लोग्लाइ नष्ट पार्येको
छु तिनिहरु आफ्नु मार्ग देखि फर्कनन् । तिनिहरुको बिधुवीहरु मेरो ८
सांमु समुन्द्रको बालुवा भन्दा पनि बेसि भइ गयेको छन् . मैंले जुवान्हरुको
आंमाहरुलाइ दिउंसो दोपहरीमां लूट्नु लायेको छु . मैंले तिनिहरुलाइ
एक्कासि संकट् र थरहरिमां हाल्येको छु । सात् छोराछोरी जन्माउंने पनि ९
सुकि जांद छे अं प्राणै पनि जाइ जांद छ त्येस्को सूर्ज दुइ पहरैमां अस्ताइ
जांद छ त्यो निरास् र लज्जित् हुंछे अनि तिनिहरु देखि बांच्नेलाइ
पनि मं सत्तुर्हरुका तरवार्लाइ दि हाल्छु . यह्वेको येइ बाणी छ ॥

हाय् हाय् मेरी आंमै मं सिंगै संसार्का मान्छेहरु सित झगरा र १०
बिबाद् गर्ने तिमि देखि किन जन्म्यें . न मैंले ब्याज्को लागि कसैलाइ
रुपिया दियें अनि न कसैले मंलाइ ब्याज्मां रुपिया दियेको छ र पनि
मंलाइ सबैले स्राप् दिंद छन् । यह्वेले भन्यो निस्से मं तेरो भलाईको लागि ११
तंलाइ धीरज् धराउंछु निस्से मं बिपत्ति र कष्टको समयमां सत्तुर्हरु देखि
पनि तं सित बिन्ति गराउंछु ॥

क्ये फलम् अस्सल्बारि उत्तर् दिशा देखि आउंने फलम् कि पीतल् १२
कसैले भांच्नु सक्छ । मं तेरो धनसम्पत्ति र तेरो पुंजि तेरो सिंगै देस्मां- १३

१४ भयेका तेरा सबै पापको लागि विना दामै लूटनुलाइ दिंछु । अनि तेरा
सत्तुरूहरु सङ तैंले न जान्येको देसमां लांने गराउंछु . किनभन्ये
मेरो उठेरको रिसको आगो तिमिहरुमां लाग्छ ॥
१५ हे यहवे तपांइलाइ थाहा हुंद छ . मंलाइ सम्झि मेरो हेरचाहा
गरि मंलाइ सताउंनेहरु देखि मेरो साटो लिंनु हवस् तपांइ धीरज् सित
रिस् गर्नले मंलाइ उठाइ न लैजांनु हवस् . मेरो निन्दा तपांइके कारणले
१६ हुंद छ भनि थाहा पाउंनु हवस् । तपांइका कुरा पाइंये मैंले ति नाल्यें
तपांइका कुराले मेरो मन् हर्षित् र आनन्दित् गराये . किनभन्ये हे
१७ सेनाहरुको ईश्वर् यहवे मं माथि तपांइको नांउ राखीयो । तपांइको छाया
मं माथि पर्येको देखि मं रङ्गीभोज् गर्नेहरुको बीचमां बसि कैले पनि
फुलींन तर एक्लो एक्लोने बसें किनभन्ये तपांइले मंलाइ रिसले भरि दिंनु
१८ भयो । मेरो दुक्ख किन बराबरि रहंन अनि मेरो बेथा किन निको न
पारींने असाद्धिनै रहंद छ . के तपांइले मंलाइ पानी घटने बर्खखोलचाले
झैं धोखा दिंनु हुंद छ ॥
१९ येस्कारण् यहवेले भन्द छ तं फर्कि आइस् भन्ये देखि मं तंलाइ मेरो
सांमु उभीइ रहंनुलाइ फेरि ल्याउंछु अनि तैंले ओगुण् देखि गुण् ल्याइस्
भन्ये देखि तैंले फेरि मं तिर बात् गर्नु पाउंछस् . तिनिहरु तं तिर
२० फर्कि आउंछन् तर तं तिनिहरु तिर फर्कि न जा । अनि मं तंलाइ ति
लोगको सांमु पीतलको घराभित्ता जस्तो तुल्याउंछु त तिनिहरुले तं सित
जड़ाइं गर्ये पनि तं माथि जिताहा हुंदेनन् . कसोगरिभन्ये यहवेको यो
वाणी छ मं तंलाइ बचाउंनु र तेरो उद्धार् गर्नुको लागि तं सङ रहंछु ।
२१ अनि मं तंलाइ दुष्टको हात् देखि बचाउंछु अनि बलमिचेइं गर्नेहरुको
हात् देखि तेरो उद्धार् गर्छु ॥

१६ १ २ फेरि यहवेको बचन् मं थांइ येसो भन्दै आयो येस् ठांउमां
३ ब्याहा गरि छोराछोरी न जन्मा । किनभन्ये येस् ठांउमां जन्मंने छोराछोरी
र तिनिहरुको येस् देसमां जन्माउंने आंमा बाबुको बिषयमां यहवेले येसो
४ भन्द छ . तिनिहरु नजाति रौतले मंर्छन् अनि न कसैले तिनिहरुको लागि
बिलाप् गर्छन् न तिनलाइ कसैले गाड्छन् तर तिनिहरु भूंइमां मल् झैं
मिलकीइ रहंछन् . अनि तरवार् र भोकले मंर्छन् अनि तिनिहरुका मुर्दाहरु
अकाशका पंछीहरु र बनका जीवाजन्तुहरुको लागि आहारा हुंछन् ।
५ कसोगरिभन्ये यहवेले येसो भन्द छ जस् घरमां रुंमुकराउंनु होला त्यसमां
तं न जा अनि न बिलाप् गर्नुको लागि कहीं जा न यिनिहरुको लागि
शोक् गर्नु किनभन्ये मं यहवेको यो वाणी छ मैंले येस् लोग् देखि आफ्नु
६ शान्ति अं करुणा र दया उठाइ लग्येको छु । त येस् देसमां साना ठुला
सबै मंर्छन् . न ता यिनिहरु गाड़ीइंछन् अनि न यिनिहरुको लागि लोगले
७ बिलाप् गर्छन् न आफुलाइ चीर्छन् न सिर् मुड़ाउंछन् . न लोगले

यिनिहरूको लागि सुर्ता गर्नेहरूको लागि खांने कुरो बांड्छन् यिनिहरूलाइ
शोक्मां शान्ति दिंनुको लागि अनि न लोगले आमां बाबु मर्दा
पनि कसैलाइ शान्ति दिंनुको लागि दाखमद्द खुवाउंछन् । अनि तं ८
भोज्भतियार्को घर्मां पनि तिनिहरु सित बस्नु र खानापीना गर्नुको लागि
न जा । किनभन्ये सेनाहरूको यह्वे इस्राएल्को ईश्वर्ले येसो भन्द छ . ९
हेर मं तिमिहरूका आंखाको सोजि र तिमिहरूका दिनमां येसो गर्छु
येस् ठांउमां न ता हर्ष अनि न रमाहट्को सोर् सुनींछ अनि न ब्याउला
ब्याउलीको सोर् । अनि जब तैंले येस् लोग्लाइ यि सबै कुरा भन्छस् तब १०
तिनिहरूले तं सित यह्वेले हांमिहरु मांथि यि सबै बिपत्ति हाल्नुलाइ
किन भन्यो हांमिहरूको को अधर्म्म भयो . अनि हांमिहरूले आफ्नु
ईश्वर् यह्वेको बिरुद्धमां को पाप् गर्येका छौं भनि सोध्ये भन्ये देखि . त ११
तैंले तिनिहरूलाइ भन्नु यह्वेको यो बाणी छ तिमिहरूका पुर्खहरूले मंलाइ
त्यागि पराय् देव्ताहरु पछि गयेर तिनको सेवा गर्ये अनि तिनलाइ दण्डवत्
गर्ये त येसोरि तिनिहरूले मंलाइ त्यागि दिये अनि मेरो ब्यवस्थामां
हिंड्येनन् अनि तिमिहरुचइंले तिमिहरूका पित्रहरूले भन्दा पनि १२
बेसि बुराई गर्येका छौ कसोगरिभन्ये तिमिहरु आफ्नु आफ्नु बुरो मन्को
अट्टेरेईंमां हिंड्येका छौ मेरा कुरा न सुन्नुलाइ . येस्कारण् मं तिमिहरूलाइ १३
येस् देस् देखि उखेल्येर न तिमिहरूले न तिमिहरूका पित्रहरूले जान्येको
देस्मां आफालि दिंछु अनि वहां तिमिहरूले रात् दिन् पराय् देव्ताहरूको
सेवा गर्छौ कसोगरिभन्ये वहां मं तिमिहरु मांथि कोइ अनुग्रह् गर्दिन ॥

येस्कारण् यह्वे देखि यो बाणी भयो येस्ता दिन् आउंनु आंटेका छन् १४
जुन् दिन्मां इस्राएल्बंशीहरूलाइ मिस्र देस् देखि छोड़ाइ ल्याउंने यह्वे
जीइ रह्येको छ भनि फेरि फेरि भनींदैन तर त्येसो भन्नुको साटोमां १५
इस्राएल्बंशीहरूलाइ उत्तर् देस् देखि अं उह्ले तिनिहरूलाइ धपायेका देस्हरु
देखि छोड़ाइ ल्याउंने यह्वे जीइ रह्येको छ भनि भनींछ . कसोगरिभन्ये
मं तिनिहरूलाइ तिनिहरूका पित्रहरूलाइ दियेको देस्मां फर्काइ ल्याउंछु ।
अं यह्वेको यो बाणी छ हेर मं धेरै जलहारीहरूलाइ बोलाइ पठाउंछु १६
अनि तिनिहरूले यिनिहरूलाइ पक्रंछन् अनि मं फेरि धेरै शिकारीहरूलाइ
बोलाइ पठाउंछु अनि तिनिहरूले यिनिहरूलाइ लगार्दै डांड़ाहरु डिस्काहरु
र ओढ़ार् ओढ़ार्का छेंडूहरुहुंदो तिनिहरूको शिकार् गर्छन् । किनभन्ये १७
तिनिहरूका सिंगै चाल् मेरा आंखाका सोजि प्रगट् छन् . ति मेरा आंखा
देखि लुक्येका छैनन् अनि न तिनको अधर्म्म मेरा नेत्र देखि गुप्त छ । त १८
पहिले मं तिनिहरूलाइ तिनिहरूको अधर्म्म र पाप्को दोबर् दण्ड दिंछु
किनभन्ये तिनिहरूले मेरो देस् आफ्ना घिन्लाग्दा थोक्का लोथले
अशुद्ध पार्येका छन् अनि मेरो निज् भाग् आफ्नु अरु अरुका घिन्लाग्दा
थोकले भरि दियेका छन् । हे यह्वे हे मेरो बल् र बलियो किल्ला संकट्को १९
बेलामां मेरो शरणस्थान् लोग् लोग्ले पृथिवीको छेउ छेउ देखि तपांइ

थांइ आइ आइ हांमिहरुका पित्रहरुले झूठो व्यर्थ र निष्फल् थोक्लाइ
२० आफ्नु भाग्मां पाये भन्दै भन्दै आये । के मान्छेले आफुलाइ येस्तो देव्ता
२१ बनाउंछ जो देव्ता हुंदै होइन र पनि । येसैकारण् हेर मं तिनलाइ जना-
उंछु मं येस् खेप् आफ्नु पाखुराको बल् र आफ्नु पराक्रम् तिनिहरुलाइ
जनाउंछु तब तिनिहरुले उस्को नांउ यह्वे हो रछ भनि थाहा पाउंछन् ॥
१७ १ यहूदाको पाप् फलम्को खोपाईं कि हीराको टुप्पाले लेखीयेको
छ . अं त्यो तिनिहरुको हिर्दय्मां र तिनका बेदिहरुका सींग् सींग्मां
२ खोपीयेको छ अनि तिनिहरुका छोराहरुले तिनिहरुका बेदिहरु र
अशेरा मूर्त्तिहरुलाइ हरीया रुख्हरु निर र अल्गा डांड़ाहरुका थाम्नि थाम्नि
३ हुंदो सम्झंद छन् । ए मैदान्मां हुंने मेरो पर्बत् मं तेरो धन्सम्पत्ति र
सिंगै भंड़ार् र तेरा अल्गा अल्गा ठांउहरु तेरो पाप्को कारणले लूट्नु
४ दिंछु । अनि तं चइं मैंले तंलाइ दियेको तेरो भाग्मां बस्नु पाउंदैनस् अनि
मं तंलाइ तैंले न जान्येको देस्मां तेरा सत्तुर्हरुको सेवा गर्नु लगाउंछु .
किनभन्ये तिमिहरुले मेरो रिस्को आगो बालि उठायौ जो कैलेइ निभ्दैन ॥
५ यह्वेले येसो भन्द छ . स्रापित् हो त्यो मान्छे जस्ले मान्छे मांथि
भरोसा राख्द छ अनि त्येसैगरि शरीर्को बांहांको गोहार् लिंद छ अनि
६ जस्को मन् यह्वे देखि फर्कि जांद छ । त्यो निपाने ठांउको आधा सुक्येका
रुख् जस्तो हुंछ कुशल्को समय् आउंदा पनि त्येस्ले त्येस्को सुक्ख भोग्दैन तर
७ निपाने नुनौलो सुन्नेठाउंमां रहंछ । धन्न हो त्यो मान्छे जस्ले यह्वे मांथि
८ भरोसा राख्द छ अनि जस्को लागि यह्वे आधार् छ । त्यो येउटा रुख्
जस्तो हुंछ जो पानीको छउमां रोपीयेको छ अं जस्का जरा नदीको
येताउति फिंजीयेका छन् घाम्ले त्येस्को कोइ हानि हुंदैन अनि त्येस्का
पात्हरु हरीया भइ रहंछन् अनि खड़ेरि पर्येको बर्षमां पनि त्येस्को बिषय्मां
९ कोइ फिक्रि छैन अनि त्यो फल् फल्नुलाइ थामींदैन । मान्छेको मन् सबै
थोक् भन्दा बेसि धोका दिंने हुंद छ अनि त्येस्मां असाद्धे रोग् लाग्येको छ .
१० त्येस्लाइ कस्ले जान्नु सक्छ । मं यह्वे जनंगेलाइ त्येस्का कर्म्म अनुसार् साटो
११ दिंनुलाइ सबै मन् मन्को खोज् र जांच् गर्द छु । अन्ये सित धन्
जमाउंने त्यो तित्रा जस्तो छ जस्ले अर्काले पार्येका फुल् ओथ्रंद छ त्येस्
धन्ले त्येस् मान्छेलाइ त्येस्को आधिबैंसमां छोड़ि जांद छ अनि अन्तमां
त्यो मूर्ख रहंद छ ॥
१२ हांमिहरुको पवित्र स्थान् आदिने देखि राखीयेको चम्कदार्
१३ सिंहासन्नै हो । हे यह्वे हे इस्राएल्को आधार् जत्तिले तपांइलाइ छोड्द
छन् ति सबै लज्जित् हुंछन् तपांइ देखि फर्कि जांन्येहरु भूंइमां लेखीं
छन् किनभन्ये तिनिहरुले यह्वे जीउंदो पानीको कूप्लाइ त्यागि दिये ।
१४ हे यह्वे मंलाइ निको पार्नु हवस् त मं निको हुंछु मंलाइ बचाउंनु हवस्
१५ त मं बचाइंछु किनभन्ये तपांइ ता मेरो स्तुति हुंनु हुंद छ । सुन्नु हवस्
तिनिहरुले ता मंलाइ भन्द छन् यह्वेको बचन् कता हो . एलेनै त्यो पूरो

छोड़ जावस् भनि । तर मैंले तपांइको पछि पछि हिंड्दै गोठालेकाम् अस्थिर १६
भइकन छोड़ींन अनि न मैंले विपत्तिका दिनको लालसा गर्यें तपाइंले जान्नु
हुंदर छ. मेरा ओठ् देखि निस्केका कुरा तपांइको सांमु छन् । तपांइले १७
मंलाइ न तर्साउंनु हवस् . संकट्को दिन्मां तपांइने मेरो शरणस्थान् हुंनु
हुंदर छ । मंलाइ सताउंनेहरु लज्जित् होउन् तर मंलाइ लज्जित् हुंनु न १८
दिंनु हवस् तिनिहरुलेनै छक्क पर्नु परोस् तर मैंले उदेक् मान्नु न परोस् .
तिनिहरु मांथि विपत्तिको दिन् परोस् अनि तिनिहरुलाइ दोब्बार् नास्
गरि नष्ट पार्नु हवस् ॥
यहवेले मंलाइ येसो भन्यो . गयेर लोग्का छोराहरुको त्यस् १९
ढोकामां उभीइ जस् देखि यहूदाका राजाहरु आउंने जांने गर्द छन् अं
यरुशलेम्का सबै ढोका ढोकामां पनि वहांदेखि तिनिहरुलाइ भन्ये २०
गर् हे यहूदाका राजाहरु र सबै यहूदा र यरुशलेम्का सबै बासीहरु हो
हे ढोकाहरु देखि पसे सबैहरु हो यहवेको बचन् सुन यहवेले येसो २१
भन्द छ . चंख रह विश्रामदिन्मां कोइ भारि बोकि न लैजाव अनि न
कोइ भारि यरुशलेम्को ढोका भित्र ल्याव विश्रामदिन्मां आफ्नु २२
आफ्नु घर् देखि पनि कोइ भारि बाहर न लैजाव अनि न कोइ कामकाज्
गर . तर मैंले तिमिहरुका पुर्खहरुलाइ दियेको आज्ञा अनुसार् विश्राम्-
दिन्लाइ पवित्र मान अं तिनिहरुले न ता मेरा कुरा सुन्ये न मं तिर २३
कान् लगाये तर तिनिहरुले हांमिहरु न सुनूं अनि शिक्षादण्ड न मानूं भनि
आफ्नु गर्धन् कठोर् पार्ये । अनि यहवेको यो बाणी छ तिमिहरुले सांचि २४
सांचिनै मेरा कुरा सुन्यौ अनि विश्रामदिन्मां येस् सहर्का ढोकाहरु
देखि कोइ भारि भित्र ल्यायौन तर विश्रामदिन् पवित्र मान्यौ अनि त्यस्मां
कुनै कामकाज् गर्यौन भन्ये देखि त येसो हुंछ येस् सहर्का २५
ढोकाहरु देखि दाऊदको सिंहासन्मां विराजने राजाहरु र मालिक्हरु
र रथहरु र घोड़ाहरु मांथि चढेर आफ्ना मालिक्हरु यहूदाका मान्छेहरु
र यरुशलेम्का बासी समेत् पस्छन् . अनि यो सहर् सदा सम्म बनीइ
रहंछ । अनि यहूदाका सहर्हरु देखि र यरुशलेम्का छेउछाउ देखि र २६
बिन्यामीन्को देस् देखि र ओलेदेस देखि र पहाड़देस् देखि र दक्खिन्
देस् देखि लोग्हरु होमबलि मिलापबलि अन्नबलि धूप् र धन्नबादबलि
लियेर यहवेको घर्मां आउंने गर्छन् । तर तिमिहरुले मेरो सुन्येर पनि २७
विश्रामदिन् पवित्र मान्यौन तर विश्राम् दिन्मां यरुशलेम्का ढोकाहरु भित्र
भारि बोकेर पस्दै रह्यौ भन्ये देखि मं त्यस्का ढोकाहरुमां आगो लगाउंछु
जस्ले यरुशलेम्का महल्हरु समेत् भस्म पार्छ अनि त्यो निभ्दैन ॥

यहवे पट्टि बाटो यिर्मयाह् थांइ यो बचन् आयो उठेर १८
तल कुमालेको घर्मां जा र मं वहां तलाइ आफ्ना बचनहरु सुनाउंछु । यो
आज्ञा पाइ मं तल कुमालेको घर्मां गर्यें त को देख्यें भन्ये त्यस्ले चक्रमां

४ कोइ बनाउंदै रह्छ । त त्येस्ले बनाउंदै गर्‍येको त्यो भांड़ा कुमालेको हातमां
बिग्र्‍यो छ र त्येस्ले त्येस्लाइ जाति लाग्येको अनुसार् अर्को भांड़ा बनाउंदै
गर्दै रह्छ ॥
५ ६ तब यह्वेको बचन् मं थांइ येसो भन्दै आयो यह्वेको यो बाणी
छ ए इस्राएल्को जहान् येस् कुमालेले जस्तो को मं पनि तिमिहरुलाइ
गर्नु सक्दीन । हेर मांटो कुमालेको ताबिमां भयेको झैं तिमिहरु पनि मेरो
७ ताबिमां छौ ए इस्राएल्का जहान् हो । जब मं कुनै लोग् कि राज्को
८ बिषय्मां भनुंला त्येस्लाइ उखेलनु कि फोर्नु कि नष्ट पार्नु भनि तब
जस् लोग्को बिषय्मां मैंले भन्येको छु त्यो आफ्नु बुराई देखि फर्क्यो भन्ये
देखि मैंले तिनिहरु मांथि हाल्छु भनि ठान्येको बिपत्ति देखि मं पछुताउंछु ।
९ अनि जस् लोग् कि राज्को बिषय्मां त्यस्लाइ स्थीर् गर्नु र रोप्नु भनुंला
१० त्येस्ले मेरो मुखैंजि बुराई गर्‍यो अनि मेरो कुरा मान्येन भन्ये देखि मैंले
११ तिनिहरुको बिषय्मां गर्छु भन्येको कुशल्को बिषय्मां मं पछुताउंछु । त अब
तेंले गयेर यहूदाका मान्छेहरु र यरुशलेम्का बासीहरुलाइ येसो भन् यह्वेले
येसो भन्द छ, सुन मं तिमिहरुको हानिको जुक्ति र तिमिहरुको बिरुद्धमां
कुरा गुन्दै छु, त तिमिहरु आफ्नु आफ्नु नजाति बाटो देखि फर्क अनि
१२ आफ्नु चालचलन् र आफ्नु काम् सुधार । तर तिनिहरुले भन्द छन् आसा
छैन, हांमिहरु ता आफ्नु आफ्नु मनको जुक्ति अनुसार् हिंड्छौं अनि
आफ्नु आफ्ने बुरा मनको अट्टेरेइं अनुसार् गर्छौं भनि ॥
१३ येस्कारण यह्वेले येसो भन्द छ, अन्यदेसीहरु सित सोध् को कसैले
१४ येस्तो काम् सुन्येको छ भनि इस्राएल्को कन्येले जर्कोन काम् गर्‍येको छ । को
लबानोन्को हिंउ बन्को पहरा देखि बिलाइ जांछ, कि को त्यो टाढ़ो बाटो
१५ बहि आउंने चीसो पानी सुकि जांछ । तर मेरो प्रजाले ता मंलाइ बिर्सेर
ब्यर्थलाइ धूप् हाल्यो अनि तिनिहरुले यिनिहरुका लागि अगाड़ि हिंड़ेको
पुरांनु बाटोमां ठक्कर्को थोक् राख्येर यिनिहरुलाइ चोर्बाटो र नबनाइ-
१६ येको बाटोमां लगाइ दियो अनि येस्को फल् येइ हुंछ मं तिनिहरुको
देस् उदेक् र सदा गिल्ला हुंनुलाइ तुल्याउंछु अं त्येस्को छेउ बाटो जांने सबैले
१७ छक्क पर्दै कपाल् हल्लाउंछन् । मं तिनिहरुलाइ पूर्बबतासले झैं उड़ाइ
सत्तुर्हरुको सांमु छरपुष्ट पारि दिंछु तिनिहरुको बिपत्तिको दिन्मां मं
तिनको मुख् होइन तर तिनको पिठिउं हेर्छु ॥
१८ तब तिनिहरुले आपस्तमां भनु लाग्ये लु हांमिहरु यिर्मयाहको
बिरुद्धमां जुक्ति बिचारौं किनभन्ये पूजाहारी देखि ब्यवस्था र पण्डित् देखि
सल्लाह् अनि अगमबक्ता देखि बचन् थामींदैन । आव हांमिहरु जिब्रोले
त्येस्लाइ नष्ट गराऊं अनि त्येस्का कुनै कुरामां पनि ध्यान् न दिऊं ॥
१९ हे यह्वे तपांइले मं तिर ध्यान् दिंनु हवस् अनि मं सित झगरा
२० गर्नेहरुको कुरा सुनु हवस् । को भलाईको साटोमां बुराई गरीआस् ,
तिनिहरुले मेरो प्राणको लागि खाड़ल् खन्येका छन् । तपांइले यो कुरोको

समझना गर्नु हवस् अर्थात् मं तिनिहरूको भलाईको लागि तपांइको सांमु
उभायेको छु तपांइको रिस् तिनिहरू देखि फर्कि जावस् भनि । येसकारण २१
तिनिहरूका बालबच्चाहरूलाइ भोकले मर्नु दिंनु हवस् अनि तिनिहरू
आफैलाइ चइं तरवारको ताबिमां दिंनु हवस् अनि तिनिहरूकी स्वास्नीहरू
निर्बंश र बिधुवी होइ जाउन् अनि तिनिहरूका अधबैंसहरू हेमानले मरून्
अनि तिनिहरूका जुवान्हरू तरवारले लड़ाईमां लहुन् । जब तपांइले तिनि- २२
हरूमां एक्कासि दल् चढ़ाउंनु हुंछ तब तिनिहरूका घर् घर् देखि चिच्याई
सुनीओस् . किनभन्ये तिनिहरूले मंलाइ फंसाउंनुको लागि खाड़ल् खन्ये
अनि मेरा पाउको लागि पासो थाप्ये । तैपनि हे यहवे तपांइले ता २३
तिनिहरूका मंलाइ मार्नुको लाबिका सबै जुक्तिहरू जान्नु हुंद छ त तपांइले
तिनिहरूको अधर्म्म कोई क्षमा न गर्नु हवस् न तिनिहरूको पाप् आफ्नु
मन् देखि मेट्नु हवस् . तर तिनिहरू तपांइको सांमु ठोकर् खायेर लड्हुन्
तपांइले आफ्नु रिसको बेलामां तिनिहरू सित यो गर्नु हवस् ॥

यहवेले भन्यो गयेर कुमालेको येउटा मांटोको गाग्रो किनि ले १९ १
अनि प्रजाहरूका बूढ़ाहरू र पूजाहारीहरूका बूढ़ाहरूलाइ आफु सङ्ग
लियेर हिन्नोमबंशीको तरिको हर्सीत भनींने ढोका निर जा अनि २
ज्ये ज्ये बचन् मं तलें सुनाउंनुलाइ भन्छु ति वहां प्रचारि सुना . अनि ३
येसो भन् हे यहूदाका राजाहरू र यरूशलेमका बासीहरू हो यहवेको
बचन् सुन इस्त्राएलको ईश्वर् सेनाहरूको यहवेले येसो भन्द छ हेर मं
येस् ठांउमां येस्तो बुराई ल्याउंछु त्येसको बिषयमां सुन्नेहरूका कान् झन-
झनाउंछन् । किनभन्ये तिनिहरूले मंलाइ त्यागि दिये अनि यो ठांउ पराय् ४
तुल्याइ दिये अनि येस्मां तिनिहरूले न तिनिहरू आफैले न तिनिहरूका
पुर्खहरूले कि यहूदाका राजाहरूले जान्येका देवताहरूलाइ धप् हाल्ये
अनि यो ठांउ निर्दोषीहरूको रगतले भराइ दिये अनि बालदेवताका ५
अलग्गा अलग्गा ठांउ बनायेर आफना छोराहरूलाइ त्येस् बालको लागि
आगोको बाटो बाड़ो हिंड़ाल्ये जसो गर्नु मैंले आज्ञा दिइंन न त्येसको
चर्चा गर्यं न मेरो मनमां कलेइ थियो . यहवेको यो वाणी छ येसकारण ६
हेर येस्ता दिन् आउंदै छन् यो ठांउ फेरि फेरि तोपेत् कि हिन्नोमबंशी-
हरूको तरि भनींदैन तर मंगाइँको तरि भनींछ । अनि मं येस् ठांउमां ७
यहूदीहरूका र यरूशलेमका जुक्तिहरू निष्फल् गराइ दिंछु अनि
तिनिहरूलाइ सत्तुरहरूको तरवार् चलाउंनु लायेर तिनिहरूको प्राण्
खोजनेहरूको हात् देखि लड़ाइ दिंछु . अनि तिनिहरूका मुर्दाहरू
अकाशका पंछीहरू र बनका पशुहरूको आहारा तुल्याउंछु । अनि मं येस् ८
सहरलाइ उदेक् र गिल्ला हुंनुको लागि तुल्याउंछु त्यसको छेउ देखि जांने
सबैले येस् मांथि पर्येका बिपत्तिको कारणले उदेक् मान्छन् अनि गिल्ला
गर्छन् । अनि घेरींने बेलामां र जुन् सकसमां तिनिहरूका सत्तुरहरूले र ९

तिनिहरूको प्राण् खोज्नेहरूले तिनिहरूलाइ हाल्छन् त्येस् बेलामां मं
तिनिहरूलाइ तिनिहरूका छोराहरूको मांसु र तिनिहरूको छोरीहरूको मांसु
१० र एका अर्काको मांसु पनि खांनु लाउंछु । वहांईंख तैंले त्यो गाग्रो तं सङ
११ जांने मान्छेहरूको सांमु फुटाइ दे अनि तिनिहरूलाइ भन् सेनाहरूको
यहवेले येसो भन्द छ . येसेगरि अर्थात् जसोगरि यो कुमालेको भांड़ा
जो फुटयो अनि फेरि बनाईंदैन त्येसेगरि मं येस् लोग् र येस् सहर्लाइ
फुटाउंछु . अनि तोपेतमां यिनिहरूका येत्ति बिघ्न चिहान् हुंछन् चिहान्को
१२ लागि अरू ठांवै हुंदैन । यहवेको यो बाणी छ मं यो ठाउं र येसमां
रहंने बासीहरू मित येस्तो काम् गर्छु मं यो ठाउं तोपेत् जस्तो तुल्याइ
१३ दिंछु . अं यरूशलेमका घरहरू यहूदाका राजाहरूका घरहरू जो अशुद्ध
गराईयेका छन् अं छाना छानामां आकाशका सिंगै सेनाहरूको लागि धूप्
हालीर छन् अनि पराय्ईश्वनाहरूको लागि खन्याइबलिदान् चढ़ाईंद छन्
ति सबै घरहरू तं पेत् जस्ता हुंछन् ॥
१४ जब यिर्मयाह् यहवेले त्येसाइ अगम् भन्नुलाइ पठायेको ठांउ
बाटो आयो तब त्येस्ले यहवेको घर्को आग्नमां उभीयेर सबै लोगलाइ
१५ भन्यो । इस्राएल्को ईश्वर् सेनाहरूको यहवेले येसो भन्द छ सुन मं येस्
सहरमां र त्येस्का सबै बस्तीहरूमां मैंले ल्याउंनु आंट्येको छु भन्येका सबै
बिपत्तिहरू हाल्छु किनभन्ये येस्का बासीहरूले मेरो बचन् न मान्नुलाइ
आफ्नु आफ्नु गर्धन् कठोर् पार्येका छन् ॥
२० १ त यहवेको घर्को मूल् मालिक् इम्मेरको छोरो पूजाहारी
२ पशहूर्ले यिर्मयाहले येस्तो अगम् कहुंदै गर्येको सुन्यो । तब पशहूर्ले
यिर्मयाह्लाइ पिटायेर यहवेको घर्को मांथिल्लो पट्टि बिन्यामीनढोका
३ निर भयेको ठांग्रोमां हाल्यो । अनि भोलि पल्टो येसो भयो पशहूर्ले
यिर्मयाह्लाइ ठांग्रो बाटो निकाल्नु लगायो । तब यिर्मयाहले त्येस्लाइ
भन्यो यहवेले तेरो नांउ पशहूर् होइन तर मागोर्मिस्साबीब्[1] राख्येको
४ छ । किनभन्ये यहवेले येसो भन्द छ हेर् मं तेरो जीवन् तंलाइ र तेरा
सबै मित्रहरूलाइ पनि भयको कारण् गराउंछु . अनि तिनिहरू तिनिहरूका
सत्तुरहरूका तरवार्ले तेरा आंखाले देख्नेगरि मारींछन् . अनि मं सिंगै
यहूदालाइ बाबेल्को राजाको ताबिमां पारि दिंछु अनि त्येस्ले तिनिहरूलाइ
५ बन्धुवा गर्येर बाबेल्मां लैजांछ अनि तरवार्ले मार्छ । येस् उप्रान्त मं
येस् सहर्का सब्बै धन् र ज्ये ज्ये कमायेर येस्मां राखीयेका छन् अनि जत्ति
अमोल् अमोल् थोक् येस्मां छन् अनि यहूदाका राजाहरूले जत्ति भंड़ार्
राख्येका छन् ति सबै तिनिहरूका सत्तुरहरूको ताबिमां पारि दिंछु अनि
६ तिनिहरूले ति लूटेर आफ्नु तुल्याउंछन् अनि बाबेल्मां लैजांछन् । अनि
ए पशहूर् तं चइं तेरो घर्मा भयेका सबै समेत् बन्धुवाईमां जांछस् .

१ अर्थात् सबै तिर भय ।

अनि तं तैंले झुट्टा अगम् कहेका तेरा सबै मित्रहरु समेत् बाबेलमां
जांछस् अनि उहीं मर्छस् अनि उहीं तंलाइ र तिनिहरुलाइ गाड्छन् ॥
हे यहवे तपांइले मंलाइ धोखा दिनु भयो अनि मैंले धोखा खायें. ७
तपांइ मं भन्दा सामर्थी हुंनु हुंद छ अनि मं माथि जिताहा हुंनु भयो.
मं माथि दिनभरि ठट्टा गरींद छ अनि सबैले मं सित ठट्टा गर्द छन्। जब ८
जब मं अगम् कहंद छु तब तब हापार्द छु उपद्रैं र मिचेइं भयें भनिकन
चिच्याउंद छु. किनभन्ये यहवेको बचनको कारणले दिनभरि मेरो
निन्दा र मं माथि ठट्टा होइ रहंद छ। अनि जब जब मं भन्द छु मं फेरि ९
उसको चर्चा गर्दीन अनि न उसको नांउले लोग् सित बोलछु भनि तब मेरो
हिर्दयको गत् येस्तो होइ जांद छ मेरा हाड्हरुमां आगो लाग्येको जस्ते
होइ जांद छ अनि मं आफुलाइ थुन्दा थुन्दा थकित् होइजांद छु अनि अरु
सहंने सकदींन। किनभन्ये धेरैले गिल्ला गर्येको सुन्यको छु चारै पट्टि १०
भयने भय्। अनि त्येस्ले ठोकर् खावस् भनि बाटो हेर्ने मेरा सबै चिना-
जानाहरुले त्येसको दोष् कहि देव त हांमिहरु तिनको चर्चा फैलाइ दिछौं
कोनि कतै हांमिहरु कुरा घुमायेर त्येसलाइ येस्तो कुरा भन्नु लाउंनु सकछौंकि
र हांमिहरु त्येस् माथि जिताहा भइ त्यो देखि साटो लिऊं भन्दै। तर ११
बलियो र डर्लाग्दो बीर् जस्तो यहवे मं सङ रहंद छ. येसकारण् मंलाइ
सताउंनेहरु जिताहा हुंदैनन् तर ठोकर् खायेर लड्छन्. ति बुद्धि सित
काम् न गर्नेहरुले धेरै लजाउंनु पर्छ तिनिहरुको अपमान् सदा बनीइ रहंछ
अनि कैलेइ बिर्सींदैन। तर हे सेनाहरुको यहवे हे धर्म्मीहरुलाइ १२
बचाउंने अनि मन् मनको जानपा जुन् साटो तपांइले तिनिहरु देखि लिंनु
हुंछ ति मं देखनु पाउं किनभन्ये मैंले आफनु झगरा तपांइको सांम् प्रगट्
गर्येको छु। यहवेको लागि गाव यहवेको स्तुति गर. किनभन्ये उसले १३
दरिद्रको प्राणलाइ कुकर्म्मीहरुको हात् देखि बचायेको छ॥
स्रापित् हवस् त्यो दिन् जसमां मं जन्म्यें मेरी आंमाले मंलाइ १४
जन्मायेको दिन् धन्नको न हवस्। स्रापित् हवस् त्यो मान्छे जसले मेरो १५
बाबुलाइ तिम्रो येउटा छोरो भयो भन्ये समाचार् दिइ तिनलाइ अघोर्
खुशि गरायो। त्येस् मान्छेको गत् यहवेले न पछुताइकन भत्काइ दियेका १६
सहर्हरुको जस्ते हवस्. त्येसले बिहान चिच्याई अनि दोपहरीमां कराई
सुन्न परोस् किनभन्ये त्येस्ले मंलाइ गर्भैमां मांर्येन त मेरी आंमाको १७
गर्भ मेरो चिहानै होइ जांने थियो अनि मं सदा त्येसैमां भइ रहंने थियें।
मं किन कुगत् र शोक् देखनु र आफनु जीवनको समय् गिल्लामां काट्नु- १८
लाइ गर्भ देखि निसकीं॥

जब सिद्कियाह् राजाले यिर्मयाह् थांइ मल्कियाहको छोरो २१ १
पश्हूर् र मासेयाह् पूजाहारीको छोरो सपन्याहलाइ पठायो तब यहवेको
बचन् यिर्मयाह् थांइ येसो भन्दै आयो हांमिहरुको लागि यहवे सित २

सोधनो गर किनभन्य बाबेलको राजा नबूकद्रेस्सरले हामिहरूको बिरुद्धमां
लड़ाईं गर्दै छ . कौनि कतै यहवेले हामिहरू सित उस्ले सधैं गर्न गर्येका
उस्का सबै आश्चर्य्यकर्म्म अनुसार् बेहोरा गर्छकि र नबूकद्रेस्सर् हामिहरू
देखि उठि जावस् ॥
३ तब यिर्मयाहले तिनिहरूलाइ भन्यो सिद्किय्याहलाइ यसो भन .
४ इस्राएलको ईश्वर् यहवेले तिमिहरूलाइ यसो भन्द छ सुन लड़ाईंका
जुन् हतियारहरू तिमिहरूका हातमां छन् जुन् देखि तिमिहरूले सहरको
घेराभित्ता देखि बाहिर बाहिर घेर्ने बाबेलको राजा र सबै कल्दीहरू सित
लड़ाईं गर्दै छौ ति हतियारहरूलाइ फर्काएर म येस् सहरको बीचमां
५ भेला गराउंछु । अं म आफैं तिमिहरू सित पसार्येको हात् र बलियो
६ बांहाले अं रिस् र बल्दोरिस् र ठूलो क्रोधमां भइ लड़ाईं गर्छु । अनि म
क्य मान्छे क्य पशु येस् सहरका सबै बासीहरूलाइ मार्छु . तिनिहरू ठूलो
७ मरिले मर्छन् । अनि यहवेको यो बाणी छ त्येस् पछि म यहूदाको राजा
सिद्किय्याहलाइ र त्यका कर्म्मचारीहरूलाइ र लोगलाइ अर्थात जो जो
येस् सहरमां मरि तरवार् र अनिकाल् देखि बांचनन् तिनिहरूलाइ
बाबेलको राजा नबूकद्रेस्सरको ताबिमां र यिनिहरूका सत्रुहरूको ताबिमां
र यिनिहरूको प्राण खोजनेहरूको ताबिमां पारि दिंछु . अनि तिनिहरूले
यिनिहरूलाइ तरवारको धारले काट्छन् त्यस्ले यिनिहरूलाइ छोड्दैन अनि
८ न कोइ नरमैइं गर्छ न कोइ दया । अनि येस् प्रजालाइ यसो भन् यहवेले
यसो भन्द छ . सुन म तिमिहरूको सांमु जीवनको बाटो र मृत्युको बाटो
९ राखद छु । येस् सहरमां रहंनेचहिं तरवार् र अनिकाल् र मरिले
मर्छ . तर निसकेर तिमिहरूलाइ घेरि रहंने कल्दीहरूको बीचमां भागि
१० जांने चहिं जीइ रहि त्यस्को प्राण लूट् झैं बांचछ । किनभन्या यहवेको यो
बाणी छ मैले आफनु मोहोड़ा येस् सहर् तिर भलाईको लागि होइन
बुराईंके लागि फर्कायेको छु . त यो बाबेलको राजाको ताबिमां पर्छ
अनि त्यस्ले येसलाइ आगोले डड़ाइ दिंछ ॥
११ १२ अनि यहूदाका राजकुलको बिषयमां यहवेको बचन् सुन . हे
दाऊदबंशीहरू हो यहवेले यसो भन्द छ बिहान् बिहान् उठेर निया पूरा
गर्नु र लूटीयेकाहरूलाइ मिचेइं गर्नेको हात् देखि छोड़ाउंनु लाग होइन-
भन्या तिमिहरूको नजानि कामको कारणले मेरो रिसको आगो बलि
१३ उठ्छ अनि कसैले निभाउंनु न सकनेगरि बलि रहंछ । यहवेको यो बाणी
छ हे तरिकाहरू र मैदानको पहराका बासीहरू हो हामिहरू माथि को
चढ़ि आउंछ भनि अनि हामिहरूको बासस्थान् सम्म को पस्नु सकछ भनि
१४ भन्नेहरू हो तिमिहरूको बिरुद्धमां म चहिं छु अनि यहवेको यो
बाणी छ म तिमिहरूलाइ दण्ड दिइ तिमिहरूका कामको फल तिमिहरू-
लाइ भोगाउंछु . अनि मैं तिमिहरूको बनमां आगो लगाउंछु जसको
आटोले त्यस्का चारै तिरका सबै थोक् भस्म होइ जांछन् ॥

यह्वेले येसो भन्यो . तैंले यहूदाको राजाको महल्मां उत्रि २२ १
गयेर यो बचन् भन् र दाऊद्को सिंहासन्मां बिराज्ने यहूदाको २
राजा तैंले तेरा कर्म्मचारीहरू र यि ढोकाहरू बाटो आउंने गर्ने तेरा प्रजाहरू
समेत्ले यह्वेको बचन् सुन। यह्वेले येसो भन्द छ . निया र धर्म्मको ३
काम् गर अनि लूटायेकाहरूलाइ थिचेड्ने गर्नेको हात् देखि छोड़ाव .
अनि परदेसी र टुहुराटुहुरी र बिधुवाहरू माथि थिचेड्ने र उपद्रई न गर
अनि येस ठांउमां निर्दोषीहरूको रगत् न बहाव। किनभन्ये तिमिहरूले ४
यो कुरो मानि येसै गर्‍यौ भन्ये देखि येस् महल्का यि ढोकाहरू बाटो
दाऊद्को सिंहासन्मां बिराज्ने राजाहरू रथ्हरू र घोड़ा माथि चढ्ने
आफ्ना आफ्ना कर्म्मचारीहरू र प्रजाहरू समेत् पस्न सक्नन्। तर तिमिहरूले ५
यि कुरा मान्यौन भन्ये देखि ता यह्वेको यो बाणी छ मं आफ्नै किरिया
खाइ भन्द छु यो महल् उजाड् होइ जांछ। किसागरिभन्ये यह्वेले यहूदाको ६
राजाको येस् महल्का बिषय्मां येसो भन्द छ . तं मेरो लागि गिलाद् देस्
र लबानोन्को टाकुरा जस्तो मंलाइ पर्द छस् . तर मं तंलाइ अबस्स बन् र
निर्जन् सहर्हरू तुल्याउंछु। अनि मं सिपाहीहरूलाइ तंलाइ नष्ट पार्नुलाइ ७
पठाउंछु जसैले आफ्नु आफ्नु हतियार् लिन्यछ . तिनिहरूले तेरा राम्रा
राम्रा देवदारूकाठहरू काटि काटिकन आगोमां हालि दिंछन्। अनि धेरै ८
जात् लोग्ने सब येस् सहर् छेउ बाटो हिंड्छन् तब एकाले अर्को सित
सोधछन् यह्वेले येस् महा नगरको गन् किन यस्तो गरायो भनि। तब ९
उत्तर् यो हुन्छ किनभन्ये तिनिहरूले आफ्नु ईश्वर् यह्वे सित बांधीयेका
नियम् तोड़ि पराय् देवताहरूलाइ दण्डवत् गर्‍ये अनि तिनका सेवा
गर्‍ये भन्य॥

मर्‍येको लागि न रुनु अनि त्येसको लागि बिलाप् न गर्नु . जो परदेस् १०
गयो त्येसको लागि ता छाति ठोकि ठोकि रुनु पर्छ किनभन्ये त्यो कहिले पनि
फर्कि आउंदैन अनि त्येले आफ्नु जन्मभूमि फेरि फेरि देख्नु पाउंदैन।
यहूदाको राजा योशियाह्को छोरो शल्लुम् जसले आफ्नु बाबु योशियाह्को ११
ठांउमां राज् गर्दै थियो अनि येस् ठांउ देखि निस्कि गयो त्येसको बिषय्मां
यह्वेले येसो भन्द छ . त्यो फेरि यहां आउंनु पाउंदैन तर जुन् १२
ठांउमां तिनिहरूले त्येसलाइ बंधुवा गरायेर लगे त्येसमां मर्छ अनि यो
देस् फेरि देख्नु पाउंदैन॥

आफ्नु महल् अधर्म्म र आफ्ना कोठाहरू अन्न्याय सित बनाउंनु १३
लाउंने अर्थात् जसले आफ्ना दाज्युभाईहरूलाइ सितैंमां काम् लगाउंद छ
अनि त्येसको ज्याला दिंदैन त्येस् माथि हाय् जसले भन्द छ मं लांमो र १४
गजौलो र हावा आउंने कोठाकोठा भयेको महल् बनाउंछु भनि अनि त्येसमां
त्येले खिर्कि बसाल्द छ अनि त्येसको महल् देवदारूकाठले पटायो अनि
सिंदुरे रंगले रंगायो। तं देवदारूकाठको बिषय्मां होराहोर् गर्द छस् १५
को येसोरि तेरो राज् चल्दै रहंछ . को तेरो बाउले खांदै पीउंदै थियेन

अनि निया र धर्म्मको काम् गर्दैन थियो येस्कारण त्यो सुख सित रहंद थियो ।
१६ त्येसे दीनदरिद्रहरुको निया गर्द थियो येसैकारण त्यो सुख सित रहंद
थियो । यहवेको यो वाणी छ जस्ले येसो गर्द छ मेरो ज्ञान् राखने त्येही हो ।
१७ तर तं खालि आफनै नाफा र निर्दोषीहरुको रगत् बहाउंनु र मिचेईं र
१८ उपद्रेईं गर्नुमां मात्रै मन् र आंखा लगाउंद छस् । येस्कारण योशियाहको
छोरो यहूदाको राजा यहोयाकीमको बिषयमां यहवेले येसो भन्द छ .
जब त्यो मर्छ तब जसोरि मान्छेहरुको हाय् मेरो भाई कि हाय् मेरी बैनी
कि हाय् मेरा प्रभु कि हाय् तिम्रो महिमा गयोनित भनि बिलाप् गर्ने
१९ रीत् छ त्यसोरि कसैले त्येसको बिषयमां बिलाप् गर्दैन । तर त्येसलाइ
गदाहालाइ झैं मट्टी दिइंछ अं त्येसको मुर्दा घिस्यायेर यरुशलेमका ढोकाहरु
देखि बाहिर आफालि दिइंछ ॥
२० लबानोनमां चढ़ेर हाय् हाय् गर् अनि बाशानमां गयेर ठुलो
सोरले चिच्या फेरि अबारीम् डांड़ामां पनि गयेर हाय् हाय् गर् किनभन्ये
२१ तेरा सबै नाठाहरु नष्ट भये । तेरो सुखको समय् ता मं तंलाइ भन्दै थियें
तर तैंले मं तिम्रो सुन्दीन भन्दै रहिस् । तेरो ता मेरो कुरा न सुन्नु बानि
२२ बालखै देखि बस्येको छ । तेरा सबै गोठालाहरुलाइ बतासले चराउंछ अनि
तेरा नाठाहरु बन्धुवाईमां जाइ जांछन् . त्येस् बेलामां तं आफना सबै
२३ बुराईको कारणले अवस्य लज्जित् हुंछस् अनि तेरो मुख् कालो हुंछ । ए
लबानोनमां रहने जस्ले देवदारुमां आफनु गुंड़ बनाउंद छ जब तंलाइ
२४ सुतकेर जस्तो बेथा लागला तब तं सारो लाचार् होइ जांछेस् । यहवेको
ये वाणी छ मं जोइ रह्येको झैं यहोयाकीमको छोरो यहूदाको राजा
कोन्याह् मेरो दाहीनो हातको औंठीसरि भयेको भये पनि मं तंलाइ
२५ निकालि फ्यांकने थियें मं तंलाइ तेरो प्राण् खोजनेहरुको हातमां
अनि जुन् जुन् देखि तं डराउंद छस् तिनको अर्थात् बाबेलको राजा
२६ नबूकद्रेस्सर् र कल्दीहरुको हातमां पारि दिंछु । अनि मं तंलाइ जन्माउंने
आमां समेतलाइ तिमिहरुका जन्म न भयेको देसमां बलैले निकालछु
२७ अनि तिमिहरु उहीं मरि जांछौ । तर जुन् देसमां तिमिहरुले फर्कने मन्
२८ गर्द छौ त्येस् देसमां तिमिहरु फर्कन् पाउंदीन । के यो कोन्याह् येउटा
बिकामे फुट्येको भांड़ा हो . अनि के त्यो येस्तो भांड़ा हो जस्मां सुख
छैन . किन त्यो बंश समेत् येउटा तिनिहरुले न चिन्येको देसमां पारि
२९ दिइंद छ । ए पृथिवी ए पृथिवी ए पृथिवी यहवेको यो बचन् सुन् ।
३० यहवेले येसो भन्द छ यो पुरुष निर्बंश गरि लेखनु येउटा पुरुषको जीउंनि
कुशल् सित बीतदैन . किनभन्ये येसको बंशमांको कोई उहाइ दाऊदको
सिंहासनमां राज् गर्ने कि यहूदा माथि प्रभुतेईं गर्ने हुंदैन ॥
२३ १ यहवेको यो वाणी छ ति गोठालाहरु माथि हाय् जुनहरुले
२ मेरा खर्कका भेंड़ाबाखाहरुलाइ नष्ट र छरपुष्ट पार्द छन् । येस्कारण्
इस्राएलको ईश्वर् यहवेले आफना भेंड़ाबाखाका चराउंने गोठालाहरुको

विरुद्धमां येसो भन्द छ. तिमिहरुले मेरा बगाल्को हेर्चाहा गर्यौन
तर तिनिहरुलाइ धपायेर छरपुट्र पार्यौ त यह्वेका यो बाणी छ हेर मं
तिमिहरुलाइ तिमिहरुका बुरा कर्म्मको दण्ड पारि दिंछु। अनि मेरा ३
ति बांच्येका बगाल्लाइ चइं मैंले तिनिहरुलाइ धपायेका सबै देस्
देखि मं आफै फर्काइ ल्यायेर तिनिहरुकै खोर्मां भेला गर्छु अनि तिनिहरु
फेरि फल्छन् फुल्छन्। अनि मं तिनिहरुको लागि येस्ता येस्ता गोठाला- ४
हरुलाइ खटायेर राख्छु जुन्हरुले तिनिहरुलाइ राम्रोगरि चराउंछन्.
तब तिनिहरु न डराउंछन् न डरेक् मान्छन् अनि न तिनिहरुमांको कुनै
हराउंछ. यह्वेको येइ बाणी छ॥

यह्वेको यो बाणी छ येस्ता दिन् आउंछन् जस्मां मं दाऊद्को कुल्मां ५
येउटा पालुवा धर्म्मी मान्छेलाइ उदय् गराउंछु अनि उस्ले राजा भइकन
बुद्धि मित राज् गर्छ अनि देसमां निया र धर्म्म गर्छ। त्येस्का दिनमां ६
यहूदा बचाइंछ अनि इस्राएल् निडर् सङ बसि रहंछ. जुन् नांउले उ
भनीछ उ त्यो येइ हो अर्थात् यह्वे हांमिहरुको धर्म्म[१]। येस्कारण यह्वेको ७
यो बाणी छ येस्ता दिन आउंदै छन् जस्मां लोगले फेरि फेरि भन्ने छैनन्
इस्राएल्वंशीहरुलाइ मिस्र देस् देखि निकालि ल्याउंने यह्वे जीउ रह्यको
छ भनि तर तिनिहरुले यसो भन्छन् इस्राएल्का सन्तान्लाइ उत्तर् ८
देस् देखि र जहां जहां उस्ले तिनिहरुलाइ धपाइ दियेको थियो ति देस्
देखि निकालि ल्याउंने यह्वे जीउ रह्यको छ भनि अनि तिनिहरु आफ्नै
देस्मां बसि रहंछन्॥

अगमवक्ताहरुको विषयमां। मेरो हिर्दय् मं भित्र फाटि गयेको छ ९
मेरा सबै हाडहरु थर्थराउंद छन्. यह्वेको कारणले र उस्का पवित्र
बचनहरुको कारणले मं दाखमद्ह खायेर लट्ठ भयेको मान्छे जस्तो भयेको
छु। किनभन्ये या देस् व्यभिचारीहरु देखि भरीयेको छ किरिया खायेको १०
कारणले देस् बिलाप् गरि रहंद छ अं बनका खर्कहरु सुकि गये अनि
मान्छेहरु दुगुर्द ता छन् तर बुराई तिर अनि बीर्हुवाई ता गर्द छन् तर
अन्यायमां। येस्को कारण येइ हो अगमवक्ताहरु र पूजाहारीहरु दुवै ११
भक्तिहीन् भइ गये अं यह्वेको यो बाणी छ तिनिहरुको बुराई मैंले आफ्नु
मन्दिर्मां पनि पायें। येस्कारण तिनिहरुको बाटो अंध्यारोमां चिप्लो बाटो १२
जस्तै भयो. त्येसैमां तिनिहरु धपाईयेर घचेटि दिइंछन. यह्वेको यो
बाणी छ जस् वर्षमां मं तिनिहरुलाइ दण्ड दिंनु लाग्छु त्येसैने वर्षमां मं
यि बिपत्ति तिनिहरु मांथि लगाउंछुनै। अं शोमरोन्का अगमवक्ताहरुमां १३
मैंले मूर्खइं देख्यां तिनिहरुले बाल्देवताको नांउले अगम् कह्यो अनि मेरा
प्रजा इस्राएल्लाइ भर्माइ दिये। यरूशलेम्का अगमवक्ताहरुमां येउटा १४
घिन्लाग्दो काम् देख्यां व्यभिचार् र पाखण्डइं अनि तिनिहरुले कुकर्म्मी-

[१] अर्थात् इब्रानीमां यहुवं सिद्कैनू (यह्वे हांमिहरुको धर्म्म)।

हरुलाइ भम् येस्तो साहस् दिंद छन् कुकर्म्मीहरु आफना आफना बुराइ
देखि फर्कँदेनन् . अं मेरो मुखेंजि तिनिहरु सबै सदोम् र तिनिहरुका
बासीहरु अमोराकै बराबर् भइ गये ॥
१५ ये कारण सेनाहरुको यहवेले अगमवक्ताहरुको बिषयमां येसो भन्द
छ . हेर मं तिनिहरुलाइ येरेलु खुवाउंछु अनि पित्तको पानी पीउंनु
लाउंछु . किनभन्ये यरुशलेमका अगमवक्ताहरुको कारणले सिंगै देस् देखि
१६ भक्ति उठि जांदै छ । सेनाहरुको यहवेले तिमिहरुलाइ येसो भन्द छ
तिमिहरुलाइ अगम् कहंने अगमवक्ताहरुका कुरा तिर कान् न लगाव
तिनिहरुले तिमिहरुलाइ व्यर्थ कुरा सिकाउंद छन् तिनिहरुले यहवेको
मुखको कुरो होइन तर आफनै मनको कुराको दर्शन् हेरि कहंद छन् ।
१७ मेरो गिल्ला गर्नेहरुलाइ यि अगमवक्ताहरुले नित्ये भन्ने गर्द छन् यहवेले
भन्द छ तिमिहरुको कुशल् बनाइ रहंछ भनि अनि आफनु आफनु भ्रष्टेर-
ईमां हिंड्नेहरुलाइ यिनिहरुले तिमिहरु मांथि केइ बिपत्ति पर्दैन भनि
१८ भन्ने गर्द छन् । यहवेको सभामां उभीयेर कुनचइंले उसको बचन् सुन्नु र
१९ बूझनु पायो . कि कस्ले ध्यान् दिकन मेरो बचन् सुन्यो । हेर यहवेको
बल्दोआंधी अं उसको ठुलो बेहरि चलनु आंट्यो उसको कोप् उठ्यो . अनि
२० त्यसको झकूडले दुष्टहरुको सिर्मां बलैले लाग्छ । जब सम्म उसले आफनु
काम गरि सक्दैन अनि आफना जुक्तिहरु पूरा गरि सक्दैन तब सम्म
यहवेको रिस् थामीदैन . अन्तका दिनमां तिमिहरुले यि सबै कुरा राम्रो-
२१ गरि बूझनु सकछौ । यि अगमवक्ताहरु मैले न पठाइकनै दुगुर्द छन् अनि
२२ मैले केइ न भनिकनै अगम् कहंनु लाग्द छन् । अं यिनिहरु मेरो सभामां
उभींदा हुन् त मेरो बिचारका कुरा सुनिकन मेरा प्रजालाइ सुनाउंने थिये
अनि तिनिहरुचइंलाइ तिनिहरुको खुरा चाल् र खुरा काम् देखि फर्काउंने
२३ थिये । यहवेको यो बाणी छ कि मं टाड़ा होइन नजिक मात्रै रहंने ईश्वर्
२४ हुं । यहवेको यो बाणी पनि छ कि मान्छेले आफुलाइ येस्तो गुप्त ठांउ मां
लुकाउंछ जहां मं त्येसलाइ देखनु सकदीन . कि स्वर्ग र पृथिवी दुवै मंचइं
२५ देखि परिपूर्ण छैन यहवेको येइ बाणी छ । मैले ति अगमवक्ताहरुका पनि
कुरा सुन्येको छु तिनिहरुले मेरो नांउले मैले सपना देख्यें सपना देख्यें
२६ भन्दै झूठो अगम् कहंद छन् । ति झूठो अगम् कहंने अगमवक्ताहरुको
मनमां अं आफनु मन् देखि व्यर्थ अगम् कहंनेहरुको मनमां यि कुरा कहिले
२७ सम्म रहंछन् मेरा प्रजाहरुका पितापुर्खहरुले मेरो नांउ छोड़ेर बाल्-
देवताको नांउ लिंनु लाग्येका थिये त्यसैगरि अब यि अगमवक्ताहरुले पनि
तिनिहरुलाइ आफना सपनाहरु कहि कहिकन मेरो नांउ बिर्सनु लाउंनु
२८ खोजद छन् । कोइ अगमवक्ताले सपना देख्येको छ भन्ये देखि त्यो
सपनै गरिकन कहि देवस् अनि कसैले मेरो बचन् सुन्येको छ भन्ये देखि
त्येस्ले त्यो मेरो बचनै कहिकन सचेइंं सित कहि देवस् । यहवेको यो
२९ बाणी छ गहूंको लागि भुस् के हो । फेरि यहवेको यो बाणी पनि छ के

मेरो वचन् आगो जस्तो छैन . फेरि के त्यो पहरा फोर्ने घन् जस्तो छैन ।
यैकारण् यहवेको यो वाणी छ हेर मेरो वचन् चोरि चोरिकन एका ३०
अर्कालाइ कहंद छन् म ति अगमवक्ताहरुको विरुद्ध छु । यहवेको यो ३१
वाणी पनि छ हेर जस् जस् अगमवक्ताले यो उस्को वाणी हो भनि
भनिकन झूठ् बात बोलि बोलि आफ्नु जिब्रा फडुकाई छन् म तिनि-
हरुको पनि विरुद्ध छु । फेरि यहवेको यो वाणी छ जस् जस्ले सपना देख्यौं ३२
भनिकन झूठा अगम् कहंद छन् अनि त्यस्को बखान् गरिकन मेरो प्रजालाइ
आफ्नु झूठो अगमभनाईको अहंकारमा भर्माउंद छन् ति अगमवक्ताहरुको
पनि विरुद्ध छु . तैपनि मैले तिनिहरुलाइ न पठायें न तिनिहरुलाइ
आज्ञा दियें अनि तिनिहरु देखि यैइ प्रजाको कांइ पनि नाफा हुंदैन
यहवेको यैइ वाणी छ । जब यैइ लोगले कि कोइ अगमवक्ता कि पूजा- ३३
हारीले तंलाइ यहवेले भारी दण्डको कांइ वचन् भन्यको छ भनि सोधला
तब त्यस्लाइ भन् भारी दण्डको कांइ वचन् सोध्द छौ त्यो यैइ छ
यहवेको यो वाणी छ म तिमिहरुलाइ त्यागिनै दंछु । अनि यहवेले ३४
भन्यको भारी दण्डको वचन् यैसो भनिकन सोधंद रहंने अगमवक्ता
कि पूजाहारी कि साधारण् मान्छेलाइ त्यस् जहानै समेतलाइ म दण्ड
दिंछु । तिमिहरु एकाले अर्का लाइ भन यहवेले के उत्तर् दियो कि यहवेले ३५
के भन्या भनि सोधासोध गर । यहवेले भन्यको भारी दण्डको वचन् ३६
भनि तिमिहरुले फेरि फेरि न भन . किनभन्या जनंगले भन्यको कुरो
त्यसैका भारी दण्डको वचन् हाइ जांछ तिमिहरुको ईश्वर् सेनाहरुको
यहवे जो जाउंदो ईश्वर् छ उस्को वचन् तिमिहरुले फर्काइ दियेका छौ ।
तर तिमिहरुले कुनै पनि अगमवक्तालाइ यैसो भनिकन सोधनु यहवेले ३७
तिमिलाइ के भनिकन उत्तर् दियो कि यहवेले के भन्या भनि । तर ३८
तिमिहरुले ता यहवेको भारी दण्डको वचन् भन्दै रहंछौ भन्या देखि ता
यहवेको यो वचन् सुन . मैले ता तिमिहरु लाइ भनि पठायेको थियें
यहवेले भन्यको भारी दण्डको वचन् भन्या वचन् फेरि फेरि न भन भनि
तर तिमिहरु ता यहवेले भन्यको भारी दण्डको वचन् भन्दै भन्देनै रहंद
छौ यैकारण् सुन म तिमिहरुलाइ स्याट्टै बिर्सछु अनि तिमिहरुलाइ ३९
र यो मैले तिमिहरुका पितापुर्खाहरुलाइ र तिमिहरुलाइ पनि दियेको
सहर्लाइ धपाइ आफ्नु सांमु देखि निकाल्छु . अनि म अरघोर् गिल्ला र ४०
सदा सर्वदा रहि रहंने अमान् जो कहिलेइ बिर्सोइंदैन तिमिहरु माथि
ल्याउंछु ॥

जब बाबेल्को राजा नबूकद्रेस्सर्ले यहूदाको राजा यहोयाकाम्को २४ १
छोरो यकोन्याहलाइ र यहूदाका मालिकहरुलाइ र लोहार्हरुलाइ र
अरु अरु कारिगर्हरुलाइ यरुशलेम् देखि बंधुवा गरि बाबेल्मा लग्यो तब
त्यस पछि यहवेले अगमको बाटोले आफ्नु सांमु राखौयेका नभाराका

२ दुइ थुन्से देखायो। एक् थुन्सेमां ता जाति जाति पहिले पहिले पाक्येका
नेभाराको अगाटेफल्हरु थिये . अनि अर्कों चइं थुन्सेमां अग्घोर् नजाति
३ नजाति अं खांनै पनि न हुंने नेभाराहरु थिये। तब यह्वेले मंलाइ भन्यो ए
यिर्मयाह् तं क्य देखद्छस् . मैंले भन्यें नेभाराहरु जाति चइं नेभाराहरु ता
खूब् जाति जाति छन् तर नजाति चइं ति अग्घोरै नजाति छन् अं खाने न
४ ५ हुंने। अनि यह्वेको बचन् येसो भन्दै मं थांइ आयो इस्राएल्को ईश्वर्
यह्वेले येसो भन्द छ यि जाति नेभारा झैं मं मैंले येस् देस् देखि कल्दीहरुको
६ देस्मां बन्धुवाईमां पठाईयेका यहूदीहरुलाइ देखिकन खुशि हुंछु। मं
तिनिहरु मांथि कृपादृष्टि राखछु अनि तनिहरुलाइ येस् देस्मां फर्काइ
ल्याउंछु . अनि मं तिनिहरुलाइ बनाउंछु अं नष्ट पार्दीन अनि तिनिहरुलाइ
७ रोपि राखछु अं उगाल्दीन। अनि मं तिनिहरुलाइ तिनिहरुले उइनै यह्वे
हो रछ भनि मंलाइ चिन्नै मन् दिंछु . अनि तिनिहरु मेरा प्रजा हुंछन् अनि
मं चइं तिनिहरुको ईश्वर् हुंछु . कसोगरिभन्यें तिनिहरु आफ्नु पूरो मन्
८ समेत्ले मं तिर फिर्छन्। अनि जसोरि नजाति खांनु न हुंने नेभाराहरु खूब्
नजाति छन् त्यस्तै मं यहूदाका राजा सिद्कियाह् र त्येका मालिक्हरुलाइ
र बांच्येका यरुशलेमीहरुलाइ येस् देस्मां कि मिस्र देस्मां रह्याकाहरुलाइ
९ त्यागिने दिंछु . अनि तिनिहरुलाइ पृथिवीका सबै राज्मां दुकव पाइ
उछालीनुलाइ र पछारीनुलाइ दिंछु अनि जहां जहां मं तिनिहरुलाइ
धपायेर पठाउंछु वहां वहां तिनिहरुको गिल्ला र उखान् र ठट्टा र स्राप्
१० हुंछन्। अनि मं तिनिहरुमां तरवार् र अनिकाल् र मर्कि फिंजाउंछु
तिनिहरु येस् मैंले तिनिहरुका पितापुर्खाहरुलाइ र थिनेहरुलाइ दियेको
देस् देखि थिनिहरु छरपष्ट न होउंज्याल् सम्म॥

२५ १ योशियाहको छोरो यहूदाको राजा यहोयाकीमको राज्को
चौथो बर्षमां जो बाबेलका राजा नबूकद्रेस्सरको राज्का पहिलो बर्ष
पनि थियो त्येस् बर्षमां यह्वेको बचन् यिर्मयाह् अगमबक्ता थांइ आयो
२ त यिर्मयाहले त्यइ बचन् अनुसार् यहूदाका सबै लोगलाइ र यरुशलेमका
३ सबै बासीहरुलाइ भनि दियो अर्थात् आमोन्को छोरो यहूदाको
राजा योशियाहको राज्को तेह्रौं बर्ष देखि आजु सम्म अर्थात् तेईस्
बर्ष देखि यह्वेको बचन् मं थांइ आयो अनि मैंले सबारै उठि
४ उठिकन तिमिहरुलाइ भन्दै आयें तर तिमिहरुले त्यो सुन्यौन। अनि
यह्वेले तिमिहरु थांइ आफ्ना सबै दास् अगमबक्ताहरुलाइ पनि
५ येसो भन्नुलाइ सबारै उठि उठिकन पठायो अर्थात् आफ्ना आफ्ना
बुरा बाटा र आफ्ना आफ्ना बुरा कर्म्म देखि फर्क त जुन् देस् यह्वेले
तादि तिमिहरुका पितापुर्खाहरुलाइ अनि अब तिमिहरुलाइ सदाको
६ लागि दियेको छ त्येस्मां तिमिहरु बसि रहंनु पाउंछौ अनि
परायदेव्ताहरु पछि लागि तिनको सेवा र दण्डवत् न गर अनि न

आफुले बनायेका थोकको बाटोले मंलाइ रिस् उठाव त मं तिमिहरुको
कोइ हानि गर्दीन भनि। यहवेको येइ बाणी छ तैपनि तिमिहरुले मेरा ७
कुरा मान्योन तर आफुले बनायेका थोकको बाटोले मेरो रिस् उठाउंदै
आयौ ज्सले तिमिहरुको हानि हुंनु सक्नुइ छ। येस्कारण् सेनाहरुको यहवले ८
येसो भन्द छ. तिमिहरुले मेरो बचन् न सुन्येको कारणले यहवेको ९
येइ बाणी छ सुन मं उत्तर् दिशामां रहंने सबै जहान् जहान्लाइ
डाकेर ल्याउंछु वहांदेखि तिनिहरुलाइ ल्याउंनुको लागि आफ्नु दास्
बाबल्को राजा नबूकद्रेस्सर्लाइ डाकि पठाउंछु अनि ति सबैलाइ येस्
देस् र येस्का बासीहरुको र चारै पाट्टि रहंने ति सबै लोग् लोग्को
विरुद्धमां ल्याउंछु अनि यि सबै देस्लाइ मं भाकल् गर्येको थोक् जानि
उजाड्छु अनि यिनिहरुलाइ उदेक् र गिल्ला हुंनुलाइ तुल्याउंछु अं
यिनिहरु सदा उजारीइनै रहंछन्। येस् उप्रान्त मं येसो गर्छु यिनिहरुमां १०
न ता हर्षको न ता रमाहट्को सोर् सुनौंछ न ब्याउलाको न ब्याउलीको
अं जांतोको पाटाको पनि शब्द सुनौंदैन अनि न यिनमां बत्तीको ज्योति
पनि बल्छ। कसोगरिभन्ये यि सिंगै देस् उजारै र उदेक् रहंछन् अनि यि ११
लोगले सत्तरी बर्ष सम्म बाबेलको राजाको चाकरी गर्छन्। अनि यहवेको १२
यो बाणी छ जब सत्तरी बर्ष बिति सकछन् तब येसो हुंछ मं बाबेल्को
राजा र त्येस् लोग् र कल्दीहरुको देस्लाइ अधर्म्मको दण्ड दिंछु अनि त्यो
देस् सदाको लागि उजाड्छु। अनि मं त्येस् देसमां आफ्ना ति मैले तिनको १३
बिषयमां भन्ये अर्थात् यिर्मयाहले जति बचन् सिंगै लोग् लोग्को
विरुद्धमां अगम् गरिकन येस् पोस्तकमां लेख्येका छन् ति सबै कुरा पूरा
गर्छु। कसोगरिभन्ये धेरै धेरै लोग् र बड़ा बड़ा राजाहरुले बाबेलीहरु १४
देखि पनि आफ्नु सेवा गराउंछन्. त मं तिनलाइ तिनको कर्मको
फल् तिनिहरुले गर्येको काम् अनुसार् भोगाउंछु॥

फेरि इस्राएल्को ईश्वर् यहवले मंलाइ येसो भन्यो. मेरो हात् १५
देखि यो मेरो रिसले भर्येको दाखमहको कटोरा लियेर जस् लोगकां मं
तंलाइ पठाउंद छु तिनलाइ खुवाइ दे। अनि तिनिहरु यो दाखमह १६
खायेर लर्खराउंछन् अनि बौलाहा होइ जांछन् मैले तिनिहरुको बीचमां
चलायेको तरवार्को कारणले। त मैले यहवेको हात् देखि त्यो कटोरा १७
लियेर ति यहवेले मंलाइ पठायेका लोग् सबैलाइ खुवाइ दियें अर्थात् १८
मैले यरुशलेम् र यहूदाका सहर्हरुलाइ अनि तिनिहरुका राजाहरु र
मालिक्हरुलाइ खुवायें तिनिहरुलाइ उजार र उदेक् र गिल्ला र स्राप्
हुंनुलाइ जसो आजु हुंद छ मिस्रको राजा फिरऊन् र त्येस्का १९
कर्म्मचारीहरु र त्येस्का हाकिम्हरु र सिंगै प्रजालाइ अनि सबै २०
छार्पमिसेलोग् लोग्लाइ र ऊज् देस्का सबै राजाहरुलाइ र पलिश्ती-
हरुका सबै राजाहरुलाइ र अश्कलोन् अज्जा र एक्रोन्का राजाहरुलाइ र
अशदोद्का बांच्येका लोगलाइ एदोम् र मोआब् र अम्मोनबंशीहरु- २१

२२ लाइ र सोर्का सबै राजाहरुलाइ र सीदोन्का सबै राजाहरुलाइ र
२३ समुन्द्र पारिका टापूका राजाहरुलाइ फेरि ददान् तेमा र बूज्लाइ र
आफ्ना आफ्ना गालाका केस् मुड़ाउंनेहरु जति छन् तिनिहरु सबैलाइ पनि
२४ अरब्का सबै राजाहरुलाइ र बनबासी कासमिस्लोग्का सबै राजाहरु-
२५ लाइ र जिम्राका सबै राजाहरुलाइ एलाम्का सबै राजाहरुलाइ र
२६ मादैका सबै राजाहरुलाइ र को नजिक् को टाड़ाका उत्तर् दिशा
तिरका सबै राजाहरुलाइ खुवाइ दियें अं सिंगै पृथिवी मांथि रहंने
जगत्का राजहरुलाइ मैंले त्यो दाखमद्य खुवाइ दियें अनि यि सबै पछि
२७ शेशक्को राजाले पनि खांछ। त तैंले तिनिहरुलाइ येसो भन् सेनाहरुको
यहवे इस्राएल्को ईश्वर्ले येसो भन्द छ. यो दाखमद्य खाउ अनि मात
अनि वान्त गर अनि लड़ अनि फेरि कहिले पनि न उठ मैंले तिमिहरुको
२८ बीच्मां चलायेको तरवार्को कारणले। अनि येसो हुंछ तिनिहरुले यो
कटोरा तेरो हात् देखि लियेर खांनु मान्येनन् भन्ये देखि तैंले तिनिहरुलाइ
भनि दे सेनाहरुको यहवेले येसो भन्द छ तिमिहरुले अवस्से खांनै पर्छ
२९ भनि। हेर् जो शहर् मेरो नांउले बोलाइंछ त्येसैमां संचइंले बिपत्ति
हाल्नु अंठेरको छ त को तिमिहरु निर्दोषी भइ बांच्छौ। तिमिहरु ता
निर्दोषी ठहरायेर बांच्दैनौ. अं म पृथिवीका सबै बासीहरु मांथि
३० तरवार् चलाउंनु लाउंछु. सेनाहरुको यहवेको येइ बाणी छ। येति
कुराको अगम् कहेर तिनिहरुलाइ येसो पनि भनि दे यहवे ऊंभो देखि
गर्जंछ अनि आफ्नु त्यइ पवित्र धाम् देखि आफ्नु शब्द सुनाउंछ उ आफ्नु
बथान्को लागि बल् सित गर्जंछ फेरि उ पृथिवीका सिंगै बासीहरुको
३१ बिरुद्धमां पनि दाख् लताने झैं कराउंछ। पृथिवीको छेउ छेउ सम्म पनि
खल्याङमल्याङ हुंछ किनभन्ये सबै लोग् लोग् सित यहवेको झगरा
छ त उस्ले सब्बै मान्छेहरु सित बिबाद् गर्छ अनि दुष्ट जातिलाइ उस्ले
तरवार्को नाबिमां पारि दिंछ यहवेको येइ बाणी छ॥
३२ सेनाहरुको यहवेले येसो भन्द छ सुन बिपत्ति एक् लोग् देखि अर्को
लोग्मां सर्छ अं ठुलो आंधी पृथिवीको एक् छेउ देखि उठेर स्यांट्ट
३३ बहंछ। त्येस् बेलामां यहवेले मांर्येकाहरु पृथिवीको एक् छेउ देखि अर्को
छेउ सम्म पसोइ रहंछन्. न तिनको लागि कोई रुंने हुंछ अनि न तिनका
मुर्दा बटोलींछन् न चिहानमां राखींछन् तिनिहरु भूंइ मांथि मल् झैं
३४ मिल्कोइ रहंछन्। ए गोठालाहरु हो हाय् हाय् गर अनि चिच्याउ ए
बगाल्का बलिया बलियाहरु हो खरानीमां लड़िबड़ि खेल. किनभन्ये
तिमिहरुका काटींने दिन् आइ पुग्ये अनि म तिमिहरुलाइ सत्येनास् गर्छु
३५ तिमिहरु मनपर्दो भांड़ा खस्ये झैं खस्छौ। अनि न ता गोठालाहरुको
लागि कोई भाग्ने बाटो रहंछ अनि न बगाल्का बलिया बलियाहरुको
३६ भागि निक्लंने कोई ठांउ रहंछ। गोठालाहरुको कराईको सोर् र बलिया
बलियाहरुका चिच्याई सुनींछन्. कसोगरिभन्ये यहवेले तिनिहरुका खर्कहरु

नष्ट पार्द छ । अनि यह्वेको रिस् उठेरको कारणले शान्ति भयेका बस्ने ३७
ठांउहरु सबै चुम्चाम् होइ जांछन् । जुवान् सिंहले झैं उस्ले आफ्नु ३८
ढुक्ने ठांउ छोड़ेरको छ . दुक्ख दिंने तरवार् र उस्को उठेरको रिस्को
कारणले यो सिंगै देस् उदेक् भइ गयो ॥

योशिय्याह्को छोरो यहूदाको राजा यहोयाकीमको राज्को २६ १
थाल्निमां यह्वे पट्टि बाटो यो बचन् आयो यह्वेले येसो भन्द छ २
यह्वेको पवित्रबास्को आंगन्मां उभीयेर येह्वेको घर्मां दण्डवत् गर्नु
आउंने यहूदाका सबै सहर्हरुको सांमु यि बचन् भनि दे जुन् बचन्हरु
मं तंलाइ तिनिहरुलाइ भन्नुलाइ आज्ञा दिंद छु तिनमांको कुनै बचन्
राखि न छोड् । कोनि कतै तिनिहरु सुन्येर जनंग आफ्नु आफ्नु कुकर्म्म ३
देखि फर्कंछन्कि र मं चइं तिनिहरुका खुरा कर्म्मको कारणले तिनिहरु
मांथि ल्याउंनु आंटेका ति बुराईहरु देखि पछुताउं । अं तंले तिनिहरुलाइ ४
येसो भन् यह्वेले येसो भन्द छ . तिमिहरुले मेरो न सुनि मैंले
तिमिहरुलाइ सुन्नु लगायेका मेरो ब्यवस्था अनुसार हिंड़ेन अनि न ५
मेरा दास अगमवक्ताहरुका बचन्मां कान् लगायौ जुन्हरुलाइ मैंलेनै
सखारै उठि उठिकन पठायें तर तिमिहरुले तिनका सन्मान भन्ये देखि ६
मं यो घर् शिलो जस्तो पारि दिंछु अनि येस् सहर्लाइ पृथिवीका सिंगै
लोगले निन्दा गरि गरि स्राप् दिंछन् भनि । त जब यिर्मयाह्ले यि कुरा ७
यह्वेको घर्मां भन्दै थियो तब पूजाहारी र अगम् वक्ता र सबै लोग् सुनि
रहेका थिये । अनि जब यिर्मयाह्ले सिंगै लोग्लाइ कहंनु भन्ये र यह्वेले ८
दियेका आज्ञाका सबै कुरा भनि सक्यो तब येसो भयो पूजाहारीहरु र
अगमवक्ताहरु र सबै लोगले तंलाइ निस्से प्राणदण्ड हुंछ भनि त्येस्लाइ
पक्रय़े । तंले यह्वेको नांउले यो घर् शिलो जस्तो हुंछ अनि यो सहर्मां ९
कोइ पनि न रहंनेगरि उजार् हुंछ भनि भनिकन किन अगम् कहिस्
भनि । येसो भन्येर सबै लोगले यिर्मयाह्लाइ यह्वेको घर्मां घेरे ॥

यो खबर् पायेर यहूदाका मालिक्हरु राजाको घर् देखि यह्वेको १०
घर्मां चढि गयेर यह्वेको घर्को नया ढोकाबाटो पसि गये । तब ११
पूजाहारीहरु र अगमवक्ताहरुले मालिक्हरु र सबै लोगलाइ भन्ये यो
मान्छे प्राणदण्डका योग्य् छ किनभन्ये येस्ले येस् सहर्को बिरुद्धमां येस्तो
अगम् कह्यो जो तिमिहरुका कानले सुन्ये । तब यिर्मयाह्ले सबै १२
मालिक्हरु र सबै लोगलाइ भन्यो ज्ये ज्ये बचन् तिमिहरुले सुन्यौ त्यो
यह्वेलेनै मंलाइ येस् घर् र येस् सहर्को बिरुद्धमां अगम् कहंनुलाइ
पठाइ दियेका हुन् । त अब आफ्ना चाल् चलन् सुधार अनि आफ्नु ईश्वर् १३
यह्वेको कुरो मान तब यह्वे उस्ले तिमिहरुको बिरुद्धमां भन्येको बिपत्ति
देखि पछुताउंछ । हेर मं ता तिमिहरुको ताबिमां छु . तिमिहरुको १४
लेखिमां ज्ये भलो र ठीक् छ त्येइ मं सित गर । खालि येह मांत्रै निस्से थाहा १५

पाव तिमिहरूले मलाइ मार्‍यौ भन्या देखि तिमिहरूले आफु आफुलाइ र
येस् सहर् र येस्का वासीहरूका निर्दोषी लोहू वहाउंने दोषी तुल्याउंछौ .
किनभन्या साँचि साँचिनै यहवेले मलाइ तिमिहरू थांइ यि वचन्
१६ सुनाउंनुलाइ पठायेको हो। तब मालिक्हरू र सबै लोगले पूजाहारीहरू र
अगमवक्ताहरूलाइ भन्या . यो मान्छे प्राणदण्डको योग्य रैन छ कसोगरि-
भन्या येस्ले हामिहरूको ईश्वर् यहवेका नांउले हामिहरू सित कुरा गर्‍यो।
१७ अनि देसका कति बूढा बूढाहरूले उठेर प्रजाको सिंगै सभालाइ भन्ये
१८ यहूदाको राजा हिजकियाहका दिनमां मोकायाह् मोरेसेतीले अगम्
कहंद थियो त त्येस्ले यहूदाका सबै लोगलाइ भन्यो सेनाहरूको यहवेले
येसो भन्द छ . सिय्योन् जोत्येर खेत् वनाइंछ अनि यरूशलेम् चइं थुप्रै थुप्रो
होइ जांछ अनि घरको डांड़ा जंगलका अलग्गा ठांउहुरू जस्ता होइ जांछन्
१९ भनि। त क्या यहूदाको राजा हिजकियाहले र सिंगै यहूदाले त्येस्लाइ
मराये . क्या त्येस् राजाले यहवेको भय् मान्येन अनि उ सित विन्ति
गर्येन अनि तब यहवेले तिनिहरू माथि ल्याउंनु आंट्याको विपत्तिको
विषयमां उ पछुतायेन। (त हामिहरूले यिर्मयाहलाइ काट्यौ भन्ये देखि) ता
२० आफ्नै प्राणलाइ ठुलो जोखिममां हाल्ने छौं। अनि फेरि किर्यत्यारीम्-
वासी शमायाहको छोरो ऊरिय्याह् भन्ये येउटा मान्छेत यहवेको नांउले
अगम् कहंद थियो अनि त्येस् मान्छेले पनि येस् सहर् र येस् देसको
२१ विरुद्धमां ठीक् येइ यिर्मयाहले कहेको जस्ते अगम् कह्यो अनि
जब यहोयाकीम् राजा र त्येस्का सबै वीरहरू र सबै मालिकहरूले त्येस्का
वचन् सुन्ये तब राजाले त्येस्लाइ मराउंनु खोज्यो तब ऊरिय्याह् यो सुन्येर
२२ डरले मिस्रमां भागि गयो . अनि यहोयाकीम् राजाले मिस्रमां मान्छे
पठायो अर्थात् अकबोरको छोरो एल्नातान्लाइ अरू मान्छेहरू सित
२३ मिस्रमां पठायो। त तिनिहरूले ऊरिय्याहलाइ मिस्र बाटो निकाल्येर
यहोयाकीम् राजा थांइ ल्याये तब त्येस्ले त्येस्लाइ तरवारले कटायेर त्येस्को
२४ मुर्दा साधारण लोगका चिहानमां अफालायो। तर शापानको छोरो
अहीकाम् यिर्मयाह् पट्टि लाग्यो तिनिहरूले त्येस्लाइ लोगका ताबिमां
मारौंनुको लागि न दिईआस् भन्ये खातिरले॥

२७ १ योशिय्याहको छोरो यहूदाको राजा यहोयाकीमको राजको
थालनिमां यहवेको पट्टि बाटो यो वचन् यिर्मयाह् थांइ आयो
२ यहवेले मलाइ येसो भन्द छ जूवा र जोतारो वनायेर आफ्नु कांध्
३ माथि राख् वहांदेखि ति थोक् यहूदाको राजा सिदकियाह् थांइ
यरूशलेममां आयेका एदोम् र मोआब् र अम्मोनवंशीहरू र सोरको राजा
४ र सीदोनको राजाका दूतहरू थांइ पठा वहांदेखि तिनिहरूलाइ
तिनिहरूका स्वामीहरूका लागि येसो भन्येर आज्ञा दे इस्राएलको
ईश्वर् सेनाहरूको यहवेले येसो भन्द छ . तिमिहरूले आफ्ना आफ्ना

स्वामीहरूलाइ येसो भन मैंलेने पृथिवी र पृथिवी माथिका ५
मान्छेहरू र पशुहरूलाइ आफ्नु अनन्तशक्ति र पसार्येको बांहांले बनायें
अनि जस्लाइ मं इच्छे गर्दै छु त्यसैलाइ ति दिंद छु। त अब मैंले यि सबै ६
देसहरू आफ्नु दास् बाबेल्को राजा नबूकद्नेस्सर्लाइ मं आफैले दियें अं
बनका जन्तुहरूलाइ पनि मैंले त्यसैलाइ दियें तिनिहरू त्यसैको ताबिमां
रहुन् भन्येर। अनि यि सबै लोग् लोग् त्येस्को र त्येसको छोरोको र ७
त्येस्का नातिहरूको ताबिमां रहंछन्. त्येस देसको पनि बेला न आउंज्याल्
सम्म अनि त्येस् पछि धेरै लोग् लोग् र बड़ा बड़ा राजाहरूले त्येस्को
वंश देखि आफ्नु आफ्नु सेवा गराउंछन्। त येसो हुंछ जुन् लोग् कि ८
राज् बाबेल्को राजा नबूकद्नेस्सर्को ताबिहुवाई ग्रहण् गर्दैन अनि जस्ले
बाबेलको राजाको जूवा आफ्नु कांध् माथि लिंदैन त्येस् लोग्लाइ मं
तरवार् अनिकाल् र देसान्को दण्ड त्येस्लाइ त्येस्को हात् बाटो मेटि न
दिउंज्याल् सम्म दिंदै रहंछु यहवेको येइ बाणी छ। त तिमिहरूले ९
तिमिहरूलाइ तिमिहरूले बाबेलका राजाको ताबिमां पर्नु पर्दैन भन्ने
तिमिहरूका अगमवक्ताहरू र अगम् चलाउनेहरू र सपना देखनेहरू र
झांक्रिहरू र जन्तरमन्तर् गर्नेहरूका कुरामां मन् न लगाव. किनभन्ये १०
तिनिहरूले तिमिहरूलाइ झूठो अगम् कहंदछन् तिमिहरू आफ्नु आफ्नु
देस् देखि दूर हुंनुलाइ अनि मं आफैले तिमिहरूलाइ धपायेर तिमि-
हरूलाइ नष्ट पार्नुलाइ। तर जुन् लोग् बाबेल्को राजाको जूवा आफ्नु ११
कांध् माथि लिइ त्येस्को ताबिमां रहंछ त्येस्लाइ मं त्यसैको देसमां रहंनु
दिंछु अनि त्यो त्यसैमां खेतिपाति गर्दै बसि रहंछ. यहवेको येइ
बाणी छ॥

फेरि यहूदाको राजा सिद्किय्याहलाइ मैंले यि कुरा भन्यें १२
बाबेल्को राजाको जूवा आफ्नु कांध् माथि लिंनु हवस् अनि त्येस्को र
त्येस्का प्रजाहरूको ताबिमां रहेर जीइ रहंनु हवस्। जसो यहवेले १३
बाबेल्को राजाको ताबिहुवाई ग्रहण् न गर्ने लोग्को बिषयमां तरवार् र
अनिकाल् र देसान्ले नष्ट हुंछ भन्येर भन्येको छ आफु किन आफ्ना
प्रजाहरू समेत् मर्नु हुंछ। आफुलाइ तिमिहरूले बाबेलको राजाको १४
ताबिमां पर्नु पर्दैन भन्ने अगमवक्ताहरूको कुरा न सुन्नु हवस्. किनभन्ये
तिनिहरूले आफुलाइ झूठो अगम् कहंदछन्। यहवेको यो बाणी छ १५
मैंले तिनिहरूलाइ पठायेको छुइंन तिनिहरूले मेरो नांउले झूठो अगम्
कहंदछन् मैंले तंलाइ देस् देखि निकालि दिउं अनि तं ति तंलाइ अगम्
कहंने अगमवक्ताहरू समेत् नष्ट हवस् भन्ने खातिरले। फेरि पूजाहारीहरू १६
र यि सबै लोग्हरूलाइ पनि मैंले येसो भन्यें यहवेले येसो भन्द छ.
यहवेको घरका भांड़ावर्तन्हरू अब छिटै बाबेल् देखि फर्काइ दिइंछन्
भनि तिमिहरूलाइ अगम् कहंने तिमिहरूका अगमवक्ताहरूको बचन्
तिर कान् न थाप. किनभन्ये तिनिहरूले तिमिहरूलाइ झूठो अगम्

१७ कहंद छन्। तिनिहरूका कुरा न सुन बाबेल्को राजाको ताबिहुवाई
१८ ग्रहण गरि जीइ रह. यो सहर् किन उजार् हवस्। अं तिनिहरू सांचि
सांचिने अगमवक्ता हुन् अनि तिनिहरूमां यहवेको बचन् छ भन्ये देखि
तिनिहरूले यहवे सित हे यहवे तपांइको घर् र यहूदाको राजाको घर्मां
र यरूशलेम्मां रह्याका भांड़ाबर्तन्हरू बाबेल्मां जांनु न पाउन् भनि बिन्ति
१९ गरून्। तिनको बिषय्मां सेनाहरूको यहवेले भन्द छ अं थाम्हरू र
(पीतल्को) समुन्द्र र आधार्हरू र अरू अरू भांड़ाबर्तन्हरू ज्ये ज्ये येस्
२० सहर्मां रह्याका छन् जुन्हरू बाबेल्को राजा नबूकद्नेस्सर्ले त्यस्
बेलामां लग्येन जब त्यस्ले यहोयाकीम्को छोरो यहूदाको राजा यकोन्याह्-
लाइ र यहूदा र यरूशलेम्का सबै भारादार्हरूलाइ बन्धुवा गरि गरि
२१ यरूशलेम् देखि बाबेल्मां लग्येको थियो अं तिनको बिषय्मां
अर्थात् जुन् भांड़ाबर्तन्हरू यहवेको घर्मां र यहूदाको राजाको घर्मां र
यरूशलेम्मां रह्याका छन् तिनको बिषय्मां इस्राएल्को ईश्वर् सेनाहरूको
२२ यहवेले येसो भन्द छ. ति पनि बाबेल्मां पुऱ्याइंछन् अनि जब सम्म मं
तिनिहरूको हेर्चाहा गर्दीन तब सम्म उहीं रहंछन् त्यस् पछि मं
तिनिहरूलाइ ल्यायेर येस् ठांउमां फेरि रखाउंछु. यहवेको येइ बाणी छ॥

२८ १ फेरि त्यसै बर्षको अर्थात् यहूदाको राजा सिद्कियाह्को
राज्को थाल्नीमां अं चौथो बर्षको पांचौं महीनामां येसो भयो अज्जूर्को
छोरो गिबोन्बासी हनन्याह् अगमवक्ताले यहवेको घर्मां पूजाहारीहरू
२ र सबै लोगको सांमु मंलाइ येसो भन्यो इस्राएल्को ईश्वर् सेना-
हरूको यहवेले येसो भन्द छ मैंले बाबेल्को राजाको जूवा भांचि दिंयें।
३ यहवेको घर्का जति भांड़ाबर्तन्हरू बाबेल्को राजा नबूकद्नेस्सर्ले येस्
ठांउ देखि उठायेर बाबेल्मां लग्येको थियो ति मं दुइ बर्ष भित्र फेरि
४ येस ठांउमां ल्याउंछु. अनि यहोयाकीम्को छोरो यकोन्याह्
यहूदाको राजा र सबै यहूदी बन्धुवाहरू जो बाबेल् गयेका थिये
तिनिहरूलाइ पनि मं फेरि येस् ठांउमां ल्याउंछु. कसोगरिभन्ये मं
५ बाबेल्को राजाको जूवा भांचि दिंछु. यहवेको येइ बाणी छ भनि। तब
यिर्मयाह् अगमवक्ताले हनन्याह् अगमवक्ताको सांमु र ति सबै लोग जो
६ जो यहवेको घर्मां उभीइ रह्याका थिये तिनिहरूको सांमु भन्यो अं
यिर्मयाह् अगमवक्ताले भन्यो आमेन्. यहवेले येसैने गरोस्. ज्ये ज्ये
तिमिले यहवेका भांड़ाबर्तन्हरू र सबै बन्धुवाहरू बाबेल् देखि येस् ठांउमां
फर्काइ ल्याइंछन् भनि अगम् गरि कह्याका कुरा यहवेले पूरो गरोस्।
७ तरपनि तिमिले यो मेरो बचन् सुन जो मं तिमिलाइ र सबै लोगलाइ
८ भनि सुनाउंद छु. मं भन्दा र तिमि भन्दा पहिले पहिले तादि देखिका
अगम्वक्ताहरूले धेरै देस् र ठुला ठुला राज्हरूको बिरुद्धमां लड़ाइं र
९ बिपत्ति र देसान्हरूको बिषय्मां अगम् कह्या। जुन् अगमवक्ताले
कुशल्को बिषय्मां अगम् कहला अनि जब त्यो पूरो होला तबै त्यस्

अगमवक्ताको बिषयमां यो सांचिनै यहवेले पठायेको हो रछ भनि पत्यारो
हुंछ । तब हनन्याह् अगमवक्ताले त्यो यिर्मयाह् अगमवक्ताको कांध् मांथि १०
भयेको जूवा उतार्येर भांचि दियो । वहांदेखि हनन्याहले सबै मान्छेहरुको ११
सांमु भन्यो यहवेले येसो भन्द छ. येसैगरि म अबको दुइ बर्ष भित्रमां
बाबेलको राजा नबूकद्नेस्सरको जूवा सबै लोग् लोगको कांध् मांथि
देखि उतारि भांचि दिंछु भनि । तब यिर्मयाहले आफनु बाटो समात्यो ।
तब हनन्याह् अगमवक्ताले यिर्मयाह् अगमवक्ताको कांध् मांथि देखि १२
जूवा उतारि लिये पाछि यहवेको यो बचन् यिर्मयाह् थांइ आयो गयेर १३
हनन्याहलाइ येसो भन् यहवेले येसो भन्द छ. तैंले काठको जूवा भांचि
दियेका छस् तर तैंले तिनिहरुको साटोमां फलामको जूवा बनाउंछस् ।
किनभन्ये इस्रायलको ईश्वर् सेनाहरुको यहवेले येसो भन्द छ. मैंले यि सबै १४
लोग् लोगको कांध् मांथि फलामको जूवा हाल्येको छु बाबेलको राजा
नबूकद्नेस्सरको ताबिमां रहुन् भनि अनि तिनिहरु त्येसको ताबिमां रहंनु
पर्छ पनि. अनि मैंले बनका जीवाजन्तुहरुलाइ पनि त्येसको ताबिमां पारि
दियेको छु । तब यिर्मयाह् अगमवक्ताले हनन्याह् अगमवक्तालाइ येसो १५
भन्यो ए हनन्याह् सुन् यहवेले तंलाइ पठायेको छैन तर तैंले यि मान्छे-
हरुलाइ झूठ् मांथि भरोसा गराइ दिंद छस् । येसकारण यहवेले येसो भन्द १६
छ म तंलाइ पृथिवी मांथि देखि उठाइ दिंछु. येसै बर्षमां तं मर्छस्
किनभन्ये तैंले यहवे देखि फर्कि जांने कुरो गर्येको छस् । नभन्दै हनन्याह् १७
त्येइ बर्षको सातौं महीनामां मर्यो ॥

बन्धुवाहरुका बांच्येका बूढाबूढाहरु र पूजाहारीहरु र अगम- २९ १
वक्ताहरु र सबै लोगहरु थांइ जुनहरुलाइ नबूकद्नेस्सरले यरुशलेम् देखि
बाबेलमां बन्धुवा पारि लग्येको छ तिनिहरु थांइ यिमर्याह् अगमवक्ताले
यरुशलेम् देखि पठायेको पत्रका कुरा यि हुन् जो पत्र यकोन्याह् २
राजा र राजमाता र मेहेरीहरु र यहूदा र यरुशलेमका मालिकहरु र
लोहारहरु र कारिगरहरु यरुशलेम् देखि गये पछि शापानको ३
छोरो एलासा र हिल्किय्याहको छोरो गमर्याहको हात् बाटो पठाईयो
जुनहरुलाइ यहूदाको राजा सिद्कियाहले बाबेलको राजा नबूकद्नेस्सर्
थांइ बाबेलमां पठायो इस्रायलको ईश्वर् सेनाहरुको यहवेले यरुशलेम् ४
देखि बन्धुवा गरायेर बाबेलमां पुर्यायेका सबै बन्धुवाहरुलाइ येसो भन्द छ.
घर् बनायेर तिनमां बस अनि बारीहरु लगायेर तिनको फल् खाव ५
स्वास्नीहरु ल्यायेर छोराछोरी जन्माव आफना छोराहरुको लागि बुहारी ६
छान अनि आफनी छोरीहरुलाइ कुटुम्बहरुलाइ ब्याहा देव र तिनिहरुले
पनि छोराछोरी जन्माउन् अनि त्यहां घट होइन तर बढ्दै जाव । अनि ७
जस् सहरमां मैंले तिमिहरुलाइ बन्धुवा गरायेर पठाइ दियेको छु त्येसको
कुशलको फिक्रि गर अनि त्येसको लागि यहवे सित प्रार्थना गर्ने गर.
किनभन्ये त्यो कुशल् रह्योकोले तिमिहरुको पनि कुशल् हुंछ । किनभन्ये ८

इस्राएल्को ईश्वर् सेनाहरूको यह्वेले येसो भन्द छ . तिमिहरूको बीच्मा
जो जो अगमवक्ताहरू र चिह्नो हेर्नेहरू छन् तिनिहरूले तिमिहरूलाइ
बहकाउंनु न पाउन् अनि तिनिहरूले तिमिहरूको बिषय्मां देखेका
९ सपनाहरू तिर कान् न थाप। किनभन्ये तिनिहरूले मेरो नांउले भूठो
अगम् सुनाउंद छन् . मैंले तिनिहरूलाइ तिमिहरू थांइ पठायेको थिइंन
१० यह्वेको येइ वाणी छ। कसोगरिभन्ये यह्वेले येसो भन्द छ बाबेल्को
राज्को सत्तरी वर्ष पूरा भये पछि मं तिमिहरूको हेर्चाहा गर्छु अनि मं
तिमिहरूलाइ येस् ठांउमां फेरि ल्याउंछु भन्येको आफ्नु भलो कुरो पूरो
११ गर्छु। किनभन्ये यह्वेको यो वाणी छ ज्ये ज्ये ठहरावट् मं चइं तिमिहरूको
बिषय्मां गर्द छु ति मं चइं जान्द छु ति हानिका होइनन् कुशल्का हुन्
१२ भनि अर्थात् अन्तमां तिमिहरूको आशा पूरो हुंछ। त तिमिहरूले मंलाइ
हापार्छौ अनि आयेर मं सित प्रार्थना गर्छौ अनि मं तिमिहरूको सुन्छु।
१३ अनि तिमिहरूले मंलाइ खोज्छौ अनि पाउंछौ पनि कसोगरिभन्ये तिमिहरू
१४ आफ्नु पूरो मन्ले मं थांइ आउंछौ। अनि यह्वेको यो वाणी छ मं तिमि
खोज्नेहरूको लागि पाइंछु अनि बन्धुवाई देखि फर्काइ ल्याउंछु अनि मं
तिमिहरूलाइ मैंले तिमिहरूलाइ धपाइ दियेका सबै ठांउ देखि र बन्धुवाई
देखि फर्काइ बटुलि ल्याइ येस् ठांउमां फेरि ल्याउंछु जहां देखि मैंले
तिमिहरूलाइ बन्धुवा गराइ निकालि दियेको थियें . यह्वेको येइ वाणी
१५ छ। अं तिमिहरूले ता भन्द छौ यह्वेले हांमिहरूको लागि बाबेलैमां
१६ अगमवक्ताहरूलाइ प्रगटो गर्‍यो भनि। तर दाऊद्को सिंहासन्मां राज्
गर्ने राजा येस् सहर्मां रहेका सबै प्रजा अर्थात् तिमिहरूका बन्धुवाईमां
१७ न गयेका दाज्युभाईहरू सबैको बिषय्मां यह्वेले भन्द छ अं सेनाहरूको
यह्वेले येसो भन्द छ . सुन मं तिनिहरूको बीच्मां तरवार् अनिकाल् र
देसान् फिंजाउंछु अनि तिनिहरूलाइ बिकामेहुवाईको कारण्ले खानु न
१८ हुंने नेभारा झैं तुल्याउंछु। अनि मं तरवार् अनिकाल् र देसान् लियेर
तिनिहरूलाइ खेद्छु अनि तिनिहरूलाइ पृथिवीको राज् राज्मां उछालौंनु
र पछार्नौंनुलाइ दिंछु अनि ति सबै लोग् लोग्मां जुन्हरूको बीच्मां मैंले
तिनिहरूलाइ धपायेको छु तिनिहरूको सांमु गिल्ला र उदेक् र जिल्लगाइंने र
१९ टट्टा हुंनुलाइ पारि दिंछु . यह्वेको यो वाणी छ मैंले आफ्ना दास्
अगमवक्ताहरूको बाटोले सखारै उठिकन तिनिहरूकां पठायेका मेरा बचन्
न मान्येको साटोमां येसो हुंछ तर तिमिहरूले सुन्ने मन् गर्‍यौन . यह्वेको
२० येइ वाणी छ। त हे तिमि सबै बन्धुवाहरू हो जुन्हरूलाइ यह्वेले
यरूशलेम् देखि बाबेल्मां पठायेको छ उस्को बचन् सुन ॥
२१ तिमिहरूलाइ यह्वेको नांउले भूठो अगम् कहंने कोलायाह्को
छोरो अहाब् र मासेयाह्को छोरो सिद्कियाह्को बिषय्मां इस्राएल्को
ईश्वर् सेनाहरूको यह्वेले येसो भन्द छ . सुन मं तिनिहरूलाइ बाबेल्को
राजा नबूकद्रेस्सर्को हात्मां पारि दिंछु अनि त्यस्ले तिनिहरूलाइ तिमि-

हरुको सांसु काट्छ अनि बाबेल्मां रहेका सबै बन्धुवा यहूदीहरुले २२
तिनिहरुलाइ बाबेल्को राजाले आगोमां डड़ायेका सिद्कियाह् र
अहाब्को काल्ले झैं यह्वेले तंलाइ मांरोस् भनि भनिकन गिल्ला गद
गर्दै खाप् दिंछन् . येस्को कारण् यो छ तिनिहरुले इस्राएल्मां मुर्खईंको २३
काम् गर्य अर्थात् पराईको स्वास्नीहरु सित व्यभिचार् गर्ये अनि मेरो
आज्ञा न पाइ मेरो नांउले झूठो बचन् कह्य यो जान्ने र साक्षी मंने
छु यह्वेको येइ बाणी छ ॥

अनि नेहेलामी शमायाह्को विषय्मां तैंले येसो भन् इस्राएल्को २४ २५
ईश्वर् सेनाहरुको यह्वेले येसो भन्द छ यरुशलेम्का सबै बासीहरुलाइ
सबै पूजाहारीहरुलाइ अनि मासेयाह्को छोरो सपन्याह् पूजाहारीलाइ
तैंले आफ्ने नांउको येस्तो पत्र लेख्येस् यह्वेले तिमिलाइ यहोयादा २६
पूजाहारीको साटोमां पूजाहारी खटायेको छ तिमिले यह्वेको घर्मां
अधिकारी भइकन जत्तिले त्यहां बौलेहौं गर्दै छन् अनि अगमवक्ता बनौंदै
रहेका छन् तिनिहरुलाइ समायेर काठ्मां ठोकेर तिनिहरुको गलामां पाटौ
हाल भन्येर । फेरि अनातोती यिर्मयाह् तिमिहरुको बीच्मां अगम्वक्ता २७
भइ रहंनेलाइ तिमिले किन हकायौन त्येस्ले ता हांमिहरु थांइ २८
बाबेल्मां येसो भनि पठायेको छ [तिमिहरुको बन्धुवाई] धेरै बर्ष सम्म
रहंद छ . त घर् बनायेर तिनमां बस अनि बारी लगायेर तिनका फल्
खाव भन्ये । त्यो पत्र सपन्याह् पूजाहारीले यिर्मयाह्लाइ परि सुनायो । २९
तब यह्वेको बचन् यिर्मयाह् थांइ येसो भनि आयो सबै बन्धुवाहरु ३० ३१
थांइ येसो भनि पठा इस्राएल्को ईश्वर् सेनाहरुको यह्वेले नेहेलामी
शमायाह्को विषय्मां येसो भन्द छ . शमायाह्ले मैंले न पठाइकन
तिमिहरुलाइ अगम् कह्यो अनि तिमिहरुलाइ झूठ्मां भरोसा गरायो
येस्कारण् यह्वेले येसो भन्द छ सुन मं त्येस् नेहेलामी शमायाह् र त्येस्का ३२
बंशलाइ दण्ड दिंछु त्येस्को घर् देखि कोई मेरो प्रजामां रहंदैन अनि मं
आफ्नु प्रजाको जुन् भलाई गर्ने छु त्यो त्येस्ले देख्नु पाउंदैन . कसोगरिभन्ये
त्येस्ले यह्वे देखि फर्किं जांन्ये कुरो गर्यो . यह्वेको येइ बाणी छ ॥

जो बचन् यह्वे देखि यिर्मयाह् थांइ आयो त्यो येइ हो ३० १
इस्राएल्को ईश्वर् यह्वेले येसो भन्द छ जुन् बचन् मैंले तंलाइ भन्यें ति २
सबै बचन येउटा पोस्तक्मां लेख् । किनभन्ये यह्वेको यो बाणी छ येस्तो ३
दिन् आउंदै छ मं आफ्नु इस्राएली र यहूदी प्रजालाइ बन्धुवाई देखि
फर्काइ ल्याउंछु . अनि जुन् देस् मैंले तिनिहरुका पिता पर्खहरुलाइ दियेको
थियें त्येसमां तिनिहरुलाइ फेरि ल्याउंछु अनि तिनिहरु फेरि त्येस्को
अधिकारी हुंछन् यह्वेको येइ बाणी छ ॥

जुन् बचन् यह्वेले इस्राएल् र यहूदाको विषय्मां भन्येको थियो ति ४
यिने हुन् । यह्वेले येसो भन्द छ . कांम्ने शब्द सुनौंद छ भ्येले शान्ति होइन ५

६ तर भय् हुंद छ। ऐले सोध अनि कते लोग्नेमान्छेले पनि सुत्केरे पीरा
पाउंद छ. अनि सबै लोग्नेमान्छेहरूले जन्माउंनु आंट्येकी आइमाइले झैं
आफ्नु आफ्नु कम्मर् आफ्ना आफ्ना हातले मिचि राख्येका देखौंद छन्
७ अनि सब्बैका मोहोंड़ा पहेंला पहेंला छन्। हाय् हाय् त्यो आउंदो दिन्
अनि औधिको डरलाग्दो हुंछ त्यइ दिन् जस्तो अरु कुनै दिन् पनि हुंदैन.
८ याकूबको संकट्को समय् छ तरैपनि त्येसमां पनि त्यो छोड़ाइंछ। अनि
सेनाहरूको यहवेको यो वाणी छ त्येस् बेलामां येसो हुंछ मं (बाबेलले
राख्येको) जूवा तिनिहरूको कांध् मांथि देखि भांचि आफालि दिंकु अनि
तिनिहरूका बन्धनहरू काटि दिंकु अनि अन्यदेसीहरूले तिनिहरू देखि आफ्नु
९ सेवा गराउंदैनन्. तर तिनिहरूले आफ्नु ईश्वर् यहवेको र मैंले तिनि-
१० हरूको लागि उठायेको आफ्नु राजा दाऊदैको सेवा गर्छन्। त ए मेरो
दास् याकूब् यहवेको यो वाणी छ न डरा अनि हे इस्राएल् छक्क न पर्.
किनभन्ये मं तिमिहरूलाइ टाड़ो देस् देखि र तिमिहरूका बंशलाइ
बन्धुवाईको देस देखि छोड़ाइ ल्याउंकु त याकूब् फर्केर सुख र चैन्
११ सित बस्छ अनि कसैले त्येसलाइ डर् देखाउंनु पाउंदैन। यहवेको यो
वाणी छ तिमिहरूको उद्धार् गर्नुको लागि मं तिमिहरू सित रहंकु.
कसोगरिभन्ये मैंले तिमिहरूलाइ छरपुष्ट पार्येका लोगको मैंले अन्त गरायें
भन्ये पनि मं तिमिहरूको चइं अन्त गर्दीन ते मं तिमिहरूलाइ दण्ड
ता दिंकु तैपनि बिचारिकन दिंकु अनि तिमिहरूलाइ कोई पारिले निर्दोष्
ठहराउंदीन ॥

१२ यहवेले येसो भन्द छ अब तेरो दुक्ख निरुपाय् र तेरो घाउ असाढ्ढे
१३ देखौंद छ। तेरो घाउमां पट्टि बांध्नुको लागि न कोई तेरो कुरो खेर्ने
१४ गोहारे छ अनि न तेरो अइ निको पार्ने औषति कि मलहम् छ। तेरा सब्बै
प्रियहरूले तंलाइ बिर्सिहाल्ये तिमिहरूका हेरचाहा गर्दैनन्. किनभन्ये
तेरा ठुला अधर्म्म र गह्रुङ् गह्रुङ् पापको कारणले मैंले सत्तुर् भयेर तंलाइ
१५ हिर्कायें अं निष्ठुर् भयेर दण्ड दियें। तं आफ्नु दुक्खको कारणले किन
कराउंद छस् तेरो घाउ असाढ्ढे छ. तेरा ठुला अधर्म्म र गह्रुङ् गह्रुङ्
१६ पापको कारणले मैंले तंलाइ येइ दुक्ख दियें। येसकारण् जत्तिले तंलाइ
नील्द छन् ति आफै पनि नीलींछन् अनि तेरा द्रोही आफै पनि सबै
बन्धुवाईमां जांछन् अनि तंलाइ लूट्नेहरू आफै पनि लुटींछन् अनि तेरा
१७ धन् खोस्नेहरूका धन् पनि मं खोसाउंकु। यहवेको यो वाणी छ मं तंलाइ
कुशलक्षेम् दिंकु अनि तेरा घाउहरू निको पार्कु किनभन्ये मान्छेहरूले तंलाइ
घचेटीयेको भन्द छन् अनि येसो पनि भन्द छन् त्यो ता सिय्योन् हो त्येसको
१८ फिक्रि कस्ले गर्छ भनि। यहवेले येसो भन्द छ मं याकूबको डेराको बन्धुवाई
फर्काइ ल्याउंकु अनि त्येसका बासहरू मांथि कृपा गर्कु अनि सहर् आफ्नै
घड़ेरिमां फेरि बस्छ अनि राजमहल् पहिलेको रीत् अनुसारको बनीयेर
१९ बस्छ। अनि त्यहां देखि धन्न धन्न भन्ने र रमाहट् गर्नेको सोर् सुनींछ.

अनि मं तिनिहरुलाइ बढ़ाउंछु तिनिहरु थोरै हुंदैनन् अनि तिनको मान्
गराउंछु तिनिहरु सांना हुंदैनन्। तिनिहरुका बालबच्चाहरु पनि फेरि २०
पहिलेका जस्ता हुंछन् अनि तिनिहरुको मंडली मेरो सांमु स्थिर् गराइंछ
अनि जत्तिले तिनिहरु मांथि मिचेइँ गर्छन् तिनिहरुलाइ मं दण्ड दिंछु।
अनि तिनिहरुको मालिक् तिनिहरुकै खाल् देखि हुंछ अं तिनिहरु मांथि २१
प्रभुतेइँ गर्ने तिनिहरुइ देखि उदय् हुंछ अनि मं त्येस्लाइ आफु छेउ
बोलाउंछु अनि त्यो पनि मं छेउ आउंछ. कसोगरिभन्ये मं छेउ आउंनु
केस्ले आंट् गर्छ यहवेको येइ बाणी छ। त तिमिहरु मेरा प्रजा हुंछौ २२
अनि मं तिमिहरुको ईश्वर् हुंछु॥

अं एले ता यहवेको बल्दोरिसको आंधी चल्छ अं अरघोर् सारो २३
बेहेरि. अनि त्यस्को झक्कड़ दुष्टहरुको सिरमां बलले पर्छ। जब सम्म २४
यहवेले आफनु काम् गरि सक्दैन अनि आफना जुक्तिहरु पूरा गरि सक्दैन
तब सम्म उस्को उठेरको रिस् थामींदैन. अन्तका दिनमां तिमिहरुले त्यो
बूझ्नु सक्छौ॥

त्येस् बेलामां मं सिंगै इस्राएलका कुलहरुको ईश्वर् हुंछु अनि ३१ १
तिनिहरु मेरा प्रजा हुंछन् यहवेको येइ बाणी छ। यहवेले येसो भन्द छ २
तरवार् देखि बांचि निस्कयाका लोग् मांथि मेरो अनुग्रह् बनमां हुंछ
अर्थात् मैंले बिश्राम् गरायेको इस्राएल् मांथि। यहवेले मंलाइ टाढ़ा देखि ३
दर्शन् दिइ भन्यो मं सधें तं सित प्रेम् राखद छु. येसै कारण् मैंले अब
तंलाइ करुणा गरि आफु पट्टि तानि लायें। ए इस्राएल् कन्येकेटी मं ४
फेरि तंलाइ देसमां बसालछु तं बसालींछस्. त्यहां तैंले फेरि सिङारीयेर
तबला बजाउंछस् अनि रमाहट् सङ नाच्दै निक्लंने गर्छस्। तैंले फेरि ५
शोमरोनको डांड़ामां दाखका बारीहरु लगाउंछस्. अनि ति लगाउंने-
हरुले तिनको फल् पनि खांछन्। किनभन्ये येस्तो दिन् आउंछ जस्मां ६
एप्रेमका पहाड़देसमांका पहरूहरुले सारो सारो कराउंदै उठ हांमिहरु
आफनु ईश्वर् यहवे थांइ सिय्योनमां जाऊं भनि भन्छन्। कसोगरिभन्ये ७
यहवेले येसो भन्द छ आनन्दको सारो सागो सोरले याकूबको लागि गाव अनि
सबै लोगहरु भन्दा अग्रुचइंको लागि कराव. सुनाव स्तुति गर अनि हे
यहवे आफनु प्रजा इस्राएलका बचतीभागको पनि उद्धार् गर्नु हवस् भन्दै
प्रार्थना गर। हेर मं तिनिहरुलाइ उत्तर् दिशा देखि ल्याउंछु अं पृथिवीको ८
छेउ देखि पनि ल्याइ ल्याइकन भेला गराउंछु अनि तिनिहरुको बीचमां
अंधा खोरंडे गर्भीणी र सुत्केरेपीरा भोग्नेहरुलाइ पनि ल्याउंछु.
त्येस्ताहरु समेतको ठुलो मंडलो यहां फर्कि आउंछ। तिनिहरु आंसु ९
बहाउंदे आउंछन् अनि बिन्ति गर्दै मं देखि पुऱ्याइंछन्. मं तिनिहरुलाइ
नदीको तीरै तीर् हिंड़ालछु तिनिहरुलाइ ठेस् न लाग्ने सोजो बाटो
बाड़ो. किनभन्ये मं इस्राएलको लागि पिता हुं अनि एप्रेम् मेरो
जेठोछोरो हो॥

१० हे लोग् लोगहरु हो यह्वेको बचन् सुन अनि टाढ़ा टाढ़ाका
टापूहरुमां पनि सुनायेर भन इस्राएल्लाइ छरपुट्ट पार्नेले त्येस्लाइ भेला पनि
११ गराउंछ अनि गोठालाले आफ्नु बगाल्लाइ झैं त्येस्को रक्षे गर्छ। किनभन्ये
यह्वेले याकूब्लाइ छोड़ायेको छ अनि तिनिहरुलाइ तिनिहरु भन्दा
१२ बलियाका हात् देखि छुटकारा दियेकोछ। त तिनिहरुले सिय्योन्को
थाप्निमां आयेर गाउंछन् अनि तब अन्न नया दाखमद्द तेल् र भेंड़ाबाखाका
पाठा गाईगोरुका बाच्छा अस्सल् अस्सल् दान् पायेको लागि तांतै तांत्
यह्वेको भलाई तिर जांछन्. अनि तिनिहरुको मन् भिजायेको बारी जस्तै
लहलह पर्येको हुंछ अनि तिनिहरु फेरि फेरि कैले पनि उदास् हुंदैनन्।
१३ ति ताक कन्येकेटीहरुले नाच्दै नाच्दै रमाहट् गर्छिन् अनि जुवान्हरु र
बूढ़ाहरुले एकै साथ् आनन्द गर्छन्. कसोगरिभन्ये मं तिनिहरुका शोक्
चइं हर्ष गराउंछु अनि तिनिहरुलाइ शान्ति दिंछु अनि दुक्खको साटोमां
१४ आनन्द गराउंछु। अनि मं पूजाहारीहरुको मन्लाइ चिल्ला चिल्ला थोकले
तृप्त गराउंछु अनि मेरो सिंगै प्रजा मेरा अस्सल् अस्सल् दानले सन्तुष्ट
हुंछन्. यह्वेको येइ बाणी छ॥
१५ यह्वेले येसो पनि भन्द छ. रामामां येउटा शब्द सुनीयो बिलापै
अनि धेर् रुवाई राहेल् आफ्ना बालखहरुको लागि रोयेको अनि त्येस्ले
आफ्ना बालखहरुको लागि मनाइंने इच्छे गरीन तिनिहरु छैनन् भन्येर।
१६ यह्वेले येसो भन्द छ. आफ्नु रुने बिलाप् गर्ने शब्द थाम् अनि आंसु
बहाउंनु. किनभन्ये यह्वेको यो बाणी छ तेरो दास्तीको साटो दिइंछ
१७ तिनिहरु सत्तर्हरुको देस् देखि फर्कि फर्कि आउंछन्। यह्वेको यो बाणी
छ अन्तमां तेरो आशा पूरो हुंछ अनि तेरा बंश आफ्नु सिमाना भित्र फर्कि
१८ आउंछन्। सांचि सांचिनै मैंले एफ्रैमले यि कुरा भन्दै बिलाप् गर्येको सुन्यें
तपांइले मंलाइ दण्ड दिंनु भयो मं बैमान् गोरु जस्तै थियें र. तपांइ मं
तिर फर्कउंनु हवस् त मं फर्काइंछु किनभन्ये तपांइनै मेरो ईश्वर् यह्वे हुंनु
१९ हुंद छ। निस्से मं तपांइ देखि फर्के पछि पछुतायें अनि मैंले शिक्षा पाये
पछि आफ्नु जांग् ठटायें. मेरो जुवानेइंको पाप् सम्झि सम्झिकन
२० लज्जित् भयें अं मेरो मुख् कालो भइ गयो। के एफ्रैम् मेरो पियारो छोरो
होइन. के त्यो मेरो लाड़े बालख होइन. अं जब जब मं तिनिहरुलाइ
दुक्ख दिंनु खोज्द छु तब तब तिनिहरु मेरा प्याराहरु हुन् भनि मंलाइ
राम्रै सम्झना हुंद छ. अनि त्येस्को कारणले मेरो मन् कमन्नींद छ
अनि मं निस्से त्येस् मांथि दया गर्छु. यह्वेको येइ बाणी छ॥
२१ जुन् बाटो बाड़ो तं बन्धुवा भयेर पर्देस् गयेकी थिइस् त्येसैमां घोचा
र लाठा चिंनुको लागि तियार् पार्. अनि ए इस्राएल्कन्ये उता बाटो
२२ आफ्नु आफ्नु सहर्मां फर्कि आ। ए फर्काई गर्ने छोरी तं कैले सम्म
येता उति डुलि रहंछेस्. कसोगरिभन्ये यह्वेको येउटा नया सृष्टि
पृथिवीमां प्रगटो छ अर्थात् नारीले नर्लाइ संभाल्छे॥

इस्राएल्को ईश्वर् सेनाहरुको यहवेले येसो भन्द छ . जब मं यहूदी २३
बन्धुवाहरुलाइ फर्काइ ल्यायेर तिनिहरुको देस्का सहर्हरुमां बसाल्छु तब
तिनिहरुमां फेरि यो कुराको आशीर्बाद् दिइंछ अर्थात् ए धर्म्मपूर्ण
बासस्थान् ए पवित्र पर्बत् यहवेले तंलाइ आशीष् देवस् भन्थे। अनि २४
त्येस्मां यहूदा र त्येस्का सबै सहर्हरु जम्मा भइ भइ बसकन् . गृहस्तहरु
र गोठालाहरु पनि त्येस्मां बस्छन्। कसोगरिभन्ये मैंले सबै थाक्येका २५
प्राणहरुलाइ सन्तोक् गरायें अनि सबै उदास् भयेको प्राणलाइ भरपूर्
गरायें। येतिमां मैंले दर्शन् देखि बिउंझेर देख्यें मेरो निन्द्रा मेरो लागि २६
मीठो रछ। यहवेको यो बाणी छ सुन् येस्ता दिन् आउंद छन् जुन् २७
दिनमां मं इस्राएलको जहान् र यहूदाको जहान्का बालबच्चाहरु
र मान्छेहरु बस्तुभाव् दुबैलाइ बढ़ाउंछु। अनि येसो हुंछ जसोरिकन मं २८
गुणि गुणिकन तिनिहरुलाइ लड़ाउंद र भत्काउंद र नास् पार्द अं बांझो र
सत्येनासै पार्द थियें त्येइ परिले मं अब गुणि गुणिकन रोप्छु अनि
बढ़ाउंछु यहवेको येइ बाणी छ। ति दिनमां तिनिहरुका पित्रहरुले चर्चरे २९
खाये येस्कारण् तिनिहरुका बंशका दांत् कुंड़ीये भनि फेरि भन्देनन्। तर ३०
त्येस् बेलामां जनंग आफ्नै पापको कारणले मर्छ . जस्ले चर्चरे खांछ
त्येसैका दांत् कुंड़ींछन्॥

फेरि यहवेको यो बाणी छ सुन् ति दिन् आउंछन् जस्मां मं इस्रा- ३१
एल्को जहान् र यहूदाको जहान् सङ नया नियम् बांध्छु . त्यो चइं ३२
नियम् मैंले तिनिहरुका पितापुर्खाहरु सित तिनिहरुलाइ हात्मां समात्येर
मिस्र देस् देखि निकाल ल्यायेको बेलामां बांध्येको जस्तो हुंदैन .
किनभन्ये मैंले तिनिहरु सङ लाग्नै स्वास्नीको जस्तो सम्बंध् राख्यें र पनि
तिनिहरुले मं देखि बांधीयेको नियम् तोड़ेर यहवेको येइ बाणी छ।
तर यहवेको यो बाणी छ यि दिन् पछि मं जुन् नियम् इस्राएल्का ३३
जहान् सित बांध्छु त्यो येइ हो मं आफ्नु ब्यवस्था तिनिहरुको मन्मां
बसाउंछु अनि तिनिहरुको हिर्दयमां लेख्छु अनि मं तिनिहरुको ईश्वर्
हुंछु अनि तिनिहरु मेरा प्रजा हुंछन् . अनि तिनिहरु एकाले अर्कोलाइ ३४
यहवेको ज्ञान् सिक भनि भन्देनन् कसोगरिभन्ये यहवेको यो बाणी छ
सांना ठुला सब्बैलाइ मेरो ज्ञान् हुंछ कसोगरिभन्ये मं तिनिहरुको
अधर्म्म क्षमा गर्छु अनि तिनिहरुको पाप् फेरि कैले पनि सम्झंदींन।
जस्ले दिउंसो ज्योति दिंनुको लागि घाम्को र रातिको उज्यालोको लागि ३५
जूनको र ताराहरुको नियम् ठहरायो अनि समुन्द्रलाइ उछाल्द र त्येस्का
छाल्हरुलाइ गर्जाउंद छ अनि जस्को नांउ यहवे छ उइ यहवेले येसो
भन्द छ . जब ति नियम्हरु मेरो सांमु कुटि जांनन् तबै इस्राएल्को बंश ३६
पनि मेरो लोग् हुंनु देखि सदाको लागि कुटि जांछ यहवेको येइ बाणी छ।
यहवेले येसो भन्द छ . जब आकाश् नापीयेला अनि खनिकन पृथिवीको ३७
जग् पाईयेला तबै मंचइं इस्राएल्का सबै बंशका सबै पाप्को कारणले

३८ तिनिहरू देखि हात् झिकुंला यह्वेको येइ वाणी छ। सुन् यह्वेको यो
वाणी छ येस्ता दिन् आउंद छन् जुन् दिन्मां यरूशलेम् सहर् हननेल्को
३९ धरारा देखि कुनाको ढोका सम्म यह्वेको लागि बनाइंछ। अनि येस्को
जग् बसाल्ने डोरी फेरि अघि बढेर सोजै गारेब्डांड़ा सम्म पुग्छ अनि
४० त्यहां बाटो घुम्येर गोआ सम्म जांछ। अनि सिंनुहरु र खरानिहरुको
सिंगै भल्खांड़ा र किद्रोन् खोल्चा सम्म जत्ति जग्गा छन् अनि घोड़ा-
हरुको पूर्ब ढोका सम्म जति जग्गा छ ति सबै यह्वेको लागि पवित्र हुंछ
अनि [यरूशलेम्] सद्रा सम्म फेरि फेरि न ता भत्काइंछ अनि न लड़ाइंछ॥

३२ १ यहूदाको राजा सिद्किय्याह्को राज्को दसौं बर्षमां जो
नबूकद्रेस्सर्को राज्को अठारौं बर्ष थियो यह्वे देखि यिर्मयाह् थांइ
आयेको बचन् येइ हो त्यस् बेला बाबेल्को राजाको सेनाले यरूशलेम् घेरि
२ हाल्यो . अनि यहूदाको राजाको महल्को पहराचौकीहरुको आंघन्मां
३ यिर्मयाह् अगमबक्ता कैद् गरीयो . यहूदाको राजा सिद्किय्याह्ले येसो
भनिकन यिर्मयाह्लाइ कैद् गर्‍यो तिमिले येस्तो अगम् किन कह्यौ अर्थात्
यह्वेले येसो भन्द छ सुन मं यो सहर् बाबेल्को राजाको हात्मां पारि
४ दिंछु त त्येस्ले आयेर यो लिहाल्छ अनि यहूदाको राजा सिद्किय्याह्
कल्दीहरुको हात् देखि बांच्दैन तर त्यो बाबेल्को राजाको हात्मां
अवस्सैनै पर्छ अनि त्यो र बाबेल्को राजा मुखामुख् बोल्छन् अनि त्येस्का
५ आंखाले त्येस्का आंखा हेर्छन् अनि त्येस्ले सिद्किय्याह्लाइ बाबेल्मां
लैजांछ अनि यह्वेको यो वाणी छ मैंले त्येस्को हेर्चाहा न गरुञ्याल्
सम्म त्यो तिहीं रहंछ . त तिमिहरुले कल्दीहरु सित लड़ाइं गर्‍यौ भन्ये
पनि तिमिहरुको सुफल् हुंदैन भन्येर॥
६ तब यिर्मयाह्ले भन्यो यह्वेको यो बचन् मं थांइ आयो सुन्
तेरो काञ्छाबाबु शल्लूम्को छोरो हनमेल् तं थांइ येसो भन्नुलाइ आउंछ
अनातोत्मां भयेको मेरो जग्गा किन . किनभन्ये तो किनि छोड़ाउंने
८ अधिकार् तिमिलाइ पर्द छ पनि। नभन्दै यह्वेले भन्ये अनुसार् मेरो
काञ्छाबाबुको छोरो हनमेल्ले पहराचौकीको आंघन्मां मं थांइ आयेर
भन्नु लाग्यो बिन्यामीन्को देस्मां अनातोत्मां भयेको मेरो जग्गा
किन . किनभन्ये त्येस्को धनी हुंने र त्यो किनि छोड़ाउंने अधिकार्
तिमिलाइ पर्द छ त त्यो तिमिले किन। यो सुन्येर मैंले जान्यें यह्वेको
९ बचन् यो थियो भनि। त मैंले त्यो अनातोत्मां भयेको जग्गा मेरो
काञ्छाबाबुको छोरो हनमेल् देखि किन्यें अनि त्येस्को दाम् चांदीका सत्र
१० शेकेल् जोखि जोखिकन दियें। अर्थात् तमसुक्मां सही र मोहर्
लगाये पछि साछीहरु बोलायरे त्यो चांदी कांटामां जोख्येर त्येस्लाइ
११ दियें। तब किन्ने दुवै तमसुक् जुन्हरुमांको येउटामां ब्यवस्था र रीत्
१२ अनुसार मोहर् थियो अनि अर्को चइं खोला थियो ति लियेर मैंले

आफ्नु काक्काबाबुको छोरो हनमेल्को र ति तमसुक्मां सही हाल्ने
साक्षीहरुको सांमु र पहराचोकीको आंगन्मां बस्ते सबै यहूदीहरुको
सांमु महसेयाह्को छोरो नेरिय्याह्को छोरो बारुकलाइ सुम्पि दियें।
वहांदेखि मैंले तिनिहरुको सांमु बारुकलाइ येसो भनि अह्रायें १३
इस्राएल्को ईश्वर् सेनाहरुको यहवेले यो आज्ञा सुनाइकन भन्यो यि १४
किंन्येको तमसुक्हरु अर्थात् यो मोहर् लाग्येको र यो खोला पत्र लग्येर
येउटा मांटोको भांड़ामां हलिराख् र ति धेरै दिन् सम्म रहुन्। किनभन्ये १५
इस्राएल्को ईश्वर् सेनाहरुको यहवेले यसो भन्द छ. येस् देसमां घर् र
बारी र दाखका बारीहरु फेरि किनीन्छन्॥

मैंले त्यो किन्ने तमसुक् नेरिय्याह्को छोरो बारुकको हात्मां दिये १६
पछि मैंले यहवे सित यो प्रार्थना गर्यें। हे प्रभु यहवे तपांइले आफ्नु १७
बड़ा सामर्थले र पसार्येको बांहाले अकाश् र पृथिवी बनाउंनु भयो अनि
तपांइको लागि कुनै काम् पनि कठिन् छैन. तपांइ हजार् हजार्को १८
लागि करुणा गर्दै रहंनु हुंद छ अनि पित्रहरुका अधर्म्मको साटो तिनिहरु
पछि तिनिहरुको बंशलाइ पनि दिंनु हुंद छ. तपांइ उ महा र उ
पराक्रमी ईश्वर् हुंनु हुंद छ जस्को नांउ सेनाहरुको यहवे हो. तपांइ १९
उदेक् उदेक्को जुक्ति निकाल्ने र कार्ज्यमां पराक्रमी. मान्छेको सन्तान्का
सब्बै चाल्चलन् तपांइको आंखाको मोजि रहंद छन् अनि तपांइले एक्
एक्लाइ त्यस्का चाल्चलन् र करनीको फल् भोगाउंनु हुंद छ. तपांइले २०
मिस्र देस्मां चिंनु र आश्चर्ज्य गर्नु भयो जुन्हरुको चर्चा वहां इस्राएलीहरु
र अरु मान्छेहरुमां हुंदै आयो अनि तपांइले आफ्नु नांउ चलाउंनु भयो जो
आजु सम्म छ अनि तपांइले आफ्नु इस्राएली प्रजालाइ मिस्र देस् २१
देखि चिंनु र आश्चर्ज्यकर्म्म गरि बलियो हात् र पसार्येको बांहाले डर्लाग्दा
काम्हरुको बाटोले निकालि ल्याउंनु भयो फेरि तपांइले तिनिहरु- २२
लाइ तिनिहरुका पित्रहरुलाइ दिंने किरिया खांनु भयेको दुद् र मह बहंने
देस् दिंनु भयो अनि तिनिहरु भित्र आयेर येस्को धनी ता भये तर २३
तपांइका कुरा मान्येनन् अनि न तपांइको ब्यवस्थामां हिंड़े तपांइले
तिनिहरुलाइ गर्नु दिंनु भयेको आज्ञामांको कोइ पनि तिनिहरुले मान्ये-
नन्. येसैकारणले तपांइले तिनिहरु मांथि यि सबै बिपत्ति हाल्नु
भयो. अब यि घेराहरु [सत्तूरहरु] हेर्नु हवस् यो सहर् लिंनुको लागि २४
आइ रहेका छन् अनि येस् सहर्मां तरवार् चल्दै छ अनि अनिकाल्
पर्येको छ अनि मरि फैलींदै छ यि सबैको कारणले यो सहर् यि
आइ लाग्येका कल्दीहरुको ताबिमां परि सक्येको जत्तिकै भयो.
येसैगरि तपांइले भन्येको अनसार् पूरा भयो अनि तपांइले यो देख्दै
पनि हुंनु हुंद छ। अनि हे प्रभु यहवे तपांइले मंलाइ साक्षीहरुलाइ २५
डाक्येर त्यो जग्गा किन् भन्ये आज्ञा दिंनु भयो तरैपनि यो सहर् ता
कल्दीहरुको ताबिमां परि सक्यो॥

२६ २७ तब यह्वेको यो बचन् यिर्मयाह् थांइ आयो   मं चइं ता सब्बै
जीवधारीहरुको ईश्वर् यह्वे हुं. को मेरो लागि कुनै काम् कठिन् हुंद छ ॥
२८ त यह्वेले येसो भन्द छ. सुन् मैंले यो सहर् कल्दीहरु अनि
बाबेल्को राजा नबूकद्रेस्सर्को ताबिमां पारि दिंनु आंट्येको छु त त्येस्ले
२९ यो लिंछ. अनि येस् सहर् सित लड़ाइँ गर्ने कल्दीहरुले आयेर येस्
सहर्मां आगो लगाइ दिंछन् अनि [यहूदीहरुले] बाल्को लागि कौसिमां
धूप् हाल्येर परायदेवताहरुलाइ बलिदान् चढ़ाइ चढ़ाइ मंलाइ रिस्
३० उठायेका घर्हरु डड़ाइंछन्। किनभन्ये इस्राएल्बंशीहरु र यहूदाबंशीहरु
तारि देखि मंलाइ नजाति लाग्ने काम् गर्दै आयेका छन् अनि आफुले
बनायेका थोक् पूजि पूजिकन मंलाइ रिस् उठाउंदे आयेका छन् यह्वेको येइ
३१ बाणी छ। यो सहर् बनीयेको दिनै देखि आजु सम्म मंलाइ रिस् उठ्नु
लाउंने र बल्दोरिस्को कारण् मांत्रै हुंदै छ त अब मं येस्लाइ पर सार्छु.
३२ येस्को कारण् येइ हो अर्थात् इस्राएल्बंशी र यहूदाबंशी आफ्ना राजाहरु
मालिक्हरु पूजाहारीहरु र अगमबक्ताहरु समेत् को यहूदा देस्का को
यरुशलेम्का बासी सब्बैनै बुराई गरि गरिकन मंलाइ रिस् उठाउंदे आये।
३३ अनि यिनिहरुले मं तिर मुख् होइन पिठिउं फर्काये. मं तिनिहरुलाइ
सखारै उठिकन सिकाउंने गर्दै आयें र पनि यिनिहरुले मेरो शिक्षा मान्येनन्।
३४ तर मेरो नांउले भनीने घर्मां पनि तिनिहरुले आफ्ना घिन्लाग्दा
३५ थोक् त्येस्लाइ अशुद्ध गर्नुलाइ राखे। अनि तिनिहरुले हिन्नोमबंशीको
भनीने तरिमां बाल्का अलग्गा ठांउ बनाइ आफ्ना छोराछोरीहरुलाइ
मोलेक्को लागि आगोको बाटो बाड़ा हिंड़ाल्ये जसो गर्नु मैंले
तिनिहरुलाइ कलेइ आज्ञा दिइंन अनि न येस्ता घिन्लाग्दा काम् गरिकन
यहूदीहरु पाप्मां फांसीउन् भन्ये कुरो मेरो मन्मां कलेइ आयो ॥
३६ अब इस्राएल्को ईश्वर् यह्वेले तिमिहरुले तरवार् अनिकाल् र
मरिको बाटोले बाबेल्को राजाको हात्मां परि सक्यो भन्येको येस्
३७ सहर्को बिषय्मां येसो भन्द छ. सुन मैंले रिसायेर बल्दोरिस्मां
भइ अनि औधि क्रोधित् भइ [यहूदीहरुलाइ] बलैले घच्येटि पठायेका
ति सबै देस् देस् देखि तिनिहरुलाइ फर्काइ ल्यायेर येसै सहर्मां भेला
३८ गराउंछु अनि बिना डर्कागरि बसालि दिंछु. अनि तिनिहरु मेरा प्रजा
३९ हुंछन् अनि मं चइं तिनिहरुको ईश्वर् हुंछु. अनि मं तिनिहरुको
एकै मन् र एकै चाल् गराइ दिंछु अनि तिनिहरु सदा मेरो भय् मान्दै
रहंने गराउंछु र तिनिहरुको र तिनिहरु पछि तिनिहरुका बंशको पनि
४० भलो होवस्. अनि मं तिनिहरु सित सदाको यो नियम् बांध्छु अर्थात्
तिमिहरुको संगत् छोड़ि तिमिहरुको भलाई गर्नु छोड्छु येसो कलेइ हुंदैन
भन्ये। अनि मं तिनिहरुको मन्मां आफ्नु भय् येस्तोगरि बसाल्छु
४१ तिनिहरु कलेइ मं देखि अलग्ग् जांदैनन्। अनि मं औधि खुशि
सित तिनिहरुको भलाई गर्दै रहंछु अनि सांचि सांचिनै तिनिहरुलाइ

येस् देस्मां पुरो मन् र पुरो प्राण् समेत्ले बसालि दिंकु। कसोगरिभन्ये ४२
यहवेले येसो भन्द छ. जसोरि मैंले येस् प्रजा मांथि यि सबै बिपत्ति
हाल्यें त्येसैगरि यिनिहरु मांथि गर्छु भनि दियेका सबै भलाई पनि मं
गर्छु। फेरि तिमिहरुले उजार् भयो येस्मां न ता मान्छे छन् अनि न ४३
पशु यो कल्दीहरुको ताबिमां परि सक्यो भन्येको येस् देस्मां फेरि
जग्गा किनींछन्। बिन्यामीन्को देस्मां र यरूशलेम्का छेउछाउ र ४४
यहूदाका सहर्हरु र पहाड़देस्को र बेंसि देस् र दक्खिन् देस्का
सहर् सहर्मां लोगले फेरि साक्षी डाकि डाकिकन जग्गा किन्छन् अनि
तमसुक्मां सही र मोहर् लगाउंछन्. कसोगरिभन्ये मं [यहूदी]
बन्धुवाहरुलाइ फर्काइ ल्याउंकु. यहवेको येइ बाणी छ॥

येस् उपान्त जब यिर्मयाह् पहराको आंघन् मां थुनीइ रह्येको ३३ १
थियो तब यहवेको यो बचन् त्यो थांइ दोस्रो खेप् आयो आफ्नु २
बचन् पूरो गर्ने यहवे त्यो पूरो गर्ने अनि अन्तमां आफुले भन्येको कुरो
बलियो पनि गराउंने यहवे. जस्को नांउ यहवे हो उसैले भन्द छ. मं ३
सित प्रार्थना गर् अनि मं तेरा कुरा सुन्येर तंलाइ ठुला ठुला र कठिन्
कठिन् भेद् देखाउंकु जो तं ऐले बूझ्दैनस्। इस्राएल्को ईश्वर् यहवेले ४
येसो भन्द छ यहूदाका राजाहरुका घर्हरु र येस् सहर्का घर्हरु
भत्काईयेका छन् उठाईयेका गड़ि र तरवार् सित मुक्किस्ता सित लड़ाइँ
गर्नु सक्नुको लागि. अं कल्दीहरु सित लड़ाइँ गर्नेहरुलाइ मं रिसाइकन ५
र रिस्ले बलिकन कटाइ कटाइकन तिनिहरुका मुर्दाहरु तिनै खालि
गरीयेका ठाउं हुंदो भराइ दिंकु किनभन्ये तिनिहरुको दुष्टेइंको कारण्ले
मैंले येस् सहर् देखि आफ्नु मोहोड़ा फर्कायें। तरैपनि मं त्येस्को लागि ६
निकोपराई र चंगागराई दिंकु अनि तिनिहरुलाइ निको पार्छु अनि
तिनिहरुको गत् पूरे शान्तिको र सच्चेइंको पारि दिंकु। अनि मं यहूदा र ७
इस्राएल्को बन्धुवाहरुलाइ फर्काइ ल्याउंकु अनि अगाड़िको जस्तो
तिनिहरुलाइ फेरि बनाउंकु। अनि मं तिनिहरुलाइ तिनिहरुले मेरो ८
बिरुद्धमां गर्येका सबै अधर्म्म र पाप् देखि शुद्ध गराउंकु अनि तिनिहरुले
जत्ति अधर्म्म र पाप् र अपराध्को काम् मेरो बिरुद्धमां गर्येका छन् ति सबै
मं क्षमा गर्छु। जब पृथिवीका सबै लोग् लोगले मैंले [यिहूदा] मांथि ९
गर्येका भलाई सुन्छन् अनि मैंले तिनिहरुलाइ दियेका सबै कल्याण् र
शान्तिको चर्चा सुन्छन् तब तिनिहरु डराउंछन् अनि थर्थराउंछन्.
तब (यो सहर्) ति लोग् लोग्को लेखिमां मेरो हर्षको र शोभा हुंने
र मेरो स्तुति हुंने कारण् हुंक्छ। यहवेले येसो भन्द छ. तिमिहरुले यो १०
उजार् भयो येस्मां न ता मान्छे रह्येको छ अनि न पशु अर्थात् यहूदाका
सहर्हरु अनि यरूशलेम्का बाटाहरु येस्तोगरि सुनसान् भइ रह्येका छन्
तिनमां न कोई मान्छे रह्येको छ अनि न कोई बासी न पशु भनि भन्येको
सहर्मां हर्ष र हर्षबड़ाईको शब्द ब्याउला ब्याउलीको शब्द र ११

सेनाहरुको यह्वेको धन्नबाद् गर किनभन्ये यह्वे भलो छ अनि उसको
करुणा सनातन् सम्म रहंद छ भन्येहरुको शब्द फेरि सुनींछ. अनि
यह्वेको घर्मां धन्नबादी बलिदान् ल्याउंनेहरुको पनि शब्द सुनींछ।
कसोगरिभन्ये मं येस देसको गत् अगाड़िको जस्तो सुक्खको तुल्याइ
१२ दिंछु. यह्वेको येइ बाणी छ। सेनाहरुको यह्वेले येसो भन्द छ यो
ठांउ त्येस्का सम्बन्धी सहर्हरु समेत् येस्तो उजार् छ त्येसमां न मान्छे
छ अनि न पशु तर त्येसैमां भेंड़ाबाखा बसाल्ने गोठालाहरु फेरि रहंनु
१३ लाग्छन्। के पहाड़देसका के तराईदेसका के दखिन् देसका सहर्
सहर्मां के बिन्यामीन्को देसमां के यरुशलेमका छेउछाउमां अं
यहूदाका सबै सहर् सहर् हुंदो भेंड़ा बाखाहरु फेरि गनि गनिकन
चराईंछन्. यह्वेको येइ बचन् छ॥
१४ यह्वेको यो बाणी छ सुन् येस्ता दिन् आउंछन् जसमां मैंले जुन् शान्तिका
बचन् इस्राएल् र यहूदाका जहान्को बिषयमां भन्येको छु त्यो पूरो गर्छु।
१५ ति दिन्मां मं दाऊद्को बंशमां धर्म्मको पालुवा नांउको येउटा मान्छेलाइ
१६ उदय् गराउंछु अनि उस्ले येस् देसमां निया र धर्म्म गर्छ। ति दिनमां यहूद
बांचि रहंछ अनि यरुशलेम् निडर् सङ रहंछ अनि [यरुशलेम्को] नांउ
१७ यो हुंछ अर्थात् यह्वे सिद्केनू[1]। कसोगरिभन्ये यह्वेले येसो भन्द छ.
दाऊद्को कुल्मां इस्राएल्को जहान्को सिंहासन्मां बिराज्ने कैलेइ
१८ घट्दैन अनि न लेवी पूजाहारीहरुका कुलमां मेरो लागि सदा होम्
बलि चढ़ाउंने र अन्नबलि जलाउंने र मिलापबलि चढ़ाउंने कैलेइ घट्छन्।
१९ अनि फेरि यह्वेको यो बचन् पनि यिर्मयाह् थांइ येसो भनि आयो
२० यह्वेले येसो भन्द छ. मैंले दिन्को बिषयमां र रात्को बिषयमां जुन्
नियम् बांध्येको छु त्यो जब तिमिहरुले ति आफ्नु आफ्नु बेलामां दिन्
२१ रात् न हुंनेगरि टुटाउंनु सकोला तबै मात्रै मैंले आफ्नु दास् दाऊद्
सित तेरो बंशको सिंहासन्मां बिराज्ने कैलेइ घट्दैन भनि बांध्येको
नियम् र मैंले आफ्नु सेवाटहल् गर्ने लेवी पूजाहारीहरु सित बांध्येको मेरो
२२ नियम् पनि टुट्नु सकला। जसोरि आकाशको सेना गनींनु सकींदैन अनि
समुन्द्रको बालुवाको कनिका बिहिसाप् छन् त्येस्तै मं आफ्नु दास् दाऊद्को
बंशकाहरुलाइ र मेरो सेवाटहल् गर्ने लेवीहरुलाइ बढ़ायेर बिहिसाप्का
२३ २४ पार्छु। फेरि यह्वेको बचन् यिर्मयाह् थांइ येसो भनि आयो कि तैंले
गुख्येको छैनस् यि लोगले येसो के भन्द छन् भनि अर्थात् यिनिउरुले
भन्द छन् यह्वेले छांमिहरुका दुइ मंडलीलाइ छान्येको थियो ति दुवै देखि
उस्ले आफ्नु हात् उठायो भनि. येसोरि मेरो लोग्को अन्त हुंछ भन्येर
२५ यिनिहरुले मेरो प्रजा होइ रहंनु तुच्छ जान्द छन्। यह्वेले येसो भन्द छ.
दिन् र रात् हुंने बिषयमां मैंले बांध्येका नियम् अटल् रख्येनन् भन्ये अनि

१ अर्थात् यह्वे हांमिहरुको धर्म्म हो।

अकाश् र पृथिवीको नियम् मैले ठहरायेको अनुसार् रह्नेनन् भन्ये
देखि मं याकूब्बंशी देखि हात् उठाउंछु अनि अब्राहाम् इसहाक् र २६
याकूब्का बंश मांथि प्रभुतेईं गर्नुको लागि दाऊद्बंशी कसैलाइ फेरि फेरि
उठाउंदैन . तर मं तिनिहरु मांथि दया गर्येर तिनिहरुलाइ बन्धुवाई
देखि फर्काइ ल्याउंछु ॥

जब बाबेल्को राजा नबूकद्नेस्सर् आफ्नु सिंगै पल्टन् समेत् र ३४ १
त्येस्को ताबिमां भयेका पृथिवीका राज्हरु र सबै लोग् समेत् यरुशलेम् र
त्येस्का सम्बन्धी सबै सहर् सहर् सित लड़ाइँ गर्दै थियो तब यहूवेको यो
बचन् यिर्मयाह् थांइ आयो . इस्राएल्को ईश्वर् यहूवेले येसो भन्द छ २
गयेर यहूदाको राजा सिद्‌कियाह्लाइ भन् यहूवेले येसो भन्द छ सुन् मं यो
सहर् बाबेल्को राजाको हात्मां पारि दिंछु अनि त्येस्ले यो आगोले
डड़ाउंछ . अनि तं त्येस्को हात् देखि बांच्‌दैनस् तर अबस्सैनै पकड़ाने ३
पर्छस् अनि त्येस्को हात्मां पारि दिइंछस् अनि तेरा आंखाले बाबेल्को
राजाका आंखा हेर्छन् अनि त्यो तं सङ्ग मुखामुख बोल्छ अनि तं
बाबेल्मां जांछस् । तैपनि ए यहूदाको राजा सिद्‌कियाह् यहूवेको यो ४
बचन् पनि सुन् . यहूवेले तेरो बिषय्मां येसो भन्द छ तं तरबारले काटी-
दैनस् तर तं कुशल् सित मर्छस् अनि जसरि तेरा पित्रहरु अर्थात् तं ५
भन्दा पहिले भयेका राजाहरु पोलोयेका थिये त्यसैरि तं पनि पोलौंछस्
अनि लोगले हाय् मेरा प्रभु भनि भनिकन तेरो बिषय्मां बिलाप् गर्छन्
यहूवेको येइ बाणी छ । तब यिर्मयाह् अगमबक्ताले यहूदाको राजा ६
सिद्‌कियाह्लाइ यरुशलेम्मां यि सबै बचन् त्येस् बेलामां भन्यो जब ७
बाबेल्को राजाको पल्टनले यरुशलेम् सित र यहूदाका बांच्येका सहर्हरु
सित अं लाकीश् र अजेका सित पनि लड़ाइँ गर्दै थियो कसोगरिभन्ये
यहूदाका घेरा भयेका जति सहर् थिये तिनिहरुमांका खालि तिनै दुइ
सहर् मात्रै रह्येका थिये ॥

यहूवे पट्टि बाटो यिर्मयाह् थांइ बचन् आयो सिद्‌कियाह् राजाले ८
यरुशलेम्मां भयेका सबै प्रजाहरुमां दास्हरुलाइ निर्बंध् गराउंने बाचा
बांधने प्रचार् गरायो अर्थात् आफ्ना आफ्ना इब्री दास् र ९
इब्रेनी दासी जत्ति छन् तिनलाइ निर्बन्ध् तुल्याइ छोड़ि दिउन्
अनि फेरि कसैले आफ्नु यहूदी दाज्युभाईहरु देखि काम् न गरावस्
भन्ये . तब सबै मालिक्हरु र सबै प्रजाले हांमिहरु आफ्ना आफ्ना १०
दास् दासीहरुलाइ निर्बन्ध् गरि छोड़ि दिंछौं अनि तिनिहरु देखि फेरि
फेरि काम् गराउंदैनौं भन्ये बाचा अनुसार् गर्ये अनि ति मानिकन
तिनिहरुलाइ छोड़ि दिये . तर पछि तिनिहरुले फर्कयेर तिनिहरुले निर्बन्ध् ११
गरि छोड़ि दियेका दास् दासीहरुलाइ फेरि आफ्नु आफ्नु ताबिमां पारि
दास् दासी तुल्याये . त्येस् पछि यहूवेको पट्टि बाटो यो बचन् यिर्मयाह् १२

१३ थांइ येस्कारण्ले आयो इस्राएल्को ईश्वर् यह्वेले येसो भन्द छ.
जुन् दिन् मैंले तिमिहरुका पित्रहरुलाइ बंधुवाईको घर् देखि अर्थात्
मिस्र देस् देखि निकालि लायें त्येस् दिन् मैंले तिनिहरु सित येस्तो
१४ नियम् बांध्येको थियें अर्थात् तिमिहरुको हात्मां बेचीयेको
तिमिहरुको इब्री भाईलाइ सात् बर्ष बीत्ये पछि छोड़ि दिंनु त्येस्ले छ
बर्ष सेवा गर्‍ये पछि त्येस्लाइ निर्बन्ध् तुल्याइ छोड़ि दिंनु भनि. तर
१५ तिमिहरुका पित्रहरुले मेरो सुन्येनन् न मं तिर कान् लगाये। अं तिमिहरु
एले फर्केका थियौ अनि जुन् काम् मेरो लेखि जाति छ अर्थात् आफ्ना
दाज्युभाईहरुलाइ निर्बन्ध् तुल्याइ दिंनुलाइ प्रचार् गराइकन तिमिहरुले
गर्‍येका थियौ पनि अनि मेरो नांउले भन्येको घर्मां येसो गरींने नियम्
१६ पनि बांध्येका थियौ. तर अब तिमिहरुले फर्कर मेरो नांउ अशुद्ध गर्‍यौ
कसोगरिभन्ये जुन् जुन् दास् दासीहरुलाइ तिमिहरुले निर्बन्ध् तुल्याइ
तिनिहरुको इच्छेमां छोड़ि दियेका थियौ तिनिहरुलाइ तिमिहरुले फेरि
आफ्नु तावियमां पार्‍यौ अनि तिनिहरु फेरि तिमिहरुका दास् दासी
१७ बनीयें। येस्कारण् यह्वेले येसो भन्द छ. तिमिहरुले मेरो सुन्यौन अनि
आफ्ना आफ्ना दाज्युभाईहरुलाइ निर्बन्ध् हुंने प्रचार् गर्‍यौन. येस्कारण्
यह्वेको यो बाणी छ सुन मं तिमिहरुलाइ येस् प्रकार्ले निर्बन्ध् हुंने प्रचार्
गर्द छु अर्थात् तिमिहरु तरवार् देसान् र अनिकाल्को तावियमां पर्‍यौ
अनि मं तिमिहरुलाइ पृथिवीको राज् राज्मां डुलाइंने गराउंछु।
१८ जस् जस्ले मं देखि बांधीयेको नियम् नांघद छन् अनि मेरो सांमु नियम्
बांधिकन अं बाच्छा फ्याक् पारि ति फ्याक्हरुको बीच् बाटो छिरि गयेका
१९ थिये र पनि बचन् पूरा गर्दैनन् अं यहूदा र यरुशलेम्का जो जो
मालिक् र मेहेरी र पूजाहारा र देस्को सिंगे लोग् बाच्छाका फ्याक्हरुको
२० बीच् बाटो छिरि गयेका थिये तिनिहरुलाइ मं पनि तिनिहरुका
प्राण् खोज्नेहरु र तिनिहरुका सत्तुर्हरुको तावियमां पारि दिंछु अनि
तिनका मुर्दाहरु अकाश्का पंषीहरु र बन्का पशुहरुको आहारा हुंछन्।
२१ अनि यहूदाको राजा सिद्‌कियाह् र त्येस्का मालिक्हरुलाइ मं तिनि-
हरुका प्राण् खोज्नेहरु र तिनिहरुका सत्तुर्हरु र बाबेल्को राजाको
पल्टन्को तावियमां पारि दिंछु जो तिमिहरुको सांमु देखि गयो।
२२ यह्वेको यो बाणी छ सुन मं तिनलाइ आज्ञा दिइ येस् सहर्को छेउ
फर्काइ ल्याउंछु अनि त्येस्ले यो सित लड़ाइं गरि यो लिहाल्छ अनि
आगो सल्काइ दिंछ. अनि मं यहूदाका सहर्हरु तिनमां कोई बासी न
रहंनेगरि उजाडुं॥

३५ १ योशियाह्को छोरो यहूदाको राजा यहोयाकीम्को पालामां
२ यह्वेको पट्टि बाटो यो बचन् यिर्मयाह् थांइ आयो रेकाबीहरुको
जहान् थांइ गयेर तिनिहरु सित कुरा गर् वहांदेखि तिनिहरुलाइ

यहवेको घर्को येउटा कोठामां ल्यायेर दाखमद्द खुवा भनि। यो आज्ञा ३
पायेर मैंले यिर्मयाह्को छोरो हबसिन्याह्को छोरो याजन्याह् र त्येका
भाईहरु र त्येका सबै छोराहरुलाइ अं रेकाबीहरुका सबै जहान्लाइ लियेर
यहवेको घर्मां यिगद्ल्याह्को छोरो हानान् जो ईश्वर्को एक् जन् थियो ४
त्येका छोराहरुको त्येस् अलूम्को छोरो मासेयाह् दुवार्पाल्को कोठा
देखि माथ्तिर भयेको मालिक्हरुको कोठामां ल्यायें. वहांदेखि मैंले रेकाबी ५
हरुका जहान्काहरुलाइ दाखमद्दको घैंटो र बटुको दियेर भन्यें दाखमद्द
खाव भनि। तर तिनिहरुले भन्ये हांमिहरु दाखमद्द खांदैनौं. किनभन्ये ६
रेकाबको छोरो योनादाब् हांमिहरुको पित्रले हांमिहरुलाइ तिमिहरुले
दाखमद्द न खांनु अं सदा सम्म तिमिहरुका बंशको कसैले दाखमद्द न
खावस् भन्येको थियो. अनि न घर् बनाउंनु न बिउ रोपनु न दाखको ७
बारी लगाउंनु न तिमिहरुको कोई येस्तो बारी हवस् आफनु जीउंनिभरि
पालैमां बस्ने गर्नु र जुन् देसमां तिमिहरु परदेसी होऔला त्येसमां धेरै दिन्
सम्म जीव भनि। त हांमिहरु रेकाबको छोरो योनादाब् हांमिहरुको पित्रको ८
बात् मान्दै त्येका सबै आज्ञा अनुसार् गर्दै छौं अर्थात् न ता हांमिहरु
आफनु जीउंनिभरि दाखमद्द खांद छौं अनि न हांमिहरुको स्वास्नीहरु
कि छोराछोरीहरुले खांद छन्   अनि न हांमिहरु घर् बनायेर तिनमां ९
बस्द छौं न दाखको बारी न खेत् न बीउ राखद छौं. तर हांमिहरु १०
पालैमां बस्न गर्द छौं अनि आफनु पित्र योनादाबको कुरा मानि त्येका
सबै आज्ञा अनुसार् काम् गर्द छौं। तर जब बाबेल्को राजा नबूकद्रेस्सर् ११
येस् देसमां चढि आयो तब येसो भयो हांमिहरुले आपसमां भन्यूं लु
हांमिहरु कल्दीको पल्टन् र अरामीहरुको पल्टन्को डर्को कारणले
यरूशलेम्मां जाऔं भनि येसैकारणले हांमिहरु यरूशलेम्मां छौं॥

तब यहवेको बचन् यिर्मयाह् थांइ येसो भन्दै आयो   इस्रा- १२ १३
एल्को ईश्वर् सेनाहरुका यहवेले येसो भन्द छ गयेर यहूदा र यरूशलेम्
का बासीहरुलाइ भन् यहवेको यो बाणी छ के तिमिहरु शिक्षा मानि
मेरा कुरा सुन्दैनौ। रेकाबको छोरो योनादाबले आफनु बंशलाइ तिमि- १४
हरुले दाखमद्द न खांनु भनि दियेको आज्ञा मानि तिनिहरुले कोइ
दाखमद्द खांदैनन् तिनिहरु आफनु पित्रको कुरोमां छन्. तर मं
सखारै उठिकन बोल्दै आउंदै छु र पनि तिमिहरुले मेरो कुरा मान्यौन।
मं तिनिहरुकां आफना सबै दास् अगमबक्ताहरुलाइ सखारै उठिकन १५
येसो भन्नलाइ पठाउंदै रह्यें आफना आफना नजाति चाल् देखि फर्क
अनि आफनु आफनु कार्य्य सुधार अनि परायदेवताहरु पछि गइ
तिनको सेवा न गर तब तिमिहरु मैंले तिमिहरुका पित्रहरु र तिमिहरु-
लाइ पनि दियेको देसमां बसि रहौला भनि. तर तिमिहरुले मं तिर
कान् लगायौन न मेरो सुन्यौ। रेकाबको छोरो योनादाबका बंशले आफनु १६
पित्रको आज्ञा मान्द छन् तर येस लोगले ता मेरो सुन्येंन   येकारण् १७

सेनाहरुको ईश्वर् यहवे इस्राएल्को ईश्वर्ले येसो भन्द छ सुन यहूदा
र यरुशलेम्का सब्बै बासीहरु मांथि जत्ति बिपत्ति हाल्ने चर्चा गर्येको छु
ति अब तिनिहरु मांथि हाल्छु . किनभन्ये मैंले तिनिहरुलाइ सुनायें तर
तिनिहरुले सुन्येनन् अनि मैंले तिनिहरुलाइ बोलायें तर तिनिहरु बोल्ये-
१८ नन् । त यिर्मयाह्ले ति रेकाबीहरुका जहान्काहरुलाइ भन्यो इस्राएल्को
ईश्वर् सेनाहरुको यहवेले येसो भन्द छ . तिमिहरुले आफ्नु पित्र
योनादाब्को आज्ञा मान्यौ अं त्यस्का सबै आज्ञाहरु मान्यौ अनि त्येस्ले
१९ भन्येको अनुसार् सबै काम् गर्यौ येस्कारण् इस्राएल्को ईश्वर्
सेनाहरुको यहवेले येसो भन्द छ . रेकाब्को छोरो योनादाब्को बंशमां
मेरो सांमु हाजिर् रहंने मान्छे कैले पनि घट्दैन ॥

३६ १ फेरि योशिय्याह्को छोरो यहूदाको राजा यहोयाकीम्को राज्को
चौथो बर्षमां यहवेको पट्टि बाटो यो बचन् यिर्मयाह् थांइ आयो
२ येउटा पोस्तक् ल्यायेर त्यस्मां मैंले तं सित अगाडि बात् गर्येको बेला देखि
अर्थात् योशिय्याह्को पाला देखि आजु सम्म इस्राएल् र यहूदा र सबै लोग्
३ लोग्को बिषय्मां भनेयेका कुराहरु लेख् । कोनि कतै यहूदाको जहान्
मैंले तिनिहरु मांथि हाल्नु ठान्येका सबै बिपत्तिको समाचार् सुन्येर
आफ्ना आफ्ना बुरो चाल् देखि फर्कंछन् कि र मं तिनिहरुको अधर्म्म र
४ पाप् क्षमा गरुं । त यिर्मयाह्ले नेरिय्याह्को छोरो बारुक्लाइ डाक्यो वहां-
५ देखि बारुक्ले यिर्मयाह्को मुख् देखि सुन्येका यहवेका बचन् पोस्तक्मां
लेख्यो । फेरि यिर्मयाह्ले बारुक्लाइ भन्यो मं ता थुंना पर्येको छु मं
६ यहवेको घर्मां जांनु सक्दींन . त तिमिले उपास्को दिन्मां यहवेको
घर्मां गयेर तिमिले मं देखि सुन्येर लेख्येको पोस्तक् देखि यहवेका बचन्-
हरु लोगलाइ पढ्येर सुनाइ देउ . अनि आफ्नु आफ्नु सहर् देखि आउंने
७ यहूदीहरुलाइ पनि पढ्येर सुनाइ देउ । कोनि कतै तिनिहरुले यहवे सित
ढिपि गरिगरिकन प्रार्थना गर्छन् कि अनि आफ्ना आफ्ना बुरा चाल् देखि
फर्कंछन् कि . किनभन्ये यहवेले येस् प्रजा मांथि खन्याउंनुलाइ जुन् रिस् र
८ बल्दोरिस्को बिषय्मां भन्येको छ त्यो ठुलो छ । यिर्मयाह् अगमबक्ताको
यो आज्ञा अनुसार्गरि नेरिय्याह्को छोरो बारुक्ले यहवेको घर्मां गइ
यहवेका बचन्हरु पोस्तक् देखि पढि सुनायो ॥
९ तब योशिय्याह्को छोरो यहूदाको राजा यहोयाकीम्को राज्को
पांचौं बर्षको नवं महीनामां येसो भयो यरुशलेम्मां जत्ति लोग् थिये
अनि यहूदाको सहर् सहर् देखि यरुशलेम्मां जत्ति आयेका थिये तिनि-
१० हरुले यहवेको सांमु उपास् बस्न प्रचार् गर्ये । तब बारुक्ले यहवेको घर्मां
शापान्को छोरो गमर्याह् लेखक्ले यहवेको घर्को नया ढोका छेउमां भयेको
कोठामां सबै लोग्लाइ यिर्मयाह्का सबै बचन् पोस्तक् देखि पढ्येर
११ सुनायो । तब शापान्को छोरो गमर्याह्को छोरो मीकायाह् यहवेका सबै

बचन् पोस्तक् देखि सुन्येर   राजाको घर्मां अर्थात् लेटर्को कोठामां
उतर्यो वहांदेखि को बेख्यो भन्य त्यहां एलीशामा लेटर् र शमयाह्को १२
छोरो दलायाह् र अक्बोर्को छोरो एल्नातान् र शापान्को छोरो गमर्याह्
र हनन्याह्को छोरो सिद्किय्याह् र सबै मालिक्हरु बसि रह्येका राछन् । १३
अनि मीकायाह्ले बारूक्ले पोस्तक् देखि लोगलाइ परि सुनायेका अति
बचन् त्येस्ले सुन्येको थियो तिनको बखान् गर्यो । येस्कारण सबै मालिक- १४
हरुले बारूक् थांइ कूशीको छोरो शेलेम्याह्को छोरो नतन्याह्को छोरो
यहूदीलाइ येसो भन्नलाइ पठाये तमिले मान्छेहरुलाइ परि सुनायेको
पोस्तक् लियेर यहां आउ भान । यो सुन्येर नेरिय्याह्को छोरो बारूक् त्यो
पोस्तक् हात्मां लियेर तिनिहरु भयेठाउं आयो । तब तिनिहरुले त्येस्लाइ १५
भन्ये तू बस्येर हामिहरुलाइ परि सुनाउ । त बारूक्ले तिनिहरुलाइ परि
सुनाइ दियो । अनि येसो भयो जब तिनिहरुले ति सबै बचन् सुन्ये तब १६
कांप्दै एकाले अर्कोलाइ हेर्नु लाग्ये वहांदखि बारूक्लाइ भन्ये हामिहरु
यि सबै बचन् निस्सै राजालाइ बखान् गर्छौं । फेरि तिनिहरुले बारूक् सित १७
सोध्ये हामिहरुलाइ भन तिमले यि बचन् त्यो देखि सुनिकन कसोगरि
लेख्यौ । तब बारूक्ले तिनिहरुलाइ उत्तर् दियो त्येस्ले मलाइ आफ्नु १८
मुख्ले यि बचन् भन्दै सुनाउंदै रह्यो अनि मैंले चइं मसिले पोस्तक्मां लेख्दै
गर्यें । येस्मां मालिक्हरुले बारूक्लाइ भन्ये जाउ तिमि र यिर्मयाह् लुक १९
तिमिहरु कहां छौ भान कसैले न जांनोस् । येति भन्येर ति मालिक्हरुले २०
पोस्तक् एलीशामा लेटरको कोठामां राख्येर राजा थांइ आंघन्मां आयेर
राजालाइ ति सबै बचन् सुनाइ दिये । तब राजाले यहूदीलाइ त्यो पोस्तक् २१
ल्याउंनुको लागि पठाया . त त्येस्ले त्यो पोस्तक् एलीशामा लेटर्को
कोठा देखि ल्यायो । तब यहूदीले राजालाइ र राजाका छेउछाउ भयेका
मालिक्हरुलाइ समेत् परि सुनाइ दियो । तेस् बेलामां राजा न्यानो कोठा २२
मां बसि रह्येको थियो किनभन्ये नवं महीना थियो . अनि त्येस्को छेउमां
आगोको अङ्गुठो सल्कीइ रह्येको थियो । त येसो भयो जसै यहूदीले २३
तीन् चार् पत्र पढेको थियो तब [राजाले] त्यो छुरीले काट्येर अङ्गुठीमां
भयेको आगोमां हालि दियो अङ्गुठाको आगोमां डड्येर सिंगै पोस्तक्
भस्म न होउंज्याल् सम्मगरि । यो देखिकन न कोइ कांप्यो अनि न कसैले २४
आफ्नु लुगा फाट्यो अर्थात् न राजाले न त्येस्का ति सबै बचन् सुन्ने
कारन्दारीहरुमांको कसैले त्येसो गर्यो । येस् उप्रान्त एल्नातान् र २५
दलायाह् र गमर्याह्ले राजा सित पोस्तक् न डड़ाइ दिंनु हवस् भनि
बिन्ति ता गर्ये . तर त्येस्ले तिनको सुन्येन । अं राजाले ता राजाको २६
छोरो यरह्मेल् र अज्रिएल्को छोरो सरायाह्लाइ र अब्देल्को छोरो
शेलेम्याह्लाइ बारूक् लेटर् र यिर्मयाह् अगमवक्तालाइ समाति ल्याव भनि
आज्ञा पनि गर्येको थियो . तर परमप्रभुले तिनिहरुलाइ लुकाइ राख्यो ॥

बारूक्ले यिर्मयाह् देखि सुन्येर लेख्येको पोस्तक् राजाले डड़ाइ २७

२८ दिये पछि यहवेको यो बचन् यिर्मयाह् पांइ आयो अर्को येउटा
पोस्तक् ल्याएर त्यसमां यहूदाको राजा यहोयाकीमले उडायेको अघिल्लो
२९ पोस्तकका सब्बै बचन् लेख। अनि यहूदाको राजा यहोयाकीमको
बिषयमां भन् यहवेले येसो भन्द छ. बाबेलको राजाले आएर निस्से यो
देस् येसमां न मान्छे न पशु रहनेगरि नाश् पार्छ भनि यिर्मयाहले किन
३० लेख्यौ भनि तैंले त्यो पोस्तक् डढाइ ता दिइस। ता यहवेले यहूदाको राजा
यहोयाकीमको बिषयमां येसो भन्द छ. दाऊदको सिंहासनमां बिराजने
त्येका काइ रहदैन. अनि त्येको मुर्दा दिउंसो घाममां अनि राति शीतमां
३१ मिलकाइ रहनेगरि आफालीछ। अनि मं त्येलाइ र त्येको बंश र त्येका
कर्म्मचारीहरूलाइ तिनिहरूको अधर्म्मको दण्ड दिंछु अनि मैंले तिनिहरू
मांथि र यरूशलमका बासीहरू मांथि र यहूदाका मान्छेहरू मांथि हालछु
भन्येका सब्बै बिपत्ति तिनिहरू मांथि हालछुने ता तिनिहरूले मान्येनन्।
३२ तब यिर्मयाहले अर्को येउटा पोस्तक् ल्याएर नेरियाहको छोरो बारुक्
लेखकलाइ दिया त त्यस्ले यहूदाको राजा यहोयाकीमले आगोमां डढाइ
दियेका पोस्तकका सबै बचन यिर्मयाह् देखि सुन्येर त्यसमां लेख्यो.
अनि ति बचनमां ति बचन् जस्ते अरु पनि धेरै बढाईये॥

३७ १ फेरि यहोयाकीमको छोरो कोन्याहको ठांउमां योशियाहको
छोरो सिदकियाहले राज् गर्‍यो कसलाइ भन्ये बाबेलको राजा नबूकद्-
२ रेस्सरले त्येसैलाइ यहूदामां राजा खडायेको थियो। अनि न ता त्येले
अनि न त्येका कार्न्दारहरूले न देसका साधारण लोगले यिर्मयाह्
अगमवक्ताको द्वाटोले कह येको यहवेको बचन् मान्ये॥
३ अनि सिदकियाह् राजाले शेलेम्याहको छोरो यहूकल र मासेयाहको
छोरो सफन्याह् पुरोहितलाइ यिर्मयाह् अगमबक्ता पांइ येसो भन्नुलाइ
पठायो हामिहरूको लागि हामिहरूको ईश्वर् यहवे सित प्रार्थना गरि
४ देउ भनि। त्येस् बेला यिर्मयाह् भेलखानमां हालियेको थियेन तर लोगको
५ बीचमां आउने जाने गर्दै थियो। अनि फिरऊनको पल्टन मिस्र देखि
आयेको थियो. तब यरूशलेम् घेरि रहने कलदीहरू यो सुन्येर यरूशलेम्
६ देखि उठि गये। तब यहवेको बचन् यिर्मयाह् पांइ येसो भनि
७ आयो इस्राएलको ईश्वर् यहवेले येसो भन्द छ. यहूदाको जुन्
राजाले तिमिहरूलाइ मं सङ सोधनो गर्नुलाइ मं पांइ पठायेको छ त्येलाइ
येसो भन् सुन तिमिहरूलाइ गोहार गर्नु आउने फिरऊनको पल्टन् आफ्नु
८ देस् मिस्रमां फर्कि जांछ। अनि कलदीहरूले फेरि आयेर येस् सहर्
९ सित लड़ाइँ गर्येर यो लिहालछन् वहांने र आगो लगाइ दिंछन्। यहवेले
येसो भन्द छ. तिमिहरूले कलदीहरू हामिहरू देखि स्यांट्है गइ गये भन्येर
१० आफ्नु मनमां धोखा न खाउ. किनभन्ये तिनिहरू जांदैनन्। तिमिहरूले
तिमिहरू सित लड़ाइँ गर्ने कलदीहरूलाइ येसोगरि मार्‍यो अब खालि

घायेल्हरु मात्रै रह्या भन्ये पनि तिनै घायेल्हरुले मात्रै पनि तिनिहरुका
पाल्हरु देखि उठेर यो सहर् डढाइ दिंछन् ॥
अनि येसो भयो जब कल्दीहरुको पल्टन् फिरऊन्को पल्टन्को ११
डर्ले यरुशलेम् छोड देखि उठि गयो तब यिर्मयाह् यरुशलेम् देखि १२
निकल्येर बिन्यामीन्को देशमां गयो वहां लोगको बीचमां त्यसले आफ्नु
अंश पाउन्लाइ अनि बिन्यामीनढोकामां हुंदा हनन्याह्को छोरो १३
शेलेम्याह्को छोरो यिरिय्याह भन्या पहरूहरुको येउटा मालिकले यिर्मयाह्
अगमवक्तालाइ तं कल्दीहरु थांइ भागि जांदै छस् भनि पक्र्यो ।
तब यिर्मयाह्ले भन्यो यो झूठ् बात् हो मं कल्दीहरुथांइ भागि जांदै १४
छुइंन. तर यिरिय्याहले तस्का कुरा पत्यायेन. त त्यसले यिर्मयाहलाइ
पक्र्येर मालिक्हरु थांइ लग्यो । तब मालिक्हरुले रिसायेर यिर्मयाह- १५
लाइ पाटेर झेलखानमां अर्थात् येनातान् लेटर्को घर्मां हाल्ये
किनभन्या तिनिहरुले त्येइ घर् झेल्खान् बनायेका थिये । जब यिर्मयाह् १६
त्यस् धेरै कोठा भयेको खाडमां रहंनु लाग्यो तब त्येस्को धेरै दिन् पछि
सिद्कियाह् राजाले त्यस्लाइ बोलाइ पठायेर लुकि लुकिकन त्यस् सित १७
सोध्या के यहवेका पट्टि बाटा कोइ बचन् आयेको छ भनि. तब
यिर्मयाहले भन्या अं आयेको छ । त्येस्ले यो पनि भन्यो तिमि बाबलको
राजाका हातमां पारि दिइंछौ । फेरि यिर्मयाह्ले सिद्कियाह् राजालाइ १८
भन्या मैंले तिम्रा कि तिम्रा कारन्दारहरुका कि तिम्रा प्रजाको के अपराध्
गर्येको छु र तिमिहरुले मंलाइ झेल्खान्मां हाल्या । तिमिहरुलाइ १९
बाबलको राजा तिमिहरु माथि र येस् देस् माथि चढि आउदैन भन्ने
तिमिहरुका अगमवक्ताहरु अब कता हुन् । अब हे मेरा प्रभु हे राजा २०
सुन्नु हवस् मेरो बिन्ति आफु देखि ग्रहण् गराआस् मंलाइ येनतान्
लेटरको घर्मां फेरि न पठाइआस् हाइन भन्या ता मं तिहीं मर्छु । तब २१
सिद्कियाह् राजाका आज्ञाले यिर्मयाह् पहराचौकाको आंगन्मां राख्यायो
अनि सहर्का सबै रोटी न सक्काउंज्याल् सम्म त्येस्लाइ रोटीको हाट देखि
दिन् दिन् एक् रोटी दिइंद थियो । येइ परिले यिर्मयाह् पहराचौकीको
आंगन्मां रहंनु लाग्यो ॥
अनि मत्तान्को छोरो शपन्याह् र पशहूर्को छोरो गदल्याह् र ३८ १
शेलेम्याह्को छोरो यूकल् र मल्कियाह्को छोरो पशहूर्ले यिर्मयाह्ले
सक्कै लोगलाइ भन्यका यि कुरा सुन्ये अर्थात् यहवेले येसो भन्द २
छ जो येस् सहर्मां रहंछ त्यो तरवार् अनिकाल् र मरिले मर्छ. तर
जो कल्दीहरु थांइ निकलि जांछ त्यस्ले आफ्नु प्राण् बचाउंछ अनि
जीइ रहंछ । यहवेले येसो भन्द छ अवस्स यो सहर् बाबलको राजाको ३
पल्टनको हातमां पारि दिइंछ अनि त्येस्ले यो लिंछ । तब मालिकहरुले ४
राजालाइ भन्या त्यस् मान्छेलाइ मराइ दिंनु हवस् किनभन्ये त्येस्ले येस्
सहर्मां बसे लडांकोहरु र अरु अरु मान्छहरुलाइ येस्तो येस्तो बचन् भन्दे

रहंदा यिनिहरूको मनको साहस् भांचि जांद छ . अनि त्येस् मान्छेले
५ येस् लोगको भलाई होइन तर बुराईनै खोज्द छ । तब सिद्किय्याह्
राजाले भन्यो सुन त्यो तिमिहरूको ताबिमां छ . किनभन्ये राजा ता
६ तिमिहरूको बिरुद्धमां येस्तो कोइ गर्न हुंदैन । यो सुन्येर तिनिहरूले यिर्म-
याह्लाइ लग्येर पहराचौकीको आंगनमां भयेको मल्कियाह् राजकुमार्को
खाड्ल्मां डोरीले सुर्काइ हालि दिये । अनि त्येस् खाड्ल्मां पानी थियेन
खालि हीलो मात्रै थियो . त यिर्मयाह् त्येस् हीलोमां धसौंदै गयो ।
७ राजा त्येस् बेला बिन्यामीनेढोका निर बसि रह्येको थियो अनि जब
राजमहलको मंहेरी एबेद्मेलेक् कुशीले तिनिहरूले यिर्मयाह्लाइ त्येस्
८ खाड्ल्मां हाल्ये छन् भन्येको सुन्यो तब एबेद्मेलेक्ले राजमहल
९ देखि निस्क्येर राजालाइ भन्न लाग्यो हे मेरा स्वामी हे मेरा राजा ति
मान्छेहरूले यिर्मयाह् अगमबक्तालाइ खाड्ल्मां हाल्ये त यो तिनिहरूले
नजाति गर्ये कसोगरिभन्ये सहरमां अब रोटी छैन त एले त्यो जहां छ
१० अनिकालले त्यो तिहीं मर्छ । तब राजाले एबेद्मेलेक् कुशीलाइ आज्ञा दियो
यहां बाटो तीस् जना मान्छेहरूलाइ साथ लिइ गयेर यिर्मयाह् अगम-
११ बक्तालाइ मर्नु भन्दा पहिले त्येस्लाइ खाड्ल् बाटो निकाल् । त एबेद्मेलेक्ले
त्येति जना लियेर राजमहल्को भंडार्को कोठ्मां गयेर त्यहां बाटो पुरांना
पुरांना फाट्येका लुगा र थांग्नाथुंग्नाहरू निकालि लग्यो वहांदेखि ति
१२ यिर्मयाह् थांइ खाड्ल्मां डोरीले सुर्काइ खसालि दियो । वहांदेखि
एबेद्मेलेक् कुशीले यिर्मयाह्लाइ भन्यो यि पुरांना पुरांना फाट्येका लुगा
१३ र थांग्नाथुंग्नाहरू आफ्नु काखि मुनि डोरी मुनि लगाउ । त यिर्मयाह्ले
त्येसैं गर्यो । तब तिनिहरूले यिर्मयाह्लाइ डोरीले तान्येर खाड्ल् देखि
निकाल्ये . तब यिर्मयाह् फेरि पहराचौकीको आंगनमां रहंनु लाग्यो ॥
१४ तब सिद्किय्याह् राजाले यिर्मयाह् अगमबक्तालाइ आफु थांइ
यहवेको घर्को तीस्रो ढैलो निर बोलाइ पठायो . वहांदेखि राजाले
यिर्मयाह्लाइ भन्यो मं तिमि सित एक् कुरो सोध्छु मं देखि कोइ न
१५ लुकाउ । तब यिर्मयाह्ले सिद्किय्याह्लाइ भन्यो मैंले आफुलाइ भन्यें
भन्ये देखि को आफुले मंलाइ मराउंनु हुन्न . अनि मैंले आफुलाइ
१६ सल्लाह् दियें भन्ये देखि को आफुले मेरो मान्नु हुंछ । यो सुन्येर सिद्कि-
य्याह् राजाले यिर्मयाह् सित गुप्तमां किरिया खायो हामिहरूको जीउ रच्ने
यहवे जीइ रह्येको भैं मं तिमिलाइ न मराउंछु अनि न तिमिलाइ तिम्रो
१७ प्राणको खोजी मान्छेहरूको ताबिमां पारि दिंछु भनि । तब यिर्मयाह्ले
सिद्किय्याह्लाइ भन्यो सेनाहरूको ईश्वर यहवे जो इस्राएल्को ईश्वर् हो
उस्ले येसो भन्द छ . तं बाबुल्को राजाका मालिक्हरू थांइ निस्कि गइस्
भन्ये देखि तेरो प्राण् पनि बांचछ् अनि यो सहर् बनि डढाइंदैन अनि तं
१८ आफ्ना जहान् समेत् जीइ रहंछस् . तर तं बाबेल्को राजाका मालिक्हरू
थांइ निस्कि गईनस् भन्ये देखि यो सहर् कल्दीहरूको ताबिमां पारि

दिईंछ अनि तिनिहरूले यो डड़ाइ दिछन् अनि तं तिनिहरूको ताबि
देखि बांच्देनस्। तब सिद्किय्याह् राजाले यिर्मयाह्लाइ भन्यो जुन् १९
यहूदीहरू कल्दीहरू थांइ भागि गयेका छन् तिनिहरू देखि मं डराउंछु कि
मं तिनिहरूको ताबिमां पारि दिईंछु अनि तिनिहरूले मं सित ठट्टा गर्छन्
भनि। तर यिर्मयाह्ले भन्यो आफु तिनिहरूको ताबिमां पारीईंनु हुन्न। २०
ज्यो मं आफुलाइ भन्छु त्यो कृपागरि परमेश्वरको कुरो जानि सुन्नु हवस्.
त आफुको भलो हुंछ अनि आफुको प्राण बांचौंछ। तर आफुले निस्कि जांनु २१
मान्नु भयेन भन्ये देखि परमेश्वरले मंलाइ सुनायेको बचन् येह हो. सुन् २२
यहूदाको राजाको घरमां जत्ति आइमाइहरू रह्याकी छिन् तिनिहरू
बाबेल्को राजाका मालिक्हरू थांइ निकालि पुर्याईंछिन् अनि ति आइ-
माइहरूले भन्छिन् आफुका मित्रहरूले आफुलाइ छल् गर्ये अनि तिनिहरूको
इच्छे पूरो भयो. अब आफुका पाउ हीलोमां धसाये न मित्रहरू पछि
फर्कि गये भनि। अनि आफुको सबै स्वास्नीहरू र छोराछोरीहरू निकालीइ २३
कल्दीहरू थांइ पुर्याईंछन् अनि आफु कल्दीहरूको हात् देखि बांच्नु
हुन्न तर समात्येर बाबेल्को राजाको ताबिमां पारि दिईंनु हुंछ. अनि यो
सहर् डड़ाईंने कारण आफुनै हुंनु हुंछ। तब सिद्किय्याह्ले यिर्मयाह्- २४
लाइ भन्यो यो कुरो कसैले जान्नु न पावस् अनि तिमि मारीइनौ। तर २५
मालिक्हरूले राजाले त्यो सित बात्चीत् गर्यो भनि थाहा पाये भन्ये
देखि मालिक्हरूले तिमि थांइ आयेर राजाले तिमिलाइ के के भन्यो
हामि देखि केइ न लुकाउ हामि तिमिलाइ मराउंदैनौ. अनि राजाले
तिमिलाइ के भन्यो त्यो पनि भन भन्ये भन्ये देखि त तिमिले २६
तिनलाइ भन मैले राजा सित मंलाइ फेरि योनातान्को घरमां न पठाउंनु
हवस् हांडन भन्ये ता मं तिहींने मर्छु भनि ढिपि लगाइ लगाइ भन्ये
भनि। त येसैने भयो कसोगरिभन्ये सबै मालिक्हरूले यिर्मयाह् थांइ २७
आयेर सोध्ये. तब त्येस्ले राजाले अह्रायेको जस्तोने भन्यो। त तिनिहरूले
अरू केइ पनि भन्येनन् अनि यो भेद् खोलायेन। येसोरि जुन् २८
दिन् यरूशलेम् लिईयो त्येस् दिन् सम्म यिर्मयाह् पहरा चौकीको
आंगनमां रह्यो॥

अनि जब यरूशलेम् लिईयो तब येसो भयो यहूदाको राजा ३९ १
सिद्किय्याह्को राज्को नवं बर्षको दसौं महीनामां बाबेल्को राजा
नबूकद्रेस्सर्ले आफना सबै पल्टन् समेत्ले यरूशलेम्को बिरुद्धमां आइ
लाग्येर त्येस्लाइ घेर्यो अनि सिद्किय्याह्को राज्को एघारौं बर्षको २
चौथो महीनाको नवं तिथिमां त्यो सहरमां येउटा छेंडू बनाईयो. ब ३
जब यरूशलेम् लिईयो तब नेर्गल्सरेसेर् र समगर्नबो र सेर्सेकीमहरूको
मालिक्[1] सर्सकीम् र मग्हरूको मालिक्[2] नेर्गल्सरेसेर् बाबेल्को राजाका

[1] इब्रानीमां रब्सारीस्। [2] इब्रानीमां रब्माग्

४ सबै मालिक्‌हरू आयेर मांझको ढोका बाटो पस्या। जसै यहूदाको
राजा सिद्‌किय्याह् र लड़ाईंका सबै मान्छेहरूले तिनहरूलाइ देख्या तब
येसो भया तिनिहरू राति राति दुइ देवाल्‌का बाच्‌मां भयेको देलो बाटो
सहर्‌ देखि निकल्येर राजाका बाटो बाड़ो दुगुरि दुगुरि भाग्ये. अनि
५ राजा चइं अराबाको बाटो बाड़ो निस्कि गयो। तर कल्‌दीहरूको पल्टन्‌ले
तिनलाइ खेद्येर सिद्‌किय्याह्‌लाइ यरीहोको मैदान्‌मां भेट्टाये. वहांदेखि
त्येस्लाइ समात्येर बाबेल्‌को राजा नबूकद्‌रेस्सर्‌ थांइ हमात्‌ देस्‌को
६ रिब्‌लामां ल्याये अनि त्येस्ले त्येस्को निया गर्‍यो तब बाबेल्‌को राजाले
सिद्‌किय्याह्‌का छोराहरूलाइ रिब्‌लामां त्येस्का आंखाको सोजि काट्यो
अनि बाबेल्‌को राजाले यहूदाका सबै कुल्‌वन्तहरूलाइ पनि काट्यो।
७ अनि त्येस्ले सिद्‌किय्याह्‌चइंका आंखाहरू निकाल्यो वहांदेखि त्येस्लाइ
८ बाबेल्‌मां लैजानुलाइ सांगला भिरायो। वहांदेखि कल्‌दीहरूले राज्‌महल्‌
र प्रजाका घर्‌हरूमां आगा लगाइ दिये अनि यरूशलेम्‌का पर्खालभित्ता
९ भत्‌काइ दिये। वहांदेखि सहर्‌मां छोड़ाइ रह्याका लोग्‌ र त्यो थांइ
भाग्येका सबैलाइ र धुइराका उब्रयेकाहरूलाइ पहरूको कप्तान्‌ नबूजर-
१० दान्‌ले बंधुवा गरि बाबेल्‌मां लग्यो। खालि प्रजाहरूमांका केइ न हुने
कंगालहरूलाइ पहरूको कप्तान्‌ नबूजरदान्‌ले यहूदाको देस्‌मां छोड़ि राख्यो
अनि त्येसै बेलामां तिनिहरूलाइ दाख्‌का बारी र खेत्‌हरू दि राख्यो।
११ अनि बाबेल्‌को राजा नबूकद्‌रेस्सर्‌ले पहरूको कप्तान्‌ नबूजरदान्‌लाइ
१२ यिर्मयाह्‌का बिषय्‌मां आज्ञा दियेर भन्यो त्येस्लाइ लियेर त्येस्‌ मांथि
कृपादृष्टि राख्नु अनि त्येस्को केइ हानि न गर्नु तर त्येस्ले ज्ये ज्ये तंलाइ
१३ भन्छ त्यो सित त्येइ त्येइ बेहारा गर्नु। त पहरूको कप्तान्‌ नबूजरदान्‌
र मंहरीहरूको मालिक्‌[१] र नबुशजबान्‌ र मागीहरूका मालिक्‌[२] नेर्गल्‌सरेसेर्‌
१४ र बाबेल्‌को राजाका अरु सबै मालिक्‌हरूले मान्छेहरूलाइ पठायेर
यिर्मयाह्‌लाइ पहराचौकीको आंगन्‌ देखि डाकि पठाया वहांदेखि
शापान्‌को छोरो अहिकाम्‌को छोरो गदल्याह्‌लाइ सुम्पि दियो त्येस्लाइ
घर पुर्याइ दिनुलाइ. तब देखि त्यो लोगको बाच्‌मां रहनु लाग्यो॥
१५ जब यिर्मयाह्‌ पहराचौकीको आंगन्‌मां थुनीयो तब परमप्रभुको यो
१६ बचन्‌ त्येस्‌ थांइ आयो गयेर एबेद्‌मेलेक्‌ कूशीलाइ भन्‌ इस्राएल्‌को
ईश्वर्‌ सेनाहरूको परमप्रभुले येसो भन्छ. सुन्‌ मैले येस्‌ सहर्‌को बिषय्‌मां
भन्येका आफ्‌ना बचन्‌हरू येसोरि पूरा गर्छु येस्को कुशल्‌ हुंदेन हानिनै मात्रै
१७ हुंछ अनि त्येस्‌ बेला त्यो पूरो भयेको तैंले पनि देख्छस्‌। तर परमप्रभुको यो
बाणी छ त्येस्‌ बेला म तंलाइ बचाउंछु. अनि त तैंले भय्‌ गर्येका
१८ मान्छेहरूको हात्‌मां पर्दैनस्‌। कसोगरिभन्ये म तंलाइ निस्सै बचाउंछु
अनि तं तरवार्‌ले काटीदैनस्‌ तेरो प्राण्‌ लूट्‌ देखि बचाईयेको झैं जोइ

[१] इब्रानीमां रब्‌सारीस्‌। [२] इब्रानीमां रब्‌माग्‌।

रहंछ . तैंले मं माथि भरोसा राख्येको कारणले यो हुंछ यहूवेको येइ
बाणी छ ॥

जब पहरुको कमान् नबूजरदानले यिर्मयाहलाइ रामामां ति ४० १
यरूशलेम् र यहूदाका बंधुवाहरुको बीचमा सांगलाले बंधुवा गरि बांधीइ
रह्येको देख्यर बाबेल् लगौंनहरुको बाच् देखि छोड़ायेको थियो तब
यहूवेको बचन् यिर्मयाह् थांइ आयो। त पहरुको कमान् नबूजरदानले २
त्यस् बेला यिर्मयाहलाइ आफु थांइ बोलायेर भन्यो येस् ठांउमां पर्न्येको
यो बिपात्तको बिषयमां तिम्रा ईश्वर् यहूवेले भन्येको थियो . अनि ३
यहूवेले जसो भन्येका थियो त्यो उस्ले पूरो पनि गर्‍यो तिमिहरुले यहूवेको
बिरुद्धमां पाप् गर्‍यो अनि उस्का कुरा मान्यौन येसैकारणले तिमिहरु
सबैको यो गत् भयो। अनि अब म तिम्रा हातमां भयेका यि सांगलाहरु ४
काटि दिंछु। तिमिलाइ मं सङ बाबेलमां जांनु जाति लाग्छ भन्ये देखि
हिंड़ मं तिमि मांथि दया गर्छु तर तिमिलाइ बाबेलमां जांनु मन् पर्दैन
भन्ये देखि त बस . हेर सिगै देस् तिम्रो सांमु छ तिमिलाइ जता जांनु
मन् पर्छ उतै जाउ। नबूजरदान् फर्कि जांनु भन्दा पहिल त्येस्ले भन्यो ५
शापानको छोरा अहीकामका छोरा गदल्याह् जस्लाइ बाबेल्को राजाले
यहूदाका सहरहरु मांथ मालिक् खटायेको छ तिमिलाइ मन् पर्छ भन्ये
देखि त्येसैकां फर्कि जाउ अनि त्येइ सङ लोगको बीचमां बस . कि जहां
जांनु तिमिलाइ ठीक् लाग्छ उहीं जाउ। येसो भन्येर पहरुको कमानले
त्येस्लाइ खांन सादीम् र दान् पनि दियेर बिदा गर्‍यो। तब यिर्मयाह् ६
अहीकामको छोरो गदल्याह थांइ मिस्पामां गयो अनि त्यहां देसमां
बांच्येका लोगका बीचमां रहंन लाग्यो ॥

जब बाहर अडुहुंदो रह्याका सिपांइहरुका मालिकहरुले तिनि- ७
हरुका मान्छेहरु समेतले बाबेलको राजाले अहीकामको छोरो गदल्याह्
लाइ देसको मालिक् खटायें छ भनि सुन्ये अनि त्येस्ले बाबेलमां न
लग्येका देसका कंगालिहरुलाइ का लोग्नेमान्छे का स्वास्नीमान्छे का केटाकेटी
सबैलाइ त्येस्लाइ सुम्प गर्यें छ भनि सुन्ये तब तिनिहरु अर्थात् ८
नतन्याहको छोरो इश्माएल् र कारेहका दुइ भाइ छोराहरु योहानान् र
योनातान् र तन्हूमेतको छोरो सरायाह् र एपै नतोपाथीस्का छोराहरु र
येउटा माकाथीको छोरो याजन्याह् आफना आफना मान्छेहरु समेत्
गदल्याह थांइ मिस्पामां आयें। तब शापानको छोरो अहीकामको छोरो ९
गदल्याहले तिनिहरुलाइ र तिनिहरुका मान्छेहरुलाइ किरिया खाइकन
भन्यो कल्दीहरुको ताबिमां रहंनु देखि न डराव . येसै देसमां रहंदै
रहंदै बाबेलका राजाको ताबिमां रह त तिमिहरुको भलो हुंछ। अनि १०
मं चहिं मिस्पामां रहंछु मं थांइ आउंने कल्दीहरुको सांमु सामेल् हुंनको
लागि . तर तिमिहरु चहिं दाखमद्य र ऋतुफलहरु र तेलको सोच् गर्दै

आफ्ना आफ्ना भांडामां हालि राखि आफ्ना आफ्ना छान्येका सहरहरुमां
११ सुक्ख बित रह । फेरि जब मोआबीहरु अम्मोनवंशीहरु एदोमीहरु र अरु
अरु देस् देसको बीचमां रह्येका सबै यहूदीहरुले बाबेल्को राजाले
यहूदीहरुमांका कत्ति मान्छेहरुलाइ बचायेको छ अनि तिनिहरु मांथि
शापानको छोरो अहीकामको छोरो गदल्याहलाइ अधिकारी खटायेको
१२ छ भनि सुन्ये तब सबै यहूदीहरु जहां जहां छरपुट्ट भयेका थिये ति
ठांउहरु देखि फर्कि फर्किकन यहूदा देसको मिस्पा सहरमां गदल्याह् थांइ
आये वहांदेखि दाखमद्द र ऋतुफलहरुको खूब्खूब् सोंच् गर्न लाग्ये ॥
१३ येस् उप्रान्त कारेहको छोरो योहानान् र बाहिर अह्राहुंदो रह्येका
सिपांइहरुका सबै दलहरुको मालिकहरुले मिस्पामां गदल्याह् थांइ आयेर
१४ त्येसलाइ भन्ये के तिमिले अम्मोनवंशीहरुको राजा बालीसले नतन्याहको
छोरो इश्माएललाइ तिमिलाइ मार्नुको लागि पठायेको छ भनि सुन्येका
१५ छौ । तर अहीकामको छोरो गदल्याहले तिनिहरुलाइ पत्यायेनन् । फेरि
कारेहको छोरो योहानानले गदल्याहलाइ गुप्तमां भन्यो मलाइ नतन्याहको
छोरो इश्माएललाइ मार्नुलाइ जांनु दिनु हवस् अनि यो कसैले थाहा
पाउंदैन . त्येसले किन आफुलाइ मारोस् अनि येसोरि जत्ति यहूदीहरु आफु
थांइ भेला हुंद छन् ति छरपुट्ट होउन् अनि बांच्येका यहूदीहरु पनि नष्ट
१६ होउन् । तब अहीकामको छोरो गदल्याहले कारेहको छोरो योहानानलाइ
भन्यो येस्तो काम न गर् . तं इश्माएलको बिषयमां झूठ बोल्दै छस् ॥
४१ १ फेरि सातौं महींनामां इश्माएल् जो एलिशामाको छोरो नत-
न्याहको छोरो र राजवंशको र मालिकहरुको खाल्को पनि थियो त्यो
आफु सङ दस् जना मान्छे पनि साथ लियेर मिस्पामां अहीकामको छोरो
गदल्याह् थांइ आयो वहांदेखि त्येह मिस्पामां सङ सङै खानापीना गर्न
२ लाग्यो । तब नतन्याहको छोरो इश्माएल् र त्यो सङ भयेका दस् जनाले
उठेर शापानको छोरो अहीकामको छोरो गदल्याहलाइ जसलाइ बाबेल्को
राजाले देसको अधिकारी खटायेको थियो त्येसलाइ तरवारले मार्न गरि
३ हिकायें । त्येस् गदल्याह् सङ जति यहूदीहरु मिस्पामां थिये अनि जुन
४ कल्दी सिपांइहरु त्यहां पाईये ति सबैलाइ पनि इश्माएलले मार्यो । अनि
येसो भयो गदल्याह् मारियेको कसैले जान्येको थियेन त्येसको भोलिपल्टो
५ शकेम् र शीलो र शोमरोन् देखि अस्सी जना दारि मुडायेका र लुगा
च्यात्येका र जीउ चौर्येका र हातमां अन्नबलि र लोहबान् लियेर यह्वंको
६ घरमां जांनुलाइ आये । त नतन्याहको छोरो इश्माएल् रुंदे रुंदे हिंडि
गयेर तिनिहरुलाइ भेट्नुलाइ मिस्पा देखि निकल्यो . अनि येसो भयो
तिनिहरुलाइ भेट् गर्दै त्येसले भन्यो अहीकामको छोरो गदल्याह् थांइ
७ आव । त येसो भयो जसै तिनिहरु त्येस् सहरको बीचमां आयेका थिये
तब नतन्याहको छोरो इश्माएलले त्येसका साथीहरु समेतले तिनिहरुलाइ
८ काटेर खाड्लमां आफालि दिये । तर तिनिहरुमांका दस् जना पाईये

जुनहरूले भन्थे हामिहरूलाइ न मार किनभन्थे बनमा लुकाइ राख्येका
हामिहरूका गहूं जउ तेल् र मह छन् भनि । तब त्येस्ले तिनिहरूलाइ छोड़ि
दियो तिनिहरूका साथीहरू सित मार्येन । जुन् खाड़लमा इश्माएलले ९
मार्येकाहरूका मुर्दाहरू र गदल्याह्को मुर्दा ग्राफाल्येको थियो त्यो त्येह
खाड़ल् हो जो ग्रासा राजाले इस्राएल्को राजा बाशाको डर्को कारणले
खनायेको थियो त्यो ऐले नतन्याह्को छोरो इश्माएल्ले मारियेकाहरूले भरि
दियो । तब राजाको छोरीहरू र ग्ररु जति लोग् पहरूका कप्तान् नबू- १०
जरदान्ले ग्रहीकाम्को छोरो गदल्याहलाइ सुम्पि दियेको थियो तिनिहरू र
जति लोग मिस्पामा बांचि रह्येका थिये ति सब्बैलाइ नतन्याह्को छोरो
इश्माएलले बन्धुवा गरि ग्रम्मोन्बंशीहरू थांइ लैजान् ग्रांट्येको थियो ॥

तर जसै कारेह्को छोरो योहानान्ले र सिपांइहरूका दलहरूका ११
सबै मालिक्हरूले नतन्याहको छोरो इश्माएलले यि सबै बुराई गर्यो
भन्येको सुन्ये तब तिनिहरू ग्राफ्ना ग्राफ्ना सबै लोगलाइ लियेर १२
नतन्याह्को छोरो इश्माएल् सित लड़ाइँ गर्नुको लागि निकल्ये ग्रनि
तिनिहरूले त्येस्लाइ गिबोन्मा भयेको ठूलो ठुलां पानी निर भेटाये । त येसो १३
भयो इश्माएल् सङ भयेका सबै मान्छेहरू कारेह्को छोरो योहानान्लाइ
र त्यो सङ भयेका त्येका दलहरूका सबै मालिक्हरूलाइ देख्येर रमाये ।
ग्रनि जति लोगलाइ इश्माएल्ले मिस्पा देखि बंधुवा गरि लग्येको थियो १४
तिनिहरू फर्केर कारेह्को छोरो योहानान् थांइ गये । तर नतन्याह्को छोरो १५
इश्माएल ग्राठ जना मान्छे सङ योहानानको हात् देखि बांचि ग्रम्मोन्-
बंशीहरू थांइ भागि गयो । तब कारेह्को छोरो योहानान्ले ग्रहीकाम्को १६
छोरो गदल्याहलाइ मार्ये पछि त्येस्ले ग्राफना साथी दलका सबै मालिक्हरू
समेतले मिस्पा देखि नतन्याहको छोरो इश्माएल् देखि छोड़ायेका प्रजामाका
बांच्येकाहरूलाइ लियो ग्रथात् जुन् सिपांइहरू ग्राइमाइहरू केटाकेटीहरू
र नपुंसकहरूलाइ त्येस्ले गिबोन् देखि फर्काइ ल्यायेका थिये ति सबैलाइ
लियेर तिनिहरू हिंड़ेर . ग्रनि मिस्रमा भागि जान्लाइ बेत्लेहेम्को १७
छेउमा भयेको किम्हाम्को पाहिमा बस्ये कल्दीहरूका डर्को १८
कारणले . डर्को कारण यो थियो ग्रर्थात् बाबेल्को राजाले देसको
मालिक् खटायेको ग्रहीकाम्को छोरो गदल्याहलाइ नतन्याह्को छोरो
इश्माएल्ले मार्येको थियो ॥

तब कारेह्को छोरो योहानान्ले र होशायाहको छोरो याजन्याहले ४२ १
र दलका सबै मालिकहरूले ग्रं सांना ठूला सबै लोग्ले यिर्मयाह् ग्रगमवक्ता
थांइ ग्रायेर भन्ये हामिहरूको बिन्ति ग्रहण गरि ग्राफ्को ईश्वर् यहवे २
सित हामि सबै बांचनेहरूको लागि प्रार्थना गर्नु हवस् किनभन्ये ग्राफुले
ग्राफ्ना ग्रांखाले देख्नु हुंछ कि हामि ग्रोधि धेरै हुंनेहरू ग्रब थोरै मात्रै
रह्यूं . त ग्राफुले प्रार्थना गरि दिनु हवस् र ग्राफुको ईश्वर् यहवेले ३
हामिहरू कुन् बाटो बाड़ो जानु कि के काम् गर्नु हो कहि देवस् । तब ४

यिर्मयाह् अगमवक्ताले तिनिहरूलाइ भन्यो मैंले तिमिहरूका कुरा सुन्यें
हेर मं तिमिहरूका कुरा अनुसार् तिमिहरूको ईश्वर् यहवे सित प्रार्थना
गर्छु अनि यसो हुंछ यहवेले तिमिहरूको लागि जो उत्तर् देला त्यो मं
५ तिमिहरूलाइ कहि दिउंला अनि न कहि कोइ कुरो राखछैंन। तब
तिनिहरूले यिर्मयाहलाइ भन्यो यहवे हामिहरूको बीचमां सांचो र विश्वासी
साक्षी हवस् आफुको ईश्वर् यहवेले आफुको बाटोले हामिहरूकां कोइ
बचन् पठायो अनि हामिहरूले त्यइ अनुसार् ठीक् गर्यूंन भन्या देखि उसैले
६ जामास्। त्यो कुरो जाति भये पनि नजाति भये पनि हामिहरू आफ्नु
ईश्वर् यहवेको कुरो मान्छौं किनभन्ये हामिहरू आफुलाइ उ थांइ
पठाउंद छौं त हामिहरूले आफ्नु ईश्वर् यहवेको बात् मान्यूं भन्ये देखि
हामिहरूको लागि भलो छ॥

७ दस् दिन् बीत्ये पछि यसो भयो यहवेको बचन् यिर्मयाह् थांइ
८ आयो। तब त्यसले कारेहको छोरो योहानान् र त्यो सङ भयेका दलका
सबै मालिकहरूलाइ र सांना ठुला जति लोग् थिये सबैलाइ बोलाइ
९ पठायेर तिनिहरूलाइ भन्यो इस्राएलको ईश्वर् यहवे जस्कां तिमि-
हरूले मंलाइ पठायेका थियौ मैंले तिमिहरूको बिन्ति उस्को सांमु सुनाउंनु
१० भन्येर त उस्ले तिमिहरूलाइ यसो भन्द छ. तिमिहरू सांचि सांचिनै
येस् देसमां रह्यौ भन्ये देखि मं तिमिहरूलाइ नास् पार्दीन कुशल् सित
राखछु अनि बांझो गराउंदींन रोपिनै राखछु. किनभन्ये मैंले तिमिहरूको
११ जो हानि गर्येको छु त्यो देखि मं पछुताउंद छु। तिमिहरू बाबलका राजा
देखि डराउंद छौ डराउंनु पर्दैन यहवेको येइ बाणी छ त्यां देखि न डराव
किनभन्ये तिमिहरूलाइ बचाउंनुको लागि अनि तिमिहरूलाइ त्यस्को हात्
१२ देखि छोड़ाउंनुको लागि तिमिहरू सङ मैं छु। अनि मं तिमिहरू
मांथि दया गर्छु अनि त्यस्ले पनि तिमिहरू मांथि दया गर्येर तिमिहरूलाइ
१३ फेरि तिमिहरूके जग्गामां बसालछ। तर तिमिहरूले तिमिहरूको ईश्वर्
यहवेको कुरा न मान्दै यसो भन्यो होइन हामिहरू यस् देसमां
१४ रहंदींन हामिहरू मिस्र देसमां गयेर उनै बस्छौं किनभन्ये वहां हामिहरू
न ता लड़ाइं देखछौं अनि न नरसींगाको शब्द सुनछौं न हामिहरूलाइ
१५ खांनेकुरोका घाट हुंछ भनि भन्यौ भन्ये देखि. त हे बांच्येका यहूदीहरू
हो अब यहवेको बचन् सुन. इस्राएलको ईश्वर सेनाहरूको यहवेले यसो
भन्द छ तिमिहरूले मिस्रमां जांनुको लागि सांचि सांचिनै मन् बल्लियो
गरिकन वहां रहंनुको लागि गयौ भन्ये देखि त यसो हुंछ जुन् तरवार्
१६ देखि तिमिहरू डराउंद छौ त्यसैले तिमिहरूलाइ मिस्रमां भटाउंछ अनि
तिमिहरू डरायेको अनिकालले तिमिहरूलाइ छ छुदैन अनि वहां तिमिहरू
१७ मर्छौ। तिमिहरूमांका जति जनाले मिस्रमां गयेर उहीं रहंनलाइ मन्
बल्लियो गर्येका छौ ति सबै तरवार् अनिकाल् र रोगले मर्छन्. यहां
सम्म हुंछ जुन् बिपत्ति मं तिनिहरूको बीचमां हालछु त्यो देखि तिमि-

हरूमांको कोई पनि बांचि रहंदैन। कसोगरिभन्ये इस्राएलको ईश्वर् १८
सेनाहरूको यहवेले ऐसो भन्छ कि जसोगरि मेरो रिस् र बल्दोरिस् यरूशलेमका
बासीहरू मांथि खनीएको थियो त्यसैं गरि मेरो बल्दोरिस् तिमिहरू मांथि
बलि उठ्छ तिमिहरू मिस्रमां गयां भन्ये देखि . अनि तिमिहरूको गत् सुनि
सबै जना छक्के पर्छन अनि तिमिहरू गिल्ला र उदेक् र स्राप् र निन्दा हुंछौ
अनि तिमिहरूले यो ठांउ फेरि फेरि देख्दैनौ। हे बांच्येका यहूदीहरू १९
हो यहवेले तिमिहरूको बिषयमां ऐसो भन्येको छ तिमिहरू मिस्रमां न
जाव. यो कुरा मं तिमिहरूलाइ आजु चेताइ चेताइकन भन्दछु
तिमिहरूले साच्चि सांचनै जानि राख। किनभन्ये तिमिहरूले मंलाइ २०
आफनु ईश्वर् यहवे थांइ हांमिहरूको लागि हांमिहरूको ईश्वर् यहवे
सित प्रार्थना गरि दिनु हवस् अनि हांमिहरूको ईश्वर् यहवेले ज्ये भन्छ
त्येइ अनुसार् हांमिहरूलाइ भन्नु हवस् अनि हांमिहरू त्यसै गर्छौं भनि
भन्नुलाइ पठायेकोमां तिमिहरूले आफुलाइ धोखा दियौ . अनि आजुको २१
दिन् मैंले तिमिहरूलाइ भनि दियें तर तिमिहरूको ईश्वर् यहवेले ज्ये ज्ये
तिमिहरूलाइ भन्नुलाइ मंलाइ पठायेको छ तिनमांको कोइ पनि तिमिहरूले
मान्येका छैन। त अब तिमिहरूले निस्से जानि राख तिमिहरूले जुन् ठांउमां २२
परदेसी भइ रहनुको लागि जांने मन् गर्दछौ त्यसमां तिमिहरू तरवार्
अनिकाल् र मरिहल मर्छौ ॥

अनि ऐसो भयो जब यिर्मयाहले ति सबै लोगलाइ तिनिहरूको ४३ १
ईश्वर् यहवेका बचन् उसले त्येसलाइ तिनिहरूलाइ भन्नु भनि तिनिहरू थांइ
पठायेको थियो अं ति सबै बचन् भनि सक्यो तब होशायाहको २
छोरो अजर्याह् र कारेहको छोरो योहानान् र सबै अहंकारी मानछेहरूले
यिर्मयाहलाइ भन्ये तिमि झूठ् बोल्दछौ . हांमिहरूको ईश्वर् यहवेले
तिमिलाइ हांमिहरूलाइ मिस्रमां रहंनुलाइ उत्रि न जाव भनि भन्नुलाइ
पठायेको छैन . तर नेरिय्याहको छोरो बारूकले तिमिलाइ हांमिहरूको ३
बिरुद्धमां चम्काउंद छ हांमिहरू कलदीहरूका हातमां पारेंर अनि
तिनिहरूले हांमिहरूलाइ मारून् कि बाबेलमां बंधुवा गरि लैजाउन् भन्य
खातिरले। ऐसरि कारेहको छोरो योहानान् र दलका सबै मालिकहरू ४
र सबै लोगले यहूदाको देसमां रहनुलाइ यहवेको आज्ञा मान्नुलाइ
अस्वीकार् गर्ये। तर ति तिनिहरू छरपुट्र भयेका सबै अन्यदेसीहरूको ५
बीच् देखि फर्कीर यहूदा देसमां आइ रहंने यहूदीहरूलाइ कारेहको
छोरा योहानान् र दलका सबै मालिकहरूले लग्ये अर्थात् लोग्नेमान्छे ६
स्वास्नीमान्छे केटाकेटीहरू राजाको छोरीहरू अं जति प्राणीलाइ पहरूको
कप्तान् नबूजरदानले शापानको छोरो अहीकामको छोरो गदल्याहलाइ
सुम्पि दियका थियो तिनलाइ र यिर्मयाह् अगमबक्तालाइ र नेरिय्याहको
छोरो बारूकलाइ समेत् लग्ये वहांदेखि मिस्र देसमां अं तहपन्हेस्
सहर् सम्म गये . ऐसोरि तिनिहरूले यहवेको कुरा न मान्नुलाइ अस्वीकार् ७

९ गर्य। तब यहवेको यो बचन् तहपन्हेस्मां यिर्मयाह् थांइ आयो तेरो
हात्मां ठुला ठुला ढुंगा ले वहांदेखि यहूदाका मान्छेहरूको आंखु
फिरजन्को तहपन्हेस् महल्को देलो निर भयेको ईंट्को चौतरामां
१० राखेर ति मांथि चुन् लगाइ लगाइकन तिनलाइ पुरि दे वहांदेखि
ति मान्छेहरूलाइ भन् इस्राएल्को ईश्वर् यहवेले यसो भन्द छ. सुन मं
आफ्नु दास् बाबेल्को राजा नबूकद्रेस्सार्लाइ डाकि पठाउंछु अनि मैले
पुरि राख्येका ढुंगाहरू मांथि त्येस्को सिंहासन् रखाउंछु अनि ति मांथि त्येस्ले
११ आफ्नु राज्मण्डप् उभ्याउंछ। वहांदेखि त्येस्ले आयेर मिस्र देस्लाइ
हिर्काउंछ तब जो जो मर्नेहरू हुंनन् तिनिहरू त्येस्तै काल्को अनि जो जो
बंधुवा हुंनेहरू हुंनन् तिनिहरू बंधुवाको अनि जो जो तरवार्ले काटीनेहरू
१२ हुंनन् तिनिहरू तरवार्को ताब्रिमां पारि दिइंछन्। अनि मं मिस्रका
देवघर्हरूमां आगो लाउंछु अनि त्येस्ले ति डढाउंछ अनि तिनलाइ
बंधवाईमां लैजांछ. अनि जसोगरि गोठालाले आफ्नु लुगा लाउंद छ
त्यसैगरि त्येस्ले आफूलाइ मिस्र देस्ले सिंगार्छ अनि त्यो बिना रोक्टोक्
१३ जाइ जांछ। अनि त्येस्ले मिस्र देस्मां भयेको सूर्य्यको मन्दीर्का[1]
मुढ्काहरू भंचाउंछ अनि त्येस्ले मिस्रका देवघर्हरू आगोले डढाउंछ॥

४४ १ जति यहूदीहरू मिस्र देस्मां अर्थात् मिग्दोल् तहपन्हेस् र नोप्
मां र पत्रोस् देस्मां रहंद थिये तिनिहरूको बिषयमां यहवेको यो बचन्
२ यिर्मयाह् थांइ आयो इस्राएल्को ईश्वर् सेनाहरूको यहवेले यसो
भन्द छ. मैले यरूशलेम् र यहूदाका सहर्हरूमां ल्यायेका सबै बिपत्ति
तिमिहरूले देख्येका छौ अनि हेर आजु ति कस्ता उजार् र बिनामान्छेका
३ भइ रह्येका छन् तिनिहरूको बुराईको कारणले जस्को बाटोले
तिनिहरूले मेरो रिस् उठाये अर्थात् तिनिहरूले गइ गइकन परायदेव्-
हरूलाइ धूप् हाल्द थिये अनि तिनको सेवा गर्ये जुन्हरूलाइ न तिनि-
४ हरूले जान्द थिये न तिनिहरूका पितापूर्खाहरूले। तैपनि मैले आफ्ना सबै
दास् अगम्बक्ताहरूलाइ सबारै उठिकन तिमिहरू थांइ मैले घिन् गर्येको
५ येस्तो घिनलाग्दो काम् न गर भन्नुलाइ पठायें। तर तिनिहरूले सुन्येनन्
न मं तिर कान् थाप्ये अं तिनिहरू बुराई देखि फिर्येनन् अनि न परायदेव्-
६ हरूलाइ धूप् हाल्नु छोड़र। येसैकारण् मेरो रिस् र बल्दोरिस् यहूदाका
सहर्हरू र यरूशलेम्का सटक्हरू मांथि खनीयो अनि येसैकारणले ति
७ आजुको दिन् उजार् र सुनसान् छन्। अब सेनाहरूको ईश्वर् इस्राएल्को
ईश्वर् यहवेले तिमिहरूलाइ यसो भन्द छ. येसोरिकन तिमिहरूले आफ्नै
यो ठुलो हानि किन गर्द छौ अर्थात् के लोग्नेमान्छे के स्वास्नीमान्छे के
बालख के दुद्खाने नानी तिमि सक्कैने यहूदीहरू येस्तो औधिगरि नष्ट

[1] इब्रानिमां बेत्शेमेश।

हुंछौ कोई रहंदैन कसोगरिभन्ये तिमिहरु मिस्र देसमां परदेसी ८
भयेर रहंनुको लागि आइ रह्येका छौ यहां परायदेवताहरुलाइ धूप् हालि
हालिकन मंलाइ रिस् उठाउंद छौ. तिमिहरु नष्ट हुंछौ पृथिवीका
सबै लोगको बीच्मां तिमिहरु निन्दा र गिल्ला हुंनुको लागि। ज्ये ज्ये ९
बुराई तिमिहरुका पुर्खाहरुले र यहूदाका राजाहरुले र तिनिहरुको
स्वास्नीहरुले तिमिहरु आफैले र तिमिहरुको स्वास्नीहरुले यहूदाको देसमां
र यरुशलेमका सटकसटकमां गर्द थियौ क्ये तिमिहरुले ति बुराई बिर्स्यौ. १०
तिनिहरु आजु सम्म दीन् तुल्याईयेका छैनन् अनि न तिनिहरु डराउंद छन्
अनि न तिनिहरु मैंले तिनिहरुका पित्रहरुलाइ र तिमिहरुलाइ पनि
दियेका ब्यवस्था र बिधिहरुमां हिंडूद छौ। येस्कारण् इस्राएलको ईश्वर् ११
सेनाहरुको यहोवेंन येसो भन्द छ. सुन मं तिमिहरुको बिरुद्ध भइ
तिमिहरुको हानि गर्छु अं मं तिमि सबै यहूदीका अन्त गर्छु। अनि मं १२
बांच्येका यहूदीहरुलाइ जो अट्टेरि भयेर मिस्र देसमां रहंनु लाग्ये अं ति
सबै न मेटींउंजाल् सम्म मिस्र देसमां सांनु देखि ठुलो सम्म तिनिहरु
सब्बै तरवार् र अनिकालको बाटोले मरि मरि मेटीछन्. अनि तिनिहरु
छक्कै पर्ने र गिल्ला र स्राप् र निन्दा हुंछन्। अनि मैंले यरुशलेमलाइ १३
तरवार् अनिकाल् र मरिको बाटोले दण्ड दियेको झैं मं मिस्रमां
रहंनेहरुलाइ पनि दण्ड दिंछु. बांच्येका यहूदीहरु जो परदेसी भयेर मिस्र १४
देसमां रहंनुको लागि आयेका छन् तिनिहरुले फर्कने बड़ो इच्छे गर्द छन्
तिनिहरुमांको येउटा पनि बांचि फर्कनु पाउंदैन एक् दुइ भाग्यकाहरु
बाहिक् कोई पनि वहां फर्कनु पाउंदैन॥

तब जति लोग्नेमान्छेहरुले हामिहरुको स्वास्नीहरुले परायदेवहरु- १५
लाइ धूप हाल्द छिन् भनि जान्द थिये तिनिहरुले र त्यहां गट्ठा बांधेर
उभीइ रह्येको आइमाइहरुले अर्थात् मिस्र देसमां रहंने सबै यहूदीहरुले
पत्रोसमां यिर्मयाह् थांइ आयेर यो उत्तर् दिये तिमिले यहोवेको १६
नांउले हामिहरुलाइ सुनायेको बचन् हामिहरु सुन्दैनौं। तर हामिहरुले १७
गर्येका कावार् अनुसार् हामिहरु निस्सइ गर्छौं अनि जसोरि हामिहरुका
पुर्खाहरु र हामिहरुइ पनि आफना राजाहरु र अरु मालिकहरु समेतले
यहूदाका सहर् सहर्मां अनि यरुशलेमका सटक् सटकमां स्वर्गको रानीको
लागि धूप् हाल्द थियूं अनि खन्याईबलि दिंद थियूं उइ प्रकारले हामिहरु
अबै पनि गर्द रहंछौं. किनभन्ये जब सम्म हामिहरुले त्येसो गर्द थियूं
तब सम्म हामिहरु पेटभरि खांद थियूं अनि कुशलक्षेम सित रहंद थियूं
अनि कोइ बिपत्तिमां पर्दैन थियूं। तर जैले देखि हामिहरुले स्वर्गको १८
रानीको लागि धूप् हालनु र खन्याईबलि दिंनु छोडूंर तब देखि सब्बै
बिषयमां हामिहरुको घटिने घटि मात्रै रहंद छ अनि हामिहरु तरवार् र
अनिकालको बाटोले मेटींदै मेटींदै गयूं। अनि जब हामिहरुले स्वर्गको १९
रानीको लागि धूप् हाल्द थियूं अनि खन्याईबलि दिंद थियूं तब क्ये

हामिहरूले आफना आफना लोग्नेहरू देखि आज्ञा न पाइकन त्येसको
सेवाका रोटीहरू पोल्येर चढ़ाउंद थियूं अनि खन्याईबलि दिंद थियूं ।
२० तब जति स्वास्नीमान्छेहरू कि लोग्नेमान्छेहरूले यिर्मयाहलाइ यो उत्तर
२१ दियेका थिये तिनिहरूलाइ त्येस्ले भन्यो तिमिहरूले तिमिहरूका
पित्रहरूले र तिमिहरूका राजाहरू र अरू अरू मालिकहरू र देसका लोगहरू
समेतले यहूदा देसका सहर सहरमां अनि यरूशलेमका सड़क सड़कमां
हाल्येको धूपको विषयमां के यहवेले लेखा गर्येन अनि के यो उसलाइ
२२ समझना छैन त तिमिहरूले गर्येका बुरा कर्म्म र तिमिहरूले गर्येका
घिनलाग्दा काम् जस्ते यहवेले अरू बसि सम्म सहनु सक्येन तस्ते तिमिहरूको
देस् उजार् र उदेक र स्राप् भइ गयो अं बिनामान्छे पनि भयो आजुको
२३ दिन् सम्म । तिमिहरूले धूप हाल्ने र अरू अरू पाप् यहवेको सांम्ने गर्दै
गर्दै थियो अनि यहवेको कुरा सुन्येन अनि उसको व्यवस्था र बिधिहरू
र साक्षीबचनहरू अनुसार् हिंड़्दैन थियो त्येसैकारणले यो बिपत्ति
तिमिहरू मांथि आइ लाग्यो अनि आजुको दिन् सम्म छंदै छ ॥
२४ फेरि यिर्मयाहले ति सबै लोगलाइ र ति सबै आइमाइहरूलाइ
भन्यो हे सबै मिस्र देसमां भयेका यहूदीहरू हो यहवेको बचन् सुन .
२५ इस्राएलको ईश्वर् सेनाहरूको यहवेले येसो भन्द छ तिमिहरूले आफ्नी
स्वास्नीहरू समेतले करार् गर्यौ अनि त्यो पूरो पनि गर्यौ कि हामिहरूले
स्वर्गकी रानीको लागि धूप हाल्न र खन्याईबलि खन्याउन भनि त्येसको
भाकल गर्येका छौं ति हामि निस्सेइ पूरो गर्छौं भन्दै . त आफना
२६ करारहरू र आफना भाकलहरू पूरो गर । तर हे मिस्र देसमां बस्ने सबै
यहूदीहरू हो यहवेको यो बचन् सुन . यहवेले भन्द छ मैंले आफ्नु
ठुलो नांउको किरिया खायें अब देखि सिंगै मिस्र देसमां कसै यहूदी
मान्छेले मेरा नांउ लिकन प्रभु यहवे जीइ रह्येको छ भनि किरिया खानु
२७ पाउंदैन भन्यो । सुन अब मं बिचार गरि गरि तिनिहरूको भलाई होइन
तर हानिने गर्छु . त तरवार् र अनिकालको बाटाले मटौंदे मटौंदे तिमि
२८ मिस्र देसमां भयेका सबै यहूदीहरूको अन्तै होइ जांछ । अनि
तिमिहरूमांको तरवार् देखि बांच्येकाहरू यहूदा देसमां पुग्नेहरू थोरै
मात्रै हुंछन् येसोरि तिमि मिस्र देसमां बस्न जानेहरूमांका जो जो वहां
पुग्छन् तिनिहरूले हामिहरूको कि यहवेको बचन् ठहर्दै रह्छ भनि थाहा
२९ पाउंछन् । अनि यहवेको यो बाणी छ मं तिमिहरूलाइ येस् ठाउंमा दण्ड
दिंछु भन्ये मं तिमिहरूलाइ यो चिंनु दिंछु मेरो बचन् ति सहरूको हानि
३० गर्नुलाइ निस्से पूरो हुंछ भनि तिमिहरूले जान्नु सक्नुलाइ . अर्थात्
यहवेले येसो भन्द छ . सुन जसरि मैंले यहूदाको राजा सिदकियाहलाइ
त्येसको प्राणको सत्रु बाबेलको राजा नबूकदरेस्सरको हातमां पारि दियें
त्येसैगरि मं मिस्रको राजा फिरऊन होप्रालाइ पनि त्येसको प्राणका
सत्रुहरूका हातमां पारि दिंछु ॥

योशिय्याह्को छोरो यहूदाको राजा यहोयाकीमको राज्को ४५ १
चौथो वर्षमां नेरिय्याह्को छोरो बारूकले यिर्मयाह् अगमवक्ता देखि
अगमका वचन् सुन्येर पोस्तकमां लेखि सकदा यिर्मयाहले बारूकलाइ
भन्यो ए बारूक् इस्राएलको ईश्वर् यहवेले तंलाइ येसो भन्द छ. २
तैंले ता भन्येको छस् हाय् हाय् यहवेले मंलाइ दुक्ख मांथि दुक्ख दियो ३
मं सुस्केरा मार्दो मार्दो थाकें अनि मं काइ बिश्राम् पाउंदैन भनि।
त तैंले त्यसलाइ येसो भन यहवेले येसो भन्द छ. हुन् येस् सिगै देसमां ४
मैंले बनायेको घर् मं आफै भत्काइ दिंछु अनि मैंले रोप्येको रूख् मं आफै
मासि दिंछु। का तैंले आफनु बड़ाईको फिक्रि गर्द छस्. त्येसो न गर्. ५
किनभन्ये यहवेको यो बाणी छ मं सबै जीउधारीहरू मांथि बिपत्ति
हालनु ता हाल्छु. तर तं जहीं भये पनि तिहीने मं तेरो प्राणलाइ
लूट् झैं बचाइ राख्छु॥

अन्यदेसीहरूको बिषयमां यहवेको जुन् बचन् यिर्मयाह् अगमबक्ता ४६ १
थांइ आया त्या येइ हो॥
मिस्रका बिषय्. अर्थात् मिस्रको राजा फिरऊन्निकोको जुन् २
पल्टन् परात् महानदीको तीरमां कर्कमीशमां थिया अनि बाबेलको
राजा नबूकद्रेस्सरले त्यसलाइ योशिय्याहको छोरो यहूदाको राजा यहोया-
कीमको राज्को चौथो बर्षमां मारेका थियो त्यस् पल्टनको बिषयमां॥
सांना ठुला दुवै प्रकारका ढालहरू तियार् पारेर लड़ाइँ गर्नुलाइ ३
नजिक् आइज। घोड़ाहरू तार अनि हे घुड़सवारहरू हो आफना टोप् ४
लगाइ घड़ा मांथि चढेर उभीया भालाहरू उध्यात्र झिलम् लगाव।
मैंले त्यो किन देख्यें. तिनिहरू छक्क परि पछि सर्ये अनि तिनिहरूका ५
बीरहरू लड़ाईमा भनि छिटा छिट गरि भागि गये अनि पछिल् तिर फर्कि
पनि हेरेनन्. अं यहवेको यो बाणी छ चारै तिर भयनै भय मात्रै छ।
अब छिटा छिटा दुगुर्ने न भागोस् अनि बीर् न बांचोस् उत्तर् दिशामां ६
परात् महानदीका तीरमां तिनिहरू सबै ठक्कर् खायेर लड़्या। यो नील् ७
नदी झैं बढ्ने को हो जसको पानी महानदी उछल्येको झैं चढि आउंद छ।
नील् नदी झैं बढ्ने अनि महानदी उछल्येको झैं चढि आउंने मिस्र ८
हो. त्यसले भन्द छ मं चढेर पृथ्वीलाइ छोपि दिंछु मं बासीहरूलाइ
सहर् सहरहरू समेत्लाइ नष्ट पारि दिंछु भनि। हे घोड़ाहरू हो चढ हे ९
रथहरू हो आंधि छिटोगरि चलाव बीरहरूलाइ जानु देव. हे ढाल्
खेलाउंने कूशी र पूत्का बीरहरू हो आव हे धनुहान्ने लूदीहरू हो
तिमिहरू पनि आव। किनभन्ये त्यो दिन् सेनाहरूका यहवे प्रभुको पनि १०
साटो फर्काउंने दिन् छ जसमां उस्ले आफना द्रोहीहरू सित साटो लिंछ.
अनि तरवार् खायेर तृप्त हुंछ अनि तिमिहरूको रगत् पीयेर अघाउंछ.
किनभन्ये उत्तर् दिशामां परात् महानदीको तीरमां सेनाहरूको

११ यहवे प्रभुको लागि बलिदान् छ । ए मिश्रीकी कन्ये कोटी गिलादमां गयेर
बलवान् औषधि ले . तं व्यर्थमां आफ्नु घाउमां धेरै औषधि लगाउंछेस्
१२ तं निको हुंदैनस् । लोग् लोगले तं तुच्छ भइस् भनि सुन्य अनि पृथिवी
तेरो चिच्याईले भरीयो . कसोगरिभन्ये बीर्हरु पनि बीर्हरु सङ् ठोकर्
खायेर ति दुवै सङ् सङै लड़ेर ॥
१३ फेरि यहवले यिर्मयाह् अगमवक्तालाइ बाबेल्को राजा नबूकद्रेस्सर्ले
कसोगरि आयेर मिश्र देस्लाइ मार्छ भन्येको वचन् येइ हो ॥
१४ मिश्रमां बखान् गर अनि मिग्दोल्मां सुनाव अनि नोप् र
तहपन्हेस्मां पनि सुनायेर येसो भन . उभीयेर लड़ाइं गर्नुको लागि
तियार् हव किनभन्ये तिमिहरुका वरिपरिका सबै देस् तरवार्ले नष्ट भइ
१५ सक्यो । तेरा बीर्हरु खिलोइ गये येसको कारण् क्या हो . यहवेले
तिनिहरुलाइ घचेटि दियेको कारणले तिनिहरु उभीइ रहनु सकेनन् ।
१६ उसले धेरैलाइ ठोकर् खुवायो त तिनिहरु एका अर्का माथि लड़ेर . अझै-
पनि तिनिहरुले भन्ये तरवारको येस्तो घचेटाई छ त बरु आव हामिहरु
१७ आफ्नु आफ्नु लोग् र आफ्नु आफ्नु जन्मदेस्मां जाऊं । दहां पुग्येर
तिनिहरुले कराइ कराइकन भन्ये मिश्रको राजा फिरऊनका ठुला ठुला
१८ कुरै मात्रै छन् त्यसले तियार् पार्ने बेला बितायामां बीतनु दियो । राजा-
धिराजको नांउ भयेको सेनाहरुको यहवेको यो बाणी छ मं जीइ रहेको
झैं जसरि ताबोर् अरु अरु डांड़ाहरु भन्दा अलगो अनि कर्मेल् समुद्र
१९ देखि अलगो देखाहा पर्द छ [नबूकद्रेस्सर्] यस्तैगरि आउंछ । हे मिश्रमां
बसे कन्ये बन्धुवाई मांफकका सादामहरु तियार् पारि राख् . किनभन्ये
२० नोप् सहर् उजार् अं येस्तो भस्म हुंछ त्यसमां कोई पनि रहंदैन । मिश्र
अग्घोर् राम्रो बाच्छी जस्तो ता छ तर उत्तर् दिशा देखि नास् चढि आउंदै
२१ छ अं आइ पनि सक्यो । उ अनि [मिश्रका] ज्यालमां आयेका मान्छेहरु
पलुवा बाच्छाहरु जस्ता छन् कसोगरिभन्ये तिनिहरुले मुख् फर्काये अनि
सङ् सङै भागि गये अनि अड़ीनु सकेनन् . किनभन्ये तिनिहरुको
२२ बिपत्तिको दिन् र दण्ड पाउने समय् आइ हाल्यो । त्यसको शब्द सर्प भाग्येको
जस्तो सुनीछ कसोगरिभन्ये तिनिहरु दाउराको लागि रुख ढाल्नेहरु झैं
२३ बन्चरो लियेर त्यस् माथि आइ लाग्छन् । यहवेको यो बाणी छ त्यसको
बन् खोजि न सक्नुको अं सलहहरु भन्दा पनि बेसि गनि न सक्नुको
२४ भये पनि तिनिहरुले त्यसलाइ काटि हाल्छन् । मिश्री कन्ये लज्जित् पारीछे
२५ त्यो उत्तर् दिशाका लोगको ताबिमां पारि दिइंछे । इस्राएल्को ईश्वर्
सेनाहरुको यहवले भन्द छ . सुन नोको आमोन् र फिरऊन् र मिश्र अं
त्यसका सबै देवताहरु र राजाहरु समेत्लाइ दण्ड दिंछु अनि मं फिरऊन्लाइ
२६ त्यस् माथि भरोसा राख्नेहरु समेत्लाइ दण्ड दिंछु . अनि तिनिहरुका
प्राणका खोजीहरु अर्थात् बाबेल्को राजा नबूकद्रेस्सर् र त्यसका कामदारी-
हरुको ताबिमां पारि दिंछु . तर त्यस् पाछि [मिश्र] तादि झैं फेरि

बचालौंछ यहूवेको येइ वाणी छ। तर ए मेरो दास् याकूब् न डरा अनि २७
हे इस्राएल् छक्क न पर्. किनभन्ये मं तिमिहरूलाइ टाढ़ो देस् देखि र
तिमिहरूको बंशलाइ बन्धुवाईको देस् देखि छोड़ाइ ल्याउंछु त याकूब्
फर्केर सुखच र चैन चित बस्छ अनि कसै न त्यसलाइ डर् देखाउंनु पाउंदेन।
ए मेरो दास् याकूब् यहूवेको यो वाणी छ तिमिहरू न डराब किनभन्ये २८
मं तिमिहरू सङ्ग रहंछु. जुन् जुन् लोगको बीच्मां मैंले तिमिहरूलाइ
बलैले घचेटि दियें ति सबै लोग् लोगको अन्त गरि दिंछु तर तिमिहरूको
चइं अन्त गर्दौंन श्रं तिमिहरूलाइ दण्ड ता दिंछु तैपनि बिचारिकन दिंछु
अनि तिमिहरूलाइ कोई परिले निर्दोषी ता ठहराउंदौंन॥

फिरऊनले अज्जा सहर् मांर्येको भन्दा पहिले पलिश्तीहरूको ४७ १
विषयमां यिर्मयाह् अगमवक्ता थांइ यहूवेको यो वचन् आयो॥
यहूवेले येसो भन्द छ. हेर् उत्तर् दिशा देखि पानीहरू बढ़ेर २
उछ्लंने नदी भइ जांछन् तब ति देस् त्यसमां भयेका सबै थोक समेत् श्रं
सहर् त्यसका वासीहरू समेत्लाइ डुबाइ दिंछन् तब मान्छेहरू चिच्याउंछन्
श्रं देसका सबै वासीहरूले हाय् हाय् गर्छन्। बलिया बलिया घोड़ाहरूका ३
टापाहरूको र रथहरूको छिटोहिंड़ाईको र तिनका पाङ्राहरूको हिंड़ाईको
शब्द सुनि बाबुहरूको मुटु येस्तो औंधिगरि कांपछ तिनिहरूले आफना
छोराछोरी तिर पनि हेर्दैनन् किनभन्ये सबै पलिश्तीहरूको नष्ट हुंने ४
दिन् आउंदे छ त येसोरि सोर् र सीदोनका सबै बांच्यका गोहारहरू
मेटौंछन्. कसोगरिभन्ये यहूवेले पलिश्तीहरूलाइ श्रं समुन्द्रको तीरमां
बांदि रह्यको कप्तार् भनींने टापूलाइ नास् पार्छ। अज्जाको केस् मुड़ाईयेको ५
छ अश्कलोन् तिनको बेंसीमां एक्कै छोड़ायेको छ त्यो पनि मेटौंछ. [हे
पलिश्तीहरू हो] तिमिहरू कैले सम्म आफनु आफनु जीउ चोर्दै रहंछौ।
हाय् यहूवेको तरवार् तं कैले सम्म नबहू समातीइ रहंछस्. आफनु दापमां ६
पसि जा चुप लागि थामीइ। तं कसोगरि चुप लागि रहंनु सक्छस जब ७
यहूवेले तलाइ आज्ञा दियेका छ. अश्कलोन् र समुन्द्र तीरको बिरुद्धमां
उसै त्यसलाइ खटायेको छ॥

मोआबको विषयमां। इस्राएलको ईश्वर् सेनाहरूको यहूवेले ४८ १
येसो भन्द छ. नबो मांथि हाय् किनभन्ये त्यो नष्ट भयो. किर्यातैमले
लजाउंनु पर्छ त्यो लिइंछ. मिसगाबले पनि लजायेर उदेक् मान्छ।
मोआबको मान् फेरि हुंदैन हेश्बोन्मां तिनिहरूले लु हामिहरू तिनलाइ २
तिनिहरूको लोग् समेत्लाइ मेटि दिऊं भनि त्यसको हानिको जुक्ति गर्दै
छन्। ए मद्मेन् तं पनि सुन्ने हुंछस् कसोगरिभन्ये तरवारले तंलाइ खेद्छ।
होरोनैम् देखि चिच्याई अर्थात् लूट् र ठुलो ठुलो नष्टको सोर् सुनींद ३
छ। मोआब् सत्येनास् भयो त्यसका ससाना नानीहरूको चिच्याई सुनींद ४
छ। लूहीतको उकालीमां लोग् बराबर् रुंदे रुंदे चढ़ि जांछन् अनि ५

होरोनैम्को ओह्रालीमां तिनिहरुले संकट्मां पर्येको नष्टको चिच्याई
६ सुन्येका छन्। भाग्येर आफ्नु आफ्नु प्राण् बचाव अनि जंगल् भित्र
७ भयेको आधा सुक्येको रुख् जस्तो होइ जाव। किनभन्ये तिमिहरुले
आफ्ना काम् र भंड़ार् मांथि भरोसा राखद छौ येस्कारण् तिमिहरु पकड़ा
पर्छौ, अनि कमोश् पनि आफना पूजाहारी र मालिक्हरु समेत्
८ बन्धुवाईमां जांछ। अनि यह्वेको बचन् अनसार् नास् पार्ने तिमिहरुको
एक् एक् सहर् मांथि चढ़ि आउंछन् अनि कुनै सहर् बांच्दैन अनि बेंसि
९ नष्ट हुंछ अनि मैदान् नास् हुंछ। मोआब्लाइ पौंख् देव र त्यो उड़ेरर
भागोस् त तिनिहरुका सहर्हरु तिनमां कोई पनि न रहुंज्याल् सम्म
१० उजार् होइ जांछन्। जस्ले यह्वेको काम् अलछेइं सित गर्द छ अनि जस्ले
आफ्नु तरवार् रगत् बहाउंनु देखि थुनि राखद छ ति दुवै स्रापित् होउन्।
११ मोआब् आफ्नु जवानेइं देखि सुखी छ अनि जसोरि बुच्याइ छाप्
मांथ्येको दाखमद एक् भांड़ा देखि अर्को भांड़ामां खन्याइंदैन त त्यस्को
स्वाद् र बास्ना दुवै थोक् जस्ताका तस्ता रहंद छन् त्यसैगरि त्यो लोग् कले
१२ पनि बन्धुवाईमां गयेन। येस्कारण् यह्वेको यो बाणी छ हेर् येस्ता दिन्
आउंद छन् मं खन्याउंने मान्छेहरुलाइ त्येस्लाइ खन्याउंनुलाइ पठाउंछु त
तिनिहरुले त्यो दाखमद गर्खौयेको कठुवाहरु रित्याइ फुटाइ पनि दिंछन्।
१३ अनि जसोरि इस्राएलको जहान् तिनिहरुले भरोसा गर्येको बेतेल्को
१४ कारणले लज्जित् भयो त्यसैगरि मोआब् कमोश् देखि लजाउंछ।
तिमिहरुले हामिहरु ता बीर् र लड़ांकोहरु छौं भनि कसोगरि भन्द छौ।
१५ मोआब् ता नष्ट भयो अनि त्येस्का सहर्हरु भस्म भये अनि त्येस्का सबै भन्दा
मूल् मूल् जुवान्हरु काटीये सेनाहरुको यह्वे नांउ हुंने राजाधिराज्को
१६ येइ बाणी छ। मोआब् मांथि पर्ने बिपत्ति नजिक् आयो अनि त्येस्को
१७ संकट् छिटो छिटो आउंदै छ। हे त्येस्का छेउछाउ रहंनेहरु सबै हो अनि
त्येस्को नांउ चिन्नेहरु हो त्यस्को लागि बिलाप् गर, हाय् त्यो बलियो
१८ राज्दण्ड र राम्रो लउरो कसोगरि भांचीयो भनि भन। हे दीबोन्मां बस्ने
कन्ये हो आफ्नु महिमा छोड़ि प्यासी भइ बसि रह किनभन्ये मोआब्
नास् गर्नले तं मांथि चढ़ि आइ तेरा बलिया बलिया किल्लाहरु नष्ट
१९ पार्छ। हे अरोएर्का बासीहरु हो बाटोमां उभीइ रहेर भेद् लिइ
रह, जो जो भागि जांछन् त्यो लोग्नेमान्छे हवस् कि स्वास्नीमान्छे
२० हवस् त्यो सित सोध के भयो भनि। मोआब्ले लजाउंनु पर्छ तिनिहरु
छक्क पर्छन्, चिच्यायेर कराव अं अर्नोन्मां पनि भन मोआब् नष्ट भयो
२१ भनि अनि येसो पनि भन मैदानेदेस् मांथि नियादण्ड पर्यो अर्थात्
२२ होलोन् यहसा र मेपात् मांथि दीबोन् नबो र बेत्दिब्लातैम् मांथि
२३ २४ किर्यातैम् बेत्गामूल् र बेत्मोन् मांथि करिय्योत् र बोस्रा अं को
२५ टाड़ो को नजिक् मोआब् देस्का सबै सहर् सहर् मांथि। यह्वेको यो
२६ बाणी छ मोआब्को सींग् काटीयो अनि त्येस्को पाखुरा भांचीयो। त्येस्लाइ

मताहा पार किनभन्ये त्येस्ले यहवेको विरुद्धमां आफ्नु बड़ाई गर्‍यो त
मोआब् आफ्नु छादमां लड़िबड़ि खेल्छ अनि ठट्ठामां उड़ाइँछ। के तैंले २७
पनि इस्राएल्लाइ ठट्ठामां उड़ायेको थिईनस् के त्यो चोरोहरूमां पकड़ा
पर्‍यको थियो र तं जब जब त्यस्को विषयमां कुरो गर्द छस् तब तब सिर्
चलाउंद छस्। हे मोआब्बासीहरू हो आफ्नु आफ्नु सहर् छोड़ेर पहरामां २८
बस अनि ओढ़ार्को मुख्को एका छेउमां गुंड़ बनाइ बस्ने ढुकुर् जस्ता
हव हामिहरूले मोआब्को घमंडको समाचार् सुन्येका छौं त्यो बिघ्रै २९
घमंड गर्ने छ त्यस्को अहंकार् र घमंड र फुटानि र त्यस्को फोक्सो फुलौंनु
प्रसिद्ध छ। यहवेको यो बाणी छ मंचइं त्यस्को रिस् जांद छु त्यो ब्यर्थ हो ३०
भनि त्यस्का घमंडहरू ब्यर्थ छन्। येस्कारण् मं मोआब्को लागि हाय् हाय् ३१
गर्छु अं सिंगै मोआब्को लागि हाय् हाय् गर्छु अं सिंगै मोआब्को
लागि मं चिच्याउंछु. मान्छेहरूले कीर्हेरसका लोगको लागि बिलाप् ३२
गर्छन्। हे सिब्माका दाखका बोट्हरू हो मं तिमिहरूको लागि याजेरले
भन्दा पनि बेसि बिलाप् गर्छु. अब ता तेरा डालाहरू बढ्दै बढ्दै समुन्द्र
पारि सम्म बढि गये अं याजेरको समुन्द्र सम्म पनि पुग्ये. नास् गर्नेहरू
तिमिहरूका ऋतुफल्हरू माथि र टिप्येका दाखहरू माथि पनि आइ लाग्
छन्। अनि फल्वन्ते बारीहरू देखि र मोआब् देस् देखि आनन्द र ३३
रमाहट् उठाइ लगायो. अनि दाखरसका कुण्डमां दाखमह कोइ रहंदैन.
मान्छेहरूले फलाकंदै दाख पेल्दैनन् तर तिनिहरूको कराई [आनन्दको]
कराई हुंदैन। हेश्बोन्मांको कराई सुन्येर मान्छेहरू एलाले सम्म अं ३४
यहस् सम्म पनि अनि सोअर् देखि होरोनैम् सम्म अं एग्लत्श्लीशिय्या
सम्म पनि चिच्याउंदै निकलंछन् अनि निम्रीम्को पानी उजार् होइ जांछ। ३५
फेरि यहवेको यो बाणी छ मं अलग्गा ठांउहरूमां बलिदान् चढ़ाउंनु र
देवताहरूको लागि धूप् हाल्नु दुवै मोआब्मां थुनि दिंछु। येस्कारण् ३६
मेरो मन् मोआब् र कीर्हेरसका लोगको लागि रुइ रुइकन बांसुलीले झैं
आलापबिलाप् गर्द छ. किनभन्ये ज्ये ज्ये तिनिहरूले कमायेर बचाइ
राख्येका छन् त्यो नष्ट हुंछ। हेर सबैका सिर्को केस् लट्ठै लठ्ठा अनि ३७
सबैका दारि लुछाये अनि सबैका हात चीरीयेका र सबैका कम्मरमां
भाङ्ग्रा बेहेरीयेका छन्। मोआब्का सबै घर् घर्का कौसिहरूमां र ३८
सबै चोक्चोक्मां रुंनु र छाती ठोक्नु भइ रह्येका छन्. कसोगरिभन्ये
यहवेको यो बाणी छ मैंले मोआब्लाइ बिकामे भांड़ा झैं फुटाइ दियें। त्यो ३९
कसोगरि मुर्छा पर्‍यो. तिनिहरूले हाय् हाय् गर्द छन्. मोआब्ले कस्तो
लज्जित् भइकन पिठिउं फर्कायो. येसोरि मोआब् त्यस्का चारै पट्टि
रहंनेहरू देखि ठट्ठा गरींछ अनि उदेक् मानींछ। किनभन्ये यहवेले येसो ४०
भन्द छ. हेर त्येस्ले उकाबले झैं उड़ेर मोआब् देस् माथि आफ्नु
पखेटा फिंजाउंछ। करिय्योत् लिइंछ अनि किल्लाहरू अर्काको ताबिमां ४१
पर्छन् अनि त्यस् दिन मोआब्का बीरहरूको मन् सुत्केरे आइमाइको

४२ जस्तो होइ जांछ। अनि मोआब् लोग् न हुंनेगरि नष्ट हुंछ किनभन्ये
४३ तिनिहरूले यहवेको बिरुद्धमां बड़ाई गर्ये। यहवेको यो बाणी छ हे
मोआब्‌बासीहरू हो तिमिहरूको लागि भय् र खाड़ल् र पासो खटाईये।
४४ डर्‌को कारणले भाग्‌ने खाड़ल्‌मां पर्छ अनि खाडल् देखि चढ़ि निस्कंने
पासोमां पर्छ. अनि मं त्येस् मांथि अं मोआब् मांथि यि सब्बै बिपत्ति
४५ तिनिहरूको बिपत्तिको बर्षमां ल्याउंछु यहवेको येइ बाणी छ। भगुवाहरू
हेश्‌बोन्‌मां शरणागत् भइ बिनाबलको भइ उभीछ. तर हेश्‌बोन् देखि
आगो निस्कंछ अनि सीहोन्‌को बीच् देखि येउटा जुवाला ज्येले मोआब्
४६ देस्‌को कुंना र त्यहांका झगरेहरूको टुपि भस्म हुंछन्। ए मोआब् तं
मांथि हाय्. कमोश्‌को प्रजा नष्ट भयो. कसोगरिभन्ये तेरा छोराहरू
४७ बन्धुवाईमां लगीये अनि तेरी छोरीहरू बन्धुवाईमां जांछन्। तैपनि
यहवेको यो बाणी छ अन्तका दिनमां मं मोआब्‌लाइ बन्धुवाई देखि
फर्काइ ल्याउंछु। मोआब्‌को नियाइखण्डको बखान् यहां सम्म भयो॥

४९ १ अम्मोन्‌बंशीहरूको बिषयमां। यहवेले येसो भन्द छ. के
इस्राएल्‌का छोराहरू छैनन् के त्येस्को कोई अधिकारी छैन. त कसोरि
मल्काम् देवता गाद् देस्‌को अधिकारी हुंनु पायो अनि त्येस्का प्रजाहरू
२ किन गादीहरूका सहर्‌मां बस्नु पाये। यहवेको यो बाणी छ येस्ता दिन्
आउंछन् मं अम्मोन्‌बंशीहरूको रब्बा सहर्‌को बिरुद्धमां लड़ाईंको कराईको
शब्द सुनाउंनु लाउंछु अनि त्यो उजारीयेको डीहा होइ जांछ अनि त्येस्का
सम्बन्धी बस्तीहरूमां आगो लगाइ दिईंछ. तब इस्राएलको देस्‌को
जो जो अधिकारी भये तिनको देस्‌को अधिकारी इस्राएल् हुंछ यहवेको
३ येइ बाणी छ। हे हेश्‌बोन् हो हाय् हाय गर किनभन्ये ऐ सहर् नष्ट
भयो हे रब्बाको आइमाइहरू हो चिच्याव अनि कम्मर्‌मां भाङ्‌ग्रा बेहेर.
छाती ठोक्‌दै बाड़ा भित्र येतायेता उताउता दगुर किनभन्ये मल्काम्
४ त्येस्का पूजाहारीहरू र मालिकहरू समेत् बन्धुवाईमां जांछ। एइ फर्काइ
गर्ने लोग् तं आफ्नु देस्‌का बेंसि मांथि अं आफ्नु उपजाउ हुंने बेंसि
मांथि किन फुलीइ छस् तं किन मं मांथि ता कोई पनि आइ लाग्नु
५ सक्‌दैन भन्दै आफ्नु धन् मांथि भरोसा राख्द छस्। प्रभु सेनाहरूको
यहवेको यो बाणी छ सुन मं तेरा चारै पट्टिका सब्बै बासीहरू पट्टि बाटो
तेरो मन्‌मां भय् उपजाउंछु अनि तेरा लोग् तिनको सांमु सांमुने घचेटि
दिईंछन् अनि जब तिनिहरू येतायेता र उताउता डुलिडुलि हिंड्छन् तब
६ कसैले तिनिहरूलाइ भेला गराउंदैन। तर त्येस् पछि मं अम्मोन्‌बंशी-
हरूलाइ बंधुवाई देखि फर्काइ ल्याउंछु यहवेको येइ बाणी छ॥

७ एदोम्‌को बिषयमां। सेनाहरूको यहवेले येसो भन्द छ. के
तेमान्‌मां अब कोइ बुद्धि छैन. के ज्ञानीहरूका जुक्ति निष्फल् भइ
८ गये. के तिनिहरूको बुद्धि हरायो। हे ददान्‌बासीहरू हो भाग फर्कि

जाव टाढ़ो गयेर बस किनभन्ये जब मं एसावबंशीहरूलाइ दण्ड दिंकु तब
तिनिहरू मांथि भारी बिपत्ति पर्छ। दाख टिप्नेहरू तं थांइ आये भन्ये ९
देखि के तिनिहरूले कताकति दाख् छाड्दैनन्. अनि चोर्हरू राति आये
भन्ये देखि के तिनिहरूले जत्ति सक्छन् उत्ति धन् लुटि लैजांदैनन्। तर १०
मैंले ता एसावको देस् खोल्यें अनि त्येस्का लुक्ने ठाउंहरू सबै प्रगटो गर्यें
तिनिहरू लुक्नु न सक्ने सम्म. तिनिहरूको बंश र दाज्युभाईहरू र
छिमेकिहरू सबै नष्ट भये अनि तिनिहरू आफै पनि कहीं पनि रहंदैनन्।
आफना टुहुरादुहुरीहरूलाइ छोड़ि जाव मबइं तिनिहरूलाइ जिउंदा ११
बचाउंकु अनि तिनिहरूका बिधुवीहरूले मं मांथि भरोसा राख्छिन्। किनभन्ये १२
यहोवाले येसो भन्द छ. हेर जो कटोरा पाउंने माफिकका छैनन् रपनि
तिनिहरूले पनि ता निस्से पाउंनु पर्छ के तिमिहरू कोईपरिले निर्दोष्
ठहरायेर बांचछौ. होइन तिमिहरू निर्दोष् ठहरायेर बांच्दैनौ अवस्सैनै
पाउंनु पर्छ। किनभन्ये यहोवेको यो बाणी छ मैंले आफनु किरिया खायेको १३
छु बोस्रा उजार् र छक्कपराई र गिल्ला र स्राप् हुंछ अनि त्येस्का सबै
सम्बन्धी सहर्हरू सदाको लागि उजार् होइ जांछन्। मैंले यहोवाको पट्टि १४
बाटो समाचार् सुन्येको छु अं लोग् लोगको बीचमां पनि येसो भन्नलाइ
दूत् पठाईयेका छ जमा भयेर [एदोम्] मांथि चढ़ि जाव अनि त्यो सित
लड़ाइं गर्नलाइ तियार् हव। हेर मैंले तिमिहरूलाइ लोग् लोगको बीचमां १५
सानु अनि मान्छेहरूको बीचमां छोटा तुल्यायेको छु। हे ओढार्का दुला १६
दुलामां बस्नेहरू हो हे डांड़ाका थाप्लि थाप्लिमां छाउंनि गर्येका लोग्हरू
हो तिमिहरूको डर्लाग्दो रूप् र मनको अहंकार्ले तिमिहरूलाइ धोखा
दियेका छन् तिमिहरूले आफनु बास् उकाब्ले भैं अलगो ठाउमां बनायौ
भन्ये पनि मं तिमिहरूलाइ त्यहां बाटो उतारि दिंकु यहोवाको येइ बाणी छ।
त एदोम् छक्क पारौंछ. त्येस्को छेउ बाटो जांने सबै छक्क पर्छ अनि त्येस्का १७
सबै दुःख देखिकन गिल्ला गर्छ। यहोवेले येसो भन्द छ सदोम् र अमोरा १८
र तिनका छेउछाउका सहर्हरू उल्टाईयेको कारणले जस्तो गत् भयेको
थियो त्यस्तै एदोमको देसको गत् पनि हुंछ वहां कोई मान्छे रहंदैन
अं कोई आदमवंशी त्यहां ठहर्नैं सक्दैन। हेर जसोरि सिंह यर्दनका १९
छेउछाउ बाक्लो बनमां खर्कमां चढ्द छ त्येसैगरि त्यो चढि आउंछ.
तर मं तिनिहरूलाइ त्येस् आइमाइको सांमु देखि तुरन्तै भगाइ हाल्छु.
वहांदेखि जो छानीयेको छ त्येस्लाइ तिनिहरू मांथि अधिकारी ठहराउंकु.
हेर् मं बराबर्को को छ. अनि मं सित [नियाकोलागिको समय् कस्ले
ठहराउंछ अनि त्यो गोठालो कता हो जस्ले मं सित लड़ाइं गर्छ। त २०
यहोवेले एदोमीहरूको बिरुद्धमां ज्ये ठहरावट् गर्येको छ त्यो तिमिहरूले
सुन अनि उस्ले तेमान्बासीहरूको बिरुद्धमा ठान्येको जुक्ति त्यो पनि सुन.
निस्से तिनिहरूले भेंड़ाबाखाहरूका पाठाहरू टिपि लांछन् निस्से त्येस्ले
तिनिहरूको खर्क भेंड़ाबाखा बिना खालि पारि दिंछ। तिनिहरू लड़ेरको २१

शब्दको कारणले पृथिवी कांम्द छ अनि त्येसको चिच्याईं येस्तो श्रोधिगरि
२२ मर्वौंछ लाल् समुन्द्र सम्म पनि सुनींछ। हेर उकाव् भैं त्यो निकल्येर
छिट्टो उर्ड आउंछ अनि त्येस्ले बोसामां आफ्नु पखेटा फुकाउंछ. अनि
त्यस् दिन् एदोमको बीर्हरु सुत्केर आइमाइ जस्तो डराउंने होइ जांछ॥

२३ दमिश्कको बिषय्मां। हमात् र अर्पादको सुख् कालो हुंछ
कसोगरिभन्ये तिनिहरुले नजाति समाचार् सुन्ये येसकारण् तिनिहरुको मन्
२४ बिलौंछ. समुन्द्र मांथि सुर्ता उठ्छ अनि सांगे हुंदैन। दमिस्क निर्बल्
भइ भाग्नुलाइ येताउति ना जाइ हेर्छ तर थरहरिले गांज्छ तिनिहरुलाइ
२५ सुत्कको जस्तो बेथा लाग्छ। हाय् त्यो सहर् किन छोड्दैन त्यो
२६ सर्कोइने माफिक्को राजधानी जो मेरो हर्षको कारण् छ। सेनाहरुको
यह्वको यो बाणी छ त्यहांका जुवान्हरु चर्ह चोक् चोक्मां लडूछन्
२७ अनि लडाइंका सबै मान्छेहरुको कराईं थुनींछ। अनि मं दमिश्कको
घेराभित्तामां आगो लगाउंछु ज्येले बेन्हददका महल्हरु पनि भस्म हुंछन्॥
२८ बाबिलको राजा नबूकद्रेस्सर्ले मार्येका केदारहरु र हासोरी-
राजहरुको बिषयमां॥
यह्वेले येसो भन्द छ. उठेर् केदार् मांथि जाइ लाग् अनि ति
२९ पूर्बबासीहरुलाइ नास् पार्। तिनिहरुले तिनिहरुका डेरा र भेंड़ाबाखाहरु
लैजांछन् तिनिहरुका पाल् र सबै भांड़ा बर्त्तन्हरु उठायेर लैजांछन्
ऊंटहरु ममत्लाइ धपाउंदै धपाउंदै. अनि तिनिहरुले तिनिहरुलाइ
३० कराइ कराइकन भन्छन् चारै तिर भय्नै भय् छ भनि। यह्वेको यो
बाणी छ हे हासोर्बासीहरु हो भाग्दै भाग्दै टाड़ो टाड़ो जाव टाड़ो
गयेर बस किनभन्ये बाबिल्को राजा नबूकद्रेस्सर्ले तिमिहरुको बिरुद्धमां
३१ जुक्ति र ठहराबट् गरि सक्यो। यह्वेको यो बाणी छ उठेर त्यस् चैन्
सित रहंने लोग्का मान्छेहरु मांथि जाइ लाग जुन्हरु घेराभित्ता
बिनाको र छेकाबार् बिनाको सहर्मां निडर् सङ एक्लै रहंद छन्।
३२ अनि तिनिहरुका ऊंट् र अलेख गाईगोरु र भेंड़ाबाखाहरु लूट् हुंछन्.
कसोगरिभन्ये मं तिनिहरुका गालागालाका जुल्फि मुड़ाउंनेहरुलाइ उड़ाइ
ल्यायेर सब्बै दिशामां पांजछु अनि चारै तिर बाटो बिपत्ति ल्यायेर
३३ तिनिहरु मांथि हाल्छु. यह्वेको येइ बाणी छ। अनि हासोर्
स्यालहरुका कुरि र सदाको लागि उजार् हुंछ. त्यहां कोई मान्छे रहंदैन
अं कोई आदमबंशी त्यहां अड़ींनु पनि सक्दैन॥
३४ यहूदाको राजा सिद्किय्याह्को राज्को थाल्निमां यह्वको यो
३५ बचन् यिर्मयाह् अगमबक्ता यांइ एलाम्को बिषयमां आयो सेनाहरुको
यह्वेले येसो भन्द छ. मं एलाम्को धनु जो तिनिहरुको बल्को मूल्
३६ थोक् हो त्यो भांचि दिंछु। अनि एलाम् मांथि मं अकाशका चारैतिर
बाटो बतास् चलायेर तिनिहरुलाइ चारै तिर छरपुट्ट पार्छु यहां सम्म पार्छु

एलाम्मां भाग्दे न आउंने कुनै लोग् हुंदैन। अनि मं एलाम्लाइ ३७
तिनिहरुको प्राणका वैरीहरुको सांमु उदेक् गराउंछु अनि तिनिहरु मांथि
आफ्नु बल्झोरिस् खन्यायेर विपत्ति हाल्छु यह्वेको येइ वाणी छ मं
तिनिहरु मांथि तरवार् चलाइकन तिनिहरुको अन्त गरि दिंछु . अनि ३८
मं एलाम्मां आफ्नु सिंहासन् राखि तिनिहरुको राजालाइ र मालिक्-
हरुलाइ नाश् पार्छु यह्वेको येइ वाणी छ। तर यह्वेको यो वाणी छ ३९
अन्तका दिनमां मं एलाम्लाइ बंधुवाई देखि फर्काइ ल्याउंछु ॥

बाबेल् र कल्दीहरुको देस्को विषयमां यह्वेले यिर्मयाह् ५० १
अगमवक्ताको बाटोले भन्यंको बचन् ॥

लोग् लोग्मां झगडा गाड़ि बखान् गर्येर सुना अं न लुकिकन २
समाचार् सुना बाबेल् लिईयो बेल्को मुख् कालो भयो मरोदक् छक्क
पर्यो त्यस्का मूर्त्तिहरु लज्जित् भये अनि त्यस्का देवताहरु मुर्छित् भये।
किनभन्ये उत्तर् दिशा देखि एक् लोग्ले त्यस् मांथि आइ लागि त्येस्लाइ ३
उजारि दिंछ यहां सम्म गरि दिंछ त्येस्मां को मांन्छे को पशु कोइ रहंदैन
सबै भागि जांछन्। यह्वेको यो वाणी छ ति दिनमां इस्राएल्वंशीहरु ४
र यहूदावंशीहरु सङ् सङै मं थांइ आउंछन् तिनिहरु मं तिनिहरुको
ईश्वर् यह्वेलाइ खोज्नुको लागि रुंदै रुंदै आउंछन्। तिनिहरुले सिय्योन् ५
तिर आफ्ना मोहोंड़ा फर्काएर त्येस्को बाटो सोद्धे र आपस्तमां लु आव
हामिहरु यह्वे सित कहिलेइ न बिर्सांइने तर सदा रहि रहंने नियम् बांधेर
उ सित मिलि जाऊं भन्छन् ॥

मेरा लोग् हराएका भेंड़ा भये. तिनिहरुका गोठालाहरुले तिनि- ६
हरुलाइ भर्माइ दिये अनि तिनिहरुलाइ बाटो बिनाको डांड़ा डांड़ाहुंदो
डुलाये तिनिहरुले डांड़ा डांड़ा र ढिस्का ढिस्काहुंदो डुलि हिंड़दै गर्दा
आफ्नु आफ्नु खोर् बिर्सि हाल्ये। तिनिहरुलाइ भेटाएका जत्तिले ७
तिनिहरुलाइ खाइ हाल्ये . अनि तिनिहरुलाइ सताउंनेहरुले भन्ये हामिहरु
ता येस्मां हामिहरुको कोइ पनि दोष् भएको छ भनि भन्दैनौं किनभन्ये
तिनिहरुले यह्वे तिनिहरुको धर्म्मको आधार् अं यह्वे तिनिहरुका
पित्रहरुको आसाको बिरुद्धमां पाप् गर्ये। बाबेलको बीच् देखि भाग ८
अनि कल्दीहरुको देस् देखि पनि अरु अरुका अगुवा जस्ता भइ निस्कि
आव बोका बाखाहरुको अगुवा भइ निकल्येको झैं। किनभन्ये हेर ९
मंचइं उत्तर्को देस् देखि ठुलो ठुलो लोग् लोग्लाइ उल्काएर
तिनिहरुको घुइरोलाइ बाबेल्मां चढ़ाइ ल्याउंछु . अनि तिनिहरुले
त्येस्को बिरुद्धमां पाङ्ति बांधछन् अनि उइ दिशा देखि त्यो लिईंछ .
तिनिहरुका कांड़ु येस्तो सूरो सूरोगरि हांनींछन् तिनिहरुमांको येउटा
पनि खेरो जांदैन। अनि कल्दीहरुको देस् येस्तोरि लुटींछ लुट्नेहरुको १०
पेट् भरींछ . यह्वेको येइ वाणी छ। ए मेरो भाग् लुट्ने तिमिहरुले ११

मेरो प्रजा माथि रमाहट् गर्दछौ अनि हर्षबड़ाई गर्दछौ अन घांसमां
चर्ने बाच्छा झैं कूद्द र बल्लिया बल्लिया घोड़ाहरु झैं हौंहौं गर्दछौ
१२ यसकारण् तिमिहरुको आमा अगधारै लजाउंछे तिमिहरुलाइ जन्माउंनको
मुख् कालो हुंछ. हेर त्यो सब्भन्दा लोग् लोग् मद्धमां अधम् र तिमिहरुको
१३ देस् बन् अं निपानी देस् र उजार् होइ जांछ। यहवको रिसको कारणले
त्यो देसमां बासीहरु रहदैन तर थ्यांट्टै उजार् होइ जांछ. बाबेलको छेउ
बाटो जांने जनगले त्यसका सबै दुक्ख देख्यर छक्क पर्यर हत्केला बजाउंछ।
१४ हे सबै धनु खेलाउंनेहरु हो बाबल्का चारै पट्टि त्यसको विरुद्धमां पाङ्ति
बांध त्यसमा कांड् हान ति राखि न छोड्. किनभन्ये त्यसले यहवको
१५ बिरुद्धमां पाप् गर्‍यो। चारै पट्टि बाटो त्यसको बिरुद्धमां करा त्यसले ऐले
हार् मान्छ त्यसका किल्लाहरु भत्काईंछन् अनि घेराभित्ता लड़ाईंछन्.
किनभन्य यहवले त्यो देखि आफ्नु साटो लिंदछ त तिमिहरुले पनि
आफ्नु साटो लेउ जसो त्यसले गर्‍यो त्यसै तिमिहरुले पनि त्यो सित गर।
१६ छर्ने र कटनी गर्ने दुवैलाइ बाबल् देखि नष्ट पार. त्यसांका बन्धुवाहरु
दुक्ख दिने तरवार्को डरको कारणले आफ्ना आफ्न. ... तिर फिरुन्
अनि आफ्नु आफ्नु देसमां फर्कि जाउन् ॥
१७ इस्राएल् यतायता उताउत छरकाईयेको भेंड़ा छ सिंहहरुले तिनि-
हरुलाइ धपाइ दिये पहिले अश्शूर्को राजाले त्यसलाइ खायो अनि
पछाड़ि यस् बाबेल्को राजा नबूकद्रेस्सर्ले त्यसका हाड्हरु भांच दियो।
१८ यसकारण् इस्राएल्को ईश्वर् सेनाहरुको यहवले यसो भन्द छ. हेर
जसोरि मैंले अश्शूर्को राजालाइ दण्ड दियेको थियें त्यसैगरि अब देसैलाइ
१९ समेत् बाबेल्को राजालाइ दण्ड दिंछु। अनि म इस्राएल्लाइ तिनिहरुको
खर्कमां फर्काइ ल्याउंछु अनि तिनिहरु फेरि कर्म्मेल् र बाशान्मां चर्छन्
अनि एप्रैम्का डांड़ा डांड़ाहुंदो र गिलाद्मां फेरि पेट् भरि भरि खांनु
२० पाउंछन्। यहवको यो बाणी छ ति दिनमां इस्राएल्को अधर्म्म खोज्दा
पनि पाइदैन अनि यहूदाको पाप् खोज्दा पनि पाइदैन. कसोगरिभन्ये
जुन्हरुलाइ मं बचाँतिभागगरि राखछु तिनहरुको पाप् क्षमा पनि गर्छु॥
२१ मरातैम् देस् र पकोद्का बासीहरु माथि जाइ लागि मान्छेहरु-
चइंलाइ मारि दे. अनि भाकल् गरीयेको थोक् जानि तिनलाइ नष्ट पार्
यहवको येइ बाणी छ अर्थात् ज्ये ज्ये आज्ञा मैंले तंलाइ दियेको छु ति
२२ सबै अनुसार् गर्। त्यस् देसमां लड़ाईको र सर्व्वनासको जस्तो शब्द हुंदै
२३ छ। सिंगै पृथिवीका लोगलाइ चूर् चूर् पार्ने सातोल् कसोरि काटीयो
२४ अनि भांचीयो. बाबेल् लोग् लोग्को बद्मां कसोगरि उजार् भइ
गयो। एइ बाबेल् मैंले तेरो लागि पासो थाप्यें त तं त्यसमां चाल् न
पाइकन फांसीइस्. तं छेकीयेर त्यसमां परिस् किनभन्ये तैंले यहवे सित
२५ झगरा गर्‍येको छस्। यहवले आफ्नु हतियार्को कोठ् उघार्‍येर आफ्नु
सरि खन्याउंने सार्दाम् निकाल्यो. किनभन्ये प्रभु सेनाहरुको यहवले

कल्दीहरूको देसमां येउटा काम् गर्ने छ। पृथिवीको छेउ देखि आव २६
र त्येका धनकुकाटहरू उघार्येर लूट. तिनको रास् लगाव अनि भाकल्
गरीयेको थोक् जानि त्येस्कांको केइ पनि न रहंनेगरि नष्ट पार। त्येस्कांका २७
सांढ्गोरुहरूलाइ नष्ट पार तिनिहरू काटौंने ठाउंमां जाउन्. तिनिहरू
मांथि हाय्. किनभन्ये तिनिहरूको दिन् आयो अं तिनिहरूले दण्ड
पाउंने दिन् आइ पुग्यो। बाबेल् देस् देखि भागनेहरूको कराई सुनींद छ २८
जुनहरू देखि सियोनमां हामिहरूको ईश्वर् यहवेले आफ्नु मन्दिरको
साटो लिंदै छ अं साटो लिंदै छ भन्ये समाचार् सुनाउंन। सबै धनुखेलाउंने- २९
हरूलाइ बाबल्को बिरुद्धमां भेला गराव त्येका चारै पांट्टु छाउंनो हाल
त्येको कोई भाग्येर बांचन् न पावस्. त्येस्लाइ त्येको कामको साटो
देव जसो त्येस्ले गर्येको छ त्येस्लाइ पनि त्यसैने गर. किनभन्ये त्येस्ले
यहवे इस्राएलका पवित्र जन्को बिरुद्धमां अहंकार् गर्यो। येस्कारण ३०
त्येस् सलामां त्यहांका जुवानहरू चोक् चोकमां लड़ाईंछन् अनि त्येका सबै
सिपांइहरूको वाक्ये रहि जांछ यहवेको येइ बाणी छ। प्रभु सेनाहरूको ३१
यहवेको यो बाणी छ ए अहंकारले भरीयेको [बाबेल्] मं तेरो बिरुद्ध
छु. अनि मं देखि तेंले दण्ड पाउंने दिन् आइ हाल्यो। अनि अहंकार् ३२
नष्ट हुंछ अनि कस्सैले त्येस्लाइ फेरि फेरि उठाउंदेन. अनि मं तेरा
सहरहरूमां आगो लगाउंछु अनि त्येस्ले तेरा चारै पट्टिका देसहरू पनि
भस्म होइ जांछन् ॥

सेनाहरूको यहवेले येसो भन्द छ इस्राएलबंशीहरू र यहूदाबंशीहरू ३३
दुवै बराबर् पेलीयेका छन्. अनि जत्तिले तिनिहरूलाइ बंधुवा गर्ये
तिनिहरूले तिनिहरूलाइ समाति राखद छन् अनि जांनु दिंदेनन्।
तिनिहरूलाइ छोड़ाउंने सामर्थी छ उस्को नांउ सेनाहरूको यहवे हो. उस्ले ३४
तिनिहरूको मामलामां पूरा लड़ाईं गर्छ बाबेलका बासीहरूलाइ व्याकुल्
गरायेर पृथिवीका अरु सबै लोगलाइ चैन् दिउं भन्ये खातिरले। यहवेको ३५
यो बाणी छ कल्दीहरू र बाबेलका मालिकहरू पण्डितहरू अं सबै बासीहरू
मांथि तरवार् चल्छ। ति सबै ठुला ठुला कुरा गर्नेहरू मांथि तरवार् ३६
चल्छ अनि तिनिहरू मूर्ख बनींछन्. [बाबेलका] सूराबूराबीरहरू मांथि
पनि तरवार् चल्छ अनि तिनिहरूले उदेक् मांन्छन्। त्येस्मांका घोड़ाहरू ३७
र रथहरू मांथि र सबै मिसीयेकाहरू मांथि तरवार् चल्छ अनि तिनिहरू
आइमाइहरू जस्तै होइ जांछन्. त्येका भंडारहरूमां तरवार् चल्छ अनि
ति लूटींछन्। तिनिहरूका पानी सुकि जांछन्. किनभन्ये त्यो मूर्त्तिहरूले ३८
भरीयेको देस् हुंदै हो अनि त्येका बासीहरू आफ्ना डरलाग्दा मूर्त्तिहरूको
सेवामां बौलाहा भयेका छन्। येस्कारण निपाने देसका जन्तुहरू र स्यालहरू ३९
मिल्येर त्यहां बस्छन् अनि सुतर्मुर्गी त्येस्मां बस्छन् अनि त्यो फेरि फेरि
कैले पनि बनाईंदेन. अनि न त्येस्मां जुगनजुग् सम्म कसैले बास् गर्छ।
यहवेको यो बाणी छ सदोम् र अमोरा र तिनका छेउछाउका सहरहरूको ४०

जस्तो गत् मं ईश्वरले उल्टाइ दियेकोले भयेको थियो त्यस्तै [बाबेल्को]
गत् पनि हुंछ त्यसमां कोई मान्छे रहंदैन अं मान्छेको सन्तान्को कोई
४१ पनि त्यसमां ठहर्दैन। सुन उत्तर् दिशा देखि येउटा लोग् आउंद छ अं
पृथिवी को छेउ देखि येउटा ठूलो लोग् र धेरै राजाहरू भौकौंदै छन्।
४२ तिनिहरूले धनु र भाला समातदै छन् तिनिहरू निष्ठुर र निर्दयालुहरू छन्
तिनिहरूको बोली समुन्द्रको गर्जाई जस्तो छ अनि तिनिहरू घोड़ाहरू मांथि
चढ्दै छन् हे बाबेल्का बासीहरू हो तिनिहरू एक् एक् जनाले बीर्
मान्छेले झैं हातयार् बांधदै छन् तिमिहरू मांथि आइ लाग्दै छन्।
४३ तिनिहरूको समाचार् सुन्दा खेरी नै बाबेल्को राजाका हात् गलि गये.
त्यो सङ्कटमां पर्‍यो अं त्यसलाइ सुत्केरे बेथा लाग्येको जस्तो भयो
४४ हेर जसो गरि सिंह यर्दन्का छेउछाउको बाक्लो बनमां खर्कमां चढ्दै छ
त्यसैगरि त्यो चढि आउंछ. तर मं तिनिहरूलाइ त्यस् आइमाइको सांमु
देखि तुरन्तै भगाइ हालछु. वहांदेखि जो छानीयेको छ त्यसलाइ तिनिहरू
मांथि अधिकारी ठहराउंछु. हेर मं बराबर् को छ. अनि मं सित
[नियाको लागिका] समय् कस्ले ठहराउंछ. अनि त्यो गोठालो कता छो
४५ जस्ले मं सित लड़ाइं गर्छ। त यहवेले बाबेल्को बिरुद्धमां के ठहराव्
गर्‍येको छ त्यो तिमिहरूले सुन अनि उस्ले कल्दीहरूको देस्को बिरुद्धमां
टान्येको जुक्ति त्या पनि सुन. निस्से तिनिहरूले भेंड़ाबाखाहरूका पाठाहरू
ठिप लाँदै छन् निस्से त्यस्ले तिनिहरूको खर्क भेंड़ाबाखा बिना खालि
४६ पारि दिंछ। बाबेल लिईयेको शब्दको कारणले पृथिवी कांमछ अनि
त्यसको चिच्याई लोग् लोग्मां सुनींछन्॥

५१ १ यहवले येसो भन्दै छ. हेर् मं बाबेल् र लेबकामेबासीहरूको
२ बिरुद्धमां येउटा नाम् पार्ने बतास् चलाउंछु। अनि मं बाबेल्मां त्यसका
बासीहरूलाइ निफानि निफानकन देस् देखि बाहिर उड़ाइ दिनेहरूलाइ
पठाउंछु जुन्हरूले त्यसको देस् सुन्सान् पारि दिंछन्. अनि बिपत्तिको
३ दिनमां चारै तिर बाटो त्यसका बिरोधी हुंछन्। धनुखेलाउंनेले धनु न
उकालोस् न झिलम् लाउंने उठोस्. त्यसका जुवान्हरू मांथि कोइ नरमैईं
न गर तर त्यसका सबै सेनालाइ भाकल् गरीयेका थोक् जानि नास् पार।
४ कल्दीहरूको देसमां मान्छेहरू काटीयेर सड़क सड़कमां छेंड़ीयेर लड्छन्.
५ कसोगरिभन्ये इस्राएल् र यहूदाको देस् इस्राएल्को पवित्र जनको
बिरुद्धमां गर्‍येका पाप्हरूले भरीयेका छन् तैपनि तिनिहरूको ईश्वर्
६ सेनाहरूको ईश्वर् यहवले तिनिहरूलाइ त्यागि दियेन। बाबेल्को बीच्
देखि भाग अनि आफ्नु आफ्नु प्राण बचाव त्यसको अधर्म्ममां न मेटीयौ.
किनभन्ये यो यहवेको साटो लिंने बेला हो उस्ले त्यसलाइ साटो दिंछ।
७ बाबेल् यहवेको हातमां सुन्को कटोरा ता भयो जस्को बाटोले सिंगै
पृथिवी मताहा भयो. लोग् लोग्हरूले त्यसांको दाखमद्य खाये

येसैकारणले तिनिहरु बौलाहा भयेका ता छन्। बाबेल् एक्कासि लिईयो ८
अनि नष्ट पारीयो . त्येस्को लागि हाय् हाय् गर त्येस्का घावको लागि
मलहम्‌ओषधि ल्याव कोनि कतै त्यो निको हुंछ कि। हामिहरु ९
बाबेल्‌लाइ निको ता पार्दा हौं तर त्यो निको भयेन . त हामिहरु
त्येस्लाइ त्यागयेर आफ्नु आफ्नु देसमां जाइ जाऔं . किनभन्ये त्येस्को निया
स्वर्ग सम्म पुग्द छ अं अकाश् सम्म उचालीयेको पनि छ। यहवेले १०
हामिहरुको धर्म्महुवाई प्रगटो गर्‍यो . आव हामिहरु सिय्योनमां आफ्नु
ईश्वर् यहवेको कामको बखान् गरुं। कांडूहरु उध्याव ढालहरु सारीगरि ११
समाति रह . यहवेले बाबेललाइ नाम् पार्नु ठान्येको कारणले उस्ले
मादीका राजाहरुको मन् चम्कायेको छ . किनभन्ये यहवेको साटो लिंने
बेला अर्थात् आफ्नु मन्दिरको साटो लिंने बेला भयेको छ। बाबेलको १२
घेराभित्ताको बिरुद्धमां झण्डा उभ्याव धेरै पहरहरु बसाल ढुकुवाहरु
पनि बसाल . किनभन्ये यहवेले बाबेलबासीहरुको बिरुद्धमां जे भन्येको
थियो त्यो अब गर्नुलाइ ठान्येको छ अनि गर्‍यो पनि। ए धेरै पानीहरुको १३
ठांउको बीचमां बसालीयेको र धेरै धेरै भंड़ार् भयेको राजधानी
तेरो अन्त आयो तेरो लोभको सांद् बस्यो। सेनाहरुको यहवेले आफनै १४
किरिया खायो निस्से मं तेरो देस् सलहलेसरि भरि दिंछु अनि तिनिहरु
तेरो बिरुद्धमां कराउंछन् ॥

[यहवेले] पृथिवी आफ्नु सामर्थले बनायो अनि जगत् आफ्नु १५
बुद्धिले स्थिर् गर्‍यो अनि अकाश् आफ्नु सिपले टांग्यो . उ बोल्दा १६
अकाशमां पानीको ठुलो शब्द हुंद छ उस्ले पृथिवीको छेउ देखि
कुइरोलाइ उठाउंद छ अनि वृष्टिको लागि बिजुलि बनाउंद छ अनि आफ्नु
भंडार् देखि बतास् निकालि ल्याउंद छ। मूर्त्ति पूजनेहरु सबै पशु जस्तै १७
ज्ञानबिनाका छन् सबै सुनारहरुले आफ्ना खोप्येका मूर्त्तिहरुको कारणले
लज्जित् हुंनु पर्छ . किनभन्ये तिनिहरुका ढाल्येका मूर्त्तिहरु धोखा दिंनेहरु
छन् अनि तिनको कोइ सास छैन। ति मूर्त्तिहरु व्यर्थ र ठट्टा योग्य छन् . १८
तिनको नष्ट पारीने बेला आउंदा नष्ट हुंछन्। तर याकूबबंशीहरुको १९
भाग ति जस्तो छैन . उ सिंगै थोक् बनाउंने हो अनि इस्राएल् उस्को
अधिकारको लोग् हो उस्को नांउ सेनाहरुको यहवे हो ॥

तं मेरो लड़ाईंको बंचरो र हातियारहरु होस् . स मं तेरै बाटोले २०
लोग् लोग्‌लाइ टुकरै टुकरा पार्छु अनि मं तेरै बाटोले राज् राज्‌लाइ नष्ट
पार्छु अनि मं तेरै बाटोले घोड़ाहरुलाइ सवारै समेत् टुकरै टुकरा २१
पार्छु अनि मं तेरै बाटोले रथ समेत् रथ् पनि टुकरै टुकरा पार्छु
अनि मं तेरै बाटोले लोग्नेमान्छे स्वास्नीमान्छे दुवैलाइ टुकरै टुकरा पार्छु २२
अनि मं तेरै बाटोले बूढ़ा र केटा दुवैलाइ टुकरै टुकरा पार्छु अनि मं तेरै
बाटोले तन्नेरि र तरुणी दुवैलाइ टुकरै टुकरा पार्छु अनि मं तेरै २३
बाटोले गोठालालाइ भेंड़ाबाखा समेत् टुकरै टुकरा पार्छु अनि मं तेरै

बाटोले गृहस्तलाइ त्येस्का हलगोरुहरु समेत् टुक्रै टुकरा पार्छु अनि मं तेरै
२४ बाटोले मालिक्हरु र हाकिम्हरुलाइ टुकरै टुकरा पार्छु। अनि मं बाबेल्
र सिंगै कल्दीदेस्का बासीहरु सित तिनिहरुले तिमिहरुको सांमु
सिय्योन्लाइ के गर्येको थियो ति सबै बुराईको साटो लिंछु. यहवेको
येइ बाणी छ॥
२५ एइ नास् पार्ने डांडा हेर् सिंगै पृथिवी नष्ट पार्ने यह्वेको यो बाणी
छ अर्थात् मं तेरो बिरुद्धमां छु. अनि हात् पसार्येर मं तंलाइ भीर् बाटो
२६ लड़ाइ दिंछु अनि डड़ेरको डांड़ा तुल्याउंछु। अं मान्छेहरुले न ता तं
देखि येउटा ढुंगो घर्को कुंडन्याटोको लागि लिंछन् न जगको लागि
२७ कसोगरिभन्ये तं सदा उजार् रहंछस् यहवेको येइ बाणी छ। देस्मां
झण्डा उभ्याव लोग् लोग्मां नर्सींगा बजाव लोग् लोग्लाइ [बाबेल्को]
बिरुद्धमां तियार् पार. आरारात् मिन्नी र अश्कनज् भनींने राज्हरुलाइ
त्येस्को बिरुद्धमां बोलाव. त्येस्को बिरुद्धमां सेनापति खराव घोड़ाहरु
२८ भंज्याङ्का सलह झैं चढ़ाइ ल्याव। त्येस्को बिरुद्धमां लोग् लोग्लाइ
तियार् पार मादीका राजाहरु त्येस्का मालिक्हरुलाइ र सबै हाकिम्हरु
२९ अं मादी राज्को सिंगै देस्का लोगलाइ तियार् पार। यहवेको यो
ठहरावट् छ अर्थात् बाबेल्लाइ येस्तो उजार् गराउंछु त्येस्मां कोई पनि
रहंदैन यो कुरो अब पूरो भयो. येस्कारण त्येस्का बासीहरु कांमछन् अनि
३० कष्टित् हुंछन्। बाबेलका बीर्हरु किल्लामां रहेर लड़ाईं गर्न मान्देनन्
तिनिहरुको बीर्हुवाई गइ गयो तिनिहरु आइमाइ भइगये तिनिहरुका
३१ घर्मां आगो लग्यो तिनिहरुका ढोकाका बार्हरु भांचीये। येउटा
हुलाके अर्को हुलाके सित अनि येउटा समाचारे अर्को समाचारे सित
भेटनुलाइ र बाबेल्को राजालाइ महाराज्को राज् चारै तिर बाटो लिईयो
३२ भन्ये खबर् दिंनुलाइ दुगुरादुगुर् गर्छन् अनि घाट्हरु सत्तुर्हरुका हात
पर्ये अनि तलाउहरु सुकाईये अनि तिलंगाहरु घबुगयेका छन॥
३३ किनभन्ये इस्राएल्को ईश्वर् सेनाहरुको यहवेले येसो भन्द छ.
बाबेल् त्यो खला जस्तो छ जो दाईं गर्नु भन्दा पहिले कुल्चि कुल्चिकन
३४ सारो भइ सक्यो अनि कटनी चड़ं ता अलिक् दिन् पछि हुंछ। बाबेल्को
राजा नबूकद्रेस्सर्ले हांमिहरुलाइ खल्काइ सक्यो अनि हांमिहरुलाइ
पींन्यो अनि हांमिहरुलाइ खालि भांड़ा जानि अलग् राख्यो त्येसले
हांमिहरुलाइ घड़ियाल्ले झैं नील्यो अनि हांमिहरुलाइ स्वादीलो भाग्सा
जस्तो जानि हांमि देखि आफ्नु पेट् भर्यो अं त्येसले हांमिहरुलाइ बसैले
३५ निकालि दियो। त सिय्योन्का लोगले भन्द छन् हांमिहरु मांथि अर्थात्
हांमिहरुको जीउ मांथि जो उपद्रईं भयो त्यो बाबेल् मांथि फर्कि आवस्.
अनि यरुसलेम्का लोगले चड़ं भन्द छन् हांमिहरुको बहाईयेको रगत्को
३६ साटो कल्दीहरुको देस्मां रहंनेहरु सित लिईओस्। येस्कारण यहवेले
भन्द छ. हेर् तेरो मामला मं लड़ूछु अनि तेरो साटो लि दिंछु अनि

त्यस्को तलाऊ सुकाउंछु अनि त्येस्का जरुवा पानी मारि दिंछु । अनि बाबेल् ३७
डीह्री र स्यालहरुको बस्ने कुरि र उदेक् र गिल्ला गर्नाने हुंछ अनि
त्येस्मां कोई पनि रहंदैन । तिनिहरु मिल्येर जुवान् सिंह झैं गर्जंछन् ३८
अनि गुरुरु गर्छन् सिंहको डमरुले झैं । जब तिनिहरु उमतीयेका ३९
हुंछन् तब मं भाज् लायेर तिनिहरुलाइ येस्तो मताइदा पार्छु तिनिहरु
उल्कोयेर तिनिहरु मृत्युको निन्द्रामां पर्छन् अनि कैले पनि जाग्दैनन्
यहवेको येइ बाणी छ । मं तिनिहरुका भेंडाका पाठा र थुमा र ४०
बोकाहरुलाइ कटाउंछु । शेशक् कसोरि लिईछ . जस्को कीर्त्ति सिंगै ४१
पृथिवीमां हुंद थियो त्यो उदेक् रकम्ले परायताबि भइ गयो . बाबेल्
लोग् लोग्को बीच्मां उस्क्को रीत्ले उजार् भयो । बाबेल् मांथि समुन्द्र ४२
चढि आयो . त्यो त्यस्का धेरै छालहरुमां डुबि गयो । त्येस्का सहरहरु ४३
उजारीये निपानेदेस् बिनामान्छेको देस् भइ गयो त्यस्मां कोई पनि
रहंदैन अनि कोई मान्छेजात् त्येता बाटो हिंड्दैन । मं बाबेलमां बेललाइ ४४
दण्ड दिंछु अनि त्येस्ले ज्ये ज्ये नाल्येको छ त्यो त्यस्को मुख देखि झीकाउंनु
लाउंछु अनि लोग् लोगहरु फेरि फेरि त्येता तिर तांत् लाग्येर हिंड्देनन् .
अनि बाबेलको घेराभित्ता भत्काईछ ॥

हे मेरो प्रजा त्येस् देखि निस्कि आव अनि यहवेको उठेरको रिस् ४५
देखि तिमिहरु सबैका प्राण् बचाव । अनि जब त्येस् देस्मां खल्याङ्मल्याङ् ४६
सुनींछ तब तिमिहरुको मन् न घब्रागवस् अनि तिमिहरु न डराव एक्
बर्षमां एक् खल्याङ्मल्याङ् आउंछ अनि त्येस् पछि अर्को बर्षमां अर्को
खल्याङ्मल्याङ् आउंछ अनि त्येस् देस्मां उपद्रईं हुंन गर्छ अनि मालिकको
बिरुद्धमां मालिक चढि आउंछ । येकारण हेर ति दिन् आउंछन् जब मं ४७
बाबेलका मूर्त्तिहरुलाइ दण्ड दिंछु अनि त्येस्को देस्का सबै लोगको मुख्
कालो होइ जांछ अनि त्येस्का मारियेका लोग् त्यस्को बीच्मां लड्छन् ।
त्येस् बेला स्वर्ग र पृथिवी र जो जो त्यस्मां छन् तिनले बाबेल् मांथि ४८
जयजयकार् गर्छन् किनभन्ये त्येस् मांथि उत्तर् दिशा देखि नास् गर्ने चढि
आउंछन् यहवेको येइ बाणी छ । जसोरि बाबेलले इस्राएलका मारियेका ४९
हरुलाइ लड़ाइ दियो त्यसैरि सिंगै पृथिवीका मारियेकाहरु बाबेलमां
लड़ाईंछन् । हे तरवार् देखि बांच्येकाहरु हो त्येस्मां न उभीयौ तर भागि ५०
जाव . यहवेलाइ टाड़ो देखि सम्झ अनि यरुशलेम्को पनि सम्झना गर ।
हांमिहरुको मुख कालो छ किनभन्ये हांमिहरु मांथि गिल्ला पर्यो ५१
मान्छेहरुले यहवेको पवित्रबासमां परदेसीहरुले पस्नु पाये येकारण्
हांमिहरुको मुख् कालो भयो । येकारण यहवेको यो बाणी छ येस्ता ५२
दिन् आउंछन् मं बाबेलका खोपीयेका मूर्त्तिहरुलाइ दण्ड दिंछु अनि त्यस्को
सिंगै देस्मां मान्छेहरु घाइते भइ भइकन कहर्दै रहंछन् । बाबेल् आकाश् ५३
सित बात् मार्ने सम्म अलगो बनाईयो अनि त्यस्का अलगा अलगा
किल्लाहरु अरु पनि बलिया बलिया पारीये भन्ये पनि मं त्यस्लाइ नास्

५४ पार्नको लागि माग्छेहरूलाइ पठाउंछु यह्वेको येइ वाणी छ। सुन
बाबल् देखि चिच्याईको सोर् सुनींद छ अनि कल्दीहरूको देस् देखि
५५ सत्येनासको ठुलो खैलाबैला. किनभन्ये यह्वेले बाबेल्लाइ नष्ट गर्द छ
अनि त्येस्मांको ठुलो खैलाबैला थुम्छ येसैकारणले त्येस्का खैलाबैला
५६ महासागरको जस्तो सुनींद छ. बाबेल् मांथि नास् गर्नेहरू चढि आये
अनि त्यस्मांका बीरहरू पकड़ा पर्ये अनि तिनिहरूका धनुहरू भांचीये.
किनभन्ये यह्वे साटो फर्काइ लिंने ईश्वर् छ निस्सइ उस्ले साटो लिंछ।
५७ अनि मं त्येस्का मालिक्हरू पण्डित्हरू हुकुमदारीहरू कामदारीहरू र
बीरहरूलाइ मताहा तुल्याउंछु तिनिहरू मृत्युको निन्द्रामां पर्छन् अनि कैले
पनि जाग्दैनन्. राजाधिराजको नांउ भयेको सेनाहरूको यह्वेको येइ
५८ वाणी छ। सेनाहरूको यह्वेले येसो भन्द छ बाबेल्का गजौला घेराभित्ता
जगै समेत् भत्काईंछन् अनि त्येस्का अलग अलग ढोका आगो लगायेर
डड़ाईंछन् अनि त्येस्मां भयेका लोगले व्यर्थ दास्तौ गर्द छन् अनि
अन्येदसीहरूले आगोको लागिको काम् गर्द छन् त तिनिहरू थकित्
होइ जांछन् ॥
५९ यहूदाको राजा सिद्कियाह्को राज्को चौथो बर्षमां जस् बेलामां
६० त्यो बाबेल्मां लगीयो अनि त्यो सङ महसेयाह्को छोरो नेरियाह्को
छोरो सरायाह् मूल्मंत्री पनि थियो त्यस्लाइ यिर्मयाह् अगमवक्ताले
६१ आज्ञा गर्येको कुरा येइ हो। बाबेल् मांथि पर्नु आंटेका सबै बिपत्तिमां
बाबलको बिषयमां लेखीयेका सबै कुरा यिर्मयाह्ले पोस्तक्मां लेख्यो त
यिर्मयाह्ले सरायाह्लाइ भन्यो जब तिमि बाबेल्मां पुग्छौ तब निस्से
६२ यि सबै कुरा पढ्येर भनु हे यह्वे तपांइले येस् ठांउको बिषयमां
भनु भयो मं येस्लाइ येस्तोगरि मेटि दिंछु येस्मां को मान्छे को पशु कोई
६३ पनि रहंदेन अं यो ठांउ सदा उजार् भइ रहंछ भनि। अनि येसो हुंछ
जब तिमिले यो पोस्तक पढि सक्छौ तब यो येउटा ढुंगामां बांध्येर परात्
६४ नदीको बीच्मां आफ़ालि देउ. अनि येसो भन येसैगरि बाबेल् डुबि
जांछ अनि यह्वेले येस्मां बिपत्ति ल्यायेको कारणले यो फेरि कैले पनि
उठ्दैन त तिनिहरू थकित् होइ जांछन् ॥
यिर्मयाह्का बचन् यिहीं सम्म हुन् ॥

५२ १ सिद्कियाह् राज् गर्नु लाग्दा एकाईस् बर्षको थियो अनि त्येस्ले
यरूशलेम्मां एघारह् बर्ष राज् गर्यो. अनि त्येस्को आमाको नांउ
२ लिब्नाको यिर्मयाह्की छोरी हमूतल् थियो। अनि यहोयाकीमले गर्येका
३ सब्बै झैं यह्वेको सांमु ज्ये बुरो थियो त्येइ त्येस्ले गर्यो। कसोगरिभन्ये
यह्वेले तिनिहरूलाइ आफ्नु सांमु देखि न आफालुंज्याल् सम्म उस्को
रिस्को कारणले यरूशलेम् र यहूदा मांथि यो पर्यो. अनि सिद्कियाह्
४ बाबेल्को राजा देखि बागि भयो। अनि त्येस्को राज्को नवं बर्षको दसौं

महीनाको दशौं तिथिमां ऐसो भयो बाबेलको राजा नबूकद्रेस्सरले आफ्ना
सबै पल्टन् समेतले यरूशलेमको बिरुद्धमां आइ लागेर त्यसको बिरुद्धमां
छाउनी छाल्यो अनि तिनिहरूले त्यसको बिरुद्धमां वरिपरि गाडूहरू बनाये ।
ऐसोरि सिद्किय्याह् राजाको एघारौं बर्ष सम्म सहर् घेरि रह्यो । अनि ५ ६
चौथो महीनाको नवं तिथिमां सहरमां अनिकाल् यस्तो सारो भयो
देशको लोगको लागि रोटी थियेन । तब सहरमां ऐउटा छेंडू बनाईयो ७
वहांदेखि लड़ाईंका सबै मान्छेहरू राजाको बारी निर भएको दुइ
देवालको बीचमां भयेको देलो बाटो राति भागे (त्यस् बेला कलदीहरू
सहरको सांमु वरिपरि थिये). अनि तिनिहरू अराबाको बाटो बाड़ो
गये । तर कलदीहरूको पल्टनले राजालाइ खेदे वहांदेखि त्यसलाइ ८
यरीहोको मैदानमां भेट्टाये अनि त्यसका सबै सेना त्यो देखि छरपुट्ट भयेका
थिये । तब तिनिहरूले राजालाइ समातेर त्यसलाइ हमात् देशको ९
रिब्लामां बाबेलको राजा थांइ ल्याये अनि त्यसले त्यसको निया गर्‍यो ।
अनि बाबेलको राजाले सिद्किय्याहका छोराहरूलाइ त्यसका आंखाको १०
सोझि मार्‍यो. अनि त्यसले यहूदाका सबै मालिकहरूलाइ पनि रिब्लामां
मार्‍यो । अनि त्यसले सिद्किय्याहका दुइ आंखा निकाल्यो वहांदेखि ११
बाबेलको राजाले त्यसलाइ सांग्लो भिराएर बाबेलमां लग्या वहांदेख
त्यसले त्यसलाइ त्यो मर्ने दिन् सम्म झेलखानमां हालि राख्यो ॥

अब पांचौं महीनाको दशौं तिथिमां अर्थात् बाबेलको राजा १२
नबूकद्रेस्सरको राजको उन्नाईसौं बर्षमां पहरूको कमान् बाबेलको राजाको
सांमु सामेल् रहने नबूजरदान् यरूशलेममां आयो . अनि त्यसले यहोवाको १३
घर् र राजाको घर् डड़ायो अनि यरूशलेमका सबै घरहरू अं सबै ठुला
ठुला घरहरू त्यसले आगोले डड़ायो । अनि पहरूको कमान् सङ भयेका १४
कल्दीहरूका सबै पल्टनले यरूशलेमका वरिपरिका भित्ता भत्काइ दिये ।
अनि लोगमांका सबै भन्दा कंगालिहरूलाइ र सहरमां छोड़ियेका रह्याका १५
लोग् र बाबेलको राजा थांइ भागेका सबै र थुइरोका उबर्‍येकाहरूलाइ
पहरूको कमान् नबूजरदान्ले बन्धुवा गरि लग्यो । तर पहरूको कमान् १६
नबूजरदान्ले देशका सबै भन्दा कंगालिहरूलाइ दाखको बारी गोडूने र
खेति किसान् गर्ने हुंनुलाइ छोड़ि दियो । अनि यहोवाका घरमां भयेका १७
पीतलका थामहरू र यहोवाको घरमां भयेका आधारहरू र पीतलको
समुन्द्र कलदीहरूले टुकरै टुकरा पारे अनि तिनको सबै पीतल बाबेलमां
लग्ये । अनि भांड़ाहरू र बेल्चाहरू अभ्भरुदानीहरू र कटोराहरू र धुपौराहरू १८
र तिनिहरूका सेवा गर्ने पीतलका सबै सामानहरू तिनिहरूले लग्ये ।
अनि कटोराहरू र धूपदानी भांड़ाहरू र बर्तनहरू र कासउँडिहरू १९
दीयाबत्तीहरू धुपौराहरू र बटुकामांका ज्ये ज्ये सुनका थिये ति सुन् अनि
ज्ये ज्ये चांदीका थिये ति चांदीगरि पहरूको कमान्ले लग्यो । ति दुइ २०
थामहरू र त्यो ऐउटा समुन्द्र र त्यसको मुनि भयेका बाहू पीतलका गोरुहरू

जो सुलैमान् राजाले यहवेको घर्को लागि बनायेको थियो. ति सबै
२१ भांड़ाहरूको पीतल विना जोखाईको थियो। थाम्हरूमांको विषयमां
येउटा चड्‌का अलगेडैं अठारह् हात्को थियो अनि फेरो बारह् हात्को
२२ अनि बाक्ला चार् अवंलको थियो. अनि ति भित्र खोक्रा थिये। अनि
थाम्नि पातल्को थिया थाम्निको अलगेडैं पांच् हात्को थियो अनि त्यसमां
२३ गिर्के चित्रजालो र दारीम् बनाईयेका थिये ति सबै पीतल्का थिये अनि
२४ ति जस्ते अर्कों थाम्का पनि थिये दाराम्हरू समेत्। अनि थाम्निको
घेरामां छियानब्बेवटा दारीम् बनाईयेका थिये त चित्रजालो मांथि सबै
२५ एक् से दारीम् थिये। अनि पहरूको कप्तान्ले मूलपूजाहारी सरायाहलाइ
र दस्रा पूजाहारी सपन्याह् र तीनै जना दुवार्पालहरूलाइ लियो. अनि
सहर् देखि त्यसले लड़ाईंका मान्छेहरू मांथि राखेको येउटा रुहेगोलाइ र
सहर्मां पाईयेका राजाको मुख् हेर्नेहरूमांका सात् जनालाइ र सेनापति
खदीर्लाइ जस्ले देसका लोगको गन्ति गर्दै थियो अनि सहर्मां पाईयेका
२६ देसका लोगमांका तीनकोरी जनालाइ लियो। अनि पहरूको कप्तान
नबूजरदानले तिनिहरूलाइ लियेर बाबेल्को राजा थांइ रिब्लामां ल्यायो।
२७ तब बाबेलको राजाले तिनिहरूलाइ हमात् देसमां भयेको रिब्लामां
हिर्काियेर मारि दियो। येसोरि यहूदा आफ्नु देस् देखि बन्धवाईमां
२८ लगीयो। नबूकद्रेस्सार्ले लग्येका बन्धवा लोग येति थिये. [त्यसको राज्को]
२९ सातौं बर्षमां तीन् हजार् र तेईस् जना यहूदीहरू. फेरि नबूकद्रेस्सार्को
अठारौं बर्षमां यरूशलेम् देखि आठ्से र बत्तीस् प्राणीहरूलाइ लग्यो.
३० नबूकद्रेस्सार्को तेईसौं बर्षमां पहरूको कप्तान् नबूजरदानले सात् से र
पैंतालीस् यहूदी प्राणीहरूलाइ बन्धुवा गरि लग्या. त सबै प्राणीगरि
चार् हजार् र छ से जना भये॥

३१ अनि यहूदाको राजा यहोयाकीन्को बन्धुवाईको सैंतीसौं बर्षको बाह्रौं
महीनाको पच्चीसौं तिथिमां येसो भयो बाबेल्को राजा एवीलमरोदकले
आफ्नु राज्को पहिलो बर्षमां यहूदाको राजा यहोयाकीन्को सिर्
३२ उठायेर त्यसलाइ भेलखान् देखि निकाल्यो अनि त्यो सित दयालु कुरा
गर्यो अनि बाबेल्मां आफु सङ भयेका राजाहरूको सिंहासन् भन्दा त्यसको
३३ चड्‌ सिंहासन् अलग्यायो। अनि त्यसले त्यसको भेलखान्को लुगा फेरि दियो
३४ अनि त्यसले जीवन्भरि सधैं त्यसको सांमु रोटी खांद थियो। अनि त्यसको
खुराक्को विषयमां त्यसको जीवन्भरि बाबेल्को राजा पट्टि बाटो
दिनहूंको खुराक् दिन् दिने दिईंद थियो॥

बिलापो गीत् ।

माञ्छेहरुले भरिपूर्ण भयेको सहर् को औधिगरि सुनसान् भई . १ १
कसोगरि त्यो बिधुवी जस्ती भई .
लोगलोग्मां त्यो ठुली र मुलुक्मुलुक्मां मैया थिई
त्यो कसोगरि भाराकिस्ता दिंने भइ गई ।
त्यो रातभरि सारो रुंद छे अनि त्येस्का गालामां आंसु बहि रहंद छन् २
त्येस्लाइ शान्ति दिंने त्येस्का प्रियहरुमांको कोई पनि छैन
त्येस्का सबै मित्रहरुले त्यो सित छल् गर्‍ये .
तिनिहरु सबै त्येस्का बैरी बनेये ।
यहूदा दुकख र सारो दास्तीको कारण्ले बन्धुवाईमां गई ३
त्यो अन्यदेसीहरुको बीच्मां रहंद छे अनि कोइ पनि बिश्राम् पाउंदीन .
त्येस्का निन्दा गर्नेहरु सबैले त्येस्लाइ गौंड़ामां पक्र्‍ये ।
सिय्योनका बाटाले बिलाप् गरि रह्येका छन् किनभन्ये ठहराईयेका चाडूमां ४
कोई आउंदैन
त्येस्का सबै ढोकाहरु सुनसान् छन् त्येस्का पूजाहारीहरुले सुस्केरामराई
गर्द छन्
त्येस्की कन्येहरु दुकखमां छिन् अनि त्यो आफै चइं तीतेईंमां छे ।
त्येस्का सत्तुर्हरु मूल् भइ गये त्येस्का द्रोहीहरु जयवन्त छन् ५
किनभन्ये यह्वेले त्येस्का अप्राधहरु धेर् हुंनाको कारण्ले त्येस्लाइ
दुकख दियो .
त्येस्का बालखहरुलाइ बैरीहरुले बंधुवा गरि लग्ये ।
अनि सिय्योन्की छोरीको सिंगै महिमा गइ गयो . ६
त्येस्का मालिक्हरु खर्क न पाउंने मिर्गहरु जस्तै भइ गये
अनि तिनिहरु निर्बल् भइकन खेद्नेहरुको सांमु देखि भागि गये ।
यरुशलेम्ले आफ्नु दुकख र संकट्मां ७
तादि त्येस्का भयेका सबै थोक् सम्झंद छे .
जब त्येस्का सबै लोग् सत्तुर्हरुका हातमां पर्‍ये अनि त्येस्लाइ गोहार् गर्ने
कोई पनि थियेन
सत्तुर्हरुले त्येस्लाइ देख्येर त्येस्को बिश्राम्मनाई ठट्टामां उड़ाये ।
यरुशलेम्ले निम्ने औधि पाप् गरी येसैकारण्ले त्यो अपवित्र थोक् ८
जस्तो छ
त्येस्लाइ मान् गर्ने सबैले त्येस्को निन्दा गर्‍ये किनभन्ये तिनिहरुले त्येस्को
नंगोईं देख्ये .
अं त्यो सुस्केरा मांर्दै पछिल् तिर फर्कि जांद छे ।

९ त्येस्को अशुद्धइँ त्येस्को गुन्यूंमां लागि रह्येको छ त्येसले आफ्नु अन्तको दिन् सम्झंदैन
येस्कारण् त्यो उदेक्को रीत्ले आफ्नु मान् देखि खसालीई अनि त्येसलाइ शान्ति दिने कोई छैन .
हे यहवे मेरो कष्ट मांथि हेर्नु हवस् किनभन्ये सत्तुरले औधिनै बड़ाई गऱ्यो ।
१० द्रोहीले त्येस्का सबै मनपर्दा मनपर्दा थोक्मां हात् पसाऱ्ये .
कसोगरिभन्ये त्येसले अन्यदेशीहरूलाइ त्येस्को पवित्रस्थान्मां पस्येका देखी जुन्हरूको बिषय्मां तपांइले तं तिनिहरूको सभामां पस्दा पनि न पस् भनि आज्ञा दिंनु भयेको थियो ।
११ त्येस्का सबै लोगले मुस्करा मांर्दै अन्न खोज्दछन्
तिनिहरूले आफ्नु प्राणलाइ जगाऊं भनि आफ्ना सबै मनपर्दा मनपर्दा थोक्हरू दिहाल्ये अन्नको लागि .
हे यहवे हेर्नु हवस् अनि बिचार् गर्नु हवस् किनभन्ये मं तुच्छ भयें ।
१२ हे सबै बटौरेहरू हो क्ये तिमिहरूलाइ येस्को केहि धन्दा छैन .
हेर अनि बिचार् गर यहवेले उस्को डरलाग्दो रिस् उठेको दिन्मां मंलाइ दियेको मेरो जस्तो दण्ड
अरू कसैको दण्ड छ कि छैन ।
१३ मेरा हांड्हरूमां उसले ऊंभो देखि आगो पठाइ दियो अनि त्येसले ति भस्म भये .
उसले मेरा गोड़ाको लागि जाल् फिंजायो उस्ले मंलाइ फर्कायो
उस्ले मंलाइ एक्लै छोड़ि दियो अनि मं दिन्भरि निर्बल् रहंदो छु ।
१४ उस्ले मेरा अपराध्को जूवा आफ्नै हात्ले बांध्यो
ति एका अर्का गांसीये ति मेरा कांधमां आये अनि उसले मेरो बल् घटायो .
प्रभुले मंलाइ तिनिहरूको हात्मां पारि दियो जुन्हरूको सांमु मं उभीइ रहंनु सक्दीन
१५ प्रभुले मं सङका मेरा सबै बीरबीर्हरूलाइ तुच्छ ठान्यो
उस्ले ठहरायेको सभालाइ मेरो बिरुद्धमां बोलायो मेरा जुवान्हरूलाइ कुच्याउंनुको लागि .
प्रभुले यहूदाकी कन्येकेटीलाइ कोल्ले दाख् पेल्येको झैं पेल्यो ।
१६ यि कुराको कारणले मं रुंदो छु मेरा आंखा देखि अं मेरा आंखा देखि आंसु बहंद छन्
किनभन्ये जस् शान्ति दिंनेको कारणले मेरो प्राण नया हुंनु सक्थ्यो त्यो मं देखि टाढो गइ गयो .
मेरा केटाकेटीहरू एक्लै छोड़ीये किनभन्ये मेरा बैरीहरू जिताहा भये ।
१७ सिय्योन्ले आफ्ना हात् पसाई छ त्येसलाइ शान्ति दिने कोई पनि छैन

यहवेले याकूबको बिषयमां त्येका वरिपरि भयेकाहरुलाइ त्येका वैरी हव
भन्ये आज्ञा दियेको छ .
यरुशलेम् तिनिहरुको बीच्मां अपवित्र भयेका थोक् जस्तो छ ।
यहवे धर्म्मी छ कसोगरिभन्ये मैंले उका आज्ञाहरु भङ्ग गर्यको छु . १८
मं बिन्ति गर्द छु हे सबै लोगहरु हो मेरो सुन अनि मेरो दुक्ख हेर .
मेरो कन्येहरु र मेरा तन्हेरोहरु सबै बन्धुवाईमां गये ।
मैंले आफना प्रियहरुलाइ डाकार्यें तर तिनिहरुले मंलाइ धोखा दिये . १९
मेरा पूजाहारीहरु र मेरा प्राचीनहरुले सहरमां सास् छोड़ि दिये
आफनु प्राणलाइ जगाउंनु भनि अन्न खोजदा खोजदै ।
हे यहवे हेर्नु हवस् किनभन्ये मं दुक्खमां छु मेरा आन्द्राहरु कुत्ति खेल्द छन् २०
मेरो मुटु मं भित्र नाचद छ किनभन्ये मैंले ठुलो कचिहल् निकाल्यें .
बाहर मं तरवारले निर्बंश हुंद छु भित्र घर्मां चइं काल् छ ।
मेरा वैरीहरुले सुन्ये त्येले सुस्करा मार्द छे अनि त्येलाइ शान्ति दिने कोई २१
पनि छैन भनि
त्यो दुक्खमां छ भनि मेरा सबै वैरीहरुले सुन्ये अनि येसो तपांइले गर्नु
भयो भनि तिनिहरु खुशि भयेका छन् .
जस् दिनको बिषयमां तपांइले प्रचार् गर्नु भयो त्यो दिन् तपांइले ल्याउंनु
हुंछ अनि तिनिहरु पनि मैं जस्ता हुंने छन् ।
तिनिहरुका सबै दुष्ट्‌ई तपांइको सांमु आउन् २२
अनि तपांइले तिनिहरुलाइ मंलाइ मेरा सबै अपराधको कारणले गर्यको
जस्तै गर्नु हवस् .
किनभन्ये मेरा सुस्करामंगाई घेरै छन् अनि मेरो मन् निर्बल् छ ॥

प्रभुले सिय्योनको छोरीलाइ आफनु रिसको बादलले कसो औंधिगरि २ १
ढाकि दियो .
उसले इस्राएलको सुन्दरेईं अकाश् देखि भूंइमां पछारि दियो
अनि उसले रिसको दिनमां आफनु चरणको चरणपिढ़लाइ सम्झेयन ।
प्रभुले याकूबका सबै वासीहरुलाइ नील्यो तैपनि टिठायेन २
उसले रिसायेर यहूदाको छोरीका बलिया बलिया किल्लाहरु भत्काइ दियो
उसले तिनलाइ भुइंमां लड़ाइ दियो
उसले मालिकै समेत् राजलाइ अपवित्र ठहरायो ।
उसले आफनु बल्दोरिसले इस्राएलका सबै सींगहरु काटि दियो ३
उसले वैरीहरु देखि बिरुद्ध गर्नु देखि आफनु दाहीनो हात् भिक्यो .
अनि उसले याकूबलाइ येस्तोरि डढ़ायो जसोरि आगोको ज्वालाले रिंगे
घेरि डढ़ाउंद छ ।
उसले सत्रुले झैं आफनु धनु उकाल्यो र द्रोही झैं दाहीनो हात् पट्टि ४
उभीयो

अनि आंखालाइ मन् पर्नेहरु जत्ति थिये ति सबैलाइ काट्यो .
सिय्योन्‌को छोरीको पाल्‌मां उस्ले आफ्नु बल्दोरिस्‌को आगो लगाइ दियो ।
५ प्रभुले बैरी बनीयो उस्लेनै इस्राएल्‌लाइ नील्यो
उस्ले त्येस्का सबै महल्‌हरु नील्यो अनि उस्ले त्येस्का सबै गड़िहरु भत्‌काइ दियो .
अनि उस्ले यहूदाको रुवाई मांथि बिलापहराई बढ़ाइ दियो ।
६ अनि उस्ले आफ्नु पाल् वारीको टोवा भैं आफालि दियो
उस्ले आफ्नु सभाघर् भत्‌काइ दियो .
यहवेले सिय्योन्‌का ठहरायेका चाडूहरु र बिश्राम्‌दिन्‌हरु बिर्साइ दियो
अनि आफ्नु उठेस्को रिस्‌को कारणले राजा र पूजाहारी दुवैको निन्दा गर्‍यो ।
७ प्रभुले आफ्नु बेदि आफाल्यो अनि आफ्नु पवित्रस्थान् देखि निन्दा सहित् घिनायो
उस्ले त्येस्को महल्‌का भित्ताहरु बैरीहरुका हातमां दिहाल्यो .
तिनिहरुले यहवेको घर्‌मां ठहरायेको चाडूमां भयेको जस्तै कराई गर्‍ये ।
८ यहवेले सिय्योन्‌को छोरीको भित्ता भत्‌काउंने जुक्ति गर्‍यो
उस्ले आफ्नु हात् पसार्‍यो अनि नास् गर्नु देखि त्यो उठाइ लग्येन ।
तर उस्ले गड़ि र भित्ता दुवैलाइ बिलाप् गर्नु लगायो ति दुवै सङ्‌सङ्‌ भत्‌क्ये ।
९ त्येस्का ढोकाहरु भूंइमां भासीये उस्ले त्येस्का बार्‌हरु नास् पार्‍यो अनि भत्‌कायो .
त्येस्को राजा र त्येस्का मालिक्‌हरु लोग् लोग्‌हरुको बीच्‌मां छन् जहां ब्यवस्था छैन
अं त्येस्का अगमवक्ताहरुले यहवेको दर्शन् पाउंदैनन् ।
१० सिय्योन्‌को छोरीका प्राचीन्‌हरु चाम्‌चुम् भूंइमां बसि रह्याका छन्
तिनिहरुले आफ्नु आफ्नु सिर्‌मां धूलो हाल्ये आफ्ना आफ्ना कम्मर्‌मां भाङ्‌रा बेह्ये .
यरुशलेम्‌को कन्येहरुले आफ्नु आफ्नु मुन्टो भूंइ तिर झुक्याइन् ।
११ मेरा आंखाले आंसु बहाउंद छन् अनि मेरा आन्द्राहरु बटारींद छन्
मेरो कलेजो भूंईमां फुट्यो मेरा लोगको छोरीहरुको नास्‌को कारणले
किनभन्ये ससाना बालखहरु अं दुद् खांने नानीहरु समेत् सहर्‌का गल्लि गल्लिहुंदो अर्नालींद छन्
१२ तिनिहरुले आफ्नो आंमाहरुलाइ भन्द छन् अन्न कता हो अनि दाखमद खोई .
तिनिहरु अर्नालींदै घायेल् मान्छेहरु भैं सहर्‌का गल्लि गल्लिहुंदो मिल्कींद छन्
जब तिनिहरुका प्राण् आफ्नो आंमाहरुको काख्‌मां आफालींद छन् ।

मं तंलाइ के साक्षीकुरा भनुं . मं तंलाइ केको नपना दिउं ए १३
यरूशलेमकी छोरी .
मं तंलाइ तं के जस्तो छुए भनि शान्ति दिउं ए सिय्योनकी कन्ये छोरी .
किनभन्ये तेरो दुक्ख समुन्द्र जस्तो अपार् छ . कसले तंलाइ बिसेक् गराउंनु
सकछ ।
तेरा अगमबक्ताहरूले तेरो बिषयमां ब्यर्थ दर्शन् र मूर्खइंई देख्ये १४
अनि तेरा अधर्म्म जाहार् गर्यनन् नहीं ता तं बन्धुवाईमां जांने थिइनस् .
तर तिनिहरूले तेरो लागि ब्यर्थ बोझा र देस् देखि निकालींने अगम्
कहंद छन् ।
तेरो छेउ देखि जांने सबैले तेरो बिरुद्धमां तालि बजाउंद छन् १५
तिनिहरूले यरूशलेमकी छोरीको बिरुद्धमां येसो भन्दै हत्केला बजाउंद
छन् अनि नाख बजाउंद छन् .
के यो येइ सहर् हो जो सुन्दरेइंको पूरी हो अनि सिंगै पृथिवीको हर्षको
कारण हो भनि मान्छेहरूले भन्द थिये ।
तंलाइ खांनुको लागि तेरा सबै सत्तुरहरूले ठुला ठुला मुख् बाये १६
तिनिहरूले हत्केला बजाउंद र दारा कीट्द छन् अनि भन्द छन् हांमिहरूले
तिनिहरूलाइ नील्यूं भनि
जुन् दिन्को बाटो हांमिहरू हेर्दै थियूं त्यो दिन् येइ हो हांमिहरूले भेट्यूं
अनि त्यो देख्यूं ।
यहवेले त्यसै गर्यो जसो उस्ले ठान्येको थियो १७
उस्ले तादि जसो भन्येको थियो त्यसै पूरो गर्यो
उस्ले आफाल्यो अनि टिठायेन .
उस्ले बैरीहरूलाइ तं माथि रमाहटि हुंनु लगायो
उस्ले तेरा द्रोहीहरूका सींगहरू अलग्याइ दियो ।
तिनिहरूको हिर्दय् प्रभु तिर करायो . १८
ए सिय्योनकी छोरीका भित्ता तेरो आंसु नदी झैं रात्दिन् बग्यो
न बिसा न तेरा आंखाको नानीहरूले झपक् लिउन् ।
उठ् रात्को पहिले पहर् देखि करा १९
पानी झैं तेरो हिर्दय् खन्या प्रभुको सांमु .
आफ्ना हात् उ तिर उठा आफ्ना बालखहरूको लागि
जुनहरू गल्लिको सिरान् सिरान्मां भोकले अर्नालीयेका छन् ।
हेर्नु हवस् हे यहवे येसो तपांइले कसलाइ गर्नु भयो . २०
के स्त्रीहरूले आफ्ने गर्भका फल्हरू अर्थात् आफ्ने काखमां खेलायेका
बालखहरू खाउन् .
के पूजाहारी र अगमबक्ता प्रभुको पवित्रस्थान्मां मारीउन् ।
बूढा तन्हेरि मान्छेहरू गल्लि गल्लिहुंदो भूइंमां लड्लड् रह्येका छन् २१
[illegible] तरवारले लडाईये .

तपांइले आफ्नु रिस्को दिन्मां तिनिहरूलाइ काट्नु भयो अनि तिनलाइ मार्नु भयो ठिठाउंनु भयेन ।
२२ तपांइले मंलाइ अत्याउंनेहरूलाइ मेरा वरिपरि ठहरायेको चाड्को लागि जमौंने समाजलाइ झैं
अनि यह्वेका रिस्को दिन्मां न कोई भाग्नु पायो न कोई बांच्यो .
मैंले आफ्नु काखमां खेलायेका वढायेकाहरूलाइ मेरा सत्रुहरूले मेटि दिये ॥

३ १ मं त्येइ मान्छे हुं जो उस्को रिस्को कोर्राले दिईयेको कष्ट भोग्दै आयो ।
२ उस्ले मंलाइ डोर्याउंदै लग्येर अंध्यारोमां हिंड्नु लगायो उज्यालोमां होइन ।
३ उस्ले सांचि सांचिनै दिन्भरि घरिघरि मं मांथि आफ्नु हात् उब्जा-उंद छ ।

४ उस्ले मेरो मासु र मेरो छाला गलाइ दियो अनि मेरा हाड्हरू भांचि दियो ।
५ उस्ले मंलाइ थुन्नुको लागि गड़ि बनायो अनि मंलाइ दुक्ख र दास्तौले घेर्यो ।
६ उस्ले मंलाइ धेरै दिन् मर्येको मुर्दा झैं अंध्यारो ठांउमां आफालि राख्यो ।

७ उस्ले मेरा वरिपरि बार् बार्यो मं निस्कंनु न सक्नुलाइ उस्ले मंलाइ तुलो सांग्लोले बांध्यो ।
८ अं जब मं कराइ कराइकन गोहार् मांग्द छु उस्ले मेरो प्रार्थना सुन्दैन ।
९ उस्ले मेरा बाटाहरू काट्येका ढुंगाहरूले देवाल् बनाइ छेक्यो उस्ले मेरा मार्गहरू बंग्याइ दियो ।

१० उ मेरो लागि ढुकि रह्येको भालू र गुप्त ठांउको सिंह जस्तै छ ।
११ उस्ले मंलाइ बाटो देखि तानि लग्येर फहरायो उस्ले मंलाइ मेटि दियो ।
१२ उस्ले आफ्नु धनु उकाल्यो अनि मंलाइ चड्ं तारो थाप्यो ।

१३ उस्ले आफ्नु कांड्ले मेरो मुटु छेंड़ि दियो ।
१४ मं मेरा लोगको लागि हांस्ने कारण् भयें अनि तिनिहरूले मेरो बिषयको गीत् दिन्भरि गाइ रहंद छन् ।
१५ उस्ले मंलाइ तीतेंले पूर्ण गरायो अनि एरेलू खुवायेर तृप्त गरायो ।

१६ उस्ले मेरा दांत् रोड़ाले भांचि दियो अनि मेरो मुख् खरानिले ढाकि दियो ।
१७ अनि तपांइले मंलाइ कुशल् देखि दूर् राख्नु भयो कल्याण् भन्येको क्या हो मैंले बिर्सें ।
१८ अनि मैंले भन्यें मेरो बल् नष्ट भयो अनि यह्वे मांथि भयेको मेरो आशा ।

१९ मेरो दुक्ख र मेरो कुगत् सम्झंनु हवस् अनि मेरो एरेलू र पित्तको खुवाई ।
२० ति मेरो मन्ले सम्झि राख्येको छ अनि मेरो मन् पुरींदै गयो ।
२१ मेरो मन्ले फेरि फेरि पनि येइ पुकार्द छ येइकारण् मैंले आशा गर्येको छु ।

हांमिहरु न मेटीयेको कारण् चइं यह्वेको अनुग्रह्लेने हो कसोगरिभन्ये उसका दया घुनीयेनन् । २२

ति बिहाने पिच्छे नया हुंद छन् तपांइको सच्चेइँ ठुलो छ । २३

यह्वे मेरो भाग् हो भन्येर मेरो आत्माले भन्द छ येकारण् मं उस् मांथि भरोसा राखछु । २४

यह्वेको बाटो हेर्ने र उ थांइ जांने आत्माको लागि उ भलो छ । २५

यह्वे देखि मुक्ति पाउंने भरोसा गुमगरि राख्नु मान्छेको लागि जाति छ । २६

मान्छेले बैंस् छंदेखेरि जूवा बोक्दै रहंनु त्येस्को लागि जाति छ । २७

त्यो यो मं मांथि [यह्वे लेनै] हाल्येको हो भनि चाम्चुम् रहोस् । २८

त्यो आफ्नु मुख् भूइंमां दल्दै रहोस् कोइ आशा हुंछ होलाकि भनि । २९

त्येस्ले आफ्नु गाला हिर्काउंने तिर फर्काइ देवस् अनि गिल्लाले भारीयेको हवस् । ३०

किनभन्ये यह्वेले सधैं आफालि राख्दैन । ३१

उस्ले दुक्ख गराये पनि दयालु भयेको कारणले कृपा पनि गर्छ । ३२

कसोगरिभन्ये उस्ले मान्छेको सन्तान्लाइ दुक्ख र कष्ट खुशि सित दिंदैन । ३३

पृथिवीभरिका कैदीहरुलाइ गोड़ाले दल्नु । ३४

कसै मान्छेको निया परम् ईश्वर्को सांमु फेर्नु । ३५

अनि कसै मान्छेका मामला बिगार्नु यि तीनै थोक् प्रभुले हेर्नु सक्दैन । ३६

प्रभुले आज्ञा न गर्येको छन् मान्छेले बचन् भनिकन पूरो हुंछ । ३७

परम् ईश्वर्को मुख् बाटो न निस्कंन्याल् के भलो बुरो निस्कंद छ । ३८

जीउंदो मान्छे किन गन्गनाउंद छ अनि आफ्ना पापको लागि दण्ड दिंने मांथि । ३९

हांमिहरु आफ्ना चाल्चलन् जांचि हेरूं अनि यह्वे तिर फर्कूं । ४०

हांमिहरु आफ्ना हात् मन् समेत् स्वर्गको ईश्वर् तिर उठाऊं । ४१

हांमिहरुले अप्राध् गर्यूं अनि द्रोह् गर्यूं तपांइले क्षमा गर्नु भयेन । ४२

तपांइले हांमिहरुलाइ आफ्नु रिस्ले ढाकि राख्नु भयो अनि हांमिहरुको खेदो गर्नु भयो हांमिहरुलाइ मार्नु भयो अनि कोइ पनि दया गर्नु भयेन । ४३

तपांइले आफुलाइ बादलले छोपि राख्नु भयो हांमिहरुको दोहाई तपांइ थांइ सम्म आइ न पुगोस् भन्येर । ४४

तपांइले हांमिहरुलाइ लोग् लोगको बीच्मां खुर्किखार्कि गर्येका थोक् र कसिङ्गर्सरिनै तुल्याउंनु भयो । ४५

[illegible] बैरिहरुले हांमिहरुको विरुद्धमां ठला ठला मुख बायेका छन । ४६

४७ हांमिहरुका भाग् डर् र खाड़ल् र नास् भयेका छन् ।

४८ मेरा आंखा देखि आंसुका नदीहरु बहंद छन् मेरा लोगको छोरीको नासको कारणले ।

४९ मेरा आंखा देखि बराबर् आंसु बहंदे रहंद छन् अनि कोई पनि थांमीदैनन् ।

५० जैले सम्म यह्वेले स्वर्ग बाटो हेर्नु हुन्न तैले सम्म मं रुनु छोड्दींन ।

५१ मेरो सहर्को छोरीहरुको गत् देख्दा मेरो दुक्ख बढ्द छ ।

५२ अकारण् मेरा वैरी हुंनेहरुले निर्दयाको हिसाप्ले मेरो सिकार् गर्ये ।

५३ तिनिहरुले मंलाइ खाड़ल्मां हाल्येर मेरो प्राणको अन्त गरि दिये अनि मं माथि ढुंगो हालि दिये ।

५४ पानी मेरो कपाल् सम्म आइ पुग्यो तब मैंले भन्यें मं नष्ट भयें भनि ।

५५ हे यह्वे मैंले तपांइको नांउलाइ गहीरो खाड़ल् देखि हापार्यें ।

५६ तपांइले मेरो शब्द सुन्नु भयो मं जुन् दोहाई फेंफें गर्दै दिंद छु त्यो देखि आफ्नु कान् न छोप्नु हवस् ।

५७ जस् दिन् मैंले तपांइलाइ हापार्यें त्यसै दिन्नै तपांइले मंलाइ नजिक् आयेर भन्नु भयो न डरा ।

५८ हे प्रभु तपांइले मेरो प्राणको मामला लड़ेर मेरो जीवन् बचाउंनु भयो ।

५९ हे यह्वे तपांइले मं देखि भयेको अन्ये देख्नु भयो त मेरो निया गरि दिंनु हवस् ।

६० तिनिहरुले मं सित लियेको साटो तपांइले देख्नु भयो अनि मेरो विरुद्धमां गर्येका जुक्तिहरु ।

६१ हे यह्वे तपांइले तिनिहरुले गर्येको निन्दा र मेरो बिरुद्धमां गर्येका जुक्तिहरु सुन्नु भयो ।

६२ मेरो बिरुद्धमां उठ्नेहरुले गर्येका बचन् र तिनिहरुले मेरो बिरुद्धमां दिन्भरि ठान्येका कुराहरु तपांइले सुन्नु भयो ।

६३ तिनिहरुको उठाई बसाई राम्रोगरि हेर्नु हवस् तिनिहरुले गीत् मेरो बिषय्का गाइ रहंद छन् ।

६४ हे यह्वे तपांइले तिनिहरुलाइ तिनिहरुका करनी अनुसार् फल् दिंनु हुंछ ।

६५ तपांइले तिनिहरुको हिर्दय् कठोर् गराइ दिंनु हुंछ अनि तिनिहरुलाइ तपांइको स्राप् ।

६६ तपांइले तिनिहरुलाइ आफ्नु रिस्ले नास् पार्नु हुंछ अनि यह्वेको येस् [illegible]

सुन् कसोगरि अंध्यारो भइ गयो अनि खूद् निखरा सुन् फेरीयो . ४ १
पवित्रस्थान्का ढुंगाहरु गल्लीका सिराह सिराहमां आफालीयेका छन् ।
निखरा सुन् जस्ता सियोन्का मोल्का बासीहरु २
कि औधिगरि कुमालेले बनायेका मांटोका भांड़ा जस्ता तुच्छ गनीये .
माऊखालहरुले पनि आफना थुन् निकाल्येर आफना छाउराहरुलाइ चूसनु दिंद छन् . ३
तर मेरा लोगको छोरी बगरको शुतरमुर्ग जस्ती निष्ठुर् भइ गई ।
दुद्खांने बालखहरुको जिब्रो तिर्खाको कारणले तालूमां टांसीयो . ४
केटाकेटीहरुले खांनेथोक् मांगद छन् तर कसैले कोइ बचाइ दिंदैन ।
अघि सुकव सङ्ग पालीयेकाहरु अब गल्ली गल्लीहुंदो अनालींदै हिंड्द छन् . ५
खाशामलमल् पोशाकमां पालीयेकाहरु घुर्यान्हुंदो अड़ेस् लाग्द छन् ।
मेरा लोगको छोरीहरुको पाप् सदोमको पाप् भन्दा पनि बेसि भयो . ६
जो एक् छिन्मां उल्टाईयो अनि कसैले त्येस् मांथि हात् लगायेन ।
त्येसका साधूहरु हिंउ भन्दा पवित्र र दुद् भन्दा सेता थिये ७
तिनको शरीर् मुंङ्गा मोतिहरु भन्दा रातो तिनको सुन्दरेइं नीलमणि भन्दा राम्रा थियो .
तर अब तिनको रुप् कोइला भन्दा कालो भये अनि गल्लिमां न चिनींने . ८
तिनको छाला हाड़ूमां टांसीयो . दाउरा जस्तै सुकि गये ।
तरवारले मारीयेकाहरु भोकले मर्नेहरु भन्दा कम् दुखि छन् ९
कसोगरिभन्ये यिनिहरुको प्राण् भूइं देखि उपज्येका थोक् न पाइकन ओइल्हो जांदै छन् ।
दयालु स्त्रीहरुले आफ्नै हातले आफना बालखहरुलाइ पकाइन् १०
मेरा लोगको छोरीको नष्टहुवाईमां तिनिहरुनै तिनका आहारा भये ।
यहोवेले आफ्नु बल्दोरिस् देखायो उसले आफ्नु कोप्ये बलले खन्यायो ११
अनि सियोनमां येस्तोरि आगो लगायो त्येसका जग समेत् भस्म भये ।
कोई द्रोही कि कोई सत्तुर् यरुशलेमका ढोकाहरु देखि भित्र पस्नु सकुन् भनि १२
पृथिवीको कसै राजाले कि जगतको कसै बासीले पनि चिताउंनु सकेको थियेन ।
येसो भयेको तिनिहरुका अगमवक्ताहरुका पाप् र तिनिहरुका पूजाहारीहरुका अधर्मी कर्मको कारणले हो १३
कसोगरिभन्ये तिनिहरुले त्येसको बीचमां धर्मीहरुको रगत् बहाये ।
अब तिनिहरु गल्लिगल्लिहुंदो अन्धाहरु झैं डुलि हिंड्द छन् अनि तिनिहरु- रगतले बोहोरीयेका छन् १४
यहां सम्म भयेका छन् तिनिहरुको जीउको लुगा पनि कसैले छुंदैन ।
मान्छेहरुले तिनिहरुलाइ कराइ कराइकन भन्द छन् एइ अशुद्ध पर सर् १५

जब तिनिहरु भाग्दै पर पर गये तब लोग्लोग्ले भन्ये अब ता तिनिहरुले
येता बास् गर्नु पाउंदैनन् भनि ।
१६ यह्वेको रिसले तिनिहरुलाइ छरपुट्ट पार्‍यो उस्ले तिनिहरु मांथि फेरि
फेरि नजर् लाउंदैन .
तिनिहरुले पूजाहारीहरुको केहि मान् गर्‍येनन् अनि न बूढ़ाहरु मांथि
केहि दया गर्‍ये ।
१७ गोहार्को लागि बाटो हेर्दा हेर्दा ब्यर्थैं हांम्रा आंखा मांत्रै टट्टाये .
हांमिहरुले एक् लोग्को बाटोहेराई गर्‍यूं तर त्येस्ले हांमिहरुलाइ
बचाउंनु सकेन ।
१८ [बैरीहरुले] हांमिहरुलाइ येस्तो खेद्दो गर्दै छन् हांमिहरु गल्लिहुंदो हिंड्नै
सक्दैनौं .
हांमिहरुको अन्त नजिकायो हांमिहरुका दिन् पूरा भये हांम्रो अन्त
आइ पुग्येको कारणले ।
१९ हांमिहरुलाइ लगार्नेहरु आकाशका गिद्ध भन्दा पनि छिटा छन् .
तिनिहरुले पहाड़्हुंदो हांमिहरुलाइ खेद्‍ये अनि तिनिहरु हांमिहरुको
लागि बन्मां ढुकि बस्ये ।
२० हांमिहरुको नाकको सास् यह्वेको अभिषिक्त जस् मांथि हांमिहरुको
जीउंनिको आशा थियो
जस्को बिषयमां हांमिहरुले भन्येका थियूं हांमिहरु उसैको छाहारिमां
बसकौं भनि उइ तिनिहरुको खाड़ल्मां लगीयो ।
२१ ए ऊज् देस्मां बस्‍नें एदोम्का छोरी खुशि हुंदै रहा .
कटोरा तं मांथि पनि आइ लाग्छ तेंले पनि त्यो पीउंनु पर्छ अनि तेंले
आफुलाइ नाङ्गो पाउंछस् ।
२२ ए सिय्योन्की छोरी तेरो अधर्म्मको दण्ड पूरो भयो
अब देखि उस्ले तंलाइ बन्धुवाईमां लैजांदैन .
ए एदोम्की छोरी उस्ले तंलाइ तेरो अधर्म्मको दण्ड दिंछ
उस्ले तेरा पाप्हरु प्रगटो गर्छ ॥

५ १ हे यह्वे हांमिहरु मांथि के के आइ पर्‍ये ति सम्झंनु हवस् .
हेर्‍येर हांमिहरुको निन्दाको बिचार् गर्नु हवस् ।
२ हांमिहरुको पित्रिधन् पराय्हरु तिर फर्कि गयो
हांमिहरुका घर्हरु बाइरका लोगका भये ।
३ हांमिहरु बाबु मर्‍येका टुहुराटुहुरी भयूं
हांमिहरुको आंमा बिधुवीसरि भइन् ।
४ हांमिहरुले पानी किनि किनिकन खायूं
हांमिहरुको लागि दाउराको दाम् लाग्छ ।
५ हांमिहरुलाइ लगार्नेहरुले हांम्रो गर्धनमां टेकन खोज्‍दै छन .

हांमिहरु हरान् पर्‍यूं अनि कोइ विश्राम् छैन ।
हांमिहरु मिस्रीहरुको ताबिमां दिईयूं ६
अनि अश्शूरीहरुको हातमां पनि पेट्को आहाराको लागि ।
हांमिहरुका पित्रहरुले पाप् गर्‍ये अनि तिनिहरु छैनन् ७
अनि हांमिहरुले तिनिहरुका अधर्म्मका भार् बोक्यूं ।
कमाराहरुले हांमिहरु मांथि अधिकार् चलाउंद छन् . ८
हांमिहरुलाइ तिनिहरुको हात् देखि छोड़ाउंने कोई पनि छैन ।
हांमिहरु आफ्नु खांने योक् प्राणको जोखिममां भइ ल्याउंद छौं ९
कसोगरिभन्ये बनमां तरवार् चल्द छ ।
भोक्को ताप्को कारणले १०
हांमिहरुको छाला चुल्हा झैं बल्दै छ ।
तिनिहरुले सिय्योन्मां स्त्रीहरुलाइ ११
अनि यहूदाका सहर् सहरमां कन्येकेटीहरुलाइ भरष्ट पार्‍ये ।
मालिक्हरु हात् फर्काएर झुंड्याईये . १२
अनि बूढ़ाहरुको कोइ मान् राखीयेन ।
जुवान्हरुले जांतो बोक्नु पर्द थियो १३
अनि केटाकेटीहरु चइं दाउराको भारि मुनि लड़ेर ।
अब बूढ़ाहरु ढोका ढोकामां बस्दैनन् १४
अनि न जुवान्हरुको गीत् सुनींद छ ।
हांमिहरुको मन्को हर्ष गयो १५
अनि हांमिहरुको नचाई बिलापमां फेरीयो ।
हांमिहरुको मुकुट् सिर् देखि खस्यो . १६
हाय् हांमिहरु मांथि . किनभन्ये हांमिहरुले पाप् गर्‍यूं ।
येसैकारणले हांमिहरुको हिर्दय् निर्बल् भइ गयो १७
अनि यिनैको कारणले हांमिहरुका आंखा धमीलीये .
सिय्योन् पहाड़् उजार् भइ रह्याको छ १८
स्यालहरु त्यस्मां हिंड्द छन् ।
हे यहवे तपांइ ता सदा बिराजमान् रहनु हुंद छ १९
तपांइको सिंहासन् पुस्ता देखि पुस्ता सम्म ।
तपांइले किन हांमिहरुलाइ सदाको लागि बिर्सिहाल्नु भयो २०
अनि हांमिहरुलाइ धेरै समय्को लागि त्यागि दिंनु भयो ।
हे यहवे हांमिहरुलाइ आफु पट्टि फर्काउंनु हवस् त हांमिहरु फर्कंछौं २१
हांमिहरुका दिन् तारिको झैं जस्ताका तस्ता पारि दिंनु हवस् ।
तर तपांइले हांमिहरुलाइ स्वांट्टै निकाल्नु भयो २२
तपांइ हांमिहरु देखि अतघोरै क्रोधित् हुंनु भयेको छ ॥

यहेज्केल् अगम्बक्ताको पोस्तक्।

१ १ अनि येसो भयो तीसौं बर्षको चौथो महीनाको पांचौं तिथिमां मं
बंधुवाहरुको बीच्मां कबार् नदीको तीर्मां थियें तब स्वर्ग खोलीयो त
२ मैंले ईश्वर्ले दियेका दर्शन्हरु देख्यें। यहोयाकीन् राजाको बन्धुवाईको
३ पांचौं बर्षको चौथो महीनाको पांचौ तिथिमां कल्दीहरुको देश्मां
कबार् नदीको तीर्मां यहवेको बचन् बूजीको छोरो यहेज्केल् पूजाहारीकां
४ प्रगटोगरि आयो अनि त्येतिनैखेरि यहवेको हात् त्यस् मांथि पर्‍यो। तब
मैंले हेर्‍यैर को देख्यें भन्ये उत्तर् दिशा देखि ठुलो बादल् र हल्लौंदै गर्‍येको
आगो सहित्को ठुलो आंधी आउंदै रह्छ अनि बादल्का चारै तिर उज्यालो
र आगोको बीच्मां झल्काईयेको पीतल् जस्तो केही देखाहा पर्‍यो।
५ फेरि त्येस्को बीच् देखि चार् जीवात्हरु देखाहा पर्‍ये। अनि तिनको
६ रुप् मान्छेको जस्तो रह्छ। अनि तिनिहरुमांको गोटैपिच्छेका चार्
७ चार्वटा मुख् र चार् चार्वटा पखेटा राख्छन्। अनि तिनका गोड़ा सोजा
सोजा राख्छन् अनि तिनका गोड़ाका पैतला बाच्छाका खुर् जस्ता राख्छन्.
८ अनि ति झल्काईयेका पीतल् जस्ता चम्कंदा राख्छन्। अनि तिनका चारै
कुनामां पखेटाका मुनि मुनि मान्छेका जस्ता हात् राख्छन्. अनि ति
९ चार्वटाका मुख् र पखेटा येस्ता राख्छन् एक् जीवात्का पखेटा
अर्को जीवात्का पखेटा सित गांसीयेका राख्छन् अनि जीवात्हरु हिंड्दाखेरि
१० फर्कंदैन राख्छन् आफ्नु आफ्नु सांमु सोझैं हिंड्दा राख्छन्। तिनिहरुको
मोहोड़ा येस्तो रह्छ तिनिहरुको मुख् मान्छेको जस्तो रह्छ अनि तिनिहरु
चारैको दाहीनो पट्टिको चहिं मुख् सिंहको जस्तो अनि तिनिहरु चारैको
बाउं पट्टिको चहिं मुख् गोरुको जस्तो फेरि तिनिहरु चारैको गिद्धको जस्तो
११ मुख् पनि राख्छन्। अनि तिनिहरुका मुख् र पखेटा ऊंभो ऊंभो तिर अलग्
अलग् राख्छन् अनि एक् एक् जीवात्का दुइ दुइवटा पखेटा एका अर्का
सित गांसीयेका राख्छन् अनि दुइ दुइवटा पखेटाले चहिं तिनको जीउ
१२ ढाकीयेका राख्छन्। अनि तिनिहरु सोजोसोझैं आफ्नु आफ्नु सांमु हिंड्दा
राख्छन्. आत्मा जता जता जांनु खोजद छ उता उतै तिनिहरु पनि जांनु
१३ खोज्दा राख्छन् अनि हिंड्दाखेरि तिनिहरु फर्कंदैन राख्छन्। अनि
जीवात्हरु येस्ता देखाहा पर्‍ये तिनिहरुको रूप् आगोको फिलौङ्गो कि
बल्दै गर्‍येको रांको जस्तो देखींद रह्छ अनि त्यो आगोले जीवात्हरुको बीच्
बीच्मां येतायेता उताउता डुल्दै अघोर् ज्योति दिंद रह्छ अनि त्यो आगो
१४ देखि बिजुलि निक्लंद रह्छ। अनि जीवात्हरुको हिंड़ाई बिजुलिको जत्तिकै

थाइ तिनका चार् मुखको गन्ति अनुसार् एक् एक्वटा पांग्रा राछन्।
पांग्राको रूप् र बनौरि फीरोजको रङ्ग जस्तो रछ. अनि चारैको एकै रूप् १६
रछ. अनि येस्तो रछ तिनिहरुको रूप् र बनौरि येउटै पांग्राको बीचमां अर्को
पांग्रा पनि बनीयेको जस्तो। हिंडूदाखेरि तिनिहरु आफ्ना चारै कुनाको १७
बलले हिंडूद राछन् अनि हिडूदाखेरि तिनिहरु फर्कँदैन राछन्। अनि १८
तिनका घेरा अगघोर् डरलागदा राछन् अनि चारै पांग्राको घेरामां चारै
तिर आंखाले भरीयेका राछन्। अनि जब जब जीवात्हरु हिंडूदा राछन् १९
तब तब पांग्राहरु पनि तिनको छेउ छेउ हिंडूदा राछन् अनि जब जब
जीवात्हरु भूमि देखि उठदा राछन् तब तब पांग्राहरु पनि उठदा राछन्।
जता आत्मा जांनु खोजद रछ उतै ति पनि जांदा राछन् कसोगरिभन्ये आत्मा २०
उता तिरनै जांद छ. त पांग्रा जीवात् सङ्सङै उठि जांने गर्दा राछन्
कसोगरिभन्ये ति जीवात्हरुको आत्मा पांग्रामां रछ। जब जब यिनिहरु २१
हिंडूदा राछन् तब तब तिनिहरु पनि हिंडूदा 'राछन् अनि जब जब यिनिहरु
उभींदा राछन् तब तब तिनिहरु पनि उभींदा राछन् अनि जब जब तिनिहरु
भूमि देखि उठदा राछन् तब तब ति पांग्राहरु पनि तिनिहरु सङ् सङै
उठदा राछन् कसोगरिभन्ये ति जीवात्हरुको आत्मा पांग्राहरुमां रछ।
अनि जीवात्हरुका सिर्हरु देखि मास्तिर अकाश् जस्तो कोइ रछ जो २२
कांच् झैं डरलागदोगरि चम्कंद रछ त्यो तिनिहरुको थाप्लो देखि मास्तिर
मास्तिर फिंजीयेको रछ। अनि त्यस् अकाशको मुनि मुनि तिरका पखेटा २३
एका अर्का तिर सोजोगरि फिंजीयेका राछन्. अनि ति बाहिक् एक् एक्
जीवात्का अरु पनि दुइ दुइवटा पखेटा राछन् जुन्हरुले तिनका जीउ येता
र उता ढाकेका राछन्। अनि तिनिहरु हिंडूदाको बेलामां तिनका पखेटा २४
फट्याक्फट्याक् गर्येको सोर् धेरै पानीहरुको जस्तो कि सर्वशक्तिमान्को
बाणी कि पल्टन्को गुरुरु गर्येको जस्तै मैंले सुन्यें. अनि जब जब
तिनिहरु उभींदा राछन् तब तब तिनिहरुले आफ्ना आफ्ना पखेटा झुंड्याउंदा
राछन्। फेरि तिनिहरुको सिर् देखि मास्तिर् भयेको अकाश् देखि २५
ऊंधो तिर येवटा शब्द सुनींद रछ. अनि जब जब तिनिहरु उभींदा
राछन् तब तब तिनिहरुले आफ्ना आफ्ना पखेटा झुंड्याउंदा राछन्।
अनि तिनिहरुका सिर्हरु देखि मास्तिर् भयेको अकाश् मांथि नीलम्को २६
जस्तो सिंहासन् बनीयेको रछ. अनि त्यस् मांथि कोई मान्छे जस्तो
देखाहा पर्द रछ। अनि त्यस् मान्छेको कम्मर् देखि मास्तिर झल्कायेको २७
पीतल् जस्तो देखींद रछ अनि त्यसको भित्र र चारै तिर आगो जस्तो
देखाहा पर्द रछ फेरि त्यसको कम्मर् देखि ऊंधो तिर पनि मैंले आगो जस्तो
देख्यें अनि त्यस् मान्छे जस्तोका चारै तिर ज्योति चम्कि रहेको रछ।
जसोरि वर्षामां बादल्मां इन्द्रेनी देखाहा पर्द छ त्यस्तै त्यो चम्कि रहेको २८
देखाहा पर्द रछ। यहवेको महिमाको रूप् त्यस्तै थियो। अनि त्यो देखेर
मं घोप्टो पर्यें तब कोई बोल्नेको सोर् सुन्यें॥

२ १ अनि उस्ले मंलाइ भन्यो ए मान्छेको छोरो आफ्ना गोड़ामां
२ उभीह मं तं सित कुरा गर्छु। त उस्ले मंलाइ येसो भन्नु त्रित्तिकै आत्माले
मंमां पसेर मंलाइ गोड़ामां उभ्यायो तब मं सित बोल्नेको कुरा सुन्यें।
३ त उस्ले मंलाइ भन्यो ए मान्छेको छोरो मंचहिं तंलाइ इस्राएल्वंशीहरु
थांइ पठाउंद छु मं सित झगरा गर्ने झगरालु लोग् थांइ. तिनिहरुले
तिनिहरुका पित्रहरु समेत्ले आजुको दिन् सम्म मेरो अप्राध गर्येका
४ छन्। फेरि तिनिहरुका छोराछोरीहरु जस्कां मंचहिं तंलाइ पठाउंद छु
तिनिहरु निर्लज्ज र अट्टेरी छन्. त तैंले तिनिहरुलाइ भन् प्रभु यह्वेले
५ येसो भन्द छ। यो झगरे जहान्ले सुन्ये पनि न सुन्ये पनि हांमिहरुको
बीच्मां येउटा अगमब्क्ता प्रगटो भये छ भनि येति ता थाहा पाउंछन्।
६ अनि ए मान्छेको छोरो तं तिनिहरु देखि न डरा तैंले कांड़ाहरु र लोहोंड़ेका
कांड़ाहरु अं बिच्छीहरुको बीच्मां बस्नु पर्यो भन्ये पनि तिनिहरुका कुराले
न डरा. अं तिनिहरु झगरे जहान् ता छन् तैपनि न ता तिनका
७ बचन्ले डराउंनु अनि न ता तिनको मुख हेरिकन थरहरी भयेस्। त
तिनिहरुले सुन्ये पनि न सुन्ये पनि तैंले तिनिहरुलाइ मेरा बचन्हरु
८ कहि दे. तिनिहरु ता अघोरै झगरे हुन्। तर ए मान्छेका छोरो ज्ये मं
तंलाइ भन्द छु त्यो तं सुन् ति झगरे जहान् जस्तो तं पनि झगरे न हो.
९ तर ज्ये मं चहिं तंलाइ दिंद छु त्यो तैंले मुख् बायेर खाइ हाल्। येति
सुन्येर मैंले हेर्येर के देख्यें भन्ये मं तिर येउटा हात् पसारीयेको रह्छ अनि
१० त्यस्मां येउटा बेह्रियेको पोस्तक् रह्छ त्यो पोस्तक् उस्ले खोल्येर मेरो
सांमु फिंजायो अनि त्यो भित्र र बाहिर दुवै पट्टि लेखीयेको थियो. अनि
३ १ त्यस्मां बिलाप् र शोक् र दुक्ख लेखीयेका थिये। तब उस्ले मंलाइ भन्यो
ए मान्छेको छोरो तैंले ज्ये पायेको छस् त्यो खाइहाल् अर्थात् त्यो पोस्तक्
२ खाइहाल् वहांदेखि गयेर इस्राएल्का जहान् सित कुरा गर्। यो आज्ञा
पायेर मैंले आफ्नु मुख् बायें तब उस्ले मंलाइ त्यो पोस्तक् खुवाइ दियो।
३ अनि उस्ले मंलाइ भन्यो ए मान्छेको छोरो यो पोस्तक् मं तंलाइ दिंद छु
यो पेट्मां पचाइहाल् अनि येस्ले आफ्ना आन्द्रा भरा। तब मैंले त्यो खायें
त त्यो मेरो मुख्मां मह जस्तो मीठो लाग्यो॥
४ फेरि उस्ले मंलाइ भन्यो ए मान्छेको छोरो हिंड़ेर इस्राएल्का
५ जहान्कां गयेर तिनिहरुलाइ मेरा बचन् सुना। किनभन्ये तं कोई
उदेक्को बोली कि कठिन् भाषा भयेको लोग् थांइ पठाइंदै छैनस् तं
६ इस्राएल्कै जहान्कां पठाइंदै छस् तं कोई उदेक्को बोली कि
कठिन् भाषा भयेका कुरा बूझ्नु न सक्ने लोग् थांइ पठाइंदै छैनस्।
७ सांचिने मं तंलाइ तिनिहरु थांइ पठाउंद हुं त तिनिहरु तेरो सुन्ने थिये।
तर इस्राएल्को जहान्ले ता तेरो सुन्नु मान्दैन होला किनभन्ये तिनिहरुले
मेरै पनि सुन्येनन्. कसोगरिभन्ये इस्राएल्का सबै जहान् कठोर् थाप्लो
८ भयेका र निठुर् मन्का लोग् छन्। सुन् मैंले तेरो मुख् तिनिहरुको

मुखको सांमु र तेरो मुख तिनिहरुको मुखको सांमु कठोर् पारि दियें।
श्रं मैंले तेरो थाप्लो दलसिङ् ढुंगो भन्दा पनि सारो हुंने हीरासरि सारो ९
पारि दियें . त तं तिनिहरु देखि न डरा श्रनि न तिनको मोहौंड़ा देखि
थरहरि हो तिनिहरु झगरे जहान् भये ता पनि। फेरि उस्ले मंलाइ १०
भन्यो ए मान्छेको छोरो जत्ति बचन् मं तंलाइ भन्कु ति सबै श्राफनु
हिर्दयमां राख् श्रनि कानले सुनि राख्। श्रनि ति बन्धुवाईका लोग् तेरो ११
जात्का दाज्युभाईहरुकां गयेर तिनिहरुले सुन्ये पनि न सुन्ये पनि तिनिहरु
षित कुरा गर् श्रनि येसो भन् प्रभु यहवेले येसो भन्द छ भनि ॥
तब श्रात्माले मंलाइ उठायो श्रनि मैंले श्राफनु पछिल्तिर बाटो १२
यहवेको ठांउ देखि धुम्धामको येस्तो शब्द सुन्यें उस्को महिमा धन्न हो
भन्यको। श्रनि ति जीवात्हरुका एका श्रर्का सित जुभेरका पखेटाहरुको १३
शब्द र तिनिहरु सङ्का पांग्राहरुको शब्द सुनीये श्रं येउटा बड़े धुम्धामको
शब्द सुनीयो। त श्रात्माले मंलाइ उठायेर लग्यो . श्रनि मं श्रघोरको १४
दुक्खले भरीयें श्रनि मन्मां जल्दै गयें तब यहवेले मंलाइ श्राफनु बलियो
हातले थांम्यो। येसोरि मं ति बन्धवाहरु थांइ गयें जुन्हरु कबार् नदीको १५
तीरमां तेलाबीबमां रहंद थिये जहां तिनिहरु रहंद थिये तिहींनै मं गयें
श्रनि वहां मं तिनिहरुको बीचमां सात् दिन् सम्म मुर्छा परि रह्यें ॥
फेरि सात् दिन् बीत्ये पछि येसो भयो यहवेको यो बचन् मं थांइ १६
श्रायो ए मान्छेको छोरो मैंले तंलाइ इस्राएलको जहानको लागि १७
पहरुगरि खटायेको छु . त तैंले मेरो मुखको कुरो सुन्यर तिनिहरुलाइ
मेरो पट्टि बाटो चेताइ दे। जब मं दुष्टलाइ तं निस्से मंर्छस् भनि भन्कु श्रनि १८
तैंले त्येस्लाइ चेताबैनस् श्रनि न तैंले दुष्टलाइ येस्ता कुरा सुनाइस् जुन्
कुरो मान्नुलाइ त्यो चंख भइ श्राफनु दुष्ट चाल् छोड़ि जीइ रहंनु सकथ्यो
त त्यो दुष्ट चइं ता श्राफनु श्रधर्म्ममां मंर्छ तर त्येस्को रगत् चइं ता मं तं
सित लिंकु। श्रं तर तैंले दुष्टलाइ चेताइसनै श्रनि त्यो चइं श्राफनु दुष्टइं र १९
दुष्ट चाल् देखि फर्कीन भन्ये देखि त्यो चइं श्राफनु श्रधर्म्ममां मंर्छनै तर
तैंले श्राफनु प्राण् बचायेको छस्। फेरि जब धर्म्मी श्राफनु धर्म्म देखि २०
फर्कीर बुरा कर्म्म गर्नु लाग्ला श्रनि मं त्येस्को सांमु ठोकर्को कारण् राखकु
त त्यो चइं ता मंरि जांछ. तर तैंले त्येस्लाइ चेताईनस् येस्कारण् त्यो बा
श्राफनु पाप्मां मंर्छ श्रनि त्येस्ले ज्ये धर्म्मको कर्म्म गर्येको होला त्येस्को
लेखा हुंदैन तर त्येस्को रगत् चइं ता मं तं सित लिंकु। श्रं तर तैंले २१
धर्म्मीलाइ पाप् न गर भनि चेताइस् श्रनि त्येस्ले पनि पाप् गर्येन भन्ये
देखि त्यो चेताईयेको कारणले निस्से जीइ रहंछ श्रनि तैंले पनि श्राफनु
प्राण् बचायेको छस् ॥
फेरि यहवेको हात् तिहींनै मं मांथि पर्यो श्रनि उस्ले मंलाइ भन्यो २२
उठेर मैदानमां जा श्रनि वहां मं तं सित बात् गर्छु। तब मं उठेर २३
मैदानमां गयें . त वहां क्ये देख्यें भन्ये यहवेको महिमा मैंले कबार्

नदीको तीर्मां देख्याको जस्तो यहां पनि देखाहा पऱ्यो. अनि मं
२४ घोप्टो पर्यें। तब आत्माले ममां पस्येर मंलाइ गोड़ामां उभ्याइ दियो
वहांदेखि मंलाइ भन्यो आफ्नु घर् भित्र पसि गयेर ढैलो थुन्येर बसीइ
२५ रह्। तर ए मान्छेको छोरो सुन् तिनिहरूले तंलाइ डोरीले बांधि राखछन्
२६ अनि तं तिनको बीच् देखि निकल्येर जांनु पाउंदैनस्. अनि मं तेरो
जिब्रो तेरो तालूमां टंसाइ दिंछु तैंले चुप् रहि तिनिहरूलाइ हकार्ने न
२७ हुंनुलाइ. किनभन्ये तिनिहरू झगरे जहान् हुन्। अं जब जब मं तं सित
बात् गर्छु तब तब चइं मं तेरो मुख् खोल्छु अनि तैंले तिनिहरूलाइ
भन्छस् प्रभु यहवेले येसो भन्द छ सुन्नेले सुनोस् न सुन्नेले न सुनोस् किनभन्ये
तिनिहरू झगरे जहान् हुन्॥

४ १ फेरि ए मान्छेको छोरो तैंले येउटा खबटा ल्यायेर त्येसमां येउटा
२ सहर्को अर्थात् यरूशलेम्को चित्र उतार्. अनि त्येसलाइ घेर्येको जस्तो
गर् अर्थात् त्येसका वरिपरि गढ़ि बना अनि त्येसको सांमु देवाल् उठा अनि
३ छाउंनी हाल् अनि त्येसका वरिपरि लड़ाइंका हतियार् लगा। अनि तैंले
फलम्को थाल् लियेर त्यो फलम्को घेराभित्ता जस्तो जानि आफ्नु र त्येस्
सहर्को बीच्मां उभ्या अनि तैंले आफ्नु मोहोड़ा त्यो तिर फर्का अनि त्यो
घेरीओस् येम्परिले तैंले त्येसलाइ घेर्येको जस्तो गरि राख्। इस्राएल्को
जहान्को लागि चिंनु येइ हुंछ॥

४ फेरि तं बाउं करवट्मां ढल्कि रह् अनि त्यो ढल्काइ इस्राएल्को
जहान्को अधर्म्म मान्. अनि जति दिन् सम्म तं ढल्कि रहलास् उति
५ दिन् सम्म तिनिहरूका अधर्म्मको भार् बोक्दै रह्। मंचइंले तिनिहरूका
अधर्म्मका वर्ष तेरा लागि दिन् दिनगरि ठहरायें अर्थात् तीन् से र नब्बे
६ दिन्. त तैंले उति दिन् सम्म इस्राएल्को अधर्म्मको भार् बोक्। अनि फेरि
जब त्येति दिन् पूरा हुंछन् तब तं आफ्नु दाहीनो करवट् तिर फर्कि अनि
यहूदाको जहान्का अधर्म्मको भार् बोक् मैंले येसको लागि पनि तेरो लागि
एक् एक् वर्षको साटोमां एक् एक् दिन् ठहरायें अर्थात् चालीस् दिन्
७ ठहरायें। येसोरि तैंले यरूशलेम् घेर्नुको लागि बांहां फर्कायेर आफ्नु
८ मोहोड़ा उता तिर फर्कायेर त्येसको बिरुद्धमां अगम् कह्। अनि सुन् मं
तंलाइ डोरीहरूले कस्छु त जैले सम्म त्येसलाइ घेर्ने तेरा दिन् पूरा हुंदैनन्
९ तैंले सम्म करवट् फर्कि सक्दैनस्। अनि तैंले गहूं जऊ फापर् मास् मस्याम्
र मुंडुलागहूं ल्यायेर येउटा भांड़ामां हाल् अनि तिनको रोटी पोल्
अनि तं जति दिन् आफ्नु करवट्मां सुति रहलास् उति अर्थात् तीन् से र
१० नब्बे दिन् सम्म त्येस्तै रोटी खांदै रह्। अनि तैंले खांने रोटी जोखि
जोखिकन खांनु अर्थात् दिन् दिन् बीस् बीस् शेकेल्भरि खांबै गर्नु.
११ अनि त्यो बेला बेलामां खांनु। अनि तैंले पानी पनि भरि भरिकन खांने
गर्नु अर्थात् दिन् दिन् हीन्को छैठो भाग् खांनु. अनि यो पनि बेला
१२ बेलामां खांनु। अनि त्यो आफ्नु खांनेकुरो जऊका बाबर् बनायेर खांनु

अनि त्यो तिनिहरुले देखनेगरि मान्छेको बिष्टाले पोलनु । फेरि यहवेले १३
भन्यो इस्राएलवंशीहरुलाइ जुन् जुन् लोगको बीचमां मं बलैले घच्येटछु
ति लोग् लोगको बीच्मां तिनिहरुले त्यस्तै अशुद्ध रोटी खांछन् । तब १४
मैंले भन्यें हाय् प्रभु यहवे सुन्नु हवस् मेरो मन् कैले पनि अशुद्ध भयेन .
न मैंले आफ्नु बालखै देखि ऐले सम्म आफै मर्येकोको कि वन्जन्तु देखि
मारीयेको पशुको मांसु खायें अनि न कैलेइ कोई प्रकार्को घिन्लाग्दो
मांसु मेरो मुखमां पर्यो । त उस्ले मंलाइ भन्यो हेर् मैंले तेरो लागि १५
मान्छेको बिष्टाको साटोमां गुइंठा ठहरायेको छु त तैंले आफ्नु भान्सा
त्यसैले तियार् पार्नु । फेरि उस्ले मंलाइ भन्यो ए मान्छेको छोरो सुन् मं १६
यरुशलेम् देखि अन्नको आधार् दूर् गरि दिंछु . त यहांका लोगले रोटी
जोखिजोखिकन र फिक्रि गरि गरिकन खाने गर्छन् अनि पानी चइं भरि
भरिकन र छक्क छक्क परिकन खांछन् . रोटी र पानीको घटि भयेको
कारणले तिनिहरु एका अर्का देखि छक्क छक्क पर्छन् अनि आफ्ना अधर्म्ममां १७
ओइल्हंछन् ॥

ए मान्छेको छोरो येउटा लाग्ने तरवार् ले अनि त्यो नौवाको ५ १
छुराको काममां लगायेर आफ्नु कपाल्का केस् र दाह्रि मूडू . वहांदेखि
येउटा कांटा ल्यायेर केसहरु जोख् अनि ति भाग् भाग् पार् । जब सहर् २
घेरींने दिन् पूरा हुंछन् तब त्येस् सहर् भित्र ति केस्मांको एक् तिहाई
आगोमां हाल्येर डड़ा . अनि एक् तिहाईका वरिपरि तरवार्ले हिर्का अनि
रहल् तिहाई बतास्मां उड़ाइ दे त मं तरवार् झिक्येर तिनिहरु मांथि
चलाउंछु । अनि तिनमांको अलिकता केस् लियेर आफ्नु लुगामां बांधि ३
राख् । फेरि तिनमांको पनि अलिकता लियेर ति आगोमां डड़ि जांनुको ४
लागि आगोको बीचमां हाल् तब त्यो देखि आगोको जुवाला बलि उठेर
इस्राएल्को सिंगै जहान्मां फिंजींछ ॥

प्रभु यहवेले येसो भन्द छ . यरुशलेम् येस्तै छ . मैंले त्यो अन्यदेसी- ५
हरुको बीच्मां राखें अनि त्यो चारै तिर देस् देस्ले घेरीयेको छ । अनि ६
त्येस्ले मेरो नियाबचन्को बिरुद्ध काम् गरि अन्यदेसीहरुले भन्दा पनि बेसि
दुष्टइं गर्यो अनि मेरा बिधिहरुको बिरुद्ध चारै तिरका देस् देसकाहरुले
भन्दा पनि बेसि बुराई गर्यो . कसोगरिभन्ये तिनिहरुले मेरा नियाबचन्हरु
बिकामे ठहराये अनि तिनिहरु मेरा बिधिहरुमां हिंड़ेरनन् । येस्कारण् प्रभु ७
यहवेले येसो भन्द छ . तिमिहरुले तिमिहरुका वरिपरि भयेका अन्यदेसी-
हरुले भन्दा बेसि हल्ला गर्द छौ अनि न मेरो बिधिहरुमां हिंड्यौ न मेरा
नियाबचन्हरु मान्यौ अं अनि न तिमिहरुले तिमिहरुका वरिपरिका लोग्
लोग्का नियाबचन्हरु पनि मान्यौ येस्कारण् प्रभु यहवेले येसो भन्द ८
छ . [ए यरुशलेम्] हेर् मं आफैने तेरो बिरुद्ध छु अनि अन्यदेसीहरुले
देखनेगरि तं भित्र नियाको काम् गर्छु । अनि तेरा सबै घिन्लाग्दा ९
कामको कारणले मं तं भित्र येस्तो काम गर्छ त्यस्तो ता न ऐले सम्म कैलेइ

१० गर्य्येको छ न पछि फेरि गर्छु । अर्थात् तं भित्र बाबुहरूले आफ्ना छोराहरूको
अनि छोराहरूले आफ्ना बाबुहरूको मांसु खांछन् अनि मं तेरा बासीहरूलाइ
दण्ड दिंछु अनि तंमां बांचि रह्येकाहरू सबैलाइ चारै दिशाका बतासहरूमां
११ उड़ाउंछु । त प्रभु यहूवेको यो बाणी छ मं जीइ रह्येको भैं तैंले मेरो
पवित्रस्थान् तेरा सब् रकमका घिन्लाग्दा मूर्त्तिहरू र सबै घिन्लाग्दा
कामले अशुद्ध गरिस् येस्कारण मं तंलाइ सांचिनै घटाउंछु अनि तं मांथि
मेरो टिठालु नजर् पर्दैन अं तं मांथि नरमेइँ देखाउंदीन । तेरा बासी-
१२ हरूमांका एक् तिहाई रूढ़िले मर्छन् अनि तं भित्र भोकले मेटींछन् अनि
अर्को तिहाई तेरा वरिपरि तरवार्ले लड्छन् अनि रहल् तिहाईलाइ मं चारै
दिशाका बतासहरूमां उड़ाउंछु अनि तरवार् भिक्केर ति मांथि चलाउंछु ।
१३ येसैगरिकन मं आफ्नु रिस् मार्छु अर्थात् मं आफ्नु बल्दोरिस् तिनिहरू
मांथि पूरोगरि खन्याइकन शान्ति पाउंछु . अनि मं जब आफ्नु बल्दोरिस्
तिनिहरू मांथि पूरोगरि खन्याइ सक्छु तब तिनिहरूले जान्छन् यहूवे
१४ चइंले आफ्नु रिसले येसो भन्य्येको थियो भनि । अनि [ए यरूशलेम्] मं
तंलाइ तेरा चारै पट्टिका लोग् लोगको बीचमां सबै बटोरेहरूले देख्नेगरि
१५ उखेल्छु अनि गिल्लाको कारण् गराउंछु । त जब मं तेरा बासीहरूलाइ रिस्
र बल्दोरिस् र रिस्को घुर्किहरू सङ दण्ड दिंछु तब तं चारैतिरका
लोग् लोगको सांमु गिल्ला ठट्टा अर्थो र उदेक्मनाईको कारण् हुंछस् .
१६ कसोगरिभन्ये मं यहूवेलेनै येसो भन्यें . जैले मं तिनिहरूलाइ नष्ट पार्नुको
लागि तिनिहरूमां नाश् पार्ने अनिकाल्का कांडूहरूले हानि हानि तिमि-
हरूमां अनिकाल् बढ़ाउंछु अनि तिमिहरूको अन्नको आधार् दूर् गरि दिंछु
१७ अनि तिमिहरूको बीचमां अनिकाल् बाहिक् दुष्ट जन्तु पनि पठाउंछु
जुनहरूले तिमिहरूका बाल्बच्चाहरूलाइ मारि खांछन् अनि रूढ़ि र हत्या
तिमिहरूको बीचमां भइ भइ रहंछन् अनि मं तिमिहरूमां तरवार्
चलाउंछु . यो कुरो मं यहूवेलेनै भन्यें ॥

६ १ फेरि यहूवेको यो बचन् मं थांइ आयो   ए मान्छेको छोरो तेरो
मोहोंड़ा इस्राएलका पहाडूहरू तिर गरि तिनिहरूको बिरुद्ध अगमबचन्
३ कह   अनि भन् हे इस्राएलका पहाडूहरू हो प्रभु यहूवेको बचन् सुन .
प्रभु यहूवेले पहाडूहरू र खोलाहरू र खोल्चाहरूलाइ समेत् येसो भन्दछ .
सुन मंचइं तिमिहरू मांथि तरवार् चलाउंछु अनि तिमिहरूका अल्गा
४ ठांउहरू नष्ट पार्छु । अनि तिमिहरूका बेदिहरू उजार् हुंछन् अनि तिमिहरूका
सूर्जका मूर्त्तिहरू भांचींछन् . अनि मं तिमिहरूका काटीयेकाहरूलाइ
५ तिमिहरूका मूर्त्तिहरूको सांमु लड़ाइ दिंछु । अर्थात् मं इस्राएलबंशीहरूका
मुर्दाहरू तिनिहरूका मूर्त्तिहरूको सांमु आफालि दिंछु अनि तिमिहरूका
६ हाडूहरू तिमिहरूका बेदिहरूका वरिपरि छरि दिंछु । तिमिहरूका बास्
बस्ने सहर् जत्ति छन् ति सब्बै उजारींछन् अनि सबै अल्गा ठांउहरू उजार्
हुंछन् तिमिहरूका बेदिहरू उजारीयेर दोषी ठहरींनुको लागि र तिमिहरूका

मूर्त्तिहरुको अन्त हुंनु र तिमिहरुका सूर्जका मूर्त्तिहरु काटींनु र तिमिहरुका
ज्ये ज्ये बनौयेका छन् ति मेटींनुको लागि। अनि तिमिहरुको बीचमां ७
मारिएकाहरु काटींदै लडूदै गर्छन् अनि तिमिहरुले थाहा पाउंछौ उ यहवे
हो रह भनि। तैपनि मं तिमिहरुमांका कत्तिलाइ बचाउंछु जब तिमिहरु ८
देस् देसमां छरपष्ट भयेका हुंछौ तब अन्यदेसीहरुको बीचमां तिमिहरुका
तरवार् देखि बांच्येकाहरु हुंछन्। अनि तिमिहरुका ति बांच्येकाहरुले ९
तिनिहरु बन्धुवा भइ गयेका अन्यदेसीहरुको बीचमां मलाइ सम्झंछन्
अनि तिनिहरुले यहवे देखि हामिहरुको मन् व्यभिचारीनीको मन् झैं
फर्कि गयेको अनि हामिहरुका नजर् व्यभिचारीनीको नजर् झैं आफना
घिन्लाग्दा मूर्त्तिहरु तिर फर्के छन् भनि यि सबै देखदा यहवेको मन् कस्तो
औधिगरि भांचीये छ भनि पनि बूझछन्. येसोरि तिनिहरुले गर्येका ति
घिन्लाग्दा कामहरुका कारणले तिनिहरु आफै आफनु लेखिमां घिन्लाग्दा
ठहरींछन्। तब तिनिहरुले उ यहवे हो रह अनि तिनिहरुको हानिको १०
लागि उसले भन्येका यि सबै कुरा व्यर्थ भन्येको रैनछ भनि थाहा पाउंछन्॥

फेरि प्रभु यहवेले येसो भन्द छ. तैंले आफना हातले तालि बजाउंदै ११
र आफना गोडाले भूइं ठटाउंदै भन् हाय् हाय् इस्राएलका जहानका
सबै घिन्लाग्दा काम् कस्ता छन्. तिनिहरु तरवार् भोक् र रुढिले
नष्ट हुंछन्। टाढो हुंने चइं रुढिले मर्छ अनि नजिक् हुंने चइं तरवारले १२
लडूछ अनि यि देखि बांच्येर सहरमां घेरींने चइं भोकले मर्छ. येसोरि
मं आफनु बल्दोरिस् तिनिहरु माथि पूरो रीतले खन्याउंछु। अनि जब १३
तिनिहरुका लडाईयेका लोग् तिनिहरुका मूर्त्तिहरुको बीचमां सबै अग्ला
डांडाको र ढिस्काको थाप्निमां र सबै हरीया रुख् मुनि र सबै बाक्ला
बांजवृक्षको छायामां अं जहां तिनिहरुले आफना सबै मूर्त्तिहरुलाइ मीठो
बास्ना आउंने धोक् चढाउंद छन् त्यहां त्यहां तिनिहरु बेदिका वरिपरि
पसीइ रहंछन् तब तिमिहरुले उ यहवे हो रह भनि चिन्छौ। जब मं १४
आफनु हात् तिनिहरु माथि पसार्येर त्येस् देसका सबै बासीहरु समेत्लाइ
बन् देखि दिब्ला तिर सम्म उजार् उजार् पारि दिंछु. तब तिनिहरुले
थाहा पाउंछन् उ यहवे हो रह भनि॥

फेरि यहवेको यो बचन् मं थांइ येसो भन्दै आयो ए मान्छेको ७ १ २
छोरो प्रभु यहवेले इस्राएलको देसको बिषयमां येसो भन्द छ अन्त भयो.
चारै कुना समेत् देसको अन्त भयो। तिमिहरुको अन्त ऐले आइहाल्यो ३
अनि मं आफनु रिस् खन्यायेर तिमिहरुको चाल्चलन् अनुसार् तिमि-
हरुलाइ दण्ड दिंछु अनि मं तिमिहरुको सबै घिन्लाग्दा कामका फल्
तिमिहरुलाइ भोगाउंछु। अनि मेरो दिठालु नजर् तिमिहरु माथि पर्दैन ४
अनि न मं नरमेइं गर्छु. तर तिमिहरुको चाल्चलनको फल् तिमिहरुलाइ
दिंछु अनि तिमिहरुका घिन्लाग्दा पाप् लागीइने रहंछन् तब तिमिहरुले
थाहा पाउंछौ उ यहवे हो रह भनि॥

५ प्रभु यहवेले येसो भन्द छ . बिपत्ति येउटै बिपत्ति हेर त्यो आउंने
६ छ। अन्त आयो सबैको टुङाई आइहाल्यो त्यो अन्त तिमिहरु मांथि
७ जागि उठ्यो हेर त्यो आउंने छ। हे देसका बासीहरु हो तिमिहरुको
लागि बेला आइ पुग्यो . समय् आइहाल्यो दिन् नजिकायो त डांड़ा
डांड़ामां रमाहट्ले कराउंने दिन् होइन तर खल्याङ्मल्याङ्को दिन्
८ हुंछ। अब थोरै दिन्मां म आफ्नु बल्दोरिस् तिमिहरु मांथि खन्याउंछु
अनि तिमिहरु मांथि पूरो रिस् मित रिस् खन्याउंछु अनि तिमिहरुको
चाल्चलन् अनुसार् तिमिहरुलाइ दण्ड दिंछु अनि तिमिहरुका सबै
९ घिन्लाग्दा कामका फल् तिमिहरुलाइ भोगाउंछु। अनि मेरो टिठालु
नजर् तिमिहरु मांथि पर्दैन न म तिमिहरु मांथि नरमेईं गर्छु . तर
तिमिहरुलाइ तिमिहरुका चाल्चलन्को फल् भोगाउंछु अनि तिमिहरुलाइ
तिमिहरुका घिन्लाग्दा पाप् लागीइ रहंछन् तब तिमिहरुले थाहा पाउंछौ
१० हिर्काउंने उ यहवेने हो रछ भनि। हेर त्यो दिन् हेर त्यो आउंनेइ छ .
तिमिहरुको लागि बेला येले आइ पुग्यो दण्ड दिंने लाठा फुलीइ सक्यो
११ अहंकार् फुलिफलि सक्यो। उपद्रेईं बढ्दै बढ्दै दुष्टेईंको दण्ड दिंने लाठा
बनीयो त न तिमिहरुमांको कोई रहंछ अनि न तिमिहरुको धुइरो न
तिमिहरुको धन्मांको कोइ रहंछ . अनि न तिमिहरुमांको कसैको लागि
१२ बिलाप् सुनींछ। समय् आयो दिन् नजिकायो . न ता किन्नेले रमाहट्
गरोस् न बेच्नेले शोक् . किनभन्ये तिमिहरुका धुइराहरु मांथि रिस्
१३ खनीयो। ति दुवै जीइ रह्यो भन्ये पनि बेच्ने बेच्यंको जग्गामां फेरि
कैलेइ फर्कनु पाउंदैन . किनभन्ये दर्शन्का कुरा त्येस् देस्का सबै धुइराहरु
मांथि घट्छ कोई पनि फर्कदैन न कोई अधर्म्ममां जीइ रहंनेले बल्
१४ पाउंछ। लोगले नर्सींगा बजायं अनि सबै थोक् तियार् पार्ये तर
लड़ाईंमां कोई पनि निक्लंदैन . किनभन्ये येस् देस्को सबै धुइरो मांथि
१५ मेरो रिस् खनीयेको छ। बाहिर चइं तरवार् चल्छ अनि भित्र चइं
अनिकाल् र रूढ़ि . मैदान्मां हुंने चइं तरवार्ले मर्छ अनि सहर्मां हुंने
१६ चइं भोक् र रूढ़िको गांस् होइ जांछ। तर तिनिहरुमांका जो जो बांचि
निक्लंछन् आफ्नु आफ्नु अधर्म्ममां फांसीइ रहंदै गेह्रीमां रहंने
१७ परेवाहरु झैं डांड़ा मांथि बिलाप् गर्दै रहंद छन्। सबैका हात् निर्बल्लिया
१८ हुंछन् अनि सबैका घुंड़ा पानी झैं बिबल्का होइ जांछन्। अनि
तिनिहरुले कम्मर्मां भाङ्ग्रा बेर्छन् अनि कंमाईंले तिनका मुख् छोप्छ
अनि लाज्ले सबैको मोहोड़ा ढाकींछ अनि सबैका षिर् मुड़ींछन्।
१९ तिनिहरुले आफ्ना चांदी सटक्हुंदो आफालि दिंछन् अनि तिनिहरुका
सुन् अशुद्ध थोक् जस्ता हुंछन् यहवे रन्क्येको दिन्मां तिनिहरुका
सुन् चांदीले कोई परिखे तिनिहरुलाइ बचाउंनु सक्दैनन् न ति देखि
तिनिहरु सन्तोषी हुंनु सक्छन् न तिनिहरुको पेट् भरींछ कसोगरिभन्ये
२० तिनिहरु त्येसै देखि ठोकर् खायेर अधर्म्ममां फांसीये। तिनिहरुको

सुवाउंदो मुकुट्को विषय्मां तिनिहरुले अहंकारै अहंकार् गरिकन त्येस्मां
आफ्ना घिन्लागदा थोकका मूर्त्ति र अरु अरु घिन्लागदा थोक्हरु पनि
बनाइ राख्ये. येसैकारण् मं त्यो तिनिहरुको लेखिमां घिन्लागदा थोक्
झैं गराइ दिंछु। अनि मं त्येलाइ लूट्नुको लागि परदेसीहरुका हातमां र २१
धन् खोस्नुको लागि पृथिवीका दुष्ट दुष्ट लोग्हरुको ताबिमां पारि दिंछु
अनि तिनिहरुले ति अपवित्र गरि दिंछन्। अनि मं तिनिहरु देखि मुख् २२
फर्काउंछु त तिनिहरुले मेरो गुप्त [पवित्रस्थान्] अपवित्र गर्छन् अनि
लूट्नेहरुले बल्मिचेईं गरि त्येस्मां पस्येर त्यो अपवित्र गर्छन्। सांग्लो २३
बना. किनभन्ये देस् अन्ये गरिकन बहायेको रगत्ले र सहर् उपद्रैले
भरीइ सक्तीयो। त मं अन्यदेसीहरुमांका नजाति नजाति मान्छेहरुलाइ २४
ल्याउंछु जो तिनिहरुका घर्हरुका मालिक् होइ जांछन्. अनि मं
सामर्थीहरुको अहंकार् भांचि दिंछु अनि तिनिहरुका पवित्र घर्हरु आफै
अपवित्र हुंछन्। सत्येनास् आउंद छ तिनिहरुले कुशल् खोज्दा पनि २५
पाउंदैनन्। विपत्ति माथि विपत्ति आउंछ अनि खल्याङ्मल्याङ् माथि २६
खल्याङ्मल्याङ् सुनींछ अनि मान्छेहरुले दर्शीहरु सित व्यर्थै दर्शन्का कुरा
सोध्छन् तर न ता पूजाहारीले व्यवस्था भन्नु सक्छ अनि न बूढ़ाहरुले कोइ
मतो दिनु सक्छन्। राजाले शोक् गर्छ अनि मालिक्ले सुर्ताको लुगा २७
लाउंछ अनि लोगको हात् कांम्दै कांम्दै गलि जांछन्. मं तिनिहरु
सित तिनिहरुका चाल्चलन् अनुसार् बेहोरा गर्छु अनि तिनिहरुको
कंमाई अनुसार् तिनिहरुलाइ दण्ड दिंछु तब तिनिहरुले थाहा पाउंछन्
ऊ यहवे हो रछ भनि ॥

फेरि छैठो वर्षको छैठो महीनाको पांचौं तिथिमां मं आफ्नु ८ १
घर्मां बसि रह्येको थियें अनि यहूदाका बूढ़ा बूढ़ाहरु मेरो सांमु बसि
रह्येका थिये त येसो भयो प्रभु यहवेको हात् तिहीं मं माथि पर्‍यो।
त जसै मैंले हेर्नु लाग्यें त के देख्यें भन्ये आगो जस्तो कोइ थियो अनि २
त्येस्को कम्मर् देखि मुनि मुनि आगै आगो थियो. अनि त्येस्को कम्मर्
देखि ऊंभो तिर झल्काईयेको पीतल्को रंगको झलक् जस्तो कोइ रछ।
उस्ले हात् जस्तो कोइ पसार्‍येर मेरो सिर्को येउटा लट्टा समात्यो वहांदेखि ३
आत्माले मंलाइ पृथिवी र अकाशको बीच्मां उठायेर ईश्वर्ले दियेका
दर्शन्हरुले यरुशलेम्मां मन्दिर्को भित्रेआंघन्को त्येस् ढोका छेउ पुर्‍याइ
दियो जस्को मुख् उत्तर् तिर छ अनि त्येस्मां त्यो रिस् उठाउंने मूर्त्ति थियो
जस्को कारण्ले रिस् उठ्द छ। फेरि मैंले वहां के देख्यें भन्ये इस्राएल्को ४
ईश्वर्को महिमा त्येइ दर्शन् जस्तो देख्यें जस्तो मैंले मैदान्मां देख्येको थियें।
तब उस्ले मंलाइ भन्यो ए मान्छेको छोरो आफ्ना आंखा उठायेर उत्तर् ५
तिर हेर्। त मैंले आफ्ना आंखा उठायेर उत्तर् तिर हेर्‍यें त के देख्यें भन्ये
बेदिको ढोकाको उत्तर् तिर त्येस्को पस्ने गौंड़ा निर त्यो रिस् उठाउंने मूर्त्ति
रछ। तब उस्ले मंलाइ भन्यो ए मान्छेको छोरो के तं देख्द छस् ति लोगले ६

के गर्दै छन् . इस्राएल्का जहान्ले के औधि ठुला ठुला घिन्लाग्दो
काम् यहां सम्मगरि गर्द छन् मं आफ्नु पवित्रस्थान् देखि पर सरि जांने
सम्मगरि . अं तैंले फेरि यो भन्दा पनि झन् अरु घिन्लाग्दो काम् देख्छस् ।
७ अनि उस्ले मंलाइ आघन्को दैलामां लग्यो अनि मैंले के देख्यौं भन्ये भित्तामां
८ येउटा छेंड् रछ । फेरि उस्ले मंलाइ भन्यो ए मान्छेको छोरो भित्ता भत्का
९ भनि . त मैंले भित्ता भत्कायेर के देख्यौं भन्ये येउटा दैला रछ । त उस्ले
मंलाइ भन्यो भित्र गयेर हेर् यिनिहरुले यहां कस्ता कस्ता अनि के औधि
१० औधिका घिन्लाग्दा काम् गर्दा राछन् । त मैंले भित्र गयेर के देख्यौं
भन्ये चारै तिरका भित्ता भित्तामां सबै रकम्का बगिहिंड्ने जन्तुहरु र
घिन्लाग्दा पशुहरु र इस्राएल्का जहान्का सबै मूर्त्तिहरुका चित्रहरु
११ निकाल्येका राछन् । अनि इस्राएल्का जहान्का बूढा बूढाहरुमांका सत्तरी
जना पुरुष् जुन्हरुको खाल्मां शापान्को छोरो याजन्याह् पनि रछ
तिनिहरु ति चित्रहरुको सांमु उभीयेका राछन् अनि जनंगेले आफ्नु आफ्नु
हात्मां धूपौरो लियेका राछन् अनि धूप्को धुंवा बादलैसरि उठि रह्येको
१२ रछ । तब उस्ले मंलाइ भन्यो ए मान्छेको छोरो के तैंले इस्राएल्का बूढा
बूढाहरुलाइ आफ्नु आफ्नु चित्र भयेको कोठा कोठाको अंध्यारोमां के के
गर्दा राछन् देखिस् . तिनिहरुले भन्द छन् यह्वेले हांमिहरुलाइ देख्दैन
१३ यह्वेले पृथिवीलाइ त्यागि दियो भनि । फेरि उस्ले मंलाइ भन्यो तैंले यि
बाहिक् तिनिहरुले गर्येका यि भन्दा पनि ठुल्ठुला घिन्लाग्दा काम् देख्छस् ।
१४ तब उस्ले मंलाइ यह्वेको पवित्रवास्मां उत्तर् तिर भयेको ढोका निर लग्यो
अनि मैंले वहां के देख्यौं भन्ये आइमाइहरु बस्येर तम्मूज् देवताको
१५ लागि रोइ रह्येको रैछिन् । तब उस्ले मंलाइ भन्यो ए मान्छेको छोरो के
देख्द छस् के तैंले यो देखिस् फेरि यि भन्दा पनि ठुला घिन्लाग्दा काम्
१६ देख्छस् । तब उस्ले मंलाइ यह्वेको पवित्रवास्को भित्रेआघन्मां लग्यो
वहां मैंले के देख्यौं भन्ये यह्वेको मन्दिर्को दैला निर सिकुवा र बेदीको
बीच्मां जना पचीसेक् पुरुषहरुले आफ्ना पिठिउं यह्वेको मन्दिर् तिर
अनि आफ्ना मोहोंड़ाहरु चइं पूर्ब तिर गरि रह्येका राछन् अनि तिनिहरुले
१७ पूर्ब तिर सूर्जलाइ दण्डवत् गर्दै राछन् । तब उस्ले मंलाइ भन्यो ए मान्छेको
छोरो के तैंले यो देखिस् . के यहूदाका जहान्ले यहां गर्येको यो
घिन्लाग्दो काम् हलुङ् कुरो हो तिनिहरुले ता आफ्नु देस् उपद्रैहैले
भरि दिये अनि फेरि फेरि मंलाइ रिस् उठाउंनुलाइ फर्कि जांद छन् .
१८ अं तिनिहरुले डाला नाखमां हाल्द छन् । येस्कारण् मं आफै बल्दोरिस्
सहित् काम् गर्छु . मेरो टिठालु नजर् तिनिहरु मांथि पर्दैन न तिनिहरु
मांथि मं नरमैहैं गर्छु . तिनिहरुले मेरा कानमां सारोगरि कराये भन्ये
पनि मं तिनको सुन्दीन ॥

९ १ तब उस्ले मैंले सुन्नेगरि ठुलो सोर्ले कराइकन भन्यो सहर्का
मालिक्हरुलाइ नास् पार्नुको लागि आफ्नु आफ्नु हात्मां हतियार्

लियेका भइ नजिक् आउंनु लगा। त हेर छ जना पुरुष् आफ्नु आफ्नु २
हातमां काट्ने हतियार् लियेकाहरु उत्तर् तिरको मांथिल्लो चइं ढोका
बाट्रो आउंदै राछन् अनि तिनको बीच्मां सुनपाट्को लुगा लायेको
कम्मर्मां सलाङ्खर् भिर्येको येउटा मान्छे रछ। अनि तिनिहरु सबै जना
भित्र गयेर पीतल्को बेदि निर उभीये। अनि इस्राएल्को ईश्वर्को महिमा ३
चइं उ रहंने गर्येको करुब् मांथि देखि पवित्रबास्को दैलोठेलो निर उठि
आयेको रछ. त उस्ले त्येस् कम्मर्मां सुन्पाट्को लुगा लाउंने र सलाङ्खर्
भिर्ने मान्छेलाइ हापार्यो। अनि यहवेले त्येस्लाइ भन्यो येस् यरुशलेम् सहर् ४
भित्र येतातिर गयेर जत्ति जना मान्छेले येस्मां गरीने सबै घिन्लाग्दा कामको
कारणले सुस्केरा मांर्दै छन् अनि दुक्खको खारणले चिच्याउंदै छन् तिनका
निधार् निधार्मां चिंनु लगा। तब उस्ले मैंले सुन्नेगरि ति अरुहरुलाइ ५
भन्यो सहर्मां त्येस्को पछि पछि गयेर मांर्दै जाव. कसै मांथि टिठालु नजर्
न गर्नु न नरमेइं थित काम् गर्नु. बूढा तन्हेरि तरुणि केटाकेटी आइमाइहरु ६
सबैलाइ हिर्काइ हिर्काइकन नष्ट पार्. तर जस् जस्को [निधार्मां] चिंनु
होला तिनको ता छेउमां पनि न जांनु अनि मेरो पवित्रस्थान् देखिनै
थाल। त तिनिहरुले ति पवित्रबास्मां भयेका बूढा बूढाहरु देखि थाल्ये।
फेरि उस्ले तिनिहरुलाइ भन्यो पवित्रबास् अशुद्ध गर अनि आंघनहरु ७
मुर्दाहरुले भरि देव. निस्कि जाव। त तिनिहरुले निक्लि गयेर सहर्मां
मांर्नु लाग्ये। जब तिनिहरुले मांर्दै थिये अनि मं येउटा मात्रै रह्येको थियें ८
तब येसो भयो मैंले घोप्टो पर्येर कराइ कराइकन भन्यें हाय् प्रभु यहवे के
तपांइले यरुशलेम् मांथि आफ्नु बल्दोरिस् उठाइ उठाइकन इस्राएल्का
सबै बांच्येकाहरुलाइ पनि नष्ट पार्नु हुंछ। तब उस्ले मंलाइ भन्यो इस्राएल् ९
र यहूदाका जहान्को अधर्म्म निह्रै ठुलो छ अनि देस् रगतले भरीयो अनि
सहर् अन्यैले. अं तिनिहरुले भन्दछन् यहवेले पृथिवीलाइ त्याग्यो अनि
यहवेले हेर्दैन भनि। येस्कारण् मेरो टिठालु नजर् तिनिहरु मांथि पर्दैन न १०
मं नरमेइं गर्छु तर तिनिहरुको चाला तिनिहरुकै थाप्लो मांथि खन्याइ
दिंछु। अनि हेर सुनपाट्को लुगा लाउंने र कम्मर्मां सलाङ्खर् भिर्ने ११
मान्छेले मैंले तपांइको आज्ञा अनसार् गर्यें भन्नि समाचार् दियो॥

येस् पछि मैंले हेरि के देख्यें भन्ये करुबहरुको सिर् देखि १० १
मास्तिर भयेको अकाशमां नीलमणिको सिंहासन् जस्तो केइ देखीयो।
तब [यहवेले] त्यो सुनपाट्को लुगा लाउंनेलाइ भन्यो घुम्ने पांग्राहरुको २
बीच्मां करुब् मुनि जा वहांदेखि करुबहरुको बीच्को आगोका फिलीङ्गाहरु
आफ्ना दुवै मुट्ठिभरि भरि लियेर सहर्मां छरि दे। त मैंले हेर्दा हेर्दै त्यो
थिनिहरुको बीच्मां गयो। त्यो पुरुष् करुबहरुको बीच्मां जांदा थिनिहरु ३
पवित्रबास्को दक्खिन् तिर थिये अनि भित्रेआंघनमां बादल् भरीयेको
थियो। तर पछि यहवेको महिमा करुब् मांथि देखि उठेर पवित्रबास्को ४
दैलाठेला निर गयो अनि बादल् पवित्रबासभरि भयो अनि आंघन्

५ यह्वेको महिमाको ज्योतिले भरीयो। अनि करूबहरूका पखेटाको सोर्
बाहिरैआँगन् सम्म सुनींद थियो जो सर्वशक्तिमान् ईश्वर् बोल्येको सोर्
६ जस्तो थियो। अनि येसो भयो जब उस्ले सुन्पाट्को लुगा लाउंने पुरुषलाइ
घुम्ने पांग्राहरुको बीच् देखि अर्थात् करूबहरूको बीच् देखि आगो लिंने
आज्ञा दिईयेको थियो तब त्यो चढ्इ तिनिहरुको बीच्मां गयेर येउटा
७ पांग्राको छेउ उभीयो। तब करूबहरुको बीच् देखि येउटा करूबले आफ्नु
हात् पसार्येर त्यो करूबहरूको बीच्मां भयेको आगोमां हालि दियो अनि
अलिकता उठायेर सुन्पाट्को लुगा लाउंनेको मुट्ठिमां दियो त त्यो त्यो
८ लियेर बाहिर गयो। अनि मान्छेका जस्ता हात् करूबहरूका पखेटा मुनि
९ देखाहा पर्द थिये। तब मैंले हेरि को देख्यें भन्ये करूबहरु छेउ चार् पांग्रा
राछन् अर्थात् एक् एक् करूब् छेउ एक् एक् पांग्रा अनि पांग्राहरुको रूप्
१० फीरोजामणि जस्तो रछ। अनि तिनिहरुको रूप् चारै पट्टि बाटो देखाहा
पर्न रछ अर्थात् तिनिहरु येस्ता राछन् येउटै पांग्राको बीच्मां अर्को पांग्रा
११ बनीयेको जस्तो रछ। हिंड्दाखेरि तिनिहरु आफ्ना चारै कुनाको बलले
हिंड्दा राछन् अनि हिंड्दाखेरि फर्कंदैन राछन् तर जता तिर तिनिहरुको
सिर् छ उतै तिर तिनिहरु त्यसको पछि पछि हिंड्दा राछन् तिनिहरु
१२ हिंड्दाखेरि फर्कंदैन राछन्। अनि पिठिउं हात् पखेटाहरु समेत् तिनिहरुको
सिंगै जीउ र तिनिहरुका पांग्रा सब्बै चारै तिर आंखिले मांत्रै भरीयेका
१३ राछन्। अनि पांग्राहरुलाइ मैंले सुन्दा येसो भनीयो घुम्ने पाग्राहरु
१४ भनि। अनि एक् एक् [करूब्] का चार् चार्वटा मुख् राछन् येउटा मुख्
करूबैको जस्तो अर्को मुख् मान्छेको जस्तो तीस्रो मुख् सिंहको जस्तो
१५ अनि चौथो मुख् गिद्धको जस्तो थियो। अनि करूबहरु चढ़ि गये
१६ मैंले कबार् नदिको छेउमां देख्येको जीवात् येइ हो। अनि जब
जब ति करूबहरु हिंड्द थिये तब तब ति पांग्राहरु तिनिहरुको छेउ
छेउ हिंड्द थिये. अनि जब जब करूबहरुले भुमि देखि उठि जांनुको
लागि आफ्ना आफ्ना पखेटा फुकाउंद थिये तब तब पांग्राहरु पनि
१७ तिनिहरु सङ् सङै रहंद राछन् न फर्किकनै। जब जब यिनिहरु उभींद थिये
तब तब तिनिहरु पनि उभींद थिये अनि जब जब यिनिहरु उठद थिये
तब तब तिनिहरु पनि तिनिहरु सङ् सङै उठद थिये. कसोगरिभन्ये
१८ जीवात्हरुको आत्मा तिनमां पनि रहंद रछ। अनि यह्वेको महिमा
१९ पवित्रबासको देलाठेलो देखि उठेर करूबहरु मांथि अड़ीयो। अनि
करूबहरु आफ्ना आफ्ना पखेटा फुकायेर मैंले हेर्दा हेर्दै पृथिवी देखि उठि
निक्लि गये अनि पांग्राहरु पनि तिनिहरु सङ् सङैने गये. वहांदेखि
तिनिहरु यह्वेको पवित्रबासको पूर्वढोकामां उभीये अनि इस्राएलको
२० ईश्वरको महिमा तिनिहरु मांथि अड़ीयो। मैंले कबार् नदी छेउमां
इस्राएल्को ईश्वर् मुनि देख्येको जीवात् येइ हो येस्ले मैंले जान्यें यिनिहरु
२१ पनि करूबैहरु राछन् भनि। एक् एकका चार् चार्वटा मुख् अं चार्

चार्वटा पखेटा अनि पखेटा मुनि तिनिहरुका मान्छेका जस्ता हात् पनि
राक्छन्। अनि यिनिहरुका मोहोंड़ा पनि मैंले कब्रार् नदिको तीर्मां २२
देख्येका मोहोंड़ा जस्ता थिये अनि तिनिहरुका मोहोंड़ा मांत्रै होइन तर
तिनिहरुको सिंगै शरीर् पनि अनि तिनिहरु आफ्नु आफ्नु सांमु सोजै
हिंड्दा राक्छन् ॥

त्येस् उप्रान्त आत्माले मंलाइ उठायेर यह्वेको पवित्रबास्को ११ १
पूर्बढोकाको छेउ पूर्ब दिशा तिर पुऱ्याइ दियो . त वहां मैंले क्ये देख्यें भन्ये
ढोकैंमां पचीस् जना पुरुष्हरु राक्छन् अनि मैंले तिनको बीच्मां अज्जूर्को
छोरो याजन्याह् र बनायाह्को छोरो पलत्याह्लाइ पनि देख्यें जुन्हरु
प्रजाहरुका मालिक्हरु थिये। तब [यह्वेले] मंलाइ भन्यो ए मान्छेको २
छोरो येस् सहर्मां ब्यर्थ कल्पना गर्नै र बुरो जुक्ति गर्नैहरु जो छन् तिनिहरु
यिनिहरुइ हुन् . तिनिहरुले भन्द छन् घर् बनाउंने समय् नजिकायेको छैन ३
यो सहर् ता भांड़ा हो अनि हांमिहरु चइं मांसु हौं भनि। येस्कारण ए ४
मान्छेको छोरो तिनिहरुको बिरुद्धमां अगम् कह् अगम् कह्। तब यह्वेको ५
आत्माले मं मांथि उत्रि मंलाइ भन्यो येसो भन् यह्वेले येसो भन्द छ .
हे इस्राएल्का जहान् तिमिहरुले येसो भन्येका छौ किनभन्ये तिमिहरुको
मन्मां ज्ये ज्ये कुरा आउंद छन् ति मं जान्द छु। तिमिहरुले येस् सहर्मां ६
धेरैलाइ मांर्यौ अं त्येस्का गल्लिहरु मुर्दाहरुले भरि दियौ। येस्कारण् ७
प्रभु यह्वेले येसो भन्द छ तिमिहरुले येस् सहर्मां जुन् जुन् मान्छेलाइ
मांर्येका छौ तिनैहरु मांसु हुन् अनि यो सहर् चइं भांड़ा हो . तर तिमिहरु
चइं येस्को बीच् देखि निकालींछौ। तिमिहरु तरवार् देखि डरायेका छौ ८
तर मं तिमिहरु मांथि तरवार्नै चलाउंछु प्रभु यह्वेको येइ बाणी छ।
अनि मं तिमिहरुलाइ येस् देखि निकाल्येर अन्यदेसीहरुका हातमां पारि ९
दिंछु अनि तिमिहरुलाइ दण्ड दिंछु। तिमिहरु तरवार्ले काटीयेर लड्छौ १०
अनि मं तिमिहरुको मास्ना इस्राएल्को देस्को सिमानैमां गरि सक्छु तब
तिमिहरुले उ यह्वे हो रछ भनि थाहा पाउंछौ। यो सहर् न ता ११
तिमिहरुको भांड़ा हुंछ अनि न तिमिहरु चइं येस्कांको मांसु हुंछौ . मं
तिमिहरुको मास्ना इस्राएल्को देस्को सिमाना भित्र गरि सक्छु तब १२
तिमिहरुले उ यह्वे हो रछ भनि थाहा पाउंछौ . किनभन्ये तिमिहरु
मेरा बिधिहरुमां हिंड्यौन अनि न मेरा नियाबचन्हरु मान्यौ तर आफ्ना
चारै तिरका अन्यदेसीहरुका रीतमां हिंड्यौ भनि। मं येस्तै अगम् गरि १३
रह्येको थियें त येसो भयो बनायाह्को छोरो पलत्याह् मंर्यो। त मैंले
घोप्टो पर्येर सारोगरि करायेर भन्यें हाय् प्रभु यह्वे क्ये तपांइले
इस्राएल्का बांच्येकाहरुलाइ टुङ्याउंनु हुंछ ॥

तब यह्वेको यो बचन् मं थांइ आयो ए मान्छेको छोरो १४ १५
यरुशलेम्का बासीहरुले तेरा नजिक्का दाज्युभाईहरुलाइ अं इस्राएल्का
सबै जहान्लाइ पनि भन्येका छन् तिमिहरु यह्वे देखि अलग् होइ जब

१६ यो देस् हांम्रै अधिकारमां दिईयेको छ भनि   तर तैंले तिनिहरुलाइ
भन् प्रभु यहवेले येसो भन्द छ . अं मैंले तिनिहरुलाइ टाढा टाढाका
लोग् लोगमां बसाल्येको छु अनि देस् देसमां छरपुट्ट पार्येको छु तैंपनि
जुन् जुन् देसमां तिनिहरु गयेका छन् तिनमां मं आफै तिनिहरुको लागि
१७ अलिक् दिन् सम्म पवित्रस्थान् हुंछु । येकारण् येसो भन् प्रभु यहवेले येसो
भन्द छ . मं तिमिहरुलाइ लोग् लोगको बीच् बीच् देखि बटुलछु अनि
जुन् जुन् देसमां तिमिहरु छरपुट्ट पारीयेका थियौ ति देखि तिमिहरुलाइ
भेला गर्छु अनि तिमिहरुलाइ इस्राएलको देस् दिंछु । अनि तिनिहरुले
१८ त्यसमां फर्कि आयेर देसका सबै घिनलागदा थोक् र घिनका सबै काम्
१९ पनि त्यस् देखि आफालछन् । अनि मं तिनिहरुको मन् एकै पारि दिंछु
अनि तिनिहरु भित्र येउटा नया आत्मा उपजाउंछु अनि तिनिहरुको जीउ
देखि ढुंगोहिर्दय् निकाल्येर तिनिहरुलाइ मांसुको हिर्दय् दिंछु . तिमिहरु
२० मेरा बिधिहरुमां हिंडुन् अनि मेरा नियाबचनहरु मानुन् भन्ये खातिर्ले . त
तिनिहरु मेरा लोग् हुंछन् अनि मं तिनिहरुको ईस्वर् हुंछु । अं ति आफना
२१ घिनलागदा थोक् र घिनका सबै कामैमां मन् लगाउंदै हिंडि रहंनेहरु
जो छन् तिनिहरुको चाल् मं तिनिहरुकै थाप्लोमां खन्याइ दिंछु प्रभु
२२ यहवेको येइ बाणी छ । येतिमां करूबहरुले आफना आफना पखेटा फुकाये
अनि पांग्राहरु तिनिहरु सङ् सङै उठनु लाग्ये अनि इस्राएलको ईस्वरको
२३ महिमा तिनिहरु मांथि मांथि थियो । तब यहवेको महिमा सहरको बीच्
देखि उठेर सहरको पूर्ब तिर भयेको डांडा मांथि बस्यो । फेरि दर्शनमां
२४ मंलाइ येस्तो थाहा भयो ईस्वरको आत्माले मंलाइ उठायेर आफनु
शक्तिले कलदीहरुको देसमां बन्धुवाहरु थांइ पुर्याइ दियो । बहांदेखि
२५ त्यहां जो दर्शन् मैंले पायेको थियें त्यो मं देखि गयो । अनि जत्ति कुरा
यहवेले मंलाइ देखायेको थियो ति मैंले बन्धुवाहरुलाइ कहि दियें ॥

१२ १ २ यहवेको यो बचन् फेरि मं थांइ येसो भन्दै आयो   ए मान्छेको
छोरो तं भगरे जहानहरुको बीचमां रहंद छस् जुनहरुका हेर्ने आंखा ता
छन् तर देखदैनन् अनि सुन्ने कान् ता छन् तर सुन्दैनन् कसोगरिभन्ये
३ तिनिहरु भगरे जहानने हुन् । त ए मान्छेको छोरो देस् छोडि जांने
माफिकका लट्टिपट्टि तियार् पार्येर दिउंसो तिनिहरुले देखनेगरि उठेर
हिंडू अर्थात् आफनु ठांउ छोडेर तिनिहरुले देखनेगरि अर्को ठांउमां
सरि जा . हुंनु ता तिनिहरु भगरे जहान् हुन् ते कोनि कतै तिनिहरुले
४ चेत् गर्छनकि । येकारण् तैंले दिउंसो तिनिहरुले देखनेगरि देस् त्यागि
जांने लट्टिपट्टि आफनु घर् देखि निकाल् . अनि देस् छोडि जांने हिसाप्
५ सित तं बेलुकाखेरि तिनिहरुले देखनेगरि उठेर हिंडू । तिनिहरुले
६ देखनेगरि भित्ता फोर् र त्येइ देखि आफना लट्टिपट्टि निकाल् । फेरि
तिनिहरुले देखनेगरि ति आफनु कांधमां हाल्येर अंध्यारोमां निस्कि हिंडनु
अनि आफनु मुख् चइं ढाकनु र भूंइ तंलाइ देखाहा न परोस् . किनभन्ये

मैंले तंलाइ इस्राएल्को जहान्को लागि चिंनु ठहरायेको छु। यो आज्ञा ७
अनुसार् मैंले येसैने गर्यें. दिउंसो मैंले आफ्ना लट्टिपट्टि देस् त्यागि जांने
बेलामां गर्येको झैं गर्यें अनि बेलुकाखेरि आफ्नु हात्ले भित्ता फोर्यें
वहांदेखि मं लट्टिपट्टि निकालि आफ्नु कांध्मां हाल्येर तिनिहरुले देख्ने-
गरि अंध्यारोमां हिंड़ें। फेरि बिहान यह्वेको यो बचन् मं थांइ येसो ८
भन्दै आयो ए मान्छेको छोरो इस्राएल्का जहान् जो झगरे जहान् ९
छन् तिनिहरुले तं सित यो तिमिले के गर्येको भनि सोध्ये भन्ये देखि।
तैंले तिनिहरुलाइ भन् प्रभु यह्वेले येसो भन्द छ. यो भारी दण्डको बचन् १०
यरुशलेम्को मालिक्मां र तिनिहरुको बीच्मां बस्ने सबै इस्राएली
जहान्हरुमां पनि फल्छ। त तैंले तिनिहरुलाइ भन् मं तिमिहरुको लागि ११
चिंनु हुं. कसोगरिभन्ये जस्तो मैंले गर्यें त्यसै ति लोग् सित गरींछ.
अर्थात् तिनिहरु उठेर बन्धुवाईमां जांनु पर्छ। अं तिनमांको मालिक्चइं १२
आफ्नु कांध्मां भारि बोकेर अंध्यारोमां निक्लंछ. तिनिहरुले आफ्ना
लट्टिपट्टि निकाल्नुलाइ भित्ता फोर्छन् अनि त्यस् मालिक्चइंले आफ्नु
मुख् ढाक्छ त्यस्ले भूंइ न देख्नुलाइ। अनि मं त्यस् मांथि आफ्नु जाल् १३
फिंजाउंछु अनि त्यो मेरो पासोमां पर्छ. अनि मं त्यस्लाइ कल्दीहरुको
देस्को बाबेल्मां पुर्याउंछु त्यो त्यसै सहर्मां मर्छ र पनि त्यस्ले त्यो
देख्दैन। अनि त्यस्का वरिपरि त्यस्का जति गोहारे हुंनन् तिनलाइ र १४
त्यस्का सबै गट्ठालाइ पनि मं सबै तिर छरपुट्ट पार्छु अनि तिनको पछि पछि
तरवार् चलाउंछु। अनि जब मं तिनिहरुलाइ लोग् लोग्मां छरपुट्ट १५
पार्छु अनि देस् देस्मां छर्छु तब तिनिहरुले थाहा पाउंछन् उ यह्वे हो
रछ भनि। तर तिनिहरुमांका अलिकता मान्छेलाइ तरवार् भोक् र १६
रुढ़ि देखि बचाइ राख्छु अनि तिनिहरुले तिनिहरु पुग्येका लोगको
बीच्मां आफ्ना सबै घिन्लाग्दा कामको बखान् गर्छन् तब तिनिहरुले
थाहा पाउंछन् उ यह्वे हो र छ भनि॥

फेरि यह्वेको यो बचन् मं थांइ येसो भन्दै आयो ए मान्छेको १७ १८
छोरो तैंले आफ्नु रोटी कांम्दै कांम्दै खा अनि पानी थर्थराउंदै र
सुर्ताउंदै पी अनि येस् देस्का लोगलाइ भन् यरुशलेम्का बासीहरु र १९
इस्राएल्का देस्काहरुको बिषय्मां प्रभु यह्वेले येसो भन्द छ. तिनिहरुले
आफ्नु रोटी सुर्ताउंदै खांने गर्छन् अनि पानी उदेक् मांन्दै पीउंने गर्छन्
अनि शेषमां तिनिहरुको देस् त्यस्मां भयेका सबै समेत् उजार् होइ जांछ.
येसो हुंछ त्यस्मां बस्ने सबैको उपद्रैइंको कारणले। अनि बस्येका २०
सहर्हरु उजारींछन् अनि देस् पनि उजार् हुंछ तब तिनिहरुले थाहा
पाउंछन् उ यह्वे हो रछ भनि॥

फेरि यह्वेको यो बचन् मं थांइ आयो ए मान्छेको छोरो यो २१ २२
के उखान् हो जो तिनिहरुले इस्राएल्को देस्को बिषय्मां भन्ने गर्द छन्
ति दिन्हरु ता टाड़े छ अनि दर्शन्का कुनै कुरा सुफल् भयेन भन्येको।

२३ येस्कारण् तिनिहरुलाइ भन् प्रभु यह्वेले येसो भन्द छ। मं यो उखान् भन्नु
युन्छु अनि इस्राएल्ले फेरि फेरि यो उखान् भन्देन अं येस्को साटोमां
तैंले तिनिहरुलाइ भन् ति दिन्हरु नजिकाये अनि दर्शन्का सबै कुरा पूरा
२४ हुंने आंट्रेका छन्। अनि इस्राएल्का जहान्मां फेरि फेरि न ता हुंने आंटो
भन्ये दर्शन्का व्यर्थ कुरा कहींछन् अनि न मन् भुल्याउंने चिप्लाचाप्ला कुरा
२५ फेरि फेरि सुनाईंछन्। किनभन्ये मं यह्वे हुं जब मं बोल्छु तब जुन्
बचन् मं कहंछु त्यो पूरा होइ जांछ त्यो पूरा हुंनुमां अरु बियांलो हुंदैन.
त ए झगरे जहान् तिमिहरुकै दिन्मां मं बचन् कहंछु अनि त्यो पूरो
होइ जांछ प्रभु यह्वेको येइ बाणी छ॥
२६ २७ फेरि यह्वेको यो बचन् मं थांइ आयो ए मान्छेको छोरो सुन्
इस्राएल्का जहान्काहरुले येसो भन्दै छन् त्येस्ले दर्शन्मां ज्ये देख्द छ त्यो
धेरै दिन् पछि सुफल् हुंछ अनि त्येस्ले टाढ़ो समय्को बिषय्मां अगम् कहंद
२८ छ भनि। येस्कारण् तैंले तिनिहरुलाइ भन् प्रभु यह्वेले येसो भन्द छ.
मेरो कुनै पनि बचन् पूरो हुंनुमां बियांलो हुंदैन तर ज्ये बचन् मं कहंछु
त्यो पूरो पनि होइ जांछ प्रभु यह्वेको येइ बाणी छ॥
१३ १ २ फेरि यह्वेको बचन् मं थांइ येसो भन्दै आयो ए मान्छेको
छोरो इस्राएल्का आफ्नै मन् देखि अगम् कहंने अगमबक्ताहरुको बिषय्मां
३ तैंले अगमगरि भन् तिमिहरुले यह्वेको बचन् सुन प्रभु यह्वेले येसो
भन्द छ. हाय् ति मूर्ख अगमबक्ताहरु मांथि जो आफ्नै मन् पछि पछि जांद
४ छन् अनि दर्शन् केइ पनि पायेका छैनन्। हे इस्राएल् हो तिमिहरुका
५ अगमबक्ताहरु उजाड़ ठांउहरुमां रहंने स्यालहरु जस्ते बनेये। तिमिहरु
न बार् मांथि चढ़ेौ न तिनलाइ इस्राएल्को जहान्को लागि केइ बार्
बांध्यौ होइनभन्ये ता तिनिहरु यह्वेको दिन्मां लड़ाईंमां स्थिर् रहंनु
६ सक्ने थिये। तिनिहरुले यो यह्वेको बाणी हो भन्दै व्यर्थ र झूठो
मन्तर्तन्तर्का कुरा गर्ये कसोगरिभन्ये तिनिहरुले यह्वेले यो पूरो गर्छ
७ भनि आशा दिये अनि यह्वेले चइं तिनिहरुलाइ पठायेको थियेन। मैंले
केइ न भनिकनने तिमिहरुले यो यह्वेको बाणी हो भन्यौ त के तिमिहरुले
दर्शन् पायूं भन्येका कुरा सांचि मांचिने व्यर्थ होइनन् अनि के तिमिहरुले
झूठो मन्तर्तन्तर् गर्येका छैन॥
८ येस्कारण् प्रभु यह्वेले येसो भन्द छ. तिमिहरुले व्यर्थ कुरा गर्यौ
अनि दर्शन् पायूं भन्ये झूठो कुरा चलायौ येस्कारण् हेर मं तिमिहरुको
९ बिरुद्ध छु यह्वेको येइ बाणी छ। अनि जुन् जुन् अगमबक्ताहरुले व्यर्थ
कुरा बनाउंद छन् अनि मन् भुल्याउंने झूठो कुरा गर्दै छन् मेरो हात्
तिनिहरुको बिरुद्धमां हुंछ. तिनिहरु न मेरो प्रजाको फेट्मां भागी
हुंछन् न तिनिहरुको नांउ इस्राएल्को बंशावलीमां लेखींछ अनि न
तिनिहरु इस्राएल्को देस्मां पस्नु पाउंछन् येसैले तिमिहरुले थाहा पाउंछौ
१० उ प्रभु यह्वे हो रछ भनि। केइ कुशल् छैन रपनि तिनिहरुले कुशल् छ

भनि भनिकन मेरा प्रजालाइ बहकाये फेरि जब कसैले सानु देवाल् बनाउंद
छ तब तिनिहरुले त्येस्को बिषय्मां ब्यर्थ कांचोलिपाईं गर्द छन्. ति ११
कांचोलिपाईं गर्नेहरुलाइ भन् देवाल् भत्कंछ. तुलो झरि पर्छ अनि हे
तुला तुला असीनाहरुहो तिमिहरु पर्छौ अनि तुलो आंधीले त्यो फोर्छ।
त जब देवाल् भत्कि जांछ तब के तिमिहरुलाइ यो भनौंदैन तिमिहरुले १२
गर्येको त्यो कांचोलिपाईं कता हो भनि। येस्कारण् प्रभु यह्वेले येसो १३
भन्द छ मं बल्येर त्यो देवाल् तुलो आंधीको बाटोले भत्काइ दिंछु अनि
मेरो रिस्ले तुलो झरि हुंछ अनि मेरो बल्दोरिस्ले देवाल् मेटि दिने
तुला तुला असीना पर्छन्। येसोरि तिमिहरुले कांचोलिपाईं गर्येको १४
देवाल् मं भत्काइ दिंछु अं माटोमां मिसाइ दिंछु अनि त्येस्को जग्
देखाहा पर्छ. अनि त्यो भत्कंदा तिमिहरु पनि त्येस् भुनि चेपीयेर नष्ट
हुंछौ तब तिमिहरुले थाहा पाउंछौ उ यह्वे हो रछ भनि। येसोरि मं १५
देवाल् र त्येस्को कांचोलिपाईं गर्ने दुवै मांथि आफ्नु बल्दोरिस् खन्याउंछु
त्येस् पछि मं तिमिहरुलाइ भन्छु न देवाल् छ अनि न त्येसमां कांचोलिपाईं
गर्ने छ भनि अर्थात् इस्राएल्का ति अगमवक्ता जुन्हरुले यरुशलेम्को १६
बिषय्मां अगम् कहंद छन् अनि त्येस्को कुशल्को अगम् कहंद छन् तर
केइ कुशल् छैन प्रभु यह्वेको येइ बाणी छ॥

फेरि ए मान्छेको छोरो तैंले तेरा जातभाईहरुको आफ्नै मन् १७
देखि अगम् कहंने छोरीहरुको बिरुद्धमां भइ अगम् कह् प्रभु १८
यह्वेले येसो भन्द छ. ए कुइंनाको लागि सबै जोर् जोर् सिरांनि
सिउंने अनि प्राण्को सिकार् गर्नुको लागि मान्छेहरुको डाल् अनुसार्को
सिर् ढाक्ने लुगा बनाउंने आइमाइहरु हो तिमिहरु मांथि हाय्. के
तिमिहरुले मेरा प्रजाका प्राण्को सिकार् गरि गरि आफ्नु निज् प्राण्लाइ
बचाउंछेउ। अनि तिमिहरुले एक् एक् मुठि जऊ र रोटीको टुक्राको १९
साटोमां मंलाइ मेरा प्रजाहरुको सांमु अपवित्र ठहराइ मेरा प्रजाकाहरुले
सुन्येका तिमिहरुका झुट्ठा कुराको बाटोले ति नाश् न पारौंने माफिक्का
प्राणीहरुलाइ मांर्यौ अनि ति न बांच्ने माफिक्का प्राणीहरुचइंलाइ
बचाइ राख्यौ। येस्कारण् प्रभु यह्वेले येसो भन्द छ. सुन मं तिमिहरुले २०
सिकार् गरि गरिकन प्राण् उड़ायेका सिरांनिहरुको बिरुद्ध छु ति
तिमिहरुका बांहां देखि खोस्येर तिमिहरुले सिकार् गरि गरिकन उड़ायेका
प्राण्हरुलाइ छोड़ाउंछु। अनि मं तिमिहरुको सिर् ढाक्ने लुगा खोस्येर २१
आफ्ना प्रजालाइ तिमिहरुको हात् देखि छोड़ाउंछु त्येस् पछि तिनिहरु
तिमिहरुको ताबिमां रहंदैनन् तिमिहरुले तिनिहरुको सिकार् गर्नुलाइ. तब
तिमिहरुले थाहा पाउंछेउ उ यह्वे हो रछ भनि। तिमिहरुले झूठ् २२
भनि भनिकन धर्मीको मन् उदास् गरायौ जुन्हरुलाइ मंचइंले उदास्
गराउंने मन् गरीन अनि दुष्ट जन्लाइ आंट् दियौ त्यो आफ्नु कुमार्ग
देखि फर्कि बांचि न रहोस भन्येर. येस्कारण तिमिहरुले फेरि फेरि न २३

दर्शन् पाउँ भन्या झुटा कुरा गर्नु पाउंछैउ न मन्तर्तन्तर्का कुरा भन्नु.
मं आफ्ना प्रजालाइ तिमिहरुको हात् देखि छोड़ाउंछु तब तिमिहरुले
थाहा पाउंछैउ उ यह्वे हो रह्छ भनि ॥
१४ १ तब इस्राएल्का कति जना बूढ़ा बूढ़ाहरु मं थांइ आयेर मं छेउ
२ ३ बस्येका थिये । त यह्वेको बचन् मं थांइ येसो भन्दै आयो ए मान्छेको
छोरो यि मान्छेहरुले आफ्ना मूर्त्तिहरु बनायेर आफ्नु मन्मां स्थापित्
गर्ये अनि आफ्नु अधर्म्मको ठोकर् आफ्नु सांमु राख्येका छन्. त क्ये मं
४ तिनिहरुलाइ मं सित सोधनौ गर्नु दिंछु । येस्कारण् तैंले तिनिहरुलाइ
भन् प्रभु यह्वेले येसो भन्द छ. इस्राएल्को जहान्मांको जो जो आफ्नु
मूर्त्तिहरु आफ्नु मन्मां स्थापित् गरि अनि आफ्नु अधर्म्मको ठोकर् आफ्नु
५ सांमु राखि अगमवक्ता थांइ आउंछन् त्येस्लाइ मं यह्वे त्येस्का धेरै मूर्त्तिहरु
अनुसारै उत्तर् दिंछु इस्राएल्का जहान् आफ्ना मूर्त्ति पूज्दै मंलाइ
त्याग्येर सबै बिराना भइ गयेको कारण्ले मं तिनिहरुलाइ तिनिहरुके
६ मन्को बाटोले फसाउंछु । त इस्राएल्को जहान्लाइ भन् प्रभु यह्वेले
येसो भन्द छ. फर्क्येर आफ्ना मूर्त्तिहरु पिठिउं परि पार अनि आफ्ना सबै
७ घिन्लाग्दा काम् देखि मुख् फर्काव । किनभन्ये इस्राएल्को जहान्मांको
र इस्राएल्को बीच्मां रहंने पर्देसीमांको जोसुकैले पनि मंलाइ पछ्याउंनु
छाड़ि आफ्ना मूर्त्ति आफ्नु मन्मां स्थापित् गरोस् अनि आफ्नु अधर्म्मको
ठोकर् आफ्नु सांमु राखोस् . अनि मं सित आफ्नु कुनै कुरोको सोधनौ
गर्नुलाइ अगमवक्ता थांइ आवस् त्येस्लाइ मं यह्वे आफै उत्तर् दिंछु.
८ अनि मं त्येस् मान्छेको बिरोधी भइ त्येस्लाइ उदेक् गराउंछु अनि
येउटा चिंनुइ तुल्याउंछु अनि त्येस्को येउटा उखानै चल्छ अनि मं त्येस्लाइ
आफ्नु प्रजाको बीच् देखि काटि दिंछु तब तिमिहरुले थाहा पाउंछौ उ
९ यह्वे हो रह्छ भनि । अनि अगमवक्ताले धोखा खाइ क्येइ बचन् भन्येको
छ भन्ये देखि थाहा पाव त्यो बचन् उइ यह्वेले भन्येको हो भनि अनि मं
त्येस्को बिरुद्धमां आफ्नु हात् पसार्येर त्येस्लाइ आफ्नु इस्राएली प्रजाको
१० बीच् देखि बिधंस पनि पार्छु । येसोरि तिनिहरुले आफ्नु आफ्नु अधर्म्मको
भारि बोक्छन्. अर्थात् जस्तो अगमवक्ता सित सोधनेको अधर्म्म
११ ठहर्राछ अगमवक्ता आफैको पनि त्यस्तै अधर्म्म ठहर्छ अब देखि
येसो इस्राएल्का जहानले मंलाइ पछ्याउंनु न छोड्नुन् अनि न आफ्ना
अपराध्हरुको बाटोले अशुद्ध होउन् तर तिनिहरु मेरै प्रजा रहुन् अनि मं
तिनिहरुको ईश्वर् रहंछु भन्ये खातिर्ले प्रभु यह्वेको येइ बाणी छ ॥
१२ १३ फेरि यह्वेको बचन् मं थांइ येसो भन्दै आयो ए मान्छेको छोरो
जब कसै देस्ले मं देखि बिश्वासघाती भइ पाप् गर्यो अनि मैंले त्येस् देस्
मांथि आफ्नु हात् पसार्येर त्येस्को अन्नको ठेवा हटाइ दियें अनि त्येस्मां
१४ अनिकाल् हालि त्यहांका क्ये मान्छे क्ये पशु सबैलाइ काटि दियें अनि
तहां नूह दानियेल र अय्यूब यि तीनै जना भये भन्ये पनि तिनिहरुले

आफ्नु आफ्नु धर्म्मको बाटोले आफ्नु आफ्ने प्राण् मांत्रै बचाउंनु सक्छन्
प्रभु यह्वेको येइ बाणी छ। फेरि मैंले कसै देस्मां दुष्ट जन्तुहरुलाइ पठायें १५
त्येस्का बासीहरुलाइ फट्टराइ मांरि मांरि खायेर देसै उजार्नुको लागि
अनि जन्तुहरुको डर्को कारण्ले त्येता बाटो कोई हिंड्दै पनि हिंड्दैन १६
अनि तिनमां ति तीनै जना भये भन्ये पनि प्रभु यह्वेको यो बाणी छ मं
जीइ रह्येको भैं तिनिहरुले न ता छोराहरुलाइ न ता छोरीहरुलाइ बचाउंनु
सक्छन् तिनिहरु एक्लाएक्लै मांत्रै बांच्छन् तर देस् चइं उजार् होइ जांछ।
कि मं कोई देस् मांथि तरवार् झिकि भनुं ए तरवार् त्येस् देस् देखि छिरि १७
जा अनि येसोरि क्ये मान्छे क्ये पशु सबैलाइ त्येस् देखि काटि दे भनि १८
त त्येस्मां ति तीनै जना भये भन्ये पनि प्रभु यह्वेको यो बाणी छ मं जीइ
रह्येको भैं तिनिहरुले न ता छोराहरुलाइ न ता छोरीहरुलाइ बचाउंनु
सक्छन् तिनिहरु एक्लाएक्लै मांत्रै बांच्छन्। कि मैंले कोई देस्मां रूढि १९
फिंजायें अनि त्येस्मां आफ्नु बल्दोरिस् खन्यायेर त्यहांका मान्छेहरु र
पशुहरु नष्ट हुंनेगरि रगत् बहायें भन्ये देखि त्येस्कां नूह् दानिय्येल् र २०
अय्यूब् भये भन्ये पनि प्रभु यह्वेको यो बाणी छ मं जीइ रह्येको भैं
तिनिहरुले न ता छोरालाइ बचाउंनु सक्छन् न ता छोरीलाइ तिनिहरुले
तिनिहरुको धर्म्मको बाटोले आफ्नु आफ्ने प्राण्हरुलाइ मांत्रै बचाउंछन्।
फेरि प्रभु यह्वेले येसो भन्द छ . जब मं यरूशलेम्मां यि मेरा चार् बिपत्ति २१
अर्थात् तरवार् अनिकाल् दुष्ट जन्तु र रूढि पठाउं अनि तिनको कारण्ले
मान्छे र पशु देस् देखि सबै नष्ट होउन् तब त्यो झन्सारो कसोगरि बांच्छ।
अं नैपनि त्येस्मां पनि अलिकता छोराहरु र छोरीहरु जो निकलौंछन् ति २२
बांच्छन् . हेर तिनिहरु निकालीयेर तिमिहरु थांइ पुर्याइंछन् अनि
तिमिहरुले तिनिहरुको चाल्चलन् देखिकन मैंले त्येस् देस्मां हाल्ने
बिपत्तिको बिषय्मां शान्ति पाउंछौ अं जत्ति बिपत्ति मं यरूशलेम्मां
हाल्छु ति सबैको बिषय्मां तिमिहरुले शान्ति पाउंछौ। जब तिमिहरुले २३
तिनिहरुको चाल्चलन् र काम् देख्छौ तब तिनिहरु तिमिहरुको शान्तिको
कारण् हुंछन् . अनि तिमिहरुले थाहा पाउंछौ उह्ले यरूशलेम्मां ज्ये गर्यो
त्यो बिना कारणमां उह्ले गर्येन छ भनि प्रभु यह्वेको येइ बाणी छ॥

फेरि यह्वेको बचन् मं थांइ येसो भन्दै आयो ए मान्छेको छोरो १५ १ २
सबै रुखहरुमां दाखको चइं बोट्को क्ये श्रेष्ठइं छ दाखको बिरुवा पनि ता
रुखहरुको बीच्मां उम्रंद छ त्येस्मां क्ये गुण् छ। क्ये कोइ थोक् बनाउंनुको ३
लागि त्येस् देखि काठ् लिइंछ कि कोइ भांड़ा झुंड्याउंनुलाइ त्येस् देखि
कीला लिइंछ। त्यो ता दाउरा हुंनुको लागि आगोमां हालौंद छ . तब ४
त्येस्का दुवै छेउ आगोले डढि जांछन् अनि त्येस्को बीच् पनि भस्म होइ
जांछ त क्ये त्यो कोइ काम्को हो। सुन् जब त्यो जस्तोको तस्तो थियो र ५
पनि त्यो कोइ काम्को थियेन . फेरि जब त्यो आगोको गांस् भइ गयो
अनि डढाईयो त त्यो फेरि झन् सारो क्ये काम्को हुंछ। त प्रभु यह्वेले येसो ६

भन्द छ . जसोरि जंगल्का रूखहरुमांको दाखको बोट्चइंलाइ आगोको
गांस् हुंनु दिंद छु त्यसैगरि मं यरूशलेमका बासीहरुलाइ नष्ट हुंनु दिंछु ।
७ अनि मं तिनिहरुको बिरोधी हुंछु त तिनिहरु एक् आगो देखि निक्लि
गये पनि अर्को आगोको गांस् होइ जांछन् अनि जब मं तिनिहरुको
८ बिरोधी हुंछु तब तिमिहरुले थाहा पाउं छौ उ यहवे हो रछ भनि । अनि
मं तिनिहरुको देस् उजारि दिंछु किनभन्ये तिनिहरुले मेरो बिश्वासघात्
गर्ये प्रभु यहवेको येइ बाणी छ ॥

१६ २ फेरि यहवेको बचन् मं थांइ येसो भन्दै आयो ए मान्छेको
३ छोरो यरूशलेम्लाइ त्येस्का सबै घिन्लाग्दा काम् जनाइ दे अनि
त्येस्लाइ भन् प्रभु यहवेले यरूशलेम्लाइ येसो भन्द छ . तेरो जन्म र तेरो
उत्पत्ति कनानीहरूको देस् देखि भयो तेरो बाबु एमोरी अनि तेरी आंमा
४ हित्तीनी थिई । अनि तेरो जन्म येसोरि भयो तेरो जन्मको दिन्मां न तेरो
नाभि बेंड्राईयो न तं शुद्ध हुंनुको लागि धोईइस् न तंमां कोइ नुन् मलीयो
५ अनि न तं कोइ लुगामां बेहेरीइस् । तेरो लागि त्येस्ता सबै काम् गर्नुलाइ
कसैले तं मांथि दयाको दृष्टि गर्येन अं आफ्नु जन्मको दिन् तं घिन्लाग्दो
६ भयेको कारणले तं बाहिर बन्मां आफालि दिईइस् । तेरो त्यस्तो गत्
भइ रह्येकोमां मं त्यता बाटो जांदा तंलाइ रगत्मां लट्पटीई रह्येको देख्यें
तब मैंले तंलाइ ए आफ्नु रगत्मां लट्पटीयेको जी भन्यें फेरि दोस्रो खेप्
७ भन्यें ए तं आफ्नु रगत्मां लट्पटीयेको जी भनि । वहांदेखि मैंले तंलाइ
बन्को कोपीला झैं बढायें र तं बढ्दै बढ्दै ठुली भइस् अनि अग्घोर्का
राम्री भइस् तेरा दुत्हरु राम्रा भये अनि तेरा केस् लांमा लांमा भये
८ तैपनि तं नांगै र उघारै थिइस् । फेरि मं तं छेउ देखि जांदा तेरो समय्
प्रेमको समय् रछ भनि देख्यें येस्कारण मैंले तंलाइ आफ्नै लुगा ओढायेर
तेरो जीउ ढाकि दियें . अनि तं सित किरिया खायेर तं सित बाचा बांध्यें
९ त येसोरि तं मेरी भइस् प्रभु यहवेको येइ बाणी छ । तब मैंले तंलाइ
पानीले नुहायेर तंमां भयेको रगत् पूरोगरि धोइ दियें अनि तेरो जीउमां
१० तेल् मलि दियें । वहांदेखि मैंले तंलाइ बुट्टा काढेका बस्त्रहरु र सुईस-
हरुका छालाहरुका जुत्ता पहिर्यायें अनि तेरो कम्मरमां मसीनो पटुका
११ बांधि दियें अनि तंलाइ रेश्मी पछेउरा ओढायें । वहांदेखि मैंले तंलाइ
सिंगार्नु लाग्यें अनि तेरा हात्मां चुराहरु र गलामां सिक्रि लगाइ दियें ।
१२ अनि मैंले तेरो नाख्मां नत्थ र कानमां गदवारि (सुन्) लगाइ दियें अनि
१३ तेरो सिर्मां सुवाउंदो मुकुट् लगाइ दियें । त तेरा गहनाहरु सुन् चांदीका
अनि तेरा बस्त्र मसीनो पाटबस्त्र र रेश्मम् र बुट्टा काढेका कपराका
बनाईये अनि तेरा खान्कि गहूंको पिठो मह र तेल् थिये . त तं अग्घोरै
१४ राम्रा अं रानीनै हुंने माफिक्की भइस् । अनि तेरो सुन्दरईंको किर्त्ति
अन्य अन्यलोग्मां फिंजीयो किनभन्ये मैंले तंलाइ दियेको प्रतापको
कारणले तं पूर्ण सुन्दरी भइस प्रभु यहवेको येइ बाणी छ ॥

तर तैंले आफ्नु सुन्दरेईंको भरोसा गरि आफ्नु नांउको कारणले १५
व्यभिचार् गर्नु लागिस् अनि सबै बटोरेहरु सित कुकर्म्म गरिस् जस्ले
तलाइ मांग्द थियो तं त्येइ सित मिल्द थिइस्। अनि तैंले आफ्नु लुगा १६
लग्येर अलग्गा ठांउहरुमां रंग बिरंग पारि सिङारिस् वहांदेखि तिनमां
व्यभिचार् गरिस् येस्तो काम् गरिस् त्यस्तो ता फेरि फेरि हुंनै सक्दैन।
अनि तैंले मैंले दियेका सुन् चांदीका तेरा सुवाउंदा सुवाउंदा गहना लग्येर १७
नरमूर्त्तिहरु बनाइस् अनि तिनिहरु सित पनि व्यभिचार् गर्नु लागिस्
अनि आफ्ना बुट्टा काढ्याका बस्त्रहरु लग्येर तिनिहरुलाइ पहिर्याइस् १८
अनि मेरो तेल् र मेरो धूप् तिनको सांमु चढाइस्। अनि मैंले तंलाइ १९
दियेको खानकि अर्थात् गहूंको पिठो तेल् र मह मं तंलाइ खुवाउंद थियें
ति सबै तैंले तिनको सांमु सुवासधूपगरि राखिस् गत् येस्तै थियो
प्रभु यहवेको येइ बाणी छ। फेरि तैंले मेरो लागि जन्मायेका तेरा २०
छोराछोरीहरुलाइ लग्येर तिनलाइ मूर्त्तिहरुलाइ भोगगरि चढाइस्। त
तैंले येस्तो येस्तो व्यभिचार् गर्नु को त्यो सानु कुरो थियो तैंले मेरा २१
केटाकेटीहरुलाइ लग्येर ति मूर्त्तिहरुको सांमु आगोको बाठो बाड़ा
हिंड़ालिकन मारिस्। अनि तैंले येस्ता येस्ता सबै घिनलाग्दा काम् गरि २२
व्यभिचार् गर्दै तैंले आफ्नु बालखंडेको त्यो नांगै उघारै आफ्नु रगत्मां
लट्पटीइ रह्याको गत् सम्झीनस्। अनि तेरा ति सबै बुराई पछि यो भयो २३
(प्रभु यहवेको यो बाणी छ हाय् तं मांथि हाय्) तैंले येउटा ठुलो २४
घर् पनि बनाइस् अं सहर्को चोक् चोक्हुंदो पनि अलग्गा अलग्गा ठांउहरु
बनाइस्। अनि दोबाटा दोबाटाहुंदो पनि तैंले आफ्नु अलग्गै ठांउ बनायेर २५
आफ्ना टाङ्ग फारि फारि घिनलाग्दो पारिस् अनि एक् एक् बटोरेलाइ
कुकर्म्मको लागि डाकि डाकिकन अरघोरको व्यभिचारीनी भइ गइस्। अनि २६
तैंले आफ्ना बलियोबाङ्गो मिश्री छिमेकिहरु सित पनि व्यभिचार् गरिस्
अं मलाइ रिस् उठाउंनुको लागि ओधिनै व्यभिचार् गरिस्। येसैकारण मैंले २७
तेरो बिरुद्धमां आफ्नु हात् पसारि तेरो दिन् दिन्को खानकि घटाइ
दियें अनि तेरो सत्तुरनी पलिश्तीनी आइमाइहरु जो तेरो महापापको
चालचलन् हेरि लजाउंद छिन् तिनिहरुको इच्छेमां मैंले तंलाइ छोड़ि
दियें। अझ पनि तेरो तृषणा मेट्येन र तैंले अश्शूरीहरु सित पनि व्यभिचार् २८
गरिस् अनि तिनिहरु सित व्यभिचार् गरिकन पनि तं अघाइनस्। फेरि २९
तं कनान्मां व्यभिचार् गर्दै गर्दै कल्दीहरुको देस् सम्म पुगिस् अनि उहीं
पनि तं अघाइनस्। त प्रभु यहवेको यो बाणी छ तं येस्तो काम् गर्दै ३०
छस् जो हुकुम् चलाउंने बेश्येका काम् हुन् त तेरो मन् कस्तो चंचल्
छ. तैंले दोबाटा दोबाटाहुंदो आफ्ना ठुलो घर् र चोक् चोक्हुंदो ३१
तेरा अलग्गा ठांउ बनाइस् त येस्मां को तं बेश्ये जस्तो भईनस् किनभन्ये तं
बेश्येको ब्यालामां हांस्द छस्। तं लकुवारेनी होस् तं आफ्नु लोग्नेको ३२
साटो बिरानाहरुलाइ ल्याउंने होस्। सबै बेश्येहरुले रुपिया पाउंद छिन्. ३३

तर तंचइंले ता आफ्ना सबै नाठाहरूलाइ रुपिया बैंना दि दिकन
तिनलाइ बोलाउंद छेस् तिनिहरूले चारतर्फ देखि आयेर तं सित व्यभिचार्
३४ गरून् भन्येर । येस्कारण तेरो चइं व्यभिचार् अरु अरु व्यभिचारीनीहरूको
भन्दा उल्टाउलो छ कोई व्यभिचारीले तंलाइ खोज्दैन . अनि तं कसै
सित वेश्यको ज्याला लीदैनस् तर उल्टाउलो तं पो दिंछेस् येसैगरि
तं उल्टी छस् ॥
३५ ३६ येस्कारण ए वेश्ये यहवेको वचन् सुन् . प्रभु यहवेले येसो भन्द
छ तैंले व्यभिचार्मां अघोरै निर्लज्ज भइकन आफ्नु जीउ आफ्ना
नाठाहरूलाइ देखाइस् अनि आफ्ना घिन्लाग्दा मूर्त्तिहरू सित घिन्-
लाग्दो काम् गरिस् अनि आफ्ना छोराछोरीहरूको रगत् बहायेर तिनि-
३७ हरूलाइ वलिदान् चढाइस् येस्कारण सुन् मं तं सङ खुशि गर्ने तेरा
नाठाहरूलाइ अं जत्ति सित तैंले प्रेम् गर्येकी छस् अनि जत्ति सित
दुष्मणि गर्येकी छस् ति सबैलाइ चारै तिर बाटो तेरो विरुद्धमां भेला
गरायेर तिनिहरूलाइ तेरो जीउ नंग्यायेर देखाउंछु अनि तिनिहरू सबैले
३८ तेरो जीउ हेर्छन् । तब मं तंलाइ येस्तो दण्ड दिंछु जस्तो व्यभिचार् गर्ने
र लोहू बहाउंने स्वास्नीहरूलाइ दिंइछ अनि मं तेरो चइं लोहू रिस् र
३९ बल्दोरिस् सित बहाउंछु । मं तंलाइ तिनिहरूको हातमां पारि पनि दिंछु
अनि तिनिहरूले तेरो टुक्रो घर् र तेरा अलग ठांउहरू भत्काइ दिंछन्
अनि बलजबरगरि तेरा लुगाहरू काढ्छन् अनि तेरा राम्रा राम्रा गहनाहरू
४० फुकालि लैजांछन् . अनि तंलाइ नाङ्गै र उघारै पारि छोड्छन् । वहांदेखि
तिनिहरूले येउटा गट्ठा जमायेर तंलाइ ढुंगाले लोहर्याउंछन् अनि तंलाइ
४१ आफ्ना तरवारले वार्पार् छेड्छन् । वहांदेखि तिनिहरूले आगो लगायेर
तेरा घरहरू डढाइ दिंछन् अनि तंलाइ धेरै आइमाइहरूले देखनेगरि
दण्ड दिंछन् येसोरि मं तेरो व्यभिचार् थन्कु अनि त्येस् पछि तैंले फेरि
४२ फेरि वेश्येको ज्याला दिंदैनस् । अनि जब मं तं मांथि आफ्नु बल्दोरिस्
पूरो गरि सकछु तब तं देखि मं अरु बल्दीन तर सित्तल होइ जांछु अनि
४३ तब देखि येसो अरु रिसाउंदैन । तैंले आफ्नु बालखइंको गत् सम्झीनस्
तर यि सबै कुराको कारणले मंलाइ जिस्क्याइस् येस् कारणले मं तेरा
चालचलन् तेरो थाप्लो मांथि फर्काइ दिंछु . त तैंले तेरा अगाड़िका सबै
घिन्लाग्दा कामहरू भन्दा बेसि अरु महापाप् गर्दैनस् प्रभु यहवेको
येइ वाणी छ ॥
४४ सुन् सबै कहनि गर्नेहरूले तेरो विषयमां येस्तो कहनि गर्छन् अर्थात्
४५ जस्तो आंमा त्यस्तो छोरी भन्ने । तेरी आंमाले आफ्नु लोग्ने र आफ्ना
केटाकेटीहरू देखि घिन् गर्दै छे त्यस्तै तं त्येसको छोरी पनि भइस् अनि तेरी
दिदीहरूले आफ्नु आफ्नु लोग्ने र आफ्ना केटाकेटीहरू देखि घिन्
गर्दै थिइन् त्यस्तै तं तिनिहरूकी बैनी पनि भइस् . तिमिहरूकी आंमा
४६ हित्तीनी अनि तिमिहरूको बाबु एमोरी थियो । तेरी दिदी शोमरोन् छ

जो आफ्नो छोरीहरु समेत् तं देखि बांउहात् तिर रहंद छे. अनि
तेरो बैंनो जो तं देखि दाहीनो हात् तिर रहंद छे त्यो त्यको छोरीहरु
समेत् सदोम् हो। अं तं तिनिहरुको जस्तो चाल्मां ता हिंड़ीनस् अनि न ४७
तिनिहरुको जस्तो घिन्लाग्दा काम् गरिस् अं येसो गर्नु तैंले तुच्छ
ठानिस् तेपनि तेरा सब्बै रकम्का चाल्चलन् तिनिहरुको भन्दा पनि बेसि
बिग्र्यो। प्रभु यहवेको यो बाणी छ मं जीइ रह्येको भें तेरो बैंनो ४८
सदोम्ले आफ्नो छोरीहरु समेत्ले तेरो र तेरो छोरीहरुको जस्तो काम्
गरोनन्। सुन् तेरो बैंनो सदोम्को अधर्म्म येस्तो थियो त्येस्ले आफ्नो ४९
छोरीहरु समेत्ले अहंकार् गर्द थिई पेटभरि खांद थिई अनि सुखचैन्
सित रहंद थिई अनि गरिबगुरुबाहरुलाइ सम्भाल्दैन थिई। त तिनिहरुले ५०
अहंकार् गर्येर मेरो सांमु घिन्लाग्दो काम् गर्न लागिन्. त यो देख्येर
मैंले त्यस्लाइ उठाइ दियें। फेरि शोमरोन्ले तेरो पाप् भन्दा आधा पनि ५१
गर्येन तर तैंले त्या भन्दा बेसि घिन्लाग्दो काम् गरिस् अनि आफ्ना सबै
घिन्लाग्दा कामको बाटोले आफ्नो दिदी बैंनीहरुलाइ निर्दोष् जस्तो
ठहराइस्। तं आफ्ना दिदीबैंनीहरुको पन् पक्ष लिया गर्येको जस्तो ५२
गर्द छेस् येस्कारण तं आफ्नु लाज् आफैं भोग् किनभन्ये तैंले तिनिहरुले
भन्दा बेसि घिन्लाग्दो पाप् गर्येको छस् येस्कारण तिनिहरु तं भन्दा कम्
दोषी छन् त येस् कुराले लजा. अनि आफ्नु लाज् भोग् किनभन्ये तैंले
आफ्नो दिदीबैंनीहरुलाइ निर्दोष् ठहराइस्। त जब मं तिनिहरुलाइ ५३
अर्थात् छोरीहरु समेत् सदोम् र शोमरोन्लाइ बन्धुवाई देखि फेरि फर्काइ
ल्याउंछु तब तिनिहरुके बीचमां तेरा बन्धुवाहरुलाइ पनि फर्काइ ल्याउंछु.
तैंले आफ्नु लाज् भोगि मं तिनिहरुको लागि शान्तिको कारण् भयें छु ५४
भनि आफ्ना सबै काम् देख्येर लजा भन्ये खातिर्ले। त तेरो दिदी ५५
बैंनीहरु सदोम् र शोमरोन् आफ्नो आफ्नो छोरीहरु समेत् आफ्नु
पहिलो गत्मां फेरि पुग्छिन् अनि तं पनि आफ्नो छोरीहरु समेत्
आफ्नु पहिलो गत्मां पुग्छेस्। कसोगरिभन्ये तेरो अहंकार्को दिन्मां ५६
तैंले आफ्नो बैंनो सदोम्को नावै पनि लिंदैन थिइस् त्यो समय् तेरो ५७
बुराई प्रगटो न भयेको समय् थियो अर्थात् त्यो समय् थियो जब तैंले
छेउछाउ समेत् अराम्को आइमाइहरुको र पलिश्तीहरुको आइमाइ-
हरुको पनि जुन्हरुले अब चारै तिर बाटो तंलाइ तुच्छ ठान्द छन्
तिनिहरुको निन्दा गर्द थिइस्। तैंले आफ्नु महापाप्को र घिन्लाग्दा ५८
काम्को बोझा आफैले भोग्नु पर्यो यहवेको येइ बाणी छ। किमभन्ये ५९
प्रभु यहवेले येसो भन्द छ. तैंले आफुले खायेको किरिया तुच्छ जानि
आफ्नु बांध्येको नियम् छिनालिस् येस्कारण मं तेरो काम् अनुसार् तं
सित बेहोरा गर्छु। तेपनि मं आफ्नु त्यो नियम् सम्भंछु जो मैंले तेरा ६०
बालखेलैंका दिन् देखि तं सित बांध्येको थियें अनि त्यो सधैं सम्मको
नियम् तेरो लागि स्थिर् गर्छु। अनि जब तैंले आफ्नो दिदीबैंनीहरुलाइ ६१

अर्थात् आफनी टुली टुली दिदीहरु र सांनी सांनी बैनीहरुलाइ मान्लिस्
तब तं आफ्ना चाल्चलन् सम्झि लजाउंछेस् अनि तिनिहरुलाइ मं
तेरी छोरीहरु भनि ता दिंछु तर तेरो यो बांध्येको नियम् अनुसार् गर्दीं न।
६२ तर मं तं सित आफ्ने नियम् स्थिर् गर्छु तब तैंले थाहा पउंछेस् उ
६३ यहवे हो रछ भनि . [येस्को अर्थ येइ हो] अर्थात् तं आफ्नु अगाड़िको
गत् सम्झेर लजाउंछेस् अनि लाजको कारणले फेरि फेरि कैले पनि
आफ्नु मुख् उघार्दैनस् येसो त्येस् बेला हुंछ जब मं तेरा सबै काम्को
क्षमा गर्छु प्रभु यह्वेको येइ बाणी छ ॥

१७ ¦ फेरि यह्वेको बचन् मं थांइ येसो भनि आयो ए मान्छेको
छोरो इस्राएल्को जहान्लाइ येसो भन् यो अड्को थाप् अनि यो उखान्
३ कह् प्रभु यह्वेले येसो भन्द छ . येउटा लांमो लांमो पोंख् भयेको
र भुत्लाले भरीयेको र वलिवलिको रंग भयेको तुलो उकाबपंछीले
४ लबानोन्मां गयेर देवदारुको येउटा फुर्का टिप्यो बहांदेखि त्यस्ले त्येस्
फुर्काको टुप्पा मुइरो चइं चुंड़ेर त्यो पैकार गर्नेको देस्मां लग्येर
५ बेपारीहरुको येउटा सहर्मां लगायो। बहांदेखि त्यस्ले त्येइ देसको
अलिकता बिउ ल्यायेर येउटा उपजनि हुने ठांउमां लगायो अनि त्यो धेरै
६ पानीको बाहाल् भयेको ठांउमां बइंसको रुख् झैं रोप्यो। त त्यो उम्रेर
सांनु फैलीने लहरा भयो जस्का डालाहरु त्यो उकाब् तिर नुह्यो अनि त्यसको
जरा त्येस्को मुनि सम्म फिंजायो . येसोरि त्यो दाखको बोट् भइ कोपीला
७ निक्लि पात्हरु फक्रन् लाग्ये। फेरि अर्को पनि येउटा लांमो लांमो पखेटा
र भुत्लाले भरीयेको तुलो उकाबपंछी रछ . त क्य देख्यें भन्ये त्यो
दाखको बोट् जुन् सायोमां लगायेको थियो त्यहां देखि त्यस् अर्को
उकाब् तिर आफ्नु जरा फिंजाउंनु र आफ्ना डाला निउंराउंनु लाग्यो
८ त्यसले त्येस्मां पानी हाल्ने गरोस् भन्ये खातिर्ले। तर त्यो चइं ता धेरै
पानी भयेको जाति भूमिमां रोपीयेको थियो बाक्लोगरि कोपीला लागोस्
९ अनि फल् फलोस् अनि अस्सल् दाखको बोट् बनोस् भन्येर। त तैंले
येसो भन् प्रभु यह्वेले येसो भन्द छ . क्य त्यो फुल्दै फल्दै रहंछ . क्य त्यो
रोप्नेले त्यस्लाइ जरै समेत् उखेल्दैन अनि त्येस्का फल् झार्दैन त्यो त्येस्का
हरीया हरीया नया पातै समेत् सुकनुलाइ अं त्यो ता धेर् बल् बिनानै
१० अनि धेर् लोग् न आइकननै पनि जरै समेत् उखेलीछ। अं अनि त्यो
रापीइनै रह्यो भन्ये पनि क्य त्यो फुल्छ फल्छ होइन . जब पूर्व बतासले
त्येस्लाइ भेटाउंछ तब क्य त्यो ख्यांटै मुक्दैन . अं त्यो उम्र्येकै थलामां
सुकि जांछ ॥

११ येस् उप्रान्त यह्वेको यो बचन् पनि मं थांइ येसो भनि आयो
१२ ए मान्छेको छोरो त्येस् झगरे जहान्लाइ भन् क्य तिमिहरु यि कुराको
अर्थ बूझ्दौन भनि . अनि फेरि तिनिहरुलाइ भन् बाबेल्को राजाले
यरुशलेम्मां आयेर त्येस्को राजा र अरु अरु मालिक्हरुलाइ लग्यो बाबुल्मां

आफु थांइ पुऱ्यायो   अनि त्येस् राजवंशमांको येउटा पुरुषलाइ १३
समात्येर त्येसलाइ आफु सङ बाचा बंधायो अनि त्येसलाइ ताबिमां रहंने
किरिया खुवायो अनि त्येस् देसका भारादारहरुलाइ लग्यो . येसो गर्ले १४
त्यो राज् निर्बल् रहोस् अनि सिर् उठाउंनु न सकोस् तर उस्को बाचा
मान्येकोले स्थिर् रहोस् भन्ने खातिर्ले गर्‍यो । तैपनि त्यो राजा घोड़ा १५
र ठुलो पल्टन् मांगनुलाइ आफ्नु दूत्लाइ मिस्रमां पठाइ त्येस्को बिरोधी
भयो । त के त्यो फुल्दे फल्दे रहंछ . के येस्तो काम् गर्ने बांचि रहंछ . के
त्यो आफ्नु बाचा भङ्ग गरिकन पनि बांचि रहंछ । प्रभु यह्वेले येसो भन्द छु १६
मं जीइ रह्येको भैं त्येसलाइ किरिया खुवाउंने जस् राजाको किरिया त्येस्ले
तुच्छ जान्यो अनि जो सङ त्येस्ले बाचा बांध्यो त्येसैको बाचा त्येस्ले
छिनाल्यो त्यंइ त्येसलाइ राजा तुल्याउंने राजाको अर्थात् बाबेल्मां
त्यो मर्छ । अनि जब [बाबेलीहरुले] धेरै प्राणीहरुलाइ गारो उठाउंछन् १७
अनि गड़ि बनाउंछन् तब फिरऊन्ले आफ्ना ठुला ठुला पल्टन् र आफ्ना
ठुला ठुला मंडली भइकन पनि लड़ाइंमां त्येस्को गोहार् गर्नु सक्दैन ।
कसोगरिभन्ये त्येस्ले किरियालाइ तुच्छ जान्यो अनि बाचा भङ्ग गर्‍यो हेर १८
त्येस्ले बाचा दियेकोमां पनि येस्तो येस्तो काम् गर्‍यो येस्कारण त्यो
बांच्दैन । त प्रभु यह्वेले येसो भन्द छु मं जीइ रह्येको भैं त्येस्ले मेरो १९
किरिया तुच्छ ठान्यो अनि मं सित बांध्येको नियम् भङ्ग गर्‍यो यो पाप्
मं त्येसैको थोप्लो मांथि खन्याउंछु । अनि मं आफ्नु जाल् त्येस् मांथि २०
फिंजाउंछु अनि त्यो मेरो पासोमां फांसींछ अनि मं त्येसलाइ बाबेल्मां
ल्याउंछु त्येस्ले मं सित गर्‍येको बिस्वासघात्को मास्ला मं त्यो सित गर्छु ।
अनि त्येस्का सबै पल्टन्मांका जत्ति भाग्छन् ति सबै तरवार्ले लड्छन् २१
अनि जो रहंनन् ति पनि चारै तिर छरपुट्ट पार्छन् . तब तिमिहरुले
थाहा पाउंछौ उइ यह्वेलेनै येसो भन्यो छु भनि ॥

प्रभु यह्वेले येसो भन्द छु . मं देवदारुको अलगो फुर्कोमांको २२
येउटा सुइरो काटेर रोप्छु अनि त्येस्का टुप्पा टुप्पाका कमला कमला
डालाहरुमांको येउटा कमलो डाला चुंड़र । येउटा अग्घोर् अलगो पर्बत्मां
रोप्छु . अं मं इस्राएलको अलगो पर्बत्मां रोप्छु . त त्यो झाङ्गीयेर २३
बल्लियो भइ असल् देवदारु बनींछ अनि त्येस् मुनि अर्थात् त्येस्का डालाका
छाया मुनि भांति भांतिका सबै पंछीहरुले बास् बस्ने गर्छन् । तब २४
बनका सब्बै रुखहरुले उइ यह्वेलेनै अलगो बृक्षलाइ होंच्यायो अनि
होंचो बृक्षलाइ अलग्यायो अनि हरियो बृक्षलाइ सुकायो अनि सुकेको
बृक्षलाइ फुलायो भनि जांछन् . मं यह्वेलेनै येसो भन्यें अनि गरि
पनि दियें ॥

फेरि यह्वेको बचन् मं थांइ येसो भनि आयो   तिमिहरु १८ १ २
जस्ले इस्राएलको देस्को बिषयमां यो कहंनि गर्दै छौ अर्थात् पित्रहरुले
चर्चरे खाये येस्कारण तिनिहरुका बंशका दांत् कुंड़ीये भन्ने येस्को अर्थ का

३ हो भनि। त प्रभु यहवेले येसो भन्द छ मं जीइ रह्यैको भैं तिमिहरुलाइ
४ इस्राएल्को बिषय्मां फेरि फेरि यो कहंनि भन्ये बेला हुंदैन। सुन
सबैका प्राण् मेरा हुन् जस्तो बाबुको प्राण् छ त्यस्तै छोराको दुवै मेरै
५ हुन्. त जुन् प्राणीले पाप् गर्छ त्येइ मर्छ। तर जो धर्म्मी छ अनि धर्म्म
६ र नियाको काम् गर्छ अनि न डांड़ा डांड़ाहुंदो खाइ हिंड़्यो न
इस्राएल्का जहानका मूर्त्तिहरु तिर आंखा उठाया न पराय्को स्वास्नी
७ बिगार्यो न ऋतु भयेकीकां गयो अनि न कोई मांथि बल्मिचेइँ
गर्यो तर ऋणाहालाइ त्येस्को बन्धक् फर्काइ दियो अनि न कसैलाइ
लूट्यो तर भोकालाइ आफ्नु खानेथोक् दियो अनि नांगोलाइ लुगाले
८ पहिर्यायो न ब्याज्मां रुपिया दियो न रुपियाको बढ़्ति लियो
अनि आफ्नु हात् बाङ्गो काम् देखि भिक्यो अनि मान्छे मान्छेको
९ बीचेमां सचेइँ सित निया गर्यो अनि मेरा बिधिहरुमां हिंड्यो
अनि मेरा नियाबचन्हरु मान्दै सचेइँको काम् गर्यो येस्तो मान्छे धर्म्मी
१० हो त्यो निस्से जीउंछ प्रभुको येइ बाणी छ। तर त्येस्को छोरो डाकू
हत्यारा कि मांथि कहीयेका पाप्हरुमांको कुनै गर्ने भयो भन्ये देखि
११ अनि मांथि कहीयेका उचित् कार्ज्य न गर्ने भयो अनि डांड़ा डांड़ाहुंदो
१२ खायो पराय्को स्वास्नी बिगार्यो गरिब्गुर्बाहरु मांथि मिचेइँ गर्यो
अरुहरुलाइ लूट्यो बन्धक् फर्काइ दियेन मूर्त्तिहरु तिर आंखा उचाल्यो
१३ घिन्लाग्दो काम् गर्यो ब्याज्मां रुपिया दियो अनि बढ़्ति लियो
भन्ये देखि. के त्यो जीइ रहंछ. होइन त्यो जीउंदैन. त्येस्ले यि सबै
घिन्लाग्दा काम् गर्यो येस्कारण् त्यो निस्से मर्छ. त्येस्को लोहू त्येस्कै
१४ सिर् मांथि पर्छ। फेरि येस्तो मान्छेको छोरो छ अनि त्येस्ले आफ्नु
बाबुका येस्ता येस्ता काम् देखिकन बिचार्यो अनि ति अनुसार् गर्येन
१५ अर्थात् न डांड़ा डांड़ाहुंदो खायो न इस्राएल्को जहान्का मूर्त्तिहरु तिर
१६ आंखा उचाल्यो न पराय्को स्वास्नी बिगार्यो न कोई मांथि मिचेइँ
गर्यो न कोइ बन्धक् लि राख्यो न कसैलाइ लूट्यो तर आफ्नु खाने थोक्
१७ भोकोलाइ दियो अनि नांगोलाइ लुगाले पहिर्यायो दीन्को हानि
गर्नु देखि हात् भिक्यो ब्याज् र बढ़्ति लियेन तर मेरा नियाबचन्हरु
मान्यो अनि मेरा बिधिहरुमां हिंड्यो भन्ये देखि त्यो आफ्नु बाबुको
१८ अधर्म्मको कारणले मर्दैन त्यो निस्से जीउंछ। अं त्येस्को बाबुले चइं ता
मिचेइँ गर्द र लूट्द र आफ्ना दाज्युभाईहरुको बीच्मां नजाति गर्दै थियो
१९ येस्कारण् त्यो आफ्नु अधर्म्मको कारणले मर्छ। तैपनि तिमिहरुले भन्द
छौ छोराले बाबुको अधर्म्मको भारि किन बोक्दैन भनि. जब छोराचइंले
निया र धर्म्मको कर्म्म गर्यो अनि मेरा सबै बिधिहरु मानि तिनमां
२० हिंड्यो त त्यो निस्से जीउंछ। जस् प्राणीले पाप् गर्द छ त्येइ मर्छ.
न छोराले बाबुको अधर्म्मको भारि बोक्छ न बाबुले छोराको. धर्म्मीलाइ
२१ त्येस्कै धर्म्मको फल् अनि दुष्टलाइ त्येस्कै दुष्टेइँको फल् दिइंछ। तर दुष्ट

आफुले गर्‍येका सबै पाप् देखि फिरि मेरा सबै बिधिहरु मान्यो अनि
निया र धर्म्मको कार्ज्य गर्‍यो भन्ये देखि त्यो निस्से जीउंछ त्यो मर्दैन ।
त्यस्ले जत्ति पाप् गर्‍येको छ तिनिहरुमांको कुनैको चर्चा त्यस्को हानिको २२
लागि गर्दैन. त्यस्ले गर्‍येको धर्म्मको कारणले त्यो जीउंछ । प्रभु
यहवेको यो बाणी छ के मं दुष्टको मरणले काहि पनि खुशि हुंद छु.
के मं त्यो आफ्ना कुमार्ग देखि फिरि जीइ रह्येकोमां झन्‌सारो खुशि २३
छुइंन । अं तर जब धर्म्मी आफ्नु धर्म्म देखि फिरि बाङ्गोटेढो काम् अं २४
दुष्टका सबै घिन्‌लाग्‌दा काम् अनसार् गर्नु लाग्यो भन्ये देखि त्यो कसोरि
जीउंछ. त्यस्ले जति धर्म्मको कर्म्म गर्‍येको छ तिनमांको कुनैको चर्चा
गर्दैन. त्यस्ले गर्‍येका बिश्वासघात् र पापको कारणले त्यो मर्छ ।
तैपनि तिमिहरुले भन्द छौ प्रभुको चाल् ठीक् छैन भनि । हे इस्राएलका २५
जहान् हो सुन के मेरो चाल् ठीक् छैन. कि तिमिहरुका चाल् ठीक्
छैनन् । जब धर्म्मी आफ्नु धर्म्म देखि फर्कि बुराईको काम् गर्नु लाग्‌द छ २६
तब त्यो तिनैको कारणले मर्छ अं त्यो बुराई गर्दै गर्दै आफ्नै बुराईमां
मर्छ । त्यसैगरि जब दुष्ट आफ्नु दुष्टेइं देखि फर्कि निया र धर्म्मको कर्म्म २७
गर्नु लाग्‌द छ तब त्यस्ले आफ्नु प्राण बचाउंछ । त्यस्ले बिचार् गर्‍यो अनि २८
आफ्ना अधर्म्म देखि फर्‍यो येस्कारण् त्यो निस्से जीइ रहंछ त्यो मर्दैन ।
तैपनि इस्राएलको जहानले भन्द छ प्रभुको चाल् ठीक् छैन भनि । हे २९
इस्राएलका जहान् हो के मेरो चाल् ठीक् छैन. कि तिमिहरुइका
चाल् ठीक् छैनन् । प्रभु यहवेको यो बाणी छ हे इस्राएलका जहान् ३०
हो मं तिमिहरुमांको एक् एक् मान्छेको निया त्यस्को चाल् अनसार्
गर्छु । त तिमिहरु फिर अनि आफ्ना सबै अधर्म्म छोड़ र तिमिहरुका
अधर्म्म तिमिहरुको ठोकरको कारण् न होउन् । तिमिहरुले गर्‍येका सबै ३१
अपराधहरु प्याकालि तिमिहरुको मन् नया र आत्मा नया पार. हे
इस्राएलका जहान् हो तिमिहरु किन मर्छौ । किनभन्ये प्रभु यहवेको ३२
यो बाणी छ जो मर्द छ त्यस्को मरण देखि मं खुशि छुइंन येस्कारण् फर्क
अनि जीइ रह ॥

फेरि इस्राएलका मालिकहरुको बिषयमां तैंले यो बिलापीगीत् १९ १
गा अनि भन् तेरी आमा को थिई । येउटी सिंहनी. त्यो सिंहहरुको २
बीच्‌मां रहंद थिई अनि आफ्ना डमरुहरुलाइ जुवान् सिंहहरुको बीच्‌मां
पाल्द पोष्‌द थिई । ति डमरुहरुमांको येउटालाइ त्यस्ले येस्तोगरि पोष्याई ३
त्यो बलियो सिंह भयो. अनि त्यस्ले सिकार् पकर्नु सिक्यो अं मान्छे-
हरुलाइ पनि खांनु लाग्यो । त लोग् लोगले त्यस्को बखान् सुन्ये तब त्यस्लाइ ४
तिनिहरुको खन्येको खाड़ल्‌मा पार्‍ये वहांदेखि त्यस्लाइ नकेल् लगायेर
मिस्र देस्‌मां लग्ये । जब त्यस्ले मेरो आशा र धीरज् ब्यर्थ भयो भनि ५
देख्यो तब आफ्नु अरु येउटा डमरुलाइ लियेर त्यस्लाइ बलियो जुवान्
सिंहको मान् दिई । त त्यो बलियो जुवान् सिंह भयेर सिंहहरुको ६

बीचमां फिंडुडुल् गर्नु लाग्यो. अनि त्येह्ले पनि सिकार् पक्रंनु सिक्यो अं
७ मान्छेलाइ पनि खांनु लाग्यो। अनि त्येह्ले तिनिहरुका महलहरु छेर्दै
तिनिहरुका सहर्हरु उजार्नु लाग्यो अं त्येस्को गर्जले अघि भरपूर् भयेको
८ देस् सुन्ने भयो। तब चारै तिरका लोग् लोग्ले आफ्नु आफ्नु खा
दखि आउंदै त्येस्को लागि जाल् थाप्ये अनि त्यो तिनिहरुको खाड्लमां
९ पर्यो। तब तिनिहरुले त्येस्लाइ खोरमां थुनि नकेल् लगायेर बाबेल्को
राजा थांइ लग्येर किल्लामां थुन्ये त्यस्को मोर् फेरि फेरि इस्राएल्का
डाड़ाहुंदो न सुनीओस् भन्येर ॥
१० तं जस्तै तेरो आंमा खोल्चा छेउ रोपीयेको दाख्को बोट् जस्तो
थिई अनि धेरै पानीको कारणले त्यो फल् र हांगाहरुले भरीयेको थिई
११ अनि त्यो देखि येस्ता बल्लिया बल्लिया डालाहरु निक्ल्ये ति प्रभुतंई
गर्नेहरुका राजदण्डको काम् लाग्ने माफिकका थिये अनि त्येस्को अलगैं
येस्तो औधिगरि बढ्यो त्यो बादल्हरुको बीचमां पुग्यो अनि त्यो त्येस्का
१२ डालाहरु समेत् औधिनै अलगो देखाहा पर्यो। तैपनि त्यो बल्ट्ोरिस्को
साथमां उखेलीयेर भूंइमां लड़ाईई अनि त्येस्का फल्हरु पूर्बैलताम्
लाग्येकोले सबै सुकि गये. अं त्येस्का बल्लिया बल्लिया डालाहरु पनि
१३ सुक्दै भांचींदै गये अं ति आगोले भस्म भये। अनि अब त्यो बन्मां
१४ सुक्येको र निपाने देस्मां रोपीयेको छ। अनि त्येस्का हांगाहरुका डालाहरु
देखि आगो निक्ल्यो ज्येले त्येस्का फल्हरु नष्ट भये अनि प्रभुतंई गर्ने
माफिक्का राजदण्डको काम् लाग्ने अब त्येसमां कुनै बल्लियो डाला रह्येन।
बिलापीगीत् येइ हो अनि बिलापीगीत्नै हुनुको लागि यो बनीयो ॥
२० १ फेरि सातौं बर्षको पांचौं महीनाको दसौं तिथिमां येसो भयो
इस्राएल्का कत्ति जना बूढ़ाहरु यहवे सित सोधनी गर्नलाइ आयेर मेरो
२ ३ छेउमां बस्ये। तब यहवेको बचन् येसो भनि मं थांइ आयो र मान्छेको
छोरो इस्राएल्का बूढ़ाहरुलाइ येसो भन् प्रभु यहवेले येसो भन्द छ क्य
तिमिहरु मं सित सोधनी गर्नुलाइ आयेका छौ. यहवेको यो बाणी छ
४ मं जीउ रह्येको भैं मं तिमिहरुलाइ मं सित सोधनी गर्नु दिन्न। क्य तं
तिनिहरुका निया गर्दैनस् र मान्छेको छोरो क्य तं तिनिहरुका निया
गर्दैनस्. तिनिहरुलाइ तिनिहरुका पितापुर्खाहरुका घिन्लाग्दा कामहरु
५ देखाइ दे अनि तिनिहरुलाइ भन् प्रभु यहवेले येसो भन्द छ. जस् दिन्
मैंले इस्राएल्लाइ छान्यें अनि याकूब्को जहान्का बंश सित किरिया खायें
अनि मिस्र देस्मां तिनिहरुकां देखाहा पर्यें अनि तिनिहरु सित किरिया
६ खाइकन भन्यें मं तिमिहरुको ईश्वर् यहवे हुं भनि त्येसै दिन् मैंले
तिनिहरु सित यो किरिया पनि खायें मं तिमिहरुलाइ मिस्र देस् देखि
निकालि अर्को मैंले तिमिहरुको लागि छान्येको देस्मां लैजांछु जो सब्बै
७ देस्हरु भन्दा श्रेष्ठ छ अनि त्यस्मां दुद् र मह बहंद छ भनि. फेरि मैंले
तिनिहरुलाइ भन्यें जुन् घिन्लाग्दो थोक् मांथि तिमिहरुमांका एक्

एक्का नजर् लाग्येका छन् तिनलाइ आफाल अनि मिस्रका मूर्त्तिहरु
पुजिकन आफुलाइ अशुद्ध न पार मं तिमिहरुको ईश्वर यह्वे हुं भनि।
तर तिनिहरु मं देखि बिरुद्ध भये अनि मेरा कुरा सुन्नु मान्येनन् हुन् जुन् ८
घिनलाग्दा थोक् मांथि तिनिहरुमांको एक् एक्का नजर् लाग्येका थिये
ति तिनिहरुले आफाल्येनन् अनि न मिस्रका मूर्त्तिहरु छोड़ि दिये.
येस्कारण मैंले भन्यें मं यिहीं अं मिस्र देसकै बीचमां तिनिहरु मांथि
आफ्नु बल्दोरिस् खन्याउंछु अनि पूरो रिस् दखाउंछु भनि। तेपनि मैंले ९
आफ्नु नांउको कारणले काम् गर्यें जुन् लोगको बीचमां तिनिहरु थिये
तिनिहरुको सांमु र तिनिहरुले देखनेगरि तिनिहरुलाइ मिस्र देस् देखि
निकाल्नुको लागि मैंले तिनिहरुलाइ दर्शन् दियें त्यो नांउ अपवित्र न
हवस् भन्या खातिरले। त मैंले तिनिहरुलाइ मिस्र देस् देखि निकाल्येर १०
बन्मां ल्यायें। वहां मैंले तिनिहरुलाइ आफ्ना बिधिहरु दियें अनि ११
आफ्ना नियाबचनहरु सिकायें जो येस्ता छन् जस्ले ति मान्द छन् त्यो
मान्छे तिनैको कारणले जीउंछ। येस् उप्रान्त मैंले आफ्नु बिश्रामदिन् १२
स्थापित गर्यें मेरा र तिनिहरुको बीचमां चिंनु हुंनुलाइ तिनिहरुले उ
हांमिहरुलाइ पवित्र गर्ने यह्वे हो एक भनि जानुन् भन्येर। तेपनि १३
इस्राएल्का जहान् बन्मां मं देखि फर्कि गये. तिनिहरु मेरा बिधिहरुमां
हिंड़्यनन् अनि मेरा नियाबचनहरु जस्ले मान्द छ त्यो मान्छे तिनैको कारणले
जीउंद छ ति तिनिहरुले बिकामे ठहराये अनि मेरा बिश्रामदिन्हरु
ओधिगरि अपवित्र गर्ये. येस्कारण मैंले भन्यें यिनिहरुलाइ येस बन्मां
अन्त गराउंनुलाइ यिनिहरु मांथि मं आफ्नु बल्दोरिस् खन्याउंछु भनि।
तेपनि मैंले आफ्नु नांउको कारणले काम् गर्यें जुन् लोगले देखनेगरि मैंले १४
यिनिहरुलाइ निकालि ल्यायें तिनिहरुको सांमु मेरो नांउ अपवित्र
न ठहराओस् भन्या खातिरले। यहां बन्मां पनि मैंले किरिया खायें जुन् १५
देस् मैंले तिनिहरुलाइ दियें जो सबै देसहरु भन्दा श्रेष्ठ छ जस्मां
दुद् र मह बहंद छ त्यस्मां पुर्याउंदीन भन्या किनभन्या तिनिहरुले मेरा १६
नियाबचनहरु बिकामे ठहराये अनि मेरा बिधिहरुमां हिंड़्यनन् अं
मेरो बिश्रामदिन् पनि अपवित्र गर्ये अनि तिनिहरुको मन् आफ्ना
मूर्त्तिहरु तिर लाग्येको थियो। तेपनि मैंले तिनिहरु मांथि तर्साउंने १७
नजर् मांने लगायें अनि तिनिहरुलाइ नष्ट गरीन अनि न तिनिहरुलाइ
पूरापूरगरि बन्मां नष्ट पार्यें। फेरि मैंले बन्मां तिनिहरुका छोराहरुलाइ १८
भन्यें तिमिहरुका पित्रहरुको बिधिहरुमां न हिंड़ न तिनिहरुका निया-
बचनहरु मान न तिनिहरुको मूर्त्तिहरु पूजि घिनलाग्दा हव. मं तिमि- १९
हरुको ईश्वर् यह्वे हुं त मेरै बिधिहरुमां हिंड़ अनि मेरै नियाबचनहरु
मान्नुलाइ चंख रह. अनि मेरै बिश्रामदिन्हरु पवित्र मान अनि ति २०
मेरो र तिमिहरुको बीचमां चिंनु होउन् र तिमिहरुले उ हांमिहरुको
ईश्वर यह्वे हो एक भनि जानि गख। तर तिनिहरुका छोराहरु २१

पनि मेरो बिरोधी भये तिनिहरु मेरा बिधिहरुमां हिंड़ेनन् न मेरा
नियाबचन्हरु मान्नुमां खबरदारी गर्‍ये जुन्हरु जस्ले मान्छ त्यो मान्छे
त्यइ कारणले जीउंछ अनि तिनिहरुले मेरा बिश्रामदिन्हरु अपवित्र गर्‍ये.
तब मैंले भन्यें मं येसै बन्मां आफनु बल्दोरिस् खन्यायेर पूरो रिस् देखाउंछु
२२ भनि। तरैपनि मैंले आफनु हात् झिकि आफनु नांउको लागि काम्
गर्‍यें जुन् लोग्को बीच्मां रहंद छ तिनिहरुले देखनेगरि तिनिहरुलाइ
निकालि ल्यायेको थियें त्यो नांउ अपवित्र न हवस् भन्ने खातिर्ले।
२३ येस् बाहिक् मैंले बन्मां तिनिहरु सित किरिया खायें मं तिमिहरुलाइ
२४ लोग् लोग्मां छरपुट्ट पार्छु अनि देस् देस्मां छर्छु भनि किनभन्ये
तिनिहरुले मेरा नियाबचन्हरु मान्येनन् अं मेरा बिधिहरु बिकामे ठहरायें
अनि मेरा बिश्राम्दिन्हरु अपवित्र गर्‍ये अनि तिनिहरुका नजर् तिनिहरुका
२५ पिता पुर्खहरुका मूर्त्तिहरु तिर लागि रह्यो। येस्कारण् त्येस्को साटोमां मैंले
तिनिहरुको लागि नजाति लाग्ने बिधिहरु र तिनिहरु न बांच्ने
२६ नियाबचन्हरु दियें अर्थात् तिनिहरुले गर्भ खोल्नेहरुलाइ आगोको
बाटो बाड़ो हिंड़ाल्ये येस्कारण् मैंले तिनिहरुलाइ तिनिहरुके बलिदान्हरुको
बाटोले अशुद्ध ठहरायें तिनिहरुलाइ निर्बंश तुल्याउंनुको लागि. तब
तिनिहरुले थाहा पाउंछन् उ यहवे हो रछ भनि॥
२७ त ए मान्छेको छोरो तैंले इस्राएल्को जहान्लाइ येसो भन् प्रभु
यहवेले येसो भन्द छ. तिमिहरुका पितापुर्खहरुले मेरो बिस्वासघात्
२८ गर्‍येकोमां पनि मेरो निन्दा गर्‍येका छन्। अर्थात् जसै मैंले तिनिहरुलाइ
दिंछु भनि तिनिहरु सित किरिया खायेको देस्मां तिनिहरुलाइ पुर्‍यायें तब
तिनिहरुले एक् एक् अल्गो ढिस्कामां र एक् एक् झ्यापुल्लरुख् हेरें वहां
आफ्ना मिलापबलि चढाउंनु र तिनैमां मंलाइ रिस् उठाउंने तिनिहरुका
बलिदान्हरु चढाउंनु र त्येस्तैमां आफ्ना बास्ना चल्ने धूप् हाल्नु र त्येस्तैमां
२९ आफ्ना खन्याइंबलि चढाउंनु लाग्ये। तब मैंले तिनिहरुलाइ सोध्यें
तिमिहरुले जान्ये गर्‍येका येस् अल्गो ठांउको के अर्थ छ। येस्कारणले
३० त्येस्को नांउ पनि आजु सम्म बामा[1]राख्येको छ। येस्कारण् इस्राएल्का
जहानलाइ भन् प्रभु यहवेले येसो भन्द छ. के तिमिहरु पनि
आफ्ना पितापुर्खहरुको रीत्मां हिंड़ि हिंड़िकन अशुद्ध भयो अनि
३१ ब्यभिचारीनी झैं तिनिहरुका घिन्लाग्दा कामका पछि पछि लाग्यौ. अं
आजु सम्म पनि जब तिमिहरु आफ्ना भेंट चढाउंद छौ अर्थात् आफ्ना
छोराहरुलाइ आगोका बाड़ो बाटो हिंड़ाल्ने गर्द छौ तब तिमिहरु आफ्ना
मूर्त्तिहरुको सेवा गरि अशुद्ध हुंद छौ. त हे इस्राएल्का जहान् हो के
मं तिमिहरुलाइ आफु सित सोध्नु दिंछु। दिन्न मं यहवेको यो बाणी छ
३२ मं जीइ रह्येको झैं मं तिमिहरुलाइ आफु सित सोध्नु दिन्न. अनि

[1] अर्थात् अल्गो ठांउ।

तिमिहरुको मनमां हांमिहरु काठ् ढुंगाको सेवा गर्ने देस् देसका
अन्यदेसीहरु जस्ता होइ जांछौं भन्या जो कुरो तिमिहरुको मनमां उपजंद छ
त्यो कुरो कुनैपरिले पूरो हुंदेन। प्रभु यहवेले येसो भन्द छ मं जीइ रह्याको ३३
झैं निस्से मं तिमिहरु मांथि बलियो हात् र पसार्येको बांहां र उठेरको
बल्दोरिस् सित राज् गर्छु. अनि मं तिमिहरुलाइ अन्येदेसीहरु देखि ३४
निकालि ल्याउंछु अनि तिमिहरु छरपुट्ट भयेका देसहरु देखि मेला गर्छु त
बलियो हात् र पसार्येको बांहां र उठेरको बल्दोरिस् सित येसो गर्छु.
अनि मं तिमिहरुलाइ अन्यदेसीहरुको बन् देखि लग्येर वहां तिमिहरु ३५
सित सांमु सांमु माम्ला लर्छु। मं तिमिहरुका पितापूर्खहरु सित मिस्त्र ३६
देसको बनमां माम्ला लर्येको झैं अब मं तिमिहरु सित माम्ला लर्छु
यहवेको येइ वाणी छ। फेरि मं तिमिहरुलाइ भेंड़ाबाख्राहरुलाइ झैं ३७
लउरो मुनि हिंड़ालि हिंड़ालिकन आफ्नु नियमको बन्धनले बांधि
राख्छु अनि मं तिमिहरुको बीच् मेरो अप्राध् गर्ने सबे झगरेहरुलाइ ३८
निकाल्येर तिमिहरुलाइ शुद्ध पार्छु अनि तिनिहरु परदेसी भइ रह्याको
देस् देखि तिनिहरुलाइ निकाल्नु ता निकाल्छु तर इस्त्राएल्को देसमां
पस्नु दिन्न. तब तिमिहरुले थाहा पाउंछौ उ यहवे हो रछ भनि। अनि ३९
हे इस्त्राएल्का जहान् हो तिमिहरुलाइ प्रभु यहवेले येसो भन्द छ. गयेर
आफ्ना आफ्ना मूर्त्तिहरुलाइ पूज अनि तिमिहरु मेरो सुन्दीन भन्ये
देखि अब देखि येसो पनि त्येसै गर्दै रह. तर मेरो पवित्र नांउ
तिमिहरुका भेटिहरु र मूर्त्तिहरुको बाटोले फेरि फेरि अपवित्र न गर।
किनभन्ये प्रभु यहवेको यो वाणी छ इस्त्राएल्को सिंगै जहान्ले आफ्नु ४०
देसमां आयेर मेरो पवित्र डांड़ामां जो इस्त्राएल्को सबे भन्दा अग्लो
डांड़ा हुंछ त्येसमां सब्बैले मेरा सेवा गर्छन्. त त्यहां मं तिनिहरु देखि
खुशि हुंछु. अनि तिहीं मं तिमिहरुले पवित्र गर्येका भेटिहरु र चढ़ायेका
अस्सल् अस्सल् थोक् अं सबे पवित्र गरीयेका थोक् तिमिहरु देखि मांग्ने
गर्छु। जब तिमिहरुलाइ अन्यदेसीहरु देखि ल्याउंछु अनि तिमिहरु ४१
छरपुट्ट भयेका देस् देस् देखि मेला गराउंछु तब तिमिहरुलाइ बास्ना
आउंने थोक् जानि ग्रहण् गर्छु अनि मं आफुलाइ अन्यदेसीहरुको सांमु
तिमिहरु देखि पवित्र ठहराउंछु। अनि मं जब तिमिहरुलाइ इस्त्राएलो ४२
देसमां पुर्याउंछु जो मैंले तिमिहरुका पित्रहरुलाइ दिंने किरिया खायेको
थियें तब तिमिहरुले उ यहवे हो रछ भनि थाहा पाउंछौ। अनि वहां ४३
तिमिहरु अगाड़िका चाल्चलन् र जुन् जुन् काम् गरिकन तिमिहरु
घिन्लाग्दा भयेका थियौ ति सबे बुरा कर्म्म सम्झि सम्झिकन तिमिहरु
आफै आफ्नु लेखिमा घिन्लाग्दा ठहरौंछौ। त हे इस्त्राएल्का जहान् ४४
हो जब मं तिमिहरु सित तिमिहरुका सबे बुरा चाल्चलन् र बिगार्येका
काम् अनुसार् होइन तर आफ्नै नांउको लागि बेहोरा गर्छु तब तिमिहरुले
थाहा पाउंछौ उ यहवे हो रछ भनि प्रभु यहवेको येइ वाणी छ ॥

४५ ४६ फेरि यहवेको बचन् मं थांइ येसो भनि आयो ए मान्छेको
छोरो तेरो मोहोंड़ा दक्खिन् दिशा तिर फर्का अनि उतै तिर फर्किकन
४७ बचन् सुना अनि दक्खिन् देसको बनको बिषयमां अगम् कह त्येस्
दक्खिन् देसको बन्लाइ भन् यहवेको बचन् सुन् प्रभु यहवेले येसो भन्द छ.
मं तंमां येस्तो आगो लगाउंछु तंमां को हरीया को सुक्याका जति रुखहरु
छन् सब्बै भस्म होइ जांछन् त्येसको दन्कंको आगो बस्ने हुंदेन अनि
४८ त्येसको कारणले दक्खिन् देखि उत्तर् सब्बैको मुख् ओइल्हि जांछन्। तब
सबै जीवधारीहरुलाइ थाहा हुंछ यो आगो यहवेलेनै लगायेको हो अनि
४९ त्यो कहिले पनि निभ्दैन भनि। येति सुन्येर मैंले भन्यें आहा प्रभु यहवे
लोगले ता मेरो बिषयमां भन्द छन् को त्यो उखाने मात्रै कहंने
होइन भनि॥

२१ १ २ फेरि यहवेको बचन् मं थांइ येसो भनि आयो ए मान्छेको
छोरो तेरो मोहोंड़ा यरूशलेम् तिर फर्का वहांदेखि पवित्रस्थानहरु तिर
फर्केर [बचन्] सुना अनि इस्राएलको देसको बिषयमां अगम् गरि
३ इस्राएलको देस्लाइ भन् यहवेले येसो भन्द छ सुन् मं तेरो बिरुद्ध छु
मं आफ्नु तरवार् दाप् बाटो झिकेर को धर्म्मी को दुष्ट सबैलाइ तं देखि
४ नष्ट पार्छु। मैंले तं देखि को धर्म्मी को दुष्ट सबैलाइ नष्ट पार्नु आंटेको छु
येस्कारण् मेरो तरवार् दाप् देखि झिकीयेर दक्खिन् देखि उत्तर् दिशा सम्म
५ जत्तिभयेका जीवधारीहरु मांथि चल्छ. तब सबै जीवधारीहरुले थाहा
पाउंछन् यो तरवार् दाप् देखि यहवेलेनै झिकेको हो अनि त्यो फेरि
६ दापमां हालींदैन भनि। त ए मान्छेको छोरो तैंले लांमो सास् तान् अं
कम्मर् भांचीयेको झैं अग्घोर सुर्ता गर्दै तिनिहरुले देख्नेगरि लांमो
७ लांमो सास् तान्। अनि येसो हुंछ जब तिनिहरुले तं सित सोध्छन् तिमिले
किन लांमो लांमो सास् तान्द छौ भनि तब तैंले भनछस् समाचारको
कारणले किनभन्ये [येस्तो बिपत्ति] आउंदै छ. त सब्बैको मन् भांचीछ
अनि सबैका हात् गलि जांछन् अनि सबैको मन् धमीलो हुंछ अनि
घुड़ा पानी झैं निर्बल् होइ जांछन् सुन [येस्तैने बिपत्ति] आउंद छ अनि
आइ लाग्छ प्रभु यहवेको येस्तै बाणी छ॥

८ ९ फेरि यहवेको यो बचन् मं थांइ आयो ए मान्छेको छोरो
अगम् गरि येसो भन् यहवेले येसो भन्द छ. अर्थात् येसो भन् तरवार् छ
१० तरवार् छ त्यो तरवार् सान् लगायेको र टल्काईयेको छ. त्यो काट्ने हवस्
भन्येर त्येसमां सान् लगाईयो अनि त्यो बिजुलि जस्तो जाइ लाग्ने हवस्
भन्येर त्यो टल्काईयो. त को हांमिहरु हर्षित् होऊं त्येसले ता मेरो पुत्रको
११ राजदण्डलाइ पनि काठ् जानि तुच्छ ठान्द छ। अनि त्यो तरवार् हातमां
लिइंनुको लागि टल्काउंनु दिइंद छ. अं त्यो तरवार् काट्नेहरुको
१२ हातमां दिइंनुलाइ त्येसमां सान् लगाईयो अनि टल्काईयो। ए मान्छेको
छोरो करा अनि हाय हाय गर. किनभन्ये त्यो तरवार् मेरो प्रजा मांथि

अं इस्राएल्का सिंगै मालिक्हरु माथि आइ लाग्यो. मेरो प्रजा सङ
यिनिहरु पनि तरवारको ताक्षिमां आये. येस्कारण तैंले आफनु जाङ्
पीट्। किनभन्ये जांच्ने बेला छ अनि [तरवारले] येस् राजदण्डलाइ १३
पनि तुच्छ ठान्यो भन्ये देखि ता को त्यो अरु रहंदेन प्रभु यहवेको
येइ बाणी छ। त ए मान्छेको छोरो अगम् कह अनि हत्केला बजा १४
तरवारको बल् तीन् दोबर् पारीओस् त्यो मर्ने सम्म हिर्काईयेको
तरवार्. अं त्यो मर्ने गरि हिर्काईयेको बड़ा मान्छेको तरवार् हो जस्ले
तिनिहरुलाइ घेर्ई छ। मैंले काट्ने तरवार् तिनिहरुका सबै ढोकाहरु १५
तिर चलायें तिनिहरुको मन् भांचीओस् अनि तिनिहरुले अघोर् ठोकर्
खाउन् भन्येर. हाय् हाय् त्यो ता बिजुलि भैं दुगुनें बनाईयो अनि
काट्नुलाइ सान् लगाईयो। [ए तरवार्] तुच्छ्र दाहींनो तिर जा फेरि १६
तियार् भयेर बाउं तिर फर्कि तेरो मुख् जता तिर गरीयेको छ उतै तिर
फर्का। मं पनि आफना हत्केला बजाउंछु अनि आफनु बल्दोरिस् पूरै १७
खान्याउंछु. मं यहवेले येसैनै भन्यको छु ॥

फेरि यहवेको यो बचन् मं थांइ आयो ए मान्छेको छोरो १८ १९
दुवटा बाटाहरु बना र बाबेलको राजाको तरवार् आवस् ति दुवै बाटाहरु
एकै देस् देखि आउंछन्. फेरि येउटा चिनु लगा अर्थात् सहर्को बाटोको
सिरान् निर येउटा चिनु लगा। येउटा बाटो येस्तो बना त्येता बाटो २०
तरवार् अम्मोनबंशीहरुको रब्बा सहर्मां आवस् अनि यहूदा देस्को
किल्लिसहर् यरुशलेममां। किनभन्ये बाबेल्को राजा दोबाटा अर्थात् २१
दुवै बाटो निकल्ने सिरान्मां आर्जको बाटोले जोखना हेर्नुलाइ उभीयो.
त्येस्ले कांड़हरु हल्लायो त्यस्ले घरदेवताहरु सित सोधनी गर्यो अनि त्यस्ले
मुट् पनि छामि हेर्यो। त्येस्को दाहींनो हातमां यरुशलेम्को मन्तर्को २२
नांउ छ त्येस्ले त्येइ तिर लड़ाईंका कल् लगाउंनुलाइ अनि गला पनि
फुटला भन्ये जस्तो गरि मार्ने आज्ञा दिनुलाइ ठुलो सोरले करावस्
अनि ढोका तिर लड़ाईंको कल् लगावस् अनि गड़ि उठावस् अनि किल्ला
बनावस्। अनि त्यहांका लोगले जस् जस्ले किरिया खायेका छन् २३
तिनिहरुको सांमु त्यो झूठा मन्तर् लाग्नु ता लाग्छ. तर त्येस्ले तिनिहरुको
अधर्म्म सम्झना गराइकन तिनिहरुलाइ पक्रंछ ॥

येस्कारण प्रभु यहवेले येसो भन्द छ. तिमिहरुको अधर्म्म सम्झौयो २४
अनि तिमिहरुको अप्राध् खोलीयो अनि तिमिहरुका सबै काम् पापै पाप्
देखाहा पर्ये येसोरिकन तिमिहरु सम्झनामां आयौ येस्कारण तिमिहरु
हातले पकड़ा पर्छौ। अनि ए इस्राएल्को मर्ने सम्म हिर्काईयेको दुष्ट २५
मालिक् तेरो दिन् आइ पुगिहाल्यो अधर्म्मको अन्तको समय् आइ पुगि-
हाल्यो प्रभु यहवेले येसो भन्द छ पगरि खसालि दे अनि मुकुट् २६
उठाइ दे. त्यो जस्तो छ त्यस्तो रहंदेन. जो नीचो छ त्येस्लाइ अलग्या
अनि जो ऊंचो छ त्येस्लाइ नीचो पार्। मं त्यो उल्टाइ दिंछु उल्टाइ दिंछु २७

उल्टाइ दिंछु. अनि त्यो [राजै] पनि त्येस्को धनी न आउंञ्याल् सम्म
उल्टायेकै रहंछ तब मं त्येसैलाइ दिंछु ॥
२८ फेरि ए मान्छको छोरो अगम् गरि भन् प्रभु यह्वेले अम्मोन्वंशीहरु
र तिनिहरुले गर्येको निन्दाको विषयमां येसो भन्द छ अनि तैंले येसो पनि
भन् तरवार् छ तरवार् झिकेको छ काट्नुको लागि टल्कायेको छ बिजुलि
२९ झैं नष्ट पार्नु लाउंनुलाइ. तेरो मन्तर् हेर्नेहरु जुन्हरुले तेरो लागि दर्शन्
पायेका थिये ति मिथ्ये हुन् अनि तिनिहरुले झूठो मन्तर् हेर्छन्
तिनिहरुले झूठो मन्तर् काढि दिंद छन् येसो गर्येको तं मर्ने सम्म हिर्काईयेका
गर्धनहरुमां पर् भन्ये खातिर्ले हो जुन्हरुको दिन् आइ पुगिहाल्येको छ
३० अनि तिनिहरुको अधर्म्मको अन्तको समय् आइ पुगिहाल्यो। [तब मांत्रै]
तरवार् फेरि दापमां हालौंछ। जस् ठांउमां तं सिर्जौइस् अनि जस् देसमां
३१ तं जन्मस् त्येसैमां मं तेरो निया गर्छु। अनि तं मांथि मं आफ्नु रिस्
खन्याउंछु अनि मं तंलाइ आफ्नु बल्दोरिस्को आगोको सासले फुकि
दिंछु. अनि तंलाइ पशु जस्ता भयेका मान्छेको हात्मां गराइ दिंछु
३२ जुन्हरु नास् पार्नुलाइ बड़ा सिपालु सिपालु छन्। तं आगोको गांस्
हुंछस् तेरो रगत् देस्मां सुकि रहंछ तं आफुचइंको सम्झना रहंदैन.
कसोगरिभन्ये मं यह्वेले येसै भन्येको छु ॥
२२ १
२ फेरि यह्वेको यो बचन् मं थांइ आयो ए मान्छेको छोरो
क्ये तं त्येस् रगत् भयेको सहर्को निया गर्दैनस् [फेरि सोध्छु] क्ये तं
त्येस्को निया गर्दैनस्. त त्येस्लाइ त्येस्का सबै घिन्लाग्दा काम् जनाइ दे।
३ अनि तैंले येसो भन् प्रभु यह्वेले येसो भन्द छ. ए आफ्नु अन्त ल्याउंनुको
लागि आफ्नु बीच्मां रगत् बहाउंने अनि आफ्नु हानि गर्नुको लागि
४ अशुद्ध हुंनुलाइ मूर्त्ति बनाउंने सहर्। तैंले रगत् बहाइस् येस्कारण् तं
दोषी छस् अनि मूर्त्ति बनायेको कारणले तं अशुद्ध छस् येसोर तैंले
आफ्नु अन्तको दिन् नजिकाइस् अनि तं आफ्नु [पछिल्लो] बर्ष सम्म
पुगिस्. येस्कारण् मैंले तंलाइ लोग् लोग्का मान्छेहरु पट्टि बाटो
५ गिल्लागराईको र सबै देसको ठट्टाको कारण् बनायें। ए कुनांउ भयेको र
खल्याङमल्याङ्ले भरीयेको सहर् नजिक् टाढ़ा रहंने सबै लोगले तंलाइ
६ ठट्टामां उड़ाउंछन्। सुन् इस्राएल्का मालिक्हरु आफ्नु आफ्नु प्रताप्
७ अनुसार् तंमां रगत् बहाउंने भयेका छन्। अनि तंमां तिनिहरुले आफ्ना
आंमा बाबुलाइ तुच्छ गर्ये अनि तेरो बीच्मां परदेसी मांथि सिचेईं गर्ये.
८ अनि तंमां तिनिहरुले टुहुराटुहुरी र बिधुवीहरुलाइ पिल्ये। तैंले मेरा
९ पवित्र थोक्हरु तुच्छ जानिस् अनि मेरा बिश्रामदिन्हरु अपवित्र गरिस्।
तंमां कुरो ओसार्नेहरु रगत् बहाउंनुको लागि तियार् भये. अनि तेरा
१० लोगले डांड़ा डांड़ाहुंदो खानापीना गर्ये. अनि तेरो बीच्मां महापाप्
गर्ये। तंमां बाबुको नाङ्गो उघारीयो. अनि तंमां ऋतु भयेकीलाइ भ्रष्ट
११ पार्ये। तंमां कसैले छिमेकिको स्वास्नी सित घिनलाग्दो काम गर्ये अनि

कत्तिले आफ्नौ बुहारि षित अधर्म्म गरि महापाप् गर्‍ये अनि फेरि कत्तिले
आफ्नौ भडूकेलौ बैंनौलाइ भरष्ट पार्‍ये । तमां रगत् बगाइँने माम्लामां घूस् १२
लिईये अनि तेरा बासीहरूले ब्याज् र बढ्ति लियै अनि आफ्ना छिमेकि-
हरूलाइ पिंनि पिंनिकन अन्ये सङ नाफा निकाल्ये अनि मंलाइ चइं बिर्सि
हालिस् प्रभु यहवेको येइ बाणी छ । सुन् तैंले अन्ये षित नाफा उठायेको १३
अनि आफ्नु बीचमां रगत् बगायेको कारणले मैंले हतकेला बजायें । जुन् १४
दिनमां मं तेरो निया गरुंला ति दिनमां के तेरो मन् बलियो र तेरा हात्
स्थिर रहंनन्. मं यहवेलेनै येषो भन्यें अनि येसै गर्छु पनि । अनि मं १५
तंलाइ लोग् लोगमां छरपुट्ट पार्छु अनि देस् देसमां छर्छु अनि तंमांको
अशुद्धेइँ नष्ट पार्छु । अनि तं अन्यदेसीहरूले हेर्येकोमां तं आफ्नु लेखिमां १६
अपवित्र ठहरींछस् तब तैंले थाहा पाउंछस् उ यहवे हो रछ भनि ॥

फेरि यहवेको यो बचन् मं थांइ आयो ए माञ्छेको छोरो १७
इस्राएलका जहान् मेरो लेखि दर्बका मयेल् भइ गये. तिनिहरु सब्बै १८
भट्टीको बीचको पीतल् र रंग् र फलम् र सीसासरि भइ गये अं
तिनिहरु चांदीको मयेल् जस्तै भइ गये । येस्कारण प्रभु यहवेले येषो भन्द १९
छ तिमिहरु जतिभयेका दर्बका मयेलसरि भइ गयौ येस्कारण हेर मं
तिमिहरूलाइ यरुशलेम् भित्र भेला गर्छु । जसोरि चांदी पीतल् फलम् सीसा २०
र रांग् भट्टीमां हाल्द छन् तिनलाइ तिनको मुनि बाल्तो आगो लगायेर
पगाल्नुको लागि त्येसैरि मं तिमिहरूलाइ आफ्नु रिस् र बल्दोरिसले
भेला गराइ तिहीं हाल्येर पगाल्छु । अं मं तिमिहरूलाइ बटुल्येर २१
तिमिहरु मुनि आफ्नु रिस्को आगो बाल्छु त तिमिहरु त्येस्को बीचमां
पगालींछौ । जसोरि चांदी भट्टिको बीचमां गलाइँद छ त्येसैगरि तिमिहरु २२
त्येस्का बीचमां पगालींछौ तब तिमिहरूले थाहा पाउंछौ जस्ले हांमिहरु
माथि आफ्नु बल्दोरिस् खन्यायो उ यहवे हो रछ भनि ॥

फेरि यहवेको बचन् मं थांइ येषो भनि आयो ए माञ्छेको २३ २४
छोरो त्येस् देसलाइ भन् तं येस्तो देस् छस् जो शुद्ध भयेको छैन अनि
मेरो बल्दोरिसको दिनमां तंमां पानौ पर्‍येन । त्येस्को बीचमां तेरा २५
अगमबक्ताहरूले राजद्रोहको गट्ठा बांधे तिनिहरूले गर्जने सिंहले झैं
सिकार् पक्रंद छन्. अनि प्राणीहरूलाइ खल्काउंद छन् तिनिहरूले
धनक्यायेका धन् खा'न्द छन अनि तंमां धेरैवटौ आइमाइहरूलाइ बिधुवी
पारि दिंद छन् । त्येस्का पूजाहारीहरूले मेरो ब्यबस्थाको अर्थ बिगार्द छन् २६
अनि मेरा पवित्र थोकहरु अपवित्र गर्द छन्. अनि तिनिहरूले पवित्र
अपवित्रमां केइ ध्यान् गर्येनन् अनि न अर्कोलाइ शुद्ध अशुद्धको भेद्
सिकाउंद छन् अनि तिनिहरु मेरा बिश्रामदिनहरूको बिषयमां बिफिक्रि
रहंद छन् अनि मंलाइ अपवित्र ठान्द छन् । त्येस्का मालिकहरूले चइं २७
बुवांसाहरूले झैं सिकार् पक्रंद छन् अनि अन्ये षित नाफा निकाल्नुको
लागि रगत् बहाउंद छन् । अनि प्राण घात् गर्नुलाइ लागीइ रहंद

२८ क्रन्। अनि त्यस्का अगमवक्ताहरुले तिनिहरुको लागि कांचोलिपाई गर्द
क्रन् अर्थात तिनिहरुको दर्शन् मिथ्ये क्र अनि यहवेले कछि न भनिकनने
२९ तिनिहरुले प्रभु यहवेले येसो भन्द क्र भनि झूठो मंत्र कहंद क्रन्। देस्का
लोगले मिचेईं गर्द क्रन् अनि परायधन् खोसद क्रन् अं गरिबगुर्बालाइ
दिन्द क्रन् अनि नियाको फिक्रि क्रोड़ि अन्यदेसीहरु मांथि मिचेईं गर्द
३० क्रन्। अनि मैंले तिनमां [धर्म्म] बारबेर् गर्ने अनि तेरो लागि त्येस्
बारको नाखको डांड़ामां उभीवस् र मैंले तंलाइ नष्ट पार्नु न परोस् भन्ये
३१ र त्येस्तो मान्छे खोज्यें तर त्येस्तो मान्छे कोई पाईंन। येस्कारण् मं तिनिहरु
सबै मांथि आफ्नु कोप् उठायें अनि आफ्नु बल्दोगिमको आगोले
तिनिहरुलाइ भस्म पार्यें. अनि तिनिहरुको चाल् तिनिहरुकै सिर्
मांथि फर्काइ दियें प्रभु यहवेको येइ वाणी क्र॥

२३ १ २ फेरि यहवेको यो बचन् मं थांइ आयो ए मान्छेको छोरो
येउटो आमाको दुइ बैंनी छोरीहरु थिइन्. तिनिहरुले मिस्रमां बेश्येकाम्
३ गरिन् अं आफ्नु बालखेईंमांने बेश्येकाम् गरिन्. त्यहां तिनिहरुका दुत्
माड़ीये अनि त्यहां कन्येईंमां तिनका दुत्का मण्टामां घाउ पनि भयो।
४ ति छोरीहरुमांको दिदीचइंको नांउ ओहोला अनि त्येस्को बैनीचइंका नांउ
ओहोलीबा. अनि तिनिहरु मेरी भइन् अनि तिनिहरुले छोराछोरी
जन्माइन्। अनि तिनिहरुका नांउ यि हुन् ओहोला चइं शोमरोनको
५ नांउ हो अनि ओहोलीबा चइं यरुशलेमको। ओहोला मेरी छंदाखेरिनै
लकुवारिनी भइ आफ्ना नाठाहरु सित मोहित् हुंनु लागी जो त्येस्का
६ छिमेकि अश्शूरी थियो तिनिहरु सब्बै नीला नाला बस्त्र लाउंने र
घोड़ाका सवार् गर्ने खासा खासा जुवान्हरु र रकम् रकम्का मालिक्हरु
७ थियें। त येस्ले तिनै मूल् मूल् अश्शूरीहरु सित व्यभिचार् गरी. अनि
जो जो सित त्यो मोहित् भई तिनिहरुका मूर्त्ति पूजि पूजिकन त्यो
८ अशुद्ध भई। येस् बाहिक् येस्ले मिस्रमां सिक्येको व्यभिचार् पनि छोड़ीन
अर्थात् यो केटी छंदेखेरि देखि यो सित कुकर्म्म गरौंद थियो अनि
कन्येईंमां त्येस्का दुत्का मण्टामां घाउ पनि भयो. अनि त्यो सित स्यांट्ठ
९ लकुआर् गरौंद थियो। येस्कारण् मं त्यस्लाइ त्येस्का नाठाहरुका अं अश्शूरी-
१० हरुका हातमां पारि दिंछु जुन्हरु सित यो मोहित् भयेको थिई। तिनिहरुले
त्यस्लाइ नंग्यायेर त्येस्का छोराछोरीहरुलाइ खोस्येर येस्लाइ तरवार्ले
काटेर. येसोरिकन तिनिहरुका हात् देखि दण्ड पायेर यो आइमाइहरुको
११ खाल्मां प्रसिद्ध नांउको भइ गई। अनि जब येस्को बैंनी ओहोलीबाले
यो देख्येर मोहित् भइ भइकन लकुवारेकाम् गरि गरिकन त्येस्को दिदी
१२ भन्दा पनि बढ़्ताको भई। येसोरि यो पनि आफ्ना छिमेकि अश्शूरीहरु
रकम् रकम्का. मालिक्हरु सित मोहित् हुंनु लागी जो सबै असघोर् रासा
रासा बस्त्र लाउंने र घोड़ाका सवारी गर्ने खासा खासा जुवान्हरु
१३ थियें। तब मैंले देख्यें यो पनि अशुद्ध भईक्र यि दुवै बैंनीका चाल्

एक्कै भयेछन् भनि। यं ओहोलीबा अरु बेसि बेसि लकुवारेनी हुंदै गई १४
अनि त्येस्ले भित्तामां सिंदुरले बनायेका कल्दी लोग्नेमान्छेहरुको चित्र
देखी जुन्हरुले कम्मर्मां पटुका बांध्येका थिये सिर्मां रंग्बिरंगका १५
पगरि बांध्येका थिये अनि सब्बैने जना आफ्नु जन्मदेस्को कल्दी बाबेल्का
लोगको गत्को रुप् हेर्दाने मालिक्मालिक् भयेकाहरु थिये। तिनिहरुलाइ १६
देख्दाने यो तिनिहरु सित मोहित् भइ गई वहांदेखि तिनिहरु थांइ
कल्दी देस्मां आफ्नु दूत् पठाई तब बाबेलीहरु मोहित् हुंने खाट्मां १७
त्यो थांइ आये अनि त्यो सित लकुवारे काम् गरि त्येस्लाइ अशुद्ध गर्ये अनि
जब यो तिनिहरु देखि अशुद्ध भई तब येस्को मन् तिनिहरु देखि फर्क्यो।
तैपनि यो आफ्नु जीउ उघारि उघारिकन लकुवारेकाम् गर्दै रह्यो. शेषमां १८
मेरो मन् येस्को दिदी देखि फर्क्येको झैं यो देखि पनि मेरो मन् फर्क्यो।
अझपनि त्येस्ले मिस्र देस्मां गर्येको आफ्नु बालखेइंको वेश्येकाम् सम्झि १९
सम्झिकन बेसि बेसि लकुवारेइं गर्दै गई। अं त्यो येस्ता नाठाहरु सित २०
पनि मोहित् भइ गई जुन्हरुका जीउ गदाहाहरुका जत्रा र बांर्जे
घोड़ाका जति थिये। येसोरि मिस्रीहरुले तेरा दुत् मांड़ि मांड़िकन तं २१
मित गर्येका तेरो बालखेइंका महापाप् तेरा बालखेइंमां तेरा दुत्का
मण्टामां पारेयेको घाउ सम्झि सम्झिकन पाप् गर्दै रह्येको छस्॥

येस्कारण ए ओहोलीबा प्रभु यह्वेले येसो भन्द छ. सुन् मं तेरो मन् २२
फर्कि गयेका तेरा नाठाहरुलाइ उल्क्यायेर तं मांथि फर्काइ ल्याउंछु अर्थात्
बाबेली सबै कल्दीहरु र पकोद् शो र को भन्ने देस्का लोग्नेमान्छेहरुलाइ २३
र तिनिहरु सित सबै अश्शूरीहरुलाइ पनि ल्याउंछु. जुन् सबैहरु
घोड़ाका सवार् गर्ने खासा खासा जुवान्हरु र रकम् रकम्का मालिक्हरु
र नांउ चल्येका चल्येका लोग्नेमान्छेहरु छन्। तिनिहरु हातियार् रथ् २४
गाड़ा र लोरा लोगका मान्छेहरु दल्का दल् लियेर तं मांथि आइ
लागछन् अनि सांना ठुला सब् रकम्का ढाल् र टोप् लायेकाहरुले तं
मांथि चारै तिर बाटो पाङ्ति बांधछन्. अनि मं नियाको काम्
तिनिहरुके हात्मां सुम्पंछु अनि तिनिहरुले आफ्नु रीत् अनुसार् तेरो निया
गर्छन्। अनि मं तं मांथि बल्छु येस्कारण तिनिहरुले तं सित बल्दोरिस् २५
सित बेहोरा गर्छन् अर्थात् तिनिहरुले तेरा नाख् कान् काटछन् अनि तंमां
बांच्येकाहरु तरवार्ले काटींछन् अनि तिनिहरुले तेरा छोराछोरीहरुलाइ
खोसि लैजांछन् अनि तेरा बांच्येकाहरु आगोले भस्म हुंछन्। तिनिहरुले २६
तेरा बस्त्रहरु उतार्छन् अनि तेरा राम्रा राम्रा गहनाहरु खोसि लैजांछन्।
येसोरि मं तं देखि महापाप् छोड़ाउंछु अनि तं देखि तैंले मिस्रमां सिक्येको २७
तेरो वेश्येकाम् पनि तं देखि छोड़ाउंछु. यहां सम्म गराउंछु तैंले फेरि फेरि
मिस्रीहरु तिर आफ्ना आंखा लगाउंदैनस् अनि न तैंले फेरि फेरि मिस्र
देस् सम्झंछेस्। किनभन्ये प्रभु यह्वेले येसो भन्द छ. हेर् मं तंलाइ २८
तिनिहरुको हात्मां सुम्पि दिंछु जुन्हरु देखि तैंले इखि राखद छेस् अनि

२९ तेरो मन् फर्कायेको छ. अनि तिनिहरूले तं सित तिनिहरूको दुषमनेइँ
अनुसार् बेहोरा गर्छन् अनि तेरा सबै कमाई उठाइ लैजांछन् अनि तंलाइ
नांगो र उघारो छोड़ि राख्छन् अनि तेरो जोत नंगोयेको कारणले तेरा
३० लछुवारेइँ र महापाप् प्रगटो होइ जांछन्। तं अन्यदेसीहरु सित
व्यभिचारीनी जस्ती भइस् अनि तिनिहरूका मूर्त्तिहरु पूजिकन अशुद्ध
३१ भइस् येस्कारणले तं सित यि काम् गराछन्। तं आफ्ना दिदीको
डोरोमां हिंड़िस् येस्कारण् जुन् कटोरामां मैले तेरी दिदीलाइ खांनु दियें
३२ त्यइ कटोरामां मं तंलाइ पनि खांनु दिंछु। प्रभु यह्वेले येसो भन्द छ.
जस्तो तेरी दिदीको कटोरा गहिरो र ठुलो मुख् भयेको थियो त्यस्तै
कटोरामां तैंले पनि खांनु पर्छ अर्थात् तं पनि ठट्टामां उड़ाईंछेस्
३३ कसोगरिभन्ये त्यस् कटोरामां धेरै अटाउंछ। तेरी दिदी शोमरोनले
खायेको कटोरामां उदेक् र उजाड़ले भरीयेको थियो त तं पनि त्यस्तै
३४ कटोरामां खायेर सुर्ताको मातले मातछेस्। त्यस्मां तैंले घुट्घुट् पीउंछेस्
अं त्येस्का छोक्राहरु पनि चबाउंछेस् अनि आफ्ना दुत्हरुमां घाउ पराउंछेस्
३५ किनभन्ये मैलेनै भन्यको छु प्रभु यह्वेको येइ वाणी छ। येस्कारण प्रभु
यह्वेको येइ बचन् छ तैंले मंलाइ बिर्सिस् अं पीठिउंपरि आफालिस्
येस्कारण् आफ्ना महापाप् र लछुवारेइँको भार् तं आफैंले बोक्॥

३६ फेरि यह्वेले मंलाइ भन्यो. ए मान्छेको छोरो के तैंले ओहोला र
ओहोलीबाको निया गर्दैनस्. त तिनिहरूका घिनलागदा काम् तिनिहरूलाइ
३७ जनाइ दे। किनभन्ये तिनिहरूले लछुवारेइँ गरिन् अनि तिनिहरूलाइ
हत्याको पाप् पनि लागयेको छ अं तिनिहरूले आफ्ना मूर्त्तिहरु सित
व्यभिचार् गरिन् अनि तिनिहरूले मेले जन्मायेका मेरा केटाकेटीहरूलाइ
३८ मूर्त्तिहरूको सांमु भस्म हुंनुलाइ [आगोको] बाटो बाहिर हिंडालिन्। अनि
तिनिहरूले मं सित चइं येस्तो बेहोरा गरिन्. ति दिनमां मेरो पवित्रस्थान्
३९ अशुद्ध गरिन् अनि मेरा बिश्रामदिन् अपवित्र गरिन्। अर्थात् तिनिहरूले
आफ्ना केटाकेटी आफ्ना मूर्त्तिहरूको सांमु बलिदान् चढ़ाइकन मेरो
पवित्रस्थान् अपवित्र गर्नुलाइ त्यस्मां पसिन हेर येस्तै येस्ता काम् तिनिहरूले
४० मेरो घर् भित्र गरयेको छन्। अनि तिनिहरूले कत्ति कति लोग्नेमान्छेलाइ
टाड़ा टाड़ा देखि बोलाइ पठाया. अनि जब तेरो दूत् तिनिहरु थांइ
पुग्यो तब तिनिहरु आइहाल्ये अनि तिनिहरु सित भेट् गर्नुलाइ तैंले
[ए ओहोलीबा] आफुलाइ नुहाईधुवाई गरि आंखामां गाजल्साजल्
४१ लगाइ गहनाहरूले सिंगारिस् अनि राम्रो खाट्मां बसि रहिस् अनि
सांमु येउटा मेज् राखीयेको थियो जस् मांथि तैंले मेरो धूप् र मेरो तेल्
४२ राख्येको थिइस्। तब त्यो सङ बस्नेहरूको खल्याङमल्याङको शब्द सुनीयो
अनि ति साधारण् लोग् थांइ वन् देखि बोलाईयेका मताहा मान्छेहरु पनि
थिये जुनहरूले ति दुवै बैनीका हात्मां चुराबांही लगाइ दिये अनि तिन
४३ का सिर् सिर्मां सुवाउंदो मुकुट् लगाइ दिये। तब व्यभिचार् गरि गरिकन

बूढ़ा हुंनेको बिषयमां मं बोलि उठेंर अब ता तिनिहरूले त्येइ सित
व्यभिचार् गर्छन् भनि । त तिनिहरू त्येस्कां येस्तोरि गयें जस्तोरि मान्छेहरू ४४
बेश्येकां जांद छन्. अं तिनिहरू ओहोला र ओहोलीबा भन्ने ति दुइ
पापीनी आइमाइहरू थांइ त्येसैगरि गये । त धर्म्मीहरूले तिनिहरूको ४५
निया गरि तिनिहरूलाइ व्यभिचारीनी र हत्यारी दुवैको माफिक्का दण्ड
दिंछन् किनभन्ये तिनिहरू व्यभिचारीनी हुंदै छुन् उप्रान्त हत्याको पापले
पनि तिनिहरूलाइ छुयेको छ । येस्कारण् प्रभु यहवेले येसो भन्द छ. मं ४६
येउटा धुइरो तिनिहरू मांथि चढ़ाइ ल्यायेर डुलाइ दिंडूदै लूटाउंछु । अनि ४७
त्येस् धुइरोका मान्छेहरूले तिनिहरूलाइ ढुंगाले लोहोन्याइ तिनिहरूलाइ
तरवारले काटछन् वहांदेखि तिनिहरूका छोरीलाइ काटेर तिनिहरूका
घर् घरमां आगो लगाइ दिंछन् । येसपरिले मं महापाप् देस् देखि पर ४८
सार्छु अनि सबै आइमाइहरूले अर्थो पाइ तिमिहरूको जस्तो महापाप्
गर्नु देखि बांचि रहंछिन् । अनि तिमिहरूको चइं महापाप तिनिहरूके ४९
सिरमां फर्कंछ अनि आफना मूर्त्तिपूजाका पाप् तिनिहरू आफैले भोगनु
पर्छ. शेषमां तिमिहरूले थाहा पाउंछौउ ज यहवे हां रछु भनि ॥

फेरि नवं बर्षको दसौं महीनाको दसौं तिथिमां यहवेको यो बचन् २४ १
मं थांइ आयो ए मान्छेको छोरो आजुको दिन् अं आजको दिन् २
लेखि राख्. किनभन्ये आजेको दिन् बाबेलको राजा यरूशलेम् छेउ आइ
पुग्येको छ । अनि येस् झगरे जहानलाइ यो उखान् गरि भन अर्थात् प्रभु ३
यहवेले भन्द छ आगो मांथि भांड़ा बसाल् अं भांड़ा बसाल् अनि त्येस्मां
पानी हाल्. वहांदेखि त्येस्मां फिला पौंडो र पशुका जाति जाति टुक्रा ४
बटुल्येर हाल् त्येस् पक्कि जाति जाति हाडूहरूले त्यो भर। सबै भन्दा अस्सल् ५
अस्सल् भेंड़ाबाखा ल्यायेर तिनिहरूका हाडूहरू भांड़ा मुनि थुप्रो लगा.
अनि मांसु चइं खूब राम्रोगरि पका र भित्रका हाडूहरू पनि निके पाकुन् ॥

येस्कारण प्रभु यहवेले येसो भन्द छ. येस् रगतपच्छे सहर् मांथि हाय् ६
जो गाड़ि झैं हाडूहरूले घेर्येको भांड़ा जस्तो छ जस्को गाड़ि छुटेको छैन.
त्येस्मां भयेका सब्बै थोक् टुकरै टुकरा पारि निकालि ले ति टुकराहरूमां
चिट्ठा न हालौउन् । किनभन्ये त्येस् [सहरमां बहाईयेको] रगत् अब ७
देखाहा पर्द छ त्येस्ले त्यो भूइंमां पोखायेर त्येस् मांथि धूलोले पुरि दियेन
तर नांगो पहरा मांथि राखि दियो त मेरो रगतको साटो फर्काउंने ८
बल्दोरिस उठेरको छ येस्कारण् मैंले पनि त्यो रगत् नांगो पहरा मांथि
त्यो ढाक्नु हुंनु न सक्नेगरि राख्येको छु । येस्कारण् प्रभु यहवेले येसो ९
भन्द छ. त्येस् रगतपच्छे सहर् मांथि हाय्. मं आफै त्येस् मुनि दाउराको
बड़ा थुप्रो लगाउंछु । धेरै दाउरा हाल् आगो दन्का मांसु राम्रोगरि १०
भटार् बाक्लो झोल् बना अनि हाडूहरू पनि डढ़ि जाउन् । तब भांड़ा ११
खालि गर्न्येर त्यो भुभ्रो मांथि राख त्येस्को पीतल् तातौंनु र त्येस्मांको मयेल्
गलनु र त्येस्को खीय नष्ट हुंनुलाइ । मं ता त्येस्को खीय छोड़ाउंदा १२

छोड़ाउंदा हरान् पर्यं रपनि अझै त्येस्को धेरै खीय छुट्दैन त्येस्को खीय
१३ आगोमां डड़ाउंदा पनि जांदैन। [ए सहर्] तेरो खीय महापाप्को छ.
मं ता तंलाइ शुद्ध गर्द थियें तर तं शुद्ध भईनस् येस्कारण् मैंले तंलाइ
दण्ड दियेर आफ्नु बल्दोरिस् न मरुंञ्याल् सम्म तं शुद्ध पारौंईनस्।
१४ मं यह्वेलेनै येसो भन्येको छु. त येसो हुंछनै अनि मं येसो गर्छुनै मं
तंलाइ छोड्दींन न तं देखि डराउंछु न पछुताउंछु त तैंले आफ्नु
चाल्चलन् र कार्ज्य अनुसार् दण्ड पाउंछेस् प्रभु यह्वेको येइ वाणी छ॥
१५ १६ फेरि यह्वेको यो बचन् मं थांइ आयो ए मान्छेको छोरो हेर्
मैंले तेरा आंखाका गाना मांग्येर लांनु आंटेयको छु. तर तं न रुनु बिलाप्
१७ न गर्नु न आंसु बहाउंनु। लांमो सास् तान्छस् तर सुनौंदैन सुर्ताियेकोले
झैं बिलाप् न गर्नु तर सिर्मां पगरि बांधि र गोड़ामां जुत्ता लाइ रहंनु
अनि न आफ्नु ओठ् ढाक्नु न [सुर्ताउंनेले झैं] मान्छेको रोटो खांनु।
१८ यि कुरा मैंले लोगलाइ बिहान भन्यें अनि उसै पल्टो बेलुका मेरी स्वास्नी
१९ मरी. अनि फेरि भोलि पल्टो बिहान आज्ञा अनुसार् गर्यें। तब लोगले
मंलाइ भन्ये क्ये तिमि हांमिहरुलाइ कहंदैन तिमिले ज्ये गर्द छौ त्येस्को
२० अर्थ क्या हो। तब मैंले तिनिहरुलाइ उत्तर् दियें यह्वेको यो बचन् मं
२१ थांइ आयो तैंले इस्राएल्का जहान्लाइ भन् प्रभु यह्वेले येसो भन्द
छ. सुन मैंले आफ्नु पवित्रस्थान् अपवित्र गर्नु आंटेयको छु जो किल्ला
हुंनाको कारणले तिमिहरु फुलायेका छौ अनि त्यो तिमिहरुका आंखाका
पुतलिसरि भयेको छ अनि त्यो तिमिहरुले छोड्नु आंटेयका छौ अनि
तिमिहरुले आफ्ना छोराछोरीहरु वहां छोड़ेयका छौ तिनिहरु चइं तरवारले
२२ काटीछन् भनि। त मैंले जसो गर्यें तिमिहरुले पनि त्यसै गर्छौं. अर्थात्
तिमिहरुले आफ्ना ओठ् छोप्दैन अनि [सुर्ताउंनेले झैं] मान्छेको रोटी
२३ खांछौ। अनि तिमिहरु सिर्मां पगरि बांधीइ र पाउमां जुत्ता लाइ
रहंछौ. तिमिहरु न रुंछौ न बिलाप् गर्छौ तर आफ्ना अधर्मका कर्म्ममां
फांसीइ रहि भित्र भित्र गल्दै जांछौ अनि एकाले अर्कोलाइ हेर्दै सुस्केरा
२४ मार्द रहंछौ। येसोरि यहेज्केल् तिमिहरुको लागि येउटा चिंनु हुंछ
कसोगरिभन्ये त्येसले जसो गर्यो त्येसै तिमिहरुले पनि गर्छौ. जब यो भइ
सक्ला तब तिमिहरुले थाहा पाउंछौ उ यह्वे हो रछ भनि॥
२५ अनि ए मान्छेको छोरो क्ये येसो हुंदैन जस् दिन् मं तिनिहरुको
बलियो किल्ला तिनिहरुको शोभा र हर्षको कारण् र तिनिहरुका
छोराछोरी तिनिहरुका आंखाका पुतलिसरि र तिनिहरुको मनले खोज्येका
२६ थोक् हुन् तिनलाइ तिनिहरु देखि लगि हाल्छु त्येस् दिन् भाग्येर
२७ बांच्नेले आयेर तंलाइ तेरा कानले सुन्नगरि समाचार् सुनाउंछ। फेरि त्येस्
दिन् तेरो मुख् फुक्छ त तं मुख् बांध्येर बस्नं छैनस् त्येस् बांच्येको भाग्
सित बात् गर्नेनै छस्. त तं तिनिहरुको लागि चिंनुनै हुंछस् अनि
तिनिहरुले थाहा पाउंछन् उ यह्वे हो रछ भनि॥

फेरि यह्वेको यो वचन् मं थांइ येसो भनि आयो र २५ १ २
मान्छेको छोरो अम्मोनवंशीहरूको विरुद्ध भइ तिनिहरूको विषयमां
आगम् कह्. अनि अम्मोनवंशीहरूलाइ भन् प्रभु यह्वेको वचन् सुन प्रभु ३
यह्वेले भन्द छ. मेरो पवित्रस्थान् अपवित्र भयेको र इस्राएल्को देस्
उजार् भयेको र यहूदाका जहान् बन्धुवाईमां गयेको समाचार् सुन्येर
तिमिहरूले स्यावास् भन्यौ. येस्कारण् सुन मं तिमिहरूलाइ पूर्बहरूको ४
ताबिमां पार्छु अनि तिनिहरूले तिमिहरूको बीचमां आफ्नु छाउंनी
हाल्छन् अनि आफ्ना घर् बनाउंछन् अनि तिमिहरूका फलहरू तिनिहरूलेनै
खांछन् अनि तिमिहरूको दुद् तिनिहरूलेनै पीउंछन्। अनि मं रब्बा ५
सहर् ऊंटहरू रहंने अनि अम्मोनवंशीहरू [को देस्] भंड़ाबाख्राहरू बस्ने
ठांउ तुल्याइ दिंछु. तब तिमिहरूले उ यह्वे हो रछ भनि थाहा पाउंछौ।
किनभन्ये प्रभु यह्वेले येसो भन्द छ. तिमिहरूले इस्राएल्को देस्को ६
गत् देखिकन हत्केला बजायौ खुट्टा ठटायौ अनि आफ्नु मन्को अहंकार्
अनुसार् रमाहट् गर्यौ येस्कारण् सुन मं आफ्नु हात् तिमिहरूको ७
विरुद्धमां पसार्येर तिमिहरूलाइ लोग् लोग्को गांस् तुल्याइ दिंछु अनि
तिमिहरूलाइ अरू लोग्हरूको बीच् देखि काटि दिंछु अनि देस् देस्को
लोग्को बीच् देखि नष्ट पारि दिंछु. अनि तिमिहरूलाइ सत्येनास् पारि
दिंछु तब तिमिहरूले उ यह्वे हो रछ भनि थाहा पाउंछौ॥

प्रभु यह्वेले येसो भन्द छ. मोआब् र सेईर्ले हेर यहूदाका जहान् ८
अरू अरू सबै लोग् जस्तै भइ गये भनि भन्द छन् येस्कारण् सुन् ९
मोआब् देस्को छेउका चइं सहर्हरू अर्थात् बेत्यशीमोत् बाल्मोन् र
कर्यातैम् जुन्हरू त्येस् देस्का सिगाह् हुन् मं तिनिहरूको बाटो
उघारि तिनिहरूलाइ पूर्बहरूको ताबिमां यहां सम्मगरि पारि दिंछु १०
तिनिहरू अम्मोनवंशीहरू मांथि पनि चढ़ि जांछन् अनि मं अम्मोनवंशी-
हरूलाइ तिनिहरूको ताबिमां यहां सम्मगरि पारि दिंछु लोग् लोग्मां
अम्मोनवंशीहरूको सम्झना हुंदैन. अनि मं मोआब्लाइ पनि दण्ड दिंछु ११
तब तिनिहरूले उ यह्वे हो रछ भनि थाहा पाउंछन्॥

प्रभु यह्वेले येसो भन्द छ. एदोम्ले यहूदाका जहान्हरू सित १२
साटो लियो अनि तिनिहरू देखि साटो लिइ दोषी भये येस्कारण् १३
प्रभु यह्वेले येसो भन्द छ मं एदोम् मांथि हात् पसार्येर का मान्छे का पशु
त्येस् देखि स्यांट्ठै मेट्छु. अनि त्यो तेमान् देखि उजारि दिंछु अनि ददान्
सम्म तरवार्ले लड्छन्। अनि मं एदोम् देखि आफ्नु प्रजा इस्राएल्को १४
हात् देखि आफ्नु साटो लिंनु लाउंछु अनि यिनिहरूले त्येस् देस्मां मेरै
रिस् र मेरै बल्दोरिस् अनुसार् काम् गर्छन् तब एदोमीहरूले उस्ले साटो
लिंनु भन्येको क्या हो रछ भनि थाहा पाउंछन् प्रभु यह्वेको येइ बाणी छ॥

फेरि प्रभु यह्वेले येसो भन्द छ. पलिश्तीहरूले साटो लियो अं १५
आफ्नु जुग्नजुग्को सत्तुरेईंको कारण्ले आफ्नु मन्को अहंकार् समेत्ले

१६ साटा फर्काइ [इस्राएल् देस्] नष्ट पार्थ्ये   येस्कारण् प्रभु यह्वेले येसो
भन्द छ सुन् मं पलिश्तीहरूको बिरुद्धमां आफ्नु हात् पसार्कु अनि
करेतीहरूलाइ मेटि दिंकु अनि समुन्द्रको तीर्को बांच्येका लोगलाइ नष्ट
१७ पार्कु। अनि मं बल्दोरिस् सित माझा लाइ तिनिहरू सित कठोरैइं सित
साटो लिंकु तब तिनिहरूले उ यह्वे हो रछ भनि थाहा पाउंछन्॥
२६ १   फेरि येसो भयो एघारौं बर्षको पहिलो महीनाको पहिलो तिथिमां
२ यह्वेको यो बचन् मं थांइ आयो   ए मान्छेको छोरो सोरले यरूशलेमको
बिषयमां भन्येको छ स्याबास् लोग् लोग्को ढोका हुने सहर् नष्ट भयो त्यो
३ फर्केर मेरो भयो. त्यो उजाडीयेकोमां मं तृप्त भयें भनि. येस्कारण् प्रभु
यह्वेले येसो भन्द छ. एइ सोर् सुन् मं तेरो बिरुद्ध छु त मं धेरै
४ लोगलोग्लाइ तं माथि समुन्द्रका छालहरू झैं चढाइ ल्याउंकु। अनि
तिनिहरूले सोर्का घराभित्ता भत्काइ दिंछन् अनि त्येस्का धराराहरू
भत्काइ दिंछन्. अं मं त्येस्को माटै समेत त्यो देखि खुर्कि खुर्किकन
५ त्येस्लाइ नांगो पहरा जस्तो तुल्याउंकु। त्यो समुन्द्रको बीचमां जाल् टांगने
ठांउ होइ जांछ कसोगरिभन्ये मं प्रभु यह्वेको येइ बाणी छ. कसोगरि-
६ भन्ये यो लोग् लोग् देखि लूटीछ। अनि देसमां भयेका त्येस्का सम्बंधी
सहर्हरू तरवार्ले मारीछन्. तब तिनिहरूले उ यह्वे हो रछ भनि
७ थाहा पाउंछन्। कसोगरिभन्ये प्रभु यह्वेले येसो भन्द छ सुन् मं बाबेल्को
राजा नबूकद्रेस्सर् राजाधिराज्लाइ घोडा रथ् त्रुक्सवार्को ठूलो लस्कर्
८ र पल्टन लिइ उत्तर् दिशा देखि सोर् माथि ल्याउंकु। त्येस्ले तेरो देसमां
भयेका तेरा सम्बंधी सहर्हरूलाइ तरवार्ले मार्छ. अनि तेरा बिरुद्धमां
९ गढ़ बनाउंछ अनि ढीकुरो उठाउंछ अनि ढाल्हरूको लहर् लाउंछ। अनि
त्येस्ले तेरो सहर्को बिरुद्धमां लडाइंका हतियारहरू चलाउंछ अनि तेरा
१० धराराहरू कोदालोले खन्छ। त्येस्का घोडाहरू येति बिघ्न हुंछन् तिनिहरू
देखि उड़ाईयेको धूलोले तं ढाकीछस्. अनि जब त्यो तेरो सहर्मां
भत्कायेको सहर्मां पस्येको झैं पस्छ तब तेरो घराभित्ता त्रुक्सवार्हरू र
११ गाडीहरू र रथ्हरूको शब्दको कारण्ले कांपछ। त्येस्ले आफ्ना घोडाहरूका
टापाहरूको बाटाले सबै सड्कहरू खनाउंछ. अनि तेरा बासीहरूलाइ
तरवार्ले काट्छ अनि तेरा बलिया बलिया मुडूकाहरूलाइ भूइंमां मिसाइ
१२ दिंछ। अनि तिनिहरूले तेरा धन् लूट्छन् अनि तेरा बेपार्का थोक्हरू
खोस्छन्. अनि तेरो घराभित्ता भत्काइ दिंछन् अनि तेरा मनपर्दो घर्हरू
भत्काइ दिंछन्. अनि तेरा ढुंगा र तेरा काठ् अनि तेरो धूलो समेत
१३ पानीमां आफालि दिंछन्। अनि मं तेरा गीत्का रागहरू थुन्कु अनि
१४ तेरा बीणाहरूको गर्जे फेरि फेरि सुनीदैन। अनि मं तंलाइ नांगो पहरा
तुल्याउंकु. तं जाल् टांगने ठांउ हुंछस् अनि फेरि बसालीदैनस्.
कसोगरिभन्ये मं यह्वेले भन्यें प्रभु यह्वेको येइ बाणी छ॥
१५   यह्वेले सोर्लाइ येसो भन्द छ. तं लडाइंको बेलामां जब तेरा

घायेल्हरु कहर्छन् अनि तंमां काटामारै काटामार् हुंछ तब के टापू टापू
थर्कंदैन। तब समुन्द्रतीरका सबै मालिक् मालिक्हरु आफ्ना आफ्ना १६
सिंहासन् देखि उत्रंदै आफ्ना पोशाक्हरु र बुट्टा काढ़्रका पोशाक्हरु छिटो
छिटो काढ्दै थर्थराउंने जस्तो लुगा लायेर भूंईमां बसि एक्छिन् छिन्मां
कांम्दै छक्क पर्छन् तेरो कारणले। अनि तिनिहरुले तेरो बिषयमां १७
बिलापी गीत् गाउंदै तंलाइ भन्छन् हाय् मांझीहरुको बाटोले बसालीयेको
सहर् हाय् सर्काईयेको सहर् हाय् समुन्द्रको बीचमांका बासीहरु समेत्
सामर्थी र सबै बसेहरुलाइ डर् देखाउंने सहर् तं के ओाधिगरि नष्ट भइस्
भन्दै। अब तं लड़्रको दिन्मां टापू टापू थर्कछन् अनि तं गइ गयेको १८
कारणले समुन्द्रका सबै टापूहरु छक्के पर्छन्। किनभन्ये प्रभु यहवेले येसो १९
भन्द छ. जब मं तंलाइ उजारि निर्जन् सहरहरु जस्ता तुल्याउंछु अनि तं
माथि महासागर् चढ़ाउंछु तब तंलाइ गहीरो पानीमां डुबाउंछु　तब २०
मं तंलाइ पनि अरु अरु चिहान्मां पस्नेइ रह्याकाहरु सङ तादिका लोग्
सङ उतारि राख्छु अनि चिहान्मां पस्नेइ रह्याका लोग् सङ तंलाइ पनि
अंधल्लो लोक्मां राखि उजारीयेका ठांउहरु जस्ता तुल्याउंछु यहां सम्मको
तुल्याउंछु तं फेरि फेरि बसालीदैनस् अनि मं आफ्नु जीवन्को लोक्मां
आफ्नु बड़ाई राख्छु. अनि मं तंलाइ डर्मां हाल्दै येस्तो नष्ट पार्छु २१
तं अरु रहंदै रहंदैनस्. अरु खोज्दा पनि तं पाइंदैनस् प्रभु यहवेको
येइ बाणी छ॥

फेरि यहवेको यो बचन् मं कांइ आयो　ए मान्छेका छोरो २७ १ २
मोरको बिषयमां बिलापीगीत् गाउंदै　मोर्लाइ येसो भन् ए समुन्द्रको ३
गौंड़ामां रहंने ए धेरै द्वीप् द्वीपको लागि लोग् लोगको बेपारी
प्रभु यहवेले येसो भन्द छ. ए मोर् तं भन्द छस् मं सब्बै तिर बाटो राम्री
छु भनि। तेरा सिमाना समुन्द्रको बीच्मां छन् जुन्हरुले तंलाइ बनाये ४
तिनिहरु भन्दा तं सब् तिर बाटो राम्री बनीयेकी छस्। तेरा [जहाज्का] ५
सब्बै फल्याक्हरु सनीर् पर्वतका सल्लाकाठ्का छन् तिनिहरुले तेरो लागि
मुढ़्का बनाउंनुको लागि देवदारु लिये। तेरा डांड़िहरु बाशान्का ६
बांजवृक्षका बनाईये तेरा जहाज्हरुका पटाई कित्तीहरुका द्वीप्हरु
देखि ल्याईयेका मोजा मोजा सल्लाका हस्तिहाडू जड़्रका बनाईये। तेरा ७
जहाज्का पाल्हरु चिंनु हुंनुको लागि मिस्र देखि ल्याईयेका बुट्टा काढ़्रका
पाट्कपराका बनाईये अनि तिनका ढकनी एलीशाका द्वीप्हरु देखि
ल्याईयेका नीलो र बैगुने रंगका कपराका बनाईये। तेरा खीयाउंनेहरु ८
सादोन् र अर्वद्का बासीहरु थिये. ए मोर् तेरै बीच्का बुद्धिमान्हरु
तेरा मांझिहरु भये। तेरा छेंड़छांड़् टालटुल् गर्नेहरु गबल्का बूढ़ा ९
बूढ़ाहरु र सिपालु सिपालुहरु थिये. तंमां बेपार् गर्नुको लागि मांझिहरु
समेत् समुन्द्रमां हिंड्ने सबै जहाज्हरु तंमां आये। तेरा पल्टन्मां फारस् १०
लूद् र पूत्का लोग्हरु भर्ति भये. तिनिहरुले तंमां आफ्ना आफ्ना

११ ढाल् टोप् टांग्ये तिनको कारणले तेरो प्रताप् बढ्यो। तेरा घेराभित्तामां
तेरो पल्टन् सित अर्वद्का लोग् चारै तिर थिये अनि तेरा धराराहरुमां
वीर् वीर् उभीये . तिनिहरुले तेरा चारै तिरका घेराभित्ताहरुमां आफ्ना
आफ्ना ढाल् टांग्ये तिनको बाटोले तं सबै तिर बाटो राम्रो बनीयेको
१२ छस्। आफ्ना सब् प्रकार्का सम्पत्तिको धेरैको कारणले तर्शीश्का
लोग् तेरा बेपारी भये तिनिहरुले चांदी फलम् रांग् र सीसा दि दिकन
१३ तेरा माल् किन्ये। यावान् तूबल् र मेशेक्का लो कमारा कमारी भयेर
पीतल्का भांड़ाहरु तेरा मालको माटोमां दि दिकन तेरा बेपारी भये।
१४ तोगर्माका लोगले साधारण् घोड़ा सवारीका घोड़ा र खच्चर् दिइ तेरा
१५ सम्पत्ति लिये। ददानीहरु तेरा बेपारी भये . धेरै धेरै द्वीप्हरु तेरा
मालको हाट् भये तिनिहरुले तं थांइ बेपार्का माल् हस्तिहाड् सींग् र
१६ सिसौकाठ् ल्याये। तंमां धेरै कारीगर्हरु भयेको कारणले अरामीहरु पनि
तेरा बेपारी भये . तिनिहरुले मरकत् बैगुने रंगका र बुट्टा काढ़्याका कपरा
१७ पाट् मुंगा र लालड़ी दि दिकन तेरा माल् लिये। यहूदा र इस्राएल्देस्का
लोग् पनि तेरा बेपारी भये . तिनिहरुले मिन्नीत्का गहूं र पन्नग् भन्ने
१८ मिठाई र मह तेल् र बलमान् दिदिकन तेरा माल् लिये। तंमां धेरै
कारीगर् र सबै रकम्का धन् भयेको कारणले दमिश्कहरु पनि तेरा
बेपारी भये तिनिहरुले तं थांइ हल्बोन्का मद्यहरु र सेतो ऊण् ल्याये।
१९ वदान् र यावान्का लोगले तेरा मालको माटोमां धागो दिये . तेरा बेपार्का
२० मालमां इस्पात् सिनकोलि र पदीना पनि थिये। सवारीको लागि माफिक्का
२१ अस्सल् अस्सल् कपराको लागि ददान्का लोग् तेरा बेपारी भये। अरब्
लोग् र केदार्का सबै मालिक्हरु तेरा बेपारी भये तिनिहरुले पाठा थुमा
२२ र बाख्राहरु ल्याइ ल्याइकन तं सित लेनदेन् गर्ये। शबा र रामाका
बेपारी लोग् तेरा बेपारी भये . तिनिहरुले अस्सल् अस्सल् जात्का सबै
२३ रकम्का मसाला र सबै रकमका मणि र सुन् दिदिकन माल् लिये। हारान्
कन्ने र एदेन्का लोगले शबाका बेपारीहरु सित लेनदेन् गर्दै थिये अश्शूर् र
२४ कल्मद्का लोग् यि सब्बै तेरै बेपारी भये। तिनिहरुले अस्सल् अस्सल्
थोक् अर्थात् ओढ्ने नीला र बुट्टा काढ़्याका कपरा र डोरीहरुले बांध्येका र
देवदारुका बनीयेका भांति भांतिका लुगा राख्ने आल्मारीहरु ल्यायेर तं
२५ सित लेनदेन् गर्ये। तर्शीश्का जहाज्हरु तेरा बेपार्का माल् ओसार्ने भये .
तिनको बाटोले तं समुन्द्रको बीच्मां रहिकन अरघोर् धनी र प्रतापीनी
२६ भयेकी थिइस्। तर अब तेरा खीयाउंनेहरुले तंलाइ गहीरो पानीमां
पुर्याइ दिये अनि पूर्ब बतासले चढ़ं तंलाइ समुन्द्रको बीच्मां भांचि दियो।
२७ तं डुब्येकै दिन् तेरा धनसम्पत्ति बेपार्का माल् र मांझि र कोहोछांइ टाल्टुल्
गर्नेहरु र बेपारीहरु र तंमां जत्ति सिपांइहरु छन् अं तंमांका सबै
२८ चक्चकि समुन्द्रको बीच्मां खस्छन्। तेरा मांझिहरु चिच्यायेको शब्दले
२९ तेरा वरिपरिका ठांउ थर्कछन्। तब सबै खियाउंनेहरु र खलासीहरु र

समुन्द्रका मांझिहरु आफ्नु आफ्नु जहाज् देखि उत्रि भूइंमां उभीयेर
तेरो बिषय्मां कंकलाश् शब्दले रुंछन् अनि आफ्नु आफ्नु शिर् मांथि ३०
धूलो उड़ायेर खरानिमां लड़िबड़ि खेल्छन् . अनि तिनिहरुले तेरो सुतामां ३१
आफ्नु आफ्नु केस् मुड़ाउंछन् अनि कम्मर्मां भाङ्रा बेह्रयेर आफ्नु
मनको दुक्ख अनुसार् तेरो बिषय्मां दुक्ख लागि लागि रुंछन् । अनि तेरो ३२
बिषय्मां बिलापी गीत् गाउंदै आज्काल् समुन्द्रमां चुप्चाप् भइ रहंने
सोर् जस्तो कुन् सहर् थियो भनि बिलाप् गर्छन् । जब तेरा माल् समुन्द्र ३३
देखि निक्लंद थियें तब धेरै लोग् लोग्का मान्छेहरु तृप्त हुंद थिये तेरा
धन् र बेपार्का माल्को अग्घोरेइंको कारण्ले पृथिवीका राजाहरु धनी
हुंद थिये । तर अब तं काल्ले भत्काईयेर अथाह् पानीमां डुबि रह्येको ३४
छस् यस्कारण्ले तेरा बेपार्का माल् र तेरा सबै बासीहरु पनि तं भित्र
रह्येर नष्ट भये । टापू टापूमां रहंनेहरु सबै तेरो कारण्ले छक्क छक्क पर्ये ३५
अनि तिनका राजाहरुका आङ् जर्क्यो अनि तिनिहरुका मुख् उदास्
उदास् भये । लोग् लोग्का बेपारीहरुले तेरो बिरुद्धमां हत्केला बजाउंदै ३६
छन् तं थर्थराइस् अनि तं अब देखि रहंदै रहंदैनस् ॥

फेरि यह्वेको यो बचन् मं थांइ आयो ए मान्छेको छोरो २८ १ २
सोर्को मालिक्लाइ भन् प्रभु यह्वेले यसो भन्द छ . तेंले ता फुलीयेर
मन्मां येसो भन्येको छस् मं भगवान् हुं अनि समुन्द्रको बीच्मां ईश्वर्को
सिंहासन्मां बस्येको छु भनि . तर तेंले आफ्नु मन् ईश्वर्को जस्तो देखायेको
भये पनि तं भगवान् होइनस् तर मान्छेनै होस् . अं तं दानियेल् भन्दा ३
पनि बेसि बुद्धिमान् बनीइ रह्येको छस् कुनै भेद् तं देखि गुप्त रह्येको छैन
होला . आफ्नु बुद्धि र समझको बाटोले तेंले धन् हात् पार्येको छस् ४
अनि आफ्ना भंडार्मां सुन् चांदी राखि छोड़ेको छस् . तेंले बड़ा बुद्धि ५
सित लेन्देन् गरिस् येस्ले तेरो धन् बढ्यो अनि धन्का कारण्ले तेरो मन्
फुलीयो . येस्कारण् प्रभु यह्वेले येसो भन्द छ तं आफ्नु मन् परमेश्वर्को ६
जस्तो पार्द छस् . येस्कारण् सुन् मं लोग् लोग्मांका सब्भै भन्दा डर्लाग्दा ७
परदेसीहरुलाइ तं मांथि ल्याउंछु . अनि तिनिहरुले आफ्नु तर्वार् तेरा
बुद्धिमान् कार्ज्य मांथि चलाउंछन् अनि तेरो महिमा मांथि खोट्
लगाउंछन् । तिनिहरुले तंलाइ चिहान्मां लड़ाउंछन् अनि तं काटीयेको ८
झैं समुन्द्रको बीच्मां लड़ि रहंछस् । के तं त्यस् बेलामां पनि आफुलाइ ९
काट्नेहरुको सांमु मं ईश्वर् हुं भन्दै रहंछस् . होइन तर तं तंलाइ घात्
गर्नेहरुको हात्मां भगवान् होइन तर मान्छेनै ठहर्छस् । तं परदेसीहरुको १०
हात् देखि बिखत्ने लोग् झैं मार्छस् कसोगरिभन्ये मैंलेनै भन्येको छु
प्रभु यह्वेको येइ बाणी छ ॥

फेरि यह्वेको यो बचन् मं थांइ आयो ए मान्छेको छोरो ११ १२
सोर्को राजाको बिषय्मां बिलापी गीत् गाउंदै त्येस्लाइ भन् प्रभु यह्वेले
येसो भन्द छ . तं ता जाति भन्दा पनि जाति छस् बुद्धिले परिपूर्ण अनि

१३ सबै तिर बाटो राम्रो छस्। तं ईश्वर्को एदन् भन्ने बारीमां थिइस् तेरा
गहना माणिक्य पुख्राज् हीरा फीरोजा सुलैमानी यश्व् नीलमणि मर्कत्
लालड़ी र सुनका थियें . तेरा मृदंग् र बांसुली तेरै लागि बनाईयेका थियें
जस् दिन् तं सिर्जीइस् त्यसैमां तिनिहरु पनि तियार् पारीयेका थियें।
१४ तं ता अभिषिक्त भयेको ढाक्ने करूब् थिइस् . अनि मैंले तंलाइ येस्तोगरि
राख्यों तं ईश्वर्को पवित्र पर्वत् मांथि रहंद थिइस् अनि तं आगो जस्तो
१५ चम्कंने मणिहरुको बीच्मां हिंड्डुल् गर्द थिइस्। जस् दिन् देखि तं
सिर्जीइस् अनि जस् दिन् सम्म तंमां टेढ़ैं पाईयेन ति दिनमां तं आफ्नु
१६ सबै चाल्मां निर्दोष् रहिस्। तर लेन्देन्को प्रघोरेईंको कारणले तं
उपद्रेईंले भरीयेर पापी भइस् . येसले मैंले तंलाइ अपवित्र जानि ईश्वर्को
पर्वत् देखि उताऱ्यें अनि ए ढाक्ने करूब् मैंले तंलाइ आगो जस्तो चम्कंने
१७ मणिहरुको बीच् देखि नष्ट पाऱ्यें। तेरो सुन्दरेईंको कारणले तेरो मन्
फुलीयेको छ अनि महिमाको कारणले तेरो बुद्धि बिग्र्यो . येस्कारण् मैंले
तंलाइ भूइंमां पछारि दियें अनि तंलाइ राजाहरुको सांमु रमीत् तुल्यायें।
१८ तेरा अधर्म्मका कर्म्म घेरै भयें अनि तेरा लेन्देन्मां टेढ़ैं भयेको कारणले
तेरा पवित्र ठांउहरु अपवित्र भइ गयें येस्कारण् मैंले तं देखि येस्तो आगो
निकाल्यें ज्येले तं भस्म भइस् अनि मैंले तंलाइ सबै देख्नेहरुको सांमु
१९ भूइंमां भस्म पाऱ्यें। लोग् लोग्मां तंलाइ चिन्नेहरु सबै छक्क पऱ्यें . तं
थर्थराउंदै नष्ट भइस् अनि फेरि तं रहंदै रहंदैनस्॥
२० फेरि यहवेको यो बचन् मं थांइ आयो ए मान्छेको छोरो
आफ्नु मोहांड़ा सीदोन् तिर फर्कायेर त्यसको बिरुद्धमां अगम् कह्
२२ अनि भन् प्रभु यहवेले येसो भन्द छ . ए सीदोन् मं तेरो बिरुद्ध छु अनि
तेरो बीच्मां आफ्नु महिमा गराउंछु . अनि जब मं तेरा बासीहरुलाइ
दण्ड दिंछु अनि तिनिहरु देखि आफुलाइ पवित्र गराउंछु तब तिनिहरुले
२३ उ यहवे हो रछ भनि थाहा पाउंछन्। अनि मं तंमां रूढ़ि फिंजाउंछु अनि
तेरा सटक्हुंदो रगत् बहाउंछु अनि जब तंमां तरवार् चलछ तब तंमां
मान्छेहरु काटीयेर लडूछन् तब तिनिहरुले उ यहवे हो रछ भनि थाहा
२४ पाउंछन्। अनि इस्राएल्का जहान्का वरिपरिका जत्ति लोगले तिनिहरु
सित अहंकार्को बेहोरा गर्द थियें तिनिहरुमांको कोई यिनिहरुको लागि
फेरि फेरि कबै पनि गाड़ौने कांड़ा कि रोपौने सुइरो हुंदैन तब तिनिहरुले
उ यहवे हो रछ भनि थाहा पाउंछन्॥
२५ प्रभु यहवेले येसो भन्द छ . जब मं इस्राएल्का जहान्हरुलाइ ति
सबै लोग् देखि जुन्हरुको बीच्मां तिनिहरु छरपुट्ट भयेका छन् भेला गर्छु
अनि यिनिहरुको लागि अन्यदेसीको सांमु पवित्र हुंछु अनि यिनिहरु
२६ चइं मैंले आफ्नु दास् याकूब्लाइ दियेको देस्मां बस्छन्। तब यिनिहरु
त्यसमां निडर् बसि रहंछन् अनि घर् बनाउंछन् अनि दाख्को बारी
लगाउंछन् येसो हुंछ जब मं यिनिहरुलाइ यिनिहरु सित अहंकार् सित

बेहोरा गर्ने थिनिहरूका चार तिरका सबै लोगलाइ दण्ड दिंकु तब
तिनिहरूले उ यह्वे हो रक्र भनि थाहा पाउंछन् ॥

दसौं बर्षको दसौं महीनाको बाह्रौं तिथिमां यह्वेको यो बचन् २९ १
मं थांइ आयो ए मान्छेको छोरो आफ्नु मोहोडा मिस्रको राजा २
फिरऊन् तिर फर्कायेर त्यस्को र सिंगै मिस्रको बिरुद्धमां यो अगम् कह् .
येसो भन् प्रभु यह्वेले येसो भन्द छ . ए मिस्रको राजा फिरऊन् ए त्यस्का ३
नदीहरूको बीचमां ढल्कि रह्यको ठुलो अजिङ्गर् तैंले भन्यको छस्
मेरांको नील् नदी मेरोनै हो अनि यो मैंलेनै आफ्नै लागि खनायें भनि
तर मं तेरो बिरुद्ध छु । अनि मं तेरा बङ्गामां बल्छि लगाउंछु अनि तेरा ४
नदीका माछाहरू तेरा कत्लैहरूमां टंसाउंछु अनि तेरा कत्लामां
टांसीयेका तेरा नदीहरूका सबै माछाहरू समेत् तंलाइ पनि नदी देखि
निकाल्छु । वहांदेखि मं तंलाइ तेरा नदीका माछाहरू समेत् बन्मां ५
छोडि दिंछु अनि तं चौऊरमां सुकि रहंछस् कोई एकमले तेरो हेर्चाहा
गर्दैन . अं मं तंलाइ बन्पशुहरू र अकाश्का पंछीहरूको आहारा तुल्याइ
दिंछु । तब मिस्रका सबै बासीहरू जो इस्राएल्का जहान्हरूको ६
लागि छोडको लौरो जस्ता थिये तिनिहरूले उ यह्वे हो रक्र भनि थाहा
पाउंछन् । जब तिनिहरूले तंलाइ हातले टेक्य तब तं भांचीइ गइस् अनि ७
तिनिहरूको कांध देखि उखेलायो . अनि जब तिनिहरूले तंलाइ टेक्य तब
तं दुइ टुक्रा भइ गइस् अनि तिनिहरूको कम्मरका नसा चट्क्या । येस्कारण ८
प्रभु यह्वेले येसो भन्द छ . सुन् मं तं माथि तरवार् चलायेर तेरा का मान्छे
का पशु सबैलाइ नष्ट गराउंछु । तब मिस्र देस् उजार् उजार् हुंछ अनि ९
त्यस्का लोगले उ यह्वे हो रक्र भनि थाहा पाउंछन् . येसो त्यस्ले नील् नदी
मेरो हो अनि यो मैंलेनै खनायें भन्येको कारणले हुंछ । येस्कारण सुन् मं १०
तेरो र तेरा नदीहरूको बिरुद्धमां छु अनि मिस्र देस् मिग्दोल् देखि
सवेने सम्म अं कूश् देसको सिमाना सम्म उजार् उजार् र उलटपाल्-
पलटपाल् पारि दिंछु । चालीस् बर्ष सम्म त्यस्मां मान्छे कि पशुको समेत् ११
गोडा पर्दैन अनि न त्यस्मां कोई बस्छ । चालीस् बर्ष सम्म मं मिस्र देस् १२
उजारीयेका देस् देसको बीचमां उजारि राख्छु अनि त्यस्का सहरहरू थोत्रा
भन्दा पनि थोत्रा गर्नेछन् अनि मं मिस्रीहरूलाइ लोग् लोगमां छरपष्ट
पारि दिंछु अनि तिनिहरूलाइ देस् देसमां छर्छु । फेरि प्रभु यह्वेले येसो १३
भन्द छ चालीस् बर्ष बित्ये पछि मं मिस्रीहरूलाइ तिनिहरू छरपष्ट भयेका
लोग् लोगको बीच् देखि फेरि भेला गराउंछु . अनि मं मिस्रीहरूलाइ १४
बन्धुवाइं देखि छोडायेर तिनिहरूका जन्मदेस् पत्रोस् देसमां फेरि ल्याउंछु
त त्यहां तिनिहरूको सानु सानु राज् हुंछ । अं त्यो सब्बै राज् भन्दा सानु १५
हुंछ अनि त्यस्ले फेरि फेरि आफ्नु सिर् अरू अरूको बिरुद्धमां उठाउंदैन .
कसोगरिभन्ये मं मिस्रीहरूलाइ येस्तोगरि घटाउंछु फेरि फेरि तिनिहरूले
अन्यदेसीहरू माथि प्रभुतेइं गर्नु पाउंदैनन् । अनि इस्राएल्का जहान् १६

तिनिहरू मांथि भरोसा राखि तिनिहरूको पछि पछि जांद छन् जसो
गर्य्येको कारणले मैले तिनिहरूको अधर्म्मको खोज् गर्नु पर्द छ
तिनिहरूले फेरि फेरि येसो न गरुन् भन्येर . त तिनिहरूले उ प्रभु यह्वे
हो रछ भनि थाहा पाउंछन् ॥

१७ फेरि सताईसौं वर्षको पहिलो महीनाको पहिलो तिथिमां येसो भयो
१८ यह्वेको यो वचन् मं थांइ आयो ए मान्छेको छोरो बाबेल्को राजा
नबूकद्रेस्सर्‌ले सोर्‌लाइ घेर्नुमां आफना पल्टन्‌लाइ ठुलो दास्तो गरायो .
यहां सम्म गरायो त्येस्का सबै सिपांइहरूका सिर् मुड़ाईये अनि सबैका
कांधको खालो गयो तर त्येस् ठुलो दास्तौको ज्याला सोर् देखि न त्येस्ले
१९ कोइ पायो न त्येस्को पल्टन्‌ले . येस्कारण प्रभु यह्वेले येसो भन्द छ सुन्
मं बाबेल्को राजा नबूकद्रेस्सर्‌लाइ मिस्रको देस् दिंछु अनि त्येस्ले त्येस्का
सबै चकचकि लैजांछ अनि त्येस्का धनसम्पत्ति लूटि लूटि आफनु पार्छ त
२० त्येस्को पल्टन्‌ले येइ ज्याला पाउंछ । मैले त्येस्को दास्तौको माटोमां त्येस्लाइ
मिस्र देस् खटाइ दियेको छ किनभन्ये तिनिहरूले मेरो लागि काम गर्य्येका
थिये प्रभु यह्वेको येइ बाणी छ ॥

२१ त्येस् बेलामां मं इस्राएल्को जहान्को येउटा सींग् उमार्छु अनि
तिनिहरूको बीचमां तेरो मुख् उघार्छु तब तिनिहरूले उ यह्वे हो रछ
भनि थाहा पाउंछन् ॥

३० १ फेरि यह्वेको यो बचन् मं थांइ आयो ए मान्छेको छोरो
२ अगमगरि भन् प्रभु यह्वेले येसो भन्द छ . बिलाप् गर्दै भन् हाय् त्येस्
३ दिन् मांथि हाय् । किनभन्ये त्यो दिन् अं यह्वेको दिन् नजिक् आयो
४ त्यो बादले दिन् अर्थात् अन्यदेसीहरूको दण्डको दिन् हुंछ । अनि मिस्र
मांथि तरवार् चल्छ अनि जब त्येस्मांका लोग् काटीयेर लड्छन् तब
कूशमां पनि संकट् पर्छ अनि [मिस्रको] धूमधाम् उठि जांछ अनि त्यो
५ देस् जरै समेत् उखेलींछ । कूश् र पूत् र लूद् र सब मिमाईयेका लोग्
र कूब् र बाचा बांधीयेका देस् देसका लोगहरू पनि मिस्रीहरू सित
काटीयेर लड्छन् ॥

६ यह्वेले येसो पनि भन्द छ . मिस्रीलाइ थामनेहरू पनि लड़ि जांछन्
अनि मिस्रको आफनु जस् सामर्थ्यमां फुलींद छ त्यो घटि जांछ . मिग्दोल्
देखि सवेने सम्म त्येस्का बासीहरू तरवार्‌ले काटीयेर लड्छन् प्रभु यह्वेको
७ येइ बाणी छ । अनि तिनिहरू उजार् उजार् देसहरूमां पनि उजारै ठहर्छन्
८ अनि तिनिहरूका सहर् थोत्रा सहरका खालमां गनींछन् । त जब मं
मिस्रमां आगो लगाउंछु अनि त्येस्का सबै गोहारेहरू नष्ट हुंछन् तब
९ मिस्रीहरूले उ यह्वे हो रछ भनि थाहा पाउंछन् । त्येस् बेलामां दूतहरूले
मेरो सांमु देखि जहाजहरूमां चढ़ि निक्लि गइ गइ बिना डर् रहने
कूशीहरूलाइ तर्साउंछन् अनि मिस्रको दण्डको बेलामां संकट् पर्य्येको
जस्तै संकट् तिनिहरू मांथि पनि पर्छ . सुन त्यो [बिपत्ति] आउंदैने छ ॥

प्रभु यहूवेले येसो भन्द छ. मं बाबेल्को राजा नबूकद्रेस्सर्को हात् १०
देखि मिस्रको धूम्धाम् ब्रिलाइ दिंकु। त्यो सबै लोग् लोग्मां बल्लियो ११
हुंने आफ्ना प्रजाहरु समेत् त्येस् देस्लाइ नास् गर्नुलाइ पठाइंछ अनि
तिनिहरुले आफ्नु आफ्नु तरवार् झिक्येर मिस्र मांथि चलाउंछन् अनि
त्यो देस् काटीयेकाहरुले भराइ दिंछ। अनि मं [मिस्रका] नदीहरु १२
सुकाइ दिंकु अनि त्यो देस् बुरा लोग्का हातले भरि दिंकु अनि त्यो देस्
त्यस्मां भयेका सबै समेत् परदेसीहरु देखि उजारि दिंकु. मं यहूवेको
येइ बाणी छ॥

प्रभु यहूवेले येसो भन्द छ मं नोप् देखि घिन्लाग्दा मूर्त्तिहरु नष्ट १३
पारि दिंकु अनि त्यहांका ब्रिकामे मूर्त्तिहरुमांको कुनैलाइ रहनु दिन्न अनि
मिस्र देस देखि फेरि फेरि कोइ मालिक् निस्कंदैन. अनि मं मिस्र देस्मां
भय् उप्जाउंकु। अनि मं पत्रोस्लाइ उजारकु अनि सोअन्मां आगो लगाउंकु १४
अनि नो सहर्का बासाहरुलाइ दण्ड दिंकु। अनि मिस्रको बल्लियो ठांउ १५
सीन् मांथि मं आफ्नु बल्दोरिस् खन्याउंकु अनि नोका धूम्धाम्हरुको
अन्त गराउंकु। अनि मं मिस्रमां आगो लगाउंकु सीन्का बासीहरु अरघोर् १६
थर्थराउंछन्. अनि नोको [घेराभित्तामां] छेंडू पारीछन्. अनि नोपहरो
दिन् चढ्ने बेलामां पनि नोप्का ब्रिरोधी हुंछन्। आवेन् र पीबेसेत्का १७
जुवान्हरु तरवार्ले काटीयेर लड्छन् अनि ति बन्धुवाईमां जांछन्। अनि १८
जब मं मिस्रीहरुले हाल्यका जुवाहरु तहपन्हेस्मां भांच्कु अनि तिनिहरु
फुलीयेको तिनिहरुको सामर्थ नष्ट होइ जांछ तब त्यस् सहर्मां दिन्
अंध्यारो होइ जांछ. अनि मिस्रमां बादल् छाइंछ अनि त्यस्मांको
आइमाइहरु बंधुवाईमां जांछन्। येसैगरि मं मिस्रबासीहरुलाइ दण्ड १९
दिंकु तब तिनिहरुले उ यहूवे हो रछ भनि थाहा पाउंछन्॥

फेरि एघारौं बर्षको पहिलो महीनाको सातौं तिथिमां येसो भयो २०
यहूवेको यो बचन् मं थांइ आयो   ए मान्छेको छोरो मैंले मिस्रको २१
राजा फिरऊन्को बांहां भांच्येको छु अनि न ता त्यो जोरीछ न त्यस्मां मल्हम्
लगायेर पट्टा बांध्येकोले तरवार् चलाउंनुलाइ बल्लियो तुल्याइंछ। येस्कारण् २२
यहूवेले येसो भन्द छ. सुन् मं मिस्रको राजा फिरऊन्को ब्रिरुद्धमां छु
अनि त्येस्का जाति र भांचीयेका दुवै बांहां भांच्कु अनि तरवार् त्येस्को हात्
देखि खसाल्कु। अनि मं मिस्रीहरुलाइ लोग् लोग्मां छरपष्ट गराउंकु २३
अनि देस् देस्मां छर्कु। अनि मं बाबेल्को राजाका बांहांमां बल् दियेर २४
आफ्नु तरवार् त्येस्को हात्मां दिंकु. तर फिरऊन्का बांहां येस्तोरि
भांच्कु बाबेल्को राजाको सांमु त्येस्को कहराई प्राणनासक् घाउको दुखाई
जस्तो हुंछ। अं मं बाबेलको राजाका बांहांमां बल् हाल्कु अनि मिस्रको २५
राजा फिरऊन्का बांहां गल्छन् त जब मं बाबेल्को राजाको हात्मां
आफ्नु तरवार् दिंकु अनि त्येस्ले त्यो मिस्रमां चलाउंछ तब मिस्रीहरुले उ
यहूवे हो रछ भनि थाहा पाउंछन्। अं मं मिस्रीहरुलाइ लोग् लोग्मां २६

छरपुष्ट पार्छु अनि देस् देसमा छर्छु तब तिनिहरूले उ यहवे हो रछ भनि
थाहा पाउंछन् ॥

३१ १ फेरि एघारौं बर्षको तीस्रो महीनाको पहिलो तिथिमा येसो भयो
२ यहवेको यो बचन् मं थांइ आयो ए मान्छेको छोरो मिस्रको राजा
फिरऊन र त्यस्का धूमधामलाइ यो बचन् भन् बड़ाको बिषयमा तेरो नपना
३ कोको दिईओस्। हेर् असूर् लबानोन्का राम्रा राम्रा डाला भयेको बाक्लो
छाया भयेको र अलगो डाल् भयेको देवदारु बृक्ष थियो उस्को टुप्पा
४ बादल्मा थियो। अनि पानी पायेर त्यो बढ्यो अनि त्यस् गहीरो पानीको
कारणले त्यो अलगो भयो जस् देखि नदीहरू निक्लि त्यस्का ठाउंका चारै
तिर बहंद थिये अनि खोल्चाहरू निकल्येर टारका सबै रुख् रुखमा पुगद
५ थिये। येस्कारण त्यस्को डाल् टारका अरु सबै बृक्षहरूको भन्दा असि ठुलो
भयो अनि त्यस्का कोपीला भयेका डालाहरू औधि भये अनि त्यस्का राम्रा
६ राम्रा डालाहरू धेर् पानी पायेकोले बढिकन लामा लामा भये। त्यस्का
पालुवा भयेका डालाहरूमा अकाशका सबै रकमका पंषीहरूले बसे गर्द
थिये अनि त्यस्का डालाहरू मुनि बनका सबै रकमका जीवाजन्तुहरूले
बिहाउंद थिये अं त्यस्को छायामा सबै प्रतापी प्रतापी लोगहरू रहंद थिये।
७ येसोरि त्यो आफ्नु बड़ाई र आफ्ना डालाहरूका लमाइको कारणले राम्रो
८ भयो. कसोगरिभन्या त्यस्को जरो धेरै पानी छेउ थियो। ईश्वरको
बारीका देवदारुहरूले पनि त्यस्लाइ ढाक्नु सक्दैन थियो. अनि न सल्ला
त्यस्का पालुवा भयेका डाला जस्ता हुंद थिये अर्मोनबृक्ष त्यस्का डालाहरू
जस्ता हुंनु सक्द थिये तर ईश्वरको बारीको कुनै बृक्ष पनि राम्रोमा त्यस्को
९ बराबर् पुग्दैन थियो। मैले त्यस्का डालाहरूका गन्ति बढायेर त्यस्लाइ
यहां सम्म पार्याको थियें मं ईश्वरका एदेन् भन्या बारीका सबै बृक्षले त्यो
देखि डाहा गर्द थिये ॥

१० येस्कारण प्रभु यहवेले येसो भन्द छ त्यस्को डाल् बढेको थियो
अनि त्यस्का टुप्पा बादलमा थिया अनि आफ्नु अलगईको कारणले त्यस्का
११ मन् फुलायेका थिया येस्कारण अन्यदेसीहरू मध्येमा जो सामर्थी
मान्छे छ त्यसको हातमा मं त्यस्लाइ पारि दिंछु अनि त्यस्ले त्यो सित कुरा
बेहोरा गर्छ. मैले त्यस्लाइ त्यस्का दुष्टईको कारणले निकालि दियें।
१२ अनि परदेसी बल्लिया बल्लिया अन्यदेसीहरूले त्यस्लाइ काटि दियेर छोड़ेर.
त्यस्का पालुवा भयेका डालाहरू डांड़ा डांड़ा र सबै गहीरागहिरो आफालीये
अनि त्यस्का राम्रा राम्रा डालाहरू भांचीदै देस् देसका सबै खोलचाहुंदो
मिलकाये अनि देस् देसका सबै लोग् त्यस्को छाहारा छोड़ेर गइ गये।
१३ त्यस् ढल्येको बृक्षमा अकाशका सबै पंषीहरू बस्छन् अनि त्यस्का डालाहरूमा
१४ बनका सबै जीवाजन्तुहरू बस्छन्. येसपरिले पानी छेउका सबै
बृक्षहरूमाको कसैले आफ्नु अलगेईं न बढावस् न आफ्नु टुप्पा बादलमा
पुऱ्याइ राखोस् अनि तिनिहरूमाका कत्ति रस् पायेर बढि गये तिनिहरूले

अलग्गो भयेको कारणले अहंकार्ले सिर् न उठाउन् . किनभन्ये तिनिहरु
सब्बै पनि चिहान्मां गाड़ीयेका मान्छेका आदम्वंशीहरुको बीच्मां
काल्को तात्रिमां परि पत्ताल्मां हालींछन् ॥
प्रभु यह्वेले येसो भन्द छ . जस् दिन् [अश्शूर्] पत्ताल्मां पर्यो त्यस् १५
दिन् मैंले शोक्का यि चिंनु देखायें . अर्थात् मैंले त्यस्को कारणले गहीरो
समुन्द्र ढाक्यें अनि ठुला ठुला नदीहरुका पानीहरु फुनीउंज्याल् सम्म
थुन्यें . अनि त्यस्को कारणले मैंले लबानोनमां अंध्यारो छायें अनि बन्का
सबै वृक्षहरु त्यस्को कारणले मुर्छा पर्ये । जब मैंले त्यस्लाइ चिहान्मां १६
गाड़ायेकाहरु सङ्ग पत्ताल्मां खसालि दियें तब मैंले त्यो लड़ाइको शब्दले
धेरै लोग् लोग्लाइ कंमाइ दियें अनि एदेन्को पानी चूस्ने सबै वृक्ष
अर्थात् लबानोनका अस्सल् अस्सल् वृक्षहरुले पत्ताल्मां शान्ति पाये ।
किनभन्ये लोग् लोग्को बीच्मां त्यस्को छाहारीमां रहने त्यस्लाइ १७
संभालनेहरु पनि त्यो सङ्ग तरवारले काटायेकाहरु सङ्ग पत्ताल्मां
खसि गये ॥
महिमा र बड़ाईको विषय्मां एदेनका वृक्षहरुमांको तंलाइ कसको १८
नपना दिऊं? . तर तं पनि एदेन्को अरु अरु वृक्षहरु सङ्ग पत्ताल्मां
खसालींछस् . अनि तं खिस्नने लोगहरुको बीच्मां तरवारले काटीयेर
लड़ि रहेकाहरु सङ्ग पस्तोइ रहंछस् । फिरऊन् त्यस्का सबै धूम्धाम् समेत्
येसैनै हो प्रभु यह्वेको येइ बाणी छ ॥
बाह्रौं बर्षको बाह्रौं महीनाको पहिलो तिथिमां येसो भयो ३२ १
यह्वेको यो बचन् मं थांइ आयो हे मान्छेको छोरो मिस्रको राजा २
फिरऊनको बिषय्मां येउटा बिलापी गीत गाउंदै त्यस्लाइ सुनाइ दे तेरो
उखान् लोग् लोग्मां जुवान् सिंहको जस्तै थियो . तर तं महानदीको
आफ्नु नदीमां हलीयेर तिनका पानी आफ्ना गोड़ाले मथि धमील्याउंने
अजिङर् जस्तै भइस् । प्रभु यह्वेले येसो भन्द छ . मं धेरै धेरै लोग्को ३
मंडली देखि तं माथि आफ्नु जाल फिंजाउंछु अनि तिनिहरुले तंलाइ
मेरो जाल्मां पार्येर तान्छन् । वहांदेखि मं तंलाइ पाखामां टक्टक्याउंछु ४
अनि भूइंमां फाफाल्येर अकाशका सबै रकम्का पंछीहरुलाइ तं माथि
बसालछु अनि तेरो मांसुले पृथिवीका सबै जन्तुहरुलाइ तृप्त गराउंछु ।
अनि मं तेरो मांसु डांड़ाहुंदो छर्छु अनि तेरो अलग्गइंले खोल्चाहरु भराइ ५
दिंछु । अनि जुन् जुन् देस्मां तं तर्दै छस् त्यो देस् डांड़ा डांड़ा सम्म तेरो ६
रगत्ले भिजाउंछु अनि त्यस्का खोल्चाहरु तेरो मांसुले भराइ दिंछु । अनि ७
मैंले तेरो बत्ती निभायेको बेलामां मं अकाश् ढाक्छु अनि ताराहरुमां अंधकार्
छाइ दिंछु अनि घाम्लाइ मं बादल्ले छोपि दिंछु अनि जून्ले आफ्नु
उज्यालो दिंदैन । अकाश्मां जत्ति उज्यालो दिंने ज्योतिहरु छन् ति सबै ८
मांथि मं तेरो कारणले अंधकार् पारि दिंछु अनि तेरो देस्मां अंध्यारो पारि
दिंछु प्रभु यह्वेको येइ बाणी छ। जब मं तेरो नास्को समाचार् लोग् लोग्मां ९

अं तैंले न जान्येको देसमां फिंजाउंछु तब धेरै लोगको मनमां रिस
१० उपजाउंछु। अं मं धेरै लोगलाइ तेरो कारणले उदेक् गराउंछु अनि जब मं
तिनिहरुका राजाहरुको सांमु आफ्नु तरवार् चलाउंछु तब तेरो कारणले
तिनिहरुका आङ् जर्कन्छन् अनि तं लड़ेको दिनमां तिनिहरु आफ्नु
११ आफ्नु प्राणको लागि छिन् छिनमां कांमछन्। कस्योगरिभन्या प्रभु यहवेले
१२ येसो भन्द छ. बाबेलको राजाको तरवार् तं थांइ पुगछ। मं तेरा
धूम्धामलाइ बीरहरुको तरवारले लड़ाइ दिंछु जुनहरु सबै बलजबत् गर्ने
अन्यदेसीहरु छन्. अनि तिनिहरुले मिस्रको अहंकार लूटि लूटिकन नष्ट
१३ पार्छन् अनि तिनिहरुका सबै धूम्धाम् सत्यनास् हुंछन्। अनि मं मिस्रका
सबै पशुहरु त्यस्का धेरै पानीहरुको तीर् देखि नष्ट पार्छु अनि तिनिहरु
येस् पछि न ता मान्छेका गोड़ाले अनि न पशुहरुका खुरले धमील्याइँछन्।
१४ तब मं तिनिहरुका पानीहरु सौल्याइ दिंछु अनि तिनिहरुका नदीहरु तेल्
१५ झैं बहंछन् प्रभु यहवेको येइ बाणी छ। जब मं मिस्र देस उजार पारि
दिंछु अनि जे जे थोकले त्यो भरपूर् छ ति थोक् देखि त्यस्लाइ अलग
पारि दिंछु अनि त्यस्मां रहनेहरुलाइ मार्छु तब तिनिहरुले उ यहवे हो
१६ रछ भनि थाहा पाउछन्। मान्छेहरुले गाउंने बिलापी गीत् येइ हो
लोग् लोगको स्त्रीहरुले यो गाउंछन्. मिस्रदेस र त्यस्का सबै धूम्धामको
बिषयमां तिनिहरुले येइ गीत् गाउंछन् प्रभु यहवेको येइ बाणी छ॥
१७ फेरि बाह्रौं बर्षको त्येइ महीनाको पन्द्रौं तिथिमां येसो भयो
१८ यहवेका बचन् मं थांइ आयो ए मान्छेको छोरो मिस्रका धूम्धामको
लागि हाय् हाय् गर् अनि त्यो प्रतापी प्रतापी लोगहरु चिहानमां
१९ गाड़ीयेकाहरु सङ पत्तालमां उतारीने यो गीत् गा अर्थात् [ए मिस्री
लोग्] तं अरु कोई भन्दा बेसि मनपर्दो छैनस् त तं उतारीइ अनि
२० बिखतनेहरु सङ पसारीइ। तरवारले काटीयेकाहरु सङ [मिस्रीहरु]
पनि लड्छन् तिनिहरुको लागि तरवारै ठहराईयेको छ. त मिस्रका
२१ त्यस्का सबै धूम्धाम् समेतलाइ घिस्याइ लैजाव। सामर्थी बीरहरु जो
बिखतने पाईयें ति तरवारले काटीयेर पत्तालमां उत्रि पस्नाइ रह्येका
२२ छन्. तिनिहरुले गोहारीहरु समेतले त्यो सित बात् गर्छन्। वहां सिंगै
मंडली समेत् अश्शूरी लोग् पनि छन्. त्यस्का चिहान् तिह्रौंने त्यस्का
वरिपरि छन् तिनिहरुका मुर्दाहरु सबै तरवारले काटीयेर लड़ि रह्येका
२३ छन्. त्यस् लोगका चिहान्हरु भलखाड़ाको कुनामां बनीयेका छन् अनि
त्यस्को चिहानका वरिपरि त्यस्को मंडली पनि पस्नीइ रह्येको छ. तिनिहरु
सबैले जीउंदो छंदाखेरि डर् देखाउंद थिये तैपनि अब ता तरवारले
२४ काटीयेर लड़ि रह्येका छन्। एलामीहरु पनि तिहीं छन् अनि त्यस्को
चिहानका वरिपरि त्यस्को सिंगै धूम्धाम् छ. ति सबै जीउंदो छंदाखेरि
डर् देखाउंद थिये तैपनि अब तरवारले काटीयेर पस्नीइ रह्येका छन्
अनि बिखतने रह्येर पत्तालमां उत्र्येका छन् अनि चिहानमां अरु अरु

गाड़ीयेकाहरु सङ तिनिहरुको पनि मुखमां कालो लाग्येको छ। सबै २५
धूम्धाम् समेत् त्येस् लोग्लाइ काटीयेकाहरुको बीच्मां ओछ्यान् मिल्यो
त्येस्का चिहान् तिहींनै त्येस्का वरिपरि छन्. तिनका मुर्दा खितने रहि
सबै तरवार्ले काटीयं अं तिनिहरुले जीउंदो छंदाखेरि डर् देखाउंद थिये
तरैपनि अब ता चिहान्मां अरु अरु गाड़ीयेकाहरु सङ तिनिहरुको मुखमां
पनि कालो लाग्येको छ. अनि त्येस्को ठांउ काटीयेकाहरुको बीच्मां
ठहराईयो। त्यहां सबै धूम्धाम् समेत् मेशेक् र तूबल् पनि छन् त्येस् २६
लोग्का चिहान् तिहींनै त्येस्का वरिपरि छन्. तिनिहरुका मुर्दा सबै जीउंदो
छंदाखेरि तिनिहरुले डर् देखाउंद थिये तरैपनि अब ता खितने रहि
तरवार्ले काटीयेका छन्। तिनिहरु अब्रस्से ति लड़ेयका खितने बीर्हरु २७
सङ पस्तोइ रहंदेनन् जुन्हरु आफ्नु आफ्नु हतियार्को लागि पत्तालमां
उत्र्येका छन् अनि त्यहां तिनिहरुका तरवार् तिनिहरुका सिर् सिर् मुनि
राखीयेका छन् तर तिनिहरुका अधर्मका कर्म्महरु तिनिहरुका हाड़ु हाड़ू
सम्म पुग्येका छन् कसोगरिभन्ये जीउंदो छंदाखेरि तिनिहरु देखि बीर्हरुलाइ
पनि डर् देखाउंद थिये। तर तं खितनेहरु सङ भांचीयेको भइ तरवार्ले २८
काटीयेकाहरु सङनै पस्तोइ रहंछस्। त्यहां त्येस्का राजाहरु र ति सबै २९
मालिक्हरु समेत् एदोमीहरु पनि छन् जुन्हरुलाइ पौरख् देखाउंदा पनि
तरवार्ले लड़ेयकाहरु सङनै ठांउ मिल्यो तिनिहरु पनि खितने लोग्हरु
सङ पस्तोइ रहंछन्। त्यहां उत्तर् दिशाका सबै मालिक्हरु र सबै ३०
सीदानाहरु पनि छन् काटीयेकाहरु सङ तिनिहरु पनि उत्रि गये तिनिहरुले
आफ्नु पराक्रमले डर् ता देखायेका थिये तर अब तिनिहरु लजाये अनि
तरवार्ले अरु अरु काटीयेकाहरु सङ तिनिहरु पनि खितने भइ पस्तोइ
रह्येका छन् अनि चिहान्मां गाड़ीयेका अरु अरु सङ तिनिहरुको मुखमां
पनि कालो लाग्यो। यि सबैलाइ देख्येर फिरऊनले आफ्ना सबै ३१
धूम्धाम्को विषयमां शान्ति पाउंछ. अं आफ्ना सिंगै पल्टन् समेत्
फिरऊनले तरवार्ले काटीयेकाहरुको शान्ति पाउंछ प्रभु यह्वेको येइ वाणी
छ। किनभन्ये तैं बाटोले जीवन्को लोक्मां मंने डर् दिंदै आयें. ३२
तर फिरऊन् त्येस्का सबै धूम्धाम् समेत् अरु अरु तरवार्ले काटीयेकाहरु
सङ खितनेहरुको बीच्मां सुताइंछ प्रभु यह्वेको येइ वाणी छ॥

फेरि यह्वेको यो वचन् मं थांइ आयो ए मान्छेको छोरो ३३ १
आफ्ना जात्भाईहरुलाइ भन् जुनघुकै देस् हवस् त्येस् मांथि जब मं
तरवार् चलाउंछु अनि त्येस् देस्को लोग्ले आफ्नु कसै जनालाइ पहरुगरि
राखोस्. तब त्येस्ले येस् देस्मां तरवार् चल्नु आंद्यो भनि देख्येर तुरही ३
बजायेर लोग्लाइ जनावस् त तुरहीको सोर् सुनिकन पनि जस्ले ४
चेत्दैन अनि तरवार् चल्येकोले त्यो मर्यो भन्ये त्येस्को लोहू त्येस्कै सिर्
मांथि पर्छ। त्येस्ले तुरहीको सोर् सुन्येको थियो तर चेत्येन येस्कारण् ५

त्येस्को लोहू त्येस्कै सिर् मांथि पर्छ . अं त्यो चेत्येको भये ता त्येस्ले आफनु
६ प्राण् बचाउंने थियो । तर पहरुले तरवार् चलनु आंटचो भनि देखिकन
पनि तुरही बजायेर लोगलाइ चेतायेन अनि तरवार् चल्येकोले कोई मर्‍यो
भन्ये देखि त्यो चइं आफनु अधर्म्ममां फासीयेको भइ मर्छ तर त्येस्को
७ लोहू बगनेको लेखा चइं ता मं त्येस् पहरु सित्तने लिंछु । येइ परिले ए
मान्छेको छोरो मैंले तंलाइ इस्राएलका जहान्हरुको पहरुगरि खटायेको
छु त तैंले मेरो मुख देखि बचन् सुनि सुनिकन मेरो पट्टि बाटो
८ तिनिहरुलाइ चेताउंनु । जब मं दुष्टलाइ ए दुष्ट तं निस्से मर्छस् भनि भन्छु
तब तैंले दुष्टलाइ कुमार्ग छोडनुलाइ चेताइनस् भन्ये देखि त्यो दुष्ट चइं
आफनु अधर्म्ममां मर्छ तर त्येस्को लोहूचइंको लेखा ता मं तं सित्तनै
९ लिंछु । तर तैंले दुष्टलाइ कुमार्ग देखि फिर् भनि चेताइस् अनि त्यो चइं
आफनु कुमार्ग देखि फर्कंन भन्ये देखि त्यो आफनु अधर्म्ममां मर्छ तर तैंले
चइं आफनु प्राण् बचाउंछस् ॥
१० फेरि ए मान्छेको छोरो इस्राएलका जहान्लाइ येसो भन् . तिमि-
हरुले हांमिहरुका अप्राध् र पापको बोझा हांमिहरु मांथि बोकाईयेको
छ अं त्येस्को कारणले हांमिहरु गलि गयेका छौं त कसोगरि जीइ रहंनु
११ सकूं भनि भन्द छौ । त तैंले तिनिहरुलाइ येसो भन् प्रभु यहवेको यो बाणी
छ मं जीइ रह्याको भैं मं दुष्टको मरणले कोइ पनि खुशि हुदैंन तर दुष्ट
आफनु कुमार्ग देखि फर्कि जीइ रह्याकोमां मं खुशि छु . त तिमिहरु
आफनु आफनु कुमार्ग देखि फर्कि आव ए इस्राएलका जहान्हरु हो
१२ तिमिहरु किन मर्छौं । अनि ए मान्छेको छोरो आफना जातभाईहरुलाइ
यो बचन् भन् जब धर्म्मीले अप्राध् गर्ला त त्यो त्येस्को धर्म्मको कारणले
बांच्दैन अनि जब दुष्ट आफनु दुष्टईं देखि फर्कि जाला तब त्येस्ले त्येस्को
कारणले ठोकर् खांदैन . अनि त्येसैगरिकन जब धर्म्मीले पाप् गर्ला
१३ तब त्यो आफनु धर्म्मको कारणले जीइ रहंदैन । जब मं धर्म्मीलाइ तं
निस्से जीइ रहंछस् भन्छु अनि त्येस्ले चइं आफनु धर्म्ममां भरोसा राखि
बङ्गुईं गर्ला तब त्येस्को धर्म्मका कर्म्ममांको कुनैको पनि लेखा गरींदैन
१४ ज्यै ज्यै बङ्गुईं त्येस्ले गर्येको छ तिनैमां त्यो मर्छ । फेरि मं दुष्टलाइ तं निस्से
मर्छस् भन्छु अनि त्येस्ले आफना पाप् देखि फिरि निया गर्‍यो अनि
१५ धर्म्मको कर्म्म गर्‍यो भन्ये देखि अर्थात् दुष्ट मान्छेले बन्धक् फर्काइ
दिंनु र आफुले लुटेका थोक् भरि दिंनु र बिना बङ्गुईंका कर्म्म गर्नु
लाग्यो अनि जीउंनि दिंने बिधिहरुमां हिंडनु लाग्यो भन्ये त्यो मर्दैन
१६ निस्से जीइने रहंछ । जतिसुकै पाप् त्येस्ले गर्येको भये पनि तिनिहरुमांको
कुनैको लेखा गरींदैन . त्येस्ले निया र धर्म्मको कर्म्म गर्‍यो येस्कारण त्यो
१७ निस्से जीइ रहंछ । तैपनि तेरा जातभाईहरुले भन्द छन् प्रभुको बेहोरा
१८ ठीक् छैन भनि . तर तिनिहरुको पो बेहोरा ठीक् छैन । धर्म्मीले आफनु
१९ धर्म्म देखि फर्कि बङ्गुईं गर्‍यो भन्ये देखि त्यो तिनैमां मर्छ । अनि जब

दुष्ट आफ्नु दुष्टेईं देखि फिरि निया र धर्म्मको कर्म्म गर्लो तब त्यो तिनेको
कारण्ले जीउंछ । तरैपनि तिमिहरुले भन्द छौ प्रभुको बेहोरा ठीक् छैन २०
भनि । हे इस्राएल्का जहान् हो मं तिमिहरुमांको एक् एक् जनाका चाल्
अनसार् निया गर्छु ॥

फेरि हांमिहरुको बधुवाईको बार्हौं बर्षको दसौं महीनाको पांचौं २१
तिथिमां येसो भयो एक् जना यरुशलेम् देखि बांचि भाग्येर आयेको रछ
त्येले मं थांइ आयेर भन्न लाग्यो सहर् लिईयो भनि । त्यो भाग्ने मान्छे २२
आयेको अघिल्लो बेलुका यहवेको हात् मं मांथि पर्येको थियो अनि
उस्ले मेरो मुख् खोल्येको थियो अनि त्यो मान्छे आउंने बिहान् सम्म
खोलीयेकै रह्यो त मेरो मुख् खोलीयेकै रह्यो अनि मं अरु गोंगा रहीन ।
तब यहवेको यो बचन् मं थांइ आयो ए मान्छेको छोरो इस्राएल्को २३ २४
जग्गाका ति थोत्रा सहर्हरुमां रहंनेहरुले येसो भन्द छन् अब्राहाम् एकै
जना मांत्रै थियो रपनि येस् देस्को अधिकारी थियो . तर हांमिहरु
चइं ता धेरै छौं येसकारण् यो देस् हांमिहरुकै अधिकार्मां दिईयो ।
येसकारण् तैंले तिनिहरुलाइ भन् प्रभु यहवेले तिमिहरुलाइ येसो भन्द छ २५
तिमिहरुले मांसु रगतै समेत् खांद छौ अनि आफ्ना मूर्त्तिहरु तिर
आफ्ना आंखा लाउंद छौ अनि रगत् बहाउंद छौ . क्ये तिमिहरु त्येस्
देस्का अधिकारी रहंनु पाउंछौ । तिमिहरुले आफ्नु तरवार् मांथि भरोसा २६
राख्द छौ अनि आफ्ना छिमेकिको स्वास्नीहरुलाइ अशुद्ध पारि दिंद छौ .
त क्ये तिमिहरु त्येस् देस्का अधिकारी रहंनु पाउंछौ । अनि तिनिहरुलाइ २७
येसो पनि भन् प्रभु यहवेले येसो पनि भन्द छ . मं जीउइ रह्येको भैं थोत्रा
सहर्हरुमां रहंनेहरु निस्से तरवार्ले लड्छन् अनि बन्मां रहंनेलाइ मं
वनजन्तुहरुका आहारा तुल्याइ दिंछु अनि गढ़िहरु र ओढार्हुंदो रहंनेहरु
चइं रुढ़ि देसान्ले मर्छन् । अनि मं त्येस् देस्लाइ उजार् र उदेक् पारि २८
दिंछु अनि जस् बल् मांथि तिनिहरु फुलौंद थिये त्यो जाइ जांछ अनि
इस्राएल्का पहाड्हरु बाटो कोई हिंड्दै पनि नहिंड्ने सम्मगरि
उजार् होइ जांछ । अनि जब मं तिनिहरुले गर्येका सबै घिन्लाग्दा २९
कामको कारण्ले त्यो देस् उजार् र उदेक् पारि दिंछु तब तिनिहरुले उ
यहवे हो रछ भनि थाहा पाउंछन् । अनि ए मान्छेको छोरो तेरा ३०
जात्भाईहरुले घर्का करांसाहुंदो र दैला दैलाहुंदो तेरो बिषय्मां
बात् गर्दै एकाले अर्कोलाइ भन्द छन् आव आव सुन यहवेको पट्टि बाटो
क्ये क्ये बचन् निकल्येको छ भनि । अनि तिनिहरु हांमिहरु ति प्रजा हौं ३१
भन्दै तं थांइ आउंनु ता आउंद छन् अनि मेरा प्रजा भयेर तेरो सांमु बसि
तेरा कुरा सुन्ने ता गर्छन् तर तिनमां हिंड्दैनन् . अं तिनिहरुले मुख्ले ता
खूब् प्रेम् देखाउंद छन् तर तिनिहरुको मन् चइं लालचैमां रहंद छ । अनि ३२
तं चइं तिनको लेखि मीठो गाउंने र राम्रोगरि बजाउंने प्रेमी गीत् जस्तै
छस् । अर्थात् तिनिहरुले तेरा बचन् सुन्द ता छन् तर तिनमां हिंड्दै

३३ हिंडूदैनन् . तैपनि हुंने कुरा ता हुंछनै अनि जब त्यो हुंछ तब तिनिहरुले
हांमिहरुको बीच्मां येउटा अगमबक्ता रछ भनि थाहा पाउंछन् ॥
३४ १ २ फेरि यहवेको यो बचन् मं थांइ आयो ए मान्छेको छोरो
इस्राएल्का गोठालाहरुको बिरुद्धमां अगम्गरि तिनिहरुलाइ येसो भन्
प्रभु यहवेले तिमिहरुलाइ येसो भन्द छ. हे आफ्नु आफ्नु पेट् भर्ने
इस्राएल्का गोठालाहरु हो तिमिहरु मांथि हाय् . के गोठालाहरुले
३ भेंड़ाबाख्राको पेट् भराइ दिंनु पर्दैन। तिमिहरुले बोसो खांद छौ अनि
ऊण् लाउंद छौ अनि बल्लिया बल्लिया पशु मांर्द छौ तर भेंड़ाबाख्रालाइ
४ चराउंदैन। तिमिहरुले न ता मधौराहरुलाइ बल् दियौ न ता दुखुवाहरुलाइ
निको पार्यौ न घाइतेहरुका घाउ बांध्यौ न मिचेईं सब निकालीयेकाहरुलाइ
फर्काइ ल्यायौ न हरायेकाहरुलाइ खोज्यौ तर तिनिहरु मांथि बल्ले र
५ बल्मिचेईं गरि अधिकार् चलायौ। त तिनिहरु मांथि कोई गोठाला न
भयेको कारण्ले तिनिहरु छरपुट्ट भये . अनि सबै बन्पशुका आहारा भइ
६ गये अं जतातते छरीये। मेरा भेंड़ाबाख्राहरु सबै पर्बत् र अलग्गा अलग्गा
डांडाहुंदो डुलि हिंड़े . अं मेरा भेंड़ाबाख्राहरु सिंगै पृथिवी मांथि
छरपुट्ट भये अनि तिनको न ता कोई हेर्चाहा गर्ने छ अनि न कोई
७ ८ खोज्ने। येस्कारण् हे गोठालाहरु हो यहवेको यो बचन् सुन . प्रभु यहवेको
यो बचन् छ अर्थात् मं जीइ रह्येको भैं मेरा भेंड़ाबाख्रा लुटीये अनि मेरा
भेंड़ाबाख्राको कोई गोठाला न भयेको कारण्ले सबै बन्पशुहरुका आहारा
भइ गये अनि मेरा गोठालाहरुले मेरा भेंड़ाबाख्राको हेर्चाहा गर्येनन् अनि
९ मेरा भेंड़ाबाख्राको चइं होइन तर आफ्नै मांत्रै पेट् भराये येस्कारण्
१० हे गोठालाहरु हो यहवेको यो बचन् सुन प्रभु यहवेले येसो भन्द छ .
सुन मं गोठालाहरुको बिरुद्ध छु अनि मं तिनिहरु सित आफ्ना
भेंड़ाबाख्राहरुको लेखा लिंछु अनि मं तिनिहरुलाइ फेरि भेंड़ाबाख्राहरु
चराउंनु दिन्न त गोठालाहरुले फेरि तिनिहरु देखि आफ्नु पेट् भर्नु
पाउंदैनन् कसोगरिभन्ये मं आफ्ना भेंड़ाबाख्राहरु तिनिहरुको मुख् देखि
छोड़ाउंछु र तिनिहरु अब देखि येसो तिनिहरुका आहारा न होउन्।
११ कसोगरिभन्ये प्रभु यहवेले येसो भन्द छ . सुन मं आफै आफ्ना भेंड़ाबाख्राको
१२ हेर्चाहा गर्छु अनि खोजि ल्याउंछु। गोठालाले आफ्ना छरपुट्ट भयेका
भेंड़ाबाख्राहरुलाइ खोजि ल्यायेको भैं मं आफ्ना भेंड़ाबाख्राहरुलाइ
तिनिहरु बादल् र बतास् पानी भयेको दिन्मां छरपुट्ट पारीयेका सबै
१३ ठाउंहरु देखि बचाउंछु। अनि मं तिनिहरुलाइ लोग् लोग् देखि निकालि
ल्याउंछु अनि देस् देस् देखि बटुल्छु वहांदेखि तिनिहरुके निज देस्मां
ल्यायेर इस्राएलका डांड़ा डांड़ाहुंदो र खोल्चाखाल्चौहुंदो र त्यस् देस्का
१४ सबै बस्ने माफिक्का ठांउहुंदो बसाल्छु। मं तिनिहरुलाइ जाति जाति
खर्कमां चराउंछु अनि इस्राएल्का अलग्गा अलग्गा डांड़ामां तिनिहरुले
गोठ् पाउंछन् . त्यहां तिनिहरु जाति जाति गोठ्मां बास गर्छन् अनि

इस्राएलका डांड़ाहुंदो सबै भन्दा असल असल् खर्कमां चर्छन्। म १५
आफ्ना भेंड़ाबाख्रालाइ आफै चराउंछु अनि म आफै तिनिहरूलाइ बसाल्छु
प्रभु यहवेको येइ बाणी छ। म हरायेकाहरूलाइ खोजछु अनि बलैले १६
निकालीयेकाहरूलाइ फेरि फर्काइ ल्याउंछु अनि घायेलहरूका घाउ
बांधछु अनि मधौगाहरूलाइ बल् दिंछु. अनि मोटाताजा र बल्लिया
बल्लियाहरूलाइ नष्ट पार्छु येसोरि म तिनिहरूलाइ निया चित चराउंछु।
अनि हे मेरा भेंड़ाबाख्राहरू हो प्रभु यहवेले येसो भन्द छ. सुन म को १७
यमा को बाख्रा अलग् अलग् पशुहरूको बीचमां निया गर्छु। जाति जाति १८
खर्क लिनु को तिमिहरूलाइ सानु कुरो लागद छ अनि रहल् खर्क चइं
आफ्ना गोड़ाले दल्नु र उम्थेको पानी आफ्ना गोड़ाले धमील्याउंनु को
तिमिहरूलाइ यो सानु कुरो लागद छ। अनि मेरा भेंड़ाबाख्राहरूले चइं १९
तिमिहरूले तिमिहरूका गोड़ाले दल्येका खर्कमां चर्नु र तिमिहरूका
गोड़ाले धमील्यायेको पानी खानु पर्द छ॥

येसकारण प्रभु यहवेले तिनिहरूलाइ येसो भन्द छ. म तिमि मोटा २०
मोटा भेंड़ाबाख्राहरू र दुब्लादुब्ला भेंड़ाबाख्राहरूको बीचमां म आफै
निया गर्छु। तिमिहरूले सबै दुख्येकालाइ कुमले र चाकले यहां सम्मगरि २१
धक्का दिंद र सींगले हान्द छौ तिनिहरू छरपुट्ट भयेर बाइर निक्लि गयेका
छन् येसकारण म आफ्ना भेंड़ाबाख्राहरूलाइ छोड़ाउंछु अनि तिनिहरूले २२
फेरि फेरि लूट्नु पाउंदैनन् येसैगरिकन म भेंड़ाबाख्राहरूको बीचमां
निया गर्छु। अनि म तिनिहरू माथि येउटा येस्तो गोठालोलाइ खटाउंछु २३
जस्ले तिनिहरूलाइ चराउंछ त्यो मेरो दास् दाऊद् हुंछ त्यसैले तिनिहरूलाइ
चराउंछ अनि त्यइने तिनिहरूको गोठालो हुंछ। अनि म यहवे तिनिहरूको २४
ईश्वर् हुंछु अनि मेरो दास् दाऊद् तिनिहरूको बीचमां मालिक् हुंछ म
यहवेले येसो भन्यें। अनि म तिनिहरू चित शांति दिंने नियम् बांधछु अनि २५
दुष्ट जन्तुहरूलाइ तिनिहरूको देसमां रहंनु दिन्न. त तिनिहरूले वनमां
निडर् अं जंगलमां सुति सुति पनि रहंनु पाउंछन्। अनि म तिनिहरूलाइ २६
र आफ्ना डांड़ाका छेउछाउका ठांउहरूलाइ पनि आशीषको खानि तुल्याइ
दिंछु अनि बेलामां पानी पार्छु अनि आशीष् झारिनेथरि हुंछ। अनि बनका २७
रुखहरूमां फल् फल्ने गर्छन् अनि भूमिले आफ्नु उपजनि उपजाउंने गर्छ
अनि तिनिहरू आफ्नु जग्गामां निडर् रहंछन् अनि जब म तिनिहरूले
यिनिहरू देखि गरायेको तिनिहरूको जूवा भांचि यिनिहरूलाइ छोड़ाउंछु
तब तिनिहरूले उ यहवे हो रछ भनि थाहा पाउंछन्। अनि तिनिहरू २८
फेरि अन्यदेसीहरू देखि लूटींदैनन् अनि न बनपशुले तिनिहरूलाइ खांछन्
तिनिहरू निडर् रहंछन् अनि तिनिहरूलाइ तर्साउंने कोई पनि हुंदैन।
अनि तिनिहरूको नांउ बड़ा गराउंनुलाइ म येस्ता येस्ता रुख् उपजाउंछु २९
तिनिहरू देसमां फेरि फेरि भोकले मर्दैनन् अनि तिनिहरूले फेरि फेरि

ईश्वर् यहवे हांमिहरु सित रछ अनि हांमि इस्राएल्का जहान्हरु चहिं
उसका प्रजा हो रांछौं भनि थाहा पाउंछन् प्रभु यहवेको येह बाणी छ।
३१ कसोगरिभन्ये तिमिहरु मेरा भेंड़ाबाखाहरु मेरो खर्कका मान्छेभेंड़ाबाखा-
हरु हौ अनि मं चहिं तिमिहरुको ईश्वर् हुं प्रभु यहवेको येह बाणी छ॥

३५ १ फेरि यहवेको यो बचन् मं थांइ आयो ए मान्छेको छोरो
तेरो मोहोंड़ा सेईर् पहाड़ तिर फर्कायेर त्यसको बिरुद्धमां अगम् कह्
३ अनि त्यसलाइ भन् प्रभु यहवेले येसो भन्द छ. ए सेईर् पहाड़ सुन् मं तेरो
बिरुद्ध छु त मं आफ्नु हात् तं मांथि पसार्येर तंलाइ उजार् उजार् पारि
४ दिंछु। मं तेरा सहर्हरु थोत्रो सहर् पारि दिंछु त तं उजार् होइ जांछस्
५ तब तैंले उ यहवे हो रछ भनि थाहा पाउंछस्। तैंले इस्राएल्का सन्तान्हरु
सित जुग्नजुग् देखि सत्तुरेइँ राखद थिइस् अनि तिनिहरुको बिपत्तिको
बेलामां जब अधर्म्मको अन्तको समय् आयेको थियो तब तिनिहरुलाइ
६ तरवार्ले काटौंनुलाइ दिहालिस्. येसकारण प्रभु यहवेको यो बाणी छ मं
जीइ रह्येको झैं मं तिनिहरुको रगत् बहाउंछु अनि रगत् तेरो पछि पाछ
लागछ. तैंले रगत् बहाउंनु देखि घिन् गरिनस् येसैकारण्ले रगत्ले तंलाइ
७ खेद्छ। येसोरि मं सेईर् पहाड़ उजार् र उदेक् पार्छु अनि येस्तो गराउंछु
८ त्यसमां कोई आउंने जांने हुंदैन। अनि मं त्यसका डांड़ाहरु त्यसका
काटौयेकाहरुले भराइ दिंछु. अनि तरवार्ले काटौयेकाहरु तेरा सबै डांड़ा
९ गहौरा र सबै खोल्चाहरुमां लड्छन्। मं तंलाइ जुग्नजुग्को लागि उजार्
गराउंछु अनि तेरा सहर्हरु फेरि बसालौंदैन. तब तैंले उ यहवे हो रछ
१० भनि थाहा पाउंछस्। तैंले भनिस् अब ति दुवै लोग् र ति दुवै देस्
हांमिहरुको ताबिमां पर्छन् अनि हांमिहरुनै तिनका धनी हुंछौं भनि अनि
११ तिनमां यहवे छ भनि गुन्दैनस्. येसकारण प्रभु यहवेको यो बाणी छ मं
जीइ रह्येको झैं तैंले डाहाको कारण्ले जस्तो रिस् र बख्खोरिस्ले यि
लोग् सित बेहोरा गरिस् त्यस्तै मं पनि तं सित गर्छु अनि जबै मं
१२ तेरो निया गर्छु तबै मं आफुलाइ तिनिहरुकां देखाहा पार्छु। अनि
जत्ति गिल्लाका कुरा तैंले इस्राएल्का डांड़ाको बिषय्मां तिनिहरु उजारौये
तिमिहरु हांमिहरुलाइनै दिईये हांमिहरुले तिनिहरुलाइ खांनुको लागि
भनि भनिकन गर्येको छस् ति सब्बै कुरा मं यहवेले सुन्येको रांछु
१३ भनि तैंले बूझ्छस्। तिमिहरुले आफ्नु आफ्नु सुख्ले मेरो बिरुद्धमां
१४ बड़ाई गर्येका छौ अनि मेरो बिरुद्धमां धेरै कुरा गर्येका छौ. ति मैंले
सुन्यें। त प्रभु यहवेले येसो भन्द छ. जब पृथिवी भरि रमाहट् हुंछ तब
१५ मं तंचहिंलाइ उजार् पार्छु। अं तं इस्राएल्का जहान्को किपट् उजार्
भयेको कारण्ले खुशि भइस् मं पनि तं सित त्यस्तै बेहोरा गर्छु. ए सेईर्
पहाड़ र एदोम्को सबै देस् तिमिहरु उजारौंछौने. तब तिनिहरुले उ
यहवे हो रछ भनि थाहा पाउंछन्॥

फेरि ए मान्छेको छोरो तैंले इस्राएल्का डांड़ा डांड़ालाइ ३६ १
अगमगरि भन् हे इस्राएल्का डांड़ाहरु हो यहवेको वचन् सुन। प्रभु २
यहवेले येसो भन्द छ. सत्रुले तिमिहरुको बिषय्मां आहा तादि देखिका
अल्गा ठांउहरु अव ता हांम्रो ताविमां आये भन्येर भन्येको छ येकारणले
अगमगरि प्रभु यहवेले येसो भन्द छ. मान्छेहरुले तिमिहरुलाइ उजाण्ये ३
अनि चारैतिर बाटो चढि तिमिहरुलाइ आफ्नु मुट्ठिमां पाण्ये तिमिहरु
रहल् अन्यदेसीहरुको अधिकार् भइ जाव भन्ये खातिर्ले अनि बक्बकेहरुले
तिमिहरुको निन्दा गर्द छन् अनि साधारण् लोगले तिमिहरुको गिल्ला
गर्द छन्. येकारण् ए इस्राएल्का डांड़ाहरु हो प्रभु यहवेको वचन् सुन ४
प्रभु यहवेले येसो भन्द छ डांड़ाहरुलाइ र पहाड़्हरु र खोल्चाहरु र ब्यांसिहरु
र उजारीयेका थोत्रा सहर्हरु र निर्जन् सहर्हरुलाइ र चारै तिरका
बांच्येका अन्यदेसीहरु देखि लूटीयेर तिनिहरुको हांस्ने कारण् भइ गयेका-
हरुलाइ. अं तिनिहरुलाइ प्रभु यहवेले भन्द छ. सबै एदोमी र अरु अरु ५
बांच्येका अन्यदेसीहरु जुन्हरुले आफ्ना मनका पूरा रमाहट् र अहंकार्ले
मेरो देस् आफ्नु अधिकार्मां पाण्ये त्यो परायको भइ लूटीओस् भनि ति
सबैको बिरुद्धमां अव मं बल्छु रिस्ले बल्दै. येकारण् तैंले इस्राएल्को ६
देस्को बिषय्मां अगमगरि डांड़ा पहाड़् खोल्चा र ब्यांसिहरुलाइ भन् प्रभु
यहवेले येसो भन्द छ. सुन तिमिहरुले अन्यदेसीहरुको निन्दा सुन्नु पण्यो
येकारण् मं अव आफ्नु तुलो बल्दोरिस्ले बल्द छु. त प्रभु यहवेले येसो ७
भन्द छ. मैंले हात् उठायेर [किरिया] खायेको छु तिमिहरुका वरिपरि
भयेका अन्यदेसीहरुले निस्सै आफ्नु निन्दा आफैले सुन्नु पर्छ। तर हे ८
इस्राएल्का डांड़ाहरु हो तिमिहरुका [बृक्षहरुका] डालाहरु पलाउंछन्
अनि तिनिहरुको फल् मेरो इस्राएली प्रजाको लागि फल्छ कसोगरिभन्ये
त्यो तिमिहरुमां फर्कि आउंनु आंट्येको छ। त सुन मं तिमिहरुको पन् ९
पर्से हुं अनि तिमिहरु तिर दयालु नजर् गर्छु त तिमिहरु जोतींछौ
छरींछौ. अनि मं तिमिहरुमां धेरै मान्छेलाइ अं इस्राएल्का सबै १०
जहान्लाइ बढ़ाउंछु अनि सहर् फेरि बसालींछ अनि थोत्रा सहर्हरु
फेरि बनाईंछन्. अनि मं तिमिहरुमां मान्छे र पशु दुवै धेरै पारि दिंछु ११
त तिनिहरु बढ़्छन् अनि फुल्छन् फल्छन्. अनि मं तिमिहरुलाइ तादि
झैं बसाल्छु तिमिहरुको भलाई तादिको भन्दा बेसि गराउंछु. तव
तिमिहरुले उ यहवे हो रछ भनि थाहा पाउंछौ। अं मं तिमिहरु मांथि १२
मान्छेहरुलाइ अर्थात् आफ्नु प्रजा इस्राएल्का लोगलाइ चलाउंछु अनि
तिनिहरु तिमिहरुका स्वामी हुंछन् अनि तिमिहरु चइं तिनिहरुका निज्
भाग् हुंछौ अनि तिनिहरु फेरि फेरि तिमिहरुको कारणले निर्बंश हुंदेनन्।
प्रभु यहवेले येसो भन्द छ. मान्छेहरुले तिमिहरुलाइ ए देस् तं ता मान्छे १३
खांने होस् अनि तंमां बस्येका लोग् निर्बंश भये भन्येर भन्द छन्
येकारण तैंले फेरि फेरि मान्छेलाइ खांदैनस अनि तेरा भयेका लोग १४

१५ फेरि निर्वंश हुंदेनन् प्रभु यहवेको येह् वाणी छ अनि म तंलाइ
अन्यदेसीहरूको पट्टि बाटो फेरि फेरि निन्दा सुन्नु दिन्न अनि तैंले फेरि
फेरि लोग् लोग् देखि गिल्ला सहंनु पर्दैन अनि तेरा भयेका लोग् फेरि
निर्वंश हुंदेनन् प्रभु यहवेको येह् वाणी छ ॥
१६ १७ फेरि यहवेको यो वचन् म थांह आयो ए मान्छेको छोरो
इस्राएल्का जहान्ले आफ्नु देस्मां रहंदाखेरि त्यो आफ्नु चाल्चलन् र
आफ्नु कार्ज्यले अशुद्ध गर्द थिये. अं तिनिहरूको चाल्चलन् मंलाइ
१८ ऋतु भयेकी आइमाइको जुठो जस्तै लाग्इ थियो। तिनिहरूले त्येस्
देस्मां रगत् बहाये अनि आफ्ना मूर्त्ति पूजि पूजिकन त्यो अशुद्ध गराये
१९ येस्कारण् मैंले तिनिहरू माथि आफ्नु बल्दोरिस् खन्यायें. अनि मैंले
तिनिहरूलाइ लोग् लोग्को बीच्मां छरपुट्ट पार्यें त तिनिहरू देस् देस्मां
छरपुट्ट भये. येसैगरिकन मैंले तिनिहरूको चाल्चलन् र कार्ज्य अनुसार
२० तिनिहरूको निया गर्यें। अनि जब तिनिहरू तिनिहरू पुग्याईयेका
अन्यदेसीहरूमां पुग्ये तब तिनिहरूले मेरो पवित्र नांउ अपवित्र गर्ये
कसोगरिभन्ये मान्छेहरूले तिनिहरूको विषय्मां भन्न लाग्ये यिनिहरू
यहवेका लोग् ता हुन् तर अब तिनिहरू उस्को देस् देखि निकालीये भनि।
२१ तर मेरो जुन् पवित्र नांउ इस्राएल्का जहान्ले अन्यदेसीहरूको बीच्मां
अपवित्र गर्येका थिये त्येसै नांउको कारणले मैंले तिनिहरू माथि दया
२२ गर्यें। येस्कारण् तैंले इस्राएल्का जहान्लाइ भन् प्रभु यहवेले येसो भन्छ
छ. हे इस्राएल्का जहान् हो म जे गर्द छु त्यो तिमिहरूको लागि
गर्दीन तर आफ्नु त्यो पवित्र नांउको लागि गर्द छु जुन् नांउ तिमिहरूले
२३ अन्यदेसीहरूको बीच्मां अपवित्र गर्येका छौ। त जो नांउ अन्यदेसी-
हरूको बीच्मां अपवित्र भयो अर्थात् जो नांउ अन्यदेसीहरूको बीच्मां
तिमिहरूले अपवित्र गर्येका छौ त्यो आफ्नु ठुलो नांउ म पवित्र गर्छु
त जब म तिनिहरूले देख्नेगरि तिमिहरू देखि पवित्र गराइंछु तब
तिनिहरूले उ यहवे हो रछ भनि थाहा पाउंछन् प्रभु यहवेको येह् वाणी
२४ छ। कसोगरिभन्ये म तिमिहरूलाइ अन्यदेसीहरू देखि ल्याउंछु अनि सबै
देस् देखि तिमिहरूलाइ भेला गरायेर तिमिहरूको आफ्ने देस्मां पुर्याउंछु।
२५ अनि म तिमिहरू माथि चोखो पानी छर्कंछु ज्येले तिमिहरू शुद्ध हुंछौ.
येसोरि म तिमिहरूलाइ तिमिहरूका सबै अशुद्धेईं देखि र सबै मूर्त्तिहरू
२६ देखि शुद्ध गर्छु। अनि म तिमिहरूको हिर्दय् नया पारि दिंछु अनि
तिमिहरूको भित्र नया आत्मा उप्जाउंछु. अनि म तिमिहरू देखि
२७ ढुंगो हिर्दय् निकाल्येर तिमिहरूलाइ मांसुको हिर्दय दिंछु। अं म
आफ्नु आत्मा तिमिहरूमां पोसायेर येस्तो गराउंछु तिमिहरू मेरा
बिधिहरूमां हिंड्छौ अनि मेरा नियावचन्हरूमां हिंडि ति अनुसार् गर्छौ।
२८ अनि तिमिहरू मैंले तिमिहरूका पित्रहरूलाइ दियेको देस्मां बसालौंछौ
२९ अनि तिमिहरू मेरा लोग् हुंछौ अनि म तिमिहरूको ईश्वर् हुंछु। अनि म

तिमिहरुलाइ तिमिहरुका सबै अशुद्धैहैं देखि छोड़ाउंछु. अनि अन्न
उपजने आज्ञा दि दिकन त्येस्लाइ बढ़ाउंछु अनि तिमिहरुलाइ भोकले मंर्नु
दिन्न। अनि मं रुखका फल् र बारीका उपजनी बढ़ाउंछु र अन्यदेसीहरुको ३०
बीचमां तिमिहरुको अनिकालको गिल्ला न हवस्। तब तिमिहरुले ३१
आफना नजाति चालचलन् सम्झि सम्झि आफना अधर्म्म र घिनलागदा
कर्म्मको कारणले आफुलाइ आफैले घिनाउंने छौ। प्रभु यहवेको यो ३२
बाणी छ तिमिहरुले थाहा पाइ राख मं येसो गर्दै छु त तिमिहरुको
कारणले गर्दीन. हे इस्राएलका जहान् हो आफना चालचलनको
विषयमां लजावनै अनि तिमिहरुको मुख् कालो हवस्। प्रभु यहवेले ३३
येसो भन्द छ. जब मं तिमिहरुलाइ तिमिहरुका सबै अधर्म्मका कर्म्म देखि
शुद्ध गराउंछु तब त्येस् दिन् मं तिमिहरुका सहर्हरु पनि बसाल्छु अनि
तिमिहरुका थोत्रा सहर्हरु फेरि बनाइंछन्। अनि तिमिहरुको जुन् देस् ३४
अब सबै आउंनजांनेहरुको सांमु उजार् छ त्यो उजार् हुंनुको साटोमां
जोतछर् गरींछ। अनि मान्छेहरुले भन्ये गर्छन् यो देस् उजार् थियो अब ३५
ता एदेन् भनींने बारी जस्तो भयो अनि यि थोत्रा र उजार् र पुरीयेका
सहर्हरु घेराभित्ता भयेका भये अनि बसालीये भनि। तब तिमिहरुका ३६
वरिपरि बांचि रह्येका लोग् लोगले मं यहवे देखि भत्क्येका ठांवहरु फेरि
बनाईये छन् अनि उजारमां रुखहरु रोपीये छन् भनि थाहा पाउंछन्. मं
यहवेलेनै येसो भन्ये अनि गर्छु पनि॥

प्रभु यहवेले येसो पनि भन्द छ. मं येस् विषयमां इस्राएलका ३७
जहानको विन्ति सुनि तिनिहरुको लागि येसो गर्छु अर्थात् मं तिनिहरुमां
मान्छेहरुको गन्ति भेंड़ाबाख्राहरु झैं बढ़ाउंछु। जमोीर भेंड़ाबाख्रा अर्थात् ३८
ठहराईयेका चाड़हरुको बेलामां यरुशलेममां आयेका भेंड़ाबाख्राहरु
अलेख् हुंद छन् त्यस्तैगरि जुन् जुन् सहर्हरु अब थोत्रा छन् तिनिहरु
अलेख् भेंड़ाबाख्राहरु झैं मान्छेहरुले भरीछन्. तब तिनिहरुले उ यहवे
हो रछ भनि थाहा पाउंछन्॥

यहवेको हात् मं मांथि पर्यो अनि उस्ले मंमां यहवेको आत्मा ३७ १
पोसायेर मंलाइ बाहिर लग्यो अनि मंलाइ तरिमां उभ्याइ दियो अनि त्यो
तरि हाड़हरुले भरीयेको रछ अनि उस्ले मंलाइ तिनको बीच् बीच् २
देखि चारै तिर घुमायो. तब मैंले के देख्यें भन्ये तरिको भुइंमां अलेख्
अलेख् हाड़हरु राछन् अनि के देख्यें भन्ये ति अग्घोर् अग्घोर् सुकेका
थिये। तब उस्ले मंलाइ सोध्यो ए मान्छेको छोरो के यि हाड़हरु जीउंनु ३
सक्दछन्. तब मैंले भन्यें हे प्रभु यहवे यो तपांइलेनै जान्नु हुंद छ। फेरि ४
उस्ले मंलाइ भन्यो यि हाड़हरुलाइ अगमसूगरि भन् हे सुकेका हाड़हरु
हो यहवेको बचन् सुन। प्रभु यहवेले यि हाड़हरुलाइ येसो भन्द छ. ५
सुन मं आफै तिमिहरुमां आत्मा हाल्छु त तिमिहरु जीउंछौ। अनि मं ६
तिमिहरुका नसा उपजायेर मांस चढ़ाउंछ अनि तिमिहरुलाइ छालाले

मोह्रोर्कु अनि तिमिहरुमां आत्मा हाल्कु येसोरि तिमिहरु जीउंछौ अनि
७ तिमिहरुले उ यहवे हो रक भनि थाहा पाउंछौ भनि। त उसको यो आज्ञा
अनुसार् मं अगम् कहंनु लाग्यें. अनि मैंले अगम् कहंदै गर्दा शब्द आइ
हाल्यो तब क्ये देख्यें भन्ये भूइंचाल् भयो अनि ति हाडूहरु एका अर्काको
८ छेउ छेउ आइ आइ जोरींनु लाग्ये। अनि मं चइं हेरि रहंनु लाग्यें त क्ये
देख्यें भन्ये तिनका नसा उपज्ये अनि मांसु पलाये अनि बाइर बाहिर
९ छालाले पनि मोह्रोर्ये. तर तिनमां आत्मा थियेन। तब उस्ले मंलाइ
भन्यो ए मान्छेको छोरो आत्मालाइ अगम् कह आत्मालाइ अगम्गरि भन्
ए आत्मा प्रभु यहवेले भन्द छ. हे आत्मा चारै दिशा देखि आइ आइ यि
१० काटीयेकाहरुमां पस र यिनिहरु जीउन्। उसको यो आज्ञा अनुसार् मैंले
अगम् कहें तब आत्मा तिनमां पस्यो अनि तिनिहरु जाग्येर आफ्ना
११ आफ्ना गोड़ामां उभीये तब अग्घोरै ठुलो धुइरो भयो। फेरि उस्ले मंलाइ
भन्यो ए मान्छेको छोरो यि हाड़ूहरु इस्राएलका सिंगै जहान् हुन्. हेर्
तिनिहरुले भन्द छन् हांमिहरुका हाड़ूहरु सबै सुकि गये अनि हांमिहरुको
१२ आस् सबै गइ गयो हांमिहरु स्याट्टै काटियूं भनि। येसकारण अगम्गरि
तिनिहरुलाइ भन् प्रभु यहवेले तिमिहरुलाइ येसो भन्द छ ए मेरा प्रजा हो
सुन मं तिमिहरुका चिहान् उघार्कु अनि ति देखि तिमिहरुलाइ निकाल्कु
१३ अनि इस्राएलको देसमां पुर्याइ दिंकु। त जब मं तिमिहरुका चिहान्
उघार्कु अनि तिमिहरुलाइ ति देखि निकाल्कु तब ए मेरा प्रजा हो
१४ तिमिहरुले उ यहवे हो रक भनि थाहा पाउंछौ। अनि मं तिमिहरुमां
आफ्नु आत्मा हाल्कु अनि तिमिहरु जीउंछौ अनि तिमिहरुलाइ तिमि-
हरुको निज् देस्मां बसाल्कु. तब तिमिहरुले उ यहवेलेनै येसो भन्येको
रक अनि गर्येको रक भनि थाहा पाउंछौ यहवेको येइ बाणी छ॥
१५ १६ फेरि यहवेको यो बचन् मं थांइ आयो ए मान्छेको छोरो येउटा
काठ् ल्यायेर त्यस्मां लेख् यहूदाको लागि र त्येसका साथीहरु इस्राएल-
वंशीहरुको लागि भनि. अनि फेरि अर्को येउटा काठ् ल्यायेर त्यस्मां लेख्
यूसुफ्को अर्थात् एप्रैम्को काठ् अनि त्येसका साथीहरु सिंगै इस्राएलवंशीको
१७ लागि भनि. वहांदेखि ति काठ्हरु जोर्येर येउटै तुल्या र ति तेरो
१८ हात्मां येउटै काठ् बनोउन्। अनि जब तेरा दाज्युभाईहरुले तंलाइ
यिनको ज्ये अर्थ छ त्यो क्ये तिमि हांमिहरुलाइ भन्दौन भनि भन्छन्
१९ तब तिनिहरुलाइ भन् प्रभु यहवेले येसो भन्द छ. सुन मं एप्रैम्को
हात्मां भयेको यूसुफ्को र त्येसका साथीहरु इस्राएल्का कुल्हरुको काठ्
लियेर यहूदाको काठ् सित जोरि त्यो सित येउटै काठ् तुल्याउंकु अनि दुवै
२० मेरो हात्मां येउटै काठ् बनींछन्। जुन् काठ्हरुमां तैंले त्यसोरि लेख्छस्
२१ ति तिनिहरुको सांमु तेरो हात्मां रहुन्। अनि तैंले तिनिहरुलाइ भन्
प्रभु यहवेले येसो भन्द छ. सुन मं इस्राएलवंशीहरुलाइ तिनिहरु गयेका
सबै लोग् लोग्को बीच् बीच देखि भेला गराउंछु अनि तिनिहरुको निज

देश्‌मां पुर्‍याउंछु . अनि मं तिनिहरूलाइ त्येस् देश्‌मां अर्थात् इस्राएल्‌का २२
डांड़ा डांड़ाहुंदो येउटै तुल्याउंछु अनि ति सबैको येउटै राजा हुंछ अनि
तिनिहरू फेरि दुइ रहंदैनन् न फेरि कैलेइ दुइ राज्‌मां बांड़ींछन् .
अनि न तिनिहरूले फेरि फेरि आफ्‌ना मूर्त्तिहरू र घिन्‌लाग्‌दा काम् २३
कि आफ्‌नु कोई रकम्‌को पाप्‌को बाटोले आफु आफुलाइ अशुद्ध गर्छन् .
तर मं तिनिहरूलाइ तिनिहरूले पाप् गर्दै रह्येका ठांउहरू देखि निकालि
शुद्ध गर्छु . त तिनिहरू मेरा लोग् हुंछन् अनि मं तिनिहरूको ईश्वर्
हुंछु । अनि मेरो दास् दाऊद् तिनिहरूको राजा हुंछ त तिनिहरू सबैको २४
येउटै गोठालो हुंछ . अनि तिनिहरू मेरा नियाबचन्‌हरूमां हिंड्छन् अनि
मेरा बिधिहरू ति गर्नुलाइ मान्छन् । अनि तिनिहरू मैंले आफ्‌नु दास् २५
याकूब्‌लाइ दियेको देश्‌मां रहंछन् जहां तिमिहरूका पित्रहरू रह्येका थिये
अनि तिनिहरू र तिनिहरूका छोराछोरीहरू र नाति नतिनिहरू सदाको
लागि तिहिंने रहंछन् . अनि मेरो दास् दाऊद् सदा सम्म तिनिहरूको
मालिक् रहंछ । अनि मं तिनिहरू सित शान्ति दिइंने नियम् बांधछु २६
जो अटल् नियम् हुंछ . अनि मं तिनिहरूलाइ धेरै ठांउ दियेर गन्तिमां
बढ़ाउंछु अनि तिनिहरूको बीचमां आफ्‌नु पवित्रस्थान् सदा बनाइ राख्छु ।
अनि मेरो डेरा तिनिहरू सङ सदा हुंछ अनि मं तिनिहरूको ईश्वर् हुंछु २७
अनि तिनिहरू मेरा लोग् हुंछन् । अनि जब मेरो पवित्रस्थान् तिनिहरूको २८
बीचमां सदाको लागि रहंछ तब अन्यदेशीहरूले उ इस्राएल्‌को पवित्र
गर्ने यहवे हो रछ भनि थाहा पाउंछन् ॥

फेरि यहवेको यो बचन् मं थांइ आयो ए मान्छेको छोरो ३८ १ २
आफ्‌नु मोहोंड़ा मागोग् देश्‌को गोग् तिर जो रोश् मेशेक् र तूबल्‌को
मालिक् हो फर्कायेर त्येसको बिरुद्धमां अगम् कह् अनि येसो भन् ३
प्रभु यहवेले येसो भन्दछ . ए गोग् ए रोश् मेशेक् र तूबल्‌को मालिक् सुन्
मं तेरो बिरुद्धमां छु . अनि मं तंलाइ घुमाइ घुमाइ ल्यायेर तेरा बङारामां ४
आङ्कुसे लगायेर तेरा सबै पल्टन् समेत् निकालि ल्याउंछु त्येस् पल्टन्‌मां
येस्ता येस्ता घोड़ा र त्रुक्सवार् हुंछन् जुन्‌हरूले पूरो हतियार् भिर्‍येका
हुंछन् अनि सांना ठुला दुबै प्रकार्‌का ढाल् भिर्‍येका र सबै तरवार् भिर्‍येका
लोगको ठुलो पल्टन् हुंछ . तिनिहरू फारस् कूश् र पूत्‌का लोग् पनि ५
हुंछन् जुन्‌हरू सबैले ढाल् भिर्‍येका र टोप् लायेका हुंछन् . अनि सिंगै ६
लस्करै समेत् गोमेर् र सिंगै लस्कर् समेत् उत्तर् दिशा देखि टाढ़ा टाढ़ा
दिशा देखि आयेका तोगर्मीका जहान्‌काहरू पनि हुंछन् . अं तं सङ
धेरै लोग् लोग्‌का मान्छेहरू हुंछन् । त तं आफु सङ भयेका ति सबै ७
धुइराहरू समेत् तियार् हुंनु अनि तं चइं तिनिहरूको स्वामी बनींनु ।
धेर् दिन् बीत्ये पछि तेरो हेरचाहा गरींछ . अनि अन्तको बर्षमां तं त्येस् ८

लोग् लोग् देखि भेला हुंछन् अर्थात् तं इस्राएल्का डांड़ामां आउंछस् जुन्
देस् पहिले ता बराबर् उजार् रहंछ . तर पछि त्यो देस् लोग् लोग्को ताखि
९ देखि छोड़ाईयेर त्यसका बासीहरु सबै निडर् रहंछन् । तं त्यस् देस्मां
उजार्ने आंधी झैं चढि जांछस् अनि देस्मां सिंगै लस्कर् र धेरै लोग् लोग्
१० समेत्ले छाउंछस् । प्रभु यह्वेले येसो भन्द छ . त्यस् दिन् तेरो मन्मां
११ नजाति कुरा आउंछन् अनि तैंले येउटा नजाति जुक्ति गरि भन्छस् . त तैंले
भन्छस् मं घेराभित्ता बिनाका गाउंको देस्मां चढि जांछु मं तिनिहरुका
मान्छेहरु थांइ जांछु जुन्हरु यहां सम्म निडर् रहंद छन् सब्बै जना घेरा-
१२ भित्ता बिना र बिना ढोका बसि रह्येका छन् . र मं लूट् खोसि खोसिकन
लिउं भनि अनि तेरो हात् फेरि बसालीयेका थोत्रा सहर्हरु मांथि र
अन्यदेसीहरु देखि भेला भयेकाहरु मांथि र पृथिवीको बीच्मां रहंदा
१३ रहंदा बथान् र सम्पत्ति भयेका हुंनेहरु मांथि पसारुं भन्ने खातिर्ले । शबा
र ददान् र तर्शीश्का बेपारी आफ्नु देस्का जुवान् सिंह जस्ता बीर्हरुले
पनि तं सित सोध्छन् क्ये तिमि लूट्नुलाइ आयौ . क्ये तिमिले परायको
धन् लूट्नु सुन् चांदी उठाइ लांनु बथान् र सम्पत्ति लैजांनु अं ठुलो ठुलो
लूट् आफ्नु पार्नुको लागि आफ्नु धुइरो जमायौ भनि ॥
१४ येसकारण् ए मान्छेको छोरो अगम्गरि गोग्लाइ भन् प्रभु यह्वेले
येसो भन्द छ . जस् बेलामां मेरो इस्राएली प्रजा निडर् बांस रहंछ त्येइ
१५ बेलामां क्ये तंलाइ येसको समाचार् मिल्दैन । तब तं घोड़ा मांथि चढेर
धेरै लोगलाइ अं ठुलो धुइरो र बल्लियो पल्टन्लाइ साथ लियेर आफ्नु
१६ उत्तर् दिशामां टाड़ो टाड़ो देस्मां रह्येको आफ्नु देस् देखि आयेर . मेरो
इस्राएली प्रजाको देस्मां येस्तोगरि छापींछस् जसोगरि बाद्ल् भूइंमां
छापींद छ . ए गोग् अन्तका दिनमां येसो हुंछ जब मं आफुलाइ तं देखि
अन्यदेसीहरुको सांमु पवित्र गराउंछु तब तिनिहरुले मंलाइ चिंनुन् भन्ने
१७ खातिर्ले मं तंलाइ आफ्नु देस्मां चढाउंछु । प्रभु यह्वेले येसो भन्द छ .
क्ये तं त्येइ होइनस् जसको चर्चा मैंले तादि आफ्ना ति इस्राएली
अगम्बक्ताहरुको बाटोले गर्येको थियें जुन्हरुले कत्ति बर्ष सम्म यह्वेले
गोग्लाइ इस्राएलीहरु मांथि चढाइ ल्याउंछ भनि अगम् कह्येका थिये ।
१८ अनि जस् दिन् गोग् इस्राएल्को जग्गामां चढि जांछ त्यस् दिन् येसो हुंछ
मेरो बल्दोरिस् मेरो नाथ्रीमां प्रगटो हुंछ प्रभु यह्वेको येइ बाणी छ ।
१९ अनि मं बल्दोरिस्को र क्रोधित् भइकन भन्द छु निस्से त्यस् दिन्
२० इस्राएल्को देस्मां ठुलो भूइंचाल् हुंछ अनि मेरो डर्को कारणले
समुन्द्रका माछाहरु र अकाश्का पंछीहरु र बनका पशुहरु र भूमिमां जत्ति
जीवाजन्तुहरु बगिहिंड्ने गर्द छन् अनि भूमिमां जत्ति मान्छे छन् ति सब्बै
कांम्छन् अनि डांड़ा लड्छ अनि उकालो उकालो नष्ट हुंछन् अनि भित्ताहरु
२१ सबै भत्कि भत्किकन मांटोमां मिसींछन् । अनि प्रभु यह्वेको यो बाणी
छ मं [गोग्] मांथि तरवार् ल्याउंनुको लागि सबै डांडा डांडालाइ

छापार्छु. अनि मान्छेहरु एका अर्काले तरवार् चलाउंछन्। अनि मं २२
त्यो सित रुढि र रगत्को माल्ला लर्छु अनि त्येस् मांथि लस्कर् र धेरै लोग्
लोग् समेत्को झरि वर्साउंछु अनि असीना र आगो र गन्धक् वर्साउंछु।
येसोरि मं धेरै लोग् लोग्को सांमु महा र पवित्र हुंछु अनि आफुलाइ २३
पवित्र गर्छु तब तिनिहरुले उ यह्वे हो रह भनि थाहा पाउंछन्॥
फेरि ए मान्छेको छोरो गोग्को बिरुद्धमां अगम्गरि येसो भन् ३९ १
प्रभु यह्वेले येसो भन्द छ. सुन् ए गोग् ए रोश् मेशक् र तूबल्को मालिक्
मं तेरो बिरुद्ध छु. त मं तंलाइ घुमाइ घुमाइ ल्याउंछु अनि उलक्यायेर २
उत्तर् दिशाको टाड़ो टाड़ो देस् देखि चढ़ाइ ल्याउंछु अनि इस्राएल्का
डांड़ा डांड़ामां ल्याइ पुर्‍याउंछु. वहांदेखि मं तेरो धनुमां हिर्कायेर तेरो ३
बांउहात् देखि त्यो खसालि दिंछु अनि तेरो दाहीनो हात् देखि तेरा
कांड़हरु पनि खसालि दिंछु। तब तं आफना लस्करै समेत् आफ् सङ्का ४
सबै लोग् लोग् समेत् इस्राएल्का डांड़ा डांड़ामां काटीयेर लड्छस्. अनि
मं तंलाइ भांति भांतिका सिनुभक्तपंछी र बन्का पशुहरुको आहारा
तुल्याइ दिंछु। तं बन्मां काटींछस्. कसोगरिभन्ये मैंलनै येसो भन्यें प्रभु ५
यह्वेको येइ बाणी छ। वहांदेखि मं मागोग्मां र द्वीप् द्वीप्मां निडर् ६
रहंनेहरुको बीच्मां आगो लगाउंछु. तब तिनिहरुले उ यह्वे हो रह
भनि थाहा पाउंछन्। अनि मं आफनु इस्राएली प्रजाको बीच्मां आफनु ७
पवित्र नांउ प्रगटो गर्छु अनि आफनु पवित्र नांउ अपवित्र हुंनु दिन्न. तब
अन्यदेसीहरुले पनि उ यह्वे इस्राएल्को पवित्र जन् हो रह भनि थाहा
पाउंछन्। येसो हुंनु आंयेको छ अनि होइ पनि जांछ जस् दिन्को ८
बिषय्मां मैंले भन्येको छु त्यो येइ हो भन्ये प्रभु यह्वेको येइ बाणी छ।
तब इस्राएल्का सहर् सहर्मां बसेहरुले निस्कीर सांना ठुला ढाल्हरु ९
धनु कांड़ भाला खल्ति सबै हतियार् आगोमां हालि हालि डड़ाउंछन् अं
सात् बर्ष सम्म ति डड़ाउंदै रहंछन्. त तिनिहरुले न ता बन्मां दाउरा १०
खोज्नु न पातल्मां काट्नु जांनु पर्छ कसोगरिभन्ये तिनिहरुले हतियारै
बाल्दै रहंछन्. येसैगरि तिनिहरुले आफुलाइ लूट्नेहरुलाइ लूट्छन् अनि
आफना खोस्नेहरुका खोस्छन् प्रभु यह्वेको येइ बाणी छ॥
त्येस् बेला येसो हुंछ मं त्यहां इस्राएल्को देस्मां आंउने जांनेहरुको ११
भनौंने गोग्को चिहान् बनाउंछु येसो हुंछ समुन्द्रको पूर्ब तिर अनि आउंने
जांनेहरुले त्यहां थुनौंनु पर्छ. त त्यहां सबै धूम्धाम् समेत् गोग्को
चिहान् हुंछ. अनि त्येस् ठांउको नांउ हमोन् गोग्को[1] गैह्री भन्ये
हुंछ। इस्राएल्का जहानले आफनु देस् शुद्ध पार्नुको लागि तिनलाइ १२
तिहीं गाड्छन् त्येसो सात् महीना सम्म गर्दै रहंछन्। अं देस्का सबै १३
लोगले तिनलाइ माट्टी दिंछन् अनि मैंले महिमा पायेकोमां लोगको

---

[1] अर्थात् गोग्को लस्कर्।

१४ ठुलो नांउ हुंछ प्रभु यहवेको येइ बाणी छ। तब तिनिहरुले सदा येइनै
काम्मां लागि रहंनेहरुलाइ अलग् गरि राखछन् अर्थात् जुन्हरुले देसमां
डुलि डुलिकन आईजाई गर्नेहरु सङ लागिकन जस् जस्का मुर्दा भूंइमां
लड़ि रह्येकाहुंछन् ति देसको शुद्धहुवाईको लागि गाड्दै रहंछन्. यो
१५ काम् तिनिहरुले सात् महीना पछि खोजि खोजिकन गर्नु लाग्छन्। अनि
देसमां आईजाई गर्नेहरुले जब कसै मान्छेको हाडू देखछन् तब त्येस्को
छेउमां येउटा चिंनु उभ्याउंछन् जो गाड्नेहरुले हमोन् गोग्को गेल्छीमां
१६ गाड़ेरको न होउंज्याल् सम्म रहि रहंछ। अनि येउटा सहर्को नांउ
हमोना[१] हुंछ। येसैगरि देस् शुद्ध पारीछ॥

१७ फेरि ए मान्छेको छोरो प्रभु यहवेले येसो भन्द छ. रकम् रकम्का
पंछीहरु र सबै बन्का जन्तुहरुलाइ आज्ञा दे भेला भयेर आव चारै दिशा
देखि बटुलीयेर मेरो येस् ठुलो बलिदान्को भोज्मां आव जो मैंले
इस्राएल्का डांड़ा डांड़ामां चढ़ाउंनु आंटेरको छु तिमिहरुले मांसु खाव
१८ अनि रगत् पीव भन्येर। तिमिहरुले महावीरहरुको मांसु खांछौ अनि
पृथिवीका मालिक्हरुको रगत् पीउंछौ जुन्हरु सब्बै थुमा पाठा बाखा
१९ गोरु बाशान्का पशु जस्ता मोटाताजा छन्। अनि तिमिहरु मैंले
तिमिहरुको लागि गर्नु आंट्येको भोज्को बोसो खायेर अघाउंछौ अनि त्येस्
२० भोज्को रगत् पी पीकन मातछौ। तिमिहरु मेरो भोज्को ठांउमां
घोड़ाको र रथहरु र महावीरहरु र सब् रकम्का लड़ांकीहरु खाइ
२१ खाइकन अघाउंछौ प्रभु यहवेको येइ बाणी छ। येसोरि मं अन्यदेसीहरुको
बीच्मां आफ्नु महिमा प्रगटो गर्छु अनि लोग् लोग्का सबै मान्छेहरुले
मैंले गर्येको मेरो नियाकर्म्म र तिनिहरु मांथि पर्येको मेरो हात् देखछन्।
२२ त त्येस् दिन् देखि इस्राएल्का जहानले उ यहवे हांम्रो ईश्वर् हो रछ भनि
२३ थाहा पाउंछन्। अनि अन्यदेसीहरुले पनि इस्राएल्का जहान् बन्धुवाईमां
गयेका तिनको अधर्म्मके कारणले हो रछ. अनि उस्ले तिनिहरु देखि
आफ्नु मुख् फर्कायेको र तिनिहरुलाइ तिनिहरुका सत्तुर्हरुको हात्मां
सुम्पि दियेको अनि तिनिहरु तरवार्ले काटीयेर लड़ेरका तिनिहरुले उ
देखि बिश्वासघाती काम् गर्येको कारणले हो रछ भनि थाहा पाउंछन्।
२४ मैंले तिनिहरुको अशुद्धैइं र अपराध्कै अनुसार् बेहोरा गरि तिनिहरु देखि
आफ्नु मुख् फर्कायेको थियें॥

२५ त प्रभु यहवेले येसो भन्द छ. अब मं याकूबका बंधुवाहरुलाइ
फर्काइ ल्याउंछु अनि इस्राएल्का सिंगै जहान् मांथि दया गर्छु अनि
२६ आफ्नु पवित्र नांउको लागि मं उधुमे हुंछु। अनि जब मं तिनिहरुलाइ
लोग् लोग् देखि फर्काइ ल्याउंछु अनि तिनिहरुका सत्तुर्हरुका देस् देस्

[१] अर्थात् लस्कर्।

देखि भेला गराउंछु अनि धेरै लोगले देखनेगरि तिनिहरु देखि पवित्र
गरौंछु अनि तिनिहरु आफ्नु जग्गामां निडर् बस्छन् अनि तिनिहरुलाइ
डर् देखाउंने कोई हुंदैन   तब तिनिहरु तिनिहरुले मं सित गर्येका २७
सबै विश्वासघात्को कारणले आफै लज्जित् हुंछन्। अनि मैंले तिनिहरुलाइ २८
अन्यदेसीहरुमां बन्धुवा गर्यें अनि फेरि तिनिहरुकै देस्मां भेला गरायें
येस्कारण् तिनिहरुले त्यस् बेलामां उ यहवे हांमिहरुको ईश्वर् हो रछ भनि
थाहा पाउंछन्. अनि मं तिनिहरुमांको कसैलाइ फेरि परदेस्मां बांकि
छोड्दींन   अनि मैंले इस्राएलका जहान् मांथि आफ्नु आत्मा खनायें २९
येस्कारण् तिनिहरु देखि मं आफ्नु मुख् कैले पनि फर्काउंदींन प्रभु
यहवेको येइ वाणी छ॥

हांमिहरुको बन्धवांईको पचीसौं वर्षमां अर्थात् [यिरूशलेम्] ४० १
सहर् लिईयेको चौधौं वर्षको पहिलो महीनाको दसौं तिथिमां यहवेको
हात् मंमां पर्यो अनि त्येस्ले मंलाइ एका ठांउमां पुर्यायो। ईश्वर्ले दियेका २
दर्शन्हरुमां उस्ले मंलाइ इस्राएल्को देस्मां पुर्यायो अनि मंलाइ येउटा
अग्घोर् अलग्गो डांड़ा मांथि उभ्यायो जस्मां दक्खिन् तिर येउटा सहर्को
जस्तो रूप् थियो। जब त्येस्ले मंलाइ वहां लग्यो तब मैंले के देख्यें भन्ये ३
पीतल्को जस्तो रुप् भयेको हात्मां पाट्को सेप्रि र नाप्ने टांगो लियेको
येउटा मान्छे रछ जो ढोकामां उभीइ रह्येको रछ। त त्येस् मान्छेले मंलाइ ४
भन्यो ए मान्छेको छोरो तेरा आंखाले हेर् अनि तेरा कानले सुन् अनि
ज्ये ज्ये मं तंलाइ देखाउंछु ति सबैमां ध्यान् दे किनभन्ये मैंले तंलाइ यि
कुरा देखाउंनु भन्ये खातिर्ले तं यहां पुर्याईइस्. त ज्ये ज्ये तैंले देख्छस्
ति इस्राएल्का जहान्लाइ बखान् गर्॥

त हेर महल्को बाहिर बाहिर चारै तिर येउटा भित्ता रछ अनि त्येस् ५
मान्छेको हात्मां येउटा नाप्ने टांगो रछ जो छ हात् लांमो र जो
साधारण् हात्ले चार् अवंल् बेसि थियो. त त्येस्ले त्यो भित्ताको बाक्लो
नाप्यो त टांगोभरि भयो अनि त्येस्को अलगेईं पनि नाप्येर टांगैभरि भयो।
तब त्यो देलो पूर्व तिर भयेको ढोका निर आयो वहांदेखि त्येस्का ६
खुड्कौलामां चढेर ढोकाका दुवै सङार्को गज् नाप्यो त टांगोभरि भयो।
अनि पहराकोठाहरु टांगोभरि लम्बि र टांगोभरि गज् भये अनि दुवै ७
पहराकोठाको बीच्को ठांउ पांच् हात्को थियो अनि ढोकाको जुन्
सिकुवा मन्दिर्को सांमु छ त्येस्को छेउको देलाको सङार्को गज् टांगोभरि
भयो। त्येस्ले मन्दिर्को सांमु भयेको ढोकाको सिकुवा नाप्यो त टांगोभरि ८
गज् भयो। तब त्येस्ले ढोकाको सिकुवा नाप्यो आठ् हात् लम्बि भयो अनि ९
त्येस्का खांबाहरु दुइ दुइ हात् गज् अनि ढोकाको सिकुवा मन्दिर्को सांमु
थियो। अनि त्येस् पूर्वढोकाका दुवै तिर तीन् तीन्वटा पहराकोठा थिये १०
जो सबै एकै नाप्का थिये. अनि दुवै तिरका खांबाहरु एकै नाप्का थिये।

११ फेरि त्येस्ले ढोकाको देलाको गज् नाप्येर दस् हात् भेटायो अनि ढोकाको
१२ लम्ति नाप्येर तेरह् हात् भेटायो अनि दुवै तिरका पहराकोठाहरूको
सांमु एक् एक् हात् गजौलो फल्याकको पटाई भयेको बाटो थियो अनि
१३ दुवै पट्टिका पहराकोठाहरू छ छ हात् लम्तिका थिये । फेरि त्येस्ले ढोकाको
गज् एक् पट्टिको पहराकोठाको छाना देखि अर्को पहराकोठाको छाना
सम्म नाप्यो त पचीस् हातको भयो अनि देलाहरू चइं सांमु सांमु थिये ।
१४ फेरि त्येस्ले साठी हातको खांबो बनायो ढोकाको सांमु दलान् खांबो सम्म
१५ पुग्यो । अनि ढोकाको बाइरेदेलाको सांमु देखि त्येस्को भित्रेसिकुवाको
१६ सांमु सम्म पचास् हातको अन्तर् थियो । अनि पहराकोठामां र ढोकाको
भित्र पट्टिका चारै तिर तिनका कोठा कोठाको बीचका खांबाहरूको
बीचमां झिलमिले खिर्किहरू थिये अनि खांबाहरूको लहर् भयेको
सिकुवामां पनि त्यस्तै थिये . त भित्र पट्टि चारै तिर खिर्किहरू थिये .
अनि खांबे पिच्छे खजूरका बोटहरू खोपीयेका थिये ॥
१७ फेरि त्येस्ले मलाइ बाइरेआघनमां लग्यो तब मैंले को देख्यें भन्ये
त्येस् आघनका चारै तिर कोठाहरू र येउटा छाप्येको मझेरी बनायेको रछ .
१८ छाप्येको मझेरीमां तीस् कोठा बनायेका राछन् । अनि त्यो तल्लो चइं
छाप्येको मझेरी ढोका सित छोईयेको थियो अनि त्येस्को लम्ति अनुसार्
१९ थियो . फेरि त्येस्ले तल्लो चइं ढोका सांमु देखि ल्यायेर भित्रेआघनको
बाइरेआघन् सम्म नाप्यो त सै हातको भयो त नपाई पूर्ब र उत्तर् दुवै
२० तिरको थियो । वहांदेखि बाइरेआघनको जुन् ढोकाको देला उत्तर्
२१ तिर थियो त्यस्ले त्येस्को लम्ति र गज् नाप्यो । त त्येस्का पहराकोठाह
थिये तीन् येता पट्टि तीन् उता पट्टि अनि पहिलो ढोकाका जस्तै येस्
पनि खांबाहरू र खांबाहरूको लहर् भयेको दलान् थियो नाप् प
बराबरैको थियो . त येस् ढोकाको लम्ति पचास् हातको र गज् पच
२२ हातको थियो । अनि येस्का खिर्किहरू र खांबाहरूको लहर् भये
सिकुवा र खजूरहरूको नपाई ढोकाको जस्तै थियो जस्को देलो पूर्ब ति
थियो अनि त्यस्मां चढ्ने सात् खुड्कीला थिये अनि त्येस्का खांबाहरूको
२३ लहर् भयेको सिकुवा चढ्नेहरूको सांमु थियो । अनि भित्रेआघनका
ढोकाहरू ति उत्तरे र पूर्बेढोकाको सांमु सांमु थिये अनि त्येस्ले ढोका
२४ ढोकाको बीच् नाप्यो त सै हातको भयो । फेरि त्येस्ले मलाइ दक्खिन्
तिर लग्यो त को देख्यें भन्ये दक्खिन् तिर पनि येउटा ढोका रछ . अनि
त्येस्ले त्येस्का खांबाहरू र खांबाहरूको लहरको दलान् नाप्यो त तिनको
२५ नाप् त्यस्तै भयो । अनि मांथि भनीयेका खिर्किहरू जस्तै येस्का पनि अनि
येस्का खांबाहरूको सिकुवाका पनि चारै तिर खिर्किहरू थिये अनि त्यस्को
२६ लम्ति पनि पचास् हातको थियो अनि गज् पचीस् हातको । अनि येस्मां
चढ्ने पनि सातै खुड्कीला थिये अनि यिनका पनि चढ्नेको सांमु
खांबाहरू लहर् भयेको सिकुवा थियो अनि येस्का पनि दुवै तिरका

खांबाहरुमां खजूरका बोट्हरु खोपीयेका थिये । अनि दक्खिन् तिर पनि २७
भित्रेआघनको एक् ढोका थियो . अनि त्येस्ले दक्खिन् तिर पनि दुवै
ढोकाको बीच् नाप्यो त सै हात्को भयो ॥

फेरि त्येस्ले मंलाइ भित्रेआघन्को दक्खिनेढोका बाटो आघन्मां २८
लग्यो . अनि त्येस्ले त्यो दक्खिनेढोका नाप्येर त्यस्तै पायो अर्थात् २९
त्येस्का पनि पहराकोठाहरु र खांब्राहरु र खांब्राहरुको लहर् भयेको दलान्
सबै त्यस्तै थिये . अनि येस्को पनि अनि येस्का खांब्राहरुको लहर् भयेको
सिकुवाको बीचको चारै तिर पनि खिर्किहरु थियें अनि येस्को लम्ति पनि
पचास् हात्को थियो अनि गज् पचीस् हात्को । अनि येस्का चारै तिर पनि ३०
खांब्राहरुको लहर् भयेको सिकुवा पचीस् हात् लम्ति र पांच् हात् गज्
थियो । अनि येस्का खांबाहरुको लहर् भयेको सिकुवा बाइरेआघन् तिर ३१
थियो अनि येस्का खांब्राहरुमां पनि खजूरका बोट्हरु खोपीयेका थियें .
अनि त्येस्मां चढ्ने खुड्कीलाहरु आठ् थियें । फेरि त्येस्ले मंलाइ ३२
भित्रेअघनमां लग्येर त्येस्को पूर्ब तिर लग्यो . अनि त्येस् तिरको ढोका
नाप्येर त्येस्तै पायो अनि येस्को पनि पहराकोठाहरु र खांबाहरु र ३३
खांबाहरुको लहर् भयेको सिकुवा सबै त्येस्ते थियें अनि येस्का पनि अनि
येस्का खांब्राहरुको लहर् भयेको सिकुवाका पनि खिर्किहरु थियें अनि येस्को
लम्ति पनि पचास् हात्को थियो अनि गज् पचीस् हात्को । अनि येस्का ३४
पनि खांब्राहरुको लहर् भयेको सिकुवा बाइरेआघन् तिर थियो अनि
येस्का पनि दुवै तिरका खांबाहरुमां खजूरका बोट्हरु खोपीयेका थियें
पनि येस्मां पनि चढ्ने खुड्कीला आठ् थिये । फेरि त्येस्ले मंलाइ उत्तर ३५
तिका क्षेउ लग्येर त्यो नाप्यो अनि त्येस्को नाप् त्येस्तै पायो . अनि येस्को ३६
पहराकोठाहरु र खांबाहरु र खांबाहरुको लहर् भयेको सिकुवा थियो
मात्र त्येस्का चारै तिर खिर्किहरु थिये . अनि येस्को लम्ति पनि पचास्
हात्को थियो अनि गज् पचीस् हात्को । अनि येस्का खांब्राहरु पनि ३७
बाइरेआघन् पट्टि थिये अनि तिनमां पनि दुवै पट्टि खजूरका बोट्हरु
खोपीयेका थिये . अनि येस्मां पनि चढ्ने खुड्कीला आठ् थिये ॥

फेरि त्येस् ढोकाका खांब्राहरुको छेउमां त्येस्को देला समेत् कोठा ३८
थियो तिनिहरुले तिहीं होमबलि धुंदा राख्थे । अनि होमबलि पापबलि ३९
र दोषबलि काट्नुको लागि ढोकाको सिकुवा छेउ दुवै पट्टि दुवटा
दुवटा मेज् थियें । अनि ढोकाको बाइर पट्टि उत्तरेढोकाको देलाको ४०
उक्लने निर दुवटा मेज् थिये अनि अर्को पट्टि गल्लिढोकाको आघनको
छेउमां पनि दुवटा मेज् थिये । ढोकाका दुवै पट्टि चार् चार् मेज् थियें ४१
सबैगरि आठ् मेज् थिये पशुहरु काट्नुको लागि । फेरि होमबलिको लागि ४२
पनि काटेरका ढुंगाका चार्वटा मेज् थिये तिनिहरु एक् एक् डेढ् डेढ् हात्
लांबा डेढ् डेढ् हात् गज् र हात्भरि अग्लो थिये . होमबलि र
मेलबलि काट्ने हतियारहरु राख्नुको लागि थिये । अनि ति मेज्हरुका ४३

त्रिट् देखि हातभरि भरिमा भित्र पट्टि चारै तिर आङ्कुशेहरू[1] बनाईयेका
४४ थिये अनि ति मेजहरू माथि चढ़ाउने मासु राख्यको थियो । अनि भित्रै
आघनको उत्तरढोका छेउको बाहिर पट्टि गाउनेहरूका कोठाहरू थिये
जुनहरूका दैलाहरू दक्खिन तिर थिये . अनि पूर्वढोकाको छेउमा पनि
४५ एउटा कोठा थियो जसको दैला उत्तर् तिर थियो । फेरि त्यस्ले मलाइ
भन्यो जस् कोठाको दैलाको मुख् दक्खिन् तिर् फर्कको छ त्यो पवित्रबास्
४६ रुङ्ने पुजाहारीको लागि हो । अनि उत्तर् तिर दैला फर्कका चइं कोठा
बेदिको रुङाई गर्ने सादोकबंशी पुजाहारीहरूको लागि हो अर्थात् यहवेको
सेवाटहल गर्नुको लागि लेवीबंशीहरूमाका जो जो त्यस्को छेउमा जांद छन्
४७ तिनैहरू जानुको लागि हो भनि । फेरि त्यस्ले आघन् नाप्यो त त्यो
चारकुने अर्थात् सै हात् लम्बि अनि सै हात् गजको भयो अनि घरको
सामुमा चइं बेदि थियो ॥

४८ फेरि त्यस्ले मलाइ घरको दलान् दलानको छेउ लग्यो अनि दलानका
दुवै पट्टिका खांबाहरू नाप्यो त पांच् पांच् हात् गज् र दुइ दुइवटा
४९ खांबाहरूको बीच् बीचमा दुवै तिर तीन् तीन् हातको अन्तर् थियो । त
दलानको लम्बि बीस् हातको र गज् एघार हातको थियो अनि त्यसमा
चढ़नुलाइ खुड्कीलाहरू बनोयेका थिये अनि दुवै तिरका थामहरूका
थाम्नि थाम्निमा खांबाहरू थिये ॥

४१ १ फेरि त्यस्ले मलाइ मन्दिरको छेउमा लग्यो वहांदेखि त्यस्का दुवै
पट्टिका खांबाहरू नाप्यो त छ छ हात् गजौला गछन् अनि त्यस्ले
२ बासस्थानको गज् पनि नाप्यो । अनि दैलाको गज् दस् हातको थियो
अनि त्यस्का दुवै तिरका भित्ताहरू पांच् पांच् हातका थिये . अनि त्यस्ले
मन्दिरको लम्बि नाप्यो त चालीस् हातको भयो अनि त्यस्को गज् बीस्
३ हातको । अनि त्यस्ले भित्र गयेर दैलाको गोर्टापिच्छे खांबा नाप्यो त
दुइ दुइ हातका भये . अनि दुवैका बीचको दैला छ हातको थियो अनि
४ दैलाको गज् सात् हातको । तब त्यस्ले भित्रको लम्बि र गज् नाप्यो त
बीस् बीस् हातको भयो त यो गज् मन्दिरको सामुको थियो . अनि
५ त्यस्ले मलाइ भन्यो यो महापवित्रस्थान् हो । फेरि त्यस्ले पवित्रस्थानको
भित्ता नाप्यो छ हात् बाक्लो रह अनि पवित्रबासको छेउ छेउ चार् चार्
६ हातको बाहिरेकोठाहरू थिये । अनि ति बाहिरेकोठाहरू तीन् तले थिये
अनि तलैपिच्छे तीस् तीस् कोठा थिये अनि पवित्रबासको फेरोमा बाहिरे-
कोठाको आड़ हुनुको लागि जुन् भित्ता थियो त्यसमा कोठाहरूका टेवाहरू
बसालीयेका थिये अनि पवित्रबासको भित्तामा पोसाईयेका थियेनन् ।
७ अनि पवित्रबासका यि माथिल्ला तलाका बाहिरेकोठाहरूमाका जुन् जुन्
माथिल्ला थिये तिनिहरू पनि गजौला थिये अर्थात् पवित्रबासको घेरोमा

---

[1] अथवा मासु झुयाउने ।

जति जति ऊंभो बढ्दै गयो उति उति गजौलो हुंदै गयेको थियो येसोरि
त्येस् घर्को गज् ऊंभो ऊंभो तिर बढ्यको थियो . त येसोरि मान्छेहरु
तल्लो तला देखि मझौले तलामां निस्कि माथिल्लो तलामां चढि जांछन् ।
फेरि मैंले पवित्रबास्का वरिपरि अलग्गो अलग्गो ठांउ देख्यें अनि यो पनि ८
देख्यें अर्थात् एक् एक् बाइरेकोठाको अलगैइं आफ्नु आफ्नु मझेरो देखि
आफ्नु आफ्नु छाना सम्म छ हातेटांगो भरिको रछ । बाइरेकोठाहरुको ९
लागि भयेको भित्ता पांच् हात् बाक्लो रछ अनि पवित्रस्थान्को बाइरे-
कोठाको भित्र भित्र पनि उतिकैको अन्तर् थियो । अनि बाइरेकोठाका १०
बाइर बाइर अर्थात् पवित्रबास्को रिंगै बीस् हात्को अन्तर् थियो । अनि ११
बाइरेकोठाको दैलो मांझको ठांउ तिर थियो अर्थात् येउटा दैला उत्तर्
तिर अर्को दक्खिन् तिर . अनि मांझको चइं ठांउको गज् तीने तिर पांच्
पांच् हात्को थियो । फेरि पवित्रबास्को पच्छिउं तिर भयेको अलग् १२
ठाउं सत्तरी हात् गजौलो थियो अनि त्येस्को फेरोको भित्ता पांच् हात्
बाक्लो थियो अनि त्यो ठांउको लम्ब्ति नब्बे हात्को थियो । तब त्यस्ले १३
पवित्रबास्को लम्ब्ति नाप्यो त सै हात्को भयो अनि भित्ता समेत् अलग्
ठांउको पनि लम्ब्ति नाप्यो त सै हात्कै भयो अनि पवित्रबास्को १४
सांमु पनि अनि अलग् ठांउको पूर्ब्ब कुंना पनि सै सै हात् गज्को भयो ॥

फेरि त्यस्ले पछाड़िको अलग् ठांउको सांमुको भित्ता जस्का दुवै पट्टि १५
खुड्कौला खुड्कौला पर्यका राछन् त्यस्को भित्ता नाप्यो त सै हात्को भयो
अनि पवित्रबास्को भित्रेबाष् र आघन् पट्टिको सिकुवा पनि नाप्यो
अनि दैलाहरु र झिल्मिले खिर्किहरु र वरिपरिका तीनै तलाका सांमु १६
सांमु भयेका खुड्कौलाहरु पनि नाप्यो अनि तिनको रिंगै फल्याक् लगाईयेका
थिये अनि भूइं देखि खिर्किहरु सम्म र खिर्किहरुको छउछाउ सम्म जहां
तहां फल्याक् लगाईयेका थिये फेरि दैलाको माथिको ठांउ भित्रेघर् १७
सम्म र त्यस्को बाइर पनि र वरिपरिका सिंगै भित्ताको भित्र र बाइर पनि
नाप्यो त फल्याक् लगाईयेको थियो । अनि काठ्हरुमां करूब्हरु र १८
खजूर्का रुख्हरु दुइ दुइ करूब्हरुको बीच् बीच्मां येउटा येउटा खजूर्को
रुख् अनि करूब्हरुका दुइ दुइवटा मुख् भयेकागरि खोपीयेका थिये
येसोरि एक् एक् खजूर्को एका पट्टिको सांमु मान्छेको मुख् खोपीयेको १९
थियो अनि अर्को पट्टिको सांमु जुवान् सिंहको मुख् खोपीयेको थियो
येस्तै घर्को बनौरी सब्बै काठ्हरुमां चारै पट्टि बनाईयेका थिये । भूइं २०
देखि दैलाको माथि सम्म करूब्हरु र खजूर्का रुख्हरु खोपीयेका थिये
मन्दिर्को भित्ता येस्तै बनौयेको थियो । मन्दिर्का दैलाहरुका सङार्हरु २१
चार्कुंने थिये अनि पवित्रबास्को रुप् जस्तै थियो । बेदि काठ्को बनौयेको २२
थियो त्येस्को अलगैइं तीन् हात्को र लम्ब्ति दुइ हात्को थियो अनि त्यो
कुइंने पर्यको थियो अनि त्येस्का सबै पटाई र आगला काठैका थिये .
अनि त्यस्ले मंलाइ भन्यो यो चइं यहोवेको सांमुको मेज् हो । अनि २३

२४ मन्दिर्का र पवित्रस्थान्का दुइ दुइवटा दैलाहरु थिये। अनि येउटा
येउटा दैलोमां दुइ दुइवटा पल्ला थियें जुन्हरु खप्टौयेर उघारींद
२५ थिये। अनि मन्दिर्का भित्ताहुंदो जस्ता जस्ता करुबहरु र खजूर्का
रुखहरु खोपौयेका थिये त्यस्तै त्यस्का दैलाहरुमां पनि खोपौयेका थियें अनि
२६ दलान्को बाइर पट्टि काठ्का ठुला ठुला दलौम्हरु थिये। अनि
सिकुवाको दुवै तिर झिल्मिले खिर्किहरु राक्छन् अनि खजूर्का रुखहरु
खोपौयेका थियें अनि पवित्रबास्को बाइरेकोठाहरु अनि ठुला ठुला
दलौम्हरु पनि त्यस्तै बनौयेका थियें॥

४२ १ तब त्यस्ले मंलाइ बाइरेआघनमां लग्येर उत्तर् तिर हिंड्नु
लाग्यो, अनि मंलाइ ति कोठाहरु छेउ लग्यो जो अलग् ठांउ थियो अनि
२ घर् दुवैको बाइर तिनको उत्तर् पट्टि थियो। ति कोठाहरुका दैला तिनको
उत्तरेकुनामां थियें जो सै हात्का लांमा थिये अनि कोठाहरु पचास्
३ हात्का गजौला थियें। ति कोठाहरुमां भित्रेआघन् बीस्हाते अन्तर् र
बाइरेआघन्को छाप्येको मझेरी दुवैको सांमु सांमु तीनै तल्लाका खुड्कीला
४ खुड्कीला पर्थ्येका थियें। अनि ति कोठाहरुको सांमु भित्र पट्टि जांने
दस्हाते गजौलो बाटो रछ अनि हात्भरिको अर्को पनि येउटा बाटो रछ
५ अनि ति कोठाहरुका दैला उत्तर् पट्टि राछन्। अनि माथिल्ला तलाहरु
ससांना थियें, अर्थात् खुड्कीलाहरुको कारणले तिनिहरु तल्लो र मझौले
६ कोठाहरु भन्दा सांना सांना थियें। कसोगरिभन्य कोठाहरु तीन्तले थियें
अनि तिनका खांबाहरु आघन्का जस्ताहरु थियेनन्, येस्कारण माथिल्ला
७ तलाहरु तल्ला र मझौलेकोठाहरु भन्दा ससांना थियें। अनि जुन् बार्
कोठाहरुको बाइर तिनिहरुको छेउमां बाध्येको थियो अर्थात् कोठाहरुको
८ आघन् पट्टि थियो त्यस्को लम्बित पचास् हात्को थियो। कसोगरिभन्य
बाइरेआघनेकोठा पचास् हात् लांमो रछ, अनि मन्दिर्को सांमुको कुंना
९ सै हात्को रछ। अनि ति कोठामां जांने पूर्ब पट्टिको चइं बाटो तिनको
मुनि बाटो गयेको रछ अनि त्यइ बाटो बाड़ो बाइरेआघन् बाटो हिंड्ने
१० बाटो रछ। आघन्को बार् कोठाहरुको गज्को सांमु अर्थात् तिनिहरुको
पूर्ब तिर थियो अनि कोठाहरु आफै अलग् ठांउ र घर् दुवैको सांमु रछ।
११ अनि ति कोठाहरुको सांमु पट्टिको बाठो ति उत्तरेकोठाको बाठोको रूप्
जस्तो थियो अर्थात् तिनिहरुको लम्बित र गज् बराबर् थिये, अनि तिनिहरु
देखि निक्लंने सबै ठांउ तिनिहरुका ढंग र तिनिहरुका दैला जस्तै थियें।
१२ त्यस्तै दक्खिनेकोठाका दैलाहरु पनि थियें अनि त्यस्तै तिनमां जांने
बारीयेको बाटोको जो पूर्ब तिर थियो त्यस्को छेउमां पनि बाटो थियो।
१३ फेरि त्यस्ले मंलाइ भन्यो यि उत्तर् तिर र दक्खिन् तिरका कोठाहरु अलग्
ठांउको सांमु छन् ति पवित्र कोठा हुंछन् जुन्हरुमां यहवेको छेउमां
आउंने पूजाहारीहरुले महापवित्र थोक् खांने गर्छन् तिनिहरुले त्यहां
महापवित्र थोक् र अन्नबलि र पापबलि र दोषबलि राख्छन् किनभन्ये

त्यो ठांउ पवित्र छ। जब जब पूजाहारीहरु भित्र जांछन् तब तब निकलने १४
बेलामां तिनिहरु पवित्रस्थान् देखि बाहिरेआंगनमां त्यसै निस्कंदैनन्
अर्थात् तिनिहरुले पहिले आफ्ना सेवाका वस्त्र पवित्रस्थानमां राखछन्
किनभन्ये ति पवित्र छन्. त्यसपछि तिनिहरु अरु लुगा लायेर साधारण
लोगको ठांउमां जांछन् ॥

जब त्यसले भित्रेघर् नापि सक्यो तब त्यसले मंलाइ पूर्ब तिर पर्ने १५
ढोकाको बाहिर लग्येर बाहिरको ठांउ चारै तिर नाप्नु लाग्यो। त्यसले पूर्ब १६
पट्टि नाप्ने टांगोले नाप्यो त पांच् सै टांगो भयो। त्यसले उत्तर् पट्टि नाप्ने १७
टांगोले नाप्यो त पांच् सै टांगो भयो। त्यसले दक्खिन् पट्टि नाप्ने टांगोले १८
नाप्यो त पांच् सै टांगो भयो। त्यसले घुमि पच्छिउं पट्टि नाप्ने टांगोले १९
नाप्यो त पांच् सै टांगो भयो। येसैगरि त्यसले त्यसका चारै पट्टि नाप्यो त २०
त्यसका चारै पट्टि पांच् पांच् सै टांगो लम्बित र पांच् पांच् सै टांगो गज्को
येउटा भित्ता रछ जो पवित्र र अपवित्र अलग् अलग् राख्नुको लागि
बनोयेको रछ ॥

त्यस् पछि त्यसले मंलाइ पूर्ब तिर भयेको ढोका तिर लग्यो. ४३ १
तब मैंले के देख्यें भन्ये इस्राएलको ईश्वरको महिमा पूर्ब दिशा पट्टि देखि २
आउंदै रछ. अनि उसको शब्द धेरै पानीहरुको शब्द जस्तो रछ. अनि
पृथिवीमां उसको महिमाको ज्योति चम्कंद रछ। अनि यो दर्शन सहर् ३
नास् गर्नुलाइ आयेको बेलामां मैंले पायेको दर्शन् जस्तो थियो फेरि यि
दुवै दर्शन् मैंले कबार् महानदीको तीरमां पायेको दर्शन् जस्ता पनि थिये.
त मं घोप्टा पर्यें। तब यहवेको महिमा पूर्ब तिर मुख् हुंने ढोका बाटो ४
पवित्रबासमां पस्या। अनि आत्माले मंलाइ भित्रेआंगनमां चढाइ लग्यो ५
तब वहां मैंले के देख्यें भन्ये यहवेको महिमा घरभरि भइ रह्येको रछ।
तब मैंले घर् भित्र बाटो मं सित बात् मांर्दै गर्नेको सुन्यें. अनि येउटा ६
पुरुष् मं छेउ उभीयो। अनि त्यसले मंलाइ भन्यो ए मान्छेको छोरो मेरो ७
सिंहासनको ठांउ र मेरो गोडाका पताला राख्ने ठांउ जहां मं इस्राएलको
बीचमां सदा बास् गरि रहंछु [त्यो येइ हो]. येसकारण न ता इस्राएलका
जहान्ले व्यभिचार् गरि गरिकन आफ्ना अलगा अलगा ठांउमां गाड़ेका
आफ्ना राजाहरुका मुर्दाहरुको बाटोले मेरो पवित्र नांउ फेरि फेरि अपवित्र
गराउन् अनि न ता तिनका राजाहरुले येसो गरुन् अघि ता तिनिहरुले ८
आफ्नु आफ्नु दैला मेरो दैला छेउ अनि आफ्नु दैलाको सङार् मेरो
दैलाको सङार् छेउ बनाउंद थिये अनि मेरो र तिनिहरुको बीचमां खालि
भित्तै मात्रै थियो अनि तिनिहरुले आफ्ना घिन्लाग्दा कामले मेरो
पवित्र नांउ अशुद्ध गर्द थिये. येसकारण मैंले तिनिहरुलाइ क्रोध् गरि
नष्ट पार्यें। त अब तिनिहरुले आफ्नु व्यभिचार् र आफ्ना राजाहरुका ९
मुर्दाहरु मेरो सांमु देखि दूर् गराउन् त्यस् पछि मं तिनिहरुको बीचमां
सदा बास् गर्नेला ॥

१० त ए मान्छेको छोरो तैंले इस्राएलका जहान्लाइ यो घर् देखायेर
तिनिहरु सित येस्को बखान् गर् र तिनिहरु आफना अधर्म्मका काम् देखि
११ लजाउन् अनि तिनिहरुले त्यो नपना नापछन्। अनि तिनिहरु आफना सबै
कुकर्म्म देखि लजाये भन्ये देखि तिनिहरुलाइ येस् पवित्रवासको रुप् र
अनुवार् र येस्को भित्र बाहिर आउंने जांने बाटाहरु र येस्को सबै अनुवार्
र विधि र नियम् प्रगटो गर् अनि तिनिहरुको सांमु लेखि पनि राख् . र
तिनिहरुले येस्का सबै विधिहरुको सम्झना गरि गरिकन ति अनुसार् काम्
१२ गरुन्। पवित्रवासको नियम् येइ हो . अर्थात् डांड़ाको चांप्रमां त्येस्को
जति जग्गा छ त्यो महापवित्र हुंछ। हेर् पवित्रवासको नियम् येइ हो ॥
१३ अनि येस्तो हात्को लेखाले जो साधारण् हातले चचार् अंवल्
बेसि होउन् ति अनुसार् बेदिको नाप् हवस्. अर्थात् त्येस्को अलगेडें
हात्भरिको अनि आधारको गज् पनि त्येस्तै हात्भरिको हवस् अनि
त्येस्का चारै तिरको पारि चार् अंवल् गजौलो हवस् . बेदिको रुप् येस्तै
१४ हवस्। अनि त्यो भूंइमां गाखोयेको आधार् देखि तल्लो चौकिको मांथि
सम्म दुइ हात् अलगो रहोस् अनि त्येस्को गज् हात्भरिको हवस् अनि
सांनु चडं चौकि देखि ठुलो चौकि मांथि सम्म चार् हात् अलगो
१५ हवस् अनि त्येस्को पनि गज् हात्भरिकै हवस्। अनि मांथिल्लो चडं बेदि
चार् हात् अलगो हवस् अनि खरानि झर्ने ठांउ देखि ऊंभो तिर चारवटा
१६ सींग् निकल्येका होउन्। अनि खरानि झर्ने ठांउ चारकुने अर्थात् बारह्
१७ हात् लांमो बारह् हात् गजौलो हवस्। अनि तल्लो चडं चौकि चौदह्
हात् लांमो चौदह् हात गजौलो हवस् अनि त्येस्का चारै तिरको पटाई
आधा हात् अलगो हवस् अनि बेदिको आधार् चारै तिर त्यो देखि
हात्भरि निकल्येको हवस् अनि बेदिका चढ्न खुड्कीलाहरु त्येस्को पूर्ब
तिर होउन् ॥
१८ फेरि त्यस्ले मलाइ भन्यो ए मान्छेको छोरो प्रभु यहवेले भन्छ छ .
जस् दिन् होमबलि चढ़ाउंनु र रगत् छर्कनुको लागि बेदि बनाइंछ त्येस्
१९ दिन्को लागि यि बिधिहरु होउन्। लेवी पूजाहारीहरु जो सादोकवंशी
छन् अनि मेरो सेवा गर्नुको लागि मं छेउ आउंनेहरु छन् तिनिहरुलाइ तैंले
२० पापबलिको लागि येउटा बाच्छा दे प्रभु यहवेको येइ बाणी छ। तब तैंले
त्येस्को रगत्मांको लियेर बेदिका चारै सींगहरु र चौकिका चारै कुंना र
चारै तिरका पाटामां लगाइ दे . येसोरि बेदिको लागि प्रायश्चित्त गर्येर
२१ त्येस्लाइ पवित्र गर्नु। तब तैंले पापबलिको बाच्छा ल्यायेर पवित्रवासको
पवित्रस्थानको बाहिर लगेर येइ कामको लागि खटायेको ठांउमां डढ़ाइ
२२ दिंनु। अनि तैंले भोलिपल्टो येउटा निष्खोट् बाखा पापबलिगरि चढ़ाउंनु
अनि बाच्छाको बाटोले पवित्र गरीयेको झैं बेदि पनि पवित्र गर्नु।
२३ तैंले त्यो पवित्र गरि सके पछि येउटा निष्खोट् बाच्छा र येउटा निष्खोट्
२४ थुमा चढ़ा। जब तैंले तिनलाइ यहवेको सांमु ल्याउंछस् तब पूजाहारीहरुले

ति मांथि नुन् हालिकन तिनलाइ यह्वेको लागि होम्बलि गरि चढ़ाउन्।
तैंले पाप्बलिको लागि ७िन् दिन् येउटा बाखा तियार् पार्. अनि २५
निष्खोट् बाच्छा र भेंड़ाबाखामांको निष्खोट् थुमा पनि तियार् पारीउन्।
पूजाहारीहरुले सात् दिन् सम्म बेदिको लागि प्रायश्चित्त गर्‍येर त्यो पवित्र २६
गर्दै रहुन् येसैगरि त्यो स्थापित् गर्दै रहंनु। अनि जब ति ७िन् पूरा हुंछन् २७
तब आठौं दिनमां अनि त्यस् पछि पनि पूजाहारीहरुले तिमिहरुका
होम्बलि र मेल्बलि बेदिमां चढ़ाउंने गरुन् तब मं तिमिहरु देखि खुशि
हुंछु प्रभु यह्वेको येइ बाणी छ॥

फेरि त्येस्ले मंलाइ पवित्रबास्को पूर्ब तिर देलो भयेको बाहिरे ४४ १
ढोका छेउ फर्काइ लग्यो त त्यो थुनीयेको रछ। तब यह्वेले मंलाइ भन्यो २
यो ढोका थुनीइ रहोस् अनि न खोलीओस् र त्येता बाटो कोई भित्र पस्नु
न पावस् किनभन्ये मं इस्राएल्को ईश्वर् यह्वे येइ बाटो बाड़ो आयें
येस्कारण् यो थुनीइ रहोस्। अं मालिक् चइं ता मालिक् भयेको कारणले ३
मेरो सांमु खांनुलाइ येस् ढोका बाटो पस्ने गरोस् त्यो येस् ढोकाको
सिकुवा बाटो भित्र पसोस् अनि त्यैतै बाटो निस्कि पनि जावस् भनि। फेरि ४
त्येस्ले मंलाइ उत्तरेढोकाको छेउ बाटो पवित्रबास्को सांमु सम्म लग्यो अनि
हेर्‍येर मैंले के देख्यें भन्ये यह्वेको महिमाले यह्वेको घर् भर्‍येको रछ.
त मं घोप्टो पर्‍यें। तब यह्वेले मंलाइ भन्यो ए मान्छेको छोरो ध्यान् ५
लगायेर आफ्ना आंखाले हेर् अनि मं तंलाइ यह्वेको पवित्रबास्का
सबै बिधि र नियम्हरुको बिषय्मां जे जे भन्दछु ति सबै आफ्ना कानले
सुन् अनि पवित्रबास्को गौंड़ा र पवित्रस्थान्का सबै निकल्ने ठांउमां पनि
हेर्। अनि तैंले ति झगरे अर्थात् इस्राएल्का जहानलाइ भन् प्रभु ६
यह्वेले येसो भन्दछ. हे इस्राएल्का जहान् हो तिमिहरुका सबै घिन्लाग्दा
काम्हरु धेरै भये त्यो येइ हो जब तिमिहरुले मेरो खांने थोक् अर्थात् ७
बोसो र रगत् चढ़ाउंद थियौ तब तिमिहरुले तन् मन् दुवै बिखत्ने भयेका
अन्यदेसीहरुलाइ मेरो पवित्रस्थान्मां आउंनु र मेरो पवित्रबास् अपवित्र
गर्नुलाइ ल्याउंद थियौ अनि तिनिहरुले मेरो तिमिहरु सित बांध्येको
बिधि भङ्ग गर्‍ये जसो गर्‍येकोले तिमिहरुका सबै घिन्लाग्दा काम्
बेसि बेसि भये। अनि तिमिहरु आफैले चइं मेरा पवित्र थोक्को रक्षे ८
गर्‍यौन. तर मेरो पवित्रस्थान्मां मेरा थोक्हरुको रक्षे गर्ने तिमिहरुको
इच्छे अनुसार्को ठहरावट् गर्‍यौ। प्रभु यह्वेले येसो भन्दछ इस्राएल्बंशी- ९
हरुको बीच्मां रहंने जत्ति तन् मन्का बिखत्ने अन्यदेखि छन्
तिनिहरुमांको कोई मेरो पवित्रस्थान्मां आउंनु न पावस्। फेरि इस्राएल् १०
मंलाइ छोड़ि आफ्ना मूर्त्तिहरु पछि भर्मौंदै जांदा लेबीहरु मं देखि पर
सरि गयेका थिये तिनिहरुले आफ्नु अधर्म्म बोक्छन्। तैपनि मेरो ११
पवित्रस्थान्मां टहलुवा भइ पवित्रबास्का ढोकाहरुको पहराचौकि र
पवित्रबास्का टहलुवा रहुन्. लोगको लागि होम्बलि र मेल्बलिका पशु

तिनिहरुलनै मारुन् अनि तिनको सेवाको लागि तिनिहरुनै तिनिहरुको
१२ सांमु उभीई रहुन्। तिनिहरु इस्राएल्का जहान्का मूर्त्तिहरुको सांमु
तिनको सेवा गर्दा गर्दा तिनिहरुले ठोकर् खांने कारण् र अधर्म्ममां
फांसीने कारण् भइ गयेका थिये येस्कारण् मैले तिनिहरुको बिषय्मां
तिनिहरुले आफ्ना अधर्म्म बोकुन् भनि किरिया खायेको थियें प्रभु यह्वेको
१३ येइ बाणी छ। त तिनिहरुले मेरो नजिक् आयेर न ता मेरो लागि
पूजाहारीको काम् गरुन् अनि न मेरो कुनै पवित्र थोक् अर्थात् कुनै महा
पवित्र थोक् छुंनु पाउन्. येसोरि तिनिहरुले आफ्नु लाज् र तिनिहरुले
१४ गर्येका घिन्लाग्दा कामको भार् बोक्दै रहुन्। तैपनि मं तिनिहरुलाइ
पवित्रबास्को रक्ते गर्ने खटाउंछु अनि तिनमां सेवाका जत्ति काम् हुंछन्
अं ज्ये ज्ये गर्नु पर्छ ति गर्ने तिनिहरुनै हुंछन्॥
१५ तर लेवी पूजाहारीमांका सादोक्बंशीहरुले इस्राएल्बंशीहरु मं देखि
तराइ गयेको बेलामां पनि मेरो पवित्रबास्को रक्ते गर्ये येस्कारण् तिनिहरु
चइं ता मेरो सेवा गर्नुको लागि मेरो नजिक् आउंने गरुन् अनि मेरो
लागि बोसो र रगत् चढ़ाउंनुको लागि मेरो सांमु उभीई रहुन् प्रभु
१६ यह्वेको येइ बाणी छ. मेरो पवित्रस्थान्मां तिनिहरुनै आउंने गरुन् अनि
मेरो मेज्को छेउमां मेरो सेवा गर्नुको लागि तिनिहरुनै नजिक् आउन्
१७ अनि मेरा थोकको रक्ते तिनिहरुलेनै गरुन्। अनि जब तिनिहरु भित्रे-
आंघन्का ढोकाहरु देखि जांन् लाग्नन् तब येसो हवस् पाट्कपराका लुगा
लायेर जाउन् अनि जब तिनिहरु भित्रेआंघनका ढोकामां कि त्यो देखि
१८ भित्र सेवा गर्दा हुंनन् तब कांइ ऊणी लुगा लायेका न होउन्। तिनिहरुले
सिर्मां ऊणी रास्रा रास्रा टोपीहरु लाउंने गरुन् अनि कम्मर्मां पाट्कपराका
जांघीथा लगाउन् पसीना आउंने लुगा तिनिहरुले कम्मर्मां न बांधुन्।
१९ अनि जब तिनिहरु बाइरआंघन्मां लोग् थांइ आउंनन् तब तिनिहरुले
सेवा गर्दाखेरि लायेका लुगाहरु काढ़ि पवित्र कोठामां राखि अर्को लुगा
२० लगाउन् र लोग् तिनिहरुका लुगाहरुको कारणले पवित्र न होउन्। अनि
तिनिहरुले न ता केस् मुड़ाउन् अनि न केस् लांमा हुंनु दिउन् खालि आफ्ना
२१ केस् मुठारुन् मांत्रै। अनि भित्रेआंघन्मां जांने बेलामां कुनै पूजाहारीले
२२ दाखमद्द न खावस्। अनि न तिनिहरुले बिधुवी कि छोड़ीयेकी आइमाइलाइ
ब्याहा गरुन्. खालि इस्राएल्का जहान्की कन्यकेटी कि पूजाहारीकी
२३ बिधुवी आइमाइलाइ मांत्रै ब्याहा गरुन्। अनि तिनिहरुले मेरो प्रजालाइ
पवित्र अपवित्रको भेद् सिकाउंने गरुन् अनि शुद्ध अशुद्धको अन्तर्
२४ देखाउंने गरुन्। अनि जब जब कोई मामला हुंछ तब तब निया गर्नुलाइ
तिनिहरुनै बस्ने गरुन्. अनि मेरा नियाबचन् अनुसार् तिनिहरुले तिनको
निया गरुन्. अनि मेरा सबै ठहराईयेका चाडूहरुको बिषय्मां तिनिहरुले
मेरा ब्यवस्थाहरु र बिधिहरु मानुन् अनि मेरा बिश्राम् दिन् पवित्र मानुन्।
२५ अनि तिनिहरु कोई मान्छेको मुर्दा छेउ गयेर अशुद्ध न होउन्. खालि

आमा बाबु छोरा छोरी र व्याहा न भयेकी बैनीको कारणले मात्रै तिनिहरु
अशुद्ध हुंनु सकइ छन्। अनि जब तिनिहरु फेरि शुद्ध होइ जांछन् २६
तब देखि तिनिहरुको लागि सात् दिन् गनौउन्। अनि जस् दिन् २७
तिनिहरु पवित्रस्थान् अर्थात् भित्रैआघनमां सेवा गर्नुको लागि भित्र
जानन् त्यस् दिन् तिनिहरुले आफ्नु लागि येउटा पापबलिदान् चढाउन्
प्रभु यहवेको येइ वाणी छ। अनि तिनिहरु आफैचइंको एक् निज् २८
भाग् हुंछ अर्थात् तिनिहरुको भाग् मंनै हुं. इस्राएल्मां तिमिहरुले
तिनिहरुलाइ तिनिहरुको अधिकार् न दिंनु किनभन्ये तिनिहरुको
अधिकार् मंनै छु। तिनिहरुले अन्नबलि पापबलि र दोषबलि खांने गरुन् २९
अनि इस्राएल्मां ज्ये ज्ये भाकल् गरीयेका थोक् छन् ति तिनिहरुलंनै
पाउंने गरुन्। अनि सबै प्रकारका अगौटिफल्मांको पहिलो फल् र ३०
तिमिहरुका सबै प्रकारका हल्लाइंने भेटि पनि पूजाहारीहरुले पाउंने
गरुन्. अनि खस्रो पीठोको पहिले मुछ्येका पीठोहरु पनि पूजाहारीलाइ
दिंने गर्नु र तिमिहरुको घरमां आशीष् आउंने गरोस्। पूजाहारीहरुले ३१
पंछीको हवस् कि पशुको हवस् आफै मर्यको कि फहराइ मारीयेकोको
मांसु न खाउन्॥

अनि जब तिमिहरुले चिट्ठा लगायेर देस् बांड़ौला तब त्यस्मां ४५ १
एक् भाग् पवित्र जानिकन निस्से हल्लाइंने भेटिगरि यहवेको लागि
चढाउंनु. त्यस् भाग्को लम्बित पचीस् हजार् टांगोको अनि गज् दस् हजार्
टांगोको हवस् त्यो चइं भाग् त्यस्का चारै तिरका सिमाना समेत् पवित्र
हवस्। त्यस्मांको पांच् सै टांगो लम्बित पांच् सै टांगो गज् चारकुंने जग्गा २
पवित्रस्थान्को लागि अलग् गर्नु अनि त्यस्का वरिपरि पचास् पचास् हात्
गजौलो जग्गा त्यसै रहि रहोस्। त तिमिहरुले पचीस् हजार् टांगो लम्बित ३
र दस् हजार् टांगो गज्को जग्गा नाप्नु. अनि त्यसैमां पवित्रस्थान् पनि
हवस् जो महापवित्रस्थान् हुंछ देस् देखि त्यो चइं पवित्र भाग् हवस् ४
त त्यो भाग् पवित्रस्थान्को सेवा गर्ने र यहवेको सेवा गर्नुलाइ नजिक्
आउंने पूजाहारीहरुको हवस् अर्थात् तिनिहरुका घर्हरुको लागि ठांउ र
पवित्रस्थान्को लागि पवित्रठांउ हवस्। अनि पचीस् हजार् टांगो लम्बित ५
र दस् हजार् टांगो गज्को अरु येउटा भाग् पवित्रधामको सेवा गर्ने
लेवीहरुको लागि हवस् तिनिहरुको अधिकारगरि बीस् कोठाको लागि
पाउन्। फेरि पवित्र गर्येको भाग्को हल्लाइंने भेटिको छेउमां पांच् हजार् ६
टांगो लम्बितको येउटा फाल्टु जग्गा सहर्को लागि तिमिहरुले अलग्
गर्नु. त्यो इस्राएल्का सबै जहान्को लागि हवस्। अनि मालिक्को चइं ७
भाग् पवित्र हल्लाइंने भेटिको चइं भाग् र सहर्को फाल्टु जग्गा यि
दुवैका दुवै पट्टि अर्थात् दुवैको पच्छिउं र पूर्व दिशामां दुवै भाग्को सांधु
सांधु होउन्. अनि त्यस्को लम्बित पूर्व देखि पच्छिउं सम्म ति दुइमांको
कुनै येउटाको बराबर् हवस्। इस्राएल्को देस्मां मालिक्को येइ चइं भाग् ८

हवस् र मैंले खटायेका मालिक्हरुले मेरो प्रजा मांथि फेरि फेरि मिचेइं न
गरुन् तर तिनिहरुले इस्राएल्का जहान्हरुलाइ तिनका कुल् कुल् अनुसार्
देस् दिउन् ॥
९ प्रभु यह्वेले येसो भन्द छ . हे इस्राएल्का मालिक्हरु हो धेर्
भयो . उपद्रेइं र मिचेइं पर सार अनि निया र धर्म्मको कर्म्म गर्न गर अनि
मेरा प्रजालाइ तिनको किपट् देखि निकालि दिनु छोड़ि देव प्रभु यह्वेको
१० येइ वाणी छ । तिमिहरुका धर्म्मको तुलो र धर्म्मको एपा र धर्म्मको बत्
११ रहुन् । एपा र बत् दुवै एकै नाप्का होउन् एपा होमेर्को दसौं अंश हवस्
अनि बत् होमेर्को दसौं अंश हवस् . दुवैको नाप् होमेरैको लेखाले
१२ हवस् । अनि शेकेल् चइं बीस् गेराको हवस् तिमिहरुका माने बीस् कि
१३ पचीस् कि पन्द्रह शेकेल्को हवस् । तिमिहरुको हल्लाइंने भेंटि येइ हवस्
१४ अर्थात् गहुं र जउको एक एक् होमेर्मांको एपाको छैठो अंश . अनि
तेल्को खटन् भयेको अंश एक् एक् कोर्मांको बत्को दसौं अंश हवस् .
दस् बत् र एक् होमेर् बराबर् छ कमोगरिभन्ये दस् बत् र होमेर् भरि
१५ एक बत् हो . अनि इस्राएल्का खर्कका असल् असल् दुइ दुइ से
भेंड़ाबाख्राहरुमांको येउटा पाठा दिईओस् अन्नबलि र होमबलि र मिलाप्-
बलिहरुको लागि लोगको लागि प्रायश्चित्त गर्नुलाइ प्रभु यह्वेको येइ
१६ वाणी छ । इस्राएल्को मालिक्को लागि देस्का सब्बै लोगले यो हल्लाइंने
१७ भेंटिको लागि दिंउन् । त चाड़हरु र दुनियाका दिन् र विश्रामदिन्हरु
अं इस्राएल्का जहान्ले सबै ठहरायेका समय्हरुमां होमबलि अन्नबलि र
खन्याईबलि दिने काम् मालिकैको काम् हवस् . इस्राएल्का जहान्को
लागि प्रायश्चित्त गर्नुलाइ जो पाप्बलि अन्नबलि होमबलि र मिलाप्बलि
चढ़ाईनन् ति चढ़ाउंने उइ हवस् ॥
१८ प्रभु यह्वेले येसो भन्द छ . पहिलो महीनाको पहिलो तिथिमां
१९ तेंले येउटा निष्खोट् बाच्छा ल्यायेर पवित्रस्थान्लाइ पवित्र गर् । अनि
पूजाहारीले पाप्बलिको रगत्मांको लियेर पवित्रवास्को देलाका सङार्
सङार्मां र बेदिको चोकिका चारै कुनामां र भित्रआंघन्को ढोकाका
२० सङार् सङार्मां लगावस् । फेरि उसै महीनाको सातौं तिथिमां पनि
सब्बै भर्मायेकाहरु र अजान्हरुको लागि त्यसैनै गर्नु . येसैगरि पवित्रवास्को
२१ लागि प्रायश्चित्त गर्नु । पहिलो महीनाको चौधौं तिथिमां तिमिहरुको
निस्तार् चाड़ हुंने गरोस् अनि त्यो सात् दिन् सम्म भइ रहोस् अखमीरि
२२ रोटी खाईओस् । अनि त्यस् दिन् मालिक्ले आफ्नु र सिंगै प्रजाको
२३ लागि येउटा बाच्छा पाप्बलिगरि चढ़ावस् । अनि त्यस् चाड़का सातै
दिन् त्यस्ले यह्वेको लागि होमबलि चढ़ाउंने गरोस् अर्थात् दिन् दिन्
सात् सात्वटा निष्खोट् बाच्छा र सात् सात्वटा निष्खोट् थुमा र ति
बाहिक् दिन् दिन् येउटा येउटा बाख्रा पनि पाप्बलिगरि चढ़ावस् ।
२४ अनि त्यस्ले बाच्छा र थुमा पिच्छे एपाभरि अन्नबलि र एपा पिच्छे हीन्

भरि तेल् पनि चढ़ावस्। सातौं महीनाको पन्द्रहौं तिथि देखि सात् दिन् २५
सम्म अर्थात् चाड़का दिनमां त्यस्ले पापबलि होमबलि अन्नबलि र तेल्
येइ विधि सित चढ़ाउंने गरोस्॥

प्रभु यहवेले येसो भन्द छ. भित्रेआंगनको ढोकाको पूर्व तिर ४६ १
पर्ने दैला काम् चल्ने छवै दिन् भरि थुनीइ रहोस् तर विश्रामको चइं
दिनमां उघारो रहोस् अनि दुतियाका दिनमां पनि उघारो रहोस्।
अनि मालिक् बाइर ढोकाको मिकुवाको बाटो बाड़ो आयेर ढोकाको २
एक् सडार् पट्टि उभीओस् अनि पूजाहारीले त्यस्को होमबलि र मिलापबलि
चढ़ावस् अनि त्यस्ले ढोकाको सडार् निर दण्डवत् गरोस् वहांदेखि त्यो
बाइर जावस् अनि ढोका सांझ पर्नु भन्दा पहिलेइ देखि न थुनीओस्।
अनि देसका लोगले पनि विश्रामको दिनमां र दुतियाको दिनमां त्येइ ३
ढोकाका दैलामां यहवेको सामु दण्डवत् गरुन्। अनि जुन् होमबलि ४
मालिकले विश्रामको दिनमां यहवेको लागि चढ़ाउंनु ल्याउंछ त्यो छवटा
निषखोट् भेंड़ापाठा र येउटा निषखोट् थुमा हवस् अनि अन्नबलि ५
चइं यि होउन् अर्थात् थुमे पिच्छे एपाभरि अन्न अनि पाठा सित सकदोभरि
अनि एपा पिच्छे हीनभरि तेल्। अनि दुतियाका दिनमां त्यस्ले येउटा ६
निषखोट् बाच्छा र छवटा भेंड़ापाठा र येउटा थुमा चढ़ाउंनु लावस् ति
सबै निषखोट् होउन्. अनि बाच्छा र थुमा दुवै सित त्यस्ले एक् एक् एपा ७
अन्नबलिगरि चढ़ाउंनु लावस् अनि पाठा सित सकदोभरि र एपा पिच्छे
हीनभरि तेल्। अनि जब जब मालिक् पवित्रधाम् भित्र जाला तब तब जुन् ८
ढोकाको मिकुवा बाड़ो त्यो पस्द छ त्येते बाड़ो निस्कि पनि जावस्। तर ९
जब ठहरायेका चाड़मां यहवेको सामु दण्डवत् गर्नुलाइ आउंनन् तब जो
उत्तरेढोका बाड़ो दण्डवत् गर्नुलाइ भित्र आउला त त्यो दक्खिनेढोका
बाड़ो बाइर निकलोस्. अनि जो दक्खिनेढोका बाड़ो भित्र आउला
त्यो उत्तरेढोका बाड़ो निकलोस्. अर्थात् जुन् ढोका बाड़ो भित्र
पस्द छ त्येइ बाटो बाड़ो न फर्कोस् आफनु सामु बाड़ो निकलोस्। अनि १०
जब तिनिहरु भित्र जांनन् तब मालिक् चइं तिनको बीचमां भइकन
जावस् अनि जब तिनिहरु निकलनन् तब तिनिहरु र त्यो मिसीयेर
निकलुन्। अनि चाड़हरु र अरु अरु ठहरायेका समयहरुमांका अन्नबलि ११
बाच्छा पिच्छे एपाभरि र थुमा पिच्छे पनि एपाभरि हवस् अनि भेंड़ाका
पाठाहरु सित सकदोभरि र एपा पिच्छे हीनभरि तेल्। फेरि जब १२
मालिकले होमबलि कि मिलापबलि मनमानिगरि यहवेको लागि चढ़ाउंनु
खोजला तब जुन् ढोकाको दैला पूर्व पट्टि छ त्यो त्यस्को लागि उघारीओस्
अनि त्यस्ले आफनु होमबलि कि मिलापबलि त्यसैगरि चढ़ावस् जसोगरि
विश्रामदिनमां गर्नु पर्द छ. तब त्यो निकलि जावस् अनि त्यो निकलि गये
पछि त्यो ढोका थुनीओस्। अनि तैंले यहवेको लागि पहिलो बर्षको १३
येउटा निषखोट् पाठा दिन दिन् होमबलिगरि चढ़ाउंने गर्नु. यो बिहान्

१४ बिहान् गरौंओस् । अनि बिहान् बिहान् त्यो सित येउटा अन्नबलि पनि
चढाउंनु अर्थात् एपाको छैठो अंश अनि पिठो भिजाउंनुको[1] लागि हीनभरि
तेल्को तिहाई यहवेको लागि येस्तै अन्नबलि चढाउंनु सदाको लागि नित्ये
१५ बिधि हवस् । येसोगरि पाठा अन्नबलि र तेल् नित्येको होमबलिगरि बिहान्
बिहान् चढाईओस् ॥

१६ प्रभु यहवेले येसो भन्द छ. मालिक्ले कोइ जरगा आफ्नु
छोरालाइ दियो भन्ये देखि त्यो त्येस्को हिस्सा भइ त्येस्का नाति पनातिलाइ
पनि मिलोस् हिस्साको नियम् अनुसार् त्यो तिनिहरुको निज् धन् हवस् ।
१७ तर त्येस्ले आफ्नु हिस्सामांको कोइ आफ्नु कसै कर्म्मचारीलाइ दियो
भन्ये देखि त्यो छुट्कारको वर्ष सम्म त्येस्को रहोस् तर तब देखि चइं त्यो
मालिक्लाइ फर्काइ दिईओस् अनि त्येस्को जो आफ्नु हिस्सा हुंछ त्यो ता
१८ त्येस्का छोराहरुलाइ दिईओस् । अनि मालिक्ले प्रजाको कोई हिस्सा
मिचेईगरि कलेइ न लेवस् त्येस्ले आफ्ना छोराहरुलाइ आफ्नै हिस्सा
मांको भाग् देवस्. होइनभन्ये ता मेरो लोग् आफ्नु निज् भाग् छोडि
छोडि छरपुट्ट होइ जांनन् ॥

१९ वहांदेखि त्येस्ले मंलाइ ढोकाको एका छेउ पट्टिको देला बाड़ो
पूजाहारीहरुका ति पवित्र कोठाहरुमां लग्यो जस्का देलाहरु उत्तर् तिर
थिये. तब वहां मैले के देख्यें भन्ये पश्चिम् तिरको कुंनामां येउटा
२० ठांउ रह्छ । तब त्येस्ले मंलाइ भन्यो यो त्येइ ठांउ हो जहां पूजाहारीहरुले
दोषबलि र पापबलिको मांसु उसीन्छन् अनि अन्नबलि पकाउंछन् होइन
भन्ये ता तिनिहरुले ति बाहिरआंगनमां लैजांनु पर्ला र लोग् पवित्र
२१ ठहर्नन् । तब त्येस्ले मंलाइ बाहिरआंगन्मां लगेर त्येस् आंगन्को चारै
पट्टि डुलायो तब मैले के देख्यें भन्ये आंगन्को एक् एक् कुंनामां आंगन्
२२ रह्छ । अर्थात् आंगन्का चारै कुंनामां चालीस् हात् लाम्त र तीस् हात्
२३ गज् भयेका आंगनहरु राछन् चार्कुंने आंगन्हरुको नाप् एकै थियो । अनि
चारैको भित्र भित्र रिंगै लहरै कोइ बनोयेको थियो अनि चारै तिरका
२४ लहर्को मुनि मुनि पकाउंने चुल्हा बनोयेका राछन् । तब त्येस्ले मंलाइ भन्यो
पवित्रबास्का टहलुवाहरुले लोगका बलिदान्हरु उसीन्ने ठांउ येनै हुन् ॥

४७ १ फेरि त्येस्ले मंलाइ पवित्रबास्को देला निर फर्काइ लग्यो तब मैले
के देख्यें भन्ये पवित्रबास्को देलाको सहार्को मुनि देखि पानीहरु फुटेर
पूर्ब तिर बहे जांदै राछन् किनभन्ये पवित्रबास्को देला पूर्ब दिशा तिर
रह्छ. अनि पानीहरु पवित्रबास्को दाहीनो कुंनाको मुनि बाटो निक्लि
२ बेदिको दक्खिन् तिर बाड़ो बहंद राछन् । तब त्येस्ले मंलाइ उत्तर्को ढोका
बाड़ो बाहिर पट्टि लग्यो वहांदेखि बाहिर बाहिर बाड़ो घुमायेर मंलाइ पूर्ब
तिर भयेको देलाको बाहिरढोकाको छेउमां पुर्‍यायो. तब मैले वहां के देख्यें

[1] अथवा मुकुन्याउंनु ।

भन्ये त्येस् ढोकाको दक्खिन् पट्टि देखि पानीहरु उम्रि उम्रि निकलंदे बहंद
राछन्। जब त्यो पुरुष् हातमां नापने डोरी लियेर पूर्ब तिर निकल्यो तब ३
त्येस्ले [पवित्रबास् देखि] हजार् हात् टाड़ो सम्म नाप्यो वहांदेखि मंलाइ
वि पानीहरु देखि पारि पट्टि लग्यो तब पानी गुलिगांठा गुलिगांठा सम्म
आयो। फेरि त्येस्ले अरु हजार् हात् सम्म नाप्येर मंलाइ पारि पट्टि लग्यो ४
तब पानी घुंड़ा घुंड़ा सम्म आयो। फेरि त्येस्ले अरु हजार् हात् सम्म नाप्येर
मंलाइ पारि पट्टि लग्यो तब पानी कम्मर् सम्म आयो। फेरि त्येस्ले अरु एक् ५
हजार् हात् सम्म नाप्यो तब येस्तो नदी भइ गयेको थियो जस् देखि मं
पारि जांनु सकींन. कसोगरिभन्ये पानी पौरंने माफिकको गहीरो भइ
गयेको थियो अर्थात् येस्तो नदी भइ गयेको थियो जसमां कोई जहार् तर्नु
सकदेन थियो। तब त्येस्ले मंलाइ ए मान्छेको छोरो क्य तैंले यो देखिस् ६
भनि सोध्यो. अहांदेखि त्येस्ले मंलाइ उठायेर नदीको तीर् सम्म पुऱ्यायो।
तब फर्केर मैंले क्ये देख्यें भन्ये नदीका दुवै तीर् तीरमां धेरै रुखहरु राछन्। ७
तब त्येस्ले मंलाइ भन्यो यि खोलाहरु पूर्ब देस् तिर बहंदे छन् त तिनिहरु ८
अराबामां जांछन् अनि समुन्द्रमां मिसींछन् वहांदेखि निकल्येका पानीहरु
जब समुन्द्रमां मिसींछन् तब यो पानी मीठो होइ जांछ। अनि येसो हुंछ ९
जहां जहां यि महानदीहरु बहंछन् तहां तहां धेर् धेर् फुल् पार्ने जीवातहरु
जीउंदो होइ जांछन् अनि माछाहरु औधि हुंछन्. ति खोलाहरुको पानी
वहां पुग्येको कारणले त्यस् समुन्द्रको पानी मीठो होइ जांछ अनि जहां
जहां यो नदी पुग्छ वहां वहांका सबै थोक् जीउंछन। अनि येसो हुंछ १०
त्यस् समुन्द्रको तीरमां जलाहारीहरु उभींछन्. एनगदी देखि एनगलैम सम्म
जाल् टांग्ने ठांउ हुंछ फिंजाइंछन् अनि जलाहारीहरुले भांति भांतिका र
महासागरका अनेक् अनेक् माछाहरु बिघ्रै धेरैगरि पाउंछन्। तर ११
छउछाउका हीलो भयेका र खाड़िखोल्चाका पानीहरु ता मीठा हुंदैनन्
त्यस्ता ठांउहरु ता नुनीखाने रहंछन्। अनि येस् नदीका दुवै तीर् तीरमां १२
अनेक् रकमका फल् खांनु हुंनेका रुखहरु उपजंछन् जुनहरुका न ता पात्
ओइल्हींछन् अनि न कलेइ नफल्ने हुंछन् पवित्रस्थान् देखि निकल्येको
पानीको कारणले ति रुखहरु देखि महीना महीना नया नया फल् फल्दै
रहंछन्. तिनका फल् खांने काममां अनि पातहरु चङ्ग बिसेकको
लागि हुंछन्॥

प्रभु यहवेले येसो भन्द छ. तिमिहरुले जुन् सिमाना भित्र १३
इस्राएलका बारह् कुलमां देस् भाग् भाग् हुंनुलाइ बांड़ोला त्यो येइ हो.
युसुफलाइ भागहरु पर्छन्। जुन् देस् दिंने किरिया मैंले तिमिहरुका १४
पित्रहरु सित हात् उठायेर खायेको थियें त्यो तिमिहरुले आपस्तमां बराबर्
बराबरगरि बांड़नु. येसैगरि त्यो देस् तिमिहरुको निज भाग् हवस्। त १५
देसको सिमाना यो हवस्. अर्थात् उत्तर् तिरको सिमाना महासमुन्द्र देखि
हेतलोनको छेउ देखि सदादको पस्न गौंड़ा सम्म हमात् बेरोता र १६

दमिश्क् र हमात्का सिमानाको बीच्मां भयेका सिब्रैम् र हसर्हत्तीकोन् जो
१७ हौरान्को छेउमां छ। त त्यो सिमाना समुन्द्र देखि दमिश्कको सिमाना
छेउको हसरेनन् सम्म पुगोस् अनि त्येस्को उत्तर् हमात्को सिमाना रहोस्।
१८ उत्तर्को सिमाना येइ हवस्। अनि हौरान् दमिश्क् र गिलाद् अनि
इस्राएल्को देस्को बीच्मां यर्दन् पूर्बसिमाना रहोस् उत्तर्को सिमाना देखि
१९ पूर्ब पट्टि सम्म त्यो नाप्नु। पूर्बको सिमाना येइ हवस्। अनि दक्खिन्को
सिमाना तामार् देखि कादेश्मां भयेको मरीबात् भन्ने खोल्चा सम्म
पुगोस् अनि त्यहां देखि [मिस्रको] खोल्चामां निक्ल्येर महासमुन्द्र सम्म
२० पुगोस्। दक्खिन्को सिमाना येइ हवस्। अनि पच्छिउंको सिमाना
दक्खिन्को सिमाना देखि हमात्को पस्ने गौंड़ाको सांमु सम्मको महासमुन्द्र
२१ हवस्। पच्छिउंको सिमाना येइ हवस्। येइ देस् इस्राएल्का कुल् कुल्
२२ अनुसार् येसोरि बांड्नु। अनि येसो हुंछ तिमिहरूले चिट्ठा हालिकन
आपस्मां अनि जुन् जुन् पर्देसीहरूका बालबच्चा तिमिहरूमां जन्मनन्
तिनिहरूलाइ पनि बांड़ि दिनु तिनिहरू तिमिहरूको लेखि देसी इस्राएली-
हरू जस्तै होउन् अनि तिमिहरूका कुल्हरूको बीच् बीच्मां भाग् पाउन्।
२३ अर्थात् येसो हुंछ जुन् जुन् पर्देसी तिमिहरूका कुल् कुल्को बीच्मां बस्दछन् त्येसको देस्मां त्येस्लाइ भाग् दिनु यहवेको येइ बाणी छ॥

४८ १ कुल् कुल्का नांउ यि हुन्. उत्तर्को सिमाना हेत्लोन्को बाटो
छेउ देखि हमात्को पस्ने गौंड़ा सम्म गयो अनि दमिश्क्को चइं हसरेनान्
देखि उत्तर् तिर हमात् छेउ सम्म पुग्येको छ तिनिहरूका सिमाना पूर्ब
२ पच्छिउं हुंछन् दान्लाइ एक् भाग् मिलोस्। अनि दान् देखि छोईयेर पूर्ब
३ देखि पच्छिउं सम्म आशेर्लाइ एक् भाग् मिलोस्। अनि आशेर्को
सिमाना सित छोईयेर पूर्ब देखि पच्छिउं सम्म नप्तालीलाइ एक् भाग्
४ मिलोस्। अनि नप्तालीको सिमाना सित छोईयेर पूर्ब देखि पच्छिउं सम्म
५ मनश्शेलाइ एक् भाग् मिलोस्। अनि मनश्शेको सिमाना सित छोईयेर
६ पूर्ब देखि पच्छिउं सम्म एफ्रैम्लाइ एक् भाग् मिलोस्। अनि एफ्रैम्को
सिमाना सित छोईयेर पूर्ब देखि पच्छिउं सम्म रूबेन्लाइ एक् भाग्
७ मिलोस्। अनि रूबेन्को सिमाना सित छोईयेर पूर्ब देखि पच्छिउं सम्म
यहूदालाइ एक् भाग् मिलोस्॥

८ अनि यहूदा सित छोईयेर पूर्ब देखि पच्छिउं सम्म त्यो तिमिहरूले
चढाउंनु पर्ने हल्लाइंने भेटिगरिको भाग्[1] हवस् त्यो पचीस् हजार् टांगो
गज् र पूर्ब देखि पच्छिउं सम्म येउटा [कोई कुल्को] भाग् बराबर् लांमो
९ हवस् अनि त्येस्को बीच्मां पवित्रबास् हवस्। त्येस् देखि जुन् हल्लाइंने
भेटि तिमिहरूले यहवेको लागि चढाउंनु पर्छ त्येस्को लम्बित पचीस् हजार्
१० टांगो र गज् दस् हजार् टांगोको हवस्। अनि त्यो हल्लाइंने पवित्र भेटि

[1] अध्याय् ४५, १-९ हेर।

गरिको भाग् पूजाहारीहरूले पाउन् उत्तर् तिर पचीस् हजार् टांगो लांमो
पच्छिउं तिर दस् हजार् टांगो गज् र पूर्ब तिर दस् हजार् टांगो गज् र
दक्खिन् तिर पचीस् हजार् टांगो लांमो हवस् अनि त्येसको बीचमां
यहवेको पवित्रवास् हवस्। यो भाग् ति मेरा आज्ञा मान्ने रहंने अनि ११
इस्राएलबंशीहरू भर्मींदा पनि लेवीहरू झैं भर्मि न जांने साडोकबंशी
पवित्र गरीयेका पूजाहारीहरूको भाग् हवस्। त तिनिहरूको यो भाग १२
देसको हल्लाइंने भेटिगरिको भागमांको हल्लाइंने चइं भेटिभाग अर्थात्
महापवित्र भाग् हवस् अनि लेवीहरूको सिमाना सित छोईयेको हवस्।
अनि पूजाहारीहरूको सिमाना सित छोईयेको लेवीहरूको भाग् हवस् त्यो १३
पचीस् हजार् टांगो लांमो र दस् हजार् टांगो गज् हवस्, त तिनिहरूको
भागको लम्ति पचीस् हजार् टांगोको र गज् दस् हजार् टांगाको हवस्।
अनि तिनिहरूले त्येसमांको न ता बेचुन् न अर्को जग्गा सित साटुन् अनि १४
न भूमिको अगौटेफल् कसैलाइ दिईओस्, किनभन्ये त्यो यहवेको लागि
पवित्र छ। अनि गजको पचीस् हजार् टांगोमांको जुन् पांच हजार् बांचि १५
रहंछ त्यो सहर्को साधारण भाग् भइ वास् र खर्कको कामको लागि हवस्
अनि सहर् त्येसको मांझमां हवस्। अनि त्येसको नाप् यो हवस् अर्थात् १६
उत्तर् तिर साढे चार् हजार् टांगो र दक्खिन् तिर साढे चार् हजार् टांगो
र पूर्ब तिर साढे चार् हजार् टांगो र पच्छिउं तिर साढे चार् हजार् टांगो।
अनि सहर्का खर्कहरू होउन् त उत्तर् तिर अढाई से टांगो र दक्खिन् तिर १७
अढाई से टांगो र पूर्ब तिर अढाई से टांगो र पच्छिउं तिर अढाई से
टांगोका होउन्। अनि पवित्र हल्लाईयेको भेटिगरिको भागको छेउको १८
लम्तिमांको जति टांगो छ अर्थात् पूर्ब र पच्छिउं दुवै तिर दस् दस् हजार्
टांगोभरि लम्तिको बांच्येको जग्गाको उपजनि सहर्मां काम् गर्नेहरूले
खांनुको लागि हवस्। अनि इस्राएलका सिंगै कुलमांका सहर्मां काम् १९
गर्नेहरूले ति भागमां खेतिपाति गरुन्। येसोरि हल्लाइंने भेटिगरिका सबै २०
भाग् पचीस् हजार् टांगो लांमो र पचीस् हजार् टांगो गजको हवस्,
येसोरि तिमिहरूले पवित्र हल्लाइंने भेटिगरिको भाग् सहर्को लागि अलग्
गर्येको जग्गा समेतगरि चारकुंने छुंछ॥

अनि रहल् भाग् चइं मालिकले पावस् अर्थात् पवित्र हल्लाइंने २१
भेटिगरिको भाग् र सहर्को लागि अलग् गर्येको जग्गा दुवैको दुवै तिर
अर्थात् तिनको पूर्ब र पच्छिउं छेउको पचीस् पचीस् हजार् टांगोको
गजको छेउ र भाग् भागको बीचमां पनि जुन् दुइ भाग् बांच्येका छुंछन्
ति मालिकका होउन्, अनि हल्लाइंने पवित्र भेटिगरिको भाग् पवित्रवास्
समेत् तिनको बीचमां हवस्। अनि मालिकको चइं भागको बीचमां २२
लेवीहरूको भाग् र सहर्को लागि अलग् गर्येको जग्गा होउन् अनि
मालिकको भाग् यहूदा र बिन्यामीनको सिमानामां हवस्॥

अब रहल् कुलका भाग् कहींद छन्, पूर्ब देखि पच्छिउं सम्म २३

२४ बिन्यामीन्लाइ एक् भाग् मिलोस्। अनि बिन्यामीन्को सिमाना सित
२५ कोईयेर पूर्ब देखि पच्छिउं सम्म शिमोन्लाइ एक् भाग् मिलोस्। अनि
शिमोन्को भाग् सित कोईयेर पूर्ब देखि पच्छिउं सम्म इस्साकार्लाइ एक्
२६ भाग् मिलोस्। अनि इस्साकार्को सिमाना सित कोईयेर पूर्ब देखि पच्छिउं
२७ सम्म जबूलून्लाइ एक् भाग् मिलोस्। अनि जबूलून्को सिमाना सित
२८ कोईयेर पूर्ब देखि पच्छिउं सम्म गाद्लाइ एक् भाग् मिलोस्। अनि गाद्को
सिमाना अर्थात् देस्को दक्खिन् सिमाना तामार् देखि कादेश्मां भयेको
मरीबात् भन्ने खोल्चा सम्म पुगोस् अनि त्यहां देखि [मिस्रको]
२९ खोल्चामां निकल्येर महासमुन्द्र सम्म पुगोस्। तिमिहरुले इस्राएलीहरुका
कुल्हरुलाइ चिट्ठा हालि हालिकन बांढि दिनु पर्ने देस् येह हो अनि एक्
एक् कुल्को भाग् यिनै हुन् प्रभु यहवेको येइ बाणी छ॥
३० फेरि सहर्का गौंड़ा यि होउन् अर्थात् उत्तर् पट्टि त्यस्को लम्बित साढे
३१ चार् हजार् टांगोको हवस्. अनि सहर्का ढोकाहरुको नांउ इस्राएल्का
कुल् कुल्को नांउ राख्नु पर्छ उत्तर् तिरका तीन् ढोका होउन्. अर्थात्
३२ रूबेन्को ढोका यहूदाको ढोका र लेवीको ढोका. अनि पूर्ब तिर
साढे चार् हजार् टांगो लांमो होवस अनि त्यस्मां पनि तीन् ढोका होउन्.
३३ यूसुफ्को ढोका बिन्यामीन्को ढोका र दान्को ढोका. अनि दक्खिन् पट्टि
पनि साढे चार् हजार् टांगो लांमो हवस् अनि त्यस्मां पनि तीन् ढोका
३४ होउन्. शिमोन्को ढोका इस्साकार्को ढोका र जबूलून्को ढोका. अनि
पच्छिउं पट्टि साढे चार् हजार् टांगो लांमो हवस् अनि त्यस्मां पनि तीन्
ढोका होउन्. गाद्को ढोका आशेर्को ढोका र नप्तालीको ढोका।
३५ सहर्का चारै पट्टिको घेरा अठारह् हजार् टांगो हवस्. अनि त्यस् दिन्
देखि सहर्को यो नांउ हवस् अर्थात् यहवे त्यहां छ॥

दानिय्येल्को पोस्तक्॥

१ १ यहूदाको राजा यहोयाकीम्को राज्को तीस्रो वर्षमां बाबेल्को
राजा नबूकद्नेस्सर्ले यरुशलेम् माथि आइ लाग्येर त्यस्लाइ घेर्यो।
२ तब प्रभुले यहूदाको राजा यहोयाकीम्लाइ र ईश्वर्को घर्का कत्ति
भांड़ाबर्तन्हरु त्यस्का हातमां पारि दियो. र त्येस्ले ति शिनार् देस्मां
आफ्नु देव्ताको मन्दिर्मां लग्यो. अनि त्येस्ले भांड़ाहरु आफ्नु
३ देव्ताको मन्दिर्को भंडार्मां राख्यो। अनि त्यस् राजाले आफ्नु
सेवकहरुको मालिक् अश्पनज्लाइ इस्राएल्वंशीहरुमांका राजपुत्रहरु र

भारादार्हरुमांका कत्ति केटाहरुलाइ अर्थात् जुन् जुन् केटाहरु बिना ४
षोट्का र राम्रा राम्रा र सबै प्रकारका बुद्धिमां सिपालु र ज्ञान्मां पन्दा र
बिद्योमान् र राज्महल्मां रहंने माफिक्का हुंनन् अनि तिनिहरुलाइ
कसदीहरुको शास्त्र र भाषा सिकाइ दे भनि आज्ञा दियो। अनि राजाले ५
यो आज्ञा पनि दियो अर्थात् तिनिहरुलाइ मेरै भोजन् र मेरै पिउंने
दाखमद्यमांको दिन् दिन् खांनु पिउंनु दे. येसोरि तीन् बर्ष सम्म तिनको
पालन्पोषण् हवस् त्येस् पछि तिनिहरु मेरो सांमु सामेल् गराईउन् भनि।
त त्येस्ता जुवान्हरुमां दानियेल् हनन्याह् मीशाएल् र अजर्याह् नांउ भयेका ६
यहूदाबंशीहरु पनि थिये। अनि मेहेराहरुका मालिकले तिनिहरुको नांउ ७
फेरि दियो. अर्थात् त्यसले दानियेलको नांउ बेलतशस्सर् र हनन्याह्को
शद्रक् र मीशाएलको मेशक् र अजर्याह्को अबेद्नगो राखि दियो। तर ८
दानियेलले आफ्नु मन्मां बिचार् गर्यो मं राजाका भोजन् खाइकन र
त्यसको पिउंने दाखमद्य पीइकन अपवित्र हुंदीन भनि. त त्येले मेहेराहरुको
मालिक् सित बिन्ति गर्यो मंलाइ अपवित्र हुनु न दिनु हवस् भनि। अब ९
ईश्वरले मेहेराहरुको मालिक्को मन्मां दानियेल मांथि अनुग्रह् र दया
उपजायेको थियो। तब मेहेराहरुको मालिकले दानियेललाइ भन्यो मं १०
आफ्नु प्रभु राजा देखि डराउंद छु किनभन्ये तिमिहरुका खानापीनाको
खटन् तिनि आफैले खटाइ दियेका छन्. त तिनले तिमिहरुको मोहोंड़ा
तिमिहरुका साथीहरुको भन्दा अरु खालका देख्न भन्ये देखि ता तिमिहरुको
कारणले राजाको पट्टि बाटो मेरा कपाल् काटींन डर् हुंछ। तब दानियेलले ११
त्यस् मेहेराहरुको मालिकले दानियेल् हनन्याह् मीशाएल् र अजर्याह्
मांथि खटायेका कारन्दारोलाइ फेरि भन्यो कृपागरि हांमि आफुका १२
दासहरुलाइ दस् दिन् सम्म खांनुको लागि साक्पात् र पिउंने पानी
दिईउन् अनि येसोरि हांमिहरुको जांच् गरौंअ्। अनि दस् दिन् पछि १३
हांमिहरुका मोहोंड़ा र राजाको भोजन् खांने जुवान्हरुका मोहोंड़ा
हेर्नु हवस् वहांदेखि जस्तो आफुलाइ देखाहा पर्द छ त्यस्तै बेहोरा आफ्ना
दासहरु सित गर्नु हवस् भनि। तिनिहरुको यो बिन्ति त्यसले मान्यो १४
अनि दस् दिन् सम्म तिनिहरुको जांच् गर्दै रह्यो। त दस् दिन् पछि १५
तिनिहरुको मोहोंड़ा राजाको भोजन् खांने जुवान्हरुका मोहोंड़ा भन्दा
बेसि जाति र चिल्ला देखाहा पर्ये। येस्तो देख्येर त्यस् कारन्दाराले १६
तिनिहरुको लागि खटन् भयेका खांने थोक् र तिनिहरुको लागि खटन्
भयेको दाखमद्य दुवै उठायेर तिनिहरुलाइ साक्पातनै दिंनु लाग्यो। ईश्वरले १७
ति चार् जुवान्हरुलाइ सबै शास्त्र र सबै प्रकार्का बिद्यमां बुद्धि र
सिपालुहुवाई दियो. अनि दानियेल् चइं सबै प्रकार्को दर्शन् र सपनाको
अर्थ जान्ने पनि भयो। त जब जति दिन्मां ति जुवान्हरुलाइ भित्र १८
ल्याउंनु भन्येर नबूकद्नेस्सर् राजाले आज्ञा गर्येको थियो त्यति दिन्
बीत्ये पछि मेहेराहरुको मालिकले तिनिहरुलाइ त्येसको सांमु लग्यो।

१९ अनि राजाले तिनिहरु सित बातचीत् गर्नु लाग्यो अनि दानियेल् हनन्याह्
मीशाएल् र अजर्याह् बराबर् ति सबैहरुमांको कोई पनि पुग्येन. त
२० तिनिहरु राजाको सामलमां रहनु लाग्ये। अनि बुद्धि र चतुरेईंका ज्ये ज्य
बिषयमां राजाले तिनिहरु सित सोधद थियो त्यस्ता बिषयमां तिनिहरु
राजभरिका सबै जैसिहरु र मन्तर् गर्नेहरु भन्दा दसगुणा बेसि सिपालु
२१ ठहरीद थिये। अनि दानियेल् चहिं कुरू राजाको राजको पहिलो बर्ष
सम्म जीइ रह्यो ॥

२ १ नबूकदनेस्सरले आफनु राजको दोस्रो बर्षमां सपना देख्यो जसको
२ कारणले त्यसको मन् ब्याकुल भयो अं त्यस्लाइ फेरि नींद् आयेन। तब
राजाले जैसिहरुलाइ मन्तर् गर्नेहरुलाइ झांक्रिहरुलाइ र कसदीहरुलाइ
डाक र तिनिहरुले मेरो सपना कहि दिउन् भन्ने आज्ञा दियो। त
३ तिनिहरु आयेर राजाको सांमु सामेल् भये। तब राजाले तिनिहरुलाइ
भन्यो मैंले येउटा सपना देख्यें त मेरो मन् ब्याकुल भयेको छ सपना
४ कसोगरि समझुं भनि। त कसदीहरुले राजालाइ अरामी भाषामां भन्ये हे
राजा आफु सदा जीइ रहनु हवस्. आफुका दासहरुलाइ सपना कहनु
५ हवस् त हामिहरु त्यसको अर्थ खोलछौं। राजाले कसदीहरुलाइ उत्तर्
दिइ भन्यो यो कुरो मं देखि निकल्येको छ. त यो थाहा पाइ राख
तिमिहरुले मंलाइ सपना त्यसको अर्थ समेत कहि दियेन भन्ये देखि
तिमिहरु टुक्रै टुक्रा पारींछौ अनि तिमिहरुका घरहरु घुयान् तुल्याइंछन्।
६ तर तिमिहरुले सपना त्यसको अर्थ समेत् कहि दियौ भन्ये देखि मं देखि
रकम् रकमका दान् र ठुलो ठुलो इनाम् पाउंछौ. येसकारण मंलाइ सपना
७ त्यसको अर्थ समेत् कहि देउ भनि। तिनिहरुले दोस्रो खेप भन्ये राजाले
आफुका दासहरुलाइ सपना कहनु हवस् त हामिहरु त्यसको अर्थ खोलछौं।
८ राजाले उत्तर् दिइ भन्यो मं ठाकठिक् जान्द छु राजाको मुख् देखि आज्ञा
९ निकल्यो भन्येर तिमिहरु बेला लम्याउनु खोजद छौ। तर तिमिहरुले मंलाइ
सपना कहौन भन्ये देखि तिमिहरुको लागि येउटा मात्रै आज्ञा छ. किनभन्ये
तिमिहरुले बेला न फेरींउंज्याल् सम्मको लागि मेरो सांमु झुठो र खराब्
कुरा गर्दै रहंछौं भन्ने एक् मत् बांध्येका छौ होला . तर तिमिहरुले मंलाइ
पहिले मेरो सपना भनि देउ तब मं थाहा पाउंला तिमिहरुले त्यसको अर्थ
१० पनि बुझ्ने राछौ भनि। कसदीहरुले राजालाइ भन्ये पृथिवीभरि येस्तो
कोई मान्छे छैन जस्ले महाराजाको मनको कुरो भन्न सकला अनि न येस्तो
राजा कि मालिक् कोलेइ भयो जस्ले येसोरि कसै जैसि कि मन्तर् गर्ने कि
११ कसदी सित येस्तो कुरो सोध्यो। अनि राजाले सोध्येको कुरो भारी कुरो छ
अनि जीवधारीहरु सङ बास् न गर्ने देवताहरु बाहिक् अरु कोई छैन जस्ले
१२ महाराजालाइ यो कहि दिनु सकला। यो सुन्येर राजाले झोंकोयेर र
अग्घोर् क्रोधित् भयेर बाबेलका सब्बै पण्डितहरुलाइ नास् पार्ने आज्ञा
१३ दियो। जब यो आज्ञा निकल्यो अनि पण्डितहरु काटींनु आटेयका थिये.

अनि मान्छेहरूले दानियेल् र त्यसका साथीहरू तिनिहरू पनि काटौउन्
भन्येर खोजद थिये। येतिमा दानियेलले राजाका अठ्पहरीयाहरूको १४
मालिक् अर्यौक्लाइ जो बाबेल्का पण्डित्हरूलाइ काट्नुको लागि निस्केको
थियो त्येस्लाइ बिचार् गरिकन बुद्धि सित बिन्ति गर्यो अर्थात् त्यो १५
राजाले खटायेको मालिक् अर्यौक्लाइ यो आज्ञा राजाको पट्टि बाटो येत्ति
छिटो किन निकल्यो भनि सोध्या। जब अर्यौक्ले येसको भेद् दानियेल्लाइ
भनि दियो। तब दानियेलले भित्र गयेर राजा सित बिन्ति गर्यो मेरो १६
लागि कोई समय् ठहराइ दिनु भया भन्ये देखि ता म महाराजाकन
सपनाका अर्थ काहि दिंन थियें भनि॥

तब दानियेलले आफ्नु घरमा गयेर आफ्ना साथी हनन्याह् मीशाएल् १७
र अजर्याह्लाइ सब्बै समाचार् जनाइ भन्या, येस् भेदका बिषयमा १८
स्वर्गको ईश्वर्का दयाका लागि यसो भनिकन प्रार्थना गर हे ईश्वर् बाबेल्
र सब्बै पण्डित्हरू सङ्ग दानियेल् र त्यसका साथीहरू पनि नष्ट न पारौउन्
भनि। त रात त्यो भेद् दानियेल्लाइ दर्शनका बाटोले खोलि दिईयो। १९
येस्मा दानियेलले स्वर्गका ईश्वर्लाइ धन्नबाद् दियो। अं दानियेलले २०
येसो भनिकन भन्या ईश्वर्का नांउ सदा देखि सदा सम्म धन्नको हवस्.
कसोगर्याभन्ये बुद्धि र पराक्रम उसैका हुन्. अनि समय् र बेलाहरू उसैलेनै २१
फेर्फार् पार्द छ अनि राजा राजाहरूलाइ उन्स्ताउन र उठाउंन पनि उसैले
गराउंद छ. बुद्धिमान्हरूलाइ बुद्धि र बुझ्काहरूलाइ बूझ् पनि उसैले
दिंद छ. उसैले गहरा र गुप्त कुराहरू पनि प्रगट गर्द छ उसैले जान्द छ २२
अंध्यारामा क्या क्या छ अनि उस्का सङ्ग उज्यालाने भइ रहंद छ। हे मेरा २३
पित्रहरूका ईश्वर् म तपाइका धन्न मान्द छु अनि स्तुति गर्द छु किनभन्ये
तपाइले मलाइ बुद्धि र शक्ति दिनु भया अनि जुन् भेद् खलौनुका लागि
हामिहरूले तपाइ सित मागेका थियूं तपाइले मलाइ एलेनै प्रगट गरि
दिनु भया, अर्थात् तपाइले हामिहरूलाइ राजाको कुरा जनाइ दिनु भया
भन्दै। येस् पछि दानियेल् राजाले बाबेल्का पण्डित्हरूलाइ नाश् पार्नुलाइ २४
खटायेका अर्यौक् थाइ भित्र गयो अं भित्र गयेर त्यस्ले त्यस्लाइ भन्यो
बाबेल्का पण्डित्हरूलाइ नाश् न पार्नु हवस्, मलाइ राजाका सांमु भित्र
लैजांनु हवस् म तिनको सपनाका अर्थ खोलि दिंछु॥

तब अर्यौक्ले छिट्टा गरि दानियेल्लाइ भित्र राजाका सांमु लग्येर २५
राजालाइ भन्यो मैले यहूदी बन्धुवामांका येउटा पुरुष्लाइ भेटायें जस्ले
महाराजाकन सपनाका अर्थ काहि दिंछ भनि। राजाले दानियेल्लाइ जस्को २६
नांउ बेल्तशस्सर् पनि हो सोध्यो के तंमा मैले देख्येको सपना त्येसको
अर्थ समेत् मलाइ काहि दिंने सामर्थ छ भनि। दानियेलले राजालाइ उत्तर् २७
दिइ भन्या जुन् भेद् महाराजाले सोध्नु हुंद छ महाराजाकन त्यो न ता
पण्डित्हरूले कहंनु सक्द छन् न मन्तर् गर्नेहरूले न जैसिहरूले न अरु कुनै
भांक्रिहरूले तर भेद् खोल्ने स्वर्गमा येउटा ईश्वर् छ त उसैले अन्तको २८

छिन्मां के के हुंछ भनि नबूकद्नेस्सर् महाराजाकन जनाइ दिये छ। आफुको
२९ सपना र आफुले खाट्मां ढल्कि ढल्कि ज्ये देखनु भयो त्यो येइ हो. हे राजा
खाट्मां ढल्कि ढल्कि पछि के के हुंछ होला भन्ये ज्ये जे बिचार् तपांइलाइ
आयेका थिये तब भेद् खोल्नेले आफुलाइ के के हुंछ भनि देखाइ दिये छ।
३० अं यो भेद् मंमा मं चइं अरु अरु सबै प्राणीहरु भन्दा बेसि बुद्धिमान् छु
भनि खोलीयो त्येसो होइन तर सपनाको अर्थ महाराजाकन देखाईओस्
अनि आफुले आफनु मनको बिचार् बूझ्नु सकनु हवस् भन्ये खातिर्ले
३१ खोलीयो। हे राजा जब आफुले हेर रहनु भयेको थियो तब आफुले येउटा
ठुलो मूर्त्ति देखनु भयो। त्यो आफुको सामु उभीइ रह्यको मूर्त्ति अलगो र
ठुलो थियो अनि त्येस्को चमक् औधिको थियो अनि रूप् डरलागदो
३२ थियो। अनि त्येस् मूर्त्तिको सिर् चइं निखरा सुनको थियो त्येस्का छाती र
३३ बाहांहरु चांदीका त्येस्का पेट् र जाङ्घ पीतलका त्येस्का खुट्टा फलम्का
३४ अनि त्येस्का गोड़ा अलि अलि फलम्का अलि अलि मांटाका थिये। फेरि
हेर्दा हेर्दा आफुले के देखनु भयो भन्ये येउटा ढुंगाले कसैले न उप्काइकन
आफै लड़ि आयेर त्येस् फलम् र मांटाको गोड़ामां लाग्या तिनलाइ चूर्
३५ चूर् पारि दियो। तब फलम् मांटो पीतल् चांदी र सुन् सबै चूर् चूर् भइ
गये अनि ऋतुको फरफार् हुने बेलामां खला देखि उड्ने भूस् झैं
येस्तोगरि उड़ि गये तिनका कहीं पता रहेन. तहांदेखि त्यो मूर्त्तिमां
३६ लाग्ने ढुंगा ठुलो पहाड़ बनीयेर सिंगै पृथिवीमां भरीयो। सपना येस्तै
थियो अब हामिहरु त्येस्को अर्थ महाराजाकन बुझाइ दिंदछौं।
३७ हे महाराजा आफु चइं ता महाराजाधिराज् हुनु हुंदछ किनभने
स्वर्गका ईश्वरले आफुलाइ राज् सामर्थ शक्ति र महिमा दियेको छ
३८ अनि जहां जहां माञ्छेका सन्तान् पाइंदछन् त्यहां उस्ले आफुलाइ ति
सबैका प्रभु ठहर्‍यायेका छ अं बनका जीवजन्तु र आकाशका पंछीहरु पनि
३९ आफुका ताबिमां पारि दियो. त्यो सुनको सिर् आफुनै हुनु हुंदछ। अनि
आफु पछि अलिक् घटिको अर्को येउटा राज् उठाउछ फेरि अर्को येउटा
तीस्रा राज् पीतल्का जस्तो राज हुंछ जस्ले सिंगै पृथिवी माथि प्रभुताइ
४० गर्छ। अनि चौथा राज् फलम् जस्तो बलियो हुंछ. फलम्ले सबै थोक्
चूर् चूर् पार्दछ अनि फलम्ले ति सबै पीन्द छ त्येसैगरि त्येस्ले सबै थोक्
४१ चूर् चूर् पारि पीन्छ। अनि आफुले मूर्त्तिका गोड़ा र तिनका औंला कोई
कोई कुमालेको लिस्याईलो मांटोका कोई कोई फलम्का भयेका देखनु
भयो त्यो बांड़ीयेको राज् हुंछ. तैपनि त्यो फलम् जस्तो बलियो हुंछ
४२ आफुले मांटो सित फलम् मिसीयेको देख्येको झैं। अनि गोड़ाका
औंलाहरु कोई कोई फलम्का कोई कोई मांटाका थिये येसोरि त्यो राज्
४३ कोई कोई ता बलियो कोई कोई छिन्मां फुटि जाने जस्तो हुंछ। अनि
आफुले फलम् कुमालेको लिस्याईलो मांटो सित मिसीयेका देखनु भयो त्येस्
४४ राज्का लोग् रहनु ता माञ्छेको बंश सङ रहंछन्. तर फलम् लिस्याईलो

मांटो सित न मिसीयेर एक् न भयेको झैं ति दुइ पनि एक् मनका हुंदैनन्
फेरि ति राजाहरुका दिनमां स्वर्गको ईश्वर्‌ले येउटा येस्तो राज् उठाउंछ
जस्को नास् कैले पनि हुंदैन अनि न त्यो कसै दोस्रो लोग्‌को हात्‌मां पारि
दिइंछ तर येस्ले ति सबै राज्‌हरुलाइ चूर् चूर् पार्छ अनि तिनलाइ खाइ
हाल्छ अनि त्यो आफु चइं जुगानजुग् सम्म रहंछ। येउटा कसैले न बनायेको ४५
अनि डांड़ा देखि उप्‌कि आयेको ढुंगा आफुले देखनु भयो अनि फलम्
पीतल् मांटो चांदी र सुन् चूर् चूर् पार्येको थियो. त्यसैगरि यहां ईश्वर्‌ले
महाराजाकन येस् पछि के के हुंछ भनि जनाये छ. त यो सपना सांचो छ
अनि त्येस्को अर्थमां केइ सन्देह् छैन। येति सुन्येर नबूकद्‌नेस्सर् राजाले ४६
घोप्‌टो परि दानियेललाइ दण्डवत् गर्‍यो वहांदेखि आज्ञा गर्‍यो येस्को लागि
भेटि चढ़ाव अनि येस्को मांसु धूप् पोल। अनि राजाले दानियेल्‌लाइ ४७
भन्यो सांचि सांचिनै तिमिहरुको ईश्वर् ईश्वर्‌हरुको ईश्वर् अनि राजाहरुको
प्रभु र भेद् भेद् खोल्‌ने ईश्वर् रछ मैंले यो कुरा तैंले यो कुराको भेद् खोल्‌नु
पायेकोले थाहा पाय भनि। वहांदेखि राजाले दानियेल्‌को मान् बढ़ायो ४८
अनि येस्लाइ ठुलो ठुलो दान् दियो अनि यो सिंगै बाबेल् राज्‌मां मालिक्
र बाबेलका सब्बै पण्डित्‌हरु माथि मुखिया मालिक् हुंछ भन्ये आज्ञा
गर्‍यो। अनि दानियेल्‌ले बिन्ति गर्‍यामां राजाले शद्रक् मेशक् र ४९
अबेद्‌नगोलाइ बाबेल् राज्‌का काम् काम् माथिका कारन्दारहरु खटाइ
दियो. तर दानियेल् आफु चइं राजाको दरबार्‌मां रहंन गर्द थियो॥

नबूकद्‌नेस्सर् राजाले येउटा सुन्‌को मूर्त्ति बनायो जस्को अग्लोइं ३ १
साठी हात्‌को र गज् छ हात्‌को थियो. अनि त्यस्ले त्यो बाबेल्‌को दूरा
भन्ने मैदान्‌मां उभ्यायो। वहांदेखि नबूकद्‌नेस्सर् राजाले सेनापतिहरु र २
मालिक्‌हरु र अधिपतिहरु र बिचारीहरु र भंडारिहरु र मंत्रीहरु र
शास्त्रीहरुलाइ र खवा खवाका सबै हुकुम्‌दारीहरुलाइ नबूकद्‌नेस्सर् राजाले
उभ्यायेको मूर्त्तिको महिमागराइको लागि निम्तो गर्‍यो। यो आज्ञा पायेर ३
सेनापतिहरु र मालिक्‌हरु र अधिपतिहरु र बिचारीहरु र भंडारिहरु र
मंत्रिहरु र शास्त्रीहरु र खवा खवाका सबै हुकुम्‌दारीहरु नबूकद्‌नेस्सर् राजाले
उभ्यायेको मूर्त्तिको महिमागराइको लागि भेला भये अनि तिनिहरु
नबूकद्‌नेस्सर्‌ले उभ्यायेको मूर्त्तिको मांमु उभीये। तब झ्याली पीट्‌नेले ४
सारोगरि कराइ कराइकन भन्यो हे देस्‌हरु र लोग्‌हरु र भाषाहरु हो
जसै तिमिहरुले नर्सींगा बांसुली बीणा सारंगी सितार् ढोलकिहरु र सबै ५
प्रकार्‌का बाजाहरुको सोर् सुन्छौ तब त्येत्तिनैखेर नबूकद्‌नेस्सर् राजाले
उभ्यायेको सुन्‌को मूर्त्तिलाइ दण्डवत् गर. अनि जस्ले निउंर्येर दण्डवत् ६
गरोइन त्यो त्यत्तिनेखेर दन्‌क्येको आगोको भट्टीको बीच्‌मां हालि दिइंछ
भनि। यो आज्ञा सुन्येको कारण्‌ले जसै सबै लोगले नर्सींगा बांसुली बीणा ७
सारंगी सितार् र सब् प्रकार्‌का बाजाहरुको सोर् सुन्ये तब सबै लोग् र
देस् र भाषाहरुले निउंर्येर नबूकद्‌नेस्सर् राजाले उभ्यायेको सुन्‌को मूर्त्तिलाइ

८ दण्डवत् गर्य। त्यस् बेला कत्ति जना कस्दीहरूले राजा छेउ गयेर
९ यहूदीहरूको बिषयमां चुकलि लगाये। तिनिहरूले नबूकद्नेस्सर् राजालाइ
१० भन्ये हे राजा आफु सदा जीइ रहनु हवस्। हे राजा आफुले आज्ञा
दिनु भयेको छ मानिसहरूले जब नरसींगा बांसुली बीणा सारंगी सितार्
ढोलकिहरू र सब् प्रकार्का बाजाहरूको सोर् सुनछन् तब निउंर्येर येस्
११ सुनको मूर्त्तिलाइ दण्डवत् गरुन्. अनि जस्ले निउंरि दण्डवत्
गर्दैन त्यो दनक्येको आगोको भट्टीको बीच्मां हालि दिइंछ भनि।
१२ त शद्रक् मेशक् र अबेद्नगो नांउ भयेका कत्ति यहूदीहरू छन् जुन्हरूलाइ
आफुले बाबेल् राज् माथि कारन्दारीहरू खटाइ दिनु भयेको छ ति
पुरुषहरूले हे राजा आफुको आज्ञाको बिषयमां कोइ पनि धन्दा मान्दैनन्.
तिनिहरूले आफुका देवताहरूको सेवा गर्दैनन् अनि आफुले उभ्याउंनु
१३ भयेको सुनको मूर्त्तिलाइ दण्डवत् गर्दनन् भनि। यो सुन्दा नबूकद्नेस्सरले
रिस्ले बल्दै आज्ञा गर्यो शद्रक् मेशक् र अबेद्नगोलाइ यहां ल्याव
१४ भनि। तब ति पुरुषहरू राजाको सांमु सामेल् गराईये। नबूकद्नेस्सरले
तिनिहरूलाइ सोध्यो ए शद्रक् मेशक र अबेद्नगो को तिमिहरूले मेरो
देवताको सेवा गर्दैन अनि मैले उभ्यायेको सुनको मूर्त्तिलाइ दण्डवत्
१५ गर्दैन को तिमिहरू जानि जानिकन यो गर्छौ। तिमिहरू अब तियार्
भइ नरसींगा बांसुला बीणा सारंगी सितार् ढोलकिहरू सबै प्रकारका
बाजाहरूका सोर् सुन्दा निउंर्येर मैले बनायेको सुनको मूर्त्तिलाइ दण्डवत्
गर्यौ भन्या देखि बांचछौ. तर दण्डवत् गर्यौन भन्या देखि त्यत्तिनैखेर
दनक्येका आगोको भट्टाका बीच्मां हालि दिइंछौ न कुन् येस्तो देवता छ
१६ जस्ले तिमिहरूलाइ मेरा हात् देखि बचाउंनु सकला भनि। तब शद्रक् मेशक्
र अबेद्नगोले राजालाइ उत्तर् दिइ भन्या हे नबूकद्नेस्सर् येस बिषयमां
१७ आफुलाइ उत्तर् दिनु हामिहरूलाइ कोइ खांचो छैन। हामिहरूको
ईश्वर् जस्को सेवा हामिहरू गर्छौं उस्को इच्छा भयो भन्या देखि
हामिहरूलाइ येस् दनक्येको आगोका भट्टो देखि बचाउंन् सकछ अनि
१८ हे राजा उस्ले हामिहरूलाइ आफुको हात् देखि पनि बचाउंछ। उस्को
येस्तो इच्छै भयेन भन्या पनि हे राजा हामिहरू ता आफुका देवताको
सेवा गर्दैन अनि न आफुले उभ्यायेको सुनको मूर्त्तिलाइ दण्डवत् गर्छौं।
यो सुन्दा नबूकद्नेस्सर् बलि उठ्यो अनि त्यस्को मोहोडा शद्रक् मेशक् र
अबेद्नगो तिर फेरीयो. वहांदेखि त्यस्ले भट्टो सदाको बिधि भन्दा सात्
१९ गुणा बेसि दनकाउंनु भन्ये आज्ञा दियो। वहांदेखि आफ्ना पल्टन्मांका
कत्ति बलिया बलिया पुरुषहरूलाइ शद्रक् मेशक् र अबेद्नगोलाइ बांधेर
२१ येस् दनक्येको आगोको भट्टामां हालि देव भनि अह्रायो। त ति
पुरुषहरू तिनका दौरा सुरुवाल् पगरि र तिनका अरु अरु बस्त्रै समेत्
२२ बांधीयेर त्यस् दनक्येको आगोको भट्टीको बीच्मां हालीये। त्यो भट्टो
राजाको बलियो आज्ञा भयेको कारणले अघोर दनकाईयेको थियो

येकारण् ति शद्रक् मेशक् र अबेद्नगोलाइ बोकि लैजांनेहरु आगोको
जुवालाले भेटेरकोले डढि मर्ये। त शद्रक् मेशक् र अबेद्नगो ति तीनै २३
जना त्यस् दन्कियेको आगोको भट्टीको बीच्मां बांधियेका भइ पर्ये। त्यस् २४
पछि नबूकद्नेस्सर् राजाले उइक् मान्यो अनि तर्संदै उठि उभियो.
वहांदेखि आफ्ना मंत्रिहरुलाइ सोध्नु लाग्यो कि हांमिहरुले येस् आगोको
बीच्मां खालि तीनै जनालाइ मात्रै बांधेर हाल्थ्यूंन। तिनिहरुले उत्तर् दिये
ज्यु महाराज्। त्यस्ले भन्यो मं चार् जनालाइ आगोको बीच्मां फुकियेका २५
डुलि हिंडेरका देखद छु अनि तिनको कांइ पनि हानि न भयेको देखद
छु अनि चौथो चाइं पुरुष्को रूप् कोइ ईश्वर्को पुत्रको रूप् जस्तो छ।
तब नबूकद्नेस्सर्ले त्यस् दन्कियेको आगोको भट्टीको दैला छेउ गयेर २६
भन्यो हे शद्रक् मेशक् र अबेद्नगो हे परम् ईश्वर्का सेवकहरु हो यहां
निस्कि आउ भनि। यो सुन्येर शद्रक् मेशक् र अबेद्नगो आगोको
बीच् देखि निस्कि आये। जसै भेला भयेका सेनापतिहरुले र मालिकहरु र २७
अधिपतिहरु र राजाका मंत्रीहरुले तिनिहरुलाइ हेर्ये त हेर तिनिहरुको
जाउमां आगोको चोट् पनि रैनछ अनि तिनको सिर्को येउटा केस पनि
गंग्रायेको रैनछ न तिनका दौरा सुरुवाल्मां आगोको गन्ध पाईयो।
येस्तो देखेर नबूकद्नेस्सर्ले भन्यो धन्नको होवस् शद्रक् मेशक् र २८
अबेद्नगोको ईश्वर् जस्ले आफ्नु दूत् पठायेर आफ्ना यि सेवकहरुलाइ
बचायो किनभन्ये तिनिहरुले राजाको आज्ञाको धन्दा न मानि उसै माथि
भरोसा राखे अं हांमिहरु आफ्नु ईश्वर्लाइ छोडि कसै देवताको सेवा
गर्दैन न दण्डवत् गर्छौं भनि आफ्नु जीउ समेत् सौंपि दिये। त मं यो २९
आज्ञा दिंद छु लोग् देस् र भाषा जस्ले शद्रक् मेशक् र अबेद्नगोको
ईश्वर्को कांइ पनि निन्दा गर्लो त्या टुक्रा टुक्रा पारीछ अनि त्यसको
घर् घुर्यान् तुल्याइछ. किनभन्ये येसो रि बचाउंनु सक्ने अरु कुनै देवता
छैन भनि। वहांदेखि राजाले शद्रक् मेशक् र अबेद्नगोलाइ बाबेल् ३०
राजको कारन्दारीमां मान् बढाइ दियो॥

सिंगै पृथिवीमां रहंने सबै लोग् र देस् र भाषालाइ नबूकद्नेस्सर् ४ १
राजाका सलाम् तिमिहरुलाइ मिलाप् बढाइ दिईओस्   परम् ईश्वर्ले २
मंलाइ जे जे चिंनु र उदेकका काम् देखायो ति सुनाउंनु मंजाइ जाति
लाग्यो। उस्ले देखायेका चिंनुहरु कत्ति ठुला अनि उस्ले देखायेका ३
उदेकका काम् कत्ति शक्तिमान्. उसको राज् सदाको राज् अनि उसको
प्रभुताइं पुस्ता देखि पुस्ता सम्म बनीइ रहंद छन्॥

मं नबूकद्नेस्सर् आफ्नु महल्मां चैन् सित र मगन भइ रहंद ४
थियें। त मैंले येस्तो सपना देखें जसको कारणले मं डरायें अनि खाट्मां ५
ढल्कि ढल्कि मेरो मनमां आयेको बिचार् र मैंले देखेका कुराको कारणले
मं व्याकुल् भयें। येकारण् मैंले बाबेलका सबै पण्डितहरुलाइ मेरो ६
सपनाको अर्थ कहि दिनुको लागि मेरो सांमु गराईंने आज्ञा दियें। तब ७

जैषिहरु मन्तरतन्तर् गर्नेहरु र कषदीहरु र अरु अरु भांक्रिहरु भित्र आये .
त मैले तिनलाइ आफ्नु सपना कह्याँ तर तिनिहरुले त्येस्को अर्थ मंलाइ
८ कहनु सकेनन् । तर अन्तमा दानियेल् मेरो सांमु आयो जस्को नांउ मेरो
देवताको जस्तो बेलतशस्सर् राखीयेको थियो अनि जस्मां पवित्र देवहरुको
आत्मा रहंद छ . अनि मैले त्येस्लाइ येसो भनिकन आफ्नु सपना कह्याँ
९ ए बेलतशस्सर् तं सबै जैषिहरुको मालिक् होस् तंमां पवित्र देवहरुको
आत्मा छ भनि मंलाइ थाहा छ अनि तं कुनै भेदको कारणले घबराउंदैनस्
त जुन् सपना मैले देख्येको छ त्यो सपना त्येस्को अर्थ समेत् मंलाइ कहि दे
१० भनि । त मैले खाट्मां ढल्कि ढल्कि देख्येका दर्शनहरु यि थिये . अर्थात्
मैले के देख्यें भन्ये पृथिवीको बीचमां येउटा वृक्ष रह्छ जस्को अलगइ औधिनै
११ अलगो थियो । त्यो वृक्ष बढ्यो अनि बलियो भयो त्येस्को अलगइ स्वर्ग सम्म
१२ पुग्यो अनि त्यो सिंगै पृथिवीको छेउ छेउ देखि पनि देखीयो । त्येस्का पात्
रामा रामा थिये अनि त्येस्मां फल् बिष्टै औधि थिये यहां सम्म थिये
त्येस्मां सबैको लागि आहारा थियो . त्येस्को छाहारीमां सबै पशुहरुले
छाहारी पाउंद थिये अनि त्येस्का डालाहरुमां अकाशका पंछीहरु बास् बस्न
१३ गर्द थिये अनि सबै जीवधारीहरुले त्यो देखि आहारा पाउंद थिये । मैले
खाट्मां ढल्कि ढल्कि दर्शन् पायेको बेलामां के देख्यें भन्ये येउटा चियाइ
१४ गर्ने र येउटा पवित्र जन् स्वर्ग देखि उत्रि आयो । त्येस्ले सारोगरि करायेर
येसो भन्यो त्यो वृक्ष ढाल् त्येस्का डालाहरु छांट् त्येस्का पातहरु झार् अनि
त्येस्का फलहरु छरि दे . पशुहरु त्येस् मुनि देखि हटि जाउन् अनि पंछीहरु
१५ त्येस्का डालाहरु देखि । तैपनि त्येस्को ठुटाचइंलाइ त्येस्को जरै समेत् भूंइमां
छोडू अनि त्येस्लाइ फलाम् र पीतलको बन्धनले बांधेर बन्को हरीयो
घांसको बीचमां रहनु दे . त्यो अकाशको शीतले भिजोस् अनि भूइंको
१६ घांस् खांनुमां बन्का पशुहरु सङ भागी हवस् . त्येस्को मन् फेरीयोस् अनि
मान्छेको मन् न रहोस् पशुको जस्तोनै होइ जावस . अनि त्येस् माथि
१७ सात् समय् बिति जाउन । यो नियाबचन् चियाइ गर्नेहरुको बिचारले र
यो कुरो पवित्र जनहरुको बचनले निकल्यो . अनि जीउंनेहरुले चइं परम्
ईश्वरले मान्छेहरुमां प्रभुतइ गर्द रह्छ अनि त्यो जस्लाइ मन् पर्छ त्येस्लाइ
दिहाल्द रह्छ अनि उस्लाइ मन पर्यो भन्ये त्यो आफालसीगै मान्छेलाइ
१८ पनि दिहाल्द रह्छ भनि थाहा पाउन् भन्ये उस्को मन् छ । मं नबूकदनेस्सर्
राजाले येइ सपना देख्यें . त ए बेलतशस्सर् तैंले येस्को अर्थ कहि
किनभन्ये मेरो राज्मांको कसै पण्डितले मंलाइ येस्को अर्थ कहनु सक्दैन
तर तंबइमां ता पवित्र देवहरुको आत्मा रहंद छ उसैको बाटोले तैंले त्यो
बूझाउंनु सक्इ छस् ॥
१९ यो सुन्येर दानियेल् जस्को नांउ बेलतशस्सर् पनि हो त्यो कत्ति
बेला सम्म उदास् भइ रह्यो अनि गुन्दा गुन्दा ब्याकुल भयो । यो देखेर
राजाले भन्न लाग्यो ए बेलतशस्सर् यो सपनाको कारणले कि त्येस्को अर्थको

कारणले तं व्याकुल् न हो। बेलतशस्सर्ले उत्तर् दिइ भन्यो हे मेरा प्रभु
यो सपना आफुका वैरीहरु माथि र येस्को अर्थ आफुका द्रोहीहरु माथि
परोस्। जुन वृक्ष आफुले देखनु भयो जो बढ्यो अनि बलियो भयो अनि २०
त्येस्को अग्लाइ स्वर्ग सम्म पुग्यो अनि जो सिंगै पृथिवीको छेउ छेउ देखि
पनि देखीयो जस्का पातहरु राम्रा राम्रा र फल् बिग्र औधि थिये २१
जस्मां सबैको लागि आहार थियो जस् मुनि बनका पशुहरु रहंद थिये
अनि जस्का डालाहरुमां अकाशका पंषीहरुले बास् बस्ने गर्दथिये . हे राजा २२
त्येस्को अर्थ आफुनै हो आफु बढ्नु भयो अनि बलियो हुनु भयो . आफुको
महिमा बढ्यो अनि स्वर्ग सम्म पुग्यो अनि आफुको प्रभुताइं पृथिवीको छेउ
सम्म फिंजीदै गयो। अनि हे राजा आफुले येउटा चियाइ हेर्ने र येउटा २३
पवित्र जन् स्वर्ग देखि उत्रंदै र वृक्षलाइ ढाल् अनि त्येस्लाइ नास् पार तेपनि
त्येस्को ठुटाचइंलाइ जरै समेत् भूंइमां छोडु अनि त्यस्लाइ फलाम् र पीतलको
बन्धनले बांध बनको हरीयो घांसको बीचमां रहंनु दे त्यो अकाशको
शीतले भिजोस् अनि त्यो बनका पशुहरु सङ्ग भागि हवस् अनि सात्
समय् न बितुन्जाल सम्म त्येस्को गत् येस्तैनै रहोस् भन्दै गर्येको देखनु भयो .
हे राजा त्यस्को अर्थ परम् इश्वरले प्रभु महाराजामां पूरो हवस भनि ज्ये २४
ठान्येको छ त्यो येहनै हो . आफु मान्छेहरुको बीच देखि निकालि दिइनु २५
हुंछ अनि बनका पशुहरु सङ्ग बास् बस्ने गर्नु हुंछ अनि गोरुले झैं घांस्
खांनु हुंछ अनि अकाशको शीतले भिजनु हुंछ येसै गरै आफुमां सात् समय्
बीतछन् अनि जेले सम्म आफुले मान्छेहरुको राजमां परम् इश्वरलेनै प्रभुताइं
गर्द रछ त्यो जस्लाइ मन् पर्द रछ त्येस्लाइ दिहाल्द रछ भनि जान्नु हुन्न तेले
सम्म आफुको गत् येस्तै भइ रहंछ। अनि त्यस् वृक्षको ठुटाचइंलाइ जरै २६
समेत् छ डुने आज्ञा भयेको थियो [त्यस्को अर्थ यो हो] आफुको राज्
चइं आफुकै लागि रहि रह्येको हुंछ अनि जब आफुले थाहा पाउंनु हुंछ
स्वर्गले राज् गर्द रछ भनि तब आफुले फेरि राज् गर्न पाउंनु हुंछ। येस्कारण् २७
हे राजा मेरो यो सल्लाह आफुलाइ मान्नु माफिकको लागोस् अर्थात्
आफुले आफ्ना पाप् छोडिकन धर्म्म गर्नु लाग्नु हवस् अनि आफ्नु अधर्म्म
छोडिकन दीनहरु माथि दया गर्नु लागनु हवस् कोनि येसो गर्याकोले
आफुको सुक्ख रहिनै रहंछ कि भनि। त ति सबै नबूकदनेस्सर् राजामां पूरा २८
भये। बारह् महीना बीत्ये पछि त्यो बाबेलको राजमहलमां हिंड्दै थियो। २९
तब राजाले भन्यो के यो त्यो ठुलो बाबेल् होइन जो मैलेनै आफ्नु बल् ३०
र सामर्थले राजबास् हुंनुलाइ आफ्नु प्रतापको बड़ाईको लागि बनाल्यें।
यो बचन् राजाको मुख् देखि निस्कि सक्येकै थियेन यो अकाशबाणी ३१
भयो ए नबूकदनेस्सर् राजा तेरो बिषयमां यो आज्ञा निकल्येको छ . राज्
तेरो हात् देखि छोड़ाईयो। अनि तं मान्छेहरुको बीच् देखि निकालीछस् ३२
अनि बनको पशुहरु सित बास् बस्ने गर्छस् अनि गोरुले झैं घांस् खांने
गर्छस् अनि येसोरि तंमां सात् समय् बीतछन् अनि जैले सम्म तैंले परम्

ईश्वर्ले मान्छेहरुको राज्मां प्रभुतेइँ गर्द रह्छ अनि त्यो जस्लाइ मन् पर्द रह्छ
त्येस्लाइ दिहाल्द रह्छ भनि जान्देनस् तैले सम्म तेरो गत् येस्तै भइ रहंछ भन्ये ।
३३ त त्येतिनैखेर यो बचन् नबूकद्नेस्सर्को बिषय्मां पूरो भइ गयो . अं त्यो
मान्छेहरुको बीच् देखि निकालीयो अनि गोरुले झैं घांस् खांने गर्यो
अनि त्येस्को जीउ अकाश्को सीतले भीजद थियो यहां सम्म भयो त्येस्का
बाल्हरु उकाब् पंषीका भुत्ला जस्ता भये अनि त्येस्का नङ्हरु पंषीहरुका
३४ नंग्रा जस्ता बढ्ि गये । ति दिन् बीत्ये पछि मं नबूकद्नेस्सर्ले आफ्ना
आंखा स्वर्ग तिर उठायें अनि मेरो बुद्धि फेरि जस्ताको तस्तो हुंनु लाग्यो
तब मैले परम् ईश्वर्लाइ धन्न भन्यें अनि जो सदा सर्बदा सम्म जीइ रहंद
छ उस्को स्तुति महिमा येसोगरि गर्नु लागें उस्को प्रभुतेइँ सदाको प्रभुतेइँ
३५ रह्छ अनि उस्को राज् पुस्ता देखि पुस्ता सम्म . अनि पृथिवीमां रहंनेहरु
सबै जना उस्को लेखिमां खालि तुच्छ मात्रै राछन् . अनि उस्ले स्वर्गका
सेना र पृथिवीमां रहंनेहरुको बीच्मां आफ्नु इच्छे अनुसार् गर्द रह्छ अनि
३६ उस्लाइ कसैले तपांइले येसो किन गर्नु हुंद छ भनि प्रश्न सक्देन रह्छ । त्येसै
बेला मेरा बुद्धि फेरि जस्ताको तस्तो भइ गयो अनि मेरो राज्को महिमाको
लागि मेरो प्रताप् र तेज् ममां फेरि आयो अनि मेरा मंत्रीहरु र अरु
मालिक्हरु मलाइ भेट्नुलाइ आउंनु लागे तब मं फेरि आफ्नु राज्मां
३७ बसालीयें अनि मेरो अम्मल् बढाइ हुंनु लाग्यो त अब मं नबूकद्नेस्सर्
स्वर्गको महा राजालाइ सकाउंद छु अनि उस्को स्तुति र महिमा गर्द छु
किनभन्ये उस्का सबै काम् सांचा र उस्का सबै बेहोरा निया सितका राछन् .
अनि शर्घो सित हिंड्नेहरुलाइ उस्ले ऊंधो गराउंनु सक्द रह्छ ॥

५ १ बल्शस्सर् भन्या राजाले आफ्ना हजार् मालिक्हरुको लागि
२ ठूलो भोज लायो अनि ति हजार्हरुको सांमु दाखमद्द खायो । दाखमद्द
खांदै खांदै बेल्शस्सर्ले आज्ञा गर्यो मेरो बाबु नबूकद्नेस्सर्ले यरुशलेम्मां
भयेको मन्दिर् देखि ल्यायेका सुन चांदीका भांड़ाबर्तनहरु ल्याउ र मं र
३ मेरा मालिक्हरु र रानीहरु र रखेलाहरु समेत्ले तिनमां खाऊं । तब
ईश्वर्का यरुशलेम्को मन्दिर् देखि ल्याइयेका सुन चांदीका भांड़ाबर्तनहरु
ल्याइये तब राजाले आफ्ना मालिक्हरु र रानीहरु र रखेलीहरु समेतले
४ तिनमां खाये । तिनिहरुले दाखमद्द खांदै सुन् चांदी पीतल् फलम्
५ काठ् र ढुंगाका देव्ताहरुका स्तुति गर्ये । त्येतिनैखेर मान्छेको हात्का
औंलाहरुले निकल्येर राज्महल्को भित्ताको लिपाइमां बत्ताको सांमु
६ केहि लेख्नु लागे अनि लेख्दै गर्ने हात्लाइ राजाले देख्यो । त्यो देख्दा
राजाको हंसले ठांउ छाड्यो तब त्यो गुन्दै गुन्दै कांम्नु लाग्यो तब त्येस्को
कम्मर्का जोर्नीहरु सब् खुकुला भइ गये अनि त्येस्का घुड़ाहरुले टक्कर्
७ खांन् लागे । तब राजाले सारोगरि करायेर मन्तर्तन्तर् गर्नेहरुलाइ र
कस्दीहरुलाइ र झांक्रिहरुलाइ सामेल् आउंने आज्ञा गर्यो । तब राजाले
बाबेल्का पण्डितहरुलाइ भन्यो जस्ले यो लेखीयेको पढ्छ अनि त्येस्को

अर्थ मंलाइ कहि दिंछ त्यसलाइ बैगुनि रंगको पोशाक् पहिर्याइंछ अनि
त्यसको गलामां सुनको सिक्रि लगाइ दिइंछ अनि राज्मां तीस्रो प्रभुतेइं
गर्ने हुंछ। तब राजाका सबै पण्डितहरु भित्र आये. तर त्यो लेखन् ८
पढ्नु सकेनन् अनि न राजालाइ त्यसको अर्थ कहि दिनु सके। तब ९
बेलशस्सर् राजा औधिनै घब्रायो अनि त्यसको हंसले ठांउ छाड्यो अनि
त्यसका मालिकहरु पनि औधि घब्राये। अब राजा र मालिकहरुको १०
बचन् सुन्यार रानी भोजदर्बार्मां आई. वहांदेखि रानीले येसो भनी हे
महाराजा आफु सदा जीइ रहनु हवस् मनमां न घब्राउनु हवस्
अनि न आफुको हंसले ठांउ छाडोस्. किनभन्ये आफुको राज्मां येउटा ११
पुरुष् छ जसमां पवित्र देवहरुको आत्मा रहंद छ अनि आफुको बाबुका
दिनमां त्यसमां प्रकाश् र बुद्धि र देवहरुमां झैं ज्ञान् पाइंये. अनि
आफुको बाबु नबूकद्नेस्सर् राजाले अं आफुको बाबुले त्यसलाइ सबै
जैमीहरु र मन्तरतन्तर् गर्ने र कसदीहरु र झांक्रिहरु मांथिको मालिक्
ठहरायेको थियो। किनभन्ये अस्सल् आत्मा ज्ञान् र बुद्धि र १२
सपनाको अर्थ कहने र अड्का फुकाउने र धुकचुक् मेटने शक्ति त्येस्
दानियेल्मां पाईयो जसको नांउ राजाले बेल्तशस्सर् राखेको थियो।
त अब त्यो दानियल् डाकाओस् त त्येस्ले येसको अर्थ खोल्छ॥

तब दानियेल् राजाको सांमु सामेल् गराईयो। वहांदेखि राजाले १३
दानियेल्लाइ सोध्यो के तं तेइ दानियेल् होस् जसलाइ मेरो बाबु
राजाले यहूदा देस् देखि बन्धुवाहरुको खाल्मां ल्यायेको थियो। मैले १४
तेरो बिषयमां सुन्ये तंमां देवहरुको आत्मा छ अरे अनि प्रकाश् बुद्धि र
अस्सल् ज्ञान् तंमां पाइंद छन् अरे। येही पण्डित मन्तरतन्तर् गर्नेहरु १५
मेरो सांमु ल्याईये यो लेख्यको पढन् अनि त्यसको अर्थ मंलाइ कहि दिउन्
भनि. तर तिनिहरुले मंलाइ येसको अर्थ कहि दिनु सकेनन्। तर मैले १६
तेरो बिषयमां तंले भेद् खोल्नु सकद छस् अनि धुकचुक मेटनु सकद
छस् भन्येको सुन्ये. त अब तंले यो लेखत् पढ्नु सकिस् अनि त्यसको
अर्थ पनि मंलाइ भन्न सकिस् भन्ये देखि तंलाइ बैगुनि रंगको पोशाक्
पहिर्याइंछ अनि तेरा गलामां सुनको सिक्रि लगाइ दिइंछ अनि राज्मां
तं तीस्रो प्रभुतेइं गर्ने हुंछस् भनि। तब दानियेलले राजालाइ भन्यो १७
आफ्नु दान् आफु सङै राख्नु हवस् अनि आफुका प्रतिफलहरु अरुलाइ
दिनु हवस् मं त्येसै यो लेखत् महाराजाकन पढि सुनाउंछु अनि त्यसको
अर्थ पनि तिनलाइ कहि दिंछु। हे राजा परम् ईस्वरले आफुका बाबु १८
नबूकद्नेस्सरलाइ राज् बडाई महिमा र प्रताप् दियेको थियो अनि १९
उसले त्येसलाइ दियेको बडाईको कारणले सबै देसहरु र लोगहरु र
भाषाहरु त्यसको सांमु कांप्द र थरथराउंद थिये. त्येसले जसलाइ मन् पर्द
थियो त्येसलाइ काट्द थियो अनि जसलाइ मन् पर्द थियो त्यसलाइ
जीवतो राखद थियो जसलाइ मन पर्द थियो त्येसलाइ अलग्याउंद

थियो अनि जस्लाइ मन् पर्द थियो त्यस्लाइ खसालि दिंद थियो ।
२० तर जब त्यस्को मन् फुलीयो अनि त्यस्को आत्मा कठोर् भयो यहां सम्म
भयो त्यस्ले अहंकार् गर्नु लाग्यो तब त्यो आफ्नु राजसिंहासन् देखि
२१ खसालीयो अनि त्यस्को महिमा भङ्ग गरीयो . अनि त्यो मान्छेहरुको
सन्तान् देखि निकालीयो अनि त्यस्को मन् पशुको जस्तो र त्यस्को बास्
बनगदहाहरुको बीच्मां भयो त्यस्ले गोरुले झैं घांस् खांने गर्द थियो अनि
त्यस्को जीउ अकाशको शीतले भीजद थियो . अनि जैले सम्म त्यस्ले परम्
ईश्वर्ले मान्छेहरुमां राज् गर्द रक्छ अनि जस्लाइ मन् पर्द रक्छ त्यसैलाइ त्यस्
मांथि अधिकारै ठहराउंद रक्छ भनि सिक्येन तैले सम्म त्यस्को गत् त्यस्ले
२२ गर्‍यो । त हे बेलशस्सर् आफु त्यस्को छोरो भइकन ति सबै कुरा जान्न् हुंद
२३ थियो र पनि आफुको मन् नरम् भयेन तर आफुले स्वर्गको ईश्वर्को
बिरुद्धमां सिर् उठाउंनु भयो उस्को मन्दिर्का भांड़ाबर्तन्हरु आफ्नु सांमु
झिकायेर आफुले र आफ्ना मालिक्हरु र रानीहरु र रखेलीहरु समेत्ले
तिनमां दाखमद्द खांनु भयो वहांदेखि चांदी सुन् पीतल् फलम् काठ् र
ढुंगाका देव्ताहरुको स्तुति गर्नु भयो जुन्हरुले न देखद छन् न सुन्द छन्
२४ न कोइ जांद छन् . तर ईश्वर् जस्को हात्मां आफुको प्राण् छ अनि जस्को
नाबिमां आफ्का सबै हिंड़ाई डुलाई छन उस्को चइं मान्महिमा गर्नु
भयेन . येस्कारण् यो हात् उइ ईश्वर्को पट्टि बाटो देखाईयो अनि
२५ यि कुरा लेखांयेका छन् । अनि लेखांयेका शब्द यि छन् अर्थात् **मने**
२६ **मने तकेल् ऊपर्सीन्** यि शब्दका अर्थ यि हुन् . **मने** ईश्वर्ले
२७ आफुको राज् गर्ने दिन् गन्येर त्यस्को अन्त गर्‍यो । **तकेल्** आफु तुलोमां
२८ तोलीइंनु भयो अनि हलुङ् ठहरीइंनु भया **परेस्** आफुको राज्
२९ बांडीयो अनि मादीहरु र फार्सीहरुलाइ दिईयो भनि । यो सुन्येर
बेलशस्सर्ले आज्ञा दियो . तब दानियेल्लाइ बैगुने रंगको पोशाक्
पहिर्याईयो अनि त्यस्को गलामां सुन्को सिक्रि लगाइ दिईयो वहांदेखि
झ्यालि पीट्नेले त्यस्को बिषय्मां करायेर भन्यो राजमां तीस्रो प्रभुताई गर्ने
३० चइं दानियेल् हो भनि । त्यसै रात् कल्दीहरुको राजा बेलशस्सर् मारीयो ।
३१ वहांदेखि मादी दारा जो बासठ् बर्षको थियो राज्सिंहासन्मां चढ्यो ॥

६

१ दारा राजाको आफ्नु राज्मां सिंगै राज्मां हुंनुलाइ एक् सै र
२ बीस् सेनापतिहरुलाइ ठहराउंने मन् भयो अनि तिनिहरु मांथि
त्यस्ले तीन् मालिक्हरुलाइ ठहरायो जुन्हरुमां एक् दानियेल् थियो
यिनिहरुले ति अरु सेनापतिहरु देखि लेखा लिंने गरुन् र राजाको कोइ
३ हानि न हउस् भन्येर । जब त्यस् दानियेल्मां अस्सल् आत्मा भयेको
देखीयो तब त्यस्लाइ अरु मालिक्हरु र सेनापतिहरु भन्दा बेसि मान्
मिल्यो अं राजाले त्यस्लाइ सबै राज् मांथि खटाउंछु भन्ने मन् गर्‍यो ।
४ यो थाहा पायेर मालिक्हरु र सेनापतिहरुले दानियेल्को बिरुद्धमां

राजकाजको बिषयमा निउं खोजि हिंड्नु लाग्ये तर त्यो बिश्वासी थियो
अनि त्यसको कुनै काममा कांइ भूल् कि दोष् निकल्येन त तिनिहरुले
कांइ निउं पाउंनु सकेनन्। तब तिनिहरुले भन्न लाग्ये हामिहरु ५
दानियल्का ईश्वरका ब्यवस्थाका बिषयमा बाहेक् अरु कुनै बिषयमा त्यस्
माथि दाष् लाउंनु सक्दौन भनि। यो बिचार् गरि ति मांलकृहरु र ६
सेनापतिहरुले छिटो छिटो गरि राजाका आयेर भन्य हे महाराजा दारा सदा
जीइ रहनु हवस्। राजका सबै मांलकृहरु र हुकुमदारीहरु र सेनापतिहरु ७
र मंत्रीहरु र अधिपतिहरुले सल्लाह् गर्याका छन् अर्थात् येउटा यस्तो
राजआज्ञा दिईआस् अनि मनाही गरीआस् अर्थात् हे राजा तीस् दिन् सम्म
आफु सित बाहेक् अरु कसै ईश्वर् सित कि मान्छे सित जस्ले बिन्ति गर्लो
त्यो सिंहहरुको खोरमा हालि दिईछ भन्य। त अब हे राजा यस्तो मनाही ८
गरि दिनु हवस् अनि यम् पत्रमा सही हालि दिनु हवस् र यो कुरा
मादीहरु र फारसीहरुको अचल् ब्यवस्था अनुसार् फेरफार् न हवस्।
यो सुन्यर राजाले त्यस् मनाहीको लागिको पत्रमा सही गरि दिया। जब १०
दानियल्ले त्यस् पत्रमा सही गरीयेको छ भनि थाहा पायो तब आफ्नु
घरमा गयो। (अनि) जसका माथिल्ला तलाका खिर्किहरु यरुशलेम् पट्टिका
खोलायेका (रहेथ्य) त त्यस्ले आफ्नु पहिलको रीत् अनुसार् दिनमा तीन्
खेप् आफ्नु ईश्वरको सामु घुंडा टेक्यर प्रार्थना र धन्नबाद् गर्ने गर्दै रह्यो। त ११
ति पुरुषहरुले छिटो छिटो आयेर दानियल्लाइ त्यसको ईश्वरको सामु बिन्ति
गर्दै र हिंपि गर्दै गर्थ्येका भेट्य। यो देख्यर तिनिहरुले राजाका आयेर त्यस्ले १२
मनाही गर्याको बिषयमा त्येस्लाइ भन्न लाग्ये हे राजा के महाराजाले तीस्
दिन् सम्म मं सित बाहेक् अरु कसै ईश्वर् कि मान्छे सित जस्ले बिन्ति गर्लो
त्यो सिंहहरुको खोरमा हालि दिईछ भन्ये मनाही गर्याका पत्रमा आफुले
सही गर्नु भयेको होइन भनि। तब राजाले उत्तर् दियो मादीहरुको र
फारसीहरुको अचल् ब्यवस्था अनुसार् यो कुरो स्थिर् छ भनि। तब तिनिहरुले १३
राजालाइ उत्तर् दिइ भन्ये यहूदा बन्धुवाहरुमांको त्यो दानियल् भन्याले ता
हे महाराजा न आफु तिर न आफुले मनाही गर्याको सही गर्थ्यको पत्र तिर
कांइ पनि ध्यान् दिंद छ नर त्यस्ले ता दिनमा तीन् खेप् बिन्ति गर्दै छ।
यो बचन् सुन्यर राजा बिघ्ने उदास् भयो वहांदेखि दानियल्लाइ बचाउंने १४
उपाय् गुन्न लाग्यो. अनि घाम् अस्ताउंने बेला सम्म त्येस्लाइ बचाउंने
फिकि गर्दै रह्यो। तब ति पुरुषहरु छिटो छिटोगरि राजाका आयेर भन्नु १५
लाग्य हे महाराजा मादीहरु र फारसीहरुमा जे जे मनाही र आज्ञा
राजाले ठहराउंछ त्यो मादी र फारसीहरुमा ब्यवस्था ठहराईयेको छ त्यो
फेरौनु सक्दैन भनि जांनि राख्नु पर्छ। तब राजाले आज्ञा दियो अनि १६
दानियललाइ ल्यायेर सिंहको खोरमा हालि दिईयो। त्यस् बेलामा राजाले
दानियल्लाइ भन्यो तैंले सदा सेवा गर्याको ईश्वरले तंलाइ बचावस् भनि।
तब येउटा ढुंगो ल्यायेर त्यस् खोरको मुखमा राखीयो अनि राजाले आफ्नु १७

लालमोहरले अनि मंत्रीहरूले आफना औंठाले छाप् दिये दानियेलको
१८ बिषयमां कोइ फेरफार् न हवस् भन्या खातिरले। त्यस् पछि राजाले आफनु
महलमां गयेर त्यस् रात् बिना खानापीना बितायो . अनि न त्यस्का कोइ
१९ सुखको थोक् पुऱ्याईयो . अनि न त्येसलाइ कोइ नींद् आयो। बिहान्
भूकभूक् उज्यालो हुंदै राजा उठेर सिंहहरूको खोर् तिर दुगुरि गयो।
२० त खोर् निर आयेर शोकितस्वरले कराइ भन्यो ए दानियेल् ए जीउंदो
ईश्वरको दास् को तेरो ईश्वरले जस्को सेवा तं नित्य गर्दै थिइस् तंलाइ
२१ सिंहहरू देखि बचाउनु सक्यो भनि। तब दानियेलले राजालाइ भन्यो
२२ हे महाराजा आफु सदा जीउंदै रहंनु हवस्। मेरो ईश्वरले आफनु दूत् पठायेर
सिंहहरूको मुख् थुनि दियो र तिनिहरूले मेरो कोइ हानि गऱ्येनन् .
किनभन्ये म उस्का सांमु निर्दोष् पाईयें अनि न हे महाराजा मैंले आफुको
२३ कोइ हानि गरेको थियें। तब राजाले अपार् खुशि भइकन दानियेललाइ
खोर् देखि निकालन आज्ञा दियो। त दानियेल् खोर् देखि निकालीयो
अनि त्यस्मा हानिको कोइ चिंनु पाईयेन कसोगरिभन्ये त्येस्ले आफनु ईश्वर्
२४ मांथि बिश्वास् गर्दै थियो। अनि राजाले आज्ञा दियो तब दानियेलको
बिषयमां चुक्लि लाउंने मान्छेहरूलाइ तिनिहरूका छोराछोरीहरू
स्वास्नीहरू समेत् सिंहहरूका खोरमां हालि दिईये त तिनिहरू खोर् भित्र
पुग्दा न पुग्दानै सिंहहरूले फहरायेर तिनका हाडखोडहरू समेत्
कराप्करूप् पारि खायेहाल्ये ॥
२५ तब दारा राजाले सिंगै पृथ्वीमां रहंने सबै लोग् देस् र भाषालाइ
२६ लेख्यो तिमिहरूलाइ मिलाप् बढाइ दईआस्। म यो आज्ञा दिंद छु मेरो
राजको जहां सम्म अधिकार् छ वहां सम्मका मान्छेहरू दानियेलको
ईश्वरको सांमु कांम्दै र थरथराउंदै रहुन् किनभन्ये जीउंदो र जुगानजुग्
स्थिर् रहंने ईश्वर् उइ हो अनि उस्को राज् अबिनासी अनि उस्को प्रभुतई
२७ अन्त सम्म स्थिर् रहंछ . जस्ले दानियेललाइ सिंहहरू देखि बचायो उ
बचाउंने र छोड़ाउंने अनि स्वर्गमां र पृथिवीमां चिंनुहरू र उदेकका कामहरू
२८ गर्ने हो भनि। येसोरि दानियेल् दारा र कुरू फारसी दुवैको राजका
दिनमां भाग्यमान् रह्यो ॥

७ १ बाबेलको राजा बेलशस्सरको पहिलो बर्षमां दानियेलले खाटमां
सुत्येको बेलामां सपना देख्यो . तब त्येस्ले त्यो सपना लेख्यो अनि त्यस्को
२ अर्थको सारको बखान् गऱ्यो। दानियेलले येसो भन्द छ मैंले राति सपना
देख्यें त को देख्यें भन्ये महासमुन्द्रमां आकाश् देखि चारमुखे बतास् चलनु
३ लाग्यो। तब समुन्द्र देखि भिन्दो भिन्दो चार् ठुला ठुला जन्तुहरू निस्कि
४ आये। पहिलो चइं जन्तु सिंह जस्तो थियो अनि त्येस्का उकाबका जस्ता
पखेटा थिये . अनि मैंले हेर्दाहेर्दै त्येस्का पखेटाका पोखहरू उखेलीये अनि
त्यो भूंइ देखि उठाईयेर मान्छे झैं गोड़ामां उभ्याईयो अनि त्येस्का मान्छेको
५ जस्तो हिर्दय पनि उपजाईयो। फेरि मैंले भालु जस्तो अरु येउटा जन्तु

देख्यें अनि त्यो येउटा गोड़ामां उभौयेको थियो अनि त्येस्का दांत्हरुको
बीच्मां तीन्वटा काड़् थिये अनि लोगले त्येस्लाइ भन्द थिये उठेर
धेरै मांसु खा भनि । येस् पछि मैंले हेर्येर क्य देख्यें भन्ये चितुवा ६
जस्तो अरु येउटा जन्तु देख्यें उस्को पिठिउंमां पंषीका जस्ता चार्वटा
पखेटा थिये अनि त्येस् जन्तुका पनि सिर् चार्वटा थिये अनि त्येस्लाइ
अधिकार् दिईयो । येस् पछि मैंले फेरि सपनामां चौथो येउटा डर्लागदो ७
तुलो र अघोर् बलियो जन्तु देख्यें अनि त्येस्का फलम्का तुला तुला दांत्
थिये. त्येस्ले सब्बै थोक् खाइहाल्द र चूर् चूर् पार्द थियो अनि उब्रयेको
चइंलाइ आफ्ना गोड़ाले दल्द थियो . अनि त्यो चइं जन्तु पहिलो जन्तु
भन्दा बेग्लै थियो अनि त्येस्का दस्वटा सींग् थिये । मं ति सींग्हरु ध्यान् ८
दिकन हेर्दै थियें त क्य देख्यें भन्ये तिनको बीच् देखि अरु येउटा सानु
सींग् उम्रयो त्येस्को बल्ले ति पहिला सींग्हरुमांका तीन्वटा जरै समेत्
उखेलीये. फेरि मैंले देख्यें येस् चइं सींग्मां मान्छेका जस्ता आंखा र अघि
बोल्ने मुख् पनि रछ । हेर्दा हेर्दा मैंले फेरि क्य देख्यें भन्ये सिंहासन्हरु ९
बसालीये अनि येउटा कोई धेरै दिन् खायेको अघोर् बूढ़ो मान्छे त्येस्मां
बस्यो . उस्को लुगा हिउ जस्तो सेतो थियो अनि कपाल्का केस् चोक्खो
सेतो ऊन् जस्ता थिये उस्को सिंहासन् आगो जस्तो अनि सिंहासन्का
पाङ्ग्रा बल्येको आगोका लप्केद थिये । त्येस् बूढ़ा मान्छेको सांमु देखि १०
आगो जस्तो नदी निकल्येर बहंदै रह्यो . फेरि हजारौं हजार् लोगले
उस्को सेवा गर्ये अनि लाखौं लाख् लोग् उस्को सांमु थिये . फेरि बिचारी
आयो अनि पत्रहरु फुकाईये । त्येस् बेला त्येस् सींग्का तुला तुला कुरा ११
सुनि मं हेरि रह्येको थियें क्य को हुंछ भनि त अन्तमां त्यो जन्तु मारीयो
अनि त्येस्को मुर्दा बल्येको आगोमां भस्म पारीयो । अनि रह्येका जन्तुहरु- १२
चइंको अधिकार् लिहालीयो . तर तिनिहरुका प्राण् अलिक् समय्को
लागि बचाईये । मैंले सपनामां हेर्येर क्य देख्यें भन्ये मान्छेको छोरो जस्तो १३
कोई आकाश्का बादलहरु समेत् आउंदै रछ अनि उ त्येस् धेरै दिन् खायेको
अघोर् बूढ़ो मान्छे भयेठांउ पुग्यो अनि त्येस्को नजिक् र सांमु गराईयो ।
अनि त्येस्लाइ प्रभुतेई र महिमा र राज् दिईये सबै लोग् र देस् र भाषा १४
उस्को तावेमां दिईउन् भन्येर . उस्को प्रभुतेई सनातन् र अटल् छ अनि
उस्को राज्को नास् कैले पनि हुंदैन ॥

यि सबै देख्येर मं दानियेल्को मन् घब्रायो अनि मैंले ज्ये ज्ये सपना १५
देख्यें त्येस्को कारणले मेरो आङ् जल्यौं । तब छेउछाउ उभेइ रहंनेहरुमांको १६
येउटाकां गयेर मैंले ति सबै कुराको भेद् सोध्यें । तब त्येस्ले मंलाइ येसो
भन्येर ति सबै कुराको अर्थ कहि दियो । अर्थात् ति चार् तुला तुला १७
जन्तुहरुको अर्थ चार् राजाहरु हुन् जो पृथिवीमां उदाउंछन् । तर राज् चइं १८
परम् ईश्वर्का पवित्र लोग्हरुले पाउंछन् अनि जुग्नजुग् अं सनातन् सम्म
त्येस्को अधिकारी भइ रहंछन् । तब मेरो यो इच्छे भयो त्येस् तीनै भन्दा १९

बेग्लै र अग्घोर् डर्लाग्दो र फलम्का दांत् र पीतल्का नंग्रा हुने चौथो
जन्तुको भेद् पनि जाचुं भन्ने त्यस् जन्तुले सबै थोक्लाइ खांद छ अनि
२० चकनाचूर् पार्द छ अनि उबन्येकाहरुलाइ गोड़ाले दल्द छ अनि त्यसको
कपाल्का दस् सींग्को भेद् अनि ति बाहिक् जुन् येउटा सींग् उम्रन्येकोमां
अरु तीनवटा सींग् भांचीये अर्थात् जम् सींग्का आंखा थिये अनि ओधि
बोल्ने मुख् थियो अनि अरु सबै सींग्हरु भन्दा बेसि बलियो जस्तो
२१ थियो त्यसको भेद् जान्न इच्छे भयो। अनि मैले हेर्येर देख्यें त्यो सींग्
२२ पवित्र लोग्हरु सित लड़ाइँ गरि जिताहा भयो अनि पछाड़ि त्यो
धेरै दिन् खायेको अग्घोर् बूढ़ो मान्छे आयो त परम् ईश्वर्का पवित्र लोग्
बिचारी भइ गये अनि ति पवित्र लोगको राज् अधिकारी हुने बेला आइ
२३ न पुगुंज्याल् सम्म रह्यो। त त्यस्ले भन्यो त्यस् चौथो जन्तुको अर्थ येउटा
चौथो राज् हो जो पृथिवीमांनै भइकन पनि सबै राज्हरु भन्दा बेग्लै हुंछ
अनि त्यस्ले सिंगै पृथिवी नष्ट पार्छ अनि दांद लगायेर चकनाचूर् पार्छ।
२४ अनि ति दस् सींग्को अर्थ यो हो त्यस् राज् देखि दसवटा राजा उठाउंछन्.
वहांदेखि ति पहिलेकाहरु भन्दा बेग्लै येउटा अरु राजा उठाउंछ जस्ले
२५ ति तीनै राजाहरुलाइ लड़ाउंछ। अनि त्यस्ले परम ईश्वर्को बिरुद्धमां
बात् गर्छ अनि परम् ईश्वरका पवित्र लोगलाइ पाक्छ. अनि समयहरु र
व्यवस्था फेर्ने आशा गर्छ अं एक् समय् र दुइ समय् र आधा समय् सम्म
२६ त्यसको ताबिमां पनि पनि दिइंछन्। त्यस् पछि बिचारीहरुले राज् गर्छन्
२७ वहांदेखि त्यसको प्रभुताइ खोसेयेर अन्त सम्म नष्ट पारीछ। तब राज् र
प्रभुताइँ र पृथिवीभरिका राज्हरुको महिमा परम् ईश्वर्का पवित्र
लोग्हरुलाइ दिइंछ. उसको चइं राज् सनातन्को राज् छ अनि सबै प्रभुताइँ
गर्नेहरु उसका ताबिमां हुंछन् अनि उसको आज्ञा मान्छन्। येस् कुरोको
२८ बखान् येत्ति हो। यो सुन्दा मं दानियेल्को मन्मां घबराहट पसि रह्यो
अनि मेरो हंसले ठाउ छाड्यो तर्पनि मैले यो कुरो आफ्नु मन्मां
जोगाइ राख्यें॥

८ १ बेल्शस्सर् राजाको राजको तीस्रो बर्षमां येउटा कुरो दर्शन्को
२ बाटोले म दानियेल्लाइ अगाड़ि देखाईयेको दर्शन् पछि देखाईयो। अर्थात्
मैले दर्शन्को बाटोले देख्यें जब मं एलाम् भन्ने जग्गाको शूशन् नांउ भयेको
किल्लामां रहंद थियें तब मैले दर्शन्मां को देख्यें भन्ने मं ऊलै भनीने नदी
३ छेउ रांछु। फेरि मैले आफ्ना आंखा उचाल्येर को देख्यें भन्ने त्यस् नदीको
सांमु दुवटा सींग् भयेको सांढूभेंड़ा उभीइ रह्याको रछ अनि सींग्हरु दुवै
ठुलै ठुला रछन् तर तिनमां येउटा चइं बेसि ठुलो रछ अनि ठुलो चइं पछि
४ उम्रन्येको रछ। अनि मैले त्यस् सांढूभेंड़ालाइ पच्छिउं उत्तर् र दक्खिन्
तिर हान्दै रह्याको देख्यें अनि न कुनै जन्तु त्यसको सांमु ठहर्नु सक्द रछ
अनि न कसैले कसैलाइ त्यसको हात् देखि छोड़ाउंनु सक्द रछ. अनि त्यो
५ आफ्नु इच्छे अनुसार् काम् गर्दै गर्दै बढ़्दै जांद रछ। मं यो कुरो गुन्दे थियें

तब फेरि कन देख्यें भन्ये येउटा बाखाबोका पच्छिउं पट्टि बाटो निस्कि आयो
अनि सिंगै पृथिवी मांथि डुल्दै आयो अनि छिंडदाखेरि भूंइमां गोड़ा
छुवायेन अनि त्येस् बाखाबोकाका आंखाको बीच्मां येउटा हेर्न माफिक्को
सींग् रह्यो। अनि त्यो त्येस् मैंले नदीको सांमु देख्येको दुवटा सींग् हुने ६
सांडूभेंड़ाको छेउमां आयेर त्यो देखि रिसलेंजल्दै आफ्नु पूरो बल्ले जाइ
लाग्यो। अनि मैंले देख्यें त्यो सांडूभेंड़ाको छेउमां गयेर त्यो सित जूभ्नु ७
लाग्यो अनि सांडूभेंड़ालाइ मार्येर त्येस्का दुवै सींग् भांचि दियो अनि
सांडूभेंड़ाको चइं त्यो सित जूभ्नुलाइ कांइ बल् चल्येन . त बाखाबोकाले
त्येस्लाइ भूंइमां लड़ायेर गोड़ाले दल्यो अनि सांडूभेंड़ालाइ त्येस्को हात् देखि
छोड़ाउंन कोई पनि थियेन। तब बाखाबोकाले औधि बड़ाई गर्नु लाग्यो . ८
अनि जब बलिस्ठ भयो तब त्येस्को ठूलो चइं सींग् भांचीयो अनि त्येस्पछि
त्येस्को ठांउमां हेर्न माफिक्का चारवटा सींग् उमर्येर अकाशका चारै
दिशा तिर बढ्नु लाग्ये। फेरि तिनिहरूमांको येउटा सींगको फेद् देखि अरु ९
येउटा सानु सींग् उमर्यो जो दक्खिन् पूर्व र सुन्दर देस् तिर औधिगरि
बढ्यो। अं त्यो स्वर्गको सेनाको बराबर् हुंने सम्मगरि बढि गयो अनि १०
त्यसले सेनामांका र ताराहरूमांका पनि कतिलाइ भूंइमां खसाल्येर गोड़ाले
कुल्च्यो। अं त्यो सेनाको मालिक्को बराबरि हुंने सम्म पनि बढि गयो ११
अनि उस् मालिक्को नित्येको होमबलि पनि दिईयो अनि उस्को पवित्र
बासस्थान् भत्काइ दिईयो। अनि पापको कारणले नित्येको होमबलिदान् १२
सङ्सङै सेना पनि त्येस्को हातमां पारि दिईयो अनि त्येस् सींगले सचेंइ
मांटोमां मिसाइ दियो अनि त्यो चइं आफ्नु इच्छे अनुसार् काम् गरि
गरिकन जिताहा भइगयो। तब मैंले येउटा पवित्र जन्लाइ बोल्दै गर्येको १३
सुन्यें फेरि अर्को येउटा पवित्र जन्ले उस् अघिल्लो बोल्नेलाइ सोध्यो
नित्येको होमबलि र उजार्नु लाउंने अपराधको बिषयमां ज्य ज्य दर्शनमां
देखीयें ति सबै कैले सम्म फलवन्त भइ रहंछन् अर्थात् पवित्रस्थान् र
सेना दुवै दलीनु कैले सम्म होइ रहंछ भनि। उस्ले मंलाइ भन्यो दुइ १४
हजार् र तीन् सै बिहान् र बेलुका न होउंञ्याल् सम्म त्येस् पछि पवित्रस्थान्
शुद्ध गरींछ॥

अनि येसो भयो यो कुरो दर्शनमां देख्येर मं दानियेल् यो बूझ्ने १५
फिक्रि गर्नु लाग्यें त्येस् बेला पुरुषको रूप् लियेको जस्तो एक् जना मेरो सांमु
उभीयेको देखाहा पर्यो। तब मैंले ऊलै नदीको दुवै तीरको बीच् देखि १६
मान्छेको जस्तो शब्द सुन्यें जस्ले कराइ कराइकन भन्द थियो हे गाब्रिएल्
त्येस् मान्छेलाइ त्येस्ले देख्येका कुराको अर्थ बुझाइ दिनु भनि। तब त्यो मं १७
उभीइ रहेको ठांउमां आयो त त्यो आउंदा मं घबरायें र घोप्टो पर्यें .
तब त्येस्ले मंलाइ भन्यो ए मान्छेको छोरो ति देख्येका कुरा बूझ् किनभन्ये
तिनको अर्थ अन्तको समयमां फल्छ। त्येस्ले मं सित बात् गर्दै गर्दा मं १८
भूंइ तिर मोहोंड़ा गरि निधाइ गयें . तर त्येस्ले मंलाइ छुयेर सोझो

१९ उभ्यायो । वहांदेखि मलाइ भन्यो रिस् उठ्ने अन्तको दिन्मां जे हुंछ त्यो
मं तंलाइ भनि दिंछु . किनभन्ये अन्तको ठहरायेको दिन्मां ति सबै पूरा
२० हुंछन् । तैंले देख्येका दुइ सींगेसांढूभेंड़ा मादी र फार्सीहरुका राजाहरु
२१ हुन् । अनि त्यो रऊं भयेको बाख्राबोका यूनान्को राजा हो . अनि त्येका
आंखाहरुको बीच् देखि ठुलो सींग् उम्र्येको थियो त्यो चइं त्येस् राज्को
२२ पहिलो चइं राजा हो । अनि त्यो भांचीयेको सींग्को साटोमां जुन्
चार्वटा सींग् उम्र्येका थिये [यूनानी] लोग् देखि चार् राज्हरु ता
२३ निस्कंछन् तर त्येको नीज् बल्ले होइन । अनि ति राज्हरु टुंगीदैंने
बेलामां जब अपराधीहरु पूरै हुंछन् तब कठोर् नजर् भयेको र अड्कोथ-
२४ पाईको अर्थ बूझ्ने येवटा राजा उठ्छ । अनि त्येको बल् ठुलो ता हुंछ
तर त्येस्को निज् बल्ले होइन अनि त्येले उदेक् रकम् गरि मान्छेहरुलाइ
नास् पार्छ अनि जिताहा भइ भइकन आफ्नु इच्छा पूरो गर्दै जांछ अनि
सामर्थी सामर्थी लोगलाइ र पवित्र पवित्र लोग्हरुलाइ नष्ट पार्छ ।
२५ अनि त्येको चत्र्याईको कारण्ले त्येको छल् सुफल् हुंछ अनि मन्मां फुलीइ
रहंदै निडर् रहि धेरै लोगलाइ नष्ट पार्छ . अं त्यो मालिक्हरुको पनि
मालिक्को बिरुद्धमां पनि उभींछ तर कोई देखि हिर्काई न खाइकन
२६ पनि ओरल्हंछ । अनि बिहान् र बेलुकाको बिषयका सुन्येको दर्शन्
सांचै कुरो ता हो . तर तैंले दर्शन् थुनि राख् किनभन्ये त्यो धेरै दिन्
२७ पछि फल्छ । येति सुन्दा मं दानिय्येल्को बल् गइ गयो अनि अलिक्
दिन् सम्म दुखि रह्यौं तब उठेर फेरि राजाको कामकार्ज्य गर्नु लाग्यें . अनि
दर्शन्को बिषयमां मं छक्क पर्दै रह्यौं तर त्यो बूझाउंने कोई थियेन ॥

९ १ मादी बंशको सयर्षको छोरो दारा जो कल्दीहरुको देस् मांथि
२ राजा ठहराईयो त्येको पहिलो बर्षमां अं त्येको राज्को पहिलो
बर्षमां मं दानिय्येलले शास्त्रको बाटोले यरुशलेमको उजारीयेको गत्
यर्मयाह् अगमबक्ता थांइ आयेको यहवेको बचन् अनसार् दाति बर्ष
बीत्ये पछि पूरो हुंछ अर्थात् सत्तरी बर्ष पछि त्यो गत्को अन्त हुंछ भन्ये
३ कुरो बूझें । त मं आफ्नु मोहोड़ा प्रभु ईश्वर् तिर गरि उपास् बसि
४ भाङ्ग्रा र खरानि लगाइ प्रार्थना र अर्जबिन्ति गर्नु लाग्यें । अं मैले आफ्नु
ईश्वर् यहवे सित पाप्को काएल् हुंदे येसोरि प्रार्थना गर्यें हे प्रभु महा र
डर्लाग्दो ईश्वर् जस्ले तपांइ सङ प्रेम् गर्ने र तपांइका आज्ञा मान्नेहरु
५ सङ नियम् र दया राख्नु हुंद छ हांमिहरुले पाप् गर्यूं अट्टेरैइं
गर्यूं दुष्टैइं गर्यूं अनि झगरा गर्यूं अनि तपांइका अर्थीहरु र नियाबचन्हरु
६ देखि तर्कि गर्यूं . अनि हांमिहरुले तपांइका दास् अगमबक्ताहरुले
हांमिहरुका राजाहरु मालिक्हरु पित्रहरु र देस्का सबै लोग्हरु सित
७ तपांइको नांउले गर्येका कुरा सुन्यूंन । हे प्रभु तपांइ धर्म्मी हुंनु हुंद छ तर
आजुको दिन् हांमिहरुको मोहोड़ालाइ लाज् लाग्द छ अर्थात् तपांइले
तिनिहरुले तपांइ सित गर्येको त्येस् बिश्वासघातको कारण्ले यहूदाका

मान्छेहरु र यरूशलेमका बासीहरु अं को नजिक् बस्ने को टाढ़ो बस्ने
तपांइले तिनिहरुका अप्राधको कारणले बलैले निकालि दियेका सबै
इस्राएलीहरुले लजाउंनुने पर्यको छ। हे यहूवे हांमिहरुले आफ्ना ८
राजाहरु मालिकहरु र पित्रहरु समेतले तपांइको बिरुद्धमां पाप् गर्यूं
येस्कारण् हांमिहरुको मोहोंड़ालाइ लाज् लाग्इ छ। हांमिहरु तपांइ ९
हांमिहरुको ईश्वर् प्रभु देखि फर्कि गयेको भये पनि तपांइ दया र क्षमा
गर्ने हुंनु हुंद छ तपांइ हांमिहरुको ईश्वर् यहूवेका दास् अगमब्क्ता- १०
हरुको बाटोले हांमिहरुलाइ सुनाउंनु भयेको तपांइका ब्यवस्थामां
हांमिहरु हिंडूंरन। अं सबै इस्राएलले पनि तपांइको ब्यवस्था भङ्ग ११
गर्ये अनि तपांइका कुरा न सुनि पर सरि गये. येसैकारणले तपांइ
ईश्वरको दास् मूसाको ब्यवस्थामां लेखीयेको स्राप् हांमिहरु मांथि
पर्यो किनभन्ये हांमिहरुले तपांइको बिरुद्धमां पाप् गर्यूं। त तपांइले १२
हांमिहरुको र हांमिहरुका बिचारीहरुको बिषयमां ज्ये ज्ये बचन् भन्नु
भयेको थियो ति बचन् हांमिहरु मांथि यि बिपत्ति हालि पूरा गर्नु भयो
यहां सम्म गर्नु भयो जस्तो बिपत्ति यरूशलेम् मांथि पर्यो त्यस्तो सिंगै
स्वर्ग मुनि कहीं पर्येन। जस्तो मूसाको ब्यवस्थामां लेख्येको छ त्यस्तै यि १३
सबै बिपत्ति हांमिहरु मांथि पर्ये. रपनि हांमिहरु हांमिहरुको ईश्वर्
यहूवेलाइ मनाउंनुलाइ न ता आफ्ना अधर्म्म देखि फर्क्यूं अनि न
तपांइका सच्चेइंका जानपा भयूं। येस्कारण् यहूवेले बिचारगरि गरिकन १४
हांमिहरु मांथि बिपत्ति हाल्नु भयो. कसोगरिभन्ये हांमिहरुको ईश्वर्
यहूवेले जति काम् गर्द छ तिनमां धर्म्मी हुंद छ तर हांमिहरुले उस्का
कुरा सुन्यूंन। अनि अब हे हांमिहरुको ईश्वर् हे प्रभु तपांइले आफ्नु १५
लोगलाइ मिस्र देश् देखि बलियो हातले निकालि ल्याइ आफ्नु येति
टुलो नांउ गर्नु भयो त्यो आजु सम्म प्रसिद्ध छ तर हांमिहरुले ता पाप्
र दुष्टेइं गर्येका छौं। हे प्रभु हांमिहरुका पाप् र हांमिहरुका पिता १६
पुर्खाहरुको अधर्म्मको कारणले यरूशलेमको र तपांइका लोगका हांम्रा
वरिपरिका सबै लोग् देखि गिल्ला हुंदै छ तैपनि तपांइ आफ्ना सबै
धर्म्मकार्ज्यहरुको कारणमां कृपागरि आफ्नु रिस् र बल्दोरिस् तपांइको
पवित्र पहाड़् तपांइको यरूशलेम् सहर् देखि उतार्नु हवस्। हे हांमिहरुको १७
ईश्वर् आफ्नु दासको प्रार्थना र अर्जबिन्ति सुनि आफ्नु उजारीयेको
पवित्रस्थान् मांथि आफ्नु रूप् चम्काउंनु हवस् प्रभुको लागिले येसो
गर्नु हवस्। हे मेरो ईश्वर् आफ्ना कान् लगायेर सुन्नु हवस् अनि आंखा १८
उघार्येर हांमिहरुको उजारीयेको गत् र तपांइको नांउले भनींने सहर् पनि
हेर्नु हवस्. किनभन्ये हांमिहरु तपांइको सांमु आफ्ना अर्जबिन्ति गर्द छौं
त हांमिहरुका धर्म्मकार्जहरु मांथि भरोसा राखिकन होइन तर तपांइको
बड़ो दया मांथि भरोसा राखिकन गर्द छौं। हे प्रभु सुन्नु हवस् हे प्रभु १९
क्षमा गर्नु हवस्. हे प्रभु ध्यान् दियेर ज्ये गर्नु हुंछ त्यो गर्नु हवस् ढीलो न

गर्नु हवस् हे मेरो ईश्वर् तपांइको सहर् र तपांइको लोग् तपांइको
नांउले भनीयेका छन् येस्कारणले आफ्नै लागि येसो गर्नु हवस् ॥
२० येसोरि मं कुरा गर्दै र प्रार्थना गर्दै अनि आफ्ना र आफ्ना इस्राएली
भाईबन्द्का पापको काएल् हुंदै अनि आफ्नु ईश्वर् यहवेको सांमु आफ्नु
२१ ईश्वर्को पवित्र पहाड्को लागि अर्जबिन्ति गर्दैनै थियें अं मं प्रार्थनामां
कुरा गर्दाखेरिनै त्यो मैंले पहिले दर्शन् मां देख्येको पुरुष् गब्रिएल्ले
छिट्टो उड्ने आज्ञा पायेर सांझको बलिदान् चढाउंने बेलामां मंलाइ
२२ छोयो। अनि मंलाइ जनायेर मं सित बात् गर्न लाग्यो अनि भन्यो ए
२३ दानिय्येल् मं एजे तंलाइ बूझ्मां चंख गराउंनुलाइ आयेको छु। जब
तैंले अर्जबिन्ति गरिस् तब आज्ञा निकल्यो र मं तंलाइ जनाउंनुलाइ
आयेको छु किनभन्ये तं अग्घोर्को प्रिय भइस्. त तैंले त्यो कुरो बूझ्
२४ अनि दर्शन्को अर्थ बूझि ले। तेरा लोग् र तेरो पवित्र सहर्को लागि
सत्तरी साता ठहराईयेका छन् अपराध् थुनीओस् अनि पाप्को अन्त हवस्
अनि अधर्म्मको प्रायश्चित्त गरीओस् अनि जुगन्जुग्को धर्म्मीहुवाई प्रगटो
हवस् अनि दर्शन्का कुरामां र आगम्का कुरामां छाप् मारीओस् अनि
२५ अतिपवित्रको अभिषिक्त गरीओस् भन्ये खातिर्ले। त यो थाहा पा अनि
बूझि ले यरूशलेम् बसालौंने आज्ञा निकलंने बेला देखि अभिषिक्तको[१]
मालिक्को बेला सम्ममां सात् साता बीतछन्. फेरि बासठ् साता बीतदा
२६ चोक् र नालि समेत् त्यो सहर् कष्टको बेलामां फेरि बसालींछ। अनि ति
बासठ् साता बीत्ये पछि अभिषिक्त[१] नष्ट पारींछ अनि त्यस्को हात्मां कोइ
आउंदैन. अनि आउंने मालिक्को प्रजा सहर् र पवित्रस्थान् नष्ट गर्नींदा
त्यस् मालिक्को अन्त येसोरि हुंछ जसोरि नदी बाढिले हुंद छ तैपनि
त्यस्को अन्त समय् सम्म लड़ाइं होइ रहंछ किनभन्ये उजारौंनु निस्सेइ
२७ ठानीयो। अनि त्यस् मालिक्ले एक् साताको लागि धेरै लोग् सित बाचा
ता बांध्छ. तर आधा साता त्येस्ले मिलापबलि र अन्नबलि थुम्छ अनि
घिन्लाग्दो थोक्को पाखामां उजार्ने देखाहा पर्छ अनि निस्से
ठानीयेकोको सत्येनाम् हुंने बेला सम्म रिस् उजार्ने माथि रहि रहंछ ॥
१० १ फारस्को राजा कुरुको तीस्रो वर्षमां बेल्तशस्सर् भनींने
दानिय्येल्लाइ येउटा कुरो देखाईयो अनि त्यो कुरो सांचो छ अर्थात्
बड़ा लड़ाइं हुंछ भन्ये. त त्यो कुरो त्येस्ले बूझ्यो अनि त्यो देख्येको
२ दर्शन्को बूझ् पायो। ति दिनमां मं दानिय्येल् पूरै तीन् साता सम्म शोक्
३ गर्दै रहें। ति तीन् साता पूरा न होउंज्याल् सम्म मैंले न ता मीठो
भान्सा गर्यें अनि न मांसु कि दाखमह मेरो मुख्मां आयो अनि न
४ आफ्नु जीउमां कोइ तेल् लगायें। अनि पहिलो महींनाको चौबीसौं
५ तिथिमां मं हिद्देकेल् भनींने महानदीको तीर्मां थियें तब मैंले

[१] अर्थात् मसीह।

आंखा उचाल्येर क्यै देख्यें भन्ये पाट्वस्त्र लायेको ऊपज् भन्ये देसको
निखरा सुनको पटुका बांध्येको येउटा मान्छे रछ. त्यसको शरीर् फीरोजा ६
जस्तो त्यसको मोहोंडा बिजुलि जस्तो त्यसका आंखा बल्येको बत्ती जस्तो
त्यसका बांहां र गोड़ा चम्कायेको पीतल् जस्तो अनि त्यसको बोलीको सोर्
धुइरीको जस्तो थियो। त्यसलाइ खालि मं दानियेल्ले मात्रै देख्यें अनि ७
मेरा साथीहरूलाइ त्यसको दर्शन् मिल्येन अं तिनिहरू थर्थराये अनि लुकनु
लाइ भागि भागि हिंड़े। त मं एक्लै रहिकन यो ठुलो दर्शन् पाउंदै रह्यें ८
अनि मेरो हंसले ठांउ छाड़्यो. अं मेरो रासोहुवाई नास् भइ गयो अनि
ममां कयइ बल् रह्येन। तैपनि मैंले त्यस् पुरुषको बचनको शब्द ता सुन्यें ९
अनि जब मैंले त्यसको बचनको शब्द सुन्यें तब मं भूइंमां लड़ि अघोर्
नीदमां परि भूइंमा घोप्टा पर्यें। अनि हेर कसैको हात्ले मंलाइ छोयो १०
अनि मंलाइ उठायेर घुड़ा र हत्केलामां बसाल्यो। बहांदेखि त्यसले ११
मंलाइ भन्यो ए दानियेल् ए अति प्रिय पुरुष् ज्ये ज्ये बचन् मं तंलाइ भन्द
छु ति बूझ् अनि सोजो उभो किनभन्ये मं एले तं थांइ पठाईयें. जब त्यसले
मंलाइ यो बचन् कह्यो तब मं उभौंनु ता उभोयें तर कांप्दै रह्यें। फेरि १२
त्यसले मंलाइ भन्यो ए दानियेल् न डरा किनभन्ये जस् दिन् तैंले बिचार्
गर्नु र आफ्नु ईश्वरको सांमु आफूलाइ दीन् तुल्याउंनु तिर मन् लगाइस्
त्यसै दिन् तेरा कुरा सुनीये. अनि मं तेरो कुराको कारणले आयेको छु। तर १३
फारस् राजको मालिक् एकाइस् दिन् सम्म मं संङ लड़ाइं गर्दै रह्यो तर
मूल् मालिकहरूमांको मीखायेल् मेरो गोहारको लागि आयो. येसो
भयेको कारणले फारसका राजाहरूकां रहंन मेरो खांचो भयेन। अब मं १४
तंलाइ जनाउंनु आयेको छु अर्थात् अन्तका दिनमां तेरा लोगको गत् कस्तो
हुंछ भन्य. किनभन्य त्यो दर्शन् धेरै दिन् पछि पूरा हुंछ। त्यस् मान्छेले १५
येति कुरा भनि सकदा मं घोप्टो पर्येर चुप् रह्यें। तब मान्छेका १६
छोराहरूमांको जस्तो कोई मान्छेले मेरो ओंठ् छोयो. त मं मुख् उघार्येर
बोल्नु लाग्यें अनि मेरो सांमु उभोइ रहंनेलाइ भन्यें हे मेरा प्रभु दर्शनको
कारणले मंलाइ पीरा जस्तो उठ्यको छ अनि ममां कयइ पनि बल् छैन।
त मं तपांइ मेरो प्रभुको दासले तपांइ मेरा प्रभु सित कसोगरि कुरा गर्नु १७
सकुं. तब देखि न ता मेरो जीउमां बल् छ अनि न कयइ सास्। तब मान्छे १८
जस्तो कसैले मंलाइ छोयेर मेरो साहस् बढ़ायो। अनि मंलाइ भन्यो ए १९
अति प्रिय पुरुष् न डरा. तंलाइ शान्ति मिलोस् तं आंटीलो हो अनि
हूप् बान्ध्। जब त्यसले येसो भन्यो तब मैंले हूप् बांधिकन भन्यें हे मेरा
प्रभु अब भन्नु हवस् किनभन्ये तपांइले मंलाइ आंट् दिंनु भयो। त्यसले २०
भन्यो मं किन तं थांइ आयें त्यो कय तं जान्द छस् अब मं फारसको
मालिक् सित लड़ाइं गर्नुलाइ फर्कंछु अनि जब मं निस्कंछु तब यूनान्को
मालिक् आउंछ। तैपनि सांचा कुराले भरीयेको पोस्तकमां ज्ये ज्ये कुरा २१
लेखीयेका छन् ति मं तंलाइ कहंछु. अनि ति मालिकहरूको बिरुद्धमां

तिमिहरुको मालिक् मीखायेल् छाड़ि मं संग स्थिर् रहंने कोई पनि छैन ।
११ १ अनि दारा भनींने मादीराजाको पहिलो वर्षमां त्येसलाइ छूप्
बंधाउंनुको लागि र बल् दिंनुको लागि मंनै उभीयेको थियें ॥
२ अनि अब मं तंलाइ सांचो कुरो देखाउंछु । फारसको राजमां अब
अरु तीन् राजाहरु उदय् हुंछन् अनि चौथो राजा तिनिहरु सबै भन्दा
बेसि धनाढ्य हुंछ अनि जब त्यो धनको कारणले सामर्थी हुंछ तब
३ सबैलाइ यूनान्को राज्को विरुद्धमां उचालछ । त्येस् पछि येउटा पराक्रमी
राजाले उदायेर आफ्नु राज् धेरै बढ़ाउंछ अनि आफ्नु इच्छे अनसार्
४ गर्छ । जब त्यो बड़ा हुंछ तब त्येसको राज् टूटछ अनि चारै तिर बांड़ीयेर
अलग् अलग् हुंछ अनि न ता त्येसको राज्लाइ अगाड़िको जस्तो शक्ति
रहंछ न त्येसको वंशलाइ कोइ मिलछ कसोगरिभन्ये त्येसको राज् उखेलीयेर
५ तिनलाइ छोड़ेर अरु लोगको हात्मां पर्छ । तब दक्खिन् देसको राज्ले
येउटा आफ्नु खटायेको मालिक् समेत्ले बल् समातछ अं त्यो त्येस् देखि
६ बल् पाइ प्रभुतेइँ गर्छ अं त्येसको प्रभुतेइँ ठुलो हुंछ । अनि कत्ति वर्ष बीत्ये
पछि ति दुवैं आपसमां मिलछन् अनि दक्खिन् देसको राजाको छोरी उत्तर्
देसको राजा सित सांचो बाचा बांधनुलाइ ता आउंछे. तर न ता त्येसको
पाखुराको बल् ठहर्छ अनि न त्यो न त्येसको पाखुरा ठहर्छ तर त्यो
आइमाइ त्येसलाइ पुर्याउंने र जन्माउंने र ति दिनमां त्येसलाइ संभालने
७ समेत् मांथि बलजबत् गरींछ । फेरि त्येसको कुलमां कोइ जन्मंछ अनि
त्येसको ठांउमां बिराजमान् भइकन पल्टन् समेत् उत्तरको राजाको
किल्लामां पस्छ अनि त्यहांका लोग् सित लड़ाइँ गरि जिताहा हुंछ.
८ वहांदेखि त्येस्ले तिनिहरुका देवताहरुका ढाल्येका मूर्त्तिहरु र सुन्
चांदीका मनपर्दा मनपर्दा भांड़ाबर्तनहरु खोसेर मिस्रमां लैजांछ त्येस्
पछि त्यो अलिक् वर्ष सम्म उत्तर् देसको राजालाइ सताउंनु देखि हात्
९ थामि बस्छ । तब त्यो दक्खिन् देसको राजाको राज्मां आउंनु ता आउंछ
१० तर फेरि आफ्नै देस्मां फर्कि जांछ । तब त्येसका छोराहरुले झगरा निकालि
ठुला ठुला दल् जमाउंछन् तब त्यो उर्लहंने महानदी झैं आइ देसको
बीच् देखि छिरि जांछ अनि फेरि फर्कंदै आफ्नु किल्ला सम्म झगरा उठाउंदै
११ जांछ । त दक्खिन् देसको राजा रिसले मर्छ येकारण् निसकेर त्येस् उत्तर्
देसको राजा सित लड़ाइँ गर्छ . अनि त्येस् चइं राजाले लड्नुको लागि
ठुलो धुइरो जमाउंनु ता जमाउंछ तर त्यो धुइरो त्येसका (सत्तुर्को)
१२ हात्मां पारि दिइँछ । त्येस् धुइरोलाइ पर सार्ये पछि त्येसको मन् फुलींछ.
वहांदेखि त्येस्ले लड़ाउंनु ता लाखौंलाइ लड़ाउंछ तैपनि जिताहा हुंदैन ।
१३ कसोगरिभन्ये उत्तर् देसको राजाले फर्केर अघिल्लो भन्दा पनि ठुलो धुइरो
जमाउंछ अनि कत्ति दिन् अं वर्ष वर्ष बीत्ये पछि त्यो अबस्से ठुलो पल्टन्
१४ र धन् लियेर आउंछ । अनि ति दिनमां धेरै मान्छेहरु दक्खिन् देसको
राजाको बिरुद्धमां उठछन् . अं तेरा लोग्मांका बल्लिया बल्लियाहरु उठि

उभींछन् त्यो दर्शन्को कुरो पूरो हुंनुको लागि तर तिनिहरु ठोकर् खायेर
लडूछन्। त उत्तर् देस्को राजाले गाड़ बनाउंछ अनि बलियो बलियो १५
सहर् लिहाल्छ. अनि दक्खिन् देस्का न ता मालिक्हरु उभीइ रहंनु सक्द
छन् अनि न तुला तुला बीर्को न कसैको उभीइ रहंने बल् हुंछ। तर जो १६
तिनिहरुको बिरुद्धमां आउंछ त्येस्ले आफ्नु इच्छे पुरो गर्छ अनि त्यो सङ्
लड़ाइं गर्नु सक्ने कोई रहंदैन. अं त्यो प्रसिद्ध नासक् भइ मूल् देस्मां
पनि उभींनु सक्छ। तब त्यो आफ्नु राज्को पूरो बल् समेत् कत्ति कति १७
सोधासाधा लोगलाइ साथ लिइ आउंनु तियार् हुंछ अनि आफ्नु इच्छे
अनुसार् काम् गर्नुलाइ तियार् हुंछ. अनि त्येस्लाइ येउटी स्त्री दिइंछ त्यो
बिगारींनुलाइ तर त्यो स्थिर् रहंदीन अनि न त्येस्को हुंछे। येस् पछि त्येस्ले १८
द्वीप् तिर मोहोंड़ा फर्कायेर धेरैलाइ लिंछ. तर त्येस्ले गर्येको गिल्ला येउटा
मालिक्ले धुन्छ अं उल्टायेर त्येसैको सिर् माथि लगाइ दिंछ। तब त्येस्ले १९
आफ्नु देस्का किल्लाहरु तिर आफ्नु मोहोंड़ा फर्काउंछ. तर त्यो त्यहां
ठोकर् खायेर लडूछ अनि त्येस्को चिंनु पनि कहीं रहंदैन। तब त्येस्को ठांउमां २०
येउटा येस्तो कोई उठ्छ जस्ले मूल् राज्लाइ बलैले फर्काइ पठाउंछ. तर
अलिक् दिन् बित्ये पछि त्यो रिस न गरिकन कि लड़ाइंने न गरिकन नष्ट
हुंछ। फेरि त्येस्को ठांउमां येउटा तुच्छ मान्छे उठ्छ जस्को राज्मान् पहिले २१
भयेन. तैपनि त्येस्ले कुशल्को बेलामां आयेर चिप्लाचाप्ला कुराले राज्
प्राप्त गर्छ। तब त्येस्का पाखुरंबल्ले त्येस्को सांमु देखि बाढ़ी बहि गयेका २२
जस्ता हुंछन् तर बाचाको मालिक् पनि नष्ट हुंछ। कसोगरिभन्ये त्येस्ले त्यो २३
सङ बाचा बांधछ र पनि छल् गर्छ. अनि थोरै लोगलाइ साथ लिइ जाइ
लागि जिताहा हुंछ। कुशल् भयेको बेलामां खाका सबै भन्दा अस्सल् २४
अस्सल् ठांउहुंदो जाइ लाग्छ वहांदेखि त्येस्ले त्यो काम् गर्छ जो न
त्येस्को बाबुले न त्येस्को बराज्युले गर्येको थियो अनि लूटेरका खोस्येका
धन्सम्पत्ति आफ्ना लोगमां बांडूने गर्छ. अनि कत्ति बेला सम्म बलिया
सहर्हरु लिंने इच्छे गर्छ। तब त्येस्ले दक्खिन् देस्को राजाको बिरुद्धमां २५
बल् गर्छ अनि हूप् बांधछ तब दक्खिन् देस्को राजाले अग्घोर् तुलो
पल्टन् लियेर लड़ाइं गर्छ. तर ठहदन कसोगरिभन्ये तिनिहरुले त्येस्को
बिरुद्धमां जुक्ति गर्छन्। अं त्येसैको थाल्मां खांनेहरुले त्येस्लाइ हार्नु २६
लाउंछन् अनि त्येस्को पल्टन् बाढि झैं जाइ लाग्छन् र पनि त्येस्का धेरै
लोग् लडूछन्। तब ति दुवै राजाहरुको मन् बुराइ गर्नुमां लाग्छ यहां २७
सम्म लाग्छ तिनिहरु एकै थाल्मां खांनु बस्छन् र पनि आपसमां
झूठ् बोल्छन्. अनि त्येस्को कारणले केइ बनौंदैन कसोगरिभन्ये यि सबै
कुराको अन्त खटन् भयेकै बेलामां हुंछ। तब तुलो लूट् लियेर त्यो आफ्नु २८
देस्मां फर्कंछ अनि पवित्र बाचाको बिरुद्धमां उठ्छ येसोरि आफ्नु इच्छे
पूरो गरि आफ्नु देस्मां फर्कि जांछ। ठहराइयेको बेलामां त्यो फेरि २९
दक्खिन् देस् तिर जांछ तर अगाड़ि झैं येस् पछिल्लो खेप्मां हुंदैन।

३० कसोगरिभन्ये कित्तीमका जहाजहरु त्यसको बिरुद्धमां आउंछन् येसकारण
त्यो उदास् भइ फर्कंछ अनि त्यस् पवित्र बाचा देखि फर्कि आफ्नु इच्छे
पूरो गर्छ. अं त्यसले फर्केर पवित्र बाचा छिनाल्नेहरुको हेर्चाहा गर्छ।
३१ तब त्यसका हतियार् भियेका गोहारेहरुले उठेर पवित्रस्थान् अं किल्ला पनि
अपवित्र गर्छन् अनि नित्यको [बलिदान्] थुनछन् अनि उजार्ने घिनलाग्दो
३२ थोक् उभ्याउंछन्। अनि दुष्ट भइकन त्यो बाचा छिनाल्नेहरुलाइ त्यसले
चिप्लाचाप्ला कुरा गरिकन भक्तिहीन् गराउंछ. तर ईश्वर्को ज्ञान् राख्नेहरुले
३३ चइं ता हूप् बांधि बांधिकन ठुला ठुला काम् गर्छन्। अनि मान्छेहरुलाइ
सिकाउंनेहरुले धेरैलाइ चेताउंछन्. तर धेरै दिन् सम्म दुक्ख पाइ
रहंछन् तरवार्ले छेड़ींदै र आगोमां डड़ाइंदै र बन्धुवा हुंदै र लूटींदै।
३४ जब तिनिहरु पर्छन् तब अलि अलि थामींछन् तर धेरै जना चिप्लाचाप्ला
३५ कुरा गरि गरिकन तिनिहरु सित मिसींछन्। अनि सिकाउंनेहरुमांको
कत्ति ता जांचानुको लागि लड्छन् चोक्खो र पवित्र होउन् भन्येर येस्तो
गत् अन्तको दिन् सम्म रहि रहंछ. कसोगरिभन्ये यि सबैका अन्त
३६ ठहराईयेको बेलामांनै हुंछ। त त्यो राजाले आफ्नु इच्छे अनुसार् काम्
गर्छ अनि सबै देवताहरु मांथि अलगो र बड़ा हुंछ अं सबै देवताहरुको
जुन् ईश्वर् छ उसको बिरुद्धमां उदेक् उदेकका कुरा गर्छ. अनि जब सम्म
रिस् शान्त हुंदैन तब सम्म त्यस् [राजा] को काम् सुफल् हुंछ कसोगरिभन्य
३७ जे जे सांचि सांचि ठानायेको छ तब सम्म मांचि मांचिनै हुंछ। फेरि
त्यसले आफ्ना पुर्खाहरुका देवताहरुको पनि फिक्रि गर्दैन अनि न ता
स्वास्नाहरुको प्रितिको फिक्रि गर्छ न कुनै देवताको. तर त्यो आफैं सबै
३८ मांथि बड़ा हुंछ। तर त्यो आफ्नु राज्को मान्मां स्थिर रहिकन बलिया
किल्लाहरुको देवताको मान् गर्छ. अर्थात् त्यसका पितापुर्खाहरुले न
चिन्येको एक् देवतालाइ सुन् चांदी मणि र अरु अरु मनपर्दो थोक्
३९ चढ़ाइकन मान् गर्छ। अनि त्यसले त्यस् बिरानु देवताको गोहार्ले अघोर्
बलिया बलिया किल्लाहरु सित लड़ाइं गर्छ अनि त्यसले त्यसलाइ मान्नेलाइ
ठुलो मान् दिंछ अनि त्यस्ताहरुलाइ धेरै मांथिको मालिकइ दिंछ
४० अनि आफ्नु नाफाको लागि आफ्नु देसको जग्गा बांड़ि दिंछ। अन्तका
दिनमां दक्खिन् देसको राजाले त्यसलाइ सींग्ले हान्छ तर उत्तर् देसको
राजा त्यस् मांथि आंधी झैं अर्थात् धेरै धेरै रथ् सवार् र जहाज् साथ
लिइ आइ लाग्छ अनि त्यो धेरै देस्मां फिजींछ अनि येसोरि निक्लि
४१ जांछ। अं त्यो मूल् देस्मां पनि आउंछ अनि धेरै देस् उजार् हुंछ तर यि
लोगका मान्छेहरु अर्थात् एदोमी मोआबी र मूल् मूल् अम्मोनबंशीहरु
४२ पनि त्यसको हात् देखि बांच्छन्। येसोरि त्यसले कत्ति देस्मां हात् पसार्छ.
४३ अनि मिस्र देस् चइं बांच्दैन। तर त्यो मिस्रमांका सुन् चांदीका भंड़ार् र
सबै मनपर्दो मनपर्दो थोकको धनी होइ जांछ. अनि लूबी र कूशीहरु पनि
४४ त्यसको पछि पछि लाग्छन्। तर त्यस् समय्मां त्यो पूर्ब र उत्तर् दिशा देखि

समाचार् सुन्येर डराउंछ . वहांदेखि बिघ्न रिसले भरीयेर धेरैलाइ खापित्
ठान्येर भाकल् गर्येको थोक् जानि नाश् पार्नुलाइ निक्लंछ। अनि त्येसले ४५
समुन्द्र र मूल् पवित्र पर्व्वतको बीच्मां आफ्नु राजाब्लि पाल् टांगछ तर
त्येसो गर्येकैमां त्येसको अन्त आइ हाल्छ अनि त्येसको गोहारे कोई हुंदैन।
त्येस् बेलामां तेरा लोगको पन् पक्षलाइ उभींने मूल् मालिक् मीखायेल् १२ १
उभींछ . तब येस्तो संकट्को बेला हुंछ त्येस्तो ता कुनै लोग् उत्पन्न भयेको
बेला देखि अब सम्म भयेको छैन होला . तर त्येस् बेलामां तेरा लोग्
अर्थात् जत्तिको नांउ पोस्तक्मां लेखीयेका छन् तिनिहरु चइं बांच्छन्। २
अनि भूमिको धूलोमां सुत्येकाहरुमांका धेरै लोग् जागि उठ्छन् कत्ति चइं
अनन्त जीवन्को लागि अनि कत्ति चइं निन्दा र अनन्त अग्घोर्
घिन्लाग्दा ठहरींनुको लागि बौरि उठ्छन्। तब सिकाउंनेहरुको चमक् ३
आकाशमण्डल्को जस्तो हुंछ अनि धेरैलाइ धर्म्मी तुल्याउंनेहरु सदा सर्व्वदा
ताराहरु झैं चम्कि रहंछन्। अनि ए दानिय्येल् यि बचन् तैंले अन्त ४
समय् सम्म थुनि राख् अनि येस् पोस्तक्मां छाप् लगाइ राख् . अं धेरै
जनाले दूड्लाई गर्छन् अनि ज्ञान् पनि बढ्छ ॥
तब मं दानिय्येलले हेरि क्यं देख्यें भन्ये अरु दुइ जना मान्छे उभीइ ५
रह्येका राछन् एक् जना महानदीको येस् तीरमां अनि अर्को चइं
महानदीको उस् तीरमां। तब पाट्कपराको लुगा लगाइ महानदीको ६
पानी मांथि उभीइ रहंनेलाइ [ति दुइ पुरुषमांको] येउटाले सोध्यो यि
आश्चर्य्यकर्म्महरुको अन्त कैले सम्ममां हुंछ। तब पाट्कपरा लगाइ ७
महानदीको पानी मांथि उभीइ रहंनले मंले सुन्नेगरि दाहींनो बाउं दुवै
हात् स्वर्ग तिर उठाइ सदा जीइ रहंनेको किरिया खाइकन भन्यो यो गन्
एक् समय् दुइ समय् र आधा समय् सम्म रहंछ अनि जब पवित्र प्रजाको
शक्ति छिनालौंदै छिनि सक्छ तब यि सबै कुरा पूरा हुंछन्। यि कुरा मं सुन्नु ८
ता सुन्द थियें तर केइ पनि बुझींन . तब मंले भन्यें हे मेरा प्रभु यि कुराको
अन्तफल् के हुंछ। त्येसले भन्यो ए दानिय्येल् आफ्नु बाटो समात् . ९
किनभन्ये यि कुरा अन्तसमय्को लागि थुनीयेका छन् अनि यिनमां छाप्
लगाईयेको छ। धेरै लोगले आफु आफुलाइ चोखो र उज्याला तुल्याउंछन् १०
अनि चोक्खो होइ जांछन् तर दुष्टहरु दुष्टेइंनै गर्दै रहंछन् अनि दुष्टमांका
कत्तिले ता यि कुरा बूझ्देनन् . तर सिकाउंनेहरुले बूझ्छन्। अनि जब ११
देखि नित्यको बलिदान् उठाइंछ अनि उजाने घिन्लाग्दो थोक् स्थापित्
गरींछ तब देखि बारह् सै नब्बे दिन् बीतछन्। त्यो क्य धन्नको हुंछ जो १२
धीरज् धरि धरिकन तेरह् सै र पैंतीस् दिन्को अन्त सम्म पनि पुग्छ।
त तं गयेर अन्त सम्म बसि रह् . किनभन्ये तं बिश्राम् गर्दै रहंछस् अनि १३
ति दिनको अन्तमां आफ्नु निज् भागमां उभींछस् ॥

होशेअ ।

१ १ यहूदाका राजाहरु उज्जियाह् योताम् आहाज् र हिज्कियाह्
अनि इस्राएल्को राजा योआश्को छोरो यारोबाम्का दिनमां यह्वेको
बचन् बेरीको छोरो होशेअकां आयो ॥
२ जब यह्वेले पहिले होशेअको बाटोले बात् गर्‍यो तब यह्वेले
होशेअलाइ भन्यो गयेर येउटी बेश्य हुंने स्वास्नी र बेश्यगमन्को सन्तान्
लाइ ले . किनभन्ये येस् देस्ले यह्वेलाइ पछ्याउंनु छोड़ि बेश्यको जस्तो
३ काम् गर्नु लाग्यो । त त्यस्ले गयेर दिब्लैम्को छोरी गोमेर्लाइ ल्यायो त
४ त्यस्ले गर्भिणी भयेर येउठा छोरो जन्माई । तब यह्वेले त्यस्लाइ भन्यो त्यसको
नांउ यिज्रेल् राख् किनभन्ये थोरै समयमां मं येहूको जहान्लाइ यिज्रेल्को
रगत् बहायेकोको दण्ड दिंछु अनि इस्राएल्को जहान्को राज्को अन्त
५ गराइ दिंछु । अनि त्यस् बेलामां येसो हुंछ मं यिज्रेल्को तरिमां
६ इस्राएल्को धनु भांचि दिंछु । येस् पछि त्यस् आइमाइले फेरि गर्भिणी
भयेर येउटी छोरी जन्माई । तब [यह्वेले] त्यस्लाइ भन्यो त्यसको नांउ
लोरुहामा[1] राख् . किनभन्ये मं इस्राएल्का जहान् मांथि फेरि फेरि दया
७ गरि तिनिहरुको अपराध् कोईपरिले पनि क्षमा गर्दीं न । तर मं यहूदाको
जहान् मांथि ता दया गर्छु अनि तिनको उद्धार् गर्छु . अनि मं
तिनिहरुलाइ धनु कि तरवार् कि लड़ाइं कि घोड़ा कि त्रुक्सवार्को
बाटोले होइन तर मं तिनिहरुको ईश्वर् यह्वे हुंनाले आफ्नै पट्टि बाटो
८ तिनको उद्धार् गर्छु । जब त्यस् आइमाइले लोरुहामाको दुद् छोड़ाई तब
९ त्यस्ले फेरि गर्भिणी भयेर अरु येउटा छोरो जन्माई । तब यह्वेले भन्यो
त्यसको नांउ लोअम्मी[2] राख् . किनभन्ये तिमिहरु मेरा लोग् हौन अनि
न मं तिमिहरुको [ईश्वर्] हुंछु ॥
१० तैपनि इस्राएल्वंशीहरुको गन्ति समुन्द्रको बालुवाका कनिका सरि
होइ जांछ जो गन्नु जोख्नु सकींदैन अनि येसो हुंछ तिमिहरु मेरा लोग्
११ हौन भन्येको ठांउमां तिमिहरु जीउंदो ईश्वर्का पुत्रहरु भनींछौ । तब
यहूदावंशी र इस्राएल्वंशी दुवै भेला भयेर आफ्नु येउटा मालिक्
खटायेर देस् देखि जाइ जांछन् . कसोगरिभन्ये यिज्रेल्को दिन् अगघोर्
२ १ प्रसिद्ध दिन् हुंछ । त तिमिहरुले आफ्ना भाईहरुलाइ अम्मी[3] र
आफ्नी बैंनीहरुलाइ रुहामा[4] भन्नु लाग ॥

[1] अर्थात् दया न भयेको ।
[2] अर्थात् मेरो लोग् होइन ।
[3] अर्थात् मेरो लोग् ।
[4] दया पायेको ।

आफ्नी आंमा सित विवाद् गर् विवाद् गर् किनभन्ये त्यो मेरी २
स्वास्नी होइन अनि न मं त्येको लोग्ने हुं . त्येस्ले आफ्नु मुख् आफ्ना
वेसनी देखि र व्यभिचार्‌हरु आफ्ना हुत्‌हरुको बीच् देखि अलग् गरोस्
नहौं ता मं त्येका लुगाहरु काड़ेरर त्येस्लाइ त्यो जन्म्येको दिन् जस्तो नांगो ३
पार्कु अनि त्येस्लाइ वन् अं विना पांनीको देस् जस्तो पार्कु अनि त्येस्लाइ
तिर्षाले मांर्कु अं त्येस्का छोराछोरी मांथि पनि कोइ दया गर्दीन ४
किनभन्ये तिनिहरु वेश्येगमन्‌का सन्तान् हुन्। किनभन्ये तिनिहरुको ५
आंमाले लकुवारेइं गरी . जस्को गर्भमां तिनिहरु पर्‍ये त्येस्ले लाज्‌को काम्
गरी . अनि त्येस्ले भनी मं आफ्ना नाठाहरुलाइ पछ्याउंकु जस्ले मंलाइ मेरा
खांने अन्न पीउंने पानी र ऊण् कपास् तेल् र मद्य दिंद छन्। येस्कारण् ६
हेर मं त्येस्को बाटो कांड़ाले थुन्कु त येसोरि त्येस्ले बाटो पाउंदीन। अनि ७
त्येस्ले आफ्ना नाठाहरुलाइ खेद्छे तर भेट्‌दीन अनि तिनिहरुलाइ खोज्छे
र पनि पाउंदीन . तव त्येस्ले भन्छे मं आफ्नै पहिलो लोग्नेकां जांकु
किनभन्ये उस् वेला मेरो गत् आजकाल्‌को भन्दा जाति थियो। अन्न ८
दाखमद्द र तेल् दिंने उइ थियो भनि त्येस्ले जान्दीन अनि वाल् देवताको
काम्‌मां लगायेका सुन् चांदी उसैले वढ़ाइ दियेको थियो भनि पनि।
येस्कारण् मं अन्नको ऋतुमां आफ्नु अन्न र दाखमद्द हुंने वेलामां आफ्नु ९
दाखमद्द फेरि लांकु अनि आफ्नु ऊण् र कपास् पनि खोसि लैजांकु
ज्येले त्येस्ले आफ्नु जीउ ढाक्द छे। अनि अव मं त्येस्का नाठाहरुको सांमु १०
त्येस्को लाज् उघार्कुं अनि त्येस्लाइ मेरो हात् देखि कसैले छोड़ाउंदैन।
अनि मं त्येस्का चाड् दुतिया र विश्राम्‌का दिन् सबै ठहरायेका वेलाहरुका ११
रमाहट्‌हरु उठाइ दिंकु। अनि मेरा नाठाहरु र मेरो प्राप्तीमां दियेकाहरु १२
यि हुन् भन्येका त्येस्का दाखका बोट्‌हरु र नेभाराका रुख्‌हरु विगारि
दिंकु . मं ति वनै वन् पार्कु अनि वन्‌जन्तुले ति खांछन्। अनि त्येस्ले १३
वाल् देवताहरुको लागि धूप् हाल्येको दिन् जव त्यो नत्थ र हारि लगायेर
आफ्ना नाठाहरु पछि पछि गइ मंलाइ विर्सि रहंद थिई ति दिनको दण्ड
मं त्येस्लाइ दिंकु यहवेको येइ वाणी छ। येस्कारण् हेर् मं त्येस्लाइ फकायेर १४
त्येस्लाइ वन्‌मां लग्येर वहां त्यो सित हिर्दयमां पस्ने कुरा गर्कु। वहांदेखि १५
मं त्येस्लाइ दाखको बोट् उहीं दिंकु अनि आकोर्‌को[१] व्यांसिलाइ आशा
उपजने दैलो जस्तो पारि दिंकु . अनि वहां त्येस्ले उत्तर् दिंछे जस्तो आफ्नु
जोभान्‌मां अर्थात् मिस्र देस् देखि आयेको वेलामां गर्दै थिई। त १६
यहवेको यो वाणी छ त्येस् वेलामां तैंले मंलाइ वालो[१] भन्दीनस् ईशौने[२]
भन्छेस्। कसोगरिभन्ये मं वाल् देवताहरुको नांउ त्येस्को मुख् देखि १७

[१] अर्थात् दुख् दिंने।
[१] अर्थात् मेरो स्वामी।
[२] अर्थात् मेरो लोग्ने।

निकालि दिंकु त तिनिहरुको सम्झना नांउ काढ़िकन अरु रहंदैन।
१८ अनि त्यस् बेलामां तिनिहरुको लागि मं बनपशुहरु र अकाशका
पंषीहरु र भूइंमां बगिहिंडूने जन्तुहरु सित बाचा बांधकु . अनि मं
धनु र तरवार् भांचिकन तिनको देस् देखि लड़ाइँ दूर् गरि दिंकु अनि
१९ तिनिहरुलाइ बिना डर् सुतने गराउंकु। अनि मं तंलाइ सधैंको लागि
आफ्नी स्वास्नी तुल्याउंनुको लागि मगंनी गर्कु अनि यो मगंनीको करहार्
२० धर्म्म र निया र टिठाई र दया सित गर्कु। अनि मं सच्चेइँ सित तंलाइ
आफ्नी स्वास्नी तुल्याउंने मंगनीको करहार् गर्कु पनि अनि तैंले यहवेको
२१ ज्ञान् पाउंछेस्। अनि यहवेको यो बाणी छ त्यस् बेलामां यसो हुंछ
मं उत्तर् दिंकु मं अकाशलाइ उत्तर् दिंकु अनि त्यस्ले पृथिवीलाइ उत्तर्
२२ दिंछ अनि पृथिवीले अन्न नया दाखमद्द र तेललाइ उत्तर् दिंछ अनि
२३ तिनिहरुले यिज्रेलुलाइ[१] उत्तर् दिंछन्। अनि मं त्यस् आइमाइलाइ बिउ
जस्तो त्यसैको देसमां छर्कु अनि जस् मांथि दया भयेन[२] त्यस् मांथि दया
गर्कु अनि जो लोग् होइन[३] तिनिहरुलाइ भन्कु तं मेरो लोग् होस् भनि
अनि त्यस्ले भन्छ हे मेरो ईश्वर्॥

३ १ फेरि यहवेले मंलाइ भन्यो अब गयेर येस् आइमाइ सित पिर्ति गर्
जो व्यभिचारीणी छ र पनि त्यो त्यसका प्याराहरुकी प्यारी हवस् . किनभन्ये
ठीक् त्यइपरिले इस्राएलबंशीहरु पराय् देवताहरु-पट्टि फर्कंद छन् अनि
दाखका भकना सित पिर्ति राखद छन् तैपनि यहवेले तिनिहरु सित प्रेम्
२ राखद छ। त मैंले येस् आइमाइलाइ पन्द्रहवटा टुका चांदी र एक् र
३ आधि होमेर् जउ दियेर किन्यें . वहांदेखि मैंले त्यस्लाइ भन्यें धेरै दिन्
सम्म तं मेरो लागि रहि रह् अनि न ता लछुवारेइँ कर्म्म गर्येस् अनि न
४ कसै लोग्नेकी स्वास्नी भयेस् . अनि मं पनि तेरो लागि येस्तै रहंकु भनि।
येसपरिले इस्राएलबंशीहरु धेरै दिन् सम्म बिना राजा बिना मालिक्
५ बिना बेदि बिना मुढ़का र बिना एपोद् कि घरदेव् रहि रहंछन् . त्यस्
पछि इस्राएलबंशीहरुले तिनिहरुका ईश्वर् यहवेलाइ र तिनिहरुका राजा
दाऊदलाइ फेरि खोजनु लागछन् अनि अन्तका दिनमां यहवेमां र उस्ले
गर्येको भलाईमां भागी हुंनुलाइ कांम्दै आउंछन्॥

४ १ हे इस्राएलबंशीहरु हो यहवेको बचन् सुन . यो न कोइ सच्चेइँ अनि
न कोइ करुणा न ईश्वरको ज्ञान् भयेको देस् छ येस्कारण येस्का बासीहरु
२ सित यहवेको मामला छ। [त्यस्मां] स्राप् दिंनु झूठ् बोलनु हत्या गर्नु चोर्नु
व्यभिचार् गर्नु बाहिक् अरु कोइ हुंदैन तिनिहरु निक्ले गये अनि रगत्ले

[१] अर्थात् ईश्वरले जो छर्ट छ।

[२] इब्रानीमा लोरुहामा । १; ६ हेर ।

[३] इब्रानीमा लोअम्मी । १; ९ हेर ।

रगत् छुंद छ। येस्कारण् येस् देस्ले बिलाप् गर्छ अनि बन्का जीवाजन्तु र ३
अकाश्का पंषी समेत् त्यस्का सबै बासीहरू अोइल्हि जांछन अं समुन्द्रका
माछ्काहरू पनि नष्ट होइ जांछन्। तेपनि कसैले बाद्बिबाद् न गरोस् न ४
कसैले दोष् देवस् किनभन्ये तेरा लोग् पूजाहारीहरू सित बिबाद् गर्नेहरू
जस्ता छन्। त तैंले दिउंसो ठक्कर् खांछस् अनि राति तं सङ्ग अगमबक्ताले ५
ठोकर् खांछन् अनि म तेरी आमालाइ नष्ट पार्छु। मेरो लोग् ज्ञान् ६
न भयेको कारणले नष्ट भयो. तैंले ज्ञान् आफालिस् येस्कारण् म तंलाइ
तं पूजाहारी रहनु देखि आफाल्छु. अनि तैंले तेरो ईश्वर्को ब्यवस्था
बिर्सिस् येस्कारण् म पनि तेरा छोराछोरीहरूलाइ बिर्सछु। जति जति ७
तिनिहरू बढ़्दै गये त्यति त्यति तिनिहरूले मेरो बिरुद्धमां पाप् पनि गर्दै
गये. म तिनिहरूको मान् अमान् गराउंछु। तिनिहरू मेरा प्रजाका ८
पाप् खांदै तिनिहरूले दोषी हुंन इच्छा गर्दै छन्। त येसो हुंछ जस्तो ९
प्रजा त्यस्तै पूजाहारी अनि म तिनिहरूका चाल्चलन्को दण्ड दिंछु अनि
तिनिहरूलाइ तिनिहरूका कर्म्मको साटो दिंछु। त तिनिहरूले खांनु ता १०
खांछन् तर अघाउंदैनन् तिनिहरूले बेश्यगमन् ता गर्छन् तर बढ़्दैनन्.
किनभन्ये तिनिहरूले यहवे तिर मन् लाउनु छोड़ि दिये। बेश्यगमन् ११
गर्येको अनि पुरानु र नया दुबै दाखमह खायेकोले बुद्धि भरष्ट पार्दै छ।
मेरो प्रजाले आफ्ना काठ्का मूर्त्तिहरू देखि सोधनी गर्दै छन् अनि १२
तिनिहरूको लउराले साइत् हेर्दै छन्. किनभन्ये बेश्यगमन् गराउंने
आत्माले तिनिहरूलाइ भमायो अनि तिनिहरूले तिनिहरूको ईश्वर्को
ताबिमां हुंनु छोड़िकन ब्यभिचार् झैं गर्दै छन्। तिनिहरूले डांड़ा डांड़ाका १३
थाप्लि थाप्लिमां र पर्बत् हुंदो धूप् हाल्द छन् किनभन्ये बांज्वृक्ष र ज्यामुना र
कटुज्का छाया जाति हुंद छन्. येस्कारण् तिमिहरूको छोरीहरू ब्यभिचारीणी
र तिमिहरूको बुहारीहरू लकुवारेनी भइ गइन्। तिमिहरूको छोरीहरू १४
ब्यभिचारीणी र तिमिहरूको बुहारीहरू लकुवारेनी होउन् तपनि म
तिनिहरूलाइ दण्ड दिन्न किनभन्ये तिनिहरू आफैंले एकान्तमां बेश्यहरूकां
जांद छन् अनि देवदासीहरूलाइ साथ्मां लियेर बलिदान् चढ़ाउंद छन्.
त ज्ञान् बिनाका लोग् लड़ाइंछन्। ए इस्राएल् तैंले लकुवारेइं गर्दै छस् १५
तेपनि यहूदा दोषी न हवस् अनि तिमिहरू न ता गिल्गाल्मां आव अनि
न बेतावेन्मां चढ़ि जाव अनि न यहवे जीइ रह्येको झैं भनि किरिया
खाव। किनभन्ये इस्राएल्ले अट्टेरेइं गर्ने कोरलीले झैं अट्टेरेइं गर्यो. १६
त अब यहवेले तिनिहरूलाइ फराक् ठांउमां भेड़ाका पाठा चरायेको झैं
चराउंछ। एप्रैम् चइं ता मूर्त्तिहरूको साथी भइ गयो त त्यस्लाइ रहनु दे। १७
तिनिहरू जब मद्य खाइ सकद छन् तब बेश्यगमन् गर्नुमां लागि रहंद १८
छन् तिनिहरूका मालिक्हरू अमानका हुंनुमां प्यारो सित लागि रह्येका
छन्। आंधीले त्यस्लाइ आफ्ना पखेटामां बांध्यो येस्कारण् बलिदान् १९
चढ़ाउंदाखेरि तिनिहरू लजाउंछन्॥

५ १ हे पूजाहारीहरु हो यो कुरो सुन अनि हे इस्राएल्को जहान् हो
मन् लगायेर कान् थाप अनि हे राजाका जहान् हो कान् लगाव किनभन्ये
तिमिहरुको निया गर्ने काम् छ किनभन्ये तिमिहरु मिस्पामां पासो अनि
२ ताबोर्मां थापीयेको जाल् भइ गयेका छौ । ति बिग्र्येकाहरुले अग्घोर्
३ हत्या गर्‍ये त मं तिनिहरु सबैलाइ हकार्छु । मं एफ्रैम्को भेद् जान्द छु अनि
इस्राएल् मं देखि लुक्येको छैन . कसोगरिभन्ये एफ्रैम् तैंले व्यभिचार् गरिस्
४ अनि इस्राएल् अशुद्ध भयो । तिनिहरुका कर्म्मले तिनिहरुलाइ तिनिहरुको
ईश्वर् तिर फर्कनु दिंदैन . लकुवारेइँ गराउंने आत्मा तिनिहरुमां रहंद छ
५ अनि यहवेको चइं ज्ञान् तिनिहरुमां रहंदैन । अनि इस्राएल्को अहंकार्
त्येस्को मुखमां चम्कंद छ . येस्कारण् इस्राएल् र एफ्रैम्ले आफ्नु अधर्म्मको
कारणले ठोकर् खांछन् यहूदाले पनि तिनिहरु सङ सङै ठोकर् खांछ ।
६ तिनिहरु आफ्ना भेंड़ाबाख्रा र गाईगोरु लियेर यहवेलाइ खोज्नु ता
आउंछन् तर तिनिहरुले उस्लाइ पाउंदैनन् . कसोगरिभन्ये उ तिनिहरु
७ देखि अलिग गयो । तिनिहरुले व्यभिचार्का जस्ता छोराहरु जन्माये येस्मां
यहवे सित छल् गर्‍ये . येस्कारण् अब तिनिहरु दुतिया [को रमाहट्]
को कारणले तिनिहरु आफ्नु आफ्नु भाग् समेत् नष्ट हुंछन् ॥
८ गिबामां नर्सींगा अनि रामामां तुर्‍ही बजाव बेतावेन्मां कराइ
९ कराइकन भन ए बिन्यामीन् तं पछि [हेर्] । एफ्रैम् निन्दा भयेको दिन्मां
उजार् भइ जांछ . ज्ये कुरो हुंनु भनि ठहराईयेको छ त्येइ मैंले इस्राएल्का
१० सबै कूल्मां जनाइ सकें । यहूदाका मालिक्हरु तिनिहरु जस्ता भये
जुन्हरुले सांद् सार्‍इ छन् . त तिनिहरु माथि मं आफ्नु बल्दोरिस् पानी झैं
११ खन्याउंछु । एफ्रैम् माथि मिचेइँ गरीछ अनि माग्नामां त्येस्ले हार्‍छ किनभन्ये
१२ त्यो आज्ञा अनुसार् मन् समेतले हिंड्यो । येस्कारण् मं एफ्रैम्को लागि
१३ कीरा पर्‍ने र यहूदाको जहान्को लागि कुहाईको कामको हुंछु । जब
एफ्रैमले आफ्नु बेथा देख्यो अनि यहूदाले आफ्नु घाउ देख्यो तब एफ्रैम्
अश्शूर् थांइ गयो अनि यारेब् राजाकां पठायो . तर त्येस्ले तिमिहरुलाइ
निको पार्नु सक्येन अनि न तिमिहरुको घाउ पुरींने गराउंनु सक्यो ।
१४ कसोगरिभन्ये मं एफ्रैम्को लागि सिंह र यहूदाको जहान्को लागि जुवान्
सिंह बनींछु . मं आफै तिनिहरुलाइ फहराइ लैजांछु मं उठाइ लैजांछु
१५ अनि छोड़ाउंने कोई पनि हुंदैन । मं फर्केर आफ्नु ठांउमां जांछु अनि
जब सम्म तिनिहरुले आफुलाइ अपराधी जानिकन मेरो दर्शनका खोजी
हुंदैनन् तब सम्म मं उहीं रहंछु . जब तिनिहरु कष्टमां पर्छन् तब मन्
लगाइकन मंलाइ खोज्नु लाग्छन् ॥
६ १ आव हामिहरु यहवे तिर फर्कूं . किनभन्ये उस्ले हामिहरुलाइ
घायेल गर्‍यो उसैले हामिहरुलाइ निको पनि पार्छ उस्ले हामिहरुलाइ
२ हिर्कायो त उसैले हामिहरुका घावमां पट्टि पनि बांधछ । दुइ दिन् पछि
उस्ले हामिहरुलाइ जगाउंछ . तीस्रो दिन् उस्ले हामिहरुलाइ उठायेर

उभ्याउंछ तब हांमिहरु उसको सांमु जीइ रहंछौं। आव हांमिहरु ज्ञान् पाऊं ३
श्रं यहवेको ज्ञान् खोज्येर प्राप्त गरुं किनभन्ये उसको प्रगट्हुवाई निस्से
विहान् हुंनु जस्तो छ. अनि पानी पार्येको झैं श्रं भूंइ भिजाउंने
टुङ्निझरि झैं उ हांमिहरु थांइ आउंछ॥

ए एप्रेम् मं तंलाइ के गरुं. ए यहूदा मं तंलाइ के गरुं. किनभन्ये ४
तिमिहरुको दया ता विहान्को कुइरो जस्तो र छिटो अल्पीने शीत् जस्तो
छ। येस्कारण् मैंले अगमवक्ताहरुको बाटोले तिनिहरु मांथि बंचरो चलायेको ५
झैं गर्यें अनि आफ्नु मुखका वचनले तिनिहरुलाइ हिर्कायें अनि मेरो
नियाकर्म्म चम्कंने उज्यालो झैं प्रगटो हुंछन्। किनभन्ये मं बलिदान् ६
होइन तर दया मांगद छु अनि ईश्वरको ज्ञान् होमबलिदान् भन्दा
बेसि इच्छ्या गर्द छु। तर तिनिहरुले आदमले झैं नियम् छिनाल्ये. येसै ७
देसमां तिनिहरुले मं सित छल् गर्ये। गिलाद् अधर्म्म गर्नेको सहर् छ त्येस्मां ८
रगत्का चिंनुहरु भरि छन्। अनि जसोरि डाकूहरुको गट्टा कसैलाइ मार्न ९
ढुकाईमां रहंद छ त्येसैगरि पूजाहारीहरुको गट्टाले शकेमको बाटोमां मार्द
छन्. श्रं तिनिहरुले महामहा पाप् पनि गर्ये। इस्राएलको जहान्मां मैंले १०
आंग् जर्कंने कारण् देख्येको छु. त्यहां एप्रेममां बेश्यागमन् हुंद छ इस्राएल्
अशुद्ध भयो। अनि ए यहूदा जब मं आफ्नु लोगलाइ बन्धुवाई देखि ११
फर्काइ ल्याउंछु तब तेरो लागि पनि कटनी जस्तै साटो खटाइंयेको छ॥

जब जब मं इस्राएल्लाइ निको पार्नु खोजद छु तब तब एप्रेमको ७ १
अधर्म्म र शोमरोनका बुराई प्रगटो होइ जांद छन् कसोगरिभन्ये तिनिहरुले
मिथ्याकाम् गर्द छन्. चोर् चइं लुकि लुकिकन भित्र पस्द छ अनि
डाकूहरुको गट्टाले बाहर टापटिप् पार्द छ। अनि तिनिहरुले यहवेले २
हांमिहरुको सब्बै बुराईको सम्झना राख्द छ भनि आफ्ना मनमां
बिचार्दैनन्. त अब तिनिहरुका कार्ज्येहरुले तिनिहरुलाइ घेर्द छन् ति
मेरा आंखाको सोजि रहंद छन्। तिनिहरुले राजालाइ बुराई गर्येकोले ३
र अरु अरु मालिक्हरुलाइ झूठ् बोल्येकोले खुशि पार्द छन्। तिनिहरु ४
सबै व्यभिचारी छन् तिनिहरु त्यो तनूर् जस्ता छन् जो पकाउंनेले गरम् ता
गर्द छ तर पिठो न मुछ्छौउंज्याल् र खमीर् न भौजुंज्याल् त्येस्लें ओजीयेका
अगुल्ठाहरु भित्र घचेट्दैन। हांमिहरुको राजाको दिनमां मालिक्हरुले ५
मद्यको तापले आफुलाइ बिसंच पार्यें त त्येस्लें ठट्टा गर्नेहरु सित आफ्नु
हात् मिलायो। तिनिहरु ढुक्का बसुंज्याल् सम्म तिनिहरु तनूर् झैं तियार् ६
भइ रहंद छन्. ति पकाउंने रातभरि ता सुतं रहंनु सक्द छ तर बिहान्
भये पछि बल्यंको आगोले तनूर् रातो हुंद छ। तिनिहरु सबै जना तनूर् ७
जस्तै तातींद छन् अनि आफ्ना बिचारीहरुलाइ भस्म पार्द छन् तिनिहरुका
राजाहरु सबै मारीये. तिनिहरुमांको कोई पनि मेरो दोहाई गर्न छैन।
एप्रैम् अरु अरु मान्छेहरु सित मिलिजुलि रहंद छ एप्रैम् न उल्टाईयेको ८
फुलौरो जस्तो छ। अन्यदेसीहरुले त्येसको बल् छिनाखि दिये तर त्येस्लें यो ९

जान्दैन. अनि त्यसको कपालमां कताकति केस् फुल्येका छन् तर त्येस्लाइ
१० यो थाहा छैन। अनि इस्राएलको अहंकार् तिनिहरुको मोहोड़ामां चम्कंद
छ. तैपनि तिनिहरु तिनिहरुको ईश्वर् यहवे तिर फर्कंनन् न उस्लाइ
११ खोज्य। अनि एप्रैम् अज्ञान् ढुकुर् जस्तो भइ गयो जस्को केइ बुद्धि छैन.
तिनिहरुले येता मिस्रको दोहाई दिंद छन् अनि उता अश्शूर्मां जांद छन्।
१२ तिनिहरु जब जब जांछन् तब तब म तिनिहरु मांथि आफ्नु जाल् फिंजाउंछु
म तिनिहरुलाइ अकाशका चराहरुलाइ झैं तान्छु. म तिनिहरुलाइ
१३ तिनिहरुको मंडलीले सुन्येको अनुसार् दण्ड दिंछु। तिनिहरु मांथि हाय्
किनभन्ये तिनिहरु म थांइ देखि भर्मि गये तिनिहरुको सत्येनास् हवस्
किनभन्य तिनिहरु म सित बाझेर बिग्रि गये. मैंले तिनिहरुलाइ
१४ छोड़ाउंदैनै ल्यायें तर तिनिहरु म सित झूठ् बोल्दै आये। अनि जब
तिनिहरु आछ्यानमां ढल्कि ढल्कि हाय् हाय् गर्द छन् तब तिनिहरुले
मेरो दोहाई दिंद ता छन् तर मनले दिंदैनन्. अनि खालि अन्न र दाखमह
पाउंनुको लागि धइरो बनींद छन् अनि म देखि बिग्रि मेरो बिरोध् गर्द
१५ छन्। मंचइंले तिनिहरुलाइ शिक्षा दिंदै र तिनिहरुका बांहांलाइ बलियो
गराउंदै ल्यायें तर तिनिहरु मेरो बिरुद्धमां नजाति बिचार् गर्दै आये।
१६ तिनिहरु फर्कंद ता छन् तर परम् [ईश्वर्] तिर् होइन तिनिहरुले
बिकामे धनुले झैं धोका दिये. तिनिहरुका मालिकहरु रिसले भरीयेका
कुराहरुको कारणले तरवारले लडूछन्. मिस्रमां तिनिहरुका निन्दाको
कारणले येसै हुंछ॥

८ १ मुखमां नरसींगा लगा। [बेरि] उकाब् झैं यहवेको घर् मांथि
आइ लागद छ. किनभन्ये तिनिहरुले म सित बांधेको नियम् छिनाल्ये
२ अनि मेरो व्यवस्था नांघ्ये। तिनिहरुले मलाइ हापारि भन्छन् हे मेरो
३ ईश्वर् हामि इस्राएलले तपांइलाइ जान्द छौं। जे भला छ त्यो इस्राएलले
४ आफालि दियो. बेरिले त्येस्लाइ खेद्छ। तिनिहरुले राजाहरुलाइ ता
खटाये तर मैंले होइन तिनिहरुले मालिकको खटन् पनि गर्ये तर मलाइ
थाहा छैन. तिनिहरुले आफ्ना सुन् चांदी लियेर मूर्त्तिहरु बनाये आफै नष्ट
५ होऊं भन्ये झैं गरि। ए शोमरोन् उस्ले तेरो बाच्छा [मूर्त्तिको]
निन्दा गर्यो तिनिहरु मांथि मेरो रिस् उठ्यो तिनिहरुले निर्दोष् हुंनुमां
६ कहिले सम्म बिर्यालो गर्छन्। किनभन्ये त्यो [मूर्त्ति] इस्राएल् देखि छ त्यो
कारिगर् देखि बनीयो त त्यो ईश्वर् होइन. अं शोमरोनको बाच्छो टुकरै
७ टुकरा पारींछ। किनभन्ये तिनिहरुले बतासका बिउ छर्द छन् तर बबंडर
आंधीको कटनी गर्छन्. तिनिहरुको लागि केइ थोरो अन्न रहंदैन डांठा
ता हुंछन् तर अन्न छैन भयेइ पनि अन्यदेसीहरुले त्यो नीलि हाल्छन्।
८ इस्राएल् नीलि हालींछ. अब तिनिहरु अन्यदेसीहरुमां येस्ता बिकामे
९ ठहर्छन् जस्ते सुकव् न हुंने भांड़ा। किसोगरिभन्ये तिनिहरु अश्शूर् मांथि
जाइ लाग्ये जसोरि बनमदाहा एक्लै हराइ हिंड्द छ. एप्रैमले ज्यालामा

आफ्ना नाठाहरूलाइ राख्येको छ। अं तिनिहरूले अन्यदेशीहरूको बीचमां १०
ज्यालामां राख्छ्इ पनि मं तिनिहरूलाइ एले भेला गराउंछु अनि तिनिहरू
मालिक्हरूको राजाधिराजले खटन् गर्येको भारि सुनि चेपींछन्। एफ्रैम्ले ११
पाप् गर्नुलाइ धेरै बेदिहरू बनायो अनि तिनिहरू पापी ठहरींने कारण
तिनै बेदिहरू भये। मं ता तिनिहरूको लागि आफ्नु व्यवस्थाका लाखौं कुरा १२
लेख्दै थियें र्पनि तिनिहरूले ति बिरांना जान्द छन्। जब तिनिहरूले मेरो १३
लागि बलिदान् चढाउंद छन् तब पशु बलि गर्द छन् अनि त्येस्को मांसु
ता खांद छन् तर यहवेले तिनिहरूलाइ ग्रहण गर्दैन. तर अब उस्ले
तिनिहरूको अधर्म्म सम्झि तिनिहरूका पापको दण्ड येसोरि दिंछ तिनिहरू
मिस्रमां फर्कि पनि जांछन्। किनभन्न्ये इस्राएलले आफ्नु कर्त्तालाइ १४
बिर्सेर मन्दिरहरू बनायो अनि यहूदाले चइं धेरै घेरा भयेका सहर्हरू
बनायो, त मं तिनका सहर्हरूमां आगो लगाउंछु अनि तिनका
महलहरू भस्म हुंछन्॥

. ए इस्राएल् तं अरु अरु लोग् झैं रमाहट्मां खुश्शि न हो किनभन्न्ये ९ १
तं तेरो ईश्वरलाइ छोडिर बेश्या भइस् तंले अन्नका एक् एक् खलामां
कुकर्म्मको प्राप्ति खुशि सित लिइस्। तिनिहरू न ता खलाका अन्नले २
अघाउंछन् अनि न कुण्डको दाखमहले अनि नया दाखमह त्येस्को लागि
घट्छ। तिनिहरू यहवेको देशमां अरु रहंदैनन् अं एफ्रैम् ता मिस्रमां फर्कि ३
जांछ अनि कत्तिले चइं अश्शूर्मां अशुद्ध अशुद्ध थोक् खांछन्।
तिनिहरूले यहवेको लागि दाखमह खन्याईबलि जांनि दिंदैनन् अनि न ४
तिनिहरूको बलिदान् उस्लाइ मन् पर्छ पनि. तर तिनिहरूका बलिदानहरू
बिलापको खांने थोक् जस्तो ठहरींछन् जत्तिले ति खांछन् ति सबै अशुद्ध
होइ जांछन्. तिनिहरूका खांने थोक् खालि तिनिहरूको भोक् मांनुको
लागि मात्रै हुंछ त्यो यहवेको घर्मां आउंदैन। तिमिहरूले पवित्र सभाको ५
बेला र यहवेको चाडूको दिन्मां के गर्छौ। हेर तिनिहरू सत्यनाश देखि ६
भागि ता जांछन् तर मिस्रले तिनिहरूका मुर्दा जम्मा गर्छ अनि मोफ्का
लोगले तिनलाइ गाड्छन्. तिनिहरूका चांदीका मनपर्दा मनपर्दा थोक्हरू
सिस्नुघारीको ताबिमां पर्छन्. तिनिहरूका पाल् पाल्मां कांडाहरू उम्रंछन्।
दण्डका दिन् आये साटो दिइने दिन् आये अनि इस्राएलले त्येस्को थाहा ७
पाउंछ. तिनिहरूको धेरै अधर्म्म र ठुलो दोषको कारणले अगमवक्ता चइं
मूर्ख ठहरींछ अनि जस् पुरुष् मांथि आत्मा उत्रंद छ त्यो बौलाहा गनींद छ।
पहरू झैं एफ्रैम् मेरो ईश्वर् सङ रहंद ता छ. तर चरामांनेका दांवलि ८
फिंजाईयेका झैं अगमवक्ताका सब्बै चाल्मां दांवलि फिंजाईयेका छन् अनि
त्येस्को ईश्वर्को घर्मां डाहा गरींद छ। तादि गिबाबासीहरू औधिगरि ९
बिगर्येको झैं तिनिहरू बिगर्येका छन्. त् अब उस्ले तिनिहरूको अधर्म्म
सम्झि तिनिहरूका पापको दण्ड दिंछ। मैले इस्राएल्लाइ कसैले बन्मां १०
दाख पायेको झैं पायेको ता थियें, अनि मैले तिनिहरूका पुर्खाहरू मांथि

नेभाराका अगौटेफल् मांथि आंखा लगायेको भैं आंखा लगायेको ता थियें .
तर तिनिहरूले बालपोर् थांइ गयेर आफुलाइ त्येस् लाज् लाग्दो देवताको
ताविमां दि हाल्ये त तिनिहरु तिनिहरुका प्यारा देवतै जस्ता घिन्लाग्दा
११ भइ गये । एप्रैमको बढ़ति पंछी भैं उड़ि जांछ . न कसैको जन्म हुंछ न
१२ कसैको गर्भमां बास् हुंछ न कोई आइमाइ गर्भिणी हुंछे । तिनिहरूले
आफ्ना छोराछोरीलाइ पाल्येर तुला तुला पार्ये भन्ये पनि तिनिहरूलाइ
येस्तोगरि निर्वंश तुल्याउंछु कोई पनि रहंदैन . अनि जब मं तिनिहरु देखि
१३ टाढ़ो रहंछु तब तिनिहरु मांथि हाय् हुंछ । जसोरि मैंले सोरका
बासीहरूलाइ मनपर्दो ठांउमां बस्येको देख्यें त्येस्तै एप्रैम् पनि देखींद छ .
१४ तैपनि एप्रैमले आफ्ना केटाकेटीहरूलाइ काटौंनुको लागि निकाल्छ । हे
यहवे तिनिहरूलाइ दण्ड दिंनु हवस् तपांइले के दिंनु हुंछ . तिनिहरूलाइ
१५ झरि जांने गर्भ र सुक्येको दुध् दिंनु हवस् । तिनिहरुका सबै बुराई
गिल्गाल्मां छन् येस्कारण तिहींनै मैंले तिनिहरु सित घिन् गर्यें .
तिनिहरुका बुराकर्म्मके कारणले घिनायेर मं तिनिहरूलाइ आफ्नु
घर् देखि धपाइ दिंछु . अनि तिनिहरु सित फेरि फेरि प्रेम् गर्दीन
१६ तिनिहरुका सबै मालिक्हरु मं देखि फर्कि गये । एप्रैम् कुटीयेको छ तिनको
जरा सुकि गयो त्येस्मां फल् फल्दैन . तिनिहरुको स्वास्नीहरूले जन्माइन्
१७ भन्ये पनि तिनिहरूले जन्मायेका प्याराहरूलाइ मं मारि दिंछु । मेरो ईश्वरले
तिनिहरूलाइ आफालि दिंछ किनभन्ये तिनिहरूले उस्को सुन्यनन् त तिनिहरु
अन्यदेसीहरुको बीचमां डुलि डुलि हिंड्ने हुंछन् ॥
१० १ इस्राएल् लहलह भयेको दाखको बोट् ता हो जस्मां लटरम्मै
फल् फल्येका छन् जति जति फल्हरु फुल्दै फल्दै आये त्येति त्येति तिनिहरु
बेदि बनाउंदै गये अनि जति जति तिनिहरुको जग्गा सुधंदै आये त्येति
२ त्येति तिनिहरुले पूजन् राम्रा राम्रा मुढ़का बनाये । तिनिहरुको मन् खण्डित्
भयेको छ त अब तिनिहरु दोषी ठहराइंछन् . अब उसैले तिनिहरुका
बेदिहरु भांचि दिंछ अनि तिनिहरुका मुढ़काहरु टुक्रै टुक्रा पारि दिंछ ।
३ अब ता तिनिहरूले भन्छन् हांमिहरुको कोई राजा छैन . कसोगरिभन्ये
हांमिहरूले यहवेको भय् मान्यंन अनि राजा भयेइ पनि हांमिहरुको
४ लागि के गर्नु सक्छ र । तिनिहरूले किरिया खाइ खाइकन व्यर्थ कुराका
बाचाहरु बांधद छन् . येस्कारण बारीका डेंगमां धतुरा फुल्येको भैं
५ तिनिहरु मांथि आइ लाग्ने दण्ड फल्छ । शोमरोनका बासीहरु
बेतावेन्का बहरको लागि डराउंदै रहंछन् . अनि त्येस् देवताको प्रजाले
त्येस्को लागि बिलाप् गर्छ अनि त्येस्को लागि खुशि हुंने त्येस्का पूजाहारीहरूले
६ त्येस्को प्रताप् त्येस् देखि उठाईयो भन्दै बिलाप् गर्छन् । त्यो [मूर्त्ति] यारेब्
राजाको भेटि हुंनुलाइ अश्शूरमां पुर्याइंछ . एप्रैम् लाजमां पारींछ अनि
७ इस्राएल् पनि आफ्नु जुक्तिको कारणले लजाउंछ । शोमरोन् आफ्नु राजै
८ समेत् काटींछ पानी मांथिको फोका भैं । आवेन्मां इस्राएलको पापको

अलग अलग ठांउहरु पनि नष्ट हुंछन्. तिनिहरुका वेदिहरुमां कांड़ा र
लोहोंड़िका कांड़ाहरु उम्रंछन् त्येस् वेलामां मान्छेहरुले पर्वतहरुलाइ भन्छन्
हांमिहरुलाइ ढाक अनि डांड़ाहरुलाइ हांमिहरु मांथि भतक भनि।
ए इस्राएल् गिबाको दिन् देखि तं पाप् गर्दै आइस्. अं तिनिहरु अब सम्म ९
त्येसैमां छन् येस्कारण् गिबामां बाङ्गा मान्छेहरु सित गर्येको लड़ाईंमां बाट
तिनिहरु पनि फांसौंदैनन्। जब मंलाइ मन् पर्छ तबे मं तिनिहरुलाइ दण्ड १०
दिंछु अनि लोग् लोगहरु तिनिहरुको बिरुद्धमां भेला हुंछन् जब तिनिहरु
तिनिहरुका दुइ अधर्म्महरु सित जोतीयेका हुंछन्। अनि एफ्रैम् सिकाईयेको ११
कोरेली छ येस्कारण् दांइ गर्नु देखि खुशि हुंद छे. तर मं त्येस्को राम्रो
घिच्रो परि गयें. मं कोई सवारलाइ एफ्रैम् मांथि चढ़ाउंछु यहूदाले हलो
जोत्छ अनि याकूबले डल्लाहरु फोर्छ। धर्म्मको बिउ रोप दया अनुसार् १२
कटनी गर आफनु बांझो बारी जोत. अब यहोवालाइ खोज्ने समय् छ
उस्ले आयेर तिमिहरुमां धर्म्मको पानी न बर्षाउंज्याल् सम्म। तिमिहरुले १३
दुष्टुईंको हलो जोत्यौ अनि अन्यायको अन्नको कटनी गर्यौ अनि धोखाको
फल् भोग्यौ. कसोगरिभन्ये तिमिहरुले आफनु वहोरा मांथि र आफना
धेरै धेरै वीरहरु मांथि भरोसा राख्यका छौ। येस्कारण् तिमिहरुमां १४
खैलाबैला मचाउंछ अनि तिमिहरुका सबै किल्ला लड़ाईंको वेलामां बेतर्बेल्
शल्मन् देखि नष्ट पारीयेको झैं नष्ट पारीछन्. आमा आफना नानीहरु
समेत् टुक्रै टुक्रा पारीई। बेतेलले तिमिहरु सित तिमिहरुको अघोरको १५
बराईको कारणले येस्तै व्यहोरा गर्छ. बिहान् हुंदा न हुंदा इस्राएलको
राजा पूरापूरगरि मेटीछ॥

जब इस्राएल् केटो थियो तब मंले त्यो सित प्रेम् गरि आफनु ११ १
पुत्रलाइ मिस्र बाटो बोलायें। जसै तिनिहरुले यिनिहरुलाइ बोलायें तब २
यिनिहरु तिनिहरु देखि भागि गये. तिनिहरुले बाल् देवताहरुको लागि
बलिदान् चढ़ाउंद थिये अनि खोपीयेका मूर्त्तिहरुको लागि धूप् हाल्द थिये।
तैपनि मंनै एफ्रैमलाइ गोड़ामां हिंड़ालद थियें अनि तिनिहरुलाइ काखमां ३
लिहिंडूद थियें तर तिनिहरुले हांमिहरुलाइ निको पार्ने उ हो भन थाहा
पाउंदैन राछन्। मं तिनिहरुलाइ मान्छे जानिकन प्रेमका डोरीले तान्द ४
थियें अनि [एफ्रैमी]को लागि गोरुको गलाको जोतारो फुकायेर त्येस्को सांमु
आहारा राखि दिने जस्तो थियें। [एफ्रैम्] मिस्र देसमां फर्कि जांदैन तर ५
अश्शूरनै त्येस्को राजा हुंछ किनभन्ये त्यस्ले [मं तिर] फर्कनु अस्वीकार् गर्यो।
अनि तरवार् त्यस्का सहरहरुमां चल्छ अनि तिनिहरुका ढोका ढोकाका ६
आग्लाहरु नास् पार्छ त्येस्को [दुष्ट] जुक्तिको कारणले। मेरो लोगले मं देखि ७
फर्कि जांने मन् गर्द छन्. तिनिहरुले तिनिहरुलाइ परम् [ईश्वर्] तिर
हापार्ये रपनि तिनिहरुमांको कसैले उस्को बड़ाई गर्दैन। ए एफ्रैम् मं तंलाइ ८
कसोगरि छोड़ि दिउं. ए इस्राएल् मं तंलाइ कसोगरि जान् दिउं. मं
तंलाइ अदमा जस्तो कसोगरि तुल्याउंछु. मं तंलाइ सबोयीम् झैं कसोगरि

नष्ट पारुं. मेरो हिर्दय् वलटपांगपलटपांग् भयो मेरो मन् प्रेमको कारणले
९ बिलौयो। मं [तं मांथि] आफनु बल्दोरिस् उठनु दिन्न अनि न मं एप्रैमलाइ
पूरापूरगरि नष्ट पार्नुलाइ फर्कंछु. किनभन्ये मं मान्छे हुंइन तर ईश्वर् तेरो
१० बीच्मां रहने पवित्र जन्. मं रिसाउंदै तं तिर आउंदींन। तिनिहरु यहवेको
पछि पछि हिंडूछन् उ सिंह झैं गर्जंछ. उ गर्जंछ अनि बालखहरु पच्छिउं
११ दिशा देखि थर्थराउंदै आउंछन्। तिनिहरु मिस्र देखि चरा झैं र
अश्शूर्को देस् देखि ढुकुर् झैं थर्थराउंदै आउंछन्. अनि मं तिनिहरुलाइ
तिनिहरुकै घर् घर्मां बसाल्छु यहवेको येइ बाणी छ॥

१२ एप्रैम्ले ता मित्थ्य सित अनि इस्राएलका जहानले चइं छल् सित
मंलाइ घेरि राख्येका छन्. तर यहूदा अब सम्म पवित्र जन् र बिश्वास्योग्य
१२ १ ईश्वर् तिर चंचल् बनीइ रहंद छ। एप्रैम् बतासमां चढ्द छ अनि पूर्व
बतास्लाइ खेद्द छ. त्येस्ले सधैं ढांट् र ब्यर्थ बिषय् बढाउंद छ अनि
तिनिहरुले अश्शूर् सित बाचा बांध्द छन् अनि मिस्रमां तेल् बोकि लैजांद
२ छन्। फेरि यहूदा सित पनि यहवेको मामला छ अनि उस्ले याकूब्लाइ त्यस्को
चाल्चलन् अनुसार् दण्ड दिंछ त्यस्का कार्य्य अनुसार् त्यस्लाइ साटो दिंछ.
३ गर्भैमां त्येस्ले आफनु दाजुको कुर्कुचा समात्यो अनि ठुलो भयेर त्येस्ले ईश्वर्
४ सित लड़ाइं गर्‍यो. अं त्यस्ले दूत् सित लड़ाइं गर्‍येर जीत्यो पनि।
कसोगरिभन्ये त्यो रोयो अनि उ सित बिन्ति गर्‍यो. फेरि बेतेल्मां पनि
५ उइ सित भेट् भयो अनि फेरि उस्ले हामिहरु सित बात् गर्‍यो अर्थात्
६ सेनाहरुको ईश्वर् यहवेले जस्को सम्झना गरींने [नांउ] यहवे हो। येस्कारण
आफनु ईश्वर् तिर फर्कि. दया र नियाका काम् गर् अनि नित्य आफनु
ईश्वर्का बाटो हेर्॥

७ त्यो पकारो[१] हो त्यस्को हात्मां छल्को तुलो छ. त्यस्लाइ मिचेइंने गर्नु
८ जाति लागद्द छ। अनि एप्रैमले भन्द छ निस्से मं धनी भयें मैंले सम्पत्ति प्राप्त
गर्‍यें. अनि मेरा सब्बै काम्मांको कुनैमां पाप् लाग्ने अधर्म्म पाइंदैन।
९ तर मिस्र देस् देखि निकल्येको बेला देखि मं तेरो ईश्वर् यहवे छु. अनि
१० खटन् भयेका चाड्का दिनमां झैं मं तंलाइ फेरि पाल्मां बसाल्छु। मैंले
अगमवक्ताहरु सित बात् गर्‍येको छु अनि तिनिहरुलाइ बार् बार् दर्शन्
११ दियेको छु अनि अगम्वक्ताहरुको बाटोले उखान् भन्दै आयें। के गिलाद्
अधर्म्म हो. अं तिनिहरु पक्का दोखा भये. अनि गिल्गाल्मां गोरु बलि
१२ गरींद छन्. अं तिनका बेदिहरु बारीका डेंग्मां थुप्राहरु जस्ता छन्। याकूब्
ता अराम्को मैदान्मां भागि गयो अनि इस्राएल्ले स्वास्नीको लागि
१३ चाकरी गर्‍यो अं स्वास्नीको लागि त्यस्ले भेंड़ाबाख्रा चराउंद थियो। अनि
येउटा अगमवक्ताको बाटोले यहवेले इस्राएल्लाइ मिस्र देखि निकालि

[१] अथवा कनानी।

ल्यायो अनि अगमवक्तैको बाटोले त्यसको रक्षे गर्यो । एफ्रैमले अगघोर् रिस् १४
उठायो . येस्कारण् त्येले बहायेको रगत्को दोष् त्येइ मांथि बनीइ रहंछ
अनि त्येसको प्रभुलेनै त्येसको नांउको निन्दा त्येस्लाइ फर्काइ दिंछ ॥

जब एफ्रैम् बोल्यो त कमांई भयो त्येले इस्राएलमां आफुलाइ १३ १
अलग्यायो . तर जब त्यो बाल्को कारणले दोषी भयो तब त्यो मर्यो ।
अनि अब तिनिहरु पाप् मांथि पाप् बढाउंदै जांदछन् अनि आफनु चांदी २
ढाल्येर आफनु सिप्ले येस्ता मूर्त्तिहरु बनाये जस्ता कारिगर्हरुले बनाउंद
छन् अनि तिनै मूर्त्तिहरुको बिषयमां लोगले भन्द छन् बलिदान् चढाउंनेहरुले
बाच्छाहरुलाइ चूमुन् । येस्कारण् तिनिहरु बिहान्को कुइरो र बिहान सबेरै ३
सुकि जांने सीत् र बेहेरि आंधीको कारणले खला देखि उड़ि जांने भूस् झैं
र झ्याल् बाटो उड्ने धुवां झैं छिट्टै मेटीछन् । तैपनि तं मिस्र देखि निकल्येकै ४
देखि मं यहवे तेरो ईश्वर् छु अनि मं बाहिक् कोई अर्को ईश्वर्लाइ
न जान् अनि मेरो सांमु तेरो अरु कोई उद्धार् गर्ने छैन । मैंले तंलाइ ५
बन्मां अं अगघोरको सुक्येको देस्मां जान्यें । तिनिहरुका खर्क अनुसार् ६
तिनिहरु अघाउंदै जांद थिये अनि अघाउंदै तिनिहरुको हिर्दय् पनि
घमण्डी हुंदै गये . येसैकारण् तिनिहरुले मंलाइ बिर्सदै गये । येस्कारण् मं ७
तिनिहरुको लागि सिंह जस्तो बनौंछु . मं चितुवा झैं तिनिहरुको बाटोमां
ढुकि बस्छु . मं तिनिहरु सित छाउरा खोसीयेको भाऊभालू झैं भेट् हुंछु ८
अनि मं तिनिहरुको मुटुको जाला फोर्छु . अनि तिहींनै मं सिंहले झैं
तिनिहरुलाइ खांछु बन्को जन्तुले तिनिहरुलाइ फहराउंछ । हे इस्राएल् मं ९
तेरो गोहारे छु र पनि तं मेरो बिरुद्ध छस् तेरो बिधंसको कारण् येइ हो ।
तेरा सबै सहर् सहर्मां बचाउंने तेरो राजा अब कता हो . अनि तेंले मेरो १०
लागि राजा र मालिक्हरु दिंनु हवस् भन्येको थिइस् ति बिचारीहरु कता
हुन् । मैंले रिसायेर तेरो लागि राजा दियें अनि आफनु बल्दोरिस्मां त्येस्लाइ ११
उठाइ पनि दियें । एफ्रैमको अधर्म्म राखीयेकै छ त्येसको पाप्को जगेरा १२
गरीयेको छ । त्यस् मांथि सुतक्को पारा लाग्छ . त्यो मूर्ख छोरो छ त्यो १३
गर्भको देला निर ठहर्ने बेला छैन । मं त्येस्लाइ पत्तालको ताबि देखि १४
छोड़ाउंछु मं मृत्यु देखि त्येस्लाइ छुट्कारा दिंछु . ए मृत्यु तेरो हिर्काउंने
शक्ति कता हो . ए पत्ताल् तेरो नास् कता हो . मं फेरि कैले पनि
पछ्ताउंदींन । [एफ्रैम्] आफना दाज्युभाईहरु भन्दा बेसि फुल्यो फल्यो भन्ये १५
पनि त्येस्मां पूर्बबतास् लाग्छ अनि यहवेको पट्टि बाटो बतास् बन् तिर बाटो
आउंछ तब त्येस्का तलाऊहरु सुक्छन् अनि त्येस्का खोल्चाहरु बिनापानीका
होइ जांछन् . अनि त्येस्का राखीयेका सबै मनपर्दो मनपर्दो भांड़ाहरुको
भण्डार् बिगारींछ । शोमरोन् दोषी ठहर्छ किनभन्ये त्यो आफनु ईश्वर् देखि १६
बिरोधी भयो . येस्कारण् तिनिहरु तरवार्ले लड्छन् . तिनिहरुका
केटाकेटिहरु पछारि पछारिकन चोक्टालाम्टा पारींछन् अनि तिनिहरुको
गर्भिणीहरुका भूंड़ि फोरींछन् ॥

१४ १ ए इस्राएल् आफ्नु ईश्वर् यह्वे तिर फर्कि आ किनभन्ये तैंले
२ आफ्नु अधर्म्मको कारणले ठोकर् खाइस्। कुरा लियेर यह्वे तिर फर्कि
आ. उसलाइ भन् सब्बै अधर्म्म दूर् गरि ज्य भलो छ त्यइ ग्रहण् गर्नु
हवस्. येसोरि हामिहरु ओंठको बलि चढाउंछौं बाच्छाहरुको झैं।
३ अश्शूरले हामिहरुलाइ उद्धार् गर्दैन हामिहरु घोड़ाहरु माथि चढ्दैनौं.
अनि हामिहरु फेरि फेरि आफैंले बनायेका थोक्हरुलाइ तं हाम्रो देव्ता
होस् भन्दैनौं. किनभन्ये टुहुरा टुहुरी माथि तपांइनै दयालु छौ भन्दैं।
४ तिनिहरु मं देखि फर्कि गयेको पाप् मं माफ् गर्छु मं सित्तैंमा
५ तिनिहरु सित प्रेम् गर्छु. किनभन्ये तिनिहरु देखि मेरो रिस् मर्‍यो। मं
इस्राएल्का लागि सीत्को काम् दिंछु त त्यो हाड़लसुन् झैं फुल्छ अनि त्यस्को
६ जरा लबानोन्को झैं फिंजींछ। त्यस्का हांगाहरु फुटि निस्कंछ अनि त्यस्को
७ शोभा भद्राक्षको जस्तो अनि त्यस्को बास्ना लबानोन्को जस्तो हुंछ। त्यस्को
छाहारिमा बसेहरु फर्कंछन् तिनिहरु अन्न झैं बढ्छन् अनि दाखको बोट्
झैं फुल्छन् फलछन् अनि त्यस्को बास्ना लबानोन्को दाखमद्ह जस्तै हुंछ।
८ एफ्रैमले भन्छ अब मूर्त्तिहरु सित मेरो क्य काम् छ भनि. मैंले त्यस्लाइ उत्तर्
दियें अनि त्यो तिर हेरि रहंछु. मं हरियो सल्लाको रुख जस्तो छु त तैंले
९ मं देखि फल् पाउंन गर्छस्। ज्ञानी को छ जस्ले यि कुरा बूझ्छ.
बूझ्कि को छ जस्ले यि कुरा जान्न सक्छ. कसोगरिभन्ये यह्वेका बाटा
सोजा छन् अनि धर्म्मीहरु तिनमा हिंड्दै रहंछन् तर अपराधीहरु तिनमा
ठक्कर् खायेर लड्छन्॥

योएल्।

१ १ पतूएल्का छोरो योएल्का आयेको यह्वेको बचन् येइ हो
हे बूढाहरु हो यो सुन अं हे येस् देस्का सबै बासीहरु हो कान्
२ लगाव। क्य येस्तो कुरो तिमिहरुका दिनमा कि तिमिहरुका पितापूर्खाहरुका
३ दिनमा कहिलइ भयेको थियो। आफ्ना छोराछोरीहरु सित येस्को बखान् गर
अनि तिनिहरुले आफ्ना छोराछोरी सित फेरि तिनिहरुका छोराछोरीले अर्को
४ पुस्ता सित येस्को बखान् गर्दै जाव। ज्य ज्य काट्ने सलह देखि बांच्येको
थियो त्यो ओधि धेरै हुंने सलहले खायो अनि ज्य ज्य ओधि धेरै हुंने सलह
देखि बांच्येको छ खांने सलहले खायो अनि ज्य ज्य खांने सलह देखि बांच्येको
५ छ कारासलहले खायो। ए मताहाहरु हो जागि उठेर रोव अनि ए सबै
दाखमद्ह खांनेहरु हो नया दाखमद्हको कारणले हाय् हाय् गर किनभन्ये
६ अब देखि त्यो तिमिहरुको मुख् देखि काटींछ। हेर मेरो देस्मा एक् लोग्

चढ़ि आयो जो सामर्थी छ अनि बिहिसाप् तिनिहरूका दांत् सिंहका
जस्ता छन् अनि दारा सिंहनीका जस्ता। तिनिहरूले मेरा दाखका बोट्हरु ७
उजारि दिये अनि मेरा नेभाराका रुख्हरु ढालि दिये अनि तिनिहरूका सबै
बोक्राहरु ताछ्छि ताछ्छिकन ति आफालि दिये तिनका हांगाहरु सेता सेता
पारि दिये। तरुणिले आफ्नु जोभान्को लोग्नेको लागि कम्मर्मां भाङ्ग्रा ८
बेह्रेर बिलाप् गर्ने कन्याकेटीले झैं तिमिहरूले बिलाप् गर। यह्वेको घर्मां ९
अन्नबलि र खन्याईबलि काटीये यह्वेको सेवा गर्ने पूजाहारीहरूले बिलाप्
गर्दै छन्। खेत्बारी मारीयो भूमिले बिलाप् गर्दै छ किनभन्ये अन्न नष्ट भयो १०
नया दाख्मद्द पनि सुकिगयो भद्राक्ष पनि मारीयो। हे किसानीहरु हो ११
लजाव हे दाख्बारीका मालीहरु हो गहूं र जउको लागि हाय् हाय् गर
किनभन्ये खेत्बारी मारीयो। दाख्को बोट् सुकि गयो अनि नेभाराको १२
रुख् ओइल्हीयो दारिम् खजूर् श्रव् औ बागीका सबै रुख्बोट्हरु सुकि गये.
किनभन्ये मान्छेहरूको सन्तान्को हर्षबड़ाई गइ गयो। हे पूजाहारीहरु हो १३
कम्मर्मां [भाङ्ग्रा] बेह्रेयेर छाति ठोकि ठोकि रोव हे बेदि रुडुवाहरु हो
हाय् हाय् गर हे मेरो ईश्वर्का सेवा गर्नेहरु हो आव भाङ्ग्रा ओढ़ेर रात्
बिताव. किनभन्ये तिमिहरूको ईश्वर्को घर्मां अन्नबलि र खन्याईबलि
काटीये। त उपास्को लागि शुद्ध हव पवित्र सभाको प्रचार् गर बूढ़ाहरूलाइ १४
औ देस्का सबै बासीहरूलाइ पनि आफ्नु ईश्वर् यह्वेको घर्मां जमायेर
यह्वेको दोहाई देव। हाय् हाय् त्यो दिन्. किनभन्ये यह्वेको दिन् नजिक् १५
आयो त्यो सर्वशक्तिमान्को पांठ् बाटो सत्यनाम् भयेर आयो। के खाने १६
थोक्हरु हामिहरूले हेर्दा हेर्दै नष्ट भयेनन् के हामिहरूको ईश्वर्को घर्को
रमाहट् र खुशिहुवाई गइ गयेन। बिउहरु मांटोका डल्ला मुनि कुहीये १७
दुकानीहरु खालि खालि भइ रह्या खोल्माहरु ढलि गये किसोगरिभन्ये अन्न
ओइल्हीये। पशुहरु कसोगरि कराउंदै छन्. बथान्को बथान् गाईगोरु १८
घब्राइ रह्याका छन् किनभन्ये तिनिहरूको लागि खर्क छैन अनि बगाल्को
बगाल् भेंड़ाबाख्राहरूले पाप्को फल् भोग्दै छन्। हे यह्वे म तपांइको १९
दोहाई गर्दै छु. किनभन्ये बन्का खर्कहरु आगोका गांस् भइ गये अनि
बन्का सबै रुख् बृक्षहरु राप्ले डढ़ि गये। औ बन्पशु पनि तपांइ तिर २०
हांप्दै छन् किनभन्ये पानीका मूल्हरु सुकि गये अनि बन्का खर्कहरु
आगोका गांस् भइ गये॥

सिय्योन्मां नर्सींगा बजाव अनि मेरो पवित्र पर्वत्मां सास् फुल्याइ २ १
फुल्याइकन बजाव देस्का बासीहरु सबै कांपि उठुन्. किनभन्ये यह्वेको
दिन् आउंदै छ औ त्यो नजिक् आयो अग्घोर्को अंध्यारो र २
तिरिमिरिको दिन् बादल् र बाक्लो अंधकार्को दिन् जसोरि बिहान्को
उज्यालो डांड़ा डांड़ामां फैलींदै छ. येउटा येस्तो ठुलो र बलियो लोग्
आउंछ त्यस्तो ता तादि देखि कैले पनि भयेको थियेन अनि न त्येस् पछि
पुस्ता पुस्तामां कैलेइ हुंछ। त्येस्को अघि अघि आगोले भस्म पार्दै छ ३

त्येस्को पछि पछि चड्‌ जुवालाले डड्‌डाउंछ. त्येस्को सांमुको भूंइ एदेन्‌को
बारी जस्तो तर त्येस्को पछिको भूंइ उजार्‌को बन् हुंछ अनि त्येस् देखि
४ कोई बांच्‌दैन। अनि त्येस् लोग्‌को रूप् घोड़ाको जस्तो हुंछ अनि तिनिहरु
५ सवार्‌का घोड़ाहरु झैं दुगुर्दै छन्। तिनिहरुको कूदाईको शब्द डांड़ाको
थाम्नि थाम्निमां रथ् हिंड्रेको कि तुटा नास् पार्दै जांने आगोको जुवालाको
शब्द कि पाङ्‌ति पाङ्‌ति बांध्येको बल्लिया बल्लिया सिपांइहरुको शब्द जस्तो
६ हुंछ। तिनिहरुको सांमु लोग् लोग्‌लाइ बेथा लाग्येको छ. सबैको मोहोड़ा
७ पहेंला पहेंला हुंछन्। तिनिहरु सूरा सूरा बीर्‌हरु झैं दुगुर्दै छन् सिपांइहरु
झैं घेराभित्ता मांथि चढ्‌द छन् अनि आफ्‌नु आफ्‌नु बाटोमां आउंद छन्
८ कोई पनि आफ्‌नु पाङ्‌ति देखि कुट्टीयेर हिंड्‌दैन। अनि येउटाले अर्कोलाइ
कतले पनि धक्का दिंदैन तिनिहरु आफ्‌नु आफ्‌नु बाटो समात्येर हिंड़ि
आउंद छन्. अनि हतियार्‌हरुले लड़ाईं गर्दाखेरि पनि तिनिहरुको
९ बाटो कुट्टींदैन। तिनिहरु सहर् मांथि कूद्‌द छन् घेराभित्ता हुंदा दुगुर्द
छन् अनि चढेर घर् घर्‌मां येसोगरि पस्छन् जसोरि चोर्‌हरु खिर्कि खिर्कि
१० देखि पस्द छन्। तिनिहरुको मांमु पृथिवी कांम्द छ अनि अकाश्
थर्थराउंद छ. न घाम् अनि न जून्‌ले आफ्‌नु आफ्‌नु उज्यालो दिंछन् अनि
११ न ताराहरु झल्‌कंछन्. अनि यह्‌वेले आफ्‌नु त्येम् दल्‌को सांमु उभीयेर
ठुलो सोर्‌ले आज्ञा दिंद छ कसोगरिभन्ये सेना बिह्रै ठुलो छ अनि आफ्‌नु
बचन् पूरो गर्ने चड्‌ सामर्थी पनि छ. कसोगरिभन्ये यह्‌वेको दिन् बड़ा र
१२ अग्घोरै डर्‌लाग्‌दो छ त्येसमां को बांच्‌नु सक्छ। यह्‌वेको यो बचन् छ
रले पनि उपास् सित रुंदै कराउंदै आफ्‌नु पूरो मन्‌ले मं तिर फर्क मं थांइ
१३ आव. अनि आफ्‌नु लुगा होइन आफ्‌नु मन् फटायेर आफ्‌नु ईश्वर् यह्‌वे
तिर फिर किनभन्ये उ अनुग्रही र दयालु रिस् गर्नुमां धीरजी अनि
१४ ठिठाईमां भर्‌पूर् दुक्ख दिंनुमां पछुताउंने छ। कोनि कतै उल्ले फर्कीयेर
पछुताउला अनि येस्तो आशीष् देला ज्येको बाटोले तिमिहरुको ईश्वर्
यह्‌वेलाइ अन्नबलि र खन्याईबलि दिईयेला॥

१५ सिय्योन्‌मां नर्‌सींगा बजाव उपास्‌को लागि शुद्ध हव पवित्रसभाको
१६ प्रचार् गर. लोगलाइ जमाव सभालाइ पवित्र गर बूढ़ा बूढ़ाहरुलाइ डाक
केटाकेटीहरु र दूत् चूस्नेहरुलाइ पनि बटुल. ब्याउला आफ्‌नु कोठा देखि
१७ अनि ब्याउली पनि आफ्‌नु कोठा देखि निकलि आउन्। यह्‌वेका सेवा गर्ने
पूजाहारीहरुले सिकुवा र बेदीको बीच्‌को ठांउमां रुइ रुइकन भनुन् हे
यह्‌वे आफ्‌नु प्रजा देखि तर्सनु हवस् अनि आफ्‌नु निज् भाग्‌को
गिल्ला हुंनु न दिंनु हवस् अनि न अन्यदेसीहरुले त्येस्को उखान् दिंनु
पाउन् लोग् लोग्‌ले हांमिहरुको बिषय्‌मां तिनिहरुको ईश्वर् कता हो
भनि किन भन्नु पाउन्॥

१८ तब यह्‌वे आफ्‌नु देस्‌को बिषय्‌मां रापीलो भयो अनि आफ्‌ना प्रजा
१९ मांथि टिठायो। अनि यह्‌वेले आफ्‌नु प्रजालाइ येस्तो उत्तर् दियो सुन

मं अन्न र दाखमद्द र तेल् तिमिहरुलाइ दिंकु त तिमिहरु ति खाइ पीइ
अघाउंछौ . अनि अब देखि मं अन्यदेसीहरु देखि तिमिहरुको निन्दा हुंनु
दिन्न . तर मं उत्तर् तिर बाटो आयेको सेनालाइ तिमिहरु थांइ देखि २०
टाढ़ो हटाउंकु अनि येउटा निपाने र उजार् देस्मां धपाइ दिंकु त्येस्को
अघिल्तिर पूर्वसमुन्द्रमां अनि त्येस्को पछिल्तिर पच्छिउं समुन्द्रमां
धपाइ दिंकु अनि त्येस्को कुह्येको गन्ध फिजींछ किनभन्ये त्येस्ले तुलो
तुलो काम् गर्छ । ए देस् तं न डरा खुशि भयेर रमाहट् गर् किनभन्ये २१
यह्वेले तुलो तुलो काम् गर्येको छ । हे बन्का पशुहरु हो न डराव २२
किनभन्ये बन्का खर्कहरु उम्रंद छन् अनि रुखहरु फल्नु लाग्द छन् अन्न
नभाराको रुख् र दाखको बोट्ले आफ्नु आफ्नु बल् देखाउंद छन् । अनि २३
ए सिय्योन्वासीहरु हो रमाव अनि आफ्नु ईश्वर् यह्वेको कारणले खुशि
हव . किनभन्ये उस्ले तिमिहरुको लागि पाल्नुनिभरि जति चाहिन्छ उति
दिंछ अनि तिमिहरुको लागि उस्ले पाल्नि र टङ्निभरि अं पहिलो
महीनाको भरि पनि पारि दिंछ । त खला अन्नले भरींछ अनि रसकुण्ड २४
दाखमद्द र तेल्ले उम्लंछ । अनि जुन् जुन् वर्षको उपजनि धेरै हुंने सलह र २५
खांने सलह र कीरासलह र काट्ने सलह अर्थात् मैंले तिमिहरुका
बीच्मां पठायेको मेरो तुलो दल्ले खाइ हाल्छन् ति हानिका वर्ष मं
तिमिहरुलाइ भरि दिंकु । तब तिमिहरुले पेट् भरि भरि खांछौ अनि २६
अघाउंछौ अनि आफ्नु ईश्वर् यह्वे तिमिहरुको लागि आश्चर्यकर्म्म गर्नेको
नांउको स्तुति गर्छौ . अनि मेरो प्रजाको आशा कले पनि टुट्दैन । तब २७
तिमिहरुले थाहा पाउंछौ यह्वे इस्राएल्को बीच्मां रछ भनि अनि उइ
यह्वे हांमिहरुको ईश्वर् हो रछ उ बाहिक् कोई ईश्वर् रैन छ भनि . मेरो
प्रजाको आशा कले पनि टुट्दैन ॥

ति कुरा पछि येसो हुंछ मं सबै शरीर् मांथि आफ्नु आत्मा खन्याइ २८
दिंकु अनि तिमिहरुका छोराहरु अनि तिमिहरुको छोरीहरुले आगम् बचन्
कहंछन् अनि तिमिहरुका बृद्धहरु स्वप्नदर्शी हुंछन् अनि तिमिहरुका
तन्हेरिहरुले दर्शन् देख्छन् . अं अनि दासहरु मांथि अनि दासीहरु मांथि २९
पनि मं ति दिनमां आफ्नु आत्मा खन्याइ दिंकु । तब मं स्वर्गमां र ३०
पृथिवीमां अद्भुतका काम् देखाइ दिंकु अर्थात् रगत् र आगो र धुंवाका
मुड्काहरु । सूर्ज अंध्यारोमां फर्कींछ अनि चन्द्र रगत्मां यह्वेको त्येस् बड़ो र ३१
डरलाग्दो दिन् आउंनु भन्दा पहिले । अनि येसो हुंछ जुनसुकैले यह्वेको ३२
नांउ लेवस् त्यो बचाईंछ . कसोगरिभन्ये यह्वेले भन्येको अनुसार् सिय्योन्
डांड़ामां र यरूशलेममां भाग्नेहरुमांको जस् जस्लाइ यह्वेले बोलाउंछ
तिनिहरुले उद्धार् पाउंछन् । किनभन्ये सुन ति दिनमां र त्येस् बेलामां ३ १
जब मं यहूदा र यरूशलेमबासीहरुलाइ बंधुवाई देखि ल्याउंकु तब २
सबै लोग् लाग्लाइ भेला गरायेर यहोशापात्को भनींने तरिमां लग्येर वहां
तिनिहरु सित तिनिहरुले अन्यदेसीहरुमां छरपुट् पारि मेरो देस् बांड़ेको

३ मेरो निज् भाग् इस्राएलको विषयमां माम्ला लर्छु। अनि तिनिहरूले
मेरो प्रजामां चिट्ठा हालि येउटा केटोलाइ वेश्यका जांनुको लागि दिहाल्ये
४ अनि येउटी केटीलाइ बेच्येर दाखमद्य खाये। अनि ए सोर् र सी[दोन्] र
पलिश्तीको सिंगै देसका मान्छेहरू हो तिमिहरूको मं सित के काम छ.
के तिमिहरूले मं सित साटो फर्काउंछौ. तिमिहरूले मंलाइ साटो फर्काइ
दिंछौ भन्ये देखि त्यो तिमिहरूले दियेको साटो मं हत्तपत्त तिमिहरूकै
५ थाप्लो माथि फर्काइ दिंछु। किनभन्ये तिमिहरूले मेरा सुन् चांदी
लिहाल्यौ अनि मेरा राम्रा राम्रा र मनपर्दा मनपर्दा थोक् लगेर आफ्ना
६ मन्दिर् मन्दिरमां राख्यौ अनि तिमिहरूले यहूदावंशीहरू र यरूशलेमका
बासीहरूलाइ यिनिहरू यिनिहरूको सिमाना देखि दूर् होउन् भनि यूनानी-
७ हरूको हातमां बेचि दियौ. सुन मं तिनिहरूलाइ तिमिहरूले तिनिहरूलाइ
जहां जांन्येहरूको हातमां बेच्यका छौ त्यहां बाटो बोलाउंछु अनि
तिमिहरूले दियेको साटो चड़ मं तिमिहरूकै थाप्लो माथि फर्काइ दिंछु
८ अनि मं तिमिहरूका छोराछोरीलाइ यहूदावंशीहरूको हातमां बेचि दिंछु
अनि तिनिहरूले तिनिहरूलाइ टाढ़ो टाढ़ो बस्ने शबावंशीहरूको हातमां
बेचि दिंछन् किनभन्ये यो यहवेलेनै भन्येको छ॥
९ लोग् लोगको बीचमां यो प्रचार् गर लड़ाइंको लागि तयार्
हव. बीरहरूलाइ चम्काव सबै सिपाइहरू छेउ आयेर लड़ाइं गर्नुलाइ
१० चढून्। आफ्नु आफ्नु हलोका फालिहरू पीटेर तरवार् बनाव अनि
आफ्ना हंसीयाहरू पीटेर भाला बनाव. निर्धोले पनि मं बीर् हुं
११ भनोस्। हे चारै तिरका लोग् लोगहरू हो छिट्टोगरि आव अनि भेला
हव. हे यहवे तपाइंले आफ्ना बीरहरूलाइ वहां उतारि दिनु हवस्।
१२ लोग् लोगहरू चम्कंदै चढ़ि गयेर यहोशापातको तरिमां उत्रि जाउन्.
किनभन्ये मं वहां चारै तिरका लोग् लोगको निया गर्नुलाइ बस्छु।
१३ हंसिया लगाव किनभन्ये खेत् पाक्यो. आव दाख् कुल्च किनभन्ये
कोल् भरीयो रसकुण्डहरू उम्ल्ये किनभन्ये तिनिहरूको पाप् ठुलो छ।
१४ धुइरोको धुइरो नियाको तरिमां. किनभन्ये नियाको तरिमां यहवेको
१५ दिन् नजिकै छ। न ता घाम् र जूनले आफ्नु आफ्नु उज्यालो दिंछन् अनि
१६ न ताराहरू झल्कंछन्। अनि यहवे सिय्योन् देखि गर्जंछ अनि यरूशलेम्
देखि ठूलो सोर् सुनाउंछ तब स्वर्ग र पृथिवी थर्थराउंछन्. तर यहवे
१७ आफ्नु प्रजाको शरणस्थान् अनि इस्राएलवंशीको किल्ला रहंछ। येसोरि
तिमिहरूले उसको पवित्र पर्वत् सिय्योनमां बास् गरि रहंने यहवे जो छ उइ
हामिहरूको ईश्वर् हो रछ भनि थाहा पाउंछौ. अनि यरूशलेम् पवित्र
१८ ठहरींछ अनि फेरि फेरि परदेसीहरूले त्येता बाटो जांनु पाउंदैनन्। अनि
त्येस् बेलामां येसो हुंछ पर्वत् पर्वत् देखि मीठो दाखमद्य चुहुंनु र डांड़ा
डांड़ा देखि दुद् बहंनु लाग्छ अनि यहूदा देसका सबै खोल्चाहरू पानीले
भरींछन् अनि यहवेको घर् देखि येउटा मूल् फुटि निस्कंछ जुन् देखि

शित्तीम् भन्ने तरि भिजाउँछ। मिस्त्र र एदोम्ले यहूदावंशीहरु मांथि १९
उपद्रैउं गरि गरिकन निर्दोष् लोहू तिनिहरुकै देस्मां बहायेका थिये
येस्कारण् तिनिहरुको देस् उजाड् भइ भइकन बन् भइ जांछ। तर २०
यहूदा चइं सदा सम्म अनि यरूशलेम् पुस्ता देखि पुस्ता सम्म बनीइनै
रहंछ। अनि एले सम्म मैंले निर्दोषी न ठहरायेको लोहू अब निर्दोषी २१
ठहराउंछु. किनभन्ये यहवे सिय्योन्मां बास् गरि रहंद छ॥

आमोस्

तकोमां बस्न गोठालाहरुमाको आमोस्ले यहूदाका राजा उज्जियाह्का १ १
र इस्त्राएल्का राजा योआश्को छोरो यारोबाम्का दिन्मां भूइंचाल्को दुइ
वर्ष पहिले इस्त्राएल्को विषय्मां दर्शन् पाइ भन्येका कुरा यिनै हुन्॥
अनि त्येस्ले भन्यो यहवे सिय्योन् देखि गर्जंछ अनि यरूशलेम् देखि २
ठूलो सोर् सुनाउंछ तब गोठालाहरुका खर्कहरुले बिलाप् गर्छन् अनि
कर्म्मेल्को थाप्प्र ओइल्हौंछ॥
यहवेले येसो भन्द छ. दमिश्कका तीन् अं चार् अप्राधहरुको ३
कारणले मं तिनिहरुको दण्ड फर्काउंदैन किनभन्ये तिनिहरुले गिलादलाइ
फलम्को दांदेले पीठो पार्थ्ये. तर मं हजाएल्को घर्मां आगो सल्काउंछु ४
अनि त्येस्ले बेन्हदद्का राज्महलहरु पनि भस्म पार्छ। अनि मं दमिश्कका ५
ढोकाहरुका आग्लाहरु भांचि दिंछु अनि आवेन्को तारमां बस्नेहरुलाइ र
एदेन्को घर्मां बस्न राजदण्डधारीलाइ नष्ट पार्छु. अनि अराम्का लोग्
बन्धुवा भयेर कीरमां जांछन् यहवेको येइ बचन् छ॥
यहवेले येसो भन्द छ. अज्जाका तीन् अं चार् अप्राधहरुको कारणले ६
मं तिनिहरुको दण्ड फर्काउंदैन किनभन्ये तिनिहरुले सिंगे लोगलाइ
एदोम्को ताबिमां पारि दिनुको लागि तिनिहरुलाइ न छोडिकन बन्धुवा
गरि लग्ये. तर मं अज्जाको घेराभित्तामां आगो सल्काउंछु त्येस्ले त्यसका ७
सबै राजमहलहरु पनि भस्म पार्छ. अनि मं अश्दोद्मां बस्नेहरुलाइ र ८
अस्कलोन्को राजदण्डधारीलाइ नष्ट पार्छु वहांदेखि मं आफ्नु हात् एक्रोन्
मांथि पनि चलाउंछु अनि रहल् पलिश्तीहरु नष्ट हुंछन् प्रभु यहवेको येइ
बचन् छ॥
यहवेले येसो भन्द छ. सोर्का तीन् अं चार् अप्राधहरुको कारणले ९
मं तिनिहरुको दण्ड फर्काउंदैन किनभन्ये तिनिहरुले सिंगे लोगलाइ
बन्धुवा गरि लग्येर एदोम्को ताबिमां पारि दिये अनि दाज्युभाईहरुले

१० आपसमां बांधेको बाचाको समझना गर्येनन् . तर मं सोरको घेराभित्तामां
आगो सल्काउंछु अनि त्येसले त्येसका राजमहलहरु पनि भस्म पार्छ ॥
११ यह्वेले येसो भन्द छ . एदोमका तीन् अं चार् अप्राधहरुको
कारणले मं तिनिहरुको दण्ड फर्काउंदैन किनभन्ये तिनिहरुले तरवार्
लियेर आफना दाज्युभाईहरुलाइ लगाय्ये अनि कोइ पनि दया गर्येनन् तर
रिसले तिनिहरुलाइ बारबार् फहराउंदै रह्यो अनि आफनु इष् सनातन्
१२ सम्मको लागि झं राखि छोड़ेर . तर मं तेमानमां आगो सल्काउंछु त
त्येसले बोस्राका राजमहलहरु समेत् भस्म पार्छ ॥
१३ यह्वेले येसो भन्द छ . अम्मोनवंशीहरुका तीन् अं चार् अप्राधहरुको
कारणले मं तिनिहरुको दण्ड फर्काउंदैन किनभन्ये तिनिहरुले आफना
१४ सांद् बढ़ाउंनुको लागि गिलादको गर्भिणीहरुको भुंड़ि फोरि दिय . तर मं
रब्बाको घेराभित्तामां आगो सल्काउंछु अनि त्येसले त्येसका राजमहलहरु
पनि भस्म पार्छ त्येस् लड़ाइंको दिनमां चिच्याई हुंछ त्यो आंधीको अं
१५ आंधीबेहेरिको दिन् हुंछ . अनि तिनिहरुको राजा आफना मालिकहरु
समेत् बंधुवाईमां जांछ यह्वेको येइ बचन् छ ॥

२ १ यह्वेले येसो भन्द छ . मोआबका तीन् अं चार् अप्राधहरुको
कारणले मं तिनिहरुको दण्ड फर्काउंदैन किनभन्ये त्येसले एदोमको राजाका
२ हाड़हरु डढ़ायेर चूर् पारि दियो . तर मं मोआबमां आगो सल्काउंछु अनि
त्येसले करिय्योतका राजमहलहरु भस्म पार्छ अनि मोआब खल्याङमल्याङ र
३ चिच्याई र नरसींगाको सोरको बीचमां मर्छ . अनि मं तिनिहरुको
मांझ देखि बिचारीहरुलाइ नष्ट पार्छु अनि सङ सङै तिनिहरुका सबै
मालिकहरुलाइ पनि काट्छु यह्वेको येइ बचन् छ ॥
४ यह्वेले येसो भन्द छ . यहूदाका तीन् अं चार् अप्राधहरुको कारणले
मं तिनिहरुको दण्ड फर्काउंदैन किनभन्ये तिनिहरुले यह्वेको ब्यवस्था
त्रिकामे जान्ये अनि उस्का बिधिहरु मान्येनन् अनि तिनिहरुका पित्रहरुले
५ पछ्यायेका तिनिहरुका झूठाहरुले तिनिहरुलाइ भर्माये . तर मं यहूदा
मांथि आगो सल्काउंछु अनि त्येसले यरुशलेमका राजमहलहरु भस्म पार्छ ॥
६ यह्वेले येसो भन्द छ . इस्राएलका तीन् अं चार् अप्राधहरुको
कारणले मं तिनिहरुको दण्ड फर्काउंदैन किनभन्ये तिनिहरुले निर्दोषीलाइ
७ रुपियामां र कंगालिलाइ एक् जोर् जुत्ताको लागि बेच्ये . तिनिहरुले
कंगालिहरुको सिरमां लाग्येको धूलो पनि लिंनुलाइ औधि इच्छा गर्द छन्
अनि दरिद्रहरुको निया बिगारि दिंद छन् . अनि बाबु छोरा येउटै केटीकां
८ जांद छन् मेरो पवित्र नांउ अपवित्र गर्नुको लागि . अनि तिनिहरु जनंग
बदि छेउ बन्धकको लुगामां सुतद छन् अनि तिनिहरुले मार्न्छेलाइ डांड़ि
डांड़िकन हात् पार्येका दाखमहहरु आफना देवताको घरमां लग्येर खांने
९ गर्द छन् । तैपनि मैंले ता तिनिहरुको सांमु देखि एमोरीहरुलाइ नाश् पारि
दियें जुनहरुको अग्लोपनै देवदारुहरु जस्तो अनि बल्लियोसां बांझरुख जस्ता

थियें तैपनि मैंले त्यसका फल् ऊंभो देखि झारि दियें अनि त्यसका जरा ऊंधो
देखि उखेलि दियें। अनि मैंले तिमिहरुलाइ मिस्र देस् देखि निकालि ल्यायें १०
अनि बन्मा चालीस् वर्ष सम्म लिइ हिंडेर तिमिहरु एमोरीहरुको देसको
अधिकारी हव भन्येर। अनि मैंले तिमिहरुका छोराहरुमांकालाइ अगमवक्ता ११
हुंनु र तिमिहरुका तन्हेरिहरुमांकालाइ नाजीर्[1] हुंनुलाइ ठहरावट् गर्यें।
हे इस्राएलवंशीहरु हो क्य यि सबै सांचा हुंन् कि होइनन्. यहवेको
येइ वाणी छ। तर तिमिहरुचइंले नाजीर्हरुलाइ दाखमह खुवायौ १२
अनि अगमवक्ताहरुचइंलाइ अगम् न कह भन्ये आज्ञा दियौ। सुन मं १३
तिमिहरुलाइ बिटाहरुले भरायेको गाड़ो खांदायेको झैं खांदछु। त छिटो १४
दुगुर्नेसे भाग्ने ठांउ पाउंदैन अनि बलियोको बल्ले कोइ काम् दिंदैन
अनि पराक्रमीले आफ्नु प्राण् बचाउंनु सक्दैन. अनि धनु खेलाउंने उभीइ १५
रहंनु सक्दैन अनि फुर्त्ती सित दुगुर्ने बांच्दैन अनि न त्रुकसवार्ले पनि
आफ्नु प्राण् बचाउंछ. अनि सूरा सूरा सूरवीरहरु पनि त्यस् दिन्मां १६
नांगा भयेर भागि जांछन् यहवेको येइ वाणी छ॥

हे इस्राएलवंशीहरु हो हे मैंले मिस्र देस् देखि ल्यायेका सबै ३ १
कुल्का मान्छेहरु हो यो बचन् सुन जो यहवेले तिमिहरुको बिरुद्धमां
भन्द छ अर्थात् पृथिवीका सबै कुल्हरु मद्धेमां मैंले खालि तिमिहरुइ २
मांथि मन् लगायें. येसकारण् मं तिमिहरुका सबै अधर्म्मको दण्ड दिंछु।
दुइ जना मान्छेले सङ्गै हिंड्नं सल्लाह् गर्येनन् भन्ये देखि क्य एक् सङ् ३
हिंड़ाइ हुंछ। क्य सिंह बन्मां आहारा बिना पाइकन गर्जंछ. क्य जुवान् ४
सिंह बिना कोइ पक्रिकन आफ्नु कुरिमां ड्रुरु गर्छ। क्य चरा भूइमां बिना ५
पासो थापिकन पर्छ. क्य फड्के बिना कोइ परिकन भूंइ बाटो उफ्रिटौंछ।
क्य कसै सहर्मां नर्सिंगा लाग्ये पछि मान्छेहरु थर्थराउंदेनन्. क्य यहवेले ६
न हालिकन कसै सहर्मां बिपत्ति आइ लाग्छ। येइ परिले प्रभु यहवेले ७
निस्से आफ्ना दास् अगमवक्ताहरुकां आफ्नु भेदिकुरा प्रगटो न गरिकन
कोइ पनि गर्दैन। सिंह गर्ज्यो त को डराउंदैन. प्रभु यहवे बोल्यो त कस्ले ८
अगम् कहंदैन॥

अश्दोद्का महलहरु र मिस्र देस्का महलहरुमां प्रचार् गरि भन ९
शोमरोन्का डांड़ा डांड़ाहुंदो भेला भइ हेर त्यसमां क्य औधिको खेलाबेला
र त्यस्को मांझमां क्य औधिको मिचेडैंको काम् हुंदै छ। अनि यहवेको यो १०
वाणी छ आफ्नु आफ्नु महल्मां उपद्रैंका र डकैतीका धन् बटुलि
राख्नेहरुले सोजो काम् गर्नु जान्दै जान्दैनन्। येसकारण् प्रभु यहवेले येसो ११
भन्द छ. देस् घेर्ने येउटा सत्तुर् हुंछ. अनि त्यस्ले तेरो बल् छिनालि दिंछ
अनि तेरा महल् लुटींछन्। यहवेले येसो भन्द छ. जसोरि गोठालाले १२
सिंहको मुख् देखि दुवटा खुट्टा कि कान्को एक् टुकरा छोड़ावला त्यस्तैगरि

[1] गन्ति ६; २ हेर।

शोमरोन्मां मान्को बैठक्मां कि रेशमे बालिस्मां बस्नेहरु इस्राएल्वंशीहरु
१३ छोडाइंछन् । सेनाहरुको ईश्वर् प्रभु यहवेको यो वाणी छ सुन याकूब्को
१४ जहान्लाइ यो कुरो चेताइ चेताइ भन । किनभन्ये मं इस्राएलीहरुका
अपराध्हरुको दण्ड दियेको बेलामां बेतेल्का बेदिहरुलाइ पनि दण्ड दिंछु
१५ तब बेदिका सींग्हरु भांचीयेर भूंइमां खस्छन् । अनि मं हिउंदेमहल् र
बर्षेमहल् दुवै भत्काइ दिंछु अनि हात्तिदांत्का बनीयेका महल्हरु पनि नष्ट
हुंछन् अनि ठुला ठुला महल्हरु सबै नष्ट हुंछन् यहवेको येइ वाणी छ ॥

४ १ हे शोमरोन्को डांड़ा डांड़ाहुंदो बस्ने आइमाइ बाशान्को गाईहरु
हो हे कंगालिहरु मांथि मिचेइं गर्ने र दरिद्रहरुलाइ कुल्चने हे आफ्नु
आफ्नु लोग्नेलाइ मद्य ल्याइ देव हामि खांछौं भन्नेहरु हो तिमिहरुले यो
२ बचन् सुन । प्रभु यहवेले आफ्नु पवित्रेईको किरिया खायेर तिमिहरुलाइ
येसो भन्द छ सुन तिमिहरु मांथि येस्ता दिन् आउंछन् तिनिहरुले आङ्कुसले
३ र तिमिहरुका बच्तिभाग् माछा समात्ने बल्छिले तान्छन् । अनि
तिमिहरु [गाईहरु झैं] नगाराको छेउ बाटो सोजै निक्लि जांछौ अनि
हर्मोन्मां हालींछौ यहवेको येइ वाणी छ ॥

४ बेतेल्मां आयेर अपराध् ता गर गिल्गाल्मां आयेर धेरै अपराध् ता
गर्ने गर अनि तिमिहरुका चढ़ाउंने थोक् बिहान् बिहान् र तिमिहरुका दसौं
५ अंश तीस्रो तीस्रो दिन्मां बराबर् ल्याउंने ता गर अनि धन्नबाद् बलि
खमीर् हाल्येर चढ़ाउंने ता गर अनि आफ्नु मनमानीभेटिहरुको बखान्
चलायेर तिनको प्रचार् ता गर. किनभन्ये येसो गर्नु तिमि इस्राएल्वंशि-
६ हरुलाइ मन् पर्द छ प्रभु यहवेको येइ वाणी छ । अनि मैंले तिमिहरुका
सबै सहर्हरुमां दांत्को चोखेइं र तिमिहरुका सबै ठांउमां रोटीको घटि
७ दियें तैपनि तिमिहरु फर्केर मं तिर आयेन यहवेको येइ वाणी छ । अनि
जब कटनीका तीन् महीना रह्येका थिये तब तिमिहरुको लागि मैंलने
वृष्टि बर्षाइंन. अनि मैंले एक् सहर्मां पानी पार्यें अनि अर्को सहर्मां
पारीन. कि एक् खेत्मां ता पानी पार्यें अनि अर्कोमां पारीन येस्कारण्
८ पानी न पार्येको चइं खेत् सुकि रह्यो । त दुइ तीन् सहर्का लोग् पानी
खांनु पाउंनुलाइ डुलि डुलि हिंड़दै हिंड़दै येउटै सहर्मां आउंनु ता आये
तर अघायेनन्. तैपनि तिमिहरु फर्केर मं तिर आयेन यहवेको येइ
९ वाणी छ । अनि मैंले तिमिहरु[का खेत्] ओइलाई र मक्काईले मार्यें .
अनि तिमिहरुका बगैंचा र तिमिहरुका दाख्का बारीहरु र तिमिहरुका
नेभारा र भद्राक्षेका रुख्हरु धेरै भये पनि काट्ने सलहहरुले ति खाइ
हाल्ये. तैपनि तिमिहरु फर्केर मं तिर आयेन यहवेको येइ वाणी छ ।
१० मैंले तिमिहरुको बीच्मां मिस्र देस्को जस्तो रुढ़ि फिंजायें. मैंले
तिमिहरुका जुवान्हरुलाइ तरवार्ले कटाइ दियें अनि तिमिहरुका घोड़ाहरु
खोसि लैजांनु लगायें अनि तिमिहरुका छाउंनीका कुगन्धहरु तिमिहरुका
नाख् सम्म पुर्याइ दियें. तैपनि तिमिहरु फर्केर मं तिर आयेन

यहवेको येइ वाणी छ। फेरि मैंले तिमिहरुका कत्तिलाइ येस्तोगरि उल्टाइ ११
दियें जसोरि ईश्वर्ले सदोम् र अमोरा उल्टाइ दियेको थियो अनि
तिमिहरु चइं बल्दै गर्येको अगुल्ठो जस्ता भयौ. तैपनि तिमिहरु फर्केर
मं तिर आयौन यहवेको येइ वाणी छ। येस्कारण् ए इस्राएल् मं तं सित १२
यो गर्छु. अनि मैंले तं सित यो गर्नु आट्येको कारण्ले ए इस्राएल् तं तेरो
ईश्वर्को सांमु आउंनुको लागि तियार् भइ रह्। हेर् पर्ब्रत्हरु बनाउंने १३
अनि बतास् सिर्जने अनि मान्छेलाइ त्येस्को मन्को बिचार् कहि दिंने अनि
बिहान्को उज्यालो दूर् गरि अंध्यारो पार्ने अनि पृथिवीका अलगा अलगा
ठांउहरु मांथि हिंड्ने उस् सेनाहरुको ईश्वर्को नांउ यहवे हो॥

हे इस्राएल्का जहान् हो मं तिमिहरुको बिषय्को जुन् बिलापी ५ १
गीत् भन्द छु त्येस्को बचन् सुन। इस्राएल्की कन्येकेटी लडी अनि फेरि २
उठ्दीन त्यो आफ्नै जग्गामां पछ्रीई अनि त्येस्लाइ उठाउंने कोई छैन।
किनभन्ये प्रभु यहवेले येसो भन्द छ. जस् सहर् देखि हजार् निक्लंद छन् ३
त्येस्मां सै मात्रै बांचछन् अनि जस् देखि सै निक्लंद छन् त्येस्मां दसै
मात्रै बांचछन् इस्राएल्को जहान्को येस्तै गत् हुंछ। किनभन्ये यहवेले ४
इस्राएल्का जहान्लाइ येसो भन्द छ मंलाइ खोज्नुलाइ जीइ रहौला.
न बेतेल्मां न खोज् न गिल्गाल्मां पस न बेर्शेबामां जाव. किनभन्ये ५
गिल्गाल् निस्से बन्धुवाईमां जांछ अनि बेतेल् सुन्न हुंछ। न तिमिहरुले ६
यहवेलाइ खोज तब जीइ रहौला होइन भन्ये ता उस्को रिस् यूसुफ्को
घर्मां भयेको आगो झैं उठ्छ अनि त्येस्ले भस्म हुंछ अनि बेतेल्मां त्यो
निभाउंने कोई हुंदैन. ए निया ऐरेलु पार्ने अनि धर्म्म चइं मांटोमां आफालि ७
दिंने किर्किटि र मृगशिरा[ताराहरु]लाइ बनाउंने अनि मृत्युको जस्तो ८
छायालाइ हटाइ बिहान्को उज्यालो गराउंने अनि फेरि दिन्लाइ रात्
बराबर् अंध्यारो पारि दिंने अनि समुन्द्रको पानी डाकेर तिनलाइ भूमि
मांथि बहाइ दिंने उस्को नांउ यहवे हो बलियो मांथि उपद्रैं ल्याइ ९
त्येस्को किल्ला समेत् सत्येनास् पारि दिंने जो छ [उस्लाइ खोज]। ढोकामां १०
हकार्पकार् गर्ने सित तिमिहरुले डाहा राखद छन् अनि असल् कुरा गर्नेलाइ
घिनाउंद छन्। तिमिहरुले कंगालिहरुलाइ लतार्द छौ अनि तिनिहरुका ११
अन्नहरु हरि लांद छौ. तिमिहरुले कुंद्येका ढुंगाहरुका घर्हरु ता बनायौ
तर तिनमां बस्दैन तिमिहरुले मन्पर्दो मन्पर्दो दाखका बारीहरु ता
लगायौ तर तिमिहरुले त्येस्को दाखमद्य खांदैन। कसोगरिभन्ये मं जान्द १२
छु तिमिहरुका अपराध्हरु कति बिग्र छन् अनि तिमिहरुका पाप् कति
गह्रुङ् गह्रुङ् छन् तिमिहरुले धर्म्मीहरुलाइ सताउंद छौ अनि घूस् लिंद
छौ अनि ढोकामां दरिद्रहरुको निया बिगार्द छौ। आजकाल्को बेला १३
नजाति छ येस्कारण् बुद्धिमान् चइं चुप लागि रहोस्। बुराईको होइन १४
भलाईको फिक्रिमां लागि रह र तिमिहरु जीइ रह. अनि सेनाहरुको
यहवे हांमिहरु सङ छ भनि भन्येको तिमिहरुको कुरो सांचो ठहरीओस्।

१५ बुराई देखि डाहा र भलाई देखि प्रेम् राख अनि ढोकामां नियाले औंत
कोनि कतै सेनाहरूको ईश्वर् यहवेले बांच्येका यूसुफवंशीहरूको बचतौ-
१६ भाग मांथि अनुग्रह गर्छकि। येस्कारण यहवे सेनाहरूको ईश्वर् प्रभुले
येसो भन्द छ. सबै चोक् चोकमां रुवाबासी पर्छ अनि बाटो बाटोमां
लोगले हाय् हाय् गर्छन् अनि तिनिहरूले किसानीहरूलाइ बिलाप्
गर्नुलाइ अनि बिलाप् गर्नुमां अरु सिपालु सिपालुहरूलाइ पनि रुनु छाति
१७ ठोक्नुलाइ डाक्छन्। अनि सबै दाखका बारीहुंदो पनि बिलापगराई
हुंछ. किनभन्ये यहवेले येसो भन्द छ मं तिमिहरूको बीच् बाड़ो छिरि
१८ जांछु भनि। हे यहवेको दिन्को इच्छे गर्नेहरु हो तिमिहरु मांथि हाय्.
यहवेको दिन्ले तिमिहरूको के नाफा दिंछ. त्यो ता उज्यालो हुंदैन
१९ अंध्यारो पो हुंछ। कसोगरिभन्ये जसोरि कोई मान्छे सिंह देखि भाग्ला
त भालू सित भेट् होला कि घरमां आयेर घरको भित्तामां हातको अड़्म्
२० लागि बस्ला त सापले डस्ला। तब के यहवेको दिन् उज्यालोको होइन
तर अंध्यारोको पो हुंछ दिन् भन्येको कुरो सांचो हुंदैन. अं यस्तो अंध्यारो
२१ हुंछ जस्मां केहि पनि उज्यालो हुंदैन। मं तिमिहरूका चाडूहरु देखि डाहा
राखद छु अनि तिनलाइ बिकामे जान्द छु अनि तिमिहरूका पवित्रसभाहरु
२२ देखि खुशि हुन्न। अं तिमिहरूले मेरो लागि होमबलि र अन्नबलि चढ़ायौ
भन्ये पनि मं ति ग्रहण गर्दीन. अनि न तिमिहरूका पलुवा पशुहरूको
२३ मिलापबलि तिर हेर्छु। तिमिहरूका गीतको खलाबेला मं देखि टाड़ो
२४ राख तिमिहरूका सारंगीहरूका भाषा सुन्दीन। तर निया खोला झैं र
२५ धर्म्मगराई ठुलो नदी झैं बहि रहुन्। हे इस्राएलका जहानहरु हो के
तिमिहरूले बनमां चालीस् बर्ष सम्म पशुबलि र अन्नबलि मेरे लागि
२६ चढ़ाउंद थियौ। अं तिमिहरु ता आफ्नु राजाको पाल्[१] र आफ्ना
मूर्त्तिहरूका खराऊ[२] र आफुले बनायेका मूर्त्तिहरूका ताराहरु लिइ हिंड्द
२७ थियौ। येस्कारण मं तिमिहरूलाइ दमिश्क् देखि उता बन्धवाईमां पारि
दिंछु यहवेको येइ बचन् छ जस्को नांउ सेनाहरूको ईश्वर् हो॥

६ १ हाय् ति सिय्योनमां सुख सित रहनेहरु मांथि र शोमरोनका डांड़ा
डांड़ा मांथि भरोसा राखनेहरु मांथि श्रेष्ठ लोग् लोगमां मूलगरि प्रसिद्ध
२ जुनहरु थांइ इस्राएलका जहान् आउंने गर्द छन्। कल्ने सहरमां गयेर हेर
अनि त्यहां बाटो हमात् भन्ये ठुलो सहरमां जाव फेरि पलिश्तीहरूको गत्
सहरमां जाव. के ति राजहरु तिमिहरूका राजहरु भन्दा जाति छन्. कि
३ के तिनिहरूको देस् तिमिहरूको देस् भन्दा ठुलो छ। तिमिहरूले बुरा दिन्को
चिन्ता मन् समेतले टाड़ो गर्द छौ अनि नियाको बेठकमां बसिकन पनि
४ उपद्रेईं गर्द छौ तिमिहरु हात्तिदांतका खाट् मांथि सुतद छौ अनि

१ अथवा आफ्नु राजा सिक्कुत्।

२ अथवा आफ्ना कीयून् भनींने मूर्त्ति।

आफ्नु आफ्नु बालिसहमां गोड़ा पसार्‍येर सुतद छौ अनि भेंड़ाबाखामांका
पाठा पाठाहरु र गोठका बाच्छाहरु खांद छौ अनि बीना बीनाको ५
पागमां र दाऊद्ले झैं भांति भांतिका बाजा बुद्धि खीयाइ खीयाइकन
निकाल्द छौ अनि कटौरामां दाखमद्य खांद छौ अनि बड़ा अस्सल् ६
अस्सल तेल् लगाउंद छौ अनि यूसुफवंशीहरुको बिपत्तिको कारणले केहि
पनि सुर्ताउंदैन । ऐस्कारण् तिमिहरु अब बन्धुवाईमां पहिलेनै जांछौ अनि ७
तिमि गोड़ा पसार्‍येर सुत्नेहरुको धूम्धाम् जाइ जांछ । सेनाहरुको ईश्वर् ८
यह्वेको यो बाणी छ मं प्रभु यह्वेले आफ्नै किरिया खायेर भन्येको छु
जोमां याकूबले अहंकार् गर्दछ त्यो देखि मं घिनाउंद छु अनि त्येस्का
महल्हरु देखि डाहा राखद छु अनि मं येस् सहर्लाइ त्येसमां भयेका
सब्बैलाइ समेत् ताबिमां पारि दिंछु । अनि ऐसो हुंछ कोई घर्मां दस् ९
लोग्नेमान्छे बांचि रह्ये भन्ये पनि तिनिहरु मरि जांछन् । अनि जब कसैको १०
काक्काबाबुले त्येस्लाइ पोल्नुको लागि त्येस्का हाडूहरु घर् बाटो निकाल्नु
लाउंछ तब त्येस्ले जब घर्को कुनामां हुनेलाइ भन्छ कि तेरां अरु कोई छ
भनि अनि त्येस्ले भन्छ कोई छैन भनि तब काक्काबाबुचइंले भन्छ चुप
लाग् किनभन्ये यह्वेको नांउ लिनु पर्दैन । किनभन्ये यह्वेको आज्ञाले ११
ठुलो घर्मां छेद्रू हुंछन् अनि सानु घर्मां पनि दुलो हुंछन् । के कसैले १२
घोड़ाहरुलाइ भल्खांड़ामां दुगुराउंछ. के कसैले | त्यस्तो ठांउमां | गोरु
जोत्छ. तर तिमिहरुले ता निया बिष् सित अनि धर्म्मको फल् एरेलु १३
सित साट्यौ. तिमिहरुले ता त्यो थोक् सित प्रेम् गर्दछौ जो केहि पनि
होइन अनि भन्ये गर्दछौ कि हामिहरु आफ्नै फिक्रिले सामर्थी भयूंन
भनि । ऐस्कारण् सेनाहरुको ईश्वर्को यो बाणी छ हे इस्राएल्का १४
जहान् हो मं तिमिहरुको बिरुद्धमां येउटा येस्तो लोग्लाइ उभ्याउंछु
जस्ले तिमिहरुलाइ हमात्को पस्ते गौंड़ा देखि अराबाको खोल्चा सम्म
संकट्मां हाल्छ ॥

प्रभु यह्वेले मंलाइ यो दर्शन देखायो. त के देख्यें भन्ये नया ७ १
घांस् पलायेको पहिलो बेलामां उस्ले सलहहरु बनायो त हेर राजाले लगि
हाल्येको पछिको नया घांस् रछ । तब ऐसो भयो जब तिनिहरुले देस्को २
घांस् खाइ सके तब मैंले भन्यें हे प्रभु यह्वे कृपा गरि क्षमा गर्नु हवस्.
याकूब कसोगरि ठहर्छ. त्यो ता निर्बल्लियो छ भनि । यह्वे येस्को बिषय्मां ३
पछुतायो. अनि ऐसो हुंदैन भनि यह्वेले भन्यो ॥

प्रभु यह्वेले मंलाइ यो दर्शन् पनि देखायो. त के देख्यें भन्ये प्रभु ४
यह्वेले आगोले मास्ना लड्डू भनि आज्ञा दियो त आगोले महासागर् सुकि
गयो अनि निज् देस् पनि भस्म हुनु आंट्यो । यो देख्येर मैंले भन्यें हे ५
प्रभु यह्वे कृपा गरि थामौंनु हवस्. याकूब् कसोगरि ठहर्छ. त्यो ता
निर्बल्लियो छ भनि । यह्वे येस्को बिषय्मां पनि पछुतायो. अनि ऐसो ६
हुंदैन भनि प्रभु यह्वेले भन्यो ॥

७ उस्ले मंलाइ यो दर्शन् पनि देखायो . त को देख्यें भन्ये साहुल्
लगायेर बनाईयेको येउटा भित्तामां प्रभु उभीइ रह्येको रह्छ अनि उस्को
८ हात्मां साहुल् रह्छ। अनि यह्वेले मंलाइ भन्यो ए आमोस् तं को देख्द
छस् . त मैंले भन्यें येउटा साहुल्। तब प्रभुले भन्यो सुन् मं आफ्नु
इस्राएली प्रजाको मांझमां साहुल् लगाउंछु अब मं तिनिहरूलाइ फेरि
९ छोड्दीन . अनि इस्हाक्का अग्ला ठांउहरू उजार् अनि इस्राएल्का
पवित्रस्थान् सुन्न होइ जांछन् अनि मं तरवार् झिकेर यारोबामको जहान्
मांथि जाइ लाग्छु ॥
१० तब बेतेल्को पूजाहारी अमस्याहले इस्राएल्को राजा यारोबाम्
थांइ भनि पठायो आमोस्ले इस्राएल्को जहान्को मांझमां आफुको
बिरुद्धमां राजद्रोहको गट्टा बांध्येको छ . येस् देसले त्यस्का सबै बचन्
११ सुनि सहनु सक्दैन। कसोगरिभन्ये आमोस्ले येसो भन्द छ यारोबाम्
तरवार्ले काटींछ अनि इस्राएल् आफ्नु आफ्नु जग्गा देखि निस्से
१२ बन्धुवाईमां जांछ। फेरि अमस्याहले आमोसलाइ भन्यो हे दर्शी यहां
बाटो निकल्येर यहूदा देसमां भागि जाउ अनि उतै रोटी खाउ उतै
१३ अगम् भन . तर बेतेल्मां फेरि कैले पनि अगम् न भन . किनभन्ये यो
१४ राजाको पवित्रस्थान् हो अनि राजमहल् पनि हो। यो सुन्येर आमोस्ले
अमस्याहलाइ उत्तर् दिइ भन्यो मं न ता अगमवक्ता थियें अनि न
अगमवक्ताको खाल्मांको छोरा थियें मं गाईगोरु चराउंने र किम्बुको
१५ रुखहरू छांट्कुट् गर्ने थियें . अनि यह्वेले मंलाइ भेंडाबाखाको पछि पछि
लाग्नु देखि डाकेर भन्यो इस्राएली प्रजा थांइ गयेर अगम् कह् भनि।
१६ त अब तिमिले यह्वेको बचन् सुन . तिमिले भन्द छौ इस्राएल्को
बिरुद्धमां अगम् न भन अनि इस्हाक्को जहान्को बिरुद्धमां घरि घरि
१७ बचन् न सुनाउ भनि येस्कारण यह्वेले येसो भन्द छ . तेरो स्वास्नी
येसै सहर्मां बेश्या हुंछे अनि तेरा छोराछोरीहरू तरवार्ले काटींछन् अनि
तेरा जग्गाहरू डोरीले नापि नापिकन बांडींछन् अनि तं चइं अशुद्ध देसमां
मर्छस् अनि इस्राएल् आफ्नु जग्गा देखि निस्से बंधवाईमां जांछ ॥

८ १ प्रभु यह्वेले मंलाइ यो दर्शन् देखायो . त को देख्यें भन्ये ऋतुफलले
२ भरीयेको येउटा डालो राखीयेको रह्छ। तब उस्ले भन्यो ए आमोस् तं को
देख्द छस्। त मैंले भन्यें ऋतुफलले भरीयेको येउटा डालो। तब यह्वेले
मंलाइ भन्यो मेरो प्रजा इस्राएल्को अन्त आइ पुग्यो मं अब तिनिहरूलाइ
३ छोड्दीन। अनि प्रभु यह्वेको यो बाणी छ त्यस् दिन् मन्दीरको गीत्
हाहाकार्मां फेरींछन् . अनि धेरै मुर्दाहरू हुंछन् अनि ति जतातते चुपे
४ लागिकन आफालींछन्। ए कंगालिहरूलाइ नीलने अनि देसका दीन्
लोग्लाइ नाश् पार्नुको लागि मुख् बाइ रहनेहरू हो यो सुन तिमिहरूले
५ भन्द छौ दुतिया कैले बीत्छ र हामिहरू अन्न बेच्नु सकुंला अनि
बिश्रामबार् कैले जांछ र हामिहरू अन्नको ढुकुटि पैटायेर शेकेल् गरुङ्

पारि दिऊंला अनि छल्को तुलोको डांठ् घुमाऊंला अनि दरिद्रहरूलाइ ६
रुपियामां र कंगालिहरूलाइ एक् जोर् जुत्ता दियेर किनि लिऊंला अनि
खेरो गयेका अन्नहरू बेचूंला भनि। जसमां याकूब्ले अहंकार् गर्द छ त्यो ७
मांथि यहूवेले किरिया खायेर भन्द छ मं तिनिहरूको कुनै काम् निस्से
बिर्संदीन। के येस्कारण् भूंइ काम्देन अनि के त्यसमां बस्ने सबैले बिलाप् ८
गर्दैनन्. अं यो सिंगै देस् महानदी झैं बढ्छ अनि फेरि उफ्लंने अनि
भरे घटि जांने गर्छ मिस्रको महानदी झैं। प्रभु यहूवेको यो बाणी छ ९
त्येस् बेलामां येसो हुंछ मं घाम् दोपहरिमांनै अस्ताइ दिंछु अनि येस्
देस्लाइ दोपहरि दिउंसोमां अंध्यारो पार्छु। अनि मं तिमिहरूका चाड्हरूका १०
हर्षबड़ाईहरू हटाइ बिलाप् गराइ दिंछु अनि तिमिहरूका सबै गीत्हरू
हटाइ बिलापौ गात् पारि दिंछु अनि मं तिमिहरूको कम्मरमां भाङ्रा
बांधनु लाउंछु अनि तिमिहरू सबैका केस् मुड़ाउंछु अनि येस्तो बिलाप्
गराउंछु जस्तो कसैले एक्लै छोरोको मरणमां गर्ने गर्द छ अनि त्येस्को
अन्त तीतो दिन् जस्तो लाग्छ। प्रभु यहूवेको यो बाणी छ सुन् येस्ता दिन् ११
आउंने छन् अर्थात् येस् देसमां अनिकाल् पार्छु येस्मां न ता अन्नको भोक्
अनि न पानीको तिर्खा हुंछ खालि यहूवेका बचन्हरू सुन्नेतिर्खा मात्रै
लाग्छ। अनि लोगले यहूवेको बचन्को खोज्मां समुन्द्र देखि समुन्द्र सम्म १२
र उत्तर् देखि पूर्ब सम्म हांपरभांप् गरि हिंड्छन् तर त्यो पाउंदेनन्। त्येस् १३
बेलामां राम्रा राम्रा तरुणिहरू र जुवान् तरुनिहरू दुवै तिर्खाको कारणले १४
मुर्छा पर्छन्। जस् जस्ले शोमरोन्का पापको किरिया खांद छन् अनि जस्
जस्ले दान्को देव्ताको जीवन्को किरिया र बेर्शेबाको धर्म्मपन्थको किरिया
भन्येर भन्द छन् तिनिहरू सबै लड्छन् अनि फेरि कहिले पनि उठ्देनन्॥
मैले प्रभुलाइ बेदि छेउ उभीइ रह्येको देखें अनि उस्ले भन्यो ९ १
थाम्का सिर् सिरमां हिर्का र मडारहरू हल्लीउन्. वहांदेखि ति लड़ायेर
तिनिहरूको थाप्लि थाप्लि चड्इ चकनाचूर् पार् अनि येसोरि नाम् हुंनु
देखि जो जो बांच्छन् तिनिहरूलाइ मं तरवारले काट्छु. यहां सम्मगरि
काट्छु तिनिहरूमांको भाग्नु खोज्ने भागि निकल्नु पाउंदैन अनि बांच्नु
खोज्ने बांच्दैन। कसोगरिभन्ये तिनिहरू पत्तालमां छेडेर उत्र्ये भन्ये २
देखि मं हात् पसार्येर ऊंभो तानि ल्याउंछु अनि तिनिहरू स्वर्गमां चढि गये
भन्ये पनि मं तिनिहरूलाइ तान्येर ऊंधो तानि ल्याउंछु। अनि तिनिहरू ३
कर्म्मेल् पर्वत्का थाप्लिमां लुके भन्ये पनि मं तिनिहरूलाइ त्यहां बाटो
पनि खोजि खोजिकन पक्रंछु अनि तिनिहरू समुन्द्रको थाहमां भइ मेरो
नजर् देखि छेलीये भन्ये पनि मं तिनिहरूलाइ सापलाइ आज्ञा दियेर डस्नु
लाउंछु। अनि सत्तुरहरूले तिनिहरूलाइ धपाउंदै लग्ये भन्ये पनि उहीं पनि ४
मं आज्ञा दियेर तिनिहरूलाइ कटाउंछु. अं मं तिनिहरू मांथि भलाईको
लागि होइन बुराईकै लागि मात्रै नजर् राख्छु। जस्ले छुंदानै पृथिवी ५
पग्लींद छ अनि त्येसमां रहंनेहरू सबैले बिलाप् गर्छन् सेनाहरूको प्रभु

यह्वे उइ हो यो सिंगै देस् महानदी झैं बढ्छ अनि फेरि उछ्लंने अनि
६ भरे घटि जाने गर्छ मिस्रको महानदी झैं. उइ हो जस्ले अकाशमां आफ्नु
लागि कोठाहरु बनाउंद छ अनि आफ्नु अकाशमण्डल्को जग् पृथिवीमां
बसाल्यो अनि समुन्द्रको पानीलाइ डाकेर तिनलाइ भूमि मांथि बहाइ दिंद
७ छ उस्को नांउ यह्वे हो। हे इस्राएल्वंशीहरु हो यह्वेको यो वाणी छ
की तिमिहरु मेरो लेखिमां कूश्वंशीहरु जस्तै छौन. जसोरि मैंले
पलिश्तिहरुलाइ कप्तोर् देखि र अरामीहरुलाइ कीर् देखि निकालि ल्यायें
की त्यसैगरि मैंले इस्राएल्लाइ पनि मिस्र देस् देखि निकालि ल्याइंन।
८ सुन प्रभु यह्वेले येस् बुरो राज् मांथि नजर् लगायेको छ त मं त्येस्लाइ
पृथिवी मांथि देखि नास् पार्छु अं तर पूरापूर् गरिकन ता मं याकूब्को
९ जहान्लाइ नास् पार्दीन यह्वेको येइ वाणी छ। सुन् मं आज्ञा गर्छु त सबै
लोग् लोग्को बीच्मां इस्राएल्को जहान्लाइ अन्न नांगलोमां निफन्येको
१० झैं निफन्छु तर तिनमांको येउटा पनि भरीलो दाना भूइंमां झर्दैन। अं
त्यो बिपत्ति हांमिहरु मांथि आइ लाग्दैन अनि न हांमिहरुलाइ घेर्छ
भन्ने मेरो प्रजामांका सबै पापीहरु चइं तरवार्ले काटींछन् ॥
११ त्यस् दिन्मां मं दाऊद्को भत्केको डेरा फेरि बनाउंछु अनि त्येस्को
बार्को तगारा सुधार्छु अनि त्येस्का भत्काईयेका साइीम् मं फेरि बनाउंछु
१२ अनि त्यो तादि जस्तो थियो त्यस्तै त्येस्लाइ फेरि बनाउंछु र त्यस् वंशका
लोगले रहेका एदोमीहरुलाइ अं सबै अन्यदेसीहरुलाइ जो जो मांथि मेरो
नांउ राखीयेको छ तिनिहरुले तिनिहरुलाइ आफ्नु अधिकार्मां लिउन्
१३ मं येस्ता येस्ता काम् गर्ने यह्वेको वाणी येइ छ। यह्वेको यो वाणी छ
सुन येस्ता दिन् आउंछन् हलो जोत्दा जात्दै कटनीको पालुनि होइ जांछ
अनि दाख् पेल्दा पेल्दै बिउ रोप्नु पालि हालींछ अनि पर्वत् पर्वत् देखि
मीठो दाखमह चुहुंनु लाग्छ अनि सबै डांड़ा डांड़ा गलि गलिकन बहि
१४ जांछन्। अनि मं आफ्नु इस्राएली प्रजाका बन्धुवाहरुलाइ फेरि फर्काइ
ल्याउंछु अनि तिनिहरुले पोत्रा सहर्हरु फेरि बसाल्छन् अनि तिनमां
बस्छन् अनि दाख्को बारी लगायेर दाखमह खांछन् अनि बगैंचा लगायेर
१५ फल् खांने गर्छन्। अनि मं तिनिहरुलाइ तिनिहरुकै जग्गामां रोप्छु अनि
तिनिहरु मैंले तिनिहरुलाइ दियेको तिनिहरुको जग्गा देखि फेरि फेरि
उखेलींदैनन् तेरो ईश्वर् यह्वेको येइ वाणी छ ॥

ओबद्याह् ।

ओबद्याह्ले देख्येको दर्शन् ।। १ १
प्रभु यहवेले एदोम्को बिषयमां येसो भन्द छ . हांमिहरुले यहवेको
पट्टि बाटो यो समाचार् सुन्यूं अनि येउटा दूत् पनि लोग् लोग्को
बीच्मां पठाईयो उठि आव हांमिहरु एदोम् सित लड़ाईं गर्नु जाऊं भनि
भनुलाइ । हेर् मैंले तंलाइ लोग् लोग्को बीच्मां छोटा तुल्यायें . तं बिग्रै २
तुच्छ हुंद छस् । ए आढ़ार्को दुलो दुलोमां बस्ने र अलग्गा अलग्गा ठांउ ३
हुंदो रहने तेरो मनको अहंकार्ले तंलाइ धोका दियो . तंले आफ्नु
मन्मां भन्द छस् कस्ले मंलाइ भूंइमां उतार्छ भनि । तं उकाब् झैं अलग्गो ४
उड़िस् अं तैंले ताराहरुको बीच्मां आफ्नु गुंडू बनायेको छस् भन्ये पनि
मं तंलाइ त्यहां बाटो पनि उतारि दिंकु यहवेको येइ बाणी छ । चोर् कि ५
डाकूहरु राति तं थांइ आये भन्ये देखि कि जत्ति सक्थ्ये त्यति धन्
लूटेर लैजांदैनन् . तर तेरो चइं ता कोइ पनि छोडूंदैन . अनि दाख्
टिपने तं थांइ आयें भन्य देखि कि तिनिहरुले कताकति दाखको बोला
छोडूदैनन् । हाय् हाय् एसाव्का थोक् कि ओधिगरि खोजछन् . त्यसका ६
गुप्त धन्हरु कि ओधिगरि पता लगाइ लगाइकन निकालीछन् ।
जत्तिले बाचा बांध्येका छन् ति सबैले तंलाइ सांद् सम्म पुऱ्याइ दिये . तं ७
सित मिलाप् राखनेहरुले तंलाइ धोखा दिइ तं माथि जिताहा भये .
अनि तेरो रोटी खानेहरुले तेरो लागि पासो थाप्ये त्यसमां कोइ बूझ्
छैन । यहवेको यो बाणी छ कि त्येस् बेलामां मं तं एदोम् देखि ८
बुद्धिमानहरुलाइ र एसाव्को डांड़ा देखि बूझ् नष्ट न गरुं । अनि ए ९
तेमान् तेरा बीरहरु थर्थराउंछन् त येसोरि एसाव्को डांड़ाको एक् एक्
मान्छे काटीयेकोले सबैको नाश् हुंछ । तेरो भाइ याकूब् माथि गर्येको १०
उपद्रईंको कारणले तं लाजले ढाकीछस् अनि सदाको लागि नष्ट हुंछस् ।
जस् दिन् परदेसीहरुले त्यसका धनसम्पत्ति खोसि खोसिकन लग्ये अनि ११
बिराना लोगले ढोकाहरु देखि पसेर यरुशलेम्मां चिट्ठा लगाये अनि तं
चइं छेवैमां उभीइ रह्येको थिइस् त्येस् दिन् तं पनि तिनिहरुमांको येउटा
जस्तो थिइस् । तर तेरो भाइ परदेसी भयेको दिन्मां त्यो तिर हेर्दै न रह् १२
अनि यहूदावंशीहरु नाश् भयेको दिन्मां तिनिहरु माथि रमाहट् न गर् .
अनि तिनिहरुको संकट्को दिन्मां ठूलो ठूलो कुरा न गर् । मेरो प्रजाको १३
बिपत्तिको दिन्मां तं त्यसको ढोका बाटो न पस् अनि तिनिहरुको बिपत्तिको
दिन्मां तिनिहरुको कुगत् हेरि न रह् अनि तिनिहरुको बिपत्तिको

१४ दिन्मां त्यका धन्सम्पत्तिमां हात् न हाल्। अनि दोबाटा दोबाटामां
त्येका भाग्नेहरुलाइ मार्नुको लागि न उभौइ अनि त्येको संकट्को
१५ दिन्मां त्येका बांच्याकाहरुलाइ पक्राई न दे। किनभन्ये यहवेको दिन्
सब्बै लोग् लोग् मांथि आउंनु नजिक् छ. तैंले जसो गर्यको होलास्
त्यसै तं सित पनि गर्नौछ तेरो बहोरा फर्केर तेरै सिर् मांथि पर्छ।
१६ जसोरि तैंले मेरो पवित्र पर्वतमां पीयेको छस् त्यसैगरि सिंगै अन्यदेसीहरुले
पनि बराबर् पीउंछन् अं चूसि चूसिकन पनि पीउंछन् अनि येस्तो हुंछ
१७ त्यस्तो ता कैलेइ भयेके थियेन। तर बांच्येका लोग् सिय्योन् पर्वत्मां
रहंछन् अनि त्यो पवित्रस्थान् ठहर्छ अनि याकूब्का जहान् आफ्ना निज्
१८ किपट्का अधिकारी हुंछन्। अनि याकूब्को जहान् आगो बनौंछ अनि
यूसुफ्को जहान् आगोको जुवाला बनौंछ अनि एसाव्को जहान् टुटा
बनौंछ वहांदेखि तिनिहरुले तिनिहरुलाइ भस्म पारेर नीलि हाल्छन्.
अनि एसाव्को जहान्को कोई पनि बांच्दैन कसोगारिभन्य यहवेलेनै येसो
१९ भन्येका छ। अनि दक्खिन् देसका बासीहरु एसाव्को डांड़ाको अधिकारी
हुंछन् अनि तीर देस्का बासीहरु चइं पलिश्तीहरुको देस्का अधिकारी
हुंछन् अनि तिनिहरु एफ्रेम्को जग्गा र शोमरोन्को जग्गाका अधिकारी
२० हुंछन्. अनि बिन्यामीन्वंशी गिलाद्का अधिकारी हुंछन्। अनि
इस्राएल्वंशीहरुका बन्धुवाईको गट्ठामां गयेर कनानीहरुको बीच्मां
सारपत् सम्म रहंछन् अनि यरुशलेम्मांका बन्धवाईमां गयेर सपाराद्मां
२१ रहंछन् यि सबै दक्खिन् देसका अधिकारी हुंछन्। अनि उद्धार् गर्नेहरु
एसाव्का डांड़ाको निया गर्नुको लागि सिय्योन् पर्वत् मांथि चढ्छन् अनि
राज् चइं यहवेकोनै होइ जांछ॥

योना

१ १ अनि यहवेको यो बचन् अमित्तैको छोरो योना थांइ येसो भनि
२ आयो उठेर त्यस् तुलो सहर् नीनवेमां जा अनि त्येको बिरुद्धमां
३ प्रचार् किनभन्ये त्येको बुराई मेरो सांमु बढि गयेको छ। तर योना यहवेको
सांमु देखि तर्शीश् तिर भागि जांनुलाइ उठेर यापो सहर्मां गयेर
तर्शीश्मां जांने येउटा जहाज् भेटयो. त त्येको भाला दिइ त्यसमां चढि
तल ओर्ल्यो यहवेको सांमु देखि तिनिहरु सङ तर्शीश्मां जांनुलाइ।
४ तर यहवेले समुन्द्रमां तुलो बतास् चलाइ दियो तब समुन्द्रमां येति तुलो
५ आंधी उठयो जहाज् फुट्नु लाग्यो। तब मलाहाहरुले डरायेर आफ्ना
आफ्ना देवताको दोहाई गर्ये वहांदेखि जहाज्मां भयेका बेपार्का

थोकहरु समुन्द्रमां आफाल्नु लाग्ये जहाज् हलुङ् गराउंनलाइ। तर योना
चइं नाउंको तल्लो तलामां झत्र्येर सुति गयो अनि मस्त निन्द्रामां पर्येको
थियो। तब मूलमांझिले त्यो छेउ आयेर भन्यो हे निन्द्रामां सुति रहंने ६
तिमि के गर्दै छौ. उठ आफनु देवताको दोहाई गर कोनि त्यो ईश्वरले
हांम्रो हेरचाहा गर्छकि र हांमिहरुको नास् न हवस्। येतिमां मांझिहरुले ७
आपसमां भन्नु लाग्ये लु हांमिहरु चिट्ठा हाल्येर हेरुं कस्को कारणले यो
बिपत्ति हांमिहरु मांथि पर्येछ भनि। येसो भन्येर तिनिहरुले चिट्ठा हाल्ये
तब चिट्ठा योनाको नांउमां निकल्यो। तब तिनिहरुले त्येस्लाइ भन्ये ८
कृपागरि हांमिहरुलाइ भन कस्को कारणले यो बिपत्ति हांमिहरु मांथि
पर्यो तिम्रो काम् के हो. अनि तिमि कहां बाटो आयौ. तिमि कुन
देसको अनि के लोगको मान्छे हौ। त्येस्ले तिनिहरुलाइ भन्यो मं इब्री हुं ९
अनि जल् थल् दुवै बनाउंने स्वर्गको ईश्वर् यहवेको भय् मान्द छु। तब १०
तिनिहरुले औधि डरायेर भन्ये यो तिमिले के गर्यौ भनि। कसोगरिभन्ये
योनाले तिनिहरुलाइ मं यहवेको सांमु देखि भागि आयेको हुं पनि भन्यो
तब तिनिहरुले यो थाहा पाये। तब तिनिहरुले त्येस्लाइ भन्ये हांमिहरु ११
तिमिलाइ के गरुं र समुन्द्र चुप् लागोस् भनि. किनभन्ये समुन्द्रका छालहरु
बढ्दै जांद थिये। त त्येस्ले तिनिहरुलाइ भन्यो मंलाइ उठायेर समुन्द्रमां १२
आफालि देव तब समुन्द्र चुप लाग्छ. किनभन्ये मैंले थाहा पायें तिमिहरु
मांथि यो ठुलो आंधी मेरे कारणले आयेका हो रछ भनि। तैपनि ति १३
मान्छेहरुले जहाज् घुमायेर अघोर् फिक्रि गरि गरि खोयाये त्येस्लाइ तीरमां
लगाऊं भन्येर तर सकेनन्. कसोगरिभन्ये समुन्द्रका छालहरु तिनिहरुको
सांमु पट्टि बढ्दै आउंद थिये। येस्कारण तिनिहरुले हे यहवे हांमिहरु १४
बिन्ति गर्दै छौं कृपागरि येस् मान्छेको प्राणको साटो हांमिहरुलाइ नास् न
पार्नु हवस् अनि न निर्दोषीको लोहू हांमिहरु मांथि लगाउंनु हवस्
किनभन्ये हे यहव जे तपांइको इच्छा थियो त्यइ तपांइले गर्नु भयो भनि
यहवेलाइ हापार्नु लाग्ये। वहांदेखि तिनिहरुले योनालाइ उठायेर १५
समुन्द्रमां आफालि दिये. तब समुन्द्रमां छाल् उठनु थामि गयो। तब ति १६
मान्छेहरुले यहवेको अघोरै भय् मान्ये अनि यहवेको लागि बलिदान्
चढाये अनि भाकलहरु गर्ये। तब यहवेले योनालाइ निल्नुलाइ येउटा १७
महामाछ्खालाइ खटायो त योना त्येस् माछ्खाको पेट्मां तीन् दिन् र तीन्
रात् रह्यो। तब योनाले त्येस् माछ्खाको पेट् देखि ईश्वर् यहवे थित २ १
प्रार्थना गर्यो।
अनि त्येस्ले भन्यो २

मैंले आफनु दुक्खको कारणले प्रभुको दोहाई दियें
अनि उस्ले मंलाइ जत्तर् दियो
पत्तालको पेट् देखि करायें
अनि तपांइले मेरो शब्द सुन्नु भयो।

३ किनभन्ये तपांइले मंलाइ समुन्द्रहरुको गहीरेईंको मुटुमां आफालि
दिंनु भयो
अनि भल् मेरा वरिपरि थियो
तपांइका सबै छालहरु सांना ठुला दुवैले मंलाइ डुबाये ।
४ अनि मैंले भन्यें मं तपांइका आंखाको सोजि देखि काटीयेको छु भनि
तैपनि मं फेरि तपांइको पवित्र मन्दिर् तिर हेर्छु ।
५ पानीहरुले मंलाइ घेर्ये अं मेरो प्राण सम्म .
गहीरेईं मेरा वरिपरि थियो
सिवांलि मेरो कपाल्मां बेहेरीयेका थिये ।
६ मं पर्बत्हरुको जग्को टुप्पा सम्म पुग्येको थियें
मं पृथिवीका आगलाहरुले सदाको लागि थुनीयें .
तैपनि हे मेरो ईश्वर् यह्वे तपांइले मेरो प्राणलाइ पत्ताल् देखि
उठाइ ल्याउंनु भयो ।
७ जब मेरो प्राण् मंमां हरान् पर्यो तब मैंले यह्वेलाइ सम्झें .
अनि मेरो बिन्ति तपांइ थांइ सम्म चढि गयो अं तपांइको पवित्र
मन्दिर् भित्र ।
८ झूठ्को व्यर्थ माथि भरोसा गर्नेहरुले
आफ्नै टिठाई हराउंदा राछन् ।
९ तर मं धन्नबाद् सहित् तपांइको लागि बलिदान् चढाउंछु
मैंले ज्येको भाकल् गर्येको छु त्यो पूरो गर्छु ।
उद्धार् यह्वे देखिनै छ ॥
१० तब यह्वेले माछ्कालाइ आज्ञा गर्या त त्येस्ले योनालाइ पाखामां उगेलि
दियो ॥
३ १ फेरि यह्वेको यो बचन् दोस्रो चप् योनाकां येसो भनि आयो
२ उठेर त्येस् ठुलो सहर् नीनवेमां जा अनि ज्ये कुरा मं तंलाइ भन्छु त्यो
३ त्येस्मां प्रचार् गर् । त योना उठेर यह्वेले भन्येको अनुसार् नीनवेमां
गयो । नीनवे ता येउटा आघोरै ठुलो सहर् थियो त्यो छिचलि जांनु तीन्
४ दिन् लाग्दो थियो । त योना सहर्मां एक् दिन्को बाटो भित्र पसि गयो
वहांदेखि येसो भनिकन प्रचार् गर्यो अबको चालीस् दिन्मां नीनवे उल्टाइ
५ दिईंछ भनि । यो सुन्येर नीनवेका बासीहरुले ईश्वर्को बिस्वास् गर्ये
वहांदेखि उपासको उर्दी फिंजाये अनि साना ठुला सबैले भाङ्रा लाये ।
६ अनि यो खबर् नीनवेको राजाका कानमां पनि पुग्यो तब त्यो सिंहासन्
देखि उत्र्येर आफ्नु राज्पोशाक् उतार्येर भाङ्रा लगाइ खरानिमां
७ बस्यो । वहांदेखि राजाले मालिक्हरु सित सल्लाह् लिइ नीनवेमां यो
आज्ञाको झ्यालि पीटायो अर्थात् के मान्छे के पशु के गाईगोरु के
८ भेंडाबाख्राहरु कस्सैले केइ खांनु न पाउन् न पानी पीउन् . तर मान्छे
र पशु दुवैले भाङ्रा लायेर कराइ कराइकन ओधि गरि ईश्वर्को दोहाई

गरुन्. अं आफना आफना कुमार्ग देखि फर्कुन् अं तिनिहरुले गर्ने उपद्रेइं
त्यागि दिउन्। कोनि कते ईश्वर्ले फर्क्येर पछुताउला अनि उसको उठेयको ९
रिस् थामौंछकि र हांमिहरु नष्ट न होऊं भनि। तब ईश्वर्ले तिनिहरुको १०
कुकर्म्म देखि पछुताउंदै गयेको काम् देख्यो त ईश्वर्ले पछुतायेर तिनिहरुको
हानि गर्नुलाइ भन्येको कुरो देखि थामौयो अं उस्ले त्यसो गर्येन। तर ४ १
योनालाइ यो कुरो बिष्रै नजाति लाग्यो अनि त्यसको रिस् उठ्यो। तब २
त्येस्ले यहवे षित प्रार्थना गर्येर भन्यो कृपागरि हे यहवे जब मं आफ्नु
देस्मां थियें तब को मेरो कुरो येइ थियेन। येसकारणले मं तर्शीश् तिर
भाग्नु आंटेंय. किनभन्ये मं जान्द थियें तपांइ दयालु र अनुग्रही ईश्वर्
अनि रिस् गर्नुमां धीरजी र दुक्ख दिंनुमां पछुताउंने हुंनु हुंद छ भनिकन।
त अब हे यहवे कृपागरि मेरो प्राण् लिहालनु हवस् किनभन्ये मेरो लागि ३
जीउंनु भन्दा मंन जाति छ। अनि यहवेले भन्यो तेरो रिस् उठ्यो यो को ४
जाति हो। तब योना त्येस् सहर् देखि निस्क्येर नगर्को पूर्ब तिर गइ ५
बस्यो वहांदेखि त्यहां येउटा झाप्रा हाल्येर त्येसको छायामां बस्येर सहर्लाइ
को हुंछ भनि हेर्नु लाग्यो। तब यहवे ईश्वर्ले येउटा कांक्राको बोट् उमार्येर ६
बढायो अनि त्येस्ले योनाको सिर्मां छाया पारि दियो त्येसको दुक्ख हरन्
हवस् भन्येर। त योना त्येस कांक्राको बोट्को कारणले बिष्रै खुशि भयो।
भोलि पल्टो बिहान् झुकझुक उज्यालो हुंने बेलामां ईश्वर्ले येउटा कीरालाइ ७
खटन् गर्यो र त्येस्ले त्यो कांक्राको बोट् खाइ दियो त त्यो ओइल्हि गयो।
अनि येसो भयो घाम् झुल्कं पछि ईश्वर्ले पूर्बबतास् चलाइ दियो ज्येले ८
घाम्को तातो ल्यायो अनि घाम् योनाको सिर्मां लाग्येर त्यो हरान् पर्यो
तब त्येस्ले मेरो लागि जीउंनु भन्दा मंनै जाति छ भनि ईश्वर् षित मृत्यु
मांगनु लाग्यो। तब ईश्वर्ले योनालाइ भन्यो कांक्राको बोट्को कारणले ९
तेरो रिस् उठ्यो यो को जाति हो। त्येस्ले भन्यो मेरो रिस् उठेयको अं
मरण् सम्म उठेयको ठीकनै हो भनि। तब यहवेले भन्यो जस् कांक्राको १०
लागि तैंले न ता कोइ दास्ति गरिस् न त्येसलाइ बढाइस् त्यो एकै रात्मां
भयो फेरि एकै रात्मां नष्ट पनि भयो त्येसको लागि तैंले येत्ति टिठाइस्.
त येस् ठुलो सहर् नीनवे जस्मां एक् लाख् बीस् हजार् जना भन्दा बेसि ११
मान्छे छन् जुन्हरुले दाहीनो र बांउ हात्को भेद् जान्देनन् अनि ओधि
ओधि बस्तुहरु पनि छन् तिनिहरु मांथि को मं टिठाउंदीन॥

मीका ।

१ १ यहूदाका राजाहरू योताम् आहाज् र हिजकिय्याह्का दिनमां
मोरेशत्मां बसे मीकाथांइ शोमरोन् र यरूशलेम्को बिषय्मां आयेको
यहवको बचन् यइ हो ॥
२ हे लोग् लोग्का सबै मान्छेहरू हो सुन र पृथिवी तंमां भयेका
सबैले समेत् चेत् लगा . प्रभु यहवे तिमिहरूको बिरुद्धमां आफ्नु पवित्र
३ मन्दिर् देखि साक्षी हवस् । सुन यहवे आफ्नु ठांउ देखि निक्लंछ अनि
४ उत्रेर पृथिवीका अल्गा ठांउहरूलाइ गोड़ाले कुल्चंछ । अनि
पर्वत्हरू उस्का कुवाईले बिलौंछन् अनि खोल्चाहरू चोरौंछन् मयेन्
५ आगोले बिलायेको झैं अनि उकाला देखि पानी बग्येको झैंगरि । यो सबै
हुंने कारण् याकूबको अपाध् र इस्राएल्को जहान्को पाप्नै हो । याकूब्को
अपाध् कहां पाइन्छ क्ये शोमरोन्मां होइन . अनि यहूदाको अल्गा
६ ठांउहरू कहां छन् क्ये यरूशलेमैंमां होइन । येस्कारण् मं शोमरोन् बन्को
याक्सा तुल्याउंछु यस् ठांउमां दाखको बारी मात्रै हुंछ . मं त्यस्का ढुंगा-
हरू भल्खांड़ाहुंदो लड़ाइ पठाउंछु अनि त्यस्का घर्हरू भत्कायेर जग समेत्
७ उधौंछु । तब त्यस्का सबै खोपायेका मूर्त्तिहरू टुक्रै टुक्रा पारौंछन् अनि
त्यस्का लोगले बेश्याइँ झैं गरि कमायेकाहरू आगोले नष्ट पारौंछन् अनि
त्यस्का सबै अंसहरू मं चकनाचूर् पारि दिंछु . किनभन्ये तिनिहरूले ति
बेश्याइँको कमांइले जमा गरि राख्येका छन् अनि ति फेरि बेश्याइँको कमांइ
८ होइ जांछन् । येस्कारण् मं छाति ठोकदै हाय् हाय् गर्छु मं लूटायेको
झैं र नांगै हिंड्छु . मं स्यालहरू झैं कराउंछु अनि शुतर्मुर्ग्हरू झैं
९ रुंछु । किनभन्ये त्यस्का घाउहरू असाध्ये छन् . अनि त्यइने यहूदामां पनि
आये छ अं त्यो मेरो लोग् मांथि यरूशलेम्का ढोका ढोका सम्म पुग्यो ।
१० गात्मां त्यो न सुना अनि न कोइ पनि रोव . बेत्लाफ्रामां[१] धूलोमां
११ लडिबड़ि खेलायें । हे शापिर्का बासी हो नांगो र लज्जित् भयेर निस्कि
जाव . सानान्का बासीहरू निक्ल्येका छैनन् बेतेसेल्को रुवाबासीले
१२ तिमिहरू देखि टेक्ने ठांउ लैजांछ । कसोगरिभन्ये मारोत्का बासीहरूले
कुशल्को बाटो हेर्दै छन् . किनभन्ये यहवको पट्टि बाटो बिपत्ति
१३ यरूशलेम्को ढोका सम्म उत्रि आयो । हे लाकीश्का बासीहरू हो छिट्टो
छिटो हिंड्ने घोड़ा रथ्मां नार . सिय्योन्का बासीहरूको पाप् त्यस् देखि

१ अर्थात् धूलोको घर ।

थालेयो अनि इस्राएल्को अपराध् तैंमां पाईयं। अब तैंले मोरेषतगात्लाइ १४
दान् दिकन पर्‌ सार् . इस्राएल्का राजाहरूले अक्जीबका घर्‌हरू सब
धोखाने खांछन्। हे मारेशाका बासी हो मं तिमिहरू मांथि येउटा १५
अधिकारी ल्याउंछु . इस्राएल्को मान् अदुल्लाम् सम्म आउंछ। आफ्ना १६
प्यारा बालबच्चाहरूको लागि आफ्नु आफ्नु कपाल्का केस् कत्राओ . अं
तिनिहरूका सिंगै कपाल् मुड़ायेर मुडुले गिद्ध जस्ता पारि देव किनभन्ये
तिनिहरू बन्धुवा भयेर तिमिहरू थांइ देखि गइ गये॥

हाय् तिनिहरू मांथि जुन्‌हरूले ओछ्यान् ओछ्यान्मां ढल्कि ढल्कि २ १
अधर्म्मको जुक्ति निकाल्दछन् अनि बुराई बिचार्दछन् . बिहान
उज्यालो हुंनु बित्तिकै देखि यो गर्नु हांम्रै अख्तियार्मां छ भनि
देख्येर त्यस् काम्मां लागि हाल्दछन्। अनि तिनिहरूले जग्गाजिमीन् २
र घर्‌हरूको लालच् गर्येर लिहाल्दछन् . अनि कत्तिलाइ ता जहानै
समेत् मांथि अनि कत्तिलाइ भागै समेत् मांथि मिचेंर्ई गर्दछन्। येस्कारण ३
यहवेले येसो भन्दछ . मं येस् जहान्को बिरुद्धमां येस्तो बुराईको
जुक्ति निकाल्दछु जस् मुनि देखि तिमिहरूले आफ्नु कांध् खुस्काइ लांनु
सक्दैन अनि न आफ्नु मन्टो अल्ग्यायेर हिंड्नु सक्छौ कसोगरिभन्ये
आज्कालको बेला नजाति छ। त्यस् दिन्मां अघोर् सुर्ताको गीत् ४
उखान्को रीत्‌मां गाइंछ हांमिहरू नष्ट भयौं . उस्ले हांमिहरूको भाग्
बिगार्दछ . हाय् उस्ले त्यो हांमिहरू देखि कत्ति टाड़ो तुल्याउंदछ .
उस्ले हांमिहरूको जग्गाजिमीन् भगारेहरूलाइ दिहाल्दछ भन्दै। येस्कारण ५
यहवेको मण्डलीमां तिमिहरूको चिट्ठा हाल्येर डोरी लाउंने कोई पनि
रहंदैन। अगम् न भन [भनीदछ] तैपनि तिनिहरूले अगम् भन्दछन्।
तिनिहरूले यिनिहरूलाइ अगम् भन्दैनन् . अमान् चइं रहिने रहंछ। ६
हे याकूबको जहान् हो क्य तिमिहरूमां यहवेको आत्मा अधीरजी भयो ७
भन्येर भनौंओस् भनि क्य यि उसैका कार्ज्य होइनन् . क्य मेरो बचन्ले
सोझैं सित हिंड्नेका भलाईनै गर्दैन। तर मेरो प्रजा आज्काल् सत्रु ८
झैं उठेरका छन् . अं तिमिहरूले ति बिना रोकटोक् हिंड्ने अनि लड़ाईंको
केइ बिचार् न गर्नेहरूको जीउ देखि खाष्टो खोसि लैजांदछौ। मेरो ९
प्रजामांको स्त्रीहरूलाइ तिमिहरूले तिनिहरूको सुखका घर्‌हरू देखि
निकालि दिदछौ तिनिहरूका नानाहरू देखि तिमिहरूले मेरो मान् सधैंको
लागि खोसि लैजांदछौ। उठ हिंड़ जाव किनभन्ये यो तिमिहरूको १०
बिश्रामको ठांउ होइन . तिमिहरूको असुद्धैंको फल् निस्से कठिन् दुख
सित सत्येनास् हुंछ। कसैले मं तिमिहरूलाइ दाखमद्य र अरु अरु मद्य ११
पाईंन बिषयमां अगम् कहंछु भनि हावा र ढांटको कुरा भन्यो भन्ये
देखि येस् लोगको अगमवक्ता त्यइनै हुंछ॥

ए याकूब् मं निस्से तिमिहरू सबैलाइ भेला गर्छु इस्राएल्का बांच्येका- १२
हरूलाइ निस्से बटुल्छु अनि बोज्राका भेंड़ाबाख्राहरू झैं एका ठांउमां

राखकु . खर्कको बीचमा भेंड़ाबाख्रा कराएको झैं ति मान्छेहरुले पनि
१३ धेर हुनाको कारणले खल्याङमल्याङ गर्छन् । भित्ता भत्काउने तिनिहरुको
अघि अघि निस्कि गयो . तिनिहरुले पनि त्यो भांच्दै छन् अनि ढोका
बाटो निस्कीर जांदै पनि छन् . अनि तिनिहरुको राजा तिनिहरुको अघि
अघि हिंड़ि जांदै छ अनि तिनिहरुको शिर्मा यहवेने छ ॥

३ १ फेरि मैंले भन्यें हे याकूबवंशीहरुका मूलहरु हो हे इस्राएलको
२ जहानका बिचारीहरु हो सुन . के निया जान्नु तिमिहरुको काम् होइन
तिमिहरुले ता भलाई देखि डाहा र बुराई देखि पिर्ति राख्दछौ
तिमिहरुले तिनिहरुको छाला अनि तिनिहरुका हाडूहरु देखि मासु
३ काढ्यौ अं मेरा प्रजाहरुको मासु खांदछौ पनि अनि तिनिहरुको
छाला काढेर तिनिहरुका हाडूहरु भांच्दछौ अं तिनलाइ भांडामा
पकाउनुको लागि र तिनिहरुको मासु टुक्रा टुक्रा पार्दछौ खड्कुंडामा
४ पकाउनुको लागि । त तिनिहरुले यहवेलाइ दोहाई दियेको बेलामा
उसले सुन्दैन . अं त्येस् बेलामा उसले तिनिहरुका बुरा कर्म्मको कारणले बरु
५ तिनिहरु देखि आफ्नु मुख् फर्काउंछ पो । मेरो प्रजालाइ भर्माइ दिने
अगमबक्ताहरुको बिषयमा यहवेको यो बचन् पनि छ जुन् जुन् अगम-
बक्ताहरुले कराइ कराइकन भन्दछन् शान्ति छ भनि तर दांतले टोक्दछन्
अनि जुनहरुको पेट् भराइ न दिने सित लड़ाईं गर्नुलाइ तियार् हुंदछन् ।
६ येसकारण तिमिहरु माथि रात् पर्छ तिमिहरुले दर्शन् देख्दैन अनि
तिमिहरु माथि अंधकार् छाउंछ तिमिहरुले मन्तरतन्तर् गर्दैन अनि
अगमबक्ताहरु माथि सूर्ज अस्ताउंछ अनि दिन् तिनिहरु माथि कालो
७ होइ जांछ । अनि दर्शन् देख्नेहरु लज्जित् हुंछन् अनि अगम् कहनेहरुको
मुख् कालो हुंछ अं तिनिहरु सबै जनाले आफ्ना आफ्ना ओंठ् छोप्छन् .
८ किनभन्ये ईश्वरको पट्टि बाटो उत्तर् पाइंदैन । तर म ता यहवेको आत्माले
शक्ति र निया र पराक्रम् पायेर पूर्ण छु मैंले याकूबलाइ तिनिहरुको
अपराध् र इस्राएललाइ तिनिहरुको पाप् जनाइ दिनु सक्नुको लागि ।
९ हे याकूबको जहानका मूलहरु हो हे इस्राएलको जहानका बिचारीहरु
हो निया घिनाउने र सबै सोझा बाटाहरु बाङ्गोटेढो पार्नेहरु हो यो कुरो
१० सुन । तिनिहरुले सिय्योनलाइ रगत् बगाइ बगाइकन र यरुशलेमलाइ
११ अधर्म्म गरि गरिकन बलियो गराउंदछन् । त्येसका मूलहरुले घूस् खाइ
खाइकन बिचार् गर्दछन् अनि त्येसका पूजाहारीहरुले दाम् लिलिकन
ब्यवस्था दिंदछन् अनि त्येसका अगमबक्ताहरुले चांदीको लागि अगम्
कहंदछन् . तैपनि तिनिहरुले येसो भनिकन यहवेको आडू लिंदछन् के
हामिहरुको बीचमा यहवे छैन हामिहरु माथि कोइ बिपत्ति आउंदैन
१२ भनि । तर तिमिहरुको कारणले सिय्योन् जोत्येर खेत् बनाईंछ अनि
यरुशलेम् चहं थुप्रैथुप्रो होइ जांछ अनि घरको डांड़ा जंगलको
अग्ला ठांउहरु होइ जांछन् ॥

तर अन्तका दिनमां येसो होइ जांछ यहवेको घरको पहाड़ चइं ४ १
पहाड़हरुको थाप्रि मांथि स्थिर् गराइंछ अनि डांड़ाहरु मांथि अलग्याइंछ
अनि अन्यदेसीहरु त्यो तिर बहंछन् । अनि धेरै लोगले हिंड़ि आउंदै २
भन्छन् आव हांमिहरु यहवेको पहाड़मां चढ़ेर याकूबको ईश्वरको घरमां
जाऊं त उस्ले हांमिहरुलाइ आफनु बाटो देखाउछ अनि हांमिहरु उस्का
मार्गमां हिंड्छौं भनि. किनभन्ये शिक्षा चइं सिय्योनै देखि र यहवेको
बचन् यरुशलेम देखि निक्लंछन् । अनि उसैले धेरै लोगहरुको बीचमां ३
निया गर्छ अनि टाड़ो टाड़ो सम्मका सामर्थी सामर्थी लोग् लोगको बिचार्
गर्छ . त तिनिहरुले आफनु आफनु तरवार् चइं हलोका फालि र आफनु
आफनु भाला चइं पाटेर हंसीया बनाउंछन्. अन्यलोगले अर्को अन्यलोग्
मांथि तरवार् उब्जाउंदैन अनि न अब देखि उसो लड़ाइं सिक्छन् ।
तर तिनिहरुले आफनु आफनु दाखको बोट् मुनि र आफनु आफनु ४
नेभाराको बोट् मुनि बसे गर्छन् अनि तिनिहरुलाइ कसैले डर् देखाउंदैन.
किनभन्ये सेनाहरुको यहवेलेनै येस्तो बचन् भन्येको छ । कसोगरिभन्ये ५
सबै लोग् लोग् आफनु आफनु देवताको नांउले हिंड्दछन् तर हांमिहरु
चइं ता सदा सर्वदा आफनु ईश्वर् यहवेको नांउले हिंड्छौं ॥

यहवेको यो बाणी छ त्येस् दिनमां मं खोच्याउंनेहरु र बल् ६
जबतर्गरि निकालीयेकाहरुलाइ र मैंले दुक्ख दियेकाहरुलाइ भेला गराउंछु
अनि मं खोच्याउंनेहरुलाइ बचाइ राखछु अनि आफालीयेकाहरुलाइ ७
येउटा सामर्थी लोग् तुल्याउंछु . अनि यहवेले तिनिहरु मांथि यिय्यान्मां
अब देखि सदा सर्वदा सम्म राज् गर्छ । अनि ए एंदरको[1] धरारा ए ८
सिय्योनका डांड़ा अघिल्लो प्रभुतइं अर्थात् यरुशलेमको राज् फेरि जस्ताको
तस्तो तं मांथि स्थिर् हुंछ । अब तं किन चिच्याउंद छस्. के तंमां कोई ९
राजा छैन के तेरो मंत्री नष्ट भयो र तंलाइ सुत्केरे पीरा लाग्येको छ । ए १०
सिय्योन् अं तंलाइ सुत्केरे पीरा लागोइ रहोस्. किनभन्ये अब तं सहर्
देखि निस्केर मदानमां बसछस् अं बाबेल् सम्म जांछस् उहां तं छोड़ाइंछस्
उहीं यहवेले तंलाइ तेरा सत्तुर्हरुको ताबि देखि छोड़ाउंछ । अनि अब ११
धेरै धेरै लोगले तेरो बिरुद्धमां भेला भयेर तेरो बिषयमां [सिय्योन्]
अपवित्र गरोओस् अनि हांमिहरु त्येस्लाइ हेर्येर सन्तोष् गर्नु पाऊं भन्येर
भन्द छन् । तर तिनिहरुले यहवेका जुक्ति जान्दैनन् न उस्को मन् बूझ्छन् . १२
उस्ले तिनिहरुलाइ बिटा खलामां जमायेको झैं भेला गर्यो । ए सिय्योन्को
छोरी उठ् दांइ गर्. किनभन्ये मं तेरा सींग् फलमका र तेरा खुर् १३
पीतलका बनाइ दिंछु. अनि तैंले धेरै लोगलाइ चूर् चूर् पार्छस्. अनि
तैंले तिनिहरुको कमाइं यहवेको लागि अनि तिनिहरुको धन्सम्पत्ति
सिंगै पृथिवीको प्रभुको लागि भाकल् गर्छस् । अब ए गट्टाको स्वामीनी ५ १

१ अथवा भेंड़ाबाक्रा ।

गट्ठा गट्ठा भयेर निकालि . किनभन्ये त्येसले हामिहरूलाइ घेर्‍यो . तिनिहरूले
इस्राएल्को बिचारीको गालामा लाठाले हिर्काउंछन् ॥
२ तर ए बेत्लेहेम् एप्राता तं यहूदाका हजार् हजार्को बीच्मा सानु
भये पनि तं देखि मेरो लागि इस्राएल्मा येउटा मालिक् हुंने निक्लंछ
३ जो अघि देखि अं सदा देखि आउंदै छ । येस्कारण् जब सम्म जन्माउंनेले
जन्माउदीन तब सम्म उस्ले तिनिहरूलाइ त्यागि दिंछ . तर त्येस् बेला त्येस्का
४ बांच्येका दाज्युभाईहरू इस्राएलवंशीहरू थांइ फर्कि आउंछन् । अनि त्येस्ले
उभीयेर यह्वेको शक्तिले अं त्येस्को ईश्वर् यह्वेको नांउको प्रताप्ले आफ्ना
प्रजाभेंड़ाहरूलाइ चराउंछ . अनि तिनिहरू सुखसित बस्छन् कसोगरिभन्ये
५ त्यो पृथिवीको छेउ सम्म महा हुंछ । अनि त्यो हामिहरूको मिलाप् हुंछ .
जब अश्शूरीहरू हामिहरूको देस्मा आइ लाग्छन् अनि हामिहरूका
महल्हरूमा गोड़ा हाल्छन् तब हामिहरू तिनिहरू माथि सात्
६ गोठालाहरूलाइ अं आठ् मूल्मान्छेहरूलाइ उभ्याउंछौं । अनि तिनिहरूले
अश्शूर्को देस्लाइ अनि पस्ने गौंड़ा सम्म निम्रोद्को देस्लाइ तरवार्ले
मार्छन् . येसोरि जब अश्शूरीहरू हामिहरूको देस्मा आउंछन् अनि येस्को
सिमाना भित्र गोड़ा हाल्छन् तब त्येस्ले हामिहरूलाइ तिनिहरूको हात्
७ देखि बचाउंछ । अनि याकूब्का बांच्येका लोग् धेरै लोग् लोग्को बीच्मा
यह्वे पट्टि बाटो पर्ने सीत् कि घांस् माथि हुंने वृष्टि जस्तै हुंछ त्येस्ले
८ कसैको लागि पर्खंदैन अनि मान्छेको सन्तान्को लागि पर्खंदैन । अनि
याकूब्का बांच्येका लोग् अन्यदेसीहरूको बीच्मा येस्ता हुंछन् जस्तो
बनपशुहरूको बीच्मा सिंह कि भेंड़ाबाख्राको बगाल्को बीच्मा जुवान्
सिंह हुंद छ . त्यो तिनिहरूको बीच् देखि गयो भन्ये देखि तिनिहरूलाइ
९ लताड़ै र फट्टाउंदै जांछ अनि बचाउंने कोई पनि छैन । तपांइको हात्
तपांइका द्रोहीहरू माथि परोस् अनि तपांइका सबै सत्तुर्हरू नष्ट होउन् ॥
१० यह्वेको यो बाणी छ त्येस् दिन्मा येसो हुंछ मं तेरा घोड़ाहरू तेरो
११ बीच् देखि नष्ट पार्छु अनि तेरा रथ्हरू बिनास् पार्छु . अनि मं तेरो देस्का
१२ सहर्हरू पनि नास् पार्छु अनि तेरा गड़िहरू भत्काइ दिंछु . अनि मं तेरा
जन्तर्मन्तर् तेरो हात् देखि नष्ट पार्छु अनि तंमा झांक्रिबिजुवाहरू अरू
१३ रहंदैनन् . अनि मं तेरा खोपायेका मूर्त्तिहरू र तेरा मुढ़ुकाहरू नष्ट पार्छु
१४ अनि तंले फेरि फेरि आफ्नु हात्ले बनायेका थोकलाइ पूज्ने छैनस् ।
अनि मं तेरो अशेरा भनींने मूर्त्तिहरूलाइ तेरो जग्गा देखि उखेलि दिंछु .
१५ अनि तेरा सहर्हरूलाइ बिध्वंस पार्छु । त्येस् पछि मं मेरो आज्ञा न सुन्ने
अन्यदेसीहरूलाइ क्रोध् र बल्दोरिस् सित साटो दिंछु ॥

६ १ जुन् कुरो यह्वेले भन्द छ त्यो सुन . उठेर पर्वत् पर्वत् सित बिबाद्
२ गर् र डांड़ाहरूले तेरो सोर् सुनुन् । हे पर्वत्हरू हो हे पृथिवीको अटल्
जग् हो यह्वेको बिबाद् सुन . किनभन्ये यह्वेले आफ्नु प्रजा सित झगरा

गर्ने छ उस्ले इस्राएल् सित बिन्ति गर्छ। ए मेरो प्रजा मैंले तेरो लागि के ३
गर्येको छु अनि के गरिकन तंलाइ थकायेको छु . मेरो विरुद्धमां साक्षी
दे। कसोगरिभन्ये मैंले तंलाइ मिस्र देस् देखि निकालि ल्यायें अनि ४
बन्धुवाईको घर् देखि तंलाइ छोड़ायें अनि तेरो अघि मूसा हारुन् र
मरियम्लाइ पठाइ दियें। ए मेरो प्रजा सम्झि मोआब्को राजा बालाक्ले ५
तेरो विरुद्धमां कस्तो जुक्ति गर्येको थियो अनि बओर्को छोरो बिलाम्ले
त्येस्लाइ कस्तो उत्तर् दियेको थियो अनि शित्तीम् देखि गिल्गाल् सम्म ज्ये
ज्ये भयो त्यो पनि सम्झि र तिमिहरूले यह्वेको धर्म्म कर्म्म बूझ्नु सक।
मं के लियेर यह्वेको सांमु आउं अनि उस् परम् ईश्वर्को सांमु निउरुं. ६
के मं होम्बलिको लागि एक् एक् बर्षको बाच्छा लियेर उस्को सांमु आउं.
के यह्वे हजार् हजार् थुमाहरू अनि बहायेको तेल्का लाख् लाख् ७
नदीहरूले खुशि हुंछ. के मं आफ्ना अपराध्को प्रायश्चित्त गरि आफ्नु
जेठो छोरोलाइ कि आफ्नु पाप्को साटोमां आफैले जन्मायेको कसैलाइ
दिउं। ए मान्छे उस्ले तंलाइ जाति के छ भनि देखायेको छ अनि यह्वेले ८
तं देखि खालि येति मांत्रै मांगद छ अर्थात् तैंले निया सित काम् गर्
अनि कृपा गर्ने गर् अनि दीन् मन्ले तेरो ईश्वर् सङ् सङ् हिंड्॥
यह्वेले येस् सहर्लाइ हापार्दै छ अनि बुद्धि हुंनेले तपांइको नांउको ९
भय् मान्छ. लउरोको सुन अनि त्येस्लाइ खटाउंनेको पनि। के दुष्टको १०
घर्मां अझ सम्म दुष्टईको धन् र घटायेको घिणलाग्दो एपा पनि छन्।
के मं कपट्को तुलो र छल्को ठक्को थैलो काम्मां लगाउंदै पनि पवित्र ११
ठहरौंछु। येस्का धनीहरू उपद्रईको कामले भरपूर् छन् अनि येस्का १२
बासीहरू झूठ् बोल्द छन् अनि तिनिहरूको मुखमां तिनिहरूको जिब्रोले
छल् गर्द छ। येस्ककारण मैंले तंलाइ सारो घाउले हिर्कायें तेरा पापको १३
कारणले मैंले तंलाइ सुन्ने तुल्यायें। तैंले खांनु ता खांछस् तर अघाउंदैनस् १४
अनि तंमां रित्तैं रहंछ. अनि तैंले सार्फेर् ता गर्छस् तर बचाउंनु
सक्दैनस् अनि तैंले बचाइसने भन्ये पनि त्यो मं तरवार्लाइ दिहाल्छु।
तैंले छर्नु ता छर्छस् तर कटनी गर्दैनस्. तैंले भद्राक्षको फल् देखि तेल् १५
ता निकाल्छस् तर आफ्नु जीउमां लगाउंनु पाउंदैनस् अनि दाख् पेल्नु
ता पेल्छस् तर दाखमह खांनु पाउंदैनस्। किनभन्ये ओम्रीका विधीहरू १६
मानीद छन् अनि अहाब्को जहान्का सबै काम् मन् लगाइकन गरीद
छन् अनि तिमिहरू तिनको सल्लाह अनुसार् हिंडद छौ. त मं तंलाइ
उजार्छु अनि येस् सहर्का बासीहरूलाइ जिल्लग्राइंने कारण् तुल्याउंछु.
येसोरि तैंले मेरो प्रजाको गिल्ला सहंनु पर्छ॥
हाय् मं मांथि किनभन्ये मं ऋतुफल् टिप्ने कि दाखको सीला ७ १
टिप्ने बेलाको अन्तमां आउंने मान्छे जस्तो छु. मंलाइ ता नेभारोको
अगौटेफल्को लाल्सा थियो तर खांनुको लागि येउटा झुप्पा पनि रह्येन
छ। भक्त मान्छे पृथिवी देखि नष्ट भइ गयो अनि मान्छेहरूको बीच्मां २

सोजो भन्यको येउटा पनि रह्याको छैन . तिनिहरु सब्बै रगत् बहाउंनुको
लागि ढुकद छन् अनि जाल् थाप्येर आफ्नै दाज्युभाईहरुको सिकार् गर्द
३ छन्। तिनिहरु आफ्ना आफ्ना हातले बुराई राम्रोगरि गर्द छन्
मालिकले घूस् मांगद छ अनि बिचारीले पनि . अनि ठुलो मान्छेचहिंले
आफ्नु दुष्टई निर्लज्ज भइ बखान् गर्द छ येसैगरिकन तिनिहरु सबैले जाल्
४ बुन्द छन्। तिनिहरुमांको सब्बै भन्दा असल् हुंने पनि कांड़ाको झोर्
जस्तो छ . खूब् सोजो हुंने चहिं कांड़ाको बार् जस्तो दुक्ख दिंन छ .
तिमिहरुका पहरुहरुले भन्येको दण्डको दिन् आयेको छ अब तिनिहरु
५ मांथि सकस् पर्छ। मित्र मांथि बिश्वास् न गर हिलमिलको साथी मांथि
पनि भरोसा न राख . अं तेरो काखमां सुतंने स्वास्नी देखि पनि तेरो
६ मुखको ढेलोको रक्षा गर्। किनभन्ये छोराले आफ्नु बाबुको अपमान् गर्द
छ अनि छोरी आफ्नी आमाको अनि बुहारी आफ्नी सासुको बिरुद्धमां
उठ्छिन् अनि मान्छेका सत्रुहरु त्येसैका घरका लोग् हुंछन् ॥
७ तर मंचहिं ता यहूवे तिर हेर्छु मं आफ्नु उद्धार् गर्ने ईश्वरको
८ बाटो हेर्छु . मेरा ईश्वरले मेरो सुन्छ। ए मेरो बैरी मं देखि न रमा .
मं लडूंनु बित्तिकै फेरि उठ्छु मं अंधकारमां पर्ने बित्तिकै मेरो लागि यहूवे
९ ज्योति हुंछ। मैंले यहूवेको सांमु पाप् गर्येको छु येसकारण मं उसको रिस्
सहंछु उसले मेरो माम्ला गरि मेरो निया न गरंज्याल् सम्म वहांदेखि उसले
१० मंलाइ उज्यालोमां निकालि ल्याउंछ न मं उसको धर्म्मीहुवाई देख्छु। अब
तेरो ईश्वर् यहूवे कहां छ भन्ने मेरो बैरिले पनि त्यो देख्छ अनि लाजले
११ मर्छ अनि त्यो गल्लिको हीलो झैं कुल्चोइंछ अनि मं त्यो देख्छु। तेरो
१२ बार् बार्ने बेला भयो त्येस् दिन् तं देखि आज्ञा सारींछ। त्येस् दिन् अश्शूर्
देखि र मिस्रका सहर्हरु देखि र मिस्र देखि अं महानदी सम्म र समुन्द्र
देखि समुन्द्र सम्म र पर्वत् देखि पर्वत् सम्म तं थांइ मान्छेहरु आउंछन्।
१३ तैपनि यो देस् येसमां रहंनेहरुका नजाति कर्म्मको कारणले उजार् भइ
रहंछ ॥

१४ तपांइले आफ्नु कर्म्मेलको बनमां अलग् रहंने प्रजा भेंड़ाबाख्राहरुलाइ
लउरो लियेर चराउंनु हवस् . तिनिहरु तादिका दिनमां झं बाशान् र
१५ गिलादमां चर्न गरुन्। जसोरि मैंले तं मिस्र देस् देखि निकल्येका दिनमां
१६ तंलाइ आश्चर्य्य कर्म्म देखायेका थियें त्येसैगरि तंलाइ फेरि देखाउंछु। यो
देख्येर अन्यदेसीहरु आफ्ना सबै पराक्रमको बिषयमां लज्जित् हुंछन् . तिनि-
हरुले आफ्ना हातले मुख् थुनछन् अनि तिनिहरुका कान् झन्झनाउंछन्।
१७ तिनिहरुले सापले झैं मांटो चाट्छन् अनि भूइंमां बगि हिंड्ने जन्तुहरु झैं
आफ्नु आफ्नु कुरि देखि निकलंछन् . तिनिहरु थर्थराउंदै हामिहरुको
१८ ईश्वर् यहूवे थांइ आउंछन् अनि तं देखि डराउंछन्। तपांइ जस्तो ईश्वर्
को छ जसले अधर्म्म क्षमा गर्छ अनि आफ्नु निज् भागका बांच्येकाहरुको
अपराध् आनेकाने गर्छ . अनि न आफ्नु रिस् सदा सम्म राखि छोडछ

कसोगरिभन्ये उसले करुणा सित प्रेम् राखद छ । उसले हांमिहरु तिर फर्केर १९
हांमिहरु मांथि दया गर्छ उसले हांमिहरुका अधर्म्महरु लतारि दिंछ . अं
तपांइले तिनिहरुका सबै पाप् ओधि गहीरो समुन्द्रमां आफालि दिंनु
हुंछ । तपांइले हांमिहरुका पित्रहरु सङ तादि देखि खायेको किरिया २०
अनुसार् याकूब्लाइ सत्ये र अब्राहाम्लाइ करुणा देखाउंनु हुंछ ॥

नहूम् ।

१

नीनवेको भारी दण्डको बचन् । एल्कोशी नहूमले देख्येको दर्शन्को १
पोस्तक् ॥
यहूव रापोलो र साटो लिंने ईश्वर् छ यहूवे साटो लिंने र बल्दोरिसले २
भर्पूर् छ यहूवेले आफ्ना द्रोहीहरु देखि साटो लिंद छ अनि आफ्ना
सत्रुहरुका लागि कोप् राखद छ । यहूवे रिस् गर्नुमां धीरजी अनि ३
सामर्थमां बल्लियो छ अनि दोषीलाइ कोईपरिले निर्दोषी न ठहाउंने . यहूवे
बंहरिआंधामां र बतासमां हिंडद छ अनि उ हिंडदा धूलो बादलैसरि ४
उडद छ । उसले हकार्दो समुन्द्र बिना पानीको होइ जांद छ अनि सबै
नदीहरु सुकद छन् . बाशान् र कर्म्मेल् ओइल्हींद छन् अनि लबानोन्का
फल्हरु ओइल्हींद छन् । उसको कुवाईले पर्वतहरु कांम्द छन् अनि ५
डांड़ाहरु गलि जांद छन् उसको प्रतापले पृथिवी अं जगत्भरिका रहंनेहरु
थुर्मीद छन् । जब उसको रिस् उठद छ तब उसको सांमु को उभीनु सक्छ . ६
अनि जब उ क्रोधित् हुंद छ तब को ठहर्नु सक्छ . उसको बल्दोरिस्
आगो झैं खन्याइंद छ अनि उसको शक्तिले पहराहरु फुट्दै खस्द छन् ।
यहूवे भलो छ संकट्को दिनमां बल्लियो गाड़ उइ छ अनि उसले आफुमां ७
शरण् लिंनेहरुको हेर्चाहा गर्द छ । तर उसले न्यसुचइंको ठांउ उर्ल्हने ८
खालाले काटेर बहाइ पठाउंछ अनि आफ्ना सत्तुर्हरुलाइ अंध्यारोमां
खेदि पठाउंछ । यहूवेको बिरुद्धमां तिमिहरुले के बिचार् गर्दै छौ . उसले ९
ता तिमिहरुलाइ ध्वांटै मेट्छ . अनि फेरि फेरि येस्तो बिपत्ति पर्नु अरु
रहदैन । तिनिहरु झोर्का कांड़ा झैं एका अर्का सित जोल्ठोइ मिलि १०
रह्येका भये पनि अनि मद्यको मताईमां लट्ठ् भइ रह्ये पनि सुक्येको
ठुटा झैं भस्म पारीछन् । यहूवेको बिरुद्धमां कुबिचार्को र बुराईको ११
जुक्ति बांध्ने येउटा तं देखि निस्कंदै छ । यहूवेले येसो भन्द छ . १२
तिनिहरु सबै तिर बाटो सामर्थी र धेरै भये पनि काटीछन् अनि त्यो
बितिइ जांछ । मैंले तंलाइ बिपत्ति दियें ते अब फेरि बिपत्ति दिन्न ।

१३ कसोगरिभन्ये अब म त्यसको जुवा तेरो कांध देखि भांचि तेरा बन्धनहरु
१४ टुक्रे टुक्रा पारि दिंकु। अनि यहवेले तेरो बिषयमां यो आज्ञा दियेको छ
अब देखि तेरा सन्तानको नाउं न चलोस् भन्ये अनि म तेरा देवताहरुको
मन्दिर् देखि खोपीयेका कि ढालीयेका मूर्त्तिहरु मेटि दिंकु . म तंलाइ
१५ चिहान्मां गाड़ि दिंकु किनभन्ये तं तुच्छ छस्। हेर् सुसमाचार् सुनाउंने
र मिलापका कुरा प्रचार्नेका पाउ डांड़ाडांड़ाहुंदो आउंद छन्। अब ए
यहूदा आफ्नु चाडु मान् अनि आफ्ना भाकलहरु पूरा गर्. किनभन्ये त्यो
बिकामे पुरुष् तेरो देस् बाटो हिंडुदैन त्यो पूरापूरगरि नष्ट भयो॥

२ १ तेरो बिरुद्धमां टुक्रे टुक्रा पार्ने चढि आउंदै छ . त किल्ला अरु
अलियो गरा बाटो हेर्दै चंख रह् कम्मर् कसेर आफ्नु पूरो बलले तियार्
२ रह्। किनभन्ये यहवेले याकूबले गर्येको अहंकार् इस्राएलले गर्येको
अहंकार् फेरि पारि दिंद छ . अं उजार्नेले त्यो खूब् उजार्यो अनि दाखको
३ बोटको कोपीला बिगार्यो। त्यसका बीरहरुका ढालहरु राता रंगाईये अनि
त्यसका तिलङ्गाहरुले सिंदुरे रंगका लुगा लगाये . लड़ाईंको लागि तियार्
हुंने दिन्मां रथहरुका फलमहरु आगो झैं चम्कंद छन् अनि भालाहरु
४ हल्लाईंदै देखाईंद छन्। अनि रथहरु सटकहुंदो अरघोर् छिटोगरि
चपाईंद छन् अनि चोकहुंदो येतार्वति चलाईंद छन् . ति रांको जस्ता
५ देखाहा पर्द छन् अनि तिनको हिंड़ाई बिजुलिको जस्तो छ। अब त्यस्ले
आफ्ना बीरहरुलाइ सम्झंद छ . तिनिहरु ठोकर् खांदै हिंडूद छन्
किल्ला तिर धावाधावा दुगुर्दै छन् अनि गाड़ि तियार् पार्येका छन्।
६ नदीका ढेलाहरु उघारींद छन् अनि राजमहल् बिलाइ जांद छ। यसो
ठहराईयो अर्थात् त्यस्लाइ नंग्यायेर बन्धुवाईमां लैजांछन् अनि त्यसको
८ दासीहरुले छाती ठोकि ठांकि ढुकुरले झैं बिलाप् गर्छिन्। तर नीनवे
तादि देखि पोखरी झैं भयेको थियो . तरपनि तिनिहरु भागि जांद छन्
९ अनि कसैले पर्ख पर्ख भन्दा पनि कसैले मुख् फर्काउंदैन। चांदी लूट
सुन् लूट . त्यसको थन्क्याईयेको धनको र सबै मनपर्दा मनपर्दा थोकको
१० महिमाको कोइ नाप् छैन। त्यो खालि र रित्तो र सुन्न भयेको छ . अनि
मन् बिल्लींद छ . अनि खुट्टा कांम्द छन् अनि सबै कम्मरमां दुकव भयेको
११ छ अनि सबैका मोहोड़ा पहेंला पहेंला भये। सिंहको कुरि र जुवान्
सिंहको चर्ने ठांउ कता हो जहां सिंह र सिंहनी डमरुहरु समेत् हिंडून्
१२ गर्द थिये अनि तिनलाइ डर् देखाउंने कोई पनि थियेन। सिंहले ता
आफ्ना डमरुहरुको लागि पूरोगरि फहराउंद थियो अनि आफ्नी
सिंहनीको लागि मच्टो भांच्थ्यो आफ्ना ओड़ारहरु र आफ्ना कुरिहरु
१३ सिकारका पशुहरुले भराउंद थियो। सेनाहरुको यहवेको यो बाणी छ हेर्
म तेरो बिरुद्ध छु अनि त्यसका रथहरु धुवांमां डड़ाइ दिंकु अनि तेरा
जुवान् सिंहहरु तरवारले काटींछन् . अनि म पृथिवी देखि तेरो सिकार्
छोड़ाउंछु अनि तेरा दूतहरुको बोली फेरि फेरि सुनींदैन॥

त्यस् रगतपच्छे सहर् माथि हाय्. त्यो छल् र लूट्ले खाँदै ३ १
भरीयेको छ सिकार् चढ़ं गयेन। कोर्राको स्वांक्क स्वांक्कगराई र गाड़ीका २
गड्ग्राको खड़्रांग खुड़्रग् अनि फड्वाल् जांने घोड़ाहरु अनि कूद्ने रथ्हरु.
चढ्ने तुक्सवार्हरु र झल्कंन तरवार् र चम्कंन भाला हुंने मारीयेकाहरुको ३
थरेईं मुर्दाको ठुलो थुप्रो. लोथ्हरुको कोइ लेखा हुंदैन अं तिनिहरु
लोथ्हरुलाइ कुल्चंदै छिंडुद छन्. यि सबैको कारण त्यस् राम्री वेश्य र ४
मिपालु झंक्रीनी सहर्को धेर् वेश्यईंको हो जस्ले वेश्यईंको कारणले
अन्यदेसीहरुलाइ र झांक्रिकाम्हरुको बाटोले कुल् कुल्हरुलाइ बेचिकन
साह्रिमां पार्द छ। सेनाहरुको यहवेको यो वाणी छ हेर् मं तेरो बिरुद्ध ५
छु अनि तेरो लुगा तेरो मुख् सम्म उचाल्येर तंलाइ लोग् लोगको सांमु
नांगो पार्छु अनि राज् राज्लाइ तेरो लाज् देखाउंछु। अनि मं तं माथि ६
घिन्लाग्दो थोक् आफालि तंलाइ तुच्छ गराउंछु अनि तंलाइ ठट्टा राउंछु।
अनि येसो हुंछ तंलाइ देख्ने सब्बैले तं थांइ देखि भाग्येर भन्छन् नीनवे ७
नष्ट भयो. त त्येस्को लागि कस्ले बिलाप् गर्छ. हांमिहरु त्येस्को लागि
शान्ति दिंने कहां देखि खोजि ल्याऊं। क्य तं आमोन्को नो भन्ने सहर् ८
भन्दा बड़ा होस् जो नदीहरुको बीच्मां बसालीयेको थियो अनि त्येस्का
वारै पट्टि पानी थियो अनि समुन्द्र[१] त्येस्को गड़ि थियो अनि त्येस्को
घराभित्ता समुन्द्र पनि थियो। कूश् र मिस्र त्येस्को सामर्थ थियो जो ९
औधिको भयो पूत् र लूबीम् तेरा गोहारेहरु भये। रपनि त्यो जीतीयो १०
अनि बन्धुवाईमां गयो. अनि त्येस्का ससांना नानीहरु गल्लिका सिरान्
सिरान्मां पछारि दिईंछन् अनि त्येस्का भारादार्हरु माथि चिट्ठा हालि
हालिकन बलमिचेईं गरीये अनि त्येस्का सबै बड़ाद्मीहरु सांग्लाले बांधीये।
तं पनि मतहो हुंछस् तं पनि लुकाईंछेस् सत्तुर्को डर्का कारणले तेंले पनि ११
शरण्को ठांउ खोज्छस्। तेरा सबै किल्लाहरु अघि पाक्येका नेभारा जस्तै १२
हुंछन्. रुख् हल्लाईयो भन्य फल् खांनेको मुख्मां झर्छन्। हेर् तंमां १३
भयेका लाग् आइमाइहरु मात्रै छन् देस्मां पस्ने बाटाहरु तेरा सत्तुर्हरुको
लागि क्याङ्गै उघारो राख्येका छन्. तेरा ढोकाका आग्लाहरु आगोले
खायेका छन्। घेरीन दिन्को लागि पानी भरि राख् अनि तेरा किल्लाहरु १४
बलिया तुल्या. गोड़ाले हीलो मसीन्याइकन ईंट् बना अनि भट्टि लगा।
त्यहां आगोले तंलाइ खान्छ खांने सलहले झैं तरवार्ले तं नष्ट होइ १५
जांछस्. त खांने सलह्हरु र औधि धेरै हुंने सलहहरु जस्तै बिहिसाप्
छस्। तेरा बेपारीहरु आकाशका ताराहरु जत्तिकै बिहिसाप् भये तर खांने १६
सलहहरु फैलीये अनि उड़ि जांछन्। तेरा मुकुट्धारीहरु औधि धेरै हुंने १७
सलहहरु जस्ता अनि तेरा सेनापतिहरु सलहहरुका दल् जत्तिकै छन् जो
जाड़ो बेलामां ता बार्वार्मां बस्द छन् तर जब घाम् लाग्द छ तब भागि

[१] अर्थात् नील् नदी।

१८ जांद छन् अनि ति कता गये कसैले जान्दैन। ए अश्शूर्को राजा तेरा
गोठालाहरू नीँधाये . तेरा वीर्हरू ठुलो नीन्द्रामां पर्ये . तेरा प्रजा डांड़ा
डांड़ाहुंदो छरपुष्ट भये अनि तिनिहरूलाइ भेला गर्ने कोई पनि छैन।
१९ तेरो घाउ निको हुंदैन तेरो वेथा असाद्धे भयो . जत्तिले तेरो कुरा सुन्छन्
त्यत्तिले तं मांथि तालि बजाउंछन् . किनभन्ये तेरो दुष्टेइँ सधैं सधैं को
मांथि पर्येको छैन र॥

हबक्कूक।

१ १ हबक्कूक अगमबक्ताले देख्येको दर्शन्को भारी दण्डका बचन्
यिनै हुन्॥
२ हे यहवे तपांइले कैले सम्म मेरो दोहाई सुन्नु हुन्न . म उपद्रेइँ भयेको
३ कारणले कराउंद छु रपनि तपांइले मेरो उद्धार् गर्नु हुन्न। तपांइले
मलाइ किन अधर्म्म देखाउंनु हुंद छ अनि किन पिरेइँ भयेको हेरि रहंनु
हुंद छ . किनभन्ये मेरो मांसु लूट् र उपद्रेइँने मांत्रै हुंदै रहंद छ . अनि
४ झगरा र बिवाद् बढ्दै जांद छन्। येकारणले व्यवस्था भङ्ग हुंदै जांद छ अनि
धर्म्मको जय् हुंदैन झन् दुष्ट लोगले पो धर्म्मीहरूलाइ मीँचद छन् अनि
५ नियाको साटोमां अन्ये हुंद छ। अन्यदेसीहरू तिर मन् लगाइकन हेर
अनि देख्येर छक्क पर . किनभन्ये म तिमिहरूका दिनमां येउटा काम् गर्द छु
जुन् काम्लाइ तिमिहरूले पत्याउंदैन कसैले तिमिहरूलाइ बखान् गरि
६ दियो भन्ये पनि। को भन्ये कल्दीहरूलाइ उठाउंद छु जो लोग् निष्ठुरेइँ
र उताउलेइँ गर्ने लोग् छन् जुन्हरू अर्काका बास् गर्ने ठांउको अधिकारी
७ हुंनुको लागि पृथिवीभरि सम्म फिंजीँन छ। तिनिहरू अग्घोर् डरलाग्दा
डरलाग्दा छन् . तिनिहरूको नियागराई र तिनिहरूको मान् तिनिहरूइ
८ देखि हुंद छन्। तिनिहरूका घोड़ाहरू चितुवाहरू भन्दा छिटो हिंड्नं र
समसांझे बुवांसाहरू भन्दा पनि निष्ठूर् छन् अनि तिनिहरूका त्रुक्सवार्हरू
फिंजींद छन् अं तिनिहरूका त्रुक्सवार्हरू टाड़ो टाड़ो देखि आउंद छन्. अं
९ सिकार् मांथि बेग् हान्ने गिद्धले झैं बेग् हान्द छन्। तिनिहरू सबै उपद्रेइँ
गर्नुलाइ आउंद छन् अनि पूर्ब्बतासले झैं तिनिहरूका मुखले सबै थोक्
उजारि दिंद छन् अनि तिनिहरूले बालुवा जत्तिकै बन्धुवाहरूलाइ भेला
१० गराउंद छन्। अं त्यस्ले महाराजाहरूलाइ ठट्टामां उड़ाउंद छ अनि मालिक्हरू
मांथि ठट्टा गर्द छ . त्यो सबै बलिया बलिया किल्लाहरू हेरि हांस्द छ
११ किनभन्ये त्यस्ले ति मांटो उठाइ उठाइकन लिहाल्द छ। अन्तमां त्यो बतास

झैं आइ हाल्छ अनि दोषी ठहरौंछ. कसोगरिभन्ये त्यसको सामर्थी त्यसको
देवता छ। हे मेरो ईश्वर् यहवे हे मेरो पवित्र ईश्वर् के तपांइ सनातन् १२
देखि हुंनु हुंदे छैन. हांमिहरु मर्दैनं। हे यहवे तपांइले त्यसलाइ नियाको
लागि खटाउंनु भयो हे पहरा तपांइले त्यसलाइ चेतन्ने दिंनेने खटाउंनु
भयो। तपांइ शुद्ध हुंनु हुंद छ बुराई हेर्नु सकनु हुन्न अनि मिचेइं १३
देख्येर चुप् रहंनु सकनु हुन्न र्पनि तपांइले छल् सित काम् गर्नेलाइ किन
हेरि रहंनु हुंद छ अनि जब दुष्टले त्यो भन्दा बेसि धर्म्मीलाइ नीलिहाल्द छ
तब तपांइ किन चुप लागि रहंनु हुंद छ. अनि तपांइले किन मान्छेहरुलाइ १४
समुन्द्रका माछ्काहरु झैं अनि ति राजा न हुंने वगिहिंड्ने जन्तुहरु झैं पारि
दिंनु हुंद छ। त्यसले ति सबैलाइ बल्छिले उठाइ लांद छ अनि जाल्मां १५
पास्येर तान्दै महाजाल्मां फंसाउंद छ. येसैकारण त्यो खुशि र मग्न रहंद छ।
येसैकारण् त्यसले आफ्नु जाल्को लागि बलिदान् चढाउंद छ अनि १६
आफ्नु महाजाल्को सांमु धूप् हाल्द छ किनभन्ये तिनेको बाटोले त्यसका
भाग् मोटो छ अनि त्यसको मांसु बोसीलो हुंद छ। के त्यसले येसकारण् १७
आफ्नु जाल् देखि माछ्का निकाल्नु पाउंछ अनि लोग् लोग्लाइ घरौ
घरौ काट्दै रहंनु पाउंछ॥

म पहरा झैं उभौंछु अनि किल्लामां बसि रहंछु अनि हेर्दै २ १
रहंछु उसले मंलाइ के भन्छ अनि मैले आफ्नु बिन्तिको बिषय्मां के भन्न
पर्ने रछ बाटो हेर्छु। त यहवेले मंलाइ उत्तर् दिइ भन्यो तैंले दर्शन् २
पाटिमां पनि प्रगटोगरि लेख् र त्यो छर्लङ्ग पारिदेस्। किनभन्ये त्यो दर्शन् ३
खटन् भयेको बेलामां पूरो हुंछ अं त्यो पुरो हुंने बेला छिटो छिटो आउंदै
छ अनि त्यस्मां धोखा हुंदैन. त्यो पूरो हुंनु ढीलो जस्तो भयो भन्ये पनि
त्यसको बाटो हेर्दै रह् किनभन्ये त्यो निस्सेइ पूरो हुंछ अनि अबेर् हुंदैन।
हेर् त्यसको मन् फुलौयेको छ त्यो सोजो छैन अनि धर्म्मी चइं आफ्नु ४
बिस्वास् देखि जीउंछ। अनि त्यस् अहंकारी पुरुष्ले मान्को झोंक्मां ५
बिस्वासघात् गर्द छ अनि घर्मां रहंदैन अनि त्यसको लाल्सा चइं पत्ताल्
झैं कैलेपनि अघाउंदैन अनि काल्को झैं त्यसको पेट् कैलेपनि भर्दैन तर
त्यसले सबै लोग लोग्लाइ आफु थांइ तान्द छ अनि सबै मान्छेहरुलाइ
आफु थांइ भेला गराउंद छ। के तिनिहरु सबैले त्यसको उखान् बनायेर ६
अनि त्यसको बिरुद्धमां अड्को थाप्येर भन्न गर्दैनन् अर्काको धन् खोसि
खोसिकन धनी हुंन मांथि हाय् त्यसले कैले सम्म येसो गर्नु पाउंद छ.
आफ्नु घर् बन्धक्का थोकले भराउंने मांथि हाय् भन्दै भन्दै। के ७
तिनिहरुले एक्कासी उठेर तंलाइ खांदैनन् अनि जाग्येर तंलाइ संकट्मां
हाल्दैनन् अनि के तं लूटौंदैनस्। तैंले धेरै लोग् लोग्लाइ लूटेको छस् ८
येसकारण् बांच्येका लोगले तंलाइ पनि लूट्छन् मान्छेहरुको रगत्को
कारण्ले र येस् देस् मांथि र येइ सहर् र येस्मां रहंनेहरु सबै मांथि
गर्येका उपद्रहैंको कारण्ले॥

९ हाय् त्येस् मांथि जस्ले आफ्नु घर् बढाउंनुको लागि अनि बिपत्ति
देखि बांचनुको लागि आफ्नु गुंड्रू अलगोमां बनाउं भन्येर अन्येको नाफाको
१० लोभ् गर्द्द छ । तैंले धेरै लोगलाइ नष्ट पारिस् त्येसो गर्येकोमां तैंले आफ्ने
घर् लाजमां डुब्राउंनुको लागि जुक्ति बांधिस् अनि आफ्ने प्राणको
११ बिरुद्धमां पाप् गरिस् । किनभन्ये भित्ता देखि ढुंगाले दोहाई दिंछ अनि
छाना देखि दलीमले खिर्किहरूलाइ उत्तर् दिंछ ॥
१२ हाय् त्येस् मांथि जस्ले रगतपच्छे सहर् बढाउंद छ अनि नगर् टेक्ईई
१३ गरि गरिकन बलियो गराउंद छ । हेर लोग् लोगले शास्ति गरि गरिकन
जे जे बनाउंद छन् ति आगोका गांस् हुंद छन् अनि अन्यदेसीहरू
बर्थईंको लागि शास्ति गरि गरिकन थाकि जांद छन् के यो सबै यहवेको
१४ पट्टि बाटो होइन । किनभन्ये पृथिवी चइं यहवेको महिमाको ज्ञानले
भरींछ समुन्द्र पानीले ढाकीयेको झैं ॥
१५ जस्ले आफ्नु छिमेकिलाइ मद्य खुवाउंद छ अनि त्येसमां बिष्
मिसायेर तिनिहरूलाइ बिचेत् गराउंद छ त्येसलाइ नंग्यायेर त्येस्को जीउ
१६ हेर्नुको लागि येसकारण् त्यो मांथि हाय् । तं बड़ाईको साटो निन्दाले
भरींछस् . तैंले पनि खा अनि बिखतने जस्तो हो . यहवेको दाहिनो
हातमां भयेको रिसको मद्य घुमि घुमि तैं तिर आउंछ तेरा महिमाका
१७ थोक तेरो छाड़ले अशुद्ध होइ जांछन् । किनभन्ये लबानोनमां गर्येको
उपद्रईं अनि नास् पशुहरूलाइ गर्येको जे देखि डर् देखाईयो त्यो पनि
फर्कयेर तैं मांथि पर्छ मान्छेहरूको रगतको कारणले र येस् देस् मांथि
र येइ सहर् र येसमां रहंनेहरू सबै मांथि गर्येको उपद्रईंको कारणले ॥
१८ खोपेको मूर्त्तिमां के नाफा देख्येर बनाउंनेले त्यो बनायो फेरि
झूठ् सिकाउंने ढालीयेको मूर्त्तिमां के नाफा देख्येर ढाल्नेले त्येस् मांथि
१९ येति बिश्वास् राख्यो अनि बोल्नु न सक्ने मूर्त्तिलाइ बनाउंद छ । हाय्
त्येस् मांथि जस्ले काठलाइ भन्द छ जाग् कि बोल्नु न सक्ने ढुंगालाइ उठ्
भनि के त्येस् ढुंगोले सिकाउंछ । हेर त्यो सुन् चांदीले मोहोरीयेको ता छ
२० तर त्येसमां स्वास छंदै छैन । यहवे आफ्नु पवित्र मन्दिरमां छ त सिंगै
पृथिवी उस्को सांमु चुप् लागि रहोस् ॥

३ १ हबक्कूक् अगमबक्ताको प्रार्थना गानको हिसापमां लेख्येको ।

२ हे यहवे मं तपांइको कीर्त्ति सुनिकन डरायें .
हे यहवे बर्ष बर्षको बेलामां आफ्नु काममां फेरि हात् लगाउंनु
हवस्
बर्ष बर्षको बेलामां त्यो प्रगटो गर्नु हवस्
रिसको बेलामां दया पनि सम्झनु हवस् ॥
३ ईश्वर् तेमान् देखि आउंद छ
अनि पवित्र ईश्वर् पारान् पर्बत् देखि । सेला ।

उसको महिमाले स्वर्ग ढाक्‌दछ
अनि पृथिवी उसका स्तुतिले पूर्ण छ ॥
अनि उसको चम्काई घामको ज्योति जस्तो छ ४
उसको हात्‌ देखि किर्णें निस्कंद छ
अनि उसको शक्ति लुकेको छ ।
उसको अघि अघि देसान्‌ फिंजीयेको छ ५
अनि उसका गोड़ा मुनि बजर्‌ बलि रहेका छन्‌ ।
उसले उभोयेर पृथिवीलाइ नाप्दछ ६
उसले आंखाले हेर्येर लोग्‌ लोग्‌लाइ धपाउंदछ .
अनि सनातनको पर्बत्‌ छरपुष्ट भइ रहेका छन्‌
सनातन्‌का डांड़ाहरु नुहि रहेका छन्‌
उसको चइं ता चाल्‌ सदा एकैनासे छ ।
मैले कुशान्‌का पाल्‌हरुलाइ दुक्खमां भयेको देखें . ७
अनि डेरा डेरामां रहने मिद्यान्‌लाइ कांम्दै गर्येको देखें ।
के यहवे महानदीहरु देखि रिसाउंनु भयो ८
के तपांइको रिस्‌ नदीहरुका बिरुद्ध उठेको छ
कि के तपांइका कोप्‌ समुन्द्रको बिरुद्ध छ
किनभन्ये तपांइ आफ्‌ना घोड़ाहरु माथि सवार्‌ हुंनु भयेको छ
अं आफ्‌नु मुक्तिका रथ्‌हरु माथि ।
तपांइका धनु निकालीयेको छ ९
कुल्‌हरुलाइ किरिया खायेको बचन्‌ स्थिर्‌ छ । सेला :
तपांइले पृथिवी चीर्येर नदीहरु निकाल्दै रहंनु भयेको छ ।
पर्बत्‌हरु तपांइलाइ देखेर डराये १०
बताम्‌पानी चलि आये .
गहीरैले आफ्‌नु सोर्‌ उचाल्यो
अनि आफ्‌ना हात्‌ ऊंभो तिर उठायो ।
सूर्ज चन्द्र आफ्‌नु आफ्‌नु ठांउमां उभीयेका छन्‌ ११
तपांइको कांड़ निस्कंदा ज्योति निस्कंद छ
अनि तपांइको चम्कने भाला निस्कंद छ ।
तपांइ कोप्‌मां भइ देस्‌मां हिंड्नु भयो १२
तपांइले रिस्‌ गर्येर लोग्‌ लोग्‌लाइ दांइ गर्नु भयो ।
तपांइ आफ्‌ना लोगको मुक्तिको लागि निस्कंनु भयो १३
तपांइको अभिषिक्तको मुक्तिको लागि
तपांइले दुष्ट जहान्‌को सिर्‌चइंलाइ घायेल्‌ गराउंनु हुंदछ
अनि त्यसको घर्‌ गला सम्म निर्बंश तुल्याउंनु हुंदछ । सेला ।
तपांइले त्यसका दल्‌को मूल्‌लाइ त्यसैको भालाले छेड्नु हुंदछ १४
तिनिहरु मंलाइ छरपुष्ट पार्नुको लागि बेहेरि झैं आये .

अनि दरिद्रहरुलाइ लूटूंला भनि दुम्कि दुम्कि चरकंदै आयेका थिये ।
१५ तपांइ घोड़ामां सवार् भइ समुन्द्र मांथि मांथि हिंडूनु भयो
अनि शक्तिमान् पानी थुप्रो लागि रह्यो ।

१६ मैंले सुन्यें अनि मेरो भुंडु कांम्नु लाग्यो
अनि शब्दले मेरा ओंठ् लिप् लिप् गर्नु लाग्ये
मेरा हाड़मां कुहाई पर्‍यो त मं तिहीं कांम्यें
बिपत्तिको दिनमां बिश्राम् पाउं भन्या खातिरले
जब त्यो पाङ्ति पाङ्ति भइकन लोगहरु मांथि आइ लाग्द छ ।
१७ किनभन्ये नेभाराको रुखमां फूल् फुल्येन
न दाखको बोटमां फल् फल्यो
किसानीले भद्रासेको रुखमां फल् पायेन
अनि खेतबारीमां अन्न फल्येन
अं खोरमां भेंड़ाबाखाहरु रह्येनन्
अनि गोठमां बस्तुहरु रह्येनन् भन्ये पनि ।
१८ तैपनि मं यहवेको कारणले उरल्हौंछु
मेरो उद्धार् गर्ने ईश्वरको कारणले मं खुशि हुंछु ।
१९ प्रभु यहवे मेरो बल् छ
अनि उह्ले मेरा गोड़ा हरिणका जस्ता तुल्याइ दिंछ
अनि उह्ले मंलाइ मेरा अलगा अलगा ठांउहरुमां हिंड़ालछ ॥

मूलबजाउनेका लागि मेरा तारबाजामां बजाईने ।

सपन्याह् ।

१ १ आमोनको छोरो यहूदाको राजा योशिय्याहको पालामां हिज-
किय्याहको छोरो अमर्याहको छोरो गदल्याहको छोरो कूशीको छोरो
सपन्याह् थांइ यहवेको यो बचन् आयो ॥
२ मं सबै थोक् पृथिवी मांथि देखि मेटि दिंछु यहवेको येइ बाणी
३ छ । मं मान्छे र पशु दुवैलाइ मेटि दिंछु आकाशका पंछी र समुन्द्रका
माछाहरुलाइ मेटि दिंछु अनि दुष्टलाइ तिनिहरुले राख्येका ठोकर्-
हरुलाइ समेत् मेटि दिंछु अं मं मान्छेजात्लाइ पृथिवी मांथि देखि नष्ट
४ पार्छु यहवेको येइ बाणी छ । अनि मं यहूदा र यरुशलेमका सबै बासीहरु
मांथि आफ्नु हात् पसार्छु अनि मं त्यस् देस् देखि बाल् देवताका बांच्येका-
हरुलाइ अनि पूजाहारीहरु समेत् देवहरुका कमारीम भन्या पूजाहारीहरुको

नांउ पनि नष्ट पार्छु ॥ अनि जस् जस्ले आफ्नु आफ्नु छाना माथि ५
आकाशको सेनालाइ दण्डवत् गर्दछन् अनि यहवे [को सेवा गर्छौं] भन्ने
किरिया खाने पूजनेहरु अनि जस् जस्ले मल्कामको[1] पनि किरिया खांद
छन् ॥ अनि जो जो यहवेलाइ छोड़ि फर्कि गयेका छन् अनि जस् जस्ले ६
यहवेलाइ न खोज्यं न त थांइ आये ति सबैलाइ मं नष्ट पार्छु ॥

प्रभु यहवेको सांमु चुप लागि रह . किनभन्ये यहवेको दिन् नजिक् ७
आयो . कसोगरिभन्ये यहवेले बलिदान् तियार् पार्यको छ अनि आफ्ना
निमन्त्याराहरूलाइ शुद्ध पारि दियेको छ । अनि यहवेको त्यस् बलिदानको ८
दिन्मां यसो हुंछ मं मालिक्हरूलाइ र राजकुंवर्हरूलाइ र परदेसका
पोशाक् लाउंनेहरु सबैलाइ समेत् दण्ड दिंछु । अनि त्यस् दिन्मां मं सघार् ९
नाघ्नेहरूलाइ र उपद्रें र छलले आफ्ना स्वामीहरूका घर् भराउंनेहरूलाइ
दण्ड दिंछु । अनि यहवेको यो वाणी छ त्यस् दिन्मां माच्छेढोकाको छेउमां १०
चिच्याईको सोर् अनि दोस्रोटोल्मां हाहाहूहूको सोर् अनि डांडा डांडामां
ठूला खल्याङमल्याङको सोर् हुंछ । हे मक्तेशमां रहंनेहरु हो हाय् हाय् ११
गर किनभन्ये सबै बेपारीहरु[2] मेटीये . चांदी बोकायेकाहरु सबै मेटीये ।
त्यस् बेलामां यसो हुंछ मं यरूशलेममां बत्तीले खोजखाज् गर्छु अनि थेग्रौंनु- १२
लाइ राख्येको दाखमद्द झैं बसि रहंने र मनमां यहवेले न ता केंइ भलो
गर्छ न केंइ बुरो गर्छ भन्येहरूलाइ मं दण्ड दिंछु । त तिनहरूका धनसम्पत्ति १३
लुटींछन् अनि तिनिहरूका घर् उजार् हुंछन् . अनि तिनिहरूले घर् ता
बनाउंछन् तर तिनमां बस्नु पाउंदैनन् अनि तिनिहरूले दाखका बारी
ता लगाउंदछन् तर तिनका दाखमद्द खांनु पाउंदैनन् । यहवेको ठूलो १४
दिन् नजिक् आयो त्यो अघोर् छिटोगरि नजिक् आउंदै छ अं यहवेको
दिनको शब्द . त्यहां बीर् मान्छे पनि सारोगरि चिच्याउंद छ । त्यो दिन् १५
रिसको दिन् छ संकट् र सकसको दिन् उजार् र उखेलाईको दिन्
अंध्यारो र धमीलेईको दिन् बादलको र बाक्लो अंध्यारोको दिन् ॥ त्यो १६
किल्ला भयेका सहर्हरु र कुंना कुंनामां धरारा भयेका सहर्हरुको बिरुद्धमां
नरसींगा बजाउंने र गला फुल्याइकन बजाउंने दिन् छ । अनि मान्छेहरूले १७
यहवेको बिरुद्धमां गर्यका पापको कारणले मं तिनिहरूलाइ संकटमां
हाल्छु अं तिनिहरूले अंधाहरूले झैं छामि हिंड्छन् . अनि तिनिहरूको
रगत् धूलो सरि र तिनिहरूको मांसु बिष्टसरि आफालि दिईंछन् । अनि १८
यहवेको रिसको दिन्मां तिनिहरूको बचाऊ न चान्दीले हुंछ अनि न
सुनले कसोगरिभन्ये उस्को डढाउंने आगोले सिंगै देस् भस्म होइ जांछ .
अनि उस्ले देसमां रहंने सब्बैलाइ कंमाउंदै टुङ्गाइ दिंछ ॥

हे बिशर्मीका लोगहरु हो आफु आफुलाइ भेला गराव भेला २ १
गराव ॥ तिमिहरूलाइ दण्डको आज्ञा न होउंञ्याल् सम्म र तिमिहरूको २

[1] अथवा तिनिहरूको राजा । [2] अथवा कनानका बासीहरु ।

बेला भूस् झैं जाइ न जाउंज्याल् सम्म र यहवेको बल्दोरिस् तिमिहरु
मांथि आइ न पुगुंज्याल् सम्म र यहवेको त्यो रिस्को दिन् तिमिहरु मांथि
३ न खनीउंज्याल् सम्म। हे पृथिवीमां रहंने सबै नरम् लोग्हरु हो
यहवेका नियावचन् मान्नेहरु हो उसलाइ खोज्दै रह धर्म्म खोज्दै रह
नरमैं पनि खोज्दै रह. कोनि कते यहवेको रिस्को दिन्मां शरण्
४ पाउंछौकि। अज्जा चइं निर्जन् अनि अश्कलोन् उजार् होइ जांछ.
तिनिहरुले अश्दोद्लाइ दोपहरिदिन्मां निकालि दिंछन् अनि एक्रोन्
५ उखेलोंछ। हाय् समुन्द्रको तीर्मां रहंनेहरु मांथि हाय् करेती लोग्
मांथि. ए कनान् ए पलिश्तीहरुको देस् यहवेको बचन् तेरो बिरुद्धमां
६ छ मं तंलाइ तंमां रहंने कोई न बांचुंज्याल् सम्मगरि नास् पार्छु। अनि
त्येस् समुन्द्रको तीर् सम्म गोठालाहरुका गोटैगोट् र खर्कै खर्क मात्रै
७ हुंछन्। अर्थात् त्यो समुन्द्र तीर् यहूदाको जहान्को बांच्येकाहरुको
लागि खर्क बनोंछ त तिनिहरुले आफ्नु पशु वहां चराउंछन्. बेलुका
अश्कलोन्का घर्हरुमां राखोंछन् कसोगरिभन्ये तिनिहरुको ईश्वर् यहवेले
तिनिहरुको हेर्चाहा गरि तिनिहरुका बन्धुवाहरुलाइ फर्काइ ल्याउंछ।
८ मैंले मोआब्ले गर्येको गिल्ला सुन्यें अनि मेरा प्रजाको गिल्ला अनि यिनि-
हरुको देस् मांथि अहंकार् सङ आइ लाग्येका अम्मोनवंशीहरुको निन्दा
९ मैंले सुन्यें। येस्कारण् इस्राएल्को ईश्वर् सेनाहरुको यहवेको यो बाणी छ
मं जीइ रह्येको छु निस्से मोआब् सदोम् जस्तो अनि अम्मोनवंशीहरु
अमोरा जस्ता सिस्नुघारि होइ जांछ अनि नुन्को खांनि र सदासर्बदाका
उजार्. मेरा प्रजामांका बांच्येकाहरुले तिनिहरुलाइ लुट्छन् अनि मेरा
१० लोग्मांका रह्येकाहरुले ति आफ्नु भाग्मां पाउंछन्। यो तिनिहरुको
घमंडको साटो हुंछ किनभन्ये तिनिहरुले सेनाहरुको यहवेका प्रजाको गिल्ला
११ गर्ये अनि त्यो सित अहंकार् सङ लड़ाईं गर्ये। यहवे तिनिहरुलाइ
डर्लाग्दो देखाहा पर्छ. उस्ले पृथिवीभरिका सबै देवताहरुलाइ भोकले
मार्छ अनि अन्यदेसीहरुका सबै द्वीप् द्वीपका बासीहरुले आफ्नु आफ्नु
१२ ठांउ देखि उसलाइ दण्डवत् गर्छन्। हे कुशीहरु हो तिमिहरु पनि मेरो
१३ तरवार्ले काटीछौ। फेरि उस्ले आफ्नु हात् उत्तर् दिशा तिर पसार्येर
अश्शूर्लाइ नष्ट पार्छ अनि नीनवेलाइ उजार् अं बगर् जस्तै सुक्येको
१४ गराउंछ। अनि त्येसको बीचमां जात् जात्का बनपशुहरु बगाल्का बगाल्
बस्छन्. अनि त्येसका भत्क्येका घाराहुंदो धनेस् र हुमसीहरु बास् बस्छन्.
तिनिहरु त्येसका खिर्किहुंदा कराउंछन् त्येसका देलाहरु सुन्ने हुंछन्. किनभन्ये
१५ उस्ले देवदारु काठ्को काम् नांग्यायो। यो त्येइ सहर् हो जसका बासीहरु
उर्लहन्द थिये अनि बिना डर् बसि रहंद थिये अनि भन्द थिये हांमिहरुइ
हौं हांमिहरु बाहेक् अरु कोई छंदै छैन भनि. तर अब त्यो उजार् र
बनपशुहरुको बस्ने ठांउ हुंछ. त्येसको छेउ बाटो जांनेहरुले छत्केला
मार्छन् अनि हात् हल्लाउंछन्॥

हाय् येस् झगरे र अशुद्ध सहर् मांथि हाय् येस् मिचेइँ गर्ने सहर् ३ १
मांथि । येका बासीहरूले [मेरो] कुरा मान्येनन् तिनिहरूले शिक्षादण्ड २
मान्येनन् । तिनिहरूले यहवे मांथि भरोसा राख्येनन् तिनिहरू तिनिहरूको
ईश्वर्को छेउमां आयेनन् । येस्कांका मालिक्हरू गर्जने सिंहने भइ गये ३
येका बिचारीहरू बेलुका सिकार् मार्ने अनि बिहान्लाइ केइ न राख्ने
बुवांसाहरू भइ गये । येका अगमवक्ताहरू फोहर् बक्ने र छलीहरू छन् ४
येका पूजाहारीहरूले पवित्रस्थान् अशुद्ध गर्ये अनि व्यवस्थामां तानतुन्
गर्ये । येको बीच्मां हुने यहवे धर्म्मी छ उचइले ता अधर्म्म गर्दैन अं ५
उसले बरू बिहान् बिहान् आफ्नु निया पो प्रगटो गर्छ अनि आफ्नु बाचा
तोड्दैन तर टट्टो मान्छेलाइ चइं लाज् लाग्दैन । मैंले अन्यदेसीहरू- ६
लाइ नष्ट पार्यें तिनिहरूका कुंना कुंनाका धराराहरू समेत् नष्ट भये मैंले
तिनिहरूका सटक्हरूमां हिंडुने कोई न होउंज्याल् सम्मगरि सुन्न पारि
दियें. मैंले तिनिहरूका सहर्हरू नष्ट पारि दियें तिनमां कोई प्राणी
रह्येन । मैंले भन्यें अब ता तैंले मेरो भय् निस्से मान्छस् होला अनि मेरो ७
शिक्षादण्ड मान्छस् होला र त्येको बस्ने ठांउ मैंले ठान्येको अनसार् नष्ट न
हवस् भनि. तर तिनिहरूले सबै प्रकार्का दुष्ट कर्म्म फिक्रि गरि गरिकन
गर्ये । येकारण यहवेको यो बाणी छ मं नास् गर्नुलाइ तियार् न होउंज्याल् ८
सम्म तिमिहरू मेरो बाटो हेर्दै रह. मैंले ठान्येको छु लोग् लोग्लाइ र
राज् राज्हरूलाइ भेला गराउंछु आफ्नु बल्ड्रोरिस् अं आफ्नु कोप् पूरागरि
खन्याउं किनभन्ये सिंगै पृथिवी मेरो रापको आगोले भस्म होइ जांछ
भनि । अनि त्येस् बेलामां मं लोग् लोग् देखि फेरि येउटा शुद्ध भाषा ९
बोल्नु लाउंछु र तिनिहरू सबैले यहवेको नांउ हापार्येर एक् मत् भइ
उस्को सेवा गरुन् । मेरा छरपुट्ट भयेका प्रजा कूशका महानदीहरू पारि १०
देखि पनि मं सित बिन्ति गर्दै मेरो भेटि जस्तो भइ आउंछन् । त्येस् दिन् ११
तं तैंले मं देखि फर्कि गइ गर्येका बड़ा बड़ा दुष्कर्म्म देखि लजाउंदैनस्.
किनभन्ये त्येस् बेलामां मं तेरो बीच् देखि सबै फुलीयेका घमण्डीहरूलाइ
निकाल्छु अनि तैंले मेरो पवित्र पर्ब्बत् मांथि फेरि फेरि कैले पनि
अहंकार् गर्दैनस् । तर मं तेरो मांझमां येउटा दीन् र कंगालि लोग् बचाइ १२
राख्छु अनि तिनिहरूले यहवेको नांउको शरण लिंछन् । इस्राएलका १३
बांच्येका लोगले न ता अधर्म्म गर्छन् न झूठ् बोल्छन् अनि न तिनिहरूको
मुख् देखि छल्का कुरा निकल्लंछन्. कसोगरिभन्ये तिनिहरू बिना डर् सङ
चर्छन् अनि खर्कि रहंछन् । ए सिय्योन्मां रहंने लोग् चर्को सोर्ले गा ए १४
इस्राएल् जयजयकार् गर् ए यरूशलेममां रहंने लोग् आफ्नु पूरो मनले
रमाहट् गर् अनि आनन्दित् हो । यहवेले तेरो शिक्षादण्ड पुन्यो अनि १५
तेरा सत्तुर्हरूलाइ धपायो. इस्राएलको राजा यहवे तेरो बीच्मां छ. त
तंले फेरि फेरि बिपत्ति भोग्दैनस् । त्येस् बेला यरूशलेम्लाइ येसो भनींछ १६
न डरा. ए सिय्योन् तेरा हात् लूला हुंदैनन् भनि भनींछ । कसोगरि- १७

भन्ये तेरो ईश्वर् यहवे तेरो बीचमां छ उ छुटकारा गराउंनुमां सामर्थी छ.
उ तेरो कारणमां खुशि हुंछ उसको प्रेमको कारणले त्यो चैनमां रहंछ
१८ उ तेरो कारणले गाउंदै खुशि हुंछ। पवित्र सभामनाई न भयेको
कारणले उदास् रहंने लोगलाइ मं भला गर्छु किनभन्ये ति तेरा हुन्.
१९ अनि तेरो गिल्लागराई तिनिहरूलाइ भारि हुंदै छ। सुन् त्येस् बेलामां
तंलाइ दुक्ख दिंनेहरु सबैलाइ मं दुक्ख दिंछु. अनि तंमां खोच्याउंने-
हरूलाइ निको पार्छु अनि तेरो बीच् देखि धपालीयेकाहरूलाइ जमाउंछु
जुन्हरूको लाजको चर्चा सिंगै पृथिवीमां फिंजीयेको छ तिनिहरूको
२० बड़ाई र कीर्त्ति जतातते फिंजाउंछु। त्येस् बेला मं तिमिहरूलाइ
जमायेर घरमां ल्याउंछु. अनि जब मं तिमिहरूको सांमु तिमिहरूका
बन्धुवाहरूलाइ फर्काइ ल्याउंछु तब पृथिवीका सबै लोग् लोगको बीचमां
तिमिहरूको कीर्त्ति र बड़ाई फिंजाउंछु यहवेको येइ बचन् छ॥

हाग्गै।

१ १ दारा राजाको राजको दोस्रो बर्षको छैठो महीनाको पहिलो
तिथिमां यहवेको यो बचन् हाग्गै अगमबक्ताको बाटोले शालतीएलको
छोरो यहूदाका मालिक् जरुब्बाबेलथांइ र यहोसादाकको छोरो यहोशूअ
२ मूलपूजाहारी थांइ आयो सेनाहरूको यहवेले येसो भन्द छ येस् लोगले
यहवेको घर् बनाउंनुलाइ हामिहरूको भला हुंने बेला एले भयेको छैन
३ भन्येर भन्द छ। तब यहवेको यो बचन् हाग्गै अगमबक्ताको बाटोले
४ येसो भनि आयो यो घर् उजार् भइ रह्याको छ के येस्तो बेलामां
५ तिमिहरू आफ्नु आफ्नु छाना भयेका घरहरूमां रहंनु उचित् छ। त अब
सेनाहरूको यहवेले येसो भन्द छ. आफ्ना चालचलनको बिचार् गर।
६ तिमिहरूले छर्नु ता धेरै छर्यौ तर कटनी थोरै गर्यौ तिमिहरूले खांनु ता
खांद छौ तर अघाउंदैन तिमिहरूले पीउंनु ता पीउंद छौ तर तिर्खा मर्दैन
तिमिहरूले लुगा ता लगाउंद छौ तर तातीदैन अनि बनि गर्नेले कमायेर
७ छिरिजांने थैलामां राखद छ। सेनाहरूको यहवेले येसो भन्द छ. आफ्ना
८ चालचलनको बिचार् गर। डांड़ा डांड़ामां चढि गयेर काठ् ल्याव अनि घर्
बनाव अनि मं त्यो हेर्येर खुशि हुंछु अनि मेरो महिमा हुंछ यहवेको येइ
९ बचन् छ। तिमिहरूले धेरै उपजनेको आशा ता राख्यौ तर हेर थोरै मात्रै
भयो अनि जब तिमिहरूले त्यो घरमां ल्यायौ तब मैंले त्यो फुकेर उड़ाइ
दियें. त मं सेनाहरूको यहवे सोध्द छु येसको कारण् के हो। के येइ
होइन मेरो चइं घर् उजार् भइ रह्याको छ अनि तिमिहरू आफ्नु आफ्नु

घर् बनाउंनुलाइ चइं दुगुरादुगुर् गर्द छौ। येसैकारणले अकाश् सित् पर्नु १०
देखि र पृथिवी अन्न उपजाउंनु देखि थुनीयेका छन्। अनि मेरो आज्ञाले ११
पृथिवी र डांड़ाहरु र अन्न र दाखमह र तलको अं ज्ये ज्ये भूइं देखि
उपजइ छन् तिनको र मान्छेहरुको र घर्पशुहरुका सबै मिहीनतको
हानि भयो ॥
तब शालतीएलको छोरो जरुब्बाबेल् र यहोसादाकको छोरो १२
यहोशूअ मूलपूजाहारी अं बांच्येका लोग्हरुले आफ्नु ईश्वर् यहवेका कुरा
मान्ये अनि तिनिहरुको ईश्वर् यहवेले तिनिहरुलाइ भन्नु भनि हाग्गै
अगमवक्तालाइ पठायेको बचन् सुनि तिनिहरुले यहवेको भय् मान्ये।
तब यहवेको दूत् हाग्गैले यहवे देखि आज्ञा पायेर लोग्हरुलाइ भनि १३
दियो मं तिमिहरु सङ छु भन्ये यहवेको यो बाणी छ। अनि यहवेले १४
शालतीएलको छोरो जरुब्बाबेल् यहूदाको मालिकलाइ र यहोसादाकको
छोरो यहोशूअ मूलपूजाहारीलाइ अं बांच्येका सबै लोग्हरुलाइ येस्तो
गरि चम्कायो तिनिहरुले आयेर आफ्नु ईश्वर् सेनाहरुको यहवेको घर्
बनाउंनु लाग्ये दारा राजाको दोस्रो बर्षको छैठो महीनाको १५
चोबीसौं तिथिमां ॥
सातौं महीनाका एक्काईसौं तिथिमां यहवेको यो बचन् हाग्गै १ २
अगमवक्ताको बाटोले आयो शालतीएलको छोरो यहूदाको मालिक २
जरुब्बाबेल् र यहोसादाकको छोरो यहोशूअ मूलपूजाहारी अं बांच्येका
सबै लोग्हरुलाइ यो कुरो भन् तिमिहरुमांको कस्ले येस् घर्को ३
अघिल्लो महिमा देख्येको थियो. अब तिमिहरुले येसको महिमा कस्तो
देखइ छौ. कि यो चइं केइनै पनि होइन। तैपनि अब यहवेको यो ४
बाणी छ ए जरुब्बाबेल् हूप् बांध् अनि ए यहोसादाकको छोरो यहोशूअ
मूलपूजाहारी हूप् बांध् अनि यहवेको यो बाणी पनि छ हे देसका सबै
लोग्हरु हो हूप् बांधिकन काममां लागि रह. किनभन्ये मं तिमिहरु
सङ छु यहवेको येइ बाणी छ मिस्र देखि निकलंदाखेरि मैले ५
तिमिहरु सित नियम् बांधदाखेरिको झं अबे पनि मेरो आत्मा तिमिहरु
सङ छ. त तिमिहरु न डराव। किनभन्ये सेनाहरुको यहवेले येसो ६
भन्द छ. अब थोरै दिन् मांत्रै छन् मं अकाश् र पृथिवी र समुन्द्र र
ओबानो भूमि सबैलाइ कंमाउंछु अनि मं सिंगै लोग् लोग्लाइ ७
कंमाउंछु अनि सबै लाग् लोग्का अस्सल् अस्सल् थोक् यहां आउंछन्
अनि मं यो घर् महिमाले भरि दिंछु सेनाहरुको ईश्वरको येइ बचन्।
चांदी मेरै हो अनि सुन् पनि मेरै हो सेनाहरुको यहवेको येइ बचन् छ। ८
येस् घर्को पछिल्लो महिमा पहिलो महिमा भन्दा बड़ा हुंछ सेनाहरुको ९
यहवेको येइ बचन् छ अनि येस् ठाउंमां मं शान्ति दिंछु सेनाहरुको
यहवेको येइ बाणी छ ॥
दाराको दोस्रो बर्षको नवं महीनाको चोबीसौं तिथिमां यहवेको १०

११ यो बचन् हाग्गै अगमबक्ताको बाटोले आयो सेनाहरूको यहोवले
१२ येसो भन्द छ. पूजाहारीहरू सित बिधिको बिषयमां सोध अर्थात्
कसैले आफनु लुगाको छेउमां पवित्र मासु बांध्यो अनि त्यस छेउले रोटी
कि पकायेको भोजन् कि दाखमद्द कि तेल् कि कोइ प्रकारको खानेकुरा
छोयो भन्ये देखि को त्यो भोजन् पवित्र ठहर्छ. त पूजाहारीहरूले उत्तर्
१३ दिये अहं। तब हाग्गैले सोध्यो मुर्दाको कारणले अशुद्ध भयेको मान्छेले
यस्तो थोक् छोयो भन्ये देखि को त्यो अशुद्ध हुंछ। अनि पूजाहारीहरूले
१४ उत्तर् दिये अं अशुद्ध हुंछ। तब हाग्गैले उत्तर् दिइ भन्यो यहोवको यो
बाणी छ मेरो सामु मेरो यो प्रजा र यो लोग् त्यस्तै छ अनि तिनको हातको
सबै काम् पनि त्यस्तै छ अनि तिनिहरूले ज्ये ज्ये बेदिमां चढाउंछ छन् ति
१५ पनि अशुद्धै छन् भनि। त अब कृपागरि येसको बिचार् गर यो दिन् भन्दा
पहिले अर्थात् जब यहोवको मन्दिरमां ढुंगा मांथि ढुंगा राखीयेको थियेन.
१६ अर्थात् ति दिनमां जब कसैले यहां बीस् मुरि छ होला भनि भन्द थियो
तब दसै मुरि मात्रै पाउंद थियो. अनि जब कसैले दाखको कोलको
कुण्डमां आयेर पचास् बत् निकालछु भनि भन्द थियो तब बीसै मात्रै निकलंद
१७ थियो। मैंले तिमिहरूलाइ तिमिहरूका सबै काममां ओइल्हाईले र
सक्काईले र असीनाले मारि दियें अनि येतिमां पनि तिमिहरू मं तिर
१८ फर्कीन यहोवको येइ बाणी छ। ठान आजुको दिन् देखि कृपागरि बिचार्
गर अर्थात् जस् दिनमां यहोवको मन्दिरको जग् बसालीयो त्यस् दिन् देखि
१९ नवं महीनाको येस् चौबीसौं तिथि सम्म बिचार् गर। को एले सम्म अन्न
ढुकुटिमां राख्येको छ. अं एले सम्म दाखको बोट् र नेभारा र दारीम् र
भद्राक्षेको फल् फल्यके छैन. तर आजुको दिन् देखि मं आशीष्
दिंदै रहंछु॥

२० फेरि त्येसै महीनाको त्येइ चौबीसौं तिथिमां दोस्रो खेप् यहोवको
२१ बचन् हाग्गै थांइ येसो भनि आयो यहूदाको मालिक् जरूब्बाबेललाइ
२२ येसो भन् मं अकाश् र पृथिवीलाइ हल्लाउंछु. अनि मं राज् राज्लाइ
उल्टाइ दिंछु अनि अन्यदेसीहरूको राज् राज्को बल् भांच दिंछु अनि
रथहरू त्यसमां चढ्नेहरू समेत्लाइ पल्टाइ दिंछु अनि तुरुकसवारहरू घोडै
२३ समेत् एक् एकको भाईको तरवार्ले काटीयेर लड्छन्। सेनाहरूको
यहोवको येइ बाणी छ त्यस् दिन् ए शालतीएलको छोरो मेरो दास्
जरूब्बाबेल् मं तंलाइ लियेर औंठाको झैं तरो रसो गर्छु यहोवको येइ
बाणी छ. किनभन्ये मैंले तंलाइनै छान्येको छु सेनाहरूको यहोवको
येइ बाणी छ॥

जकर्याह् ।

दाराको दोस्रो वर्षको आठौं महीनामा यहवेको यो वचन् १ १
इद्दोको छोरो बेरेक्याहको छोरो जकर्याह् अगमवक्ताथांइ ऐसो भनि
आयो यहवे तिमिहरुका पुर्खाहरु देखि बिझै क्रोधित् भयो। २
न तैंले तिनिहरुलाइ भन् सेनाहरुको यहवेले ऐसो भन्द छ. सेनाहरुको ३
यहवेको यो वाणी छ तिमिहरु मं तिर फर्क त मं तिमिहरु तिर फर्कंछु
सेनाहरुको यहवेको ऐइ वचन् छ। तिमिहरु आफ्ना पुर्खाहरु जस्ता न ४
हव जुन्हरुलाइ पहिलेका अगमवक्ताहरुले कराइ कराइकन भन्द थिये
सेनाहरुको यहवेले ऐसो भन्द छ तिमिहरु आफ्ना बुरा बाटाहरु देखि र
आफ्ना बुरा कार्य्यहरु देखि फर्क भनि. तर तिनिहरुले न तिनिहरुको सुन्ये
न मं तिर ध्यान् दिये यहवेको ऐइ वाणी छ। तिमिहरुका पुर्खाहरु खोइ ५
कहां छन्. अनि के अगमवक्ताहरु सदा जीइ रहंद छन्। तर मैंले आफ्ना ६
दास् अगमवक्ताहरुलाइ सुनाउंनु भनि आज्ञा दियेका मेरा वचन्हरु र
मेरा बिधीहरुले के तिमिहरुका पुर्खाहरुलाइ पक्र्यनन्. त तिनिहरुले
फर्कीर भन्ये सेनाहरुको यहवेले हामिहरुका बाटाहरु र कार्य्यहरु अनुसार्
हामिहरु सित जसो गर्छु भनि भन्येको थियो त्यसै उस्ले हामिहरु सित
गर्यो पनि ॥

दाराको दोस्रो वर्षको शबात् भनोंने एघारौं महीनाको चौबीसौं ७
तिथिमां इद्दोको छोरो बेरेक्याहको छोरो जकर्याह् अगमवक्ताथांइ यहवेको
वचन् ऐसो भनि आयो मैंले राति दर्शनमां के देख्यें भन्ये ऐउटा पुरुष् ८
रातो घोड़ामां चढ़ेरको तल ब्यांसिमां भयेको मेहंदीको बीच्मां उभीइ
रह्येको रछ अनि त्येस्को पछिल्तिर रातो र फुस्रो र सेतो घोड़ा पनि
राछन्। तब मैंले भन्यें हे प्रभु तिनिहरु को हुन्। त मं सित बात् गर्ने ९
त्येस् दूतले भन्यो मं तंलाइ भनि दिंछु तिनिहरु को हुन्। तब मेहंदीको १०
बीच्मां उभींनले भन्यो यिनिहरु यहवेले पृथिवीमां हिंड्दै डुल्नुको लागि
पठायेकाहरु हुन्। अनि तिनिहरुले मेहंदीका बीच्मां उभींने यहवेको ११
दूतलाइ उत्तर् दिइ भन्ये हामिहरु पृथिवीमां हिंड्दै डुल्यूं त हेर सिंगै
पृथिवीका लोग् चैन् सित चुप्चाप् बस्दै रहंदा राछन्। यो सुन्येर यहवेको १२
दूतले उत्तर् दिइ भन्या हे सेनाहरुको यहवे तपांइ यरूशलेम् र यहूदाका
सहर्हरु देखि सत्तरी वर्ष देखि रिसाइ रहंनु भयेको छ अझै तिनिहरु
मांथि कहिले सम्म दया गर्नु हुन्न। ऐस् सोधनीको उत्तर् यहवेले त्यस् मं १३
सित बात् गर्ने दूतलाइ जाति जाति र शान्तिका कुरा भनि दियो। तब मं १४
सित बात् गर्ने दूतले मंलाइ भन्यो तैंले कराइ कराइकन भन् सेनाहरुको

यहूवले येसो भन्द छ. मं यरूशलेम् र सिय्योन्को लागि बिघ्नै बल्येका
१५ छु। अनि सुक्ख सित रहंने लोग् देखि मं बिघ्नै रिसायेको छु. किनभन्ये
१६ मं थोरै मात्रै रिसायें तर तिनिहरूले त्यो दुक्ख बढ़ाइ दिये। येस्कारण
यहूवले येसो भन्द छ. अब मं यरूशलेम्मां फेरि दया गर्छु अनि त्यस्मां
मेरो घर् बनौंछ अनि यरूशलेम्मां नाप्ने डोरो तानौंछ सेनाहरूको यहूवेको
१७ येइ बाणी छ। फेरि तैंले कराइ कराइकन येसो पनि भन् सेनाहरूको
यहूवले येसो भन्द छ. मेरा सहर्हरू जात्ति जाति थोकले येति बिघ्न
भरींछन् अरु अट्टाउंदैन अनि यहूवले फेरि सिय्योन्लाइ शान्ति दिंछ अनि
यरूशलेम् फेरि आफ्नु लागि छान्छ ॥
१८ येस् पछि मैंले आंखा उचालि हेर्यें त के देख्यें भन्ये चार्वटा
१९ सींग्हरू रहछन्। तब मैंले मं सित बात् गर्ने दूत् सित सोध्यें ति के हुन्
भनि। त्यस्ले मंलाइ भन्यो यि यहूदा र इस्राएल् र यरूशलेम्लाइ छरपुट्ट
२० पार्ने सींग्हरू हुन्। फेरि यहूवले मंलाइ चार् जना लोहार्हरूलाइ
२१ देखायो। तब मैंले तिनिहरू के गर्नुलाइ आउंद छन् भनि सोध्यें। अनि
त्यस्ले भन्यो सींग्हरू ति हुन् जुन्हरूले यहूदालाइ कसैले पनि सिर्
उठाउंनु न सकनेगरि छरपुट्ट पार्ये. तर यिनिहरू तिनिहरूलाइ धपाउंनु
र ति लोगका सींग् आफाल्नुको लागि आयें जुन् लोग्ले यहूदाको
देस्लाइ छरपुट्ट पार्नुको लागि आफ्नु आफ्नु सींग् उंठायेका थिये ॥
२ १ येस् पछि मैंले आंखा उचालि हेर्यें त के देख्यें भन्ये हात्मां
२ येउटा नाप्ने डोरो लियेको पुरुष् रह्छ। तब मैंले त्येस्लाइ तिमि कहां
जांछौ भनि सोध्यें। त त्येस्ले मंलाइ भन्यो यरूशलेम्को गज् कति र त्येस्को
३ लम्बित कति रह्छ त्यो नापि हेरूं भनि जांदै छु। त हेर मं सित बात् गर्ने दूत्
४ गयो अनि अर्को कोई दूत् त्यो सित भेट्नुलाइ आयो त्येस्लाइ भन्यो
दुगुरि गयेर त्येस् जुवान्लाइ भन् यरूशलेम्का मान्छेहरू र घर्पशुहरूको
धेर्हुवाईको कारणले घराभित्ता देखि बाहिर बाहिरका बस्तिहरूमां पनि
५ बस्ते गर्छन्। अनि यहूवेको यो बाणी छ त्येस् सहर्को रिंगै मं आफै
६ आगोको घराभित्ता हुंछु अनि त्येस्को बीच्मांको महिमा मं हुंछु। यहूवेका
यो बाणी छ एइ एइ उत्तर्को देस् देखि भागि आव. किनभन्ये मैंले
तिमिहरूलाइ अकाश्का चारै बतास्ले झैं चारै दिशा तिर उड़ाइ दियं
७ यहूवेको येइ बाणी छ। हे बाबेल्का लोग् सङ रहंने सिय्योन्का लोग्हरू
८ हो बांच्यर निकल। किनभन्ये सेनाहरूको यहूवले येसो भन्द छ. उस्को
महिमा प्रगट् भये पछि उस्ले मंलाइ तिमिहरूलाइ लूट्ने लोग्हरू थांइ
पठायो किनभन्ये जस्ले तिमिहरूलाइ छुंद छ त्येस्ले उस्का आंखाका
९ राणालाइ छुंद छ। सुन मं आफ्नु हात् ति लोग्हरू माथि हल्लाउंछु तब
तिनिहरू तिमि उस्का दास्हरू देखि लूटींछन्. अनि तिमिहरूले थाहा
१० पाउंछौ सेनाहरूको यहूवले त्येस्लाइ पठाये छ भनि। ए सिय्योन्बासी
चर्को सोर्ले गा अनि रमाहट् गर्. किनभन्ये हेर् मं आउंद छु अनि

तेरो मांझमां बास् गर्छु यहवेको यै़इ वाणी छ। त्यस् समयमां धेरै लोग् ११
लोग् यहवे सित मिल्छन् अनि मेरा प्रजा हुंछन्. अनि मं तेरो मांझमां
बास् गर्छु तब तैंले थाहा पाउंछस् सेनाहरूको यहवेले त्यसलाइ हामिहरू
थांइ पठायें छ भनि। अनि यहवेले यहूदालाइ पवित्र देसमां बसाल्यर १२
त्यसलाइ आफ्नु भाग् भन्छ अनि यरूशलेमलाइ फेरि छान्छ। ए सबै १३
जीउधारीहरू हो यहवेको सांमु चुपलागि रह किनभन्ये उ आफ्नु पवित्र
बासस्थान देखि जागि निकल्येको छ॥

फेरि त्येसले मंलाइ यहोशूअ मूलपूजाहारालाइ यहवेको दूतको ३ १
सांमु उभीइ रह्येको देखायो अनि शैतान् [1] पनि त्यसको दाहीना हात्
पट्टि त्येसको बिरोध् गर्नुलाइ उभीइ रह्येको देखाया पर्‍यो। तब यहवेले २
शैतान्लाइ भन्यो ए शैतान् यहवेले तंलाइ हकारोस् अं यरूशलेम छान्ने
यहवेले तंलाइ हकारोस्. के यो आगो देखि निकालीयेको अगुल्ठो
होइन। त्यस् बेलामां यहोशूअ दूतको सांमु मैलो लुगा लायेर उभीइ ३
रह्येको थियो। त उसले ति सांमु उभीइ रहंनेहरूलाइ भन्यो येसका थि ४
मैला लुगा उतार् भनि। फेरि उसले त्येसलाइ भन्यो हेर् मैंले तेरा
अधर्म्म दूर् गर्‍यें अनि तंलाइ राम्रा राम्रा लुगा लगाइ दिंछु। येस्मां मैंले ५
भन्यें येसको सिरमां येउटा चोक्खो पगरी लगाईओस् भनि। त तिनिहरूले
त्येसको सिरमां चोक्खो पगरी लगाइ दिये अनि त्येसलाइ लुगा लगाइ दिये
त्येस् बेला यहवेको दूत् छेउमां उभीइ रह्येको थियो। तब यहवेको दूतले ६
यहोशूअलाइ चेताइकन भन्यो सेनाहरूको यहवेले येसो भन्द छ. ७
तं मेरा बाटाहरूमां हिंड़िस् अनि मैंले तेरो जिम्मामां दियेकोको रक्षे गरिस्
भन्ये देखि तं मेरो घर्का बिचारी र मेरा आंगनको रखुवार हुंछस् अनि
मं तंलाइ यि छेउमां उभीइ रहंनेहरूको बीचमां आउंनु जांनु दिंछु। ए ८
यहोशूअ मूलपूजाहारी सुन् अनि तेरो सांमु बस्ने तेरा साथीहरूले पनि
सुनुन् किनभन्ये तिनिहरू पनि उदेकको चिनुका मान्छेहरू छन्. किनभन्ये
सुन् मं आफ्नु हांगा चाकरेलाइ प्रगट् गर्छु। किनभन्ये यहोशूअको सांमु ९
मैंले राखेको ढुंगो हेर् एकै ढुंगा मांथि सात्वटा आंखा बनीयेका छन्
त सेनाहरूको यहवेको यो वाणी छ सुन् मं त्येस ढुंगोमां खोपि दिंछु
अनि येस् देसको अधर्म्म एकै दिनमां दूर् गरि दिंछु। त्येस् दिनमां १०
तिमिहरूले आफ्ना छिमेकिहरूलाइ दाखको बोट् मुनि र नेभाराको रुख्
मुनि डाकछौ सेनाहरूको यहवेको यै़इ वाणी छ॥

मं सित बात् गर्ने दूतले फेरि आयेर मंलाइ येसोरि जगायो जसोरि ४ १
कोई नींद् देखि जगाईंद छ। त त्येसले मंलाइ भन्यो तं के देखद छस्। २
त मैंले भन्यें मैंले हेर्येर के देख्यें भन्ये सिंगै सुनको येउटा पांनस् रछ

[1] अर्थात् त्यो फिराती।

अनि त्यसको वटुको त्यसको थाप्लोमां रह्छ अनि त्यसमां त्यसका सात्वटा
दीयाहरु पनि राह्छन् अनि थाप्लोका ति दीयाहरुको लागि सात् सात्वटा
३ नलिहरु पनि राह्छन्. अनि पांनसको छेउमां दुवटा भद्राक्षेका रुखहरु
पनि राह्छन् येउटा त्यस् वटुकोका दाहीनो तिर अनि अर्को चइं बांउ
४ तिर। त्यो देख्यर मैंले त्यो मं सित बात् गर्ने दूत् सित हे मेरा प्रभु यि
५ के हुन् भनि सोध्यें। तब मं सित बात् गर्ने दूतले मंलाइ उत्तर् दियो
६ के तं जान्देनस् यि के हुन्। मैंले भन्यें हे मेरा प्रभु मं जान्दीन। तब
उस्ले मंलाइ उत्तर् दिइ भन्यो जरुब्बाबलका लागि यहवेको यो वचन् छ
न ता बलले न ता शक्तिले तर मेरो आत्माचइंले भनि यहवेको येइ
७ वचन् छ। ए ठुलो डांडा तं के होस्. जरुब्बाबलको सांमु तं मैदान्
होइ जांछस्. अनि त्यस्ले त्यस् माथि अनुग्रह अनुग्रह बसोइ रहोस्
८ भन्दे कराइ शिराह ढुंगो हस लछ। फेरि यहवेको यो वचन् मं थांइ
९ आयो जरुब्बाबलका हातले मेरो येस् घरको जग् बसाल्यो अनि
त्यसैका हातले यो सिद्ध्याउंछ. इसोंग तिमिहरुले थाहा पाउंछौ
१० सेनाहरुको यहवेले तिमलाइ हांमिहरु थांइ पठाये छ भनि। किनभन्ये
सांनु कुराको दिनलाइ कसले तुच्छ जान्यो. तर तिनिहरु यि सात आंखाले
सिंगै पृथिवीमां हेरि हिंड्ने यहवेको साहुल जरुब्बाबलको हातमां देख्येर
११ खुशि हुंछन्। यो सुन्येर मैंले त्यसलाइ पांनसको दाहीनो बांउ तिर भयेका
१२ भद्राक्षेका दुइ रुख के हुन् भनि सोध्यें। मैंले दोस्रो खेप् पनि सोध्यें
सुनका दुवटा नलि जुन देखि सुनको तेल् आफैं बहि आउंछ छ तिनको
१३ छेउको भद्राक्षेका रुखका दुइ डालाहरु के हुन भनि। त्यस्ले मंलाइ
उत्तर् दिइ भन्यो यि के हुन के तं जान्देनस्। तब मैंले भन्यें हे मेरा
१४ प्रभु मं जान्दीन। तब उस्ले भन्यो यि तेलका दुइ भाइ छोराहरु हुन्
जो सिंगै पृथिवीको प्रभुको सुखेजि उभोइ रहंछन् ॥

५ १　　फेरि मैंले आफना आंखा उचालि हेर्यें त के देख्यें भन्ये येउटा
२ उड्ने पोस्तक् रह्छ। तब त्यस्ले मंलाइ सोध्यो तं के देख्दछस् भनि। मैंले
भन्यें मं येउटा उड्ने पोस्तक् देख्दछु जस्को लम्बि बाम हात् अनि गज्
३ दस हातको छ। तब त्यस्ले मंलाइ भन्यो त्यो चइं त्यो स्राप् हो जो ये
सिंगै देसमां पर्नु आंटेको छ. जस्ले चोर्द छ त्यो त्यसको एक् पट्टि
लेख्येको अनसार शुद्ध ठहराइ निकालींछ अनि जस्ले किरिया खांद
छ त्यो त्यसको अर्को पट्टि लेख्येको अनसार शुद्ध ठहराइ निकालींछ।
४ सेनाहरुको यहवेको यो वाणी छ मं त्या येस्तोरि पूरा गर्छु त्यो चोरको
घरमां र मेरो नांउले भूठो किरिया खांनको घरमां पनि पसछ.
वहांरहि त्यस् घरलाइ त्यसका डांडाभाटा ढुंगा समेत नष्ट पारि दिंछ ॥
५　　फेरि मं सित बात् गर्ने दूतले मंलाइ बाहर लग्येर भन्यो अब आंखा
६ उचालि हेर् के थोक् निस्कि जांद छ भनि। मैंले सोध्यें त्यो के हो भनि
त त्यस्ले भन्यो त्यो निस्कि जांदै गर्ने थोक येउटा भर्ने एपा हो भनि।

फेरि त्यस्ले भन्यो सिंगै देशमा तिनिहरूको नपना येस्तै छ भनि. तब ७
मैले के देख्यौं भन्ये सीसाको येउटा ढक् बोकि लगौदै रक्छ. अनि हेर
येउटी आइमाइ भर्ने एपाको बीचमा बस्येकी रक्छ। फेरि त्यस्ले भन्यो ८
यो चइं दुष्टइँ हो. तब त्यस्ले त्यस् आइमाइलाइ भर्ने एपाका बीचमा
खसालि दियो. वहांदेखि त्यस्ले त्यो सीसाको ढक् लगयेर त्यो एपाले त्यस्को
मुखमा ढाकि दियो। फेरि मैले आंखा उचालि हेर्यें त के देख्यौं भन्ये ९
दुवटी आइमाइहरू आउँदै रेछिन् तिनिहरूका पखेटामा बतास रक. फेरि
तिनिहरूका पखेटा सारसका पखेटा जस्ते राछन्. त तिनिहरूले भर्ने एपा
पृथिवी र स्वर्गको बीचमा उडाइ लगिन्। तब मैले मं सित बात गर्ने १०
दूत् सित सोध्यें तिनिहरूले भर्ने एपा कहां लैजांदै छन भनि। त त्यस्ले ११
मंलाइ भन्यो शिनारको देशमा लैजांदै छन् वहां त्यस्को लागि येउटा
घर् बनाउनुको लागि अनि जब त्यो घर् तियार् हुंछ तब त्या आफ्नु
ठांउमा बस्याइंछ ॥

फेरि मैले आंखा उचालि हेर्यें त के देख्यौं भन्ये दुइ डांडाको बीच ६ १
देखि चार्वटा रथहरू आउँदै राछन् अनि ति डांडाहरू पित्तलका डांडाहरू
राछन्। पहिलो चइं रथमा राता घोडा अनि दोस्रो चइं रथमा कालो २
घोडा राछन् अनि तेस्रो चइं रथमा सेतो घोडा अनि चौथो चइं ३
रथमा तिलचाम्ले पर्साका र फुस्रो घोडा थिये। त मैले त्यो मं सित बात गर्ने ४
दूत् सित हे मेरा प्रभु ति के हुन् भनि सोध्यें। तब दूतले मंलाइ उत्तर् ५
दिइ भन्यो ति स्वर्गका चार् बतास हुन् जो सिंगै पृथिवीको प्रभुको सांम्
रहने ठांउ देखि निस्कि आयेका छन्। काला घोडाहरू जो थियेको चइं रथ उत्तर् ६
दिशा तिर जांदै रक अनि सेतो चइं त्यस्को पछि पछि जांदै रक अनि
तिलचाम्ले पर्साको चइं दक्खिन् दिशा तिर जांदै रक। अनि फुस्रो चइं ७
निस्केर पृथिवीमा हिंड्दै डुल्नु खोज्यो. तब त्यस्ले भन्यो गयेर
पृथिवीमा हिंड्दै डुल् भनि तब त्यो पृथिवीमा हिंड्दै डुल्नु लाग्यो।
तब त्यस्ले मंलाइ बोलायेर भन्यो हेर् ति उत्तरको देश् तिर जानेहरूले ८
मंलाइ उत्तर देशमा सुकव दिये ॥

फेरि यहवेको यो बचन मं थांइ आयो बंधुवाहरू देखि निस्कि ९ १०
गयेर हेल्दै र तोबिय्य र यदायाह थांइ गइ आजै सपन्याहको छोरो योशि-
य्याहको घरमा जा जहां तिनिहरू बाबेल देखि आयेका छन् अं सुन् ११
चांदी तिनिहरूको हात् देखि लिहाल्येर मुकुट बनायेर यहोसादाकको
छोरो यहोशुअ मूलपूजाहारीको सिरमा लगाइ दे वहांदेखि त्यस्लाइ १२
भन् सेनाहरूको यहवेले येसो भन्छ त्यस् पुरुषलाइ हेर् जस्को नांउ
हांगा छ त्यस्ले आफनै ठांउमा पलायेर यहवेको मन्दिर बनाउंछ. अं १३
त्येसैले यहवेको मन्दिर् बनाउंछ अनि आफैले महिमा पाउंछ अनि आफ्नु
सिंहासनमा बिराजमान् भइकन प्रभुतेइँ गर्छ अनि उस्ले सिंहासनमा
बिराजदै पूजाहारीको काम पनि गर्छ. अनि दुवेले एकै मत्का भइ

१४ कुश्लुको सल्लाह् गर्छन् । अनि ति मुकुट्हरु हेलेम् तोबिय्याह् यदायाह् र
सपन्याह्को छोरो हेन्लाइ दिइँछन् यह्वेको मन्दिर्मां सम्झना हुंनु-
१५ लाइ । अनि टाड़ा टाड़ाका मान्छेहरुले आयेर यह्वेको मन्दिर् बनाउंछन्
अनि तिमिहरुले थाहा पाउंछौ सेनाहरुको यह्वेले त्येस्लाइ हामिहरु थांइ
पठाये छ भनि । अं तिमिहरुले मन् लगाइकन तिमिहरुको ईस्वर् यह्वेलाइ
मान्यौ भने देखि यो कुरो होइ जांछ ॥

७ १ फेरि दारा राजाको चौथो बर्षको किस्लेव भनौंने नवं महीनाको
२ चौथो तिथिमां यह्वेको बचन् जकर्याह्थांइ आयो । त्यस् बेलामां
बेतलबासीहरुले शरेसर् र रेगम्मेलेक्लाइ तिनिहरुका मान्छहरु समेत्
३ यह्वे सित अनुग्रह् मांग्नुलाइ पठाये अनि सेनाहरुको यह्वेको घर्मां
रहने पूजाहारीहरु र अगमबक्ताहरु सित पनि सोध्नु पांचौं महीनामां
कोनि कति बर्ष देखि खांदै उपास् बस्दै र रुंदै आयूं छौं अझै पनि त्येसै
४ ५ गर्नु पर्छ भनि । तब सेनाहरुको यह्वेको यो बचन् मं थांइ आयो येस्
देस्का सबै लोगलाइ र पूजाहारीहरुलाइ पनि भन् तिमिहरु ति सत्तरी
बर्षका बाच्मां पांचौं र सातौं महीनामां जब रुंथ्यौ अनि उपास् बस्द
थियौ तब के तिमिहरु मांछि मांचिनै मेरै लागि उपास् बस्द थियौ ।
६ अनि अब तिमिहरु खांद पाउंद छौ त के तिमिहरु आफैको लागि खांदै
७ पीउंदै छौन । अगाड़िका अगमबक्ताहरुको बाटोले यरुशलेम् आफना
चारै पट्टिका सहर्हरु समेत् बस्येको र चैन् सित भयेको अनि दक्खिन् देस्
र तल्लो देस् पनि बस्येको थियो त्यस् बेलामां कराइ कराइकन भन्येको
यह्वेका बचनहरु पनि के येइ रकम्का थियेन ॥

८ ९ फेरि यह्वेको यो बचन् जकर्याह् थांइ आयो सेनाहरुको यह्वेले
येसो भन्यका छ सच्चैइ सित निया गर अनि एकाले अर्को सित दया र
१० कृपा सित बेहोरा गर . अनि न बिधुवौ मांथि मिचेइ गर न टुहुरा टुहुरो
मांथि न परदेसी मांथि न कंगालि मांथि अनि न आफ्नु आफ्नु मन्मां
११ आफ्नु भाईको हानिको सोचबिचार् गर । तर तिनिहरुले त्येस्को उपदेस्
तिर मन् लगाउंनु मान्येनन् अनि आफना कांध् निकाल्ये अनि नसुन्नुको
१२ लागि आफना कान् थुन्ये । अं तिनिहरुले आफ्नु हिर्दय् पनि हिरा सां
कठोर् गर्ये सेनाहरुको यह्वेले आफ्नु आत्माको बाटोले अगाड़िका
अगमबक्ताहरुको बाटोले भनि पठायेको बचन् मान्न न सक्नुको लागि .
येस्कारण् सेनाहरुको यह्वेको पट्टि बाटो तिनिहरु मांथि ठुलो रिस् पर्यो ।
१३ अनि सेनाहरुको यह्वेको जसोरि मैंले करायेको तिनिहरुले सुन्येनन्
१४ त्येसैगरि तिनिहरु करायेको पनि मं सुन्दीन तर मं तिनिहरुलाइ
तिनिहरुले न चिन्येका लोगको बीच्मां आंधीले उड़ायेको झैंगरि उड़ायेर
हालि दिंछु भन्ये बचन् पूरो भयो । येसैगरि तिनिहरुको देस् चहिं
त्येस्मां कोइ पनि आउंने जांने न गर्नेगरि उजार् भइ रहंछ . कसोगरिभन्ये
तिनिहरुले आफ्नु मनपर्दो देस् उजारि दिये ॥

फेरि सेनाहरूको यह्वेको यो वचन आयो सेनाहरूको ८ १ २
यह्वेले यसो भन्छ . सिय्योनको लागि मं बिघ्रै बल्येको छु औं अरघोरगरि
बल्येको छु । यह्वेले यसो भन्छ . मं सिय्योनमां फर्कि आयेको छु ३
अनि यरूशलेमको मांझमां बास गरि रहंछु अनि यरूशलेम सच्चेईंको सहर
भनींछ अनि सेनाहरूको यह्वेको पर्व्वत पवित्र पर्व्वत भनींछ । सेनाहरूको ४
यह्वेले यसो भन्छ . यरूशलेमका चोक चोकमां फेरि बूढाहरू र बूढीहरू
अरघोर दिन खायेका हुंनाको कारणले आफनु आफनु हातमां लउरो
लिइ रहेका हुंछन् । अनि सहरका चोकहरू खेलने केटाकेटीहरूले भरायेका ५
हुंछन् । सेनाहरूको यह्वेले यसो भन्छ . यो कुरो यि बांच्येकाहरूको ६
लेखिमां ता आश्चर्य्य ठहरींयेला तर के यो मेरो लेखिमां पनि आश्चर्य्य
ठहरींछ सेनाहरूको यह्वेको येइ वाणी छ । सेनाहरूको यह्वेले यसो पनि ७
भन्छ . सुन मं आफना प्रजाको उद्धार गरि तिनिहरूलाइ पूर्व्व पच्छीउं
दुवै पट्टि बाटो ल्याउंछु . अनि मं तिनिहरूलाइ ल्यायेर यरूशलेमको ८
बीचमां बसालछु अनि तिनिहरू मेरा प्रजा हुंछन् अनि मं चइं तिनिहरूको
ईश्वर हुंछु सच्चेईं र धर्म्म सित । सेनाहरूको यह्वेले यसो भन्छ . हे ९
मान्छेहरू हो जुन अगमवक्ताहरू सेनाहरूको यह्वेको घर अर्थात मन्दिर
बनाउंनुलाइ त्यस्को जग बसालायेका बेलामां थिये तिनै अगमवक्ताहरूका
बचन यि दिनमां पनि तिमिहरूका कानमां पर्इ छन् त तिमिहरूका हात
बलिया होउन् । ति दिन भन्दा पहिले ता न ता मान्छेहरूले आफना १०
कामको बनि पाउंद थिये अनि न पशुहरूको ज्याला औं सताउंनेहरूको
कारणले न ता आउंनेहरूले चेन पाउंद थिये न जांनेहरूले कसोगरिभन्ये
मं सबै मान्छेहरूमां एकालाइ अर्को सित झगरा गराउंद थियें । तर अब ११
मं आफनु येस प्रजाका बांच्येकाहरू सित यस्तो बेहोरा गर्दींन अगाडिका
दिनमां झैं सेनाहरूको यह्वेको येइ वाणी छ । कसोगरिभन्ये अब देखि १२
यसो बिउ कुशल सित उम्रंने गर्छ दाखको बोटले फल दिंछ पृथिवीले आफनु
उपजनि उपजाउंछ अनि अकाश देखि सिन पर्छ कसोगरिभन्ये मं आफनु
येस बांच्येको प्रजालाइ यि सबैको अधिकारी तुल्याउंछु । अनि यसो हुंछ १३
हे यहूदा र इस्राएलका जहानकाहरू हो जसोरि तिमिहरू अन्यदेशीहरूमां
स्राप थियौ त्यसैगरि मं तिमिहरूको उद्धार गर्छु अनि तिमिहरू आशीष
हुंछौ तिमिहरू न डराव अनि तिमिहरूका हात बलिया होउन् । किनभन्ये १४
सेनाहरूको यह्वेले यसो भन्छ . जसोरि तिमिहरूका पुर्खाहरूले मलाइ
रिस उठाउंदा मं तिनिहरूको बुराइ गर्नुलाइ ठान्द थियें अनि मं फर्कंदींन
थियें यह्वेले यसो भन्छ त्यसैगरि मैंले यि दिनमां यरूशलेमको र १५
यहूदाको जहानको भलाई गर्नुलाइ ठान्येको छु . त तिमिहरू न डराव ।
तिमिहरूले गर्नु पर्ने काम चइं यि हुन अर्थात जनेले आफनु छिमेकि १६
सित सच्चेईं बोलने गर आफना ढोकाहरूमां सच्चेईं र मेलमिलाप सित
निया गर . अनि आफनु आफनु मनमां आफनु छिमेकिको बुराईको १७

जुक्ति न गर अनि झूठो किरिया माथि भरोसा न राख . किनभन्ये यि
सबै काम् देखि मं घिनाउंद छु यहवेको येइ बाणी छ ॥
१८ फेरि सेनाहरूको यहवेको यो बचन् मं थाइं येसो भनि आयो
१९ सेनाहरूको यहवेले येसो भन्द छ . चौथो महीना र पांचौं महीना र
सातौं महीना र दशौं महीनामां हुंने उपासका दिन् छन् ति दिन् यहूदाको
जहान्को लागि हर्षका र आनन्दका र हर्षबड़ाईका दिन् हुंछन् त
२० तिमिहरूले सचेइं र मेलमिलाप् सित पिर्ति राख । सेनाहरूको यहवेले
येसो भन्द छ . येस्तो समय् आउंनु आंटिरका छ जब धेरै लोग् लोग्का
२१ मान्छेहरू र धेरै सहर् सहर्मां बसेहरू आउंछन् . अनि एक् सहर्का
बासीहरूले अर्को सहर्का बासीहरूलाइ गयेर भन्छन् यहवे सित अनुग्रह
मांग्नलाइ र सेनाहरूको यहवे सित सोधनी गर्नलाइ छिट्टोगरि हिंड़ .
२२ मं पनि जांदै छु भनि अं धेरै अन्यदेसीहरू र सामर्थी सामर्थी
लोग्हरू यरूशलेम्मां सेनाहरूको यहवे सित सोधनी गर्न र यहवे सित
२३ अनुग्रह मांग्नलाइ आउंछन् । सेनाहरूको यहवेले येसो भन्द छ . ति
दिनमां अन्यदेसीहरूका सबै भाषा बोल्नेहरू दस जनाले समातछन्
अं येउटा यहूदाका लुगा येसो भन्दै समातछन् हामिहरू पनि तिमिहरू
सङ जांछौं किनभन्ये हामिहरूले तिमिहरू सङ ईश्वर् छ भन्येका सुन्यूं
भन्दै भन्दै ॥
९ १ हद्राक् देस्को भारी दण्ड दमिश्कमां पर्नु आंटिरको छ भन्ये
यहवेले भन्यको बचन् येइ हो . मान्छेहरूको अनि इस्राएलका सबै
२ कुल्का आंखा यहवे तिरनै लाग्द छन . अनि [दमिश्कको] छेउमां भयेको
हमात्मां पनि सोर् र सीदोनमां पनि [दण्ड पर्छ] अं [त्यस्का बासीहरू]
३ औधिनै ज्ञानीहरू छन् । त सोर्ले आफनु लागि येउटा किल्ला बनायो
अनि चांदी धूलोको कनिका सरि र असल् सुन् बाटोको हीलो
४ सरि थिग्रिनाए बटुलि राख्येको छ । हेर प्रभुले [सोर्]लाइ अरूहरूको
अधिकार्मां पारि दिंछ अनि त्यस्को गाड़ि मन्कायेर समुन्द्रमां आफालि
५ दिंछ अनि त्यो सहर् आगोको गांस् बनौंछ । यो देख्येर अश्कलोन्
डराउंछ अनि अज्जालाइ सारो पीराले भेट्छ अ न एक्रोन आशा गरिकन
पनि लजाउंछ . अनि अज्जामां फेरि कोइ राजा रहंदैन अनि अश्कलोन्
६ फेरि बस्दैन । अनि अस्दोद्मां बनासिसन्तान् रहंछ अनि मं पलिश्तीहरूको
७ अहंकार् भांचि दिंछु । वहांदेखि मं त्यस्को मुख् देखि त्यस्को रगत् र
त्यस्का दांत् देखि त्यस्को घिणलाग्दो थोक् उगेलनु लाउंछु त त्यो हामिहरूको
ईश्वरको लागि बांचि रहंछ . अं यहूदामां त्यो सहस्रपति जस्ते हुंछ अनि
८ एक्रोन् यबूसी जस्तो हुंछ । अनि मं त्यस्को छेवै छाउनी जांने अनि
फर्कि आउंने सेना देखि बचाउंनुका लागि आफनु घर्को छेउछाउ छाउंनी
हालि बस्छु . तब फेरि फेरि कुनै सिपाहीहरूले सताउन तिनिहरूको छेउ बाटो जांदा
पनि जांदैन . [यि सबै हुंने कुरो] मं एलेनै आफना आंखाले देखद छु ॥

ए सिय्योनमां रहने लोग् अगघोर् खुशि हो ए यरूशलेममां रहने ९
लोग् जयजयकार् गर्. हेर् तेरो राजा तं थांइ आउदै छ. उ धर्म्मी छ
अनि उद्धार् पायेको छ उ दीन् छ अनि गदाहा मांथि अं गदहौ देखि
जन्म्येको बच्चा मांथि चढेर आउंदै छ। अनि मं एफ्रैमको रथ् र १०
यरूशलेममांका घोड़ाहरू नष्ट पार्छु अनि लड़ाईंका कांड़हरू भांचीछन्
अनि उस्ले अन्यदेसीहरू सित शान्तिका कुरा गर्छ. अनि उस्ले समुन्द्र
देखि समुन्द्र सम्म र महानदी देखि पृथिवीको अन्त सम्म प्रभुतेई गर्छ।
तं सित बांधीयेको नियमको रगतका कारणले तेरा बन्धुवाहरूलाइ ११
पानी न भयेको खाड़ल् देखि निकालि ल्यायें। हे आस् गरि रहने १२
बन्धुवाहरू हो किल्ला तिर फर्क. आजु मं तिमिहरूलाइ कहि दिंछु
तिमिहरूलाइ दोबर् दिंछु। कसोगरिभन्या मं यहूदाधनुलाइ उकाल्येर १३
त्यसमां एफ्रैमकांडूलाइ चढाइ सिय्योनका बासीहरूलाइ यूनानका
बासीहरूको बिरुद्धमां उल्क्याउंछु बहादिर तंलाइ बीरको तरवार् जस्तो
तुल्याउंछु। तब यहोवे तिनिहरू मांथि देखाद्दा पर्छ अनि उस्को कांड़ १४
बिजुलि झैं हानीछ अनि प्रभु यहोवे नरसींगा बजाउंदै दक्खिन् देसको
आंधीमां भयेको झैं गरि हिड्छ। सेनाहरूको यहोवेले यिनिहरूलाइ १५
बचाउंछ अनि तिनिहरूले खाइहाल्छन् अनि घुयांत्राका ढुंगाहरू मांथि
गोड़ाले टेक्छन् अनि तिनिहरूले पीयेर पेस्ता खेलाखेला मचाउंछन् जस्तो
मान्छेहरूले दाखमद्द खायेर गर्छन्. अनि तिनिहरू[को पेट] येस्तोरि
भरीछ जसोरि बेदिका कुना कुंनाका कटोराहरू भरीद छन्। अनि १६
त्येस् समयमां तिनिहरूको ईश्वर् यहोवेले तिनिहरूलाइ आफ्ना प्रजा-
भेंड़ाबाख्रा जानिकन तिनको उद्धार् गर्छ. अनि तिनिहरू सिरोमणि
भइ उस्को भूमि देखि धेरै मांथि बिराजमान् हुंछन्। आहा उस्ले १७
गर्ने भलाई कत्ति ठुलो अनि उस्को शोभा कत्ति राम्रो. जुवानहरू अन्न
खाइ खाइकन र कन्येहरू दाखमद्द खाइ खाइकन मोटाताजा हुछन्॥

टुर्ड्नि पानीको बेलामां यहोवे सित अं बिजुलि चमकाउंने यहोवे १० १
सित वृष्टि मांग त उस्ले बर्साइ दिंछ खेतबारीको अन्न सब्बैको लागि
उपजाइ दिंछ। किनभन्ये घरदेवताले व्यर्थ कुरा गर्येका छन् अनि २
साइत् हेर्नेहरूले दर्शनमां झुट्टा कुरा र सपना देख्नेहरूले धोका दिने
कुरा गर्द छन् अनि व्यर्थ शान्ति दिंद छन्. येस्कारण लोग् भेंड़ाबाख्रा झैं
हराये अनि गोठाला न भयेको कारणले दुःगतमां पर्ये। गोठालाहरू ३
मांथि मेरो रिस् उठेको छ त मं बाख्राबोकाहरूलाइ दण्ड दिंछु.
कसोगरिभन्या सेनाहरूको यहोवे यहूदाको जहान् आफ्नु बगालको
गत् हेर्नुलाइ आयेको छ अनि त्येस्लाइ आफ्नु लड़ाईंको बल्लियो घोड़ा
तुल्याउंछ। त त्येइ देखिनै कुंड़न्याटोको सिराह् ढुंगो कि कीला कि ४
लड़ाईंको धनु कि ज्येसुकं प्रकारको पनि मालिकोई गर्ने निस्कन्छन्। अनि ५
तिनिहरू लड़ाईंमां बैरिहरूलाइ सड़कको हीलो कुल्चने बीरहरू जस्ता

हुंछन् अनि यहवे तिनिहरु सङ रह्योको कारणले तिनिहरुले लड़ाइँ गर्छन् .
६ अनि घोड़ा मांथि सवार् गर्नेहरु लजाउंछन् । येइपरिले मं यहूदाको
जहानलाइ सामर्थी तुल्याउंछु अनि यूसुफ्को जहानको उद्धार् गर्छु अनि
तिनिहरु मांथि मेरो दया आयेको कारणले मं तिनिहरुलाइ फर्काइ
ल्याउंछु अनि तिनिहरु मैंले तिनिहरुलाइ कहिले पनि निकाल्येको थिइँन
भन्येको जस्ता हुंछन् . कसोगरिभन्ये मं तिनिहरुको ईश्वर् यहवे छु
७ अनि तिनिहरुका सुन्छु । अनि एफ्रैमीहरुले बीर्ले झैं काम् गर्छन्
अनि तिनिहरुका मन् दाखमद्द खायेर खुशि भयेको झैं खुशि हुंछ . यो
देख्यर तिनिहरुका बालखहरुले पनि रमाहट् गर्छन् अनि तिनिहरुको
८ मन् पनि यहवेको कारणले रमाउंछ । मं तिनिहरुलाइ सिठ्ठल् पार्दै
बोलाइ जमाउंछु किनभन्ये मैंले तिनिहरुलाइ छोड़ायेको छु . अनि
९ तिनिहरु बढ़ि बढ़िकन फेरि अघि भयेको जत्तिकै होइ जांछन् । अनि
मं तिनिहरुलाइ लोग् लोग्का बीच् बीच्मां छर्छु अनि तिनिहरुले टाड़ा
टाड़ा देस्हरुमां मंलाइ सम्झना गर्छन् . अनि तिनिहरु आफ्ना आफ्ना
१० बालखहरु समेत् जीउंछन् वहांदेखि फर्कि आउंछन् । मं तिनिहरुलाइ
मिस्र देस् देखि फेरि फर्काइ ल्याउंछु अनि अश्शूर् देखि भेला गर्छु अनि
गिलाद् र लबानोन्का देस्हरुमां ल्यायेर येत्ति बढ़ाउंछु तिनिहरु त्यहां
११ अटाउंदैनन् । अनि उ देस् दुक्ख दिने समुन्द्र देखि त्यस्का छालहरु सोत्तदै
जांछ अनि नील् नदीका सबै गहीरा गहीरा पानीहरु सुकेर जांछन्
१२ अनि अश्शूर्को अहंकार् भांचींछ अनि मिस्रमां राजदण्ड रहंदैन । अनि
मं यहवेका बाटोले तिनिहरुलाइ सामर्थी तुल्याउंछु . अनि तिनिहरु
उसैको नाउंले हिंडडुल् गर्छन् यहवेको येइ वाणी छ ॥
११ १ ए लबानोन् आगोको लागि तेरा ढोकाहरु उघारि दे र त्यस्ले
२ आयेर तेरा देवदारुहरुलाइ भस्म पारोस् । ए सल्ला देवदारुहरु ढालीये
अनि सब्बै भन्दा ठुला ठुला रुख्ते नष्ट भये येस्कारण बिलाप् गर . हे
बाशान्का बांज रुखहरु हा हाय् हाय् गर किनभन्ये ठूलो पातल् ढालीयो ।
३ गोठालाहरुको हाहाहूहूको सोर् हुंदै छ किनभन्ये तिनिहरुको महिमा
नष्ट भयो . जुवान् सिंहको गर्जे सुनींदै छ किनभन्ये यर्दन् तीरको बन् नष्ट
४ पारीयो । मेरो ईश्वर् यहवेले येसो भन्यो . तंले काटींने भेंड़ाबाख्राहरुलाइ
५ चरा तिनिहरुलाइ किन्नेहरुले तिनिहरुलाइ काटद छन् रपनि आफुलाइ दोषी
जान्दैनन् अनि तिनिहरुलाइ बेच्नेहरुले भन्द छन् यहवे धन्नको हो
किनभन्ये मं धनी भयें भनि अनि तिनिहरुको गोठालाहरुले पनि तिनिहरु
६ मांथि कोइ दया गर्दैनन् । त यहवेको यो वाणी छ मं पनि येस्
देस्का बासीहरु मांथि फेरि दया गर्दींन . झन् मं मान्छेहरुलाइ एकालाइ
अर्काको हात्मां पक्राइ पो दिंछु अनि तिनिहरुको राजाको हात्मां पनि .
अनि तिनिहरुले देस् नाश् पार्छन् अनि मं यिनिहरुलाइ तिनिहरुको
७ ताबि देखि छोड़ाउंदींन । यो आज्ञा पायेर मं काटींने भेंड़ा बाख्राहरुको

[अर्थात्] तिनिहरूमां हुने कंगालिहरूलाइ चरायें। अनि मैले दुवटा लउरा
लियें येउटाको नांउ मैले मनोहरई राख्यें अनि अर्कोको नांउ बन्धन् अनि
ति लियेर मं तिनिहरूलाइ चराउंनु लाग्यें। फेरि मैले तिनिहरूका तीने जना ८
गोठालाहरूलाइ एकै महीनामां बिलाइ दियें अनि मेरो आत्मा तिनिहरूको
कारणले थाक्याको थियो अनि तिनिहरूले मंलाइ घिन् गर्दै थियें। तब ९
मैले तिनिहरूलाइ भन्यें अब देखि मं तिमिहरूलाइ चराउंदीन.
तिमिहरूमांका आफै मर्ने मरि रहुन् अनि नष्ट गरीने नष्ट गरीउन् अनि
बांचि रहनेहरूमांका एकाले अर्काको जाउ फहराइ खाउन्। फेरि मैले १०
आफ्नु त्यो मनोहरई भन्या लउरो लियेर भांच्यें मैले आफ्ना ति भेंड़ा-
बाख्राहरूको लागि सबै भन्यईस्माहरू सित बांध्याको नियम् छिनाउं भन्येर।
येसैगरि त्यो नियम् त्यसै दिन् छिन्या. अनि येस्मां मंलाइ हेरि रहने ११
भेंड़ाबाख्राहरूले यो यहवेका बचन् हो रछ भनि थाहा पाये। फेरि मैले १२
तिनिहरूलाइ भन्यें तिमिहरूलाइ ज्याति लाग्छ भन्या देखि मेरो बनि
मंलाइ देउ होइन भन्ये न देउ। न तिनिहरूले मेरो बनिमां मंलाइ
चांदीका तास् टक्रा जोखि दिये। तब यहवेले मंलाइ भन्यो तिनिहरूले १३
मोल्येको मेरो ठुलो मोल् कुमालेको मांसु आफालि दे। त मैले चांदीका
ति तास् टक्रा लग्येर यहवेका घरमां कुमालेको मांसु आफालि दियें।
फेरि मैले आफ्नु अर्को लउरो जस्को नांउ बन्धन् थियो त्यो पनि भांच्यें १४
यहूदा र इस्राएल्को बीच्मां भयेको दाज्युभाईको सांइनु टुटाउं भन्येर॥
तब यहवेले मंलाइ भन्यो फेरि मूर्ख गोठालाको हतियार् ल्याउ। १५
किनभन्ये मं येस् देस्मां येउटा येस्तो गोठालो उभ्याउंछु जस्ले न ता १६
हराय्येका भेंड़ाबाख्रालाइ खोज्छ न छुरपुट्ठ भयेका भेंड़ाबाख्रालाइ बटुल्छ
न चोट्पटक् लाग्येकाहरूलाइ निको पार्छ न भलाचङ्गा रह्याकाहरूलाइ
चराउंछ तर मोटामोटा भेंड़ाबाख्राहरूको मांसु खांछ अनि तिनका खुर्हरू
च्याति दिंछ। हाय् त्यस् भेंड़ाबाख्रा छोड़ियर जान्ये निकामे गोठालो माथि १७
त्यस्का बांहां र दाहीनो आंखामां तरवार्ले लाग्छ. तब त्यस्का बांहां
चढ्ड स्यांट्टै सुकि जांछ अनि त्यस्को दाहीनो आंखा स्यांट्टै बसि जांछ॥

इस्राएल्को बिषयमां यहवेले भन्येको भारी दण्डका बचन् येइ हो॥ १२ १
अकाश टांग्ने अनि पृथिवीको जग् बसाल्ने अनि मान्छेका आत्मा
रच्ने यहवेको यो बाणी छ. सुन मं यरूशलेम्लाइ चारैतिरका सबै २
लोग् लाग्लाइ थर्याङ्मर्याङ् गराउंनुलाइ मद्यको बटुको तुल्याइ दिंछु
अनि फेरि जब यरूशलेम् घेरींछ तब यहूदा पनि मद्यको बटुको हुंछ।
अनि त्येस् दिन् येसो हुंछ मं सबै लोग् लाग्को बिरुद्धमां यरूशलेम्लाइ ३
येति गह्रुङ् ढुंगा बनाउंछु ति सबैमांका जत्ति जना त्यो उचाल्नु लाग्छन्
तिनिहरू अगघोरै घायेल् हुंछन् अनि पृथिवीका सबै लोग् त्येस्को बिरुद्धमां
भेला हुंछन्। यहवेको यो बाणी पनि छ त्येस् बेलामां मं सत्तरका सबै ४

घोड़ाहरूलाइ तर्साइ दिंकु अनि तिनका सवारहरूलाइ बौलाहा तुल्याउंकु
अनि मं यहूदाको जहान् माथि दृष्टि राखकु तर अन्यदेसीहरूका सबै
५ घोड़ाहरूलाइ अन्धा पारि दिंकु। तब यहूदाका मालिकहरूले आफनु
मन्‌मां बिचार् गर्छन् यरुशलेमका बासीहरू मेरो गोहार हुंछन् तिनिहरूको
६ ईश्वर् सेनाहरूको यहवेका गोहारले भनि। त्यस् बेलामां मं यहूदाका
मालिकहरूलाइ सिंगै अन्यदेसीहरूमां येस्तो गराउंकु जस्तो दाउराहरूको
बीचमां आगोका कराहो कि परालमां बल्दै गर्येको रांको अर्थात्
तिनिहरूले दाहीनो तिर बाउं तिर फर्कि फर्किकन सबै लोग् लोग्लाइ
भस्म पार्छन्. अनि यरुशलेम् चइं जहां थले छ तिहीनै अं यरुशलेममां
७ बसि रहंछ। अनि यहवेले पहिले यहूदा देस्‌को पालमां बसेलाइ बचाउंछ
होइन भन्ये ता दाऊदको जहानले र यरुशलेमका बासीहरूले आफनु
८ आफनु महिमाको कारणले यहूदाको बिरुद्धमां बड़ाई गर्नेन्। त्यस्
बेलामां यहवले यरुशलेमका बासीहरूलाइ बचाउंछ अनि त्यस् बेलामां
तिनिहरूमांको निर्बलियो हुने दाऊद् जस्तो हुंछ अनि दाऊदको जहान्‌को
ईश्वर् जस्ता अर्थात् यहवेको त्यो तिनिहरूको अघि अघि हिंड्ने दूत्
९ जस्तो हुंछ। अनि त्यस् बेलामां येसो हुंछ मं यरुशलेमम्मां चढि आउने
१० सबै अन्यदेसीहरूलाइ नास् पार्ने फिक्रि गर्छु। तब म दाऊदको जहान् र
यरुशलेमका बासीहरू माथि अनुग्रह र प्रार्थना गर्ने आत्मा खन्याउंकु
अर्थात् तिनिहरूले जस्लाइ घोच्ये उस्लाइ हेर्छन् अनि उस्को लागि
येस्तोगरि बिलाप् गर्छन् जसोगरि येक्लै छोरोका लागि बिलाप् गर्दै छन्
११ अनि येस्तो तुला शोक् गर्छन् जस्तो येक्लै छोरो मर्दाखेरि गर्दै छन्। त्यस्
बेलामां यरुशलेममां मगिद्दोनको तरिमां भयेको हदाद्रिम्मोनमां भयेको
१२ जत्तिकै रुनु कराउंनु हुंछ। अं सिंगै देसमां रुनु कराउंनु हुंछ कुल्
कुलमां अलग् अलग् हुंछ अर्थात् दाऊदको कुल्‌का जहान्‌का लोग्नेहरूमां
अलग् अनि तिनिहरूका स्वास्नीहरूमां अलग् नातान्‌का कुल्‌का जहान्‌को
१३ लोग्नेहरूमां अलग् अनि तिनिहरूको स्वास्नीहरूमां अलग् लेवीको
कुल्‌का जहानमां अलग् अनि तिनिहरूको स्वास्नीहरूमां अलग्
शिमीबंशीहरूका कुलमां अलग् अनि तिनिहरूको स्वास्नीहरूमां अलग्
१४ अं जति जहान् बांचि रहंनन् ति सबैका लोग्नेहरूमां अलग् अलग् अनि
तिनिहरूको स्वास्नीहरूमां पनि अलग् अलग् रुनु कराउंनु हुंछ॥

१३ १ त्यस् दिनमां दाऊदको जहान् र यरुशलेमका बासीहरूको लागि
२ पाप् र अशुद्धि धुनुलाइ येउटा मूल् पानी खोलींछ। अनि सेनाहरूको
यहवेको यो बाणी छ त्यस् दिनमां येसो हुंछ मं देस् देखि मूर्त्तिहरूको नांवै
समेत् पनि मेटि दिंकु अनि तिनिहरू फेरि सम्झींदैनन्. अनि मं
अगमबक्ताहरू र अशुद्ध आत्माहरूलाइ पनि येस् देस् देखि निकालि
३ दिंकु। अनि येसो हुंछ फेरि फेरि कसैले अगम् कह्यो भन्ये देखि त्यस्लाइ
जन्माउंने त्यस्का आमा बाबुले त्यस्लाइ भन्छन् तं जीउंदो रहंदैनस् किनभन्ये

तं यहवेको नांउले झूठ् बोल्द छस् भनि . अनि जब त्यस्ले अगम् कहला तब
त्यस्लाइ जन्माउंने आंमा बाबुले त्यस्लाइ घोचि गोपछन्। अनि त्यस् दिन्मां येसो ४
हुंछ अगमवक्ताहरूले लजायेर फेरि फेरि दर्शनको चर्चा गर्दनन् अनि अगम्
कहंदेनन् अ न न तिनिहरूले धोका दिनुको लागि रऊंको लुगा लाउंछन् .
तर एकले मं अगम्वक्ता हुंइन खालि खेतिकिसान् गर्ने मांत्रे हुं अं केटोलौने ५
देखि मं अर्कोको दास् हुं भनि भन्छ। तब त्यो सित सोधौंछ त तिम्रा ६
बांहांहरूको बीच्मां यि कोका घाउहरू हुन् भनि। अनि त्यस्ले भन्छ
यि तिनै घाउ हुन् जो मंलाइ मेरा प्याराहरूको घर्मां लाग्य॥

सेनाहरूको यहवेको यो बाणी छ ए तरवार् मेरो गोठालोको ७
बिरुद्धमां जागि उठ् अं त्यस् मेरो आफ्नै जात्को मान्छेको बिरुद्धमां . त्यस
गोठालोलाइ हिर्का अनि भेंडाबाखा छरपुट्ट पार्नेछन् तर पाठाहरू मांथि
मं आफ्नु हात् डुलाइ दिंछु। फेरि यहवेको यो बाणी पनि छ येसो हुंछ ८
येस् देसका सब्बै बासीहरू मद्धेमां येसो हुंछ दुइ तिहाई मारिनेछन् अनि
बांच्येको एक् तिहाई चइं त्यस्मां रहंछ। फेरि त्यस् तिहाईलाइ मं आगोमां ९
हाल्येर येस्तागरि निखार्छु जसोरि चांदी निखारीद छ अनि येसोरि जांचछु
जसोरि सुन् जांचीद छ . त तिनिहरूले मेरा नाउंको प्रार्थना गर्ने गर्छन्
अनि मं चइं तिनिहरूको सुन्छु. मं यिनिहरू मेरा प्रजा हुन् भनि भन्छु
अनि तिनिहरूचइंले यहवे हामिहरूको ईश्वर् हो भनि भन्छन्॥

हेर यहवेको येस्तो दिन् आउंद छ जस्मां तेरो लूट् तंमां बांडि १४ १
दिइंछ। कसोगरिभन्ये मं सब्बै लोग् लोग्लाइ यरूशलेम् सित लडाइं २
गर्नुलाइ भेला गराउंछु अनि यो सहर् लिइंछ अनि घरहरू लूटीनेछन् अनि
स्त्रीहरू भरष्ट परीछन् . अनि सहरका आधा मान्छेहरू बंधुवाईमां जांछन्
तर प्रजामांका बांच्येकाहरू चइं सहर् देखि काटिदैनन्। येस् पछि यहवेले ३
निकल्येर ति लोग् लोग् सित लडाइंको दिन्मां लडाइं गर्येको झैं
लडाइं गर्छ। अनि त्यस् दिन्मां उस्का गोडाले यरूशलेम्को मांसु पूर्ब तिर ४
भयेको जैतुन् पर्बत्मां टेकछन् तब त्यो जैतुन् पर्बत्को पूर्ब र पच्छिउंको
बीच्मां धांदो फाट्छ तब बिग्र तुलो खोल्चा बनौंछ बहांदेखि आधा
डांड़ा उत्तर् तिर आधा डांड़ा दक्खिन् तिर कुट्टीछ। तब तिमिहरू मेरा ५
पर्बत्हरूको त्यस् धांदोका बाटो बाड़ो भाग्छौ कसोगरिभन्ये त्यो धांदो आसेल्
सम्म पुग्छ . अं तिमिहरू येसोरि भाग्छौ जसोरि त्यस् यहूदाको राजा
उज्जियाह्का दिनमां भयेको भूंइचाल देखि भाग्येका थियौ . त्यस् पछि
मेरो ईश्वर् यहवे सब्बै पवित्र लोगलाइ लियेर आउंछ। त्यस् दिन्मां येसो ६
हुंछ कोइ पनि उज्यालो रहंदैन कसोगरिभन्ये ज्योति दिनेहरूले फेरि अरू
उज्यालो दिंदैनन् . तर त्यो येउटा दिन् हुंछ जो खालि यहवेले मांत्रे जान्द ७
छ त्यस्मां न ता दिन् हुंछ न ता रात् हुंछ . तर येस्तो होइ जांछ बेलुका
बेलामां उज्यालो चम्कंद छ। अनि त्यस् दिन्मां येसो हुंछ यरूशलेम् ८
देखि जांउंदो पानी फुटि निकल्यर बहंनु लाग्छ आधा चइं पूर्बको

समुन्द्रमां अनि अर्को आधा पच्छिउंको समुन्द्रमां. हिउंदो वर्षा बराबरि
९ यसै हुंछ। तब यहवे सिंगै पृथिवीको राजा हुंछ. अनि त्यस् दिनमां
ईश्वर् खालि उइ मात्रै मानींछ अनि नांउ चइं उइ एउटा नांउ मात्रै
१० लिइंछ। गेबा देखि यरूशलेम्को दक्खिन् तिरको रिम्मोन् सम्म सिंगै जग्गा
अराबा जस्तो समथर् होइ जांछ. अनि [यरूशलेम् चइं] अलग्याइंछ अनि
बिन्यामीन्का ढोका देखि पहिलो ढोका अं कुनाको ढोका सम्म अनि
फेरि हननेल्को धरारा देखि राजाको दाखको कोल् सम्म आफ्नै ठांउमां
११ बसाइंछ। अनि मान्छेहरू त्यसमां बस्छन् अनि फेरि भाकल् गरायको थोक्
१२ जानीकन कोई नास् गरींदैन तर यरूशलेम् चुप्चाप् बसि रहंछ। अनि
जत्ति लोगले यरूशलेम् सित लड़ाइँ गर्‍ये ति सबैलाइ यहवेले यस्तो
रूदिले मार्छ तिनिहरू आफ्ना गोड़ा माथि ठाडूठाड़ैं उभीयकैमां
तिनिहरूको मांसु कुहि जांछ अनि तिनिहरूका आंखा आफ्ना ठांउमां
बसि जांछन् अं नष्ट हुंछन् अनि तिनिहरूका जिब्रा तिनिहरूका मुखमां
१३ कुहि जांछन्। अनि त्यस् दिनमां यसो हुंछ यहवेको पट्टि बाटो
तिनिहरूमां ठुलो घबराहट पस्छ अनि तिनिहरू एकाले अर्काको हात्
१४ समात्छन् अनि एकाले अर्काको पट्टि हात् पसार्छन्। अनि यहूदाले
यरूशलेम् सित लड़ाइँ गर्छ वहांदेखि त्यसमां चारैतिरका सबै लोग् लोग्का
१५ सुन् चांदी कपरा धन्सम्पत्ति औधिगरि भेला गरींछन्। अनि घोड़ा
खच्चर् ऊंट् र गदाहाहरू अं जति रकम्का जन्तुहरू ति लोग् लोग्का
१६ छाउंनीमां हुंनन् तिनिहरूलाइ पनि त्यइ रकम्को रूदिले भेठाउंछ। अनि
यसो होइ जांछ यरूशलेम् माथि आइ लाग्ने लोग् लोग्हरूमांका जति
मार्छ बांच्येका हुंछन् तिनिहरू बर्ष बर्ष सेनाहरूको यहवे महाराजालाइ
दण्डवत् गर्नुलाइ र डेराबासचाडू मान्नुलाइ यरूशलेम्मां चढि जांने
१७ गर्छन्। अनि यसो हुंछ सेनाःहरूको यहवे महाराजालाइ दण्डवत् गर्नुलाइ
देस्का जहान्हरूमांका जत्ति यरूशलेम्मां चढि जावैनन् तिनिहरूको
१८ लागि पानी पर्दैन। अनि मिस्रका जहान्काहरू वहां चढ्दनन् कि गयेनन्
भन्ये देखि यइ प्रकार्को रूदि तिनिहरूमां पर्छ ज्यने यहवेको डेराबास
१९ चाडू मान्नुको लागि चढि न जांने लोग्मां हाल्छ। मिस्री लोगलाइ
यइ दण्ड दिइंछ अनि जुन् जुन् लोग् डेराबास चाडू मान्नुको लागि
२० चढि जावैनन् तिनिहरू माथि दण्ड यस्तै रकम्को हुंछ। त्यस् दिनमां
घोड़ाहरूका घन्टी घन्टीमां पनि यस्तो लेखायको हुंछ **यहवेको लागि
पवित्र** . अनि यहवेको घर्का भांड़ाहरू वेदिको सांमु भयेका कटोरा
२१ जस्तै हुंछन्। अं यरूशलेम्मां र यहूदामां जत्ति भांड़ा हुंनन् ति सबै
सेनाहरूको यहवेको लागि पवित्र ठहर्छन् . अनि सबै मिलाप्बलि
गर्नेहरूले आइ आइकन ति भांड़ाहरूमां मांसु पकाउंने गर्छन् . अनि त्यस्
दिनमां सेनाहरूको यहवेको घर्मां फेरि फेरि कोई कनानी पाइंदैन॥

मलाकी ।

यहवेले मलाकीको बाटोले भारी दण्डको विषयमां इस्राएललाइ १
भन्येको बचन् येइ हो ॥
यहवेले भन्द छ मैले तिमिहरूलाइ प्यारो गर्छें। तर तिमिहरूले २
भन्द छौ तपांइले हांमिहरूलाइ के कुरोमां प्यारो गर्नु भयो भनि । यहवेले
भन्द छ के एसाव् याकूबको दाजु थियेन तैपनि मैले याकूबचइंलाइ प्यारो
गर्यें तर एसावचइंलाइ मैले अप्रिय जान्यें अनि त्यसका डांडाहरू मैले ३
उजार्यें अनि त्यसको भाग् मैले बनका स्यालहरूलाइ दियें । एदोमीहरूले ४
भन्द छन् अं हांमिहरू धपाईयेका ता छौं तरपनि हांमिहरू फर्कीर सबै
उजारीयेका ठांउहरू फेरि बसालछौं भनि . त सेनाहरूको यहवेले यसो
भन्द छ तिनिहरूले बनाउंनु ता बनाउंलन् तर मं भत्काइ दिंछु . अनि
मान्छहरूले तिनिहरूको नांउ चइं दुष्टईको सिमाना अनि यहवेले
सदा क्रोध् गर्यको लोग् भनि भनछन् । अनि तिमिहरू आफ्ना आंखाले ५
यो देख्यर भन्न् लागछौ यहवे इस्राएलका सिमाना देखि बाइर पनि महा
ठहरीआस् भनि ॥
छोराले बाबुको मान् गर्न गर्द छन् अनि दासले स्वामीको . मं ६
पिता हुं त मेरो मान् खोइ . अनि मं स्वामी हुं त मेरो डरमनाई खोइ ।
हे मेरो नांउको अमान् गर्ने पूजाहारीहरू हो सेनाहरूको यहवेले
तिमिहरूलाइ यो कुरो सोद्ध छ । तर तिमिहरूले सुन्यर मं सित सोद्ध छौ
हांमिहरूले के कुरोमां तपांइको नांउको अमान् गर्यूं भनि । तिमिहरूले ७
मेरो बेदिमां अशुद्ध भोजन् चढाउंद छौ। तैपनि तिमिहरूले भन्द छौ
हांमिहरूले के कुरोमां तपांइलाइ अशुद्ध ठहरायूं भनि . तिमिहरूले भन्द
छौ यहवेको सेज् तुच्छ छ भनि । जब तिमिहरूले अन्धा पशु बलिदान् ८
गरि चढाउंद छौ तब के यो बुरो होइन . फेरि जब तिमिहरूले खोरण्ड
कि बेथा लाग्यको पशुलाइ चढाउंद छौ तब के यो पनि बुरो होइन ।
तिमिहरूले आफनु मालिकलाइ येस्तो भेटि दियौ भन्ये देखि के त्यो खुशि
हुंछ . कि के तिमिहरू मांथि अनुग्रह् गर्छ . सेनाहरूको यहवेले येसै भन्द
छ । अब कृपागरि ईश्वर् सित अनुग्रह् मांग र उसले हांमिहरू मांथि अनुग्रह् ९
गरोस् . किनभन्ये यो तिमिहरूक कारणले भयो . के उसले तिमिहरूमांको
कसैको पन् पर्छ . सेनाहरूको यहवेले भन्द छ । तिमिहरूमांको कसैले १०
तिमिहरूले मेरो बेदिमां आगो व्यर्थमां सलकाउंनु न पाउंनुको लागि ढोका
थुनि दियो भन्ये देखि ता खूब् जाति हुंने थियो । सेनाहरूको यहवेको यो

बचन् छ मं तिमिहरू देखि खुशि छुइंन श्रनि न तिमिहरूको हात् देखि
११ भेटि लिंछु । श्रं सूर्ज उदय् देखि त्यसको श्रस्त सम्म श्रन्यदेसीहरूको बीच्मां
मेरो नांउ तुलो छ श्रनि मेरो नांउमां सबै ठांउमां धूप् र शुद्ध भेटि
चढाईंद छन्. किनभन्या श्रन्यदेसीहरूको बीच्मां मेरो नांउ तुलो छ
१२ सेनाहरूको यहवेको येह बचन् छ। तर तिमिहरूचाहिं ता यहवेको
मेज् श्रशुद्ध छ श्रनि त्यो देखि पाईंन भोजन् श्रर्थात् त्यसको फल तुच्छ छ
१३ पनि भनिकन मेरा नांउ श्रपवित्र गराउंद छौ। फेरि तिमिहरूले भन्द
छौ यो कस्तो दुखको काम् हो भनि. श्रनि सेनाहरूको यहवेको चहिं
यो बचन् छ तिमिहरूले त्यस् देखि नाख बजायौ श्रनि चिर्नेहिले ल्याईयेको
र खोरण्ड र बेथा लाग्येको भेटि ल्याउंद छौ तिमिहरूले येस्तै भेटि
ल्याउंद छौ. त क्या मं तिमिहरूको हात देखि यो ग्रहण गर्मं यहवेको
१४ येह बचन् छ। जब् छलीको बगालमां नर्पशु हुंला तर त्यसले
भाकल् गर्येर मं प्रभुलाइ सरापा गर्येको पशु चढाउंला त त्यो स्रापित्
छ. केर मं बड़ा महाराजा हुं श्रनि मेरा नांउ श्रन्यदेस हरूमां भययोग्य छ
सेनाहरूका यहवेको येइ बचन् छ॥

२ १ त श्रब हे पूजाहारीहरू हो तिमिहरूको लागि यो श्राज्ञा छ।
२ तिमिहरूले यो सुन्यौन श्रनि मन् लगाइकन मेरो नांउको मान् गर्यौन
भन्या देखि सेनाहरूको यहवेले येसो भन्द छ मं तिमिहरूलाइ स्राप् दिंछु
श्रनि तिमिहरूले पायेका श्राशीषहरू माथि मेरो स्राप पर्छ. श्रं तिमिहरूले
३ मन् लगाउंदैन येसकारण तिनमां मेरो स्राप् श्रघि हालीयो। हेर मं
तिमिहरूका कारणले बिउहरू उम्रनु दिन्न श्रनि तिमिहरूका मुखमां मल् श्रं
तिमिहरूका चाड़हरूका बलिपशुहरूको मल फ्यांकछु श्रनि त्यस मल् सित
४ तिमिहरू पनि फ्यांकि दिइंछौ। तब तिमिहरूले उसले लेवी सित
बांधेको उसको नियम् स्थिर् रहुन् भनि यो श्राज्ञा हामिहरूलाइ दियेको
५ हो रछ भनि थाहा पाउंछौ सेनाहरूको यहवेको येइ बचन् छ। मैले त्यो
सित बांध्याको नियम् जीवन् र शान्ति दिनुको लागि छ श्रनि मैले यि
बर्दीन् त्यसले मेरो भय् मानोस् भन्येर दियेको हो त त्यसले मेरो भय्
मान्यो पनि श्रं त्यसले मेरो नांउ देखि श्रघोर् डर् मान्द थियो।
६ त्येसलाइ मेरो ब्यवस्था मुखाग्र् थियो श्रनि त्यसका श्रोठ देखि श्रधर्म्म
निकल्दैन थियो. त्यो शान्ति र सोझैं सित मेरो साथ् हिंडूद थियो
७ श्रनि धेरैलाइ श्रधर्म्म देखि फर्काउंद थियो। किनभन्या पूजाहारीका
श्रोठमां ज्ञान् हुंनु पर्छ श्रनि त्यो देखि सोधि सोधिकन लागले ब्यवस्था
८ सिकुन् किनभन्या त्यो सेनाहरूको यहवेको दूत् हो। तर तिमिहरू श्राफै
धर्म्मको बाटो देखि फर्कि गयौ श्रनि श्ररू धेरैलाइ पनि ब्यवस्थाको
विषयमां ठोकर् खुवायौ तिमिहरूले लेवीहरू सित बांधेको नियम्
९ बिनाल्यौ सेनाहरूको यहवेको येह बचन् छ। येसैकारण मैले पनि
तिमिहरूलाइ सबै लोगको सांम तुच्छ र होच बनाइ दियें किनभन्या

तिमिहरू मैले सिकायेका बाटामा हिंडूदैनौ अं अभ व्यवस्था दिंदा
मुखहेरि बिचार गर्दछौ ॥
को हामिहरू सबैको येउटै पिता छैन . को हामिहरू सबैलाइ येउटै १०
ईश्वरले सिर्ज्यन . त हामिहरू कसोगरि एकाले अर्का सित छल् गरि आफ्ना
पित्रहरू सित बांध्येको नियम् छिनालुदछौं । यहूदाले छल् गर्‍यो अनि ११
इस्राएल् र यरुशलेम्मा घिन्लाग्दो काम् गरियो कसोगरिभन्ये यहूदाले
बिराना देवताकी छोरी सित ब्याहा गरि त्यस्ले प्यारा गर्‍येको यहवेको
पवित्रैइं अपवित्र तुल्यायो । जो जाग्दछ अनि जस्ले उत्तर दिंदछ अनि १२
जस्ले सेनाहरूको यहवेलाइ भेटि चढाउंदछ यहवेले येसो गर्ने पुरुषलाइ सिंगै
लोग्लाइ समेत् याकूबका डेराहरू देखि नष्ट पर्छ । अनि तिमिहरूले १३
यो काम् पनि गर्दछौ . यहवेको बेदी तिमिहरूको स्वांक स्वांक् गर्दै
रोयेका आंसुहरूले यस्तागरि भराउंदछौ उस्ले तिमिहरूका भेटि तिर आंखा
पनि लाउंदैन अनि न खुशि भइकन त्यो तिमिहरूको हात् देखि लिंदछ ।
तैपनि तिमिहरूले सोद्धछौ किन भनि । तिमिहरूको जवानको स्वास्नी १४
जो तिमिहरूको साथी र बाचा बांधीयेकी तिमिहरूकी ब्याहित स्वास्नी हो
तिनिहरूको बिरुद्धमा तिमिहरूले छल् गर्‍यौ तर यहवे तिमिहरूको र
तिनिहरूको बीचमा साक्षी छ । उस्लाइ आत्माको कांइ कमी छैन र पनि १५
उस्ले एकै जनालाइ बनायो । त किन येउटै मात्रै बनायो होला ।
किनभन्ये उस्ले येउटा पवित्र वंशको उपाय गर्दथियो । त तिमिहरू आफनु
आफनु बिषयमा चंख रह अनि तिमिहरूमांको कसैले आफनु जोभानको
स्वास्नी देखि छल् न गरोस् । किनभन्ये इस्राएलको ईश्वर् यहवेले येसो १६
भन्दछ म स्वास्नी त्याग देखि घिनाउंदछु अं आफनु लुगा बलमिचैइं
गरि कापने देखि घिन् गर्दछु सेनाहरूका यहवेको येइ बचन् छ . त अब
देखि फरि फेरि छल् न गर्नुलाइ तिमिहरू आफनु आफनु बिषयमा चंख
रह ॥
तिमिहरूले आफना कुराले यहवेलाइ थकित गरायौ । तैपनि १७
तिमिहरूले भन्दछौ हामिहरूले उस्लाइ को कुरामा थकित् गरायूं भनि .
येसमा अर्थात् तिमिहरूले भन्दछौ जस्ले बुरो गर्दछ त्यस्लाइ यहवेलाइ
जाति लाग्दछ अनि उ येस्ता मान्छेहरू देखि खुशि हुंदछ होइन भन्ये
ता भन न्यायी ईश्वर् कहां छ भनि । हेर म आफनु दूतलाइ पठाउंदछु ३ १
अनि त्येस्ले मेरो सामु मेरो बाटो बनाउंछ . अनि त्य प्रभु जस्लाइ
तिमिहरूले खोज्दछौ एक्कासि आफनु मन्दिरमा आउंछ अर्थात् मैले
बांध्येको र तिमिहरू खुशि भयेको नियमको दूत् हेर त्यो आउंदछ
यहवेको येइ बचन् छ । तर उ आयेको दिनको भय् कस्ले सहनु सक्छ . २
अनि जब उ देखाहा पर्छ तब को उभोर रहनु सक्छ . कसोगरिभन्ये उ
सुनारका आगो जस्तो र धोबीको सज्जीमट्टी जस्तो छ अनि उ चांदी ३
खार्ने र निखार्ने सज्जीमट्टी झैंगरि बस्छ अनि लेवीबंशीहरूलाइ शुद्ध पार्छ

अनि सुन् चांदी झैं निखार्छ अनि तिनिहरूले यहुवेको भेंट धर्म सित
४ चढाउंछन्। तब यहूदा र यरुशलेमका भेंटहरु यहुवेलाइ तारिका अं
५ उइले उइलेका भेंट झैं मन् पर्नु लाग्छ। अनि मं निया गर्नुको लागि
तिमिहरूको छेउमा आउंछु अनि मं ति मन्तर् खेलाउंनेहरु र व्यभिचारीहरु
र झूठो किरिया खांनेहरूको बिरुद्धमां र बंनि गर्नेहरूको बांनमां मिचेईं
गर्नेहरु र बिधवा र टुहुरा टुहुरीहरु मांथि अन्ध्य गर्न अनि परदेसीहरूको
निया बिगार्नेहरु मेरो डर् न मान्नेहरु सबेको बिरुद्धमां मं फुर्ति सित साक्षी
६ दिंछु सेनाहरूको यहुवेको येइ बचन् छ। किनभन्ये मं यहुवे फेर्दींन
येसैकारणले हे याकूबबंशीहरु हो तिमिहरु एंले सम्म नष्ट भयेका छैन॥
७ तिमिहरूका पितापुर्खंहरूको पाला देखिनै तिमिहरु मेरा बिधिहरु
देखि तर्कि गयेर ति मान्येका छैन। मं तिर फर्क त मं तिमिहरु तिर
फर्कंछु सेनाहरूको यहुवेको येइ बचन् छ। तर तिमिहरूले भन्द छौ हामिहरु
८ कोमां फर्कूं भनि। के मान्छेले ईश्वर्लाइ लुटोस्. तिमिहरूले ता
मंलाइ लुट्द छौ। तैपनि तिमिहरूले भन्द छौ हामिहरूले तपांइलाइ कोमां
९ लुटेंउ भनि. दसौं अंश र भेंटको बिषयमां। तिमिहरु मांथि ठूलो स्राप्
पर्येको छ किनभन्ये तिमिहरु अं येस् सिंगै लोगले मंलाइ लुट्द छौ।
१० सिंगै दसौं अंश भंडार्मां ल्याउ र मेरो घर्मां भोजन् रहोस् अनि
सेनाहरूको यहुवेले येसो भन्द छ येसैगरि मंलाइ जांचि हेर मं स्वर्गका
खिर्कीहरु उघार्येर तिमिहरु मांथि येस्तो आशीष् बर्साउंछु अं त्यो
११ अटाउंने ठांवें पनि हुंदेन। अनि मं तिमिहरूको लागि खांने कीरालाइ
हकार्छु अनि तिनिहरूले तिमिहरूको भूमिको उपजांनि नष्ट पार्दैनन् अनि
बन्मां तिमिहरूका दाख्का बोटका कांचा फलहरु झर्दैनन् सेनाहरूको
१२ यहुवेको येइ बचन् छ। अनि सबै लोग् लोगले तिमिहरूलाइ धन्न
कहंछन्. किनभन्ये तिमिहरु रमाइटे देस् हुंछौ सेनाहरूको यहुवेको
येइ बचन् छ॥

यहुवेले येसो भन्द छ तिमिहरूका कुराले मंलाइ सारोगरि लाग्यो
१३ भनि। तर तिमिहरूले सोद्ध छौ हामिहरु तपांइको बिरुद्धमां के बोल्येका
१४ छौं भनि। तिमिहरूले भन्येका छौ ईश्वर्को सेवा गर्नु व्यर्थ छ. अनि
हामिहरूले उसले जिम्मामां दियेका काम् पूरा गर्यूं अनि सेनाहरूको
यहुवेका डर्को कारणले शोकका पहिरन् लगाइ हिंड्यूं येसले हामिहरूको
१५ के नाफा भयो। अनि अब ता हामिहरु अहंकारीहरूलाइनै धन्न कहंद
छौं अं बुराई गर्नेहरु उभ्याईयेका छन् अं तिनिहरूले ईश्वर्लाइ जांच्ये
१६ रपनि बांचि रहेका छन्। त्येस् बेला यहुवेको भय् मान्नेहरूले आपस्तमां
बात् गर्द थिये. अनि यहुवेचइंले मन् लगाइ लगाइकन तिनिहरूका
कुरा सुन्यो अनि यहुवेको भय् मान्नेहरु र उसको नांउको मान् गर्नेहरूको
१७ सम्झनाको लागि येउटा पोस्तक् लेखींद थियो। त सेनाहरूको यहुवेले
येसो भन्द छ जस् दिन्मां मं यो गर्छु तब तिनिहरु मेरै हुंछन् अं मेरै

निज् धन् अनि मं तिनिहरु सित कसैले आफ्नु सेवा गर्ने छोरा सित
गर्येको झैं कमलो बेहोरा गर्छु। तब तिमिहरुले फर्केर धर्म्मीहरु र १८
दुष्टहरुको भेद् अर्थात् ईश्वर्को सेवा गर्ने र उस्को सेवा न गर्ने दुवैको भेद्
जान्नु सक्छौ। कसोगरिभन्ये हेर त्यो दिन् आउंदै छ त्यस् दिन्मां ४ १
भट्टा झैं आगो दन्कंछ तब सबै अहंकारीहरु र बुरा काम् गर्नेहरु एक्कासि
बुच्का बनौंछन्. अनि सेनाहरुको यहवेको यो बचन् छ त्यस् आउंदो
दिन्मां तिनिहरु येस्तोरि भस्म हुंछन् तिनको कोइ जरा र डांगा रहंदैन।
तर हे मेरो नांउको भय् मान्नेहरु हो तिमिहरुको लागि धर्म्मको सूर्ज २
उदय् हुंछ अनि त्यस्का किर्णाका गुणले तिमिहरु निको होइ जांछौ अनि
तिमिहरु निकल्येर डोंडूका बाच्छाहरु झैं कूर्छौ उफ्रंछौ। अनि ३
तिमिहरुले दुष्टहरुलाइ लताड्छौ कसोगरिभन्ये जस् दिन्मां मं यो गर्छु
तब तिनिहरु तिमिहरुका पाउले कुल्चिइंने खरानि जस्ता हुंछन्
सेनाहरुको यहवेको येइ बचन् छ॥

मैंले आफ्नु दास् मूसालाइ ज्ये ज्ये विधि र नियाबचन्हरु सिंगै ४
इस्राएल्को लागि होरेब्मां दियें त्यस् व्यवस्थाको सम्झना राख। हेर ५
यहवेको ठुलो र डर्लाग्दो दिन् आउंनु भन्दा पहिले मं तिमिहरु थांइ
एलिय्याह् अगमवक्तालाइ पठाउंछु। अनि तेस्ले पित्रहरुको हिर्दय्लाइ ६
तिनिहरुका सन्तान्हरु तिर अनि सन्तान्हरुको हिर्दय् तिनिहरुका पित्रहरु
तिर फर्काउंछ होइन भन्ये ता मं आयेर देसलाइ श्राफल् गरायेको थाक्
जानि हिर्काउंला॥

Printed at the Baptist Mission Press, Calcutta.

नया नियम्

अर्थात्

प्रभु येशू ख्रीष्ट

को

सुसमाचार ।

बाइबल् सोसाइटी अफ् इंडिया एण्ड सिलोन्
कलकता अक्सिलियारी
ब्रिटिश र फरेन् बाइबल् सोसाइटी
संग संगठन् गरिएको ।
२३ नम्वर् चौरङ्गि रोड्.
कलकता ।

1946

THE NEW TESTAMENT

IN NEPALI

1946

नया नियम्का पोस्तक्हरुको सूचीपत्र

मत्ती रचित् सुसमाचार्

१ १ अब्राहाम्को पुत्र दाऊद्को पुत्र येशू ख्रीष्टको बंशावली ॥
२ अब्राहाम् देखि इस्हाक् उत्पन्न भयो। इस्हाक् देखि याकूब् उत्पन्न
३ भयो। याकूब् देखि यहूदा र त्येस्का भाईहरु उत्पन्न भये। यहूदा र
तामर् देखि फारम् र जारह उत्पन्न भये। फारम् देखि हिस्रोन् उत्पन्न
४ भयो। हिस्रोन् देखि अराम् उत्पन्न भयो। अराम् देखि अमिनादाब्
उत्पन्न भयो। अमिनादाब् देखि नहशोन् उत्पन्न भयो। नहशोन् देखि
५ सल्मोन् उत्पन्न भयो। सल्मोन् र राहब् देखि बोअज् उत्पन्न भयो।
बोअज् र रूत् देखि ओबेद् उत्पन्न भयो। ओबेद् देखि यस्सी उत्पन्न
६ भयो। यस्सी देखि दाऊद् राजा उत्पन्न भयो ॥
दाऊद् देखि र त्यो देखि जो ऊरियाकी स्वास्नी थिई सुलेमान् उत्पन्न
७ भयो। सुलेमान् देखि रहबुआम् उत्पन्न भयो। रहबुआम् देखि अबिया
८ उत्पन्न भयो। अबिया देखि आसा उत्पन्न भयो। आसा देखि योशफात्
उत्पन्न भयो। योशफात् देखि योराम् उत्पन्न भयो। योराम् देखि उज्जिया
९ उत्पन्न भयो। उज्जिया देखि योथाम् उत्पन्न भयो। योथाम् देखि आहज्
१० उत्पन्न भयो। आहज् देखि हिजकिया उत्पन्न भयो। हिजकिया देखि
मनस्सी उत्पन्न भयो। मनस्सी देखि आमोन् उत्पन्न भयो। आमोन्
११ देखि योशिया उत्पन्न भयो। बाबुल्मां पुर्याईने बेलामां योशिया
देखि यकुनिया र त्येस्का भाईहरु उत्पन्न भये ॥
१२ बाबुल्मां पुर्याईये पछि यकुनिया देखि सल्तिएल् उत्पन्न भयो।
१३ सल्तिएल् देखि जरुबाबुल् उत्पन्न भयो। जरुबाबुल् देखि अबिहूद् उत्पन्न
१४ भयो। अबिहूद् देखि इलियाकीम् उत्पन्न भयो। इलियाकीम् देखि
आजोर् उत्पन्न भयो। आजोर् देखि सादोक् उत्पन्न भयो। सादोक्
१५ देखि आखिम् उत्पन्न भयो। आखिम् देखि एलिहूद् उत्पन्न भयो।
एलिहूद् देखि एलियाजर् उत्पन्न भयो। एलियाजर् देखि मत्तान् उत्पन्न
१६ भयो। मत्तान् देखि याकूब् उत्पन्न भयो। याकूब् देखि मरियम्को
पुरुष् यूसुफ् उत्पन्न भयो अनि मरियम् देखि ख्रीष्ट भनींने येशू उत्पन्न
भयो ॥

१७ त पुस्ता अब्राहाम् देखि दाऊद् सम्म सबै चौदह् पुस्ता छन् अनि
दाऊद् देखि बाबुल्मां पुऱ्याईयेको सम्म चौदह् पुस्ता अनि बाबुल्मां
पुऱ्याईयेको देखि ख्रीष्ट सम्म चौदह् पुस्ता ॥
१८ अब येशू ख्रीष्टको जन्म येसोरि भयो जब उस्की माता मरियम्को
मंगनी यूसुफ् सङ भयेको थियो तब तिनिहरुको एक् सङ हुंनु भन्दा
१९ पहिले त्यो पवित्र आत्माले गर्भिणी भयेकी पाईई। अनि त्येस्को पुरुष्
यूसुफ्ले जो धर्म्मी थियो अनि त्येस् मांथि प्रगटो दोष् लाउंनु खोज्दैन
२० थियो चुपै लागिकन त्येस्लाइ त्याग्ने इच्छे गऱ्यो। तर जब त्येस्ले यि
कुरा गर्न्दै थियो हेर प्रभुको दूत्ले त्येस्लाइ सपनामां दर्शन् दिइ भन्यो
ए दाऊद्को छोरा यूसुफ् तं आफ्नी स्त्री मरियम्लाइ आफुकां ल्याउंन्
देखि न डरा किनभन्ये जो त्येस्को गर्भमां छ त्यो पवित्र आत्मा देखि हो।
२१ अनि त्येस्ले पुत्र जन्माउंछ अनि तैंले उस्को नांउ येशू राख्छम् किनभन्ये
२२ उसैले आफ्ना लोगलाइ तिनिहरुका पाप् देखि बचाउंछ। अब यो सबै
येस् खातिर्ले भयो जो वचन् प्रभु देखि अगम्बक्ताको बाटोले कहीयो
त्यो पूरो हवस् अर्थात्
२३ हेर कन्न्ये गर्भिणी हुंछ अनि पुत्र जन्माउंछ
अनि तिनिहरुले उस्को नांउ इम्मानुएल् राख्छन् जस्को अर्थ हो
२४ ईश्वर् हांमिहरु सङ भन्ने। अनि यूसुफ्ले नींद् देखि जागि उठ्येर प्रभुको
दूत्ले त्येस्लाइ आज्ञा गऱ्येको झैं गऱ्येर आफ्नी स्त्रीलाइ आफुकां ल्यायो
२५ अनि त्येस्ले पुत्र न जन्माउंज्याल् सम्म त्येस्लाइ जान्येन अनि त्येस्ले उस्को
नांउ येशू राख्यो ॥
२ १ अब हेरोदेस् राजाका दिन्मां यहूदियाको बैत्लहम्मां जब येशूको जन्म
भयो तब हेर कत्ति जैसिहरु पूर्ब देखि यरूसलम्मां येसो भन्दै सांमेल्मां
२ आये यहूदीहरुको राजा जस्को जन्म भयो उ कहां छ किनभन्ये
हांमिहरु पूर्बमां उस्को तारा देख्येर उस्लाइ प्रणाम् गर्नुलाइ आयेका छौं।
३ अनि यो सुन्येर हेरोदेस् राजा घब्रायो अनि त्यो सङ सबै यरूसलम्। अनि
४ त्येस्ले सबै मूल्पूजाहारीहरु र लोग्का शास्त्रीहरुलाइ भेला गरायेर तिनिहरु
५ सित ख्रीष्टको जन्म कहां हुंछ भनि सोध्यो। अनि तिनिहरुले त्येस्लाइ भन्ये
यहूदियाको बैत्लहम्मां किनभन्ये अगम्बक्ताको बाटोले येसो लेखीयेको छ
६ अनि हे बैत्लहम् यहूदा देस्
तं कसै रीत्ले यहूदाका मालिक्हरुमां सांनु छैनस्

कसोगरिभन्ये तं देखि येउटा मालिक् हुंने निक्लंछ
जो मेरा लोग् इस्राएल्को गोठालो हुंछ
७ तब हेरोदेस्ले जैसिहरुलाइ चुप लागिकन बोलायेर तिनिहरु देखि तारा
८ कुन् समय् देखाहा पर्‍यो भनि थाहा ठीक् लियो। अनि त्येस्ले तिनि-
हरुलाइ येसो भन्येर पठायो गयेर उम् बालखको बिषय्मां ठीक् ठीक्
खोज् गर अनि जब उस्लाइ पाऔला तब मंलाइ खबर् देव र मं पनि
९ आयेर उस्लाइ प्रणाम् गरुं। न तिनिहरु राजाको कुरा सुन्येर हिंडे।
अनि हेर जो तारा तिनिहरुले पूर्वमां देख्येका थिये त्यो तिनिहरुको अघि
अघि यहां सम्म गयो जहां त्यो बालख थियो त्येमैं ठांउको मांथि पुग्येर
१० अड़ीयो। अनि तिनिहरु तारा देख्येर अग्घोर् बड़ो रमाहट्ले रमाये।
११ अनि घर्मां आयेर तिनिहरुले बालखलाइ उस्की माता मरियम् सङ देख्ये
अनि घोप्टो परि उस्लाइ प्रणाम् गर्‍ये अनि आफ्ना कन्तुर् खोलिकन
१२ उस्लाइ सुन् र धूप् र मुर्‌का भेटि चढ़ाये। अनि सपनामां हेरोदेस्कां
फर्कि न जाव भन्ने ईश्वर्‌बाणी पायेर तिनिहरु अर्को बाटो बाड़ो आफ्नु
देस्मां गइ गये ॥
१३ अब तिनिहरु गइ गये पछि हेर प्रभुको दूत्ले यूसुफ्लाइ सपनामां दर्शन्
दिइ भन्यो उठ् बालख र उस्की मातालाइ सङ लियेर मिस्रमां भागि जा
अनि जैले सम्म मं तंलाइ भन्दींन तैले सम्म उहीं रह् किनभन्ये हेरोदेस्ले
१४ बालखलाइ नास् पार्नुलाइ खोज्छ। त त्यो उठेर बालख र उस्की
१५ मातालाइ रातिनै सङ लियेर मिस्रमां गइ गयो अनि हेरोदेस्को
मंरण् सम्म उहीं रह्यो जो बचन् प्रभु देखि अगम्बक्ताको बाटोले कहीयो
त्यो पूरो हवस् भन्येर अर्थात् मैंले आफ्नु पुत्रलाइ मिस्र बाटो बोलायें
१६ भन्ने। जब हेरोदेस्ले देख्यो जैसिहरुले मं देखि ठट्टा गर्‍ये भनि तब
औधि रिसायेर जस् समय्को थाहा त्येस्ले जैसिहरु देखि ठीक् ठीक् लियेको
थियो त्येस् अन्सार् बैत्लहम् र त्येस्का सब् सिमानाका सब् केटाबालख-
१७ हरुलाइ जो दुइ बर्षका र ऊंधोका थिये पठायेर मंरायो। तब यरमिया
अगम्बक्ताको बाटोले कहीयेको बचन् पूरो भयो अर्थात्
१८ रामामां येउटा शब्द सुनीयो
रुवाई अनि धेर् बिलाप्
राहेल् आफ्ना बालखहरुको लागि रोयेकी
अनि त्येस्ले मनाईने इच्छे गरीन तिनिहरु छैनन् भन्येर ॥

१९ तर जब हेरोदेस् मऱ्यो तब हेर प्रभुको दूत्ले मिस्रमां यूसुफ्लाइ दर्शन्
२० दिइ भन्यो उठ् बालख र उस्की मातालाइ सङ लियेर इस्राएल्को
देस्मां जा किनभन्ये जो बालखको प्राण् लिंनु खोज्नेहरु थिये ति मरि
२१ गये। त त्यो उठेर बालख र उस्की मातालाइ सङ लियेर इस्राएल्को
२२ देस्मां आयो। तर जब त्येस्ले अर्खिलाउस्ले आफ्नु बाबु हेरोदेस्को
साटो यहूदियामां राज् गर्द छ भनि सुन्यो तब वहां जांनु देखि डरायो
२३ अनि सपनामां ईश्वर्बाणी पायेर गालील्को जिल्लामां गइ गयो अनि
नासरत् नांउ भयेको येउटा सहर्मां आयेर बास् गऱ्यो जो बचन् अगम्-
बक्ताहरुको बाटोले उ नासरी भनीछ भनि कहीयी त्यो पूरो हवम् भन्ये
खातिर्ले ॥

३ १ अनि ति दिन्मां यूहन्ना बप्तिस्मा गन सांमेल्मां आयो यहूदियाको
२ बन्मां प्रचार् गर्दै र येसो भन्दै पश्चात्ताप् गर किनभन्ये स्वर्गको
३ राज् नजिक् आयेको छ। किनभन्ये यो त्येइ हो जस्को बिषय्मां यशैया
अगम्बक्ताको बाटोले यो कहीयो अर्थात्

बन्मां एक् जना कराउंनेको शब्द
प्रभुको बाटो तियार् बनाव
उस्का मार्ग सोजो पार।

४ अब यूहन्ना आफैको वस्त्र ऊंट्को रऊंको थियो अनि त्येस्को कम्मर्मां छालाको
५ पटुका थियो अनि त्येस्को खुराक् सलह र बन्मह थियो। तब यरूसलम्
र सब् यहूदिया र यर्दन्को छेउ छाउको सब् देस्का बासीहरु त्यो थांइ
६ निस्कि गये अनि आफ्ना पापका काएल् भइकन यर्दन् नदीमां त्यो
७ देखि बप्तिस्मा भये। तर जब त्येस्ले फरीसी र सदूकीहरुमांका धेरै
जनालाइ त्येस्को बप्तिस्मामां आउंदै गऱ्येका देख्यो तब तिनिहरुलाइ
भन्यो ए सापका बचराहरु हो आउंदो क्रोध् देखि भाग्नुलाइ कस्ले
८ तिमिहरुलाइ जनायो त पश्चात्ताप् माफिक्को फल् फल अनि
अब्राहाम् हांमिहरुको पिता हो भनि आफुमां भन्नु न ठान किनभन्ये मं
तिमिहरुलाइ भन्द छु ईश्वर्ले यि ढुंगाहरु देखि अब्राहाम्को लागि सन्तान्
१० उभ्याउंनु सक्द छ। अनि ऐले पनि रुख्हरुको फेद्मां बन्चरो पऱ्येको
छ त जस् जस् रुख्ले जाति फल् फल्दैनन् ति काटि ढालीयेर आगोमां
११ आफालींछन्। मं ता तिमिहरुलाइ पश्चात्ताप्को लागि पानीले बप्तिस्मा
गर्द छु तर जो मेरो पछि आउंने छ उ मं भन्दा ज्यास्ति सामर्थी छ

जस्का मं जुत्ता उठाइ बोक्ने माफिक्को छुइंन उस्ले तिमिहरुलाइ पवित्र
१२ आत्मा र आगोले बप्तिस्मा गर्छ जस्को नाङ्लो उस्को हात्मां छ
अनि उस्ले आफ्नु खला स्यांट्टै शुद्ध पार्छ अनि उस्ले आफ्नु गहूं ढकुटिमां
जम्मा गराउंछ तर भूस् न निभ्ने आगोले डड़ाइ हाल्छ ॥
१३ तब येशू गालील् बाटो यर्दन्मां यूहन्ना थांइ त्यो देखि बप्तिस्मा
१४ हुंनुलाइ सांमेल्मां आयो। तर यूहन्ना येमो भन्येर उस्लाइ थुन्नु लाग्यो
मंलाइ तपांइ देखि बप्तिस्मा हुंनु खांचो छ त क्ये तपांइ पो मं थांइ
१५ आंउनु हुंद छ। तर येशूले उत्तर् दिइ त्येस्लाइ भन्यो अब हुंनु दे किनभन्ये
येसै रीत्ले हांमिहरुलाइ सबै धर्म्म पूरो गर्नु उचित् छ। तब त्येस्ले
१६ उस्लाइ हुंनु दियो। अनि येशू बप्तिस्मा हुंनु बित्तिक पानी देखि मांथि
आयो अनि हेर उस्को लागि स्वर्गहरु उघारीये अनि उस्ले ईश्वर्को
आत्मालाइ परेवा झै ओह्लंदै अनि आफु मांथि आंउदै गर्येको देख्यो
१७ अनि हेर स्वर्ग देखि यो शब्द भयो यो मेरो प्रिय पुत्र हो जस्मां मं खुशि
छु भन्ने ॥
४ १ तब येशू आत्मा देखि शैतान् देखि परीक्षा गरींनुलाइ बन्मां पुऱ्याईयो।
२ अनि उ चालीस् दिन् र चालीस् रात् उपास् बसि सक्ये पछि भोकायो।
३ अनि परीक्षा गर्नेले छेउ आयेर उस्लाइ भन्यो तं ईश्वर्को पुत्र होस् भन्ये
४ देखि त भनि दे र यि ढुंगाहरु रोटी बनीउन्। तर उस्ले उत्तर् दिइ
भन्यो लेखीयेको छ मान्छे खालि रोटीले मात्रै होइन तर ईश्वर्को मुख्
५ देखि निस्कने सबै कुरोले जीउंछ। तब शैतान्ले उस्लाइ पवित्र सहर्मां
६ सङ लग्येर मन्दिर्को कलश् मांथि उभ्यायेर् उस्लाइ भन्यो तं ईश्वर्को
पुत्र होस् भन्ये देखि त आफुलाइ तल आफालि दे किनभन्ये लेखीयेको छ
उस्ले आफ्ना दूत्हरुलाइ तेरो बिषय्मां आज्ञा गर्छ अनि तिनिहरुले
तंलाइ हातै मांथि उठाइ राख्छन् र तेरा पाउमां ढुंगाले टक्कर
न लागोस्।
७ येशूले त्येस्लाइ भन्यो फेरि लेखीयेको छ तैंले प्रभु आफ्नु ईश्वर्को परीक्षा
८ न गर्। फेरि शैतान्ले उस्लाइ येउटा अग्घोर् अल्गो पर्वत्मां सङ
लग्येर उस्लाइ संसार्का सबै राज् र तिनिहरुको महिमा देखायेर उस्लाइ
९ भन्यो तैंले घोप्टो परि मंलाइ प्रणाम् गरिस् भन्ये देखि त मं यि सबै
१० तंलाइ दिंछु। तब येशूले त्येस्लाइ भन्यो एइ शैतान् दूर् हो किनभन्ये
लेखीयेको छ तैंले प्रभु आफ्नु ईश्वर्लाइ प्रणाम् गर् अनि खालि उसैको

११ मांत्रै सेवा गर्। तब शैतान् उस्लाइ छोड़्यर हिंड्यो अनि हेर दूत्हरुले
छेउ आयेर उस्को सेवा गऱ्ये ॥
१२ अब जब उस्ले यूहन्ना पकराइ दिईयो भनि सुन्यो तब उ गालील्मां
१३ गइ गयो अनि नासरत् छोड़िकन समुन्द्रको तीर्मां जबुलून् र
१४ नफ्तालीका सिमानामां भयेको कफर्नाहुम्मां बास् गऱ्यो जो वचन्
यशैया अगम्बक्ताको बाटोले कहीयो त्यो पूरो हवस् भन्येर अर्थात्
१५ जबुलून् देस् र नफ्ताली देस्
समुन्द्र पट्टि यर्दन् पार्
अन्यदेसीहरुको गालील्
१६ जुन् लोग् अंधकार्मां बस्यो
त्येस्ले बड़ो ज्योति देख्यो
अनि जो मृत्युको देस् र छाञामां बस्ये
तिनिहरुको लागि ज्योति उदय् भयो ॥
१७ तब त्येस् बेला देखि येशूले प्रचार् गर्नु अनि येसो भन्नु थाल्यो
पश्चात्ताप् गर किनभन्ये स्वर्गको राज् नजिक् आयेको छ ॥
१८ अनि गालील्को समुन्द्रको तीर्मां डुल्दै गर्दाखेरि उस्ले दुइ भाई
अर्थात् शिमोन्लाइ जो पत्रुस् भनीने हो र त्येस्को दाज्यु अन्द्रियास्लाइ
समुन्द्रमां जाल् हान्दै गऱ्येको देख्यो किनभन्ये तिनिहरु जलहारि थिये।
१९ अनि उस्ले तिनिहरुलाइ भन्यो मेरो पछि आव अनि म तिमिहरुलाइ
२० मान्छेहरुइका जलहारि तुल्याउंछु। अनि तिनिहरुले त्येत्तिनैखेर जाल्हरु
२१ छोड़्यर उस्लाइ पछ्याये। अनि त्यहां देखि अघि हिंड़्यर उस्ले अरु
दुइ भाई अर्थात् जबदीको छोरो याकूब्लाइ र त्येस्को भाई यूहन्नालाइ
तिनिहरुको बाबु जबदी सङ नाउमां आफ्ना जाल् तुन्दै गऱ्येका देख्यो
२२ अनि उस्ले तिनिहरुलाइ बोलायो। त तिनिहरुले त्येत्तिनखेर नाउ र
आफ्नु बाबुलाइ छोड़्यर उस्लाइ पछ्याये ॥
२३ अनि येशूले सबै गालील्को डुलाई गऱ्यो तिनिहरुका सभाघर्हरुमां
शिक्षा दिंदै अनि राज्को सुसमाचार् प्रचार् गर्दै अनि लोग्मां सबै रोग् र
२४ सबै दुर्बलेई बिसेक् गराउंदै। अनि उस्को कीर्ति सबै सुरियामां फिंजीयो
अनि तिनिहरुले सबै मधौराहरुलाइ उ थांइ ल्याये जो जो नाना प्रकार्का
रोग् र पीरा र भूत् र छारेरोग् र अर्द्धाङ्गी बेथा लाग्येका थिये अनि
२५ उस्ले तिनिहरुलाइ बिसेक् गरायो। अनि गालील् र दिकापुलिस् र

यरूसलम् र यहूदिया र यर्दन्को पारि देखि ठुला ठुला
उस्लाइ पछ्याये ॥

५ १ अनि धुइराहरुलाइ देख्येर उ डांड़ामां चढ्यो अनि जब बस्यो तब
२ उस्का शिक्षेहरु उ थांइ आये अनि उस्ले मुख् खोल्येर तिनिहरुलाइ
येसो भन्दै शिक्षा दियो

३ धन्न आत्मामां दीन् हुंनेहरु किनभन्ये स्वर्गको राज् तिनिहरुको हो ॥
४ धन्न शोक् गर्नेहरु किनभन्ये तिनिहरु शान्त गराईछन् ॥
५ धन्न नरम् हुंनेहरु किनभन्ये तिनिहरु पृथिवीका अधिकारी हुंछन् ॥
६ धन्न धर्म्मका भोका र पियासा हुंनेहरु किनभन्ये तिनिहरु अघाउंने
गराईछन् ॥
७ धन्न दयावन्त हुंनेहरु किनभन्ये तिनिहरु मांथि दया गरींछ ॥
८ धन्न हिर्दयमां शुद्ध हुंनेहरु किनभन्ये तिनिहरुले ईश्वर्लाइ देख्छन् ॥
९ धन्न मिलाप् गरैया हुंनेहरु किनभन्ये तिनिहरु ईश्वर्का पुत्र भनींछन् ॥
१० धन्न धर्म्मको कारण्ले सताईनेहरु किनभन्ये स्वर्गको राज् तिनिहरुको
११ हो । धन्न तिमिहरु हौ जब मान्छेहरुले मेरो कारण्ले तिमिहरुको निन्दा
गर्नन् अनि तिमिहरुलाइ सताउंनन् अनि सब् प्रकार्का दुष्ट कुरा तिमि-
१२ हरुको विरुद्धमां झूठ् बोलि भन्नन् । रमाउंनु अनि अग्घोर् हर्षित् हुंनु
किनभन्ये स्वर्गमां तिमिहरुको प्रतिफल् ठुलो छ कसोगरिभन्ये येस्तै रीत्ले
तिनिहरुले तिमिहरु भन्दा अगाड़ि भयेका अगम्बक्ताहरुलाइ सताये ॥

१३ तिमिहरु पृथिवीको नुन् हौ तर नुन् अलींनो बनीयो भन्ये त्यो क्येले
नुनीलो बनाईछ त्यो फेरि क्येइ काम्को छैन खालि बाइर आफालींने
१४ अनि मान्छेहरुका पाउले दलींने माफिक्को मांत्रै छ । तिमिहरु संसार्को
१५ ज्योति हौ । डांड़ा मांथि बस्येको सहर् लुक्नु सक्दैन । अनि लोग्ले
बत्ती बाल्येर पाथी मुनि होइन तर बत्तीदानीमां राख्द छन् अनि त्यो
१६ घरमां भयेका सबैको लागि चम्कंद छ । येस्तै परिले तिमिहरुको ज्योति
मान्छेहरुको सांमु चम्कोस् र तिनिहरुले तिमिहरुका सुकर्म्म देखुन् अनि
तिमिहरुको स्वर्गबासी पिताको महिमा गरुन् ॥

१७ मं ब्यवस्था कि अगम्बक्ताहरु मेट्नु आयेको छु भनि न ठान मं
१८ मेट्नुलाइ होइन तर पूरो गर्नुलाइ आयें । किनभन्ये मं तिमिहरुलाइ
सांचो भन्द छु जैले सम्म स्वर्ग र पृथिवी टलि जांदैनन् तैले सम्म
ब्यवस्थामांको येउटा मात्रा कि येउटा बिंदु बिना सब् कुरा पूरा भइकन

१९ कसै प्रकारले टलि जांदैन। येस्कारण् जस्ले यि सबै भन्दा छोटा आज्ञा-
हरुमांको येउटा मेटि देला अनि मान्छेहरुलाइ त्येस्तै सिकाउला त्यो स्वर्गको
राज्मां सबै भन्दा छोटा भनींछ तर जस्ले ति मान्ला अनि सिकाउला
२० त्यो स्वर्गको राज्मां बड़ा भनींछ। किनभन्ये मं तिमिहरुलाइ भन्द छु
तिमिहरुको धर्म्म शास्त्रीहरु र फरीसीहरुको धर्म्म भन्दा बेसि भयेन भन्ये
देखि तिमिहरु स्वर्गको राज्मां कसै परिले पस्ने छौन॥

२१ तिमिहरुले सुन्येका छौ तादिका मान्छेहरुलाइ येसो कहीयो हत्या न
२२ गर् अनि जस्ले हत्या गर्ला त्यो नियाको योग्य हुंछ तर मं तिमि-
हरुलाइ भन्द छु जस्ले आफ्नु भाई मांथि क्रोध् गर्ला त्यो नियाको योग्य
हुंछ अनि जस्ले आफ्नु भाईलाइ एइ तुच्छ भन्ला त्यो महासभाको योग्य हुंछ
२३ अनि जस्ले एइ मूर्ख भन्ला त्यो नर्कको आगोको योग्य हुंछ। येस्कारण्
तैंले आफ्नु भेटि बेदिमां चढ़ाउंद छस् अनि त्यहां तंलाइ मेरो भाईको
२४ मन्मां मेरो बिरुद्धमां क्येइ छ भनि सम्झना हुंद छ भन्ये देखि न
आफ्नु भेटि त्यहां बेदिको सांमु छोड़ेर हिंड़ि जा पहिले आफ्नु भाई
२५ सङ मिलाप् गर् अनि तबै आयेर आफ्नु भेटि चढ़ा। जब सम्म तं
आफ्नु फिराति सङ बाटोमां छस् छिटो त्यो तिर सुमन् गर् होइन भन्ये
ता फिरातिले तंलाइ बिचारीलाइ सुम्पि देला अनि बिचारीले तंलाइ
२६ प्यादालाइ सुम्पि देला अनि तं झेल्खान्मां हाल्लीयेलास्। मं तंलाइ
सांचो भन्द छु जैले सम्म तैंले कौड़ी कौड़ी भरि देवैनस् तैले सम्म तं
त्यहां बाटो कसै परिले निक्लंदैनस्॥

२७ तिमिहरुले सुन्येका छौ येसो कहीयो ब्यभिचार् न गर् तर मं
२८ तिमिहरुलाइ भन्द छु जस्ले कोई स्त्री मांथि कुइच्छेले दृष्टि गर्द छ त्येस्ले
२९ आफ्नु हिर्दय्मां त्यो सङ ब्यभिचार् गरि सक्यो। अनि तेरो दाहींनो
आंखाले तंलाइ ठोकर् खुवायो भन्ये देखि त्यो निकाल्येर आफु देखि
आफालि दे किनभन्ये तेरो लागि भलो छ तेरा अंगमांको येउटा नष्ट
३० हवस् र तेरो सिंगो जीउ नर्कमां न आफालीओस्। अनि तेरो दाहींनो
हात्ले तंलाइ ठोकर् खुवायो भन्ये देखि त्येस्लाइ काटि दियेर आफु देखि
आफालि दे किनभन्ये तेरो लागि भलो छ तेरा अंगमांको येउटा नष्ट
३१ हवस् र तेर सिंगो जीउ नर्कमां न आफालीओस्। यो पनि कहीयो
जस्ले आफ्नी स्वास्नीलाइ त्यागला त्येस्ले त्येस्लाइ त्यागपत्र लेखि देवस्
३२ तर मं तिमिहरुलाइ भन्द छु जस्ले ब्यभिचार् छोड़ि अरु कसै कारणले

आफ्नी स्वास्नीलाइ त्यागद छ त्येस्ले त्येस्लाइ ब्यभिचारिणी तुल्याउंद छ
अनि जस्ले त्येम् त्यागीयेकीलाइ ब्याहा गर्द छ त्येस्ले ब्यभिचार् गर्द छ ।।
३३ फेरि तिमिहरुले सुन्येका छौ तादिका मान्छेहरुलाइ येमो कहीयो झूठो
३४ किग्या न खा तर प्रभुको लागि आफ्ना किरियाहरु पूरो गर् तर
मं तिमिहरुलाइ भन्द छु कैले पनि किरिया न खाव न स्वर्गको किनभन्ये
३५ त्यो ईश्वरको सिंहासन् हो न पृथिवीको किनभन्ये त्यो उस्का चरणको
३६ पीरा हो न यरूसलम्को किनभन्ये त्यो महाराजाको सहर् हो। अनि न
तैंले आफ्नु सिर्को किग्या खा किनभन्ये तैंले येउटा केम् सेतो कि
३७ कालो तुल्याउंनु सक्दैनम् । तर तिमिहरुको वचन् हो हो होइन होइन
हवम् अनि ज्ये यि भन्दा बेमि छ त्यो दुष्ट देखि हो ।।
३८ तिमिहरुले सुन्येका छौ येमो कहीयो आंखाको साटो आंखा अनि
३९ दांत्को साटो दांत् तर मं तिमिहरुलाइ भन्द छु दुष्ट सङ न लड्
तर जस्ले तेरो दाहींनो गालामां लपट्याउला त्येस्को निर् अर्को पनि फर्काइ
४० दे। अनि कसैले तं मांथि फिराद् गर्नु र तेरो दौरा लिंनु खोज्ला त्येस्लाइ
४१ खाष्टो पनि लांनु दे। अनि जस्ले तंलाइ आधा कोम् बल्मिचेई सङ
४२ लैजाला त्यो सङ कोस् भरि हिंड़ि जा। जस्ले तं सङ मांग्द छ त्येस्लाइ
दे अनि जस्ले तं देखि ऋण् लिनु खोज्द छ त्येम् देखि मुख् न फर्का ।।
४३ तिमिहरुले सुन्येका छौ येमो कहीयो आफ्नु छिमेकि सङ प्रेम् गर् अनि
४४ आफ्नु सत्तुर् देखि दुस्मनी गर् तर मं तिमिहरुलाइ भन्द छु आफ्ना
सत्तुर्हरु सङ प्रेम् गर अनि जस्ले तिमिहरुलाइ सताउंद छन् तिनिहरुको
४५ लागि प्रार्थना गर र तिमिहरु आफ्नु स्वर्गबासी पिताका पुत्र बनीयौ
किनभन्ये उस्ले दुष्टहरु र भलाहरु मांथि आफ्नु सूर्ज उदाइ दिंद छ अनि
४६ धर्म्मीहरु र अधर्म्मीहरु मांथि मेघ् बर्षाइ दिंद छ। किनभन्ये तिमिहरुले
जस्ले तिमिहरु सङ प्रेम् गर्द छन् तिनिहरु सङ प्रेम् गर्‍यौ भन्ये देखि
४७ तिमिहरुलाइ क्ये प्रतिफल् छ क्ये जगातिहरुले पनि त्येमै गर्दैनन्। अनि
तिमिहरुले खालि आफ्ना भाईहरुलाइ मांत्रै सलाम् भन्यौ भन्ये देखि
अरुहरु देखि बढ़ता क्ये गर्द छौ क्ये अन्यदेसीहरुले पनि त्येमै गर्दैनन्।
४८ त जसो तिमिहरुक स्वर्गे पिता सिद्ध छ त्यैसै तिमिहरु पनि सिद्ध हव ।।
६ १ चंख हव तिमिहरुले मान्छेहरुको सांमु तिनिहरुलाइ देखाउंनुको लागि
आफ्ना धर्म्मका कार्जे न गर होइन भन्ये ता तिमिहरुको स्वर्गबासी
पिताकां तिमिहरुको क्येइ प्रतिफल् छैन ।।

२ येस्कारण् जब तैंले दयादान् गर्द छस् तब आफ्नु अगाड़ि तुरही
न बजा जसो कप्टीहरुले सभाघर्हरु र बाटाहरुमां गर्द छन् मान्छेहरुले
तिनिहरुको बड़ाई गरुन् भन्येर। मं तिमिहरुलाइ सांचो भन्द छु तिनिहरुले
३ आफ्नु प्रतिफल् पाइ सक्ये। तर जब तैंले दयादान् गर्द छस् तब
ज्ये तेरो दाहींनो हात्ले गर्द छ त्यो तेरो बांउ हात्ले न जानोस्
४ र तेरो दयादान् गुप्तमां हवस् अनि तेरो गुप्तमां देख्ने पिताले तंलाइ
प्रतिफल् दिंछ॥

५ अनि जब तिमिहरुले प्रार्थना गर्द छौ तब कप्टीहरु जस्ता न हव
किनभन्ये तिनिहरुलाइ मान्छेहरुकां देखाह्रा पर्नुको लागि सभाघर्हरुमां
अनि सटक्हरुका कुंइन्याटाहरुमां उभीयेर प्रार्थना गर्नु जाति लाग्द छ। मं
६ तिमिहरुलाइ सांचो भन्द छु तिनिहरुले आफ्नु प्रतिफल् पाइ सक्ये। तर
तैंले जब प्रार्थना गर्द छस् तब आफ्नु कोठामां पस् अनि आफ्नु दुवार्
थुन्येर आफ्नु पिता सङ जस्ले गुप्तमां देख्द छ प्रार्थना गर् अनि तेरो
७ गुप्तमां देख्ने पिताले तंलाइ प्रतिफल् दिंछ। त तिमिहरु प्रार्थना
गर्दाखेरि अन्यदेसीहरु झैं ब्यर्थै न बर्बराव किनभन्ये तिनिहरुले ठान्द
८ छन् हांमिहरुले धेर भन्येकोले हांमिहरुको सुनींछ। त तिमिहरु तिनिहरु
जस्ता न हव किनभन्ये तिमिहरुको पिताले तिमिहरुले मांग्नु भन्दा
९ अगाड़ि जान्द छ तिमिहरुलाइ क्ये क्ये खांचो छ। त तिमिहरुचइंले
येसोगरि प्रार्थना गर हे हांमिहरुको स्वर्गबासी पिता तपांइको नांउ पवित्र
१० गरीओस्। तपांइको राज् आवस्। तपांइको इच्छे जसो स्वर्गमां त्येसै
११ पृथिवीमां पूरो हवस्। हांमिहरुको दिन्भरिको रोटी आजु हांमिहरुलाइ
१२ दिंनु हवस्। अनि हांमिहरुका अपराध् क्षमा गर्नु हवस् जसोगरि हांमि-
१३ हरुले पनि आफ्ना अपराधीहरुलाइ क्षमा गर्येका छौं। अनि हांमि-
हरुलाइ परीक्षामां न ल्याउंनु हवस् तर हांमिहरुलाइ दुष्ट देखि छोड़ाउंनु
हवस् (किनभन्ये राज् अनि शक्ति अनि महिमा सधैं तपांइका हुन।
१४ आमेन्)। किनभन्ये तिमिहरुले मान्छेहरुका अपराध् क्षमा गर्यौ भन्ये
१५ देखि तिमिहरुको स्वर्गे पिताले तिमिहरुलाइ पनि क्षमा गर्छ। तर
तिमिहरुले मान्छेहरुका अपराध् क्षमा गर्यौन भन्ये देखि तिमिहरुको पिताले
तिमिहरुका अपराध् क्षमा गर्दैन॥

१६ फेरि जब तिमिहरु उपास् बस्द छौ तब कप्टीहरु जस्ता धमीलो
रूपका न हव किनभन्ये तिनिहरुले आफ्ना मुख् बिगार्द छन् मान्छेहरुकां

उपासे देखाहा परूं भनि। मं तिमिहरुलाइ सांचो भन्द छु तिनिहरुले
१७ आफ्नु प्रतिफल् पाइ सक्ये। तर जब तं चइं उपास् बस्द छस् तब
१८ आफ्नु सिर्मां तेल् मल् अनि आफ्नु मुख् धो र तं मान्छेहरुकां
होइन तर आफ्नु पिताकां जो गुप्तमां छ उपासे देखाहा पर् अनि तेरो
पिताले जस्ले गुप्तमां देख्द छ तंलाइ प्रतिफल् दिंछ ॥
१९ आफ्नु लागि धन् पृथिवीमां न बटुल जहां कीरा र खीयले बिगार्द
२० छन् अनि जहां चोर्ले फोर्द र चोर्द छन् तर आफ्नु लागि धन्
स्वर्गमां बटुल जहां न कीरा न खीयले बिगार्द छ अनि जहां चोर्ले न
२१ फोर्द न चोर्द छन् किनभन्ये जहां तेरो धन् छ त्यहां तेरो हिर्दय्
२२ पनि हुंछ। जीउको बत्ती आंखा हो त तेरो आंखा चोखो छ भन्ये देखि
२३ तेरो सिंगो जीउ उजियालो हुंछ। तर तेरो आंखा दुष्ट छ भन्ये देखि
तेरो सिंगो जीउ अंध्यारो हुंछ। येस्कारण्ले त्यो तंमां भयेको उजियालो
२४ अंधकार् छ भन्ये देखि त त्यो अंधकार् कति ठुलो हो। कसैले दुइ जना
स्वामीहरुको दास्ती गर्नु सक्दैन कसोगरिभन्ये त्येस्ले येउटा देखि दुश्मनी
गर्छ अनि अर्को सङ प्रेम् गर्छ कि येउटा सङ लागि रहंछ अनि अर्कोलाइ
तुच्छ ठान्छ। तिमिहरुले ईश्वर् र धन् दुवैको दास्ती गर्नु सक्दौन।
२५ येस्कारण् मं तिमिहरुलाइ भन्द छु आफ्नु प्राण्को लागि हांमिहरु क्ये
खाऊंला कि क्ये पीऊंला भनि फिक्रि न गर अनि न आफ्नु जीउको
लागि क्ये लगाऊंला। क्ये खुराक् भन्दा प्राण् अनि बस्त्र भन्दा जीउ
२६ बड़ो होइन। अकाश्का पंषीहरुलाइ हेर तिनले न छर्द न कटनी गर्द
छन् न ढुकुटीहरुमां जम्मा गर्द छन् अनि तिमिहरुको स्वर्गे पिताले तिनि-
हरुलाइ पाल्द छ। क्ये तिमिहरु तिनिहरु भन्दा ज्यास्ति श्रेष्ट छौन।
२७ अनि तिमिहरुमां कस्ले फिक्रि गरिकन आफ्नु डाल्मां हात्भरि पनि
२८ बढ़ाउंनु सक्द छ। अनि तिमिहरुले बस्त्रको लागि किन फिक्रि गर्द छौ।
बन्का हाड़ेलसुन् मांथि ध्यान् गर तिनिहरु कसोगरि बढ़्द छन् तिनिहरुले
२९ न दुख भर्द छन् न कात्द छन् तरै पनि मं तिमिहरुलाइ भन्द छु
सुलेमान् पनि आफ्नु पूरो महिमामां यिनिहरुमांको येउटा जत्तिको पनि
३० पहिन्याईयेको थियेन। तर ईश्वर्ले बन्को आजु हुंने अनि भोलि
अघेनामां आफालींने घांस्लाइ येस्तो गरि पहिन्याउंद छ त क्ये हे अल्प-
बिश्वासीहरु हो धेरै ज्यास्ति गरिकन उस्ले तिमिहरुलाइ पहिन्याउंदैन।
३१ त तिमिहरुले फिक्रि गरिकन येसो न भन हांमिहरु क्ये खाऊंला कि क्ये

३२ पीऊंला कि क्ये पहिरूंला। किनभन्ये यि सब् थोक् अन्यदेसीहरुले
खोज्द छन् किनभन्ये तिमिहरुको स्वर्गे पिताले तिमिहरुलाइ यि सबै
३३ थोक्को खांचो छ भनि जान्द छ। तर तिमिहरुले पहिले उस्को राज् र
उस्को धर्म्म खोज अनि यि सबै थोक् पनि तिमिहरुलाइ दिईछन्।
३४ न भोलिको लागि फिक्रि न गर किनभन्ये भोलिको दिन्ले आफ्नु फिक्रि
आफैले गर्छ। दिन् दिन्को बुराई उसै दिन्को लागि धेरै हो।
७ १ अर्काको बिचार् न गर र तिमिहरुको बिचार् न गरीओस्।
२ किनभन्ये जस् बिचार्ले तिमिहरुले बिचार् गर्द छौ त्येमैले तिमिहरुको पनि
बिचार् गरीछ अनि जस् भर्नेले तिमिहरुले भर्द छौ त्येमैले तिमिहरुको
३ लागि भरींछ। अनि तैंले त्यो तेरो भाईको आंखामां भयेको सिन्का किन
देख्द छस् तर त्यो तं आफैको आंखामां भयेको मूढ़ा चाल् पाउंदैनस्।
४ कि तैंले आफ्नु भाईलाइ कसोगरि भन्छस् पर्खि मं तेरो आंखा देखि त्यो
सिन्का निकालि दिउं भनि अनि हेर् तं आफैको आंखामां मूढ़ा छ।
५ ए कप्टी पहिले आफ्नै आंखा देखि मूढ़ा निकालि दे तब आफ्नु भाईको
आंखा देखि सिन्का निकाल्नुलाइ छर्लङ्ग देख्नु सक्छस्॥
६ पवित्र थोक् कुकुर्हरुलाइ न देव अनि आफ्ना मोतिहरु सुंगुर्हरुको
सांमु न आफाल होइन भन्ये ता तिनिहरुले तिनलाइ आफ्ना पाउले
दल्नन् अनि फर्क्येर तिमिहरुलाइ फहराउंनन्॥
७ मांग त तिमिहरुलाइ दिईछ खोज त तिमिहरुले पाउंछौ घच्घच्याव
८ त तिमिहरुको लागि उघारींछ। किनभन्ये जस्ले मांग्द छ त्येस्लाइ
जुर्द छ अनि जस्ले खोज्द छ त्येस्ले पांउद छ अनि जस्ले घच्घच्याउंद
९ छ त्येस्को लागि उघारींछ। कि तिमिहरुमां कुन् मान्छे छ जस्ले त्येस्को
१० छोरोले त्यो सङ रोटी मांग्यो भन्ये देखि त्येस्लाइ ढुंगो दिंछ कि
११ त्येस्ले माच्छा मांग्यो भन्ये देखि क्ये त्येस्ले त्येस्लाइ साप् दिंछ। त
तिमिहरुले दुष्ट भइकन आफ्ना बालखहरुलाइ भला दान् दिंनु जान्द
छौ कति ज्यास्ति गरिकन तिमिहरुको स्वर्गवासी पिताले आफु सङ
१२ मांग्नेहरुलाइ भला थोक् दिंछ। येस्कारण् ज्ये तिमिहरुले इच्छे गर्द
छौ मान्छेहरुले तिमिहरु सङ गरुन् भनि त्येइ तिमिहरुले पनि तिनिहरु
सङ गर किनभन्ये येइ ब्यवस्था र अगम्बक्ताहरु हो॥
१३ सांगुरो ढोका बाटो पस किनभन्ये गजीलो छ त्यो ढोका अनि फराक्
छ त्यो बाटो जस्ले नास्मां पुऱ्याउंद छ अनि त्येसै बाटो पस्नेहरु धेरै

१४ छन्। किनभन्ये सांगुरो छ त्यो ढोका अनि सकसीलो छ त्यो बाटो
जस्ले जीउंनिमां पुऱ्याउंद छ अनि त्यो चइं भेटाउंनेहरु थोरै छन् ॥
१५ झूठा अगम्बक्ताहरु देखि चंख बस जो भेंड़ाहरुको भेष्मां तिमिहरुकां
१६ आउंद छन् तर भित्र भन्ये फहराउंने बुवांसांहरु छन्। तिमिहरुले
तिनिहरुलाइ तिनिहरुका फल्ले चिनौला। क्ये मान्छेहरुले कांड़ेबोट्हरु
१७ देखि दाख् कि लोहोंड़ेकांड़ाका बोट्हरु देखि नेभारा बटुल्द छन्। येस्तै
परिले गोटै पिच्छे भलो रुख्ले जाति फल् फल्द छ तर खराब् रुख्ले
१८ दुष्ट फल् फल्द छ। भलो रुख्ले दुष्ट फल् फल्नु सक्दैन अनि न
१९ खराब् रुख्ले जाति फल् फल्नु सक्द छ। जम् रुख्ले जाति फल्
२० फल्दैन त्यो काटि ढाल्लींछ अनि आगोमां आफालीछ। त तिनिहरुका
२१ फल्ले तिमिहरुले तिनिहरुलाइ चिनौला। न जनंगे जस्ले मंलाइ प्रभु
प्रभु भन्द छ स्वर्गको राज्मां पस्छ तर त्येइ जो मेरो स्वर्गवासी पिताको
२२ इच्छेमां हिंड़्छ। धेरै जनाले त्येम् दिन्मां मंलाइ भन्छन् हे प्रभु हे
प्रभु क्ये हांमिहरुले तपांइको नांउले अगम्बचन् कह्युंन अनि तपांइको
नांउले भूत् निकाल्यूंन अनि तपांइको नांउले धेरै आश्चर्य्येकर्म्म गऱ्यूंन।
२३ अनि तब मं तिनिहरुलाइ मैंले तिमिहरुलाइ कैले पनि जानींन ए अधर्म्म
२४ गर्नेहरु हो मं थांइ देखि दूर् हव भनि अस्वीकार् गर्छु। येस्कारण् जस्ले
मेरा यि बचन्हरु सुन्द छ अनि ति मान्द छ त्येस्को आहन् एक् जना
बुद्धिमान् पुरुष्को दिईछ जस्ले आफ्नु घर् शिलापत्थर् मांथि बनायो
२५ अनि महाझरि बर्ष्यो अनि बाढ़ीहरु आये अनि बतास्हरु बह्यो अनि त्येस्
घर्मां लागि पऱ्ये तर त्यो भत्क्येन कसोगरिभन्ये त्येस्को जग् शिला-
२६ पत्थर् मांथि बसालीयेको थियो। अनि जस्ले मेरा यि बचन्हरु सुनिकन
ति मान्दैन त्येस्को आहन् एक् जना मूर्ख पुरुष्को दिईछ जस्ले आफ्नु
२७ घर् बालुवा मांथि बनायो अनि महाझरि बर्ष्यो अनि बाढ़ीहरु
आये अनि बतास्हरु बह्यो अनि त्येस् घर्मां टक्कर् लाग्ये अनि त्यो
भत्क्यो अनि त्येस्को भत्काई बड़ो भयो ॥
२८ अनि येसो भयो जब येशूले यि कुरा भनि सक्यो तब धुइरा उस्को
२९ सिकाईले मुर्छा पऱ्ये कसोगरिभन्ये उस्ले तिनिहरुका शास्त्रीहरुले झैं
होइन तर अधिकारीले झैं तिनिहरुलाइ सिकाउंद थियो ॥
८ १ अनि जब उ त्येस् डांड़ा बाटो ओह्ल्यो तब ठुला धुइराहरुले उस्लाइ
२ पछ्याये। अनि हेर येउटा कोढ़ीले आयेर उस्लाइ प्रणाम् गरिकन

भन्यो हे प्रभु तपांइले इच्छे गर्नु भयो भन्ये देखि मंलाइ शुद्ध पार्नु सक्नु
३ हुंछ। अनि उस्ले हात् पसार्‍येर त्येस्लाइ छोयेर भन्यो मं इच्छे गर्द छु
४ तं शुद्ध होइ जा। अनि तुरन्तै त्येस्को कोढ् शुद्ध भइ गयो। अनि
येशूले त्येस्लाइ भन्यो हेर् कसैलाइ न भन् तर हिंड़ि जा आफुलाइ
पूजाहारीलाइ देखा अनि जो भेटि मूसाले आज्ञा गर्‍येको छ त्यो तिनिहरु-
लाइ साक्षी हुंनुको लागि चढ़ा ॥

५ अनि जब उ कफर्नाहुम्मां पस्यो तब येउटा कप्तान्ले उ थांइ आयेर
६ उ सित बिन्ति गरि भन्यो हे प्रभु मेरो दास् घर्मां अर्द्धाङ्ग बेथाले
७ अग्घोर् पीरा पाइ पस्नीइ रह्येको छ। अनि उस्ले त्येस्लाइ भन्यो मं
८ आयेर त्येस्लाइ बिसेक् गराइ दिंछु। अनि कप्तान्ले उत्तर् दिइ भन्यो
हे प्रभु तपांइ मेरो छाना मुनि आउंने माफिक्को मं छुइंन तर ख्यालि
९ बचन् मांत्रै भनि दिंनु हवस् न मेरो दास् निको हुंछ। कसोगर्‍भिन्ये मैं
पनि अधिकार् मुनिको मान्छे छु अनि तिलङ्गाहरु मेरो अधिकार्मां छन्
अनि मं येउटालाइ भन्द छु जा त त्यो जांद छ अनि अर्कोलाइ आ न त्यो
१० आउंद छ अनि आफ्नु दास्लाइ यो गर् त त्येस्ले गर्द छ। अनि येशूले
यो मुनिकन उदेक् मान्यो अनि पछ्याउंनेहरुलाइ भन्यो मं तिमिहरुलाइ
सांचो भन्द छु मैंले येति बिश्वास् इस्राएल्मां पनि पायेको छुइंन।
११ अनि मं तिमिहरुलाइ भन्द छु धेरैं जना पूर्ब र पच्छिउं बाटो आइ पुग्छन्
१२ अनि अब्राहाम् र इस्हाक् र याकूब् सङ स्वर्गको राज्मां बस्छन् तर
राज्का पुत्रहरु बाइरको अंधकार्मां आफालींछन् वहां रुंनु र दारा कीट्नु
१३ पर्छ। अनि येशूले कप्तान्लाइ भन्यो हिंड़ि जाउ जस्तो तिमिले बिश्वास्
गर्‍येका छौ त्येस्तै तिम्रो लागि हवस्। अनि त्यो दास् त्येसै घरीमां निको
भइ गयो ॥

१४ अनि येशूले पत्रुस्को घर्मां आयेर त्येस्की सासुलाइ पस्नीयेकी र जरोले
१५ थलीयेकी देख्यो। अनि उस्ले त्येस्को हात् छोयो अनि जरोले त्येस्लाइ छोड्यो
१६ अनि त्येस्ले उठेर उस्को सेवा गरी। अनि जब सांझ् पर्‍यो तब तिनि-
हरुले उ थांइ धेरैं जना भूत् लाग्येकाहरुलाइ ल्याये अनि उस्ले बचनैले
आत्माहरुलाइ निकालि दियो अनि सबैं मधौराहरुलाइ बिसेक् गरायो
१७ त्यो बचन् पूरो हुंनुलाइ जो यशैया अगमबक्ताको बाटोले कहीयो अर्थात्
उस्ले आफैं हांमिहरुका निर्बलेईंहरु ग्रहण् गर्‍यो अनि हांमिहरुका रोग्हरु
उठाइ लग्यो भन्ने ॥

१८ अब येशूले आफ्नु वरिपरि ठुला धुइराहरुलाइ देख्येर उसो पारि पट्टि
१९ जांनु अह्रायो। अनि येउटा शास्त्रीले छेउ आयेर उस्लाइ भन्यो हे गुरु
२० जहां जहां तपांइ जांनु हुंछ मं तपांइलाइ पछ्याउंछु। अनि येशूले
त्येस्लाइ भन्यो स्याल्हरुका कुर् छन् अनि अकाश्का पंषीहरुका गुंड् छन्
२१ तर मान्छेको पुत्रको सिर् ढल्काउंने ठांउ छैन। अनि शिक्षेहरुमांको
अर्कोले उस्लाइ भन्यो हे प्रभु पहिले मंलाइ आफ्नु बाबुलाइ गाड्नु जांनु
२२ दिंनु हवस्। तर येशूले त्येस्लाइ भन्यो मंलाइ पछ्या अनि मुर्दाहरुलाइ
आफ्ना मुर्दा गाड्नु दे ॥

२३ अनि जब उ नाउमां चढ्यो तब उस्का शिक्षेहरुले उस्लाइ पछ्याये।
२४ अनि हेर समुन्द्रमां येस्तो बड़ो आंधी आयो नाउ छाल्हरुले ढाकींद थियो
२५ तर उ सुत्येको थियो। अनि तिनिहरुले छेउ आयेर उस्लाइ जगाये हे
२६ प्रभु बचाउंनु हवस् हांमिहरु नष्ट हुंद छौं भन्दै। अनि उस्ले तिनिहरुलाइ
भन्यो ए अल्पबिश्वासीहरु हो किन डराउंने छौ। तब उस्ले उठेर
२७ बतास् र समुन्द्रलाइ हकार्‍यो अनि बड़ो साङ्गे भयो। अनि ति मान्छे-
हरुले उदेक् मान्ये यो कस्तो मान्छे हो रछ बतास् र समुन्द्रले पनि उस्को
आज्ञा मान्द छन् भन्येर ॥

२८ अनि जब उ उसो पारि गदरेन्हरुको देस्मां आयो तब दुइ जना भूत्
लाग्येकाहरु चिहान्हरु बाटो निक्ल्येर उ सङ भेट् भये जो यहां सम्म
औधि डर्लाग्दा थिये त्यो बाटो बाड़ो कोई पनि जांनु सक्दैन थियो।
२९ अनि हेर तिनिहरु कराये हे ईश्वर्का पुत्र हांमिहरुको आफु सङ क्ये काम्
क्ये आफु बेला भन्दा अगाड़ि हांमिहरुलाइ पीरा दिंनु यहां आउंनु भयो
३० भन्दै। अब तिनिहरु देखि अलिक् टाड़ो भइ धेरै सुंगुर्हरुको येउटा
३१ बगाल् चर्द थियो। अनि भूत्हरुले तपांइले हांमिहरुलाइ निकाल्नु हुंद छ
भन्ये देखि हांमिहरुलाइ सुंगुर्हरुको बगाल्मां पठाइ दिंनु हवस् भनि
३२ उ सित बिन्ति गर्न्ये। अनि उस्ले तिनिहरुलाइ जाव भन्यो। अनि तिनिहरु
निस्केर सुंगुर्हरुमां पस्ये अनि हेर सबै बगाल् भीर् बाटो समुन्द्रमां
३३ मिल्कींदै दुगुरि गयो अनि पानीमां मरि गयो। अनि चराउंनेहरु भाग्ये
अनि सहर्मां गइकन सबै कुरा र भूत् लाग्येकाहरुको बृत्तान्त कहि
३४ सुनाये। अनि हेर सब् सहर् येशूको भेट्मां निक्ल्यो अनि तिनिहरुले
उस्लाइ देखिकन उ तिनिहरुका सिमाना देखि निक्लि जावस् भन्ने
बिन्ति गर्न्ये ॥

९ १ अनि उ नाउमां चढ़ेर पारि गयो अनि आफ्नु निज् सहर्मां आयो।
२ अनि हेर लोगले एक् जना खाट्मां पस्रीइ रह्येको अर्द्धाङ्गीलाइ उ थांइ
ल्याये अनि येशूले तिनिहरुको बिश्वास् देखिकन त्येस् अर्द्धाङ्गीलाइ ए छोरा
३ ढाढ़स् गर् तेरा पाप् क्षमा गरीये भन्येर भन्यो। अनि हेर कत्ति शास्त्री-
हरुले येस्ले ता ईश्वर्को निन्दा गर्द छ भन्येर आफु आफुमां भन्ये।
४ अनि येशूले तिनिहरुका बिचार्हरु थाहा पाइ भन्यो तिमिहरुले आफ्नु
५ आफ्नु हिर्दय्मां किन दुष्ट बिचार् गर्द छौ। किनभन्ये कुन् कुरो सहज्
६ छ तेरा पाप् क्षमा गरीये भन्नु कि उठ् र डुल् भन्नु। तर तिमिहरुले
मान्छेको पुत्रलाइ पृथिवीमां पाप् क्षमा गर्ने अधिकार् रछ भनि थाहा पाव
भन्ये खातिर्ले (तब उस्ले अर्द्धाङ्गीलाइ भन्यो) उठ् आफ्नु खाट् उठा
७ अनि आफ्नु घर्मां हिंड़ि जा। अनि त्यो उठेर आफ्नु घर्मां गयो।
८ तर धुइराहरु यो देख्येर डराये अनि ईश्वर्को महिमा गर्‍ये जस्ले मान्छे-
हरुलाइ येस्तो अधिकार् दियो॥
९ अनि त्यहां बाटो अघि बढ़ेर येशूले येउटा मान्छेलाइ जस्को नाउ
मत्ती थियो जगात् उठाउंने बैठक्मां बसि रह्येको देख्यो अनि त्येस्लाइ
भन्यो मंलाइ पछ्या। अनि त्येस्ले उठेर उस्लाइ पछ्यायो॥
१० अनि येसो भयो जब उ घर्मां भान्सा गर्नु बस्येको थियो तब हेर धेरै
जना जगातिहरु र पापीहरु आयेर येशू र उस्का शिक्षेहरु सङ बस्ये।
११ अनि यो देख्येर फरीसीहरुले उस्का शिक्षेहरुलाइ भन्ये तिमिहरुको गुरुले
१२ जगातिहरु र पापीहरु सङ किन खांद छ। तर उस्ले यो सुन्येर भन्यो
१३ भलाचंगाहरुलाइ बैद्यको खांचो छैन तर मधौराहरुलाइ। तर गयेर येस्को
अर्थ सिक मं बलिदान् होइन तर दया मांग्द छु भनि किनभन्ये मं
धर्म्मीहरुलाइ होइन तर पापीहरुलाइ बोलाउंनु आयें॥
१४ तब यूहन्नाका शिक्षेहरुले उ थांइ आयेर भन्ये हांमिहरु र फरीसीहरु
किन बार्बार् उपास् बस्द छौं तर तपांइका शिक्षेहरु उपास् बस्दैनन्।
१५ अनि येशूले तिनिहरुलाइ भन्यो क्ये जन्तिहरुले ब्याउला तिनिहरु सङ
होउंज्याल् सम्म शोक् गर्नु सक्द छन् तर ति दिन् आउंछन् जब ब्याउला
१६ तिनिहरु देखि अलग् गरींछ अनि तब तिनिहरु उपास् बस्छन्। अनि
कसैले पुरांनु लुगामां थान् कपराको टुक्रा लगाउंदैन किनभन्ये त्येस्को
टाल्नेले लुगा देखि फटाइ लांद छ अनि फटाई झन्सारो बनींद छ।
१७ अनि मान्छेहरुले नया दाख्रस् पुरांनु मशक्हरुमां हाल्दैनन् होइन भन्ये ता

मशक्हरु फुटि जांछन् अनि दाख्रस् बहि जांछ अनि मशक्हरु नष्ट
हुंछन् तर नया दाख्रस् नया मशक्हरुमां हाल्द छन् र दुवैको रक्षे भइ
रहंद छ ॥

१८ जब उ यि कुरा तिनिहरु सङ बोल्दै थियो हेर येउटा मालिक्ले आयेर
उस्लाइ प्रणाम् गऱ्येर भन्यो मेरी छोरी ऐले मरि गई तर आफुले आयेर
१९ आफ्नु हात् त्येस् मांथि राखि दिंनु हवस् त त्यो जीउंछ। अनि येशूले
२० उठेर त्येस्लाइ पछ्यायो अनि उस्का शिक्षेहरुले पनि। अनि हेर येउटी
स्त्रीले जस्लाइ बारह् वर्ष देखि लोहू बहंने बेथा लाग्येको थियो उस्को पछाड़ि
२१ बाटो आयेर उस्को बस्त्रको छेउ छोई किनभन्ये त्येस्ले आफुमां भनी
२२ मैंले उस्को वस्त्र छोयें मांत्रै भन्ये पनि बचाईछु। तर येशूले फर्क्येर
त्येस्लाइ देख्येर ए छोरी ढाड़स् गर् तेरो बिश्वास्ले तंलाइ बचायेको छ
२३ भन्यो। अनि त्यो स्त्री त्येसै घरी देखि बचाईई। अनि येशूले त्येस्
मालिक्को घर्मां आयेर बांमुलि बजाउंनेहरुलाइ र धुइरोलाइ खैलाबैला
२४ मचाउंदै गऱ्येको देख्येर भन्यो अलग् हव किनभन्ये कन्न्ये मऱ्येको छैन
२५ तर सुत्येकी छ। अनि तिनिहरु उ मांथि हांस्ये। तर जब धुइरो
बाइऱ्याईयो तब उस्ले भित्र गयेर कन्न्येको हात् समात्यो अनि त्यो उठी।
२६ अनि येस्को कीर्त्ति त्येस् सबै देस्मां फिंजीयो ॥

२७ अनि येशू जब त्यहां बाटो अघि बढ्यो तब दुइ जना अन्धाहरुले
हापार्दै र हे दाऊद्का पुत्र हांमिहरु मांथि दया गर्नु हवस् भन्दै उस्लाइ
२८ पछ्याये। अनि जब उ घर्मां आयो तब ति अन्धाहरु उ थांइ आये
अनि येशूले तिनिहरुलाइ भन्यो क्ये तिमिहरुलाइ बिश्वास् छ मैंले यो गर्नु
२९ सक्छु भन्ने। तिनिहरुले उस्लाइ भन्ये ज्यु प्रभु। तब उस्ले तिनिहरुका
आंखा छोइकन तिमिहरुको बिश्वास् अनुसार् तिमिहरुको लागि हवस्
३० भन्यो। अनि तिनिहरुका आंखा उघारीये। अनि येशूले तिनिहरुलाइ
३१ बल्लियो गरि चेताइ भन्यो हेर कसैले यो थाहा न पावस्। तर तिनि-
हरुले निक्लिकन् त्येस् सबै देस्मां उस्को कीर्त्ति फिंजाये ॥

३२ अनि जब उनिहरु बाइर जांदै थिये तब हेर येउटा लाटो भूत् लाग्येको
३३ उ थांइ ल्याईयो। अनि जब भूत् निकालीयो तब लाटो बोल्नु लाग्यो
अनि धुइराहरुले इस्राएल्मां येस्तो कैले पनि देखाहा पऱ्येन भन्दै उदेक्
३४ मान्ये। तर फरीसीहरुले भन्ये उस्ले भूत्हरुको मालिक्को बाटोले भूत्-
हरुलाइ निकाल्द छ ॥

३५ अनि येशूले सबै सहर् र गांउहरुको डुलाई गऱ्यो तिनिहरुका सभाघर्-
हरुमां सिकाउंदै र राज्को सुसमाचार् प्रचार्दै अनि सबै रोग् र सबै
३६ दुर्बलेई बिसेक् गराउंदै। तर जब उस्ले धुइराहरुलाइ देख्यो तब तिनिहरु
मांथि टिठायो किनभन्ये तिनिहरु गोठाला न भयेका भेंड़ाहरु झैं मुर्छा
३७ पऱ्येका र फ्यांकीयेका थिये। तब उस्ले आफ्ना शिक्षेहरुलाइ भन्यो
३८ कटनी ता धेरै छ तर खेतालाहरु थोरै छन्। येस्कारण् कटनीको प्रभु
सित बिन्ति गर र उस्ले आफ्नु कटनीमां खेतालाहरुलाइ पठाइ देवस्।
१० १ अनि उस्ले आफ्ना बारह् जना शिक्षेहरुलाइ छेउ बोलायेर तिनिहरुलाइ
अशुद्ध आत्माहरु मांथि अधिकार् दियो तिनिहरुलाइ निकाल्नु अनि सबै
रोग् र सबै दुर्बलेई बिसेक् गराउंनुलाइ॥
२ अब ति बारह् जना प्रेरित्हरुका नांउ यि हुन् पहिलो शिमोन् जो पत्रुस्
३ भनींद छ अनि त्येस्को दाज्यु अन्द्रियाम्. जबदीको छोरो याकूब् र त्येस्को
भाई यूहन्ना. फिलिप् र बर्थूलमा. थोमा र मत्ती जगाति. हल्फाको छोरो
४ याकूब् र थद्दी. शिमोन् कान्नान् र यहूदा इस्करयोती जो उस्लाइ पकराइ
५ दिंने पनि भयो। यि बारह् जनालाइ येशूले आज्ञा दिइ येसो भन्दै पठायो
अन्यदेसीहरुको बाटोमां सरि न जाव अनि साम्रीहरुको कसै सहर्मां न
६ पस तर ज्यास्ति गरि इस्राएल्को जहान्का हरायेका भेंड़ाहरुकां जाव।
७ अनि जांदै जांदै प्रचार् गरि भन स्वर्गको राज् नजिक् आयो भनि।
८ दुब्लादाब्लाहरुलाइ बिसेक् गराव मुर्दाहरुलाइ बौराव कोढ़ीहरुलाइ शुद्ध
पार भूत्हरुलाइ निकाल तिमिहरुले सित्तेईमां पायौ सित्तेईमां देव।
९ आफ्ना पटुकाहरुमां न सुन् न रूपा न तांबा हात् पार न बाटोको
१० लागि झोलि न दुवटा दौरा न जुत्ता न लउरो किनभन्ये खेताला आफ्नु
११ खुराक्को योग्य छ। अनि जस् सहर् कि गांउमां तिमिहरु पसौला ठीक्
ठीक् सोध त्येस्मां को योग्य छ अनि जब सम्म त्यहां बाटो निक्लन्दैन
१२ तब सम्म त्येसैमां रह। अनि घर्मां पस्दैखेरि सलाम् भन। अनि त्यो
१३ घर् योग्य रछ भन्ये देखि तिमिहरुको कुशल् त्यो मांथि पुगोस् तर त्यो घर्
योग्य रैनछ भन्ये देखि तिमिहरुको कुशल् तिमिहरुमां फर्कि आवस्।
१४ अनि जस्ले तिमिहरुलाइ ग्रहण् गरोइन कि तिमिहरुका कुरा सुनोइन त त्यो
घर् कि त्यो सहर् देखि निक्लंदाखेरि आफ्ना गोड़ाको धूलो टक्टक्याइ
१५ देव। मं तिमिहरुलाइ सांचो भन्द छु नियाको दिन्मां त्येस् सहर्को गत्
भन्दा ता सदूम् र अमूराको देस्को गत् सहाऊ हुंछ॥

१६ हेर मं तिमिहरुलाइ भेंड़ाहरुलाइ झैं बुवांसाहरुको मांझमां पठाउंद छु
१७ येस्कारण् साप् जस्तो चतुर् र परेवा जस्तो सूधा हव। तर मान्छेहरु
देखि चंख बस किनभन्ये तिनिहरुले तिमिहरुलाइ महासभाहरुमां पकराइ
१८ दिंछन् अनि आफ्ना सभाघर्हरुमां तिमिहरुलाइ कोर्रा लाउंछन् अं अनि
तिमिहरु मेरो कारण्ले मालिक्हरु र राजाहरुको सांमु तिनिहरुलाइ र
१९ अन्यदेसीहरुलाइ साक्षी हुंनुको लागि पुर्याईछौ। तर जब तिनिहरुले
तिमिहरुलाइ पकराइ दिंनन् तब तिमिहरु कसो कि क्ये गरि बोल्ंला भनि
फिक्रि न गर किनभन्ये ज्ये तिमिहरु बोल्नु पर्छ त्यो त्येमै घरीमां तिमि-
२० हरुलाइ दिईछ। किनभन्ये बोल्ने तिमिहरु होइन तर तिमिहरुको पिताको
२१ आत्मा हो जो तिमिहरुमां बोल्द छ। अनि भाईले भाईलाइ अनि बाबुले
आफ्नु सन्तान्लाइ मृत्युको लागि पकराइ दिंछ अनि छोगछोरीहरु आंमा
२२ बाबुको बिरुद्धमां उठ्छन् अनि तिनिहरुलाइ मंराउंछन्। अनि तिमिहरु देखि
सबैले मेरो नांउको कारण्ले दुश्मनी गर्छन् तर जो अन्त सम्म स्थिर् रहला
२३ त्येइ बचाईछ। तर जब तिनिहरुले तिमिहरुलाइ एक् सहर्मां सताउनन् तब
अर्कोमां भागि जाव किनभन्ये मं तिमिहरुलाइ सांचो भन्द छु मान्छेको पुत्र
आउंज्याल् सम्म तिमिहरु इस्राएल्का सहर्हरु भरि डुलि सक्येका हुंदौन् ॥
२४ शिक्षे आफ्नु गुरु भन्दा बड़ो होइन अनि न दास् आफ्नु स्वामी भन्दा।
२५ येइ धेरै हो शिक्षे आफ्नु गुरुको अनि दास् आफ्नु स्वामीको बराबर्
हवम्। तिनिहरुले घर्को मालिक्लाइ बाल्जिबूल् भन्येका छन् त झन्
२६ सारो कति ज्यास्तिगरिकन उस्को घर्का लोगलाइ भन्नन् येस्कारण्
तिनिहरु देखि न डराव किनभन्ये क्येइ ढाकीयेको छैन जो प्रगटो गरींदैन
२७ अनि न क्येइ गुप्त छ जो जानींदैन। ज्ये मं तिमिहरुलाइ अंध्यारोमां
भन्द छु त्यो तिमिहरुले ज्योतिमां भन अनि ज्ये तिमिहरुले कान् कानै सुन्द
२८ छौ त्यो कौसिहरु मांथि देखि प्रचार् गर। अनि तिनिहरु देखि न डराव
जस्ले जीउलाइ मांर्द छन् तर प्राण्लाइ मांर्नु सक्दैनन् तर ज्यास्ति गरि
उइ देखि डराव जस्ले प्राण र जीउ दुवैलाइ नर्कमां नास् पार्नु सक्द छ।
२९ क्ये एक् पैसामां दुवटा भङेरा बिक्दैनन् अनि तिनिहरुमांको येउटा पनि
३० तिमिहरुको पिता बिना भूइंमां खस्दैन तर तिमिहरुचइंका सिर्का केस्
३१ पनि सबै गनीयेका छन्। त न डराव तिमिहरु धेरै भङेराहरु भन्दा
३२ श्रेष्ट छौ। येस्कारण् जस्ले मान्छेहरुको सांमु मंलाइ स्वीकार् गर्ला
३३ त्येस्लाइ मं पनि आफ्नु स्वर्गबासी पिताको सांमु स्वीकार् गर्छु। तर

जस्ले मान्छेहरुको सांमु मंलाइ अस्वीकार् गर्ला त्येस्लाइ मं पनि आफ्नु
स्वर्गबासी पिताको सांमु अस्वीकार् गर्छु ॥
३४ मं पृथिवीमां मिलाप् हाल्नुलाइ आयें भनि न ठान मं मिलाप् होइन
३५ तर तरवार् हाल्नुलाइ आयें। कसोगरिभन्ये मं मान्छेलाइ त्येस्को बाबु
देखि अनि छोरीलाइ त्येस्की आंमा देखि अनि बुहारीलाइ त्येस्की सासु
३६ देखि अलग् पार्नुलाइ आयें अनि मान्छेका सत्तुर्हरु त्येस्को घरैका
३७ लोग् हुंछन्। जस्ले बाबु कि आंमालाइ मंलाइ भन्दा ज्यास्ति प्यारो गर्द
छ त्यो मेरो योग्य छैन अनि जस्ले छोरा कि छोरीलाइ मंलाइ भन्दा
३८ ज्यास्ति प्यारो गर्द छ त्यो मेरो योग्य छैन। अनि जो आफ्नु क्रूस् लियेर
३९ मेरो पछि आउंदैन त्यो मेरो योग्य छैन। आफ्नु प्राण् पाउंनेले त्यो
हराउंछ अनि आफ्नु प्राण् मेरो कारण्ले हराउंनेले त्यो पाउंछ ॥
४० जस्ले तिमिहरुलाइ ग्रहण् गर्द छ त्येस्ले मंलाइ ग्रहण् गर्द छ अनि जस्ले
४१ मंलाइ ग्रहण् गर्द छ त्येस्ले मंलाइ पठाउंनेलाइ ग्रहण् गर्द छ। जस्ले
अगम्बक्ताको नांउले अगम्बक्तालाइ ग्रहण् गर्द छ त्येस्ले अगम्बक्ताको
प्रतिफल् पाउंछ अनि जस्ले धर्म्मीको नांउले धर्म्मीलाइ ग्रहण् गर्द छ त्येस्ले
४२ धर्म्मीको प्रतिफल् पाउंछ। अनि जस्ले शिक्षेको नांउमां यि छोटाहरुमांको
येउटालाइ खालि एक् लोहोटा चीसो पानी मांत्रै पनि पियाउला मं तिमि-
हरुलाइ सांचो भन्द छु त्येस्ले कस्तै गरिकन पनि आफ्नु प्रतिफल्
हराउंदैन ॥

११ १ अनि येसो भयो जब येशूले आफ्ना बारह् जना शिक्षेहरुलाइ आज्ञा
दिइ सक्यो तब त्यहां बाटो तिनिहरुका सहर् सहर्मां शिक्षा र प्रचार्
गर्नुको लागि हिंड़ि गयो ॥
२ अब यूहन्नाले झेल्खान्मां ख्रीष्टका कार्ज्येहरुको सुन्येर आफ्ना शिक्षे-
३ हरुको बाटोले उ सित यो सोध्नुलाइ पठायो क्ये जो आउंने थियो त्यो
४ तपांइनै हौ कि हांमिहरु अर्कोको बाटो हेरूं। अनि येशूले उत्तर् दिइ
तिनिहरुलाइ भन्यो ज्ये ज्ये तिमिहरुले सुन्द र देख्द छौ गयेर यूहन्नालाइ
५ तिनको समाचार् सुनाव अन्धाहरुले देख्द छन् अनि खोरण्डेहरु डुल्द
छन् कोढ़ीहरु शुद्ध पारींद छन् अनि बहिराहरुले सुन्द छन् अनि मुर्दाहरु
६ बौराईद छन् अनि कंगालिहरुलाइ सुसमाचार् सुनाईद छ। अनि धन्न त्यो
७ जस्ले मंमां क्येइ ठोकर्को कारण् पाउंदैन। अनि जब तिनिहरु जांदै थिये
तब येशू यूहन्नाको बिषय्मां धुइराहरुलाइ भन्नु लाग्यो तिमिहरु बन्मां क्ये

८ हेर्नुलाइ निक्ल्यौ क्ये बतास्ले हल्लींदै गर्न्येको निङालो। तर तिमिहरु
क्ये हेर्नुलाइ निक्ल्यौ क्ये मसींनो बस्त्र लाउंने मान्छेलाइ। हेर जस्
९ जस्ले मसींनो वस्त्र लाउंद छन् ति राजाहरुका घर्मां छन्। तर तिमिहरु
किन निक्ल्यौ क्ये अगमबक्तालाइ हेर्नुलाइ। अं मं तिमिहरुलाइ भन्द छु
१० अनि अगम्बक्ता भन्दा पनि धेरै बेसिलाइ। यो त्येइ हो जस्को
बिषय्मां लेखीयेको छ

हेर् मं आफ्नु दूत्लाइ तेरो मुख्को अघि पठाउंद छु जस्ले तेरो
सांमु तेरो बाटो बनाउंछ

११ मं तिमिहरुलाइ सांचो भन्द छु जो जो स्त्रीहरु देखि जन्मेका छन्
तिनिहरुमां यूहन्ना बप्तिस्मा गर्ने भन्दा बड़ा कोई उभ्याईयेको छैन तरै पनि
१२ जो स्वर्गको राज्मां छोटा छ त्येइ त्यो भन्दा बड़ा छ। अनि यूहन्ना
बप्तिस्मा गर्नेका दिन् देखि एेले सम्म स्वर्गको राज् मांथि बलाबल् गरींद
१३ छ अनि बलाबल् गर्नेहरुले त्येस्लाइ पक्रि लांद छन्। कसोगरिभन्ये सबै
१४ अगम्बक्ताहरु र ब्यवस्थाले यूहन्ना सम्म अगम्बचन् कह्ये। अनि ग्रहण्
गर्ने मन् तिमिहरुको छ भन्ये देखि एलिया जो आउंने छ त्यो येइ हो।
१५ जस्का सुन्ने कान् छन् त्येस्ले सुनोम्। तर येम् पुस्ताको मं क्येको आहन्
१६ दिंउ। त्यो ति केटाकेटीहरु जस्तो छ जस्ले चोक्हरुमां बस्येर आफ्ना
१७ माथीहरुलाइ बोलाइ भन्द छन् हांमिहरुले तिमिहरुको लागि बांसुलि
बजायूं अनि तिमिहरु नाच्यौन हांमिहरुले बिलाप् गर्‍यूं अनि तिमिहरुले
१८ छाती पीट्यौन। कसोगरिभन्ये यूहन्ना न खांदै न पीउंदै आयो अनि
१९ तिनिहरुले भन्द छन् त्येस्लाइ भूत् लाग्येको छ भनि। मान्छेको पुत्र खांदै
पीउंदै आयो अनि तिनिहरुले भन्द छन् हेर एक् जना घिचुवा अनि मत्-
वालि मान्छे जगातिहरु र पापीहरुको मित्र। अनि बुद्धि चइं आफ्ना
काम्ले धर्म्मी ठहराईयो॥

२० तब उस्ले ति सहर्हरुलाइ जस् जस्मां उस्का बेसि आश्चर्ज्येकर्म्म
गरीयका थिये दोष् दिंनु लाग्यो किनभन्ये तिनिहरुले पश्चात्ताप् गर्न्येनन्।
२१ ए कोराजीन् तं मांथि हाय् ए बैत्सैदा तं मांथि हाय् किनभन्ये जो जो
आश्चर्ज्येकर्म्म तिमिहरुमां गरीये ति सूर् र सीदोन्मां गरीयेका भये देखि
ता तिनिहरुले भाङ्रा लायेर अनि खरानिमां बस्येर कैले देखिको पश्चात्ताप्
२२ गरि सक्ने थिये। तरै पनि मं तिमिहरुलाइ भन्द छु नियाको दिन्मां
२३ तिमिहरुको गत् भन्दा ता सूर् र सीदोन्को गत् सहाऊ हुंछ। अनि ए

कफर्नाहुम् क्ये तं स्वर्ग सम्म अल्ग्याईछस् तं पत्ताल् सम्म ओह्लालींछस्
किनभन्ये जो जो आश्चर्ज्येकर्म्म तंमां गरीये ति सदूम्मां गरीयेका भये
२४ देखि ता त्यो आजु सम्म बनीइ रहंने थियो। तरै पनि मं तिमिहरुलाइ भन्द
छु नियाको दिन्मां तेरो गत् भन्दा ता सदूम्को देस्को गत् सहाऊ हुंछ ॥
२५ त्येस् बेलामां येशूले उत्तर् दिइ भन्यो हे पिता स्वर्ग र पृथिवीको प्रभु
मं तपांइको धन्नबाद् गर्द छु तपांइले यि कुरा ज्ञानीहरु र बुद्धिमान्हरु
देखि गुप्त राख्नु भयो अनि तिनलाइ बालखहरु मांथि प्रगटो गर्नु भयो
२६ २७ अं हे पिता किनभन्ये तपांइको दृष्टिमां येइ जाति लाग्यो। सबै थोक्
मंलाइ मेरो पिता देखि सुम्पि दिईयेका छन् अनि कसैले पुत्रलाइ चिन्दैन
खालि पिताले अनि कसैले पितालाइ चिन्दैन खालि पुत्रले अनि त्येसैले जस्
२८ मांथि पुत्रले उस्लाइ प्रगटो गर्ने मन् गर्द छ। मं थांइ आव हे सबै दुख
२९ भर्ने र बोझा बोकाईयेकाहरु हो अनि मं तिमिहरुलाइ बिश्राम् दिंछु। मेरो
जूवा आफु मांथि लेव अनि मं देखि सिक किनभन्ये मं नरम् अनि हिर्दय्मां
३० दीन् छु अनि तिमिहरुले आफ्ना प्राण्मां बिश्राम् पाउंछौ। कमोगरिभन्ये
मेरो जूवा सजीलो अनि मेरो बोझा हलुङ् छ ॥
१२ १ त्येस् बेलामां येशू बिश्राम्को दिन्मां अन्नका खेत् बाटो जांदै थियो
अनि उस्का शिक्षेहरु भोकाये अनि तिनिहरुले बाला टिप्नु र खांनु लाग्ये।
२ नर फरीसीहरुले यो देख्येर उस्लाइ भन्ये हेर ज्ये बिश्राम्को दिन्मां गर्नु
३ उचित् छैन त्यो तिम्रा शिक्षेहरुले गर्द छन्। तर उस्ले तिनिहरुलाइ भन्यो
क्ये तिमिहरुले पऱ्येका छौन दाऊद्ले जब त्यो र त्येस्का साथीहरु
४ भोकायेका थिये तब क्ये गऱ्यो त्येस्ले कसोगरिकन ईश्वर्को घर्मां
गयेर भेटिका रोटीहरु खायो जो खांनु न त्येस्लाइ न त्येस्का साथीहरुलाइ
५ उचित् थियो तर खालि पूजाहारीहरुलाइ मांत्रै। कि क्ये तिमिहरुले
ब्यवस्थामां पऱ्येका छौन बिश्राम्को दिन्मां पूजाहारीहरुले मन्दिर्मां
६ बिश्राम्को दिन् अपवित्र गर्द छन् अनि निर्दोषै छन्। तर मं तिमिहरुलाइ
७ भन्द छु मन्दिर् भन्दा बड़ो यहां एक् जना छ। तर मं दया मांग्द छु
बलिदान् होइन भनि तिमिहरुले येस्को अर्थ जान्दा हौ त निर्दोषीहरुलाइ
८ दोषी ठहराउंने थियौन। किनभन्ये मान्छेको पुत्र बिश्राम्को दिन्को
प्रभु हो ॥
९ १० अनि त्यहां बाटो हिंड़ि गयेर उ तिनिहरुको सभाघर्मां गयो अनि
हेर येउटा मान्छे थियो जस्को हात् सुक्येको थियो। अनि तिनिहरुले

उस्लाइ दोष् लगाउंनुको लागि उ सित येसो भनि सोध्ये क्ये बिश्राम्को
११ दिन्मां बिसेक् गराउंनु उचित् छ। अनि उस्ले तिनिहरुलाइ भन्यो
तिमिहरुमांको कुन् मान्छे होला जस्को येउटा भेंड़ा होला जस्ले त्यो
बिश्राम्को दिन्मां खाड़ल्मां पर्‍यो भन्ये देखि त्येस्लाइ समात्येर निकाल्दैन।
१२ त मान्छे भेंड़ा भन्दा कति श्रेष्ट हो। येस्कारण् बिश्राम्को दिन्मां जाति
१३ गर्नु उचित् छ। तब उस्ले त्येस् मान्छेलाइ भन्यो आफ्नु हात् पसार्।
अनि त्येस्ले त्यो पसार्‍यो अनि त्यो अर्को जस्तो फेरि निको पारीयो।
१४ तर फरीसीहरुले बाइर गयेर उस्को बिरुद्धमां उस्लाइ कसोगरि नास् पारूं
१५ भनि आपस्तमां सल्लाह् गर्‍ये। अनि यो थाहा पायेर येशू त्यहां बाटो
हिंड्यो अनि धेरै लोग्ले उस्लाइ पछ्याये अनि उस्ले ति सबैलाइ बिसेक्
१६ गरायो अनि तिनिहरुलाइ बल्लियो आज्ञा दियो उस्लाइ प्रगटो न
१७ गर्नुलाइ जो बचन् यशैया अगम्बक्ताको बाटोले कहीयो त्यो पूरो
हुंनुलाइ अर्थात्

१८ हेर मेरो दास् जस्लाइ मैले छान्यें
मेरो प्रिय जो देखि मेरो प्राण् खुशि छ
मं आफ्नु आत्मा उस्मां राख्छु
अनि उस्ले अन्यदेसीहरुलाइ नियाको समाचार् दिंछ।
१९ उस्ले न झगरा गर्छ न कराई गर्छ
अनि न सटक् सटक्मां कसैले उस्को शब्द सुन्छ।
२० कुच्चीयेको निङालो उस्ले भांच्दैन
अनि धुवां उठ्ने सलेतो उस्ले निभाउंदैन
जैले सम्म निया बिजयमां पुर्‍याउंदैन।
२१ अनि उस्को नांउमां अन्यदेसीहरुले आशा राख्छन्॥

२२ तब येउटा अन्धा लाटो भूत् लाग्येको उ थांइ ल्याईयो अनि उस्ले
त्येस्लाइ यहां सम्म गरि बिसेक् गरायो त्यो लाटो बोल्यो अनि देख्यो।
२३ २४ अनि सब् धुइराहरुले मुर्छा परि भन्ये यो क्ये दाऊद्को पुत्र हो। तर
फरीसीहरुले यो सुन्येर भन्ये येस्ले बिना भूत्हरुको मालिक् बाल्जिबूल्को
२५ बाटोले भूत्हरुलाइ निकाल्दैन। अनि उस्ले तिनिहरुका बिचार् जानि
तिनिहरुलाइ येसो भन्यो जस् राज्को आफुमां फाटो पर्द छ त्यो सुन्ने
गराईछ अनि जस् सहर् कि घर्को आफुमां फाटो पर्द छ त्यो ठहर्दैन
२६ अनि शैतान्ले शैतान्लाइ निकाल्द छ त त्येस्को आफुमां फाटो पर्‍यो तब

२७ ता त्येस्को राज् कसोगरि ठहर्छ। अनि मैंले बाल्जिबूल्को बाटोले
भूत्हरुलाइ निकाल्द छु भन्ये देखि तिमिहरुका छोराहरुले कस्को बाटोले
२८ निकाल्द छन् येस्कारण् तिनिहरुइ तिमिहरुका बिचारी हुंछन्। तर मैंले
ईश्वर्को आत्माको बाटोले भूत्हरुलाइ निकाल्द रांछु भन्ये देखि त अबम्मे
२९ ईश्वर्को राज् तिमिहरु सम्म पुगि सक्येको छ। कि कसोगरिकन कसैले
बल्लियोको घर्मां पसिकन त्येस्को आल्माल् लूट्नु सक्द छ जब सम्म
त्येस्ले पहिले बल्लियोलाइ बान्ध्दैन अनि तब त्येस्ले त्येस्को घर् लूट्छ।
३० जो मं सङ छैन त्यो मेरो बिरुद्ध छ अनि जस्ले मं सङ भेला गराउंदैन
३१ त्येस्ले छरपुट्ट गराउंद छ। येस्कारण् मं तिमिहरुलाइ भन्द छु सबै पाप्
र निन्दा मान्छेहरुको लागि क्षमा गरीछ तर पवित्र आत्माको निन्दा क्षमा
३२ गरींदैन। अनि जस्ले मान्छेको पुत्रको बिरुद्धमां बचन् कहला त्येस्लाइ
क्षमा गरींछ तर जस्ले पवित्र आत्माको बिरुद्धमां कहला त्येस्लाइ न येमै न
३३ आउंदै जगत्मां क्षमा गरींछ। कि ता रुख जानि पार र त्येस्को फल्
जानि कि ता रुख् खराब् पार र त्येस्को फल् खराब् किनभन्ये फलैले रुख्
३४ चिनींछ। ए साप्का बचराहरु हो तिमिहरु दुष्ट भइकन कसोगरि भला
कुरा बोल्नु सकौला कसोगरिभन्ये ज्ये हिर्दय्मां उब्रंने गरि भरीयेको छ
३५ त्येइ देखि मुख् बोल्द छ। भलो मान्छेले आफ्नु भलो भंड़ार् बाटो भला
थोक् निकाल्द छ अनि दुष्ट मान्छेले आफ्नु दुष्ट भंड़ार् बाटो दुष्ट थोक्
३६ निकाल्द छ। अनि मं तिमिहरुलाइ भन्द छु सबै ब्यर्थ कुरो जो मान्छेहरु
३७ बोल्नन् तिनिहरुले नियाको दिन्मां त्येस्को लेखा दिंछन्। किनभन्ये तं
आफ्ना बचन्ले धर्म्मी अनि आफ्ना बचन्ले दोषी ठहराईछस्॥
३८ तब कत्ति शास्त्री र फरीसीहरुले उस्लाइ उत्तर् दिए भन्ये हे गुरु
३९ हांमिहरु आफु देखि क्येइ चिंनु हेर्नु खोज्द छौं। तर उस्ले तिनिहरुलाइ
उत्तर् दिइ भन्यो दुष्ट र ब्यभिचारी पुस्ताले चिंनु खोज्द छ अनि यूनस्
४० अगम्बक्ताको चिंनु छोड़ि क्येइ चिंनु त्येस्लाइ दिईदैन किनभन्ये
जसोगरि यूनस् तीन् दिन् र तीन् रात् महामाच्छाको पेट्मां थियो त्येसैगरि
४१ मान्छेको पुत्र तीन् दिन् र तीन् रात् पृथिवीको मुटुमां हुंछ। निन्वीका
पुरुष्हरु नियामां यो पुस्ता सङ उभींछन् अनि येस्लाइ दोषी ठहराउंछन्
किनभन्ये तिनिहरुले यूनस्को प्रचार् सुन्येर पश्चात्ताप् गर्‍ये अनि हेर यूनस्
४२ भन्दा बड़ो यहां एक् जना छ। दक्खिन्की रानी नियामां यो पुस्ता सङ
उठ्छ अनि येस्लाइ दोषी ठहराउंछ किनभन्ये त्यो पृथिवीको छेउ देखि

सुलेमान्को ज्ञान् सुन्नुलाइ आई अनि हेर सुलेमान् भन्दा बड़ो यहां एक्
४३ जना छ। तर जब अशुद्ध आत्मा मान्छे देखि निक्ल्येको छ तब ओबाना
४४ ठांउ हुंदो बिश्राम् खोजि हिंड्द छ अनि त्यो पाउंदैन। तब त्येस्ले भन्द
छ मं आफ्नै घर्मां फर्कि जांछु जहां बाटो निस्कें भनि अनि आयेर त्यो
४५ खालि अनि बढ़ारीयेको अनि सह्यारीयेको पाउंद छ। तब त्येस्ले गयेर
आफु भन्दा दुष्ट अरु सात्वटा आत्माहरुलाइ सङ ल्याउंद छ अनि तिनि-
हरुले पस्येर त्यहां बास् गर्द छन् अनि त्येस् मान्छेको पछिल्लो गत्
पहिलो भन्दा सारो नजाति होइ जांछ। येस् दुष्ट पुस्तालाइ पनि
येस्तै हुंछ॥

४६ उ धुड्गाहरु सङ बोल्द थियो हेर उस्की माता र भाईहरुले बाहर
४७ उभीयेर उ सङ बोल्नु खोज्द थिये। अनि कसैले उस्लाइ भनि दियो
हेर आफुकी माता र भाईहरु बाहर उभीइ रह्येका छन् अनि आफु सङ
४८ बोल्नु खोज्द छन्। तर उस्ले उत्तर् दिइ त्येस् भनि दिनेलाइ को हो
४९ मेरी माता अनि कुन् हुन् मेरा भाईहरु भन्यो। अनि उस्ले आफ्ना
शिक्षेहरु तिर आफ्नु हात् पसार्येर भन्यो हेर मेरी माता अनि मेरा
५० भाईहरु। कसोगरिभन्ये जो मेरो स्वर्गबासी पिताको इच्छेमां हिंड्ला त्येइ
हो मेरो भाई अनि बैनी अनि माता॥

१३ १ त्येसै दिन् येशू घर् देखि निस्केर समुन्द्रको तीर्मां गइ बस्यो।
२ अनि येस्ता ठुला धुड्रा उ थांइ भेला भये उ नाउमां चढेर बस्यो अनि
३ सब् धुड्रो तीर्मां उभीयो। अनि उ तिनिहरु सङ धेरै कुरा उखान्मां
४ बोल्यो अर्थात् हेर बिउ छर्ने छर्नुलाइ निक्ल्यो अनि त्येस्ले छर्दामा
५ कत्ति बिउ बाटो तिर पर्‍ये अनि पंषीहरुले आयेर ति ठुंगि खाये अनि
कत्ति शिलापत्थरे भूमिमां पर्‍ये जहां तिनले धेर् मांटो पायेनन् अनि गहीरो
६ मांटो न पायेकोले तिनिहरु छिटै उम्र्ये अनि जब सूर्ज उदय् भयो
७ तब ति ओइल्हीये अनि जरा हाल्नु न पायेकोले सुकि गये। अनि कत्ति
८ कांड़ाहरुमां पर्‍ये अनि कांड़ाहरुले बढेर तिनलाइ निसासि दिये अनि
कत्ति जाति भूमिमां पर्‍ये अनि फल्ये कोई सै गुणा कोई साठि गुणा कोई
९ तीस् गुणा। जस्का कान् छन् त्येस्ले सुनोस्॥

१० अनि शिक्षेहरुले छेउ आयेर उस्लाइ भन्ये तपांइ किन उखान्मां तिनिहरु
११ सङ बोल्नु हुंद छ। अनि उस्ले तिनिहरुलाइ उत्तर् दिइ भन्यो तिमि-
हरुलाइ स्वर्गको राज्का भेद् जान्नु दिईयेको छ तर तिनिहरुलाइ दिईयेको

१२ छैन। किनभन्ये जस्कां छ त्येस्लाइ दिईछ अनि त्येस्कां परसस्त हुंछ तर
१३ जस्कां छैन त्यो देखि त्यो पनि लगींछ जो त्येस्कां छ। येस्कारण् मं
उखान्मां तिनिहरु सङ बोल्द छु किनभन्ये तिनिहरुले देख्येर पनि देख्दैनन्
१४ अनि सुन्येर पनि सुन्दैनन् अनि न बूझ्द छन्। अनि तिनिहरुको लागि
यशैयाको येसो भन्ने अगम्बचन् पूरो हुंद छ

तिमिहरुले सुनाईले सुन्छौ अनि कसै परिले बूझ्दौन
अनि देख्नु ता देख्छौ अनि कसै परिले देखि पाउंदौन
१५ कमोगरिभन्ये येस् लोग्को हिर्दय् बाक्लो भइ गयो
अनि तिनिहरुले कान्ले गह्रुङ् सङ सुन्ये
अनि आफ्ना आंखा चिम्ले
निनिहरुले कैलेइ आंखाले न देखि पाउन्
अनि कान्ले न सुनुन्
अनि हिर्दय्ले न बूझुन्
अनि न फर्कि आउन्
र मं निनिहरुलाइ निको न पारुं भन्न्ये खातिर्ले ।।

१६ तर तिमिहरुका आंखा धन्न किनभन्ये तिनले देख्द छन् अनि तिमिहरुका
१७ कान् किनभन्ये तिनले सुन्द छन्। किनभन्ये मं तिमिहरुलाइ सांचो भन्द
छु धेरै अगम्बक्ताहरुले र धर्म्मीहरुले ज्ये ज्ये तिमिहरुले देख्द छौ ति
देख्ने अतिइच्छे गर्‍ये अनि देखि पायेनन् अनि ज्ये ज्ये तिमिहरुले सुन्द
१८ छौ ति सुन्ने अतिइच्छे गर्‍ये अनि सुन्येनन्। त तिमिहरुले बिउ छर्नेको
१९ उखान् सुन। जब कसैले राज्को बचन् सुन्द छ अनि बूझ्दैन त दुष्ट
आउंद छ अनि ज्ये त्येस्को हिर्दय्मां छरीयेको छ त्यो गांजि लांद छ।
२० यो त्येइ हो जो बाटो तिर छरीयो। अनि जो शिलापत्थरे भूमिमां
छरीयो यो त्येइ हो जस्ले बचन् सुन्नु बित्तिकै रमाहट् सङ त्यो ग्रहण् गर्द
२१ छ तरै पनि त्येस्ले आफुमां जरा हाल्दैन तर अलिक् दिन् सम्म ठहर्द
छ अनि बचन्को कारण्ले कष्ट कि उपद्रेई हुंनु बित्तिकै ठोकर् खांद छ।
२२ अनि जो कांड़ाहरुमां छरीयो यो त्येइ हो जस्ले बचन् सुन्द छ अनि
जगत्को फिक्रि र धन्को मायाले बचन्लाइ निसासि दिंद छन् अनि त्यो
२३ निष्फल् होइ जांद छ। अनि जो जाति भूमिमां छरीयो यो त्येइ हो जस्ले
बचन् सुन्द छ अनि बूझ्द छ त्येस्चइंले फल् ल्याउंद छ अनि कोई सै
गणा कोई साठि गणा कोई तीस् गणा फल्द छ।

२४ अर्को उखान् उस्ले तिनिहरुलाइ भनि दियो अर्थात् स्वर्गको राज् येउटा
२५ मान्छे जस्तो छ जस्ले आफ्नु बारीमां जाति बिउ छर्‍यो तर जब
लोग् सुति रह्येका थिये तब त्येस्को सत्तुर् आयो अनि गहूंको मांझ मांझमां
२६ सामा छर्‍येर गयो। तब जब बिरुवा उम्र्‍यो अनि फल् फल्यो तब
२७ सामा पनि देखाहा पर्‍ये। अनि घर्का स्वामीका दास्हरुले छेउ आयेर
त्येस्लाइ भन्ये प्रभुज्यु क्ये आफुले आफ्नु बारीमां जाति बिउ छर्नु भयेन
२८ त फेरि त्येस्मां सामा कहां देखि आये। अनि त्येस्ले तिनिहरुलाइ भन्यो
कसै सत्तुर् हुंने मान्छेले येमो गर्‍यो। अनि दास्हरुले त्येस्लाइ भन्ये
२९ त क्ये आफुको इच्छे छ हामिहरु गयेर ति बटुलूं। नर त्येस्ले भन्यो
नाहीं होइन भन्ये ता सामा बटुल्दाखेरि तिमिहरुले ति सङ गहूं उखेलौला।
३० कटनी सम्म दुवैलाइ सङै वढ्नु देव अनि कटनीको बेलामां मं काट्ने-
हरुलाइ भन्छु पहिले सामा बटुल अनि डड़ाउंनुको लागि तिनका बिटा
बान्ध नर गहूं चइं मेरो ढुकुटिमां भेला गर॥
३१ अर्को उखान् उस्ले तिनिहरुलाइ भनि दियो अर्थात् स्वर्गको राज्
रायोको येउटा गेड़ा जस्तो छ जो कसै मान्छेले लियेर आफ्नु बारीमा
३२ छर्‍यो त्यो ता सबै बिउहरु भन्दा सानु छ तर जब बढ़ेको छ तब
साक्पात्हरु भन्दा ठुलो छ अनि रुखै होइ जांद छ कस्तो भन्ये अकाश्का
पंषीहरुले आयेर त्येस्का डालाहरुमां बास् बस्ने गर्द छन्॥
३३ अर्को उखान् उ तिनिहरु सङ बोल्यो अर्थात् स्वर्गको राज् खमीर् जस्तो
छ जो कसै स्त्रीले लियेर तीन् पाथी पिठोमां लुकाइ राखी त्यो सबै
खमीरी न बनीउन्ज्याल् सम्म॥
३४ यि सबै कुरा येशू धुइराहरु सङ उखान्मां बोल्यो अनि बिना उखान्
३५ तिनिहरु सङ क्येइ बोल्येन जो बचन् अगम्बक्ताको बाटोले कहीयो
त्यो पूरो हवस् भन्न्ये खातिर्ले अर्थात्

मं उखान्मां आफ्नु मुख् उघार्छु
मं संसार्को उत्पति देखि गुप्त राखीयेका कुरा प्रगट् गर्छु॥

३६ तब उ धुइराहरुलाइ छोड़िकन घर्मां आयो अनि उस्का शिक्षेहरुले उ
थांइ आयेर भन्ये बारीका सामाको उखान्को बखान् हामिहरुको लागि गर्नु
३७ हवस्। अनि उस्ले उत्तर् दिइ भन्यो जाति बिउ छर्ने मान्छेको पुत्र हो
३८ अनि बारी संसार् हो अनि जाति बिउ चइं राज्का पुत्रहरु हुन् अनि सामा
३९ दुष्टका पुत्रहरु हुन् अनि तिनलाइ छर्ने सत्तुर् शैतान् हो अनि कटनी

४० जगत्को अन्त हो अनि काट्नेहरु स्वर्गदूत्हरु हुन् । त जसोगरि सामा
बटुलींद छन् अनि आगोमां डड़ाईद छन् त्येस्तै जगत्को अन्तमां हुंछ ।
४१ मान्छेको पुत्रले आफ्ना दूत्हरुलाइ पठाउंछ अनि तिनिहरुले उस्को राज्
४२ देखि सबै ठोकर्का कारण् अनि अधर्म्म गर्नेहरुलाइ बटुल्छन् अनि
तिनिहरुलाइ आगोको भट्टीमां आफाल्छन् वहां रुवाई र दाराकीटाई हुंछ ।
४३ तब धर्म्मीहरु आफ्नु पिताको राज्मां सूर्ज झैं चम्कंछन् । जस्का कान्
छन् त्येस्ले सुनोस् ॥
४४ स्वर्गको राज् बारीमां गाड़ीयेको धन् जस्तो छ जो कसै मान्छेले पायेर
गुप्त राख्यो अनि आफ्नु रमाहट्को कारण्ले हिंड़ि गयेर आफ्ना सबै थोक्
बेच्येर त्यो बारी किन्यो ॥
४५ फेरि स्वर्गको राज् येउटा मान्छे जस्तो छ जो अस्सल् मोति खोज्ने
४६ बेपारी हो अनि येउटा अमोल् मोति पाइ गयेर त्येस्ले आफ्ना सब्
थोक् बेच्येर त्यो किन्यो ॥
४७ फेरि स्वर्गको राज् महाजाल् जस्तो छ जो समुन्द्रमां आफालीयो अनि
४८ सब् प्रकार्का माच्छाहरु जम्मा गऱ्यो । जब त्यो भरीयो तब तिनिहरुले
त्यो तीर्मां तानि ल्याये अनि बस्येर जाति जातिचंइ भांड़ाहरुमां बटुल्ये
४९ अनि नजातिहरुचंइ आफालि दिये । त्येस्तै हुंछ जगत्को अन्तमां स्वर्ग-
दूत्हरु आउंछन् अनि दुष्टहरुलाइ धर्म्मीहरुको मांझ देखि छुट्याउंछन्
५० अनि तिनिहरुलाइ आगोको भट्टीमां आफाल्छन् वहां रुवाई र दाराकीटाई
हुंछ ॥
५१ क्ये तिमिहरुले यि सबै बूझ्यौ । तिनिहरुले उस्लाइ भन्ये ज्यु ।
५२ अनि उस्ले तिनिहरुलाइ भन्यो येस्कारण् सबै शास्त्री जो स्वर्गको राज्को
शिक्षे तुल्याईयेको छ त्यो घर्को स्वामी जस्तो छ जस्ले आफ्नु भंड़ार
देखि नया र पुरांना आल्माल् निकाल्द छ ॥
५३ अनि येसो भयो जब येशूले यि सबै उखान्हरु कहि सक्यो तब त्यहां
५४ बाटो उठि गयो । अनि उस्ले आफ्नु निज् देस्मां आयेर तिनिहरुको
सभाघर्मां तिनिहरुलाइ येस्तो शिक्षा दियो तिनिहरुले मुर्छा परिकन भन्ये
५५ येस्लाइ यो बिद्ये अनि यि आश्चर्ज्येकर्म्म कहां देखि भये । क्ये यो
काठ्कर्म्मीको छोरो होइन क्ये उस्को माता मरियम् भनींने होइन अनि
५६ उस्का भाईहरु याकूब् र यूसुफ् र शिमोन् र यहूदा होइनन् । अनि उस्की
बैंनीहरु क्ये तिनिहरु सबै हांमिहरुकां छैनन् । त उस्ले यि सबै कहां

५७ देखि पायो। अनि तिनिहरुले उस्मां ठोकर् खाये। तर येशूले तिनि-
हरुलाइ भन्यो अगम्बक्ता आफ्नु देस् र आफ्नु घर् छोड़ि अन्त कहीं
५८ अमान्को हुंदैन। अनि उस्ले तिनिहरुको अबिश्वास्को कारण्ले त्यहां धेर्
आश्चर्य्येकर्म्म गर्‍येन ॥

१४ १ *त्येस् बेलामां देस्को चौथाईको मालिक हेरोदेस्ले येशूको कीर्त्ति सुन्यो*
२ अनि आफ्ना चाकरेहरुलाइ भन्यो यो यूहन्ना बप्तिस्मा गर्ने हो उ मुर्दाहरु
देखि बौरि उठ्या छ अनि येसै कारण्ले यि शक्तिहरुले उस्मां काम् गर्द
३ छन्। किनभन्ये हेरोदेस्ले आफ्नु मौतिलो भाई फिलिप्की मुखेंनी
हेरोदियास्को कारण्ले यूहन्नालाइ ममात्येर बान्धेको र झेल्खान्मां हाल्येको
४ थियो। किनभन्ये यूहन्नाले त्येस्लाइ आफुले त्येस्लाइ राख्नु उचित् छैन
५ भन्येर भन्येको थियो। अनि जब त्येस्ले उस्लाइ मार्नु खोज्यो तब लोग्
६ देखि डरायो किनभन्ये तिनिहरुले उस्लाइ अगम्बक्ता ठान्द थिये। तर
जब हेरोदेस्को जन्मदिन् आयो तब हेरोदियास्की छोरीले मांझमां नाचिकन
७ हेरोदेस्लाइ खुश् पारी। येस्कारण् त्येस्ले किरिया खाइकन ज्ये तैंले
८ मांग्लीस् मं तंलाइ दिंछु भनि स्वीकार् गर्‍यो। अनि त्येस्ले आफ्नी
माताले अघि सिकायेकोले भनी यूहन्ना बप्तिस्मा गर्नेको सिर् यहां थाल्मां
९ मंलाइ दिंनु हवस्। अनि राजा कष्टित् भयो तर आफ्ना किरियाहरु र
१० सङ बस्नेहरुको कारण्ले त्यो दिंनु अह्रायो अनि पठायेर झेल्खान्मां
११ यूहन्नाको सिर् कटायो। अनि त्येस्को सिर् थाल्मां ल्याईयो अनि
१२ कन्न्येलाइ दिईयो अनि त्येस्ले त्यो आफ्नी माता थांइ लगी। अनि उस्का
शिक्षेहरुले छेउ आयेर मुर्दालाइ बोकि लग्येर त्येस्लाइ गाड़्या अनि गयेर
येशूलाइ समाचार् दिये ॥

१३ जब येशूले यो सुन्यो तब नाउमां चढ़्यार त्यहां बाटो कसै सुन्ने ठांउमां
एकान्तमां गयो अनि धुइराहरुले यो सुन्येर सहर् सहर् बाटो उस्लाइ
१४ पछ्याये। अनि उस्ले निक्ल्येर येउटा ठुलो धुइरो देख्यो अनि तिनिहरु
१५ मांथि टिठायो अनि तिनिहरुका मधौराहरुलाइ बिसेक् गराइ दियो। अनि
जब सांझ् पर्‍यो तब शिक्षेहरुले उ थांइ आयेर भन्ये यो ठांउ सुन्ने छ अनि
बेला अब बिति गयो धुइराहरुलाइ बिदा गर्नु हवस् र तिनिहरुले गांउ
१६ गांउमां गयेर आफ्नु लागि भोजन् किनुन्। तर येशूले तिनिहरुलाइ भन्यो
१७ तिनिहरुलाइ जांने खांचो छैन तिनिहरुलाइ तिमिहरुले खांनु देव। अनि
तिनिहरुले उस्लाइ भन्ये यहां हांमिहरु थांइ खालि पांच्वटा रोटी र

१८ दुवटा माच्छा मांत्रै छन्। अनि उस्ले ति यहां मं थांइ ल्याव भन्यो।
१९ अनि उस्ले धुइराहरुलाइ घांस् मांथि बस्नु अह्रायो अनि ति पांच्वटा
रोटी र दुवटा माच्छा लियेर स्वर्ग तिर हेरिकन आशीर्बाद् गऱ्यो अनि
रोटी भांचिकन शिक्षेहरुलाइ दियो अनि शिक्षेहरुले धुइराहरुलाइ दिये।
२० अनि सबै जना खाइकन अघाये अनि जो टुकरा उब्रे तिनिहरुले ति बारह्
२१ डालो भरि भरि उठाये। अनि खांनेहरु स्त्री र बालखहरुलाइ छोड़ि
अड़्कल्मां कोई पांच् हजार् पुरुष् थिये ॥

२२ अनि तुरन्तै उस्ले शिक्षेहरुलाइ नाउमां चढ़्ने अनि आफु भन्दा अघि
पारि जांने बल्लियो आज्ञा गऱ्यो जस्बेलामां उस्ले धुइराहरुलाइ बिदा
२३ गऱ्यो। अनि उ धुइराहरुलाइ बिदा गऱ्येर प्रार्थना गर्नुलाइ डांड़ामां
२४ एकान्तमां गयो अनि जब सांझ् पऱ्यो तब उ त्यहां एक्लै थियो। तर
नाउ अब समुन्द्रको माझमां छाल्हरु देखि हानींद थियो कसोगरिभन्ये
२५ बतास् सामुन्नेको थियो। अनि रात्को चौथो पहर्मां उ समुन्द्र मांथि
२६ मांथि हिंड़्दै तिनिहरु थांइ आयो। अनि शिक्षेहरु उस्लाइ समुन्द्र मांथि
हिंड़्दै गऱ्येको देखिकन घब्राये अनि भन्ये प्रेत् हो अनि तिनिहरु डर्ले
२७ चिच्याइ उठे। तर येशू तुरन्तै तिनिहरु सङ बोल्यो ढाड़स् गर मैं हुं न
२८ डराव भन्दै। अनि पत्रुस्ले उस्लाइ उत्तर् दिइ भन्यो हे प्रभु तपांइनै हौ
भन्ये देखि मंलाइ आफु थांइ पानी मांथि मांथि आउंनुलाइ अह्राउंनु
२९ हवस्। त उस्ले भन्यो आइज। अनि पत्रुस् नाउ बाटो ओह्र्ल्येर येशू
३० थांइ जांनुलाइ पानी मांथि मांथि हिंड़्नु लाग्यो। तर बतास् देखिकन
त्यो डरायो अनि डुब्नु लाग्येर चिच्याइ भन्यो हे प्रभु मंलाइ बचाउंनु
३१ हवस्। त येशूले तुरन्तै हात् पसाऱ्येर त्येस्लाइ समात्यो अनि त्येस्लाइ ए
३२ अल्पबिश्वासी किन दुब्धा गरिस् भन्यो। अनि जब तिनिहरु नाउमां
३३ चढ़ि गये तब बतास् घटि गयो। अनि जो जो नाउमां थिये तिनिहरुले
उस्लाइ प्रणाम् गरिकन भन्ये सांचिनै तपांइ ईश्वर्का पुत्र हौ।

३४ ३५ अनि तिनिहरु पारि पुग्येर पाखामां गनेसरत्मां उत्रे। अनि त्येस् ठांउका
पुरुष्हरुले उस्लाइ चिन्येर छेउ छाउको सबै देस्मां पठायेर सबै मधौराहरुलाइ
३६ उ थांइ ल्याये अनि तिनिहरुले उ सित खालि उस्को लुगाको छेउ
छुंनुलाइ बिन्ति गऱ्ये अनि जत्तिले छोये ति सबै निको पारीये ॥

१५ १ तब फरीसीहरु र शास्त्रीहरुले यरूसलम् बाटो येशू थांइ आयेर भन्ये
२ तिम्रा शिक्षेहरु पुर्खेउलिहरुको बेहोरा देखि किन तर्कि हिंड़्द छन् कसोगरि-

३ भन्ये तिनिहरुले जब रोटी खांद छन् तब हात् धुंदैनन्। अनि उस्ले
उत्तर् दिइ तिनिहरुलाइ भन्यो तिमिहरु पनि आफ्नु बेहोराको कारण्ले किन
४ ईश्वर्को आज्ञा देखि तर्कि हिंड्द छौ। कसोगरिभन्ये ईश्वर्ले भन्यो
आफ्नु पिता अनि आफ्नी मातालाइ मान्मनीतो गर् भनि अनि जस्ले
५ पिता कि माताको बिषय्मां कुबचन् गर्ला त्यो अवस्से मांरीओस्। तर
तिमिहरुचइंले भन्द छौ जस्ले आफ्नु पिता कि आफ्नी मातालाइ ज्ये
तिमिलाइ मं देखि उपता हुंने थियो त्यो संकल्पको भयो भनि भन्ला
६ त त्येस्ले आफ्नु पितालाइ मान्मनीतो न गरोम्। अनि तिमिहरुले आफ्नु
बेहोराको कारण्ले ईश्वर्को बचन्लाइ ब्यर्थ गरायेका छौ। ए कपटीहरु
७ हो यशैयाले तिमिहरुको बिषय्मां जाति अगम्बचन् कह्यो अर्थात्
८ येस् लोग्ले आफ्ना ओंठले मंलाइ मान्मनीतो गर्द छ तर तिनिहरुको
हिर्दय् मं देखि टाड़ो छ।
९ तिनिहरुले नाहक्मां मेरो भक्ति गर्द छन्
कसोगरिभन्ये मान्छेहरुइका आज्ञाहरु शिक्षा तुल्याइ सिकाउंद छन्।
१० अनि उस्ले धुइराहरुलाइ छेउ बोलायेर तिनिहरुलाइ भन्यो सुन अनि बूझ
११ ज्ये मुख्मां पस्द छ त्येस्ले मान्छेलाइ अपवित्र गर्दैन तर ज्ये मुख् बाटो
१२ निस्कंद छ त्येसैले मान्छेलाइ अपवित्र गर्द छ। तब शिक्षेहरुले आयेर
उस्लाइ भन्ये क्ये तपांइले जान्नु हुंद छ यो कुरो सुनिकन फरीसीहरु ठोकर्
१३ खुवाईये। तर उस्ले उत्तर् दिइ भन्यो सबै बिरुवा जो मेरो स्वर्गे पिताले
१४ रोप्येन उखेलींछ। तिनिहरुलाइ हुंनु देव तिनिहरु अन्धा अगुवाहरु हुन्।
अनि अन्धा अन्धाको अगुवा भयो भन्ये देखि दुवै खाड़ल्मां खस्छन्।
१५ अनि पत्रुस्ले उत्तर् दिइ उस्लाइ भन्यो येस् उखान्को बखान् हांमिहरुको
१६ लागि गर्नु हवस्। अनि उस्ले भन्यो क्ये तिमिहरु पनि ऐले सम्म निर्बुद्धि
१७ छौ। क्ये तिमिहरुले चाल् पाउंदौन ज्ये मुख्मां पस्द छ त्यो पेट्मां जाइ
१८ जांद छ अनि भकारामां आफालींद छ। तर ज्ये ज्ये कुरा मुख् बाटो
निस्कंद छन् ति हिर्दय् देखि निस्कंद छन् अनि तिनैले मान्छेलाइ अपवित्र
१९ गर्द छन्। कसोगरिभन्ये हिर्दय् देखि दुष्ट बिचार् हत्या जारी ब्यभिचार्
२० चोरी झूठो साक्षी निन्दा निस्कंद छन् यि हुन् मान्छेलाइ अपवित्र
गर्ने तर न धोयेका हात्ले खायेकोले मान्छेलाइ अपवित्र गर्दैन॥
२१ अनि येशू त्यहां बाटो निक्ल्येर सूर् र सीदोन्का जिल्ला हुंदो गयो।
२२ अनि हेर येउटी कनानी स्त्रीले सिमाना बाटो निक्ल्येर चिच्याइकन भनी

हे प्रभु दाऊद्का पुत्र मं मांथि दया गर्नु हवस् मेरी छोरील्हाइ सारो गरि
२३ भूत् लाग्येको छ। तर उस्ले त्येस्लाइ क्येइ पनि उत्तर् दियेन। अनि
उस्का शिक्षेहरुले छेउ आयेर उ सित मांगिकन भन्ये त्येस्लाइ बिदा दिंनु
२४ हवस् किनभन्ये त्यो हांमिहरुको पछिपछि चिच्याउंद छ। तर उस्ले
उत्तर् दिइ भन्यो इस्राएल्को जहान्का हरायेका भेंड़ाहरु देखि बाहिक् मं
२५ अरु थांइ पठाईयेको छुइंन। तर त्येस् स्त्रीले आयेर उस्लाइ प्रणाम् गरी
२६ हे प्रभु मेरो उपकार्मां आउंनु हवस् भन्दै। अनि उस्ले उत्तर् दिइ
भन्यो बालखहरुको रोटी लग्येर कुकुर्हरुलाइ आफालि दिंनु जाति छैन।
२७ तर त्येस्ले भनी ज्यु प्रभु किनभन्ये कुकुर्हरुले पनि जो चुर्चार् तिनिहरुका
२८ स्वामीहरुको मेज् देखि खस्द छन् ति खांद छन्। तब येशूले उत्तर् दिइ
त्येस्लाइ भन्यो हे स्त्री तेरो बिश्वास् बड़ो रछ तेरो इच्छे अन्सार् तेरो
लागि होइ जावस्। अनि त्येइ घरी देखि त्येस्की छोरी निकी भइ गई।
२९ अनि येशू त्यहां बाटो हिंड़ि गयेर गालील्को समुन्द्र निर आयो अनि
३० डांड़ामां चढ़ेर त्यहां बस्यो। अनि ठुला ठुला धुइराहरु आफु आफु सङ
खोरण्डेहरु अन्धाहरु लाटाहरु डुंड़ेहरु अनि धेरै अरुहरुलाइ लियेर उ थांइ
आये अनि तिनिहरुलाइ उस्का चरण्मां फ्यांकि दिये अनि उस्ले तिनिहरुलाइ
३१ बिसेक् गरायो यहां सम्म गरायो जब धुइराहरुले देख्ये लाटाहरु
बोल्द छन् डुंड़ेहरु निको हुंद छन् खोरण्डेहरु डुल्द छन् अनि अन्धाहरुले
देख्द छन् तब उदेक् मान्ये अनि तिनिहरुले इस्राएल्को ईश्वर्को महिमा
गर्‍ये॥

३२ अनि येशूले आफ्ना शिक्षेहरुलाइ छेउ बोलायेर भन्यो मं यो धुइरो
मांथि टिठाउंद छु किनभन्ये तिनिहरु अब तीन् दिन् देखि मं छेउ रह्येका
छन् अनि तिनिहरुकां क्येइ खांने थोक् छैन अनि तिनिहरुलाइ भोकै बिदा
गर्ने मेरो इच्छे छैन होइन भन्ये ता तिनिहरु बाटोमां हरान् पर्नेन्।
३३ अनि शिक्षेहरुले उस्लाइ भन्ये कहां देखि मुन्ने ठांउमां हांमिहरुकां येतिका
३४ रोटी हुंथ्ये जतिले येस्तो ठुलो धुइरो अघाईयेला। अनि येशूले तिनि-
हरुलाइ भन्ये तिमिहरुकां कतिवटा रोटी छन्। अनि तिनिहरुले भन्ये
३५ सात्वटा र अलिकता सांना सांना माच्छाहरु। अनि धुइरोलाइ भूइंमां
३६ बस्नु अह्रायेर उस्ले ति सात्वटा रोटी र माच्छाहरु लियो अनि
धन्नबाद् गरिकन भांच्यो अनि शिक्षेहरुलाइ दियो अनि शिक्षेहरुले धुइरा-
३७ हरुलाइ दिये। अनि सबै जनाले खाये अनि तृप्त भये अनि जो टुक्राहरु

३८ उब्रेका थिये तिनिहरुले ति सात् थुन्से भरि भरि उठाये। त खानेहरु
३९ स्त्रीहरु र बालखहरुलाइ छोड़ि चार हजार् पुरुष्हरु थिये। अनि उ
घुइराहरुलाइ बिदा गऱ्येर नाउमां चढ्यो अनि मगदान्का सिमानामां
आयो ॥

१६ १ अनि फरीसीहरु र सदूकीहरुले छेउ आयेर उस्को परीक्षा गर्नुको लागि
२ उ सित हांमिहरुलाइ स्वर्ग देखि कोई चिंनु देखाउ भनि मांग्ये। तर
उस्ले उत्तर् दिइ तिनिहरुलाइ भन्यो जब सांझ् पर्द छ तब तिमिहरुले
३ भन्द छौ घमाइलो दिन् हुंछ होला कसोगरिभन्ये स्वर्ग डड्यो। अनि
बिहानै आजु आंधी आउंछ होला कसोगरिभन्ये स्वर्ग धमीलो गरि डड्यो।
तिमिहरुले स्वर्गको रूप्का भेद् चिन्नु जांद छौ तर बेलाहरुका चिंनु जान्नु
४ सक्दौन। दुष्ट र ब्यभिचारी पुस्ताले चिंनु खोज्द छ अनि यूनस्को
चिंनु छोड़ि त्येस्लाइ क्येइ चिंनु दिईदैन। अनि उ तिनिहरुलाइ छोड़्यर
हिंड्यो ॥

५ ६ अनि शिक्षेहरु पारि पुग्ये अनि रोटी लिंनु बिर्से। अनि येशूले तिनि-
हरुलाइ हेर फरीसीहरु र सदूकीहरुको खमीर् देखि चंख बस भन्यो।
७ अनि तिनिहरुले आपस्तमां बिचार् गरिकन भन्ये हांमिहरुले रोटी ल्यायेका
८ छौंन र। अनि यो थाहा पाइकन येशूले भन्यो ए अल्पबिश्वासीहरु हो
तिमिहरुले आपस्तमां हांमिहरुले रोटी ल्यायेका छौंन भन्येर किन बिचार्
९ गर्द छौ। क्ये तिमिहरुले ऐले सम्म चाल पाउंदौन अनि न पांच्
हजार्का पांच्वटा रोटीहरुको सम्झना राख्द छौ अनि कत्ति डालो तिमिहरुले
१० उठायौ अनि न चार् हजार्का सात्वटा रोटीहरुको अनि, कत्ति थुन्से
११ तिमिहरुले उठायौ। तिमिहरुले कसोगरिकन चाल् पाउंदौन मैंले तिमि-
हरुलाइ रोटीको बिषय्मां भनिंन। तर तिमिहरु फरीसीहरु र सदूकी-
१२ हरुको खमीर् देखि चंख बस। तब तिनिहरुले उस्ले रोटीको खमीर्
देखि होइन तर फरीसीहरु र सदूकीहरुको सिकाई देखि चंख बस्नु भन्येको
हो रछ भनि बूझ्ये ॥

१३ अब येशूले कैसरिया फिलिपीका जिल्लामां आयेर आफ्ना शिक्षेहरुलाइ
१४ मान्छेहरुले क्ये भन्द छन् मान्छेको पुत्र को हो अरे भनि सोध्यो। अनि
तिनिहरुले भन्ये कत्तिले यूहन्ना बप्तिस्मा गर्ने कत्तिले एलिया अनि कत्तिले
१५ यरमिया कि अगम्बक्ताहरुमांको एक् जना हो भनि भन्द छन्। उस्ले
१६ तिनिहरुलाइ तर तिमिहरुचइंले क्ये भन्द छौ मं को हुं भनि सोध्यो। अनि

१७ शिमोन् पत्रुस्ले उत्तर् दिइ भन्यो तपांइ जीउंदो ईश्वर्का ख्रीष्ट हौ। त येशूले
उत्तर् दिइ त्येस्लाइ भन्यो ए शिमोन् बर्योना तं धन्न होस् किनभन्ये मांसु
र लोहूले होइन तर मेरो स्वर्गबासी पिताले यो तं मांथि प्रगटो गऱ्यो।
१८ अनि मं पनि तंलाइ भन्द छु तं पत्रुस् होस् अनि मं येस् शिलापत्थर्
मांथि आफ्नु मंडली बनाउंछु अनि पत्ताल्का ढोका त्येस् मांथि जिताहा
१९ हुंदैनन्। मं स्वर्गको राज्का ताल्चाहरु तंलाइ दिंछु अनि ज्ये तैंले
पृथिवीमां बान्ध्लास् त्यो स्वर्गमां बान्धीयेको हुंछ अनि ज्ये तैंले पृथिवीमां
२० फुकाउलास् त्यो स्वर्गमां फुकाईयेको हुंछ। तब उस्ले शिक्षेहरुलाइ तिनि-
हरुले येइ ख्रीष्ट हो भनि कसैलाइ न भनुन् भन्येर चेतायो।
२१ तब देखि येशूले आफ्ना शिक्षेहरुलाइ देखाउंनु लाग्यो खांचो छ मैंले
यरूसलम्मां जांनु अनि प्राचीन्हरु र मूल्पूजाहारीहरु र शास्त्रीहरु देखि
२२ धेरै दुख भोग्नु अनि मांरींनु अनि तीस्रो दिन्मां बौराईनु भनि। अनि
पत्रुस्ले उस्लाइ छेउ लग्येर अनि येसो भनिकन उस्लाइ हर्कानु लाग्यो
२३ तपांइ मांथि कृपा रहोस् हे प्रभु यो तपांइलाइ कैलेइ हुंदैन। तर उस्ले
पत्रुस् तिर फर्क्येर भन्यो ए शैतान् मेरो सांमु देखि दूर हो तं मेरो
लागि ठोकर् रैछस् कसोगरिभन्ये तैंले ईश्वर्का होइन तर मान्छेहरुका
२४ कुराको मन् गर्द छस्। तब येशूले आफ्ना शिक्षेहरुलाइ भन्यो कसैले
मेरो पछि आउंने इच्छे गर्द छ भन्ये आफ्नु मन् मांरोस् अनि आफ्नु क्रूस्
२५ बोकोस् अनि मंलाइ पछ्यावस्। किनभन्ये जस्ले आफ्नु प्राण् बचाउंने
इच्छे गर्द छ त्येस्ले त्यो हराउंछ अनि जस्ले मेरो लागि आफ्नु प्राण्
२६ हराउला त्येस्ले त्यो पाउंछ। किनभन्ये मान्छेले स्यांट्टै संसार् हात्
पाऱ्यो अनि आफ्नु प्राण् चइं गुमायो भन्ये त्येस्लाइ क्ये नाफा हुंछ कि
२७ मान्छेले आफ्नु प्राण्को क्ये साटो दिंछ। किनभन्ये मान्छेको पुत्र आफ्ना
दूत्हरु सङ आफ्नु पिताको महिमामां आउंछ अनि तब उस्ले जनंगैलाइ त्येस्का
२८ कार्ज्ये अन्सार्को साटो दिंछ। मं तिमिहरुलाइ सांचो भन्द छु जो जो
यहां उभीयेका छन् तिनिहरुमांका कोई कोई छन् जस्ले जैले सम्म मान्छेको
पुत्रलाइ आफ्नु राज्मां आउंदै गऱ्येको देख्दैनन् तैले सम्म मृत्यु चाख्दैनन्॥
१७ १ अनि छ दिन् पछि येशूले पत्रुस् र याकूब् र त्येस्को भाई यूहन्नालाइ
सङ लियो अनि तिनिहरुलाइ येउटा अल्गो डांड़ा मांथि एकान्तमां लग्यो
२ अनि तिनिहरुको सांमु उस्को रूप् फेरीयो अनि उस्को मुख् सूर्ज झैं
३ चम्क्यो अनि उस्को बस्त्र ज्योति जस्तो उज्जर भयो। अनि हेर मूसा र

४ एलिया उ सित बोल्दै तिनिहरुकां देखाहा पऱ्ये। त पत्रुस्ले येशूलाइ
उत्तर् दिइ भन्यो हे प्रभु हांमिहरुको लागि यहां हुंनु जाति रछ तपांइको
इच्छे भयो भन्ये मं यहां तीन्वटा डेरा बनाउंछु येउटा तपांइको लागि र
५ येउटा मूसाको लागि अनि येउटा एलियाको लागि। त्यो बोल्दैनै थियो हेर
येउटा उजियालो मेघ्ले तिनिहरु मांथि छाया पारि दियो अनि हेर त्येम्
मेघ् बाटो यो शब्द भयो यो मेरो प्रिय पुत्र हो जस्मां मं खुशि छु
६ तिमिहरुले उस्को सुन भन्ने। अनि शिक्षेहरु यो सुनिकन घोप्टो पऱ्ये अनि
७ अग्घोर् डराये। अनि येशूले छेउ आयेर तिनिहरुलाइ छोयेर उठ अनि
८ न डराव भन्यो। त तिनिहरुले आफ्ना आंखा उचाल्येर कसैलाइ देख्येनन्
खालि येशूलाइ मात्रै ॥

९ अनि जब तिनिहरु डांड़ा बाटो ओह्लंदै थिये तब येशूले तिनिहरुलाइ
येसो भनिकन आज्ञा दियो जैले सम्म मान्छेको पुत्र मुर्दाहरु देखि बौराईदैन
१० तैले सम्म यो दर्शन कसैलाइ न भन। अनि उस्का शिक्षेहरुले येसो
भनिकन उ सित सोध्ये त शास्त्रीहरुले पहिले एलियाले आउंनु खांचो छ
११ भन्येर किन भन्द छन्। त उस्ले उत्तर् दिइ भन्यो एलिया ता आउंद
१२ छ अनि सब् थोक् फेरि सच्याउंछ तर मं तिमिहरुलाइ भन्द छु
एलिया आइ सक्येको छ अनि तिनिहरुले त्येस्लाइ चिन्येनन् तर जस्तो
इच्छे गऱ्ये त्येस्तो त्यो सङ गऱ्ये। येस्तै रीत्ले मान्छेको पुत्रले पनि
१३ तिनिहरु देखि दुख भोग्नु आंटेऱको छ। तब शिक्षेहरुले उस्ले यूहन्ना
बप्तिस्मा गर्नेको बिषय्मां हांमिहरुलाइ भन्यो भनि बूझ्ये ॥

१४ अनि जब तिनिहरु धुइरोको नजिक् पुग्ये तब येउटा मान्छेले उ थाइ
१५ आयेर घुंड़ा टेकि भन्यो हे प्रभु मेरो छोरो मांथि दया गर्नु हवस्
किनभन्ये त्येस्लाइ छारेरोग् लाग्येको छ अनि त्येस्ले सारो दुख भोग्द छ
१६ कसोगरिभन्ये त्यो बारंबार् आगोमां र बारंबार् पानीमां लड़्द छ। अनि
मैले त्येस्लाइ तपांइका शिक्षेहरु थांइ ल्यायें अनि तिनिहरुले त्येस्लाइ
१७ बिसेक् गराउंनु सक्येनन्। त येशूले उत्तर् दिइ भन्यो ए अविश्वासी र
अट्टेरि पुस्ता मं कैले सम्म तिमिहरु सङ रहुंला कैले सम्म तिमिहरुलाइ
१८ सहुंला त्येस्लाइ यहां मं थांइ ल्याव। अनि येशूले त्येस्लाइ हकाऱ्यो
अनि भूत् त्येस् देखि निस्कि गयो अनि केटो त्येइ घरी देखि बिसेक् भइ
१९ गयो। तब शिक्षेहरुले एकान्तमां येशू थांइ आयेर हांमिहरुले त्येस्लाइ
२० किन निकाल्नु सक्यूंन भन्ये। अनि उस्ले तिनिहरुलाइ भन्यो तिमिहरुको

अल्पविश्वास्‌को कारण्‌ले किनभन्ये मं तिमिहरुलाइ सांचो भन्द छु तिमि-
हरुमां रायोको गेड़ा जत्रो बिश्वास् छ भन्ये देखि येस् डांड़ालाइ यहां
बाटो वहां सरि जा भन्यौ भन्ये देखि त्यो सरि जांछ अनि क्येइ तिमिहरु
२१ देखि असाद्धे हुंदैन। (तरै पनि येस् प्रकार्‌को अरु कसै उपाय्‌ले निस्कंदैन
प्रार्थना र उपास्‌ले मांत्रै) ॥
२२ अनि जब तिनिहरु गालील्‌मां बस्द थिये तब येशूले तिनिहरुलाइ भन्यो
२३ मान्छेको पुत्र मान्छेहरुका हात्‌मां पकराइ दिईनु आंटेग्रको छ अनि
तिनिहरुले उस्लाइ मांर्छन् अनि उ तीस्रो दिन्‌मां बौराईछ। अनि
तिनिहरु अग्घोर कष्टित् भये ॥
२४ अनि जब तिनिहरु कफर्नाहुम्‌मां आये तब मन्दिर्‌को तीरो उठाउंनेहरुले
पत्रुस् थांइ आयेर क्ये तिमिहरुको गुरुले मन्दिर्‌को तीरो तिर्दैन भन्येर
२५ भन्ये। त्येस्ले भन्यो अं दिंछ। अनि जब त्यो घर्‌मां आयो तब त्यो
बोल्नु भन्दा पहिले येशूले त्येस्लाइ भन्यो ए शिमोन् तैंले क्ये ठान्द छस्
पृथिवीका राजाहरुले जगात् कि कर् कुन् देखि लिंद छन् आफ्ना छोराहरु
२६ देखि कि परायहरु देखि। अनि त्येस्ले परायहरु देखि भन्येकोमां येशूले
२७ त्येस्लाइ भन्यो उमो भये ता छोराहरु चइं छुटेग्रका राछन्। तर हांमिहरुले
तिनिहरुलाइ ठोकर् न खुवाउंनुको लागि तैंले गयेर समुन्द्रमां बल्छि हाल्
अनि जुन् माच्छा पहिले निक्लला त्यो ले र त्येस्को मुख् उघार्दा तैंले येउटा
ढ्याक् रुपिया पाउंछस् त्यो लग्येर मेरो र आफ्नु लागि तिनिहरुलाइ दे ॥

१८ १ त्येइ घरी शिक्षेहरुले येशू थांइ आयेर त स्वर्गको राज्‌मां बड़ा को छ
२ भन्ये। अनि उस्ले येउटा बालखलाइ छेउ बोलायेर त्येस्लाइ तिनिहरुको
३ मांझमां उभ्यायो अनि भन्यो मं तिमिहरुलाइ सांचो भन्द छु तिमिहरु
फर्क्योंन अनि बालख जस्ता बनीयौन भन्ये देखि तिमिहरु कसै परिले
४ स्वर्गको राज्‌मां पस्दौन। येस्कारण् जस्ले आफुलाइ यो बालख जस्तो
५ दीन् तुल्याउला त्येइ स्वर्गको राज्‌मां बड़ा छ। अनि जस्ले मेरो नांउले
६ येस्तो येउटा बालखलाइ ग्रहण् गर्ला त्येस्ले मैंलाइ ग्रहण् गर्द छ। तर
जस्ले मं मांथि बिश्वास गर्ने यि छोटाहरुमांको येउटालाइ ठोकर् खुवाउला
न त्येस्को लागि येइ भलो हुंने थियो ठुलो जांतोको पाटा त्येस्को गलामां
७ झुंड्याउंनु अनि त्येस्लाइ अघात् समुन्द्रमां डुबाउंनु। ठोकर्‌का कारण्‌ले
हाय् संसार् मांथि कसोगरिभन्ये ठोकर्‌का कारणले आउंनु खांचो छ तरै
पनि हाय् त्येस् मान्छे मांथि जस्को बाटोले ठोकर्‌को कारण आउंद छ।

८ त तेरो हात्ले कि तेरो पाउले तंलाइ ठोकर् खुवायो भन्ये देखि त्येस्लाइ
काटि दे अनि आफु देखि आफालि दे। तेरो लागि बरु डुंड़े कि खोरण्डे
भइकन जीउंनिमां पस्नु दुइ हात् कि दुइ पाउ रहंदै अनन्त आगोमां
९ आफालींनु भन्दा जाति छ। अनि तेरो आंखाले तंलाइ ठोकर् खुवायो
भन्ये देखि त्येस्लाइ निकालि दे अनि आफु देखि आफालि दे। तेरो
लागि बरु कांना भइकन जीउंनिमां पस्नु दुइ आंखा रहंदै नर्कको आगोमां
१० आफालींनु भन्दा जाति छ। हेर तिमिहरुले यि छोटाहरुमांको येउटालाइ
तुच्छ न ठान किनभन्ये मं तिमिहरुलाइ भन्द छु स्वर्गमां तिनिहरुका
११ दूत्हरुले मेरो स्वर्गबासी पिताको मुख् सदा हेर्द छन्। (किनभन्ये
१२ मान्छेको पुत्र हरायेकोलाइ बचाउंनुलाइ आयो)। तिमिहरुले क्ये ठान्द
छौ कसै मान्छेका सैवटा भेंड़ा छन् अनि तिनिहरुमांको येउटा भर्म्यो भन्ये
क्ये त्येस्ले ति उनन्सैवटालाइ छोड़िकन अनि पहाड् हुंदो गइकन त्येम्
१३ भर्म्येकोलाइ खोज्दैन। अनि येसो भयो त्येस्ले त्यो पायो भन्ये देखि
मं तिमिहरुलाइ सांचो भन्द छु त्येस्ले ति न भर्म्येका उनन्सैवटा मांथि
१४ भन्दा त्येम् येउटा मांथि ज्यास्ति रमाहट् गर्द छ। येस्तैगरिकन
तिमिहरुको स्वर्गबासी पिताको इच्छे छैन यि छोटाहरुमांको येउटा नष्ट
हवम् भन्ने॥

१५ अनि तेरो भाईले तेरो अपराध् गर्‍यो भन्ये देखि जाइ जा अनि त्यो
सङ एकान्तमां भइकन त्येस्को दोष् त्येम् मांथि प्रगटो गर् त्येस्ले तेरो सुन्यो
१६ भन्ये देखि तैंले आफ्नु भाई हात् पारिस्। तर त्येस्ले सुन्येन भन्ये देखि
आफु सङ एक् कि दुइ जना अरु ले र दुइ कि तीन् साक्षीहरुका मुख्
१७ देखि सबै कुरो ठहराईओस्। त्येस्ले तिनिहरुका मान्येन भन्ये देखि
मंडलीलाइ भन् अनि त्येस्ले मंडलीको पनि मान्येन भन्ये देखि त्यो तेरो
१८ लेखि अन्यदेसी र जगाति सरि हवस्। मं तिमिहरुलाइ सांचो भन्द छु
ज्ये ज्ये तिमिहरुले पृथिवीमां बान्धौला ति स्वर्गमां बान्धीयेका हुंछन् अनि
ज्ये ज्ये तिमिहरुले पृथिवीमां फुकाऔला ति स्वर्गमां फुकाईयेका हुंछन्।
१९ फेरि मं तिमिहरुलाइ भन्द छु तिमिहरुमांका दुइ जनाले पृथिवीमां क्येइ
कुरोको बिषय्मां ज्ये मांग्नन् कबोल्ये भन्ये देखि त्यो मेरो स्वर्गबासी
२० पिताको पट्टि बाटो तिनिहरुको लागि होइ जांछ। कसोगरिभन्ये जहां
दुइ कि तीन् जना मेरो नांउमां भेला भयेका छन् त्यहां मं तिनिहरुको
मांझमां छु॥

२१ तब पत्रुस्ले छेउ आयेर उस्लाइ हे प्रभु कत्ति खेप् मेरो भाईले मेरो
अपराध् गरोस् अनि मं त्येस्लाइ क्षमा गरुं क्ये सात् खेप् सम्म भनि भन्यो।
२२ येशूले त्येस्लाइ भन्यो मं तंलाइ भन्द छु सात् खेप् सम्म होइन तर
२३ सत्तरि गुणा सात् खेप् सम्म। येस्कारण् स्वर्गको राज् येउटा राजा
२४ जस्तो छ जस्ले आफ्ना दास्हरु सङ लेखा लिंने इच्छे गऱ्यो। अनि जब
त्येस्ले लेखा लिंनु लाग्यो तब एक् जना त्यो थांइ ल्याईयो जो त्येस्को दस्
२५ हजार् तोड़ाको ऋणी थियो। तर तिरि दिंनुलाइ त्यो थांइ क्येइ थियेन
येस्कारण् त्येस्को प्रभुले अह्रायो त्यो र त्येस्की स्वास्नी र लालाबाला
२६ अनि ज्ये ज्ये त्येस्का छन् ति बेचीउन् र तिरीओस्। येस्कारण् दास्ले
घोप्टो पऱ्येर उस्लाइ प्रणाम् गरि भन्यो प्रभुज्यु मं मांथि धीरज् धर्नु हवस्
२७ न मं आफुका सबै तिरि दिंछु। अनि त्येस् दास्को प्रभुले टिठाइकन
२८ त्येस्लाइ छोड़ि दियो अनि त्येस्को ऋण् क्षमा गरि दियो। तर त्येसै
दास्ले बाइर गयेर आफ्ना साथी दास्हरुमांको येउटालाइ भेट्यो जो
त्येस्को सै सुकाको ऋणी थियो अनि त्येस्लाइ समातिकन गला अंठ्यायेर
२९ भन्यो जतिको ऋणी छस् त्यो तिरि दे। येस्मां त्येस्को साथी दास्ले
घोप्टो पऱ्येर त्यो सित बिन्ति गरि भन्यो मं मांथि धीरज् धर्नु हवस् अनि
३० मं तपांइको तिरि दिंछु। अनि त्येस्ले इच्छे गऱ्येन तर गयेर त्येस्लाइ
जतिको ऋणी थियो त्यो न तिरुंज्याल् सम्मको लागि झेल्खान्मां आफालि
३१ दियो। येस्मां त्येस्का संगी दास्हरुले ज्ये भयेको थियो त्यो देख्येर
अग्घोर् कष्टित् भये अनि गयेर सबै ज्ये भयेको थियो त्यो आफ्नु प्रभुलाइ
३२ कहि दिये। तब त्येस्को प्रभुले त्येस्लाइ छेउ बोलायेर त्येस्लाइ भन्यो
एइ दुष्ट दास् तैंले मं सित बिन्ति गरिस् येस्कारण् मैंले त्यो सबै ऋण्
३३ तंलाइ क्षमा गरि दियें। जस्तो मैंले तं मांथि दया गऱ्यें त्येस्तै क्ये तैंले
३४ पनि आफ्नु संगी दास् मांथि दया गर्नु उचित् थियेन। अनि त्येस्को
प्रभुले क्रोध् गरिकन पीरा दिंनेहरुलाइ जतिको त्यो ऋणी थियो त्यो सबै
३५ न तिरि दिउंज्याल् सम्मको लागि त्येस्लाइ पकराइ दियो। त्येस्तैगरि
मेरो स्वर्गे पिताले पनि तिमिहरु सङ गर्छ तिमिहरु जनंगेले आफ्नु भाईलाइ
हिर्दय् समेत्ले क्षमा गऱ्यौन भन्ये देखि॥

१९ १ अनि येसो भयो जब येशूले यि कुरा भनि सक्यो तब गालील् छोड़्येर
२ यर्दन् देखि पारि यहूदियाका सिमानामां उठि गयो अनि ठुला धुइरा-
हरुले उस्लाइ पछ्याये अनि उस्ले तिनिहरुलाइ त्यहां बिसेक् गरायो॥

३ अनि फरीसीहरुले उ थांइ आयेर उस्को परीक्षा गर्नुको लागि भन्ये क्ये
४ मान्छेले सबै कारण्ले आफ्नी स्वास्नीलाइ त्यागनु उचित् छ। अनि
उस्ले उत्तर् दिइ भन्यो क्ये तिमिहरुले पऱ्येका छौन थाल्नि देखि तिनि-
५ हरुलाइ बनाउंनेले नर् र नारी बनायो अनि भन्यो येस्कारण् मान्छेले
आफ्ना मातापितालाइ छोड्छ अनि आफ्नी स्वास्नी सङ मिलि रहंछ
६ अनि ति दुइ एक् जीउ हुंछन। त तिनिहरु फेरि दुइ होइनन् तर एक्
जीउ। येस्कारण् ज्ये ईश्वर्ले सङ जोऱ्येको छ त्येस्लाइ मान्छेले अलग्
७ न गरोस्। तिनिहरुले उस्लाइ भन्ये त किन मूसाले त्यागपत्र दिंने अनि
८ त्येस्लाइ त्यागने आज्ञा गऱ्यो। उस्ले तिनिहरुलाइ भन्यो मूसाले तिमि-
हरुको हिर्दयको कठोरेईको कारण्ले तिमिहरुलाइ आफ्नी आफ्नी स्वास्नी-
९ लाइ त्यागनु दियो तर थाल्नि देखि येस्तो थियेन। अनि मं तिमिहरुलाइ
भन्द छु जस्ले ब्यभिचार्को कारण् बाहिक् आफ्नी स्वास्नीलाइ त्यागला
अनि अर्कीलाइ ब्याहा गर्ला त्येस्ले ब्यभिचार गर्द छ अनि त्यागीयेकीलाइ
१० ब्याहा गर्नेले ब्यभिचार् गर्द छ। शिक्षेहरुले उस्लाइ भन्ये लोग्नेको गत्
११ स्वास्नी सङ येस्तो रछ भन्ये देखि ना ब्याहा गर्नु भलो रैनछ। तर
उस्ले तिनिहरुलाइ भन्यो सबैले यो बचन् ग्रहण् गर्नु सक्दैनन् तर तिनि-
१२ हरुले मांत्रै जस् जस्लाइ दिईयेको छ। कसोगरिभन्ये कत्ति मेहेरि छन्
जो माताको गर्भै देखि येस्ता जन्मे अनि कत्ति मेहेरि छन् जो मान्छेहरु
देखि मेहेरि पारीये अनि कत्ति मेहेरि छन् जस्ले स्वर्गको राज्को लागि
आफुलाइ मेहेरि पाऱ्ये। ग्रहण् गर्नु सक्नेले ग्रहण् गरोस्॥
१३ तब बालखहरु उ थांइ ल्याईये उस्ले आफ्ना हात् तिनिहरु मांथि
राखोस् अनि प्रार्थना गरोस् भन्ये खातिर्ले अनि शिक्षेहरुले तिनिहरुलाइ
१४ हकाऱ्ये। तर येशूले भन्यो बालखहरुलाइ मं थांइ आउंनु देव अनि
१५ तिनिहरुलाइ न थुन किनभन्ये स्वर्गको राज् येस्तैहरुको हो। अनि उ
तिनिहरु मांथि आफ्ना हात् राख्येर त्यहां बाटो हिंड्यो॥
१६ अनि हेर येउटाले छेउ आयेर उस्लाइ भन्यो गुरुज्यु मं कुन् चइं भलो
१७ काम् गरुं र अजम्मरे जीउंनि पाउं। अनि उस्ले त्येस्लाइ भनि दियो
तैंले मं सित भलोको बिषयमां किन सोध्द छस्। एक् छ जो भलो
छ तर तैंले जीउंनिमां पस्ने इच्छे गर्द छस् भन्ये देखि आज्ञाहरु मान्।
१८ त्येस्ले उस्लाइ भन्यो कुन् चइं। अनि येशूले भन्यो यि तैंले हत्या न गर्
१९ तैंले ब्यभिचार् न गर् तैंले चोरी न गर् तैंले झूठो साक्षी न दे तैंले

आफ्नु पिता र मातालाइ मान्मनीतो गर् अनि तैंले आफ्नु क्षिमेकि
२० सङ आफु सङ झैं प्रेम् गर् भन्ने। त्येस् तन्हेरिले उस्लाइ भन्यो यि
सबैंको ता मैंले जगेरा गर्‍येको छु अब मंलाइ फेरि क्येको घटि छ।
२१ येशूले त्येस्लाइ भन्यो तैंले सिद्ध हुंने इच्छे गर्द छस् भन्ये देखि हिंड़ि जा
आफ्नु धन् सम्पति बेच्येर कंगालिहरुलाइ दे अनि तैंले स्वर्गमां धन्
२२ पाउंछस् अनि आइज मंलाइ पछ्या। तर तन्हेरि यो बचन् सुन्येर
कष्टित् हुंदै हिंड़ि गयो किनभन्ये त्यो अग्घोर् धनाढ्य थियो॥
२३ अनि येशूले आफ्ना शिक्षेहरुलाइ भन्यो मं तिमिहरुलाइ सांचो भन्द
२४ छु धनी मान्छे स्वर्गको राज्मां कठिन् सङ पस्छ। अनि फेरि मं तिमि-
हरुलाइ भन्द छु ईश्वर्को राज्मां धनी मान्छेलाइ पस्नु भन्दा ता बरु
२५ ऊंट्लाइ सीयोको नाथ्री बाटो छिरि जांनु सहज् छ। अनि शिक्षेहरुले
यो सुनिकन अग्घोर् मुर्छा पर्‍येर भन्ये तब ता को बचाईनु सक्द छ।
२६ येशूले तिनिहरु मांथि दृष्टि गरिकन तिनिहरुलाइ भन्यो मान्छेहरु पट्टि
बाटो ता यो हुंनु न सक्ने छ तर ईश्वर्को पट्टि बाटो सबै कुरा हुंनु
२७ सक्ने छन्। तब पत्रुस्ले उत्तर् दिइ उस्लाइ भन्यो हेर्नु हवम् हांमिहरुले
सब् थोक् छोड्यूं अनि तपांइलाइ पछ्रायूं त हांमिहरुलाइ क्ये हुंछ।
२८ अनि येशूले तिनिहरुलाइ भन्यो मं तिमिहरुला सांचो भन्द छु नया
सृष्टिमां जब मान्छेको पुत्र आफ्नु महिमाको सिंहासन्मां बस्छ तब तिमि
मंलाइ पछ्राउंनेहरुले पनि बारह् सिंहासन्हरुमां बसिकन इस्राएल्का बारह्
२९ कुल्हरुको बिचार् गर्छौ। अनि सबै जस्ले घर्हरु कि भाईहरु कि बैंनीहरु
कि पिता कि माता कि बालखहरु कि जिमीन्हरुलाइ मेरो नांउको कारण्ले
छोड़ि दियेको छ त्येस्ले सै गुणा पाउंछ अनि अजम्मरे जीउंनिको अधिकारी
३० हुंछ। तर बहुतै जो पहिला छन् पछिल्ला हुंछन् अनि पछिल्ला पहिला।
२० १ कसोगरिभन्ये स्वर्गको राज् कोई घर्को स्वामी जस्तो छ जो
आफ्नु दाख्को बारीमां खेतालाहरुलाइ बंनिमां लगाउंनुको लागि सखारै
२ निक्ल्यो। अनि त्येस्ले खेतालाहरु सङ दिन्भरिको एक् एक् सुका
३ कबोल्येर तिनिहरुलाइ आफ्नु दाख्को बारीमां पठायो। अनि जब पहर्
एक् दिन् चढ्यो तब त्येस्ले बाहिर गयेर अरुहरुलाइ चोक्मां बिकाम्
४ उभीइ रह्येका देख्यो अनि तिनिहरुलाइ भन्यो तिमिहरु पनि दाख्को
बारीमां हिंड़ि जाव अनि नियाले जो भेट्ला मं तिमिहरुलाइ दिउंला।
५ अनि तिनिहरु गये। फेरि त्येस्ले दोस्रो अनि तीस्रो पहर् पुंड़ो गयेर

६ त्येसै गन्यो। अनि घरी एक् दिन् रहंदा त्येस्ले बाइर गयेर अरुहरुलाइ
उभीइ रह्येका भेटायो अनि तिनिहरुलाइ भन्यो तिमिहरु किन यहां
७ दिन्भरि बिकाम्मां उभीइ रह्येका छौ। तिनिहरुले त्येस्लाइ भन्ये
किनभन्ये कसैले हांमिहरुलाइ बंनिमां लगायेन। त्येस्ले तिनिहरुलाइ भन्यो
८ तिमिहरु पनि दाख्को बारीमां हिंड़ि जाव। अनि जब सांझ् पऱ्यो तब
दाख्को बारीको प्रभुले आफ्नु काम्दारीलाइ भन्यो खेतालाहरुलाइ बोला
र पछिल्लाहरु देखि थालिकन पहिलाहरु सम्म तिनिहरुलाइ बंनि दिहाल्।
९ अनि जब तिनिहरु आये जो घरी एक् दिन् रहंदाखेरि काम्मां आयेका
१० थिये त तिनिहरुले एक् एक् सुका पाये। अनि जब पहिलाहरु आये तब
ठान्ये हांमिहरुले ता बेसि बेसि पाऊंला भनि अनि तिनिहरुले पनि एक्
११ एक् सुकानै पाये। अनि तिनिहरुले त्यो पायेर घर्को स्वामी मांथि
१२ गन्गनाइ भन्ये यि पछिल्लाहरुले एकै घरी मांत्रै गन्ये अनि तपांइले
तिनिहरुलाइ हांमि दिन्भरिको भार् र घांम् उठाउंनेहरुकै बराबर् तुल्याउंनु
१३ भयो। तर त्येस्ले तिनिहरुमांको येउटालाइ उत्तर् दिइ भन्यो ए साथी
मं तं मांथि अन्ये गर्दींन क्ये तैंले मं सङ एक् सुकाको कबोल् गरिनस्।
१४ आफ्नु उठायेर हिंड़ि जा जति तंलाइ त्येतिनै येस् पछिल्लोलाइ पनि दिंने
१५ मेरो इच्छे छ। क्ये मंलाइ ज्ये मेरा छन् ति देखि आफ्नु इच्छे गर्नु
१६ उचित् छैन कि क्ये तेरा आंखा दुष्ट छन् किनभन्ये मं भलो छु। येस्तै
गरिकन पछिल्ला पहिला हुंछन् अनि पहिला पछिल्ला॥
१७ अनि येशूले यरूसलम्मां चढ़ि जांदाखेरि बारह् शिक्षेहरुलाइ एकान्तमा
१८ सङ लगिकन बाटोमां तिनिहरुलाइ भन्यो हेर हांमिहरु यरूसलम्मां
चढ़ि जांद छौं अनि मान्छेको पुत्र मूल्पूजाहारीहरु र शास्त्रीहरुलाइ पकराइ
१९ दिईछ अनि तिनिहरुले उस्लाइ काल्को लागि ठहराउंछन् अनि उ
सित ठट्टा गर्नु र कोर्रा लाउंनु र क्रूसमां चढ़ाउंनुको लागि उस्लाइ अन्य-
देसीहरुलाइ पकराइ दिंछन् अनि तीस्रो दिन्मां उ बौराईछ॥
२० तब जबदीका छोराहरुकी आंमाले आफ्ना छोराहरु सङ उ थांइ आयेर
२१ प्रणाम् गरिकन उ सित क्येइ मांगी। अनि उस्ले त्येस्लाइ भन्यो तेरो
क्ये इच्छे छ। त्येस्ले उस्लाइ भनी भनि दिंनु हवस् र यि मेरा दुइ
भाई छोराहरु तपांइको राज्मां एक् तपांइको दाहींनो हात् पट्टि एक्
२२ तपांइको बांउ हात् पट्टि बसुन्। तर येशूले उत्तर् दिइ भन्यो तिमिहरुले
हांमिहरु क्ये मांग्द छौं भनि जान्दौन। जुन् कटौरा मैंले पीउंनु आंटेको

छ क्ये त्यो तिमिहरुले पीउंनु सक्‌द छौ। तिनिहरुले उस्लाइ भन्ये सक्‌द
२३ छौं। उस्ले तिनिहरुलाइ भन्यो तिमिहरुले मेरो कटौरा पीउंनु ना
पीऔला तर मेरो दाहींनो हात् पट्टि र मेरो बांउ हात् पट्टि बस्नु मेरो
दिवाईमां होइन तर जस् जस्को लागि मेरो पिता देखि तियार् बनाईयेको
२४ छ तिनिहरुको लागि हो। अनि दसैं यो सुनिकन ति दुइ भाईको
२५ बिषय्मां रिसाये। तर येशूले तिनिहरुलाइ छेउ बोलायेर भन्यो तिमिहरुले
जान्द छौ अन्यदेसीहरुका मालिक्‌हरुले तिनिहरु मांथि हुकुम् चलाउंद छन्
अनि तिनिहरुका बड़ा हुंनेहरुले तिनिहरु मांथि अधिकार् चलाउंद छन्।
२६ तिमिहरुचइंमां येसो हुंदैन तर जस्ले तिमिहरुचइंमां बड़ा हुंने इच्छे गर्द
२७ छ त्यो तिमिहरुको सेवाइते हुंछ अनि जस्ले तिमिहरुचइंमां पहिलो
२८ हुंने इच्छे गर्द छ त्यो तिमिहरुको दास् हुंछ जसोगरिकन मान्छेको
पुत्र सेवा पाउंनु होइन तर सेवा गर्नु र बहुतैंको उद्धार्को लागि आफ्नु
प्राण् दिंनुलाइ आयो॥

२९ अनि उनिहरु यरीहो देखि निक्लंदाखेरि ठुलो धुइरोले उस्लाइ पछ्यायो।
३० अनि हेर दुइ जना बाटोको छेउमां बसि रहंने अन्धाहरुले जब येशू यहां
बाटो जांदै छ भन्येको सुन्ये तब करायेर भन्ये हे प्रभु दाऊद्का पुत्र
३१ हांमिहरु मांथि दया गर्नु हवस्। अनि धुइरोले तिनिहरुलाइ चुप् रहुन्
भनि हकार्‍ये तर तिनिहरुले झन् सारो करायेर भन्ये हे प्रभु दाऊद्का
३२ पुत्र हांमिहरु मांथि दया गर्नु हवस्। अनि येशूले अड़ीयेर तिनिहरुलाइ
बोलायेर भन्यो मैंले तिमिहरुको लागि क्ये गर्नु भन्ने तिमिहरुको इच्छे छ।
३३ तिनिहरुले उस्लाइ भन्ये हे प्रभु हांमिहरुका आंखा उघारीउन् भन्ने।
३४ अनि येशूले टिठायेर तिनिहरुका आंखा छोयो अनि तुरन्तै तिनिहरुले फेरि
देख्नु लाग्ये अनि उस्लाइ पछ्याये॥

२१ १ अनि जब तिनिहरु यरूसलम्को नजिक् पुग्ये अनि जैतून् डांड़ामां
बैत्फगा सम्म आये तब येशूले दुइ जना शिक्षेहरुलाइ येसो भनि पठायो
२ तिमिहरुको सांमु भयेको गांउमां जाव अनि तुरन्तै तिमिहरुले येउटी
गदहीलाइ बान्धि राख्येकी अनि त्यो सङ बच्चालाइ भेटाउंछौ तिनिहरुलाइ
३ फुकायेर मं थांइ ल्याव। अनि कसैले तिमिहरुलाइ क्येइ भन्यो भन्ये
देखि प्रभुलाइ यिनको खांचो छ भनि भन त त्येस्ले ति तुरन्तै पठाइ
४ दिंछ। अब यो येस् खातिर्ले भयो अगम्बक्ताको बाटोले भनीयेको
बचन् पूरो हवस् अर्थात्

५ मैहूनकी छोरीलाइ भनि देव
हेर् नेरो राजा तं थांइ आउंदै छ
नरम् अनि गदाहा मांथि चढ़ेको
अनि भारि बोका गदही देखि जन्मेको बच्चा मांथि ।
६ अनि शिक्षेहरुले गयेर जसो येशूले तिनिहरुलाइ आज्ञा गऱ्येको थियो त्यसै
७ गऱ्ये अनि गदही र बच्चालाइ ल्याये अनि ति मांथि आफ्ना लुगा
८ हाल्ये अनि उ तिनमां बस्यो। अनि धुइरोमांका धेर्जसो लोग्ले आफ्ना
आफ्ना लुगा बाटोमां ओछ्याये अनि अरुहरुले रुखहरु देखि डाला काटिकन
९ बाटो हुंदो ओछ्याये। अनि उस्को अघि जांने अनि पछि आउंने
धुइराहरु येसो भन्दै भन्दै कराये दाऊद्का पुत्रलाइ होशन्ना धन्न हो प्रभुको
१० नांउमां आउंने परम्धाम्मां होशन्ना। अनि जब उ यरूसलम्मां आइ
११ पुग्यो तब सब् सहरैले थर्थराइ भन्यो यो को हो। अनि धुइराहरुले
भन्ये यो गालीलको नासरत् देखि भयेको अगम्बक्ता येशू हो ॥
१२ अनि येशू ईश्वरको मन्दिर्मां गयो अनि मन्दिर्मां बेच्ने र किन्नेहरु
सबैलाइ निकालि दियो अनि सर्राफिहरुका मेज् र परेवा बेच्नेहरुका बैठक्
१३ लड़ाइ दियो अनि उस्ले तिनिहरुलाइ भन्यो लेखीयेको छ मेरो घर्
प्रार्थनाको घर् भनींछ भन्येर तर तिमिहरुले ता यो डाकूहरुको ओढ़ार्
१४ बनाउंद छौ। अनि अन्धाहरु र खोरण्डेहरु उ थांइ मन्दिर्मां आये अनि
१५ उस्ले तिनिहरुलाइ बिसेक् गरायो। तर मूल्पूजाहारीहरु र शास्त्रीहरु
उस्ले गऱ्येका उदेक्का काम् र दाऊद्का पुत्रलाइ होशन्ना भनि मन्दिर्मां
कराउंने केटाकेटीहरुलाइ देखिकन रिसाये अनि उस्लाइ भन्ये तिमिले सुन्द
१६ छौ यिनिहरुले क्ये भन्द छन्। अनि येशूले तिनिहरुलाइ भन्यो अं क्ये
तिमिहरुले कैले पनि पऱ्येका छौन बालखहरु र दुद् खांनेहरुको मुख् देखि
१७ तैंले स्तुति सिद्ध गराइस् भन्ने। अनि उ तिनिहरुलाइ छोड़ेर सहर्
देखि बाइर बैथनियामां गयो अनि त्यहां रात् बितायो ॥
१८ १९ अब जब बिहान् भयो उ सहर्मां फर्कदाखेरि भोकायो। अनि बाटोमां
येउटा नेभाराको रुख् देख्येर उ त्येस्को छेउमां गयो अनि पात् देखि
उप्रान्त त्येस्मां क्येइ पनि पायेन अनि उस्ले त्येस्लाइ भन्यो अब देखि सधैं
२० सम्म तं देखि क्येइ फल् न हवस्। अनि तुरन्तै त्यो नेभाराको रुख्
सुकि गयो। अनि शिक्षेहरुले यो देख्येर उदेक् मानि भन्ये नेभाराको
२१ रुख् कसोगरिकन तुरन्तै सुकि गयो। त येशूले उत्तर् दिइ तिनिहरुलाइ

भन्यो मं तिमिहरुलाइ सांचो भन्द छु तिमिहरुले बिश्वास् गऱ्यौ अनि
शङ्का गऱ्यौन भन्ये देखि नेभाराको रुख् सङ ज्ये गरीयो त्येति मांत्रै गर्ने
छौन तर तिमिहरुले येस् डांड़ालाइ उठाईयेर समुन्द्रमां आफाली भन्यौ
२२ भन्ये यो पनि होइ जांछ। अनि सबै थोक् ज्ये ज्ये प्रार्थनामां बिश्वास्
गरि मांगौला त्यो तिमिहरुले पाउंछौ ॥

२३ अनि जब उ मन्दिर्मां आयो तब मूल्पूजाहारीहरु र लोग्का प्राचीन्-
हरुले उ थांइ आयेर उस्ले शिक्षा दिंदैखेरि उस्लाइ भन्ये तिमिले कस्तो
अधिकार्ले यि काम् गर्द छौ अनि यो अधिकार् कस्ले तिमिलाइ दियो।
२४ त येशूले उत्तर् दिइ तिनिहरुलाइ भन्यो मं पनि तिमिहरु सित येउटा
कुरो सोध्छु तिमिहरुले मंलाइ त्यो भनि दियो भन्ये देखि मं पनि तिमि-
२५ हरुलाइ भनि दिंछु मं कस्तो अधिकार्ले यि काम् गर्द छु। यूहन्नाको
बप्तिस्मा कहां देखि थियो स्वर्ग देखि कि मान्छेहरु देखि। त तिनिहरुले
आपस्तमां बिचार् गरि भन्ये हांमिहरुले स्वर्ग देखि भन्यूं भन्ये देखि उस्ले
२६ हांमिहरुलाइ भन्छ त तिमिहरुले किन त्येस्को बिश्वास् गऱ्यौन। तर
हांमिहरुले मान्छेहरु देखि भन्यूं भन्ये देखि धुइरो देखि डराउंद छौं
२७ किनभन्ये सबैले यूहन्नालाइ अगम्बक्ता ठान्द छन्। अनि तिनिहरुले
येशूलाइ उत्तर् दिइ भन्ये हांमिहरु जान्दौंन। उस्ले पनि तिनिहरुलाइ
भन्यो मं पनि तिमिहरुलाइ भनि दिन्न कस्तो अधिकार्ले मं यि काम् गर्द
२८ छु। तर तिमिहरुले क्ये ठान्द छौ कसै मान्छेका दुइ भाई छोराहरु
थिये त त्येस्ले जेठो थांइ गयेर भन्यो ए छोरा हिंड़ि जा आजु दाख्को
२९ बारीमां काम् गर्। त त्येस्ले उत्तर् दिइ भन्यो मं जान्न भनि तर पछि
३० पछ्तायेर गयो। त त्येस्ले कान्छो थांइ गयेर त्येसै भन्यो। अनि त्येस्ले
३१ उत्तर् दिइ भन्यो प्रभुज्यु मं जांछु भनि अनि गयेन। यि दुइमांको
कुन्चइंले आफ्नु बाबुको इच्छे पूरो गऱ्यो। तिनिहरुले भन्ये जेठोचइंले।
येशूले तिनिहरुलाइ भन्यो मं तिमिहरुलाइ सांचो भन्द छु जगातिहरु र
३२ बेश्येहरु तिमिहरुको अघि ईश्वर्को राज्मां जांछन्। किनभन्ये यूहन्ना
धर्म्मको बाटो बाड़ो तिमिहरु थांइ आयो अनि तिमिहरुले उस्को बिश्वास्
गऱ्यौन तर जगातिहरु र बेश्येहरुले उस्को बिश्वास् गऱ्ये अनि तिमिहरु
यो देख्येर उस्को बिश्वास् गर्नुलाइ पछि पनि पछ्तायौन ॥

३३ अर्को उखान् सुन एक् जना मान्छे घर्को स्वामी थियो जस्ले दाख्को
बारी लगायो अनि त्येस्को चारै पट्टि बार् बाऱ्यो अनि त्येस्मां कोल्

खोप्यो अनि डीही बनायो अनि किसानिहरुलाइ त्येस्को ठीका दियेर
३४ पर्देस्मां गइ गयो। जब फल्को ऋतु नजिक् आयो तब त्येस्ले आफ्ना
३५ दास्हरुलाइ त्येस्का फल् ल्याउंनुलाइ किसानिहरु थांइ पठायो। अनि
किसानिहरुले त्येस्का दास्हरुलाइ समात्येर येउटालाइ पीटेर अर्कोलाइ
३६ मांर्ये अनि अर्कोलाइ लोहोर्‍याये। फेरि त्येस्ले पहिलाहरु भन्दा ज्यास्ति
३७ अरु दास्हरुलाइ पठायो अनि तिनिहरुले यिनिहरुलाइ त्येसै गर्‍ये। तर
पछाड़ि त्येस्ले आफ्नु पुत्रलाइ येसो भनिकन तिनिहरु थांइ पठायो तिनि-
३८ हरुले मेरो पुत्रचइंको ता मान् गर्नन्। तर किसानिहरुले पुत्रलाइ देख्येर
आपस्तमां यो ता अधिकारी हो आव त्येस्लाइ मांर्येर त्येस्को अधिकार्
३९ लिहालूं भन्ये। अनि तिनिहरुले त्येस्लाइ समात्येर दाख्को बारी देखि
४० बाइर आफालि दिये अनि त्येस्लाइ मांरि दिये। त जब दाख्को बारीको
४१ प्रभु आउंछ तब नि किसानिहरुलाइ क्ये गर्छ होला। तिनिहरुले उस्लाइ
भन्ये त्येस्ले ति बुरा किसानिहरुलाइ बुरो रीत्ले नष्ट पार्ला अनि दाख्को
बारीको ठीका अरु किसानिहरुलाइ देला जस्ले फल् तिनको ऋतु ऋतुमां
४२ त्येस्लाइ दिंने गर्नन्। येशूले तिनिहरुलाइ भन्यो क्ये तिमिहरुले धर्म्म-
शास्त्रमां कैलेइ पर्‍येका छौन

जस् ढुंगोलाइ घर् बनाउंनेहरुले बिकामे ठान्ये
उइ कुंनाको सिराह् भइ गयो
यो प्रभुको पट्टि बाड़ो भयो
अनि हांमिहरुको दृष्टिमां उदेक् छ

४३ भन्ने। येस्कारण् मं तिमिहरुलाइ भन्द छु ईश्वर्को राज् तिमिहरु देखि
४४ खोसींछ अनि त्येस्का फल् फल्ने लोग्लाइ दिईछ। अनि जो यो ढुंगो
मांथि लड़्छ त्यो चूर् होइ जांछ तर जस् मांथि त्येइ लड़्छ त्येस्ले
४५ त्येस्लाइ धूलो सरि उड़ाउंछ। अनि मूल्पूजाहारीहरु र फरीसीहरुले
उस्का उखान् सुनिकन उस्ले हांमिहरुकै बिषय्मां भन्द छ भनि जानि
४६ हाल्ये। अनि तिनिहरुले उस्लाइ समात्नु खोज्द थिये तर धुइराहरु देखि
डराये किनभन्ये तिनिहरुले उस्लाइ अगम्बक्ता ठान्द थिये॥

२२ १ अनि येशूले उत्तर् दिइ फेरि उखान्मां कुरा गरि तिनिहरुलाइ भन्यो
२ स्वर्गको राज् एक् जना राजा जस्तो छ जस्ले आफ्नु पुत्रको ब्याहाको
३ हर्ष गर्‍यो　अनि त्येस्ले आफ्ना दास्हरुलाइ निम्त्याराहरुलाइ ब्याहाको
४ हर्षमां बोलाउंनु पठायो अनि तिनिहरुले आउंने मन् गर्‍येनन्। फेरि

त्येस्ले अरु दास्हरुलाइ येसो भनि पठायो निम्त्याराहरुलाइ भन हेर मैंले
आफ्नु भोज् तियार् पार्‍यें मेरा गोरु र मोटा मोटा पशु मांरीयें अनि
५ सबै थोक् तियार् छन् ब्याहाको हर्षमां आव। तर तिनिहरु क्येइ न
गुनिकन गइ गये एक् जना आफ्नु निज् खेत्मां अनि अर्को आफ्नु निज्
६ बेपार्मां अनि रह्येकाहरुले त्येस्का दास्हरुलाइ समात्येर बल्मिचेईं
७ गर्‍ये अनि मांर्‍ये। तर राजा क्रोधित् भयो अनि त्येस्ले आफ्ना दल्
पठायेर ति हत्याराहरुलाइ नष्ट पार्‍यो अनि तिनिहरुको सहर् डढ़ाइ
८ दियो। तब त्येस्ले आफ्ना दास्हरुलाइ भन्यो ब्याहाको सार्दाम् तियार्
९ भयो तर निम्त्याराहरु योग्य ठहरीयेनन्। त तिमिहरु मूल् मूल् बाटोमां
जाव अनि जत्ति जनालाइ तिमिहरुले भेटौला तिनिहरुलाइ ब्याहाको हर्षमां
१० बोलाव। अनि ति दास्हरुले निकल्येर बाटो बाटोमां गइकन क्ये दुष्ट
क्ये भला जत्तिलाइ भेटेर सबैलाइ भेला गराये अनि ब्याहाको घर् खांनु
११ बस्नेहरुले भरीयो। तर राजाले खांनु बस्नेहरुलाइ हेर्नु भित्र आयेर
१२ त्यहां एक् जना ब्याहाको बस्त्र न लाउंने मान्छेलाइ देख्यो अनि
त्येस्लाइ भन्यो ए साथी तं यहां ब्याहाको बस्त्र बिना कसोगरि भित्र
१३ आइस्। त त्यो निरुत्तर् भयो। तब राजाले चाकरेहरुलाइ भन्यो येस्का
हात् पाउ बान्धेर येस्लाइ बाइरको अन्धकार्मां आफालि देव वहां रुंनु र
१४ दारा कीट्नु पर्छ। किनभन्ये बोलाईयेका धेरै छन् तर छानीयेका थोरै ॥
१५ तब फरीसीहरुले गयेर उस्लाइ कसोगरि बचन्मां फंसाऊं भनि आपस्तमां
१६ सल्लाह् गर्‍ये। अनि तिनिहरुले आफ्ना शिक्षेहरुलाइ हेरोदीहरु सङ यो
भन्नुलाइ उ थांइ पठाये हे गुरु हांमिहरु जान्द छौं आफु सच्चा हौ अनि
सच्चेईं सङ ईश्वर्का बाटो सिकाउंद छौ अनि कसैको खट्का राख्दौन
१७ कसोगरिभन्ये आफुले मान्छेहरुको मुख् हेर्दैन। त हांमिहरुलाइ भनि देउ
१८ आफुले क्ये ठान्द छौ कैसर्लाइ सिर्तु दिंनु उचित् छ कि छैन। तर
येशूले तिनिहरुको दुष्टेईं जानिकन भन्यो ए कप्टीहरु हो मेरो परीक्षा
१९ किन गर्द छौ। सिर्तुको रेजि मंलाइ देखाव। त तिनिहरुले उ थांइ
२० येउटा सुका ल्याये। अनि उस्ले तिनिहरुलाइ भन्यो यो मूर्त्ति र छाप्
२१ कस्को हो। तिनिहरुले उस्लाइ भन्ये कैसर्को। तब उस्ले तिनिहरुलाइ
भन्यो त ज्ये ज्ये कैसर्का हुन् कैसर्लाइ अनि ज्ये ज्ये ईश्वर्का हुन्
२२ ईश्वर्लाइ दिहाल। अनि यो सुनिकन तिनिहरुले उदेक् मान्ये अनि
उस्लाइ छोड़िकन हिंड़ि गये ॥

२३ २४ उसै दिन् बौरिउठाई हुंदैन भन्ने सदूकीहरु उ थांइ आये अनि उ
सित येसो भनिकन सोध्ये हे गुरु मूसाले भन्यो कोई निसन्तान् भइ मंरि गयो
भन्ये देखि त्येस्को भाईले त्येस्की स्वास्नीलाइ ब्याहा गरोस् र आफ्नु
२५ दाज्युको लागि बंश उभ्यावस्। अब हांमिहरुकां सात् भाई थिये अनि
पहिले चंइ ब्याहा गऱ्येर मंरि गयो अनि निर्बंश भइ आफ्नी स्वास्नीलाइ
२६ आफ्नु भाईको लागि छोड़ि गयो दोस्रोले पनि अनि तीस्रो सातै जना
२७ सम्मले त्येसै गऱ्ये। अनि सबैको पछि त्यो स्त्री पनि मंरि गई।
२८ त बौरिउठाईमां सातै जनामांको त्यो कस्की स्वास्नी हो किनभन्ये त्यो ति
२९ सबैकी भई। तर येशूले उत्तर् दिइ तिनिहरुलाइ भन्यो तिमिहरु धर्म्म-
३० शास्त्र र ईश्वर्‌को शक्ति न जानि भर्म्यौ। किनभन्ये बौरिउठाईमां न
ब्याहा गर्द छन् न ब्याहामां दिईंद छन् तर स्वर्गमां दूत्‌हरु जस्ता छन्।
३१ तर मुर्दाहरुको बौरिउठाईको बिषय्‌मां जो बचन् ईश्वर्‌ले तिमिहरुलाइ
३२ कह्यो क्ये तिमिहरुले पऱ्यौन अर्थात् मं अब्राहाम्‌को ईश्वर् अनि
इस्‌हाक्‌को ईश्वर् अनि याकूब्‌को ईश्वर् हुं भन्ने। ईश्वर् मुर्दाहरुको
३३ होइन तर जीउंदाहरुको ईश्वर् हो। अनि धुइराहरु यो सुनिकन उस्को
सिकाईले मुर्छा पऱ्ये॥

३४ तर फरीसीहरु उस्ले सदूकीहरुलाइ निरुत्तर् गऱ्यो भन्येको सुन्येर उ
३५ थांइ भेला भये। अनि तिनिहरुमांको एक् जना ब्यवस्थाको जानापाले
३६ उस्को परीक्षा गरि सोध्यो गुरुज्यु ब्यवस्थामां बड़ो आज्ञा कून् चइं
३७ हो। अनि उस्ले त्येस्लाइ भन्यो तैंले प्रभु आफ्नु ईश्वर् सङ आफ्नु पूरो
ह्रिदय्‌ले अनि आफ्नु पूरो प्राण्‌ले अनि आफ्नु पूरो बुद्धिले प्रेम् गर्।
३८ ३९ बड़ो र पहिलो आज्ञा येइ हो। अनि अर्को जो त्येइ जस्तो छ येइ हो
४० तैंले आफ्नु क्षिमेकि सङ आफै सङ झैं प्रेम् गर्। यिनै दुइ आज्ञाहरुमां
सिंगै ब्यवस्था र अगम्‌बक्ताहरु झुंड्याईयेका छन्॥

४१ अब जब फरीसीहरु भेला भयेका थिये तब येशूले येसो भनिकन
४२ तिनिहरुलाइ सोध्यो ख्रीष्टको बिषय्‌मां तिमिहरुले क्ये ठान्द छौ उ कस्को
४३ पुत्र हो। तिनिहरुले उस्लाइ भन्ये दाऊद्‌को। उस्ले तिनिहरुलाइ भन्यो
त्येसो हो भन्ये ता दाऊद्‌ले आत्मामां उस्लाइ कसोगरि प्रभु भन्द छ अर्थात्
४४ प्रभुले मेरो प्रभुलाइ भन्यो
तं मेरो दाहींनो हात् पट्टि बस्
जब सम्म मं तेरा सत्तुर्‌हरुलाइ तेरा चरण् मुनि गरि दिन्न।

४५ दाऊद्‌ले उस्लाइ प्रभु भन्द छ भन्ये देखि त उ त्येस्को पुत्र कसोगरि हो।
४६ अनि कसैले उस्को उत्तर्मां एक् बात् भन्नु सक्येन अनि न त्येस् दिन्
देखि कसैलाइ उ सित फेरि क्येइ सोध्ने आंट् भयो ॥

२३ १ तब येशू धुइराहरु र आफ्ना शिक्षेहरुलाइ येसो बोल्यो
२ शास्त्री र फरीसीहरु मूसाको बैठक्मां बस्येका छन् येस्कारण् ज्ये ज्ये
तिनिहरुले तिमिहरुलाइ भन्द छन् ति गर अनि मान तर तिनिहरुका काम्
४ झैं न गर किनभन्ये तिनिहरुले भन्द ता छन् तर गर्दैनन्। अं तिनिहरुले
गह्रु र बोक्नु कठिन् भयेका बोझा बान्ध्द छन् अनि मान्छेहरुका कांध्
मांथि हालि दिंद छन् तर तिनिहरु आफैले भन्ये आफ्नु औंलोले ति
५ चलाउंने इच्छे गर्दैनन्। तर तिनिहरुले मान्छेहरुले हेर्नुको लागि आफ्ना
सबै काम् गर्द छन् कसोगरिभन्ये तिनिहरुले आफ्ना जन्तर्हरु गजीला
६ तुल्याउंद छन् अनि आफ्ना वस्त्रका झुम्का बढ़ाउंद छन् अनि भोज्
७ भतियार्मां मूल् बस्ने ठांउ र सभाघर्हरुमां मूल् बैठक् र चोक्मां
८ पालागी र मान्छेहरु देखि गुरु भनींनु प्यारो गर्द छन्। तर तिमिहरु
चइं गुरु न भनीयौ किनभन्ये तिमिहरुको गुरु एक् छ अनि तिमिहरु चइं
९ सबै भाई हौ। अनि पृथिवींमां कसैलाइ आफ्नु पिता न भन किनभन्ये
१० तिमिहरुको पिता एक् छ अर्थात् स्वर्गे चइं। अनि न तिमिहरु स्वामी
११ भनीयौ किनभन्ये तिमिहरुको स्वामी एक् छ अर्थात् खीष्ट। तर तिमि-
१२ हरुमां जो बड़ा छ त्यो तिमिहरुको सेवाइते हुंछ। अनि जस्ले आफुलाइ
त्यो होंच्याईछ अनि जस्ले आफुलाइ होंच्याउला त्यो
॥

१३ तर हाय् तिमिहरु मांथि ए शास्त्री र फरीसीहरु हो कप्टीहरु
किनभन्ये तिमिहरुले मान्छेहरुको सांमु स्वर्गको राज् थुनि दिंद छौ कसोगरि-
भन्ये तिमिहरु न आफै पस्द छौ अनि न पस्नेहरुलाइ पस्नु दिंद छौ ॥

१४ [हाय् तिमिहरु मांथि ए शास्त्री र फरीसीहरु हो कप्टीहरु किनभन्ये
तिमिहरुले बिधुवीहरुका घर् खाइ हाल्द छौ अनि लोकाचार्को लागि
लांमो प्रार्थना गर्द छौ येस्कारण् तिमिहरुले बेसि दण्डको आज्ञा पाउंछौ ॥]

१५ हाय् तिमिहरु मांथि ए शास्त्री र फरीसीहरु हो कप्टीहरु किनभन्ये
तिमिहरुले एक् जनालाइ आफ्नु मत्को बनाउंनुलाइ खोलो पैरोको डुलाई
गर्द छौ अनि जब त्यो आइ सक्यो तब त्येस्लाइ आफु भन्दा दोबर्
नर्कको छोरो बनाउंद छौ ॥

१६ हाय् तिमिहरु मांथि ए अन्धा अगुआहरु हो जस्ले कसैले पवित्र-
बास्को किरिया खायो भन्ये देखि ता क्येइ छैन तर कसैले पवित्रबास्को
सुन्को किरिया खायो भन्ये देखि ता त्यो ऋणाहा हो भनि भन्द छौ।
१७ ए मूर्ख र अन्धाहरु हो किनभन्ये कुन् बड़ा हो सुन् कि सुन्लाइ पवित्र
१८ गर्ने पवित्रबास्। अनि कसैले बेदिको किरिया खायो भन्ये देखि ता क्येइ
छैन तर कसैले बेदि मांथि भयेको भेटिको किरिया खायो भन्ये देखि ता
१९ त्यो ऋणाहा हो भनि भन्द छौ। ए अन्धाहरु हो किनभन्ये कुन् चइं
२० बड़ा हो भेटि कि भेटिलाइ पवित्र गर्ने बेदि। येस्कारण् जस्ले बेदिको
किरिया खांद छ त्येस्ले त्येस्को र त्येम् मांथि भयेका सबैको किरिया
२१ खांद छ। अनि जस्ले पवित्रबास्को किरिया खांद छ त्येस्ले त्येस्को र
२२ त्येम्मां बास् गर्नेको किरिया खांद छ। अनि जस्ले स्वर्गको किरिया
खांद छ त्येस्ले ईश्वर्को सिंहासन्को र त्येस्मां बस्नेको किरिया
खांद छ॥

२३ हाय् तिमिहरु मांथि ए शास्त्री र फरीसीहरु हो कप्टीहरु किनभन्ये
तिमिहरुले पदीना र सोंप् र जीरोको दसौं अंश दिंद छौ अनि ब्यवस्थाका
ति भन्दा भारी कुरा अर्थात् निया र दया र बिश्वास् छोड़ि दियौ तर
२४ यि गर्नु अनि ति न छोड़ि दिनु पर्थ्यो। ए अन्धा अगुआहरु हो जस्ले
भुसुनाल्लाइ छान्द छौ अनि ऊंट्लाइ भन्ये निलि हाल्द छौ॥

२५ हाय् तिमिहरु मांथि ए शास्त्री र फरीसीहरु हो कप्टीहरु किनभन्ये
तिमिहरुले कटौरा र थाल्को बाइर पट्टि चोख्याउंद छौ तर भित्र पट्टि
२६ भन्ये तिनिहरु लूटेई र असंयम्ले भरीयेका छन्। ए अन्धा फरीसी
पहिले कटौरा र थाल्को भित्र पट्टि चोख्या र तिनको बाइर पट्टि पनि
चोखीओस्॥

२७ हाय् तिमिहरु मांथि ए शास्त्री र फरीसीहरु हो कप्टीहरु किनभन्ये
तिमिहरु कमेरो फेरीयेका चिहान् जस्ता छौ जो बाइर पट्टि राम्रो देखाहा
पर्द छन् तर भित्र पट्टि भन्ये मुर्दाहरुका हाड़हरुले र सबै अशुद्धैईले भरीयेका
२८ छन्। येस्तै परिले तिमिहरु पनि बाइर पट्टि मान्छेहरुलाइ धर्म्मी देखाहा
पर्द छौ तर भित्र पट्टि भन्ये कपट् र अधर्म्मले भरीयेका छौ॥

२९ हाय् तिमिहरु मांथि ए शास्त्री र फरीसीहरु हो कप्टीहरु किनभन्ये
तिमिहरुले अगम्बक्ताहरुका चौतराहरु बनाउंद छौ अनि धर्म्मीहरुका
३० चौतरा सह्याउंद छौ अनि भन्द छौ हांमिहरु आफ्ना पित्रहरुका

दिन्मां हुंदा हौं त अगम्बक्ताहरुको लोहूमां तिनका सम्भागी हुंने थियूंन।
३१ येसोरि तिमिहरुले हांमिहरु अगम्बक्ताहरुलाइ हत्या गर्नेहरुका सन्तान् हौं
३२ भनि आफु मांथि साक्षी दिंद छौ। त तिमिहरुले आफ्ना पित्रहरुको
३३ नापो पूरो गर। ए साप्हरु हो साप्हरुका बचराहरु तिमिहरु कसोगरि
३४ नर्कको बिचार् देखि बांच्छौ। येस्कारण् हेर मं तिमिहरुकां अगम्बक्ता-
हरुलाइ र ज्ञानीहरुलाइ र शास्त्रीहरुलाइ पठाउंद छु तिनिहरुमांका कत्तिलाइ
तिमिहरुले मांर्छौ अनि क्रूस्मां चढ़ाउंछौ अनि कत्तिलाइ आफ्ना सभाघर्हरुमां
३५ कोर्रा लाउंछौ अनि सहर् देखि सहर् सम्म सताउंछौ पृथिवीमां
बहाईयेको सबै धर्म्मी लोहू तिमिहरुइ मांथि पर्नुको लागि धर्म्मी हाबिल्को
लोहू देखि येसो बरखियाको छोरो जकरियाको लोहू सम्म जस्लाइ
३६ तिमिहरुले पवित्रबास् र बेदिको बीच्मां हत्या गर्‍यौ। मं तिमिहरुलाइ
सांचो भन्द छु यि सबै कुरा येइ पुस्ता मांथि आइ पुग्छन्॥
३७ ए यरूसलम् यरूसलम् अगम्बक्ताहरुलाइ मांर्ने अनि त्येम्कां पठाई-
येकाहरुलाइ लोहोर्‍याउंने मैले कत्ति खेप् तेरा बालखहरुलाइ भेला गर्ने
इच्छे गर्‍यें जुन् रीत्ले माऊ कुख्राले आफ्ना चल्लाहरुलाइ पखेटा मुनि
३८ भेला गर्द छ अनि तिमिहरुले इच्छे गर्‍यौन। हेर तिमिहरुको घर्
३९ तिमिहरुको लागि सुन्ने छोड़ींद छ। किनभन्ये मं तिमिहरुलाइ भन्द छु
अब देखि येसो तिमिहरुले मंलाइ देख्ने छौन जैले सम्म धन्न प्रभुको
नांउमां आउंने भनि भन्ने छौन॥

२४ १ अनि येशू मन्दिर् बाटो निक्ल्येर हिंड़ि जांदै थियो अनि उस्का
२ शिक्षेहरु उस्लाइ मन्दिर्का घर्हरु देखाउंनुको लागि उ थांइ आये। तर
उस्ले उत्तर् दिइ तिनिहरुलाइ भन्यो क्ये तिमिहरुले यि सबै देख्दौन मं तिमि-
हरुलाइ सांचो भन्द छु ढुंगो मांथि ढुंगो यहां छोड़ींदैन जो भत्काईदैन॥
३ अनि जब उ जैतून् डांड़ा मांथि बस्येको थियो तब शिक्षेहरुले
एकान्तमां उ थांइ आयेर भन्ये हांमिहरुलाइ कहि दिंनु हवस् यि कुरा
कैले हुंछन् अनि तपांइको अवाईको र जगत्को अन्तको चिंनु क्ये हुंछ।
४ अनि येशूले उत्तर् दिइ तिनिहरुलाइ भन्यो चंख बस र कसैले तिमिहरुलाइ
५ न भर्मावम्। किनभन्ये धेरै जना मेरो नांउले मं ख्रीष्ट हुं भन्दै आउंछन्
६ अनि धेरैलाइ भर्माउंछन्। अनि तिमिहरुले लड़ाईंहरु अनि लड़ाईहरुका
चर्चा सुन्छौ हेर न घब्राव किनभन्ये यि हुंनु अवस्से छ तर अन्त ऐले
७ सम्म छैन। किनभन्ये देस्को देस् र राज्को राज् बिरुद्धमां उठ्छ अनि

८ ठांउ ठांउमां अनिकाल् र भूइंचाल् हुंछन् । तर यि सबै पीराहरुको थाल्नि
९ हुन् । तब तिनिहरुले तिमिहरुलाइ कष्टको लागि पकराइ दिंछन् अनि
तिमिहरुलाइ मांर्छन् अनि मेरो नांउको कारण्ले सबै देस्काहरुले तिमिहरु
१० देखि दुश्मनी गर्छन् । अनि तब धेरै जनाले ठोकर् खांछन् अनि एकाले
११ अर्कालाइ पकराइ दिंछ अनि एकाले अर्का देखि दुश्मनी गर्छ । अनि
१२ धेरै झूठा अगम्बक्ताहरु उठ्छन् अनि धेरैलाइ भर्माउंछन् । अनि अधर्म्म
१३ बढ़ि गयेको कारण्ले धेरैको प्रेम् सेलाउंछ । तर जो अन्त सम्म स्थिर्
१४ रहला त्येइ बचाईछ । अनि राज्को यो सुसमाचार् सबै देस्काहरुलाइ
साक्षी हुंनु को लागि सबै संसार्मां प्रचारींछ अनि तबै अन्त आइ पुग्छ ॥
१५ 　त जब तिमिहरुले उजार्को त्येम् घिन्लाग्दो थोक्लाइ जस्को
१६ बिषय्मां दानिएल् अगम्बक्ताको बाटोले कहीयो पवित्र ठांउमां उभीयेको
देख्छौ (पर्नेले चाल् पावस्) तब यहूदियामां हुंनेहरु डांड़ा हुंदो भागि
१७ जाउन्　कौसि मांथि हुंने आफ्नु घर्का थोक् लैजांनुलाइ न ओह्लोस्
१८ १९ अनि खेत्मां हुंने आफ्नु खाष्टो लैजांनुलाइ पछि न फर्कोस् । तर हाय्
२० ति दिन्मां गर्भिणी हुंने र दुद् खुवाउंनेहरु मांथि । त प्रार्थना गर र
२१ तिमिहरुको भगाई जाड़ोमां कि बिश्राम्को दिन्मां न हवस्　किनभन्ये
त्येस् समय्मां बड़ो कष्ट हुंछ त्येस्तो ता संसार्को थाल्नि देखि ऐले
२२ सम्म भयेको छैन अं अनि न कैलेइ हुंछ । अनि ति दिन् न घटाईयेका
भये देखि ता कोई पनि जीउ बचाईने थियेन तर छानीयेकाहरुको कारण्ले
२३ ति दिन् घटाईछन् । तब कसैले तिमिहरुलाइ भन्ला हेर ख्रीष्ट यहां छ
२४ कि वहां छ भनि त बिश्वास् न गर । किनभन्ये झूठा ख्रीष्टहरु र झूठा
अगम्बक्ताहरु उठ्छन् अनि येस्तो बड़ा चिंनु र उदेक्का काम् देखाइ
दिंछन् हुंने सक्यो भन्ये ता तिनिहरुले छानीयेकाहरुलाइ पनि भर्माउंनन् ।
२५ २६ हेर मैंले अगाड़िनै देखि तिमिहरुलाइ भनि दियेको छु । त तिनिहरुले
तिमिहरुलाइ हेर उ बन्मां छ भन्ये भन्ये देखि त बाइर न जाव हेर उ
२७ भित्रका कोठाहरुमां छ त बिश्वास् न गर । किनभन्ये जसोगरि बिजुलि
पूर्ब देखि निक्लंद छ अनि पच्छिउं सम्म देखाहा पर्द छ त्येस्तै मान्छेको
२८ पुत्रको अवाई पनि हुंछ । जहां लोथ् होला त्यहां गिद्ध भेला हुंछन् ॥
२९ 　तर तुरन्तै ति दिन्को कष्ट पछि सूर्ज अंध्यारो होइ जांछ अनि
जून्ले आफ्नु चमक् दिंदैन अनि ताराहरु अकाश् बाटो खस्छन् अनि
३० स्वर्गहरुका शक्तिहरु हल्लाईछन्　अनि तब मान्छेको पुत्रको चिंनु

स्वर्गमां प्रगटो हुंछ अनि तब पृथिवीका सबै कुल्हरुले छाती पीट्छन् अनि
मान्छेहरुले मान्छेको पुत्रलाइ शक्ति र बड़ो महिमा सङ स्वर्गका मेघ
३१ मांथि आउंदै गर्न्येको देख्छन्। अनि उस्ले आफ्ना दूत्हरुलाइ तुरहीको
बड़ो शब्द सङ पठाउंछ अनि तिनिहरुले अकाश्को यो छेउ देखि उ छेउ
सम्म उस्का छानीयेकाहरुलाइ चौंदिशा बाटो भेला गर्छन्॥

३२ अब नेभाराको रुख् देखि त्येस्को उखान् सिक जब त्येस्को डाला
अब कमलो भइ गयेको छ अनि आफ्ना पात् पलाउंद छ तब तिमिहरुले
३३ गर्मको ऋतु नजिक् आयो भनि जान्द छौ त्येसैगरि तिमिहरुले पनि जब
३४ यि सब भयेका देखौला तब उ नजिक् अं दुवारैमां छ भनि जान। मं
तिमिहरुलाइ सांचो भन्द छु जैले सम्म यि सबै होइ जांदैनन् तैले सम्म येइ
३५ पुस्ता टलि गयेको हुंदैन। स्वर्ग र पृथिवी टलि जांछन् तर मेरा बचन्
३६ कैले पनि टलि जांदैनन्। तर त्येस् दिन् र घरीको बिषय्मां कसैले
३७ जान्दैन अं न स्वर्गका दूत्हरुले न पुत्रले तर खालि पिताले मात्रै। अनि
३८ जस्ता नूह्का दिन् थिये त्येस्तो मान्छेको पुत्रको अवाई हुंछ। कसोगरि-
भन्ये जसोगरि जल्प्रलय्को अगाड़िका ति दिन्मां तिनिहरुले नूह् नाउमां
न गयेको दिन् सम्म खांथ्ये पीउंथ्ये ब्याहा गर्थ्ये अनि ब्याहामां दिईथ्ये
३९ अनि जैले सम्म जल्प्रलय्ले आयेर सबैलाइ लग्येन तैले सम्म तिनिहरुले
४० जान्येनन् त्येस्तै मान्छेको पुत्रको अवाई हुंछ। त्येस् बेला दुइ जना मान्छे
४१ खेत्मां हुंछन् एक् जना सङ लगींद छ अनि अर्को छोड़ींद छ दुइ
जना स्त्रीहरु जांतो पिन्दै हुंछन् येउटी सङ लगींद छ अनि अर्की छोड़ींद
४२ छ। न जागि रह किनभन्ये तिमिहरुले तिमिहरुको प्रभु कुन् चइं दिन्मां
४३ आउला भनि जान्दौन। तर यो जान घर्को स्वामीले चोर् कुन् चइं
पहर्मां आउला भनि जान्दो हो त त्यो जागि रहने थियो अनि आफ्नु
४४ घर् फोरींनु दिने थियेन। येस्कारण् तिमिहरु पनि तियार् होइ रह
४५ किनभन्ये तिमिहरुले न ठान्येको घरीमां मान्छेको पुत्र आउंछ। त को
छ त्यो बिश्वासी र बुद्धिमान् दास् जस्लाइ त्येस्को प्रभुले आफ्ना घर्काहरु
४६ मांथि खटायेको छ बेलामां तिनिहरुलाइ खुराक् देवस् भन्येर। धन्न त्यो
४७ दास् जस्लाइ त्येस्को प्रभुले आयेर येसो गर्दै गर्न्येको भेटाउला। मं
तिमिहरुलाइ सांचो भन्द छु त्येस्ले त्येस्लाइ आफ्नु सब् धन् सम्पति मांथि
४८ खटाउंछ। तर त्येस् बुरो दास्ले आफ्नु हिर्दय्मां मेरो प्रभुले बियांलो
४९ गर्द छ भनि भन्यो अनि आफ्ना संगी दास्हरुलाइ कुट्नु र मत्वालि-

५० हरु सङ खांनु पीउंनु लाग्यो भन्ये　त जम् दिन् त्येस्ले बाटो हेर्दैन
अनि जम् घरीमां त्येस्ले जान्दैन त्येमैमां त्येम् दास्को प्रभु आइ पुग्छ
५१ अनि त्येस्लाइ टुक्र्याउंछ अनि त्येस्को भाग् कपटीहरु सङ ठहराउंछ वहां
रुंनु र दारा कीट्नु पर्छ ॥

२५ १　तब स्वर्गको राज् दस्वटी कन्न्येहरु जस्तो हुंछ जो आफ्ना रांकाहरु
२ लियेर ब्याउलालाइ भेट्नु निस्किन् । अनि तिनमां पांच्वटी मूर्ख र पांच्वटी
३ बुद्धिमान् थिइन् । किनोकिभन्ये मूर्खहरुले आफ्ना रांकाहरु लियेर ति
४ सङ तेल् लिईनन्　तर बुद्धिमान्हरुले आफ्ना रांकाहरु सङ आफ्ना
५ भाड़ाहरुमां तेल् लिइन् । अब ब्याउलाले बियांलो गर्दाखेरि तिनिहरु सबै
६ ऊंघिन् अनि सुतिन् । तर आधा रात्मां हेर ब्याउला उस्लाइ भेट्नु
७ निक्लि आव भन्ने करार भयो । तब ति सबै कन्न्येहरुले उठेर आफ्नु
८ आफ्नु रांको सच्याइन् । त मूर्खहरुले बुद्धिमान्हरुलाइ भनिन् तिमिहरुको
तेल् देखि हांमिहरुलाइ देव किनभन्ये हांमिहरुका रांकाहरु निभि जांदै छन् ।
९ तर बुद्धिमान्हरुले उत्तर् दिइ भनिन् कोनि हांमिहरु र तिमिहरुको लागि
पुग्दोइन बरु तिमिहरुले बेच्नेहरुका गयेर आफ्नु लागि किनि ल्याव ।
१० त जब तिनिहरु किनि ल्याउंनुलाइ गइन् तब ब्याउला आइ पुग्यो अनि
तियार् हुंनेहरु उ सङ ब्याहाको रमाहट्मां पसिन् अनि दुवार् थुनीयो ।
११ पछे अरु कन्न्येहरु पनि आइन् हे प्रभु हे प्रभु हांमिहरुको लागि
१२ उघार्नु हवस् भन्दै । तर उस्ले उत्तर् दिइ भन्यो मं तिमिहरुलाइ सांचो
१३ भन्द छु मं तिमिहरुलाइ जान्दीन । त जागि रह किनभन्ये तिमिहरुले
न त्यो दिन् न त्यो घरी जान्द छौ ॥

१४　किनभन्ये यो त्यो मान्छे जस्तो छ जस्ले पर्देस् जांदाखेरि आफ्ना
निज् दास्हरुलाइ बोलायो अनि आफ्नु धन् सम्पति तिनिहरुलाइ जिम्मा
१५ दियो । अनि त्येस्ले एक् जनालाइ पांच् तोड़ा दोस्रोलाइ दुइ तीस्रोलाइ
एक् जनंगेलाइ त्येस्को निज् शक्ति अन्सार् दियो अनि पर्देस् हिंड़ि गयो ।
१६ पांच् तोड़ा पाउंनेले तुरुन्तै गयेर ति देखि बेपार् गऱ्यो अनि पांच् तोड़ा
१७ अरु हात् पाऱ्यो । त्येस्तै दुइ पाउंनेले पनि दुइ अरु हात् पाऱ्यो ।
१८ तर एक् पाउनेचइंले गयेर भूइं खन्यो अनि आफ्नु प्रभुको रुपिया गुप्त
१९ राख्यो । अब धेर् समय् पछि ति दास्हरुको प्रभु आयो अनि तिनिहरु
२० सङ लेखा लिंनु लाग्यो । अनि पांच् तोड़ा पाउंनेले पांच् तोड़ा अरु पनि
ल्याइ छेउ आयेर भन्यो हे प्रभु तपांइले मंलाइ पांच् तोड़ा जिम्मा दिंनु

२१ भयो हेर्नु हवस् मैंले अरु पांच् तोड़ा हात् पार्‍यें। त्येस्को प्रभुले त्येस्लाइ
भन्यो बेस् हे भलो र बिश्वासी दास् तं थोरैं मांथि बिश्वासी भइम् त मं
२२ तंलाइ धेरैं मांथि खटाउंछु तं आफ्नु प्रभुको रमाहट्मां पस्। अनि दुइ
तोड़ा पाउंनेले पनि छेउ आयेर भन्यो हे प्रभु तपांइले मंलाइ दुइ तोड़ा
२३ जिम्मा दिंनु भयो हेर्नु हवस् मैंले दुइ तोड़ा अरु हात् पार्‍यें। त्येस्को
प्रभुले त्येस्लाइ भन्यो बेस् हे भलो र बिश्वासी दास् तं थोरैं मांथि बिश्वासी
भइस् मं तंलाइ धेरैं मांथि खटाउंछु तं आफ्नु प्रभुको रमाहट्मां
२४ पस्। अनि एक् तोड़ा पाउंनेचइंले पनि छेउ आयेर भन्यो हे प्रभु मं
तपांइलाइ चिन्द थियें तपांइ कठोर् मान्छे छौ जहां छर्‍यौन त्यहां कटनी
२५ गर्द छौ अनि जहां बतायौन त्यहां देखि बटुल्द छौ अनि मं डरायें
अनि गयेर तपांइको तोड़ा भूइंमां लुकायें हेर्नु हवस् तपांइले आफ्नु पाउंनु
२६ भयो। तर त्येस्को प्रभुले उत्तर् दिइ त्येस्लाइ भन्यो ए दुष्ट र अल्छे
दास् तैंले मैंले जहां छरिंन त्यहां कटनी गर्द छु अनि जहां बताईन त्यहां
२७ देखि बटुल्द छु भनि जान्द थिइम् त तंलाइ उचित् थियो मेरो
रुपिया महाजन्हरुकोमां राखि दिंनु र मं आयेर ब्याज् समेत् आफ्नु फिर्ता
२८ पाउंने थियें। त त्यो तोड़ा त्येस् देखि खोस अनि जस्कां दस् तोड़ा
२९ छन् त्येस्लाइ देव। किनभन्ये जस् जस्कां छ तिनलाइ दिईछ अनि
तिनको परसस्त हुंछ तर जस्कां छैंन त्येस् देखि त्येस्कां भयेको पनि
३० खोसींछ। अनि त्येस् बिकामे दास्लाइ बाइरको अंधकार्मां हालि देव
वहां रुंनु र दारा कीट्नु पर्छ॥

३१ तर जब मान्छेको पुत्र सबैं दूत्हरु समेत् आफ्नु महिमामां आउंछ
३२ तब उ आफ्नु महिमाको सिंहासन्मां बस्छ अनि सबैं देस्का लोग्हरु
उस्को सांमु भेला गराईछन् अनि जसोगरिकन गोठालाले भेंड़ाहरुलाइ
बाखाहरु देखि छुट्याउंद छ त्येसैंगरि उस्ले तिनिहरुलाइ एकालाइ अक.
३३ देखि छुट्याउंछ अनि उस्ले भेंड़ाहरुलाइ आफ्नु दाहींनो हात् पट्टि
३४ तर बाखाहरुलाइ बांउ हात् पट्टि उभ्याउंछ। तब राजाले आफ्नु
दाहींनो हात् पट्टिकाहरुलाइ भन्छ आव हे मेरा पिताका धन्नकाहरु हो
जो राज् जगत्को उत्पति देखि तिमिहरुको लागि तियार् पारीयेको छ
३५ त्येस्का अधिकारी हव किनभन्ये मं भोकाये अनि तिमिहरुले मंलाइ
खुवायौ तिर्खायें अनि तिमिहरुले मंलाइ पियायौ पर्देसी थियें अनि तिमि-
३६ हरुले मंलाइ आफुकां लग्यौ नांगो थियें अनि तिमिहरुले मंलाइ

पहिऱ्यायौ निर्बल् थियें अनि तिमिहरुले मेरो हेर्चाहा गऱ्यौ झेल्खान्मां
३७ थियें अनि तिमिहरु मं थांइ आयौ। तब धर्म्मीहरुले उस्लाइ उत्तर् दिइ
भन्छन् हे प्रभु कैले हांमिहरुले तपांइलाइ भोकायेका देख्यूं अनि पाल्यूं कि
३८ तिर्खायेका अनि पियायूं। अनि हांमिहरुले कैले तपांइलाइ पर्देसी देख्यूं
३९ अनि आफुकां लग्यूं कि नांगा अनि पहिऱ्यायूं। अनि हांमिहरुले कैले
तपांइलाइ निर्बल् भयेका कि झेल्खान्मां देख्यूं अनि तपां थांइ आयूं।
४० अनि राजाले उत्तर् दिइ तिनिहरुलाइ भन्छ मं तिमिहरुलाइ सांचो भन्द
छु जहां सम्म तिमिहरुले मेरा यि भाईहरुमांको अं यि सबै भन्दा सांना-
हरुमांको एक् जना सङ त्यो गऱ्यौ त त्यहां सम्म त्यो मैंने सङ गऱ्यौ।
४१ तब उस्ले ति बांउ हात् पट्टिकाहरुलाइ पनि भन्छ ए स्त्रापकाहरु हो जाव
मं थांइ देखि त्येस् अनन्त आगोमां जो शैतान् र त्येस्का दूतहरुको लागि
४२ तियार् पारीयेको छ किनभन्ये मं भोकायें अनि तिमिहरुले मंलाइ
४३ खुवायौन तिर्खायें अनि तिमिहरुले मंलाइ पियायौन पर्देसी थियें
अनि तिमिहरुले मंलाइ आफुकां लग्यौन नांगो थियें अनि तिमिहरुले
मंलाइ पहिऱ्यायौन निर्बल् भयेको र झेल्खान्मां थियें अनि तिमिहरुले
४४ मेरो हेर्चाहा गऱ्यौन। तव तिनिहरुले पनि उत्तर् दिइ भन्छन् हे प्रभु
हांमिहरुले कैले तपांइलाइ भोकायेका कि तिर्खायेका कि पर्देसी कि
नांगा कि निर्बल् भयेका कि झेल्खान्मां देख्यूं अनि तपांइको
४५ सेवा गऱ्यूंन। तब उस्ले तिनिहरुलाइ उत्तर् दिइ भन्छ मं
तिमिहरुलाइ सांचो भन्द छु जहां सम्म तिमिहरुले यि सबै भन्दा
सांनाहरुमांको येउटा सङ त्यो गऱ्यौन त त्यहां सम्म त्यो मैंने सङ गऱ्यौन।
४६ अनि यिनिहरु अनन्त दण्डमां जांछन् तर धर्म्मीहरु चइं अनन्त जीवन्मां ॥
२६ १ अनि येसो भयो जब येशूले यि सबै कुरा भनि सक्यो तब उस्ले
२ आफ्ना शिक्षेहरुलाइ भन्यो दुइ दिन् पछि निस्तार् चाड् हुंछ भनि
तिमिहरुले जान्द छौ अनि मान्छेको पुत्र क्रूस्मां चढाईनुलाइ पकराइ दिईंद
३ छ। तब मूल्पूजाहारीहरु र लोगका प्राचीन्हरु कयाफा नांउ भयेको
४ मूल्पूजाहारीको आघन्मां भेला भये अनि आपस्तमां येशूलाइ छल्
५ सङ समातूं र मारूं भनि सल्लाह् गऱ्ये। तर तिनिहरुले भन्ये चाड्मां
होइन न भये ता लोगमां खैलाबैला मचीयेला ॥
६ अब जब येशू बैथनियामां शिमोन् कोढ़ीको घर्मां थियो तब
येउटी स्त्री सेतो ढुंगोको गरीयोमां भारी मोल्को सुगन्ध तेल् लियेर उ

८ थांइ आई अनि उ भान्सामां बस्दाखेरि त्यो उस्को सिर्मां खन्याई। तर
९ यो देखिकन शिक्षेहरुले रिसाइ भन्ये यो नास् क्येको लामि किनभन्ये
१० यो धेरै दाम्मां बिकून् अनि कंगालिहरुलाइ दिईनु सक्ने थियो। तर
येशूले यो थाहा पायेर तिनिहरुलाइ भन्यो स्त्रीलाइ किन दुख गराइ दिंद
११ छौ किनभन्ये येस्ले मं सित जाति काम् गरी। कसोगरिभन्ये कंगालिहरु
१२ सधैं तिमिहरु सङ छन् तर मं सधैं तिमिहरु सङ छुइंन। किनभन्ये
त्येस्ले यो सुगन्ध तेल् मेरो जीउमां खन्याइकन यो मंलाइ गाड़ीनुको लागि
१३ तियार् पार्नुलाइ गरी। मं तिमिहरुलाइ सांचो भन्द छु जहां जहां यो
सुसमाचार् सबै संसार्मां प्रचारीयेला यो त्येस्ले गर्‍येकी पनि त्येस्को
सम्झनाको लागि बोलीछ॥

१४ तब बाह्रैमांको यहूदा इस्करयोती नांउ भयेको येउटाले मूल्-
१५ पूजाहारीहरुकां गयेर भन्यो तिमिहरुले मंलाइ क्ये दिंने इच्छे गर्द छौ
अनि मं उस्लाइ तिमिहरुलाइ पकराइ दिंछु। अनि तिनिहरुले त्येस्लाइ
१६ तीस् रुपिया खटाइ दिये। अनि तब देखि त्येस्ले उस्लाइ पकराइ दिंने
माफिक्को बेला खोजून लाग्यो॥

१७ अब अखमीरे रोटीको पहिलो दिन्मां शिक्षेहरुले येशू थांइ आयेर
भन्ये कहां तपांइको इच्छे छ हांमिहरुले तपांइले निस्तार् चाड् खानुको
१८ लागि तियार् पारूं। अनि उस्ले भन्यो हिंड़ि जाव सहर्मां फलाना
मान्छेकां अनि त्येस्लाइ भन् गुरुले भन्द छ मेरो बेला नजिक् छ मं
१९ आफ्ना शिक्षेहरु सङ तिम्रां निस्तार् चाड् गर्छु। अनि शिक्षेहरुले येशूले
तिनिहरुलाइ आज्ञा दियेको झैं गर्‍ये अनि निस्तार् चाड़को भोज् तियार्
२० पार्‍ये। त जब सांझ् पर्‍यो तब उ बाह्रै शिक्षेहरु सङ भान्सामां बस्द
२१ थियो अनि तिनिहरुले खांदाखेरि उस्ले तिनिहरुलाइ भन्यो मं तिमि-
हरुलाइ सांचो भन्द छु तिमिहरुमांको एक् जनाले मंलाइ पकराइ दिंछ।
२२ अनि तिनिहरुले अग्घोर् कष्टित् भइकन जनंगेले उस्लाइ भन्नु लाग्ये
२३ हे प्रभु क्ये मं हुं। उस्ले उत्तर् दिइ भन्यो जस्ले मं सङ डबकामां
२४ चोभ्यो त्येसैले मंलाइ पकराइ दिंछ। मान्छेको पुत्र ता उस्को बिषय्मां
लेख्येको झैं हिंड़ि जांद छ तर हाय् त्येस् मान्छे मांथि जस्को बाटोले
मान्छेको पुत्र पकराइ दिईद छ जाति हुंथ्यो त्येस् मान्छेको लागि त्येस्को
२५ जन्मै न भयेको भये देखि ता। अनि उस्लाइ पकराइ दिंने यहूदाले
उत्तर् दिइ भन्यो हे गुरु क्ये मं हुं। उस्ले त्येस्लाइ भन्यो तैंलेनै भनिस्।

२६ अनि तिनिहरुले खांदाखेरि येशूले रोटी लियेर आशीर्बाद गरिकन भांच्यो
२७ अनि शिक्षेहरुलाइ दिइ भन्यो लेव खाव यो मेरो जीउ हो। अनि उस्ले
कटौरा लियेर धन्नबाद् गरिकन तिनिहरुलाइ दिइ भन्यो तिमिहरु सबैले
२८ येस् देखि पीव किनभन्ये यो नियम्को मेरो लोहू हो जो धेरैको
२९ लागि पाप्मोचन्को निम्तिमां बहाईद छ। तर मं तिमिहरुलाइ भन्द
छु मं अब देखि दाख्को यो फल् देखि त्यो दिन् सम्म पीउंदीन जम्मां त्यो
तिमिहरु सङ आफ्नु पिताको राज्मां नया पीउंछु ॥
३० अनि उनिहरु भजन् गायेर जैतून् डांड़ामां निस्कि गये ॥
३१ तब येशूले तिनिहरुलाइ भन्यो तिमिहरु सबै येसै रात्मां मंमा
ठोकर् खांने गराईछौ किनभन्ये मं गोठालोलाइ हिर्काउंछु अनि बगाल्का
३२ भेंड़ाहरु छरपुट्ट पारीछन् भनि लेखीयेको छ। तर मं बौराईये पछि
३३ तिमिहरुको अघि गालील्मां जांछु। तर पत्रुस्ले उत्तर् दिइ उस्लाइ
भन्यो सबै तपांइमां ठोकर् खांने गराईये भन्ये पनि मं चइं ता कैले पनि
३४ ठोकर् खांने गराईदींन ॥ येशूले त्येस्लाइ भन्यो मं तंलाइ सांचो भन्द
छु येसै रात्मां भाले बास्न् भन्दा पहिले तैंले मंलाइ तीन् खेप् अस्वीकार्
३५ गर्छस्। पत्रुस्ले उस्लाइ भन्यो मैंले तपांइ सङ मर्नु पर्‍यो भन्ये पनि मं
तपांइलाइ अस्वीकार् गर्दींन। सबै शिक्षेहरुले पनि त्येसै भन्ये ॥
३६ तब येशू तिनिहरु सङ गत्समनी भनींने ठांउमां आयो अनि आफ्ना
शिक्षेहरुलाइ भन्यो मैंले वहां गयेर प्रार्थना न गरुंज्याल् सम्म तिमिहरु
३७ यहां बस। अनि उ पत्रुस्लाइ र जबदीका दुवै भाई छोराहरुलाइ आफु
३८ सङ लग्येर कष्टित् र ब्याकुल् हुंनु लाग्यो। तब उस्ले तिनिहरुलाइ
भन्यो मेरो प्राण् अग्घोर् अं मृत्यु सम्म कष्टित् छ तिमिहरु यहां रह
३९ अनि मं सङ जागि बस। अनि अलिक् अगाड़ि गयेर उ घोप्टो पर्‍यो
अनि येसो भनिकन प्रार्थना गर्‍यो हे मेरा पिता हुंनु सक्यो भन्ये यो
कटौरा मं देखि तर्कि जावस् तरै पनि ज्ये मेरो इच्छे छ त्यो होइन तर
४० ज्ये तपांइको इच्छे छ। अनि उ शिक्षेहरु थांइ आयो अनि तिनिहरुलाइ
सुति रह्येका भेटायो अनि पत्रुस्लाइ भन्यो येस्तो तिमिहरुलाइ मं सङ
४१ एक् घरी जागि बस्ने बल् भयेन। जागि बस अनि प्रार्थना गर र
तिमिहरु परीक्षामां न पर आत्मा ता तियार् छ तर जीउ निर्बल् छ।
४२ फेरि उस्ले दोस्रो खेप् गयेर येसो भनिकन प्रार्थना गर्‍यो हे मेरा पिता
मैंले बिना पीइकन यो तर्कनु सक्दैन भन्ये देखि तपांइको इच्छे पूरो

४३ हवम्। अनि उस्ले फेरि आयेर तिनिहरुलाइ सुति रह्येका भेटायो
४४ कसोगरिभन्ये तिनिहरुका आंखा गह्रुङ् थिये। अनि उ फेरि तिनिहरुलाइ
छोड़ि गयो अनि त्येइ कुरो फेरि भनिकन तीस्रो ख्येप् प्रार्थना गर्‍यो।
४५ तब उ शिक्षेहरु थांइ आयो अनि तिनिहरुलाइ भन्यो अब भन्ये सुत्दै
रहनु अनि बिश्राम् गर्नु हेर घरी नजिक् आयो अनि मान्छेको पुत्र
४६ पापीहरुका हात्मां पकराइ दिईद छ। उठ जाऊं हेर मंलाइ पकराइ
दिंने नजिक् आयो ॥

४७ अनि उ बोल्दैनै थियो हेर यहूदा जो बाह्रैमांको येउटा थियो
आयो अनि मूल्पूजाहारीहरु र लोगका प्राचीन्हरुको पट्टि बाटो भयेको ठुलो
४८ धुइरो तरवार् र लाठा लियेकाहरु त्यो सङ थिये। अब उस्लाइ पकराइ
दिंनेले तिनिहरुलाइ येसो भनि पता दियो जस्लाइ मं चूमा खांछु उइ हो
४९ उसैलाइ समात। अनि त्येस्ले तुरन्तै येशू थांइ आयेर भन्यो गुरुज्यु
५० सलाम् अनि उस्लाइ चूमा खायो। अनि येशूले त्येस्लाइ भन्यो ए साथी
ज्ये गर्नु आइस् त गर्। तब तिनिहरुले छेउ आयेर येशू मांथि हात्
५१ हाल्ये अनि उस्लाइ समात्ये। अनि हेर येशू सङ हुंनेहरुमांको एक् जनाले
हात् पसार्‍येर आफ्नु तरवार् झिक्यो अनि मूल्पूजाहारीको दास्लाइ हिर्काइ
५२ त्येस्को कान् उड़ाइ दियो। तब येशूले त्येस्लाइ भन्यो आफ्नु तरवार्
त्येस्को ठांउमां फर्का किनभन्ये तरवार् झिक्नेहरु सबै जना तरवारैले
५३ नष्ट पारींछन्। कि क्ये तैंले ठान्द छस् मं आफ्नु पिता सित बिन्ति गर्नु
सक्दींन अनि उस्ले ऐले स्वर्गे दूत्हरुका बारह् पल्टन्हरु भन्दा बेसि पुर्‍याइ
५४ दिंदैन। तब ता धर्म्मशास्त्रहरुमां येसो हुंनु अबस्से छ भनि लेखीयेको
५५ कसोगरि पूरो हुंथ्यो। त्येस् घरीमां येशूले धुइराहरुलाइ भन्यो क्ये तिमिहरु
मंलाइ डाकूलाइ झैं समात्नुलाइ तरवार् र लाठाहरु लियेर निक्ल्यौ।
मं ता दिनहूं मन्दिर्मां बसि सिकाउंद थियें अनि तिमिहरुले मंलाइ
५६ समात्यौन। तर यो सबै येम् खातिर्ले भयो अगम्बक्ताहरुले लेख्येको
पूरो हवस् भन्ने। तब सबै जना शिक्षेहरु उस्लाइ छोड्येर भागि गये॥

५७ अनि येशूलाइ समात्नेहरुले उस्लाइ कयाफा मूल्पूजाहारी थांइ लग्ये
५८ जहां शास्त्रीहरु र प्राचीन्हरु भेला भये। तर पत्रस् चइं टाड़ो टाड़ै
उस्को पछि पछि मूल्पूजाहारीको आघन् सम्म हिंड़ि गयो अनि भित्र
५९ गयेर अन्त हेर्नुलाइ प्यादाहरु सङ बस्यो। अब मूल्पूजाहारीहरु र सिंगै
महासभाले येशूलाइ मंराउंनुको लागि उस्को बिरुद्धमां झूठो साक्षी खोज्ये

६० अनि धेरै जना झूठा साक्षीहरु छेउ आये तैपनि पायेनन्। तर पछाड़ि
६१ दुइ जनाले छेउ आयेर भन्ये येस्ले मं ईश्वर्को पवित्रबास् भत्काउंनु
६२ र तीन् दिन्मां त्यो बनाउंनु सक्द छु भनि भन्येको छ। अनि मूल्-
पूजाहारीले उभीयेर उस्लाइ भन्यो क्येइ उत्तर् दिंदैनम् यिनिहरुले तेरो
६३ बिरुद्धमां क्ये साक्षी दिंद छन् तर येशू चुप् रह्यो। अनि मूल्-
पूजाहारीले उस्लाइ भन्यो मं तंलाइ जीउंदो ईश्वर्को किरिया दिंद छु
६४ हांमिहरुलाइ भन् क्ये तं ईश्वर्को पुत्र खीष्ट होम्। येशूले त्येस्लाइ
भन्यो तिमिले भन्यौ तरै पनि मं तिमिहरुलाइ भन्द छु अव देखि उसो
तिमिहरुले मान्छेको पुत्रलाइ शक्तिको दाहीनो हात् पट्टि बस्येको अनि
६५ स्वर्गका मेघ्मां आउंदै गर्‍येको देख्छौ। तब मूल्पूजाहारीले आफ्ना बस्त्र
फार्‍येर भन्यो त्येस्ले ईश्वर्को निन्दा गर्‍येको छ हांमिहरुलाइ साक्षीहरुको
अरु क्ये खांचो छ हेर तिमिहरुले निन्दा गर्‍येको ऐले सुन्येका छौ तिमिहरुले
६६ क्ये ठान्द छौ। तिनिहरुले उत्तर् दिइ भन्ये त्यो काल्को योग्य छ।
६७ तब तिनिहरुले उस्को मुख्मां थूक्ये अनि उस्लाइ घुस्साले हिर्कायें अनि
६८ कत्तिले लपटाले हिर्कायेर भन्ये ए खीष्ट अगम्को बाटोले हांमिहरुलाइ
कहि दे तंलाइ हिर्काउंने को हो॥

६९ अब पत्रुस् बाइर आंगन्मां बस्येको थियो अनि येउटी दासीले छेउ
७० आयेर भनी तं पनि येशू गालीली सङ थिइस्। तर त्येस्ले सबैको
७१ सांम्ने अस्वीकार् गरि भन्यो मं जान्दींन क्ये भन्द छम्। अनि जब त्यो
दलान्मां निक्ल्यो तब अर्कीले त्येस्लाइ देखी अनि त्यहां हुंनेहरुलाइ भनी
७२ यो पनि येशू नासरी सङ थियो। अनि त्येस्ले फेरि किरिया सङ
७३ अस्वीकार् गर्‍यो मं त्येस् मान्छेलाइ जान्दींन। अनि अलिक् बेर् पछि
त्यहां उभीइ रहंनेहरुले छेउ आयेर पत्रुस्लाइ भन्ये सांचिनै तं पनि तिनि-
७४ हरुमांकै होस् कसोगरिभन्ये तेरो बोलीले तंलाइ प्रकाशित् गर्द छ। तब
त्येस्ले धिक्कार्नु र मं त्येस् मान्छेलाइ जान्दींन भनि किरिया खांनु लाग्यो।
७५ अनि त्येत्तिनैखेर भाले बास्यो। अनि पत्रुस्ले येशूले भन्येको कुरो
सम्झ्यो अर्थात् भाले बास्नु भन्दा पहिले तैंले तीन् खेप् मेरो अस्वीकार्
गर्छस्। अनि त्यो बाइर गयेर दुख लागि लागिकन रोयो॥

२७ १ त जब बिहान् भयो तब सबै मूल्पूजाहारीहरु र लोगका प्राचीन्हरुले
२ आपस्तमां येशूको बिरुद्धमां उस्लाइ काल् गराऊं भनि सल्लाह् गर्‍ये अनि
तिनिहरुले उस्लाइ बान्ध्येर लग्ये अनि पिलातुस् मालिक्लाइ सुम्पि दिये॥

३ तब उस्लाइ पकराइ दिंने यहूदाले उस्लाइ काल्को लागि ठहराईको
देख्येर पछ्ताइकन ति तीस् रुपिया मूल्पूजाहारीहरु र प्राचीन्हरुकां फर्काइ
४ लग्यो अनि भन्यो मैंले निर्दोषी लोहूलाइ पकराइ दिंदा पाप् गर्यें।
५ तर तिनिहरुले भन्ये हांमिहरुलाइ क्ये तैं जान्। अनि त्यो ति रुपिया
पवित्रवास्मां फ्यांकि राख्येर हिंड़ि गयो अनि गयेर आफै झुंडिइ मर्यो।
६ अनि मूल्पूजाहारीहरुले ति रुपिया लियेर भन्ये यि पवित्र भंडार्मां हाल्नु
७ उचित् छैन किनभन्ये लोहूको मोल् हो। अनि तिनिहरुले आपस्तमां
सल्लाह् गर्येर तिनले पर्देमीहरुलाइ गाड़्नुको लागि कुमालेको जग्गा किन्ये।
८ येस्कारण् त्यो जग्गा आजु सम्म लोहूको जग्गा भनीयो। तब यर्‌मिया
अगम्‌वक्ताको बाटोले भनीयेको यो बचन् पूरो भयो अनि तिनिहरुले ति
तीस् रुपिया लिये अर्थात् त्येम् मोलीयेको मोल् जस्लाइ इस्राएल्का
१० सन्तान्मांका कत्ति जनाले मोल्ये अनि प्रभूले मंलाइ आज्ञा दियेको
झैं ति कुमालेको जग्गामां दिहाल्ये भन्ने॥

११ अब येशू मालिक्‌को सांमु उभीयो अनि मालिक्‌ले उ सित क्ये तं
यहूदीहरुको राजा होम् भनि सोध्यो। अनि येशूले त्येस्लाइ भन्यो आफुले
१२ भन्नु हुंद छ। अनि मूल्पूजाहारीहरु र प्राचीन्हरु देखि उस्लाइ दोष् लगाई-
१३ येकोमां उस्ले क्येइ उत्तर् दियेन। तब पिलातुस्‌ले उस्लाइ भन्यो क्ये तैंले
१४ सुन्दैनस् तिनिहरुले तेरो विरुद्धमां कति साक्षी दिंद छन्। अनि उस्ले
त्येस्लाइ क्येइ उत्तर् दियेन अं येउटा कुरोको पनि यहां सम्म दियेन मालिक्‌ले
१५ अघोर् उदेक् मान्यो। अब चाड़्मां मालिक्‌को यो रीत् थियो धुइरोको
१६ लागि तिनिहरुले इच्छे गर्येको एक् जना बन्धुवालाइ छोड़ि दिंनु। अनि
त्येम् बेलामां तिनिहरुको बरब्बा नांउ भयेको येउटा प्रसिद्ध बन्धुवा थियो।
१७ त जब तिनिहरु भेला भये तब पिलातुस्‌ले तिनिहरुलाइ भन्यो तिमिहरुको
क्ये इच्छे छ मं तिमिहरुको लागि कस्लाइ छोड़ि दिउं बरब्बालाइ कि
१८ ख्रीष्ट भनीने येशूलाइ। किनभन्ये उस्लाइ डाहैले पकराइ दिये भनि
१९ त्येस्ले जान्द थियो। अनि जब त्यो नियाको बैठक्‌मां बस्येको थियो
तब त्येस्की सुखेंनीले त्येस् धर्म्मीलाइ क्येइ न गर किनभन्ये मैंले आजु
२० सपनामां उस्को कारण्ले बिघ्न दुख भोग्येको छु भनि पठाई। अब
मूल्पूजाहारीहरु र प्राचीनहरुले धुइराहरुलाइ तिनिहरुले बरब्बालाइ मांग्नु
२१ येशूलाइ नास् गर्नुलाइ मनाये। तर मालिक्‌ले उत्तर् दिइ तिनिहरुलाइ
भन्यो तिमिहरुको क्ये इच्छे छ मं तिमिहरुको लागि ति दुइमांको कस्लाइ

२२ छोड़ि दिउं। अनि तिनिहरुले भन्ये बरब्बालाइ। पिलातुस्‌ले तिनि-
हरुलाइ भन्यो त ख्रीष्ट भनींने येशूलाइ मं क्ये गरुं। सबैले भन्ये त्यो
२३ चइं क्रूस्‌मां चढ़ाईओस्। अनि त्येस्ले भन्यो किन उस्ले क्ये बुरो गऱ्यो
र। तर तिनिहरुले अग्घोरै कराइकन भन्ये त्यो क्रूस्‌मां चढ़ाईओस्।
२४ त पिलातुस्‌ले क्येइ हुंनु न सक्येको तर झन् खैलाबैला उठ्दै गऱ्येको
देख्येर पानी लियेर धुइरोको सांमु आफ्ना हात् धोयेर भन्यो मं चइं येस्
२५ धर्म्मीको लोहू देखि निर्दोषी छु तिमिहरुले जान। अनि सबै लोग्‌ले
उत्तर दिइ भन्ये उस्को लोहू हांमिहरु र हांमिहरुका सन्तान्‌हरु मांथि
२६ परोम्। तब त्येस्ले तिनिहरुको लागि बरब्बालाइ छोड़ि दियो तर येशू-
चइंलाइ त्येस्ले कोर्रा लायेर क्रूस्‌मां चढ़ाईनुलाइ सुम्पि दियो॥

२७ तब मालिक्‌का तिलङ्गाहरुले येशूलाइ महल्‌मां सङ लग्येर सबै
२८ पल्टन्‌लाइ भेला गराये। अनि तिनिहरुले उस्को बस्त्र काड़्येर उस्लाइ सिंदुरे
२९ रंगको बस्त्र पहिऱ्याये। अनि तिनिहरुले कांड़ाहरुको मुकुट गांथ्येर उस्को
सिर्‌मां लगाइ दिये अनि उस्को दाहींनो हात्‌मां निङालो दिये अनि उस्को
सांमु घुंड़ा टेकिकन अनि ठट्टा गरि उस्लाइ भन्ये ए यहूदीहरुका राजा सलाम्।
३० अनि तिनिहरुले उस्लाइ थूक्ये अनि त्येस् निङालोले उस्को थाप्लोमां हिर्काये।
३१ अनि जब तिनिहरुले उ मिन ठट्टा गरि सक्ये तब उ देखि त्यो बस्त्र काड़्येर
उसैको बस्त्र उस्लाइ लगायेर उस्लाइ क्रूस्‌मां चढ़ाउंनुलाइ लग्ये॥

३२ अनि तिनिहरुले निक्लंदाखेरि कुरेनेको शिमोन् नांउ भयेको येउटा
मान्छेलाइ भेट्यो अनि त्येस्लाइ उस्‌को क्रूस् बोक्‌नुको लागि बल्‌मिचेई
३३ सङ लग्ये। अनि जब तिनिहरु गल्‌गथा भनींने ठांउ अर्थात् खप्परे
३४ भनींने ठांउमां पुग्ये तब तिनिहरुले पित्त मिसीयेको दाख्‌रस् उस्लाइ
३५ पीउंनु दिये अनि उस्ले चाख्येर पीउंने इच्छे गऱ्येन। अनि तिनिहरुले
३६ उस्लाइ क्रूस्‌मां चढ़ाये पछि चिट्ठा लगायेर उस्का बस्त्र बांड़ि लिये अनि
३७ त्यहां बसिकन उस्लाइ रुङ्ग्ये। अनि तिनिहरुले यो यहूदीहरुको राजा
३८ येशू हो भन्ने उस्को दोषपत्र उस्को सिर् देखि मास्तिर लगाये। तब
दुइ जना डाकूहरु एक दाहींनो हात् अर्को बांउ हात् पट्टि उ सङ क्रूस्
३९ क्रूस्‌मां चढ़ाईये। अनि आउंने जांनेहरुले आफ्ना सिर् चलाइ चलाइकन
४० उस्को निन्दा गरि भन्द थिये ए पवित्रबास् भत्‌काउंने अनि तीन्
दिन्‌मां बनाउंने आफुलाइ बचा तं ईश्वर्‌को पुत्र होस् भन्ये देखि क्रूस्
४१ देखि ओह्‌लि आइज। त्येसै मूल्‌पूजाहारीहरुले पनि शास्त्रीहरु र

४२ प्राचीन्हरु सङ ठट्टा गरिकन भन्ये उस्ले अर्कालाइ बचायो आफुलाइ
बचाउंनु सक्दैन। उ इस्राएल्को राजा हो अब क्रूस् देखि ओह्लि
४३ आवस् अनि हांमिहरु उस् मांथि बिश्वास् गर्छौं। उस्ले ईश्वर् मांथि
भरोसा राख्द छ त्येसैले उस्को चाहा गर्द छ भन्ये देखि अब उस्लाइ
४४ छोड़ावस् किनभन्ये उस्ले मं ईश्वर्को पुत्र हुं भनि भन्यो। अनि उ सङ
क्रूस्हरुमां चढ़ाईयेका ति डाकूहरुले पनि उस्लाइ त्येइ दोष् दिये ॥
४५ अब दुइ पहर् देखि येसो तीस्रो पहर् सम्म सबै देस्मां अंधकार्
४६ भइ गयो। अनि तीस्रो पहर् छेक येशूले बड़ो शब्दले हापारि भन्यो
एली एली लामा सवख्थानी अर्थात् हे मेरा ईश्वर् हे मेरा ईश्वर् मंलाइ
४७ किन छोड़ि दिंनु भयो। अनि त्यहां उभींनेहरुमांका कत्तिले यो सुन्येर
४८ उस्ले एलियालाइ बोलाउंद छ भन्ये। अनि तुरन्तै तिनिहरुमांको एक्
जनाले दुगुरि गयेर स्पंज लियेर त्यो सिर्कालि भरायेर निङालोमां लगायेर
४९ उस्लाइ पीउंनु दियो। अनि रह्येकाहरुले भन्ये रहंनु दे हेरूं एलिया
५० उस्लाइ बचाउंनु आउंछ कि। अनि येशूले फेरि बड़ो शब्दले करायेर प्राण्
५१ त्यागि दियो। अनि हेर पवित्रबास्को पर्दा मांथि देखि तल सम्म फाटीयेर
दुइ भाग् भयो अनि धर्ती डोलाईयो अनि शिलापत्थर्हरु चड़काईये
५२ अनि चिहान्हरु उघारीये अनि धेरै सुत्येका पवित्रहरुका मुर्दा बौराईये
५३ अनि उ बौराईये पछि तिनिहरु चिहान् देखि निक्ल्ये अनि पवित्र सहर्मां
५४ पस्ये अनि धेरै मांथि प्रगटो भये। अब कप्तान् र त्यो सङ येशूलाइ
रुङ्नेहरु भूइंचाल् र ज्ये ज्ये भये ति देखिकन अग्घोर् डराये अनि भन्ये
५५ सांञ्चिनै यो ईश्वर्को पुत्र थियो। अनि त्यहां गालील् बाटो येशूको
पछि पछि उस्को सेवा गर्दै आउंने धेरैवटी स्त्रीहरु टाड़ो बाटो हेरि रह्येकी
५६ थिइन् तिनिहरुमां मरियम् मग्दलीनी अनि याकूब र योसेस्की आंमा
मरियम् अनि जबदीका छोराहरुकी आंमा थिइन् ॥
५७ अनि जब सांझ् पर्‍यो तब यूसुफ् नांउ भयेको अरमतियाको एक्
धनी मान्छे आयो जो आफै पनि येशूको शिक्षे थियो येस्ले पिलातुस्कां
५८ गयेर येशूको मुर्दा मांग्यो। तब पिलातुस्ले त्यो दिईओस् भनि अह्रायो।
५९ ६० अनि यूसुफ्ले मुर्दालाइ लग्येर त्येस्लाइ चोखो मल्मल्मां बेह्र्यो अनि
त्येस्लाइ शिलापत्थर्मां खोप्येको आफ्नु नया चिहान्मां राख्यो अनि
६१ चिहान्को दुवार्मां ठुलो ढुंगो पल्टाइ दियेर हिंड़ि गयो। अनि मरियम्
मग्दलीनी र अर्की मरियम् त्यहां चिहान्को सांमु बसि रह्येकी थिइन् ॥

६२ अब भोलि पल्टो जो तियारीको दिन् पछि लाग्ने दिन् हो मूल्-
६३ पूजाहारीहरु र फरीसीहरु पिलातुस्कां भेला भये अनि भन्ये प्रभुज्यु
हांमिहरुलाइ सम्झना छ त्येस् भर्माउंनेले जीउंदो छंदाखेरि तीन् दिन् पछि
६४ मं बौरि उठ्छु भन्यो। त तीस्रो दिन् सम्म चिहान्को रक्षे गर्नु अह्राउंनु
हवस् होइन भन्ये ता उस्का शिक्षेहरुले आयेर उस्लाइ चोरि लैजानन् अनि
लोगलाइ उ मुर्दाहरु देखि बौरि उठ्यो भनि भन्नन् अनि पछिल्लो भर्माई
६५ पहिलो भन्दा सारो होला। पिलातुस्ले तिनिहरुलाइ भन्यो तिमिहरुकां
६६ पहरा छ हिंड़ि जाव आफ्नु जान्दो भर् रक्षे गर। त तिनिहरुले गयेर
पहरा सङ ढुंगोमां छाप् मांच्येर चिहान्को रक्षे गऱ्ये॥

२८ १ अब बिश्राम्को दिन्को अन्तमां साताको पहिलो दिन् रामेरुमि
हुंदैखेरि मरियम् मग्दलीनी र अर्की मरियम् चिहान् हेर्नुलाइ आइन।
२ अनि हेर भूइंचाल् भयो कसोगरिभन्ये प्रभुको येउटा दूत् स्वर्ग बाटो
३ ओह्लेर छेउ आयेर ढुंगो पल्टाइ दियो अनि त्येस् मांथि बस्यो। त्येस्को
४ रूप् बिजुलि जस्तो अनि त्येस्को वस्त्र हिंउ जस्तो उज्जर् थियो अनि
५ त्येस्को डर्ले रुङ्नेहरु कांप्ये अनि मुर्दै सरि भइ गये। अनि दूत्ले
उत्तर् दिइ स्त्रीहरुलाइ भन्यो तिमिहरु न डराव किनभन्ये मं जान्द छ
६ तिमिहरुले क्रूस्मां चढ़ाईयेको येशूलाइ खोज्द छौ। उ यहां छैन कसोगरि-
भन्ये उस्ले भन्येकै झैं बौरि उठ्यो। आव प्रभु पल्टीयेको ठांउ हेर।
७ अनि छिट्टो गयेर उस्का शिक्षेहरुलाइ भन उ मुर्दाहरु देखि बौरि उठ्यो
अनि हेर उ तिमिहरुको अघि अघि गालील्मां जांदै छ वहां तिमिहरुले
८ उस्लाइ देख्छौ हेर मैंले तिमिहरुलाइ भन्ये। अनि तिनिहरु डर् र बड़ो
रमाहट् सङ चिहान् बाटो छिट्टो गयेर उस्का शिक्षेहरुलाइ समाचार्
९ दिंनुलाइ दुगुरिन्। अनि हेर येशूले तिनिहरुलाइ भेटेर सलाम् भन्यो।
अनि तिनिहरुले छेउ आयेर उस्का चरण् समाति उस्लाइ प्रणाम् गरिन्।
१० तब येशूले तिनिहरुलाइ भन्यो न डराव गयेर मेरा भाईहरुलाइ समाचार्
देव तिनिहरु गालील्मां जाइ जाउन् अनि वहां तिनिहरुले मंलाइ देख्छन्॥
११ अब तिनिहरु जांदैनै थिइन् हेर पहरा बस्नेहरुमांका कत्ति जनाले
सहर्मां आयेर ज्ये ज्ये भयेका थिये तिनको समाचार् मूल्पूजाहारीहरुलाइ
१२ दिये। अनि तिनिहरुले प्राचीन्हरु सङ भेला भयेर आपस्तमां सल्लाह्
१३ गऱ्येर तिलङ्गाहरुलाइ निकैनिकै रुपिया दिये अनि भन्ये तिमिहरु
बोल उस्का शिक्षेहरुले राति आयेर जब हांमिहरु सुत्येका थियूं उस्लाइ

१४ चोरि लग्ये छन्। अनि येस् कुरोको सुनाई मालिक्कां पुग्यो भन्ये देखि
१५ हामिहरु उस्लाइ मनाइकन तिमिहरुलाइ बिफिक्रिका तुल्याऊंला। त तिनि-
हरुले रुपिया लियेर सिकायेको अन्सार् गर्‍ये अनि यो बचन् यहूदीहरुमां
आजु सम्म कहंनि चल्द छ॥

१६ तर एघाह्रै शिक्षेहरु गालील्मां येशूले तिनिहरुको लागि खटायेको
१७ डांड़ा मांथि गये। अनि तिनिहरुले उस्लाइ देखिकन प्रणाम् गर्‍ये तर
१८ कत्ति जना दुब्धामां थिये। अनि येशू तिनिहरुकां आयेर तिनिहरु सङ
बोल्यो स्वर्गमां अनि पृथिवी मांथि समस्त अधिकार् मंलाइ दिईयेको छ।
१९ येस्कारण् तिमिहरुले गयेर सबै देस्का लोग्लाइ शिक्षे तुल्याव तिनिहरुलाइ
२० पिता अनि पुत्र अनि पवित्र आत्माको नांउमां बप्तिस्मा गरिकन ज्ये
ज्येको मैंले तिमिहरुलाइ आज्ञा गर्‍यें तिनिहरुलाइ ति सबै मान्नुलाइ सिकाउंदै।
अनि हेर मं सब दिन् अं जगत्को अन्त सम्म तिमिहरु सङ छु॥

मर्कुस् रचित् सुसमाचार्

१ १ ईश्वर्को पुत्र येशू ख्रीष्टको सुसमाचार्को थाल्नि ॥
२ जमोगरि यशैया अगम्बक्ताको पोस्तक्मां यो लेख्येको छ अर्थात्
हेर् मं आफ्नु दूत्लाइ तेरो मुख्को अगाड़ि पठाउंद छु
जस्ले तेरो सांमु तेरो बाटो बनाउंछ
३ बन्मां एक् जना कराउंनेको शब्द
प्रभुको बाटो तियार् बनाव
उस्का मार्ग सोजो पार ।
४ त्येस्तै यूहन्ना आयो बन्मां बप्तिस्मा गर्दै र पाप्मोचन्को लागि
५ पश्चात्ताप्को बप्तिस्माको प्रचार् गर्दै । अनि सबै यहूदिया देस् र यरू-
सलम्मां बस्नेहरु सबै त्यो थांइ निस्कि गये अनि तिनिहरु आफ्ना पाप्का
६ काएल् हुंदै यर्दन् नदीमां त्यो देखि बप्तिस्मा भये । अनि यूहन्नाले ऊंट्को
रऊंको बस्त्र लायेको र आफ्नु कम्मर्मां छालाको पटुका बान्ध्येको थियो
७ अनि सलह र बन्मह खांद थियो । अनि त्येस्ले प्रचार् गर्दै भन्यो
मेरो पछि येउटा मं भन्दा सामर्थी आउंद छ अनि मं ता निउंरिकन
८ उस्का जुत्ताका बन्धन् फुकाउंने माफिक्को पनि छुइंन । मैंले ता
तिमिहरुलाइ पानीले बप्तिस्मा गर्यें तर उस्ले तिमिहरुलाइ पवित्र आत्माले
बप्तिस्माले गर्छ ॥
९ अनि ति दिन्मां येसो भयो येशू गालील्को नासरत् बाटो आयो
१० अनि यूहन्ना देखि यर्दन्मां बप्तिस्मा भयो । अनि तुरन्तै पानी बाटो मांथि
आउंदैखेरि उस्ले स्वर्ग फाट्दै गर्येको र आत्मालाइ परेवा झैं आफु मांथि
११ ओह्लंदै गर्येको देख्यो अनि स्वर्ग देखि यो शब्द भयो तं मेरो प्रिय
पुत्र होस् तंमां मं खुशि छु भन्न्ये ॥
१२ १३ अनि तुरन्तै आत्माले उस्लाइ बन्मां धपायो । अनि बन्मां चालीस्
दिन् सम्म शैतान् देखि उस्को परीक्षा गरीयो अनि उ बन्पशुहरु सङ रह्यो
अनि स्वर्गदूत्हरुले उस्को सेवा गर्ये ॥
१४ अब यूहन्ना पकराइ दिईये पछि येशू गालील्मां आयो ईश्वर्को
१५ सुसमाचार् प्रचार् गर्दै र येसो भन्दै समय पूरो भयो अनि

ईश्वर्को राज् नजिक् आयो पश्चात्ताप् गर अनि सुसमाचार् मांथि
बिश्वास् गर ॥
१६ अनि गालील्को समुन्द्रको तीर्मां जांदै गर्दाखेरि उस्ले शिमोन्लाइ
र शिमोन्को दाज्यु अन्द्रियास्लाइ समुन्द्रमां जाल् हान्दै गऱ्येको देख्यो
१७ कसोगरिभन्ये तिनिहरु जलहारि थिये। अनि येशूले तिनिहरुलाइ भन्यो
मेरो पछि आव अनि मं तिमिहरुलाइ मान्छेहरुका जलहारि तुल्याउंछु।
१८ अनि तिनिहरुले तुरन्तै जाल्हरु छोड़ेअर उस्लाइ पछ्याये। अनि अलिक्
१९ अघि हिंड़ेअर उस्ले जबदीको छोरो याकूब् र त्येस्को भाई यूहन्नालाइ
२० देख्यो जुन्हरु पनि नाउमां जाल् तुन्दै थिये। अनि तुरन्तै उस्ले तिनि-
हरुलाइ बोलायो अनि तिनिहरु आफ्नु बाबु जबदीलाइ बंनि गर्नेहरु सङ
नाउमां छोड़ेअर उस्को पछि हिंड़ि गये ॥
२१ अनि उनिहरु कफर्नाहुम्मां आये अनि तुरन्तै उ बिश्राम्को दिन्मां
२२ सभाघर्मां गयेर शिक्षा दिंनु लाग्यो। अनि तिनिहरु उस्को शिक्षाले
मुर्छा पऱ्ये कसोगरिभन्ये उस्ले शास्त्रीहरुको होइन तर अधिकारीहरुको
२३ रीत्मां तिनिहरुलाइ सिकाउंद थियो। अनि तुरन्तै तिनिहरुको सभाघर्मां
येउटा अशुद्ध आत्मा लाग्येको मान्छे थियो अनि त्येस्ले चिच्याइ भन्यो
२४ हे येशू नासरी हांमिहरुलाइ तपांइ सङ क्ये काम् क्ये तपांइ हांमिहरुलाइ
नास् पार्नुलाइ आउंनु भयो मं तपांइलाइ जान्द छु तपांइ को हौ अर्थात्
२५ ईश्वर्का पवित्र जन् भनि। अनि येशूले त्येस्लाइ हकारि भन्यो चुप्
२६ लाग् अनि त्यो देखि निस्कि आ। अनि अशुद्ध आत्मा त्येस्लाइ निमठि र
२७ बड़ो शब्दले कराइ त्यो देखि निस्कि आयो। अनि सबै जनाले येस्तो
अचंभ मान्ये तिनिहरु यो क्या हो यो ता नया सिकाई हो उस्ले अधिकार्
सङ अशुद्ध आत्माहरुलाइ पनि आज्ञा दिंद छ अनि तिनिहरुले उस्को आज्ञा
२८ मान्द छन् भन्दै आपस्तमां बिबाद् गर्नु लाग्ये। अनि यो हुंनु बित्तिकै
उस्को कीर्त्ति गालील्को छेउछाउको सबै देस्मां फिंजीइ गयो ॥
२९ अनि तुरन्तै उनिहरु सभाघर् देखि निस्क्येर याकूब् र यूहन्ना सङ
३० शिमोन् र अन्द्रियास्को घर्मां आये। अब शिमोन्की सासु जरोले
थलीइ पसीयेर्की थिई अनि तिनिहरुले तुरन्तै तेस्को बिषय्मां उस्लाइ
३१ भन्ये अनि उस्ले छेउ आयेर त्येस्को हात् समातिकन त्येस्लाइ
उठायो अनि जरोले त्येस्लाइ छोड़्यो अनि त्यो उनिहरुको सेवा
गर्नु लागी ॥

३२ अनि सांझ्मां जब सूर्ज अस्तायो तब तिनिहरुले सब् मधौरा र
३३ भूत् लाग्येकाहरुलाइ उ थांइ ल्याये। अनि सिंगै सहर् दुवार्मां भेला
३४ भयो। अनि उस्ले नाना प्रकार्का बेथाले मधौरा भयेका धेरै जनालाइ
त्रिसेक् गरायो अनि धेरै भूत्हरुलाइ निकाल्यो अनि उस्ले भूत्हरुलाइ
बोल्नु दियेन किनभन्ये तिनिहरुले उस्लाइ चिन्द थिये॥
३५ अनि बिहान् धेरै रात् रहंदैखेरि उ उठेर बाइर निक्ल्यो अनि
३६ सुन्ने ठांउमां गयेर वहां प्रार्थना गर्नु लाग्यो। अनि शिमोन् र त्यो सङ
३७ हुंनेहरु उस्को खोज्मां गये अनि उस्लाइ पायेर उस्लाइ भन्ये सबैले
३८ तपांइलाइ खोज्द छन्। अनि उस्ले तिनिहरुलाइ भन्यो आव हांमिहरु
अरु कही छेउछाउका सहर्हरुमां जाऊं र मं वहां पनि प्रचार् गरुं किनभन्ये
३९ मं येसै लागि निक्ल्यें। अनि उ प्रचार् गर्दै र भूत्हरुलाइ निकाल्दै
सबै गालील्मां तिनिहरुका सभाघर्हरुमां गयो॥
४० अनि एक् जना कोढ़ी उ थांइ उ सित बिन्ति गर्दै र उस्को सांमु
घुंड़ा टेक्दै र उस्लाइ भन्दै आयो तपांइले इच्छे गर्नु भयो भन्ये देखि
४१ मंलाइ शुद्ध पार्नु सक्नु हुंछ। अनि उस्ले टिठायेर हात् पसार्येर त्येस्लाइ
४२ छोयो अनि त्येस्लाइ भन्यो मं इच्छे गर्द छु तं शुद्ध पारीइ। अनि
४३ तुरन्तै त्येस्को कोढ़् गइ गयो अनि त्यो शुद्ध पारीयो। अनि उस्ले
४४ त्येस्लाइ बल्लियोगरि चेताइ तुरन्तै बिदा गर्‍यो अनि त्येस्लाइ भन्यो
हेर् कसैलाइ क्येइ न भन् तर हिंड़ि जा आफुलाइ पूजाहारीलाइ देखा
अनि तेरो शुद्ध हुंने बिषय्मां ज्ये ज्ये मूसाले आज्ञा गर्‍यो ति थोक्
४५ तिनिहरुलाइ साक्षी हुंनुको लागि चढ़ा। तर त्येस्ले बाइर गयेर त्यो
यहां सम्म धेर् धेरै प्रचार्नु र त्येस् बिषय्को कीर्त्ति फिंजाउंनु लाग्यो
येशू फेरि प्रगटोगरि कसै सहर्मां जांनु सक्येन तर बाइर सुन्ने ठांउ हुंदो
रह्यो अनि लोग् चारै तिर बाटो उ थांइ आये॥
२ १ अनि कत्ति दिन् पछि जब उ कफर्नाहुम्मां पस्यो तब सुनीयो उ
२ घर्मां छ भनि। अनि धेरै लोग् यहां सम्मगरि भेला भये अं दुवार्को
छेउमां पनि अझ अटायेनन् अनि उ तिनिहरुलाइ बचन् बोल्द थियो।
३ अनि तिनिहरुले चार् जनाले बोक्येको एक् जना अर्द्धाङ्गीलाइ उ थांइ
४ ल्याये। अनि धुइरोको कारण्ले उस्को नजिक् आउंनु न सक्येकोले
तिनिहरुले छाना उजार्‍ये अनि उप्काइ सक्ये पछि त्यो अर्द्धाङ्गी पस्तीइ
५ रह्येको खाट् सुर्क्याइ दिये। अनि येशूले तिनिहरुको बिश्वास् देखिकन

६ त्येस् अर्द्धाङ्गीलाइ ए छोरा तेरा पाप् क्षमा गरीये भन्यो। तर कन्ति
जना शास्त्रीहरु त्यहां बस्येका थिये अनि आफ्नु आफ्नु हिर्दय्मां बिचार्
७ गर्द थिये येस्ले किन येसो भन्द छ उस्ले ईश्वर्को निन्दा गर्द छ
एक् अर्थात् ईश्वर् देखि बाहिक् अरु कस्ले पाप् क्षमा गर्न् सक्द छ
८ भन्ये। अनि तुरन्तै येशूले आफ्नु आत्मामां तिनिहरुले आफु आफुमां
येस्तो बिचार् गर्द छन् भनि थाहा पायेर तिनिहरुलाइ भन्यो तिमिहरुले
९ आफ्नु आफ्नु हिर्दय्मां यो बिचार् किन गर्द छौ। कुन् कुरो सहज् छ
अर्द्धाङ्गीलाइ तेरा पाप् क्षमा गरीये भन्नु कि उठ् आफ्नु खाट् उठायेर
१० डुल् भन्नु। तर तिमिहरुले मान्छेको पुत्रलाइ पृथिवीमां पाप् क्षमा गर्ने
११ अधिकार् रछ भनि थाहा पाउंनुलाइ (उस्ले अर्द्धाङ्गीलाइ भन्यो)
मं तंलाइ भन्द छु उठ् आफ्नु खाट् उठा अनि आफ्नु घर्मां हिंड़ि जा।
१२ अनि त्यो उठ्यो अनि तुरन्तै खाट् उठायेर सबैको सांमु येस्तोगरि निस्कि
गयो ति सबै जना मुर्छा पऱ्ये अनि ईश्वर्को महिमा गर्किन भन्ये ह्रांमि-
हरुले येस्तो कैलेइ देख्यूंन॥

१३ अनि उ फेरि बाइर समुन्द्रको तीर्मां गयो अनि सबै धुइरो उ
१४ थांइ आयो अनि उस्ले तिनिहरुलाइ शिक्षा दियो। अनि जांदै गर्दाखेरि
उस्ले हल्फाको छोरो लेवीलाइ जगात् उठाउंने बैठक्मां बसि रह्येको
देख्यो अनि त्येस्लाइ भन्यो मंलाइ पछ्या। अनि त्येस्ले उठेर उस्लाइ
१५ पछ्यायो। अनि येसो भयो उ त्येस्को घर्मां भान्सामां बस्येको थियो
अनि धेरै जना जगातिहरु र पापीहरु येशू र उस्का शिक्षेहरु सङ बस्ये
१६ किनभन्ये धेरै थिये अनि तिनिहरुले उस्लाइ पछ्याउंद थिये। अनि
फरीसीहरुमांका जो जो शास्त्री थिये निनिहरुले उस्लाइ पापीहरु र जगातिहरु
सङ खायेको देख्येर उस्का शिक्षेहरुलाइ भन्ये उस्ले जगातिहरु र पापीहरु
१७ सङ खांद पीउंद छ। अनि येशूले सुन्येर तिनिहरुलाइ भन्यो भलाचंगा-
हरुलाइ बैद्यको खांचो छैन तर मधौराहरुलाइ. मं धर्म्मीहरुलाइ होइन
तर पापीहरुलाइ बोलाउंनुको लागि आयें॥

१८ अनि यूहन्नाका शिक्षेहरु र फरीसीहरु उपास् बस्द थिये अनि
तिनिहरुले आयेर उस्लाइ भन्ये यूहन्नाका शिक्षेहरु र फरीसीहरुका शिक्षेहरु
१९ किन उपास् बस्द छन् तर तपांइका शिक्षेहरु उपास् बस्दैनन्। अनि
येशूले तिनिहरुलाइ भन्यो क्ये जन्तिहरु ब्याउला तिनिहरु सङ छंदैखेरि
उपास् बस्नु सक्द छन् जैले सम्म ब्याउला तिनिहरु सङ छ तैले सम्म

२० तिनिहरु उपास् बस्नु सक्दैनन्। तर ति दिन् आउंछन् जब ब्याउला
तिनिहरु देखि अलग् गरींछ अनि तब तिनिहरु त्यसै दिन्मां उपास् बस्छन्।
२१ कसैले पुरांनु लुगामां थान् कपराको टुक्रा सीउंदैन होइन भन्ये ता त्येस्को
टाल्नेले त्यो देखि फटाइ लांद छ अर्थात् नयाले पुरांनु देखि अनि फटाई
२२ झन्सारो बनींद छ। अनि कसैले नया दाख्रस् पुरांनु मशक्हरुमां
हाल्दैन होइन भन्ये ता दाख्रस्ले मशक्हरु फुटाउं छ अनि दाख्रस् र
मशक्हरु दुवै नष्ट हुंद छन् तर नया दाख्रस् नया मशक्हरुमां हाल्द छन्॥
२३ अनि येसो भयो उ बिश्रामको दिन्मां अन्नका खेत्हरु बाटो जांद
२४ थियो अनि उस्का शिक्षेहरु बाटो लिंदै लिंदै बाला टिप्नु लाग्ये। अनि
फरीसीहरुले उस्लाइ भन्ये हेर ज्ये बिश्रामको दिन्मां गर्नु उचित् छैन त्यो
२५ यिनिहरुले किन गर्द छन्। अनि उस्ले तिनिहरुलाइ भन्यो क्ये तिमिहरुले
कैलेइ पढ्येका छौन दाऊद्ले जब त्येस्लाइ खांचो थियो अनि त्यो र
२६ त्येस्का साथीहरु भोकायेका थिये तब क्ये गर्‍यो। त्येस्ले कसोगरिकन
अबियाथर् मूल्पूजाहारीको पालामां ईश्वर्को घर्मां गयेर भेटिका रोटीहरु
खायो अनि आफ्ना साथीहरुलाइ पनि दियो जुन् खांनु अरु कसैलाइ होइन
२७ खालि पूजाहारीहरुलाइ मांत्रै उचित् थियो। अनि उस्ले तिनिहरुलाइ
भन्यो बिश्रामको दिन् मान्छेको लागि भयो मान्छे बिश्रामको दिन्को
२८ लागि होइन येस्नै मान्छेको पुत्र बिश्रामको दिन्को पनि प्रभु छ॥
३ १ अनि उ फेरि सभाघर्मां गयो अनि त्यहां एक् जना हात् सुक्येको
२ मान्छे थियो। अनि तिनिहरु उस्ले बिश्रामको दिन्मां त्येस्लाइ बिसेक्
गराउला कि भनि उस्को चीवामां थिये उस्लाइ दोष् लगाउंनुको लागि।
३ ४ अनि उस्ले त्येस् हात् सुक्येको मान्छेलाइ भन्यो मांझमां उभी। अनि
उस्ले तिनिहरुलाइ भन्यो क्ये उचित् छ बिश्रामको दिन्मां भलो गर्नु कि
५ बुरो गर्नु प्राण् बचाउंनु कि मार्नु। तर तिनिहरु चूप् रह्ये। अनि
उस्ले तिनिहरुका हिर्दयको कठोरेईको कारण्ले कष्टित् भइ चारै तिर
तिनिहरु मांथि क्रोध्ले दृष्टि गरि त्येस् मान्छेलाइ भन्यो आफ्नु हात्
पसार्। अनि त्येस्ले त्यो पसार्‍यो त त्येस्को हात् जस्तोको तस्तो
६ पारीयो। अनि फरीसीहरुले बाहिर गयेर तुरन्तै हेरोदीहरु सङ उस्लाइ
कसोगरि नास् पारूं भनि उस्को बिरुद्धमां सल्लाह् गर्‍ये।
७ अनि येशू आफ्ना शिक्षेहरु सङ समुन्द्र तिर सरि गयो अनि गालील्
बाटो ठूलो थुइरोले उस्लाइ पछ्यायो अनि उस्ले कस्तो ठूलो ठूलो काम्

गर्द छ भन्येको सुन्येर ठुलो धुइरो उ थांइ आयो यहूदिया र
८ यरूसलम् र अदूम् र यर्दन्को उसो पारि र सूर् र मीदोन्को
९ छेउछाउ देखि। अनि उस्ले आफ्ना शिक्षेहरुलाइ भन्यो धुइरोको कारण्ले
येउटा सांनु नाउ मेरो लागि छेउमां रहोस् होइन भन्ये ता तिनिहरुले
१० मंलाइ मिच्नन् किनभन्ये उस्ले धेरैलाइ यहां सम्म गरि बिसेक्
गरायेको थियो जत्ति बेथा लाग्येका थिये तिनिहरु उस्लाइ छुनुलाइ उ
११ मांथि लड़ि हिंड्द थिये। अनि अशुद्ध आत्माहरुले जब उस्लाइ हेर्द थिये
नव उस्का गोड़ा पर्दै तपांइ ईश्वर्का पुत्र हौ भनि चिच्याइ भन्द थिये।
१२ अनि उस्ले तिनिहरुलाइ बल्लियो आज्ञा दियो मंलाइ प्रगटो न गर भन्ये।
१३ अनि उ डांड़ामां चढ़ि गयो अनि जम् जस्लाइ उ आफैले इच्छे
गऱ्यो तिनिहरुलाइ आफु छेउ बोलायो अनि तिनिहरु उ थांइ गये।
१४ अनि उस्ले बारह् जनालाइ खटायो तिनिहरु उ सङ हुनुलाइ र उस्ले
१५ तिनिहरुलाइ प्रचार् गर्नु पठाउंनुलाइ र भूत्हरुलाइ निकाल्ने अधिकार्
१६ राख्नुलाइ अर्थात् शिमोन् जस्को फूल्नांउ उस्ले पत्रुस् राख्यो
१७ अनि जबदीको छोरो याकूब् र याकूब्को भाई यूहन्ना जस्का फूल्नांउ
१८ उस्ले बनेर्गस् अर्थात् गर्जन्का छोराहरु राख्यो अनि अन्द्रियास् र
फिलिप् र बर्थूलमा र मत्ती र थोमा र हल्फाको छोरो याकूब् र थद्दी
१९ र शिमोन् कान्नान् र यहूदा इस्कर्योती जो उस्लाइ पकराइ दिंने
पनि भयो॥

२० अनि उ घर्मां आयो। अनि फेरि धुइरो जमीयो उनिहरुले रोटी
२१ खांनु पनि न सक्नेगरि। अनि उस्का कुटुम्बहरु यो सुन्येर उस्लाइ
समात्नुलाइ निस्क्ये किनभन्ये तिनिहरुले भन्ये उस्को चेत् ठिकानामां छैन
२२ भनि। अनि यरूसलम् बाटो ओह्रल्येका शास्त्रीहरुले उ सङ बाल्जिबूल्
छ अनि उस्ले भूत्हरुको मालिक्को बाटोले भूत्हरुलाइ निकाल्द छ भन्ये।
२३ न उस्ले तिनिहरुलाइ आफु छेउ बोलायेर तिनिहरुलाइ उखान्मां भन्यो
२४ शैतान्ले शैतान्लाइ कसोगरि निकाल्नु सक्द छ। अनि राज्को आफुमां
२५ फाटो पऱ्यो भन्ये देखि त्यो राज् ठहर्नु सक्दैन। अनि घर्को आफुमां
२६ फाटो पऱ्यो भन्ये देखि त्यो घर् ठहर्नु सक्दैन। अनि शैतान् आफ्नै
बिरुद्धमां उठेको र फाटो भयेको छ भन्ये देखि त्यो ठहर्नु सक्दैन तर
२७ त्येस्को अन्त हुंद छ। तर कसै मान्छेले बल्लियोको घर्मां पस्येर त्येस्को
आल्माल् लूट्नु सक्दैन जब सम्म पहिले त्येस्ले बल्लियोलाइ बान्ध्येको

८ छैन अनि तब त्येस्ले त्येस्को घर् लूट्छ। म तिमिहरुलाइ सांचो भन्द
छु मान्छेका छोराहरुका सबै पाप्कर्म्म र तिनिहरुले गर्‍येका ईश्वर्को
९ जुन्सुकै पनि निन्दा क्षमा गरींछन् तर जस्ले पवित्र आत्माको निन्दा
गर्ला त्येस्लाइ सधैं सम्म क्षमा हुंदैन तर त्यो अनन्त पाप्कर्म्मको दोषी ठहर्द
० छ किनभन्ये तिनिहरुले भन्येका थिये अशुद्ध आत्मा उस्मां छ भनि।
१ अनि उस्की माता र उस्का भाईहरु आये अनि तिनिहरुले बाइर
२ उभीयेर उस्लाइ बोलाइ पठाये। अनि धुइरो उस्को छेउछाउ बस्येको
थियो अनि तिनिहरुले उस्लाइ हेर तपांइकी माता र तपांइका भाईहरुले
३ बाइर तपांइलाइ खोज्दै छन् भनि दिये। अनि उस्ले तिनिहरुलाइ
४ उत्तर् दिइ भन्यो मेरी माता र मेरा भाईहरु को हुन्। अनि ति उस्का
छेउछाउ बस्नेहरु मांथि चारै तिर दृष्टि गरि उस्ले भन्यो हेर मेरी
५ माता र मेरा भाईहरु। कमोगरिभन्ये जो ईश्वर्को इच्छेमां हिंड्ला त्येइ
मेरो भाई र बैंनी र माता हो॥

४ १ अनि उ फेरि समुन्द्रको तीर्मां शिक्षा दिंनु लाग्यो। अनि येस्तो
ठुलो धुइरो उ थांइ भेला भयो उ नाउमां चढ़ेर समुन्द्र मांथि बस्यो
२ अनि सबै धुइरो समुन्द्रको छेउ भूमिमां रह्यो। अनि उस्ले तिनिहरुलाइ
उखान्हरुमां धेरै कुरा सिकायो अनि आफ्नु सिकाईमां तिनिहरुलाइ भन्यो
३ ४ सुन हेर बिउ छर्ने छर्नुलाइ निक्ल्यो अनि त्येस्ले छर्दामां येसो
भयो कति बिउ बाटो निर पर्‍यो अनि पंषीहरुले आयेर त्यो ठुङि खाये।
५ अनि कति शिलापत्थरे भूमिमां पर्‍यो जहां धेर् मांटो पायेन अनि गहीरो
६ मांटो न पायेकोले छिटै उम्र्यो अनि जब सूर्ज उदय् भयो तब त्यो
७ ओइल्हीयो अनि जरा हाल्नु न पायेकोले सुकि गयो। अनि कति कांड़ा-
हरुमां पर्‍यो अनि कांड़ाहरुले बढ़ेर त्येस्लाइ निसासि दिये अनि त्येस्मां
८ फल् फल्येन। अनि कति जाति भूमिमां पर्‍यो अनि बढ़्दै बढ़्दै गयेर
९ फल्यो अनि तीस् अनि साठि अनि सै गुणा गरि उप्जायो। अनि उस्ले
भन्यो जस्का सुन्ने कान् छन् त्येस्ले सुनोस्॥
१० अनि जब उ एकान्तमां थियो तब उस्का छेउछाउ हुंनेहरुले बाह्रै
११ समेत्ले उखान्हरुको बिषय्मां उ सित सोध्ये। अनि उस्ले तिनिहरुलाइ
भन्यो तिमिहरुलाइ ईश्वर्को राज्को भेद् दिईयेको छ तर जो बाइर
१२ छन् तिनिहरुको लागि सबै कुरा उखान्हरुमां गरींद छन् तिनिहरुले
देख्नु ता देखुन् अनि देखि न पाउन् अनि तिनिहरुले सुन्नु ता सुनुन् अनि

न बूझुन् भन्ये तिनिहरु कैलेइ न फर्कुन् अनि त्यो तिनिहरुको लागि
१३ क्षमा न गरीओस् भन्न्ये खातिर्ले। अनि उस्ले तिनिहरुलाइ भन्यो क्ये
तिमिहरुले यो उखान् जान्दौन त सबै उखान्हरु कसोगरि थाहा पाऔला।
१४ १५ बिउ छर्नेले बचन् छर्द छ। अनि बाटो तिर हुनेहरु जहां बचन् छरींद
छ ति यिनै हुन् जब तिनिहरुले सुन्येका छन् तब तुरन्तै शैतान् आउंद
१६ छ अनि तिनिहरुमां छरीयेको बचन् उठाइ लांद छ। अनि त्येस्तै
शिलापत्थरे भूमिमां छरीयेकाहरु यिनै हुन् जस् जस्ले बचन् सुनिकन
१७ तुरन्तै रमाहट् सङ त्यो ग्रहण् गर्द छन् अनि आफु आफुमां जरा
हाल्दैनन् तर अलिक् दिन् सम्म ठहर्द छन् तब जब बचन्को कारण्ले
१८ कष्ट कि उपद्रेई हुंद छ तब तुरन्तै ठोकर् खांद छन्। अनि अरुहरु
चइं कांड़ाहरुमां छरीयेकाहरु छन् यि तिनै हुन् जस् जस्ले बचन् सुन्येका
१९ छन् अनि जगत्को फिक्रि र धनको माया र अरु अरु थोक्का अनि-
इच्छेले पसिकन बचन्लाइ निसासि दिंद छन् अनि त्यो निष्फल् होइ जांद
२० छ। अनि जाति भूमिमां छरीयेकाहरु तिनै हुन् जस् जस्ले बचन् सुन्द र
ग्रहण् गर्द छ अनि तीस् र साठि र सै गुणा फल् फल्द छन्॥
२१ अनि उस्ले तिनिहरुलाइ भन्यो क्ये बत्ती पाथी मुनि कि खाट् मुनि
२२ राख्नुलाइ ल्याउंछन् अनि बत्तीदानीमां राख्नुलाइ होइन। किनभन्ये क्येइ
गुप्त छैन खालि त्यो प्रगटो गरीनुलाइ मांत्रै अनि न क्येइ पनि गुप्त
२३ गरीयो खालि त्यो प्रगटो होइ जावस् भन्येर मांत्रै। कसैका सुन्ने कान्
२४ छन् भन्ये देखि त्येस्ले सुनोस्। अनि उस्ले तिनिहरुलाइ भन्यो चंख बस
तिमिहरुले क्ये सुन्द छौ जस् भर्नेले तिमिहरुले भर्द छौ त्येसैले तिमिहरुको
२५ लागि पनि फेरि भरींछ अनि तिमिहरुलाइ बेसि दिईछ। कसोगरिभन्ये
जस्कां छ त्येस्लाइ दिईछ अनि जस्कां छैन त्यो देखि त्यो पनि लगींछ
जो त्येस्कां छ॥
२६ अनि उस्ले भन्यो ईश्वर्को राज् येस्तो छ जस्तो मान्छेले बिउ
२७ भूमिमां आफालोस् अनि रात् दिन् सुतोस् उठोस् अनि बिउ उम्रोस्
२८ बढ़ोस् तर त्येस्ले जान्दैन कसोगरि हो भनि। भूमि आफैले फल् ल्याउंद
२९ छ पहिले बिरुवा फेरि बाला तब बालामां पूरो अन्न। तर जब फल् पाक्ला
तब त्येस्ले तुरन्तै हंसिया लगाउंद छ किनभन्ये कटनीको बेला आइ पुग्यो॥
३० अनि उस्ले भन्यो हांमिहरु ईश्वर्को राज्को आहन् क्येको दिऊं कि
३१ त्यो कस्तो उखान्मां राखूं। त्यो रायोको येउटा गेड़ा जस्तो छ जो जब

भूमिमां छरीद छ तब त्यो भूमिमांका सबै बिउहरु भन्दा सांनु छ
३२ तै पनि जब छरींद छ तब येस्तो बढ्‌द छ अनि सबै साक्‌पात्‌हरु भन्दा
ठुलो होइ जांद छ अनि ठुला ठुला डाला हाल्द छ अकाश्‌का पंषीहरुले
त्येस्को छाञामां बास् बस्ने गर्नु सक्‌द छन् ॥
३३ अनि उ धेरै येस्ता उखान्‌हरुमां तिनिहरुले सुन्नु सक्ये अनुसार्
३४ तिनिहरुलाइ बचन् बोल्द थियो अनि बिना उखान् तिनिहरुलाइ क्येइ
बोल्दैन थियो तर उस्ले आफ्ना निज् शिक्षेहरुलाइ चंइ एकान्तमां सबै
कुराको अर्थ खोल्द थियो ॥
३५ अनि त्येसै दिन् जब सांझ् पर्‍यो तब उस्ले तिनिहरुलाइ भन्यो
३६ आव हांमिहरु उसो पारि पट्टि जाऊं। अनि तिनिहरुले भिड्‌रोलाइ छोड्‌यर
३७ उस्लाइ नाउमां जस्तो थियो त्येस्तैमां आफुहरु सङ लग्ये। अनि उ सङ
अरु नाउहरु थिये। अनि बताम्‌को बड़ो आंधी उठ्‌यो अनि छाल्‌हरु
३८ नाउ मांथि यहां सम्म लाग्ये नाउ अब भरींनु आंट्‌द थियो। अनि उ
आफु चइं नाउमां पछिल् तिर सिरानि गरि सुनि रह्येको थियो अनि
तिनिहरुले उस्लाइ जगायेर उम्लाइ भन्ये हे गुरु क्ये तपांइलाइ धन्दा छैन
३९ हांमिहरु नष्ट हुंदै छौं भनि। अनि उस्ले जागि उठ्‌यर बतास्‌लाइ
हकार्‍यो अनि समुन्द्रलाइ भन्यो चूप् रह थामीइ भनि। अनि बतास्
४० घटि गयो अनि बड़ो सांगे भयो। अनि उस्ले तिनिहरुलाइ भन्यो
तिमिहरु किन डराउंने छौ क्ये तिमिहरुलाइ अब सम्म बिश्वास् छैन।
४१ अनि तिनिहरु बड़ो डर्‌ले डराये अनि आपस्तमां भन्ये यो ता को हो
बतास् र समुन्द्रले पनि उस्लाइ मान्द छन् ॥
१ अनि उनिहरु समुन्द्रको उसो पारि पट्टि गिरसेनीहरुको देस्‌मां
२ आये। अनि जब उ नाउ देखि निक्‌ल्यो तब तुरन्तै एक् जना अशुद्ध
३ आत्मा लाग्येको मान्छे जस्को बास् चिहान्‌हरुमां थियो चिहान्‌हरु बाटो
निक्‌ल्येर उ सङ भेट् भयो अनि कसैले त्येस्लाइ अं साङ्‌लोले पनि अरु
४ बांध्नु सक्‌दैन थियो कसोगरिभन्ये त्यो धेरै खेप् ठ्याङ्‌रा र साङ्‌ला-
हरुले बान्धीयेको थियो अनि साङ्‌लाहरु त्यो देखि छिनालीये अनि ठ्याङ्‌रा-
हरु टुक्रै टुक्रा पारीये अनि त्येस्लाइ तहमां लाउंने बल् कसैलाइ थियेन।
५ अनि त्यो दिन् रात् बराबर् चिहान्‌हरु र डांड़ाडांड़ा हुंदो कराउंद थियो
६ अनि आफुलाइ ढुंगाले काट्‌द थियो। अनि त्यो येशूलाइ टाड़ो बाटो
७ देख्येर दुगुर्‍यो अनि उस्लाइ प्रणाम् गर्‍यो अनि बड़ो शब्दले कराइ

भन्यो हे येशू परम् ईश्वर्का पुत्र मेरो तपांइ सङ क्ये काम् मं तपांइलाइ
८ ईश्वर्को किरिया दिंद छु मंलाइ पीह्ला न दिंनु हवस् भनि। किनभन्ये
उस्ले त्येस्लाइ भन्यो ए अशुद्ध आत्मा यो मान्छे देखि निक्लि आ भनि।
९ अनि उस्ले त्येस्लाइ तेरो नांउ क्या हो भनि सोध्यो। अनि त्येस्ले
१० उस्लाइ मेरो नांउ पल्टन् हो किनभन्ये हांमिहरु धेरैं छौं भन्यो। अनि
त्येस्ले उ सित औधि बिन्ति गऱ्यो हांमिहरुलाइ यो देम् देखि बाइर न
११ पठाइ दिंनु हवस् भनि। अब त्यहां डांड़ाको छेउमां सुंगुर्हरुको येउटा ठुलो
१२ बगाल् चर्दै थियो। अनि तिनिहरुले उ सित बिन्ति गरि भन्ये हांमि-
हरुलाइ सुंगुर्हरुमां पठाइ दिंनु हवम् र हांमिहरु तिनिहरुइमां पसूं भनि।
१३ अनि उस्ले तिनिहरुलाइ जांनु दियो। अनि अशुद्ध आत्माहरु निक्ल्येर
सुंगुर्हरुमां पस्ये अनि बगाल् कोई दुइ हजार् जनिको थियो भीर् बाटो
समुन्द्रमां मिल्कीन्दै दुगुरि गयो अनि तिनिहरु समुन्द्रमां साम् निसामीइ
१४ मऱ्ये। अनि तिनिहरुलाइ चराउंनेहरु भाग्ये अनि सहर्मां र बस्ति
बस्तिमां समाचार् सुनाये। अनि लोग् ज्ये भयेको थियो त्यो क्या हो
१५ भनि हेर्नुलाइ आये। अनि तिनिहरु येशू थांइ आये अनि त्येम् भूत्
लाग्येकोलाइ जस्मां त्यो पल्टन् थियो लुगा लायेको र सुबुद्धि भयेको
१६ हेऱ्ये अनि तिनिहरु डराये। अनि देख्नेहरुले भूत् लाग्येको मांथि ज्ये
१७ भयेको थियो अनि सुंगुर्हरुको बिषय् तिनिहरुलाइ भनि दिये। अनि
तिनिहरु उ सित हांमिहरुका सिमानाहरु देखि जाइ जावम् भनि बिन्ति
१८ गर्नु लाग्ये। अनि उ नाउमां चढ़दैखेरि त्येम् अघि भूत् लाग्येकोले उ
१९ सङ हुंनुलाइ उ सित बिन्ति गऱ्यो। अनि उस्ले त्येस्लाइ हुंनु दियेन
नर त्येस्लाइ भन्यो आफ्नु घर् आफ्ना लोग् थांइ हिंड़ि जा अनि तिनि-
हरुलाइ प्रभुले मेरो लागि कस्तो ठुलो काम् गऱ्यो अनि मं मांथि दया
२० गऱ्यो भनि समाचार् सुना। त त्यो हिंड़ि गयो अनि दिकापुलिम्मां
प्रचार्नु लाग्यो येशूले मेरो लागि कस्तो ठुलो काम् गऱ्यो भनि अनि सबैले
अचंभ मान्ये॥

२१ अनि जब येशू नाउमां फेरि पारि उत्ऱ्यो तब ठुलो धुइरो उ थांइ
२२ भेला भयो अनि उ समुन्द्रको तीर्मां थियो। अनि सभाघर्को याईरुस्
नांउ भयेको येउटा मालिक् आयो अनि उस्लाइ देख्येर उस्का चरण्मां
२३ तेर्छो पऱ्यो अनि उ सित बिन्ति गरि भन्यो मेरी सांनी छोरी मंर्नु
आंटेकी छ तपांइले आयेर आफ्ना हात् त्येस् मांथि राखि दिंनु हवस् र

२४ त्यो बचाईओस् अनि जीवस् भनि। त उ त्यो सङ गयो अनि ठुलो
धुइरोले उस्लाइ पछ्यायो अनि तिनिहरुले उस्लाइ घच्च दिंद थिये ॥
२५ अनि येउटी बारह् बर्ष देखि लोहूको बहाई भयेकी स्त्रीले
२६ जस्ले धेरै बैद्यहरु देखि दुख भोग्येकी र आफ्नु सबै धन् खर्चेकी थिई अनि
२७ क्येइ उपता पायेकी थिईन तर झन्सारो भयेकी थिई त्येस्ले येशूको
२८ चर्चा सुन्येर धुइरोमां पछाड़ि बाटो आयेर उस्को बस्त्र छोई। किनभन्ये
त्येस्ले भनी मैंले खालि उस्का बस्त्र मांत्रै छोयें भन्ये पनि बचाईछु भनि।
२९ अनि तुरन्तै त्येस्को लोहूको मूल् सुकि गयो अनि त्येस्ले आफ्नु जीउमां
३० थाहा पाई मं आफ्नु बेथा देखि निकी भयें भनि। अनि येशूले तुरन्तै
आफुमां मं देखि शक्ति निक्ल्यो भनि थाहा पायेर धुइरोमां पछि फर्क्येर
३१ कस्ले मेरा बस्त्र छोयो भन्यो। अनि उस्का शिक्षेहरुले उस्लाइ भन्ये तपांइले
धुइरोले तपांइलाइ घच्च दियेको देख्नु हुंद छ अनि क्ये तपांइले कस्ले
३२ मंलाइ छोयो भन्नु हुंद छ। अनि उस्ले त्येम् यो गर्नेलाइ देख्नुको लागि
३३ चारै निर दृष्टि गर्द थियो। तर स्त्री त्यो त्येस् मांथि भयेको जानिकन
डराउंदै र कांम्दै आई अनि उस्का गोड़ा पर्न्येर उस्लाइ सबै कुरो
३४ सांचो सांचो कहि दिई। अनि उस्ले त्येस्लाइ भन्यो ए छोरी तेरो
बिश्वास्ले तंलाइ बचायो कुशल्मां हिंड़ि जा अनि आफ्नु बेथा देखि निकी
होइ रह् ॥
३५ अनि उ बोल्दैनै थियो सभाघर्को मालिक्कांटो तिनिहरुले आयेर
भनि दिये आफुकी छोरी मंरि गई गुरुलाइ अरु किन दुख दिनु हुंद छ
३६ भन्येर। तर येशूले त्यो बोलीयेको बचन् न टेरिकन सभाघर्को मालिक-
३७ लाइ भन्यो न डराउ खालि बिश्वास् मांत्रै गर। अनि उस्ले पत्रुस् र
याकूब् र याकूब्को भाई यूहन्नालाइ बाहिक् अरु कसैलाइ आफु सङ
३८ पछ्याउंनु दियेन। अनि तिनिहरु सभाघर्को मालिक्को घर्मां आये
अनि उस्ले खैलाबैला भयेको र लोगलाइ बिघ्न रोयेका र आलाप्बिलाप्
३९ गर्‍येका देख्यो। अनि उस्ले भित्र गयेर तिनिहरुलाइ भन्यो किन खैलाबैला
४० मचाउंद छौ अनि रुंद छौ बालख मंर्‍येकी छैन तर सुत्येकी छ। त
तिनिहरु उ मांथि हांस्ये। तर उ सबैलाइ बाहर्‍यायेर बालखको माता-
पितालाइ र आफ्ना साथीहरुलाइ सङ लियेर बालख भये ठांउ भित्र
४१ गयो। अनि उस्ले बालखको हात् समाति त्येस्लाइ भन्यो तालीता कूमी
४२ जस्को अर्थ यो हो ए कन्न्ये मं तंलाइ भन्द छु उठ्। अनि तुरन्तै कन्न्ये

उभीई अनि डुल्नु लागी कसोगरिभन्ये त्यो बारह् बर्षकी थिई। अनि
४३ तिनिहरु तुरन्तै बड़ो मुर्छाले मुर्छा पऱ्ये। अनि उस्ले तिनिहरुलाइ यो
कसैले थाहा न पावस् भनि चेतायो अनि उस्ले येस्लाइ क्येइ खांनु दिईओस्
भन्यो ॥

६ १ अनि उ त्यहां बाटो निक्ल्येर आफ्नु निज् देस्मां आयो अनि
२ उस्का शिक्षेहरुले उस्लाइ पछ्याये। अनि जब बिश्राम्को दिन् आयो
तब उ सभाघर्मां शिक्षा दिंनु लाग्यो अनि धेरैले सुनि मुर्छा परिकन
भन्द थिये कहां देखि येस्लाइ यि कुरा भये अनि क्ये हो येस्लाइ दिईयेको
३ बिद्ये र उस्का हात् देखि हुंने यि आश्चर्ज्येकर्म्म। क्ये यो त्यो काठ्-
कर्म्मी होइन मरियम्को पुत्र अनि याकूब् र योसेम् र यहूदा र शिमोन्को
भाई अनि क्ये उस्की बैंनीहरु यहां हांमिहरुकां छैनन्। अनि तिनिहरुले
४ उस्मां ठोकर् खाये। अनि येशूले तिनिहरुलाइ अगम्बक्ता आफ्नु देस् र
आफ्नु कुटुम्बहरु र आफ्नु घर् छोड़ि अन्त कहीं अमान्को हुंदैन भन्यो।
५ अनि उस्ले वहां क्येइ आश्चर्ज्येकर्म्म गर्नु सक्येन खालि अलिकता मधौराहरु
६ मांथि मांत्रै हात् राखिकन तिनिहरुलाइ बिसेक् गरायो। अनि उस्ले
तिनिहरुको अबिश्वास्को कारण्ले अचंभ मान्यो ॥

अनि उस्ले शिक्षा दिंदै छेउछाउका गांउ गांउको डुलाई गऱ्यो।
७ अनि उ बाह्रैलाइ छेउ बोलायेर तिनिहरुलाइ दुइ दुइगरि पठाउंनु
लाग्यो अनि उस्ले तिनिहरुलाइ अशुद्ध आत्माहरु मांथि अधिकार् दियो
८ अनि तिनिहरुलाइ बाटोको लागि लउरो छोड़ि अरु क्येइ न बोक न रोटी
९ न झोली न पटुकामां तांमा तर जुत्ता लाइ जाव भनि (आज्ञा दियो
१० अनि उस्ले भन्यो) दुवटा दौरा न लगाव। अनि उस्ले तिनिहरुलाइ
भन्यो कहीं हवस् तिमिहरु कुनै घर्मां पसौला त जब सम्म त्यहां बाटो
११ निक्लंदौन तब सम्म त्येमैमां रह। अनि जस् ठांउका लोगले तिमिहरुलाइ
ग्रहण् गरोइनन् अनि तिमिहरुको सुनोइनन् त त्यहां बाटो निक्लंदाखेरि
आफ्ना गोड़ा मुनिको धूलो टक्टक्याइ देव तिनिहरुलाइ साक्षी हुंनुको
१२ लागि। अनि तिनिहरुले निक्लि गयेर पश्चात्ताप गर भनि प्रचाऱ्ये।
१३ अनि तिनिहरुले धेरै भूत्हरुलाइ निकाल्ये अनि धेरै मधौराहरुलाइ तेल्
मल्येर बिसेक् गराये ॥

१४ अनि हेरोदेस् राजाले सुन्यो कसोगरिभन्ये उस्को नांउ प्रगटो भइ
गयेको थियो अनि त्येस्ले यूहन्ना बप्तिस्मा गर्ने मुर्दाहरु देखि बौरि उठो

छ अनि येसैकारण्ले यि शक्तिहरुले उस्मां काम् गर्द छन् भन्येर भन्यो।
१५ तर अरुहरुले भन्ये एलिया हो। अनि अरुहरुले भन्ये अगम्बक्ता हो
१६ अं अगम्बक्ताहरुमांको कोई जस्तो। तर हेरोदेस्चइंले सुन्येर यूहन्ना
१७ जस्को सिर् मैंले कटायें उइ बौरि उठ्या छ भन्यो। किनभन्ये हेरोदेस्
आफैंले आफ्नु सौतेलो भाई फिलिप्की मुखेंनी हेरोदियास्को कारण्ले
मान्छे पठायेर यूहन्नालाइ समात्येर झेल्खान्मां बान्ध्येको थियो किनभन्ये
१८ त्येस्ले त्येस्लाइ ब्याहा गर्‍येको थियो। किनभन्ये यूहन्नाले हेरोदेस्लाइ
भन्येको थियो आफुले आफ्नु भाईकी मुखेंनीलाइ राख्नु उचित् छैन भनि।
१९ अनि हेरोदियास्ले त्यो सङ डाहा राखी अनि त्येस्लाइ मार्न्ने इच्छे गरी
२० अनि सकीन कसोगरिभन्ये हेरोदेस्ले यूहन्नालाइ धर्म्मी र पवित्र पुरुष्
जानि त्येस्को डर् मान्द थियो अनि त्येस्लाइ रक्षे गर्‍यो। अनि त्यो
त्येस्को सुनिकन अग्घोर् धुक्चुकमां पर्‍यो अनि खुशि सित त्येस्को सुन्द
२१ थियो। अनि जब बेला पर्न्ने दिन् आयो कसोगरिभन्ये हेरोदेस्ले आफ्नु
जन्मदिन्मां आफ्ना मालिक् र सहस्रपति र गालील्का मूल्हरुको लागि
२२ भोज् लायो अनि जब हेरोदियास्की छोरी आफैंले भित्र आयेर
नाचिकन हेरोदेस् र त्यो सङ बस्नेहरुलाइ खुशि पारी तब राजाले कन्न्येलाइ
२३ ज्ये तेरो इच्छे छ त्यो मं सित मांग् त मं तंलाइ दिंछु भन्यो। अनि
त्येस्ले त्यो सङ तैंले ज्ये मं सित मांग्लिम् त्यो मं तंलाइ मेरो आधा
२४ राज् सम्म दिंछु भनि किरिया खायो। अनि त्येस्ले बाइर गयेर आफ्नी
आंमा सङ मं क्ये मांगु भनि सोधी त त्येस्ले भनी यूहन्ना बप्तिस्मा
२५ गर्नेको सिर्। अनि त्येस्ले तुरन्तै छिट्टो गरि राजाकां भित्र गयेर मेरो
इच्छे छ आफुले यूहन्ना बप्तिस्मा गर्नेको सिर् थाल्मां एले मंलाइ दिंनु
२६ हवस् भनि मांगी। अनि राजा अग्घोर् कष्टित् भयो तरै पनि किरिया-
हरुको र भोज्मां बस्नेहरुको कारण्ले त्येस्लाइ टारि पठाउंने इच्छे गर्‍येन।
२७ अनि राजाले तुरन्तै पहरा दिंने येउटालाइ पठाइ त्येस्को सिर् ल्याउंने
२८ आज्ञा दियो अनि त्येस्ले गयेर झेल्खान्मां त्येस्को सिर् काट्यो अनि
त्येस्को सिर् थाल्मां ल्यायेर कन्न्येलाइ दियो अनि कन्न्येले त्यो आफ्नी
२९ आंमालाइ दिई। अनि त्येस्का शिक्षेहरु यो सुन्येर आये अनि त्येस्को
लोथ् उठाइ लग्येर चिहान्मां राख्ये॥

३० अनि प्रेरित्हरु येशू थांइ भेला भये अनि तिनिहरुले ज्ये ज्ये गर्‍येका
३१ र ज्ये ज्ये सिकायेका थिये ति सबैको समाचार् उस्लाइ सुनाये। अनि

उस्ले तिनिहरुलाइ तिमिहरु आफै सुन्ने ठांउमां एकान्तमां आव अनि
अलिक् बिश्राम् गर भन्येर भन्यो। किनभन्ये आउंने जांनेहरु धेरै थिये
३२ अनि उनिहरुले खांने बेला पनि पाउंदैन थिये। अनि उनिहरु नाउमां
३३ सुन्ने ठांउमां एकान्तमां गइ गये। अनि लोग्ले उनिहरुलाइ जांदै गर्न्येका
देख्ये अनि धेरैले उनिहरुलाइ चिन्ये अनि तिनिहरु सबै सहर् सहर् देखि
३४ पैदलै सङ् सङै उता दुगुर्न्ये अनि उनिहरु भन्दा अगाड़ि पुग्ये। अनि उस्ले
निक्ल्येर ठुलो धुइरो देख्यो अनि तिनिहरु मांथि टिठायो किनभन्ये तिनिहरु
गोठाला न भयेका भेंड़ाहरु जस्ता थिये अनि उ तिनिहरुलाइ धेरै कुरा
३५ सिकाउंनु लाग्यो। अनि जब दिन् धेरै ढलि गयो तब उस्का शिक्षेहरुले
३६ उ थांइ आयेर भन्ये ठांउ सुन्ने छ अनि दिन् धेरै ढलि गयो. तिनिहरुलाइ
बिदा गर्नु हवस् र तिनिहरुले छेउछाउका बस्ति र गांउ हुंदो गयेर आफ्नु
३७ लागि क्येइ खांने थोक् किनुन्। तर उस्ले उत्तर् दिइ तिनिहरुलाइ
भन्यो तिमिहरुले तिनिहरुलाइ खांनु देव। अनि तिनिहरुले उस्लाइ भन्ये
क्ये हांमिहरु गयेर दुइ सै सुकाका रोटी किनूं अनि तिनिहरुलाइ खांनु
३८ दिऊं। अनि उस्ले तिनिहरुलाइ भन्यो तिमिहरुकां कतिवटा रोटी छन्
गयेर हेर। अनि तिनिहरुले थाहा पायेर भन्ये पांच्वटा र दुवटा माच्छा।
३९ अनि उस्ले तिनिहरुलाइ आज्ञा दियो सबै खांनुलाइ हरीयो घांस्मां टोल्-
४० टोल्गरि बसुन् भन्ये। अनि तिनिहरु सै सै र पचास् पचास्को फेरोगरि
४१ बस्ये। अनि उस्ले ति पांच्वटा रोटी र दुवटा माच्छा लियेर स्वर्ग तिर
हेरिकन आशीर्बाद् गर्न्यो अनि रोटीहरु भांच्यो अनि शिक्षेहरुलाइ दियो
लोग्को सांमु सांमु राखुन् भनि अनि ति दुवटा माच्छा सबैलाइ बांड़ि
४२ ४३ दियो। अनि सबैले खाये अनि अघाये। अनि तिनिहरुले टुक्राहरु
४४ बारह डालो भरि भरि उठाये अनि माच्छाहरुमांका पनि। अनि रोटी
खांनेहरु पांच् हजार् पुरुष्हरु थिये॥

४५ अनि तुरन्तै उस्ले आफ्ना शिक्षेहरुलाइ नाउमां चढ़ने अनि पारि
बैत्सैदामां अगाड़ि जांने बल्लियो आज्ञा गर्न्यो येतिमां उ आफुचइंले धुइरो-
४६ लाइ बिदा गरोस् भन्येर। अनि उ तिनिहरु देखि बिदा भयेर प्रार्थना
४७ गर्नुलाइ डांड़ामां गयो। अनि जब सांझ् पर्न्यो तब नांउ समुन्द्रको मांझमां
४८ थियो अनि उ आफु चइं एक्लै भूमिमां थियो अनि उ तिनिहरुलाइ
खियाउंनुमां दुक्ख पायेका देख्येर कसोगरिभन्ये बतास् तिनिहरुको सामुन्नेको
थियो रात्को चौथो पहर् पुंड़ो समुन्द्र मांथि हिंड़दै तिनिहरु थांइ आयो

४९ अनि तिनिहरु देखि तर्कि जांने इच्छे गर्द थियो तर तिनिहरुले उस्लाइ
५० समुन्द्र मांथि हिंड्याको देख्येर प्रेत् हो भनि ठान्येर चिच्याये। किनभन्ये
तिनिहरु सबै उस्लाइ देख्येर घब्राये। तर उ तुरन्तै तिनिहरु सङ
बोल्नु लाग्यो अनि तिनिहरुलाइ भन्यो ढाढ़स् गर मैं हुं न डराव।
५१ अनि उ तिनिहरु थांइ नाउमां चढ्यो अनि बतास् घटि गयो अनि तिनिहरु
५२ आफ्नु आफ्नु मन्मां अग्घोर् मुर्छा पऱ्ये कसोगरिभन्ये तिनिहरुले ति
रोटीहरुको बिषय्मां बूझ्येनन् तर तिनिहरुको हिर्दय् कठोर् भइ गयेको थियो ॥
५३ अनि उनिहरु पारि पुग्येर पाखामां गनेसरत्का जग्गामां उत्रे अनि
५४ नाउ तीर् लगाये। अनि जब उनिहरु नाउ बाटो निक्ल्ये तब तुरन्तै
५५ लोग्ले उस्लाइ चिन्ये अनि त्येस् सबै देम्मां चारै तिर दुगुरिकन
जहां जहां उ छ भनि सुन्ये त्यहां त्यहां मधौराहरुलाइ खाट् खाट्मां बोकि
५६ लैजांनु लाग्ये। अनि उ गांउ कि सहर् कि बस्तिहरुमां जहां जहां पस्द
थियो वहां वहां तिनिहरुले दुब्लादाब्लाहरुलाइ चोक्चोक्मां राख्ये अनि
उ सित बिन्ति गऱ्ये यिनिहरुले खालि तपांइको बस्त्रको छेउ मांत्रै पनि
छुंनु पाउन् भनि अनि जत्तिले उस्लाइ छोये त्येत्ति बचाईये ॥

७ १ अनि फरीसीहरु र कत्ति शास्त्रीहरु उ थांइ भेला भये जो यरूसलम्
२ बाटो आयेका थिये। अनि उस्का शिक्षेहरुलाइ अपवित्र अर्थात् न धोयेका
३ हात्ले रोटी खांदै गऱ्येका देख्येका थिये। किनभन्ये फरीसी र सबै
यहूदीहरुले पुर्खेउलिहरुको बेहोरा समाति हात् बिना राम्रोगरि धोइकन
४ खांदैनन् अनि तिनिहरुले हाट् बाटो आयेर बिना नुहाइकन खांदैनन्
अनि तिनिहरुले समात्नुलाइ पायेका अरु धेरै कुरा छन् जस्तै कटौरा र
५ लोहोटा र तांमाका भांड़ाहरुको मझाई। अनि फरीसीहरु र शास्त्रीहरुले
उ सित तिम्रा शिक्षेहरु किन पुर्खेउलिहरुको बेहोरामां हिंड्दैनन् तर अपवित्र
हात्ले रोटी खांद छन् भनि सोध्ये। अनि उस्ले तिनिहरुला भन्यो
६ यशैयाले तिमि कपटीहरुको बिषय्मां जातिगरि अगम्बचन् कह्यो जसोगरि
लेख्येको छ

येस् लोग्ले आफ्ना ओंठ्ले मंलाइ मान्मनीतो गर्द छ
तर तिनिहरुको हिर्दय् मं देखि टाड़ो छ।
७ तर तिनिहरुले नाहक्मां मेरो भक्ति गर्द छन्
कसोगरिभन्ये मान्छेहरुइका आज्ञाहरु शिक्षा तुल्याइ सिकाउंद छन्
८ भनि। तिमिहरुले ईश्वर्को आज्ञा छोड़ि मान्छेहरुको बेहोरा समात्द छौ।

९ अनि उस्ले तिनिहरुलाइ भन्यो राम्रैगरि तिमिहरुले आफ्नु बेहोरा मान्नुको
१० लागि ईश्वर्को आज्ञा टारि दिंद छौ। कसोगरिभन्ये मूसाले भन्यो
आफ्नु पिता र आफ्नी मातालाइ मान्मनीतो गर् अनि जस्ले पिता कि
११ माताको बिषय्मां कुबचन् गर्ला त्यो अबस्से मांरीओस् भनि तर
निमिहरुचइंले भन्द छौ मान्छेले आफ्नु पिता कि आफ्नी मातालाइ ज्ये
तिमिलाइ मं देखि उपता हुंने थियो त्यो कुर्बान् अर्थात् संकल्पको भयो भन्येर
१२ भन्यो भन्ये देखि ता तिमिहरुले त्येस्लाइ त्येस्का पिता कि माताको
१३ लागि फेरि क्येइ गर्नु दिंदौन अनि आफुले सुम्पि दियेको आफ्नु
बेहोराले ईश्वर्को बचन् ब्यर्थ गराउंद छौ अनि धेरै येस्ता येस्ता काम् तिमि-
१४ हरुले गर्द छौ भनि। अनि उस्ले धुइरोलाइ फेरि छेउ बोलायेर तिनिहरुलाइ
१५ भन्यो तिमिहरु सबैले मेरो सुन अनि बूझ मान्छेको बाइर क्येइ छैन
ज्येले त्येस्मां भित्र पसिकन त्येस्लाइ अपवित्र गर्नु सक्द छ तर ज्ये ज्ये
१७ मान्छे देखि निक्लंने छन् तिनै हुन् मान्छेलाइ अपवित्र गर्ने[1]। अनि
जब उ धुइरो भये ठांउ बाटो घर्मां आयो तब उस्का शिक्षेहरुले उ सित
१८ येम् उखान्को अर्थ सोध्ये। अनि उस्ले तिनिहरुलाइ भन्यो क्ये तिमिहरु
पनि येस्ता निर्बुद्धि छौ। क्ये चाल् पाउंदौन ज्ये बाइर बाटो मान्छेमां
१९ पस्द छ त्येस्ले त्येस्लाइ अपवित्र गर्नु सक्दैन कसोगरिभन्ये त्यो त्येस्को
हिर्दय्मां होइन तर त्येस्को पेट्मां पस्द छ अनि खाड़ल्मां निक्लंद छ।
२० येसो भनिकन उस्ले सबै भोजन्हरु शुद्ध ठहरायो। अनि उस्ले भन्यो
२१ ज्ये मान्छे देखि निक्लंद छ त्येसैले मान्छेलाइ अपवित्र गर्द छ। कसोगरि-
२२ भन्ये भित्र बाटो मान्छेहरुको हिर्दय् देखि कुबिचार् ब्यभिचार् चोरी
हत्या जारी लोभ् दुप्टेई छल् लुच्चेई दुष्ट आंखा निन्दा अहंकार् निर्बुद्धि
२३ निक्लंद छन् यि सबै दुप्ट थोक्ले भित्र बाटो निक्लिकन मान्छेलाइ
अपवित्र गर्द छन्॥

२४ अनि उ त्यहां बाटो उठेर सूर् र सीदोन्का सिमानामां हिंड़
गयो। अनि उस्ले येउटा घर्मां पस्येर कसैले थाहा न पावस् भन्न्ये
२५ इच्छे गऱ्यो अनि उ गुप्त हुंनु सक्येन। तर तुरन्तै येउटी स्त्री जस्की
सांनी छोरीलाइ अशुद्ध आत्मा लाग्येको थियो उस्को बिषय्मां सुन्येर
आई अनि उस्का चरण्मां परी। अब यो स्त्री सुरोफैनीकीकी यूनानी
२६ थिई। अनि त्येस्ले उ सित उस्ले त्येस्की छोरी देखि भूत् निकालोस्

[1] (१६ पद R. V. मां छैन)।

२७ भनि मांगी। अनि उस्ले त्येस्लाइ भन्यो पहिले बालखहरुलाइ अघाउंनु
दे किनभन्ये बालखहरुको रोटी लग्येर कुकुर्हरुलाइ आफालि दिंनु जाति छैन
२८ भनि। तर त्येस्ले उत्तर् दिइ उस्लाइ भनी ज्यु प्रभु कुकुर्हरुले पनि
२९ मेज् मुनि भइ बालखहरुका चूर्चार्मांका खाद छन्। अनि उस्ले त्येस्लाइ
येस् बचन्को कारण्ले जाइ जा भूत् तेरी छोरी देखि निक्लि गयो भन्यो।
३० अनि त्येस्ले आफ्नु घर्मां गयेर बालखलाइ खाट्मां राखीयेकी र भूत्लाइ
निक्लि गयेको पाई॥

३१ अनि उ फेरि सूर्का सिमाना देखि निक्ल्येर सीदोन्को बाटो बाड़ो
दिकापुलिस्का सिमानाको मांझको बाटो बाड़ो गालील्को छेउमां आयो।
३२ अनि तिनिहरुले एक् जना बहिरो र भक्भकेलाइ उ थांइ ल्याये अनि उ
सित उस्ले आफ्नु हात् त्येस् मांथि राखि देवस् भनि बिन्ति गर्न्ये।
३३ अनि उस्ले त्येस्लाइ धुइरो देखि एकान्तमां लग्येर आफ्ना औंला त्येस्का
३४ कान् कान्मां हाल्यो अनि थूक्येर त्येस्को जिब्रो छोयो अनि स्वर्ग तिर
हेरिकन लांमो सास् तान्येर त्येस्लाइ इप्फातह् अर्थात् खोलीयौ भन्यो।
३५ अनि त्येस्का कान् खोलीये अनि तेस्को जिब्रोको बन्धन् फुकाईयो अनि त्यो
३६ मोजो गरि बोल्यो। अनि उस्ले तिनिहरुलाइ कसैलाइ न भन भनि
चेतायो तर जति उस्ले तिनिहरुलाइ चेताउंद थियो त्येति तिनिहरुले झन्
३७ बेसि प्रचार्द थिये। अनि तिनिहरुले अग्घोर् अग्घोर् मुर्छा परि भन्ये
उस्ले सबै थोक् जाति गर्न्यो उस्ले बहिराहरुलाइ पनि सुन्ने अनि गोंगाहरुलाइ
पनि बोल्ने गराउंद छ भनि॥

८ १ नि दिन्मां जब फेरि ठुलो धुइरो थियो अनि तिनिहरुका क्येइ खांने
थोक् थियेन तब उस्ले आफ्ना शिक्षेहरुलाइ छेउ बोलायेर तिनिहरुलाइ
२ भन्यो मं धुइरो मांथि टिठाउंद छु किनभन्ये तिनिहरु अब तीन् दिन्
३ देखि मं छेउ रह्येका छन् अनि तिनिहरुका क्येइ खांने थोक् छैन अनि
मैले तिनिहरुलाइ घर जांनुलाइ भोकै बिदा गर्न्यें भन्ये देखि ता तिनिहरु
बाटोमां हरान् पर्नन् अनि तिनिहरुमांका कति कति टाड़ो बाटो आयेका
४ छन्। अनि उस्का शिक्षेहरुले उस्लाइ कहां देखि कसैले यिनिहरुलाइ
यहां सुन्ने ठांउमां रोटीले अघाउंने तुल्याउंनु सक्छ भनि उत्तर् दिये।
५ अनि उस्ले तिनिहरुलाइ सोध्यो तिमिहरुका कतिवटा रोटी छन्। अनि
६ तिनिहरुले भन्ये सात्वटा। अनि उस्ले धुइरोलाइ भूइंमां बस्ने आज्ञा
गर्न्यो अनि ति सात्वटा रोटी लियेर धन्नबाद् गरिकन भांच्यो अनि

आफ्ना शिक्षेहरुलाइ दियो लोगको सांमु सांमु राखुन् भनि अनि तिनिहरुले
७ लोगको सांमु सांमु राख्ये। अनि तिनिहरुकां अलिकता सांना सांना
माच्छाहरु थिये अनि उस्ले तिनिहरु मांथि आशीर्बाद् गर्न्येर यि पनि सांमु
८ सांमु राखुनु भन्यो। अनि तिनिहरुले खाये अनि अघाये अनि उब्र्येका
९ टुक्राहरु सात् थुन्से उठाये। अनि तिनिहरु चार् हजार्को अङ्कल् थिये
१० अनि उस्ले तिनिहरुलाइ बिदा गर्‍यो। अनि तुरन्तै उ आफ्ना शिक्षेहरु
सङ नाउमां चढ्येर दल्मनुथाको जिल्लामां आयो ॥
११ अनि फरीसीहरु निक्ल्येर उ सङ बिबाद् गर्नु लाग्ये उस्को परीक्षा
१२ गरि उ देखि स्वर्गको कोई चिंनु खोज्दै। अनि उस्ले आफ्नु आत्मामां
सुस्केरा मांरि भन्यो येस् पुस्ताले किन चिंनु खोज्द छ मं तिमिहरुलाइ
१३ सांचो भन्द छु येस् पुस्तालाइ कोई चिंनु दिईदैन। अनि उ तिनिहरुलाइ
छोड्येर फेरि नाउमां चढ्येर उसो पारि हिंड़ि गयो ॥
१४ अनि तिनिहरुले रोटी लिंनु बिर्स्ये अनि नाउमां तिनिहरुकां रोटी
१५ खालि येउटै मांत्रै थियो। अनि उस्ले तिनिहरुलाइ हेर फरीसीहरुको
१६ खमीर् देखि र हेरोदेस्को खमीर् देखि चंख रह भनि चेतायो। अनि
तिनिहरु आपस्तमां बिचार् गरि भन्नु लाग्ये हांमिहरुकां रोटी छैन र।
१७ अनि येशूले यो थाहा पायेर तिनिहरुलाइ भन्यो तिमिहरुले किन बिचार्
गर्द छौ हांमिहरुकां रोटी छैन भनि क्ये तिमिहरुले ऐले सम्म चाल्
पाउंदौन अनि बूझ्दौन क्ये तिमिहरुको हिर्दय् कठोर् भइ रह्येको छ।
१८ क्ये आंखा हुंदा हुंदै पनि तिमिहरु देख्दौन अनि क्ये कान् हुंदा हुंदै पनि
१९ तिमिहरु सुन्दौन अनि क्ये तिमिहरु सम्झंदौन। जब मैंले पांच् हजार्को
लागि पांच्वटा रोटी भांच्यें तब तिमिहरुले टुक्राहरु कत्ति डालो भरि
२० भरि उठायौ। तिनिहरुले उस्लाइ भन्ये बारह्। अनि चार् हजार्को
लागि सात्वटा रोटी तब तिमिहरुले कत्ति थुन्से भरि भरि उठायौ।
२१ अनि तिनिहरुले उस्लाइ भन्ये सात्। अनि उस्ले तिनिहरुलाइ भन्यो क्ये
तिमिहरु ऐले सम्म बूझ्दौन ॥
२२ अनि उनिहरु बैत्सैदामां आये। अनि लोग्ले एक् जना अन्धालाइ
२३ उ थांइ ल्यायेर उ सित बिन्ति गर्न्ये त्येस्लाइ छोइ देवस् भन्येर। अनि
उस्ले अन्धालाइ हात्मां समात्येर त्येस्लाइ गांउ देखि बाइर लग्यो अनि
उस्ले त्येस्का आंखामां थूक्येर त्येस् मांथि आफ्ना हात् राखि त्येस्लाइ
२४ क्ये तं क्येइ देख्द छस् भनि सोध्यो। अनि त्येस्ले ऊंभो तिर हेरि भन्यो

मं मान्छेहरुलाइ देख्द छु कसोगरिभन्ये तिनिहरुलाइ रुख्हरु जस्ता हिंड्दाका
२५ देख्द छु भनि। तब उस्ले फेरि त्येस्का आंखामां आफ्ना हात् राख्यो अनि
त्येस्ले डिठ् लायेर हेऱ्यो अनि जस्तोको तस्तो बनाईयेर सबै थोक् छर्लङ्गै देख्न्
२६ लाग्यो। अनि उस्ले गांवैमां पनि न पस्नु भन्येर त्येस्लाइ घर पठाइ दियो॥
२७ अनि येशू र उस्का शिक्षेहरु निक्ल्येर कैसरिया फिलिपीका गांउहरुमां
गये अनि बाटोमां उस्ले आफ्ना शिक्षेहरुलाइ सोध्यो मान्छेहरुले क्ये भन्द
२८ छन् मं को हुं अरे भनि। अनि तिनिहरुले उस्लाइ भन्ये यूहन्ना बप्तिस्मा
गर्ने अनि अरुले एलिया तर अरुले अगमबक्ताहरुमांको एक् जना हो अरे
२९ भनि। अनि उस्ले तिनिहरुलाइ तर तिमिहरुचइंले क्ये भन्द छौ मं को
हुं भनि सोध्यो। पत्रुस्ले उत्तर् दिइ उस्लाइ भन्यो तपांइ ख्रीष्ट हौ।
३० अनि उस्ले तिनिहरुलाइ मेरो बिषयमां कसैलाइ न भन भनि बल्लियो
३१ आज्ञा दियो। अनि उ तिनिहरुलाइ सिकाउंनु लाग्यो सांचो छ मान्छेको
पुत्रले धेरै दुख भोग्नु अनि प्राचीन्हरु र मूल्पूजाहारीहरु र शास्त्रीहरु देखि
३२ बिकामे ठांनींन अनि मांरीनु अनि तीन् दिन् पछि बौरि उठ्नु भनि। अनि
उ यो बचन् खोलिकनै बोल्यो। अनि पत्रुस् उस्लाइ छेउ लग्येर उस्लाइ
३३ हकार्नु लाग्यो। तर उस्ले फर्क्येर आफ्ना शिक्षेहरुलाइ हेरिकन पत्रुस्लाइ
हकाऱ्यो अनि भन्यो ए शैतान् मेरो सांमु देखि दूर् हो किनभन्ये तैंले
३४ ईश्वर्का होइन तर मान्छेहरुका कुराको मन् गर्द छस्। अनि उस्ले
धुइरोलाइ आफ्ना शिक्षेहरु समेत्लाइ छेउ बोलायेर तिनिहरुलाइ भन्यो
कसैले मेरो पछि आउंने इच्छे गर्द छ भन्ये आफ्नु मन् मांरोस् अनि
३५ आफ्नु क्रूस् बोकोस् अनि मंलाइ पछ्यावस्। किनभन्ये जस्ले आफ्नु
प्राण् बचाउंने इच्छे गर्द छ त्येस्ले त्यो हराउंछ अनि जस्ले मेरो र
सुसमाचार्को कारण्ले आफ्नु प्राण् हराउला त्येस्ले त्येस्लाइ बचाउंछ।
३६ किनभन्ये मान्छेले स्यांद्दै संसार् हात् पाऱ्यो अनि आफ्नु प्राण् चइं गुमायो
३७ भन्ये त्येस्लाइ क्ये नाफा हुंछ। कसोगरिभन्ये मान्छेले आफ्नु प्राण्को
३८ क्ये साटो दिंथ्यो। किनभन्ये जो येस् ब्यभिचारी र पापी पुस्तामां मं र
मेरा बचन् देखि लजाउला त मान्छेको पुत्र पनि जब उ पवित्र दूत्हरु
९ १ सङ आफ्नु पिताको महिमामां आउंछ तब त्यो देखि लजाउंछ। अनि
उस्ले तिनिहरुलाइ भन्यो मं तिमिहरुलाइ सांचो भन्द छु जो यहां उभीयेका
छन् तिनिहरुमांका कोई कोई छन् जुन्हरुले जैले सम्म ईश्वर्को राज्
शक्तिमां आउंदै गऱ्येको देख्दैनन् तैले सम्म मृत्यु चाख्दैनन्॥

२ अनि छ दिन् पछि येशूले पत्रुस् र याकूब् र यूहन्नालाइ सङ लियो
अनि तिनिहरुलाइ मांत्रै येउटा अलग्गो डांड़ा मांथि एकान्तमां लग्यो अनि
३ तिनिहरुको सांमु उस्को रूप् फेरीयो अनि उस्का बस्त्र अग्घोर्
उज्जर् गरि झल्कने भये येस्ता भये त्येस्ता ता पृथिवीमां कसै धोबीले
४ उज्याल्नु सक्दैन। अनि एलिया मूसा सङ उनिहरुकां देखाहा पऱ्यो
५ अनि तिनिहरु येशू सित बोल्द थिये। अनि पत्रुस्ले येशूलाइ उत्तर् दिइ
भन्यो हे गुरु हांमिहरुको लागि यहां हुंनु जाति रछ अनि हांमिहरु तीन्वटा
डेरा बनाऊं येउटा तपांइको लागि र येउटा मूसाको लागि अनि येउटा
६ एलियाको लागि भनि। किनभन्ये त्येस्ले क्ये उत्तर् दिउं भनि जान्दैन
७ थियो कमोगरिभन्ये तिनिहरुलाइ अग्घोर् डर् लाग्येको थियो। अनि
तिनिहरु मांथि छाञा पार्ने येउटा मेघ् भयो अनि मेघ् बाटो येउटा शब्द
८ भयो यो मेरो प्रिय पुत्र हो तिमिहरुले उस्को सुन भन्ये। अनि तिनि-
हरुले झ्वाट्टै चारै तिर दृष्टि गऱ्येर कसैलाइ फेरि देख्येनन् खालि येशूलाइ
मांत्रै आफुहरु सङ ॥

९ अनि जब तिनिहरु डांड़ा बाटो ओह्लंदै थिये तब उस्ले तिनिहरुलाइ
आज्ञा दियो तिमिहरुले ज्ये देख्यौ त्यो कसैलाइ बखान् न गर खालि
१० जब मान्छेको पुत्र मुर्दाहरु देखि बौरि उठ्छ तब मांत्रै भनि। तिनिहरुले
यो बचन् राखि आपस्तमां बिवाद् गऱ्ये मुर्दाहरु देखि बौरि उठ्नु क्या हो
११ भनि। अनि तिनिहरुले उ सित येसो भन्दै सोध्ये शास्त्रीहरुले भन्द छन्
१२ एलियाले पहिले आउंनु खाचो छ भनि। अनि उस्ले तिनिहरुलाइ भन्यो
एलिया ता पहिले आयेर सबै थोक् सच्याउंने हो भनि अनि मान्छेको
पुत्रको बिषयमां कसोगरि लेख्येको छ उस्ले धेरै दुख भोग्छ अनि
१३ बिलेखाको ठानींछ भनि। नर मं तिमिहरुलाइ भन्द छु एलिया आयेको
छ अनि जसो त्येस्को बिषयमां लेख्येको छ त्येसो तिनिहरुले ज्ये इच्छे गऱ्ये
त्येइ त्यो सङ गऱ्येको पनि छन् भनि ॥

१४ अनि उनिहरुले शिक्षेहरुकां आयेर ठुलो धुइरोलाइ तिनिहरुका चारै
तिर भयेका र शास्त्रीहरुलाइ तिनिहरु सङ बिबाद् गर्दै गऱ्येका देख्ये।
१५ अनि तुरन्तै सबै धुइरोले उस्लाइ देखिकन अग्घोर् अचंभ मान्ये अनि उ
१६ थांइ दुगुऱ्येर उस्लाइ सलाम् भन्ये। अनि उस्ले तिनिहरुलाइ तिमिहरुले
१७ यिनिहरु सङ क्ये बिबाद् गर्द छौ भनि सोध्यो। अनि धुइरोमांको येउटाले
उस्लाइ उत्तर् दियो गुरुज्यु मैंले आफ्नु छोरोलाइ तपांइ थांइ ल्यायें

१८ जस्लाइ गोंगा आत्मा लाग्येको छ अनि त्येस्ले त्येस्लाइ जहांसुकै
समाउंद छ त्यहां त्येस्लाइ फहराउंद छ अनि त्येस्ले फींज् काड्द छ अनि
दारा कीट्द छ अनि सुकि जांद छ अनि मैले तपांइका शिक्षेहरुलाइ भन्यें
१९ त्येस्लाइ निकालि दिउन् भनि तर तिनिहरुको सामर्थ भयेन। अनि उस्ले
तिनिहरुलाइ उत्तर् दिइ भन्यो ए अबिश्वासी पुस्ता मं तिमिहरुका कैले
२० सम्म हुंछु कैले सम्म तिमिहरुलाइ सहंछु त्येस्लाइ मं थांइ ल्याव। अनि
तिनिहरुले त्येस्लाइ उ थांइ ल्याये अनि जब उस्ले त्येस्लाइ देख्यो तब
आत्माले तुरन्तै त्येस्लाइ सारै निमठ्यो अनि त्यो भूइंमां लड्यो अनि
२१ फींज् काड्दै मडारींनु लाग्यो। अनि उस्ले त्येस्को बाबुलाइ सोध्यो
कैले देखि येस्लाइ येसो भयो भनि। अनि त्येस्ले भन्यो बालखै देखि।
२२ अनि त्येस्ले येस्लाइ नास् पार्नुलाइ बारंबार् आगोमां पनि र पानीमां पनि
आफाल्यो तर तपांइले क्येइ गर्नु सक्नु हुंछ भन्ये देखि हांमिहरु मांथि
२३ टिठाइ हांमिहरुको उपकार्मां आउंनु हवस्। अनि येशूले त्येस्लाइ भन्यो
तपांइले गर्नु सक्नु हुंछ भन्ये देखि भनिस् बिश्वास् गर्नेको लागि सबै कुरा
२४ हुंनु सक्ने छन्। केटोको बाबुले तुरन्तै कराइ भन्यो मं बिश्वास् गर्द
२५ छु तपांइ मेरो अबिश्वास्को उपकार्मां आउंनु हवस्। तब येशूले दुगुरि
आउंदै धुइरो भेला हुंद छ भनि देख्येर अशुद्ध आत्मालाइ हकारिकन
त्येस्लाइ भन्यो ए गोंगा बहिरो आत्मा मं तंलाइ आज्ञा दिंद छु त्यो
२६ देखि निक्लि अनि तेस्मां फेरि कैले पनि न पस् भनि। अनि त्यो
करायेर अनि सारो निमठि राख्येर निक्ल्यो अनि केटो मुर्दै सरि भइ गयो
२७ येस्तो भयो धेर्जसोले भन्ये मर्‍यो। तर येशूले त्येस्को हात् समात्येर
२८ त्येस्लाइ उठायो अनि त्यो उभीयो। अनि जब उ घर्मा आयो तब
उस्का शिक्षेहरुले एकान्तमां उ सित हांमिहरुचइंले त्येस्लाइ किन निकाल्नु।
२९ सक्यूंन भनि सोध्ये। अनि उस्ले तिनिहरुलाइ भन्यो येस् प्रकार्को अरु
कसै उपाय्ले निक्लंनु सक्दैन खालि प्रार्थनाले मात्रै ॥

३० अनि उनिहरु त्यहां बाटो निक्ल्येर गालील्का बाटो बाड्हो जांदै थिये
३१ अनि उस्को इच्छे थियेन कसैले थाहा पावस् भन्ये। किनभन्ये उस्ले
आफ्ना शिक्षेहरुलाइ सिकाउंद थियो अनि तिनिहरुलाइ भन्द थियो मान्छेको
पुत्र मान्छेहरुका हात्मां पकराइ दिईद छ अनि तिनिहरुले उस्लाइ मांर्छन्
३२ अनि उ मांरीयेको तीन् दिन् पछि उठ्छ भनि। तर तिनिहरुले यो कुरो
थाहा पायेनन् अनि उ सित सोधनुलाइ डराउंद थिये ॥

३३ अनि उनिहरु कफर्नाहुमां आये अनि उस्ले घर्मां पुग्येर तिनिहरुलाइ
३४ बाटोमां तिमिहरुले क्ये बिचार् गर्द थियौ भनि सोध्यो। तर तिनिहरु
चूप् रह्ये किनभन्ये तिनिहरुले बाटोमां हांमिहरुमांको बड़ो कुन् चइं हो
३५ भनि आपस्तमां बिबाद् गर्‍येका थिये। अनि उस्ले बस्येर बाह्रैलाइ
बोलायेर तिनिहरुलाइ भन्यो कसैले पहिलो हुंने इच्छे गर्‍यो भन्ये देखि त्यो
३६ सबैं भन्दा पछिल्लो हुंछ अनि सबैको सेवाइते हुंछ। अनि उस्ले येउटा
बालखलाइ ल्यायेर त्येस्लाइ तिनिहरुको मांझमां उभ्यायो अनि त्येस्लाइ
३७ काखमां लियेर तिनिहरुलाइ भन्यो जस्ले येस्ता बालखहरुमांको येउटा-
लाइ मेरो नांउले ग्रहण् गर्ला त्येस्ले मंलाइ ग्रहण् गर्द छ अनि जस्ले मंलाइ
ग्रहण् गर्द छ त्येस्ले मंलाइ होइन तर मंलाइ पठाउंनेलाइ ग्रहण् गर्द छ॥
३८ यूहन्नाले उस्लाइ भन्यो गुरुज्यु हांमिहरुले एक् जनालाइ तपांइको
नांउले भूत्हरुलाइ निकाल्दै गर्‍येको देख्यूं अनि हांमिहरुले त्येस्लाइ थुन्यूं
३९ किनभन्ये त्येस्ले हांमिहरुलाइ पछ्याउंदैन भनि। तर येशूले भन्यो त्येस्लाइ
न थुन किनभन्ये कोई छैन जस्ले मेरो नांउले आश्चर्ज्येकर्म्म गर्ला अनि
४० छिट्टै मेरो बिषय्मां कुवचन् गर्न् सक्ला। कसोगरिभन्ये जो हांमिहरुको
४१ बिरुद्ध छैन त्यो हांमिहरु पट्टि छ। कसोगरिभन्ये जस्ले तिमिहरुलाइ
तिमिहरु ख्रीष्टका हौ भनि एक् लोहोटा पानी पियाउला मं तिमिहरुलाइ
सांचो भन्द छु त्येस्ले कस्तै गरिकन पनि आफ्नु प्रतिफल् हराउंदैन।
४२ अनि जस्ले मं मांथि बिश्वास् गर्ने यि छोटाहरुमांको येउटालाइ ठोकर्
खुवाउला त्येस्को लागि ता बरु जाति छ ठुलो जांतोको पाटा त्येस्को
४३ गलामां बान्धींनु अनि त्यो समुन्द्रमां आफालींनु। अनि तेरो हात्ले तंलाइ
ठोकर् खुवाये भन्ये देखि त्यो काटि दे डुंड़े भइकन जीउंनिमां पस्नु तेरो
लागि दुइ हात् रहंदै तं नर्कमां अर्थात् त्येस् न निभ्ने आगोमां जांनु
४५ भन्दा बरु जाति छ[१]। अनि तेरो पाउले तंलाइ ठोकर् खुवायो भन्ये
देखि त्यो काटि दे खोरंडे भइकन जीउंनिमां पस्नु तेरो लागि दुइ पाउ
४७ रहंदै तं नर्कमां आफालींनु भन्दा बरु जाति छ[१]। अनि तेरो आंखाले
तंलाइ ठोकर् खुवायो भन्ये देखि त्यो निकालि दे कांना भइकन ईश्वर्को
राज्मां पस्नु तेरो लागि दुइ आंखा रहंदै तं नर्कमां आफालींनु भन्दा बरु
४८ जाति छ जहां तिनिहरुका औंसा मर्दैन अनि आगो निभ्दैन।

[१] (४४ र ४६ पदहरु R. V. मां छैनन्)।

४९ ५० किनभन्ये आगोले जनंगे नुनीलो बनाईछ। नुन् जाति छ तर नुन् अलींनो
भयो भन्ये देखि तिमिहरुले त्यो क्येले स्वादीलो तुल्याउंछौ। आफु
आफुमां नुन् राख अनि आपस्तमां मिलि रह॥

१० १ अनि उ त्यहां बाटो उठेर यहूदियाका सिमानामां र यर्दन्को उमो
पारि पट्टि गयो अनि धुइराहरु फेरि उ थांइ जमा हुंदै गये अनि उ आफ्नु
२ रीत् अनुसार् तिनिहरुलाइ फेरि शिक्षा दिंनु लाग्यो। अनि फरीसीहरुले
छेउ आयेर उस्को परीक्षा गरिकन उ सित क्ये लोग्नेले आफ्नी स्वास्नीलाइ
३ त्याग्नु उचित् छ भनि सोध्ये। अनि उस्ले उत्तर् दिइ तिनिहरुलाइ
४ भन्यो मूसाले तिमिहरुलाइ क्ये आज्ञा दियो। अनि तिनिहरुले मूसाले
५ त्यागपत्र लेख्नु अनि त्येस्लाइ त्याग्नु दियो भन्ये। तर येशूले तिनि-
हरुलाइ भन्यो तिमिहरुको हिर्दयको कठोरेईको कारण्ले त्येस्ले तिमिहरुलाइ
६ यो आज्ञा लेखि दियो। तर सृष्टिको थाल्नि देखि उस्ले तिनिहरुलाइ
७ नर् र नारी गरि बनायो। येस्कारण् मान्छेले आफ्नु पिता र मातालाइ
८ छोड्छ अनि आफ्नी स्वास्नी सङ मिलि रहंछ अनि ति दुवै एक् जीउ
९ हुंछन् न तिनिहरु फेरि दुइ होइन तर एक् जीउ हुन्। येस्कारण् ज्ये
१० ईश्वर्ले जोड्येको छ त्यो मान्छेले अलग् न पारोस्। अनि घर्मां
११ शिक्षेहरुले येस् बिषय्मां फेरि उ सित सोध्ये। अनि उस्ले तिनिहरुलाइ
भन्यो जस्ले आफ्नी स्वास्नीलाइ त्याग्ला अनि अर्कीलाइ ब्याहा गर्ला
१२ त्येस्ले त्येस्को बिरुद्धमां ब्यभिचार् गर्द छ अनि त्यो आफै आफ्नु
लोग्नेलाइ छोड्येर अर्को सङ ब्याहा भई भन्ये देखि त्येस्ले ब्यभिचार्
गर्द छ॥

१३ अनि तिनिहरुले बालखहरुलाइ उ थांइ ल्याये उस्ले तिनिहरुलाइ छोइ
१४ देवस् भन्न्ये खातिर्ले अनि शिक्षेहरुले तिनिहरुलाइ हकार्ये। तर येशू
यो देखिकन रिसायो अनि तिनिहरुलाइ भन्यो बालखहरुलाइ मं थांइ
आंउनु देव तिनिहरुलाइ न थुन किनभन्ये ईश्वर्को राज् येस्तैहरुको हो।
१५ मं तिमिहरुलाइ सांचो भन्द छु जस्ले ईश्वर्को राज् बालखले झैं ग्रहण्
१६ गरोइन त्यो त्येस्मां कस्तैगरिकन पनि पस्दैन। अनि उस्ले तिनिहरुलाइ
काख्मां लियेर तिनिहरु मांथि आफ्नु हात् राखिकन तिनिहरुलाइ आशीर्बाद्
दियो॥

१७ अनि जब उ बाटोमां निकलि जांदै थियो तब एक् जनाले उ छेउ
दुगुरि आयेर उस्को सांमु घुंडा टेकिकन उ सित सोध्यो हे भला गुरु मं

१८ क्ये गरं र अजम्मरे जीउंनिको अधिकारी होउं भनि। अनि येशूले
त्येस्लाइ भन्यो किन मंलाइ भलो भन्द छस् कोई भलो छैन खालि एक्
१९ मात्रै अर्थात् ईश्वर्। तं आज्ञाहरु जान्द छस् हत्या न गर् ब्यभिचार् न
गर् झूठो साक्षी न दे ठगेई न गर् आफ्नु पिता र मातालाइ मान्मनीतो
२० गर् भन्ये। अनि त्येस्ले उस्लाइ भन्यो हे गुरु यि सबैको ता मैंले
२१ केटौलिनै देखि जगेरा गऱ्येको छु। अनि येशूले त्येस् मांथि दृष्टि गरि
त्येस्लाइ प्रिय जान्यो अनि त्येस्लाइ भन्यो तंलाइ एक् कुरोको घटी छ जा
ज्ये तेरो छ त्यो बेच्येर कंगालिहरुलाइ दे अनि तैंले स्वर्गमां धन् पाउंछस्
२२ अनि आइज मंलाइ पछ्या। तर त्यो येस् बचन्ले अंध्यारो मुख्को भइ
कष्टित् हुंदै गयो किनभन्ये त्यो अग्घोर् धनाढ्य थियो॥

२३ अनि येशूले चारै तिर दृष्टि गरि आफ्ना शिक्षेहरुलाइ भन्यो धनीहरु
कस्तो कठिन् मङ ईश्वर्को राज्मां पस्नन्। अनि शिक्षेहरुले उस्का
२४ बचन्मां अचंभ मान्ये। तर येशूले तिनिहरुलाइ उत्तर् दिइ फेरि भन्यो
ए बालखहरु हो कस्तो कठिन् छ धन् मांथि भरोसा राख्नेहरुलाइ ईश्वर्को
२५ राज्मां पस्नु। सहज् छ ऊंट्लाइ सीयोको नाथ्री बाटो छिरि जांनु
२६ धनीलाइ ईश्वर्को राज्मां पसि जांनु भन्दा ता। अनि तिनिहरुले अग्घोरै
२७ मुर्छा परि उस्लाइ भन्ये तब ता को बचाईनु सक्द छ। येशूले तिनिहरु
मांथि दृष्टि गरि भन्यो मान्छेहरुको पट्टि बाटो ता यो हुंनु न सक्ने छ
तर ईश्वर्को पट्टि बाटो होइन कसोगरिभन्ये ईश्वर्को पट्टि बाटो सबै
२८ कुरा हुंनु सक्ने छन्। पत्रुस् उस्लाइ भन्नु लाग्यो हेर्नु हवस् हामिहरुचइंले
२९ सबै थोक् छोड्य अनि तपांइलाइ पछ्याएं। येशूले भन्यो मं तिमिहरुलाइ
सांचो भन्द छु कोई छैन जस्ले मेरो र सुसमाचार्को कारण्ले घर् कि
भाईहरु कि बैंनीहरु कि माता कि पिता कि बालखहरु कि जिमीन्हरु
३० छोड़ि दियेको छ अनि अब येस् समय्मां सै गुणा घर्हरु र भाईहरु
र बैंनीहरु र माताहरु र बालखहरु र जिमीन्हरु उपद्रैईहरु मङ पाउंदैन
३१ अनि आउंदो जगत्मां अजम्मरे जीउंनि। तर बहुतै जो पहिला छन्
पछिल्ला हुंछन् अनि पछिल्ला पहिला॥

३२ अनि तिनिहरु बाटोमां यरूसलम्मां चढ़ि जांदै थिये अनि येशू
तिनिहरुको अघि अघि हिंड्द थियो अनि तिनिहरुले अचंभ मान्द थिये
अनि पछ्याउंनेहरु डराउंद थिये। अनि उस्ले बाह्रैलाइ फेरि सङ लग्येर
३३ उम् मांथि आइ लाग्नु आंट्याका कुरा तिनिहरुलाइ भन्नु लाग्यो अर्थात्

हेर हांमिहरु यरूसलम्मां चढ़ि जांदै छौं अनि मान्छेको पुत्र मूल्पूजाहारीहरु
र शास्त्रीहरुलाइ पकराइ दिईछ अनि तिनिहरुले उस्लाइ काल्को लागि
३४ ठहराउंछन् अनि उस्लाइ अन्यदेसीहरुलाइ पकराइ दिंछन् अनि तिनि-
हरुले उ सित ठट्टा गर्छन् अनि उस्लाइ थूक्छन् अनि उस्लाइ कोर्रा
लाउंछन् अनि मार्छन् अनि तीन् दिन् पछि उ बौरि उठ्छ ॥
३५ अनि जबदीका छोरा याकूब् र यूहन्नाले उ छेउ आयेर उस्लाइ
भन्ये हे गुरु हांमिहरु इच्छे गर्द छौं हांमिहरु ज्ये तपांइ सित मांगूंला त्यो
३६ तपांइले हांमिहरुको लागि गर्नु हवस् भन्ये। अनि उस्ले तिनिहरुलाइ
भन्यो तिमिहरुले क्ये इच्छे गर्द छौ मैंले तिमिहरुको लागि गर्नु भनि।
३७ अनि तिनिहरुले उस्लाइ भन्ये हांमिहरुलाइ दिनु हवस् र हांमिहरु तपांइको
महिमामां एक् तपांइको दाहिंनो एक् तपांइको बांउ हात् बसूं भनि। तर
येशूले तिनिहरुलाइ भन्यो तिमिहरुले जान्दौन हांमिहरु क्ये मांग्द छौ
३८ भनि। जुन् कटौरा मं पीउंद छु क्ये त्यो तिमिहरु पीउंनु सक्द छौ
३९ कि जुन् बप्तिस्माले म बप्तिस्मा हुंद छु त्येस्ले बप्तिस्मा हुंनु। अनि
तिनिहरुले उस्लाइ भन्ये सक्द छौं। अनि येशूले तिनिहरुलाइ भन्यो
जुन् कटौरा मं पीउंद छु त्यो तिमिहरुले पीउंनु ता पीऔला अनि जुन्
बप्तिस्माले मं बप्तिस्मा हुंद छु त्येस्ले तिमिहरु बप्तिस्मा हुंनु ता होऔला
४० तर मेरो दाहिंनो कि बांउ हात् बस्नुचइं मेरो दिवाईमां होइन तर जस्
४१ जस्को लागि तियार् बनाईयेको छ तिनिहरुको लागि छ। अनि यो
४२ सुनिकन दसै याकूब् र यूहन्नाको बिषय्मां रिसाउंनु लाग्ये। अनि येशूले
तिनिहरुलाइ छेउ बोलायेर तिनिहरुलाइ भन्यो तिमिहरुले जान्द छौ जो
अन्यदेसीहरु मांथि मालिकेई गर्ने गर्नींद छन् तिनिहरुले तिनिहरु मांथि
हुकुम् चलाउंद छन् अनि तिनिहरुका बड़ाहरुले तिनिहरु मांथि अधिकार्
४३ चलाउंद छन्। तर तिमिहरुचइंमां येसो छैन तर जस्ले तिमिहरुचइंमां
४४ बड़ो होइ जांने इच्छे गर्द छ त्यो तिमिहरुको सेवाइत हुंछ अनि
जस्ले तिमिहरुचइंमां पहिले हुंने इच्छे गर्द छ त्यो सबैको दास् हुंछ।
४५ किनभन्ये मान्छेको पुत्र पनि सेवा पाउंनुलाइ होइन तर सेवा गर्नुलाइ र
बहुतैको उद्धार्को लागि आफ्नु प्राण् दिंनुलाइ आयो ॥
४६ अनि उनिहरु यरीहोमां आये अनि जब उ आफ्ना शिक्षेहरु र निकै
ठुलो धुइरो समेत् यरीहो बाटो निक्लंद थियो तब तिमईको छोरो
४७ बर्तिमई एक् जना अन्धा भिक्षुक् बाटो छेउ बस्द थियो। अनि त्येस्ले

येशू नासरी हो भन्येको सुनिकन करायेर भन्न लाग्यो हे येशू दाऊद्का
४८ पुत्र मं मांथि दया गर्नु हवस्। अनि धेरैले त्येस्लाइ हकान्ये त्यो चूप्
लागोस् भनि तर त्यो झन्सारो हे दाऊद्का पुत्र मं मांथि दया गर्नु
४९ हवस् भनि करायो। अनि येशूले अड़ीयेर भन्यो त्येस्लाइ बोलाव। अनि
तिनिहरुले त्येस् अन्धालाइ येसो भन्येर बोलाये ढाढ़स् गर् उठ् उस्ले तंलाइ
५० बोलाउंदै छ। अनि त्यो आफ्नु खाष्टो आफालि राख्येर उफ्रिकन येशू
५१ थांइ आयो। अनि येशूले त्येस्लाइ उत्तर् दिइ भन्यो मैंले तेरो लागि
क्ये गर्नें तेरो इच्छे छ। त अन्धाले उस्लाइ भन्यो हे मेरा गुरु मं फेरि
५२ देखुं। अनि येशूले त्येस्लाइ भन्यो हिंड़ि जा तेरो बिश्वास्ले तंलाइ
बचायो। अनि त्येस्ले तुरन्तै फेरि देख्यो अनि उस्लाइ बाटोमां पछ्यायो।

११ १ अनि जब उनिहरु यरूसलम्को नजिक् बैत्फगा र बैथनिया सम्म
जैतून् डांड़ाको छेउमां आये तब उस्ले आफ्ना शिक्षेहरुमांका दुइ जनालाइ
२ येसो भनि पठायो तिमिहरुको सांमुको गांउमां जाव अनि त्येस्मां
पस्दैखेरि तिमिहरुले तुरन्तै येउटा गदाहाबच्चालाइ जस्मां मान्छेहरुमांको
३ कोई कैले बस्येन बान्धीयेको भेटाउंछौ त्येस्लाइ फुकायेर ल्याव। अनि
कसैंले तिमिहरुलाइ यो तिमिहरुले क्ये गर्द छौ भन्यो भन्ये देखि त भन
प्रभुलाइ येस्को खांचो छ भनि अनि त्येस्ले तुरन्तै त्येस्लाइ फर्काइ यहां
४ पठाइ दिंछ। अनि तिनिहरुले गयेर येउटा बच्चालाइ दुवार् देखि
५ बाइरको छेउ सटक् निर बान्धीयेको भेटायेर त्येस्लाइ फुकाये। अनि
त्यहां उभीयेकाहरुमाकां कत्तिले तिनिहरुलाइ भन्ये तिमिहरुले बच्चालाइ
६ फुकाउंदै क्ये गर्द छौ। अनि तिनिहरुले येशूले भन्येको झैं तिनिहरुलाइ
७ भन्ये अनि तिनिहरुले तिनिहरुलाइ जांनु दिये। अनि तिनिहरुले बच्चा-
लाइ येशू छेउ ल्यायेर त्येस् मांथि आफ्ना लुगा हाल्ये अनि उ त्येस्मां
८ बस्यो। अनि धेरैले आफ्नु आफ्नु लुगा बाटोमां ओछ्याये अनि
९ अरुहरुले बन् देखि घांस्पात् काटेर ओछ्याये। अनि अघि जांने र पछि
१० आउंनेहरु कराउंद थिये होशन्ना धन्न हो प्रभुको नांउमां आउंने धन्न
हो आउंने राज् हांमिहरुको पिता दाऊदुको राज् परम्धाम्मां होशन्ना
भन्दै।

११ अनि उ यरूसलम्मां मन्दिर्मां पस्यो अनि जब उस्ले चारै तिर
सबै थोक् मांथि दृष्टि गर्‍यो तब सांझ् पर्‍येको कारण्ले उ बाह्रै सङ
बैथनियामां निकल्यो॥

१२　अनि भोलि पल्टो जब उनिहरु बैथनिया बाटो निक्ल्ये तब उ
१३ भोकायो। अनि उ पात्हरु भयेको येउटा नेभाराको रुख् टाड़ो बाटो
देख्येर गयो कतै त्येस्मां क्येइ पाउंला कि भनि अनि त्येस्को छेउमां
गइकन क्येइ पायेन खालि पात्हरु मांत्रै किनभन्ये नेभाराको ऋतु थियेन।
१४ अनि उस्ले त्येस्लाइ उत्तर् दिइ भन्यो अब देखि सधैं सम्म तं देखि कसैले
फल् न खावस्। अनि उस्का शिक्षेहरुले यो सुन्ये ॥

१५　अनि उनिहरु यरूसलम्मां आये अनि उ मन्दिर्मां पस्येर मन्दिर्मां
बेच्ने र किन्नेहरुलाइ निकाल्नु लाग्यो अनि सर्राफिहरुका मेज्हरु र परेवा
१६ बेच्नेहरुका बैठक्हरु लड़ाई दियो　अनि उस्ले कसैलाइ मन्दिर्को
१७ बाटो बाड़ो आल्माल् लैजांनु दियेन। अनि उस्ले शिक्षा दिइ तिनिहरुलाइ
भन्यो क्ये लेख्येको छैन मेरो घर् सबै देसका लोगको लागि प्रार्थनाको
घर् भनींछ भनि तर तिमिहरुचइंले यो डाकूहरुको ओढ़ार् बनाइ दियौ।
१८ अनि मूल्पूजाहारीहरु र शास्त्रीहरु यो सुन्येर उस्लाइ नास् गर्ने जुक्ति
खोज्नु लाग्ये किनभन्ये उ देखि डराउंद थिये किनभन्ये सबै धुइरो उस्को
शिक्षाले मुर्छा पर्द थियो ॥

१९　अनि उ सांझ् पर्दा पर्दा सहर् देखि निक्लि जांद थियो ॥

२०　अनि बिहान जब तिनिहरु त्येता बाटो जांद थिये तब तिनिहरुले त्यो
२१ नेभाराको रुख् जरै समेत् सुकि गयेको देख्ये। अनि पत्रुस्ले सम्झिकन
भन्यो हे गुरु हेर्नु हवस् यो नेभाराको रुख् जस्लाइ तपांइले स्राप्नु भयो
२२ सुकि गये छ। अनि येशूले तिनिहरुलाइ उत्तर् दिइ भन्यो ईश्वर् मांथि
२३ बिश्वास् गर। मं तिमिहरुलाइ सांचो भन्द छु जस्ले येस् डांड़ालाइ
भन्ला उठ् र समुन्द्रमां आफालीइ भनि अनि आफ्नु हिर्दय्मां शंका
गरोइन तर मं ज्ये बोल्द छु त्यो बनींछ भनि बिश्वास् गर्ला त त्यो
२४ त्येस्को लागि हुंछ। येस्कारण् मं तिमिहरुलाइ भन्द छु तिमिहरुले सबै
ज्ये ज्ये प्रार्थना गरि मांग्द छौ ति पायूं भनि बिश्वास् गर अनि तिमि-
२५ हरुको लागि हुंछ। अनि जब तिमिहरु प्रार्थना गर्दै उभींद छौ तब
तिमिहरुकां कसैको बिरुद्धमां क्येइ छ भन्ये देखि क्षमा गर र तिमिहरुको
स्वर्गबासी पिताले पनि तिमिहरुका अपराध् क्षमा गरोस्[१] ॥

२७　अनि उनिहरु फेरि यरूसलम्मां आये अनि जब उ मन्दिर्मां डुल्दै
थियो तब मूल्पूजाहारीहरु र शास्त्रीहरु र प्राचीन्हरु उ थांइ आये

[१] (२६ पद पद R.V. मां छैन)

२८ अनि उस्लाइ भन्ये तिमिले यि काम् कस् अधिकार्ले गर्द छौ कि कस्ले
२९ तिमिलाइ यि काम् गर्ने अधिकार् दियो। अनि येशूले तिनिहरुलाइ
भन्यो मं तिमिहरुलाइ एक् बचन् सोध्छु अनि तिमिहरुले मंलाइ उत्तर्
देव अनि मं तिमिहरुलाइ कहि दिंछु कस्तो अधिकार्ले यि काम् गर्द छु
३० भनि। यूहन्नाको बप्तिस्मा क्ये स्वर्ग देखि थियो कि मान्छेहरु देखि
३१ मंलाइ उत्तर् देव। अनि तिनिहरुले आपस्तमां बिचार् गऱ्ये हांमिहरुले
स्वर्ग देखि भन्यूं भन्ये उस्ले भन्छ त तिमिहरुले किन त्येस्को बिश्वास्
३२ गऱ्यौन भनि। तर मान्छेहरु देखि भन्यू भन्ये त तिनिहरु लोग् देखि
डराउंद थिये किनभन्ये सबैले यूहन्नालाइ अगम्बक्ता सांच्चिनै जान्द थिये।
३३ अनि तिनिहरुले येशूलाइ उत्तर् दिइ भन्ये हांमिहरु जान्दौन। अनि
येशूले तिनिहरुलाइ भन्यो मं पनि तिमिहरुलाइ भन्दींन कस्तो अधिकार्ले
यि काम् गर्द छु भनि॥

१२ १ अनि उ तिनिहरु सङ उखानमां बोल्नु लाग्यो। एक् जना मान्छेले
दाख्को बारी लगायो अनि त्येस्को चारै पट्टि बार् बाऱ्यो अनि कोल्
खोप्यो अनि डीही बनायो अनि किसानिहरुलाइ त्येस्को ठीका दियेर
२ पर्देस्मां गइ गयो। अनि ऋतुमां त्येस्ले येउटा दास्लाइ किसानिहरु थांइ
पठायो किसानिहरु देखि दाख्को बारीका फल्हरुमांका पावम् भनि।
३ ४ अनि तिनिहरुले त्येस्लाइ समात्येर पीटेर अनि रित्तै हात् पठाये। अनि
फेरि त्येस्ले अर्को दास्लाइ तिनिहरु थांइ पठायो अनि तिनिहरुले त्येम्-
५ चइंको थाप्लो फोऱ्ये अनि त्येस्को हुर्मत् लिये। अनि त्येस्ले अर्कोलाइ
पठायो अनि तिनिहरुले त्येस्चइंलाइ माऱ्ये अनि अरु धेरैलाइ पठायो
६ अनि तिनिहरुले कत्तिलाइ पीटेर कत्तिलाइ माऱ्ये। त्येस्को अब एकैवटा
रह्यो त्येस्को प्रिय पुत्र त्येस्ले येस्लाइ सबै भन्दा पछाडि येसो भनिकन
तिनिहरु थांइ पठायो तिनिहरुले मेरो पुत्रचइंको ता मान् गर्नन् भनि।
७ तर ति किसानिहरुले आपस्तमां यो ता अधिकारी हो आव येस्लाइ मारूं
८ अनि अधिकार् हांमिहरुकै हुंछ भन्ये। अनि तिनिहरुले त्येस्लाइ समात्येर
९ माऱ्ये अनि त्येस्लाइ दाख्को बारी देखि बाइर आफालि दिये। त दाख्को
बारीको प्रभुले क्ये गर्छ उ आउंछ अनि किसानिहरुलाइ नास् पार्छ अनि
१० दाख्को बारी अरुलाइ दिंछ। क्ये तिमिहरुले धर्म्मशास्त्रको येइ बचन्
पऱ्येका छौन

जस् ढुंगोलाइ घर् बनाउंनेहरुले बिकासे ठान्ये

उइ कुनाको सिराह् भइ गयो
११ यो प्रभुको पट्टि बाड़ो भयो
अनि हांमिहरुको दृष्टिमां उदेक् छ
१२ भन्ये। अनि तिनिहरुले उस्लाइ समात्नु खोज्ये अनि धुइरो देखि
डराये किनभन्ये थाहा पाये यो उखान् उस्ले हांमिहरुकै बिरुद्धमां भन्यो
भनि अनि तिनिहरु उस्लाइ छोड़ेर हिंड़ि गये॥
१३ अनि तिनिहरुले फरीसीहरु र हेरोदीहरुमांका कत्तिलाइ उ थांइ पठाये
१४ उस्लाइ बचन्मां फंसाउन् भनि। अनि तिनिहरुले आयेर उस्लाइ भन्ये
हे गुरु हांमिहरु जान्द छौं तपांइ सच्चा हौ अनि कसैको खट्का राख्दौन
कसोगरिभन्ये तपांइले मान्छेहरुको मुख् हेर्दैन तर सच्चेई सङ ईश्वर्को
बाटो सिकाउंद छौ क्ये ठान्द छौ कैसर्लाइ सिर्तु दिंनु उचित् छ कि छैन।
१५ हांमिहरु दिऊं कि न दिऊं। तर उस्ले तिनिहरुको कपट् जानिकन
तिनिहरुलाइ भन्यो मेरो परीक्षा किन गर्द छौ येउटा सुका मं थांइ ल्याव
१६ र मं त्यो हेरुं। अनि तिनिहरुले ल्याये। अनि उस्ले तिनिहरुलाइ
भन्यो यो मूर्त्ति र छाप् कस्को हो। अनि तिनिहरुले उस्लाइ भन्ये
१७ कैसर्को। अनि येशूले तिनिहरुलाइ भन्यो ज्ये ज्ये कैसर्का छन् कैसर्लाइ
अनि ज्ये ज्ये ईश्वर्का छन् ईश्वर्लाइ दि हाल। अनि तिनिहरुले उ
देखि उदेक् मान्ये।
१८ अनि बौरिउठाई हुंदैन भन्ये सद्कीहरुले उ थांइ आयेर उ सित येसो
१९ भनिकन सोध्ये हे गुरु मूसाले हांमिहरुको लागि लेख्यो कसैको दाज्यु
स्वास्नीलाइ छोड़ि अनि निसन्तान् भइ मऱ्यो भन्ये देखि त्येस्को भाईले
त्यस्की स्वास्नीलाइ लियेर आफ्नु दाज्युको लागि बंश उभ्यावम् भनि।
२० सात् भाई थिये अनि पहिलोले स्वास्नी लियो अनि निसन्तान् भइ मऱ्यो
२१ अनि दोस्रोले त्येस्लाइ लियो अनि निसन्तान् भइ मऱ्यो अनि तीस्रोले
२२ त्येसै गऱ्यो अनि सातै निसन्तान् भइ मऱ्ये। सबैको पछाड़ि स्त्री
२३ पनि मरी। बौरिउठाईमां त्यो तिनिहरुमांको कस्की स्वास्नी हुंछ किनभन्ये
२४ सातैले त्येस्लाइ स्वास्नीगरि राख्येका थिये। येशूले तिनिहरुलाइ भन्यो
तिमिहरु भर्मने कारण् क्ये येइ होइन तिमिहरु न धर्म्मशास्त्र न ईश्वर्को
२५ शक्ति जान्द छौ। किनभन्ये जब तिनिहरु मुर्दाहरु देखि बौरि उठ्छन्
तब तिनिहरु न व्याहा गर्छन् न ब्याहामां दिईछन् तर स्वर्गमां दूत्हरु
२६ जस्ता हुंछन्। तर मुर्दाहरुको बिषयमां तिनिहरु बौराईद छन् भनि क्ये

तिमिहरुले मूसाको पोस्तक्मां पोथ्राको बृत्तान्तमां पऱ्यौन ईश्वर्ले त्येस्लाइ
कसो भन्यो मं अब्राहाम्को ईश्वर् अनि इस्हाक्को ईश्वर् अनि याकूब्को
२७ ईश्वर् हुं भनि। उ मुर्दाहरुको होइन तर जीउंदाहरुको ईश्वर् हो
तिमिहरु धेर् भर्म्यौ ॥
२८ अनि शास्त्रीहरुमांको येउटाले छेउ आयेर तिनिहरुलाइ आपस्तमां
बिबाद् गऱ्येका सुनिकन अनि उस्ले तिनिहरुलाइ जाति उत्तर् दियो अरे
भनि जानिकन उ सित सबैमां पहिलो आज्ञा कुन् चइं हो भनि सोध्यो।
२९ येशूले उत्तर् दियो पहिलो चइं येइ हो हे इस्राएल् सुन् प्रभु हांमिहरुको
३० ईश्वर् एकैवटा प्रभु छ अनि तैंले प्रभु आफ्नु ईश्वर् सङ आफ्नु
पूरो हिर्दय्ले अनि आफ्नु पूरो प्राण्ले अनि आफ्नु पूरो बुद्धिले अनि
३१ आफ्नु पूरो बल्ले प्रेम् गर्। दोस्रो येइ हो तैंले आफ्नु क्षिमेकि सङ
३२ आफै सङ झैं प्रेम् गर्। यिनिहरु भन्दा बड़ो अर्को आज्ञा छैन। अनि
शास्त्रीले उस्लाइ भन्यो जाति हे गुरु आफुले सच्चेई सङ भन्नु भयो उ
३३ एकैवटा छ अनि उ बाहिक् अर्को छैन अनि उ सङ पूरो हिर्दय्ले
अनि पूरो बुद्धिले अनि पूरो बल्ले प्रेम् गर्नु अनि क्षिमेकि सङ आफै सङ
३४ झैं प्रेम् गर्नु सबै होम् र बलिदान् भन्दा बेसि छ। अनि येशूले
त्येस्ले बुद्धि सङ उत्तर् दियेको देख्येर त्येस्लाइ भन्यो तं ईश्वर्को राज् देखि
टाड़ो छैनस्। अनि कसैलाइ फेरि उ सित क्येइ सोध्ने आंट् भयेन ॥
३५ अनि जब येशूले मन्दिर्मां शिक्षा दिंद थियो तब उस्ले उत्तर् दिइ
भन्यो शास्त्रीहरुले कसोगरि भन्द छन् ख्रीष्ट दाऊद्को पुत्रनै हो भनि।
३६ दाऊद्ले आफै पवित्र आत्मामां भन्यो

प्रभुले मेरो प्रभुलाइ भन्यो
तं मेरो दाहींनो हात् पट्टि बस्
जब सम्म मं तेरा सत्तुर्हरुलाइ तेरा चरण्को चरण् पिरा गरि दिन्न भनि।

३७ दाऊद्ले आफै उस्लाइ प्रभु भन्द छ अनि उ कहां देखि त्येस्को पुत्र हो।
अनि त्येस् ठुलो धुइरोले खुशि सित उस्को सुन्द थियो ॥
३८ अनि उस्ले आफ्नु सिकाईमां भन्यो शास्त्रीहरु देखि चंख बस
जुन्हरुले लांमा लबेता लाइ डुलि हिंड़्नेको र चोक्मां पालागी पालागीको
३९ र सभाघर्मां मूल् बैठक्को र भोज् भतियारमां मूल् बस्ने ठांउको इच्छे गर्द
४० छन् जुन्हरु बिधुवीहरुका घर् खाइ हाल्ने अनि लोकाचार्को लागि
लांमा प्रार्थना गर्नेहरु छन् यिनिहरुले बेसि दण्डको आज्ञा पाउंछन् ॥

४१ अनि उस्ले भंडार्को सांमु बसिकन धुइरोले कसोगरि भंडार्मां पैसा
४२ हाल्द रछ भनि हेर्दै थियो अनि धेरै धनीहरुले धेरै हाल्द थिये। अनि
येउटी कंगालि बिधुवीले आयेर दुवटा दाम् अर्थात् आधा पैसा हाली।
४३ अनि उस्ले आफ्ना शिक्षेहरुलाइ छेउ बोलायेर तिनिहरुलाइ भन्यो मं
तिमिहरुलाइ सांचो भन्द छु भंडार्मां हाल्नेहरु सबैले भन्दा येम् कंगालि
४४ बिधुवीचइंले बेसि हाली कमोगरिभन्ये तिनिहरु सबैले आफ्नु उबारो-
मांको हाल्ये तर येस्चइंले ता आफ्नु अपुग्येमांको जति त्येम्कां थियो
अर्थात् आफ्नु सिंगै जीविका हाली ॥

१३ १ अनि जब उ मन्दिर् बाटो निक्लंदै थियो उस्का शिक्षेहरुमांको
येउटाले उस्लाइ भन्यो हे गुरु हेर्नु हवस् कस्ता ढुंगाहरु अनि कस्ता
२ घर्हरु छन्। अनि येशूले त्येस्लाइ भन्यो क्ये तैंले यि ठुला ठूला घर्हरु
देख्द छस् ढुंगो मांथि ढुंगो यहां छोड़ींदैन जो भत्काईंदैन ॥
३ अनि जब उ जैतून् डांड़ा मांथि मन्दिर्को सांमु बस्येको थियो तत्र
पत्रुस् र याकूब् र यूहन्ना र अन्द्रियास्ले एकान्तमां उ सित सोध्ये
४ हांमिहरुलाइ भनि दिंनु हवस् यि कुरा कैले हुंछन् अनि जब यि कुरा सबै
५ पूरा गरींनु आंटेका हुंनन् तब चिंनु क्ये हुंछ। अनि येशू तिनिहरुलाइ
६ भन्नु लाग्यो चंख रह कसैले तिमिहरुलाइ न भर्मावस्। धेरै जना मेरो
७ नाउंले मं उइ हुं भन्दै आउंछन् अनि धेरैलाइ भर्माउंछन्। अनि जब
तिमिहरुले लड़ाईहरु र लड़ाईहरुका चर्चा सुनौला तब न घब्राव यि हुंनु
८ अबस्से छ तर अन्त ऐले सम्म छैन। किनभन्ये देस्को देस् र राज्को
राज् बिरुद्धमां उठ्छ ठांउ ठांउमां भूइंचाल् हुंछन् अनिकाल् हुंछन् यि कुरा
पीड़ाहरुको थाल्नि हुन् ॥
९ तर तिमिहरु आफ्नु बिषय्मां चंख रह किनभन्ये तिनिहरुले तिमि-
हरुलाइ महासभाहरुमां सुम्पंछन् अनि तिमिहरु सभाघर्हरुमां पीटींछौ अनि
मेरो कारण्ले मालिक्हरु र राजाहरुको सांमु तिनिहरुलाइ साक्षी हुंनुको
१० लागि तिमिहरु उभ्याईंछौ। अनि सबै देसकाहरुमां पहिले सुसमाचार
११ प्रचारींनु खांचो छ। अनि जब तिनिहरुले तिमिहरुलाइ लग्येर सुम्पि
दिंनन् तब अगाड़ि देखि फिक्रि न गर हांमिहरु क्ये बोलूंला भनि तर ज्ये
त्येसै घरी दिईयेला त्येइ बोल किनभन्ये बोल्ने तिमिहरु होइन तर पवित्र
१२ आत्मा हो। अनि भाईले भाईलाइ र बाबुले सन्तान्लाइ काल्को लागि
सुम्पंछ अनि छोराछोरीहरुले आंमा बाबुको बिरुद्धमां उठि तिनिहरुलाइ

१३ मराउंछन्। अनि सबै लोगले तिमिहरु देखि मेरो नांउको कारण्ले
दुश्मनी गर्छन् तर जो अन्त सम्म स्थिर् रहला त्येइ बचाईंछ॥
१४ तर जब तिमिहरुले उजार्को त्येस् घिन्लाग्दो थोक्लाइ जहां उचित्
छैन तहां उभीयेको देखौला (पर्नेले चाल् पावस्) तब यहूदियामां
१५ हुनेहरु डांड़ा हुंदो भागि जाउन् अनि कौसि मांथि हुंने न ओह्लोस्
१६ अनि न आफ्नु घर् देखि क्येइ उठाइ लांनुलाइ पसोम् अनि खेत्मां
१७ हुंने आफ्नु खाष्टो लिंनुलाइ पछि न फर्कोस्। तर हाय् ति दिन्मां
१८ गर्भिणी हुंने र दुद् खुवाउंनेहरु मांथि। अनि प्रार्थना गर र यो जाड़ोमां
१९ न हवस्। किनभन्ये ति दिन् येस्तो कष्टका हुंछन् त्येस्तो ता सृष्टिको
थाल्नि देखि ज्ये ईश्वर्ले सिर्ज्यो अब सम्म भयेन अनि न कैलेइ हुंछ।
२० अनि प्रभुले ति दिन् न घटायेको भये देखि ता कोई जीउ बांच्ने थियेन
तर छानीयेकाहरुको कारण्ले जुन्हरुलाइ उस्ले छान्यो उस्ले ति दिन्
२१ घटायो। अनि तब कसैले तिमिहरुलाइ हेर खीष्ट यहां छ कि हेर वहां
२२ छ भन्यो भन्ये देखि न बिश्वास् न गर् किनभन्ये झूठा खीष्टहरु र
झूठा अगम्बक्ताहरु उठ्छन् अनि हुंनु सक्यो भन्ये ता छानीयेकाहरुलाइ
२३ भर्माउंनुको लागि चिंनु र उदेक्का काम् देखाइ दिंछन्। तर तिमिहरु
चंख रह हेर मैंले अगाड़ि देखि तिमिहरुलाइ सबै कुरा भनि दियेको छु॥
२४ तर ति दिन्मां त्येस् कष्ट पछि सूर्ज अंध्यारो होइ जांछ अनि जून्ले
२५ आफ्नु चमक् दिंदैन अनि ताराहरु अकाश् बाटो खस्ने हुंछन् अनि
२६ स्वर्गहरुमांका शक्तिहरु हल्लाईछन्। अनि तब तिनिहरुले मान्छेको पुत्रलाइ
२७ बड़ो शक्ति र महिमा सङ मेघ्हरुमां आउंदै गर्येको देख्छन्। अनि तब
उस्ले दूत्हरुलाइ पठाउंछ अनि पृथिवीको छेउ देखि स्वर्गको छेउ सम्म
आफ्ना छानीयेकाहरुलाइ चौदिशा बाटो भेला गर्छ॥
२८ अब नेभाराको रुख् देखि त्येस्को उखान् सिक जब त्येस्को डाला
अब कमलो भइ गयेको छ अनि आफ्ना पात् पलाउंद छ तब तिमिहरुले
२९ गर्मको ऋतु नजिक् छ भनि जान्द छौ त्येसैंगरि तिमिहरुले पनि
जब यि कुरा हुंदै गयेका देखौला तब उ नजिक् अं दुवारैमां छ भनि
३० जान। मं तिमिहरुलाइ सांचो भन्द छु जब सम्म यि सबै कुरा होइ
३१ जांदैनन् तैले सम्म येइ पुस्ता टलि गयेको हुंदैन। स्वर्ग र पृथिवी टलि
३२ जांछन् तर मेरा बचन् टलि जांदैनन्। तर त्येस् दिन् कि त्येस् घरीको
बिषयमां कसैले जान्दैन अं न स्वर्गमांका दूतहरुले न पुत्रले तर खालि

३३ पिताले मात्रै। चंख हव बिउंझि रह अनि प्रार्थना गर किनभन्ये तिमि-
३४ हरुले जान्दौन त्यो बेला कैले हुंछ भनि। यो ता पर्देस् गयेको मान्छे
जस्तो छ जस्ले आफ्नु घर् छोड़ि आफ्ना दास्हरुलाइ अधिकार् अर्थात्
जनंगेलाइ त्येस्को काम् दिइ दुवार्पाल्लाइ जागि रह भन्न्ये आज्ञा दियो।
३५ येस्कारण् जागि रह किनभन्ये तिमिहरुले जान्दौन घर्को प्रभु कैले आउंछ
३६ सांझ्मां कि आधा रात्मां कि भाले बास्ने बेलामां कि बिहान न भये
३७ ता उस्ले एक्कासि आयेर तिमिहरुलाइ सुति रह्येका भेटाउला। अनि
मं ज्ये तिमिहरुलाइ भन्द छु त्यो सबैलाइ भन्द छु जागि रह भनि ॥

१४ १ अब निस्तार् र अखमीरे रोटीको चाड् दुइ दिन् पछि हुंने थियो
अनि मूल्पूजाहारीहरु र शास्त्रीहरुले खोज्द थिये उस्लाइ कसोगरि छल्
२ मङ समात्येर मारूं भनि किनभन्ये तिनिहरुले भन्ये चाड्मां होइन न
भये ता लोग्को खैलाबला होला भनि ॥

३ अनि जब उ बैथनियामां शिमोन् कोढ़ीको घर्मां थियो तब उ
भान्सामां बस्दाखेरि येउटी स्त्री सेतो ढुंगोको गरीयोमां निखग र भारी
मोल्को जटामांसीको सुगन्ध तेल् लियेर आई अनि त्येस्ले गरीयो फोन्येर
४ उस्को सिर्मां खन्याई। नर कत्ति जना थिये जो आपस्तमां रिसाउंनु
५ लाग्ये किन सुगन्ध तेल्को यो नाम् भयो भनि। किनभन्ये यो सुगन्ध
तेल् तीन् सै सुका भन्दा ऊंभोकोमां बिक्नु र कंगालिहरुलाइ दिईनु सक्ने
६ थियो भनि। अनि तिनिहरुले त्येस् स्त्री माथि रिस् झार्ये नर
येशूले भन्यो त्येस्लाइ रहंनु देव तिमिहरुले किन त्येस्लाइ दुख गराइ
७ दिंद छौ त्येस्ले मं सित जाति काम् गरी। कसोगरिभन्ये कंगालिहरु
तिमिहरु सङ सधैं छन् अनि जब तिमिहरुले इच्छे गर्द छौ तब
तिनिहरुको भलो गर्नु सक्द छौ तर मं चइं तिमिहरु सङ सधैं छुइंन।
८ जो त्येस् देखि हुंनु सक्यो त्यो त्येस्ले गरी त्येस्ले गड़ाईको तियारीमां
९ मेरो जीउमांको सुगन्ध तेल् लगाई अघिनै देखि गरी। अनि मं
तिमिहरुलाइ सांचो भन्द छु सब् संसार्मां कहीं हवस् सुसमाचार् प्रचारीयेला
वहां यो पनि ज्ये येस्ले गरी त्येस्को सम्झनाको लागि बोलींछ ॥

१० अनि यहूदा इस्करयोती बाह्रैमांको एक् जना मूल्पूजाहारीहरु थांइ
११ निक्लि गयो उस्लाइ तिनिहरुलाइ पकराइ दिउं भनि। अनि तिनिहरु
यो सुनिकन रमाये अनि त्येस्लाइ रुपिया दिंने करहार् गर्न्ये। अनि
त्येस्ले खोज्यो मं उस्लाइ कसोगरि माफिक्को बेलामां पकराइ दिउं भनि ॥

१२ अनि अखमीरे रोटीको पहिलो दिन्मां जब तिनिहरुले निस्तार्
चाड्को बलिदान् मांर्द थिये उस्का शिक्षेहरुले उस्लाइ भन्ये कहां तपांइको
इच्छे छ हांमिहरु गयेर तपांइले खांनुको लागि निस्तार् चाड् तियार् पारूं
१३ भनि। अनि उस्ले आफ्ना शिक्षेहरुमांका दुइ जनालाइ येसो भन्येर पठायो
सहर्मां पसि जाव अनि पानीको गाग्रो बोक्दै गर्ने एक् जना मान्छेले
१४ तिमिहरुलाइ भेट्छ त्येसैलाइ पछ्याव अनि त्यो जहां पस्ला त्यहां
घर्का स्वामीलाइ भन गुरुले भन्द छ मेरो पाहुन्शाल् कहां छ जहां मं
१५ आफ्ना शिक्षेहरु सङ निस्तार् चाड् खाउं भनि। अनि त्यो आफैले
तिमिहरुलाइ ओछ्यान्सोछ्यान् र तियार् भयेको ठुलो येउटा मांथिल्लो
तलाको कोठा देखाउंछ तिहीं तिमिहरुले हांमिहरुको लागि तियार् पार।
१६ अनि शिक्षेहरु निक्लि गये अनि सहर्मां पसि आये अनि उस्ले तिनि-
हरुलाइ भन्ये झैं भेटाये अनि निस्तार् चाड् तियार् पार्ये॥
१७ १८ अनि जब सांझ् भयो तब उ बाह्रै सङ आयो। अनि उनिहरुले
बसिकन खांदाखेरि येशूले तिनिहरुलाइ भन्यो मं तिमिहरुलाइ सांचो भन्द
छु तिमिहरुमांको एक् जनाले अं मं सङ खांनेले मंलाइ पकराइ दिंछ।
१९ तिनिहरु कष्टित् हुंनु र एक् एक् गरि उस्लाइ क्ये मं हुं भन्दै भन्नु लाग्ये।
२० अनि उस्ले तिनिहरुलाइ भन्यो बाह्रैमांको एक् हो मं सङ डबकामां
२१ चोभ्ने। किनभन्ये मान्छेको पुत्र ता उस्को बिषयमां लेख्येको झैं हिंड़ि
जांद छ तर हाय् त्येस् मान्छे मांथि जस्का बाटोले मान्छेको पुत्र पकराइ
दिईद छ जाति हुंथ्यो त्येस् मान्छेको लागि त्येस्को जन्मै न भये को भये
देखि ता॥
२२ अनि उनिहरुले खांदाखेरि उस्ले रोटी लियेर आशीर्बाद् गरिकन
२३ भांच्यो अनि तिनिहरुलाइ दियेर भन्यो लेव यो मेरो जीउ हो। अनि
उस्ले कटौरा लियेर धन्नबाद् गरिकन तिनिहरुलाइ दियो अनि सबैले
२४ त्येस् देखि पीये। अनि उस्ले तिनिहरुलाइ भन्यो यो नियम्को मेरो
२५ लोहू हो जो धेरैको लागि बहाईद छ। मं तिमिहरुलाइ सांचो भन्द
छु मं फेरि दाख्को फल् देखि त्येस् दिन् सम्म पीउंदींन जस्मां ईश्वर्को
राज्मा त्यो नया पीउंछु॥
२६ अनि उनिहरु भजन् गायेर जैतून् डांड़ामां निक्लि गये॥
२७ अनि येशूले तिनिहरुलाइ भन्यो तिमिहरु सबै ठोकर् खांने गराईछौ
किनभन्ये मं गोठालोलाइ हिर्काउंछु अनि भेंड़ाहरु छरपुट्ट पारींछन् भनि

२८ लेखीयेको छ। तरै पनि मं बौराईये पछि तिमिहरुको अघि गालील्मां
२९ जांछु। तर पत्रुस्ले उस्लाइ भन्यो सबै ठोकर् खांने गराईये भन्ये पनि
३० मं चइं ता गराईंदीन। अनि येशूले त्येस्लाइ भन्यो मं तंलाइ सांचो
भन्द छु आजु येसै रात् भाले दुइ खेप् बास्नु भन्दा पहिले तैंले तीन
३१ खेप् मंलाइ अस्वीकार् गर्छस्। तर त्यो बिघ्नै अग्घोर्गरि बोल्यो मैंले
तपांइ सङ मर्नु पनि खांचो भयो भन्ये देखि मं तपांइलाइ अस्वीकार्
गर्दीन। अनि त्येसैंगरि सबैले पनि भन्ये॥

३२ अनि उनिहरु गत्समनी नांउ भयेको एका ठांउमां आये अनि उस्ले
आफ्ना शिक्षेहरुलाइ भन्यो मैंले प्रार्थना गरुंज्याल् सम्म तिमिहरु यहां
३३ बस। अनि उस्ले पत्रुस् र याकूब् र यूहन्नालाइ आफु सङ लग्यो अनि
३४ अग्घोर् अचंभ मान्नु र ब्याकुल् हुंनु लाग्यो। अनि उस्ले तिनिहरुलाइ
भन्यो मेरो प्राण् अग्घोर् अं मृत्यु सम्म कष्टित् छ तिमिहरु यहां रह अनि
३५ जागि बस। अनि अलिक् अगाड़ि गयेर उ भूइंमां घोप्टो पऱ्यो अनि
प्रार्थना गऱ्यो हुंनु सक्यो भन्ये देखि यो घरी मं देखि नर्कि जावम् भन्न्ये।
३६ अनि उस्ले भन्यो अब्बा हे पिता तपांइ देखि सबै कुरा हुंनु सक्ने छन्
यो कटौरा मं देखि तर्काइ दिंनु हवस् तरै पनि ज्ये मेरो इच्छे छ त्यो
३७ होइन तर ज्ये तपांइको इच्छे छ। अनि उस्ले आयेर तिनिहरुलाइ
सुति रह्येका भेटायो अनि पत्रुस्लाइ भन्यो ए शिमोन् क्ये सुत्द छस्
३८ क्ये एक् घरी जागि बस्ने बल् भयेन। जागि बस अनि प्रार्थना गर र
तिमिहरु परीक्षामां न पर आत्मा ता तियार् छ तर जीउ निर्बल् छ।
३९ ४० अनि उस्ले फेरि गयेर त्येइ बचन् भनिकन प्रार्थना गऱ्यो। अनि फेरि
आयेर उस्ले तिनिहरुलाइ सुति रह्येका भेटायो कमोगरि भन्ये तिनिहरुका
आंखा अग्घोर् गह्लुङ् गह्लुङ् थिये अनि तिनिहरुले जान्दैन थिये उस्लाइ
४१ क्ये उत्तर् दिऊं भनि। अनि उस्ले तीस्रो खेप् आयेर तिनिहरुलाइ भन्यो
अब भन्ये सुत्दै रहंनु अनि बिसाउंनु भइ सक्यो घरी आयो हेर मान्छेको
४२ पुत्र पापीहरुका हात्मां पकराइ दिईद छ। उठ हिंडूं हेर मंलाइ पकराइ
दिंने नजिक् आयो॥

४३ अनि उस्ले भन्दैनै थियो तुरन्तै यहूदा जो बाह्रैमांको एक् थियो छेउ
आयो अनि मूलपूजाहारीहरु र शास्त्रीहरु र प्राचीन्हरुको पट्टि बाटो
४४ भयेको धुइरो तरवार् र लाठा लियेकाहरु त्यो सङ थिये। अब उस्लाइ
पकराइ दिंनेले तिनिहरुलाइ यो ठहराईयेको पता दियेको थियो जस्लाइ

४५ मं चूमा खाउं उइ ह्रो उसैलाइ समात्येर दर्रो भइ लैजाव। अनि त्येस्ले
आयेर तुरन्तै छेउ आइकन उस्लाइ भन्यो हे गुरु भनि अनि उस्लाइ
४६ चूमा खायो। अनि तिनिहरुले उस् मांथि हात् हाल्येर उस्लाइ समात्ये।
४७ तर छेउ उभींनेहरुमांको एक् जनाले तरवार् झिक्येर मूल्पूजाहारीको
४८ दास्लाइ हिर्कायेर त्येस्को कान् उड़ाइ दियो। अनि येशूले तिनिहरुलाइ
उत्तर् दिइ भन्यो क्ये तिमिहरु मंलाइ डाकूलाइ झैं तरवार् र लाठाहरु
४९ लिइ समात्नुलाइ निक्ल्यौ। मं दिनहूं तिमिहरुकां मन्दिर्मां सिकाउंद
थियें र पनि तिमिहरुले मंलाइ समात्यौन तर येसो गरींद छ धर्म्मशास्त्र
५० पूरो गरीओस् भन्न्ये खातिर्ले। अनि सबै जना उस्लाइ छोड़्येर
भागि गये॥

५१ अनि आफ्नु नांगो जीउलाइ पाट्बस्त्र पहिऱ्यायेको एक् जना तन्हेरिले
५२ उ सङ भइ पछ्रायो अनि तिनिहरुले त्येस्लाइ समात्ये तर त्यो
पाट्बस्त्र छोड़ि राख्येर नांगै भाग्यो॥

५३ अनि तिनिहरुले येशूलाइ मूल्पूजाहारी थांइ लग्ये अनि त्यो सङ
५४ जमीये सबै पूजाहारीहरु र प्राचीन्हरु र शास्त्रीहरु। अनि पत्रुस्ले
टाड़्टाड़ै उस्लाइ मूल्पूजाहारीको आघन्को भित्रै सम्म पछ्रायेको थियो
५५ अनि प्यादाहरु सङ बसि आगो ताप्द थियो। अब मूल्पूजाहारीहरुले
अनि सिंगै महासभाले येशूको बिरुद्धमां उस्लाइ मंराउंनुको लागि साक्षी
५६ खोज्द थिये अनि पाउंदैन थिये। कसोगरिभन्न्ये धेरैले उस्को बिरुद्धमां
झूठो साक्षी दिंद थिये अनि तिनिहरुका साक्षी चइं बराबर् हुंदैन् थिये।
५७ ५८ अनि कत्तिले उठिकन उस्को बिरुद्धमां झूठो साक्षी दिइ भन्न्ये हांमि-
हरुले येस्लाइ मं हात्ले बनायेको यो पवित्रबास् भत्काउंछु अनि तीन्
दिन्मां अर्को येउटा बिना हात्ले बनायेको बनाउंछु भन्दै गऱ्येको सुन्यूं।
५९ ६० अनि येसोरि पनि तिनिहरुको साक्षी बराबर् थियेन। अनि मूल्पूजाहारीले
मांझमां उभीयेर येशूलाइ सोध्यो क्येइ उत्तर् दिंदैनस् यिनिहरुले तेरो
६१ बिरुद्धमां क्ये साक्षी दिंद छन्। तर उ चूप् रह्यो अनि क्येइ उत्तर्
दियेन। मूल्पूजाहारीले उस्लाइ फेरि सोध्यो अनि उस्लाइ भन्यो क्ये
६२ परम्धन्नको पुत्र ख्रीष्ट तंनै होस्। अनि येशूले भन्यो मंनै हुं अनि
तिमिहरुले मान्छेको पुत्रलाइ शक्तिको दाहीनो हात् पट्टि बस्येको अनि
६३ स्वर्गका मेघमां आउंदै गऱ्येको देख्छौ। अनि मूल्पूजाहारीले आफ्ना
बस्त्र फाऱ्येर भन्यो फेरि हांमिहरुलाइ साक्षीहरुको अरु क्ये खांचो छ।

६४ ईश्वर्को यो निन्दा तिमिहरुले सुन्यौ तिमिहरुलाइ क्ये देखाहा पर्द छ।
६५ अनि सबैले उस्लाइ घात्को योग्य ठहराये। अनि कत्ति जना उस्लाइ थूक्नु
र उस्को मुख् छोप्नु र उस्लाइ घुस्साले हिर्काउंनु र उस्लाइ अगम्बचन्
भन् भन्नु लाग्ये अनि प्यादाहरुले उस्लाइ लपट्याइ लपट्याइकन लिये॥
६६ अनि पत्रुस् तल आघन्मां हुंदाखेरि मूल्पूजाहारीको दासीहरुमांको
६७ येउटी आई अनि पत्रुस्लाइ आगो ताप्दै गर्‍येको देख्येर त्येस्लाइ
६८ हेरिकन त्यो नासरी येशू सङ तैं पनि थिइस् भनी। तर त्येस्ले अस्वीकार्
गरि भन्यो मं जान्दींन अनि थाहा पाउंदींन तिमिले क्ये भन्द छौ अनि
६९ त्यो बाइर दलान्मां निक्ल्यो अनि भाले बास्यो। अनि दासी त्येस्लाइ
देख्येर छेउ उभींनेहरुलाइ फेरि भन्नु लागी तिनिहरुमांको येउटा येइ हो।
७० तर त्येस्ले फेरि अस्वीकार् गर्‍यो। अनि फेरि अलिक् बेर् पछि छेउ
उभींनेहरुले पत्रुस्लाइ भन्ये तं सांच्चिनै तिनिहरुमांकै होस् कसोगरिभन्ये
७१ तं गालीली होस्। तर त्यो धिक्कार्नु र किरिया खांनु लाग्यो मं तिमि-
७२ हरुले भन्येको मान्छेलाइ जान्दींन भन्दै। अनि तुरन्तै दोस्रो खेप्
भाले बास्यो। अनि पत्रुस्ले त्यो येशूले त्येस्लाइ भाले दुइ खेप् बास्नु
भन्दा पहिले तैंले तीन् खेप् मेरो अस्वीकार् गर्छस् भन्येको कुरो
सम्झ्यो। अनि त्यो यो मांथि ध्यान् लगाइ रोयो॥

१५ १ अनि बिहान् तुरन्तै मूल्पूजाहारीहरुले प्राचीन्हरु र शास्त्रीहरु सङ
अनि सिंगै महासभाले आपस्तमां सल्लाह् गर्‍येर येशूलाइ बान्ध्येर लग्ये अनि
२ उस्लाइ पिलातुस्लाइ सुम्पि दिये। अनि पिलातुस्ले उस्लाइ क्ये
यहूदीहरुको राजा तं होस् भनि सोध्यो। अनि उस्ले उत्तर् दिइ त्येस्लाइ
३ भन्यो आफुलेइ भन्नु हुंद छ। अनि मूल्पूजाहारीहरु उस्लाइ धेरै दोष्
४ लगाउंनु लाग्ये। अनि पिलातुस्ले उस्लाइ फेरि सोध्यो क्ये तं क्येइ
५ उत्तर् दिंदैनस् हेर् तिनिहरुले तंलाइ कत्ति दोष् लगाउंद छन्। तर
येशूले फेरि क्येइ उत्तर् यहां सम्म गरि दियेन पिलातुस्ले उदेक्
मान्यो॥

६ अब चाड्मां त्येस्ले तिनिहरुले मांग्येको एक् जना बन्धुवालाइ तिनि-
७ हरुको लागि छोड़ि दिंद थियो। अनि बरब्बा नांउ भयेको एक् जना
मान्छे ति राज्द्रोहीहरु सङ जुन्हरुले राज्द्रोह्मां हत्या गर्‍येका थिये
८ बान्धीयेको थियो। अनि धुइरो चढ़ि गयेर यो मांग्नु लाग्ये जसो त्येस्ले
९ तिनिहरुको लागि गर्द थियो त्येसो गरि देवस् भनि। अनि पिलातुस्ले

उत्तर् दिइ तिनिहरुलाइ भन्यो क्ये तिमिहरु इच्छे गर्द छौ मं तिमिहरुको
१० लागि यहूदीहरुको राजालाइ छोड़ि दिउं भन्न्ये। किनभन्ये त्येस्लाइ थाहा
११ थियो डाहैले मूल्पूजाहारीहरुले उस्लाइ सुम्पि दिये भनि। तर मूल्-
पूजाहारीहरुले धुइरोलाइ उल्क्याये त्येस्ले बरु बरब्बाचइंलाइ तिनिहरुको
१२ लागि छोड़ि देवम् भन्न्ये खातिर्ले अनि पिलातुस्ले फेरि उत्तर् दिइ
तिनिहरुलाइ भन्यो त जस्लाइ तिमिहरुले यहूदीहरुको राजा भन्द छौ
१३ उस्लाइ मं क्ये गरुं। अनि तिनिहरु फेरि कराये उस्चइंलाइ क्रूस्मां
१४ चढ़ाउंन् हवम् भनि। अनि पिलातुस्ले तिनिहरुलाइ भन्यो किन उस्ले
क्ये बुरो गर्‍यो र। तर तिनिहरु अग्घोरै कराये उस्लाइ क्रूस्मां चढ़ाउंन्
१५ हवम् भनि। अनि पिलातुस्ले धुइरोलाइ तृप्त गराउंने मन् गरिकन
बरब्बालाइ तिनिहरुको लागि छोड़ि दियो अनि येशूचइंलाइ कोर्रा लायेर
क्रूस्मां चढ़ाईन्को लागि सुम्पि दियो॥

१६ अनि तिलंगाहरुले उस्लाइ आघन् अर्थात् महल् भित्र लग्येर सबै
१७ पल्टन्लाइ बोलाइ जमाये। अनि तिनिहरुले उस्लाइ बैगुने रंगको बस्त्र
१८ लगाइ दिये अनि कांड़ाको मुकुट् गांथ्येर उस्लाइ लगाइ दिये अनि
तिनिहरु उस्लाइ सलाम् गर्न् लाग्ये हे यहूदीहरुका राजा सलाम् भन्दै।
१९ अनि तिनिहरुले निङालोले उस्को सिर्मां हिर्काये अनि उस्लाइ थूक्ये
२० अनि घुंड़ा टेकिकन उस्लाइ प्रणाम् गर्‍ये। अनि जब तिनिहरुले उ सित
ठट्टा गरि सक्ये तब उ देखि त्यो बैगने रंगको बस्त्र काड़ेर उसैको बस्त्र
उस्लाइ लगाइ दिये। अनि तिनिहरुले उस्लाइ क्रूस्मां चढ़ाउंन्लाइ
बाइर लग्ये॥

२१ अनि तिनिहरुले कुरेनेको एक् जना मान्छेलाइ अर्थात् सिकन्दर् र
रूफुस्को बाबु शिमोन्लाइ जो गांउ बाटो आयेर जांदै थियो उस्को क्रूस्
२२ बोकन्को लागि बल्मिचेई सङ लग्ये। अनि तिनिहरुले उस्लाइ गल्गथा
२३ भन्न्ये ठांउमां जस्को अर्थ खप्परे ठांउ हो ल्याये। अनि तिनिहरुले
२४ उस्लाइ मुर्र् मिसायेको दाख्रस् दिये तर उस्ले लियेन। अनि
तिनिहरुले उस्लाइ क्रूस्मां चढ़ाये अनि उस्का बस्त्र जनंगेले क्ये क्ये उठाइ
२५ लैजावस् भनि चिट्ठा लगायेर बांड़ि लिये। पहरै दिन् चढ़ेथ्को थियो
२६ अनि तिनिहरुले उस्लाइ क्रूस्मां चढ़ाये। अनि उस्को दोष्को पत्र मास्तिर
२७ लेखीयेको थियो यहूदीहरुको राजा भन्न्ये। अनि तिनिहरुले दुइ जना
डाकहरुलाइ उ सङ एक् जना दाहींनो हात् अर्को बांउ हात् पट्टि क्रूस्

२९ क्रूस्मां चढ़ाये[१]। अनि आउंने जांनेहरुले आफ्ना सिर् चलाइ चलाइकन
अनि येसो भनि भनिकन उस्को निन्दा गर्द थिये आहा पवित्रबास् भत्-
३० काउंने अनि तीन् दिन्मां बनाउंने आफुलाइ बचा अनि क्रूस् देखि
३१ ओह्लि आइज भन्दै। त्यसै मूल्पूजाहारीहरुले पनि आपस्तमां शास्त्रीहरु
सङ ठट्टा गरिकन भन्द थिये उस्ले अर्कालाइ बचायो आफैलाइ बचाउंन्
३२ मक्दैन। ख्रीष्ट इस्राएल्को राजा अब क्रूस् देखि ओह्लि आवस् र
हामिहरु देखिकन बिश्वास् गरूं भनि। अनि ति उ सङ क्रूस्हरुमां
चढ़ाईयेकाहरुले उस्लाइ दोष् दिंद थिये॥

३३ अनि जब दुइ पहर् भयो तब सबै देस्मां तीस्रो पहर् सम्म अंधकार्
३४ भइ गयो। अनि तीस्रो पहर् छेक येशूले बड़ो शब्दले हापार्‍यो एलोई
एलोई लामा सबख्थानी भनि जस्को अर्थ यो हो हे मेरा ईश्वर् हे मेरा
३५ ईश्वर् किन मंलाइ छोड़ि दिंनु भयो भन्थ्ये। अनि छेउ उभीनेहरु
३६ कत्तिले यो सुन्येर हेर उस्ले एलियालाइ बोलाउंद छ भन्थ्ये। अनि एक्
जनाले दुगुरि गयेर स्पंज् सिर्कोले भरायेर निङालोमां लगायेर येसो भनिकन
उस्लाइ पीउंनु दियो पर्खि हेरूं एलिया उस्लाइ ओह्राल्नु आउला कि
३७ ३८ भनि। अनि येशूले बड़ो शब्द निकालिकन सास् आफाल्यो। अनि
३९ पवित्रबास्को पर्दा मांथि देखि तल सम्म फाटीयेर दुइ भाग् भयो। अनि
उस्को सांमु उभीयेको कप्तान्ले उस्ले सास् येसोगरि आफाल्येको देख्येर
४० भन्यो सांच्चिनै यो मान्छे ईश्वर्कै पुत्र थियो। अनि टाड़ो बाटो हेर्ने
कतिवटी स्त्रीहरु पनि थिइन् तिनिहरुमां मरियम् मग्दलीनी पनि अनि
सांनु याकूब् र योसेस्की माता मरियम् पनि अनि सलोमी पनि थिइन्
४१ जुन्हरुले जब उ गालील्मां थियो तब उस्लाइ पछ्याउंद र उस्को सेवा
गर्द थिइन् अनि धेरै अरु थिइन् जुन्हरु उ सङ यरूसलम्मां चढ़ि आयेकी
थिइन्॥

४२ अनि जब अब सांझ् पर्‍यो तब तियारीको दिन् अर्थात् बिश्रामको
४३ दिन्को अघिल्लो दिन् हुंनाले अरमतियाको यूसुफ् एक् जना कुलवन्त
मंत्रीले जो आफै पनि ईश्वर्को राज्को बाटो हेर्ने थियो आयेर आंट्
४४ गरिकन पिलातुस्कां पस्यो अनि येशूको मुर्दा मांग्यो। अनि पिलातुस्ले
क्ये उ ऐलेइ मरि गयो र भनि उदेक् मान्यो अनि कप्तान्लाइ छेउ

[१] (२८ पद R. V. मां छैन)।

४५ बोलायेर त्येस्लाइ उ कैले देखि मऱ्यो भनि सोध्यो। अनि त्येस्ले कप्तान्
४६ देखि यो थाहा पायेर यूसुफ्लाइ मुर्दा बक्श्यो अनि त्येस्ले पाट्कपरा
किन्येर उस्लाइ ओह्राल्येर पाट्कपराको कात्रोमां बेह्ऱ्यो अनि उस्लाइ
शिलापत्थर्मां खोपीयेको येउटा चिहान्मां राख्यो अनि त्येस्ले चिहान्को
४७ दुवार्मां ढुंगो पल्टाइ दियो। अनि मरियम् मग्दलीनीले र योसेस्की
माता मरियम्ले उ कहां राखीयो भनि हेर्द थिइन् ॥

१६ १ अनि जब बिश्राम्को दिन् भइ सक्यो तब मरियम् मग्दलीनी र
याकूब्की माता मरियम् र सलोमीले सुगन्ध द्रव्य किनिन् आयेर् उस्लाइ
२ मलूं भन्येर। अनि साताको पहिले दिन् खूब् सखारै तिनिहरु सूर्ज
३ उदय् हुंदैखेरि चिहान्मां आइन्। अनि तिनिहरुले आपस्तमां भन्द थिइन्
कस्ले हांमिहरुको लागि चिहान्को दुवार् बाटो ढुंगो पल्टाइ दिंछ भनि
४ अनि तिनिहरुले आंखा उचालि हेऱ्येर ढुंगो पल्टाईयेकी रछ भनि देखिन्
५ किनभन्ये त्यो अग्घोर् ठुलो थियो। अनि चिहान् भित्र पस्येर तिनिहरुले
एक् जना उज्जर् लबेता लायेको तन्हेरिलाइ दाहींनो तिर बसि रह्येको
६ देखिन् अनि तिनिहरुले अग्घोर् अचंभ मानिन्। अनि त्येस्ले तिनिहरुलाइ
भन्यो अग्घोर् अचंभ न मान तिमिहरुले क्रूस्मां चढ़ाईयेको येशू नासरीलाइ
खोज्द छौ उ बौरि उठ्यो उ यहां छैन हेर ठांउ जहां तिनिहरुले उस्लाइ
७ राख्ये। तर गयेर उस्का शिक्षेहरुलाइ र पत्रुस्लाइ उ तिमिहरुको अघि
गालील्मां जांदै छ उस्ले तिमिहरुलाइ भन्येको झैं तिमिहरुले उस्लाइ वहां
८ देख्छौ भनि देव। अनि तिनिहरु निक्ल्येर चिहान् बाटो भागिन्
किनभन्ये कंमाई र मूर्छाले तिनिहरुलाइ समात्ये अनि तिनिहरु कोई सङ
क्येइ बोलिनन् किनभन्ये डराउंद थिइन् ॥

९ अब उस्ले साताको पहिलो दिन् बिहानै बौरि उठ्य पछि पहिले
मरियम् मग्दलीनीलाइ जो देखि उस्ले सात् भूत् निकाल्येको थियो दर्शन्
१० दियो। त्येस्ले गयेर जो जो उ सङ भयेका थिये तिनिहरुलाइ तिनिहरुले
११ शोक् र रुवाई गर्दाखेरि समाचार् दिई। अनि तिनिहरुले उ जीउंद छ
अनि यो देखि हेरीयो भनि सुनिकन अबिश्वास् गऱ्ये ॥

१२ अनि यि कुरा पछि उ तिनिहरुमांको दुइ जनाकां अर्को रूप्मां
१३ देखाहा पऱ्यो तिनिहरु कसै गांउमां जांनुलाइ हिंड़दै गर्दाखेरि। अनि
तिनिहरुले हिंड़ि गयेर अरु रह्येकाहरुलाइ समाचार् दिये तर तिनिहरुले
यिनिहरुको पनि बिश्वास् गऱ्येनन् ॥

१४ अनि येस् पछि उ खुद् एघारैकां तिनिहरु भान्सामां बस्दाखेरि
देखाहा पर्‍यो अनि तिनिहरुको अबिश्वास् र हिर्दय्को कठोरेईं मांथि दोष्
दियो किनभन्ये तिनिहरुले उस्लाइ बौरि उठेको हेर्नेहरुको बिश्वास्
१५ गर्‍येनन्। अनि उस्ले तिनिहरुलाइ भन्यो सबै संसार्मां गयेर सबै
१६ सृष्टिलाइ सुसमाचार् प्रचार् गर। बिश्वास् गर्ने र बप्तिस्मा हुंने
१७ बचाईंछ तर अबिश्वास् गर्ने दोषी ठहराईछ। अनि यि चिंनुहरुले बिश्वास्
गर्नेहरुलाइ पछ्याउंछन् तिनिहरुले मेरो नांउले भूत्हरुलाइ निकाल्छन्
१८ तिनिहरु नया नया भाषा बोल्छन् तिनिहरुले साप्हरुलाइ उठाउंछन्
अनि तिनिहरुले क्येइ मार्ने थोक् पीये भन्ये देखि त्येस्ले तिनिहरुको क्येइ
हानि गर्दैन तिनिहरुले मधौराहरु मांथि हात् राख्छन् अनि तिनिहरु जाति
होइ जांछन्॥

१९ त प्रभु येशू तिनिहरु सङ बोल्ये पछि ऊंभो स्वर्गमां लगीयो अनि
२० ईश्वर्को दाहींनो हात् पट्टि बस्यो। अनि तिनिहरुले निक्ल्येर सबै ठांउ
प्रचार् गर्‍ये अनि प्रभुले तिनिहरु सङ काम् गर्द थियो अनि यि पछ्याउंने
चिंनुहरुको बाटोले बचन्लाइ थीरो गराउंद थियो। आमीन्॥

लूका रचित् सुसमाचार्

१ १ धेरै जनाले हांमिहरुको मांझमां पूरा भयेका कुराको बिषय्मां बखान्
२ पंज्याउंनुलाइ हात् लगायेका छन् जसोगरि थाल्नि देखि भयेका
बचन्का देख्साक्षी र चाकरेहरुले ति कुरा हांमिहरुलाइ सुम्पि दिये
३ येस्कारण् मैंले पनि सबै कुराको कांड़ो देखि ठीक् ठीक् पैल्याइकन
आफुलाइ हे श्रीमान् थियोफिल् खुड्किलो खुड्किलो गरि लेख्नु उचित्
४ ठान्यें आफुले जुन् कुराको बिषय्मां आफु मुख् मुखै सिकाईनु भयो
ति कुराको दरीलेई थाहा पाउंनु हवस् भन्येर ॥
५ यहूदियाको राजा हेरोदेस्का दिन्मां अबियाको पालोको जखरिया
नांउ भयेको येउटा पूजाहारी थियो अनि त्येस्की हारोन्की छोरीहरुमांकी
६ स्वास्नी थिई जस्को नांउ इलीशिबा थियो। अनि ति दुवै प्रभुका सबै
आज्ञा र धर्म्मबिधिहरुमां निर्दोषी भइ हिंड्दै ईश्वर्को सांमु धर्म्मी थिये।
७ अनि तिनिहरु निसन्तान् थिये किनभन्ये इलीशिबा बांझी थिई अनि
दुवैले दिन् धेरै खायेका थिये॥
८ अब येसो भयो जब त्येस्ले आफ्नु पालोको ठकान्मां ईश्वर्को सांमु
९ पूजाहारीको काम् गर्दै थियो तब पूजाहारीको काम्को रीत् अन्सार्
चिट्ठा लाउंदाखेरि त्येस्ले प्रभुको पवित्रबास्मां पस्येर धूप् हाल्नु पऱ्यो।
१० अनि धूप् हाल्येको बेलामां लोगको सबै धुइरोले बाइर प्रार्थना गर्दै थियो।
११ अनि प्रभुको येउटा दूत् धूप्बेदिको दाहिंनो तिर उभीयेको त्येस्कां देखाहा
१२ पऱ्यो। अनि जखरिया त्येस्लाइ देखिकन घब्रायो अनि डर् त्येस् मांथि
१३ पऱ्यो। तर दूत्ले त्येस्लाइ भन्यो हे जखरिया न डरा किनभन्ये तेरो
बिन्ति सुनीयो अनि तेरी स्वास्नी इलीशिबाले तेरो लागि छोरो जन्माउंछ
१४ अनि तैंले त्येस्को नांउ यूहन्ना राख्छस्। अनि तंलाइ रमाहट् र हर्ष
१५ हुंछ अनि धेरै लोग् त्येस्को जन्म देखि रमाहटि हुंछन्। किनभन्ये त्यो
प्रभुको सांमु बड़ा हुंछ अनि दाख्रस् र मद्य् पीउंदैन अनि आफ्नी माताको
१६ गर्भै देखि पवित्र आत्माले भरीयेको हुंछ। अनि त्येस्ले इस्राएल्का
१७ छोराहरुमांका धेरैलाइ प्रभु तिनिहरुको ईश्वर् तिर फर्काउंछ। अनि त्यो
उस्को सांमु एलियाको आत्मा र शक्तिमां अगाड़ि जांछ पित्रहरुका

हिर्दय् सन्तान्हरु तिर र न मान्नेहरुलाइ धर्म्मीहरुको बुद्धिमां फर्काउंनु
१८ अर्थात् प्रभुको लागि बनाईयेको येउटा लोग् तियार् पार्नुलाइ। त
जखरियाले दूत्लाइ मं यो कसोगरि थाहा पाउं किनभन्ये मं बूढो छु अनि
१९ मेरी स्वास्नीले दिन् धेरै खायेकी छ भन्यो। अनि दूत्ले त्येस्लाइ उत्तर्
दिइ भन्यो मं ईश्वर्को मुखेंजि उभीइ रहने गब्रिएल् हुं अनि मं तं सङ
२० बोल्नु र तंलाइ यो सुसमाचार् सुनाउंनुलाइ पठाईयें। अनि हेर् यि कुरा
न होउंज्याल् सम्म तं चुप् रहने र बोल्नु न सक्ने हुंछस् किनभन्ये
तैंले मेरा बचन् मांथि जो आफ्नु समय्मां पूरा गराईछन् बिश्वास्
२१ गरिनस्। अनि लोगले जखरियाको बाटो हेर्द थिये अनि त्येस्ले
२२ पवित्रबास्मां बियांलो गर्‍यो भनि उदेक् मान्द थिये। अनि त्यो निस्कि
आयेर तिनिहरु सित बोल्नु सक्येन अनि तिनिहरुले त्येस्ले पवित्रबास्मां
दर्शन् देख्ये छ भनि थाहा पाये अनि त्येस्ले तिनिहरु सित सान् गर्द थियो
२३ अनि गोंगा रह्यो। अनि येसो भयो जब त्येस्को सेवाका दिन्को
भरना गरीयो तब त्यो आफ्नु घर्मां हिंड़ि गयो॥
२४ 　अनि यि दिन् पछि त्येस्की स्वास्नी इलीशिबा गर्भिणी भई अनि
२५ येसो भनिकन आफुलाइ पांच् महीना सम्म लुकाई प्रभुले जुन् दिन्मां
मं मांथि दृष्टि गर्‍यो तब मान्छेहरुमां भयेको मेरो निन्दा उठाइ दिंनुलाइ
मं सङ येस्तो गर्‍यो॥
२६ 　अब छैठो महीनामां गब्रिएल् दूत् ईश्वर्को पट्टि बाटो गालील्को
२७ नासरत् नांउ भयेको येउटा सहर्मां पठाईयो येउटी कन्न्ये थांइ जस्को
मगनी यूसुफ् नांउ भयेको दाऊद्को जहान्को एक् जना पुरुष् सङ भयेको
२८ थियो अनि त्येस् कन्न्येको नांउ मरियम् थियो। अनि त्येस्ले त्यो थांइ
२९ पस्येर भन्यो ए अनुग्रहित् सलाम् प्रभु तं सङ छ। तर त्यो येस् बचन्ले
बिघ्न घब्राई अनि यो कस्तो सलाम् हो भनि बिचार् गर्नु लागी।
३० अनि दूत्ले त्येस्लाइ भन्यो ए मरियम् न डरा किनभन्ये तैंले ईश्वर् देखि
३१ अनुग्रह पाइस्। अनि हेर् तं गर्भिणी हुंछस् अनि पुत्र जन्माउंछस् अनि
३२ उस्को नांउ येशू राख्छस्। उ महा हुंछ अनि परम् ईश्वर्को पुत्र
भनींछ अनि प्रभु ईश्वर्ले उस्को पित्र दाऊद्को सिंहासन् उस्लाइ दिंछ
३३ अनि उस्ले याकूब्को जहान् मांथि सदा राज् गर्छ अनि उस्को राज्को
३४ अन्त हुंदैन। अनि मरियम्ले दूत्लाइ यो कसोगरि हुंछ किनभन्ये मं
३५ पुरुष्लाइ जान्दींन भनी। त दूत्ले त्येस्लाइ उत्तर् दिइ भन्यो पवित्र

आत्मा तं मांथि आउंछ अनि परम् ईश्वर्को शक्तिले तं मांथि छाया
पार्छ अनि येस्कारण् जो जन्मंछ उ पवित्र अर्थात् ईश्वर्को पुत्र भनींछ।
३६ अनि हेर् तेरी कुटुम्बेनी इलीशिबा त्यो पनि आफ्नु बूढ़ेस्काल्मां छोरोकी
३७ गर्भिणी भई अनि बांझी भनींनेको यो छैठो महीना हो। कसोगरिभन्ये
३८ ईश्वरको पट्टि बाटो हुंने कुनै कुरो अशक्त हुंदैन। त मरियम्ले हेर्नु
हवस् मं प्रभुकी दासी मंलाइ तपांइको कुरो अनुसार होइ जावस् भनी।
तब दूत् त्यो थांइ देखि गइ गयो ॥

३९ अनि यि दिन्मां मरियम् उठेर छिट्टै पहाड़े देस्मां यहूदाको येउटा
४० सहर्मां गई अनि जखरियाको घर्मां पस्येर इलीशिबालाइ सलाम्
४१ भनी। अनि येसो भयो जब इलीशिबाले मरियम्को सलाम् सुनी तब
बालख त्येस्को गर्भमां उफ्र्यो अनि इलीशिबा पवित्र आत्माले भरीई
४२ अनि त्येस्ले बड़ो कराईले शब्द उठाइ भनी धन्न तं स्त्रीहरुमां अनि धन्न
४३ तेरो गर्भको फल्। अनि कहां देखि मंलाइ यो भयो मेरा प्रभुकी माता
४४ मं थांइ आउंनु। किनभन्ये हेर् जब तेरो सलाम्को शब्द मेरा कान्मां
४५ पऱ्यो तब बालख मेरी गर्भमां हर्षले उफ्र्यो। अनि धन्न जस्ले बिश्वास्
गरी किनभन्ये प्रभुको पट्टि बाटो त्येस्लाइ बोलीयेका कुराको सिद्धेईं हुंछ।
४६ अनि मरियम्ले भनी

मेरो प्राण्ले प्रभुको बड़ाई गर्द छ
४७ अनि मेरो आत्मा ईश्वर् मेरो मुक्तिदाता देखि हर्षित् भयो।
४८ किनभन्ये उस्ले आफ्नी दासीको दीन्हुवाई मांथि दृष्टि गऱ्यो
कसोगरिभन्ये हेर अब देखि येसो सबै पुस्ताहरुले मंलाइ धन्न भन्छन्।
४९ किनभन्ये शक्तिमान्ले मेरो लागि बड़ा कार्जे गऱ्यो
अनि पवित्र हो उस्को नांउ
५० अनि उस्को दया पुस्ता पुस्ता सम्म छ
उ देखि डराउंनेहरु मांथि।
५१ उस्ले आफ्नु पाखुराले सामर्थ देखायो
उस्ले तिनिहरुको हिर्दय्को सोच्मां अहंकारी हुंनेहरुलाइ छरपुट्ट पाऱ्यो।
५२ उस्ले अधिराज्हरुलाइ तिनिहरुका सिंहासन्हरु देखि ओह्राल्यो।
अनि दीन्हरुलाइ अलग्यायो।
५३ भोका हुंनेहरुलाइ उस्ले भला थोक्ले अघाउंने गरायो
अनि धनी हुंनेहरुलाइ उस्ले रित्तै हात् निकालि पठायो।

५४ उस्ले इस्राएल् आफ्नु दास्को गोहार् गऱ्यो
दया सम्झंनुको लागि
५५ (उस्ले हांमिहरुका पित्रहरुलाइ भन्येको झैं)
अब्राहाम् र त्येस्का बंश तिर सधैं भरि ॥
५६ अनि मरियम् तीन् महीनाको अड्कल् त्यो सङ रह्येर आफ्नु घर्मां
फर्कि गई ॥
५७ अब इलीशिबाको लागि त्येस्ले जन्माउंने समय्को भरना भयो अनि
५८ त्येस्ले छोरो जन्माई। अनि त्येस्का क्षिमेकिहरु र कुटुम्बहरुले प्रभुले
त्यो तिर आफ्नु दया बढ़ायो अरे भन्येको सुन्ये अनि तिनिहरुले त्यो सङ
५९ रमाहट् गऱ्ये। अनि आठौं दिन्मां येसो भयो तिनिहरु बालखलाइ
खत्ना गर्नुलाइ आये अनि तिनिहरुले त्येस्को नांउ त्येस्को बाबुको नांउ
६० जस्तो जखरिया राख्नु लाग्ये। तर त्येस्की आंमाले उत्तर् दिइ भनी
६१ होइन तर यूहन्ना राखींछ। अनि तिनिहरुले त्येस्लाइ तिम्रा कुटुम्बमांको
६२ कोई छैन जस्को यो नांउ राखीयो भन्येर भन्ये। अनि तिनिहरुले त्येस्को
बाबु सित सान् गऱ्ये तिमिले त्येस्को नांउ क्ये राखीओस् भन्न्ये इच्छे गर्द
६३ छौ। अनि त्येस्ले पाटी मंगायेर त्येस्को नांउ यूहन्ना हो भनि लेख्यो।
६४ अनि सबैले उदेक् मान्ये। अनि तुरन्तै त्येस्को मुख् खोलीयो अनि त्येस्को
जिब्रो फुकाईयो अनि त्यो ईश्वर्लाइ आशीर्बाद् गरि बोल्नु लाग्यो।
६५ अनि तिनिहरुको क्षिमेक्मां सबै बस्नेहरुलाइ डर् भयो अनि यि सबै कुरा
६६ यहूदियाको सबै पहाड़े देस् भरि बोलींदै बोलींदै गये। अनि सबै सुन्नेहरुले
तिनलाइ आफ्नु हिर्दय्मां यो बालख ता क्ये हुंछ भन्दै राख्ये। किनभन्ये
प्रभुको हात् त्यो सङ थियो ॥
६७ अनि त्येस्को बाबु जखरिया पवित्र आत्माले भरीयो अनि यो अगम्-
बचन् कह्यो
६८ धन्न प्रभु इस्राएल्को ईश्वर्
किनभन्ये उस्ले आफ्ना लोगको हेर्चाहा गऱ्येर तिनिहरुको उद्धार् गऱ्यो
६९ अनि हांमिहरुको लागि मुक्तिको सींग् उभ्यायो
आफ्नु दास् दाऊद्को जहान्मां
७० (जसोगरि उ आफ्ना सधैं देखि भयेका अगम्बक्ताहरुको मुख् बाटो
बोल्यो)
७१ हांमिहरुका सत्तुर्हरु देखि र हांमिहरुका दुश्मनी गर्नेहरु सबैका हात्
देखि मुक्ति

७२ हांम्रा पित्रहरु तिर दया गर्नुलाइ
अनि आफ्नु पवित्र नियम् सम्झंनुलाइ
७३ अर्थात् त्यो किरिया जो उस्ले हांम्रो पिता अब्राहाम् सङ खायो
७४ हांमिहरुलाइ यो दिंनुलाइ हांमिहरु आफ्ना सत्तुर्हरुको हात् देखि छोड़ाई कन
उस्को सेवा निडर् भइ गरूं
७५ पवित्रैई र धर्म्म सङ उस्को मुखैंजि आफ्नु जीउंनि भरि।
७६ अं अनि तं ए बालख परम् ईश्वर्को अगम्बक्ता भनींछस्
किनभन्ये तं प्रभुको मुख्को अगाड़ि उस्का बाटाहरु तियार् पार्नुको लागि हिंड्छस्
७७ उस्का लोगलाइ मुक्तिको ज्ञान् दिंनुको लागि
तिनिहरुको पाप्मोचन्मां
७८ हांमिहरुको ईश्वर्को टिठालु दयाको कारण्
जस्मां पूर्व उजियालोले ऊंभो देखि हांमिहरुलाइ दर्शन् दिंछ
७९ अंधकार्मां र मृत्युको छायामां बस्नेहरु मांथि प्रकाश् हुंनुलाइ
हांमिहरुका पाउलाइ मिलाप्को बाटोमां सोज्याइ बसाल्नुको लागि॥
८० अनि बालख बढ़्दै र आत्मामां सामर्थी हुंदै गयो अनि त्यो इस्राएल्-
लाइ देखाईने दिन् सम्म बन् बनैमां थियो॥

२ १ अब ति दिन्मां येसो भयो कैसर् अगस्तुस्को पट्टि बाटो सबै संसार्को
२ संख्येपत्र लेख्ने विधि निक्ल्यो। सुरियाको मालिक् कुरेनियुस्को पालामां
३ पहिलो भनींने संख्येपत्र लेखाई येइ थियो। अनि संख्येपत्र लेखींनुको
४ लागि सबै जनंगे आफ्नु आफ्नु सहर्मां जांथ्ये। अनि यूसुफ् पनि
गालील् बाटो नासरत् सहर् देखि यहूदियामां दाऊद्को बैत्लहम् भनींने
५ सहर्मां चढ़ि गयो किनभन्ये त्यो दाऊद्को जहान् र कुल्को थियो त्यो
सङ मंगनी भयेकी मरियम् सङ जो दुइ जीवाकी थिई संख्येपत्र लेखींनु‌को
६ लागि। अनि येसो भयां तिनिहरु उहीं हुंदैखेरि त्येस्ले जन्माउंने दिन्को
७ भरना भयो। अनि त्येस्ले आफ्नु जेठो पुत्र जन्माई अनि त्येस्ले उस्लाइ
लुगामां बेहेर्‍येर डोंड़्मां पसारी किनभन्ये तिनिहरुको लागि पाहुन्शाल्मां
ठांउ थियेन॥
८ अनि त्येसै देस्मां बन्मां रहंने र राति आफ्नु बगाल्को रुङाई
९ गर्ने गोठालाहरु थिये। अनि प्रभुको येउटा दूत् तिनिहरुको छेउ उभीयो

अनि प्रभुको महिमा तिनिहरुको वरिपरि चम्क्यो अनि तिनिहरु डर्ले
१० डराये। अनि दूत्ले तिनिहरुलाइ भन्यो न डराव किनभन्ये हेर मं
तिमिहरुलाइ बड़ो रमाहट्को सुसमाचार् सुनाउंद छु जो सिंगै लोगको
११ लागि हुंछ। किनभन्ये तिमिहरुको लागि आजु येउटा मुक्तिदाता जो
१२ ख्रीष्ट प्रभु हो दाऊद्को सहर्मां जन्म्येको छ। अनि तिमिहरुको लागि
पता यो छ तिमिहरुले येउटा बालखलाइ लुगामां बेहेर्येको र डोंड्मां
१३ पस्रीयेको भेटाउंछौ। अनि एक्कामि त्यो दूत् सङ ईश्वर्को स्तुति गर्ने र
येसो भन्ने स्वर्ग सेनाको येउटा धुइरो भयो

१४ परम्धाम्मां ईश्वर्को महिमा
अनि पृथिवी मांथि खुशिका मान्छेहरुमां मिलाप् ॥

१५ अनि येसो भयो जब दूत्हरु तिनिहरुकांटो हिंड़ि गये तब गोठालाहरुले
आपस्तमां भन्ये त हांमिहरु बैत्लहम् सम्म छिरि गयेर यो भयेको कुरो
१६ हेरूं जो प्रभुले हांमिहरुलाइ थाहा गरायो। अनि तिनिहरुले छिटो गरि
आयेर मरियम् र यूसुफ्लाइ भेटाये अनि बालखलाइ डोंड्मां पस्रीयेको।
१७ अनि तिनिहरुले देखिकन बालखको बिषय्मां तिनिहरुलाइ बोलीयेको त्येस्
१८ कुरोको बिषय्मां थाहा गराये। अनि गोठालाहरु देखि तिनिहरुलाइ
१९ बोलीयेका कुराको बिषय्मां सुन्नेहरु सबैले उदेक् मान्ये। तर मरियम्ले
२० यि सबै कुरा आफ्नु हिर्दय्मां गुन्दै गुन्दै जमाइ राखी। अनि गोठालाहरु
ति सबै तिनिहरुले तिनिहरुलाइ बोलीयेको अन्सार् सुन्येका र देख्येका
कुराको लागि ईश्वर्को महिमा र स्तुति गर्दै फर्कि गये ॥

२१ अनि जब उस्लाइ खत्ना गर्नुको लागि आठ् दिन्को भरना भयो
तब उस्को नांउ येशू राखीयो जो उ गर्भमां आयेको भन्दा पहिले दूत्
देखि राखीयेको थियो ॥

२२ अनि जब मूसाको व्यवस्था अन्सार् तिनिहरुका शुद्ध हुंने दिन्को
भरना भयो तब तिनिहरुले उस्लाइ यरूसलम्मां चढ़ाई लग्ये उस्लाइ
२३ प्रभुको सांमु उभ्याऊं (गर्भ खोल्नेचइं जनंगे नर् प्रभुको लागि पवित्र
२४ भनींछ भनि प्रभुको ब्यवस्थामां लेखीयेको अन्सार्) अनि एक् जोर्
ढुकुर् कि परेवाका दुवटा बचरा प्रभुको ब्यवस्थामां भन्येको अन्सार्
२५ बलिदान् गरूं भन्ये खातिर्ले। अनि हेर यरूसलम्मां शिमियोन् नांउ
भयेको एक् जना मान्छे थियो अनि यो मान्छे धर्म्मी र भक्त थिया कसोगरि-
भन्ये इस्राएल्को शान्तिको बाटो हेर्दै थियो अनि त्येस् मांथि पवित्र आत्मा

२६ थियो। अनि त्येस्लाइ पवित्र आत्मा देखि यो ईश्वर्बाणी भनीयेको
थियो तैंले प्रभुको ख्रीष्टलाइ देख्नु भन्दा पहिले मृत्यु देख्दैनस्।
२७ अनि त्यो आत्मामां भइ मन्दिर्मां आयो अनि जब माता पिताले ब्यवस्थाको
रीत् अन्सार् उस्को लागि गरूं भनि बालख येशूलाइ भित्र ल्याये तब
२८ त्येस्ले उस्लाइ काख्मां लिइकन ईश्वर्लाइ आशीर्बाद् गऱ्यो अनि भन्यो
२९ अब हे स्वामी तपांइले आफ्नु दास्लाइ
आफ्नु कुरो अन्सार् शान्ति सङ बिदा दिंनु हुंद छ
३० किनभन्ये मेरा आंखाले तपांइको मुक्तिलाइ देख्यें
३१ जस्लाइ सबै लोग्हरुको मुखेंजि तपांइले तियार् पार्नु भयो
३२ येउटा ज्योति अन्यदेसीहरुको प्रकाश्को लागि
अनि तपांइको लोग् इस्राएल्को महिमाको लागि।
३३ अनि उस्को पिता र उस्की माताले उस्को बिषय्मां बोलीयेका कुरामां उदेक्
३४ मान्द थिये अनि शिमियोन्ले तिनिहरुलाइ आशीर्बाद् गऱ्यो अनि
उस्की माता मरियम्लाइ भन्यो हेर् यो बालख इस्राएल्मां धेरैको लड़ाई
र उठाईको लागि अनि येउटा चिंनुको लागि जस्को बिरुद्धमां बात् गरींछन्
३५ बसालीयेको छ अं अनि तं आफैको प्राण्लाइ येउटा खड्गले छेंड्छ
३६ धेरै हिर्दय्हरुका बिचार् प्रकाश् गरीउन् भन्येर। अनि आशेर्को
कुल्को फनूएल्की छोरी हन्ना भनींने येउटी अगम्बक्तानी थिई (त्येस्ले
दिन् धेरै खायेकी थिई कसोगरिभन्ये आफ्नु कन्येई देखि येसो सात् बर्ष
३७ लोग्ने सङ जीयेकी थिई अनि चौरासी बर्षभरि बिधुवो भयेकी थिई)
जस्ले मन्दिर् छोड्दैन थिई तर उपास् र बिन्ति सङ रात् दिन् सेवा गर्द
३८ थिइ। अनि त्येस्ले त्येसै घरीमां छेउ उभीयेर ईश्वर्लाइ स्वीकार् गर्नु अनि
यरूसलम्को उद्धार्को बाटो हेर्नेहरु सबै सङ उस्को बिषय्मां बोल्नु लागी।
३९ अनि जब तिनिहरुले प्रभुको ब्यवस्थामां भयेको अन्सार्का सबै काम् गरि
सक्ये तब गालील्मां आफ्नु सहर् नासरत्मां फर्कि गये॥
४० अनि बालख बढ्दै र सामर्थी हुंदै र बुद्धिले पूरो होइ जांदै गयो अनि
ईश्वर्को अनुग्रह् उ मांथि थियो॥
४१ अनि उस्का माता पिता सालेंन्नि निस्तार् चाड्को बेलामां यरूसलम्मां
४२ जांथ्ये। अनि उ बारह् बर्षको भयेकोमां तिनिहरु चाड्को रीत् अन्सार्
४३ चढ़ि गये अनि जब दिन् पूरा गरि सक्ये तब तिनिहरु फर्कंदा उ
केटो येशू यरूसलम्मां रह्यो अनि उस्का माता पिताले थाहा पायेनन्

४४ तर उ पथिक्खाल्मां छ भनि ठानिकन दिन्भरिको बाटो गये
४५ अनि तिनिहरुले उस्लाइ कुटुम्ब र चिन्हारुहरुमां खोज्ये अनि जब
४६ पायेनन् तब उस्लाइ खोज्दै खोज्दै यरूसलम्मां फर्क्ये। अनि येसो भयो
तीन् दिन् पछि तिनिहरुले उस्लाइ मन्दिर्मां शिक्षा दिंनेहरुको मांझमां
४७ बस्येको अनि तिनिहरुका सुन्दै र तिनिहरुलाइ सोधदै गर्‍येको पाये अनि
उस्का सुन्नेहरु सबै उस्को बुद्धि र उस्का उत्तर्ले मुर्छा पर्द थिये।
४८ अनि तिनिहरु उस्लाइ देखिकन मुर्छा पर्‍ये अनि उस्की माताले उस्लाइ
भनी ए छोरा किन हांमिहरु सित येसो गर्‍य्स् हेर् तेरो बाबु र मं बिलापी
४९ भइ तंलाइ खोज्द थियुं। अनि उस्ले तिनिहरुलाइ भन्यो तिमिहरुले
मंलाइ खोज्द थियौ किन क्ये मं आफ्नु पिताकोमां अवस्से हुनु छ भनि
५० जान्दैन थियौ। तर तिनिहरुले त्यो उ तिनिहरुलाइ बोल्येको कुरो
५१ बूझ्येनन्। अनि उ तिनिहरु सङ्ग उत्रि गयेर नासरत्मां आयो अनि उ
तिनिहरुको ताबिमां भइ रह्यो अनि उस्की माताले यि सबै कुरा आफ्नु
हिर्दय्मां जोगाइ राखी ॥

५२ अनि येशूले बुद्धि र आयुमां अनि ईश्वर् र मान्छेहरु देखिको अनुग्रह्मां
बढ्ती गर्‍यो ॥

३ १ अब तिबरियुस् कैसर्को राज्को पन्द्रहौं बर्षमां पुन्तियुस् पिलातुस्
यहूदियाको मालिक् हुंदा अनि हेरोदस् गालील् भन्न्ये चौथाईको मालिक्
हुदा अनि त्येस्को भाई फिलिप् इतूरिया र त्राखोनीतिस्को देस् भन्न्ये
चौथाईको मालिक् हुंदा अनि लुसानियास् अबिलेनी भन्न्ये चौथाईको
२ मालिक् हुंदा जब हन्नास् र कयाफा मूल्पूजाहारी थिये तब ईश्वर्को
३ कुरो जखरियाको छोरो यूहन्नाको बन्मां आयो। अनि त्यो यर्दन्को
छेउछाउको सबै देस्मां पाप्मोचन्को लागि पश्चात्ताप्को बप्तिस्माको प्रचार्
४ गर्दै आयो जसो यशैया अगम्वक्ताका बचन्को पोस्तक्मां लेख्येको
छ अर्थात्

बन्मां कराउंनेको शब्द
प्रभुको बाटो तियार् बनाव
उस्का मार्ग सोजो पार।
५ सबै खोलानाला पूरींछ
अनि सबै डांड़ाकांड़ा र ढिस्का होंच्याईछ
अनि बांगोटेढ़ो सोजो बनींछ

अनि कच्चाकुचुक् बाटाहरु सम्थर् बनींछन्
६ अनि सबै प्राणीले ईश्वर्को मुक्ति देख्छन् ॥
७ येस्कारण् त्येस्ले त्येस् देखि बप्तिस्मा हुंनुलाइ निस्कि आउंने थुइगहरुलाइ
भन्यो ए साप्का बचराहरु हो आउंदो क्रोध् देखि भाग्नुलाइ कस्ले
८ तिमिहरुलाइ जनायो। येस्कारण् पश्चात्ताप् माफिक्का फल् फल अनि
आफुमां अब्राहाम् हांमिहरुको पिता हो भन्नु न लाग किनभन्ये मं तिमि-
हरुलाइ भन्द छु ईश्वर्ले यि ढुंगाहरु देखि अब्राहाम्को लागि सन्तान्
९ उभ्याउंन सक्द छ। अनि ऐले पनि रुख्हरुको फेद्मां बन्चरो पर्‍येको
छ न जम् जम् रुख्ले जाति फल् दिंदैनन् नि काटि ढालीयेर आगोमां
१० आफालीछन्। अनि थुइराहरुले त्यो सित त हांमिहरु क्ये गरूं भनि
११ सोध्ये। अनि त्येस्ले तिनिहरुलाइ उत्तर् दिइ भन्यो जस्कां दुवटा दौरा
छन् त्येस्ले जस्कां छैन त्येस्लाइ बांड़ि देवस् अनि जस्कां भोजन् छन्
१२ त्येस्ले त्येसै गरोस्। अनि जगातिहरु पनि बप्तिस्मा हुंनुलाइ आये अनि
१३ त्येस्लाइ भन्ये हे गुरु हांमिहरु क्ये गरूं। अनि त्येस्ले तिनिहरुलाइ
भन्यो तिमिहरुको लागि खटन् भयेको भन्दा बेसि ऐंच्यायेर न लेव।
१४ अनि तिलंगा हुंनेहरुले पनि त्यो सित सोध्ये हांमिहरु जो छौं हांमिहरु क्ये
गरूं। अनि त्येस्ले तिनिहरुलाइ भन्यो कसैलाइ धम्की न देखाव अनि
न खत् लाइकन खोसाई गर तर अनि आफ्नु दर्माहा देखि सन्तुष्ट रह ॥
१५ अनि जब लोगले बाटो हेर्द थिये अनि सबैले आफ्नु आफ्नु हिर्दय्मां
यूहन्नाको बिषय्मां त्यो क्ये ख्रीष्ट होला हो भनि विचार् गर्द थिये।
१६ तब यूहन्नाले उत्तर् दिइ सबैलाइ भन्यो मं ता तिमिहरुलाइ पानीले बप्तिस्मा
गर्द छु तर एक् जना मं भन्दा ज्यास्ति सामर्थी आउंद छ जस्का मं
जुत्ताको बन्धन् फुकाउंने माफिक्को छुइंन उस्ले तिमिहरुलाइ पवित्र
१७ आत्मा र आगोले बप्तिस्मा गर्छ जस्को नाङ्लो उस्को हात्मां छ
उस्ले आफ्नु खला म्याट्ट सफा पार्नु अनि गहूं आफ्नु ढकुटिमा भेला
गराउंनुको लागि तर उस्ले भूस्चाहिं न निभ्ने आगोले डढाइ हाल्छ ॥
१८ येस्कारण् त्येस्ले धेरै अरु कुरा सनाइ सनाइकन लोगलाइ सुसमाचार
१९ सुनाउंद थियो तर चौथाईको मालिक् हेरोदस्ले त्येस् देखि आफ्नु
भाईकी स्वास्नी हेरोदियास्को बिषय्मा र नि सबै दुष्ट काम्को बिषय्मां
२० जो हेरोदस्ले गर्‍येको थियो दोष् दिईयेकोले सबै देखि बाहिक् यो
पनि गर्‍यो त्येस्ले यूहन्नालाइ झेल्खान्मां थुनि दियो ॥

२१ अब येसो भयो जब सबै लोग् बप्तिस्मा भइ सक्ये तब येशू पनि
२२ बप्तिस्मा भयेर प्रार्थना गर्दाखेरि स्वर्ग उघारीयो अनि पवित्र आत्मा
शरीरिक् रूप्मां परेवा जस्तो उ माथि ओह्रल्यो अनि स्वर्ग बाटो तं
मेरो प्रिय पुत्र होस् तंमां मं खुशि छु भन्न्ये शब्द भयो ॥
२३ अनि येशू आफै शिक्षा दिनु थाल्दा बर्ष तीस् एक्को थियो अनि
उ (येसै ठानीद थियो) यूसुफ्को पुत्र जो एलीको जो
२४ मत्तात्को जो लेवीको जो मल्कीको जो यान्नाको
२५ जो यूसुफ्को जो मत्तथियाको जो आमोस्को
जो नहूम्को जो इस्लिको जो नग्गईको
२६ जो माथ्को जो मत्तथियाको जो शिमिईन्को जो यसेक्को
२७ जो योदाको जो योहानान्को जो रेसाको
जो जरुब्बाबेल्को जो सल्तिएल्को जो नेरीको
२८ जो मल्कीको जो अद्दीको जो कोसाम्को जो इल्मदाम्को
२९ जो एर्को जो येशूको जो इलियेजर्को
जो योरीम्को जो मत्तात्को जो लेवीको
३० जो शिमियोन्को जो यहूदाको जो यूसुफ्को जो योनाम्को
३१ जो इलियाकीम्को जो मिलियाको जो मिन्नाको
जो मत्तथाको जो नाथान्को जो दाऊद्को
३२ जो यस्सीको जो ओबेद्को जो बोअज्को जो सल्मोन्को
३३ जो नहशोन्को जो अमिनादाब्को जो अरनैको
जो हिस्रोन्को जो फारेस्को जो यहूदाको
३४ जो याकूब्को जो इस्हाक्को जो अब्राहाम्को
जो तिरहको
३५ जो नाहोर्को जो सिरूग्को जो रियूको
जो पिलिग्को जो एबिर्को जो शिलहको
३६ जो केनान्को जो अर्पक्षद्को जो शेम्को जो नोहको
३७ जो लिमिक्को जो मथूशिलहको जो हनोक्को
जो यिरेद्को जो महललेल्को जो केनान्को
३८ जो इनोश्को जो शेत्को जो आदम्को
जो ईश्वरको पुत्र थियो ॥

४ १ अनि येशू पवित्र आत्माले भर्पूर् भइ यर्दन् देखि फर्क्यो
अनि आत्माले बन्मां चालीस् दिन्भरि लिहिंड़ालीयो शैतान् देखि परीक्षित्
२ भइ। अनि ति दिन्मां उस्ले क्येइ खायेन अनि ति पूरा भये पछि उ
३ भोकायो। अनि शैतान्ले उस्लाइ भन्यो तं ईश्वर्को पुत्र होस् भन्ये
४ देखि येस् ढुंगोलाइ भनि दे रोटी वनीओस् भन्येर। येशूले त्येस्लाइ
५ उत्तर् दियो लेखीयेको छ मान्छे खालि रोटीले मांत्रै जीउंदैन। अनि त्येस्ले
उस्लाइ अल्गो ठांउमां चढ़ाइ लग्येर उस्लाइ पल् भरिमां संसार्का सबै
६ राज्हरु देखायो। अनि शैतान्ले उस्लाइ भन्यो तंलाइ मं यो सबै अधिकार् र
यिनको सबै महिमा दिंछु कर्मोगरिभन्ये त्यो मंलाइ सुम्पीयेको छ अनि
७ जस्लाइ इच्छे गर्द छु त्येस्लाइ दिंद छु। येस्कारण् तैंले मेरो मुखेंजि प्रणाम्
८ गरिम् भन्ये देखि सबै तेरो हुंछ। येशूले त्येस्लाइ उत्तर् दिइ
भन्यो लेखीयेको छ तैंले प्रभु आफ्नु ईश्वर्लाइ प्रणाम् गर् अनि खालि
९ उसैको मांत्रै सेवा गर्। अनि त्येस्ले उस्लाइ यरूसलम्मां लग्येर
मन्दिर्को कलश् मांथि उभ्यायेर उस्लाइ भन्यो तं ईश्वर्को पुत्र होस्
१० भन्ये देखि आफुलाइ यहां बाटो तल आफलि दे किनभन्ये लेखीयेको छ

उस्ले आफ्ना दूत्हरुलाइ तेरो बिषय्मां तेरो जगेरा
गर्नुलाइ आज्ञा गर्छ

११ अनि

तिनिहरुले तंलाइ हातै मांथि उठाइ राख्छन्
र तेरो पाउमां ढुंगाले टक्कर् न लागोस्।

१२ येशूले त्येस्लाइ उत्तर् दिइ भन्यो भनीयेको छ तैंले प्रभु आफ्नु ईश्वर्को
परीक्षा न गर्॥

१३ तब शैतान्ले सबै परीक्षा गरि सक्येर उस्लाइ कत्ति दिन् सम्म
छोड़्यो॥

१४ अनि येशू आत्माको शक्तिमां गालील्मां फर्कि गयो अनि उस्को बिषय्को
१५ कीर्त्ति सबै छेउछाउको देस्भरि निक्लि गयो। अनि उस्ले सबै देखि
महिमित् भइकन तिनिहरुका सभाघर्हरुमां शिक्षा दिंद थियो॥

१६ अनि उ नासर्त्मां आयो जहां उ पालीयेको थियो अनि उ आफ्नु
रीत् अनुसार् बिश्राम्को दिन्मां सभाघर्मां पस्येर पढ्नुलाइ उभीयो।
१७ अनि यशायाह् अगम्बक्ताको पत्र उस्लाइ दिईयो। अनि उस्ले पत्र
फुकायेर त्यो ठांउ पायो जहां लेख्येको थियो

१८ प्रभुको आत्मा मं मांथि छ
किनभन्ये उस्ले मंलाइ कंगालिहरुलाइ सुसमाचार् सुनाउंनुको लागि
अभिषेक् गर्‍यो
उस्ले मंलाइ बन्धुवाहरुलाइ छुट्काराको प्रचार् गर्नुको लागि पठायो
अनि अन्धाहरुले दृष्टि पाउंनुको
कुच्याईयेकाहरुलाइ छुट्कारामां पुर्‍याउंनुको लागि
१९ प्रभुको ग्रहण् गर्‍येको वर्षको प्रचार् गर्नुको लागि।
२० अनि उस्ले पत्र बेहेर्‍येर चाकरलाइ दिहाल्येर बस्यो अनि
२१ सभाघर्मां सबैका आंखाले उस्लाइ डिठ् लाइ हेर्द थिये। अनि उस्ले
तिनिहरुलाइ भन्नु लाग्यो आज् यो धर्म्मशास्त्र तिमिहरुका कान्मां
२२ पूरो गरीयेको छ। अनि सबैले उ मांथि साक्षी दिये अनि उस्को
मुख् देखि निस्कयेका अनुग्रहका बचन्मां उदेक् मान्ये अनि तिनिहरुले यो
२३ क्ये यूसुफ्को छोरो होइन भन्ये। अनि उस्ले तिनिहरुलाइ भन्यो अवस्से
तिमिहरुले मं सित यो उखान् भन्छौ हे बैद्य आफैलाइ बिसेक् गराउ
कफर्नाहुम्मां गरीयेको ज्ये ज्ये हांमिहरुले सुन्येका छौं त्यो यहां आफ्नै
२४ देस्मां पनि गर। अनि उस्ले भन्यो मं तिमिहरुलाइ सांचो भन्द
२५ छु कोई अगमवक्ता आफ्नु देस्मां ग्रहण् गरीयेको हुंदैन। तर मं
तिमिहरुलाइ सच्चेई सङ भन्द छु धेरैवटी बिधुवीहरु एलियाका दिन्मां
इस्राएल्मां थिइन् जब अकाश् तीन् वर्ष र छ महीना सम्म यहा सम्म
२६ गरि थुनीइ रह्यो सबै देस्मां बड़ो अनिकाल् पर्‍यो अनि एलिया
तिनिहरुइमांकी कसैकां पठाईयेन तर खालि सीदोन् देस्को सारिफत्मां
२७ येउटी बिधुवी भयेकी स्त्रीकां मांत्रै। अनि धेरै कोढ़ीहर इलीशा अगम्-
बक्ताको पालोमां इस्राएल्मां थिये अनि तिनिहरुइमांको कोई शुद्ध पारीयेन
२८ तर खालि नामान् सुरियानी मांत्रै। अनि सभाघर्मां सबै जना यि कुरा
२९ सुनिकन रिस्ले भरीये अनि तिनिहरुले उठेर उस्लाइ सहर् देखि बाइर
निकालि आफ्नु सहर् बनीयेको डांड़ाको टाकुरिमां लग्ये उस्लाइ ऊंधोमण्टो
३० गरि खसालि दिऊं भन्येर। तर उ तिनिहरुको मांझ बाटो छिरि गयो॥
३१ अनि उ गालील्को कफर्नाहुम् सहर्मां उत्रि आयो। अनि उस्ले
बिश्राम्को दिन्मां तिनिहरुलाइ सिकाउंद थियो अनि तिनिहरु
३२ उस्को सिकाईले मुर्छा पर्‍ये किनभन्ये उस्को बचन् अधिकार् सङ थियो।
३३ अनि सभाघर्मां अशुद्ध भूत्को आत्मा लाग्येको येउटा मान्छे थियो अनि त्यो

३४ बड़ो शब्दले चिच्यायो ऐया हांमिहरुलाइ तपांइ सङ क्ये काम् हे
येशू नासूरी क्ये तपांइ हांमिहरुलाइ नाश् पार्नुलाइ आउंनु भयो मं तपांइलाइ
३५ जान्द छु तपांइ को हौ ईश्वर्का पवित्र जन्। अनि येशूले त्येस्लाइ
चुप् लाग् अनि त्येम् देखि निस्कि आ भनि हकान्यो। अनि भूत् त्येस्लाइ
मांझमां फ्यांकि राख्येर त्येस्को क्येइ हानि न गरि त्येम् देखि निस्कि
३६ आयो। अनि सबैलाइ अचंभा लाग्यो अनि तिनिहरु आपस्तमां बोल्नु
लाग्ये यो वचन् क्या हो किनभन्ये उस्ले अधिकार् र शक्ति सङ अशुद्ध
आत्माहरुलाइ आज्ञा दिंद छ अनि तिनिहरु निस्कि आउंद छन् भनिकन।
३७ अनि उस्को विषय्को मोहोरा छेउछाउको देस्को सबै ठांउमां निक्लि गयो॥
३८ तब उ सभाघर् बाटो उठेर शिमोन्को घरमां पस्यो। अनि
शिमोन्की सासु जरोले सारो सतानीयेकी थिई अनि तिनिहरुले त्येस्को
३९ विषय्मां उ सित मांग्ये। अनि उस्ले त्येस्को छेउमा उभीयेर जरोलाइ
हकान्यो अनि त्येस्ले त्येस्लाइ छाड्यो अनि तुरन्तै त्येस्ले उठेर उनिहरुको
सेवा गरी॥
४० अनि सूर्ज अस्ताउदा अस्ताउदै सबैले जस् जस्को नाना प्रकार्का
रोग्ले निर्बल् भयेकाहरु थिये तिनिहरुलाइ उ थांइ ल्याये अनि उस्ले
तिनिहरुमांको जनगे माथि आफ्ना हात् राखिकन तिनिहरुलाइ बिसेक्
४१ गरायो। अनि भूत्हरु पनि कराउदै र तपाइ ईश्वर्का पुत्र हौ भन्दै
धेरै देखि निस्कि आये। अनि उस्ले तिनिहरुलाइ हकारिकन बोल्नु
दियेन किनभन्ये तिनिहरुले उ ख्रीष्ट हो भनि जान्द थिये॥
४२ अनि जसै दिन् भयो उ निक्ल्येर सुन्ये ठांउमां गयो अनि धुइरा-
हरुले उस्लाइ खोज्ये अनि उ सम्म आइ उस्लाइ उ तिनिहरुको देखि
४३ न जावस् भनि थुनि राख्नु लाग्ये। तर उस्ले तिनिहरुलाइ भन्यो
अरु अरु सहर्हरुमां पनि ईश्वर्को राज्को सुसमाचार् सुनाउनु मंलाइ
खांचो छ किनभन्ये येसैको लागि मं पठाईयें॥
४४ अनि उ गालील्का सभाघर्हरुमां प्रचार् गर्दै रह्यो॥
५ १ अब येसो भयो धुइरो उ माथि लड़ि रहंदा र ईश्वर्को बचन्
२ सुन्दाखेरि उ गनेसरत्को झील्को छेउमां उभीइ रह्येको थियो अनि
उस्ले दुवटा नाउ झील्को छेउमां ठड़ीइ रह्येका देख्यो तर जलहारिहरुले
३ ति देखि उत्र्येर जाल्हरु पखाल्द थिये। अनि उस्ले नाउहरुमांको
येउटामां जो शिमोन्को थियो चढ़ेर त्यो सित भूइं देखि अलिक्

फर्काविस् भनि मांग्यो। अनि उस्ले बसिकन धुइराहरुलाइ नाउ बाटो शिक्षा
४ दियो। अनि जब उ बोल्नु देखि थामीयो तब शिमोन्लाइ भन्यो
५ गहीरोमां फर्कायेर माच्छा समात्नुलाइ आफ्ना जाल् सुर्क्याइ दे। अनि
शिमोन्ले उत्तर् दिइ भन्यो हे गुरु हांमिहरुले रात् भरि दुख भऱ्येर क्येइ
६ समात्यूंन तै पनि मं तपांइको कुरोमां जाल् सुर्क्याइ दिंछु। अनि
तिनिहरुले येसो गऱ्येर माच्छाहरुको ठुलो बगाल् घेरि थुन्ये अनि तिनि-
७ हरुका जाल् फाट्नु लाग्ये अनि तिनिहरुले अर्को नाउमा हुंने साझे-
हरुलाइ सान् गऱ्ये तिनिहरुले आयेर गोहार् गरुन् भन्येर। अनि तिनिहरुले
८ आयेर दुवै नाउ यहां सम्म भराये कि बुड्नु लाग्ये। तर शिमोन् पत्रुस्
यो देख्येर येशूका घुंडा पऱ्येर भन्यो मं थांइ देखि निक्लनु हवस् किनभन्ये
९ हे प्रभु मं पापी पुरुष् छु। किनभन्ये त्यो र त्यो सङ भयेकाहरु सवै
तिनिहरुले समात्येको माच्छाहरुको त्येस् बगाल् देखि अचंभामां पऱ्ये
१० अनि त्येस्तैगरि जबदीका छोरा याकूब् र यूहन्ना पनि जो शिमोन्का
सम्भागी थिये अचंभामां पऱ्ये। तर येशूले शिमोन्लाइ भन्यो न डरा
११ तं अब देखि येसो मान्छेहरुलाइ फंसाइ समात्ने हुंछस्। अनि तिनिहरुले
नाउहरु तीर् लायेर सवै थोक् छोड़ि उस्लाइ पछ्याये॥

१२ अनि येसो भयो उ सहर्हरुमांको येउटामां हुदाखेरि हेर एक् जना कोढ़ले
भरीयेको पुरुष् अनि त्येस्ले येशूलाइ देख्येर घोप्टो परि उ सित बिन्ति
गरि भन्यो हे प्रभु तपांइले इच्छे गर्नु भयो भन्ये देखि मंलाइ शुद्ध पार्नु
१३ सक्नु हुंछ। अनि उस्ले हात् पसाऱ्येर त्येस्लाइ छोइकन भन्यो मं इच्छे
गर्दछु तं शुद्ध पारी। अनि तुरन्तै कोढ़ त्येस् देखि गइ गयो।
१४ अनि उस्ले त्येस्लाइ आज्ञा दियो कसैलाइ न भन् तर हिंड़ि गयेर आफुलाइ
पूजाहारीलाइ देखा अनि आफु शुद्ध हुंने बिषयमां मूसाले आज्ञा गऱ्येको
१५ अन्सार् तिनिहरुलाइ साक्षी हुंनुको लागि भेटि चढ़ा। तर उस्को
बिषयको भनाई झन् ज्यास्ति छिरि गयो अनि ठुला ठुला धुइराहरु सुन्नु
१६ र आफ्नु आफ्नु निर्बलेई देखि बिसेक् गराईनुलाइ जमीये। तर उ
बन्हरुमां एकान्तमां रहंद अनि प्रार्थना गर्द थियो॥

१७ अनि नि दिन्मांको एक् दिन् येसो भयो उस्ले शिक्षा दिंद थियो
अनि गालील् र यहूदियाको गांउ गांउ र यरूसलम् देखि आयेका फरीसी
र ब्यवस्था सिकाउंनेहरु त्यहां बसि रह्येका थिये अनि निको पार्नुको लागि
१८ प्रभुको शक्ति उ सङ थियो। अनि हेर लोगले एक जना अर्द्धांगी मान्छेलाइ

खाट्मां ल्याये अनि तिनिहरुले त्येस्लाइ भित्र लग्येर उस्को मुखेंजि राख्नु
१९ खोज्ये। तर धुइरोको कारण्ले त्येस्लाइ भित्र लैजांने उपाय् न पायेर
तिनिहरुले छाना मांथि चढेग्रर खप्रा बाटो त्येस्लाइ खाटै समेत् मांझमां
२० येशूको साम्नु ओह्लालि दिये। अनि उस्ले तिनिहरुको बिश्वास् देखिकन
२१ भन्यो ए मान्छे तेरा पाप् तेरो लागि क्षमा गरीये। अनि शास्त्री र
फरीसीहरुले बिचार् गर्नु लाग्ये यो ईश्वर्को निन्दा गर्ने को हो। खालि
२२ ईश्वर् छाड़ि कस्ले पाप् क्षमा गर्नु सक्द छ। तर येशूले तिनिहरुका
बिचार् थाहा पाइ तिनिहरुलाइ उत्तर् दिइ भन्यो तिमिहरुले आफ्नु आफ्नु
२३ हिर्दय्मां क्ये बिचार् गर्द छौ। कुन् कुरो सहज् छ तेरा पाप् तेरो लागि
२४ क्षमा गरीये यो भन्नु कि उठ् अनि हिंड् यो भन्नु। तर तिमिहरुले
मान्छेको पुत्रलाइ पृथिवीमां पाप् क्षमा गर्ने अधिकार् रछ भनि जान भन्न्ये
खातिर्ले (उस्ले अर्द्धांगीलाइ भन्यो) मं तंलाइ भन्द छु उठेग्रर आफ्नु
२५ खाट् उठाइ आफ्नु घर्मां जा। अनि त्यो तुरन्तै तिनिहरुको मुखेंजि
उठेग्रर ज्येमां पस्रीयेको थियो त्यो उठायेर ईश्वर्को महिमा गर्दै आफ्नु
२६ घर्मां हिंड़ि गयो। अनि सबै जना मुर्छा पऱ्ये अनि ईश्वर्को महिमा
गऱ्ये अनि तिनिहरुले डर्ले भरीयेर भन्ये आजु हांमिहरुले अजोग्ये थोक्
देख्युं ॥

२७ अनि यि कुरा पछि उस्ले बाइर गयेर लेवी नांउ भयेको जगातिलाइ
जगात् उठाउंने बैठक्मां बसि रह्येको हेऱ्यो अनि त्येस्लाइ भन्यो मंलाइ
२८ पछ्या। अनि त्येस्ले सबै थोक् छोड़ेग्रर उठिकन उस्लाइ पछ्यायो।
२९ अनि लेवीले आफ्नु घर्मां उस्को लागि ठुलो भोज् लायो अनि जगाति-
३० हरुको र तिनिहरु सङ बस्येका अरुहरुको ठुलो धुइरो थियो। त फरीसी
र तिनिहरुका शास्त्रीहरुले उस्का शिक्षेहरुलाइ गन्गनायेर भन्ये तिमिहरुले
३१ जगातिहरु र पापीहरु सङ किन खांद पीउंद छौ। अनि येशूले तिनि-
हरुलाइ उत्तर् दिइ भन्यो भलाचङ्गाहरुलाइ बैद्यको खांचो छैन तर मधौरा-
३२ हरुलाइ। मं धर्म्मीहरुलाइ होइन तर पापीहरुलाइ पश्चात्ताप्को लागि
३३ बोलाउंनु आयें। अनि तिनिहरुले उस्लाइ भन्ये यूहन्नाका शिक्षेहरु
लगातार् उपास् बस्द र प्रार्थना गर्द छन् त्येसै फरीसीहरुकाले पनि तर
३४ तिम्राले खांद पीउंद छन्। अनि येशूले तिनिहरुलाइ भन्यो क्ये तिमिहरुले
जन्तिहरुलाइ ब्याउला तिनिहरु सङ छउंज्याल् सम्म उपास् बसाउंनु सक्द
३५ छौ। तर ति दिन् आउंछन् अं जब ब्याउला तिनिहरु देखि अलग्

३६ गरींछ तब तिनै दिन्मां तिनिहरु उपास् बस्छन्। अनि उस्ले येउटा
उखान् पनि तिनिहरुलाइ भन्यो कसैले नया लुगा देखि टुक्रा फान्येर
पुरांनु लुगामां लाउंदैन होइन भन्ये ता त्येस्ले नयालाइ फटाउंछ अनि
३७ पुरांनु सङ नयाको टुक्रा मिल्दा पनि मिल्दैन। अनि कसैले नया
दाख्रस् पुरांना मशक्हरुमां हाल्दैन होइन भन्ये ता नया दाख्रस्ले
मशक्हरुलाइ फुटाउंछ अनि त्यो आफै बहि जांछ अनि मशक्हरु
३८ ३९ नष्ट हुंछन्। तर नया दाख्रस् नया मशक्हरुमां हाल्नु पर्छ। अनि
कसैले पुरांनु दाख्रस् पीयेर नयाको इच्छे गर्दैन किनभन्ये त्येस्ले भन्द छ
पुरांनै जाति छ ॥

६ १ अब एक् विश्रामको दिनमां येसो भयो उ अन्नका खेत्को बाटो बाड़ो
जांदै थियो अनि उस्का शिक्षेहरुले बाला टिप्नु अनि हात्मां मांड्रेर खांनु
२ लाग्ये। तर फरीसीहरुमांका कतिले ज्ये विश्रामको दिन्मां गर्नु उचित्
३ छैन त्यो तिमिहरुले किन गर्द छौ भन्ये। येशूले तिनिहरुलाइ उत्तर् दिइ
भन्यो क्ये तिमिहरुले येइ पनि पन्येका छौन दाऊद्ले जब त्यो र त्येस्का
४ साथीहरु भोकायेका थिये तब क्ये गन्यो त्येस्ले कसोगरि ईश्वर्को
घर्मां गयेर भेटिका रोटीहरु लियेर खायो अनि आफ्ना साथीहरुलाइ
पनि दियो जो खांनु पूजाहारीहरुलाइ बाहिक् अरुलाइ उचित् छैन।
५ अनि उस्ले तिनिहरुलाइ भन्यो मान्छेको पुत्र विश्रामको दिन्को प्रभु हो॥

६ अनि अर्को विश्रामको दिन्मां येसो भयो उस्ले सभाघर्मां गयेर
शिक्षा दिंद थियो अनि त्यहां एक् जना दाहीनो हात् सुक्येको मान्छे थियो।
७ अनि शास्त्री र फरीसीहरु उस्को चीवामां थिये उस्ले विश्रामको दिन्मां
विसेक् गराउला कि भनि उस्लाइ दोष् लगाउनु पाउनको लागि।
८ तर उस्ले तिनिहरुका विचार् जान्यो अनि त्येस् हात् सुक्येको मान्छेलाइ
९ उठ् मांझमां उभी भन्यो। त त्यो उठेर उभीयो। अनि येशूले तिनिहरुलाइ
भन्यो मं तिमिहरुलाइ सोध्छु क्ये विश्रामको दिन्मां भलो गर्नु कि बुरो
१० गर्नु प्राण्लाइ बचाउंनु कि नास् पार्नु उचित् छ। अनि उस्ले ति सबै
मांथि चारै तिर दृष्टि गरिकन त्येस्लाइ भन्यो आफ्नु हात् पसार्। अनि
११ त्येस्ले येसो गन्यो अनि त्येस्को हात् जस्ताको तस्तो पारीयो। तर
तिनिहरु बौलेहीले भरीयेर आपस्तमां येशूलाइ क्ये गरूं भनि बोल्दै गये॥

१२ अनि ति दिन्मां येसो भयो उ प्रार्थना गर्नुलाइ डांड़ामां निस्कि गयो
१३ अनि ईश्वर्को प्रार्थना गर्नमां उस्ले रात् बितायो। अनि जब दिन्

भयो तब उस्ले आफ्ना शिक्षेहरुलाइ बोलायेर तिनिहरुमांका बारह् जनालाइ
१४ छान्यो जस्को नांउ पनि उस्ले प्रेरित् राख्यो अर्थात् शिमोन् जस्को
नांउ उस्ले पत्रुस् पनि राख्यो अनि त्येस्को दाज्यु अन्द्रियास् अनि याकूब् र
१५ यूहन्ना अनि फिलिप् र बर्थूल्मा अनि मत्ती र थोमा अनि हल्फाको
१६ छोरो याकूब् अनि जेलोतेस् भनीने शिमोन् अनि याकूब्को छोरो यहूदा
१७ अनि यहूदा इस्करयोती जो पकराइ दिने भयो अनि उ तिनिहरु सङ
उत्र्येर सम्म ठांउमां उभीयो अनि उस्का शिक्षेहरुको ठुलो धुइरो थियो अनि
लोगको ठुलो धुइरो जो उस्को मुन्न र आफ्ना रोग्हरु देखि निको पारीनु-
लाइ यहूदिया र यरूशलम् अनि सूर् र सीदोन्को समुन्द्रतीर् बाटो आये
१८ १९ अनि अशुद्ध आत्माहरु देखि वलेशित् भयेकाहरु बिसेक् गराईये। अनि
सिगै धुइरोले उस्लाइ छुंनु खोज्द थियो किनभन्ये शक्ति उ देखि निक्लंद
थियो अनि सबैलाइ निको पार्द थियो ॥

२० अनि उस्ले आफ्ना शिक्षेहरु मांथि आंखा उचाल्येर भन्यो धन्न तिमि
२१ कंगालि हुनेहरु किनभन्ये ईश्वर्को राज् तिमिहरुको हो। धन्न तिमि अब
भोका हुनेहरु किनभन्ये अघाउने गराईछौ। धन्न तिमि अब रुनेहरु किनभन्ये
२२ हांस्छौ। धन्न तिमिहरु जब मान्छेहरुले मान्छेको पुत्रको कारण्ले तिमिहरु
देखि दुश्मनी गर्नन् अनि तिमिहरुलाइ आफु देखि छुट्याउंनन् अनि
तिमिहरुको निन्दा गर्नन् अनि तिमिहरुको नांउ दुष्टको जस्तो निकाल्नन्।
२३ त्येस् दिन्मां रमाहट् गर अनि उफ्र किनभन्ये हेर स्वर्गमां तिमिहरुको
प्रतिफल् ठुलो छ कसोगरिभन्ये त्येसैगरि तिनिहरुका पित्रहरुले अगम्बक्ताहरु
२४ सङ गर्ये। तर हाय् तिमि धनी हुनेहरु मांथि किनभन्ये आफ्नु
२५ शान्ति पाइ सक्यौ। हाय् तिमि अब अघायेकाहरु मांथि किनभन्ये
भोका हुंछौ। हाय् तिमि अब हांस्नेहरु मांथि किनभन्ये शोक् गर्छौ
२६ अनि रुछौ। हाय् तिमिहरु मांथि जब सबै मान्छेहरुले तिमिहरुको
विषयमां सुबचन् गर्नन् कसोगरिभन्ये त्येसैगरि तिनिहरुका पित्रहरुले झूठा
अगम्बक्ताहरु सङ गर्ये ॥

२७ तर म तिमि सुन्नेहरुलाइ भन्द छु आफ्ना सत्रुहरु सङ प्रेम् गर
२८ तिमिहरु देखि दुश्मनी गर्नेहरु सङ जाति गर तिमिहरुलाइ सराप्ने-
हरुल्याइ आशीष् देव तिमिहरुको पनि खोल्नेहरुको लागि प्रार्थना गर।
२९ तेरो एक् गालामां हिर्काउंने तिर अर्को पनि फर्काइ दे अनि तेरो खाष्टो
३० उठाइ लांने देखि दौरा पनि न थन। तं सित मांगने जनगेलाइ

३१ दे अनि तेरा माल् उठाइ लाने देखि फर्काइ न मांग्। अनि जसो
तिमिहरुले इच्छे गर्द छौ मान्छेहरुले तिमिहरु सङ्ग गरुन् भनि त्यसै
३२ तिमिहरुले पनि तिनिहरु सङ्ग गर। अनि तिमिहरुले तिमिहरु सङ्ग प्रेम्
गर्नेहरु सङ्ग प्रेम् गर्‍यौ भन्ये देखि तिमिहरुलाइ क्ये अनुग्रह छ किनभन्ये
३३ पापीहरुले पनि तिनिहरु सङ्ग प्रेम् गर्नेहरु सङ्ग प्रेम् गर्द छन्। अनि
तिमिहरुले तिमिहरुको भलो गर्नेहरुको भलो गर्‍यौ भन्ये देखि तिमिहरुलाइ
३४ क्ये अनुग्रह छ किनभन्ये पापीहरुले पनि त्येइ गर्द छन्। अनि तिमिहरुले
जुन् देखि पाउंने आस् गर्द छौ तिनिहरुलाइ ऋण् दियौ भन्ये देखि
तिमिहरुलाइ क्ये अनुग्रह छ पापीहरुले पनि पापीहरुलाइ ऋण् दिंद छन्
३५ उति फेरि पाऊंला भन्येर। तर आफ्ना सत्रुहरु सङ्ग प्रेम् गर अनि
भलो गर अनि क्येइको आस् न गरि ऋण् देव अनि तिमिहरुको
प्रतिफल् ठुलो हुंछ अनि तिमिहरु परम् ईश्वर्का पुत्र हुछौ किनभन्ये उ
३६ औगुणिहरु र दुष्टहरु माथि कृपालु छ। जस्तो तिमिहरुको पिता
३७ दयालु छ त्येस्तै तिमिहरु पनि दयालु हव। अनि अर्काको बिचार्
न गर अनि तिमिहरुको बिचार् गरिंदैन अनि दोषी न ठहराव अनि
तिमिहरु दोषी ठहराईदैन छाड़ाव अनि तिमिहरु छाड़ाईछौ देव अनि
३८ तिमिहरुलाइ दिईछ जाति र खांदायेको र ढल्‌ढल्याईयेको र उब्रोपाब्रो
गरीयेको भर्नेले तिनिहरुले तिमिहरुको पोल्टामा दिंछन्। किनभन्ये
जस् भर्नेले तिमिहरुले भर्द छौ त्येसैले तिमिहरुको लागि फेरि भरींछ॥
३९ अनि उस्ले तिनिहरुलाइ येउटा उखान् पनि कह्यो क्ये अन्धा अन्धाको
४० अगुआ हुंनु सक्द छ दुवै क्ये खाड़ल्मां खस्दैनन्। शिक्षे आफ्नु गुरु
भन्दा बेसि छैन तर जनंगे जब सिद्ध गराईयेको हुंछ तब आफ्नु गुरुको
४१ बराबर् हुंछ। अनि तैंले किन आफ्नु भाईको आंखामां भयेको सिन्का
देख्द छस् तर तं आफैको आंखामां भयेको मूढ़ाको चाल् पाउदैनस्।
४२ कि तैंले आफ्नै आंखामां भयेको मूढ़ा न देखिकन कसोगरि आफ्नु भाईलाइ
भन्नु सक्छस् ए भाई पर्खि म तेरो आंखामा भयेको सिन्का निकालि
दिउं। ए कपटी पहिले आफ्नै आंखा बाटो मूढ़ा निकालि दे अनि
तब आफ्नु भाईको आंखा बाटो सिन्का निकाल्नुलाइ छर्लङ्ग देख्छस्।
४३ किनभन्ये खराब् फल् फल्ने कुनै जाति रुख् छैन अनि न फेरि
४४ जाति फल् फल्ने कुनै खराब् रुख् छ। कसोगरिभन्ये गोटै पिच्छे रुख्
आफ्नै फल्ले चिनींद छ। किनभन्ये कांड़ाहरु देखि नेभारा बटुल्दैनन्

४५ अनि न असेलुको बोट् देखि दाख् काटि टिप्द छन्। भलो मान्छेले
आफ्नु हिर्दय्को भलो भंडार् देखि भलो कुरो निकालि ल्याउंद छ अनि
दुप्टले आफ्नु दुप्ट देखि दुप्ट कुरो निकालि ल्याउंद छ किनभन्ये
ज्ये हिर्दय्मां उब्रने गरि भरीयेको छ त्येइ देखि त्येस्को मुख् बोल्द छ ॥
४६ अनि तिमिहरुले किन मंलाइ हे प्रभु हे प्रभु भन्द छौ अनि मं ज्ये
४७ भन्द छु गर्दैन। मं थांइ आउंने अनि मेरा बचन् सुन्ने अनि ति गर्ने
४८ जनंगे को जस्तो छ मं तिमिहरुलाइ जनाउंछु त्यो येउटा घर् बनाउंने
मान्छे जस्तो छ जस्ले खन्यो अनि गहीऱ्यायो अनि शिलापत्थर् मांथि
जग् बसाल्यो अनि जब चाहाल् भयो तब त्येम् घर् मांथि बाढ़ी
फुटि पऱ्यो अनि त्येस्लाइ हल्लाउंनु सक्येन किनभन्ये त्यो जाति गरि
४९ बनाईयेको थियो। तर सुन्येर न गर्ने येउटा मांटो मांथि बिना जग्को
घर् बनाउंने मान्छे जस्तो छ जम् मांथि बाढ़ी फुटि पऱ्यो अनि त्यो
तुरन्तै भत्क्यो अनि त्येम् घर्को क्षय् बड़ो भयो ॥
७ १ जब उस्ले आफ्ना सबै कुरा लोगका कानमां भराइ सक्यो तब उ
कफर्नाहुम्मां पस्यो ॥
२ अनि एक् जना कप्तान्को येउटा दाम् जो त्येस्को प्रिय थियो मधौरो
३ भइ मर्नु आंटेको थियो। अनि त्येस्ले येशूको बिषय्मां सुन्येर् यहूदीहरुका
कत्ति जना प्रार्चान्हरुलाइ उस्कां पठायेर उ सित आयेर मेरो दाम्लाइ
४ निको पारि दिनु हवम् भनि मांग्यो। अनि तिनिहरुले येशूकां छेउ
आयेर उ सित हतारीइ बिन्ति गऱ्ये त्यो आफुले त्येस्को लागि यो
५ गराइ दिंने माफिक्को छ कर्मोगरिभन्ये त्येस्ले हांमिहरुको देस्का लोग्
सङ प्रेम् गर्द छ अनि आफैले हांमिहरुको लागि हांमिहरुको सभाघर्
६ बनाइ दियो। अनि येशू तिनिहरु सङ जांदै थियो। अनि उ अब
घर् देखि टाड़ो न हुंदा कप्तान्ले उस्कां मित्रहरुलाइ पठायेर उस्लाइ
भन्यो हे प्रभु दुख न उठाउंनु हवम् किनभन्ये आफु मेरो कौसि मुनि
७ पस्ने माफिक्को मं छुइंन येस्कारण् मैले आफुलाइ आफुकां आउंने
पनि माफिक्को ठानिंन तर बचन्ले भनि दिंनु हवम् न मेरो दाम्
८ निको हाइ जांछ। कर्मोगरिभन्ये मैं पनि अधिकार् मुनि खटाईयेको
मान्छे छु अनि सिपाहीहरु मेरो अधिकार्मां छन् अनि मं येउटालाइ
भन्द छु जा त त्यो जांद छ अनि अर्कोलाइ आ न त्यो आउंद छ अनि
९ आफ्नु दास्लाइ यो गर् त त्येस्ले गर्द छ। अनि येशूले यि कुरा सुन्येर

त्येस् देखि उदेक् मान्यो अनि पछ्याउंने धुइरोलाइ फर्क्येर भन्यो मं तिमि-
हरुलाइ भन्द छु मैंले येनि बिश्वास् अं इस्राएल्मां पनि पायेको छुइंन।
१० अनि पठाईयेकाहरुले घर फर्कि गयेर दास्लाइ निको भयेको भेटाये॥
११ अनि येस्को अलिक् पछि येसो भयो उ नाइन् भनीने सहर्मां जांदै
१२ थियो अनि उस्का शिक्षेहरु र ठुलो धुइरो उ सङ जांद थिये। अब जसै
उ सहर्को ढोकाको नजिक् आयो हेर येउटा मर्येको मान्छे बाइर बोकि
लगींदै थियो जो आफ्नी आंमाको एकुले छोरो थियो अनि त्यो बिधुवी
१३ थिई अनि त्यो सङ सहर्को निकै ठुलो धुइरो थियो। अनि प्रभुले
त्येस्लाइ देखिकन त्येस् माथि टिठायो अनि त्येस्लाइ भन्यो न रो। अनि उस्ले
१४ छेउ आयेर कांदिकाठ् छोयो अनि उठाइ बोक्नेहरु अडीये। अनि उस्ले
भन्यो ए तन्हेरि मं तंलाइ भन्द छु उठ्। अनि मुर्दा उठेर बस्यो अनि
१५ बोल्नु लाग्यो। अनि उस्ले त्येस्लाइ त्येस्की आंमाल्लाइ दियो। अनि
१६ डर्ले सबैलाइ समात्यो अनि तिनिहरुले ईश्वर्को महिमा गर्न्ये महा
अगमबक्ता हांमिहरुमां उठ्यो अनि ईश्वर्ले आफ्ना लोगको हेर्चाहा
१७ गर्‍यो भनिकन। अनि यो भनाई उस्को बिषय्मां सिंगै यहूदियामं
र छेउछाउको सबै देस्मां निक्लि गयो॥
१८ अनि यूहन्नाका शिक्षेहरुले त्येस्लाइ यि सबै कुराको बिषय्मां समाचार्
१९ सुनाये। अनि यूहन्नाले आफ्ना शिक्षेहरुमांका दुइ जनालाइ छेउ बोलायेर
प्रभुकां यो भनि पठायो क्ये जो आउंने थियो त्यो तपांइनै हौ कि
२० हांमिहरु अर्कोको बाटो हेरूं। अनि ति पुरुष्हरुले उस्कां छेउ
आयेर भन्ये यूहन्ना बप्तिस्मा गर्नेले हांमिहरुलाइ तपांइ थाइ यो भनि
पठायो क्ये जो आउंने थियो त्यो तपांइनै हौ कि हांमिहरु अर्कोको बाटो
२१ हेरूं। त्येसै घरी उस्ले धेरैलाइ रोग् र बेथा र दुष्ट आत्माहरु देखि
२२ बिसेक् गरायो अनि धेरै अन्धाहरुलाइ देख्नु अनुग्रह गरि दियो। अनि
उस्ले उत्तर् दिइ तिनिहरुलाइ भन्यो गयेर ज्ये ज्ये देख्यौ अनि सुन्यौ
तिनको यूहन्नालाइ समाचार् सुनाव अन्धाहरुले देख्द छन् खोरडेहरु डुल्द
छन् कोढ़ीहरु शुद्ध पारींद छन् अनि बहिराहरुले सुन्द छन् मुर्दाहरु उठाईद
२३ छन् कंगालिहरुलाइ सुसमाचार् सुनाईद छ। अनि धन्न त्यो जस्ले मंमां
कसै ठोकर्को कारण् पाउंदैन॥
२४ अनि जब यूहन्नाका दूत्हरु हिंड़ि जांदै थियो तब उस्ले यूहन्नाको
बिषय्मां धुइराहरुलाइ भन्नु लाग्यो तिमिहरु बन्मां क्ये हेर्नुलाइ निक्ल्यौ क्ये

२५ बतास्ले हल्लींदै गर्न्येको निङ्गालोलाइ। तर तिमिहरु क्ये हेर्नुलाइ निक्ल्यौ
क्ये मसीनो बस्त्र लाउंने मान्छेलाइ। हेर प्रतापी बस्त्र राख्ने र शोख्मां
२६ रहनेहरु राज्महल्हरुमां छन्। तर तिमिहरु क्ये हेर्नुलाइ निक्ल्यौ क्ये
अगम्बक्तालाइ। अं मं तिमिहरुलाइ भन्द छु अनि अगम्बक्ता भन्दा
२७ पनि धेरै बेसिलाइ। यो त्येइ हो जस्को बिषय्मां लेख्येको छ
हेर् मं आफ्नु दूत्लाइ तेरो मुख्को अगाड़ि पठाउंद छु
जस्ले तेरो सांमु तेरो बाटो बनाउंछ।
२८ मं तिमिहरुलाइ भन्द छु जो जो स्त्रीहरु देखि जन्म्येका छन् तिनिहरुमां
यूहन्ना भन्दा बड़ो कोई छैन तरै पनि जो ईश्वर्को राज्मां छोटा छ
२९ त्येइ त्यो भन्दा बड़ो छ। अनि सबै लोगले मुनिकन जगातिहरु
समेत्ले ईश्वर्लाइ धर्म्मी ठहराये किनभन्ये यूहन्नाको बप्तिस्माले बप्तिस्मा
३० भयेका थिये। तर फरीसीहरु र ब्यवस्थाका जानापाहरुले ईश्वर्को मन्
आफ्नु लागि टारि दिये किनभन्ये त्येम् देखि बप्तिस्मा भयेका थियेनन्।
३१ त मं येम् पुस्ताका मान्छेहरुको आहन् क्येको दिउं अनि तिनिहरु
३२ क्ये जस्ता छन्। तिनिहरु ति केटाहरु जस्ता छन् जस्ले चोक्मां बस्येर
एकाले अर्कालाइ बोलाइ भन्द छन् हांमिहरुले तिमिहरुको लागि बांसुली
बजायूं अनि तिमिहरु नाच्यौन हांमिहरुले बिलाप् गर्न्यूं अनि तिमिहरु
३३ रोयौन। कसोगरिभन्ये यूहन्ना बप्तिस्मा गर्ने न रोटी खांदै न दाखरस्
पीउंदै आयो अनि तिमिहरुले भन्द छौ त्येस्लाइ भूत् लाग्येको छ।
३४ मान्छेको पुत्र खांदै पीउंदै आयो अनि तिमिहरुले भन्द छौ हेर एक्
३५ जना घिचुवा अनि मद्वालि जगातिहरु र पापीहरुको मित्र। तर बुद्धि
चइं आफ्ना सबै सन्तान्हरु देखि धर्म्मी ठहराईयो॥
३६ अनि फरीसीहरुमांको एक् जनाले उ सित मेरो भान्सा गर्नु हवस्
भनि मांग्यो। त उ फरीसीको घर्मां पस्येर भान्सामां बस्यो।
३७ अनि हेर् त्येम् सहर्मां येउटी पापिनी भयेकी स्त्री थिई अनि जब त्येस्ले
उ फरीसीको घर्मां भान्सामां बस्येको छ भनि थाहा पाई तब सेतो
३८ ढुंगाको गरीयोमां सुगन्ध तेल् ल्याई अनि पछाड़ि बाटो उस्का गोड़ा
निर उभीयेर रोइ रोइकन उस्का गोड़ा आंसुहरुले भिजाउंनु लागी अनि
आफ्नु सिर्का केसले पुछी अनि गोड़ालाइ चूमा खाइ तिनमां सुगन्ध तेल्
३९ मली। अब उस्लाइ निम्तने फरीसीले यो देखिकन आफुमां भन्यो यो
हुंदो हो त यो उस्लाइ छुने स्त्री को अनि कस्ती हो त्यो

४० पापिनी हो भनि थाहा पाउने थियो। अनि येशूले उत्तर् दिइ त्यस्लाइ ए
४१ शिमोन् मैले तंलाइ क्येइ भन्नु छ भन्यो। अनि त्यस्ले भन्यो गुरुज्यु
भन्नु हवस्। एक् जना साहूका दुइ जना आसामिहरु थिये येउटा पांच् सै
४२ मुकाको आसामि थियो अनि अर्को पचास्को। जब तिरि दिनुलाइ
तिनिहरुका क्येइ थियेन तब त्यस्ले दुवैलाइ अनुग्रह गरि माफ् दियो।
४३ त तिनमा कुन्चइंले त्यो सङ बेसि प्रेम् गर्ला। शिमोन्ले उत्तर् दिइ
४४ भन्यो मं ठान्द छु त्येस्चइंले जस्लाइ त्येस्ले बेसि माफ् दियो। अनि
उस्ले त्येस्लाइ भन्यो तैंले ठीक् बिचार् गरिस्। अनि स्त्री तिर
फर्क्येर उस्ले शिमोन्लाइ भन्यो क्ये तैंले येस् स्त्रीलाइ देख्द छस् मं
तेरो घर्मां पस्यें तैंले पानी मेरो गोड़ामां दिइनस् तर येस्ले ता आफ्ना
४५ आंसुले मेरा गोड़ा भिजाई अनि आफ्ना केश्ले पुछी। तैंले मंलाइ चुमा
खाइनस् तर येस्ले मेरा गोड़ालाइ म पस्येको देखिको चुमा खानु छोड्येकी
४६ छैन। तैंले मेरो सिर् तेल्ले मलिनस् तर येस्ले मेरा गोड़ा सुगन्ध
४७ तेल्ले मली। येस्कारण् म तंलाइ भन्द छु त्येस्का पाप् जो धेरै छन् क्षमा
गरीये किनभन्ये त्येस्ले धेरै प्रेम् गरी तर जस्लाइ थोरै क्षमा गरीद छ
४८ त्येस्ले थोरै प्रेम् गर्द छ। अनि उस्ले स्त्रीलाइ भन्यो तेरा पाप् क्षमा
४९ गरीये। अनि उ सङ भान्सामा बस्नेहरुले यो को हो जस्ले पापहरु
५० क्षमा गर्द छ पनि भनि आफु आफुमा भन्नु लागे। अनि उस्ले स्त्रीलाइ
तेरो बिश्वास्ले तंलाइ बचायो शान्तिमां जा भन्यो॥

८ १ अनि येस्को अलिक् पछि येसो भयो उ प्रचार् गर्दै र ईश्वर्को राज्को
सुसमाचार् सुनाउदै सहर् सहर् र गांउ गांउको बाटो बाटो हुंदै गयो
२ अनि बाह्रै उ सङ थिये अनि कतिवटी स्त्रीहरु जो दुष्ट आत्माहरु र
निर्बल्ईहरु देखि बिसेक् गराईयेकी थिइन् अर्थात् मग्दलीनी भनीने मरियम्
३ जस् देखि सात् भूत् निकालीयेका थिये र हेरोदेस्को कामदारी
खूजाकी स्वास्नी योहाना र सोसन्ना अनि धेरवटी अरुहरु जस्ले आफ्नु
आफ्नु धनसम्पत्तिले उनिहरुको सेवा गर्द थिइन्॥

४ अनि जब ठूलो धुइरो जमा भयो अनि सहर् सहर्का लोग् उ छेउ
५ सम्म आये तब उस्ले उखान्मां भन्यो छर्ने आफ्नु बिउ छर्नुलाइ
निक्ल्यो अनि त्येस्ले छर्दामां कति बाटो तिर पर्यो अनि त्यो चइं गोड़ाले
६ दलीयो अनि अकाश्का पंक्षीहरुले त्यो ठुंडि खाये। अनि कति शिला-
पत्थर् मांथि पर्यो अनि त्यो चइं रस् न पायेकोले उम्रनु बित्तिकै सुकि

७ गयो। अनि कति कांड़ाहरुको मांझमां पऱ्यो अनि त्येस्‌चइंलाइ कांड़ाहरुले
८ सङ्‌ सङ्‌ै बढ़िकन निसासि दिये। अनि कति भलो भूमिमां पऱ्यो अनि
उम्‌ऱ्येर सैगुणा फल् फल्यो। यि कुरा भन्येर उ जस्का सुन्ने कान्
छन् त्येस्ले सुनोस् भनि करायो॥
९ अनि उस्का शिक्षेहरुले यो उखान् क्ये होला भनि उ सित
१० सोध्ये। अनि उस्ले भन्यो तिमिहरुलाइ ईश्वर्‌को राज्‌को भेद् जान्नुलाइ
दिईयेको छ नर अरुहरुलाइ उखान्‌मां दिईयेको छ तिनिहरुचइंले देख्येर
११ पनि न देखुन् अनि सुन्येर पनि न बूझुन् भन्येर। अब यो उखान् येइ
१२ हो बिउ ईश्वर्‌को बचन् हो। अनि बाटो तिरका ति हुन् जस्ले
सुन्येका छन् तब शैतान्‌ले आयेर तिनिहरुको हिर्दय् देखि बचन् उठाइ
१३ लांद छ होइन भन्ये ता तिनिहरु बिश्वास् गरि बचाईनन्। अनि
शिलापत्थर् मांथिका ति हुन् जस्ले सुनिकन बचन् रमाहट् सङ ग्रहण् गर्द
छन् तर यि चइंले जरो हाल्दैनन् जस्ले अलिक दिन् सम्म बिश्वास् गर्द
१४ छन् अनि परीक्षाको बेलामां छोड़्द छन्। अनि कांड़ाहरुमां पऱ्येका ति
हुन् जस्ले सुन्येका छन् अनि जांदा जांदा फिक्रि र धन् र जीउंनिको
१५ सुख्‌बिलास्‌हरुले निसास्सीद छन् अनि क्येइ फल् पकाउंदैनन्। अनि जाति
भूमिमांका ति हुन् जस् जस्ले जाति र भलो हिर्दय्‌मां बचन् सुन्येर
राख्द छन् अनि स्थिरेई सङ फल् ल्याउंदछन्॥
१६ अनि कसै मान्छेले बत्ती बाल्येर न बर्तन्‌ले ढाक्‌द छ न खाट् मुनि
राख्द छ तर बत्तीदानीमां राख्द छ भित्र पस्नेहरुले त्येस्को उजियालो
१७ देखुन् भन्येर। किनभन्ये क्येइ गुप्त छैन जो प्रगटो बर्नादैन अनि न क्येइ
१८ गुप्‌चुप् छ जो थाहा पाईदैन अनि प्रगट्‌मां आउंदैन। येस्कारण् चख बस
तिमिहरुले कसोगरि सुन्द छौ किनभन्ये जस्कां होला त्येस्लाइ दिईछ अनि
जस्कां होबैन त्येस्ले जो मेरो छ भनि ठान्द छ त्यो पनि त्येस् देखि लगींछ॥
१९ अनि उस्की माना र भाईहरु उ छेउ आये तर धुइरोको कारण्‌ले
२० उ सङ भेट्‌नु सकदैन थिये। अनि उस्लाइ समाचार् सुनाईयो तपांइकी
माता र तपांइका भाईहरु तपांइलाइ हेर्ने इच्छे गरि बाइर उभीइ
२१ रह्येका छन्। तर उस्ले तिनिहरुलाइ मेरी माता र मेरा भाईहरु
यिनै ईश्वर्‌को बचन् सुन्ने र मान्नेहरु हुन् भनि उत्तर् दियो॥
२२ अब ति दिन्‌मांको एक् दिन् येसो भयो उ आफै र उस्का शिक्षेहरु
नाउमां चढ़े अनि उस्ले तिनिहरुलाइ हामिहरु झील्‌को उसो पारि जाऊं

२३ भन्यो अनि तिनिहरुले नाउ फर्काये। तर तिनिहरु पाल्ले हेलि जांदा
उ निंदाइ गयो अनि बतास्को आंधी झील् माथि ओह्रलि आयो अनि
तिनिहरुको नाउ पानीले भरींद थियो अनि तिनिहरु जोखिम्मां पऱ्ये।
२४ अनि तिनिहरुले उ थांइ आयेर उस्लाइ हे गुरु हे गुरु हांमिहरु नष्ट
हुंदै छौं भनि जगाये। अनि उस्ले जाग्येर बतास् र पानीका छाल्-
२५ हरुलाइ हकाऱ्यो अनि ति थामीये अनि मांगे भयो। अनि उस्ले तिनि-
हरुलाइ भन्यो तिमिहरुको बिश्वास् कता हो। अनि तिनिहरुले डराइकन
आपस्तमां येसो भनिकन उदेक् मान्ये न यो को हो किनभन्ये उस्ले
बतास्हरु र पानीलाइ पनि आज्ञा दिंद छ अनि तिनले उस्को आज्ञा
मान्द छन् ॥
२६ अनि उनिहरु गिरसेनीहरुको देस् सम्म हेलि पुग्ये जो गालीलको
२७ सांमु उसो पारि पट्टि छ। अनि जब उ पाखामां उत्ऱ्यो तब सहर्को
एक् जना भूत्हरु लाग्येको मान्छेको उ सङ भेट् भयो अनि त्येस्ले धेरै
समय् भयो लुगा लायेको थियेन अनि घर्मां बस्दैन थियो तर चिहान्-
२८ हरुमां। त्यो येशूलाइ देख्येर चिच्याइकन उस्का गोड़ा पऱ्यो अनि बड़ो
शब्दले भन्यो हे येशू परम् ईश्वर्का पुत्र मेरो तपांइ सङ क्ये काम् मं
तपांइ सित बिन्ति गर्द छु तपांइले मंलाइ पीरा न दिंनु हवस्। किनभन्ये
२९ उस्ले अशुद्ध आत्मालाइ त्येस् मान्छे देखि निक्लंने आज्ञा दियो। किनभन्ये
त्येस्ले धेरै खेप् त्येस्लाइ गांजि समात्येको थियो अनि त्यो पहरामां
राखीइ साङ्ला र ठ्याङ्राहरुले बान्धींद थियो अनि त्यो बन्धन्हरु
३० छिनाल्येर भूत् देखि बन्मां घचेटींद थियो। अनि येशूले त्येस्लाइ तेरो
नांउ क्या हो भनि सोध्यो। त्येस्ले भन्यो पल्टन् किनभन्ये भूत्हरु
३१ धेरै गरि त्येस्मां पस्येका थिये। अनि तिनिहरुले उ सित बिन्ति गऱ्ये
३२ हांमिहरुलाइ अथाह् कुण्डमां जाइ जांने आज्ञा न दिंनु हवस्। अब
त्यहां धेरै सुंगुर्हरुको येउटा बगाल् डांड़ामां चर्द थियो अनि भूत्हरुले उ
सित हांमिहरुलाइ तिनैमां पस्नु दिंनु हवस् भनि बिन्ति गऱ्ये। अनि उस्ले
३३ तिनिहरुलाइ दियो। अनि भूत्हरु त्येस् मान्छे देखि निक्ल्येर ति सुंगुर्हरुमां
पस्ये अनि बगाल् भीर् बाटो झील्मां मिल्कींदै दुगुरि गयेर सास् निसासीइ
३४ मंऱ्ये। अनि चराउंनेहरु ज्ये भयेको थियो त्यो देख्येर भाग्ये अनि सहर्
३५ र गांउगांउमां त्येस्को समाचार् सुनाये। अनि तिनिहरु ज्ये भयेको थियो
त्यो हेर्नुलाइ निस्क्ये अनि तिनिहरुले येशू थांइ आयेर जुन् मान्छे देखि

भूत्हरु निक्ल्ये त्येस्लाइ लुगा लायेको र सुबुद्धि भयेको येशूका पाउ निर
३६ बसि रह्येको पाये अनि डराये। अनि देख्नेहरुचइंले तिनिहरुलाइ त्यो
३७ भूत् लाग्येको कसोगरि बचाईयो भनि समाचार् सुनाये। अनि गिर्सेनी-
हरुको छेउछाउको देस्को मिंगै धुइरोले उ हांमिहरुकांटो जाइ जांनु हवस्
भनि मांग्यो किनभन्ये तिनिहरु बड़ो डर्ले समातीयेका थिये. त उ
३८ नांउमां चढ़ेर फर्कि गयो। तर जम् मान्छे देखि भूत्हरु निक्ल्येका थिये
त्येस्ले उ सित उ सङ हुंने बिन्ति गर्‍यो तर उस्ले त्येस्लाइ बिदा गर्‍यो
३९ आफ्नु घर्मां फर्कि जा अनि कस्ता ठुला काम् ईश्वर्ले तेरो लागि गर्‍यो
भनि बखान् गर्। अनि त्यो मिंगै सहर् हुंदो येशूले त्येस्को लागि
कस्ता ठुला काम् गर्‍यो भनि प्रचार्दै गइ गयो॥

४० अनि जब येशू फर्कि गयो तब धुइरोले उस्लाइ खुशि सित ग्रहण्
४१ गर्‍यो किनभन्ये तिनिहरु सबैले उस्को बाटो हेर्द थिये। अनि हेर याईरुस्
नांउ भयेको पुरुष्ले जो सभाघर्को येउटा मालिक् थियो आयेर येशूका
चरण्मां तेर्छो परिकन उ सित उ त्येस्को घर्मां आवस् भनि बिन्ति
४२ गर्‍यो किनभन्ये त्येस्की बर्ष बारह् एक्की एक्ली छोरी थिई अनि त्यो
मर्नु आंटेकी थिई। तर उ हिंड़ि जांदाखेरि धुइराहरुले उस्लाइ मिच्द
थिये॥

४३ अनि येउटी बारह् बर्ष देखि लोहूको बहाई भयेकी स्त्रीले
जो बैद्यहरु पछि आफ्नु स्यांट्टै जीबिका क्षय् गर्‍येर कोई देखि बिसेक्
४४ गराईंनु सकीन पछाड़ि बाटो छेउ आयेर उस्को बस्त्रको झुम्का
४५ छोई अनि तुरन्तै त्येस्को लोहूको बहाई अड़ीयो। अनि येशूले भन्यो
को हो मंलाइ छुंने। अनि जब सबैले अस्वीकार् गर्‍ये तब पत्रुस् र
त्येस्का साथीहरुले भन्ये हे गुरु धुइराहरुले तपांइलाइ समात्दै र मिच्दै
४६ छन्। तर येशूले भन्यो कसैले मंलाइ छोयोनै किनभन्ये मं देखि शक्ति
४७ निक्ल्येको मैंले थाहा पायें। अनि स्त्री मं गुप्त रैनछु भनि देख्येर कांम्दै
आई अनि उस्का गोड़ा परिकन सबै लोगको मुखेंजि मैंले कुन् कारण्ले
तपांइलाइ छोयें अनि कसोगरि तुरन्तै निको भयें भनि कहि सुनाई।
४८ अनि उस्ले त्येस्लाइ ए छोरी तेरो बिश्वास्ले तंलाइ बचायो शान्तिमां
जा भन्यो॥

४९ उ बोल्दैनै थियो सभाघर्को मूल्को घर् बाटो एक् जना येसो
५० भन्दै आयो आफुको छोरी मरि गई गुरुलाइ दुख न दिंनु हवस्। तर

येशूले सुन्येर त्येस्लाइ उत्तर् दियो न डराउ खालि बिश्वास् मांत्रै गर अनि
५१ त्यो बचाइंछ। त उस्ले घर् सम्म आयेर पत्रुस् र यूहन्ना र याकूब् अनि
केटीको बाबु र आंमालाइ बाहिक् अरु कसैलाइ आफु सङ पस्न् दियेन।
५२ अनि सबै जना रुंद र त्येस्को लागि छाती पीट्द थिये तर उस्ले भन्यो
५३ न रोव किनभन्ये त्यो मंर्येकी छैन तर सुत्द छ। अनि तिनिहरु त्यो
५४ मंरिनै गई भनि जानिकन उ मांथि हांस्ये। तर उ त्येस्को हात्
५५ समाति ए केटी उठ् भनि करायो। अनि त्येस्को आत्मा फर्कि आयो
अनि त्यो तुरन्तै उभीई अनि उस्ले त्येस्लाइ क्येइ खांनु दिने आज्ञा
५६ दियो। अनि त्येस्का आंमा बाबु मुर्छा पर्‍ये तर उस्ले तिनिहरुलाइ
ज्ये भयो कसैलाइ न भन भनि आज्ञा दियो॥

९ १ अनि उस्ले बाह्रैलाइ बोलाइ जमायेर तिनिहरुलाइ सबै भूत्हरु मांथि
२ र रोग्हरु बिसेक् गराउंने शक्ति र अधिकार् दियो। अनि उस्ले तिनि-
हरुलाइ ईश्वर्को राज् प्रचार् गर्नु र दुब्लादाब्लाहरुलाइ निको पार्नुलाइ
३ पठायो। अनि उस्ले तिनिहरुलाइ भन्यो आफ्नु बाटोको लागि क्येइ न
बोक न लउरो न झोलि न रोटी न रुपिया अनि न दुवटा दौरा राख्नु।
४ अनि तिमिहरु जम् घर्मां पसौला तिहीं बसि रह अनि तिहीं बाटो निक्ल।
५ अनि जस् जस्ले तिमिहरुलाइ ग्रहण् गरोइनन् त्येसै सहर् देखि
निक्लंदाखेरि तिनिहरु मांथि साक्षी हुंनुको लागि आफ्ना गोड़ाको धूलो
६ टक्टक्याइ देव। त तिनिहरु निस्क्येर सबै ठांउमां सुसमाचार् सुनाउंदै
र बिसेक् गराउंदै गांउ गांउ हुंदै गये॥

७ अब चौथाईको मालिक् हेरोदेस्ले भयेका सबै कुरा सुन्यो अनि त्यो
अग्घोर् अन्योल्मां पर्‍यो किनभन्ये कत्तिले भन्द थिये यूहन्ना मुर्दाहरु
८ देखि बौरि उठेर छ अनि कत्तिले एलिया प्रगटो भयो अनि अरुहरुले
९ तादिका अगम्बक्ताहरुमांको कोई उठेर छ। अनि हेरोदेस्ले भन्यो
यूहन्नाको ता मैंले सिर् काटेर तर यो को हो जस्को बिषय्मां मं
येस्ता कुरा सुन्द छु। अनि त्येस्ले उस्लाइ हेर्नु खोज्यो॥

१० अनि प्रेरित्हरुले फर्कि आयेर ज्ये ज्ये गर्‍येका थिये ति उ सित
बखान् गर्‍ये। अनि उ तिनिहरुलाइ सङ लियेर बेत्सैदा भनींने सहर्मां
११ एकान्तमां गयो। तर यो थाहा पायेर धुइराहरुले उस्लाइ पछ्याये अनि
उ तिनिहरुलाइ खुशि सित ग्रहण् गरि तिनिहरु सङ ईश्वर्को राज्को
बिषय्मां बोल्यो अनि जस् जस्लाइ बिसेक्को खांचो थियो तिनिहरुलाइ

१२ निको पाऱ्यो। अनि दिन् ढल्कनु लाग्यो अनि बाह्रैले छेउ आयेर उस्लाइ
भन्ये धुइरोलाइ बिदा गर्नु हवस् र तिनिहरुले छेउछाउका गांउ र
बस्तिहरुमां रात् बिताउन् अनि खांने सादम् पाउन् किनभन्ये यहां सुन्ये
१३ ठांउमां छौं। तर उस्ले तिनिहरुलाइ भन्यो तिनिहरुलाइ तिमिहरुले
खांनु देव। अनि तिनिहरुले भन्ये हांमिहरु थांइ पांच्वटा रोटी र दुवटा
माच्छा भन्दा ज्यास्ति छैन हांमिहरुले गयेर यि सबै लोगको लागि भोजन्
१४ किन्यूंन भन्ये देखि। किनभन्ये तिनिहरु अड्कल्मां पांच् हजार्
पुरुष्हरु थिये। अनि उस्ले आफ्ना शिक्षेहरुलाइ भन्यो तिनिहरुलाइ
१५ पचास् पचास् जसोको टोल् टोल् गरि बसाव। अनि तिनिहरुले येसै गरि
१६ सबैलाइ बसाये। तब उस्ले ति पांच्वटा रोटी र दुवटा माच्छा लियेर
स्वर्ग तिर हेरिकन ति मांथि आशीर्बाद् गऱ्यो अनि भांचिकन शिक्षेहरुलाइ
१७ दियो धुइरोको सांमु सांमु राखुन् भन्येर। अनि तिनिहरुले खाये
अनि सबै अघाये अनि तिनिहरुको लागि उब्र्येका टुक्राहरु बारह् डालो
भरि उठाईये॥

१८ अनि येसो भयो उस्ले एकान्तमां प्रार्थना गर्दामां शिक्षेहरु उ सङ थिये
अनि उस्ले तिनिहरुलाइ धुइराहरुले क्ये भन्द छन् मं को हुं अरे भनि
१९ सोध्यो। अनि तिनिहरुले उत्तर् दिइ भन्ये यूहन्ना बप्तिस्मा गर्ने तर
अरुले एलिया अनि अरुले तादिका अगम्बक्ताहरुमांको कोई उठ्या छ
२० अरे। अनि उस्ले तिनिहरुलाइ भन्यो तर तिमिहरुचइंले क्ये भन्द छौ
२१ मं को हुं। अनि पत्रुस्ले उत्तर् दिइ भन्यो ईश्वर्का ख्रीष्ट। तर
उस्ले तिनिहरुलाइ बल्लियो गरि आज्ञा दियो यो कुरो कसैलाइ न भन.
२२ खांचो छ मान्छेको पुत्रले धेरै दुख भोग्नु अनि प्राचीन्हरु र मूलपूजाहारी-
हरु र शास्त्रीहरु देखि बिकामे ठानींनु अनि मांरींनु अनि तीस्रो दिन्मां
२३ बौराईनु भनिकन। अनि सबैलाइ उस्ले भन्यो कसैले मेरो पछि आउंने
इच्छे गर्द छ भन्ये आफ्नु मन् मांरोस् अनि आफ्नु क्रूस् दिनहूं बोकोस्
२४ अनि मंलाइ पछ्यावस्। किनभन्ये जस्ले आफ्नु प्राण् बचाउंने इच्छे
गर्द छ त्येस्ले त्यो हराउंछ तर जस्ले मेरो लागि आफ्नु प्राण् हराउला
२५ येसैले त्यो बचाउंछ। किनभन्ये मान्छेले स्यांट्ठै संसार् हात् पाऱ्येर
२६ अनि आफुचइंलाइ हरायेर कि गुमायेर क्ये नाफा पाउंद छ। किनभन्ये
जो मं र मेरा बचन् देखि लजाउला त्येस् देखि मान्छेको पुत्र लजाउंछ
जब उ आफ्नै र आफ्नु पिताको र पवित्र दूत्हरुको महिमामां आउंछ।

२७ तर मं तिमिहरुलाइ सांचिनै भन्द छु जो जो यहां उभीयेका छन् तिनि-
हरुमांका कोई कोई छन् जैले सम्म ईश्वर्को राज् देख्दैनन् तैले सम्म
मृत्युको स्वाद् न चाख्ने ॥
२८ अनि यि बचन्को दिन् आठ् एक् पछि येसो भयो उ पत्रुस् र यूहन्ना
र याकूब्लाइ सङ लियेर प्रार्थना गर्नुलाइ डांड़ा मांथि चढ़ि गयो।
२९ अनि उस्ले प्रार्थना गर्दामां उस्को मुख्को रूप् अर्को भयो अनि उस्को
३० बस्त्र उज्जर् र चम्कने। अनि हेर दुइ जना पुरुषहरु उ सङ बोल्दै
३१ थिये जो मूसा र एलिया थिये जस्ले महिमामां देखाहा पऱ्येर
उस्ले यरूसलम्मां पूरो गर्नु आंटेको मंरणको बिषयमां बात् गऱ्य।
३२ अब पत्रुस् र त्येस्का साथीहरुका आंखा निद्राले गह्रु थिये तर जब पूरो
गरि जाग्ये तब तिनिहरुले उस्को महिमा र ति उ सङ उभीयेका दुइ जना
३३ पुरुषहरुलाइ देख्ये। अनि तिनिहरु उ देखि अलग् जांदामां येसो भयो पत्रुस्ले
येशूलाइ भन्यो हे गुरु हांमिहरुको लागि यहां हुनु जाति रछ अनि हांमिहरु
तीन्वटा डेरा बनाऊं येउटा तपांइको लागि अनि येउटा मूसाको लागि अनि
येउटा एलियाको लागि किनभन्ये त्येस्ले क्ये भन्द छु भनि जान्दैन
३४ थियो। अनि त्येस्ले यि कुरा भन्दैनै थियो येउटा मेघ्ले बनीयेर तिनिहरु
मांथि छाया पारि दियो अनि उनिहरु मेघ्मां पस्दामां तिनिहरु डराये।
३५ अनि त्येस् मेघ् बाटो एक् शब्द भयो यो मेरो पुत्र मेरो छानीयेको हो
३६ उस्को सुन भन्न्ये। अनि यो शब्द भयेमां येशू एक्लै पाईयो। अनि
तिनिहरु चुप् रह्ये अनि ज्ये देख्येका थिये तिनमांको क्येइ ति दिन्मां
कसैलाइ कहि सुनायेनन् ॥
३७ अनि येसो भयो भोलि पल्टो उनिहरु डांड़ा बाटो उत्रि आउंदाखेरि
३८ ठुलो धुइरो उ सङ भेट् भयो। अनि हेर धुइरो बाटो येउटा
पुरुष् करायो हे गुरु मं तपांइ सित बिन्ति गर्द छु मेरो छोरो मांथि दृष्टि गर्नु
३९ हवस् किनभन्ये त्यो मेरो एक्ले हो अनि हेर्नु हवस् येउटा आत्माले
त्येस्लाइ समात्द छ अनि त्यो एक्कासि कराउंद छ अनि त्येस्ले त्येस्लाइ
फीज् कड़ाउंज्याल् सम्म निमठ्द छ अनि त्येस्लाइ चूर् पाऱ्येर कठिन्
४० सङ त्येस् देखि दूर जांद छ। अनि मैंले तपांइका शिक्षेहरु सित त्येस्लाइ
४१ निकालि दिउन् भनि बिन्ति गऱ्यें अनि तिनिहरुले सक्येनन्। येशूले उत्तर्
दिइ भन्यो ए अबिश्वासी र अट्टेरि पुस्ता मं कैले सम्म तिमिहरु थांइ रहुंला
४२ अनि तिमिहरुलाइ सहुंला आफ्नु छोरोलाइ यहां छेउ ल्या। अनि त्यो छेउ

आउंदैनै थियो भूत्ले त्येस्लाइ फहरायेर अग्घोर् निमठ्यो। तर येशूले
अशुद्ध आत्मालाइ हकाऱ्येर केटोलाइ निको पाऱ्यो अनि त्येस्लाइ त्येस्को
४३ बाबुलाइ फर्काइ दियो। अनि ईश्वर्को महातम् देखि सबै मुर्छा पऱ्ये॥
तर जब सबैले उस्ले गऱ्येका सबै काम्ले उदेक् मान्द थिये तब उस्ले
४४ आफ्ना शिक्षेहरुलाइ भन्यो तिमिहरुले यि बचन् आफ्ना कान्मां राख
किनभन्ये मान्छेको पुत्र मान्छेहरुका हात्मां पकराइ दिईनु आंटेको छ।
४५ तर तिनिहरुले यो कुरो थाहा पायेनन् अनि त्यो तिनिहरु देखि ढाकीयो
तिनिहरुले त्येस्को क्ष्यान् न पाउन् भन्येर अनि तिनिहरु येम् कुरोको
बिषय्मां उ सित सोध्नुलाइ डराउंद थिये॥
४६ अनि यो बिबाद् तिनिहरुमां उठ्यो हांमिहरुमांको बड़ा को होला
४७ भन्ये। तर येशूले तिनिहरुको हिर्दय्को बिचार् देखिकन येउटा बालखलाइ
४८ समात्येर आफु छेउ उभ्यायेर तिनिहरुलाइ भन्यो जस्ले मेरो नांउले
येस् बालखलाइ ग्रहण् गर्ला त्येस्ले मंलाइ ग्रहण् गर्द छ अनि जस्ले
मंलाइ ग्रहण् गर्ला त्येस्ले मंलाइ पठाउंनेलाइ ग्रहण् गर्द छ किनभन्ये जो
तिमिहरु सबैमां छोटा छ त्येइ बड़ा हो॥
४९ अनि यूहन्नाले उत्तर दिइ भन्यो हे गुरु हांमिहरुले एक् जना मान्छेलाइ
तपांइको नांउले भूत्हरुलाइ निकाल्दै गऱ्येको देख्यूं अनि त्येस्लाइ थून्यूं
५० किनभन्ये त्येस्ले हांमिहरु सङ पछ्याउंदैन। तर येशूले त्येस्लाइ भन्यो
न थुन् किनभन्ये जो तिमिहरुको बिरुद्ध छैन त्यो तिमिहरुको लागि छ॥
५१ अनि जब उ ऊंभो लगींने दिन् पूरा होइ जांद थिये तब येसो भयो
५२ उस्ले आफ्नु मुख् यरूसलम्मां जांनुलाइ स्थिर गऱ्यो अनि दूत्हरुलाइ
आफ्नु मुख्को अगाड़ि पठायो अनि तिनिहरु गयेर उस्को लागि तियार्
५३ पार्नुलाइ सामरीहरुको येउटा गांउमां पस्ये। तर तिनिहरुले उस्लाइ ग्रहण्
५४ गऱ्येनन् किनभन्ये उस्को मुख् यरूसलम्मां जांने जस्तो थियो। अनि
उस्का शिक्षे याकूब् र यूहन्नाले यो देखिकन भन्ये हे प्रभु क्ये तपांइले इच्छे
गर्नु हुंद छ हांमिहरु भनूं आगोले स्वर्ग बाटो उत्ऱ्येर तिनिहरुलाइ क्षय्
५५ ५६ गरोस् भनि। तर उस्ले फर्क्येर तिनिहरुलाइ हकाऱ्यो। अनि तिनिहरु
अर्को गांउमां गये॥
५७ अनि तिनिहरु बाटोमां जांदाखेरि कसैले उस्लाइ जहां जहां तपांइ
५८ जांनु हुंछ मं तपांइलाइ पछ्याउंछु भन्यो। येशूले त्येस्लाइ भन्यो
स्याल्हरुको लागि कुर् छन् अनि अकाश्का पंषीहरुको लागि गुंड् छन्

तर मान्छेको पुत्रको लागि ता सिर् ढल्काउंने ठांउ छैन। अनि उस्ले
५९ अर्कोलाइ भन्यो मंलाइ पछ्या। तर त्येस्ले भन्यो हे प्रभु पहिले मंलाइ
६० आफ्नु बाबुलाइ गाड्नु जांनु दिंनु हवस्। तर उस्ले त्येस्लाइ भन्यो
मुर्दाहरुलाइ आफ्ना मुर्दा गाड्नु दे तर तंचइंले गयेर ईश्वर्को राज्को
६१ समाचार् फिंजा। अनि अर्कोलि पनि भन्यो हे प्रभु मं तपांइलाइ
पछ्याउंछु तर पहिले मंलाइ आफ्नु घर्का लोग् देखि बिदा हुंनु
६२ दिंनु हवस्। तर येशूले त्येस्लाइ भन्यो आफ्नु हात् हलोमां लगायेर
पछाड़ि हेर्ने कोई ईश्वर्को राज्को लागि सुवाउंदैन॥

१० १ अब यि कुरा पछि प्रभुले अरु सत्तरि जनालाइ खट्याया अनि
तिनिहरुलाइ दुइ दुइ गरि आफ्नु मुख्को अगाड़ि गांट पिच्छे सहर् र ठांउमां
२ पठायो जहां जहां उ आफै आउंनु आंट्येको थियो। अनि उस्ले तिनि-
हरुलाइ भन्यो कटनी धेरै तर खेतालाहरु थोरै छन् यस्कारण् कटनीको
प्रभु सित बिन्ति गर र उस्ले आफ्नु कटनीमां खेतालाहरुलाइ पठाइ
३ देवस्। जाइ जाव हेर मं तिमिहरुलाइ पाठाहरुलाइ झैं बुवांसाहरुको
४ मांझमां पठाउंद छु। न थैली न झोलि न जुत्ता बोक अनि बाटोमां
५ कसैलाइ सलाम् न भन। अनि जस् घर्मां पसौला पहिले भन येस्
६ घर्लाइ शान्ति हवस्। अनि त्यहां शान्तिको सन्तान् रछ भन्ये देखि
तिमिहरुको शान्ति त्येस् मांथि थासीछ तर रैनछ भन्ये देखि त्यो तिमि-
७ हरु मांथि फर्कि आउंछ। अनि त्येसै घर्मां बसि रह तिनिहरुकां भयेका
थोक् खांदै पीउंदै किनभन्ये खेताला आफ्नु बनिको योग्य छ। घर् घर्
८ न डुल। अनि जस् सहर्मां पसौला अनि तिनिहरुले तिमिहरुलाइ ग्रहण्
९ गर्नन् तिमिहरुको सांमु राख्येका थोक् खाव। अनि त्येस्मांका दुब्ला-
दाब्लाहरुलाइ बिसेक् गराव अनि तिनिहरुलाइ भन ईश्वर्को राज्
१० तिमिहरु मांथि नजिक् आयो। तर जस् सहर्मां पसौला अनि तिनि-
हरुले तिमिहरुलाइ ग्रहण् गरोइनन् त्येस्का सटक्हरुमां निस्क्येर
११ भन तिमिहरुको सहर् देखिको हांमिहरुका गोड़ामां टांसीयेको धूलो
पनि हांमिहरु तिमिहरु मांथि पुछि पठाउंद छौं तरै पनि तिमिहरुले
१२ यो थाहा पाव ईश्वर्को राज् नजिक् आयो भनि। मं तिमिहरुलाइ
भन्द छु त्येस् दिन्मां त्येस् सहर्को गत् भन्दा ता सदूम्को गत् सहाऊ
१३ हुंछ। ए खोराजीन् तं मांथि हाय् ए बैत्सैदा तं मांथि हाय् किनभन्ये
जो आश्चर्य्येकर्म्म तिमिहरुमां गरीये ति सूर् र सीदोन्मां गरीयेका भये

देखि ता तिनिहरुले भाङ्रा र खरानिमां बसिकन कैले देखिको पश्चात्ताप्
१४ गरि सक्ने थिये। तरै पनि बिचार्मां तिमिहरुको गत् भन्दा सूर् र
१५ सीदोन्को गत् सहाऊ हुंछ। अनि ए कफर्नाहुम् क्ये तं स्वर्ग सम्म
१६ अल्ग्याईछस् तं पत्ताल् सम्म ओह्रालींछस्! तिमिहरुको सुन्नेले मेरो सुन्द
छ अनि तिमिहरुलाइ टारि पठाउंनेले मंलाइ टारि पठाउंद छ अनि मंलाइ
टारि पठाउंनेले मंलाइ पठाउंनेलाइ टारि पठाउंद छ।।

१७ अनि ति सत्तरै येसो भन्दै रमाहट् सङ फर्कि आये हे प्रभु भूत्हरु
१८ पनि तपांइको नांउले हांमिहरुको ताबिमां भये। अनि उस्ले तिनिहरुलाइ
भन्यो मं शैतान्लाइ बिजुलि झैं स्वर्ग देखि खस्येको हेर्द थियें।
१९ हेर मैंले तिमिहरुलाइ साप् र बिच्छुहरुलाइ कुल्चंने र सत्तुर्को सब शक्ति
मांथि अधिकार् दियेको छु अनि क्येइले तिमिहरुको क्येइ हानि गर्दैन।
२० तरै पनि आत्माहरु हांमिहरुको ताबिमां भये भनि न रमाव तर हांमि-
हरुका नांउ स्वर्गमां लेखीयेका छन् भनि रमाव।।

२१ त्येसै घरीमां उ पवित्र आत्माले हर्षित् भइ भन्यो हे पिता स्वर्ग र
पृथिवीका प्रभु मं तपांइको धन्नबाद् गर्द छु किनभन्ये तपांइले यि कुरा
ज्ञानीहरु र बुद्धिमान्हरु देखि गुप्त राख्नु भयो अनि बालखहरु मांथि
प्रगटो गर्नु भयो अं हे पिता किनभन्ये तपांइको दृष्टिमां येसो गर्नु खुशि
२२ भयो। सबै थोक् मंलाइ मेरो पिता देखि सुम्पि दिईयेका छन् अनि कसैले
पुत्र को हो भनि चिन्दैन खालि पिताले अनि पिता को हो भनि खालि
पुत्रले अनि त्येसैले जस् मांथि पुत्रले उस्लाइ प्रगटो गर्ने मन् गर्द छ।
२३ अनि उस्ले शिक्षेहरु निर फर्क्येर एकान्तमां भन्यो धन्न तिमिहरुले देख्येका
२४ कुरा देख्ने आंखाहरु कसोगरिभन्ये मं तिमिहरुलाइ भन्द छु धेरै
अगम्बक्ताहरु र राजाहरुले ज्ये ज्ये तिमिहरुले देख्द छौ ति देख्ने इच्छ
गर्‍ये अनि देख्येनन् अनि ज्ये ज्ये तिमिहरुले सुन्द छौ ति सुन्ने इच्छे
गर्‍ये अनि सुन्येनन्।।

२५ अनि हेर येउटा ब्यवस्थाको जानापाले उठेर उस्को परीक्षा गरि
२६ भन्यो हे गुरु मं क्ये गर्‍येर अजम्मरे जीउंनिको अधिकारी होउं। अनि
उस्ले त्येस्लाइ भन्यो ब्यवस्थामां क्ये लेख्येको छ तैंले कसो पर्द छस्।
२७ अनि त्येस्ले उत्तर् दिइ भन्यो तैंले प्रभु आफ्नु ईश्वर् सङ आफ्नु पूरो
हिर्दय देखि अनि आफ्नु पूरो प्राण्ले अनि आफ्नु पूरो बल्ले अनि आफ्नु
२८ पूरो बुद्धिले प्रेम् गर् अनि आफ्नु क्षिमेकि सङ आफै सङ झैं। अनि

उस्ले त्येस्लाइ भन्यो तैंले सोजो उत्तर् दिइम् येइ गर् त तं जीउंछस्।
२९ तर त्येस्ले आफुलाइ धर्म्मी ठहराउंने इच्छे गरि येशूलाइ भन्यो अनि मेरो
३० क्षिमेकि कुन् चइं हो। प्रत्युत्तर् गरि येशूले भन्यो एक् जना मान्छे यरूसलम्
बाटो यरीहोमां उत्रि जांदै थियो अनि त्यो डाकूहरुको बीच्मां पर्‍यो जो
त्येस्लाइ नंग्यायेर अनि पनि चोट् लगायेर आधामोरो छोड़्रेर हिंड़ि गये।
३१ अनि संयोग्ले एक् जना पूजाहारी त्येस् बाटो बाड़ो उत्रि जांदै थियो अनि
३२ त्येस्ले त्येस्लाइ देख्येर सांमुको पट्टि बाटो तर्कि गयो। अनि त्येसै
गरि येउटा लेवी पनि त्यो ठांउ निर आयेर त्येस्लाइ देखिकन सांमुको
३३ पट्टि बाटो तर्कि गयो। तर एक् जना सामरी यात्रा गर्दै त्यो निर आयो
३४ अनि त्येस्चइंले त्येस्लाइ देखिकन टिठायो अनि छेउ आयेर तेल् र
दाख्रस् खन्याइ त्येस्का घाउहरुमां पट्टि बान्ध्यो अनि त्येस्लाइ आफ्नै पशु
मांथि चढ़ायेर त्येस्लाइ पाटिमां पुर्‍यायो अनि त्येस्को सुसार् गर्‍यो।
३५ अनि भोलि पल्टो त्येस्ले दुवटा सुका निकाल्येर पाटिको मान्छेलाइ दिइ
भन्यो येस्को सुसार् गरि देउ अनि ज्ये तिमिले अरु खर्चौला त्यो मं फर्कि
३६ आउंदा तिमिलाइ भरि दिछु। नि तीनै जनामांको कुन् चइं तेरो
३७ ठनाईमां डाकूहरुमां पर्नेको क्षिमेकि भयो। त्येस्ले भन्यो त्येस् माथि
दया गर्ने चइं। येशूले त्येस्लाइ भन्यो जा तैंले पनि त्येसै गर्॥
३८ अब उनिहरु जांदा जांदा उ कसै गांउमां पस्यो अनि मर्था नांउ
३९ भयेको येउटी स्त्रीले उस्लाइ आफ्नु घर्मां पाहुना पाली। अनि
त्येस्की मरियम् भन्नीने बैंनी थिई जस्ले प्रभुका चरण् निर् बसि उस्को
४० बचन् सुन्द थिई पनि। तर मर्था धेरै सेवाका बिषय्मां तैनाथिमां थिई
अनि त्येस्ले छेउ उभीइ भनी हे प्रभु क्ये तपांइलाइ मेरी बैनीले मंलाइ
सेवा गर्नुलाइ एक्लै छोड़्रेकी छ भनि धन्दा छैन येस्कारण् त्येस्लाइ भनि
४१ दिंनु हवस् मंलाइ गोहार् गरोस् भनिकन। तर प्रभुले उत्तर् दिइ त्येस्लाइ
भन्यो ए मर्था ए मर्था तैंले धेरै कुराको बिषय्मां फिक्रि र खैलाबैला
४२ गर्द छस् तर एक् कुरोको खांचो छ कसोगरिभन्ये मरियम्ले त्यो भलो
अंश छान्येकी छ जुन् चइं त्येस् देखि उठाई लगींदैन॥

११ १ अनि उस्ले एका ठांउमां प्रार्थना गर्दाखेरि येसो भयो जब उ थामीयो
तब उस्का शिक्षेहरुमांको येउटाले उस्लाइ भन्यो हे प्रभु हांमिहरुलाइ
प्रार्थना गर्नु सिकाउंनु हवस् जसोगरिकन यूहन्नाले पनि आफ्ना शिक्षेहरुलाइ
२ सिकायो। अनि उस्ले तिनिहरुलाइ भन्यो जब तिमिहरुले प्रार्थना गर्द

छौ तब भन हे पिता तपांइको नांउ पवित्र गरीओस्। तपांइको राज्
३ आवस्। हांमिहरुको दिन्भरिको रोटी दिनहूं हांमिहरुलाइ दिंनु हवस्।
४ अनि हांमिहरुका पाप् क्षमा गर्नु हवस् किनभन्ये हांमिहरु आफैले
पनि आफ्नु जनंगे आसामि हुंनेलाइ क्षमा गर्द छौं। अनि हांमिहरुलाइ
परीक्षामां न ल्याउंनु हवस्॥

५ अनि उस्ले तिनिहरुलाइ भन्यो तिमिहरुमांको को होला जस्को येउटा
मित्र हवस् अनि त्येस्ले आधा रात्मां त्यो थांइ गयेर त्येस्लाइ भनोस्
६ हे मित्र मंलाइ तीन्वटा रोटी पैंचो दिंनु हवस् किनभन्ये मेरो येउटा
मित्र यात्रा बाटो मं थांइ आयेको छ अनि मेरां त्येस्को सांमु राख्नुलाइ
७ क्येइ छैन अनि त्येस्ले भित्र बाटो उत्तर् दिइ भनोस् मंलाइ
दुख् गराइ न देउ अब ता दुवार् थुनीयेको छ अनि मेरा बालखहरु
८ मं सङ ओछ्यान्मां छन् मं उठेर तिमिलाइ दिंनु सक्दीन। मं
तिमिहरुलाइ भन्द छु त्येस्ले त्यो त्येस्को मित्र भयेको कारण्ले उठेर
त्येस्लाइ दिंदैन भन्ये पनि त्यो धार्ना बस्येको कारण्ले उठेर जत्तिको
९ खांचो होला त्येस्लाइ दिंछ। अनि मं तिमिहरुलाइ भन्द छु मांग त
तिमिहरुलाइ दिईछ खोज त तिमिहरुले पाउंछौ घच्घच्याव त तिमिहरुको
१० लागि उघारींछ। किनभन्ये जस्ले मांग्द छ त्येस्लाइ जुर्द छ अनि जस्ले
खोज्द छ त्येस्ले पाउंद छ अनि जस्ले घच्घच्याउंद छ त्येस्को लागि
११ उघारींछ। अनि तिमिहरुमांको कुन् बाबु छ जस्ले त्येस्को छोराले त्यो
सित रोटी मांग्यो भन्ये देखि त्येस्लाइ ढुंगा दिंछ कि माच्छा त त्येस्लाइ
१२ माच्छाको साटो साप् दिंछ कि फुल् मांग्यो भन्ये देखि त्येस्लाइ बिच्छू
१३ दिंछ। त तिमिहरुले दुष्ट भइकन आफ्ना बालखहरुलाइ भला दान् दिंनु
जान्द छौ कति ज्यास्ति गरिकन तिमिहरुको स्वर्गबासी पिताले उ मित
मांग्नेहरुलाइ पवित्र आतमा दिंछ॥

१४ अनि उस्ले येउटा लाटो भूत्लाइ निकाल्दै थियो। अनि येसो
भयो भूत् निक्ल्ये पछि लाटो बोल्नु लाग्यो अनि धुइराहरुले उदेक् मान्ये।
१५ तर तिनिहरुमांका कत्तिले भन्ये भूत्हरुको मालिक बाल्जिबूल्को बाटोले
१६ उस्ले भूत्हरुलाइ निकाल्द छ। अनि अरु अरुले उस्को परीक्षा गरि उ
१७ सित स्वर्ग देखि चिंनु मांग्ये। तर उस्ले तिनिहरुका सोच् जानिकन
तिनिहरुलाइ भन्यो जस् जस् राज्को आफुमां फाटो पर्द छ त्यो सुन्ये
१८ गराईंछ अनि जस् घर्को घर् सङ त्यो लड्छ। अनि शैतान्को पनि

आफुमां फाटो पर्‍येको छ भन्ये देखि त्येस्को राज् कसोगरि ठहर्छ किनभन्ये
तिमिहरुले मैंले बाल्जिबूल्को बाटोले भूत्हरुलाइ निकाल्द छु भनि भन्द
१९ छौ। अनि मं चइं बाल्जिबूल्को बाटोले भूत्हरुलाइ निकाल्द छु भन्ये
देखि तिमिहरुका छोराहरुले कस्को बाटोले निकाल्द छन् येस्कारण् तिनि-
२० हरुइ तिमिहरुका बिचारी हुंछन्। तर मं चइं ईश्वर्को औंलोको बाटोले
भूत्हरुलाइ निकाल्द रांछु भन्ये देखि त अवस्से ईश्वर्को राज् तिमिहरु
२१ सम्म पुगि सक्येको छ। जब हतियार्सतियार् भिर्‍येको बल्लियोले आफ्नै
२२ आघन्लाइ पहरा दिंद छ तब त्येस्को धन् सम्पत्ति कुशल्मां छ तर
जब त्यो भन्दा बल्लियोले त्येस् मांथि आइ लाग्येर त्येस्लाइ जीत्ला तब
त्येस्का हतियार्सतियार् जस् मांथि भरोसा गर्‍यो उठाइ लांद छ अनि
२३ त्येस्को लूट् बांड़ि दिंद छ। जो मं सङ छैन त्यो मेरो विरुद्ध छ अनि
२४ जस्ले मं सङ भेला गराउंदैन त्येस्ले छर्पुट्ट गराउंद छ। जब अशुद्ध
आत्मा मान्छे देखि निक्ल्येको छ तब ओबाना ठाउ हुंदो बिश्राम् खोज्दै
खोज्दै जांद छ अनि न पायेर म आफ्नै घर्मां फर्कि जांछु जहां बाटो
२५ निस्क्यें भनि भन्द छ। अनि त्येस्ले आयेर त्येस्लाइ बढ़ारीयेको र
२६ सह्यारीयेको पाउंद छ। तब त्येस्ले गयेर आफु भन्दा दुष्ट अरु सात्वटा
आत्माहरुलाइ सङ ल्याउंद छ अनि तिनिहरुले पस्येर त्यहां बास् गर्द छन्
अनि त्येस् मान्छेको पछिल्लो गत् पहिलो भन्दा सारो होइ जांछ॥
२७ अनि उस्ले यि कुरा भन्दाखेरि येसो भयो भुइरो बाटो येउटी स्त्रीले
शब्द उचालि उस्लाइ भनी धन्न तपांइलाइ बोक्ने गर्भ अनि तपांइले
२८ चूस्येका थुन्। तर उस्ले भन्यो अं झन् धन्न ईश्वर्को बचन् सुन्ने र
जगेरा गर्नेहरु॥
२९ अनि धुइराहरु थुप्रीदाखेरि उस्ले भन्नु लाग्यो यो पुस्ता दुष्ट पुस्ता हो
त्येस्ले चिंनु खोज्द छ अनि यूनस्को चिनु छोड़ि कोई चिंनु त्येस्लाइ दिईदैन।
३० किनभन्ये जसोगरि यूनस् नीनवीका लोगलाइ चिंनु भयो त्येसैगरि
३१ मान्छेको पुत्र पनि येस् पुस्तालाइ। दक्खिन्की रानी बिचार्मां येस्
पुस्ताका मान्छेहरु सङ उठ्छ अनि तिनिहरुलाइ दोषी ठहराउंछ
किनभन्ये त्यो पृथिवीको छेउ देखि सुलेमान्को ज्ञान् सुन्नुलाइ आई अनि
३२ हेर सुलेमान् भन्दा बड़ो यहां एक् जना छ। नीनवीका मान्छेहरु
बिचार्मां यो पुस्ता सङ उभींछन् अनि त्येस्लाइ दोषी ठहराउंछन् किनभन्ये

तिनिहरुले यूनस्को प्रचार् सुन्येर पश्चात्ताप् गर्‍ये अनि हेर यूनस् भन्दा
बड़ो यहां एक् जना छ ॥
३३ कसैले बत्ती बाल्येर गुप्त ठांउमां राख्दैन अनि न पाथी मुनि तर
३४ बत्तीदानीमां भित्र आउंनेहरुले उजियालो देखुन् भन्येर। तेरो जीउको
बत्ती तेरो आंखा हो जब तेरो आंखा चोखो छ तब तेरो सिंगो जीउ पनि
उजियालो छ तर जब त्यो दुष्ट छ तब तेरो जीउ पनि अंध्यारो छ।
३५ येस्कारण् हेर्दै रह् तंमां भयेको ज्योति अंधकार् ता होइन भन्येर।
३६ येस्कारण् तेरो सिंगो जीउ उजियालो छ अनि कोई खण्ड अंध्यारो छैन
भन्ये देखि त सिंगै उजियालो हुंछ जसोगरिकन जब बत्तीले आफ्नु
चमक्ले तंलाइ ज्योति दिंद छ ॥
३७ अब उ बोल्दैखेरि येउटा फरीसीले उ सित मेरां भोज गर्नु हवस्
३८ भनि मांग्यो अनि उ पस्येर भोज्मां बस्यो। अनि फरीसीले यो देख्येर
३९ उस्ले भोज् भन्दा पहिले हात् धोयेन भनि उदेक् मान्यो। अनि प्रभुले
त्येस्लाइ भन्यो अब तिमि फरीसीहरुले कटौरा र थाल्को बाइर पट्टि
चोख्याउंद छौ तर तिमिहरुको भित्र पट्टि भन्ये लूटेई र दुष्टेईले
४० भरीयेको छ। ए निर्बुद्धिहरु हो क्ये बाइर पट्टिलाइ बनाउंनेले भित्रलाइ
४१ पनि बनायेन। तै भित्र भयेका थोक् दयादान् देव त हेर सबैनै थोक्
तिमिहरुको लागि चोखै छन् ॥
४२ तर हाय् तिमि फरीसीहरु मांथि किनभन्ये तिमिहरुले पदीना र
आरुद् र गोटै पिच्छे साग्पात्को दसौं अंश दिंद छौ अनि बिचार् र ईश्वर्को
प्रेम् देखि तर्कि जांद छौ तर यि गर्नु अनि ति न छोड़ि दिंनु पर्थ्यो।
४३ हाय् तिमि फरीसीहरु मांथि किनभन्ये तिमिहरुले सभाघर्हरुमां मूल्बैठक्
४४ र चोक्मां पालागी सङ्ग प्रेम् गर्द छौ। हाय् तिमिहरु मांथि किनभन्ये
तिमिहरु प्रकाश् न हुंने चिहान्हरु जस्ता छौ अनि ति मांथि बाटो हिंड़डुल्
गर्ने मान्छेहरुले जान्दैनन् ॥
४५ अनि ब्यवस्थाका जानापाहरुमांको एक् जनाले उस्लाइ उत्तर् दिइ भन्यो
हे गुरु आफुले यि कुरा भन्दामां हांमिहरुको पनि निन्दा गर्नु हुंद छ।
४६ अनि उस्ले भन्यो हाय् तिमि ब्यवस्थाका जानापाहरु मांथि पनि किनभन्ये
तिमिहरुले मान्छेहरु मांथि बोक्नु कठिन् भयेका बोझा बोकाउंद छौ अनि
आफैले भन्ये ति बोझा आफ्नु येउटा औंलोले अलिक् पनि छुंदौन।
४७ हाय् तिमिहरु मांथि किनभन्ये तिमिहरुले अगम्बक्ताहरुका चौतराहरु

४८ बनाउंद छौ अनि तिमिहरुका पित्रहरुले तिनिहरुलाइ मांर्‍ये। त तिमि-
हरु साक्षी हौ अनि आफ्ना पित्रहरुका काम्मां मतेरि हुंद छौ कसोगरिभन्ये
तिनिहरुचइंले तिनिहरुलाइ मांर्‍ये अनि तिमिहरुचइंले तिनिहरुका चौतरा
४९ बनाउंद छौ। येस्कारण् ईश्वर्‌को बुद्धिले पनि भन्यो मं तिनिहरुकां
अगम्‌बक्ताहरु र प्रेरित्‌हरुलाइ पठाउंछु अनि तिनिहरुले तिनिहरुमांका
५० कत्तिलाइ मांर्छन् अनि सताउंछन् संसार्‌को उत्पत्ति देखि बहाईयेको
सबै अगम्‌बक्ताहरुको लोहू येइ पुस्ता देखि खोजि लिईओस् भन्ये
५१ खातिर्‌ले हाबिल्‌को लोहू देखि येसो बेदि र पवित्रघर्‌को बीच्‌मा नष्ट
भयेको जखरियाको लोहू सम्म अं मं तिमिहरुलाइ भन्द छु त्यो येइ पुस्ता
५२ देखि खोजि लिईछ। हाय् तिमि व्यवस्थाका जानापाहरु मांथि किनभन्ये
तिमिहरुले ज्ञान्‌को ताल्‌चा उठाइ लग्यौ तिमिहरु आफै पस्यौन अनि पस्ने-
हरुलाइ तिमिहरुले थुन्यौ॥

५३ अनि जब उ त्यहां बाटो निस्‌क्यो तब शास्त्री र फरीसीहरुले उस्लाइ
अग्घोर् डाहाले सताउंनु र धेरै कुराको बिषय्‌मां जताभाबि बोल्‌नु लाउंनु
५४ लाग्ये उस्लाइ चियाइ उस्को मुख् देखि क्येइ पक्रूं भन्येर॥

१२ १ येतिमां जब धुइरोका हजार् हजार् लोग् यहां सम्म भेला भये
तिनिहरुले आपस्तमां दलादल् गर्द थिये तब उस्ले सबै भन्दा पहिले आफ्ना
शिक्षेहरुलाइ भन्नु लाग्यो फरीसीहरुको खमीर् देखि जो कपट् हो चंख
२ बस। तर क्येइ ढाकीयेको छैन जो प्रगटो गरींदैन अनि न क्येइ गुप्त
३ छ जो जानींदैन। येस्कारण् ज्ये ज्ये तिमिहरुले अंध्यारोमां भन्येका छौ
ति उजियालोमां सुनींछन् अनि ज्ये तिमिहरु कोठा कोठामां कान् कानै
४ बोल्येका छौ त्यो कौसिहरु मांथि प्रचार् गरींछ। अनि मं तिमि
आफ्ना मित्रहरुलाइ भन्द छु जीउलाइ मांर्ने अनि त्येंस् पछि बेसि गर्नु
५ न सक्‌नेहरु देखि न डराव। तर मं तिमिहरुलाइ को देखि डराव
भनि जनाउंछु मांर्‍ये पछि नर्कमां आफाल्‌ने अधिकार् राख्‌ने देखि डराव
६ अं मं तिमिहरुलाइ भन्द छु उइ देखि डराव। क्ये दुइ पैसामां पांच्‌वटा
भङेरा बिक्‌दैनन् अनि तिनिहरुमांको येउटा पनि ईश्वर्‌को मुखेंजि बिर्सींदैन।
७ तर तिमिहरुचइंका सिर्‌का केस् पनि सबै गनीयेका छन्। न डराव
८ तिमिहरु धेरै भङेराहरु भन्दा श्रेष्ट छौ। अनि मं तिमिहरुलाइ भन्द छु
जस्ले मंलाइ मान्छेहरुको सांमु स्वीकार् गर्ला त्येस्लाइ मान्छेको पुत्रले
९ पनि ईश्वर्‌का दूत्‌हरुको सांमु स्वीकार् गर्छ तर मान्छेहरुको मुखेंजि

मंलाइ अस्वीकार् गर्ने ईश्वर्का दूत्हरुको मुखेंजि अस्वीकार् गरींछ।
१० अनि जस्ले मान्छेको पुत्रको बिरुद्धमां बचन् कहला त्येस्लाइ क्षमा गरींछ
११ तर पवित्र आत्माको निन्दा गर्नेलाइ क्षमा गरींदैन। अनि जब तिनिहरुले
तिमिहरुलाइ सभा र मालिक् र अधिकारीहरुको सांमु ल्याउंनन् तब
कसो कि क्ये गरि उत्तर् देऔला कि क्ये भनौला भनि फिक्रि न
१२ गर किनभन्ये ज्ये ज्ये भन्न खांचो छ ति पवित्र आत्माले त्येसै घरी
तिमिहरुलाइ सिकाउंछ॥
१३ अनि धुइरोमांको एक् जनाले उस्लाइ भन्यो हे गुरु मेरो दाज्युलाइ भनि
१४ दिंनु हवम् र मं सङ पितृधन्को हिस्साबाख्रा गरोम्। तर उस्ले त्येस्लाइ
भन्यो ए मान्छे मंलाइ तिमिहरु मांथि कस्ले बिचारी कि हिस्साबाख्रा
१५ गर्ने खटायो। अनि उस्ले तिनिहरुलाइ भन्यो हेर सबै लोभ् देखि जोगीयौ
किनभन्ये कसैको जीवन् त्येस्को धन् सम्पत्ति बेसि भयेकोमां हुंदैन।
१६ अनि उस्ले तिनिहरुलाइ येउटा उखान् भन्यो एक् जना धनी मान्छेको
१७ जिमीन्मां निकै उप्जनि भयो अनि त्येस्ले मं क्ये गरुंला किनभन्ये
आफ्नु फल्लाइ जमा गर्ने मेरां ठांउ छैन भनि आफुमां बिचार् गऱ्यो।
१८ अनि त्येस्ले भन्यो मं येइ गर्छु आफ्ना ढुकुटिहरु भत्कायेर ठुलो ठुलो
१९ बनायेर तिहीं आफ्ना सबै अन्न र धन् जमा गर्छु। अनि मं आफ्नु
प्राण्लाइ भन्छु ए प्राण् तेरां धेरै धन् धेरै बर्षको लागि थन्क्याईयेको छ
२० बिश्राम् ले खा पी आनन्द गर्। तर ईश्वर्ले त्येस्लाइ भन्यो एइ निर्बुद्धि
येसै रात् तेरो प्राण् तं देखि फर्काइ मांगींछ अनि ज्ये ज्ये तैंले तियार्
२१ पाऱ्येको छस् ति कस्लाइ हुंनन्। आफ्नु लागि धन् बटुल्ने अनि
ईश्वर्को सांमु धनी न हुंने येस्तै हो॥
२२ अनि उस्ले आफ्ना शिक्षेहरुलाइ भन्यो येस्कारण् मं तिमिहरुलाइ भन्द
छु आफ्नु प्राण्को लागि हांमिहरु क्ये खाऊंला भनि फिक्रि न गर अनि
२३ न आफ्नु जीउको लागि क्ये लगाऊंला भनि। किनभन्ये खुराक् भन्दा
२४ प्राण् अनि बस्त्र भन्दा जीउ बड़ो हो। काग्हरुको बिषय् चाल् पाव
तिनले न छर्द न कटनी गर्द छन् जस्कां कोठा न ढुकुटि छ अनि ईश्वर्ले
तिनिहरुलाइ पाल्द छ तिमिहरु पंषीहरु भन्दा कति ज्यास्ति श्रेष्ट छौ।
२५ अनि तिमिहरुमां कस्ले फिक्रि गरिकन आफ्नु आयुमां हात् भरि पनि
२६ बढ़ाउंनु सक्द छ। त तिमिहरुले सबै भन्दा सांनु काम् पनि गर्नु
२७ सक्दौन भन्ये देखि किन अरु रह्येका बिषय्मां फिक्रि गर्द छौ। हाड़े-

लसुन्को बिषय् चाल् पाव तिनिहरु कसोगरि बढ्‌द छन् तिनिहरुले न
दुख भर्द छन् न कात्‌द छन् तरै पनि मं तिमिहरुलाइ भन्द छु सुलेमान्
पनि आफ्नु पूरो महिमामां यिनिहरुमांको येउटा जत्तिको पनि पहिर्‍याईयेको
२८ थियेन। तर ईश्वर्‌ले बन्‌मांको आजु हुंने अनि भोलि अघेनामां आफालीने
घांस्‌लाइ येस्तो गरि पहिर्‍याउंद छ भन्ये देखि त ए अल्पबिश्वासीहरु हो
२९ कति ज्यास्ति गरिकन तिमिहरुलाइ पहिर्‍याउंछ। अनि तिमिहरुले
हांमिहरु क्ये खाऊंला अनि क्ये पीऊंला भनि न खोज अनि न धुक्‌चुक्‌मां
३० हव। किनभन्ये यि सबै थोक् संसार्‌का अन्यदेसीहरुले खोज्‌द छन् तर
तिमिहरुको पिताले तिमिहरुलाइ ति सबै थोक्‌को खांचो छ भनि जान्द
३१ छ। तै पनि उस्को राज्‌लाइ खोज अनि ति थोक् पनि तिमिहरुलाइ
३२ दिईंछन्। ए सांनु बगाल् न डरा किनभन्ये तिमिहरुलाइ राज् दिने
३३ तिमिहरुको पिताको खुशि छ। आफ्नु धन् सम्पत्ति बेच्येर दयादान् देव
आफ्नु लागि पुरांनु होइ न जांने थैलीहरु स्वर्गमां अन्त होइ न जांने
धन् बनाव जहां न चोर् नजिक् आउंद छ अनि न कीराले बिगार्द छ।
३४ किनभन्ये तिमिहरुको धन् जहां छ तिमिहरुको हिर्दय् पनि त्यहां हुंछ॥
३५ ३६ तिमिहरुका कम्मर् बान्धीयेका अनि बत्ती बालीयेका रहुन् अनि
तिमिहरु आफै आफ्नु प्रभुको बाटो हेर्ने मान्छेहरु जस्ता हव जब उ
ब्याहाको हर्ष देखि उम्‌कि आउला तिनिहरुले उस्ले आयेर घच्‌घच्या-
३७ उंदामां तुरन्तै उस्को लागि उघारुन् भन्येर्। धन्न हुन् ति दास्‌हरु जस्‌लाइ
तिनिहरुको प्रभुले आयेर जागि रह्येका भेटाउला मं तिमिहरुलाइ सांचो
भन्द छु उस्ले कम्मर् बान्ध्येर तिनिहरुलाइ भान्‌सामां बसाल्छ अनि
३८ छेउ आयेर तिनिहरुको सेवा गर्छ। अनि उ दोस्रो कि तीस्रो पहर्‌मां
३९ आयो अनि त्येस्तै भेटायो भन्ये देखि धन्न हुन् तिनिहरु। तर यो जान
घर्‌को स्वामीले चोर् कुन् घइं घरीमां आउला भनि जान्येको भये देखि
त त्यो जागि रहंने थियो अनि आफ्नु घर् फोरीनु दिंने थियेन।
४० तिमिहरु पनि तियार् होइ रह किनभन्ये तिमिहरुले न ठान्येको घरीमां
मान्छेको पुत्र आउंछ॥
४१ अनि पत्रुस्‌ले भन्यो हे प्रभु क्ये तपांइले यो उखान् हांमिहरुलाइ भन्नु
४२ हुंद छ कि सबैलाइ पनि। अनि प्रभुले भन्यो को तब त्यो बिश्वासी र
बुद्धिमान् कारन्दारि हो जस्‌लाइ त्येस्को प्रभुले आफ्ना काम्‌काजीहरु मांथि
४३ खटाउला बेलामां तिनका मानू देवस् भन्येर। धन्न त्यो दास् जस्‌लाइ

४४ त्येस्को प्रभुले आयेर येसो गर्दै गर्येको भेटाउला। मं तिमिहरुलाइ
मांचिनै भन्द छु उस्ले त्येस्लाइ आफ्नु सब् धन् सम्पत्ति मांथि खटाउंछ।
४५ तर त्येस् दाम्ले आफ्नु हिर्दय्मां मेरो प्रभुले आउंनुमां बियांलो गर्द छ
भन्यो अनि दाम् र दासीहरुलाइ कुट्नु अनि खांनु पीउंनु मत्वालि हुंनु लाग्यो
४६ भन्ये देखि त जस् दिन् त्येस्ले वाटो हेर्दैन अनि जस् घरीमां त्येस्ले
जान्दैन त्येसैमां त्येम् दास्को प्रभु आइ पुग्छ अनि त्येस्लाइ टुक्र्याउंछ
४७ अनि त्येस्को भाग् अबिश्वासीहरु सङ ठहराउंछ। अनि त्येस् आफ्नु
प्रभुको इच्छे जान्ने अनि तियार् न बनाउंने अनि न उस्को इच्छे अन्सार्
४८ गर्ने दाम्ले धेरै पिटाई खांछ तर न जान्ने चोट् पाउंने माफिक्को काम्
गर्नेचइंले थोरै पिटाई खांछ। अनि धेरै दिईयेको जुन्सुकै देखि धेरै खोजि
लिईछ अनि धेरै जिम्मा राखीयेको जुन्सुकै देखि लोगले बेसि मांग्छन्॥
४९ मं पृथिवीमां आगो हाल्नुलाइ आयें अनि त्यो ऐलेइ बालीयेको छ
५० भन्ये देखि मं अरु क्ये इच्छे गर्द छु। तर मंलाइ बप्तिस्मा हुंनु पर्ने
येउटा बप्तिस्मा छ अनि मं कस्तो सकस्मां छु त्यो होइ न सकुंज्याल्
५१ मम्म। क्ये तिमिहरुले मं पृथिवीमां मिलाप् दिंनुलाइ सांमेल्मां आयें
भनि ठान्द छौ मं तिमिहरुलाइ भन्द छु येसो होइन तर फूट्फाट् पो
५२ कसोगरिभन्ये अब देखि येमो एक् घर्का पांच् जनामां फूट्फाट् पर्छ तीन्
५३ दुइको बिरुद्ध अनि दुइ तीन्को बिरुद्ध। बाबु छोरोको विरुद्ध अनि
छोरो बाबुको बिरुद्ध आंमा छोरीको बिरुद्ध अनि छोरी आंमाको बिरुद्ध
सासु आफ्नी बुहारीको बिरुद्ध अनि बुहारी आफ्नी सासुको विरुद्ध गरि
तिनिहरुमां फूट्फाट् पर्छ॥
५४ अनि उस्ले धुइराहरुलाइ पनि भन्यो जब तिमिहरुले वादल् पच्छिउंमां
उठ्दै गर्येको देख्द छौ तव तुरन्तै भन्द छौ झरी आउंछ होला अनि
५५ येसै हुंद छ। अनि जव दक्खिने बतास् बहंदै गर्येको देख्द छौ तर
५६ भन्द छौ चर्को घाम् लाग्छ होला अनि हुंद छ। ए कप्टीहरु हो तिमि-
हरुले पृथिवी र स्वर्गको रूप् जांच्नु जान्द छौ तर यो बेला जांच्नु
५७ जान्दौन यो कसोगरि हो। अनि ज्ये धर्म्मी छ त्येस्को बिचार् तिमिहरु
५८ आफैंले पनि किन गर्दैन। कसोगरिभन्ये जब तं आफ्नु फिराति सङ
मालिक्को सांमु जांद छस् तव बाटोमां त्येस् देखि छुट्ने जतन् गर् होइन
भन्ये ता त्येस्ले तंलाइ बिचारीकां घिस्याइ लैजाला अनि बिचारीले तंलाइ
५९ प्यादालाइ सुम्पि देला अनि प्यादाले तंलाइ झेल्खान्मां हाल्ला। मं

तंलाइ भन्द छु तैंले जैले सम्म पछिल्लो दान् समेत् पनि भरि देवैनस्
तं त्यहां बाटो कसै परिले निक्लंदैनस् ॥

१३ १ अब त्येसैनै बेलामां कत्ति जना सांमेल् थिये जस्ले ति गालीली-
हरुको बिषय्मां जस्को रगत् पिलातुस्ले तिनिहरुका बलिदान् सङ
२ मिसायेको थियो उस्लाइ बृत्तान्त कहि सुनाये। अनि उस्ले तिनिहरुलाइ
उत्तर् दिइ भन्यो क्ये तिमिहरुले ठान्द छौ यि गालीलीहरु सबै गालीलीहरु
३ भन्दा पापी थिये तिनिहरुले यि दुख भोग्येका छन् भन्येर। मं तिमिहरुलाइ
भन्द छु येसो होइन तर तिमिहरुले पश्चात्ताप् गर्‍यौन भन्ये देखि न सबै त्येस्तै
४ नष्ट हुंछौ। कि ति अठाह्रै जम् मांथि मिलोआम्मां धगारा भत्क्येर
तिनिहरुलाइ मांर्‍यो क्ये तिमिहरुले तिनिहरु यरूसलम्मां बास् गर्ने सबै
५ मान्छेहरु भन्दा अपराधी थिये भनि ठान्द छौ। मं तिमिहरुलाइ भन्द
छु येसो होइन तर तिमिहरुले पश्चात्ताप् गर्‍यौन भन्ये देखि न सबै
त्येसैगरि नष्ट हुंछौ ॥

६ अनि उस्ले यो उखान् भन्यो एक् जना मान्छेको दाख्को बारीमां रोप्येको
येउटा नेभाराको रुख् थियो अनि त्यो त्येस्मां फल् खोज्दै आयो अनि
७ पायेन। त त्येस्ले मालीलाइ भन्यो हेर् मं तीन् बर्ष देखि येसो येस्
नेभाराको रुख्मां फल् खोज्दै आउंद छु अनि पाउंदीन त्येस्लाइ काटि
८ ढाल् किन त्येस्ले भूमिलाइ बिकामे समेत् गराउंद छ। अनि त्येस्ले त्येस्लाइ
उत्तर् दिइ भन्यो हे प्रभु यो बर्ष पनि रहंन् दिंनु हवम् जब सम्म मं
९ त्येस्को थलि खन्येर मल् हाल्दींन अनि त्येस् पछि त्येस्मां फल्
फल्यो भन्ये बेस् होइन भन्ये ता त्येस्लाइ काटि ढाल्नु हवस् ॥

१० अनि उस्ले बिश्रामको दिन्मां सभाघर्हरुमांको येउटामां शिक्षा दिंद
११ थियो। अनि हेर अठारह् बर्ष देखि निर्बलेईको आत्मा लाग्येकी
येउटी स्त्री थिई अनि त्यो कुप्री अनि आफुलाइ कस्तै गर्किन पनि फेरि
१२ सोज्याउंनु न सक्ने थिई। अनि येशूले त्येस्लाइ देख्येर बोलायेर भन्यो
१३ ए स्त्री तं आफ्नु निर्बलेई देखि छोड़ाईइस्। अनि उस्ले त्येस् मांथि
आफ्ना हात् राख्यो अनि त्यो तुरन्तै फेरि सोजो पारीई अनि ईश्वर्को
१४ महिमा गर्नु लागी। अनि सभाघर्को मूल्ले येशूले बिश्राम्को दिन्मां
बिसेक् गरायेको कारण्ले रिसाइ धुइरोलाइ उत्तर् दिइ भन्यो छ दिन्
छन् जस्मां काम् गर्नु उचित् छ त तिनैमां आइ बिसेक् गराईयौ अनि
१५ बिश्राम्को दिन्मां होइन। तर प्रभुले त्येस्लाइ उत्तर् दिइ भन्यो ए

कप्टीहरु हो क्ये तिमिहरुमांको जनंगेले बिश्रामको दिन्मां आफ्नु गोरु कि
गदाहालाइ डोंड़ भये ठांउ बाटो फुकायेर पीउंनु दिंनुलाइ लैजांदैन।
१६ अनि क्ये यो अब्राहामकी छोरी जस्लाइ शैतान्ले हेर अठारह् बर्ष भये
बान्ध्येको थियो यो बन्धन् देखि फुकाईंनु बिश्रामको दिन्मां उचित् थियेन।
१७ अनि उस्ले यि कुरा भन्दाखेरि उस्का सबै बिरोधीहरु लाज्मां पारीये अनि
सबै धुइरोले उस्ले गर्‍येका सबै प्रतापी काम्को कारण्ले रमाहट् गर्‍यो॥
१८ येस्कारण् उस्ले भन्यो ईश्वर्को राज् क्ये जस्तो छ अनि त्येस्को मं क्येको
१९ आहन् दिउं। त्यो रायोको येउटा गेड़ा जस्तो छ जस्लाइ कमै मान्छेले लग्येर
आफ्नु बारीमां हाल्यो अनि त्यो बढ़िकन रुख् भइ गयो अनि अकाश्का
२० पंषीहरुले त्येस्का डालाहरुमां बास् बस्ने गर्‍ये। अनि उस्ले फेरि भन्यो
२१ ईश्वर्को राज्को मं क्येको आहन् दिउं। त्यो खमीर् जस्तो छ जस्लाइ
कसै स्त्रीले लग्येर तीन् पाथी पिठोमां यहां सम्म गरि लुकाइ राखी त्यो
सबै खमीरी बनीयो॥
२२ अनि उ शिक्षा दिंदै अनि यरूसलम्को जवाई गर्दै सहर् सहर् र गांउ
२३ गांउको बाटो बाड़ो जांदै थियो। अनि कमैले उस्लाइ भन्यो हे प्रभु
२४ बचाईंनेहरु क्ये थोरै छन्। अनि उस्ले तिनिहरुलाइ भन्यो सांगुरो दुवार्
बाटो पस्ने हूप् बान्ध किनभन्ये मं तिमिहरुलाइ भन्द छु धेरैले पस्नु
२५ खोज्छन् अनि सक्दैनन्। जब देखि घर्को स्वामीले उठेर दुवार् थुनि
दियेको होला अनि तिमिहरुले बाइर उभीइ येसो भन्दै दुवार् घच्घच्याउंनु
लागौला हे प्रभु हांमिहरुको लागि उघार्नु हवस् अनि उस्ले तिमि-
२६ हरुलाइ उत्तर् दिइ भन्ला मं तिमिहरुलाइ जान्दींन कहांका हौ तब
तिमिहरुले हांमिहरुले तपांइको मुखेंजि खायूं पीयूं अनि तपांइले हांमिहरुका
२७ सटक् हुंदो शिक्षा दिंनु भयो भनि भन्नु लाग्छौ अनि उस्ले भन्छ
मं तिमिहरुलाइ भन्द छु मं जान्दींन तिमिहरु कहांका हौ ए तिमि सबै
२८ अधर्म्मका खेतालाहरु हो मं देखि दूर् हव। वहां रुंनु र दारा कीट्नु
पर्छ जब तिमिहरुले अब्राहाम् र इस्हाक् र याकूब् र सबै अगम्बक्ता-
हरुलाइ ईश्वर्को राज्मां भयेका अनि आफुचइंलाइ बाइर निका-
२९ लीयेका देख्छौ। अनि लोग् पूर्व र पच्छिउं अनि उत्तर् र दक्खिन्
३० बाटो आइ पुग्येर ईश्वर्को राज्मां बस्छन्। अनि हेर कत्ति पछिल्ला
छन् जो पहिला हुंछन् अनि कत्ति पहिला छन् जो पछिल्ला हुंछन्॥

३१ त्येसैनै घरीमां कत्ति फरीसीहरु येसो भन्दै छेउ आये निक्ल्येर यहां
३२ बाटो जाउ किनभन्ये हेरोदेम्ले तिमिलाइ मांर्ने इच्छे गर्द छ। अनि उस्ले
तिनिहरुलाइ भन्यो गयेर त्येम् स्याल्लाइ भन हेर् मं आजु अनि भोलि
भूत्हरुलाइ निकाल्ने र निकोपराई तुर्ने छु अनि पर्सि मं सिद्ध्याईने छु।
३३ तैं पनि मैंले आजु अनि भोलि अनि पर्सि जवाई गर्नु चाहीयेको छ कसोगरि-
३४ भन्ये यरूसलम् देखि बाइर अगम्बक्ता नष्ट हुंनु हुंनै सक्दैन। ए यरू-
सलम् यरूसलम् अगम्बक्ताहरुलाइ मांर्ने अनि त्येस्कां पठाईयेकाहरुलाइ
लोहोऱ्याउंने मैंले कत्ति खेप् तेरा बालखहरुलाइ भेला गर्ने इच्छे गर्यें
जुन् रीत्ले माऊ कुखुराले आफ्ना चल्लाहरुलाइ पखेटा मुनि भेला
३५ गर्द छ अनि तिमिहरुले इच्छे गर्यौन। हेर तिमिहरुको घर्
तिमिहरुको लागि सुन्ये छोडींद छ अनि म तिमिहरुलाइ भन्द छु,
तिमिहरुले मंलाइ देख्ने छौन जैंले सम्म भन्ने छौन धन्न प्रभुको नांउले
आउंने ॥

१४·१ अनि जब उ फरीसीहरुमांको येउटा मालिक्को घर्मां बिश्राम्को
दिन्मां रोटी खांनुलाइ गयो तब येसो भयो तिनिहरु उस्को चीवामां
२ थिये। अनि हेर एक् जना जलन्धर् रोग् लागयेको मान्छे उस्को सांमु
३ थियो। अनि येशूले उत्तर् दिइ ब्यवस्थाका जानापा र फरीसीहरुलाइ
भन्यो क्ये बिश्राम्को दिन्मां बिसेक् गराउंनु उचित् छ कि छैन। तर
४ तिनिहरु चाम्चुम् रह्ये। अनि उस्ले त्येस्लाइ समाति निको पाऱ्येर बिदा
५ गऱ्यो। अनि उस्ले तिनिहरुलाइ भन्यो तिमिहरुमांको कस्को गदाहा
कि गोरु कूप्मां खस्येको होला अनि त्येस्ले बिश्राम्को दिन्मां तुरन्तै त्येस्लाइ
६ तानि निकालोइन। अनि तिनिहरुले यि कुराको फेरि उत्तर् दिंनु
सक्येनन् ॥

७ अनि उस्ले निम्त्याराहरुले कसोगरि मूल् बस्ने ठांउ रोज्दा राछन्
८ यो हेऱ्येर येउटा उखान् तिनिहरुलाइ भन्यो जब तं कोई देखि
ब्याहाको हर्षमां बोलाईयेको छस् तब मूल् बस्ने ठांउमां बसि न जा होइन
भन्ये ता कोनि तं भन्दा बेसि मान्को कोई त्यो देखि बोलाईयेको होला
९ अनि तं र त्येस्लाइ बोलाउनंले आयेर तंलाइ भन्ला यिनिलाइ ठांउ दे
अनि तब तं लाज् सङ सबै भन्दा नीचो ठांउ लिंनु लाग्लास्।
१० तर जब तं बोलाईयेको छस् तब गयेर सबै भन्दा नीचो ठांउमां बस् र
जब तंलाइ बोलाउंने आउला तब तंलाइ भनोस् मित्रज्यु अरु ऊंभो चढ़ि

जांनु हवस् तब तं सङ बस्नेहरु सबैको मुखेंजि तेरो बड़ाई हुंछ।
११ किनभन्ये आफुलाइ अल्ग्याउंने जनगे होंच्याईछ अनि आफुलाइ होंच्याउंने
अल्ग्याईछ ॥
१२ अनि उस्लाइ बोलाउंनेलाइ पनि उस्ले भन्यो जब तैंले बिहान्को
कि बेलुकाको भोज् भतियार् लाउंद छस् तब आफ्ना मित्रहरु कि आफ्ना
दाज्युभाईहरु कि आफ्ना कुटुम्बहरु कि धनी क्षिमेकिहरुलाइ न बोला
होइन भन्ये ता कोनि तिनिहरुले पनि तंलाइ फेरि बोलाउंनन् अनि तंलाइ
१३ साटो फर्काइ दिईयेला। तर जब तैंले भोज् लाउंद छस् तब कंगालि
१४ डुंड़े खोरण्डे अन्धाहरुलाइ बोला अनि तं धन्नको हुंछस् कमागरिभन्ये
तिनिहरुका तंलाइ साटो फर्काइ दिंने क्येइ छैन किनभन्ये धर्म्मीहरुको
बौरिउठाईमां तंलाइ साटो फर्काइ दिईछ ॥
१५ अनि उ सङ बस्नेहरुमांको कसैले यि कुरा सुन्येर उस्लाइ भन्यो धन्न
१६ त्यो जस्ले ईश्वर्को राज्मां रोटी खांछ। तर उस्ले त्येस्लाइ भन्यो एक्
जना मान्छेले बेलुकाको ठुलो भोज् भतियार् लायो अनि धेरैलाइ बोलायो
१७ अनि त्येस्ले भोज्को घरीमां आफ्नु दास्लाइ निम्त्याराहरुलाइ आव किनभन्ये
१८ सबै थोक् अब तियार् भये भनि भन्नुलाइ पठायो। अनि तिनिहरु सबैले
एक् मतो भइ माफ् मांग्नु लाग्ये। पहिलोले त्येस्लाइ भन्यो मैंले येउटा
खेत् किन्येको छु अनि निस्कि गयेर त्यो हेर्नु मंलाइ खांचो छ मं तिमि सित
१९ मंलाइ माफ् दिइ राख भनि मांग्द छु। अनि अर्कोले भन्यो मैंले पांच्
हल् गोरु किन्येको छु अनि तिनलाइ जांच्नु जांद छु मं तिमि सित मंलाइ
२० माफ् दिइ राख भनि मांग्द छु। अनि अर्कोले भन्यो मैंले स्वास्नी
२१ ब्याहा गरि ल्यायेको छु त येस्कारण् मं आउंनु सक्दीन। अनि
दास्ले छेउ आयेर आफ्नु प्रभुलाइ यि कुराको वृत्तान्त कहि सुनायो।
तब घर्को स्वामीले क्रोधित् भइ आफ्नु दास्लाइ भन्यो छिट्टै सहर्को
सटक् सटक् र गल्ली गल्लीमां निस्कि गयेर कंगालिहरु र डुंड़ेहरु र
२२ अन्धाहरु र खोरण्डेहरुलाइ यहां भित्र ल्या। अनि दास्ले भन्यो
हे प्रभु आफुले आज्ञा दियेको झैं गरीयो अनि अझ पनि ठांउ छ।
२३ अनि प्रभुले दास्लाइ भन्यो बाटो बाटोमां अनि बार् बार् हुंदो निस्कि गयेर
२४ अबस्से भित्र आउंनु लगा र मेरो घर् भरीओस्। किनभन्ये मं
तिमिहरुलाइ भन्द छु ति बोलाईयेका पुरुष्हरुमांको कसैले मेरो भोज्को
चखाई गर्दैन ॥

२५ अब ठुला धुइराहरु उ सङ जांद थिये अनि उस्ले फर्क्येर तिनि-
२६ हरुलाइ भन्यो कोई मं थांइ आउंद छ अनि आफ्नु बाबु र आंमा
र स्वास्नी र बालखहरु र भाईहरु र बैनीहरु अं अनि आफ्नै प्राण्लाइ
२७ पनि अप्रिय जान्दैन भन्ये देखि त मेरो शिक्षे हुंनु सक्दैन। जो
आफ्नु क्रूस् बोकि मेरो पछि आउंदैन त्यो मेरो शिक्षे हुंनु सक्दैन।
२८ कसोगरिभन्ये तिमिहरुमांको कस्ले धरारा बनाउंने इच्छे गर्दामां पहिले
बस्येर खर्च जोर्दैन मेरां सिद्ध्याईको लागि छ कि छैन भन्येर।
२९ होइन भन्ये ता कोनि जब त्येस्ले जग् बसाल्येर पूरो गर्नु सकोइन तब
३० सबै हेर्नेहरु त्येस्लाइ ठट्टामां उड़ाउंनु लागनन् येम् मान्छेले बनाउंनु
३१ थाल्यो अनि पूरो गर्नु सक्येन भन्दै। कि कुन् राजाले अर्को राजा सङ
लड़ाईमां मिसींनुलाइ जांदामां पहिले बस्येर मल्लाह् गर्दैन म क्ये दस्
हजार्ले मं मांथि बीस् हजार् सङ आउंनेलाइ भेट्नु सक्द छु कि
३२ सक्र्दीन भन्येर। होइन भन्ये देखि ता त्येस्ले अर्को चइं टाड़ो हुदैखेरि
३३ दोमापेहरुलाइ पठायेर मिलाप्को बन्दबस्त मांग्द छ। त येसैगरि तिमि-
हरुमांको जस्ले आफ्नु धन् सम्पत्ति त्यागदैन त्यो मेरो शिक्षे हुनु सक्दैन।
३४ येस्कारण् नुन् जाति छ तर नुन् पनि अलीनो बनीयो भन्ये त्यो क्येले
३५ स्वादीलो तुल्याईछ। त्यो न मांटोको न मल्को कुन्युंको लागि सुवाउंद
छ लोगले त्येस्लाइ बाइर आफाल्द छन्। जस्का सुन्ने कान् छन् त्येस्ले
सुनोस्॥

१५ १ अब सबै जगातिहरु र पापीहरु उस्को सुन्नुलाइ उस्को नजिक् आउद
२ थिये। अनि फरीसीहरु र शास्त्रीहरु दुवै येस्ले पापीहरुलाइ ग्रहण् गर्द र
तिनिहरु सङ खांद छ भन्येर गन्गनाउंनु लाग्ये॥

३ अनि उस्ले तिनिहरुलाइ यो उखान् भन्यो तिमिहरुमांको कुन्
४ सैवटा भेंड़ा हुंने मान्छे तिनिहरुमांको येउटा हरायेर उनन्सैवटाचइंलाइ
बन्मां छोड़ि त्येम् हरायेकोको लागि न पाउंज्याल् सम्म जांदैन:
५ अनि त्येस्ले त्येस्लाइ पायेर रमाइ रमाइ आफ्ना कांध मांथि हाल्द छ।
६ अनि त्येस्ले घर्मां आयेर मित्रहरु र क्षिमेकिहरुलाइ येमो भन्दै बोलाइ
जमाउंद छ मं सङ रमाव किनभन्ये मैंले आफ्नु हरायेको भेंड़ा पायें।
७ मं तिमिहरुलाइ भन्द छु येसैगरि पश्चात्ताप् गर्नु खांचो न भयेका उनन्सै
जना धर्म्मीहरु भन्दा जास्ति पश्चात्ताप् गर्ने एक् जना पापीको लागि
स्वर्गमां ज्यास्ति रमाहट् हुंछ॥

८ कि कुन् दस्वटा सुका हुंने स्त्रीले येउटा सुका हराई भन्ये देखि त
बत्ती बाल्येर घर् बढ़ारि त्यो न पाउंज्याल् सम्म खबर्दारी सङ खोज्दैन।
९ अनि त्येस्ले त्यो पायेर आफ्नी मित्रनीहरु र क्षिमेकिनीहरुलाइ येसो भन्दै
बोलाइ जमाउंद छ मं सङ रमाव किनभन्ये मैंले हरायेको सुका पायें।
१० मं तिमिहरुलाइ भन्द छु येसैगरि पश्चात्ताप् गर्ने एक् जना पापीको लागि
ईश्वर्का दूत्हरुको मुखेंजि रमाहट् हुंद छ॥
११ १२ अनि उस्ले भन्यो एक् जना मान्छेका दुइ भाई छोरा थिये अनि
तिनिहरुमांको कान्छोचइंले बाबुलाइ भन्यो बाबै धन् सम्पत्तिको मंलाइ पर्ने
भाग् मंलाइ देउ। अनि त्येम्ले तिनिहरुलाइ आफ्नु जीविका बांड़ि
१३ दियो। अनि धेरै दिन् भयेका थियेनन् कान्छो छोरो सबै थोक् जमा गर्न्येर
टाड़ो देम्मां गइ गयो अनि वहां कुकर्म्ममां दिन् बिताउंदै आफ्नु धन्
१४ सम्पत्ति छरपुट्ट पार्न्यो। अनि जब त्येस्ले आफ्ना सबै थोक् खर्च्येको
थियो तब त्येम् देम्मां सारो अनिकाल् पर्न्यो अनि त्येस्लाइ अपुग्ये हुंनु
१५ लाग्यो। अनि त्यो त्येम् देम्का सहर्वासीहरुमांको येउटाकां गयेर टांसीयो
१६ अनि त्येस्ले त्येस्लाइ सुंगुर् चराउंनुलाइ आफ्ना खेत्मां पठायो। अनि
त्येस्ले सुंगुर्हरुले खांदै गर्न्येका कोसाले अघाईने अतिइच्छे गर्द थियो अनि
१७ कसै मान्छेले त्येस्लाइ क्येइ दिंदैन थियो। तर जब त्येस्लाइ चेत् आयो
तब त्येस्ले भन्यो मेरो बाबुका कत्ति बंनि गर्नेहरुकां रोटीको परसस्त
१८ छ अनि मं चइं यहां भोक्ले नष्ट हुंद छु। मं उठेर आफ्नु बाबु थांइ
जांछु अनि उस्लाइ भन्छु हे पिता मैंले स्वर्गको बिरुद्धमां र तपांइको मुखेंजि
१९ पाप् गर्न्यें मं फेरि तपांइको छोरो भनींने माफिक्को छुइंन मंलाइ आफ्ना
२० बंनि गर्नेहरुमांको येउटा जत्तिको तुल्याउंनु हवम्। त त्यो उठेर आफ्नु
बाबु थांइ आयो। तर त्यो टाड़ै हुंदाखेरि त्येस्को बाबुले त्येस्लाइ देख्येर
२१ टिठायो अनि दुगुर्न्येर त्येस्लाइ अङालो मारि त्येस्लाइ चूमा खायो। अनि
छोरोचइंले त्येस्लाइ भन्यो हे पिता मैंले स्वर्गको बिरुद्धमां र तपांइको मुखेंजि
२२ पाप् गर्न्यें मं फेरि तपांइको छोरो भनींने माफिक्को छुइंन। तर बाबुचइंले
आफ्ना दास्हरुलाइ भन्यो छिट्टै मूल् लबेता निकालि ल्यायेर त्येस्लाइ
२३ लगाव अनि त्येस्को हात्मां औंठी र गोड़ामां जुत्ता लगाइ देव अनि
पलुवा चइं बाच्छो ल्यायेर मार र हांमिहरु खाइ आनन्द गरूं
२४ किनभन्ये यो मेरो छोरो मर्न्येको थियो अनि फेरि जीयो हराईयेको थियो
२५ अनि पाईयो। अनि तिनिहरुले आनन्द गर्नु लाग्ये। अब त्येस्को जेठो

चइं छोरो खेत्मां थियो अनि त्येस्ले घर्को नजिक् आइ पुग्दाखेरि बाजा
२६ र नाच्को सोर् सुन्यो। अनि त्येस्ले दास्हरुमांको येउटालाइ छेउ
२७ बोलायेर यो क्या हो भनि सोध्यो। अनि त्येस्ले त्येस्लाइ भन्यो तिम्रो
भाई आइ पुग्यो अनि तिम्रो बाबुले पल्वा चइं बाच्छो मार्यो किनभन्ये
२८ त्येस्लाइ निकानन्दै हुंदै गर्येको फेरि पायो। तर त्यो क्रोधित् भयो अनि
भित्र जांने इच्छे गर्येन अनि त्येस्को बाबुले बाइर आयेर त्येस्लाइ
२९ मनाउंनु लाग्यो। तर त्येस्ले आफ्नु बाबुलाइ उत्तर् दिइ भन्यो हेर मं
येत्ति बर्ष देखि तिम्रो लागि दास्नी गर्द छु अनि तिम्रो आज्ञा कैलेइ
तर्काइंन र पनि तिमिले मंलाइ मैंले आफ्ना मित्रहरु सङ आनन्द गर्नुको
३० लागि कैलेइ बाख्राको पाठो दियौन तर यो चइं तिम्रो त्यो
तिम्रो जीबिका बेश्येहरु सङ खल्काउंने चइं छोरो जसै आयो तब तिमिले
३१ त्येस्को लागि पल्वा बाच्छो मार्यौ। त्येस्ले त्येस्लाइ भन्यो ए छोरा
३२ तं सधैं मं सङ छस् अनि जनि मेरो छ सबै तेरो हो। तर आनन्द र
रमाहट् गर्नु उचित् थियो किनभन्ये यो तेरो भाई मर्येको थियो अनि
जीयो अनि त्यो हराईयेको थियो अनि पाईयो॥

१६ १ अनि उस्ले शिक्षेहरुलाइ पनि भन्यो एक् जना धनी मान्छे थियो जस्को
येउटा कारन्दारि थियो अनि येस् माथि त्येस्को सांमु त्येस्को धन् सम्पत्ति
२ छरपुट्ट पार्ने दोष् लगाईयो। अनि त्येस्ले त्येस्लाइ बोलायेर त्येस्लाइ
भन्यो यो क्या हो जो मं तेरो बिषय्मां सुन्द छु आफ्नु कारन्दारे लेखा दे
३ किनभन्ये तं अब देखि कारन्दारि हुंनु सक्दैनस्। अनि कारन्दारिले आफुमां
भन्यो मं क्ये गरुं किनभन्ये मेरो प्रभुले कारन्दारि काम् मं देखि खोस्द छ
४ मं खन्नु सक्दींन मं भीक् मांग्नु लजाउंद छु। जब मं कारन्दारि काम्
देखि सर्काईछु तब लोगले आफ्ना घर्मां मंलाइ ग्रहण् गरुन् भन्येर मैंले
५ क्ये गर्नु हो जान्यें। अनि त्येस्ले आफ्नु प्रभुका आसामिहरु जनंगेलाइ
छेउ बोलायेर पहिलोलाइ तं मेरो प्रभुको कतिको आसामि छस् भन्यो।
६ त्येस्ले सै मुरी तेल्को भन्यो। अनि त्येस्ले त्येस्लाइ भन्यो आफ्नु फर्दा
७ लियेर बस्येर छिटो पचास् गरि लेख्। तब त्येस्ले अर्कोलाइ तं चइं
८ कतिको आसामि छस् भन्यो। त्येस्ले सै कोठो गहूंको भन्यो। त्येस्ले
त्येस्लाइ भन्यो आफ्नु फर्दा लियेर अस्सी गरि लेख्। अनि त्येस्को प्रभुले
त्येस् अधर्म्मी कारन्दारिलाइ सर्कायो किनभन्ये त्येस्ले चतुरेई सङ गर्येको थियो
कसोगरिभन्ये येस् जगत्का सन्तान् ज्योतिका सन्तान् भन्दा आफ्नु पुस्ताको

९ बिषय्मां चतुर् छन्। अनि मं तिमिहरुलाइ भन्द छु अधर्म्मको धन्ले
आफ्नु लागि मित्र बनाव र जब त्येस्चइले छोड्ला तब तिनिहरुले
१० तिमिहरुलाइ अनन्त डेरामां ग्रहण् गरुन्। अति थोर्मां बिश्वासी हुने
धेर्मां पनि बिश्वासी छ अनि अति थोर्मां अधर्म्मी हुने धेर्मां पनि
११ अधर्म्मी छ। येस्कारण् तिमिहरु अधर्म्मको धन्मां बिश्वासी भयौन भन्ये
१२ देखि त सांचीलो धन् तिमिहरुलाइ कस्ले बिश्वास् गरि सुम्पंछ। अनि
तिमिहरु परायकोमां बिश्वासी भयौन भन्ये देखि त तिमिहरुइको
१३ तिमिहरुलाइ कस्ले दिंछ। घर्को कमै दास्ले दुइ जना प्रभुहरुको
दास्ती गर्नु सक्दैन कसोगरिभन्ये कि त त्येस्ले येउटा देखि दुश्मनी गर्छ
अनि अर्को सङ प्रेम् गर्छ कि त त्यो येउटा सङ लागि रहंछ अनि
अर्कोलाइ तुच्छ ठान्छ। तिमिहरुले ईश्वर् अनि धन् दुवैको दास्ती गर्नु
सक्दौन ॥

१४ अनि फरीसीहरुले जो धन्का लोभी थिये यि सबै कुरा सुन्ये अनि
१५ तिनिहरुले उस्लाइ नाख् बजाइ दिये। अनि उस्ले तिनिहरुलाइ भन्यो
तिमिहरु आफुलाइ मान्छेहरुको मुखेंजि धर्म्मी ठहराउंनेहरु हौ तर ईश्वर्ले
तिमिहरुका हिर्दय् जान्द छ किनभन्ये ज्ये मान्छेहरुमां अल्गो छ त्यो
१६ ईश्वर्को मुखेंजि घिन्लाग्दो छ। ब्यवस्था र अगम्बक्ताहरु यूहन्ना सम्म
भये तब देखि येसो ईश्वर्को राज्को सुसमाचार् सुनाईद छ अनि सबै
१७ जना बलाबल् गरि त्येस्मां पस्द छन्। तर स्वर्ग अनि पृथिवी टलि जांनु
१८ ब्यवस्थाको येउटा बिन्दु खसि जांनु भन्दा सहज् छ। आफ्नी स्वास्नीलाइ
छोड्येर अर्कीलाइ ब्याहा गर्ने जनंगेले ब्यभिचार् गर्द छ अनि जस्ले आफ्नु
लोग्नेले छोड्येकीलाइ ब्याहा गर्द छ त्येस्ले ब्यभिचार् गर्द छ ॥

१९ अब एक् जना धनी मान्छे थियो जो बैगुने बस्त्र र मल्मल् लाउंद अनि
२० दिनहूं चक्चकि आनन्दमां बिराज्मान् हुंद थियो अनि लाजर् नांउ
२१ भयेको एक् जना कंगालि त्येस्को दलान् छेउ आफालीयो जो घाउले
भरीयेको अनि धनीको मेज् देखि खस्ने चूर्चार्ले अघाईने अतिइच्छे गर्द
२२ थियो अं अनि कुकुर्हरुले आयेर त्येस्का घाउहरु चाट्द थियो। अनि
येसो भयो त्यो कंगालि मंर्यो अनि दूत्हरु देखि अब्राहाम्को काख्मां
२३ लगीयो अनि त्यो धनी पनि मंर्यो अनि गाड़ीयो। अनि पर्लोक्मां
त्येस्ले पीरामां भइ आफ्ना आंखा उचाल्येर टाड़ो बाटो अब्राहाम्लाइ र
२४ त्येस्को काख्मां लाजर्लाइ देख्यो। अनि त्येस्ले कराइ भन्यो हे पिता

अब्राहाम् मं माथि दया गरि लाजर्लाइ पठाइ देउ र त्येस्ले आफ्नु
औंलोको टुप्पो पानीमां डुबायेर मेरो जिब्रोलाइ सित्तल् पारि देवस्
२५ किनभन्ये मं येम् जुवालामां बिलाप् गर्द छु। तर अब्राहाम्ले भन्यो
ए पुत्र समझना गर् तैंले आफ्नु जीउंदो जीवन्मां आफ्ना भला थोक् पाइ
सकिस् अनि त्येस्तै लाजर्ले आफ्ना बुरा थोक् तर अब यहां त्यो शान्त
२६ हुंद छ अनि तंचइंले बिलाप् गर्द छस्। अनि यो सबै देखि उप्रान्त
हांमिहरु र तिमिहरुको बीच्मां येउटा ठुलो खांद् ठहराईयेको छ येता
बाटो उसो पारि तिमिहरुकां जांने इच्छे गर्नेहरु न सकुन् अनि न त्येता
२७ बाटो येसो वारि हांमिहरुकां आउन् भन्न्ये खानिर्ले। त त्येस्ले भन्यो
उसो भये हे पिता मं निमि मित त्येस्लाइ मेरो बाबुको घर्मां पठाइ
२८ देउ भनि मांग्द छु किनभन्ये मेरा पांच् जना दाज्युभाईहरु छन्
त्येस्ले तिनिहरुलाइ साक्षी देवम् होइन भन्ये ता पीराको येमै ठांउमां
२९ तिनिहरु पनि आउंनन्। तर अब्राहाम्ले भन्यो मूसा र अगम्बक्ताहरु
३० तिनिहरुकां छन् तिनिहरुले तिनिहरुइका सुनुन्। त्येस्ले भन्यो हे पिता
अब्राहाम् त्येसो होइन तर मुर्दाहरु देखि कोई तिनिहरुकां गयो भन्ये
३१ देखि ता तिनिहरुले पश्चात्ताप् गर्नन्। अनि त्येस्ले त्येस्लाइ भन्यो
तिनिहरुले मूसा र अगम्बक्ताहरुका सुन्येनन् भन्ये देखि त कोई मुर्दाहरु
देखि बौरि उठ्यो भन्ये पनि मनाईदैनन्॥

१७ १ अनि उस्ले आफ्ना शिक्षेहरुलाइ भन्यो ठोकर् न आउंनु यो हुनु
२ सक्दैन तरै पनि हाय् त्येस् मांथि जस्को बाटोले आउंद छन्। त्येस्को
लागि भलो हुंने थियो त्येस्को गलामां जांतोको पल्यांटो बान्धीनु अनि त्यो
समुन्द्रमां फ्यांकीनु यि सांनाहरुमांको येउटालाइ ठोकर् खुवाउनु भन्दा।
३ आफ्नु बिषय्मां चंख रह तेरो भाईले अपराध् गर्‍यो भन्ये देखि त्येस्लाइ
४ हकार् अनि त्येस्ले पश्चात्ताप् गर्‍यो भन्ये देखि त्येस्लाइ क्षमा गर्। अनि
त्येस्ले दिन्भरिमां सात् खेप् तेरो अपराध् गर्‍यो अनि सातै खेप् मं पश्चात्ताप्
गर्द छु भनिकन तं तिर फर्क्यो भन्ये देखि त्येस्लाइ क्षमा गर्‍येम्॥
५ अनि प्रेरित्हरुले प्रभुलाइ भन्ये हांमिहरुको बिश्वास् बढ़ाउंनु हवस्।
६ अनि प्रभुले भन्यो तिमिहरुलाइ रायोको गेड़ा जत्रो बिश्वास् छ भन्ये देखि
तिमिहरुले येम् किम्बुको रुख्लाइ उखेलीयेर समुन्द्रमां रोपी भनि भन्ने
७ थियौ अनि त्येस्ले तिमिहरुको मान्ने थियो। तर तिमिहरुमांको हलो
जोत्ने कि चराउंने दास्को कुन् स्वामीले त्येस्लाइ त्यो खेत् बाटो आउंनु

८ बित्तिकै भन्छ तुरन्तै आइ हाल् भान्सामां बस् क्ये झन् त्येस्ले
त्येस्लाइ मेरो भोजन् तियार् पार् अनि मैंले खाउंज्याल् पीउंज्याल् सम्म
कम्मर् बान्ध्येर मेरो सेवा गर् अनि तंचइंले त्येस् पछि खांछम् पीउंछम्
९ पो भन्दैन। क्ये त्येस्ले दास्को गुण् मान्द छ त्येस्ले आज्ञा भयेका काम्
१० गर्‍यो भन्येर। त्येस्तै तिमिहरुले पनि जब तिमिहरुले आज्ञा भयेका सब्
काम् गर्‍येका होऔला तब भन हांमिहरु बिकामे दास् छौं हांमिहरुले
गर्नु पर्‍येभरिको मांत्रै गर्‍यूं॥

११ अनि उनिहरु यरूसलम्मां जांदाखेरि येसो भयो उ सामरिया र
१२ गालील्को मांझ बाटो छिरि जांद थियो। अनि उ येउटा गांउमां
पस्दाखेरि दस् जना कोढ़ी भयेका लोग्ने मान्छेहरु उस्लाइ भेटेर टाड़ै
१३ उभीये अनि तिनिहरुले येसो भन्दै शब्द उठाये हे येशू हे गुरु
१४ हांमिहरु मांथि दया गर्नु हवस्। अनि उस्ले तिनिहरुलाइ देख्येर तिनि-
हरुलाइ भन्यो गयेर आफुलाइ पूजाहारीहरुलाइ देखाव। अनि तिनिहरु
१५ जांदै गर्दाखेरि येसो भयो तिनिहरु शुद्ध भइ गये। अनि तिनिहरुमांको
एक् जना मं निको भये छु भनि देख्येर बड़ो शब्दले ईश्वर्‌को महिमा गर्दै
१६ फर्कि गयो अनि त्यो उस्को धन्यबाद् मान्दै उस्का चरण्मां घोप्टो
१७ पर्‍यो अनि त्यो सामरी थियो। त येशूले उत्तर् दिइ भन्यो क्ये दसै शुद्ध
१८ भइ गयेनन् तर अरु नौ जनानि कता हुन्। क्ये येस् अन्यजातिलाइ
१९ छाड़ि ईश्वर्‌लाइ महिमा दिनुलाइ फर्कि आउंनेहरु अरु पाईयेनन्। अनि
उस्ले त्येस्लाइ भन्यो उठेर जा तेरो बिश्वास्‌ले तंलाइ बचायो॥

२० अनि फरीसीहरुले ईश्वर्‌को राज् कैले आउंद छ भनि सोध्दामां
उस्ले तिनिहरुलाइ उत्तर् दिइ भन्यो ईश्वर्‌को राज् रूप् देखींने गरि
२१ आउंदैन अनि न लोगले हेर यहां छ कि वहां छ भन्छन्
कसोगरिभन्ये हेर ईश्वर्‌को राज् तिमिहरु भित्रै छ॥

२२ अनि उस्ले शिक्षेहरुलाइ भन्यो ति दिन् आउंछन् जस्मां तिमिहरुले
मान्छेको पुत्रका दिन्मांको येउटालाइ देख्ने अतिइच्छे गर्छौ अनि देख्दौन।
२३ अनि लोगले तिमिहरुलाइ हेर वहां छ हेर यहां छ भनि भन्छन्
२४ तिमिहरु जाइ न जाव अनि न तिनिहरुको पछि लाग किनभन्ये जसोगरि
बिजुलि स्वर्ग मुनिको एका तिर बाटो झिलिक्क भइ स्वर्ग मुनिको
अर्का तिर सम्म चम्कंद छ त्येस्तै मान्छेको पुत्र आफ्नु दिन्मां हुंछ।
२५ तर पहिले खांचो छ उस्ले धेरै दुख भोग्नु अनि येस् पुस्ता देखि बिकामे

२६ ठानींनु। अनि जसो नूह्का दिन्मां भयो त्यसै मान्छेको पुत्रका दिन्मां
२७ पनि हुंछ। लोगले खांथ्ये पीउंथ्ये ब्याहा गर्थ्ये ब्याहामां दिईथ्ये जैले
सम्म नूह् नांउमां पस्येन अनि जल्प्रलय्ले आइ सबैलाइ नाम् पाऱ्येन।
२८ जस्तै रीत्ले लूत्का दिन्मां भयो लोगले खांथ्ये पीउंथ्ये किन्थ्ये बेच्थ्ये
२९ रोप्थ्ये घर् बनाउंथ्ये तर जम् दिन् लूत् सदूम् बाटो निक्ल्यो त्येस्
३० दिन् आगो र गन्धक्ले अकाश् बाटो बर्स्येर सबैलाइ नाम् पाऱ्यो त्येइ
३१ अनुसार् मान्छेको पुत्र प्रगटो हुने दिन्मां हुंछ। त्येम् दिन् जो कौसि
मांथि होला अनि त्येस्का आल्माल् घर्मां हुनन् न त्यो नि लैजांनुलाइ
३२ न ओह्लोस् अनि त्येसै गरि खेत्मां हुने पछि न फर्कोस्। लूत्की
३३ स्वास्नीलाइ सम्झ। जस्ले आफ्नु प्राण्लाइ प्राप्त गर्न् खोज्ला त्येस्ले
त्येस्लाइ हराउंछ तर जस्ले त्येस्लाइ हराउला त्येस्ले त्येस्लाइ जीउंदो
३४ राख्छ। मं तिमिहरुलाइ भन्द छु त्येम् रात् दुइ जना मान्छे एक्
३५ खाट्मां हुंछन् एक् जना सङ लगींछ अनि अर्को छोड़ींछ। दुइ जना
स्त्रीहरु एकै जांतो पिन्दै हुंछन् येउटी सङ लगींछ अनि अर्की छोड़ीछ।
३६ अनि तिनिहरुले उत्तर् दिइ उस्लाइ भन्ये प्रभुज्यु कहां। अनि
उस्ले तिनिहरुलाइ भन्यो जहां लोथ् होला त्यहां गिद्ध पनि भेला
हुंछन्॥

१८ १ अनि उस्ले तिनिहरुलाइ येउटा उखान् भन्यो तिनिहरुले सधै प्रार्थना
२ गर्ने र न थाक्ने खांचो हवस् भन्येर येउटा सहर्मां न ईश्वर्को
३ डर् मान्ने अनि न मान्छेको मान् गर्ने एक् जना बिचारी थियो अनि
त्येसै सहर्मां येउटी बिधुवी थिई अनि त्यो मंलाइ मेरो फिराति देखि
छोड़ाउंने निया गरि दिंनु हवस् भन्दै त्यो थांइ आउंने गर्द थिई।
४ अनि त्येस्ले कत्ति बेला सम्म इच्छे गऱ्येन तर पछि त्येस्ले आफुमां भन्यो
५ मं न ईश्वर्को डर् मान्द छु अनि न मान्छेको मान् गर्द छु तर येस्
बिधुवीले मंलाइ दुख गराइ दिंद छ त येसै कारण्ले मं त्येस्लाइ निया
गरि दिंछु होइन भन्ये ता त्येस्ले नित्ये आयेकोले मंलाइ हार् मनाउली।
६ अनि प्रभुले भन्यो सुन येम् अधर्म्मी बिचारीले क्ये भन्द छ। अनि क्ये
ईश्वर्ले आफ्ना छानीयेकाहरुलाइ निया गरि दिंदैन जस्ले रात् दिन्
८ उस्लाइ हापार्द छन् अनि जो सङ उस्ले धीरज् धर्द छ। मं तिमि-
हरुलाइ भन्द छु उस्ले छिट्टै तिनिहरुलाइ निया गरि दिंछ। तरै पनि
मान्छेको पुत्रले आयेर क्ये पृथिवीमां बिश्वास् पाउंछ॥

९ अनि उस्ले हांमिहरु धर्म्मी छौं भनि आफु माथि भरोसा राख्ने र
अरु अरुलाइ बिलेखाका ठान्नेहरु कत्तिको लागि यो उखान् पनि भन्यो
१० दुइ जना मान्छेहरु प्रार्थना गर्नुलाइ मन्दिर्मां चढ़ि गये एक् जना फरीसी
११ र अर्को जगाति। फरीसीले उभीइकन येस्तो आफै सङ प्रार्थना गऱ्यो हे
ईश्वर् मं तपांइको धन्नबाद् गर्द छु किनभन्ये मं अरु मान्छेहरु जस्तो छुइंन
जो लूटहार् अन्याई ब्यभिचारी छन् अं अनि न यो जगाति जस्तो।
१२ मं सातामां दुइ खेप् उपास् बस्द छु जति हात् पार्द छु सबैको दसौं अंश
१३ दिंद छु। तर जगातिचइंले टाड़ै उभीयेर स्वर्ग तिर आंखा उचाल्ने पनि
इच्छे गऱ्येन तर येसो भन्दै आफ्नु छाती पीट्यो हे ईश्वर् मं पापी
१४ तिर कृपालु हुंनु हवस्। मं तिमिहरुलाइ भन्द छु त्यो भन्दा यो
चइं धर्म्मी ठहराईयेको भइ आफ्नु घर्मां उत्रि गयो किनभन्ये आफुलाइ
अल्ग्याउंने सबै होंच्याईंछ तर आफुलाइ होंच्याउंने अल्ग्याईछ॥
१५ अनि लोगले आफ्ना बालखहरुलाइ पनि उस्ले तिनिहरुलाइ छोइ
देवस् भन्येर उ थांइ ल्याये तर शिक्षेहरुले यो देख्येर तिनिहरुलाइ हकाऱ्ये।
१६ तर येशूले तिनिहरुलाइ येसो भन्दै छेउ बोलायो बालखहरुलाइ मं थांइ
आउंनु देव अनि तिनिहरुलाइ त थुन किनभन्ये ईश्वर्को राज् येस्तैहरुको
१७ हो। मं तिमिहरुलाइ सांचो भन्द छु जस्ले ईश्वर्को राज् बालखले झैं
ग्रहण् गरोइन त्यो कसै परिले त्येस्मां पस्दैन॥
१८ अनि एक् जना मालिक्ले उ सित सोध्यो हे भला गुरु मं क्ये गऱ्येर
१९ अजम्मरे जीउंनिको अधिकारी हुंछु। अनि येशूले त्येस्लाइ भन्यो तैंले
मंलाइ भला किन भन्द छस् कोई भलो छैन खालि एक् मांत्रै अर्थात्
२० ईश्वर्। तैंले आज्ञाहरु जान्द छस् ब्यभिचार् न गर् हत्या न गर् चोरी
न गर् झूठो साक्षी न दे आफ्ना बाबु आंमाको मान्मनीतो गर् भन्ये।
२१ अनि त्येस्ले भन्यो यि सबैको ता मैंले आफ्नु केटौलिनै देखि जगेरा
२२ गऱ्येको छु। अनि येशूले यो सुन्येर त्येस्लाइ भन्यो तलाइ अझै पनि
येउटा कुरोको घटी भइ रह्येको छ जत्ति तेरा छन् सबै बेच्येर कंगालि-
हरुलाइ बांड़ि दे अनि तैंले स्वर्गमां धन् पाउंछस् अनि आयेर मंलाइ
२३ पछ्या। तर त्यो यि कुरा सुन्येर अग्घोर् कष्टित् भइ गयो किनभन्ये
२४ त्यो अग्घोर् धनी थियो। अनि येशूले त्येस्लाइ देख्येर भन्यो धनीहरु
२५ ईश्वर्को राज्मां कस्तो कठिन् सङ पस्नन्। किनभन्ये ईश्वर्को
राज्मां धनीलाइ पस्नु भन्दा ता बरु ऊंट्लाइ मीयोको नाथ्री बाटो पस्नु

२६ सहज् छ। अनि सुन्नेहरुले भन्ये उसो भये ता को बचाईंनु सक्द छ।
२७ तर उस्ले भन्यो मान्छेहरु पट्टि बाटो हुंनु न सक्ने कुरा ईश्वर्को पट्टि
२८ बाटो हुंनु सक्ने छन्। पत्रुसले भन्यो हेर्नु हवस् हांमिहरुले आफ्ना
२९ घर्बार् छोड़ेर तपांइलाइ पछ्यायूं। अनि उस्ले तिनिहरुलाइ भन्यो मं
तिमिहरुलाइ सांचो भन्द छु कोई छैन जस्ले ईश्वर्को राज्को लागि घर्
कि स्वास्नी कि दाज्युभाई कि आंमा दावु कि बालखहरुलाइ छोड़ि दियेको
३० होला जस्ले येस् समय्मां धेरै गुणा बेसि अनि आउंदो जगत्मां
अजम्मरे जीउंनि पाउंदैन॥

३१ अनि उस्ले बाह्रैलाइ आफु छेउ लियेर तिनिहरुलाइ भन्यो हेर
हांमिहरु यरूसलम्मां चढ़ि जांद छौं अनि अगम्बक्ताहरुले लेख्येका सबै
३२ कुरा मान्छेको पुत्रको लागि गरि सकींछन्। कमोगरिभन्ये उ अन्यदेसी-
हरुलाइ पक्राइ दिईछ अनि ठट्टामां उड़ाईछ अनि उस्को निन्दा गरींछ
३३ अनि उस्लाइ थूकींछ अनि तिनिहरुले उस्लाइ कोर्रा लायेर मांर्छन्
३४ अनि उ तीस्रो दिन्मां बौरि उठ्छ। अनि तिनिहरुले यि कुरामांको क्येइ
बूझ्येनन् अनि यो कुरो तिनिहरु देखि गुप्त रह्यो अनि भनीयेका कुरा
तिनिहरुले थाहा पायेनन्॥

३५ अनि उ यरीहोको नजिक् आउंदामां येसो भयो एक् जना अन्धा
३६ बाटोको छेउ भीक् मांगि बस्येको थियो अनि त्येस्ले धुइरोलाइ जांदै
३७ गर्न्येको सुन्येर यो क्या हो भनि सोध्यो। अनि तिनिहरुले त्येस्लाइ कहि दिये
३८ येशू नासरी जाइ जांद छ। अनि त्येस्ले येसो भन्दै हापाऱ्यो हे येशू
३९ दाऊद्का पुत्र मं मांथि दया गर्नु हवस्। अनि अघि अघि हिंन्नेहरुले त्यो
चुप् लागोस् भनि त्येस्लाइ हकाऱ्ये तर त्यो हे दाऊद्का पुत्र मं माथि
४० दया गर्नु हवस् भनि झन्सारो करायो। त येशू अड़ीयो अनि त्येस्लाइ
आफु थांइ ल्याउंनुलाइ अह्रायो अनि जब त्यो नजिक् आयो तब त्येस्लाइ
४१ सोध्यो मैंले तेरो लागि क्ये गर्ने तेरो इच्छे छ। अनि त्येस्ले भन्यो
४२ हे प्रभु यो मं फेरि देखुं। अनि येशूले त्येस्लाइ भन्यो फेरि देख् तेरो
४३ बिश्वास्ले तंलाइ बचायो। अनि तुरन्तै त्येस्ले फेरि देख्यो अनि ईश्वर्को
महिमा गर्दै उस्लाइ पछ्यायो अनि सबै लोगले यो देखिकन ईश्वर्लाइ
स्तुति दिये॥

१९ १ अनि उ यरीहोमां पस्येर छिरि जांद थियो। अनि हेर जक्की नांउ
भयेको एक् जना पुरुष् थियो अनि त्यो जगातिहरुको येउटा मूल् थियो अनि

३ धनी थियो। अनि त्येस्ले येशूलाइ उ को हो भनि हेर्नु खोज्द थियो
४ अनि धुइरोको कारण्ले सक्दैन थियो किनभन्ये पुड्के थियो। अनि त्यो
अगाड़ि दुगुरि गयेर येउटा खस्रेको रुख्मां चढ्यो उस्लाइ हेरुं भनि
५ किनभन्ये उ त्येइ बाटो जांनु आंटेयको थियो। अनि जब येशू
त्येस् ठांउमां आयो तब ऊंभो तिर हेरि त्येस्लाइ भन्यो ए जक्की छिटो
गरि ओह्लि आइज किनभन्ये आजु मैंले तेरो घर्मां रहंनु पर्‍येको छ।
६ अनि त्यो छिटो गरि ओह्लि आयो अनि उस्लाइ रमाइ रमाइ पाहुना
७ पाल्यो। अनि सबै यो देख्येर येसो भन्दै गन्गनाये उ एक् जना पापीकां
८ बास् बस्नुलाइ पस्यो। अनि जक्कीले उभीयेर प्रभुलाइ भन्यो हे प्रभु
हेर्नु हवस् मं आफ्नु आधा धन्सम्पत्ति कंगालिहरुलाइ दिंद छु अनि मैंले
खत् लाइ कोई देखि क्येइ खोस्येको छु भन्ये देखि न मं चौगुणा फर्काइ
९ दिंद छु। अनि येशूले त्येस्लाइ भन्यो आजु येस् घर्लाइ मुक्ति भयो
१० कसोगरिभन्ये येइ पनि अब्राहाम्को छोरो हो। किनभन्ये मान्छेको पुत्र
हरायेकोलाइ खोज्नु र बचाउंनुलाइ आयो॥
११ अनि तिनिहरुले यि कुरा सुन्दाखेरि उस्ले येउटा उखान् पनि भन्यो
किनभन्ये उ यरूसलम्को नजिक् थियो अनि तिनिहरुले ईश्वर्को राज्
१२ तुरन्तै देखाहा पर्नु आंटेयको छ भनि ठान्द थिये। येस्कारण् उस्ले
भन्यो एक् जना माथ्बर् मान्छे आफ्नु लागि राज् पाउंनु र फर्कि आउंनुलाइ
१३ टाड़ो देम् गयो। अनि त्येस्ले आफ्ना दास्हरुमांका दस् जनालाइ बोलायेर
तिनिहरुलाइ दस्वटा असर्फी दियेर तिनिहरुलाइ भन्यो मं न आउंज्याल्
१४ सम्म बेपार् गर। तर त्येस्का सहर्बासीहरुले त्यो देखि दुश्मनी गर्द
थिये अनि येसो भन्दै त्येस्को पछि पछि दोमाषेहरुलाइ पठाये हांमिहरु
१५ येस्ले हांमिहरु मांथि राज् गरोस् भन्ये इच्छे गर्दैन। अनि जब त्यो
राज् पायेर फर्कि आयो तब येसो भयो त्येस्ले रुपिया दियेका यि दास्-
हरुलाइ आफु छेउ बोलाउंनुलाइ भन्यो त्येस्ले तिनिहरुले बेपार् गरिकन
१६ कति कति कमाये भनि थाहा पाउंनुलाइ। त पहिलोले छेउ आयेर
१७ भन्यो हे प्रभु आफुको असर्फीले दस् अरु असर्फी कमायो। अनि त्येस्ले
त्येस्लाइ भन्यो बेस् हे भलो दास् तं अति थोर्मां बिश्वासी भइस् येस्कारण्
१८ तं दस् सहर् मांथि अधिकार् गर्ने हो। अनि दोस्रोले आयेर भन्यो हे
१९ प्रभु आफुको असर्फीले पांच् असर्फी कमायो। अनि त्येस्ले त्येस्लाइ पनि
२० भन्यो तं पनि पांच् सहर् मांथि हो। अनि अर्कोले आयेर भन्यो हे प्रभु

२१ हेर्नु हवस् आफुको असर्फी जो मैंले रुमाल्मां राखि छोड़ें। किनभन्ये
मं आफु देखि डराउंद थियें किनभन्ये आफु कठोर् मान्छे छौ ज्ये राख्यौन त्यो
२२ उठाइ लांद छौ अनि ज्ये छर्‍यौन त्येस्को कटनी गर्द छौ। त्येस्ले त्येस्लाइ
भन्यो ए दुष्ट दास् तेरै मुख् देखि मं तेरो बिचार् गर्छु। तैंले मं कठोर्
मान्छे छु ज्ये राखिंन त्यो उठाइ लांद छु अनि ज्ये छरिंन त्येस्को कटनी
२३ गर्द छु भनि जान्द थिइस्। त किन मेरा रुपिया साहूकां दिइनस्
२४ अनि मैंले आयेर ति ब्याज् समेत् ऐंचि लिंने थियें। अनि छेउ उभीयेका-
हरुलाइ त्येस्ले भन्यो त्यो देखि त्यो असर्फी खोस् अनि जस्कां दस्
२५ असर्फी छन् त्येस्लाइ देव। अनि तिनिहरुले त्येस्लाइ भन्ये प्रभुज्यु
२६ त्येस्कां ता दस् असर्फी छंदै छन्। मं तिमिहरुलाइ भन्द छु जस् जस्कां
क्येइ छ त्येस्लाइ दिईछ तर जस्कां छैन त्यो देखि त्येस्कां भयेका पनि
२७ खोसींछ। तरै पनि यि मैंले तिनिहरु मांथि राज् गरुं भन्ये इच्छे न
गर्ने मेरा सत्तुर्हरुलाइ येता ल्याव अनि तिनिहरुलाइ मेरो सांमु
काटि हाल॥

२८ अनि उ यि कुरा भन्येर यरूसलम्मां चढ़ि जांदै अघि अघि हिंड्यो॥

२९ अनि जसै उ बेत्फगा र बेथनियाको नजिक् जैतून् भनींने डांड़ा निर
पुग्यो तब येसो भयो उस्ले आफ्ना शिक्षेहरुमांका दुइ जनालाइ येसो भनि
३० पठायो सांमु भयेको गांउमां हिंड़ि जाव र त्येस्मां पस्दा पस्दै तिमि-
हरुले कैलेइ कोई न बस्येको येउटा गदाहाको बच्चालाइ भेटाउंछौ त्येस्लाइ
३१ फुकायेर ल्याव। अनि कसैले तिमिहरुलाइ किन फुकाउंद छौ भनि सोध्यो
३२ भन्ये 'देखि त येसो भन प्रभुलाइ येस्को खांचो छ। अनि पठाईयेका-
३३ हरुले गइ गयेर उस्ले तिनिहरुलाइ भन्येको जस्तो भेटाये। अनि तिनि-
हरुले बच्चालाइ फुकाउंदै गर्दाखेरि त्येस्का धनीहरुले तिनिहरुलाइ भन्ये
३४ बच्चालाइ किन फुकाउंद छौ। अनि तिनिहरुले भन्ये प्रभुलाइ येस्को
३५ खांचो छ। अनि तिनिहरुले त्येस्लाइ येशू थांइ ल्याये अनि तिनिहरुले
३६ आफ्ना लुगा बच्चा मांथि हाल्येर येशूलाइ चढ़ाये। अनि उ जांदै गर्दाखेरि
३७ तिनिहरुले आफ्ना लुगा बाटो हुंदो ओछ्याये। अनि उ अब
नजिक् अर्थात् जैतून् डांड़ाको ओह्रालो लाग्ने ठांउ सम्म पुग्दामां
शिक्षेहरुको सबै धुइरोले रमाइ रमाइकन तिनिहरुले देख्येका सबै आश्चर्ज्ये
कर्म्मको बिषय्मां बड़ो शब्दले येसो भन्दै ईश्वर्को स्तुति गर्नु लाग्यो
३८ धन्न हो प्रभुको नांउमां आउंने राजा स्वर्गमां मिलाप् अनि परम्धाम्मां

३९ महिमा। अनि धुइरो देखि फरीसीहरुमांका कत्ति जनाले उस्लाइ
४० भन्ये हे गुरु आफना शिक्षेहरुलाइ हकार्नु हवस्। अनि उस्ले उत्तर् दिइ
भन्यो मं तिमिहरुलाइ भन्द छु यिनिहरु चुप् लाग्ये भन्ये देखि ता ढुंगाहरु
कराइ उठ्छन्॥
४१ अनि जसै उ नजिक् आयो तब सहर् देखिकन त्येस्को लागि
४२ येमो भनि रोयो येम् दिन्मां तैंले अं तैंलेनै मिलाप्को बिषय्का कुरा
जान्येको भये देखि ता हुंथ्यो तर अब तेरा आंखा देखि ति लुकाईयेका
४३ छन्। किनभन्ये ति दिन् तं मांथि आइ पुग्छन् जस्मां तेरा सत्तुर्हरुले
कठ्घेरा हालि तंलाइ घेर्छन् अनि तंलाइ फेरो मांरि बस्छन् अनि सबै
४४ तिर बाटो तंलाइ थुनि राख्छन् अनि तंलाइ र तंमां भयेका बालख-
हरुलाइ भूंइमां लड़ाइ सम्म्याउछन् अनि तंमां ढुंगो मांथि ढुंगो छोड़्दैनन्
किनभन्ये तैंले तंलाइ दर्शन् दिईयेको बेला जानिनम्॥
४५ अनि उस्ले मन्दिर्मां गयेर बेच्नेहरुलाइ तिनिहरुलाइ येसो भनि
४६ निकाल्नु लाग्यो लेखीयेको छ अनि मेरो घर् प्रार्थनाको घर् हुंछ भनि
तर तिमिहरुले ता येस्लाइ डाकूहरुको ओढ़ार् बनायौ॥
४७ अनि उस्ले मन्दिर्मां दिनहूं शिक्षा दिंद थियो। तर मूल्पूजाहारी-
हरु र शास्त्रीहरु र लोग्का मूल्हरुले उस्लाइ नास् पार्नु खोज्द थिये
४८ अनि तिनिहरुले क्ये गर्नु हो भनि पाउंदैन थिये किनभन्ये सबै लोग्
सुन्दै उस्मां झूंडीइ रहंथ्ये॥

२० १ अनि ति दिन्मांको एक् दिन् येसो भयो उस्ले लोग्लाइ मन्दिर्मां
शिक्षा दिंदा र सुसमाचार् सुनाउंदाखेरि मूल्पूजाहारीहरु र शास्त्रीहरु
२ प्राचीन्हरु सङ छेउ उभीये अनि तिनिहरुले उस्लाइ येसो भनि भन्ये
हांमिहरुलाइ भन तिमिले कस्तो अधिकार्ले यि काम् गर्द छौ कि यो
३ अधिकार् तिमिलाइ दिंने को हो। अनि उस्ले तिनिहरुलाइ उत्तर् दिइ
भन्यो मं पनि तिमिहरुलाइ येउटा कुरो सोध्छु अनि तिमिहरुले मंलाइ
४ भनि देव। यूहन्नाको बप्तिस्मा क्ये स्वर्ग देखि थियो कि मान्छेहरु
५ देखि। अनि तिनिहरुले आपस्तमां येमो भनि बिचार् गर्न्ये हांमिहरुले
स्वर्ग देखि हो भन्यूं भन्ये देखि उस्ले भन्छ त तिमिहरुले किन त्येस्को
६ बिश्वास् गर्न्यौन। तर हांमिहरुले मान्छेहरु देखि हो भन्यूं भन्ये
देखि सबै लोगले हांमिहरुलाइ लोहोर्याउंनन् किनभन्ये तिनिहरुले यूहन्ना
७ अगम्बक्ता थियो भनि मान्द छन्। अनि तिनिहरुले हांमिहरु जान्दौंन

८ कहां देखि थियो भनि उत्तर् दिये। येशूले तिनिहरुलाइ भन्यो मं पनि
निमिहरुलाइ भनि दिन्न कस्तो अधिकार्ले मं यि काम् गर्द छु॥
९ अनि उस्ले लोगलाइ यो उखान् भन्न लाग्यो येउटा मान्छेले दाख्को बारी
लगायो अनि किसानिहरुलाइ त्येस्को ठीका दियेर धेरै दिन् सम्म पर्देस्मां
१० गइ रह्यो। अनि ऋतुमां त्येस्ले किसानिहरु थाइ येउटा दास्लाइ
पठायो तिनिहरुले दाख्को बारीको फल्मांको त्येस्लाइ दिउन् भनि तर
११ किसानिहरुले त्येस्लाइ पीटेर रित्तै हात् निकालि पठाये। अनि त्येस्ले
अर्को पनि दास्लाइ पठायो अनि तिनिहरुले त्येस्लाइ पनि पीटेर हुर्मत्
१२ लियेर रित्तै हात् निकालि पठाये। अनि त्येस्ले तीस्रो पनि पठायो अनि
१३ तिनिहरुले येस्लाइ पनि घायल् पार्येर निकालि दिये। अनि दाख्को
बारीको प्रभुले भन्यो मं क्ये गरु मं आफ्नु प्रिय पुत्र्लाइ पठाउंछु
१४ कोनि कतै तिनिहरुले येस्चइंको ना मान् गर्नन्। तर किसानिहरुले
त्येस्लाइ देख्येर आपस्तमां येसो भनि बिचार् गर्ये यो ना अधिकारी हो
१५ त्येस्लाइ मारुं र अधिकार् हांमिहरुकै होइ जावस्। अनि तिनिहरुले
त्येस्लाइ दाख्को बारी देखि बाहर आफाल्येर मार्ये। त दाख्को बारीको
१६ प्रभुले तिनिहरुलाइ क्ये गर्छ होला। त्येस्ले आयेर यि किसानिहरुलाइ
नास् पार्छ अनि दाख्को बारी अरुहरुलाइ दिछ। अनि यो सुन्येर
१७ तिनिहरुले भन्ये येसो न हवस्। तर उस्ले तिनिहरु मांथि दृष्टि गरि
भन्ये त यो लेख्येको क्या हो

जस् ढुंगोलाइ घर् बनाउंनेहरुले बिकामे ठान्ये
उइ कुनाको सिराह् भइ गयो

१८ भन्ये। त्यो ढुंगो मांथि लड्ने जुन्सुकै पनि चूर् होइ जाछ तर जस्
मांथि उइ लड्छ उस्ले त्येस्लाइ धूलो सरि उड़ाउंछ॥
१९ अनि शास्त्रीहरु र मूलपूजाहारीहरुले त्येसै घरीमां उ मांथि हात्
हाल्नु खोज्ये अनि तिनिहरु लोग् देखि डराये किनभन्ये उस्ले हांमिहरुइको
२० बिरुद्धमां यो उखान् भन्यो भनि थाहा पाये। अनि तिनिहरुले उस्को
चीवामां भयेर आफुहरुलाइ कपट् सङ धर्म्मी देखाउंने चीवाहरुलाइ पठाये
तिनिहरुले उस्लाइ मालिक्को हुकुम् र अधिकार्मां पकराइ दिंनुको लागि
२१ उस्को बचन् समातुन् भन्ये खातिर्ले। त तिनिहरुले उ सित येसो भन्दै
सोध्ये हे गुरु हांमिहरु तपांइले सोजो गरि भन्नु र सिकाउंनु हुंद छ अनि पन्
पस्नु हुंदैन तर सच्चेई सङ ईश्वर्को बाटो सिकाउंनु हुंद छ भनि जान्द

२२ छौं क्ये कैसर्‌लाइ सिर्त दिंनु हांमिहरुलाइ उचित् छ कि छैन।
२३ तर उस्ले तिनिहरुको छुल्येईं चाल् पाइ तिनिहरुलाइ भन्यो मंलाइ येउटा
२४ सुका देखाव। त्येस्मां कस्को मूर्त्ति र छाप् छ। त तिनिहरुले भन्ये
२५ कैसर्‌को। अनि उस्ले तिनिहरुलाइ भन्यो तब ज्ये ज्ये कैसर्‌का हुन्
२६ कैसर्‌लाइ अनि ज्ये ज्ये ईश्वर्‌का छन् ईश्वर्‌लाइ दिहाल। अनि तिनि-
हरुले लोगको सांमुन्ने यो कुरो समात्‌नु सक्येनन् अनि उस्को उत्तर्‌ले
उदेक् मानि चुप् रह्ये॥

२७ अनि बौरिउठाई हुंदैन भन्ने सदूकीहरुमांका कत्ति जनाले उ थांइ
२८ आयेर उ सित येसो भनिकन सोध्ये हे गुरु मूसाले हांमिहरुलाइ लेखि
दियो कसैको स्वास्नी भयेको दाज्यु निसन्तान् भइ मंर्‍यो भन्ये देखि
त्येस्को भाईले त्येस् स्वास्नीलाइ ल्यायेर आफ्‌नु दाज्युको लागि बंश
२९ उभ्यावम्। त सात् भाई थिये अनि पहिलो चइं स्वास्नी ल्यायेर निसन्तान्
३० ३१ भइ मंर्‍यो अनि दोस्रो अनि तीस्रोले त्येस्लाइ ल्यायो अनि त्येसै
३२ गरि सातै सन्तान् न छोड़ि मंर्‍ये। पछाड़ि मंरी स्वास्नी पनि।
३३ बौरिउठाईमां ता त्यो तिनिहरुमांको कुन्‌चइंकी स्वास्नी हुंछ किनभन्ये
३४ सातैले त्येस्लाइ स्वास्नी गरि राख्ये। येशूले तिनिहरुलाइ भन्यो येस्
३५ लोक्‌का छोराहरुले व्याहा गर्द छन् अनि ब्याहामां दिईद छन् तर
जो जो उ चइं लोक् र मुर्दाहरु देखिको बौराई पाउंने माफिक्‌का
३६ गर्नीछन् तिनिहरुले न ब्याहा गर्द छन् न ब्याहामां दिईद छन् किनभन्ये
तिनिहरु फेरि मंर्नु सक्‌दैनन् पनि कसोगरिभन्ये स्वर्गे दूत्‌हरुको बराबर् छन्।
३७ अनि बौरिउठाईका छोराहरु भइ ईश्वर्‌का छोराहरु हुन्। तर मुर्दाहरु
उठाईद छन् भनि मूसाले पनि पोथ्राको बिषय्‌को ठांउमां प्रगटो गर्‍यो
जब त्येस्ले प्रभुलाइ अब्राहाम्‌को ईश्वर् अनि इस्‌हाक्‌को ईश्वर् अनि
३८ याकूब्‌को ईश्वर् भन्द छ। अब उ मुर्दाहरुको ईश्वर् होइन तर
जीउंदाहरुको हो कसोगरिभन्ये उसैको लागि सबै जीउंदैनै छन्।
३९ अनि शास्त्रीहरुमांका कत्तिले उत्तर् दिइ भन्ये हे गुरु आफुले जाति
४० भन्नु भयो। किनभन्ये तिनिहरुलाइ फेरि उ सित क्येइ सोध्‌ने
आंट् भयेन॥

४१ अनि उस्ले तिनिहरुलाइ भन्यो लोगले ख्रीष्ट दाऊद्‌को पुत्र हो
४२ भनि कसोगरि भन्द छन्। किनभन्ये दाऊद् आफैले गीत्‌को पोस्तक्‌मां
भन्द छ

प्रभुले मेरो प्रभुलाइ भन्यो
तं मेरो दाहींनो हात् तिर बस्
४३ जब सम्म मं तेरा सत्तुर्हरुलाइ तेरा चरण्को चरण्पिरा गरि
४४ दिन्न। दाऊद्ले ता उस्को नांउ प्रभु राख्द छ त उ त्येस्को पुत्र
कसोगरि हो ॥

४५ अनि उस्ले सबै लोगले सुन्दामां आफ्ना शिक्षेहरुलाइ भन्यो
४६ शास्त्रीहरु देखि चंख बस जस्ले लांमा लबेता लगाइ डुलि हिंड्ने इच्छे गर्द
छन् अनि चोक्मां पालागी पालागी अनि सभाघर्मां मूल् बैठक् अनि भोज्
४७ भतियारमां मूल् बस्ने ठांउ पियारो गर्द छन् जो बिधुवीहरुका घर्
खाइ हाल्ने अनि लोकाचार्को लागि लांमा प्रार्थना गर्नेहरु छन् यिनिहरुले
बेसि दण्डको आज्ञा पाउंछन् ॥

२१ १ अनि उस्ले आंखा उचाल्येर आफ्नु आफ्नु भेटि भंडार्मां हाल्दै गर्ने
२ धनीहरुलाइ देख्यो। अनि उस्ले येउटी कंगालि बिधुवीलाइ त्येम्मां
३ दुवटा दाम् हाल्दै गर्‍येकी देख्यो। अनि उस्ले भन्यो मं तिमिहरुलाइ
सांचिनै भन्द छु ति सबैले भन्दा येम् कंगालि बिधुवीचइले बेसि हाली
४ कसोगरिभन्ये यि सबैले आफ्नु उबारोमांको भेटिहरुमां हाल्ये तर येस्चइले
ता आफ्नु अपुग्दोमांको आफ्नु सबै जीबिका जति भयेको हाली ॥

५ अनि कत्तिले मन्दिर्को बिषय्मां त्यो जाति जाति ढुंगाले र चढायेका
६ थांक्ले सिङारीयेको छ भन्येर भन्दामां उस्ले भन्यो यि ज्ये ज्ये तिमि-
हरुले हेर्द छौ ति दिन् आउंछन् जम्मां यहां ढुंगो मांथि ढुंगो छोडींदैन
७ जो भत्काईदैन। त तिनिहरुले उ सित मोध्ये हे गुरु कैले त यि कुरा
हुंछन् अनि चिंनु क्ये हुंछ जब यि कुरा होइ जांनु आंटाका हुंनन्।
८ अनि उस्ले भन्यो चंख बस तिमिहरु न भर्माईयौ किनभन्ये धेरै जना मेरो
नांउले उइ मैं हुं भनि अनि बेला नजिक् आयो भनि भन्दै आउंछन्
९ तिनिहरुको पछि न जाव। अनि जब तिमिहरुले लड़ाईहरु र खल्याङ्-
मल्याङ्हरुका सुनौला तब भय् न मान किनभन्ये यि पहिले होइ जांनु
अवस्से छ तर अन्त तुरन्तै हुंदैन ॥
१० तब उस्ले तिनिहरुलाइ भन्यो देस्को देस् अनि राज्को राज् बिरुद्धमां
११ उठ्छ अनि ठुला भूइंचाल् अनि ठांउ ठांउमां अनिकाल् र रुढ़ि हुंछन्
१२ अनि डर्लाग्दा लक्षिण् अनि स्वर्ग देखिका बड़ा चिंनु हुंछन्। तर यि
सबै भन्दा पहिले लोगले तिमिहरुलाइ मेरो नांउको कारण्ले सभाघर् र

झेल्खान्मां पकराइ दिइ अनि राजा र मालिक्हरुको सांमु पुऱ्याइ तिमिहरु
१३ मांथि आफ्ना हात् हाल्छन् अनि तिमिहरुलाइ सताउंछन्। यो तिमिहरुको
१४ लागि साक्षीको मेलो बनींछ। त आफ्नु आफ्नु हिर्दय्मां हांमिहरु उत्तर्
१५ दिंनुको लागि अघि देखि न गुनूं भनि ठहराइ राख किनभन्ये
मं तिमिहरुलाइ येस्तो मुख् र बुद्धि दिंछु तिमिहरुका सबै बिरोधीहरुले
१६ त्यो सङ लड्नु कि बात् गर्नु सक्दैनन्। तर तिमिहरु आंमा बाबुहरु अनि
दाज्युभाईहरु अनि कुटुम्बहरु अनि मित्रहरु देखि पनि पकराइ दिईछौ अनि
१७ तिमिहरुमाकां कत्तिलाइ तिनिहरुले मंराउंछन्। अनि सबैले तिमिहरु देखि
१८ मेरो नांउको कारण्ले दुश्मनी गर्छन्। अनि तिमिहरुको सिर्को येउटा केस्
१९ पनि नष्ट हुंदैन। आफ्नु स्थिरेईमां तिमिहरुले आफ्ना प्राण् हात् पार्छौ॥
२० तर जब तिमिहरुले यरूसलम्लाइ लस्कर्हरुले घेऱ्येको देख्छौ तब
२१ त्येस्को उजार् नजिक् आयो भनि थाहा पाव। तब यहूदियामां हुंनेहरु पहाड्
हुंदो भागि जाउन् अनि यरूसलम्मां हुंनेहरु निक्लि जाउन् अनि गांउ हुंदो
२२ हुंनेहरु त्येस्मां न पसुन्। किनभन्ये यि नियागराईका दिन् हुन् लेखीयेका
२३ सबै कुरा पूरा होउन् भन्येर। हाय् ति दिन्मां गर्भिणी हुंने र
दुद् खुवाउंनेहरु मांथि किनभन्ये देस् मांथि बड़ो संकट् अनि येस् लोग्लाइ
२४ क्रोध् हुंछ। अनि तिनिहरु तरवार्को धार्ले लड़ाईछन् अनि सबै अन्य-
देस्मां बन्धुवा गरीछन् अनि अन्यदेर्सीहरुका बेला पूरा न होउंज्याग्ल सम्म
२५ यरूसलम् अन्यदेर्सीहरु देखि दलीयेको हुंछ। अनि सूर्ज र चन्द्र र
तागाहरुमां चिंनु हुंछन् अनि पृथिवी मांथि समुन्द्र र छाल्हरुको सोर्ले
२६ भयेको अन्योलेई पऱ्येकोले देस् देस्लाइ सकस् हुंछ अं मान्छेहरु डर् देखि
अनि संसार् मांथि आइ लाग्ने कुराको बाटोहेराई देखि मुर्दा सरि हुंदै जांछन्
२७ किनभन्ये स्वर्गका शक्तिहरु हल्लाईछन्। अनि तब तिनिहरुले मान्छेको
पुत्रलाइ शक्ति र बड़ो महिमा सङ मेघ्मां आउंदै गऱ्येको देख्छन्।
२८ तर यि कुरा हुंनु लाग्दा फेरि सोजो भयेर आफ्ना सिर् उचाल किनभन्ये
तिमिहरुको उद्धार् नजिक् आउंदै छ॥
२९ अनि उस्ले तिनिहरुलाइ येउटा उखान् भन्यो नेभाराको रुख् र सबै
३० रुख्हरुलाइ हेर जब तिनिहरुले अब पालुवा निकाल्द छन् तब तिमिहरुले
देखिकन गर्मको ऋतु अब नजिक् छ भनि आफैले थाहा पाउंद छौ।
३१ त्येसै गरिकन तिमिहरुले पनि जब यि कुरा हुंदै गऱ्येका देखौला तब ईश्वर्को
३२ राज् नजिक् छ भनि थाहा पाव। मं तिमिहरुलाइ सांचो भन्द छु

जब सम्म सबै कुरा होइ जांदैनन् तब सम्म येइ पुस्ता टलि गयेको हुंदैन।
३३ स्वर्ग र पृथिवी टलि जांछन् तर मेरा बचन् टलि जांदैनन् ॥
३४ तर तिमिहरु आफ्नु बिपय्मां चंख बस होइन भन्ये ता कोनि तिमि-
हरुका हिर्दय् अस्पटेई र मताई र येम् जीवन्का फिक्रिले गह्रङ् हुनन् अनि
३५ त्यो दिन् एक्कासि तिमिहरु मांथि पासो झैं आइ पर्ला किनभन्ये त्यो
येस्तै गरि सिंगै पृथिवीको मुख् मांथि बस्नेहरु सबै मांथि आइ लाग्छ।
३६ तर तिमिहरु यि सबै हुंनु आंट्ने कुरा देखि निक्लि बाच्नुलाइ र मान्छेको
पुत्रको सांमु उभीनुलाइ जिताहा हुंनुको लागि सबै बेलामा बिन्ति गर्दै
बिउंझि रह ॥
३७ अनि उस्ले दिउंसो मन्दिर्मां शिक्षा दिंद थियो अनि रानि निक्ल्येर
३८ जैतून् भनीने डांड़ामां बस्द थियो। अनि उ थांइ मन्दिर्मां उस्को
सुन्नुलाइ सबै लोग् सखारै आउंद थिये ॥
२२ १ अब निस्तार् चाड् भनीने अखमीरे रोटीको चाड् नजिक् आयो।
२ अनि मूल्पूजाहारीहरु र शास्त्रीहरुले उस्लाइ कसोगरि मारूं भनि
खोज्द थिये किनभन्ये तिनिहरु लोग् देखि डराउंद थिये ॥
३ अनि शैतान् इस्कर्योती भनीने बाह्रैको गन्तिमां हुने यहूदामा
४ पस्यो। अनि त्यो हिंड़ि गयेर मूल्पूजाहारीहरु र पहरुका कप्तान्हरु सङ
५ उस्लाइ कसोगरि तिनिहरुलाइ पकराइ देवम् भनि बोल्यो। अनि तिनिहरु
६ रमाये अनि त्येस्लाइ रुपिया दिंनुलाइ नियम् बान्ध्ये। अनि त्येस्ले स्वीकार्
गर्‍येर उस्लाइ तिनिहरुलाइ बिना धुइरोमां पकराइ दिंने माफिक्को बेला
खोज्नु लाग्यो ॥
७ अनि अखमीरे रोटीको चाड्को त्यो दिन् आयो जस्मा निस्तार्
८ चाड्को बलिदान् मार्नु पर्थ्यो। अनि उस्ले पत्रुस् र यूहन्नालाइ येसो
भनि पठायो गयेर हांमिहरुको लागि निस्तार् चाड् तियार् पार र हांमिहरु
९ खाऊं। अनि तिनिहरुले उस्लाइ भन्ये कहां हांमिहरुले तियार् पार्नु भन्ये
१० तपांइको इच्छे छ। अनि उस्ले तिनिहरुलाइ भन्यो हेर तिमिहरु सहर्मां
पस्दाखेरी पानीको गाग्रो बोक्दै गर्ने येउटा मान्छेको तिमिहरु सङ भेट्
११ हुंछ त्येस्लाइ त्येसै घर्मां पछ्याव जस्मां त्यो पस्छ। अनि त्येम् घर्को
स्वामीलाइ भन गुरुले आफुलाइ भन्द छ पाहुन्शाल् कहां छ जहां मं
१२ आफ्ना शिक्षेहरु सङ निस्तार् चाड् खांछु। अनि त्येस्ले तिमिहरुलाइ
ओछ्यानसोछ्यान् भयेको ठूलो येउटा मांथिल्लो तलाको कोठा देखाउंछ

१३ तिहीं तियार् पार। त तिनिहरुले गइ गयेर उस्ले तिनिहरुलाइ भन्ये
झैं भेटाये अनि तिनिहरुले निस्तार् चाड़् तियार् पार्ये ॥
१४ अनि जब घरी भयो तब उ बस्यो अनि प्रेरित्हरु उ सङ। अनि
१५ उस्ले तिनिहरुलाइ भन्यो मैंले दुख भोग्नु भन्दा पहिले तिमिहरु सङ यो
१६ निस्तार् चाड़् खांने अतिइच्छेले अतिइच्छे गर्यें किनभन्ये मं
तिमिहरुलाइ भन्द छु मं त्यो खान्न जैले सम्म त्यो ईश्वर्को राज्मां पूरो
१७ गरींदैन। अनि उस्ले कटौरा लियेर धन्नबाद् गर्येर भन्यो यो लियेर
१८ आपस्तमां बांड़ किनभन्ये मं तिमिहरुलाइ भन्द छु मं दाख्को
फल्मांको अब देखि येसो पीउंदींन जब सम्म ईश्वर्को राज् आउंदैन।
१९ अनि उस्ले रोटी लियेर धन्नबाद् गर्येर त्यो भांच्यो अनि तिनिहरुलाइ
येसो भन्दै दियो यो तिमिहरुको लागि दिईंने मेरो जीउ हो यो गर मेरो
२० सम्झनाको लागि। अनि त्यसै गरि कटौरा भोज् गर्ये पछि उस्ले येसो
भन्दै दियो यो कटौरा मेरो तिमिहरुको लागि बहाईने लोहूमां भयेको नया
२१ नियम् हो। तरै पनि हेर मंलाइ पकराइ दिंनेको हात् मं सङ मेज् मांथि
२२ छ। किनभन्ये मान्छेको पुत्र ता ठहरायेको अन्सार् जांद छ तरै पनि हाय्
२३ त्येम् मान्छे मांथि जस्को बाटोले उ पकराइ दिईद छ। अनि तिनिहरुले
हांमिहरुमांको यो काम् गर्नु आंट्ने को होला त भनि आपस्तमां बिबाद्
गर्नु लाग्यें ॥
२४ अनि तिनिहरुमां हांमिहरुमां को बड़ा गनींद छ भन्ये बिबाद् पनि
२५ भयो। त उस्ले तिनिहरुलाइ भन्यो अन्यदेमीहरुका राजाहरुले तिनिहरु
मांथि प्रभुनेई गर्द छन् अनि तिनिहरु मांथि अधिकार् चलाउंनेहरु सुकर्म्मी
२६ भनींद छन्। नर तिमिहरु चइं येस्तै न हव तर तिमिहरुमां बड़ा हुंने
२७ कान्छो जस्तो बर्नाओम् अनि मालिक् हुंने सेवा गर्ने जस्तो। किनभन्ये
को बड़ा हो भान्सामां बस्ने कि सेवा गर्ने क्ये भान्सामां बस्ने चइं होइन
२८ तर मं तिमिहरुको मांझमां सेवा गर्ने जस्तो छु। तर तिमिहरु चइं मं
२९ सङ मेरा परीक्षाहरुमां रह्येकाहरु हौ अनि जमोगरि मेरो पिताले
मंलाइ राज् दिंने नियम् बान्ध्येको छ त्येसैगरि मं तिमिहरुलाइ राज् दिंने
३० नियम् बान्ध्द छु र तिमिहरुले मेरो राज्मां मेरो मेज्मां खाव पीव
अनि तिमिहरु इस्राएल्का बाह्रै कुल्को बिचार् गर्दै सिंहासन् सिंहासन्मां
३१ बस्छौ। ए शिमोन् ए शिमोन् हेर् शैतान्ले तिमिहरुलाइ मांगि हाल्यो
३२ गहूं झैं निफन्नको लागि तर मैंले तेरो बिषय्मां बिन्ति गर्यें र तेरो

बिश्वास् न छोड़ीओस् अनि तंचइंले जब फर्क्येको हुंछस् तब आफ्ना
३३ भाईहरुलाइ स्थिर् गर्। अनि त्येस्ले उस्लाइ भन्यो हे प्रभु तपांइ सङ मं
३४ झेल्खान्मां अनि मृत्युमां जांनुलाइ तियार् छु। अनि उस्ले भन्यो ए
पत्रुस् मं तंलाइ भन्द छु आजु भाले बास्दैन जैले सम्म तैंले मंलाइ तीन्
खेप् अस्वीकार् गर्दैनस् मं उस्लाइ जान्दींन भनिकन ॥
३५ अनि उस्ले तिनिहरुलाइ भन्यो जब मैंले तिमिहरुलाइ बिना थैली र
झोलि र जुत्ता पठायें क्ये क्येइको घटि भयो। अनि तिनिहरुले
३६ भन्ये क्येइको भयेन। अनि उस्ले तिनिहरुलाइ भन्यो तर अब
भन्ये थैली हुंनेले त्यो लैजावम् अनि त्येमैगरि झोलि पनि अनि तरवार्
३७ न हुंनेले आफ्नु खाप्टो बेच्येर येउटा किनोम्। किनभन्ये मं तिमिहरुलाइ
भन्द छु यो लेखीयेको कुरो मंमां पुरो गरींनु खांचो छ अर्थात् अनि उ
अधर्म्मीहरु सङ गनीयो भन्न्ये किनभन्ये मेरो विषय्मां हुंने पूर्त्ति हुंने छ।
३८ अनि तिनिहरुले भन्ये हे प्रभु हेर्नु हवम् यहां दुवटा तरवार् छन्। अनि
उस्ले तिनिहरुलाइ भन्यो धेरै हो॥
३९ अनि उ निक्ल्येर आफ्नु रीत् अनुमार् जैतून् डांड़ामां गयो अनि
४० शिक्षेहरुले पनि उस्लाइ पछ्याये। अनि त्येस् ठांउमां भयेर उस्ले तिनिहरुलाइ
४१ भन्यो प्रार्थना गर र तिमिहरु परीक्षामां न पर। अनि उस्ले तिनिहरु
देखि ढुंगा अफलाई जति टाड़ो पंछीयेर घुंड़ा टेकि येमो भनिकन प्रार्थना
४२ गन्र्यो हे पिता तपांइको मन् छ भन्ये यो कटौरा मं देखि तर्काइ दिंनु
४३ हवम् तरै पनि मेरो होइन तर तपांइकै इच्छे पूरो गरीओस्। अनि
४४ स्वर्ग बाटो येउटा दूत् उस्लाइ बल् दिंदै उस्कां देखाहा पर्‍यो। अनि
उस्ले महासंकट्मां भइ बेसि बल्लियो गरि प्रार्थना गर्‍यो। अनि उस्को
४५ पसीना भूइंमां खस्ने रगत्का थोपा जस्तो भयो। अनि उस्ले प्रार्थना
देखि उठेर शिक्षेहरुकां आइ तिनिहरुलाइ शोक्ले सुत्येका भेटायो
४६ अनि तिनिहरुलाइ भन्यो किन सुत्द छौ उठेर प्रार्थना गर र तिमिहरु
परीक्षामां न पर॥
४७ उ अझ बोल्दैनै थियो हेर धुइरो अनि यहूदा भनीने जो बाह्रैमांको
एक् थियो तिनिहरुको अघि अघि हिंड्द थियो अनि त्यो येशूको नजिक्
४८ आयो उस्लाइ चूमा खांनुलाइ। तर येशूले त्येस्लाइ ए यहूदा क्ये चूमाले
४९ मान्छेको पुत्रलाइ पकराइ दिंद छस् भन्यो। अनि उस्का साथीहरुले क्ये
५० हुंनु आंट्यो भनि देख्येर भन्ये हे प्रभु क्ये तरवार्ले हिर्काऊं। अनि

तिनिहरुमांको एक् जनाले मूल्पूजाहारीको दास्लाइ हिर्कायेर त्येस्को दाहींनो
५१ कान् उड़ाइ दियो। तर येशूले उत्तर् दिइ भन्यो यहां सम्म हुंनु देव।
५२ अनि उस्ले कान् छोइ त्येस्लाइ निको पारि दियो। अनि येशूले उ
मांथि आयेका मूल्पूजाहारीहरु र मन्दिर्का पहरूका कप्तान्हरु र प्राचीन्-
हरुलाइ भन्यो क्ये तिमिहरु डाकू मांथि झैं तरवार् र लाठा लियेर
५३ निक्ल्यौ। मं दिनहूं तिमिहरु सङ मन्दिर्मां हुंदाखेरि तिमिहरुले मं मांथि
हात् पसार्‍यौन तर येइ तिमिहरुको घरी हो अनि अंधकार्को अधिकार्॥
५४ अनि तिनिहरुले उस्लाइ समात्येर लग्ये अनि मूल्पूजाहारीको घर्मां
५५ ल्याये। तर पत्रुस्चइंले टाड़ो टाड़ै पछ्यायो। अनि जब तिनिहरु
आघन्को मांझमां आगो बाल्येर जमा भइ बस्येका थिये तब पत्रुस् तिनि-
५६ हरुको मांझमां बसि गयो। पनि येउटी दासीले त्येस्लाइ आगोको
उजियाल्योमां बस्येको देख्येर अनि त्येस्लाइ डिठ्लाइ हेर्‍येर भनी येइ पनि
५७ उ सङ थियो। तर त्येस्ले ए स्त्री मं उस्लाइ जान्दीन भनि अस्वीकार्
५८ गर्‍यो। अनि अलिक् खेर् पछि अर्कोले त्येस्लाइ देख्येर भन्यो तैं पनि
५९ उनिहरुमांको होस्। तर पत्रुस्ले भन्यो ए मान्छे मं हुइंन। अनि घरी एक्
जतिको अन्तर् भयो अर्को कसैले सांच्चिनै यो पनि उ सङ थियो कसोगरि-
६० भन्ये यो गालीली हो भनि बल्लियो गरि भन्यो। तर पत्रुस्ले भन्यो
ए मान्छे मं जान्दीन तिमिले क्ये भन्द छौ। अनि तुरन्तै त्यो बोल्दै
६१ गर्दाखेरि भाले बास्यो। अनि प्रभुले फर्क्येर पत्रुस् मांथि दृष्टि गर्‍यो।
अनि पत्रुस्ले प्रभुको कुरो सम्झ्यो उस्ले त्येस्लाइ कसोगरि भन्येको थियो
आजु भाले बास्नु भन्दा पहिले तैंले मंलाइ तीन् खेप् अस्वीकार् गर्छस्।
६२ र त्यो बाइर गयेर दुख लागि लागिकन रोयो॥
६३ अनि येशूलाइ समाति रहने मान्छेहरुले उस्लाइ पीट्दै पीट्दै उ
६४ सित ठट्टा गर्‍ये। अनि तिनिहरुले उस्का आंखा छोप्येर उ सित अगम्को
६५ बाटोले कहि दे तंलाइ हिर्काउंने को हो भनि मांध्ये। अनि तिनिहरुले
धेरै अरु कुरा निन्दा गरि उस्को विरुद्धमां भन्ये॥
६६ अनि जसै दिन् भयो तब लोगको प्राचीनी सभा मूल्पूजाहारीहरु र
शास्त्रीहरु दुवै गरि भेला गरीयो अनि तिनिहरुले येसो भन्दै उस्लाइ आफ्नु
६७ महासभामां लग्ये ख्रीष्ट तैं होस् भन्ये देखि हांमिहरुलाइ भन्।
तर उस्ले तिनिहरुलाइ भन्यो मैंले तिमिहरुलाइ भन्यें भन्ये देखि तिमिहरुले
६८ बिश्वास् गर्दीन अनि मैंले तिमिहरुलाइ सोध्यें भन्ये देखि तिमिहरुले

६९ उत्तर् दिंदौन। तर अब देखि येमो मान्छेको पुत्र ईश्वर्को शक्तिको
७० दाहींनो हात् पट्टि बस्येको हुंछ। अनि सबैले भन्ये त क्ये ईश्वर्को
पुत्र तैं होस्। अनि उस्ले तिनिहरुलाइ भन्यो तिमिहरुले मैं हुं भनि
७१ भन्द छौ। अनि तिनिहरुले भन्ये हांमिहरुलाइ साक्षीको अरु क्ये खांचो
छ कसोगरिभन्ये हांमिहरु आफैले उस्को मुख् देखि सुन्यूं ॥

२३ १ अनि तिनिहरुको गैह्ल सभाले उठेर उस्लाइ पिलातुस्कां लग्यो।
२ अनि तिनिहरुले येसो भन्दै उस्लाइ दोष् लगाउंन लाग्ये हांमिहरुले येस्लाइ
हांमिहरुको लोग्लाइ भर्माउंदै अनि कैसर्लाइ तिर्नु दिन् थन्दै अनि आफैलाइ
३ ख्रीष्ट राजा भन्दै गर्येको भेटायूं। अनि पिलातुस्ले उ सित क्ये
यहूदीहरुको राजा तैं होस् भनि सोध्यो। अनि उस्ले त्येस्लाइ उत्तर् दिइ
४ भन्यो तपांइलेनै भन्नु हुंद छ। अनि पिलातुस्ले मूल्पूजाहारीहरु र
धुइराहरुलाइ भन्यो मं येस् मान्छेमां क्येइ दोष्को कारण् पाउंदीन।
५ तर तिनिहरुले ज्यास्ति बल्लियो गरि भन्ये उस्ले सबै यहूदिया भरि शिक्षा
६ दिंद अनि गालील् देखि थाल्येर यहां सम्म लोगलाइ उल्क्याउंद छ। तर
७ पिलातुस्ले यो सुन्येर क्ये यो मान्छे गालीली हो भनि सोध्यो। अनि
त्येस्ले उ हेरोदेस्को अधिकार्मांको हो रछ भनि थाहा पायेर उस्लाइ
हेरोदेस् थांइ पठाइ दियो जो आफै पनि ति दिन्मां यरुसलमूमां
थियो ॥

८ अब हेरोदेस् येशूलाइ देखिकन अघोर् रमायो किनभन्ये त्यो उस्को
विषयमां सुन्येको कारण्ले धेरै दिन् देखि उस्लाइ हेर्ने इच्छे गरि रह्येको
९ थियो अनि त्येस्ले उ देखि भयेको कोइ चिन्ह देख्ने आस्रा गर्यो। अनि
त्येस्ले उ सित निकै धेर् वचन् गरि सोध्यो तर उस्ले त्येस्लाइ क्येइ
१० उत्तर् दियेन। अनि मूल्पूजाहारीहरु र शास्त्रीहरु उस्लाइ सारो बल्लियो
११ गरि दोष् लगाउंदै उभीये। अनि हेरोदेस्ले आफ्ना तिलङ्गाहरु सङ
उस्लाइ तुच्छ ठानि ठट्टामां उडाइ चम्कीलो पहिरन् पहिर्यायेर उस्लाइ
१२ पिलातुस् थांइ फर्काइ पठायो. अनि त्येसै दिन् हेरोदेस् र पिलातुस्
आपस्तमां मित्र भये किनभन्ये अगाडि तिनिहरु आपस्तमा सत्तुरेईमां थिये ॥

१३ अनि पिलातुस्ले मूल्पूजाहारीहरु र मालिक्हरु र लोगलाइ बोलाइ
१४ जमायेर तिनिहरुलाइ भन्यो तिमिहरुले येस् मान्छेलाइ लोगलाइ
भर्माउंने भनिकन मं थांइ ल्यायौ अनि हेर मैंले तिमिहरुको मुखेंजि खारिकन
येस् मान्छेमां तिमिहरुले उस्लाइ दोष् दियेका विषयमां क्येइ दोष्को

१५ कारण् पाइंन अं अनि न हेरोदेस्ले पनि कसोगरिभन्ये त्येस्ले उस्लाइ
हांमिहरु थांइ फर्काइ पठायो अनि हेर क्येइ मृत्यु माफिक्को काम् उ
१६ देखि गरीयेंको छैंन। त मं उस्लाइ कुटेर छोड़ि दिंछु। तर
तिनिहरु सबै मिलिकन येसो भन्दै चिच्याये येस्लाइ लैजांनु हवस् अनि
१९ हांमिहरुको लागि बरब्बालाइ छोड़ि दिंनु हवस् जुन् चइं सहर्मां
भयेको येउटा राज्द्रोहको कारण्ले अनि हत्याको कारण्ले झेल्खान्मां
२० आफालीयेको थियो। अनि पिलातुस् येशूलाइ छोड़ि दिंने इच्छे गरि फेरि
२१ तिनिहरु सङ बोल्यो तर तिनिहरु त्येस्लाइ क्रूस्मां चढ़ाउंनु हवस्
२२ क्रूस्मां चढ़ाउंनु हवस् भन्दै कराये। अनि त्येस्ले तीस्रो खेप् तिनिहरुलाइ
भन्यो किन येस्ले क्ये बुरो गर्‍यो र. मैंले उस्मां क्येइ मृत्युको कारण्
२३ पाइंन येस्कारण् मं उस्लाइ कुटेर छोड़ि दिंछु। तर तिनिहरुले त्यो
क्रूस्मां चढ़ाईओस् भनि मांग्नुमां बड़ा शब्दले बल् गर्‍ये। अनि तिनि-
२४ हरुका शब्द जिताहा भये। त पिलातुस्ले तिनिहरुको मंगाई पूरो
२५ गरीओस् भनि आज्ञा गर्‍यो। अनि त्येस्ले तिनिहरुले मांग्येको त्येस्
राज्द्रोह् र हत्याको कारण्ले झेल्खान्मां आफालीयेकोलाइ छोड़ि दियो तर
येशूचइंलाइ त्येस्ले तिनिहरुको इच्छेमां सुम्पि दियो॥

२६ अनि जसै तिनिहरुले उस्लाइ लैजांद थिये तब गांउ बाटो आउंदै गर्ने
शिमोन् एक् जना कुरेनीलाइ समात्येर क्रूस् त्येसै मांथि राखि दिये त्येस्ले त्यो
येशूको पछि पछि लैजावस् भनि॥

२७ अनि लोगको ठुलो धुइरोले उस्लाइ पछ्यायो अनि स्त्रीहरुको पनि
२८ जस्ले छाती पीट्द र उस्को लागि बिलाप् गर्द थिइन्। तर येशूले
तिनिहरु तिर फर्क्येर भन्यो ए यरूसलम्को छोरीहरु हो न रोव मेरो लागि
२९ तरै पनि आफ्नु लागि अनि आफ्ना बालखहरुको लागि रोव। किनभन्ये
हेर ति दिन् आउंद छन् जस्मां भन्छन् धन्न बांझीहरु अनि ति गर्भ जस्ले
३० जन्मायेनन् अनि ति थुन् जस्ले दुद् खुवायेनन्। तब तिनिहरुले
पर्बत्हरुलाइ हांमिहरु मांथि भत्क अनि ढिस्काहरुलाइ हांमिहरुलाइ ढाक
३१ भंनि भन्नु लाग्छन्। किनभन्ये तिनिहरुले कांचो बृक्षेमां यि काम् गर्द
छन् भन्ये देखि त सुक्येकोमां क्ये गरीयेला॥

३२ अनि अरु दुइ जना जो कुकर्म्मी थिये उ सङ मांरींनुको लागि लगीये॥

३३ अनि जब तिनिहरु खप्परे भनींने ठांउमां आये तब तिनिहरुले उस्लाइ
त्यहां क्रूस्मां चढ़ाये अनि ति कुकर्म्मीहरुलाइ पनि एक् दाहींनो एक् बांउ

३४ पट्टि । अनि येशूले भन्यो हे पिता तिनिहरुलाइ क्षमा गर्नु हवस् किनभन्ये
तिनिहरुले क्ये गर्द छौं भनि जान्दैनन् । अनि तिनिहरुले उस्का
३५ बस्त्र बांड़ि लिइ चिट्ठा लगाये । अनि लोग् हेर्दै उभीइ रह्ये । अनि
मालिक्हरुले पनि येसो भन्दै उस्लाइ नाख् बजाइ दिये अरु अरुलाइ
बचायो ईश्वर्को खीष्ट उस्को छानीयेको जन् येइ हो रछ भन्ये देखि आफैलाइ
३६ बचावस् । अनि तिलंगाहरुले पनि उ सित ठट्टा गर्‍ये छेउ आइ उस्लाइ
३७ सिर्का चढ़ाइ दिइ अनि येमो भनि तं यहूदीहरुको राजा हाेस् भन्ये देखि
३८ आफुलाइ बचा । अनि उस्को मास्तिर लेखीयेको पत्र पनि थियो यो
यहूदीहरुको राजा भन्न्ये ॥
३९ अनि झुंड्याईयेका कुकर्म्मीहरुमांको येउटाले खीष्ट क्ये नै होइनस्
४० आफुलाइ अनि हांमिहरुलाइ बचा भनि उस्को निन्दा गर्‍यो । नर अर्कोले
उत्तर् दिइ त्येस्लाइ हकारि भन्यो क्ये तं पनि ईश्वर् देखि डराउंदैनस्
४१ किनभन्ये तं उसै दण्डको आज्ञामां छस् । अनि हांमिहरु ता नियाले
कसोगरिभन्ये हांमिहरु आफुले गर्‍येका काम् माफिक्को पाउंद छौं तर
४२ यिनिचइंले क्येइ अबेहोरा गर्‍येनन् । अनि त्येस्ले भन्यो हे येशू
४३ मंलाइ सम्झंनु हवस् जब तपांइ आफ्नु राज्मां आउंनु हुंछ । अनि उस्ले
त्येस्लाइ भन्यो मं तंलाइ सांचो भन्द छु आजै मं सङ तं बैकुण्ठमां हुंछस् ॥
४४ अनि अब दुइ पहर् जति भयो अनि सबै देस्मां तीस्रो पहर् सम्म
४५ अंधकार् भयो कसोगरिभन्ये सूर्जले छोड़्यो अनि पवित्रबास्को पर्दा मांझमां
४६ फाटीयो । अनि येशूले बड़ो शब्दले करायेर भन्यो हे पिता मं आफ्नु
आत्मा तपांइको हात्मां जिम्मा राख्द छु अनि उस्ले येसो भन्येर सास्
४७ आफाल्यो । अनि कप्तान्ले ज्ये भयेको थियो त्यो देख्येर निस्से यो
४८ मान्छे धर्म्मी थियो भनि ईश्वर्को महिमा गर्‍यो । अनि येस् हेराईको
लागि जमा भयेका धुइराहरु सबै ज्ये ज्ये भयेका थिये नि हेर्‍येर छाती
४९ पीट्दै फर्कि गये । अनि उस्का सबै चिन्हारुहरु र गालील् बाटो उ सङ
पछ्याइ आयेकी स्त्रीहरु यि सबै कुरा हेर्दै टाड़ो उभीइ रहिन् ॥
५० अनि हेर यूसुफ् नांउ भयेको एक् जना मान्छे जो मंत्री थियो भलो
५१ अनि धर्म्मी मान्छे (यो चइं तिनिहरुको त्येस् मन् र त्येस् कार्ज्येमां
संग्हात् गर्ने भयेको थियेन) यहूदीहरुको अरमतिया भनींने सहर्को मान्छे
५२ जस्ले ईश्वर्को राज्को बाटो हेर्द थियो येस्ले पिलातुस्कां गयेर
५३ येशूको मुर्दा मांग्यो । अनि त्येस्ले त्यो ओह्राल्येर पाट्कपराको कात्रोमां

बेह्र्यो अनि उस्लाइ ढुंगामां कप्येर बनायेको चिहान्मां राख्यो जहां कोई
५४ ऐले सम्म पस्नीयेको थियेन। अनि तियारीको दिन् थियो अनि
५५ बिश्राम्को दिन् नजिक् थियो। अनि ति स्त्रीहरुले जो गालील् बाटो
उ सङ आयेकी थिइन् छेउ छेउ भइ पछ्यायेर चिहान् अनि उस्को मुर्दा
५६ पनि कसोगरि राखीयो भनि हेर्दै थिइन्। अनि तिनिहरुले फर्कि गयेर
सुगन्ध द्रब्य र सुगन्ध तेल् तियार् पारिन्॥

२४ १ अनि तिनिहरु आज्ञा अनुसार् बिश्राम्को दिन्मां चाम्चुम् रहिन्।
तर साताको पहिलो दिन्मां भूक्भूक् उजियालो हुंदाखेरि तिनिहरु आफुले
२ तियार् पार्येका ति सुगन्ध द्रब्य लियेर चिहान्मां आइन्। अनि तिनिहरुले
३ ढुंगो चिहान् बाटो पल्टाईयेको पाइन्। अनि तिनिहरुले पस्येर प्रभु
४ येशूको मुर्दा पाइनन्। अनि तिनिहरु येस्को बिषय्मां अन्योल्मां हुंदाखेरि
येसो भयो हेर दुइ पुरुषहरु चम्कने पहिरन् लायेका तिनिहरुको छेउ
५ उभीये अनि तिनिहरु डर्ले भरीयेकी हुंदा र आफ्ना मुख भूंइ
तिर ओह्राल्दाखेरि उनिहरुले तिनिहरुलाइ भन्ये तिमिहरुले किन जीउंदोलाइ
६ मुर्दाहरुमां खोज्द छौ। उ यहां छैन तर बौरि उठ्यको छ समझ उ
७ गालील्मां छंदैखेरि तिमिहरुलाइ कसोगरि बोल्यो खांचो छ मान्छेको
पुत्र पापी मान्छेहरुका हात्मां पक्राइ दिईन अनि क्रूस्मां चढ़ाईनु अनि
८ तीस्रो दिन्मां बौरि उठनु भनिकन। अनि तिनिहरुले उस्का कुरा सम्झिन्
९ अनि चिहान् बाटो फर्कि गयेर एघाह्रैलाइ अनि अरु सबैलाइ यि सबै कुराको
१० समाचार् दिइन्। अब ति थिइन् मरियम् मग्दलीनी र योहाना र
याकूबकी आंमा मरियम्. अनि ति सङ अरु स्त्रीहरुले यि कुरा प्रेरित्हरुलाइ
११ कहिन्। अनि तिनिहरुको मुखेंजि यि कुरा ब्यर्थ कहनी जस्ता देखाह्रा
१२ पर्ये अनि तिनिहरुले तिनिहरुको अपत्यारो गर्ये। तर पत्रस् उठ्यर
चिहान्मां दुगुरि गयो अनि निउंर्येर खालि ति पाट्कपरा मांत्रै देख्यो
अनि ज्ये भयेको थियो त्येस् देखि उदेक् मान्दै आफ्नु घर् गइ गयो॥

१३ अनि हेर तिनिहरुमांका दुइ जना त्येसै दिन् यरुसलम् देखि कोस् चार्
एक् टाड़ोमां भयेको इम्माऊस् नांउको येउटा गांउमां जांदै थिये।
१४ अनि तिनिहरुले आपस्तमां यि सबै आइ लाग्येका कुराको बिषय्मां बात्चीत्
१५ गर्द थिये। अनि तिनिहरुले बात्चीत् अनि आपस्तमां बिवाद् गर्दाखेरि
१६ येसो भयो येशू आफै नजिक् आयेर तिनिहरु सङ हिड्नु लाग्यो। तर
१७ तिनिहरुका आंखा उस्लाइ न चिन्नको लागि थुनि राखीये। अनि उस्ले

तिनिहरुलाइ भन्यो कुन् हुन् यि बचन् जो तिमिहरुले आपस्तमां हिंड्दै
१८ हिंड्दै लड़ालड़् गर्द छौ। अनि तिनिहरु धमीला रूपका भइ उभीये।
अनि तिनिहरुमांको क्लियोपा नांउ भयेकोचइंले उस्लाइ उत्तर् दिइ भन्यो
क्ये खालि तिमि मांत्रै यरूसलम्मां पर्देमी हुंद छौ अनि त्येम्मां यि दिन्मां
१९ भयेका कुरा थाहा पाउंदौन। अनि उस्ले तिनिहरुलाइ भन्यो कुन् चइं
कुरा। तिनिहरुले उस्लाइ भन्ये येशू नासरीको बिषयका कुरा जो
ईश्वर् र सबै लोगको सांमुन्ने कर्म्म र बचन्मां शक्तिमान् अगम्बक्ता
२० थियो। अनि कसोगरि मूल्पूजाहारीहरु र हांमिहरुका मालिक्हरुले
उस्लाइ काल्को आज्ञाको लागि पकराइ दिये अनि उस्लाइ क्रूस्मां चढ़ाये।
२१ तर हांमिहरु इस्राएल्को उद्धार् गर्न् आंट्ने उइ हो भनि आस् गरन्द थियूं।
अं अनि यो सबै बाहिक् यि कुरा भयेका देखि येसो अब तीस्रो दिन् हुंद छ।
२२ येस् उप्रान्त हांमिहरुमांकी कत्ति जना स्त्रीहरुले हांमिहरुलाइ सर्क्षो पारिन्
२३ कसोगरिभन्ये भुक्भुक् उजियालो हुंदा चिहान्मां भइन् अनि तिनिहरु
उस्को मुर्दा न पायेर येसो भन्दै आइन् हांमिहरुले स्वर्ग दूत्हरुको दर्शन
२४ देख्यूं पनि जस्ले उ जीउंद छ भन्येर भन्द छन्। अनि हांमिहरुका साथी-
हरुमांका कत्ति जना चिहान्मा हिंड़ि गये अनि स्त्रीहरुले भन्येकै झै पाये
२५ तर उस्लाइ तिनिहरुले देख्येनन्। अनि उस्ले तिनिहरुलाइ भन्यो एड़
अबूझ् अनि अगम्बक्ताहरु बोल्येका सबै कुरा मांथि बिश्वास गर्नमा ढील्लो
२६ हिर्दय् भयेकाहरु हो क्ये अवस्से थियेन ख्रीष्टले यि दुख भोगन्
२७ अनि आफ्नु महिमामां पस्न्। अनि उस्ले मूसा देखि अनि सबै अगम्-
बक्ताहरु देखि थालि सबै धर्म्मशास्त्रमांका आफ्न बिषयका कुराको अर्थ
२८ तिनिहरुलाइ खोलि दियो। अनि तिनिहरु जांदै गर्येको त्येस् गांउको
२९ नजिक् आये अनि उस्ले अरु टाड़ो जांनु खोज्येको सै गर्‍यो। अनि
तिनिहरुले उस्लाइ येसो भन्दै बल्ले थुन्ये हांमिहरुका रहि जाउ किनभन्ये
३० सांझ् पर्दै गयो अनि अब दिन् ढलि गयो। त उ तिनिहरु सङ रहंनुलाइ
पस्यो। अनि उ तिनिहरु सङ भान्सामां बस्येंको बेलामां येसो भयो उस्ले
३१ रोटी लियेर आशीर्बाद् गर्‍यो अनि भांच्येर तिनिहरुलाइ दियो। तब
तिनिहरुका आंखा खोलीये अनि तिनिहरुले उस्लाइ चिन्ये अनि उ तिनिहरु
३२ देखि अलिप गयो। अनि तिनिहरुले आपस्तमां भन्ये जब उ हांमिहरुको
लागि धर्म्मशास्त्र खोलिकन हांमिहरु सङ बाटोमा बोल्द थियो तब क्ये
३३ हांमिहरुको हिर्दय् हांमिहरुमां बल्दैन थियो। अनि तिनिहरु त्येसै घरी
उठेर यरूसलम्मां फर्कि गये अनि एघाह्रैलाइ थुप्रीयेका अनि तिनिहरुका

३४ साथीहरुलाइ येसो भन्दै गर्‍येका भेटाये निस्से प्रभु बौरि उठ्यो
३५ अनि शिमोन्कां देखाहा पर्‍यो। अनि तिनिहरुले बाटोमांका कुराको
बखान् गर्‍ये अनि कसोगरि रोटीको भंचाईमां उ तिनिहरु देखि चिनीयो
भन्न्ये।
३६ अनि तिनिहरु यि कुरा बोल्दैनै थिये उ आफै तिनिहरुको मांझमां
३७ उभीयो अनि तिनिहरुलाइ भन्यो तिमिहरुलाइ शान्ति। तर तिनि-
हरुले भय् मानि र डर्‌ले भरीयेका भइ आत्मालाइ हेर्दै छौं भनि
३८ ठान्ये। तर उस्ले तिनिहरुलाइ भन्यो तिमिहरु किन घब्राउंद छौ
३९ अनि तिमिहरुको हिर्दयमां बिचार् किन चढ़ि आउंद छन्। मेरा हात् र
मेरा गोड़ा हेर मं आफैनै हुं मंलाइ छोव अनि हेर किनभन्ये आत्माका
४० मांसु र हाड़् हुंदैनन् जसोगरि तिमिहरुले मेरा भयेका हेर्दै छौ। अनि
४१ येसो भन्येर उस्ले तिनिहरुलाइ आफ्ना हात् गोड़ा देखायो। अनि
तिनिहरुले अझै पनि रमाहट्को कारण्ले अपत्यारो गर्दा अनि उदेक् मान्दाखेरि
उस्ले तिनिहरुलाइ भन्यो क्ये तिमिहरुकां यहां क्येइ खाने थोक् छ।
४२ ४३ अनि तिनिहरुले उस्लाइ सेकायेको माच्छाको खण्ड दिये। अनि उस्ले लियेर
तिनिहरुको मुखेंजि खायो॥
४४ अनि उस्ले तिनिहरुलाइ भन्यो यि मेरा ति बचन् हुन् जो मं तिमि-
हरुलाइ मं तिमिहरु सङ हुंदैखेरि बोल्यें मूसाको ब्यवस्थामां अनि अगम्-
बक्ताहरु र गीत्‌मां मेरो बिषय्‌मां लेख्येका सबै कुरा पूरा हुनु खांचो छ
४५ भन्ये। तब तिनिहरुले धर्म्मशास्त्र बूझ्नुलाइ उस्ले तिनिहरुको बुद्धि खोलि
४६ दियो अनि उस्ले तिनिहरुलाइ भन्यो येसो लेख्येको छ ख्रीष्टले दुख
४७ भोग्छ अनि तीस्रो दिन्‌मां मुर्दाहरु देखि बौरि उठ्छ अनि यरूसलम्
देखि थालि सबै देस्‌का लोग्‌मां पश्चात्ताप् र पाप्‌मोचन् उस्को नांउले
४८ ४९ प्रचारींछन् भन्येर। तिमिहरुचइं यि कुराका साक्षी हौ। अनि हेर मं
चइं आफ्नु पिताको करहार् तिमिहरु मांथि निकालि पठाइ दिंछु तर
तिमिहरु सहर्‌मां बस जैले सम्म ऊंभो देखि शक्ति लगायेका छौन॥
५० अनि उस्ले तिनिहरुलाइ बैथनियाको सांमु सम्म बाइर लग्यो अनि
५१ उस्ले आफ्ना हात् उचालिकन तिनिहरुलाइ आशीर्बाद् दियो। अनि उस्ले
तिनिहरुलाइ आशीर्बाद् दिंदै गर्दाखेरि येसो भयो उ तिनिहरु देखि अलग्
५२ भइ गयो अनि स्वर्गमां ऊंभो उठाइ लगीयो। अनि तिनिहरु उस्लाइ
५३ प्रणाम् गर्‍येर बड़ो रमाहट् सङ यरूसलम्‌मां फर्कि गये अनि
ईश्वर्‌लाइ आशीर्बाद् गर्दै बराबर् मन्दिर्‌मां थिये॥

यूहन्ना रचित् सुसमाचार्

---

१ १ बचन् आदिमां थियो अनि बचन् ईश्वर् सङ थियो अनि बचन् ईश्वरै
२ ३ थियो। आदिमां ईश्वर् सङ उइ थियो। सबै थोक् उस्को बाटोले भये
४ अनि उ बिना एक् पनि भयेको थोक् भयेन। उस्मां जीवन् थियो अनि
५ उ जीवन् मान्छेहरुको ज्योति थियो। अनि उ ज्योति अंध्यारोमां
६ प्रकाशित् छ अनि अंध्यारोले उस्लाइ ग्रहण् गऱ्येन। ईश्वर्को पट्टि बाटो
७ पठाईयेको येउटा मान्छे थियो जस्को नांउ यूहन्ना थियो। साक्षीको
लागि येइ आयो उस् ज्योतिको बिषय्मां साक्षी देवस् भन्न्ये खातिर्ले र
८ सबैले त्येस्को बाटोले बिश्वास् गरुन्। उ ज्योति त्येइ थियेन तर उस्
९ ज्योतिको बिषय्मां साक्षी दिंनुलाइ आयो। उ सांच्चिकै ज्योति जस्चइले
१० जगंगे मान्छेलाइ ज्योति दिंद छ संसार्मां आउंदै थियो। उ संसार्मां
थियो अनि संसार् उस्को बाटोले भयो अनि संसार्ले उस्लाइ चिन्येन।
११ उ आफ्नु निज् देश्मां आयो अनि उस्का निज् लोग्ले उस्लाइ ग्रहण्
१२ गऱ्येनन्। तर जत्तिले उस्लाइ ग्रहण् गऱ्ये तिनलाइ उस्ले ईश्वर्का
सन्तान् हुंने अधिकार् दियो अर्थात् उस्को नांउ मांथि बिश्वास् गर्नेहरुलाइ
१३ जो न रगत् देखि न शरीर्को इच्छे देखि न पुरुष्को इच्छे देखि तर
१४ ईश्वर् देखि उत्पन्न भये। अनि बचन् शरीर् भयो अनि अनुग्रह् र
सच्चेईले भर्पूर् भइ हांमिहरुमां डेरा हालि बस्यो (अनि हांमिहरुले उस्को
१५ महिमा पिताकांटो आयेको एक्लेको जस्तो महिमा हेऱ्यू)। यूहन्नाले उस्को
बिषय्मां साक्षी दियो अनि येसो भन्दै करायो जस्को बिषय्मां मैले भन्न्ये
जो मेरो पछि आउंने छ उ मेरो अघि भयो भनि उ येइ थियो किनभन्न्ये
१६ उ मं भन्दा पहिलो थियो। किनभन्न्ये उस्को भर्पूरी देखि हांमिहरु सबैले
१७ पायूं अनि अनुग्रह्को साटो अरु पनि अनुग्रह्। किनभन्न्ये ब्यवस्था मूसाको
बाटोले दिईयो अनुग्रह् र सच्चेई चइं येशू ख्रीष्टको बाटोले भये।
१८ ईश्वर्लाइ कसैले कैलेइ देख्येको छैन पिताको काख्मां हुंने एक्ले पुत्र जो छ
उसैले उस्को बखान् गऱ्येको छ॥
१९ अनि यूहन्नाको साक्षी येइ हो जब यहूदीहरुले यरूसलम् बाटो
पूजाहारीहरु र लेवीहरुलाइ त्यो थांइ तिमि को हौ भनि सोध्नुलाइ

२० पठाये। अनि त्येस्ले स्वीकार् गर्‍यो अनि अस्वीकार् गर्‍येन अनि त्येस्ले
२१ मैं ख्रीष्ट हुइंन भनि स्वीकार् गर्‍यो। अनि तिनिहरुले त्येस्लाइ सोध्ये
न क्ये। क्ये तिमि एलिया हौ। अनि त्येस्ले भन्यो मं हुइंन। क्ये
२२ तिमि त्यो अगम्‌बक्ता हौ। अनि त्येस्ले उत्तर् दियो होइन। येस्कारण्
तिनिहरुले त्येस्लाइ भन्ये को हौ तब र हांमि हांमिलाइ पठाउंनेहरुलाइ
२३ उत्तर् दिऊं। तिमिले आफ्नु बिषय्मां क्ये भन्द छौ। त्येस्ले भन्यो
यशैया अगम्‌बक्ताले भन्येको झैं मं बन्मां कराउंनेको शब्द हुं प्रभुको
२४ बाटो सोज्याव भन्ने। अनि तिनिहरु फरीसीहरु देखि पठाईयेका थिये।
२५ अनि तिनिहरुले त्येस्लाइ सोध्येर त्येस्लाइ भन्ये तिमि न ख्रीष्ट न एलिया
अनि न त्यो अगम्‌बक्ता हौ भन्ये देखि त किन बप्‌तिस्मा गर्द छौ।
२६ यूहन्नाले तिनिहरुलाइ उत्तर् दिइ भन्यो मं ता पानीले बप्‌तिस्मा गर्द छु
तिमिहरुको बीच्मां एक् जना उभीइ रह्येको छ जस्लाइ तिमिहरुले
२७ जान्दौन अर्थात् मेरो पछि आउंने जस्को मं जुत्ताको बन्धन् फुकाउंने
२८ माफिक्‌को छुइंन। यि कुरा यर्दन् पार् बैथनियामां भये जहां यूहन्नाले
बप्‌तिस्मा गर्द थियो॥

२९ भोलि पल्टो त्येस्ले येशूलाइ आफु थांइ आउंदै गर्‍येको देख्येर भन्यो
३० हेर ईश्वर्‌को संसार्‌को पाप् उठाइ लांने थुमा। जस्को लागि मैंले
एक् जना पुरुष् मेरो पछि आउंद छ जो मेरो अघि भयो भनि भन्यें उ
३१ येइ हो किनभन्ये उ मं भन्दा पहिलो थियो। मं पनि उस्लाइ जान्दैन
थियें तर येसै लागि मं पानीले बप्‌तिस्मा गर्दै आयें उ इस्राएल् मांथि
३२ प्रगटो हवम् भन्न्ये खातिर्‌ले। अनि यूहन्नाले येसो भन्दै साक्षी दियो
मैंले आत्मालाइ परेवा झैं स्वर्ग देखि ओह्लंदै गर्‍येको हेर्‍यें अनि त्यो
३३ उस् मांथि रह्यो मं पनि उस्लाइ जान्दैन थियें तर जस्ले मंलाइ
पानीले बप्‌तिस्मा गर्नलाइ पठायो उसैले मंलाइ भन्यो जस् मांथि तैंले
आत्मालाइ ओह्लंदै गर्‍येको र उस् मांथि रहंदै गर्‍येको देख्छस् ये
३४ हो पवित्र आत्माले बप्‌तिस्मा गर्ने। अनि मैंले देख्यें अनि ईश्वर्‌को पुत्र
येइ हो भनि साक्षी दियेको छु॥

३५ फेरि भोलि पल्टो यूहन्ना उभीइ रह्येको थियो अनि त्येस्का शिक्षे-
३६ हरुमांका दुइ जना अनि जब येशू डुल्दै थियो तब त्येस्ले उस् मांथि
३७ दृष्टि गरि भन्यो हेर ईश्वर्‌को थुमा। अनि दुवै शिक्षेहरुले त्येस्लाइ
३८ बोल्दै गर्‍येको सुन्येर येशूलाइ पछ्याये। अनि येशूले फर्क्येर तिनि-

हरुलाइ पछ्याउंदै गऱ्येका हेरि तिनिहरुलाइ क्ये खोज्‌द छौ भन्यो।
अनि तिनिहरुले उस्लाइ भन्ये हे रब्बी (जस्को अर्थ हो हे गुरु) तपांइ
३९ कहां रहंनु हुंद छ। उस्ले तिनिहरुलाइ भन्यो आव त देख्छौ।
येस्कारण् तिनिहरुले आयेर उ कहां रहंद छ देख्ये अनि त्येस् दिन् तिनिहरु
४० उस्कां रह्ये. दिन् कोई दुइ घरी रह्येको थियो। यूहन्नाको सुन्येर
उस्लाइ पछ्याइ आयेका दुवैमांको एक् जना शिमोन् पत्रुस्को दाज्यु
४१ अन्द्रियास् थियो। येस्ले पहिले आफ्नु निज् भाई शिमोन्लाइ भेटायेर
त्येस्लाइ भन्यो हांमिहरुले मसीहलाइ (जस्को अर्थ हो ख्रीष्ट) भेटायेका
४२ छौं। त्येस्ले त्येस्लाइ येशू थांइ ल्यायो। येशूले त्येस् मांथि दृष्टि गरि
भन्यो तं योआनेस्को छोरो शिमोन् हांस् तं केफास् (जस्को अर्थ हो
पत्रुस्) भन्नाछस् ॥

४३ भोलि पल्टो उस्ले गालील्मां निक्लने मन् गऱ्यो अनि उस्ले
४४ फिलिप्लाइ भेटायो अनि येशूले त्येस्लाइ भन्यो मंलाइ पछ्या। अब
४५ फिलिप् अन्द्रियास् र पत्रुस्को सहर् बैत्सैदाको थियो। फिलिप्ले नथन-
एल्लाइ भेटायेर त्येस्लाइ भन्यो जस्को बिषय्मां मूसाले व्यवस्थामां अनि
अगमबक्ताहरुले लेख्ये उस्लाइ हांमिहरुले भेटायेका छौं अर्थात् यूसुफ्को
४६ पुत्र नासरत्को येशूलाइ। अनि नथनएल्ले त्येस्लाइ भन्यो क्ये नासरत्
देखि क्येइ भल्लो थोक् हुंनु सक्‌द छ। फिलिप्ले त्येस्लाइ आयेर हेर
४७ भन्यो। येशूले नथनएल्लाइ आफु थांइ आउंदै गऱ्येको देखिकन त्येस्को
४८ बिषय्मां भन्यो हेर सांच्चिनै येउटा इस्राएली जस्मां छल् छैन। नथन-
एल्ले उस्लाइ भन्यो कहां देखि तपांइले मंलाइ चिन्नु हुंद छ। येशूले
त्येस्लाइ उत्तर् दिइ भन्यो फिलिप्ले तंलाइ बोलायेको भन्दा पहिले मैंले
४९ तंलाइ नेभारोको रुख् मुनि हुंदै गऱ्येको देख्यें। नथनएल्ले उस्लाइ उत्तर्
दियो हे गुरु ईश्वर्‌का पुत्र तपांइनै हौ तपांइ इस्राएल्‌का राजा हौ।
५० येशूले त्येस्लाइ उत्तर् दिइ भन्यो मैंले तंलाइ नेभारोको रुख् मुनि देख्यें
भनि मैंले तंलाइ भन्यें भन्येर क्ये तैंले बिश्वास् गर्द छस्। यि भन्दा
५१ बड़ा काम् तैंले देख्छस्। अनि उस्ले त्येस्लाइ भन्यो सांचो सांचो मं
तिमिहरुलाइ भन्द छु तिमिहरुले स्वर्ग उघारीयेको र ईश्वर्‌का दूत्‌हरुलाइ
मान्छेको पुत्र मांथि चढ़्दै र ओह्लंदै गऱ्येका देख्छौ ॥

२ १ अनि तीस्रो दिन् गालील्को कानामां येउटा ब्याहाको हर्ष थियो
२ अनि येशूकी माता त्यहां थिइ अनि येशू पनि ब्याहाको हर्षमां

३ निम्तीयो अनि उस्का शिक्षेहरु। अनि दाख्रस् घटि गयेमां येशूकी
४ माताले उस्लाइ भनी तिनिहरुकां दाख्रस् छैन। अनि येशूले त्येस्लाइ
भन्यो हे स्त्री मंलाइ तिमि सङ क्ये काम् मेरो घरी अब सम्म आइ
५ पुग्येको छैन। उस्की माताले सेवाइतेहरुलाइ भनी उस्ले तिमिहरुलाइ
६ ज्ये भन्ला त्यो गर। अब त्यहां यहूदीहरुको शुद्ध हुंने रीत् अन्सार्का
एक् एक्मां बीस् बीस् तीस् तीस् पाथी अटाउंने ढुंगाका छवटा घ्याम्पा
७ बसाल्येका थिये। येशूले तिनिहरुलाइ भन्यो घ्याम्पाहरुमां पानी भर।
८ अनि तिनिहरुले ति निम्ठो निम्ठो भऱ्ये। अनि उस्ले तिनिहरुलाइ
भन्यो अब उघायेर भोज्को मूल्कां लैजाव। त तिनिहरुले लग्ये।
अनि जसै भोज्को मूल्ले त्यो दाख्रस् भयेको पानी चाख्यो अनि त्यो
कहां देखि हो जान्दैन थियो (तर पानी उघाउंने सेवाइतेहरुले जान्द
१० थिये) तब भोज्को मूल्ले ब्याउलालाइ बोलायेर त्येस्लाइ भन्यो सबै
मान्छेले पहिले अस्सल् दाख्रस् राखी दिंद छ अनि जब मान्छेहरुले
खूब् पीयेका हुनन् तब कम् अस्सल् चइं. तिमिले ता अस्सल् दाख्रस्
११ ऐले सम्म बचाइ राख्येका गऱ्छौ। यो आफ्ना चिंनुहरुको थाल्नि येशूले
गाल्नील्को कानामां गऱ्यो अनि आफ्नु महिमा प्रगट् गऱ्यो अनि उस्का
शिक्षेहरुले उस् मांथि बिश्वास् गऱ्ये॥

१२ येस् पछि उ र उस्की माता र उस्का भाईहरु र उस्का शिक्षेहरु
कफर्नाहुम्मां उत्रि गये अनि त्यहां उनिहरु धेरै दिन् रह्येनन्॥

१३ अनि यहूदीहरुको निस्तार् चाड् नजिक् थियो अनि येशू यरूसलम्मां
१४ चढ़ि गयो। अनि उस्ले मन्दिर्मां गोरु र भेंड़ा र परेवा बेच्नेहरु र
१५ रुपिया पैसाको साटासाट् गर्नेहरुलाइ बसि रह्येका भेटायो अनि उस्ले
डोरीहरुको येउटा कोर्रा बनायेर मन्दिर् देखि सबै भेंड़ा पनि अनि पनि
गोरु निकालि दियो अनि उस्ले सर्राफिहरुका रुपिया पैसा पोख्वाइ दियो
१६ अनि तिनिहरुका मेज् पल्टाइ दियो अनि परेवा बेच्नेहरुलाइ उस्ले
भनि दियो यि यहां बाटो उठाइ लैजाव मेरो पिताको घर् बेपार्को ठांउ
१७ न बनाव। उस्का शिक्षेहरुले तपांइको घर्को इष्ले मंलाइ खल्काउं
१८ छ भन्येर लेख्येको छ भनि सम्झ्ये। येस्कारण् यहूदीहरुले उस्लाइ
उत्तर् दिइ भन्ये तिमिले यि काम् गर्द छौ त हांमिहरुलाइ क्ये चिंनु
१९ देखाउंद छौ। येशूले तिनिहरुलाइ उत्तर् दिइ भन्यो यो पवित्रबास्
२० भत्काइ देव अनि तीन् दिन्मां म त्यो उभ्याउंछु। येस्कारण् यहूदीहरुले

भन्ये यो पवित्रबास् बनाउंनुमां छियालीस् बर्ष लाग्ये अनि तिमिले क्ये
२१ तीन् दिन्मां त्यो उभ्याउंछौ। तर उस्ले ता आफ्नु जीउको पवित्रबास्को
२२ बिषयमां भन्येको थियो। येस्कारण् जव उ मुर्दाहरु देखि बौरि उठ्यो
तब उस्का शिक्षेहरुले उस्ले यो भन्यो भनि सम्झ्ये अनि तिनिहरुले धर्म्म-
शास्त्र र येशूले भन्येको बचन् पत्याये॥
२३ अब उ निस्तार् चाड्को बेलामां यरूसलम्मां छदाखेरि उस्ले गन्येका
२४ चिनु हेरिकन धेरै जनाले उस्को नांउ माथि बिश्वास् गन्ये। तर येशूले
आफुलाइ तिनिहरुको बिश्वास्मां छोड्येन किनभन्ये उस्ले सबैलाइ चिन्द
२५ थियो अनि उस्लाइ मान्छेको बिषयमां कसैले साक्षी देवस् भन्ये
खांचो थियेन किनभन्ये मान्छेमां क्ये छ भनि उ आफैले थाहा पाउंद
थियो॥
३ १ अब फरीसीहरुमांको निकोदेमुस् नांउ भयेको एक् जना मान्छे थियो
२ जो यहूदीहरुको येउटा मालिक् थियो येस्ले उ थांइ राति आयेर
उस्लाइ भन्यो हे गुरु हामिहरु आफु ईश्वर्को पट्टि बाटो आयेबा सिकाउने
हौ भनि जान्द छौं कसोगरिभन्ये यि आफुले गर्ने गन्येका चिनु कसैले गर्नु
३ सक्दैन ईश्वर् त्यो सङ्ग छैन भन्ये देखि। येशूले त्येस्लाइ उत्तर् दिइ
भन्यो सांचो सांचो म तंलाइ भन्द छु कोई नयागरि जन्म्येन भन्ये देखि
४ त ईश्वर्को राज् देख्नु सक्दैन। निकोदेमुस्ले उस्लाइ भन्यो मान्छे
बूढ़ो भइ कसोगरि जन्मनु सक्द छ क्ये त्यो आफ्नो आमाको गर्भमां
५ दोस्रो खेप् पस्येर जन्मनु सक्द छ। येशूले उत्तर् दियो सांचो सांचो मं
तंलाइ भन्द छु कोई पानी र आत्मा देखि जन्म्येन भन्ये देखि त ईश्वर्को
६ राज्मां पस्नु सक्दैन। शरीर् देखि जन्म्येको शरीर् हो अनि आत्मा
७ देखि जन्म्येको आत्मा हो। मैले तंलाइ तिमिहरुलाइ नयागरि जन्मने
८ खांचो छ भन्यें भनि उदेक् न मान्। हावा जता इच्छे गर्द छ उता
बहंद छ अनि त्येस्को शब्द तैंले सुन्द छस् तर त्यो कहां देखि आउंद छ
अनि कता जांद छ भनि जान्दैनस्. येस्तै छ आत्मा देखि जन्म्येको जनंगे।
९ निकोदेमुस्ले उस्लाइ उत्तर् दिइ भन्यो कसोगरि यि कुरा हुंनु सक्द छन्।
१० येशूले त्येस्लाइ उत्तर् दिइ भन्यो क्ये तं इस्राएल्को गुरु होस् अनि यि
११ कुरा थाहा पाउंदैनस्। सांचो सांचो मं तंलाइ भन्द छु हामिहरु ज्ये
जान्द छौं त्यो बोल्द छौं अनि ज्ये देख्येका छौं त्येस्मां साक्षी दिंद छौं
१२ अनि हामिहरुको साक्षी तिमिहरुले ग्रहण् गर्दैन। मैले तिमिहरुलाइ

पृथिवीमांका कुरा भन्येको छु अनि तिमिहरुले पत्याउंदौन भन्ये देखि
कसोगरि मैंले तिमिहरुलाइ स्वर्गमांका कुरा भन्यें भन्ये देखि पत्याउंछौ।
१३ अनि कोई स्वर्गमां चढ़ि गयेको छैन स्वर्ग देखि ओह्लि आयेको स्वर्गमां
१४ हुंने मान्छेको पुत्र बाहिक्। अनि जसोगरि मूसाले साप्लाइ बन्मां
१५ अल्ग्यायो त्येसैगरि मान्छेको पुत्र अल्ग्याईनु खांचो छ　बिश्वास् गर्ने
जनंगेलाइ उस्मां अजम्मरे जीउंनि हवस् भन्न्ये खातिर्ले॥
१६　किनभन्ये ईश्वर्ले संसार् सङ येस्तो प्रेम् गर्‍यो उस्ले आफ्नु एक्ले
पुत्रलाइ दियो उस् मांथि बिश्वास् गर्ने जनंगे नष्ट न हवस् तर त्येस्लाइ
१७ अजम्मरे जीउंनि हवस् भन्न्ये खातिर्ले। किनभन्ये ईश्वर्ले पुत्रलाइ
संसार्मां उस्ले संसार्को बिचार् गर्नुलाइ पठायेन तर उस्को बाटोले संसार्
१८ बचाईओस् भन्येर। उस् मांथि बिश्वास् गर्नेको बिचार् गरींदैन बिश्वास्
न गर्नेचइंको बिचार् ऐलेनैं गरीयेको छ किनभन्ये त्येस्ले ईश्वर्को एक्ले
१९ पुत्रको नांउ मांथि बिश्वास् गर्‍येको छैन। अनि बिचार् येइ हो ज्योति
संसार्मां आयो अनि मान्छेहरुले ज्योनि सङ भन्दा बरु अंधकार् सङ प्रेम्
२० गर्‍ये किनभन्ये तिनिहरुका काम् दुष्ट थिये। कसोगरिभन्ये आफाल्सिंगे
काम् गर्ने जनंगेले ज्योति देखि दुश्मनी गर्द छ अनि ज्योति थांइ आउंदैन
२१ त्येस्का काम्को दोष् प्रगटो न गरीओस् भन्येर। तर सच्चेई गर्ने चइं
ज्योति थांइ आउंद छ त्येस्का काम् ति ईश्वर्मां गरीयेका हुन् भनि प्रगटो
गरीउन् भन्येर॥
२२　यि कुरा पछि येशू र उस्का शिक्षेहरु यहूदिया देश्मां आये अनि
२३ त्यहां उ तिनिहरु सङ रह्यो अनि बप्तिस्मा गर्द थियो। अनि यूहन्नाले
पनि शालीम्को नजिक् एनोन्मां बप्तिस्मा गर्द थियो किनभन्ये त्यहां
धेरै पानी थियो अनि लोग् छेउ आइ आइ बप्तिस्मा हुंद थिये।
२४ २५ कसोगरिभन्ये यूहन्ना अब सम्म झेल्खान्मां हालीयेको थियेन। येस्कारण्
यूहन्नाका शिक्षेहरुको पट्टि बाटो एक् जना यहूदी सङ शुद्ध हुंने बिषय्मां
२६ खोज्खाज् भयो। अनि तिनिहरुले यूहन्ना थांइ आयेर त्येस्लाइ भन्ये
गुरुज्यु जो यर्दन् पारि आफु सङ थियो जस्को लागि आफुले साक्षी दिंनु
भयेको छ हेर्नु हवस् उस्ले बप्तिस्मा गर्द छ अनि सबै जना उ थांइ आउंद
२७ छन्। यूहन्नाले उत्तर् दिइ भन्यो मान्छेले त्येस्लाइ स्वर्ग देखि दिईयेको
२८ छैन भन्ये देखि क्येइ पाउंनु सक्दैन। तिमिहरु आफैले मेरो लागि
साक्षी दिंद छौ मं ख्रीष्ट हुइंन तर उस्को अघि पठाईयेको हुं भनि भन्ने

२९ मैंले भन्यें। ब्याउली जस्की हो ब्याउला त्येइ हो तर ब्याउलाको मित्रले
जस्ले उस्को उभीइ सुन्द छ ब्याउलाको शब्दले बड़ो रमाहट् गर्द छ
३० त येइ मेरो रमाहट् पूरो गरीयो। खांचो छ उइ बढ्नु तर मं चइं
घट्नु ॥
३१ मांथि देखि आउंने सबैको मांथिनै हुंद छ पृथिवी देखि हुंने पृथिवी
देखिनै हुंद छ अनि पृथिवी देखिनै बोल्द छ स्वर्ग देखि आउंने सबैको
३२ मांथिनै हुंद छ। उस्ले ज्ये देख्येको र सुन्येको छ त्येस्मां साक्षी दिंद छ
३३ अनि कसैले उस्को साक्षी ग्रहण् गर्दैन। उस्को साक्षी ग्रहण् गर्नेले ईश्वर्
३४ सच्चा छ भन्न्ये छाप् मान्यो। कसोगरिभन्ये जस्लाइ ईश्वरले पठायो उ
ईश्वर्का कुरा बोल्द छ. कसोगरिभन्ये उस्ले आत्मा नापै बिना दिंद छ।
३५ पिताले पुत्र सङ प्रेम् गर्द छ अनि सबै थोक् उस्को हात्मां दियेको छ।
३६ पुत्र मांथि बिश्वास् गर्नेलाइ अजम्मरे जीउंनि छ तर पुत्रलाइ न मान्नेले
जीउंनि देख्दैन तर ईश्वर्को क्रोध् त्येस् मांथि रहंद छ ॥
४ १ येस्कारण् जसै प्रभुले थाहा पायो यूहन्नाले भन्दा येशूले बेसि शिक्षे
२ तुल्याइ बप्तिस्मा गर्द छ अरे भनि फरीसीहरुले सुन्ये (तैं पनि येशू
३ आफैंले होइन तर उस्का शिक्षेहरुले बप्तिस्मा गर्द थिये) तब उ
४ यहूदिया छोड़ेर फेरि गालील्मां गयो। अनि खांचो थियो उ सामरिया
५ बाटो बाड़ो जांनु। त उ याकूब्ले आफ्नु छोरो यूसुफ्लाइ दियेको जग्गा
६ निरको सामरियाको येउटा सुखार् भन्नीने सहर्मां आयो अनि त्यहां
याकूब्को कूप् थियो। येस्कारण् येशू बाटोहिंड़ाईले लखत्राण् भयेर त्येस्
७ कूप् निर येसै थ्याच्चै बस्द थियो। यो दुइ पहर्को अड्कल् थियो।
सामरियाकी येउटी स्त्री पानी उघाउंनुलाइ आई. येशूले त्येस्लाइ मंलाइ
८ पानी खांनु दे भन्यो। किनभन्ये उस्का शिक्षेहरु खाजा किन्नलाइ सहर्मां
९ गइ गयेका थिये। येस्कारण् त्येस् सामरेनी स्त्रीले उस्लाइ भनी आफुले
यहूदी भइकन मं सामरेनी स्त्री सित कसोगरि पानी खांनु मांग्नु हुंद छ।
१० (किनभन्ये यहूदीहरुले सामरीहरु सङ बेहोरा गर्दैनन्)। येशूले त्येस्लाइ
उत्तर् दिइ भन्यो तैंले ईश्वर्को बर्दान् अनि मंलाइ पानी खांनु दे भनि
मंलाइ भन्ने को हो भनि जान्दी होस् त तैंले उ सित मांग्ने थिइस् अनि
११ उस्ले तंलाइ जीउंदो पानी दिंने थियो। स्त्रीले उस्लाइ भनी हे प्रभु
आफुकोमां उघाउंने क्येइ छैन अनि कूप् गहीरो छ त कहां देखि आफुकोमां
१२ त्यो जीउंदो पानी छ। क्ये आफु हांमिहरुको पित्र याकूब् भन्दा बड़ा हौ

जस्ले यो कूप् हांमिहरुलाइ दियो अनि आफैले येस् देखि खायो अनि
१३ त्येस्का छोराहरुले र त्येस्का पशुहरुले। येशूले त्येस्लाइ उत्तर् दिइ
१४ भन्यो यो चइं पानी देखि खांने जनंगे फेरि तिर्खाउंछ तर जस्ले त्यो
चइं पानी देखि जो मं त्येस्लाइ दिंछु खाल्ला त्यो सधैं सम्म तिर्खाउंदैन
तर जुन् पानी मं त्येस्लाइ दिंलु त्यो त्येस्मां अजम्मरे जीउंनि सम्म उम्रंदो
१५ पानीको मूल् होइ जांछ। स्त्रीले उस्लाइ भनी हे प्रभु मंलाइ यो पानी
दिनु हवम् र मं न तिर्खाउं अनि न यहां येति टाड़ो सम्म उघाउंनुलाइ
१६ आउ। येशूले त्येस्लाइ भन्यो हिड़ि जा तेरो लोग्नेलाइ बोलायेर येता
१७ आइज। स्त्रीले उस्लाइ उत्तर् दिइ भनी मेरो लोग्ने छैन। येशूले
१८ त्येस्लाइ भन्यो तैंले मेरो लोग्ने छैन भन्येर जाति भनिस्. कसोगरिभन्ये
तेरा पांच्वटा लोग्ने भये अनि अब जो तेरो छ त्यो तेरो लोग्ने होइन
१९ यो तैंले सांचो गरि भनिस्। स्त्रीले उस्लाइ भनी हे प्रभु म थाहा
२० पाउंद छु आफु अगम्बक्ता हुंनु हुंद छ। हांमिहरुका पित्रहरुले येस्
डांड़ामां पूज्ये अनि आफुहरुचइंले भन्नु हुंद छ जहां पूज्नु खांचो छ त्यो
२१ ठांउ यरूसलमैं हो। येशूले त्येस्लाइ भन्यो हे स्त्री मंलाइ पत्या त्यो घरी
आउंद छ जस्मां न येस् डांड़ामां अनि न यरूसलमैंमां पितालाइ पूज्छौ।
२२ तिमिहरुचइंले उस्लाइ पूज्द छौ जस्लाइ जान्दौन हांमिहरु चइं उस्लाइ
२३ पूज्द छौं जस्लाइ जान्द छौं किनभन्ये मुक्ति यहूदीहरु देखि छ। तर त्यो
घरी आउंद छ अनि अब छ जस्मां सांचीला पूज्नेहरुले पितालाइ आत्मा
र सच्चेईमां पूज्छन् किनभन्ये येस्तै पूज्नेहरुलाइ पिताले आफ्नु लागि
२४ खोज्द छ। ईश्वर् आत्मा हो अनि खांचो छ उस्का पूज्नेहरुले आत्मा
२५ र सच्चेईमां पूज्नु। स्त्रीले उस्लाइ भनी मं जान्द छु (ख्रीष्ट भनीने)
मसीह् आउंद छ उइ जब आउला तब हांमिहरुलाइ सबै कुराको समाचार्
२६ कहि दिंछ। येशूले त्येस्लाइ भन्यो मं तं सङ बोल्ने उइ हुं॥
२७ अनि येतिमां उस्का शिक्षेहरु आये अनि तिनिहरुले स्त्री सित ४
बोल्द छ भनि उदेक् मान्ये तरै पनि कसैले भन्येन तपांइले क्ये खोज्नु हुंद
२८ छ कि तपांइ किन त्यो सित बोल्नु हुंद छ। त स्त्रीले आफ्नु घड़ा
२९ छोड़ेर सहर्मां गइ गयेर मान्छेहरुलाइ भनी आव येउटा मान्छेलाइ
हेर जस्ले मैंले गर्येका सबै काम् मंलाइ भनि दियो ख्रीष्ट कतै येइ हो
३० ३१ कि। तिनिहरु सहर् बाटो निक्ल्येर उ थांइ आउंद थिये येतिमां
३२ शिक्षेहरुले उ सित गुरुज्यु खांनु हवम् भनि मांग्ये। तर उस्ले तिनि-

३३ हरुलाइ भन्यो मेरां तिमिहरुले न जान्येको खांने थोक् छ। येस्कारण्
शिक्षेहरुले कसैले उस्लाइ खांनुलाइ कतै ल्याइ दियो कि भनि आपस्तमां
३४ भन्ये। येशूले तिनिहरुलाइ भन्यो मैंले मंलाइ पठाउंनेको इच्छे गर्नु र
३५ उस्को काम् सिद्ध्याउंनु मेरो भोजन् येइ हो। क्ये तिमिहरुले भन्दौन
अझै चार् महीना छन् तब कटनी आउंछ। हेर मं तिमिहरुलाइ भन्द
छु आफ्ना आंखा उचाल्येर खेत् हेर ऐलेनै ति कटनीको लागि पहेंला
३६ छन्। काट्नेले बंनि पाउंद छ अनि अजम्मरे जीउंनिको लागि फल्
३७ बटुल्द छ र रोप्ने र काट्ने मिलिकनै रमाउन्। किनभन्ये येस्मां एका
३८ रोप्ने अर्का काट्ने भन्ने बचन् सांचीलो छ। मैंले तिमिहरुलाइ त्यो
काट्नुलाइ पठायें जस्मां तिमिहरुले दुख भन्येका छौंन अरुहरुले दुख भन्येका
छन् अनि तिमिहरु चइं तिनिहरुको दुखभराईमां पस्येका छौ ॥

३९ अनि त्येइ सहर् देखि सामरीहरुमांका धेरै जनाले उस् मांथि बिश्वास्
गर्न्ये त्येस् स्त्रीको बचन्को कारण्ले जस्ले मैंले गर्न्येका सबै काम् उस्ले
४० मंलाइ भनि दियो भनि साक्षी दियेकी थिई। येस्कारण् जसै ति सामरी-
हरु उ थांइ आये तब तिनिहरुले उ सित हांमिहरुकां रहंनु हवस् भनि
४१ मांग्ये अनि उ दुइ दिन् त्यहां रह्यो। अनि उस्को बचन्को कारण्ले
४२ धेरै बेसिले बिश्वास् गर्न्ये अनि तिनिहरुले त्येस् स्त्रीलाइ भन्ये अब
हांमिहरु बिश्वास् गर्द छौं त तेरो बोलीको कारण्ले होइन कसोगरिभन्ये
हांमिहरु आफैले सुन्यूं अनि संसार्को मुक्तिदाता सांच्चिनै येइ हो भनि
जान्द छौं ॥

४३ अनि ति दुइ दिन् पछि उ त्यहां बाटो निक्ल्येर गालील्मां गयो।
४४ किनभन्ये येशू आफैले साक्षी दियो अगम्बक्ता आफ्नु निज् देस्मां मान्को
४५ हुंदैन। त जब उ गालील्मां आयो तब गालीलीहरुले उस्लाइ ग्रहण्
गर्न्ये किनभन्ये उस्ले यरूसलम्मां चाड्मां ज्ये ज्ये गर्न्येको थियो ति सबै
देख्येका थिये कसोगरिभन्ये तिनिहरु पनि चाड्मां गयेका थिये ॥

४६ येस्कारण् उ फेरि गालील्को कानामां आयो जहां उस्ले पानी दाखरस्
बनायेको थियो। अनि राजाकांको येउटा मान्छे थियो जस्को छोरो
४७ कफर्नाहुम्मां दुख्येको थियो। येस्ले येशू यहूदिया देखि गालील्मां आइ
पुग्यो भनि सुन्येर उ थांइ गइ गयेर उस्ले उत्रि आयेर त्येस्को छोरोलाइ
निको पारि देवस् भनि मांग्यो किनभन्ये त्यो मर्ने आंटेको थियो।
४८ येस्कारण् येशूले त्येस्लाइ भन्यो तिमिहरुले चिंनु र उदेक्का काम् देख्यौन

४९ भन्ये देखि कुनै परिले पत्याउंदौन। त्येस् राजाकांको मान्छेले उस्लाइ
भन्यो हे प्रभु मेरो बालख मर्नु भन्दा पहिले उत्रि आइ दिनु हवस्।
५० येशूले त्येस्लाइ भन्यो जा तेरो छोरो जीउंद छ। त्यो मान्छे येशूले
५१ त्येस्लाइ भन्येको बचन् पत्याइकन गयो। अनि त्यो अब उत्रि जांदैनै
थियो त्येस्का दास्हरुले त्येस्लाइ येसो भन्दै भेटेर आफुको केटो जीउंद छ।
५२ त त्येस्ले तिनिहरुलाइ सोध्यो कुन् घरी देखि त्यो संच हुंनु लाग्यो।
येस्कारण् तिनिहरुले त्येस्लाइ भन्ये। हिजो सांतौं घरी जांदामां जरोले
५३ त्येस्लाइ छोड्यो। त बाबुचइंले थाहा पायो त्येसै घरीमां भये छ जस्मां
येशूले मंलाइ भन्यो तेरो छोरो जीउंद छ भनि अनि त्यो आफैले र त्येस्को
५४ सबै जहान्ले बिश्वास् गर्‍ये। यो अब येशूले यहूदिया देखि गालील्मां
आयेर गर्‍येको दोस्रो चिंनु हो॥

५ १ यि कुरा पछि यहूदीहरुको चाड् थियो अनि येशू यरूसलम्मां चढि
गयो॥

२ अब यरूसलम्मां भेंड़ाढोका निर पांच्वटा सिकुवा हुंने तलाउ छ जो
३ इब्रानीमां बेथस्दा भनीद छ। तिनमां दुब्लादाब्ला अन्धा खोरण्डे र अंग
सुक्येकाहरुको धुइरो पस्रीइ रहंद थियो। (जस्ले पानीको हल्लाईको
४ बाटो हेर्द थियो। किनभन्ये येउटा स्वर्गे दूत्ले बेला अन्सार् तलाऊमां
उत्र्‍येर पानी हल्लाउंद थियो त पानीको हल्लाई पछि जो पहिले त्येस्मां
पस्द थियो त्येस्लाइ ज्येसुकै बेथा लाग्येको भये पनि निको होइ जांद
५ थियो।) अनि त्यहां एक् जना मान्छे थियो जो दुख्दै दुख्दै अड़तीस्
६ बर्ष भयेको थियो। येशूले त्येस्लाइ पस्रीइ रह्येको देख्येर अनि त्येस्लाइ
अब धेरै दिन् भये भनि जानिकन त्येस्लाइ भन्यो कये तैंले निको हुंने
७ इच्छे गर्द छस्। त्येस् दुख्नेले उस्लाइ उत्तर् दियो हे प्रभु पानी छोक्ल्या-
ईदा मंलाइ तलाउमां हालि दिंने मेरो मान्छे छैन तर मं जांदै गर्दाखेरि
८ अर्को चइं मं भन्दा अगाड़ि उत्रि जांद छ। येशूले त्येस्लाइ भन्यो उठ्
९ आफ्नु खाट् उठायेर हिंड्। अनि तुरन्तै त्यो मान्छे निको भइ गयो अनि
आफ्नु खाट् उठायेर हिंड्यो॥

१० अब त्यो दिन् बिश्रामको दिन् थियो। येस्कारण् यहूदीहरुले त्येस्
बिसेक् गराईयेकोलाइ भन्ये यो बिश्राम्को दिन् हो अनि उचित् छैन तैंले
११ खाट् उठाउंनु। तर त्येस्ले तिनिहरुलाइ उत्तर् दियो जस्ले मंलाइ निको
१२ पार्‍यो उसैले मंलाइ भन्यो आफ्नु खाट् उठायेर हिंड्। तिनिहरुले त्येस्लाइ

तंलाइ आफ्नु खाट् उठायेर हिंड् भन्ने मान्छे को हो भनि सोध्ये।
१३ तर निको भयेकोले को हो भनि जान्दैन थियो कसोगरिभन्ये त्येम् ठांउमां
१४ धुइरो हुंदा येशू सरि गयेको थियो। यि कुरा पछि येशूले त्येस्लाइ
मन्दिर्मां भेटायेर त्येस्लाइ भन्यो हेर् तं निको भयेको छम् फेरि पाप् न
१५ गर् र तंलाइ झन् सारो क्येइ न हवम्। त्येस् मान्छेले हिंडि गयेर
यहूदीहरुलाइ मंलाइ निको पार्ने येशूनै हो भन्ने समाचार् कहि दियो।
१६ अनि येस्कारण् यहूदीहरुले येशूलाइ उस्ले बिश्रामको दिन्मां यि काम् गर्‍यो
१७ भन्येर सताये। तर येशूले तिनिहरुलाइ मेरो पिताले एले सम्म काम्
१८ गर्द छ मैं पनि गर्द छु भनि उत्तर् दियो। येस्कारण् यहूदीहरुले झन्
सारो उस्लाइ मार्नु खोज्ये उस्ले खालि बिश्रामको दिन् भंटि दियो मात्रै
होइन तर आफुलाइ ईश्वर्कै बगबर् तुल्याइ ईश्वर्लाइ आफ्नु निज् पिता
भन्यो पनि भन्येर॥

१९ येस्कारण् येशूले तिनिहरुलाइ उत्तर् दिइ भन्यो
सांचो सांचो मं तिमिहरुलाइ भन्द छु पुत्र आफैले क्येइ गर्नु सक्दैन
खालि ज्ये उस्ले पितालाइ गर्दै गर्‍येको देख्द छ कसोगरिभन्ये ज्ये ज्ये
२० उसैले गर्द छ त्यो त्यो पुत्रले पनि त्येसै गर्द छ। कसोगरिभन्ये पिताले
पुत्रलाइ पियारो गर्द छ अनि ज्ये ज्ये आफैले गर्द छ नि सबै उस्लाइ
देखाउंद छ अनि उस्ले उस्लाइ यि भन्दा बड़ा काम् देखाउंछ तिमिहरुले
२१ उदेक् मान भन्न्ये खातिरले। कसोगरिभन्ये जसोरि पिताले मुर्दाहरुलाइ
बौराउंद छ अनि जगाउंद छ त्येसैरि पुत्रले पनि जस् जस्लाइ इच्छे गर्द
२२ छ तिनलाइ जियाउंद छ। किनभन्ये पिताले कसैको बिचार् पनि गर्दैन
तर सबै बिचार् पुत्रलाइ दियेको छ सबैले पितालाइ मान् गर्‍येको झैं
२३ पुत्रलाइ मान् गरुन् भन्येर। पुत्रलाइ मान् न गर्नेले उस्लाइ पठाउंने
२४ पितालाइ मान् गर्दैन। सांचो सांचो मं तिमिहरुलाइ भन्द छु मेरो बचन्
सुन्ने र मंलाइ पठाउंनेलाइ पत्याउनेलाइ अजम्मरे जीउनि छ अनि त्यो
बिचार्मां आउंने छैन तर मृत्यु देखि जीउंनिमा सरि गयेको छ।
२५ सांचो सांचो म तिमिहरुलाइ भन्द छु त्यो घरी आउंद छ अनि अब छ
जस्मां मुर्दाहरुले ईश्वर्को पुत्रको शब्द सुन्छन् अनि सुन्नेहरु जीउंछन्।
२६ कसोगरिभन्ये जसोरि पिता आफैमां जीउंनि छ त्येसैरि उस्ले पुत्रलाइ पनि
२७ आफैमां जीउंनि हुंनु दियेको छ अनि उस्ले उस्लाइ बिचार् गर्ने
२८ अधिकार् दियेको छ उ मान्छेको पुत्र हो भन्येर। येस्मां उदेक् न मान

किनभन्ये त्यो घरी आउंद छ जस्मां चिहान्मां हुंनेहरु सबैले उस्को शब्द
२९ सुन्छन् अनि निस्कि आउंछन् भला काम् गर्नेहरु चइं जीउंनिको
बौरिउठाईको लागि अनि आफाल्सिंगे काम् गर्नेहरु चइं नियाको बौरि-
उठाईको लागि ॥
३० मं आफैले क्येइ गर्नु सक्दीन मैंले सुन्येको अन्सार् मं बिचार् गर्द
छु अनि मेरो बिचार् धर्म्मी छ किनभन्ये मं आफ्नु इच्छे होइन तर
३१ मंलाइ पठाउंनेको इच्छे खोज्द छु। मं आफ्नु बिषय्मां साक्षी दिंद छु
३२ भन्ये देखि मेरो साक्षी सच्चा छैन। मेरो बिषय्मां साक्षी दिंने अर्को
छ अनि मं जान्द छु जुन् साक्षी उस्ले मेरो बिषय्मां दिंद छ त्यो साक्षी
३३ सच्चा छ। तिमिहरुले यूहन्ना थांइ पठायेका छौ अनि त्येस्ले सच्चेईको
३४ लागि साक्षी दियेको छ। नर जुन् साक्षी मं ग्रहण् गर्द छु त्यो मान्छेको
पट्टि बाटो होइन. तरैपनि यि कुरा भन्द छु तिमिहरु बचाईयौ भन्ये
३५ खातिर्ले। बल्येर देखाहा पर्ने बत्ती त्येइ थियो अनि तिमिहरुले अलिक्
३६ बेर् सम्म त्येस्को उजियाल्लोमां हर्षित् हुंने इच्छे गऱ्यौ। तर मेरां हुंने
साक्षी यूहन्नाको भन्दा बड़ा छ कसोगरिभन्ये जुन् जुन् काम् पिताले मंलाइ
मैंले सिद्ध्याउंनुको लागि दियेको छ तिनै काम्ले जो मं गर्द छु मेरो
३७ बिषय्मां पिताले मंलाइ पठायेको छ भन्ने साक्षी दिद छन्। अनि मंलाइ
पठाउंने पिता जो छ उसैले मेरो बिषय्मां साक्षी दियेको छ। तिमिहरुले
न उस्को शब्द कैलेइ सुन्येका छौ अनि न उस्को रूप् हेऱ्येका छौ।
३८ अनि उस्को बचन् तिमिहरुमां रहंनु यो तिमिहरुका छैन किनभन्ये जस्लाइ
३९ उस्ले पठायो उस्लाइ तिमिहरुले पत्याउंदौन। तिमिहरुले धर्म्मशास्त्रहरुमां
ढूंढ़ल्द छौ किनभन्ये यिनमां हांमिहरुलाइ अजम्मरे जीउंनि छ भनि ठान्द
४० छौ अनि मेरो बिषय्मां साक्षी दिंने यिनै हुन् अनि तिमिहरुले
४१ तिमिहरुलाइ जीउंनि हवस् भन्येर मं थांइ आउंने इच्छे गर्दौन। मं
४२ मान्छेहरुको पट्टि बाटो हुंने महिमा ग्रहण् गर्दीन। तर मं तिमिहरुलाइ
४३ चिन्द छु ईश्वर्को प्रेम् तिमिहरुमां छैन। मं चइं आफ्नु पिताको नांउले
आयें अनि तिमिहरुले मंलाइ ग्रहण् गर्दौन अर्को आफ्नु निज् नांउले आयो
४४ भन्ये देखि त्येस्चइंलाइ ता ग्रहण् गर्छौ। तिमिहरुले कसोगरि पत्याउंनु
सक्द छौ तिमि एकाले अर्काको पट्टि बाटो हुंने महिमा ग्रहण् गर्ने अनि
४५ एक्लो ईश्वर्को पट्टि बाटो हुंने महिमा न खोज्नेहरुले। मैं पिताको
सांमु तिमिहरुलाइ दोष् लगाउंछु भनि न ठान तिमिहरुलाइ दोष् लगाउंने

ता छंदै छ अर्थात् मूसा जस् मांथि तिमिहरुले आफ्नु आशा राख्येका
४६ छौ। किनभन्ये तिमिहरुले मूसालाइ पत्याउंदा हौ त मंलाइ पत्याउंने
४७ थियौ किनभन्ये त्येस्ले मेरै बिषयमां लेख्यो। तर तिमिहरुले त्येस्का
लेखाई पत्याउंदौन त कसोगरिकन मेरा कुरा पत्याउंछौ ॥
६ १ यि कुरा पछि येशू गालील्को अर्थात् तिबरियास्को समुद्रको उसो
२ पारि पट्टि गइ गयो। अनि ठुलो धुइरोले उस्लाइ पछ्यायो किनभन्ये
३ तिनिहरुले उस्ले दुख्येकाहरु मांथि गर्येका चिंनु हेर्दे थिये। अनि येशू
४ डांड़ा मांथि चढ़ि गयो अनि तिहीं आफ्ना शिक्षेहरु सङ बस्यो। अब
५ यहूदीहरुको चाड़् अर्थात् निस्तार् चाड़् नजिक् थियो। येस्कारण् येशूले
आफ्ना आंखा उचालिकन ठुलो धुइरोलाइ त्यो मं थांइ आउंद छ भनि
हेर्येर फिलिप्लाइ कहां देखि रोटी किनृ र यिनिहरुले खाउन् भन्यो।
६ अनि उस्ले यो त्येस्लाइ जांचिकन भन्यो किनभन्ये उ आफैले मैले क्ये
७ गर्नु आंटेको छ भनि जान्द थियो। फिलिप्ले उस्लाइ उत्तर् दियो दुइ
मै सुकाका रोटी ना तिनिहरुलाइ अलि अलि पुग्ने पनि हुंदैनन्।
८ उस्का शिक्षेहरुमांको येउटाले अर्थात् शिमोन् पत्रुस्को दाज्यु अन्द्रियास्ले
९ उस्लाइ भन्यो यहां येउटा केटो छ जस्कां जउका पांच्वटा रोटी र
१० दुवटा माच्छा छन् तर येत्तिका लोगको लागि यि क्ये हुन् र। येशूले
भन्यो मान्छेहरुलाइ बसाव। अब त्येस् ठांउमां धेरै घांस् थियो। त
११ पुरुषहरु गन्तिमां पांच् हजार्को अड्कल् भइ बस्ये। त येशूले ति
रोटीहरु लियेर धन्नबाद् गर्येर ति बस्येकाहरुलाइ बाड़ि दियो त्येसैगरि माच्छा-
१२ हरुमांको पनि जति तिनिहरुले इच्छे गर्द थिये। अनि जसै तिनिहरु
अघाये तब उस्ले आफ्ना शिक्षेहरुलाइ भन्यो उब्र्येका टुक्राहरु बटुल र
१३ क्येइ नष्ट न हवस्। त तिनिहरुले बटुल्येर जउका ति पांच्वटा रोटीमांका
१४ ति खांनेहरुकां उब्र्येका टुक्राहरुले बारह डालो भराये। येस्कारण् ति
मान्छेहरुले उस्ले गर्येको यो चिंनु देख्येर भन्ये संसार्मां आउंने त्यो
अगम्बक्ता सांच्चिनै येइ हो ॥
१५ येस्कारण् येशू तिनिहरुले मंलाइ राजा तुल्याउंनको लागि मंलाइ
आयेर गांजि लांनु आंटेका छन् भनि थाहा पायेर फेरि त्येस् डांड़ामां
एक्लै गइ गयो ॥
१६ अनि जसै सांझ् पर्यो तब उस्का शिक्षेहरु समुन्द्र निर उत्रि गये
अनि तिनिहरु नाउमां चढ़ेर समुन्द्र पारि कफर्नाहुम्मां जांद थिये।

१७ अनि अब अंध्यारो भइ गयेको थियो अनि येशू एँले सम्म तिनिहरु थांइ
१८ आयेको थियेन। अनि बतास् सारो बहंदामां समुन्द्रका छाल् उठ्द थिये।
१९ त तिनिहरुले कोस् दुइ एक् जति खियायेर येशूलाइ समुन्द्र मांथि डुल्दै र
२० नाउको नजिक् नजिक् आउंदै गर्‍येको हेर्‍ये अनि तिनिहरु डराये। तर
२१ उस्ले तिनिहरुलाइ भन्यो मैं हुं न डराव। येस्कारण् तिनिहरुले उस्लाइ
नाउमां ग्रहण् गर्ने इच्छे गर्‍ये अनि तुरन्तै नाउ तिनिहरु जांदै गर्‍येको त्येस्
तीर्मां पुगि गयो॥
२२ भोलि पल्टो समुन्द्रको उसो पारि पट्टि उभीइ रह्येको धुइरोले देख्यो
त्यहां येउटा वाहिक् अरु नाउ थियेन अनि आफ्ना शिक्षेहरु सङ येशू
२३ त्येस् नाउमां पस्येन तर उस्का शिक्षेहरु मांत्रै गइ गये (तर कत्ति
नाउहरु तिबरियास् देखि तिनिहरुले प्रभुले धन्नबाद् गर्‍ये पछि रोटी
२४ खायेको त्येस् ठांउको नजिक् आये) येस्कारण् जब धुइरोले देख्यो
येशू यहां रैनछ अनि न उस्का शिक्षेहरु तब तिनिहरु आफै ति नाउहरुमां
२५ चढ़ेर येशूलाइ खोज्दै कफर्नाहुम्मां आये। अनि तिनिहरुले उस्लाइ
समुन्द्रको पारि पट्टि भेटायेर उस्लाइ भन्ये हे गुरु आफु कैले येता होइ
२६ जांनु भयो। येशूले तिनिहरुलाइ उत्तर् दिइ भन्यो सांचो सांचो मं
तिमिहरुलाइ भन्द छु तिमिहरुले मंलाइ खोज्द छौ चिंनुहरु देख्येकोले
२७ होइन तर नि रोटीमांको खायेर अघायेकोले। नष्ट हुंने चइं खांने
थोक्को लागि काम् न गर तर त्येस् अजम्मरे जीउंनि सम्म रहंने खांने
थोक्को लागि जो मान्छेको पुत्रले तिमिहरुलाइ दिंछ. किनभन्ये पिता
२८ अर्थात् ईश्वर्ले उइ मांथि छाप् मार्‍येको छ। येस्कारण् तिनिहरुले
२९ उस्लाइ भन्ये हांमिहरुले ईश्वर्का काम् गर्नुको लागि क्ये गरूं। येशूले
तिनिहरुलाइ उत्तर् दिइ भन्यो जस्लाइ उस्ले पठायो उ मांथि तिमिहरुले
३० बिश्वास् गर्नु ईश्वर्को काम् येइ हो। येस्कारण् तिनिहरुले उस्लाइ भन्ये
त चिंनु गरि आफुले क्ये गर्नु हुंद छ र हांमिहरु देखिकन आफुको बिश्वास्
३१ गरूं आफुले क्ये काम् गर्नु हुंद छ। हांमिहरुका पित्रहरुले बन्मां मन्न
खाये जस्तो लेखीयेको छ उस्ले तिनिहरुलाइ रोटी स्वर्ग देखि खांनु दियो।
३२ येस्कारण् येशूले तिनिहरुलाइ भन्यो सांचो सांचो मं तिमिहरुलाइ भन्द छु
मूसाले‌ंनै तिमिहरुलाइ स्वर्ग देखि रोटी दियेन तर मेरो पिताले तिमिहरुलाइ
३३ स्वर्ग देखि सांच्चिकै रोटी दिंद छ। कस्तोगरिभन्ये स्वर्ग देखि ओह्लर्‍येर
३४ संसार्लाइ जीउंनि दिंने चइं ईश्वर्को रोटी हो। येस्कारण् तिनिहरुले

३५ उस्लाइ हे प्रभु सधैं येइ रोटी हांमिहरुलाइ दिंनु हवस् भन्ये। येशूले
तिनिहरुलाइ भन्यो जीउंनिको रोटी मैं हुं मं थांइ आउंने भोकाउंदैन
३६ अनि मं मांथि बिश्वास् गर्ने कैलेइ तिर्खाउंदैन। तर मैंले तिमिहरुलाइ
३७ भन्यें तिमिहरुले मंलाइ देख्येका छौ तैपनि बिश्वास् गर्दैान। सबै जति
पिताले मंलाइ दिंद छ मं थांइ आइ पुग्छ अनि मं थांइ आउंनेलाइ मं
३८ कुनै परिले बाइर आफाल्दीन। किनभन्ये मं आफ्नै इच्छे होइन तर
३९ मंलाइ पठाउंनेको इच्छे गर्नुलाइ स्वर्ग बाटो ओह्लि आयेको छु। अनि
मलाइ पठाउंनेको इच्छे यो छ सबै जति उस्ले मंलाइ दियेको छ म
त्येस्मांको क्येइ न हराउं तर त्येस्लाइ पछिल्लो दिन्मां उभ्याउं भन्ने।
४० किनभन्ये मेरो पिताको इच्छे यो छ पुत्रलाइ हेर्ने र उ मांथि बिश्वास्
गर्ने जनंगेल्लाइ अजम्मरे जीउंनि हवस् भन्ने अनि मं चइं त्येस्लाइ पछिल्लो
दिन्मां उभ्याउंछु ॥

४१ येस्कारण् यहूदीहरु उस्को विषय्मां गन्गनाये उस्ले स्वर्ग देखि
४२ ओह्ल्येको रोटी मैं हुं भन्यो भन्येर। अनि तिनिहरुले भन्ये क्ये यो
यूसुफ्को पुत्र येशू होइन जस्को बाबुलाइ र आंमालाइ हांमिहरु जान्द छौं
४३ कसोगरि अब भन्द छ मं स्वर्ग देखि ओह्लि आयेको छु। येशूले
४४ तिनिहरुलाइ उत्तर् दिइ भन्यो आपस्तमां न गन्गनाव। कोई मं थाइ
आउंनु सक्दैन मंलाइ पठाउंने पिताले त्येस्लाइ तान्येन भन्ये देखि.
४५ अनि मं चइं त्येस्लाइ पछिल्लो दिन्मां उभ्याउंछु। अगम्बक्ताहरुमां अनि
ति सबै ईश्वर्का शिक्षा पायेकाहरु हुंछन् भनि लेख्येको छ। पिताको
४६ पट्टि बाटो सुन्येको र सिक्येको जनंगे मं थांइ आउंद छ। कसैले
पितालाइ देख्येको छ येसो होइन खालि पिताको पट्टि बाटो हुंने जो छ
४७ उसैले मांत्रै पितालाइ देख्येको छ। सांचो सांचो म तिमिहरुलाइ भन्द
४८ छु बिश्वास् गर्नेलाइ अजम्मरे जीउंनि छ। जीउंनिको रोटी मैं हुं।
४९ ५० तिमिहरुका पित्रहरुले बन्मां त्यो मन्न खाये अनि मंरि गये। स्वर्ग
देखि ओह्लंने रोटी येइ हो कोई त्यो देखि खायेर मंरि न जावस्
५१ भन्येर। स्वर्ग देखि ओह्ल्येको जीउंदो रोटी मैं हुं. कसैले येइ रोटी
देखि खायो भन्ये देखि त सधैं सम्म जीउंछ. अं अनि जुन् रोटी मं दिंछु
त्यो मेरो शरीर् हो संसार्को जीउंनिको लागि ॥

५२ येस्कारण् यहूदीहरुले आपस्तमां येसो भन्दै बाझाबाझ् गर्न्ये कसोगरि
५३ येस्ले हांमिहरुलाइ आफ्नु शरीर् खांनु दिंनु सक्द छ। त येशूले तिनि-

हरुलाइ भन्यो सांचो सांचो मं तिमिहरुलाइ भन्द छु तिमिहरुले मान्छेको
पुत्रको शरीर् खायौन अनि उस्को लोहू पीयौन भन्ये देखि तिमिहरु
५४ आफैमां जीउंनि छैन। मेरो शरीर् खांने र मेरो लोहू पीउंनेलाइ अजम्मरे
५५ जीउंनि छ अनि मं त्येस्लाइ पछिल्लो दिन्मां उभ्याउंछु। कसोगरिभन्ये
मेरो शरीर् सच्चा खांने थोक् अनि मेरो लोहू सच्चा पीउंने थोक् हो।
५६ मेरो शरीर् खांने र मेरो लोहू पीउंने ममां रहंद छ अनि मं त्येस्मां।
५७ जसोगरि जीउंदो पिताले मंलाइ पठायो अनि पिताको कारण्ले मं जीउंद
५८ छु त्येसैगरि मंलाइ खांने चइं पनि मेरो कारण्ले जीउंछ। स्वर्ग देखि
ओह्लयेको रोटी येइ हो. जसोगरि पित्रहरुले खाये अनि मंरि गये त्येसै
५९ होइन. येइ रोटी खांने चइं सधैं सम्म जीउंछ। यि कुरा उस्ले कफर्ना-
हुम्मां शिक्षा दिंदै सभाघर्मां भन्यो॥

६० त उस्का शिक्षेहरुमांका धेरै जनाले यो सुन्येर भन्ये कठोर् छ यो
६१ बचन् कस्ले त्यो सुन्नु सक्द छ। तर येशूले मेरा शिक्षेहरु येम् बिषय्मां
गन्गनाउंद छन् भनि आफुमां जान्येर तिनिहरुलाइ भन्यो येस्ले क्ये तिमि-
६२ हरुलाइ ठोकर् खुवाउंद छ। त तिमिहरुले मान्छेको पुत्रलाइ जहां उ
पहिले थियो त्येता चढ़दै गर्न्येको हेर्‍यौ भन्ये देखि कसो। जियाउंने
६३ आत्मानै हो शरीर् चइं देखि क्येइ नाफा छैन. मं तिमिहरुलाइ बोल्येका
कुरा आत्मा हुन् अनि जीवन् हुन्। तर तिमिहरुमांका कत्ति छन् जस्ले
६४ बिश्वाम् गर्दैनन्। किनभन्ये येशूले थाल्निनै देखि बिश्वाम् न गर्नेहरु
को को हुन् अनि मंलाइ पकराइ दिंने कुन् चइं हो भनि जान्द थियो।
६५ अनि उस्ले भन्यो येसै कारण् मैले तिमिहरुलाइ कह्यें कोई मं थांइ आउंनु
सक्दैन पिता देखि त्येस्लाइ दिईयेन भन्ये देखि॥

६६ येस् पछि उस्का शिक्षेहरुमांका धेरै जना पछि सर्‍ये अनि उ सङ अरु
६७ हिंड्डुल् गर्न्येनन्। येस्कारण् येशूले बाह्रैलाइ भन्यो क्ये तिमिहरुले पनि
६८ जाइ जांने इच्छे गर्द छौ। शिमोन् पत्रुस्ले उस्लाइ उत्तर् दियो हे प्र्भु
६९ को थांइ सरि जाऊं तपांइका अजम्मरे जीउंनिका कुरा छन्। अनि
हांमिहरुले बिश्वाम् गर्न्येका अनि थाहा पायेका छौं ईश्वर्का पवित्र जन्
७० तपांइनै हौ। येशूले तिनिहरुलाइ उत्तर् दियो क्ये मैले तिमि बाह्रैलाइ
७१ छानिंन अनि तिमिहरुमांको एक् जना ता शैतान् छ। अब उस्ले शिमोन्
इस्कर्‍योतीको छोरो यहूदाको बिषय्मां भन्यो किनभन्ये उस्लाइ पकराइ
दिंनु आंट्ने येइ थियो अनि बाह्रैमांको एक् थियो॥

७ १ अनि यि कुरा पछि येशू गालीलमां डुल्यो किनभन्ये उस्ले यहूदियामां
डुल्ने इच्छे गर्दैन थियो किनभन्ये यहूदीहरुले उस्लाइ मार्नु खोज्द थिये।
२ अब यहूदीहरुको डेराबासे चइ चाड़ नजिक् थियो। त उस्का भाईहरुले
उस्लाइ भन्ये यहां बाटो हिंड़ेर यहूदियामां जाउ र तिमिले ज्ये ज्ये
४ काम् गर्द छौ ति तिम्रा शिक्षेहरुले पनि हेरुन्। किनभन्ये क्येइ गुप्तमां
गर्ने अनि आफु चइं खोलासा हुन् खोज्ने येस्तो कोई छैन। तिमिले यि
५ काम् गर्द छौ भन्ये देखि आफुलाइ संसार् मांथि प्रगटो गर। किनभन्ये
६ उस्का भाईहरुले पनि उ मांथि बिश्वास् गर्दैन थिये। येस्कारण् येशूले
तिनिहरुलाइ भन्यो मेरो चइं बेला ऐले सम्म आयेको छैन तर तिमिहरुको
७ बेला सधैं तियार् छ। तिमिहरु देखि संसारले दुश्मनी गर्न् सक्दैन तर
मं देखि त्येस्ले दुश्मनी गर्द छ किनभन्ये म त्येस्को बिषयमां त्येस्का काम्
८ दुष्ट छन् भन्ये साक्षी दिंद छु। तिमिहरु चाड़मां चढ़ि जाव मं येस्
चाड़मां ऐले ता चढ़ि जाम्न किनभन्ये मेरो बेला ऐले सम्म पूरो भयेको
९ छैन। अनि उ तिनिहरुलाइ यि कुरा भन्येर गालीलमां रह्यो॥
१० तर जसै उस्का भाईहरु चाड़मां चढ़ि गयेका थिये तब उइ पनि
११ चढ़ि गयो प्रगटो गरि होइन तर गुप्तमां झैं। येस्कारण् यहूदीहरुले
१२ चाड़मां उस्लाइ खोज्द र उ कहां छ भन्द थिये। अनि धुइरोहरुमां
उस्को बिषयमां धेरै गन्गनाई थियो. कत्तिले भन्थ्ये उ भलादमी हो
१३ अरु कत्तिले भन्थ्ये होइन तर लोगलाइ भर्माउंद छ। तरै पनि यहूदी-
हरुको डर्को कारणले कोई उस्को बिषयमां खोलिकन बोल्दैन थियो॥
१४ तर चाड़ अब आधा आधि भयेमा येशूले मन्दिरमां चढ़ि गयेर शिक्षा
१५ दिन् लाग्यो। त यहूदीहरुले कसोगरि येस्ले बिना सिकारु भइ बिद्ये
१६ जान्द छ भन्दै उदेक् मान्ये। येस्कारण् येशूले तिनिहरुलाइ उत्तर् दिइ
१७ भन्यो मेरो सिकाई मेरै होइन तर मलाइ पठाउनेको हो। कसैले उस्को
इच्छे गर्ने इच्छे गर्द छ भन्ये देखि ता सिकाईको बिषयमां थाहा पाउंछ
क्ये त्यो ईश्वर् देखि हो रछ कि क्ये मं आफ्नै पट्टि बाटो बोल्द रांछु।
१८ आफ्नै पट्टि बाटो बोल्नेले आफ्नु निज् बड़ाई खोज्द छ तर आफ्नु
पठाउनेको बड़ाई खोज्ने जो छ त्येइ सच्चा छ अनि त्येस्मां अधर्म्म छैन।
१९ क्ये मूसाले तिमिहरुलाइ ब्यवस्था दियेन तैपनि तिमिहरुमांको कसैले
२० ब्यवस्था मान्दैन। मंलाइ किन मार्नु खोज्द छौ। धुइरोले उत्तर् दियो
२१ तिमिलाइ भूत् लाग्येको छ तिमिलाइ मार्नु कस्ले खोज्द छ। येशूले

तिनिहरुलाइ उत्तर् दिइ भन्यो मैंले एकैवटा काम् गर्यें अनि तिमिहरु
२२ सबैले उदेक् मान्द छौ। येस् खातिर्ले मूसाले तिमिहरुलाइ खत्ना
दियेको छ (त्यो मूसाकै हो येसो होइन तर पित्रहरु देखि) अनि बिश्राम्को
२३ दिन्मां तिमिहरुले मान्छेलाइ खत्ना गर्द छौ। मान्छेले मूसाको ब्यवस्था
न मेटीओस् भन्न्ये खातिर्ले बिश्राम्को दिन्मां खत्ना पाउंद छ भन्ये
देखि क्ये मैंले येउटा मान्छेलाइ बिश्राम्को दिन्मां स्यांट्टै निको पार्यें
२४ भन्येर तिमिहरुले मं मांथि आफ्नु पित्त झार्द छौ। बिचार् मुख् हेरि
न गर तर धर्म्मी चइं बिचार् गर॥
२५ त यरूसलम्का बासीहरुमांका कत्तिले भन्ये जस्लाइ तिनिहरुले मार्नु
२६ खोज्द छन् उ क्ये येइ होइन। अनि हेर उ खोलिकन बोल्द छ अनि
तिनिहरुले उस्लाइ क्येइ भन्दैनन्। क्ये मालिक्हरुले ख्रीष्ट येइ हो भनि
२७ सांच्चिनै कतै थाहा पाये। तरैपनि हांमिहरु येस्लाइ ता जान्द छौं कहां
देखि हो तर ख्रीष्ट चइं जब आउला तब कहां देखि हो कसैले थाहा
२८ पाउंदैन। येस्कारण् येशू मन्दिर्मां सिकाउंदै अनि येसो भन्दै करायो
तिमिहरुले मंलाइ जान्द छौ पनि अनि तिमिहरुले मं कहां देखि हुं भनि
जान्द छौ पनि अनि मं आफ्नै पट्टि बाटो आयेको छुइंन तर मंलाइ
२९ पठाउंने सांचीलो चइं हो जस्लाइ तिमिहरुले जान्दौन। मं चइं उस्लाइ
जान्द छु किनभन्ये मं उस्कांटो हुं. अनि उसैले मंलाइ पठायो।
३० येस्कारण् तिनिहरुले उस्लाइ पक्रंनु खोज्ये अनि कसैले उ मांथि आफ्नु
३१ हात् हाल्येन किनभन्ये उस्को घरी ऐले सम्म आयेको थियेन। तर
धुइरोमांका धेरैले उ मांथि बिश्वाम् गर्ये अनि तिनिहरुले भन्ये ख्रीष्ट
३२ जब आउंछ तब क्ये येसैले गर्येका भन्दा बेसि चिंनु गर्ला। फरीसीहरुले
धुइरोलाइ उस्को बिषय्मां यि कुरा गन्गनाउंदै गर्येको सुन्ये अनि मूल्-
पूजाहारीहरु र फरीसीहरुले प्यादाहरुलाइ पठाये उस्लाइ पक्रंनु।
३३ येस्कारण् येशूले भन्यो मं अरु अलिक् बेर् सम्म तिमिहरु सङ छु अनि
३४ मंलाइ पठाउंने थांइ हिंड़ि जांद छु। तिमिहरुले मंलाइ खोज्छौ अनि
३५ मंलाइ पाउंदौन अनि मं जहां छु तिमिहरु चइं आउंनु सक्दौन। येस्कारण्
यहूदीहरुले आपस्तमां भन्ये कहां यो जांनु आंटेको छ र हांमिहरु उस्लाइ
पाउंदौन क्ये उस्ले यूनानीहरुकां छरपुट्ट भयेकाहरुमां गयेर यूनानीहरुलाइ
३६ सिकाउंनु आंटेको छ होला। क्या हो यो बचन् जो उस्ले भन्यो
तिमिहरुले मंलाइ खोज्छौ अनि मंलाइ पाउंदौन अनि मं जहां छु तिमिहरु
चइं आउंन् सक्दौन भन्येको॥

३७ अब पछिल्लो दिन्मां जो चाड्को बड़ा दिन् थियो येशू उभीयेर
येसो भन्दै करायो कोई तिर्खाउंद छ भन्ये देखि मं थांइ आयेर पीवस् ।
३८ मं मांथि बिश्वास् गर्नेको पेट् देखि धर्म्मशास्त्रले भन्ये झैं जीउंदो पानीका
३९ नदी बहंछन् । तर यो उस्ले आत्माको बिषय्मां भन्यो जस्लाइ उ मांथि
विश्वास् गर्नेहरुले पाउंनु आंट्द थिये कस्योगरिभन्ये आत्मा ऐले सम्म
दिईयेको थियेन किनभन्ये येशूको महिमागराई ऐले सम्म भयेका थियेन ।
४० त धुइरोमांका कत्तिले यि बचन् सुन्येर त्यो अगम्बक्ता साच्चिनै येइ हो
४१ भन्ये । अरुले भन्ये ख्रीष्ट येइ हो । तर कत्तिले भन्ये होइन कस्योगरि-
४२ भन्ये ख्रीष्ट चइं क्ये गालील् देखि आउंद छ । क्ये धर्म्मशास्त्रले
भन्येना छैन ख्रीष्ट दाऊद्को वंश देखि अनि दाऊद् भयेको बैत्लहम्
४३ गांउ बाटो आउंद छ । त उस्को कारण्ले धुइरोमा फटाई भयो ।
४४ अनि तिनिहरुमांका कत्तिले उस्लाइ पक्रने इच्छे गर्द थिये तर कसैले उ
मांथि हात् हाल्येन ॥

४५ त प्यादाहरु मूल्पूजाहारीहरु र फरीसीहरु थांइ आये अनि तिनिहरुले
४६ तिनिहरुलाइ भन्ये किन उस्लाइ ल्यायौन । प्यादाहरुले उइ बोल्ये जस्तै
४७ मान्छे कैल्इ बोल्येन भनि उत्तर् दिये । येस्कारण् फरीसीहरुले तिनि-
४८ हरुलाइ उत्तर् दिये क्ये तिमिहरु पनि भर्माईयौ । क्ये मालिक्हरुमांको
४९ कसैले उ मांथि बिश्वास् गर्‍यो कि फरीसीहरुइमांको कसैले । तर
५० व्यवस्था न जान्ने यो धुइरो स्रापित् छ । (त्यो पहिले उ थांइ आउने
अनि तिनिहरुमांको एक् जना हुने) निकोदिमस्ले तिनिहरुलाइ भन्यो
५१ हांमिहरुको व्यवस्थाले क्ये मान्छेको बिचार् गर्द छ बिना पहिले त्यो तिर
५२ बाटोको सुनिकन अनि त्येस्ले क्ये गर्द रह्छ भनि थाहा पाइकन । तिनि-
हरुले त्येस्लाइ उत्तर् दिइ भन्ये क्ये तिमि पनि गालील्मांका हौ । ढूंढ़लि
हेर गालील्मांको कोई अगम्बक्ता उठ्दैन ॥

८ ५३, १ (अनि तिनिहरु जनंगे आफ्नु आफ्नु घर्मां गये तर येशू
२ जैतून् डांड़ामां गयो । अनि बिहान् सबारै उ फेरि मन्दिर्मां आयो
अनि सबै लोग् उ थांइ आये अनि उस्ले बस्येर तिनिहरुलाइ शिक्षा दिंद
३ थियो । अनि शास्त्री र फरीसीहरुले ब्यभिचार्मां समातीयेको येउटी
आइमाइलाइ ल्याये अनि त्येस्लाइ मांझमां उभ्यायेर उस्लाइ भन्ये
४
५ हे गुरु यो आइमाइ ब्यभिचार् गर्दा गर्दैनैखेरि समातीई । अब ब्यवस्थामां
मूसाले हांमिहरुलाइ येस्तीहरुलाइ लोहोर्‍याउंने आज्ञा गर्‍यो त तिमिचइंले

६ येस्को बिषय्मां क्ये भन्द छौ। अनि यो तिनिहरुले उस्को परीक्षा
गर्दै उस्लाइ दोष् लगाउंनुको लागि भन्ये। तर येशूले ऊंधो निउंन्येर
७ औंलोले भूइंमां लेख्द थियो। तर जसै तिनिहरु उ सित अझै सोध्दै
रह्ये तब उस्ले फेरि सोजो भयेर तिनिहरुलाइ भन्यो तिमिहरुमांको
८ निष्पाप् हुंनेचइंले पहिले त्येस् मांथि ढुंगो हानोस्। अनि उस्ले फेरि
९ ऊंधो निउंन्येर औंलोले भूइंमां लेख्नु लाग्यो। अनि तिनिहरु यो सुन्येर
ठुला देखि थालि पछिल्ला सम्म एक् एक् गरि निक्लि गये अनि येशू
१० एक्लै छोड़ीयो अनि त्यो आइमाइ तिहीं मांझमां भइ। अनि येशूले
फेरि सोजो भयेर त्येस्लाइ भन्यो ए स्त्री ति कता हुन् क्ये कसैले तंलाइ
११ दोषी ठहरायेन। अनि त्येस्ले भनी हे प्रभु कसैले पनि ठहरायेन।
अनि येशूले भन्यो अनि न मैं तंलाइ दोषी ठहराउंद छु जा अब देखि
येसो फेरि पाप् न गर्॥)
१२ येस्कारण् येशू फेरि तिनिहरुलाइ बोल्यो संसार्को ज्योति मैं हुं मंलाइ
पछ्याउंने अंध्यारोमां हिंड्डुल् गर्दैन तर त्येस्लाइ जीउंनिको उजियालो
१३ हुंछ। त फरीसीहरुले उस्लाइ भन्ये तिमिले आफ्नै बिषय्मां साक्षी दिंद
१४ छौ तिम्रो साक्षी सच्चा छैन। येशूले तिनिहरुलाइ उत्तर् दिइ भन्यो मं
आफ्नु बिषय्मां साक्षी दिंद छु भन्ये पनि मेरो साक्षी सच्चा छ किनभन्ये
जान्द छु कहां देखि आयें अनि कहां जांद छु तर तिमिहरुचइंले
१५ जान्दौन मं कहां देखि आउंद छु कि कहां जांद छु। तिमिहरुले
१६ शरीर् अनुसार् बिचार् गर्द छौ मं चइं कसैको बिचार् गर्दीन। अं
अनि मं बिचार् गर्द छु भन्ये पनि मेरो चइं बिचार् सच्चा छ किनभन्ये
१७ एक्लै छुइंन तर मं र मंलाइ पठाउंने पिता छौं। अं अनि तिमिहरुको
ब्यवस्थामां दुइ जना मान्छेको साक्षी सच्चा छ भनि लेख्येको छ।
१८ आफ्नै बिषय्मां साक्षी दिंने मैं हुं अनि मंलाइ पठाउंने पिताले मेरो
१९ बिषय्मां साक्षी दिंद छ। येस्कारण् तिनिहरुले उस्लाइ भन्ये कहां
छ तिम्रो पिता। येशूले उत्तर् दियो तिमिहरुले न मैंलाइ न मेरो
पितालाइ जान्द छौ मंलाइ जान्दा हौ त मेरो पितालाइ पनि जान्ने
२० थियौ। यि कुरा उ मन्दिर्मां शिक्षा दिंदाखेरि भंड़ार्मां बोल्यो अनि
कसैले उस्लाइ पक्र्येन किनभन्ये उस्को घरी ऐले सम्म आयेको थियेन॥
२१ येस्कारण् उस्ले फेरि तिनिहरुलाइ भन्यो मं जाइ जांद छु अनि
तिमिहरुले मंलाइ खोज्छौ अनि आफ्नु पाप्मां मर्छौ जहां मं जांद छु

२२ तिमिहरु आउंनु सक्दौन। त यहूदीहरुले भन्ये क्ये कतै उस्ले आफुलाइ
२३ मार्ला र भन्द छ जहां मं जांद छु तिमिहरु आउंनु सक्दौन। अनि
उस्ले तिनिहरुलाइ भन्यो तिमिहरु ऊंधो देखि हौ मं चइं ऊंभो देखि हुं
२४ तिमिहरु यो संसार् देखि हौ मं चइं यो संसार् देखि हुइंन। येस्कारण्
मैंले तिमिहरुलाइ भन्यें तिमिहरु आफ्ना पाप्मां मर्छौ कसोगरिभन्ये
तिमिहरुले उइ मैं हुं भनि बिश्वास् गर्यौन भन्ये आफ्ना पाप्मां मर्छौ।
२५ त तिनिहरुले उस्लाइ भन्ये तिमि को हौ। येशूले तिनिहरुलाइ भन्यो
२६ उइ हुं जो तिमिहरुलाइ थाल्निनै देखि बोल्द पनि छु। मैंले तिमिहरुको
बिषय्मां धेरै कुरा बोल्नु र बिचार्नु छ तै पनि मंलाइ पठाउंने सच्चा छ
अनि मैंले ज्ये ज्ये कुरा उस्कांटो सुन्यें तिनै संसार्लाइ बोल्द छु।
२७ तिनिहरुले पिताकै बिषय्मां उस्ले हांमिहरुलाइ भन्द छ भनि थाहा
२८ पायेनन्। येस्कारण् येशूले भन्यो जब तिमिहरुले मान्छेको पुत्रलाइ
अल्ग्यायेका हुंछौ तब थाहा पाउंछौ उइ मैं हो रांछु अनि आफ्नै पट्टि
बाटो क्येइ गर्दैन रांछु तर पिताले मंलाइ सिकाये अनुसार् यि कुरा
२९ बोल्द रांछु। अनि मंलाइ पठाउंने मं सङ छ उस्ले मंलाइ एक्लै
छोड्रेको छैन किनभन्ये मं उस्लाइ जाति लाग्ने चइं काम् सधैं गर्द छु।
३० उ यि कुरा बोल्दैनै थियो धेरै जनाले उ मांथि बिश्वास् गर्ये॥
३१ येस्कारण् येशूले ति उस्को बिश्वास् गर्ने यहूदीहरुलाइ भन्यो तिमिहरु
३२ मेरो बचन्मां रह्यौ भन्ये देखि त सांच्चिनै मेरा शिक्षे हौ अनि
सच्चेई थाहा पाउंछौ अनि सच्चेईले तिमिहरुलाइ निर्बन्ध् तुल्याउंछ।
३३ तिनिहरुले उस्लाइ उत्तर् दिये हांमिहरु अब्राहाम्का बंश हौं अनि कैलेइ
कसैका दास् भयूंन कसोगरि तिमिले निर्बन्ध् हुंछौ भनि भन्द छौ।
३४ येशूले तिनिहरुलाइ उत्तर् दियो सांचो सांचो मं तिमिहरुलाइ भन्द छु पाप्
३५ गर्ने जनंगे पाप्को दासै हो। अनि दास् सधैं सम्म घर्मां रहंदैन पुत्र
३६ चइं सधैं सम्म रहंद छ। त पुत्रले तिमिहरुलाइ निर्बन्ध् तुल्यायो भन्ये
३७ देखि तिमिहरु निस्से निर्बन्ध् हुंछौ। मं जान्द छु तिमिहरु अब्राहाम्का
बंश हौ तरै पनि तिमिहरुले मंलाइ मार्नु खोज्द छौ किनभन्ये मेरो बचन्ले
३८ तिमिहरुमां ठांउ पाउंदैन। मैंले ज्ये ज्ये आफ्नु पिताकां हेर्येको छु तिनै
बोल्द छु अनि तिमिहरुले पनि ज्ये ज्ये आफ्नु पिताकां सुन्येका छौ तिनै
३९ गर्द छौ। तिनिहरुले उस्लाइ उत्तर् दिइ भन्ये हांमिहरुको पिता अब्राहाम्
हो। येशूले तिनिहरुलाइ भन्यो अब्राहाम्का सन्तान् हुंदा हौ त अब्राहाम्का

४० काम् गर्ने थियौ। तर अब तिमिहरुले मंलाइ मार्नु खोज्द छौ मं येउटा
मान्छेलाइ जो तिमिहरुलाइ त्यो सच्चेई बोल्दै आयें जो मैले ईश्वर्कां
४१ सुन्यें यो ता अब्राहाम्ले गर्न्येन। तिमिहरुले आफ्नु पिताका काम् गर्द
छौ। तिनिहरुले उस्लाइ भन्ये हांमिहरु ब्यभिचार् देखि जन्म्यूंन हांमिहरु
४२ एकैवटा पिता छ अर्थात् ईश्वर्। येशूले तिनिहरुलाइ भन्यो ईश्वर्
तिमिहरुको पिता हुंदो हो त तिमिहरुले मं सङ प्रेम् गर्व्ने थियौ कमोगरि-
भन्ये मं ईश्वर् देखि निक्लि आयें अनि आइ पुग्येको छु कमोगरिभन्ये
अनि न मं आफ्नै पट्टि बाटो आयेको छु तर उसैले मंलाइ पठायो।
४३ ४४ किन मेरो बोली बूझ्दौन किनभन्ये मेरो बचन् सुन्न सक्दौन। तिमिहरु
आफ्नु पिता शैतान् देखि हौ अनि आफ्नु पिताका कुइच्छे गर्ने इच्छे
गर्द छौ। त्यो ता थाल्निनै देखि मान्छेघार्ती थियो अनि सच्चेईमां
ठहर्न्येन किनभन्ये त्येस्मां सच्चेई छैन। जब त्यो झूठ् बोल्द छ तब
आफ्नै देखि बोल्द छ किनभन्ये त्यो झूठो अनि झूठोको पिता हो।
४५ तर मं चइं सच्चेई भन्द छु येस्कारण् तिमिहरुले मेरो बिश्वास् गर्दैन।
४६ तिमिहरुमांको कस्ले मंलाइ पाप्को बिषयमां दोष् दिंद छ। म सच्चेई
४७ भन्द छु भन्ये देखि किन तिमिहरुले मेरो बिश्वास् गर्दैन। ईश्वर् देखि
हुंनेले ईश्वर्का कुरा सुन्द छ येस्कारण् तिमिहरुचइंले सुन्दौन किनभन्ये
४८ ईश्वर् देखि हौन। यहूदीहरुले उस्लाइ उत्तर् दिइ भन्ये क्ये हांमिहरु जानि
४९ भन्दौन तिमि सामरी हौ अनि तिमिलाइ भूत् लाग्येको छ। येशूले
उत्तर् दियो मंलाइ भूत् लाग्येको छैन तर मं आफ्नु पितालाइ मान् गर्द
५० छु अनि तिमिहरुचइंले मंलाइ अमान् गर्द छौ। तर मं आफ्न बड़ाई
५१ खोज्दीन येउटा छ जस्ले खोज्द छ अनि बिचार् गर्द छ। सांचो सांचो
मं तिमिहरुलाइ भन्द छु कसैले मेरो बचन् मान्यो भन्ये देखि त्येस्ले सधैं
५२ सम्म मृत्यु हेर्दैन। यहूदीहरुले उस्लाइ भन्ये तिमिलाइ भूत् लाग्येको
रछ भनि अब थाहा पायूं। अब्राहाम् अनि अगम्बक्ताहरु मंरि गये अनि
तिमिचइंले भन्द छौ कसैले मेरो बचन् मान्यो भन्ये देखि त्येस्ले सधैं सम्म
५३ मृत्यु चाख्दैन। क्ये तिमि हांमिहरुको पिता अब्राहाम् भन्दा जो मंरि
गयो बड़ा हौ अनि अगम्बक्ताहरु मंरि गये तिमिले आफुलाइ क्ये तुल्याउंद
५४ छौ। येशूले उत्तर् दियो मं आफ्नै बड़ाई गर्द छु भन्ये देखि मेरो बड़ाई
क्येइ होइन मेरो बड़ाई गर्ने मेरो पितानै हो जस्लाइ तिमिहरुले उ
५५ हांमिहरुको ईश्वर् हो भनि भन्द छौ अनि तिमिहरुले उस्लाइ जान्येका

छौन तर म चइं उस्लाइ जान्द छु अनि मैंले म उस्लाइ जान्दीन भन्यें
भन्ये देखि ता तिमिहरुइ जस्तो झूठो हुंछु तर म उस्लाइ जान्द छु
५६ अनि उस्को बचन् मान्द छु। तिमिहरुको पिता अब्राहाम् मेरो दिन्
५७ देख्नुलाइ हर्षित थियो अनि त्यो देखिकन रमायो। त यहूदीहरुले उस्लाइ
भन्ये तिमि एैले सम्म पचास् वर्ष का भयेका छौन अनि क्ये अब्राहाम्लाइ
५८ देख्यौ। येशूले तिनिहरुलाइ भन्यो सांचो सांचो म तिमिहरुलाइ भन्द छु
५९ अब्राहाम् भयेको भन्दा पहिले म छदै छु। येस्कारण् तिनिहरुले उ माथि
हान्नुलाइ ढुंगा उठाये तर येशू लुक्येर मन्दिर् देखि निक्लि गयो॥

९ १ अनि उस्ले त्येता बाटो जांदै गर्दाखेरि एक् जना जन्मैको अन्धालाइ
२ देख्यो। अनि उस्का शिक्षेहरुले उ सित हे गुरु कस्ले पाप् गर्‍यो येमैले
३ कि येस्का आमा बाबुले र यो अन्धा जन्म्यो भनि सोध्ये। येशूले
उत्तर् दियो न ता येस्ले न ता येस्का आमा बाबुले पाप् गर्‍ये तर येस्मां
४ ईश्वर्का काम् प्रगटो गरीउन् भन्न्ये खातिर्ले। खांचो छ हामिहरुले दिन्
छउंज्याल् सम्म मलाइ पठाउनेका काम् गर्नु. रात् आउंद छ जस्मां
५ कस्मैले काम् गर्नु सक्दैन। म जब संसार्मा छु संसार्को ज्योति हुं।
६ उस्ले यि कुरा भन्येर भूइंमां थूक्येर थूकले मांटो मुछ्येर त्यो मुछेको
७ मांटो त्येस्का आंखामां दलि दियेर त्येस्लाइ भन्यो सिलोआम्को
तलाऊमां (जस्को अर्थ हो पठाईयेको) हिंडि गयेर धो। त त्येस्ले गयेर
८ धोयो अनि देख्ने भइ आयो। येस्कारण् छिमेकिहरु र पहिले त्येस्लाइ
भिक्षुक् हुंदै गर्‍येको हेर्नेहरुले भन्ये त्यो बसेर भीक् मांग्ने क्ये येइ होइन।
९ अरुहरुले भन्ये त्यो येइ हो अरु अरुले भन्ये होइन तर त्येइ जस्तो छ।
१० त्येस्ले भन्यो मैंनै हुं। त तिनिहरुले त्येस्लाइ भन्ये कसोगरि त तेरा
११ आंखा उघारीये। त्येस्ले उत्तर् दियो येशू भनीने मान्छेले मांटो मुछेर
मेरा आंखामां दलि दियेर मलाइ भन्यो सिलोआम्मां हिंडि गयेर धो त
१२ मैंले गयेर धोयेर दृष्टि पायें। अनि तिनिहरुले त्येस्लाइ भन्ये कहां छ
त्यो मान्छे। त्येस्ले भन्यो म जान्दीन॥

१३ तिनिहरुले त्येम् अगाड़ि अन्धा हुनेलाइ फरीसीहरु थांइ ल्याये।
१४ अब जुन् दिन् येशूले मांटो मुछेर त्येस्का आंखा उघार्‍यो बिश्राम्को
१५ दिन् थियो। येस्कारण् फेरि फरीसीहरुले पनि त्येस्लाइ कसोगरि दृष्टि
पाइस् भनि सोध्ये। अनि त्येस्ले तिनिहरुलाइ भन्यो उस्ले मुछेको मांटो
१६ मेरा आंखामां लगाइ दियो अनि मैंले धोयें अनि देखद छु। त फरीसी-

हरुमांका कत्तिले भन्ये यो मान्छे ईश्वर् तिर बाटो होइन रछ किनभन्ये
बिश्रामको दिन् मान्दैन। तर अरुहरुले भन्ये कसोगरि पापीनै मान्छेले
१७ येस्ता चिंनुहरु गर्नु सक्द छ। अनि तिनिहरुमां फटाई भयो। येस्कारण्
तिनिहरुले अन्धालाइ फेरि भन्ये तैंले उस्को बिषयमां क्ये भन्द छस्
किनभन्ये उस्ले तेरा आंखा उघार्‍यो। अनि त्येस्ले भन्यो अगमबक्ता हो।
१८ त यहूदीहरुले त्येस्को बिषयमां त्यो अन्धा थियो अनि दृष्टि पायो भनि
पत्यायेनन् जैले सम्म त्येस् दृष्टि पाउंनेका आंमा बाबुलाइ बोलायेर
१९ तिनिहरुलाइ सोध्येनन् यो क्ये तिमिहरुको छोरो हो जस्लाइ तिमि-
हरुले त्यो अन्धा जन्म्यो भनि भन्द छौ कसोगरि त अब देख्द छ।
२० त्येस्का आंमा बाबुले उत्तर् दिइ भन्ये हांमिहरु जान्द छौं यो हांमिहरुको
२१ छोरो हो अनि अन्धा जन्म्यो तर कसोगरि अब देख्द छ जान्दौंन
कि कस्ले त्येस्का आंखा उघार्‍यो हांमिहरु चइं जान्दौंन त्येसैलाइ सोध्नु
२२ हवस् त्यो बढ़्यको छ आफ्नु बिषयमां त्यो आफै बोल्छ। यि कुरा
त्येस्का आंमा बाबुले भन्येका थिये किनभन्ये यहूदीहरु देखि डराउंद थिये
किनभन्ये यहूदीहरुले कसैले उस्लाइ ख्रीष्ट हो भनि स्वीकार् गर्‍यो भन्ये
देखि सभा देखि निकालीओस् भनि आपस्तमां नियम् बान्धि सक्येका
२३ थिये। येसै कारणले त्येस्का आंमा बाबुले भन्ये त्यो बढ़्यकै छ त्येसैलाइ
२४ सोध्नु हवस्। त तिनिहरुले त्येस् मान्छेलाइ जो अन्धा थियो दोस्रो खेप्
बोलायेर त्येस्लाइ भन्ये ईश्वर्लाइ महिमा दे हांमिहरु ता जान्द छौं यो
२५ मान्छे पापीनै हो। त त्येस्ले उत्तर् दियो पापीनै हो कि होइन जान्दीन
२६ एक् कुरो जान्द छु मं जो अन्धा थियें अब देख्द छु। येस्कारण् तिनि-
हरुले त्येस्लाइ भन्ये उस्ले क्ये गर्‍यो तंलाइ. कसोगरि तेरा आंखा उघार्‍यो।
२७ त्येस्ले तिनिहरुलाइ उत्तर् दियो आफुहरुलाइ ऐलेनै भन्यें र पनि सुन्नु
भयेन किन फेरि सुन्ने इच्छे गर्नु हुंद छ क्ये आफुहरुइले पनि कतै उस्का
२८ शिक्षे हुंने इच्छे गर्नु हुंद छ। अनि तिनिहरुले त्येस्लाइ जिल्ल्याइकन
२९ भन्ये उस्को शिक्षे तैं होस् तर हांमिहरु चइं मूसाकै शिक्षे हौं। हांमिहरु
जान्द छौं मूसा सित ईश्वर् बोल्यो तर येसूचइंलाइ जान्दौंन कता देखि
३० हो। त्येस् मान्छेले तिनिहरुलाइ उत्तर् दिइ भन्यो येस्मां ता उदेक् छ उ
कता देखि हो आफुहरुले जान्नु हुन्न अनि उस्ले मेरा आंखा उघार्‍यो।
३१ जान्द छौं ईश्वर्ले पापीहरुचइंको सुन्दैन तर कोई ईश्वर्भक्त छ अनि
३२ उस्को इच्छे गर्द छ भन्ये देखि त्येसूचइंको ता सुन्द छ। जगत् थाल्ये

देखि येसो कसैले जन्मैको अन्धाका आंखा उघाऱ्यो भनि कैलेइ सुनीयेन।
३३ यो मान्छे ईश्वर् तिर बाटो न हुंदो हो त क्येइ गर्नु सक्ने थियेन।
३४ तिनिहरुले त्येस्लाइ उत्तर् दिइ भन्ये तं त स्यांट्टै पापैमां जन्मिस् अनि
तैंले क्ये हांमिहरुलाइ सिकाउंद छस्। अनि तिनिहरुले त्येस्लाइ बाइर
निकालि दिये ॥

३५ येशूले तिनिहरुले त्येस्लाइ बाइर निकालि दिये अरे भन्येको सुन्यो
अनि त्येस्लाइ भेटायेर भन्यो क्ये तैंले ईश्वर्को पुत्र मांथि बिश्वास् गर्द
३६ छस्। त्येस्ले उत्तर् दिइ भन्यो हे प्रभु अनि उनि को हुन् र मं उनि
३७ मांथि बिश्वास् गरुं। येशूले त्येस्लाइ भन्यो तैंले उस्लाइ हेऱ्येको पनि
३८ छस् अनि पनि तं सङ बोल्ने उइ हो। अनि त्येस्ले भन्यो हे प्रभु
३९ बिश्वास् गर्द छु। अनि त्येस्ले उस्लाइ प्रणाम् गऱ्यो। अनि येशूले
भन्यो बिचार्को लागि मं येस् संसार्मां आयें न देख्नेहरुले देखुन् अनि
४० देख्नेहरु चइं अन्धा होइ जाउन् भन्येर। फरीसीहरुमांका उ सङ हुनेहरुले
यि कुरा सुन्येर उस्लाइ भन्ये क्ये हांमिहरुइ पनि कतै अन्धा छौं।
४१ येशूले तिनिहरुलाइ भन्यो अन्धा हुंदा हौ त तिमिहरुलाइ पाप् हुने
थियेन नर अब भन्द छौ हांमिहरु देख्द छौं त तिमिहरुको पाप् रहि
रहंद छ ॥

१० १ सांचो सांचो मं तिमिहरुलाइ भन्द छु दैलै बाटो भेंड़ाको खोर्मां न
२ पस्ने तर अर्को बाटो बाड़ो चढ़ि जांने चइं चोर् र डाकू हो। तर दैलै
३ बाटो पस्ने चइं भेंड़ाहरुको गोठालो हो। येसैको लागि दैलो रुङ्नेले
उघारि दिंद छ अनि भेंड़ाहरुले उस्को शब्द सुनि चिन्द छन् अनि उस्ले
आफ्ना निज् भेंड़ाहरुका नांउ काड़ि काड़ि डाक्द छ अनि तिनिहरुलाइ
४ बाइर लैजांद छ। जब उस्ले आफ्ना निज् सबैलाइ निकालि सक्येको
छ तब तिनिहरुको अघि अघि हिंड्द छ अनि भेंड़ाहरुले उस्लाइ पछ्याउंद
५ छन् किनभन्ये उस्को शब्द चिन्द छन्। अनि परायचइंलाइ तिनिहरुले
पछ्याउंदैनन् तर त्येस् देखि भाग्छन् किनभन्ये परायहरुको शब्द चिन्दैनन्।
६ यो आहन् येशूले तिनिहरुलाइ भनि दियो तर तिनिहरुचइंले उ तिनिहरुलाइ
बोल्येका कुरा क्ये हुन् भनि बूझ्येनन् ॥

७ येस्कारण् येशूले फेरि तिनिहरुलाइ भन्यो सांचो सांचो मं तिमिहरुलाइ
८ भन्द छु भेंड़ाहरुको दैलो मैं हुं। जत्ति मं भन्दा अगाड़ि आये ति सबै
९ चोर् र डाकू हुन् तर भेंड़ाहरुले तिनिहरुका सुन्येनन्। दैलो मैं हुं मैं

बाटो कोई पस्यो भन्ये देखि त बचाईछ अनि भित्र बाइर आउंने जांने
१० गर्छ अनि खर्क पाउंछ। चोर् आउंद छ खालि चोर्नु र मार्नु र नास्
पार्नुको लागि मांत्रै मं चइं आयें तिनिहरुलाइ जीउंनि हवस् अनि यो
११ तिनिहरुलाइ परसस्त गरि हवस् भन्येर। जाति गोठालो मैं हुं जाति
१२ गोठालोले भेंड़ाहरुको लागि आफ्नु प्राण् तर्पि दिंद छ। जो बंनि गर्ने हो
अनि गोठालो होइन अनि भेंड़ाहरु त्येस्का आफ्नै होइनन् त्यो चइं
बुवांसोलाइ आउंदै गर्येको हेर्येर भेंड़ाहरुलाइ छोड़ि भागि जांद छ अनि
१३ बुवांसोले तिनलाइ गांजि लांद र छरपुट्ट गराउंद छ किन भागि जांद
छ भन्ये बंनि गर्ने हो अनि भेंड़ाहरुको विषय्मां क्येइ धन्दा मान्दैन।
१४ जाति गोठालो मैं हुं अनि मं मेरा आफ्नैलाइ चिन्द छु अनि मेरा आफ्नैले
१५ मंलाइ चिन्द छन् जसोगरि पिताले मंलाइ चिन्द छ अनि म पितालाइ
१६ चिन्द छु अनि मं भेंड़ाहरुको लागि आफ्नु प्राण् तर्पि दिंद छु। अनि
मेरा अरु पनि भेंड़ाहरु छन् जो येस् खोर्मांका होइनन् तिनिहरुलाइ
पनि मैंले ल्याउंनु खांचो छ अनि तिनिहरुले मेरो शब्द सुनि चिन्छन् अनि
१७ एकै बगाल् एकै गोठालो होइ जांछ। येस्कारण् पिताले मैं मङ्ग प्रेम्
गर्द छ किनभन्ये मं आफ्नु प्राण् तर्पि दिंद छु त्यो फेरि लिउं भन्येर।
१८ कसैले त्यो मं देखि खोसि लांदैन तर मं आफैले त्यो तर्पि दिंद छु। त्यो
तर्पि दिंने मंलाइ अधिकार् छ अनि त्यो फेरि लिंने मंलाइ अधिकार् छ।
येइ आज्ञा आफ्नु पिता पट्टि बाटो पायें॥

१९ २० यि बचन्को कारण्ले यहूदीहरुमां फेरि फटाई भयो। अनि तिनि-
हरुमांका धेरैले भन्ये भूत् लाग्येको बौलाहा छ किन उस्को सुन्द छौ।
२१ अरुहरुले भन्ये यि कुरा ता भूत् लाग्येको हुंनेका होइनन्। क्ये भूत्ले कतै
अन्धाहरुका आंखा उघार्नु सक्द छ॥

२२ अनि मन्दिर्पैञ्जो चाड् यरूसलम्मां हुदै थियो. जाड़ो समय् थियो
२३ २४ अनि येशू मन्दिर्मां सुलेमान्को दलान्मां डुल्दै थियो। त यहूदीहरुले
उस्लाइ घेर्येर उस्लाइ भन्ये कैले सम्म हामिहरुलाइ अधर्मां राख्छौ।
२५ ख्रीष्ट तिमिनै हौ भन्ये देखि हामिहरुलाइ खोलिकन भनि देउ। येशूले
तिनिहरुलाइ उत्तर् दियो तिमिहरुलाइ भनि दियें अनि तिमिहरुले विश्वास्
गर्दैन ज्ये ज्ये काम् मं आफ्नु पिताको नाउंले गर्द छु तिनैले मेरो बिषय्मां
२६ साक्षी दिंद छन्। तर तिमिहरुले विश्वास् गर्दैन किनभन्ये मेरा भेंड़ा-
२७ हरुमांका हौन। मेरा भेंड़ाहरुले मेरो शब्द सुनि चिन्द छन् अनि मं

२८ तिनिहरूलाइ चिन्द छु अनि तिनिहरूले मंलाइ पछ्याउंद छन् अनि मं
तिनिहरूलाइ अजम्मरे जीउंनि दिंद छु अनि तिनिहरु सधैं सम्म नष्ट
२९ हुंदैनन् अनि तिनिहरूलाइ मेरो हात् देखि कसैले खोसि लांदैन। मेरो
पिता जस्ले तिनिहरूलाइ मंलाइ दियो सबै भन्दा बड़ा छ अनि कसैले
३० ३१ पिताको हात् देखि खोसि लांन सक्दैन। मं र पिता एक् हौं। यहूदी-
३२ हरूले फेरि ढुंगा उठाये उस्लाइ लोहोन्याऊं भन्येर। येशूले तिनिहरूलाइ
उत्तर् दियो धेरै जाति काम् पिता पट्टि देखि तिमिहरूलाइ देखायें तिनमांको
३३ कुन्चइंको कारणले मंलाइ लोहोन्याउंद छौ। यहूदीहरूले उस्लाइ उत्तर्
दिये जातिनै कामको विषयमां तिमिलाइ लोहोन्याउदौन तर ईश्वर्को
निन्दाको विषयमां अनि तिमिले मान्छे भइकन आफुलाइ ईश्वर् तुल्याउद
३४ छौ भन्येर। येशूले तिनिहरूलाइ उत्तर् दियो क्ये तिमिहरुको व्यवस्थामां
३५ मैंले तिमिहरु ईश्वर्हरु हौ भन्यें भन्येर लेख्येको छैन। जस्कां ईश्वर्को
बचन् आयो तिनिहरूलाइ त्येस्ले ईश्वर्हरु भन्येको छ भन्ये देखि (अनि
३६ धर्म्मशास्त्र मेटीनु सक्दैन) त जस्लाइ पिताले पवित्र गर्न्येर संसार्मा
पठायो क्ये उस्लाइ तिमिहरुचहुंले उस्ले ईश्वर्को पुत्र हुं भन्यो भन्येर
३७ तैंले ईश्वर्को निन्दा गर्द छस् भनि भन्द छौ। म आफ्नु पिताका काम्
३८ गर्दीन भन्ये देखि मेरो बिश्वास् न गर। तर गर्दै छु भन्ये देखि त
कतै मेरै बिश्वास् न गर्न्ये पनि ति कामैको बिश्वास् गर. पिता ममा
३९ रछ अनि मं पितामां भनि थाहा पाव अनि जान भन्येर। तिनिहरूले
उस्लाइ फेरि पक्रनु खोज्ये अनि उ तिनिहरुका हात् देखि निकलि गयो॥
४० अनि उ फेरि यर्दन् पारि त्येस् ठाउमां गयो जहां यूहन्नाले पहिले
४१ बप्तिस्मा गर्द थियो अनि उ तिही रह्यो। अनि धेरै जना उ थांइ
आये अनि तिनिहरूले भन्ये यूहन्नाले ता क्येइ चिंनु गर्न्येन तर ज्ये ज्ये
४२ यूहन्नाले यिनैको बिषयमां भन्यो सबै सांचा हो रछन्। अनि तिहीं
धेरैले उ माथि बिश्वास् गर्न्ये॥

११ १ अब लाजर् नांउ भयेको मरियम् र त्येस्की दिदी मर्थाको गांउ
२ बैथनियामां बस्ने येउटा मान्छे दुख्येको थियो। अनि जुन् मरियम्ले
प्रभुमां सुगन्ध तेल् मली अनि उस्का गोड़ा आफ्ना केसले पुछीं त्येइ हो
३ जस्को भाई लाजर् दुख्येको थियो। त त्येस्की दिदीहरूले उ थांइ येसो
भनि पठाइन् हे प्रभु हेर्नु हवस् जस्लाइ तपांइले पियारो गर्नु हुंद छ त्यो
४ दुख्येको छ। तर यो सुन्येर येशूले भन्यो यो दुखाई मृत्युको लागि

होइन तर ईश्वर्को महिमाको लागि हो त्येस्को बाटोले ईश्वर्को पुत्रको
५ महिमा गरीओस् भन्येर। अब येशूले मर्था र त्येस्की बैंनी र लाजर्
६ सङ प्रेम् गर्द थियो। त जब उस्ले त्यो दुख्ये छ भनि सुन्यो तब उ
७ जस् ठांउमां थियो दुइ दिन् रह्यो। तब येस् पछि उस्ले शिक्षेहरुलाइ
८ भन्यो आव फेरि यहूदियामां जाऊं। शिक्षेहरुले उस्लाइ भन्ये हे गुरु
ऐले ता यहूदीहरुले तपांइलाइ लोहोर्‍याउंनु खोज्द थिये अनि क्ये फेरि
९ उतै जांनु हुंद छ। येशूले उत्तर् दियो क्ये दिन्का बारह् घरी छैनन्।
कसैले दिउंसो हिंड्डुल् गर्द छ भन्ये देखि टक्कर् खांदैन किनभन्ये येस्
१० संसार्को उजियालो देख्द छ। तर कसैले राति हिंड्डुल् गर्द छ भन्ये
११ देखि टक्कर् खांद छ किनभन्ये त्येम्मां उजियालो छैन। यि कुरा
उस्ले भन्येको थियो अनि येम् पछि उस्ले तिनिहरुलाइ भन्यो हांमिहरुको
१२ मित्र लाजर् सुत्यो तर मं जांद छु त्येस्लाइ जगाउं भनि। येस्कारण्
शिक्षेहरुले उस्लाइ भन्ये प्रभुज्यु त्यो सुत्येको छ भन्ये देखि बांच्छ होला।
१३ अब येशूले त्येस्को मृत्युको बिषय्मां भन्येको थियो तर तिनिहरुचइंले
१४ नींदैको सुताईको बिषय्मां भन्द छ भनि ठान्ये। तब येस्कारण् येशूले
१५ तिनिहरुलाइ खोलिकनै भन्यो लाजर् मर्‍यो। अनि तिमिहरुको लागि
तिमिहरुले बिश्वास् गर भन्येर मं त्यहां थिइंन भनि रमाउंद छु तैंपनि
१६ आव त्यो थांइ जाऊं। त दिदुमुस् भनींने थोमाले आफ्ना साथी शिक्षे-
हरुलाइ भन्यो आव हांमिहरु पनि जाऊं र उ सङ मरूं॥

१७ त येशूले आयेर त्येस्लाइ चिहान्मां राख्येको अब चार् दिन् भयेको
१८ भेटायो। अब बैथनिया यरूसलम्को नजिक् कोस् एक् जतिमां थियो
१९ अनि यहूदीहरुमांका धेरै जना मर्था र मरियम् थांइ तिनिहरुलाइ तिनि-
२० हरुको भाईको बिषय्मां साधर् दिनु आयेका थिये। त मर्थाले येशू आउंदै
छ भनि जसै सुनी तब उस्को भेट्मां गई तर मरियम् चइं घरैमां बसि
२१ रही। त मर्थाले येशूलाइ भनी हे प्रभु तपांइ यहां हुंदा हौ त मेरो भाइ
२२ मर्ने थियेन। अनि अबै पनि जान्द छु तपांइले ईश्वर् सित ज्ये मांग्नु
२३ होला ईश्वर्ले तपांइलाइ दिंछ। येशूले त्येस्लाइ भन्यो तेरो भाई बौरि
२४ उठ्छ। मर्थाले उस्लाइ भनी पछिल्लो दिन्मां बौरिउठाईमां बौरि उठ्छ
२५ भनि जान्द छु। येशूले त्येस्लाइ भन्यो बौरिउठाई र जीउंनि मैं हुं मं
२६ मांथि बिश्वास् गर्ने मर्‍यो भन्ये पनि जीउंछ अनि जीउंने र मं मांथि
बिश्वास् गर्ने जनचइं सधैं सम्म मर्दैन। क्ये येस्को बिश्वास् गर्द छस्।

२७ त्येस्ले उस्लाइ भनी ज्यु प्रभु मैंले संसार्मां आउंने ईश्वर्को पुत्र ख्रीष्ट
२८ तपांइनै हौ भनि बिश्वास् गर्येकी छु। अनि येति भन्येर त्येस्ले गयेर
आफ्नी बैंनी मरियम्लाइ चुपै लागिकन येसो भन्दै बोलाई गुरु आये छन्
२९ अनि तंलाइ बोलाउंद छन्। अनि त्यो सुन्नु बित्तिकै छिट्टै उठेर उ थांइ
३० गई। (अब येशू ऐले मम्म गांउमां आयेको थियेन तर अझै त्येसै
३१ ठांउमां थियो जहां मर्थाले उस्लाइ भेटेकी थिई)। येस्कारण् त्यो सङ
घर्मां हुंने र त्येस्लाइ माधर् दिंने ति यहूदीहरुले मरियम्लाइ छिट्टै उठेर
निक्लि गयेकी देख्येर त्येस्लाइ पछ्याये चिहान्मां जांद छ उहीं रुनलाइ
३२ भनि ठानिकन। त मरियम् जमै येशू भये ठाउ आई तब उस्लाइ
देख्येर उस्का चरण्मां घोप्टो परी हे प्रभु तपांइ यहां हुदा हौ त मेरो
३३ भाई मर्ने थियेन भन्दै। त येशूले जमै त्येस्लाइ रोयेकी अनि त्यो सङ
आयेका यहूदीहरुलाइ पनि रोयेका देख्यो तब आफ्नु आत्मामां जक्र्यो
३४ अनि आफुलाइ कष्टित् गरि भन्यो कहां त्येस्लाइ राख्येका छौ। तिनि-
३५ हरुले उस्लाइ भन्ये हे प्रभु आयेर हेर्नु हवस्। येशूले आंसु झार्यो।
३६ येस्कारण् यहूदीहरुले हेर उस्ले त्येस्लाइ कस्तो पियारो गर्द थियो भन्ये।
३७ तर तिनिहरुमांका कत्तिले क्ये येस् त्येस् अन्धाका आंखा उघार्नेले येस्लाइ
३८ पनि न मर्ने गराउंनु सक्येन भन्येर भन्ये। येस्कारण् येशू फेरि आत्मामां
जर्किकन चिहान्मां आयो। अब त्यो ओढ़ार् थियो अनि ढुंगो त्येस्
३९ को मुख् मां राख्येका थिये। येशूले भन्यो ढुंगो उठाव। मर्येकोकी
दिदी मर्थाले उस्लाइ भनी हे प्रभु अब ता गन्हाउंद छ क्येभोगरिभन्ये
४० चार् दिन् भये। येशूले त्येस्लाइ भन्यो क्ये मैंले तंलाइ तैंले बिश्वास्
४१ गरिस् भन्ये देखि त ईश्वर्को महिमा देख्छस् भन्येर भनिंन। त तिनि-
हरुले ढुंगो उठाये। अनि येशूले ऊंभो तिर आंखा उचाल्येर भन्यो हे
४२ पिता मं तपांइको धन्नबाद् गर्द छु तपांइले मेरो सुन्नु भयो। अनि मं
चइं ता जान्द थियें तपांइले सधैं मेरो सुन्नु हुंद छ तर वरिपरि उभीयेको
घुइरोको कारण् येसो भन्यें तिनिहरुले तपांइले मंलाइ पठाउंनु भयो भनि
४३ बिश्वास् गरुन् भन्येर। अनि यि कुरा भन्येर उ बड़ो शब्दले करायो ए
४४ लाजर् बाइर आइज। त्यो मुर्दा कात्रोले हात् गोड़ा बान्धीयेकै निस्कि
आयो अनि त्येस्को मुख् चइं रुमाल्ले बेहेरीयेको थियो। येशूले तिनि-
हरुलाइ भन्यो त्येस्लाइ फुकायेर जांनु देव॥

४५ येस्कारण् मरियम् थांइ आउंने र यो उस्ले गर्येको हेर्ने ति यहूदी-
४६ हरुमांका धेरैले उ मांथि बिश्वास् गर्ये। तर तिनिहरुमांका कत्तिले

फरीसीहरु थांइ हिड़ि गयेर तिनिहरुलाइ येशूले ज्ये ज्ये गऱ्येको थियो ति
भनि दिये ॥
४७ येस्कारण् मूल्पूजाहारीहरु र फरीसीहरुले महासभा भेला गरायेर
भन्ये क्ये गर्द छौं हांमिहरु किनभन्ये येस् मान्छेले ता धेरै चिंनु गर्द छ।
४८ उस्लाइ येसै छोड़ि दियूं भन्ये देखि त सबैले उ मांथि बिश्वास् गर्छन्
अनि रोमीहरुले आयेर हांमिहरुको ठांउ पनि अनि लोग् पनि उठाइ
४९ लांछन्। तर तिनिहरुमांको एक् जना अर्थात् कयाफाले त्येस् बर्षको
५० मूल्पूजाहारी भइ तिनिहरुलाइ भन्यो तिमिहरुले क्येइ जान्दौन अनि न
गन्द छौ लोग्को लागि एकै जना मान्छे मर्नु अनि सबै लोग् नष्ट न हुंनु
५१ तिमिहरुको लागि भलो छ। अब यो त्येस्ले आफ्नै पट्टि बाटो भन्येन
तर त्येस् बर्षको मूल्पूजाहारी भइ अगम्बचन् कह्यो येशू येस् लोग्को
५२ लागि मर्नु आंटेको छ अनि खालि येसै लोग्को लागि मांत्रै होइन
तर छरपुट्ट पारीयेका ईश्वर्का सन्तान्हरुलाइ एक्मां भेला गराउंनुको
५३ लागि पनि भन्ने। त त्येइ दिन् देखि तिनिहरुले उस्लाइ मार्नु सल्लाह्
गऱ्ये ॥
५४ येस्कारण् येशूले फेरि यहूदीहरुमां खोल्लिकन हिंड्डुल् गऱ्येन तर त्यहां
बाटो बन्को नजिक्को देस्मां इफ्राईम् भनीने येउटा सहर्मां सरि गयो
५५ अनि उ तिहीं आफ्ना शिक्षेहरु सङ रह्यो। अब यहूदीहरुको निस्तार्
चाड़् नजिक् थियो अनि धेरै जना आफु आफुलाइ पवित्र गर्नुको लागि
निस्तार् चाड़ भन्दा अगाड़ि गांउ गांउ देखि यरूसलम्मां चढ़ि गये।
५६ त तिनिहरुले येशूलाइ खोज्ये अनि मन्दिर्मां उभीइ आपस्तमां भन्ये क्ये
५७ ठान्द छौ उ कतै चाड़्मां आवैन होला। अब मूल्पूजाहारीहरु र फरीसी-
हरुले उस्लाइ पक्रूं भनि आज्ञा गऱ्येका थिये कसैले उ कहां छ भनि
थाहा पाउंद छ भन्ये देखि त प्रगटो गरोस् भन्ने ॥
१२ १ त येशू निस्तार् चाड़्को छ दिन् अगाड़ि बैथनियामां आयो जहां
२ लाजर् थियो जस्लाइ येशूले मुर्दाहरु देखि बौरायेको थियो। येस्कारण्
तिनिहरुले वहां उस्को लागि भोज् लाये अनि मर्थाले सेवा गर्द थिई तर
३ लाजर् उ सङ भान्सामां बस्नेहरुमांको एक् थियो। त मरियम्ले एक्
माना निखरा र अमोल् जटामांसीको सुगन्ध तेल् ल्यायेर येशूका गोड़ामां
मली अनि उस्का गोड़ा आफ्ना केसले पुछी अनि घर् सुगन्ध तेल्को
४ बास्नाले भरीयो। तर उस्का शिक्षेहरुमांको एक् जना उस्लाइ पकराइ

५ दिंनु आंट्नेचइं यहूदा इस्करयोतीले भन्यो किन यो सुगन्ध तेल् तीन्
६ सै सुकामां बेचीयेर कंगालिहरुलाइ दिईयेन। अब त्येस्ले यो भन्यो
किनभन्ये कंगालिहरुको बिषय्मां धन्दा मान्द थियो होइन तर किनभन्ये
चोर् थियो अनि थैलो बोक्ने भइकन हालीयेका थोक् झिकि लांद थियो।
७ येस्कारण् येशूले भन्यो त्येस्लाइ त्यो मेरो गड़ाईको नियारीको दिन्को
८ लागि बचाइ राख्नु दे। किनभन्ये कंगालिहरु ता सधैं तिमिहरु सङ
छन् तर मं चइं सधैं तिमिहरु सङ छुइंन॥

९ त यहूदीहरुमांका साधारण् लोग्ले उ वहां छ भनि थाहा पाये अनि
तिनिहरु आये खालि येशूको कारण्ले मात्रै होइन तर उस्ले मुर्दाहरु देखि
१० बौरायेको लाजर्लाइ पनि हेर्न भन्येर। तर मुल्पूजाहारीहरुले लाजर्लाइ
११ पनि मार्नलाइ सल्लाह गर्‍ये किनभन्ये त्येस्को कारण्ले यहूदीहरुमांका
धेरैले हिंड़ि गयेर येशू मांथि बिश्वास गर्‍ये॥

१२ भोलि पल्टो चाड़मा आयेका ठुला धुइरो येशू यरूसलम्मां आउंदै छ
१३ भन्येको सुन्येर खजूर्का पात् लियेर उस्लाइ भेट्नलाइ निक्ल्यो
अनि कराउंनु लाग्यो होशन्ना धन्न प्रभुको नांउमां आउंने इस्राएल्को
१४ राजा भन्दै भन्दै। अनि येशू येउटा गदाहाबच्चा भेटायेर त्येस् मांथि
१५ बस्यो जसो लेख्येको छ ए सैहून्की छोरी न डरा हेर् तेरो राजा
१६ गदाहाबच्चा मांथि बसि आउंद छ। यि कुरा उस्का शिक्षेहरुले पहिले
ता बुझेनन् तर जब येशूको महिमागराई भयो तब तिनिहरुले यि कुरा
उस्को बिषय्मां लेखीयेका छन् र तिनिहरुले उस्को लागि यि काम् गर्‍ये
१७ भनि समझे। त त्येस् धुइरोले जो उस्ले लाजर्लाइ चिहान् बाटो
बोलाइ ल्यायेर त्येस्लाइ मुर्दाहरु देखि बौराउंदामा उ सङ थियो साक्षी
१८ दियो। येसै कारण्ले पनि धुइरो उस्को भेट्मां गयो किनभन्ये तिनिहरुले
१९ उस्ले यो चिंनु गर्‍ये छ भनि सुन्ये। त फरीसीहरुले आपस्तमां भन्ये हेर्द छौ
तिमिहरु देखि क्येइ हुंनु न सक्येको हेर संसारै उस्का पछि गइ गयो॥

२० अब चाड़्मां पूज्नुलाइ चढ़ि गयेकाहरुमां कत्ति जना यूनानीहरु थियें
२१ त यिनिहरुले गालील्को बैत्सैदामां बस्ने फिलिप् थांइ आयेर त्यो सित
२२ प्रभुज्यु हांमिहरु येशूकन हेर्ने इच्छे गर्द छौं भनि सोध्ये। फिलिप्ले
आयेर अन्द्रियास्लाइ भनि दियो अन्द्रियास् र फिलिप्ले आयेर येशूलाइ
२३ भनि दिये। अनि येशूले तिनिहरुलाइ उत्तर् दियो मान्छेको पुत्रको
२४ महिमागराई हुंने घरी आयेको छ। सांचो सांचो मं तिमिहरुलाइ भन्द

छु गहूंको गेड़ा भूइंमां पऱ्येर मंऱ्येन भन्ये देखि त एक्लै रहंद छ तर मंऱ्यो
२५ भन्ये देखि धेरै फल् फल्द छ। आफ्नु प्राण्लाइ पियारो गर्नेले त्येस्लाइ
हराउंद छ अनि आफ्नु प्राण्लाइ येस् संसार्मां अप्रिय जान्नेचइंले त्येस्लाइ
२६ अजम्मरे जीउंनि सम्म जोगाउंछ। कसैले मेरो सेवा गर्द छ भन्ये देखि
मंलाइ पछ्यावस् अनि मं जहां छु तिहीं मेरो सेवाइते पनि हुंछ कसैले
२७ मेरो सेवा गर्द छ भन्ये देखि पिताले त्येस्लाइ मान् गर्छ। अब मेरो
प्राण् घब्रायेको छ अनि क्ये भनुं हे पिता येस् घरी देखि मंलाइ बचाउंनु
२८ हवस् तर येसै कारण्ले मं येस् घरी सम्म आयें। हे पिता आफ्नु
नांउको महिमा गर्नु हवस्। त त्येस्को महिमा गर्यें पनि अनि फेरि गर्छु
२९ पनि भन्ने स्वर्ग देखि शब्द आयो। येस्कारण् उभीइ रहि सुन्ने धुइरोले
३० गर्जन् भयो भन्यो अरुहरुले दूत् उ सङ्ग बोल्यो भन्ये। येशूले उत्तर् दिइ
३१ भन्यो यो शब्द भयेको मेरै लागि होइन तर तिमिहरुको लागि। अब
येस् संसार्को बिचार् हुंद छ अब येस् संसार्को मालिक् बाइर आफालींछ।
३२ अनि मं चइं पृथिवी देखि अल्ग्याईयें भन्ये देखि सबैलाइ आफु थांइ
३३ तान्छु। त उस्ले यो मं कस्तो मृत्युले मंर्नु आंटेको छु भनि चिंनु
३४ देखाइकन भन्यो। त धुइरोले उस्लाइ उत्तर् दियो हांमिहरुले ब्यवस्था
देखि ख्रीष्ट सधैं सम्म रहंद छ भनि सुन्येका छौं अनि आफुचइंले कसोगरि
भन्नु हुंद छ ख्वांचो छ मान्छेको पुत्र अल्ग्याईनु यो चइं मान्छेको पुत्र को
३५ हो। त येशूले तिनिहरुलाइ भन्यो अरु अलिक् बेर् सम्म ज्योति तिमि-
हरुमां छ। ज्योति तिमिहरुकां होउंज्याल् सम्म हिंड्डुल् गर र अंधकार्ले
तिमिहरुलाइ न समावस्. अनि अंधकार्मां हिंड्डुल् गर्नेले कना हिंड़ि जांद
३६ छु भनि जान्दैन। ज्योति तिमिहरुकां होउंज्याल् सम्म ज्योति मांथि
बिश्वास् गर र तिमिहरु ज्योतिका सन्तान् हव॥

यि कुरा येशू बोल्यो अनि उस्ले सरि गयेर आफुलाइ तिनिहरु देखि
३७ लुकायो। तर उस्ले तिनिहरुको सांमु येत्तिका चिंनु गर्येको थियो र पनि
३८ तिनिहरुले उ मांथि बिश्वास् गर्येनन् यशैया अगम्बक्ताको बचन् पूरो
हवस् भन्येर जो त्येस्ले भन्यो

हे प्रभु कस्ले हांमिहरुको सुनाईको बिश्वास् गर्यो।
अनि प्रभुको बांहां कां मांथि प्रगटो गरीयो।

३९ येस्कारण्ले तिनिहरुले बिश्वास् गर्नु सक्येनन् कुन् कारण्ले भन्ये यशैयाले
फेरि भन्यो

४० उस्ले तिनिहरुका आंखा अन्धा पार्‍यो अनि तिनिहरुको हिर्दय्
कठोर् गर्‍यो
तिनिहरुले आंखाले न देखुन् अनि न हिर्दय्ले चाल् पाउन् अनि न फर्कुन्
अनि न मं तिनिहरुलाइ निको पारुं भन्न्ये खातिर्ले।
४१ यि कुरा यशैयाले भन्यो किनभन्ये उस्को महिमा देख्यो अनि त्यो उस्को
४२ विषय्मां बोल्यो। तरैपनि मालिक्हरुमांका पनि धेरैले उ मांथि बिश्वास्
गर्‍ये तर फरीसीहरुको कारण्ले तिनिहरुले स्वीकार् गर्‍येनन् सभा देखि न
४३ निकालीऊं भन्येर किनभन्ये ईश्वर्को महिमा भन्दा ज्यास्ति मान्छे-
हरुको महिमा सङ पिर्ति राख्द थिये॥
४४ अनि येशूले कराइकन भन्यो मं मांथि बिश्वास् गर्नेले मैं मांथि होइन
४५ तर मंलाइ पठाउंने मांथि बिश्वास् गर्द छ। अनि मैंलाइ हेर्नेले मंलाइ
४६ पठाउंनेलाइ हेर्द छ। मं संसार्मां ज्योति भइ आयें मं मांथि बिश्वास्
४७ गर्ने जनगे अंधकार्मां न रहाम् भन्न्ये खातिर्ले। अनि कसैले मेरा
कुरा सुन्यो अनि त्येस्को जगेरा गर्‍येन भन्ये देखि मैं त्येस्को बिचार्
गर्दीन किनभन्ये संसार्को बिचार् गर्नुलाइ होइन तर संसार्लाइ बचाउंनु
४८ आयें। मंलाइ टार्ने र मेरा कुरा ग्रहण् न गर्नेका त्येस्को बिचार् गर्ने
छंदै छ जुन् बचन् मं बोल्यें त्येसैले पछिल्लो दिन्मां त्येस्को बिचार् गर्छ।
४९ किनभन्ये मं आफ्नै पट्टि बाटो बोल्निं तर मंलाइ पठाउंने पिता जो छ
उसैले मंलाइ क्ये भन्नु हो अनि क्ये बोल्नु हो भनि आज्ञा दियो।
५० अनि मं जान्द छु उस्को आज्ञा अजम्मरे जीउंनि हो येस्कारण् मं ज्ये ज्ये
बोल्द छु ति पिताले मंलाइ कह्येको अन्सार् बोल्द छु॥
१३ १ अब निस्तार् चाड्को अगाड़ि येशूले येस् संसार् देखि पिता थांइ जाइ
जांने मेरो घरी आयो भनि जानिकन संसार्मां भयेको आफ्नु निज् लोग्
२ सङ प्रेम् गर्‍येर तिनिहरु सङ अन्त सम्म प्रेम् गर्‍यो। अनि बेलुकाको
भोज् हुंदामां जब शैतान्ले शिमोन्को छोरो यहूदा इस्कर्योतीले उस्लाइ
३ पकराइ दिंनुलाइ मतो त्येस्को हिर्दय्मां हालि सक्येको थियो तब
येशूले पिताले सबै कुरा मेरा हात्मां दियेको छ अनि मं ईश्वर्का देखि
४ निक्लि आयें अनि ईश्वर् थांइ हिंड़ि जांद छु भनि जानिकन भोज्
देखि उठेर आफ्नु खाष्टो राख्येर रुमाल् लिइ आफ्नु कम्मर्मां बेहेर्‍यो।
५ तब उस्ले चुठुवामां पानी हाल्येर शिक्षेहरुका गोड़ा धुंनु र कम्मर्मां
६ बेहेर्‍येको त्येस् रुमाल्ले पूछ्नु लाग्यो। त उ शिमोन् पत्रुस् थांइ आयो।

त्येस्ले उस्लाइ भन्यो हे प्रभु क्ये तपांइले पो मेरा गोड़ा धुंनु हुंद छ।
७ येशूले त्येस्लाइ उत्तर् दिइ भन्यो मं ज्ये गर्द छु तैंले ऐले ता जान्दैनस्
८ तर गि कुरा पछि थाहा पाउंछस्। पत्रुस्ले उस्लाइ भन्यो तपांइले मेरा
गोड़ा कैल्हेइ पनि धुंनु हुंदैन। येशूले त्येस्लाइ उत्तर् दियो मैंले तंलाइ
९ धोइंन भन्ये देखि तेरो मं सङ भाग् छैन। शिमोन् पत्रुस्ले उस्लाइ
भन्यो हे प्रभु त खालि मेरा गोड़ा मात्रै होइन तर मेरा हात् पनि अनि
१० मेरो सिर् पनि धुंनु हवस्। येशूले त्येस्लाइ भन्यो नुहाईधुवाई गर्न्येकोलाइ
गोड़ा छाड़ि अरु क्येइ धुंनु खांचो छैन तर त्यो स्यांट्टै शुद्ध छ अनि
११ तिमिहरु चइं शुद्ध छौ तर सबै ता होइन। किनभन्ये उस्ले आफ्नु
पकराइ दिंनेलाइ जान्द थियो येसै कारण्ले उस्ले भन्यो तिमिहरु सबै ता
शुद्ध छौन॥

१२ त जब उ तिनिहरुका गोड़ा धोयेर आफ्नु खाष्टो लियेर फेरि बस्यो
तब तिनिहरुलाइ भन्यो क्ये मैंले तिमिहरु सङ क्ये गर्न्यें थाहा पायौ।
१३ तिमिहरुले मंलाइ गुरु अनि प्रभु भनि बोल्याउंद छौ त जाति भन्द छौ
१४ किनाकिभन्ये मं हुं। त जब मैंले प्रभु अनि गुरु भइ तिमिहरुका गोड़ा
१५ धोयें तिमिहरुले पनि एकाले अर्काका गोड़ा धुंनु पर्छ। किनभन्ये मैंले
तिमिहरु सङ गर्न्येको झैं तिमिहरुले पनि गर भन्ये खातिर्ले मैंले तिमि-
१६ हरुलाइ नमना दियें। सांचो सांचो मं तिमिहरुलाइ भन्द छु दास् आफ्नु
प्रभु भन्दा बड़ा होइन अनि न प्रेरित् आफ्नु पठाउंने भन्दा बड़ा।
१७
१८ तिमिहरुले यि कुरा जान्द छौ त नि गर्यौ भन्ये देखि धन्न हौ। तिमिहरु
सबैको बिषय्मां भन्दींन जम् जस्लाइ मैंले छान्येको छु तिनिहरुलाइ जान्द
छु तर धर्म्मशास्त्र पूरो हुंनुलाइ मेरो रोटी खांनेले मं माथि आफ्नु लात्
१९ उठायो। अब देखि मं तिमिहरुलाइ त्यो हुंनु भन्दा पहिले भन्द छु र
जब त्यो होइ सक्छ तब तिमिहरुले उइ मैं हो रांछु भनि बिश्वास् गर।
२० सांचो सांचो मं तिमिहरुलाइ भन्द छु मं जुन्सुकैलाइ पठाउं त्येस्लाइ
ग्रहण् गर्नेले मैंलाइ ग्रहण् गर्द छ अनि मैंलाइ ग्रहण् गर्नेले मंलाइ पठाउंनेलाइ
ग्रहण् गर्द छ॥

२१ यि कुरा भन्येर येशू आत्मामां घब्रायो अनि साक्षी दिइ भन्यो सांचो
सांचो मं तिमिहरुलाइ भन्द छु तिमिहरुमांको येउटाले मंलाइ पकराइ
२२ दिंछ। शिक्षेहरुले उस्ले कस्को बिषय्मां भन्द छ भनि अन्योल्मां पर्न्येर
२३ एका अर्का तिर हेराहेर् गर्नु लाग्ये। भान्सामां उस्का शिक्षेहरुमांको एक्

जना जो सङ येशूले प्रेम् गर्द थियो येशूको काख्मां अड़ेस् लागि बस्येको
२४ थियो। त येसैलाइ शिमोन् पत्रुस्ले सान् गर्येर त्येस्लाइ भन्यो भन
२५ जस्को बिषय्मां उस्ले भन्द छ त्यो कुन् चइं हो। त्येस्ले येशूको छातीमां
त्येसै पछिल् तिर अड़ेस् लागिकन् उस्लाइ भन्यो प्रभुज्यु कुन् चइं हो।
२६ त येशूले उत्तर् दियो जस्लाइ मं रोटीको टुक्रा डुबायेर दिंछु त्येइ हो।
त उस्ले टुक्रा डुबाइ लियेर शिमोन् इस्करयोतीको छोरो यहूदालाइ
२७ दियो। अनि टुक्रा पछि त्येसै बेला शैतान् त्येस्मां पस्यो। येस्कारण्
२८ येशूले त्येस्लाइ भन्यो ज्ये गर्द छस् छिट्टै गर्। अब उस्ले क्येको लागि
२९ यो त्येस्लाइ भन्यो बस्नेहरुमांको कस्लै थाहा पायेन। किनभन्ये यहूदाले
थैलो बोक्द थियो येस्कारण् कतिले येशूले त्येस्लाइ चाड़्को लागि ज्ये
ज्येको हामिहरुलाइ खांचो छ त्यो किनि ल्या कि त्येस्ले कंगालिहरुलाइ
३० क्येइ देवस् भन्यो भनि ठान्ये। त टुक्रा पायेर त्यो तुरन्तै निक्लि
गयो. अनि रात् थियो॥

३१ त जब त्यो निक्लि गयो तब येशूले भन्यो अब मान्छेको पुत्रको
३२ महिमा गरीयो अनि ईश्वर्को महिमा उस्मां गरीयो अनि ईश्वर्ले
३३ उस्को महिमा आफुमां गर्छ अनि तुरन्तै उस्को महिमा गर्छ। ए नानीहरु
हो अरु अलिक् बेर् सम्म मं तिमिहरु सङ छु। तिमिहरुले मलाइ खोज्छौ
अनि जसो मैले यहूदीहरुलाइ भन्यें जहां मं जांछु तिमिहरु आउनु सक्दौन
३४ त्येसै अब तिमिहरुइलाइ भन्द छु। नया आज्ञा मं तिमिहरुलाइ दिंद छु
एकाले अर्को सङ प्रेम् गर जसो मैले तिमिहरु सङ प्रेम् गर्यें त्येसै तिमि-
३५ हरुले पनि एकाले अर्को सङ प्रेम् गर भन्ने। तिमिहरुले आपस्तमां प्रेम्
गरागर् गर्यौ भन्ये देखि येसैले सबैले तिमिहरु मेरा शिक्षे राछौ भनि
थाहा पाउंछन्॥

३६ शिमोन् पत्रुस्ले उस्लाइ भन्यो हे प्रभु तपांइ कहां जांनु हुद छ।
येशूले उत्तर् दियो जहां मं जांद छु तैले एले मंलाइ पछ्याउंनु सक्दैनस्
३७ तर पछि ता पछ्याउंछस्। पत्रुस्ले उस्लाइ भन्यो हे प्रभु एले किन
३८ तपांइलाइ पछ्याउंनु सक्दीन। मं आफ्नु प्राण् तपांइको लागि तर्पि
दिंछु। येशूले उत्तर् दियो क्ये आफ्नु प्राण् मेरो लागि तर्पि दिंछस्।
सांचो सांचो मं तंलाइ भन्द छु जैले सम्म तीन् खेप् मंलाइ अस्वीकार्
गर्दैनस् तैले सम्म भाले बास्दैन॥

१४ १ तिमिहरुको हिर्दय् न घब्रावस् ईश्वर् मांथि बिश्वास् गर्द छौ मैं
२ मांथि पनि बिश्वास् गर। मेरो पिताको घर्मां बस्ने ठांउ धेरै छन्

होइन भन्ये ता तिमिहरुलाइ भन्ने थियें किनभन्ये मं तिमिहरुको लागि
३ ठांउ तियार् पार्नुलाइ जांद छु। अनि मैंले गयेर तिमिहरुको लागि ठांउ
तियार् पार्‍यें भन्ये देखि त फेरि आयेर तिमिहरुलाइ आफु थांइ ल्याउंछु
४ र मं जहां छु तिहीं तिमिहरु पनि हव। अनि मं जहां जांद छु बाटो
५ तिमिहरुले जान्द छौ। थोमाले उस्लाइ भन्यो हे प्रभु तपांइ कहां जांनु
६ हुंद छ जान्दौंन त कसोगरि बाटो जान्द छौं। येशूले त्येस्लाइ भन्यो
बाटो र सच्चेई र जीउंनि मं हुं बिना मेरो बाटोले कोई पिता थांइ
७ आउंदैन। तिमिहरुले मैंलाइ चिन्येको भये देखि मेरो पितालाइ पनि
जान्ने थियौ अब देखि येसो उस्लाइ चिन्द छौ अनि उस्लाइ हेर्‍येका छौ।
८ फिलिप्ले उस्लाइ भन्यो हे प्रभु पितालाइ हांमिहरुलाइ देखाउंनु हवस् त
९ हांमिहरुको लागि धेरै हो। येशूले त्येस्लाइ भन्यो ए फिलिप् क्ये येत्ति
दिन् भये मं तिमिहरु सङ छु अनि मंलाइ चिन्दैनम् मैंलाइ हेर्नेले पितालाइ
हेर्‍यो कसोगरि तैंले भन्द छस् पितालाइ हांमिहरुलाइ देखाउंनु हवस्।
१० क्ये मं पितामां छु अनि पिता मंमां छ भनि पत्याउंदैनम् मं ज्ये ज्ये कुरा
तिमिहरुलाइ भन्द छु आफ्नै पट्टि बाटो बोल्दीन. तर पिताले मंमां
११ रहिकन आफ्ना काम् गर्द छ। मं पितामां छु अनि पिता मंमां छ भनि
१२ मंलाइ पत्याव होइन भन्ये खुद् कामैको कारण्ले मंलाइ पत्याव। सांचो
सांचो मं तिमिहरुलाइ भन्द छु मं ज्ये ज्ये काम् गर्द छु ति मं मांथि
बिश्वास् गर्नेचइंले पनि गर्छ अनि यि भन्दा बड़ा काम् गर्छ किनभन्ये मं
१३ चइं पिता थांइ जांद छु। अनि ज्येसुकै तिमिहरुले मेरो नांउले मांगौला
१४ त्येइ मं गर्छु पिताको महिमा पुत्रमां गरीओस् भन्ये खातिर्ले। तिमिहरुले
१५ मेरो नांउले मं सित क्येइ मांग्यौ भन्ये देखि मं त्यो गर्छु। तिमिहरुले
१६ मं सङ प्रेम् गर्द छौ भन्ये देखि मेरा आज्ञा मान्छौ। अनि मं चइं पिता
सित मांग्छु अनि उस्ले तिमिहरुलाइ अर्को शान्तिदाता दिंछ र उ सधैं
१७ सम्म तिमिहरु सङ रहोस् अर्थात् सच्चेईको आत्मा जस्लाइ संसार्ले
ग्रहण् गर्नु सक्दैन किनभन्ये उस्लाइ हेर्दैन अनि न उस्लाइ चिन्द छ
तिमिहरुले उस्लाइ चिन्द छौ कसोगरिभन्ये उ तिमिहरुकां रहंद छ अनि
१८ तिमिहरुमां हुंछ। मं तिमिहरुलाइ टुहुरा छोड्दींन मं तिमिहरु थांइ
१९ आउंद छु। अरु अलिक् बेर् पछि संसार्ले मंलाइ फेरि हेर्दैन तर तिमि-
२० हरुचइंले मंलाइ हेर्द छौ मं जीउंद छु त तिमिहरु पनि जीउंछौ। त्येसै
दिन् तिमिहरुचइंले मं आफ्नु पितामां रांछु अनि तिमिहरु मंमां राछौ

२१ अनि मं तिमिहरुमां रांछु भनि थाहा पाउंछौ। मेरा आज्ञा हुंने र ति
मान्ने मं सङ प्रेम् गर्ने त्येइ हो अनि मं सङ प्रेम् गर्ने चइं पिता देखि
प्रेम् गरींछ अनि मैं त्यो सङ प्रेम् गर्छु अनि त्येस् मांथि आफुलाइ प्रगटो
२२ गर्छु। यहूदाले (इस्कर्योतीचइंले होइन) उस्लाइ भन्यो हे प्रभु क्ये भयो
र तपांइले आफुलाइ हांमिहरु मांथि प्रगटो गर्नु आंट्नु भो अनि संसार्
२३ मांथि चइं होइन। येशूले त्येस्लाइ उत्तर् दिइ भन्यो कसैले मं सङ
प्रेम् गर्द छ भन्ये देखि मेरो बचन् मान्छ अनि मेरो पिताले त्यो सङ प्रेम्
२४ गर्छ अनि हांमि त्यो थांइ आउंछौं अनि त्येस्कां बास् गर्छौं। मं सङ
प्रेम् न गर्नेले मेरा बचन् मान्दैन अनि जुन् बचन् तिमिहरुले सुन्द छौ त्यो
मेरै होइन तर मंलाइ पठाउंने पिताको हो॥

२५ यि कुरा मं तिमिहरुलाइ तिमिहरुकां रहंदैखेरि बोल्यको छु।
२६ तर शान्तिदाताले अर्थात् पवित्र आत्माले जस्लाइ पिताले मेरो नांउमां
पठाउंछ उसैले तिमिहरुलाइ सबै कुरा सिकाउंछ अनि मैंले तिमिहरुलाइ
२७ भन्येका सबै कुरा तिमिहरुलाइ सम्झाइ दिंछ। शान्ति मं तिमिहरुको
लागि छोडि जाद छु आफ्नै शान्ति तिमिहरुलाइ दिंद छु जसो संसार्ले
दिंद छ त्येसै मं चइं तिमिहरुलाइ दिंदींन। तिमिहरुको हिर्दय् न घबरा-
२८ वस् अनि न काफर् हवस्। मैंले तिमिहरुलाइ मं जांद छु अनि तिमिहरु
थांइ आउंद छु भन्येको तिमिहरुले सुन्यौ। तिमिहरुले मंलाइ पियारो
गर्दा हौ त रमाउंने थियो किनभन्ये मं पिता थांइ जांद छु किनभन्ये
२९ पिता मं भन्दा बड़ा छ। अनि अब मैंले तिमिहरुलाइ त्यो हुंनु भन्दा
पहिले कहि दियेको छु र जब त्यो होइ सक्छ तब तिमिहरुले बिस्वास्
३० गर। मं तिमिहरु सङ अझै धेर् कुरा बोल्दीन किनभन्ये संसार्को मालिक्
३१ आउंद छ अनि मंमां त्येस्को क्येइ छैन तर यो संसार्ले मं पिता
सङ प्रेम् गर्द छु अनि जसो पिताले मंलाइ आज्ञा गर्‍यो त्येसै गर्द छु भनि
थाहा पाउंनुको लागि हो। उठ यहां बाटो जाऊं॥

१५ १ सांच्चिकै दाख्को बोट् मैं हुं अनि मेरो पिता किसानि हो।
२ मंमां फल् न फल्ने चइं गोटै पिच्छे हांगालाइ उस्ले दूर् गर्द छ अनि फल्
फल्ने चइं गोटै पिच्छेलाइ उस्ले छांट्द छ त्येस्ले बेसि फल् फलोस्
३ भन्येर। तिमिहरु चइं अबनै मं तिमिहरुलाइ बोल्येको बचन्को कारण्ले
४ शुद्ध छौ। मंमां रह अनि मं तिमिहरुमां। जसोरि हांगा दाख्को
बोट्मां रह्येन भन्ये देखि आफैले फल् फल्नु सक्दैन त्येसैरि अनि न

५ तिमिहरुले मंमां रह्यौन भन्ये देखि। दाख्को बोट् मैं हुं हांगा चइं
तिमिहरुइ मंमां रहने अनि मं त्येस्मां येसैले धेरै फल् फल्द छ किनभन्ये
६ मं बिना तिमिहरुले क्येइ गर्नु मक्दौन। कोई मंमां रह्येन भन्ये देखि
हांगा झैं बाइर आफालींद छ अनि सुकि जांद छ अनि मान्छेहरुले तिनलाइ
७ बटुल्येर आगोमां आफाल्द छन् अनि ति बल्द छन्। तिमिहरु मंमां
रह्यौ अनि मेरा कुरा तिमिहरुमां रह्ये भन्ये देखि ज्येको इच्छे गरौला
८ त्यो मांग त तिमिहरुको लागि होइ जांछ। येसैमां मेरो पिताको महिमा-
गराई हुंद छ तिमिहरुले धेरै फल् फल्येमां अनि येसैगरि तिमिहरु मेरा
९ शिक्षे हुंछौ। जसो पिताले मं सङ प्रेम् गर्‍यो मैंले पनि तिमिहरु सङ
१० प्रेम् गर्‍यें. मेरो प्रेम्मां रह। तिमिहरुले मेरा आज्ञा मान्यौ भन्ये देखि
त मेरो प्रेम्मां रहंछौ जसो मैंले आफ्नु पिताका आज्ञा मान्येको छु अनि
११ उस्को प्रेम्मां रहंद छु। मं तिमिहरुलाइ यि कुरा बोल्येको छु मेरो
रमाहट् तिमिहरुमां हवम् अनि तिमिहरुको रमाहट् पूरो गरीओम् भन्ये
१२ खातिर्ले। मेरो आज्ञा येइ हो एकाले अर्का सङ प्रेम् गर जसो मैंले
१३ तिमिहरु सङ प्रेम् गर्‍यें भन्ने। कसैले आफ्नु प्राण् आफ्ना "मित्रहरुको
१४ लागि तर्पि दिंनु यो भन्दा बड़ा प्रेम् कसैको छैन। तिमिहरु चइं मेरा
मित्र हौ मं ज्ये ज्येको आज्ञा तिमिहरुलाइ गर्द छु नि गर्‍यो भन्ये देखि।
१५ अब देखि मं तिमिहरुलाइ दास् भन्दीन किनभन्ये दास्चइंले त्येस्को प्रभुले
क्ये गर्द छ भनि जान्दैन तर तिमिहरुलाइ मित्र भन्येको छु किनभन्ये ज्ये
ज्ये आफ्नु पिता तिर बाटो सुन्यें ति सबै तिमिहरुलाइ थाहा गरायें।
१६ तिमिहरुले मंलाइ छान्यौ होइन तर मैंले तिमिहरुलाइ छान्यें अनि तिमि-
हरुलाइ ठहरायें तिमिहरुले गयेर फल् फल अनि तिमिहरुको फल् रहोम्
भन्ये खातिर्ले. तिमिहरुले ज्येसुकै पिता सित मेरो नांउमां मांगौला
१७ त्यो उस्ले तिमिहरुलाइ देवम् भन्येर। यि कुराको मं तिमिहरुलाइ आज्ञा
१८ गर्द छु तिमिहरुले एकाले अर्का सङ प्रेम् गर भन्ये खातिर्ले। संसार्ले
तिमिहरु देखि दुश्मनी गर्द छ भन्ये देखि त तिमिहरु भन्दा पहिले मं
१९ देखि दुश्मनी गर्‍येको छ भनि थाहा पाउंद छौ। तिमिहरु संसार्
देखिका हुंदा हौ त संसार्ले आफ्नैलाइ पियारो गर्ने थियो तर तिमिहरु
संसार् देखिका हौन तर मैंले तिमिहरुलाइ संसार् देखि छान्यें येस्कारण्
२० संसार्ले तिमिहरु देखि दुश्मनी गर्द छ। दास् आफ्नु प्रभु भन्दा बड़ा
होइन मैंले तिमिहरुलाइ भन्येको कुरो समझ। तिनिहरुले मंलाइ सताये

त तिमिहरुलाइ पनि सताउंछन् तिनिहरुले मेरो कुरो मान्ये त तिमिहरुको
२१ पनि मान्छन्। तर यि सबै काम् तिनिहरुले मेरो नांउको कारण्ले
२२ तिमिहरु सङ गर्छन् किनभन्ये मंलाइ पठाउंनेलाइ जान्दैनन्। मं आयेर
तिनिहरुलाइ न बोल्येको भये देखि ता तिनिहरुलाइ पाप् हुंने थियेन तर
२३ अब ता तिनिहरुलाइ तिनिहरुको पाप्को लागि क्येइ निउं छैन। मं देखि
२४ दुश्मनी गर्नेले मेरो पिता देखि पनि दुश्मनी गर्द छ। मैले अरु कसैले
न गर्‍येका काम् तिनिहरुमां न गर्‍येको भये देखि ता तिनिहरुलाइ पाप्
हुंने थियेन तर अब ता तिनिहरुले मंलाइ अनि पनि मेरो पितालाइ
२५ हेर्‍येका अनि पनि दुश्मनी गर्‍येका छन्। तर येमां भयो अकारण् तिनि-
हरुले म देखि दुश्मनी गर्‍ये भन्ने तिनिहरुको ब्यवस्थामां लेख्येको त्यो
२६ बचन् पूरो गरीओस् भन्न्ये खातिर्ले। तर जब शान्तिदाता आउंछ
जस्लाइ मैं पिताको निर बाटो तिमिहरुलाइ पठाइ दिंछु अर्थात् सच्चेईको
आत्मा जो पिता निर बाटो निक्लि आउंद छ तब उसैले मेरो बिषय्मां
२७ साक्षी दिंछ. अनि तिमिहरुचइंले पनि साक्षी दिंद छौ किनभन्ये थाल्नि
देखि मं सङ छौ॥

१६ १ मं तिमिहरुलाइ यि कुरा बोल्येको छु तिमिहरु ठोकर् न खुवाईयौ
२ भन्न्ये खातिर्ले। तिनिहरुले तिमिहरुलाइ सभाहरु देखि निकालि दिंछन्
अं त्यो घरी आउंद छ जस्मां तिमिहरुलाइ मार्ने जनगले मं ईश्वर्लाइ
३ सेवा चढाउंद छु भनि ठान्छ। अनि तिनिहरुले यि काम् गर्छन् किनभन्ये
४ पितालाइ चिन्येनन् अनि न मैंलाइ। तर मं तिमिहरुलाइ यि कुरा
बोल्येको छु र जब तिनको घरी आउंछ तब तिमिहरुले नि मैले तिमि-
हरुलाइ भन्यें भनि सम्झ। अनि यि कुरा मैले थाल्निनै देखि भनिंन
५ किनभन्ये तिमिहरु सङ थियें। तर अब ता मं मंलाइ पठाउंने थांइ जांद
छु अनि तिमिहरुमांको कसैले तपांइ कहां जांनु हुंद छ भनि मं सित
६ सोध्दैन। तर मं तिमिहरुलाइ यि कुरा बोल्येको छु भन्येर शोक्ले
७ तिमिहरुको हिर्दय् भर्‍येको छ। तरै पनि मं तिमिहरुलाइ सच्चेई भनि
दिंद छु मं चइं जाइ जांनु तिमिहरुको लागि भलो छ भनि कसोगरिभन्ये
मं गइ गइंन भन्ये देखि शान्तिदाता तिमिहरु थांइ आउंदैन तर मं गयें
८ भन्ये देखि उस्लाइ तिमिहरु थांइ पठाउंछु। अनि उसैले आयेर संसार्लाइ
पाप्को बिषय्मां र धर्म्मको बिषय्मां र बिचार्को बिषय्मां दोष् दिंछ
९ १० पाप्को बिषय्मां किनभन्ये तिनिहरुले मं माथि बिश्वास् गर्दैनन् धर्म्मको

बिषय्मां किनभन्ये मं पिता थांइ जाइ जांद छु अनि तिमिहरुले मंलाइ
११ फेरि हेर्दैान बिचार्को बिषय्मां किनभन्ये येस् संसार्को मालिक्को
१२ बिचार् गरीयो। अरु धेरै कुरा मैंले तिमिहरुलाइ भन्नु छ तर अब
१३ तिमिहरुले सहनु सक्दौन। तरै पनि उइ अर्थात् सच्चेईको आत्मा जब
आउंछ तब सबै सच्चेई सम्म तिमिहरुको अगुआ हुंछ कमोगरिभन्ये आफ्नै
पट्टि बाटो बोल्दैन तर ज्ये ज्ये सुन्छ ति बोल्छ. अनि उस्ले आउंदा
१४ कुराको समाचार् तिमिहरुलाइ कहि दिंछ। उमैले मेरो महिमा गर्छ
किनभन्ये मेरै देखि लियेर तिमिहरुलाइ त्येस्को समाचार् कहि दिंछ।
१५ ज्ये ज्ये पिताका छन् ति सबै मेरा हुन् येमै कारण्ले मैंले भन्यें उस्ले मेरै
१६ देखि लियेर तिमिहरुलाइ त्येस्को समाचार् कहि दिंछ। अलिक् बेर् पछि
तिमिहरुले मंलाइ अरु हेर्दैान अनि फेरि अलिक् बेर् पछि मंलाइ देख्छौ।
१७ येस्कारण् उस्का शिक्षेहरुमांका कत्तिले आपस्तमां भन्ये यो उस्ले हांमि-
हरुलाइ अलिक् बेर् पछि तिमिहरुले मंलाइ हेर्दैान अनि फेरि अलिक् बेर्
पछि मंलाइ देख्छौ भन्येको क्या हो अनि मं पिता थांइ जांद छु भन्येको।
१८ त तिनिहरुले भन्ये यो उस्ले हांमिहरुलाइ अलिक् बेर् पछि भन्येको क्या
१९ हो। जान्दौन उ क्ये बोल्द छ। येशूले तिनिहरुले मं सित सोध्ने
इच्छे गर्द छन् भनि थाहा पायेर तिनिहरुलाइ भन्यो मैंले अलिक् बेर्
पछि तिमिहरुले मंलाइ हेर्दैान अनि फेरि अलिक् बेर् पछि मंलाइ देख्छौ
२० भन्यें भन्येर क्ये येस्को बिषय्मां आपस्तमां खोज्खाज् गर्द छौ। सांचो
सांचो मं तिमिहरुलाइ भन्द छु तिमिहरु चइं रुंछौ अनि बिलाप् गर्छौ तर
संसार्ले रमाहट् गर्छ. तिमिहरु चइं शोकित् हुंछौ तर तिमिहरुको शोक्
२१ रमाहट् होइ जांछ। जब स्त्रीले जन्माउंनु आंटेको छ तब त्येस्लाइ
शोक् हुंद छ किनभन्ये त्येस्को घरी आयो तर जब बालख जन्माइ सक्येकी
छ तब संसार्मां मान्छे जन्माईयो भन्ने रमाहट्को कारण्ले आफ्नु कष्ट
२२ फेरि सम्झंदैन। अनि तिमिहरुचइंलाइ ता अब शोक् हुंद छ तर म
तिमिहरुलाइ फेरि देख्छु अनि तिमिहरुको हिर्दयले रमाहट् गर्छ अनि
२३ तिमिहरुको रमाहट् कसैले तिमिहरु देखि खोसि लांदैन। अनि त्येसै
दिन्मां तिमिहरुले मं सित क्येइ सोध्दौन। सांचो सांचो मं तिमिहरुलाइ
भन्द छु तिमिहरुले पिता सित क्येइ मांग्यौ भन्ये देखि उस्ले तिमिहरुलाइ
२४ मेरो नांउमां दिंछ। अब सम्म तिमिहरुले क्येइ मेरो नांउमां मांग्येका
छौन मांग त पाउंछौ र तिमिहरुको रमाहट् पूरो गरीओस्॥

२५ यि कुरा मं आहन्मां तिमिहरुलाइ बोल्येको छु त्यो घरी आउंद छ
जस्मां मं फेरि आहन्मां तिमिहरुलाइ बोल्दींन तर खोलिकनै पिताको
२६ बिषय्मां तिमिहरुलाइ समाचार् सुनाउंछु त्यसै दिन्मां तिमिहरुले
मेरो नांउमां मांग्छौ अनि मं तिमिहरुलाइ भन्दींन मं चइं पिता सित
२७ तिमिहरुको लागि बिन्ति गर्छु किनभन्ये पिता आफैले तिमिहरुलाइ
पियारो गर्द छ किनभन्ये तिमिहरुले मंलाइ पियारो गर्येका छौ अनि मं
२८ पिताकांटो निक्ल्यें भन्न्ये बिश्वाम् गर्येका छौ। मं पिता देखि निक्ल्येर
२९ संसार्मां आयें फेरि संसार्लाइ छोड़्यर पिता थांइ जाइ जांद छु। उस्का
शिक्षेहरुले भन्ये हेर्नु हवस् अब ता तपांइ खोलिकन बोल्नु हुंद छ अनि
३० क्येइ आहन् भन्नु हुन्न। अब ता तपांइले सबै कुरा जान्नु हुंद रछ अनि
कसैले तपांइ सित सोध्नु तपांइलाइ क्येइ खांचो रैनछ भनि जान्द छौं
येसैले बिश्वास् गर्द छौं तपांइ ईश्वर्को पट्टि बाटो निक्लनु भयेको हो
३१ रछ भनि। येशूले तिनिहरुलाइ उत्तर् दियो क्ये अब ता बिश्वास् गर्द
३२ छौ। हेर त्यो घरी आउंद छ अं अनि आइ गयेको छ जस्मां तिमिहरु
जनगे आफ्नै ठांउमां छरपुट्ट गराईछौ अनि मंलाइ एक्लै छोड़्छौ तैपनि
३३ मं एक्लै छुइन किनभन्ये पिता मं सङ छ। मं तिनिहरुलाइ यि कुरा
बोल्येको छु मंमां तिमिहरुलाइ शान्ति हवस् भन्न्ये खातिर्ले। संसार्मां
तिमिहरुलाइ कष्ट छ तर ढाड़स् गर मैले संसार्लाइ जीत्येको छु ॥

१७ १ येशू यि कुरा बोल्यो अनि उस्ले आफ्ना आंखा स्वर्ग तिर उचालि
भन्यो हे पिता घरी आयो आफ्नु पुत्रको महिमा गर्नु हवस् र पुत्रले
२ तपांइको महिमा गरोस् जसो तपांइले उस्लाइ सबै प्राणी मांथि
अधिकार् दिनु भयो र उस्ले तपांइले उस्लाइ दिनु भयेको जनगेलाइ
३ अजम्मरे जीउंनि देवस्। अनि अजम्मरे जीउंनि येइ हो तिनिहरुले तपांइ
एक्लो सांचीलो ईश्वर्लाइ र तपांइले पठायेको येशू ख्रीष्टलाइ चिन्नु।
४ मैले तपांइको महिमा पृथिवीमां गर्यें कसोगरि भन्ये तपांइले मंलाइ गर्नुको
५ लागि दिनु भयेको काम् पूरो गर्यें। अनि अब हे पिता तपांइले मेरो
महिमा आफैकां गर्नु हवस् त्यसै महिमाले जो संसार् हुंनु भन्दा पहिले
६ तपांइकां मेरो थियो। मैले तपांइले मंलाइ संसार् देखि दियेका मान्छेहरु
मांथि तपांइको नांउ प्रगटो गर्यें ति तपांइकै थिये अनि तपांइले ति मंलाइ
७ दिनु भयो अनि तिनले तपांइको वचन् मान्येका छन्। अब तिनिहरुले
तपांइले मंलाइ दियेका थोक् सबै तपांइकै पट्टि बाटो हो राछन् भनि

८ थाहा पाउंद छन्। कसोगरिभन्ये मैंले तपांइले मंलाइ दियेका कुरा
तिनिहरुलाइ दियें अनि तिनिहरुले ति ग्रहण गर्‍ये अनि मं तपांइकांटो
निक्ल्यें भनि सांच्चिनै थाहा पाये अनि तपांइले मंलाइ पठाउंनु भयो भन्ने
९ बिश्वाम् गर्‍ये। मं तिनिहरुको लागि बिन्ति गर्द छु संसार्‌चइंको लागि
बिन्ति गर्दीन तर तपांइले मंलाइ दियेकाहरुको लागि किनभन्ये ति तपांइकै
१० हुन् अनि मेरा सबै थोक् तपांइका हुन् अनि तपांइका मेरा. अनि
११ मेरो महिमा तिनिहरुमां गरींद छ। अनि मं फेरि संसार्‌मां छुइंन अनि
यिनिहरु चइं संसार्‌मां छन् अनि मं चइं तपांइ थांइ आउंद छु। हे
पवित्र पिता तिनिहरुलाइ जस्लाइ तपांइले मंलाइ दिंनु भयो आफ्नु
१२ नांउमां बचाइ राख्नु हवस् र तिनिहरु हांमिहरु झैं एक् होउन्। जब
तिनिहरु सङ थियें तब मैंले तिनिहरुलाइ जस्लाइ तपांइले मंलाइ दिंनु
भयो तपांइको नांउमां बचाइ राख्यें अनि तिनिहरुको जगेरा गर्‍यें अनि
तिनिहरुमांको कोई नष्ट भयेन खालि नासैको सन्तान् चइं मांत्रै धर्म्मशास्त्र
१३ पूरो हवस् भन्न्ये खानिर्‌ले। तर अब ता मं तपांइ थांइ आउंद छु अनि
मं यि कुरा संसार्‌मां बोल्द छु मेरो रमाहट् तिनिहरु आफैमां पूरो हवस्
१४ भन्येर। मैंले तपांइको बचन् तिनिहरुलाइ दियें अनि संसार्‌ले तिनिहरु
देखि दुश्मनी गर्‍यो किनभन्ये तिनिहरु संसार् देखिका होइनन् जसो मैं
१५ संसार् देखिको हुइंन। मं बिन्ति गर्दीन तपांइले तिनिहरुलाइ संसार् देखि
१६ उठाइ लांनु हवस् तर तिनिहरुलाइ दुष्ट देखि बचाइ राख्नु हवस्। तिनिहरु
१७ संसार् देखिका होइनन् जसो मैं संसार् देखिको हुइंन। तिनिहरुलाइ
१८ सच्चेईले पवित्र गर्नु हवस् तपांइको बचन् सच्चेई हो। जसो तपांइले
मंलाइ संसार्‌मां पठाउंनु भयो मैंले पनि तिनिहरुलाइ संसार्‌मां पठायें।
१९ अनि तिनिहरुको लागि मं आफैलाइ पवित्र गर्द छु तिनिहरु आफै पनि
२० सच्चेईमां पवित्र गरीउन् भन्न्ये खानिर्‌ले। अनि न खालि यिनिहरुको
लागि मांत्रै बिन्ति गर्द छु तर यिनिहरुको बचन्‌को बाटोले मं मांथि
२१ बिश्वास् गर्नेहरुको लागि पनि तिनिहरु सबै एक् होउन् भन्येर जसो
हे पिता तपांइ मंमां हुंनु हुंद छ अनि मं तपांइमां तिनिहरु पनि हांमिहरुमां
होउन् भन्न्ये खानिर्‌ले र संसार्‌ले तपांइले मंलाइ पठाउंनु भयो भन्ने
२२ बिश्वास् गरोस्। अनि मैंले तपांइले मंलाइ दिंनु भयेको महिमा तिनि-
हरुलाइ दियें तिनिहरु एक् होउन् भन्न्ये खातिर्‌ले जसो हांमिहरु एक् छौं
२३ मं तिनिहरुमां र तपांइ मंमां तिनिहरु एक्‌मां हुंने गरि सिद्ध्याईउन् भन्येर

संसार्ले तपांइले मंलाइ पठाउंनु भयो अनि मैं सङ प्रेम् गर्‍ये झैं तिनिहरु
२४ सङ प्रेम् गर्नु भयो अनि थाहा पावस् भन्‍न्ये खातिर्ले। हे पिता म
तपांइले मंलाइ दिंनु भयेकाहरुको बिषय्मां इच्छे गर्द छु जहां मैं छु
तिनिहरु पनि मं सङ होउन् भन्ने तिनिहरुले तपांइले मंलाइ दिंनु भयेको
मेरो महिमा हेरुन् भन्‍न्ये खानिर्ले किनभन्‍ये तपांइले संसार्को उत्पति
२५ भन्दा अगाड़ि म सङ प्रेम् गर्नु भयो। हे धर्म्मी पिता संसार्ले तपांइलाइ
चिन्येन तर मैंले तपांइलाइ चिन्यें अनि यिनिहरुले तपांइले मंलाइ पठाउंनु
२६ भयो भनि थाहा पाये अनि मैंले तपांइको नांउ तिनिहरुलाइ थाहा
गरायें अनि थाहा गराउंछु तपांइले मं सङ प्रेम् गर्‍येको तिनिहरुमां हवस्
अनि मं चइं तिनिहरुमां होउं भन्‍न्ये खातिर्ले॥

१८ १ येशू यि कुरा भन्‍येर आफ्ना शिक्षेहरु सङ किद्रोन् खोल्‌चाको पारि
पट्टि निक्लि गयो जहां येउटा बारी थियो जस्मां उ आफैं र उस्का
२ शिक्षेहरु पस्ये। अब उस्लाइ पकराइ दिने चइं यहूदाले पनि त्यो ठांउ
जान्द थियो कसोगरिभन्‍ये येशू आफ्ना शिक्षेहरु सङ त्यहां बारबार् भेला
३ हुंद थियो। त यहूदा पल्टन्लाइ र मूल्पूजाहारीहरु र फरीसीहरु पट्टिका
प्यादाहरुलाइ पायेर घेगबत्ती र रांका र हतियार् लिइ त्यहां आयो।
४ येस्कारण् येशूले उ मांथि आउंने सबै कुरा जानि निक्ल्येर तिनिहरुलाइ
५ भन्यो कस्लाइ खोज्द छौ। तिनिहरुले उस्लाइ उत्तर् दिये येशू नासरी-
लाइ। येशूले तिनिहरुलाइ भन्यो मैं हुं। अनि उस्लाइ पकराइ दिने
६ यहूदा पनि तिनिहरु सङ उभीइ रह्येको थियो। त जसै उस्ले तिनिहरुलाइ
७ मैं हुं भन्यो तिनिहरु पछि सर्‍येर भूइंमां लड्रे। त फेरि उस्ले तिनि-
हरुलाइ कस्लाइ खोज्द छौ भनि सोध्यो। अनि तिनिहरुले भन्‍ये येशू
८ नासरीलाइ। येशूले उत्तर् दियो मैंले तिनिहरुलाइ मैं हुं भनि भन्यें त
९ मंलाइ खोज्द छौ भन्‍ये देखि यिनिहरुचइंलाइ जांन् देव उस्ले मैंले
तपांइले मंलाइ दिंनु भयेकाहरुमांको कसैलाइ हराइंन भन्‍येको त्यो बचन्
१० पूरो हवस् भन्‍न्ये खातिर्ले। शिमोन् पत्रुस्का तरवार् थियो त त्येस्ले
त्यो झिक्येर मूल्पूजाहारीको दास्लाइ हिर्कायेर त्येस्को दाहीनो कान् काटि
११ दियो। अब त्येस् दास्को नांउ मल्कुस् थियो। येस्कारण् येशूले
पत्रुस्लाइ भन्यो तरवार् दाप्मां हाल् पिताले मंलाइ दियेको चइं कटौरा
क्ये न पीउं॥

१२ त पल्टन्ले र सहस्रपतिले र यहूदीहरुका प्यादाहरुले येशूलाइ समात्ये
१३ अनि उस्लाइ बान्ध्ये अनि पहिले ता हन्नास् थांइ लग्ये किनभन्‍ये

१४ त्यो त्येस् बर्षको मूल्पूजाहारी हुंने कयाफाको ससुरा थियो। अब
कयाफा त्येइ थियो जस्ले यहूदीहरुलाइ लोगको लागि एकै जना मान्छे
मर्नु भलो छ भन्न्ये सल्लाह् दियो ॥
१५ अनि शिमोन् पत्रुस्ले येशूलाइ पछ्यायो अनि अर्को येउटा शिक्षेले
पनि। अब यो चइं शिक्षे मूल्पूजाहारीको चिन्हारु भइ येशू सङ मूल्-
१६ पूजाहारीको आघन्मां पस्यो तर पत्रुस् चइं बाइरै दुवार् निर उभीइ
रह्यो। त मूल्पूजाहारीको चिन्हारु हुंने त्येस् अर्को चइं शिक्षेले निक्ल्येर
१७ दुवार्पाल्नीलाइ भन्येर पत्रुस्लाइ भित्र ल्यायो। येस्कारण् त्येस् दुवार्-
पाल्नी भयेकी दासीले पत्रुस्लाइ भनी क्ये तं पनि कतै येस् मान्छेका
१८ शिक्षेहरुमांको होस् र। त्येस्ले भन्यो हुइंन। अब दाम् र प्यादाहरुले
जाड़ोको कारण्ले कोइलाको भुङ्ग्रो बनायेर उभीइ उभीइ ताप्द थिये अनि
पत्रुस् पनि उभीइ उभीइ ताप्दै निनिहरु सङ थियो ॥
१९ त मूल्पूजाहारीले येशू सित उस्का शिक्षेहरुको बिषय्मां र उस्को
२० सिकाईको बिषय्मां सोध्यो। येशूले त्येस्लाइ उत्तर् दियो मं खोलिकनै
संसार्लाइ बोल्येको छु मैंले सधैं सभाघर्मां र मन्दिर्मां जहां सबै
२१ यहूदीहरु जमींद छन् सिकायें अनि गुप्तैमां क्येइ बोलिंन। किन मैं सित
सोध्द छौ सुन्नेहरुलाइ सोध्नु मं निनिहरुलाइ क्ये बोल्यें हेर यिनिहरुले
२२ मैंले ज्ये ज्ये भन्यें नि जान्द छन्। अनि उस्ले यि कुरा भन्येकोमां
प्यादाहरुमांको छेउ उभीइ रहंने येउटाले येशूलाइ येसो भन्दै लपट्ठाई
२३ दियो क्ये येसैगरि मूल्पूजाहारीलाइ उत्तर् दिंद छस्। येशूले त्येस्लाइ
उत्तर् दियो मं बुरो गरि बोल्यें त त्येस् बुरोको बिषय्मां साक्षी दे तर
२४ जानिनै बोल्यें त किन मंलाइ हिर्काउंद छस्। त हन्नास्चइंले उस्लाइ
बान्धीयेकै कयाफा मूल्पूजाहारी थांइ पठायो ॥
२५ अब शिमोन् पत्रुस् उभीइ उभीइ आगो ताप्दै थियो। त निनिहरुले
२६ त्येस्लाइ भन्ये क्ये तं पनि कतै उस्का शिक्षेहरुमांको होस् र। त्येस्ले
अस्वीकार् गरि भन्यो हुइंन। मूल्पूजाहारीका दास्हरुमांको पत्रुस्ले कान्
काटि दियेको मान्छेको कुटुम्ब हुंने येउटाले भन्यो क्ये मैंले तंलाइ उ सङ
२७ बारीमां देखिंन। त पत्रुस्ले फेरि अस्वीकार् गर्यो अनि तुरन्तै भाले
बास्यो ॥
२८ त निनिहरुले येशूलाइ कयाफाको पट्टि बाटो महल्मां लग्ये अनि
बिहान् पख थियो अनि निनिहरु आफै चइं महल्मां पस्येनन् अशुद्ध न

२९ गरीऊं तर निस्तार् चाड़ खाऊं भन्येर। येस्कारण् पिलातुस्ले तिनिहरु
थांइ बाइर निक्ल्येर कुन् दोष् येस् मान्छे मांथि ल्याउंद छौ भन्यो।
३० तिनिहरुले त्येस्लाइ उत्तर् दिइ भन्ये यो बुरो गर्ने न हुंदो हो त उस्लाइ
३१ आफुको हात्मां सुम्पि दिंने थियूंन। त पिलातुस्ले तिनिहरुलाइ भन्यो
तिमिहरुइले उस्लाइ लग्येर आफ्नु ब्यवस्था अन्सार् उस्को बिचार् गर।
यहूदीहरुले त्येस्लाइ भन्ये कसैलाइ मांर्नु हांमिहरुलाइ उचित् छैन
३२ येशूको त्यो बचन् पूरो हवस् भन्न्ये खातिर्ले जो उस्ले मं कस्तो मृत्युले
मंर्नु आंटेको छु भनि चिन्ने देखाइ भन्येको थियो॥
३३ त पिलातुस् फेरि महल्मां पस्यो अनि येशूलाइ बोलायेर उस्लाइ
३४ भन्यो क्ये यहूदीहरुको राजा तैं होस्। येशूले उत्तर् दियो क्ये आफ्नै
पट्टि बाटो आफुले यो भन्नु हुंद छ कि अरुहरुले आफुलाइ मेरो बिषय्मां
३५ भनि दिये। पिलातुस्ले उत्तर् दियो मं क्ये यहूदी हुं र। तेरै लोगले
र मूल्पूजाहारीहरुले तंलाइ मेरो हात्मां सुम्पि दिये क्ये गरिस् र।
३६ येशूले उत्तर् दियो मेरो राज् येस् संसार्मांको होइन मेरो राज् येस्
संसार्मांको हुंदो हो त मं यहूदीहरुका हात्मां सुम्पि न दिईनुलाइ मेरा
३७ चाकरेहरुले हूप् बान्धने थिये तर अब मेरो राज् यहांकै होइन। त
पिलातुस्ले उस्लाइ भन्यो त क्ये तं राजानै होस्। येशूले उत्तर् दियो
आफुलेइ मं राजानै हुं भनि भन्नु हुंद छ। मं येस् लागि जन्म्येको छु
अनि येस् लागि संसार्मां आयेको छु सच्चेईको लागि साक्षी दिउ भन्येर।
३८ सच्चेईमांको हुंने जनरेले मेरो शब्द सुन्द छ। पिलातुस्ले उस्लाइ भन्यो
सच्चेई भन्येको क्या हो॥
अनि येसो भन्येर त्यो फेरि यहूदीहरु थांइ निक्ल्यो अनि तिनि-
३९ हरुलाइ भन्यो मं चइं ता उस्मां क्येइ दोषको कारण् पाउंदीन। तर
मैंले निस्तार् चाड़मा तिमिहरुको लागि एक् जनालाइ छोड़ि दिंने तिमि-
हरुको रीत् छ त क्ये मन् गर्द छौ मं तिमिहरुको लागि यहूदीहरुको
छोड़ि दिउं। येस्कारण् तिनिहरु येस्चइंलाइ होइन तर बरु
इ भन्दै फेरि चिच्याये। अब बरब्बा डाकू थियो॥
१९ १ तब येस्कारण् पिलातुस्ले येशूलाइ समात्येर कोर्रा लायो।
२ अनि तिलंगाहरुले कांड़ाहरुको मुकुट् गांथ्येर उस्को सिर्मां लगाइ दिये
३ अनि उस्लाइ बैंगुने वस्त्र पहिऱ्याये अनि तिनिहरुले उस्को छेउमां
आयेर भन्ये ए यहूदीहरुका राजा सलाम् अनि तिनिहरुले उस्लाइ लपटै

४ लपटाले दिये। अनि पिलातुम्ले फेरि बाइर निक्ल्येर तिनिहरुलाइ भन्यो
हेर उस्लाइ तिमिहरु थांइ बाइर ल्याउंद छु र तिमिहरुले मं उस्मां क्येइ
५ दोष्को कारण् पाउंदींन भनि थाहा पाव। त येशू कांड़े मुकुट् र बैंगुने
बस्त्रलाइ बाइर निक्ल्यो। अनि पिलातुम्ले तिनिहरुलाइ भन्यो हेर
६ मान्छे येइ हो। त जसै मूल्पूजाहारीहरु र प्यादाहरुले उस्लाइ देख्ये तब
क्रूस्मां चढ़ाउंनु हवम् क्रूस्मां चढ़ाउंनु हवम् भन्दै चिच्याये। पिलातुस्ले
तिनिहरुलाइ भन्यो तिमिहरु आफैंले उस्लाइ लग्येर क्रूस्मां चढ़ाव किनभन्ये
७ मं ता उस्मां दोष्को कारण् पाउंदींन। यहूदीहरुले त्येस्लाइ उत्तर् दिये
हांमिहरुको ता ब्यवस्था छ अनि त्येम् ब्यवस्था अन्सार् उ मर्न् पर्ने छ
८ किनभन्ये आफुलाइ ईश्वर्को पुत्र तुल्यायो। त जसै पिलातुम्ले यो बचन्
९ सुन्यो तब झन्सारो डरायो अनि महल्मां फेरि पस्येर येशूलाइ भन्यो
१० तं कहां देखिको होम्। तर येशूले त्येस्लाइ उत्तर् दियेन। येस्कारण्
पिलातुम्ले उस्लाइ भन्यो मं सङ क्ये बोल्दैनम् मंलाइ तंलाइ छोड़ि दिने
अधिकार् छ अनि मंलाइ तंलाइ क्रूस्मां चढ़ाउंने अधिकार् छ भनि क्ये
११ जान्दैनम्। येशूले त्येस्लाइ उत्तर् दियो आफुलाइ मांथि देखि दिईयेको न हुंदो
हो त आफुलाइ मं मांथि क्येइ अधिकार् हुंने थियेन येस्कारण् मंलाइ आफुको
१२ हात्मां सुम्पि दिंनेलाइ बेसि पाप् छ। येम् देखि पिलातुम्ले उस्लाइ
छोड़ि दिनु खोज्यो तर यहूदीहरु येसो भन्दै कराये आफुले येस्लाइ छोड़ि
दिंनु भयो भन्ये देखि त कैसर्का मित्र हुंनु हुन्न आफैंलाइ राजा तुल्याउंने
१३ जनंगले कैसर्को बिरुद्धमां बात् गर्द छ। त यि बचन् सुन्येर पिलातुम्
येशूलाइ बाइर ल्यायेर ढुंगा छाप्येको तर इब्रानीमा गब्बथा भनीने एका
१४ ठांउमां नियाको बैठक्मां बस्यो। अब निस्तार् चाड्को नियारीको दिन्
थियो. घरी दुइ पहर्को अड्कल् थियो। अनि त्येम्ले यहूदीहरुलाइ
१५ भन्यो हेर तिमिहरुको राजा। येस्कारण् तिनिहरु लैजांनु हवम् उस्लाइ
क्रूस्मां चढ़ाउंनु हवम् भनि चिच्याये। पिलातुम्ले तिनिहरुलाइ भन्यो क्ये
तिमिहरुको राजालाइ क्रूस्मां चढ़ाउं। मूल्पूजाहारीहरुले कैसर् छाड़ि
१६ हांमिहरुको अर्को राजा छैन भनि उत्तर् दिये। तब येस्कारण् त्येस्ले
उस्लाइ क्रूस्मां चढ़ाईनुको लागि तिनिहरुका हात्मां सुम्पि दियो॥

१७ त तिनिहरुले येशूलाइ सङ लग्ये अनि उ क्रूस् आफ्नु लागि बोक्दै
खप्परे भनींने ठांउमां जो इब्रानीमां गल्गथा भनींद छ निक्लि गयो
१८ जहां तिनिहरुले उस्लाइ क्रूस्मां चढ़ाये अनि उ सङ अरु दुइ जनालाइ

१९ एक् एक् पट्टि अनि मांझमां येशूलाइ। अनि पिलातुस्ले नांउपत्र पनि
लेख्येर क्रूस्मां लगायो। अनि लेखीयेको यो थियो येशू नासरी यहूदी-
२० हरुको राजा भन्ने। त यो नांउपत्र यहूदीहरुमांका धेरैले पऱ्ये कसोगरि-
भन्ये त्यो येशू क्रूस्मां चढ़ाईयेको ठांउ सहर्को नजिक् थियो अनि पत्र
२१ इब्रानी र रोमी र यूनानीमां लेखीयेको थियो। येस्कारण् यहूदीहरुका
मूल्पूजाहारीहरुले पिलातुस्लाइ भन्ये यहूदीहरुको राजा होइन तर उस्ले
२२ मं यहूदीहरुको राजा हुं भन्यो भन्येर लेख्नु हवस्। पिलातुस्ले उत्तर्
दियो मैंले ज्ये लेख्यें लेख्यें॥

२३ त तिलंगाहरुले जसै येशूलाइ क्रूस्मा चढ़ायेका थिये तब उस्का बस्त्र
लियेर चार् भाग् गऱ्ये जनंगे तिलंगाको लागि एक् एक् भाग् अनि उस्को
दौरा पनि. अब दौरा चडं बिना सीउंनिको माथि देखि स्याट्टै बुन्येकै
२४ मात्रै थियो। येस्कारण् तिनिहरुले आपस्नमां भन्ये यो चडं न फारौं तर
कस्को होल्ला भन्ने चिट्ठा खाऊं येसो भन्ने धर्म्मशास्त्र पूरा हुंनुलाइ

तिनिहरुले मेरा बस्त्र आपस्नमां बाडि लिये
अनि मेरा मूल्बस्त्रमां चिट्ठा हालि दिये

२५ येस्कारण् तिलंगाहरुले यि काम् गऱ्ये। तर येशूको क्रूस्को छेउमां उस्की
माता र उस्की माताकी बैंनी क्लियोपाकी स्वास्नी मरियम् र मरियम्
२६ मग्दलीनी उभीइ रह्येकी थिइन्। त येशूले आफ्नी मातालाइ र
आफूले प्रेम् गऱ्येको त्येस् शिक्षेलाइ छेउ उभीइ रह्येका देख्येर आफ्नी
२७ मातालाइ हे स्त्री हेर तिम्रो छोरो। तब उस्ले त्येस् शिक्षेलाइ भन्यो हेर् तेरी
आंमा। अनि त्येइ घरी देखि त्येस् शिक्षेले त्येस्लाइ आफ्नु घर्मां लग्यो॥

२८ येस् पछि येशूले अब सबै कुरा भइ सक्यो भनि जानिकन धर्म्मशास्त्र
२९ पूरो हवस् भन्न्ये खातिर्ले भन्यो मं तिर्खायें। त्यहां सिर्का भरि भयेको
येउटा बर्तन् राखीयेको थियो त तिनिहरुले त्येस् सिर्कालि भरीयेको येउटा
३० स्पंज एसोव्मां लगायेर उस्को मुख् सम्म चढ़ाइ दिये। त जब येशूले
सिर्का पायेको थियो तब भन्यो भइ सक्कीयो अनि उस्ले सिर् निउंरायेर
आफ्नु आत्मा सुम्पि दियो॥

३१ तियारीको दिन् थियो त मुर्दा बिश्राम्को दिन्मां क्रूस्मां न रहंनुको
लागि (किनभन्ये त्येइ बिश्राम्को दिन् बड़ा दिन् थियो) यहूदीहरुले
पिलातुस् सित तिनका खुट्टा भांचीउन् अनि ति लगीउन् भनि मांग्ये।
३२ त तिलंगाहरुले आयेर पहिलोका खुट्टा भांच्ये अनि त्यो सङ क्रूस्मां

३३ चढ़ाईयेको त्येस् अर्कोका तर तिनिहरुले येशू भयेमां आयेर जसै
३४ उस्लाइ मंरि सक्येको देख्ये तब उस्चइंका खुट्टा भांच्येनन् तैंपनि
तिलंगाहरुमांको येउटाले भालाले उस्को कोखामां घोच्यो अनि तुरन्तै लोहू
३५ र पानी निस्क्ये। अनि यो हेर्नेले साक्षी दियेको छ अनि त्येस्को साक्षी
सांचीलो छ. अनि त्येसैले सांचो भन्द छु भनि जान्द छ र तिमिहरुले
३६ पनि बिश्वास् गर। किनभन्ये यि कुरा भये त्यो उस्को कोई हाड् चूर्
३७ पारींदैन भन्ने धर्म्मशास्त्र पूरो हुंनुको लागि। अनि धर्म्मशास्त्रको फेरि
अर्को पनि बचन् छ तिनिहरुले जस्लाइ छेंड़ेन उस्लाइ हेर्छन् भन्ने॥
३८ अनि यि कुरा पछि अरमतियाको यूसुफ्ले येशूको शिक्षे भइ तर
यहूदीहरुको डर्को कारण्ले गुप्तमां मांत्रै पिलातुस् सित मं येशूको मुर्दा
लैजाउं भनि मांग्यो अनि पिलातुस्ले गर्नु दियो। त त्येस्ले आयेर उस्को
३९ मुर्दा लग्यो। अनि पहिले उ थांइ राति आउंने त्यो निकोदेमुस् पनि सै
४० मानाको अड़्कल् मुर्र् र एल्वा मिसायेको लियेर आयो। त तिनिहरुले
येशूको मुर्दा लियेर त्येस्लाइ यहूदीहरुको गाड़ींनुको लागि तियार् पार्ने रीत्
४१ अन्सार् ति सुगन्ध द्रब्य सङ पाट्कप्रामां बान्ध्ये। अब उ क्रूस्मां
चढ़ाईयेको त्येस् ठांउमां बारी थियो अनि त्येस् बारीमां नया येउटा
४२ चिहान् थियो जस्मां कैलेइ कोई राखीयेको थियेन। त यहूदीहरुको
तियारीको दिन्को कारण्ले (किनभन्ये त्यो चिहान् नजिक् थियो) तिनि-
हरुले येशूलाइ तिहीं राख्ये॥

२० १ अब साताको पहिलो दिन्मां मरियम् मग्दलीनी बिहान् अंध्यारो
२ रहंदै चिहान्मां आई अनि ढुंगो चिहान् देखि पंछाईयेको देखी। त त्येस्ले
दुगुरिकन शिमोन् पत्रुस् र येशूले प्यारो गर्‍येको त्यो अर्को शिक्षे थांइ
आयेर तिनलाइ भनी प्रभुलाइ चिहान् बाटो लग्ये छन् अनि जान्दौंन कहां
३ उस्लाइ राख्ये। येस्कारण् पत्रुस् र त्यो अर्को शिक्षे निक्ल्येर चिहान्
४ तिर गये। अनि दुवै मिलि दुगुर्‍ये अनि त्यो अर्को शिक्षे पत्रुस्लाइ
५ उछिन्येर चिहान्मां पहिले पुग्यो अनि निउंर्‍येर पाट्कपरा खसि
६ रह्येका देख्ये तैंपनि भित्र पस्येन त शिमोन् पत्रुस् पनि त्येस्लाइ
पछ्याउंदै आयेर चिहान्मां भित्रै पसि गयो अनि पाट्कपरा खसि रह्येका
७ हेर्‍यो अनि पाट्कपरा सङ खसि रह्येको होइन तर एका ठांउमां
८ अलग् बेहेरीयेको उस्को सिर्मां भयेको रुमाल् पनि। तब येस्कारण्
चिहान्मां पहिले पुग्ने त्यो अर्को शिक्षे पनि भित्र पसि गयो अनि देख्येर

९ बिश्वास् गऱ्यो। किनभन्ये ऐले सम्म तिनिहरुले उ मुर्दाहरु देखि बौरि
१० उठ्नु ग्वांचो छ भन्ने धर्म्मशास्त्र जान्दैन थियो। त ति शिक्षेहरु फेरि
आफ्नु आफ्नु घर्मां हिंड़ि गये॥
११ तर मरियम् रुंदै रुंदै चिहान् निर बाहर उभीइ रही त जसैं रुंदै थिई
१२ तब चिहान् तिर निउंर्‍येर उज्जर् बस्त्र लायेका दुइ जना दूतहरुलाइ
जहां येशूको मुर्दा पस्रीयेको थियो त्यहां येउटा सिरान् निर येउटा गोड़ा
१३ तिर बसि रह्येका हेरी। अनि तिनिहरुले त्येस्लाइ भन्ये ए स्त्री किन
रुंछस्। त्येस्ले तिनिहरुलाइ भनी किनभन्ये मेरो प्रभुलाइ लग्ये छन् अनि
१४ जान्दींन कहां उस्लाइ राख्ये। यि कुरा भन्येर त्येस्ले पछि फर्क्येर
१५ येशूलाइ उभीइ रह्येको हेरी अनि येशू हो भनि जान्दैन थिई। येशूले
त्येस्लाइ भन्यो ए स्त्री किन रुंछस् कस्लाइ खोज्छस्। त्येस्ले बारीरुङ्‌वा
हो भनि ठान्येर उस्लाइ भनी प्रभुज्यु आफुले उस्लाइ उठाइ लैजांनु
भयेको छ भन्ये देखि उस्लाइ कहां राख्नु भयो मंलाइ भनि दिंनु हवस्
१६ अनि मं उस्लाइ लैजांछु। येशूले त्येस्लाइ ए मरियम् भन्यो। त्येस्ले
१७ फर्क्येर उस्लाइ इब्रानीमां रब्बूनी अर्थात् हे मेरा गुरु भनी। येशूले
त्येस्लाइ भन्यो मंलाइ न छो किनभन्ये मं ऐले सम्म पिता थांइ चढ़ि
गयेको छुइंन तर मेरा भाईहरु थांइ गयेर तिनिहरुलाइ भनि दे मं
आफ्नु पिता र तिमिहरुको पिता अनि आफ्नु ईश्वर् र तिमिहरुको
१८ ईश्वर् थांइ चढ़ि जांद छु। मरियम् मगदलीनीले आयेर शिक्षेहरुलाइ
मैंले प्रभुलाइ हेऱ्यें अनि उस्ले मंलाइ यि कुरा भन्यो भनि समाचार्
सुनाई॥
१९ त त्येसैं दिन् अर्थात् सातको पहिलो चइं दिन्मां जसैं सांझ् पऱ्यो
अनि दुवार् जहां शिक्षेहरु थिये यहूदीहरुको डर्को कारण्ले थुनीयेका
थिये तब येशूले आयेर मांझमां उभीइ तिनिहरुलाइ भन्यो तिमिहरुलाइ
२० शान्ति। अनि यो भन्येर उस्ले तिनिहरुलाइ आफ्ना हात् र कांखा
२१ देखाइ दियो। त शिक्षेहरु प्रभुलाइ देखिकन रमाये। येस्कारण् येशूले
तिनिहरुलाइ फेरि भन्यो तिमिहरुलाइ शान्ति जसो पिताले मंलाइ पठायेको
२२ छ त्येसै मैं तिमिहरुलाइ पठाउंद छु। अनि यो भन्येर उस्ले तिनिहरुलाइ
२३ फुकि दियेर भन्यो पवित्र आत्मा पाव जस् जस्का पाप् तिमिहरुले
क्षमा गरौला तिनिहरुको लागि ति क्षमा गरींने छन् जस् जस्का पाप्
तिमिहरुले समाइ राखौला ति समाइ राखींने छन्॥

२४ तर बाह्रैमांको एक् जना दिदुमुस् भनींने थोमा जब येशू आयो तब
२५ तिनिहरु सङ थियेन। त अरु शिक्षेहरुले त्येस्लाइ भन्ये प्रभुलाइ हेर्न्यूं
तर त्येस्ले तिनिहरुलाइ भन्यो मैंले उस्का हात्मां खील् चिनाउंने डोप्
देखिंन अनि त्येम् खीलको डोप्मां आफ्नु औंलो हालिंन अनि उस्को
कोखामां आफ्नु हात् हालिंन भन्ये देखि बिश्वास् गर्दीन ॥
२६ अनि आठ् दिन् पछि उस्का शिक्षेहरु फेरि घर् भित्र थिये अनि
तिनिहरु सङ थोमा पनि। येशूले दुवार् थुनीयेकै हुंदाखेरि आयेर मांझमां
२७ उभीइ भन्यो तिमिहरुलाइ शान्ति। तब उस्ले थोमाचइंलाइ भन्यो आफ्नु
औंलो यहां ल्यायेर मेरा हात् हेर् अनि आफ्नु हात् ल्यायेर मेरो कोखामां
२८ हाल् अनि अबिश्वासी न हो तर बिश्वासी। थोमाले उस्लाइ उत्तर्
२९ दिइ भन्यो मेरा प्रभु अनि मेरा ईश्वर्। येशूले त्येस्लाइ भन्यो
तैंले मलाइ हेरिस् येस्कारण् बिश्वास् गरिस् धन्न न देखिकनै बिश्वास्
गर्नेहरु ॥
३० त येशूले आफ्ना शिक्षेहरुको मुखेंजि धेरै अरु चिंन गर्‍यो जो येस्
३१ पत्रमां लेखींयेका छैनन् तर यि चइ लेखीये तिमिहरुले ईश्वर्को पुत्र
ख्रीष्ट येशूनै हो रछ भनि बिश्वास् गर अनि बिश्वास् गरिकन तिमि-
हरुलाइ उस्को नांउले जीउंनि हवस् भन्न्ये खातिर्ले ॥

२१ १ यि कुरा पछि तिबरियास्को समुद्र तिर येशूले फेरि आफलाइ शिक्षेहरु
२ मांथि प्रगटो गर्‍यो अनि येसोरि प्रगटो गर्‍यो। शिमोन् पत्रुस् र दिदुमुस्
भनींने थोमा र गालील्को कानाको नथनएल् र जबदीका छोराहरु र
३ उस्का शिक्षेहरुमांका अरु दुइ जना भेला थिये। शिमोन् पत्रुसले तिनि-
हरुलाइ भन्यो म जाल् हान्नु जांछु। तिनिहरुले त्येस्लाइ भन्ये हामिहरु
पनि तिमि सङ आउंछौं। तिनिहरु निक्ल्येर नाउमां चढ़ेर अनि त्येसै
४ रात् ता क्येइ पक्र्येनन्। तर बिहान् अब हुंदै जांदामां येशू तीर्मां
५ उभीइ रह्येको थियो तैपनि शिक्षेहरुले येशू हो भनि जान्दैन थिये। त
येशूले तिनिहरुलाइ भन्यो ए केटाहरु हो तिमिहरुकां क्येइ तिहुन्ताहुन् छ।
६ तिनिहरुले उस्लाइ उत्तर् दिये छैन। अनि उस्ले तिनिहरुलाइ भन्यो
जाल् नाउको दाहींनो पट्टि हान त भेटाउंछौ। त तिनिहरुले हान्ये अनि
७ अब ता माछाहरुको बगाल्को कारण्ले त्यो तान्नु सक्येनन्। येस्कारण्
येशूले प्रेम् गर्‍येको चइं शिक्षेले पत्रुस्लाइ भन्यो यि प्रभुनै हुन्। त
शिमोन् पत्रुस्ले प्रभुनै हुन् भनि सुन्येर आफ्नु दौरा कम्मर्मां बेहेर्‍यो

८ (किनभन्ये नांगै थियो) वहांदेखि समुद्रमां फाल् हान्यो। तर अरु चइं
शिक्षेहरु सांनु नाउमां (किनभन्ये ति पाखा देखि टाड़ो होइन तर अड्कल्ले
दुइ सै हात् भरिमां थिये) माच्छाहरुको जाल् घिस्याउंदै घिस्याउंदै आये।
९ त जमै तिनिहरु पाखामां उत्र्ये तब कोइलाको भुंग्रो बनाइ राख्येको अनि
१० त्येस् मांथि माच्छा राख्येको अनि रोटी देख्ये। येशूले तिनिहरुलाइ भन्यो
११ तिमिहरुले ऐले पक्र्येका माच्छाहरुमांका ल्याव। त शिमोन् पत्रुस्ले
चढ़ेर जाल् जो एक् सै त्रिपन्नवटा ठुल्ठुला माच्छाहरुले भरीयेको थियो
१२ पाखामां तानि झिक्यो अनि येत्तिका थिये र पनि जाल् फाटेन। येशूले
तिनिहरुलाइ भन्यो आव भोज् गर। अनि शिक्षेहरुमांको कसैलाइ उ सित
तपांइ को हौ भनि ठीक् ठीक् सोध्ने आंट् भयेन किनभन्ये प्रभुनै हुन्
१३ भनि जान्द थिये। येशूले आयेर त्यो रोटी लिइ तिनिहरुलाइ दियो अनि
१४ त्येसै गरि त्यो माच्छा पनि। येशू मुर्दाहरु देखि बौरि उठेर पछि शिक्षेहरु
मांथि प्रगटो गरीयेको यो अब तीस्रो खेप् हो॥
१५ त जब तिनिहरुले भोज् गर्येका थिये तब येशूले शिमोन् पत्रुस्लाइ
भन्यो ए योआनेस्को छोरो शिमोन् क्ये यिनिहरुले भन्दा बेसि मं सङ
प्रेम् गर्द छस्। त्येस्ले उस्लाइ भन्यो ज्यु हे प्रभु तपांइले जान्नु हुंद छ मं
तपांइलाइ प्यारो गर्द छु। उस्ले त्येस्लाइ भन्यो मेरा थुमाहरुलाइ
१६ चरा। उस्ले फेरि दोस्रो खेप् त्येस्लाइ भन्यो ए योआनेस्को छोरो
शिमोन् क्ये मं सङ प्रेम् गर्द छस्। त्येस्ले उस्लाइ भन्यो ज्यु हे प्रभु
तपांइले जान्नु हुंद छ मं तपांइलाइ प्यारो गर्द छु। उस्ले त्येस्लाइ
१७ भन्यो मेरा भेंड़ाहरुको गोठाल्लो हो। उस्ले तीस्रो खेप् त्येस्लाइ भन्यो
ए योआनेस्को छोरो शिमोन् क्ये मंलाइ प्यारो गर्द छस्। पत्रुस् कष्टित्
भयो किनभन्ये उस्ले तीस्रो खेप् त्येस्लाइ क्ये मंलाइ प्यारो गर्द छस्
भन्यो। अनि त्येस्ले उस्लाइ भन्यो हे प्रभु सबै कुरा तपांइले जान्नु हुंद
छ मं तपांइलाइ प्यारो गर्द छु भनि तपांइलाइ थाहा हुंद छ। येशूले
१८ त्येस्लाइ भन्यो मेरा भेंड़ाहरुलाइ चरा। सांचो सांचो मं तंलाइ भन्द
छु जब जुवान् थिइस् तब आफ्नु कम्मर् आफैले बान्ध्येर जहां तेरो इच्छे
थियो हिंड्डुल् गर्थिस् तर जब बूढ़ो होलास् तब आफ्ना हात् पसार्छस्
१९ अनि तेरो कम्मर् अर्कोले बान्ध्येर जहां तेरो इच्छे हुंदैन लैजांछ। अब
उस्ले यो त्येस्ले कस्तो मृत्युले ईश्वर्को महिमा गर्छ भनि चिन्ने देखाइकन
२० भन्यो। अनि यो भन्येर उस्ले त्येस्लाइ भन्यो मंलाइ पछ्या। पत्रुस्ले

फर्क्येर येशूले प्रेम् गऱ्येको चइं शिक्षेलाइ जस्ले भोज्मां उस्को छातीमां
अड़ेस् लागिकन प्रभुज्यु तपांइलाइ पकराइ दिंने कुन् चइं हो भनि भन्येको
२१ पनि थियो पछ्याउंदै गऱ्येको देख्यो। त पत्रुस्ले त्येस्लाइ देखिकन
२२ येशूलाइ भन्यो प्रभुज्यु येस्कोनि क्ये हुंछ। येशूले त्येस्लाइ भन्यो त्यो मं
न आउंज्याल् सम्म रहोस् भन्न्ये मेरो इच्छे भयो भन्ये तंलाइ क्ये तैंले
२३ मंलाइ पछ्या। येस्कारण् त्यो चइं शिक्षे मर्दैन भन्न्ये यो बचन् भाईहरुमां
निक्लि गयो तरै पनि येशूले त्येस्लाइ त्यो मर्दैन भन्येर तर त्यो
मं न आउंज्याल् सम्म रहोस् भन्ने मेरो इच्छे भयो भन्ये तंलाइ क्ये
भनि मांत्रै ॥

२४ यि कुराको बिषय्मां साक्षी दिंने र यि कुरा लेख्ने शिक्षे येइ हो
अनि त्येस्को साक्षी सच्चा छ भनि जान्द छौं ॥

२५ अनि अरु पनि धेरै काम् छन् जो येशूले गऱ्यो अनि ति एक् एक्
गरि लेखीयेका हुंदा हुन् त मं बिचार्द छु ति लेखीयेका पत्र संसार् आफैमां
पनि अटाउंने थियेनन् ॥

प्रेरित्हरुका कर्म्म

---

१ १ हे थियोफिल् त्यो पहिलो चइं बखान् मैंले सबै कुराको बिषय्मां
२ रच्यें ज्ये ज्ये येशूले गर्नु पनि अनि सिकाउंनु पनि लाग्यो त्यो दिन्
सम्म जस्मां उ ऊंभो लगीयो उस्ले छान्येका आफ्ना प्रेरित्हरुलाइ पवित्र
३ आत्माको बाटोले आज्ञा दिये पछि. जस्लाइ उस्ले चालीस् दिन् भरि
तिनिहरुकां देखाहा पर्दै अनि ईश्वर्को राज्को बिषय्का कुरा भन्दै
आफुले दुख् भोग्ये पछि धेरै अचल् प्रमाण्ले आफुलाइ जीउंदो देखायो
४ पनि. अनि तिनिहरु सङ भेला हुंदाखेरि उस्ले तिनिहरुलाइ आज्ञा दियो
यरूसलम् छोड़ि न जाव तर पिताको त्येस् करारको बाटो हेर्दै रह जो
५ मं देखि सुन्यौ. किनभन्ये यूहन्नाले ता पानीले बप्तिस्मा गर्‍यो तर
तिमिहरु चइं थोरै दिन् पछि पवित्र आत्माले बप्तिस्मा गरीछौ ॥
६ त तिनिहरुले जमीयेर उ सिन हे प्रभु क्ये येसै समय्मां राज्
७ इस्राएल्लाइ फेरि गराइ दिंनु हुंद छ भनि सोध्ये। अनि उस्ले तिनि-
हरुलाइ भन्यो जुन् जुन् समय् कि बेला पिताले आफ्नु निज् अधिकार्मां
८ राख्येको छ ति जान्नु तिमिहरुको काम् होइन। तर पवित्र आत्मा
तिमिहरु मांथि आये पछि तिमिहरुले शक्ति पाउंछौ अनि यरूसलम्मां
अनि सिंगै यहूदिया र सामरियामां अनि पृथिवीको छेउ सम्म मेरा साक्षी
९ हुंछौ। अनि यि कुरा भन्येर उ तिनिहरुले हेर्दा हेर्दै ऊंभो उचालीयो अनि
१० येउटा मेघ्ले उस्लाइ तिनिहरुको दृष्टि देखि छेलि लग्यो। अनि जसै
तिनिहरुले उ जांदाखेरि स्वर्ग तिर डिठ् लाइ हेर्दै थिये तब हेर सेतो
पहिरन् लायेका दुइ जना पुरुष्ले तिनिहरुको छेउमां उभीयेर भन्ये
११ हे गालीली मान्छेहरु हो किन स्वर्ग तिर हेर्दै हेर्दै उभीइ रह्येका छौ येइ
तिमिहरुकांटो स्वर्गमां ऊंभो लगीयेको येशू जुन् रीत्ले तिमिहरुले उस्लाइ
स्वर्गमां जांदै गर्‍येको हेर्‍यौ त्येस्तै रीत्ले आउंछ ॥
१२ तब तिनिहरु यरूसलम्को नजिक् अर्थात् एक् विश्राम्को दिन्को बाटो
भरि टाड़ोमां भयेको जैतून् भनींने डांड़ा बाटो यरूसलम्मां फर्क्ये।
१३ अनि जब तिनिहरु पस्ये तब त्येस् मांथिल्लो तलाको कोठामां चढ़ि गये
जहां तिनिहरु अर्थात् पत्रुस् र यूहन्ना र याकूब र अन्द्रियास् अनि फिलिप् र

थोमा अनि बर्थूलमा र मत्ती अनि हल्फाको छोरो याकूब् र शिमोन् जेलोतेस्
१४ र याकूब्को छोरो यहूदा रहंद थिये। यि सबै एक् मन्का भइ स्त्रीहरु र
येशूकी माता मरियम् सङ अनि उस्का भाईहरु सङ प्रार्थनामां लागि रह्यो ॥
१५ अनि यि दिन्मां पत्रुस्ले भाईहरुको मांझमां (अनि जमा भयेको
१६ धुइरो कोई एक् सै बीस् प्राणी जतिको थियो) उभीयेर भन्यो हे
भाईहरु हो खांचो थियो त्यो धर्म्मशास्त्र पूरो हुंनु जो पवित्र आत्माले
दाऊद्को मुख्को बाटोले येशूलाइ समात्नेहरुको अगुवा हुंने यहूदाको
१७ बिषय्मां अगाड़ि देखि भन्यो। किनभन्ये त्यो हांमिहरुमां गनीयो अनि
१८ येसै सेवागराईमां अधिकार् पायो। (अब येस्ले ता आफ्नु अधर्म्मको
बंनिमां येउटा जग्गा हात् पाऱ्यो अनि ऊंधोमण्टो गरि खस्येर मांझमां
१९ फुट्यो अनि त्येस्का सबै आन्द्राभुंड़ि बहि निक्ल्ये। अनि यो कुरो
यरूसल्मम्मां बस्नेहरु सबैलाइ यहां सम्म गरि थाहा भयो त्यो जग्गा
२० तिनिहरुको बोलीमां हकल्दामा अर्थात् लोहूको जग्गा भनीयो)। किनभन्ये
गीत्को पोस्तक्मां लेख्येको छ

त्येस्को घर् सुन्ये होइ जावस्
अनि त्येस्मां बास् गर्ने कोई न हवस्

अनि

त्येस्को धर्म्माधिकार् अर्कोले लेवस्।

२१ येस्कारण् खांचो छ प्रभु येशूले जत्ति दिन् सम्म हांमिहरुमां भित्र
२२ बाइर आउंने जांने गऱ्यो यूहन्नाको बप्तिस्मा देखि थालि उ हांमि-
हरुकांटो ऊंभो लगीयेको दिन् सम्म हांमिहरु सङ भयेकाहरुमांको एक्
२३ जना हांमिहरु सङ उस्को बौरिउठाईको साक्षी हुंनु। अनि तिनिहरुले
दुइ जना अर्थात् बर्साबास् भनींने यूसुफ्लाइ जस्को फूल्नांउ युस्तुस् थियो
२४ अनि मत्थियास्लाइ उभ्याये। अनि तिनिहरुले प्रार्थना गरि भन्ये हे प्रभु
तपांइ सबैका अन्तर्यामीलेनै खुट्याउंनु हवस् यि दुबैमांको कुन्चइंलाइ
२५ छान्नु भयो त्येस्ले येस् सेवागराई र प्रेरितेईमां त्यो ठांउ लेवस् जुन्
ठांउ देखि यहूदा आफ्नु निज् ठांउमां जांनुको लागि तर्कि हिंड्यो।
२६ अनि तिनिहरुले तिनका चिट्ठा लगाये अनि चिट्ठा मत्थियास् मांथि पऱ्यो
अनि त्यो एघाह्रै प्रेरित्हरु सङ गनीयो ॥

२ १ अनि पंतिकुस्त्को दिन् पुरो हुंदामां तिनिहरु सबै जना एका ठांउमां
२ भेला थिये। अनि एक्कासि स्वर्ग देखि हुरुरु बह्येको ठूलो बतास्को

जस्तो येउटा सोर् भयो अनि त्येस्ले तिनिहरु बस्येको घर् स्यांट्ठै भरीयो।
३ अनि आगोका जस्ता भाग् भाग् भयेका जिब्राहरु तिनिहरुकां देखाहा
४ पऱ्ये अनि त्यो तिनिहरुमांको एक् एक् मांथि बसि गयो। अनि तिनिहरु
सबै जना पवित्र आत्माले भरीये अनि आत्माले तिनिहरुलाइ उचार्नु
दियेको अनुसार् अरु अरु भापामां बोल्नु लाग्ये॥

५ अब स्वर्ग देखि मुनिको सबै अन्यदेस् देखि आयेका कत्ति जना भक्त
६ यहूदीहरु यरूसलम्मां बस्द थिये। अनि यो शब्द भयेमां धुइरो जमीयो
अनि अकबक्क पऱ्यो किनभन्ये जनंगले आफ्नु आफ्नै बोलीमां तिनि-
७ हरुलाइ बोल्दै गऱ्येका सुन्द थियो। अनि तिनिहरु सबैले मुर्छा परि
येसो भन्दै उदेक् मान्ये हेर यि सबै बोल्नेहरु क्ये गालीलीहरु होइनन्।
८ त कसोगरिकन हामिहरु जनंगे आफ्नु आफ्नै जन्मदेस्को बोलीमां सुन्द
९ छौं। हामिहरु पार्थी र मादी र एलामीहरु अनि मिसुपुतामिया र
१० यहूदिया र कपदोकिया र पन्तुस् र आशिया र फ्रूगिया र पम्फूलिया र
मिस्र र लुबियाका कुरेने निर भयेका जिल्लामां बस्नेहरु अनि रोम्का
११ प्रबासीहरु क्ये यहूदी क्ये यहूदीमत् मान्नेहरु अनि क्रेती र अरबी भइ
आफ्नै भापाहरुमां तिनिहरुलाइ ईश्वर्का बड़ा कार्जेहरुका कुरा बोल्दै
१२ गऱ्येका सुन्द छौं। अनि तिनिहरु सबै मुर्छित् भइ एकाले अर्कालाइ
१३ येसो भन्दै अघोर् अन्योल्मां पऱ्ये येस्को अर्थ क्ये होला हो। तर
अरुहरुले हंसउली गरि भन्ये गुलीयो दाख्रस्ले पो भरीये॥

१४ तर पत्रुस्ले एघारै सङ्ग उभीइ आफ्नु शब्द उचाल्येर तिनिहरुलाइ
उचारि भन्यो हे यहूदियाकाहरु र यरूसलम्मां सबै बास् गर्नेहरु हो यो
कुरो आफुहरुलाइ थाहा हवस् अनि मेरा कुरामां कान् लगाउंनु हवस्।
१५ किनभन्ये आफुहरुले ठान्ये झैं यिनिहरु ता मात्येका छैनन् कसोगरिभन्ये दिन्
१६ पहरै भरि मांत्रै चढ़ेको छ तर योएल् अगम्बक्ताको बाटोले जुन्
कुरो कहीयो त्यो येइ हो

१७ अनि पछिल्ला दिन्मां येसो हुंछ ईश्वर्ले भन्द छ
मं सबै शरीर् मांथि आफ्नु आत्मामांको खन्याइ दिंछु.
अनि तिमिहरुका छोराहरुले अनि तिमिहरुकी
छोरीहरुले अगम्बचन् कहंछन्
अनि तिमिहरुका तन्हेरिहरुले दर्शन् देख्छन्
अनि तिमिहरुका बृद्धहरु स्वप्नदर्शी हुंछन्.

१८ अं अनि आफ्ना दास्हरु मांथि अनि आफ्नी दासीहरु
मांथि ति दिन्मां
मं आफ्नु आत्मामांको खन्याइ दिंछु अनि तिनिहरुले
अगम्बचन् कहंछन्
१९ अनि मं मांथि स्वर्गमां उदेक्का काम्
अनि तल पृथिवीमां चिंनु देखाइ दिंछु
अर्थात् रगत् र आगो र धुंवाको बाफ्.
२० सूर्ज अंध्यारोमां फेरींछ
अनि चन्द्र रगत्मां
प्रभुको दिन् आउंनु भन्दा पहिले
त्यो बड़ो र प्रकाशील्लो दिन्.
२१ अनि येसो हुंछ प्रभुको नांउ लिंने जुन्सुकै पनि बचाईछ।
२२ हे इस्राएलीहरु हो यि बचन् सुन्नु हवस् येशू नासरी एक् जना पुरुषलाइ
जस्को खुट्लगाई आश्चर्ज्येकर्म्म र उदेक्का काम् र चिंनुहरुले जो ईश्वर्ले
तिमिहरुको मांझमां जसो तिमिहरु आफैले जान्द छौ उस्को बाटोले गऱ्यो
२३ ईश्वर्को पट्टि बाटो तिमिहरुलाइ देखाईयो येसैलाइ तिमिहरुले उ
ईश्वर्को ठहरायेको मन् र अगम्ज्ञान्ले दिहालीयेकोले बिधर्म्मकाहरुको
२४ हात्को बाटोले क्रूस्मां टंमाइ माऱ्यौ जस्लाइ ईश्वर्चइंले मृत्युका
पीरा मेटि दियेर बौराइ उठायो किनभन्ये उ त्यो मुनि समाइ
२५ राखींनु हुंनु न सक्ने थियो। कसोगग्भिन्ये दाऊद्ले उस्को बिषय्मां
भन्द छ
मैंले प्रभुलाइ सधैंभरि आफ्नु सांमु देख्यें
किनभन्ये उ मेरो दाहीनो हात् पट्टि छ मं न हल्लाईउं
भन्ये खानिर्ले.
२६ येस्कारण् मेरो हिर्दय् आनन्दित् र मेरो जिब्रो हर्षित् भयो.
येश् उप्रान्त मेरो शरीर्ले पनि आशामां बास् बस्ने गर्छ.
२७ किनभन्ये तपांइले मेरो प्राण्लाइ पत्ताल्मां छोड्नु हुन्न
अनि न आफ्नु भक्त जन्लाइ कुहाई देख्नु दिंनु हुंछ।
२८ तपांइले मंलाइ जीउंनिका बाटाहरु थाहा गराउंनु भयो
तपांइले आफ्नु मोंहोड़ाले मंलाइ आनन्दले पूर्ण पार्नु हुंछ।
२९ हे भाईहरु हो उचित् छ मैंले तिमिहरुलाइ दाऊद् कुल्पतिको बिषय्मां

खोलिकनै भन्नु त्यो ता मंर्‍यो पनि अनि गाड़ीयो पनि अनि त्येस्को चिहान्
३० आजु सम्म हांमिहरुको बीच्मां छ पनि। त त्यो अगम्बक्ता भइकन
अनि ईश्वर्ले मं तेरो कम्मर्को फल्मांको येउटालाइ तेरो सिंहासन्मां
३१ बसाउंछु भन्न्ये किरिया खायो भनि जानिकन अगाड़िनै देखि देख्येर
ख्रीष्टचइंको बौरिउठाईको बिषय्मां बोल्यो उ न पत्ताल्मां छोड़ीयो अनि
३२ न उस्को शरीर्ले कुहाई देख्यो भनि। येमै येशूलाइ ईश्वर्ले बौराइ
३३ उठायो जस् कुरोका हांमिहरु सबै साक्षी छौं। त ईश्वर्को दाहीनो
हात्ले अल्ग्याईयेर अनि पिताको निर बाटो पवित्र आत्माको करहार्
पायेर उस्ले येम् तिमिहरुले देख्दै र सुन्दै गर्न्येकोलाइ खन्याइ दियो।
३४ कसोगरिभन्ये दाऊदै स्वर्गमां चढ़ि गयेन तर आफैले भन्द छ

प्रभुले मेरो प्रभुलाइ भन्यो तं मेरो दाहीनो हात् निर बस्
३५ जब सम्म मं तेरा मत्तुर्हरुलाइ तेरो चरण्को चरण्पिरा गरि दिन्न।
३६ त इस्राएल्को सबै जहान्ले येम् येशूलाइ जस्लाइ तिमिहरुचइंले क्रूस्मां
टांस्यौ ईश्वर्चइंले प्रभु पनि अनि ख्रीष्ट पनि तुल्यायो भनि दरों गरि
थाहा पावस्॥

३७ अब तिनिहरुले यो सुनिकन आफ्नु आफ्नु हिर्दय्मां घोचीयेर पत्रुस् र
३८ अरु प्रेरित्हरुलाइ भन्न्ये हे भाईहरु हो क्ये गरुं। अनि पत्रुस्ले तिनि-
हरुलाइ भन्यो पश्चात्ताप् गर अनि तिमिहरुमांको जनंगे तिमिहरुका पाप्को
मोचन्को लागि येशू ख्रीष्टको नांउले बप्तिस्मा हवस् अनि तिमिहरुले
३९ पवित्र आत्माको बर्दान् पाउंछौ। कसोगरिभन्ये तिमिहरुलाइ करहारै छ
अनि तिमिहरुका सन्तान्हरुलाइ अनि टाड़ा टाड़ा हुने सबैलाइ अं जत्तिलाइ
४० प्रभु हांमिहरुको ईश्वर्ले छेउ बोलाउंछ। अनि धेरै अरु अरु बचन्ले
त्येस्ले साक्षी दियो अनि तिनिहरुलाइ मनायो यो बांगोटेढ़ो पुस्ता देखि
४१ बचाईयौ भनिकन। त त्येस्को बचन् ग्रहण् गर्नेहरु नइं बप्तिस्मा भये
४२ अनि त्येसै दिन् तीन् हजार् जसो प्राणीको बढ़ती भयो। अनि तिनिहरु
प्रेरित्हरुको सिकाईमां अनि संगत्गराईमां अनि रोटीभंचाई र प्रार्थना-
चढ़ाईमां लागि रहंथ्ये॥

४३ अनि सबै प्राणीलाइ डर् भयो अनि धेरै उदेक्का काम् र चिंनु
४४ प्रेरित्हरुको बाटोले भये। अनि सबै बिश्वास् गर्नेहरु चइं सङ् सङै
४५ थिये अनि तिनिहरुका सबै थोक् साझेका थिये अनि तिनिहरुले
आफ्ना धन्सम्पत्ति बेचिकन जस्लाइ जस्तो खांचो पर्थ्यो सबैलाइ बांड़ि

४६ दिंथ्ये। अनि दिनहूं एक् मन्का भइ मन्दिर्मां लागि रहंदै र घर्मां
रोटी भांच्दै तिनिहरुले हर्ष र हिर्दय्को सूधेईले आफ्नु आफ्नु खुराक् लिंद
४७ थिये ईश्वर्को स्तुति गरि र सबै लोग् सित अनुग्रह् पाइकन।
अनि प्रभुले बचाईनेहरुचइंलाइ दिनहूं तिनिहरुमां वढ़ती गराउंद थियो॥

३ १ अब पत्रुस् र यूहन्ना प्रार्थनाको घरी अर्थात् तीस्रो पहर्मां मन्दिर्मां
२ चढ़ि जांद थिये। अनि आफ्नी आंमाको गर्भै देखि खोरंडे भयेको एक्
जना मान्छे बोकि लगींद थियो जस्लाइ दिनहूं मन्दिर्को सुन्दर् भनींने
चइं दुवार् निर राखि दिंथ्ये मन्दिर्मां पस्नेहरु सित भीक् मांगोस् भन्येर
३ जस्ले पत्रुस् र यूहन्नालाइ मन्दिर्मां जांनु आंटेका देख्येर भीक् पाउंनुलाइ
४ मांग्यो। त पत्रुस्ले यूहन्ना सङ त्येस्लाइ डिठ्लाइ हेरि हांमिहरु तिर
५ हेर् भन्यो। अनि त्येस्ले तिनिहरु देखि क्येइ पाउंने आशा गर्दै तिनिहरु
६ तिर हेर्नु लाग्यो। तर पत्रुस्ले भन्यो सुन् चांदी मेरां छैन तर मेरां ज्ये
छ त्येइ तंलाइ दिंद छु। येशू ख्रीष्ट नासरीको नाउंले हिंड्डुल् गर्।
७ अनि त्येस्ले त्येस्को दाहीनो हात्मां समात्येर त्येस्लाइ उभ्यायो अनि
८ तुरन्तै त्येस्का गोड़ा र गुलिगांठाहरु दर्बीला गराईये। अनि त्येस्ले कुदि
उभीयेर हिंड्डुल् गर्नु लाग्यो अनि हिंड्डुल् गर्दै र कुद्दै र ईश्वर्को
९ स्तुति गर्दै तिनिहरु सङ मन्दिर्मां पस्यो। अनि सबै लोगले त्येस्लाइ
१० हिंड्डुल् गर्दै र ईश्वर्को स्तुति गर्दै गर्येका देख्ये अनि तिनिहरुले
त्येस्लाइ त्यो भीक्को लागि मन्दिर्को सुन्दर् चइं ढोका निर वसि रहने येइ
थियो भनि चिन्ये अनि त्येस्लाइ आइ लाग्येको विषय्मां तिनिहरु अचम्भा
र मुर्छाले भरीये॥

११ अनि त्येस्ले पत्रुस् र यूहन्नालाइ समाति रहंदा सबै लोग् अति
अचम्भित् भइ सुलेमान्को भनीने चइं दलान्मां तिनिहरु थांइ सङ् सङै
१२ दुगुरि आये। अनि पत्रुस्ले यो देख्येर लोगलाइ उत्तर् दियो हे इस्राएली-
हरु हो येस्मां किन उदेक् मान्द छौ कि हांमिहरु तिर किन डिठ्लाइ
हेरि रहंद छौ हांमिहरुले आफ्नु निज् शक्ति कि भक्तिले येस्लाइ हिंड्डुल्
१३ गर्ने गरायूं होला भन्ये झैं। अब्राहाम् र इस्हाक् र याकूब्को ईश्वर्ले
हांम्रा पित्रहरुको ईश्वर्ले आफ्नु दास् येशूको महिमा गर्यो जस्लाइ
तिमिहरुचइंले पकराइ दियौ अनि पिलातुस्को मुखेंजि त्येस्चइंले उस्लाइ
१४ छोड़ि दिने बिचार् गर्दामां अस्वीकार् गर्यौ। तर तिमिहरुचइंले पवित्र
र धर्म्मी जन्चइंलाइ अस्वीकार् गरिकन एक् जना हत्यारा हांमिहरुलाइ

१५ बक्शीओस् भनि मांग्यौ   अनि जीउंनिको कर्त्ताचइंलाइ मान्यौ जस्लाइ
ईश्वर्ले मुर्दाहरु देखि बौराइ उठायो जुन् कुरोका हांमिहरु साक्षी छौं।
१६ अनि हांमिहरुले उस्को नांउको बिश्वास् गन्येको कारण्ले उस्को नांवैले
येम् तिमिहरुले हेर्येको र जान्येकोलाइ दर्बीलो गरायो अं त्येम् उस्को
बाटोले भयेको बिश्वास्ले तिमिहरुको सांमु त्येस्लाइ यो सम्पूर्ण आरोग्येई
१७ दियो। अनि अब हे भाईहरु हो मं जान्द छु तिमिहरुले अजानैमा त्यो
१८ काम् गन्यौ जसो तिमिहरुका मालिक्हरुले पनि गन्ये। तर ईश्वर्चइले
जुन् जुन् कुराको समाचार् सबै अगम्बक्ताहरुको मुख् बाटो मेरो ख्रीष्टले
दुःख भोग्छ भनि अगाड़ि देखि सुनायो ति सबै गरि पूरा गन्यो।
१९ त पश्चात्ताप् गन्येर फर्क तिमिहरुका पाप् मेटीनुको लागि र येसोरि
२० प्रभुको मोंहोड़ा देखि सित्तल्हुवाईका समय् आउन्   अनि उस्ले तिमि-
हरुको लागि ठहरायेको उस् ख्रीष्टलाइ पठाइ देवस् अर्थात् येसूलाइ
२१ जस्लाइ स्वर्गले सबै थोक्को गच्याईका ति समय् सम्म ग्रहण् गर्न स्याचो
छ जुन् समय्को बिषय् ईश्वर् आफ्ना सधैं देखि भयेका पवित्र अगम्-
२२ बक्ताहरुको मुख् बाटो बोल्यो। मूसाल्नै भन्यो प्रभु ईश्वर्ले तिमिहरुका
भाईहरुको माझ देखि मं जस्तो एक् जना अगम्बक्तालाइ तिमिहरुको
लागि उठाउंछ उस्को तिमिहरुले सबै कुरामा उ तिमिहरु सित ज्ये ज्ये
२३ बोल्ला सुन्छौ। अनि येसो हुछ उस् चइं अगम्बक्ताको न सुन्ने जनंगे
२४ प्राणी लोगको मांझ देखि स्यांट्टै नास् पारीछ। अं अनि समुएल् र
त्येस् पछि भयेकाहरु देखि येसो जत्ति अगम्बक्ताहरु बोल्ये सबैले यिनै
२५ दिन्को समाचार् सुनाये। तिमिहरु अगम्बक्ताहरुका अनि त्येस् नियम्का
सन्तान् हौ जो ईश्वर्ले अब्राहाम्लाइ अनि तेरो बंशमा पृथिवीका सबै
२६ कुल्ले आशीष् पाउंछन् भन्दै तिमिहरुका पित्रहरु सङ बान्ध्यो। पहिले
ता तिमिहरुइ थांइ ईश्वर्ले आफ्नु दास्लाइ उठायेर पठायो उस्ले तिमि-
हरुलाइ तिमिहरुका दुष्टेई देखि जनंगेलाइ फर्काइ आशीष् देवस् भन्येर॥

४ १ अनि तिनिहरु लोगलाइ बोल्दैन थिये पूजाहारीहरु र मन्दिर्का
२ पहरूको कप्तान् र सदूकीहरु तिनिहरु मांथि आइ लाग्ये   किनभन्ये
तिनिहरुले लोगलाइ सिकायेको र येशूमा मुर्दाहरु देखिको बौरिउठाईको
३ समाचार् सुनायेकोले अघोर् कष्टित् भये। अनि तिनिहरुले तिनिहरु
मांथि हात् हाल्येर भोलि पल्टो सम्म कोत्मा राख्ये किनभन्ये अब सांझ्
४ पन्येको थियो। तर बचन् सुन्नेहरुमांका धेरैले बिश्वास् गन्ये अनि पुरुष-
हरुको गन्ति पांच् हजार् जति भयो॥

५ अनि भोलि पल्टो येसो भयो तिनिहरुका मालिक् र प्राचीन् र
६ शास्त्रीहरु यरूसलम्मां भेला गरीये अनि हन्नास् मूल्पूजाहारी र
कयाफा र यूहन्ना र सिकन्दर् र जत्ति मूल्पूजाहारीको कुटुम्बका थिये
७ त्यहां थिये। अनि तिनिहरुले तिनिहरुलाइ मांझमां उभ्यायेर कुन् चइं
शक्ति कि कुन् चइं नांउले तिमिहरुले यो गऱ्यौ भनि सोध्नु लाग्ये।
८ तब पत्रुस्ले पवित्र आत्माले भरीयेर तिनिहरुलाइ भन्यो हे लोगका
९ मालिक् र प्राचीन्हरु हो एक् जना निर्बल् मान्छे मांथि गऱ्येको
सुकर्म्मको विषय्मां त्यो क्येले बचाईयो भनि हांमिहरु आजु खारींद छौं
१० भन्ये देखि त तिमिहरु सबैलाइ अनि इस्राएल्का सबै लोगलाइ थाहा
हवम् तिमिहरुचइंले क्रूस्मां टांस्येको अनि ईश्वर्चइंले मुर्दाहरु देखि
बौरायेको येशू ख्रीष्ट नाम्रीको नांउले अं येमैले यो मान्छे तिमिहरुको
११ मुखेंजि निको भइ उभीइ रछ। तिमि घर् बनाउंनेहरुले बिलेखाको
१२ ठान्येको उ ढुंगो जो कुनाको सिराह् भइ गयो येइ हो। अनि अरु
कसैमां मुक्ति छैन कसोगरिभन्ये स्वर्ग मुनि मान्छेहरुमां दिईयेको अर्को नांउ
छैन जम्ले हांमिहरु बचाईनु खांचो छ॥

१३ अब तिनिहरुले पत्रुस्को अनि यूहन्नाको निर्भय् हेरिकन अनि यि
मान्छेहरु अविद्येमान् र न सिक्येकाहरु रछन् भनि थाहा पायेर उदेक्
१४ मान्ये अनि तिनिहरुलाइ येशू सङ थिये भनि चिन्ये। अनि त्येम् बिसेक्
गराईयेको मान्छेलाइ तिनिहरु सङ उभीइ रह्येको देखिकन तिनिहरुले
१५ विरोध्मां क्येइ बात् गर्नु सक्येनन्। तर तिनिहरुलाइ महासभा देखि
बाहिर जांनु अह्रायेर तिनिहरुले येसो भन्दै आपस्नमां बिचार् गऱ्ये
१६ यि मान्छेहरुलाइ क्ये गरूं किनभन्ये येउटा जाहारीलो चिंनु तिनिहरुको
बाटोले भयो भनि यरूसलम्का सबै बासीहरुकां प्रगटो ता भयो अनि
१७ हांमिहरुले अस्वीकार् गर्नु सक्दौंन। तर यो कुरो लोगमां बेसि न
फिंजींनुको लागि तिनिहरुलाइ येम् नांउमां फेरि कोई मान्छे सित न बोल
१८ भनि धम्काइ दिऊं। अनि तिनिहरुले तिनिहरुलाइ बोलायेर येशूको
१९ नांउमां क्येइ पनि न उच्चार अनि न सिकाव भनि आज्ञा दिये। तर
पत्रुस् र यूहन्नाले तिनिहरुलाइ उत्तर् दिइ भन्ये ईश्वर्को भन्दा बरु
तिमिहरुइको सुन्नु ईश्वर्को मुखेंजि क्ये धर्म्मयोग्य् छ भनि बिचार् गर.
२० किनभन्ये हांमिहरुचइंले ज्ये ज्ये देख्यूं अनि सुन्यूं ति न बोलि सक्दै
२१ सक्दौंन। अनि तिनिहरुले अझै धम्कायेर तिनिहरुलाइ छोड़ि दिये

किनभन्ये कसोगरि तिनिहरुलाइ दण्ड दिऊं भनि लोगको कारण्ले क्येइ
पनि पाउंदैन थिये किनभन्ये सबैले ज्ये भयेको थियो त्येस्को बिषय्मां
२२ ईश्वर्को महिमा गर्द थिये। किनभन्ये त्यो यो निको पार्ने चिंनु गरीयेको
मान्छे चालीस् बर्ष देखि ऊंभोको थियो॥

२३ अनि तिनिहरु छुट्येर आफ्ना निज् साथीहरु थांइ आये अनि मूल्-
पूजाहारीहरु र प्राचीन्हरुले तिनिहरुलाइ ज्ये ज्ये भन्येका थिये तिनको समाचार्
२४ सुनाये। अनि यिनिहरुले यो सुन्येर एक् मन्का भइ ईश्वर् निर शब्द
उठाइ भन्ये हे स्वामी स्वर्ग र पृथिवी र समुन्द्र र तिनमां भयेका सबै
२५ थोक् बनांउने तपांइनै हौ. जस्ले पवित्र आत्माको बाटोले आफ्नु दास्
हांमिहरुको पिता दाऊद्को मुख् बाटो भन्नु भयो

किन अन्यदेसीहरुले गड़ो मचाये
अनि लोग्हरुले किन ब्यर्थ कुरा गुन्ये।
२६ प्रभुको बिरुद्ध अनि उस्को अभिषिक्तको बिरुद्ध
पृथिवीका राजाहरु उठि उठि उभीये
अनि मालिक्हरु सङ् सङै भेला भये.

२७ कसोगरिभन्ये सांच्चिनै येसै सहर्मां तपांइले अभिषेक् गर्नु भयेको तपांइको
पवित्र दास् येशूको बिरुद्धमा हेरोदेस् पनि अनि पुंतियुस् पिलातुस् पनि
२८ अन्यदेसीहरु र इस्राएल्का लोग्हरु सङ भेला भये ज्ये ज्ये तपांइको
हात् र तपांइको मन्ले हवस् भनि अगाड़ि देखि ठहरायो ति गर्नुका लागि।
२९ अनि अब हे प्रभु तिनका धर्म्की मांथि दृष्टि गर्नु हवस् अनि तपांइले
आफ्नु हात् निकोपराईको लागि पसार्दामां आफ्ना दास्हरुलाइ तपांइको
३० बचन् निर्भय् सङ बोल्नु दिनु हवस् अनि तपांइको पवित्र दास्
३१ येशूको नांउको बाटोले चिंनु र उदेक्का काम् हुंनु दिनु हवस्। अनि
तिनिहरुले बिन्ति गरि सक्येकोमां तिनिहरु भेला भयेको त्यो ठांउ हल्लाईयो
अनि तिनिहरु सबै जना पवित्र आत्माले भरांये अनि तिनिहरु ईश्वर्को
बचन् निर्भय् सङ बोल्द थिये॥

३२ अनि बिश्वास् गर्नेहरुको धुइरोको एक् हिर्दय् र प्राण् थियो. अनि
तिनिहरुमांको येउटाले पनि आफ्नु धन् सम्पत्तिमांको क्येइ थोक् आफ्नै
३३ भनि भन्दैन थियो तर तिनका सबै थोक् साझेका थिये। अनि बड़ो
शक्तिले प्रेरित्हरुले प्रभु येशूको बौरिउठाईको आफ्नु साक्षी दिंद थिये.
३४ अनि बड़ो अनुग्रह तिनिहरु सबै मांथि थियो। कसोगरिभन्ये अनि न

तिनिहरुमां कोई दरिद्र थियो कसोगरिभन्ये जत्ति जना जग्गा कि घर्का
धनी थिये तिनले ति बेच्येर बेचीयेका थोक्का दाम् ल्यायेर प्रेरित्हरुका
३५ चरण्मां राख्द थिये. अनि जस् जस्लाइ जस्तो जस्तो खांचो पर्द थियो
त्येस्तो जनंगेलाइ बांड़ि बांड़ि दिईद थियो ॥

३६ अनि प्रेरित्हरु देखि बर्णबास् (जस्को यो अर्थ हो शान्तिको पुत्र)
फुल्नांउ राखीयेको चइं यूसुफ्ले एक् जना लेवी जो कुल् भन्ये कुप्रुस्को
३७ थियो जस्को अलिकता जग्गा थियो त्यो बेच्येर धन् ल्यायेर प्रेरित्-
हरुका चरण्मां राख्यो ॥

५ १ तर हननिया नांउ भयेको एक् जना मान्छेले आफ्नी स्वास्नी सफीरा
२ सङ क्येइ माल् बेच्येर दाम् देखि क्येइ झिकि राखिकन जो त्येस्को
स्वास्नीले पनि जान्द थिई क्येइ हिस्सा ल्यायेर प्रेरित्हरुका चरण्मां
३ राख्यो। तर पत्रुस्ले भन्यो ए हननिया किन शैतान्ले तेरो हिर्दय्मां
पवित्र आत्मा सङ झूठ् बोल्नु अनि जग्गाको दाम् देखि झिकि राख्नु
४ भरि दियो। त्यो रहुंज्याल् सम्म क्ये तं आफैको रह्येन अनि बेचीये
पछि क्ये तेरै अधिकार्मां थियेन। कसोगरि आफ्नु हिर्दय्मां यो कुरो
५ ठहराइस् तं मान्छेहरु सङ होइन तर ईश्वरै सङ झूठ् बोलिस्। अनि
हननियाले यि बचन् सुन्येर लड़िकन सास् छोड़्यो. अनि सबै सुन्नेहरुलाइ
६ बड़ो डर् भयो। अनि जुवान्हरुले उठेर त्येस्लाइ बेह्र्ये अनि बाइर
लग्येर गाड़्यो ॥

७ अनि कोई पहर् एक्को अन्तर् भये पछि त्येस्की स्वास्नी ज्ये भयेको
८ थियो त्यो न जानि भित्र आई। अनि पत्रुस्ले त्येस्लाइ उत्तर् दियो
९ मंलाइ भन् क्ये येतिमांइ तिमिहरुले त्यो जग्गा दिहाल्यौ। अनि त्येस्ले
भनी ज्यु येतिमांइ। तर पत्रुस्ले त्येस्लाइ भन्यो कसोगरि तिमिहरुले
प्रभुको आत्माको परीक्षा गर्ने कबोल् गर्‍यौ हेर् तेरो लोग्नेलाइ गाड्नेहरुका
१० गोड़ा दैलैमां छन् अनि तंलाइ बाइर लैजांछन्। अनि त्येस्ले तुरन्तै
त्येस्का चरण् निर लड़िकन सास् छोड़ी अनि जुवान्हरुले भित्र आयेर
त्येस्लाइ मर्‍येकी भेटाये अनि बाइर लग्येर त्येस्को लोग्नेको छेउमां गाड़्यो।
११ अनि सबै मंडलीलाइ अनि यि कुरा सुन्नेहरु सबैलाइ बड़ो डर् भयो ॥

१२ अनि प्रेरित्हरुका हात्को बाटोले धेरै चिंनु र उदेक्का काम् लोगमां
हुंद थिये अनि तिनिहरु सबै जना एक् मन्का भइ सुलेमान्को दलान्मां
१३ थिये। तर अरुहरुमांको कसैको तिनिहरु सङ मिल्ने आंट् थियेन.

१४ तै पनि लोगले तिनिहरुको बड़ाई गर्द थिये अनि बिश्वास् गर्नेहरु
पुरुषहरु र स्त्रीहरु दुवैका धुइरा गरि झन् बेसि प्रभुमां बढ़ती हुंद थिये
१५ यहां सम्म हुंद थिये दुख्येकाहरुलाइ बाइर सटक् सटक्मां पनि लग्येर
खाट् र राड़िमां राख्द थिये पत्रुस् आउंदाखेरि कतै त्यस्को छाया मांत्रै
१६ पनि तिनिहरुमांको कोई मांथि पर्ला कि भन्येर। अनि यरूसलम्को
सेरोफेरोका सहर् सहर्को धुइरो पनि दुख्येकाहरुलाइ अनि अशुद्ध आत्माहरु
देखि सताईयेकाहरुलाइ ल्याउंदै जमींद थियो अनि ति सबैनं बिसेक्
गराईंद थिये ॥

१७ तर मूल्पूजाहारीले अनि बिरोध्गराईमां त्यस्का साथी हुनेहरु सबैले
१८ (अर्थात् सद्कीहरुको पन्थ हुने चइं) उठिकन डाहले भर्यायेर प्रेरित्हरु
१९ मांथि हात् हाल्किन तिनिहरुलाइ साधारण् कोत्मां राख्ये। तर प्रभुको
येउटा दूत्ले राति कोत्का दुवार् खोल्यो अनि तिनिहरुलाइ बाइर ल्यायेर
२० भन्यो जाव अनि मन्दिर्मां उभींइकन येस् जीवन्का सबै कुरा लोग्
२१ सित बोल। अनि तिनिहरुले यो सुन्येर झक्झक् उजियालो पुड़ो मन्दिर्मा
पस्येर शिक्षा दिनु लाग्ये। तर मूल्पूजाहारीले अनि त्येस्का साथीहरुले
आयेर महासभा र इस्राएल्का सन्तान्हरुको स्यांठै प्राचीनसिभालाइ बोलाइ
जमाये अनि प्यादाहरुलाइ तिनिहरुलाइ ल्याउनुको लागि कोत्मां पठाये।
२२ तर गयेका ति प्यादाहरुले तिनिहरुलाइ कोत्मां पायेनन् अनि फर्क्येर येसो
२३ भन्दै समाचार् दिये हांमिहरुले कोत्चइंलाइ सबै दरीलेई सङ थुनीयेको
र पहरूहरुचइंलाइ दुवार् दुवार्मां उभींइ रह्येका ता पायूं तर खोलि हेर्दा
२४ भित्र ता कसैलाइ पायून। अब जसै मन्दिर्का पहरूको कप्तान् र
मूल्पूजाहारीहरुले यि बचन् सुन्ये तब तिनिहरुको बिषय्मा यो ता क्ये पो
२५ हुंछ होला भनि अग्घोर् अन्योल्मां पर्‍ये। अनि कसैले छेउ आयेर
तिनिहरुलाइ हेर्नु हवस् आफुहरुले कोत्मां राख्येका ति मान्छेहरु ता
लोगलाइ शिक्षा दिंदै मन्दिर्मां उभींइ रह्येका छन् भन्ये समाचार् दियो।
२६ तब पहरूको कप्तान्ले प्यादाहरु सङ गयेर तिनिहरुलाइ ल्यायो तर
बल्जबत्ले होइन किनभन्ये लोग् देखि डराउंद थिये न लोहोर्‍याउन् भनि।
२७ अनि तिनिहरुले तिनिहरुलाइ ल्यायेर महासभामां उभ्याये। अनि मूल्-
२८ पूजाहारीले तिनिहरुलाइ येसो भन्दै सोध्यो हांमिहरुले तिमिहरुलाइ
आज्ञैले आज्ञा दियूं येस् नांउमां सिकाई न गर भन्ये अनि हेर तिमिहरुले
आफ्नु सिकाईले यरूसलम् भराइ दियौ अनि येस् मान्छेको लोहू हांमिहरु

२९ मांथि ल्याउंने मन् गर्द छौ। तर पत्रुस् र प्रेरित्हरुले उत्तर् दिइ भन्ये
३० मान्छेहरुको भन्दा बरु ईश्वर्को आज्ञा मान्नु खांचो छ। हांमिहरुका
पित्रहरुको ईश्वर्ले येशूलाइ बौराइ उठायो जस्लाइ तिमिहरुचइंले काठ्मां
३१ झुंड्यायेर मांरि हाल्येका थियौ। येसैलाइ ईश्वर्ले कर्त्ता र मुक्तिदाता गरि
आफ्नु दाहींनो हात्ले अल्ग्यायो इस्राएल्लाइ पश्चात्ताप् र पाप्मोचन् दिंनुको
३२ लागि। अनि हांमिहरु चइं यि कुराका साक्षी छौं अनि पवित्र आत्मा पनि
साक्षी छ जस्लाइ ईश्वर्ले आफ्ना आज्ञा मान्नेहरुलाइ दियेको छ॥

३३ तर तिनिहरु यो सुन्येर रिस्ले मंन्ये अनि तिनिहरुलाइ मांर्नैनै मन्
३४ गन्ये। तर महासभामां गमलिएल् नांउ भयेको एक् जना फरीसीले जो
ब्यवस्था सिकाउंने र लोगमां मान्को थियो उभीयेर ति मान्छेहरुलाइ
३५ अलिक् खेर् सम्म बाइर गर्नु अह्रायो। अनि त्येस्ले तिनिहरुलाइ भन्यो
हे इस्राएलीहरु हो यि मान्छेहरुको बिषय्मां क्ये गर्नु आंटेका छौ भनि
३६ चंग्व हुंनु। किनभन्ये यि दिन् भन्दा अगाड़ि थूदास् मं कोई हुं भन्दै
उठ्यो जो सङ गन्तिमां कोई चार् सै पुरुष्हरु लाग्ये. जो मांरीयो अनि
३७ त्येस्लाइ मान्नेहरु जत्ति थिये सबै चंडाबिंडा पारीयेर बिलीइ गये। येस्
मान्छे पछि यहूदा गालीलीले संख्येपत्रका दिन्मां उठेर लोगलाइ आफ्नु
पछि पछि भर्माइ लग्यो. त्येइ पनि नष्ट भयो अनि त्येस्लाइ मान्नेहरु
३८ जत्ति थिये सबै छरपुट्ट पारीये। अनि अब मं तिमिहरुलाइ भन्द छु यि
मान्छेहरु देखि हात् उठाउंनु अनि तिनिहरुलाइ छोड़ि दिंनु किनभन्ये
तिनको यो मन् कि यो काम् मान्छेहरु देखिको हो रछ भन्ये देखि मेटींछ.
३९ तर ईश्वर् देखिको हो रछ भन्ये देखि तिमिहरुले तिनलाइ मेट्नु सक्दौन
४० होइन भन्ये ता कतै ईश्वर्बिरोधी पनि पाईऔला। अनि तिनिहरुले
त्येस्लाइ मान्ये. अनि प्रेरित्हरुलाइ छेउ बोलायेर पीटिकन येशूको
४१ नांउमां न बोल्नुलाइ आज्ञा दियेर छोड़ि दिये। त तिनिहरु महासभाको
सांमु देखि हांमिहरु उस्को नांउको लागि हुर्मत् लिईंने माफिक्का गनीयूं
४२ भन्येर रमाउंदै हिंड़ि गये। अनि तिनिहरु दिनहूं मन्दिर्मां अनि घर्मां
सिकाउंनु र ख्रीष्ट येशूनै हो भन्न्ये सुसमाचार् सुनाउंनु देखि थामीयेनन्॥

६ १ अब यि दिन्मां शिक्षेहरु बढ़्दै जांदामां यूनानी यहूदीहरुको इब्रानीहरु
चइं मांथि गन्गनाई भयो दिनहूंको सेवामां हांमिहरुको बिधुवीहरुको लेखा
२ राखींदैन भन्न्ये। अनि बाह्रैले शिक्षेहरुको धुइरोलाइ छेउ बोलायेर
भन्ये हांमिहरुले ईश्वर्को बचन् छोड़ेर मेज्हरुको सेवा गर्नु जाति लाग्दैन।

३ येस्कारण् हे भाईहरु हो आफ्नु बीच् देखि पवित्र आत्मा र बुद्धिले
भरीयेका सात् जना भलाद्मीहरुलाइ छान जस्लाइ हांमि येस् परि आयेको
४ काम्मां खटाऊं। तर हांमिहरु चइं ता प्रार्थनामां अनि बचन्को सेवामां
५ लागि रहंछौं। अनि यो बचन् सबै धइरोलाइ जानि लाग्यो अनि
तिनिहरुले एक् जना बिश्वास् र पवित्र आत्माले भर्पूर् भयेको पुरुष्
स्तिफनुस्लाइ अनि फिलिप् र प्रखुरुस् र निकानोर् र तीमोन् र पर्मिनास्
६ र अन्ताखियाको यहूदी मत् मान्ने निकोलाउस्लाइ छान्ये जस्लाइ
तिनिहरुले प्रेरित्हरुको मुखेंजि उभ्याये अनि उनिहरुले प्रार्थना गर्‍येर
तिनिहरु मांथि आफ्ना हात् राख्ये ॥
७ अनि ईश्वर्को बचन् बढ्दै गयो अनि शिक्षेहरुको गन्तिको अघोर्
बढ्ती यरूसलम्मां हुद थियो अनि पूजाहारीहरुमाको ठुलो धइरो बिश्वास्को
कर्मां पर्द थियो ॥
८ अनि स्तिफनुस्ले अनुग्रह र शक्तिले भर्पूर् भइकन बड़ा बड़ा
९ उदेक्का काम् र चिंनु लोगमां गर्द थियो। तर लिबर्तिनीहरुको भनीने
चइं सभाघर्मांका अनि कुरेनीहरु र सिकन्दरीहरु र किलिकिया र आशिया
१० देखिकाहरुमांका कत्ति जना स्तिफनुस् सङ बिबाद् गर्दै उठ्य। अनि
तिनिहरुले त्यो जुन् बुद्धि र आत्माले बोल्द थियो यि सङ लड्नु सक्दैन
११ थिये। तब तिनिहरुले हांमिहरुले त्येस्लाइ मूसा र ईश्वर्को बिरुद्ध
निन्दाका कुरा बोल्दै गर्‍येको सुन्यूं भन्न्ये मान्छेहरुलाइ घूस् खुवाइ उठाये।
१२ अनि तिनिहरुले लोग् र प्राचीन्हरु र शास्त्रीहरुलाइ उल्क्यायेर त्येस्लाइ
१३ आइ लागि गांजि समात्येर महासभामां लग्ये अनि येसो भन्ने झूठा
साक्षीहरुलाइ उभ्याये यो मान्छे येस् पवित्र ठांउको अनि व्यवस्थाको
१४ बिरुद्धका कुरा बोल्नु देखि थामीदैन. कसोगरिभन्ये हांमिहरुले त्येस्लाइ
येसो भन्दै गर्‍येको सुन्यूं येस् येशू नासरीले येस ठांउलाइ भत्काउंछ अनि
१५ मूसाले हांमिहरुलाइ दियेका रीत् फेर्छ अरे। अनि महासभामां बस्ने
सबैले त्येस्लाइ डिठ् लाइ हेरि त्येस्को मुख् दूत्को मुख् जस्तो देख्ये ॥
७ १ अनि मूलपूजाहारीले भन्यो क्ये यि कुरा येसै हुन्। अनि त्येस्ले
भन्यो
हे भाईहरु अनि बाबैहरु हो सुन्नु हवस्। महिमाको ईश्वर्ले
हांमिहरुको पित्र अब्राहाम्कां त्यो हारान्मां बस्येको भन्दा पहिले मिसु-
३ पुतामियामां हुंदा देखाहा पर्‍येर त्येस्लाइ भन्यो आफ्नु देस् र आफ्ना

कुटुम्ब देखि निक्ल्येर जुन् देस् मं तंलाइ देखाउंछु त्येस्मां आइज।
४ तब त्यो कल्दीहरुको देस् देखि निक्ल्येर हारान्‌मां बस्यो. अनि त्यहां
बाटो त्येस्को बाबु मंर्‍ये पछि ईश्वर्‌ले त्येस्लाइ येम् देस्‌मां जस्मां
५ आफुहरु अब बस्नु हुंद छ ल्याइ बसायो. अनि उस्ले त्येस्लाइ त्येस्मां क्येइ
अधिकार् अं पाइलो हाल्ने ठांउ पनि दियेन. अनि उस्ले त्येस्लाइ
त्येस्को कोई छोरो न हुंदै मं त्यो तंलाइ र तं सङ तेरो बंशलाइ अधि-
६ कार्‌को लागि दिंछु भन्न्ये करहार् गर्‍यो। अनि ईश्वर् येसो बोल्यो तेरो
बंश परायहरुको देस्‌मां पर्देसी हुंछ अनि तिनिहरुले त्येस्लाइ चार् सै वर्ष
७ सम्म दास् तुल्याइ राख्छन् अनि थिचोमिचो गर्छन्। अनि जुन् देस्‌का
लोगका तिनिहरु दास् हुंछन् तिनको बिचार् मैंनै गर्छु ईश्वर्‌ले भन्यो.
अनि त्येस् पछि तिनिहरुले निक्ल्येर येसै ठांउमां मेरो सेवा गर्छन्।
८ अनि उस्ले त्येस्लाइ खत्नाको नियम् दियो. अनि येस् अनुसार् त्येस्ले
इस्‌हाक्‌लाइ जन्मायो अनि आठौं दिन्‌मां त्येस्लाइ खत्ना गर्‍यो अनि
९ इस्‌हाक्‌ले याकूब्‌लाइ अनि याकूब्‌ले बाह्रै कुल्‌पतिलाइ जन्मायो। अनि
कुल्‌पतिहरुले यूसुफ् सङ इबि राख्येर त्येस्लाइ मिस्रमां बेचि दिये. अनि
१० ईश्वर् त्यो सङ थियो अनि त्येस्लाइ त्येस्का सबै कष्ट देखि निकाल्येर
त्येस्लाइ मिस्रको राजा फिरऊन्‌को सांमु अनुग्रह र बुद्धि दियो अनि
त्येस्ले त्येस्लाइ मिस्र र आफ्नु सबै घर् मांथिको मालिक् खटायो।
११ अब सबै मिस्र र कनान् मांथि अनिकाल् र बड़ो कष्ट आयो. अनि
१२ हांम्रा पित्रहरुले आहारा पाउंदैन थिये। तर याकूब्‌ले मिस्रमां अन्न छ
१३ अरे भन्येको सुन्येर हांम्रा पित्रहरुलाइ पहिलो खेप् पठायो। अनि दोस्रो
चइं खेप्‌मां यूसुफ् आफ्ना दाज्युभाईहरु देखि चिनीयो अनि यूसुफ्‌को कुल्
१४ फिरऊन्‌कां प्रगटो भयो। अनि यूसुफ्‌ले आफ्नु बाबु याकूब् र आफ्ना
१५ पछत्तर् प्राणी हुंने सबै कुटुम्बहरुलाइ बोलाइ पठायो। अनि याकूब्
मिस्रमां उत्रि गयो अनि त्यो आफै मंर्‍यो अनि हांम्रा पित्रहरु पनि
१६ अनि ति शकेम्‌मां पुर्‍याईयेर त्येस् चिहान्‌मां राखीये जो अब्राहाम्‌ले
शकेम्‌मां हमोर्‌का छोराहरु सित मोल्‌मां चांदी दिइकन किन्येको थियो।
१७ तर जसै ईश्वर्‌ले अब्राहाम्‌लाइ स्वीकार् गर्‍येको त्येस् करहार्‌को बेला
१८ नजिक् आउंदै गयो तब लोग् मिस्रमां बढ़ि बढ़िकन धेरै भये जैले
१९ सम्म मिस्रमां यूसुफ्‌लाइ न जान्ने अर्को राजा उठ्येन। येस्‌चइंले हांम्रो
कुल् सङ छट्टेई गरिकन हांम्रा पित्रहरुलाइ थिचोमिचो गर्‍यो कसोगरिभन्ये

तिनिहरुका बालखलाइ ति जीउंदो न राखीउन् भन्येर बाइर अफलायो।
२० जुन् बेला मूसा जन्म्यो अनि अग्घोर् सुन्दर् थियो जो आफ्नु बाबुको
२१ घर्मां तीन् महींना पालीयो. अनि त्यो बाइर आफालीयेकोमां फिरऊन्को
मैंयाले त्येस्लाइ उठाइ लग्येर आफ्नु छोरो गरि त्येस्लाइ पालिन्।
२२ अनि मूसा मिस्रीहरुको सबै बिद्यामां सिकाईयो अनि त्यो आफ्ना बचन् र
२३ काम्मां शक्तिमान् थियो। तर जसै त्यो चालीस् बर्षको हुंनु आंट्यो
तब आफ्ना भाईबन्द् इस्राएल्का सन्तान्को हेर्चाहा गरुं भन्न्ये त्येस्को
२४ हिर्दय्मां आयो। अनि त्येस्ले तिनिहरुमांको एक् जना मांथि अन्न्ये हुंदै
गर्न्येको देख्येर त्येस्को रक्षे गर्‍यो अनि मिस्रीचइंलाइ हिर्कायेर त्येस्
२५ उपद्रेइ गरीयेकोलाइ निया गरि दियो. अनि त्येस्ले ईश्वर्ले मेरो हात्को
बाटोले तिनिहरुलाइ बचाइ दिंद छ भनि मेरा भाईबन्द्ले बुझ्नन् भनि
२६ ठान्यो तर तिनिहरुले बुझ्येनन्। अनि भोलि पल्टो त्यो तिनिहरुका
तिनिहरुले आपस्तमां बाझाबाझ् गर्दैमां देखाहा पर्‍यो अनि येसो भनिकन
तिनमां मेल् गराउंनु लाग्यो हे चरणहरु हो आफुहरु दाज्युभाई हो किन
२७ एकाले अर्का मांथि अन्न्ये गर्नु हुंद छ। तर आफ्नु छिमेकि मांथि अन्न्ये
गर्नेचइंले त्येस्लाइ येसो भनिकन घचेटि दियो कस्ले तंलाइ हामिहरु मांथि
२८ मालिक् र बिचारी खटायो। क्ये तैंले मलाइ जुन् रीत्ले हिजो त्येस्
२९ मिस्रीलाइ मांरिस् मांर्ने इच्छे गर्द छस्। अनि येस् बचन्ले मूसा भाग्यो
अनि मिद्यान् देस्मां पर्देसी भयो जहां त्येस्ले दुइ भाई छोरा जन्मायो।
३० अनि त्यहां बस्येको चालीस् बर्ष पूरा भयेमां येउटा दूत् सीनै पर्बत्को
३१ बन्मां त्येस्का पोथ्रामांको आगोको जुवालामां देखाहा पर्‍यो। अनि
मूसाले यो देखिकन दर्शन् देखि उदेक् मान्यो. अनि त्यो त्येस्को बिषय्
३२ चाल् पाउंनुको लागि छेउ आउंदामां प्रभुको शब्द भयो तेरा पित्र-
हरुको ईश्वर् अब्राहाम् र इस्हाक् र याकूब्को ईश्वर् मैं हुं भन्न्ये।
३३ अनि मूसा कांम्नु लाग्यो अनि त्येस्लाइ चाल् पाउंने आंट् भयेन। अनि
प्रभुले त्येस्लाइ भन्यो आफ्ना गोड़ा देखि जुत्ता फुकाल् किनभन्न्ये यो तं
३४ उभीयेको ठांउ पवित्र भूमि छ। मैंले निस्से मिस्रमां भयेका आफ्ना
लोगको थिचोमिच्चोहुवाई रास्रै देख्यें अनि तिनको सुस्केरागराई सुन्यें अनि
मं तिनिहरुलाइ निकाल्नुको लागि ओह्लि आयेको छु. अनि अब आइज
३५ मं तंलाइ मिस्रमां पठाउंछु। येसै मूसालाइ जस्लाइ तिनिहरुले कस्ले तंलाइ
मालिक् र बिचारी खटायो भनिकन अस्वीकार् गर्‍ये येसैलाइ ईश्वर्चइंले

त्येस्का पोथ्रामां देखाहा पऱ्येको दूत्को हात् सङ मालिक् पनि अनि उद्धारे
३६ पनि गरि पठायो। येसैले मिस्रमां अनि लाल् समुन्द्रमां अनि चालीस् बर्ष
भरि बन्मां उदेक्का काम् र चिंनु गरिकन तिनिहरुलाइ निकालि ल्यायो।
३७ त्यो इस्राएल्का सन्तान्हरुलाइ ईश्वर्ले तिमिहरुका भाईहरुको मांझ देखि
मं जस्तो एक् जना अगम्बक्तालाइ तिमिहरुको लागि उठाउंछ भन्ने मूसा
३८ येइ हो। त्यो मंडलीमां बन्मां त्यो सित सीनै पर्बत्मां बोल्ने दूत् सङ
अनि हांमिहरुका पित्रहरु सङ हुने येइ हो. जस्ले हांमिहरुलाइ दिंनुको
३९ लागि जीउंदा ईश्वर्बाणीहरु पायो. जस्का आज्ञाकारी हुने हांम्रा पित्र-
हरुले इच्छे गऱ्येनन् तर त्येस्लाइ घचेटि दियेर हारून्लाइ येसो भनिकन
४० आफ्ना हिर्दय्मां मिस्रमां फर्क्ये हांम्रो अघि अघि हिंड्ने कोई देव्ता
हांम्रो लागि बनाउंनु हवस् किनभन्ये यो मूसा चइं जस्ले हांमिहरुलाइ
४१ मिस्र देस् देखि निकालि ल्यायो त्येस्लाइ क्ये भयो जान्दौन। अनि
तिनिहरुले ति दिनमां येउटा बाच्छो बनायेर त्येस् मूर्त्तिको लागि बलिदान्
४२ चढ़ाइ ल्याये अनि आफ्ना हात्का काम्मां आनन्द गऱ्ये। तर ईश्वर्ले
फर्क्येर तिनिहरुलाइ अकाश्को सेनाको सेवा गर्नुलाइ सुम्पि दियो जसो
अगम्बक्ताहरुको पोस्तक्मां लेख्येको छ

क्ये कतै मंलाइ तिमिहरुले पशुमेध् र बलिदान् चढ़ायौ
बन्मां चालीस् बर्ष भरि ए इस्राएल्को जहान्।
४३ अनि मोलेक्को डेरा तिमिहरुले उठाइ लग्यौ
अनि रिफन् देव्ताको तारा
जुन् अनुवार् तिनलाइ पूज्नुको लागि तिमिहरुले बनायौ.
अनि मं तिमिहरुलाइ बाबेल् देखि पुंड़ो लग्येर बसाउंछु।

४४ बन्मां हांम्रा पित्रहरुका साक्षीको डेरा थियो जसो मूसा सित बोल्नेले
त्येस्लाइ तैंले देख्येको नपना अनुसार् त्यो बना भन्येर ख्वटन् गऱ्यो'
४५ जो हांम्रा पछिल्ला पित्रहरुले पनि पायेर यहोशू सङ ल्याये जब ति
अन्यदेसीहरुको अधिकार्मां आये जस्लाइ ईश्वर्ले हांम्रा पित्रहरुको सांमु
४६ बाइर घचेटि दियो. अनि दाऊद्का दिन् सम्म येस्तै भइ रह्यो जस्ले
ईश्वर्को मुखेंजि अनुग्रह पायो अनि याकूब्को ईश्वर्को लागि बास्
४७ पाउंनुलाइ मांग्यो। तर सुलेमान्चइंले उस्को लागि घर् बनायो।
४८ तै पनि परम् ईश्वर्ले हात्ले बनायेका घरमां बास् गर्दैन जसो अगम्-
बक्ताले भन्द छ

४९ मेरो सिंहासन् स्वर्ग हो
अनि मेरो चरण्को चरण्पिग पृथिवीनै.
मेरो लागि घर् कस्तो बनाउंछौ प्रभुले भन्द छ
कि मेरो बिश्राम्को ठांउ कुन् हो।
५० यि सबै थोक् क्ये मेरो हात्ले बनायेन॥
५१ हे कठोर् गर्दन्का अनि हिर्दय् र कान्का बिखत्नाकाहरु हो तिमिहरु
सधै पवित्र आत्माको बिरुद्ध लड़ाई गर्द छौ. तिमिहरुका पित्रहरुले जसो
५२ गर्न्ये त्येसै तिमिहरुले पनि गर्द छौ। तिमिहरुका पित्रहरुले अगम्बक्ता-
हरुमांको कुन्चइंलाइ सतायेनन्। अनि तिनिहरुले उस् धर्म्मी जन्को
अवाईको समाचार् अगाड़ि देखि सुनाउंनेहरुलाइ मान्र्ये जस्का अब तिमिहरु
५३ चइं पकराउंने र हत्यारा भयौ तिमि ब्यवस्था दूत्हरुका खटन् अनुसार्
पाउंने र पनि त्येस्को जगेरा न गर्नेहरु चइं॥
५४ अब तिनिहरु यि कुरा सुन्दा आफ्नु हिर्दय्मां रिस्ले मर्न्ये अनि त्येस्
५५ मांथि दारा कांट्ये। तर त्येस्ले पवित्र आत्माले भर्पूर् भइ स्वर्ग तिर
डिठ्लाइ हेरिकन ईश्वर्को महिमालाइ अनि ईश्वर्को दाहीनो हात् पट्टि
५६ येशूलाइ उभीइ रह्येको देख्येर भन्यो हेर मं स्वर्गहरु उघारीयेका
अनि मान्छेको पुत्रलाइ ईश्वर्को दाहीनो हात् पट्टि उभीइ रह्येको हेर्द छु।
५७ तर तिनिहरु बड़ो शब्दले कराइकन आफ्ना कान् थुन्येर एक् मन्का भइ
५८ त्येस् मांथि मिल्कांदै दुगुर्न्ये अनि त्येस्लाइ सहर् देखि बाइर आफाल्येर
लोहोर्याउंनु लाग्ये. अनि माक्षीहरुले आफ्ना बस्त्र शाऊल् भर्नाने एक्
५९ जना तन्हेरिका गोड़ा निर राख्ये। अनि तिनिहरुले स्तिफनुस्लाइ त्येस्ले
प्रभुको नांउ लिइ येसो भन्दै गर्न्येकोमां लोहोर्याये हे प्रभु येशू मेरो
६० आत्मालाइ ग्रहण् गर्नु हवस्। अनि त्यो घुंड़ा टेकिकन बड़ो शब्दले
हे प्रभु यो पाप् तिनिहरु मांथि न राख्नु हवस् भनि करायो अनि
यो भन्येर त्यो सुति गयो। अनि शाऊल् त्येस्को मंराईमां मतेरि
थियो॥

८ १ अनि त्येसै दिन् यरूसलम्मां भयेको मंडली मांथि बड़ो उपद्रेई हुंनु
लाग्यो अनि प्रेरित्हरु बाहिक् तिनिहरु सबै यहूदिया र सामरियाका देस्
२ देस् हुंदो छरपुट्ट पारीये। अनि भक्त मान्छेहरुले स्तिफनुस्लाइ सस्कार्न्ये
३ अनि त्येस्को लागि बड़ो रुवाबासि गर्न्ये। तर शाऊल्चइंले घर् घर्मां
पसिकन मंडलीलाइ भताभूंग पार्द थियो अनि पुरुष् र स्त्रीहरुलाइ घिस्याइ
घिस्याइकन झेल्खान्मां पकराइ दिंद थियो॥

४ त छरपुट्ट पारीयेकाहरु चइं बचन्को सुसमाचार् सुनाउंदै हिंड्रे।
५ अनि फिलिप्चइंले सामरियाको सहर्मां उत्रि गयेर लोगलाइ ख्रीष्टको
६ प्रचार् गऱ्यो। अनि धुइराहरुले फिलिप्ले भन्येका कुरा सुनिकन र त्येस्ले
७ गऱ्येका चिंनु देखिकन एक् मन्का भइ त्येस्का कुरा मान्ये। किनभन्ये
अशुद्ध भूत् लाग्येका धेरै जना देखि ति बड़ो शब्दले कराउंदै निक्ल्ये
८ अनि धेरै जना अर्द्धाङ्गी र खोरंडेहरु बिसेक् गराईये। अनि त्येस्
सहर्मां बड़ो रमाहट् भयो॥
९ तर शिमोन् नांउ भयेको एक् जना मान्छे थियो जस्ले आफुलाइ मं
कोई बड़ा आद्मी हुं भन्दै त्येस् सहर्मां अगाड़ि देखि जैसिमन्तर् गरिकन
१० सामरियाका लोगलाइ मुर्छा पार्द थियो। जस्लाइ सांना देखि ठुला सम्म
सबैले येसो भन्दै मान्द थिये ईश्वर्को बड़ा भनींने शक्ति येइ हो।
११ अनि त्येस्ले निकै धेरै दिन् देखि तिनिहरुलाइ आफ्ना जैसिमन्तर्ले मुर्छा
१२ पाऱ्येको कारण्ले तिनिहरुले त्येस्लाइ मान्द थिये। तर जब तिनिहरुले
ईश्वर्को राज् र येशू ख्रीष्टको नांउको बिषय्को सुसमाचार् सुनाउंने
१३ फिलिप्को बिश्वास् गऱ्ये तब पुरुष् र स्त्रीहरु दुवै बप्तिस्मा भये। अनि
शिमोन् आफैले पनि बिश्वास् गऱ्यो अनि बप्तिस्मा भयेर फिलिप् सङ
लागि रह्यो अनि चिंनु र बड़ा बड़ा आश्चर्य्येकर्म्म हुंदै गऱ्येका हेरिकन
मुर्छा पर्द थियो॥
१४ अब यरूसलम्मां भयेका प्रेरित्हरुले सामरियाले ईश्वर्को बचन् ग्रहण्
१५ गऱ्यो अरे भनि सुन्येर पत्रुस् र यूहन्नालाइ तिनिहरु थांइ पठाये. जस्ले
उत्रि गयेर तिनिहरुको लागि तिनिहरुले पवित्र आत्मा पाउन् भनि प्रार्थना
१६ गऱ्ये. किनभन्ये यो ऐले सम्म तिनिहरुमांको कोई मांथि पऱ्येको थियेन.
१७ खाल्लि तिनिहरु प्रभु येशूको नांउमां बप्तिस्मा मात्रै भयेका थिये। तब
तिनिहरुले तिनिहरु मांथि आफ्ना हात् राख्ये अनि तिनिहरुले पवित्र
१८ आत्मा पाये। अब शिमोन्ले प्रेरित्हरुको हात्रखाईको बाटोले पवित्र
१९ आत्मा दिईद रछ भनि देख्येर येसो भन्दै तिनिहरु थांइ रुपिया ल्यायो
मैंलाइ पनि यो अधिकार् दिंनु हवस् र जोसुकै मांथि मं आफ्ना हात्
२० राखुं त त्येस्ले पवित्र आत्मा पावस्। तर पत्रुस्ले त्येस्लाइ भन्यो तेरा
रुपिया तैं सङ नष्ट होउन किनभन्ये ईश्वर्को बर्दान् रुपियाले हात्
२१ पार्नुलाइ ठानिस्। येस् बिषय्मां तेरो न अंश न अधिकार् छ किनभन्ये
२२ तेरो हिर्दय् ईश्वर्को सांम् सोजो रैनछ। येस्कारण् आफ्न् यो बुराई

देखि पश्चात्ताप् गरिकन प्रभु सित बिन्ति गर् कोनि कतै तेरो हिर्दय्को
२३ सोच् क्षमा गरीयेला कि। किनभन्ये मं तंलाइ तीतेईको पित्त र अधर्म्मको
२४ बन्धन्मां परि रह्येको देख्दछु। अनि शिमोन्ले उत्तर् दिइ भन्यो
आफुहरुइले मेरो लागि प्रभु सित बिन्ति गरि दिनु हवस् र आफुहरुले
भन्येका कुरामांको कुनै मं मांथि आइ न लागोस्॥
२५ त तिनिहरु साक्षी दियेर अनि प्रभुको बचन् बोल्येर यरूसलम्मां फर्कि
गये अनि सामरीहरुका धेरै गांउमां सुसमाचार् सुनाये॥
२६ तर प्रभुको येउटा दूत् फिलिप्लाइ बोल्यो उठेर दक्खिन् तिर
यरूसलम् देखि अज्जामां उत्रि जांने बाटोमां जा. त्यो चइ सुन्ये छ।
२७ अनि त्यो उठेर गयो. त हेर कूश् देस्को एक् जना मान्छे कूशीहरुकी
रानी कन्दाकीको येउटा मूलमालिक् भयेको मेहेरि हुने जो उन्को सबै
राज्ढकुटि मांथिको थियो जो यरूसलम्मां पूज्नुलाइ आयेको थियो
२८ अनि अब फर्कि जांदै थियो अनि आफ्नु रथ्मां बस्येर् यशैया अगम्-
२९ बक्ताको पोस्तक् पर्द थियो। अनि आत्माले फिलिप्लाइ भन्यो छेउ
३० गयेर येस् रथ्को साथ लाग्। अनि फिलिप्ले छेउ दुगुरि गयेर त्येस्
मान्छेलाइ यशैया अगम्बक्ताको पोस्तक् पर्दै गर्येको सुन्येर भन्यो ति
३१ आफुले पर्येका कुरा क्ये थाहा पाउनु हुद छ। अनि त्येस्ले भन्यो अहं
कसैले मंलाइ सिकाइ दियेन भन्ये कसोगरि सकुं। अनि त्येस्ले फिलिप्
३२ सित त्यो सङ चढेर बस्ने बिन्ति गर्यो। अब त्येस्ले पर्दै गर्येको धर्म्म-
शास्त्रको खण्ड येइ थियो

उ भेंडा झैं कार्टानुलाइ लगीयो
अनि जसो थुमा त्येस्को ऊन् कत्रनेको सांमु चुप् रहद छ
त्येसै उस्ले आफ्नु मुख् उघार्दैन.
३३ उस्को दीन्हुवाईमां उस्को निया मारीयो.
उस्को पुस्ताको कस्ले बखान् गर्छ
किनभन्ये उस्को जीवन् पृथिवी देखि लगीयो

३४ भन्ये। अनि मेहेरिले फिलिप्लाइ उत्तर् दिइ भन्यो मं आफु सित
बिन्ति गर्द छु अगम्बक्ताले यो कुरा कस्को बिषय्मां भन्द छ आफ्नै
३५ बिषय् कि अरु कसैको बिषय्मां। अनि फिलिप्ले आफ्नु मुख् खोल्येर यो
३६ धर्म्मशास्त्र देखि थालि येशूको सुसमाचार् त्येस्लाइ सुनाइ दियो। अनि
तिनिहरु बाटोमां जांदा जांदा कोई पानी निर आये अनि मेहेरिले भन्यो

हेर्नु हवस् पानी छ त मंलाइ बप्तिस्मा हुंनु देखि क्येले थुन्द छ।
३८ अनि त्येस्ले रथ् अड्याउंनु अह्रायो अनि दुवै फिलिप् पनि अनि मेहेरि
३९ पनि पानीमां ओह्रल्ये अनि त्येस्ले त्येस्लाइ बप्तिस्मा गर्‍यो। अनि
जब तिनिहरु पानी देखि उक्लि आये तब प्रभुको आत्माले फिलिप्चइंलाइ
गांजि लग्यो अनि मेहेग्लि त्येस्लाइ फेरि देख्येन कसोगरिभन्ये रमाउंदै
४० रमाउंदै आफ्नु बाटो लाग्यो। तर फिलिप् अश्दोद्मां पाईयो. अनि
त्यो कैसरियामां न पुगुंज्याल् सम्म सबै सहर् सहर् हुंदो सुसमाचार्
सुनाउंदै छिरि गयो॥

९ १ तर शाऊल्ले एैले सम्म प्रभुका शिक्षेहरुको बिरुद्धमां धम्की र
२ हत्याको सास् फुल्याइकन मूल्पूजाहारी थांइ गयेर त्येस्को पट्टि बाटोका
दमिश्कका सभाघरहरुका नांउमां पुर्जाहरु माग्यो त्येस्ले त्येस् पन्थका हुंने
क्ये पुरुष् क्ये स्त्रीहरु कसैलाइ पायो भन्ये देखि तिनिहरुलाइ बान्धीयेका
३ गरि यरूसलम्मां ल्याउंनु भन्येर। अनि त्यो जांदा जांदा येसो भयो त्यो
दमिश्कको नजिक् पुग्यो. अनि एक्कासि स्वर्ग देखिको येउटा ज्योति
४ त्येस्का चारै तिर चम्क्यो. अनि त्येस्ले भुइंमां लड्येर त्येस्लाइ येसो
५ भन्ये शब्द सुन्यो ए शाऊल् ए शाऊल् किन मंलाइ सताउंद छस्। अनि
त्येस्ले भन्यो हे प्रभु तपांइ को हौ। अनि उस्ले भन्यो तं देखि सताईने
६ येशू मैं हुं. तर उठ् सहर्मां जा अनि तैंले ज्ये गर्नु स्वांचो छ त्यो
७ तंलाइ बोलि दिईछ। अनि त्येस्का बटौरे साथीहरु लाटा भइ उभीइ
८ रह्ये किनभन्ये शब्द ता सुन्द थिये तर कसैलाइ देख्दैन थिये। अनि
शाऊल् भूंइ बाटो उठ्यो अनि जब त्येस्का आंखा खोलीये तब क्येइ
देख्येन अनि तिनिहरुले त्येस्लाइ हात् समाति डोर्‍याइ दमिश्कमां ल्याये।
९ अनि त्यो तीन् दिन् सम्म न देख्ने भइ रह्यो अनि न क्येइ खायो न
क्येइ पीयो॥

१० अब दमिश्कमां हननिया नांउको येउटा शिक्षे थियो अनि प्रभुले
त्येस्लाइ दर्शन्मां हे हननिया भन्यो।• अनि त्येस्ले भन्यो हेर्नु हवस्
११ हे प्रभु हाजिर् छु। अनि प्रभुले त्येस्लाइ भन्यो उठ्येर सोजो भनींने चइं
गल्लीमां जा अनि यहूदाको घर्मां तर्सुस्को शाऊल् नांउ भयेकोलाइ
१२ खोज्. किनभन्ये हेर् त्येस्ले प्रार्थना गर्द छ अनि त्येस्ले हननिया
नांउ भयेको एक् जना मान्छेलाइ भित्र आयेर त्येस् मांथि आफ्ना हात्
१३ त्येस्ले दृष्टि पावस् भन्येर राख्दै गर्‍येको देख्यो। तर हननियाले उत्तर्

दियो हे प्रभु मैंले येम् मान्छेको बिषय्मां धेरै देखि सुन्येको छु त्येस्ले
१४ यरूसलम्मां तपांइका पवित्र जन्हरु सङ कत्ति बुराई गऱ्यो. अनि यहां
त्येस्लाइ मूलपूजाहारीहरुको पट्टि बाटो तपांइको नांउ लिने सबैलाइ बान्ध्ने
१५ अधिकार् छ अरे। तर प्रभुले त्येस्लाइ भन्यो जा किनभन्ये त्यो मेरो
लागि मेरो नांउ अन्यदेसीहरु र राजाहरु र इस्राएल्का सन्तान्हरुको मुखेंजि
१६ बोकि लानुलाइ येउटा छानीयेको भांडा हो. कसोगरिभन्ये म त्येस्लाइ त्येस्ले
१७ मेरो नांउको लागि कत्ति दुक्ख भोग्नु खांचो छ भनि देखाउछु। अनि
हननिया गइ गयेर त्येस् घर्मां पऱ्यो अनि त्येस् माथि आफ्नु हात्
राखिकन भन्यो हे भाई शाऊल् प्रभुले अर्थात् आफुकां आफु आयेको
बाटोमा देखाहा पऱ्येको येशूले मलाइ पठायेको छ आफुले दृष्टि पाउनु अनि
१८ पवित्र आत्माले भरीनु हवस् भन्येर। अनि तुरन्तै त्येस्का आंखा देखि
पाप्रा जस्ता थोक् खस्ये अनि त्येस्ले दृष्टि पायो अनि उठेर बप्तिस्मा
१९ भयो　अनि त्येस्ले खुराक् लियेर बल् पायो॥

अनि त्यो कत्ति दिन् सम्म दमिश्कमांका शिक्षेहरु सङ थियो।
२० अनि तुरन्तै त्येस्ले सभाघर्हरुमां येशूको प्रचार् गर्नु लाग्यो ईश्वर्का
२१ पुत्र येइ हो भनिकन। अनि सबै सुन्नेहरुले मुर्छा पऱ्येर भन्नु लाग्ये कथे
यरूसलम्मां येइ नांउ लिनेहरुलाइ भताभूग पार्ने अनि यहां पनि तिनि-
हरुलाइ बान्धीयेका गरि मूलपूजाहारीहरुको सांमु पुऱ्याउं भनि आउने येइ
२२ होइन। तर शाऊल् झन् शक्तिमां बढ्दै गयो अनि ख्रीष्ट येइ हो
भन्न्ये साबुत् गरिकन दमिश्कमां बास् गर्ने यहूदीहरुलाइ अकबक्क पारि
दियो॥

२३ अनि जसै धेरै दिन्को पूर्त्ती गरीयो तब यहूदीहरुले आपस्तमां त्येस्लाइ
२४ मार्ने सल्लाह् गऱ्ये. तर तिनिहरुको कुमन्त्र शाऊल्लाइ थाहा भयो।
अनि तिनिहरुले रात् दिन् ढोका ढोकामां पनि चियाउंद थिये त्येस्लाइ मारूं
२५ भन्येर. तर त्येस्का शिक्षेहरुले राति त्येस्लाइ लगेर थुन्सेमां हालि
भित्ताको छेंड् बाटो सुक्र्याई ओह्रालि दिये।

२६ अनि त्येस्ले यरूसलम्मां आइ पुग्येर शिक्षेहरुमां मिसीनु खोज्यो.
अनि ति सबै जना त्येस् देखि डराउंद थिये किनभन्ये यो शिक्षे भयेको
२७ छ भनि पत्याउंदैन थिये। तर बर्णबास्ले त्येस्लाइ समातिकन प्रेरित्हरु
थांइ ल्यायेर तिनिहरुलाइ बखान् गरि दियो त्येस्ले कसोगरि प्रभुलाइ
बाटोमां देख्येको थियो अनि उ त्यो सङ बोल्येको थियो अनि त्येस्ले

कसोगरि दमिश्कमां येशूको नांउले खोलिकन बात् गर्‍येको थियो भन्‍ये।
२८ अनि त्यो यरूसलम्‌मां प्रभुको नांउले खोलिकन बात् गर्दै तिनिहरु सङ
२९ भित्र बाहिर आइ जाइ गर्द थियो. अनि त्येस्ले यूनानेयहूदीहरु सित बोल्द
र बिवाद् गर्द थियो तर तिनिहरुले त्येस्लाइ मार्नुलाइ हात् लगाये।
३० अनि भाईहरुले यो थाहा पायेर त्येस्लाइ ऊंधो कैसरियामां ल्यायेर त्येस्लाइ
तर्सुस्‌मां निकालि पठायो॥
३१ त मंडलीलाइ सबै यहूदिया र गालील् र सामरिया भरि चैन् भयो
अनि त्यो सुध्रंदै गयो अनि प्रभुको डर्‌मां अनि पवित्र आत्माको शान्तिमां
हिंड्दै हिंड्दै बढ्दै गयो॥
३२ अनि येसो भयो पत्रुस् सबै दिशा हुंदो छिरि जांदामां लुद्दामां बास्
३३ गर्ने पवित्र जन्हरु थांइ पनि उत्रि आयो। अनि त्येस्ले त्यहां ऐनियास्
नाउं भयेको आठ् बर्ष देखि खाट्मां पस्रीइ रह्येको एक् जना मान्छेलाइ
३४ भेटायो जो अर्द्धांगी थियो। अनि पत्रुस्ले त्येस्लाइ भन्‍यो ए ऐनियास्
यशू खीष्टले तंलाइ निको पार्द छ. उठेर आफ्नु ओछ्यान् सुधार्।
३५ अनि त्यो तुरन्तै उठ्यो। अनि लुद्दा र शारोन्‌मां बास् गर्ने सबैले
त्येस्लाइ देख्ये अनि प्रभु तिर फर्क्ये॥
३६ अब यापोमां तबीथा नांउ भयेकी जस्को अर्थ हो हरिणी येउटी
शिक्षेनी थिई. यो स्त्री आफुले गर्‍येको भला काम् र दयाहरुले भरपूर्
३७ थिई। अनि ति दिन्‌मां येसो भयो त्यो दुख्येर मरि गई. अनि तिनि-
हरुले त्येस्लाइ धोइधाइ गर्‍येर मांथिल्लो तलाको येउटा कोठामां राखिन्।
३८ अनि लुद्दा यापोको नजिक् भयेकोले शिक्षेहरुले पत्रुस् त्यहां छ अरे
भनि सुन्येर त्यो थांइ दुइ जना मान्छेलाइ यो बिन्ति गरि पठाये
३९ हामिहरु सम्म निस्कि आउंनुमां न ढिलाउंनु हवस्। अनि पत्रुस्
उठेर तिनिहरु सङ गयो। अनि जब त्यो आइ पुग्यो तब
तिनिहरुले त्येस्लाइ त्येस् मांथिल्लो तलाको कोठामां चढाइ लग्ये.
अनि सबै बिधुवीहरु रुंदै र हरिणीले तिनिहरु सङ हुंदाखेरि जत्ति
दौरा खाष्टाहरु बनायेकी थिई ति देखाउंदै त्येस्को छेउ छाउ उभीइन्।
४० तर पत्रुस्ले सबैलाइ बाहिर निकाल्येर घुंडा टेकिकन प्रार्थना गर्‍यो अनि मुर्दा
तिर फर्क्येर ए तबीथा उठ् भन्‍यो। अनि त्येस्ले आफ्ना आंखा उघारी
४१ अनि पत्रुस्लाइ देख्येर उठि बसी। अनि त्येस्ले त्येस्लाइ हात् दिइ
उभ्यायो अनि पवित्र जन् र बिधुवीहरुलाइ बोलायेर त्येस्लाइ जीउंदो

४२ देखायो। अनि यो कुरो सबै यापो भरि जाहर् भयो. अनि धेरैले प्रभु
४३ माथि बिश्वास् गऱ्ये। अनि येसो भयो त्यो यापोमां शिमोन् एक् जना
छाला बनाउंनेकां धेरै दिन् रह्यो ॥

१० १ अब कैसरियामां कर्णीलियुस् नांउ भयेको एक् जना मान्छे थियो जो
२ इनाली भनीने पल्टन्को येउटा कप्तान् अनि भक्त र आफ्नु सबै
जहान् समेत् ईश्वर् देखि डराउंने र लोगलाइ धेरै दयादान् दिंने र ईश्वर्
३ सित बराबर् बिन्ति गर्ने थियो। त्येस्ले दिन्को तीस्रो पहर् पुंडो दर्शन्मां
प्रगटो गरि ईश्वर्को येउटा दूत्लाइ त्यो थांइ आउंदै र त्येस्लाइ हे
४ कर्णीलियुस् भन्दै गऱ्येको देख्यो। अनि त्येस्ले उ तिर डिठ्लाइ हेरि
अनि डर्ले भरीयेको भइ हे प्रभु क्ये आज्ञा छ भन्यो। अनि उस्ले
त्येस्लाइ भन्यो तेरा प्रार्थना र तेरा दयादान् सम्झनाको लागि ईश्वर्का सामु
५ चढ़ि गयेका छन्। अनि अब मान्छेहरुलाइ यापोमां पठायेर पत्रुस् फल्नांउ
६ भयेको एक् जना शिमोन्लाइ बोलाइ पठा. त्यो समुन्द्र पट्टि घर् हुंने
७ शिमोन् एक् जना छाला बनाउंनेकां अतिथि हुंद छ। अनि जसै उ
त्यो सित बोल्ने दूत् गइ गयो तब त्येस्ले आफ्नु घर्काहरुमांका दुइ
जनालाइ अनि त्येस्को छेउमां रहंनेहरुमांको भक्त एक् जना सिलंगालाइ
८ बोलायेर अनि तिनिहरुलाइ सबै कुराको बखान् गऱ्येर तिनलाइ यापोमां
पठायो ॥

९ अब भोलि पल्टो तिनिहरु बाटोहिंड़ाई गरि सहर्को नजिक् आउंदै
१० गर्दामां पत्रुस् दुइ पहर् पुंड़ो प्रार्थना गर्नुलाइ कौसी माथि चढ़्यो. अनि
त्येस्ले बिघ्न भोको भइ गयेर क्येइ खांने इच्छे गर्द थियो. तर तिनि-
११ हरुले तियार् पार्दै गर्दामां येउटा मुर्छा त्येस् माथि आइ लाग्यो अनि
त्येस्ले स्वर्ग उघारीयेको अनि पृथिवीमां चारै कुंना समाति ओह्राल्येको
१२ येउटा ठुलो बर्को जस्तो भांड़ा उत्रंदै गऱ्येको देख्यो. जस्मां पृथिवीका
सबै रकम्का चार्खुट्टे र बगि हिंड्ने जन्तुहरु अनि अकाश्का पंषीहरु थिये।
१३ अनि त्यो थांइ ए पत्रुस् उठ् मार्येर खा भन्ये येउटा शब्द आयो।
१४ तर पत्रुस्ले भन्यो हे प्रभु येसो न हवस् किनभन्ये मैले कैलेइ कुनै अपवित्र
१५ र अशुद्ध थोक् खायेको छुइंन अनि ज्ये ज्ये ईश्वर्ले शुद्ध गऱ्यो ति तैंले
१६ अपवित्र न गर् भन्ये फेरि दोस्रो खेप् शब्द त्यो थांइ आयो। अनि यो
तीन् खेप् भयो. अनि तुरुन्तै त्यो भांड़ा स्वर्गमां ऊंभो लगीयो ॥

१७ अब पत्रुस् आफुमां यो मैले देख्येको दर्शन् क्ये होला हो भन्न्ये
अन्योल्मां पर्दामां हेर कर्णीलियुस्ले पठायेका ति मान्छेहरु शिमोन्को

१८ घर्को ठकान् सोधि पायेर दलान् निर आइ उभीयेर बोलाइ क्ये
१९ पत्रुस् फूल्नांउ भयेको शिमोन् यहां अतिथि छ भनि सोध्ये। अनि
पत्रुस्ले त्येस् दर्शन्को विषय् गुन्दामां आत्माले त्येस्लाइ भन्यो हेर् तीन्
२० जना मान्छेले तंलाइ खोज्द छन्। तर उठेर उत्रि अनि क्येइ शंका न
२१ गरि तिनिहरु सङ जा किनभन्ये तिनिहरुलाइ मैंले पठायेको छु। अनि
पत्रुस्ले ति मान्छेहरु थांइ उत्र्येर भन्यो हेर जस्लाइ तिमिहरुले खोज्द छौ
२२ त्यो मैं हुं तिमिहरु क्ये कारण्मां आयौ। अनि तिनिहरुले भन्ये कर्णीलियुस्
कप्तान् एक् जना धर्म्मी अनि ईश्वर् देखि डराउंने अनि सबै यहूदी
लोगमां भल्लाद्मी भनिने मान्छेले पवित्र दूत्को बाटोले ईश्वर्वाणी पायो
२३ आफुलाइ आफ्नु घर्मां बोलाइ पठायर आफु देखिका कुरा सुन्नु भन्ये। त
त्येस्ले तिनिहरुलाइ भित्र बोलायेर तिनिहरुको अतिथिसेवा गऱ्यो ।।

अनि भोलि पल्टो त्यो उठेर तिनिहरु सङ निक्लि गयो अनि यापोका
२४ भाईहरुमांका कत्ति जना त्येस्को साथ लाग्ये। अनि भोलि पल्टो तिनिहरु
कैसरियामां पस्ये। अनि कर्णीलियस्ले आफ्ना कुटम्बहरु र हित्तका
२५ मित्रहरुलाइ बोलाइ जमायेर तिनिहरुको बाटो हेर्द थियो। अनि जसै
पत्रुस् भित्र आयो तब कर्णीलियस्ले त्यो सङ भेट् भइ चरण्मां परि प्रणाम्
२६ गऱ्यो। तर पत्रुस्ले त्येस्लाइ येसो भन्दै उठायो उभीन् हवस् मं आफै
२७ पनि मान्छेइ हुं। अनि त्येस्ले त्यो सङ बात्चीत् गर्दै गर्दै भित्र गयेर
२८ घेरैलाइ जमीयेका भेटायो. अनि त्येस्ले तिनिहरुलाइ भन्यो आफुहरु
आफैले यहूदी मान्छेलाइ पराय् कुल्को सङ मिर्सिनु कि त्येस्कां आउंनु
विधिविरुद्ध छ भनि थाहा पाउंनु हुंद छ तै पनि ईश्वर्ले मंलाइ कसै
२९ मान्छेलाइ अपवित्र कि अशुद्ध न भन्नलाइ देखायो. येस्कारण्ले पनि मं
क्येइ विरोधी कुरो न भनिकन बोलाइ पठाईयेकोमां आयें। त मं कुन्
३० विषय्मां मंलाइ बोलाइ पठाउंनु भयो भनि सोध्द छु। अनि कर्णीलियुस्ले
भन्यो चार् दिन् भये मं येइ घरी सम्म तीस्रो पहर्को प्रार्थना आफ्नु
घर्मां गरि रह्येको थियें त हेर् चम्कीलो पहिरन् लायेको एक् पुरुष्ले
३१ मेरो मुखेंजि उभीयेर भन्यो हे कर्णीलियुस् तेरो प्रार्थना सुनीयो अनि
३२ तेरा दयादान् ईश्वर्को मुखेंजि सम्झना गरीये। येस्कारण् यापोमां
पठायेर पत्रुस् फूल्नांउ भयेको शिमोन्लाइ बोलाइ पठा त्यो समुन्द्र पट्टि
३३ शिमोन् छाला बनाउंनेको घर्मां अतिथि हुंद छ। त मैंले तुरन्तै आफु
थांइ पठायें अनि आफु आउंनु भयो त जाति गर्नु भयो। त अब हांमिहरु

सबै जना ईश्वर्को सुम्वेंजि हाजिर् छौं प्रभुले आफुलाइ आज्ञा गर्‍येका सबै
३४ कुरा सुनूं भन्येर। तब पत्रुसूले मुख् खोल्येर भन्यो
३५ मं ईश्वर् पन् पर्स्ने होइन तर सबै देस्का लोगमांको उ देखि
डराउने र धर्म्मका काम् गर्ने चइं उस्ले ग्रहण् गर्ने माफिक्को हो रछ
३६ भनि सांच्चिनै थाहा पाउंद छु। जुन् बचन् उस्ले येशू ख्रीष्टको बाटोले
(सब्बैको प्रभु येइ हो) मिलाप्का सुसमाचार् सुनाउंदै इस्राएल्का
३७ सन्तान्हरुलाइ पठाइ दियो जुन् कुरो यूहन्नाले प्रचार्‍येको बप्तिस्मा
पछि गालील् देखि थालीयेर सबै यहूदिया भरि भयो त्यो आफुहरु आफैले
३८ जान्‍ हुंद छ अर्थात् नासरत्को येशूको कुरो ईश्वर्ले उस्लाइ पवित्र
आत्मा र शक्तिले कसोगरि अभिषेक् गर्‍यो. जो सुकर्म्म गर्दै र शैतान्
देखि पेलीयेका सबैलाइ निको पार्दै हिंड्यो किनभन्ये ईश्वर् उ सङ थियो
३९ भन्न्ये। अनि हांमिहरु उस्ले यहूदीहरुको देस्मां अनि यरूसलम्मां गर्‍येका
सबै कुराका साक्षी छौं. जस्लाइ तिनिहरुले काठ्मां झुंड्यायेर मार्‍ये पनि।
४० उस्लाइ ईश्वर्ले तीस्रो दिन्मां बौराइ उठायो अनि उस्लाइ प्रगटो हुन
४१ दियो सबै लोग् मांथि होइन तर ईश्वर्ले अगाड़ि देखि छान्येका
साक्षीहरु मांथि अर्थात् हांमिहरु माथि जस्ले उ मुर्दाहरु देखि बौरि उठ्य पछि
४२ उ सङ खायूं अनि पीयूं। अनि उस्ले हांमिहरुलाइ लोगलाइ प्रचार् गर अनि
जीउंदा र मुर्दाहरुको ईश्वर्ले ठहरायेको बिचारी येइ हो भनि साक्षी देव
४३ भन्न्ये आज्ञा दियो। उस्को लागि सबै अगमबक्ताहरुले उ मांथि बिश्वास्
गर्ने जनगले उस्को नांउको बाटोले पाप्मोचन् पाउंछ भन्ये साक्षी दिंद छन्॥
४४ पत्रुस् यि कुरा बोल्दैनै थियो पवित्र आतमा बचन् सुन्नेहरु सबै मांथि
४५ पर्‍यो। अनि खत्नामांका जत्ति जना बिश्वासीहरु पत्रुसको साथ लाग्येका
थिये तिनिहरु बिदेसीहरु मांथि पनि पवित्र आत्माको बर्दान् खन्याईयो
४६ भनि मूर्छा पर्‍ये। कसोगरिभन्ये तिनिहरुले तिनिहरुलाइ भाषा भाषा बोल्दै
४७ र ईश्वर्को बड़ाई गर्दै गर्‍येका सुन्ये। तब पत्रुसूले क्ये कनै कसैले यि
हांमिहरुले झैं पवित्र आत्मा पाउंनेहरु बप्तिस्मा न होउन् भनि पानी थुन्न
४८ सक्‌द छ भनि उत्तर् दियो। अनि त्यस्ले तिनिहरु येशू ख्रीष्टको नांउमां
बप्तिस्मा होउन् भन्न्ये आज्ञा गर्‍यो। तब तिनिहरुले त्यो त्यहां अझै
अलिक् दिन् रहोस् भनि त्यो सित मांग्ये॥

११ १ अब यहूदियामां हुंने प्रेरित्हरु र भाईहरुले अन्यदेसीहरुले पनि ईश्वर्को
२ बचन् ग्रहण् गर्‍ये अरे भनि सुन्ये। अनि जब पत्रुस् यरूसलम्मां चढ़ि

आयो तब खत्नामांकाहरुले त्यो सित येसो भन्दै बिबाद् गर्नु लाग्ये
४ तिमिले बिखत्नाका मान्छेहरुकां पसि गयेर तिनिहरु सित खायौ। तर
पत्रुम्ले थाल्येर तिनिहरुलाइ येसो भन्दै खुड्कीलो खुड्कीलो गरि अर्थ
५ फुकाइ दियो मं प्रार्थना गर्दै यापो सहर्मां थियें. अनि मैंले मुर्छामां
भइ येउटा दर्शन् अर्थात् स्वर्ग देखि चारै कुंना समाति ओह्राल्येको येउटा
ठूलो बर्को जस्तो भांड़ा उत्रंदै गर्‍येको देख्यें अनि त्यो मं थांइ सम्म आयो.
६ अनि मैंले त्यो तिर डिठ्लाइ हेर्‍येर चाल् पाइ पृथिवीका चार्खुट्टे र
७ बन्पशु र बगि हिंन्ने जन्तुहरु अनि अकाश्का पंषीहरु देख्यें। अनि मैंले मंलाइ
८ येसो भन्ने येउटा शब्द पनि सुन्यें ए पत्रुस् उठ् र मार्‍येर खा। तर
मैंले भन्ये हे प्रभु येसो न हवस् किनभन्ये कोई अपवित्र कि अशुद्ध थोक्
९ कैल्हेइ मेरो मुख्मां पस्येको छैन। तर येउटा शब्दले स्वर्ग देखि ज्ये ज्ये
ईश्वर्ले शुद्ध गर्‍यो ति तैंले अपवित्र न गर् भनि दोस्रो खेप् उत्तर् दियो।
१० अनि यो तीन् खेप् भयो. अनि ति सबै थोक् स्वर्गमां फेरि
११ तानि चढ़ाईये। अनि हेर तुरन्तै कैसरिया बाटो मं थांइ पठाईयेका
तीन् जना मान्छे हांमि भयेको घर्मां आइ उभीये छन्। अनि
१२ आत्माले मंलाइ भन्यो क्येइ भेद् न मानि तिनिहरु सङ जा।
अनि यि छ जना भाईहरु पनि मेरो साथ लाग्ये अनि हांमिहरु
१३ त्येस् मान्छेको घर्मां पस्यूं. अनि त्येस्ले हांमिहरुलाइ कहि सुनायो मैंले
कसोगरि आफ्नु घर्मां दूत्लाइ उभींदै र मंलाइ येसो भन्दै गर्‍येको देख्यें
१४ यापोमां पठायेर पत्रुस् फुल्नांउ भयेको शिमोन्लाइ बोलाइ पठा जस्ले
तंलाइ कुरा बोलि दिंछ जुन् कुराले तं र तेरो सबै जहान् बचाईंछौ।
१५ अनि मं बोल्नु लाग्दा पवित्र आत्मा तिनिहरु माथि पर्‍यो थाल्निमां
१६ हांमिहरु माथि पर्‍ये झैं। अनि मैंले प्रभुको कुरा सम्झेंर उस्ले कसोगरि
भन्येको थियो यूहन्नाले ता पानीले बप्तिस्मा गर्‍यो तर तिमिहरु पवित्र
१७ आत्माले बप्तिस्मा हुंछौ। न ईश्वर्ले तिनिहरुलाइ येस्तो बर्दान् दियो
जस्तो हांमिहरुलाइ हांमिहरुले प्रभु येशू ख्रीष्ट माथि बिश्वास् गर्दाखेरि
१८ दियो त को थियें मं र ईश्वर्लाइ थुन्नु सक्थ्यें। अनि तिनिहरु यि कुरा
सुन्येर चाम्चुम् रह्ये अनि येसो भन्दै ईश्वर्को महिमा गर्‍ये तब ता
अन्यदेसीहरुलाइ पनि ईश्वर्ले जीउंनिको लागिको पश्चात्ताप् दियो।
१९ न स्तिफनुस्को बिषय्मां भयेको कष्टको कारण्ले छरपुष्ट पारीयेकाहरु
फैनीकिया र कुप्रुस् र अन्ताखिया सम्म तिस्क्ये अरु कसैलाइ होइन तर

२० खालि यहूदीहरुलाइ मांत्रै बचन् बोल्दै। तर तिनिहरुमांका कत्ति जना
कुप्रुस् र कुरेनेका मान्छेहरु थिये जो अन्ताखियामां आयेर यूनानीहरु सङ
२१ पनि बोल्नु लाग्ये प्रभु येशूको सुसमाचार् सुनाउंदै। अनि प्रभुको हात्
२२ तिनिहरु सङ थियो अनि बिश्वास् गर्ने धेरैवटा प्रभु तिर फर्क्ये। अनि
तिनिहरुको बिषय्को बखान् यरूसलम्मां भयेको मंडलीका कानमां पुग्यो अनि
२३ तिनिहरुले बर्णबाम्लाइ अन्ताखिया सम्म पठाइ दिये. जो आइ पुग्येर
ईश्वर्को अनुग्रह देखिकन रमायो अनि त्येस्ले तिनिहरु सबैलाइ हिर्दय्को
२४ संकल्पले प्रभु सङ मिलि रह भनि मनायो. किनभन्ये त्यो भलो मान्छे
अनि पवित्र आत्मा र बिश्वाम्ले भर्पूर् थियो. अनि निकै ठुलो धुइरो
२५ प्रभुमां बढ़ती भयो। अनि त्यो निक्ल्येर शाऊल्लाइ खोज्नुको लागि
२६ तर्समा गयो. अनि त्येस्लाइ पायेर अन्ताखियामां ल्यायो। अनि येसो
भयो तिनिहरु पूरो एक् बर्ष भरि सम्म पनि मंडली सङ भेला भइ रह्ये
अनि निकै ठुलो धुइरोलाइ सिकाइ सिकाइ रह्ये अनि शिक्षेहरु अन्ताखियामां
पहिले ख्रीष्टियान् भनीये॥

२७ अब यि दिन्मां कत्ति जना अगम्बक्ताहरु यरूसलम् बाटो अन्ताखियामां
२८ आये। अनि तिनिहरुमांको अगबुस् नांउ भयेको एक् जनाले उठेर सबै
संसार् भरि बड़ो अनिकाल् हुंनु आटेको छ भनि आत्माको बाटोले चिन्ने
२९ देखायो. जुन् अनिकाल् क्लौदियस्को पालामां भयो। अनि शिक्षेहरु
जनगेले आफ्नु आफ्नु सम्पत्ति भये अनुसार् यहूदियामां बस्ने भाईहरुको
३० सेवाको लागि अलि अलि पठाउंनुलाइ ठहराये. जो तिनिहरुले गर्ये पनि
आफ्नु दान् बर्णबास् र शाऊल्को हात् बाटो प्राचीन्हरु थांइ पठाइ
दिइकन॥

१२ १ अब ति ताक हेरोदेस् राजाले मंडलीमांका कत्ति जनालाइ थिचोमिचो
२ गर्नुलाइ आफ्ना हात् हाल्यो। अनि त्येस्ले यूहन्नाको दाज्यु याकूब्लाइ
३ तरवार्ले मंरायो। अनि त्यो यहूदीहरुलाइ जाति लाग्यो भनि देख्येर
४ पत्रुस्लाइ पनि समात्नुलाइ बढ़्यो। अनि ति दिन् अखमीरे रोटीका दिन्
थिये। अनि त्येस्ले त्येस्लाइ पक्र्येर त्येस्लाइ निस्तार् चाड् पछि लोग्को
सामु निकालि ल्याउंने मन् गरि झेल्खान्मां राख्यो त्येस्लाइ पहरामां चार्
५ तिलंगा हुंने चार् पहरामां सुम्पि दिइकन। येस्कारण् पत्रुस् झेल्खान्मां
रुङि राखीयो. तर त्येस्को बिषय्मां प्रार्थना मंडली देखि ईश्वर् सित
६ अघोर् गरि हुंद थियो। अनि जब हेरोदेस्ले त्येस्लाइ निकालि ल्याउंनु

आंटेव्रको थियो त त्येसै रात् पत्रुम् दुइ जना तिलंगाको बीच्मां दुवटा
माङ्लाले बान्धीयेको भइ सुत्द थियो. अनि पहरूहरुले दुवार्को अगाड़ि
७ झेल्खान्को रुङाई गर्द थिये। अनि हेर प्रभुको येउटा दूत् त्येस्को छेउ
उभीयो अनि येउटा ज्योति खोप्रामां चम्क्यो. अनि उस्ले पत्रुस्को
८ कोखामां हिर्कायेर त्येस्लाइ छिटो उठ् भन्दै उठायो। अनि त्येस्का
माङ्लाहरु त्येस्का हात् देखि फुस्कि खस्ये। अनि दूत्ले त्येस्लाइ भन्यो
कम्मर् बान्ध् अनि आफ्ना जुत्ता लगा। अनि त्येस्ले त्यसै गऱ्यो। अनि
९ उस्ले त्येस्लाइ भन्यो आफ्नु बस्त्र पहिऱ्येर मंलाइ पछ्या। अनि त्येस्ले
निक्ल्येर पछ्यायो अनि ज्ये दूत् देखि गरीद थियो त्यो सांच्चै हो भनि
१० जान्दैन थियो तर दर्शन् देख्द छु भनि ठान्द थियो। अनि उनिहरु
पहिलो र दोस्रो पहरा देखि निस्कि गयेर सहर्मां पठाउने चइं फलमे
ढोकामां आये जो उनिहरुको लागि आफै उघ्ऱ्यो. अनि उनिहरु निक्ल्येर
एक् गल्ली भरि अघि गये अनि तुरुन्तै दूत् त्यो थांइ देखि गइ गयो।
११ अनि पत्रुस्को चेत् आये पछि त्येस्ले भन्यो अब ता मं सांच्चिनै जान्द छु
प्रभुले आफ्नु दूत् पठाइ दियेर मंलाइ हेरोदेस्को हात् र यहूदीहरुको
१२ लागको सबै बाटोहेराई देखि निकाल्ये छ। अनि त्यो यो चाल् पायेर
मर्कुस् फल्नांउ हुने युहन्नाकी आंमा मरियम्को घर्मां आयो जहां धेरै
१३ जनाले जमा भइ प्रार्थना गर्द थिये। अनि त्येस्ले दलान्को दुवार्
१४ घच्घच्याउंदाखेरि येउटी रोदा नांउ भयेकी दासी सुन्नलाइ आई। अनि
पत्रुस्को शब्द चिन्येर त्येस्ले रमाहट्ले दलान् खोलीन तर भित्र दगुऱ्येर
१५ पत्रुस् दलान्को अगाड़ि उभीइ रह्येका छन् भन्न्ये समाचार् दिई। तिनि-
हरुले त्येस्लाइ भन्ये तं बौलाही होस्। तर त्येस्ले बल्लियो गरि भनी
१६ येसैनै हो। अनि तिनिहरुले भन्ये त्यो त्येस्को दूत् होला हो। तर
पत्रुस्ले घच्घच्याइ रह्यो. अनि तिनिहरु खोल्येर त्येस्लाइ देखिकन सुर्छा
१७ पऱ्ये। तर त्येस्ले तिनिहरुलाइ हात्ले चुप् रहने सान् गऱ्येर तिनिहरुलाइ
प्रभुले मंलाइ कसोगरि झेल्खान् देखि बाइर ल्यायो भनि बखान् गऱ्यो।
अनि त्येस्ले भन्यो यि कुराको समाचार् याकूब् र भाईहरुलाइ देव अनि त्यो
१८ निक्ल्येर अर्को ठांउमा गयो। अब जसै दिन् भयो तब तिलंगाहरुमां
१९ पत्रुस् क्ये भयो तब भन्न्ये घब्राई थोरै ता भयेन। अनि हेरोदेस्ले
त्येस्लाइ खोज्येर न पाउदा पहरूहरुलाइ खार्खेर् गऱ्येर तिनिहरुलाइ
काल्को लागि लैजांनु अह्रायो। अनि त्यो यहूदिया देखि उत्रि गयेर
कैसरियामां रह्यो ॥

२० अब त्यो सूर् र सीदोन्काहरु देखि हात् मिमामिम् सम्म रिसायेको
थियो. अनि तिनिहरुले एक् मन्का भइ त्यो थांइ आयेर राजाको
ओछ्यानें कोठाको मालिक् बलस्तुस्लाइ मनायेर मिलाप् मांग्ये किनभन्ये
२१ राजाको देस् देखि तिनिहरुको देस्को पलाई हुंद थियो। अनि येउटा
खटाईयेको दिन्मां हेरोदेस्ले राजाबलि पोशाक् लायेर राज्बैठक्मां
२२ बसि तिनिहरुलाइ पर्जासम्बन्धी येउटा अलंकार् बाक्ये उचारि दियो। अनि
२३ पर्जालोग् यो देव्ताको बोली हो मान्छेको होइन भनि कराइ उठ्य। अनि
प्रभुको येउटा दूत्ले त्येस्लाइ तुरुन्तै हिर्कायो त्येस्ले स्तुति ईश्वर्लाइ न
दियेकोमां. अनि त्येस्ले औंसाले खाईयेको भइ सास् छोड्यो ॥
२४ तर ईश्वर्को बचन् बढ्दै बढ्दै गई फिंजीयो ॥
२५ अनि बर्णबास् र शाऊल् त्यो सेवा पूरो गर्येर यरूसलम् देखि मर्कुस्
फूल्नांउ हुंने यूहन्नालाइ साथ लियेर फर्कि आये ॥

१३ १ अब अन्तांखियामां भयेको मडलीमां कत्ति जना अगम्बक्ता र शिक्षा
दिंनेहरु थिये अर्थात् बर्णबास् र नीगर् भनीनें शिमोन् र कुरेनेको लुकियुस्
२ र चौथाईको मालिक् हेरोदेस्को दुद्भाई मनयेन् र शाऊल्। अनि तिनि-
हरुले प्रभुको सेवा गर्दा र उपास् बस्दाखेरि पवित्र आत्माले भन्यो मेरो
लागि बर्णबास् र शाऊलचांइलाइ त्येस् काम्को लागि छुट्ट्याव जुन् काम्को
३ लागि मैंले तिनलाइ बोलायें। तब तिनिहरुले उपास् र प्रार्थना गर्येर
तिनिहरु मांथि हात् राखि तिनिहरुलाइ बिदा गरि दिये ॥
४ त तिनिहरु पवित्र आत्माले पठाईइ सिलूकियामां उत्रि गये अनि त्यहां
५ बाटो कुप्रस्मां नाउमां पाल्ले हेलि गये। अनि तिनिहरुले सालमिस्मां
हुंदा यहूदीहरुका सभाघर्मां ईश्वर्को बचन्को सुसमाचार् सुनाये. अनि
६ तिनिहरुका यूहन्ना चाकरे थियो। अनि तिनिहरुले सिंगै टापू हुंदो पाफुस्
सम्म निस्कयेर बार्येशू नांउ भयेको एक् जना जैसि र झूठो अगम्बक्ता
७ हुंने यहूदीलाइ भेटेय जो टापूको सुबिदार् सर्गियुस् पउलुस् सङ थियो जो
बुद्धिमान् मान्छे थियो। येस्ले बर्णबास् र शाऊल्लाइ छेउ बोलायेर
८ ईश्वर्को बचन् सुन्नु खोज्यो। तर इलुमास् जैसिले (किनभन्ये त्येस्को
नांउको अर्थ येइ हो) सुबिदार्लाइ बिश्वास् देखि भर्माउंनु खोजिकन
९ तिनिहरु सङ लड्यो। तर शाऊल्ले जो पाऊल् पनि भनींद छ पवित्र
१० आत्माले भरीयेर त्येस्लाइ डिठ् लाइ हेरि भन्यो ए सबै छल् र सबै
छुल्येईले भर्पूर् भयेको ए शैतान्को सन्तान् ए सबै धर्म्मको सत्तुर् क्ये

११ तं प्रभुका मोजा बाटाहरु उल्टाइ दिंनु देखि थामींदैनस्। अनि अब हेर्
प्रभुको हात् तं मांथि छ अनि तं कति समय् सम्म सूर्ज न देख्ने गरि
अन्धा हुंछस्। अनि तुरन्तै येउटा तिरिमिरि र अंधकार त्येस् मांथि पर्‍यो
अनि त्येस्ले येता उति डुलि त्येस्को हात् समाति डोर्‍याउंनेहरुलाइ खोज्नु
१२ लाग्यो। तब सुबिदार्ले ज्ये भयेको थियो त्यो देखिकन प्रभुको सिकाई
देखि मुर्छा परि बिश्वास् गर्‍यो॥

१३ अब पाऊल् र त्येस्का साथीहरु पाफुस् देखि नाउ फर्कायेर पम्फूलियाको
पर्गामां आये. अनि यूहन्ना चइं तिनिहरु देखि छुट्टीयेर यरूसल्म्मां फर्कि
१४ गयो। तर तिनिहरु चइं पर्गा देखि छिरि गयेर पिसिदियाको अन्ताखियामां
१५ आइ पुग्ये अनि बिश्रामको दिन्मां सभाघर्मां गयेर बस्ये। अनि ब्यवस्था र
अगम्बक्ताहरुका पोस्तक्को पराई भये पछि सभाघर्का मूल्हरुले तिनिहरुलाइ
भनि पठाये हे भाईहरु हो आफुहरुकां लोगको लागि क्येइ उपदेस्को बचन् छ
१६ भन्ये देखि भन्नु हवस्। त पाऊल्ले उभीयेर हात्ले सान् गरि भन्यो

१७ हे इस्राएलीहरु र ईश्वर् देखि डराउंनेहरु हो सुन्नु हवस्। येस् लोग्
इस्राएल्को ईश्वर्ले हांम्रा पित्रहरुलाइ छान्यो अनि लोग्लाइ मिस्र देस्मांको
पर्देसीहुवाईमां अल्ग्यायो अनि अल्गो बांहाले तिनिहरुलाइ त्यो देखि
१८ निकालि ल्यायो। अनि उस्ले बन्मां बर्ष चालीस् एक् भरि तिनिहरुको
१९ सहदै रह्यो। अनि उस्ले कनान् देस्मां सात् लोग्हरुलाइ भत्कायेर
तिनको देस् तिनिहरुको अधिकार्मां बांडि दियो चार् सै र पचास् एक् बर्ष
२० सम्म. अनि उस्ले यि कुरा पछि तिनिहरुलाइ शमूएल् अगम्बक्ता सम्म
२१ बिचारीहरु दियो। वहांदेखि तिनिहरुले राजा मांग्ये. अनि ईश्वर्ले
तिनिहरुलाइ बिन्यामीन्को कुल्को एक् जना मान्छे कीशको छोरो शाऊल्
२२ दियो चालीस् बर्ष सम्म। अनि उस्ले त्येस्लाइ छोडायेर राजाको लागि
तिनिहरुलाइ दाऊद् उभ्याइ दियो जस्को लागि उस्ले सैले यस्सीको छोरो
दाऊद्लाइ आफ्नु हिर्दय् अनुसार्को येउटा मान्छे पायें जस्ले मेरा सबै इच्छे
२३ गर्छ भनि साक्षी पनि दियो। येसैको बंश देखि ईश्वर्ले करहार् अनुसार्
२४ इस्राएल्लाइ येउटा मुक्तिदाता अर्थात् येशू ल्याइ दियो जब यूहन्नाले
उ आइ हाल्नु भन्दा पहिले इस्राएल्का सबै लोग्लाइ पश्चात्तापको
२५ बप्तिस्माको प्रचार् गर्‍येको थियो। अनि जब यूहन्नाले आफ्नु होड् पूरो
गर्द थियो तब त्येस्ले भन्यो तिमिहरुले क्ये ठान्द छौ मं को हुं होला।
मं उइ हुइंन। तर हेर मेरो पछि येउटा आउंद छ जस्का गोड़ाका जुत्ता

२६ मं फुकाल्ने माफिक्को छुइंन। हे भाईहरु अब्राहाम्को कुल्का सन्तान्हरु
हो अनि तिमिहरुमांका ईश्वर् देखि डगउंनेहरु हो हांमिहरुलाइ येस्
२७ मुक्तिको बचन् पठाइ दिईयेको छ। किनभन्ये यरूसलम्का बासीहरु र
तिनका मालिक्हरुले न उस्लाइ अनि न अगम्बक्ताहरुका बिश्राम्को दिनै
पिच्छे परीने शब्दलाइ थाहा पाइकन उस्लाइ दण्डको आज्ञा दिइ ति शब्द
२८ पूरा गऱ्ये। अनि तिनिहरुले मृत्यु माफिक्को क्येइ कारण् न पाइकन
२९ पनि पिलातुस् सित उ मांरीओस् भनि मांग्ये। अनि जसै तिनिहरुले उस्को
बिषय्मां लेखीयेका सबै थोक् गरि सक्ये तब उस्लाइ काठ् देखि ओह्राल्येर
३० चिहान्मां राख्ये। तर ईश्वर्ले उस्लाइ मुर्दाहरु देखि बौगाइ उठायो.
३१ अनि उ धेरै दिन् सम्म उ सङ गालील् बाटो यरूसलम्मां चढ़ि आयेका-
३२ हरुकां देखाहा परि रह्यो जुन्हरु अब लोगमां उस्का साक्षी छन्। अनि
हांमिहरु तिमिहरुलाइ पित्रहरुलाइ गरि दिईयेको करहार्को सुसमाचार्
३३ सुनाउंद छौं ईश्वर्ले येशूलाइ बौगाइ उठाइकन हांम्रा सन्तान्हरुको
लागि त्येइ पूरो गऱ्येको छ भन्ये जसोगरि दोस्रो गीत्मां लेखीयेको पनि छ
३४ तं मेरो पुत्र होस् आज् मैंलेनै तंलाइ जन्मायेको छु। अनि उस्ले उस्लाइ
उ कुहाईमां कैल्येइ फर्कि न जांने गरि बौगाइ उठायो भन्न्ये बिषय्मां उस्ले
येसो कह्येको छ मं तिमिहरुलाइ दाऊद्का पवित्र र बिश्वास्योग्य अनुग्रह
३५ दान् दिंछु। किनभन्ये अरु येउटा गीत्मां पनि उस्ले भन्द छ तपांइले
३६ आफ्नु भक्त जन्लाइ कुहाई देख्नु दिंनु हुन्न। कसोगरिभन्ये दाऊद्ले ता
आफ्नु निज् पुस्तामां ईश्वर्को मन्को चाकर् गऱ्ये पछि सुति गयेर आफ्ना
३७ पित्रहरु सङ राखीयेर कुहाई देख्यो. तर जस्लाइ ईश्वर्ले बौगाइ उठायो
३८ उस्ले क्येइ कुहाई देख्येन। त तिमिहरुलाइ थाहा हवस् हे भाईहरु हो
३९ येसैको बाटोले पाप्मोचन्को समाचार् तिमिहरुलाइ सुनाईद छ. अनि येसैले
बिश्वास् गर्ने जनंगे सबै कुरा देखि धर्म्मी ठहराईद छ जुन् कुरा देखि मूसाको
४० ब्यवस्थाले तिमिहरु धर्म्मी ठहराईनु सक्यौन। येस्कारण् चंख रह र अगम्-
बक्ताहरुका पोस्तक्मां कहीयेको त्यो तिमिहरु मांथि आइ न लागोस् अर्थात्
४१ हेरिकन हे तुच्छ ठान्नेहरु हो उदेक् मान्येर बिलीइ जाव किनभन्ये मैं
तिमिहरुका दिनमां येउटा काम् गर्द छु
जुन् काम् तिमिहरुले कुनै परिले पत्याउंदौन कसैले तिमिहरुलाइ पूरो
बखान् गरि दियो भन्ये पनि
भन्ये॥

४२ अनि तिनिहरु निक्‌लि जांदाखेरि तिनिहरुले यि कुरा हांमिहरुलाइ
४३ येस्‌ आउंदो बिश्राम्‌को दिन्‌मां बोलीउन्‌ भन्ये बिन्ति गऱ्ये। अब सभाघर्‌
देखिको फुकाई भये पछि यहूदीहरु र यहूदीमत्‌ मान्ने भक्तहरुमांका धेरै
जनाले पाऊल्‌ र बर्णबाम्‌लाइ पछ्याये. जस्ले तिनिहरु सित बोलिकन
तिनिहरुलाइ ईश्वर्‌को अनुग्रहमां भइ रह भनि मनाये ॥
४४ *अनि आउंदो बिश्राम्‌को दिन्‌मां ईश्वर्‌को बचन्‌ सुन्नुलाइ झन्दै सिंगै*
४५ *सहर्‌ भेला* भयो। तर यहूदीहरुचइंले धुइराहरुलाइ देखिकन इष्‌ले
भरीयेर पाऊल्‌ देखि बोलीयेका कुराको बिरुद्धमां बात्‌ गर्नु लाग्ये निन्दा
४६ गर्दै गर्दै। अनि पाऊल्‌ र बर्णबाम्‌ले खोलिकन बात्‌ गरि भन्ये ईश्वर्‌को
बचन्‌ पहिले तिमिहरुचइंलाइ बोलींनु खांचो थियो। तिमिहरुले त्यो टारि
दियौ अनि आफुलाइ अजम्मरे जीउंनिको अयोग्य बिचार्द छौ त येस्कारण्‌
४७ हेर हांमिहरु अन्यदेसीहरु तिर फर्कंद छौं। किनभन्ये येसै गरिकन प्रभुले
हांमिहरुलाइ

मैंले तंलाइ अन्यदेसीहरुको ज्योतिको लागि ठहराये
र तं पृथिवीको छेउ सम्म मुक्तिको लागि हो

४८ भनि आज्ञा गऱ्येको छ। अनि अन्यदेसीहरु चइं यो सुनिकन रमाउंनु र
ईश्वर्‌को बचन्‌को महिमा गर्नु लाग्ये. अनि जत्ति जना अजम्मरे जीउंनिको
४९ लागि खटाईयेका थिये तिनले बिश्वास्‌ गऱ्ये। अनि प्रभुको बचन्‌ सिंगै
५० देस्‌ भरि लगीयो। तर यहूदीहरुचइंले कुलवन्ती चइं भक्तनी स्त्रीहरुलाइ
र सहर्‌का मूल्‌हरुलाइ सुऱ्याइकन पाऊल्‌ र बर्णबाम्‌ मांथि उपद्रेई उचाल्येर
५१ तिनलाइ आफ्‌ना सिमाना देखि बाहिर आफालि दिये। तर तिनिहरु चइं
आफ्‌ना गोड़ाको धूलो तिनिहरु मांथि टक्‌टक्याइ दियेर इकुनियुम्‌मां आये।
५२ अनि शिक्षेहरु रमाहट्‌ र पवित्र आत्माले भरीये ॥

१४ १ अनि इकुनियुम्‌मां येसो भयो तिनिहरु यहूदीहरुको सभाघर्‌मां सङ्
सङै पस्येर येस्तोगरि बोल्ये यहूदीहरुको पनि अनि यूनानीहरुको पनि
२ येउटा ठूलो धुइरोले बिश्वास्‌ गऱ्यो। तर न मान्ने चइं यहूदीहरुले
अन्यदेसीहरुका प्राण्‌ उचाल्येर भाईहरुको बिरुद्धमां थिचोमिचो गर्ने गराये।
३ येस्कारण्‌ तिनिहरु त्यहां धेरै दिन्‌ रह्ये प्रभुको बिषय्‌मां खोलिकन बात्‌
गर्दै जस्ले चिंनु र उदेक्‌का काम्‌ तिनिहरुका हात्‌को बाटोले हुंनुलाइ
४ दिइकन आफ्‌नु अनुग्रह्‌को बचन्‌को लागि साक्षी दिंद थियो। तर सहर्‌को
धुइरोमां फटाई भयो अनि कत्ति चइं यहूदीहरु सङ कत्ति चइं प्रेरित्‌हरु सङ

५ लाग्ये। अनि जसै अन्यदेसीहरुको पनि अनि यहूदीहरुको पनि तिनका
मालिक्हरु समेत्को दुगुरादुगुर् हुंनु लाग्यो तिनिहरुलाइ बल्मिचेईं गर्नु र
६ लोहोर्न्याउंनुको लागि तब तिनिहरु यो चाल् पायेर लुकाओनियाका
७ सहर्हरुमां अर्थात् लुस्त्रा र दर्बी र छेउछाउको देस्मां भागि गये अनि
त्यहां सुसमाचार् सुनाउंदै रह्ये ॥
८ *अनि लुस्त्रामां आफ्नी आंमाको गर्भै देखि खोरंडे भयेको गोड़ाको*
अशक्त एक् जना मान्छे बसि रह्येको थियो जो कैलेइ हिंड्येको थियेन।
९ येस्ले पाऊल्लाइ बोल्दै गर्‍येको सुन्यो. जस्ले त्येस्लाइ डिठ्लाइ हेरि
१० येस्लाइ बचाईने बिश्वास् रछ भनि देख्येर बड़ो शब्दले भन्यो आफ्ना
११ गोड़ामां सोजो उभी। अनि त्यो कुदि उभीयेर हिंड्नु लाग्यो। अनि
धुइराहरुले पाऊल्ले ज्ये गर्‍येको थियो त्यो देख्येर लुकाओनियाको भाषामां
येसो भन्दै शब्द उचाल्ये देव्हरु मान्छेरूप्मां हांमिहरु थांइ उत्रि आये छन्।
१२ अनि तिनिहरुले बर्णबासको नांउ जूपितर् राख्ये अनि पाऊल्को मर्करियुस्
१३ किनभन्ये यो चइं बोल्नुमां मूल् थियो। अनि सहर्को अगाड़ि मन्दिर्
भयेको जूपितर्को पूजाहारीले गोरुहरु र फूल्का माला दलान्मां ल्यायेर
१४ धुइराहरु समेत्ले बलि गर्ने इच्छे गर्‍यो। तर बर्णबास् र पाऊल् प्रेरित्-
हरुले यो सुन्येर आफ्ना वस्त्र फार्‍येर धुइरोमां कराइकन येसो भन्दै फाल्
१५ हान्दै गये हे चरण्हरु हो क्ये गर्नु हुंद छ। हांमिहरु पनि आफुहरु
जस्तै दुख्सुख्भोगी मान्छेइ हौं अनि आफुहरुलाइ यि नाहक्का थोक् देखि
जीउंदो ईश्वर् तिर फर्कनु भन्न्ये सुसमाचार् सुनाउंद छौं जुन् ईश्वर्ले
१६ स्वर्ग र पृथिवी र समुन्द्र र तिनमां भयेका सबै थोक् बनायो जस्ले
बिति गयेका पुस्तहरुमां सबै अन्यदेसीहरुलाइ आफ्नु आफ्नु बाटोमां हिंड्नु
१७ दियो। तै पनि उस्ले आफुलाइ बिना साक्षी छोड़्येन कसोगरिभन्ये भलो
गर्‍यो अनि अकाश् देखि आफुहरुलाइ बर्षा र फलवन्त ऋतुहरु दिइकन
१८ आफुहरुका हिर्दय्मां खुराक् र आनन्द भरि दियो। अनि यि कुरा
भनिकन तिनिहरुले कठिन् सङ धुइराहरुलाइ तिनिहरुको सांमु बलि गर्नु
देखि थमाये।
१९ तर कत्ति जना यहूदीहरु अन्ताखिया र इकुनियुम् देखि आइ लाग्ये
अनि धुइराहरुलाइ मनाइकन पाऊल्लाइ लोहोर्न्यायेर त्यो मर्‍यो भनि
२० ठानिकन सहर् देखि बाइर घिस्याइ लग्ये। तर शिक्षेहरु त्येस्लाइ घेरि
उभींदामां त्यो उठ्येर सहर्मां पस्यो. अनि भोलि पल्टो बर्णबास् सङ त्यो

२१ निक्ल्येर दर्बीमां गयो। अनि तिनिहरु त्येसै सहर्लाइ सुसमाचार् सुनाइ
घेरैलाइ शिक्षे तुल्यायेर लुस्त्रामां अनि इकुनियुम्मां अनि अन्ताखियामां फर्कि
२२ गये शिक्षेहरुका प्राण् स्थिर् गराउंदै अनि तिनिहरुलाइ बिश्वास्मां भइ
रह अनि घेरै कष्टहरुको बाटोले हांमिहरु ईश्वर्को राज्मां पस्नु खांचो छ
२३ भनि मनाउंदै। अनि तिनिहरुले तिनिहरुको लागि गोटै पिच्छे मण्डलीमां
प्राचीन्हरु ठहराइ दियेर उपास् सङ प्रार्थना गर्‍येर तिनिहरुलाइ
प्रभुको जिम्मामां जो मांथि तिनले बिश्वास् गर्‍येका थिये सुम्पि राख्ये।
२४ २५ अनि तिनिहरु पिसिदिया बाटो छिर्‍येर पम्फूलियामां आये। अनि तिनिहरु
२६ पर्गामां बचन् बोल्येर आतालियामां उत्रि गये अनि तिनिहरु त्यहां
बाटो अन्ताखियामां नांउमां पाल्ले हेलि गये जहां देखि तिनिहरु त्येस्
काम्को लागि जो तिनिहरुले पूरा गर्‍येका थिये ईश्वर्को अनुग्रह्मां सुम्पी-
२७ येका थिये। अनि तिनिहरुले आइ पुग्येर अनि मण्डलीलाइ भेला गरायेर
ईश्वर्ले हांमिहरु सङ कत्ति काम् गर्‍यो अनि अन्यदेसीहरुको लागि
२८ बिश्वास्को दुवार् खोलि दिये भन्ये समाचार् कहि दिये। अनि तिनिहरु
शिक्षेहरु सङ थोरै दिन् मांत्रै रह्येनन्॥

१५ १ अनि कत्तिले यहूदिया देखि उत्रि आयेर भाईहरुलाइ तिमिहरु मूसाको
रीत् अनुसार् खत्ना भयौन भन्ये त बचाईनु सक्दौन भनि सिकाउनु
२ लाग्ये। अनि पाऊल् र बर्णबास्को तिनिहरु सित कलह् र खोज्खाज्
थोरै भयेको थियेन तब भाईहरुले पाऊल् र बर्णबास् र आफैहरुमांका अरु
कत्ति जनालाइ येस् खोज्खाज्को बिषय्मां यरूसलम्मां प्रेरित्हरु र
३ प्राचीन्हरु थांइ चढ़ि जांनुको लागि खटाये। त तिनिहरु मण्डली देखि
अलिक् पर सम्म पुर्‍याईयेर अन्यदेसीहरुको फर्काईको पूरो बखान् गरि
हिंड्दै फैनीकिया बाटो पनि अनि सामरिया बाटो पनि छिरि गये. अनि
४ तिनिहरुले सबै भाईहरुलाइ बड़ो रमाहट् गराइ दिये। अनि तिनिहरु
यरूसलम्मां आइ पुग्येर मण्डली र प्रेरित्हरु र प्राचीन्हरु देखि ग्रहण
गरीये अनि ईश्वर्ले तिनिहरु सङ गर्‍येका सबै काम्को समाचार् कहि
५ दिये। तर फरीसीहरुको पन्थ देखिका बिश्वास् गर्नेहरु कत्ति जना येसो
भन्दै उभीये खांचो छ तिनिहरुलाइ खत्ना गर्नु अनि तिनिहरुलाइ मूसाको
ब्यवस्था मान्ने आज्ञा दिंनु।
६ अनि प्रेरित्हरु र प्राचीन्हरु येस् कुरोको बिषय्मां हेर्नुको लागि भेला
७ भये। अनि घेरै खोज्खाज् भयेको थियो तब पत्रुस्ले उभीयेर तिनि-
हरुलाइ भन्यो

हे भाईहरु हो आफुहरुले उइले देखि ईश्वर्ले आफुहरुको मांझ देखि
छान्यो मेरो मुख्को बाटोले अन्यदेसीहरुले सुसमाचार्को बचन् सुनुन् अनि
८ बिश्वास् गरुन् भनि थाहा पाउंनु हुंद छ। अनि हिर्दय्को जानापा
ईश्वर्ले तिनिहरुलाइ पनि हांमिहरुलाइ झैं पवित्र आत्मा दिइकन तिनिहरुको
९ लागि साक्षी दियो अनि उस्ले तिनिहरुका हिर्दय् बिश्वास्ले शुद्ध पारि
१० हांमिहरुको अनि तिनिहरुको बीच्मां क्येइ भेद् मान्येन। त अब किन
ईश्वर्को परीक्षा गर्नु हुंद छ शिक्षेहरुको कांध् मांथि जूवा हाल्नुलाइ जुन्
११ जूवा न हांम्रा पित्रहरुले न हांमिहरुले बोक्नु सक्यूं। तर हांमिहरु प्रभु
येशूको अनुग्रह्को बाटोले बचाईछौं भनि पत्याउंद छौं जुन् रीत्ले तिनिहरुइ
पनि बचाईद छन् ॥

१२ अनि सबै धुइरो चुप् रह्यो अनि तिनिहरुले बर्णबास् र पाऊल्लाइ
ईश्वर्ले हांमिहरुको बाटोले अन्यदेसीहरुमां कत्ति चिंनु र उदेक्का काम्
१३ गर्‍यो भन्ये बखान् गर्दै गर्‍येका सुन्द थिये। अनि तिनिहरु चइ चुप्
लाग्ये पछि याकूब्ले येसो भन्दै उत्तर् दियो

१४ हे भाईहरु हो मेरो सुन्नु हवस् शिमियोन्ले ईश्वर्ले कसोगरिकन
पहिले अन्यदेसीहरुको हेर्चाहा गर्‍यो तिनिहरु देखि आफ्नु नांउको लागि
१५ येउटा लोग् लिंनुलाइ भन्ये बखान् गर्‍यो। अनि यो सङ ता अगम्वक्ता-
हरुका बचन् मिल्द छन् जसो लेखीयेको छ

१६ यि कुरा पछि मं फर्कि आउंछु
अनि दाऊद्को भत्क्येको डेरा फेरि बनाउंछु
अनि त्येस्का भत्काईयेका मार्दाम् मं फेरि बनाउंछु
अनि त्यो फेरि उभ्याउंछु.

१७ र मान्छेहरुका रह्येकाहरुले प्रभुलाइ खोजुन्
अनि सबै अन्यदेसीहरुले जो जो मांथि मेरो नांउ राखीयेको छ.

१८ यि कुरा जगत् थाल्ये देखि जाहर् गर्ने त्यइ प्रभुले भन्द छ।

१९ येस्कारण् मं चइं बिचार्द छु अन्यदेसीहरुमांका ईश्वर् तिर फर्कि
२० आउंनेहरुलाइ क्लेश् गगइ न दिऊं तर तिनिहरुलाइ यिनै कुरा पठाइ
दिऊं तिनिहरु मूर्त्तिहरुका जुठा देखि अनि ब्यभिचार् र सबै गला अंठ्याइ
२१ मांरीयेको र रगत् देखि अलग् रहुन् भन्ये। किनभन्ये तादिका पुस्ता
देखिनै सहरै पिच्छे मूसाका प्रचार्ने भइ आयेका छन् कसोगरिभन्ये त्यो
सभाघर्हरुमां सबै बिश्रामको दिन् दिन्मां परींद छ ॥

२२ तब प्रेरित्हरु र प्राचीन्हरुलाइ सिंगै मण्डली समेत्लाइ जाति लाग्यो
आफैमांका कत्ति जना मान्छेहरुलाइ छान्येर तिनलाइ पाऊल् र बर्णबास्
सङ अन्तारिवयामां पठाउंनु अर्थात् बर्साबास् भनीने यहूदा र सीलास्लाइ
२३ जो भाईहरुमां मूल्हरु थिये. अनि तिनिहरुले तिनको हात्मां यो लेखि
पठाये अन्तारिवया र सुरिया र किलिकियाका अन्यदेसीहरु देखि भयेका
२४ भाईहरुलाइ प्रेरित् र प्राचीन् भाईहरुको सलाम्. हांमिहरुले हांमिहरु
देखि कत्ति जनाले जस्लाइ हांमिहरुले आज्ञा दियेका थियूंन निक्लि गयेर
आफुहरुलाइ आफुहरुका प्राण् बिगार्दै कुराले घब्राइ दिये अरे भनि
२५ सुन्यूं येस्कारण् हांमिहरुले एक् मन्का भइ गयेर जाति ठान्यूं मान्छे-
हरुलाइ छान्येर तिनलाइ आफुहरु थांइ आफ्ना प्रिय बर्णबास् र पाऊल्
२६ सङ पठाउंनु जो येस्ता मान्छेहरु छन् तिनिहरुले आफ्ना प्राण् हांमि-
हरुको प्रभु येशू ख्रीष्टको नांउको लागि जोखिम्मां हाल्येका छन्।
२७ त हांमिहरुले यहूदा र सील्लास्लाइ पठायेका छौं जस्ले आफै पनि तिनै
२८ कुरा मुखैले कहि दिंछन्। किनभन्ये पवित्र आत्मालाइ अनि हांमिहरुलाइ
जाति लाग्यो आफुहरु मांथि यि ग्वांचा ग्वांचा कुरा बाहिक् बेसि कयेइ भारा
२९ न लगाउंनु अर्थात् आफुहरु मूर्त्तिका पर्सात् र रगत् र गला अंठ्याइ
मांरीयेका र व्यभिचार् देखि अलग् रहंनु हवस् भन्ये जुन् कुरा देखि
आफुलाइ जोगाइ राख्नु भयो भन्ये देखि त बेस् गर्नु हुंछ। आगे
शुभम्म् ॥

३० त तिनिहरु बिदा भयेर अन्तारिवयामां उत्रि आये अनि सभालाइ
३१ भेला गरायेर चिट्ठी दिये। अनि तिनिहरु त्यो पऱ्येर त्येस्मां भयेको
३२ शान्तिले रमाये। अनि यहूदा र सीलास्ले आफै पनि अगमबक्ता भइ
३३ भाईहरुलाइ धेरै बचन्ले मनायेर स्थिर् गराये। अनि तिनिहरु कत्ति
दिन् काटेर भाईहरु देखि आफ्ना पठाउंने थांइ कुशल् सङ बिदा गरि
३५ पठाईये। तर पाऊल् र बर्णबास् अन्तारिवयामां रह्ये धेरै अरुहरु सङ
प्रभुको बचन् सिकाउंदै र सुनाउंदै ॥

३६ अनि कत्ति दिन् पछि पाऊल्ले बर्णबास्लाइ भन्यो लु जुन् जुन्
सहर्मां प्रभुको बचन्को समाचार् सुनायूं ति गोटै पिच्छमां फर्कि गयेर
३७ भाईहरुको हेर्चाहा गरूं ति कस्ता कस्ता राछन्। अनि बर्णबास्ले मर्कुस्
३८ भनीने यूहन्नालाइ पनि साथ लिंने मन् गऱ्यो। तर पाऊल्ले त्येस्
पम्फूलिया देखि तिनिहरु देखि छुट्टींने र काम्मां तिनिहरुको साथ न

३९ लाग्नेलाइ साथ् लिंनु माफिक्को ठान्येन। अनि यहां सम्म सारो टंटा
भयो निनिहरु एका अर्का देखि छुट्टीयेर बर्णबास् चइं मर्कुस्लाइ साथ्
४० लियेर कुप्रुस्मां पाल्ले हेलि गयो तर पाऊल्ले सीलास्लाइ छान्येर
४१ भाईहरु देखि प्रभुको अनुग्रहमां सुम्पीइकन निक्लि गयो। अनि त्यो
मण्डलीहरुलाइ स्थिर् गराउंदै गराउंदै सुरिया र किलिकिया हुंदो डुल्दै
गयो ॥

१६ १ अनि त्यो दर्बी र लुस्त्रामां पनि आइ पुग्यो अनि हेर त्यहां तिमोथिउस्
नांउ भयेको येउटा शिक्षे थियो जो बिश्वासिनी यहूदिनीको छोरो थियो
२ तर त्येस्को बाबु चइं यूनानी थियो। त्यो लुस्त्रा र इकुनियुम्का भाई-
३ हरुमां भलाद्मी भनींद थियो। यो मं सङ्ग जावस् भन्न्ये पाऊल्ले इच्छे
गर्‍यो अनि त्येस्लाइ लियेर ति ठांउमां हुंने यहूदीहरुको कारणले खत्ना
४ गर्‍यो किनभन्न्ये सबैले त्येस्को बाबु यूनानी थियो भनि जान्द थिये। अनि
तिनिहरुले सहर् सहर्को बाटो बाड़ो जांदै गर्दामां तिनलाइ यरूसलम्का
प्रेरित् र प्राचीन्हरु देखि बिचारि ठहराईयेका ति बिधि सुम्पि दिये तिनको
५ जगेरा गरुन् भनि। येस्कारण् मण्डलीहरु बिश्वास्मां दर्बीला र दिनहूं
गन्तिमां बेसि बेसि हुंदै गये।

६ अनि तिनिहरु पवित्र आत्मा देखि आशियामां बचन् बोल्नु देखि
७ थनीयेर फ्रूगिया र गलातिया देस् बाटो छिरि गये अनि तिनिहरुले
मुसिया निर आयेर बिथुनियामां जांने खोज्बाज् गर्‍ये अनि येशूको आत्माले
८ तिनलाइ जांनु दियेन अनि तिनिहरु मुसियाको बाटो बाड़ो त्रोआस्मां
९ उत्रि आये। अनि राति पाऊल्लाइ येउटा दर्शन् भयो क्ये भन्न्ये उभीयेर त्यो
सित बिन्ति गरि येसो भन्न मकदूनियाको येउटा मान्छे येता तारि मकदूनियामां
१० हांमिहरुको उपकार्मां आउंनु हवस् भन्न्ये। अनि जसै त्येस्ले यो दर्शन् देख्यो
त हांमिहरुले ईश्वरले हांमिहरुलाइ तिनिहरुलाइ सुसमाचार् सुनाउंनुको
लागि बोलाये छ भनि थाहा लिइ तुरुन्तै मकदूनियामां जांनु खोज्यूं ॥

११ येस्कारण् हांमिहरु त्रोआस् देखि नांउ फर्कायेर सामोत्राकीमां सोजो
१२ खेवा लिइ आयूं अनि भोलि पल्टो नियापुलिस्मां अनि त्यहां देखि
फिलिपीमां जो मकदूनियाको येउटा सहर् हो अर्थात् त्येस् अंशको पहिलो
१३ चइं अनि येउटा रोमी बस्ति हो. अनि हांमिहरु येस् सहर्मां कत्ति दिन्
रह्यूं। अनि बिश्रामको दिन्मां हांमिहरु ढोका देखि बाइर येउटा नदी
पट्टि निक्लि गयूं जहां प्रार्थनाको ठांउ होला भनि ठान्द थियूं अनि बस्येर

१४ त्यहां जमीयेकी स्त्रीहरु सित बोल्नु लाग्यूं। अनि लुदिया नांउ भयेकी
बैंगुने रंगका बस्त्र बेच्ने थुआतीरा सहर्की येउटी स्त्रीले जो ईश्वर्को
भक्ति गर्ने थिई सुन्द थिई. जस्को हिर्दय् प्रभुले खोलि दियो पाऊल्
१५ देखि बोलीयेका कुरा मानोस् भन्येर। अनि जसै त्यो र त्येस्को जहान्
बप्तिस्मा भयो तब त्येस्ले येसो भन्दै बिन्ति गरी आफुहरुले मंलाइ प्रभुकी
बिश्वासिनी हो भनि बिचार्नु हुंद छ भन्ये देखि मेरो घर्मां पस्येर तिहीं
रहनु हवस्। अनि त्येस्ले हांमिहरुलाइ बलैले रहनु लाई॥
१६ अनि येसो भयो हांमिहरु प्रार्थनाको ठांउमां जांदाखेरि येउटी झक्रेनी
दासी हांमिहरु सङ भेट् भई जस्ले झक्रेनी काम् गरि गरिकन आफ्ना
१७ ठाकुर्हरुको लागि धेरै कमाई ल्याइ दिंथी। त्यो पाऊल् र हांमिहरुलाइ
पछ्याइ येसो भन्दै कराई यि मान्छेहरु परम् ईश्वर्का दास्हरु हुन् जस्ले
तिमिहरुलाइ मुक्तिको बाटोको समाचार् सुनाउंद छन्। अनि त्येस्ले यो
१८ धेरै दिन् सम्म गर्दै रही। तर पाऊल्ले अघोर् कष्टित् भइ फर्क्येर
त्येस् आत्मालाइ भन्यो मं येशू ख्रीष्टको नांउले तंलाइ त्येस् देखि निक्लने
आज्ञा दिंद छु। अनि त्यो त्येसै घरी निक्ल्यो॥
१९ तर त्येस्का ठाकुर्हरुले हांम्रो कमाईको आस्रा निक्लि गयो भनि
देख्येर पाऊल् र सीलास्लाइ समात्येर चोक्मां मालिक्हरुका सांम् तान्दै
२० लग्ये अनि तिनिहरुलाइ मूल्बिचारीहरु थांइ ल्यायेर भन्ये यि मान्छे-
२१ हरुले यहूदी भइ हांम्रो सहर्लाइ अघोर् घब्राइ दिंद छन् अनि येस्ता
रीत् सिकाउंद छन् जुन् रीत् ग्रहण् गर्नु कि मान्नु हांमि रोमीहरुलाइ
२२ उचित् छैन। अनि धुइरो मिलिकन तिनिहरु माथि आइ लाग्यो. अनि
मूल्बिचारीहरुले तिनिहरुका लुगा फार्दै काडि दियेर लउराले हिर्काउंनु
२३ अह्राये। अनि तिनले तिनिहरुलाइ धेरै चोट् लगाइ दियेर झेल्खान्मां
हालि दिये झेल्खाने सुबिदार्लाइ तिनिहरुलाइ दरीलेई सङ रुङ्ने आज्ञा
२४ दिइकन. जस्ले येस्तो आज्ञा पायेर तिनिहरुलाइ भित्रै चइं झेल्खान्मां हालि
२५ दियो अनि तिनिहरुका गोडा काठ्मां ठोकि दियो। तर आधा रात्
पुंड़ो पाऊल् र सीलास्ले प्रार्थना गर्दै ईश्वर्का भजन् गाउंद थिये अनि
२६ बन्धुवाहरुले तिनका सुन्द थिये अनि एक्कासि येस्तो ठुलो भूइंचाल्
भयो झेल्खान्का जग् हल्लीये. अनि तुरन्तै सबै दुवार् उघ्रीये अनि
२७ सबैका बन्धन् फुस्क्ये। अनि झेल्खाने सुबिदार्ले जगाईयेर झेल्खान्का
दुवार् उघ्रीयेका देख्येर बन्धुवाहरु निक्लि भाग्ये भनि ठानिकन आफ्नु

२८ तग्वार् झिक्येर आफुलाइ मार्नु आंट्द थियो। तर पाऊल् बड़ो शब्दले
येसो भन्दै करायो आफ्नु क्येइ हानि न गर्न् किनभन्ये हांमिहरु सबै जना
२९ यहां छौं। अनि त्यो उजियालो मंगायेर फाल् हान्दै भित्र गयो अनि
३० कांम्दै कांम्दै पाऊल् र मीलास्का चरण् पऱ्यो अनि तिनिहरुलाइ
बाइर ल्यायेर भन्यो हे प्रभुहरु हो बचाईनुको लागि मैंले क्ये गर्न् खांचो
३१ छ। तिनिहरुले भन्ये प्रभु येशू मांथि बिश्वास् गर्नु त बचाईछौ आफु र
३२ आफुको जहान्। अनि तिनिहरुले त्येस्लाइ त्येस्को घर्मां भयेका सबै
३३ समेन्लाइ प्रभुको बचन् बोलि दिये। अनि त्येस्ले तिनिहरुलाइ राति
त्येत्तिनैखेर लग्येर तिनका घाउ धोइधाइ गऱ्यो अनि तुरन्तै बप्तिस्मा भयो
३४ त्यो आफैं र त्येस्का सबै लाग्। अनि त्येस्ले तिनिहरुलाइ आफ्नु घर्मां
चढाइ लग्येर तिनिहरुको सांमु भोजन् राखि दियो अनि सबै जहान् समेत्
हर्षित् भयो किनभन्ये ईश्वर् मांथि बिश्वास् गर्न्येको थियो ॥
३५ तर जसै दिन् भयो तब मूल्बिचारीहरुले लउरेप्यादाहरुलाइ येसो
३६ भनि पठाये ति मान्छेहरुलाइ छोड़ि देउ। अनि झेल्खाने मुखियारले
पाऊल्लाइ ति बचन् कहि सुनायो मूल्बिचारीहरुले आफुहरुलाइ छोड़ि दिनु
३७ भनि पठाये छन् त अब निक्ल्येर कुशल् सित जांनु हवस्। तर पाऊलले
तिनिहरुलाइ भन्यो तिनिहरुले हांमि रोमी मान्छेहरुलाइ बिना बिधि
अन्सार् दण्डको लागि ठहराइकन दस्पंचको सांमु पीटेर झेल्खान्मां
हाल्ये अनि अब चइं क्ये चुपै लागिकन हांमिहरुलाइ निकालि दिंद छन्
हुंदै हुंदैन तर तिनिहरु आफैंले आयेर हांमिलाइ निकालि लैजाउन्।
३८ अनि लउरेप्यादाहरुले यि कुरा मूल्बिचारीहरुलाइ कहि सुनाये. अनि
३९ तिनिहरु ति रोमीहरु गछन् भनि सुन्येर डराये अनि आयेर ति सित
बिन्ति गऱ्ये अनि तिनलाइ निकालि लग्येर सहर् बाटो जाइ जाउन् भनि
४० मांग्ये। अनि ति झेल्खान् देखि निक्ल्येर लुदिया थांइ भित्र गये. अनि
तिनले भाईहरुलाइ देख्येर शान्त गराये अनि निग्क्येर गइ गये ॥

१७ १ अब तिनिहरु अम्फिपुलिस् र अपुल्लोनियाको बाटो बाटो गयेर
२ थिसलोनीकीमां आये जहां यहूदीहरुको येउटा सभाघर् थियो. अनि पाऊल्
आफ्नु रीत अन्सार् तिनिहरु थांइ भित्र गयो अनि तीन् बिश्रामका दिन्
३ सम्म धर्म्मशास्त्र देखि बिबाद् गऱ्यो अर्थ खोलिकन अनि यो भनि
दिइकन खांचो थियो ख्रीष्टले दुख भोग्नु अनि मुर्दाहरु देखि बौरि उठ्नु
अनि ख्रीष्ट येइ येशू हो जस्को समाचार् मं तिनिहरुलाइ सुनाउंद छु

४ भनिकन। अनि तिनिहरुमांका कति कति मनाईये अनि पाऊल् र सीलास्
सङ मिसीये अनि भक्ति गर्ने यूनानीहरुको ठूलो धुइरो अनि मूल् मूल्
५ स्त्रीहरुमांकी थोरैवटी होइन। तर यहूदीहरुचइंले इष् गरि अनि बजारे-
हरुमांका कत्ति दुष्ट मान्छेहरुलाइ सङ लगि अनि गट्टा बांधि सहर्मां
खैलाबैला मचाये अनि यासोन्को घर् मांथि आइ लाग्येर तिनिहरुलाइ
६ लोगको लागि निकालि ल्याउंनु खोज्ये। अनि तिनिहरुलाइ न पायेर
तिनिहरुले यासोनैलाइ अनि कत्ति भाईहरुलाइ येसो भनि कराउंदै सहर्का
मालिक्हरुको सांमु घिस्याउंदै ल्याये यि संसार्लाइ वल्ट्यांपल्ट्यां पार्नेहरु
७ येता पनि आये छन् जस्लाइ यासोन्ले पाहुना पाल्ये छ अनि यि
सबैले कैसर्का बिधिको बिरोध् गर्द छन् अर्को राजा छ अर्थात् येशू
८ भन्दै। अनि तिनिहरुले धुइरो र सहर्का मालिक्हरुलाइ यि कुरा
९ सुनायेर घब्राइ दिये। अनि तिनिहरुले यासोन् र ति अरुहरु सित
जमानत् लियेर तिनलाइ छोड़ि दिये॥

१० अनि भाईहरुले तुरन्तै पाऊल् र सीलास्लाइ रातिनै बरीयामां पठाइ
११ दिये. जो त्यहां पुग्येर यहूदीहरुको सभाघर्मां गये। अब यि चइं ता
थिसलोनीकिहरुमांका भन्दा जाति थिये कसोरगरिभन्ये मन्को पूरो तियारी
सङ वचन् ग्रहण् गर्‍ये दिनहूं धर्म्मशास्त्र खार्दै यि कुरा येसै हुन् कि होइनन्
१२ भनिकन। त तिनिहरुमांका धेरैले बिश्वास् गर्‍ये अनि कुलवन्ती चइं
१३ यूनानी स्त्रीहरुमांकी अनि पुरुष्हरुमांका थोरै जनाले होइन। तर जसै
थिसलोनीकीका यहूदीहरुले ईश्वर्को वचन्को समाचार् पाऊल् देखि
बरीयामां पनि सुनाईद छ भनि थाहा पाये तब तिहीं पनि धुइराहरुलाइ
१४ हल्लाउंदै र घब्राइ दिंदै आये। अनि तब भाईहरुले तुरन्तै पाऊल्लाइ
त्यो समुन्द्र सम्म जाबस् भनि पठाइ दिये. अनि सीलास् र तिमोथियुस्
१५ चइं तिहीं अड़ीइ रह्ये। तर पाऊल्लाइ पुर्‍याउंनेहरुले त्येस्लाइ अथेनी
सम्म ल्याये. अनि सीलास् र तिमोथियुस्को लागि तिनिहरु सकदोभरि
छिटो त्यो थांइ आइ हाल्नुन् भन्ये आज्ञा पायेर हिंड़ि गये।

१६ अब पाऊल्ले अथेनीमां तिनको बाटो हेरि रहंदामां सहर् मूर्त्तिहरुले
१७ भरीयेको देख्दाखेरि त्येस्को आत्मा त्येस्मौं खिजीइ उठ्यो। त त्येस्ले
सभाघर्मां यहूदीहरु र भक्ति गर्नेहरु सङ अनि चोक्मां दिनहूं भेट् हुंनेहरु
१८ सङ बिवाद् गर्द थियो। अनि इपिकूरी र स्तोइकी भनींने ज्ञानीमुनिहरु-
मांका कत्ति जनाले पनि त्यो सङ बिवादजझाई गर्‍ये। अनि कत्तिले

येस् बक्बकेले क्ये भन्ने इच्छे गर्द छ भन्ये अरु कत्तिले त्यो पराय् देव्हरुको
बिषय् सिकाउंने जस्तो लाग्द छ भन्ये. किनभन्ये त्येस्ले येशूको अनि
१९ बौरिउठाईको सुसमाचार् सुनाउंद थियो। अनि तिनिहरुले त्येस्लाइ
समात्येर अरैयुपगुम्मां येसो भन्दै लग्ये यो तिमि देखि बोलीयेको यो नया
२० सिकाई क्या हो भनि क्ये हांमिहरु जान्न सक्द छौं। किनभन्ये तिमिले
पराय्का कत्ति कुरा हांमिहरुका कानमां ल्याउंद छौ. त हांमिहरु यिनको
२१ क्ये अर्थ हो भनि जान्ने मन् गर्द छौं। (अब सबै अथेनेहरु र त्यहां
प्रबास् गर्ने पर्देसीहरुले अरु क्येइमां होइन खालि कोई नया कुरो कि ता
२२ भन्नु कि ता सुन्नुमां मांत्रै आफ्नु समय् काट्द थिये)। अनि पाऊल्ले
अरैयुपगुम्को बीच्मां उभीयेर भन्यो

हे अथेनेहरु हो मं आफुहरुलाइ सब् बिषयमां अग्घोर् गरि देव् मान्ने
२३ देख्द छु। कसोगरिभन्ये डुल्दै डुल्दै अनि आफुहरुका भक्ति गर्नु पर्ने थोक्
हेर्दै मैले येस्तो थान् पनि जस्मां न जानीयेको देव्को लागि भनि खोपीयेको
रछ भेटायें। त ज्येको भक्ति आफुहरुले न जानिकन गर्नु हुंद छ येसैको
२४ बिषयमां मं आफुहरुलाइ सिकाउंद छु। संसार् र त्येस्मां भयेका सबै
थोक् बनाउंने चइं ईश्वरले स्वर्ग र पृथिवीको प्रभु भइ हात्ले बनायेका
२५ पवित्रबासमां बास् गर्दैन अनि न मान्छेहात् देखि सेवा लिंद छ क्येइ
थोक्को घटी भये झैं किनभन्ये उ आफैले सबैलाइ जीवन् र सास् र सबै
२६ थोक् दिंद छ अनि उस्ले तिनका खटाईयेका बेला र बास्का सिमाना
ठहरायेर एक् देखि मान्छेहरुको सबै लोग्लाइ सिंगै पृथिवीको मुख् मांथि
२७ बास् गर्नुको लागि बनायो तिनले ईश्वरलाइ खोजुन् कोनि कतै उस्लाइ
छाम्येर भेटाउंनन् भनि उ हांमिहरुमांको जनंग देखि टाढ़ो छैन र पनि
२८ कसोगरिभन्ये हांमिहरु उसैमां जीउंद छौं अनि चलहल गर्द छौं अनि छंदै
छौं जसो आफुहरुका कत्ति कबिहरुले पनि कह्येका छन् कसोगरिभन्ये
२९ हांमिहरु उस्का सन्तान् पनि हौं भनिकन। त ईश्वरका सन्तान् भइकन
हांमिहरुले ईश्वरजात् मान्छेको सिप् र गुनाईले खोप्येको सुन् कि चांदी
३० कि ढुंगो जस्तो छ भनि ठान्नु पर्दैन। त अजान्का समय् देखि ईश्वरले
आनेकाने गर्‍यो तर अब ता सबै मान्छेहरुलाइ सबै ठांउ पश्चात्ताप् गर्ने
३१ आज्ञा दिंद छ. कसोगरिभन्ये एक् दिन् खटायेको छ जस्मां आफुले
ठहरायेको आफ्नु मान्छेको बाटोले धर्म्म सङ संसार्को बिचार् गर्छ अनि
उस्ले उस्लाइ मुर्दाहरु देखि बौराइ उठायेकोले येस् कुराको बिश्वास्
सबैलाइ गरायेको छ॥

३२ अब तिनिहरुले मुर्दाहरुको बौरिउठाई सुन्येर कत्तिले ता हंसेउलि गर्‍ये
३३ तर अरुहरुले भन्ये फेरि पनि येस्को बिषय्मां तिम्रो सुन्छौं। येसोरि
३४ पाऊल् तिनिहरुको बीच् देखि निक्लि गयो। तर कत्ति जना मान्छेहरुले
त्यो सित साथ् लाग्येर बिश्वास् गर्‍ये. जस्मां दियुनूसियुस् अरैयुपगे पनि
थियो अनि दमरिस् नांउ भयेकी येउटी स्त्री अनि तिनिहरु सङ अरुहरु ॥

१८ १ यि कुरा पछि त्यो अथेनी छोड्रेर कुरिन्थुस्मां आयो अनि
त्येस्ले अकूला नांउ भयेको एक् जना यहूदीलाइ भेटायो जो कुल् भन्ये
पुन्तुस्को थियो अनि क्लौदियुस्ले सबै यहूदीहरुचइंले रोम् छोड्नु भन्न्ये
आज्ञा दियेको कारण्ले आफ्नी स्वास्नी प्रिस्किला सङ इतलिया बाटो
३ आयेको अलिक् दिन् भयेको थियो. अनि त्यो तिनिहरु थांइ गयो अनि
उस्तै कारिगरिको हुंनाले तिनिहरुकां रह्यो अनि तिन्ले मिलिकन काम्
४ गर्द थिये कसोगरिभन्ये ति कारिगरिमां पाल् बनाउंनेहरु थिये। अनि
त्येस्ले बिश्रामको दिनै पिच्छे सभाघर्मां बिबाद् गर्द थियो अनि यहूदी-
हरुलाइ अनि यूनानीहरुलाइ मनाउंनु खोज्द थियो ॥

५ तर जसै मीलाम् र तिमोथियुस् मकदूनिया बाटो उत्रि आये तब
पाऊल् बचन्ले सकस्मां पारींनु लाग्यो यहूदीहरुलाइ ख्रीष्ट येशूनै हो
६ भन्न्ये साक्षी दिंदै। अनि तिनिहरुले बिरोध्गराई र निन्दा गर्दा त्येस्ले
आफ्नु वस्त्र टक्टक्यायेर तिनिहरुलाइ भन्यो तिमिहरुको लोहू तिमिहरुकै
सिर् मांथि परोस् मं चइं चोखो छु. अब देखि ता अन्यदेसीहरुमां जांछु।
७ अनि त्यो त्यहां बाटो सरि गयेर ईश्वर्को भक्ति गर्ने तीतुस् युस्तुस् नांउ
भयेको एक् जनाको घर्मां आयो जस्को घर् सभाघर् सङ छोईयेको थियो।
८ अनि सभाघर्को मूल् क्रिस्पुस्ले आफ्नु सबै जहान् सङ प्रभुको बिश्वास्
गर्‍यो अनि कुरिन्थीहरुमांका धेरै जना सुनिकन बिश्वास् गर्‍येर बप्तिस्मा
९ हुंदै गये। अनि प्रभुले राति दर्शन्को बाटोले पाऊल्लाइ भन्यो न डरा
१० तर बोल्दै जा अनि चुप् न रह. किनभन्ये तं सङ मैं छु अनि तंलाइ
थिचोमिचो गर्नुलाइ कोई तं मांथि आइ लाग्दैन. किनभन्ये येस् सहर्मां
११ मेरा धेरै लोग् छन्। त त्यो एक् बर्ष र छ महीना त्यहां बस्यो ईश्वर्को
बचन् तिनमां सिकाउंदै सिकाउंदै ॥

१२ तर गल्लियो अखायाको सुबिदार् हुंदा यहूदीहरुले एक् मन्का भइ
पाऊल् मांथि आइ लाग्येर त्येस्लाइ नियाको बैठक्को सांमु येसो भन्दै
१३ ल्याये येस्ले मान्छेहरुलाइ ब्यवस्था देखि कर्किकन ईश्वर्को भक्ति

१४ गर्नुलाइ फर्काउंद छ। तर पाऊल्ले आफ्नु मुख् खोल्नु आंट्दा गल्लियोले
यहूदीहरुलाइ भन्यो यो क्येइ अन्न्ये कि दुष्ट छुल्येईको कुरो हुंदो हो ता हे
१५ यहूदीहरु हो मं तिमिहरुलाइ सहंने थियें. तर बचन् र नांउहरु र तिमि-
हरुको निज् ब्यवस्थाको बिषय्को खोज्खाज्का कुरा छन् भन्ये देखि त
तिमिहरु आफैले जान मं चइं ता यि कुराको बिचारी हुंने मन् गर्दीन।
१६ अनि त्येस्ले तिनिहरुलाइ नियाको बैठक्को सांमु बाटो धपाइ दियो।
१७ अनि तिनिहरु सबैले सभाघर्को मूल् सोस्थिनेस्लाइ समात्येर नियाको
बैठक्को सांमु पीटेर। अनि गल्लियोले यि कुरामांको क्येइको धन्दा
मान्येन ॥

१८ अनि पाऊल् अरु पनि धेरै दिन् त्यहां रह्येर भाईहरु देखि बिदा
भयेर पाल्ले हेलि किंक्रियामां आफ्नु केस् मुंडायेर किनभन्ये भाकल्
गर्न्येको थियो सुरियामां गयो अनि प्रिस्किला र अकूला त्यो सङ थिये।
१९ अनि नि इफिसुस्मां आइ पुग्ये अनि त्येस्ले तिनिहरुलाइ त्यहां छोड़ि
राख्यो. तर त्यो आफैचइंले सभाघर्मां पस्येर यहूदीहरु सङ बिबाद्
२० गर्‍यो। अनि तिनिहरुले अरु बेसि दिन् रहोस् भनि मांग्दा त्येस्ले मान्येन
२१ तर ईश्वर्ले इच्छे गर्‍यो भन्ये देखि तिमिहरु थांइ फेरि फर्कि आउंछु भनि
२२ तिनिहरु देखि नाउ फर्कायेर गयो। अनि त्यो कैसरियामां उत्रिकन चढ़ि
२३ गइ मंडलीलाइ सलाम् गर्न्येर अन्ताखियामां उत्रि गयो। अनि त्यो त्यहां
कत्ति दिन् काटेर निक्ल्यो अनि गलातिया र फ्रूगिया देस् हुंदो मेलो
मार्दै गयो सबै शिक्षेहरुलाइ स्थिर् गर्दै गर्दै ॥

२४ अब अपुल्लुस् नांउ भयेको एक् जना सुबचने यहूदी जो कुल् भन्ये
सिकन्दरियाको थियो इफिसुस्मां आइ पुग्यो अनि त्यो धर्म्मशास्त्रहरुमां
२५ शक्तिमान् थियो। येस्ले प्रभुको बाटो सिक्येको थियो अनि आत्मामां
बल्येको भइ येशूको बिषय्का कुरा ठीक् ठीक् बोल्द र सिकाउंद थियो
२६ तर खालि यूहन्नाको बप्तिस्मा मांत्रै थाहा पायेको थियो. अनि येस्ले
सभाघर्मां खोलिकन बात् गर्नु थाल्यो। तर प्रिस्किला र अकूलाले त्येस्को
सुन्येर त्येस्लाइ आफ्नु छेउ लग्येर ईश्वर्को बाटोको अर्थ त्येस्को लागि
२७ अरु ठीक् गरिकन फुकाइ दिये। अनि त्येस्ले पारि अखायामां जांने मन्
गर्दा भाईहरुले त्येस्लाइ सूरो गराइ शिक्षेहरुलाइ लेख्ये त्येस्लाइ ग्रहण् गरुन्
भनिकन. अनि त्येस्ले गइ पुग्येर अनुग्रहको बाटोले बिश्वास् गर्नेहरुको धेर्
२८ गोहार् गर्‍यो. कसोगरिभन्ये त्येस्ले धर्म्मशास्त्रको बाटोले ख्रीष्ट येशूनै हो

भनि देखाइकन अग्घोर् बल्लियो गरि यहूदीहरुलाइ सरासर् निरुत्तर् गऱ्यो
अं दस्पंचको सांमु गरायो ॥
१९ १ अनि अपुल्लुस् कुरिन्थुम्मां हुंदा येसो भयो पाऊल् ऊंभल्ला जिल्ला
बाटो छिन्येर इफिसुस्मां आयो अनि कत्ति जना शिक्षेहरुलाइ भेटायो.
२ अनि त्येस्ले तिनलाइ भन्यो क्ये पवित्र आत्मा पायौ जब बिश्वास् गऱ्यौ।
अनि तिनले त्येस्लाइ भन्ये अहं क्ये पवित्र आत्मा दिईछ र हांमिहरुले ता
३ सुन्येकै पनि छौंन। त्येस्ले भन्यो त क्येमां बप्तिस्मा भयौ। अनि तिनले
४ भन्ये यूहन्नाको बप्तिस्मामां। अनि पाऊल्ले भन्यो यूहन्नाले लोगलाइ
येसो भन्दै पश्चात्ताप्चइंको बप्तिस्माले बप्तिस्मा गऱ्यो तिमिहरुले मेरो
५ पछि आउंने मांथि अर्थात् येशू मांथि बिश्वास् गर। अनि यो सुन्येर
६ तिनिहरु प्रभु येशूको नांउमां बप्तिस्मा भये। अनि पाऊल्ले आफ्ना हात्
तिनिहरु मांथि राख्यो त पवित्र आत्मा तिनिहरु मांथि आयो अनि ति
७ भाषा भाषामां बोल्नु अनि अगम्बचन् कहंनु लाग्ये। अनि ति सबै जना
बारह् एक् थिये ॥
८ अनि त्येस्ले तीन् महीना सम्म सभाघर्मां पसि पसिकन खोलिकन बात्
गर्दै रह्यो ईश्वर्को राज्का कुराको बिषय्मां बिवाद् गरि मनाउंदै।
९ तर जसै कत्तिले धुइरोको मुखेंजि येस् पन्थको बिषय्मां कुबचन् गर्दै कठोर्
भइ मान्येनन् तब त्येस्ले तिनिहरुलाइ छोड्यार शिक्षेहरुलाइ छुट्ट्यायो
१० तुरान्नुस्को पाठ्शाल्लामां दिनहुं बिवाद् गर्दै। अनि यो दुइ बर्ष भरि भइ
रह्यो यहां सम्म भइ रह्यो आशियामां बास् गर्नेहरु सबैले यहूदीहरुले पनि
११ अनि यूनानीहरुले पनि प्रभुको बचन् सुन्ये। अनि ईश्वर्ले पाऊल्का
१२ हात्को बाटोले अनपाम्का आश्चर्य्येकर्म्म गऱ्यो। यहां सम्म गऱ्यो रुमाल्
कि पटुका त्येस्को जीउमां छुवाईयेर दुख्येकाहरुकां लगीथ्ये अनि तिनिहरुका
१३ रोग् तिनिहरु देखि छुटि जांथ्ये अनि दुष्ट आत्मा निस्कि जांथ्ये। तर
येना उति डुल्दै झार्झूर् फूक्फाक् गर्ने कत्ति जना यहूदीहरुले पनि ति दुष्ट
आत्मा लाग्येकाहरु मांथि येसो भन्दै भन्दै प्रभु येशूको नांउ लिंनुलाइ हात्
लगाये पाऊल्ले प्रचाऱ्येको येशूको किरिया मं तिमिहरुलाइ दिंद छु।
१४ अनि स्केवा भनींने एक् जना यहूदी मूल्पूजाहारीका सात् भाई छोराहरु
१५ थिये जस्ले येसो गर्द थिये। अनि दुष्ट आत्माले तिनिहरुलाइ उत्तर् दिइ
भन्यो येशूलाइ मं चिन्द छु अनि पाऊल्लाइ मं थाहा पाउंद छु तर तिमिहरु
१६ चइं को हौ। अनि त्यो दुष्ट आत्मा लाग्येको त्येस् मान्छेले ति मांथि

कुदि आयेर ति दुवैलाइ आफ्नु ताबिमां ल्यायेर तिनिहरु मांथि येस्तो गरि
जिताहा भयो तिनिहरु नांगै अनि घायल् भइ त्येस् घर् देखि निस्कि
१७ भाग्ये। अनि यो कुरो इफिसुस्मां बस्ने सबै यहूदीहरुलाइ पनि अनि
यूनानीहरुलाइ पनि थाहा भयो अनि डर् तिनिहरु मांथि पऱ्यो अनि प्रभु
१८ येशूको नांउको बड़ाई गरीयो। विश्वाम् गर्नेहरुमांका पनि धेरै जना
आये काएल् हुंदै अनि आफ्ना आफ्ना कार्ज्येको बखान् कहि दिंदै।
१९ अनि जन्तर् मन्तर् खेलाउंनेहरुमांका निकै धेरैले आफ्ना आफ्ना पोस्तक्हरु
जमायेर सबैको मुखेंजि डड़ाइ दिये. अनि तिनिहरुले तिनका दाम् जोऱ्येर
२० पचाम् हजार् रुपियाको हिसाप् भेटाये। येमोगरि सामर्थ सङ प्रभुको
बचन् बढ़्दै गयो अनि जिताहा भयो॥

२१ अब जसै यि कुरा पुरा भये तब पाऊल्ले यरूसलम्मां मकदूनिया र
अखाया बाटो छिऱ्येर जांनुलाइ येसो भन्दै आत्मामां ठहराइ राख्यो मं
२२ त्यहां गये पछि मैंले रोम्लाइ पनि हेर्नु पऱ्येको छ। अनि त्येस्को सेवा
गर्नेहरुमांका दुइ जना अर्थात् तिमोथियुम् र इरास्तुस्लाइ मकदूनियामां
पठायेर त्यो आफै चइं आशियामां कत्ति दिन् रहि गयो।

२३ अनि त्येम् ममम् पुंड़ो त्येस् पन्थको बिषय्मां घब्राई थोरै ता भयेन।
२४ कसोगरिभन्ये देमेत्रियुम् नांउ भयेको एक् जना सुनार्ले दिआनाका चांदीका
मन्दिर् बनाउंदै कारिगर्हरुको लागि कमाई थोरै ता ल्याउंदैन थियो
२५ जस्लाइ अनि त्येस्तै काम् गर्ने अरुहरुलाइ त्येस्ले जमायेर भन्यो हे चरण्हरु
हो आफुहरुले येइ कर्खना देखि हांमिहरुको सम्पत्ति हुंद छ भनि थाहा
२६ पाउंनु हुंद छ। अनि आफुहरुले देख्नु र सुन्नु हुंद छ खालि इफिसुस्का
मांत्रै होइन तर झन्दै सिंगै आशियाका धेरै लोगलाइ येम् पाऊल्ले येसो
२७ भन्दै मनायेर फर्काइ दियो हात्ले बनाईनेहरु चइं ईश्वर् होइनन्. अनि
जोखिम् छ खालि हांम्रो यो लगनि अमान्मां पर्ला भन्न्ये मांत्रै होइन तर
बड़ी देवी दिआनाको मन्दिर् क्येइ पनि गनींदैन पनि अनि जस्को सिंगै
आशियाले अनि संसार्ले भक्ति गर्द छ त्यो आफ्नु महातम् देखि ओह्रालीयेली
२८ भन्न्ये पनि। अनि यो सुन्येर तिनिहरु रिस्ले भरीयेर इफिसीहरुकी
२९ दिआना महा भन्दै कराउंनु लाग्ये। अनि खल्याङ्मल्याङ्ले सहरै
भरीयो. अनि तिनिहरु पाऊल्का सङ हिंन्ने साथी गायुस् र अरिस्तार्खुस्-
लाइ जो मकदूनी थिये गांजि समात्येर एक् मन्का भइ रमिते ठांउमां
३० मिल्कींदै दुगऱ्ये। अनि पाऊल्ले लोगको बीच्मां पस्ने मन् गर्दा शिक्षे-

३१ हरुले त्येस्लाइ पस्नु दियेनन्। अनि आशियाका मालिक्हरुमांका कत्तिले
पनि पाऊल्का मित्र भइ त्यो थांइ पठायेर रमिते घर्मां पकरा न पर्नु हवस्
३२ भनि बिन्ति गऱ्ये। त कोई क्ये कोई क्ये भन्दै कराउंथ्ये. कमोगरिभन्ये
सभामां खल्याङ्मल्याङ् भयेको थियो अनि धेर्जमा लोगले क्ये कारण्मां
३३ जमीयूं भनि जान्दैन थिये। अनि तिनिहरुले सिकन्दर्लाइ धुइरोको मांझ
देखि अघिल् तिर ल्याये यहूदीहरुले त्येस्लाइ अघिल् तिर लगाइ दिंदा।
३४ अनि सिकन्दर्ले हात्ले सान् गऱ्येर लोगलाइ उत्तर् दिने इच्छे गर्द थियो।
तर तिनिहरुले यो यहूदी हो रह्छ भनि थाहा पायेर सबै जना एकै सोर्ले
इफिसीहरुकी दिआना महा भन्दै भन्दै दुइ घरीको अड्कल् सम्म कराइ
३५ रह्ये। अनि सहर्को लेटर्ले धुइरोलाइ सत्थर् गरायेर भन्यो हे इफिसीहरु
हो इफिसीहरुको सहर् महा दिआनाको अनि जुपिनर्कांटो खस्येको मूर्त्तिको
३६ मन्दिर्पाल् हो भनि मान्छेहरुमांको कस्ले थाहा पाउदैन। त जब यि
कुराको बिरोध् हुंनु सक्दैन त उचित् छ तिमिहरु सत्थर् भइ रहंनु अनि
३७ उताउलेई सङ्ग क्येइ न गर्नु। किनभन्ये तिमिहरुले यि मान्छेहरुलाइ
३८ ल्याइ गर्छौ जो न मन्दिर् हर्ने न हांम्री देवीका निन्दा गर्ने हुन्। त
देमेत्रियुस् र त्यो सङ्ग हुंने कारिगर्हरुको कसैको बिरुद्धमां क्येइ कुरो छ
भन्ये देखि कचहरी खोला छ अनि मुद्दिदार्हरु छन्. तिनले आपस्तमां
३९ फिराद् गरुन्। तर तिमिहरुले अरु कुराको बिषयमां क्येइ खोज्द छौ
४० भन्ये देखि त त्येस्को अर्थ ऐने सभामां खोलीछ। किनभन्ये अं हांमिहरु
आजुको कल्हको बिषयमां घाति हुंने जोखिम्मां छौं कमोगरिभन्ये त्येस्को
क्येइ कारण् छैन. अनि त्येस्को बिषयमां हांमिहरु यो धुइरो लागयेकोको
४१ लेखा दिंनु सक्दौंन। अनि येसो भन्येर त्येस्ले सभालाइ बिदा
गऱ्यो ॥

२० १ अनि त्यो खैलाबैला थामीये पछि पाऊल्ले शिक्षेहरुलाइ बोलाइ
पठायेर उपदेस् दिइ सलाम् भन्येर मकदूनिया जांनुको लागि निक्लि गयो।
२ अनि तिनै जिल्ला बाटो छिरि गइ तिनिहरुलाइ धेरै बचन्को उपदेस् दियेर
३ त्यो यूनान्मां आयो। अनि त्यो त्यहां तीन् महीना काटेर सुरियामां
जांनुको लागि नाउ फर्काउनु आंटेको थियो त त्येस् मांथि यहूदीहरुको पट्टि
बाटो कुमंत्र भयो येस्कारण् त्येस्ले मकदूनियाको बाटो बाट्टो फर्कि जांनुलाइ
४ ठहरायो। अनि बरीयाको पुर्रुस्को छोरो सोपतर् अनि थिसल्लोनीके-
हरुमांका अरिस्तार्खुस् र सिकुन्दुस् अनि दर्बीको गायस् अनि तिमोथियुस

अनि आशियाको तुखिकुस् र त्रोफिमुस् आशिया सम्म त्येस्को साथ लाग्ये ।
५ तर यिनले अगाड़ि पुग्येर त्रोआस्मां हांमिहरुको बाटो हेरि रह्ये ।
६ अनि हांमिहरु चइं अखमीरे रोटीको चाड़्का दिन् पछि फिलीपी देखि
पाल्ले हेल्येर पांच् दिन्मां तिनिहरु थांइ त्रोआस्मां आयूं जहां हांमिहरु
सात् दिन् रह्यूं ॥

७ अनि माताको पहिलो दिन् हांमिहरु रोटी भांच्नुलाइ भेला हुंदा
पाऊल्ले तिनिहरु सङ बात् मांर्द थियो मं भोलि पल्टो निक्लि जांछु
८ भनिकन अनि त्येस्ले आफ्नु बचन् आधा रात् सम्म लम्याइ रह्यो । अनि
हांमिहरु भेला भयेको माथिल्लो तलाको कोठामां निकै धेर् बत्ती बलि
९ रह्येका थिये । अनि अग्घोर्का निंद्राले झुलि रह्येको यूतुखुस् नांउ भयेको
येउटा तन्हेरि झ्याल्मां बस्द थियो अनि पाऊल्ले अझै बेसि बात् मांरि
रहदा त्यो आफ्नु निद्रा देखि झुल्याईयेर तीस्रो तला देखि तल खस्यो अनि
१० मर्येको उठाईयो । अनि पाऊल्ले ओह्लि गयेर त्येम् मांथि घोप्टो परि
पस्रीयेर अङ्गालो मांरि भन्यो खैलाबैला न मचाव किनभन्ये त्येस्को प्राण्
११ त्येस्मां छ । अनि मांथि चढ़ि गयेर अनि रोटी भांचि खायेर अनि निकै
धेर् बेला सम्म अं बिहान् सम्म बात्चीत् गर्येर त्यो निक्लि गयो ।
१२ अनि तिनिहरुले त्येम् केटोलाइ जीयेकै ल्याये अनि निकै धेर् शान्त
गराईये ॥

१३ तर हांमिहरु अघिउंड़ै नाउमां चढ़्येर नाउ अस्सुस् तिर फर्कायूं तिहीं
पाऊल्लाइ चढ़ाइ लिंछौं भनिकन किनभन्ये त्येस्ले येस्तै खटन् गर्येको
१४ थियो मं आफु चइं पाखा पाखै जांछु भनिकन । अनि जसै त्येस्ले अस्सुस्मां
हांमिहरुलाइ भेट्यो तब हांमिहरु त्येस्लाइ चढ़ाइ लियेर मितुलेनेमां आयूं ।
१५ अनि त्यहां बाटो पाल्ले हेलि गयेर हांमिहरु भोलि पल्टो खीयुस्का सांमु
आइ पुग्यूं अनि पर्सि पल्टो सामुस्मां उत्र्यूं अनि त्येस्को भोलि पल्टो
१६ मिलेतुस्मां आयूं । किनभन्ये पाऊल्ले इफिसुस् देखि नर्कि पाल्ले हेलि जांन्-
लाइ बिचार्येको थियो त्येस्लाइ आशियामां बियांलो न हवस् भन्येर किनभन्ये
त्यो छिटो गरि जांद थियो त्यो देखि हुनु सक्यो भन्ये देखि पंतिकुस्त्को
दिन् सम्ममां यरूसलम्मां हुंनुलाइ ।

१७ अनि त्येस्ले मिलेतुस् बाटो इफिसुस्मां पठायेर मंडलीका प्राचीन्हरुलाइ
१८ बोलायो । अनि जसै तिनिहरु त्यो थांइ आइ पुग्ये तब त्येस्ले तिनि-
हरुलाइ भन्यो

तिमिहरुले थाहा पाउंद छौ पहिलो दिन् देखि जब मं आशियामां
१९ पस्यें त तिमिहरुमां मं सबै बेलामां कसोगरि रह्यें प्रभुको दास्ती सबै
दीन्हुवाई सङ अनि आंसु सङ अनि यहूदीहरुका कुमंत्रले मं मांथि आइ
२० लाग्येका परीक्षा सङ गर्दै. मं भला कुरामांको क्येइ तिमिहरुलाइ कहि
दिंनु देखि हटिंन अनि न तिमिहरुलाइ दम्पंचको सांमु अनि घर् घर्मां
२१ सिकाउंनु देखि यहूदीहरुलाइ पनि अनि यूनानीहरुलाइ पनि ईश्वर्
तिरको पश्चात्तापको अनि हांमिहरुको प्रभु येशू ख्रीष्ट तिरको बिश्वास्को
२२ साक्षी दिंदै। अनि अब ता हेर मं आत्मामां बान्धीयेको भइ यरूसलम्मां
२३ त्यहां मं मांथि क्ये क्ये पर्ला भनि न जानिकन जांद छु. येइ मांत्रै जान्द
छु पवित्र आत्माले मंलाइ सहर् सहर्मां बन्धन् र कष्टहरु तेरो लागि बनीइ
२४ रहंद छन् भनि साक्षी दिंद छ। तर मं आफ्नु प्राण्को त्यो मं आफैको
लागि मोल्को हो भनि क्येइ लेखा गर्दीन मैंले आफ्नु होड्लाइ अनि
ईश्वर्को अनुग्रह्को सुसमाचार्को साक्षी दिंनुको लागिको मैंले प्रभु येशूको
२५ पट्टि बाटो पायेको सेवालाइ पूरो गर्नु भन्दा। अनि अब हेर मं जान्द छु
तिमिहरु सबैले जस्मां मं राज् प्रचार्दै डुलि हिंड्यें मेरो मुख् फेरि देख्-
२६ दौन। येस्कारण् आजुको दिन् मं तिमिहरुलाइ साक्षी दिंद छु मं सबैको
२७ लोहू देखि चोखो छु। कसोगरिभन्ये मं ईश्वर्को सबै मन् तिमिहरुलाइ
२८ कहि दिंनु देखि हटिंन। आफ्नु बिषय्मां चंख बस अनि त्येस् सबै
बगाल्को बिषय्मां जस्मां पवित्र आत्माले तिमिहरुलाइ धर्म्माधिकारी गरि
राख्येको छ र तिमिहरु ईश्वर्ले आफ्नु निज् लोहूको बाटोले प्राप्त गर्येको
२९ मंडलीका गोठाला हव। मं जान्द छु मेरो जवाई पछि बगाल्लाइ न
३० टिठाउंने अग्घोर्का बुवांसाहरु तिमिहरुमां पस्छन् अनि तिमिहरु
आफैमांका भर्म्येका कुरा बोल्ने मान्छेहरु उठ्छन् शिक्षेहरुलाइ आफ्नु
३१ पछि पछि झिकि लांनु भनिकन। येस्कारण् जाग्दै रह मं तीन् बर्षभरि
रात् दिन् जनंगेलाइ आंसु सङ चेतन्ने दिंनु देखि थामीइंन भनि सम्झना
३२ गर्दै। अनि अब मं तिमिहरुलाइ ईश्वर्को जिम्मामां सुम्पंद छु अनि
उस्को तिमिहरुलाइ सुधार्नु र सबै पवित्र गरीयेकामांकै अधिकार् दिन
३३ सक्ने अनुग्रह्को बचन्को जिम्मामां। मैंले कसैको चांदी कि सुन् कि
३४ बस्त्रको लालच् गरिंन। तिमिहरु आफैले मंलाइ खांचो परि आयेको
थोक्को र मं सङ हुंनेहरुको चाकर् यिनै हात्ले गर्ये भनि थाहा पाउद
३५ छौ। सबै तिर बाटो मैंले तिमिहरुलाइ नपना दियें तिमिहरुले येसोरि

दुख भरि भरि निर्बल् हुंनेहरुको गोहार् गर्नु पर्छ अनि प्रभु येशूका बचन् उ
आफैले लिंनु भन्दा बरु दिंनु धन्न हो भन्यो समझंनु पर्छ भन्ये ॥
३६ अनि यि कुरा भन्येर त्येस्ले घुंड़ा टेकि तिनिहरु सबै सङ प्रार्थना
३७ गऱ्यो। अनि ति सबैका निकै धेर् रुवाई भयो अनि तिनिहरुले पाऊल्लाइ
३८ अङालो मांरि मांरिकन चूमा खाये सबै भन्दा बेसि तिमिहरुले मेरो
मुख् फेरि देख्दौन भन्येर त्येस्ले भन्येको त्येम् कुरोमां बिलाप् गर्दै गर्दै।
अनि तिनिहरुले त्येस्लाइ नाउ सम्म पुऱ्याये ॥

२१ १ अनि जसै तिनिहरु देखि अलग् भइ हांमिहरुको नाउफर्काई भयो तब
कोस्मां सोजो खेवा लिइ आयू अनि भोलि पल्टो रूदुस्मां अनि त्यहां
२ बाटो पतरामां. अनि पारि फैनीकियामां जांने येउटा नाउ भेटायेर
३ हांमिहरुले त्येस्मां चढ़ेर नाउ फर्कायू। अनि जब कुप्रुस् देखाहा पऱ्यो
तब हांमिहरु त्येस्लाइ वांउ पट्टि छोंड़ि राख्येर सुरियामा पाल्ले हेलि
सूर्मां उत्ऱ्यू. किनभन्ये त्यहां नाउले आफ्नु भारि उतार्नु पऱ्येको थियो।
४ अनि शिक्षेहरुलाइ भेटायेर हांमिहरु त्यहां सात् दिन् रह्यूं. अनि यिनिहरुले
५ आत्माको बाटोले पाऊल्लाइ यरूसलम्मां चढ़ि न जांनु भन्ये। अनि जब
हांमिहरुको ति दिनको पूरागराई भयो तब हांमिहरु निक्ल्येर गयू अनि
सबैले स्त्रीहरु र बालखहरु समेत्ले हांमिहरुलाइ सहर् देखि बाइर सम्म
६ पुऱ्याये. अनि हांमिहरु तीर्मां घुंड़ा टेकि प्रार्थना गऱ्येर एकाले
अर्कालाइ सलाम् भन्येर नाउमां चढ़ूंय तर तिनिहरु चइं आफ्नु आफ्नु
घर फर्कि गये ॥

७ अनि हांमिहरु सूर् देखिको नाउहेलाई गरि सक्येर तुलिमाइस्मां आइ
पुग्यूं अनि हांमिहरुले भाईहरुलाइ सलाम् भन्यूं अनि तिनिहरुका एक दिन्
८ रह्युं। अनि भोलि पल्टो निक्ल्येर हांमिहरु कैसरियामां आयूं. अनि
फिलिप् सुसमाचार् प्रचार्नेको घर्मां जो सातैमांको एक् थियो पस्येर
९ हांमिहरु त्येस्कां रह्यू। अब येस्की अगम्बचन् कहंने चार्वटी कन्ये
१० छोरीहरु थिइन्। अनि हांमिहरु अझै धेरै दिन् त्यहां रह्येकोमां अगबुस्
११ नांउ भयेको एक् जना अगम्बक्ता यहूदिया बाटो उत्रि आयो। अनि
त्येस्ले हांमिहरु थांइ आयेर पाऊल्को पटुका लिइ आफ्ना गोड़ा हात्
बान्ध्येर भन्यो पवित्र आत्माले येसो भन्द छ यो पटुका जस् मान्छेको हो
त्येस्लाइ यरूसलम्मां यहूदीहरुले येसै गरि बान्ध्छन् अनि अन्यदेसीहरुका
१२ हात्मां पकराइ दिंछन्। अनि जसै हांमिहरुले यि कुरा सुन्यूं तब हांमि-

हरुले पनि अनि त्येस् ठाउंकाहरुले पनि त्यो यरूसलम्मां चढ़ि न जावस्
१३ भनि बिन्ति गऱ्यूं। तब पाऊल्ले उत्तर् दियो रुंदै अनि मेरो मन् भांचि
दिंदै येसो क्ये गर्द छौ किनभन्ये मं ता प्रभु येशूको नांउको लागि यरूसलम्मां
१४ खालि बान्धींनु मात्रै होइन तर मर्नुलाइ पनि तियार् छु भनिकन। अनि
त्येस्ले न मान्दा हांमिहरु प्रभुकै इच्छे पूरो हवस् भन्दै चाम्चुम् रह्यूं॥
१५ अनि यि दिन् पछि हांमिहरु आफ्ना लट्टिपट्टि लियेर यरूसलम्मां
१६ चढ़ि गयूं। अनि कैसरिया देखि शिक्षेहरुमांका कत्ति जना कुप्रुस्को
मनासोन् भनींने एक् जना तादिको शिक्षेलाइ जस्कां हांमिहरु अतिथि हुंनु
आंट्याका थियूं सङ लिइ हांमिहरुको साथ लाग्ये॥
१७ अनि जब हांमिहरु यरूसलम् सम्म पुग्यूं तब भाईहरुले हांमिहरुलाइ
१८ खुशि सङ ग्रहण् गऱ्ये। अनि भोलि पल्टो पाऊल् हांमिहरु सङ याकूब्
१९ थांइ पसि गयो अनि प्राचीन्हरु सबै त्यहां सांमेल् थिये। अनि त्येस्ले
तिनिहरुलाइ सलाम् भन्ये पछि ज्ये ज्ये काम् ईश्वर्ले त्येस्को सेवागराईको
बाटोले अन्यदेसीहरुमां गऱ्येको थियो ति एक् एक् गरि बखान् गरि दियो।
२० अनि तिनिहरुले सुन्येर ईश्वर्को महिमा गऱ्ये अनि तिनिहरुले त्येस्लाइ
भन्ये हे भाई आफुले देख्नु हुंद छ बिश्वास् गर्नेहरुमां कत्ति हजार् हजार्
२१ यहूदीहरुमांका छन् अनि यि सबै ब्यवस्थाको लागि उधूमे छन्. अनि
तिनिहरु आफुको बिषय्मां सिकाईयेका छन् आफुले अन्यदेसीहरुको बीच्
बीच्मां बस्ने सबै यहूदीहरुलाइ येसो भन्दै मूसालाइ त्याग्नु सिकाउंनु हुंद
छ अरे आफ्ना बालखहरुलाइ खत्ना न गर अनि न रीत्हरुमां हिंड़
२२ भनिकन। त क्ये गर्नु हो. तिनिहरुले आफु आउंनु भयो अरे भनि
२३ अबस्से सुन्छन्। येस्कारण् हांमिहरु आफुलाइ ज्ये भन्द छौं त्यो गर्नु
२४ हवस्. चार् जना भाकल् गर्ने हांमिहरुकां छन्। यिनलाइ लिइ
आफुलाइ तिनिहरु सङ पवित्र गर्नु हवस् अनि तिनिहरुको बिषय्को खर्च
गर्नु हवस् र तिनिहरुले आफ्नु आफ्नु कपाल् खौराउन्. अनि सबैले ज्ये
ज्ये आफुको बिषय्मां सिकाईयेका छन् ति क्येइ होइन राछन् तर आफु
आफै पनि ब्यवस्थाको जगेरा गर्दै रीत् सङ हिंड़्नु हुंद रछ भनि थाहा
२५ पाउंछन्। तर बिश्वास् गर्ने अन्यदेसीहरुचइंको बिषय्मां हांमिहरुले
तिनिहरुले आफुलाइ मूर्त्तिका पर्सात् र रगत् र गला अंठ्याईयेको र
२६ ब्यभिचार् देखि जोगाउन् भन्न्ये कुरा बिचाऱ्येर पठाइ दियूं। तब पाऊल्
ति मान्छेहरुलाइ लिइ भोलि पल्टो मन्दिर्मां पसि गयो पवित्रहुवाईका

दिन्को पूरागराईको समाचार् फिंजाउंदै फिंजाउंदै जैले सम्म तिनिहरुमांको
जनंगेको लागिको भेटि चढ़ाईयेन ॥
२७ अनि जसै सातै दिन् पूरा हुंनु आंटेका थिये तब आशिया पट्टिका
यहूदीहरुले त्येस्लाइ मन्दिर्मां देख्येर सबै धुइरोलाइ खल्बल्यायेर येसो
२८ भनि कराउंदै त्येस् मांथि हात् हाल्ये हे इस्राएलीहरु हो उपकार्मां
आउंनु हवस् त्यो सबैलाइ सब् तिर बाटो लोगको अनि ब्यवस्थाको अनि
येस् ठांउको बिरुद्धमां सिकाउंने मान्छे येइ हो. अनि अझै त्येस्ले यूनानी-
हरुलाइ पनि मन्दिर् भित्र ल्यायेर येस् पवित्र ठांउलाइ अपवित्र गर्‍यो।
२९ किनभन्ये अगाड़ि तिनिहरुले इफिसी त्रोफिमुस्लाइ त्यो सङ सहर्मां देख्येका
३० थिये जस्लाइ पाऊल्ले मन्दिर् भित्र ल्यायो भनि ठान्द थिये। अनि सिंगै
सहरै हुंड़लीयो अनि लोग् दुगुरि दुगुरिकन जमा भये. अनि तिनिहरुले
पाऊल्लाइ समात्येर त्येस्लाइ मन्दिर् देखि बाइर तानि ल्याये. अनि
३१ तुरन्तै दुवार् थुनीये। अनि तिनिहरुले त्येस्लाइ मांर्नु खोज्दाखेरि पल्टन्को
सहस्रपति थांइ खबर् चढ़ि आयो सिंगै यरूसलम् खल्बलीयेको छ भन्न्ये।
३२ अनि त्यो तुरन्तै तिलंगाहरु र कप्तान्हरुलाइ सङ लिइ तिनिहरु तिर उर्त्रि
दुगुरि आयो. अनि तिनिहरु सहस्रपति र तिलंगाहरुलाइ देख्येर पाऊल्लाइ
३३ कुट्नु देखि थामीये। तब सहस्रपतिले नजिक् आयेर त्येस्लाइ समात्यो
अनि दुइ साङ्लाले बान्धीओस् भनि अह्रायो अनि यो को हो अनि क्ये
३४ गर्‍येको छ र भनि सोध्यो। अनि धुइरोमां कोई क्ये कोई क्ये भन्दै
कराउंद थिये. अनि त्येस्ले खैलाबैलाको कारण्ले कुरा दर्रो गरि थाहा
३५ पाउंनु न सक्येकोले त्यो किल्लामां लगीओस् भनि अह्रायो। अनि जब
त्यो भर्‍याङ्मां पुग्यो तब येस्तो परि आयो त्यो धुइरोको बल्जबत्को
३६ कारण्ले तिलंगाहरु देखि बोकि लगीयो किनभन्ये लोगको धुइरोले
येसो भनि कराउंदै पछ्याउंद थियो त्येस्लाइ उठाइ लैजाव भनि ॥
३७ अनि पाऊल्ले किल्लाको भित्र लगींनु आंट्दा सहस्रपतिलाइ भन्यो
औसर् माफ् भये मं आफुकन क्येइ भन्छु। अनि त्येस्ले भन्यो क्ये यूनानी
३८ जान्द छस्। तब ता क्ये यि दिन् भन्दा अगाड़ि ति चार् हजार् गुप्तघाती
मान्छेहरुलाइ राज्द्रोही गराइ बाइर बन्मां लैजांने त्यो मिस्री तैं होइनस्।
३९ तर पाऊल्ले भन्यो मं ता यहूदीनै हुं किलिकियाको तर्सुस्को मं अप्रसिद्ध
न हुंने सहर्को सहर्बासी हुं. अनि मं आफु सित मंलाइ लोग्लाइ बोल्नु
४० दिंनु हवस् भनि बिन्ति गर्द छु। अनि जसै त्येस्ले हुंछ भन्यो तब

पाऊल्ले भऱ्याङ्मां उभीयेर लोग्लाइ हात्ले सान् गऱ्यो अनि जसै तिनिहरु
अग्घोर् चुप लाग्ये तब त्यो इब्रानी बोलीमां येसो भन्दै बोल्नु लाग्ये
२२ १ हे भाईहरु अनि बाबैहरु हो मेरो उत्तर् जो अब मं आफुहरुको सांमु
दिंद छु सुन्नु हवस् ॥
२ अनि तिनिहरुले त्यो हांमिहरु सित इब्रानी बोलीमां बोल्द छ भनि
सुन्येर झन् चाम्चुम् भइ दिये. अनि त्येस्ले भन्नु लाग्यो
३ मं ता यहूदी मान्छे हुं किलिकियाको तर्सुस्मां जन्म्येको तर येसै
सहर्मां गमलिएल्का चरण्मां पालीयेको हांमिहरुको पितृब्यवस्थाको ठीक्
बिधि अनुसार् सिकाईयेको ईश्वर्को लागि उधूमे भइ जसोगरि आफुहरु
४ सबै आजु हुनु हुंद छ. अनि मैंले येसै पन्थलाइ मृत्यु सम्म पनि सतायें
पुरुष्हरुलाइ पनि अनि स्त्रीहरुलाइ पनि बान्धि बान्धिकन झेल्खान्मां
५ पकराइ दिंदैं। येस्मां मूल्पूजाहारीले पनि अनि गैह्र प्राचीनी सभाले
मेरो लागि साक्षी दिंद छन्. जस्को पट्टि बाटोका पुर्जाहरु भाईहरुका
नांउमां पायेर मं दमिश्कमां जांद थियें त्यहां हुनेहरुलाइ पनि तिनिहरुले
६ सजाई पांउन्को लागि बान्धीयेका गरि यरूसलम्मां ल्याउंनु भन्येर। अनि
येसो भयो मं जांदा जांदा दमिश्कको नजिक् पुग्दामां दोपहरि पुंड़ो एक्कासी
७ स्वर्ग देखिको निकै ठुलो येउटा ज्योति मेरो चारै तिर चम्क्यो। अनि मं
भूइमां लड़ेर अनि मलाइ येसो भन्ने शब्द सुन्यें ए शाऊल् ए शाऊल् किन
८ मलाइ सताउद छस्। अनि मैंले उत्तर् दियें हे प्रभु तपांइ को हौ।
९ उस्ले मंलाइ भन्यो तं देखि सताईने येशू नासरी मै हुं। अनि मं सङ
१० हुनेहरुले ज्योति ता देख्ये तर मं सङ बोल्नेको शब्द चइं सुन्येनन्। अनि
मैंले भन्यें हे प्रभु मं क्ये गरु। अनि प्रभुले मंलाइ भन्यो उठेर दमिश्कमां
जा अनि त्यहां तंलाइ बोलि दिईछ तैंले गर्नलाइ खटाईयेका सबै काम्को
११ विषय्मां। अनि त्येस् ज्योतिको तेज्को कारण्ले जब मं देख्दैन थियें तब
१२ मं सङ हुनेहरु देखि हात्मां समाति डोऱ्याईइ दमिश्कमां आयें। अनि
हननिया एक् जना ब्यवस्था अनुसार्को भक्त हुने अनि त्यहां बस्ने सबै
१३ यहूदीहरुमां भलाद्मी भनीने मान्छेले मं थांइ आयेर छेउ उभीइ
मंलाइ भन्यो हे भाई शाऊल् दृष्टि पाउनु हवस्। अनि मैंले त्येसै घरीमां
१४ त्येस् माथि दृष्टि गऱ्यें। अनि त्येस्ले भन्यो हांमिहरुका पित्रहरुको ईश्वर्ले
आफुले उस्को इच्छे थाहा पाउंनु अनि उस् धर्म्मी जन्लाइ देख्नु अनि
१५ उस्को मुख् देखिको शब्द सुन्नुलाइ आफुलाइ ठहरायेको छ। किनभन्ये

आफु सबै मान्छेहरुको सांमु उस्को लागि ति सबै कुराका साक्षी हुंनु हुंछ जो
१६ आफुले देख्नु र सुन्नु भयो। अनि अब किन बियांलो गर्नु हुंद छ उठेर
उस्को नांउ लिइकन बप्तिस्मा भयेर आफ्ना पाप् धोइ हाल्नु हवस्।
१७ अनि येसो भयो जब मं यरूसलम्मां फर्कि आयें अनि मन्दिर्मां प्रार्थना गर्द
१८ थियें तब मं मूर्छामां पर्‍यें अनि उस्लाइ मंलाइ येसो भन्दै गर्‍येको
देख्यें छिटो गर्‍येर यरूसलम् देखि छिट्टै निक्लि जा किनभन्ये तिनिहरुले
१९ तेरो मेरो बिषय्को साक्षी ग्रहण् गर्दैनन्। अनि मैंले भन्यें हे प्रभु तिनिहरु
आफैंले थाहा पाउंद छन् मैंले सभाघर् सभाघर् हुंदो तपाइ मांथि बिश्वास्
२० गर्नेहरूलाइ झेल्खान्मां हाल्द र पिटाइ खुवाउंद थियें। अनि जब तपांइको
प्राणत्यागीसाक्षी स्तिफनुस्को लोहू बहाईद थियो तब मं आफै पनि छेउमां
२१ उभीइ रहंद र मनेरि हुंद र त्येस्लाइ मार्नेहरुका बस्त्र रुङ्द थियें। अनि
उस्ले मंलाइ भन्यो जाइ जा. किनभन्ये मं तंलाइ यहां देखि टाढो
अन्यदेसीहरुमां पठाउंछु॥

२२ अनि तिनिहरुले त्येस्को यो बचन् सम्म सुन्ये अनि आफ्नु शब्द येसो
भन्दै उचाल्ये येस्तो मान्छेलाइ पृथिवी देखि उठाइ लैजाव किनभन्ये त्यो
२३ जीइ रहन् योग्य छैन। अनि तिनिहरु चिच्याउंदा र आफ्ना आफ्ना
२४ बस्त्र फ्यांक्दा र हावामां धूलो उडाइ हान्दा सहस्रपतिले येसो भन्दै
अह्रायो त्यो किल्लामां ल्याईओस् अनि कोर्रा लगाईगरि खारीओस् र मं
थाहा पाउं तिनिहरु कुन् कारण्ले येसोरि त्येस्को बिरुद्धमां कराइ उठद्
२५ छन्। अनि जसै तिनिहरुले त्येस्लाइ छालाबन्धन्ले पसारि बान्ध्येका थिये
तब पाऊल्ले उभीइ रह्येको कप्तान्लाइ भन्यो जो मान्छे रोमी हो अनि
बिधि अनुसार् दण्डको लागि ठहराईयेको छैन क्ये त्येस्लाइ कोर्रा लाउंनु
२६ उचित् छ। कप्तान्ले यो सुन्येर सहस्रपति थांइ गयेर येसो भन्दै कहि
२७ दियो क्ये गर्नु आंट्नु हुंद छ किनभन्ये यो मान्छे ता रोमी पो रछ। अनि
सहस्रपतिले छेउ आयेर त्येस्लाइ भन्यो मंलाइ भन् क्ये तं रोमी होस् अरे।
२८ त्येस्ले भन्यो ज्यु। सहस्रपतिले मैंले यो सहर्बासी दर् ठुलो फांचो
रुपियाले हात् पार्‍यें भनि उत्तर् दियो। अनि पाऊल्ले भन्यो
२९ तर मं चइं ता जन्मैको त्येस्तै हुं। त तुरन्तै ति त्येस्लाइ खार्नु
आंट्नेहरुले त्येस् देखि हात् उठाये. अनि सहस्रपति पनि त्यो
रोमी हो रछ भनि थाहा पायेर अनि मैंले त्येस्लाइ बान्ध्यें भन्येर
डरायो॥

३० तर भोलि पल्टो त्येस्ले किन यहूदीहरु देखि दोष् लगाइंद रछ भनि
दर्रो गरि थाहा पाउंने मन् गरिकन त्येस्लाइ फुकाइ दियेर मूल्पूजाहारीहरु
र गैह्र महासभालाइ जमींनु अह्रायो अनि पाऊल्लाइ उतारि ल्यायेर
तिनको सांमु उभ्यायो ॥

२३ १ अनि पाऊल्ले महासभा तिर डिठ् लाइ हेरि भन्यो हे भाईहरु हो मं
ईश्वर्को सांमु सब् तिर बाटो भलो बिबेक्ले यो दिन् सम्म रीत् सङ
२ हिंडेरको छु। अनि हननिया मूल्पूजाहारीले त्येस्का छेउ छाउ उभीइ
३ रहंनेहरुलाइ त्येस्को मुख्मां हिर्काउंने आज्ञा दियो। तब पाऊल्ले त्येस्लाइ
भन्यो तिमिचइंलाइ ईश्वर्ले हिर्काउंछ ए कमेरो फेरीयेको गारो. क्ये तिमि
ब्यवस्थाको अन्सार् मेरो बिचार् गर्नुलाइ बस्येका छौ अनि ब्यवस्थाको
४ बिरुद्धमां मंलाइ हिर्काउंने आज्ञा दिंद छौ। अनि छेउ छाउ उभीनेहरुले
५ भन्ये क्ये ईश्वर्को मूल्पूजाहारीलाइ जिल्ल्याउंद छम्। पाऊल्ले भन्यो हे
भाईहरु हो मूल्पूजाहारी हुन् भनि जान्दैन थियें. किनभन्ये तैंले आफ्ना
६ लोगको मालिक्लाइ बुरो गरि न भन्नु भनि लेख्येको छ। तर पाऊल्ले
एक् खण्ड सदूकीहरुको अनि अर्को खण्ड फरीसीहरुको रछ भनि थाहा पायेर
महासभामां हे भाईहरु हो मं फरीसी हुं फरीसीहरुको सन्तान्. मुर्दाहरुको
आशा र बौरिउठाईको बिषय्मां मेरो बिचार् गरींद छ भनि करायो।
७ अनि त्येस्ले यो भन्येकोमां फरीसीहरु र सदूकीहरुमां फरीसीहरु र सदूकी-
८ हरुमां कलह भयो. अनि सभामां फाटो पऱ्यो। किनभन्ये सदूकीहरुचइंले
भन्द छन् न बौरिउठाई अनि न स्वर्गदूत् न आत्मा छ. तर फरीसीहरु-
९ चइंले दुवैलाइ स्वीकार् गर्द छन्। अनि बड़ो कराई भयो. अनि
फरीसीहरुको खण्डका शास्त्रीहरुमांका कत्ति उठेर येसो भन्दै बाझ्नु लाग्ये
हांमिहरु येस् मान्छेमां क्येइ बुरो पाउंदौंन अनि कोई आत्मा कि स्वर्गदूत्
१० त्यो सङ बोल्येको रछ भन्ये कसो। अनि जब बड़ो कलह भयो तब
सहस्रपनिले कतै पाऊल् तिनिहरु देखि चोक्टा लाम्टा पारीयेला भनि
डरायेर दल्लाइ उत्रि गयेर त्येस्लाइ तिनको बीच् देखि गांज्येर किल्लामां
ल्याउंनु अह्रायो ॥

११ अनि त्येसै रात् प्रभुले त्येस्को छेउ उभीयेर भन्यो ढाड़स् गर्. किन-
भन्ये जसोगरि तैंले यरूसलम्मां मेरो बिषय्मां साक्षी दिइस् त्येसैगरि तैंले
रोम्मां पनि साक्षी दिंनु खांचो छ।

१२ अनि जसै दिन् भयो तब यहूदीहरुले आपस्तमां गट्ठा बान्ध्येर जब
सम्म हांमिहरु पाऊल्लाइ मार्दैंन तब सम्म क्येइ खायूं कि पीयूं भन्ये

१३ देखि हांमिहरु मांथि धिक्कार् भनि ठहराये। अनि जम् जस्ले आपस्तमां
यो किरियागट्टा बान्ध्ये थ्ये तिनिहरु जना चालीस् एक् देखि बेसि थिये।
१४ अनि तिनिहरुले मूल्पूजाहारीहरु र प्राचीन्हरु थांइ आयेर भन्ये हांमिहरुले
यो ठहरायेका छौं जब सम्म हांमिहरु पाऊल्लाइ मांर्दैन तब सम्म क्येइ
१५ चाख्यूं मांत्रै भन्ये पनि हांमिहरु मांथि धिक्कार् धिक्कार्। त अब
आफुहरुले महासभा समेत्ले सहस्रपतिलाइ आफ्नु इच्छे जनाइ दिंनु हवस्
त्येस्ले त्येस्लाइ आफुहरुको सांमु उतारि ल्याइ देवस् भन्न्ये हांमिहरु त्येस्को
बिषय्का कुरा अरु ठीक् गरि बिचारि थाहा पाउन् खोज्द छौं भन्ये झैं
गरि. अनि हांमिहरुचइं त्येस्लाइ त्यो नजिक् आउंन् भन्दा पहिलेनै मांर्नुको
१६ लागि तियार् छौं। तर पाऊल्को भांनिज्ले तिनिहरुको ढुकाईको कुरो
१७ सुन्येर आइ पुगिकन किल्लामां पस्येर पाऊल्लाइ कहि सुनायो। अनि
पाऊल्ले कप्तान्हरुमांको येउटालाइ आफु छेउ बोलायेर भन्यो येस् तन्न्हेरि-
लाइ सहस्रपति थांइ पुऱ्याइ दिंनु हवस्. किनभन्ये येस्ले त्येस्लाइ क्येइ
१८ कहि सुनाउंनु छ। त त्येस्ले त्येस्लाइ सङ लिइ सहस्रपति थांइ ल्यायेर
भन्यो पाऊल् बन्धुवाले मंलाइ छेउ बोलायेर येस् तन्न्हेरिले सहस्रपतिकन
१९ क्येइ भन्नु छ त तिनि थांइ लगि दिंनु हवस् भनि माग्यो। अनि सहस्र-
पतिले त्येस्को हात्मां समाति अलग् गयेर एकान्तमां तैंले मंलाइ क्ये कहि
२० सुनाउंनु छ भनि सोध्यो। अनि त्येस्ले भन्यो यहूदीहरुले आफु सित यो
मांग्ने नियम् बान्ध्येका छन् भोलि पाऊल्लाइ महासभामां उतारि ल्याइ
दिंनु हवस् भन्न्ये तिनिहरुले त्येस्को बिषय्मां क्येइ अरु ठीक् गरि सोध्नु
२१ खोज्द छन् भन्ये झैं गरि। त आफुले तिनका कुरा न मान्नु हवस्.
किनभन्ये तिनिहरुमांका जना चालीस् एक् भन्दा बेसि मान्छेहरु त्येस्लाइ
ढुकि रहंद छन् जस्ले जब सम्म हांमिहरु त्येस्लाइ मांर्दैन तब सम्म खायूं
कि पीयूं भन्ये देखि हांमिहरु मांथि धिक्कार् भनि ठहरायेका छन्. अनि
अब तिनिहरु आफु देखिको करहार्को बाटो हेरि रहि तियार् छन्।
२२ त सहस्रपतिले तैंले यि कुरा मंलाइ जनाइ दिइस् भनि कसैलाइ बोलि न
२३ दे भन्ये आज्ञा दिइ तन्न्हेरिलाइ बिदा गऱ्यो। अनि कप्तान्हरुमांका दुइ
जनालाइ आफु छेउ बोलायेर त्येस्ले भन्यो दुइ सै जना तिलंगा र सत्तरि
जना त्रुक्सवार् र दुइ सै जना भाला खेलाउंनेहरुलाइ पहर् रात् बित्येमां
२४ कैसरिया सम्म जांनुलाइ तियार् पारि राख. अनि त्येस्ले तिनिहरुलाइ
भारिबोका पशुहरु खोजि ल्याउंनु भन्यो पाऊल्लाइ ति मांथि चढ़ाइकन

२५ फीलिक्स् मालिक् थांइ बचाइ लैजाउन् भन्येर। अनि त्येस्ले यो डवल्
भयेको चिट्ठि लेख्यो
२६ क्लौदियुस् लुसियास् देखि फीलिक्स् श्रीमान् मालिक्कन सलाम्।
२७ येस् मान्छेलाइ त्यो जब यहूदीहरु देखि समातीयेर तिनिहरु देखि मारीनु
आंट्द थियो तब मैंले त्यो रोमी हो रछ भनि चाल् पायेर दल् साथ लिइ
२८ गइ पुग्येर छोड़ायें। अनि मैंले तिनिहरुले कुन् कारण्ले त्येम् मांथि
फिरात् गर्द राछन् भनि थाहा पाउंने मन् गरिकन त्येस्लाइ तिनिहरुको
२९ महासभामां उतारि लग्यें अनि मैंले त्येस्लाइ तिनिहरुको ब्यवस्थाका
खोज्खाज्को बिषय्मां फिरात् गरीयेको भेटायें तर मृत्यु कि बन्धन्
३० माफिक्को क्येइको धाति भयेको होइन। अनि जब यो मान्छे मांथि
कुमंत्र हुंछ भनि मं मांथि प्रगटो गरीयो तब मैंले त्येस्लाइ तुरन्तै आफुकां
पठायें त्येस्का दोष् लगाउंनेहरुलाइ पनि त्येस्को बिरुद्धमां आफुको सांमु
भन्नु भन्न्ये आज्ञा दिइकन॥
३१ न निलंगाहरुले तिनलाइ आज्ञा दिईयेको अन्मार् पाऊल्लाइ लिइ
३२ रानिनै अन्तिपत्रिस्मां ल्याये। तर भोलि पल्टो त्रुक्सवार्चइंलाइ त्यो
३३ सङ जांनु दियेर तिनिहरु किल्लामां फर्कि गये. अनि तिनिहरुले कैसरियामां
आइ पुग्येर मालिक्लाइ चिट्ठि चढ़ाइ दिये अनि पाऊल्लाइ पनि त्येस्को
३४ सांमु उभ्याये। अनि त्येस्ले पढ्येर त्यो कुन् चइं खवाको हो भनि सोध्यो
३५ अनि किलिकियाको हो रछ भनि चाल् पायेर भन्यो जब तं मांथि
दोष् लगाउंनेहरु पनि आइ पुग्नन् तब मं तेरो सुन्छु. अनि त्येस्ले त्येस्लाइ
हेरोदेस्को महल्मां राख्नु अह्रायो॥
२४ १ अनि पांच् दिन् पछि हननिया मूल्पूजाहारी कत्ति जना प्राचीन्हरु र
एक् जना दुवारे तर्तुल्लुस् सङ उत्रि आयो अनि तिनिहरुले पाऊल्को बिरुद्धका
२ कुरा मालिक्लाइ जनाइ दिये। अनि जसै त्यो बोलाईयो तब तर्तुल्लुस्ले
येसो भन्दै त्येस्लाइ दोष् लगाउंनु लाग्यो
हांमिहरु आफुको बाटोले धेरै मिलाप् पाउंद छौं अनि आफुको अगम्-
चिन्ताको बाटोले येस् देस्का लोगको लागि दुर्गत्सुधराई हुंदै जांद छन्
३ भनिकन हांमिहरु हे श्रीमान् फीलिक्स् यि बिषय् सब् तिर बाटो
४ अनि सब् ठांउमां सब् धन्नबाद् सङ ग्रहण् गर्द छौं। तर मेरो पट्टि बाटो
आफुकन अरु थकाई न लाग्नुलाइ मं आफु सित बिन्ति गर्द छु आफ्नु
५ अनुग्रह्ले हांम्रो येउटा छोटो कुरो सुनि दिंनु हवस्। किनभन्ये हांमिहरुले

येस् मान्छेलाइ बेथा सरिको र सबै यहूदीहरुमां संसार् भरि राजद्रोह्
६ गराइ हिंन्ने अनि नासरीहरुको पन्थको येउटा मूलि भयेको भेटायूं. जस्ले
मन्दिर् अपवित्र गर्ने खोज्खाज् पनि गर्‍यो. जस्लाइ हांमिहरुले समात्यूं
८ पनि. जस् देखि आफु आफैले खार्खेर् गरिकन हांमिहरुले त्येस् मांथि
लगायेको दोष्का यि सबै कुराको बिषय्मां थाहा पाउंनु सक्नु होला।
९ अनि यहूदीहरुले पनि मिलिकन त्येइ दोष् लगाये यि कुरा येसै हुन् भन्दै ॥
१० अनि पाऊल्ले जब मालिक्ले त्येस्लाइ भन्ने सान् गर्‍यो तब उत्तर् दियो
मं आफु धेरै बर्ष देखि येस् देस्का लोगको लागि बिचारी हुंनु भयेको
छ भनि थाहा पाउंद छु येस् लागि आफ्नु बिषय्का कुराको उत्तर् खुश्मन्ले
११ दिंद छु. किनभन्ये आफुले जब देखि मं यरूसलम्मां पूज्नु चढ़ि गयें
तब देखि मंलाइ बारह् दिन् देखि बेसि भयेका छैनन् भनि थाहा पाउंनु
१२ सक्नु हुंद छ. अनि न मन्दिर् न सभाघर्हरुमां अनि न सहर् हुंदो
तिनिहरुले मंलाइ कोई सित बिबाद् गर्दै कि धुइरो देखि राज्द्रोह् गराउदै
१३ गर्‍येको भेटाये। अनि न तिनिहरुले ऐले मंलाइ दोष्यायेका कुरा आफुको
१४ सांमु देखाइ दिंनु सक्द छन्। तर यो ता मं आफुको सांमु स्वीकार्
गर्द छु जुन् पन्थलाइ तिनिहरुले कुपन्थ भन्द छन् त्येसै अन्सार् मं हांमि-
हरुका पित्रहरुको ईश्वर्को सेवा गर्द छु ब्यवस्थाको अन्सार्का अनि
१५ अगम्बक्ताहरुमां लेख्येका सबै कुराको बिश्वास् गर्दै. धर्म्मीहरुको पनि
अनि अधर्म्मीहरुको पनि बौरिउठाई हुंछ भन्न्ये आशा ईश्वर् निर राख्दै
१६ जुन् आशाको यिनिहरु आफैले पनि बाटो हेर्द छन्। येस्मां मं आफैलाइ
सदाउंद छु पनि मेरो बराबर् ईश्वर् र मान्छेहरुको सांमु बिठोकर्को
१७ बिबेक् हवस् भनिकन। अब धेरै बर्ष पछि मं आफ्ना लोगको लागि
१८ दयादान् र भेटि पुर्‍याउंनुलाइ आयें येतिमां यिनिहरुले मंलाइ मन्दिर्मां
पवित्र गरीयेको भेटाये कोई धुइरो सङ्‌ होइन अनि न कोई खैलाबैला
१९ सङ्‌. तर आशियामांका कत्ति जना यहूदीहरु थिये जस्ले मेरो
बिरुद्धमां तिनिहरुको क्येइ हुंदो हो त यहां आफुको सांमु हाजिर् भइकन
२० दोष् लगाउंनु पर्थ्यो। कि त यिनिहरु आफैले भनुन् जब मं महासभाको
२१ सांमु उभीयेको थियें तब मंमां क्यै अन्न्ये भेटाये खालि येइ येउटा
शब्द मात्रै न हो जो मैंले तिनको बीच्मां उभीयेर कराइकन भन्यें मुर्दा-
हरुको बौरिउठाईको बिषय्मां आजु मेरो बिचार् आफुहरुको सांमु
गरींद छ ॥

२२ तर फीलिक्स्ले येस् पन्थको बिषय्मां अरु ठीक् गरि जान्द थियो
येस्कारण् तिनिहरुलाइ येसो भन्दै टारि पठायो जब लुसियास् सहस्रपति
उत्रि आउला तब मं तिमिहरुका कुरा बिचारि थाहा गराइ दिउंला।
२३ अनि त्येस्ले कप्तान्लाइ त्यो रुङीओस् अनि त्येस्लाइ होलोखुकुलो गरि
दिईओस् अनि त्येस्का निज् लोग्मांको कसैलाइ त्येस्को सेवा देखि न
थुन् भनि आज्ञा गऱ्यो॥
२४ तर कत्ति दिन् पछि फीलिक्स्ले आफ्नी मुखेंनी द्रुसिल्ला सङ जो
यहूदिनी थिई आइ पुग्येर पाऊल्लाइ बोलाइ पठायो अनि ख्रीष्ट येशू मांथिको
२५ बिश्वास्को बिषय्मां त्येस्को सुन्यो। अनि त्येस्ले धर्म्म र संयम् र
आउंदो बिचार्को बिषय्मां बिबाद् गर्दामां फीलिक्स्ले डर्ले भरीयेको
भइ उत्तर् दियो ऐले ता जा अनि बेला पाइ मं तंलाइ बोलाइ पठाउंला।
२६ त्येस्ले पाऊल् देखि कतै मंलाइ क्येइ रुपिया दिईला भन्न्ये समेत् आशा गर्द
थियो. येस्कारण्ले पनि त्येस्ले त्येस्लाइ झन् बार् बार् बोलाइ पठायेर
२७ त्यो सङ बात्चीत् गर्द थियो। तर दुइ बर्ष पूरा भयेमां फीलिक्स्
पछि पुर्कियुस् फेस्तुम् अधिकारी भयो अनि फीलिक्स्ले यहूदीहरुकां जसीलो
हुंने इच्छे गरि पाऊल्लाइ बान्धीयेकै छोड़ि गयो॥

२५ १ त फेस्तुम् त्येस् ख्वामां पसि आयेर तीन् दिन् पछि कैसरिया देखि
२ यरूसलम्मां चढ़ि गयो। अनि मूल्पूजाहारीहरुले अनि यहूदीहरुका
मूल्हरुले पाऊल्को विरुद्धका कुरा त्येस्लाइ जनाइ दिये अनि तिनिहरुले
३ त्यो सित बिन्ति गऱ्ये त्येस्को विरुद्धमां अनुग्रह मांगिकन त्येस्ले
त्येस्लाइ यरूसलम्मां बोलाइ पठावस् भन्न्ये त्येस्लाइ बाटोमां मार्ने ढुकाई
४ गर्दै। तर फेस्तुस्ले उत्तर् दियो कैसरियामां पाऊल् रुङींद छ अनि मं
५ आफैनै वहां छिटै जांनु आंटेको छु। त निमिहरुमां अधिकारी हुंनेहरुले
मं सङ उत्रि गयेर त्येस् मान्छेमां क्येइ अबेहोरा रछ भन्न्ये देखि त्येस्लाइ
दोष् लगाउन्॥
६ अनि त्यो तिनिहरुको बीच्मां आठ् दस् दिन् मांत्रै रह्येर कैसरियामां
उत्रि गयो अनि भोलि पल्टो नियाको बैठक्मां बस्येर पाऊल् ल्याईओस्
७ भनि अह्रायो। अनि त्यो आइ पुग्येमां यरूसलम् देखि आयेका यहूदीहरु
त्येस्का वरिपरि उभीये त्येस् मांथि घेरै अनि भारी दोष्का कुरा लगाउंदै
८ जस्को दलील् तिनिहरुले दिंनु सक्दैन थिये तर पाऊल्ले मैंले न
यहूदीहरुको ब्यवस्थाको न मन्दिर्को न कैसर्को बिरुद्धमां क्येइ पाप्

९ गर्‍येको छु भनि उत्तर् दियो। तर फेस्तुस्ले यहूदीहरुकां जसीलो हुंने
इच्छे गरि पाऊल्लाइ उत्तर् दिइ भन्यो क्ये यरूसलम्मां चढ़ि गयेर
१० तिहीं यि कुराको बिषय्मां मेरो सांमु बिचारींनु इच्छे छ। तर पाऊल्ले
भन्यो मं कैसर्को नियाको बैठक्को सांमु उभीयेको छु जहां मं बिचारींनु
उचित् छ. यहूदीहरु मांथि मैंले क्येइ अन्न्ये गर्‍येको छइंन जसोगरिकन
११ आफु आफैंले पनि अरु जानि गरि थाहा पाउंनु हुंद छ। त मं अन्न्ये
गर्ने छु अनि मृत्यु माफिक्को क्येइ काम् गर्‍येको छु भन्ये देखि मं मर्नु
देखिको माफ् मांग्दींन. तर यिनिहरुले मंलाइ दोष् लगायेका कुरामांको
कोई कुरो कुरै होइन भन्ये देखि कसैले मंलाइ तिनलाइ बक्शि सुम्पंनु
१२ सक्दैन। मं कैसर्को दोहाई दिंद छु। तब फेस्तुस्ले सल्लाहसभा
सङ बोल्येर उत्तर् दियो कैसर्को दोहाई दिइस् तं कैसर्को सांमु
जांछस् ॥

१३ अब कत्ति दिन् भइ सक्येमां अग्रिप्पा राजा र बर्णीकीले कैसरियामां
१४ आयेर फेस्तुस्लाइ सलाम् गर्‍ये। अनि जसै तिनिहरु त्यहां धेरै दिन्
रह्ये तब फेस्तुस्ले पाऊल्को विरुद्धको कुरो बिचार्को लागि राजाको
सांमु येसो भन्दै चढ़ायो फीलिक्स्ले छोड़ि गयेको एक् जना बन्धुवा छ.
१५ जस्को बिषय्मां मं जब यरूसलम्मां थियें तब मूल्पूजाहारीहरुले अनि
यहूदीहरुका प्राचीन्हरुले त्येस्को बिरुद्धमां दण्डाज्ञा मांगिकन मंलाइ जनाइ
१६ दिये। जस्लाइ मैंले उत्तर् दियें दोष्याईयेकोले दोष्याउनेहरु सङ मुखामुख्
हुंनु र फिरात्को बिषय्को उत्तर्को बेला पाउंनु भन्दा पहिले कोई मान्छे
१७ बक्शि सुम्पींनु रोमीहरुको येस्तो रीत् छैन। त जब तिनिहरु यहां सङ्
सङै भये तब मैंले क्येइ बियांलो न गरिकन भोलिनै पल्टो नियाको
१८ बैठक्मां बस्येर त्यो मान्छे ल्याईओस् भनि अह्रायें। जस्को बिषय्मां
दोष्याउंनेहरुले उभीयेर येस्ता दुष्ट कुराको दोष् लगायेनन् जस्ता मं ठान्द
१९ थियें तर तिनिहरुले त्येस्लाइ आफ्नु निज् देवपूजाको बिषय्को
खोज्खाज्का कत्ति कुराको दोष् दिंद थिये अनि कसै मर्‍येको येशूको
२० बिषय्मां जो पाऊल्ले भन्द थियो जीउंदै छ भनि। अनि मैंले यि कुराको
खोज्खाज्को बिषय्मां अन्योल्मां भइ त्येस्लाइ क्ये यरूसलम्मां गयेर
२१ तिहीं यि कुराको बिषय्मां बिचारींने तेरो मन् छ भनि सोध्यें। तर
पाऊल्ले मं महाराजाको बिचार्को लागि रुङीउं भन्न्ये दोहाई दियेकोले
मैंले त्येस्लाइ कैसर् थांइ न पठाउंज्याल् सम्म त्यो रुङीओस् भनि अह्रायें।

२२ अनि अग्रिप्पाले फेस्तुस्लाइ भन्यो मं आफै पनि त्येस् मान्छेको सुन्ने मन्
गर्ने थियें। त्येस्ले भन्यो भोलि आफुले त्येस्को सुन्नु हुंछ ॥
२३ त भोलि पल्टो जब अग्रिप्पा र बर्णीकी बड़ा तमासै सङ आइ
सहस्रपति र सहर्का टाउके टाउके मान्छेहरु सङ सभाशालामां पस्ये तब
२४ फेस्तुस्ले अह्रायेमां पाऊल् ल्याईयो। अनि फेस्तुस्ले भन्यो हे राजा
अग्रिप्पा अनि हे हांमिहरु सङ सांमेल् भयेका सबै मान्छेहरु हो आफुहरुले
येस् मान्छेलाइ हेर्नु हुंद छ जस्को बिषय्मां यहूदीहरुको सिंगै धुइरोले मं
सित येसो भनिकन कराउंदै यरूसलम्मां पनि अनि यहां पनि त्यो अब
२५ देखि येसो जीइ रहनु उचित् छैन भनि अर्जबिन्ति गऱ्यो। तर मैंले
त्येस्ले मृत्यु माफिक्को क्येइ काम् गऱ्येको रैनछ भनि थाहा पायें. अनि
त्यो आफैंले महाराजाको दोहाई दियेकोले मैंले त्येस्लाइ पठाउंनुलाइ
२६ बिचाऱ्यें। जस्को बिषय्मां मेरा प्रभुलाइ लेख्ने मेरां दर्रो क्येइ छैन।
येस्कारण्ले मैंले त्येस्लाइ आफुहरुको सांमु ल्यायें अनि सबै भन्दा बेमि
गरि आफुको सांमु हे राजा अग्रिप्पा र येमोरि खार्खेर् भये पछि लेख्ने
२७ मेरां क्येइ हवस्। किनभन्ये बन्धुवालाइ पठाइकन त्येस्को बिरुद्धको
दोष्का कारण्को चिंनु पनि न देखाउंनु यो मंलाइ अनर्थ जस्तो लाग्द छ ॥
२६ १ अनि अग्रिप्पाले पाऊल्लाइ भन्यो तंलाइ आफ्नु लागि भन्नु दिईंद
छ। तब पाऊल्ले आफ्नु हात् पसाऱ्येर उत्तर् दिंनु लाग्यो
२ हे राजा अग्रिप्पा मं आफैंलाइ भाग्येमानिको गन्द छु जुन् जुन्
कुराको बिषय्मां मं यहूदीहरु देखि धाति भइ रांछु ति सबैको बिषय्मां मं
३ आजु आफुको सांमु उत्तर् दिंनु आंट्द छु भनिकन सबै भन्दा बेमि
आफु यहूदीहरुमांका सबै रीत् र खोज्खोज्का कुराका जानापा हुंनु हुंद छ
भनिकन. येस्कारण् मं बिन्ति गर्द छु धीरज् धरिकन मेरो सुन्नु हवस्।
४ मेरो केटौलिनै देखिको जीवन्चरित्र जो थाल्निनै देखि मेरो देस्का लोगको
५ बीच्मां अनि यरूसलम्मां थियो सबै यहूदीहरुले जान्द छन् कसोगर्ना-
भन्ये तिनिहरुले तिनिहरुको साक्षी दिंने इच्छे छ भन्ये देखि पहिले देखि
मंलाइ चिन्द छन् मं हांमिहरुको धर्म्ममत्को सबै भन्दा ठीक् पन्थको
६ अन्सार् फरीसी भइ जीइ रह्यें भनि। अनि अब हांम्रा पित्रहरुलाइ
ईश्वर् देखि दिईयेको करहार्को आशाको बिषय्मां बिचारींदै मं यहां
७ उभीयेको छु जुन् करहार् हांम्रा बाह्रै कुल्ले अग्घोर् गरि रात् दिन्
ईश्वर्को सेवा गर्दै भेट्ने आशा गर्द छन्। जुन् आशाको बिषय्मां हे

८ राजा मं यहूदीहरु देखि धाति भइ रांछु। ईश्वर्ले मुर्दाहरुलाइ बौगाइ
९ उठाउंद छ भन्न्ये कुरो किन आफुहरुकां पत्याई न सक्ने गनींद छ। मैंले
ता येशू नासूरीको नांउको बिरुद्धमां क्येइ धेरै गर्नु पर्छ भनि आफैंमां
१० ठान्यें। जो मैंले यरूसलम्मां गर्यें पनि. अनि मैंले पवित्र जन्हरुमांका
धेरैलाइ मूल्पूजाहारीहरु पट्टि बाटो अधिकार् पाइ झेल्खान्मां थुनि दियें
११ अनि तिनिहरु मारींदामां मैंले बिरोधी बिचार्चिंनु दियें। अनि तिनलाइ
सबै सभाघर्हरु हुंदो मं बार्बार् सजाई दिइ दिइकन ख्रीष्ट निन्दा गर्नु
लगाउंद थियें अनि तिनको बिरुद्धमां अग्घोरै बौलाहा भइ बाइरका सहर्
१२ सहर् सम्म पनि सताउंद थियें। येनिमां जब मं मूल्पूजाहारीहरु देखिको
१३ अधिकार् र खटन् सङ दमिश्कमां जांदै थियें तब हे राजा बाटोमां
मद्धेनि दिन्मां मैंले स्वर्ग देखि सूर्जको भन्दा बेसि चम्कीलो येउटा ज्योति
१४ मेरो र मं सङ जांनेहरुका वरिपरि चम्क्येको देख्यें। अनि जब हांमिहरु
सबै जना भूइंमां लड्यौं तब मैंले इब्रानी बोलीमां मंलाइ ए शाऊल् ए
शाऊल् किन मंलाइ सताउंद छस् सुइरोमां लात्तले हान्नु तेरो लागि कठिन्
१५ छ भन्न्ये येउटा शब्द सुन्यें। अनि मैंले भन्यें हे प्रभु तपांइ को हौं।
१६ अनि प्रभुले भन्यो तं देखि सताईने येशू मै हुं। तर उठेर आफ्ना
गोड़ामां उभी. किनभन्न्ये मं तेरां येस् लागि देखाहा पर्यें मं तंलाइ तैंले
मंलाइ देख्येका कुराको पनि अनि पनि मं तेरां देखाहा पर्नु आंटेका
१७ कुराको चाकरे र साक्षी ठहराउं भनिकन तंलाइ येस् लोग् देखि
१८ अनि अन्यदेसीहरु देखि छोड़ाउंदै जस्कां मं तंलाइ पठाउंद छु तिनि-
हरुका आंखा उघार्नुलाइ तिनिहरु अंधकार् देखि ज्योतिमां अनि शैतान्को
अधिकार् देखि ईश्वर् तिर फर्कनुको लागि तिनिहरुले पाप्मोचन् अनि मं
मांथिको बिश्वास्ले पवित्र गरीयेकाहरुमां अधिकार् पाउंनुको लागि।
१९ येस्कारण् हे राजा अग्रिप्पा मं त्यो स्वर्गे दर्शन् न मान्ने भइंन. तर
२० पहिले दमिश्कमां हुंनेहरुलाइ पनि अनि पनि यरूसलम्मां अनि यहूदियाको
सबै देस्भरिमां अनि अन्यदेसीहरुलाइ पनि पश्चात्ताप् गर अनि पश्चात्ताप्
२१ माफिक्का काम् गर्दै ईश्वर् तिर फर्क भनि समाचार् सुनायें। यि कुराको
कारण्ले यहूदीहरुले मंलाइ मन्दिर्मां समात्येर मारि हाल्नु खोज्ये।
२२ त ईश्वर् देखिको सगाई पाइ मं येइ दिन् सम्म ठड़ीइ रह्येको छु छोटालाइ
पनि अनि बड़ालाइ पनि साक्षी दिंदै ज्ये ज्ये कुरा अगम्बक्ताहरु र मूसा
२३ बोल्ये हुंनु आंट्ने छन् भनि ति छाड़ि अरु क्येइ न भन्दै ख्रीष्ट

दुख्भोगी हुंनु पर्छ अनि पहिले उस्ले मुर्दाहरुको बौरिउठाई देखि येस्
लोग्लाइ पनि अनि अन्यदेसीहरुलाइ पनि ज्योतिको समाचार् सुनाउंछ
भन्न्ये ॥

२४ अनि त्येस्ले यि कुराको उत्तर् दिंदैमां फेस्तुस्ले बड़ो शब्दले भन्यो ए
पाऊल् तं बौलाहा होस् तेरो धेर् बिद्येले तंलाइ बौलेहींमां फर्काउंद छ।
२५ तर पाऊल्ले भन्यो हे श्रीमान् फेस्तुस् मं बौलाहा हुइंन तर सच्चेई र
२६ सुबुद्धिका कुरा उचार्द छु। किनभन्ये राजाले जस्को सांमु मं खोलिकन
बात् गरि बोल्द छु पनि यि कुराको बिषय्मां थाहा पाउंद छन्. किनभन्ये
मं यि कुरामांको क्येइ उनि देखि गुप्त छैन भनि भरोसा राख्द छु
२७ कसोगरिभन्ये यो काम् कुंनामां गरीयेको छैन। हे राजा अग्रिप्पा क्ये
आफुले अगमुवक्ताहरुको बिश्वास् गर्नु हुंद छ। आफुले बिश्वास् गर्नु
२८ हुंद छ मं जान्द छु। अनि अग्रिप्पाले पाऊल्लाइ भन्यो थोरैले मंलाइ
२९ ख्रीष्टियान् तुल्याउंनुलाइ मनाउंद छस्। पाऊल्ले भन्यो मं ईश्वर् तिर
प्रार्थना गर्ने थियें थोरैले भये पनि धेरैले भये पनि आफु मांत्रै होइन तर
आजु मेरो सुन्नेहरु सबै पनि मं जस्तै होउन् भनिकन खालि यि बन्धन्
छाड़ि ॥

३० अनि राजा र मालिक् र बर्णीकी र तिनिहरु सङ बस्नेहरु उठ्रे.
३१ अनि तिनिहरु अलग् गयेर आपस्तमां बोल्नु लाग्ये यो मान्छे मृत्यु कि
३२ बन्धन् माफिक्को क्येइ काम् गर्ने होइन रछ भनिकन। अनि अग्रिप्पाले
फेस्तुस्लाइ भन्यो यो मान्छे त्येस्ले कैसर्को दोहाई न दियेको भये देखि
ता छोड़ि दिईनु सक्ने थियो ॥

२७ १ अनि जसै हांमिहरु इतलियामां पाल्ले हेलि जांनु भनि बिचारीयो
तब तिनिहरुले पाऊल् र अरु कत्ति जना बन्धुवाहरुलाइ अगस्तुसेपल्टन्को
२ यूलिउस् नांउ भयेको येउटा कप्तान्लाइ सुम्पि दिये। अनि हांमिहरुले
आशिया तिरका ठांउ ठांउमां जांनु आंटेको अद्रमुतियुम्को येउटा नाउमां
चढ़ेर पाल् चढ़ायूं अनि अरिस्तार्खुस् भनीने थिसलोनीकीको एक् जना
३ मकदूनी हांमिहरु सङ थियो। अनि भोलि पल्टो हांमिहरुले सीदोन्मां
तीर् लगायूं. अनि यूलियुस्ले पाऊल् सित मित्रेई सङ बेहोरा गरि
४ त्येस्लाइ आफ्ना मित्रहरु थांइ सुसार् पाउंनुलाइ जांनु दियो। अनि
हांमिहरु त्यहां बाटो नाउ फर्कायेर बतास् सांमुन्नेको हुंनाले कुप्रुस्को आड़्
५ पट्टि बाटो गयूं। अनि किलिकिया र पम्फूलिया तिरको समुन्द्र वारि

६ हेलि हांमिहरु लुकिया देस्को मुरामां उत्रि आयूं। अनि त्यहां इतलियामां
जांने येउटा सिकन्दरियाको नाउ भेटायेर कप्तान्ले हांमिहरुलाइ त्यसमां
७ चढ़ाइ दियो। अनि निकै धेरै दिन् बिस्तार् बिस्तार् गयेर अनि कठिन्
सङ कनिदुस् निर बाटो आयेर कसोगरिभन्ये बतास्ले छेउ पुग्नु दिंदैन
८ थियो हांमिहरु सल्मोनी निर बाटो क्रेतेको आड् पट्टि हुंदो गयूं अनि
कठिन् सङ त्येस्को तीर् लागि लागिकन हांमिहरु सुबन्दर् भनींने ठांउमां
आयूं जहां देखि लसया सहर् नजिक् थियो॥
९ अनि जब निकै धेरै दिन् भइ सक्ये अनि नाउहेलाई अब जोखिम्को
थियो कसोगरिभन्ये उपास चाड् पनि अब बिति गयेको थियो तब पाऊल्ले
१० तिनिहरुको सांमु यो सल्लाह् सर्कायो हे चरण्हरु हो मं देख्द छु
यो नाउहेलाई खालि भारि र नाउको मात्रै होइन तर हांमिहरुका प्राण्को
११ पनि हानि अनि धेरै गुमाई सङ्को हुछ भनिकन। तर कप्तान्ले पाऊल्
देखि भनीयेका कुरा भन्दा बरु मल्माझी र नाउको धनीलाइ बेसि मान्यो।
१२ अनि त्यो बन्दर् जाड़ोकटाईको लागि असुबीताको भयेकोले धेर्जमोले
त्यहां बाटो नाउ फर्काउंने सल्लाह् दिये कुनै परिले फैनिक्स्मां पुग्येर
जाड़ो काट्नु सकूला भनि जो क्रेतेको येउटा बन्दर् हो जहां बाटो उत्तरपूर्ब
१३ र दक्खिनपूर्ब देखींद छन्। अनि जब दक्खिने बतास् बिस्तार् बिस्तार्
बहंनु लाग्यो तब हांमिले आफ्नु मन्को कुरो समात्ये छौं भनि ठानिकन
तिनिहरु लङ्गर् निकाल्येर क्रेते सङ टांसींदै तीर् लागि लागिकन जांनु
१४ लाग्ये। तर धेर् बेला बित्येको थियेन त्यहां बाटो यूराकूलोन् भनींने
१५ येउटा झक्कड़े बतास् हान्दै आउंनु लाग्यो. अनि जब नाउ गांजि
समातीयेर बतास्को सांमु थामींनु सक्येन तब हांमिहरु बाटो दिइ लगींदै
१६ गयूं। अनि कौदा भनींने येउटा सांनु टापूको आड् पट्टि दुगुरि गयेर
हांमिहरुले कठिन् सङ डुंगा आफ्नु तहमां ल्याउंनु सक्यूं. अनि तिनिहरुले
१७ जब त्यो उठायेका थिये तब नाउलाइ मुनि बाटो बान्धदै बान्धदै उपकारे
थोक्को चलन् गर्‍ये अनि सुर्तिस् भनींने बलौटे धाप्मां खस्कि पर्छला
भनि डराइकन तिनिहरु पाल्साल् मुर्क्याइ दियेर येसोरि लगींदै गये।
१८ अनि हांमिहरु आंधी देखि अग्घोर् गरि उछालींदा र पछारींदामां भोलि
१९ पल्टो तिनिहरुले नाउको भारि बाहर आफाल्नु लाग्ये अनि पर्सि
२० पल्टो तिनिहरुले आफ्ना हात्ले नाउका आल्माल् फ्यांकि दिये। अनि
जब धेरै दिन् सम्म न घाम् न तारा प्रकाश् हुंद थिये अनि हांमिहरुलाइ

सांनु आंधीले ता हानि बस्दैन थियो तब अब भन्ये हांमिहरु बांच्ने आशा
२१ स्यांट्ठै काटीयो। अनि जब तिनिहरु धेरै दिन् बिना भोजन्का भइ
रह्येका थिये तब पाऊल्ले तिनिहरुको मांझमां उभीयेर भन्यो हे चरण्हरु
हो मेरो कुरो मानिकन नाउ क्रेते देखि न फर्कायेर तिमिहरुले यो हानि र
२२ यो गुमाई हात् न पार्नु उचित् हुंने थियो। अनि अब मं आफुहरुको
सांमु यो सल्लाह् सर्काउंद छु सुदिल्मां हव भनि किनभन्ये आफुहरुमांको
२३ कसै प्राण्को क्येइ अफलाई हुंदैन खालि नाउको मांत्रै। किनभन्ये येसै
रात्मां जुन् ईश्वर्को मं हुं जस्को मं सेवा पनि गर्द छु उस्को येउटा
२४ दूत् येसो भन्दै मेरो छेउमां उभीयो ए पाऊल् न डरा खांचो छ तं
कैसर्को सांमु उभींनु। अनि हेर् ईश्वर्ले तं सङ्ग पाल्ले हेलि जांनेहरु
२५ तंलाइ अनुग्रह् गरि दियेको छ। येस्कारण् हे चरण्हरु हो सुदिल्मां
हव. किनभन्ये मं ईश्वर्को पत्यारो गर्द छु जुन् रीत् अन्सार् मंलाइ
२६ बोलीयेको छ त्यसै हुंछ भन्न्ये। तै पनि अवस्से छ हांमिहरु कसै टापूमां
खुस्कि पर्नु॥

२७ तर जसै चौधौं रात् भयो तब हांमिहरु अद्रियाको समुन्द्रमां येता उता
लगींदै जांदा जांदामां आधा रात् पुंड़ो मलाहाहरुले कसै देस्को छेउ
२८ आयेका छौं भनि अन्सार् काटेत्र अनि तिनिहरुले साहूल्ले थाह्
लियेर बीम् पुर्सा भेटाये. अनि अलिक् खेर्को अन्तर् पछि तिनिहरुले
२९ फेरि थाह् लियेर पन्द्रह् पुर्सा भेटाये। अनि कोई कप्चाक्कुप्चुक् पऱ्येको
ठांउ हुंदो खुस्कि परूंला भनि डगइकन तिनिहरुले नाउको पछिल् तिर
बाटो चार्वटा लङ्गर् फ्यांक्येर उजियालो हवम् भन्न्ये मनौती गर्दै रह्ये।
३० अनि जब मलाहाहरुले नाउ देखि भाग्नु खोजि नाउको अघिल् तिर बाटो
लङ्गर् पसार्नु आंटेत्रको जस्तो निउं गरि डुंगा समुन्द्रमां सुर्क्याइ दिंनु
३१ लाग्ये तब पाऊल्ले कप्तान् र तिलंगाहरुलाइ भन्यो यिनिहरु नाउमां
३२ रह्येनन् भन्ये देखि आफुहरु बांच्नु सक्नु हुन्न। तब तिलंगाहरुले डुंगाका
३३ डोरी काटि दियेर त्येस्लाइ चिप्लि खस्नु दिये। अनि उजियालो हुंनु
आंट्दा पाऊल्ले येसो भन्दै सबै सित खुराक् लिंने बिन्ति गऱ्यो आजु
चौदह् दिन् भये आफुहरु क्येइ न लिंदै आशा गरि गरि बिना भोजन्का
३४ निरन्तर् भइ रहंनु भयेको छ। येस्कारण् मं आफुहरु सित क्येइ खुराक्
लिंने बिन्ति गर्द छु किनभन्ये यो ता आफुहरुको बचाईको लागि हो.
३५ किनभन्ये आफुहरुमां कसैको कपाल्को येउटा केस् पनि नास् हुंदैन। अनि

यि कुरा भन्येर त्येस्ले रोटी लियेर सबैको मुखेंजि ईश्वर्को धन्नबाद्
३६ गऱ्यो. अनि त्येस्ले त्यो भांच्येर खांनु थाल्यो। तब सबै सुदिल्का
३७ भयेर आफैले पनि खुराक् लिंनु लाग्ये। अनि हांमि नाउमां हुंनेहरु सबै
३८ दुइ सै छिहत्तर् प्राणी थियूं। अनि तिनिहरुले खुराक्ले तृप्त भयेर गहूं
३९ बाइर समुन्द्रमां आफालि आफालि नाउ हलुं पार्नु लाग्ये। अनि जब
उजियालो भयो तब त्यो देस् चिन्दैन थिये. तर तिनिहरुले गर्तिर् हुंने
येउटा कोल्टा चाल् पाये अनि क्ये नाउलाइ येस्मां ठेल्नु सकूला भनि
४० मल्लाह् गऱ्ये। अनि तिनिहरुले लङ्गर्हरु खुम्कायेर समुन्द्रमां छोड़ि दिये
सदाउंने बहांनाका बन्धन् पनि उइ बेला फुकाइ दिइकन अनि बताम्को
४१ लागि अघिल् पाल् उकाल्येर तिनिहरु तीर् तिर जांनु लाग्ये। तर दुइ
समुन्द्रको मोहन् पऱ्येको एका ठांउको बीच्मां पऱ्येर तिनिहरुले नाउ
दुगुराउंदै पाखामां लगाये अनि अघिल् निर ठोकींदै अड़ेस् लाग्येर चलाउंनु
न सक्ने गरि बस्यो तर पछिल् निर चइं छाल्हरुको बल्जबत्गराईले फुट्नु
४२ लाग्यो। अनि तिलंगाहरुको सल्लाह् यो थियो बन्धुवाहरुलाइ मांरूं कतै
४३ कोई निक्लि पौरिकन भागि न बांचोस् भन्न्ये। तर कप्तान्ले पाऊल्लाइ
बचाउंने मन् गरि तिनलाइ तिनको मन्गराई देखि थुन्यो अनि पौरंनु
सक्नेहरुलाइ नाउ देखि फाल् हान्येर पाखामां पहिले निक्लि जांनु अह्रायो
४४ अनि रह्येकाहरुलाइ कत्ति फल्याक् फल्याक्मां अनि कत्ति नाउका अरु अरु
थोक्मां भनि। अनि येसोगरि सब्बै पाखामां बांचि निक्ल्ये॥

२८ १ अनि जब हांमिहरु बांचि निक्ल्यूं तब टापू मलिता भनांद रछ भनि
२ थाहा पायूं। अनि ति अन्यभाषे लोगले हांमिहरु सित अनपामको मित्रेई
गऱ्ये. कसोगरिभन्ये पर्दै गऱ्येको पानी र जाड़ोको कारण्ले तिनिहरुले
३ आगो बाल्येर हांमिहरु सबैलाइ आफ्नु छेउ लग्ये। तर पाऊल्ले झींजामीं-
जाको थुप्रो लगायेर आगोमां हाल्दा येउटा साप् आगोको राप्को कारण्ले
४ निक्ल्येर त्येस्को हात्मां ठुङि झुंडीयो। अनि जसै ति अन्यभाषे लोगले
जन्तुलाइ त्येस्को हात्मां झुंडीयेको देख्ये तब आपस्तमां भन्नु लाग्ये अवस्से
यो मान्छे हत्यारेनै रछ जस्लाइ समुन्द्र देखि बांच्येको थियो र पनि निया
५ गर्नेले जीइ रहनु दियेन। तै पनि त्येस्ले जन्तुलाइ आगोमां झड्कारि
६ दियो अनि त्येस्लाइ क्येइ बिगार् भयेन। तर तिनिहरुले त्यो सुनींछ कि
एक्कासि मंरि लड्छ भनि हेरि रह्ये. तर जब तिनिहरुले धेरै बेला सम्म
हेरि रह्ये अनि त्येस्को क्येइ बिजांइ न भयेको देख्ये तब आफ्नु बिचार्
फेरिकन भन्न लाग्ये यो ता कोई देव्ता पो रछ॥

७ अब त्येस् ठांउको छेउछाउ पब्लियुस् नांउ भयेको त्येस् टापूको मूल्को
जग्गा थियो जस्ले पाहुना गरि तीन् दिन् सम्म मिहर्बानी सङ हांमिहरुको
८ अनिथिसेवा गर्‍यो। अनि येसो भयो पब्लियुस्को बाबु जरो र रगत्-
मासिले समातीयेर पस्रीइ रह्येको थियो. जो थांइ पाऊल्ले पस्येर अनि
९ प्रार्थना गर्‍येर त्येस् मांथि आफ्नु हात् राखि त्येस्लाइ निको पार्‍यो। अनि
यो भयेमां दुखाईमां भयेका त्येस् टापूका अरु रह्येकाहरु पनि छेउ आयेर
१० बिसेक् गराईनु लाग्ये जस्ले अनेक् वलिको मान्ले हांमिहरुको मान्भाउ
गर्‍ये पनि अनि जब हांमिहरुले नाउ फर्कायूं तब त्येस्मां हांमिहरुको लागि
ज्ये ज्येको ग्वांचो थियो ति चढ़ाइ पठाये॥

११ अनि तीन् मह्रीना पछि हांमिहरुले त्येस् टापूमां जाड़ो काटि रह्येको
मिकन्दरियाको जम्लेदाज्युभाईको मूर्त्तिको चिंनु भयेको येउटा नाउमां
१२ नाउफर्काई गर्‍यूं। अनि हांमिहरु सुराकूस्मां तीर् लगायेर त्यहां तीन्
१३ दिन् रह्यूं। अनि हांमिहरु त्यहां देखि घुम्ति घुम्ति बाटो हिंड्दै रेगि-
युम्मां आइ पुग्यूं. अनि दक्खिने बतास् एक् दिन् पछि उठि आयेमां
१४ हांमिहरु भोलि पल्टो पुत्यूलैमां आयूं. जहां हांमिले भाईहरुलाइ भेटूंं
जस्ले हांमिहरु सित सात् दिन् हांमिहरुकां रहंनु हवस् भन्न्ये बिन्ति गर्‍ये.
१५ अनि येसोरि हांमिहरु रोम्मां आयूं। अनि वहां बाटो भाईहरु
हांमिहरुको बिषय्का कुरा सुन्येर अप्पियुस्को चोक् भनींने अनि तीन्पाटि
भनींने सहर्हरु सम्म भेट्नुलाइ आये. जस्लाइ देखिकन पाऊल्ले ईश्वर्को
धन्नबाद् गर्‍येर ढाड़स् बान्ध्यो॥

१६ अनि जब हांमिहरु रोम्मां पस्यूं तब पाऊल्लाइ त्येस्लाइ रुङ्ने
तिलंगा सङ आफ्नु बन्दोबस्तको घर्मां रहंनु दिईयो॥

१७ अनि येसो भयो तीन् दीन् पछि त्येस्ले यहूदीहरुका मूल् मूल्हरुलाइ
बोलाइ जमायो. अनि तिनिहरु जमीयेमां त्येस्ले तिनिहरुलाइ भन्यो मं ता
हे भाईहरु हो आफ्ना लोग् कि पितृरीत्को सांमु क्येइ गर्‍येको थिइंन र
पनि बन्धुवा भइ यरूसलम् देखि रोमीहरुका हात्मां पकराइ दिईयेको छु.
१८ जस्ले मंलाइ खार्‍येर मंमां मृत्यु माफिक्को कोई कारण् न भयेकोले
१९ छोड़ि दिंने मन् गर्द थिये। तर यहूदीहरुले बिरोधी बात् गर्‍येमां मैंले
कैसर्को दोहाई अबस्से दिंनै पर्‍यो तैं पनि मैंले आफ्नु देस्का लोगलाइ
२० कोई दोष् दिंनु थियो भनि होइन। त येस्कारण्ले मैंले आफुहरु सित
मंलाइ हेर्नु र मं सित बोल्नुलाइ बिन्ति गर्‍यें. किनभन्ये इस्राएल्को
२१ आशाको कारण्ले मं येस् साङ्लोले बान्धीयेको छु। अनि तिनिहरुले

त्येस्लाइ भन्ये हांमिहरुले ता न तिम्रो बिषय्‌का लेखाई यहूदिया देखि
पायूं अनि न भाईहरुमांको कसैले आइ पुग्येर तिम्रो बिषय्‌मां क्येइ दुष्टेईंको
२२ समाचार्‌ सुनायो कि बोल्यो। तर हांमिहरु तिम्रो राई क्ये रछ भनि
तिम्रो पट्टि बाटो सुन्नु योग्य ठान्द छौं. किनभन्ये येस्‌ पन्थको बिषय्‌मां ता
सबै ठांउमां बात्‌ त्येम्को बिरुद्धै गरींद छ भनि हांमिहरुकां जाहर्‌ छ ॥
२३ अनि त्येस्को लागि येउटा दिन्‌ खटाइकन तिनिहरु त्यो थांइ त्येस्को
ज्यालेबाम्‌मां धेर्‌जमो आये जस्लाइ त्येम्ले ईश्वर्‌को राज्‌को साक्षी दिंदै
अनि तिनिहरुलाइ मूसाको ब्यवस्था देखि पनि. अनि अगम्‌बक्ताहरुका
पोस्तक्‌ देखि पनि येशूको बिषय्‌मां मनाउंदै बिहान्‌ देखि बेलुका सम्म
२४ त्येम्‌ कुरोको अर्थ फुकाउंदै रह्यो। अनि ति भन्येका कुरा कत्तिले मान्ये
२५ अनि कत्तिले ता अबिश्वाम्‌ गर्‍ये। अनि तिनिहरु एक्‌ कबोल्‌का न
भयेकोले बिदा भये पाऊल्‌ले यो येउटा कुरो भन्येमां अर्थात्‌ पवित्र आत्मा
तिमिहरुका पित्रहरुलाइ यशैया अगम्‌बक्ताको बाटोले येसो भन्दै जाति बोल्यो
२६ यो लोग्‌ थांइ गयेर भन्‌
तिमिहरुले सुनाईले सुन्छौ अनि कसै परिले बूझ्दौन
अनि देख्नु ता देख्छौ अनि कसै परिले देखि पाउंदौन
२७ कसोगरिभन्ये येस्‌ लोग्‌को हिर्दय्‌ बाक्लो भइ गयो
अनि तिनिहरुले कानले गह्रुं सङ सुन्ये
अनि आफ्ना आंखा चिम्ल्ये
तिनिहरुले कैलेइ आंखाहरुले न देखि पाउन्‌
अनि कान्‌हरुले न सुनुन्‌
अनि हिर्दयले न बूझुन
अनि न फर्कि आउन्‌
र मं तिनिहरुलाइ निको न पारुं भन्न्ये खातिर्‌ले।
२८ येस्कारण्‌ तिमिहरुलाइ थाहा हवस्‌ ईश्वर्‌को यो मुक्ति अन्यदेसीहरुकां
पठाईयो अनि तिनिहरुले ता सुनि मान्छन्‌ पनि भन्न्ये ॥
३० अनि त्यो पूरा दुइ बर्ष आफ्नु ज्यालेघर्‌मां रह्यो अनि त्यो थांइ
३१ आउंने सबैलाइ खुशि सित ग्रहण्‌ गर्‍यो खोलिकनै ईश्वर्‌को राज्‌
प्रचार्दै अनि प्रभु येशू ख्रीष्टको बिषय्‌का कुरा सिकाउंदै कोई देखि
रोक्‌टोक्‌मां न परि ॥

पाऊल् प्रेरित्को पत्र रोमीहरुलाइ

१ १ पाऊल् येशू खीष्टको दास् अर्थात् उस्को बोलाईयेको प्रेरित् जो
२ ईश्वर्को त्येस् सुसमाचार्को लागि छुट्ट्याईयो जस्को उस्ले अगाड़ि
देखि पवित्र धर्म्मशास्त्रमां आफ्ना अगम्बक्ताहरुको बाटोले करहार् गर्‍यो
३ आफ्नु पुत्रको बिषय्मां जो शरीर् अन्सार् दाऊद्को बंश देखि भयो
४ जो पवित्रेईको आत्मा अन्सार् शक्ति सङ मुर्दाहरुको बौरिउठाईले ईश्वर्को
५ पुत्र ठहराईयो अर्थात् हांमिहरुको प्रभु येशू खीष्टको बिषय्मां जस्को
बाटोले हांमिहरुले उस्को नांउको लागि सबै अन्यदेसीहरुमां बिश्वास्को
६ आज्ञामनाई हुंनुलाइ अनुग्रह र प्रेरितेई पायूं. जस् स्वाल्मां तिमिहरु पनि
७ छौ अर्थात् तिमि येशू खीष्टका बोलाईयेकाहरु. ईश्वर्का रोम्मां हुंने
सबै प्रियहरुलाइ अर्थात् उस्का बोलाईयेका पवित्र जन्हरुलाइ. तिमि-
हरुलाइ हांमिहरुको पिता ईश्वर् र प्रभु येशू खीष्टको पट्टि बाटो अनुग्रह
र शान्ति ॥

८ पहिले मं येशू खीष्टको बाटोले तिमिहरु सबैको बिषय्मां आफ्नु
ईश्वर्को धन्नबाद् गर्द छु तिमिहरुको बिश्वास्को समाचार् स्यांट्है संसार्मां
९ सुनाईद छ भनि। किनभन्ये ईश्वर् जस्को सेवा मं आफ्नु आत्मामां
उस्को पुत्रको सुसमाचार्मां गर्द छु मेरो साक्षी छ मं कसोगरि निरन्तर्
१० तिमिहरुलाइ सम्झना गर्द छु सधैं आफ्ना प्रार्थनामां बिन्ति गर्दै कोई न
कोई परिले अब शेषान्तर्मां मेरो यात्रा तिमिहरु थांइ आउंनुलाइ ईश्वर्को
११ इच्छेले सुफल् हवस् भनि। किनभन्ये मं तिमिहरुलाइ हेर्ने अग्घोर्को
इच्छे गर्द छु र तिमिहरुलाइ तिमिहरु स्थिर् गराईनुको लागि कोई आत्मिक
१२ अनुग्रहदान् बांड़ि दिउं त्यो कुरो येइ हो मं तिमिहरु सङ तिमिहरुमां
शान्त गराईनुको लागि एका अर्काको अं तिमिहरुको पनि अनि मेरो पनि
१३ बिश्वास्को बाटोले भनि। अनि हे भाईहरु हो मं तिमिहरुले थाहा न
पाव भन्ने इच्छे गर्दींन मैंले बारंबार् तिमिहरु थांइ आउंने मन् गर्‍यें
(अनि ऐले सम्म थुनीयें) र जसोरि अरु रह्येका अन्यदेसीहरुमां त्यसैरि
१४ तिमिहरुमां पनि मंलाइ क्येइ फल् हवस्। यूनानीहरुको पनि अनि
अन्यभाषेहरुको पनि ज्ञानीहरुको पनि अनि अबूझ्हरुको पनि मं ऋणी छु।

१५ येसैंगरि मं आफ्नु सक्दोभर् निमि रोम्मांकाहरुलाइ पनि सुसमाचार्
१६ सुनाउंनुलाइ तियार् छु। किनभन्ये मं सुसमाचार् देखि लजाउंदींन.
किनभन्ये त्यो बिश्वास् गर्ने जनंगलाइ पहिले यहूदीलाइ अनि पनि यूनानी-
१७ लाइ मुक्तिको लागि ईश्वर्को शक्ति हो। कसोगरिभन्ये त्येस्मां ईश्वर्को
धर्म्म बिश्वास्ले बिश्वास्को लागि प्रगटो गरींद छ. जसो लेख्येको छ
नर धर्म्मी बिश्वास्ले जीउंछ ॥

१८ कसोगरिभन्ये ईश्वर्को क्रोध् सच्चेईलाइ अधर्म्ममां थुनि राख्ने
मान्छेहरुको सबै अभक्ति र अधर्म्म मांथि स्वर्ग पट्टि बाटो प्रगटो गरींद छ
१९ किनभन्ये ईश्वर्को ज्ये जाहारीलो छ त्यो तिनिहरुमां प्रगटो छ कसोगरि-
२० भन्ये ईश्वर्ले त्यो तिनिहरुलाइ प्रगटो गरि दियो। कसोगरिभन्ये उस्का
अदेख् गुण् अर्थात् उस्को सनातन्को शक्ति र ईश्वर्जात् संसार्को सृष्टि
देखि येसो सिर्जना गरीयेका थोक्ले चाल् पाईइकन ठीक् देखींद छन्
२१ तिनिहरु निरुत्तर् हुनुको लागि. किनभन्ये तिनिहरुले ईश्वर्लाइ चिन्येर
उस्को महिमा ईश्वर्को झैं गर्न्येनन् अनि न धन्नबाद् गर्न्ये तर आफ्ना
बिचारमां नाहक्का भइ गये अनि तिनिहरुको निर्बुद्धि हिर्दय् अंध्यारो भइ
२२ २३ गयो। आफुलाइ ज्ञानी हौं भनिकन तिनिहरु मूर्ख भइ गये अनि
अबिनाशी ईश्वर्को महिमा बिनाशी मान्छे र पंछीहरु र चार्खुट्टेहरु
र बगि हिंड्ने जन्तुहरुको मूर्तिको रूप्मां फेरि दिये ॥

२४ येस्कारण् ईश्वर्ले तिनिहरुलाइ तिनिहरुका हिर्दय्का कुइच्छेमां
अशुद्धेईको लागि सुम्पि दियो तिनिहरु आफैमां तिनिहरुका जीवको अमान्
२५ हुनुलाइ. किनभन्ये तिनिहरुले ईश्वर्को सच्चेई झूठ् सङ साटि दिये अनि
सृष्टिको भक्ति र सेवा गर्न्ये सिर्जनेको देखि तर्किकन जो सदा सर्बदा
परम्धन्न छ। आमीन् ॥

२६ येसैकारण् ईश्वर्ले तिनिहरुलाइ अमान्का कुभोगको लागि सुम्पि
दियो. कसोगरिभन्ये तिनिहरुकी नारीहरुले सोभाउ माफिक्को चलन्
२७ सोभाउ देखि तर्कने सङ साटि दिइन्. अनि त्येसैंगरि नर्हरुले पनि
नारीसङ्को सोभाउ माफिक्को चलन् छोड़ि आफ्नु अघोर्को कुइच्छेले
एका अर्का तिर बल्ये नर्हरुले नर्हरु सङ जो काम् अरीतिको छ त्यो
गर्दै अनि आफ्नु भर्माईको जो सट्टाफल् उचित् थियो त्यो आफैमां
पाउंदै ॥

२८ अनि जसोरि तिनिहरुले ईश्वर्लाइ आफ्नु चिनाईमां राख्नु योग्य
ठहरायेनन् त्येसैरि ईश्वर्ले तिनिहरुलाइ अयोग्य ठहराईयेको बुद्धिको लागि

२९ सुम्पि दियो जो काम् योग्य छैनन् ति तिनिहरुले गर्नुलाइ सबै अधर्म्म
दुष्टेई लोभ् बुराईले पूर्ण पारीयेका भइ डाहा हत्या झगरागराई छल्
३० कुमाभाउले भरीयेका भइ साउति गर्ने पोल्येहे ईश्वरद्रोही उपद्रे
अहङ्कारी शेषी बुरा कुरा खोदल्ने आमा बाबुलाइ न मान्ने निर्बुद्धि
३१ नियम्घाती निर्मयालु निर्दयालु भइ. जस्ले येस्ता येस्ता काम् गर्नेहरु मृत्यु
माफिक्का छन् भन्ने ईश्वरको धर्म्मबिधि चिन्येर खालि ति काम् गर्द छन्
मात्रै होइन तर ति काम् गर्नेहरु सङ मतेरि हुंद छन् पनि ॥

२ १ येस्कारण् ए मान्छे तं कोई होम् जस्ले बिचार् गर्द छस् निरुत्तर् छम्.
कसोगरिभन्ये ज्येमां अर्कोको बिचार् गर्द छम् त्येसैमां तैंले आफैलाइ दोषी
ठहराउंद छम् कसोगरिभन्ये तं बिचार् गर्नेले तिनै काम् गर्द छम्।
२ अनि जान्द छौं येस्ता काम् गर्नेहरु मांथि ईश्वरको निया सच्चेई अनुसार् छ।
३ अनि ए येस्ता काम् गर्नेहरुको बिचार् गर्ने अनि तिनै काम् गर्ने मान्छे क्ये
येइ गन्द छम् मं चइं ता ईश्वरको निया देखि छोड़ीइ बांच्छु भनि।
४ कि क्ये उस्को कृपाको र सहाईको र धीरज्को धन् तुच्छ ठान्द छम्
ईश्वरको कृपाले तंलाइ पश्चात्ताप्को लागि लिहिंड़द छ भनि थाहा न
५ पाइ तर आफ्नु कठोरेई अनि अपश्चात्तापी हिर्दय् अनुसार् आफ्नु
लागि क्रोध्को र ईश्वरको धर्म्मानुसार् नियाको प्रकाश्को दिन्मां पर्ने
६ क्रोध्को धन् बटुल्द छम् जस्ले जनंगेलाइ त्येस्का काम् अनुसार् प्रतिफल्
७ दिंछ. भलो काम्को स्थिरेईमां रहि महिमा र मान् र अबिनाश् खोज्ने-
८ हरुचइंलाइ अजम्मरे जीउंनि. तर कलह देखिका भइ सच्चेई होइन
९ अधर्म्म मान्नेहरु चइं मांथि क्रोध् र रिस् अं कष्ट र संकट् बुरो काम्
गर्ने मान्छेको सबै प्राण् मांथि पहिले यहूदीको मांथि अनि यूनानीको मांथि
१० पनि तर महिमा र मान् र शान्ति भलो काम् गर्ने सबैलाइ पहिले
११ यहूदीलाइ अनि यूनानीलाइ पनि. कसोगरिभन्ये ईश्वरकां पनुपसाई छैन।
१२ कसोगरिभन्ये जत्तिले ब्यवस्था रहित् पाप् गर्‍ये ब्यवस्था रहित् नष्ट पनि
हुंछन्. अनि जत्तिले ब्यवस्था सहित् पाप् गर्‍ये ब्यवस्था बाटो बिचारींछन्
१३ कसोगरिभन्ये ईश्वरकां ब्यवस्थाका सुन्नेहरु धर्म्मी होइनन् तर ब्यवस्थाका
१४ पूरा गर्नेहरु धर्म्मी ठहराईंछन्. कसोगरिभन्ये जब ब्यवस्था रहित् हुने
अन्यदेसीहरुले ब्यवस्थाका कुरा सोभावैले गर्द छन् तब तिनिहरु ब्यवस्था
१५ रहित् भइ आफै आफ्नु लागि ब्यवस्था हुन् कसोगरिभन्ये ब्यवस्थाको
काम् आफ्नु आफ्नु हिर्दय्मां लेखीयेको देखाउंद छन् तिनिहरुको बिबेक्ले

पनि साक्षी दिंदै अनि तिनिहरुका बिचार्हरुले आपस्तमां कि ता दोष्
१६ लगाउंदै कि ता उत्तर् दिंदै—त्येम् दिन्मां जव ईश्वर्ले येशू ख्रीष्टको
बाटोले मेरो सुसमाचार् अनुसार् मान्छेहरुका गुप्त कुराको बिचार्
गर्छे ॥
१७ तर तं यहूदी भनीद छम् अनि ब्यवस्था मांथि थामीद छम् अनि
१८ ईश्वर्को बिषयमां घमण्ड् गर्द छम् अनि उस्को इच्छे चिन्द छम्
अनि ब्यवस्था देखि सिकाईयेको भइ श्रेष्ठ चइं कुरा योग्य ठहराउद छम् ।
१९ अनि यो भरोसा राख्द छम् मं आफै अन्धाहरुको अगुआ र अंधकार्मांका-
२० हरुको ज्योति निर्बुद्धिहरुको सिकाउंने बाल्खहरुको गुरु हुं भनि
२१ कमोगरिभन्ये तेरा ब्यवस्थामां ज्ञान्को र सच्चेर्ईको बिधि छ त क्ये
तं अर्कोलाइ सिकाउंनेले आफैलाइ सिकाउंदैनम् क्ये तं न चोर्नु प्रचार्नेले
२२ चोर्द छम् क्ये तं ब्यभिचार् न गर्नु भन्नेले ब्यभिचार् गर्द छम् क्ये
२३ तं मूर्त्तिहरु देखि घिनाउंनेले मन्दिर् हर्द छम् क्ये तं जस्ले ब्यवस्थाको
बिषयमां घमण्ड् गर्द छम् ईश्वर्लाइ ब्यवस्था देखिको तर्किहिंड़ाईको
२४ बाटोले अमान् गर्द छम् । कमोगरिभन्ये तिमिहरुको बाटोले ईश्वर्को
२५ नांउको निन्दा अन्यदेसीहरुमां गरीद छ जसो लेख्येको छ । किनभन्ये
खत्ना देखि उपता ता छ तैले ब्यवस्थाका काम् गर्ने गर्द छम् भन्ये देखि.
तर तं ब्यवस्था देखि तर्कि हिंड्ने छम् भन्ये देखि तेरो खत्ना बिखत्ना
२६ भइ गयो । येस्कारण् बिखत्नाको मान्छेले ब्यवस्थाका धर्म्मबिधिको
जगेरा गर्‍यो भन्ये देखि क्ये त्येस्को बिखत्ना खत्नाको लागि गनींदैन
२७ अनि क्ये सोभाउ देखि भयेको बिखत्नाले ब्यवस्था पूरो गरि रह्यो भन्ये
देखि तं लेखाई र खत्नाको बाटोले ब्यवस्था देखि तर्कि हिड्नेको बिचार्
२८ गर्दैन । कमोगरिभन्ये प्रगट्मां हुने यहूदी यहूदी होइन अनि न शरीर्मा
२९ प्रगट्मां हुंने खत्ना खत्ना हो. तर मन्मां हुंने यहूदी यहूदी हो अनि
हिर्दयको खत्ना खत्ना हो आत्मामां लेखाईमां होइन जस्को सर्काई
मान्छेहरु देखि होइन तर ईश्वर् देखि छ ॥
३ १ त यहूदीको क्ये बढ़ता कि खत्नाको क्ये उपता । सबै रीत् गरि
२ धेरै. पहिले चइं ईश्वर्का बाणी तिनिहरुको बिश्वास्मां छोड़ीये भन्ये ।
३ कमोगरिभन्ये कत्तिले अबिश्वास् गर्‍ये त क्ये. क्ये तिनिहरुको अबिश्वास्ले
४ ईश्वर्को बिश्वास्योग्येईलाइ बिकामे गराउंछ । त्येसो न हवस्. अं
ईश्वर् सच्चा हवस् तर सबै मान्छे चइं झूठो जसो लेख्येको छ

र येसोरि तपांइ आफ्ना बचन्मां धर्म्मी ठह्राईनु हवस् अनि आफु
बिचारींनुमां जीत्नु हवस् ।
५ तर हांमिहरुको अधर्म्मले ईश्वर्को धर्म्मलाइ प्रमाण् गर्द छ भन्ये
देखि क्ये भनूं । क्ये क्रोध् खन्याउंने ईश्वर् अधर्म्मी छ (मान्छेको रीत्
६ अनुसार् भन्द छु) । त्येसो न हवस्. तब ता ईश्वर्ले कसोगरि संसार्को
७ बिचार् गर्छ । तर मेरो झूठ्ले ईश्वर्को सच्चेई उस्को महिमाको लागि
८ बेसि भयो त किन अझैं मं पापी झैं बिचारींद छु अनि यो पनि किन
न भनीओस् (जसो हांमि गर्द छौं भन्न्ये हांम्रो निन्दा गरींद छ अनि जसो
हांमि बात् गर्द छौं भन्येर कत्तिले भन्द छन्) बुराई गरूं र भलाई आवस्.
जो भन्नेहरुको दण्डको आज्ञा न्यायी छ ॥
९ न क्ये. क्ये हांमिहरु तिनिहरु भन्दा बड़ा छौं । अवस्से छौंन.
कसोगरिभन्न्ये यो दोष् यहूदीहरु र यूनानीहरु दुवैलाइ अगाड़ि दियूं सब्बै
१० पाप् मुनि छन् भन्न्ये जसो लेख्येको छ
धर्म्मी कोई छैन अं येउटा पनि छैन
११ बूझ्ने कोई छैन
ईश्वर्लाइ खोज्ने कोई छैन
१२ सब्बै फर्कि गये तिनिहरु सङ् सङै बिकामे भइ गये
कृपा गर्ने कोई छैन अं येउटा सम्म पनि छैन.
१३ उघारो भयेको चिहान् हो तिनिहरुको गला
आफ्ना जिब्राले तिनिहरुले छल् गर्‍ये.
काला सर्पहरुको बिष् तिनिहरुका ओंठ मुनि छ.
१४ जस्को मुख् स्राप् र तीतेईले भरीयेको छ.
१५ तिनिहरुका गोड़ा फुर्तीला छन् रगत् बहाउंनुलाइ
१६ उपद्रेई र बिपत्ति छन् तिनिहरुका बाटामां
१७ अनि मिलाप्को बाटो तिनिहरुले चिन्येनन्.
१८ ईश्वर्को क्येइ डर् छैन तिनिहरुका आंखाको सांमु ॥
१९ अब जान्द छौं ब्यवस्थाले जत्ति कुरा भन्द छ ब्यवस्था सहित् हुंने-
हरुलाइ बोल्द छ सब्बै मुख् थुनीओस् अनि सिंगै संसार् ईश्वर्को निया
२० मुनि हवस् भन्न्ये खातिर्ले. किनभन्न्ये ब्यवस्थाका कर्म्म देखि कोई पनि
प्राणी उस्को मुखेंजि धर्म्मी ठह्राईंदैन कसोगरिभन्न्ये ब्यवस्थाको बाटोले
२१ पाप्को चिनाई हुंद छ । तर अव ता ब्यवस्था बिना ईश्वर्को धर्म्म

प्रगटो गरीयेको छ अनि ब्यवस्था र अगम्बक्ताहरुले त्येस्को लागि साक्षी
२२ दिंद छन् अं ईश्वर्को सबै बिश्वास् गर्नेहरुको लागि येशू ख्रीष्टको
२३ बिश्वास्को बाटोले भयेको धर्म्म कसोगरिभन्ये क्येइ भेद् छैन कसोगरिभन्ये
२४ सब्बैले पाप् गर्‍ये अनि ईश्वर्को महिमामां घटी हुंद छन् अनि उस्को
अनुग्रह्ले तिनलाइ सित्तैईमां धर्म्मी ठहराउंद छ उस् उद्धार्को बाटोले जो
२५ ख्रीष्ट येशूमां छ. जस्लाइ ईश्वर्ले अगाड़ि ईश्वर्को सहाईको समय्मां
भयेका पाप्कर्म्मको राखिछोड़ाईको कारण्ले आफ्नु धर्म्मको देखाईको
लागि अगाड़ि देखि ठहराइ राख्येको थियो उ आफ्नु लोहूले बिश्वास्को
२६ बाटोले प्रायश्चित हवस् भनि अं येस् बर्त्तमान् समय्मां आफ्नु
धर्म्मको देखाईको निम्तिमां. उ आफै धर्म्मी अनि येशू मांथि बिश्वास्
२७ गर्नेलाइ धर्म्मी ठहराउंने हुनुको लागि। त घमण्ड् कहां। त्यो बाइर्‍याइ
थनीयो। कस्तो ब्यवस्थाको बाटोले क्ये कर्म्महरुको। होइन. तर
२८ बिश्वास्को ब्यवस्थाको बाटोले। येस्कारण् गन्द छौं मान्छे बिश्वास्ले
२९ धर्म्मी ठहराईद छ ब्यवस्थाका कर्म्मै बिना। कि क्ये ईश्वर् खालि
यहूदीहरुको मात्रै ईश्वर् हो क्ये अन्यदेसीहरुको पनि ईश्वर् होइन। अं
३० अन्यदेसीहरुको पनि हो. ईश्वर् एकैनै हो भन्ये देखि जस्ले त खत्नालाइ
बिश्वास् देखि अनि बिखत्नालाइ बिश्वास् बाटो धर्म्मी ठहराउंद छ।
३१ त क्ये बिश्वास्को बाटोले ब्यवस्थालाइ बिकामे गराउंद छौं। त्येसो न
हवस्. तर ब्यवस्थालाइ स्थापित् पो गर्द छौं॥

४ १ त क्ये भनूं हामिहरुको शरीर् अनुसार्को पुर्व अब्राहाम्ले क्ये पायो
२ भनि। किनभन्ये अब्राहाम् कर्म्महरुले धर्म्मी ठहराईयो त त्येस्लाइ
३ घमण्ड्को ठांउ छ तर ईश्वर् तिर ता छैन। कसागरिभन्ये धर्म्म-
शास्त्रले क्ये भन्द छ अनि अब्राहाम्ले ईश्वर्को बिश्वास् गर्‍यो अनि
४ यो त्येस्को लागि धर्म्म गनीयो। अब कर्म्म गर्नेचइंको लागि प्रतिफल्
५ अनुग्रह्को हिसाप्ले होइन तर ऋण्को हिसाप्ले गनींद छ। तर कर्म्म न
गर्ने तर अभक्तलाइ धर्म्मी ठहराउंने मांथि बिश्वास् गर्नेचइंको लागि
६ त्येस्को बिश्वास् धर्म्म गनींद छ। जस्तै दाऊद्ले पनि येसो भन्दै त्येस्
मान्छेलाइ धन्न भन्द छ जस्को लागि ईश्वर्ले कर्म्म बिना धर्म्म गन्द छ

७ धन्न तिनिहरु जस्का अधर्म्म क्षमा गरीये
अनि जस्का पाप् ढाकीये।
८ धन्न त्यो मान्छे जस्को लागि प्रभुले पाप् गन्दैन

९ त यो धन्न भनाई क्ये खत्ना मांथि हो कि बिखत्ना।
मांथि पनि हो किनभन्ये भन्द छौं अब्राहाम्को लागि त्येस्को बिश्वास् धर्म्म
१० गनीयो। त कसोगरि गनीयो त्यो खत्ना सहित्को हुंदा कि बिखत्ना
११ सहित्को। खत्ना सहित्को होइन तर बिखत्ना सहित्को. अनि त्येस्ले
खत्नाको चिंनु पायो त्यो बिखत्ना सहित्को हुंदाखेरिको त्येस्को बिश्वास्को
धर्म्मको छाप् भन्ने. त्यो तिनिहरुको लागि धर्म्म गनीनुको लागि सबै
१२ जना बिखत्ने गत्मां पनि बिश्वास् गर्नेहरुको पित्र हवस् भन्येर अनि
पनि खत्नाका लोगको पित्र हुंनुको लागि तिनिहरुको लागि जो खालि
खत्ना देखिका हुंनेहरु मांत्रै होइन तर हांमिहरुको पित्र अब्राहाम्को बिखत्ना
१३ हुंदाखेरिको बिश्वास्का डोरामां हिंन्नेहरु पनि हुन्। कसोगरिभन्ये
अब्राहाम्लाइ कि त्येस्को बंशलाइ तं संसार्को अधिकारी हुंछस् भन्ये करहार्
१४ ब्यवस्थाको बाटोले होइन तर बिश्वास्को धर्म्मको बाटोले भयो। कसोगरि-
भन्ये ब्यवस्था देखिकाहरु अधिकारी हुन् भन्ये देखि बिश्वास् रित्तो पारीयो
१५ अनि करहार् बिकामे गराईयो. कसोगरिभन्ये ब्यवस्थाले क्रोध् गराउंद
१६ छ तर ब्यवस्था जहां छैन त्यहां तर्किहिंड़ाई पनि छैन। येसैकारण् त्यो
अनुग्रहको हिसाप्ले हवस् भन्न्ये खातिर्ले बिश्वास् देखि हो करहार् सब्बै
बंशलाइ थीरो हुंनुको लागि खालि ब्यवस्था देखिकोलाइ मांत्रै होइन तर
१७ अब्राहाम्को बिश्वास् देखिकोलाइ पनि जो उस्को सम्मु जस्को त्येस्ले
बिश्वास् गर्‍यो अर्थात् मुर्दाहरुलाइ जीयाउंने अनि ज्ये थोक् छंदै छैनन्
तिनलाइ ति भये झैं बोलाउंने ईश्वर्को सांमु हांमि सब्बैको पित्र हो
(जसो लेख्येको छ मैंले तंलाइ धेरै देस्का लोग्को पिता ठहराइ राख्येको
१८ छ)। जस्ले येस्तै तेरो बंश हुंछ भनि कह्येको अनुसार् धेरै देस्का
लोग्को पिता होइ जांनुको लागि आस् न देखिकन पनि आस्ले बिश्वास्
१९ गर्‍यो। अनि बिश्वास्मां निर्बल् न भइ त्येस्ले आफ्नु ऐलेइ मुर्दासरि
भयेको जीउ (बर्ष सै एक्को थियो) र साराको गर्भको मुर्दासरिहुवाईलाइ
२० बिचार्‍यो. अं ईश्वर्को करहार्लाइ ध्यान् गरि त्येस्ले अबिश्वास्ले शंका
गर्‍येन तर बिश्वास्ले शक्तिमां बढ़्दै गयो ईश्वर्लाइ महिमा दिइ
२१ अनि उस्ले ज्येको करहार् दियेको छ त्यो गर्नुलाइ पनि शक्तिमान् छ
२२ भनि पूरो पत्याइ। येस्कारण्ले पनि त्यो त्येस्को लागि धर्म्म गनीयो।
२३ अब त्येस्को कारण्मां मांत्रै लेख्येन त्यो त्येस्को लागि गनीयो भनि
२४ तर हांमिहरुको कारण्मां पनि जस्को लागि गनींनु आंट्द छ जस्ले उ

मांथि बिश्वास् गर्द छौं जस्ले हांमिहरुको प्रभु येशूलाइ मुर्दाहरु देखि
२५ बौराइ उठायो जो हांमिहरुका अपराध्को कारण्ले सुम्पि दिईयो
अनि हांमिहरुको धर्म्मीठहराईको कारण्ले बौराइ उठाईयो ॥
५ १ त बिश्वास्को बाटोले धर्म्मी ठहराईयेका भइ हांमिहरु ईश्वर् मित
२ भयेको मिलाप्मां रहूं हांमिहरुको प्रभु येशू ख्रीष्टको बाटोले जस्को बाटोले
हांमिहरुलाइ त्यो येस् अनुग्रहमां जस्मां उभीइ रह्येका छौ बिश्वास्ले पस्ने
अधिकार् पनि भयो. अनि हांमिहरु ईश्वर्को महिमाको आशामां हर्ष गर्द
३ छौं। अनि खालि येति मात्रै होइन नर कष्टहरुको बिषय्मां पनि हर्ष
४ गर्द छौं कष्टले स्थिरेई गराउंद छ भनि जानिकन अनि स्थिरेईले
५ योग्यठहराई अनि योग्यठहराईले आशा भनि. अनि आशाले लाज्मां
पार्दैन किनभन्ये ईश्वर्को प्रेम् हांमिहरुलाइ दिईयेको पवित्र आत्माको
६ बाटोले हांमिहरुका हिर्दय्मां खन्याईयेको छ। कसोगरिभन्ये ख्रीष्ट
हांमिहरु निर्बल् भइ रह्येकैमां पनि अभक्तहरुको लागि ठीक् बेलामां मर्‍यो।
७ कसोगरिभन्ये कठिन् सङ धर्म्मी मान्छेको लागि कोई मर्ला. कसोगरिभन्ये
८ भलोको लागि कथंकाल् कसैलाइ मर्ने आंट् पनि होला। नर ईश्वर्चइंले
हांमिहरु तिर आफ्नु प्रेम्को येसैमां प्रमाण् गर्द छ हांमिहरु पापी भइ
९ रह्येकैमां ख्रीष्ट हांमिहरुको लागि मर्‍यो। त धेरै ज्यास्ति गरि उस्को
लोहूले अब धर्म्मी ठहराईयेका भइ उस्को बाटोले त्येस् क्रोध् देखि बचाईछौ।
१० कसोगरिभन्ये हांमिहरु सत्तुर् भइ रह्येमां ईश्वर् सङ उस्को पुत्रको मृत्युको
बाटोले फर्काइ मिलाईयूं त धेरै ज्यास्ति गरि फर्काइ मिलाईयेका भइ
११ उस्को जीउंनिले बचाईछौं अं अनि खालि येति मात्रै होइन तर
आफ्नु प्रभु येशू ख्रीष्टको बाटोले जस्को बाटोले त्यो फर्काइमिलाई अब
पायू ईश्वर्को बिषय्मां हर्ष गर्दै पनि ॥
१२ येस्कारण्ले जसोगरि येउटा मान्छेको बाटोले पाप् संसार्मां पस्यो
अनि पाप्को बाटोले मृत्यु अनि येसोरि मृत्यु सब्बै मान्छेहरुमां भिजि
१३ गयो सब्बैले पाप् गर्‍ये भनि. —कसोगरिभन्ये ब्यवस्था न भयेको
समय्मां पाप् संसार्मां थियो. तर ब्यवस्था न भयेकोमां पाप्को लेखा
१४ गनीदैन। तैपनि मृत्युले आदम् देखि येसो मूसा सम्म ति मांथि पनि
राज् गर्‍यो जस्ले आदम्को तर्किहिंड़ाईको रूप्मां जो उस् हुंनु आंट्ने
१५ जन्को नपना हो पाप् गर्‍येनन्। तर जस्तो अपराध् त्येस्तै अनुग्रहदान्
पनि होइन। कसोगरिभन्ये त्येस् येउटाको अपराध्ले धेरै मर्‍ये त धेरै

ज्यास्ति गरि ईश्वर्को अनुग्रह् अनि उस् येउटा मान्छे अर्थात् येशू ख्रीष्टको
१६ अनुग्रह्ले भयेको बर्दान् धेरैको लागि परसस्त भयो। अनि जसो येउटा
पाप् गर्नेको बाटोले त्यसै बर्दान् भयो होइन कसोगरिभन्ये बिचार् चइं
दोषीठहराईको लागि येउटा देखि तर अनुग्रहदान् चइं धर्म्मीठहराईको
१७ लागि धेरैका अपराध् देखि भयो। कसोगरिभन्ये त्येस् येउटाको अपराध्ले
मृत्युले त्येस् येउटाको बाटोले राज् गर्‍यो त धेरै ज्यास्ति गरि अनुग्रहको
अनि धर्म्मीठहराईको उस् बर्दान्को त्यो परसस्त पाउंनेहरुले उस् येउटाको
१८ अर्थात् येशू ख्रीष्टको बाटोले जीउंनिमां राज् गर्छन्। येस्कारण् तब ता
जसोगरि बिचार् येउटा अपराध्को बाटोले सबै मान्छेहरुमां दोषीठहराईको
लागि भिजि गयो त्येसैगरि अनुग्रहदान् धर्म्मीठहराईको येउटा काम्को
बाटोले सबै मान्छेहरुमां जीउंनिको धर्म्मीठहराईको लागि भिजि गयो।
१९ कसोगरिभन्ये जसोगरि धेरै येउटा मान्छेको आज्ञानंघाईको बाटोले पापी
भयेका ठहराईये त्येसैगरि धेरै येउटाको आज्ञामनाईको बाटोले धर्म्मी
२० भयेका ठहराईछन्। अनि ब्यवस्था चइं माथ लाग्नु पर्‍यो अपराध् बेसि
बनीओस् भन्येर तर जहां पाप् बेसि बनीयो त्यहां अनुग्रह झन् बेसि गरि
२१ परसस्त भयो. र जसोगरि पापले मृत्युमां राज् गर्‍यो त्येसैगरि अनुग्रहले
पनि हांमिहरुको प्रभु येशू ख्रीष्टको बाटोले अजम्मरे जीउंनिको लागि
धर्म्मीठहराईको बाटोले राज् गरोस्॥

६ १ त क्ये भनूं। क्ये पाप्मां अझै रहूं अनुग्रह बेसि बनीओस् भन्ये
२ खातिर्ले। त्येसो न हवस्। हांमिहरु जो पाप्को लेखि मर्‍यूं कसोगरि
३ अझै त्येस्मां जीऊं। कि क्ये थाहा पाउंदौन जत्ति ख्रीष्ट येशूमां बप्तिस्मा
४ भयूं उस्को मृत्युइमां बप्तिस्मा भयूं भनि। त मृत्युइमा बप्तिस्माको
बाटोले उ सङ गाड़ीयूं. जसोगरि ख्रीष्ट पिताको महिमाको बाटोले
मुर्दाहरु देखि बौराइ उठाईयो त्येसैगरि हांमिहरु पनि जीउनिको नया-
५ हुवाईमां हिंडूं भन्ये खातिर्ले। कसोगरिभन्ये उस्को जस्तो मृत्युले उ
सङ लगाईयेका छौं भन्ये देखि उस्को जस्तो बौरिउठाईले पनि हुंछौं
६ यो थाहा पाइकन हांम्रो पुरानु मान्छे उ सङ क्रूस्मां टांगीयो पाप्को
जीउ बिकामे गराईओस् भन्ने खातिर्ले हांमिहरुले अझै पाप्को दास्ती न
७ गर्नुलाइ कसोगरिभन्ये मर्ने चइं पाप्को निया देखि छोड़ाईयो।
८ तर ख्रीष्ट सङ मर्‍यूं त उ सङ जीउंछौं पनि भनि पत्त्याउंद छौं
९ यो जानिकन ख्रीष्ट मुर्दाहरु देखि बौराइ उठाईयेर अझै मर्दैन. मृत्युले

१० उम् मांथि अझै प्रभुतेई गर्दैन। कसोगरिभन्ये उ जुन् मृत्युमां मंर्यो
त्येम्मां पाप्को लेखि एकै बार् मंर्यो. तर जुन् जीउंनिमां जीउंद छ
११ ईश्वर्को लेखि जीउंद छ। येमैगरि तिमिहरुले पनि आफुलाइ पाप्को
लेखि मुर्दा तर ख्रीष्ट येशूमां ईश्वर्को लेखि जीउंदा भयेका गन ॥
१२ येस्कारण् पाप्ले तिमिहरुले त्येस्का कुइच्छेको आज्ञा मान्नुको लागि
१३ तिमिहरुको मंर्दो जीउमां राज् न गरोम् अनि न आफ्ना अङ्ग
अधर्म्मका हतियार् गरि पाप्लाइ दिइ हाल तर आफुलाइ मुर्दाहरु देखि
जीयेका गरि ईश्वर्लाइ दिइ हाल अनि आफ्ना अङ्ग ईश्वर्को लागि
१४ धर्म्मका हतियार् गरि। कसोगरिभन्ये पाप्ले तिमिहरु मांथि प्रभुतेई
गर्दैन. कसोगरिभन्ये तिमिहरु ब्यवस्था मुनि होइन तर अनुग्रह मुनि छौ ॥
१५ त क्ये. क्ये पाप् गरूं ब्यवस्था मुनि होइन तर अनुग्रह मुनि छौं
१६ भन्येर। त्येसो न हवम्। क्ये जान्दौन आफुलाइ आज्ञामनाईको लागि
जस्लाइ दाम् गरि दिइ हाल्द छौ त्येमैका जस्को आज्ञा मान्द छौ दाम्
हौ कि न मृत्युको लागि पाप्का कि न धर्म्मको लागि आज्ञामनाईका
१७ भनि। तर ईश्वर्को गुण्मनाई हवम् पाप्का दाम् ता थियौ तर सिकाईको
जुन् अनुवार्मां सुम्पि दिईयौ त्येस्का आज्ञा हिर्दय् देखि मान्ने भयौ
१८ अनि पाप् देखि निर्बन्ध् तुल्याईयेर धर्म्मका दाम् तुल्याईयौ भन्ने।
१९ तिमिहरुको शरीर्को निर्बलेईको कारण् मान्छेको रीत्ले भन्द छु. कसो-
गरिभन्ये जसोगरि आफ्ना अङ्ग अशुद्धेईलाइ र अधर्म्मको लागि अधर्म्मलाइ
दाम् गरि दिइ हाल्यौ त्येमैगरि अब आफ्ना अङ्ग पवित्रगराईको लागि
२० धर्म्मलाइ दाम् गरि दिइ हाल। कसोगरिभन्ये जब पाप्का दाम् थियौ
२१ तब धर्म्मको लेखि निर्बन्ध् थियौ। त त्येम् समय्मा तिमिहरुलाइ ति
काम्मां जुन् देखि अब लजाउंद छौ क्ये फल् थियो कसोगरिभन्ये ति काम्को
२२ अन्त मृत्यु हो। तर अब ता पाप् देखि निर्बन्ध् तुल्याईयेर अनि ईश्वर्का
दाम् तुल्याईयेर तिमिहरुलाइ तिमिहरुको फल् पवित्रगराईको लागि छ
२३ अनि तिमिहरुको अन्त चइं अजम्मरे जीउंनि हो। कसोगरिभन्ये पाप्को
दर्माहा मृत्यु हो तर ईश्वर्को अनुग्रहदान् हामिहरुको प्रभु ख्रीष्ट येशूमां
अजम्मरे जीउंनी हो ॥
७ १ कि क्ये थाहा पाउंदौन हे भाईहरु हो (कसोगरिभन्ये ब्यवस्था जान्नेहरु
सित बोल्द छु) ब्यवस्थाले मान्छे मांथि त्यो जति समय् सम्म जीउंद छ
२ त्येति सम्म प्रभुतेई गर्द छ। कसोगरिभन्ये लोग्ने हुंने आइमाइ ब्यवस्थाले

लोग्ने जीउंज्याल् सम्म त्यो सङ बान्धीयेकी छ तर लोग्ने मंर्यो भन्ये
३ देखि त्यो लोग्नेको ब्यवस्था देखि फुकाईई। तब ता लोग्ने जीउंज्याल्
सम्म त्यो अर्को लोग्ने सङ गई भन्ये देखि ब्यभिचारिणी भनींछ. तर
लोग्ने मंर्यो भन्ये देखि त्यो ब्यवस्था देखि यहां सम्म गरि निर्बन्ध् छ
४ अर्को लोग्ने सङ गइकन पनि ब्यभिचारिणी हुंदैन। येसो हो भन्ये देखि
ना हे मेरा भाईहरु हो तिमिहरु पनि ख्रीष्टको जीउको बाटोले ब्यवस्थाको
लेखि मर्ने तुल्याईयौ अर्को सङ अर्थात् मुर्दाहरु देखि बौराइ उठाईयेको
५ सङ जांनुको लागि ईश्वरको लागि फल् फलूं भन्येर। कसोगरिभन्ये
जब शरीर्मां थियूं तब ब्यवस्थाको बाटोले भयेका पापी कुभोग्ले हांमि-
हरुका अङ्गमां मृत्युको लागि फल् फलाउंनुको लागि काम् गराउंद थिये।
६ तर अब ता ज्येमां थुनि राखीयूं त्येस्को लेखि मंरिकन येस्तोगरि ब्यवस्था
देखि फुस्काईयेका छौं लेखाईको पुरांनहुवाईमां होइन तर आत्माको नया-
हुवाईमां दास्ती गर्द छौं॥

७ त क्ये भनूं। क्ये ब्यवस्था पाप् हो। त्येसो न हवस्। तैं पनि
बिना ब्यवस्थाको बाटोले पाप् चिन्ने थिइंन. कसोगरिभन्ये ब्यवस्थाले
८ लालच् न गर् भनि बिना भन्येकोले लालच् जान्ने थिइंन. तर पाप्ले
दाउ पायेर आज्ञाको बाटोले सब् प्रकारको लालच् मंमां गरायो. कसो-
९ गरिभन्ये ब्यवस्था बिना ता पाप् मुर्दा छ। अनि मं चइं ब्यवस्था बिना
अगाड़ि जीउंद थियें तर आज्ञा आयेमां पाप् बौरि जायो अनि मं चइं
१० मंर्ये अनि जुन् आज्ञा जीउंनिको लागि भयो त्येइ मृत्युको लागि
११ भयेको चाल् पायें. कसोगरिभन्ये पाप्ले दाउ पायेर आज्ञाको बाटोले
१२ मंलाइ बहकायेर त्येसैको बाटोले मांर्यो। येसो भये ता ब्यवस्था चइं
१३ पवित्र अनि आज्ञा पवित्र र धर्म्मी र भलो छ। त क्ये जो भलो छ
त्यो मेरो लागि मृत्यु भयो। त्येसो न हवस् तर पापैं हो। जो भलो
छ त्येस्को बाटोले मेरो लागि मृत्यु गराउदामा पाप् पापैं देखाहा परोस्
भन्ये खातिर्ले अं आज्ञाको बाटोले पाप् अघोरै औधि गरि पापी हवस्
१४ भन्ये खातिर्ले। कसोगरिभन्ये जान्द छौं ब्यवस्था आत्मिक् छ भनि.
१५ तर मं चइं शरीरिक् अर्थात् पाप् मुनि हुंने गरि बेचीयेको छु। कसोगरि-
भन्ये ज्ये काम गर्द छु त्यो थाहा पाउंदीन. कसोगरिभन्ये ज्येको इच्छे
१६ गर्द छु त्येइ गर्ने गर्दीन तर ज्ये देखि घिन् गर्द छु त्येइ गर्द छु। तर
ज्येको इच्छे गर्दीन त्येइ गर्द छु भन्ये देखि ब्यवस्था सङ त्यो जाति छ

१७ भन्ने साक्षी दिंद छु। त अब ना त्यो काम् अझै मैं गर्दीन तर मंमां
१८ बास् गर्ने पापले। कसोगरिभन्ये जान्द छु मंमां अर्थात् मेरो शरीर्मां
क्येइ भलो थोक्ले बास् गर्दैन भनि. कसोगरिभन्ये इच्छे गर्नु ता मेरां
१९ छ तर ज्ये जाति छ त्यो गर्नु मेरां छैन। कसोगरिभन्ये ज्ये भलोको
इच्छे गर्द छु त्येइ गर्दीन. तर ज्ये बुरोको इच्छे गर्दीन त्येइ गर्ने गर्द
२० छु। तर ज्येको इच्छे गर्दीन त्येइ गर्द छु भन्ये देखि त्यो काम् अझै मैं
२१ गर्दीन तर मंमां बास् गर्ने पाप्ले। तब ता ब्यवस्था पाउंद छु मं ज्ये
२२ जाति छ त्यो गर्ने इच्छे गर्नेकां ज्ये बुरो छ त्येइ रछ भन्ने। कसोगरि-
२३ भन्ये भित्रे मान्छे अनुसार् ईश्वर्को ब्यवस्था देखि खुशि छु. तर आफ्ना
अङ्गमां अर्को ब्यवस्था देख्द छु जस्ले मेरो बुद्धिको ब्यवस्था सङ्ग युद्ध
गर्दै मंलाइ मेरा अङ्गमां भयेको पाप्को ब्यवस्थाको बन्धुवाईमां पार्द छ।
२४ मं चइं कस्तो बिपत्तिमां पर्येको मान्छे कस्ले मंलाइ येस् मृत्युको जीउ
२५ देखि छोड़ाउंछ। हांमिहरुको प्रभु येशू ख्रीष्टको बाटोले ईश्वरैको धन्नवाद्
गर्द छु। त तब ना मं आफै बुद्धिचइंले ईश्वर्को ब्यवस्थाको दास्नी गर्द
छु तर शरीर्चइंले पाप्को ब्यवस्थाको॥

८ १ तब ता अब ख्रीष्ट येशूमां हुंनेहरुलाइ क्येइ दोषीठहराई छैन।
२ कसोगरिभन्ये ख्रीष्ट येशूमां भयेको जीउंनिको आत्माको ब्यवस्थाले मंलाइं
३ पाप्को र मृत्युको ब्यवस्था देखि निर्बन्ध् तुल्यायो। कसोगरिभन्ये ज्ये
ब्यवस्थाले शरीर्को बाटोले निर्बल् भयेको कारण्ले गर्नु सक्येन त्यो
ईश्वर्ले आफ्नै पुत्रलाइ पाप् भयेको शरीर्को रूपमां अनि पाप्को बलिदान्
४ हुंनुको लागि पठायेर शरीर्मां पाप्लाइ दोषी ठहराइकन गर्यो. ब्यवस्थाको
धर्म्मबिधि हांमि शरीर् अनुसार् होइन तर आत्मा अनुसार् हिंड्नेहरुमां
५ पूरो गरीओस् भन्येर। कसोगरिभन्ये शरीर् अनुसार् हुंनेहरुले शरीर्का
कुराको मन् गर्द छन् तर आत्मा अनुसार् हुंनेहरुले आत्माका कुराको।
६ कसोगरिभन्ये शरीर्को मन् मृत्यु हो तर आत्माको मन् जीउंनि र शान्ति
७ हो. किनभन्ये शरीर्को मन् ईश्वर् निर शत्तुरेई हो कसोगरिभन्ये ईश्वर्को
८ ब्यवस्थाको ताबिमां हुंदैन कसोगरिभन्ये अनि न हुंनु पो सक्दै छ. अनि
९ शरीर्मां हुंनेहरुचइंले ईश्वर्लाइ खुश् पार्नु सक्दैनन्। तर तिमिहरुचइं
शरीर्मां होइन तर आत्मामां छौ. ईश्वर्को आत्माले तिमिहरुमां बास्
गर्द छ भन्ये देखि ता। तर कसैकां ख्रीष्टको आत्मा छैन भन्ये देखि
१० त्यो उस्को जन् होइन। अनि ख्रीष्ट तिमिहरुमां छ भन्ये देखि शरीर् ता

पापको कारण्ले मुर्दा छ तर आत्मा चइं धर्म्मको कारण्ले जीउंनि हो।
११ तर येशूलाइ मुर्दाहरु देखि बौराइ उठाउंनेको आत्माले तिमिहरुमां बास्
गर्द छ भन्ये देखि ख्रीष्ट येशूलाइ मुर्दाहरु देखि बौराइ उठाउंनेले तिमि-
हरुका मर्दो जीउलाइ पनि तिमिहरुमां बास् गर्ने आफ्नु आत्माको बाटोले
जियाउंछ ॥
१२ त नब ता हे भाईहरु हो हांमिहरु शरीर्को लेखि शरीर् अन्सार्
१३ जीउंनुलाइ ऋणी छौं होइन. कसोगरिभन्ये शरीर् अन्सार् जीयौ भन्ये देखि
१४ मर्छौ तर आत्माले जीउका कार्जे मंरायौ भन्ये देखि जीउंछौ। कसो-
गरिभन्ये जत्ति ईश्वर्को आत्माले लिहिंडालींद छन् ईश्वर्का पुत्र यिनै
१५ हुन्। कसोगरिभन्ये डर् फेरि हुंनुको लागि दास्हुवाईको आत्मा पायौन
तर धर्म्मपुत्रहुवाईको आत्मा पायौ जस्ले करांउंद छौं हे अब्बा हे पिता
१६ भन्दै। आत्मा आफैंले हांमिहरुको आत्मा सङ साक्षी दिंद छ ईश्वर्का
१७ सन्तान् हौ भनि. अनि सन्तान् हौं भन्ये देखि त अधिकारी हौं ईश्वरैका
अधिकारी अनि ख्रीष्टका संगी अधिकारी उ सङ महिमित् होऊं पनि
भनि उ सङ दुख भोग्द छौं भन्ये देखि ता ॥
१८ कसोगरिभन्ये गन्द छु येम् बर्त्तमान् समय्का दुखभोग् हांमिहरुको
निम्तिमां प्रगटो गरींनु आंटेको त्येम् महिमाको सांमु क्येइ माफिक्का
१९ छैनन् भनि। कसोगरिभन्ये सृष्टिको अघोर्को आस्राले ईश्वर्का पुत्रहरुको
२० प्रगटोहुवाईको बाटो हेर्द छ। कसोगरिभन्ये सृष्टि नाहक्को ताबिमां
२१ पारीयो चाहा गरि होइन तर ताबिमां पार्नेको कारण्ले येम् आस्रामां
सृष्टि आफै पनि बिनाम्को दास्हुवाई देखि ईश्वर्का सन्तान्हरुको महिमाको
२२ निर्बन्धेईमां निर्बन्ध् तुल्याईछ भन्ने। कसोगरिभन्ये जान्द छौं सिंगै सृष्टिले
२३ मिलि अबै सम्म सुस्केरा मांर्द र सुत्केरे पीरा पाउंद छ। अनि खालि
त्येसै मांत्रै होइन तर आफै पनि जस्कां आत्माको अगौटेफल् छ अं हांमि-
हरु आफै आफुमां सुस्केरा मांर्द छौं धर्म्मपुत्रहुवाईको अर्थात् आफ्नु जीउको
२४ उद्धार्को बाटो हेर्दै। कसोगरिभन्ये आस्रैले बचाईयूं. तर देखींने चइं
आस्रा आस्रा होइन. कसोगरिभन्ये कस्ले ज्ये देख्दै छ त्येस्को आस्रा
२५ गर्द छ। तर ज्ये देख्दौंन त्येस्को आस्रा गर्द छौं भन्ये देखि त स्थिरेई
सङ त्येस्को बाटो हेर्द छौं ॥
२६ अनि त्येसैगरि आत्मा पनि हांमिहरुको निर्बलेईको गोहार्मां आउंद
छ. कसोगरिभन्ये जान्दौंन कुन् चइं प्रार्थना कस्तो परिले गर्नु पर्ने हो तर

आत्मा आफैले बोली न सक्ने मुस्केरागराई सङ हांमिहरुको लागि अर्ज-
२७ बिन्ति गर्द छ अनि हिर्दय् ढूंढ्ल्नेले जान्द छ आत्माको मन् क्या हो
भनि किनभन्ये उस्ले ईश्वर्को इच्छे अनुसार् पवित्र जन्हरुको लागि
२८ अर्जबिन्ति गर्द छ। अनि जान्द छौं ईश्वर् सङ प्रेम् गर्नेहरुलाइ सबै
कुराले मिलि भलोको लागि काम् गरि दिंद छन् अर्थात् उस्को मन्गराई
२९ अनुसार् बोलाईयेका हुंनेहरुलाइ। किनभन्ये उस्ले जम् जस्लाइ अगाड़ि
देखि चिन्यो तिनिहरुलाइ आफ्नु पुत्रको अनुवार् सङ एकै रूपका हुंनुलाइ
अगाड़ि देखि ठहरायो पनि उ चङ धेरै भाईहरुमा जेठो हुंनुको लागि.
३० अनि जम् जस्लाइ अगाड़ि देखि ठहरायो तिनिहरुलाइ बोलायो पनि.
अनि जम् जस्लाइ बोलायो तिनिहरुलाइ धर्म्मी ठहरायो पनि. अनि जम्
जस्लाइ धर्म्मी ठहरायो तिनिहरुलाइ महिमिन् गरायो पनि ॥
३१ त यि कुराको सांमु क्ये भनूं। ईश्वर् हांमिहरुको लागि छ भन्ये
३२ देखि को हांमिहरुको बिरुद्ध छ। जस्ले आफ्नु निज् पुत्रलाइ पनि
टिठायेन तर उस्लाइ हांमिहरु सबैको लागि सुम्पि दियो न कसोगरि
३३ उ सङ सबै थोक् पनि अनुग्रह गरि दिंदैन। कस्ले ईश्वर्का छानीयेका-
३४ हरुको बिरुद्धमां फिरात् गर्छ. धर्म्मी ठहराउंने ईश्वरै हो। को दोषी
ठहराउंने. मर्ने बरु मुर्दाहरु देखि बौराइ उठाईने जो ईश्वर्को दाहीनो
हात् पट्टि छ जस्ले हांमिहरुको लागि अर्जबिन्ति गर्द छ पनि खीष्ट
३५ येशूनै हो। कस्ले हांमिहरुलाइ खीष्टको प्रेम् देखि अलग् गर्छ क्ये
कष्टले कि संकट्ले कि उपद्रेईले कि अनिकाल्ले कि नंगेईले कि जग्जगिले
३६ कि तरवार्ले। जसो लेख्येको छ

तपाइंको लागि दिन्भरि मारींद छौं
काटीने भेंड़ाहरु जस्ता गनीयूं

३७ भनि। नाहीं तर हांमिहरु सङ प्रेम् गर्नेको बाटोले यि सबै कुरामां
३८ जयवन्त भन्दा पनि बेसि छौं। कसोगरिभन्ये भरोसा राख्द छु न
३९ मृत्युले न जीउंनिले न दूतहरुले न मालिकेईहरुले न बर्त्तमान्ले न अगम्ले न
शक्तिहरुले न अल्गेईले न गहीरेईले न अरु कोई सृष्टिले हांमिहरुलाइ ईश्वर्को
हांमिहरुको प्रभु खीष्ट येशूमां भयेको प्रेम् देखि अलग् गर्नु सक्द छ ॥
९ १ खीष्टमां सच्चेई भन्द छु मं झूठ् बोल्दींन अनि मेरो बिबेक्ले पवित्र
२ आत्मामां मं सङ साक्षी दिंद छ मंलाइ बड़ो शोक् छ अनि मेरो
३ हिर्दय्मां निरन्तर्को बिलाप् छ भनि। कसोगरिभन्ये प्रार्थना गर्ने थियें

मं आफै ख्रीष्ट देखि अलग्को धिक्कार्‍येको थोक् हुंनु भन्न्ये मेरा शरीर्
४ अन्सार्का कुटुम्ब हुंने आफ्ना भाईहरुको लागि. जो इस्राएली हुन्
जस्का धर्म्मपुत्रहुवाई र महिमा र नियम्हरु र ब्यवस्थादिवाई र सेवारीत्
५ र करहार्हरु छन् जस्का पित्रहरु छन् अनि जो देखि शरीर् अन्सार्
गरि ख्रीष्ट छ जो सब्बै मांथि भइ सदा सर्बदा परम्धन्न ईश्वर् हो.
६ आमीन्। तर ईश्वर्को बचन् भूइंमां खस्यो भन्येको झैं होइन। कसो-
७ गरिभन्ये इस्राएल् देखि भयेका सब्बै इस्राएल् होइनन्. अनि न सब्बै
अब्राहाम्का बंश हुन् भन्येर सब्बै सन्तानै हुन्. तर इस्हाकैमां तेरो बंश
८ भनींने हुंछ भनि लेख्येको छ। त्यो कुरो येइ हो शरीर्का जो सन्तान्
हुन् यि ईश्वर्का सन्तान् होइनन् तर करहार्चइंका सन्तान् बंशको लागि
९ गनींद छन्। कसोगरिभन्ये येम् बेला अन्सार् मं आउंछु अनि सारालाइ
१० पुत्र हुंछ भन्ने यो बचन् करहारैको हो। अनि खालि त्येसै मांत्रै होइन
तर एकै देखि अर्थात् हांमिहरुको पित्र इस्हाक् देखि गर्भिणी भयेकी
११ रिब्कालाइ पनि त्येसै भयो कसोगरिभन्ये बालख जन्म्येकै थियेनन्
अनि न कि त भलो कि त आफाल्मींगे क्येइ गर्‍येका थिये तबै ईश्वर्को
छनाई अन्सार्को मन्गराई जो कर्म्म देखिको होइन तर बोलाउंने चइं
१२ देखिको हो बनीइ रहोस् भन्न्ये खातिर्ले त्येस्लाइ येसो कहीयो जठो
१३ कान्छेको दास् हुंछ। जसो लेख्येको छ मैंले याकूब् चइं सङ प्रेम् गर्‍यें
तर एसाव्चइंलाइ अप्रिय जान्यें ॥

१४ १५ त क्ये भनूं। क्ये ईश्वर्कां अधर्म्म छ। त्येसो न हवस्। कसो-
गरिभन्ये उस्ले मूसालाइ भन्द छ मं जोमुकै मांथि दया गर्द छु त्येस्
मांथि दया गर्छु अनि मं जोमुकै मांथि कृपा गर्द छु त्येस् मांथि कृपा गर्छु।
१६ त तब ता न इच्छे गर्नेको अनि न दुगुर्नेको तर दया गर्ने ईश्वर्को हो।
१७ कसोगरिभन्ये धर्म्मशास्त्रले फिरऊन्लाइ भन्द छ मैंले यसैलागि तंलाइ
उठायें मं येसोरि तंमां आफ्नु शक्ति देखाउं अनि येसोरि मेरो नांउको
१८ समाचार् सिंगै पृथिवीमां फिंजाईओस् भनि। त तब ता उस्ले जस्
मांथि इच्छे गर्द छ त्येस् मांथि दया गर्द छ अनि जस्लाइ इच्छे गर्द छ
त्येस्लाइ कठोर् गराउंद छ।

१९ त मंलाइ भन्लास् उस्ले किन अझै दोष् लगाउंद छ। कसोगरिभन्ये
२० उस्को मन्गराईको बिरुद्धमां उभींनु को सक्द छ। अं तर एइ मान्छे
तं ईश्वर्को बिरुद्धमां उत्तर् दिंने को होस्। क्ये बनावट्ले बनाउंनेलाइ

२१ मंलाइ किन येसोरि तुल्याउंनु भयो भन्छ। कि क्ये कुमालेलाइ मांटो
मांथि उइ पिण्ड देखि एक् डल्लोको भांड़ा मान्को लागि अर्कोको अमान्को
२२ लागि तुल्याउंने अधिकार् छैन। ईश्वर्ले नास्को लागि सिद्ध गराईयेका
क्रोधका भांड़ाहरुलाइ बड़ो धीरज् सङ सह्यो भन्ये देखि आफ्नु क्रोध्
२३ देखाउंने र आफ्नु शक्ति थाहा गराउंने इच्छे गर्दै. अनि दयाका भांड़ाहरु
२४ मांथि भयेको आफ्नु महिमाको धन् थाहा गरावस् भन्येर जुन्
भांड़ाहरुलाइ अर्थात् हांमिहरुलाइ जम्लाइ उस्ले बोलायो पनि खालि
यहूदीहरु देखि मांत्रै होइन तर अन्यदेमीहरु देखि पनि उस्ले महिमाको लागि
२५ अगाड़ि देखि नियार् पाऱ्यो त क्ये। जसो उस्ले होशेमां पनि भन्द छ

जो मेरो लोग् थियेन त्येस्लाइ मं मेरो लोग् भन्छ
अनि जो पिर्तिकी थिईन त्येस्लाइ पिर्तिकी भन्छु।

२६ अनि येसो हुंछ जुन् ठांउमां तिनिहरुलाइ कहीयो तिमिहरु मेरो लोग् हौन
त्यहां तिनिहरु जीउंदो ईश्वर्का सन्तान् भनींछन्।

२७ अनि यशैया इस्राएल्को बिषय्मां कराउंद छ इस्राएल्का सन्तान्को गन्ति
२८ समुन्द्रको बालुवा जस्तो भये पनि बच्तीभाग् चइं मांत्रै बचाईछ. कसो-
गरिभन्ये प्रभुले आफ्नु बचन् पृथिवीमां समाप्त गरि र छोट्याइकन पूरो
२९ गर्छ भन्दै। अनि जसो यशैयाले अगाड़ि भन्येको छ

सेनाहरुको प्रभुले हांमिहरुको लागि येउटा बंश छोड़ि न दियेको
भये देखि ता
सदूम् जस्ता होइ जांने थियूं अनि अमूरा जस्ता तुल्याईने थियूं॥

३० त क्ये भनूं। यो अन्यदेमीहरुले जस्ले धर्म्म खेद्दैन थिये धर्म्म
३१ समात्ये अर्थात् बिश्वास् देखिको धर्म्म. तर इस्राएल् धर्म्मको ब्यवस्था
३२ खेद्दै त्यो ब्यवस्था सम्म पुग्येन। क्ये कारण्ले। बिश्वास् देखि होइन
३३ तर कर्म्म देखि झैं खेद्येको कारण्ले। तिनिहरुले टक्कर्को उस् ढुंगोमां
टक्कर् खाये जसो लेख्येको छ

हेर मं सैहून्मां येउटा टक्कर्को ढुंगो अनि येउटा ठोकर्को शिलापत्थर्
राखद छु.
अनि उस् मांथि बिश्वास् गर्ने लाज्मां पारींदैन॥

१० १ हे भाईहरु हो मेरो हिर्दय्को खुशि अनि ईश्वर् सितको मेरो बिन्ति
२ तिनिहरुको मुक्ति हवस् भनि तिनिहरुकै लागि छ। कसोगरिभन्ये
तिनिहरुको लागि साक्षी दिंद छु तिनिहरुलाइ ईश्वर्को बिषय्मां उध्रम्

३ ता छ तर चिनाई अनुसार्को होइन। कसोगरिभन्ये ईश्वर्चइंको धर्म्म
थाहा न पाइकन अनि आफ्नु निज् चइं उभ्याउंनु खोजिकन ईश्वर्को धर्म्मको
४ ताबिमां आयेनन्। कसोगरिभन्ये खीष्ट बिश्वास् गर्ने सबैलाइ धर्म्मको
५ लागि ब्यवस्थाको अन्त हो। कसोगरिभन्ये मूसाले लेख्द छ ब्यवस्था
६ देखि हुंने धर्म्म पूरो गर्ने मान्छे त्येस्को बाटोले जीउंछ भनि। तर
बिश्वास् देखि हुंने चइं धर्म्मले येसो भन्द छ आफ्नु हिर्दय्मां न भन् को
७ स्वर्गमां चढ़ि जांछ (अर्थात् खीष्टलाइ उतारि ल्याउंनु) कि को अथाह
कुण्डमां उत्रि जांछ (अर्थात् खीष्टलाइ मुर्दाहरु देखि चढ़ाइ ल्याउंनु)।
८ तर क्ये भन्द छ। कुरो तेरो नजिकै छ अं तेरो मुख्मां अनि तेरो
९ हिर्दय्मां. अर्थात् बिश्वास्को त्येइ कुरो जो हांमिहरु प्रचार्द छौं. कसो-
गरिभन्ये आफ्नु मुखले येसूलाइ प्रभु गरि स्वीकार् गरिस् अनि आफ्नु
हिर्दय्ले ईश्वर्ले उस्लाइ मुर्दाहरु देखि बौराइ उठायो भनि बिश्वास् गरिस्
१० भन्ये देखि बचाईछस्. कसोगरिभन्ये हिर्दय्ले धर्म्मको लागि बिश्वास्
११ गरींद छ अनि मुखले मुक्तिको लागि स्वीकार् गरींद छ। कसोगरिभन्ये
धर्म्मशास्त्रले भन्द छ उस् मांथि बिश्वास् गर्ने जुनसुकै पनि लाज्मां
१२ पारींदैन भनि। कसोगरिभन्ये यहूदी अनि यूनानीमां क्येइ भेद् छैन.
कसोगरिभन्ये सब्बैको प्रभु उइ हो जो उस्को नांउ लिंनेहरु जुनसुकैको
१३ लागि धनी छ. कसोगरिभन्ये प्रभुको नांउ जुनसुकैले लेवस् बचाईछ
१४ भनि लेख्येको छ। त कसोगरि जस् मांथि बिश्वास् गर्येनन् उस्को नांउ
लिछन् अनि कसोगरि जस्को सुन्येनन् उस् मांथि बिश्वास् गर्छन् अनि
१५ कसोगरि प्रचार्ने बिना सुन्छन् अनि कसोगरि पठाईयेनन् भन्ये देखि
प्रचार्छन् जसो लेख्येको छ भला कुराका सुसमाचार् सुनाउंनेहरुका पाउ
कस्ता सुन्दर्॥

१६ तर सबैले सुसमाचार्का कुरा मान्येनन्। कसोगरिभन्ये यशैयाले
१७ भन्द छ हे प्रभु कस्ले हांमिहरुको सुनाईको बिश्वास् गर्यो। त तब ता
सुनाई देखि बिश्वास् अनि खीष्टको कुराको बाटोले सुनाई। तर भन्द
१८ छु क्ये सुन्येनन्। अं सांचिनै

निनको उच्चारण् सिंगै पृथिवीमां निकलि गयो
अनि तिनका कुरा संसार्को छेउ सम्म।

१९ तर भन्द छु क्ये इस्राएल्ले चिन्येन। प्रथम् मूसाले भन्द छ
मं येउटा देखि जो लोगै होइन तिमिहरुलाइ इष् गराउंछु

येउटा निर्बुद्धि लोग् देखि तिमिहरुलाइ क्रोध् गराउंछु।
२० अनि यशैयाले पूरो आंट् गरिकन भन्द छ
मंलाइ न खोज्नेहरु देखि मं पाईयें
मंलाइ न सोध्नेहरु मांथि प्रगटो भयें।
२१ तर इस्राएल्लाइ त्येस्ले भन्द छ मैंले दिन्भरि येउटा न मान्ने र बिरोधी
बात् गर्ने लोग् तिर आफ्ना हात् फैलायें॥

११ १ त भन्द छु क्ये ईश्वर्ले आफ्नु लोग्लाइ त्येमै घचेटि पठायो।
त्येमो न हवम्। कमोगरिभन्ये मै पनि इस्राएली हुं अब्राहाम्को बंश
२ र बिन्यमीन्को कुल् देखिको। ईश्वर्ले आफ्नु लोग्लाइ जस्लाइ अगाड़ि
देखि चिन्यो त्येसै घचेटि पठायेन। कि क्ये जान्दौन धर्म्मशास्त्रले एलियाको
कथाहामां क्ये भन्द छ त्येस्ले कमोगरि इस्राएल्को बिरुद्धमां ईश्वर् मित
३ अर्जबिन्नि गर्द छ हे प्रभु तिनिहरुले तपांइका अगम्बक्ताहरुलाइ मांर्ये
तिनिहरुले तपांइका बेदीहरु खनि खनि भत्काये. अनि मं एक्लै छोड़ीयेको
४ छु अनि तिनिहरुले मेरो प्राण् खोज्दै छन् भनि। तर ईश्वर्बाणीले
त्येस्लाइ क्ये भन्द छ। मैंले सात् हजार् जना पुरुष्हरुलाइ आफ्नु लागि
५ राखि छोड़ेको छु जस्ले बाल्को सांम घुंडा टेक्येका छैनन्। त येमै
गरि येम् वर्त्तमान् समय्मां पनि अनुग्रहको छनाई अनुसार्को येउटा
६ बचुतीभाग् भयेको छ। तर यो अनुग्रहले छ भन्ये देखि त फेरि कर्म्म
देखिको होइन. होइन भन्ये ता अनुग्रह फेरि अनुग्रहै हुने छैन। त क्ये।
७ इस्राएल्ले ज्ये खोज्द छ त्यो पायेन तर छनाईचइंले त्यो पायो अनि
८ रह्येकाहरु चइं कठोर् गराईये. जसो लेख्येको छ ईश्वर्ले तिनिहरुलाइ
आजुको दिन् सम्म भातेनिंद्राको आत्मा अं न देख्नुलाइ आंखा अनि न
९ सुन्नुलाइ कान् दियो। अनि दाऊद्ले भन्द छ
तिनिहरुको मेज् तिनिहरुलाइ पासोको लागि र पकराउंने खोर्को
लागि हवम्
अनि ठोकर्को लागि र साटोफर्काईको लागि.
१० तिनिहरुका आंखा न देख्नुलाइ अध्यारो पारीउन्
अनि सधैं तिनिहरुको पिठिउं निउंराइ दिंनु हवस्।
११ त भन्द छु क्ये ठेस् खाये लड्नु भन्येर। त्येसो न हवम्. तर तिनि-
हरुको लड़ाईले अन्यदेसीहरुलाइ मुक्ति भयो तिनिहरुलाइ इष् गराउंनुको
१२ लागि। अब तिनिहरुको लड़ाई संसार्को धन् हो अनि तिनिहरुको टुट्टा

अन्यदेसीहरुको धन् हो भन्ये देखि कति ज्यास्ति गरिकन तिनिहरुका
भर्पूरी हुंछ ॥
१३ तर तिमि अन्यदेसीहरुचइंलाइ भन्द छु। त मं जहा सम्म अन्यदेसी-
१४ हरुको प्रेरित् हुं आफ्नु सेवागराईको बड़ाई गर्द छु. कस्तै गरिकन पनि
मेरो शरीर्का हुंनेहरुलाइ इष् गराउं अनि तिनिहरुमांका कत्तिलाइ बचाउं।
१५ कसोगरिभन्ये तिनिहरुको अफलाई संसार्को फर्काइमिलाई हो भन्ये देखि
तिनिहरुको ग्रहण्गराई ता मुर्दाहरु देखिको जीउंनि छाड़ि अरु क्ये हुंछ।
१६ अनि अगौटेफल् पवित्र छ भन्ये देखि त पिंड पनि पवित्र छ. अनि जरा
१७ पवित्र छ भन्ये देखि त डालाहरु पनि। तर डालाहरुमांका कत्ति भांचि
दिईये अनि तं बन्भद्राक्षे भइकन तिनमां टंसाइ दिईइस् अनि भद्राक्षेको
सुरसीलेईको जराको सम्भागी भइस् त डालाहरुको बिरुद्धमां घमण्ड् न
१८ गर्. तर घमण्ड् गर्द छस् भन्ये देखि त तैंले जरालाइ बोकि राख्द
१९ छस् होइन तर जराले तंलाइ। त भन्लास् डालाहरु भांचि दिईये मं
२० चइं टंसाइ दिईउं भन्येर। अं ठीक्. तिनिहरु आफ्नु अबिश्वास्ले
काटि दिईये अनि तं चइं आफ्नु बिश्वास्ले उभीइ रछस्। न सर्कि तर
२१ डरा. कसोगरिभन्ये ईश्वर्ले सोभाविक् डालाहरुलाइ टिठायेन त तलाइ
२२ पनि टिठावैन। त ईश्वर्को कृपा अनि निठुरेई हेर्. लड्नेहरु चइं
मांथि निठुरेई तर तं चइं मांथि उस्को कृपामां रहि रहिस् भन्ये देखि
२३ ईश्वर्को कृपा. होइन भन्ये ता तं पनि काटि दिईछस्। अनि तिनिहरु
पनि आफ्नु अबिश्वास्मां रहि रह्येनन् भन्ये देखि टंसाई दिईछन्. कसो-
२४ गरिभन्ये ईश्वर् तिनिहरुलाइ फेरि टंसाइ दिंनु सक्ने छ। कसोगरिभन्ये
तं सोभावैमां बन्भद्राक्षे हुंने देखि काटीयेर सोभाउ बिरुद्ध गरि अस्सल्-
भद्राक्षेमां टंसाइ दिईइस् त कति ज्यास्ति गरिकन यि सोभाविकैहरु आफ्नु
निज् भद्राक्षेमां टंसाइ दिईनन् ॥
२५ कसोगरिभन्ये हे भाईहरु हो तिमिहरु येस् भेद् देखि अजान् रह भन्ने
इच्छे गर्दीन तिमिहरु आफ्नु लेखामां बुद्धिमान् न हव भन्येर अर्थात्
अन्यदेसीहरुको भर्पूरी न पसुंज्याल् सम्म इस्राएल्को एक् भाग्लाइ
कठोरेई भयेको छ भनि अनि येसोरि सब्बै इस्राएल् बचाईछ
२६ जसो लेख्येको छ

छोड़ाउंने सैहून् देखि आइ पुग्छ
उस्ले याकूब् देखि अभक्ति फर्काइ दिंछ.

२७ अनि तिनिहरुलाइ मेरांटो भयेको नियम् येइ हो
जब मं तिनिहरुका पाप् उठाइ लांछु।
२८ सुसमाचार्को हिसाप्ले तिनिहरु तिमिहरुको कारण् सत्तुर् हुन्. तर
२९ छनाईको हिसाप्ले पित्रहरुको कारण् प्रिय छन्। कसोगरिभन्ये ईश्वर्का
३० अनुग्रह्दान् अनि बोलाई पछ्ताउंनु पर्ने होइनन्। कसोगरिभन्ये जसो
अगाड़ि तिमिहरुले ईश्वर्लाइ मान्यौन तर अब ता तिनिहरुको नमनाईले
३१ दया पायौ त्येसै तिनिहरुले पनि अब ता मान्येनन् तिनिहरु आफैले
पनि तिमिहरु मांथि भयेको दयाले अब दया पाउन् भन्न्ये खातिर्ले।
३२ कसोगरिभन्ये ईश्वर्ले सब्बैलाइ नमनाईमां घेरि थुन्यो सब्बै मांथि दया
गरांम् भन्न्ये खातिर्ले ॥
३३ आहा ईश्वर्को बुद्धि अनि ज्ञान्को धन्को गम्भीरेई. कस्ता अथाह
३४ उस्का बिचार् अनि कस्ता अगम्ये उस्का बाटा। कसोगरिभन्ये प्रभुका
३५ बुद्धिबिचार् कस्ले जान्यो कि उस्को मल्की को भयो कि उस्लाइ
३६ कस्ले पहिले दियो अनि त्येस्को साटो त्येस्लाइ फर्काइ दिईछ। किनभन्ये
सबै थोक् उइ देखि अनि उसैको बाटोले अनि उसैको लागि छन्। महिमा
सदा सर्बदा उसैलाइ हवस्। आमीन् ॥
१२ १ येस्कारण् हे भाईहरु हो तिमिहरुलाइ ईश्वर्का कृपाहरुको बाटो
उपदेस् दिंद छु आफ्नु आफ्नु जीउलाइ जीउंदो बलिदान् पवित्र अनि
ईश्वर्को मन्पर्दो गरि दिइ हाल तिमिहरुको उचित् सेवा येइ हो।
२ अनि यो जगत् सङ एकै चाल् चलन्का न हव. तर तिमिहरुको बुद्धिको
नयागराईले तिमिहरुको रूप् फेरीओस् तिमिहरुले ईश्वर्को भलो र मन्पर्दो
र सिद्ध चइं इच्छे क्ये रछ भनि जांचि ठहराउंनुको लागि ॥
३ कसोगरिभन्ये मंलाइ दिईयेको अनुग्रह्को बाटोले तिमिहरुमांको जनगे-
लाइ भन्द छु जुन् राई गर्नु उचित् छ त्यो देखि अल्गो राई न गर्नु
तर यो राई गर्नु ईश्वर्ले जनगेलाइ बिश्वास्को नापो बांड़ि दियेको
४ अन्सार्को सुबुद्धि राई गर्नु। कसोगरिभन्ये जस्तै हांमिहरुका एकै
५ जीउमां धेरै अंग छन् अनि सबै अंगको एकै कर्म्म छैन. त्येस्तै
हांमिहरु जो धेरै छौं ख्रीष्टमां एकै जीउ हौं अनि एक् एक् गरि एका
६ अर्काका अंग। अनि हांमिहरुलाइ दिईयेको अनुग्रह् अन्सार् हांमिहरुलाइ
भिन्दा भिन्दा अनुग्रह्दान् छन् येस्कारण् क्ये अगम्भनाई छ त बिश्वास्को
७ अन्दाज् अन्सार् अगम्। भनूं. क्ये सेवागराई छ त आफ्नु सेवागराईमां

लागि रहूं कि जो शिक्षा दिंने छ त आफ्नु शिक्षादिवाईमां लागि रहोम्.
८ कि जो उपदेस् गर्ने छ त आफ्नु उपदेम्गराईमां लागि रहोम्. जो बांड़ि
दिंने छ त उक्षितो सङ देवस् जो टाउके काम गर्ने छ त छिटोछाटो
९ गरि गरोम् जो दया गर्ने छ त खुशि सङ गरोस्। प्रेम् निष्कपट् हवस्।
१० बुराई देखि घिनाइ हट भलाई सङ टांसीइ रह. भाईप्रेम्मां आपस्तमां
११ मया गर्दै मान्मां एकाले अर्कालाइ बड़ा गन्दै छिटोछाटोगराईमां
१२ अल्छे न हुंदै आत्मामां बल्दै प्रभुमां दास्ती गर्दै आशामां रमाउंदै
१३ कष्टमां स्थिर् रहंदै प्रार्थनामां लागि रहंदै पवित्र जन्हरुको खांचो
१४ परिअवाईमां सम्भागी हुंदै अतिथिसेवागराईको खेदो गर्दै। तिमिहरुलाइ
१५ सताउंनेहरुलाइ आशीष् देव आशीष् देव अनि स्राप् न देव। रमाउंनेहरु
१६ सङ रमाउनु रुनेहरु सङ रुनु. एकाले अर्काको लागि एकै राई गर्दै अल्गा
१७ थोक्को मन् न गर्दै तर दीन् थोक् तिर मन् निउंराउंदै। आफ्नु लेखामां
बुद्धिमान् न हव. कसैलाइ बुरोको साटो बुरो फर्काइ न दिंदै सब्बै
१८ मान्छेहरुको सुखेंजि भला कुराको अगम्चिन्ता गर्दै हुंनु सक्यो भन्ये
१९ देखि आफ्नु सक्दोभर् सब्बै मान्छेहरु सङ मिलि रहंदै आफ्नु निया हे
प्रियहरु हो आफैले न गर्दै तर क्रोध्लाइ ठांउ देव. कसोगरिभन्ये लेख्येको
छ नियागराई चइं काम् मेरो हो मैनै साटो फर्काइ दिंछु भनि प्रभुले भन्द
२० छ। तर तेरो सत्तुर् भोको छ भन्ये देखि त्येस्लाइ खुवा तिर्खा छ भन्ये
देखि त्येस्लाइ पिया किनभन्ये येसो गर्दा त्येस्को थाप्लोमां आगोका
२१ फिलींगाको थुप्रो लगाउंछस्। बुराई देखि न जीती तर भलाईले बुराईलाइ
जीत् ॥

१३ १ सबै प्राण् आफु माथिको अधिकार्हरुको ताबिमां भइ रहोस्. किन-
भन्ये कोई अधिकार् छैन ईश्वर देखि भयेको बाहिक् अनि भयेकाहरु चइं
२ ईश्वर् देखि खटाईयेका हुन्। येसो हो भन्ये देखि ता अधिकार्।
बिरोध् गर्ने ईश्वर्को खटन्को बिरुद्धमां उभीद छ. अनि बिरुद्धमां उभीने-
३ हरुले आफ्नु लागि दण्डको आज्ञा पाउंछन्। कसोगरिभन्ये मालिक्हरु
भला काम्लाइ होइन तर बुरालाइ डर्को लागि छन्। अनि क्ये
अधिकार् देखि न डराउंने इच्छे गर्द छस् भलो काम् गर् त तंलाइ त्यो
४ देखि सर्काई हुंछ. कसोगरिभन्ये त्यो तंलाइ भलोको लागि ईश्वर्को
सेवाइते हो। तर बुरो काम् गरिस् भन्ये देखि डरा किनभन्ये त्येस्ले
तरवार् ब्यर्थै भिरि हिंड़दैन. किनभन्ये त्यो ईश्वर्को सेवाइते हो अर्थात्

५ बुरो काम् गर्नेचइंलाइ क्रोध्को लागि निया गर्ने। येस्कारण् ताबिमां भइ
रहंने खांचो छ क्रोधैको कारण्ले मांत्रै होइन तर बिवेक्को कारण्ले पनि।
६ किनभन्ये येस्कारण्ले कर् पनि निर्द छौ किनभन्ये तिनिहरु येमै काम्मां
७ लागि रह्येका ईश्वर्का सेवक् हुन्। दिंनु पर्ने सबैलाइ भरि देव. कर्
दिंनु पर्नेलाइ कर् जगात् दिंनु पर्नेलाइ जगात् डर् दिंनु पर्नेलाइ डर् मान्
दिंनु पर्नेलाइ मान्॥

८ कसैका ऋणी न हव खालि एकाले अर्का सङ प्रेम् गर्ने चइं मांत्रै.
९ किनभन्ये अर्को सङ प्रेम् गर्नेले व्यवस्था पूरो गऱ्यो। कसोगरिभन्ये
व्यभिचार् न गर् हत्या न गर् चोरी न गर् लोभ् न गर् अनि कोई
अर्को आज्ञा छ भन्ये देखि त्यो आफ्नु छिमेकि सङ आफु सङ झैं प्रेम्
१० गर् भन्न्ये बचन्मां जमीयेको छ। प्रेम्ले आफ्नु छिमेकिको बुराई हुंने
काम् गर्दैन. न प्रेम् व्यवस्थाको पूरोगराई हो॥

११ अनि त्येमो त्येमो गर्द छौ बेला जानि अब तिमिहरु नीद् देखि जाग्ने
घरी भयो भनि. कसोगरिभन्ये जब बिश्वास् गऱ्यू तब भन्दा अब हांमि-
१२ हरुको मुक्ति नजिक् छ। रात् बेसि गयो अनि दिन् नजिक् आयो.
१३ त अंधकार्को काम् आफाल् अनि ज्योतिका हतियार् भिरूं। दिउंसो
झैं सुरीतिमा हिंड्डुल् गरूं रंगीभोज् र मताईमां कि लकुवारेई र लुच्चेईमां
१४ कि झगरागराई र डपाडप्मां होइन। तर प्रभु येशू ख्रीष्टलाइ लाव
अनि शरीर्को त्येस्का कुइच्छे गर्नको लागि अगम्चिन्ता न गर॥

१४ १ तर बिश्वास्मां निर्बल् हुंनेलाइ ग्रहण् गर तै बिचार् बिचार्को
२ भेद्मनाईको लागि होइन। येउटाचइंले सब्बै थोक् खांने बिश्वास् गर्द छ
३ तर निर्बल्ले साक्पातै खांद छ। खांनेले न खांनेलाइ तुच्छ न ठानोस्
४ अनि खांनेले खांनेको बिचार् न गरोस्. किनभन्ये ईश्वरैले त्येस्लाइ
ग्रहण् गऱ्येको छ। तं चइं पराय् घर्को दास्को बिचार् गर्ने को होस्
आफ्नु निज् प्रभुको लेखि ता त्यो उभींइ रहंद छ कि लड़ि जांद छ।
अं त्यो उभ्याइनै राखींछ कसोगरिभन्ये प्रभुले त्येस्लाइ उभ्याइ राखनु
५ सक्द छ। येउटाले एक् दिन्लाइ अर्को दिन् भन्दा बड़ो बिचार्द छ.
अर्कोचइंले सबै दिन्लाइ एक्कै बिचार्द छ। जनंगेले आफ्नु निज् बुद्धिमां
६ पूरो बिश्वास् गरोस्। दिन्को मान् गर्नेले प्रभुको लागि गर्द छ. अनि
खांनेले प्रभुको लागि खाद छ कसोगरिभन्ये ईश्वर्को धन्नबाद् गर्द छ
अनि न खांनेले प्रभुको लागि खांदैन अनि ईश्वर्को धन्नबाद् गर्द छ।

७ कसोगरिभन्ये हांमिहरुमांको कोई आफ्नै लागि जीउंदैन अनि कोई आफ्नै
८ लागि मर्दैन। कसोगरिभन्ये जीउंद छौं त प्रभुको लागि जीउंद छौं
अनि पनि मर्द छौं त प्रभुको लागि मर्द छौं. त जीउंद छौं अनि पनि
९ मर्द छौं प्रभुकै लागि छौं। किनभन्ये येसैलागि ख्रीष्ट मर्‍यो अनि बौरि
जीयो उस्ले मुर्दाहरु र जीउंदाहरु दुवै मांथि प्रभुतेई गरोस् भन्ये खातिर्ले।
१० तर तंचइंले किन आफ्नु भाईको बिचार् गर्द छम् कि तं अर्कोचइंले किन
आफ्नु भाईलाइ तुच्छ ठान्द छम् किनभन्ये सबै ईश्वर्को नियाबैठक्को
११ सांमु उभीछौं। किनभन्ये लेख्येको छ

प्रभुले भन्द छ मेरो जीवन् सरि निस्से मेरो सांमु सबै घुंडा टेकींछ
अनि सबै जिब्रोले ईश्वर्को सांमु स्वीकार् गर्छ।

१२ त तब ता हांमिहरुमांको जनंगेले ईश्वरैलाइ आफ्नु बिषय्को लेखा दिंछ॥
१३ त अब देखि एकाले अर्काको बिचार् न गरूं. तर बरु यो बिचार् गर
१४ आफ्नु भाईको सांमु टक्कर् कि ठोकर्को कारण् न राख्ने। जान्द छु
अनि प्रभु येशूमां भरोसा गर्द छु क्येइ खुद् आफै अपवित्र छैन. खालि
जस्ले ज्येस्लाइ अपवित्र गन्द छ त्यो त्येसैको लागि ता अपवित्र छ भनि।
१५ कसोगरिभन्ये भोजन्को कारण्ले तेरो भाई शोकित् हुंद छ भन्ये देखि त
फेरि प्रेम् अनुसार् हिंड्दैनस्। आफ्नु भोजन्ले त्येस्लाइ नास् न पार्
१६ जस्को लागि ख्रीष्ट मर्‍यो। त निमिहरुको भलोको निन्दा न गरीओस.
१७ किनभन्ये ईश्वर्को राज् खांने पीउंने कुरो होइन तर पवित्र आत्मामां
१८ धर्म्म र मिलाप् र रमाहट् हो। कसोगरिभन्ये येमैमां ख्रीष्टको दास्ती
१९ गर्ने ईश्वर्लाइ मन्पर्दो र मान्छेहरुलाइ योग्यलाग्दो छ। त तब ता
२० मिलाप्का र आपस्तमांको सुधराईका कुरा खेदूं। भोजन्को कारण्ले
ईश्वर्को काम् न भत्का। सबै थोक् शुद्ध ता छन् तै टक्कर् सङ खांने
२१ चइं मान्छेको लागि बुरो छ। जाति येइ हो न मांसु खांनु न दाख्रस्
२२ पीउंनु न क्येइ गर्नु ज्येले तेरो भाईले टक्कर् खांद छ। जुन् बिश्वास्
तंचइंलाइ छ त्यो आफ्नै हिसाप्मां ईश्वर्को मुखेंजि राख्। धन्न ज्ये
२३ योग्य ठहराउंद छ त्येस्मां आफ्नु बिचार् न गर्ने। तर शंका गर्नेले
खायो भन्ये देखि दोषी ठहराईयो किनभन्ये बिश्वास् देखि खायेन अनि
बिश्वास् देखि न हुने सबै काम् पाप् हो॥

१५ १ अब हांमि शक्ति हुनेहरुचइंले शक्ति न हुनेहरुका निर्बलेई बोक्नु
२ पर्द छ अनि आफैलाइ खुश् न पार्नु। हांमिहरुमांको जनंगेले सुधराईको

३ निम्तिमां आफ्नु क्षिमेकिलाइ त्येस्को भलोको लागि खुश् पारोस्। किन-
भन्ये ख्रीष्टले पनि आफैलाइ खुश् पार्येन तर जमो लेख्येको छ तपांइको
४ निन्दा गर्नेहरुका निन्दा मं मांथि पर्‍ये। कसोगरिभन्ये ज्ये ज्ये कुरा
अगाड़ि देखि लेखीये हांमिहरुकै शिक्षाको लागि लेखीये धर्म्मशास्त्रको
५ स्थिरेई र शान्तिको बाटोले हांमिहरुलाइ आशा हवस् भन्येर। अब
स्थिरेई र शान्तिको ईश्वर्ले निमिहरुलाइ ख्रीष्ट येशू अनुसार् आपस्तमां
६ एकै गई गर्नु देवस्. र निमिहरुले एकै मनका भइ एकै मुखले हांमि-
७ हरुको प्रभु येशू ख्रीष्टको ईश्वर् र पिताको महिमा गर। येस्कारण्
ईश्वर्को महिमाको लागि एकाले अर्कालाइ ग्रहण् गर जमो ख्रीष्टले पनि
८ तिमिहरुलाइ ग्रहण् गर्‍यो। कसोगरिभन्ये भन्द छु ख्रीष्ट ईश्वर्को
सच्चेईको लागि खतनाको सेवाइते भयो पित्रहरुलाइ दियेका करहार्
९ थीरो गराउंनुलाइ अनि अन्यदेमीहरुले दयाको कारण् ईश्वर्का महिमा
गर्नुलाइ जमो लेख्येको छ

येसैकारण्ले मं अन्यदेमीहरुमां तपांइको धन्नबाद् गर्छु
अनि तपांइको नांउका गीत् गाउंछु।

१० अनि फेरि भन्द छ

हे अन्यदेमीहरु हो उस्को लोग् सङ आनन्द् गर।

११ अनि फेरि

हे सबै अन्यदेसीहरु हो प्रभुको स्तुति गर
अनि सबै लोग्हरुले उस्लाइ सर्काउन्।

१२ अनि फेरि यशैयाले भन्द छ

हुंछ यस्सीको जरा
र अन्यदेसीहरु मांथि मालिकेई गर्नुलाइ उठ्ने
उस् मांथि अन्यदेसीहरुले आशा राख्छन्।

१३ अब आशाको ईश्वर्ले तिमिहरुलाइ बिश्वास् गर्नुमां सबै रमाहट् र मिलाप्ले
भरि देवस् तिमिहरुलाइ पवित्र आत्माको शक्तिले आशाको परसस्त
हुनुको लागि ॥

१४ अनि मं आफै पनि हे मेरा भाईहरु हो निमिहरुको बिषय्मां भरोसा
गर्द छु तिमिहरु आफै भलाईले भरीयेका र सबै ज्ञान्ले पूर्ण पारीयेका र
१५ एकाले अर्कालाइ चेतन्ने दिंनु सक्नेहरु छौ भनि। तैं एका पट्टि बाटो
तिमिहरुलाइ बेसि आंट् सङ लेख्यें तिमिहरुलाइ सम्झाउंदै छु भनि त्येस्

१६ अनुग्रह्को कारण्ले जो ईश्वर् देखि मंलाइ दिईयो मं अन्यदेसीहरुको
लागि ख्रीष्ट येशूको सेवक् हुंनुको लागि मैंले ईश्वर्को सुसमाचार्को
पूजाहारीकाम् गर्दामां अन्यदेसीहरुको भेटिहुवाई पवित्र आत्माले पवित्र
१७ गराईयेको भइ सुग्रहण्योग्य हवम् भन्येर। त ईश्वर् थांइका कुराको
१८ बिषय् मंलाइ ख्रीष्ट येशूमां घमण्ड्को ठांउ छ। कसोगरिभन्ये मंलाइ
कुनै कुराको बिषय्मां बोल्ने आंट् हुंदैन खालि तिनैको बिषय्मां मांत्रै
ज्ये ज्ये ख्रीष्टले मेरो बाटोले अन्यदेसीहरुको आज्ञामनाईको लागि वचन्
१९ र काम्ले गरायो पवित्र आत्माको शक्तिमां भयेको चिंनुहरु र
उदेक्का काम्को शक्तिमां येस्तोगरि गरायो मैंले यरूसलम् देखि अनि
छेउ छाउ इल्लुरिया सम्म पनि ख्रीष्टको सुसमाचार् पूरो गरि सुनायेको छु
२० अं सुसमाचार् येसोरि सुनाउंनु मान्को गर्दै अर्थात् जहां ख्रीष्टको नांउ
अगाड़ि सुनाईयेको थियो तिहीं न सुनाउंनु पराय्को जग् मांथि घर् न
२१ बनाउं भन्येर तर जसो लेख्येको छ

तिनिहरुले देख्छन् जस्लाइ उस्को बिषय्मां समाचार् कहि दिईयेन
अनि जस्ले सुन्येका छैनन् तिनिहरुले बूझ्छन् ॥

२२ येस्कारण्ले पनि तिमिहरु थांइ आउंनु देखि धेरै खेप् अड्क्यें.
२३ तर अब ता यिनै दिशामां मंलाइ अझै ठांउ छैन अनि धेरै बर्ष देखि
२४ तिमिहरु थांइ आउंने अग्घोर्को इच्छे छ मं जब इस्पानिया जाउंला
(कसोगरिभन्ये आशा गर्द छु निक्लि जांदामां तिमिहरुलाइ हेर्ने अनि
तिमिहरु देखि उता अलिक् पर सम्म पुऱ्याईने मं पहिले तिमिहरु देखि
२५ अलि अलि तृप्त भयें भन्ये)—तर अब ता यरूसलम्मां जांद छु पवित्र जन्-
२६ हरुको सेवा गर्दै। किनभन्ये मकदूनिया र अखाया यरूसलम्मां हुंने पवित्र
जन्हरुमांका कंगाल्हिरुको लागि येउटा सम्भागी उघाउंनि पठाउंनुलाइ
२७ खुशि भयेका छन्। अं खुशि भयेका छन् अनि ति लोगका ऋणीहरु
हुन् पनि। कसोगरिभन्ये अन्यदेसीहरु ति लोगका आत्मिक् कुरामां
सम्भागी भये न शरीरिक् कुरामां तिनिहरुको सेवा गर्नुलाइ पनि ऋणी
२८ छन्। त यो काम् तुऱ्येर अनि तिनिहरुको लागि येस् फल्मां छाप्
२९ मांर्येर तिमिहरु थांइ निक्लि इस्पानियामां जांछु। अनि जान्द छु
तिमिहरु थांइ आउंदा ख्रीष्टको आशीष्को भरपूरीमां आउंछु भनि ॥

३० अब हे भाईहरु हो तिमिहरु सित हांमिहरुको प्रभु येशू ख्रीष्टको
बाटोले अनि आत्माको प्रेम्को बाटोले बिन्ति गर्द छु आफना ईश्वर् थांइ

३१ हुंने मेरो लागिका प्रार्थनामां मं सङ्ग हूप् बान्ध भनि   मं यहूदियामां
हुंने न मान्नेहरु देखि छोड़ाईउं अनि मेरो यरूसलम्को लागिको त्यो सेवा
३२ पवित्र जन्हरुलाइ सुग्रहण्योग्य हवस्   मं ईश्वर्को इच्छेको बाटोले
तिमिहरु थांइ रमाहट् सङ्ग आयेर तिमिहरु सङ्ग बिश्राम् पाउं भन्येर।
३३ अब मिलाप्को ईश्वर् तिमिहरु सबै जना सङ्ग हवस्। आमीन्॥
१६ १ मं हांमिहरुकी बैंनी फैबीलाइ तिमिहरुकां सकाउंद छु जो कंक्रियामा
२ भयेको मंडलीकी सेवाइनेनी हो. तिमिहरुले त्येस्लाइ प्रभुमां पवित्र
जन्हरुको योग्य गरि ग्रहण् गर अनि तिमिहरु देखि खांचो हुंने कुरामां
त्येस्को गोहारे हव भन्न्ये खानिरुले. किनभन्ये त्यो आफै पनि धेरैकी
अनि मं आफैकी पनि उपकार् गर्ने भई॥
३   प्रिस्का र अकूला मेरा ख्रीष्ट येशूमां सहकर्म्मीहरुलाइ सलाम्
४ जस्ले मेरो प्राण्को लागि आफ्नै गर्दन् थापि दिये जस्को खाल्ति मं मांत्रै
५ होइन तर अन्यदेसीहरुका सबै मंडलीहरुले पनि धन्नबाद् गर्द छन्. अनि
तिनको घर्मा भयेको मंडलीलाइ सलाम्। इपेनित् मेरो प्रियलाइ सलाम्
६ जो ख्रीष्टको लागि आशियाको अगौटेफल् हो। मरियम्लाइ सलाम्
७ जस्ले तिमिहरुको लागि धेरै दुख भरी। अन्द्रोनिक् र यूनिय मेरा कुटुम्ब
र मेरा संगीबन्धुवाहरुलाइ सलाम् जो प्रेरित्हरुमां प्रसिद्ध छन् अनि पनि
८ ख्रीष्टमां म भन्दा पहिले देखि छन्। अम्पलिय प्रभुमां मेरो प्रियलाइ
९ सलाम्। उर्बान् हांमिहरुको ख्रीष्टमां सहकर्म्मीलाइ अनि स्ताखु
१० मेरो प्रियलाइ सलाम्। अपिल्लि ख्रीष्टमां योग्यलाग्दोलाइ सलाम्।
११ अरिस्तबूल्को घर्काहरुलाइ सलाम्। हेरोदियोन् मेरो कुटुम्बलाइ सलाम्।
१२ नर्किस्को घर्का प्रभुमा हुंनेहरुलाइ सलाम्। त्रुफेना र त्रुफोसा प्रभुमां
१३ दुख भर्नेहरुलाइ सलाम्। पर्सी प्रियालाइ सलाम् जस्ले प्रभुमां धेरै दुख
भरी। रूफुस् प्रभुमां छानीयेकोलाइ अनि त्येस्की र मेरी आंमालाइ
१४ सलाम्। असुंक्रित् र फिलेगोन् र हर्मी र पात्रोबा र हर्मीलाइ अनि
१५ ति सङ्का भाईहरुलाइ सलाम्। फिलल्गोस् र यूलियालाइ अनि नीरिय र
त्येस्की बैंनीलाइ अनि उलुम्पालाइ अनि ति सङ्का सबै पवित्र जन्हरुलाइ
१६ सलाम्। एकाले अर्कालाइ पवित्र चूमाले सलाम्। तिमिहरुलाइ ख्रीष्टका
सबै मंडलीहरुले सलाम् भन्द छन्॥
१७   अब हे भाईहरु हो तिमिहरुलाइ उपदेस् दिंद छु तिमिहरुले सिक्येको
सिकाई देखि तर्किकन वलिवलिका कलह र ठोकर् गराउंनेहरुलाइ हेर्दै

१८ रह. अनि ति देखि फर्कि जाव। किनभन्ये येस्ताहरुले हांमिहरुको
प्रभु ख्रीष्टको होइन तर आफ्नु पेट्को लागि दास्ती गर्द छन् अनि
आफ्ना चिप्लाचाप्ला र मीठा मीठा कुराले सूधाहरुका हिर्दय् बहकाउंद
१९ छन्। कसोगरिभन्ये तिमिहरुको आज्ञामनाईको चर्चा सबै मान्छेहरुमां
फिंजीदै आयो। त तिमिहरुको बिषय्मां रमाहट् गर्द छु. तर इच्छे
गर्द छु तिमिहरु भलोको लागि ज्ञानी अनि बुरोको लागि सूधा हव भन्ने।
२० अनि मिलाप्को ईश्वर्ले शैतान्लाइ छिट्टै तिमिहरुका पाउ मुनि कुच्च्याइ
दिंछ ॥

हांमिहरुको प्रभु येशू ख्रीष्टको अनुग्रह तिमिहरु सङ हवस् ॥

२१ तिमोथियुस् मेरो सहकर्म्मीले तिमिहरुलाइ सलाम् भन्द छ अनि
२२ लकियुस् र यासोन् र सोसिपातर् मेरा कुटुम्बहरुले। मं यो पत्र लेख्ने
२३ तर्तिय तिमिहरुलाइ प्रभुमां सलाम् भन्द छु। गायुस् मेरो र सिंगै
२४ मंडलीको अतिथिसेवक्ले तिमिहरुलाइ सलाम् भन्द छ। इरास्तुस् येस्
सहर्को कारन्दारिले तिमिहरुलाइ सलाम् भन्द छ अनि क्वार्त भाईले ॥

२५ अब उस्लाइ जस्ले तिमिहरुलाइ मेरो सुसमाचार् र येशू ख्रीष्टको
प्रचार् अनुसार् स्थिर् गराउंन् सक्द छ त्येस् भेद्को प्रकाश् अनुसार्
२६ जो सनातन् युगनयुग् सम्म चामचम् राखीयो तर अब ता प्रगटो
गरीयो अनि सबै देस्का लोगलाइ बिश्वास्को आज्ञामनाईको लागि
सनातन् ईश्वर्को आज्ञादिवाई अनुसार् अगम्बक्ते धर्म्मशास्त्रहरुको बाटोले
२७ थाहा गराईयो अं अद्वितीय ज्ञानी ईश्वर्लाइ येशू ख्रीष्टको बाटोले
सदा सर्बदा महिमा हवस्। आमीन् ॥

पाऊल् प्रेरित्को कुरिन्थीहरुलाइ
पहिलो पत्र

---

१ १ पाऊल् येशू ख्रीष्टको ईश्वरको इच्छाको बाटाले बोलाईयेका प्रेरित्
२ अनि सोस्थिनेस् भाई ईश्वरको कुरिन्थ्यामा हुने मण्डलीलाइ अ उस्का
ख्रीष्ट येशूमा पवित्र गराईयेकाहरु अर्थात् सबै ठाउमा हामिहरुको अं
तिनिहरुका र हामिहरुका प्रभु येशू ख्रीष्टको नाउ लिनेहरु सबै सङ्ग
३ बोलाईयेका पवित्र जनहरुलाइ. तिमिहरुलाइ हामिहरुको पिता ईश्वर्
अनि प्रभु येशू ख्रीष्टको पट्टि बाटो अनुग्रह र शान्ति ॥

४ तिमिहरुका विषयमा सधैं आफना ईश्वरका धन्यवाद् गर्द छु तिमिहरुलाइ
५ ख्रीष्ट येशूमा दिईयेका ईश्वरका अनुग्रहको कारणले तिमिहरु उस्मा सबै
६ कुरामा धनी तुल्याईया भनि अर्थात् सबै भनाई र सबै ज्ञानमा जसोरि
७ ख्रीष्टका साक्षी तिमिहरुमा थीर गराईयो. यहा सम्म धनी तुल्याईयौ
कसै अनुग्रहदानमा घटी होन हामिहरुका प्रभु येशू ख्रीष्टको प्रकाशको
८ बाटो हेर्द जस्ले तिमिहरुलाइ अन्त सम्म पनि हामिहरुको प्रभु येशू
९ ख्रीष्टको दिनमा थानि न हुने गरि थीरो गराउछ। ईश्वर् विश्वास्-
योग्य छ जस्को बाटाले उस्को पुत्र हामिहरुको प्रभु येशू ख्रीष्टको संगत्-
गराईमा बोलाईया ॥

१० अब हे भाईहरु हो तिमिहरुलाइ हामिहरुको प्रभु येशू ख्रीष्टको
नाउको बाटोले आदेस् दिन्छु तिमिहरु सबैमा एकै भनाई हवस् अनि
तिमिहरुमा फाटाफाट् न होउन् तर एकै बुद्धि र एकै ठहराउमां
११ सिद्ध तुल्याईयेका हव भन्येर। किनभन्ये हे मेरा भाईहरु हो तिमिहरुमां
झगराझगराई छन् भनि क्लोईको घरकाहरु देखि मं माथि तिमिहरुको
१२ विषयमा प्रकाश् गरीयो। अब उसे भन्द छु त्यो येइ हो तिमिहरुमांको
जनजनले येसो भन्द छ अरे मं चइं ता पाऊल्को हु मं चइं ता अपुल्लुस्को
१३ मं चइं ता केफास्को मं चइं ता ख्रीष्टको। क्ये ख्रीष्ट भाग् भाग् भयो.
क्ये पाऊल् तिमिहरुका लागि क्रूसमा टांगीयो. कि क्ये पाऊल्को नांउमां

१४ बप्तिस्मा भयौ। ईश्वर्को धन्नबाद् गर्द छु तिमिहरुमांको क्रिस्पुस् र
१५ गायुस्लाइ छाड़ि कसैलाइ बप्तिस्मा गरिंन र कसैले तिमिहरु मेरै
१६ नांउमां बप्तिस्मा भयौ भनि न भनोस्। अनि स्तिफनास्को जहान्लाइ
पनि बप्तिस्मा गर्‍यें. उप्रान्त अरु कसैलाइ बप्तिस्मा गर्‍यें कि जान्दींन।
१७ किनभन्ये ख्रीष्टले मंलाइ बप्तिस्मा गर्नुलाइ होइन तर सुसमाचार् सुनाउंनुलाइ
पठायो. भनाईको बिद्येमां होइन ख्रीष्टको क्रूस् ब्यर्थ न पारीओस् भन्येर॥
१८ कसोगर्‍भिन्ये क्रूस्को वचन् नष्ट हुंदै जांनेहरुको लागि मूर्खेई हो तर
१९ हामि बचाईदै जांनेहरुको लागि ईश्वर्को शक्ति हो। कसोगर्‍भिन्ये
लेख्येको छ

म बिद्येमान्हरुको बिद्ये नाश् पार्छु
अनि बुद्धिमान्हरुको बुद्धि टारि दिंछु।

२० बिद्येमान् कता हो. शास्त्री कता हो. येस् जगत्को बिवादी कता
२१ हो. बरे ईश्वर्ले येस् संसार्को बिद्येलाइ मूर्ख तुल्यायेन। कसोगर्‍भिन्ये
जब ईश्वर्को बुद्धिमां संसार्ले ईश्वर्लाइ आफ्नु बिद्येको बाटोले चिन्येन
त ईश्वर् बिश्वास् गर्नेहरुलाइ प्रचार्को मूर्खेईको बाटोले बचाउंनुलाइ
२२ खुशि भयो। किनभन्ये यहुदीहरुले ता चिन्हहरु मांग्द छन् अनि युनानी-
२३ हरुले बिद्ये खोज्द छन्. तर हामिहरु चहिं ख्रीष्टलाइ क्रूस्मां टांगीयेको
भनि प्रचार्द छौ जो यहुदीहरुको लागि ठोकर्को कारण् अनि अन्यदेसी-
२४ हरुको लागि मूर्खेई तर बोलाईयेकाहरुचहिंको लागि अ यहुदीहरुको
लागि पनि अनि युनानीहरुको लागि पनि ख्रीष्ट ईश्वर्को शक्ति र
२५ ईश्वर्को बुद्धि हो। किनभन्ये ईश्वर्को मूर्खेई मान्छेहरु भन्दा बिद्येमान्
छ अनि ईश्वर्को निर्बलेई मान्छेहरु भन्दा बलियो छ॥

२६ कसोगर्‍भिन्ये हे भाईहरु हो आफ्नु बोलाईलाइ हेर न शरीर् अनु-
सार्का धेरै बिद्येमान् न धेरै शक्तिमान् न धेरै साथ्बर्हरु बोलाईये
२७ तर संसार्का मूर्खलाइ ईश्वर्ले छान्यो बिद्येमान्हरुलाइ लाज्मां पारोस्
भन्येर अनि संसार्का निर्बल्लाइ ईश्वर्ले छान्यो बलियाहरुलाइ लाज्मां
२८ पारोस् भन्येर अनि संसार्का क्षुद्रलाइ र तुच्छ ठानीयेकालाइ ईश्वर्ले
छान्यो अं अनि जो छंदै छैनन् तिनलाइ छान्यो जो छंदै छन् तिनलाइ
२९ बिकासे गराउंनलाइ. र येसोरि ईश्वर्को सम्मुखेजि कोई पनि प्राणीले
३० घमण्ड् न गरोस्। तर उ देखि तिमिहरु ख्रीष्ट येशूमां छौ जो ईश्वर्को
पट्टि बाटो हामिहरुको लागि बिद्ये भयो अनि पनि धर्म्म र पवित्रगराई र

३१ उद्धार् भयो. (जसो लेखीयेको छ) घमण्ड् गर्नेले प्रभुइको बिषय्मां
घमण्ड् गरोस् भन्येर ॥

२ १ अनि मं हे भाईहरु हो निमिहरु थाइ आयेमां भनाई कि बिद्येको
श्रेष्ठेईको हिसाप्ले निमिहरूलाइ ईश्वर्को भेद्को समाचार् सुनाउंदै आयें
२ होइन। किनभन्ये निमिहरूको बीच्मां क्येइ न जान्नु बिचार्यें येशू
३ खीष्टलाइ बाहिक् अं अनि उस्लाइ कृस्मां टांगीयेको। अनि मं निर्बलेईमां
४ र डर्मां र धेरै कंमाईमां निमिहरूका भइ रह्यें। अनि मेरो भनाई
र मेरो प्रचार् बिद्येका मनाउने बचन् मङ होइन तर आत्मा र शक्तिको
५ दलील् मङ भयो. निमिहरूको बिश्वास् मान्छेहरूको बिद्ये मांथि होइन
तर ईश्वर्को शक्ति मांथि रहस् भन्येर ॥
६ तै पनि सिद्धहरूको बीच्मां ता बिद्येका कुरा बोल्द छौं. तर येस्
जगत्को कि येस् जगत्का बिनासे गराईदै जाने मालिक्हरूको छ. होइन.
७ तर भेद्मां भयेको ईश्वर्को बुद्धिका कुरा बोल्द छौं अर्थात् त्येस् गुप्त
राखीयेको बुद्धिका जो ईश्वर्ले हामिहरूको महिमाको लागि जगत्हरु
८ भन्दा पहिले अगाडिनै देखि ठहरायो. जो येस् जगत्का मालिक्हरूमांको
कसैले चिन्येन. कसोगरिभन्ये चिन्येका भये देखि ता महिमाको प्रभुलाइ
९ कृस्मां टांगने थियेनन्. तर जसो लेखीयेको छ
ज्ये ज्ये आंखाले देख्येन अनि कान्ले सुन्येन
अनि मान्छेको हिर्दय्मां चाहि आयेनन्
अर्थात् ज्ये ज्ये ईश्वर्ले उ सङ प्रेम् गर्नेहरूको लागि तियार् पार्यो।
१० तर हामिहरु चहिं मांथि ईश्वर्ले आत्माको बाटोले ति प्रगट गर्यो.
कसोगरिभन्ये आत्माले सर्बै कुरा अं ईश्वर्का गम्भीर् कुरा पनि ढूंढ्द छ।
११ कसोगरिभन्ये मान्छेहरूमांको कस्ले मान्छेका कुरा जान्द छ त्येस् मान्छेमां
भयेको आत्माले बाहिक्. त्येस्तै ईश्वर्का कुरा पनि कसैले चिन्दैन
१२ ईश्वर्को आत्माले बाहिक्। तर हामिहरूचहिंले संसार्को आत्मा होइन
तर ईश्वर् देखिको आत्मा पायूं ईश्वर् देखि हामिहरूलाइ अनुग्रह गरि
१३ दिईयेका कुरा जान्नुं भनि। जुन् कुरा बोल्द छौं पनि मान्छे बिद्येले
सिकायेका होइन तर आत्माले सिकायेका बचन्मां. आत्मिक् कुरा आत्मिक्
१४ बचन्मां मिलाइ मिलाइकन। अब प्राणिक् चहिं मान्छेले ईश्वर्को
आत्माका कुरा ग्रहण् गर्दैन. कसोगरिभन्ये ति त्येस्को लागि मूर्खेई हुन्
अनि त्येस्ले ति चिन्नु सक्दैन किनभन्ये ति आत्मिक् रीत्ले खारींद छन्।

१५ तर आत्मिक्चइंले ता सबै कुरा ग्वार्द छ अनि आफु चइं कोई देखि
१६ ग्वारींदैन। कसोगरिभन्ये प्रभुका बुद्धिबिचार् कस्ले जान्यो र त्येस्ले
उस्लाइ सिकाइ देवम्। तर हांमिहरुचइंकां ख्रीष्टका बुद्धिबिचार् छन्॥
३ १ अनि मैंले हे भाईहरु हो तिमिहरुलाइ बोलि दिनु सक्यें आत्मिक्-
हरुलाइ झैं होइन तर शरीरिक्हरुलाइ झैं अर्थात् ख्रीष्टमां बाल्खैहरुलाइ
२ झैं। तिमिहरुलाइ दूद् खुवायें अन्न होइन किनभन्ये तब सम्म सक्यौन.
३ अं अब सम्म पनि सक्दौन कसोगरिभन्ये अब सम्म शरीरिक् छौ. कसो-
गरिभन्ये जहां तिमिहरुमां इष् र झगरागराई छन् त क्ये शरीरिक् हौन
४ अनि क्ये मान्छेहिसाप्मां हिंड्दौन। कसोगरिभन्ये जब येउटाले भन्द छ
मं चइं ता पाऊल्को हुं अनि अर्कोलि मं चइं ता अपुल्लुस्को त क्ये
५ मान्छेइ हौन। त क्ये हो अपुल्लुस् अनि क्ये हो पाऊल्. सेवाइतेहरु
हुन् जस्को बाटोलि तिमिहरुले बिश्वास् गर्यौ अं अनि यो प्रभले तिनमांको
६ जनंगेलाइ दियेकै अनुसार् हो। मैंले रोप्यें अपुल्लुस्ले पानी लगायो तर
७ ईश्वर्ले बढि आउंने गरायो। येसो हो भन्ये देखि त न ता रोप्ने क्येइ
८ हो अनि न पानी लगाउंने तर बढ़ाइ ल्याउंने ईश्वर्। अब रोप्ने र
पानी लगाउंने दुवै एकै छन्. तर जनंगेले आफ्नु आफ्नै दुखभगराई
९ अनुसार् आफ्नु आफ्नै प्रतिफल् पाउंछ। कसोगरिभन्ये हांमिहरु ईश्वरैका
सहकर्म्मीहरु हौं. तिमिहरु ईश्वरैको खेत् ईश्वरैको गृह हौ॥
१० मैंले ईश्वर्को मंलाइ दिईयेको अनुग्रह अनुसार् विद्येमान् मूल्घर्-
बनाउंनेले झैं जग् बसाल्यें अनि अर्कोलि त्येस् माथि घर् बनाउंद छ।
११ तर जनंगे चंख रहोस् त्येस् माथि कसोगरि बनाउंद छ। कसोगरिभन्ये
बसाल्येको चइं देखि नर्कि जो येशु ख्रीष्ट हो अर्को जग् कसैले बसाल्नु
१२ सक्दैन। तर कसैले जग् माथि सुन् चांदी असोल् ढगा काठ् खर् परालको
१३ बनाउंद छ न जनंगेको काम् प्रगटो हुंछ. कसोगरिभन्ये उसै दिन्ले
त्येस्लाइ प्रकाश् गर्छ किनभन्ये प्रगटोगराई आगोलि हुंद छ अनि जनंगेको
१४ काम् त्यो कस्तो छ भनि उसै आगोलि जांच्छ। कसैको त्येस् माथि
१५ बनायेको काम् ठहर्यो भन्ये देखि त्येस्ले प्रतिफल् पाउंछ। कसैको काम्
डड़ि गयो भन्ये देखि त्येस्को गुमाई हुंछ. तर आफु चइं ता बचाईछ
तर येसोरि जसोरि आगोको बाटो बाड़ो॥
१६ क्ये जान्दौन ईश्वर्को पवित्रबास् हौ अनि ईश्वर्को आत्माले तिमि-
१७ हरुमां बास् गर्द छ भनि। कसैले ईश्वर्को पवित्रबास् बिनास् पार्द छ

त ईश्वर्ले त्येस्लाइ बिनाम् पार्छ किनभन्ये ईश्वर्को पवित्रबास् पवित्र
छ जुन् पवित्रबास् तिमिहरुइ हौ ॥
१८ कसैले आफुलाइ न बहकावम्। कसैले तिमिहरुमां आफुलाइ येस्
जगत्मां बिद्येमान् ठान्द छ भन्ये देखि मूर्ख होइ जावम् बिद्येमान् हुवम्
१९ भन्येर। कसोगरिभन्ये येस् संसार्को बिद्य ईश्वर्कां मूर्खेई छ। कसो-
२० गरिभन्ये लेख्येको छ बिद्येमान्हरुलाइ तिनको छल्येईमां अंठ्याउंने. अनि
फेरि प्रभुले बिद्येमान्हरुका बिचार् थाहा पाउंद छ नाहक्का हुन् भनि।
२१ येसो हो भन्ये देखि न कसैले मान्छेको बिषय्मां घमण्ड् न गरोस्। किन-
२२ भन्ये सबै थोक् तिमिहरुका हुन् क्ये पाऊल् क्ये अपुल्लुस् क्ये केफास्
क्ये संसार् क्ये जीउंनि क्ये मृत्यु क्ये वर्त्तमान् क्ये अगम् सबैनै तिमिहरुका
२३ हुन् अनि तिमिहरु ख्रीष्टका हौ अनि ख्रीष्ट ईश्वर्को ॥
४ १ मान्छेले हामिहरुलाइ येस्तो गरि गनोस् ख्रीष्टका चाकरे अनि ईश्वर्का
२ भेदका कारन्दारि जस्तो। यहां उप्रान्त कारन्दारिमां खोजींद छ जनगे
३ बिश्वास्योग्य पाईओस् भनि। तर मेरो चइं लेखामां अनि मांन् कुरो
छ म तिमिहरु देखि कि कुनै मान्छेबिचार् देखि ख्यारीनु भन्ये. अं म
४ आफैलाइ आफै पनि ख्यार्दीन। किनभन्ये आफै आफ्नु बिरुद्धमां क्येइ
जार्न्दीन नै येस्मा ता धर्म्मी ठहराईयेको छइन. तर मलाइ ख्यार्ने भन्नु
५ ख्यार्ने प्रभु छ। येसो हो भन्ये देखि न बेला भन्दा अघिउई क्येइको
बिचार् न गर अर्थात् प्रभु न आउंज्याल सम्म जस्ले अंधकार्का
गुप्त कुरा ज्योतिमां देखाउंछ पनि अनि पनि हिर्दयहरुका सल्लाह प्रगटो
गराउंछ अनि तब ता जनगेको लागिको सर्काई ईश्वर्को पट्टि बाटो
हुछ ॥
६ अब यि कुरा हे भाईहरु हो साटिकनै आफै र अपुल्लुस् मांथि लगायें
तिमिहरुको कारणमां तिमिहरुले हामिहरुमां जसो लेख्येको छ त्येस् देखि
ऊभो न जांनु सिक भन्येर तिमिहरुमांको कोई एकाको लागि अर्काको
७ बिरुद्ध फुलीइ न जावम् भन्येर। किनभन्ये कस्ले तलाइ बेग्लो तुल्याउंद
छ अनि तेरां क्ये छ ज्ये पाइनस्. तर पाइस् त किन न पायेको झैं
८ गरि घमण्ड् गर्द छस्। ऐलेइ तिमिहरु तृप्त भयेका हौ ऐलेइ धनी भयौ
हामिहरु बिना राज् गर्‍यौ. अं अनि तिमिहरुले राज् गर्‍ये ता हुंथ्यो र
९ हामिहरु पनि तिमिहरु सङ राज् गर्ने थियू। किनभन्ये ठान्द छु ईश्वर्ले
हामि प्रेरितहरुचइंलाइ काल्को लागि ठहराईयेकालाइ झैं पछिल्ला गरि

तमाम्को लागि देखायो संसार् र दूत्हरु र मान्छेहरुको लागि रमित् भइ
१० गयूं भनि। हामिहरु ख्रीष्टको कारण्मां मूर्ख छौं तर तिमिहरु चइं
ख्रीष्टमां बुद्धिमान् हामिहरु निर्बल् छौं तर तिमिहरु चइं बल्लिया तिमिहरु
११ बड़ाइंका हौ तर हामिहरु चइं अमान्का। येमै घरी सम्म भोकाउंद
पनि र तिर्खाउद पनि र नांगो हुंद पनि र मुड्क्याईद पनि र बिना
घर्दुवार्का हुंद पनि छौं अनि आफ्नै हात्ले काम् गर्दै दुख भर्द पनि छौं.
१२ १३ जिल्याईदामां आशीष् दिद छौं सताईदामा सहंद छौं अप्जस
गरीदामां बिन्ति गर्द छौं. संसार्का कसींगर् अं एल्ले सम्म सबै थोक्को
खर्काई सरि भइ रह्येका छौं ॥
१४ तिमिहरुलाइ लाज् पार्नुको लागि होइन तर आफ्ना प्रिय बालखहरुलाइ
१५ चेतन्ने दिनूको लागि झैं यि कुरा लेख्द छ। कसोगरिभन्ये ख्रीष्टमां
तिमिहरुका दस् हजार् जना गोठालेहरु भये पनि धेरै जना बाब् ता छैनन्.
कसोगरिभन्ये ख्रीष्ट येशमां मैल्नै सुसमाचार्को बाटोले तिमिहरुलाइ
१६ जन्माये। त तिमिहरु सित बिन्ति गर्द छ मेरोनै जस्तो चाल्मां हिंन्नेहरु
१७ हव। येसै खातिर्ले तिमोथियस्लाइ जो प्रभुमां मेरो प्रिय र बिस्वास्-
योग्य छोरो हो तिमिहरुका पठायेको छ जस्ले म जसोरि सबै ठांउ मडली
मंडलीमां सिकाउद छ तिमिहरुलाइ ख्रीष्टमां भयेका मेरा चाल् समझाउंछ।
१८ अब म ता तिमिहरु थांइ आउदै आउर्दीन भन्ये झैं कति ता फुलीयेका
१९ छन्। तर तिमिहरु थांइ छिट्टै आउछ प्रभुले इच्छे गर्यो भन्ये देखि
२० अनि ति फुलीयेकाहरुको भनाई होइन तर शक्ति चिनूला। कसोगरिभन्ये
२१ ईश्वर्का राज् भनाईमां होइन तर शक्तिमां छ। तिमिहरुले कये इच्छे
गर्द छौ म तिमिहरु थांइ छरी लिइ आउ कि प्रेम् र नरमंईको आत्मा
लिइ ॥

५ १ सब् तिर बाटो तिमिहरुमां व्यभिचार् छ अरे भन्येको सुनींद छ
अनि व्यभिचार् पनि येस्तो व्यभिचार् जो अन्यदेशीहरुमां पनि हुंदैन अर्थात्
२ कसैले आफ्नु बाबको स्वास्नीलाइ राख्न। अनि तिमिहरु चइं फुलीइ
रह्येका छौ अनि झन् यो काम् गर्ने तिमिहरुको मांझ देखि दूर् गरीओस्
३ भन्येर शोक् गर्यौन। कसोगरिभन्ये मैले ता जीउमां ता गयेल् तर
आत्मामां सामेल् भइ सामेलै भये झैं यो काम् येसोरि गर्नेको बिचार्
४ गरि सक्यें हामिहरुको प्रभु येशूको नांउले तिमिहरु र मेरो आत्मा
५ भेला भयेका हुंदामां हामिहरुको प्रभु येशूको शक्ति सङ येस्तो मान्छेलाइ

त्येस्को शरीर्को नष्टहुवाईको लागि शैतान्लाइ सुम्पि दिनु भन्न्ये त्येस्को
६ आत्मा चइं प्रभु येशूको दिन्मां बचाईओम् भन्येर। तिमिहरुको घमण्ड्-
गराई जाति छैन। क्ये जान्दौन थोरै खमीर्ले सिंगै पिण्ड खमीरी
७ तुल्याउंद छ पुरांनु खमीर् निकालि चोखीयौ र जसोगि अखमीरे हौ
त्येसोगि नया पिण्ड हव। किनभन्ये हांमिहरुको निस्तार् पनि अर्थात्
८ ख्रीष्ट बलि गरीयो. येसो हो भन्ये देखि ता चाड़् मानु पुरांन खमीर्ले
होइन अनि न बुराई र दुष्टेईको खमीर्ले तर निर्मलेई र सच्चेईका
अखमीरे रोटीले ॥
९ तिमिहरुकां पत्रमां लेख्यें व्यभिचारीहरु सङ न मिसीनु भनि अवस्से
१० येस् संसारैका व्यभिचारीहरु कि लोभी र लूटहार्हरु कि मूर्त्तिपूजक्हरु
सङ भनि ता होइन होइन भन्ये ता संसारै देखि निस्कि जान पर्थ्यो.
११ तर अब ता तिमिहरुकां लेख्द छु कोई भाईनै भनीने व्यभिचारी कि
लोभी कि मूर्त्तिपूजक् कि जिल्ल्याउने कि मताहा कि लूटहार् छ भन्ये
देखि न मिसीनु अं येस्तो चइं सङ ता खांदै पनि न खांनु। कसोगरिभन्ये
१२ बाइर्काहरुको बिचार् गर्नु मेरो क्ये काम्। क्ये भित्रकाहरुचइंको बिचार्
१३ तिमिहरुले गर्दैंन तर बाइर्काहरुको बिचार् ईश्वरैले गर्द छ।
जो दुष्ट छ त्येस्लाइ तिमिहरुको आफ्नु बीच् देखि निकालि दूर् गर ॥
६ १ तिमिहरुमांको कसैलाइ क्ये आंट् हुद छ अर्को मान्छेका बिरुद्धको
कुरो हुदा अधर्म्मीहरुको सांम बिचार् गरि मांग्ने अनि पवित्र जन्हरुको
२ सांम् ता होइन। कि क्ये जान्दौन पवित्र जन्हरुले पो संसार्को बिचार्
गर्छन् अनि संसार्को बिचार् तिमिहरु देखि गरींद छ भन्ये देखि ता क्ये
३ अति सांनाकुराको बिचार् गर्ने माफिक्का छौन! क्ये जान्दौन हांमिहरु
दूत्हरुको बिचार् गर्छौं त किन झन् ज्यास्ति येस् जीवन्का कुराको न
४ गरूं। त तिमिहरुकां येस् जीवन्का बिचार्का कुरा छन् भन्ये देखि क्ये
जो जो मंडलीमां बिलेखाका ठानींद छन् तिनिहरुलाइ बसाउंद छौ।
५ तिमिहरुको लजाईको लागि भन्द छु। क्ये येस्तो गत् छ तिमिहरुमां
बिद्येमान् कोई पनि छैन जस्ले आफ्ना भाई भाईको बीच्को कुरोको भेद्
६ बिचार्नु सक्छ तर भाईले भाई माथि फिरात् गर्द छ उइ पनि
७ अबिश्वासीहरुको सांमु पो। अं तिमिहरुकां आपस्तका बिचार्का कुरा
छन् त यो सब् तिर बाटो तिमिहरुमां खोट् भइ सक्कीयो. किन बरु
८ अन्न्ये सहंदौन किन बरु ठगेई सहंदौन। अं तर तिमिहरुले अन्न्ये र

९ ठगेई गर्द छौ उइ पनि भाईहरु सित पो। कि क्ये जान्दौन अन्यायीहरु
ईश्वर्को राज्का अधिकारी हुंदैनन्। न भर्मीयौ. न व्यभिचारी न
१० मूर्त्तिपूजक् न जारी गर्ने न लुच्चा न पुरुष्गामी न चोर् न लोभी
न मनाहा न जिल्ल्याउंने न लूटहार्हरु ईश्वर्को राज्का अधिकारी हुंछन्।
११ अनि तिमिहरु कत्ति जना येस्ता ता थियौ. तर तिमिहरु धोईयौ तर
तिमिहरु पवित्र गराईयौ तर तिमिहरु धर्म्मी ठहराईयौ प्रभु येशू ख्रीष्टको
नांउमां अनि हांमिहरुको ईश्वर्को आत्मामां ॥
१२ सबै काम् मेरो अधिकार् माफिक्का ता छन् तर सबै काम् भलाई
माफिक्का छैनन्। सबै काम् मेरो अधिकार् माफिक्का ता छन् तर
१३ म ता कुनै काम्को अधिकार्मां पर्दीन। भोजन्हरु पेट्को लागि अनि
पेट् भोजन्हरुको लागि हो. तर ईश्वर्ले यो पनि अनि ति पनि बिकामे
गराउंछ। तर जीउ चइं ता व्यभिचार्को लागि होइन तर प्रभुइको
१४ लागि हो अनि प्रभु जीउको लागि. अनि ईश्वर्ले प्रभुलाइ पनि बौराइ
उठायो अनि पनि हांमिहरुलाइ बौराइ उठाउंछ आफ्नु शक्तिको बाटोले।
१५ क्ये जान्दौन तिमिहरुका जीउ ख्रीष्टका अङ्ग हुन्. न क्ये म ख्रीष्टका
१६ अंग खोसि ल्यएर बेश्येका अंग गराउं। त्यसो न हवस्। कि क्ये
जान्दौन बेश्ये सङ मिर्गाने त्यो सङ एकै जीउ हो कसोगरिभन्ये दुवै जना
१७ एक् जीउ हुछन् भन्येर भन्द छ। तर प्रभु सङ मिर्गाने चइं उ सङ्
१८ एकै आत्मा हो। व्यभिचार् देखि जोगीयौ मान्छेले जन्मुकै पापकर्म्म
गरोस् सबै जीउ देखि बाहिर छ तर व्यभिचार् गर्नेचइंले आफ्नु निज्
१९ जीउको अपराध् गर्द छ। कि क्ये जान्दौन तिमिहरुको जीउ तिमिहरुमां
भयेको पवित्र आत्माको पवित्रबास् हो जो ईश्वर्को पट्टि बाटो तिमिहरुको
२० छ. अनि तिमिहरु आफु आफैका हौन कसोगरिभन्ये येउटा दाम्मां
किनीयौ. त आफ्नु जीउमां ईश्वर्को महिमा गर ॥
७ १ अब ज्ये ज्ये कुराको बिषय्मां लेख्यौ तिनको बिषय्मां मान्छेको लागि
२ यो जाति छ स्त्री न छुनु। तर व्यभिचार् धेर् छ येस्कारण्ले जनंगेको
आफ्नी आफ्नै स्वास्नी हवस् अनि जनंगेको आफ्नु आफ्नै लोग्ने हवस्।
३ स्वास्नी सित लोग्नेले त्यो सित गर्नु पर्ने बेहोरा गरोस्. अनि त्यसै
४ स्वास्नीले पनि लोग्ने सित। स्वास्नीलाइ आफ्नु जीउ माथिको अधिकार्
छैन तर त्यस्को लोग्नेलाइ. अनि त्यसै लोग्नेलाइ पनि आफ्नु जीउ
५ माथिको अधिकार छैन तर त्यस्की स्वास्नीलाइ। आपस्तमा ठगेई न

गर खालि दुबैको कबोल्ले अलिक दिन् सम्म मात्रै निमिहरू प्रार्थनाको
लागि अलग् रह अनि फेरि सङ् हव भनि र शैतानले निमिहरूको असंयम्को
६ कारण् निमिहरूको परीक्षा न गरोस्। तर यो भन्द छु न मल्दिवाईको
७ हिसाप्ले आज्ञादिवाईको हिसाप्ले होइन। मै इच्छे गर्द छु जस्तो मं
आफै छु त्येस्तै सबै मान्छेहरू होउन्। तै पनि ईश्वर् देखि जनगेलाइ
निज् अनुग्रहदान् छ कसैलाइ एक् प्रकार्को कसैलाइ अर्को प्रकार्को॥
८ तर अब्याहितहरूलाइ अनि बिधुवीहरूलाइ भन्द छु जस्तो मै छु
९ त्येस्तै निनिहरू रह्ये भन्ये देखि निनिहरूको लागि जाति छ। तर संयमी
छैनन् भन्ये देखि ब्याहा गरून्. किनभन्ये ब्याहा गर्न जल्न भन्दा भलो
१० छ। तर ब्याहा भयेकाहरूलाइ आज्ञा दिद छु अं मं होइन तर प्रभुइले
११ स्वास्नी आफ्नु लोग्नेलाइ छोड़ि न जावस् (तर छोड़ि गई भन्ये
पनि अब्याहिता रहोस् कि ता आफ्नु लोग्ने सङ फर्काइ मिलाईओस्)
१२ अनि लोग्नेले आफ्नी स्वास्नीलाइ छोड़ि न देवस्। तर अरूहरूलाइ मैं
भन्द छु प्रभुले होइन कसै भाईको अबिश्वासिनी स्वास्नी छ अनि त्यो त्यो
१३ सङ बस्नुलाइ राजी छ भन्ये देखि त्येस्लाइ छोड़ि न देवस्। अनि जुन्
स्वास्नीको अबिश्वासी लोग्ने छ अनि त्यो त्यो सङ बस्नुलाइ राजी छ
१४ त त्येस्ले आफ्नु लोग्नेलाइ छोड़ि न देवस्। किनभन्ये अबिश्वासी लोग्ने
आफ्नी स्वास्नीमा पवित्र गराईयो अनि अबिश्वासिनी स्वास्नी भाईमा पवित्र
गराईई. होइन भन्ये ता निमिहरूका बालखहरू अशुद्ध हुने थिये तर
१५ अब ता ति पवित्र छन्। तर अबिश्वासी चइ छोड़ि जाद छ भन्ये
देखि छोड़ि जावस्. येस्तो बिषयमा भाई कि बैनी बान्धायेको छैन. तर
१६ मिलापमा ईश्वरले हामिहरूलाइ बोलायेको छ। बसोगोरभन्ये ए स्त्री
कसोरि जान्द छस् मं आफ्नु लोग्नेलाइ बचाउंछु कि बचाउर्दीन कि ए
लोग्ने कसोरि जान्द छस् आफ्नी स्वास्नीलाइ बचाउंछु कि बचाउर्दीन।
१७ खालि प्रभुले जसोरि जनगेलाइ बांड़ि दियेको छ ईश्वरले जसोरि जनगेलाइ
१८ बोलायेको छ त्येसोरि जनगे हिड़ोस्। अनि येसै सबै मंडलीहरूमा आज्ञा
दिद छु। कोई खत्ना भयेको भइ बोलाईयो त खत्ना न मेटोस्।
१९ कोई बिखत्नाको भइ बोलाईयेको छ त खत्ना न गरीओस्। खत्ना
क्येइ होइन अनि बिखत्ना क्येइ होइन तर ईश्वरका आज्ञा मान्नु मात्रै।
२० जनगे जुन् बोलाईमा बोलाईयो त्येसैमा रहोस्। दास् भइ बोलाईइस्
२१ त धन्दा न मान्. तर निर्बन्ध् होइ जांनु सक्द छस् भन्ये देखि बरु

२२ येइ चलन् गर्। कमोगरिभन्ये जो दाम् भइ प्रभुमां बोलाईयो त्यो
प्रभुको निर्बन्ध् जन् हो. त्येमै जो निर्बन्ध् भइ बोलाईयो त्यो ख्रीष्टको
२३ दाम् हो। येउटा दाम्मां किनीयेका छौ मान्छेहरुका दाम् न हव।
२४ हे भाईहरु हो जनगे ज्येमां बोलाईयो येसैमां रहोम् ईश्वर्कां॥
२५ अब कुवारीहरुको बिपय्मां मेरां प्रभुको कोई आज्ञा छैन. तर प्रभु
देखि बिश्वास्योग्य हुंने दया पायेकोले झै आफ्नु ठहरावट् दिद छु।
२६ न ठान्द छु वर्त्तमान् संकट्को कारण्ले जाति येइ हो अर्थात् जस्तो छ
२७ त्येस्तै रहंनु मान्छेको लागि जाति छ। स्वास्नी सङ बान्धीयेको छस्
२८ न फुकाई न खोज्। स्वास्नी देखि फुको छस् त स्वास्नी न खोज्। तर
ब्याहा गर्येइ पनि पाप् ना गर्निस् अनि कुंवारीले ब्याहा गर्येइ पनि पाप्
ना गरीन। तै येस्ताहरुलाइ शरीर्मां कष्ट हुछ. अनि मं ना तिमि-
२९ हरुलाइ टिठाउद छु। तर येइ भन्द छु हे भाईहरु हो समय् छोट्याईयो
अब देखि स्वास्नी हुनेहरु पनि स्वास्नी न हुनेहरु जस्ता होउन् भन्येर
३० अनि रुनेहरु पनि न रुनेहरु जस्ता अनि रमाउंनेहरु पनि न रमाउंनेहरु
३१ जस्ता अनि किन्नेहरु पनि लिइ न राख्नेहरु जस्ता अनि संसार्को
चलन् गर्नेहरु अग्घोर् गरि चलन् न गर्नेहरु जस्ता. किनभन्ये येस् संसार्को
३२ रूप् बित्दै जांद छ। तर इच्छे गर्द छु तिमिहरु बिफिक्रिका हव भन्ये।
अब्याहित् पुरुष्ले प्रभुकै कुराको फिक्रि गर्द छ कसोगरि प्रभुलाइ खुश्
३३ पारुं भनि. तर ब्याहा गर्नेचइले संसारैका कुराको फिक्रि गर्द छ कसोगरि
आफ्नी स्वास्नीलाइ खुश् पारुं भनि। अनि स्वास्नी भयेकी र कुवारीमां
३४ पनि फरक् छ। अब्याहिता स्त्रीले प्रभुकै कुराको फिक्रि गर्द छ शरीर्मां
पनि अनि आत्मामा पनि पवित्र हवस् भन्येर. तर ब्याहा हुनेचइले
संसारैका कुराको फिक्रि गर्द छ कसोगरि आफ्नु लोग्नेलाइ खुश् पारुं
३५ भनि। अनि तिमिहरु आफैको भलाईको लागि यो भन्द छु तिमिहरु माथि
पासो हाल्नु भन्ये खातिर्ले होइन तर सुरीतिहुवाई र बिना नैनाथि सङ
३६ प्रभु सितको सुल्लागिरहाईको लागि। तर कसैले मं आफ्नी कुंवारीको
बिपय्मां अरीति गर्द छु भनि ठान्द छ भन्ये देखि त—त्यो बइंस् ढल्कंनु
लाग्येकी छ अनि येसै हुंनु पर्द छ भन्ये देखि—ज्ये इच्छे गर्द छ त्यो
३७ गरोस् त्येस्ले पाप् गर्दैन ब्याहा गरुन्। तर जो आफ्नु हिर्दय्मां अचल्
भइ उभीइ रहंद छ—कसोगरिभन्ये खांचै छैन तर आफ्नु निज् इच्छेको
बिपय्मां अधिकार् हुंने छ—अनि आफ्नु निज् हिर्दय्मां यो बिचार्येको छ

३८ आफ्नी कुंवारीलाइ बचाइ राख्छु भनि त्येस्ले जातिनै गर्छ। येसो हो
भन्ये देखि ता आफ्नी कुंवारीलाइ ब्याहामां दिनेले पनि जातिनै गर्द छ
३९ अनि पनि ब्याहामां न दिनेले अरु पनि जातिनै गर्छ। स्वास्नी बान्धीयेकी
छ जति समय् सम्म त्येस्को लोग्ने जीउंद छ तर त्येस्को लोग्ने मर्‍यो त
जो मङ इच्छे गर्द छ त्यो मङ ब्याहा हुनुलाइ निर्बन्ध् छ तर खालि
४० प्रभमां मात्रै। तर त्यो त्येस्तै रही भन्ये देखि न मेरो ठहरावट्मां ता
भाग्येमानिकी हो. अनि ठान्द छु मेरा पनि ईश्वर्को आत्मा छ॥

८ १ अब मूर्त्तिका पर्सात्को बिषय्मां. जान्द छौं हांमिहरु सबैलाइ ज्ञान्
२ छ। ज्ञान्ले फुल्याउद छ तर प्रेमले सुधार्द छ। कसैले म कयेइ चिन्द
छु भनि ठान्द छ भन्ये देखि जसो चिन्नु पर्द छ त्येसो एले सम्म चिन्दैन
३ तर कसैले ईश्वर् मङ प्रेम् गर्द छ भन्ये देखि येइ उ देखि चिनीद छ।
४ त मूर्त्तिका पर्सात् खाने कुराको बिषय्मां जान्द छौं संसार्मां मूर्त्ति कयेइ
५ होइन अनि एक् बाहिक् कोई ईश्वर् छैन। कसोगरिभन्ये ईश्वर् भनीनेहरु
छन् ता छन् कये स्वर्गलोक्मां कये भूलोक्मां जसोरि धेरै ईश्वर्हरु र
६ धेरै प्रभुहरु नै पनि हांमिहरुको लागि ता एकै ईश्वर् छ अर्थात्
पिता जस् देखिनै सब थोक् छन् अनि हांमिहरु उसको लागि छौं अनि
एक प्रभु छ अर्थात् येशू ख्रीष्ट जस्कै बाटोले सबै थोक् छन् अनि हांमिहरु
७ उसैको बाटोले छौं। तर सबैमां यो ज्ञान् छैन. तर कतिले मूर्त्तिको
बानि एले सम्म बस्येको हुनाले नैबेद् जानि खाद छन् अनि तिनिहरुको
८ बिबेक् निर्बल् भइ मैल्याइद छ। तर भोजन्ले ता हांमिहरुलाइ ईश्वर्कां
पुर्‍याउदैन. न ता खायून भन्ये घटी छौं अनि न ता खायू भन्ये बढ्ता
९ छौं। तर चख रह र तिमिहरुको यो अधिकार् कही निर्बल्हरुको लागि
१० ठक्कर्को कारण् न हवस्। कसोगरिभन्ये कसैले त ज्ञान् हुनेलाइ मूर्त्तिको
मन्दिर्मां खानु बस्येको देख्यो भन्ये देखि कये त्येस्को बिबेक् त्यो निर्बल्
११ छ भन्ये मूर्त्तिका पर्सात् खांनुलाइ बलियो गर्दैन। कसोगरिभन्ये तेरो
ज्ञान्ले निर्बल् हुने अं जस् भाईको लागि ख्रीष्ट मर्‍यो त्येइ नष्ट हुंद छ।
१२ अनि येसोगरि भाईहरुको अपराध् गर्दामां अनि तिनको बिबेक्लाइ जब
त्यो निर्बल् छ चोट् दिंदामां तिमिहरुले ख्रीष्टको अपराध् गर्द छौ।
१३ येसैकारण् भोजन्ले मेरो भाईलाइ ठोकर् खुवाउंद रह्छ भन्ये देखि सधैं
सम्म म मासु खान्न आफ्नु भाईलाइ ठोकर् न खुवाउं भन्येर॥

९ १ कये निर्बन्ध् छुइन. कये प्रेरित् हुइन. कये हांमिहरुको प्रभु येशूलाइ
२ देखिंन. कये तिमिहरु प्रभुइमां मेरो काम् हौन। अरुहरुको लेखि प्रेरित्

हुइंन भन्ये पनि तिमिहरुचइंको लेखि ता हुं. कसोगरिभन्ये तिमिहरु
३ प्रभुइमां मेरो प्रेरितेईको छाप् हौ। मंलाइ खार्नेहरुलाइ येइ मेरो उत्तर्
४ हो। क्ये हांमिहरुलाइ खांने पीउंने अधिकार् छैन। क्ये हांमिहरुलाइ
येउटी धर्म्मबैनीलाइ स्वास्नी तुल्यायेर येता उति लिहिड्ने अधिकार् छैन
६ अरु प्रेरित्हरुलाइ अनि प्रभुका भाईहरुलाइ अनि केफास्लाइ झैं। कि क्ये
७ खालि मंलाइ र बर्णबास्लाइ मांत्रै कमाई न गर्ने अधिकार् छैन। कस्ले
कैल्हे आफ्नै खर्चले सिपांइगिरि गर्ने गर्द छ. कस्ले दाख्को बारी
लगाउंद छ अनि त्यस्को फल् खांदैन. कि को गोठालो हुंद छ अनि क्येइ
८ ओल्न् खांदैन। क्ये यि कुरा मान्छेहिसाप्ले बोल्द छु. कि क्ये ब्यवस्थाले
९ पनि यिनै कुरा भन्दैन। कसोगरिभन्ये मूसाको ब्यवस्थामां लेख्येको छ
दांइ गर्ने गोरुलाइ महला न लगा। क्ये येस्मां ईश्वर्ले गोरुइहरुको धन्दा
१० मान्द छ कि क्ये उस्ले अवस्से हांमिहरुको कारण्मां येसो भन्द छ।
अ हांमिहरुको कारण्मा लेखीयो किनभन्ये हलो जोत्नेले आशाले जोत्नु
११ अनि दांइ गर्नेले भागी हुने आशाले गर्नु पर्द छ। हांमिहरुले तिमिहरुको
लागि आत्मिक् थोक् छर्‍यूं त हांमिहरुले तिमिहरुका शरीरिक् थोकको
१२ कटनी गर्‍यूं भन्ये देखि क्ये यो ठूलो कुरा हो। अरुहरु तिमिहरु मांथिको
अधिकार्का भागी छन् भन्ये देखि हांमिहरु चइं क्ये झन् बेसि छौन।
तै पनि येस् अधिकार्को चलन् गर्‍यूंन तर सबै कुरा सहद छौं ख्रीष्टको
१३ सुसमाचार्लाइ क्येइ अड्को गराइ न दिऊं भन्ये खातिर्ले। क्ये जान्दौन
पूजाहारीकाम् गर्नेहरुले मन्दिर्मांका थोक् खांद छन् अनि बेदिकाम्मा
१४ लागि रहनेहरु बेदि सङ सम्भागी हुंद छन्। येसैगरि प्रभुले सुसमाचार्
सुनाउनेहरुको लागि सुसमाचारै देखि जीविका चलाउने खटन् गर्‍यो।
१५ तर मंचइंले यि कुरामाको कुनैको चलन् गर्‍येको छुइन. अनि मेरो
बिषय्मा येसै हवस् भनि लेख्र्दिन पनि. कसोगरिभन्ये मेरो घमण्ड्गराइ
१६ कसैले ब्यर्थ ठहराउनु भन्दा ता बरु मर्नु मेरो लागि जाति हुथ्यो। कसो-
गरिभन्ये सुसमाचार् सुनायें भन्ये पनि मेरो लागि घमण्ड्को कारण् छैन
किनभन्ये म मांथि खाचै पर आयेको छ कसोगरिभन्ये मं मांथि हाय्
१७ सुसमाचार् सुनाइंन भन्ये। कसोगरिभन्ये यो काम् चाहा गरि गर्द छु
भन्ये देखि मलाइ प्रतिफल् छ. तर चाहा न गरि त कारन्दारि काम्
१८ मेरो बिश्वास्मां सुम्पीयेको छ। त मलाइ क्ये प्रतिफल् छ। यो मं
सुसमाचार् सुनाउंदा सुसमाचार् बिखर्चै गरि दिउं सुसमाचार्मां भयेको

१९ आफ्नु अधिकार्‌को पुरो चलन् न गर्नको लागि कमांगरिभन्ये सबै देखि
निर्बन्ध् थियें र पनि आफुलाइ सबैको दास् तुल्याये झन् बेसिहरूलाइ हात्
२० पारुं भन्येर। अनि यहुदीहरूको लागि यहुदी जस्तो भयें यहुदीहरूलाइ
हात् पारुं भन्येर. व्यवस्था मनिको थिइन र पनि व्यवस्था मनिकाहरूको
लागि व्यवस्था मनिको जस्तो भये व्यवस्था मनिकाहरूलाइ हात् पारुं
२१ भन्येर. ईश्वर्‌को बिव्यवस्थाको थिइन तर खीष्टको व्यवस्था मनि थियें
र पनि बिव्यवस्थाकाहरूको लागि बिव्यवस्थाको जस्तो भये बिव्यवस्थाका-
२२ हरुलाइ हात् पारु भन्येर। निर्बल्हरूको लागि निर्बल भये निर्बल्हरूलाइ
हात् पारुं भन्येर. सबैको लागि सबै कुरा भयें अवस्से कतिलाइ बचाउं
२३ भन्ये स्यानिर्ले। अनि सुसमाचार्‌को लागि सबै कुरा गर्द छु त्येस्को
२४ सम्भागी होउ भनि। बये जान्दौन अखाडामा दगुर्नेहरु सबै ता दगुर्द छन्
२५ तर फूलपानि ता एकैले पाउद छ। येसोरि दगुर र तिमिहरूले पाइ
हाल। अनि खेल्मा दाजिने जनगले सबै बिषयमा संयम् मान्द छ।
अब ति लोगले येसो गर्द छन् बिनासी सकुट् पाउनको लागि तर हामिहरु
२६ चइं ता अबिनासी भन्ये। म ता येसैकारण् येस्तो गरि दगुर्द छु डोरो
टुङो ठीक् न जास्रे जस्तो गरि होइन येस्तो गरि मड्केलडाई लड्द छु
२७ हावा पीट्नेले जस्तो गरि होइन. तर आफ्नु जीउलाइ मड्क्यायेर कमांरा
गरि लिहिंड्द छ. कहीं अरुहरूलाइ प्रचारयेर आफैं अयोग्य ठहरइयेको
न होउ भनि॥

१० १ कमांगरिभन्ये हे भाइहरु हो म तिमिहरूले थाहा न पाव भन्ये इच्छे
गर्दीन हामिहरूका पित्रहरु सबै मघ् मनि थियें अनि सबै समुद्र बाटो
२ हिंडि गये अनि सबै मेघ्मा र समुद्रमा मुसामा बप्तिस्मा भये
३
४ अनि सबैले एकै आत्मिक् भोजन् खाये अनि सबैले एकै आत्मिक्
पीउने थोक् पीये. कमांगरिभन्ये पछ्याउने बेग्टा आत्मिक् पहरा देखि
५ पीउथ्ये. अनि त्या पहरा खीष्ट थियो। तै पनि तिनमांका धेर्‌जसो
६ देखि ईश्वर् खुसि थियेन. कमांगरिभन्ये बन्‌मा मोतर् पर्ये। अब यि
कुरा हामिहरूको लागि नमुना भये हामिहरु नरा थोक्का लाल्ची न हुनुको
७ लागि जसोरि तिनिहरु पनि भये। अनि न मूर्त्तिपूजक् हव जसोरि
तिनिहरुमांका कत्ति भये जसो लेख्येको छ लोग् खांन् पीउंनु बस्ये अनि
८ लीला गर्नु उठ्य। अनि न व्यभिचार् गरू जसोरि तिनिहरुमांका कत्तिले
९ गर्‍ये अनि एकै दिन्मां तेईस् हजार् लड्य। अनि न प्रभुको परीक्षा गरूं

१० जसोरि तिनिहरुमांका कत्तिले गर्‍ये अनि सापहरु देखि नष्ट पारीये। अनि
न गन्गनाव जसोरि तिनिहरुमांका कत्ति गन्गनाये अनि नासक् देखि नाम्
११ पारीये। अब यि कुरा तिनिहरु मांथि नपने रीत्ले आइ लाग्ये अनि
हांमिहरुको चेतन्नेको लागि लेखीये जुन्हरुको सांमु युग्युग्का अन्त समय्
१२ आइ पुग्ये। येसो हो भन्ये देखि ता मं उभीइ रह्येको छु भनि ठान्ने मं
१३ न लडुं भनि चंख रहोम्। तिमिहरुलाइ कसै परीक्षाले समात्येको छैन
खालि मान्छेले सहंनु पर्‍येकोभरि मात्रै. तर ईश्वर् बिश्वास्योग्य छ जस्ले
तिमिहरुलाइ तिमिहरुले सक्नु देखि ऊंभो परीक्षित् हुंनु दिदैन तर परीक्षा
सङ निकासा पनि बनाउंछ तिमिहरुले त्यो सहंनु सक्नुलाइ॥
१४ १५ येसैकारण् हे मेरा प्रियहरु हो मूर्त्तिपूजा देखि जागीयौ। बुद्धिमान्-
१६ हरुलाइ झैं भन्द छु. ज्ये भन्द छु त्यो तिमिहरुले बिचार्। त्यो
आशीर्बाद्गराईको कटौरा जस्लाइ आशीर्बाद् गर्द छौं कये ख्रीष्टको लोहुमां
सम्भाग् होइन। त्यो रोटी जो भाच्द छौं कये ख्रीष्टको जीउमा सम्भाग्
१७ होइन किनभन्ये धेरै जना भइ एकै रोटी एकै जीउ हौं. कसोगरि-
१८ भन्ये सबै जना एकै रोटीका भागी हौं। शरीर् अनुसार्को इस्राएल्लाइ
१९ हेर. कये बलिदानका खांनेहरु बेदि सङ सम्भागी होइनन्। त कये भन्द
२० छु कये येइ मूर्त्तिको पर्सान् कयेइ हो कि मूर्त्ति कयेइ हो भनि। होइन
तर येइ भन्द छु अन्यदेसीहरुले ज्ये ज्ये बलि गर्द छन् भूतैहरुको लागि
बलि गर्द छन् ईश्वर्को लागि होइन. अनि इच्छे गर्दीन तिमिहरु
२१ भूतैहरु सङ सम्भागी हुनु। प्रभुको कटौरा अनि भूतहरुको कटौरा दुवै
पीउंनु सक्दीन. प्रभुको मेज् अनि भूत्हरुको मेज् दुवैका भागी हुंनु
२२ सकदीन। कि कये प्रभुलाइ इर्ष्याउंद छौ उ भन्दा कये बलिया छौं॥
२३ सबै काम् अधिकार् माफिक्का ता छन् तर सबै काम् भलाई
माफिक्का छैनन्। सबै काम् अधिकार् माफिक्का ता छन् तर सबै
२४ काम्ले सुधार्दैनन्। कसैले आफ्नै भलाई न खोजोस् तर अर्कोकै।
२५ मांसुटोल्यामां बिक्ने ज्येसुकै पनि खाव बिबेक्को कारण् कयेइ खार्खेर्
२६ २७ न गरि किनभन्ये पृथिवी र त्येस्को भर्पूरी प्रभुइको हो। अबिश्वासी-
हरुमांको कसैले तिमिहरुलाइ निम्त्यो अनि जांने इच्छे गर्‍यौ त तिमिहरुको
सांमु राखीयेको ज्येसुकै पनि खाव बिबेक्को कारण् कयेइ खार्खेर् न
२८ गरि। तर कसैले तिमिहरुलाइ यो बलि भयेको हो भन्यो त न खाव
२९ प्रगटो गरि दिनेको र बिबेक्को कारण्. कस्को बिबेक् भन्द छु तिमि

आफैको होइन तर त्येस् अर्कैको कसोगरिभन्ये क्ये खातिर मेरो निर्बन्धेई
३० अर्कोको बिबेकूले बिचारींद छ। मं अनुग्रहले भागी छ भन्ये देखि मं
ज्येको लागि धन्नवाद् गर्द छ त्येस्को लागि मेरो निन्दा किन गरींद छ।
३१ त तिमिहरूले खांछौ कि पीउछौ कि क्येइ गर्छौ सबै ईश्वरको महिमाको
३२ लागि गर। ठोकरको कारण् न हव न यहूदीहरूलाइ न यूनानीहरूलाइ
३३ न ईश्वरको मंडलीलाइ. जसोगरि मं पनि सबै कुरामां सबैलाइ खुश् पार्द
छु आफ्नै होइन तर धेरैको भलाई खोजिकन ति बचाईउन् भन्येर।
११ १ मेरो जस्तो चाल्मां हिंड्नेहरू हव जसोगरि मं पनि ख्रीष्टको हुं॥
२ अव तिमिहरूलाइ सराउद छु सबै कुरामां मंलाइ सम्झंद छौ अनि
३ मैंले तिमिहरूलाइ दियेको अनुसार् बेहोराहरू लिराख्द छौ। तर ख्रीष्ट
सबै पुरुषको शिर् अनि पुरुष् स्त्रीको शिर् अनि ईश्वर् ख्रीष्टको शिर्
४ हो भनि तिमिहरूले जान भन्ये इच्छे गर्द छु। शिर्मां क्येइ भयेको भइ
प्रार्थना गर्ने कि अगमवचन् कहने सबै पुरुषले आफ्नु शिर्लाइ लाज्मां
५ पार्द छ। तर शिर् न ढाकियेको भइ प्रार्थना गर्ने कि अगमवचन् कहने
सबै स्त्रीले आफ्नु शिर्लाइ लाजमा पार्द छ. कसोगरिभन्ये यो खौरई-
६ येको सइ एकै हो। कसोगरिभन्ये स्त्री ढाकियेकी छैन त मुड़ाईयेकी
पनि हवस्. तर मुंड़ाईयेकी कि खौराईयेकी हुन स्त्रीलाइ लाज् छ त
७ ढाकोस्। कसोगरिभन्ये पुरुषले ता शिर् ढाक्नु पर्दैन त्यो ईश्वरको
८ मूर्त्ति र महिमा भयेकोले. तर स्त्री चइ पुरुषको महिमा हो। कसो-
९ गरिभन्ये पुरुष् स्त्री देखि होइन तर स्त्री पुरुष देखि हो. कसोगरिभन्ये
१० पुरुष् स्त्रीको कारण्मां सिर्जियेन तर स्त्री पुरुषको कारण्मां. येसखातिरले
स्त्री शिर्मां क्येइ अधिकार भयेकी भइ रहन पर्द छ दूतहरूको कारण्।
११ तरै पनि प्रभुमां न स्त्री पुरुष् बिना छ अनि न पुरुष् स्त्री बिना।
१२ कसोगरिभन्ये जसोगरि स्त्री पुरुष् देखि छ त्येसैगरि पुरुष पनि स्त्री बाटो
१३ छ तर सबै थोक् ईश्वर् देखि छन्। आफैमां बिचार् गर. क्ये उचित
१४ छ स्त्रीले न ढाकीयेकी भइ ईश्वर् सित प्रार्थना गर्न। क्ये सोभाउ
आफैले पनि तिमिहरूलाइ पुरुषले लामा केस् राख्द छ त त्येस्लाइ असान्
१५ छ भनि सिकाउंदैन। तर स्त्रीचइले लामा केस् राख्द छ त त्येस्लाइ
बड़ाई छ. किनभन्ये त्येस्का केस् त्येस्लाइ ओढ़ने हुंनको लागि दिईये।
१६ तर कोई बिबादी हुंने जस्तो लाग्द छ भन्ये देखि त हामिहरूको येस्तो
रीत छैन अनि न ईश्वरका मंडलीहरूको॥

१७ तर यो आज्ञा दिंदा मं तिमिहरुलाइ भलाईको लागि होइन तर
१८ हानिको लागि जमींद छौ भनि सर्काउंदीन। कसोगरिभन्ये पहिले चइं
तिमिहरु मंडलीमां जमीयेमां तिमिहरुमां फाटाफाट् हुंद छन् अरे भनि
१९ सुन्द छु अनि अलि अलि ता पत्याउंद छु। कसोगरिभन्ये खांचो छ
तिमिहरुमां कुपन्थहरु पनि हुंनु योग्यलाग्दाहरु तिमिहरुमां प्रगटो होउन्
२० २१ भन्येर। त तिमिहरु एक् साथ् जमीयेमां प्रभुभोज् खांन् हुंदैन. कसो-
गरिभन्ये जनगेले खांदामां आफ्नु निज् भोज् अघिउंई लिहाल्द छ अनि
२२ येउटा ता भोकाउद छ अर्को भन्ये मात्द छ। कये खांन् पीउंनुको लागि
तिमिहरुका घर् छैनन् कि कये ईश्वर्को मंडलीलाइ तुच्छ ठान्द छौ अनि
कयेइ न हुनेहरुलाइ लाज्मां पार्द छौ। तिमिहरुलाइ कये भनुं कये येम्मां
२३ तिमिहरुलाइ सर्काउं। सर्काउंदीन। कसोगरिभन्ये मैले प्रभुको पट्टि
बाटो त्यो पायें जो तिमिहरुलाइ सुम्पि पनि दियें कसोगरि प्रभु येशूले
२४ जुन् रात्मां उ पक्राइ दिईयो रोटी लियो अनि धन्नवाद् गर्येर त्यो
भांच्यो अनि भन्यो यो तिमिहरुको लागि भयेको मेरो जीउ हो. यो गर
२५ मेरो सम्झनाको लागि। त्येसैगरि कटौरा पनि भोज् गर्ये पछि येसो
भन्दै लियो यो कटौरा मेरो लोहुमा भयेको नया नियम् हो. यो गर
२६ जब जब पीऔंला मेरो सम्झनाको लागि। कसोगरिभन्ये जब जब यो
रोटी खाऔंला अनि कटौरा पीऔंला तब प्रभुको मृत्युको उ न आउंज्याल्
२७ सम्म प्रचार् गर्द छौ। येसो हो भन्ये देखि ता जस्ले अयोग्य सङ प्रभुको
रोटी खाला कि कटौरा पीउला प्रभुको जीउको अनि लोहुको दोषी हुछ।
२८ तर मान्छेले आफूलाइ जांचोस अनि येसोरि रोटी देखि खावस् अनि
२९ कटौरा देखि पीवस्। कसोगरिभन्ये खाने पीउनेले आफ्नु लागि दंडको
३० आज्ञा खाद पीउद छ जब जीउको भेद् बिचार्दैन। येसखातिरले तिमि-
हरुमा धेरै जना निर्बल् र सधारोग छन् अनि निकै धेर जना सुत्द छन्।
३१ तर हामिहरु आफैले आफ्नु भेद् बिचार्दा हो न बिचारिने थियन।
३२ तर बिचारियेमां प्रभु देखि कुटाई पाउद छौ संसार् सङ दोषी न ठहराईऊं
३३ भन्ये खातिरले। येसो हो भन्ये देखि ता हे मेरा भाईहरु हो खानलाइ
३४ जमीयेमां एकाले अर्काको बाटो हेर। कोई भोकाउद छ भन्ये देखि
घर्मां खावस् र तिमिहरुको जमीन् दंडको आज्ञाको लागि न हवस्।
अनि अरु रह्येका कुरा जब आउंला तब खटन् गर्छु॥

१२ १ अब हे भाईहरु हो आत्मिक् अनुग्रहदानको विषय्मां थाहा न पाव
२ भन्ये इच्छे गर्दीन। जान्द छौ जब अन्यदेसी थियौ तब जौनै पनि

३ लिहिंड़ालीये पनि ति अबोला मूर्त्तिहरु तिर लगींथ्यौ। येस्कारण् तिमिहरुलाइ
थाहा गराउंद छु ईश्वर्‌को आत्माले बोल्‌ने कर्मैले पनि येशू धिक्कारीयेको
हो भन्दैन अनि न कर्मैले येशू प्रभु हो भन्नु सक्‌द छ बिना पवित्र आत्माले ॥
४ ५ अब अनुग्रहदान् वलिवलिका छन् नर आत्मा ता उइ। अनि
६ सेवागराई वलिवलिका छन् अनि प्रभु ता उइ। अनि काम्‌गराई वलि-
वलिका छन् नर ईश्वर् ता उइ जो सबैमां सबै काम् गगउने हो।
७ ८ तर जनंगेलाइ आत्माको प्रगटाहुवाई दिईद छ भलाईकै लागि। कर्मो-
गरिभन्ये येउटालाइ आत्माको बाटोले बुद्धिको भनाई दिईद छ अनि
९ अर्कोलाइ उमै आत्मा अनुसार् ज्ञान्‌को भनाई. अरुलाइ उमै आत्माले
१० बिश्वास् अनि अर्कोलाइ एकै आत्माले निकोपगईका अनुग्रहदान् अनि
अर्कोलाइ आश्चर्य्येकर्म्मका काम्‌गराई अनि अर्कोलाइ अगमभनाई अनि
अर्कोलाइ आत्माहरुका भेद्‌बिचागई. अरुलाइ प्रकार् प्रकार्‌का भाषा-
११ बोलाई अनि अर्कोलाइ भाषा भाषाको अर्थखोलाई. तर यि सबै काम्
उमै एकै आत्माले गगउंद छ आफुले मन् गर्‍येको अनुसार् जनगेलाइ
अपुङ्गे गरि बांड़ि दिदै ॥
१२ कर्मोगरिभन्ये जस्तै जीउ एकै छ अनि त्येस्का धेरै अंग छन् अनि
जीउका ति सबै अंग धेरै छन् र पनि एकै जीउ हुन् त्येस्तै ख्रीष्ट पनि
१३ हो। कर्मोगरिभन्ये एकै आत्माले हामिहरु क्ये यहूदी क्ये यूनानी क्ये
दास् क्ये निर्बन्ध सबै एक् जीउमां बप्‌तिस्मा भयू अनि सबै एक् आत्मा
१४ १५ पियाईयूं। कर्मोगरिभन्ये जीउ एक् अंग होइन तर धेरै। गोड़ाले
भनाम् मं हात् हुइंन त जीउमांको हुइंन नै पनि क्ये सांचै त्यो जीउमांको
१६ होइन। अनि कान्‌ले भनाम् मं आंखा हुइंन त जीउमांको हुइंन तैं पनि
१७ क्ये सांचै त्यो जीउमांको होइन। सिंगै जीउ आखा हुंदो हो त सुनाई
कहां हुंने थियो। सिंगै सुनाई हुंदो हो त सुंघाई कहां हुंने थियो।
१८ तर अब ता ईश्वर्‌ले आफुले इच्छे गर्‍येको अनुसार् अंग अंगलाइ गोटै
१९ पिच्छे गरि जीउमां राखि दियो। अनि सबै अंग एक् अंग हुंदा हुन् त
२० जीउ कहां हुंने थियो। तर अब ता ति धेरै अंग हुन् तर एक् जीउ।
२१ अनि आंखाले हात्‌लाइ मंलाइ तेरो खांचो छैन भनि भन्नु सक्‌दैन. कि
फेरि कपाल्‌ले गोड़ाहरुलाइ मंलाइ तिमिहरुको खांचो छैन भनि भन्नु सक्‌दैन।
२२ होइन तर झन् ज्यास्ति जीउका निर्बल् जस्ता लाग्‌ने चइं अंगको पो
२३ खांचो छ. अनि जीउका जुन जुन अंशलाइ असान्‌का ठान्द छौं तिनलाइ

बेसि मान् राख्द छौं अनि हांमिहरुका कुरूपी अंशको बेसि सुरूप् छ
२४ तर हांमिहरुका सुरूपी चइं अंशलाइ खांचो छैन. तर ईश्वर्ले जीउलाइ
२५ मिलाइ राख्यो घटि हुंनेलाइ बेसि मान् दिइकन र जीउमां फाटाफाट्
२६ न ह्वस् तर अंगले एकाले अर्काको लागि एकैनांसे फिक्रि गरुन्। अनि
एक् अंगले दुख भोग्द छ त त्यो सङ सबै अंगले दुख भोग्द छन् कि
एक् अंगको बड़ाईं हुंद छ त त्यो सङ सबै अंगले रमाहट् गर्द छन्।
२७ अब तिमिहरु ख्रीष्टको जीउ हौ अनि एक् एक् गरि त्येस्का अंग।
२८ अनि ईश्वर्ले मंडलीमां कत्तिलाइ राख्येको छ पहिले चइं प्रेरित्हरुलाइ
दोस्रो अगम्बक्ताहरुलाइ तीस्रो शिक्षा दिंनेहरुलाइ तब आश्चर्य्येकर्म्महरु
तब निकोपराईका अनुग्रहदान्हरु गोहार्हरु हुकुम्हरु प्रकार् प्रकार्का
२९ भाषाबोलाई। सबै क्ये प्रेरित्हरु सबै क्ये अगम्बक्ताहरु सबै क्ये शिक्षा
३० दिंनेहरु सबै क्ये आश्चर्य्येकर्म्महरु हुन् सबैलाइ क्ये निकोपराईका
अनुग्रहदान् छन् सबै क्ये भाषा भाषामां बोल्द छन् सबैले क्ये अर्थ
३१ खोल्द छन्। तर बड़ा बड़ा अनुग्रहदान्हरुको लागि उधूम् मचाव।
अनि अझै तिमिहरुला अघोर् अम्सल् येउटा बाटो देखाइ
दिंद छु॥

१३ १ मान्छेहरुका अनि दूत्हरुका भाषा भाषामां बोल्द छु तर मेरां प्रेम्
२ छैन भन्ये देखि बज्ने तांबा कि झ्यांइझ्यांइ गर्ने झ्याम्टा भयें। अनि
मेरां अगम्भनाई छ अनि सबै भेद्हरु र सबै ज्ञान् जान्द छु भन्ये देखि
अनि मेरां पर्बत्हरु सार्नु सम्मको पनि सबै बिश्वास् छ तर मेरां प्रेम्
३ छैन भन्ये देखि क्येइ पनि हुइंन। अनि आफ्नु सबै धन् सम्पति कंगालि-
हरुलाइ खुवाउंनुको लागि दिंद छु भन्ये देखि अनि डड़ाईनुको लागि
आफ्नु जीउ सुम्पि दिंद छु तर मेरां प्रेम् छैन भन्ये देखि क्येइ नाफा
४ छैन। प्रेम्ले धीरज् धर्द छ अनि कृपालु छ प्रेम्ले इष् गर्दैन प्रेम्ले शेषी
५ गर्दैन फुलींदैन अरीति गर्दैन आफ्नै भलाई खोज्दैन खिजींदैन बुराई-
६ लाइ गन्दैन अधर्म्म मांथि रमाहट् गर्दैन तर सच्चेईं सङ रमाहट् गर्द
७ छ सबै कुरा सहंद छ सबै कुरा पत्याउंद छ सबै कुराको आशा
८ राख्द छ सबै कुरामां स्थिर् रहंद छ। प्रेम् कैलेइ खस्दैन. तर अगम्-
भनाईहरु छन् भन्ये पनि बिकामे गराईंछन् कि भाषाबोलाईहरु छन् भन्ये
९ पनि थामींछन् कि ज्ञान् छ भन्ये पनि बिकामे गराईंछ। कसोगरिभन्ये
एका पट्टि मांत्रै जान्द छौं अनि एका पट्टि मांत्रै अगम्भनाई गर्द छौं.

१० तर जब सिद्ध चइं आउंछ तब एका पट्टि मांत्रैको बिकामे गराईछ।
११ जब बालख थियें तब बालख झैं बोल्थ्यें बालख झैं मन् गर्थ्यें बालख झैं
बिचार्थ्यें. अब सियाना भयें त बालखका कुरा बिकामे गरायेको छु।
१२ कसोगरिभन्ये ऐले ता दर्पण्मां गहीरो उखान्को रीत्ले देख्द छौं तर तब
ता मुख् हेराहेर् गरि. ऐले ता एका पट्टि मांत्रै जान्द छु तर तब ता
१३ जसोरि चिनीयेको छु त्येमैरि चिन्छ। तर अब ता बिश्वास् आस् प्रेम्
यि तीनै रहंद छन् अनि यिनमां बड़ा प्रेम् चइं हो ॥

१४ १ प्रेम्को खेदो गर नै आत्मिक् अनुग्रह्दान्हरुको लागि उधूम् मचाव तर
२ ज्याम्नि गरिकन अगम्भनाई गरू भन्न्ये। किनभन्ये भाषामां बोल्ने
चइं मान्छेहरु सित होइन तर ईश्वर् सित बोल्द छ कसोगरिभन्ये कसैले
३ मुनि बुझ्दैन तर त्यो आत्माले भेदैका कुरा बोल्द छ। तर अगम्भनाई
गर्ने चइं मान्छेहरु सित सुधराई र शांति र साधर्का कुरा बोल्द छ।
४ भाषामां बोल्नेले आफैलाइ सुधार्द छ तर अगम्भनाई गर्नेचइंले मडलीलाइ
५ सुधार्द छ। अब तिमिहरु सबै जना भाषा भाषामां बोल भन्न्ये इच्छे
गर्द ता छु तर ज्याम्नि गरिकन अगम्भनाई गर भन्न्ये. अनि अगम्भनाई
गर्ने भाषा भाषामां बोल्ने भन्दा येस्ले मंडलीले सुधराई पावस् भनि अर्थ
६ खोल्येन भन्ये देखि बड़ा छ। तर अब हे भाईहरु हो तिमिहरु थांइ
भाषा भाषामां बोल्दै आयें भन्ये देखि तिमिहरुको लागि क्ये नाफाको हुंछु
तिमिहरु सित कि त प्रकाशगराई कि त ज्ञान् कि त अगम्भनाई कि त
७ सिकाईको रीत्ले बोल्निंन भन्ये देखि। बिप्राणी थोक्ले पनि शब्द दिंदामां
क्ये बांसुलीले होस् कि बीणाले होस् उचारण् उचारण्मां भेद् दियेनन्
भन्ये देखि बांसुली कि बीणामां क्ये बजाईद छ भनि कसोगरि चिनींछ।
८ कसोगरिभन्ये बिकुल्ले जान्ने न गरि शब्द दियो भन्ये देखि कस्ले लड़ाईको
९ लागि तियारी गर्छ। त्येमैगरि तिमिहरुले पनि भाषाको बाटोले चिन्नु
सजीलो बचन् दियौन भन्ये देखि क्ये बोल्दिद छ भनि कसोगरि चिनींछ
१० कसोगरिभन्ये हावामां बोल्ने हुंछौ। संसार्मां कोनि कत्ति प्रकार्का शब्द
११ हुनन् अनि कुनै पनि बिअर्थको छैन। त शब्दको अर्थ जानिंन भन्ये देखि
बोल्नेको लेखि अन्यभाषे हुंछु अनि बोल्ने मेरो लेखि अन्यभाषे।
१२ त्येसैगरि तिमिहरुले पनि जब आत्मिक् अनुग्रह्दान्हरुको लागि उधूमे छौ त
तिमिहरु देखि मंडलीको सुधराई उब्रोपाब्रो सम्म गरि हवस् भन्न्ये खोज्
१३ गर। येस्कारण् भाषामां बोल्नेले अर्थ खोलोस् भन्न्ये प्रार्थना गरोस्।

१४ कसोगरिभन्ये भाषामां प्रार्थना गर्द छु भन्ये देखि मेरो आत्माले ता प्रार्थना
१५ गर्द छ तर मेरो बुद्धि चइं निष्फल् छ। त चाहींछ क्ये। आत्माले
प्रार्थना गर्छु अनि बुद्धिले पनि प्रार्थना गर्छु. आत्माले गीत् गाउंछु अनि
१६ बुद्धिले पनि गीत् गाउंछु। होइन भन्ये ता तैंले आत्माले आशीष् दिइस्
भन्ये देखि न सिक्येकोको ठांउ भर्नेले कसोगरि तैंले धन्नबाद् गर्न्येमां
१७ आमीन् भन्छ कसोगरिभन्ये क्ये भन्द छम् भनि जान्दैन। कसोगरिभन्ये
तैंले ता जानि गरि धन्नबाद् गर्द छम् तर त्यो अर्को चइं ता सुधारींदैन।
१८ ईश्वर्को धन्नबाद् गर्द छु तिमिहरु सबै भन्दा ज्याम्नि भाषा भाषामां
१९ बोल्द छु. तै पनि मंडलीमां इच्छे गर्ने थियें आफ्नु बुद्धिले पांच् वचन्
बोल्नु अरुहरुलाइ पनि सिकाउं भन्येर भाषामां दस् हजार् वचन् बोल्नु
भन्दा ॥

२० हे भाईहरु हो बुद्धिमां बालख न हव. तै पनि बुराईमां ता बालख
२१ हव तर बुद्धिचइंमां सिद्ध हव। व्यवस्थामां लेख्येको छ मं अन्यभाषेहरुको
बाटोले अनि परायहरुका ओंठले यो लोग् सित बोल्छु अनि येमोरि पनि
२२ तिनिहरुले मेरो सुन्दैनन् भन्येर प्रभुले भन्द छ। येमो हो भन्ये देखि ता
भाषा भाषाबोलाई बिश्वास् गर्नेहरुको लागि होइन तर अबिश्वासीहरुको
लागि चिनु हो. तर अगम्भनाई चइं अबिश्वासीहरुको लागि होइन तर
२३ बिश्वास् गर्नेहरुको लागि हो। न मिंगै मंडली एक् साथ् जमीयो अनि
सबै भाषा भाषामां बोल्ये अनि न सिक्येका कि अबिश्वासीहरु भित्र आये
भन्ये देखि क्ये तिनिहरुले यिनिहरु बौलाहाहरु राछन् भनि भन्दैनन्।
२४ तर सबैले अगम्भनाई गर्न्ये अनि कोई अबिश्वासी कि न सिक्येको भित्र
२५ आयो भन्ये देखि त्यो सबै देखि दोषी ठहराईद छ सबै देखि खारींद
छ त्येस्को हिर्दय्का गुप्त कुरा प्रगटो हुंद छन् अनि येमोरिकन त्येस्ले
घोप्टो पर्न्येर ईश्वर्लाइ प्रणाम् गर्छ यिनिहरुको बीच्मां ईश्वर् निस्से रछ
भनि कहि सुनाउंदै ॥

२६ त चाहींछ क्ये हे भाईहरु हो। जब जमींछौ जनंगेकां गीत् छ
२७ सिकाई छ प्रकाश्गराई छ भाषाबोलाई छ अर्थखोलाई छ। सबै कुरा
सुधराईको लागि होउन्। कोई भाषामां बोलोस् त दुइ कि धेरै भये
तीन् जना सम्म मांत्रै बोलुन्. अनि पालो पालो गरि. अनि एक् जनाले
२८ अर्थ खोलोस्. तर अर्थ खोल्ने कोई भयेन भन्ये देखि त्यो मंडलीमां चुप्
२९ रहोस् अनि आफै सित अनि ईश्वरै सित बोलोस्। अनि अगम्बक्ताहरु

३० दुइ कि तीन् जना बोल्नुन् अनि अरु अरुले भेद् बिचारुन् । तर कसै अर्को
बसि रहनेलाइ क्येइ प्रकाशगराई भयो भन्ये देखि पहिलो चइं चुप् रहोस् ।
३१ कसोगरिभन्ये एक् एक् गरिकन सबैले अगम्भनाई गर्नु सक्द छौ सबैले
३२ सिकुन् अनि सबैले शांति पाउन् भन्न्ये खातिर्ले अनि अगम्बक्ता-
३३ हरुका आत्मा अगम्बक्ताहरुको ताबिमां छन् कसोगरिभन्ये ईश्वर्
खल्याङ्मल्याङ्को होइन तर मेल्को ईश्वर् हो जस्तै पवित्र जन्हरुका
सबै मंडलीहरुमां छ ॥
३४ स्त्रीहरु चइं ता मंडलीहरुमां चुप् रहुन्. कसोगरिभन्ये बोल्नु तिनि-
हरुलाइ दिईदैन तर ताबिमां रहुन् जसो व्यवस्थाले पनि भन्द छ ।
३५ अनि तिनिहरुले क्येइ सिक्ने इच्छे गरिन् भन्ये देखि घर्मां आफ्ना आफ्नै
३६ पुरुष्हरु सित सोधुन्. कसोगरिभन्ये मंडलीमां बोल्नु स्त्रीलाइ लाज् छ ।
क्ये ईश्वर्को बचन् तिमिहरुइको पट्टि बाटो निक्ल्यो कि क्ये त्यो खालि-
तिमिहरुइमां मात्रै आइ पुग्यो ॥
३७ कसैले अगम्बक्ता कि आत्मिक् जन् हुं भनि ठान्द छ त ज्ये ज्ये
३८ तिमिहरुलाइ लेख्द छु ति प्रभुको आज्ञा हुन् भनि चिनोस् । तर कसैले
थाहा पाउंदैन त थाहा न पावस् ॥
३९ येसो हो भन्ये देखि ता हे मेरा भाईहरु हो अगम्भनाई गर्नुको लागि
४० उधृम् मचाव अनि भाषा भाषामां बोल्नुलाइ न थुन तर सबै कुरा
सुरीतिमां र सिर्को ठकान् लाइकन गरीउन् ॥
१५ १ अब हे भाईहरु हो तिमिहरुलाइ त्यो सुसमाचार् थाहा गराउंद छु जो
तिमिहरुलाइ सुनायें जो ग्रहण् गर्‍यौ पनि जस्मां उभीइ रहंद छौ पनि
२ जस्को बाटोले बचाईद छौ पनि तिमिहरुले जुन् बचन्ले मैले त्यो सुसमाचार्
तिमिहरुलाइ सुनायें त्यो लिगाख्द छौ भन्ये देखि अनि बिश्वास् ब्यर्थैमां
३ गर्‍यौन भन्ये देखि । कसोगरिभन्ये सबै भन्दा मूल् कुरामां येइ तिमिहरु-
लाइ सुम्पि दियें जो आफैले पनि पायें अर्थात् ख्रीष्ट धर्म्मशास्त्र अन्सार्
४ हांमिहरुका पाप्को लागि मर्‍यो अनि उ गाड़ीयो अनि उ धर्म्मशास्त्र
५ अन्सार् तीस्रो दिन्मां बौराइ उठाईयो अनि उ केफास्कां देखाहा पर्‍यो
६ तब बाह्रैकां तब उ एकै खेप्मां पांच् सै देखि बेसि भाईहरुकां देखाहा
पर्‍यो जुन्हरुमांका धेर्जसो ऐले सम्म रह्येकै छन् तर कत्ति ता सुति गये
७ तब उ याकूब्कां देखाहा पर्‍यो तब सबैनै प्रेरित्हरुकां अनि सबै भन्दा
९ पछाड़ि असमय्मां जन्म्येकोकां झैं गरि उ मेरां पनि देखाहा पर्‍यो ।

कसोगरिभन्ये मं चइं प्रेरित्हरुमां सबै भन्दा छोटा छु जो प्रेरित् भनीने
१० माफिक्कै छुइंन किनभन्ये ईश्वर्को मंडलीलाइ सतायें। तर जो छु
ईश्वर्को अनुग्रह्ले छु अनि मेरो लागि भयेको उस्को अनुग्रह व्यर्थ भयेन
तर मैंले ति सबैले भन्दा बेसि दुख भन्यें. तै पनि मैंले होइन तर मं सङ
११ भयेको ईश्वर्को अनुग्रहले। त क्ये मं क्ये तिनिहरु हांमिहरु येसै गरि
प्रचार् गर्द छौं अनि तिमिहरुले येसै गरि बिश्वास् गऱ्यौ ॥

१२ अब ख्रीष्ट प्रचारीद छ मुर्दाहरु देखि बौराइ उठाईयो भनिकन त
तिमिहरुमांका कत्तिले कसोगरि भन्द छन् मुर्दाहरुको बौरिउठाई छैन।
१३ तर मुर्दाहरुको बौरिउठाई छैन भन्ये देखि ख्रीष्ट पनि बौराइ उठाईयेन.
१४ अनि ख्रीष्ट बौराइ उठाईयेन भन्ये देखि हांमिहरुको प्रचार् तब ता व्यर्थै छ
१५ अनि तिमिहरुको बिश्वास् पनि व्यर्थै। अं अनि हांमिहरु ईश्वर्का झूठा
साक्षी ठहर्द छौं किनभन्ये ईश्वर्को बिषय्मां साक्षी दियं उस्ले ख्रीष्टलाइ
बौराइ उठायो. जस्लाइ उस्ले बौराइ उठायेन मुर्दाहरु बौराइ उठाईदैनन्
१६ भन्ये देखि। कसोगरिभन्ये मुर्दाहरु बौराइ उठाईदैनन् त ख्रीष्ट पनि
१७ बौराइ उठाईयेन. अनि ख्रीष्ट बौराइ उठाईयेन त तिमिहरुको बिश्वास्
१८ नाहकै भयो एैले सम्म आफ्ना पापैमां छौ। तब ता ख्रीष्टमां सुति
१९ गयेकाहरु पनि नष्ट भये। हांमिहरुको खालि येसै जीवन् सम्म मांत्रै
ख्रीष्टमां आशा रछ भन्ये देखि ता सब्बै मान्छेहरु भन्दा बेसि अभागि
राछौं ॥

२० तर अब ता ख्रीष्ट मुर्दाहरु देखि बौराइ उठाईयो सुति गयेकाहरुको
२१ अगौटेफल् भइ। कसोगरिभन्ये जब मान्छेको बाटोले मृत्यु ता भयो त
२२ मान्छेको बाटोले मुर्दाहरुको बौरिउठाई पनि भयो। कसोगरिभन्ये जसोगरि
सबै जना आदम्मां मर्द छन् त्येसैगरि सबै जना ख्रीष्टमा जियाईछन् पनि।
२३ तर जनगे आफ्नु निज् ठकान्मां. ख्रीष्ट अगौटेफल् तब ख्रीष्टका लोग्
२४ उस्को अवाईमां। तब अन्त हुंछ जब उस्ले ईश्वर् अर्थात् पितालाइ
राज् सुम्पि दिंछ जब उस्ले सबै मालिकेई र सबै अधिकार् र शक्ति
२५ बिकामे गरायेको हुंछ। कसोगरिभन्ये खांचो छ उस्ले आफ्ना सबै सत्तुर्-
२६ हरुलाइ आफ्ना चरण् मुनि गरि न दिउंज्याल् सम्म राज् गर्नु। बिकामे
२७ गराईने पछिल्लो चइं सत्तुर् मृत्यु हो। कसोगरिभन्ये (लेख्येको छ)
उस्ले सबै थोक् उस्का चरण् मुनि ताबिमां पाऱ्यो। तर जब सबै थोक्
ताबिमां पारीये भनि भन्द छ तब प्रकाशित् छ सबै थोक् उस्को ताबिमां

२८ पार्ने चइं छाड़ा छ। अनि जब सबै थोक् उस्को ताबिमां पारीयेका
हुंछन् तब पुत्र आफै पनि उस्को ताबिमां सबै थोक् पारि दिनेचइंको
ताबिमां पारींछ ईश्वर् सबैमां सबै थोक् हवस् भन्येर ॥
२९ होइन भन्ये ता मुर्दाहरुको लागि बप्तिस्मा हुनेहरुले क्ये गर्छन्।
सब् तिर बाटो मुर्दाहरु बौगइ उठाईदैनन् त तिनिहरुको लागि किन
३० बप्तिस्मा हुंद छन् हामिहरु पनि किन घरी पिच्छे जग्जगिमां रहंद
३१ छौं। हे भाईहरु हो हामिहरुको प्रभु ख्रीष्ट येशुमां जुन् घमण्ड्गराई
३२ तिमिहरुको बिषय्मां मेरो छ त्यस्को किरिया म दिनहुं मर्द छु। इफि-
सुस्मां मान्छेरीत्मां बन्पशुहरु सङ लड्या त मलाइ क्ये नाफा भयो।
मुर्दाहरु बौगइ उठाईदैनन् त ल खांऊ पीऊं किनभन्ये भोलि मर्द छौं।
३३ ३४ न भर्मीयौ. बुरा संगतले जाति चाल्लाइ बिगार्द छन्। निया अनुसार्
जागि उठ अनि पाप् न गर कसोगरिभन्ये कत्ति ईश्वर् देखि अज्ञान् भइ
रहंद छन्. तिमिहरुको लजाईको लागि भन्द छु॥
३५ तर कसैले भन्ला मुर्दाहरु कसोगरि बौगइ उठाईद छन् अनि कस्तो
३६ जीउ लिइ आउंछन्। ए निर्बुद्धि तैले ज्ये छर्द छस् मर्येन भन्ये
३७ देखि जियाईदैन. अनि ज्ये छर्द छस् त जो जीउ उत्पन्न हुंछ त्येइ ता
छर्दैनस् तर नांगै गेड़ा कोनि गहुंको होला कि अरुहरुमांको कसै रकम्को
३८ होला तर ईश्वर्ले आफुले इच्छे गर्येको अनुसार् त्येस्लाइ जीउ दिंद
३९ छ अनि गोटै पिच्छे बिउलाइ त्येस्को निज् जीउ। सबै शरीर् एकैनासे
शरीर् हुंदैन. तर मान्छेहरुको शरीर् अर्कै छ अनि पशुहरुको शरीर् अर्कै
४० अनि पंछीहरुको शरीर् अर्कै अनि माच्छाहरुको अर्कै। स्वर्गमांका जीउहरु
पनि छन् अनि पृथिवीमांका जीउहरु. तर स्वर्गमांकाहरुको तेज् अरुइ छ
४१ अनि पृथिवीमांकाहरुको अरुइ। सूर्जको तेज् अर्कै छ अनि चन्द्रको तेज्
अर्कै अनि ताराहरुको तेज् अर्कै कसोगरिभन्ये तेज्मां एक् तारा अर्को तारा
४२ भन्दा बेग्लै छ। त्येस्तै मुर्दाहरुको बौरिउठाई पनि छ। बिनाश्मां
४३ रोपींद छ अबिनाश्मां बौराइ उठाईद छ. अमान्मां रोपींद छ तेज्मां
बौराइ उठाईद छ. निर्बलेईमां रोपींद छ शक्तिमां बौराइ उठाईद छ.
४४ प्राणिक् जीउ भइ रोपींद छ आत्मिक् जीउ भइ बौराइ उठाईद छ।
४५ प्राणिक् जीउ छ त आत्मिक् पनि छ। त्येस्तै लेख्येको पनि छ पहिलो
४६ मान्छे आदम् जीउने प्राणी भयो। पछिल्लो चइं आदम् जियाउने आत्मा
भयो। तै आत्मिक् चइं पहिलो होइन तर प्राणिक् चइं अनि तब आत्मिक्

४७ चइं। पहिलो मान्छे पृथिवी देखिको भइ मांटोमांको हो. दोस्रो मान्छे
४८ स्वर्ग देखिको हो। मांटोमांको जस्तो छ त्येस्तै मांटोमांकाहरु पनि छन्.
४९ अनि स्वर्गमांको जस्तो छ त्येस्तै स्वर्गमांकाहरु पनि छन्। अनि जसो
मांटोमांकोको मूर्त्ति लायूं त्येस्तै स्वर्गमांकोको मूर्त्ति पनि लाउंछौं ॥

५० अब यो भन्द छु हे भाईहरु हो मांसु र रगत् ईश्वर्को राज्का
अधिकारी हुंनु सक्दैनन् अनि न बिनास् अबिनास्को अधिकारी हुंद छ।
५१ हेर तिमिहरुलाइ येउटा भेद् भनि दिंद छु. हांमिहरु सबै सुति जांदौंन
५२ तर सबै फेरींछौं छिन्भरिमां आंखाको मिटिक्मां पछिल्लो तुरहीको
बेलामां. कसोगरिभन्ये तुरही बज्छ अनि मुर्दाहरु अबिनासी बौराइ
५३ उठाईछन् अनि हांमिहरु चइं फेरींछौं। कसोगरिभन्ये खांचो छ येस्
५४ बिनासीले अबिनास् लाउंनु अनि येस् मंर्दोले अमंर् लाउंनु। तर जब
येस् बिनासीले अविनास् लायेको हुंछ अनि येस् मंर्दोले अमंर् लायेको हुंछ
तब लेख्येको त्यो बचन् पूरो होइ जांछ मृत्यु बिजय्मां निलि हालीयो
५५ ५६ भन्ये। ए मृत्यु तेरो बिजय् कता हो। ए मृत्यु तेरो खील् कता हो।
५७ मृत्युको खील् पाप् हो अनि पाप्को शक्ति ब्यवस्था हो. तर हांमिहरुलाइ
हांमिहरुको प्रभु येशू ख्रीष्टको बाटोले बिजय् दिंने ईश्वर्को गुण्मनाई
५८ हवस्। येसो हो भन्ये देखि ता हे मेरा प्रिय भाईहरु हो अचल् र अटल्
हव सधैं प्रभुको काम्मां उब्रोपाब्रो भइ रहंदै प्रभुमां हांमिहरुको दुखभराई
ब्यर्थ छैन भनि जानिकन ॥

१६ १ अब पवित्र जन्हरुको लागिको उघाउंनिको बिषय्मां गलातियाका
२ मंडलीहरुलाइ जस्तो आज्ञा दियें तिमिहरुले पनि त्येसै गर। साता
साताको पहिलो दिन्मां तिमिहरुमांको जनंगेले आफ्नु आफ्नु बढ़ती
अन्सार् आफु आफुकां वटुलि राखोस् र मं आउंदा उघाउंनि गरि रहंनु
३ न परोस्। अनि मं आइ पुग्दा तिमिहरुले चिट्ठिको बाटोले यो य
ठहरायेकाहरुलाइ तिमिहरुको अनुग्रहदान् यरुसलम्मां लैजांनु पठाउंछु.
४ अनि मं पनि जांनु माफिक्को भयो भन्ये देखि ति मैं सङ जांनन्।
५ तर तिमिहरु थांइ आउंछु जब मकदूनियाको बाटो निक्लि जाउंला कसो-
६ गरिभन्ये मकदूनिया बाटो निक्लि ता जांछु तर कोनि तिमिहरुकां
रहंछु होला कि अं जाड़ो पनि काटि रहंछु होला र तिमिहरुले मंलाइ
७ मेरो जवाई जता तिरको होला उता अलिक् पर सम्म पुऱ्याव। किनभन्ये
तिमिहरुलाइ ऐले बाटोमां हिंड़दा हिंड़दै मात्रै हेर्ने इच्छे गर्दीन कसोगरि-

भन्ये आशा गर्द छु प्रभुले दियो भन्ये अलिक् दिन् तिमिहरुकां रहि रहुं भन्ये ।
९ तर इफिसुस्मां अझै रहंछु पंतिकुस्त् सम्म किनभन्ये ठुलो ठुलो र
कार्जेयोग्य्को येउटा दुवार् मेरो लागि खोलीयो अनि धेरै बिरोधीहरु छन् ॥
१० अब तिमोथियुस् आयो भन्ये देखि हेर त्यो तिमिहरुकां निडर् रहोस्
११ किनभन्ये प्रभुको काम् गर्द छ जसो मं पनि गर्द छु. त कसैले त्येस्लाइ
बिलेखाको न ठानोस् । तर त्येस्लाइ कुशल् सङ येना अलिक् वर सम्म
पुन्याव र त्यो मं थांइ आवस्. किनभन्ये भाईहरु सङ त्येस्को बाटो
१२ हेर्द छु । तर भाई अपुल्लुस्को बिषय्मां भन्ये त्यो सित अग्घोर् बिन्ति
गर्यें भाईहरु सङ तिमिहरुकां जावस्. अनि अबस्मे त्येस्को गेले जांने
इच्छे छैन तर जब माफिक्को बेला पाउला तब जांछ ॥
१३ जागि रह. बिश्वास्मां उभीइ रह. मर्दरीत् गर. सामर्थी हव ।
१४ तिमिहरुको सबै काम् प्रेम्मां गरीउन् ॥
१५ अब हे भाईहरु हो तिमिहरु सित बिन्ति गर्द छु (स्तिफनास्को
जहान्लाइ जान्द छौ अखायाको अगौटेफल् हो अनि तिनिहरुले आफुलाइ
१६ पवित्र जन्हरुको सेवाको लागि खटाये) तिमिहरु पनि येस्ताहरुको
१७ अनि संगी काम् गर्ने र दुख भर्ने जनरेको नाबिमां हव भन्ये । अनि
स्तिफनास् र फर्तुनातुस् र अखायिकुस्को अवाई मांथि रसाहट् गर्द छु.
१८ किनभन्ये तिमिहरुको अपुग्ये तिनिहरुले पुरो गरि दिये । कसोगरिभन्ये
तिनिहरुले मेरो र तिमिहरुको आत्मालाइ बिश्वास् गरि दिये. त येस्ता-
हरुलाइ चिनि मान ॥
१९ आसियाका मंडलीहरुले तिमिहरुलाइ सलाम् भन्द छन् । अकूला र
प्रिस्काले तिनिहरुको घर्मां भयेको मंडली समेत्ले प्रभुमां तिमिहरुलाइ
२० धेरै सलाम् भन्द छन् । सबै भाईहरुले तिमिहरुलाइ सलाम् भन्द छन् ;
एकाले अर्कालाइ पवित्र चुमाले सलाम् ॥
२१ २२ मं पाऊल्को आफ्नु हात्ले लेख्येको सलाम् । कसैले प्रभुलाइ प्यारो
२३ गर्दैन त धिक्कारीयेको हवस् । हामिहरुको प्रभु आउंने छ । प्रभु येशू
२४ ख्रीष्टको अनुग्रह् तिमिहरु सङ हवस् । मेरो प्रेम् ख्रीष्ट येशूमां तिमिहरु
सबै जना सङ हवस् । आमीन् ॥

पाऊल् प्रेरित्को कुरिन्थीहरुलाइ दोस्रो पत्र

१ १ पाऊल् ख्रीष्ट येशूको ईश्वर्को इच्छेको बाटोले प्रेरित् अनि तिमोथियुस्
भाई ईश्वर्को कुरिन्थुस्मां हुने मंडलीलाइ सिगै अखायामां हुने सबै
२ पवित्र जन्हरु सङ. तिमिहरुलाइ हांमिहरुको पिता ईश्वर् अनि प्रभु येशू
ख्रीष्टको पट्टि बाटो अनुग्रह र शान्ति ॥
३ परम्धन्न हांमिहरुको प्रभु येशू ख्रीष्टको ईश्वर् र पिता कृपाहरुको
४ पिता अनि सबै शान्तिको ईश्वर् हांमिहरुलाइ हांमिहरुको सबै कष्टमां
शान्त गराउने हांमिहरुचाइले जुन् शान्तिले आफै ईश्वर् देखि शान्त गराईद
छौं त्येसैले कुनै पनि कष्टमां हुनेहरुलाइ शान्त गराउनु सक्नुको लागि ।
५ किनभन्ये जसोगरि ख्रीष्टका दुखभोग् हांमिहरुको लागि परसम्न हुंद छन्
त्येसैगरि हांमिहरुको शान्ति पनि ख्रीष्टको बाटोले परसम्न हुंद छ ।
६ नर कष्टिन् गराईद छौं त यो तिमिहरुको शान्ति र मुक्तिको लागि हो.
शान्त गराईद छौं त यो तिमिहरुको शान्तिको लागि हो जुन् शान्तिले
जुन् दुखभोग् हांमिहरुले पनि भोग्द छौं तिनैमा स्थिर् रह्मेकोमां
७ कार्जे गर्द छ. अनि तिमिहरुको लागि हांमिहरुको आशा थीरो छ
कसोगरिभन्ये जान्द छौं जसो दुखभोग्मा त्येसै शान्तिमां पनि सम्भागी
८ छौ । किनभन्ये हे भाईहरु हो आशियामां भयेका हांमिहरुको कष्टको
बिषय्मां थाहा न पाव भन्ये इच्छे गर्दैन अखोरै औधि गरि अं आफ्नु
शक्ति देखि ज्यास्ति गरि भारि भोग्यु भनि यहां सम्म गरि भोग्यु जीउ
९ रहनु पनि कसोगरि हो भनि स्याट्टै अन्योल्मां पर्‍यु. अं आफैले आफैम.
मृत्युको उत्तर् पायेका छौं आफै माथि भरोसा न राखु तर मुर्दाहरुलाइ
१० बोराइ उठाउने ईश्वर् माथि भन्येर. जस्ले हांमिहरुलाइ येस्तो ठुलो मृत्यु
देखि छोड़ायो अनि छोड़ाउंछ. जस् माथि आशा राख्येका छौं अझै पनि
११ छोड़ाउंछ भन्ये तिमिहरु पनि आफ्नु प्रार्थनाले हांमिहरुको लागि
संगो सहकर्म्मी हुदा हांमिहरुको लागि धेरै जना देखि हांमिहरुलाइ
धेरैको बाटोले दिईयेको अनुग्रहदान्को लागि धन्नबाद् गरीओस् भन्ये
खातिरले ॥

१२ कसोगरिभन्ये हांमिहरुको घमण्ड्गराई येइ हो अर्थात् हांमिहरुको
विबेक्को साक्षी हांमिहरुले जगत्मां अनि अग्घोर् गरि तिमिहरु चइं तिर
पवित्रेई र ईश्वर्योग्य निर्मलेईमां शरीरिक् बुद्धिमां होइन तर ईश्वर्को
१३ अनुग्रह्मां बास्बसाईको चलन् गर्यूं भन्ये। कसोगरिभन्ये अरु कुरा
तिमिहरुकां लेख्दौन खालि तिनै मात्रै जो पर्दै कि चिनि मान्दै पनि छौ
१४ अनि अन्त सम्म चिनि मानौला भन्ये आशा राख्द छु. जसोगरि हांमि-
हरुलाइ एक् भाग् पट्टि चिनि मान्यौ पनि हांमिहरु तिमिहरुको घमण्ड्को
कारण् हौं भनि जस्तै तिमिहरु पनि हामिहरुका हौ हांमिहरुको प्रभु
येशूको दिन्मां ॥
१५ अनि येस् भरोसामां तिमिहरु थांइ पहिले आउने मन् गर्द थियें
१६ तिमिहरुलाइ दोस्रो अनुग्रह हवस् भन्येर अनि तिमिहरु थांइ देखि
निक्लि मकदूनियामां जांने अनि फेरि मकदूनिया पट्टि बाटो देखि तिमिहरु
थांइ आउंने अनि तिमिहरु देखि यहूदियामां जांन्लाइ अलिक् पर सम्म
१७ पुर्याईने। न येस्तो मन् गर्दा क्ये कतै हलुकेईको बेहोरा गर्यें कि जुन्
कुराको मन् गर्द छु शरीर् अनुसार् तिनको मन् गर्द छु हो हो भन्ये
१८ अनि होइन होइन भन्ये कुरा मेरा होउन् भन्येर। तर ईश्वरैको
विश्वास्योग्येई सरि तिम्रै तिमिहरु तिर भयेको हांमिहरुको बचन् हो
१९ अनि होइन भन्ये होइन। कसोगरिभन्ये हांमिहरुको बाटोले अं मेरो र
सिल्वानुस्को र तिमोथियुस्को बाटोले तिमिहरुको बीच्मां प्रचारीयेको
ईश्वर्को पुत्र येशू खीष्ट हो अनि होइन भयेन तर उस्मां होनै छ।
२० कसोगरिभन्ये ईश्वर्का करार् जत्तिसुकै होउन् उसैमा होनै भन्ये कुरो
छ. येस्कारण् उसैको बाटोले आमीन् भन्ये कुरो पनि छ ईश्वर्को
२१ महिमा हांमिहरुको बाटोले हुन्को लागि। अब हांमिहरुलाइ तिमिहरु
सङ खीष्टमां थीरो गराउने अनि हांमिहरुलाइ अभिषेक् गर्ने ईश्वरै हो
२२ जस्ले हांमिहरु मांथि छाप् पनि मार्यो अनि हामिहरुका हिर्दय्मां आत्माको
बैना दियो ॥
२३ तर मं ईश्वर्को नाउं आफ्नु प्राण् मांथि साक्षी गरि लिंद छु
२४ तिमिहरुलाइ टिठाइनैकन कुरिन्थुस्मां आउंनु छोडें। तिमिहरुको विश्वास्
मांथि प्रभुतेई गर्द छौ येसो होइन तर तिमिहरुको रमाहट्का सहकर्म्मी
२ १ हौं. कसोगरिभन्ये बिश्वास्ले उभीइ राछौ। तर आफ्नु लागि येइ
२ बिचार्यें अर्थात् तिमिहरु थांइ फेरि शोक् सङ न आउंनु। किनभन्ये

तिमिहरुलाइ शोकित् गराउंद छु भन्ये देखि त मंलाइ आनन्दित् गराउने
३ को खालि त्येइ मं देखि शोकित् गराईने मात्रै। अनि येइ कुरो लेख्यें
आयेको बेलामां जुन्हरुको पट्टि बाटो मंलाइ रमाहट् हुंनु पर्द छ तिनि-
हरुको पट्टि बाटो शोक् न हवम् भन्येर किनभन्ये तिमिहरु सबै मांथि
४ भरोसा राख्द छु मेरो रमाहट् तिमिहरु सबैको हो। कसोगरिभन्ये बड़ो कष्ट
र हिर्दय्को सकस् देखि धेरै आंसु सङ तिमिहरुकां लेख्यें शोकित् गराईयौ
भन्येर होइन तर त्यो प्रेम् चिन जो अग्घोर् गरि तिमिहरु तिर मेरां छ॥

५ तर कसैले शोकित् गरायेको छ भन्ये देखि मैंलाइ होइन तर एक्
भाग् पट्टि (अग्घोरैको भार् न हालुं) तिमिहरु सबैलाइ शोकित् गरायेको
६ छ। येस्तो मान्छेको लागि येइ सजाई निकै धेर् हो जो धेर्जमो
७ देखि भयो येसो हो भन्ये देखि ता येस्को उल्टाउल्टो तिमिहरुले बरु
त्येस्लाइ अनुग्रह् गरि माफ् दिंनु र शान्त गराउंनु पो छ होइन भन्ये ता
८ येस्तो मान्छे आफ्नु अग्घोर् बेसि शोक्ले निलि हालीयेला। येस्कारण्
तिमिहरु सित बिन्ति गर्द छु त्येस्लाइ आफ्नु प्रेम्को प्रमाण् देव।
९ किनभन्ये येस्कारण् पनि लेख्यें तिमिहरु सबै कुरामां आज्ञाकारी हुंद राछौ
१० कि रैनछौ जांचि थाहा पाउं भनि। तर जस्लाइ तिमिहरुले अनुग्रह् गरि
क्येइको माफ् दिंद छौ मैं पनि दिंद छु. किनभन्ये मैले पनि ज्येको माफ्
अनुग्रह् गरि दियेको छु क्येइको माफ् अनुग्रह् गरि दियेको ता छु भन्ये
देखि त तिमिहरुकै कारण् ख्रीष्टको अधिकार्ले दियेको छु शैतान् देखि
११ न ठगीऊं भन्येर. कसोगरिभन्ये त्येस्का जुक्ति देखि अजान् हौंन॥

१२ जब ख्रीष्टको सुसमाचार्को लागि त्रोआस्मां आयें अनि प्रभुमां मेरो
१३ लागि दुवार् खोलीयो तब आफ्नु भाई तीतुस्लाइ न भेटायेकोले
मंलाइ मेरो आत्माको लागि हाल्लो भयेन. तर तिनिहरु देखि बिदा भयेर
१४ मकदूनियामां निक्लि गयें। तर ईश्वर्लाइ गुणमनाई हवम् जस्ले सधैं
हांमिहरुलाइ ख्रीष्टमां जयहर्ष गराइ दिंद छ अनि उस्को ज्ञान्को बास्ना
१५ हांमिहरुको बाटोले सबै ठांउमां प्रगटो गर्द छ। किनभन्ये ईश्वर्को
१६ लागि ख्रीष्टको सुगन्ध हौं बचाईनेहरुमां अनि नास् हुनेहरुमां यिनि-
हरुलाइ मृत्युको लागि मृत्यु देखिको गन्ध तिनिहरुलाइ जीवन्को लागि
जीवन् देखिको बास्ना हौं। अनि यि कुरा माफिक्को को छ।
१७ कसोगरिभन्ये ति ईश्वर्को बचन्मां थपन्थापन् गर्ने धेरैहरु जस्ता छौंन.
तर निर्मलेई देखि झैं तर ईश्वर् देखि झैं ईश्वर्को सांमु ख्रीष्टमां
बोल्द छौं॥

३ १ क्ये आफैंलाइ फेरि सर्काउंनु लाग्द छौं कि क्ये कोनिलाइ झैं हामि-
हरुलाइ तिमिहरुकांका कि तिमिहरुकांटाका सर्काईका पुर्जाहरुको खाचो छ ।
२ तिमिहरुइ हांमिहरुको पुर्जा हौ हांमिहरुका हिर्दय्मां लेखीयेको औन सबै
३ मान्छेहरु देखि चिनीने र परीने गन्येको कसोगरिभन्ये प्रगटो गरि
देखींद छौ खीप्टको येउटा पुर्जा हौ भनि हांमिहरु देखि सेवा गरीयेको
मसिले लेखीयेको होइन नर जीउंदो ईश्वर्को आत्माले ढुंगाका पाटीमां
४ होइन नर शरीर्का हिर्दय् हुंने पाटीमां । अनि खीप्टको बाटोले ईश्वर्
५ निर हांमिहरुलाइ येस्तो भरोसा छ. हांमिहरु आफ्नै पट्टि बाटो माफिक्का
छौं क्येइ पनि हांमिहरु आफै देखि जस्तो गर्ने येसो होइन नर हांमिहरुको
६ माफिक्कोहुवाई ईश्वर् देखि छ जस्ले हांमिहरुलाइ नया नियम्का
सेवाइने गरि माफिक्का तुल्यायो पनि लेखाईका गरि होइन नर आत्माका.
७ किनभन्ये लेखाईले मार्द छ नर आत्माले जियाउंद छ । नर लेखाई
भयेको र ढुंगामां खोपीयेको मृत्युको सेवागराई महिमा सङ भयो यहां
सम्म भयो इस्त्राएल्का सन्तानले मूसाको मुख् त्येस्को मुख्को महिमाको
कारण्ले जुन् चइं महिमा छोड़ाईद थियो डिठ् लाइकन हेरि रहंनु
८ सक्येनन् त आत्माको सेवागराई किन झन् महिमा सङ हुंदैन ।
९ कसोगरिभन्ये दोषीठहराईको सेवागराई महिमा हो भन्ये देखि झन् सारो
१० धर्म्मीठहराईको सेवागराई महिमामां बेसि गरि हुंद छ । कसोगरिभन्ये
सांचै त्यो महिमित् गराईयेको येस् हिसाप्मां ना महिमित् गराईयेको छैन
११ अगघार् अस्सल् हुंने चइं महिमाको कारण्ले । कसोगरिभन्ये त्यो छोड़ाईने
चइं महिमाको बाटोले भयो त झन् सारो रहि रहंने चइं महिमामांइ छ ॥
१२ १३ त येस्तो आशा राख्येकोले धेर् खोलिकनै बात् गर्द छौं अनि मूसाले
जस्तै होइन जस्ले आफ्नु मुख्मां ढाक्ने लुगा लगायो इस्त्राएल्का सन्तान्ले
१४ छोड़ाईनेको अन्त डिठ् लाइकन हेरि न रहंनुको लागि. तर तिनिहरुका
बिचार् कठोर् गरीये. कसोगरिभन्ये पुरानु नियम्को पराईमां त्यो ढाक्ने
लुगा आज् सम्मनै न खोलीयेको भइ रहंद छ जुन् ढाक्ने लुगा खीप्टमां
१५ छोड़ाईने छ । तर आजु सम्म मूसा परीदा येउटा ढाक्ने लुगा तिनिहरुको
१६ हिर्दय्मां बसि रहंद छ । नर जब प्रभु निर फर्कला तब त्यो ढाक्ने लुगा
१७ उठाइ हालींने छ । अब आतमा प्रभुनै हो. अनि जहां प्रभुको आतमा
१८ त्यहां निर्बन्धेई । तर हांमिहरु चइं सबै जना न ढाक्येको मुख्ले दर्पण्ले
झैं प्रभुको महिमाको प्रतिरूप् देखाइकन महिमाको पट्टि बाटो महिमाको

लागि गरि उसै रूप्मां फेरींदै जांद छौं प्रभु आत्माको पट्टि बाटो जस्तै
गरि ॥

४ १ येस्कारण्ले यो सेवागराई हुनेहरु भइ हांमिहरु मांथि दया गर्‍येको
२ अन्सार् हरेस् खांदौंन. तर लाज्का गुप्त काम् त्यागयेका छौं छुल्येईमां न
हिंड्दै अनि न ईश्वर्को बचन् सित छल् गर्दै तर सच्चेईको प्रगटोगराईले
३ ईश्वर्को मुखेंजि आफुलाइ सबै मान्छेको बिबेक्को सांमु सर्काउंदै। तर
हांमिहरुको सुसमाचार् ढाक्येको भये पनि ढाक्येको हो नाम् हुनेहरुचइमां.
४ जुन्हरुमां येस्तो छ येम् जगत्को देव्ले अबिश्वासीहरुका बिचार् अन्धा
पारि दियो तिनिहरु मांथि ख्रीष्टको जो ईश्वर्को मूर्त्ति हो महिमाको
५ सुसमाचार्को ज्योतिदेखाई न चम्कनुलाइ। कसोगरिभन्ये आफैलाइ
प्रचार्द छौ होइन तर ख्रीष्ट येशूलाइ प्रभु गरि अनि आफैलाइ चइं
६ येशूको कारण् तिमिहरुका दास् गरि। किनभन्ये अंध्कार् देखि ज्योति
चम्कोस् भन्ये ईश्वरै हो जो येशू ख्रीष्टको मुख्मां ईश्वर्को महिमाको
ज्ञान्को ज्योतिदेखाई दिंनुको लागि हांमिहरुका हिर्दय्मां चम्क्यो॥

७ तर यो भंड़ार् हांमिहरुलाइ मांटोका भांड़ामां छ शक्तिको अग्घोरेई
हांमिहरु देखि होइन तर ईश्वरैको हवस् भन्येर मत्र् तिर बाटो
८ मिचींने छौं तर मंग्राईने ता होइन अन्योल्मां पर्ने छौं तर निरास् सम्म
९ गरि ता होइन सताईने छौं तर छोड़िनै दिईने ता होइन लड़ाइ
१० हाल्दीने छौं तर नासै हुंने ता होइन सधै येशूको मरण् जीउमां लाइ
हिंड्दै येशूको जीउंनि पनि हांमिहरुको जीउमां प्रगटो गरीओस् भन्येर।
११ कसोगरिभन्ये सधैं हांमि जीउंनेहरु येशूको कारण् मृत्युमां सुम्पि दिईद छौं
येशूको जीउंनि पनि हांमिहरुको मर्दो शरीर्मां प्रगटो गरीओस् भन्येर।
१२ येसो हो भन्ये देखि ता मृत्युले हांमिहरुमां कार्जे गर्द छ तर जीउंनिले
१३ तिमिहरुमां। तर हांमिहरुको उइ बिश्वास्को आत्मा हुंनाले बिश्वास्
गर्‍यें येस्कारण् बोल्यें भनि लेख्येको अन्सार् हांमिहरु पनि बिश्वास् गर्द
१४ छौं येस्कारण् बोल्द पनि छौं यो जानिकन प्रभु येशूलाइ बौराइ
उठाउंनेले हांमिहरुलाइ पनि येशू सङ बौराइ उठाउंछ अनि तिमिहरु सङ
१५ उभ्याउंछ। कसोगरिभन्ये सबै कुरा तिमिहरुको कारण् छन् अनुग्रहले
धेर्‌जमोको बाटोले बेसि बनाईयेर धन्नबाद् ईश्वर्को महिमाको लागि
बहुत् गरि देवस् भन्येर॥

१६ येस्कारण् हरेस् खांदौंन तर हांमिहरुको बाइरे मान्छे बिग्रंदै जांने भये
१७ पनि हांमिहरुको भित्रे चइं ता दिन् दिनै नया गराईदै जांद छ। कसोगरि-

भन्ये हांमिहरुको छिन्भरिको कष्टको हलुङ् भारिले हांमिहरुको लागि
सधैंभरिको महिमाको भारि अग्घोर् अग्घोर् औधि गरि गराउंदै जांद छ
१८ हांमिहरुले दृश्य होइन तर अदृश्य थोक् हेर्दै रहंदाखेरि. किनभन्ये दृश्य चइं
अलिक् दिन् सम्मका तर अदृश्य चइं सधैंभरि सम्मका हुन् ॥
५ १ कसोगरिभन्ये जान्द छौं हांमिहरुको डेराको पृथिवीमांको घर् भत्काईयो
भन्ये देखि हांमिहरुलाइ ईश्वर् देखि येउटा गृह अर्थात् स्वर्गमांको सधैं
२ सम्मको बिना हात्ले बनायेको घर् छ। कसोगरिभन्ये येस्मां ता सुस्केरा
मांर्द छौं आफ्नु स्वर्ग देखिको बास् दौरा झैं गरि लायेका हुंने अग्घोर्को
३ ४ इच्छे गर्दै. लायेका भइ नांगा भयेका भेटाईयेंन भन्ये देखि ना। कसोगरि-
भन्ये हांमि येस् डेरामां हुंनेहरु भारि भोग्दै सुस्केरा ता मांर्द छौं काड्नका
हुंने होइन तर दौरा झैं गरि लायेका हुंने इच्छे गर्द छौं भन्येर मर्दो चइं
५ जीउंनि देखि निलि हालीअास् भन्ये खानिर्ले। अब हांमिहरुलाइ
येसैलागि गराइ दिने ईश्वर् हो जस्ले हांमिहरुलाइ आत्माको बैना दियो।
६ त सधैं ढाड्स् गर्दै अनि जीउमां सांमेल् भइ बसिकन प्रभु देखि गयेल्
७ भइ बस्द छौं भनि जान्दै (कसोगरिभन्ये बिश्वासैले हिंड्द छौं
८ दृष्टिले होइन) ढाड्स् गर्द छौं अनि जीउ देखि गयेल् भइ बस्येर
९ प्रभु सित सांमेल् भइ बस्नुलाइ ज्यास्ति खुशि छौं। येस्कारण् पनि क्ये
सांमेल् क्ये गयेल् भइ बस्दा उस्का मन्पर्दो हुंनु मान्को गर्द छौं।
१० किनभन्ये खांचो छ हांमिहरु सबै जना खीष्टको नियाको बैठक्को सांमु
प्रगटो गरींनु जनंगेले क्ये भलो काम् क्ये आफाल्सिगे ज्ये ज्ये गर्‍यो ति
अनुसार् जीउको बाटोले भयेकाको फिर्ता पावस् भन्येर ॥
११ त प्रभुको डर् मान्दै मान्छेहरुलाइ मनाउंद छौं तर ईश्वरकां प्रगटो
गरीयेका छौं अं अनि आशा गर्द छु तिमिहरुका बिबेक्मां पनि प्रगटो
१२ गरीयेका छौं। आफैलाइ तिमिहरुकां फेरि सर्काउंद छौं होइन तर
तिमिहरुलाइ हांमिहरुको लागिको घमण्ड्गराईको दाउ दिंद छौं तिमि-
हरुलाइ हिर्दयमां होइन तर मुख्मां मांत्रै घमण्ड् गर्नेहरुलाइ उत्तर् दिने
१३ उपाय् हवस् भन्येर। कसोगरिभन्ये हांमिहरुको चित्त ठिकानामां छैन त
१४ ईश्वर्को लागि छैन सुबुद्धि छौं त तिमिहरुको लागि छौं। कसोगरिभन्ये
खीष्टको प्रेम्ले हांमिहरुलाइ सकस्मां थुनि राख्द छ कसोगरिभन्ये यो
१५ बिचार्द छौं सबैको लागि एक् मर्‍यो त तब ता सबै मंर्‍ये अनि उ
सबैको लागि मर्‍यो जीउंनेहरु फेरि आफ्नै लागि होइन तर तिनको लागि

१६ मर्ने र बौरि उठ्नेको लागि जीउन् भन्येर। येसो हो भन्ये देखि ता
हांमिहरु अब देखि येसो कसैलाइ शरीर् अनसार् गरि जान्दौंन. अनि
शरीर् अनुसार् गरि ख्रीष्टलाइ चिन्येकै भये पनि अब ता फेरि चिन्दौंन।
१७ येसो हो भन्ये देखि ता कोई ख्रीष्टमां छ भन्ये देखि नया सृष्टि हो.
१८ तादिका कुरा टलि गये हेर ति नया भये। तर सबै कुरा ईश्वर् देखि
छन् जस्ले ख्रीष्टको बाटोले हांमिहरुलाइ आफु सङ फर्काइ मिलायो
१९ अनि हांमिहरुलाइ फर्काइमिल्लाईको सेवागराई दियो अर्थात् ईश्वर्ले
ख्रीष्टमां संसार्लाइ आफु सङ फर्काइ मिलाउंद थियो कसोगरिभन्ये तिनका
अपराध् तिनको लागि गन्दैन थियो अनि फर्काइमिल्लाईको बचन् हांमिहरुको
जिम्मा राख्यो ॥

२० न ख्रीष्टको लागि दोमापे हौं ईश्वरैले हांमिहरुको बाटोले मनाउंद
छ भन्ये झैं. ख्रीष्टको लागि तिमिहरु सित बिन्ति गर्दै छौं ईश्वर् सङ
२१ फर्काइ मिल्लाईयौ। उस्ले पाप् न जान्नेलाइ हांमिहरुको लागि पाप्
६ १ तुल्यायो हांमिहरु उस्मां ईश्वर्को धर्म्म बनीऊं भन्येर। अनि उस्का
सहकर्म्मी भइ मनाउंद पनि छौं ईश्वर्को अनुग्रह रित्तै ग्रहण् न गर
२ (कसोगरिभन्ये भन्द छ

ग्रहण् गर्न्येको समय्मां तेरो सुन्यें

अनि मुक्तिको दिन्मां तेरो उपकार्मां आयें. हेर ऐलेनै सुग्रहण्योग्य
३ समय् छ हेर ऐलेनै मुक्तिको दिन् छ). क्येइमां क्येइ टक्कर्को कारण् न
४ दिंदै र हांम्रो सेवागराईमां कलंक् न लगाईओम् नर सबैमां आफैलाइ
ईश्वर्का सेवाइतेलाइ जस्तै सर्काउंदै बडो स्थिरेईमां कष्टहरुमां खांचोहुवाई-
५ हरुमां संकट्हरुमां चोट्हरुमां झेल्खान्हरुमां खल्याङ्मल्याङ्हरुमां
६ दुखभराईहरुमां बिउंझिरहाईहरुमां उपास्हरुमां शुद्धेईमां ज्ञान्मां
७ धीरज्मां कृपामां पवित्र आत्मामां निष्कपट् प्रेम्मां सच्चेईको बचन्मां
ईश्वर्को शक्तिमां दाहीनो र वांउ हात् पट्टिका धर्म्मका हतियार्ले
८ बड़ाई र अमान्ले अप्जस् र सुजस्ले भर्माउंनेहरु जस्ता र पनि सच्चा
९ थाहा न पाईनेहरु जस्ता र पनि खुब् चिनीनेहरु मर्नेहरु जस्ता र पनि
१० हेर जीउंद छौं कुटीनेहरु जस्ता र पनि मारीनेहरु होइन शोकित्
हुंनेहरु जस्ता र पनि सधैं रमाउंनेहरु कंगालिहरु जस्ता र पनि धेरैलाइ
धनी तुल्याउंनेहरु क्येइ न राख्नेहरु जस्ता र पनि सबै थोक् लिइ
राख्नेहरु भइ ॥

११ हे कुरिन्थीहरु हो हांमिहरुको मुख् तिमिहरु तिर खोलीयेको छ
१२ हांमिहरुको हिर्दय् गजीलो तुल्याईयेको छ। हांमिहरुमां संग्राईदौन तर
१३ आफ्नै टिठ्मां संग्राईद छौ। अब त्येइ सट्टाफल् दिइ गरि (आफ्ना
बालखहरुलाइ झैं भन्द छु) तिमिहरु पनि गजीला तुल्याईयौ ॥

१४ अबिश्वासीहरु सङ पगाय् पगाय् मिलाइ न जांरीयौ कसोगरिभन्ये
धर्म्म अनि अधर्म्मको क्ये माझेहुवाई कि ज्यांतिको अध्कार् सित क्ये
१५ संगत्गराई। अनि ख्रीष्टको बेलिआल् सित क्ये मिलाप् कि बिश्वासीलाइ
१६ अबिश्वासी सङ क्ये अंश। अनि ईश्वर्को पवित्रबास्लाइ मूर्त्तिहरु सङ
क्ये नग्हात्गराई कसोगरिभन्ये हांमिहरु ता जीउंदो ईश्वर्को पवित्रबास
हो जसो ईश्वर्ले भन्यो मं तिनमां बास् गर्छु अनि तिनमां हिंड्डुल् गर्छु
१७ अनि मं तिनको ईश्वर् हुंछु अनि ति मेरा लोग् हुछन्। येस्कारण्

तिनिहरुको मांझ देखि निक्ल्येर छुट्याईयौ भनि प्रभुले भन्द छ

अनि क्येइ अशुद्धलाइ न छोव

अनि म चइ तिमिहरुलाइ ग्रहण् गर्छु

१८ अनि तिमिहरुको लागि पिता हुंछु

अनि तिमिहरु चइं मेरा लागि पुत्र र पुत्री हुंछौ भनि प्रभु सर्बसामर्थीले
७ १ भन्द छ। त हे प्रियहरु हो यि करहार् हुंनेहरु भइ आफैलाइ शरीर् र
आत्माको सबै मैल्याई देखि शुद्ध पार्छ ईश्वर्को डर्मा पवित्रेई तुर्दै जांदै ॥

२ हांमिहरुलाइ आफ्ना हिर्दय्मां ठांउ देव. कोई मांथि अन्न्ये गर्यूंन
३ कसैलाइ बिगार्यून कसैलाइ लोभ् गरि ठग्यून। तिमिहरुको दोषीठहराईको
लागि भन्दीन. कसोगरिभन्ये अगाड़िनै देखि भन्येको छु हांमिहरुका
४ हिर्दय्मां छौ सङै मर्नु र जीउंनुको लागि। तिमिहरु सित धेरै खोलिकन
बात् गर्द छु तिमिहरुको लागि धेरै घमण्ड् गर्द छु. शान्तिले भरीयेको छु
हांमिहरुको सबै कष्टको बिषय्मां रमाहट्ले औधि भन्दा पनि औधि गरि
उब्रि रह्येको छु ॥

५ कसोगरिभन्ये जब मकदूनियामां आयूं तब पनि हांमिहरुको शरीर्लाइ
हालो भयेन तर सब् तिर बाटो कष्टित् भयूं. बाइर पट्टि बाझाबाझ् भित्र
६ पट्टि डर्। तै पनि दीन्हरुलाइ शान्त गराउंनेले अर्थात् ईश्वर्ले तीतुस्को
७ अवाईमां हांमिहरुलाइ शान्त गरायो अनि खालि त्येस्को अवाईमां
मांत्रै होइन तर त्येस् शान्तिमां पनि जो त्येस्ले तिमिहरुको बिषय्मां जान्यो
त्येस्ले हांमिहरुलाइ तिमिहरुको अग्घोर्को इच्छे र तिमिहरुको बिलाप् र

मेरो लागि तिमिहरुको इष्को समाचार् दिंदामां. येसो भयेकोले ता झन्
८ ज्यास्ति रमायें। किनभन्ये मैंले त्येम् पत्रले तिमिहरुलाइ शोकित्
पार्येको भये पनि पछ्ताउंद थियें भन्ये पनि अब ता पछ्ताउदीन.
किनभन्ये देख्द छु त्येम् पत्रले खालि अलिक् बेर् सम्म मात्रै भये पनि
९ तिमिहरुलाइ शोकित् पार्यो। अब ता रमाउंद छु शोकित् पारीयौ भनि
होइन तर पश्चात्तापैको लागि शोकित् पारीयौ. किनभन्ये ईश्वरै अनुसार्
गरि शोकित् पारीयौ तिमिहरुलाइ हामिहरु देखि क्येइमां गुमाई न हवस्
१० भन्ये खानिर्ले। कसोगरिभन्ये ईश्वर् अनुसार्को शोक्ले मुक्तिको
लागिको पछ्ताउंनु न पर्ने पश्चात्तापको काम् गर्द छ. तर संसार्चइंको
११ शोक्ले मृत्यु गराउद छ। कसोगरिभन्ये हेर ईश्वर् अनुसार् गरि शोकित्
पारियौ भन्ये येसैले तिमिहरुलाइ कति छिटोछाटोगराई अं कति उत्तर्दिवाई
अ कति रिसाई अं कति डर् अं कति अग्घोर्को इच्छे अं कति इष् अ कति
नियागराई गराइ दियो। सब् तिर बाटो त्येम् कुराको बिषयमां शुद्ध छौ
१२ भन्ये प्रमाण् गर्यौ। तब ता तिमिहरुका लेख्यें त त्येम् अन्ये गर्नेको
कारण्मां लेखिंन अनि न त्यो अन्ये भोग्नेको कारण्मां तर हामिहरुको
लागि भयेको तिमिहरुको छिटोछाटोगराई ईश्वर्को सम्वोजि तिमिहरुको
१३ प्रगटो गराईने कारण्मां। येस्कारण्ले शान्त गराईयेका छौं. अनि आफ्नै
शान्तिमां तीतुस्को रमाहट्को सांमु झन् बेसि रमायुं त्येस्को आत्मालाइ
१४ तिमिहरु सबैको पट्टि बाटो बिश्राम् दिईयें छ भन्येर। किनभन्ये त्येस्को
सांमु तिमिहरुको लागि क्येइ घमण्ड् गर्यें त लाज्मां पारीइंन तर जसो
तिमिहरु सित सबै कुरा सच्चेईमां बोल्यूं त्येसै तीतुस्को सांमु भयेको
१५ हामिहरुको घमण्ड्गराई पनि सच्चेई ठहरीयो। अनि त्येस्को टिठ् झन्
बेसि तिमिहरु तिर छ तिमिहरु सबैको आज्ञामनाई सम्झंदाखेरि कसोगरि
१६ डर् र कंमाई सङ त्येस्लाइ ग्रहण् गर्यौ। तिमिहरुको विषयमां सब् तिर
बाटो ढाड्स् गर्द छु भनि रमाउंद छु॥

८ १ अनि हे भाईहरु हो मकदूनियाका मंडलीहरुचइमां दिईयेको ईश्वर्को
२ अनुग्रह तिमिहरुलाइ थाहा गराउंद छौं कसोगरि कष्टको धेरै योग्य-
ठहराईमां तिनिहरुको रमाहट्को अग्घोरेई र तिनिहरुको गहीरेईभरिको
३ कंगालेई तिनिहरुको उदक्षिनाको धन्को लागि परसम्त भयो। किनभन्ये
साक्षी दिंद छु शक्तिभरि अं अनि शक्तिभरि भन्दा पनि बेसि गरि
४ आफैंले रोजिकनै दिये येस् अनुग्रहको अनि पवित्र जन्हरुको लागिको

सेवाको रुगन्गराईको बिषय्मां हांमिहरु सित मनाउंने बड़ो ढिपि सित
५ बिन्ति गर्दै गर्दै. अनि जसो आशा देख्यूं त्यसै मांत्रै होइन तर पहिले आफु
आफैलाइ प्रभुलाइ र ईश्वर्को इच्छेको बाटोले हांमिहरुलाइ दिये।
६ तिनिहरुचइले येसोरि दिये त तीतुस्लाइ मनायूं जसो अगाड़ि थाल्यो त्यसै
७ यो अनुग्रह् पनि तिमिहरुचइंको लागि तुरोस् पनि। तर जसोगरि सबै
कुरामां उत्रोपात्रो भइ रहंद छौ अर्थात् बिश्वास् र भनाई र ज्ञान र सब्
छिटोछाटो र हांमिहरु तिरको आफ्नु प्रेम्मां त्यसैगरि चंख हव येस्
८ अनुग्रह्मां पनि उत्रोपात्रो भइ रह। आज्ञादिवाईको हिसाप्ले भन्दीन तर
अरुहरुको छिटोछाटोको बाटोले तिमिहरुको प्रेम्को साचेई पनि जांचि
९ ठहराइकन। कसोगरिभन्ये हामिहरुको प्रभु येशू ख्रीष्टको अनुग्रह् जान्द
छौ उ धनी भयेर पनि तिमिहरुको कारणमां कंगालि बनीयो उस्को
१० कंगालेईको बाटोले तिमिहरु धनी बनीयौ भन्येर। अनि येस्मा आफ्नु
ठहरावट् दिद छ. किनभन्ये यो तिमिहरुको लागि भलो छ जस्ले आफै
अगाड़ि अर्थात् पारै देखि खालि गराई मांत्रै होइन तर इच्छे पनि गर्नु
११ थाल्यौ। तर अब गराई तुर पनि र येसोरि जस्तै इच्छेको तियारी
१२ भयो त्यस्तै तिमिहरुका भयेको जति देखिको तुराई पनि हवस्। किनभन्ये
मन्को तियारी छ भन्ये देखि ना जति जस्का छैन त्येति अनुसार् होइन
१३ तर जति जस्का छ त्येइ अनुसार् त्यो सुग्रहणयोग्य हुंद छ। कसोगरिभन्ये
येसो भन्द छ अरुहरुलाइ हाल्को तिमिहरुचइलाइ कष्ट हवस् भन्येर होइन.
१४ तर बराबरी हवस् भन्येर कसोगरिभन्ये येस् वर्त्तमान् समय्मां तिमिहरुचइंको
उबारो तिनिहरुको अपुग्दोको लागि हुंद छ तिनिहरुचइको उबारो पनि तिमि-
हरुको अपुग्दोको लागि हवस् भन्येर र येसोरि बराबरी हवस्. जसो लेख्येको
१५ छ धेरै बटुल्नेचइंका बेसि भयेन अनि न थोरै बटुल्नेचइका कम् भयो॥
१६ तर ईश्वर्लाइ गणमनाई हवस् जस्ले तीतुस्को हिर्दय्मां तिमिहरुको
१७ लागिको त्येइ छिटोछाटो दिद छ। किनभन्ये त्यस्ले हांमिहरुको मनाई
ग्रहण् ना गऱ्यो तर आफै अग्घार्को छिटोछाटो गर्ने भइ आफैले रोजिकनै
१८ तिमिहरु थांइ निकलि गयो। अनि त्यो सङ त्येस् भाईलाइ पठायेका छौं
जस्को सर्काई सुसमाचार्को बिषय्मां सबै मंडली हुंदो फिंजीयेको छ
१९ अनि येति मांत्रै होइन तर जो मडलीहरु देखि येस् हांमिहरु देखि सेवा
गरीयेको अनुग्रहको बिषय्मा हांमिहरु सङ हिंड्ने साथी ठहराईयो पनि
२० प्रभुको महिमा र हांमिहरुको मन्को तियारीको लागि. यो देखि जोगीइ

बस्दै कसैले हांमिहरु मांथि येस् हांमिहरु देखि सेवा गरीयेको सहको
२१ बिषय्मां कलंक् लगाउला भन्न्ये. किनभन्न्ये जो कुरा खालि प्रभुको मुखेंजि
मांत्रै होइन तर मान्छेहरुको मुखेंजि पनि भला छन् तिनको अगम्चिन्ता
२२ गर्द छौं। अनि तिनिहरु सङ आफ्नु त्येस् भाईलाइ पठायेका छौ जस्लाइ
बारंबार् धेरै कुरामां जांच्येर छिटोछाटो पायेका छौं तर अब ता झन्
२३ तिमिहरु मांथि भयेको आफ्नु भरोसाले धेरै ज्यास्ति छिटोछाटो। तीतुस्-
चइको कुरो सोधाने हो भन्ये देखि त्यो मेरो सम्भागी र तिमिहरु तिरको
मेरो सहकर्म्मी हो कि हांमिहरुका भाईहरुचइको कुरो ति मंडलीहरुका
२४ प्रेरित् हुन् ख्रीष्टको महिमा हुन्। त तिनलाइ मंडलीहरुको मुखको
सांम् आफ्नु प्रेम्को अनि तिमिहरुको लागि भयेको हांमिहरुको घमण्ड्-
गराईको देखाई गराइ देव॥

९ १ कसोगरि भन्ये पवित्र जन्हरुको लागिको सेवागराईको बिषय्मां मैले
२ तिमिहरुकां लेख्नु पर्दैन. किनभन्ये तिमिहरुको मन्को तियारी जान्द छु
जस्को बिषय्मां तिमिहरुको लागि मकदूनीहरुको सांम् घमण्ड् गर्द छु
आखाया पोरै देखि तियार् भइ रह्येको छ भनि अनि तिमिहरुको इर्षाले
३ धेर्जमोलाइ चम्काइ उठायो। तर भाईहरुलाइ पठाये तिमिहरुको लागि
भयेको हांमिहरुको घमण्ड् कतै येस् हिसाप्मां रित्तो न पारोओस् भन्येर
४ तिमिहरु जसो मैले भन्यें तियार् भइ रह्येका हव भन्येर. हांमिहरु
(तिमिहरुइ भनि न भनूं) मकदूनीहरुले मं सङ आयेर तिमिहरुलाइ
तियार् न भयेका भेटाये भन्ये देखि कहीं येस् सांचोहुवाईमां लाज्मां न
५ पारीऊं भनि। येस्कारण् भाईहरुलाइ मनाउंनु खांचो गर्न्ये अगाडि देखि
तिमिहरुकां गयेर तिमिहरुको अगाडि देखि करहार् गर्न्येको धन्नदान् अगाडि
देखि सिद्ध गराउन् भनि यो लोभ् गरि होइन तर धन्नदान् गरि झैं
तियार् हुनुलाइ॥

६ तर यो भन्द छु क्षुद्रेई गरि छर्नेले क्षुद्रेई गरि कटनी पनि गर्छ अनि
७ धन्नदानेई गरि छर्नेले धन्नदानेई गरि कटनी पनि गर्छ। जनगेले हिर्दय्मां
मन् गर्न्येको झैं गरोस् शोक् सङ कि अवस्से पर्न्येकोले गरि होइन.
८ किनभन्ये खुशै हुंने दिनेलाइ ईश्वर्ले प्रिय जान्द छ। अनि ईश्वर् सबै
अनुग्रह् तिमिहरुको लागि परसस्त हुनु लाउनुलाइ शक्तिमान् छ सबै
कुरोमां सबै समय्मां सबै पुग्दोभरिको तिमिहरु आफैंकां भयेकोले सबै
९ भलो काम्को लागि उब्रोपाब्रो भइ रह भन्न्ये खातिर्ले. जसो लेख्येको छ

त्येस्ले छरपट्ट गरायो त्येस्ले कंगालिहरुलाइ दियो
त्येस्को धर्म्म सधैं सम्म रहंद छ।
१० अनि छर्नेलाइ बिउ र खान थोक्को लागि रोटी पारि दिनेले तिमिहरुको
छर्नु पर्ने बिउ पारि र बढ़ाइ दिंछ अनि तिमिहरुको धर्म्मका फल् बढि
११ आउने गराउछ. तिमिहरु सबै कुरामा सबै उक्षिनाको लागि धनी तुल्याईदै
जांदै जन् उक्षिनोले हांमिहरुको बाटोले ईश्वर्को धन्नबाद् गराउंद छ।
१२ किनभन्ये येस् सेवाको गराई खालि पवित्र जन्हरुका अपुग्दा थोक् पूरा
गर्ने हो मात्रै होइन तर धेरै धन्नबाद्हरुको बाटोले ईश्वर्को लागि पनि
१३ परसस्त हुने हो कसोगरिभन्ये यो सेवागराई देखि भयेको तिमिहरुको
योग्यठहराईको बाटोले तिनिहरुले तिमिहरुको स्वीकार्गराई ख्रीष्टको
सुसमाचार्को नाविमा भयेको लागि अनि तिनिहरुको र सबैको लागि
भयेको तिमिहरुको सम्भार्गा उघाउनिको उक्षिनाको लागि ईश्वर्को
१४ महिमा गर्द छन् तिनिहरु आफैले पनि तिमिहरुको लागि बिन्ति
प्रार्थना गर्दै गर्दै तिमिहरु माथि भयेको ईश्वर्को अघोर् अस्सल् भयेको
१५ अनुग्रह्को कारण् तिमिहरुको अघोर्को इच्छे गर्दाखेरि। उस्को बखानि
न सकुनको बरदान्को लागि ईश्वर्लाइ गुण्मनाई हवस्॥

१० १ अब म पाऊल् आफै तिमिहरुलाइ ख्रीष्टको नरमेई र अनुग्रहगराईको
बाटोले उपदेस् दिंद छु मं जो तिमिहरुको मुखेंजि हुंदा तिमिहरुमां दीन्
२ तर गयेल् हुदा तिमिहरु तिर ढाड़स् गर्ने गर्नाने हुं. अं मं बिन्ति गर्द छु
सैले सामेल् हुदा त्यो भरोसामा सङ ढाड़स् गर्नु न परोस् जुन् सङ हांमि-
हरुलाइ शरीर् अनुसार् हिड्नेहरु जस्ता गन्ने कत्तिको बिरुद्धमां आंट्
३ गर्नुलाइ गन्द छु। कसोगरिभन्ये शरीर्मांइ हिंड्दै पनि शरीरै अनुसार्
४ ना सिपांइगिरि गर्दैन (किनभन्ये हांमिहरुको सिपांइगिरिका हतियार्
शरीरिक् होइन तर गढ़हरुको भत्काईको लागि ईश्वर्को सांमु
५ शक्तिमान् छन्) कसोगरिभन्ये बिचार्हरु र ईश्वर्को ज्ञान्को
बिरुद्धमां उचालीयेको सबै अल्गयेई भत्काउंद छौं अनि सबै बुद्धिविचार्
६ ख्रीष्टको आज्ञामनाईको बन्धवाईमां पार्द छौं अनि जब तिमिहरुको
आज्ञामनाई पूरीयेला तब सबै आज्ञानंघाईको निया गर्नुलाइ तियार् भइ
७ रहंद छौं। तिमिहरुको मुखेंजि हुने थोक् हेरि रहंद छौं। कसैले आफु
माथि मं ख्रीष्टको हुं भन्ये भरोसा राख्द छ भन्ये देखि आफ्नु मन्मां
फेरि गनोस् जसोरि त्यो आफै ख्रीष्टको हो त्येसैरि हांमिहरु पनि हौं।

८ कसोगरिभन्ये हांमिहरुको अधिकार्को बिषय्मां (जो प्रभुले दियो तिमि-
हरुको भत्काईको होइन तर सुधराईको लागि) क्येइ बेसि गरि घमण्ड्
९ गर्‍यें भन्ये देखि पनि लाज्मां ता पारींदीन. तिमिहरुलाइ खालि आफ्ना
पत्रहरुको बाटोले मांत्रै अति डराइ दिने जस्तो न लागुं भन्ये खातिर्ले।
१० किनभन्ये भन्द छन् त्येस्का पत्रहरु ता भारी र बल्लिया तर त्येस्को
११ जीउको सांमेल्हुवाई चइं निर्बल् अनि भनाई बिलेखाको छ। येस्तो
मान्छेले यो गनोस् पत्रहरुको बाटोलि भयेको भनाईमां जस्ता छौं गयेल्
१२ हुंदा त्येस्तै गराईमां पनि छौं सांमेल्ै हुंदा। कसोगरिभन्ये आफैलाइ
सर्काउंने कत्तिको खाल्का गर्न्ने कि तिनमां मिलाइ दिंने हांमिहरुलाइ आंट्
छैन. तर आफैलाइ आफै देखि नापि हेर्दै अनि आफैलाइ आफैमां मिलाइ
१३ दिंदै नि आफै पो बुझकी छैनन्। तर हांमिहरु ता आफ्नु नापो देखि
बाइर सम्म गरि घमण्ड् गर्दैंन तर त्येस् टांगोको नापो अनुसार् गर्द छौं
जो ईश्वर्ले हांमिहरुलाइ नापो गरि बांड़ि दियो अर्थात् तिमिहरु सम्म
१४ पनि पुग्ने गरि। कसोगरिभन्ये तिमिहरु सम्म पुग्यूंन भन्येको झैं
आफुलाइ अग्घोरै गरि पसार्द छौं होइन. कसोगरिभन्ये खीष्टको सुसमाचार्
१५ मां तिमिहरु सम्म पनि पुग्यूं. आफ्नु नापो देखि बाइर सम्म गरि अर्थात्
परायहरुका दुखभराईमां गरि घमण्ड् गर्दै होइन तर तिमिहरुको बिश्वास्
बढ्दै बढ्दै जांदामां हांमिहरुको बड़ाई तिमिहरुमां हांमिहरुको टांगो
१६ अनुसार् अरु पनि परसस्तको लागि गरीने आशा राख्दै तिमिहरु
देखि उताका देसमां सुसमाचार् सुनाउंनको लागि पराय् टांगोमां तियार्
१७ पारि सक्येका काम् गरि घमण्ड् गर्नको लागि होइन। तर घमण्ड् गर्नेले
१८ प्रभुइमां घमण्ड् गरोस्। किनभन्ये आफैलाइ सर्काउंने होइन तर जस्लाइ
प्रभुइले सर्काउंद छ योग्यलाग्दो छ॥

११ १ तिमिहरुले मं अलिकता निर्बुद्धि हुंदामां मंलाइ सह्ये ता हुंथ्यो अं
२ मंलाइ सहनै पनि। किनभन्ये ईश्वरयोग्य इष् गरि तिमिहरुको इष् गर्द
छु. किनभन्ये तिमिहरुको कुरो एकै जना पुरुष् सित चलायें तिमिहरुलाइ
३ शुद्ध कुंवारी गरि खीष्टलाइ पुर्‍याइ दिंनुलाइ। तर डराउंद छु जसोरि
साप्ले आफ्नु छुल्येईले हव्वालाइ बहकायो त्येसैरि तिमिहरुका बुद्धिबिचार्
खीष्ट तिर भयेको चोख्येई र शुद्धेई देखि कतै बिनास् पो पारीनन् कि भनि।
४ कसोगरिभन्ये आउंनेले हांमिहरुले न प्रचार्‍येको अर्को येशूलाइ प्रचार्द छ भन्ये
कि तिमिहरुले न पायेको अरुइ आत्मालाइ पाउंद छौ कि ग्रहण् न गर्‍येको अरुइ

५ सुसमाचार्लाइ भन्ये त जानि गरि सहंद छौ। कमोगरिभन्ये गन्द छु ति
सबै भन्दा अग्घोर् औधिका प्रेरित्हरु देखि क्येइ कुरोमां घटि छुइन।
६ तर भनाईमां न सिक्येको भये पनि ज्ञान्मां ता छुइन तर तिमिहरु तिर
७ सबैको बीच्मां यो सब् तिर बाटो प्रगटो गर्यूं। कि क्ये आफुलाइ
तिमिहरु अल्ग्याईनुको लागि दोन् तुल्याउंदा पाप् गर्यें सुसमाचार् तिमि-
८ हरुलाइ सित्तेईमां सुनायें भन्येर। तिमिहरुको सेवाको लागि अरु मंडली-
९ हरुलाइ दर्माहा लिइ ठग्यें अनि तिमिहरु थांइ मांमेल् हुदा अपुग्ये
भयेमां कोई मांथि भार् भइन किनभन्ये भाईहरुले मकदुनिया बाटो आयेर
मेरो अपुग्दो पूरो गरि दिये अनि सबै कुरोमां मैले आफुलाइ तिमिहरु
१० मांथि भार् हुंनु देखि बचाइ राख्ये अनि बचाइ राख्छु पनि। ख्रीष्टको
सच्चेईं मंमां छ यो सरि तिस्मे घमण्ड्को यो कारण् आखाया दिशामां मेरो
११ लागि थुनींदैन। किन क्ये तिमिहरु सङ प्रेम् गरिंन भन्येर. ईश्वर्ले
१२ जान्द छ। तर ज्ये गर्द छु त्येइ गर्छु पनि दाउको इच्छे गर्नेहरुको दाउ
काटि दिउं भन्येर ज्येमां घमण्ड् गर्द छन् त्येस्मां हांमिहरु जस्तै पाईउन्
१३ भन्ये खातिर्ले। किनभन्ये येस्ताहरु झूठा प्रेरित्हरु हुन् छली खेतालाहरु
१४ आफुलाइ ख्रीष्टका प्रेरित्हरुको डवल्मां फेर्नेहरु। अनि यो उदेक्को
कुरो होइन किनभन्ये शैतान्ले पनि आफुलाइ ज्योतिको दूत्को डवल्मां
१५ फेर्द छ। त क्येइ ठुलो कुरो होइन त्येस्का सेवाइतेहरुले पनि आफुलाइ
धर्म्मका सेवाइतेहरुको जस्तो डवल्मां फेर्द छन् भन्ये देखि जुन्हरुको अन्त
तिनिहरुका काम अन्सार् हुंछ॥

१६ फेरि भन्द छु कसैले मंलाइ निर्बुद्धि न ठानोस् तर ठान्ये भन्ये पनि
१७ मंलाइ निर्बुद्धिलाइ झैं ग्रहण् गर र अलिकता मं पनि घमण्ड् गरुं। येस्
घमण्ड्को सांचोहुवाईमां ज्ये बोल्द छु प्रभु अन्सार् होइन तर निर्बुद्धि झैं
१८ बोल्द छु। जब धेरैले शरीर् अन्सार् घमण्ड् गर्द छन् त मं पनि घमण्ड्
१९ गर्छु। कमोगरिभन्ये आफु चइं बुद्धिमान् भइकन निर्बुद्धिहरुलाइ खुशि
२० सित सहंद छौ। कमोगरिभन्ये सहंद छौ कसैले तिमिहरुलाइ दास्
तुल्याउंद छ भन्ये कसैले खाइ हाल्द छ भन्ये कसैले समाति लांद छ भन्ये
कसैले आफुलाइ उचाल्द छ भन्ये कसैले तिमिहरुलाइ मुख्मां पीट्टा दिंद
२१ छ भन्ये ता। अमान्को रीत्मां भन्द छु हांमिहरु निर्बल् भयूं भन्येको
झैं गरि। तै ज्येमां कसैलाइ आंट् छ (निर्बुद्धिले भन्द छु) मंलाइ पनि
२२ आंट् छ। क्ये इब्रानीहरु हुन्. त मं पनि। क्ये इस्राएलीहरु हुन्.

२३ *त मं पनि। क्ये अब्राहाम्का बंश हुन्. त मं पनि। क्ये ख्रीष्टका*
सेवाइनेहरु हुन्. त (बुद्धि छोड़ि झैं बोल्द छु) मं झन् बढ़ता गरि
हुं दुखभराईमां अग्घोरै गरि झेल्खान्मां अग्घोरै गरि चोट्मां अग्घोरै
२४ औधि गरि मृत्युमां बारंबार् गरि। पांच् खेप् यहूदीहरु देखि एक्
२५ कम् चालीस् चालीस् कोर्रा खुवाईयें। तीन् खेप् लउरोले हिर्काईयें
एक् खेप् लोहोन्याईयें तीन् खेप् नाउफुटाई भोग्यें एक् रात् दिन् समुन्द्रमां
२६ काटेको छु. बाटोहिंड़ाईमां बारंवार् गरि नदीहरुका जग्जगिमां डाकूहरुका
जग्जगिमां स्वदेसीहरु देखिका जग्जगिमां अन्यदेसीहरु देखिका जग्जगिमां
सहर्मांका जग्जगिमां बन्मांका जग्जगिमां समन्द्रमांका जग्जगिमां झूठा
२७ भाईहरुमांका जग्जगिमां दुखभराई र भुक्तमां बारंबार्का बिउझि-
रहाईमां भोक् र पियास्मां बारंबार्का उपासमां जाड़ो र नंग्येईमां गरि।
२८ बाइर पट्टिका कुरा छाड़ि दिनहूं मं माथि आइ लाग्ने यो पनि छ
२९ अर्थात् सबै मंडलीहरुको फिक्रि। को निर्बल् छ अनि मं चइं निर्बल्
३० छुइंन. को ठोकर् खुवाईद छ अनि मं चइ जल्दीन। मैले घमण्ड् गर्नु
३१ खांचो छ भन्ये देखि ता आफ्नु निर्बलेईका कुरामां घमण्ड् गर्छु। प्रभु
येशूको ईश्वर् र पिताले जो सदा सर्बदा परम्धन्न छ जान्द छ झूठ्
३२ बोल्दीन। दमिश्कमां अरिता राजा मुनिको मालिक्ले मलाइ पक्रनलाइ
३३ दमिश्केहरुको सहर्मां पहरा बसाल्द थियो. अनि झ्याल् बाटो डोरीको
थैलोले भित्ता बाटो मुर्स्याइ ओह्राल्यीयेर त्येस्का हात् देखि बांचि निक्ल्ये॥

१२ १ मैले घमण्ड् गर्नु खांचो छ भन्लाई माफिक्को छैन भन्ये पनि. नर
२ प्रभुका दर्शन्हरु र प्रकाश्हरु का बखान् गर्छु। ख्रीष्टमांको एक् जना
मान्छेलाइ जान्द छु चौदह् बर्ष भये (क्ये जीउमां क्ये जीउ देखि बाइर
जान्दीन ईश्वर्ले जान्द छ) येस्नोलाइ तीस्रो स्वर्ग सम्म गांजि लग्येको।
३ अनि येस्नो मान्छेलाइ जान्द छु (क्ये जीउमां क्ये जीउ बिना जान्दीन
४ ईश्वर्ले जान्द छ) बैकुण्ठमां गाजि लगीयेर कुरा गरि न सक्ने कुरा
५ जो बोल्नु मान्छेको अधिकार् माफिक्को छैन सुन्यो। येस्नोको लागि
ता घमण्ड् गर्छु. नर आफ्नै लागि घमण्ड् गर्दीन खालि आफ्ना निर्बलेईको
६ बिषय्मां मात्रै। कसोगरिभन्ये घमण्ड् गर्ने इच्छे गर्ये भन्ये देखि निर्बुद्धि
ता हुंदीन कसोगरिभन्ये सच्चेई भन्छु. नर टिठाउद छु होइन भन्ये ता
कसैले मंलाइ ज्ये देख्दै छ कि मं देखि सुन्दै छ त्यो भन्दा ऊंभोको
७ गन्ला। अनि ति प्रकाश्हरुको अग्घोरै औधिहुवाईको कारण्ले अं

येस्कारण्ले अग्घारै औधि अभिमानी न होउं भन्येर मंलाइ मेरो शरीर्मां
एक् रकम्को घांच्ने अर्थात् शैतान्को मंलाइ मुड्क्याउने येउटा दूत्
८ दिईयो अग्घारै औधि अभिमानी न होउं भन्येर। येस् कुरोको लागि
९ प्रभु मित तीन् खेप् बिन्ति गन्ये त्यो मं देखि दूर् गरांआस् भन्येर। अनि
उस्ले मंलाइ भन्येको छ मेरो अनुग्रह तेरो लागि पुग्छ. कसोगरिभन्ये
निर्बलेईमां मेरो शक्ति पूर्ण हुद छ। न अग्घोर्को खुशि सङ्ग बरु
आफ्ना निर्बलेईको बिषय्मां घमण्ड् गर्छु ख्रीष्टको शक्तिले मं माथि डेरा
१० हालि बसोस् भन्ये खातिर्ले। येस्कारण् ख्रीष्टको लागि निर्बलेईहरुमां
हानिहरुमां खांचोहुवाईहरुमां उपद्रेईहरुमा सकट्हरुमां खुशि छ. कसोगरिभन्ये
जब निर्बल् छु तब शक्तिमानै छु॥

११ निर्बुद्धि बनायेको छ. तिमिहरुले मन्लाइ अबस्य बनान् लगायौ कसोगरि-
भन्ये म ता तिमिहरुइ देखि पो सर्काईनु पर्थ्यो. कसोगरिभन्ये मं क्येइ
हुइन र पनि ति सबै भन्दा अग्घोर् औधिका प्रेरितहरु देखि क्येइ कुरोमां
१२ घटि छुइन। प्रेरित्का चिनका काम् ता चिनु र उदेक्का काम् र
१३ आश्चर्य्येकर्म्महरुले तिमिहरुमा सबै स्थिरेई सङ्ग गरीये। कसोगरिभन्ये
तिमिहरु अरु अरु मण्डलीहरु भन्दा कम्ति भयेको कुन् चइ कुरो छ मं
आफै तिमिहरु माथि भार् न भयेको देखि बाहिक्. येस् अधर्म्मको लागि
मन्लाइ अनग्रह गरि माफ् देव॥

१४ हेर या तीस्रो खेप् तिमिहरु थांइ आउंनलाइ तियार् छु अनि भार्
हुं इन. कसोगरिभन्ये तिमिहरुको धन् होइन तर तिमिहरु आफैलाइ खोज्द
छ. कसोगरिभन्ये बालखहरुले आमा बाबको लागि धन् बटुल्नु पर्दैन तर
१५ आमा बाबले पो बालखहरुको लागि। अनि मं चइ अग्घोर्को खुशि
मित तिमिहरुका प्र.णको लागि खर्चन्छ अनि खर्चीछु। तिमिहरु सङ्ग
अग्घोर् बेसि प्रेम् गर्द छु भन्ये देखि त क्ये मं सङ्ग कम् प्रेम् गरींद छ।
१६ तर हवस् मैले तिमिहरु माथि भार् ता लगाइन तर छल्याहा भइ तिमि-
१७ हरुलाइ छलले समाति लग्ये। क्ये मैले तिमिहरु थांइ पठायेकाहरुमांको
१८ कसैको बाट.ले तिमिहरुलाइ लोभ् गरि ठग्ये। तीतुस्लाइ मनाये अनि
भाईलाइ त्यो सङ्ग पठाये। क्ये तीतुस्चइले तिमिहरुलाइ क्येइमां लोभ्
गरि ठग्यो. क्ये एक्कै आत्माले हिंडून. क्ये एक्कै डोरोमां हिंडून॥

१९ कैले देखिको ठान्द छौ तिमिहरुलाइ आफ्नु बिषय्मां उत्तर् दिंद छौं।
ईश्वरको सांम् ख्रीष्टमां बोल्द छौं। तर हे प्रियहरु हो सबै कुरा

२० तिमिहरुको सुधराईको लागि छन्। कसोगरिभन्ये डराउंद छु आयेर
कहीं तिमिहरुलाइ त्येस्ता पावैंन जस्ता इच्छे गर्द छु अनि मं चइं तिमिहरु
देखि त्येस्तो पाईउंला जस्तो इच्छे गर्दौन कि भनि. कहीं झगरा इबि रिस्
२१ कलह् पोल्येहीं साउतिगराई फुलाई ग्वल्याङ्मल्याङ् हुनन् कि भनि कतै
मेरो ईश्वर्ले मंलाइ जब फेरि आउंला तिमिहरुको सांमु होंच्याउला अनि
ति अगाड़ि पाप् गर्न्येर आफुले गर्न्येको आफ्नु अशुद्धेई र ब्यभिचार् र
लुच्चेई देखि न पछ्ताउंनेहरुमांका धेरैको लागि शोक् गरुंला कि भनि ॥
१३ १ यो तीस्रो खेप् तिमिहरु थांइ आउंद छु। दुइ कि तीन् साक्षी-
२ हरुको मुख् देखि सबै कुरो ठहराईछ। अगाड़ि देखि भन्येको छु अनि
अगाड़ि देखि भन्दै छु अं जसो दोस्रो खेप् सांमेल् हुंदा भन्यें त्येसै अब
गयेल् हुंदा ति अगाड़ि पाप् गर्न्येकाहरुलाइ र सबै अरु रह्येव ला
३ भन्दै छु फेरि आयें भन्ये देखि टिठाउंदीन किनभन्ये मंमां बोल्ने
ख्रीष्टैको योग्यठहराई जांच्नु खोज्द छौ जो तिमिहरु तिर निर्बल्
४ होइन तर तिमिहरुमां शक्तिमान् छ कसोगरिभन्ये उ निर्बलेई देखि
ता क्रूस्मां टांसीयो तै ईश्वर्को शक्ति देखि ता जीउंद छ। कसोगरि-
भन्ये हांमिहरु चइं पनि उस्मां निर्बल् ता छौं तै ईश्वर्को तिमिहरु
५ तिरको शक्ति देखि उ सङ ता जीउंछौं। आफ्नै परीक्षा गरि बिश्वास्मां
छौं कि छौंन भनि हेर आफ्नै योग्यठहराई जांच। कि क्ये आफैलाइ
येशू ख्रीष्ट तिमिहरुमां छ भनि चिन्दौन. कतै अयोग्य ठहराईयेकाहरु हौंन
६ भन्ये देखि ता। तर हांमिहरु चइं अयोग्य ठहराईयेकाहरु हौंन भनि
७ थाहा पाऔला भन्न्ये आशा गर्द छु। अब ईश्वर् सित तिमिहरुले क्येइ
बुरो न गर भन्न्ये प्रार्थना गर्द छौं हांमिहरु चइं योग्य ठहराईयेका
देखाहा परूं भन्येर होइन तर तिमिहरुले जाति गर भन्येर. हांमिहरु चइं
८ अयोग्य ठहराईयेका जस्ता भये पनि। कसोगरिभन्ये सच्चेईको बिरुद्धै
९ होइन तर सच्चेईको लागिनै क्येइ गर्नु सक्द छौं। कसोगरिभन्ये
रमाउंद छौं जब हांमिहरु चइं निर्बल् छौं अनि तिमिहरु चइं शक्तिमान्
छौ. अनि येसैलागि प्रार्थना गर्द छौं अर्थात् तिमिहरुको सिद्धहुवाईको लागि।
१० येसैकारण् यि कुरा गयेलै हुंदा लेख्द छु सांमेल् हुंदा निठुरेई सङ
बेहोरा न गरुं भन्येर त्येस् अधिकार् अनुसार् जो प्रभुले मंलाइ भत्काईको
लागि होइन तर सुधराईको लागि दियो ॥

११ शेषमां हे भाईहरु हो सलाम्। सिद्ध गराईयौ शान्त गराईयौ
एकै राई गर मिलि रह. अनि प्रेम् र मिलापको ईश्वर् निमिहरु सङ
१२ हुंछ। एकाले अर्कालाइ पवित्र चूमाले सलाम्॥
१३ सबै पवित्र जन्हरुले तिमिहरुलाइ सलाम् भन्द छन्॥
१४ प्रभु येशू ख्रीष्टको अनुग्रह् अनि ईश्वर्को प्रेम् अनि पवित्र आत्माको
संगत् तिमिहरु सबै जना सङ हवम्॥

पाऊल् प्रेरित्को पत्र गलातीहरुलाइ

१ १ पाऊल् प्रेरित् (मान्छेहरुको पट्टि बाटो होइन अनि न मान्छेको
बाटोले तर येशू ख्रीष्टको अनि उस्लाइ मुर्दाहरु देखि बौराइ उठाउंने
२ ईश्वर् पिताको बाटोले) अनि मं सङ हुंने सबै भाईहरु गलातियाका
३ मंडलीहरुलाइ. तिमिहरुलाइ ईश्वर् पिताको पट्टि बाटो अनुग्रह् र शान्ति
४ अनि हांमिहरुको प्रभु येशू ख्रीष्टको पट्टि बाटो जस्ले आफुलाइ
हांमिहरुका पाप्को लागि दियो हांमिहरुलाइ यो वर्त्तमान् दुष्ट जगत्
देखि छोड़ाइ निकाल्नु भन्येर हांमिहरुको र ईश्वर् पिताको इच्छे अनुसार्.
५ जस्लाइ सधै सर्वदै महिमा हवम्। आमीन्॥
६ उदेक् मान्द छु तिमिहरुलाइ ख्रीष्टको अनुग्रह्मां बोलाउंने देखि
येति छिटो गरि अरुइ सुसमाचार् तिर पर सारींद छौ जो ता अर्को
७ सुसमाचार् हुंदै होइन. खालि तिमिहरुलाइ घब्राइ दिने अनि ख्रीष्टको
८ सुसमाचार् फेर्ने इच्छे गर्ने कत्ति छन्। तर जुन् सुसमाचार् तिमि-
हरुलाइ सुनायूं त्येस् देखि तर्कि हांमिहरुले पनि कि स्वर्ग देखिको दूत्ले
९ पनि अर्को तिमिहरुलाइ सुनायो भन्ये देखि धिक्कारीयेको हवम्। जसो
अगाड़ि देखि भन्येका छौं त्येमा एले पनि फेरि भन्द छु जुन् सुसमाचार्
ग्रहण् गर्‍यौ त्येस् देखि तर्कि कसैले अर्को तिमिहरुलाइ सुनाउंद छ भन्ये
१० देखि धिक्कारीयेको हवम्। कसोगरिभन्ये अब क्ये मान्छेहरुलाइ मनाउंद
छु कि क्ये ईश्वर्लाइ. कि क्ये मान्छेहरुलाइ खुश् पार्नु खोज्द छु. एले
सम्म मान्छेहरुचइंलाइ खुश् पार्दो हुं त ख्रीष्टको दास् हुंने थिइंन॥
११ कसोगरिभन्ये हे भाईहरु हो मं देखि सुनाईयेको चइं सुसमाचार्को
विषय्मां तिमिहरुलाइ मान्छे अनुसार्कै होइन भनि थाहा गराउंद छु।
१२ कसोगरिभन्ये मंचइंले त्यो मान्छेकांटो ग्रहण् गरिंन अनि न त्यो सिकाईयें
१३ तर येशू ख्रीष्टको प्रकाश्गराईको बाटोले मंलाइ जुर्‍यो। कसोगरिभन्ये
अगाड़ि यहूदी मत्मां हुंदा मेरो कस्तो बाम्बसाईको चलन् थियो भनि
सुन्येका छौ मं अग्घोर् औधि गरि ईश्वर्को मंडलीलाइ सताउंद थियें
१४ अनि त्येस्लाइ भताभूंग पार्द थियें. अनि आफ्ना स्वदेसी दौंतर्मांका
धेरैहरु देखि ऊंभो सम्म यहूदी मत्मां बढ़ती गर्‍यें आफ्ना कुल्पित्रहरुका

१५ बेहोराको लागि अग्घोर् बेसि गरि उधूमे भइकन। तर मंलाइ अं मेरी
आंमाको गर्भै देखि गरि छुट्याउंने र आफ्नु अनुग्रह्को बाटोले बोलाउंने
१६ ईश्वर् जब खुशि भयो मंमां आफ्नु पुत्रलाइ प्रगटो गर्नुलाइ अन्यदेसी-
हरुमां उस्को सुसमाचार् सुनाउं भन्येर तब तुरुन्तै अझै मासु र लोहू
१७ सिन सल्लाह् लिइन. अनि न यरूसलम्मां मं भन्दा पहिले प्रेरित् भयेकाहरु
थांइ चढ़ि गयें. तर अरब् देस्मां सरि गयें अनि फेरि दमिश्कमां फर्कि आयें ॥
१८ तब तीन् वर्ष पछि केफास् सिन चिनापर्नि गर्नुलाइ यरूसलम्मां
१९ चढ़ि गये अनि त्यो थाइ पन्द्रह् दिन् रह्ये। तर प्रेरित्हरुमांको अरु
२० कसैलाइ देखिंन खालि प्रभुको भाई याकूबलाइ मांत्रै। अब ज्ये ज्ये
तिमिहरुको लेख्द छु ईश्वर्को मुखेजि गरि हेर तिनमां झूठ् बोल्दीन।
२१
२२ तब सुरिया र किलिकिया दिशामां आये। अनि ख्रीष्टमां भयेका
२३ यहूदियाका मण्डलीहरु देखि मोहोड़ाको थाहा न पाईयेको थिये. तर
खालि हांमिहरुलाइ अगाड़ि सताउनेले जुन् विश्वास् अगाड़ि भताभूग
पार्द थियो त्येसैको सुसमाचार् अब सुनाउंद छ अरे भनि सुन्येका मांत्रै
२४ थिये अनि ईश्वर्को महिमा मंमां गर्न्ये ॥

२ १ तब चोदह् वर्ष पछि बर्णबास् सङ फेरि यरूसलम्मां चढ़ि गयें अनि
२ तीतुस्लाइ पनि सङ लग्ये। अनि प्रकाशै अनुसार् गयें अनि जो
सुसमाचार् अन्यदेसीहरुमां प्रचार्द छु त्यो तिनिहरुको बिचार्को लागि
सांमु चढ़ायें तर बड़ा ठानीनेहरुको सांमु एकान्तमां गरि कहीं रित्तै दुगुर्द
३ कि दुगुर्येको न होउं भनि। तर मं सङ हुंने तीतुस् पनि यूनानी
४ भयेर पनि अबस्से खत्ना हुंनु लगाईयेन. अनि किन लगाईयेन भन्ये ति
गुप्त रीत्ले भित्र ल्याईयेका झूठा भाईहरुको कारण्ले जो हांमिहरुलाइ
ख्रीष्ट येशूमां भयेको हांमिहरुको निर्बन्धेई भेदिया गरि हेरि लिंनुलाइ
५ गुप्त रीत्ले पस्ये हांमिहरुलाइ दास् तुल्याइ दिउन् भन्येर. जुन्हरु देखि
एक् घरी पनि ताबिमां भइ गइकन हार्यूंन सुसमाचार्को सच्चेई तिमिहरु
६ सिन रहि जावस् भन्न्ये खातिर्ले। तर क्येइ बड़ा ठानीनेहरुको पट्टि
बाटो (जस्ता थिये त्येस्तै थिये मंलाइ क्येइ भेद् माफिक्को छैन. ईश्वर्ले
मान्छेको पक्षपाई गर्दैन) अं बड़ा ठानीनेहरुले अझ मंलाइ क्येइ मतो
७ दियेनन. तर येस्को उल्टाउलो जसो खत्नाका लोगको सुसमाचार् पत्रुस्लाइ
८ त्येसै बिखत्नाका लोग्को चइं मंलाइ सुम्पीयेको देख्येर (कसोगरि-
भन्ये पत्रुस्मां खत्नाका लोग्मांको प्रेरितेईको लागि काम् गराउंनेले मंमा

९ पनि अन्यदेसीहरुको लागि काम् गरायो) अनि मलाइ दिईयेको अनुग्रह
थाहा पायेर याकूब् र केफास् र यहन्ना ति खांबा ठानीनेहरुले मलाइ र
बर्णबास्लाइ संगत्को दाहीनो हात् दिये हामिहरु चइं अन्यदेसीहरु थाइ
अनि तिनिहरु आफै चइं खत्नाका लोग् थाइ जाउन् भन्येर खालि यो मात्रै
१० भनि दिये कंगालिहरुलाइ सम्झं ज्येइ गर्नलाइ छिटोछाटो भयें पनि ॥
११ तर जब केफास् अन्तांखियामां आयो तब त्येस्को मुख्मुखै बिरुद्धमां
१२ उभीयें किनभन्ये दोषी ठहरीयेको थियो। कसोगरिभन्ये कत्ति जना
याकूब्को पट्टि बाटो आउंन् भन्दा पहिले अन्यदेसीहरु सङ खांद थियो.
तर जब ति आये तब खत्ना देखिकाहरु देखि डराइकन हटेर आफुलाइ
१३ छुट्रायो। अनि त्येस्को साथमां अरु रह्येका यहूदीहरुले पनि कपट्
गर्ये यहां सम्म गर्ये बर्णबास् पनि तिनिहरुको कपट्ले साथमां लगीयो।
१४ तर जब सुसमाचार्को सच्चेई अनुसार् सोजो हिंड्द रैनछन् भनि देख्यें
तब केफास्लाइ सबैको सांम् भन्यें आफु यहूदी भइकन अन्यदेसीहरुको
रीत्ले जीउंन् हुंद छ अनि यहूदी रीत्ले होइन त अन्यदेसीहरुलाइ यहूदी
१५ रीत्ले किन अवस्से जीउंनु लगाउंन् हुद छ। हामिहरु सोभावैले यहूदी
१६ भइकन अनि अन्यदेसीहरु देखिका पापीहरु होइन नै मान्छे ब्यवस्थाका
कर्म्म देखि धर्म्मी ठहराईदैन नर खालि येशु ख्रीष्टको बिश्वासको बाटोले
मात्रै भनि जानिकन अं हामिहरुले पनि ख्रीष्ट येशु माथि बिश्वास् गर्यू
ख्रीष्टको बिश्वास् देखि धर्म्मी ठहराईऊ भन्ये खातिर्ले अनि ब्यवस्थाका
कर्म्म देखि होइन. किनभन्ये ब्यवस्थाका कर्म्म देखि कोई पनि प्राणी
१७ धर्म्मी ठहराईदैन। नर ख्रीष्टमां धर्म्मी ठहराईन् खोज्दामा आफै पनि
पापी पाईयूं त क्ये तब ता ख्रीष्ट पापको सेवाइने हो। त्येसो न हवस्।
१८ कसोगरिभन्ये ज्ये ज्ये भत्कायें ति फेरि बनाउद छु त आफै माथि
१९ प्रमाण् दिंद छु मं नर्कि हिंड्ने हुं भन्ये। कसोगरिभन्ये मं ता ब्यवस्थाको
बाटोले ब्यवस्थाको लेखि मर्यें ईश्वर्को लेखि जीउं भन्ये खातिर्ले।
२० ख्रीष्ट सङ क्रूस्मां टांसीयें नै जीउंद छु तरै पनि फेरि मैं ता होइन तर मंमां
ख्रीष्ट जीउंद छ. अनि जस् जीउंनिमा अब शरीर्मां जीउंद छु बिश्वासैमां
जीउंद छु अर्थात् मं सङ प्रेम् गर्येर मेरो लागि आफुलाइ सुम्पि दिने
२१ ईश्वर्को पुत्रको बिश्वासैमां। ईश्वर्को अनुग्रहलाइ टारि दिंदीन. कसोगरि-
भन्ये धर्म्म ब्यवस्थाको बाटोले हुंद छ त तब ता ख्रीष्ट अकारण् मर्यो ॥

३ १ एइ अबूझ् गलातीहरु हो कस्ले तिमिहरुलाइ जस्का आंखाको अगाड़ि
येशू ख्रीष्ट क्रूस्मां टांगीयेको गरि परतङ्ग देखाइ राखीयो मोहित्
२ गरायो। तिमिहरुको पट्टि बाटो यो मात्रै सिक्ने इच्छे गर्द छु आत्मालाइ
३ क्ये व्यवस्थाका कर्म्म देखि पायौ कि बिश्वास्को सुनाई देखि। क्ये येस्तै
अबूझ् छौ. आत्मामां थालीयेर क्ये अब शरीर्मा तुरीदै जांद छौ।
४ ५ येत्ति दुख क्ये व्यर्थै भोग्यौ. व्यर्थैनै हो भन्ये देखि ता। त तिमिहरुलाइ
आत्मा पारि दिने र तिमिहरुमां आश्चर्य्येकर्म्म गराउनेले यो क्ये व्यवस्थाका
६ कर्म्म देखि गर्द छ कि बिश्वास्को सुनाई देखि. जसो अब्राहाम्ले ईश्वर्को
७ बिश्वास् गर्यो अनि यो त्येस्को लागि धर्म्म गनीयो। तब ता थाहा
पाव जो जो बिश्वास् देखिका छन् अब्राहाम्का सन्तान् यिनै हुन्।
८ अनि धर्म्मशास्त्रले ईश्वर्ले अन्यदेसीहरुलाइ बिश्वासै देखि धर्म्मी ठहराउछ
भनि अगाड़ि देखि देख्येर अब्राहाम्लाइ अगाड़ि देखि तंमां सबै अन्यदेसी-
९ हरुले आशीष् पाउछन् भन्ये सुसमाचार् सुनायो। येसो हो भन्ये देखि
ता जो जो बिश्वास् देखिका छन् बिश्वासी अब्राहाम् सङ आशीष् पाउद
१० छन्। कसोगरिभन्ये व्यवस्थाका कर्म्म देखिका जत्ति छन् स्राप् सुनि
छन्. कसोगरिभन्ये व्यवस्थाको पत्रमां लेखीयेका सबै कुरामां नि पूरा
११ गर्नुलाइ बनीइ न रहने जनगे स्रापित् छ भनि लेख्येको छ। अब
व्यवस्थाले ईश्वर्का कोई धर्म्मी ठहराईदैन भनि प्रकाशित् छ. किनभन्ये
१२ धर्म्मी बिश्वास् देखि जीउछ अनि व्यवस्था ता बिश्वास् देखि छैन
१३ तर त्येस्का कुरा पूरा गर्ने चइं तिनमां जीउछ अरे। ख्रीष्टले हामि-
हरुलाइ व्यवस्थाको स्राप् देखि दाम् तिरि छोड़ायो कसोगरिभन्ये हामि-
हरुको लागि स्राप् बनीयो. किनभन्ये काठ्मा झुडीने जनगे स्रापित् छ
१४ भनि लेख्येको छ. ख्रीष्ट येशूमां अब्राहाम्को आशीष् अन्यदेसीहरु माथि हवस्
भन्ये खातिर्ले र हामिहरु आत्माको करहार् बिश्वास्को बाटोले पाऊं॥
१५ हे भाईहरु हो मान्छेको रीत् अनुसार् भन्द छु. प्रमाण् गर्येको चइं
मान्छेइको नियम्लाइ पनि कसैले टारि दिदैन अनि न त्येस्मां क्येइ थपि
१६ दिंद छ। अब करहार् अब्राहाम्लाइ अनि त्येस्को बंशलाइ कहि दिईये
भन्द छ अनि त्येस्का बंशलाइ धेरैवटाको बिषय्मां भन्ये झै होइन तर
येउटैको बिषय्मां भन्ये झैं अनि तेरो बंशलाइ भनि जो ख्रीष्ट हो।
१७ अब येइ भन्द छु ईश्वरैले अगाड़ि देखि प्रमाण् गर्येको नियम्लाइ चार् सै
तीस् बर्ष पछि भयेको व्यवस्थाले करहार् बिकामे हुने गरि व्यर्थ गराउंदैन।

१८ कसोगरिभन्ये अधिकार् ब्यवस्था देखिको हो त फेरि करहार् देखिको
होइन. तर ईश्वर्ले त्यो अब्राहाम्लाइ करहारैको बाटोले अनुग्रह गरि
१९ दियेको छ। त ब्यवस्था क्ये हो रछ जस् बंशलाइ करहार् गरीयेको
छ उ न आउंज्याल् सैम्म तर्किहिंड़ाईहरुको कारण् साथै लगाईयो अनि
२० दूतैहरुको बाटोले मझुवाको हात्ले खटन् गरीयो। अब मझवा एक्को
हुंदैन तर एक् ता ईश्वर् हो। त ब्यवस्था क्ये ईश्वर्का करहार्हरुको
२१ बिरुद्ध छ। त्येसो न हवम्. कसोगरिभन्ये जियाउंनु सक्ने ब्यवस्था
२२ दिईयेको भये देखि ता निस्से धर्म्म ब्यवस्थानै देखि हुने थियो। तै धर्म्म-
शास्त्रले सबै थोक् पाप् मुनि घेरि थुन्यो येशू खीष्टको बिश्वास् देखिको
करहार् बिश्वासै गर्नेहरुलाइ दिईओस् भन्येर॥

२३ तर बिश्वास् आउंन् भन्दा पहिले ब्यवस्था मुनिको पहरामा राखीयूं
२४ प्रगटो गरीनु आंट्ने बिश्वास्को लागि घेरि थुनीयेका भइ। येसो हो
भन्ये देखि ता खीष्ट सम्म लिहिंड़ाल्नुलाइ ब्यवस्था हामिहरुको गुरु-
२५ गोठालो भयेको छ बिश्वासै देखि धर्म्मी ठहराईऊं भन्येर। तर बिश्वास्
२६ आयेमा ता फेरि गुरुगोठालो मुनि छौंन। कसोगरिभन्ये खीष्ट येशूमा
२७ बिश्वास्को बाटोले सबै ईश्वर्का पुत्र हौ। कसोगरिभन्ये जत्ति खीष्टमा
२८ बप्तिस्मा भयौ खीष्टलाइ लगायौ। न यहूदी न यूनानी हुद छ न
दास् न निर्बन्ध् हुद छ नर् अनि नारी भन्न्ये हुदैन कसोगरिभन्ये तिमिहरु
२९ सबै खीष्ट येशूमा एकै हौ। अनि तिमिहरु खीष्टका हौ त तब ता
अब्राहाम्को बंश हौ अर्थात् करहार् अनुसार्का अधिकारी॥

४ १ तर भन्द छु अधिकारी जति समय् सम्म बालख छ सबै थोक्को
२ धनी भइ पनि दास् भन्दा बेग्लै छैन तर बाबुको बिधि सम्म
३ रखुवारे र कारन्दारिहरु मुनि हुंद छ। त्येस्तै हामिहरु पनि जब
४ बालख थियूं संसार्का मूलशिक्षा मुनि दास् गरि राखीयूं. तर जब समय्को
भरपूरी आयो तब ईश्वर्ले आफ्नु पुत्रलाइ स्त्री देखि बनीयेको गरि
५ अनि ब्यवस्था मुनि बनीयेको गरि निकालि पठाइ दियो उस्ले
ब्यवस्था मुनि भयेकाहरुलाइ दास् तिरि छोड़ावस् भन्येर र हामिहरु
६ धर्म्मपुत्रहुवाई पाऊं। अनि पुत्र हौ येस्कारण् ईश्वर्ले आफ्नु पुत्रको
हे अब्बा हे पिता भनि कराउंने आत्मालाइ हामिहरुका हिर्दयमा पठाइ
७ दियो। येसो हो भन्ये देखि ता फेरि दास् होइन तर पुत्र हास् अनि
पुत्र हास् त ईश्वर्को बाटोले अधिकारी पनि होस्॥

८ तै त्येम् बेला ता ईश्वर्लाइ न जानिकन तिनका दाम् थियौ जो
९ मोभावैले ईश्वर् होइनन. तर अब ता ईश्वर्लाइ जानिकन कि अं ईश्वर्
देखि जानीइकन कसोगरि फेरि त्येम् निर्बल् र कंगाल्लि मूलशिक्षामां फर्कद छौ
१० जस्का फेरि दाम् हुने इच्छे गर्द छौ। दिन् र महीना र बेला र
११ बर्षहरु मान्दै लांदै रहंद छौ। तिमिहरुका बिषयमां कही तिमिहरुको
लागि ब्यर्थै दुख भयेको छ होला भनि डराउद छ॥
१२ हे भाईहरु हो तिमिहरु मित मं जस्तै हव भन्न्ये बिन्ति गर्द छु
किनभन्ये मं चइं तिमिहरु जस्तै छु। मं माथि क्येइ अन्न्ये गर्येनन.
१३ तर अघिल्लो खेप् शरीर्को येउटा निर्बलेईको कारण् तिमिहरुलाइ
१४ सुसमाचार् सुनायें भनि जान्द छौ. अनि मेरा शरीर्मां भयेको त्यो तिमि-
हरुको परीक्षाको कारण् तुच्छ ठान्येन अनि न थुकि छाड्यौ तर मंलाइ
१५ ईश्वर्को दूत्लाइ झैं अं ख्रीष्ट येशूलाइ झैं ग्रहण गर्यौ। त त्यो
तिमिहरुले आफु आफुलाइ धन्न भन्नु कता हो. कसोगरिभन्ये तिमिहरुको
लागि साक्षी दिद छु हुन सक्द हो त मलाइ आफ्ना आफ्ना आंखा
१६ निकाल्येर दिने थियौ। येसो हो भन्ये देखि ता क्ये तिमिहरु सङ
१७ सच्चेई बोल्दि दियेकोले तिमिहरुका सत्रु भइ गयेको छु। तितिहरुचइले
तिमिहरुको खेदो जानि रीत्ले गर्द छन् होइन तर तिमिहरुलाइ बाइर्याइ
१८ थुन्ने इच्छे गर्द छन् तितिहरुको खेदो गर भन्येर। तर जानि छ जानि
कुरोमां सधैं खेदो गर्नानु अनि खालि मं ता तिमिहरु थांइ सामेल् हुदा
१९ मात्रै होइन। ए मेरा नानीहरु हो जस्को लागि तिमिहरुमां ख्रीष्टको
२० रूप् न बनीउंज्याल् सम्म फेरि सुत्केरे पीरा पाउद छु अ इच्छे गर्ने
थियें ऐले तिमिहरु थांइ सामेल् हुने अनि आफ्नु बोल्दी फर्ने किनभन्ये
तिमिहरुको बिषयमां अन्यौल्मां हुद छु॥
२१ तिमि ब्यवस्था मुनि हुंने इच्छे गर्नेहरुले मंलाइ भन क्ये ब्यवस्थाको
२२ सुन्दौन। कसोगरिभन्ये लेख्येको छ अब्राहाम्का दुइ भाई छोराहरु भये
२३ दासी देखि एक् निर्बन्धिनी देखि एक्। तै दासी देखिको चइं शरीर्
अनसार् जन्माईयो तर निर्बन्धिनी देखिको चइं करहार्को बाटोले।
२४ यि कुरामां उखानै छ. कसोगरिभन्ये ति स्त्रीहरु दुइ नियम् हुन् येउटी
चइं ता दास्हुवाईको लागि जन्माउंने भइ सीनै पर्बत्को पट्टि बाटो छ
२५ जुन् चइं हागार् हो। अब हागार् भन्न्ये अरब्मां सीनै पर्बत् हो अनि
ऐले हुंने चइं यरूसलम् सङ एकै दर्जाकी छ. कसोगरिभन्ये आफ्ना

२६ बालख समेत् दासी छ। तर ऊंभोको चइं यरूसलम् निर्बन्ध् छ जुन् चइं
२७ हांमिहरुचइंकी माता हो। कसोगरिभन्ये लेख्येको छ

ए न जन्माउंने बांझी आनन्द गर्
ए सुत्केरे पीरा न पाउंने कराइ फुटि निस्कि.
किनभन्ये लोग्ने हुंनेका भन्दा सुन्ये हुंनेका
छोराहरु ज्यास्ति छन्।

२८ अब हे भाईहरु हो हांमिहरु चइं इस्हाक् अनसार् करहार्का सन्तान् हौं।
२९ तर जसोरि त्येस् बेलामां शरीर् अनसार् जन्माईयेकोचइंले आत्मा अनसार्-
३० कोलाइ सताउंद थियो त्येस्तै ऐले पनि हुंद छ। तै धर्म्मशास्त्रले क्ये
भन्द छ. दासी र त्येस्को छोरोलाइ निकालि दे किनभन्ये दासीको छोरो
३१ निर्बन्धिनीको छोरो सङ अधिकारी हुदैन। येस्कारण् हे भाईहरु हो
५ १ दासीका होइन तर निर्बन्धिनीका सन्तान् हौं। निर्बन्धेईले ख्रीष्टले
हांमिहरुलाइ निर्बन्ध् तुल्यायो. त उभीइ रह अनि फेरि दास्हुवाईको
जूवामां न अल्झीयौ॥

२ हेर मं पाऊल् तिमिहरुलाइ भन्द छु खत्ना भयौ भन्ये देखि ख्रीष्ट
३ देखि तिमिहरुलाइ क्येइ उपता हुदैन। अं खत्ना हुदै जांने जनंगे
मान्छेलाइ फेरि साक्षी दिंद छु सिंगै ब्यवस्था पूरा गर्नुलाइ ऋणी छ।
४ ख्रीष्ट देखि फुकाईयेका छौ जत्ति जना ब्यवस्थाले धर्म्मी ठहराईद छौ
५ अनुग्रह देखि खसि गयेका छौ। कसोगरिभन्ये हांमिहरु पवित्र आत्माले
६ बिश्वास् देखि धर्म्मको आशाको बाटो हेर्द छौं। कसोगरिभन्ये ख्रीष्टमां
न खत्ना न बिखत्ना क्येइ काम्को छ तर प्रेम्को बाटोले काम् गर्ने
७ बिश्वास्। जाति गरि दुगुर्द थियौ कस्ले तिमिहरुलाइ सच्चेई न मान्ने
८ गरि अड्कायो। यो मनाई ता तिमिहरुलाइ बोलाउंने चइं देखि भयेन।
९ थोरै खमीर्ले सिंगै पिण्ड खमीरी बनाउंद छ। मं ता प्रभुमां तिमिहरुको
१० बिषय्मां क्येइ अर्को राई गरोइनौ भनि भरोसा राख्द छु. तर तिमिहरुलाइ
घब्राइ दिंनेले आफ्नु दण्डको आज्ञा बोक्छ जुन्मुकै हवस्। तर हे
११ भाईहरु हो आफै ऐले सम्म खत्नाको प्रचार् गर्दै जांद छु भन्ये देखि त ऐले
सम्म किन सताईद छु. त तब ता क्रूस्को ठोकर् बिकामे गराईयो। तिमि-
१२ हरुलाइ वल्टयाङ्पल्टयाङ् पार्नेहरुले आफुलाइनै काटि दिये ता हुंथ्यो॥
१३ कसोगरिभन्ये हे भाईहरु हो तिमिहरु ता निर्बन्धेईको लागि बोलाईयौ
खालि आफ्नु निर्बन्धेईको शरीर्को लागिको दाउको लागि चलन् न गर

१४ तर प्रेम्को बाटोले एका अर्काका दास् हव। कसोगरिभन्ये समस्त
ब्यवस्था एकै बचन्मां पूरो गरींद छ अर्थात् तैंले आफ्नु छिमेकि सङ
१५ आफै सङ झैं प्रेम् गर्। तर एकाले अर्कालाइ टोक्द र खाइ हाल्द
छौ त एका अर्का देखि क्षय् न गरीयौ भनि चंख बस॥
१६ तर भन्द छु आत्माले हिंड् र शरीर्को कुइच्छे तुर्दीन। कसोगरि-
भन्ये शरीर्ले आत्माको बिरुद्ध अतिइच्छे गर्द छ अनि आत्माले
शरीर्को बिरुद्ध कसोगरिभन्ये यि दुइ एका अर्काको बिरोधी हुद छन्
१८ ज्ये ज्ये गर्ने इच्छे गर्द छौ ति न गर भन्येर। तर आत्माले लिहिंडालींद
१९ छौ त ब्यवस्था मुनि छौन। अब शरीर्का कर्म्म प्रगट् छन् जो यिनै
२० हुन् ब्यभिचार् अशुद्धेई लुच्चेई मूर्त्तिपूजा मन्तर्तन्तर् सत्तुरेईहरु
२१ झगरागराई डाहहरु रिस्हरु कल्हहरु फुट्फाट्हरु कुपन्थहरु डाहाहरु
मताईहरु रंगाभांज्हरु अनि यि जस्ता अरुहरु. जुन्हरुको बिषय्मां तिमि-
हरुलाइ अगाड़ि देखि भन्दै छु जसो तिमिहरुलाइ अगाड़ि देखि भन्ये
२२ येस्ता कर्म्म गर्नेहरु ईश्वर्को राज्का अधिकारी हुदैनन्। तर आत्माको
फल् प्रेम् रमाहट् मिलाप् धीरज् कृपा भलाई बिश्वास् नरमेई संयम् हो.
२३ २४ येस्ताको बिरुद्धमां कोई ब्यवस्था छैन। अनि ख्रीष्ट येशूकाहरुले ता
शरीर्लाइ त्येस्का कुभाग् र कुइच्छेहरु समेत्लाइ क्रूस्मां टांग्ये॥
२५ २६ आत्माले जीउद छौ त आत्माले रीत् सङ हिंड् पनि। एकाले अर्का
सित पाखरा सुर्कयाउने गर्दै र एकाले अर्का सङ डाहा गर्ने गर्दै मिथ्ये
अहंकारी न होऊं॥
६ १ हे भाईहरु हो मान्छे कसै अपराध्मां पक्रीयो भन्ये पनि तिमि
आत्मिक्हरुचाइले नरमेईको आत्मामां येस्तोलाइ सुधार आफुलाइ हेरि
२ रहदै आफु चइ ता परीक्षामां न पर्छ भनि। एकाले अर्काका भार्
३ उठाव अनि येसोगरिकन ख्रीष्टको ब्यवस्था पूरो गर। कसोगरिभन्ये
क्येइ न हुने कसैले म क्येइ हुं भनि ठान्द छ त आफुलाइ बहकाइ दिंद
४ छ। तर जनंगेले आफ्नु आफ्नु काम् जांचि ठहरावस् अनि तब ता
त्येस्लाइ अरुइको बिषय् गरि होइन तर खालि आफ्नै बिषय् मांत्रै
५ गरि घमण्ड्को कारण् हुंछ। कसोगरिभन्ये जनंगेले आफ्नु निज् बोझा
उठाउंछ॥
६ तर बचन् सिक्ने सिकाउनेको सबै भला थोक्मां सम्भागी हवस्।
७ न भर्मीयौ ईश्वर्लाइ नाख् बजाइ दिईदैन. किनभन्ये मान्छेले ज्येसुकै छर्द

८ छ त्येसैको कटनी पनि गर्छ। किनभन्ये आफ्नु शरीर्को लागि छर्नेले
शरीरै देखि बिनाम्को कटनी गर्छ तर आत्माको लागि छर्नेले आत्मा
९ देखि अजम्मरे जीउंनिको कटनी गर्छ। अनि जाति गर्दामां हरेस् न
१० खाऊं. किनभन्ये निज् समय्मां कटनी गर्छौं थाक्यूंन भन्ये। त तब ता
बेला परि आये अनुसार् सबै जना सित अनि सबै भन्दा बेसि गरि
बिश्वास्को जहान्का सित भलाईका काम् गरूं॥
११ हेर कति ठुला अक्षेर् गरि तिमिहरुकां आफ्नु हात्ले लेख्यें।
१२ जत्तिले शरीरैमां सुन्दर् रूप् देखाउंने इच्छे गर्द छन् तिनिहरुले तिमि-
हरुलाइ अवस्से खत्ना हुंनु लगाउंद छन् खालि ख्रीष्टको क्रूस्को कारण्
१३ न सताईउन् भन्येर। कसोगरिभन्ये अनि न खत्ना भयेकाहरु आफैले
पनि ब्यवस्थाको जगेरा गर्द छन् तर तिमिहरु खत्ना हुंन् इच्छे गर्द छन्
१४ तिमिहरुको शरीर्को बिषय्मां घमण्ड् गरुन् भन्ये खातिर्ले। तर
मंचइंले घमण्ड् गर्नु न हवस् खालि हांमिहरुको प्रभु येशू ख्रीष्टको
क्रूस्को बिषय्मां मांत्रै जस्को बाटोले संसार् मेरो लेखि क्रूस्मां टांसीयो
१५ अनि मं चइं संसार्को लेखि। कसोगरिभन्ये न खत्ना क्येइ हो अनि
१६ न बिखत्ना तर नया सृष्टि। अनि जत्ति येस् बिधिमां रीत् सङ हिंड्नन्
तिनिहरु मांथि अनि ईश्वर्को इस्राएल् मांथि शान्ति र दया हवस्॥
१७ अब देखि कसैले मंलाइ दुख गराइ न देवस्. कसोगरिभन्ये मं ता
येशूका डाम् आफ्नु जीउमां लिहिंड्द छु॥
१८ हे भाईहरु हो हांमिहरुको प्रभु येशू ख्रीष्टको अनुग्रह् तिमिहरुको
आत्मा सङ हवस्। आमीन्॥

पाऊल् प्रेरित्को पत्र इफिसीहरुलाइ

---

१ १ पाऊल् ख्रीष्ट येशूको ईश्वर्को इच्छेको बाटोले प्रेरित् इफिसुस्मां
२ हुंने पवित्र जन्हरु र ख्रीष्ट येशूमां हुंने बिश्वासीहरुलाइ. तिमिहरुलाइ
हांमिहरुको पिता ईश्वर् अनि प्रभु येशू ख्रीष्टको पट्टि बाटो अनुग्रह्
र शान्ति ॥
३ हांमिहरुको प्रभु येशू ख्रीष्टको ईश्वर् र पिताको धन्नबाद् हवस्
जस्ले हांमिहरुलाइ स्वर्गे धाम्मां सबै आत्मिक् आशीष्ले ख्रीष्टमां
४ आशीष् दियो. जसो उस्ले संसार्को उत्पति भन्दा अगाड़ि हांमिहरुलाइ
उस्मां छान्यो हांमिहरु उस्को सांमु प्रेम्मां पवित्र र निष्कलंक् हुंनुलाइ.
५ आफ्नु लागि येशू ख्रीष्टको बाटोले हांमिहरुलाइ धर्म्मपुत्रहुवाईको लागि
६ अगाड़ि देखि ठहराइकन आफ्नु इच्छेको खुशि अनुसार् आफ्नु
त्येस् अनुग्रह्को महिमाको सर्काईको लागि जस्ले उस्ले हांमिहरुलाइ उस्
७ प्रिय जन्मां अनुग्रहित् तुल्यायो. जस्मां हांमिहरुलाइ उस्को लोहूको बाटोले
उद्धार् अर्थात् अपराध्को मोचन् छ उस्को अनुग्रह्को धन् अनुसार्
८ जो उस्ले सबै ज्ञान् र बुद्धिमां हांमिहरु तिर परसस्त हुंन् लायो आफ्नु
इच्छेको भेद् हांमिहरुलाइ आफ्नु त्येस् खुशि अनुसार् थाहा गराइकन
१० जो उस्ले उस्मां ठहराइ राख्यो समयहरुको भर्पूरीको कारन्दारि काम्-
गराईको लागि क्ये स्वर्गहरुमां क्ये पृथिवीमां हुने सबै थोक् ख्रीष्टमां
११ जमाउनुलाइ अं उसैमां जस्मां अधिकार् बनाईयू पनि आफ्नु इच्छेको
सल्लाह् अनुसार् सबै काम् गराउंनेको मन् अनुसार् अगाड़ि देखि ठहराई-
१२ इकन हांमिहरु उस्को महिमाको सर्काईको लागि हुंनको लागि
१३ अर्थात् हांमि अगाड़ि देखि ख्रीष्टमां आशा राख्नेहरु. जस्मां तिमिहरुले
पनि सच्चेईको बचन् अर्थात् आफ्नु मुक्तिको सुसमाचार् सुन्येर—जस्मां
१४ बिश्वास् पनि गर्न्येर करहार्को पवित्र आत्माको छाप् पायौ जो
हांमिहरुको अधिकार्को बैंना हो ईश्वर्को निज् प्राप्त गर्न्येको लोग्को
उद्धार्को लागि उस्को महिमाको सर्काईको लागि ॥
१५ येस्कारणले म पनि त्येस् बिश्वास्को सुन्येर जो प्रभु येशूमां अनि सबै
१६ पवित्र जन्हरु तिर तिमिहरुको छ तिमिहरुको लागि धन्नबाद् गर्नु

देखि थामीदीन आफ्ना प्रार्थनामां तिमिहरुलाइ सम्झना गरि गरिकन
१७ हांमिहरुको प्रभु येशू ख्रीष्टको ईश्वर् महिमाको पिताले तिमिहरुलाइ
१८ उस्को चिनाईमां ज्ञान् र प्रकाश्को आत्मा देवस् तिमिहरुको हिर्दय्का
आंखाले ज्योति पाइकन तिमिहरुले उस्को बोलाईको आशा क्ये रछ भनि
जान्नुको लागि अनि पवित्र जन्हरुमां भयेको उस्को अधिकार्को महिमाको
१९ धन् क्ये रछ भनि अनि हांमि बिश्वास् गर्नेहरु निर भयेको उस्को
शक्तिको अग्घोरै औधि हुने बड़ाहुवाई क्ये रछ भनि. उस्को बल्को
२० सामर्थको त्यस् काम्गराई अनुसार् जो उस्ले ख्रीष्टमां गऱ्यो जब
उस्लाइ मुर्दाहरु देखि बौराइ उठायो अनि स्वर्ग धाम्मां आफ्नु दाहीनो
२१ हात् पट्टि बसायो सबै मालिकेई र अधिकार् र शक्ति र प्रभुतेई र
खालि येसै जगत्मां मात्रै होइन तर आउदोचइमां पनि राखीने सबै नांउ
२२ देखि अग्घोर् ऊंभोमां गरि. अनि सबै थोक् उस्का चरण् मुनि ताबिमां
पाऱ्यो अनि उस्लाइ सबै थोक् मांथिको सिर् गरि मंडलीलाइ दियो
२३ जो उस्को जीउ अं सबैमां सबै थोक् भरपूर् पार्नेको भरपूरी हो ॥

२ १ अनि तिमिहरुलाइ उस्ले जियायो जब आफ्ना ति अपराध् र पाप्ले
२ मुर्दा थियौ जस्मां अगाड़ि हिंड्डल् गऱ्यौ येस् संसार् अनुसार्
अकाश्को अधिकार्को मालिक्को अनुसार् अर्थात् त्यस् आत्माको जस्ले
३ एले नमनाईका सन्तान्हरुमां काम् गराउंद छ जुन्हरुको खाल्मां
हांमिहरु सबै पनि अगाड़ि आफ्नु शरीर् र बुद्धिका इच्छे गर्दै आफ्नु
शरीर्का कुइच्छेमां हिंड्र अनि अरु रह्येकाहरु जस्तो सोभावैले क्रोध्का
४ सन्तान् थियूं.—तर ईश्वर्ले दयामां धनी भइ हांमिहरु सङ गऱ्येको
५ आफ्नु बड़ो प्रेम्को कारण् हांमिहरु आफ्ना अपराध्ले मुर्दा भइ
रह्येमां पनि हांमिहरुलाइ ख्रीष्ट सङ जियायो (अनुग्रहले बचाईयेका छौ)
६ अनि उ सङ बौराइ उठायो अनि उ सङ स्वर्ग धाम्मां बसायो ख्री -
७ येशूमां गरि. आइ लाग्ने जुगहरुमां ख्रीष्ट येशूमां हांमिहरु मांथि भयेको
आफ्नु कृपाले आफ्नु अनुग्रहको अग्घोरै औधिको धन् देखावस् भन्येर.
८ कर्मोगरिभन्ये अनुग्रहैले विश्वास्को बाटोले बचाईयेका छौ अनि यो ता
९ तिमिहरु आफै देखिको होइन ईश्वर्को दानै हो. कर्म्म देखिको होइन
१० कर्मैले घमण्ड् न गरोस् भन्येर। कर्मोगरिभन्ये उसैको बनावट् हौं
ख्रीष्ट येशूमां भला कर्म्मको लागि सिर्जीइकन जो ईश्वर्ले अगाड़ि देखि
नियार् पाऱ्यो तिनमां हिंड्डल गरूं भन्न्ये खातिरले ॥

११ येस्कारण् सम्झना गर अगाडि तिमि शरीर्मां अन्यदेसी हुनेहरु जो
१२ शरीर्मां हात्ले गर्येको खत्ना भनीने देखि बिखत्ना भनींद छन् अं
न्येस् समय्मां ख्रीष्ट देखि अलग् थियौ इस्राएल्को पर्जादर् देखि पराय्
र करहार्का नियम्हरु देखि बिदेसी अं आशा न हुने र संसार्मां ईश्वर्
१३ रहित् । नर अब ता ख्रीष्ट येशूमां तिमि अगाडि टाडा हुनेहरु ख्रीष्टको
१४ लोहूको बाटोले नजिक् बनाईयौ । कसोगरिभन्ये हामिहरुको मिलाप् उइ
हो जस्ले दुवैलाइ एक् तुल्यायो अनि छेकने मांझको गारो भत्काइ दियो
१५ कसोगरिभन्ये सत्तुरेई अर्थात् बिधिहरुमां भयेका आज्ञाहरुको व्यवस्था
आफ्नु शरीर्मां फुकाइ दियो आफुमां दुवै देखि एक् नया मान्छे सिर्जि
१६ दिइ मिलाप् बनावस् र क्रूस्को बाटोले दुवैलाइ एकै जीउमां ईश्वर्
सङ फर्काइ मिलावस् भन्न्ये खातिर्ले कसोगरिभन्ये त्येस्मां सत्तुरेई मारि
१७ दियो. अनि आयेर तिमि टाडा हुनेहरुलाइ मिलाप्को सुसमाचार् अनि
१८ नजिक् हुनेहरुलाइ मिलाप्को सुसमाचार् सुनायो. किनभन्ये उस्को बाटोले
१९ हामि दुवैलाइ एकै आत्मामां पिता थांइ पस्ने अधिकार् छ । त तब ता
फेरि पराय् र परदेसी हौन तर पवित्र जन्हरु सङ एकै पर्जादर्का र
२० ईश्वर्को जहान्का हौ कसोगरिभन्ये प्रेरित्हरु र अगम्बक्ताहरको
जग् माथि बनाईयौ ख्रीष्ट येशू आफै कुनाको सिरहपत्थर् भइकन
२१ जस्मां सबै घर् एक्साथ् गांसीइकन प्रभुमां पवित्रवास् बढि बढि बनींदै
२२ जांद छ जस्मां तिमिहरु पनि आत्मामां ईश्वर्को बास्को लागि
एक्साथ् बनाईदै जांद छौ ॥

३ १ येसैको कारण् म पाऊल् जो तिमि अन्यदेसीहरुको लागि ख्रीष्ट
२ येशूको बन्धुवा हुं— मंलाइ तिमिहरुको लागि दिईयेको ईश्वर्को अनुग्रहको
३ कारन्दारिकाम्को सुन्येका छौ भन्ये देखि ता मंलाइ त्यो भेद् प्रकाश
४ गरि थाहा गराईयो भनि जसो अगाडि टुप्पा टुप्पा टिपि लेख्यें ज्येइ
पढ्येकोले ख्रीष्टको त्येस् भेद्मां भयेको मेरा बुद्धि चाल् पाउंनु सक्द छौ
५ जो अरु अरुइ पुस्तामां मान्छेहरुका सन्तानलाइ त्येसोरि थाहा गराईयेन
जसोरि अब ता उस्का पवित्र प्रेरित्हरु र अगम्बक्ताहरु माथि आत्मामां
६ प्रकाश् गरीयो कसोगरिभन्ये ख्रीष्ट येशूमां सुसमाचार्को बाटोले
अन्यदेसीहरु संगी अधिकारी र जीउका संगी अंग र करहार्का संगी
७ साझे हुन् जुन् सुसमाचार्को म सेवाइते बनाईयें ईश्वर्को त्येस्
अनुग्रहको बर्दान् अन्सार् जो उस्को शक्तिको काम्गराई अन्सार् मंलाइ

८ दिईयो। म सबै पवित्र जन्हरुमां अग्घोर् छोटाचइलाइ यो अनुग्रह्
दिईयो अन्यदेसीहरुलाइ खीष्टको अगम्ये धन्को सुसमाचार् सुनाउनु
९ अनि सबैलाइ त्येस् भेद्को कारन्दारिकाम् क्ये रछ भन्येर ज्योतिमां
देखाउन् जो सबै थोक् सिर्जने ईश्वर्मां सबैंभरि देखि गुप्त राखीयो
१० र अब स्वर्गे धाम्मांका मालिकेई र अधिकार्हरुलाइ मंडलीको बाटोले
११ ईश्वर्को अग्घोर्का नाना प्रकार्को बुद्धि थाहा गराईओस् त्येस्
सधैंभरिको मन्गराई अन्सार् जो उस्ले हांमिहरुको प्रभु खीष्ट येशूमां
१२ गर्न्यो. जस्मा हांमिहरुलाइ उस्को बिश्वास्को बाटोले साहस् र भरोसाले
१३ पस्ने अधिकार् छन्। येस्कारण् मांग्द छु मेरा तिमिहरुको लागि
हुने कष्टहरु देखि हरेस् न खाव जन् कष्टहरु तिमिहरुको महिमा हुन् ॥
१४
१५ —येसैको कारण् पिता तिर घुडा टेक्द छु जो देखि क्ये
१६ स्वर्गमां क्ये पृथिवीमा सब्बै कुल्को नांउ राखीद छ उस्ले आफ्नु
महिमाको धन् अन्सार् तिमिहरुलाइ भित्र मान्छेमां खन्यार्ईयेको उस्को
१७ आत्माको बाटोले शक्तिले सामर्थी बनीन देवस् भन्येर खीष्टले
तिमिहरुका हिर्दयमां बिश्वास्को बाटोले बास् गर्नलाइ तिमिहरु प्रेम्मां
१८ जरा बान्धीयेका र जग बसाल्ीयेका भइ गज् र लंमइ र अल्ग्येई र
गहीरेई क्ये रछ भनि सबै पवित्र जन्हरु सङ थाहा पाउंनलाइ बल्लिया
१९ हव भन्येर अनि खीष्टको प्रेम् तिम्रलाइ जो चिनाई देखि अग्घोरै
औधि गरि बाइरको छ ईश्वरको सबै भरपुरी सम्म भरपूर् गरीयौ भन्न्ये
खानिरले ॥
२० अब उस्लाइ जस्ले ज्ये ज्ये मांग्द कि सोच्द छौ नि सबै भन्दा
अग्घोरै औधिनै गर्न् सक्द छ हांमिहरुमां काम् गर्ने शक्ति अन्सार्
२१ अं उसैलाइ खीष्ट येशूमां र मंडलीमां पुस्तानपुस्ता सधै सबैदै महिमा
हवस्। आमीन् ॥
४ १ येस्कारण् मं प्रभुमां बन्धुवा तिमिहरुलाइ उपदेस् दिंद छु जन्
२ बोलाईमां बोलाईयौ त्येस्को योग्य गरि हिंड सबै दीनहुवाई र
३ नरमेई सङ धीरज् सङ प्रेम्मां एकाले अर्कालाइ सहंदै मिलाप्को
४ बन्धन्मां आत्माको एकहुवाईको रक्षे गर्ने छिटोछाटो गर्दै। जसो आफ्नु
बोलाईको एकै आशामां बोलाईयौ पनि एक् जीउ अनि एक् आत्मा छ
५
६ एक् प्रभु एक् बिश्वास् एक बप्तिस्मां एक् ईश्वर् र सबैको पिता जो
७ सबै माथि अनि सबैको वारपार अनि सबैमांनै छ। तर अनुग्रह हांमि-

हरुमांको जनंगलाइ ख्रीष्टको बर्‌दानको नापो अन्‌सार् गरि दिईयो।
८ येस्कारण् भन्द छ

उस्ले ऊंभो चढ़ि गयेर बन्धुवाई बन्धुवा गर्‍यो
अनि मान्छेहरुलाइ दान् दियो।

९ (अब यो चढ़ि गयेर भन्ये क्ये हो उ पृथिवीका ऊंधल्ला खण्डमां उत्रि
१० गयो पनि भन्ये छाड़ि। जो उत्रि गयो उइनै हो जो सबै स्वर्गहरु
देखि अग्घोर् ऊंभो चढ़ि गयो पनि सबैनै थोक् भर्‌पूर् पारोस् भन्येर)।
११ अनि उस्ले कत्तिलाइ प्रेरित् गरि कत्तिलाइ अगमबक्ता गरि कत्तिलाइ
सुसमाचार् प्रचार्ने गरि कत्तिलाइ गोठाल्ना र शिक्षा दिने गरि दियो
१२ पवित्र जन्‌हरुको सिद्ध गराईको निम्तिमां सेवाको काम्‌को लागि ख्रीष्टको
१३ जीउको बनाईको लागि हांमिहरु सबै जना बिश्वास्‌को र ईश्वर्‌को
पुत्रको चिनाईको एक्‌हुवाई सम्म सिद्ध पुरुष् सम्म ख्रीष्टको भर्‌पूरीको
१४ आयुको नापो सम्म आइ न पुगुंज्याल् सम्म. फेरि मान्छेहरुको माया-
कर्म्मले र भर्माईका जुक्तिउपाय् अन्‌सार्‌को छल्येईले शिक्षाको सबै बतास्
देखि उछाल्दै र पछार्दै र येता र उता लगीदै बालख न होऊं
१५ भन्येर नर प्रेम्‌मां सच्चेई बोल्दै सबै कुरामां उसैमां बढ़ि बढ़ि
१६ बनीदै जाऊ जो सिर् हो अर्थात् ख्रीष्ट जो देखि समस्त जीउले
सबै जोर्‌नि देखिको पारिदिवाईको बाटोले एक्‌साथ् गांसीइ र मिल्लाईइकन
एक् एक् भाग्‌को नापो सङ्को काम्‌गराई अन्‌सार् गरि आफ्नु प्रेम्‌मांको
बनाईको लागि जीउको बढ़ाई गराउंद छ॥

१७ येस्कारण् यो भन्द छु अनि प्रभुमां साक्षी दिंद छु तिमिहरु फेरि
त्येसो न हिंड्‌नु जसो अन्यदेसीहरु पनि आफ्‌ना बुद्धिबिचार्‌को नाहक्‌मां
१८ हिंड्‌द छन् आफ्‌नु बुद्धिमां अंध्यारा भयेका र आफुमां भयेको
अजान्‌को कारण्‌ले आफ्नु हिर्दय्‌को कठोरेईको कारण्‌ले ईश्वर्‌को जीवन्
१९ देखि पराय्‌का भइ जस्ले थेत्तर् भइ आफुलाइ सबै अशुद्धेईका कर्म्म
२० लाल्‌सा सङ गर्ने गर्नुको लागि लुच्चेईलाइ सुम्पि दिये। नर तिमिहरुले
२१ ना ख्रीष्टलाइ येसोरि सिक्यौन उसैको सुन्यौ अनि येशूमां भयेको
२२ सच्चेई अन्‌सार् उसैमां सिकाईयौ भन्ये देखि ता आफ्नु अगाड़िको
बास्‌बसाईको चलन्‌को बिषय्‌मां पुरानु मान्छे जो मायागराईका कुइच्छे
२३ अन्‌सार् बिनास् हुंदै जांद छ उतारि राख अनि आफ्नु बुद्धिको

२४ आत्मामां नया हुदै गयेर नया मान्छे लाव जो ईश्वर् अनुसार् धर्म्म
र सच्चेईको पवित्रेईमां सिर्जीयो ॥
२५ येस्कारण् झूठेई उतारि राख्येर जनगेले आफ्नु छिमेकि सित सच्चेई
२६ बोल्ने गर. किनभन्ये एका अर्काका अंग हौं। क्रोध् गर तै पाप् ता न
गर. तिमिहरुको क्रोध्गराईमां घाम् न अस्तावस्. अनि न शैतान्लाइ ठांउ
२७ २८ देव। चोर्नेले फेरि न चोरोस्. बरु दुख भरोस् आफ्ना हात्ले जुन्
काम् भलो छ त्येइ गर्दै गर्दै खांचो परि आउनेलाइ बांड़ि दिनुलाइ
२९ त्येस्को क्येइ हवस् भन्येर। कोई पनि खराब् बचन् तिमिहरुको मुख्
देखि न निक्लोस् तर जस्तो चइ खांचो अनुसार्को सुधराईको लागि
३० भलो छ सुन्नेहरुलाइ अनुग्रह् देवस् भन्येर। अनि ईश्वर्को पवित्र
आत्मालाइ कष्टित् न गराव जस्मां उद्धार्को दिन्को लागि छाप् पायौ।
३१ सबै तीतेई र रिस् र क्रोध् र कराई र निन्दा सबै बराई समेत् तिमिहरु
३२ देखि दूर् गरीओस्. अनि एका अर्का तिर कृपालु मुटिठालु हव एकाले
अर्कालाइ अनुग्रह् गरि माफ् दिदै जस्तोरि ईश्वर्ले पनि ख्रीष्टमां तिमि-
हरुलाइ अनुग्रह् गरि माफ् दियो ॥
५ १ न ईश्वर्कै जस्तो चाल्मां हिड्नेहरु हव प्रिय बालखहरु झैं
२ अनि प्रेम्मां हिंड़ जस्तोरि ख्रीष्टले पनि तिमिहरु सङ प्रेम् गर्‍यो अनि
हामिहरुको लागि आफुलाइ ईश्वर्को मांम् सुगन्धको बास्नाको लागि भेटि र
३ बलिदान् गरि सुम्पि दियो। तर व्यभिचार् र सबै अशुद्धेई कि लोभ्को
नांउ पनि तिमिहरुमां न लिईओस् जस्तो पवित्र लोग्लाइ उचित् छ.
४ अनि न बिशर्म न मुर्खबात्चीत् कि ठट्टाउल्लीको जो योग्य छैनन्. तर बरु
५ धन्नवादको। किनभन्ये यो चिनि जान्द छौ कसै पनि व्यभिचारी कि
अशुद्ध कि लोभीलाइ जो मूर्त्तिपूजक् हो ख्रीष्ट र ईश्वर्को राज्मां
६ अधिकार् छैन। कसैले रित्ता बचन्ले तिमिहरुलाइ न भुल्यावस्. कसोगरि-
भन्ये यि कुराको कारण्ले ईश्वर्को क्रोध् नमनाईका सन्तान् माथि आउंद
७ ८ छ। न तिनिहरु सङ साझे न हव किनभन्ये अगाड़ि अंधकार्
थियौ तर अब ता प्रभमां ज्योति हौ. ज्योतिका सन्तान् झैं हिड़
९ (कसोगरिभन्ये ज्योतिको फल् सबै भलाई र धर्म्म र सच्चेईमां हुद छ)
१० ११ प्रभलाइ क्ये मन्पर्दो रछ भनि जांचि ठहराउंदै अनि अंधकार्का
निष्फल् काम्मां सम्भागी न हव तर बरु तिनलाइ दोष् पो देव
१२ किनभन्ये तिनिहरु देखि गुप्तमां गरीने काम् भन्नै पनि लाज् छ। तर

सबै कुरा जब तिनलाइ दोष् दिइंद छ त ज्योति देखि प्रगटो गरींद छन्.
१४ कसोगरिभन्ये प्रगटो गरीने सबै कुरा ज्योति हो। येस्कारण् भन्द छ जाग्
ए सुत्ने अनि मर्दाहरु देखि बौरि उठ् अनि ख्रीष्टले तंलाइ ज्योति दिछ ॥
१५ त कसोगरि हिंड्द छौ ठीक् गरि चंख बस अज्ञानीहरु झैं होइन तर
१६ ज्ञानीहरु झैं समयलाइ किनि छोड़ाउंदै किनभन्ये दिन् दुष्ट छन्।
१७ १८ येस्कारण् निर्बुद्धि न हव तर प्रभुको इच्छे क्ये रछ भनि बुझ। अनि
दाखरसले मताहा न हव जस्मा कुकर्म्म हुद छ तर आत्माले पूर्ण भयेका
१९ हव आपस्तमा गीत् र भजन् र आत्मिक् गान्मा बोल्दै प्रभुको लागि
२० आफ्नु हिर्दयले गाउदै र बजाउदै सधैं सबै कुराको लागि हामि-
हरुको प्रभु येशू ख्रीष्टको नाउले ईश्वर् अं पिताको धन्नबाद् गर्दै
२१ ख्रीष्टको डरले एका अर्काको ताबिमा भइ रहदै ॥
२२ हे स्वार्स्नीहरु हो जसो प्रभुको त्येसै आफ्ना आफ्नै लोग्नेहरुको
२३ ताबिमा भइ रह। किनभन्ये लोग्ने स्वार्स्नीको सिर् हो जसो ख्रीष्ट
२४ पनि आफै जीउको मुक्तिदाता भइ मंडलीको सिर् हो। तर जसो
मंडली ख्रीष्टको ताबिमा भइ रहद छ त्येसै स्वार्स्नीहरु पनि सब् तिर
२५ बाटो आफ्ना लोग्नेहरुको ताबिमा रहुन्। हे लोग्नेहरु हो आफ्नी
स्वार्स्नीहरु सङ प्रेम् गर जसोरि ख्रीष्टले पनि मंडली सङ प्रेम् गर्‍यो
२६ अनि त्येस्को लागि आफुलाइ सुम्पि दियो त्येस्लाइ बचन् सङ्को
२७ पानीको नुहाईले शुद्ध पार्‍येर पवित्र गरोस् भन्न्ये त्यांनिरले मंडली
आफु आफैलाइ प्रतापी मंडली गरि दिहाल्नुलाइ जस्मा दाग् कि खोट्
कि येस्तो क्येइ पनि न हवस् तर त्यो पवित्र र निष्कलंक् हवस् भन्येर।
२८ येसैगरि लोग्नेहरुले पनि आफ्नी स्वार्स्नीहरु सङ आफ्ना जीवै सङ झैं
प्रेम् गर्न् पर्द छ। आफ्नी स्वार्स्नी सङ प्रेम् गर्नेले आफै सङ प्रेम् गर्द
२९ छ. कसोगरिभन्ये कसैले कहिलेइ आफ्नु मांसुलाइ अप्रिय जान्येन तर
त्येस्लाइ पाल्दै र पोस्दै छ जसो प्रभुले पनि मंडलीलाइ पाल्द पोस्द छ
३० ३१ किनभन्ये उस्को जीउको अंग हौं। येस्कारण् मान्छेले आफ्ना माता
पितालाइ छोड़्छ अनि आफ्नी स्वार्स्नी सङ मिलि रहंछ अनि ति दुइ
३२ एक् जीउ हुछन्। येइ भेद् बड़ा छ तर मं ता ख्रीष्टको र मंडलीको
३३ बिषय् गरि भन्द छु। तरै पनि तिमिहरुले पनि एक् एक् गरि जनंगले
आफ्नी आफ्नी स्वार्स्नी सङ आफै सङ झैं प्रेम् गर अनि स्वार्स्नी चइं
चंख बसोस आफ्नु लोग्नेको डर् मान्नुलाइ ॥

६ १ हे बालखहरु हो प्रभुमां आफ्ना आंमा बाबुहरुका आज्ञा मान.
२ किनभन्ये यो धर्म्मयोग्य छ। तैंले आफ्नु पिता र मातालाइ मान्मनीतो
३ गर् (जो करहारैं सङ्को पहिलो आज्ञा हो) र तंलाइ बेस् हवस्
४ अनि पृथिवी मांथि धेरैं दिन् जीवस्। अनि हे बाबुहरु हो आफ्ना
बालखहरुलाइ क्रोध् न गराव. तर तिनलाइ प्रभुको शिक्षा र चेतन्नेमां
पाल ॥
५ हे दास्हरु हो शरीर् अनुसार्का आफ्ना ठाकुर्हरुका ख्रीष्टका झैं
६ आफ्नु हिर्दय्को चोख्येईमां डर् र कंमाई सङ आज्ञा मान मान्छे-
हरुलाइ खुश् पार्नेहरुले झैं मुखै हेर्ने दास्तीको रीत् गरि होइन तर
७ ख्रीष्टका दास्हरुले झै गरि प्राणै देखि ईश्वर्को इच्छे गर्दै सुमन्
८ सङ मान्छेको होइन तर प्रभुको झै गरि दास्ती गर्दै. जनंगेले दास् हवस्
कि निर्बन्ध् हवस् ज्ये भलो गर्द छ त्येस्को फिर्ता प्रभुको पट्टि बाटो पाउंछ
९ भनि जानिकन। अनि हे ठाकुर्हरु हो तिनिहरु तिर त्येसैंनै गर अनि
धम्की छोड़ि देव. तिनिहरुको पनि अनि तिमिहरुको पनि ठाकुर् स्वर्गमां
छ अनि उस्कां पन्पसाई छैन भनि जानिकन ॥
१० अब देखि प्रभुमां र उस्को बल्को सामर्थमां गरि शक्तिमां बढ्दै
११ जाव। ईश्वर्का हतियार्सतियार् भिर र शैतान्का जुक्तिउपाय्को बिरुद्धमां
१२ उभीइ रहनु सक। किनभन्ये हांमिहरुको चइं युद्धगराई रगत् र मांसुको
बिरुद्धमां होइन तर माल्किकेईहरुको बिरुद्धमां अधिकार्हरुको बिरुद्धमां
येस् अंधकार्का संसार्सम्बन्धी अधिराज्हरुको बिरुद्धमां स्वर्गे धाम्मांका
१३ दुष्टेईका आत्मिक् सेनाहरुको बिरुद्धमां हुंद छ। येसैंकारण् ईश्वर्का
हतियार्सतियार् उठाइ लेव दुष्ट दिन्मां बिरुद्धेई गर्नु अनि सबै काम्
१४ गर्येर उभीइनै रहनु सक भन्येर। त उभीइनै रह आफ्नु कम्मर्
१५ सच्चेईले बान्ध्येर अनि धर्म्मको झिल्म् लायेर अनि गोड़ामां
१६ मिलाप्को सुसमाचार्को तियारीका जुत्ता लायेर सबै सङ बिश्वास्को
१७ ढाल् लिइकन ज्येले दुष्टका सबै अग्निबाण् निभाउंनु सक्छौ। अनि
१८ मुक्तिको टोप् लेव अनि आत्माको तरवार् जो ईश्वर्को बचन् हो. सबै
प्रार्थना र बिन्तिको बाटोले सबै बेलामां प्रार्थना आत्मामां गर्दै अनि
येसैंको निम्तिमां सबै पवित्र जन्हरुको बिषयको सबै लागिरहाईमां बिउंझि
१९ रहंदै अनि मेरो लागि पनि र मंलाइ आफ्नु मुख् खोल्दामां भनाई
२० दिईओस् सुसमाचार्को भेद् खोलिकनै थाहा गराउंनुलाइ जस्को लागि

साङ्लोले बान्धीयेको दोमापे छु त्येस्मां खोलिकनै जमो मं बोल्नु उचित्
छ बात् गरुं भन्न्ये खातिर्ले ॥
२१ तर तिमिहरुले पनि मंलाइ पर्न्येका बिषय् मं कस्तो छु भनि जान
भन्येर त्येम् प्रिय भाई अनि प्रभुमां बिश्वासी सेवाइते तुखिकुस्ले तिमि-
२२ हरुलाइ सबै कुरा थाहा गराउंछ. जस्लाइ येसैलागि तिमिहरु थांइ पठायें
तिमिहरुले हामिहरुको बिषय्का कुरा थाहा पाव अनि त्येस्ले तिमिहरुका
हिर्दयलाइ शान्ति देवस् भन्येर ॥
२३ भाईहरुलाइ ईश्वर् पिता अनि प्रभु येशु ख्रीष्टको पट्टि बाटो शान्ति
२४ अनि बिश्वास् सङ प्रेम् हवस्। हामिहरुको प्रभु येशु ख्रीष्ट सङ
अबिनासी प्रेम् गर्नेहरु सबै जना सङ अनुग्रह हवस् ॥

पाऊल् प्रेरित्को पत्र फिलिपेहरुलाइ

१ १ पाऊल् र तिमोथियुस् ख्रीष्ट येशूका दास् फिलिपीमां हुंने सबै
ख्रीष्ट येशूमां पवित्र जन्हरुलाइ धर्म्माधिकारी र सेवाइतेहरु समेत्लाइ.
२ तिमिहरुलाइ हांमिहरुको पिता ईश्वर् अनि प्रभु येशू ख्रीष्टको पट्टि बाटो
अनुग्रह र शान्ति ॥
३ आफ्नु ईश्वर्को आफ्नु तिमिहरुको सबै सम्झनाको बिषय्मां
४ धन्नबाद् गर्द छु. सधैं आफ्नु तिमिहरु सबैको लागिको सबै बिन्तिमां
५ आफ्नु बिन्ति रमाहट् सङ गर्दै सुसमाचार् तिर भयेको तिमिहरुको
६ पहिलो दिन् देखि एले सम्मको सम्भागीहुवाईको कारण्ले येइनै
भरोसा गर्दै तिमिहरुमां भलै काम् थाल्नेले त्यो येशू ख्रीष्टको दिन् सम्म
७ तुर्छ भन्न्ये. जसो मैंले तिमिहरु सबैको लागि येइ राई गर्नु मेरो लागि
धर्म्मयोग्य छ मैंले तिमिहरुलाइ आफ्नु हिर्दय्मां राख्येकोले किनभन्ये
मेरा बन्धन्मां पनि अनि सुसमाचार्को उत्तर्दिवाई र थीरोगराईमां पनि
८ तिमिहरु सबै मं सङ अनुग्रहका सम्भागी हौ। कसोगरिभन्ये ईश्वर् मेरो
साक्षी छ कसोगरि ख्रीष्ट येशूका टिठ्मां तिमिहरु सबैको अग्घोर्को
९ इच्छे गर्द छु। अनि येइ प्रार्थना गर्द छु तिमिहरुको प्रेम् चिनाई र सबै
१० क्ष्यान् पाउंनमां अझै ज्याम्ति ज्याम्ति गरि पग्सस्त हुदै जावस् तिमि-
हरुले श्रेष्ट चइ कुरा योग्य ठहराउंनको लागि ख्रीष्टको दिन्को लागि
११ निर्मल् र बिठोकर्का हव भन्न्ये खातिर्ले धर्म्मको त्येस् फल्ले पूर्ण
पारोयेका भइ जो ईश्वर्को महिमा र सर्काईको लागि येशू ख्रीष्टको
बाटोले हुंद छ ॥
१२ अब हे भाईहरु हो यो थाहा पाव भन्न्ये मन् गर्द छु मंलाइ पऱ्येका
१३ बिषय् ना बरु सुसमाचार्को बढ्तीकै लागि आइ पऱ्येका छन्. यहां सम्म
पऱ्येका छन् मेरा बन्धन् समस्त महल्का पल्टन्हरु र अरु सबै रह्येकाहरुकां
१४ ख्रीष्टमां गरि प्रगटो भइ गये अनि प्रभुमां भाईहरुमांका धेर्जसो
मेरा बन्धन्ले भरोसा गरि ईश्वर्को बचन् निडर् गरि बोल्नुलाइ अग्घोर्
१५ बेसि आंटीला छन्। कत्तिले ता डाहा र झगराको कारण्ले पनि अनि
१६ कत्तिले खुशिको कारण्ले पनि ख्रीष्टलाइ प्रचार्द छन्. यिनिहरुले मं

सुसमाचार्‌को उत्तर्‌दिवाईको लागि बसालीयेको छु भनि जानिकन **प्रेमै**
१७ देखि प्रचार्द छन्। नर नि अरुहरुचइंले मेरा बन्धन्‌मां मंलाइ कष्ट
उठाइ दिंनु बिचारिकन शुद्ध मन्‌ले होइन नर कलह देखि ख्रीष्टको
१८ समाचार्‌ सुनाउंद छन्। न क्ये भयो. खालि येइ मांत्रै सबै रीत्‌ले
निउं गरि हवस्‌ कि सच्चेई गरि हवस्‌ ख्रीष्टको समाचार्‌ सुनाईद छ
१९ अनि येस्मां रमाहट्‌ गर्द छु अं अनि रमाहट्‌ गर्छु। किनभन्ये जान्द छु
यो मेरो लागि निमिहरुको बिन्ति र येशु ख्रीष्टको आत्माको पार्गिदिवाईको
२० बाटोले मुक्तिको मेलो बनीछ मेरो अग्घोरको आस्रा र आशा
अनुसार्‌ गरि कसै कुरोमां लाजमां पार्गर्दीन नर सबै निर्भय सङ जसो
सधैं त्येसै एले पनि मेरो जीउमां जीउंनिको बाटोले हवस कि मृत्युको
२१ बाटोले हवस्‌ ख्रीष्टको बडाई गरीछ भन्न्ये। कसोगरिभन्ये मेरो लागि
२२ जीउंन्‌ चइं ख्रीष्ट हो अनि मर्नु चइं हात्‌पराई हो। नर शरीर्‌मां
जीउंन्‌ अं यो चइं मेरो कामको फल हो भन्ये देखि कुन्‌ चइ छानंला
२३ भनि थाहा छैन। नर नि दुवै देखि सकस्‌मां छ किनभन्ये मेरो उसकि
गयेर ख्रीष्ट सङ हुंने अनिइच्छे छ कसोगरिभन्ये यो धेरै ज्यास्ति गरि
२४ बेसि भलो छ. नर शरीर्‌मां अझै पनि रहन निमिहरुको कारण्‌मां बेसि
२५ खांचो छ। अनि येइ भरोसा राखि जान्द छु रहंछु अं अनि निमिहरुको
२६ बिश्वास्‌को बढ्नी र रमाहट्‌को लागि निमिहरु सबैको रहंछु निमिहरुको
ख्रीष्ट येशुको बिषय्‌ भरेको मेरो निरयको घमण्डको कारण्‌ मं निमिहरु थांइ
२७ फेरि आयेको बाटोले परमस्त हवस्‌ भन्न्ये खातिर्‌ले। खालि ख्रीष्टको
सुसमाचार्‌को योग्य गरि रीत्‌ सङ हिंड. आयेर निमिहरुलाइ हेरु कि
गयेल्‌ होउं निमिहरुको बिषय्‌मां यो सुनुं एकै आत्मामां उभीइ रहंद **छौ**
२८ एकै प्राण्‌ले सुसमाचार्‌को बिश्वास्‌ सङ मिलि मिहिंनत्‌ गर्दै अनि
कसै कुरोमां बिरोधीहरु देखि न नर्साईदै. जो ना निनिहरुको लागि
नास्‌को देखाई हो नर निमिहरुचइंको मक्तिको देखाई हो उइ पनि
२९ ईश्वर्‌को पट्टि बाटो छ किनभन्ये निमिहरुलाइ ख्रीष्टको लागि
खालि उ मांथि बिश्वास्‌ गर्न मांत्रै होइन नर उस्को लागि दुख भोग्नु
३० पनि बकशि दिईयेको छ. कसोगरिभन्ये निमिहरुको त्येइ दजाई छ जो
मंमां देख्यौ अनि एले मंमां छ अरे भनि सुन्द छौ॥

२ १ त ख्रीष्टमां क्येइ शान्ति क्येइ प्रेम्‌को साथर्‌ क्येइ आत्माको संगत्‌
२ क्येइ टिठ्‌ र कृपाहरु छन्‌ भन्ये देखि मेरो रमाहट्‌ पुरो गरि देव
एकै राई गर भन्न्ये खातिर्‌ले एकै प्रेम्‌ राख्दै एकै मतो हुंदै एकैनै राई

३ गर्दै कलहको हिसाप्ले कि मिथ्ये अहंकार्को हिसाप्ले क्येइ पनि न
गर्दै तर दीन्हुवाई सङ एकाले अर्कालाइ आफु भन्दा बड़ा गन्दै
४ जनगेले आफ्नै कुरा हेर्दै रहंदै होइन तर जनगेले अरुइका पनि। आफुमां
५ येइ राई गर जो ख्रीष्ट येशूले पनि गऱ्यो. जस्ले ईश्वर्को रूप्मां भइकन
६ ईश्वर्को बराबर् हुनु गांजि राख्नु पर्ने धन् गन्येन तर आफुलाइ
७ रित्तो पारि दियो दास्को रूप् लिइकन कसोगरिभन्ये मान्छेहरुको जस्तो
८ रूप्मां बनीयो अनि मान्छेको जस्तो डवल्मां पाईयेर उस्ले आफुलाइ
दीन् तुल्यायो कसोगरिभन्ये मृत्यु सम्म पनि अं क्रूसैको मृत्यु सम्म
९ आज्ञाकारी बनीयो। येस्कारण् ईश्वर्ले उस्लाइ अग्घोर् अल्ग्यायो पनि
अनि उस्लाइ त्यो नांउ बक्शि दियो जो सबै नांउ भन्दा उच्चा छ
१० स्वर्गमांकाहरुको अनि पृथिवीमांकाहरुको अनि पृथिवी मनिकाहरुको सबै
११ घुंड़ा येशूको नांउमां टेकीओस् अनि सबै जिब्रोले येशू ख्रीष्ट ईश्वर्
पिताको महिमाको लागि प्रभु हो भनि स्वीकार् गरोस् भन्न्ये खातिर्ले ॥
१२ येसो हो भन्ये देखि ता हे मेरा प्रियहरु हो जसो सधै आज्ञा मान्यौ
त्येसै डर् र कंमाई सङ आफ्नु आफ्नै मक्तिका काम् खालि मं सामेल्
हुंदामां मात्रै भन्ये झै गरि होइन तर एले झन् ज्याम्ति मं गयेल् हुंदामां
१३ गर्दै जाव किनभन्ये निमिहरुमां आफ्नु खुशिको लागि इच्छे पनि
१४ अनि पनि काम् गर्ने काम् गराउंने ईश्वरै हो। सबै काम् बिना गन्गनाई
१५ र बिवाद् गर्दै जाव र निर्दोष् र सूधा अनि बांगा टेढ़ो र भर्म्येको
पुस्ताको मांझमां जस्मां ज्योतिधारी झै जगत्मां देखाहा पर्द छौ ईश्वर्का
१६ निष्कलंक् सन्तान् हव जीवन्को बचन् देखाइ दिदै मलाइ ख्रीष्टको
दिन्को लागिको घमण्ड्को कारण् हुंनुलाइ रित्तै दुगुरिंन अनि न रित्तै
१७ दुख भन्ये भन्न्ये। अं अनि निमिहरुको बिश्वास्को बलिदान् र सेवागराई
मांथि नर्पीद छु भन्ये देखि रमाउद छु अनि निमिहरु सबै सङ
१८ रमाहट् गर्द छु. अनि त्येसै निमिहरु पनि रमाव अनि मं सङ रमाहट् गर ॥
१९ तर प्रभु येशूमां आशा गर्द छु निमिहरुका तिमोथियुस्लाइ छिटो
२० पठाउंने र मं पनि निमिहरुका बिषय् थाहा पायेर हर्षित् होउं। किनभन्ये
त्येस्को जस्तो मनोको मेरा कोई छैन जस्ले निमिहरुको बिषय्मां सांच्चिनै
२१ फिक्रि गर्छ। किनभन्ये सबै जनाले आफ्ना आफ्नै खोज्द छन् येशू
२२ ख्रीष्टका होइन। तर त्येस्चइंको योग्यठहराई चिन्द छौ जसो बालखले
बाबुको दास्ती गर्द छ त्येसै त्येस्ले मं सङ सुसमाचार्को लागि
२३ दास्ती गऱ्यो। त त्येस्लाइ तुरन्तै पठाउंने आशा गर्द छु जसै मंलाइ

२४ पर्ने विषय् हेरि बूझुंला. तर आफै पनि छिट्टै आउंला भन्न्ये प्रभुमां
२५ भरोसा राखद छु। तर आफ्नु भाई र सहकर्म्मी र संगी तिलंगा
अनि तिमिहरुचइंको दूत् र मेरो खांचोपरिअवाईको भयेको तिमिहरुको
२६ सेवक् इपाफ्रदीत्लाइ तिमिहरु थांइ पठाउंनु खांचोको गन्ये। किनभन्ये
त्येस्ले तिमिहरु सबैको अग्घांग्को इच्छे गर्द थियो अनि तिमिहरुले त्यो
२७ दुख्येको छ भनि सुन्येकोले व्याकुल् थियो. कसोगरिभन्ये दुख्नु ता मृत्यु
निरकै दुगाईले दुख्येको थियो. तर ईश्वर्ले त्येस् मांथि दया गर्‍यो अनि
त्यासि त्येस् मांथि मात्रै होइन तर म मांथि पनि सत्लाइ शोक् मांथि
२८ शोक् न हवस् भन्येर। येस्कारण् झन् छिटोलाइ गरि तेस्लाइ पठाये
तिमिहरु त्येस्लाइ फेरि देखेर रमाव अनि म पनि कम् शोकित् होउं भन्ये
२९ सानिर्‍हेरं। त प्रभुमां सबै रमाहट् सङ त्येस्लाइ ग्रहण् गर अनि
३० येस्ताहरुलाइ मान्‌का जान. किनभन्ये ख्रीष्टको कामको कारणमां त्यो
मृत्युको नजिक् पुग्यो कसोगरिभन्ये आफ्नु प्राण् जोखिमुमां हालि दियो
तिमिहरुको मेरो निर गर्नेको सेवाको अपुगो पुरो गरि देवस् भन्येर ॥

३ १ सेषमां हे भाईहरु हो प्रभुमा रमाहट् गर। तिनै कुरा तिमिहरुकां
लेख्नले मलाइ ता थकाउदैन तर तिमिहरुचइंलाइ रक्षे पो गर्द छ।
२ कुकुरहरु देखि चनाख बस खराब सेवाहाहरु देखि चनाख बस कुकाटुना देखि
३ चनाख बस. कसोगरिभन्ये सत्‌ना ता हांमिहरुइ हौं जो ईश्वर्को आत्माले
सेवा गर्द हौं अनि ख्रीष्ट येशूको विषयमां घमण्ड् गर्द हौं अनि शरीर्
४ मांथि भरोसा राख्दौन. मचइले ता शरीर् मांथि पनि भरोसा राख्ये
पनि हुथ्यो. अरु कसैले शरीर् मांथि भरोसा राख्नु भनि ठान्द छ त म
५ चाइं झन् बेसि गरि. कसोगरिभन्ये आठौं दिन्मां खत्ना भये इस्राएल्को
वंश देखि बिन्यामीन्को कुल् देखि इब्रानीहरु देखिको इब्रानी व्यवस्थाको
६ हिसाप्ले फरीसी उद्यम्को हिसाप्ले मण्डलीलाइ सताउंने व्यवस्थामांको
७ धर्म्मको हिसाप्ले निर्दोष्। तै पनि ज्ये ज्ये मेरो लेखि लाभ्‌कुराई
८ थिये ति ख्रीष्टको कारण् गुमाई गन्यें। अं तर आफ्नु प्रभु ख्रीष्ट
येशूको ज्ञान्को श्रेष्ठईको कारण् सब्बै कुरा गुमाई ता गन्द छु. जस्को
कारण् सब्बै गुमायें अनि लोटायेकोजुठो गन्द छु ख्रीष्टलाइ लाभ् पाउं
९ भन्येर अनि उस्मां पाईउं आफ्नै अर्थात् व्यवस्था देखिको धर्म्म
होइन तर ख्रीष्टको विश्वास्को बाटोले हुने धर्म्म अर्थात् विश्वास् मांथि
१० भयेको ईश्वर् देखिको धर्म्म हुने भइकन. र म उस्लाइ र उस्को बौरि-
उठाईको शक्तिलाइ र उस्का दुखभोग्को संगत्‌गराईलाइ चिनुं उस्को

११ मृत्यु सङ एकै रूप्को तुल्याईइकन कुनै परिले मुर्दाहरु देखिको
१२ बौरिउठाई सम्म आइ पुगुंला भनि। समाति पाइ सक्यें कि सिद्ध्याईइ
सक्येको छु येसो होइन. तर खेद्दै जांद छु कतै ज्येको लागि ख्रीष्ट
१३ येशू देखि समाति लिईयें त्यो समाति लिउंला भनि। हे भाईहरु हो
मं ता एैले सम्म समाति लियें भनि गन्दींन तर येउटा काम् ता गर्द छु
१४ पछिल् तिरका कुरा बिर्स्येर अघिल् तिरका तिर पसारिकन ख्रीष्ट
येशूमां भयेको ईश्वर्को ऊंभो तिर्को बोलाईको फल्पातिको लागिको
१५ टुङ्गो हेर्दै खेद्दै जांद छु। त जत्ति जना सिद्ध छौं येइ गाई गरूं. अनि
कयेइमां अरूइ गाई गर्द छौ भन्ये देखि ईश्वर्ले यो पनि तिमिहरु मांथि
१६ प्रगटो गर्छ. त्यांलि ज्येइ बिधि सम्म पुग्यूं त्येसैमां हिंड़ूं॥
१७ हे भाईहरु हो मेरो जस्तो चाल्मां सङ् सङै हिंड़ अनि जसो-
१८ हांमिहरु तिमिहरुका नपना छौं त्येसै हिंड्नुलाइ हेर्दै रह। किनभन्ये
धेरै जना हिंड्द छन् जुन्हरुको बिपय्मां तिमिहरुलाइ बारंबार भन्यें
१९ अनि अब रोइ रोइ पनि भन्द छु ख्रीष्टको क्रुस्का सत्तुर् हुन्. जुन्हरुको
अन्त नासै हो जुन्हरुको ईश्वर् पेटै हो अनि जुन्हरुको बड़ाई तिन्को
२० लाज्मां छ ति पृथिवीमांका कुराको गाई गर्नेहरु। कसोगरिभन्ये हांमि-
हरुचइको पर्जाहुवाई स्वर्गमां हुंद छ जहां देखिको येउटा मुक्तिदाताको
२१ बाटो पनि हेर्द छौं अर्थात् प्रभु येशू ख्रीष्टको. जस्ले सब्बै थोक्लाइ
आफ्नु नाधिमां पार्नु सक्ने आफ्नु काम्गराई अनुसार् हांमिहरुको दीन्-
हुवाईको जीउको डबल् आफ्नु महिमाको जीउ सङ एकै रूप्को गरि फेर्छ॥
४ १ येसो हो भन्ये देखि ता हे मेरा प्रिय र झर्गाईयेका भाईहरु हो
मेरो रमाहट् र मुकुट् त्येसैगरि प्रभुमां उभीइ रह हे प्रियहरु हो॥
२ इवोदियालाइ उपदेस् दिंद छु अनि सुन्तुखीलाइ उपदेस् दिंद छु
३ प्रभुमां एकै गाई गर्नु भन्ये। अं आफु सित पनि हे सांचो संगी मांग्द
छु तिनिहरुको गोहार् गर्नु हवस् किनभन्ये सुसमाचार्मां मं सङ मिलि
मिहिंनत् गरिन् क्लीमी पनि र मेरा ति अरु रह्येका सहकर्म्मीहरु सङ
जुन्हरुका नांउ जीवन्को पोस्तक्मां छन्॥
४ ५ प्रभुमां सधैं रमाहट् गर. फेरि भन्छु रमाहट् गर। तिमिहरुको
६ अनुग्रहगराई सबै मान्छेहरुलाइ थाहा हवस्। प्रभु नजिक् छ। क्येइ
कुरोमां फिक्रि न गर तर सबै कुरोमां प्रार्थना र बिन्तिले धन्नवाद्
७ समेत्ले तिमिहरुका मंगाई ईश्वर्लाइ थाहा गराईउन्। अनि ईश्वर्को

सबै बुद्धिबिचार् भन्दा बड़ो शान्तिले ख्रीष्ट येशूमां तिमिहरुका हिर्दय् र
तिमिहरुका मोन्लाइ पहरा दिंछ ॥
८ शेषमां हे भाईहरु हो जत्ति कुरा सच्चा जत्ति मान् माफिक्का जत्ति
धर्म्मयोग्य जत्ति शुद्ध जत्ति प्यार् माफिक्का जत्ति सुजस्का छन् क्येइ
पुण्ये छ भन्ये देखि अनि क्येइ सर्काई छ भन्ये देखि यिनैलाइ ध्यान्
९ गर। ज्ये ज्ये सिक्यौ पनि अनि ग्रहण् गर्‍यौ पनि अनि सुन्यौ पनि अनि
मंमां देख्यौ पनि यिनै गर्ने गर. अनि शान्तिको ईश्वर् तिमिहरु सङ हुंछ ॥
१० तर प्रभुमां बड़ा रमाहट् गर्‍यें अब शेषान्तरमां मेरो लागि मन्
गर्नुमां बौरि पलाइ आयौ जस् बिषयमा मन् गर्दं ता थियौ तर बेला
११ भेटाउदैन थियौ। अपुर्दाको हिसाप्ले भन्द छु होइन. किनभन्ये मैले
१२ ता सिकि सक्येको छु जस् गत्मां छंदै छु त्येस्मां सन्तोक् गर्नु। जान्द
छु होच्चियाईन पनि अनि जान्द छु उत्रोपात्रो भइ रहन् पनि. सबै तिर
बाटो अनि सबै कुरामां अघाउन पनि अनि भोकाउने पनि उत्रोपात्रो
१३ भइ रहने पनि अनि अपुर्दो भइ रहने पनि भेद् सिक्येको छु। मलाइ
१४ शक्तिमान् तुल्याउंनेमां ज्येसुकै पनि गर्ने बल् छ। तरै पनि मेरो
१५ कष्टमां सम्भागी हुदा गर्‍येकोले जाति गर्‍यौ। अनि तिमिहरु आफैले
पनि हे फिलिपेहरु हो जान्द छौ सुसमाचार्को थाल्निमां जब सकदूनिया
बाटो निक्ल्यें दिवाई र लिवाईको लेखा गरि कोई पनि मड्ली मेरो
१६ सम्भागी भयेन खालि तिमिहरु मात्रै किनभन्ये थिस्लोनीकीमां पनि
१७ एक् अं कनि खेप् मेरो खाचो परिअवाईको लागि पठाइ दियौ। दान्
चइ खोज्द छु होइन तर तिमिहरुको लेखामां बेसि बनीदै जाने फल्
१८ खोज्द छु। तर सबै थोक् पाइ सक्यें अनि उत्रोपात्रै भइ रहद छु
भरपुर् भयेको छु कस्तोगरिभन्ये तिमिहरुकाटोका ति सुगन्धको बास्ना
र ईश्वर्लाइ मनपर्दो ग्रहण् गर्ने माफिक्को बलिदान् भयेका थोक् इपाफ्र-
१९ दीत्काटो पायें। अनि मेरो ईश्वरले तिमिहरुचइको सबै खाचो परिअवाई
२० आफ्नु धन् अनुसार् ख्रीष्ट येशूमां गरि महिमामां भरपुर् गरि दिंछ।
अब महिमा हामिहरुको ईश्वर् र पितालाइ सधै सर्बदै हवस्। आमीन् ॥
२१ जनंगे पवित्र जन्लाइ ख्रीष्ट येशूमां सलाम्. मं सङका भाईहरुले
२२ तिमिहरुलाइ सलाम् भन्द छन्। सबै पवित्रै जन्हरुले सबै भन्दा बेसि
कैसर्को जहान् देखिकाहरुले तिमिहरुलाइ सलाम् भन्द छन्।
२३ प्रभु येशू ख्रीष्टको अनुग्रह तिमिहरुको आत्मा सङ हवस् ॥

पाऊल् प्रेरित्को पत्र कलस्सेहरुलाइ

१ १ पाऊल् ख्रीष्ट येशूको ईश्वर्को इच्छेको बाटोले प्रेरित् अनि
२ तिमोथियस् भाई कलस्सीमां हुंने पवित्र जन्हरु र ख्रीष्टमां बिश्वासी
भाईहरुलाइ. तिमिहरुलाइ हांमिहरुको पिता ईश्वर्को पट्टि बाटो अनुग्रह्
र शान्ति ॥
३ आफ्नु प्रभु येशु ख्रीष्टको पिता ईश्वर्को धन्यबाद् गर्द छौं तिमिहरुको
४ बिषय्मां सधैं प्रार्थना गर्दै किनभन्ये ख्रीष्ट येशूमां भयेको तिमिहरुको
बिश्वास्को सुन्यूं अनि त्येस् प्रेमको बिषय्मां जो सबै पवित्र जन्हरु
५ तिर राख्द छौ त्येस् तिमिहरुको लागि स्वर्गमां देखि छोड़ियेको
आशाको कारण्ले जस्को बिषय्मां त्येस् सुसमाचार्को सच्चैईको बचन्मां
६ अगाड़ि देखि सुन्यौ जो तिमिहरुकां आयेको छ जसोरि सबै फल्
ल्याउंदै र बढ़दै जांदै सबै संसार्मां पनि छ जसोरि तिमिहरुमां पनि छ
७ त्येस् दिन् देखि जस्मां ईश्वर्को अनुग्रह सच्चैईमां सुन्येर चिन्यौ जसोरि
हांमिहरुको प्रिय संगी दास् इपाफ्राको पट्टि बाटो सिक्यौ जो हांमिहरुको
८ लागि गरि ख्रीष्टको बिश्वास्योग्य सेवाइने हो जस्ले आत्मामां
भयेको तिमिहरुको प्रेम् हांमिहरु माथि प्रकाश् गर्‍यो पनि ॥
९ येसैकारण् हांमिहरु पनि सुन्येको दिन् देखि येसो तिमिहरुको लागि
प्रार्थना र संगाई गर्नु देखि थामींदौन आत्मिक् ज्ञान् र बुद्धिमां उस्को
१० इच्छेको चिनाईले पूर्ण पारियौ भन्येर तिमिहरु सबै खुश्पराई सम्म
गरि प्रभुको योग्य गरि हिड़नुलाइ सबै भलो काम्मां फल् ल्याउंदै र
११ ईश्वर्को चिनाईमां बढ़दै जांदै सबै स्थिरेई र धीरज् सम्म रसाहट्
समेत् गरि उस्को महिमाको सामर्थ अनुसार् सबै शक्तिमां शक्तिमान्
१२ तुल्याईदै जांदै हांमिहरुलाइ ज्योतिमां भयेको पवित्र जन्हरुको
अधिकार्को अंशको लागि माफिक्का तुल्याउंने पिताको धन्यबाद् गर्दै
१३ जस्ले हांमिहरुलाइ अंधकार्को अधिकार् देखि छोड़ायेर आफ्नु प्रेमको
१४ पुत्रको राज्मां सारि दियो जस्मां हांमिहरुलाइ हांमिहरुको उद्धार्
१५ अर्थात् हांमिहरुका पाप्को मोचन् छ. जो अदेख् ईश्वर्को मूर्त्ति र सबै
१६ सृष्टिको जेठो हो किनभन्ये उसैमां सबै थोक् सिर्जीये स्वर्गमां हुंने

र पृथिवीमां हुने देख् र अदेख् क्ये सिंहासन्हरु क्ये प्रभुतेईहरु क्ये
मालिकेईहरु क्ये अधिकार्हरु. सबै थोक् उसैको बाटोले र उसैको लागि
१७ सिर्जियेका छन्   अनि सबै थोक् भन्दा अगाडि उइ छ अनि उसैमां
१८ सबै थोक् सङ् सङै ठहरि रहेका छन्। अनि जीउको अर्थात् मंडलीको
सिर् उइ हो. जो आदि हो अर्थात् मर्दाहरु देखिको जेठो. सबै थोक्मां
१९ उइ मुख् रहस् भन्येर। किनभन्ये उसैमां सबै भरपूरीले बास् गर्नु
२० पिताको मर्जि भयो   अनि उसैको बाटोले उस्को क्रुसको लोहुको
बाटोले मिलाप् बनायेर सबै थोक् आफु सङ फर्काइ मिलाउंनु जे उसैको
२१ बाटोले क्ये स्वर्गमांका क्ये पृथिवीमांका सबै थोक् गरि। अनि तिमि-
अगाडि पराय्का र आफ्ना बुद्धिमां आफ्ना दुष्ट काम्मां सत्रुर् भयेका-
२२ हरुलाइ उस्ले अब ता फर्काइ मिलायो   उस्को शरीर्को जीउमां
गरि मृत्युको बाटोले. तिमिहरुलाइ आफ्नु सम्मुखि पवित्र र निष्कलंक् र
२३ धानि न हुने गरि उभ्याउनुलाइ. बिश्वास्मां रहि रहंद छौ भन्ये देखि
ता जग् बसालियेका र अचल् हुंद र आफुले सुन्येको स्वर्ग मुनिको सबै
सृष्टिमां प्रचारियेको सुसमाचार्को आशा देखि टल्ाईदै न जांदै. जुन्
सुसमाचार्को म पाऊल् सेवाइते भये ॥
२४   अब ता तिमिहरुको लागि भयेका आफ्ना दुखभोग्मां रमाउंद छु
अनि मैले पर्यंभरि ख्रीष्टका कष्टका घटिहुवाई उस्को जीउको लागि
२५ जो मंडली हो आफ्नु शरीर्मां पूरो गर्द छु   जुन् मंडलीको म चइं
तिमिहरुको लागि मलाइ दियेको ईश्वर्को कारन्दारि काम् अनुसार्
२६ सेवाइते भयें ईश्वर्को बचन् पूरो गरि सुनाउंनुलाइ   अर्थात् सबै जुग्
र पुस्ताहरु देखि गुप्त राखीयेकै भेद्. तर अब ता त्यो उस्का पवित्र
२७ जनहरु माथि प्रगटो गरीयो   जन्हरुलाइ ईश्वर्ले थाहा गराउंने
इच्छे गर्यो अन्यदेसीहरुमां येस् भेद्को महिमाको धन् क्ये हो रछ भनि
२८ जुन् भेद् महिमाको आशा भयेको तिमिहरुमां ख्रीष्ट हुनु हो. जस्लाइ
हामिहरु प्रचार्द छौं जनगे मान्छेलाइ चेतये दिंदै र जनगे मान्छेलाइ सबै
बुद्धिमां सिकाउंदै जनगे मान्छेलाइ ख्रीष्टमां सिद्ध गरि उभ्याऊं भन्येर
२९ जस्लागि दुख भर्द छु पनि उस्को ममां शक्ति सङ काम् गर्ने काम्गराई
अनुसार् हूप् बान्धदै ॥

२ १ कसोगरिभन्ये तिमिहरुले जान भन्ये इच्छे गर्द छु तिमिहरु र
लाओदिकेयामां हुनेहरु र शरीर्मां मेरो मुख् न देख्येका सबैको लागि

२ मेरो कति ठुलो हूप्बंधाई हुंद छ　तिनिहरुका हिर्दय् शान्त गराईउन्
तिनिहरु प्रेम्मां र बुद्धिको पूरो पत्यारोको समस्त धन् सम्म गरि गांठीइकन
३ ईश्वर्को भेद्को चिनाईको लागि अर्थात् ख्रीष्टको　जस्मां बुद्धि र
४ ज्ञान्का सबै भंडार् गुप्तै गरि छन्। यो येम्खातिर्ले भन्द छु कसैले
५ तिमिहरुलाइ फकाउंनिका कुराले धोका न देवस्। कसोगरिभन्ये शरीर्मां
गयेल् भये पनि आत्मामां ता तिमिहरु सङै छु रमाउंदै अनि तिमिहरुको
ठकान्लगाई र ख्रीष्ट मांथिको तिमिहरुको बिश्वास्को दर्बीलिई हेर्दै ॥
६　त जसो प्रभु ख्रीष्ट येशूलाइ ग्रहण् गर्‍यौ त्यसै उस्मां हिंड़　उस्मां
जरा बान्धीयेका भइ अनि उ मांथि बनाईदै जांदै अनि जसो सिकाईयेका
छौ त्यसै आफ्नु बिश्वास्मां थीरो गराईदै जांदै धन्नबाद्मां उत्रोपात्रो
भइ रहंदै ॥
८　चंख बस र कोई तिमिहरुलाइ आफ्नु बिद्या र रित्तो मायागराईको
बाटोले ठगि लांने न हवस् मान्छेहरुको तारिबेहोरा अनुसार् गरि संसार्का
९ मूल्शिक्षा अनुसार् गरि अनि ख्रीष्ट अनुसार् गरि होइन. किनभन्ये
१० उसैमां जीउमां गरि ईश्वरत्वको सबै भरपूरीले बास् गर्द छ　अनि
उसैमां भरपूर् गरीयेकाहरु हौ जो सबै मालिकेई र अधिकार्को सिर् हो
११ जस्मां बिना हात्ले गर्‍येको खत्नाले खत्ना पनि भयौ शरीर्को जीउ
१२ काड़्नुमां ख्रीष्टकै खत्नामां　कसोगरिभन्ये बप्तिस्मामां उ सङ
गाड़ीयौ जस्मां उस्लाइ मर्दाहरु देखि बौराइ उठाउंने ईश्वर्को काम्-
१३ गराईको बिश्वास्को बाटोले उ सङ बौराइ उठाईयौ पनि। अनि
तिमिहरुलाइ जब आफ्ना अपराध् र आफ्नु शरीर्को बिखत्नाले मर्दा
थियौ अं तिमिहरुलाइ उस्ले उ सङ जियायो हामिहरुको लागि हामिहरुका
१४ सबै अपराध् अनुग्रह गरि क्षमा गरिकन　कसोगरिभन्ये हामिहरुको
बिरुद्धमां भयेको बिधिहरुसम्बन्धी हस्तखाता मेटि दियो जो हामिहरु
देखि बिबल्यांटैको थियो. अनि उस्ले त्यो बीच् बाटो उठाइ लग्यो त्यो
१५ क्रूस्मां खील्ले टांसिकन. उस्ले मालिकेईहरु र अधिकार्हरुलाइ उतारि
दियेर खोल्लासा गरि तमास्को लागि देखायो कसोगरिभन्ये क्रूस्मां जय्-
जयकार् गरि लिहिंड़ाल्यो ॥
१६　येस्कारण् खांने बिषय्मां कि पीउंने बिषय्मां कि चाड् कि दुनिया
कि बिश्रामको दिन्को हिसाप्मां कसैले तिमिहरुको बिचार् न गरोस्.
१७ जुन् कुरा आउंदा कुराको छाया हुन्. तर जीउ चइं ख्रीष्टको हो।

१८ कसैले आफ्नै इच्छेको दीनहुवाई र दूतपूजाले तिमिहरुलाइ फूल्पाति
गुमाउंने न गरावस् ज्ये ज्ये देख्येको छ तिनैमां अड़ीइ बस्दै आफ्नु
१९ आफ्नु शरीरैको बुद्धि देखि व्यर्थै फुल्याईदै अनि उग् सिर्लाइ
समाति न रहंदै जो देखि समग्न जीउ जोर्नि र बन्धनहरुको बाटोले
पारिदिवाई पाइकन र एक्साथ् मिल्लाईइकन ईश्वर् देखिको बढ़ाईमां बढ़दै
जांद छ ॥
२० संसार्का मूल्शिक्षा देखि पर गरि ख्रीष्ट सङ मर्‍यौ त किन
२१ संसार्मां जीइ रहनेहरु झै गरि विधि विधि मनि परि रहंद छौ हात्
२२ न हाल् अनि न चाख् अनि न छो भन्न्ये (जन् सबै विषय् चल्न्
सक्कीयेमां पर्ने विनास्को लागि छन्) मान्छेहरुका आज्ञा र शिक्षाहरु
२३ अनुसार् गरि। जुन् विषय् बृद्धि माफिक्का देखाहा ता पर्द छन् आफ्नै
इच्छेको सेवागराई र दीनहुवाई र जीउ निरको निठुरईगराईमां गरि
ता तर शरीर्को सन्तुष्टगराईको विरुद्धमां गरि ता क्येइ मोल्का छैनन् ॥
३ १ येस्कारण् ख्रीष्ट सङ बौराइ उठाईयौ त ऊंभोका कुराको खोज् गर
२ जहां ख्रीष्ट छ ईश्वर्को दाहीनां हात् पट्टि बस्येको। ऊभोका कुराको
३ मन् गर पृथिवीमाकाको होइन। किनभन्ये मर्‍यौ अनि तिमिहरुको
४ जीउनि ख्रीष्ट सङ ईश्वर्मां लुकाईयेको छ। जब ख्रीष्ट जो हांमिहरुको
जीउनि हो प्रगटो गराईछ तब तिमिहरु पनि उ सङ महिमामां प्रगटो
गराईछौ ॥
५ येस्कारण् आफ्ना पृथिवीमांका अंगलाइ मर्दा पार व्यभिचार् अशुद्धेई
६ कुभाग् बरो अतिइच्छेलाइ अनि लोभ्लाइ जो मूर्त्तिपुजा हो जन्हरुको
७ कारण्ले ईश्वर्को क्रोध् नमनाईका सन्तान् माथि आउन्छ. जन्हरुमां
८ तिमिहरु पनि अगाड़ि हिड्यौ जब तिनमां जीउद थियौ। तर अब ता
तिमिहरुले पनि यि सबै उतारि राख क्रोध् रिस् बुराई निन्दा आफ्नु
९ मुख् देखिको दुर्मुख् गालि. एकाले अर्का सङ झूठ् न बोल. किनभन्ये
१० पुरानु मान्छे त्येस्का कार्जे समेत् उतारि राख्यौ अनि नया लायौ
जो आफ्नु सिर्जनेको अनुवार् अनुसार् चिनाईको लागि गरि नया गराईदै
११ जांद छ. जहां युनानी र यहूदी खत्ना र विखत्ना अन्यभाषे स्कुथी
दास् निर्बन्ध् हुदैन. तर ख्रीष्टै सबै थोक् अनि सबैमां छ ॥
१२ येस्कारण् ईश्वर्का छानीयेका पवित्र र प्रिय जानीयेका जन्हरुले
१३ झैं टिठेहिर्दय् कृपा दीनहुवाई नरमेई धीरज् लाव एकाले अर्कालाइ

सहंदै अनि कसैलाइ कोई मांथि दोष् लगाउंने कारण् छ भन्ये देखि
एकाले अर्कालाइ अनुग्रह् गरि माफ् दिंदै. जसोरि प्रभुले तिमिहरुलाइ
१४ अनुग्रह् गरि माफ् दियो त्येसैरि तिमिहरुले पनि देव. अनि यि सबै
१५ मांथि प्रेम् लाव जो सिद्धहुवाईको बन्धन् हो। अनि ख्रीष्टको शान्ति
जस्को लागि एकै जीउमां बोलाईयौ पनि तिमिहरुका हिर्दय्मां मञ्जुवा-
१६ बिचारी हवस् अनि धन्नबादी हव। ख्रीष्टको बचन्ले सबै बुद्धि सङ
तिमिहरुमां परमल्ल गरि बास् गरोस् तिमिहरुले एकाले अर्कालाइ गीत् र
भजन् र आत्मिक् गान्ले सिकाउंदै र चेतन्से दिंदै अनुग्रह सङ आफ्ना
१७ हिर्दय्मां ईश्वर्को सांम् गाउंदै। अनि बचन्मां कि कर्म्ममां ज्ये ज्ये
गर्द छौ सबै प्रभु येशूको नांउमां गर उस्को बाटोले ईश्वर् पिताको
धन्नबाद् गर्दै॥
१८ हे स्वास्नीहरु हो जसो प्रभुमां सुवाउंद छ त्येसै आफ्ना आफ्नै
१९ लोग्नेहरुको नाबिमां भइ रह। हे लोग्नेहरु हो आफ्ना आफ्नै स्वास्नीहरु
२० सङ प्रेम् गर अनि तिनिहरुको बिरुद्धमां तीता न हव। हे बालखहरु
हो सबै बिषयमां आफ्ना आमा बाबुहरुको आज्ञा मान किनभन्ये यो
२१ प्रभुमां सन्पर्दो छ। हे बाबुहरु हो आफ्ना बालखहरुलाइ न जिस्क्याव
२२ मन् भांचीयेका न होउन् भन्येर। हे दास्हरु हो सबै बिषयमां शरीर्
अनुसार्का आफ्ना ठाकुरहरुको नाबिमां भइ रह मान्छेहरुलाइ खुश्
पार्नेहरुले झैं मुख् हेर्ने दास्नीले होइन तर प्रभु देखि डराइ हिर्दयको
२३ चोख्येईले गरि. ज्ये गर्द छौ त्यो काम् मान्छेहरुको लागि होइन तर
२४ प्रभुको लागि गर्न्ये झैं गरि प्राणै देखि गर प्रभुको पट्टि बाटो
अधिकारको साटोफर्काई पाउंछौ भनि जानिकन. ख्रीष्ट ठाकुरको दास्नी
२५ पो गर्द छौ। किनभनेगरिभन्ये अन्न्ये गर्नेले ज्ये अन्न्ये गर्यो त्येस्को फिर्ता
४ १ पाउंछ अनि कसैइ पक्षपाई छैन। हे ठाकुरहरु हो ज्ये धर्म्मयोग्य र
बराबर् छ त्येइ आफ्ना दास्हरुलाइ गराइ देव हांमिहरुको पनि स्वर्गमां
ठाकुर् छ भनि जानिकन॥
२ ३ प्रार्थनामां लागि रह त्येस्मां धन्नबाद् सङ जागि रहंदै यो समेत्
हांमिहरुको लागि पनि प्रार्थना गर्दै ईश्वरले हांमिहरुको लागि बचन्को
दुवार् खोलि देवस् भन्येर ख्रीष्टको भेद् बोल्नुलाइ जस्को कारण्
४ बान्धीयेको पनि छु त्यो जसो मं बोल्नु उचित् छ प्रगटो गरुं भन्न्ये
५ स्वानिर्ले। बाइरकाहरु तिर बुद्धि सङ हिंड़ समयलाइ किनि छोड़ाउंदै।

६ तिमिहरुको भनाई सधैं अनुग्रह सङ्को हवस् नुन्ले स्वादीलो
गरि कसोगरि जनजनलाई उत्तर् दिनु पर्दछ भनि जानि ॥
७ मलाई चाहिं परेका विषय् त्यस् प्रिय भाई अनि प्रभुमा विश्वास्योग्य
८ सेवाइत र संगी दास् तुखिकुस्ले तिमिहरूलाई थाहा गराउंछ. जस्लाई
येसैलागि तिमिहरु थांइ पठायें तिमिहरूले हामिहरूको विषयका कुरा
थाहा पाव अनि त्यसले तिमिहरूका हृदय्लाई शान्ति देवस् भन्येर
९ त्यो विश्वास्योग्य र प्रिय भाई उनेसिमस् सङ्ग जो तिमिहरू देखिको छ।
तिनले यहांका सबै कुरा तिमिहरूलाई थाहा गराउछन् ॥
१० अरिस्तार्खुस् मेरो संगी बन्धवाले तिमिहरूलाई सलाम् भन्द छ र
मर्कुस् बर्णबासको भाईले पनि (जस्को विषयमा तिमिहरू थांइ आयो
११ भन्ये देखि त्यस्लाई ग्रहण गर भन्ये आज्ञा पायौ) र यस्तुस् भनीने
येशूले जो खतना देखिका हुनेहरू हुन्. ख्यालि यिनैहरू मात्रै ईश्वरको
राजको लागि मेरा सहकर्मी हुन् जुन्हरू मलाई मनथमाई भये।
१२ इपाफ्रा तिमिहरू देखिको हुने र ख्रीष्ट येशूको दास्ले तिमिहरूलाई
सलाम् भन्द छ सधैं तिमिहरूको लागि आफ्ना प्रार्थनामा हृप् बान्धदै
ईश्वरको सबै इच्छेमा सिद्ध र पुर्ण पारीयेका भइ उभीइ रह भन्येर।
१३ कसोगरिभन्ये त्यस्को लागि साक्षी दिद छु तिमिहरू र लाओदिकेयामा
हुनेहरू र हियरापलिसमा हुनेहरूको लागि त्यस्को धेरै मिहिनत् छ।
१४ १५ लूका प्रिय वैद्यले तिमिहरूलाई सलाम् भन्द छ र दीमाले। लाओदिकेयामा
हुने भाईहरूलाई सलाम् र नम्फालाई र तिनको घरमांको मंडलीलाई।
१६ अनि यो पत्र तिमिहरूनइका परीये पछि लाओदिकेयामांकाहरूको मंडलीमा
पनि पढीने गराव. अनि आफैं पनि लाओदिकेया देखिको पढ पर्ने गराव।
१७ अनि अर्खिपलाई प्रभुमा ग्रहण गरेको आफन् सेवामा त्यो पुरो गर्नुको
लागि चेत्त बस्न् हवस् भनि देव ॥
१८ म पाऊलको आफन् हातले लेख्येको सलाम्। मेरा बन्धन् सम्झना
गर। अनुग्रह तिमिहरू सङ्ग हवस् ॥

पाऊल् प्रेरित्को थिसलोनीकेहरुलाइ पहिलो पत्र

१ १ पाऊल् र सिल्वानुस् र तिमोथियुस् थिसलोनीकेहरुको ईश्वर् पिता
र प्रभु येशू ख्रीष्टमां हुंने मंडलीलाइ. तिमिहरुलाइ अनुग्रह् र शान्ति ॥
२ तिमिहरु सबैको विषय्मां सधैं ईश्वर्को धन्नवाद् गर्द छौं आफ्ना
३ प्रार्थनामां तिमिहरुको सम्झना गर्दै निरन्तर् आफ्नु ईश्वर् र पिताको
सांमु तिमिहरुको बिश्वास्को काम् र प्रेम्को दुखभराई र हांमिहरुको
४ प्रभु येशू ख्रीष्टको बिषय्को आशाको स्थिरेई सम्झंदै तिमिहरुको
५ छनाई हे भाईहरु हो ईश्वर् देखि प्रिय जानीयेका जानिकन कसोगरि
हांमिहरुको सुसमाचार् खालि बचन्मां होइन तर शक्तिमां र पवित्र
आत्मामां र अघोर्को पत्यारोमां तिमिहरुमां बनीयो जसो जान्द छौ
६ हांमिहरु चइं तिमिहरुमां कस्ताहरु बनीइ ठहर्‍यूं। अनि तिमिहरु चइं
हांमिहरुको र प्रभुको जस्नो चाल्मां हिंड्नेहरु भयौ कसोगरिभन्ये धेरै
७ कष्टमां पवित्र आत्माको रमाहट् सङ वचन् ग्रहण् गर्‍यौ यहां
सम्म गरि भयौ मकदूनियामां र आखायामांका सबै बिश्वास् गर्नेहरुको
८ लागि नमुना भयौ। कसोगरिभन्ये तिमिहरुको पट्टि बाटो प्रभुको वचन्को
सोहोरा फिंजीइ गयो खालि मकदूनिया र आखायामां मात्रै होइन तर
सबै ठांउमां ईश्वर् तिर भयेको तिमिहरुको बिश्वास्को चर्चा भइ गयो
९ यहां सम्म भइ गयो हांमिहरुलाइ कयेट बोल्ने खांचो छैन। कसोगरिभन्ये
तिमिहरु आफैले हांमिहरुको बिषय्मां कहि सुनाउंद छन् तिमिहरु थांइ
हांमिहरुको कस्तो अवाई भयो अनि कसोगरि जीउंदो र सांचोलो ईश्वर्का
१० दास् हुंनुलाइ मूर्त्तिहरु देखि ईश्वर् तिर फर्‍कयौं अनि उस्को उस्ले
मुर्दाहरु देखि बौराई उठायेको पुत्रको स्वर्ग देखि आउंने बाटो हेर्नुलाइ
अर्थात् हांमिहरुलाइ आउंदो क्रोध् देखि छोड़ाउंने येशूको ॥
२ १ कसोगरिभन्ये हे भाईहरु हो तिमिहरु थांइ हांमिहरुको अवाई आफैले
२ जान्द छौ त्यो ब्यर्थ भयेन. तर जसो जान्द छौ फिलिपीमां अगाड़ि
दुख भोग्येर अनि बल्मिचेई पायेर पनि तिमिहरु सित ईश्वर्को सुसमाचार्
धेरै हूप् बान्धि बान्धि बोल्नुलाइ आफ्नु ईश्वर्मां निर्भय् भयूं।

३ कसोगरिभन्ये हामिहरुको उपदेस् भर्माई देखि होइन अनि न अशुद्धेई देखि
४ अनि न छल् सङ. तर जसो सुसमाचार् हामिहरुको बिश्वास्मा सुम्पोआस्
भनि ईश्वर् देखि योग्य ठहराईयूं त्येसै बोल्दै जांद छौं मान्छेहरुलाइ
खुश् पार्दै झैं गरि होइन तर हामिहरुका हिर्दय् जांच्ने ईश्वर्लाइ।
५ कसोगरिभन्ये न ता कैल्हे लल्लोपत्तोका बचन् गर्दै ठहरीयूं जसो जान्द
६ छौ अनि न लोभ्को निउं गर्दै जसो ईश्वर् साक्षी छ　अनि न
मान्छेहरु देखि तिमिहरु देखि हवस् कि अरुहरु देखि हवस् बड़ाई खोज्दै
७ ख्रीष्टका प्रेरित् भयेकोले भार् हुन् सक्द थियूं र पनि। तर तिमिहरुको
बीच्मा कमलो ठहरीयूं जसोरि दुद्आमाले आफ्नै बालखहरुलाइ पोस्द
८ छ. त्येसै तिमिहरुको प्रेमी चाहा गरिकन तिमिहरुलाइ खालि ईश्वर्को
सुसमाचार् मात्रै होइन तर आफ्नु आफ्नु प्राण् पनि थाड़ि दिनुलाइ खोशि भयूं
९ किनभन्ये हामिहरुलाइ प्रियलाग्दा भयो। कसोगरिभन्ये हे भाईहरु हो
हामिहरुको दुखभराई र भक्त सम्झंद छौ. तिमिहरुमाको कोई माथि
भार् न दिऊं भन्येर रात् दिन् कमाई गर्दै तिमिहरुलाइ ईश्वर्को सुसमाचार्
१० प्रचार् गर्यूं। तिमिहरु साक्षी छौ अनि ईश्वर् पनि साक्षी छ कस्तो
पवित्र र धर्म्मी र निर्दोष गरि तिमि बिश्वास् गर्नेहरुको सामु ठहरीयूं
११ जस्तै जान्द छौ कसोगरि जसोरि बाबुले आफ्ना छोराहरु सित त्येसैरि
तिमिहरुमाको जनगं सित बेहोरा गर्यूं तिमिहरुलाइ उपदेस् र साधर्
१२ र साक्षी दिदै　तिमिहरु ईश्वर्को योग्य गरि हिड्नुको लागि जस्ले
तिमिहरुलाइ आफ्नु राज् र महिमामा बोलाउंद छ॥
१३ 　अनि येसैकारणले हामिहरु पनि निरन्तर् ईश्वर्को धन्नबाद् गर्द छौं
किनभन्ये हामिहरुकांटाको सुनाईको बचन् अर्थात् ईश्वर्को बचन् पायेर
त्यो मान्छेहरुको भनि होइन तर जसो त्यो सांचिनै हो ईश्वरैको बचन्
भनि ग्रहण् गर्यौ जुन् बचनले तिमि बिश्वास् गर्नेहरुमा काम् पनि गर्द
१४ छ। कसोगरिभन्ये हे भाईहरु हो ख्रीष्ट येशूमा भयेका यहूदियामा
हुने ईश्वर्का मण्डलीहरुको जस्तो चाल्मा हिड्नेहरु भयौ. किनभन्ये आफ्ना
निज् दाइभाई देखि तिमि दुख भोग्यौ जो तिनले पनि यहूदीहरु देखि
१५ भोग्ये　जुन्हरुले प्रभु येशूलाइ र अगमबक्ताहरुलाइ मार्ये पनि अनि
हामिहरुलाइ सताये पनि अनि ईश्वर्लाइ खुश् पार्दैनन् अनि सबै मान्छे-
१६ हरुका बिरोधी हुन्　कसोगरिभन्ये अन्यदेसीहरु सित ति बचाईउन्
भन्न्ये खातिर्ले बोल्नुलाइ हामिहरुलाइ थुन्द छन् सधैं आफ्ना पाप् पूरा
गर्नुको लागि. तर क्रोध् तिनिहरु माथि पूरापूर् गरि पुग्यो॥

१७ तर हांमिहरु चइं हे भाईहरु हो तिमिहरु देखि हिर्दय्मां ता होइन
तर मुख्मां गरि अलिक् बेर् सम्म टुहुरा भयेका भइकन झन् अग्घारै
१८ तिमिहरुको मुख् हेर्नलाइ बड़ो अतिइच्छे सङ छिटोछाटो गर्‍यूं. किनभन्ये
तिमिहरु थांइ आउने इच्छे गर्‍यूं अं मं पाऊलूचइंले एक् अं कत्ति चोप्
१९ इच्छे गर्‍यें अनि शैतान्ले हांमिहरुलाइ अड़कायो। कसोगरिभन्ये हांमि-
हरुको आशा कि रमाहट् कि घमंड्सगर्ईको मुकुट् क्या हो. क्ये हांमि-
२० हरुको प्रभु येशूको सांमु उस्को अवाईमां तिमिहरु होइन। कसोगरिभन्ये
हांमिहरुको बड़ाई र रमाहट् तिमिहरुइ हौ॥

३ १ येस्कारण् जब अरु थामीइ रहंन् सकेनुं तब अथेनीमां एक्लै
२ छोड़ीनूलाइ खुशि भयेर आफ्नु भाइ र ईश्वर्को ख्रीष्टको सुसमाचार्
भयेको सेवाइले तिमोथियुस्लाइ तिमिहरुलाइ स्थिर् गर्नु र तिमिहरुको
३ बिश्वाश्को बिषय्मां तिमिहरुलाइ शान्त गराउंनलाइ पठायूं यि
कष्टले कोई न डग्मगावस् भन्येर किनभन्ये येनैको लागि बसाल्येयेका
४ छौ भनि आफैंले जान्द छौ। कसोगरिभन्ये जब तिमिहरु सित थियूं तब
तिमिहरुलाइ अगाड़ि देखि कष्ट पाउंने छौं भनि भन्दै थियूं जसो भयो
५ पनि अनि जान्द पनि छौ। येसैकारण् मैंले पनि जब अरु थामीइ
रहंन् सकिंन तब तिमिहरुको बिश्वाश् थाहा पाउंनलाइ पठायें कहीं
परीक्षा गर्नेले तिमिहरुको परीक्षा गर्‍येको न हवस् अनि हांमिहरुको
६ दुखभराई ब्यर्थ न हवस्। तर तिमोथियुस्ले तिमिहरुको पट्टि बाटो
हांमिहरु थांइ फेर्नि आयेर तिमिहरुको बिश्वाश् र प्रेम्को सुसमाचार्
सुनाइ दियो अनि सधैं हांमिहरुलाइ भलो सम्झना गर्न्द छौ हांमिहरुलाइ
देख्ने अतिइच्छे गरिकन जसोरि हांमिहरु पनि तिमिहरुलाइ गर्द छौं
७ येसैकारणले हे भाईहरु हो तिमिहरुको बिश्वाश्को बाटोले आफ्ना सबै
८ संकट् र कष्टमां तिमिहरुको बिषय्मां शान्त गराईयूं. किनभन्ये अब ता
९ जीउंद छौ तिमिहरु चइं प्रभुमां स्थीर रहंद छौ भन्ये देखि। कसोगरि-
भन्ये ईश्वर्लाइ कुन् चइं धन्यवाद् तिमिहरुको बिषय्को साटो फर्काइ
दिंन् सक्द छौं त्येस् सबै रमाहट्को लागि ज्येले तिमिहरुको कारण् आफ्नु
१० ईश्वर्को सांमु रमाउंद छौ रात् दिन् अग्घार् औधिनै गरि बिन्ति
गर्दै तिमिहरुको मुख् देखूं अनि तिमिहरुको बिश्वाश्का अपुग्ये सिद्धयाऊं॥
११ अब हांमिहरुको ईश्वर् र पिता आफैंले अनि हांमिहरुको प्रभु येशूले
१२ हांमिहरुको बाटो तिमिहरु थांइ सोज्याइ बसालि देवस्. अनि प्रभुले

तिमिहरुलाइ एका अर्का तिरको र सबैनै तिरको प्रेम्मां बेसि बनीनु र
१३ परसस्त हुंनु लावस् जसोगरि हामिहरु पनि तिमिहरु तिर छौं उसले
हामिहरुको प्रभु येशूको आफ्ना सबै पवित्र जन्हरु सङको अवाईमां
तिमिहरुका हिर्दय् हामिहरुको ईश्वर् र पिताको सामु पवित्रैईमां निर्दोषी
गरि स्थिर् गरि दिनको लागि ॥

४ १ त शेष्मां हे भाईहरु हो प्रभु येशूमां तिमिहरु सित मांगद र उपदेस्
दिंद छौं जसो तिमिहरुले कसोगरि हिंड्नु र ईश्वरलाइ खुश् पार्नु पर्द
छ भनि हामिहरुबाटो पायौ जसो हिंड्दै पनि छौ त्यसै ज्यास्ति ज्यास्ति
२ गरि परसस्त हुंदै जाव। कसोगरिभन्ये तिमिहरुलाइ प्रभु येशूको बाटोले
३ कुन् कुन् आज्ञा दियुं भनि जान्द छौ। कसोगरिभन्ये ईश्वरको इच्छे
येइ हो अर्थात् तिमिहरुको पवित्रगराइ तिमिहरु व्यभिचार् देखि अलग्
४ रहनु तिमिहरुकांको जनगले जान्न आफ्नै भाडालाइ पवित्रगराइ र
५ मानमां हात् पार्नलाइ ईश्वरलाइ न जान्ने अन्यदेशीहरुले झैं कुइच्छेको
६ कुभागमा होइन कसैले नाघेर आफ्ना भाईलाइ येस् कुरामां लोभ्
गरि न ठग्न. किनभन्ये प्रभु यि सबै कुराको विषयमां निया गर्ने छ
७ जसो आगाडि देखि तिमिहरुलाइ भन्यु अनि साक्षी पनि दियु। कसोगरि-
भन्ये ईश्वरले हामिहरुलाइ अपवित्रैको लागि होइन तर पवित्रगराईमां
८ बोलायो। त तब जो टारि पठाउनेचइले मान्छेलाइ होइन तर तिमि-
हरुलाइ आफ्नु पवित्र आत्मा दिने ईश्वरलाइ टारि पठाउंद छ ॥
९ तर भाईप्रेमको विषयमा तिमिहरुलाइ कसैले तिमिहरुकां लेख्नु
खांचो छैन. किनभन्ये एकाले अर्कालाइ प्यारो गर्नु तिमिहरु आफै ईश्वर्
१० देखि सिकाईयेका छौ। कसोगरिभन्ये तिमिहरु सकदुनियामां हुने सबै
भाईहरु तिर त्यसै गर्द पनि छौ। तर हे भाईहरु हो तिमिहरुलाइ
११ उपदेस् दिंद छौं ज्यास्ति ज्यास्ति गरि परसस्त हुंदै जाव अनि
जसो तिमिहरुलाइ आज्ञा दियु चामचुम् रहनु र आफ्ना निज् कार्ज
१२ गर्नु र आफ्ना आफ्ना हातले कमाउनु मानुको गन र बाइरकाहरु तिर
सुरीतिमा हिंड्डर् गर अनि तिमिहरुलाइ कसैको खांचो न हवस् ॥
१३ तर हे भाईहरु हो सुति जानेहरुको विषयमां थाहा न पाव भन्ये
इच्छे गर्दैन आशा न हुने अरु रह्येकाहरुले झैं शोक् न गर भन्येर।
१४ कसोगरिभन्ये येशू मर्यो अनि बौरि उठ्यो भनि विश्वास् गर्द छौं त
त्यसैरि येशूमां सुति गयेकाहरुलाइ पनि ईश्वर्ले उ सङ ल्याउंछ।

१५ कसोगरिभन्ये प्रभुको बचन्ले तिमिहरूलाइ यो भन्द छौं हांमि जीइ
अर्थात् प्रभुको अवाई सम्म छोड़ीइ रहनेहरु सुति गयेकाहरु चइं भन्दा
१६ पहिलेइ पुग्ने छौंन। किनभन्ये प्रभु आफै अह्लाउको कराई सङ मूल्-
दूत्को सोर् सङ अनि ईश्वर्को तुरही सङ स्वर्ग बाटो उत्रि आउंछ.
१७ अनि ख्रीष्टमां सुति गयेकाहरु चइं पहिले उठ्छन्. तब हांमि जीइ
अर्थात् छोड़ीइ रहनेहरु चइं समेत् गरि तिनिहरु सङ प्रभुलाइ अकाश्मां
भेट्नुलाइ मेघ्मां गांजि लगीछौं. अनि येसोगरि सधैं प्रभुको साथ्मां हुंछौं।
१८ येसो हो भन्ये देखि ता यि बचन्ले एकाले अर्कालाइ शान्त गराव ॥

५ १ तर हे भाईहरु हो समय् र बेलाहरुको बिषय्मां तिमिहरूलाइ
२ तिमिहरुकां कयेइ लेख्नेने खांचो छैन। किनभन्ये आफैले राति चोर्
३ आये झैं प्रभुको दिन् आउंद छ भनि ठीक् ठीक् जान्द छो। जब
कुशल् र चैन् छ भनि भन्द छन् तब गर्भिर्णा हुने माथि पीरा आइ
लाग्ये झैं तिनिहरु माथि एक्कासिको नाश्टहुवाई आइ लाग्द छ अनि
४ कसैं निक्लि बांच्दैनन्। तर हे भाईहरु हो तिमिहरु चइ माथि त्यो
५ दिन् चोर् झै आइ पर्नुलाइ तिमिहरु अंधकार्मां छौन. कसोगरिभन्ये
तिमिहरु सबै ता ज्योतिका सन्तान् अनि दिन्का सन्तान् हो। रात्
६ देखिका छौंन अनि न अंधकार् देखिका न तब ता अरु रह्येकाहरु
७ झैं न सुतू तर जागि रहूं अनि हुशियार् रहूं। कसोगरिभन्ये सुत्नेहरु
८ रात्मां सुत्द छन् अनि मताहा हुनेहरु रात्मां मताहा हुंद छन्। तर
हांमिहरु चइं दिन् देखिका छौ भनि हुशियार् होऊं बिश्वास् र प्रेम्को
९ झिल्मसलाइ अनि मुक्तिको आशा गरि चइं टोप्। किनभन्ये ईश्वर्ले
हांमिहरूलाइ क्रोध्को लागि होइन तर मुक्तिको प्राप्तगराईको लागि
१० ठहरायो हांमिहरुको प्रभु येशू ख्रीष्टको बाटोले जो हांमिहरुको
११ लागि मर्यो र कये जागृ कये सुतूं समेत् उ सङ जीऊं। येसो हो भन्ये
देखि ता एकाले अर्कालाइ शान्त गराव अनि एकाले अर्कालाइ सुधार
जसो गर्द पनि छौ ॥

१२ तर हे भाईहरु हो तिमिहरु सित माग्द छौं तिमिहरुमां दुख भर्ने र
प्रभुमां तिमिहरुमां टाउके काम् गर्ने र तिमिहरूलाइ चेतन्ने दिंनेहरूलाइ
१३ मान. अनि तिनिहरुको काम्को कारण् तिनिहरूलाइ प्रेम्मां अग्घोर्
१४ औधिका बड़ा गन। आपस्तमां मिलि रह। अनि हे भाईहरु हो
तिमिहरूलाइ उपदेस् दिंद छौं अरीत्काहरूलाइ चेतन्ने देव काफर्हरुलाइ

१५ साधर् देव निर्बल्हरूलाइ सम्भाल सबैहरु तिर धीरजी हव। हेर कसैले
बुरोको साटो बुरो कसैलाइ न देवस् तर सधैं एकाले अर्का तिर र
१६ सबैहरु तिर भलाको खेदो गर। सधैं रमाहट् गर निरन्तर् प्रार्थना गर
१७ १८ सबै कुरा मां धन्नवाद् गर. किनभन्ये तिमिहरूको बिषयमां ख्रीष्ट येशूमां
१९ २० ईश्वर्को येइ इच्छे छ। आत्मालाइ न निभाव अगम्भनाईहरु तुच्छ
२१ २२ न ठान सबै कुरा जांच्र जानि चइ लिराख सबै प्रकार्को दुष्ट देखि
अलग् रह॥
२३ अनि शान्तिको ईश्वर् आफैंले तिमिहरूलाइ सम्पूर्ण पवित्र गरावस्
अनि तिमिहरूको आत्मा र प्राण् र जीउ हांमिहरूको प्रभु येशू ख्रीष्टको
२४ अवाईमां निर्दोष् गरि अखण्ड बचाइ राखोऔस्। तिमिहरूलाइ बोलाउने
बिश्वासयोग्य छ जस्ले यो गर्छ पनि॥
२५ हे भाईहरु हो हांमिहरूको लागि प्रार्थना गर॥
२६ २७ सबै भाईहरूलाइ पवित्र चुमाले सलाम्। तिमिहरूलाइ यो पत्र सबै
भाईहरूलाइ पढि सुनाईऔस् भनि प्रभुको किरिया दिद छु॥
२८ हांमिहरूको प्रभु येशू ख्रीष्टको अनग्रह तिमिहरु सङ्ग हवस्॥

पाऊल् प्रेरित्को थिसलोनीकेहरूलाइ दोस्रो पत्र

१ १ पाऊल् र सिल्वानस् र तिमोथियुस् थिसलोनीकेहरूको हामिहरूको
२ पिता ईश्वर् र प्रभु येसु ख्रीष्टमा हुने मण्डलीलाइ. तिमिहरूलाइ पिता
ईश्वर् र प्रभु येसु ख्रीष्टको पट्टि बाट अनुग्रह र शान्ति ॥
३ हे भाइहरू हो हामिहरूले तिमिहरूको बिषयमा जसो योग्य छ सधैं
ईश्वर्को धन्यबाद् गर्नु पर्द छ किनभने तिमिहरूको बिश्वास् अघारै
बढ्दै बढ्दै जांद छ अनि एका देखि अर्का तिर तिमिहरू सबैसाको अनेकको
४ प्रेम् बेसि बेसि बर्नादै जांद छ एता सम्म छ तिमिहरूको बिषयमा
ईश्वर्का मंडलीहरूमा तिमिहरू माथिका सबै उपद्रेहरू र तिमिहरूले
सह्येका सबै कष्टहरूमा तिमिहरूको स्थिरेर्इ र बिश्वास्को लागि आफै
५ घमण्ड् गर्द छौं जो ईश्वर्को धर्म्मानुसार् बिचार्को लक्षण् हो
तिमिहरू ईश्वर्को राज् माफिक्का गनाउनको लागि जस्को लागि दुख
६ पनि भोग्द छौ. यो ईश्वर्को धर्म्मानुसार् काम् हो भन्ने देखि
ना अर्थात् तिमिहरूलाइ कष्ट दिनेहरूलाइ साटोमा कष्ट फर्काइ दिनु
७ अनि तिमि कष्ट पाउनेहरूलाइ हामिहरू सङ ढाल्नो दिन प्रभु येशूको
उस्को शक्तिका दूत्हरू सङ स्वर्ग बाटोको प्रकाश्हुवाईमा जुवाले आगोमा
८ जब ईश्वर्लाइ न जान्नेहरू र हामिहरूका प्रभु येशूको सुसमाचार्को न
९ मान्नेहरूलाइ निया गराई दिंछ. जन्हरूले दण्ड अं प्रभुको मख् र उस्को
बल्को महिमा थांइ देखिको नष्टहुवाई भोग्छन् जब उ त्यस् दिन्मां
१० आफ्ना पवित्र जन्हरूमां महिमित् गराईनु र सबै बिश्वास् गर्ने भयेकाहरूमां
(किनभन्ये तिमिहरूलाइ दिईयेको हामिहरूको साक्षीको बिश्वास् गरीयो)
उदेक्को मानीनुलाइ आउंछ। अनि येस्लागि तिमिहरूको बिषयमा सधैं
११ प्रार्थना पनि गर्द छौं हामिहरूको ईश्वर्ले तिमिहरूलाइ तिमिहरूको बोलाई
माफिक्का ठानोस् अनि भलाईको सबै चाहा र बिश्वास्को सबै कर्म्म
१२ शक्ति सङ पूरो गरि देवस् भन्न्ये खातिर्ले र येसोरि तिमिहरूमां

हांमिहरुको प्रभु येशूको नांउको महिमा र उस्मां तिमिहरुको महिमा
हांमिहरुको ईश्वर् अनि प्रभु येशू ख्रीष्टको अनुग्रह् अनुसार् गरीओस् ।।
२ १ अब हे भाईहरु हो हांमिहरुको प्रभु येशू ख्रीष्टको अवाई र हांमिहरुको
२ उ थांइ भेलाहुवाईको लागि तिमिहरु सित मांग्द छौं तिमिहरु
प्रभुको दिन् बर्त्तमानै छ भन्न्ये झैं आत्माको बाटोले कि बचन्को बाटोले
कि हांमिहरुले लेख्येको जस्तो पत्रको बाटोले आफ्नु बुद्धि छोड्ने गरि
३ न हल्लाईनुको लागि अनि न घब्रगाउनको लागि. कसैले तिमिहरुलाइ
कुनै परिले न बहकावस्. किनभन्न्ये त्यो दिन् हुदैन त्यो धर्म्मत्याग् पहिले
भयेन भन्न्ये देखि अनि त्यो पापको मान्छे प्रगटो गरीयेन भन्न्ये देखि
४ अर्थात् त्यो नासैको सन्तान् त्यो बिरोधी भइ ईश्वर् भनीने र
भक्ति गर्नु पर्ने सबै माथि अभिमानी हुने यहां सम्मको हुने त्येस्ले
आफुलाइ ईश्वर् गरि खट्लगाई देखाउदै ईश्वर्को पवित्रबासमा बस्द छ ।
५ क्ये सम्झंदौन तिमिहरु थांइ हुंदैखेरि यि कुरा तिमिहरुलाइ भनि सक्ये ।
६ अनि अब ता त्येस्लाइ त्यो आफ्नु बेलैमां प्रगटो गरीओस् भन्न्ये खातिरले
७ थुनि राख्नेलाइ जान्द छौं । कसोगरिभन्न्ये अधर्म्मको भेदले एैले पनि
काम् गर्द छ. खालि एैले सम्म बीच् देखि न उठाईज्याल् सम्मको येउटा
८ थुनि राख्ने छ । अनि तब त्यो अधर्म्मी जन् प्रगटो गरीछ जस्लाइ
प्रभु येशूले आफ्नु मुखको पवन्ले क्षय् गर्छ अनि आफ्नु अवाईको
९ प्रकाशीलोहुवाईले बिनाश गराउछ जस् जन्को अवाई शैतान्को
कामगराई अनुसार् छ सबै शक्ति र चिन्हरु र झुठ्का उदेक्का काम्
१० सङ अनि नाश हुदै जानेहरुको लागि अधर्म्मको सबै माया सङ
तिनिहरुले आफु बचाईनुको लागि सच्चेईको प्रेम् ग्रहण् न गर्‍येको साटोमां ।
११ अनि येस्कारण् ईश्वरले तिनिहरुलाइ तिनिहरुले झुठ्को बिश्वास् गर्नुको
१२ लागि भर्माईको येउटा कामगराई पठाइ दिंद छ. सच्चेईको बिश्वास्
न गर्ने तर अधर्म्म देखि खुशि हुनेहरु सबैको बिचार् गरीओस्
भन्येर ।।

१३ तर हे प्रभु देखि प्रिय जानीयेका भाईहरु हो हांमिहरुले तिमिहरुको
बिषयमां सधैं ईश्वर्को धन्नबाद् गर्नु पर्द छ किनभन्न्ये ईश्वरले तिमि-
हरुलाइ थाल्हनिनै देखि आत्माको पवित्रगराई र सच्चेईको बिश्वास्मां
१४ मुक्तिको लागि छानि लियो. जस्लागि उस्ले तिमिहरुलाइ हांमिहरुको
सुसमाचार्को बाटोले हांमिहरुको प्रभु येशू ख्रीष्टको महिमाको प्राप्तिको

१५ लागि बोलायों। त तब ता हे भाईहरु हो उभीइ रह अनि ज्ये ज्ये
बेहोरा हांमिहरुको वचन्को बाटोले हवम् कि पत्रको बाटोले हवम्
सिकाईयौ ति समाति राख ॥
१६ अब हांमिहरुको प्रभु येशू ख्रीष्ट आफैले अनि हांमिहरु सङ प्रेम्
गर्ने र अनुग्रहले अनन्त शान्ति र भलो आशा दिने हांमिहरुको पिता
१७ ईश्वर्ले तिमिहरुका हिर्दयलाइ शान्ति देवम् र सबै भलो कर्म्म र
वचन्मां स्थिर् गरोम् ॥
३ १ शेष्मां हे भाईहरु हो हांमिहरुको बिषय्मां प्रार्थना गर र प्रभको
२ वचन् दुगुरोस् अनि तिमिहरु थांइ झै महिमित् गराईओस् अनि
हांमिहरु अबेहोरे र दुष्ट मान्छेहरु देखि छोड़ाईऊं कसोगरिभन्ये बिश्वास्
३ सबैलाइ छैन। तर प्रभु ता बिश्वास्योग्य छ जस्ले तिमिहरुलाइ स्थिर्
४ गर्छ अनि दोस् दुष्ट देखि जोगाउंछ। अनि तिमिहरुको बिषय् ज्ये ज्ये
आज्ञा दिद छों ति गर्द छौ अनि गरोला पनि भन्ये प्रभमां भरोसा
५ राख्द छौं। अनि प्रभले तिमिहरुका हिर्दय् ईश्वर्को प्रेम्मां र ख्रीष्टको
धीरज्मां सोज्याइ बसालोस् ॥
६ अब हे भाईहरु हो तिमिहरुलाइ हांमिहरुको प्रभु येशू ख्रीष्टको
नांउले आज्ञा दिद छौं अर्थात् मङ हिड़्ने र हांमिहरुकाटो पायेको बेहोरा
७ अनुसार् न हिड़्ने जनरो देखि जोगी बस। कसोगरिभन्ये आफैले जान्द
छौ कसोगरिकन हांमिहरुको जस्तो चाल्मां हिड़्नु पर्द छ. किनभन्ये
८ तिमिहरुमां अर्थात् मङ हिड़्अन अनि न कसैकाटो सित्तैमां गरि
रोटी खायू तर तिमिहरुमांको कोई मांथि भार् न दिऊं भन्येर दुखभराई
९ र श्रमनमां रात् दिन् कमाई गर्दै गरि. हांमिहरुलाइ अधिकारै छैन भनि
होइन तर आफुलाइ तिमिहरुलाइ तिमिहरु हांमिहरुको जस्तो चाल्मां
१० हिड़्नको लागि नमुना तुल्याइ दिऊं भन्येर। कसोगरिभन्ये तिमिहर
थांइ हुदैबेरि पनि तिमिहरुलाइ यो आज्ञा दिद थियूं कसैले कमाउने
११ इच्छे गर्दैन न खांदै पनि न खावम्। कसोगरिभन्ये सुन्द छौ कत्ति
जना तिमिहरुमां अर्थात् मङ हिड़्द छन् अरे कसोगरिभन्ये आफुनै ता
कयेइ पनि काम् गर्दैनन् तर अरुहरुको चइं काम्मां पो हात् हाल्ने गर्द
१२ छन् अरे। अब येस्ताहरुलाइ आज्ञा दिंद र प्रभु येशू ख्रीष्टमां उपदेस्
१३ गर्द छौं खुरुखुरु कमायेर आफुनै रोटी खाने गरुन्। तर तिमिहरु चइं
१४ हे भाईहरु हो जानि गर्दामां हरेस् न खाव। अनि कसैले येस् पत्रमांको

हामिहरुको वचन्को मान्दैन त त्येस्लाइ त्यो सङ न मिल्नीनु भनि चिनि
१५ राख त्यो शर्माउनुको लागि। तै पनि त्येस्लाइ सत्तुरूलाइ जस्तो न गन
तर भाईलाइ जस्तो चेतन्ने देव॥
१६ अब शान्तिको प्रभु आफैले निमिहरूलाइ नित्ये सबै रीतले शान्ति
देवस्। प्रभु निमिहरु सबै जना सङ हवस्॥
१७ मं पाऊलको आफ्नु हात्ले लेख्येको सलाम् जन्नै गांटै पिच्छे पत्रमां
१८ चिनु छ. येसैनै गरि लेख्द छु। हांमिहरुको प्रभु येशु ख्रीष्टको अनुग्रह
निमिहरु सबै जना सङ हवस्॥

पाऊल् प्रेरित्को तिमोथियुस्लाइ पहिलो पत्र

---

१ १ पाऊल् ख्रीष्ट येशूको हामिहरुको मुक्तिदाता ईश्वर् र हामिहरुको
आशा ख्रीष्ट येशूको आज्ञा अनुसार् प्रेरित् बिश्वास्मांको आफ्नू सांचो
२ बालख तिमोथियुस्लाइ. तंलाइ हामिहरुको पिता ईश्वर् अनि हामिहरुको
प्रभु ख्रीष्ट येशूको पट्टि बाटो अनुग्रह दया शान्ति ॥
३ जसो मकदूनियामां जांदाखेरि तंलाइ इफिसुस्मां रह भनि उपदेस्
४ दियें र कत्तिलाइ आज्ञा दे अरुइ शिक्षा न देव अनि न कहनीहरु
र अपार् बंशावलीकथाहाहरु मान जुन् कुराले बिश्वासैमां हुने ईश्वर्को
कारन्दारि काम् भन्दा झन् खोज्खाजैहरु पो गराइ दिंद छन् भन्ये
५ त्यसै एले दिंद छु। नर त्यस् आज्ञाको समाप्ति शुद्ध हिर्दय् र भलो
६ बिबेक् र निष्कपट् बिश्वास् देखिको प्रेम् हो. ज्ये ज्ये देखि बिरायेर
७ कत्ति ता नाहक्बात्चीत् तिर तर्कि फर्कि गये. ब्यवस्था सिकाउनेहरु
हुने इच्छे गर्दै क्ये क्ये भन्द छन् अनि क्ये क्येको बिषय्मां तुजुक् सङ
८ बोल्द छन् भनि चाल् न पाउदै र पनि। नर ब्यवस्था जानि छ भनि
जान्द छौं कसैले त्यस्को चलन् ब्यवस्था अनुसारै गर्द छ भन्ये ता
९ यो जानिकन ब्यवस्था ठहराईद छ धर्म्मीको लागि होइन नर अधर्म्मी र
ताबिबिनाकाहरुको लागि अभक्तहरु र पापीहरुको लागि अपवित्र हुने
१० र अपवित्र गर्नेहरुको लागि पितृघाती र मातृघातीहरुको लागि मान्छे-
घातीहरु ब्यभिचारीहरु पुरुष्गामीहरु मान्छेचोर्नेहरु झूठाहरु र झूठो किरिया
खानेहरुको लागि अनि निर्कोयोग्य शिक्षाको अरु क्येइ बिरुद्ध छ भन्ये
११ देखि त्येस्को लागि पनि हो धन्न ईश्वर्को महिमाको त्येस् सुसमाचार्
अनुसार् जो मेरो बिश्वास्मां सुम्पीयो ॥
१२ मंलाइ शक्तिमां बढ़ाइ दिंने अर्थात् ख्रीष्ट येशू हामिहरुको प्रभुको
गुण् मान्द छु किनभन्ये उस्ले मंलाइ बिश्वास्योग्य गन्यो कसोगरिभन्ये
१३ सेवागराईमां ठहराइ राख्यो अं मं पहिले निन्दक् र सताउने र
उपद्रे भयेकोलाइ पनि. तै दया पायें किनभन्ये अबिश्वासेईमां अजानैमां

१४ त्येसो गर्न्यें अनि हांमिहरुको प्रभुको अनुग्रह् ख्रीष्ट येशूमां भयेको
१५ बिश्वास् र प्रेम् सङ औधिनै बेसि बनीयो। त्यो वचन् बिश्वास्योग्य
र सबै खुशि सित्को ग्रहण् माफिक्को छ ख्रीष्ट येशू मंसार्मां पापीनै-
१६ हरुलाइ बचाउंनुलाइ आयो भन्न्ये. जुन्हरुमां मं चइं मूल् छु. तर
येस्खातिर्ले दया पायें मं मूलैमां ख्रीष्ट येशूले आफ्नु सबै धीरज् उ मांथि
अजम्मरे जीउंनिको लागि बिश्वास् गर्नु आंट्नेहरुको नपना गरि देखावस्
१७ भन्न्ये। अब सधैंको अबिनाशी अदेख् राजा अद्वितीय ईश्वर्लाइ सधैं
सर्बदै मान् र महिमा हवस्। आमीन् ॥

१८ यो आज्ञा ए मेरो बालख तिमोथियुस् तेरो जिम्मामां तेरो बिषय्मां
अघि अघि हिंड्ने अगम्भनाई अन्सार् राख्द छु तिनले जानि चइं
१९ सिपांइगिरि गर्ने गर् भन्न्येर बिश्वास् र भलो बिबेक् राखिकन जो
२० घचेटि दियेकोले कत्तिले ता बिश्वास्को नाउभंग् भोग्ये. जुन्हरुमांका
हुमिनई र सिकन्दर् हुन् जस्लाइ ता शैतान्लाइ सुम्पि दियें र कुटाई
पाइ ईश्वर्को निन्दा न गर्नु सिकाईउन् ॥

२ १ त सबै भन्दा पहिले उपदेश् दिद छु बिन्ति प्रार्थना अर्जबिन्ति धन्नबाद्
२ सबै मान्छेहरुको लागि गरीउन् भन्न्ये. राजाहरु र श्रेष्ठेई हुंनेहरु सबैको
लागि शान्त र चाम्चुम जीवन् सब् प्रकार्को भक्ति र मान्माफिक्को-
३ हुवाईमां काटूं भन्न्येर। यो हांमिहरुको मुक्तिदाता ईश्वर्को मुखेंजि
४ जाति र खुश्ग्रहण्योग्य छ. जस्ले सब्बै मान्छेहरु बचाईने र सच्चेईको
५ चिनाईमां आउंने इच्छे गर्द छ। कसोगरिभन्न्ये एकै ईश्वर् छ ईश्वर् र
मान्छेहरुको एकै मझुवा पनि छ अर्थात् आफै मान्छे भयेको ख्रीष्ट येशू
६ जस्ले आफुलाइ सब्बैको लागि सट्टाउद्धार् गरि दियो. निज् समय्हरुमां
७ पर्ने साक्षी येइ हो जस्को निम्तिमां मं प्रचार्ने र प्रेरित् (सच्चेईं
भन्द छु मं झूठ् बोल्दीन) बिश्वास् र सच्चेईमां अन्यदेसीहरुको शिक्षा
दिने ठहराइ राखीयें ॥

८ त मन् गर्द छु सबै ठांउमां पुरुष्हरुले प्रार्थना गरुन् क्रोध् र बिबाद्
९ बिना पवित्र हात् उचालि भन्न्ये। त्येसै स्त्रीहरुले आफु आफुलाइ
सुशर्म र सुबुद्धि सङ सुवाउंदो पहिरन्ले सिंगारुन् चुल्ठोबटाई र सुन् कि
१० मोतिहरु कि भारी मोल्को बस्त्रले होइन तर (ज्ये गर्नु ता ईश्वर्-
भक्तिका करहार् गर्ने स्त्रीहरुको लागि उचित् छ) भला कर्म्मले।
११ १२ स्त्रीले सब् ताबिहुवाई सङ चाम्चुम्मां सिकोस्। तर सिकाउंनु चइं

स्त्रीलाइ दिंदींन अनि न पुरुष् मांथि अधिकार् चलाउंनु तर चाम्चुम्मां
१३ १४ हुंनु। कसोगरिभन्ये आदम् पहिले बनाईयो तब हव्वा। अनि आदम्
भुल्याईयो होइन तर स्त्री चइं भुल्याईयेर तर्किहिंड़ाईमां परि गयेकी छ.
१५ तर बाल्खजन्माईको बाटो बाड़ो बचाईछ सुबुद्धि सङ बिश्वास् र प्रेम् र
पवित्रगराईमां बनीइ रहिन् भन्ये देखि ता ॥

३ १ त्यो बचन् बिश्वास्योग्य छ कसैले धर्म्माधिकार्को अघोर्को खोज्
२ गर्द छ भन्ये देखि जाति काम्को अघोर्को इच्छे गर्द छ। त खांचो
छ धर्म्माधिकारी निर्दोष् हुंनु एकै स्वास्नीको लोग्ने संयमी सुबुद्धि सुचाले
३ अनिथिसेवागराई गर्ने शिक्षा दिंनुमां सिपालु झगरेलु न हुंने न
कुटामारे तर अनुग्रह् गर्ने बाझावाझ् न गर्ने रुपिया पैसा प्यारो न गर्ने
४ आफ्नै घर्को सिर्हुवाई काम् जाति गरि गर्ने आफ्ना बाल्खहरुलाइ सबै
५ मान्माफिक्कोहुवाई सङ ताबिमां राख्ने (तर कसैले आफ्नै घर्को
सिर्हुवाई काम् गर्नु जान्दैन त कसोगरि ईश्वर्को मंडलीको खबर्दारी
६ गर्छ) नया शिक्षे न हुंने होइन भन्ये ता अहंकार्ले फुलीइ शैतान्को
७ बिचार्मां पर्ला। अनि पनि खांचो छ बाइरकाहरुको पट्टि बाटो त्येस्को
जाति साक्षी हुंनु होइन भन्ये ता निन्दा र शैतान्को पासोमां पर्ला।
८ त्येसै खांचो छ सेवाइनेहरु मान् माफिक्का हुंनु दुइजिब्रे न हुंनेहरु मद्यमां
९ लाग् न हुंनेहरु दुर्लोभी न हुंनेहरु बिश्वासको भेद् शुद्ध बिबेक् सङ
१० राख्नेहरु। तर यिनिहरु पहिले जांचीउन् पनि तब थानि न हुने राछन्
११ भन्ये देखि सेवाइने काम् गरुन्। त्येसै खांचो छ सेवाइनेनीहरु मान्
माफिक्की हुनु दोष् लगाउने न हुनेहरु संयमिनी सबै कुरामां बिश्वास्-
१२ योग्या। सेवाइनेहरु एकै स्वास्नीका लोग्ने होउन् आफ्ना बाल्खहरु
१३ र आफ्नै घर्को सिर्हुवाई काम् जाति गरि गर्ने। कसोगरिभन्ये
सेवाइने काम् जाति गरि गर्येकाहरुले आफ्नु लागि जाति दर् अनि
ख्रीष्ट येशूमां भयेको बिश्वास्मां बड़ो निर्भय् प्राप्त गर्द छन् ॥

१४ यि कुरा तं थाइ छिटो आउने आशा राखि पनि तेरां लेख्द छु
१५ तर किन लेख्द छु धेर् ढिलायें भन्ये ईश्वर्को घर्मां जो जीउंदो ईश्वर्को
मंडली सच्चेईको खांबो र टेवा हो कस्तो बास्बसाईको चलन् गर्नु
१६ खांचो छ भनि जान् भन्येर। अनि सर्बस्वीकार् अनुसार् भक्तिको भेद्
बड़ो छ अर्थात् जो शरीर्मां प्रगटो गरीयो आत्मामां धर्म्मी ठहराईयो
दूत्हरुका देखाहा पर्यो अन्यदर्शीहरुमा प्रचारीयो संसार्मां पत्याईयो
महिमामां ऊंभो लगीयो ॥

४ १ तर आत्माले खोल्किन भन्द छ येस् पछिका समय्हरुमां कति
मान्छे बिश्वास् त्यागि जांछन् भर्माउंने आत्माहरुलाइ र भूत्हरुका
२ शिक्षालाइ मान्दै झूठ्बचन् गर्नेहरुको कपट्ले जो आफ्नै बिबेक्मां
३ डाम् लाग्येकाहरु हुन् कसोगरिभन्ये ब्याहा गर्नु थुनि दिंद छन् अनि
भोजन्हरुको भोग् त्याग्नु लाउंद छन् ज्ये ईश्वर्ले बिश्वास् गर्ने र सच्चेई
४ चिन्नेहरुको धन्नबाद् सङ्को लिवाईको लागि सिर्जि दियो। किनभन्ये
ईश्वर्को सिर्जीयेको जुन्सुकै पनि थोक् जाति छ अनि धन्नबाद् सङ
५ लिवाई भयेको कुनै पनि थोक् आफालि राख्नीनु पर्ने छैन. कसोगरिभन्ये
ईश्वर्को बचन् र अर्जबिन्तिको बाटोले पबित्र गर्गीद छ ॥
६ भाईहरुलाइ यि कुरामां ध्यान् लाउने गरायेकोले ख्रीष्ट येशूको
जाति सेवाइने हुछस् बिश्वास् र तैले गेले सम्म पछ्रायेको जाति शिक्षाको
७ बचन्मां पाल्दैदै जांदा. तर अपबित्र गर्ने र बूढीहरुका जस्ता कहनीहरु
८ देखि अलग् रह। अनि आफुलाइ भक्तिको लागि मघाउंने गर. कसोगरि-
भन्ये शरीरिक् सघाई थोरैको निम्तिमां उपताको छ तर भक्ति चइं
सबैनै कुराको निम्तिमा उपताको छ कसोगरिभन्ये त्येस्लाइ हुदो अनि
९ पनि आउदो जीउनिको करहार् छ। त्यो बचन् बिश्वास्योग्य र सबै
१० खुशि सित्को ग्रहण् माफिक्को छ। कसोगरिभन्ये येस्खातिर्ले दुख भर्द
र हप् बाल्थ्द छौ किनभन्ये जीउदो ईश्वर् माथि आशा राख्द छौ जो
जन्सुकै पनि मान्छेहरुको मक्तिदाता हो सबै भन्दा बेसि गरि बिश्वासी-
११ १२ हरुलाइको। यि कुराको आज्ञा र शिक्षा दिंने गर। कसैले तेरो
केटोलैइ तुच्छ न ठानोस् तर बचन्मां बास्बसाईको चलन्मां प्रेम्मां
१३ बिश्वास्मां शुद्धेईमा बिश्वासीहरुको नपना होइ जा। म न आउंज्याल्
१४ सम्म पराई उपदेस्गराई शिक्षादिवाईको बिपय्मां चंख हो। आफुमां
भयेको त्येस् अनुग्रह्दान्को बेइ गनाई न गर्ने न हो जो प्राचीन्हरुका
१५ हात्राखाई सङ अगमभनाईको बाटोले तलाइ दिईयो। यि कुराको धन्दा
१६ मान् यिनमां लागि रह र तेरो बढ्ती सबैको प्रगटो हवस्। आफ्नु
र *आफ्नु शिक्षाको बिपय्मां चख रह! यि काम्मां रहि रह*
किनभन्ये येसो गर्दा आफैलाइ र आफ्ना सुन्नेहरुलाइ पनि बचाउंछस् ॥
५ १ कसै बूढालाइ न हकार् तर बाबुलाइ झै उपदेस् दे. तन्हेरिहरुलाइ
२ चइं दाज्युभाईहरुलाइ झै गरि. बृद्धाहरुलाइ चइं आमाहरुलाइ झैं गरि.
३ तरुणीहरुलाइ चइं दिदीबैनीहरुलाइ झैं गरि सबै शुद्धेई सङ। बिधुवी-

४ हरुलाइ जो निस्सेइ बिधुवी हुन् मान् गर्। तर कसै बिधुवीका छोरा
छोरी कि नाति नातिनी छन् भन्ये देखि तिन्ले पहिले आफ्नै घर् तिर
भक्ति देखाउंनु र आफ्ना पित्र पित्रालाइ सट्टा फर्काइ दिनु सिकुन्
५ किनभन्ये यो ईश्वर्को मुखेंजि खुश्ग्रहणयोग्य छ। अब जो निस्से
बिधुवी हो अनि एक्लै छोडीयेकी छ त्येस्ले ईश्वरै मांथि आशा राख्द
६ छ अनि रात् दिन् बिन्ति र प्रार्थनामां लागि रहंद छ। तर भोग्-
७ बिलाम्मां रहंने चइं जीउंदै पनि मरी। यि कुराको आज्ञा पनि दिने गर्
८ तिनिहरु निर्दोष् होउन् भन्येर। तर कसैले आफ्ना निज् लोग्को र
सबै भन्दा बेसि गरि आफ्ना जहान्काहरुको अगम्चिन्ता गर्दैन त बिश्वास्-
९ लाइ अस्वीकार् गऱ्यो अनि अबिश्वासी भन्दा बुरो छ। कोई बिधुवी
गरि बहीमां न लेखीओस् खालि साठि बर्ष देखि ऊंधोकी न हुंने चइ
१० एकै लोग्नेकी स्वास्नी भयेकी सुकर्म्मको बिषय्मां भलाद्मी भनियेकी.
छोरा छोरी पाल्येकी छ अतिथिसेवा गऱ्येकी छ पवित्र जन्हरुका गोड़ा
धोयेकी छ कष्टित् हुंनेहरुको उपकार् गऱ्येकी छ जन्सुकै पनि भलो
११ काम् पछ्याइ रह्येकी छ भन्ये देखि। तर तरुणी बिधुवीहरुलाइ ग्रहण्
न गर् किनभन्ये जब ख्रीष्टको बिरुद्ध बिलासिनी भइन् तब ब्याहा गर्ने
१२ इच्छे गर्द छन्. आफ्नु पहिलो बिश्वास् टारि पठाइन् भनि दण्डको आज्ञा
१३ पाइकन। अनि यो समेत् घर् घर् डुल्दै बिकाम् हुंनु सिक्द छन् अनि
खालि बिकाम् मात्रै होइन तर उचित् न हुंने कुरा बोल्ने गफ्फिनी र
१४ अरुहरुको काम्मां हात् हाल्ने पनि। त मन् गर्द छु तरुणी चइ बिधुवी-
हरुले ब्याहा गरुन् छोरा छोरी जन्माउन् घर्की स्वामिनी होउन् बिरोधी-
१५ लाइ जिल्ल्याईको लागि क्येइ ठांउ न दिउन्. किनभन्ये अबै पनि
१६ कति ता शैतान्को पछि पछि तर्कि फर्कि गइन्। कसै बिश्वासिनीका
बिधुवीहरु छन् भन्ये देखि तिन्को उपकार् गरोस् अनि मंडलीले ता
तिन्को भारि न बोकोस् र निस्से बिधुवी भयेकीचइंहरुको उपकार्
गरोस् ॥

१७ टाउके काम् जानि गरि गर्ने प्राचीन्हरु दोबर् मान् माफिक्का
ठानीउन् सबै भन्दा बेसि गरि बचन् र शिक्षामां दुख भर्नेहरु चइं।
१८ कसोगरिभन्ये धर्म्मशास्त्रले दांइ गर्ने गोरुलाइ महला न लगा भनि भन्द
१९ छ अनि खेताला आफ्नु बनिको योग्य छ। प्राचीन्को बिरुद्धको दोष्
२० दुइ कि तीन् साक्षीको साक्षी बिना ग्रहण् न गर्। पाप् गर्नेहरुलाइ

ता सबैको मुखेंजि दोप् दे अरु रह्येकाहरुलाइ पनि डर् हवस् भन्येर्।
२१ ईश्वर्‌को र ख्रीष्ट येशूको र छानीयेका दूत्‌हरुको मुखेंजि पवित्राज्ञा दिंद
छु बिना अगम्‌बिचार् गरि यि कुराको जगेरा गर् पन्‌पसाई अन्‌सार्‌मां
२२ क्येइ पनि न गरिकन। कोई मांथि हात् छिटो न राख् अनि न अर्काका
२३ पाप्‌मां सम्भागी हो. आफुलाइ शुद्ध बचाइ राख्। पानी खांने अरु
येमो न हो तर आफ्नु आंद्रोको र लगातार् दुख्येको कारण् थोरै दाख्‌रस्‌को
२४ चलन् गर्। कत्ति मान्छेहरुका पाप् प्रकाशित् छन् बिचार्‌मां अघि
२५ हिन्दै. अनि कत्तिका ता नि पछि हिन्द छन्। त्येसैरि कत्ति सुकर्म्म पनि
प्रकाशित् छन्. अनि अरुइ हुंने चइं लुकनु सक्‌दैनन्॥
६ १　जुवा मुनिका जत्ति दास् छन् आफ्ना आफ्ना स्वामीलाइ सबै मान्
. माफिक्‌का गनुन् ईश्वर्‌को नांउको र शिक्षाको निन्दा न गरीओस् भन्येर।
२ अनि जस् जस्का बिश्वासी स्वामी छन् तिन्‌लाइ भाई हुन् भनि तुच्छ
न ठानुन् तर सुकर्म्म पाउंनेहरु बिश्वासी र प्रिय पो हुन् भनि झन्
ज्यास्ति तिन्‌को दास्नी गरुन्। यि कुराको शिक्षा र उपदेस् दे॥
३　कसैले अरुइ शिक्षा दिंद छ अनि निकोयोग्य अर्थात् हामिहरुको
प्रभु येशु ख्रीष्टका चइं बचन् र भक्ति अन्‌सार्‌को शिक्षा मान्दैन भन्ये
४ देखि　त्यो अहङ्कार्‌ले फुलीयो क्येइ थाहा न पाउंदै तर खोज्‌खाज् र
बचन्‌बाझाबाझ्‌हरुको रोगी हुंदै जुन्‌हरु देखि डाहा झगरागराई निन्दागराई
५ दुष्ट ठनाई　बुद्धिमा बिगारीयेका र सच्चेई देखि ठगीयेका र भक्ति
हात्‌पराईको उपाय् हो भनि ठान्येका मान्छेहरुका कचिङ्ल् बनीद छन्।
६ तर सन्तोषै सङ्को भक्ति बड़ा हात्‌पराई हो. कसोगरिभन्ये संसार्‌मां
८ क्येइ ल्यायून अनि न क्येइ निकालि लैजांनु सक्‌छौं　तर लाउंने
९ खांने थोक् पा　यिनैमां सन्तुष्ट रहंछौं। तर धनी हुंने मन् गर्नेहरु चइं
येस्ता परीक्षा र पासो र धेरै अबुझ् र हानिकारी कुइच्छेहरुमां पर्द छन्
जस्ले मान्छेहरुलाइ नास् र सत्येनास्‌मां बुड़ाइ दिंद छन्। कसोगरिभन्ये
१० धन्‌को लोभ् सबै बुराईहरुको येउटा जरा हो. ज्येको अग्घोर्‌को खोज्
गर्दा कत्ति जना बिश्वास् देखि भर्माईये अनि आफुलाइ धेरै बिलाप्‌ले
वार्‌पार् छेंडे॥
११　तर तं चइं ए ईश्वर्‌को मान्छे यि कुरा देखि भाग् अनि धर्म्म
१२ भक्ति बिश्वास् प्रेम् स्थिरेई नर्‌मेइंको खेदो गर्। बिश्वास्‌को जाति
लड़ाई लड़् अनि अजम्मरे जीउंनि समाति हाल् जस्को लागि बोलाईइस्

पनि अनि धेरै साक्षीहरुको मुखेंजि जानि स्वीकार्को स्वीकार् गरिस् ।
१३ तंलाइ सबैलाइ जीउंदो राख्ने ईश्वर्को अनि पुंतियुस् पिलातुस्को सांमु
जानि स्वीकार्को साक्षी दिने ख्रीष्ट येशूको मुखेंजि आज्ञा दिंद छु
१४ यो आज्ञा बिना दाग् र दोष्को भइ हांमिहरुको प्रभु येशू ख्रीष्टको त्यो
१५ प्रकाशीलोहुवाई सम्म मान्ने गर्   जो त्येस्का निज् समय्हरुमां उस्ले
देखाउंछ जो धन्न र एक्ले अधिराज् हो राज् गर्नेहरुको राजा र प्रभुतेई
१६ गर्नेहरुको प्रभु   एक्लो अमर् हुने अगम्य ज्योतिमां बास् गर्ने जस्लाइ
मान्छेहरुमांको कसैले देख्येन अनि न देख्नु सक्द छ. जस्लाइ मान् र
अजम्मरे सामर्थ हवस् । आमीन् ॥
१७ येस् बर्त्तमान् जगत्मां धनी हुनेहरुलाइ आज्ञा दे न सकुन् भन्न्ये
अनि न धन्को अनिस्सेई मांथि तर हांमिहरुलाइ सुख्भोग्को लागि सबै
१८ थोक् परसस्त गरि गराइ दिने ईश्वर् मांथि आशा राखुन्   भलाई
गरुन् जानि काम्मां धनी होउन् उक्षिनोदानी होउन् सम्भार्गीहुवाईमां
१९ लागू होउन्   आउदा समय्को लागि जानि जग् आफ्नु लागि बटुलि
राख्दै निस्से चइं जीउनि ससानि हाल्न् भन्येर ॥
२० ए तिमोथियुस् तंलाइ दिईयेको थाती पहरामां राख् झूठो नांउ
भयेको ज्ञान्का अपवित्र गर्ने बक्वाद् र बिरोधवाद् देखि तर्कि फर्कि जांदै
२१ जुन् ज्ञान्को स्वीकार् गर्दै कति जना बिश्वास्को बिषय्मां बिराइ गये ॥
तिमिहरु सङ्ग अनुग्रह हवस् ॥

पाऊल् प्रेरित्को तिमोथियुस्लाइ
दोस्रो पत्र

१ १ पाऊल् ख्रीष्ट येशूमां भयेका जीउंनिको करहार् अनुसार् ईश्वर्को
इच्छेको बाटोले ख्रीष्ट येशूको प्रेरित् आफ्नु प्रिय बालक तिमोथियुस्लाइ.
२ पिता ईश्वर् र हामिहरूको प्रभु ख्रीष्ट येशूको पट्टि बाटो अनुग्रह् दया
शान्ति ॥
३ ईश्वर्को जस्को आफ्ना पितृहरु देखि येसो भयेको सेवा शुद्ध
बिबेक्ले गर्द छु गुण् मान्द छु आफ्ना प्रार्थनामां तेरो बिषय्को कस्तो
४ निरन्तर् सम्झना राख्द छु तेरा आंसु सम्झिकन तंलाइ देख्ने रात्
५ दिन् अघोर्को इच्छे गर्दै रमाहट्ले भरीयेको होउ भन्येर किनभन्ये
तंमा भयेको निष्कपट् बिश्वास्को सम्झना पायें ज्यले पहिले तेरी बज्यु
लोईस्मा र तेरी आमा उनीकीमां बास् गर्यो अनि तमां पनि बास्
६ गर्द छ भन्ये भरोसा गर्द छु. जुन् कारण्ले तंलाइ सम्झना गराउंद छु
मेरो हात्रखाईको बाटोले आफुमा भयेको ईश्वर्को अनुग्रहदान् सल्का।
७ किनागरिभन्ये ईश्वर्ले हामिहरूलाइ काफरेइको होइन तर शक्ति र प्रेम्
८ र सुबुद्धिगराईको आत्मा दियो। न हामिहरूको प्रभुको साक्षी देखि न
लजा अनि न म उस्को बन्धुवा देखि. तर सुसमाचार् सङ मिलि बुराई
९ भोग् ईश्वर्को शक्ति अनुसार् जस्ले हामिहरूलाइ बचायो अनि
पवित्र बोलाईले बोलायो हाम्रा कर्म्म अनुसार् होइन तर आफ्नु निज्
मनगराई र त्येस् अनुग्रह् अनुसार् जो ख्रीष्ट येशूमां सनातन् युगनयुग्
१० भन्दा पहिले हामिहरूलाइ दिईयो. तर अब ता हामिहरूको मुक्तिदाता
ख्रीष्ट येशूको प्रकाशीलोहुवाईको बाटोले प्रगटो गरीयेको छ जस्ले
मृत्युलाइ निकाम्मे गरायो अनि जीउंनि र अबिनाश् सुसमाचार्को बाटोले
११ ज्योतिमां देखायो ज्येको निम्तिमां म प्रचार्ने र प्रेरित् र शिक्षा
१२ दिंने ठहराइ राखीयें. जुन् कारण्ले यिनै दुख पनि भोग्द छु. तै लजाउंदीन
किनभन्ये जस्को बिश्वास् गर्येको छु उस्लाइ जान्द छु अनि उ मैले

उस्लाइ दियेको थाती त्येस् दिन्को लागि पहरामां राख्नुलाइ शक्तिमान्
१३ छ भनि भरोसा राख्द छु। बिश्वास्मां र ख्रीष्ट येशूमां भयेको
प्रेम्मां ति निकोयोग्य बचन्को नपना राख् जो मेरो पट्टि बाटो सुनिस्।
१४ तंलाइ दिईयेको जाति थाती हांमिहरुमां बास् गर्ने पवित्र आत्माको बाटोले
पहरामां राख्॥
१५ यो जान्द छस् आशियामां हुंने सबै जनाले मं देखि मुख् फर्काये
१६ जुन्हरुमां फुगील् र हर्मोगिनिस् छन्। उनीसिफर्को जहान्लाइ प्रभुले
दया देवस्. किनभन्ये त्येम्चइंले ता बारंबार् मंलाइ सित्तल् पारि दियो
१७ अनि मेरो साङ्लो देखि लजायेन तर रोम्मां हुंदा अग्घार् छिटोछाटो
१८ गरि मंलाइ खोज्यो अनि पायो (प्रभुले त्येम्लाइ त्येम् दिन्मां प्रभुको
पट्टि बाटो दया पाउंनु देवस्). अनि त्येस्ले इफिसुस्मां कत्ति बिषय्मां
सेवा गर्‍यो तं आफैलाइ राम्रो गरि थाहा छ॥

२ १ त तं ए मेरो बालख ख्रीष्ट येशूमां भयेको अनुग्रहमां शक्तिमां
२ बढ्दै जा। अनि ज्ये ज्ये कुरा मेरांटो धेरै साक्षीहरुको बाटोले सुनिस्
ति बिश्वास्योग्य मान्छेहरुलाइ सुम्पि दे जो जो अरुहरुलाइ पनि सिकाउंने
३ माफिक्का हुंनन्। मं सङ बुराई भोग् ख्रीष्ट येशूको जाति तिलंगाले
४ झैं। कसैले तिलंगागिरि गर्दा आफुलाइ जीविकाका काम्काज्मां अल्झा-
५ उंदैन आफ्नु भर्ती गर्नेलाइ खुश् पारोस् भन्येर। अनि पनि कसैले
बलाबल्को खेल् गर्द छ त बिधि अनुसार् गर्‍येको छैन भन्ये मुकुट्
६ पाउंदैन। खांचो छ दुख भर्ने किसानिले पहिले फल्को अंश पाउंनु।
७ ज्ये भन्द छु चाल् पा कसोगरिभन्ये प्रभुले सबै कुरामां तंलाइ बुद्धि दिंछ।
८ येशू ख्रीष्टलाइ मुर्दाहरु देखि बौरि उठेको दाऊद्का बंश देखि भयेको
९ सम्झना राख् मेरो सुसमाचार् अनुसार्. जस्मां कुकर्म्मीले झैं बन्धन्
सम्मको बुराई भोग्द छु तर ईश्वर्को बचन् चइं बान्धीयेको छैन।
१० येसैकारण् सबै कुरामां छानीयेकाहरुको कारण्मां स्थिर् रहंद छु र
तिनिहरुले पनि अनन्त महिमा समेत् ख्रीष्ट येशूमां हुने मुक्ति पाउन्।
११ त्यो बचन् बिश्वास्योग्य छ कसोगरिभन्ये उ सङ मंर्‍यूं त उ सङ जीउंछौं
१२ पनि. स्थिर् रहंद छौं त उ सङ राज् पनि गर्छौं. उस्लाइ अस्वीकार्
१३ गर्‍यूं भन्ये देखि उस्ले पनि हांमिहरुलाइ अस्वीकार् गर्छ. हांमिहरुले
अबिश्वास् गर्दै पनि उ ता बिश्वास्योग्य रहंद छ कसोगरिभन्ये आफैले
आफैलाइ अस्वीकार् गर्नु सक्दैन॥

१४ यि कुरा तिनिहरुलाइ सम्झाइ दे तिनिहरुलाइ प्रभुको मुखेंजि
पवित्राज्ञा दिंदै क्येइ पनि नाफाको न गरि तर खालि सुन्नेहरुलाइ भत्काइ
१५ बचन्बाझाबाझ् गर्ने न गर। छिटोछाटो हो आफुलाइ योग्यलाग्दो गरि
ईश्वर्लाइ दिइ हाल्नुलाइ लजाउंनु न पर्ने खेताला भ सच्चेईको
१६ बचन्को मोजो चल्न् गर्ने गरिकन। तर अपवित्र गर्ने बक्बाद् देखि
१७ अलग् रह. किनभन्ये अभक्तिमां बेसि बेसि बढ्नी गर्छन् अनि तिन्को
बचन्ले गाड्रेखटीरोग्ले झैं खांदै लांछ. जुन्हरुको खाल्मां हुमिनई र फिलित् छन्
१८ जुन्हरु बौरिउठाई भइ सक्कीयो भन्दै सच्चेईको बिषय्मां बिगाइ गये
१९ अनि कत्तिको बिश्वास् उल्टाइ दिंद छन्। तरै पनि ईश्वर्को दर्बीलो
जग् चइ ठह्रि रहंद छ कसोगरिभन्ये यो छाप् छ प्रभुले जो जो उस्का
छन् तिनिहरुलाइ चिन्द छ भन्ये. अनि प्रभुको नांउ लिने जनले अधर्म्म
२० देखि दूर् हवस् भन्ये। अब बड़ा घर्मां खालि सुन् र चांदीका भांड़ा
मात्रै होइन तर काठ् र मांटोका पनि छन् अनि कत्ति मान्को लागि
२१ कत्ति अमान्को लागि छन्। त कसैले यि निकालि आफुलाइ चोख्यायो
भन्ये देखि मान्को लागिको भांड़ा हुंछ पवित्र गरीयेको र स्वामीको
खूब् चल्न् माफिक्को भयेको र सबै भलो कर्म्मको लागि तियार् पारीयेको।
२२ तर तन्हेरेईका कुइच्छे देखि भागि रह अनि धर्म्म बिश्वास् प्रेम् मिलाप्को
खेदो गर् शुद्ध हिर्दय् देखि प्रभुको नांउ लिनेहरु सबै सङ मिलि।
२३ तर मूर्ख र अज्ञानी खोज्खाज्हरु देखि अलग् रह् बाझाबाझ् जन्माउंने
२४ छन् भनि जानिकन। अनि प्रभुको दास्लाइ बाझाबाझ् गर्नु उचित् छैन
तर जोसुकै तिर पनि कमलो हुंनु शिक्षा दिंनुमां सिपालु बुराई सहने
२५ बिरोधबादीहरुलाइ नर्मई सङ सिकाउंदै कोनि कतै ईश्वरले तिनिहरुलाइ
२६ सच्चेईको चिनाईको लागि पश्चात्ताप् देला अनि प्रभुको दास् देखि
ईश्वर्को इच्छेको लागि फंसाइ समातीयेर शैतान्चइंको पासो देखि
हुशियार् भइ निक्लनन्॥

३ १ तर यो थाहा पा पछिल्ला दिन्मां डर्लाग्दा समय् आइ पर्छन्।
२ कसोगरिभन्ये मान्छेहरु आप्स्वार्थी धन्का लोभी शेखी गर्ने अहंकारी
३ निन्दक् आंमा बाबुलाइ न मान्ने औगुणी अपवित्र निर्मयालु निर्दयालु
४ दोष् लगाउंने असंयमी निठूर् भलो प्यारो न गर्ने बिश्वास् पकराइ
दिंने उताउला अहंकार्ले फुलीयेका ईश्वर् भन्दा बेसि सुखबिलास् प्यारो
५ गर्ने भक्तिको बिधि हुंने र पनि त्येस्को शक्ति देखि अस्वीकार्

६ गर्नेहरु हुंछन्. यिनिहरु देखि पनि फर्कि जा। किनभन्ये यिनैहरुमांका
हुन् घर् घर् पसिकन पाप् थुप्र्याईयेकी नाना प्रकार्का कुइच्छेले लिहिंड़ा-
७ लीयेकी मूर्खी आइमाइहरुलाइ बन्धुवा गर्नेहरु जुन् आइमाइहरु सधैं
सिक्दै रहंछन् र पनि कैल्हे सच्चेईको चिनाई सम्म पुग्नु सक्दैनन्।
८ अनि जुन् रीत्ले यान्नीस् र यांब्रीस् मूसाको बिरुद्धमां उभीये यिनिहरु
पनि सच्चेईको बिरुद्धमां उभींद छन् यि बुद्धिमां बिगारीयेका र बिश्वास्को
९ बिषय्मां अयोग्य ठहराईयेका मान्छेहरु। तर बेसि बढ़्दैनन्. कसोगरि-
भन्ये तिनिहरुको बौल्हो सबै मांथि प्रकाशित् हुंछ जसो ति दुइको पनि
१० भयो। तर तंचइले ता मेरो शिक्षा लिहिंड़ाई मन्सगराई बिश्वास् धीरज्
प्रेम् स्थिरेई उपद्रेईहरु दुख्भाग्हरुको रीत् कांड़ो देखि पैल्याइ रहिस्
११ कस्ता कस्ता कुरा मं मांथि अन्ताखियामां इकुनियम्मां लुस्त्रामां बित्ये
कस्ता कस्ता उपद्रेई सह्यें. अनि ति सबै देखि प्रभुले मलाइ छोड़ायो।
१२ अं अनि ख्रीष्ट येशूमां भक्ति सङ जन्म बिताउने इच्छे गर्नेहरु चइ ता
१३ सबै जना सताईछन्। तर दुष्ट मान्छेहरु र छल्कारीहरु भर्माउंदै र
१४ भर्माईंदै बराईमां बेसि बेसि बढ़्ना गरि रहंछन्। तर तं चइं आफुले
सिकयेका र निस्से पत्याउंन् लागेका कुरामां बनाइ रह कस्को पट्टि बाटो
१५ सिकिस् भनि जानिकन अनि बाल्खै देखि तंलाइ ख्रीष्ट येशूमा
भयेको बिश्वास्को बाटोले मुक्तिको लागि ज्ञानी तुल्याउन सक्ने पवित्र
१६ शास्त्र जान्येको छस्। ईश्वरप्रेरणा भयेको जन्सुकै पनि धर्म्मशास्त्र
उपनाको छ शिक्षा निम्ति दोष्प्रगटागराई निम्ति सुधराई निम्ति धर्म्ममांको
१७ शिक्षा निम्ति. ईश्वर्को मान्छे सिद्ध हवस् भन्येर जन्सुकै पनि भलो
काम्को निम्ति सम्पूर्ण सिद्ध तुल्याईयेको॥

४ १ ईश्वर्को अनि जीउंदा र मर्दाहरुको बिचार् गर्न् आउने ख्रीष्ट
येशूको सास् अनि उस्को प्रकाशीत्सांहुदाईको र उस्को राज्को किरिया
२ दिइ तंलाइ पवित्राज्ञा दिद छ वचन्को प्रचार् गर् सुसमय् र
असमय्मां तत्पर् गर्दै रह सबै धीरज् र सिकाई सङ दोष् प्रगटो गर्
३ हकार् उपदेस् दे। किनभन्ये समय् आउंछ जब निकोयोग्य शिक्षा
सहदैनन् तर चिल्चिलाउने कान्का भइ आफ्ना कुइच्छे अनुसार् आफ्नु
४ लागि शिक्षा दिनेहरुको थुप्रो लगाउछन् अनि आफ्ना कान् सच्चेई
५ तिर देखि फर्काउंछन् अनि कहनीहरु तिर तर्कि फर्कि जांछन् तर तं
चइं सबै कुरामां हुशियार् रह बुराई भोग् सुसमाचार् प्रचार्नेको काम्

६ गर् आफ्नु सेवाईने काम् पूरो गर्। कसोगरिभन्ये मं चइं ऐलेइ तर्पींद
७ छु अनि मेरो उम्काईको बेला आइ पऱ्यो। जाति लड़ाई लड़ि सक्यें
८ होइ् पूरो गर्यें बिश्वास् बचाइ राख्यें। अब देखि मेरो लागि त्यो
धर्म्मको मुकुट् राखि छोड़ीयेको छ जो प्रभु धर्म्मी बिचारीले त्येम् दिन्
मंलाइ दिंछ. अनि मंलाइ मात्रै होइन तर उस्को प्रकाशीलोहुवाई प्रिय
जान्नेहरु सबैलाइ पनि ॥

९ १० मं थांइ छिटो आउंनुलाइ छिटोछाटो गर्. किनभन्ये दीमाले यो बर्त्तमान्
ममार्लाइ प्रिय जानि मंलाइ छोड़्रर थिसलोनीकीमां गयो. क्रीस्की
गलातियामां गयो तीतुस् चइं दल्मातियामां। मेरो साथ्मां लूका
११ मात्रै छ। मर्कुस्लाइ आफु सङ्ग लियेर आव. किनभन्ये सेवाईने कामको
१२ निम्ति मेरो लागि खूब् चल्न् माफिक्को छ। तर तुखिकुस्चइंलाइ
१३ ईफिसुस्मां पठायें। तैंले आउंदा त्यो मैंले त्रोआस्मां कार्पको छोड़ि
आयेको ओढ्ने ल्या र पत्रहरु र सबै भन्दा बेसि गरिकन चर्मपत्रहरु
१४ नइं। सिकन्दर् ठांड़ाले मं माथि धेर् बुराई गर्यो. प्रभुले त्येस्का कर्म्म
१५ अनुसार् त्येस्लाइ साटो दिंछ. जुन् देखि तं पनि जोगीइ रह. किनभन्ये
१६ हामिहरुका बचनको अग्घोरै बिरोधेई गर्यो। मेरो पहिलो खेपको
उत्तरदिवाईमां कोई पनि मं छेउ थियेन तर सबैले मंलाइ छोड़्र. तिनिहरु
१७ देखि लेखा न लिईओस्। तर प्रभु ता मं छेउ उभीयो अनि मंलाइ
शक्तिमां बढ़ायो मेरो बाटोले प्रचार् पूरो गरीओस् र सबै अन्यदेशीहरुले
१८ सुनून् भन्येर. अनि सिंहको मुख् देखि छोड़ाईयें। सबै दुष्ट कर्म्म देखि
प्रभुले मंलाइ छोड़ाउंछ अनि आफ्नु स्वर्ग राज् सम्म गरि बचाउंछ.
जस्लाइ सधैं सर्बदै महिमा हवस्। आमीन् ॥

१९ २० प्रिस्का र अकूलालाइ र उनीसिफरको जहान्लाइ सलाम्। इरास्तुस्
कुरिन्थुस्मां रह्यो. तर त्रोफिमुस् चइं दुख्येको थियो त्येस्लाइ मीलीतुस्मां
२१ छोड़्र। जाड़ाको समय् हिंउदो लाग्नु भन्दा पहिलेइ आउंनुलाइ छिटो-
छाटो गर्। उबूलले तंलाइ सलाम् भन्द छ अनि पूदी र लीनस् र
क्लोदिया र सबै भाईहरुले पनि ॥

२२ प्रभु तेरो आत्मा सङ्ग हवस्। अनुग्रह तिमिहरु सङ्ग हवस् ॥

पाऊल्‌को पत्र तीतुस्‌लाइ

१ १ पाऊल् ईश्वर्‌को दास् अनि येशू ख्रीष्टको प्रेरित् ईश्वर्‌का छानीयेका-
हरुको बिश्वास्‌को र भक्ति अन्सार् भयेको सच्चेईको चिनाईको हिसाप्‌ले
२ अजम्मरे जीउंनिको आशामां ज्येको करहार् झूठ् बोल्नु न सक्ने ईश्वर्‌ले
३ सनातन् युग्‌नयुग् भन्दा पहिले गर्‍यो तर आफ्‌ना निज् समय्‌हरुमां
आफ्‌नु बचन् त्येस् प्रचार्‌ले प्रगटो गर्‍यो जो हांमिहरुको मुक्तिदाता
४ ईश्वर्‌को आज्ञा अन्सार् मेरै बिश्वास्‌मां सुम्पीयो. साधारण् बिश्वास्
अन्सार्‌को आफ्‌नु सांचो बालख तीतुस्‌लाइ. पिता ईश्वर् र हांमिहरुको
मुक्तिदाता ख्रीष्ट येशूको पट्टि बाटो अनुग्रह र शान्ति ॥
५ येसैखातिर्‌ले तंलाइ क्रेतेमां छोड़ेर घटी भइ रह्येका कुरा सोजो
पारि दे अनि सहर् सहर्‌मां प्राचीन्‌हरूलाइ खटा मैंले तंलाइ आज्ञा दिये
६ झैं भन्येर कोई धानि न हुने छ भन्ये देखि एकै स्वार्स्नीको लोग्ने
कुकर्म्मका दोषी कि बिनानाबिका न भयेका बिश्वासी बालखहरु हुने।
७ कस्तोगरिभन्ये खाचो छ धर्म्माधिकारी धानि न हुने हुंन ईश्वर्‌को कारन्दारि
झैं आफ्‌नै खुशि न गर्ने क्रोधे न हुंने झगरेलु न हुंने कुटामारे न हुने
८ दुर्लोभी न हुंने तर अतिथिसेवागराईको खेदो गर्ने भलाई प्यारो
९ गर्ने सुबुद्धि राईको हुने धर्म्मी भक्त संयर्मी सिकाई अन्सार्‌को
बिश्वास्‌योग्य बचन् सङ लागि रहदै र निकोयोग्य शिक्षामा उपदेस्
दिंनुलाइ पनि अनि बिरुद्धमां बात् गर्नेहरुलाइ दोष् दिंनुलाइ पनि शक्तिमान्
हवस् ॥
१० कस्तोगरिभन्ये धेरै जना बिनानाबिकाहरु छन् नाहक्‌बात्‌चीत् गर्ने र
११ बहकाइ दिनेहरु सबै भन्दा बेसि खतना देखिकाहरु चइ जुन्‌हरुका
मुख् बुच्याउंनु खांचो छ जुन्‌हरुले दुर्लोभ्‌को कारण् अनुचित् शिक्षा दिंदै
१२ सिंगै जहान्‌हरुलाइ उल्टाइ दिंद छन्। तिनिहरुमांको एक् जनाले जो
तिनिहरु आफैंको अगम्‌बक्ता थियो भन्येको छ क्रेतीहरु सधैं झूठ् बोल्नेहरु
१३ बुरा बन्‌पशुहरु बिकाम् पेट्‌पालाहरु हुन्। यो साक्षी सच्चा छ. जुन्
कारण्‌ले तिनिहरुलाइ निठुरेई सङ दोष् दे बिश्वास्‌मां निको होउन्
१४ भन्येर यहूदे कहंनीहरु र सच्चेई देखि फर्कि जांने मान्छेहरुका
१५ आज्ञाहरु न मान्दै। शुद्धहरुको लागि सबै थोक् शुद्धै छन्. तर अशुचि

भयेका र अविश्वासीहरुको लागि क्येइ पनि शुद्ध छैन् तर तिनिहरुको
१६ बुद्धि र बिबेक् दुवै अशुचि भयेका छन्। ईश्वर्लाइ जान्ने स्वीकार् ता
गर्दे छन् तर आफ्ना कर्म्मले ता उस्लाइ अस्वीकार् गर्दे छन् कमोगरिभन्ये
घिन्लाग्दा र न मान्ने र सबै भलो कर्म्मको निम्तिमां अयोग्य ठहराईयेका-
हरु हुन्॥

२ १ तर तंचइंले ति कुरा बोल्ने गर् ज्ये ज्ये निकोयोग्य शिक्षा माफिक्का
२ छन्. बूढ़ाहरु संयमी मान् माफिक्का सुबुद्धि राईका बिश्वास् र प्रेम् र
३ धीरज्मां निको हुंनेहरु होउन् भन्न्ये. बूढ़ीहरु त्येस्नै भक्ति माफिक्को
ढंगकी होउन् दोष् लगाउंने न हुनेहरु अनि न धेर् मद्यको ताबिमां
४ तुल्याईयेकीहरु जाति जाति कुराको शिक्षा दिनेहरु र तरुणीहरुला
सुबुद्धि गराउन् तिनिहरुले आफ्ना लोग्ने र छोराछोरीहरुलाइ प्यारो
५ गर्नुलाइ अनि सुबुद्धि राईको शुद्धा घरका काम् गर्ने भली आफ्ना
निज् लोग्नेहरुको ताबिमां भइ रहनेहरु हुंनुलाइ र ईश्वर्को बचन्को
६ निन्दा न गर्राओस्. तन्हेरिहरुलाइ त्येस्नै सुबुद्धि राईका हुंनु उपदेस् दे.
७ ज्येसुकै कुराको बिषय्मां पनि आफुलाइ सुकर्म्मको नपना गराइ दिंदै
८ आफ्नु शिक्षामां बिबिग्रेही मान् माफिक्कोहुवाई दोषी ठहरींनु न
पर्ने निकोयोग्य बचन् देखाइ दिंदै र बिरोध्मां हुंने चइं हांमिहरुको
९ बिषय्मां आफाल्मिंगे क्येइ भन्न न पाइ शर्मावस्। दास्हरुलाइ आफ्ना
ठाकुर्हरुको ताबिमां भइ रहन उपदेस् दे अनि सबै कुरामां तिन्का
१० मन्पर्दा हुंनु बिरोधी बात् न गर्दै क्येइ झिकि न राख्दै तर सबै
भलो बिश्वास्योग्येई देखाउदै सबै कुरामां हांमिहरुको मुक्तिदाता ईश्वर्को
११ शिक्षालाइ शोभा दिउन् भन्न्ये खानिर्ले। कमोगरिभन्ये ईश्वर्को सबै
१२ मान्छेहरुलाइ मुक्ति दिंने अनुग्रह प्रकाश् भयो हांमिहरुलाइ येस्खानिर्ले
सिकाउंदै अभक्ति र संसार्सम्बन्धी कुइच्छेहरु देखि अस्वीकार् गरिकन
येस् बर्त्तमान् जगत्मां सुबुद्धि र धर्म्म र भक्ति सङ जन्म बिताऊं
१३ आफ्नु महा ईश्वर् र मुक्तिदाता येशू ख्रीष्टको महिमाको धन्न आशा र
१४ प्रकाशीलोहुवाईको बाटो हेर्दै जस्ले आफुलाइ हांमिहरु सबैको लागि
दियो सबै अधर्म्म देखि हांमिहरुको उद्धार् गर्‍येर आफ्नु लागि येउटा
जाति कर्म्महरुको लागि उधूमे हुंने निज् लोग्लाइ शुद्ध पारोस् भन्न्येर॥
१५ यि कुरा बोल्ने गर् अनि सबै आज्ञादिवाई सङ उपदेस् र दोष् दिंने
गर्। कसैले तंलाइ तुच्छ न ठानोस्॥

३ १ तिनिहरुलाइ मालिक्हरु र अधिकार्हरुको ताबिमां भइ रहंनु आज्ञा
२ मान्नु अनि सबै भलो काम्को लागि तियार् हुंनु कसैको निन्दा न
गर्नु बाझाबाझ् न गर्ने हुंनु अनुग्रह् गर्ने हुंनु सबै मान्छेहरु तिर सबै
३ नरमेई देखाउंदै भनि सम्झाइ दे कसोगरिभन्ये हांमिहरु पनि अगाड़ि
अबूझ् न मान्नेहरु भर्माईनेहरु थियूं नाना प्रकार्का कुइच्छे र सुखबिलास्का
दास् हुंनेहरु बुराई र डाहामां समय् काट्नेहरु घिन्लाग्दा हुंनेहरु एकाले
४ अर्का देखि घिन् गर्नेहरु। तर जब हांमिहरुको मुक्तिदाता ईश्वर्को
५ कृपा र मान्छेहरु तिर्को मित्रेई प्रकाश् भयो तब धर्म्ममां गर्‍येका
कर्म्म देखि जो आफैले गर्‍यूं होइन तर आफ्नु दया अनुसार् उस्ले हांमि-
हरुलाइ बचायो नया सृष्टिको नुहाई र उस् पवित्र आत्माको नयागराईको
६ बाटोले जस्लाइ उस्ले हांमिहरुको मुक्तिदाता येशू ख्रीष्टको बाटोले
७ हांमिहरु माथि परसम्न गरि खन्याइ दियो र उस्को अनुग्रहले धर्म्मी
८ ठहराईयेर अजम्मरे जीउंनिको आशा अनुसार् अधिकारी बनौउं। बचन्
बिश्वास्योग्य छ अनि यि कुराको बिषयमां मन् गर्द छु तुजुक् सङ बोल्
भन्ये ईश्वर्को बिश्वास् गर्नेहरु जाति कर्म्म बढ़ाइ राख्ने फिक्रिमां रहुन्
९ भन्येर। यि कुरा जाति र मान्छेहरुको लागि उपताका छन्. तर मूर्ख
खोज्खाज् र बंशावलीकथाहा र झगरागराई र ब्यवस्थासम्बन्धी बाझा-
बाझहरु चइं देखि अलग् रह् किनभन्ये बिउपताका र नाहक् छन्।
१० पाखंडी मान्छेलाइ पहिलो र दोस्रो चेतन्ने पछि अलग् गरि दे यो
११ जानिकन येस्तो मान्छे उल्टि फर्‍यो अनि पाप् गर्द छ आफुलाइ आफैले
दोषी ठहराउंदै॥

१२ जब अर्त्तिमालाइ होइन भन्ये तुखिकुस्लाइ तं थांइ पठाउंला तब
निकोपलिमां मं थांइ आउंनुलाइ छिटोछाटो गर्. कसोगरिभन्ये निहीं
१३ जाड़ो काटि रहंने बिचार् गर्‍येको छु। जीनस् ब्यवस्थाको जानापा र
अपुल्लुस्लाइ छिटोछाटो गरि अलिक् वर मम्म पुर्‍याइ दे र तिन्लाइ
१४ क्येइ कुराको घटि भइ न रहोस्। अनि हांमिहरुका लोग्ले पनि खांचो
परि आयेका काम्को लागि जाति कर्म्म बढ़ाइ राख्नु सिकुन् निष्फल् न
होउन् भन्येर॥

१५ मं सङ हुंने सबै जनाले तंलाइ सलाम् भन्द छंन्। बिश्वास्मां
हांमिहरुलाइ प्यारो गर्नेहरुलाइ सलाम्॥

अनुग्रह् तिमिहरु सबै जना सङ हवस्॥

पाऊल्‌को पत्र फिलेमोन्‌लाइ

१ पाऊल् ख्रीष्ट येशूको बन्धुवा अनि तिमोथियुस् भाई आफ्नु प्रिय
२ र सहकर्म्मी फिलेमोन्‌लाइ र आफ्नी बैनी अप्फियालाइ र आफ्नु
३ संगी तिलंगा अर्खिपलाइ र आफुको घर्‌मां भयेको मंडलीलाइ. आफुहरुलाइ
हांमिहरुको पिता ईश्वर् र प्रभु येशू ख्रीष्टको पट्टि बाटो अनुग्रह् र
शान्ति ॥

४ सधै आफ्नु ईश्वर्‌को धन्नवाद् गर्द छु आफ्ना प्रार्थनामां आफुलाइ
५ सम्झना गरि गरिकन प्रभु येशू तिर र सबै पवित्र जन्‌हरुको लागि
६ भयेको आफुको प्रेम् र बिश्वास्‌को बिषय् सुनिकन र येसोरि आफुको
बिश्वास्‌को सम्भागीहुवाई आफुहरुमां भयेको सबै भलो कुरोको चिनाईमां
७ ख्रीष्टको लागि कार्जेयोग्य होइ जावस्। कसोगरिभन्ये आफुको प्रेम्‌को
विषय्‌मां मंलाइ बड़ो रमाहट् र शान्ति भयो आफुको बाटोले हे भाई
पवित्र जन्‌हरुका हिर्दय्‌ले बिश्राम् पाये भन्येर ॥

८ येस्कारण् ज्ये योग्य छ त्येस्को आफुलाइ आज्ञा पनि दिंनुलाइ
९ मंलाइ ख्रीष्टमां धेरै निर्भय् छ र पनि प्रेम्‌को कारण् बरु बिन्ति
पो गर्द छु कसोगरिभन्ये कस्तो छु बूढ़ो पाऊल् चइं हुं अनि अब ता
१० ख्रीष्ट येशूको बन्धुवा पनि हुं र. आफु सित बिन्ति गर्द छु आफ्नु
बालखको बिषय्‌मां जस्लाइ आफ्ना बन्धन्‌मां जन्माये अर्थात् उनीसिम्‌को
११ बिषय्‌मां जो अगाड़ि आफुको लागि क्येइ चलन् माफिक्‌को थियेन
तर अब ता आफुको लागि पनि अनि मेरो लागि पनि खूब चलन्
१२ माफिक्‌को भयो. त्यो आफैलाइ अर्थात् मेरो आफ्नै हिर्दय्‌लाइ आफुकां
१३ फर्काइ पठायेको छु. जस्लाइ मं आफैकां राख्‌ने मन् गर्द थियें सुसमाचारका
१४ बन्धन्‌मां आफुको साटोमां मेरो सेवा गरोस भन्येर. तर आफुको
ठहरावट् बिना क्येइ गर्ने इच्छे गरिंन र आफुको भलाई खांचो परिको
१५ जस्तो होइन तर चाहा गरिको हिसाप्‌ले हवस्। कसोगरिभन्ये कोनि कतै
आफु देखि अलिक् बेर् सम्म अलग् पारीयो र आफुले त्येस्लाइ सधैंभरि
१६ पाइ राख्‌नु हवस् होला फेरि दास् जस्तो ता होइन तर दास्
भन्दा उच्चा गरि अर्थात प्रिय भाई गरि सबै भन्दा बेसि ता मेरो

लेखि तर कति ज्यास्ति गरिकन अर्थात् शरीर्‌मां पनि अनि प्रभुमां पनि
१७ आफुइको लेखि। त मंलाइ सम्भागी जान्नु हुंद छ भन्ये देखि मैंलाइ
१८ झैं त्येस्लाइ ग्रहण् गर्नु हवस्। तर आफु मांथि क्येइ अन्न्ये गर्न्येको
१९ कि आफुको क्येइको ऋणी छ भन्ये ति मेरैं लेखामां गन्नु हवस् मं
पाऊल् आफ्नु हात्‌ले लेख्‌द छु मं तिरि दिंछु. आफु चइं अझ खुद् आफु
२० आफैंको मेरैं ऋणी हुंनु हुंद छ भनि आफुलाइ न भनुं भन्येर। अं हे
भाई प्रभुमां मं आफुइ देखि नाफा पाउं. प्रभुमां मेरो हिर्दय्‌लाइ बिश्राम्
२१ दिंनु हवस्। आफुको आज्ञामनाई मांथि भरोसा राखिकन आफुकां
लेख्‌द छु ज्ये ज्ये भन्दैं छु ति भन्दा बेसिनैं पनि गर्नु होला भनि
२२ जानिकन। तर यो समेत् मेरो लागि अतिथिबाम् तियार् पारि राखि
दिंनु हवस् पनि. कसोगरिभन्ये आफुहरुका प्रार्थनाको बाटोले आफुहरुलाइ
बक्‌शि दिईउंला भन्न्ये आशा गर्द छु॥
२३ येशू ख्रीष्टमां भयेको मेरो मंगी बन्धुवा इपाफ्राले सलाम् भन्द छ.
२४ अनि मेरा सहकर्म्मीहरु मर्कुस् र अरिस्तार्खुस् र दीमा र लूकाले पनि॥
२५ हांमिहरुको प्रभु येशू ख्रीष्टको अनुग्रह् आफुहरुको आत्मा सङ हवस्।
आमीन्॥

पाऊल्को पत्र इब्रानीहरुलाइ

१ १ ईश्वर् पुरानु समय्मां पित्रहरुलाइ धेरै भाग्ले र धेरै रीत्ले अगम्-
२ बक्ताहरुमां बोल्येर यि दिन्को अन्तमां हांमिहरुचइंलाइ आफ्नु
पुत्रमां बोल्येको छ जस्लाइ उस्ले सबै थोक्को अधिकारी ठहरायो जस्को
३ बाटोले उस्ले जगत्हरुलाइ बनायो पनि जो उस्को महिमाको चम्काई
र उस्को तत्त्वको अंस भइ र आफ्नु शक्तिको कुराले सबै थोक् सम्भालि
पाप्को शुद्धगराई गर्‍येर अल्गाधाम्मां महानम्को दाहींनो हात् पट्टि
४ बसि गयो दूत्हरु भन्दा त्येतिभरि बड़ा भइ गइकन जतिभरि
५ तिनिहरु भन्दा श्रेष्ठ नांउको अधिकारी भयेको छ। कसोगरिभन्ये
दूत्हरुमांको कुन्चइंलाइ कैलेइ भन्यो

तं मेरो पुत्र होस्
आजु मैंले तंलाइ जन्मायें

अनि फेरि

मं उस्को लेग्वि पिता हुंछु
अनि उ मेरो लेग्वि पुत्र हुंछ।

६ अनि जब फेरि जेठोलाइ संसार्मां ल्याउंद छ तब भन्द छ अनि उस्लाइ
७ प्रणाम् गरुन् ईश्वर्का सबै दूत्हरुले। अनि दूत्हरुचइंको विषय् भन्द छ

आफ्ना दूत्हरुलाइ पवन् बनाउंने
र आफ्ना सेवक्हरुलाइ आगोको जुवाला

८ तर पुत्रको बिषय् त।

हे ईश्वर् तपांइको सिंहासन् सधैं सर्वदैको छ
अनि तपांइको राज्को राज्दण्ड सोजेईको राज्दण्ड हो।
९ धर्म्मलाइ प्रिय जान्नु भयो अनि अधर्म्मलाइ अप्रिय येसैकारण्
ईश्वर् तपांइको ईश्वर्ले तपांइलाइ अभिषेक् गर्‍यो
हर्षको तेल्ले तपांइका साथीहरुलाइ भन्दा।

१० अनि

आदिमां हे प्रभु तपांइले पृथिवीको जग् बसाल्नु भयो
अनि स्वर्ग तपांइका हात्का कार्जे हुन्.

११ ति ता नष्ट हुंछन् तर तपांइ बनीइ रहनु हुंछ.
अनि ति सबै कपरा झैं पुरांना होइ जांछन्
१२ अनि तिन्लाइ ओढ्ने झैं बेहेरि राख्नु हुंछ
बस्त्र झैं अनि ति साटींछन्
तर तपांइ एकैनांसे हुंनु हुंद छ
अनि तपांइका बर्षको अन्त हुंदैन ।
१३ तर दूत्हरुमांको कस्को बिषय् कैलेइ भन्येको छ
मेरो दाहींनो हात् पट्टि बस्
जब सम्म तेरा सत्तुर्हरुलाइ तेरा चरण्का चरण्पिरा गरि दिन्न ।
१४ क्ये ति सबै सेवा गर्नेहरु आत्मा होइनन् मुक्तिका अधिकारी हुंनु आंट्ने-
हरुको कारण्मां सेवागराईको लागि पठाईनेहरु ॥

२ १ येमैकारण् हांमिहरुले सुन्येका कुरालाइ झन् अग्घोर् बेसि मान्नु पर्द
२ छ होइन भन्ये ता तर्कि बहि जाऊंला । कमोगरिभन्ये दूतैहरुको बाटोले
बोल्डीयेको बचन् थीरो भयो अनि गोटै पिच्छे तर्किहिंड़ाई र आज्ञानंघाईले
३ नियायोग्य प्रतिफल् पायो त कमोगरि हांमिहरु चइं छोड़ीइ बांचूला
येस्तो बड़ा मुक्तिको क्येइ धन्दा मान्यूंन भन्ये जुन् चइं मुक्ति थाल्निमां
प्रभुइको बाटोले बोलीयेर हांमिहरुको लागि सुन्नेहरुइ देग्वि थीरो गरीयो
४ ईश्वर्ले पनि उनिहरु सङ साक्षी दिदै चिंनुहरुले पनि अनि उदेक्का
काम्हरुले पनि अनि नाना प्रकारका आश्चर्य्येकर्म्महरुले अनि आफ्नु
इच्छे अन्मार्का पवित्र आत्माका बांड़ेंग्का दान्हरुले ॥
५ कमोगरिभन्ये आउंदो संसार्लाइ जस्को बिषय्मां बोल्द छौं दूतैहरुको
६ ताबिमां पार्येन । तर कसैले कहीं येमो भन्दै साक्षी दियो
मान्छे क्या हो र त्येस्को समझना गर्नु हुंद छ
कि मान्छेको सन्तान् र त्येस्को हेर्चाहा गर्नु हुंद छ ।
७ दूत्हरु भन्दा अलिक् कम् त्येस्लाइ तुल्याउंनु भयो
महिमा र मान्को मुकुट् त्येस्लाइ पहिर्याउंनु भयो
अनि आफ्ना हात्का कार्जेहरु मांथि त्येस्लाइ खटाउंनु भयो.
८ सबै थोक् त्येस्का चरण् मुनि ताबिमां पार्नु भयो ।
कमोगरिभन्ये सबै थोक् त्येस्को ताबिमां पार्यो भन्येर भन्येकोले त्येस्को
ताबिमां न भयेको क्येइ पनि छोड़ेन । तर ऐले ता सबै थोक् ऐले
९ सम्म त्येस्को ताबिमां पारीयेका देख्दौंन । तर दूत्हरु भन्दा अलिक्

कम् तुल्याईयेकोलाइ अर्थात् येशूलाइ मृत्युभोग्को कारण्ले महिमा र
मान्को मुकुट् पहिऱ्याईयेको हेर्द छौं येमोरि उस्ले ईश्वर्को अनुग्रह्ले
१० सबै मान्छेको लागि मृत्यु चाखोस् भन्येर। कमोगरिभन्ये जस्को कारण्
सबै थोक् छन् अनि जस्को बाटोले सबै थोक् छन् उस्ले धेरै सन्तान्-
हरुलाइ महिमा सम्म पुऱ्याउंदामां तिनिहरुको मुक्तिको कर्त्तालाइ दुख-
११ भोग्को बाटोले सिद्ध तुल्याउंनु उचित् थियो। कमोगरिभन्ये पवित्र
गराउंने पनि अनि पवित्र गराईंनेहरु पनि सबै एकै देखि हुन्. जस्कारण्ले
उ येमो भन्दै तिनिहरुलाइ भाई भन्न देखि लजाउंदैन

१२ आफ्ना भाईहरुलाइ तपांइको नांउको बृत्तान्त कहि सुनाउंछु
मंडलीको बीच्मां तपांइको भजन् गाउंछु।

१३ अनि फेरि मं उ मांथि आफ्नु भरोसा राख्छु अनि फेरि हेर मं र
१४ ईश्वर्ले मंलाइ दियेका बालखहरु। न जब बालखहरु मांसु र रगत्का
सम्भागी हुन् उ आफै पनि त्येसै गरि यिनैको भागी भयो मृत्युको बाटोले
१५ मृत्युको सामर्थ हुंनेलाइ अर्थात् शैतान्लाइ बिकामे गरावस् र जति
जना मृत्युको डर्ले जीउंनिभरि दास्हुवाईमां अल्झीथ्ये तिन्लाइ छुटावस्
१६ भन्येर। कमोगरिभन्ये दूत्हरुलाइ चइं गोहार् गर्दैन तर अब्राहाम्को
१७ बंशलाइ गोहार् गर्द छ। येस्कारण् जुन्सुकै कुरामां पनि आफ्ना
भाईहरु जस्तै बनीनु पऱ्यो ईश्वर्सम्बन्धी कुरामां दयावन्त र बिश्वास्-
योग्य मूलपूजाहारी हवस् भन्न्ये त्यानिर्ले लोग्का पाप्को लागि प्रायश्चित्त
१८ गर्न्लाइ। कमोगरिभन्ये आफैले परीक्षित् भइ दुख भोग्येकोले उ परीक्षित्
हुनेहरुको उपकार्मां आउंनु सक्द छ॥

३ १ येस्कारण् हे स्वर्गे बोलाईका भागी भयेका पवित्र भाईहरु हो हामि-
हरुको स्वीकार्गराईको प्रेरित् र मूलपूजाहारीलाइ बिचार अर्थात् येशूलाइ
२ जो आफ्नु खटाउंनेको लेखि बिश्वास्योग्य भयो जसो मूसा पनि उस्को
३ सिंगै घर्मां थियो। कमोगरिभन्ये यो चइं ता मूसा भन्दा त्येतिभरि
बेसि महिमा माफिक्को ठार्नायेको छ जतिभरि घर्लाइ भन्दा त्येस्को
४ बनाउंनेलाइ बेसि मान् छ। कमोगरिभन्ये जुन्सुकै घर् पनि कोई न
५ कोई देखि बनाईद छ तर सबै थोक् बनाउंने ता ईश्वरै हो। अनि
मूसा चइं बोलीनु आंट्ने कुराको साक्षीको लागि काम्काजीनै गरि उस्को
६ सिंगै घर्मां बिश्वास्योग्य थियो तर ख्रीष्ट चइं ता पुत्रनै गरि
उस्को घर् मांथि पो. जस्को घर् हामिहरुइ हौं आफ्नु निर्भय् र आफ्नु

आशाको घमण्ड्को कारण् अन्त सम्म थीरो गरि लिराख्यूं भन्ये देखि ता।
७ येस्कारण् जसो पवित्र आत्माले भन्द छ
आजु उस्को शब्दको सुन्यौ भन्ये देखि
८ आफ्ना हिर्दय् झर्काईमां भये झैं कठोर् न गर
बन्मां भयेको त्येम् परीक्षाको दिन् अन्सार्
९ ज्येले तिमिहरुका पित्रहरुले मंलाइ जांच्ने रीत्ले मेरो परीक्षा गर्‍ये
अनि चाल्हीस् बर्ष सम्म मेरा कर्म्म देख्ये।
१० येस्कारण् यो पुस्ता देखि उदास् भयें
अनि भन्यें तिनिहरु सधैं आफ्नु हिर्दय्मां भर्मंदै जांद छन् भनि.
तर तिनिहरुले मेरा बाटा चिन्येनन्
११ जसो आफ्नु क्रोध्मां किरिया खायें
मेरो बिश्राम्मां पस्नु पाउंदैनन् भन्ये।
१२ हे भाईहरु हो तिमिहरुमांको कसैमां जीउंदो ईश्वर्लाइ त्यागि जांनुमां
१३ कहीं अबिश्वास्को दुष्ट हिर्दय् होला भनि चंख रह. तर आजुको दिन्
भनीउंज्याल् सम्म ता दिन् दिनै एकाले अर्कालाइ उपदेस् दिदै रह होइन
१४ भन्ये ता तिमिहरुमांको कोई पाप्को मायाले कठोर् गराईयेला. कसोगरि-
भन्ये ख्रीष्टका भागीहरु भयूं आफ्नु सांचोहुवाईको थाल्नि अन्त सम्म
थीरो गरि लिराख्यूं भन्ये देखि ता.
१५ आजु उस्को शब्दको सुन्यौ भन्ये देखि
आफ्ना हिर्दय् झर्काईमां भये झैं कठोर् न गर
१६ भनि भनीउंज्याल् सम्म ता। कसोगरिभन्ये कस् कस्ले सुनिकन झर्काये
१७ अं कये सबैले होइन जनि मूसाको बाटोले मिस्र देखि निक्ल्ये। अनि
को को देखि चाल्हीस् बर्ष सम्म उदास् भयो क्ये ति पाप् गर्नेहरुइ देखि
१८ होइन जस् जस्का लोथ् बन्मां मोतर् पर्‍ये। अनि कस् कस्को बिषय्मां
किरिया खायो मेरो बिश्राम्मां पस्दैनन् भन्ये न मान्नेहरुको बिषय्मां
१९ छाड़ि। अनि देख्द छौ अबिश्वासैको कारण्ले पस्नु सक्येनन्॥
४ १ त डराऊं होइन भन्ये ता उस्को बिश्राम्मां पस्ने करहार् छोड़ि
२ राखींदा तिमिहरुइमांको कोई कही घटि भयेको जस्तो लाग्ला। कसोगरि-
भन्ये हांमिहरुलाइ ता सुसमाचार् सुनाईयो जस्तै तिनिहरुलाइ पनि. तर

तिनिहरूलाइ सुनाईको बचन्ले क्येइ नाफा भयेन किनभन्ये सुनि मान्नेहरु
३ सङ्ग विश्वास्ले मिलाइ दिईयेनन्। कर्मोगरिभन्ये हामि विश्वास् गर्ने
भयेकाहरु चइं त्येम् बिश्राम्मां पस्द ता छौं जसो भन्यो

जसो आफ्नु क्रोध्मां किरिया खायें
मेरो बिश्राम्मां पस्दैनन् भन्ये

४ काम्काज् संसार्को उत्पत्ति देखि भइ सक्ये र पनि ता। कर्मोगरिभन्ये
सातौं दिन्को विषय्मां कहीं येसो भन्यो अनि ईश्वर्ले सातौं दिन्मां
५ आफ्ना सबै काम्काज् देखि बिश्राम् गर्‍यो। अनि येस् ठांउमां ता फेरि

मेरो बिश्राम्मां पस्दैनन्

६ भनि भन्द छ। त कत्ति त्येस्मां पस्नु बांकिनै रहंद छ अनि जुन्चइं-
हरुलाइ सुसमाचार् पहिले सुनाईयो तिनै नमनाईको कारण्ले पस्येनन्
७ येस्कारण् फेरि पनि येउटा दिन् ठहराउंद छ दाऊदैमां अं येतिनै समय् पछि
आजु भनि भन्दै जसो अगाड़ि भनीयेको छ

आजु उस्को शब्द सुन्यौ भन्ये देखि
आफ्ना हिर्दय् कठोर् न गर।

८ कर्मोगरिभन्ये यहोशूले तिनिहरुलाइ बिश्राम् दियेको भये देखि ता पछाड़ि
९ अर्कै दिन्को विषय् बोल्ने थियेन। त तब ता ईश्वर्को लोग्को लागि
१० येउटा बिश्रामेगन् बांकिनै रहंद रछ। कर्मोगरिभन्ये आफ्नु बिश्राम्मां
पसि सक्नेले आफै पनि आफ्ना काम्काज् देखि बिश्राम् गरि सक्यो
११ ईश्वर्ले आफ्ना देखि झैं। त छिटोछाटो गरूं त्येस् बिश्राम्मां पस्नुलाइ
१२ र नमनाईको त्येइ नपना झैं कोई पनि न खसोस्। कर्मोगरिभन्ये
ईश्वर्को बचन् जीउंदो र कार्जेकारी र सबै दुइधारे तरवार् भन्दा पनि
लाग्ने र प्राण् र आत्मालाइ गांठा गांठा पनि अनि गूदा गूदा पनि
गरि भाग् भाग् गरुञ्याल् सम्म पनि वार्पार् छेड़ने र हिर्दय्का गुनाई र
१३ सोच् बिचार्नु सक्ने छ। अनि उस्को सम्मोंजि अप्रकाश् हुने कोई सृष्टि
छैन तर जो सित हामिहरूको लेखा छ उस्का आंखाको सांम् सबै थोक्
नांगा र उघारीयेका छन्॥

१४ त जब स्वर्गहरुको बाटो बाड़ो छिरि गयेको हामिहरुको येउटा
महामूल्पूजाहारी छ अर्थात् ईश्वर्को पुत्र येशू त आफ्नु स्वीकार्गराई
१५ समाइ राखूं। कर्मोगरिभन्ये हामिहरुका निर्बलेईहरुमां सम्दुखी हुनु न
सक्ने ता होइन तर सबै कुरामां हामिहरु जस्तै गरि तै बिना पापै गरि

१६ परीक्षित् भयेको हांमिहरुको मूल्पूजाहारी छ। त अनुग्रह्को सिंहासन्
छेउ निर्भय् सङ जाऊं र दया पाऊं अनि बेला माफिक्को उपकार्को
लागिको अनुग्रह् ॥

५ १ कसोगरिभन्ये जुन्सुकै मूल्पूजाहारी पनि मान्छेहरुइ देखि लिईइकन
मान्छेहरुको लागि ईश्वर्सम्बन्धी कुरामां खटाईद छ पाप्को लागिका
२ भेटिहरु पनि अनि बलिदान्हरु पनि चढ़ावस् भन्येर अज्ञानी हुंने र
भर्मनेहरुलाइ कोमलेई सङ सहंनु सक्ने भइ किनभन्ये आफै पनि निर्बलेईले
३ रिंगै घेरीयेको छ अनि येसैकारण्ले ता त्यो जसो लोग्को त्येसै
४ आफ्नै बिषय्मां पनि पाप्को लागि चढ़ाउंनुलाइ ऋणी छ। अनि
आफ्नै लेखि गरिकन होइन तर हारून् झैं ईश्वर् देखि बोलाईइकन पो
५ कसैले यो मान् लिंद छ। येसैगरि ख्रीष्टले पनि मूल्पूजाहारी बनींनुलाइ
आफैले आफ्नु बड़ाई गर्‍यो होइन तर उ सित

तं मेरो पुत्र होस्
आजु मैंले तंलाइ जन्मायें

६ भनि बोल्नेले पो. जसो अर्को ठांउमां पनि

तं सधैं सम्मको पुजाहारी होस्
मेल्कीसेदेक्को ठकान् अन्सार्

७ भनि भन्द छ। अनि उस्ले आफ्नु शरीर्का दिन्मां मारो कराई र
आंसु सङ उस्लाइ मृत्यु देखि बचाउंन् सक्ने सित बिन्ति र अर्जी चढ़ायेर
८ अनि आफ्नु भक्तिइर्को कारण् सुनीयेर पुत्र भइ पनि जुन् जुन्
९ दुख भोग्यो तिनैले आज्ञामनाई सिक्यो अनि सिद्ध तुल्याईयेर उस्का
१० आज्ञा मान्नेहरु सबैको लागि अनन्त मक्तिको कर्त्ता बनायो ईश्वर्
देखि मेल्कीसेदेक्को ठकान् अनुसार्को मूल्पूजाहारी प्रचारि भनीइकन ॥

११ अनि उस्को बिषय्मां हांमिहरुले धेरै र तिमिहरु अल्छेई सङ
१२ सुन्नेहरु भयेकोले अर्थ खोल्नु कठिन् कुरा भन्नु छ। कसोगरिभन्ये
येत्ति समय् बित्ये पछि ता तिमिहरु शिक्षक् हुन पर्थ्यो तर अझै कसैले
तिमिहरुलाइ ईश्वर्वाणीहरुका आदिविषय्का मूल्शिक्षा सिकाइ दिंनु पो
तिमिहरुलाइ खांचो छ अनि दुदैको खांचो हुंनेहरु पो भयौ सारो खुराक्को
१३ चइ होइन। कसोगरिभन्ये दुद्को भागी हुंने जनगे चइ धर्म्मका बचन्को
१४ अभोगी छ कसोगरिभन्ये बालख छ। तर सारो चइ खुराक् ता सिद्ध
बढ़ेकाहरुको लागि छ अर्थान् बानि बस्येकोले जातिको पनि अनि बुरोको
पनि भेद्बिचरगईको निम्ति साधीयेका क्ष्यान्इन्द्री हुंनेहरुको लागि ॥

६ १ येस्कारण् ख्रीष्टका आदिविषय् भन्नु छोड़ि राख्येर सिद्धहुवाईमां
लगाँदै जाऊं फेरि जग् बसाल्दै होइन मुर्दाकर्म्म देखिको पश्चात्तापको र
२ ईश्वर् निर्को विश्वास्को बप्तिस्माहरुको सिकाईको र हात्को
३ रखाईको र मुर्दाहरुको बौरिउठाईको र अनन्त विचार्को भन्न्ये। अनि
४ येमो गर्छौं ईश्वर्ले दियो भन्ये ता। कमोगरिभन्न्ये जो जो चइं एक्
खेप् ज्योति पायेर अनि स्वर्गे बर्दान् ताख्येर अनि पवित्र आत्माका
५ भागी बनीयेर अनि ईश्वर्को जाति वचन्को र आउंदो जगन्का
६ शक्तिको चखाई गर्न्येर तर्कि लड्य्र तिनिहरुलाइ फेरि पश्चात्तापको
लागि नया तुल्याउंनु हुंनु न सक्ने छ कमोगरिभन्न्ये ईश्वर्को पुत्रलाइ
आफ्नु लागि फेरि क्रूस्मां टांग्द र उ माथि प्रगटो दोष् लगाउंद छन्।
७ कमोगरिभन्न्ये त्येस् माथि बारंबार् आउंने बर्षा पीयेर जस् जस्को लागि
जोतींद पनि छ तिन्को लागि सुवाउदो झार्पात् उप्जाउंने चइं भूमिले
८ ईश्वर्को पट्टि बाटो आशीष् पाउंद छ. तर कांड़ा र लोहोड़ेका कांड़ा
निकाल्नि ल्याउंद छ त अयोग्य ठहराईयेको र स्राप्को नजिक् छ. जस्को
अन्त उड़ाईनु हो॥

९ तर हे प्रियहरु हो येसो बोल्द छौं र पनि तिमिहरुचइंको विषय्मां
यि चइं भन्दा जाति र मुक्तिसम्बन्धी कुराको भरोसा गर्न्द छौं.
१० कमोगरिभन्न्ये ईश्वर् तिमिहरुको काम् र तिमिहरुको त्यो प्रेम् जो उस्को
नांउ निर पवित्र जन्हरुको सेवा गर्न्येको र गर्दै रह्येकोमा देखायौ बिर्सि
११ जान्लाइ अधर्म्मी छैन। अनि अनि इच्छे गर्द छौं तिमिहरुमांको जनंगेले
आशाको पुरो पत्यारोको लागि त्यँइ छिटोछाटो अन्तै सम्म देखावस्
१२ भन्न्ये. अल्छे होइन तर विश्वास् र धीरज्को बाटोले करहार्हरुका
अधिकारी हुनेहरुको जस्तो चाल्मां हिंड्नेहरु हव भन्येर॥

१३ कमोगरिभन्न्ये ईश्वर्ले अब्राहाम्लाइ करहार् दिदा जब आफु भन्दा
बड़ा कसैको किरिया खान् सक्दैन थियो त आफ्नै किरिया येसो भन्दै
१४ खायो निस्से तंलाइ आशीष् माथि आशीष् दिछु अनि तलाइ बढ़ाउंदै
१५ बढ़ाउंछु। अनि येसैरि त्येस्ले धीरजी भयेर करहार् पायो। कमोगरि-
१६ भन्न्ये मान्छेहरुले ता बड़ाको किरिया खांद छन् अनि तिनिहरुमांको जुन्सुकै
बिरोधीबात्गराईको पनि किरिया चइं थीरोगराईको लागि छेउ हो।
१७ न त्येसै हिसाप्मां ईश्वर् करहार्का अधिकारीहरुलाइ आफ्नु मन्को
ाई झन् बेसि देखाउंने मन् गरि किरियाले मझुवा भइ दियो.

१८ दुवैवटा अचल् कुराको बाटोले जस्मां ईश्वर् झूठ् बोल्नु हुंनु न सक्ने छ
हांमि हांमिहरुको सांमु बसालीयेको आशा समात्नुलाइ भागि आयेका-
१९ हरुलाइ बल्लियो शान्ति हवस् भन्येर जुन् आशा हांमिहरुलाइ
प्राणको लंगर् जस्तो छ दर्रो पनि अनि थीरो पनि अनि पर्दा देखि
२० भित्रको स्थान्मां पस्ने जस्मां येशू अगुआ गरि हांमिहरुको लागि
पसि गयो कसोगरिभन्ये सधैं सम्म मेल्कीसेदेक्को ठकान् अन्सार्को
मूल्पूजाहारी बनीयो ॥

७ १ कसोगरिभन्ये यो मेल्कीसेदेक् चइं शालेम्को राजा र परम् ईश्वर्को
पूजाहारी—जस्ले अब्राहाम् सङ त्यो राजाहरुको काटाकाट् देखि फर्कि
२ आउंदा भेट् भयेर त्येस्लाइ आशीष् दियो जस्लाइ अब्राहाम्ले सबै
थोक्को दसौं अंश बांड़ि दियो पनि—(नांउको अर्थ गरि पहिले चइं
धर्म्मको राजा अनि त्येस् पछि चइं शालेम्को राजा पनि अर्थात् शान्तिको
३ राजा बिना पिता बिना माता बिना बंशावली न दिन्को आदि
अनि न जीउंनिको अन्त हुने तर ईश्वर्को पुत्र जस्तो तुल्याईयेको
भइकन) नित्य पूजाहारी बनीइ रहंद छ ॥

४ अब हेर यो कत्ति बड़ा थियो जस्लाइ अब्राहाम् कुल्पतिले पनि
५ अस्सल् लूट्मांको दसौं अंश दियो। अनि लेवीका पूजाहारीकाम् पाउंने
सन्तान्हरुलाइ चइं लोग् देखि व्यवस्था अन्सार् दसौं अंश लिने आज्ञा
छ अर्थात् आफ्नै दाज्युभाईहरु देखि ता यि अब्राहाम्को कम्मर् देखि
६ निक्ल्येकाहरु हुन् र पनि. तर जस्चइंको बंशावली तिनिहरु देखिको
गर्नादैन त्येस्ले ता अब्राहामै देखि दसौं अंश लियो अनि करहार्हरु
७ हुनेलाइनै आशीष् दियो। तर बिना क्येइ बिरोधीबात्गराइले येस्तो छ
८ छोटाचइंलाइ बड़ा चइं देखि आशीष् दिईंद छ। अनि यहां ता मर्दै
जांने मान्छेहरुले दसौं अंश लिंद छन् तर वहां ता येउटाले जस्को विषय्मां
९ जीइनै रहंद छ भन्न्ये साक्षी दिईंद छ। अनि यो पनि भन्नु हुंथ्यो
अब्राहाम्को बाटोले ता दसौं अंश लिने लेवीले पनि दसौं अंश दियो
१० कसोगरिभन्ये मेल्कीसेदेक् त्यो सित भेट हुंदा आफ्नु पिताको कम्मरैमां
थियो ॥

११ अब लेवीसम्बन्धी पूजाहारीगिरिका बाटोले (कसोगरिभन्ये त्येस्को
पालामां लोग्लाइ व्यवस्था दिईयो) सिद्धेई थियो न अझै क्ये खांचो
थियो अर्को पूजाहारो मेल्कीसेदेक्चइंको ठकान् अन्सार् उठ्नु अनि हारून्चइंको

१२ ठकान् अन्सार्को न भनीनु। कसोगरिभन्ये पूजाहारीगिरिको सार्फेर्-
१३ गराईले ता अवस्से व्यवस्थाको पनि सार्फेर्गराई भयो। कसोगरिभन्ये
जस्को बिषय्मां यि कुरा भनींद छन् उ अरुइ कुल्को भागी हो जुन्
१४ कुल् पट्टिको कसैले बेदिको सेवा गऱ्येको छैन। कसोगरिभन्ये हांमिहरुको
प्रभु यहूदाको कुल् देखि उदायो भनि प्रकाशित् छ जुन् चइं कुल्को
१५ सम्बन्ध्मां मूसा पूजाहारीहरुको विषय्मां क्येइ पनि बोल्येन। अनि
ज्ये भन्द छौं त्यो झन् अग्घोर् बेसि प्रकाशित् छ मेल्कीसेदेक् जस्तै गरि
१६ अर्को पूजाहारी उठ्द छ भन्ये देखि जो शरीर्को हुने आज्ञाको
व्यवस्था अन्सार् होइन नर मेटींनु न सक्ने जीउंनिको शक्ति अन्सार्
१७ बनीयेको छ. कसोगरिभन्ये

तं सधैं सम्मको पूजाहारी होम्
मेल्कीसेदेक्को ठकान् अन्सार्

१८ भन्ये साक्षी दिईद छ। कसोगरिभन्ये अघिल्लो आज्ञाको त्येस्का
निर्बलेई र बिउपनाहुवाईको कारण्ले (कसोगरिभन्ये व्यवस्थाले ता क्येइ
१९ पनि सिद्ध गऱ्येन) टारिदिवाई हुंद छ र त्येस् पछि त्यो भन्दा
भलो आशाको पसाईगराई जस्को बाटाड़ो ईश्वर् छेउ आउंद छौं।
२० २१ अनि यो बिना किरियाखाईले ता भयेन (कसोगरिभन्ये तिनिहरु चइं
किरियाखाई बिनाका पूजाहारी बनीयेका हुन् तर उ चइं ता उ सिन येसो
भन्नेको बाटोले किरियाखाई सङ्को हो अर्थात्

प्रभुले किरिया खायो अनि पछ्ताउंदैन
तं सधैं सम्मको पूजाहारी होम्)

२२ २३ न येनिभरि ता येशू चइं भलो नियम्को जमानि बनीयो। अनि
तिनिहरु चइं धेरै गरि पूजाहारी बनीये मृत्युले तिनिहरुलाइ रहंनु न
२४ दिने कारण्ले. तर उस्चइले ता उ सधैं सम्म रहंने कारण्ले आफ्नु
२५ पूजाहारीगिरि अटल् राख्द छ। येस्कारण्ले पनि उस्ले उस्को बाटोले
ईश्वर् थांइ आउंनेहरुलाइ सम्पूर्ण सम्म बचाउंनु सक्द छ कसोगरिभन्ये
तिनिहरुको लागि अर्जबिन्ति गर्नुलाइ सधैं जीउंद छ॥

२६ कसोगरिभन्ये येस्तो चइं मूल्पूजाहारी हांमिहरुको लागि उचितै थियो
भक्त सूधो शुचि पापीहरु देखि अलग् गरीयेको अनि स्वर्गहरु भन्दा
२७ अल्गो बनीयेको जस्लाइ दिनहूं खांचो छैन ति मूल्पूजाहारीहरुलाइ
झैं पहिले आफ्नै निज् पाप्को तब लोग्का पाप्को लागि बलिदान्

चढ़ाइ दिंनु. कसोगरिभन्ये यो एकै खेप्मां गरि सक्यो आफैलाइ चढ़ाइ
२८ दिइकन। कसोगरिभन्ये ब्यवस्थाले निर्बलेई हुंने मान्छेहरुलाइ मूल्-
पूजाहारी खुट्याउंद छ तर ब्यवस्था पछिको किरियाखाईको बचन्ले चइं
सधैं सम्म सिद्ध गरीयेको पुत्रलाइ॥

८ १ अब भनींदै गरीयेका कुरामां सिराहकुरो येइ हो हांमिहरुको येस्तै
मूल्पूजाहारी छ जो स्वर्गहरुमां महातम्को सिंहासन्को दाहींनो हात् पट्टि
२ बसि गयो पवित्रस्थान्को र त्येम् सांचीलो डेराको सेवक् भइ जो
३ प्रभुले उभ्यायो मान्छेले होइन। कसोगरिभन्ये जुन्सुकै पूजाहारी पनि
भेटि पनि अनि बलिदान् पनि चढ़ाउंनुको लागि खटाईद छ. येस्कारण्
४ खांचो छ येम्चइंका पनि चढ़ाउंने क्येइ हुनु। अब उ पृथिवीमां हुंदो
हो त पूजाहारी हुंने थियेन किनभन्ये भेटि ब्यवस्था अन्सार् चढ़ाउंनेहरु
५ चइं छंदै छन् जस्ले स्वर्गमांका थांक्को नपना र छायाको सेवा
गर्द छन् जसो मूसाले डेरा तुर्नु आंट्दा ईश्वर्बाणी पायो. कसोगरिभन्ये
भन्द छ हेर् सबै थांक् तंलाइ पर्बन्मां देखायेको नपना अन्सार् बना।
६ तर अब ता उस्ले त्येनिभरिको अरु श्रेष्ठ सेवा पायेको छ जनिभरिको
अरु भलो नियम्को मझुवा हो जो अरु भला करहार्हरु मांथि गरि
७ दिईयेको छ। कसोगरिभन्ये त्यो पहिलो नियम् निर्दोषी भयेको भये
८ देखि ता दोस्रोको लागि ठांउ खोजीने थियेन। कसोगरिभन्ये उस्ले
तिनिहरु मांथि दोष् लगाइ भन्द छ

हेर् ति दिन् आउंद छन् प्रभुले भन्द छ
जस्मां इस्राएल्को जहान् र यहूदाको जहान् सङ नया नियम्
बान्धि सक्छु
९ त्येम् नियम् अन्सार् होइन जो तिन्का पित्रहरु सङ बान्ध्यें
जम् दिन् तिन्लाइ मिस्र देम् देखि निकालि ल्याउंनुलाइ हात्मां
समात्यें
किनभन्ये तिनिहरु मेरो नियम्मां बनीइ रह्येनन्
अनि मैले तिन्को क्येइ गुनाई गरिंन प्रभुले भन्द छ।
१० किनभन्ये जुन् नियम् इस्राएल्को जहान् सङ बान्ध्छु त्यो येइ हो
ति दिन् पछि भनि प्रभुले भन्द छ
तिन्को बुद्धिमां आफ्ना ब्यवस्था दिइ दिंछु
अनि ति तिन्का हिर्दयमां पनि लेखि दिंछु.

अनि तिन्को ईश्वर् हुञ्छु
अनि ति मेरो लोग् हुंछन्.
११ अनि ति जनंगेले आफ्नु आफ्नु मंगी सहर्बामीलाइ शिक्षा
दिंदैनन्
अनि न जनंगेले आफ्नु आफ्नु भाईलाइ ईश्वर्लाइ चिन् भनि भन्दै.
किनभन्ये ति सबै जनाले मंलाइ जान्छन्
तिन्मांका सांनाले देखि ठुलाले सम्म।
१२ कसोगरिभन्ये तिन्का अधर्म्म तिर कृपालु हुंछु
अनि तिन्का पाप् फेरि कतै सम्झंदीन।
१३ नयानै नियम् भनि भन्येकोले ता पहिलोचइलाइ पुरान् गऱ्यो। तर पुरान्
र जीर्ण हुंदै जांने भन्येको ता अन्त्यिजवाईको नजिक् छ॥

९ १ अब पहिलो चइं नियम्का पनि ईश्वर्सेवाबिधिहरु थिये अनि आफ्नु
२ संसार्मांको पवित्रस्थान्। कसोगरिभन्ये येउटा अर्थात् अगाड़िको चइं
डेरा बनाईयो जम्मां पांनस् र मेज् र भेटिरोटी थिये जुन् डेरा पवित्रस्थान्
३ भनींद छ। अनि दोस्रो पर्दाको पछाड़ि महापवित्र भनीने चइं डेरा
४ थियो जम्मां सुनको धुपौरो थियो र नियम्को सुन्ले चारै पट्टि
मोहोरीयेको सम्पट् जस्मां मन्न हुंने सुन्को भांड़ा र हारून्को कोपिला
५ लागयेको लउरो र नियम्का पाटी र सम्पट् मांथि भयेका कृपा-
बैठक्लाइ छाया पार्ने महिमाका करूबीहरु. जुन् थोक्हरुको विषय्मां ऐले
६ पृथक् पृथक् गरि भन्न सक्दीन। अब यि थोक् येस्ता बनाईयेमां
पूजाहारीहरु पहिलो चइं डेरामां सेवारीत् पूरो गर्दै बराबर् जांदै गर्द छन्
७ तर दोस्रोचइंमां मूल्पूजाहारी एक्लै वर्षभरिमां एक् बार् जांने गर्द छ
उइ पनि लोहू बिना होइन जुन् आफ्नु लागि र लोग्का भूल्चूक्को
८ लागि चढ़ाउंद छ. पवित्र आत्माले येइ प्रकाश् गर्दा पवित्रस्थान्को बाटो
९ प्रगटो गरीयेन पहिलो चइं डेरा उभीइ रहुंज्याल् सम्म ता जुन्
डेरा वर्त्तमान् समय्को लागि उखान् हो जस्को हिसाप्ले सेवा गर्नेलाइ
बिबेकैको हिसाप्मां सिद्ध तुल्याउंनु न सक्ने भेटि पनि अनि बलिदान्
१० पनि चढ़ाईद छन् कसोगरिभन्ये खालि (खांने र पीउंने थोक् र
भिन्दो भिन्दो नुहाई मझांईहरु सङ) शरीर्सम्बन्धी धर्म्मबिधि मांत्रै हुन्
जो दुर्गत्सुधराईको समय् न परुंज्याल् सम्म लगाईये॥

११ तर ख्रीष्ट आउंदा भला चइं कुराको मूल्पूजाहारी भइ आइ पुग्येर
हात्ले न बनायेको अर्थात् येम् सृष्टिको न भयेको अरु ठुलो र सिद्ध चइं
१२ डेराको बाटो बाड़ो अनि न बाख्रा र बाच्छाहरुको लोहूको बाटोले
तर आफ्नै लोहूको बाटोले एकै खेप्मां पवित्रस्थान्मां पसि सक्यो अनन्त
१३ उद्धार् पायेर। कसोगरिभन्ये बाख्रा र बहर्हरुको लोहूले र अपवित्र
गरीयेकाहरु मांथि छर्काईने कोरलिका खरानिले शरीर्को शुद्धहुवाईको
१४ लागि पवित्र गराउंद छन् त झन् कति ज्यास्ति गरि ख्रीष्टको
लोहूले ता जस्ले सनातन् आत्माको बाटोले आफैलाइ निष्कलंक गरि
ईश्वर्को सांमु चढ़ायो तिमिहरुको विवेक् निमिहरुले जीउंदो ईश्वर्को
१५ सेवा गर्नुलाइ मुर्दा कर्म्म देखि शुद्ध पार्छ। अनि येस्कारण्ले उ नयाँ
नियम्को मझुवा हो र येमोरि पहिलो चइं नियम्सम्बन्धी तर्किहिंड़ाईहरुको
उद्धार्को लागि मंरण् भयेकोले बोलाईयेकाहरुले अनन्त अधिकार्को
१६ करहार् पाउन्। कसोगरिभन्ये जहां मंरण् पछि दान्को नियम् छ
१७ तहां त्येस्को बान्धनेको मंरण् हुनु ता खांचो छ। कसोगरिभन्ये येस्तो
नियम् मान्छे मंर्येकैमां थीरो हुंद छ. किनभन्ये क्ये कैलेइ पनि काम्को
१८ छ त्येस्को बान्धने जीउंज्याल् सम्म ना। येम्कारण् अनि न पहिलो चइं
१९ नियम् पनि लोहू बिना स्थापित् गरीयो। कसोगरिभन्ये मूसाले जब
व्यवस्था अनुसार्मां सबै आज्ञा सबै लोग्लाइ बोलि सक्यो तब बाच्छा-
हरुको र बाख्राहरुको लोहू पानी र सिंदुरे रंगको ऊण् र एसोब् समेत्
लियेर खुद् पत्र मांथि पनि अनि सबै लोग् मांथि पनि येसो भन्दै छर्क्यो
२० २१ ईश्वर्ले तिमिहरु तिर आज्ञा गर्येको नियम्को लोहू येइ हो। अरु
पनि त्येस्ले डेरा र सेवाका सबै भांड़ा मांथि पनि त्येइ लोहू त्येसै गरि
२२ छर्क्यो। अं अनि व्यवस्था अनुसार् ता लोहूले झन्दै सबै थोक् शुद्ध पारींद
छन् अनि लोहूबहाई बिना मोचन् बनींदैन॥

२३ त खांचो थियो स्वर्गहरुमां हुने थोक्का नपना चइं यिनैले शुद्ध
पारींनु तर स्वर्गमांका थोक् आफै चइं यिनै भन्दा भला बलिदान्ले।
२४ कसोगरिभन्ये ख्रीष्ट सांचीलोको अनुवार् हुने हात्ले बनायेको चइं पवित्र-
स्थान्मां होइन तर स्वर्ग आफैचइंमां पस्यो अब हांमिहरुको लागि ईश्वर्को
२५ मुख्को सांमु प्रगटो हुनु भन्येर. अनि न आफुलाइ बारंबार् चढ़ावस्
भन्ये खातिर्ले हो जसोरि मूल्पूजाहारी चइं बर्ष बर्ष पराय् लोहू लिइ
२६ पवित्रस्थान्मां पस्ने गर्द छ होइन भन्ये ता संसार्को उत्पत्ति देखि

येसो उस्ले बारंबार् दुख भोग्नु पर्ने थियो. तर अब ता युग्युग्को अन्तमां
एकै बार् प्रगटो भयो आफु आफुइको बलिदान्को बाटोले पाप् टारि
२७ दिनुको लागि। अनि जसोरि एक् बार् मर्नु अनि येस् पछि बिचार्
२८ मान्छेहरुको लागि राखि छोड़ीयेको छ त येस् अनुसार् गरि ख्रीष्ट
पनि एक् बार् धेरैका पाप्हरु उठाइ लानुको लागि चढ़ाइ दिईयेर दोस्रो
बार् पाप् बिनानै गरि उस्को बाटो हेर्नेहरुका मुक्तिको लागि देखाहा पर्छ॥
१० १ कसोगरिभन्ये ब्यवस्था चइं आउदा भला कुराको छायां चइं हुंने हो
ति कुराको मूर्त्ति आफै चइं होइन येस्कारण् वर्ष बर्षका तिनै बलिदान्ले
जो नित्ये चढ़ाउंने गर्द छन् छेउ आउंनेहरुलाइ कैलेइ शुद्ध तुल्याउंनु
२ सक्दैनन्। होइन भन्ये ता क्ये चढ़ाईन् देखि थामीने थियेनन् किनभन्ये
सेवा गर्नेहरुलाइ एकै बार् शुद्ध पारीयेको कारण्ले फेरि क्येइ पाप्को
३ बिबेक् हुंने थियेन। तर ति चढ़ाईमां पाप्को सम्झना पो वर्ष बर्ष
४ गरींदं जांद छ। कसोगरिभन्ये बहर् र बाख्राहरुको लोहूले पाप्हरु
५ उठाइ दिनु हुनु न सक्ने छ। येस्कारण् उस्ले संसार्मां आउंदा भन्द छ

तपांइले बलिदान् र भेटिको इच्छे गर्नु भयेन
तर मंलाइ जीउ सिद्ध गराइ दिनु भयो
६ होम्बलिहरु र पाप्बलिहरु देखि खुशि हुनु भयेन.
७ तब भन्यें हेर्नु हवस् आइ पुग्यें
(पत्रको पिउरिमां मेरो बिषयमां लेख्येको छ)
हे ईश्वर् तपांइको इच्छे पूरो गर्नुलाइ।

८ बलिदान् र भेटि र होम्बलि र पाप्बलिहरुको (जुन् चइं ब्यवस्था
अनुसार् चढ़ाईद छन्) इच्छे गर्नु भयेन अनि न ति देखि खुशि हुनु
९ भयो भनि माथि भन्दा भरे भन्येको छ हेर्नु हवस् आइ पुग्यें तपांइको
इच्छे पुरो गर्नुलाइ। पहिलोलाइ उठाइ दिंद छ दोस्रोचइंलाइ उभ्याइ
१० देवस् भन्ये खातिर्ले। जुन् चइं इच्छेले ता येशू ख्रीष्टको जीउको
११ एकै खेप्को चढ़ाईको बाटोले पवित्र गराईयेका छौं। अनि जनंगे
पूजाहारी चइं दिनहूं सेवा गर्दै र पाप्लाइ कैलेइ उठाइ हाल्नु न सक्ने
१२ बलिदान्हरु बार्बार् चढाउंदै उभीइ रहंद छ. तर उ चइं ता पाप्को
लागि एकै नित्ये सम्मको बलिदान् चढ़ायेर ईश्वर्को दाहींनो हात् पट्टि
१३ बसि गयो अब देखि बाटो हेर्दै जब सम्म उस्का सत्तुर्हरु उस्का
१४ चरण्को चरण्पिरा गरि दिईदैनन्। कसोगरिभन्ये एकै चढ़ाईले पवित्र

१५ गराईनेहरुलाइ नित्ये सम्म गरि सिद्ध तुल्यायो। अनि पवित्र आत्माले
पनि हांमिहरुलाइ साक्षी दिंद छ कसोगरिभन्ये येसो भन्ये पछि

१६ जो नियम् तिनिहरु सङ बान्ध्छु त्यो येइ हो
ति दिन् पछि भनि प्रभुले भन्द छ
तिन्का हिर्दय्मां आफ्ना ब्यवस्था दिइ दिंछु
अनि ति तिन्को बुद्धिमां पनि लेखि दिछु

तब भन्द छ

१७ अनि तिन्का पाप्हरु र तिन्का अधर्म्महरु फेरि कतै सम्झंदींन।
१८ अब जहां यिन्को मोचन् छ त्यहां फेरि पाप्को लागिको चढ़ाई छैन॥
१९ त हे भाईहरु हो जब येशूको लोहूले हांमिहरुलाइ पवित्रस्थान्मां
२० आइ हाल्ने निर्भय् छ त्यो बाटो हुदो जो उस्ले पर्दा अर्थात् आफ्नु
शरीर् बाड़ो नया र जीउदो बाटो गरि हांमिहरुको लागि स्थापित् गर्‍यो
२१ २२ अनि जब हांमिहरुलाइ ईश्वर्को घर् मांथिको महा पूजाहारी छ त
आफ्ना हिर्दय्मां दुष्ट बिबेक् देखि छर्कीयेका र आफ्नु जीउमां चोखो
पानीले नुहाइ दिईयेका भइ बिश्वास्को पूरो पत्याईले सांचो हिर्दय् सङ
२३ छेउ आऊं. आफ्नु आशाको स्वीकार्गराई न ढल्कने गरि लिराखूं
२४ कसोगरिभन्ये करार् गर्ने बिश्वास्योग्यै छ. अनि प्रेम् र सुकर्म्ममां
२५ इपिउठाईको लागि एकाले अर्काको बिषय् बिचारूं आफ्नु भेला-
हुवाई न छोड़्दै जसो कत्तिको रीत् छ तर आपस्तमां उपदेश् पो दिदै
अं अनि त्येनिभरि ज्यास्ति ज्यास्ति गरि जतिभरि उस् दिन्लाइ नजिक्
नजिक् आउदै गर्‍येको देख्द छौ॥
२६ कसोगरिभन्ये सच्चेईको चिनाई पाये पछि चाहा गरि पाप् गर्ने हो
२७ त फेरि पाप्को लागिको बलिदान् बांकि रहंद छ होइन तर बिचार्को
येउटा डर्लाग्दो बाटोहेराई र बिरोधीहरुलाइ खाइ हाल्नु आंट्ने आगोको
२८ इपर्खाई। मूसाको ब्यवस्थालाइ टार्ने जोमुकै हवस् दुइ कि तीन् जना
२९ साक्षीको साक्षीमां दया बिना मरि जांद छ. त क्ये ठान्द छौ ईश्वर्को
पुत्रलाइ ता आफ्ना पाउले दल्ने र त्येस् नियम्को लोहूलाइ ज्येले
पवित्र गराईयो अपवित्र गर्ने र अनुग्रहको आत्मा सित निन्दाकाम् गर्ने
३० चइं झन् सारो कति ज्यास्ति सजाई माफिक्को गनीछ। कसोगरिभन्ये
येसो भन्नेलाइ जान्द छौं नियागराई चइं काम् मेरो हो मैंनै साटो फर्काइ
३१ दिंछु अनि फेरि प्रभुले आफ्ना लोग्को बिचार् गर्छ। जीउंदो ईश्वर्का
हात्मां पर्नु सांचिनै डर्लाग्दो कुरो हो॥

३२ तर अगाड़िका दिन् सम्झि हेर जस्मां ज्योति पायेर दुखभोग्को
३३ बड़ो बड़ो बलावल्गराईमां स्थिर् रह्यौ अलि अलि येइ हो निन्दा-
हरुले पनि अनि कष्टहरुले पनि रमितैं तुल्याईयौ अनि अलि अलि यो
त्यस्तै गत्मां बास्बसाईको चलन् गर्नेहरु सङ सम्भागी भइ गयौ।
३४ कनोगरिभन्ये बन्धुवाहरु सङ सम्दुखी भयौ पनि अनि आफ्नु धन् सम्पत्तिको
लुटाई रमाहट् सङ ग्रहण् गर्‍यौ पनि हांमिहरुको अरु भलो र बनीइ
३५ रहने येउटा सम्पत्ति छ भनि थाहा पाइ। न बड़ो प्रतिफल् हुने आफ्नु
३६ निर्भय् आफालि न राख। कनोगरिभन्ये निमित्हरुलाइ स्थिरेईको खांचो
छ र ईश्वर्को इच्छे पूरा गर्‍येर करहार्को फिर्ता पाव।

३७ कनोगरिभन्ये अरु एक् छिन्मां
जो आउने छ उ आइनैं पुग्छ अनि बियांल्ो गर्दैन।
३८ तर मेरो धर्म्मी जन् बिश्वास् देखि जीउंछ
अनि त्यो हट्यो भन्ये देखि मेरो प्राण् त्यस्मा खुशि हुंदैन।

३९ तर हांमिहरु चइं नास् सम्म गरि हट्नेहरुमांका हौंन तर प्राण्को प्राप्ति
सम्म गरि बिश्वास् गर्नेहरुमांका हौं॥

११ १ अब बिश्वास् ता आशा राखीने कुराको सांचोहुवाई न देखीने
२ कुराको दलीलहुवाई हो। कनोगरिभन्ये येस्मां ता पुर्खेउलिहरुको लागि
३ साक्षी दिईयो। बिश्वास्ले ता चाल् पाउंद छौं जगत्हरु ईश्वर्को
बचन्ले रचीये यहां सम्म येमोरि रचीये ज्ये देखीद छ त्यो देखाहा पर्ने
४ देखि बनीयेको होइन। बिश्वास्ले ता हाबिल्ले ईश्वर्को सांमु कयिन्ले
भन्दा बड़ो बलिदान् चढ़ायो जस्को बाटोले त्येस्को लागि धर्म्मी हो
भन्ये साक्षी दिईयो कनोगरिभन्ये ईश्वर्ले त्येस्का भेटि मांथि साक्षी
दियो. अनि त्येसैको बाटोले त्यो मरि गयेर पनि एले सम्म बोल्दै जांद छ।
५ बिश्वास्ले ता हनोक् मृत्यु न देख्नुलाइ पारि सारि लगीयो अनि पाईयेन
किनभन्ये ईश्वर्ले त्येस्लाइ पारि सारि लग्यो. कनोगरिभन्ये पारि सारि
लगीनु भन्दा अगाड़ि त्येस्को लागि ईश्वर्को मन्पर्दो भयेको थियो भन्ये
६ साक्षी दिईयो. अनि बिना बिश्वास्ले ता उस्को मन्पर्दो हुंनु हुंनु न
सक्ने छ. कनोगरिभन्ये खांचो छ ईश्वर्को छेउमां आउंनेले उ छ अनि
७ उस्लाइ खोज्नेहरुलाइ प्रतिफल् दिने हो भन्ये बिश्वास् गर्नु। बिश्वास्ले
ता नूहले त्येस् समय्मां न देखीने कुराको बिषय्मां ईश्वर्बाणी पायेर
भक्तिडर् गरि आफ्नु जहान्लाइ बचाउंनुलाइ जहाज् बनायो जस्को

बाटोले संसार्लाइ दोषी ठहरायो अनि बिश्वास् अनुसार्को धर्म्मको
८ अधिकारी भयो। बिश्वास्ले ता अब्राहाम्ले बोलाईइकन अधिकार्को
लागि पाउनु आंटेग्रकै ठांउमा निक्लि जांनुलाइ आज्ञा मान्यो अनि कता
९ जांद छु भनि थाहा न पाइकन निक्लि गयो। बिश्वास्ले ता त्यो
करहार्को देस्मा परायहरुको देस्मा झैं गरि पर्देसी भयो त्येमै करहार्का
संगी अधिकारी इस्हाक् र याकूब् समेत् पाल्हरुमां बास् गरिकन.
१० कसोगरिभन्ये त्येम् जग् हुने सहर्को बाटो हेर्द थियो जस्को कारिगर् र
११ मूल्बनाउंने ईश्वर् हो। बिश्वास्ले ता सारा आफैले पनि बइंस् बित्ये
पछि बंशको उत्पत्तिको लागिको शक्ति पाई किनभन्ये करहार् गर्नेलाइ
१२ बिश्वास्योग्य गनी. येस्कारण् पनि एकै जना देखि उइ पनि अझ त्यो
मुर्दै सरि भयेकोमां अकाश्का ताराहरुको बगालै जन्ति झैं जन्म्ये अनि
समुन्द्रको तीर्का अगणित् बालुवा जन्ति झैं॥

१३ बिश्वास्मां गरि ता यि सबै मरि गये कसोगरिभन्ये करहार्हरुको
फिर्ता पायेनन् तर तिन्लाइ टाड़ै बाटो देख्येर ढाक् दिये अनि पृथिवीमां
१४ पर्देसी र बिदेसी ता हौं भन्न्ये स्वीकार् गर्‍ये। कसोगरिभन्ये येस्ता
१५ कुरा भन्नेहरुले स्वदेस् चइं खोज्द छौं भनि प्रगटो गर्द छन्। अनि
त्येस् देस्को समझना राख्येको भये देखि जुन् चइं बाटो निक्लि हिंड़ेग्रका
१६ थिये फर्कि जांने बेला ता भेटाउंने थिये। तर अब ता अरु भलो
अर्थात् स्वर्ग देस्को चइं अग्घोर्को इच्छे गर्द राछन्. येस्कारण् ईश्वर्
तिनिहरुको ईश्वर् भनींन् तिनिहरु देखि लजाउंदैन. कसोगरिभन्ये तिनिहरुको
लागि सहर् तियार् पार्‍यो॥

१७ बिश्वास्ले ता अब्राहाम्ले त्येस्को परीक्षा गरींदामां इस्हाक्लाइ
चढ़ायो. अं जस्ले करहार्हरु ग्रहण् गर्‍येको थियो त्येसैले आफ्नु एक्ले
१८ छोरोलाइ चढ़ाउदै थियो अं त्येसैले जस्लाइ इस्हाकैमां तेरो बंश
१९ भनींने हुंछ भनि बोलीयेको थियो. कसोगरिभन्ये ईश्वर्ले मुर्दाहरु देखि
पनि बौराइ उठाउंन् सक्ने छ भनि गन्यो जहां देखि त्येस्ले त्येस्लाइ
२० उखान्को हिसाप्मां फिर्ता पायो पनि। बिश्वास्ले ता इस्हाक्ले याकूब्
२१ र एसौलाइ आउंदा कुराको बिषयमां पनि आशीष् दियो। बिश्वास्ले
ता याकूब्ले मर्दै जांदामां यूसुफ्का दुवै छोराहरुमांको जनंगेलाइ आशीष्
दियो. अनि आफ्नु लउरोको सिराहमां अड़स् लागि प्रणाम् गर्‍यो।
२२ बिश्वास्ले ता यूसुफ्ले त्यो मर्नु आंटेग्रमां इस्राएल्का सन्तान्को निक्लि-

हिंडाईको विषय् समझाइ दियो अनि आफ्ना हाड़को बिषयमां आज्ञा
२३ गऱ्यो। विश्वाम्ले ता मूसा जन्म्येमां आफ्ना आमा बाबु देखि तीन्
महींना लुकाइ राखीयो किनभन्ये तिनिहरुले बालखलाइ सुन्दर् देख्ये
२४ अनि राजाको खटन्गराई देखि डरायेनन्। बिश्वाम्ले ता मूसाले बढ़ेग्रमां
२५ फिरऊन्की मैयाको छोरो भर्नानु देखि अस्वीकार् गऱ्यो कसोगरिभन्ये
पाप्को अलिक् दिन् सम्मका सुखभोग् भन्दा बरु ईश्वर्का लोग् सङ
२६ थिचोमिचो भोग्नु छान्यो कसोगरिभन्ये मिस्रका धन्सार् भन्दा
ख्रीष्टको निन्दा बड़ो धन् गऱ्यो. कसोगरिभन्ये आफ्नु दृष्टि प्रतिफल्
२७ तिर लगाइ रह्यो। बिश्वाम्ले ता त्येस्ले मिस्र छोड़ि गयो राजाको
रिस् देखि न डराइकन. कसोगरिभन्ये उस् अदेख्लाइ देख्दै झैं सामर्थी
२८ भइ रह्यो। बिश्वाम्ले ता त्येस्ले निस्तार् चाड् र लोहूछर्काई मान्यो
२९ जेठाहरुको नासक्ले लोग्लाइ न छोवस् भन्येर। बिश्वाम्ले ता तिनिहरु
लाल् समुन्द्रको बीच् बाटो ओबानै भूइंमां झैं हिंड़ि गये. ज्ये मिस्त्री-
३० हरुचइले गर्नु खोज्दामां निलि हालीये। बिश्वाम्ले ता यरीहोका भित्ता
३१ सात् दिन् घेरीयेमां भत्कि गये। बिश्वाम्ले ता राहब् बेश्ये न मान्नेहरु
३२ सङ नास् पारीईन भेदियाहरुलाइ मिलाप् सित ग्रहण् गऱ्येकोले। अनि
अझ अरु क्ये भनु कसोगरिभन्ये गिदोन् र बाराक् र शिम्शोन् र यिप्तहको
अनि दाऊद् र शमूएल् र अगमबक्ताहरुको बखान् गर्नुलाइ मलाइ बेला
३३ पुग्दैन. जुन्हरुले बिश्वास्को बाटोले ता राज् राज् जीति लिये धर्म्मका
३४ काम् गऱ्ये करहार् पाये सिंहका मुख् थुन्ये आगोको शक्ति निभाये
तरवार्को धार् देखि बांचि निकल्ये निर्बलेई देखि शक्तिमान् तुल्याईये
३५ लड़ाईमां बल्लिया बनीये परायहरुका सेनादल् हटाइ दिये। स्त्रीहरुले
बौरिउठाई देखि आफ्ना मुर्दाहरुलाइ पाइन्. अनि अरुहरु छोड़ाई ग्रहण्
न गऱ्येर लाठाले सुंड़्क्याइ मारीये अरु भलो बौरिउठाई पाउन् भन्ये
३६ खातिर्ले. अनि अरुहरुले ठट्टागराई र कोर्रालगाईको अ अझै बन्धन् र
३७ झेल्खान्को परीक्षा पनि पाये. लोहोऱ्याईये आराले चिरीये परीक्षित्
गरीये तरवार्ले हत्या गरीये. भेंड़ा बाख्राका छाला लायेर येता उति
३८ डुल्ये कंगालेई लाग्येका कष्टित् भयेका बुराई भोग्येका हुंदै (जुन्हरुको
ता संसार् योग्यै थियेन) सुन्ये ठांउ र पर्बत् र ओढ़ार् र पृथिवीका
३९ छेंड् हुंदो भर्मदै। अनि यि सबैले तिनिहरुको लागि बिश्वास्को बाटोले
४० साक्षी दिईयेर पनि करहार्को फिर्ता पायेनन् कसोगरिभन्ये ईश्वर्ले

हामिहरुइको विषयमां अरु भलो क्येइ बन्दबस्त गऱ्येको थियो हामिहरुइ
बिना सिद्ध न तुल्याईउन् भन्न्ये खातिर्ले ॥
१२ १ त तब ता हामिहरु पनि जब साक्षीहरुको येति ठुलो मेघ्ले रिंगै
घेरीयेका छौं त जुन्सुकै पनि भार् र अग्घोर् गरि वरिपरि घेरि रहने
पाप् उतारि राखि हामिहरुको सांमु बसालीयेको होड् भरि स्थिरेईले
२ दुगुरूं हामिहरुको बिश्वास्को कर्त्ता र सिद्ध तुल्याउने येशू तिर
हेर्दै हेर्दै जस्ले उस्को सांमु बसालीयेको रमाहट्को लागि क्रूस् स्थिर् गरि
भोग्यो लाज्लाइ तुच्छ ठानिकन अनि ईश्वर्को सिंहासन्को दाहीनो हात्
३ पट्टि बसि गयेको छ। कसोगरिभन्न्ये पापीहरु देखि आफ्नै बिरुद्धमां
भयेको येत्ति बिरोधीबात्गराई स्थिर् गरि भोग्नेलाइ ध्यान् गर र
४ आफ्ना प्राण्मां हरान् परि थाकि न जाव। ऐले सम्म पाप्को बिरुद्धमां
५ हुप् बान्धदै लोहूनै सम्म गरि बिरुद्धेई गऱ्येका छौन. अनि त्यो उपदेस्
बिर्स्यौ जस्ले तिमिहरु सङ छोराहरु सङ झैं बात् मार्द छ

ए मेरो छोरो प्रभुको शिक्षादण्ड् हल्क् लेखाको न ठान्
अनि न उ देखि दोष् दिईंदा हरान् पर्
६ कसोगरिभन्न्ये प्रभुले जो सङ प्रेम् गर्द छ त्येस्लाइ शिक्षादण्ड् दिंद छ
अनि ग्रहण् गऱ्येको जनंगे छोरोलाइ कोर्रा लाउद छ भन्न्ये।

७ शिक्षादण्ड्को लागि ता स्थिर् रहद छौ. ईश्वर्ले तिमिहरु सित छोराहरु
सित झै बेहोरा गर्द छ कसोगरिभन्न्ये बाबले शिक्षादण्ड् न दियेको कुन्
८ चइं छोरो छ। तर सबै जना भागी भयेको चइं शिक्षादण्ड् बिनानै छौ
९ भन्न्ये देखि तब ता बनामिइछोरा पो हौ छोरा ता होइन। फेरि हामि-
हरुलाइ शिक्षादण्ड् दिने हामिहरुको शरीर्का चइं बाबुहरु भये अनि
तिनको मान् गऱ्यूं. त क्ये झन् धेरै ज्याम्ति गरि आत्माहरुको पिताको
१० ताबिमां भइ रह्येर न जीऊं। कसोगरिभन्न्ये तिनिहरुचइंले ता
थोरै दिन् भरि आफैले जानि ठान्न्येकै अनुसार् शिक्षादण्ड् दिंद थिये तर
उस्चइंले ता हामिहरुको भलाईनै गरिको दिंद छ उस्को पवित्रेईमां अंश
११ पाऊं भन्न्ये खातिर्ले। शिक्षादण्ड् जुन्सुकै पनि वर्त्तमान्मां ता रमाहट्को
होइन तर शोक्को कुरो जस्तो लाग्द छ. तै पनि पछि ता त्येस्को
बाटोले साधीयेकाहरुलाइ मिलाप्सम्बन्धी अर्थात् धर्म्मको प्रतिफल् दिंद
१२ छ। येस्कारण् लुला भयेका हात् र थर्थरे लाग्येका घुंड़ा फेरि सोजो

१३ पार अनि आफ्ना पाउको लागि सोजो रस्ता बनाव र खोरंडे हुंने
तर्काइ न फर्काईओस् तर बरु निको पो पारीओस् ॥
१४ सबैं सङ मिलाप्को खेदो गर अनि पवित्रगराईको जस् बिना कसैंले
१५ प्रभुलाइ देख्दैन. हेरि रहं होइन भन्ये ता कोई ईश्वर्को अनुग्रह देखि
घटी होला कि ता क्येइ तीतेईको जरा उम्न्येर तिमिहरुलाइ क्लेश्
१६ देला अनि त्येस्को बाटोले धेरै अशुचि गरीनन् कि ता कोई ब्यभिचारी
कि एसौ झैं अपवित्र गर्ने होला जस्ले एक् खेप्को भोजन्मां आफ्नु
१७ जेठाधिकार् बेचि दियो। कसोगरिभन्ये जान्द छौ त्येस् पछि आशीष्को
अधिकार् पाउंने इच्छे गर्दामां पनि बिकामे ठहराईयो (कसोगरिभन्ये
पश्चात्ताप्को ठाउ पायेन) आंसु सङ त्येस्को अति खोज् गर्‍यो र पनि ॥
१८ कसोगरिभन्ये छाम्दा थाहा हुंने र आगोले बलि उठेको पर्बत्को
१९ छेउ आयौन अनि न कालो बादल् र अंध्यारो र झक्कड़ेआंधी र
तुरहीको सोर् र कुराको शब्दको छेउ जुन् शब्द सुन्नेहरुले तिनलाइ अरु
२० एक् बचन् मांत्रै पनि येसोरि सुनाईनु देखि माफ् मांग्ये. किनभन्ये जन्तुले
पनि पर्बत् छोयो भन्ये देखि लोहोर्‍याईंछ भन्ये आज्ञा सहंनु सक्दैन
२१ थिये अनि दर्शन् येस्तो डर्लाग्दो थियो मूसाले भन्यो अनि डराउंद
२२ र कांम्द छु। नर सिय्योन् चइं पर्बत्को छेउ आयौ अनि जीउंदो
२३ ईश्वर्को सहर् स्वर्गे यरूसलम्को र हजारौं हजार् दूत्हरु स्वर्गमां
संख्येपत्रमां लेखीयेका जेठाहरुको सर्बसाधारण् समाज् र मंडलीको र
सबैको बिचारी ईश्वर्को र सिद्ध तुल्याईयेका धर्म्मीहरुका आत्माहरुको
२४ र नया नियम्को मझुवा येशूको र हाबिल्को भन्दा अस्सल् बोल्ने
२५ छर्काईको लोहूको छेउ। चंख रह उस् बोल्नेको सुन्नु देखि माफ् न
मांग। कसोगरिभन्ये ति लोग् तिन्लाइ पृथिवीमां ईश्वर्बाणी दिंनेको
सुन्नु देखि माफ् मांग्येर छोड़ीइ बांच्येनन् त झन् ज्यास्ति गरि स्वर्ग
२६ बाटो दिंने चइं देखि हांमि मुख् फर्काउंनेहरु ता बांच्दौंन. जुन्चइंको
शब्दले त्येस् बेला पृथिवी हल्लायो. तर अब ता उस्ले येसो भन्दै करहार्
गर्‍येको छ फेरि एक् खेप् मं हल्लाइ दिंछु खालि पृथिवी मांत्रै होइन
२७ तर स्वर्ग पनि। अनि येस् फेरि एक् खेप् भन्ये कुरोले हल्लाईने
थोक्को बनाईयेका थोक्को झैं सार्फेर् प्रकाश् गर्द छ न हल्लाईने चइं
२८ बनीइ रहुन् भन्येर। येस्कारण् हल्लांईनु न सक्ने राज् पाउंदा अनुग्रह
हुंनेहरु होऊं जस्को बाटोले भक्तिडर् र भय् सङ ईश्वर्को मन्पर्दो सेवा
२९ गरूं. किनभन्ये हांमिहरुको ईश्वर् क्षय् गरि दिंने आगो हो ॥

१३ १ भाईप्रेम् बनीइ रहोस्। अतिथिसेवागराई न बिर्स. कस्मोगरिभन्ये
येस्को बाटोले ता कत्तिले थाहा न पाइकन दूतहरुको अतिथिसेवा गर्‍ये।
३ बन्धुवाहरुलाइ ति सङ बान्धीये झैं गरि सम्झ अनि बुराई भोग्नेहरुलाइ
४ आफै पनि जीउमां हुंदै झैं गरि। ब्याहा सबैमां मान्को हवस् अनि
बिछाना शुचि रहोस्. किनभन्ये ब्यभिचारी र जारी गर्नेहरुको ईश्वरले
५ बिचार् गर्छ। धन्को लोभ् रहित् हुंने गर तिमिहरुकां भयेकै देखि
सन्तुष्ट रहिकन. कस्मोगरिभन्ये उ आफैले भन्येको छ कहीं हवस् तंलाइ
६ त्यागदींन अनि न कहीं हवस् तंलाइ छोड़ि दिंछु। येसो हो भन्ये देखि
ता ढाड़स् गरि भन्द छौ

प्रभु मेरो उपकारे छ डराउदींन

मान्छेले मेरो क्ये गर्छ ॥

७ तिमिहरुमां मालिक् भयेकाहरुलाइ जुन्हरु तिमिहरुलाइ ईश्वर्को
बचन् बोल्ये सम्झना गर अनि तिन्को बास्बसाईको चल्न्को निकासा
८ हेर्दै हेर्दै तिन्को बिश्वास्को जस्तो चाल्मां हिंड़। येशु ख्रीष्ट हिजो र
९ आजु र सदा सर्बदा सम्म एकैनासे छ। नाना प्रकार्का र पराय्
सिकाईहरुले तर्काइ न लगायौ. कस्मोगरिभन्ये जाति छ हिर्दय् अनुग्रहले
थीरो गराईनु भोजन्हरुले ता होइन जस्मां तिन्मां हिंड्नेहरुलाइ नाफा
१० भयेन। हांमिहरुको येउटा बेदि छ जुन् देखिको खानु डेराको सेवा
११ गर्नेहरुलाइ अधिकार् छैन। कस्मोगरिभन्ये जुन् चइ जीवाजन्तुहरुको लोहू
मूल्पूजाहारीले पाप्को लागि गरि पवित्रस्थान्मां ल्याईदै छ तिनिहरुका
१२ जीउ चइ छाउंनी देखि बाइर डड़ाईदै छन्। येस्कारण् येशुले पनि
लोग्लाइ आफ्नै लोहूको बाटोले पवित्र गराउनको लागि ढोका देखि
१३ बाइर दुख भोग्यो। न येसैकारण् उस्को निन्दा सहदै छाउनी देखि
१४ बाइर उ थांइ निस्कि जाऊं। कस्मोगरिभन्ये हांमिहरुको यहां बनीइ
१५ रहंने सहर् छैन तर आउंदो चइ खोजुद छौं। त उस्को बाटोले बराबर्
ईश्वर्को सांमु स्तुतिको बलिदान् अर्थात् उस्को नाउंको लागि स्वीकार्
१६ गर्ने ओंठको फल् चढ़ाइ दिने गरूं। तर भलोगराई र सम्भागीहुवाई
चइं न बिर्स. किनभन्ये येस्ता बलिदान् ईश्वर्ले मन्पर्दो जान्द छ।
१७ तिमिहरुमां मालिक् भयेकाहरुलाइ मान अनि तिन्को अक्तियार्मां हव.
किनभन्ये तिनिहरु लेखा दिंनु पर्नेहरु झैं गरि तिमिहरुका प्राणको लागि

बिउंझि रहंद छन्. तिनिहरुले रमाहट् सङ यो गरुन् सुस्केरा मार्दै मार्दै
होइन भन्येर. किनभन्ये यो ता तिमिहरुको लागि निर्लाभ् हुंथ्यो ।।
१८ हांमिहरुको बिषय्मां प्रार्थना गर. कसोगरिभन्ये हांमिहरुको जाति
बिबेक् छ भन्न्ये भरोसा राख्द छौं कसोगरिभन्ये सबै कुरामां जाति
१९ रीत्ले बास्बसाईको चलन् गर्ने इच्छे गर्द छौं। अनि येमो गर भन्न्ये
अग्घोर् बेसि उपदेस् दिंद छु अरु छिटो तिमिहरुलाइ फेरि दिईउं भन्येर ।।
२० अब मिलाप्को ईश्वर्ले जस्ले सधैं सम्मको नियम्को लोहू सङ
भेंड़ाहरुको महा गोठाला अर्थात् हांमिहरुको प्रभु येशूलाइ मुर्दाहरु देखि
२१ बौराइ ल्यायो तिमिहरुलाइ उस्को इच्छे गर्नुको लागि सबै भलो
कुरोमां सिद्ध गरावस् ज्ये उस्को मुखेंजि मन्पर्दो छ त्यो हांमिहरुमां गर्दै
येशू ख्रीष्टको बाटोले. जस्लाइ सधैं सर्बदै महिमा हवस्। आमीन् ।।
२२ तर हे भाईहरु हो तिमिहरुलाइ उपदेस्को बचन् सहंनु भन्न्ये उपदेस्
२३ दिंद छु. कसोगरिभन्ये पत्र छोट्याइकन तिमिहरुको लेख्यें। हामिहरुको
भाई तिमोथियुस् छोड़ाईयो भनि थाहा पाउंनु. जो सङ त्यो छिटै आयो
भन्ये देखि तिमिहरुलाइ देखुंला ।।
२४ तिमिहरुमां सबै मालिक् भयेकाहरुलाइ र सबै पवित्र जन्हरुलाइ
सलाम्। इतलिया तिरकाहरुले तिमिहरुलाइ सलाम् भन्द छन् ।।
२५ अनुग्रह तिमिहरु सबै जना सङ हवस्। आमीन् ।।

याकूबको सर्बसाधारणसम्बन्धी पत्र

---

१ १ याकूब् ईश्वर् अनि प्रभु येशू ख्रीष्टको दास् छरपुट्टहुवाईका बाह्रै
कुल्हरुकन सलाम् ॥
२ हे मेरा भाईहरु हो नाना प्रकार्का परीक्षामां पर्दा सब् तिर बाटो
३ रमाहट् हो भनि गन हांमिहरुको बिश्वास्को जांचिठहराईले स्थिरेई
४ गराउद छ भनि जानिकन। अनि स्थिरेईको सिद्ध काम्गराई हवम् र
क्येइमां घटि भइ न रहिकन सिद्ध र अखण्ड हव ॥
५ तर तिमिहरुमांको कसैलाइ बुद्धिको घटि छ त सबैलाइ बिना दोष्
६ दिइ उक्षिनो सङ दिने ईश्वर् सित मांगोस् अनि त्येस्लाइ दिईछ। तर
बिना शंका गरि बिश्वास् सङ मांगोस्. किनभन्ये शंका गर्ने समुन्द्रको
७ बतास्ले हल्लाईने र उछालीने पछारीने छाल् जस्तो छ। त्येस् चइं
८ मान्छेले प्रभुकाटो क्येइ पाउला भनि न बिचारोस् आफ्ना सबै
बाटामां चचल् हुने दोमने चइ मान्छेले ॥
९ तर दीन् मानको भाईले आफ्नु अल्गोहुवाईको बिषय्मां घमण्ड्
१० गरोस्. अनि धनीचइंले आफ्नु दीन्हुवाईको. किनभन्ये घांस्को फूल् झैं
११ बिति जांछ। कसोगरिभन्ये सूर्जले ओइल्हाउने बतास् सङ उदय् भयेर
घांस् सुकाइ हाल्द छ अनि त्येस्को फूल् झरि जांद छ अनि त्येस्को
रूप्को शोभा नष्ट होइ जांद छ. त्येसै गरि धनी पनि आफ्ना अवाई-
जवाईमां ओइल्हि जांछ ॥
१२ धन्न त्यो मान्छे जो परीक्षामां स्थिर् रहंद छ. किनभन्ये योग्यलाग्दो
भयेर जीवन्को त्यो मुकुट् पाउंछ ज्येको प्रभुले उ सङ प्रेम् गर्नेहरुलाइ
१३ करहार् गर्न्येको छ। कसैले परीक्षित् हुंदा ईश्वर्को पट्टि बाटो परीक्षित्
हुंद छु भन्येर न भनोस्. किनभन्ये ईश्वर् ता बुरा कुराले परीक्षित्
१४ हुंदैन अनि आफैले कसैको पनि परीक्षा गर्दैन. तर जनगे आफ्नै कुइच्छे
१५ देखि तानीयेर लोभ्याईदामां परीक्षित् हुंद छ। तब कुइच्छेले गर्भ
राख्येर पाप् जन्माउंद छ. अनि पाप् चइंले पूरो बढेनको भयेर मृत्यु
१६ जन्माउंद छ। न भर्मीयौ हे मेरा प्रिय भाईहरु हो। सबै भलो
दिवाई र सबै सिद्ध बर्दान् ता मांथि देखि छ ज्योतिहरुको पिताको

पट्टि बाटो उत्रिकन जस्का क्येइ सार्फेर् हुंनु सक्दैन अनि न क्येइ
१८ फेर्फार् देखिको छाया। आफैले मन् गर्‍येर उस्ले हांमिहरुलाइ सच्चेईको
बचन्ले जन्मायो हांमिहरु उस्का सिर्जीयेका थोकको कोई न कोई अगौटेफल्
हुनुको लागि ॥
१९ येइ जान्द छौ हे मेरा प्यारा भाईहरु हो। तर जनंगे मान्छे
सुन्नुको लागि छिटो बोल्नुको लागि ढीलो क्रोध्को लागि ढीलो हवस्.
२० कर्‍मोगरिभन्ये मान्छेको क्रोध्ले ईश्वर्को धर्म्म गराउंदैन। येस्कारण् सबै
२१ मैल्याई र बुराईको अग्घोरेई उतारि राख्येर नरमेई सङ तिमिहरुका
२२ प्राण् बचाउंनु सक्ने लगाईयेको बचन्लाइ ग्रहण् गर। तर बचन्
पूरो गर्नेहरु हव खालि आफैलाइ धोका दिंदै सुन्नेहरु मांत्रै होइन।
२३ किनभन्ये कोई बचन् सुन्येर पूरो गर्ने छैन त एक् जना आफ्नु जन्ममुख
२४ दर्पण्मां चाल् पाउंने मान्छे जस्तो छ. कर्‍मोगरिभन्ये आफुलाइ चाल्
२५ पायेर गइ गयेर तुरन्तै कस्तो थियें भनि बिर्सि हाल्द छ। तर सिद्ध
अर्थात् निर्बन्धेईको ब्यवस्था निउंरि हेर्‍येर तेस्का रहने चइ बिर्सि हाल्ने
२६ सुन्ने होइन तर कर्म्म गर्ने हुने भइ आफ्नु गराईमां धन्न हुंछ। कसैले
आफ्नु जिब्रोमां करेलि न लगाउंने तर आफ्नु हिर्दयलाइ भुल्याउंने
हुंदामां आफुलाइ धर्म्माचारी ठान्द छ त येस्को धर्म्माचार् नाहक्को छ।
२७ हांमिहरुको ईश्वर् र पिताको चोखो र शुचि धर्म्माचार् यो हो टुहुरा
टुहुरी र बिधुवीहरुको तिनको कष्टमां हेर्चाहा गर्नु र आफुलाइ संसार्
देखि बिदाग्को गरि बचाइ राख्नु ॥
२ १ हे मेरा भाईहरु हो महिमाको प्रभु हांमिहरुको प्रभु येशु ख्रीष्टको
२ बिश्वास् पक्षपाई सङ न राख। कर्‍मोगरिभन्ये एक् जना सुन्को औंठी
हुंने चम्कीलो पहिरन् लायेको मान्छे तिमिहरुको सभामां आयो अनि
३ एक् जना कंगालि हुने मैलो पहिरन् लायेको मान्छे पनि आयो अनि
चम्कीलो पहिरन् लाउंने चइ मांथि दृष्टि गरि भन्यौ आफु यहां राम्रोरि
बस्नु हवस् अनि कंगालिचइलाइ तं त्यहां उभी कि मेरो चरण्पिरा
४ देखि मुन्तिर बस् त क्ये आफुमां भेदै मान्ने अनि दुष्ट बिचार् गर्ने
५ बिचारी भयौन। हे मेरा प्रिय भाईहरु हो सुन्नु क्ये ईश्वर्ले संसार्को
लेखिका कंगालिहरुलाइ छान्येन बिश्वास्मां धनी र उस्ले उ सङ प्रेम्
गर्नेहरुलाइ करहार् गर्‍येको उस्को राज्का अधिकारी होउन् भन्येर।
६ तर तिमिहरुले ता कंगालिको हुर्मत् लियौ। धनीहरुले क्ये तिमिहरुलाइ

पेल्दैनन् अनि आफैले तिमिहरुलाइ बिचार्बैठक्हरुको सांमु तानि लांदैनन्।
८ तिनले क्ये तिमिहरु बोलाईयेको जाति नांउको निन्दा गर्दैनन्। तैं आफ्नु
क्षिमेकि सङ आफु सङ झैं प्रेम् गर् भन्ये धर्म्मशास्त्र अनुसार् राजा
९ ब्यवस्था पूरो गरि रहंद छौ त जाति गर्द छौ. तर पन्पसाई गर्द छौ
त पाप्को काम् गर्द छौ कसोगरिभन्ये तर्कि हिंड्नेहरु हौ भनि ब्यवस्था
१० देखि दोष् दिईयेका छौ। कसोगरिभन्ये जस्ले सिंगै ब्यवस्था मान्ला
११ तर एक्कै कुरोमां ठेम् खाला त्यो सबै कुराको दोषी भयो। कसोगरिभन्ये
ब्यभिचार् न गर् भन्नेले हत्या न गर् पनि भन्यो. अब ब्यभिचार् ता
गर्दैनस् तर हत्या चइं गर्द छस् त ब्यवस्था देखि तर्कि हिंड्ने भइस्।
१२ येमै बोल अनि येमै गर निर्बन्धेईको ब्यवस्थाको बाटोले बिचारीनु
१३ आंट्नेहरुले झैं। कसोगरिभन्ये बिचार् दया न गर्नेको लागि निर्दया छ.
दयाले बिचार्को बिरुद्धमां घमण्ड् गर्द छ॥
१४ हे मेरा भाईहरु हो कसैले मेरां बिश्वास् छ भनि भन्द छ तर
त्येस्कां कर्म्म छैन भन्ये क्ये नाफा क्ये त्येस् बिश्वास्ले त्येस्लाइ बचाउनु
१५ सक्द छ। कोई भाई कि बैनी नांगै र दिनहूंको खुराक् देखि घटि
१६ भइ रहंद छ अनि तिमिहरुमांको कसैले तिनलाइ कुशल् सित हिंडि
गयेर न्यानो हव अनि अघाव भनि भन्द छ तैं जीउको लागिका खांचा
१७ थोक् तिनलाइ दिंदैन भन्ये क्ये नाफा। त्येसै बिश्वास् पनि त्येस्का
१८ कर्म्म छैनन् भन्ये आफैमां मुर्दा हो। अं कसैले भनि दिंछ तेरां बिश्वास्
छ अरे अनि मेरां ता कर्म्म छन्. आफ्ना कर्म्म बिना आफ्नु बिश्वास्
मंलाइ देखा अनि मं ता आफ्नु बिश्वास् आफ्ना कर्म्म देखि तंलाइ
१९ देखाउंछु। तैंले ईश्वर् एकैनै छ भनि बिश्वास् गर्द छस् अरे जाति
२० गर्द छस्. भूत्हरुले पनि बिश्वास् गर्द छन् अनि थर्थराउंद छन्। तर
एइ रित्तो मान्छे क्ये कर्म्म बिना बिश्वास् ब्यर्थ छ भनि थाहा पाउंने
२१ इच्छे गर्द छस्। हामिहरुको पिता अब्राहाम् क्ये कर्म्म देखि धर्म्मी
२२ ठहराईयेन अर्थात् आफ्नु छोरालाइ बेदिमां चढाइ दियेकोमां। देख्द
छस् बिश्वास्ले त्येस्का कर्म्म सङ काम् गर्‍यो अनि कर्म्म देखि ता
२३ बिश्वास् सिद्ध तुल्याईयो अनि अब्राहाम्ले ईश्वर्को बिश्वास् गर्‍यो
अनि यो त्येस्को लागि धर्म्म गनीयो भन्ने धर्म्मशास्त्र पूरो गरीयो.
२४ अनि त्यो ईश्वर्को मित्र भनीयो। देख्द छौ मान्छे कर्म्म देखि धर्म्मी
२५ ठहराईद छ अनि खालि बिश्वास् देखि मात्रै होइन। अनि त्येसैरि

राहब् बेश्ये पनि क्ये कर्म्म देखि धर्म्मी ठहरगाईइन अर्थात् दूत्हरुलाइ
२६ पाहुना पाल्येर अर्को बाटो वाड़ो निकालि पठाइ दियेकोमां। कसोगरि-
भन्ये जसोरि जीउ आत्मा बिना मुर्दा छ त्यसैरि विश्वास् पनि कर्म्म
बिना मुर्दा हो॥

३ १ हे मेरा भाईहरु हो धेरै जना शिक्षा दिनेहरु न बनीयौ हांमि शिक्षा
२ दिंनेहरुले अरु सारो दण्डको आज्ञा पाउछौं भनि जानिकन। कसोगरि-
भन्ये सबै जना ता धेरै कुरामां ठेस् खांद छौं। कसैले बचन्मां ठेस्
खांदैन त येइ सिद्ध मान्छे छ कसोगरिभन्ये सिंगै जीउमां पनि करेलि
३ लगाउंन् सक्ने हो। अब घोड़ाहरुका करेलि तिनका मुखमां लगाउंद
छौं हांमिहरुलाइ मानुन् भन्येर त तिनको सिंगै जीउ घुमाउंद छौं।
४ हेर जहाज् पनि येत्ति ठुला ठुला भये पनि अनि सारो बतास्ले धचेटीये
पनि अग्घोर् सांनु बहानाले जता जता सघाउंनेले मन् गर्द छ उता
५ उतै घुमाईदै जांद छन्। येसैरि जिब्रो पनि सांनु अंग छ अनि ठुलो
ठुलो गफ् गर्द छ। हेर कत्ति सांनु सांनु आगोले कत्ति ठुलो ठुलो बन्
६ बाल्द छ। अनि जिब्रो ता येउटा आगो हो. हांम्रा अंगमां अधर्म्मको
लोक् जिब्रै हो जस्लेनै सिंगै जीउ दागी गर्द छ अनि भवचक्र जुवाले
७ पार्द र नर्क देखि जुवाले पारीद छ। कसोगरिभन्ये सबै जात्का बन्पशु
र पंषीहरु अनि बगि हिंड्ने र जल्चारीहरु मान्छेजात् देखि तह लाग्द
८ र लाईयेको छ. तर जिब्रोचइंलाइ ता मान्छेहरुमांको कसैले तह लाउंन्
सक्दैन त्यो चंचल् हुंने बुराई हो मारि हाल्ने बिष्ले भरीयेको छ।
९ त्यसैलेनै प्रभु र पितालाइ आशीर्बाद् गर्द छौं अनि त्यसैलेनै ईश्वर् जस्ता
१० गरि बनीयेका मान्छेहरुलाइ स्राप् गर्द छौं। एकै मुख् देखि आशीर्बाद्
र स्राप् दुवै निक्लंद छन्। हे मेरा भाईहरु हो यि कुरा येसै हुंन्
११ उचित् छैन। क्ये कुवाले एकै छेंड् देखि मीठो र तीतो दुवै निकालि
१२ दिंद छ क्ये नेभाराको रुख्ले मेरा भाईहरु हो भद्राक्षेका फल् फलि
दिंन् सक्द छ कि दाख्को बोट्ले नेभाराका फल्. अनि न नुनीलो पानीले
मीठो गरि दिन् सक्द छ॥

१३ को तिमिहरुमां ज्ञानी र थाहा पाउंने छ ज्ञान्को नरमेई सङ
१४ आफ्नु जाति बाम्बसाईको चलन् देखि आफ्ना कर्म्म देखावस्। तर
तिमिहरुका तिमिहरुको हिर्दय्मां तीतो इबि र कलह् छ त सच्चेईको
१५ बिरुद्धमां घमण्ड् न गर अनि झूठ् न बोल। यो चइं ज्ञान् मांथि देखि

उत्रि आउंने होइन तर पृथिवीमांको र प्राणिक् र भूत् देखिको हो।
१६ कसोगरिभन्ये जहां इबि र कलह् छ त्यहां खल्याङ्मल्याङ् र सबै आफाल्-
१७ सिंगै कुरो छ। तर मांथि देखिको चइं ज्ञान् पहिले ता शुद्ध छ तब
मिलाप्सम्बन्धी अनुग्रही मनाउंनु सजीलो दया र भला फलले भरीयेको
१८ भेद्मनाई न गर्ने कपट् न गर्ने। अनि धर्म्मको फल् मिलाप् गरैया
हुंनेहरुको लागि मिलाप्मां छरींद छ॥

४ १ तिमिहरुमां लड़ाईहरु कहां देखि अनि बाझाबाझ् कहां देखि हुंद छन्.
क्ये यहां देखि होइन अर्थात् तिमिहरुका अंगमां संग्राम् गर्ने तिमिहरुका
२ मुखबिलास् देखि। लालच् गर्द छौ अनि तिमिहरुकां छैन. हत्या गर्द र
इबि राख्द छौ अनि पाउंनु सक्दौन. बाझाबाझ् र लड़ाई गर्द छौ.
३ तिमिहरुकां छैन किनभन्ये मांग्दौन। मांग्द छौ अनि पाउंदौन किनभन्ये
४ बुरो गरि मांग्द छौ आफ्ना मुखबिलास्मां खर्च भन्येर। ए ब्यभि-
चारिणीहरु हो क्ये संसारको मित्रेई ईश्वरको सत्तुरेई हो भनि जान्दौन।
त जस्ले संसारको मित्र हुंने मन् गर्द छ त्यो ईश्वरको सत्तुर् ठहरींद छ।
५ कि क्ये धर्म्मशास्त्रले ब्यर्थैमां भन्द छ भनि ठान्द छौ. क्ये उस्ले हामि-
हरुमां बास् गर्नु लायेको आत्माले डाहै तिर गरि अघोर्को इच्छे गर्द
६ छ। तर उस्ले अरु बड़ा अनुग्रह दिंद छ। येस्कारण् धर्म्मशास्त्रले
भन्द छ ईश्वर्ले अहंकारीहरुको बिरोध् गर्द छ तर दीनहरुलाइ अनुग्रह
७ दिंद छ। त ईश्वरको ताबिमां भइ रह तर शैतान्को बिरुद्धेई गर त
८ तिमिहरु देखि भाग्छ। ईश्वरको नजिक् आव त उ तिमिहरुको नजिक्
आउंछ। ए पापीहरु हो आफ्ना हात् शुद्ध पार अनि ए दोमनेहरु हो
९ आफ्ना हिर्दय् पवित्र गर। बिपत्ति भोग अनि शोक् गर अनि
रोव. तिमिहरुको हंसाई शोक्मां फेरीओस् अनि तिमिहरुको रमाहट्
१० मुर्नामां। प्रभुको मुखेंजि आफुलाइ होंच्याव त उस्ले तिमिहरुलाइ
अल्ग्याउंछ॥

११ हे भाईहरु हो एकाले अर्काको बिरुद्धमां पोल्येहीं न गर। भाईको
बिरुद्धमां पोल्येही गर्ने कि आफ्नु भाईको बिचार् गर्नेले ब्यवस्थाको
बिरुद्धमां पोल्येहीं गर्द छ अनि ब्यवस्थाको बिचार् गर्द छ. तर ब्यवस्थाको
बिचार् गर्द छस् त ब्यवस्था पूरो गर्ने होइन तर बिचारी होस्।
१२ ब्यवस्था दिंने र बिचारी एक् जनानै हो अर्थात् बचाउंनु र नास् पार्नु
सकनेनै. तर तं आफ्नु छिमेकिको बिचार् गर्ने चइं को होस्॥

१३ लु अब ता ए येसो भन्नेहरु हो आजु कि भोलि फलाना सहर्मा
गयेर त्यहां एक् बर्ष बिताउंछौं अनि बेपार् गर्छौं अनि हात पार्छौं.
१४ जब भोलि क्ये हुंछ भनि थाहा पाउंदौन ता। तिमिहरुको जीउंनि
कस्तो छ। कमोगरिभन्ये वाफ् हौ जो अलिक् बेर् सम्म देखाहा पर्द
१५ छ अनि तब अल्पीइ जांद छ। येस्को साटोमां ता तिमिहरुले येसो
भन्नु पर्थ्यो प्रभुले इच्छे गर्‍यो भन्ये जीइ रहंछौं पनि अनि यो कि त्यो
१६ गर्छौं पनि। तर अब ता आफ्ना शेखिगराई माथि घमण्ड् पो गर्द छौ.
१७ येस्तो सबै घमण्ड्गराई दुष्ट छ। त जस्ले जाति गर्नु जानिकन गर्दैन
त्येस्चइंलाइ पाप् लाग्द छ॥

५ १ लु अब ता हे धनीहरु हो तिमिहरु माथि आइ लाग्ने बिपत्तिहरुको
२ बिषय्मां ह्र ह्र गरि रोव। तिमिहरुका धन् कुह्यो अनि तिमिहरुका
३ बस्त्र कीराले खाये। तिमिहरुका सुन् चांदीमां खीय लाग्यो अनि तिनको
खीय तिमिहरु माथि साक्षीको लागि हुछ अनि आगोले झैं तिमिहरुका
४ शरीर् खांछन्। पछिल्ला दिनमा धन् बटुल्यौ। हेर तिमिहरुका
खेतको कटनी गर्नेहरुको तिमिहरुले ठगेई गर्‍येको बनि कराइ उठ्द छ.
अनि कटनी गर्नेहरुका हापराई सेनाहरुको प्रभुका कानमां पर्स्येका छन्।
५ पृथिवीमां शोख् र भोग्बिलास्मा रह्यौ काटाकाट्का दिनैमां आफ्ना
६ हिर्दय् पालि रह्यौ। धर्म्मीलाइ दोषी ठहरायौ अ हत्या गर्‍यौ त्येस्ले
तिमिहरुको बिरोध् गर्दैन॥

७ त हे भाईहरु हो प्रभुको अवाई सम्म धीरजी हव। हेर किसानिले
भूमिको अमोल् फल्को बाटो हेर्द छ त्येस्को बिषय्मां त्येस्ले थाल्नि
८ र टुङ्नि झरी न पाउंज्याल् सम्म धीरजी भइ। तिमिहरु पनि धीरजी
हव आफ्ना हिर्दय् स्थिर् गर. किनभन्ये प्रभुको अवाई नजिकै छ।
९ हे भाईहरु हो सुस्केरा एकाले अर्काको बिरुद्ध गरि न मार न बिचारीयौ
१० भन्न्ये खातिर्ले. हेर बिचारी दैलाको सांमुइ उभीइ रह्येको छ। हे मेरा
भाईहरु हो प्रभुको नांउले बोल्ने अगम्बक्ताहरुलाइ बुराईभोग् र धीरजी-
११ हुवाईको नपना गरि लेव। हेर स्थिर् रहंनेहरुलाइ धन्न भन्द छौं.
अय्यूब्को स्थिरेईको बिषय्मां सुन्यौ अनि प्रभुको अन्त हेर्‍यौ प्रभु अग्घोर्
टिठालु र दयालु रछ भनि॥

१२ तर सबै भन्दा पहिले हे मेरा भाईहरु हो किरिया न खाव न
स्वर्गको न पृथिवीको न अरु कुनै किरियाको. तर तिमिहरुको हो भन्न्ये हो
अनि होइन भन्न्ये होइन हवस् बिचार् मुनि न पर भन्येर॥

१३ क्ये तिमिहरुमां कर्मैले बुराई भोग्द छ त प्रार्थना गरोस्. क्ये कोई
१४ सुदिल्मां छ त गीत् गावस्। क्ये तिमिहरुमां कोई दुख्येको छ त
मंडलीका प्राचीन्हरुलाइ छेउ बोलावस् अनि तिनले प्रभुको नाउले त्येस्लाइ
१५ तेल्ले मल्येर त्येस्को बिषय्मां प्रार्थना गरुन्. अनि बिश्वास्को प्रार्थनाले
दुख्येकोलाइ बचाउंछ अनि प्रभुले त्येस्लाइ उभ्याउंछ अनि त्येस्ले पापै
१६ गर्‍येको भये पनि यो त्येस्को लागि क्षमा गरीछ। त एका अर्काको
सांमु आफ्ना पापका काएल् हव अनि एकाले अर्काको लागि प्रार्थना गर
र येमोरि निका पारीयौ. धर्म्मीको बिन्ति कार्जे गर्दामां धेरै कामको छ।
१७ एलिय्याह् हांमिहरु जस्तै दुख्सुख्भोगी मान्छे थियो अनि पानी न बर्सोस्
भनि सारो प्रार्थना गर्‍यो अनि भूमिमां साढ़े तीन् वर्ष पानी बर्स्येन।
१८ अनि त्येस्ले फेरि प्रार्थना गर्‍यो त अकाशले पानी दियो अनि भूमिले
आफ्नु फल् उमार्‍यो ॥
१९ हे मेरा भाईहरु हो तिमिहरुमां कोई सच्चेई देखि भर्मि गयो अनि
२० कर्मैले त्येस्लाइ फर्काइ ल्यायो भन्ये देखि त्येस्ले पापीलाइ त्येस्को
बाटोको भर्माई देखि फर्काइ ल्याउनेले येउटा प्राण्लाइ मृत्यु देखि बचाउंछ
अनि रामै पाप्लाइ ढाक्छ भनि थाहा पावस् ॥

पत्रुस्को सर्बसाधारण्सम्बन्धी पहिलो पत्र

१ १ पत्रुस् येशू ख्रीष्टको प्रेरित् छरपुट्टहुवाईका पुन्तुस् र गलातिया र
कपदोकिया र आशिया र बिथुनियामां बिदेसी भयेका छानीयेकाहरुलाइ
२ पिता ईश्वर्को अगम्ज्ञान् अनुसार् आत्माको पवित्रगराईमां आज्ञामनाई
र येशू ख्रीष्टको लोहूको छर्काईको लागि ता. तिमिहरुलाइ अनुग्रह् र
शान्ति बढ़ाइ दिइओस् ॥
३ धन्न हांमिहरुको प्रभु येशू ख्रीष्टको ईश्वर् र पिता जस्ले आफ्नु
बड़ो दया अनुसार् हांमिहरुलाइ येशू ख्रीष्टको मुर्दाहरु देखि बौरिउठाईको
४ बाटोले जीउंदो आशाको लागि बौराइ जन्मायो अबिनासी र शुचि
र ओइल्हि न जाने अधिकार्को लागि जो स्वर्गमां तिमिहरुको लागि
५ बचाइ राखीयेको छ जो ईश्वर्को शक्तिले बिश्वास्को बाटोले
पछिल्लो समय्मां प्रगटो गरींनु तियार् हुने मुक्तिको लागि पहरामां
६ राखींद छौ। अनि येस् कुरोमां हर्षित् हुंद छौ अलिक् बेर् सम्म खांचो
छ भन्ये देखि नाना प्रकारका परीक्षाले कष्टित् भयेका भये पनि
७ तिमिहरुको बिश्वास्को जांचिठहराई सुन् भन्दा जो आगोको बाटोले
जांचीयेर पनि नष्ट हुने छ अमोल् भइ सकोई र महिमा र मान् सम्मको
८ पाईओस् भन्न्ये खातिर्ले येशू ख्रीष्टको प्रकाशहुवाईमां. जो सङ उस्लाइ
न देख्येर पनि प्रेम् गर्द छौ. जो मांथि उस्लाइ ऐले न देख्दा पनि
बिश्वास् गर्दै अकथ्ये र महिमित् भयेको रमाहट् सङ हर्षित् हुंद छौ.
९ आफ्नु बिश्वास्को अन्त अर्थात् आफ्ना प्राण्को मुक्ति फिर्तामां पाउंदै।
१० जुन् मुक्तिको बिषय्मां तिमिहरु सम्म आउने अनुग्रहको बिषय्मां अगम्-
११ बचन् कहने अगम्बक्ताहरुले जतन् सङ खोज् र ढूंढ़लाई गर्‍ये. तिनिहरुमां
भयेको ख्रीष्टको आत्माले ख्रीष्टका दुखभोग् र यिनको पछिका महिमाको
साक्षी अगाड़ि देखि दिंदामां कुन् कि कस्तो चइं समय् प्रकाशित् गर्द छ
१२ होला भनि ढूंढ़ल्दै ढूंढ़ल्दै। जुन्हरु मांथि आफ्नै लागि होइन तर
तिमिहरुइको लागि यि कुराको सेवा गर्द थिये भनि प्रगटो गरीयो जुन्
कुराको समाचार् अब ता तिमिहरुलाइ स्वर्ग बाटो पठाईयेको पवित्र

आत्माले सुसमाचार् सुनाउंनेहरुको बाटोले तिमिहरुलाइ कहि दिईद छ.
जुन् कुरा दूत्हरुले निउंरि निउंरिकन हेर्ने अति इच्छे गर्द छन् ।।
१३ येस्कारण् आफ्नु बुद्धिका कम्मर् बान्ध्येर हुशियार् भइ आफ्नु
आशा तिमिहरुलाइ येशू ख्रीष्टको प्रकाशहुवाईमां ल्याइ दिईने अनुग्रह
१४ मांथि सिद्ध राख आज्ञामनाईका बालखले झैं आफ्नु अज्ञान्मां भयेका
१५ आफ्ना अगाड़िका कुइच्छे सङ एकै डवल्का बनीदै न जांदै. तर जुन्
हिसाप्ले तिमिहरुलाइ बोलाउंने पवित्र छ आफै पनि सबै बास्बसाईको
१६ चलन्मां पवित्र बनीयौ किनभन्ये लेख्येको छ पवित्र हव किनभन्ये
१७ मं पवित्र छु । अनि बिना पक्षपाताई सित जनंगेको काम् अनुसार्
बिचार् गर्नेको नाउं पिता गरि लिंद छौ त डर् सङ आफ्नु परदेसीहुवाईको
१८ समय्भरिको बास्बसाईको चलन् गर. यो जानिकन हांमिहरुको पितृबेहोरा
अनुसार्को नाहक्को बास्बसाईको चलन् देखि हांमिहरुको उद्धार् बिनासी
१९ थोकले अर्थात् चांदी कि सुन्ले गरीयो होइन तर अमोल् लोहुले
२० निष्कलंक र निर्दाग् थुमाकोले झैं अं ख्रीष्टैकोले. जो संसार्को उत्पत्ति
भन्दा अगाड़िनै देखि चिनीयेको थियो तर समय्हरुको अन्तमां प्रगटो
२१ गरीयो तिमिहरुको कारण्मां जस् जस्ले उस्को बाटोले ईश्वर् मांथि
बिश्वास् गर्द छौ जस्ले उस्लाइ मुर्दाहरु देखि बौराइ उठायो अनि महिमा
दियो र येसोरि तिमिहरुको बिश्वास् र आशा ईश्वर् मांथि हवस् ।
२२ निष्कपट् भाईप्रेम्को लागि आफ्नु आफ्नु प्राण् सच्चेईको आज्ञामनाईमां
पवित्र गर्येका छौ येस्कारण् हिर्दय् देखि एकाले अर्का सङ अघोर् प्रेम्
२३ गर. कस्तोगरिभन्ये ईश्वर्को जीउंदो र बनीइ रहंने बचन्को बाटोले
बिनासी होइन तर अबिनासी बीर्ज देखि बौराइ जन्माईयेका छौ ।
२४ किनभन्ये

सबै शरीर् घांस् जस्तो छ
अनि त्येस्को सबै महिमा घांस्को फूल् जस्तो ।
घांस् सुकि जांद छ अनि फूल् झरि जांद छ.
२५ तर प्रभुको बचन् सधैं सम्म बनीइ रहंद छ ।
अनि सुसमाचार्को तिमिहरुलाइ सुनाईयेको बचन् येइ हो ।।

२ १ त सबै बुराई र सबै छल् र कपट् र डाहा र सबै पोल्येहीं उतारि
२ राख्येर ऐले जन्म्येका बालखले झैं बिना छल् हुंने आत्मासम्बन्धी
दुद्को अघोर्को इच्छे गर त्येस्ले मुक्ति सम्म गरि बढ़दै जाव भन्येर

३/४ प्रभु कृपालु छ भनि चाख्येका छौ भन्ये देखि ता. जस्को छेउ जीउंदो
ढुंगाको गरि जो मान्छेहरु देखि ता बिकामे ठानीयो तर ईश्वर्‌चइंका
५ छानीयेका र मानका छ आउंदै गर्दा　आफै पनि जीउंदा ढुंगाहरु
झैं आत्मिक् घर् बनाईदै जांद छौ पवित्र पूजाहारीमंडली हुनुको लागि
येशू ख्रीष्टको बाटोले ईश्वर्‌लाइ सुग्रहणयोग्य हुने आत्मिक् बलिदान्‌हरु
६ चढ़ाइ दिंनुको लागि। किनभन्ये धर्म्मशास्त्रमां छ

हेर मं सिय्योन्‌मां येउटा कुनाको सिराह्‌पत्थर् भयेको
ढुंगा राख्द छु छानीयेका र मानको.
अनि उ माथि बिश्वास् गर्ने कनै लाज्‌मां पारीदैन

७ भन्यको। त तिमि बिश्वास् गर्नेहरुचइंका लागि त्यो मानकोहुवाई छ तर
अबिश्वास् गर्नेहरुचइंको लागि

जस् ढुगोलाइ घर् बनाउंनेहरुले बिकामे ठान्ये
उइ कुनाको सिराह् भइ गयो

८ अनि

येउटा टक्कर्‌को ढुंगो अनि येउटा ठोकर्‌को शिलापत्थर्

कसोगरिभन्ये न माने भइ बचन् देखि टक्कर् खांद छन्. ज्येको लागि
९ ठहराइ राखीये पनि। तर तिमिहरु चइं ता छानीयेको कुल् हौ
राजावलि पूजाहारीमंडली पवित्र लोग् ईश्वर्‌का निज् प्राप्त गर्येकाहरु र
येसोरि तिमिहरुलाइ अंधकार् देखि आफ्‌नु उदेक्‌को ज्योतिमां बोलाउनेका
१० पुण्येको समाचार् फिंजाव. जो अगाड़ि येउटा लोग् थियौन तर अब ता
ईश्वर्‌को लोग् हौ. जस्ले दया पायेका थियौन तर अब ता दया
पायौ ॥

११　हे प्रियहरु हा पर्देसी र बिदेसीहरुलाइ झैं उपदेस् दिंद छु प्राणको
१२ बिरुद्धमां संग्राम् गर्ने शरीरिक् कुइच्छेहरु देखि अलग् रह　अन्यदेसी-
हरुमां जाति चाल्‌बसाईको चलन्‌का हुंदै जुन् कुरामां तिमिहरुको बिरुद्धमां
बुरो गर्नेहरुको झैं पोल्येही गर्द छन् त्येसैमां तिमिहरुका जाति कर्म्मले
जो आफैले देख्द छन् ईश्वर्‌को महिमा तिनलाइ दर्शन् दिईयेका दिनमां
गरुन् भन्ये खातिर्‌ले ॥

१३　प्रभुको कारण्‌मां मान्छेहरुको जुन्‌सुकै पनि बिधिको ताबिमां भइ
१४ रह. राजाको ताबिमां हवस् त सबै माथिको हो भनि　मालिक्‌हरुको
हवस् त राजाको पट्टि बाटो बुरो गर्नेहरुको नियागराईको र भलो

१५ गर्नेहरुको सर्काईको लागि पठाईयेका हुन् भनि। किनभन्ये ईश्वर्को
इच्छे येस्तै छ तिमिहरुले भलो गर्दामां निर्बुद्धि मान्छेहरुको अज्ञान्येई
१६ निरुत्तर् गर्नु. निर्बन्ध्हरुले झैं गरि ता अनि आफ्नु निर्बन्धेईलाइ बुराईको
ढाक्ने थोक् गरि लिइ राख्नेहरुले झैं होइन तर ईश्वर्का दाम्हरुले
१७ झैं। सबैलाइ मान् गर। भाईबन्द् सङ प्रेम् गर। ईश्वर् देखि
डराव। राजालाइ मान् गर॥

१८ हे घर्का दाम्हरु हो सबै डर् सङ आफ्ना स्वामीहरुको ताबिमां
भइ रह खालि भला र अनुग्रहीहरुको मात्रै होइन तर बांगाटेढ़ाहरुको
१९ पनि। कसोगरिभन्ये कसैले अन्न्ये सित दुख भोगिकन ईश्वर् निरको
बिबेक्को कारण्मां शोक् सहंद छ त यो ता गुण् मान्ने माफिक्को छ।
२० कसोगरिभन्ये पाप् गर्‍येमां मुड्क्याईदा स्थिर् रह्यौ त कये जस् भयो
तर भलो गर्‍येमां दुख भोग्दा स्थिर् रह्यौ त यो ता ईश्वर्का गुण् मान्ने
२१ माफिक्को छ। कसोगरिभन्ये तिमिहरु येसैको लागि बोलाईयौ. किनभन्ये
ख्रीष्टले पनि तिमिहरुको लागि दुख भोग्यो तिमिहरुको लागि लेख्नपना
२२ छोड़ि जांदै उसैका डोरामां पछ्याउंदै जाव भन्न्ये खातिर्ले. जस्ले कयेइ
२३ पाप् गर्‍येन अनि न उस्को मुख्मां कयेइ छल् पाईयो. जस्ले जिल्ल्याईदा
साटोमां जिल्ल्यायेन दुख भोग्दा धम्कायेन तर नियाले बिचार् गर्नेको
२४ हात्मां आफुलाइ सुम्पि दियो. जो आफैले हामिहरुका पाप् आफ्नु जीउमां
काठ् माथि चढ़ाइ लग्यो पापको लेखि मरि गयेर धर्म्मको लेखि जीउदै
२५ जाऊ भन्येर. जस्का चोटले निका पारीयौ। कसोगरिभन्ये भेड़ाहरु झैं
भर्मदै जांद थियौ तर अब ता आफ्ना प्राण्को गोठाल्ो र धर्म्माधिकारीको
फर्कि आयौ॥

३ १ त्येसैगरि हे स्वास्नीहरु हो आफ्ना लोग्नेहरुको ताबिमां भइ रह र
कोई कोई बचन् मान्दैनन् भन्ये पनि बचन् बिना आफ्नी स्वास्नीहरुको बास्-
२ बसाईको चलन्को बाटोले हात् पारीाउन् कसोगरिभन्ये तिमिहरुको
३ भय् सङ भयेको शुद्ध बास्बसाईको चलन् आफैले देख्येकोले। अनि
तिमिहरुको सिङार् केसको चुल्ठो बाट्ने र सुनका गहना लाउने कि बस्त्र
४ पहिर्ने बाहिर चइं न हवस् तर नरम् र शान्त आत्माको अबिनासी
बस्त्र लायेको त्यो हिर्दयको गुप्त मान्छे चइं हवस् जो ईश्वर्को सांमु
५ भारी मोल्को छ। कसोगरिभन्ये येस्तैगरि अगाड़ि ईश्वर् माथि आशा
राख्ने पवित्र स्त्रीहरुले पनि आफुलाइ सिङारिन् आफ्ना लोग्नेहरुको

६ ताबिमां भइ रहंदै. जसो साराले अब्राहाम्का आज्ञा मानी त्येस्लाइ प्रभु
भन्दै. जस्की बाल्खहरु ह्ौ भलो गर्द छौ अनि कुनै भय् मानि डराउंदौन
भन्ये देखि ता ॥
७ त्येमैगरि हे लोग्नेहरु ह्ो आफ्नी स्वास्नीहरु सङ ज्ञानै अनुसार्
बास् गर स्त्रीलाइ कम् बल्लियो भांडा ह्ो अनि जीउंनिको अनुग्रह्का
संगी अधिकारी पनि ह्ौं भनि मान् राखि दिंदै र तिमिहरुका प्रार्थना न
अड्काईउन् ॥
८ अन्तमां सबै एकै राईका ह्व सम्दुख्सुख्भोगी भाईप्रेमी सुटिठालु
९ दीन्राईका. बुरोको साटो बुरो कि जिल्ल्याईको साटो जिल्ल्याई न दिंदै
तर येस्को उल्टाउलो आशीष् पो दिंदै किनभन्ये येसैको लागि बोलाईयौ
१० आशीष्का अधिकारी ह्व भन्येर। कसोगरिभन्ये
जस्ले जीउंनि प्रिय जान्ने इच्छे राख्द छ
र भला दिन् देख्ने
त्येस्ले आफ्नु जिब्रो बुराई देखि थमावस्
अनि आफ्ना ओंठलाइ छल् बोल्नु देखि.
११ अनि बुराई देखि फर्कोस् अनि भलाई गरोस्
मिलाप् खोजोस् अनि त्येस्को खेदो गरोस्।
१२ किनभन्ये प्रभुका आंखा धर्म्मीहरु माथि छन्
अनि उस्का कान् तिनको बिन्ति तिर
तर प्रभुको मुख् बुराई गर्नेहरुको बिरुद्ध छ ॥
१३ अनि भलाईको लागि उधूमे भयौ भन्ये देखि तिमिहरुलाइ
१४ थिचोमिचो गर्ने को हुंछ। तर धर्म्मको कारण्मां ता दुख भोग्नु
पर्‍यो भन्ये पनि धन्न ह्ौ अनि तिनको डर् मानि न डराव अनि न
१५ घब्राव तर ख्रीष्टलाइ प्रभु गरि आफ्नु आफ्नु हिर्दय्मां पवित्र गर.
तिमिहरु सिन तिमिहरुमां भयेको आशाको बिषय्को लेखा मांग्ने जनंगेलाइ
१६ उत्तर् दिंनु सधैं तियार् हुंदै तै नरमेई र डर् सङ गरि. भलो बिबेक्
राख्दै जुन् कुरोमां तिमिहरुको बिरुद्धमां पोल्येहीं गरींद छ त्येसैमां
तिमिहरुको ख्रीष्टमां भयेको भलो बास्बसाईको चलन्को पति खोल्नेहरु
१७ लाज्मां पारीउन् भन्ये खातिर्ले। कसोगरिभन्ये बुरो गर्दा भन्दा
भलो गर्दा दुख भोग्नु ईश्वर्को इच्छेले इच्छे गर्‍यो भन्ये देखि भलो छ।
१८ किनभन्ये ख्रीष्टले पनि पापको बिषय्मां एकै खेप् दुख भोग्यो धर्म्मीले

अधर्म्मीहरुको लागि गरि हामिहरुलाइ ईश्वर्को छेउमां ल्यावस् भन्येर
१९ कसोगरिभन्ये शरीर्मां मराईयो तर आत्मामां जियाईयो ज्येमां
२० झेल्खान्मांका आत्माहरुलाइ गयेर प्रचार् गऱ्यो पनि जुन्हरुले
अगाड़ि ईश्वर्को मान्येनन् जब ईश्वर्को धीरज्ले नूह्का दिनमां बाटो
हेर्दै थियो जहाज् बनाईउंज्याल् सम्म जस्मां थोरै अर्थात् आठ् प्राणी
२१ बचाईये पानीको बाटोले ज्येले अनुहार् गरि अर्थात् बप्तिस्माले
शरीर्को मैल्को उतारिरखाईले होइन तर भलो बिबेक्को ईश्वर् तिरको
सोध्साध्ले अब ता तिमिहरुलाइ पनि बचाउंद छ येशू ख्रीष्टको
२२ बौरिउठाईको बाटोले जो स्वर्गमां गयेर ईश्वर्को दाहीनो हात् पट्टि छ
दूत्हरु र अधिकार्हरु र शक्तिहरु उस्को ताबिमां पारि दिईकन ॥

४ १ त जब ख्रीष्टले शरीर्मां दुख भोग्यो त तिमिहरुले पनि त्येमै
सोच्का हतियार् बान्ध किनभन्ये जस्ले शरीर्मां दुख भोग्यो त्यो पाप्
२ देखि थामीइ गयो शरीर्मा जति समय् बांकि छ त्यो फेरि मान्छे-
हरुका कुइच्छेको होइन तर ईश्वर्को इच्छेको लागि बिताउंनलाइ।
३ कसोगरिभन्ये बिति गयेको चइ समय् धेरै भयो अन्यदेशीहरुको मन्का
काम् गऱ्येको हुनलाइ अनि लुच्चेई र कुइच्छे र मतवालेई र रंगीभोज् र
४ मात्हर्ष र बिधिबिरुद्धका मूर्त्तिपूजाहरुमा हिंड्येको हुनलाइ. जुन् कुरो
तिमिहरुले जब तिमिहरु सङ कुकर्म्मको त्येमै बिघ्नहुवाईमा दगुर्दैन त
५ तिमिहरुको निन्दा गर्दै परायभरिका कुरा जान्द छन्. जन्हरुले जीउदा
६ र मुर्दाहरुको बिचार् गर्नु तियार् हुनेलाइ लेखा दिछन्। कसोगरिभन्ये
येसैको लागि मुर्दाहरुलाइ पनि सुसमाचार् सुनाईयो शरीर्मा मान्छेहरु
अनुसार् बिचारीउन् तर आत्मामा ईश्वर् अनुसार् जीउन् भन्ये खातिरले ॥
७ तर सबै थोक्को अन्त नजिक् आयो. त सुबुद्धि हव अनि प्रार्थना-
८ गराईको लागि हुशियार् रह. सबै भन्दा पहिले एकाले अर्को सङ प्रेम्
९ अघोर् गरि राख्दै किनभन्ये प्रेमले सबै पापलाइ ढाक्द छ. गनगनाई
१० बिना एकाले अर्कोको अतिथिसेवागराईको सेवा गर्दै. जसरीले अनुग्रहदान्
पायेको अनुसार् त्येस्को एकाले अर्कोको लागि सेवा गर्दै ईश्वर्को नाना
११ प्रकार्को अनुग्रहका जाति कारबारीहरुले झैं कोई बोल्द छ त
ईश्वर्का बाणी झै बोल्दै कसैले सेवा गर्द छ त ईश्वर्ले पारि दियेको
बल् देखि झै गर्दै. र सबै कुरामा ईश्वर्को महिमा येशू ख्रीष्टको बाटोले
गरीओस् जस्सैलाइ महिमा र सामर्थ सधै सर्बदै छ। आमीन् ॥

१२ हे प्रियहरु हो तिमिहरुको परीक्षाको लागिको तिमिहरुको बीच्मां
भयेको आगोसरिको गत् परायसरिको कुरो न जान तिमिहरु मांथि
१३ परायको क्येइ आइ लाग्यो भन्ये झैं. तर ख्रीष्टका दुखभोगका सम्भागी
भयेकोभरि रमाहट् गर उस्को महिमाको प्रगटोहुवाईमां पनि हर्षित् भइ
१४ रमाहट् गर भन्ये खातिर्ले। ख्रीष्टको नांउमां निन्दित् हुंद छौ त धन्न
हौ किनभन्ये महिमाको अनि ईश्वरको आत्मा तिमिहरु मांथि ठहर्द छ।
१५ कमोगरिभन्ये तिमिहरुमांको कसैले हत्यारा कि चोर् कि बुरो गर्नेले झैं
१६ दुख न भोगोस् कि परायहरुका काममां हात् हाल्नेले झैं. तर ख्रीष्टियान्ले
झैं कसैले दुख भोग्द छ त न लजावस् तर येस् चइं नांउमां ता ईश्वरको
१७ धन्नबाद् गरोस्। किनभन्ये बिचार् ईश्वरको जहान् देखि थालींने बेला
आयो. अनि पहिले हांमिहरु देखि थालीयो त ईश्वरको सुसमाचार् न
१८ मान्नेहरुचइको अन्त कस्तो होला। अनि धर्म्मी कठिन् सङ बचाईद छ
१९ त अभक्त र पापी कहां देखाहा पर्ला। येसो हो भन्ये देखि ता ईश्वरको
इच्छे अनुसार् दुख भोग्नेहरुले पनि आफ्ना प्राणलाइ भलोगराईमां
बिश्वासयोग्य सृष्टिकर्त्ताको जिम्मा राखुन्॥

५ १ त तिमिहरुमां हुने प्राचीन्हरुचइंलाइ मं संगी प्राचीन् र ख्रीष्टका
दुखभोगको साक्षी र प्रगटो गरींनु आंट्ने महिमाको सम्भागी पनि हुंने
२ उपदेस् दिंद छु ईश्वरको तिमिहरुमां भयेको बगाल्का गोठाला हव
धर्म्माधिकारीकाम् अबस्से लगाईयेकोले होइन तर ईश्वर् अनुसार् चाहिं
३ गरि गर्दै अनि न दुर्लोभ्ले गरि तर तियार् मन्ले गरि अनि न
आफ्नु अधिकार्काहरु मांथि हुकुम् चलाये झैं गरि तर बगाल्को लागि
४ नपना हुंदै। अनि मूल्गोठाला प्रगटो गर्रायेमां महिमाको ओइल्हि न
५ जांने मुकुट् फितिमां पाउंछौ। त्येसैगरि हे तन्हेरिहरु हो बृद्धहरुको
ताबिमां भइ रह अं तिमिहरु सबै जनाले एकाले अर्काको सेवा गर्नुलाइ
दीन्हुवाईका बन्धन् लाव. किनभन्ये ईश्वरले अहंकारीहरुको बिरोध् गर्द
६ छ तर दीन्हरुलाइ अनुग्रह दिंद छ। त आफुलाइ ईश्वरको सामर्थी
७ हात् मुनि होंच्याव र तिमिहरुलाइ ऋतुसमयमां अल्ग्यावस् आफ्नु सबै
फिक्रि उ मांथि हाल्दै किनभन्ये उस्ले तिमिहरुको बिषयमां धन्दा मान्द
८ छ। हुशियार् हव जाग्दै रह. तिमिहरुको फिराति शैतान् गर्जने सिंह
९ झैं कस्लाइ भेट्टाउं र निलि हालुं भनि खोजि हिंड्द छ. जस्को आफ्नु
बिश्वासमां दर्बीला भइ बिरुद्धेईं गर तिनै दुखभोग् संसार्मां भयेका

१० तिमिहरुका भाईबन्द्मां तुरींदै जांद राछन् भनि जानिकन। अनि सबै
अनुग्रह्को ईश्वर्ले जस्ले तिमिहरुलाइ ख्रीष्टमां आफ्नु अनन्त महिमामां
बोलायो आफै तिमिहरुलाइ तिमिहरुले अलिक् बेर् सम्म दुख भोग्येमां
११ सिद्ध र स्थिर् र बल्लिया पार्छ। उसैलाइ सामर्थ सधैं सर्बदै हवस्।
आमीन्॥

१२ बिश्वास्योग्य भाई सिल्वानुस्को हात्मां कसोगरिभन्ये येस्तो रछ
भनि गन्द छु अलिकता कुरा लेखि पठायें उपदेस् गर्दै र ईश्वर्को सच्चा
१३ अनुग्रह् येइ हो भन्ये साक्षी दिंदै येस्मां उभीइ रह। बाबेल्मां हुंने
तिमिहरु सङ छानीयेकीले तिमिहरुलाइ सलाम् भन्द छ अनि मेरो पुत्र
१४ मर्कुस्ले पनि। एकाले अर्कालाइ प्रेम्को चूमाले सलाम्॥
ख्रीष्टमां भयेका तिमिहरु सबै जनालाइ शान्ति॥

पत्रस्को सर्बसाधारणसम्बन्धी दोस्रो पत्र

१ १ शिमोन् पत्रुस् येशू ख्रीष्टको दास् र प्रेरित् हामिहरुको ईश्वर् र
मुक्तिदाता येशू ख्रीष्टको धर्म्ममां हामिहरुको जस्तो अमोल् बिश्वास्
२ पाउंनेहरुलाइ. निमिहरुलाइ ईश्वर्को अनि हामिहरुको प्रभु येशूको चिनाईमां
३ अनुग्रह् र शान्ति बढाइ दिईओस् कस्तोगरिभन्ये उस्को ईश्वरी
शक्तिले जीउंनि र भक्ति सित सम्बन्ध् राख्ने सबै थोक् हामिहरुलाइ
उस्को ज्ञान्को बाटोले बकश्यो जस्ले हामिहरुलाइ आफ्नै महिमा र
४ पुण्येले बोलायो. ज्ये ज्येले उस्ले हामिहरुलाइ आफ्ना अमोल् र अग्घोर्
बड़ा करहार्हरु बकश्यो यिनको बाटोले ईश्वरी सोभाउमां सम्भागी हव
५ भन्येर संसार्मां कुइच्छेले भयेको बिनास् देखि बांच्येर। अं अनि
येसैखातिर्ले सबै छिटोछाटो साथ लगाइकन आफ्नु बिश्वास्मां पुण्ये
६ पनि पारि देव अनि आफ्नु पुण्येमां ज्ञान् पनि अनि आफ्नु ज्ञान्मां
संयम् पनि अनि आफ्नु संयम्मां स्थिरेई पनि अनि आफ्नु स्थिरेईमां
७ भक्ति पनि अनि आफ्नु भक्तिमां भाईप्रेम् पनि अनि आफ्नु भाई-
८ प्रेम्मां प्रेम् पनि। किनभन्ये यि कुराले निमिहरुकां हुंदा र बेसि बेसि
बनींदै जादामां निमिहरुलाइ हामिहरुको प्रभु येशू ख्रीष्टको ज्ञान्को
निम्तिमां बिकास् न हुंने अनि न निष्फल् हुंने ठहराइ राख्द छन्।
९ कस्तोगरिभन्ये जस्कां यि कुरा छैनन् त्यो अन्धा छ कस्तोगरिभन्ये आफ्ना
कैले देखिका पाप्हरु देखिको शुद्धहुवाई चइं बिर्सि हाल्येर धर्मालो गरि
१० देख्ने भयेको छ। येस्कारण् हे भाईहरु हो झन् छिटोछाटो गर आफ्नु
बोलाई र छनाई थीरो गर्नुलाइ. कस्तोगरिभन्ये यि कुरा गर्दै ता कैलेइ
११ ठस् खांदैन. कस्तोगरिभन्ये येसोरि ता निमिहरुलाइ हामिहरुको प्रभु र
मुक्तिदाता येशू ख्रीष्टको अनन्त राज्मां पसाई परमसन गरि पारि
दिईछ॥
१२ येस्कारण् निमिहरुले यि कुरा जान्दै अनि निमिहरुकां भयेको सच्चेईमां
स्थिर् गरीयेका हुंदै पनि निमिहरुलाइ यि कुराको बिषय्मां सधै समझाइ
१३ दिंनुलाइ नियार् भइ रहंछु। अनि मैले येस् डेरामां रहुंज्याल् सम्म
१४ निमिहरुलाइ समझाईले जगाइ उठाउंनु ता धर्म्मयोग्य गन्द छु मेरो

डेराको उतारिरखाई चांड़ै हुंछ भनि हांमिहरुको प्रभु येशू ख्रीष्टले मं
१५ मांथि प्रकाश् गर्येको अन्सार् जानिकन। अं तिमिहरुले मेरो मृत्यु
पछि यि कुराको सम्झना सब् बेलामां राख्न् सक्नुलाइ छिटोछाटो
१६ गर्छु। कसोगरिभन्ये तिमिहरुलाइ हांमिहरुको प्रभु येशू ख्रीष्टको शक्ति
र अवाई थाहा गराउंदा बिद्येले बनौरी निकाल्येका कहनी पछ्यायूं होइन
१७ तर उस्को महातम् आफैले देख्यूं। कसोगरिभन्ये उस्ले ईश्वर् पिताकांटो
मान् र महिमा पायो महाप्रतापी महिमा देखि उ मांथि मेरो पुत्र जो
१८ देखि मं खुशि छु येइ हो भन्न्ये शब्द ल्याईदामां. अनि यो शब्द हांमिहरु
आफैले स्वर्ग देखि ल्याईदै गर्येको सुन्यूं पवित्र डांड़ामां उस्को साथमां
१९ हुंदाखेरि। अनि अगमवक्ते बचन् हांमिहरुकां झन् अरु थीरो भयो
जन्लाइ मान्दा जानि गर्द छौ अंध्यारो ठाउमां प्रकाशित् भयेको बत्तीलाइ
झैं दिन् चम्कि न उठुंज्याल् र बिहान्को तारा तिमिहरुको हिर्दयमां
२० उदय् न होउंज्याल् सम्म. कसोगरिभन्ये पहिले यो थाहा पाउंद छौं
धर्म्मशास्त्रको कुनै अगमबचन् कसैको आफ्नै अर्थखोलाईको हुंदैन भनि।
२१ कसोगरिभन्ये कुनै अगम्बचन् मान्छेइको इच्छेले कैलेइ आयेन तर मान्छेहरु
पवित्र आत्मा देखि चलाईदा ईश्वरैको पट्टि बाटो बोल्ये ॥

२ १ तर लोगमां झूठा अगमवक्ताहरु पनि भये जसो झूठा शिक्षा दिनेहरु
तिमिहरुमां पनि हुछन् जस्ले सत्यनाश् पार्ने कुपन्थहरु गुप्त रीत्ले भित्र
ल्याउंछन् तिनलाइ किन्ने स्वामीलाइ पनि अस्वीकार् गर्दै आफु माथि
२ चांड़ै सत्यनाश् ल्याउदै। अनि धेरैले तिनका कुचेईलाइ पछ्याउछन्
३ जनहरुको कारणले सच्चेईको पन्थको निन्दा गरीछ। अनि तिनले लोभ्
गरि तिमिहरुलाइ बनौरीका वचन्ले वेपार् गर्छन्. जनहरुको दण्डको
आज्ञाले कैले देखिको भइ अरुछि गर्दैन अनि तिनको सत्यनाश् ऊंघदैन।
४ कसोगरिभन्ये ईश्वरले पाप् गर्ने दुतहरुलाइ ना छिडायेन तर पत्ताल्मा
हालिकन अध्यारोका कुण्डमा सुम्पि दिया विचार्को लागि बचाउ गर्नायेका
५ गरि। अनि नाशिका संसार्लाइ छिडायेन तर अभक्तहरुको संसार्
माथि जल्प्रलय् ल्याइकन धर्म्म प्रचार्ने नह र सात् जना अरुको जगेरा
६ गर्यो। अनि सदोम र अमोराका सहरहरुलाइ भस्म पारिकन नसाईले
७ दोषी ठहरायो अभक्ति गर्ने आउनेहरुको लागि नमुना गरि दिइ। अनि
विधिविरोधीहरुको कुचेष्टामाको चाल्चलाईको चल्न देखि उदेग गरीयेको
८ धर्म्मी लूत्लाइ बचाइ छोड़ायो। (कसोगरिभन्ये त्येस धर्म्मी जनले तिनको

बीच्मां बास् गर्दै देख्येको र सुन्येकोले दिनहूं आफ्नु धर्म्मी प्राण्लाइ
९ तिनका बिधर्म्मका कर्म्म देखि पीरा दिंथ्यो). त प्रभुले भक्तहरुला
परीक्षा देखि छोड़ाउंनु जान्द छ अनि अधर्म्मीहरुलाइ दण्डको गतमां
१० नियाको दिन् सम्म बचाइ राख्नु　तर सबै भन्दा बेसि अशुचिको
कुइच्छेमां शरीर्को पछि लाग्ने र प्रभुतेई तुच्छ ठान्नेहरुलाइ चइं।
ढीटो र आफ्नै खुशि गर्ने भइ बड़ा बड़ा मानको निन्दा गर्दा कांम्दैनन्.
११ जब दूत्हरुले ता बल् र शक्तिमां अरु बड़ा छन् र पनि ईश्वर्को सांमु
१२ तिनको बिरुद्धमां निन्दा सित बिचार् ल्याउंदैनन्। तर यिनिहरु चइं
पकरापराई र बिनाम्हुवाईको लागि मोभाउको कर्मां जन्माईयेका
अचेतन्य जीवाजन्तु झैं जुन् जुन् कुरा थाहा न पाउंने छन् तिनैमां निन्दा
गर्दा आफ्नु बिनाम्पराईमा बिनामै पारीछन् अधर्म्मको बंनिमां अधर्म्म
१३ पाइकन. दिउंसोको शोखलाइ सुख्बिलास् गन्दै दाग् र कलंक् हुंदै आफ्ना
१४ प्रेम्भोजमां तिमिहरु सङ भोज् भनियार् गर्दा शोखमां रहिकन. ब्यभिचार्ले
भरीयेका र पाप् देखि थार्मानु न सक्ने आंखा हुनेहरु हुंदै अस्थिर्
प्राण्लाइ लोभ्याउंदै लोभ्मां साधीयेको हिर्दय् हुनेहरु हुंदै सराप्का सन्तान्
१५ हुंदै. सोजो बाटो छोड़िकन भर्मि गये बओर्को छोरो बिलाम्को बाटोमां
१६ पछ्यायेर जस्ले अधर्म्मको बंनिलाइ प्रिय जान्यो　तर त्येस्को आफ्नै
अपराध्को दोष्दिवाई भयो. अबोल् भारिबोका गदाहाले मान्छेबोलीले
१७ उचारिकन अगम्बक्ताको बुद्धिछोड़ाई थुनि दियो। निपाने कुवा र
आंधी देखि घचेटीयेका कुइरा यिनै हुन् जुन्हरुको लागि अधकार्को
१८ अंध्यारो राखि छोड़ीयेको छ। कमोगरिभन्ये नाहक्का अघोर् फुलीयेका
कुरा उचार्दै भर्माईमां बास्बसाईको चल्न् गर्नेहरु देखि बांचि निक्लनु
१९ आटेकाहरुलाइ लच्चेईले शरीर्का कुइच्छेमां लोभ्याउंद छन्　तिनलाइ
निर्बन्धेईको करहार् गर्दै जब आफै भन्ये सत्येनास्का दास् हुंद छन्
कमोगरिभन्ये जस् देखि कोई जीतीयो त त्येस् देखि दास् पनि तुल्याईयो।
२० कमोगरिभन्ये तिनिहरु प्रभु र मक्तिदाता येशू ख्रीष्टको चिनाईले समार्का
अशौच देखि बांचि निक्ल्ये पछि फेरि तिनमां अल्झाईयेर जीतीद छन्
२१ त तिनको लागि पछिल्लो गत् अघिल्लो भन्दा बुरो भइ गयो। कमोगरि-
भन्ये धर्म्मको बाटो चिन्येको न हुनु बरु तिनको लागि भलो हुने थियो
त्यो चिन्ये पछि तिनलाइ सुम्पि दियेको पवित्र आज्ञा देखि फर्कि जांनु
२२ भन्दा ता। कुकुर् आफ्नै छाद् माथि अनि धोईयेकी सुंगुर्नी हिलोमा
आफ्नो लोटनलाइ फर्कि गर्छ भन्ने सच्चा आहन् जस्तो तिनलाइ आइ लाग्यो॥

३ १ यो दोस्रो पत्र हे प्रियहरु हो अब तिमिहरुकां लेख्द छ अनि दुवैमा
२ समझाईले तिमिहरुको निर्मल् बुद्धिलाइ जगाइ उठाउंद छु तिमिहरुले
पवित्र अगमवक्ताहरु देखि अगाड़ि देखि भनीयेका कुरा र तिमिहरुका
प्रेरित्हरुको बाटोले भयेको प्रभु र मुक्तिदानाको आज्ञा सम्झनलाइ.
३ पहिले यो थाहा पाइकन पछिल्ला दिनमां ठट्टा गर्नेहरु ठट्टा सङ आउंछन्
४ आफ्नै कुइच्छे अनुसार् हिंड्दै अनि येसो भन्दै उस्को अवाईको
करहार् कता हो कसोगरिभन्ये जब देखि पित्रहरु मुनि गये सबै थोक्
५ सृष्टिको थाल्निनै देखि जस्ताका तस्ता बनीइ रहंद छन्। कसोगरिभन्ये
यो कुरा इच्छेइ गरि बिर्सि जांद छन् ईश्वरको बचनले कैले देखिका चइं
अकाशहरु थिये अनि पानी देखि र पानी मांझ सङ् सङै ठहरीन् लायेको
६ पृथिवी भनि ज्ये ज्येको बाटोले त्येस् बेलाको संसार् पानीले जल्-
७ प्रलय् लायेको भइ नष्ट पारीयो। तर ऐलेका चइं अकाशहरु र
पृथिवी त्येसै बचनले आगोको लागि सोंच् गरीयेका छन् अभक्त मान्छे-
हरुको बिचार् र बिनासको दिन् सम्म आगोको लागि बचाइ राखीइकन ॥
८ तर हे प्रियहरु हो यो येउटा कुरा बिर्सि न जाव प्रभुकां एक् दिन्
९ हजार् बर्ष जस्तो छ अनि हजार् बर्ष एक् दिन् जस्तो भन्न्ये। प्रभुले
आफ्नु करहारको बिषयमां कतिले ढिलाई गन्येको अनुसार् ढिलाउदैन
तर तिमिहरु निर धीरज् धर्द छ कोई नष्ट न हवस् तर सबै पश्चात्तापमां
१० आउन् भन्न्ये मन् गरिकन। तर प्रभुको दिन् चोर् झैं आइ पुग्छ
जस्मां अकाशहरु हड़ाङ्हुड़ङ् गर्दै टलि जांछन् अनि मूल्तत्व अग्घार्
तातीइकन सेटीइ जांछन् अनि पृथिवी र त्येस्मांका कार्जे डड़ाइ
११ हाल्नीछन्। न यि सबै थोक् येसै सेटीइ जाने छन् न तिमिहरु पवित्र
१२ बासबसाईका चलन् र भक्तिमां कस्ता मान्छे हुनु पर्द छ ईश्वरको
दिन्को अवाईको बाटो हेर्दै र छिट्टै हवस् भन्न्ये इच्छे गर्दै जुन् दिन्को
कारण् अकाशहरु जलि जलिकन सेटीइ जाछन् अनि मूल्तत्व अग्घार्
१३ तातीइकन पग्लि जांछन्। तर उस्को करहार् अनुसार् नया अकाशहरु
र नया पृथिवीको जुन्मां धर्म्मले बास् गर्ने छ बाटो हेर्द छौं ॥
१४ येस्कारण् हे प्रियहरु हो यि कुराको बाटो हेर्द छौ न उस्को साम्
१५ निर्दोग् र निष्कलंक् भइ शान्तिमां पाईनुलाइ छिटोछाटो गर। अनि
हांमिहरुको प्रभुको धीरज् मुक्ति हो भनि गन जसो हांम्रो प्रिय पाऊल्
१६ भाईले पनि त्येस्लाइ दिईयेको ज्ञान् अनुसार् तिमिहरुकां लेख्यो जसो

आफ्ना सबै पत्रहरुमां पनि तिनमां यि कुराको बिषय्मां बोल्दा लेख्यो
जुन्हरुमां बूझ्नु कठिन् कत्ति कुरा ता छन् जुन् कुरालाइ न सिक्येका र
स्थिर् न गरीयेकाहरुले अरु रह्येका पनि धर्म्मशास्त्रलाइ झैं आफ्नै
१७ सत्त्येनाम्को लागि गरि बटारि टिप्द छन्। त हे प्रियहरु हो तिमिहरु
चइं यि कुरा अगाड़ि देखि थाहा पाइकन जोगीइ बस र बिधिबिरोधी-
१८ हरुको भर्माईले साथमां लगायेर आफ्नै स्थिरेई देखि न खस। तर
हामिहरुको प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनुग्रह् र ज्ञान्मां बढ़्दै
जाव। महिमा ऐले पनि अनि सदा समय् सम्म पनि उसैलाइ हवस्।
आमीन॥

यूहन्नाको सर्बसाधारणसम्बन्धी पहिलो पत्र

१ १ ज्ये आदि देखि थियो ज्ये सुन्यूं ज्ये आंखाले देख्यूं ज्ये हेर्‍यूं अनि
२ हामिहरुका हातले छाम्ये जीवन्को बचन्को बिषय्मां (अनि जीवन्
प्रगटो गरीयो अनि देख्यू अनि साक्षी दिंद छौं अनि तिमिहरुलाइ सनातन्
चइं जीवन्को समाचार् सुनाउंद छौं जो पिता सित थियो अनि हामि-
३ हरुकां प्रगटो गरीयो) ज्ये देख्यूं अनि सुन्यूं त्येसैको समाचार् तिमि-
हरुलाइ पनि सुनाउंद छौं तिमिहरुलाइ पनि हामिहरु सङ संगत्गराई
हवस् भन्येर. अं अनि हामिहरुको चइं संगत्गराई पिता सङ अनि उस्को
४ पुत्र येशु ख्रीष्ट सङ छ. अनि यि कुरा लेख्द छौं हामिहरुको रमाहट्
पुरो गरीयेको हवस् भन्न्ये खातिर्ले ॥
५ अनि ज्ये समाचार् उस्को पट्टि बाटो सुन्यूं अनि तिमिहरुलाइ
सुनाउंद छौं त्यो येइ हो ईश्वर् ज्योति हो अनि उस्मां कयेइ पनि अंधकार्
६ छैन भन्न्ये। हामिहरुलाइ उ सङ संगत्गराई छ भनि भन्द छौं अनि
७ अंधकार्मां हिंड्द छौं त झुट् बोल्द छौं अनि सच्चेई गर्दैनं. तर ज्योतिमां
हिंड्द छौं जसो उइ ज्योतिमां छ त हामिहरुलाइ एका अर्का सङ संगत्-
गराई छ अनि उस्को पुत्र येशुको लोहले हामिहरुलाइ सबै पाप् देखि
८ शुद्ध पार्द छ। हामिहरुको पाप् छैन भनि भन्द छौं त आफुलाइ
९ भर्माउंद छौं अनि सच्चेई हामिहरुमां छैन। आफ्ना पापका काएल्
हुंद छौं त उ बिश्वास्योग्य र धर्म्मी छ हामिहरुका पाप् क्षमा गर्नुलाइ
१० अनि हामिहरुलाइ सबै अधर्म्म देखि शुद्ध पार्नुलाइ। पाप् गर्‍यौं भनि
भन्द छौं त उस्लाइ झटो तुल्याउंद छौं अनि उस्को बचन् हामिहरुमा
छैन ॥
२ १ हे मेरा नानीहरु हो यि कुरा तिमिहरुलाई लेख्द छु पाप् न गर
भन्न्ये खातिर्ले। अनि कसैले पाप् गर्‍यो त पिता सित हामिहरुको
२ येउटा गोहारे छ अर्थात् धर्म्मी जन येशु ख्रीष्ट. अनि उइ हामिहरुका
पापको बिषय्को प्रायश्चित्त हो अनि हामिहरुकोलाइ मात्रै होइन तर सिंगै
३ संसार्का पनि। अनि उस्लाइ चिन्द छौं भनि येसैले थाहा पाउंद छौं
४ उस्का आज्ञा मान्द छौं भन्न्ये देखि ता। उस्लाइ चिन्द छु भनि भन्ने अनि

५ उस्का आज्ञा ता न मान्ने झूठो हो अनि सच्चेई त्येस्मां छैन. तर जसले
उस्को बचन् मान्द छ त्येस्मां ईश्वर्को प्रेम् सांच्चिनै सिद्ध तुल्याईयो।
६ येमैले ता उस्मां छौं भनि थाहा पाउंद छौं. उस्मां रहंद छु भन्ने आफै पनि
उइ हिंड्नेको अनुसार् हिंड्नु पर्द छ॥
७ हे प्रियहरु हो कुनै नया आज्ञा तिमिहरुकां लेख्दीन तर तिमिहरुकां
थाल्निनै देखि भयेको पुरानु आज्ञा. पुरानु आज्ञा जो छ त्यो तिमिहरुले
८ सुन्येको बचन् हो। फेरि नया आज्ञा ता तिमिहरुकां लेख्दै छु जुन्
कुरो उस्मां अनि तिमिहरुमां सच्चा छ किनभन्ये अंध्यारो बिति जांद छ
९ अनि सांच्चिकै ज्योति एलेइ प्रकाशित् हुंद छ। ज्योतिमां छु भनि
१० भन्ने अनि आफ्नु भाई देखि दुश्मनी गर्ने अझै सम्म अंध्यारोमां छ।
आफ्नु भाई सङ प्रेम् गर्ने ज्योतिमां रहंद छ अनि त्येस्मां ठोकर्को
११ कारण् छैन। तर आफ्नु भाई देखि दुश्मनी गर्ने अंध्यारोमां छ अनि
अंध्यारोमां हिंड्द छ अनि कता जांद छु भनि जान्दैन किनभन्ये अंध्यारोले
त्येस्का आंखा अन्धा पार्यो॥
१२ हे नानीहरु हो तिमिहरुकां लेख्द छु किनभन्ये तिमिहरुका पाप्
१३ उस्को नांउको कारणले तिमिहरुको लागि क्षमा गरीये। हे बाबुहरु
हो तिमिहरुकां लेख्द छु किनभन्ये आदि देखि हुनेलाइ चिन्द छौ।
हे तन्नेरिहरु हो तिमिहरुकां लेख्द छु किनभन्ये दुष्टलाइ जीत्यौ।
हे बालखहरु हो तिमिहरुकां लेख्ये किनभन्ये पितालाइ चिन्द छौ।
१४ हे बाबुहरु हो तिमिहरुकां लेख्यें किनभन्ये आदि देखि हुनेलाइ चिन्द छौ।
हे तन्नेरिहरु हो तिमिहरुकां लेख्यें किनभन्ये बल्लिया छौ अनि ईश्वर्को
१५ बचन् तिमिहरुमां रहंद छ अनि दुष्टलाइ जीत्यौ। संसार सङ प्रेम् न
गर अनि न संसार्मांका थोक् सङ। कसैले संसार् सङ प्रेम् गर्द छ त
१६ त्येस्मां पिताको प्रेम् छैन। किनभन्ये संसार्मांको जुन्सुकै थोक् पनि
अर्थात् शरीर्को कुइच्छे अनि आंखाहरुको कुइच्छे अनि जीविकाको
१७ शेखिगराई पिता देखिको होइन तर संसार् देखिको हो। अनि संसार्
बिति जांद छ अनि त्येस्को कुइच्छे पनि. तर ईश्वर्को इच्छे गर्ने चइं सधैं
सम्म रहंद छ॥
१८ हे बालखहरु हो अब पछिल्लो घरी हुंदै जांद छ. अनि ख्रीष्ट-
बिरोधी आउंद छ भनि जस्तो सुन्यौ त्येस्तो अबै पनि धेरै ख्रीष्ट-
बिरोधीहरु छन् त येस् देखि पछिल्लो घरी हो भनि थाहा पाउंद छौं।

१९ ति हांमिहरु देखि निस्कि ता गये तर हांमिहरु देखिका थिंदै थियेनन्
कसोगरिभन्ये हांमिहरु देखिका हुंदा हुन् त हांमिहरु सङ रहंने थिये.
तर निस्कि गये सबै हांमिहरु देखिका होइन राछन् भनि प्रगटो गर्राउन्
२० भन्न्ये खातिर्ले। अनि पवित्र जन्को पट्टि बाटो तिमिहरुचइको अभिषेक्
२१ छ अनि सबै कुरा जान्द छौ। तिमिहरुकां लेख्यें किनभन्ये सच्चेइँ
जान्दौन होइन तर किनभन्ये त्यो जान्द छौ अनि क्येइ झूठ् सच्चेइँ
२२ देखिको छैन। झूठो को हो खृीष्ट येशूइ ता होइन भन्न्ये अस्वीकार्
गर्ने बाहिक्. खृीष्टबिरोधी येइ हो अर्थात् पिताल्लाइ अनि पुत्रल्लाइ
२३ अस्वीकार् गर्ने चइं। पुत्रल्लाइ अस्वीकार् गर्ने जनंगेल्ले पिताल्लाइ पनि
राख्ने छैन. पुत्रल्लाइ स्वीकार् गर्नेल्ले चइं पिताल्लाइ पनि राख्ने छ।
२४ तिमिहरु चइं जो छौ तिमिहरुल्ले ज्ये थाल्नि देखि सुन्यौ त्यो तिमिहरुमां
रहोस्। ज्ये थाल्नि देखि सुन्यौ त्यो तिमिहरुमां रह्यो भन्ये देखि
२५ तिमिहरु पनि पुत्रमां अनि पितामां हुछौ। अनि उस्ले हांमिहरुल्लाइ
२६ गर्येको करार् येइ हो अर्थात् सनातन् चइं जीवनै। यि कुरा तिमि-
२७ हरुकां तिमिहरुल्लाइ भर्माउनेहरुको बिषयमां लेख्यें। अनि तिमिहरु चइं
जो छौ तिमिहरुमां उस्को पट्टि बाटोको अभिषेक् रहंद छ अनि तिमि-
हरुल्लाइ कसैल्ले तिमिहरुल्लाइ शिक्षा दिनु खांचो छैन तर जसो उस्को
अभिषेक्ले तिमिहरुल्लाइ सबै कुराको बिषयमां शिक्षा दिंद छ अनि सच्चा
छ अनि झूठ् छैन त्येसैरि र त्येस्ले तिमिहरुल्लाइ शिक्षा दियेको अनुसार्
२८ उस्मां रहंद छौ। अनि अब ता हे मेरा नानीहरु हो उस्मा रह र उ
प्रगटो गर्रायो भन्ये देखि हांमिहरुल्लाइ निर्भय् हवस् अनि उस्को अवाईमां
२९ उस्को सांमु देखि लजाइ न जाऊं। उ धर्म्मी छ भनि जान्द छौ त
धर्म्म गर्ने जनंगे पनि उ देखि जन्माईयो भनि थाहा पाउंद छौ॥
३ १ हेर पिताल्ले हांमिहरुल्लाइ कस्तै प्रेम् गरि दियो र ईश्वर्का सन्तान्
भनींद छौं. अनि सांच्चि येस्तैनै छौं। येसैकारणल्ले संसारल्ले हांमिहरुल्लाइ
२ चिन्दैन किनभन्ये उस्लाइ चिन्येन। हे प्रियहरु हो एल्लेइ ईश्वर्का
सन्तान् छौं अनि क्ये हुंछौ भनि एल्ले सम्म प्रगटो गर्रायेन। जान्द
छौं उ प्रगटो गर्रायो भन्ये देखि उइ जस्तै हुंछौ कसोगरिभन्ये उस्लाइ
३ उ जस्तो छ त्येस्तै देख्छौ। अनि उ माथि यो आशा राख्ने जनंगेल्ले
४ ता आफुल्लाइ शुद्ध गर्द छ जस्तै उ शुद्ध छ। पाप् गर्ने जनंगेल्ले अधर्म्म
५ पनि गर्द छ. अनि अधर्म्म ता पापै हो। अनि जान्द छौ उ प्रगटो

गर्यो पाप् उठाइ लावस् भन्न्ये खानिरूले अनि उस्मांइ ता पाप् छैन।
६ उस्मां रहने जनंगेले पाप् गर्दैन. पाप् गर्ने जनंगेले उस्लाइ देम्येकै छैन
७ अनि न उस्लाइ चिन्येको पो छ। हे मेरा नानीहरु हो कसैले निमि-
८ हरुलाइ न भर्माविस्. धर्म्म गर्ने चइं धर्म्मी छ जस्तै उ धर्म्मी छ. पाप्
गर्ने चइं शैतान् देखिको हो किनभने शैतान्ले ता थाल्हनि देखि पाप्
गर्द छ। ईश्वर्‌को पुत्र प्रगटो गर्यो शैतान्‌का काम् मेटि देवस् भन्येर।
९ ईश्वर् देखि उत्पन्न भयेको जनगेले पाप् गर्दैन किनभन्ये त्येस्मां ता
उस्को बिउ रहंद छ. अनि त्येस् चइंले पाप् गर्न् सकदैन किनभन्ये ईश्वर्
१० देखि जन्माईयो। ईश्वर्‌का सन्तान् अनि शैतान्‌का सन्तान् येसैले प्रगटो
हुंद छन्. धर्म्म न गर्ने जनंगे ईश्वर् देखिको होइन अनि न आफ्नु भाई
११ सङ प्रेम् न गर्ने। किनभन्ये निमिहरुले थाल्हनिनै देखि सुन्येको सुसमाचार्
१२ येइ हो एकाले अर्का सङ प्रेम् गरूं भन्न्येनै. जस्तो कयिन् दुष्ट देखिको
थियो अनि आफ्नु भाईलाइ मार्यो त्येस्तै होइन। अनि त्येस्लाइ किन
मार्यो किनभन्ये त्येस्का आफ्ना कर्म्म दुष्ट थिये अनि त्येस्को भाईका
चइं धर्म्मी॥

१३ हे भाईहरु हो संसार्‌ले निमिहरु देखि दुश्मनी गर्द छ त न उदेक् न
१४ मान। हांमिहरु ता जान्द छौं मृत्यु देखि जीउंनिमां मरि गयेका छौं
त्यागरिभन्ये भाई सङ प्रेम् गर्द छौं। प्रेम् न गर्ने ता मृत्युइमां रहंद
१५ छ। आफ्नु भाई देखि दुश्मनी गर्ने जनंगे मान्छेघाती हो. अनि जान्द
छौं त्येस्मां अजम्मरे जीउंनि रहन् यो कुनै पनि मान्छेघातीको छैन।
१६ उस्ले आफ्नु प्राण् हांमिहरुको लागि नर्पि दियो प्रेम् येसैले चिन्द छौं
अनि हांमिहरुले पनि आफ्नु आफ्नु प्राण् भाईहरुको लागि नर्पि दिंनु
१७ पर्द छ। तर जस्ले संसार्‌को जीविका हुंने भइ आफ्नु भाईलाइ खांचो
भयेको हेरि आफ्नु दिल् त्यो निर देखि थुन्द छ त त्येस्मां ईश्वर्‌को
१८ प्रेम् कसोगरि रहंद छ। हे मेरा नानीहरु हो वचन्‌मां मात्रै प्रेम् न
१९ गरूं अनि न जिब्राले तर कर्म्म र सच्चेईमां। येसैले ता सच्चेई देखिका
२० हौं भनि जान्छौं अनि उस्को सांमु आफ्नु हिर्दय्‌लाइ मनाउंछौं हांमिहरुको
हिर्दय्‌ले कुनै कुरामां हांमिहरुलाइ दोष् दियो भन्ये देखि ता. किनभन्ये
ईश्वर् हांमिहरुको हिर्दय् भन्दा बड़ा छ अनि सबै कुरा थाहा पाउंद छ।
२१ हे प्रियहरु हो हांमिहरुको हिर्दय्‌ले हांमिहरुला दोष् दिंदैन त हांमि-
२२ हरुलाइ ईश्वर् तिर निर्भय् छ अनि ज्ये सुकै मांग्द छौं उस्को पट्टि

बाटो पाउंद छौं किनभन्ये उस्का आज्ञा मान्द छौं अनि उस्को मुखेंजि
२३ जाति लाग्ने चइं काम् गर्द छौं। अनि उस्को आज्ञा येइ हो उस्को
पुत्र येशू ख्रीष्टको नांउको विश्वास् गरूं अनि उस्ले हांमिहरुलाइ आज्ञा
२४ दियेको अनुसार् एकाले अर्का सङ प्रेम् गरूं भन्न्येनै। अनि उस्का
आज्ञा मान्ने उस्मां रहंद छ अनि उ त्येस्मां। अनि उ हांमिहरुमां
रहंद छ भनि येसैले जान्द छौ अर्थात् उस्ले हांमिहरुलाइ दियेको आत्मा
देखिनै ॥

४ १ हे प्रियहरु हो गांटै पिच्छे आत्माको पत्यारो न गर तर आत्मा-
हरुलाइ ईश्वर् देखिका हुन् कि होइनन् भनि जांचि ठहराव. किनभन्ये
२ धेरै जना झुठा अगमवक्ताहरु संसार्मां निस्कि गये। ईश्वर्को आत्मालाइ
येसैले चिन्द छौं—येशू ख्रीष्ट शरीर्मां आयो भनि स्वीकार् गर्ने जनंगे
३ आत्मा ईश्वर् देखिको हो. अनि येशूलाइ स्वीकार् न गर्ने जनंगे आत्मा
ईश्वर् देखिको होइन. अनि ख्रीष्टविरोधीको आत्मा जस्को बिषय्मा
४ आउंद छ भनि सुन्यौ येइ हो अनि अब त्यो एल्हेइ संसार्मा छ। हे
मेरा नानीहरु हो तिमिहरु चइं ईश्वर् देखिका हौ अनि तिनिहरुलाइ
जीत्यौ. किनभन्ये तिमिहरुमा हुने ता संसार्मा हुने चइं भन्दा बडा छ।
५ तिनिहरु चइं संसार् देखिका हुन्. येसै कारणले तिनिहरु संसार् देखि
६ गरि बोल्द छन् अनि संसार्ले ता तिनिहरुको सुन्द छ। हांमिहरु चइं
ईश्वर् देखिका हौं. ईश्वर्लाइ चिन्नेले ता हामिहरुको सुन्द छ ईश्वर्
देखिको न हुनेले हामिहरुको सुन्दैन—येसैले सच्चेइको आत्मा र भर्मोइको
आत्मालाइ चिन्द छौं ॥

७ हे प्रियहरु हो एकाले अर्का सङ प्रेम् गरूं. किनभन्ये प्रेम् ईश्वर्
देखिको हो अनि प्रेम् गर्ने जनंगे ईश्वर् देखि उत्पन्न भयो अनि ईश्वर्लाइ
८ चिन्द छ। प्रेम् न गर्नेले ईश्वर्लाइ चिन्दैन किनभन्ये ईश्वर् ता प्रेम्
९ हो। ईश्वर्को प्रेम् हामिहरुमां येसैमा प्रगटो गर्गायो ईश्वर्ले आफ्नु
एकले पुत्रलाइ संसार्मा पठायो उस्का बाटोले जीऊं भन्न्ये खातिर्ले।
१० प्रेम् येसैमा छ हामिहरुले ईश्वर् सङ प्रेम् गर्यूं होइन तर उस्ले पो
हामिहरु सङ प्रेम् गर्यो अनि हामिहरुका पापको विषयको प्रायश्चित्त
११ गरि आफ्नु पुत्रलाइ पठायो। हे प्रियहरु हो ईश्वर्ले हांमिहरु सङ
येसोरि प्रेम् गर्यो नि हामिहरुले पनि एकाले अर्का सङ प्रेम् गर्नु पर्द छ।
१२ कसैले कैलेइ ईश्वर्लाइ हेर्येको छैन. एकाले अर्का सङ प्रेम् गर्द छौं त

ईश्वर् हांमिहरुमां रहद छ अनि उस्को प्रेम् हांमिहरुमां सिद्ध तुल्याईयो.
१३ उस्मां रहंद छौं अनि उ हांमिहरुमां भनि येमैले जान्द छौं अर्थात् उस्ले
१४ आफ्नु आत्मामांको हांमिहरुलाइ दियेकैले। अनि हांमिहरुले ता पिताले
पुत्रलाइ संसार्को मुक्तिदाता हुंनुलाइ पठायो भनि हेऱ्येका छौं अनि
१५ साक्षी दिंद छौं। जस्ले स्वीकार् गर्ला ईश्वर्को पुत्र येशूनै हो भन्न्ये
१६ त्येमैमां ईश्वर् रहंद छ अनि त्यो चइं ईश्वर्मां। अनि हांमिहरुले ता
ईश्वर्का हांमिहरुमां हुंने प्रेम् चिन्द र पत्यायेका छौ। ईश्वर् प्रेम् हो
अनि प्रेम्मां रहंने ता ईश्वर्मां रहंद छ अनि ईश्वर् त्येग्मा रहद छ।
१७ येसैमा प्रेम् हांमिहरु सङ सिद्ध तुल्याईयो हांमिहरुलाइ नियाको दिन्मां
निर्भर हवस् भन्येर किनभन्ये जस्तो उइ छ हांमिहरु पनि येस् संसार्मां
१८ त्येम्नै छौं। प्रेम्मां डरै छैन. तर सिद्ध प्रेम्ले ता डर्लाइ बाहर आफाल्द
छ किनभन्ये डर्लाइ ता दंड छ अनि डराउंने ता प्रेम्मां सिद्ध तुल्याईयेन।
१९ हांमिहरु ता प्रेम् गर्द छौं किनभन्ये पहिले उस्ले हांमिहरु सङ प्रेम् गऱ्यो।
२० कसैले ईश्वर् सङ प्रेम् गर्द छु भनि भन्द छ अनि आफ्नु भाई देखि
दुश्मनी गर्द छ झूठो छ. कसोगरिभन्ये आफ्नु देख्येकै भाई सङ प्रेम्
२१ न गर्नेले न देख्येको ईश्वर् सङ प्रेम् गर्नु सक्दैन। अनि उस्को पट्टि
बाटो हांमिहरुलाइ येइ आज्ञा छ ईश्वर् सङ प्रेम् गर्नेले आफ्नु भाई सङ
पनि प्रेम् गरोस् भन्न्येनै ॥

५ १ ख्रीष्ट येशूनै हो भन्न्ये बिश्वास् गर्ने जनगे ईश्वर् देखि उत्पन्न
भयो अनि उत्पन्न गर्ने सङ प्रेम् गर्ने जनगेले उ देखि उत्पन्न भयेको सङ
२ पनि प्रेम् गर्द छ। ईश्वर्का सन्तान् सङ प्रेम् गर्द छौं भनि येसैले
जान्द छौं अर्थात् जबै ईश्वर् सङ प्रेम् गर्द र उस्का आज्ञा पूरा गर्द छौं।
३ कसोगरिभन्ये ईश्वर्को प्रेम् येइ हो उस्का आज्ञा मानूं भन्न्येनै. अनि
४ उस्का आज्ञा भारी छैनन्.। कसोगरिभन्ये ईश्वर् देखि उत्पन्न भयेको
ज्येसुकैले पनि संसार्लाइ जीत्द छ. अनि संसार्लाइ जीत्ने जीत् येइ
५ हो अर्थात् हांमिहरुको बिश्वासै। अनि संसार्लाइ जीत्ने को हो ईश्वर्को
६ पुत्र येशूनै हो भन्न्ये बिश्वास् गर्नेलाइ छाडि। पानी र लोहूको बाटोले
जो आयो उ येइनै हो अर्थात् येशू ख्रीष्ट. खालि पानी सङ मांत्रै होइन
७ तर पानी सङ अनि लोहू सङ। अनि साक्षी दिंने आत्मानै हो किनभन्ये
८ सच्चेई आत्मानै हो। किनभन्ये साक्षी दिंनेहरु तीन् छन् अर्थात् आत्मा
९ र पानी र लोहू. अनि तीनै सम्बन्ध्मां एकै छन्। मान्छेहरुको साक्षी

लिद छौं त ईश्वर्को साक्षी त्यो भन्दा बड़ा छ. किनभन्ये ईश्वर्को
साक्षी येइ हो उस्ले आफ्नु पुत्रको विषय्मां साक्षी दियेको छ भन्न्येनै।
१० साक्षी त्येस्मा हुंनु यो ईश्वर्को पुत्र माथि विश्वास् गर्नेको छ. ईश्वर्को
विश्वास् न गर्नेले उस्लाइ झूठो तुल्यायो किनभन्ये ईश्वर्ले आफ्नु पुत्रको
११ विषय्मा दियेको साक्षी माथि विश्वास् गर्न्येन। अनि साक्षी येइ हो
ईश्वर्ले हामिहरुलाइ अजम्मरे जीउनि दियो अनि यो जीउनि उस्को
१२ पुत्रमां छ भन्न्येनै। जस्को पुत्र छ त्येस्को जीउनि छ जस्को ईश्वर्को
पुत्र छैन त्येस्को जीउनि छैन॥

१३ यि कुरा तिमिहरुको अर्थात् तिमि ईश्वर्को पुत्रको नांउ माथि
विश्वास् गर्नेहरुको लेख्यें तिमिहरुलाइ अजम्मरे जीउनि छ भनि जान
१४ भन्येर। अनि हामिहरुलाइ उ तिर हुने निर्भय् येइ हो कये उस्को
१५ इच्छे अनुसार् मागद छौं त उस्ले हामिहरुको सुन्छ भन्न्येनै. अनि उस्ले
ज्ये मागद छौं त्येस्को विषय्मां हामिहरुको सुन्द छ भनि जान्द छौं त
१६ उ सित मागेका थोक् हामिहरुलाइ छन् भनि जान्द छौं। कसैले आफ्नु
भाइलाइ मृत्यु सम्मको न भयेको पाप्मां पाप् गर्दै गर्न्येको देख्यो भन्ये
त्येस्ले मांग्छ अनि ईश्वर्ले मृत्यु सम्मको न भयेको पाप् गर्नेहरुको लागि
ता त्येस्लाइ जीउनि दिछ। येउटा मृत्यु सम्मको पाप् छ. येस् नइको
१७ विषय्मां ता विन्ति गरोस् भनि भन्ने छइन। सबै अधर्म्म पाप् हो.
अनि येउटा मृत्यु सम्मको न हुने पाप् छ॥

१८ जान्द छौं ईश्वर् देखि उत्पन्न भयेको जनले पाप् गर्दैन तर जो
ईश्वर् देखि उत्पन्न भयो उस्ले त्येस्लाइ बचाइ राख्द छ अनि दुष्टले
१९ त्येस्लाइ छुंदैन। जान्द छौं ईश्वर् देखिका हौ अनि सिगै ससार् दुष्टमा
२० पर्याइ रह्येको छ। अनि जान्द छौं ईश्वर्को पुत्र आइ पुग्यो अनि
हामिहरुलाइ जो साँचो छ उस्लाइ चिन्ने बुद्धि दियो अनि जो साँचो
छ उसैमां छौं अर्थात् उस्को पुत्र येशु ख्रीष्टमा। साँचो ईश्वर् र
२१ अजम्मरे जीउनि येइनै हो। हे मेरा नानाहरु हो मूर्त्तिहरुबाट देखि
जोगाइ रह॥

यूहन्नाको दोस्रो पत्र

१ प्राचीन् छानीयेकी ठकुरानी र तिन्का बालखहरूलाइ जो सङ म
सच्चेईमा प्रेम् गर्द छु अनि मै मात्रै होइन तर सच्चेईलाइ चिन्ने सबैले
२ पनि त्येस् सच्चेईको कारणले जो हामिहरूमा रहद छ अनि सधैं
३ सम्म हामिहरू सङ हुंछ. हामिहरू सङ पिता ईश्वर अनि पिताको पुत्र
येशु ख्रीष्टको पट्टि बाटो अनुग्रह र दया र शान्ति सच्चेई र
प्रेम्मा हुंछ ॥
४ अग्घार् रमाउद छु किनभन्ये आफुका बालखहरूमांका कतिलाइ
हामिहरूले पिताकोटो आज्ञा पायेको अनुसार् सच्चेईमा हिड्दै गर्न्येका
५ भेटाये। अनि अब हे ठकुरानी आफुका नया आज्ञा लेख्द छु भन्ये
झैं गरि होइन तर थाल्दैनि देखि हामिहरूले पायेको चइ गरि आफु सित
६ एकाले अर्का सङ प्रेम् गरू भन्न्ये बिन्ति गर्द छु। अनि प्रेम् येइ हो
उस्का आज्ञा अनुसार् हिंड्न भन्न्येनै। आज्ञा आफुहरूले थाल्दैनि देखि
७ सुन्य भयेको अनुसार् येइ हो त्येस्मा हिड्नु हवस् भन्न्येनै। किनभन्ये
धेरै जना भर्माउनेहरू संसार्मा निस्कि गये अर्थात् येशु ख्रीष्ट शरीर्मा
आउने छ भनि स्वीकार् न गर्नेहरू। भर्माउने र ख्रीष्टविरोधी येइ हो।
८ आफ्नु विषयमा चनाखा रहनु हवस् हामिहरूले गर्न्येका काम् न हराउन्
९ तर पुरा प्रतिफल् पाउन् हवस् भन्न्ये खातिर्ले। अघि जाने अनि
ख्रीष्टको सिकाईमा न रहने जनसेको ईश्वर छैन. सिकाईमा रहनेचइको
१० पिता पनि अनि पुत्र पनि छ। कसैले आफुहरू थांइ आयेर येइ सिकाई
ल्याउंदैन त त्येस्लाइ घर्मा ग्रहण् न गर्नु हवस् अनि त्येस्लाइ सलाम्
११ न भन्नु हवस्। कसोगरिभन्ये त्येस्लाइ सलाम् भन्ने चइ ता त्येस्का दुष्ट
कर्म्संमा सम्भागी हुंद छ ॥
१२ मैले आफुहरूका धेरै कुरा लेख्नु छ तर कागत् र मसिको बाटोले
लेख्ने मन् गरिन. तर आफु थांइ आउने र सामु सामु भइ बोलि दिने
१३ आशा गर्द छु र आफुहरूको रमाहट् पूरो गरायेको हवस्। आफुकी
छानीयेकी बैनीका बालखहरूले आफुलाइ सलाम् भन्द छन् ॥

यूहन्नाको तीस्रो पत्र

१ प्राचीन् प्रिय गायुस्लाइ जो सङ मं ता सच्चेईमां प्रेम् गर्द छु ॥
२ हे प्रिय प्रार्थना गर्द छु सबै विषय्मां आफु भाग्येमानिका र भला
चंगा हुनु हवस् जस्तो आफुको प्राण् भाग्येमानिको हुंद छ भन्ये।
३ कसोगरिभन्ये अघोर् रमायें जब भाईहरुले आयेर आफुको सच्चेईको
४ साक्षी दिये जस्तो आफु सच्चेईमां हिड्नु हुंद छ पनि। मेरा बालखहरु
सच्चेईमां हिड्द छन् भनि सुन्द छु भन्ये भन्दा मेरो अरु बड़ा रमाहट्
छैन ॥
५ हे प्रिय बिस्वास्योग्यै काम् गर्नु हुंद छ ज्ये ज्ये काम् भाईहरु निर अं
६ पर्देसी पनि भाईहरु निर गर्न् हुंद छ जुन्हरुले मडलीको सम्बोज
आफुको प्रेम्को साक्षी दिये. जन्हरुलाइ ईस्वर्को योग्य गरि अघिक्
७ पर सम्म पुर्याउन भला भन्ये देखि ना जानि गर्न् हुन्छ. किनभन्ये उस्
नाउको लागि ना निहलि गये अन्यदेसीहरु बाट देखि केहि न लिइकन।
८ त हामिहरुले बाट ता येस्ताहरुलाइ ग्रहण गर्न पर्द छ सच्चेईका सहकर्म्मी
होऊ भन्येर ॥
९ मडलीको केहि लेख्ये तर तिनिहरुमा मुख् हुन प्यारो गर्ने दियो-
१० त्रिफीले हामिहरुलाइ ग्रहण गर्दैन। येसैकारण आये भन्ये तेस्ले बरा
बचनले हामिहरुको बिरुद्धमां बकिकन गरेका तेस्ता काम् सम्झना
गराउंछ अनि ति देखि सन्तुष्ट न भै आफुबाटले पनि भाईहरुलाइ
ग्रहण गर्दैन अरु अनि मन गर्नेहरुलाइ पनि थन्द र मडली देखि निकालि
११ दिद छ अरु। हे प्रिय बराको होइन तर भलाको जस्ता चलनुमा
हिड्नु हवस्। भला गर्ने बाट ईस्वर् देखिको हो. बरा गर्नेले ईस्वर्लाइ
१२ देख्येन। देमत्रियस्बड़को लागि सबै जना देखि र सच्चेई आफै देखि
साक्षी मिलेद छ. अ हामिहरु पनि साक्षी दिद छौं अनि आफुले हामिहरुको
साक्षी सच्चा छ भनि जाण् हुद छ ॥
१३ मैले आफुका धेरै कुरा लेख्नु थियो तर आफुका मसि र कलमको
१४ बाटोले लेख्नुं इच्छे गर्दीन. तर आफुलाइ चाडै देख्नुं आसा गर्द छु तब
साम् सांमु भइ बोलुल्या। आफुलाइ शान्ति। मित्रहरुले आफुलाइ
सलाम् भन्द छन्। नाउ काढि काढि मित्रहरुलाइ सलाम ॥

यहूदाको सर्वसाधारण्सम्बन्धी पत्र

१ यहूदा येशू ख्रीष्टको दास् र याकूब्को भाई पिता ईश्वर्मां प्रिय
जानीयेका र येशू ख्रीष्टको लागि बचाइ राखीयेका बोलाईयेकाहरुलाइ.
२ तिमिहरुलाइ दया र शान्ति र प्रेम् बढ़ाइ दिईओस् ॥
३ हे प्रियहरु हो तिमिहरुकां हांमिहरुको साधारण् त्राण्को बिषय्मां
लेख्नुलाइ सबै छिटोछाटै गर्दा तिमिहरुकां तिमिहरुलाइ पवित्र जन्हरुलाइ
एकै चोप् सुम्पीयेको बिश्वास्को लागि अग्घोर् हूप् बान्ध भन्न्ये उपदेस्
४ दिंदै लेख्नु मंलाइ खांचो परि आयो। कस्तोगरिभन्ये कति जना
मान्छेहरु गुप्त रीत्ले भित्र आयेका छन् अर्थात् कौले देखिको येसै दण्डको
आज्ञाको लागि बखान् गरीयेकाहरु हांमिहरुको ईश्वर्को अनुग्रह्लाइ
लुच्चेईमां फेरि दिंने र हांमिहरुको अद्विनिय स्वामी र प्रभु येशू ख्रीष्टलाइ
अस्वीकार् गर्ने अभक्तहरु ॥
५ अब तिमिहरुलाइ सबै कुरा एकै चोप्मां जान्द छौ र पनि सम्झना
गराइ दिने मन् गर्द छु प्रभुले येउटा लोग्लाइ मिस्र देस् देखि बचायेर
६ फेरि बिश्वास् न गर्नेहरुचइंलाइ नास् पार्‍यो। अनि आफ्नै मालिकेई
न राख्ने तर निज् बास्लाइ छोड़ि दिने चइं दूत्हरुलाइ उस्ले बड़ा
दिन्को बिचार्को लागि सधैंभरिका बन्धनमां अंध्यारो मुनि रुङाइ
७ राख्येको छ। जसो सदोम् र अमोरा र तिनको छेउ छाउका सहर्हरु
यिनिहरुको जस्तो रीत्मां ब्यभिचार्मां लागू भइ अनि अरुइ शरीर्को
पछि पछि गइ गयेर नपना गरि अरुहरुकां सांमु बसालींद छन् अनन्त
८ आगोको दण्डाज्ञा भोगिकन। तै पनि त्येस्तै गरि यिनिहरुइले पनि
स्वप्नादर्शी भइकन शरीर्लाइ अशुचि गर्द र प्रभुतंईलाइ टार्द र बड़ा
९ बड़ा मानको निन्दा गर्द छन्। तर मूल्दूत् मीखायेल्लाइ ता जब
शैतान् सित बिचारि मूसाको जीउको बिषय्मां बिबाद् गर्द थियो तब
त्येस् मांथि निन्दा सङ्को बिचार् ल्याउंने आंट् भयेन तर प्रभुले तंलाइ
१० हकारोस् भन्येर भनि दियो। तर यिनिहरुचइंले ता जत्ति कुरा जान्दै
जान्दैनन् तिनको निन्दा गर्द छन्. अनि जत्ति कुरा अचैतन्य पशुहरुले
११ झैं सोभावैले बूझ्द छन् तिनमां बिनास् पारींदै जांद छन्। तिनिहरु

माथि हाय् किनभन्ये कयिन्को बाटोमा हिड्‌ड्र अनि बंनिको लागि बिलाम्को
भर्माहिमा फुटि दगुरि उठेर अनि कोरहको बिरोधीबात्गराईमा नष्ट
१२ पारीये। तिमिहरुका प्रेम्भोजमा तिमिहरु सङ भोज्भनियार् गर्दामा
समन्द्रमा छोपीयेका पहरा सरिका यिनै हुन् निडर् सङ आफैलाइ चइं
चराउने गोठालाहरु बतास्ले तर्काइ लगीने बिना पानीका मेघहरु पत्-
१३ झर्का निष्फल् दुइ चोटि मरेका जरा उखेल्लीयेका रुखहरु आफ्नु
लाजका फीज् काड्ने छाल्समुन्द्र भर्मींदै गयेका तारा जस्हरुका लागि
१४ अंधकार्को अंध्यारो सधैं सम्म बनाइ राखीयेको छ। अनि तिनिहरुलाइ
पनि ता हनोक्ले जो आदम् देखि सातौं थियो अगमबचन् येसो भन्दै
१५ कह्यो हेर प्रभु आफ्ना हजारौ हजार पवित्रहरु सङ आयो सबै माथि
बिचार् गर्नलाइ अनि सबै अभक्तहरु माथि तिनले अभक्ति सङ गरयेका
तिनका सबै अभक्तिका कर्म्मको बिषयमा र अभक्त पापीहरु उस्को
बिरुद्धमा बोलेका सबै कठोर् कुराको बिषयमा तिनको दोष प्रगट
१६ गर्नलाइ। यिनै हुन् गन्गनाउनेहरु आफ्नो भाग्यलाइ दोष लाउनेहरु
आफ्ना कुइच्छा अनुसार हिड्दै। अनि तिनका मुख् अग्घोर् फुलेयेका कुरा
बोल्द छ। लाभको कारणमा पक्षपात गर्दै॥

१७ तर तिमिहरुचहिं हे प्रियहरु हा हामिहरुका प्रभु येसु ख्रीष्टका
१८ प्रेरितहरुले अगाडि देखि भनेका कुरा सम्झ पछिल्ला समयमा
आफना अभक्तिका कुइच्छे अनुसार हिड्ने ठट्टा गर्नेहरु हुनन् भनि
१९ तिमिहरुलाइ भन्ने। अलग् अलग् गर्नेहरु प्राणिरुप आत्मा न हुनेहरु
२० यिनै हुन्। तर तिमिहरुचहिं हे प्रियहरु ता आफुलाइ आफ्ना अत्यन्त
पवित्र बिस्वास् माथि बनाउदै जादै पवित्र आत्मामा प्रार्थना गरि
२१ आफुलाइ ईश्वरको प्रेममा बचाइ राख अनन्त जीवनका लागि
२२ हामिहरुको प्रभु येसु ख्रीष्टका दयाका आशा गर्दै। अनि भेद् राखेर कति
२३ माथि ता दया गर अनि कतिलाइ ता आगो देखि तानिकन बचाय
[illegible] ता डरं सङ दया गर शरीरका [illegible] दाग लागेका
दाग देखि पनि घिनाउदै॥

अब उस्लाइ जस्ले तिमिहरुलाइ ठेस लाग्न देखि जोगाउन सक्छन र
आफ्ना महिमाको सम्मुख हर्ष सहित निर्दोष उभ्याउन सक्छन्
उ हामिहरुका प्रभु येसु ख्रीष्टका बाटोले हामिहरुका मुक्तिदाता अद्वितीय
ईश्वरलाइ महिमा र महानता र सामर्थ र अधिकार सनातन देखि अनि
ऐले अनि सनातन सम्म हवस। आमीन॥

यूहन्ना ईश्वर्वाणीवक्ताको प्रकाश्

१ १ येशू ख्रीष्टको प्रकाश् जो ईश्वरले उस्लाइ आफ्ना दास्हरूलाइ
देखाउनुलाइ दियो अर्थात् छिट्टै होइ जानु पर्ने कुरा. अनि उस्ले त्यो
आफ्नु दूत्को हातले पठायेर आफ्नु दास् यूहन्नालाइ चिन्ह देखायो
२ जस्ले ईश्वर्को वचन् र येशू ख्रीष्टको साक्षी माथि अर्थात् सबै कुरा
३ माथि ज्ये ज्ये देख्यो साक्षी दियो। धन्य यो अगम्वचन् पढ्ने र सुन्नेहरू
र त्यस्मा लेखियेका कुरा मान्नेहरू. कसोगरिभन्ये समय् नजिक् छ॥
४ यूहन्ना आशियामा हुने सातै मण्डलीहरूलाइ. तिमिहरूलाइ उस्को
पट्टि बाटो जो हुने अनि थिने अनि आउने हो अनुग्रह् र शान्ति अनि
५ सातै आत्माहरूको पट्टि बाटो जो उस्को सिंहासन्को साम्नु छन् अनि
येशू ख्रीष्टको पट्टि बाटो जो विश्वास्योग्य साक्षी र मुर्दाहरूको जेठो र
पृथिवीका राजाहरूको मालिक् हो। उस्लाइ जस्ले हामिहरू सङ **प्रेम्**
गर्यो अनि हामिहरूलाइ आफ्नु लोहूले हामिहरूका पाप्हरू देखि **फुकायो**
६ अनि हामिहरूलाइ आफ्नु ईश्वर् र पिताको लेखि पूजाहारी हुनलाइ
राज् गरायो. उसैलाइ महिमा र सामर्थ सधै सर्वदै हवस्। आमीन्।
७ हेर उ मेघ् सङ आउद छ अनि सबै आखाले र जस् जस्ले उस्लाइ
छेड्यो तिनि उस्लाइ देख्छन् अनि पृथिवीका सबै कुल्हरूले उस्को विषयमा
छाती हान्छन्। येसै हो आमीन्॥
८ अल्फा अनि ओमिगा मै हुं प्रभु ईश्वरले भन्द छ सर्वसामर्थी जो
हुने अनि थिने अनि आउने हो॥
९ येसो भयो म यूहन्ना जो तिमिहरूको भाई र येशूमा भयेका कष्ट
र राज् र सहनशीलता समभागी हुं ईश्वर्को वचन् र येशूका साक्षीका
१० कारणमा पत्मा भनेको टापुमा थिये। येसो भयो म प्रभुको दिन्मा
आत्मामा थिये अनि आफ्नु पछिल्तिर तुरहीको जस्तो बड़ो शब्दले
११ येसो भन्दै गरेको सुन्ये ज्ये देख्द छस् पत्रमा लेख्येर सातै मंडलीका
पास एफिसुस्का र स्मर्णाका र पर्गामस्का र थुआतीराका र सार्दीका र
१२ फिलादिल्फियाका र लाओदिकेयाका। अनि म सिन बोल्ने शब्दलाइ
१३ देख्नलाइ फर्क्यें। अनि फर्केर सात्वटा सुन्का पानस् देख्यें अनि

ति सात्‌वटा पानस्‌को बीच्‌मां मान्छेको पुत्र जस्तो एक् जनालाइ पाउ
१४ सम्मको बस्त्र लायेको र छातीमां सुन्‌को पटुका बान्ध्येको। अनि
उस्को सिर् र केस् सेता ऊन् जस्ता अं हिंउ जस्ता सेता थिये अनि
१५ उस्का आंखा आगोको ज्वाला जस्ता अनि उस्का पाउ भट्टीमां
तायेको भन्ये झैं झल्कायेको पीतल् जस्ता थिये अनि उस्को शब्द धेरै
१६ पानीहरुको शब्द जस्तो। अनि आफ्नु दाहिनो हात्‌मां सात्‌वटा तारा
लिइ राख्येको थियो. अनि उस्को मुख् देखि लाग्ने दुइधारे खड्ग निक्लंद
थियो. अनि उस्को मोहोड़ा येस्तो थियो जस्तो सूर्ज आफ्नु शक्तिमां
१७ चम्कद छ। अनि जब उस्लाइ देख्यें तब मर्दै झैं उस्का चरणमा तेर्छीयें।
अनि उस्ले आफ्नु दाहिनो हात् मं माथि येसो भन्दै राख्यो न डर
१८ पहिलो अनि पछिल्लो अनि जीउदो मै हु अनि मर्दो भयें अनि
हेर् सधै सर्बदै सम्म जीउदो छ अनि मृत्यु र पतालका ताल्चा संग
१९ छन्। त ज्ये ज्ये देखिस् र ज्ये ज्ये हुद छन् र ज्ये ज्ये हुन आंट्ने
२० छन् लेख् अर्थात् तैले मेरो दाहिनो हात्‌मा देखेका सातै ताराको
भेद् र सातै सुन्‌का पानस्। सातै तारा सातै मण्डलीका दूत हुन.
अनि सातै पानस् सातै मण्डली हुन् ॥

२ १ इफिसुस्‌मां हुने मण्डलीको दूत्‌का लेख्—

सातै तारा आफ्नु दाहिनो हात्‌मा लिइ राख्ने सातै सुन्‌का पानस्‌को
२ बीच्‌मा डुल्नेले यि कुरा भन्द छ. तेरा कर्म्म र तेरो दुखभराई र
स्थिरंई जान्द छु अनि खराहरुलाइ सहन सक्दैनस् अनि प्रेरित् हौ भन्ने
३ तर त्येस्ता ता न हुनेहरुलाइ परीक्षा गर्येर झुठा पाइस् अनि
स्थिरंई हुने छस् अनि मेरो नाउको कारण् सहि रहिस् अनि लखत्रान्
४ भइनस्। तर मेरा तेरो बिरुद्धमा यो छ आफ्नु पहिलो प्रेम् छोडि
५ दिइस्। त सम्झि कहा देखि खसिस् अनि पश्चात्ताप् गर् अनि ति
पहिला चइ कर्म्म गर् होइन भन्ये ता तेरा आयेर पश्चात्ताप् गरिनस्
६ भन्ये तेरो पानस् त्येस्को ठाउ देखि सारि दिछ। तर तलाइ यो ता
छ निकोलावीहरुका कर्म्म देखि घिन् गर्द छस् जस् देखि म पनि घिन्
७ गर्द छु। जस्को कान् छ त्येस्ले आत्माले मण्डलीहरुलाइ के भन्द छ
भनि सुनोस्। जीत्‌नेलाइ चइ ईश्वर्‌को बैकुठमां भयेको जीवन्‌को बृक्षे
देखि खान् दिछ ॥

८ अनि स्मुर्णामां हुंने मंडलीको दूत्कां लेख्—
पहिलो अनि पछिल्लो हुंनेले जो मुर्दा भयो अनि बौरि जीयो यि
९ कुरा भन्द छ. तेरो कष्ट र कंगालेई जान्द छु (तर धनीनै छस्) अनि
यहूदी हौं भन्ने अनि त्येस्ता ता न हुंने तर शैतान्को सभा हुंनेहरूको
१० निन्दागराई। जुन् दुःख भोग्नु आंट्द छस् ति देखि न डरा. हेर्
शैतान्ले तिमिहरूमांका कत्तिलाइ तिमिहरूको परीक्षा गरीआंग् भन्न्ये
खानिर्ले झेल्खान्मां हाल्नु आंट्द छ अनि तिमिहरूलाइ दस् दिन्को
कष्ट हुंछ। मृत्यु सम्म बिश्वास्योग्य हो अनि तंलाइ जीवन्को मुकुट्
११ दिंछु। जस्को कान् छ त्येस्ले आत्माले मंडलीहरूलाइ क्ये भन्द छ
भनि सुनोस्। जीत्नेले चइं माथि दोस्रो चइं मृत्यु देखि क्येइ हानि
गर्दैन।
१२ अनि पर्गामम्मां हुंने मंडलीको दूत्कां लेख्—
१३ लाग्ने दुइधारे खड्ग हुंनेले यि कुरा भन्द छ. कहां बास् गर्द छस्
अर्थात् शैतानको सिंहासन् जहां छ भनि जान्द छु. अनि मेरो नांउ
समाइ राख्द छस् अनि मेरो बिश्वास् देखि अस्वीकार् गरिनस् मेरो
प्राण्त्यागीसाक्षी अन्तिपा मेरो बिश्वास्योग्य जन्का दिनमां पनि जो
१४ तिमिहरूको बीच्मां जहां शैतान्ले बास् गर्द छ मारीयो। तर मेरो
तेरो बिरुद्धमां अलिकता कुरा छन् किनभन्न्ये बिलाम्को सिकाई समाइ
राख्ने कत्ति जना तेरा छन् जस्ले बालाक्लाइ इस्राएल्का सन्तान्हरूको
सखेंजि मूर्त्तिका पर्साद् खाउन् र व्यभिचार् गरून् भन्न्ये ठोकर्को कारण्
१५ हाल्ने शिक्षा दियो। त्येसैरि तेरा पनि निकोलावीहरूको सिकाई त्येस्तै-
१६ गरि समाइ राख्ने कत्ति जना छन्। न पश्चात्ताप् गर् होइन भन्न्ये ता
छिट्टै तेरां आउंद छु अनि आफ्नु मुखको खड्गले तिनिहरु सित लड्छु।
१७ जस्को कान् छ त्येस्ले आत्माले मंडलीहरूलाइ क्ये भन्द छ भनि सुनोस्।
जीत्नेलाइ चइं गुप्त राखीयेको मन्नमांको खान् दिंछु अनि त्येस्लाइ
सेतो चिनुढुंगो दिंछु जस्मां लेखीयेको नया नांउ हुंछ जो कसैले जान्दैन
खालि त्यो पाउनेले मात्रै॥
१८ अनि थुआतीरामां हुंने मंडलीको दूत्कां लेख्—
आगोको ज्वाला जस्ता आंखा र झल्कायेको पीतल् जस्ता पाउ
१९ हुंने ईश्वर्को पुत्रले यि कुरा भन्द छ. तेरा कर्म्म र तेरो प्रेम् र बिश्वास्
र सेवागराई र स्थिरेई जान्द छु अनि तेरा पछिल्ला कर्म्म पहिला चइं

२० भन्दा बेसि छन्। तर मेरो तेरो बिरुद्धमा यो छ आफैलाइ अगम्-
बक्तानी भन्ने स्त्री ईजेबेल्लाइ हुनु दिंद छस् अनि त्यस्ले मेरा दास्-
हरुलाइ ब्यभिचार् गर्नु र मूर्त्तिका पर्साद् खानु सिकाइ र भर्माइ दिंद
२१ छ। अनि त्यस्लाइ त्यस्ले पश्चात्ताप् गरोस् भनि समय् दियें अनि
२२ आफ्नु ब्यभिचार् देखि पश्चात्ताप् गर्ने इच्छे गर्दैन। हेर् त्यस्लाइ
खाट्मां हाल्द छु अनि त्यो सङ ब्यभिचार् गर्नेहरुलाइ चइं बड़ो कष्टमां
२३ त्यस्का कर्म्म देखि पश्चात्ताप् गर्न्येनन् भन्ये देखि ता। अनि त्यस्का
बालखहरुलाइ मृत्युले मार्छु अनि सबै मंडलीहरुले मुटु र हिर्दयहरु ढूंढ़ल्ने
मैं हो रहेछु भनि थाहा पाउंछन्. अनि तिमिहरुमांको जनंजनलाइ तिमिहरुका
२४ कर्म्म अनुसार् दिंछु। तर तिमिहरुलाइ अर्थात् तिमि थुआतीरामां हुने
अरुहरुचइंलाइ जस्का यो सिकाई छैन जस्ले शैतान्का गंभीर् कुरा
तिनिहरुले भन्ये झैं जान्दैनन् भन्द छु तिमिहरु मांथि अरु क्येइ भार्
२५ हाल्दीन। तरै पनि ज्ये तिमिहरुका छ त्यो मं आइ न पुगुंज्याल् सम्म
२६ समाइ राख्। अनि जीत्नेलाइ र मेरा कर्म्म अन्त सम्म मान्नेलाइ चइं
२७ अन्यदेसीहरु मांथि अधिकार् दिंछु. अनि त्यो मैले पनि आफ्नु पिताकांटो
पायें झैं फलामका राजदण्डले तिनका गाठाला हुछ जसोगरि कुमालेका
२८ भांड़ा टुक्रै टुक्रा पारीद छन्. अनि त्येस्लाइ बिहान्का तारा दिंछु।
२९ जस्का कान् छ त्येस्ले आत्माले मंडलीहरुलाइ क्ये भन्द छ भनि सुनोस्॥

३ १ अनि सार्दीमा हुने मंडलीको दूत्का लेख्—
ईश्वर्का सातै आत्मा र सातै तारा हुनेले यि कुरा भन्द छ.
तेरा कर्म्म जान्द छु तेरो जीउद छस् भन्न्ये नांउ छ. अनि मुर्दै छस्।
२ जागि रहने हो अनि अरु रह्येका कुरा स्थिर् गर् जो मर्नु आंट्द थिये.
कसोगरिभन्ये तेरा कुनै कर्म्म आफ्नु ईश्वर्को सम्मोजि पूरा गरीयेका
३ पायेका छइन। त सम्झि कसोगरि पाइस् र सुनिस् अनि त्यसै मान्
अनि पश्चात्ताप् गर्। त जागि रहिनस् भन्ये चोर् झैं आइ पुग्छु अनि
४ कुन् चइं घरी तं मांथि आइ पुग्छु भनि थाहा पाउंदैनस्। तर तेरा
सार्दीमा अलिकता नांउ छन् जुन्हरुले आफ्ना आफ्ना बस्त्र मैल्यायेनन्.
अनि सेता सेता लायेका भइ मेरो साथमां डुल्छन् किनभन्ये माफिक्का
५ छन्। जीत्नेलाइ चइं येसै गरि सेता बस्त्र पहिर्याईछन् अनि त्यस्को
नांउ जीवन्को पोस्तक् देखि कस्नै गरिकन पनि मेट्दीन अनि त्यस्को

नांउ आफ्नु पिताको सांमु र उस्का दूत्हरुको मुखेंजि स्वीकार् गर्छु।
६ जस्को कान् छ त्येस्ले आत्माले मंडलीहरुलाइ क्ये भन्द छ भनि सुनोस्॥
७ अनि फिलादिल्फियामां हुंने मंडलीको दूत्कां लेख्—
जो पवित्र छ जो सांचीलो छ जस्कां दाऊद्को ताल्चा छ जस्ले
खोल्द छ अनि कसैले थुन्दैन अनि थुन्द छ अनि कसैले खोल्दैन उस्ले
८ यि कुरा भन्द छ. तेरा कर्म्म जान्द छु (हेर् तेरो मुखेंजि खोलीयेको
दुवार् राखि दियें जुन् चइं कसैले थुन्नु सक्दैन) अलिक् बल् हुंने छस्
अनि मेरो बचन् मानिस् अनि मेरो नांउ देखि अस्वीकार् गरिनस्।
९ हेर् शैतान्को सभामांका अर्थात् यहूदी हौं भन्ने अनि त्येस्ता ता न हुंने
नर झूठ् बोल्ने हुंनेहरुमांका दिंद छु हेर् तिनलाइ तेरा चरणको मुखेंजि
आइ प्रणाम् गर्ने र मैंले तं सङ प्रेम् गर्यें भनि थाहा पाउंने गराउंछु।
१० मेरो स्थिरेईको बचन् मानिस् भनि मं पनि तंलाइ परीक्षाको घरी देखि
बचाइ राख्छु जुन् घरी पृथिवीमां बास् गर्नेहरुको परीक्षा गर्नुलाइ सिंगै
११ संसार् माथि आउंनु आंटेको छ। मं छिट्टै आउंद छु. ज्ये तेरां छ
१२ त्यो समाइ राख् र कसैले तेरो मुकुट् लिइ न हालोस्। जीत्नेलाइ
चइं आफ्नु ईश्वर्को पवित्रबास्मां खांबो बनाउंछु अनि त्यो फेरि कैले
पनि त्येस् देखि बाइर निक्लंदैन. अनि त्येस्मां आफ्नु ईश्वर्को नांउ र
आफ्नु ईश्वर्को सहर्को अर्थात् मेरो ईश्वर्को पट्टि बाटो स्वर्ग देखि
१३ ओह्लंने नया यरूसलम्को नांउ र आफ्नै नया नांउ लेख्छु। जस्को
कान् छ त्येस्ले आत्माले मंडलीहरुलाइ क्ये भन्द छ भनि सुनोस्॥
१४ अनि लाओदिकेयामां हुंने मंडलीको दूत्कां लेख्—
जो आमीन् हो जो बिश्वास्योग्य र सांचिलो साक्षी हो जो ईश्वर्को
१५ सृष्टिको आदि हो उस्ले यि कुरा भन्द छ. तेरा कर्म्म जान्द छु तं न
१६ चीसो छस् न तातो छस्. चीसो भये कि तातो भये ता हुंथ्यो। मन्तातो
छस् अनि न चीसो न तातो छस् त येस् अनुसार् तंलाइ आफ्नु मुख्
१७ देखि उगेलि दिंछु। किनभन्ये भन्द छस् धनी छु अनि धनाढ्ये भयें अनि
मंलाइ क्येइको खांचो छैन अनि जान्दैनस् बिपत्तिमां पर्येको र अभागि
१८ र कंगालि र अन्धा र नांगो तं होस्. तंलाइ सल्लाह् दिंद छु आगो
देखि तायेको सुन् मेरांटो किन् र धनाढ्ये हो अनि सेता पहिरन् किन्
र ला अनि तेरो नंग्येईको लाज् प्रगटो न गरीओस् अनि आफ्ना आंखामां
१९ लगाउंनुलाइ गाजल् किन् र देख्। मं ता जत्तिलाइ प्यारो गर्द छु

२० दोष् र शिक्षादण्ड् दिंद छु. त उध्रमे हो अनि पश्चात्ताप् गर्। हेर्
दुवार्मां उभीइ घच्घच्याउंद छु. कसैले मेरो शब्द सुन्येर दुवार् खोल्यो
भन्ये त्यो थांइ भित्र आउंछु अनि त्यो सङ भोज् गर्छु अनि त्येस्ले मं
२१ सङ। जीत्नेलाइ चइं आफ्नु साथमां आफ्नु सिंहासन्मां वस्नु दिंछु
जसो मैंले पनि जीत्यें अनि आफ्नु पिता सङ उस्को सिंहासन्मां वस्यें।
२२ जस्को कान् छ त्येस्ले आत्माले मंडलीहरुलाइ क्ये भन्द छ भनि सुनोस् ॥

४ १ यि कुरा पछि देख्यें अनि हेर् स्वर्गमां खोलीयेको दुवार् र येसो
भन्दै गर्‍येको मैंले सुन्येको मं सित बोल्ने तुरहीको जस्तो पहिलो शब्द
२ येता चढ़ि आ त यि कुरा पछि हुंनु पर्ने कुरा तंलाइ देखाउंछु। तुरन्तै
येसो भयो मं आत्मामां थियें. अनि हेर् सिंहासन् स्वर्गमां वसाल्यीयेको
३ रछ अनि सिंहासन्मां कोई वस्येको रछ अनि वस्ने चइं हेर्दामां
यशब् र माणिक्य जस्तो थियो अनि सिंहासन्को रिंगै हेर्दामां मर्कत्
४ जस्तो इन्द्रेनी थियो। अनि सिंहासन्को रिंगै चौबीस् सिंहासन् थिये.
अनि यि सिंहासन्हरुमां चौबीस् जना प्राचीन्हरुलाइ बसि रह्येका देख्यें
जुन्हरुले सेता वस्त्र पहिर्‍येका अनि आफ्ना सिर्मां सुन्का मुकुट् लायेका
५ थिये। अनि सिंहासन् देखि बिजुलि र शब्दहरु र गर्जन् निक्लि आउंद
रछन्। अनि सात् अग्निबत्ती सिंहासन्को साम्सु बल्द थिये जो ईश्वर्का
६ सातै आत्मा हुन् अनि सिंहासन्को सांम्सु फड्केरि जस्तो काच्को
समुन्द्र भये झैं थियो अनि सिंहासन्को बीच्मां र सिंहासन्को रिंगै
७ आंखाले अगाड़ि र पछाड़ि भरीयेका चार् जीवात् थिये। अनि पहिलो
जीवात् सिंह जस्तो र दोस्रो जीवात् बाच्छो जस्तो थियो अनि तीस्रो
जीवात्को मान्छेको जस्तो मोहोड़ा थियो अनि चौथो चइं जीवात् उड्दै
८ गर्‍येको गड्ड्ल् जस्तो थियो। अनि चारै जीवात्मांको एक् एक्का छ
छवटा पखेटा रछन् अनि ति रिंगै र भित्र पट्टि आंखाले भरीयेका
रछन्. अनि रात् दिन् येसो भन्दै बिसाउंदैन रछन् पवित्र पवित्र पवित्र
९ प्रभु ईश्वर् सर्वसामर्थी जो थियो अनि हुंदो अनि आउदो छ। अनि
जब जब जीवात्हरुले सिंहासन्मा वस्ने सधैं सर्वदैको जीउंदोलाइ महिमा
१० र मान् र धन्नवाद् गर्नन् तब तब चौबीसै प्राचीन् सिंहासन्मा
वस्नेको सम्मुखि दण्डवत् गर्नन् अनि सधैं सर्वदैको जीउंदोलाइ प्रणाम्
गर्नन् अनि येसो भन्दै आफ्नु आफ्नु मुकुट् सिंहासन्को सम्मुखि राख्नन्
११ हामिहरुको प्रभु र हामिहरुको ईश्वर् तपांइ महिमा र मान् र शक्ति

पाउंने माफिक्कै छौ. किनभन्ये सबै थोक् तपाइंलेनै सिर्जनु भयो अनि ति
भये अनि सिर्जीये तपांइकोनै इच्छेको कारण् ॥
५ १ अनि सिंहासन्मां बस्नेको दाहींनो हात्मां भित्र र पिठिउं पट्टि
२ लेखीयेको सात् छाप्ले छाप् मांरीयेको येउटा पत्र देख्यें। अनि येउटा
बल्लियां दूत्लाइ पत्र फुकाउंने र त्येस्का छाप् मेट्ने माफिक्को को छ
३ भन्दै वड़ो शब्दले प्रचार्दै गर्येको देख्यें। अनि न स्वर्गमांको न
पृथिवीमांको न पृथिवी मुनिको कसैले पत्र फुकाउंनु कि त्येम् मांथि
४ दृष्टि गर्नु सक्द थियो। अनि मं पत्र फुकाउंनु कि त्येस् मांथि दृष्टि
५ गर्नुलाइ कोई पाईयेन भनि अग्घोर् रुंनु लाग्यें. त प्राचीन्हरुमांको येउटाले
मलाइ भन्यो न रो. हेर् यहूदाको कुल् देखिको सिंहले दाऊद्को जराले
६ पत्र र त्येस्का सातै छाप् फुकाउंनुलाइ जीत्यो। अनि सिंहासन्को र
चारै जीवान्हरुको बीच्मां र प्राचीन्हरुको बीच्मां काटीयेको जस्तो
भयेको येउटा थुमा उभीइ रह्येको देख्यें जस्का सात्वटा सीग् थिये
अनि सात्वटा आंखा जो ईश्वर्का सिंगै पृथिवीमां पठाईयेका सातै
७ आतमा हुन्। अनि उस्ले आयेर त्यो सिंहासन्मां बस्नेको दाहींनो हात्
८ देखि लियो। अनि उस्ले पत्र लियेमां चारै जीवात् र चौबीसै प्राचीन्ले
थुमाको मुखेंजि दण्डवत् गर्ये अनि जनंगेकां बीणा थियो अनि धूप्ले
९ भरीयेका सुन्का कटौरा जो पवित्र जन्हरुका प्रार्थना हुन्। अनि येसो
भन्दै नया गान् गाउंद राछन् तपांइ पत्र लिंने र त्येस्का छाप् फुकाउंने
माफिक्कै छौ. किनभन्ये काटींनु र आफ्नु लोहूले सबै कुल् र भाषा
१० र लोग् र देस् देखिकाहरुलाइ ईश्वर्को लागि किन्न भयो अनि
तिनलाइ हांमिहरुको ईश्वर्को लेखि राज् र पूजाहारी बनाउंनु भयो
११ अनि पृथिवी मांथि राज् गर्ने छन्। अनि देख्यें अनि सिंहासन् र
जीवात्हरु र प्राचीन्हरुको रिंगै धेरै दूत्हरुको शब्द सुन्यें अनि तिनको
१२ गन्ति हजारौं हजार् र लाखौं लाख् थियो अनि तिनले बड़ो शब्दले
येसो भन्द थिये काटीयेको थुमा शक्ति र धन् र बुद्धि र बल् र मान् र
१३ महिमा र आशीर्बाद् लिंने माफिक्कै छ। अनि स्वर्गमां र पृथिवी
मांथि र पृथिवी मुनि र समुन्द्र मांथि हुंने सिर्जीयेको जुन्सुकै थोक्ले
पनि र तिनमां भयेका जुन्सुकैले पनि येसो भन्दै गर्येको सुन्यें सिंहासन्मां
बस्नेलाइ अनि थुमालाइ आशीर्बाद् र मान् र महिमा र सामर्थ सधैं

१४ सर्बदै हवस् । अनि चारै जीवात्ले आमीन् भन्ये । अनि चौबीसै
प्राचीन्ले घोप्टो परेर प्रणाम् गर्‍ये ॥
६ १ अनि थुमाले छाप्हरुमांको येउटा फुकाउंदा देख्यें अनि चारै जीवात्-
२ हरुमांको येउटाले गर्जन्को शब्दले झैं आ भन्येको सुन्यें । अनि देख्यें
त हेर येउटा सेतो घोड़ा अनि त्येस् मांथि चढ़नेकां धन् थियो
अनि त्येस्लाइ मुकुट् दिईयो. अनि त्यो निक्ल्यो जीत्दै र जीत्नुको
लागि ॥
३ अनि उस्ले दोस्रो छाप् फुकाउंदा दोस्रो जीवात्ले आ भन्येको सुन्यें ।
४ अनि अर्को घोड़ा निक्ल्यो जो रातो थियो अनि त्येस् मांथि चढ़नेलाइ
पृथिवी देखि मिलाप् लानु अनि लोग्ले एकाले अर्कालाइ काटुन् भन्ये
दिईयो. अनि येउटा ठुलो तरवार् त्येस्लाइ दिईयो ॥
५ अनि उस्ले तीस्रो छाप् फुकाउंदा तीस्रो जीवात्ले आ भन्येको सुन्यें ।
अनि देख्यें त हेर येउटा कालो घोड़ा रछ अनि त्येस् मांथि चढ़नेले
६ हात्मां तुलो लिइ राख्येको थियो । अनि चारै जीवात्को बीच् देखि
शब्दले झैं येसो भन्येको सुन्यें मुकाको सेर्भरि गहुं र मुकाका तीन् सेर्
जउ अनि तेल् र दाख्रस् मांथि हानि न गर्नु ॥
७ अनि उस्ले चौथो छाप् फुकाउंदा चौथो जीवात्को शब्द आ भन्येको
८ सुन्यें । अनि देख्यें त हेर येउटा पहेंलो घोड़ा. अनि त्येस् मांथि चढ़ने-
चइंको नांउ मृत्यु थियो अनि पताल्ले त्येस्को साथ् पछ्याउंद थियो
अनि तिनलाइ खड्गले र अनिकाल्ले र काल्ले र पृथिवीका बन्पशुहरु
देखि मार्ने पृथिवीको चौथाई मांथि अधिकार् दिईयो ॥
९ अनि उस्ले पांचौं छाप् फुकाउंदा ईश्वर्को बचन्को कारण्ले र
तिनिहरुका भयेको साक्षीको कारण्ले काटीयेकाहरुका प्राणलाइ बेदि
१० मुनि देख्यें. अनि बड़ो शब्दले येसो भन्ये हे स्वामी पवित्र र सांचोला
कैले सम्म बिचार् गर्नु हुन्न अनि पृथिवीमां बास् गर्नेहरु मांथि हामिहरुको
११ लोहूको निया गर्नु हुन्न । अनि तिनिहरु जनगैलाइ सेतो लामो लबेदा
दिईयो अनि तिनिहरुलाइ कहीयो तिमिहरुका सगी दास्हरु पनि र
तिमिहरु झैं मारीनु आंटेका तिमिहरुका भाईहरु पूरा न गरीज्याल् सम्म
अरु अलिक् बेर् बिश्राम् गर्नु ॥
१२ अनि उस्ले छैठो छाप् फुकाउंदा देख्यें त सारो भुईंचाल् भयो अनि सूर्ज
रऊंको भाङ्रा जस्तो कालो भइ गयो अनि सिंगै जून् रगत् जस्तो भइ

१३ गयो अनि ठुलो बतास् देखि हल्लाईंने नेभाराको रुख्ले आफ्ना
काँचा गेड़ा आफाल्ये झैं गरि अकाश्का ताराहरु पृथिवीमां खस्ये।
१४ अनि अकाश् बेहेरींदै जांने पत्र झैं छुटाईयो अनि सबै पर्बत् र टापू
१५ आफ्नु आफ्नु ठांउ देखि सारीये। अनि पृथिवीका राजाहरु र मालिक्-
हरु र सहस्रपतिहरु र धनीहरु र बल्लियाहरुले अनि सबै दास् र निर्बन्धले
१६ आफु आफुलाइ ओढ़ार्मां र पर्बत्का पहरामां लुकाये अनि पर्बत्हरु
र पहराहरुलाइ भन्द राछन् हांमिहरु मांथि भत्कि आयेर हांमिहरुला
१७ सिंहासन्मां बस्नेको मोंहोड़ा देखि र थुमाको क्रोध् देखि लुकाव. किनभन्ये
निनिहरुको क्रोध्को वड़ो दिन् आइ पुग्ये छ अनि को उभीइ रहंनु सक्द
रछ र॥

७ १ येम् पछि चार्वटा दूत्हरुले पृथिवीका चारै कुंनामां उभीइ पृथिवीका
चारै बतास्लाइ कुनै बतास् पृथिवीमां कि समुन्द्रमां कि कुनै रुख्मां न
२ बहोस् भनि थुनि राख्येको देख्यें। अनि अर्को दूत् सूर्जोदय् पट्टि
बाटो ऊंभो चढ़दै गर्न्येको देख्यें जस्कां जीउंदो ईश्वर्को छाप् थियो.
अनि पृथिवी र समुन्द्र मांथि हानि गर्नु दिईयेका चारै दूत्लाइ बड़ो
३ शब्दले येसो भन्दै कराइ दियो हांमिहरुले आफ्नु ईश्वर्का दास्-
हरुका मांथ् मांथ्मां छाप् न मारुंज्याल् सम्म पृथिवी कि समुन्द्र कि
४ रुख्हरु मांथि हानि न गर्नु। अनि छाप् मांरीयेकाहरुको गन्ति सुन्यें
इस्राएल्का सन्तान्का सबै कुल् देखिका एक् लाख् चौआलीस् हजार्
मांथि छाप् मांरीयो

५ यहूदाको कुल् देखिका बारह् हजार् मांथि.
रूबेन्को कुल् देखिका बारह् हजार् मांथि.
गाद्को कुल् देखिका बारह् हजार् मांथि.
६ आशेर्को कुल् देखिका बारह् हजार् मांथि.
नप्तालीको कुल् देखिका बारह् हजार् मांथि.
मनश्शेको कुल् देखिका बारह् हजार् मांथि.
७ शिमियोन्को कुल् देखिका बारह् हजार् मांथि.
लेवीको कुल् देखिका बारह् हजार् मांथि.
इस्साखर्को कुल् देखिका बारह् हजार् मांथि.
८ जिबुलून्को कुल् देखिका बारह् हजार् मांथि.
यूसुफ्को कुल् देखिका बारह् हजार् मांथि.

बिन्यामीन्को कुल् देखिका बारह् हजार् मांथि छाप् मांरीयो ।
९ यि कुरा पछि देख्यें त हेर सबै देस् र कुल्हरु र लोग्हरु र भाषाहरु
देखिका कसैले गन्नु न सक्ने ठुलो धुइरो सिंहासन्को सांमु र थुमाको
सांमु उभीयेका सेता लांमा लबेता पहिन्याईयेका र आफ्ना आफ्ना
१० हात्मां खजूर्का पात् लियेका अनि बड़ो शब्दले येसो भन्दै कराउंद
रांछन् मुक्ति सिंहासन्मां बस्ने हांमिहरुको ईश्वर्लाइ अनि थुमालाइ ।
११ अनि सबै दूत्हरु सिंहासन्को र प्राचीन्हरुको र चारै जीवात्हरुको रिंगै
उभींथ्ये अनि सिंहासन्को सांमु घोप्टो पन्येर ईश्वर्लाइ येसो भन्दै प्रणाम्
१२ गर्न्ये आमीन्. हांमिहरुको ईश्वर्लाइ आशीर्बाद् र महिमा र बुद्धि
१३ र धन्नबाद् र मान् र शक्ति र बल् सधैं सर्बदै हवम्. आमीन । अनि
प्राचीन्हरुमांको येउटाले मंलाइ येसो भन्दै उत्तर् दियो यि सेता लांमा
लबेता पहिन्याईयेकाचइं को हुन् अनि कहां बाटो आये । अनि त्येस्लाइ
१४ भन्यें हे मेरा प्रभु आफुलेनै जान्न हुंद छ । अनि त्येस्ले मंलाइ भन्यो
बड़ै कष्ट देखि आउंनेहरु यिनै हुन् अनि आफ्ना आफ्ना लबेता थुमाको
१५ लोहूमां पखाल्येर सेता पार्न्ये । येसैकारण्ले ईश्वर्को सिंहासन्को सांमु
हुंद छन् अनि उस्को पवित्रबास्मां रात् दिन् उस्को सेवा गर्द छन्.
१६ अनि सिंहासन्मां बस्नेले तिनिहरु मांथि आफ्नु डेरा फैल्याउंछ । फेरि
फेरि भोकाउंदैनन् अनि न तिर्खाउंछन् अनि न तिनिहरु मांथि घाम् न
१७ कुनै राप् पर्छ. किनभन्ये सिंहासन्को बीच्मां हुंने थुमा तिनिहरुको
गोठाल्ला हुंछ अनि जीउंनिका पानीका कुपमां तिनको अगुआई गर्छ.
अनि ईश्वर्ले तिनका आंखा देखि सबै आंसु मेटि दिंछ ॥

८ १ अनि उस्ले सातौं छाप् फुकाउंदा स्वर्गमां आधा घरीको अड्कल्
२ सम्म चुप् भयो । अनि ईश्वर्को मुखेंजि उभीइ रहंने सातै दूत्हरुलाइ
देख्यें अनि तिनिहरुलाइ सात्वटा तुरही दिईये ॥

३ अनि अर्को दूत् आयेर बेदिको छेउ उभीयो जस्कां सुन्को धुपौरो
थियो अनि त्येस्लाइ धेरै धूप् दिईयो त्येस्ले सिंहासन्को सांमु भयेको
सुन्को बेदिमां सबै पवित्र जन्हरुका प्रार्थना सङ मिसावस् भन्येर ।
४ अनि धूप्को धुंवा पवित्र जन्हरुका प्रार्थना सङ दूत्को हात् देखि ईश्वर्को
५ मुखेंजि चढ़ि गयो । अनि दूत्ले धूपौरो लियेर त्येस्मां बेदिको आगो
भरायेर पृथिवीमां हालि दियो. अनि गर्जन् र शब्द र बिजुलिहरु र
भूइंचाल् भये ॥

६　अनि ति एक् एक्‌वटा तुरही हुंने सातै दूत्‌हरुले आफु आफुलाइ
बजाउंनुलाइ तियार् पाऱ्ये ॥

७　अनि पहिलो चइंले तुरही बजायो अनि रगत् सङ मिसीयेका असीना
र आगो भये अनि ति पृथिवीमां हालीये. अनि पृथिवीको एक् तिहाई
डड़ाइ हालीयो अनि रुख्‌हरुको एक् तिहाई डड़ाइ हालीयो अनि हरीयो
घांस् सबै डड़ाइ हालीयो ॥

८　अनि दोस्रो दूत्‌ले तुरही बजायो अनि आगो बल्दै गऱ्येको येउटा
ठुलो पर्वत् जस्तो क्येइ समुन्द्रमां हालीयो. अनि समुन्द्रको एक् तिहाई
९ रगत् भइ गयो　अनि समुन्द्रमांका प्राण् हुंने चइं सिर्जीयेका थोक्‌मांको
एक् तिहाई मऱ्यो अनि नाउहरुको एक् तिहाई बिनास् पारीयो ॥

१०　अनि तीस्रो दूत्‌ले तुरही बजायो अनि रांको जस्तो बल्‌ने येउटा
ठुलो तारा अकाश् देखि खस्यो अनि नदीहरुको एक् तिहाईमां र पानी-
११ हरुका कुपमां पऱ्यो　अनि ताराको नांउ ऐरेलू भनींद छ. अनि
पानीहरुको एक् तिहाई ऐरेलू भइ गयो अनि पानीहरुको कारण्‌ले धेरै
मान्छेहरु मऱ्ये कमोगरिभऱ्ये तीता तुल्याईये ॥

१२　अनि चौथो दूत्‌ले तुरही बजायो अनि सूर्जको एक् तिहाई र जून्‌को
एक् तिहाई र ताराहरुको एक् तिहाई चोट्याईयो तिनको एक् तिहाई
अंध्यारो हवस् र दिन्‌को एक् तिहाई प्रकाश् न हवस् अनि त्येसै गरि
रात् पनि भन्येर ॥

१३　अनि देख्यें अनि येउटा गडुल्‌ले अकाश्‌को बीच्‌मां उड़ि बड़ो शब्दले
येसो भन्दै गऱ्येको सुन्यें बजाउंनु आंट्‌ने तीनै दूत्‌हरुको तुरहीका रह्येका
शब्दको कारण्‌ले पृथिवीमां बास् गर्नेहरु मांथि हाय् हाय् हाय् ॥

९ १　अनि पांचौ दूत्‌ले तुरही बजायो अनि येउटा तारा स्वर्ग देखि
पृथिवीमां खस्येको देख्यें. अनि अथाह् कुण्डको कुप्‌को ताल्‌चा त्येस्लाइ
२ दिईयो। अनि अथाह् कुण्डको कुप् खोल्यो अनि कुप् देखि ठुलो भट्टीको
धुंवा जस्तो धुंवा उठ्यो अनि सूर्ज र हावा कुप्‌को धुंवाले अंध्यारै भयो।
३ अनि धुंवा देखि सलहहरु पृथिवीमां निक्‌ल्ये अनि तिनलाइ पृथिवीका
४ बिच्छुहरुलाइ अधिकार् भये जस्तो अधिकार् दिईयो। अनि तिनलाइ
कहीयो न पृथिवीको घांस् न कुनै हरीयो न कुनै रुख् मांथि हानि गर
५ तर खालि मांथमां ईश्वर्‌को छाप् न हुंने मान्छेहरु मांथि मांत्रै। अनि
तिनलाइ यो दिईयो तिनिहरुलाइ मारि ता न हाल्‌नु तर तिनिहरुलाइ

पांच् महीना सम्म पीरा दिईओस् भन्न्ये. अनि बिच्छुले हान्दाखेरि जस्तो
६ पीरा हुंद छ तिनिहरुको पीरा त्येस्तै थियो। अनि ति दिनमां मान्छेहरुले
मृत्यु खोज्छन् अनि त्यो कतै पाउंदैनन् अनि मर्ने अतिइच्छे गर्छन् अनि
७ मृत्यु तिनिहरु देखि भाग्छ। अनि सलहहरुका रूप् लड़ाईको लागि
तियार् पारीयेका घोड़ाहरु जस्ता थिये अनि तिनका सिर्मां सुन् जस्ताका
८ मुकुट् थिये अनि तिनका मोंहोड़ा चइं मान्छेका जस्ता थिये। अनि
तिनका केस् स्त्रीहरुका केस् जस्ता थिये अनि तिनका दारा सिंहहरुका
९ जस्ता थिये। अनि तिनका झिलम् फलम्का जस्ता थिये अनि तिनका
पखेटाको सोर् रथ्हरुको अं लड़ाईमां दुगुर्ने धेरै घोड़ाहरुको जस्तो थियो।
१० अनि तिनका पुछर् बिच्छुहरुका जस्ता राछन् अनि खील् पनि राछन्
अनि तिनका पुछर्मां पांच् महीना मान्छेहरु मांथि हानि गर्ने अधिकार्
११ रछ। अनि ति मांथिको येउटा राजा रछ अर्थात् अथाह् कुण्डको दूत्
त्येस्को नांउ इब्रानीमां अबद्दोन् अनि यूनानीमां त्येस्को नांउ अपल्लुओन् हो रछ ॥
१२ पहिलो हाय् गइ गयो. हेर यि कुरा पछि दुवटा हाय् अरु आउंद
छन् ॥
१३ अनि छैठो दूत्ले तुरही वजायो अनि ईश्वर्को मुखेंजि भयेको
१४ सुन्को बेदिका सींग्हरु देखि येउटा शब्द सुन्यें अर्थात् तुरही हुंने
छैठो दूत्लाइ येसो भन्ने ति ठूलो नदी परात्मां बान्धीयेका चारै दूत्लाइ
१५ फुकाइ दिनु भन्न्ये। अनि चारै दूत् फुकाइ दिईये जो मान्छेहरुको
एक् तिहाईलाइ मार्नु भन्न्येर त्येस् घरी र दिन् र महीना र वर्षको
१६ लागि तियार् पारीयेका थिये। अनि त्रुक्सवार्हरुका दलको गन्ति
१७ बीस् करोड़् थियो. तिनको गन्ति सुन्यें। अनि दर्शन्मां घोड़ा र ति
मांथि चढ्नेहरुलाइ येस्ता देख्यें तिनिहरुका झिलम् आगो र लशम् र
गन्धक्का जस्ता राछन्. अनि घोड़ाहरुका सिर् सिंहहरुका जस्ता राछन्
अनि तिनका मुख् देखि आगो र धुंवा र गन्धक् निक्लंद राछन्।
१८ यिनै तीन्वटा बिपत्तिले मान्छेहरुको एक् तिहाई मांरीयो अर्थात् तिनका
१९ मुख् देखि निक्लंने आगो र धुंवा र गन्धक्ले। कसोगरिभन्ये घोड़ा-
हरुको अधिकार् तिनका मुख्मां र तिनका पुछर्मां रछ. कसोगरिभन्ये
तिनका पुछर् साप् जस्ता र सिर् हुंने राछन् अनि यिनैले हानि गर्दै
२० राछन्। अनि यि बिपत्तिहरुले न मांरीयेका अरु रह्येका मान्छेहरुले
आफ्ना आफ्ना हातका कर्म्म देखि पश्चात्ताप् गर्येनन् भूत्हरुलाइ र

मुन् र चांदी र तांबा र ढुंगा र काठ्का मूर्त्तिहरुलाइ जुन्हरुले न देख्नु
२१ न सुन्नु न डुल्नु सक्द छन् न पूज्नुलाइ. अनि न आफ्ना हत्यागराई
अनि न आफ्ना मन्तर्तन्तर् देखि अनि न आफ्नु ब्यभिचार् देखि अनि न
आफ्ना चोरी देखि पश्चात्ताप् गऱ्ये ॥

१० १ अनि अर्को बल्लियो दूत्लाइ स्वर्ग देखि उत्रंदै गऱ्येको देख्यें जस्ले
मेघ् पहिऱ्येको थियो अनि त्येस्को सिर्मां इन्द्रेनी थियो अनि त्येस्को
मोहोंड़ा सूर्ज जस्तो अनि त्येस्का गोड़ा आगोका खांबा जस्ता थिये
२ अनि त्येस्ले येउटा सांनु फुकायेको पत्र आफ्नु हात्मां लियेको थियो.
अनि त्येस्ले आफ्नु दाहीनो गोड़ा समुन्द्रमां अनि वांउ पृथिवीमां राख्यो
३ अनि सिंह गर्ज्येको झैं गरि बड़ो शब्दले करायो. अनि त्यो कराउंदा
४ सातै गर्जन् आफ्नु आफ्नु शब्द बोल्हि दिये। अनि सातै गर्जन् आफ्नु
आफ्नु शब्द बोलि दिंदा लेख्नु आंटेअ. अनि स्वर्ग देखि येउटा येसो
भन्दै गऱ्येको शब्द सुन्यें सातै गर्जन् ज्ये ज्ये कुरा बोलि दिये तिनमां
५ छाप् मांर् अनि ति न लेख्। अनि मैंले समुन्द्र र पृथिवीमां उभीइ
६ रह्येको देख्येको दूत्ले आफ्नु दाहीनो हात् स्वर्ग तिर उचाल्येर जो
सधैं सर्बदै जीउदो छ जस्ले स्वर्ग र त्येस्मां भयेका अनि पृथिवी र
त्येस्मां भयेका अनि समुन्द्र र त्येस्मां भयेकालाइ सिर्ज्यो उस्को किरिया
७ खायो अरु बियांलो हुंदैन तर सातौं दूत्को शब्दका दिनमां जब
तुरही बजाउंनु आंट्ला तब ईश्वर्को भेद् भइ सक्कीयो जसो आफ्ना
८ दास् अगम्बक्ताहरुलाइ सुसमाचार् सुनायो भन्न्ये। अनि जुन् शब्द
स्वर्ग देखि सुन्येको थियें त्यो फेरि मं सित बोल्दै र येसो भन्दै गऱ्येको
सुन्यें जा समुन्द्र र पृथिवीमां उभीइ रहने दूत्को हात्मां भयेको फुकाइ
९ राख्येको सांनु पत्र ले। अनि दूत् थांइ हिंड़ि गयेर त्येस्लाइ त्यो सांनु
पत्र मंलाइ दिंनु भन्येर भन्यें। अनि त्येस्ले मंलाइ भन्यो त्यो लियेर
खाइ हाल् अनि तेरो पेट् ता तीतो गराउंछ तर तेरो मुख्मां मह जस्तो
१० मीठो लाग्छ। अनि त्यो सांनु पत्र दूत्को हात् देखि लियेर खाइ
हाल्यें अनि मेरो मुख्मां मह जस्तो मीठो लाग्यो. अनि जब त्यो खायेको
११ थियें तब मेरो पेट् तीतो गराईयो। अनि मंलाइ भन्ये खांचो छ तैंले
फेरि धेरै लोग्हरु र भाषाहरु र राजाहरुको बिषयमां अगम्बचन् कहनु ॥

११ १ अनि छरी जस्तो येउटा निङालो मंलाइ दिईयो अनि मंलाइ भनीयो
२ उठ् ईश्वर्को पवित्रबास् र बेदि र त्येस्मां पूज्नेहरुलाइ नाप्। अनि

पवित्रबास्को बाइरको आधन् बाइरै राखि निकाल् अनि त्यो न नाप्
किनभन्ये अन्यदेसीहरुलाइ दिईयो अनि बयालीस् महीना सम्म पवित्र
३ सहर्लाइ दल्छन्। अनि आफ्ना दुवै जना साक्षीहरुलाइ दिंछु अनि
भाङ्रा पहिरि एक् हजार् दुइ सै साठि दिन् अगम्बचन् कहंछन्।
४ दुवै भद्राक्षेका रुख्हरु र दुवै पांनस् जो पृथिवीको प्रभुको मुखेंजि उभीइ
५ रहंद छन् यिनै हुन्। अनि कसैले ति मांथि अन्न्ये गर्ने इच्छे गर्द छ
त आगोले तिनको मुख् देखि निक्लि तिनका सत्तुर्हरुलाइ खाइ हाल्द
छ. अनि कसैले ति मांथि अन्न्ये गर्ने इच्छे गऱ्यो भन्ये देखि खांचो छ
६ त्यो येसैगरि मांरीनु। यिनैलाइ छ अधिकार् तिनको अगम्भनाईका
दिन्भरि पानी न बर्सोम् भनि अकाश् थुन्ने. अनि अधिकार् छ पानीहरु
मांथि ति रगत्मां फेर्ने र इच्छे गर्दोभर् पृथिवीलाइ जन्मुकै पनि बिपत्तिले
७ हान्ने। अनि जब आफ्नु साक्षी दिइ सक्येका हुनन् तब अथाह् कुण्ड
देखि चढ़ि आउंने पशुले ति सित लड़ाई गर्छ अनि तिनलाइ जीत्छ अनि
८ तिनलाइ मांर्छ। अनि तिनका लोथ् आत्मिक् हिसाप्ले सदोम् र मिस्र
भनीने ठुलो सहर्को सटक्मां पर्स्रीइ रहंद राछन् जहां तिनको प्रभु
९ पनि क्रूस्मां टांसीयो। अनि लोग्हरु र कुल्हरु र भाषाहरु र देस्-
हरुमांकाहरुले साढ़े तीन् दिन् सम्म तिनका लोथ् मांथि दृष्टि गर्द राछन्
१० अनि तिनका लोथ् चिहान्मां राखीनु दिंदैन राछन्। अनि पृथिवीमां
बास् गर्नेहरुले ति मांथि रमाहट् गरि आनन्द गर्द राछन् अनि एकाले
अर्कांकां सौगात् पठाउंछन् किनभन्ये यि दुवै अगम्बक्ताहरुले पृथिवीमां
११ बास् गर्नेहरुलाइ पीरा दिये। अनि साढ़े तीनै दिन् पछि ईश्वर्को पट्टि
बाटोको जीवन्को सास् तिनमां पस्यो अनि ति आफ्ना आफ्ना गोड़ामां
१२ उभीये अनि तिनका हेर्नेहरु मांथि बड़ो डर् पऱ्यो। अनि तिनले येना
चढ़ि आव भन्न्ये बड़ो शब्द स्वर्ग देखि सुन्ये। अनि मेघ्मां स्वर्गमां
१३ चढ़ि गये अनि तिनका सत्तुर्हरुले तिनलाइ हेऱ्ये। अनि त्येसै घरीमां
ठुलो भूइंचाल् भयो अनि सहर्को दसौं अंश भत्क्यो अनि भूइंचाल्मां
सात् हजार् मान्छे मांरीये. अनि अरु रह्येकाहरु डरले भरीये अनि स्वर्गको
ईश्वर्लाइ महिमा दिये॥

१४ दोस्रो हाय् गइ गयो. हेर तीस्रो हाय् छिट्टै आउंद छ॥

१५ अनि सातौं दूत्ले तुरही बजायो अनि स्वर्गमां येसो भन्ने बड़ा बड़ा
शब्द भये संसार्को राज् हामिहरुको प्रभुको अनि उस्को ख्रीष्टको भयो

१६ अनि उस्ले सधैं सर्बदै राज् गर्छ। अनि ईश्वर्‌को मुखेंजि आफ्नु आफ्नु
सिंहासन्‌मां बस्ने चौबीसै प्राचीन्‌हरुले घोप्टो पर्न्येर येसो भन्दै ईश्वर्‌लाइ
१७ प्रणाम् गर्न्ये तपांइको धन्नवाद् गर्द छौं हे प्रभु ईश्वर् सर्बसामर्थी
जो हुंदो अनि थिंदो छौ किनभन्ये आफ्नु बड़ो शक्ति लियेर राज् गर्नु
१८ भयो। अनि अन्यदेसीहरु क्रोधित् भये अनि तपांइको क्रोध् आइ लाग्यो
अनि मुर्दाहरुको बिचार् गरींने र तपांइका दास् अगम्‌बक्ताहरुलाइ र
पवित्र जन्‌हरुलाइ र क्ये छोटा क्ये बड़ा होउन् तपांइको नांउका डरैया-
हरुलाइ तिनको प्रतिफल् दिंने र पृथिवी बिनाश् पार्नेहरुलाइ बिनास् पार्ने
बेला आइ लाग्यो॥
१९ अनि स्वर्गमां भयेको ईश्वर्‌को पवित्रवाम् खोलीयो अनि उस्को
पवित्रवाम्‌मां उस्को नियम्‌को सम्पट् देखाहा पर्‍यो अनि बिजुलिहरु र
शब्दहरु र गर्जन्‌हरु र भूइंचाल् भये अनि ठुला ठुला असीना॥
१२ १ अनि स्वर्गमां येउटा बड़ो चिंनु देखाहा पर्‍यो येउटी सूर्ज पहिर्‍याईयेकी
स्त्री अनि जून् त्येस्का चरण् मुनि अनि त्येस्को सिर्‌मां बारह् ताराको
२ मुकुट् अनि त्यो गर्भिणी थिई. अनि कराउंदी रछ सुत्केरे बेथा
३ लाग्येको भइ र जन्माउंनुलाइ पीरामां भइ। अनि स्वर्गमां अर्को चिंनु
देखाहा पर्‍यो त हेर येउटा ठुलो रातो अजिङर् जस्का सात् सिर् र
४ दस् सींग् राछन् अनि त्येस्का सिर्‌मां सात् राज्‌मुकुट्। अनि त्येस्को
पुछर्‌ले अकाश्‌का ताराहरुका एक् तिहाईलाइ घिस्याउंद रछ अनि ति
पृथिवीमां आफालि दियो. अनि अजिङर् जन्माउंनु आंट्ने स्त्रीको मुखेंजि
५ उभीयो जब त्येस्ले जन्माउली तब बालख खाइ हाल्छु भन्येर। अनि
त्येस्ले नर्‌बालख छोरो जन्माई जो सबै देसका लोग्‌को फलम्‌को राज्-
दण्डले गरि गोठाला हुंनु आंट्ने रछ. अनि त्येस्को बालख ईश्वर् थांइ
६ र उस्को सिंहासन् थांइ गांजि लगीयो। अनि स्त्री चइं बन्‌मां भागि
गई जहां त्येस्को ईश्वर्‌को पट्टि बाटो तियार् पारीयेको ठांउ रछ त्येस्लाइ
त्यहां एक् हजार् दुइ सै साठि दिन् सम्म पालुन् भन्न्ये खातिर्‌ले॥
७ अनि येसो भयो स्वर्गमां लड़ाई थियो. मीखायेल् र त्येस्का दूत्‌हरु
अजिङर् सित लड़नु जांद राछन्. अनि अजिङर् र त्येस्का दूत्‌ले लड़े
८ अनि जिताहा भयेनन् अनि स्वर्गमां तिनिहरुको ठांउ फेरि भेटाईयेन।
९ अनि महा अजिङर् आफालि दिईयो अं तादिको साप् जो दियाबल् र
शैतान् भनींने र सिंगै संसार्‌लाइ भर्माउंने हो त्यो पृथिवीमां आफालि

१० दिईयो अनि त्येस्का दूत्हरु त्यो सङ्ग आफालि दिईये। अनि स्वर्गमां
येसो भन्ने बड़ो शब्द सुन्यें अब देखि हांमिहरुको ईश्वर्को मुक्ति अनि
शक्ति अनि राज् भयो अनि उस्को ख्रीष्टको अधिकार्. कसोगरिभन्ये
हांमिहरुका भाईहरुको दोष् लगाउंने आफालि दिईयो जस्ले रात् दिन्
११ हांमिहरुको ईश्वर्को मुखेंजि ति मांथि दोष् लगाउंद छ। अनि तिनले
थुमाको रगत्को कारण्ले अनि आफ्नु साक्षीको कारण्ले त्येस्लाइ जीत्ये
१२ अनि तिनले मृत्यु सम्म पनि आफ्नु प्राण् प्रिय जान्येनन्। येसैकारण्
हे स्वर्गहरु र तिनमां डेरा हालि बस्नेहरु हो आनन्द गर। हाय् पृथिवी
र समुन्द्र मांथि. किनभन्ये शैतान् तिमिहरु थांइ उत्रि गयो मेरो समय्
थोरै छ भनि जानिकन बड़ो रिस् हुंने भइ॥
१३ अनि अजिङर्ले मं पृथिवीमां आफालि दिईयें भनि देख्येर नर्बालख
१४ जन्माउंने चइं स्त्रीलाइ सतायो। अनि स्त्रीलाइ महा गड्ल्का दुवै
पखेटा दिईये बन्मां आफ्नु ठांउमां जहां एक् समय् र दुइ समय् र
आधा समय् सम्म पालींद छ साप्को मुख् देखि उड़ि जावम् भन्येर।
१५ अनि साप्ले आफ्नु मुख् देखि स्त्रीको पछि पछि नदी झैं पानी अफाल्यो
१६ त्येस्लाइ नदीमां बगाइ दिउं भन्येर। अनि पृथिवी स्त्रीको उपकार्मां
आयो अनि पृथिवीले आफ्नु मुख् खोल्येर त्यो अजिङर्ले आफ्नु मुख्
१७ देखि आफाल्येको नदी पीइ हाल्यो। अनि अजिङर् स्त्री मांथि क्रोध्
गर्येर त्येस्को बंशका ईश्वर्का आज्ञा मान्ने र येशूको साक्षी राख्ने अरु
१३ १ रह्येकाहरु सित लड़ाई गर्नलाइ गइ गयो. अनि समुन्द्रको बालुवामां
उभीइ रह्यो॥
अनि येउटा पशुलाइ समुन्द्र देखि चढ़ि आउदै गर्येको देख्ये जस्का
दस् सींग् र सात् सिर् थिये अनि त्येस्का सींग्मां दस् राजमुकुट् र
२ त्येस्का सिर्मां ईश्वर्निन्दाका नांउ। अनि मैले देख्येको पशु चितुवा
जस्तो थियो अनि त्येस्का गोड़ा भाल्का जस्ता अनि त्येस्को मुख्
सिंहको मुख् जस्तो. अनि अजिङर्ले त्येस्लाइ आफ्नु शक्ति र आफ्नु
३ सिंहासन् र बड़ो अधिकार् दियो। अनि त्येस्का सिर्हरुमांको
येउटालाइ मृत्यु सम्म काटीयेको जस्तो देख्यें अनि त्येस्को मृत्युको घाट्
बिसेक् गराईयो. अनि सिंगै पृथिवीले पशु पछि पछि लागि उदेक् मान्यो
४ अनि अजिङर्लाइ प्रणाम् गर्ये पशुलाइ आफ्नु अधिकार् दियो भनिकन
अनि येसो भन्दै पशुलाइ प्रणाम् गर्ये पशु जस्तो को छ अनि त्यो सित

५ कस्ले लड़ाईं गर्नु सक्द छ अनि त्येस्लाइ बड़ा बड़ा र निन्दाका
कुरा बोल्ने मुख् दिईयो अनि त्येस्लाइ बयालीस् महीना काट्ने अधिकार्
६ दिईयो। अनि त्येस्ले ईश्वर्को बिरुद्धमां निन्दा गर्नुलाइ आफ्नु मुख्
खोल्यो उस्को नांउको र उस्को डेराको अर्थात् स्वर्गमां डेरा हालि बस्ने-
७ हरुको निन्दा गर्नुलाइ। अनि त्येस्लाइ पवित्र जन्हरु सित लड़ाईं गर्नु र
तिनलाइ जीत्नु दिईयो. अनि त्येस्लाइ सबै कुल् र लोग् र भाषा
८ र देस् मांथि अधिकार् दिईयो। अनि संसार्को उत्पत्ति देखि मारीयेको
थुमाको जीवन्को पत्रमां नांउ न लेखीयेका चइं पृथिवीमां सबै बास्
९ १० गर्नेहरुले त्येस्लाइ प्रणाम् गर्छन्। कसैको कान् छ भन्ये सुनोस्। कोई
बन्धुआईको लागि छ भन्ये बन्धुआईमां हिंड़ि जांद छ. कसैले तरवार्ले
मांऱ्यो भन्ये खांचो छ त्यो तरवार्ले मारींनु। पवित्र जन्हरुको स्थिरेईं
र बिश्वास् यिहीं छ॥

११ अनि अर्को पशुलाइ पृथिवी देखि चढ़ि आउंदै गऱ्येको देख्यें अनि
त्येस्का थुमाका जस्ता दुवटा सींग् थिये अनि त्यो अजिङ्गर् झैं बोल्द
१२ थियो। अनि त्येस्ले पहिलो चइं पशुको सबै अधिकार् त्येस्को मुखेंजि
चलाउंद रछ। अनि त्येस्ले पृथिवीलाइ र त्येस्मां सबै बस्नेहरुलाइ
पहिलो चइं पशुलाइ जस्को मृत्युको चोट् बिसेक् गराईयो प्रणाम् गर्ने
१३ गराउंद रछ। अनि त्येस्ले बड़ा चिंनु गर्द रछ अं मान्छेहरुको मुखेंजि
१४ आगो स्वर्ग देखि पृथिवीमां उत्रि आउने पनि गराउंद रछ। अनि
पशुको मुखेंजि गर्नु दिईयेका चिंन्को कारण्ले त्येस्ले पृथिवीमां बास्
गर्नेहरुलाइ भर्माउंद रछ पृथिवीमां बास् गर्नेहरुलाइ पशुको लागि जो
१५ तरवार्को चोट् पायेर पनि जीयो मूर्त्ति बनाव भनिकन। अनि त्येस्लाइ
दिईयो त्येस्लाइ अर्थात् पशुको मूर्त्तिलाइ सास् दिंनु र पशुको मूर्त्ति
बोल्नेस् पनि अनि जत्तिले पशुको मूर्त्तिलाइ प्रणाम् गरोइनन् तिनलाइ
१६ मारींने गरावस् पनि। अनि त्येस्ले सबैलाइ अं छोटा र बड़ा अनि
धनी र कंगालि अनि निर्बन्ध् र दास्लाइ येस्ता गराइ दियो तिनलाइ
१७ दाहींनो हात्मां कि मांथमां येउटा खोपाईको चिंनु दिंनु अनि कसैले
किन्नु कि बेच्नु न सक्नू खालि खोपाईको चिंनु अर्थात् पशुको नांउ कि
१८ त्येस्को नांउको गन्ति हुंनेचइंले मात्रै। यिहीं बिद्या छ। जस्लाइ
बुद्धि छ त्येस्ले पशुको गन्तिको जोड़ति गरोस् कसोगरिभन्ये मान्छेको
गन्ति हो. अनि त्येस्को गन्ति छ सै छियासठ् हो॥

१४ १ अनि देख्यें त हेर थुमा सिय्योन् पर्वत्मां उभीइ रह्येको अनि उस्को
साथमां एक् लाख् चौआलीस् हजार् जना जुन्हरुका मांथमां उस्को नांउ
२ र उस्को पिताको नांउ लेख्येको थियो। अनि स्वर्ग देखिको येउटा
शब्द धेरै पानीहरुको शब्द जस्तो र ठुलो गर्जन्को शब्द जस्तो सुन्यें.
अनि त्यो मैंले सुन्येको शब्द आफ्नु आफ्नु बीणा बजाउंनेहरुको बीणा-
३ बजाईको जस्तो थियो. अनि सिंहासन्को सांमु अनि चारै जीवात्हरुको
र प्राचीन्हरुको मुखेंजि नया गान् गायेको जस्तो गाउंद राछन्. अनि त्यो
गान् कसैले सिक्नु सक्दैन थियो खालि पृथिवी देखिका किनीयेका एक्
४ लाख् चौआलीस् हजार् जनाचइंले मांत्रै। जो स्त्रीहरु देखि अशुचि
गराईयेनन् यिनै हुन् कसोगरिभन्ये कुंवारीनै हुन्. थुमालाइ उ जता जता
हिंड़ि जांद छ पछ्याउंनेहरु यिनै हुन्। ईश्वर्को लेखि अनि थुमाको
लेखि अगौटेफल् हुंनुलाइ यिनैहरु मान्छेहरुको बीच् देखि किनीये।
५ अनि तिनको मुख्मां क्येइ झूठ् पाईयेन. निष्कलंकै छन् ॥
६ अनि अर्को दूत्लाइ अकाश्को बीच् उड़्दै गऱ्येको देख्यें जस्कां त्यो
पृथिवीमां बास् गर्नेहरुलाइ र सबै देस् र कुल् र भाषा र लोग्लाइ
७ सुनाउंनुलाइ सनातन् सुसमाचार् थियो अनि बड़ो शब्दले भन्द रछ
ईश्वर् देखि डराव अनि उस्लाइ महिमा देव किनभन्ये उस्को बिचार्-
गराईको घरी आइ पुग्यो. अनि जस्ले स्वर्ग र पृथिवी र समुन्द्र र पानी-
हरुका कुवाहरु बनायो उस्लाइ प्रणाम् गर ॥
८ अनि अर्को अर्थात् दोस्रो दूत्ले येसो भन्दै पछ्यायो भत्क्यो अं
भत्क्योनै महा बाबेल् जस्ले सबै देसका लोग्लाइ आफ्नु ब्यभिचार्को
रिस्को दाख्रस् पीउंनु दियो ॥
९ अनि अर्को अर्थात् तीस्रो दूत्ले तिनलाइ बड़ो शब्दले येसो भन्दै
पछ्यायो कसैले पशुलाइ र त्येस्को मूर्त्तिलाइ प्रणाम् गर्द र आफ्नु मांथमां
१० कि आफ्नु हात्मां खोपाईको चिंनु पाउंद छ त त्येस्ले पनि ईश्वर्को
रिस्को दाख्रस् पीउंछ जो उस्को क्रोध्को कटौरामां निखरा गरि तियार्
पारीयो अनि पवित्र दूत्हरुको मुखेंजि र थुमाको मुखेंजि आगो र गन्धक्मां
११ पीरा पाउंछ. अनि तिनको पीराको धुंवा सधैं सबदैं सम्म उठ्द रछ
अनि न दिन् न रात् बिश्राम् तिनलाइ रछ जस् जस्ले पशुलाइ र त्येस्को
मूर्त्तिलाइ प्रणाम् गर्द छन् अनि जस्ले त्येस्को नांउको खोपाईको चिंनु

१२ पाउंद छ। यिहीं पवित्र जन्हरुको स्थिरेईं छ जस् जस्ले ईश्वर्का
आज्ञा र येशूको बिश्वास् मान्द छन् ॥
१३ अनि येउटा शब्द स्वर्ग देखि येसो भन्दै गर्‍येको सुन्यें यो लेख्
धन्न अब देखि प्रभुमां मंरि जांने मुर्दाहरु. हो आत्माले भन्द छ र तिनले
आफ्ना दुखभराई देखि बिश्राम् गरुन् कसोगरिभन्ये ति सङ तिनका
कर्म्मले पछ्याउंद छन् भनि ॥
१४ अनि देख्यें त हेर येउटा सेतो मेघ् अनि मेघ्मां बस्दै गर्‍येको
मान्छेको पुत्र जस्तो एक् जना जस्ले आफ्नु सिर्मां सुन्को मुकुट् लायेको
१५ रछ अनि आफ्नु हात्मां लाग्ने हंसिया। अनि अर्को दूत् पवित्रबास्
देखि निक्ल्यो मेघ्मां बस्नेलाइ बड़ो शब्दले येसो भनि कराउंदै आफ्नु
हंसिया छोड़्यर कटनी गर्नु हवस्. किनभन्ये कटनी गर्ने घरी आइ पुग्यो
१६ किनभन्ये पृथिवीको बालि खुरीइ सक्यो। अनि मेघ्मां बस्नेले आफ्नु
हंसिया पृथिवीमां छोड़ि दियो अनि पृथिवीको कटनी गरीयो ॥
१७ अनि अर्को दूत् स्वर्गमां हुंने पवित्रबास् देखि निक्ल्यो अनि त्येस्कां
१८ पनि लाग्ने हंसिया थियो। अनि अर्को दूत् अर्थात् आगो माथि अधिकार्
हुंने चइं बेदि देखि निक्ल्येर लाग्ने हंसिया हुंनेलाइ येसो भन्दै बड़ो
शब्दले करायो आफ्नु हंसिया छोड़्यर पृथिवीको दाख्को बोट्का झुप्पा
१९ काटि टिप्नु हवस् किनभन्ये त्येस्का दाख् पाकि सक्ये। अनि दूत्ले
आफ्नु हंसिया पृथिवीमां छोड़ि दिइ पृथिवीको दाख्को बोट्को फल्
काटि टिप्यो अनि त्यो ईश्वर्को रिस्को रस्को महा कोल्मां हाल्यो।
२० अनि कोल् सहर् देखि बाइर पेलीयो अनि कोल् देखि घोड़ाहरुका लगम्
सम्म गरि पनि रगत् सैं कोस् सम्म बहि निक्ल्यो ॥
१६ १ अनि स्वर्गमां अर्को येउटा चिंनु ठुलो र उदेक्को देख्यें सात् बिपत्ति
हुंने सात् दूत् थिये जुन् बिपत्तिहरु पछिल्ला हुन् किनभन्ये तिनैमां ईश्वर्को
रिस् भइ सक्कीयो ॥
२ अनि आगो सङ मिसीयेको कांच्को समुन्द्र भये झैं देख्यें अनि पशु
देखि र त्येस्को मूर्त्ति देखि र त्येस्को नांउको गन्ति देखि जीत्दै आउंने-
हरुलाइ कांच्को समुन्द्रको छेउमां ईश्वर्का बीणा लियेका उभीइ रह्येका।
३ अनि तिनले ईश्वर्को दास् मूसाको गान् र थुमाको गान् येसो भन्दै गाउंद
राछन् हे प्रभु सर्बसामर्थी ईश्वर् बड़ा र उदेक्का तपांइका कार्जे छन्.
४ हे जुग्जुग्हरुका राजा धर्म्मी र सांचीला तपांइका बाटा। को डराउंदैन

हे प्रभु अनि तपांइको नांउको महिमा गर्दैन किनभन्ये खालि तपांइ
पवित्र किनभन्ये सबै देसका लोगले आइ पुग्येर तपांइको मुखेंजि प्रणाम्
गर्छन् किनभन्ये तपांइका धर्म्मकार्ज प्रगटो गरीये ॥
५ अनि यि कुरा पछि देख्यें अनि स्वर्गमां हुंने साक्षीको डेराको
६ पवित्रबाम् खोलीयो. अनि सातै बिपत्ति हुंने सातै दूत् चोखो र चम्कीलो
जात्ढुंगा पहिन्येका र छातीमां सुन्का पटुका बान्ध्येका भइ पवित्रबास्
७ देखि निकल्ये। अनि चारै जीवान्हरुमांको येउटाले सातै दूत्लाइ सधैं
सर्बदै जीउंदो हुंने ईश्वर्को रिस्ले भरीयेका सात्वटा कटौरा दियो।
८ अनि ईश्वर्को महिमा देखि र उस्को शक्ति देखि पवित्रबास् धुंवाले भरीयो
अनि सातै दूत्का सातै बिपत्ति भइ न सक्कींज्याल् सम्म कोई पनि
पवित्रबास् पस्न् सक्येन ॥
१६ १ अनि सातै दूत्लाइ हिंडि गयेर ईश्वर्को रिस्का सातै कटौरा
पृथिवीमां खन्याव भन्ने पवित्रबास् देखिको येउटा बड़ो शब्द सुन्ये ॥
२ अनि पहिलोले गइ गयेर आफ्नु कटौरा पृथिवीमां खन्यायो अनि
त्यो पशुको खोपाईको चिंनु हुने र त्येस्को मूर्तिलाइ प्रणाम् गर्ने चइ
मान्छेहरु माथि बुरो र दुष्ट घाउ भयो ॥
३ अनि दोस्रोले आफ्नु कटौरा समुन्द्रमां खन्यायो अनि त्यो मुर्दाको
जस्तो रगत् भयो अनि समुन्द्रमां भयेका सबै जीउंदा प्राणी मरि गये ॥
४ अनि तीस्रोले आफ्नु कटौरा नदीहरु र पानीहरुका कुवाहरुमां
५ खन्यायो अनि त्यो रगत् भयो। अनि पानीहरुको दूत्ले येसो भन्येको
सुन्ये धर्म्मी छौ हे पवित्र जन् जो हुंदा अनि थिंदा छौ किनभन्ये येस्तो
६ बिचार् गर्न् भयो. किनभन्ये पवित्र जन्हरु र अगमबक्ताहरुको रगत्
पोखायेका थिये अनि रगत् तिनलाइ पीउन् दिन भयो. योग्यै छन्।
७ अनि बेदिले येसो भन्दै गर्येको सुन्यें अं हे प्रभु ईश्वर् सर्वसामर्थी सांचीला
र धर्म्मी छन् तपांइका बिचार् ॥
८ अनि चौथोले आफ्नु कटौरा सूर्ज माथि खन्यायो अनि त्येस्लाइ
९ मान्छेहरुलाइ आगोले ओइल्हाउंनु दिईयो। अनि मान्छेहरु अघोर्को
रापले ओइल्हाईये. अनि यि बिपत्तिहरु माथि अधिकार् हुने ईश्वर्को
नांउको निन्दा गर्ये अनि उस्लाइ महिमा दिनलाइ पश्चात्ताप् गर्येनन् ॥
१० अनि पांचौले आफ्नु कटौरा पशुको सिंहासन् माथि खन्यायो अनि
त्येस्को राज् अंध्यारो पारीयेको भयो. अनि क्लेशको कारणले आफना

११ आफ्ना जिब्रो चबाये अनि आफ्ना क्लेश्को कारण्ले र आफ्ना
घावको कारण्ले स्वर्गको ईश्वर्को निन्दा गर्‍ये अनि आफ्ना कर्म्म देखि
पश्चात्ताप् गर्‍येनन् ॥
१२ अनि छैठोले आफ्नु कटौरा ठुलो नदी परात् मांथि खन्यायो अनि
त्येस्को पानी सुकि गयो सूर्ज उदाउंने दिशा पट्टिका राजाहरुको बाटो
१३ तियार् पारीओस् भन्न्ये खातिर्ले। अनि अजिङर्को मुख् देखि र
पशुको मुख् देखि र झुठो अगमवक्ताको मुख् देखि निक्लंने तीन्वटा
१४ अशुद्ध आत्माल्लाइ देख्यें भ्यागुताल्लाइ झैं कर्मोगरिभन्न्ये भूत्हरुका चिंनु
गर्ने आत्मा हुन् जुन्हरु सिंगै संसार्का राजाहरुकां जांद छन् तिनलाइ
ईश्वर् सर्वसामर्थीको बड़ो दिन्को लड़ाईको लागि भेला गराउंनुलाइ।
१५ (हेर मं चोर् झैं आउंद छु। धन्न जागि रह्येर आफ्ना बस्त्र रुङ्ने
१६ नांगै न हिंड़ोस् र त्येस्को लाज् न देखुन् भन्येर)। अनि तिनलाइ
इब्रानीमां हार्मगेदोन् भनीने ठांउमां भेला गराये ॥
१७ अनि सातौंले आफ्नु कटौरा हावा मांथि खन्यायो अनि पवित्रबास्
देखि सिंहासन्को पट्टि बाटो भइ सक्कीयो भन्ने बड़ो शब्द निक्ल्यो.
१८ अनि बिजुलिहरु र शब्दहरु र गर्जन्हरु भये अनि सारो भूइंचाल् भयो
येस्तो भयो मान्छे पृथिवीमां भयेको देखि येसो त्येनि सारो त्येत्रो भूइंचाल्
१९ भयेको थियेन। अनि महा सहर् तीन् खंड भइ गयो अनि देसका
लोगका सहर् भत्कि गये. अनि महा बावेल् ईश्वर्को सुखेंजि सम्झीयो
२० उस्को क्रोध्को रिस्को दाखरस्को कटौरा त्येस्लाइ दिनुलाइ। अनि
२१ जत्तिभयेका टापु भागि गये अनि पर्बत् चइं पाईदै पाईयेनन्। अनि
ठुला ठुला असीना तोड़ा तोड़ाभरिका जस्ता स्वर्ग देखि मान्छेहरु मांथि
उत्रि आउंद राछन् अनि असीनाको बिपत्तिको कारण्ले मान्छेहरुले ईश्वर्को
निन्दा गर्‍ये किनभन्न्ये त्येस्को बिपत्ति अग्घोरै सारो रछ ॥
१७ १ अनि सातै कटौरा हुने सातै दूत्मांको येउटा आयेर मं सित येसो
भन्दै बोल्यो येता आइज तंलाइ धेरै पानीहरु मांथि बस्ने महा बेश्येको
२ निया देखाउछु जो संङ पृथिवीका राजाहरुले ब्यभिचार् गर्‍ये अनि
पृथिवीमां बास् गर्नेहरु त्येस्को ब्यभिचार्को दाखरस्ले मात्येका छन्।
३ अनि त्येस्ले मंलाइ आत्मामां बन्मां लग्यो. अनि येउटी स्त्रीलाइ येउटा
सिंदुरे रंगको पशु मांथि बस्येकी देख्यें जो ईश्वर्का निन्दाका नांवले
भरीयेको थियो अनि जस्का सात्वटा सिर् र दस्वटा सींग् थिये।

४ अनि स्त्रीले बैंगुने र सिंदुरे रंगको बस्त्र पहिर्‍येकी र सुन् र अमोल्
अमोल् मूंगा र मोतिहरुले सिङारीयेकी थिई अनि त्येस्को हात्मां घिन्-
लाग्दा थोक्हरु अं त्येस्को ब्यभिचार्का अशुद्ध थोकले भरीयेको येउटा
५ सुन्को कटौरा थियो अनि त्येस्को मांथमां येउटा नांउ लेखीयेको
थियो अर्थात् भेद् पृथिवीकी बेश्येहरुकी र घिन्लाग्दा थोककी माता
६ महा बाबेल् भन्न्ये। अनि स्त्रीलाइ पवित्र जन्हरुको लोहूले र येशूका
प्राणत्यागीसाक्षीहरुको लोहूले मात्येकी देख्यें। अनि त्येस्लाइ देख्येर
७ अग्घोर् गरि उदेक् मान्यें। अनि दूत्ले मंलाइ भन्यो किन उदेक्
मानिम्। मं स्त्रीको र सातै सिर् र दमै मींग् हुंने त्येस्को सवार्को
८ पशुको भेद् तंलाइ भनि दिंछु। तैंले देख्येको पशु थिंदै थियो अनि
छंदै छैन अनि अथाह् कुण्ड देखि चढ़ि आयेर सत्येनाम्मां हिंड़ि जांनु
आंटेग्रकै छ। अनि जगत्को उत्पत्ति देखि जीवन्को पत्रमां नांउ न
लेखीयेका चइं पृथिवीमां बास् गर्नेहरुले पशुलाइ देख्येर त्यो थिंदै थियो
अनि छंदै छैन अनि सांमेल्मां आउंछनै अरे भनि उदेक् मान्छन्।
९ यिहीं विद्या हुने बुद्धि छ। सातै सिर् सात् पर्बत् हुन् जन्हरु मांथि स्त्री
१० बस्येकी छ. अनि सात् राजा हुन् पांचै लड़ि गये येउटै छंदै छ अर्कॊ
एलें सम्म आयेको छैन अनि जब आउला तब त्यो अलिक् बेर् रहनु
११ खांचो छ। अनि पशु जो थिंदै थियो अनि छंदै छैन आफै पनि आठौं
१२ हो अनि सातै देखिको हो अनि त्यो सत्येनाम्मां हिंड़ि जांद छ। अनि
तैंले देख्येका दमै मींग् दम् राजा हुन् जुन्हरुले एलें सम्म राज् ता
पायेका छैनन् तर पशुको साथ् गरि एक् घरी राजाहरुले झैं ता अधिकार्
१३ पाउंद छन्। यिनको एकै ठहरावट् छ अनि आफ्नु आफ्नु शक्ति र
१४ अधिकार् पशुलाइ दिंद छन्। यिनले थुमा सित लड़ाई गर्छन् अनि
थुमाले तिनलाइ जीत्छ कमोगरिभन्ये प्रभुहरुको प्रभु र राजाहरुको
राजा हो अनि उस्को साथ्मां हुंनेहरुले पनि जीत्छन् बोलाईयेका र
१५ छानीयेका र बिश्वासी भइ। फेरि मंलाइ भन्यो तैंले देख्येका पानीहरु जहां
१६ बेश्ये बस्येकी छ लोग्हरु र घुइराहरु र देस्हरु र भाषाहरु हुन्। अनि तैंले
देख्येका दमै मींगले अनि पशुले चइं बेश्ये देखि दुश्मनी गर्छन् अनि त्येस्लाइ
सुन्न्ये र नांगो गराउंछन् अनि त्येस्को मांसु खांछन् अनि त्येस्लाइ
१७ आगोले डड़ाइ हाल्छन्। कमोगरिभन्ये ईश्वर्ले तिनका हिर्दयमां
दियो उस्को ठहरावट् पूरो गर्नु र एकै ठहरावट्का हुंनु र आफ्नु

८ राज् पशुलाइ दिंनु ईश्वर्का बचन् पूरा न गरींज्याल् सम्म। अनि
तैंले देख्येकी स्त्री महा सहर् हो जस्ले पृथिवीका राजाहरु मांथि राज्
गर्द छ॥

१८ १ यि कुरा पछि अर्को दूत्लाइ स्वर्ग देखि उत्रंदै गर्‍येको देख्यें जस्लाइ
बड़ो अधिकार् थियो अनि पृथिवीमां त्येस्को महिमाको ज्योति पर्‍यो।
२ अनि त्यो बल्लियो शब्दले येसो भन्दै करायो भत्क्यो अं भत्क्योनै महा
बाबेल् अनि त्यो भूत्हरुको बास् र सबै अशुद्ध आत्माको कोत् र
३ सबै अशुद्ध र घिन्लाग्दो पंषीको कोत् भयो। किनभन्ये त्येस्को
ब्यभिचार्को रिस्को दाख्रस्को कारण्ले सबै देसका लोग्हरु लड़ि गये
अनि पृथिवीका राजाहरुले त्यो सङ ब्यभिचार् गर्‍ये अनि पृथिवीका
बेपारीहरु त्येस्को बिलास्को शक्तिले धनी भये॥
४ अनि अर्को शब्द स्वर्ग देखि येसो भन्दै गर्‍येको सुन्यें हे मेरो लोग्
त्येस् देखि निस्कि आ र त्येस्का पाप्मां सम्भागी न हो अनि त्येस्का
५ बिपत्तिहरुमांको न पा. किनभन्ये त्येस्का पाप् स्वर्ग सम्म पनि पुग्ये अनि
६ ईश्वर्ले त्येस्का अन्येगगाई सम्झ्यो। त्येस्लाइ भरि देव जसोरि त्येस्ले
भरि दिई अनि त्येस्का कर्म्म अनुसार् त्येस्लाइ दोबर् देव. जुन् कटौरामां
७ त्येस्ले मिसाइ दिई त्येसैमां त्येस्लाइ दोबरा मिसाइ देव। जत्ति
त्येस्ले आफ्नु बड़ाई गरी अनि बिलास् गरी उत्ति त्येस्लाइ पीरा र
शोक् देव. किनभन्ये आफ्नु हिर्दयमां भन्द छ रानी भइ बस्येकी छु
८ अनि बिधुवी छुइन अनि शोक् कहीं पनि देख्ने छुइंन। येसैकारण्
एकै दिन्मां त्येस्का बिपत्तिहरु आइ पुग्छन् मृत्यु र शोक् र अनिकाल्
अनि त्यो आगोमां डड़ाईछ किनभन्ये बल्लियो छ त्येस्को बिचार् गर्ने
९ प्रभु ईश्वर्। अनि त्यो सङ ब्यभिचार् र बिलास् गर्ने पृथिवीका
राजाहरु त्येस्को डड़ाईको धुवा देख्येर रुंछन् अनि छाती पीट्छन्
१० त्येस्को पीराको डर्को कारण्ले टाड़ो उभीइ येसो भन्दै हाय् हाय्
हे महा सहर् बाबेल् हे बल्लियो सहर् किनभन्ये एक्कै घरीमां तेरो
११ निया आइ लाग्यो। अनि पृथिवीका बेपारीहरु त्येस्को लागि रुंद राछन्
अनि शोक् गर्द राछन् किनभन्ये कसैले तिनिहरुका जहाज्का भारि फेरि
१२ किन्दैन रछ सुन् र चांदी र अमोल् मूंगा र मोति र मल्मल् र
बैंगुने र रेसम्का र सिंदुरे कपराका भारि अनि सबै रकम्को सुगन्धी
काठ् र सबै रकम्को हातिदांत्का भांड़ा र सबै रकम्को अघोर् मोल्को

१३ काठ्का र पीतल्का र फलम्का र संग्मर्मर्का अनि सिन्कौलि
र अलैंचि र धूप् र सुगन्ध तेल् र साल्धूप् र दाख्रस् र तेल् र अस्सल्
पिठो र गहूं र घर्पशु र भेंड़ा अनि घोड़ा र रथ् र कंमाराका भारि
१४ र मान्छेहरुका प्राण्। अनि तेरो प्राण्को अतिइच्छेका फल् तं देखि
गइ गये अनि सबै चिल्लाचाल्ला र चक्चकि थोक्हरु तं थांइ देखि
१५ नष्ट भये अनि मान्छेहरुले ति फेरि कतै भेटाउंदैनन्। यि थोकका
त्येस् देखि धनी भयेका बेपारीहरु त्येस्को पीराको डर्को कारण्ले टाड़ो
१६ उभींछन् रुंदै र शोक् गर्दै अनि येसो भन्छन् हाय् हाय् महा सहर्
जो मल्मल् र बैगुने र सिंदुरे रंगको बस्त्र पहिन्येकी र सुन् र अमोल्
अमोल् मूंगा र मोतिहरुले सिङारीयेकी थिई किनभन्ये एक्कै घरीमां
१७ येत्ति ठुलो धन् सुन्न्ये गराईयो। अनि जनगे मूल्मांझी र जनगे जुन्सुकै
पनि ठाउंमां जहाज् पाल्ले हेल्ने र मलाहाहरु अनि जत्तिले समुन्द्र
१८ मांथि कमाउंद छन् टाड़ै उभीये अनि त्येस्को डड़ाईको धुंवा हेर्दै
१९ येसो भन्दै कराये कुन् सहर् महा सहर् जस्तो छ। अनि ति आफ्नु
आफ्नु सिर्मां धुलो हाल्येर येसो भन्दै रोइ र शोक् गरि कराये हाय्
हाय् महा सहर् जस्मां समुन्द्रमां जहाज् हुनेहरु सबै जना त्येस्को अमोल्-
हुवाईको कारण्ले धनी भये किनभन्ये एक्कै घरीमां सुन्न्ये गराईई।
२० हे स्वर्ग अनि हे पवित्र जन्हरु हो अनि हे प्रेरित्हरु हो अनि हे अगम्-
बक्ताहरु हो त्येस् मांथि आनन्द गर किनभन्ये ईश्वर्ले निमिहरुको बिचार्
त्येस् मांथि गरि दियो॥

२१ • अनि येउटा बल्लियो दूत्ले ठुलो जांतोको पाटा जस्तो ढुंगो उठायेर
समुन्द्रमां येसो भन्दै हाल्यो येसैगरि मिल्कीने दुगुराई सङ महा सहर्
२२ बाबेल् भत्काइ हालींछ अनि फेरि कतै भेटाईदैन। अनि बीणा बजाउने-
हरुको र गांइनेहरुको र बांसुलि बजाउनेहरुको र तुरही बजाउनेहरुको
शब्द फेरि तंमां कतै सुनींदैन अनि कुनै कारिगरिको कोई पनि कारिगर्
फेरि तंमां कतै भेटाईंदैन अनि जांतोको पाटाको सोर् फेरि तंमां कतै
२३ सुनींदैन अनि बत्तिको ज्योति फेरि तंमां कतै चम्कंदैन अनि ब्याउला
र ब्याउलीको शब्द फेरि तंमां कतै सुनींदैन. किनभन्ये तेरा बेपारीहरु
पृथिवीका मालिक् थिये किनभन्ये तेरो मन्तर्तन्तर्ले सबै देसका लोग्हरु
२४ भर्माईये। अनि अगम्बक्ताहरुको र पवित्र जन्हरुको अनि पृथिवीमां
काटीयेकाहरु सबैको लोहू त्येसैमां पाईयो॥

१९ १ यि कुरा पछि स्वर्गमां येसो भन्ने ठुलो धुइरोको बड़ो शब्द झैं सुन्यें
२ हल्लिलूयाह् हांमिहरुको ईश्वर्‌लाइ मुक्ति र महिमा र शक्ति. किनभन्ये
उस्का बिचार् सांचीला र धर्म्मी छन् किनभन्ये पृथिवीलाइ आफ्नु
ब्यभिचार्‌ले बिगार्ने महा बेश्येको बिचार् गऱ्यो अनि आफ्ना दास्-
हरुको लोहूको निया त्येस्को हात् देखि लियो। अनि तिनले दोस्रो
३ खेप् भन्द राछन् हल्लिलूयाह्। अनि त्येस्को धुंवा सधैं सर्वदै उठ्द
४ रछ। अनि चौबीसैं प्राचीन् र चारैं जीवात्‌हरुले घोप्टो परिकन
सिंहासन्‌मां बस्ने ईश्वर्‌लाइ प्रणाम् गऱ्ये आमीन् हल्लिलूयाह् भन्दै।
५ अनि सिंहासन्‌को पट्टि बाटो येसो भन्ने शब्द निक्‌ल्यो हांमिहरुको ईश्वर्‌लाइ
स्तुति देव हे उस्का सबै दास्‌हरु हो तिमि उ देखि डराउंनेहरु हो क्ये
६ छोटा क्ये बड़ा सबैले। अनि ठुलो धुइरोको शब्द झैं अनि धेरै पानीहरुको
मोर् जस्तो र बल्लिया गर्जन्‌हरुको सोर् जस्तो येसो भन्दै गऱ्येको सुन्यें
हल्लिलूयाह् किनभन्ये प्रभु हांमिहरुको ईश्वर् सर्बसामर्थीले राज् गर्द छ।
७ रमाहट् गरूं अनि हर्षित् होऊं अनि उस्लाइ महिमा दिऊं. किनभन्ये
थुमाको ब्याहा आइ पुग्यो अनि उस्की स्त्रीले आफुलाइ तियार् पारी।
८ अनि त्येस्लाइ चम्कीलो र चोखो मल्‌मल् पहिरंनु दिईयो. कसोगरिभन्ये
९ त्यो मल्‌मल् पवित्र जन्‌हरुका धर्म्मकार्जे हो। अनि त्येस्ले मंलाइ
भन्द रछ धन्न थुमाको ब्याहाको भोज्‌मां बोलाईयेकाहरु भनि लेख्।
१० अनि त्येस्ले मंलाइ भन्यो यि ईश्वर्‌का सांचीला बचन् हुन्। अनि
त्येस्लाइ प्रणाम् गर्नुलाइ त्येस्का चरणको सांमु घोप्टो पऱ्यें। अनि
त्येस्ले मंलाइ भन्यो हेर् येसो न गर. तेरो र येशूका साक्षी हुंने तेरा
भाईहरुको संगी दास हुं. ईश्वरैलाइ प्रणाम् गर्. कसोगरिभन्ये अगम्-
भनाईको आत्मा येशूको साक्षीनै हो॥
११ अनि स्वर्ग उघारीयेको देख्यें अनि हेर येउटा सेतो घोड़ा अनि
त्येस् मांथि चढ़्ने जो बिश्वास्‌योग्य र सांचीलो भनींद रछ अनि उस्ले
१२ धर्म्म सङ बिचार् र लड़ाई गर्द रछ। अनि उस्का आंखा आगोको
जुवाला राछन् अनि उस्को सिर्‌मां धेरैवटा राज्‌मुकुट् राछन् अनि उस्को
येउटा नांउ लेख्येको रछ जो कसैले जान्दैन खालि उ आफैले मात्रै।
१३ अनि उस्ले लोहू छर्कीयेका बस्त्र पहिऱ्येको रछ. अनि उस्को नांउ ईश्वर्‌को
१४ बचन् भनींद रछ। अनि स्वर्गमांका दलले सेता घोड़ाहरु मांथि चढ़ेर
१५ सेतो चोखो मल्‌मल् पहिऱ्येका भइ उस्लाइ पछ्याउंद थिये। अनि

उस्को मुख् देखि लाग्ने खड्ग निक्लंद रछ त्येस्ले देसका लोग्लाइ
मार्नु भन्येर. अनि उस्ले फलम्को राज्दण्डले तिनिहरुलाइ चराउंछ.
अनि उस्ले ईश्वर् सर्बसामर्थीको क्रोध्को रिस्को दाख्रस्को कोल्मां
१६ पेल्द रछ। अनि उस्को बस्त्रमां र जाङ्मां येउटा नांउ लेख्येको रछ
राजाहरुको राजा अनि प्रभुहरुको प्रभु भन्न्ये ॥

१७ अनि येउटा दूत्लाइ सूर्जमां उभीयेको देख्यें अनि त्येस्ले अकाश्को
बीच्मां उड्ने सबै पंषीहरुलाइ येसो भन्दै बड़ो शब्दले करायो आयेर
१८ ईश्वर्को ठुलो भोज्मां भेला गराईयौ र राजाहरुको मांसु र सहस्र-
पतिहरुको मांसु र बलियाहरुको मांसु र घोड़ाहरुको र ति मांथि चढ्नेहरुको
मांसु र क्ये निर्बन्ध् क्ये दास् क्ये छोटा क्ये बड़ा सबैको मांसु खाव ॥

१९ अनि पशुलाइ र पृथिवीका राजाहरुलाइ र तिनका दललाइ घोड़ा
मांथि चढ्ने सित र उस्को दल् सित लड़ाई गर्नुलाइ भेला गराईयेका
२० देख्यें। अनि पशु पकड़ा पर्‍यो अनि त्यो सङ त्यो झुठो अगम्बक्ता
जस्ले त्येस्को मुखेंजि ति चिंनु गर्‍यो ज्ये ज्येले पशुको खोपाईको चिनु
पाउंने र त्येस्को मूर्त्तिलाइ प्रणाम् गर्नेहरुलाइ भर्मायो. ति दुवै गन्धक्ले
२१ बल्ने आगोको कुण्डमां जीउदै हालीये. अनि अरु रह्येकाहरु घोड़ा मांथि
चढ्नेको मुख् देखि निक्लने चइ खड्गले मारीये. अनि सबै पंषीहरु तिनको
मांसुले अघाये ॥

२० १ अनि येउटा दूत्लाइ स्वर्ग देखि उत्रदै गर्‍येको देख्ये जस्का अथाह
२ कुण्डको ताल्चा थियो अनि त्येस्को हात्मा ठुलो साङ्लो थियो। अनि
त्येस्ले अजिङर्लाइ अर्थात् तादिको साप्लाइ जो दियाबल् र शैतान् हो
३ समात्येर त्येस्लाइ हजार् बर्ष बान्ध्येर त्येस्लाइ अथाह कुण्डमा
हालि दियो अनि त्यो थुन्येर त्येस् मांथि छाप् मार्‍यो त्येस्ले हजारै बर्ष
भइ न सकीज्याल सम्म फेरि देसका लोग्लाइ न भर्माविस् भन्येर. येस्पछि
ता त्यो अलिक् बेर् सम्म फुकाईनु खांचो छ ॥

४ अनि सिंहासन्हरु देख्ये अनि तिनिहरु तिनमां बस्ये अनि बिचार्-
गराई तिनिहरुलाइ दिईयो. अनि जस् जस्का सिर् येशूको साक्षीको कारण्
र ईश्वर्को बचन्को कारण्ले काटीयेका थिये अनि जस् जस्ले न पशुलाइ
न पशुको मूर्त्तिलाइ प्रणाम् गर्‍ये अनि आफ्नु आफ्नु मांथमां र आफ्नु आफ्नु
हात्मां खोपाईको चिंनु पायेनन् तिनका प्राणलाइ देख्यें अनि ति जीये
५ अनि ख्रीष्टको साथमां हजार् बर्ष राज् गर्‍ये। अरु रह्येका मुर्दाहरु

चइं हजार् बर्ष भइ न सकींज्याल् सम्म जीयेनन्। यो ता पहिलो
६ बौरिउठाई हो। धन्न र पवित्र पहिलो बौरिउठाईमां भाग् हुंने. यिनिहरु
मांथि दोस्रो मृत्युलाइ क्येइ अधिकार् छैन तर ईश्वर्का र ख्रीष्टका
पूजाहारी हुंछन् अनि उस्को साथमां हजार् बर्ष राज् गर्छन्॥
७ अनि हजारै बर्ष भइ सक्कीये पछि शैतान् आफ्नु झेल्खान् देखि
८ फुकाईंछ अनि पृथिवीका चौंदिशामां हुंने देसका लोग्लाइ अर्थात्
गोग् र मागोग्लाइ भर्माउंनुलाइ निक्लंछ तिनलाइ लड़ाईको लागि
९ भेला गराउंनुलाइ. जुन्हरुको गन्ति समुन्द्रको बालुवा जस्तो छ। अनि
तिनिहरुले पृथिवीको गज्भरिमां चढ़ि गइ पवित्र जन्हरुको छाउंनी र
प्रिय जान्येको सहर्लाइ घेर्ये. अनि आगोले स्वर्ग बाटो उत्र्येर तिनलाइ
१० खाइ हाल्यो। अनि तिनलाइ भर्माउंने शैतान् आगो र गन्धक्को
कुण्डमां जहां पशु र झूठा अगम्बक्ता पनि छन् हालीयो अनि तिनले दिन्
रात् सधैं सर्बदै पीरा पाउंछन्॥
११ अनि येउटा सेतो ठुलो सिंहासन् देख्यें र त्येस्मां बस्नेलाइ जस्को
मुख् देखि पृथिवी र अकाश् भाग्ये अनि तिनको लागि क्येइ ठांउ
१२ पाईयेन। अनि क्ये छोटा क्ये बड़ा सबै मुर्दाहरुलाइ सिंहासन्को सांमु
उभीयेका देख्यें अनि पत्र फुकाईये. अनि अर्को पत्र अर्थात् जीवन्को
फुकाईयो. अनि पत्रहरुमां लेखीयेका कुरा देखि मुर्दाहरुको बिचार् तिनका
१३ कर्म्म अन्सार् गरीयो। अनि समुन्द्रले त्येस्मां भयेका मुर्दाहरु दिहाल्यो
अनि मृत्यु र पत्ताल्ले तिनमां भयेका मुर्दाहरु दिहाल्ये. अनि तिनिहरुमांको
१४ जनंगेको बिचार् त्येस्का कर्म्म अन्सार् गरीयो। अनि मृत्यु र पत्ताल्
आगोको कुण्डमां हालीये। यो चइं अर्थात् आगोको कुण्ड दोस्रो मृत्यु
१५ हो। अनि कोई जीवन्को पोस्तक्मां लेखीयेको पाईयेन त आगोको
कुण्डमां हालीयो॥

२१ १ अनि नया अकाश् र नया पृथिवी देख्यें. कसोगरिभन्ये पहिलो
२ अकाश् र पहिलो पृथिवी गइ गये अनि समुन्द्र अब देखि रैनछ। अनि
पवित्र सहर् नया यरूसलम्लाइ आफ्नु स्वामीको लागि सिङारीयेकी
ब्याउली झैं तियार् पारीयेको ईश्वर्को पट्टि बाटो स्वर्ग देखि उत्रंदै
३ गर्येको देख्यें। अनि सिंहासन् देखि येउटा बड़ो शब्द येसो भन्दै गर्येको
सुन्यें हेर ईश्वर्को डेरा मान्छेहरु सङ छ अनि तिनिहरु सङ डेरा हालि
बस्छ अनि तिनिहरु उस्का लोग्हरु हुंछन् अनि ईश्वर् आफै तिनिहरुको

४ ईश्वर् भइ तिनिहरु सङ हुंछ. अनि उस्ले तिनका आंखा देखि सबै आंसु
मेटि दिंछ अनि मृत्यु अब देखि हुंदैन अनि न शोक् न कराई न क्लेश्
५ अब देखि हुंछ. अघिल्ला कुरा गइ गये। अनि सिंहासन्मां बस्नेले
भन्यो हेर सबै कुरा नया बनाउंद छु। अनि उस्ले भन्यो लेख्. किनभन्ये
६ यि बचन् बिश्वास्योग्य र सांचीला छन्। अनि उस्ले मंलाइ भन्यो
भइ गये। मैं अल्फा अनि ओमिगा आदि अनि अन्त हुं। मैं तिर्खा-
७ उंनेलाइ जीवन्को पानीको कूप् देखि सित्तेईमां दिंछु। जीत्ने यि
कुराको अधिकारी हुंछ अनि मं त्येस्को ईश्वर् हुंछु अनि त्यो मेरो सन्तान्
८ हुंछ। तर डराउंने र अबिश्वासी र घिन्लाग्दा र हत्यारा र ब्यभिचारी
र मन्तर्तन्तर् गर्ने र मूर्त्तिपूजक र सबै झूठाहरुचइको भाग् आगो र
गन्धक्ले बल्ने कुण्डमां हुंछ जुन्नै हो दोस्रो मृत्यु॥
९ अनि सातै कटौरा हुंने सातै पछिल्ला बिपत्तिहरुले भरीयेका सातै
दूत्हरुमांको येउटा मं थांइ आयेर मं सित येसो भन्दै बोल्यो येता आइज
१० तंलाइ थुमाकी स्त्री ब्याउलीलाइ देखाउंछु। अनि त्येस्ले मंलाइ आत्मामां
येउटा ठुलो र अल्गो पर्बत्मां लग्येर पवित्र सहर् यरूसलम् मंलाइ
११ देखायो स्वर्ग देखि ईश्वर्को पट्टि बाटो उत्रंदै गर्येको ईश्वर्को
महिमा हुंने भयेको. त्येस्को ज्योतिदारी अग्घोर् मोल्को मुगा जस्तो
१२ थियो अं यशब्मणि भये झैं फड्केरि सरि चम्कीलो थियो. अनि त्येस्को
ठुलो र अल्गो भित्ता थियो जस्का बारह् ढोका थिये अनि ढोकाहरुमां
बारह् दून् थिये अनि तिनमां नांउ लेखीयेका थिये जुन् नांउ इस्राएल्का
१३ सन्तान्का बाह्र कुल्का हो राछन्. पूर्ब पट्टि तीन् ढोका थिये अनि
उत्तर् पट्टि तीन् ढोका अनि दक्खिन् पट्टि तीन् ढोका अनि पच्छिउं
१४ पट्टि तीन् ढोका। अनि सहर्को भित्ताका बारह् जग् थिये अनि तिनमां
१५ थुमाका बाह्रै प्रेरित्का नांउ। अनि मं सित बोल्नेको येउटा सुन्को
टांगो थियो सहर् र त्येस्का ढोका र त्येस्को भित्ता नापांम् भन्येर।
१६ अनि सहर् चार्कुंने पर्येको रछ अनि जत्ति त्येस्को गज् उत्तिनै त्येस्को
लंमइ रछ. अनि त्येस्ले त्येस् टांगोले सहर् नाप्यो साढे सात् सै कोस्को
१७ भयो. त्येस्को लंमइ अनि गज् अनि अल्ग्येई बराबर् राछन्। अनि
त्येस्ले त्येस्को भित्ता मान्छेको अर्थात् दूत्को टांगोले नाप्यो एक् सै र
१८ चौआलीस् हात्को भयो। अनि त्येस्को भित्ताको बनावट् यशब्को
१९ थियो. अनि सहर् चइं निखरा सुन् थियो निखरा कांच् जस्तो। सहर्को

भित्ताका जग् सबै रकम्का अमोल् ढुंगाले सिङारीयेका थिये। पहिलो
जग् यशब्को थियो दोस्रो नीलमणि तीस्रो खाल्केदोन् चौथो मरकत्
२० पांचौं बैदूर्य्यमणि छैठौं माणिक्य सातौं पीत्मणि आठौं पीरोजा नवं
२१ पुखराज् दसौं लहसनिये एघारौं लशम्र् बाह्रौं नीलम्। अनि बाह्रै
ढोका बारह् मोति थिये सबै ढोका एक् एक् गरि एक् एकै मोतिको
२२ थियो. अनि सहर्को सटक् पारि देखींने कांच् झैं सुन्को थियो। अनि
त्येस्मां कुनै पवित्रबास् देखिंन कसोगरिभन्ये प्रभु ईश्वर् सर्बसामर्थी र
२३ थुमा त्येस्को पवित्रबास् हुन्। अनि सहर्लाइ त्येस्मां चम्कंनुलाइ
सूर्जको खांचो रैनछ अनि न जून्को. कसोगरिभन्ये ईश्वर्को महिमाले
२४ त्येस्लाइ ज्योति दियो अनि थुमा त्येस्को बत्ती भयो। अनि देसका
लोग्हरु त्येस्को ज्योतिमां हिंड्डुल् गर्छन्. अनि पृथिवीका राजाहरुले
२५ आफ्नु आफ्नु बड़ाई त्येस्मां ल्याउंद राछन्। अनि त्येस्का ढोका
दिउमां कुनै परिले थुर्नादैनन् (कसोगरिभन्ये त्यहां कुनै रात् हुंदैन).
२६ २७ अनि देसका लोगको बड़ाई र मान् त्येस्मां ल्याउंछन्. अनि क्येइ अपवित्र
त्येस्मां कुनै परिले पस्दैन अनि न घिन्लाग्दो थोक् र झुठ् बनाउंने. तर

२२ १ खालि थुमाको जीवन्को पत्रमां लेखीयेकाहरु मात्रै। अनि त्येस्को
सटक्को मांझमां त्येस्ले मलाइ येउटा जीवन्को पानीको फड्केरि जस्तो
झल्कने नदी ईश्वर्को र थुमाको सिंहासन् देखि निकल्दै गर्येको देखायो।
२ अनि नदीको येता बारि पट्टि र उता पारि पट्टि जीवन्को बृक्षे थियो
बारह् रकम्का फल् फल्दै महीनै पिच्छे आफ्नु फल् फलि. अनि बृक्षेका
३ पात् देसका लोग्हरुको बिसेक्को लागि भये। अनि कुनै धिक्कार्
अब देखि हुंदैन. अनि ईश्वर् र थुमाको सिंहासन् त्येस्मां हुंछ. अनि
४ उस्का दास्हरुले उस्को सेवा गर्छन् अनि उस्को मुख् देख्छन् अनि
५ उस्को नांउ तिनका माथ मांथमां हुंछ। अनि अब देखि रात् हुंदैन
अनि तिनलाइ बत्तीको खांचो रैनछ अनि न सूर्जको ज्योतिको किनभन्ये
प्रभु ईश्वर्लेनै तिनलाइ ज्योति दिंछ. अनि तिनले सधैं सर्बदै राज् गर्छन्॥

६ अनि त्येस्ले मलाइ भन्यो यि बचन् बिस्वास्योग्य र सांचीला छन्.
अनि अगम्बक्ताहरुका आत्माहरुको ईश्वर् प्रभुले आफ्नु दूत्लाइ पठाइ
दियो छिट्टै होइ जांनु पर्ने कुरा आफ्ना दास्हरुलाइ देखाउंनुलाइ।
७ अनि हेर छिट्टै आउंद छु। धन्न येस् पत्रको अगम्भनाईका बचन् मान्ने॥

८ मं यूहन्ना यि कुरा सुन्ने र देखने हुं। अनि जब सुन्यें र देख्यें
तब मलाइ यि कुरा देखाउंने दूत्को सांमु प्रणाम् गर्नुलाइ घोप्टो पर्यें।

९ अनि त्येस्ले मंलाइ भन्यो हेर् येसो न गर्. तेरो र तेरा अगम्वक्ता
भाईहरुको र येस् पत्रका बचन् मान्नेहरुको संगी दास् हुं. ईश्वरैलाइ
प्रणाम् गर् ॥
१० अनि त्येस्ले मंलाइ भन्यो रछ येस् पत्रको अगम्भनाईका बचन्मां
११ छाप् न मार् किनभन्ये समय् नजिक् छ। अन्न्ये गर्नेले अझै पनि अन्न्ये
गर्दै रहोस. अनि मैलो हुने अझै पनि मैल्ल्याईदै रहोस. अनि धर्म्मी
हुनेले अझै पनि धर्म्म गर्दै रहोस. अनि पवित्र हुने अझै पनि पवित्र
१२ गरींदै रहोस्। हेर् छिट्टै आउंद छु अनि मं सङ मेरो प्रनिफल् छ
१३ जनगैलाइ जस्तो त्येस्को कर्म्म छ त्येस्तै भरि दिंनुलाइ। मैं अल्फा
१४ अनि ओमिगा पहिलो अनि पछिल्लो आदि अनि अन्त हुं। धन्न आफ्नु
आफ्नु लांमो लबेना पखाल्नेहरु जीवन्को बृक्षेकां आउंने अधिकार्
१५ हवस् अनि ढोका ढोका बाटो सहर्मां पसुन् भन्येर। बाइर भन्ये
कुकुर्हरु र मन्तर्तन्तर् गर्नेहरु र ब्यभिचारीहरु र हत्याराहरु र मूर्त्ति-
पूजक्हरु र झूठ् प्यारो गर्ने र बनाउंने जन्मुकै पनि ॥
१६ आफ्नु दूत्लाइ मैं येशूनैले पठाइ दियें निमिहरुलाइ मंडलीहरुको
लागि यि कुराको साक्षी दिंनुलाइ। दाऊद्को जरा र मन्तान् बिहान्को
चम्कीलो तारा मैं हु ॥
१७ अनि आत्मा र ब्याउलीले आउन् हवस् भन्द छन्। अनि सुन्ने जो छ
त्येस्ले आउंनु हवस् भनोस्। अनि निर्ग्याउने जो छ त्यो आवस्. इच्छे
गर्ने जो छ त्येस्ले जीवन्को पानी सित्तैमां लेवस् ॥
१८ येस् पत्रको अगम्भनाईका बचन् सुन्ने जनगैलाइ मं साक्षी दिंद छु
कसैले नि मांथि बढाइ दियो भन्ये देखि ईश्वर्ले त्येस् मांथि येस् पत्रमां
१९ लेखीयेका बिपत्तिहरु बढाइ दिछ. अनि कसैले येस् अगम्भनाईको पत्रका
बचन् देखि उठाइ दियो भन्ये देखि ईश्वर्ले त्येस्को भाग् येस् पत्रमां
लेखीयेका जीवन्को बृक्षे र पवित्र सहर् देखि उठाइ दिछ ॥
२० यि कुराको साक्षी दिनेले भन्द छ अं छिट्टै आउद छु। आमीन्.
आउंनै हवस् हे प्रभु येशू ॥
२१ प्रभु येशूको अनुग्रह पवित्र जन्हरु सङ हवस्। आमीन् ॥

Printed at the Baptist Mission Press, Calcutta, by Norman A. Ellis and published by L. L. Hodgson, the Bible Society of India and Ceylon (Calcutta Auxiliary), in association with the British & Foreign Bible Society, 23 Chowringhee Road, Calcutta.

दिनांक Date	उधारकर्त्ता की संख्या Borrower's No.	दिनांक Date	उधारकर्त्ता की संख्या Borrower's No.